CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्वाल्मीकिरामायण

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

उपहार
-नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान
कमलादी, काठमाडौं।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्वाल्मीकिरामायण

(नेपालीयभाषापद्यानुवादित)

अनुवादक :–

कविरत्न तथा विद्यावारिधिः
शास्त्री, काव्यतीर्थ एवं भागवतः
कृष्णप्रसाद शर्मा घिमिरे

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक–

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

कमलादी, काठमाडौं ।

294.5922
GHI

प्रथम संस्करण, २०३१

मूल्यः–

मुद्रक–

आदर्श छापाखाना, रामशाहपथ काठमाडौं, नेपाल ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

२०१४ साल आषाढ ९ गतेका दिन स्थापना भएको नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान सो समयदेखि नै साहित्य, संस्कृति, कला आदिको क्षेत्रमा कार्य गर्दै आएको छ। यसका जन्मदाता स्वनामधन्य स्वर्गीय श्री ५ महेन्द्रबाट हुकुम भए अनुसार यसको मूल उद्देश्य–"देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउनु–" नै हो।

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवका कृपापूर्ण संरक्षकत्वमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०३१ साल, वैशाख १ गतेदेखि नवीन व्यवस्था अनुसार कार्य गर्न प्रारम्भ गरेको छ। यस अनुसार प्रज्ञा-प्रतिष्ठानको उद्देश्य तथा कार्यक्रम अधिक व्यापक तथा गंभीर तुल्याइएको छ।

विविध विषयका आधिकारिक सृजनात्मक ग्रन्थको प्रकाशन, अनुसन्धानात्मक कार्य, नेपाली संस्कृतिका आधारभूत कुराहरूको खोजी तथा साहित्य, संगीत औ कलाका क्षेत्रमा राष्ट्रियताको विकास हुने कार्यको संचालनद्वारा यसले प्रगतिशील-नेपाली राष्ट्र सुहाउँदो कार्य द्रुतता औ गंभीरताका साथ गर्ने चेष्टा गर्नेछ।

देश-देशान्तरमा नेपाल-राष्ट्रको गौरव तथा प्रगतिशीलताको सौरभ फिजाउँन प्रज्ञा-प्रतिष्ठानले सबैको सहयोग पाउँने आशा गरेको छ।

२०३१ साल, वैशाख

सूर्यविक्रम ज्ञवाली
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य–

वाल्मीकिरामायणको संस्कृत–मूलप्रतिबाट कविरत्न तथा विद्यावारिधि श्रीकृष्णप्रसाद घिमिरेले सरल सुन्दर नेपालीभाषामा अनुवाद गर्नु भएको छ । लोकप्रिय रामायणको कथा थाहा नपाँउने शायदै कुनै नेपाली होला । प्रातःस्मरणीय महर्षि–वाल्मीकिले रचना गर्नु भएको यो महाकाव्य विश्वको सर्वश्रेष्ठ आदिकाव्य मानिन्छ ।

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको २०३१ साल वैशाखमा पुनर्गठन हुनु अघि नै सम्बन्धित विभागीय आयोजकले वाल्मीकिरामायण नेपालीमा ससर्ग अनुवाद गर्ने अभिभारा श्रीकृष्णप्रसाद घिमिरेजीलाई दिनु भएकोमा हाल प्रज्ञा–प्रतिष्ठानको नयाँ व्यवस्था अन्तर्गत अधुरै रहेको योजनाहरू पूरा गर्ने सम्बन्धमा यो वाल्मीकिरामायणको अनुवाद पनि त्यसै अनुसार प्रकाशित भएको छ ।

वाल्मीकिरामायण जस्तो पवित्र धार्मिक–ग्रन्थको अनुवाद गरी भाषा–सेवामात्र होइन हिन्दू–धर्मप्रति आस्था राखने नेपालीजातिको धार्मिक–प्रवृत्तिलाई अझ बढी प्रेरणा दिनु भएकोमा विद्वान् अनुवादक धन्यवादका पात्र हुनुहुन्छ ।

यस ग्रन्थको सबैबाट स्वागत होला भन्ने हामीलाई आशा छ ।

२–६–२०३१
प्रज्ञा भवन
कमलादी, काठमाडौं

लैनसिंह वाङ्देल
उप-कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य–

वाल्मीकिरामायणको संस्कृत–मूलप्रतिबाट कविरत्न तथा विद्यावारिधि श्रीकृष्णप्रसाद घिमिरेले सरल सुन्दर नेपालीभाषामा अनुवाद गर्नु भएको छ। लोकप्रिय रामायणको कथा थाहा नपाँउने शायदै कुनै नेपाली होला। प्रातःस्मरणीय महर्षि–वाल्मीकिले रचना गर्नु भएको यो महाकाव्य विश्वको सर्वश्रेष्ठ आदिकाव्य मानिन्छ।

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको २०३१ साल वैशाखमा पुनर्गठन हुनु अघि नै सम्बन्धित विभागीय आयोजकले वाल्मीकिरामायण नेपालीमा ससर्ग अनुवाद गर्ने अभिभारा श्रीकृष्णप्रसाद घिमिरेजीलाई दिनु भएकोमा हाल प्रज्ञा–प्रतिष्ठानको नयाँ व्यवस्था अन्तर्गत अधुरै रहेको योजनाहरू पूरा गर्ने सम्बन्धमा यो वाल्मीकिरामायणको अनुवाद पनि त्यसै अनुसार प्रकाशित भएको छ।

वाल्मीकिरामायण जस्तो पवित्र धार्मिक–ग्रन्थको अनुवाद गरी भाषा–सेवामात्र होइन हिन्दू–धर्मप्रति आस्था राख्ने नेपालीजातिको धार्मिक–प्रवृत्तिलाई अझ बढी प्रेरणा दिनु भएकोमा विद्वान् अनुवादक धन्यवादका पात्र हुनुहुन्छ।

यस ग्रन्थको सबैबाट स्वागत होला भन्ने हामीलाई आशा छ।

२–६–२०३१
प्रज्ञा भवन
कमलादी, काठमाडौं

लैनसिंह वाङ्गदेल
उप–कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

मर्यादापुरुषोत्तम श्रीरामचन्द्र र जगज्जननी श्रीजानकीको चरित्रलाई लिएर आदिकवि महर्षि वाल्मीकिले संस्कृत–साहित्यमा यो रामायण जस्तो आदिमहाकाव्यको रचना गर्दिएर आर्य–संस्कृतिको आदर्शलाई जनसम्मुख प्रस्तुत गरिदिए । उनले खोजेका चरित्र–नायकलाई देवर्षि श्रीनारदजीले औंत्याई दिएका हुन् । आज पुरुषले श्रीरामलाई र नारीले श्रीसीतालाई आदर्शरूपमा पाएर हिन्दू–जगत् बडो गौरवशाली भएको छ । आफ्ना आदर्श र आफ्ना मर्यादामा अडिग रहने यी श्रीसीता–राम हाम्रा मान्यताका सर्वस्व हुन्–भन्न अत्युक्ति होवोइन ।

दुनियाँ राम जस्तो राजा खोज्छ, समाज राम जस्तो चरित्रवान् चाहन्छ । बावुले खोज्ने छोरा राम, छोराले खोज्ने बावु राम, भाइले खोज्ने दाजू राम, मीतले खोज्ने मीत राम, सेवकले खोज्ने स्वामी राम, पत्नीले खोज्ने पति राम, शत्रुले समेत आफ्नो परिवारको संरक्षण गर्न खोज्ने राम ! । यसरी राम,राम,राम ! भएर पुरुषको आकाङ्क्षा चुलिन्छ भने नारी–समाजमा श्रीसीताजीको पनि त्यही व्यक्तित्व छ जस्तो बावुले खोज्ने छोरी सीता, लोग्नेले खोज्ने स्वास्नी सीता, छोराले खोज्ने आमा सीता, राजाले खोज्ने रानी सीता, जनताले खोज्ने सती सीता, देवरले खोज्ने भाउजू सीता, सासूले खोज्ने बुहारी सीता । सर्वत्र यसरी सीता, सीता, सीता ! भएर नारीको अभिलाषा अगाध हुन्छ ।

यहां सीताले आफ्ना जनकले पवित्र गराएको यस नेपालको धरतीको एक खण्ड जनकपुरधाम जो हिन्दूमात्रको पुण्य–स्थली भएको छ । यही माटोबाट यिनको प्राडुर्भाव भयो । यिनका जनक विदेहलाई त्यसवेला सम्राट् भनेर भनिन्थ्यो । जहाँ आएर विद्वान्हरू आफ्नो ज्ञानको विमर्श गर्थे र ब्रह्मिष्ठहरू यिनकहाँ धाँउथे । सीताले कसरी रामलाई आफूमा लीन गरेर दाम्पत्य–प्रेमपिण्ड बटारेर अमेध अच्छेद्य गराएकी थिइन् । यसै प्रेमको करुण-गाथा हो यो रामायण! । यसलाई महर्षि वाल्मीकिले काव्यात्मक अनुभूतिमा लेखेर नेपालीको संस्कृतको आदिकाव्य लेख्ने अधिकार विश्वप्रसिद्ध गराए । वाल्मीकि–आश्रम यहीं मानिएको छ । त्यस आश्रम कवि–जगत्को एक तीर्थ-यात्रा गर्ने पुण्यस्थल हुनुपर्छ । जहाँबाट वाल्मीकिरामायण जस्तो आर्ष आदिकाव्य लेखियो । चरित्र–नायिका श्रीसीताजी नेपालकी, लेखक श्रीवाल्मीकि नेपालका, यसले गर्दा नेपालको ऐतिहासिक महत्वलाई साहित्यक–विधाले समर्थन गर्छ ।

वाल्मीकिरामायण नपढी संस्कृत–साहित्यको रसास्वादन फिका पर्ने मात्र होइन, रसास्वादनको वास्तविक आनन्दबाटै वञ्चित होइन्छ, जस्तो मेरो आफ्नो धारणा छ । जहाँका एक–एक पद एक-एक स्थल मानवीय-हृदयलाई घच्घच्याएर व्युझाँउछ । वास्तवमा छोटकरीमा भन्ने हो भने वाल्मीकिले श्रीराम–सीताको मानवीय-पक्षलाई सूक्ष्मातिसूक्ष्म–रूपले–विश्लेषण गरेर आर्षदृष्टिले निहाली शद्वार्थमा बाँधेर राखि दिएका छन् । त्यसले यो अतिमहत्वपूर्ण मानवीय–भावस्रोतको प्रस्रवण–क्षेत्र भएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यो वाल्मीकिरामायण पद्यानुवाद गर्नलाई म भन्दा अघिका सदस्य तथा आयोजक श्रीमाधवप्रसाद घिमिरेले योजना तयार पारी स्वीकृत भएपछि शर्तनामा गराई कविरत्न श्रीकृष्णप्रसाद घिमिरेलाई यो कार्यभार सुम्पनु भएछ । अनुवादकले पुरस्कार समेतको आशा गरी बडो परिश्रम र धैर्यपूर्वक यो कार्य यथासमयमा समाप्त गरेर प्रतिष्ठानमा बुझाँउनु भएछ । पाण्डुलिपि तयार भइराखेको, पेश्की पनि प्रदान गरिएको र योजनानुरूप तयार पारेको पुस्तक प्रकाशन गर्नलाई अर्थ–व्यवस्थाको निम्ति वैठकमा प्रस्तुत गरी छपाईको रकम स्वीकृत भएपछि यो प्रेसमा कागत गराई २०२९ सालमा गयो । कारणवश ढिलो भएर यो हाल प्रकाशनमा आएको छ ।

मूलभन्दा करीव दोबर नै श्लोक यसमा छन् र यो चाँहि मलाई त्यति चित्त नबुझेर अनुवादकसँग कुरा गरें । यो मेरो धृष्टतामात्र थियो, किनभने अधिकारले गरेको कामलाई बीचमा मैले खिचलो गर्दा समाप्त भई दाखिल गराई सकेको कुरामा कसैले फेरि दोहोरो काम गर्न नमान्नु स्वभाविक नै जस्तो ठानें । पछि यसो गर्नाको कारण अनुवादकले स्पष्ट पारी आफैंले भूमिकामा लेख्नु भएको पनि छ ।

अनुवादक कवि श्रीघिमिरेज्यूले अहोरात्र परिश्रम गरी उसबेला नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको आह्वानमा अघिसरी जुन यत्रो कार्यमा सहयोग प्रदान गर्नु भयो; त्यसका लागि धेरै धन्यवाद अर्पण गर्दछु । नेपाली-भाषामा वाल्मीकिरामायण पद्यात्मक अनुवाद भएको छ । यसलाई सहृदय पाठकबाट अध्ययन गरेर यस परिश्रमको केही अंशमा कदर गर्दिनु भएमा कृतकार्य हुने थियौं । अन्तमा मलाई व्यक्तिगत–सौहार्द देखाई नाम लिइ दिनु भएकोमा विद्वान् अनुवादक कविज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

प्रा. चूडानाथ भट्टराय
सदस्य
नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

प्रज्ञा–भवन
कमलादी ।

CC-0. In Public Domain. Digitization by eGangotri

आमुख

मेरा अति आदरणीय एवं शीर्षस्थ राजा तथा रङ्क !

ब्रह्मर्षि वाल्मीकिर्निर्मित त्यो असाधारण आदिकाव्य आर्षरामायणको म जस्ता साधारण व्यक्तिद्वारा अनूदित यो प्रस्तुत–ग्रन्थ सनातन–धर्मावलम्बी व्यक्तिमात्रको निमित्त साह्रै नै आदरणीय र महान् श्रद्धेय एवं पवित्रतम छ र इहलोकका अनेकौं व्यवहार सम्बन्धित क्रियाकलापमा र परलोकका भावनानुसारका धार्मिक–साधन–जोर–जाम गर्नमा समेत अत्यन्त उपयोगी मानिन्छ । वेद, उपनिषद् आदिका रहस्यमय तत्त्वका हाम्रा समस्त धर्म–कर्म आचार–विचार एवं संस्कृति आदिका एकमात्र मूलाधार र आश्रयभूत कतिपय महाभारत, सम्पूर्ण पुराणहरू र अरू स्मृति आदिका सद्ग्रन्थहरू भन्दा यो रामायण पनि कम महत्वपूर्ण छैन, बरु सब भन्दा पहिले यही नै छन्दोमा बद्ध भएकोले पहिलो पनि हो । जब कि हामी आफ्नो वर्ण–धर्मक्रमानुसार अ–आफ्नो धर्मको, कर्मको, शास्त्राचार–देशाचार–कुलाचारको र समयानुकूलका व्यवहार सम्मको पनि तत्–तत्–युगानुसार परिपालन गर्दै आएका छौं र आँउदै रहने छौं पनि । यी सब कुराहरू जो जति छन् यही सद्ग्रन्थभित्र भरीभराउ छन् र खोजेमा सजिलैसित जहाँ–तहाँ पाँउन सकिन्छन् । यस स्थितिमा यिनै आचार–विचार आदिका व्यवहार–परिपालनलाई हामी हाम्रो स्वत्त्व–संस्कृति भन्दछौं, जसका आधार–शिलामा पूर्वोक्त कुराहरू भइ रहेका छन् र भई नै रहनेछन् । त्यसैका अन्तर्गत उपरोक्त सारा कुराहरू पर्दछन् र जो वेदहरू पछिको ग्रन्थरत्न भनिन्छ, त्यो यै सद्ग्रन्थ हो जसलाई भन्दछौं **वाल्मीकि–रामायण ।**

अब हाम्रो ती पूर्वोक्त कुराहरूको र सनातनधर्मावलम्बी व्यक्तिमात्रका स्वत्त्व–संस्कृतिहरूको उद्गमस्रोत अथवा जन्मदाताहरू को को हुन् र उनीहरूको जन्मस्थल एवं निवासस्थल कहाँ–कहाँ हो ? कुन हो, किन हो ? त्यो धर्मतत्त्व कुन कुन वस्तुमा आधारित छ ? किन छ र हामीले त्यसलाई किन एवं कसरी लिएकाछौं तथा कसरी त्यसलाई अरू दरिलो र बलियो तुल्याँउदै हामी हाम्रा भावि सन्तान–दरसन्तान मात्रमा चाहिएमा निरन्तर उपयोग र उपभोग गर्न पाँउने गरी नासो वा धरोट राखेर जान सक्तछौं ? यी सबै कुरा छर्लङ्ग पार्नु नै लक्ष्य लिएर नेपाली भाषापद्यमा तत्समरूपमा मौलिकतापूर्ण ढङ्गले अनूदित यो ग्रन्थका विषयमा पनि केही आफ्ना हृदयका उद्‌गारहरू आफ्नो समाजको समक्ष राख्न, करामलकवत् पार्न, म यस लेखको माध्यमबाट अग्रेसर भएको छु, जसलाई सुनि दिइ बक्सनुमा हामीहरूको निरन्तर श्रेयै–श्रेय छ ।

हामी भन्ने गर्दछौं— नेपाल राष्ट्र हाम्रो हो, त्यसका निवासी हामीहरू नेपाली हौं र यिनका पनि सञ्चालक एवं नियामक राजा हाम्रा हुन्, हामी राजाका हौं तथा सारा नेपाल हाम्रो हो इत्यादि । परन्तु यसो भन्ने हामीहरूमध्ये कतिपय व्यक्तिहरू यस्ता पनि छौं कि जसलाई त्यसो किन भन्दछौं ? केको आधारमा भन्दछौं ? भन्नमा के तात्पर्य छ र त्यस्तो भन्नमा हामी किन आफ्नो गौरव संझन्छौं ? इत्यादि कुरा बहुतै कममात्रामा ज्ञान भएको हुनु पर्दछ । अतः ती त्यस्ता मेरा आदरणीय एवं श्रद्धेय नेपाली दाजु–भाई दिदी–बहिनीहरूको ती ती वस्तुहरूका ज्ञानप्राप्तिका

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त माथि देखाइएका सूत्ररूपका विषयलाई व्याख्यारूपमा कालोलाई सेतो बनाँउने सुरले सेता कागजमा यी काला अक्षर भर्ने चेष्टा गर्दैछु र विन्ति चढाँउदछु कि केही समय यतातिर पनि सुदृष्टि परोस् ।

पूर्वोक्त यी सव कुरामा क्रमशः विचार–विमर्श गर्दै जाँदा उपरोक्त हाम्रो स्वत्त्व–संस्कृतिको स्वरूप माथि नै केहीमात्रामा देखाइ सकिएको छ ता पनि, मुख्य विषय यही हुँदा र यसका जन्मदाताहरूको जन्म,–निवासस्थल आदिको उल्लेख गर्दै जाँदा तलका वाक्यहरूमा पुनः उहीकुरा दोहोरिन आए जस्तो देखिन आँउनु पनि पुनरुक्तता न भई सुनमा सुगन्ध भरिए जस्तो हुनु स्वाभाविकै हो । अव आयो त्यसका जन्मदाताहरूको र उहाँहरूका जन्मकर्मादिको विवरणको कुरा ! यी दुवै कुराहरूको आलोचना–प्रत्यालोचना गर्दा सव भन्दा पहिले निम्नलिखित कुराको उल्लेख गर्नु नै उपयुक्त छ ।

जस्तो कि—जन्मदाता भन्ने शब्दले मैले मलाई जन्माँउने मेरा बावुलाई नै संके जस्तो मेरा बावुले पनि उहाँका बावुलाई र उहाँका बावुले पनि उहाँका आफ्ना जन्मदाता बावुलाई कल्याँस्स ! संकेध्दै क्रमशः अ–आफ्ना बावु–बाजे र बराजूलाई संकदै र समात्तै जाँदा हामी स्वतः जगत्सृष्टिकर्ता आदि पिता स्वयम्भू–ब्रह्मदेव सम्ममा पुग्न सजिलै संग सफल हुन सक्तछौं । यसैको नाम हो इतिहास, जसको अर्थ हो (इति ह आस) यस्तो भएको थियो । यही नै प्रस्तुत स्वत्त्व–संस्कृतिको आदिम उद्गमस्रोत हो र समस्त लौकिक एवं पारलौकिक क्रियाकलापमात्रको सञ्चालक तथा नियामक परम एवं चरम तत्त्व हो । यसैमा आब्रह्मकीट पर्यन्तका प्राणीमात्रको पूर्वोक्त पुर्खाहरूको सत्, असत् (असल र खराब, दोस्रो शब्दमा भनौं भने, कारण र कार्य) यी दुवै कुराको सर्वदा एवं सर्वथा अप्रतिहार्य्य–उल्लेख भइरहेको हुन्छ । टुङ्गो लगाएर निवेदन गर्दा जगत्मात्रको सृष्टि, स्थिति र संहारको क्रम यसैबाट नियमित हुँदै सञ्चालित भै रहेको अनुभूत हुन्छ । उपरोक्त क्रममा तिनै हाम्रा पुर्खाहरूले अ–आफ्ना वंश, वर्ण, धर्म, कर्म अनुसार जो जो जे जे गरि आए त्यसैलाई उहाँहरूका सन्तान हामीहरूले पनि त्यहोठीक र त्यही अनुसार गर्दै गर्दै जो अनुसरण गरि आएका छौं यसैको नाम हो संस्कृति ! संस्कार अथवा रक्तप्रवाह यद्वा पुर्खाको हाड । जसमा उहाँहरूका वीर्यांशले बनेको वा क्रमशः बन्दै आएको खवाई, लवाई, हिंडाई, चलाई, बोलाई, लगाई एवं संकाई, सोचाई यी सबै कुरा अन्तर्गत हुन्छन् । यिनै सारामा अ–आफ्नोपन भरिएकोले स्वत्त्व भनिएको हो । स्वत्त्व र संस्कृति यी दुवै शब्दको समावेश भएर योटै स्वत्त्वसंस्कृति शब्द बन्दछ । यसैलाई कसै–कसैले अथवा यौटाकोले अर्काकोमा राष्ट्र–राष्ट्रकोमा आफ्नो अज्ञानतावश अन्धपरम्परा भन्छन् भने त त्यो आफ्नो आफ्नो माथिको सिद्धान्तमा कुठाराघात गरिने वा आफ्नै थाप्लो माथि पहाड खसाँउन गरिने चेष्टा जस्तो महान् हास्यास्पद कुरा हो—त्यस्तो भन्नेहरू नै स्वयं आकाशबाट खसेर आएका र त्यस्ता भएका हुन् भन्नु जस्तो कुरा हो । अस्तु

अब त्यही हाम्रो स्वत्त्व—संस्कृतिका जन्मदाताहरूको पूर्वोक्त विवरणक्रमको परम्परामा विचार गर्दा साक्षात् तिनै ब्रह्मदेवबाट सृष्टिक्रमको प्रसङ्गमा सर्वप्रथम उहाँहरूको उत्पत्ति भएको हो । यो उत्पत्तिलाई वेदमा (जसलाई सनातन धर्मावलम्बी व्यक्तिमात्र शब्दब्रह्म मान्दछन्) तिनै ब्रह्मदेवको मानसिक अर्थात् अयोनिज-सृष्टि भनिएको छ, जसभित्र हाम्रो आफ्नो संस्कृतिको अनुसार सनकादिको साथै वसिष्ठ अङ्गिरा नारद भृगु कर्दम प्रजापति दक्ष इत्यादि अनेकौं महान् - महत्त्व - महनीय व्यक्तिविशेषहरूको ऋषि - मुनिहरूको तथा अन्यान्य विशिष्ट-प्राणीमात्रको एवं आदिराज स्वायम्भुवादि मनुहरूको प्रादुर्भाव पर्दछ । पछि सृष्टि-विकास हुँदै गएमा स्त्री–पुरुष–संयोगद्वारा सन्तानोत्पत्ति हुन थाल्यो र उनीहरूको जस्तो आचार–विचार आदि तिनीहरूमा सार्दै वा सदैं बढाँउदै वा बढ्दै गएमा ती पछिल्ला पीढीका सन्तानहरू पनि आफ्ना तिनै बावु–बाजेहरूका साथै त्यही (जुन अहिले सम्म हामीहरूमा चलि आएको छ र पालि आएका छौं) स्वत्त्व–संस्कृतिका आविष्कारक एवं आदेशक, उपदेशक र प्रचारक हुन थाले पछि उहाँहरूलाइ नै पछिकाहरूले ऋषि, मुनि इत्यादि नाम दिंदै उहाँहरूको तथाकथित आदेश–उपदेशलाई उपयुक्त ठहऱ्याई शिर चढाँउदै मान्दै, पाल्दै र थाम्दै आउँन लागे ।

CC-0. In Public Domain. Digitization by eGangotri

क्रमशः समय अघि बढ्दै जांदा ती ती विभिन्न विचार र बुद्धिका ऋषि-मुनिहरू पनि आफ्नो तपः-पूत त्यस्तो विशुद्ध अन्तःकरणमा उब्जिएका सारगर्भित हरएक विषय-वस्तुलाई बडो ध्यानपूर्वक गढेर, नियालेर हेर्ने-शोच्ने गर्नु हुन्थ्यो र बारम्बार यी उपस्थित विषयहरू ठीक ! बेठीक ! के कस्ता हुन् र लोककल्याण गर्नमा धर्मकर्मादिमा सहायक हुनमा उपयुक्त एवं समर्थ छन्-छैनन् ? यी सबै कुरा निरन्तर मनन-चिन्तन इत्यादि गरिरहनु हुन्थ्यो । जस्तो कि हामी पूर्वोक्त अपौरुषेय वेदमा ठाउँ-ठाउँमा उल्लेख भएको पाउछौं । ती त्यस्ता ऋषि-मुनिहरूबाट केवल सत्कर्माचरणमात्र भइ रहन्थ्यो । आचार-विचार व्यवहार एवं खान-पान इत्यादि समस्त कुराहरू 'युक्ताहारविहारेस्य' इत्यादि भनाईका अनुसार तिनै स्वत्त्व-संस्कृतिका अनुकूल भइ सकेका थिए । हुन पनि त्यो बेलै त्यस्तै थियो । आजकलका जस्ता अनेकौं प्रकारका आफूमात्र हरएक कुरामा 'सर्वेसर्वा हूँ' भन्ने भावना थिएन । केवल आध्यात्मिक-विचार निष्ठाचार सद्धारणा र उच्चभावना बाहेक उहाँहरूको हृदयमा अरु कुनै कुराले ठाउँ नै पाँउन्न थियो । भौतिकविषयका वस्तु वा पदार्थको, धन-सम्पत्तिको अथवा अरु अत्याधुनिक संसारभर एकाकार भइ मिलिरहेका सुरा-सुन्दरीको अरू एकै शब्दमा भनौं भने कुनै प्रकारको पनि लोभ-लालचै थिएन । जङ्गलका त्यसै कुहिएर र सडेर जाने षड्रससम्पन्न अनेकौं रूप र विभिन्न स्वाद दिने फलादिले कन्द-मूलादिले एवं नीवारादिले बडो राम्रोसँग जीवन-वृत्ति चलि नै रहन्थ्यो । भौतिकवादका त्यसताकका मनोनयनाकर्षक अनेकौं स्वरूप र छाँटका ती ती विषय-वस्तुहरूले उहाँहरूको हृदयमा कुनै प्रकारको विकार अथवा विक्षेप सम्म पनि उद्यत गराउँन सक्तैन थिए । जसभित्र पूर्व निर्दशित विषय-वस्तु र मद्य-मांस एवं काञ्चन-कामिनी समेत अन्तर्गत थिए । अर्को रूपमा भनौं भने केही लछार्न सक्तैन थिए । यसको अर्थ यो न सम्झनु नै बेस होला कि-त्यसताक भौतिकवादका तथाकथित ती ती विषय-वस्तुहरू छँदै थिएनन्, जो अहिले विद्यमान छन्,—दृश्यमान छन् । फेरि उहाँहरूलाई बिलकूल जङ्गली भएको हुनाले त्यतापट्टिको, त्यस्ता कुराको कत्ति ज्ञानै थिएन, इत्यादि । अँहँ ! यो कुरा सोह्रै आना गलत थियो, बिलकूल निराधार थियो । किन ? भने जब बीज थियो त वृक्ष भएर तदनुकूलको फल दिनुमा आश्चर्यै के हुन सक्थ्यो र ? यो कुरा न मान्नु पनि त्यस्तै झूठा ठहरिन आँउँदछ जस्तो कि हामीले हाम्रा बाबु-बाजेका जन्मदाता थिएनन् भन्नु वा त्यस्तै सिद्धान्तमा अड्नु अथवा हिंड्नु । अरू किन ? कसरी ? भन्ने शङ्का उठ्छन् भने यस विषयमा अनेकौं प्रामाणिक उदाहरणहरू श्रीमान्हरूका समक्ष पेश गर्न सकिन्छन्, तर अहिले हिंड्ने बाटो त्यो न भएकोले न हिंड्ने बाटोको कुरै नगर्नु भने जस्तो म यत्तिमात्र निवेदन गर्दछु र अगाडि बढ्छु ।

तस्मात् उपरोक्त प्राचीन एवं अर्वाचीन श्रूयमाण तथा दृश्यमान अनेकौं प्रकारका सुख-सयल ऐश-आरामका अधुनातन वस्तुविषयहरूको उद्गमस्थल अथवा बीज भण्डार-सदृश ती हाम्रा वेदादि सद्ग्रन्थहरू नै थिए भने, त्यतातिर कुक्ने-ढल्किनेले खोज-मेल गरी ती ती विषय वस्तुहरूको राम्रै विकास गराइ सकेकै थिए भने यसै विषयमा फेरि किन र कसरी ? भनेर ओठे जवाफ दिएर त्यस्ता व्यक्तिहरूको चित्त बुझाँउन सकिएला र ? सकिई हाल्यो भने पनि आफ्नो त्यस्तो स्वत्त्व-संस्कृतिमा महान् कुठाराघात पर्ने गरी त्यस्तो जवाफ दिइ हाल्नु पनि उचितै होला र ? दिइ हालौं न त भने पनि निकै अप्ठ्यारो पर्ने वा अकलि ठ्याप्पै घाँठी अठ्याइ दिने अवस्था आइ परोइन र ? किन कि ? जब हाम्रा तिनै वेदादिमा लेखिएका कुराहरू हाम्रो त्यस्तो स्वत्त्व-संस्कृति र धर्मकर्मादिलाई नै न रुचाँउने, टेढो आँखाले हेर्न सम्म पनि न चाँहने भारतवर्ष बाहिरका चीन जापान ब्रिटेन रसिया अमेरिका फ्रान्स जर्मनी आदि राष्ट्र-राष्ट्रका निवासी विद्वद्वर वैज्ञानिकहरूले अनेकौं विषयका गुह्य-गुह्य तत्त्वहरूको पत्ता लगाई अन्वेषण गरी जो आधुनिक उत्तमोत्तम कार्यक्रम संसारको समक्ष राखिदसकनु भएको छ र राख्तै हुनुहुन्छ, त्यो सब के-केबाट र कस-कसका आधारमा भएका हुन् ? यी सब कुरामा के त्यति सजिलै मुखमुद्रण हुन सक्ला र ? जबकि उहाँहरू पूर्वीय-संस्कृति खास गरी भारतवर्षीय व्यक्ति हामीहरूको जीवनावलम्ब एवं प्राणाधार त्यस्ता अपौरुषेय तथा पौरुषेय ग्रन्थहरूको हृदय खोलेर प्रशंसा गरि रहनु भएकोछ । कतिपय कुराहरूमा त हाम्रा पूर्वोक्त ऋषि-मुनिहरूको र ती ती ग्रन्थनिर्माता व्यक्तिविशेष-

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको आभारीसम्म भएको कुरा पनि संकोचै न मानी स्वीकार गरि रहनु भएको छ र हामी पनि जब ती ती कुराहरू पढिरहेकैछौं, सुनिरहेकैछौं ।

अर्को कुरा त्यस युगमा पनि पूर्वोक्त विषय–वस्तुहरूको राम्रै विकास भइ सकेको थियो हुँदा–हुँदै त्यसताक पनि म जस्ता बज्रस्वाँठ विचारका त्यस्ता व्यक्तिहरूको पनि खाँचो थियो भन्न पनि गाह्रै पर्ने कुरा थियो । अर्थात् ती त्यस्ता ऋषि–मुनिहरूको त्यो उपरोक्त आध्यात्मिक प्रगतिमा वात- व्यवहारमा आचार–विचारमा स्वतो प्रतिकूल आघात पार्ने र प्रहार गर्न सके, आफ्नो गति–विधि पुगे मटियामेटै बनाँउने व्यक्तिहरूको पनि कमी थिएन । तात्पर्य यो हो कि त्यस-वेला सम्ममा भौतिकवादका आधुनिक समयानुकूल जस्ता ऐस–आरामका सुखभोगादिका विभिन्न सर–सामानहरू पूर्वोक्त तिनै बीजले बृक्ष बन्दै गएर भोग्न पाँउनेले र हक हुनेले चाहे जस्ता फल फलाई सकेका थिए अर्थात् निर्मित एवं सुस-ज्जित भइ सकेका थिए ता पनि ती हाम्रा पुर्खा ऋषि–मुनिहरू त्यतातिर कत्ति ध्यानै न दिएर आफ्नो आध्यात्मिकतामा नै निरन्तर मग्न भइ रहनु हुन्थ्यो–स्थिर–एकाकार भइ रहनु हुन्थ्यो । यता वेला–बेलामा अधर्मपवक समाजलाई शान्तिप्रचुर एवं आनन्दमय अनेकौं आध्यात्मिक आदेश–उपदेश दिंदै स्व–स्ववर्णधर्माश्रमानुकूल तत्तद्वस्तुहरूको प्रचार–प्रसार गर्दै स्वयं त्यसैमा अड्ने र हिंड्ने गरि रहनु हुन्थ्यो । यी सब कुराहरू संस्कृतवाङमयको आदिकालीन इतिहासको अध्ययन र अन्वेषण गर्दा विचार–विमर्श गर्दा हामीहरू जताततै सजिलैसित पाँउन सक्छौं । अझ अरु आवश्यक परे तलका वाक्यांशहरूमा तत्तत्स्थलमा जताततै खोजिगरेमा तदनुकूल ढङ्गले पाउँने नै छौं ।

बस ! यस स्थितिमा उहांहरूले आफ्नो त्यस्तो आध्यात्मिक सद्‌विचारले, मनन–चिन्तनले एवं यौगिक–दिव्यदृष्टिले त्रिकालावाधित सत्य–चैतन्य र आनन्दमय स्व–स्वरूपावलोकनजन्य महाप्रभावले त्यसताकका ती त्यस्ता म जस्ता पूर्वोक्त बज्रस्वाँठहरूको र भविष्यका अरु कुमार्गगामी, दुराचारी एवं दुष्कर्मी व्यक्तिहरूको उद्धारका लागि, घट्टमा घाम लगाँउनको लागि विभिन्न प्रकारका स्वत्त्व–संस्कृति एवं धर्मकर्मादिमा आधारित सन्मार्गनिर्दशक ग्रन्थहरू निर्माण गरेर जानु भयो । जसका आधारमा सदाश्रयमा अहिले सम्म येनकेन हामीहरूका नित्य–नैमित्तिक काम–कुरा र विधि व्यवहार चलि नै रहेका छन् । ती त्यस्ता व्यक्तिविशेषहरूमा यिनै प्रधान प्रधान नारद वसिष्ठ भृगु प्रचेता पराशर याज्ञवल्क्य विश्वामित्र जैमिनी जनक कपिल गौतम व्यास वाल्मीकि मनु–स्वायम्भुव शुक सूत र कणाद तथा बुद्ध इत्यादि ऋषि–मुनिहरू नै हुनुहुन्छ । उहाँहरूमध्ये धेरै जसो साक्षात् ब्रह्मदेवबाटै उत्पन्न र अरु कतिपय व्यक्तिहरू चाँहि उहाँहरूबाटै उत्पन्न भएका हुनुहुन्छ । उहाँहरू पछिका सन्तान–दरसन्तानहरू पनि जो जति हुँदै आए, तिनीहरूमध्ये पनि धेरै जसो विशेषतः यही हाम्रो नेपाल–राष्ट्रान्तर्गत विभिन्न अञ्चलका पवित्र भूमिमा आविर्भूत हुनु भएका र धेरै जसोले चाँहि यहीं बसी अथवा यहीं पालनु भई आफ्नो महान् परिश्रम जन्य तपःसिद्धि प्राप्त गर्नु भएको ऐतिहासिक–सत्यता अन्तर्गत प्रामाणिक कुराहरू अहिले सम्म पनि हामीहरूको समक्ष छँदैछन् र अनेकौं सद्‌ग्रन्थादिमा नेपाल–माहात्म्य तथा हिमवत्खण्डादिमा जहाँ–कहीं देखिँदैछन् । जस्तो कि— ब्रह्मर्षि मुनिराज वसिष्ठले यहीं हाम्रो नारायणी अञ्चल अन्तर्गत चितौनको देवघाटमा जहाँ काली र त्रिशूली नदीको पवित्र सङ्गम छ, बसेर आफ्नो विशिष्ट तपःसिद्धि प्राप्त गर्नु भएको हो । अहिले सम्म पनि त्यस ठाँउमा हामी उहाँको त्यो पवित्र गुफा देख्तैछौं, जो दर्शनीय पनि छ । फेरि यहीं त्यहींको सङ्गमस्थलमा नै कृष्णद्वैपायन भगवान् वेदव्यासको जन्म भएको हो । मुनिप्रवर पराशर यसै बाटोले कहीं जान लाग्नु हुँदा घाट तर्नु आवश्यक देखिँदा तत्कालीन माझीलाई घाट तारिदेउ भन्नु हुँदा आफू कुनै काममा लागेकोले आफ्नी जल्दो–बल्दो उमेर पुगेकी मत्स्यगन्धा नामकी छोरीलाई उनले 'ऋषिदेवलाई पारी पुऱ्याएर आउ' ! भन्ने आदेश दिए पछि ऋषिराजलाई पछाडि लगाई डुङ्गामा चढाई आफू डुङ्गा ख्याँउनैमा मग्न भएकी उनीमाथि ऋषिराजको आँखा बज्र्‌दा भवितव्यतावश कामदेवको असह्य एवं अनिवार्य प्रहार पर्दा र त्यसैद्वारा प्रेरित भएका उहाँले बीच–भङ्गालामा पुगे पछि उनीसँग त्यस विषयको आफ्नो मनोभाव पोखी अनुनय–विनय इत्यादि गरी रतिसंभोग भनु भयो र आफ्नो बाटो लाग्नु भयो । यता त्यस्ता ऋषिराजको अमोघवीर्य उनको गर्भमा पर्दा न पर्दै बाहिरै निस्कने अवस्थाको

CC-0. In Public Domain. Digitization by eGangotri

भइ हाल्यो । उनी डुङ्गा बाँधेर भङ्गालामा ओर्लेकीमात्र के थिइन्, महान् तेजस्वी सर्वलक्षणसम्पन्न यौटा जल्दो–बल्दो बालक उनको योनिबाट खस्तै उनलाई भन्यो—"आमा ! आपत्–विपत् परेमा संझिबक्से म तुरुन्त उपस्थित हुनेछु" र बालक एकातिर लाग्यो । पछि यही बालक नै द्वीपमा जन्मेको हुँदा द्वैपायन र कालो वर्णको हुँदा कृष्ण भनियो, पछि वेदलाई अनेकौं शाखा–प्रशाखामा यसै बालकले भाग लगाएको हुँदा वेदव्यास भनिन लाग्यो । जसले पुनः समस्त पुराणादिको साथै महाभारत आदि महान् महान् ग्रन्थरत्नहरूको निर्माण गऱ्यो । यसरी वेदविभाजयिता महाभारत तथा पुराणादिका निर्माता पूर्वोक्त बालक भगवान् कृष्ण–द्वैपायन अर्थात् वेदव्यासको पवित्र जन्मभूमि यही हाम्रो पवित्र-राष्ट्र नेपाल हो । वसिष्ठ–गुफा नजिकैको उक्त स्थानमा नै अद्यापि व्यासगुफा भनिने पवित्र स्थल छँदैछ । त्यस्तै व्याकरण–शास्त्रनिर्माता मुनिदेव पाणिनि यहींका हुनुहुन्छ र उहाँको सुप्रसिद्ध तपोभूमि गुल्मी अन्तर्गत पणेनि गाँउ अझै प्रसिद्ध छँदैछ । राजर्षि हुँदै महर्षिबाट ब्रह्मर्षि हुन पुग्ने ऋषिराज विश्वामित्र हाम्रो यही कोशी अञ्चल अन्तर्गत जसलाई बाराहक्षेत्र भन्दछौं, त्यसकै आसपासमा बस्नु भएको र त्यहीं नै तपस्या गर्नु भएको यहीं रामायणमा स्पष्टतया देखिंदैछ । राजर्षि–जनकको पवित्रस्थान जनकपुर हो भनेर हामीहरू अझै पनि गौरवान्वित भएकैछौं । सांख्याचार्य भगवान् कपिलदेव तौलिहवाको कनकपुर गाउँमा बसोबासो गर्नु भई सांख्यशास्त्रको महत्त्वमा प्रकाश पार्नु भएको थियो भन्ने मानिंदैछ र त्यहींको कपिलवस्तु–लुम्बिनीमा शुद्धोदनका सुपुत्र बुद्धदेवको जन्म भएको संसारका हरएक राष्ट्रमात्रले निर्विवादरूपले जानि–मानि आएकै कुरा हो । यसरी जो जति ठूला–बडा महात्मा योगी ऋषि मुनि कर्मिष्ठ तपोनिष्ठ व्यक्ति भए ती सबै यै हाम्रो वर्तमान स्वत्त्व–संस्कृतिका मुख्यस्रोत आदेशक, उपदेशक प्रवर्तक तथा प्रचारक मानिएकै छन् । विशेषतः उहाँहरू धेरै जसो यही हाम्रो पवित्र राष्ट्र नेपालमा नै जन्मेका बसेका र तपःसिद्धि प्राप्त गरेका हुन् भन्नमा न हामी कुनै आपत्ति देख्तछौं न त अत्युक्ति नै छ भन्ने सम्झन्छौं । यहींबाट पछि धेरै पछि हाम्रा देशका पवित्र एवं कलिमलनाशक नदीका प्रत्येक धारा–भङ्गालाहरू ओरालो खोज्दखोज्दै तलतिर (भारतका उत्तरीय–भागहरूमा) खसे जस्तो, ओईरिंदै गए जस्तो ती ती पूर्वोक्त महात्मा मुनिराजहरू पनि भारततिर फर्दै फर्दै गएका हुन् । भन्नुको तात्पर्य यो हो– हाम्रो राष्ट्र उत्तराखण्डको पवित्रस्थान हो र तपोभूमि हो एवं पूर्वोक्त स्वत्व–संस्कृतिको प्रादुर्भावक हो तथा हामी चतुर्वर्णाश्रित सनातनधर्मी व्यक्तिमात्रको धर्म, कर्म, व्रत, नियम यज्ञ–यागादिको उद्गमस्थल हो । जसमा कुनै प्रकारको झै–झगडा वाद–विवाद इत्यादि छँदैछैन र हुनै सक्तैन । जहाँ आदिनाथ स्वयं ब्रह्म पशुपतिनाथ आफ्नो ज्योतिर्मय लिङ्ग प्रादुर्भाव गराई आदिशक्ति जगन्माता देवी गुह्येश्वरीको योन्यात्मक स्वरूपमा यौटा अलौकिक र अत्यद्भुत स्थितिमा सच्चिदानन्दात्मक संभोगानुभव गर्दै–गर्दै विराजमान भइरहेको छ । जसका आधारमा अनेकौं तन्त्र–मन्त्रका प्रक्रियाहरू उत्पन्न भए र अहिलेसम्म पनि हामीहरू त्यसको उपयोग गरिरहेकैछौं । हाम्रा पूज्य पुर्खाहरू यसका पनि आदिगुरु मानिएकै छन् र अचेल पनि त्यसको रहस्य–ज्ञानको निम्ति मरिमेट्ने प्रयत्नमा लागि रहेका अनेकौं मित्रराष्ट्रका विद्वान्हरू संग हाम्रो सम्पर्क छँदैछ । यी सबै कुराले गर्दा र आदिकालीन इतिहासको गहनाध्ययन गर्दा छर्लङ्ग हुन आँउने हाम्रा पवित्रकीर्तिशाली ती ती उपरोक्त पुर्खाहरुको त्यस्तो सद्धर्माचरणादिले सनातनधर्मावलम्बी व्यक्तिमात्रको हृदयाकर्षक वृत्ति–स्थितिले हामीहरूको हृदयपटमा गहीरो र अपरिहार्य छापा मारेर छोडेकोले त्यसैका आधारमा हिड छँदैछैन भने जस्तो भइसकेको छ तापनि टाला जस्ता हामीहरू यस्तै–त्यस्तै भएर पनि अझै सम्म पनि "हाम्रो नेपाल ! हाम्रा राजा ! हामी राजाका इत्यादि भन्दैछौं र यसैमा ती सब कुराले गर्दा त्यसो भन्नुमा नै महान् गौरव अनुभव गर्दछौं, यदि यी सब कुराम्रा यथार्थ जानकारी राख्छौं भने । अस्तु

त्यस्तो यस्तो हाम्रो पवित्रराष्ट्र नेपालमा साक्षात् ब्रह्मस्वरूप आदिकवि एवं सुमहान् शक्तिशाली तथा आध्यात्मिक–दिव्यदृष्टि सम्पन्न ऋषिराज–वाल्मीकि राज हुन्थ्यो । उहाँको वासस्थान भनौं वा पवित्र शुभाश्रम, हाम्रो राष्ट्र नेपालका तराईको त्रिवेणी–समीपस्थ तात्कालिक उपवन जसलाई आजकाल भैंसालोटन पनि भन्दछन् र जहाँ गण्डकयोजना सम्पन्न हुँदैछ त्यहीं नै मानिएको छ। यो कुरा हाम्रो देशका शीर्षस्थ तत्कालीन महाराजाधिराज

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महेन्द्रवीरविक्रमशाह र भारतका मूर्धन्य प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूद्वारा उक्त गण्डक योजनाको शिलान्यास सम्पन्न गराँउन भेला भएको वेलामा नै निर्विवादरूपले स्वतः सिद्ध गराइ सकिएको छ कि त्यही नै वाल्मीकि आश्रम हो, जसलाई हामी अचेल वाल्मीकिनगर भन्दछौं । बस ! त्यहीं बसेर ऋषिराज वाल्मीकिले यो प्रस्तुत ग्रन्थ रामायण रचना गर्न थाल्नु भएको हो । पछि गएर निर्वासिता विदेहराजकुमारी सीताजीको पुत्रद्वयोत्पत्ति भइसकेपछि तमसा–नदी (जुन भारतका उत्तर प्रदेशको आजमगढ नजीकै पनि पुग्दै पुग्दै अगाडि बढ्छिन्) तटको आफ्नो पवित्र कुटी–(आश्रम) मा बसेर उहाँ–स्वयंले रच्नु भई समाप्त प्रायः भएको प्रस्तुत यस रामायणको जसको नाम पहिले "रावणवध" राखिएको थियो । देवी–सीताका सुपुत्र ती दुवै भाई लव–कुशलाई आफ्नो अलौकिक शक्तिपात गराई शास्त्रान्तरहरूको साथै अध्यापन गराउनु भएको हो भन्ने पनि निर्विवादै छ । जसको विषयमा यी कुराहरू लेखिँदैछन् ।

अब यत्ति कुराको बीजारोपण गरेर सर्वप्रथम उहाँ को हुनुहुन्थ्यो र के हुनुहुन्थ्यो ? यतातिर केहीबेर दृष्टिपात गरी क्रमपूर्वक त्यतातिर अर्थात् ग्रन्थको विषयावलोकनपट्टि लाग्नु सर्वोत्तम नै हुनेछ ।

जब कि पृथ्वीको पत्तै थिएन त्यसबेला अर्थात् समस्त विश्व जलामय भइ रहेकै अवस्थामा, पृथ्वीको परिपालन र प्रजाको संरक्षण गर्न ब्रह्मदेवको संकल्पानुरूप आधा फ्याक भएको शरीरबाट उत्पन्न भएका आदिराज मनु–महाराजले जो "बहुजनहिताय बहुजनसुखाय" भन्ने सिद्धान्तको आधारमा धर्मशास्त्रको महान् ग्रन्थ निर्माण गर्नु भयो । जसलाई हामी मनुस्मृति भन्दछौं र अहिलेसम्म पनि त्यसैमा उल्लेख भए अनुसारका धर्म, कर्म विधि–व्यवहार, आचार–विचार इत्यादिको परिपालन संरक्षण संवर्धन इत्यादि समस्त कुराहरू गर्दछौं, त्यसैमा लेखिएको १।३५ मा "प्रचेतसं वसिष्ठं च भृगुं नारदमेव च" इत्यादि वाक्यांश देखिन्छ । त्यसमा प्रचेतालाई खास गरेर वसिष्ठ भृगु नारद आदिका भाइ–भाईका रूपमा पाइन्छ भने उहाँलाई पनि साक्षात् ब्रह्मदेवकै सुपुत्र मान्नु नै पर्दछ । तस्मात् कुनै कुराको शङ्कै न गरीकन प्रस्तुत रामायणको निर्माता मुनिश्रेष्ठ वाल्मीकिलाई पनि अरू वसिष्ठादि ब्रह्माका सुपुत्र मध्येका पूर्वोक्त प्रचेताका औरसपुत्रको स्थान दिनु नै उचित पनि छ । अर्को कुरा यो भनाई स्वतःसिद्ध गराँउन अन्त लाग्नु भन्दा पहिले यही वाल्मीकि–रामायण उत्तरकाण्डको ९६×१९ मा "प्रचेतसोऽहं दशमः पुत्रो राघवनन्दन ! भन्ने साक्षात् उहाँका श्रीमुखको भनाई नै पढ्न पाइन्छ भने फेरि यसै विषयमा अनावश्यक तर्क–वितर्क गरि रहनु पनि चर्वितचर्वणमात्र हो । अर्को कुरा भन्दा–भन्दै समस्त उत्तरकाण्डलाई नै प्रक्षिप्त हो भन्ने व्यक्तिहरूको पनि कमी भएको न देखिएबाट त्यस्ता व्यक्तिहरूको मुखमुद्रणका निमित्त भने युद्धकाण्डका अन्तिमसर्गको १०६ श्लोकमा पनि स्वयं आदिकवि मुनिराज वाल्मीकिज्यूले नै "आदिकाव्यमिदं चार्षं पुरा वाल्मीकिना कृतम्" भन्नु भएको त्यो श्लोकार्ध उहाँहरूको समक्ष राखी दिनु नै प्रशस्त होला जस्तो लाग्दछ । तस्मात् ऋषिराज वाल्मीकि साक्षात् आदिसृष्टिकर्ता ब्रह्मदेवका नाति र प्रचेताका सुपुत्र हुनुहुन्छ भन्ने कुरा करामलकवत् स्पष्टै छ ।

यता स्कन्दपुराणान्तर्गत वैशाख–माहात्म्यमा उहाँलाई पूर्वजन्मको व्याधा भनिएकी देखिन्छ । यसले केही लछार्न सक्ने होइन । हुन सक्छ उहाँ पहिलो जन्ममा व्याधै हुनुहुन्थ्यो होला, जस्तो कि देवर्षि नारद पूर्वजन्ममा यौटी शूद्रा–स्त्रीको छोरा हुनुहुन्थ्यो । ऋषिराज वाल्मीकि व्याधा भएर जन्मनु अगाडि पनि उहाँ स्तम्भ नामक श्रीवत्सगोत्रीय ब्राह्मण हुनु भएको कुरा पनि प्रचलित छँदैछ । त्यो व्याधाको जन्ममा शङ्खऋषिको सतसङ्गजन्य श्रीराम–जपका प्रभावले दोस्रो जन्ममा अग्निशर्मा (जसलाई रत्नाकर पनि भन्दछन्) हुनुभयो । यस पछि व्याधाहरूकै संसर्गमा परेर अनेकौं कुकर्म गर्न लाग्नु भयो । यसै अवस्थामा आफ्नो प्राक्तन संस्कारले अकस्मात् उहाँले कुनै दिन सप्तर्षिहरूलाई कहीं जान लाग्नु भएको वेलामा भेट्नु भयो र उहाँहरूलाई पनि आफ्नो वृत्तिको अनुरूप लुटपीट् गर्न लाग्दा उहाँहरूले शान्तभावले अग्निशर्मा अर्थात् रत्नाकरसंग प्रश्न गर्नु भयो कि– रत्नाकर ! तिमी यो निर्घृणी काम किन गर्दछौ ? कसको निमित्त गर्दछौ ? पछि उहाँले सप्तर्षिहरूलाई उत्तर टक्र्याँउनु भयो कि सबैभन्दा सजिलो यै कर्मबाट म आफ्नो र आफ्नाको

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन–वृत्ति चलाउँछु, भरण–पोषण गर्दछु इत्यादि । फेरि प्रश्न आयो– ठीक हो ! परन्तु तिम्रो यो कर्मको परिणामबाट कुनै अनिष्टजनक कुरा उत्पन्न हुने भए अथवा पाप लागे र त्यसको भोग गर्नु परे के ती तिम्रा आफ्ना भनिनेहरूले पनि तिम्रो साथ दिन्छन् ? समानरूपले बाँडेर भोग गर्छन् ? उहाँले भन्नु भयो– त्यो त म भन्न सक्तिन । फेरि उहाँसंग भनियो– जाऊ ! एक पटक ती आफ्ना परिवारहरूसंग त्यो कुराको निर्णय गरेर आऊ ! यदि उनीहरू पनि यो कुकर्म गर्दा लाग्ने पापको उपभोग गर्न समानरूपले सहमत हुन्छन् भने भैगो ! वेस छ, तिमी यो काम अझै उत्साहपूर्वक गर्ने गर, होइन ! उनीहरू यसमा सहभागी हुँदैनन् र फरकै हुन्छन् भने त एक पटक पुनः यसको परिणाम शोच त ! के होला ? यत्ति सप्तर्षिहरूको भनाई सुनी केही शङ्कित हुनु भएका उहाँले अर्थात् रत्नाकर–व्याधाले पुनः भन्नु भयो– म उता गए पछि उम्केर जाऔंला भन्दा हौं होइन ? । उहाँहरू यो कुरा सुनेर निकै मुस्कुराउँनु भयो र उहाँलाइ फेरि भन्नु भयो– हामीहरू अवश्य पनि उम्केर वा भागेर जाने छैनौं । विश्वास गर. हामी कहिले पनि झूटो बोल्दैनौं । यी कुराले रत्नाकरलाई ठूलो विश्वास पर्‍यो र व्याधा दौड्दै नजीकैको आफ्नो घरमा गएर परिवारसंग त्यो कुराको उत्तर माग्यो– उनीहरूले अहिलेको प्राप्त धनमा, सुखादिमा सहभागी हुने र पछिको प्राप्त हुने कष्टभोगमा, पापादिमा अलग रहने कुरा सुनाए । अनि व्याधाको हृदयमा ठूलो तोड पर्‍यो, चोट लाग्यो । अन्तमा दौड्दै कुद्दै सप्तर्षिहरूको सान्निध्यमा आएर उहाँहरूको पाउ समात्तै रुँदै–कराउँदै आफ्नो उद्धार गरी पाऊँ, भनेर त्यस व्याधाले अनुरोध गर्‍यो । दया, क्षमा आदि सद्गुण बाहेक आफ्नो भनिने वस्तु अरु केही न भएका ऋषिमुनिहरू नै ठहरिए–राम्रो र सजिलो बाटो देखाउँदै त्यसलाई पवित्र रामः यस मन्त्रको उपासना गरेर बस ! यसैबाट तिमीलाई ठूलो सिद्धि प्राप्त हुनेछ भन्ने आज्ञा दिंदै उहाँहरूले भन्नुभो भन रामः ! तर त्यस व्याधाको यो शब्द उच्चारण गर्न लाग्दा वाक्यै फुटेन । सप्तर्षिहरूले दयापूर्वक ठूलो परिश्रम गरेर पुनः पुनः त्यही राम–मन्त्र उच्चारण गर्न लगाउँदा बल्लतल्ल बडो मुस्किलले उसको मुखविलबाट शब्द निस्क्यो— मरा ! विलकूल दुबै अक्षर उल्टोपाल्टो भएर । शुद्ध गराँउंदै ऋषिराजहरूले फेरि उसलाई विशुद्ध रामः ! भन भन्नुभयो । अँहँ ! शुद्ध रामः ! शब्द निस्कँदै–निस्कन सकेन । अन्तमा उहाँहरूले शोच्नु भयो कि कालान्तरमा यही मरा शब्द उल्टिएर विलकूल विशुद्ध भएर रामः ! यो महामन्त्र हुन जानेछ र यसको आत्मा शुद्धातिशुद्ध बन्नेछ । अन्तमा यो पनि यसैका प्रभावले यौटा अद्वितीय सिद्ध महापुरुष हुनेछ । अनि त्यो रत्नाकर व्याधासंग भन्नुभयो– बावु ! अब तिमी यहीं बसेर यो महामन्त्र मरा-मरालाई निरन्तर स्थिर भएर एकाग्रचित्तले जप्ने गर । यसैबाट तिमीलाई सिद्धिलाभ हुनेछ । तर तिमीले हामीले दिएको यो महामन्त्रमा केवल श्रद्धा र विश्वास यी दुबै कुराको ठूलो सहारा मान्नु पर्नेछ. स्थिर र धीर भएर जप्नु पर्नेछ । त्यस पछि ऋषिराजहरू आफ्नो बाटो लाग्नु भयो । यता रत्नाकर त्यहीं बसेर समस्त विषय–वस्तुको चिन्तन छोडेर पूर्वोक्त मरा ! मरा !! यी दुबै अक्षर उल्टिएको मन्त्रको उपासनात्मक जप गर्न लाग्नु भयो । समय बित्तै गयो । हुँदा–हुँदा अति भयो । यता त्यो व्याधाको त्यस्तो दुष्कर्मपरिपूरित शरीर त्यै महामन्त्र जप्नमा नै एकाकार भयो, समस्त शारीरिक वृत्तिहरू रोकिए । श्रद्धा र विश्वासले राम्रो ठाम पायो, ध्याता आफ्नो ध्येयको ध्यानमा तल्लीन भयो । जसबाट एकाकारिता प्राप्त हुना साथ व्याधाले सुईंकै न पाइकन कुन सडका कुन सडका त्यो महामन्त्र मरा ! मरा !! विलकूल उल्टिएर रामः ! रामः !! भयो । यता यसबेला सम्ममा उनका शरीरको छेउछाउमा भेला लगाउँदै भेला भएका धमिराहरूले आफ्नो गुँड बनाँउन शुरु गरिसकेका थिए र उनीहरूका निमित्तको यौटा ठूलै प्रासाद तयार भइसकेको थियो । अर्थात् उनको आपादशीर्षपर्यन्तको सम्पूर्ण शरीर धमिराको गुँडै–गुँड भएको यौटा निकै ठूलो ढिस्को भईसकेको थियो । जसलाई संस्कृतमा भन्दछन् वल्मीक । पछि, धेरै समय विति सके पछि त्यही महामन्त्र रामनामको जपयोगका अतुलप्रभावले उहाँ अर्थात् तथाकथित अग्निशर्मा अर्थात् व्याधा-रत्नाकर स्वयं सिद्ध भएर त्यो ढिस्को फोरेर बाहिर निस्कनु भयो । उपरोक्त वल्मीक-धमिराका गुँडको ढिस्कोबाट निस्किएको हुँदा उहाँलाई चिन्ने–जान्नेहरू वाल्मीकि भन्न लागे । अन्तमा उहाँको यही नाम सुप्रसिद्ध हुँदै गयो । निरन्तर मनन–चिन्तन गरिरहने हुनाले मुनि र समस्त वैदिक मन्त्र–तन्त्रतत्त्वको रहस्य जान्ने र देख्ने–सक्ने हुँदा ऋषि हुनुभयो । यही उपाख्यानलाई अरु स्कन्दपुराणादिमा

CC-0. In Public Domain. Digitization by eGangotri

र रामायणान्तरादिहरूमा पनि केही हेर-फेर गरी लेखिएको देखिन्छ। यी सबकारणले उहाँलाई नीचजातिका भनेर कसै-कसैले भनेको-मानेको देखिन्छ तापनि माथि देखाएका प्रमाण-परिबन्दहरूबाट त्यसो भन्नु पनि साह्रै अयोग्य छ र प्रामाणिक नदेखिंदा मान्न पनि गाह्रै पर्दछ। यदि त्यस्तै भएको भए उहाँका समकालीन ऋषि-मुनिहरूले र अरूहरूले पनि अ-आफ्नो ग्रन्थहरूमा कहीं न कहीं त्यस कुराको उल्लेख गर्नु पर्ने हो, ती सब कुरा केही न भएर उहाँलाई केवल प्राचेतसमात्र भनेकोले पूर्वोक्त कुरा स्वतःसत्य र बिलकूल ठीक हो भन्ने सिद्ध हुन आँउछ।

त्यस्ता-त्यस्ता स्वयं-सिद्ध ऋषिराज वाल्मीकिले नै यो संस्कृतवाङमयमय रामायण निर्माण गर्नु भएको हो। आफ्नो तत्कालीन पवित्राश्रमका नजीकैको नदीका तटमा आफ्ना श्रद्धा र दृढ आस्थावान् शिष्य भरद्वाज नामक ब्रह्मचारीलाई साथ लिएर स्नान-ध्यानादि प्रातःकालीन कृत्य सम्पन्न गर्न पाल्नु हुँदा त्यहीं नजीकै कन्याङकुरुङ पंक्षीका दुवै भाले-पोथी कामक्रीडा गरिरहेका अवस्थामा उहाँको समक्ष नै यौटा निषाद (व्याधा) ले ती दुईमध्यको भाले-चाँहिलाई नै बाण हानेर मारिदियो। यो देखे पछि त्यसकी प्रिया पोथी अलाप-विलाप सँग रून-चिच्याँउन लागी। त्यसको यो करुण-क्रन्दन सुनेर उहाँको अन्तरात्मा करुणाले साह्रै द्रवित भयो, निथ्रुक्कै भिज्यो। यसरी भित्र आत्मामा साह्रै नै असह्य आघात पार्ने ढङ्गको त्यो पोथीको दुःखमिश्रित आर्तपुकारजन्य आत्मिक उद्‌गाररूप-शोक नै अन्तमा उहाँको भित्र-हृदयै देखि श्रीमुखको बाटो लिएर पराबाट वैखरी-वाणीको रूप लिंदै अकस्मात् आठ अक्षरको एक पाउ भएको र त्यस्ता चार पाउ जोड्दा बत्तीस अक्षर हुने एउटा श्लोक (जसलाई ग्रन्थ भन्ने चलन पनि छ जस्तो कि २४ हजार ग्रन्थसंख्या भएको आदि) (छन्दः) को रूपमा सबभन्दा पहिलो भएर निस्कियो, जुन त्यो यो थियोः—

संस्कृतमूलश्लोक—

मा निषाद! प्रतिष्ठां त्वमगमः शाश्वतीः समा।
यत्क्रौञ्चमिथुनादेकमवधीः काममोहितम्॥

नेपालीभाषामा रूपान्तर गरिएको श्लोकः-

ए निषाद! न पाएस् तँ कहिल्यै शान्ति वस्तुतः।
मारिस् जो क्रौञ्च-जोडीको यो भाले काममोहित॥

यस भन्दा अगाडि संस्कृतवाङमयमा केवल वेदलाई छोडेर कुनै श्लोकात्मक ग्रन्थ निर्मित भइसकेको थिएन र सब भन्दा पहिले शोकको रूपमा निस्कने यही यौटा श्लोकमात्र थियो। पछि यसैलाई यौटा काव्यको रूप दिने, यसैबाट अनेकौं श्लोकात्मक महान् ग्रन्थरत्न तयार गर्ने सद्‌विचार उब्जिंदा नउब्जिंदै उहाँको अर्थात् मुनिराज वाल्मीकिको शुभाश्रममा त्रिकालाबाधित सत्यज्ञानसम्पन्न स्वयं जगत्सृष्टिकर्ता ब्रह्मदेव पाल्नु भई उहाँसँग यस्तो प्रस्ताव राख्नु भयो कि बाबु! यो तिम्रो मुखबाट करुणोद्‌गारको रूपमा जुन छन्दः (श्लोक) उब्जियो त्यो मेरै सदिच्छाले भएको हो। अब तिमी त्यसैको आधारमा यौटा यस्तो महाकाव्यको निर्माण गर, जसमा धर्मात्मा महान् बुद्धिमान् मर्यादापुरुषोत्तम रामको सम्पूर्ण जीवन-चरित्र अङ्कित भएको होस्। यस काममा म तिमीलाई चाँहिने बौद्धिक-सहयोग प्रदान गर्दछु र भन्दछु कि-प्रकाशमा आएका अर्थात् अरुले जानिने गरी गरिएका रामका चरित्रको त के कुरा? अरुका प्रकाशमा नआएका केवल मनलेमात्र चिताएका र गरिएका राम- सम्बन्धित गुप्तरहस्यात्मक चरित्रहरूको पनि तिमीलाई यथार्थबोध हुनेछ र यो तिमीबाट निर्मित रामायणी-कथा संसारमा पृथिवी, समुद्र र पर्वतमाला रहेसम्म अप्रतिहत-गतिले चलि नै रहने छ। इत्यादि भनेर ब्रह्मदेव अन्तर्धान हुनुभयो।

तदनन्तर यो रामायण-निर्माण प्रारम्भ भयो। ऋषिराज वाल्मीकिको वाग्धारा अप्रतिहतरूपले अगाडि बढ्‌दै गयो। समाप्तप्रायः हुँदा नहुँदै अयोध्यापुरीको अप्रतिम राजसिंहासनमा श्रीराम राज्य गर्दै होइबक्सिइन्थ्यो। यता पतिव्रता शिरोमणि महारानी देवी-सीता गर्भवती भइबक्सिएको थियो र स्त्रीजातिहरूले पेट बोकेको अवस्थामा गर्न मन लाग्ने कुरामा उहाँलाई तपोवनका कर्मिष्ठ ऋषिमुनिहरूको शुभाश्रममा गएर ऋषिपत्नीहरूसँग बसाउठी गर्न र

CC-0. In Public Domain. Digitization by eGangotri

उहाँहरूको सदुपदेशमय सद्वाक्यहरूलाई शिरोपर धर्न, मन लागेको (दोहद) कुरा आफ्ना पतिदेव राजा-रामका श्रीचरण-युगलमा पोखिसकी बक्सेको थियो । यता यसैबेला श्रीराम राजसभाको भव्य-प्रासादमा राज भएको अवस्थामा जन-आकाङ्क्षा र मनोभावना बुझ्नमा नियुक्त भएका विश्वासपात्र गुप्तचर भद्रले उहाँको पाउमा आएर "बाहिरको हाल-चाल के कस्तो छ ? मेरो विषयमा मेरा प्यारा जनता के कस्तो धारणा राख्तछन् यथार्थ भन ?" भन्ने राजाज्ञा सुन्ने वित्तिकै प्वाक्क यस्तो विन्ती चढाए कि "राजराजेश्वर प्रभो ! जनता प्रभुका सच्चरित्रले साह्रै नै प्रसन्न र आनन्दित छन् तर महारानी देवी-सीताको विषयमा भने अझै उनीहरूको चित्त बुझेको छैन र केही कलङ्क लगाँउदै छन्" इत्यादि । त्यस पछि भद्रका मुखबाट निस्केका यी कुराले हृदय-विदीर्ण भएका मर्यादापुरुषोत्तम रामले देवी-सीताको पूर्वोक्त धोको (दोहद) पुऱ्याइ दिने निहुँले प्रियभाई लक्ष्मणको साथ लगाएर आफ्नी सहचरी नित्यप्रिया महारानी देवी-सीतालाई ऋषिराज वाल्मीकिका आश्रमको नजीकै लगेर तिम्री भाउजूलाई जनताको भनाईको आदर गर्नको निमित्त त्यागेर आउ ! भन्ने शुभाज्ञा बक्सियो । लक्ष्मणले तुरुन्तै आज्ञा शिरोपर गरे । छुट्टिने वेलामा शुद्धचरित्रा आफ्नी आमा समानकी भाउजू सीताको श्रीचरणमा आफ्नो शिर राखेर ती दुवैलाई आफ्नो आँखाबाट खसेका असह्य वेदनामय अश्रुधाराले नुहाई दिएर सम्पूर्ण भएको घटना यथार्थ विन्ती चढाई "दाजु राजराजेश्वर श्रीरामद्वारा हजूरको परित्याग भयो" भनेर उनी अयोध्या फर्किए । यता ती सब कुरा सुनेपछि देवी-सीताको हृदयै देखि महान् दुःखमय आर्त-पुकार निस्कियो । मुटु फुट्ला जस्तो स्थितिमा पुग्नाले ज्यादै रुनु-कराँउनु गुञ्जियो । सारा जङ्गलै घन्कियो । नजीकैका मुनिबालकहरूले त्यो करुण-क्रन्दन सुने । दौड्दै आए र स्थिति बोध गरे । त्यसपछि आफ्ना गुरुदेव वाल्मीकिका श्रीचरणमा पुगेर त्यो कुरा विसाए । यो घटनाले आकर्षित भएको र कस्तो कस्तो औत्सुक्य भरिएको हृदय लिएर स्वयं मुनिराज वाल्मीकि देवी-सीता भए ठाउँमा पाल्नु-भयो र उहाँलाई आश्वासन दिंदै यसरी आज्ञा गर्नु भयो । देवि सीते! म जान्दछु तिमी सर्वथा विशुद्ध छयौ ।तिमीमा समस्त पातिव्रत्यले राम्रै सँग वास गरेकोछ । परन्तु लोकापवादबाट साह्रै नै डराएका तिम्रा पतिदेव मर्यादापुरुषोत्तम राजा-रामले तिमीलाई दुनियाँको भनाईबाट बच्नलाई नै यसरी यस अवस्थामा पनि त्याग गरेका हुन् । भैगो ! धन्दा नमान ! म तिम्रो संरक्षण गर्दछु । मेरो साथ हिंड !। यति भनेर देवी-सीतालाई साथै लिएर आफ्नो आश्रममा पाल्नु भयो र ऋषिपत्नीहरूको देख-रेखमा शान्तिपूर्वक बस्तु हुन देवीलाई उहाँहरूका पोल्टामा हालि दिनुभयो । यसपछि समय बढ्दै गयो । वेला पुगेर त्यही पवित्राश्रममा देवी-सीताले दुइटा जुम्ल्याहा सुपुत्र जन्माइबक्सियो । स्वयं ऋषि-राजले जन्मसंस्कार गर्नु भयो । ती दुवै बालकको शुभ नाम लव-कुश यो रह्यो । दुवै समयमा बढ्दै गए । वहीं सम्पूर्ण शास्त्रविद्याको साथ-साथै शस्त्रविद्याको अगाध ज्ञानराशि मुनिराजको सुमहती कृपाले ती दुवैले प्राप्त गरे । पछि कतिपय कारणवश गान्धर्वविद्या (नृत्य-गीत-वाद्यादि)मा पनि यी दुवै भाई साह्रै नै पोख्त गराइए ।

यता यसैवेला ऋषिराज वाल्मीकिले निर्माण गर्न थाल्नु भएको रामायण समाप्तप्रायः भइसकेको थियो र केही अंशमात्र पूर्ण हुनमा बाँकी थियो । अब त्यसलाई जति सक्यो चाँडै जनसमक्ष ल्याँउनु अत्यावश्यक भइसकेको थियो र कसबाट यो काम गराँउदा बेस ! होला भन्ने मुनिराजको हृदयमा कुरा खेलिरहेको मात्र के थियो, ठीक यसैवेला ती ब्रह्मचारीवटुवेषधारी दुवै लव-कुश त्यहीं मुनिका समक्ष आइपुग्दा मुनिराजले "यो काममा यी दुवै मेरा अन्तरङ्ग प्रिय शिष्यहरू नै उपयुक्त छन् र यिनको स्वर पनि साह्रै मीठो, सुरीलो र जनताको कर्णसमूह आफूतिर सर्वथा आकर्षित गर्न समर्थं छ" इत्यादि शोचेर पछि त्यो निर्माण भइसके जति ती दुवै भाईलाई ऋषिराजले आफैंले पढाँउनु भयो । उनीहरूले पनि आफ्नो अलौकिक प्रतिभाले प्राक्तन-संस्कारले र सद्वीर्यको प्रभावले विलक्षण ढङ्गबाट त्यसलाई कण्ठस्थ पारे । त्यसपछि वीणामा यसलाई सुर लय ताल ध्वनि मूर्च्छना आरोह अवरोह इत्यादि समस्त कुराको राम्रो बोध गराई पुनः पढाइयो र परीक्षा गर्न, यथार्थरूपले विषय-वस्तुको आस्वादन गर्न यी दुवै आफ्ना प्रिय-शिष्यलाई वीणामा गाएर सङ्गीतमय ढङ्गबाट सारा ऋषिमण्डलीमा सुनाँउन आज्ञा दिनुभयो । ती कुमारद्वयले पनि आज्ञानुसार बडो मीठो र सुरीलो आवाजमा बीणाको लयमा भरेर सुर ताल मिलाएर गाएर सुनाए । त्यसको परिणाममा सारा ऋषिमण्डली

CC-0. In Public Domain. Digitization by eGangotri

आश्चर्यान्वित र गद्गद भयो । दुवैलाई यो रामायण–गानमा साह्रै सिद्धहस्त र अतिशय निपुण भए, भन्ने ऋषिवृन्दले सम्झियो । निर्मितग्रन्थको साथसाथै गाँउने यी दुवै कुमारको पनि ठूलो प्रशंसा भयो । साराले यो सुने पछि आफूलाई महान् आनन्दसागरमा निरन्तर डुबुल्की मारिरहेको अनुभव गरे । यति भए पछि स्वयं ऋषिराज वाल्मीकि ती दुवैभाई-लाई लिएर राजराजेश्वर श्रीरामलाई भेट्ने सुरले अयोध्यापुरीतिर पाल्नु भयो । त्यसवेला श्रीराम अश्वमेध–यज्ञ गरि-रहिबक्सेको थियो । पुरीका नजीकैको तपोवन जस्तो उपवनमा राज भएर मुनिराज वाल्मीकिले ती दुवै आफ्ना प्रिय चेला लव–कुशलाई यसरी आज्ञा गर्नु भयो–ए मेरा प्रिय बाबु हो ! अब तिमीहरू दुवैजना यो रामायण मीठो र सुरीलो स्वरमा गाँउदै–गाँउदै पुरीभित्र पस र जहाँ–जहाँ ठूला–साना समस्त व्यक्तिमात्रको जमघट छ, त्यहीं त्यहीं विशेष गरेर निकैबेर अडेर, नमात्तिई न आत्तिई यसलाई गाओ । यदि त्यस अवस्थामा राजा–रामले तिमीदुवैलाई देखेर बोलाए भने सान्निध्यमा जानु र सुन्ने चाख लिए भने आदि देखि अन्तसम्म राम्रोसँग स्थिर र धीर भएर मीठो र सुरीलो आवाजमा सुनाँउनु । विशेष सुर ताल ध्वनि लय मूर्च्छना इत्यादिमा न चुक्नु । कथंकदाचित् तिमीहरूको हौ र कसका छोरा हौ? भनेर सोधे भने "हामीवाल्मीकिका चेला हौं"यत्तिमात्र भन्नु, भनेर सिकाई–सधाई पठाँउनु भयो । गुरुदेवको आज्ञानुसार दुवै चेलाले त्यसै गरे । यो रामायण गाँउदै–गाँउदै उनीहरू छिटै नै अयोध्यापुरीभित्र पसे । गल्ली–सडक र राजमार्गहरूमा जहाँ–जहाँ यिनीहरू पुग्थे वहाँ वहाँ–वहाँका जनताहरू यो रामायण–गानबाट अत्यधिक आकर्षित एवं विमोहित भएर मन्त्र फुकेर तानिएका सर्पहरू जस्ता हुँदै यिनीहरूकै पछि–पछि हिंड्दै रामायण सुन्दै–सुन्दै नगरपरिक्रमा गर्न थाले । साह्रै ठूलो भीड एकत्रित हुँदै–हुँदै गयो । पछि अति भए पछि राजा–रामको आँखा उत्कण्ठावश यिनै रामायण–गायक ऋषिकुमारमाथि पऱ्यो । जहाँ सारा स्रोतवर्ण यिनको त्यो कार्यक्रमबाट विमुग्ध भएर मुक्तकण्ठले प्रशंसा गरिरहेको थियो । स्वयं आफूले गरे–भोगेका कुराको यथार्थवर्णन त्यसरूपमा सुन्नमा जनताले त्यस्तो अपूर्व चाख लिएको देख्ता राजा–राम आफैंले ती दुवैभाईहरूलाई लिएर आफ्नो भव्य–राजप्रसादमा सवारी भइबक्सियो र सारा पुरवासी जनताहरू र अरुहरू आमन्त्रित गण्यमान्य–व्यक्तिहरू तथा आफ्ना समस्त सभासद्‌हरूका अगाडि "त्यो रामायण पुनः आदि देखि अन्तः सम्म सुनाँउनु" भन्ने राजाज्ञा उनीहरूमा बक्सियो । तव ती दुवै भाईहरूले पनि साह्रै प्रफुल्लित भएर, धक फुकाएर आफ्ना साक्षात् ब्रह्मारूप गुरुदेवका शुभाज्ञानुसार सुर ताल लय ध्वनि मूर्च्छना आरोह अवरोह इत्यादिको क्रम मिलाएर यो रामायण बने जति आदिदेखि अन्तसम्म साह्रै मीठो र मधुरो स्वरमा गाएर सुनाए । अन्तमा यी दुवै भाइको, यसका निर्माता व्यक्ति–विशेषको खोजी भयो । पछि स्वयं ऋषिराज वाल्मीकि बीचराजसभामा सवारी भयो र राजराजेश्वर मर्यादापुरुषोत्तम रामसँग आज्ञा भयो–राजन्–राम ! तिम्री धर्मपत्नी देवी–सीता साह्रै विशुद्ध छन् । यस्ती पतिव्रता–शिरोमणि यी देवीमाथि त्यस्तो कलङ्क लगाँउनु महान् अन्याय गर्नु हो । दुनियाँको अमर्यादित मुख थुन्न कुनै व्यक्ति पनि समर्थ हुँदैन । राम ! तस्मात् म भन्दछु तिमी आफ्नो प्राणप्रिय वस्तुलाई स्वीकार गर । अब ऋषिराजको यो वाक्य सुन्दा र देवी–सीता संगको निकै सम्मको वियोगजन्य–दुःखको स्मृतिले गर्दा एवं उहाँमाथि लगाइएको अनर्थोत्पादक व्यर्थको दोषारोपणको पश्चात्ताप सर्दा शारीरिक दृष्टिले अत्यन्तिक वियोगको आवरण फुर्दा, राजा–रामका स्वीकृति सूचकरूपमा सर्वोत्तम किरीट–सुशोभित शिर केही निहुरियो र देवी–सीता तथाकथित यज्ञमण्डपको विशाल–सभाको मध्यभागमा ऋषिराजका ब्रह्मचारी–वटुहरूद्वारा ल्याइइन् । त्यसपछि त्यहीं नै देवीले आफ्नो विशुद्धता देखाँउन लाग्दा नलाग्दै धरती–माता फाटिन् र देवी सीताको त्यसभित्र प्रवेश भयो । तदनन्तर राजराजेश्वर राम आफ्ना भाईहरूका साथै अयोध्यापुरवासी प्राणीमात्रलाई लिएर आफ्नो परमधाम साकेतपुरी सवारी भयो । यहीं यो आर्षरामायण आदिकाव्यको पर्यवसान (वैठान) भएको छ ।

अब यसमा हामीहरूका निम्ति जो जति कुरा ग्राह्य (लिन लायक) छन् र इहलोक–परलोक दुवैतिरका साधनभूत छन् ती ती, सारा कुराहरू अत्यन्त विचारणीय एवं मननीय हुँदा क्रमशः तलका वाक्यहरूमा दिइएका छन्–निर्देशित भएका छन् । तस्मात् साह्रै उपयुक्त र चिन्तनीय छन् भन्ने र यिनमा पाठकवर्गको सुदृष्टिको साथै केही समय पनि अवश्य लागुन् भन्ने यस ग्रन्थका अनुवादकको करजोरी बिन्ती पनि स्वीकृत हुन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सबभन्दा पहिले मनुष्य–जीवनमा हाम्रो पूर्वोक्त स्वत्त्व–संस्कृतिका आधारमा आध्यात्मिकता प्राप्त गर्नु नै सब भन्दा ठूलो कुरा "यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः" हो भन्ने गीता जस्ता स्मृति ग्रन्थका वाक्यांशद्वारा मानिएकोले र "एतदालम्बनं श्रेष्ठमेतदालम्बनं परम् । एतदालम्बनं ज्ञात्वा ब्रह्मलोके महीयते ।।" इत्यादि श्रुतिका सदुक्तिले पनि त्यही एकमात्र आत्मतत्त्वज्ञान नै सर्वश्रेष्ठ मानिएकाले यो प्रस्तुत वाल्मीकिरामायणमा त्यो त्यस्तो पवित्र-आध्यात्मिकता के कस्तो छ? भन्ने सुदृष्टिले हेर्दा "वेदले जानिने ब्रह्म राम भै जन्मिए पछि। भै रामायण त्यो वेद निस्क्यो वाल्मीकिबाट ती ।।" भन्ने यो रामायणकै अनुवादित श्लोकबाट नै यसमा के कस्तो आध्यात्मिकता रहेछ ? त्यो सोध्नै घट्टमा वाम लगाँउने कुरा छ ता पनि पाए सम्म, म जस्ताको तुच्छ बुद्धिले भेटे सम्म मेरा प्रिय तथा आदरणीय पाठक–पाठिका राजा–रङ्कपर्यन्तका श्रीचरणमा अरू दुई चार कुरारूप पुष्पसमूह चढाँउँदै– राख्तै, निवेदन गर्दछु कि यो ग्रन्थ त्यस्ता आध्यात्मिकताको त मूल उद्गम स्थलै हो र जताततै उठानदेखि बैठान सम्म तिनै र त्यस्तै-त्यस्ता कुराले परिपूर्ण छ । तस्मात् केवल खोंजमेल गरेर मौरी जस्तो बनेर सारग्राही हुँदै त्यो तत्त्व भेट्नुमा र मनन–चिन्तनादि गर्नुमा नै तात्पर्य छ, मनुष्य-जीवन सारयुक्त तथा भाररहित बनाँइने छ ।

यो आदिकाव्यको मङ्गलाचरणमा प्रारम्भको प्रथमश्लोकमा नै आदिकवि ऋषिराज वाल्मीकिले "तपस्वी मुनि वाल्मीकि तपः स्वाध्यायमा रत । मुनिश्रेष्ठ महान् विद्वान् सोध्छन् नारदजीसित ।।" भनेर सोध्ने आफू र सोधिने (भन्ने) देवर्षि नारदजीलाई अर्थात् दुवैलाई निरन्तर तपस्या र स्वाध्यायमा लागिरहने भन्नु भएको छ । यसबाट यही ज्ञात हुन्छ कि मन साथैका दशै इन्द्रिय रोकेर आफ्नो लक्ष्य अथवा ध्येय वस्तुको ध्यानमा मनन–चिन्तनमा ध्याता (ध्यान गर्ने) ले अड्नु, तपस्याचरण र स्वाध्याय-आफ्नो त्यस्तो लक्ष्यको उपलब्धि के के गरेर कसरी राम्रोसँग प्राप्त गर्न सकिन्छ ? यी सब कुरामा सद्ग्रन्थादिको पठन–पाठन मनन–चिन्तन इत्यादि गर्नु; यी दुवैलाई प्रधानता दिंदै यिनैबाट संसारी मनुष्यले आफूमा दैवी–शक्ति प्राप्त गर्न सक्तछ र अन्तमा स्वयं त्यस्तो हुन सक्तछ, भन्ने छर्लङ्ग देखाँउनु भएको स्पष्टै छ । यी तपस्याचरण र स्वाध्याय निरन्तर गरी रहेको हुनाले नै म राजराजेश्वर महान् तेजस्वी र सुपवित्रकीर्तिशाली श्रीरामको चरण–शरण पर्नेको अधिकारी भएको छु र यसैका आधारमा यो ग्रन्थ निर्माण गरेर जनतालाई त्यस्तै हुने राजमार्ग तयार गर्न समर्थ भएको छु, भन्ने सूक्ष्मरूपमा अवगत गराँउनु भएको छ । अगाडि बढ्दै जाँदा यो काव्यमा जति जति सत्त्वगुणपरिपूरित व्यक्तिविशेषहरूको उल्लेख भएको छ उनीहरू सबैमा यो आध्यात्मिकताको प्राचुर्यको साथ-साथै त्यसलाई पाइने वस्तुहरू प्रतिको दृढनिष्ठता आदि तत् तत् स्थलमा स्पष्टतया देखाँउदै जानु भएको देखिन्छ । यद्यपि कहीं कहीं ती त्यस्ता आध्यात्मिकादिसद्गुण सम्पन्न व्यक्तिहरूमध्ये कुनै कुनै पछि गएर कुमार्गगामी र दुराचारी भएका किन न हुन्, त्यस्ता व्यक्तिहरूबाट बच्न सङ्केत गर्नु हुन्छ, त्यस्तै "रामादिवत् प्रवर्तितव्यं न तु रावणादिवत्" भने जस्तै । यही त हो सब भन्दा ठूलो तपोनुष्ठान पद्धति, हाम्रो परमोच्चसंस्कृतिको साथै तथाकथित आध्यात्मिकशक्ति प्राप्त गर्ने पूर्वस्थिति, अर्थात् आधारशिला । दोस्रो शब्दमा भनौं भने सर्वोत्तम–आध्यात्मिकता तथा सर्वोच्च–दार्शनिकता । यसको मनन–चिन्तनले यसैका अनुरूपको बसाई उठाई खवाई लवाई सोचाई संझाई आदिले आफ्नो लक्ष्यभूत महान् तत्त्व परतत्त्वात्मक त्रिकालावाधित सत्य चैतन्य र आनन्दानुप्राणित परब्रह्मको प्राप्ति हुन्छ । यही नै त हो यो आदिकाव्यको परम एवं चरम लक्ष्य । पुनः यसमा महामहत्त्वशाली प्राप्तव्य-वस्तु पनि त यही नै देखिन्छ । ग्रन्थ-रचनाको सर्वोत्कृष्ट हेतु त्यही छ त ग्रन्थ निर्माण–साफल्य नै पारावाररहित यो भवसागर–पार हुने सुदृढ-सेतु छ, तथा हामी जस्ता सांसारिक प्रपञ्चमा रूमल्लिएका मनुष्यमात्रका निम्ति एकमात्र आधारभित्ति छ र उहाँका पावनजीवनको सद्वृत्ति छ ।

यसरी यस महाकाव्यमा धर्म अर्थ काम मोक्ष यी चारै पुरुषार्थ सजिलै प्राप्त गराँउन सक्ने महान् महान् साधनहरू, सदुपदेशहरू, सदुपायहरू आदिदेखि अन्तसम्म जताततै भरिभराउ भई रहेकै छन् । धर्मविषयक वस्तुहरूको त यो मानस–सरोवर नै हो दोस्रो शब्दमा भनौं भने त चिन्तामणि नै हो । र मनचिन्ते झोली हो । जसमा स्थल-स्थलमा अनेकौं त्यस्ता कुराहरू प्रशस्त पाइन्छन् । ऐतिहासिक तथ्यपूर्ण त्यस्ता घटनाहरूको त अगाध–राशि नै यही हो, जसमा

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता स्वत्य–संस्कृति हुने हामी विभिन्न वर्णधर्ममय सनातन–धर्मावलम्बी आर्य–हिन्दूहरूका त्यस्ता पुर्खाहरूको आद्योपान्त जीवनक्रम जतातत्तै अन्तर्हित छ । अर्थशास्त्रको सुदृष्टिले हेर्दा यसमा यस्ता यस्ता स्थल विशेष आउँछन् कि जसको अध्ययन गर्दा मनुष्यमात्रले यदि त्यो त्यस्तै प्रबुद्ध छ भने आफूलाई रत्ती भर पनि दुःख र श्रममा नपारीकन राम्रो विधि र पद्धति लिएर तदनुकूल सत्कर्ममा प्रवृत्त भइ रह्यो भने थोरै समयमा नै महान् अर्थसम्पन्न हुन सक्तछ । कामको दृष्टिले यसो आँखा गाडेर हेर्दा त जतातत्तै कामै–काम छ । विषयाभिलाष–पूर्ति गर्ने विषयहरूको निर्देशन बडो राम्रोसँग साह्रै साहित्यिक ढङ्गबाट यस महाकाव्यमा ठाँउ–ठाउमा देखाइएको छ । मोक्षका विषयमा भने अब उपरोक्त कुराहरू भन्दा बढी केही बक्नु वा चार अक्षरमात्र लेख्नु पनि बढ्ता होला जस्तो लाग्दछ । तस्मात् आदिकवि ऋषिराज वाल्मीकिको यो आदिकाव्य पूर्वोक्त समस्तविषयविन्यासले परिपूर्ण भएको छ र दिव्यातिदिव्य अनुपम ग्रन्थरत्न छ ।

अब यसैलाई केवल काव्यकै दृष्टिले हेर्ने हो भने यो महाकाव्यै हो । जस्तो गाई भन्दा चार खुट्टा, लामो पुच्छर, उठेको जूरो, गलाको माला र कल्चौंडो भएको कुनै पशुको बोध हुन्छ, ठीक त्यस्तै महाकाव्यको नामकरणले नै त्यसमा हुनु पर्ने महाकाव्यका समस्त लक्षणहरू समाविष्ट हुनु आश्चर्य नै के भयो र ? । साक्षात् मन्त्रद्रष्टा ऋषिराजले नै लेखेको त्यसमा पनि अलौकिक–शक्तिले यौगिकदृष्टिले यसका समस्त ऐतिहासिक आध्यात्मिक सांस्कृतिक र व्यावहारिक घटनाहरू आफ्नै आँखाले अगाडि विषय–वस्तुहरू छर्लङ्ग देखेकै टीक देखेर स्वयं राम्रोसँग त्यसको रसास्वादन गरेर रचेको–लेखेको हुँदा जति महाकाव्यमा हुनु पर्ने सल्लक्षणहरू छन् सम्पूर्ण तिनले यो ग्रन्थरत्न सर्वथा परिपूर्ण छ । जसमा संसारभरका सम्पूर्ण विद्वान्मात्रको विवेकवान् सज्जनमात्रको यौटै सुदृढ मत छ । अब यस विषयमा अरू यौटै कुरामात्र निवेदन गरेर अगाडि बढौं जस्तो लाग्दछ कि–जब काव्य, महाकाव्य यस्ता यस्ता गुणहरूले सम्पन्न भएको हुनुपर्छ भन्ने लक्षणग्रन्थहरू नै उत्पन्न भएका थिएनन् त्यस समयमा नै यो आदिकाव्यको निर्माण हुँदा लक्षणग्रन्थ लेख्नेहरूले नै यसलाई अगाडि राखेर आधार मानेर गुरुग्रन्थ ठानेर यसैका विषय–वस्तु लिएर पछि धेरै पछि ती ती लक्षणग्रन्थहरू निर्माण गरेका हुन् भने फेरि त्यसैका बारेमा अरू कुरै पो किन चाहियो र ? जो स्वतः सर्वमान्य छ र निर्विवाद छ । तस्मात् यो आदिकाव्यमा कुनै कुराको न्यूनता छैन अपितु केवल परिपूर्णतामात्र छ । माथि भन्दै–भन्दै आएऴै अतुलशक्ति प्राप्त गरिसकेका वाल्मीकिजस्ता परब्रह्मस्वरूपावस्थित मुनिराजका निमित्त यो कुनै आश्चर्यको कुरा थिएन कि उहाँले भूत भविष्य र वर्तमान हेरेर सर्वतोभद्र सर्वकालव्यापक पुरुषार्थ चतुष्टयको सारभूत सर्वजनमान्य त्रिकालावाधित नित्यसत्य सर्ववर्णाश्रमधर्मोपेत सद्धर्मकर्मादिसम्बद्ध श्रीराम चरित्रमय सर्वविषयप्रपूर्ण सांस्कृतिक ऐतिहासिक आध्यात्मिक एवं सच्छैक्षिक राजनैतिक व्यावहारिक एवं सार्वजनीन सुखशान्तिप्रद निरन्तर आनन्दोत्पादक र महान् श्रेयष्कर तथा पारिवारिक सुविमलदर्पणरूप यो प्रस्तुत–ग्रन्थ निर्माण गर्नु भयो । तसर्थ यसमा कुनै प्रकारको न्यूनता वा अपरिपूर्णता देखिँदैन बरु, ती ती उपरोक्त वस्तु–विषयादिले आदिदेखि अन्तसम्म सुशोभित र निरन्तर सुविभूषित भइरहेको देखिन्छ । जसमा हामी जस्ता काञ्चन–कामिनीमामात्र मनोवृत्ति लहस्सिइसकेका व्यक्तिको रीति–स्थितिले एवं बाह्यविषयानुप्राणित इन्द्रियवृत्तिले अऴै एक छेउसम्म पनि यसको महत्त्व यस्तै हो र यतिसम्मको छ भने ठमाँउन त के कुरा ? शोच्न सम्म पनि सकेका छैनौं जस्तो लाग्दछ ।

जस्तो कि—यता प्रस्तुत महाकाव्यनायक श्रीराम सर्वगुणसम्पन्न धीरोदात्तनायक हुनुको साथ–साथै काव्यनायिका विदेहराजकुमारी देवी–सीता त्यस्तै सर्वलक्षणलक्षिता तथा नायकानुकूलकी छन् त उता प्रतिनायक राक्षसराज रावण र प्रतिनायिका राक्षसराजरानी देवी–मन्दोदरी र अरू उपनायक सुग्रीव विभीषण आदि सर्वथा तदनुरूप छन् । अऴै राम्रो गढेर हेर्ने, मनन गर्ने हो भने राजकुमार काव्यनायकको अपेक्षा प्रतिनायक राक्षसेश्वरमा भौतिक–वस्तुका सर–सामानहरू जसलाई महाविभूति वा सर्वोत्तम ऐश्वर्य भनिन्छन्, तमोगुणजन्य महत्त्व लिंदै प्रशस्तमात्रामा थुप्रेका देखिन्छन् । अरू उपनायक–उपनायिका आदिमा हुनै पर्ने जो जति पनि सद्गुण अथवा दुर्गुणहरू छन् ती सबका सब तत्तत्पात्रमात्रमा जस्ताको तस्तै ढङ्गबाट टिकेका अनुभूत हुन्छन् । जसको चरित्र–चित्रणादि हृदयग्राहितापूर्वक तत्तत्स्थलमा

CC-0. In Public Domain. Digitization by eGangotri

समावेश गराइएका पाइन्छन् । काव्यनायकको एकद्वीपमात्रको चक्रवर्तित्वप्रपूर्ण राजविभूति एवं महती समृद्धि–सम्पन्नता जो जति वस्तु- विशेषवर्णनात्मक ढङ्गबाट निर्देशित भएकोछ, त्यसको भन्दा धेरै बढीमात्रामा निकै माथिल्लो तहमा महान् उत्कर्षशालितामा निकै द्वीपका अधीश्वर लङ्कानिवासी राक्षसराज रावणको हरएक कुराको अत्यन्त महत्त्वपूर्ण ढङ्गबाट महाविभूतिवर्णन भएको छ, जो साह्रै नै मननीय एवं भौतिक–दृष्टिले हेर्दा अनुपम–विषय छ र कतिपयमात्रामा राज्य शासनप्रणालीमा समेत अनुकरणीय छ । त्यसको साथ–साथै तत्तत्व्यक्तिमात्रको रूप–रेखा र छाँट–काँट यथावत् तस्वीर खिचे जस्तो छर्लङ्ग पारेर राखिएकोछ ।

प्रकृतिवर्णन तत्तत्स्थलका प्राकृतिकविषय–वस्तुका साथै नियाल्नेको, राम्ररी हेर्न सक्नेको अन्तःकरणलाई आह्लादमय र अत्यन्त आनन्दित बनाँउदै सर्वथा आफैतिर तान्दछन् । विशेषतः ठाउठाँउमा पशु–पक्षिमात्रका स्वाभाविकतामय चाल–चलन र नित्यप्रफुल्ल एवं प्रसन्नतामय गति–विधिका मनोमोहक वर्णनले आँखा त्यता अडेको अड्यै हुन्छ । यता ठ–ठाउँमा अर्थात् प्रतिवाक्यमा वर्णन–शक्तिका सुमनोहर परिपाटीले, हृदयाकर्षक – शैलीले, मनोहारिताको साथै हृदयाह्लादिता उत्पन्न गर्छ त उक्तिचातुर्यले भाव – भङ्गिमाले पाठकमात्रलाई आनन्दसागरमा निरन्तर डुबुल्की मार्नमात्र बाध्य गराउँछ । उता साहित्यको साथै सुमधुर लालित्यको ध्वनि–अनुकूलित समावेश भएको छ र कुराकानी विधि–व्यवहारमा साह्रै सरसता तथा सरलता छ। सुन्दरता तथा सर्वतोमुखी सौम्यता छ, आनन्दातिरेकजनक शिष्टता छ । काव्यगुणमा प्रसादको प्रधानता छ ता पनि अन्यान्यगुणहरूको प्राचुर्यं हुँदै–हुंदै गएको र तत्तत्स्थलमात्रमा अत्यन्त राम्रो ढङ्गले समावेश भएको देखिन्छ । रीतिका नीतिको साथै प्रीतिमयी गति – स्थिति अप्रतिहत ढङ्गबाट प्रतिहित छ । रस रसै छ, जसमा डुबेको व्यक्ति सकेसम्म त्यसको स्वाद लिंदा–लिंदा त्यसबाट हत्पती बाहिर निस्कने मनै गर्दैन, वस्तुतः फेरि चोटा (भवप्रपञ्च) तिर हेर्ने विचारै राख्तैन । विशेष गरेर जताततै तत्तत्प्रसङ्ग–प्रसङ्गमा वीर अद्भुत हास्य भयानक रौद्र बीभत्स शृङ्गार शान्त करुण इत्यादि नवरसको रसै–रस पोखिएको छ, छताछुल्ल भएको छ। उता अलङ्कार अलङ्कारै छन् । के शब्दालङ्कार ? के अर्थालङ्कार? माथिदेखि तलसम्म अर्थात् ग्रन्थको आदिदेखि अन्तसम्म अलङ्कारै–अलङ्कार छन् । हरएक सहृदय रसालङ्कारास्वादनदक्ष एवं गुणज्ञ व्यक्ति ध्वनिको ध्वनिले स्वयं ध्वनित भइ रहन्छ । यता लक्षणाद्वारा विलक्षण विचक्षणहरूको पनि विलक्षणै स्थिति उत्पन्न हुन्छ । विशेष स्थल–स्थलमा व्यञ्जना अभिव्यञ्जित भइ रहेकै पाइन्छ । यसरी यस महाकाव्यका सातै काण्ड उत्तरोत्तर सुन्दरातिसुन्दर ढङ्गबाट सिंगारिएका छन्, अलौकिक आर्षदृष्टिको चमत्कारिक एवं आह्लादजनक सद्वर्णनले, सर्वतोभद्ररूपले सजाइएका छन् । यी सात काण्डहरूमा पनि विशेष–स्थान सुन्दरकाण्डैको छ र स्वनामधन्य सुन्दरकाण्ड सुन्दरतम छ भन्ने कुरा यस महाकाव्यको महत्त्व जानेका विद्वज्जनमात्रको भनाई यसरी हामीहरूको हृदयभित्र पनि घुसिरहेकै छ । जसमा अर्थालङ्कारको साथै शब्दालङ्कारको साह्रै ठूलो महत्त्व छ । त्यसमा पनि पाँचौ र सातौं सर्ग त काव्यको मुटुका टुकुडे हुन् भन्नुमा केही अत्युक्ति होला जस्तो लाग्दैन । सारै चमत्कारिक छन्, अत्यन्त रसपूर्ण छन् र सहृदयहृदयाह्लादजनक छन्, यसैले नै वर्णनातीत छन् । यस विषयको कुनै महापुरुषको सदुक्ति जो निम्नाङ्कित छ सर्वथा सत्य छ र बहुतै मननीय छः–

सुन्दरे सुन्दरी लङ्का सुन्दरे सुन्दरी कथा ।
सुन्दरे सुन्दरी सीता सर्वं सुन्दरसुन्दरम् ॥

अब यसैमा राजनीतिको कुटिल–दृष्टिले यसो आँखा गाडेर हेर्ने हो भने, यो ग्रन्थरत्न ठूलठूला राजनैतिक तत्त्वहरूको त अक्षय–भण्डारै छ । किन कि? यसका समस्त विषय–वस्तुहरू राजदरवारका अनेकौं जटिल–विषय एवं वातावरणैबाट हुर्के–बढेका पाइन्छन्, छर्लङ्ग देखिन्छन् । जहाँ काब्यनायक स्वयं राज्यका एकमात्र उत्तराधिकारी रामै छन् । त्यसमा पनि ज्यादै सीधा–सादा र जसले जे भने पनि मानी दिने नानी देखि बानी बसिसकेका हुंदा त्यत्रो चक्रवर्तित्व सम्पन्न निष्कण्टक–राज्यको उत्तराधिकारमा आफ्नो अपरिहार्य हक हुँदाहुँदै पनि दरवारिया अनेकौं सूत्ररूपका षड्यन्त्र र जालसाजीले, दाउपेचले गर्दा, पनपक्ष र पक्षपातको महारोगले पिर्दा हातमा आइसकेको ठूलो माछा

CC-0. In Public Domain. Digitization by eGangotri

उर्के जस्तो अकस्मात् केही क्षणभित्रमा नै उनको हातबाट त्यस्तो राज्य पनि उम्कियो । यता काव्यनायकका राज-परिवारका सदस्यहरूमा विशेषतः स्त्रीजातिकै प्रधानता थियो । उता महाराज–दशरथका–महारानीहरूमा तराव्रै रूपको अयोग्य हानथाप परिरहेकै थियो र राजालाई आफूतिरै ढल्काँउने कार्यक्रममा, आफ्नै वश पार्नमा ठूलो होडबाजी चलिरहेकै थियो । यसस्थितिमा यी महारानीहरूका दास–दासीहरूमा समेत नित्य–निरन्तर 'तँ छोड् र म छोड' भई–परी नै रहन्थ्यो । संघर्षमय वातावरणको पूर्वनिर्देशित रूपबाट नजाँनिदो ढङ्गले भित्र–भित्रै राग–द्वेषको अनौठो–स्वरूप सृष्ट हुँदा–हुँदै साह्रै न राम्रो रूप लिइ सकेको थियो । जसले अन्योन्यमा साह्रै नमज्जाको वातावरण उब्जाउनु, छिः छिः र दुर्‌दुर् गर्नु–गराँउनु स्वाभाविकै हुन आइ सकेको देखिन्थ्यो । सद्धर्म र सत्कर्ममा मात्र निरन्तर मरिमेट्ने एवं आफू कर्तव्यमा अच्युत भएर, टिकेर भगवान् अच्युतलाई भेट्न खोज्ने त्यस्ता सुपवित्रकीर्तिशाली महाराज दशरथ आफ्ना अरू ३५० तीन सय पचास पत्नीसमूह (महारानीहरू)भा भन्दा विशेष कौशल्या सुमित्रा र कैकेयी यी तीनै पत्नी (पटमहारानी) हरूमा झुकेका थिए र समानरूपले हार्दिक प्रेम गर्दथे, मरिमेट्थे ता पनि कान्छी बडा-महारानी देवी–कैकेयीको रूप–गुण जन्य प्रेमपाशमा निकै नै जकडिई सकेका थिए । कारण उनमा अरू ३५० तीन सय पचास महारानीहरूमा (जो यी सबै राजराजेश्वर–दशरथका साक्षात् विवाहिता धर्मपत्नीहरू नै थिए ।) र कौशल्या एवं सुमित्रा बडामहानीहरूमा भएका भन्दा दुइचार ओटा यस्ता सद्‌गुणहरू थिए कि जसले राजराजेश्वर–दशरथलाई स्वयं विवश बनाई सकेका थिए । ती गुण हुन्–आफ्ना पतिदेवको तत्‌तत्‌काल र अवस्थामा हृदयमा उब्जेका भाव-भङ्गिमाको राम्रो अध्ययन गर्दै, तदनुकूल हुँदै जुन अवस्थामा जसो गर्दा पतिदेव सुप्रसन्न हुन्छन्, त्यही काम गर्न सक्नु इत्यादि । अर्को कुरा उनी साह्रै राम्री थिइन् । त्यसताकाकी अद्वितीय सुन्दरी थिइन् र त्यो कला पनि जान्दथिइन्, जसको प्रयोग गर्दा धेरै जसो उनका पतिदेव राजराजेश्वर–दशरथ विशेष गरेर उनैसँग लहस्सिई रहेका हुन्थे । यसरी पटमहारानी कैकेयीले राजालाई धेरै अघि देखि अर्थात् देवासुर–संग्राममा आफ्ना पतिदेवलाई अपूर्व सहयोग टकचाएर सुरक्षित गराई विजय प्राप्त गराए बापत राजाबाट पाएका दुइटा वर राजाकै पाउमा पछि पाँउने गरी नासो राखेर आएदेखि नै आफ्नो हात—हातमा नाच्ने अर्थात् उचितमात्रामा उनले भनेको मानी दिने बनाई सकेकी थिइन् । तस्मात् त्यस्तो वातावरणले हार्दिक—निश्छल प्रेमले आफ्नो अलौकिकरूपले कमनीय–कान्तिले र लोकाभिराम–ललाम–लावण्यले एवं सत्पातिव्रत्यमय सद्भावनाले राजराजे-श्वर–दशरथ एक प्रकारले भनौं भने, उनको इच्छानुसार चल्ने भइ सकेका थिए । त्यस्ता सद्‌गुण र सत्कर्मका एवं सदा-दर्शमात्रका अगाधस्रोत महाराज दशरथ यी महारानी कैकेयीका तथाकथित सद्‌गुणै–सद्‌गुणमात्रले प्रक्कै पनि हृदयैदेखि आकर्षित हुँदा–हुँदै मन्त्रमुग्ध सर्पजस्ता विवश गराई सकेका थिए । भन्नुको तात्पर्य हो– सद्‌गुणीले जुनसुकै दुर्गुणीलाई पनि त्यस्ता सद्‌गुणमात्रले आफ्नै वशमा पार्छ भने यो सद्‌गुणकै महत्त्व कहिन्छ न कि दुर्गुणीको विवशता । यता पूर्वोक्त स्थितिमा त्यस्ता महान् सद्‌गुणसम्पन्न पवित्रकीर्तिशाली महाराजले पनि त्यस्तो हुनु वा असद्‌गुणी हुनु हो, भनी हाल्नु पनि न ता उचितै पर्छ न ता न्यायानुकूल नै हुन्छ । बरू केवल त्यस्तो भइ दिनु नै स्पृहणीय र प्रशंसनीय हो । त्यो पनि त्यस्तो आफ्नो सत्यधर्ममा अड्न, त्यसको सदादर्श स्थापना गर्न महाराजबाट त्यस अवस्थामा जो गरियो, त्यही नै समाजको निमित्त त्यस्तै व्यक्ति भए त्यस्ताको निमित्त साह्रै नै अनुकरणीय छ । त्यसमा त्यस स्थितिमा केवल सत्यमामात्र टिक्तै आएका राजा–दशरथ जो साह्रै वृद्ध भइ सकेका पनि थिए, आफ्नो जीवनमा, सदादर्शमयी रीति–स्थितिमा निरन्तर कलङ्क लाग्ने त्यस्तो कुरो असत्यभाषण अर्थात् महारानी कैकेयीले मागेकाती दुइटै वर म दिन सक्तिन र दिन्न ! भन्न त के सोच्न सम्म पनि सक्ने विचार उब्जाँउन मात्र पनि कसरी सकुन् र? अनि गरुँन् पो के ? । मन्थरा जस्ती क्षुद्र–दासीको बहक्याँईमा परेर न राम्रो बुद्धि लिन पुगेकी र त्यसै गर्नमा आफ्नो सर्वतोभद्र–स्वार्थसिद्ध हुन्छ भन्ठान्ने लिंडे ढिपी कसेकी र त्यसै गर्नमा सक्तो परिपञ्च र जाल–कपट गर्ने अतएव आफ्ना भएभरका सद्‌गुण लत्याई सकेकी महारानी कैकेयीको रामलाई चौध वर्ष पर्यन्त वनबास दिलाँउने र आफ्ना छोरा भरतलाई त्यस्तो निष्कण्टक चक्रतित्वप्राप्त हुने

CC-0. In Public Domain. Digitization by eGangotri

गरी मागिएका यी दुवै वर न दिएर पूरा नगराएर त्यस्तो स्थिति र अवस्थामा पुगिसकेका पवित्रकीर्तिशाली महाराजा दशरथ के आफूलाई सारा संसारको अगाडि "असत्यको साक्षात् प्रतिमूर्ति म हुँ, लौ हेर !" भनेर घोषणा गर्दै हिड्न्? के यो काम उनबाट हुन सक्थ्यो र ? संसारमा सर्वश्रेष्ठ भनिइने सद्गुणहरू भएकाले नै साधारण मनुष्यहरू पनि ठूला-बडा कहिइँदै छन्, सत्कुलका भनिँदैछन्, महापुरुष गनिइँदैछन् र समाजले भूत भविष्य वर्तमान तीनै कालमा तिनै त्यस्तै व्यक्ति नै सर्वश्रेष्ठ र सदादर्शशाली हुन् भनेर मुक्तकण्ठले तिनैको प्रशंसा गरि रहेकै छन् । यी सब कुराले गर्दा र प्राण जाओस् वचन न जाओस् "रघुकुलनीति सदा चलिआई । प्राण जाइ बरु वचन न जाई" भन्ने सिद्धान्तमा निरन्तर टिक्तै आएका हुनाले नै देवी–कैकेयीको ती दुवै कुराको वरदान-याचन महाराज दशरथले पूर्ण गरि दिनै पऱ्यो । रामलाई वनवास पठाँउन र भरतलाई राज्यभिषेक दिन बाध्य हुनै पऱ्यो । परिणाममा चौध वर्षको लागि प्रिय–भाई लक्ष्मण र धर्मपत्नी देवी–सीताको साथमा राम वन गए । परन्तु राजा-दशरथ यता संसारका प्राणीलाई आफ्ना सद्गुण दया–दक्षिण्यादिले रिझाँउन सक्ने आफ्ना प्राणप्रिय जेष्ठपुत्र रामका ती ती त्यस्ता लोकोत्तर गुणहरूले पनि म यौटालाई-मात्र रिझाँउन सकेनन्, अथवा मैले उनलाई रिझाँउन सकिनछु, धिक्कार होस् ! भन्ने विचार गरेर आफ्नो आत्मालाई धिक्कार दिँदै वन गएका लोकाभिराम रामको ती त्यस्ता सद्‌गुणको उपासना–आराधना गर्न नै केवल छअै दिन पछि शरीर अयोध्यापुरीमै छोडेर आफू आफ्ना विशुद्ध भइ सकेका प्राणमात्र लिएर पूर्वोक्त सदुक्ति चरितार्थ गर्दै परमधामतिर लागे । त्यसपछि तुरुन्त मामा-घर गइ रहेका कैकेयीनन्दन भरत अयोध्यापुरीमा ल्याइए । यसरी अवसान भएको महा-पुरुष महाराज दशरथको पवित्र कीर्तिशाली त्यस्तो सद्धर्ममय जीवन–चरित्रबाट अब हामी जस्ताले के कस्तो सदादर्शादि पाँउन सक्छौं ? त्यो त अ–आफ्नो बुद्धि उपर निर्भर गर्ने कुरा हो । जसको बारेमा आजसम्म पनि रामायणप्रेमीमा यो उक्ति प्रचलित छँदैछ । जसको अर्थ निकै अध्यात्मपरक र गहीरो भए जस्तो लाग्दछ । 'राम! राम!! सब कहे, दशरथ कहे न कोई । एकबार दशरथ कहे तो कोटीयज्ञ फल होई ।।" इत्यादि । यहींनेरको दशरथशब्दको अर्थमा महान् महत्त्व भरिएको छ र स्वयं महाराज दशरथ यस्तै भई सकेका थिए ।

अब काव्यनायक सर्वगुणाभिराम श्रीरामपट्टि त्यही दृष्टि लिएर हेरौं । यसको प्रसङ्ग यसरी लिऔं–। सम्पूर्ण पृथ्वीभरीका ठूला–साना राजा–महाराजा योगी ऋषि–मुनि ब्रह्मर्षि महर्षि र राजर्षि एवं कर्मनिष्ठ महात्माहरू र अरू समस्त गण्य–मान्य व्यक्तिहरूको तथा निमन्त्रित–आमन्त्रित राज्यभरका सरकारी–गैरसरकारी व्यक्तिमात्रको काय मन–वाणीको सक्तो सहयोगद्धारा रातारात गरेर राज्याभिषेकका अत्यावश्यक समस्त सर–सामान जोडी राज्याभिषेक पाँउनेले अघिल्लो रात स्वपत्नीकै साथ उपवास समेत बसी भोलिपल्टको सूर्योदयमा अभिषेक हुने निर्णयको राजसभाबाट समस्त जनताको समक्ष स्वयं राजराजेश्वर–दशरथले घोषणा गरी सके पछि केही घण्टाभित्रमा नै त्यत्रो विघ्न पर्नु र त्यही भोलिपल्टको सूर्योदयमा, ठीक त्यही शुभमुहूर्तमा तिनै एकमात्र राज्यका उत्तराधिकारी काव्यनायक रामलाई चौध वर्षको निमित्त वनैमा बस्न जाउ ! भन्ने आज्ञा हुनु कम आश्चर्यको र कम दुःख लाग्ने कुरा थिएन ता पनि आफ्ना पति–राजाको प्रतिनिधित्व आफैंले गरी बक्सी आफ्नी कान्छी मुमा बडामहारानीबाट बक्सेको त्यो हुकूम सुन्दा पनि राज्यका पूर्ण उत्तराधिकारी राजकुमार राममा जो कुनै प्रकारको केही विकार उठेन त्यही नै सर्वोच्च आश्चर्य हो भनेमा केही अत्युक्ति हुँदैन होला । जसको विषयमा यौटा प्रातःस्मरणीय महाकविले सार्वजनिक मङ्गलचिन्तन गर्दै आफ्नु उद्‌गार-रूपमा निकाल्नु भएको निम्नलिखित अनुवादित यौटा श्लोक पनि पढि दिई बक्सन आग्रह गर्दछु —

परेन जो दङ्ग नृपाभिषेकले न ओइलायो वनवास-दुःखले ।
शोभा त्यही राम–मुखारबिन्दको देओस् सँधै सुन्दर-मङ्गलादि त्यो ॥

त्यस्तो हुँदा, यस्तो हुनु यो कम आश्चर्यको ठाम र काम होइन । जुन यस्तो हुन र गर्न बडे–बडे मनस्वी धीर एवं महापुरुषहरूलाई पनि गाह्रोमात्र होइन गर्नै न सक्ने हुन जान्छ । यसभिन्न रामको महत्व देखिने अर्को यौटा कुरा

CC-0. In Public Domain. Digitization by eGangotri

अगाडि राख्तैछु । जो यो हो— "राम ! तिमी चौध वर्ष सम्म वनमा गएर बस ! म यो राज्य भरतलाई दिन्छु" भन्ने आफ्ना पिता–राजाको शुभाज्ञा सुन्न नपाईकनै पनि, अझ भनुँ भने न भईकनै पनि आफ्नो स्वार्थसिद्धिको लागि स्वयं राजाको प्रतिनिधित्व गर्ने आफ्नी त्यस्ती कान्छी मुमा बडामहारानी कैकेयीले बक्सेको पूर्वोक्त हुकुम शिरोपर गरेर काव्यनायकले भनेको देखिन्छ कि– मुमा ! मलाई यै यौटा ठूलो दुःखको कुरा लागेको छ कि – स्वयं मुमा हजूरबाटै मलाई वन जाने आज्ञा न बक्सेर मेरा परमपूज्य पिता – महाराजलाई यसरी त्यो आज्ञा दिलाउँन जो गुहारी बक्स्यो यसबाट म यो अनुमान गर्छु कि-ममा स्वयं हजूरले बक्सिएको आज्ञा तुरुन्त स्वीकार गर्ने र तदनुसार चल्ने यी गुणहरू प्रशस्त हुँदा-हुँदै पनि हजूरले छैनन् ! भन्ने जो ठानी बक्सिएछ। यही सबभन्दा दुःखको कुरा छ, इत्यादि । अब शोच्ने र विचार गर्ने कुरा यो छ कि–काव्यनायक रामले के आज्ञा भयो ? यसको के तात्पर्य हो ? हामी यसबाट के पाउँछौं ? इत्यादि । जब यस्तो वस्तु त उहाँसँग रहेछ भने, देखियो भने, अरु कुन वस्तु पो न होला ? भए पनि जति छन् ती सब विषय वा वस्तु त्यसको अगाडि तुच्छातितुच्छ छन्, जसले यी यस्ता यस्ता सद्‌गुणमात्रले आब्रह्म – कीट पर्यन्तका प्राणीमात्रलाई रिझायो र वशमा राख्न सक्यो भने अब फेरि तिनै महान् सद्‌गुणशाली यी काव्यनायकका विषयमा अरु एक अक्षरसम्म पनि भनि रहनु पर्ला जस्तो लाग्दैन । सर्वं पदं हस्तिपदे निमग्नम्, भयो ! भयो !! तापनि यिनै काव्यनायकका विषयमा अझ अरु दुई चार शब्दहरू कोर्नु वा लेख्नु पनि अनुचित होला जस्तो लाग्दैन, न ता अप्रासङ्गिकै होला जस्तो लाग्दछ । हुन त महर्षि वाल्मीकिले विशेष गरेर यत्रो ग्रन्थ भरी नै, अन्तमा कहीं कहीं छोडेर त्यसै मन परीसँग काव्यनायक रामलाई भगवान् अथवा जगदीश्वर-राम भनेर कहीं लेखेको देखिँदैन । उहाँ राजकुमार रामलाई यद्वा पछिका राजसिंहासनासीन चक्रवर्तित्त्वसम्पन्न राजराजेश्वर–रामलाई केवल दयादाक्षिण्यादि-सद्‌गुणसम्पन्न मर्यादापुरुषोत्तम राम ! भन्दै आदि देखि अन्तसम्मै जानु भएको छ तापनि दशरथ–पुत्र राममा ती ती सद्‌गुणहरू र नैतिकता, कर्मिष्ठता, सत्यव्रतिता, शुचिता तथा परश्छन्दोनुवर्तिता अन्यदुःखविमोचन–प्रवृत्तिता इत्यादि दिव्य एवं अतिदिव्य विषय–वस्तुहरूको समावेश भएको देखाउने चातुर्यले अथवा स्वतःप्रकट हुने वाक्य–विन्यासले उपरोक्त महाकाव्यगत अरु त्यस्तै त्यस्ता ध्वनि–लक्षणा आदिले नै उहाँले स्वतः आफ्नो काव्यनायकलाई लुके-छिपेको ढङ्गबाट साक्षात् जगदीश्वर–सगुण–ब्रह्म र इच्छाशक्ति-ज्ञानशक्ति तथा क्रियाशक्ति निरन्तर अप्रतिहतगतिले तयार रहिरहने परात्पर निर्गुण–ब्रह्म उनै हुन्, भन्न चुक्नु पनि भएको छैन, जुन अत्यन्त निगूढार्थपरक छ र सहृदय–हृदयैकसंवेद्य छ । तस्मात् यिनै सब कुराहरूको अन्वेषण गरेर हाम्रा पूर्वोक्त पूज्य-पुर्खाहरूले श्रीरामका ती सगुण निर्गुण दुवै स्वरूपको आफ्नो बुद्धिले भेटे सम्मको स्थितिले, नीतिले र रीतिले भज्दै सत्सेवन गर्दै, गर्दै आए । अब तिनै जगदीश्वर त्यस्ता करुणावरुणालय खरारिका स्वयं जगन्माता देवी–भवानी साथका जगत्पिता कैलाशवासी त्रिपुरारि पनि ती त्यस्ता लोकोत्तर महामहिमासम्पन्न दया–दाक्षिण्यादिका र निष्कारण मैत्रीत्व आदिका महत्व नित्य–निरन्तरै आफूले गाँउदै र आफ्नालाई गाँउन लगाँउदै आउनु भएको छ भने फेरि हामी जस्ता जातिले मानवै र कर्मले दानव भइ सकेकाले त्यस्ता सद्‌गुणहरूको स्मरण-मनन-चिन्तन गरेर "मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम् । यत्कृपा तमहं वन्दे" भन्दै म जस्ता बज्रस्वाँठ-मूर्खलाई समेत यस्तो बनाएको संझदै हर्षगद्‌गद भएको आत्माले श्रीराम ! जय राम!! जय जय राम !!! यी महामन्त्रमय अक्षरहरू जप्तै निम्ननिर्दशित केवल यौटै कुरा जसमा श्रीरामका भए भरको फिटी–झाम्टा शक्ति, महिमा, प्रभाव, अनुग्रह इत्यादि जे भनौं, मजैसँग देखिन्छन्, उल्लेख गर्न चाहन्छु, जो निकै चाख लाग्दो पनि छ ।

चराचरप्राणिमय दृश्यमान एवं श्रूयमाण विश्वमात्रका एकमात्र आदिकारण श्रीरामका पवित्र–चरित्रको लोकातीत–महिमाको एवं अतिअद्‌भुत प्रभावको सदनुग्रहको र अरुको त के कुरा ? उहाँका चाल–चलन बात–व्यवहार-मात्रको अनुकरण (अर्थात् नक्कल गराई) सम्मको पनि लोकोत्तर महत्त्व देखाँउदै हामीहरू जस्ताका घट्टमा आँखा खुलाउने ढङ्गबाट झलमल्ल घाम लगाँउदै यौटा प्रातःस्मरणीयचरण महाकविको श्रीमुखबाट निम्नाङ्कित यौटै श्लोक यस्तो उद्‌गाररूपमा निस्किएको छ । जसलाई उहाँले त्यस्तो अधमाधम निकृष्ट एवं अत्यन्तजघन्यकर्मकारी उत्कृष्ट

CC-0. In Public Domain. Digitization by eGangotri

पापाचारी तथा महान् दुराचारी राक्षसराज रावण जस्ताको (जो साक्षात् जगदीश्वर श्रीरामको पनि उद्दण्ड आततायी शत्रु थियो,) मुखबाट पनि यी कुरा छदाँउनु भएको छ । जुन मुनिराज विश्रवाका दुई–भाई छोरा रावण र कुम्भकर्णका उक्ति–प्रत्युक्तिरूपमा छ । तल पढौं त——

अन्हाय प्रतिबुध्यतां, किमभवद् ? रामाङ्गना ह्याहृता
भुक्ता ? नैव, कुतो ? यतो न भजते रामात्परं जानकी ।
रामः किं न भवान् ? यतः सुरुचिरं तालीदलश्यामलं
रामाङ्गं भजतो ममाऽपि कलुषो भावो न सञ्जायते ॥

यसको प्रसङ्ग यस्तो छ—राक्षसेश्वरले पञ्चवटीबाट राम र लक्ष्मण दुबै भाइको आँखा छली देवी–सीतालाई हरेर लङ्कापुरीभित्रको प्रमदावनस्थित अशोकबाटिकामा लगेर राखे पछि निकैसम्म सुताहा आफ्ना सहोदर प्रिय भाई कुम्भकर्णलाई उठाँउन र उनलाई त्यो कुरा सुनाँउन स्वयं उनी सुतेकै ठाँउमा पुगेर उनलाई आफ्नो भएभरको बलले घच्घच्याँउदै यसरी भने—ए बाबु ! कुम्भकर्ण ! उठ् ! उठ् !! चाँडै उठ् !!! बडो कठिनसँग निकैबेर सम्म त्यसरी घच्घच्याई खाई सके पछि भाई कुम्भकर्णले दाजु रावण सँग आँखै न उघारी सुतेको सुत्यै यसरी सोधे—आः ! किन ? के भयो र ? यसरी मलाई उठाँउछौ ? उनको यस्तो प्रश्न सुने पछि राक्षसराजले भने–बुझिस् बाबु ! मैले रामकी पत्नी सीतालाई हरेर ल्याएँ । दाजुका यी कुरा सुनेर भाई चाँहिले फेरि त्यही ढङ्गबाट दाजुलाई सोधे–दाजु ! ल्याए छौ, बेसै भो ! अब मलाई तिमी यो कुरा भन कि–के तिमीले त्यो रामपत्नीसँग संभोग गऱ्यौ त ? रावणले भने–अँहँ ! मैले गर्न पाएको छैन । कुम्भकर्णले फेरि सोधे–किन बाँकी राख्यौ त ? लङ्केश्वरले उत्तर दिए–कहाँ भन्छस् बाबु ! त्यो जनकराजाकी छोरी जानकी भन्ने मोरी बडी गजबकी रहिछ । किन ? भन्लास् भने त्यो आफ्ना पति–रामलाई बाहेक अरू कुनै पुरुषलाई पनि आफ्नो इच्छाले छुँदै–छुँदी रहिनछ । दाजुका यी कुरा सुनेर उदेक मान्दै भाईले फेरि दाजुलाई राम्रो र सजिलो उपाय बताँउदै, त्यसरी मस्त निद्रा लागि रहेको वेलामा बीचैमा विघ्न पर्दा अलि दिक्क मानेर त्यसलाई पन्छाँउने सुरले यसरी भने– आः! त्यसो हो भने त झन् बेस भएछ लौ ! । अब तिमी सुन ! दाजु ! जति सक्यो चाँडो आफ्नी आसुरी–शक्ति (राक्षसी–माया) को सहारा लिएर साक्षात् त्यै जानकी–मोरीको पोई रामकै अनुहार जस्तो, रूप–रङ्गकै जस्तो आफ्नो स्वरूप बनाउ र त्यसको अगाडि पर त ! अनि हेर तमासा ! कसरी साक्षात् आफ्नो पति संझेर त्यो तिमीलाई ग्वाम्लवाङ्ग अगाँलो मार्न आँउदी रहिछ कि रहिनछ ! । भाईका यी कुरा सुने पछि दाजु चाँहिको भक्कानो फुट्ला–फुट्ला जस्तो हुँदै भित्र हृदयैदेखि लामो सुइय्य ! खुइय्य !! निस्कियो र भाईसँग आफ्नो यो प्रयत्न पनि विफल भइ सकेको कुरा बताँउदै हर–तरहले निराश हुँदै फेरि यसरी भन्यो–बाबु कुम्भकर्ण ! तैंले भन्नु भन्दा अगाडि नै मैले त्यसो गर्न पनि चुकिन । परन्तु सुन् त! जब म त्यै रामेको जस्तो तमालदल–श्यामल आफ्नो शरीर बनाँउछु, त्यसकै जस्तो अङ्गलेप, आभूषण एवं पीताम्बरादि पहिरन्छु र धनुर्बाण हातमा लिएर आफूलाई अब म पनि त्यस्तै, ठीक रामै जस्तै, भएँ भन्ने संझन्छु, त्यसँवेला भन्छस् बाबु ! खोई ! के भनुँ ? आफूलाई अत्यन्त शान्तिमय सच्चिदानन्दात्मक आत्मानुभवैकगम्य उभय–लोकातीत स्थितिमा पुगेकोमात्र संझन्छु र आफूमा पनि अलौकिक दैवी–शक्तिहरूमात्र थुप्रिएको पाँउछु । अनि त्यो जनकराजाकी छोरी जानकी मोरीलाई पनि अर्कै–अर्कै कस्ती कस्ती साक्षात् जगत्सृष्टिकारिणी विश्वसंरक्षिणी र संसारसंहारिणी महामाया जगन्मातैको रूपकी जस्ती देख्न थाल्दछु । साक्षात् त्यही नै पो रहिछे बा ! भन्ने अनुभव गर्न थाल्दछु । त्यसपछि ता गजबै हुन्छ–यो मेरो हृदयको भित्रीतहको दृढ–भावना एवं कुवासनास्वरूपमा रहेको त्यो कुभाव, त्यो कालोपन (यसलाई संभोग गरि छाड्छु भन्ने विचार) पनि त्यसँवेला सूर्योदयमा अँध्यारो हराए जस्तै हराँउछ–विलाएर जान्छ । अब म के गरूँ ? लौ भन् त ?

CC-0. In Public Domain. Digitization by eGangotri

आमुख

मेरा पूज्य राजा तथा रङ्क ! लौ हेरि पाऊँ! अब प्रस्तुत काव्यनायक मर्यादा पुरुषोत्तम सुपवित्रकीर्तिशाली श्रीरामको महिमाको महत्त्व ! कस्तो रहेछ ? यस्तै–यस्ता प्रसङ्गहरू हाम्रा पूर्वजहरूले लेखेर जानु भएकाले नै हाम्रो सत्र परेका अर्थात् एकलौटी भई अपुताली परिसकेका ती ती पूर्वोक्त स्वत्त्व–संस्कृतिरूप सर–सम्पत्तिमा खोज–मेल गरेर कोर्न लेख्न थाल्ने हो भने अर्को एउटा बृहद्रामायणँ खडा हुन्छ, जब कि त्यस्तो दानव लोकरावण रावण जस्तो पाजी शत्रुले पनि, त्यो पनि त्यस्तो विचारले केवल उहाँका श्री विग्रहको नटुवाले गरे जस्तो अनुकरण (नक्कल) गर्दा त गर्नेको अवस्था त्यस्तो भयो भने, हामी जस्ता मानवले सद्भावले श्रद्धा र विश्वासले श्रीरामका पावन जीवन–चरित्रोपवनमा निरन्तर फुलिरहेका ती सर्वोत्तम सुमनोरूप पारिजातका सुगन्धहरूको आघ्राणले र तिनबाट उत्पन्न हुने अतितृप्तिदायी आस्वादनादिले आफ्नो आत्मालाई सुप्रसन्न पार्न सक्यौं भने, तिनैमा चुर्लुम्ब आफूलाई पार्न सक्यौं भने, अरू यी सांसारिक तुच्छ भौतिक–वस्तु (जो साह्रै क्षणिक छन् भन्ने म जस्ता बज्रस्वाँठ समेतले पनि स्वयं अनुभव गरि सकेका छौं, देखे–सुनेकै छौं भने, अरू म भन्दा ठूला–बडा विद्वान्हरूको त के कुरा ?) भन्दा यसमा अर्थात् श्रीरामगुणगान–गर्नमा अलौकिक स्वात्मानुभूतिमय नित्य–सत्य र चैतन्यरूपको परमानन्द न आउला ? । यसको निरीक्षण–परीक्षणार्थ क्रमशः अभ्यास गर्दै केही दिन वा केही घण्टै सही त्यस्तो हृदयभित्रको गाढान्धकारमय आत्मतत्त्वको श्रवण–मनन निदिध्यासनरूप "आत्मा वा अरे श्रोतव्यो द्रष्टव्यो मन्तव्यो निदिध्यासितव्यः" यो श्रुतिको भनाई अनुसार स्मृतिले बताएका सदाचरणरूप नियम–संयमादिको परिपालन गर्दै त्यो यै श्रीरामतत्त्वको राम्रो अनुसन्धान गरेमा के त त्यसै बरबात भइएला ? के त संसारका चौरासी लाख जुनिमा घुमिरहनु पर्ने अनन्तकाल–मध्येका ती यस काममा खर्च गरेका हाम्रा अमूल्य–समय नै भनौं न "छिन्नाऽभ्रमिव नश्यति" झैं नै होलान् त ? यदि भइ हाले भने पनि त त्यस्तो आपत्ति नै पो के परि हाल्ला र ? बडे बडे राजा–महाराजा ऋषि–मुनि आदि पनि यी सांसारिक समस्त विषय–वैभवलाई अनिच्छैले पनि यहीं छोडेर गए । पछिका पनि जाने नै छन् भने, हाम्रो पनि त बाटो त्यही होला नि ? । यी यस्ता अलि चर्का र केही बढ्ता होलान् जस्ता वाक्यविन्यास गरेर आफ्ना पूज्य राजादेखि रङ्कपर्यन्तका पाठक–पाठिकामा केही प्रोत्साहन भर्न खोज्ने अयोग्य धृष्टता गर्ने म जस्ता तुच्छ–जीव संसारमा कति आए, कति गए! ता पनि यी सब कुरा जानिएकै हुन् ता पनि लोकाभिराम श्रीरामको आत्यन्तिक आराम दिने त्यो ललाम पावन–चरित्रको महत्त्व वर्णन गर्न यसरी त्यै–त्यस्तै म जो कसिएँ यही जगदीश्वर मर्यादा पुरुषोत्तम–प्रभुको महामहिमाको महान्–महत्त्व हो । जसको पार पाँउन अहिलेसम्म कसैले पनि सकेनन् । श्रीरामको लोकोत्तर पावन–चरित्रको नामोच्चारण माहात्म्यको एवं दया–दाक्षिण्यादि–सद्गुण–मात्रको खोजी–नीति र चियो–चर्चो गरेर न ता हाम्रा माननीय पुर्खाहरूले नै पार पाए, न ता हामी नै पाँउला, यदि पाइहालियो भने पनि पाँउने नै पाइँने हुन्छ, अर्थात् त्यो त्यै हुन्छ । ठीक वेदमा भने जस्तो–ब्रह्मविद् ब्रह्मैव भवति । सूर्यको कान्ति र सूर्य अभिन्न (एक) भए जस्तो, तद्रूप अर्थात् एकाकार ! महासागरमा मिले पछिका नद-नदीका नाम र रूप जस्तो । प्रातःस्मरणीयचरण गोस्वामी तुलसीदासजीको "इति वेद वदन्ति न दन्तकथा । रवि आतप भिन्न, न भिन्न यथा" भन्ने सदुक्ति जस्तो । यसै उक्तिभित्र एकाकार भएको पूर्वोक्त सगुण–निर्गुणको भिन्न,–अभिन्न स्वरूप जस्तो ।

अब लागौं अरू पात्रहरूपट्टि त्यही दृष्टि लिएर । भरत, लक्ष्मण र शत्रुघ्न यी तीन व्यक्तिमा लक्ष्मण र शत्रुघ्न दुई–भाई माहिली महारानी भनौं सुमित्राका सुपुत्रहरू आफ्ना दुवै दाजु राम र भरत यी दुवै प्रत्येकमा आफू–आफूमा भएका सद्गुणहरूका आधारमा आफू–आफूलाई मन परेका दाजुहरूको आश्रय लिएर उहाँहरूको अनुकरण र अनुसरण गर्दै गए । वेला–वेलामा आफ्नो बुद्धिले भेटेसम्मको राय–सल्लाह बल–मद्दत टक्र्याँउदै बुद्धिले भेटेसम्मको सहयोग गर्दै–गर्दै गएको देखिंदा यी दुवै भाई लक्ष्मण र शत्रुघ्नको विषयमा केही भन्नु आवश्यकै देखिंदैन ता पनि रामको अनुसरण गर्ने लक्ष्मण भन्दा ठ्वाट्ट हेर्दा. कस्ता कस्ता र रामकै प्रतिद्वन्द्वी नै हुन् कि भने जस्ता देखिने दाजु भरतका अनुसरक भाई शत्रुघ्न केही कम सद्गुण र धीरता वीरता आदि भएका देखिंदैनन् र यी दुवै भाईमा हरएक विषयमा

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना दाजुहरूको बेला-बखत अनुसारको सेवनक्रियामा तँ छोड् र म छोड्का रूपको अत्युत्तम विषमताको साथै अनुपम समानता पाइन्छ । यस स्थितिमा यी दुवै भाईको बल-वीर्य र बुद्धि-विचार अ-आफ्ना निरन्तर साथ रहने दाजु राम र भरतकै जस्ता भइसकेका हुनाले यिनीहरूको बारेमा यत्तिमात्र भन्नु प्रशस्तै होला भने जस्तो ठान्दछु ।

अब आयो भरतको कुरो-यस महाकाव्यमा महाभाग भरतपट्टि राजनैतिक दृष्टि लिई हेर्ने हो भने, उनी जस्ता महान् सौभाग्यशाली पात्र कमै छन् । किन कि? उनलाई कुनै प्रकारको प्रयत्न र श्रमै नगरी आफ्नी आमाका कृपाको भरमा नै जुन त्यत्रो सार्वभौम-राज्य प्राप्त भयो त्यो तात्कालीन भौतिक-संसारमा यो भन्दा भाग्यमानी हुनु के ? त्यसको साथै दोस्रो शब्दमा भनौं भने, उनी भिन्न महान् दुर्भाग्यशाली अरु कुनै पात्र छन् कि त? भनी यसो आँखा गाडी हेर्दा उनी भन्दा अर्को अभागी कुनै पनि देखिंदैन । किन भने ? आफूले बेहोर्नु-विराँउनु केही न गरीकनै उनीमाथि सारा संसारले थुक्नेसम्मको जो त्यस्तो असह्य दोष लाग्यो, । यसले आमासँग मिलेर यो काम गरायो, भन्ने जो साराले ठाने, यो कम कलङ्क लाग्ने कुरो थिएन । अब यसै कुरालाई पर्लक्क पल्टाई हेर्ने हो भने उनी भन्दा महामहिमाशाली र महान् व्यक्ति नै संसारभरमा कुनै भएन, ऐतिहासिक-क्रममा पनि भएको पाइँदैन । किन कि? त्यो कलङ्क मेट्न त्यस्तो राज्य लत्याएर पशम बराबर गर्दै तुच्छातितुच्छ संझेर आफ्नो अनुपम आदर्श त्यही कलङ्क लगाँउने संसारको अगाडि राखेर चौधै वर्ष भरि त्यस्तो कलङ्कित राज्यको राजधानी (अयोध्यापुरी) भित्रै न पसेर समस्त सुखभोग एवं खान-पीन पर्यन्त वनवासी दाजु रामले गर्ने जस्तो गरेर जसरी बसे, यो कम आदर्शको कुरा हो? के कम महान् भाग्यमानी हुनाको लक्षण हो? आफ्नी आमाको त्यत्रो धोकोमा जन्मभरका निमित्तको निराशाको पोको कुण्डचाइ दिएर भरत जस्ताले गरेको यो कामलाई के भन्ने ? महान् त्याग ? आदर्श ? अथवा दाजु रामप्रतिको अगाध-प्रेम ? अथवा सौतेनी आमाको त्यस्तो अतिशय दुःखदायी आज्ञा (हुकूम) शिर चढाँउने दाजुको अगाडि आफ्नी साक्षात् आमाको अतिशय सुखदायी त्यस्तो आज्ञा (हुकूम) लत्याँउनेको ज्वलन्त उदाहरण ? सुल्टो अथवा विलकूल उल्टो ? रहस्य के हो ? भरतको जीवनको यहींनिरको चरित्रबाट हामीले के लिने ?मेरा अति आदरणीय शीर्षस्थ राजा तथा रङ्क! यहाँ मेरो कलम-बजियाले अल्लि चर्को अक्षर कोरी दिए जस्तो लाग्यो र देही अरू दुई चार कुरा विन्ती चढाँउनै पर्‍यो । किन कि ?रामायणमा यो ठाम अल्लि कस्तो कस्तो जस्तो छ । यहीं नै अनेक प्रकारका कुरा गरिएका छन् । असह्य कलङ्क लगाएर न चाँहिने ढङ्गबाट हाम्रो त्यस्तो पवित्र-संस्कृतिमा आन्तरिक-धारणामा र सद्भावनामा हिजो-आजका वातावरणमा हुर्केका र बढेका देशी-विदेशी व्यक्ति-विशेषहरूले नराम्रो लाञ्छना लगाएका छन् । म तिनै महानुभावहरूसंग यसको उपयुक्त प्रत्युत्तर चाहन्छु कि-मेरो र मेरा जस्ता विचार र धारणा लिने व्यक्तिहरूको संस्कृतिका आधारमा यो केही हो भने त्यही हो! जुन सत्पक्षको आधारमा ढुङ्गो-हृदय नभएका महापुरुषहरूले गरिन्छ, न्यायको मार्ग हो, प्रेम र श्रद्धाको अनुपम उद्गम हो, जुन त्यस्तै महान् सदादर्शशाली विद्वान् भरत जस्ता व्यक्तिविशेषले मात्र गर्न सक्तछन् । जुन काम-कुरो गर्दा सारा संसारका व्यक्तिमात्रले एक मारेर गद्गद भएको आत्माले त्यस्ता व्यक्तिको प्रशंसा गर्नुपर्दछ र त्यस्तै सुर लिएर वेसुर भएको आत्मा छैन भने नित्य-निरन्तर त्यस्ता काम-कुराको अनुसरण र अनुकरण गर्दै गर्नुपर्दछ । जो हामीले यस्ता काम कुरा पर्दा र अरू साधारण-असाधारण दुवै स्थितिमा प्रतिदिन अ-आफ्ना घर-व्यवहारमा यदा कदा समाजमा पनि भोग्दै र गर्दै आएकाछौं । तात्पर्य यो हो-धर्म स्वतन्त्र भएको संसार छ । त्यसमा पनि आफूलाई मन लागेको कुरा गर्न र खानमा कुनै प्रतिबन्ध नरहेको जस्तो भइ सकेको यो आधुनिक वातावरणमा हामी कसलाई पो के भन्न सक्छौं र ? यस भन्दा बढी अरू केही न संझी बक्सी दिनु हुन र म द्वारा लिखित वृत्रवध-महाकाव्यको यो यौटा श्लोकमा केहीबेर सुदृष्टि बक्सन अनुरोध गर्दछु:-

रण्डीबाज कुनै गईकन सँधै रण्डीकहाँ जीवन
सारा फेंकछ र नाशछ क्वै जिउ-ज्यथा धोकेर रक्सी पुनः ।
खेलाडी घरवार फुक्तछ भने आनन्द आयो भनी
के भन्लान् यिनले र फेरि यसमा लाग्दा त हामी पनि ?।।

CC-0. In Public Domain. Digitization by eGangotri

तस्मात् यस ठाँउमा यी कुरा भन्दा अरू अगाडि बढ्नु अत्यन्त निरर्थक संझन्छु ।

अब यसमा यस्तै यस्ता टेढा-मेढा आँखाले अर्फै हेर्ने हो भने जसले जो जे वस्तु खोज्दछ, त्यसले आफ्नो विचार र भावना ठीक-ठीक त्यस्तै-त्यस्ता विषय-वस्तु पाँउछ । प्रसङ्गवश राजनैतिक वस्तुतिरमात्र हेर्दै आएकोले अर्फै पनि त्यही दृष्टि लिएर केहीबेर हेरि हाल्दा आपत्ति नै के भइ हाल्ला र ? ।

कविराज वाल्मीकिनिर्मित यो आदिकाव्य राजनीति र हाम्रो समाजनीतिको एवं रीति-स्थितिको एकमात्र मूल-स्रोत भएकोले यसमा-राजा कस्तो हुनु पर्दछ र त्यसले कुन कुन शक्ति र तत्त्वद्वारा विद्या-तथा कलाद्वारा सुशोभित भएर राज्य सञ्चालन गर्नु पर्दछ एवं संसारमा त्यसले कसरी कस्तो जीवन-यापन गर्नुपर्दछ? त्यस्तो प्रजाको संरक्षण-भरण-पोषण इत्यादि गर्न कुन कुन तत्त्वको वा विषय-वस्तुको आश्रय लिनुपर्दछ ? साम दान दण्ड भेद आदि यी चारैकुराहरू कस-कसमा कुन-कुन समयमा कसरी प्रयोग गर्नु पर्दछ ? यी सब कुराहरू ठाँउ-ठाँउमा प्रशस्त मात्रामा स्पष्टास्पष्ट दुवै रूपमा उल्लेख भएका पाइन्छन् । राजमर्यादा के चीज हो ? त्यसको संरक्षण र संवर्धन कसरी गरिन्छ ? राजसभाको महत्त्व के-केमा छ र कस्तो छ ? कस्ता कस्ता व्यक्तिहरू त्यसका सदस्य बनाइन्छन् र तिनको के कस्तो मर्यादा छ—मर्यादाक्रम छ ? तिनले राजामा र राजाले तिनमा कस्तो—कस्तो रीति—स्थिति र नीतिबाट वर—व्यवहार गर्नुपर्दछ ? ती ती प्रसङ्गहरूमा यी सबै कुराहरूको साथै राजाको भित्री-बैठक, गुप्तपरामर्श, अन्तः पुर (खोपी)को चाल-चलन विधि-व्यवहार र पटमहारानी महारानी रानी धाई अडैनी द्वारे सुसारे र केटी इत्यादिको स्थिति र पदक्रम-निर्देशनसम्म पनि बहुतै राम्रो सँग छर्लङ्ग भएका देखिन्छन् । अरू सर्वसाधारण जनताले आफू-आफूमा र आफू भन्दा ठूला तथा साना व्यक्तिहरूसँग कुराकानी विधि-व्यवहार गर्दा कसरी कुन ढङ्गले कुन तरीकाले गर्नुपर्दछ ? यी समस्त कुराहरू र अरू जङ्गलमा बस्ने आधुनिक विकासवादको क्रमैले भनौं, पहिले भ्यागुतो देखि क्रमशः बानर-भालू हुन पुगेकाहरू सम्मले र तदनुसार मानिसको आकारसम्म लिएका अनिर्देश्य-जातिले पछिका किरात-भिल्लादिले तथा ठूलठूला जानवरहरूका जस्तो शरीर र रूप लिएका दैत्य-राक्षसादिले सम्म पनि गरेका र गर्दै आएका विधि-व्यवहारको रीति-स्थितिको एवं उनीहरूले आफ्नो जीवनमा घटाएका घटनाहरूको साह्रै राम्रो ढङ्गले तस्वीर खिचे जस्तै गरी चित्रण भएको छ : कतिपय ठाउँहरूका ती ती विषय-वस्तुहरू हामीहरूको लागि साह्रै नै उपयोगी छन् र उपादेय पनि मानिएका छन् । पुनः हामीहरूका निमित्त ती ती आदिकालीन पूर्वोक्त हाम्रो स्वत्व--संस्कृतिका अनुत्तम मूलस्रोत अथवा उद्‌गमस्थलभूत ऋषि-मुनिहरूको आदर्श-जीवनयापन-क्रम साह्रै अनुकरणीय र अनुसरणीय छ । भनाईको सार यही हो कि यस महाकाव्यमा जो जति विषय-वस्तु वा विधि-व्यवहार रीति-स्थिति आदि समावेश भएका छन्, ती समस्त हाम्रो समाजको निमित्त, हामी सनातनधर्मावलम्बी राजादेखि रङ्कसम्मका जनताको निमित्त महान् उपादेय वस्तु, विशेषमात्र छन् र चिन्तामणि-सदृश हुँदाहुँदै धर्म, अर्थ, काम, मोक्ष यी पुरुषार्थचतुष्टयको प्राप्ति गराँउनमा सर्वथा सर्वसमर्थ र उपयुक्तसाधनभूत तत्त्व छन् । तयार भएको प्रस्तुत ग्रन्थरत्न अगाडि छ, पढेर, गढेर, छानबीन गरेर आफूलाई चाँहिने मन पर्दो विषय-वस्तु सारग्राही भएर ग्रहण गर्नमा नै मेरो अनुरोध छ । अस्तु

अब यै श्रव्य-महाकाव्यको कथानकलाई आध्यात्मिक सुदृष्टिले हेर्ने हो भने-यो संसार केवल प्रकृति-पुरुषको अथवा माया-ब्रह्मको कौतुकमय आत्मविनोदमात्र छ । यो कुरा हाम्रो तथाकथित स्वत्व-संस्कृतिको सुदृढ-स्तम्भरूप सर्ववेदान्तसार-संग्रहभूत महान् आध्यात्मिक ग्रन्थ जसलाई हामी योगवासिष्ठ भन्दछौं र जसको निर्माण पनि आफ्नो आत्मालाई परमात्मामा नित्य-संयुक्त गराई त्यसै विषयकोमात्र मनन-चिन्तन गरि रहनु हुने मन्त्रतत्व-द्रष्टा साक्षात् परब्रह्मस्वरूप यस महाकाव्यका निर्माता आदिकवि मुनिराज वाल्मीकिज्यूबाट नै भएको हो । त्यसमा श्रुति-स्मृतिमा र अन्यान्य सद्‌ग्रन्थरूप-पुराणादिमा तथा महाभारतादिमा जताततै त्यो कुरा स्पष्टै सँग देखिन्छ कि-यो संसारी-प्राणीमात्र हामी जसलाई जीव भन्दछौं त्यो हो पुरुष, त्यसकी अध्यवसायात्मिका सद्‌बुद्धि हो प्रकृति अथवा माया । यी दुवैको पारस्परिक सम्बन्धबाट नै यो संसारिक प्रपञ्चमात्र अतिशय सरल तरीकाले कुनै विघ्न-बाधा एवं दुःख, संकष्ट इत्यादि

CC-0. In Public Domain. Digitization by eGangotri

खेप्नु, फेल्नु न परीकनै रात्रोसंग चल्दछ । यसमा यदि यी विशुद्ध–प्रकृति (स्वात्मगतस्वभाव) स्वरूपिणी सद्‌बुद्धि भाँडिइन् वा अन्यथा भइन् भने, पुरुषले भनौं वा जीवले हरतरहको दुःख, सँकष्ट पाँउन थाल्दछ । यो हामी सारा संसारी प्राणीमात्रमा लागू हुने कुरा हो । जहाँसम्म मनुष्य गीतामा भनेझैं स्थितप्रज्ञ हुन सक्तैन त्यहाँसम्म यो विश्वचक्रको कर्मानुसार प्राप्त हुने अनेकौं योनिमा जन्म लिएर गरिने परिभ्रमण छुट्न सक्तैन । जस्तो–कि राजराजेश्वर–दशरथले आफ्नी सद्‌बुद्धि-स्वरूपिणी देवी कौशल्यालाई परित्याग गरेर, लत्याएर कुबुद्धिरूपिणी कैकेयीको आश्रय लिंदा जो प्रपञ्चमा परे, त्यही नै भूलदृष्टान्त हुन सक्तछ । त्यस्तै तिनै आफ्नी सद्‌बुद्धि–स्वरूपिणी धर्मपत्नी देवी–सीता आफ्नो साथमा हुँदा लोकाभिराम रामको सर्वसद्‌गुणोत्पत्ति भएको थियो, जसले त्यस्तो मानसिक आघात पर्न आँउने घटना घट्न आउँदा सम्म पनि सुप्रसन्न-मुद्रामा अड्न सके । केही काल पछि तिनै लोकललाम राम स्वयं पनि आफ्नी त्यस्ती सद्‌बुद्धि हराँउदा (सो साक्षात् देवी–सीता थिइन्) आफ्नी प्रकृतिले छोडिइँदा–मेरी पत्नी हराई नि ! रावणले हऱ्यो नि ! मरें नि ! लौननि ! भनेर रुँदै–कराँउदै वनै–वन चहार्ने हुनु पऱ्यो । पछि बल्ल–बल्ल ! जो यौटाको आश्रय पाए, सहायता मिल्यो त्यो पनि त्यस्तै सद्‌बुद्धि (पत्नी) हराँउने अर्थात् बालीले राज्याधिकार र पत्नी–रुमा उछिट्याई सकेका सुग्रीवको । भेँडा–भेँडा सङ्ग, भने जस्तो दुबै सद्‌बुद्धि हराँउने अर्थात् दुवै पत्नी हराँउनेहरू अ–आफूमा मिली अन्त–मा दुबैले मैत्रीसम्बन्ध जोडे । अनिमात्र निकै अडेर र गढेर यौटाले अर्काको नजीकै र सजीलै भएको हुनाले चाँडै नै टुङ्गो लगाई हरिएकी पत्नीलाई उसको प्रतिद्वन्द्वीको नाम–रूप मटियामेटै पारेर बलजफतैसंग पोल्टामा हालि दिए पछि-मात्र अर्काको सद्‌बुद्धि फिरेर बल्ल केही काम गर्ला जस्तो भयो र आफ्नो लक्ष्य-प्राप्तिमा स्थिर र धीर भएको मनः–स्वरूपको हनुमान्‌लाई विशुद्ध आत्मिकदृष्टि प्राप्त भई सकेका वानरराज–सुग्रीवले सारा संसारभरको रीति–स्थितिको र विधि–व्यवहारको (जो अत्यन्त–विशद वर्णन छ) एक एक गरी बोध गराई संझाई–बुझाई रामको सद्‌बुद्धिस्वरूपिणी देवी–सीताको खोजी गर्न पठाए र उनले लत्तो न छोडीकन पत्तो लगाएरै आए । त्यस्तै यता पनि आफ्नी सद्‌बुद्धिस्वरूपिणी यस महाकाव्यका प्रतिनायककी धर्मपत्नी महारानी मन्दोदरीको "सीतालाई फर्काऔं" इत्यादि भनिएको, संझाइएको कुरो पटक्कै न खाने असद्‌बुद्धिका जमातका जमात अहंतत्त्वका सेना–मेनाद्वारा सुशोभित विवेक–विचाररूप भाई–विभी-षणको कुरा सुन्दै न सुन्दै रावणनामको अहंतत्त्वको संहार गरेर आफ्नी सद्‌बुद्धिरूप देवी–सीतालाई भेटे पछि मात्र राम पहिलो प्रकृतिस्थ–पुरुषरूपमा आएर त्यो रामराज्य सञ्चालन गर्न सकेता पनि पछि फेरि त्यसमा पनि तिनै सद्‌बुद्धिरूपकी देवीलाई फलानाले र ढिस्कोले यसो र उसो भन्यो भने र बुद्धि विग्रेकाहरूले भन्दा र सुनाउँदा हाहामा र लहैलहैमा लागेर रामले फेरि त्यस्ती देवीलाई के परित्याग गरेका थिए, त्यसको परिणाममा स्वयं छर्लेटिएर, यो लोकै छोडेर अर्कै लोकतिर लाग्नु पऱ्यो । यो कुरा यस महाकाव्यमा अन्तर्गूढ–तत्त्वमा समाविष्ट भएकोछ । जसबाट हामी मनुष्यमात्रलाई कविराजज्यूले यौटा ठूलो विलकूल निर्मल ऐना देखाँउनु भएको छ र छर्लङ्ग हामीहरुको घट्टमा घाम लगाइ दिनु भएको छ । यसैमा महान् आश्चर्य र अतुलित चातुर्य छिपेको छ, त्यस्तै जस्तो योगवासिष्ठको संसारमा गन्धर्वनगर छ, आकाशपुष्पादि छ ।

यी सबै कुराले सम्पन्न र परिपूर्ण भएको एवं पाँच सय सर्ग तथा चौबीस हजार ग्रन्थसङ्ख्या मानिएको प्रस्तुत महाकाव्यको प्रति हज्जार श्लोकको आदिमा ब्रह्म–गायत्रीका एक एक अक्षरबाट प्रारम्भ गरिएको यो ग्रन्थरत्न केवल विशुद्ध–गायत्रीमय मानिएको छ र महान् पुण्यदायी ठानिएको छ । यसरी यो वाल्मीकिरामायण सर्वोत्तम ग्रन्थ-रत्न र हाम्रो स्वत्त्व–संस्कृतिको महत्तम निधि हो भन्ने हामी सनातन–धर्मावलम्वी हिन्दूमात्रको अपरिहार्य धारणा र भावना छ । पूर्वोक्त–स्वत्त्व–संस्कृतिका अनुसार २००७ साल अघि सम्म हाम्रो समाज जसलाई साह्रै ठूलो महत्त्वको दृष्टिले र वाक्य चाँडै नै खुल्ने र सारस्वती–सिद्धि पाइने-सद्भावनाले हेर्दै थियो र बालक–बटुहरूलाई अक्षरारम्भ गराँउनु अगाडि सर्वप्रथम " मा निषाद " भन्ने त्यही श्लोक पढाएर अक्षर चिनी सकेपछि यसैको पहिलो सर्ग जसलाई मूल–रामायण भन्दछन् पढाइन्थ्यो । यो क्रम अझै पनि हाम्रो समाजमा प्रचलित छँदैछ ।

अब लागौं यो हातको अनूदित–ग्रन्थपद्धि । यसको पृष्ठभूमि यस्तो छ–म भगवान्– शङ्करलाई जगद्‌गुरु मानेर

CC-0. In Public Domain. Digitization by eGangotri

केही पाँउला कि, खाँउला कि? भन्ने आशाले उहांले माने पनि न माने पनि आफैंले आफूलाई उहाँको स्वयं घोषित चेला हुँ, भन्ने ठानेर गुरु मान्न छोड्दिन । त्यसकै सिल–सिलामा गएको वि.सं. २०२२ सालको चैत्र पूर्णिमाको लगभग आफ्नो कृत्य समाप्त गरी भगवान्–पशुपतिको प्रवेशद्वारबाट–बाहिर हुँदा न हुँदै राजकीय प्रज्ञा–प्रतिष्ठानका तत्कालीन पद्यसाहित्य–विभागका आयोजक कवि माधवप्रसाद घिमिरेज्यूसंग भेटमात्र के भएको थियो, त्यसैबेला उहाँले म सँग यस विषयको प्रस्ताव यसरी राख्नु भयो कि–हाम्रो राजकीय प्रज्ञा–प्रतिष्ठानबाट बाल्मीकिरामायण–संस्कृतमूलबाट तत्समश्लोकमा अनुवाद गराँइदैछ, त्यसमा यहाँले स्वीकृति दिनु भए अर्थात् अनुवाद गरि दिनु भए साह्रै राम्रो हुने थियो इत्यादि । अनि मैले उहाँसँग निवेदन गरें–त्यस्तो विशाल ग्रन्थको यस्तो अनुवाद मबाट कसरी हुन सक्ला र ? तस्मात् म भन्दा सुयोग्य अरू नै विद्वान्द्वारा भएमा वा गराएमा बहुतै बेस हुन्थ्यो कि ? इत्यादि । पुनः केही दिन पछि संयोगवश बीचराजमार्गमा उहाँसँग भेट भयो र यता–उताका कुराको प्रसङ्गमा फेरि त्यही वाल्मीकिरामायणको अनुवाद गर्ने कुरा उब्जियो । उहाँले भन्नु भयो–यो काम तपाँईबाटै हुनुमा अत्यन्त राम्रो हुनेछ । किन भने ? तपाँईले ऐतिहासिक साहित्यिक ग्रन्थका साथै श्रीमद्भागवतको पनि जो तत्समश्लोकैमा अनुवाद गरिसक्नु भएकोछ, त्यसैले तपाँईको हात बसि सकेकोछ, शैली सुन्दर छ र ठीक–ठीक रूपमा श्लोकका समस्त भावहरू तत्समरूपमै उत्रन सक्तछन् । यसरी तपाँईले यो अनुवाद गर्नु भएमा हाम्रो हर–तरहको भाषा-संस्कृति इत्यादि विषय–वस्तुमात्रको बृद्धि–विकास हुनेछ । स्वीकार गर्नोस् र भोलि नै मलाई एक दुई सर्गका अनुवादको स्वरूप हेर्न पाँउने सौभाग्य दिनोस् ! । यति उहाँले भनेर मलाई यस काममा प्रोत्साहित बनाँउनु भए पछि पनि मैले अनेकौं कारणवश असमर्थता देखाँएँ । त्यसको दुइ चार दिनै पछि बीचबाटैमा फेरि मेरा हितैषी कुनै अर्का मान्य–सज्जनले मलाई भेटे र भन्नुभयो । के सुन्यौ बाबु ? तिमीले ? प्रज्ञा–प्रतिष्ठानले अनेकौं ग्रन्थ लेखाँउने र हाम्रा ग्रन्थहरूको अनुवाद गराँउने आयोजना तयार गरेर अखबारमा समेत प्रकाश गरिसकेको छ र गोरखापत्रमा यै कुराको उल्लेख गर्दै लेखक–कविहरूलाई पनि आह्वान गरेको छ । त्यसमा मैले सुनेको छु वाल्मीकिरामायण पनि तत्समपद्यानुवाद गराइन्छ रे ! । तस्मात् यो वाल्मीकिरामायण चाँहि तिमी म गर्छु भनेर स्वीकृति देऊ बाबु ! । किन भने ? यो काम हत्पती अरू विद्वान्हरूबाट हुन गाह्रै छ बुझ्यौ ! कतिपय कारण यसमा यस्ता छन्, तिनमध्ये केही म तिमीलाई भन्छु सुन त ! पहिलो कुरा यसलाई अनुवाद गर्न धुरन्धर संस्कृतको विद्वान् हुनुपर्‍यो । दोस्रो कुरा तत्समपद्यमा लेख्नलाई समस्त छन्दः–शास्त्रको यथार्थ अध्ययन हुनाको साथसाथै प्रशस्त कवित्त्व–शक्ति भएको चाहियो । तेस्रो कुरा ठीक–ठीक भाव–भङ्गिमा–सम्पन्न अनुवाद निकाल्न सक्ने अप्रतिम–प्रतिभा हुनुपर्‍यो र सहृदयहृदयाल्हादकताको साथ–साथै साधारण मानिसलाई सम्म पनि आनन्द दिन सक्ने ढङ्गबाट लेख्ने अर्थात् अनुवाद गर्न सक्ने, झिक्ने शक्ति थुप्रिएको चाहियो । त्यसमा पनि प्रतिदिन निरन्तर १०×१२ घण्टा यस काममा समय दिन सक्ने हुनुपर्‍यो । अनिमात्र यो ग्रन्थको अनुवाद तिमी जस्ताले यदि गर्‍यौ भने ५×६ वर्ष भित्रमा परिपूर्ण हुन सक्ला । त्यसमा पनि तिमी जस्ता वेइलमी र बेकारी विद्वान्ले कसिएर गर्‍यो भनेमात्र । फेरि सुन ! त्यसमा पनि खेस्रा गर्ने पर्‍यो, त्यसको साफी लेख्नै पर्‍यो, यस स्थितिमा भन त ? यी सब कुरा भएका व्यक्तिहरू कति नै पो छन् र ? हुनेमा पनि हत्पती को कसिने ? यस्तो काममा को अग्रेसर हुने ? कसले आँट्ने ? त्यत्रो र त्यस्तो ग्रन्थ छ । यो पैसा कमाँउने युगमा बाबु ! कसको सुदृष्टि यता लाग्ने ? सबैको सुदृष्टि पैसेपट्टि छ । तस्मात् तिमी एकमात्र यस काममा सर्वथा उपयुक्त र सामर्थ्यवान् छौ । अतः स्वयं तिमी पैसा कमाँउनेतिर न लागेर जस्तो अहिले सम्म छौ, हाम्रो समाजलाई, नेपालीमात्रलाई स्वत्त्व–संस्कृतिको उद्गमस्रोतःस्वरूप यो महान् ग्रन्थ–रत्न अनुवाद गरेर महादानै स्वरूपमा देऊ "तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यचिद्धनम्" भन्ने विचारै गर्नपट्टिमात्र लाग, जब कि तिमी नै यस कामका उपयुक्त सत्पात्र छौ । महान् तपस्या गरेर, केवल पानीमात्र पिएर भने पनि यस ग्रन्थरत्नको अनुवाद सकेर नै विश्राम गर । मैले भनेको यो वाक्यलाई हाम्रा राजादेखि रङ्कसम्मका नेपालीमात्रले भनेको हो, भन्ने संझिदेऊ र आजैदेखि, हुनसक्छ भने घर पुगेर अहिले देखि अनुवाद–प्रारम्भ गरी हाल । यति भनेर मलाई सर्वोत्तम शिक्षा दिएर मेरा परमपूज्य पूर्वोक्त

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्ति एकातिर लाग्नु भयो । म पनि उहाँबाट पाएको त्यो महामन्त्रात्मक सच्छिक्षारूप वाक्यहरूलाई मनमा खेलाँउदै, निरन्तर जप्तै-जप्तै साँझ-साँझमा घरभित्र पसें ।

तदनन्तर गृहिणीले दिएको साग-सिस्नु खाँदा-खाँदै मैले मनमा खेलीरहेका तिनै कुराहरूलाई आफ्नो आर्थिक-समस्या र स्थितिले डराएको र आत्तिएको हृदयले उनको अगाडि राख्न, उनीसँग त्यस विषयमा सहर्ष स्वीकृति लिन यसरी प्रस्ताव राख्तै उक्त कुरा विछ्याँएँ । उनी अपठिता नै भए पनि एक सुयोग्य तथा सच्चरित्रा-गृहिणी हुन् भन्नमा केही अत्युक्ति छैन । किनकि? उनको चाल-चलन र वात-व्यवहारको प्रशंसा उनीलाई चिन्ने-जान्नेहरू रात्रं सँग मुक्तकण्ठले अझ सम्म पनि गर्दै छन् । तस्मात् मैले सल्लाह लिनुमा नै पो के अयोग्य थियो र ? पछि भने—कुरा यस्तो पऱ्यो-मलाई आफ्ना हितैषीहरूले वाल्मीकिरामायणको तत्समपद्यानुवाद गर्ने प्रेरणा दिए, उत्साहित गराए । यस स्थितिमा मैले गर्नु नै पर्ने ठहराएँ ! अब यो काममा तिमी मलाई सक्तो सहयोग देऊ न है !। तर सुन त ! यदि तिमी मलाई सहयोग गर्न आफ्नो स्वीकृति दिन्छ्यौ भने, सोह्रै आना देवी-लक्ष्मी जस्ती नै भएर दिनु-गर्नुपर्छ नि ! यो ग्रन्थ नसकियुञ्जेलसम्म खाने-लाँउने कुनै कुरा पनि मेरो अगाडि आएर छैन-पुग्दैन! भन्ने साहसै गर्नु हुन्ननि? केवल साग-सिस्नुलेमात्र भने पनि बाँच्नु पर्छ । यस स्थितिमा अनि उनीले पनि सहर्ष स्वीकृति दिइन्, किन्तु आर्थिक-स्थितिको महती-भीतिले उनको आत्मालाई र उनीलाई पनि यसरी उत्तर दिएर मैले आश्वासन दिंदै भनें कि "योगक्षेमं वहाम्यहम्" भन्नेको यही सत्यप्रतिज्ञा हो भने, म आफ्नो काममा ध्यान दिन्छु त्यसो भन्नेको काममा भन्नेले नै ध्यान देला इत्यादि ।

त्यसपछि तत्क्षणमा नै मैले वाल्मीकिरामायणको संस्कृत-मूलप्रति हातमा लिएर मनन गर्न थालिहालें । भोलि-पल्टै चार-पाँच सर्गको अनुवाद समाप्त गरेर तत्कालैमा राजकीय प्रज्ञा-प्रतिष्ठानमा मागेको समय भित्रै लगेर निरीक्षण-परीणार्थ बुझाई दिएँ । त्यसको केही दिनभित्रै मलाई उक्त प्रतिष्ठानबाट "तपाँइको पूर्वोक्त अनुवाद सुन्दर र सरल एवं सरस भएकोले स्वीकृत भयो । यसैगरी समस्त रामायण समाप्त गर्नु भए सर्वोत्तम हुनेछ" भन्ने पद्य-साहित्य विभागका उपरोक्त आयोजकज्यूको स्वीकृतिसूचक लिखित प्राप्त भयो । अनिमात्र मैले आफ्नो शिरमा ठूलो भार आइ परेको संझिएँ र विगत २०२३ वि. सं. को वैशाख ३ गते बुधवासर देखि क्रमबद्धरूपले अनुवाद गर्न प्रारम्भ गरें ।

कार्यक्रम त अगाडि बढ्दै गयो परन्तु मनमा अनेकौं कुरा खेल्दै गए । ओहो ! कस्तो आश्चर्यजनक कुरा ? के यो काममा मै फेला परें ? जसको कुनै निश्चित आर्थिक-स्थितिको सप्रीतिमय गति-विधि छैन, स्थायी इलम-वृत्ति वा वेपार आदि केही छैन र जसले स्वयं निमित्त बनेर ८×९ जना बालक एवं असमर्थ-परिवारको परिपालन गर्नुपर्छ, त्यस्ता व्यक्तिले यत्रो काममा जसमा ५×७ वर्षपर्यन्त निरन्तर १०×१२ घण्टासम्मको समय दिनु पर्दछ, अनवच्छिन्न एकोहरो हुँदै तत्कार्यमामात्र कटिबद्ध र दीक्षित हुनुपर्दछ, कसरी हात हाल्ने ? कसरी परिपूर्ण गर्ने ? मासिक-वृत्तिका रूपको जसको आयः केवल १० रूपैयाँसम्म पनि छैन, त्यस्तो आकाशवृत्ति चलाँउने र कसैसँग जी ! हाँ ! हजूर !! इत्यादि गर्न न जान्ने र माग्नु मर्नु होः—

तुलसी ! कर-पर कर करो कर-तल कर न करो ।
जा दिन कर-तल कर करो ता दिन मरण करो ॥

भन्ठान्ने म जस्ता मानिसले यो काम गर्ने? कस्तो हाँसो उठ्तो कुरो? अथवा कस्तो तीन छक्क पर्नु पर्ने कुरो ? । फेरि यता त्यसरी खाँउला कि, पाँउला कि ? भनेर उपासना वा आराधना गरेका "स्थाणु भगवान् शङ्करको प्रसन्नता अर्थात् उहाँले दिएको र मैले पाएको कुरो यही रहेछ ?"। ठीक छ ! यही नै मेरो निम्ति महान् सौभाग्यको कुरो हो, जो अरुले पाँउन पाएनन् भन्ठान्दै गर्छु ! गर्छु !! भन्ने अध्यवसायात्मिका सद्बुद्धि लिएर अनुवादलाई अगाडि बढाँउदै गएँ । यता उनै जगद्गुरु हुनेले म जावा पनि त्यसै जगत्भित्रै परेको छु भन्ठानेर होला नाँई ! संस्कृतश्लोकका अनुरूपका तत्समश्लोकहरू मेरो अन्तःकरणमा उब्जाँउदै गए, म केवल सेतो कागजमा आफ्नो मातृभाषामय काला अक्षर कोर्दै गएँ । यसरी अनुवाद निकै बढिसके पछि मैले यस अनूदित-ग्रन्थलाई

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो समाजका विलकूल अपठित खालका स्वास्नी–मानिसहरूलाई आफ्नो घरमा आएका बखतमा र कहिले कहीं उनीहरूकै निवास–स्थानमा स्वयं गएर दुःख र फर्को कत्ति पनि मान्दै न मानी सुनाँउदै गएँ । त्यसो गर्नाको कारण यही थियो कि–यो अहिलेसम्म गरिएको नेपाली भाषा–पद्यमय वाल्मीकिरामायणको अनुवाद उनीहरूलाई कस्तो लाग्छ ? उनीहरू बुझ्छन् वा बुझ्दैनन् ? यसमा उनीहरूको के कस्तो विचार हुन्छ र उनीहरू मलाई के कसो गरी कुन रूपमा यो अनुवाद समाप्त गर्नु भन्छन् र कसो गर्दा उनीहरू यसलाई आफ्नो मनोनुकूलको मान्दछन् ? इत्यादि कुरा यथार्थ रूपमा बुझ्नुमात्र मेरो लक्ष्य थियो । किन भने ? उनीहरूले रुचाए वा राम्रो मानेमात्र म आफ्नो यस विषयमा भए-गरेको परिश्रमलाई सफल भएको भन्ने, ठान्ने जो थिएँ । सम्भव छ, राजकीय प्रज्ञा–प्रतिष्ठानको पनि अनुवाद गराँउनाको उद्देश्य र ध्येय यही होला । यसरी प्रतिदिन जसो त्यसो गर्दा बीच–बीचमा म उनीहरूसँग पनि सोध्दै जाने गर्दथें— तपाँईहरूलाई यो अैले मैले सुनाएको रामायण कस्तो लाग्यो ? के तपाँईहरूले मैले सुनाए जति राम्रोसँग बुझ्नु भयो ? यसको उत्तरमा उनीहरूमध्येका कुनै–कुनैले मलाई यसो भनेर प्रोत्साहित गराए । साह्रै राम्रो छ, हामीलाई त सुनी रहन पाए हुन्थ्यो भने जस्तो छ र कुरा सवै छर्लङ्गै बुझिने छ । साह्रै आनन्द आँउने छ इत्यादि । कुनै कुनै भन्थे–के गर्नु र हामीहरू त अक्षरै चिन्दैनौ हकि ? दिदी ! भैगो नाँई ! फुर्सद–फुर्सदको वेलामा छोरा–छोरीलाई पढ बाबु ! पढ नानी ! भनी-भनीकन भने पनि सुनौंला । बरु कहिले छापिन्छ ? भनेर मसँग उनीहरूले गरेको प्रश्नको उत्तरमा लेखिसकूँ अनि छापिएला नि ! भनेर म फर्के । एवंरीत अनुवादलाई अगाडि बढाँउदै जाँदा करीव डेढ महिना पुग्दा-नपुग्दै बालकाण्डको समस्त खेस्रा-साफी लेखी आफूलाई लेखाँउन लगाउँने प्रज्ञा-प्रतिष्ठानमा त्यसको पाण्डुलिपि लगेर बुझाई दिएँ । त्यस पछि बढ्दै जाँदा निकै चाँडै नै अर्थात् वि. सं. २०२३ साल आषाढको २५ दिन गए सम्ममा (यो आमुख यसैताक लेखिएको हो) ज्वरो आई रहेको छ ता पनि, आऊँ परि रहेको छ ता पनि, आध्यात्मिक आधिदैविक आधिभौतिक आदि तापत्रयले निरन्तरै सताई रहेको छ ता पनि हातमा कलम लिएकोलियै छु । यसरी आज सम्ममा अयोध्याकाण्डको २३ सर्गसम्म मूलको अनुवाद गरि सकेकोछु र उत्तरकाण्डको अन्तिम–भागको केही अंश, यो आमुख र वाल्मीकिरामायणको प्रचलित स्कन्दपुराणान्तर्गत माहात्म्यको समस्त अनुवाद तथा परिचयात्मक लक्ष्य एवं पुष्पाञ्जलि इत्यादि पछि गरिने-लेखिने कुरा जति मैले अगाडि नै सकिसकेको छु र प्रतिदिन यस काममा १२×१४ घण्टा सम्मको समय अर्पण गरेर बाँकीमा "युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु । युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ।।" भन्ने गीतामा भनिएका सिद्धान्तको अनुसरण गर्दै खाने, सुत्ने, हिंड्ने, घुम्ने इत्यादि अत्यावश्यकीय काम कुरा गर्दै–गर्दै घिस्रदैछु । अन्तमा मैले यो महान् ग्रन्थरत्नको नेपालीभाषा–पद्यमय रूपान्तर गर्ने कामलाई चाँडै नै बहुतै चाँडै नै अर्थात् २। सवा दुइ वर्ष भित्रमा नै समाप्त गरि छोडें र केही न केही मात्रामा आफ्नो स्वत्त्व–संस्कृतिको आफ्ना पूज्य-पुर्खाका विशुद्ध-वीर्यको एवं बोली फुटे देखि बोली आएकी मेरी पूज्या-मातृभाषाको आफूले सक्तो रूपमा संरक्षण, संबर्धन तथा भरण–पोषण र लालन–पालन इत्यादि गरेकै हूँ, भन्नसम्म सुहाँउने र हक पुग्ने नै स्थितिमा पुगेकोछु होला जस्तो ठमाएको छु ।

यसबीचमा ममाथि अनेकौं विघ्न–बाधा आइ परे । भनेर पो के गर्नु ? जब आफैंसँग अनेकौंरूपले रहिरहेकै थिए । दाल–भात–डुकूको सवाल सब भन्दा चर्को थियो । बल्ल–बल्ल भरेलाई पुर्‍यायो, विहानलाई छैन, विहानलाई ठीक गर्‍यो, भरेलाई छैन । यी सवै कुरालाई पन्छाएर केही शान्त भएर यसो यस्तो काममा लाग्न लाग्यो कि अर्को विघ्न उपस्थित हुन्थ्यो, जसलाई साँसारिक म जस्ता प्रापञ्चिक व्यक्तिले माया–मोहको तन्तुमा जेलिएको हुँदा पन्छाँउन सक्ने भएता पनि नसकिइने रूपबाट उब्जिएको पाईन्थ्यो । तात्पर्य के हो भने? घरमा यौटा त्यसताक केवल १४+१५ महिनाको योगेश नामको मेरो कनिष्ठ–पुत्र जो थियो, त्यो साह्रै साम्राज्यवादी थियो, जसको जस्तोसुकै किन होस् हृदयमा उब्जेका साना–तिना इच्छा–अभिलाषा आदि पुर्‍याई नै दिनु पर्थ्यो, नभए साक्षात् विघ्नकै प्रतिमूर्ति जस्तो भएर जे पनि गरि-दिन्थ्यो । लेख्नै दिंदैनथ्यो, पुस्तकै च्याति दिन्थ्यो र मसी नै पोखि दिन्थ्यो, अनि मलाई साह्रै नै गाह्रो पर्थ्यो तापनि ती

CC-0. In Public Domain. Digitization by eGangotri

सवलाई पन्छाँउदै–पन्छाँउदै म अगाडि बढ्दै गएँ । अन्तमा ती सब विघ्न–बाधाहरू अभिमन्त्रित सर्स्यूँ छर्दा अपग्रह भूतप्रेतादि बेपत्ता भए जस्तै हट्तै-हट्तै गए । अनि मलाई पनि यो अनुवाद समाप्त गर्ने काममा हनुमान्‌लाई राक्षस-का जमातका जमातको अगाडि किञ्चित् डर नलागे जस्तो ती अनेकौं रूप लिने विघ्न–बाधाले पनि केही लछार्न सकेनन् । म यी सबै विषय–वस्तुमा सर्वथा विजय पाँउदै गएँ र अन्तमा यसरी सफल भएँ । परिणाममा आफ्ना भौतिक–वस्तु भनिने फिटी–फाम्टा हाँडो–भाँडो र घर–वार केही बाँकी रहेन । सबका सब पैतृक–वस्तु खाएर नै सकियो । यी सब कुरा यथार्थता देखाएको सम्म हो, न कि कसैले देखिदेओस् वा क्षतिपूर्ति गरिदेओस् भनेर लेखिएको हो । केवल अनुवादकको स्थिति-निदर्शन गराईसम्म हो ।

अँ त ! यसरी त्यसमा पनि म यस्ता जावाले पूर्वोक्त ढङ्गबाट गरिएको यस्तो ग्रन्थरत्नको अनुवाद कस्तो होला ? त्यसमा पनि त्यस्ता खाले अपठित महिलावर्गले प्रशंसा गरिएको यो वस्तु हामीलाई के काम लाग्ने होला ? यो केवल मूर्खको प्रलाप हो ? इत्यादि कुरा मेरा आदरणीय शीर्षस्थ राजा तथा रङ्कसम्मका पाठक–पाठिका–वर्गमा पर्नु स्वाभाविकै हो ता पनि पाउ परेर अब अरू केही वाक्यहरूमात्र पढि दिनु हुन करजोरी–विन्ती विसाँउदै भन्दछु कि–मैले यो अनुवाद जो गरें त्यो म जस्तो तुच्छ–दृष्टिको स्वार्थी–व्यक्तिले गरिन, गरेको पनि होइन । माथि विन्ती-विसाइ आए ठीक हाम्रो स्वत्त्व–संस्कृतिको अनुरूप–अनुवाद गर्ने–गराँउने अर्कै छ, जो हो हजूर–हामी साराको घट्टमा रहेको परात्पर--तत्त्व लोकाभिराम श्रीराम । लोकशङ्कर भगवान् शङ्करका पनि एकमात्र उपास्यदेव । अनि उति साह्रो हेर्नै न हुने त कसरी भइ हाल्ला र ? हूं ! बरु कति भने त्यस्ता ऋषि–दृष्टि प्राप्त साक्षात् ब्रह्मस्वरूप आदिकवि वाल्मीकिद्वारा निर्मित त्यस्तो ग्रन्थरत्नको म जस्ता जावाले गरेका यस्तो अनुवादमा ती ती अनेकौं शब्दालङ्कार र अर्था-लङ्कार भरिएका वाक्य–कदम्बको ठीक–ठीक तात्पर्यबोधक एवं भावप्रदर्शक वाक्यविन्यास–चातुर्य आँउन न सक्नु अस्वाभाविक होइन ता पनि यो काम तेरै हो र तैंले नै गर्नु पर्छ भनेर मेरै थाप्लोमा हालि दिने मेरा एकमात्र परमध्येय –तत्त्व कृपानिधान भगवान् शङ्करको परम–कृपाले अन्तःकरणमा उब्जाइएका शब्दविन्यास गरेर शब्दालङ्कारमा नभए पनि अर्थालङ्कारमा सक्तो साहित्य–लालित्य भर्नमा कुनै प्रकारको न्यूनता आँउन दिएको छैन जस्तो लाग्दछ । त्यस्तै यस ग्रन्थका अरु प्रसङ्गोपात्त पात्र–पात्रको संवाद–प्रक्रममा पनि जो जस्तो खालको पात्र छ, त्यसको त्यसै अनुरूपको संवाद–क्रम राख्ने परिपाटीलाई, शैलीलाई समातेकोछु र मर्यादाक्रममा निकै विचार गरेकोछु । कुरा गर्ने वा सुन्ने जो जस्तोसुकै व्यक्ति किन नहोस्, त्यसको तदुपयुक्त मान–मर्यादामा आघात पर्ने वा पार्ने ढङ्गबाट कहीं केही भनिएको अर्थात् अनुवाद गरिएको छ भने जस्तो संझिन्न–मान्दिन । यसो पढेर र गढेर जाँदा सिलसिला मिल्दै गएको हुँदा धारा-प्रवाहिताको साथै सारल्य र सारस्य थुप्रिएकै जस्तो लाग्दछ । विशेष गरेर आदिदेखि अन्तसम्मका–विषय–वस्तुहरू उक्ति–प्रत्युक्तिहरू सकेसम्म प्रौढोक्तिपूर्ण बनाँउने चेष्टाको साथ–साथै सहृदयहृदयाह्लादकता र तत्तत्रसानुकूलताको अनुरूप गराँउने बुद्धिले भेटे सम्मको प्रयत्न गरेकोछु । हाम्रो लौकिक–व्यवहारोचित हुनै पर्छ भन्ने नै लक्ष्य लिएकोछु । यस स्थितिमा सक्तो नेपालीत्व अर्थात् मौलिकता भर्न पनि चुकेको छैन जस्तो संझेकोछु । यी सबै कुराले गर्दा यस ग्रन्थको रसास्वादन गर्न चाँहने व्यक्तिहरूको निमित्त यसबाट अनिर्वाच्य मूकास्वादनवत् आनन्द आँउन सक्ने छ जस्तो ठानेकोछु । अब जो जस्तो छ र जे छ मेरो अक्षरात्मक भनाई यहाँ छ, तयार भएको ग्रन्थरत्न हजूरहरूको कर–कमलमा छ । विवेक–विचार र आत्मानुभव यौटै छ र समान छ । परिपक्क भएको अनार छ भने विशेष सबैलाई साह्रै मीठो र अनन्ततृप्तिजनक हुन्छ, भन्ने सबैले मानि आएकै छन् । तस्मात् हातमा काँइयो लिनेलाई कपाल कोर्नको निमित्त ऐनाको आवश्यक न भए जस्तो मेरो यो भनाईलाई प्रमाणित गर्नाको लागि संस्कृतवाङ्मयमय मूल वाल्मीकि–रामायण राजादेखि रङ्कसम्मका नेपालीमात्रको घर–घरैमा छ ! एकपटक यसो पल्टाएर भिडाई हेर्न र निरीक्षण–परीक्षण गर्न, मेरो यसग्रन्थका अनुवादकको यही कर जोरी विन्ती–भाउ छ । यस स्थितिमा जो विचार !

अनुवाद गर्दा यस ढङ्गले गरेकोछु–ठीक सँग एक एक पदको स्पष्टार्थ यौटै श्लोकमा आएको छ भने त्यसलाई

CC-0. In Public Domain. Digitization by eGangotri

यौटै श्लोकमा उतारी राखेकोछु । होइन! गाह्रै परेकोछ र अर्थ स्पष्टरूपले खुल्न–आँउन सकेन भने त्यस्ता श्लोकलाई दुवै श्लोकमा उतारेकोछु । खुम्च्याएर वा फिंगो मारेर, जस्ताको तस्तै टासिदिएझैं गरेर, अर्थ न पुन्याएर, भाव नखुलाएर क्वारा तिरेर, ग्रन्थ समाप्त गर्ने दृष्टिकोण लिएको छैन, किनकि? यसलाई मैले मेरो काम हो भन्ने संझेको थिएँ। ती त्यस्ता त्यस्ता अनूदित श्लोकहरूको स्वरूप निर्दर्शन गराउन अब तल केवल २×४ ओटा श्लोक उद्धृत गर्दछु र पढि दिन आग्रह गर्दछु । एक श्लोकको एकै श्लोकमा उत्रेको, जस्तो किः–

संस्कृतमूलश्लोक

वृद्धानां धर्मशीलानां राजर्षीणां महात्मनाम् ।
प्राप्नुह्यायुश्च कीर्तिञ्च धर्मञ्चाप्युचितं कुले ॥

अ. का. सर्ग २० श्लोक २३

अनूदितश्लोक

कुलोचित तिमी पाऊ महात्मा धर्मशील ती ।
बृद्ध–राजर्षिकै जस्तो धर्म, कीर्ति र आयु यी ॥

यो विलकूल अक्षरशः एकैश्लोकमा ठीक–ठीक उत्रेको श्लोक छ । माता–कौसल्याले सुपुत्र रामलाई शुभाशीर्वाद दिंदाको श्लोक हो । अव मूल–संस्कृतश्लोक सँग ठीक भएर पनि एकश्लोकमा अनूदित भएर उत्रेको श्लोक भए पनि आफैंलाई केही अस्पष्ट जस्तो हुँदा ठीक न लागेर र तल निर्दशित गराँइने कुरा सुन्दा र लायक ठहराँउदा दुवै श्लोकमा अनुवाद पूर्ण गरिएका केवल दुवै श्लोकको स्वरूप–अनुहार निदर्शन गराँउछु । जस्तो किः–

संस्कृतमूलश्लोक

वाङ्मात्रेण तदा राजा कैकेय्याः स्ववशं गतः ।
प्रचस्कन्द विनाशाय पाशं मृग इवात्मनः ॥

अ. का. ११ सर्ग २२ श्लोक

अनूदितश्लोक– एक श्लोकको एकै श्लोकमा

यी राजा वाक्य सुन्दा नै रानीको वशमा परे ।
आफ्नू नै नाश गर्नामा पाशोमा मृगझैं फसे ॥

एक श्लोकको दुईश्लोकमा उत्रेको त्यही श्लोक

व्याधाका गीतले मीठो त्यसकै जाल–पाशमा ।
जस्तो मृग गई फस्छ स्वयं आफ्नै विनाशमा ॥
त्यही ठीक त्यही जस्तो यी राजा पनि अन्तमा ।
रानीका ती कुरैबाट भए विवश नाशमा ॥

अर्को त्यस्तै यौटा श्लोक पनि पढौंः—

संस्कृतमूलश्लोक

अथ जिज्ञाससे मां त्वं भरतस्य प्रियाऽप्रिये ।
अस्तु यत्तत्त्वया पूर्वं व्याहृतं राघवं[१] प्रति ॥

[१](भरत) अ. का. १२ सर्ग १६ श्लोक

अनूदितश्लोक एक श्लोकको एकै श्लोकमा

CC-0. In Public Domain. Digitization by eGangotri

प्यारा भरत छन्, छैनन् मेरो नै भाव बुझ्न यो ।
मागेकी होस् भने, हुन्छ ! गर्छु त्यो पहिलो कुरो ॥

एक श्लोकको दुई श्लोकमा उत्रेको त्यही श्लोक

राजाका प्रिय छन्, छैनन् छोरा भरत यो कुरा ।
जान्नमात्र वरै त्यस्तो मागेकी होस् त सुन् ! कुरा ॥
छोरा भरतको मागिस् जुन राज्याभिषेक त्यो ।
पहिलो वर कैकेयी ! पूर्ण होस्, हुन्छ ! गर्छु यो ॥

यी दुवै श्लोक राजराजेश्वर सत्यनिष्ठ एवं कर्मिष्ठ रघुकुलतिलक दशरथ र भवितव्यता–वश बिउँठेकी बडामहारानी कैकेयीको संवाद–क्रम अन्तर्गतका हुन् । यस्ता ठाँउमा अकस्मात् दुवै प्रकारका अनुवाद निस्किएमा मलाई निकै नै अप्ठ्यारो पर्दै आयो, एक श्लोकमा उत्रेको श्लोक राखौं वा दुवै श्लोकमा उत्रेको राखौं ? म बडो भुटभुटीमा परि हालें । यस स्थितिमा हृदयमा निकै छर्पटी बढ्नु पनि स्वाभाविकै हुन थाल्यो । अन्तमा फल्यांस्स संझेर त्यही भुटभुटी–छर्पटी बोकेर म फेरि तिनै मलाई प्रोत्साहन दिने अधिका तथाकथित तल्लो–खाले स्वास्नीमानिसहरूका जमातमा पुगि–हालें । आफ्नो पाण्डुलिपिका पत्रहरू पल्टाई उनीहरूलाई सबैकुरा संझाई–बुझाई धेरै जसो अंशहरू सुनाई सकेपछि– लौ भन्नुहोस् अब दिदी–आमा हो ! म यी दुई श्लोकमा कुन चाँहि राखूं ? । एकश्लोकको एकै श्लोकमा उत्रेको अनुवाद राखूं कि एक श्लोकको दुई श्लोकमा उत्रेको अनुवाद चाँहि राखूं ? । तब उहाँहरूले म सँग सोझै–स्पष्टतया भन्नुभयो–हामी संस्कृतका कुरा–सुरा जान्दैनौं र त्यो एकश्लोकमा उत्रेको भन्नु भएको श्लोक राख्ने हो भने कुरा राम्रो नबुझिने भएकोले वा न पुगेकोले त्यसलाई त्यस्तो बुझ्दैनौं र रुचाँउन्नौं पनि । यदि हामीहरू जस्ताको निम्ति पनि हुने गरी यो पुस्तक लेख्न लाग्नु भएको हो भने त्यो दुवै श्लोकमा उत्रेको अनुवाद चाँहि राख्नोस् । किन कि ? त्यसमा सबै कुरा खुलेको छ र हामी जस्ता लाटा–गाँडा अपठित–स्वास्नी मानिसहरूले पनि सजिलैसँग बुझ्न सकिनेछ । त्यसै गर्नोस् । इत्यादि । यसपछि उहाँहरूको त्यस्तो कुरा सुनेर मलाई निकै मजाको हाँसो उठेछ र म हाँसेछु । अनि उहाँहरूले फेरि मसँग सोध्नु भयो–किन यसरी हाँस्नु भयो ? के हामीहरूको खिसी त गर्नु भएको होइन ? तब मैले उहाँहरूसँग यसरी विन्ती गर्दै भने–दिदी–आमा हो ! लौ सुन्नुहोस् ! यस विषयमा अैले मेरा पेटमा उब्जिएका कुरा यिनै हुन् र तिनैलाई संझेर यसरी हाँसेको हूँ । यो संस्कृतको मूलरामायणमा २४ हजार श्लोक र सातै काण्डमा गरी जम्मा ५०० सर्ग छन् भन्ने कुरा मूलमा उल्लेख भएको पाइन्छ । यो कुरा हाम्रो नेपालराष्ट्रमा र भारतभरी प्रचलित एवं प्रकाशित तथा प्रचारित दाक्षिणात्य र औदीच्य–संस्करणका यसका समस्त मूलप्रतिहरू जोरेर तिनमा भिडाई निरीक्षण–परीक्षण गर्दा पनि जम्बा श्लोक संख्या २५६४५ पुग्ने र ६४५ सर्ग संख्या हुने दुई तीन पटक गरिएको हिसावबाट देखिन्छ (अझ यसमा मूलमा प्रक्षिप्त मानिएका श्लोक एवं सर्गको संख्या जोडिएकै छैन) भने फन् त्यसमा पनि एक श्लोकको दुई श्लोकमा उत्रेको अनुवाद राख्ने हो भने त यो पुस्तक कत्रो होला र छाप्नेले–प्रकाशकले पनि विचारै गर्नु पर्ने अवस्था आउला कि ? भन्ठानेर हाँसेको हूँ, भने पछि उहाँहरूले फेरि मलाई यसरी नमजैसँग मजैको जवाफ दिनुभयो–ग्रन्थ बढ्छ त ! बढोस् न, के आपत्ति भयो ? यसले के गर्छ र फन् राम्रो र स्पष्ट खुलेको हुन्छ ! ततत्–स्थलका विषय–वस्तुहरू विलकूल विशुद्ध र सुस्पष्ट निस्कन्छन् । त्यसो नगरेर त्यस्तो न बनाएर केवल फारै तिर्ने हो भने, खालि नामैमात्र कमाँउने हो भने त अर्कै कुरा हो, होइन भने त, मेचीदेखि महाकालीसम्मका मात्रै न भएर सारा संसारै ढाकि सकेका हाम्रा साह्रै जाती सर्वोच्चजाति–नेपालीजाति सम्ममा पनि यो ग्रन्थ काम लागोस् र यसबाट सक्तो विद्या–बुद्धि आर्जन गर्न सकुन् भन्ने भावना राख्ने हो भने त यस्तै चाँहिन्छ । यसै गरी ग्रन्थ–समाप्त गर्नु होस् ! जानुहोस् ! तर यत्ति संझि राख्नुहोला कि ? तपाँईले गर्न लाग्नु भएको यो अनुवाद सुन्दा र पढ्दा सुन्ने–पढ्ने दुवैमध्ये पढ्नेलाई साह्रै नै मुख–सुख दिन सक्ने र सुन्नेलाई निकै नै कान–सुख दिन सक्ने हुनुपर्छ । बुझ्नु भो ! उहाँहरूका त्यस्ता कुरा सुनेर

CC-0. In Public Domain. Digitization by eGangotri

प्रोत्साहित भएको मैले उहाँहरूलाई संस्कृतमूलको अर्थ मुखैले बुझाँउदै तल लेखिएका सुन्दरकाण्डका केही श्लोकहरू फेरि सुनाएँ । तिनलाई यहाँ हजुरहरूलाई पनि देखाँउनु उचितै ठान्दछु र मेरा आदरणीय राजा–रङ्क सबै सँग पढिदिइ बक्सन आग्रह गर्दछु । जसको प्रसङ्ग यस्तो छः–

राक्षसराज रावणको प्रमदावनस्थित अशोकबाटिकामा यौटा अशोकवृक्षको हाँगामा विडालाकारको आफ्नो साह्रै सानो वानररूपमा छिपेर बसेका कपिवर हनुमान् त्यसै रुखको तल फेदमा बसेकी देवी–सीतालाई सर्वप्रथम जस्तो देख्तछन्, त्यहींनेरको प्रसङ्गका नेपालीयभाषापद्यानुवादित केही श्लोकहरू मूलसंस्कृतपद्यका साथ–साथै निरीक्षण–परीक्षणार्थ तल निर्दशित गराइएका छन् । जसबाट अनुवाद के कस्तो छ र कसरी उतारिएको छ ? इत्यादि सबै कुराको यथार्थता विदित हुने नै छ ।

संस्कृतको मूलश्लोक

तर्कयामास सीतेति कारणैरुपपादिभिः ।
ह्रियमाणा तदा तेन रक्षसा कामरूपिणा ॥
यथारूपा हि दृष्टा सा तथारूपेयमङ्गना ।
पूर्णचन्द्राननां सुभ्रूं चारुवृत्तपयोधराम् ॥

कुर्वतीं प्रभया देवीं सर्वा वितिमिरा दिशः ।
तां नीलकेशीं बिम्बोष्ठीं सुमध्यां सुप्रतिष्ठिताम् ॥
सीतां पद्मपलाशाक्षीं मन्मथस्य रतिं यथा ।
इष्टां सर्वस्य जगतः पूर्णचन्द्रप्रभामिव ॥

भूमौ सुतनुमासीनां नियतामिव तापसीम् ।
निःश्वासबहुलां भीरुं भुजगेन्द्रवधूमिव ॥
शोकजालेन महता विततेन न राजतीम् ।
संसक्तां धूमजालेन शिखामिव बिभावसोः ॥

तां स्मृतीमिव संदिग्धामृद्धिं निपतितामिव ।
विहतामिव च श्रद्धामाशां प्रतिहतामिव ।
सोपसर्गां यथा सिद्धिं बुद्धिं सकुलषामिव ।
अभूतेनापवादेन कीर्तिं निपतितामिव ॥

रामोपरोधव्यथितां रक्षोगणनिपीडिताम् ।
अबलां मृगशावाक्षीं वीक्षमाणां ततस्ततः ॥
बाष्पाम्बुपरिपूर्णेन कृष्णवक्राक्षिपक्ष्मणा ।
वदनेनाऽप्रसन्नेन निःश्वसन्तीं पुनः पुनः ॥

मलपङ्कधरां दीनां मण्डनार्हाममण्डिताम् ।
प्रभां नक्षत्रराजस्य कालमेघैरिवाऽऽवृताम् ॥
तस्य संदिदिहे बुद्धिस्तथा सीतां निरीक्ष्य च ।
आम्नायानामयोगेन विद्यां प्रशिथिलामिव ॥

सुन्दरकाण्ड १५ सर्गको २७–३८ श्लोकसम्म

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालीमा अनुवाद गरेका श्लोकहरू

पछि बाट ठमाए बा ! उनले जानकीकन ।	चिन्ताले सास फेरे ता पनि स्वाँ ! स्वाँ !! गरीकन ।
प्रमाण–युक्तिले मिल्दा, सीता नै हुन् भनीकन ॥	नागरानी सरी थिन् ती अरुको निम्तिमा पुनः ॥
इच्छानुसारको रूप धर्ने त्यो राक्षसेशले ।	फैलेको शोकको जाल बढ्दिंदा जेलिंदी उनी ।
सीता हरेर लैजाँदा अघि आफ्नु प्रभावले ॥	देखिन्थिन कान्ति धूँवाले ढाकेको अग्निको अनि ॥
जस्ती स्त्रीलाई देखेथ्यौं हामी वानर–जातिले ।	यसो हो कि ? यसो हो कि ? भन्ने स्मृति सरी थिइन् ।
देखिन्छिन् यी पनि त्यस्ती, सारा लक्षण मिल्छ ए ! ॥	खसेकी पृथिवीबीच साक्षात् ऋद्धि सरी थिइन् ॥
यिनको रूप त्यस्तै छ जस्तो थ्यो उनको अघि ।	मेटिएकी भुसुक्कै भै श्रद्धा हुन ठीककी थिइन् ।
हरिंदा देखिएकीको जस्तैछन् अङ्ग–अङ्ग ती ॥	निमित्यान्न भएकी क्वै आशा जस्तै उनी थिइन् ॥
पूर्णचन्द्र सरी राम्रो थियो मुख मनोहर ।	सिद्धि विघ्न परे जस्ती, बुद्धि मैली भए सरि ।
देखिन्थे आँखिभौं दोटै टेढा भैकन सुन्दर ॥	झूठो कलङ्क लागेकी कीर्ति ठीक थिइन् बरी ॥
गोल–गोल थिए मोटा दुइटै स्तन उच्च थ्यै ।	पति—श्रीरामको सेवा गर्न कत्ति नपाँउदा ।
पार्दथिन् ज्योतिले राम्रो उज्यालो जो दिशा दशै ॥	सान्है दिक्क भएकी र बढेकी मनमा व्यथा ॥
केश बाक्ला र काला थे मसीना स्निग्ध सुन्दर ।	राक्षसीहरुले घेर्दा सहाय न हुँदा कुनै ।
गोलकाँक्री सरी राता थिए ओठ मनोहर ॥	हेर्दी यताउती खोज्दी, भएकी मृगनेत्र नै ॥
कटि–भाग थियो उच्च राम्रो बेस फराकिलो ।	खसाल्दी मुखमा आँसु अप्रसन्न थियो जुन ।
अङ्ग–प्रत्यङ्ग सम्पूर्ण देखिन्थ्यो भव्यता लिंदो ॥	काला पलक टल्केकी सुइय्य ! गर्दी पुनः पुनः ॥
यी सबै वस्तुले गर्दा पद्मनेत्र हुने उनी ।	शरीरभर सम्पूर्ण मैलो, हीलो सरी हुँदी ।
कामकी प्रिय–पत्नी ती रति जस्तै थिइन् अनि ॥	दुःखी भै थुप्रिई बस्ती पाकेकी तापले रुँदी ॥
शरत्का जूनको जून फैलिई जगतैकन ।	छुटेकी स्नान- श्रृङ्गार, नित्य नै हुन योग्यकी ।
जसरी पार्छ साल्हाद त्यस्तै पार्थिन् उनी पुनः ॥	कालो बादलले ढाक्ती चन्द्रको कान्ति झैं हुँदी ॥
राम्रो शरीरकी सीता कुनै व्रत–परायणा ।	अभ्यास नहुँदा छुट्ता विद्याको स्थिति झैं हुँदी ।
थिइन् तपस्विनी ठीक बसेकी तल भूमिमा ॥	देखिइन् जानकी देवी कपिले त्यसरी अघि ॥

ने. वा. रा. सुन्दरकाण्ड पन्ध्रौं सर्ग श्लोक–४६–७०

यति सुनिसके पछि निकै प्रसन्न भएर फेरि उहाँहरूले मलाई भन्नुभयो ठीक छ, जानुहोस् ! यस्तै चाहिन्छ, जस्तो सुनाँउनु भयो । यत्ति उहाँहरूबाट सुनेपछि म पनि ती मेरा दिदी–आमाहरूको भनाईमा नाच्ने गुरु–मन्त्र मिलेको सदादर्शशाली चेलो जस्तो भई हालें र वंरपर हेर्दै नहेरी आफ्नु काम सक्नपट्टि नै नित्य–निरन्तरै ध्यान दिन थालें । विशेष यसमा मौलिकता ल्याँउनमा र साहित्यमा लालित्य भर्ने कामपट्टि अतिशय ध्यान दिन थालें र माथि ठाउँ–ठाउँमा उल्लेख गर्दै, भन्दै आए अनुसार सक्तो प्रयत्न गरी निकै नै चाँडो यसलाइ समाप्त गरें । भनाइमा अत्युक्ति ठर्हारिंदैन भने, अब यसलाई मौलिक अनुवाद भने नसुहाँउने छ भने, जस्तो लाग्दैन । यसको प्रसङ्गमा एकपटक राजकीय प्रज्ञा–प्रतिष्ठानकै दुई–चार जना भद्र–भलादमी बसेको संयुक्त प्रासङ्गिग सभामा मैले यसका बीच–बीचका केही सर्गहरू सुनाउँदा यौटा निकै तीखो आँखे सुशिक्षित भद्र–पुरुषले यसो भन्नु भएको कुरा पनि मलाई अैले ठ्वाट्ट संझना भयो, जो अङ्कित गर्दछु । यो नेपाली भाषामा अनूवित रामायण संस्कृतको मूल–वाल्मीकिरामायणबाट अनूदित भएको न भनेर मानिलिऔं एक छिनको निमित्त समय पनि छिपाएर त्यसै राखिएको खण्डमा मूल–संस्कृतको ग्रन्थ र यो अनूदित ग्रन्थ साथै राखेर त्यस्तै सुशिक्षित विद्वान्ले एक छिनैको लागि किन नहोस् दुवैलाई दाँजेर राम्रो आलोचना–प्रत्यालोचनको दृष्टिले हे-यो भने, कुनलाई जेठो भन्ला ? अब उहाँको यो वाक्यसमूह सुन्दा उपरोक्त सभा

CC-0. In Public Domain. Digitization by eGangotri

विलकूल स्तम्भित भयो । लौ हेरि पाउँ ! । यस स्थितिमा कुरा कहाँ पुग्यो? तस्मात् अव फेरि यस विषयमा एक शब्दसम्म लेख्नु पनि अनुचित सम्झन्छु । जे छ र जस्तो छ, यसमा मलाई यश वा अपयश जो बक्सनु उचित ठहर्छ, त्यसको पात्र म छु, दिष्टभुक् मेरो कर्म छ । सहर्ष शिरोपर गर्दछु । केवल यौटाले यत्रो विषयमा आदिदेखि अन्तसम्ममा अरू ग्रन्थानुवाद आदिकोमा त के कुरा यस ग्रन्थ भित्रका एक–एक अक्षरसम्ममा पनि म स्वयंले सक्तो प्रयत्न र परिश्रम गरे जस्तो लाग्दछ । तस्मात् ठोकुवा गरेर भन्न सक्तछु, केवल जगद्‌गुरुको–जगदीश्वर श्रीरामको अतुलनीय–अनुग्रह बाहेक कसैको केही देन वा कुनै कुराको सहयोग छैन । यस स्थितिमा यस ग्रन्थका उपर वा यसका अनुवादककै उपर समालोचना–प्रत्यालोचना आदि हुनु स्वाभाविकै हो । सबैले सबैलाई भनिरहेकै छन् र भनी नै रहने छन् । मर्यादापुरुषोत्तम रामलाई भने- मर्यादाविहीन रङ्कलाई भने, भने हामी जस्तालाई भने वा भन्लान् भन्ने कुरामा कुनै दुःख न लाग्यो, न लाग्छ न त लाग्ला नै । किन कि ? त्यस्ता व्यक्तिको कामै भन्नु हो "जनानने कः करमर्पयिष्यति" भन्ठान्नु नै हामी जस्ता तुल्यनिन्दा–स्तुति हुन चाँहने व्यक्तिको काम हो । अर्को कुरो काम सर्वश्रेष्ठ र प्यारो ठान्ने र मान्ने मलाई नाम र दामले अहिलेसम्म त्यत्ति आकर्षित गर्न सकेका छैनन्, न त धामैको प्रबलतम अभिलाषाले खिच्नै सकेको छ । कारण यसमा यही छ–सांसारिक समस्त वस्तु–वैभव जसलाई जोर्न सांसारिक मै–जस्तो प्राणी अनेकौं गर्न हुने, नहुने विधि–व्यवहार गर्दछ र गरी रहेको छ । अन्तमा त्यसरी जोरेका त्यस्ता पदार्थमात्रको राम्रो उपभोग गर्न नपाँउदै ती सबैलाई यहीं छोडेर हुरुक्क भएर आफू अन्तैतिर जाँदोरहेछ भने, मेरो पनि त्यही गति हुन्छ कि, म पनि साथमा लैजान पाँउन्न कि? भन्ठान्नु नै हो । यसर्थ गीतामा 'त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मन । कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ।।' भनेझैं नरकका ढोका मानिएका यी काम–क्रोध र लोभले भरे पनि आफ्नो वशमा पार्न नसकुन्, यही नै सर्वस्व भनौं वा धोकाको पोको भनौं, आफ्नो हृदयका भित्रीतहमा राखि छोडेकोछु । यस कामबाट मैले आफ्नो जीवनको केही समय भने पनि सार्थक बनाएँ न कि सफल, आफ्नो दृष्टिमा धन्य तुल्याएँ ! । आफ्नी मातृभाषालाई केही मात्रामा नै भने पनि समुचित-साधनले यौटा मर्यादित-पुरुषले गरिने ढङ्गबाट मर्यादापुरुषोत्तमको जीवन–चरित्रका सद्‌गुणहरू गाएर सिंगारें–सजाएँ । आफ्ना यस्तै–यस्ता अरू निकै कामहरूले आफ्नो सुदृढ–स्वत्त्व–संस्कृतिहरूका आधारमा आदरणीय र शीर्षस्थ नेपाली मातृभाषामात्र बोल्न जान्ने राजा देखि रङ्कसम्मका दाजु–भाई दिदी–बहिनीहरूलाई सक्तो रूपले सुप्रसन्न पार्ने चेष्टा गरें । सफल अथवा सार्थक के भएँ अथवा भइन ? यो कुरामा मलाई त्यस्तो चासो पनि छैन । पूर्वोक्त कुराहरूमै मलाई विशेष चासो छ र अतुल-सुख छ, अनुपम–सन्तोष छ तथा सुमहती-शान्ति छ । जसका अगाडि मेरा निमित्त अरु आधुनिक भौतिकवादका विषय वस्तुहरू तुच्छ ठहरिई सकेका छन् । यो ग्रन्थ राजा–रङ्क सबैको घर–घर पुगोस् । हात–हातमा नाचोस् र गद्‌गद भएको आत्माले यसलाई पढ्दा–पढ्दै कण्ठस्थ भएका यसका तत्‌तत्स्थलका श्लोकहरू बेला–बेलामा उद्‌गाररूपमा निकालेर अ–आफ्नो जीवनको कार्यक्रममा विधि–व्यवहारमा दृष्टान्तरूपले लिन सकुन्–घटाँउन पाँउन् र अन्त्यमा चाँहिने हाम्रो त्यही स्वत्त्व–संस्कृति साँच्न पाँउन् र सांसारिक पाप-तापादि निवारण गर्न समर्थ होउन् । यही मेरो यो ग्रन्थका आराध्य-तत्वसँग ती ती उपर्युक्त कुराहरू परिपूर्ण गराई दिन हार्दिक अभ्यर्थना छ, त्यो पनि यदि त्यस्तै मेरै जस्तै विचार र सद्‌भावना भएका व्यक्तिहरू अहिले छन्, अथवा भविष्यमा उब्जिइन्छन् भने केवल तिनीहरूका निमित्तमात्र ।

यी सब कुरा हुन् वि. सं २०२५ साल भित्रैका । किन कि ? यस ग्रन्थको साथै मैले ती ती पूर्वोक्त सबै आवश्यकीय कुराहरू त्यतिवेला नै लेखिसकेको थिएँ । प्रस्तुत आमुख पनि यहीं सम्ममात्रै त्यसंबेला लेखिएको थियो। त्यसपछिको निम्न निर्दिष्टांशमात्र निम्नाङ्कित तिथि–मितिमा लेखिएको हो । त्यसपछि वितेको ५ वर्ष पर्यन्तको समय-सम्म यस ग्रन्थको पाण्डुलिपि प्रज्ञा–प्रतिष्ठानकै सुरक्षित भण्डारगृहमा नै थन्किइ रह्यो । बल्ल–तल्ल अनेकौं प्रयत्न र परिश्रमले विगत २०३० साल वैशाख ५ गते देखिमात्र यसले मुद्रणालयको मुख देख्न पायो र मुद्रित हुन थाल्लो । त्यो झण्डै ५ वर्षको समयको मध्यमा मैले पनि सोचें कि–जीवनमा आफ्नो समाजको र राष्ट्रको हित एवं आत्यन्तिक श्रेय हुने काम–कुरो गर्न आफ्नो ह्याउ–हुतिले बुद्धि–बर्गतले भेट्टेसम्म कसैले पनि, कहिल्यै पनि, चुक्नु हुँदैन भने मेरो स्थिति

CC-0. In Public Domain. Digitization by eGangotri

र वृत्ति यै कलममात्र कोर्ने र यसैद्वारा सक्तो सबैको सेवा गर्ने प्रवृत्तितिर ढल्किसकेको छ भने र अहिले सम्म आफ्नो मातृभाषामा निकै नै ऐतिहासिक–सांस्कृतिक तथा साहित्यिक एवं धार्मिक आदि मौलिक र अनुवादित ग्रन्थहरू लेखिसकेकोछु भने, अब बाहिरका भारत तथा समुद्रपारका संस्कृत–विद्वान्हरूलाई पनि काम लाग्ने गरी अरू मौलिकतापूर्ण सद्ग्रन्थादिहरू संस्कृत तथा हिन्दीभाषामा पनि लेख्न सकें भने, साह्रै राम्रो हुन्थ्यो र उनीहरूको अगाडि हामी नेपाली जनतामात्रको पनि यस विषयमा पनि केही न केही अफ बढी नाक ठाडो हुन्थ्यो, गौरव बढ्थ्यो ! भन्ने ठानी संस्कृत-संसारमा निरन्तर विचरण गर्न थालें । भनाईमा अत्युक्ति नठहरिए, ठीक भन्यो भन्ने जँचे, मैले यी संस्कृतका काव्य-महाकाव्यका धेरै जसो अंशहरूलाई घुम्दा–घुम्दै हिंड्दा–हिंड्दै लेखेको हूँ । कागजको टुक्रो र कलम हातैमा हुन्थ्यो–सद्विचार उब्जिई रहन्थ्यो– त्यही अङ्कित गर्दै हिंड्थें । जसको परिणाममा 'श्रीकृष्णचरितामृतम्' जस्ता ५८ अन्ठाउन्न सर्ग पैलो भागमामात्र हुने हिन्दीभाषामा अनुवादित संस्कृत–महाकाव्यका साथै अरू १५ ओटा नचिकेतसम् आदि मौलिकतापूर्ण संस्कृतका महाकाव्यहरू लेखिसकें । तिनमध्येको पूर्वोक्त यौटै ग्रन्थ भेटेको बुद्धि–युक्तिले छपाई प्रकाशमा ल्याँउने वेला हुँदा न हुँदै काशीका समस्त विद्वज्जन बसेको 'कवि–भारती' भन्ने संस्थाले भगवान् विश्वनाथकी पुरी-वाराणसी (विद्यापीठ) मा नै यौटा विशेष समारोहको आयोजना गरी गुर्णकपक्षपातिताको सत्योदाहरण देखाएर त्यस ग्रन्थरत्नको उद्घाटन गरी दियो र त्यसबेला त्यसको लेखक भनाउँदो मैलाई भन्नु पऱ्यो 'कविरत्नम्' भन्ने उपाधि–प्रदान पनि गऱ्यो । पछि यसैको चर्चा दिल्लीको विद्वद्मण्डलीमा पनि हुन पुगेछ र यस ग्रन्थको निरीक्षण–परीक्षणबाट सुप्रसन्न भएको उहाँका विद्वान्हरुको "संस्कृतप्रचारकमण्डल" नामक संस्थाले मलाई भारतको राजधानी दिल्लीमा आमान्त्रित गरी विगत २०२९ सालको गुरुपूर्णिमा दिवसमा ठूलो समारोहका बीच दिल्लीका उपराज्यपाल श्रीबालेश्वरप्रसादज्यूका हातबाट फेरि मैलाई भन्नु पऱ्यो नाइँ ! केही रूपैयाँको साथै "विद्यावारिधि:" भन्ने यौटा अर्को उपाधिको पुच्छर स–सन्मान फुण्डचाई दियो । यी सब कुरा यसले आफ्नो महत्त्व देखाँउनको निमित्त भन्यो वा लेख्यो भन्ने कुरा मेरा अत्यादरणीय राजादेखि रङ्कपर्यन्तका जनतामा कत्ति पनि पर्दै न परोस् । किन भने ? हामी जस्ता बजियाको महत्त्वै के छ र देखाँउने ? हामी केही हौं भने वा छौं भने केवल निष्किञ्चन हौं र छौं, अन्तमा निष्किञ्चनै हुन चाहन्छौं पनि । अनि महत्त्वको सवालै कसरी उठ्ने र ? न त यी शब्दले आफ्नो हीनता र दीनता नै देखाँउन खोजेको हो । यो पनि न संक्षिनुमा नै बेस होला । किनकि ? यो बानी पनि मेरो छैन । संभव छ रोएर हलुवाईले पेडा दिदैन भन्ने कुरा कण्ठस्थ पारि राखेकोले होला ! दिइ हाल्यो भने पनि त्यस्तोले होला पो के र ? एक छिनको गुलियो मुख ? त्यसैले सुप्रसिद्ध पण्डितराज कविराज पूज्यपाद जगन्नाथज्यूले भन्नु भएको होला "शाकाय वा स्यात्, लवणाय वा स्यात्"। केवल नून–तिहुन ! । यो केही हो भने अर्का त्यस्तै पूज्यचरण कविज्यूका भनाई अनुसार "उत्पत्स्यते मम तु कोऽपि समानधर्मा, कालो ह्ययं निरवधिर्विपुला च पृथ्वी" भने जस्तोमात्र हो । मेरो पनि त्यस्तै–यस्तै विचार भएकोले भविष्यका हाम्रो समाजका सुयोग्य पींढीले–सन्तान–दरसन्तानले यी सब कुरा यथार्थरूपबाट अवगत गर्न पाँउन् भन्ठान्नु नै यी कुरा लेख्नु–देखाँउनुको तात्पर्य हो, मुख्य उद्देश्य हो ।

अब त्यो विचार अर्थात् ग्रन्थ लेख्न बस्ने विचार आफ्नो हृदयमा उब्जेकै बेलादेखि र मैले सहयोग मागेकै बेलादेखि उपरोक्त ढङ्गबाट आफ्नो काय–मन तथा वाणीद्वारा मलाई यस काममा हर–तरह सक्तो सहयोग दिने मेरी धर्म-पत्नी श्रीमती कृष्णकुमारी घिमिरेलाई, उनले गरेको त्यस्तो सहयोगको भूरि–भूरि हार्दिक प्रशंसा गर्दै, "जसको त्यस्तो सहयोग नपाएको भए मबाट यो ग्रन्थ तयार गर्ने काम कुनै अवस्थामा पनि हुनै सक्तैनथ्यो" भन्दै उनको आत्यन्तिक-कल्याण–कामना गर्दछु ।

अर्की यौटा हाम्रो समाजमा सुप्रसिद्ध र सुमहती–ख्यातिप्राप्त विद्वद्वर दिवङ्गत धन्वन्तरिकल्प कविराज सरदार शिवनाथ–रिमालज्यूकी धर्मपत्नी श्रीमती दुर्गाकुमारी रिमालज्यू पनि मेरो यस काममा आफूले सक्तो स्नेहको, सद्भावना-मात्रको उर्लेको वारिराशिमा मलाई चुर्लुम्बै पारेर सहयोग–कारिणी भएकीले उहाँ पनि साह्रै-साह्रै नै धन्यवादार्ह हुनुहुन्छ

CC-0. In Public Domain. Digitization by eGangotri

र आफ्नो त्यस्तो वैधव्यजीवनमा पनि जो निरन्तरै यस्तै–यस्ता सद्ग्रन्थ–श्रीमद्भागवतादिको साथ–साथै गीता आदिको पनि सक्तो स्वाध्याय गर्नमा नै आफ्ना जीवनका घडी–पलाहरू बिताइरहनु भएको छ–, हार्दिक–कल्याण कामना गर्दछु। किन कि ? यो रामायण अनुवाद गर्दा मैले धेरै जसो यसका अंशहरू उहाँकै कोठामा वहाँकै समक्षमा बसेर लेखेको हुँ। यस स्थितिमा प्रतिदिन जसो बेला–बेलामा उहाँले मलाई मीठा–मीठा फलादि र मिष्ठान्नादि पनि खान दिन भुल्नु भएन, न त वात्सल्य–प्रदान गर्नमै केही न्यूनता आयो। यसको सट्टामा म उहाँलाई यही महाकाव्यका तत्क्षणमा नै लेखेर तयार भएका नयाँ–नयाँ सर्गहरू सुनाउँदै जान्थे। यसरी म उहाँप्रतिको आफ्नो सद्भावना देखाउँनुको साथै पुनः उहाँको हार्दिक कल्याण–कामना गर्दछु।

त्यस्तै यो वाल्मीकिरामायण मैबाट अनुवाद गराँउन अत्यन्त उत्सुकतापूर्वक कटिबद्ध हुने तत्कालीन गद्य–पद्यविभागका आयोजक राजकीय प्रज्ञा–प्रतिष्ठानका सदस्य कवि श्री माधवप्रसाद घिमिरेज्यूलाई र त्यसपछि यस ग्रन्थलाई छपाँउन एवं प्रकाश गर्न निरन्तर प्रदत्तचित्त अचेलका राजकीय प्रज्ञा–प्रतिष्ठानका सदस्य तथा साहित्य–विभागका आयोजक मेरा परममित्र सर्वदर्शनाचार्य श्रीचूडानाथ भट्टराईज्यूलाई पनि पूर्वोक्त आफ्नो कार्यभार सुसम्पन्न गराँउनु भएकोमा म आफ्नो तर्फबाट कृतज्ञता-निदर्शनपूर्वक सहस्रशःधन्यवाद समर्पण गर्दछु। अन्तमा यो ग्रन्थ मुद्रित हुन लाग्दा विहान ६ बजे देखि रातको ८ ।। बजे सम्म मुद्रणालयमा निरन्तर तयार रही यसको संशोधन गर्ने र परे आफैंले लेखेको पाण्डुलिपिमा पनि आवश्यकीय शब्दहरूको परिवर्तन आदि गर्दै सौन्दर्य भर्ने म स्वयं यसको अनुवादकलाई पनि यस ग्रन्थका सारभूत परात्मतत्त्व लोकाभिराम श्रीराम–प्रभुको तर्फबाट "खूब गरिस् आत्माराम ! तँलाई यस काममा पनि भूरि–भूरि धन्यवाद छ, यसको सट्टामा तँ आत्मारामै भएस् बाबै !" भनेर निरन्तर स्याबासी दिंदै यी सब कुराबाट विरत हुन्छु।

अब अन्तमा विनिवेदनीय एवं अवशिष्ट यौटा कुरा यो छ कि–यो नेपाली–भाषापद्यमय वाल्मीकिरामायणको म अनुवादकको हस्ताक्षराङ्कित समस्त पाण्डुलिपि यदि कुनै देशी–विदेशी महानुभावहरूलाई हेर्न वा अध्ययनादि गर्न आवश्यक परे अथवा पछिका हाम्रा सन्तान-दरसन्तानले उचित माने, त्यसको संरक्षण बहुतै राम्रोसँग हुन्छ भन्ने संझी मैले स्वयं लगी हाम्रो "राष्ट्रिय अभिलेखालय सिंहदरवार काठमाण्डू (नेपाल)"मा राखिदिएको छु। आवश्यक परेमा हेर्न र औत्सुक्य बढेमा जहिलेसुकै पनि गएर निरीक्षण–परीक्षण गर्न सकिने नै छ।

मेरा अति आदरणीय शीर्षस्थ राजा तथा रङ्क ! यसरी यति लामो र पट्टाइ लाग्ला जस्तो, कस्तो-कस्तो ! आमुख ध्यान दिएर पढि दिई बक्सिएकोमा फेरि एकपटक त्यही शब्द दोहोऱ्याँउदै मेरा अति आदरणीय राजादेखि रङ्कसम्मका समस्त नेपाली दाजु–भाई दिदी–बहिनीहरूलाई हार्दिक अभिनन्दन समर्पण गर्दछु र अब केवल एक्कै छिन-मात्र तलको यौटै श्लोक "खालि छप्पन्न अक्षर" पढी दिई बक्सन कर–जोरी आग्रह गर्दछु।

हो ! विश्वमा छ सबथोक, अलभ्य छैन,
पाइन्छ यत्नसँग त्यो सब,– चाँहिदैन ।
चाँहिन्छ एक कविको कविता र अर्को
श्रीराम–भक्ति, जुन नाश्छ समस्त—फर्को ।।

जय सनातन स्वत्त्व-संस्कृति !

अनुवादकः–
कृष्णप्रसाद शर्मा घिमिरे
कविरत्नम् तथा विद्यावारिधिः
शास्त्री, काव्यतीर्थ, भागवत

विक्रम सम्वत् २०३०
भाद्रकृष्णाष्टमी-जन्माष्टमी
टङ्गाल-गहिरीधारा
काठमाण्डू नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

स्कन्दपुराणान्तर्गत श्रीमन्महर्षि वाल्मीकि-निर्मित आदिकाव्य आर्षरामायण-माहात्म्यको विषयसूची

अध्यायसंख्या	विषयसूची	श्लोकसंख्या
१	कलियुगको चाल-चलन, उद्धारको उपाय, रामायण-पाठको महिमा तथा श्रवणकाल-आदिको वर्णन	६८
२	नारद-सनत्कुमार संवादमा रामायण-श्रवणको माहात्म्य	११६
३	माघमा रामायण-श्रवणको फल र राजा-सुमति एवं रानी-सत्यवतीका पूर्व-जन्मको कुरा	१०४
४	चैत्र महिनामा रामायण पढ्नु-सुन्नुको माहात्म्य तथा कलिक व्याधाको र उत्तङ्क-मुनिको कथा	७१
५	रामायण-नवाह-श्रवणविधि र त्यसको महिमा एवं फलको वर्णन	९७
समष्टिअध्यायसंख्या	इतिरामायणमाहात्म्य	समष्टिश्लोकसंख्या
५		४५६

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामायणको प्रार्थना

यः कर्णाञ्जलिसंपुटैरहरहः सम्यक्पिबत्यादरा—
द्वाल्मीकेर्वदनारविंदगलितं रामायणाख्यं मधु ।
जन्म–व्याधि–जरा–विपत्ति–मरणैरत्यन्तसोपद्रवं
संसारं स विहाय गच्छति पुमान् विष्णोः पदं शाश्वतम् ।।

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्वाल्मीकीय-रामायण-माहात्म्य

(स्कन्दपुराणान्तर्गत)

पहिलो अध्याय

कलियुगको चालचलन, उद्धारको उपाय, रामायणपाठका महिमा तथा श्रवणकाल-आदिको वर्णन

१

हुन् श्रीराम सँधै दिने शरण, यी प्राणीहरूमा सब
होला के गति रामले विन भए ? आधार त्यै हो जब ।
नासिन्छन् सब पाप-ताप कलिका श्रीरामबाटै भने
गर्ने आश्रय ओह ! फेरि कसको ?, छन् राम नै ढोगिने ॥

२

डर्लाग्दो अतिदुष्ट सर्प जुन हो यो कालका रूपको
रामैबाट डराउँदो छ, घर नै पाउँन्न, नासिन्छ त्यो ।
छन् सारा वश रामकै हरघडी तस्मात् प्रभो ! आश्रय
बक्स्योस्, भक्ति बढोस्, अखण्डित ममा श्रीपाउकै वास्तव ॥

३

दिने आनन्द लक्ष्मी नै सीताको मनमा सदा ।
गै चित्रकूटमा बस्ने विष्णु हुन् राम सर्वथा ॥
आनन्दधाम हुन् राम दिन्छन् अभय भक्तमा ।
नमस्कार म गर्दछु उनै सत्-चित्-स्वरूपमा ॥

४

५

सृष्टि, पालन, संहार गर्छन् यो विश्वको सदा ।
ब्रह्मा, विष्णु, महादेव गुणले तीनरूपका ॥
यी तीनै देव हुन् अंश जसका, आदिदेवता ।
विशुद्ध परमात्मा ती राम नै भज्छु है म ता ॥

६

ऋषिहरू भन्दछन्:-

भगवन् ! जति हामीले सोधेकाथ्यौं तपाईँमा ।
सुनाउँनु भयो सारा राम्ररी त्यो जवाफमा ॥

CC-0. In Public Domain. Digitization by eGangotri

८

हुनुहुन्छ महान् विद्वान् तपाँईं, स्थितिमा यस ।
पाशोमा विश्वको फँस्ने प्राणीमा, धेर छन् दुःख ॥
अनि को विश्वको पाशो काट्लान् नास्लान् र व्यक्ति ती ।
नासिन्छन् भन्नुहुन्थ्यो जो कलिमा वेदमार्ग थी ॥
सधैं अधर्ममा रम्ने पापीले पाँउने पछि ।
गर्नु भो वर्णनै नाना यातना पनि ती अघि ॥
वेदोक्तमार्ग लोपिन्छन् आएमा घोर त्यो कलि ।
पाखण्ड धर्म फैलिन्छ, भन्छन् विद्वान् सबै यही ॥
हुनेछन् कलि लागेमा विश्वका सब मानिस ।
साह्रै पुड्का, खिए जस्ता, कामले नित्यपीडित ॥
थोरै सम्पत्तिका, लोभी, छोटो आयु हुने तथा ।
भर आपसमा गर्ने धेरै सन्तान — मात्रका ॥
होलान् त्यो ताकका नारी पोस्ने आफ्नु शरीर नै ।
वेश्या सरी गरी सज्ने, गर्ने काम पनी तिनै ॥
नटेर्ने पतिको आज्ञा गर्ने नित्य अनादर ।
अर्काकै घरमा जाने काम गर्ने असुन्दर ॥
जनसाथ दुराचारी घुम्न, बस्न निरन्तर ।
मरिमेट्ने सधैं होलान् स्वयं दुःशील दुच्छर ॥
कुलस्त्री पनि त्यो ताक गै अन्य — जन साथमै ।
कुरा नचाहिने गर्लान् न सक्ता चित्त थाम्न नै ॥
शुद्धि संस्कृति इत्यादि नहुने गुण देहका ।
होलान् बनावटी थप्ने गर्ने झूठा कडा कुरा ॥
कलिको युगमा त्यस्तो होलान् स्त्रीहरु वास्तव ।
न चाँहिने कुरै गर्नें मूर्ख धेरै जसो सब ॥
यता भिक्षु र संन्यासी भिक्षा — वृत्ति लिनेतक ।
स्नेह — सम्बन्धमा फँस्ने होलान् मित्रादिको सब ॥

२०

२१

नाना उपाधिले नित्य तानिईं धन—मानले ।
जोर्लान् शिष्य यसैबाट भेट्छु क्यै, यस हेतुले ॥
जब विप्रहरू होलान् पाखण्डीसँग गै बसी ।
पाखण्डकै कुरा गर्ने अनि जान्नु बढ्यो कलि ॥
विप्रका वंशमा श्रेष्ठ जन्मेका व्यक्तिसम्म ती ।
शिखा—यज्ञोपवीतादि त्याग्लान् घोर हुँदा कलि ॥
ए महान्—बुद्धिका सूत ! अब यस्तो भए पछि ।
उद्धार तिनको हुन्छ कसरी ? भन्नु होस् यही ॥
कलिमा राक्षसै धेर जन्मन्छन् ब्रह्मयोनिमा ।
भगवद्धर्ममा बाधा पार्छन् विघ्न भई वहाँ ॥
कुरा अ—आफुमा पर्दा व्यर्थ वाद—विवादमा ।
लड्छन्, देखाँउछन् नाना विरोधैमात्र शास्त्रमा ॥
व्रतानुष्ठान इत्यादि छोड्नेछन् द्विजले तव ।
भगवद्धर्म भन्ने ता गर्नेछन् वर्जितै सब ॥
विशेष कलि त्यो बढ्दा हुनेछन् विप्र वास्तव ।
फेटा वा पगडी बाँध्ने पैन्हने खालि कञ्चुक ॥
नहुने मनकै शुद्धि त्यस्ता पापी मनुष्यको ।
उद्धार कसरी होला आएमा कलि घोर त्यो ? ॥
शूद्रकै हातको पानी पाकेको अन्नसम्म त्यो ।
सँगै बसेर खान्छन् ता हुने के गरी शुद्धि पो ? ॥
देवाधिदेव देवेश जगत्गुरु गरेर के ।
संतुष्ट उनमा हुन्छन् ? यै सुनौं न दयानिधे ! ॥
सोधेका ती कुरा सारा ए मुनिश्रेष्ठ—सूतजी ! ।
अब संझाउदै राम्रो आज्ञा होस् एक एक यी ॥
कुरा तपाइँका त्यस्ता छन् अमृत—समानका ।
सुन्दा वा पान गर्दामा नहोला किन तुष्टिता ? ॥

३३

श्री सूतजी भन्दछन्:—

३४

ऋषि हो ! सुन्नु होस्, हुन्छ म भन्दछु त्यही कुरा ।
तपाइँहरुमा सुन्दा जो प्यारो लाग्छ सर्वथा ॥
सनत्कुमारलाई ती ऋषि — नारदले अघि ।
जुन साक्षात् महात्मा थे भनेथे जो कृपा गरी ॥
हो महाकाव्य त्यो यौटा, हो रामायण नाम यो ।
ठूलो छ त्यसको शक्ति सब पाप विनास्छ जो ॥

३६

३७

वेदमा भनिएका ती कुरामा मिल्छ यो सब ।
दुष्ट—ग्रहादिको बाधा पनि नाश्तछ जो सब ॥
भुक्ति—मुक्ति दुबै दिन्छ, नास्छ दुःस्वप्न, धन्य छ ।
रामका गुण छन् नाना, दिन्छ श्रेय र सिद्धि त ॥
धर्म, अर्थ तथा काम, मोक्ष यी पुरुषार्थको ।
दिने सिद्धि छ यो फेरि महान् फल हुनेछ यो ॥

३८

CC-0. In Public Domain. Digitization by eGangotri

१०

अपूर्व काव्य यो दिन्छ शुभ पुण्यमयै फल ।
तपाँइहरु सम्पूर्ण सुन्नोस् एकाग्र भै अब ॥
महान् पातकले यद्वा उपपातकले स्वतः ।
भएका युक्त हुन् प्राणी, पापी हुन् अरु नै कित ॥
राम्रो गरी सुने देखि ऋषि-निर्मित काव्य यो ।
अवश्य शुद्ध हुन्छन् ती, छ अलौकिक एक यो ॥
यो रामायणमा लाग्छन् तिनै सज्जन वस्तुतः ।
जगत्का सब प्राणीका गर्दछन् हित जो नित ॥

४५

रहस्य अर्थ जानेका शास्त्रका सब वास्तव ।
तिनै व्यक्तिहरू हुन्छन् कृत-कृत्य यथार्थतः ॥
धर्म-अर्थ तथा काम-मोक्षको यै छ साधन ।
भक्तिसाथ सुनुन् तस्मात् सधैं राम-कथा जन ॥
अघका जन्मको पाप सकिन्छ जसको त्यही ।
यो रामायणमा प्रे। गर्न थाल्दछ नै अति ॥
यस्तो रामायणी-गाथा हुन लाग्दा पनी यदि ।
टर्दैन ता भने पक्कै हो त्यो दुर्बुद्धि नै अति ॥

४३

४७

बाँधिई पाप-पाशोले असत्-विषयका सब ।
कुराकानीतिरै फस्छ, नाश हुन्छ स्वयं तव ॥

४८

तस्मर्थ रामायण नामको यो छ काव्य अत्यन्त पवित्र सुन्नोस् ।
सुन्दा यही जन्म र मृत्यु आदि नाशिन्छ सम्पूर्ण, छ सत्य जान्नोस् ॥
जस्तो सुकै होस् जन, सुन्छ ता यो दोषादि छुट्छन् ऋषि हो ! समस्त ।
पापादि नासिन्छ र अच्युतैको स्वरूप त्यो हुन्छ भएर मुक्त ॥
पवित्र रामायण आदिकाव्य दिने चिताए सरिको यही छ ।
स्वतेजले पार्छ जगत् उज्यालो जो पढ्छ वा सुन्दछ मुक्ति भेटछ ॥
लिएर ब्रह्मा, शिव, विष्णु नाम नानाथरी रूप धरी जगत् यो ।
सिर्जन्छ पालेर विनास्छ फेरि जो तत्व, साक्षात् परमेश त्यै हो ॥
त्यही परमात्मा परतत्व ईश यो काव्यको लक्ष्य छ आदिदेव ।
त्यल्लाइ राखे पछि चित्तबीच मुक्तित्व भेटिन्छ अवश्यमेव ॥
यो नाम-रूपादि र जातिका यी विकल्पले भिन्न छ भै अनेक ।
जो कार्यको कारणको परै छ मानिन्छ सर्वोच्च परेश एक ॥
वेदान्तद्वारा पछि जानिने यो प्रकाशले आफ्नु प्रकाशिलो छ ।
समस्त यी वेद-पुराणबाट गरिन्छ साक्षात्, जुन त्यो यही छ ।

५५

५६

विप्र हो ! शुक्ल-पक्षैमा चैत्र-कार्तिक-माघको ।
रामायण—कथा-गाथा नौ दिनमा सुनिन्छ त्यो ॥
यसरी सुन्छ जो व्यक्ति पुण्य-राम-चरित्र यो ।
पुग्छ त्यस्को सबै इच्छा यो लोक-परलोकको ॥
मापले मुक्त भै आफ्नो एक्काइस कुलै लिई ।
रामको धाममा जान्छ शोक छुन्न जहाँ गई ॥

५९

पारायण गरोस् राम्रो दिनमा नउ काव्य यो ।
विशेष शुक्ल-पक्षैमा माघ-कार्तिक-चैत्रको ॥
सुन्ने पनि सुनोस् राम्रो विधिपूर्वक यत्नले ।
स्वर्ग-मोक्ष दुबै दिन्छ जुन यो आदिकाव्यले ।
क्रूर त्यो कलि आएमा हटेमा धर्म ती यता ।
सुन्नु पर्छ दिनैमा नौ रामायणसुधा — कथा ॥

५८

६१

CC-0. In Public Domain. Digitization by eGangotri

६२
घोर यो कलिमा लाग्ने रामायणतिरै नर ।
कृतार्थ हुन्, उनीलाई कहिले छुन्न आखिर ॥

६३
जसको घरमा हुन्छ नित्य रामायणी-कथा ।
दुष्टको पाप नास्ने त्यो घर हो तीर्थरूप ता ॥

६४
बस्तछन् देहमा पाप तवसम्म मनुष्यको ।
सुनिन्न जहिले सम्म राम्ररी आदिकाव्य यो ॥

६५
विश्वमा भेट्न गान्है छ यो रामायणको कथा ।
पाइन्छ पुण्यलेमात्र करौडौं जन्म-जन्मका ॥

६६
ऋषि हो ! शुक्ल-पक्षमा चैत्र-कार्तिक-माघको ।
सुन्नालेमात्र यो गाथा सौदास पनि मुक्त भो ॥

६७
पर्दा गौतमको श्राप राक्षसी - जुनि पाउँने ।
भए सौदास ती मुक्त यै कथाको प्रभावले ॥

६८
गरी जो रामको भक्ति प्रेमले सुन्छ यो कथा ।
टूला साना सबै त्यस्का नासिन्छन् पाप जत्ति ता ॥

इति स्कन्दपुराणान्तर्गत वाल्मीकि-रामायण-माहात्म्यमा
पहिलो अध्याय

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो अध्याय

नारद–सनत्कुमार–संवादमा रामायण–श्रवणको माहात्य

१

ऋषिहरू सोद्धछन्ः -

कहाँ भो कसरी भेट देवर्षि–नारदै संग ।
सनत्कुमारको सूत ! चाहन्छौं सुन्न यो सब ॥

२

त्यो रामायण-सम्बन्धी अतिपावन धर्मको ।
देवर्षिबाट भो ब्रह्मन् ! जस्मा वर्णन योग्यको ॥
ब्रह्मवादी महात्मा ती बसेर कुन क्षेत्रमा ।
यो भने भन्नुहोस् विद्वन् ! उनमा सब लौ यहाँ ॥

३

सूतजी भन्दछन्ः-

४

ब्रह्मका पुत्र मानिन्छन् महात्मा सनकादि ती ।
ममत्व र अहङ्कार उनमा छैन है कति ॥
सुन्नुहोस् मुनि हो ! फेरि चारोटै मुनिराज ती ।
नैष्ठिक ब्रह्मचारी हुन् ऊर्ध्वरेता हुने अति ।
सनत्कुमार, सनक, सनातन, सनन्दन ।
हुन यिनै उनको नाम चारोटै, सुन्नुहोस् पुनः ॥
भगवान् विष्णुका भक्त महात्मा हुन् यिनै सब ।
ब्रह्मचिन्तनमा मात्र लाग्दछन् नित्य वास्तव ॥
सत्य छन्, सत्य बोल्छन् ती मोक्ष पाउन खोज्दछन् ।
हजारौं सूर्यको जस्तो चम्किलो तेज धर्दछन् ॥
ब्रह्मपुत्र महान् तेजी सनकादि कुनै दिन ।
गए ब्रम्ह-सभा हेर्न मेरुका शृङ्गको पुनः ॥
विष्णुका पाउद्वारा ती निक्लेकी अतिपुण्यकी ।
वहाँ बहिरहेकी थिन् सीतानाम महानदी ॥
महात्मा अतितेजस्वी मुनि ती सनकादिले ।
गरी दर्शन श्रद्धाले स्नान गर्ने मनै लिए ॥

११

१२

वहाँ ठिक्क यसैवेला देवर्षि–मुनि नारद ।
आइ पुग्नु भयो भाई हरिको नाम श्रेयद ॥
हेनारायण ! यज्ञेश ! हे यज्ञपुरुष ! प्रभो ! ।
अच्युतानन्त ! हे राम ! हे विष्णो ! छ प्रणाम यो ॥
यसरी भगवन्नाम उचारण गरी गरी !
पार्नु हुन्थ्यो जगत् सारा पवित्र ऋषिराज यी ॥
पवित्र लोक पार्ने ती गङ्गाको गाउँदै स्तुति ।
जो पार्थिन् शुद्ध यो विश्व पाल्नु भो मुनिराज यी ॥
यसरी मुनि आएको देखेर सनकादिले ।
यथोचित गरे पूजा उहाँको अतिप्रेमले ॥
मुनि हो ! अतितेजस्वी सनकादि थिए स्वतः ।
झुकाउँनु भयो तस्मात् शिर नारदले अतः ॥
सनत्कुमारले ठूलो सभामा मुनिको वहाँ ।
उहाँसँग भयो भन्नु यसरी अनि शान्तिमा ॥
हुनुहुन्थ्यो महान् भक्त नारायण– परायण ।
मुनि नारद देवर्षि ऋषिश्रेष्ठ अनुत्तम ॥

१६

सनत्कुमार भन्नुहुन्छः-

CC-0. In Public Domain. Digitization by eGangotri

२०

ए महान् बुद्धिका ब्रह्मन् ! भगवद्भक्त नारद ।
हजूरै भइ बक्सिन्छ सर्वज्ञ मुनि मानद ॥
हरि–भक्ति सधैं गर्ने टिक्ने भैं त्यसमै स्थिर ।
तस्मात् हजूर भन्दा त छैन अर्को कुनै नर ।

२१

२२

चराचर जगत् सारा जन्मियो जसबाट यी ॥
गङ्गाजी निस्किइन् फेरि जसका पाउबाट ती ॥
भगवान् हरि जानिन्छन् के गरेर स्वयं प्रभो ! ।
भन्नुहोस् सब हामीमा खोली तत्त्व यथार्थ त्यो ॥

२३

नारद भन्नु हुन्छः–

२४

पल्लोमा पनि पल्लो त्यो परतत्व छ श्रेष्ठ जो ।
परमाराध्य श्रीराम प्रभुमा छ प्रणाम यो ॥
स्थानमा अति नै श्रेष्ठ जो वस्तछ निरन्तर ।
निर्गुणी सगुणी त्यस्ता रामलाई प्रणाम छ ।

२५

२६

मानिन्छन् ज्ञान अज्ञान जसका रूप यी दुबै ।
अधर्म धर्म इत्यादि मानिन्छन् एकरूपकै ॥
तथा विद्या अविद्या यी मानिन्छन् स्वस्वरूप हुन् ।
परात्मा राममा त्यस्ता मेरा धेर प्रणाम छन् ॥

२७

२८

जो दैत्यका नाशक छन् समस्त संहार गर्छन् नरकादिको त ।
स्वधर्मका नै बलले विधर्म विनास्तछन् रच्छिन निम्ति धर्म ॥
यो भूमिको भार विनास्नुमै छ अत्यन्त राम्रो जसको विनोद ।
देवेश त्यस्ता रघुवंशदीप प्रणाम मेरो प्रभुराममा छ ॥

२९

३०

यौटै भए पनी जो ती चारोटै रूप लीकन ।
बट्ले कपिका सेना पृथ्वीमा ओर्लिईकन ॥
पछि राक्षसका सैन्य विनास्ने रघुनन्दन ।
म भज्छु ढोग्छु सर्वात्मा राम दाशरथीकन ॥
महात्मा रामको यस्ता अनेकौं छन् चरित्र त ।
कसै गन्न सकिन्नन् ती करोडौं वर्षमातक ॥
रामका नामका यस्ता महिमाका पनी पुनः ।
मुनि हो ! पर्छ है गाह्रो सकिन्नन् पार पाँउन ॥
ती मुनीश्वरले एवं मनुले पनि ता जुन ।
सकिएन भने सक्छु के गरी ? भज्छु तुच्छ म ॥
जसको नाम सुन्दा नै महापापीहरू पनि ।
पवित्र, शुद्ध भै हाल्छन् भने देखि स्वयं अनि ॥

३५

३६

म त्यस्तो परमात्माको स्तुति गर्न कसोगरी ।
सकूँला र अहो ! फेरि तुच्छ बुद्धि हुँदा अति ॥
डर्लाग्दो कलिमा यस्तो रामायण-कथा शुभ ।
जो सुन्छन् पढ्दछन् नित्य हुन् कृतार्थ तिनै द्विज ॥
तिनले नै गरे सारा गर्नु पर्ने कुरातक ।
उनलाई नमस्कार बारम्बार प्रणाम छ ॥
विप्र हो ! शुक्लपक्षैमा माघ कार्तिक चैत्रको ।
रामायणकथा—गाथा नौ दिनैमा सुनिन्छ यो ॥
मुनि - गौतमको श्राप पर्दा सौदास विप्रले ।
पाए राक्षसको चोला सुन्नुहोस् मुनिश्रेष्ठ ए ! ॥
यै रामायणको ब्रह्मन् ! त्यस्तो ठूलो प्रभावले ।
श्रापबाट भई मुक्त छुटे राक्षस—देहले ॥

४१

सनकुमार भन्नुहुन्छः—

४२

मुनीश्वर ! दिने राम्रो फल सम्पूर्ण धर्मको ।
रामायण कथा यस्तो भन्नुहोस् कसले भन्यो ?॥
पर्‍यो गौतमको श्राप सौदासैमा गरी कसो ? ।
भए मुक्त उनी फेरि कसरी त्यसले ? प्रभो !॥
मुने ! हामीहरू माथि छ भने प्रभुको दया ।
भन्नुहोस् राम्ररी ब्रह्मन् ! बुझाएर सबै कुरा ॥
भगवान्‌को कथा त्यस्ता भन्ने--सुन्ने दुवैकन ।
पवित्र पार्दछन् साह्रै पाप नाश गरी जुन ॥
यो रामायण उत्पन्न वाल्मीकिमुखबाट भो ।
सुधारूप छ त्यो गाथा नौ दिनैमा सुनिन्छ जो ॥
धर्म कर्म सबै जान्ने नामका सोमदत्त ती ।
सौदास विप्र थे यौटा युग सत्य हुँदा अघि ॥
यिनले ब्रह्म जानेका मुनि गौतमबाट नै ।
गङ्गाका तटमा राम्रो सुनियो सब धर्म नै ॥
पुराण शास्त्रका नाना भनी पुण्यकथा सब ।
उनलाई दिएकाथे मुनिले तत्त्व वास्तव ॥
सौदासले पनी सारा उहाँबाट भने सरि ।
सुनेकाथे लिएकाथे शुभ धर्म थरी थरी ॥

५०

५१

गर्न आराधना साक्षात् शिवको परमेश्वर ।
कुनै दिन थिए व्यग्र ती सौदास निरन्तर ॥
यसैबेला वहाँ आए उनका गुरु गौतम ।
टक्र्याएनन उठी किन्तु गुरुमा उनले नमः ॥
तेजका राश थे साक्षात् बुद्धिमान् मुनि गौतम ।
भए शान्त, रिसाएनन् देखेर पनि यो पुनः ॥
बरु तुष्ट भए ज्यादै शास्त्रोक्त शुभ कर्मको ।
पालना गर्छ यो शिष्य सौदास भनि संझियो ॥
महादेव र सर्वात्मा जगद्‌गुरु महेशको ।
आराधना गरेकाथे उनले राम्ररी बडो ॥
गुरु-गौतम ती आफ्ना आउँदा पनि किन्तु, जो
स्वयं उठेर ढोगेनन् शिवज्ञे तर ताड्नु भो ॥
नसक्ता गुरुको हेला खप्न यो, भै रिसाँउने
उनमा बक्सियो श्राप राक्षसी जुनि पाँउने ॥
सम्पूर्ण धर्मका मर्म जानेका धर्मरूपका
समर्थ गुरु थे त्यस्ता देख्न सक्ने सबै कुरा ॥
खुशी पार्ने कला जान्ने रिसाएकाहरूकन ।
भने सौदासले आफ्ना गुरुमा हाल यो पुनः ॥

५९

६०

भगवन् ! जो यहाँ मैले अपराध गरें प्रभो ! ।
गरी पाँऊ क्षमा सारा जत्ति जो जो म बाट भो ॥

गौतम मुनि भन्दछन्ः—

६१

त्यो शुक्लपक्षमा बाबु ! भैगो ! कार्तिक-मासको ।
रामायण-कथा सुन्नु, छ जो अमृत-तुल्यको ॥

६२

नवाहरूपमा सुन्नु नौ दिनैमा निरन्तर ।
श्रद्धाले भक्तिले ठूलो अधि सारेर आदर ॥

६३

यसो गर्‍यौ भने बाबु ! श्राप धेरै रहन्न यो ।
बान्ह वर्षतकै टिक्छ सुन लौ प्रेम साथ त्यो ॥

ब्राह्मण भन्दछन्ः—

६४

गुरुदेव ! भन्यो कल्ले यो रामायणको कथा ।
छन् चरित्रहरू कस्ता त्यसमा कसका तथा? ॥

६५

सब संक्षेपले भन्नोस् ए मेरा बुद्धिमान् गुरो ! ।
गुरुका पाउमा ढोगे भई अनि खुशी बडो ॥

गौतम भन्दछन् ः—

CC-0. In Public Domain. Digitization by eGangotri

६६

कुरा सुन ! तिमी ब्रह्मन् ! यो रामायण - काव्य हो ।
बाल्मीकिले बनाएको पाप नास्न समर्थको ॥
भगवान् हरिले आफैं लिई रामावतार त्यो ।
यसमा गरिएकोछ ठूल्ठूला काम देवको ॥
रावणादिक जो जो थे दुष्ट राक्षस भूमिमा ।
मारेको ती सबैलाई छ जीवन — चरित्रमा ॥
तिमी सुन यसैलाई यो सुन्ने व्यक्ति अन्तमा ।
पापमुक्त भई सारा आउँछन् स्वस्वरूपमा ॥
संसारी जीवको सारा पाप नास्न समर्थ छ ।
यो रामायणको गाथा पवित्र अतिअद्भुत ॥
सुन्नु पर्छ यसैलाई शुभ कार्तिक — मासको ।
शुक्लपक्ष हुंदा खेरि नौ दिनैमा, नवाह भो ॥
भनी यत्ति उनीलाई सर्वसम्पन्न जो थिए ।
मुनि गौतम विद्वान् ती आफ्नो आश्रममा गए ॥
सोमदत्त हुने नाम सौदास उपनामका ।
भए विप्र यतापट्टि घोर राक्षसरूपका ॥
दुःख पाए निकै ठूलो तीर्खाले भोकले यता ।
सताउँथ्यो उनीलाई क्रोध नै बढ्दथ्यो सदा ॥
उनका देहको कान्ति कालो सर्प सरी भयो ।
डर्लाग्दो वनमा एक्लै घुम्थे, भै राक्षसै अहो ! ॥

७५

७६

सर्प, बिच्छी, चरा, मर्त्य, मृग, वानर आदि यी ।
समात्थे र उनी खान्थे परेमा उनको अघि ॥
सुन्नोस् ब्रह्मर्षि हो ! तस्मात् विप्र राक्षसबाट ती ।
खाएका सब प्राणीको हाड थुप्रो भयो अति ॥
त्यसलाई पनी खाने राता – नीला शरीरका ।
प्रेतले रगतै चुस्ने डर्लाग्दी भै गहन धरा ॥
सय – योजनकी पृथ्वी व्याप्त भो महिना छमै ।
अत्यन्त दुःखितै पारी गयो अर्को अरण्यमै ॥
वहाँ पनि त्यसै गर्थ्यो खान्थ्यो त्यो नरमांस नै ।
पुग्यो त्यो डर पारेर नर्मदाको किनारमै ॥
यै बेला अति धर्मात्मा नामका गर्ग ब्राह्मण ।
कलिङ्ग – देशमा जो थे जन्मेका, भेटिए पुनः ॥
थे गङ्गाजल बोकेका काँधमा उनले यता ।
नाना स्तुतिहरू गर्थे विश्वेश प्रभुको उता ॥
लोकाभिराम श्रीराम प्रभुको गुण—नाम ती ।
गाउँदै आउँथे विप्र, थिए हर्षित जो अति ॥
यी गर्ग मुनि आएको देख्तै सौदासले भन्यो ।
मिल्यो भोजन यो बल्ल उठाई हात झम्टियो ॥
भगवन्नाम उनले लिएको जो सुन्यो सब ।
सकेन नजिकै पुग्न भो टाढै ठिङ्ग राक्षस ॥

८५

८६

मार्न ब्रह्मर्षिलाई ती असमर्थ भए पछि ।
यसरी भन्न लाग्यो त्यो मुनि ब्राह्मण साथ यी ॥

राक्षस भन्दछः—

८७

महान् सौभाग्यशाली ए भद्र विप्र ! विचित्र भो ।
महात्मा प्रभुमा मेरो छ नमस्कार यो प्रभो ! ॥
संझदैमा पनी नाम-माहात्म्य प्रभु–विष्णुको ।
भाग्दछन् यसरी टाढा सब राक्षस यी अहो ! ॥
मैले यस अघी ब्रह्मन् ! यहाँ कोटि सहस्र ती ।
मारें विप्रहरूलाई गरें भक्षण, भो अति ॥
भगवन्नाम–रूपी यो पैह्रेको कवचै अहो ! ।
रक्षा तपाईंको गर्छ भयले राक्षसादिको ॥

९०

९१

नाम-स्मरणले मात्र हामी राक्षस सम्म त ।
भयौं शान्त, हुने यस्तो यो कस्तो हरिशक्ति छ ? ॥
छुटेको भइ बक्सिन्छ राग-द्वेषादि दोषले ।
ए महाभाग्यवान् ब्रह्मन् ! रामगाथा–प्रभावले ॥
तसर्थ अब हे ब्रह्मन् ! यस्ता अधमरूपका ।
पातकादिहरूबाट बचाई पाउँ, होस् कृपा ॥
मैले अघि गरेकोथें हेला स्वगुरूको प्रभो ! ।
पछि आज्ञा भएकोथ्यो दया गरि ममा यसो ॥

९४

CC-0. In Public Domain. Digitization by eGangotri

९५
वाल्मीकि मुनिंले पैले रामायण-कथा रचे ।
कार्तिक शुक्लपक्षैमा सुनेस् त्यो अतिप्रेमले ॥
भन्नुभो त्यसकै साथ वाक्य यो रम्य श्रेयद ।
सुन्नुपर्छ दिनैमा नौ रामायण-कथामृत ॥
९६

९७
सम्पूर्ण शास्त्रको मर्म जानेका तत्वपूर्वक ।
हजूरै भइ बक्सिन्छ ए महाभाग ! वास्तव ॥
रामायण कथा त्यस्तो सुनाई मकनै स्वतः ।
यो पाप-कर्मद्वारा नै छुटाई बक्सियोस् अतः ॥
९८

नारद भन्नुहुन्छः—

९९
भनेको त्यसले यस्तो श्रेष्ठ माहात्म्य रामको ।
सुनेर ती द्विजश्रेष्ठ भए आश्चर्य पूर्णको ॥

१००
आधार रामकै नाम लिएका विप्रदेवले ।
सौदास राक्षसैलाई दया लागी यसो भने ॥

विप्र भन्दछन्ः—

१०१
तिम्रो भाग्य उदाएछ राक्षसेश्वर ! लौ अब ।
जो तिम्रो बुद्धि भो यस्तो अतिनिर्मल वास्तव ॥
यो शुक्लपक्ष चल्दैछ ऐले कार्तिक मासको ।
रामायण-कथा सारा यसमै सुन पुण्य त्यो ॥
राममा भक्ति लागेका ए राक्षस! तिमी अब ।
श्रीरामचन्द्रको त्यस्तो माहात्म्य — श्रवणै गर ॥
हुने तत्पर तल्लीन ध्यानमा रामचन्द्रको ।
जनमा दिनमा बाधा हुन सक्ला समर्थ को ? ॥
छन् जहाँ रामका भक्त त्यहाँ छन् शिव विष्णु र ।
महादेव पनी साक्षात् टिक्तछन् नित्य भै स्थिर ॥
देवता सिद्ध इत्यादि घुम्दछन् नित्य नै वहाँ ।
यो रामायणमा रम्ने मनुष्यहरु छन् जहाँ ॥
१०६

१०७
राक्षसेन्द्र ! तिमी तस्मात् यही कार्तिकमासको ।
सुन लौ शुक्लपक्षैमा रामायण पवित्र त्यो ॥
विधान यो कथा सुन्ने छ नौ दिनतकै पुनः ।
यसअर्थ तिमी होउ सावधान प्रविक्षण ॥
त्यसलाई भनी यत्ति ती गर्ग—मुनिले अब ।
सुनाए प्रेमले ठूलो रामायण—कथा सब ॥
सुनि सक्ता नसक्ता नै यो कथा त्यसको यता ।
राक्षसत्व भयो नाश हुनगो परिपूर्णता ॥
परित्याग गरी हाल्यो जुनि राक्षसको अनि ।
भै हाल्यो देवतै जस्तो अतिसुन्दर त्यो पनि ॥
करोडौं सूर्यकै जस्तो तेजस्वी अति चम्किलो ।
शङ्ख, चक्र, गदा, पद्म लिएको चार हातको ॥
११२

११३
भई राम सरी आफैं प्रशंसा गरि विप्रको ।
भै शान्त खुश, गै हाल्यो हरिमन्दिरतर्फ त्यो ॥

नारद भन्नुहुन्छः—

११४
ए विप्रवर हो ! तस्मात् त्यो रामायणको कथा ।
तपाईं पनि सम्पूर्ण सुन्नुहोस् हो यही सुधा ॥
सुन्नुपर्दछ जो ब्रह्मन् ! नौ दिनैमा यसर्थ यो ।
कार्तिकै मासमा सुन्ने महिमा छ विशेषको ॥
११५

११६
यो रामायणको नाम सुन्नाले मर्त्यको सब ।
करोडौं थरिका ठूला दृढ-पातक छुट्तछन् ॥
अरु सानातिना पाप जो जो छन् छुट्तछन् सब ।
अन्तमा मुक्त भै हाल्छ उच्च नै गति पाउँछ ॥
११७

CC-0. In Public Domain. Digitization by eGangotri

११८

रामायण भनी जल्ले एकपल्ट पनी भन्यो ।
त्यो पुग्छ विष्णु-लोकैमा सब पापा दिमुक्त भो ॥
यो आख्यान गरी भक्ति पढ्छन् वा सुन्दछन् जुन ।
गङ्गास्नान-फलै पुण्य भेट्छन् पर्छै तिनै पुनः ॥

११९

इतिश्री स्कन्दपुराणान्तर्गत वालमीकिरामायण-माहात्म्यमा
दोस्रो अध्याय

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो अध्याय

माघमा रामायण–श्रवण फल र राजा सुमति

रानी सत्यवतीका पूर्वजन्मको कुरा

१

सन्मान मुनिको गर्ने देवर्षे नारद प्रभो ! ।
सुनाउँनु भयो यस्तो हामीमा अद्‌भुतै कुरो ॥
भन्नुहोस् अब हामीमा अझ विस्तारपूर्वक ।
त्यो रामायण–माहात्म्य दिन्छ आनन्द जो सब ॥

२

३

त्यो रामायण—माहात्म्य सुन्यौं कार्तिक मासको ।
कृपा गरेर माहात्म्य भन्नुहोस् अरु मासको ॥
भगवन् ! प्रभुका यस्तो वचनामृत—पानले ।
अघाउँला र को व्यक्ति होला तुष्ट गरेर के ? ॥

४

नारद भन्दछन्ः–

५

भाग्यमानी निकै ठूला हुनुहुन्छ तपाइँ ता ।
कृतकृत्य पनी ज्यादै छैन संशय कत्ति बा! ॥
भक्तिभाव लिईं तस्मात् भगवान् रामचन्द्रको ।
महिमा सुन्नको निम्ति तयार हुनुहुन्छ जो ॥
मुनिले ब्रह्म जानेका रघुनन्दन — नाथको ।
चरित्र—महिमा सुन्नु भने, छ अति–योग्य जो ॥
परन्तु यो कुरा ठूला धर्मात्मा व्यक्तिमा पनि ।
गाह्रो पर्दछ अत्यन्त त्यसै प्राप्त हुनै पनि ॥
मुनि हो ! रोग नास्ने र पापनास्ने विचित्रको ।
पुरानो छ कुरा यौटा ल सुन्नोस् ! इतिहासको ॥
पहिलेको कुरा हो यो युग द्वापरमा अघि ।
यौटा प्रसिद्ध राजा थे हुने सुमति नाम यी ॥
मुनि हो ! उनको जन्म भएथ्यो चन्द्रवंशमा ।
जो सातै द्वीपका स्वामी थिए सम्राट् स्वयं यहाँ ॥
सत्यवादी थिए साह्रै धर्ममा रम्दथ्यो मन ।
विभूषित थिए नाना श्रीसम्पत्ति हुँदा पुनः ॥
सेवा श्रीरामको गर्थे कथा सुन्थे निरन्तर ।
गर्थे आराधना नित्य रामकै भइ तत्पर ॥

१३

१४

गर्ने आराधना—पूजा रामका भक्तमात्रको ।
गर्थे सेवा, अहं भन्ने थिएन उनमा अहो ! ॥
थिए सद्‌गुणका खानी छवैमा सम देख्दथे ।
पूज्यको मान्यको सम्म पूजा आदर गर्दथे ॥
थे राजा कीर्ति फैलेका, स्वयं शान्त, कृतज्ञ थे ।
विश्वका सब प्राणीको जो सदा हित गर्दथे ॥
शुभ–लक्षणकी सारा सुशोभित हुँदी अति ।
पत्नी थिन् उनकी त्यस्तै सबै सौभाग्य थुमिंदी ॥
थियो सत्यवती नाम मुनि हो ! उनको अनि ।
थिइन् पतिव्रता ज्यादै, पतिप्राण हुने पनि ॥
दुइटै पति—पत्नी यी स्वयं नित्य—निरन्तर ।
थे रामायण पढ्नामै—सुन्नामै नित्य तत्पर ॥
अन्नका रासका रास गर्दथे दान यी सदा ।
दिनै दिन दिने गर्थे जल–दान पनी यता ॥
यी दुवै पति–पत्नीले रचे नाना प्रकारका ।
बगैंचा पोखरी कूवा अतिराम्रा जतातता ॥
महान् सौभाग्यशाली थे राजा सुमति ता यता ।
लाग्थे रामायणैपट्टि सुन्न पढ्न स्वयं सदा ॥

२२

CC-0. In Public Domain. Digitization by eGangotri

२३

मुनि हो ! त्यस बेलामा त्यो रामायण – काव्य ता ।
राजामा बढ्दथ्यो भक्ति पढ्दा पढ्न, लगाउँदा ॥
लागेका राम – सेवामा यस्ता धर्मज्ञ भूपका ।
साथमा प्रिय – रानीकै गर्दथे स्तुति देवता ॥

यस्ता राजा र रानीका धर्मात्मा जो थिए यहाँ ।
प्रसिद्धि फैलियो ज्यादै सारा त्रैलोक्यबीचमा ॥
आए विभाण्डक –– मुनि कुनैदिन यिनैकन ।
हेर्नको निम्ति ली साथ आफ्ना शिष्य अनेकन ॥

२६

२७

मुनिश्रेष्ठ उहाँलाई आएको देखि त्यस्तरी ।
राजा सुमतिमा ठूलो भईगो हर्षको भरी ॥
पत्नी साथ लिई बोकी पूजा – सामान विस्तृत ।
मुनिलाई लिन गए नरेश्वर स्वयं तब ॥

गरे अतिथि – सत्कार राजाले मुनिको अब ।
बसे आसनमा योग्य ऋषि शान्त भई तब ॥
राजा पनि बसे आफ्नो नीचो आसनमा वहाँ ।
अनि ती हात जोडेर भन्दछन् मुनिराजमा ॥

३०

राजा भन्दछन् :–

३१

भगवन् ! प्रभुले आज सवारी भै दिंदा यहाँ ।
गरे जस्तो भए सारा गर्नु पर्ने कुरा यहाँ ॥
विद्वान् पुरुष भन्छन् यो शुभागमन सन्तको ।
भनी सुख दिने हुन्छ, प्रशंसा गर्दछन् बडो ॥

महान्‌पुरुषको प्रेम जहाँ हुन्छ निरन्तर ।
श्री – सम्पत्ति वहीं सारा शुप्रिन्छन्, बन्दछन् स्थिर ॥
विद्वान् यसो पनी भन्छन्, वहीं कीर्ति तथा धन ।
तेज पुत्रादि सम्पूर्ण टिक्छन् स्थायी बनीकन ॥

३४

३५

कृपा हुन्छ मुने ! ज्यादै महात्मा सन्तको जहाँ ।
श्रेयादि बढ्दछन् नाना प्रभो ! प्रतिदिनै वहाँ ॥
जसले शिरमा राख्छ विप्रका पाउको जल ।
हो त्यही पुण्यवान् पक्कै नुहायो तीर्थमा सब ॥

शान्त-स्वरुप ! ए ब्रम्हन् ! आज्ञा होस् के गरुँ प्रभो ! ।
मेरा यी पुत्र – पत्नी र सुम्पें सम्पत्ति सम्म जो ॥
झुकी विनयले दस्तो भन्ने राजाकनै अब ।
हेरी विभाण्डक – मुनि भए खुश निकै तब ॥

३८

३९

राजालाई अनी आफ्नो छोएर करले शुभ ।
सनत्कुमार ब्रह्मर्षे ! भने ती मुनिले अब ॥

ऋषि भन्दछन्ः –

४०

तिमीले जो भन्यौ राजा ! अतिलायकको भन्यौ ।
यो तिम्रै कुलको निम्ति सुहाउँदछ है बुझ्यौ ! ॥
यस्ता प्रकारले जो जो झुक्छन् विनयले नर ।
श्रेय-कल्याणका भागी तिनै हुन्छन् निरन्तर ॥

तिमी सन्मार्गमा हिंड्छौ यसर्थ म छु है खुश ।
तिम्रो कल्याण होस् राजन् ! जो सोध्छु भन त्यो अब ॥

४२

४३

हरि - संतुष्ट पार्नेछन् अनेकन पुराण ती ।
रामायणतिरै रम्छौ तिमी किन सबै त्यजी ? ॥
रम्दछौ, पढ्दछौ, सुन्छौ महिना माघमा पनि ।
महारानी पनी राजन् ! छन् तिम्रै अनुगामिनी ॥

राममै रम्दछिन नित्य छन् यी अतिपतिव्रता ।
भन लौ यसको हेपु छ के अब यथार्थता ? ॥

४५

राजा भन्दछन्ः —

४६

म भन्छु सोधि बक्सेको मुनिबक्स्योस् सबै कुरा ।
हाम्रो चरित विश्वैमा भयो आश्चर्यकै कुरा ॥

४७

अघिल्लो जन्ममा ब्रह्मन् ! थिएँ शूद्र म एउटा ।
नाम मालिनि थ्यो मेरो थियो दुष्ट स्वभाव ता ॥

CC-0. In Public Domain. Digitization by eGangotri

४८

सँधै कुमार्गमा हिंड्थें छुल्याहा थें असाध्य म ।
गर्दथें कुमलो नित्य सम्पूर्ण जनको पुनः ॥
गर्दथें धर्मको द्वेष देवताहरुको यता ।
हर्दथें धन — द्रव्यादि गर्दथें पाप सर्वदा ॥
ठूलठूला पातकी साथ गर्दथें म बसाउठी ।
यता चलाउँथे आफ्नो जीविका देव-द्रव्य ली ॥
गर्नु चोरी र गोहत्या-विप्र-हत्यादि काम थ्यो ।
उता सम्पूर्ण प्राणीको हिंसामै मन रम्दथ्यो ॥
सँधै कठोर बोल्थें म गर्दथें पाप नित्य म ।
ती वेश्याहरुकै साथ थिएँ आसक्त फेरि म ॥
घरमा म बसें केही कालसम्म यसो गरी ।
नाघेर मान्यको आज्ञा मन लागे सरी गरी ॥
बन्धु-बान्धवले ब्रह्मन् ! अन्तमा त्यागिदिए पनि ।
मनैमन भई दिक्क पसें वनतिरै अनि ॥
वहाँ मृगहरू मार्थें मासु खान्थें दिनैदिन ।
बाटो नै रोकि दिन्थें म पाशो थापी त्यहाँ पुनः ॥
अनकन्टारको त्यस्तो वनमा यसरी मुने ! ।
एक्लै घुम्ने तथा बस्ने म भएँ दुःख पाउँने ॥
यसरी भगवन् ! घुम्दा अनकन्टारको वन ।
भोकले प्यासले ज्यादै पिर्न थाले ममा पुनः ॥
निद्राले ढलुँला जस्तो भैरहेको थियो अहो ! ।
यैवेला भाग्यले देखें शुभाश्रम वसिष्ठको ॥
नजीकै त्यसको ब्रह्मन् ! यौटा ठूलो सरोवर ।
रहेछ, जसमा खेल्थे हाँस-कारण्डवादिक ॥
थियो वरिपरी नाना जङ्गलीपुष्प पुष्पित ।
मुनिराज भएकोले कुटीमा त्यस वस्तुतः ॥
वहाँ पुगि पिई पानी बसें थ्याच्च किनारमा ।
थकाई यसरी आफ्नो मैले मेटें प्रभो ! वहाँ ॥
मेटें भोक पनी खाई उखेली वृक्षका जरा ।
यसरी भगवन् ! नासें भोक, प्यास, थकाइ ता ॥
त्यो शुभाश्रममा ब्रह्मन् ! मुनिराज-वसिष्ठको ।
नजीकै बस्न लागें म अनि ता अलि शान्ति भो ॥
जोरें स्फटिकका टुक्रा थिए जुन त्यहाँ पुनः ।
हालें जग तिनैको र थालें घर बनाउँन ॥

६४

६५

झार-पात गरें लम्बा काठ ल्याएर राम्ररी ।
बस्न थालें सुखै साथ यौटा घर खडा गरी ॥
गर्थें म वृत्ति व्याधाको मार्थें नाना थरी मृग ।
चलाई यसरी वृत्ति बीस वर्ष विते तब ॥
आइन् त्यस पछी मेरी धर्मपत्नी यिनी प्रभो ! ।
अकस्मात् म भए ठाम दैवसंयोगले अहो ! ॥
यिनको नाम थ्यो काली भगवन् ! पूर्वजन्ममा
निषाद — कुलकी थिन् यी, जन्मेकी विन्ध्यदेशमा ॥
त्यागी दिए यिनीलाई यिनका बन्धु — वर्गले ।
निकै बूढी भएकी थिन् पिरिन्थिन् दुःख — पीरले ॥
भोकले, प्यासले सान्है थिइन् शिथिल — देहकी ।
कसरी जीविका चल्ला भन्ने दुःख थियो अति ॥
अनकन्टारको त्यस्तो म बसेको वनैभरी ।
घुम्दै आइ पुगेकी थिन् दैव — संयोगले गरी ॥
ग्रीष्मको महिना थ्यो त्यो गर्मी थ्यो अति बाहिर ।
भित्र पिर्थ्यो यिनीलाई दुःख — पीर निरन्तर ॥
अत्यन्त दुःखिनी यस्ती देख्नासाथ यिनीकन ।
भित्र ठूलो दया उब्ज्यो यो मेरो मनमा पुनः ॥
दिएँ मैले यिनीलाई लाऊ खाऊ ! भनी जल ।
त्यसकै साथमा अर्पें खान जङ्गलका फल ॥
भोक, प्यास, थकाई त्यो मेटेर त्यसरी यिनी ।
बसिन् पछि अनी सोधें मन कोहौ तिमी ? भनी ॥
भगवन् ! यसरी सोद्धा यिनीले आफ्नु हाल त्यो ।
भनिन् सब ममा स्पष्ट सुनिबक्स्योस् म भन्छु जो ॥
यिनी थिन् नामकी काली निषाद — कुलकी तथा ।
विन्ध्यप्रदेशमा बस्ने पिता दाम्भिककी सुता ॥
वहाँ यी गर्दथिन् काम दुष्टधाईं र छुल्याइँको ।
अर्काको धन हर्ने र चोर्ने लुट्ने अनर्थको ॥
यिनीले पतिको आफ्नो कुनै दिन गरिन् वध ।
बन्धु — वर्गादिले त्यागे थापाए पछि त्यो सब ॥
अनकन्टार वनमा कहीं घर न पाउँदा ।
म भएमा यिनी आइन् यसकारणले ददा ॥
गरेका आफुले सारा भनिन् काम — कुरा ममा ।
यिनीले पनि त्यैठीक मैले बस्तो भनें यहाँ ॥

८१

CC-0. In Public Domain. Digitization by eGangotri

८२

वशिष्ठ – मुनिको पुण्य शुभाश्रम नजीकमा ।
पती – पत्नी भई हामी बस्न लाग्यौं अनी वहाँ ॥
मासु खाएर बाँच्तैथ्यौं ता पनी निन्दित वृत्तिको ।
खोजी गर्न गयौं हामी आश्रमैमा वशिष्ठको ॥
देवर्षिहरूको मेला हुँदा मेला थियो वहाँ ।
यै देखेर गएकाथ्यौं भेटन जूठो -- पुरा जहाँ ॥
माघमास थियो ब्रह्मन् ! त्यसताक वहाँ सब ।
सब रामायणै पढ्थे -- सुन्थे दिनदिनै तब ॥
निराहारै थियौं भोक -- प्यास नित्य सताउँथ्यो ।
मुनि – आश्रममा यस्तो भाग्यले जो पुग्यौं प्रभो ! ॥
रामायण – कथा त्यस्तो नौ दिनैतक भक्तिले ।
वहाँ सुन्न गयौं हामी मुने ! त्यस प्रकारले ॥
मरी हाल्यौं दुवै हामी अकस्मात् यसबीचमै ।
प्रसन्न हरि भै बक्स्यो हामीमा कर्मले तिनै ॥
मधुसूदन सर्वात्मा भगवान् वासुदेवले ।
पठाइ बक्सियो दूत लिन हामीकनै ऋषे ! ॥
विमानमा चढाएर गए दूतहरू तब ।
देवाधिदेवको ब्रम्हन् ! उत्तमै धाममा त्यस ॥

६०

६१

पुगी अनि वहाँ हामी जत्ति कालतकै जुन ।
ठूल्ठूला भोग भोग्यौं ती भन्दछौं सुन्नुहोस् पुनः ॥
वहाँ कोटि सहस्रै र युग कोटि शतै पनि ।
रामको धाममा त्यस्तो बस्यौं आनन्दमा अनि ॥
ब्रम्हलोकतिरै आयौं वहाँ पनि बस्यौं त्यति ।
इन्द्रलोकतिरै आयौं अनि हामी दुवै पछि ॥
त्यत्ति कालतकै भोग्यौं श्रेष्ठ भोग वहाँ पनि ।
क्रमैले यस पृथ्वीमा हामी आइ पुग्यौं अनि ॥
यहाँ पनि भएकाछौं राजा--रानी दुवै प्रभो ! ।
रामायण--कृपा पर्दा श्री–सम्पत् छ अतुल्य यो ॥
त्यो रामायण सुन्दामा अनिच्छाले पनी हरे ! ।
हामीलाई भयो प्राप्त यस्तो फल महान् ऋषे ! ॥
अमृतै--तुल्यको मीठो छ रामायणको कथा ।
नवै दिन लगाएर सुन्नुपर्छ सभक्ति ता ॥
धर्मात्मन् ! यसरी सुन्दा यो रामायण वास्तव ।
जन्म, मृत्यु, जरा आदि सुन्नेको नाश गर्दछ ॥
विवशै भइ जो कर्म गर्छन् मर्त्य भने पनि ।
रामायण--कृपाले ती भेट्छन् फल महान् अनि ॥

६६

श्री नारद भन्नुहुन्छः--

१००

सुनेर यो सबै हाल गए आफ्नो तपोवन ।
ती विभाण्डक टक्र्याई राजामा अभिनन्दन ॥
सुन्नुपर्दछ यै तस्मात् देवदेवश नाथका ।
बाहुमा चक्र धर्छन् जो यो कथा पुण्यदा सदा ॥

१०१

१०२

विशेष मानिएको छ रामायण--कथा पुनः ।
कामधेनु समानैको दिने फल मनोरम ॥
माघको शुक्लपक्षैमा सुन्नुपर्दछ नौ दिन ।
फल सम्पूर्ण धर्मैको दिन्छ आख्यान यो पुनः ॥

१०३

१०४

रामाख्यान छ यो पुण्य पाप नास्तछ यै सब ।
जो पढ्छ, सुन्छ त्यै भेट्छ राममा भक्ति वास्तव ॥

इतिश्री स्कन्दपुराणान्तर्गत वाल्मीकिरामायण–माहात्म्यमा
तेस्रो अध्याय

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो अध्याय

चैत्र महिनामा रामायण पढ्नु-सुन्नुको महात्म्य तथा कलिक-व्याधा र उत्तङ्क-मुनिको कथा

१

श्रीनारद भन्नुहुन्छ:-

यो रामायणको पाठ गर्न सुन्न सुयोग्यको ।
अर्को छ महिना यौटा सुन्नुहोस् त्यै महर्षि हो ! ॥
हुनुहोस् अब एकाग्र यै पाप सब नास्तछ ।
पुण्य दिन्छ यही सारा दुःख-कष्टादि मास्तछ ॥
विप्र-क्षत्रिय औ वैश्य-शूद्र-स्त्रीहरुको सब ।
मनका कामना जत्ति पुऱ्याउँछ दिई फल ॥
यो रामायण पढ्दा र सुन्दा यत्न गरी मुने ! ।
हुन्छन् मनुष्य ती नाना व्रतका फल पाँउने ॥
यही नास्तछ दुःस्वप्न, धन प्राप्ति गराउँछ ।
जुराउँछ यही भोग, दिन्छ यै मोक्षको फल ॥
पापादि नास्छ पढ्नेको सुन्नेको सब यो कथा ।
उदाहरण दिन्छन् यो ऋषिको इतिहासका ॥
विन्ध्यप्रदेशको ठूलो जङ्गलैमा निकै अघि ।
बस्थ्यो कलिक यो नाम हुने व्याधा सुदुर्मति ॥
अर्काको धन-स्त्री हर्न त्यो मरीमेट्तथ्यो सदा ।
त्यसैमा रम्दथ्यो, भोग्थ्यो भोग नाना प्रकारका ॥
निन्दा-चर्चादि अर्काको गर्थ्यो नित्य-निरन्तर ।
दिन्थ्यो समस्त प्राणीमा दुःख कष्ट बराबर ॥
कैयौं विप्रहरू मार्थ्यो, गर्थ्यो हत्या अनेकन ।
यता शयौं हजारौं ती, गाई माऱ्यो दनादन ॥
त्यसको काम थ्यो नित्य हनु नै अरुको धन ।
त्यसको साथ-साथैमा देवस्वै हर्दथ्यो पुनः ॥
साना ठूला गरी त्यल्ले गऱ्यो पाप अनेकन ।
करोडौं वर्ष पर्यन्त बो सकिन्नन् गनीकन ॥
प्राणीको काल जस्तो त्यो महापापी कुनै दिन ।
पुगी गो पुर सौवीर हुने धेर धनै-धन ॥

१३

१४

श्री-सम्पत्ति थियो धेरै सौवीर-पुरमा त्यस ।
थे जहाँ रमणी-नारी अलङ्कृत विभुषित ॥
तलाउ पनि थे नाना हुने शुद्ध सफा जल ।
बजारहरु थे फेरि सिंगारेका सुशोभित ॥
मुनि हो ! मवाट्ट हेर्दा त्यो सौवीर-पुर वास्तव ।
देवताहरूको दिव्य पुरै जस्तो थियो सव ॥
सुन्नोस् ! उपवनैबीच त्यसको मध्यभागमा ।
यौटा मन्दिर थ्यो राम्रो भगवान् हरिको यहाँ ॥
घडाले ढाकिएको थ्यो अनेकन सुवर्णका ।
देख्ना साथ यता व्याघा साह्रै खुश भयो तदा ॥
हीरा मोती सुवर्णादि रहेछन् धेर लौ यहाँ ।
गुट्मुट्याउँछु यी सारा, चितायो त्यसले त्यहाँ ॥
धनमा मरिमेट्ने त्यो चोरी गर्न भनी धन ।
त्यो राममन्दिरै भित्र पसि हाल्यो स्वयं पुनः ॥
वहाँ भित्र पसी हेर्दा देख्यो ब्राह्मणलाइ क्वै ।
जुन तत्त्वार्थ जानेका थिए शान्त-स्वभावकै ॥
उनी थे तपका खानी नाम उत्तङ्क यो थियो ।
गर्थे आराधना सेवा विष्णुका रामरूपको ॥
उनी एक्लै वहाँ बस्थे थिए तल्लीन ध्यानमै ।
थियो मित्र दया ठूलो लोभ, लाल्चा थिएन क्यै ॥
व्याघाले अब त्यो सोच्यो चोरीमा विघ्न पार्छ यै ।
पक्कै पन्छाँउनै पर्छ यसलाई, गम्यो यसै ॥
भगवान् हरिको त्यस्तो वहाँका वस्तु, द्रव्य ती ।
चोर्नें मन गरी निस्क्यो आधा रात भए पछि ॥
मदले मत्त थ्यो व्याधा हातमा तरवार थ्यो ।
गै उत्तङ्ककनै झम्ट्यो पछाऱ्यो, छातिमा चढ्यो ॥

२६

२७

पाउले छातिमा टेकी समाती हातले जटा ।
मार्नै लागे पछी देखे, भने उत्तङ्कले तदा ॥

उत्तङ्क भन्दछन्ः-

२८

ए सज्जन ! तिमी मार्छौ मलाई किन व्यर्थमा ? ।
तिम्रो विगार क्यै त्यस्तो न त मैले गरें यहाँ ॥
अपराध गरें मैले कुनै तिम्रो कि लुब्धक ! ।
अपराधीकनै मार्छन् मारेमा यत्नपूर्वक ॥
भला मानिस छौ बाबु ! कुनै निरपराधको ।
हिंसा, सज्जन गर्दैनन् कहिल्यै बुझ सत्य यो ! ॥
चित्त शान्त हुने व्यक्ति राम्रो चाल-चरित्रका ।
मूर्ख आफ्नो विरोधीको पनि हेर्छन् गुणै सदा ॥
गुण राम्रो भए बेस उनीहरु सँगै पनि ।
त्यसै विरोध गर्दैनन् स्वयं ठूला-बडा पनि ॥
सँधै सुने पनी गाली जो खपी बस्छ मानिस ।
श्रेष्ठ भन्छन् त्यसैलाई, विष्णुको भक्त भो प्रिय ॥
आश्चर्यको कुरा यै छ बलियो छ बडो विधि ।
दिईं रहन्छ कष्टादि विश्वका व्यक्तिलाइ यी ॥
त्यसमा पनि झन् बढ्दा निःसङ्गी साधुलाइ नै ।
दिन्छन् नानाथरी दुःख दुष्ट-दुर्जन व्यक्ति नै ॥
छन् है बलवती माया भगवान्‌की अपारकी ।
जो यी सब जगत्‌लाई पार्दछिन् मोहबीच ती ॥
पत्नी-पुत्र तथा मित्र-आदिद्वारा अहो ! यिनै ।
दिन्छिन् नानाथरी कष्ट विश्वका व्यक्तिलाइ नै ॥
हरेर धन-पत्न्यादि मर्त्य पोसिन्छ जो यहाँ ।
अन्तमा सब त्यो छाडी एक्लो भै जान्छ है वहाँ ॥

३८

३६

मेरा माता-पिता, पत्नी, मेरा छोरा भनिन्छ जो ।
व्यर्थैको ममता हो त्यो प्राणीमा दुःख दिन्छ यो ॥
धन, द्रव्य कमाएर दिए सम्म मनुष्यको ।
बन्धु-बान्धव छन् सारा हित गर्छन्, भलै भयो ॥
मूर्ख-मानिसको किन्तु तिनका साथ-साथमा ।
पाप-पुण्य सँगै हुन्छन् जहाँ जाओस् यहाँ-वहाँ ॥
खान्छन् धन कमाएको बन्धु-बान्धव नै सदा ।
एक्लो नै पर्छ त्यो मूर्ख, फल भोग्दछ पापका ।
ती उत्तङ्क यसो भन्थे सोच्थ्यो कलिक ता उता ।
डराई हात जोडेर क्षमा पाऊँ भन्यो तदा ।
पाई त्यस्वा महात्माको सङ्ग त्यस्का प्रभावले ।
हरि-सामीप्य मिल्दो भो त्यसका दिव्य शक्तिले ।
व्याधा कलिकको सारा पाप-ताप छुटे अब
पश्चात्ताप भयो ठूलो मनमा निश्चयात्मिक ।
उनी साथ भनी हाल्यो-मैले जीवनमा प्रभो !
ठूलठूला घोर डर्लाग्दा पापै-पाप गरें अहो ! ।
परन्तु अब विप्रेन्द्र ! पाप ती सब जत्ति थे
पाउँदा प्रभुको यस्तो शुभ दर्शन मासिए ।
म सँधै पाप नै गर्थें ठूलठूला पाप नै गरें
कसको शरणै जाऊँ, हुन्छ उद्धार के गरे ! ।
ऐले व्याधा भएँ यस्तो पापले पूर्वजन्मका
गर्दैछु अझ झन् पाप अब के गति पाउँला ! ।

४६

५०

उदार-मन व्याधाका सुनी यस्ता कुरा तव ।
उत्तङ्क नाम विप्रर्षि भन्छन त्यसकनै अब ॥

उत्तङ्क भन्दछन्ः-

तिमी हौ धन्य ! हे व्याधा ! बडो राम्रो कुरा भन्यौ ।
अतिउज्वल भो बुद्धि तिमी विद्वान् सरी बन्यौ ॥

५१

हुने यो लोकमा नाना दुःख-कष्टादि नाशन जो
उपाय जान्न चाहन्छौ, धन्य छौ, अति बेस हो

५२

CC-0. In Public Domain. Digitization by eGangotri

५३

चैत्रको शुक्लपक्षैमा श्रीरामायणको कथा ।
यसको निम्तिमा बाबु ! सुन्नु पर्दछ सर्वथा ॥
सुन्नु पर्दछ त्यो किन्तु दिनमा नउ, भक्तिले ।
सुन्नालेमात्र त्यो छुट्छ मर्त्य सम्पूर्णपापले ॥
व्याधा कलिकलाई यो सुनाए उनले कथा ।
त्यत्तिकैले छुटे सारा त्यसका पाप—ताप ता ॥

५५

५६

कथा सुने पछी सारा व्याधा-कलिकले भन्यो ।
दयालु मुनि त्यो देखी परे आश्चर्यमा बडो ॥
कमलापति ती साक्षात् भगवान् वासुदेवको ।
मुनि उत्तङ्कले राम्रो गरे स्तुति सुयोग्यको ॥
त्यल्ले पाप सबै छुट्ता रामायण—कथा सुनी ।
भन्यो विमानमा चढ्दै मुनिलाइ यसो अनि ॥

५८

कलिक भन्दछः—

५६

महापातकका नाना दुःख—कष्टादिबाट ती ।
हजूरैका कृपाद्वारा भएँ मुक्त प्रभो ! म यी !॥
हजूरै भइबक्सिन्छ मुनिमा श्रेष्ठ वस्तुतः ।
राम्रो व्रत लिने ब्रह्मन् ! मेरा गुरु समेत त ॥

६०

६१

पापका रास यी मेरा नासिए वेगपूर्वक ।
उपदेश हुँदा पाएँ यस्तो ज्ञान पनी दृढ ॥
भनेको गुरुले सुन्दा रामायण-कथा शुभा ।
पुन्याइएँ म ता दिव्य विष्णुको धाममा यता ॥

६२

६३

दयालु गुरुले यस्ता कृतकृत्य गराइएँ ।
तस्मात् प्रणाम टक्र्याएँ क्षमा होस् जति जो गरें ॥

सूतजी भन्दछन्ः—

६४

मुनिश्रेष्ठ ! उहाँमाथि भनी कलिकले यति ।
स्वर्गका पुष्पको वृष्टि गऱ्यो खुश भई अति ॥
उहाँलाई गऱ्यो फेरि तीनपल्ट प्रदक्षिणा ।
निरन्तर नमस्कार टक्र्यायो त्यसले वहाँ ॥
हरिधाम तिरै लाग्यो त्यो विमान चढी स्वतः ।
धोको पुऱ्याँउने जो थ्यो अप्सराहरुले वृत ॥
रामायण—कथा सुन्नोस् तस्मात् विप्रेन्द्र हो ! अब ।
चैत्रको शुक्लपक्षैमा राम्ररी नौ दिनैतक ॥

६७

६८

छ अमृत सरी मीठो यो रामायणको कथा ।
यत्नले भक्तिले ठूलो सुन्नुपर्दछ जो सदा ॥
छ सबै ऋतुमा ब्रह्मन् ! हित गर्ने भलो दिने ।
यो कथा, भक्तिले पढ्ने, सुन्ने श्रेष्ठ छ पाउँने ॥
यसरी हरिको पूजा गर्ने भक्त निरन्तर ।
भेट्छ जो मनले रोज्छ, शङ्का छैन मुनीश्वर !॥
सनत्कुमारजी ! मैले भनें जो सोध्नु भो सब ।
यो रामायण—माहात्म्य, के सुन्ने भन्नुहोस् अब !॥

७१

इति स्कन्दपुराणान्तर्गत वाल्मीकि रामायण-माहात्म्यमा
चौथो अध्याय

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं अध्याय

रामायण नवाह–श्रवण–विधि र त्यसको महिमा एवं फलको वर्णन

सूतजी भन्दछन्:—

१

सनत्कुमारश्री सोध्छन् ऋषि नारदमा पुनः ।
यो रामायण-–माहात्म्य सुन्दा खुश थिए जुन ॥

सनत्कुमार भन्दछन्:—

२

यो रामायण–माहात्म्य भन्नुभो प्रभुले प्रभो ! ।
अब सुन्न म चाहन्छु त्यसको विधि योग्यको ॥

३

मुने ! तत्त्वं जान्नेमा सिपालु हुनुहुन्छ नै ।
भन्नोस् यथार्थ खोली त्यो गरी ठूलो दया ममै ॥

श्रीनारद भन्दछन्:—

४

हुन्छ लौ मुनि हो ! सुन्नोस् त्यो रामायणको विधि ।
प्रसिद्ध लोकमा जो छ, छ दिने स्वर्ग मोक्ष यो ! ॥
विधान त्यसको भन्छु सुन्नोस् अब मबाट त्यो ।
रामायण–कथा पढ्ने–सुन्ने होस् , भक्तिभावको ॥
विधि राम्रो संगै पाल्नोस्, पाल्नेको यसबाट नै ।
सम्पूर्ण पाप नासिन्छन् कोटी–कोटी हऊन् न नै ॥
चैत्रको माघको त्यस्तै शुभ कार्तिकमासको ।
शुक्लपक्ष हुँदा थालोस् पञ्चमीतिथि देखि यो ॥
संकल्प त्यो गरोस् पैले गरी यो स्वस्तिवाचन ।
सुन्छु नौदिन पर्यन्त रामायण भनीकन ॥
प्रार्थना यो गरोस फेरि प्रभो ! राम ! हजूरको ।
कथा–सुधा प्रतिदिन आज देखि म सुन्छु यो ॥
यो इच्छा, व्रत यो मेरो परिपूर्ण हओस् विभो ! ।
कृपा–प्रसादले स्वामिन् ! राम्रो संग हजूरको ॥
दाँत माझोस् अपामार्ग–शाखाले त्यो दिनैदिन ।
नुहाओस् विधिले फेरि रामभक्ति लिईकन ॥
बन्धुवर्ग लिई साथ रोकी इन्द्रिय आदि यो ।
नुहाओस् दाँत माझेर कुलाचार सरी गरी ॥

१२

१३

शुद्ध श्वेत लुगा पैही घर आएर मौन भै ।
गोडा धोई अचाओस् त्यो मनमा प्रभु संझदै ।
नित्य पूजा सकी आफ्नो भन्दै नारायण प्रभो ! ।
संकल्प ली गरोस् पूजा यो रामायण - ग्रन्थको ।
भक्तिले व्रत गर्नेले आवाहन र आसन ।
गन्ध–पुष्पादिले राम्रो गर्नुपर्दछ पूजन ।
ॐ नमो नारायणाय भक्तिपूर्वक मन्त्र यो ।
पढेर अतिश्रद्धाले पढ्ने, सुन्ने गरुन् यसो ॥
आफ्नो शक्ति भए देखि सब पाप हटाँउन ।
गरुन् होम एक–दुई–तीनपल्ट स्वयं पुनः ।
मन–इन्द्रिय इत्यादि रोकी भै संयमी अति ।
पढ्ने, सुन्ने गरुन् राम्रो यो रामायणको विधि ।
अन्तमा यसरी गर्ने पुग्छ त्यो विष्णुधाममा
फेरि फर्कनु पर्दैन पुगे पछि जहाँ, यहाँ ।
यो रामायण–सम्बन्धी व्रत गर्ने, लिने नर ।
निष्पाप हुन्छ धर्मात्मा त्यै हो साधु मुनीश्वर ! ।
यस्ताले कहिले हुन्न चाण्डाल–पतितादिको ।
गर्नु स्वागत–सत्कार, बोल्नु सम्म अयोग्य भो ।

२१

CC-0. In Public Domain. Digitization by eGangotri

३२

जो नास्तिक छुल्याहा छन, मर्यादा नाघ्दछन् जति ।
जो दुष्ट छन्, उनी साथ न बोलोस् कहिल्यै व्रती ॥
कुण्डको भोजनै गर्ने, पुजारी-गायकादिको ।
वैद्यको, काव्य रच्नेको मिथ्यास्तुति गरी बडो ॥
सधैं पराम्न-लोभीको विरोधी देव-विप्रको ।
परस्त्रीरतको साथ न बोलोस् व्रत लिन्छ जो ॥
यसरी दोषले सारा भई टाढा रहोस् व्रती ।
सबैको हितमा लागी भै जितेन्द्रिय शुद्धि ली ॥
अनि रामायणै पढ्दा, सुन्दा नित्य निरन्तर ॥
भेट्टाँउछ महान् सिद्धि पर्दामा त्यसकै भर ॥
छैन गङ्गा सरी तीर्थ मुनि हो ! भूमिमा अनि ।
छैन आमा सरी अर्को गुरु उच्च कुनै पनि ॥
भगवान् विष्णु जस्तो ता देवतै छैन लोकमा ।
यो रामायण-भन्दा ता छैन श्रेष्ठ कुरै यहाँ ॥
छैन वेद सरी शास्त्र छैन शान्ति सरी सुखै ।
छैन सूर्य सरी ज्योति, यो भन्दा श्रेष्ठ छैन क्यै ॥
क्षमा जस्तो बलै छैन, छैन कीर्तिसरी धन ।
छैन ज्ञान सरी लाभ, यो भन्दा छैन उत्तम ॥
कथा सुनि सकी सारा पछि वेदज्ञ विप्रमा ।
जुन वाचक हो, देओस् गाइकै साथ दक्षिणा ॥
गहना-वस्त्र इत्यादि त्यो रामायण-पुस्तक ।
देओस् वाचकमा विद्वान् श्रद्धा लिइ स्वयं तव ॥
दिन्छ वाचकलाई जो यो रामायण-पुस्तक ।
त्यो विष्णु—धाममा जान्छ शोक गर्दैन गै जहाँ ॥
यो रामायणको गाथा नौदिनैमा सुन्यो भने ।
सुन्नेलाई हुने जो हो फल त्यो सुन्नुहोस् मुने ! ॥
थालेर पञ्चमी देखि रामायणकथा—सुधा ।
सुनाले मात्र सम्पूर्ण छोड्छन् यी पापले सदा ॥
दुइपल्ट सुने देखि यो कथा भक्तिपूर्वक ।
त्यो पुण्डरीकयज्ञैको सुन्नेले फल पाँउछ ॥
रामायण—कथा सुन्छ जो व्रती भै जितेन्द्रिय ।
त्यो दुबै अश्वमेधैका यज्ञको फल भोग्दछ ॥
जसले सुन्छ यो गाथा चारपल्ट भने मुने ! ।
त्यो अग्निष्टोमको आठ छ पुण्य—फल पाँउने ॥

३८

३९

व्रत पाल्दछ जो पाँचपल्ट सुन्ने उदार त्यो !
अत्यग्निष्टोम-यज्ञैको दुगुना फल भोग्छ यो ॥
भै एकाग्र छओ पल्टयसको व्रत लिन्छ जो ।
फल आठ गुना भोग्छ त्यो अग्निष्टोम-यज्ञको ॥
सातपल्ट व्रतै पाल्ने धर्मात्मा जुन हो उ ता ।
फल आठ गुना भोग्छ त्यो अश्वमेध-यज्ञका ॥
नर होस् अथवा नारी आठपल्ट लिए व्रत ।
फल पाँच गुना भोग्छ यज्ञको नरमेघ त ॥
नौपल्ट व्रत पाल्ने यो नारी होस् नर होस् कि त ।
गोमेध यज्ञको पुण्य तेव्रै फल भोग्दछ ॥
मन इन्द्रिय रोकेर शान्तचित्त भईकन ।
रामायण कथा सुन्छ जो राम्रो व्रत लीकन ॥
अन्तमा जान्छ त्यो व्यक्ति आनन्दमय-धाममा ।
शोक क्यै गर्नु पर्दैन पुगे पछि स्वयं जहाँ ॥
जो रामायण यो पढ्छ, सुन्छ यद्वा दिनै—दिन ।
अथवा धर्म-मार्गैको गर्छ जो नित्य शिक्षण ॥
गै गङ्गा—स्नान जो गर्छ, यी तीनै व्यक्ति वास्तव ।
यो विश्वबाट मुक्तै छन्, यसमा छैन संशय ॥
यतिले ब्रह्मचारीले मुनि हो ! ती प्रवीरले ।
रामायण—कथा पढ्नु नौ दिनैमा प्रयत्नले ॥
अत्यन्तभक्तिले सुन्दा यस्तो रामकथा नर ।
सुन्ने मनुष्य त्यो ब्रह्मन् ! तेजिलो हुन्छ दुर्धर ॥
अन्तमा देह छोडेर गई त्यो ब्रह्मलोकमा ।
आनन्द भोग्छ अत्यन्त मुक्त हुन्छ स्वयं जहाँ ॥
सुन्नोस् ए प्रिय हो ! तस्मात् यही रामकथामृत ।
श्रेष्ठ सुन्ने कुरामा छ, पवित्रैमा पवित्र छ ॥
दुःस्वप्नादि विनास्ने यै लोकमा अतिधन्य छ ।
मन इन्द्रिय रोकेर यत्नले सुन्नुपर्दछ ॥
एउटै श्लोक वा आधा श्रद्धाले सुन्छ ता नर ।
पापबाट करोडौं ती तुरुन्तै मुक्त बन्दछ ॥
गुह्य भन्दा पनी गुह्य यो वस्तु छ निरन्तर ।
सन्त—सज्जनमा मात्र जो सुनाँउनु पर्दछ ॥
क्वै पुण्य-क्षेत्रमा यद्वा राम—मन्दिर आदिमा ।
सभामा राममा रम्दै यो भन्ने पर्छ भूमिमा ॥

४५

CC-0. In Public Domain. Digitization by eGangotri

५६

विप्रको द्वेष गर्नेमा ढोंगीमा वक-वृत्तिमा ।
सुनाँउनु हुँदैहुन्न यस्तो श्रेष्ठ-कथा यहाँ ॥
जल्ले छोडी सकेकोछ दोष ती काम आदिका ।
जसको मन गै रम्छ रामको भक्तिमा सदा ॥
भक्ति-आदर गर्छन् जो मान्यको गुरु-आदिका ।
भन्नुपर्छ तिनैलाई यस्तो मोक्ष दिने कथा ॥
सर्वदेवस्वरूपी छन् भगवान् राम वास्तव ।
मानिन्छन् संझदैमात्र मास्ने कष्ट तथा दुख ।
अनन्य-भक्तमा आफ्ना सर्वदा स्नेह गर्दछन् ।
अर्को उपाय नै छैन भक्तिले राम तुष्ट छन् ॥
संझदा वा लिंदा नाम भक्तले विवशै भई ।
सब पाप छुटी, हुन्छ मोक्षभागी पनी त्यही ॥
संसाररूप डर्लाग्दो वन पार्न सखाप यो ।
हुन् डढेलो परात्मा ती मधुसूदन विप्र हो ! ॥
संझने आफुलाई र भज्ने मानिसको उनै ।
नास्छन् सम्पूर्ण पापादि तुरुन्तै ध्यान दीकनै ॥
पाँइने, भेटिने वस्तु हुन् उनै यस काव्यको ।
तसर्थ सुन्नु नै पर्छ अतिउत्तम काव्य यो ॥

६४

६५

राम्ररी पाठ गर्नाले सुन्नाले श्रव्य-काव्य यो ।
नास्छ सम्पूर्ण पापादि पढ्ने—सुन्ने मनुष्यको ॥
श्रीराम-रसमा यस्तो जसको प्रीति, भक्ति छ ।
सम्पूर्णशास्त्रको अर्थ जान्ने त्यै कृतकृत्य छ ॥
यसैद्वारा कमाएको तपस्या हो, पवित्र हो ।
त्यही सत्य र हो पुण्य, त्यसैलाइ फलै मिल्यो ॥
यो रामरसमा प्रीति नभईकन क्यै गरे ।
त्यो रामायणको अर्थ सुन्नमा प्रेम हुन्न ए ! ॥
रामायण सँधै पढ्ने सुन्ने सन्नाम रामको ।
जप गर्ने कृतार्थै हुन्, कलिमा अतिघोर यो ॥
जो सुन्छन् नौ दिनैमा यो रामायणकथामृत ।
हुन् कृतार्थ महात्मा ती तिनैलाई प्रणाम छ ॥
यही श्रीरामको नाम राम ! राम !! यही मुने ! ।
मेरो जीवन यौटै छ, छु यस्तै शान्ति पाँउने ॥
मनुष्य विश्वका सारा गर्दछन् पाप-कर्म यी ।
अन्धा छन् विषयैबाट इन्द्रिय-प्रिय भै अति ॥
मुनि हो! कलिमा यस्तो त्यस्ताको शुभ सद्गति ।
छैन, छैन, छँदैछैन पाठ श्रीरामको त्यजी ॥

७३

सूतजी भन्दछन्ः-

७४

महात्मा नारदैबाट राम्रो ज्ञान मिलेर यो ।
सनत्कुमारलाई यी ठूलो शान्ति हुँदो भयो ॥
सुन्दामा मुनि हो ! तस्मात् रामायणकथामृत ।
न पर्ने फर्कने फेरि उत्तमस्थान मिल्दछ ॥
घोर त्यो कलि आएमा लाग्दा रामायणैतिर ।
सम्पूर्ण पापले छोड्छन्, जान्छन् ती धाममा स्थिर ॥
तसर्थ विप्र हो! सुन्नोस् रामायण-सुधा—कथा ।
नौ दिनैमा यसैबाट नाशिन्छन् पाप सर्वथा ॥
सुनेर यो महाकाव्य पूजा वाचकको गरोस् ।
लक्ष्मीकै साथ श्रीविष्णु खुश हुन्छन ल संझनोस्! ॥
भए वाचक ती तुष्ट ब्रह्मा विष्णु महेश्वर ।
विचारै गर्नु पर्दैन खुश हुन्छन् निरन्तर ॥

७९

८०

रामायणकथा भन्ने व्यक्तिलाइ सुपात्र ती ।
रामायण-पुस्तक र देओस् गाई, लुगा पछि ॥
गहना पनि हुन् साथ गन्छेअन्नखारका सबै ।
भन्छु यसको पुण्यफल सुन्नुहोस् सावधान भै ॥
भूत-प्रेतादिले त्यस्तै अरु दुष्ट-ग्रहादिले ।
कहिल्यै पनि पिर्दैनन् दिनेलाइ त क्यै गरे ॥
श्रीरामायण-माहात्म्य, चरित्र सब त्यो सुने ।
श्रेय-कल्याण इत्यादि बढ्ने छन् त्यसका मुने ! ॥
अग्निको त डरै हुन्न चोरले नत पिर्दछ ।
कोटि जन्म भरीका ती पापले सब छुट्तछ ॥
त्यो शरीर हुँदा अन्त सातै पुर्खाहरू लिई ।
सजिलै संग त्यो भेट्छ मोक्ष सम्म सुखी भई ॥

८५

CC-0. In Public Domain. Digitization by eGangotri

८६

सनत्कुमारले सोद्धा भक्तिले पहिले मुने ! ।
भनेको यो वहाँलाई तपाँईहरुमा भनें ।।
मिलेको सव वेदार्थ पहिलो काव्य हो यही ।
छ रामायणले ख्यात, पाप नाश्छ भए जति ।।
छ पवित्र यही फेरि सबै दुःख हटाँउछ ।
सम्पूर्णयज्ञको त्यस्तै पुण्यको दिन्छ यै फल ।।
जो विद्वान यसको यौटा वा आधा श्लोक पढ्दछन् ।
पाप—बन्धनमा कैले पर्दैनन् मुनि हो ! तिनै ।।
रामलाई चढाएको दिव्य यो पुण्य—काव्य हो ।
मनका कामना इच्छा पुऱ्याउँछ समस्तको ।।
सुन्दछन् गाउँछन् राम्रो भक्तिले यसलाइ जो ।
हुने उनीहरूलाई म भन्छु फल पुण्यको ।।

९१

९२

आफूले नै कमाएका सयौं जन्म भरी गरी ।
कुकर्मबाट पापादि मुक्त हुन्छन् तुरुन्त ती ।।
हजारौं कुलका आफ्ना पुर्खाहरु लिई अनि ।
रामका धाममा श्रेष्ठ जान्छन् ती शान्तिमान् बनी ।।
भने दिनदिनै सुन्छन् रामको गुण कीर्तन ।
तपस्या यज्ञ गोदान तीर्थ के गर्छ तिन्कन ? ।।
चैत्र—कार्तिक माघैमा रामायण—कथामृत ।
नौ दिनैमा सुन्नुपर्छ पाप, सम्पूर्ण छुट्तछ ।।
समस्त पाप नास्ने र सबै सम्पत् बढाउँने ।
छ यै राम खुशी पार्ने राम-भक्ति बढाउँने ।।
एकाग्रचित्त भै पढ्छ जुन यो सुन्छ वा पुनः ।
विष्णु-लोक त्यही पुग्छ सब पाप छुटीकन ।।

९७

इति स्कन्दपुराणान्तर्गत वाल्मीकि-रामायण
माहात्म्यमा पाँचौं अध्याय

इति स्कन्दपुराणान्तर्गत श्रीमन्महर्षि वाल्मीकि—निर्मित
रामायण—माहात्म्य—समाप्त

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दरूप—प्रभो ! शब्दरूपं स्वतः
शान्तिकृद् दुःखहृत् त्वच्चरित्रं शुभम् ।
गीतमेतन्मया मातृभाषासु यत्
तद्भवेत् प्रीतिदं पाकठानामपि ॥

श्रीराम !

श्रीराम ! ए शब्दस्वरूपी प्रभु ! केवल शब्दै-शब्दरूपको आफ्नो स्वरूपैबाट शान्ति दिने र त्रिविध-दुःख नाशि दिने यो कल्याणमय तिम्रो पवित्र-चरित्र, जसलाई मैले आफ्नी मातृभाषामा यसरी गाएँ, अब त्यो खालि तिमीलाईमात्र होइन अपितु समस्त राजा देखि रङ्कसम्मका यसका पाठकवर्गलाई पनि अत्यन्त प्रीति (भक्ति)दायक होस् ।

खबरदार ! नाथ !

दास-अनुवादक

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय—नेपालीभाषामा तत्सम-छन्दमा अनुवादित श्रीमन्महर्षि वाल्मीकि—निर्मित आदिकाव्य आर्षरामायणको

विषयानुक्रमणिका

बालकाण्ड

बालकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	१	देवर्षि नारदले वाल्मीकि-मुनिलाई संक्षेपमा रामचरित्र सुनाँउनु	१००	१
"	२	वाल्मीकिको आश्रममा भगवान् ब्रह्मा आँउनु र रामायण बनाँउन आज्ञा दिनु	४५	५
"	३	वाल्मीकि-मुनिद्वारा रामायण-काव्यका विषयको उल्लेख	४०	७
"	४	लव-कुशद्वारा रामायण—गान	४१	६
"	५	लव-कुशद्वारा सम्पूर्ण रामायण-गान प्रारम्भ	३४	११
"	६	महाराज-दशरथको राज्यपालन	४०	१३
"	७	महाराज-दशरथका मन्त्रीहरूको वर्णन	३३	१५
"	८	अश्वमेध-यज्ञ गर्ने निधो	२५	१७
"	९	ऋषि-ऋष्यशृङ्गको उपाख्यान	२४	१८
"	१०	ऋषि-ऋष्यशृङ्गलाई ल्याँउनु र विवाह गराँउनु	४५	१९
"	११	महाराज दशरथले ऋषि-ऋष्यशृङ्गलाई ल्याँउनु	३७	२१
"	१२	यज्ञका सर-सामान ठीक पार्न आदेश दिनु	२१	२३
"	१३	महारानीहरू साथै महाराजले यज्ञमा दीक्षा लिनु र यज्ञशालामा प्रवेश गर्नु	५३	२४
"	१४	अश्वमेध यज्ञारम्भ	७६	२६
"	१५	पुत्रेष्टियज्ञ र रावण-वधको निम्ति देवताहरूको प्रार्थना	४४	२९
"	१६	पुत्रेष्टियज्ञमा पायस-प्रदान एवं महारानीहरूको गर्भधारण	३९	३१

CC-0. In Public Domain. Digitization by eGangotri

बालकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
,,	१७	ब्रह्माका आज्ञाले भालू-वानरहरूका यूथपति-हरूको जन्म	४६	३३
,,	१८	श्री रामावतार	८१	३५
,,	१९	ब्रह्मर्षि-विश्वामित्रले श्रीरामलाई आश्रममा लैजान माग्नु	६८	३८
,,	२०	महाराज-दशरथले नाईं ! भन्नु	३२	४०
,,	२१	मुनि वसिष्ठले महाराज दशरथलाई सम्झाँउनु	२८	४२
,,	२२	महर्षि विश्वामित्रद्वारा रामलाई बला र अति-बला दुइ विद्याको उपदेश	३३	४४
,,	२३	कामाश्रममा वास	२८	४६
,,	२४	ताडकावनमा जानु	४२	४८
,,	२५	ताडकालाई मार्न प्रेरणा गर्नु	२६	५०
,,	२६	ताडकावध	४२	५१
,,	२७	रामलाई दिव्यास्त्रको उपदेश	३६	५३
,,	२८	अस्त्रहरूका संहारको उपदेश	२८	५५
,,	२९	सिद्धाश्रममा गमन र त्यसको महिमा वर्णन	४२	५७
,,	३०	यज्ञको संरक्षण गर्नु	३५	५९
,,	३१	मिथिला प्रस्थान	२६	६१
,,	३२	कौशिकवंश-वर्णन	४२	६३
,,	३३	कुशनाभकी छोरीहरूको विवाह	४०	६५
,,	३४	महर्षि-विश्वामित्रको उत्पत्ति	२७	६७
,,	३५	गङ्गा र उमाको उत्पत्ति वर्णन	३२	६९
,,	३६	देवी-पार्वतीका महिमाको वर्णन	३६	७१
,,	३७	कार्तिकेयको उत्पत्ति	४७	७३
,,	३८	महाराज सगरको कथा	३०	७५
,,	३९	यज्ञको घोडा हर्नु र सगर-राजाका छोराहरूले सारा पृथिवी खन्नु	३३	७७
,,	४०	भगवान् कपिल-मुनिको क्रोधाग्निमा परेर सग-रका छोराहरू भस्म हुनु	३६	७९
,,	४१	महाराज-सगरको यज्ञ-समाप्ति	३५	८१
,,	४२	गङ्गा ल्याँउनमा राजा -भगीरथको प्रयत्न	३०	८३
,,	४३	गङ्गावतरण	५०	८५
,,	४४	सगरका छोराहरूको स्वर्गगमन	२५	८७
,,	४५	समुद्र-मन्थन	६१	८८

CC-0. In Public Domain. Digitization by eGangotri

बालकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	४६	मरुद्गणको उत्पत्ति	२८	६१
"	४७	विशालापुरीको वर्णन	२७	६३
"	४८	अहल्याश्राप-कथा	४७	६५
"	४९	अहल्याको उद्धार	३४	६७
"	५०	राजर्षि-जनकको यज्ञशालामा गमन	३६	६६
"	५१	मुनि-शतानन्दले महर्षि-विश्वामित्रका वंशको वर्णन गर्नु	३६	१०१
"	५२	महर्षि-वसिष्ठद्वारा राजर्षि-विश्वामित्रको स्वागत-सत्कार	३३	१०३
"	५३	राजर्षि-विश्वामित्रले महर्षि-वसिष्ठको कामधेनु माग्नु	३७	१०५
"	५४	कामधेनुको अपहरण	३६	१०७
"	५५	राजर्षि-विश्वामित्रको तपस्या र शस्त्रास्त्र-प्राप्ति	३६	१०६
"	५६	ब्रह्मर्षि-वसिष्ठको र राजर्षि-विश्वामित्रको लडाँईमा ब्रह्मतेजको बल नै बल हो, भन्ने निर्णय	३१	१११
"	५७	महाराज-त्रिशङ्कुको कथा	२८	११३
"	५८	राजा-त्रिशङ्कुमा श्राप पर्नु	३६	११५
"	५९	महोदय र ऋषि-पुत्रहरूमा श्राप	३१	११७
"	६०	महाराज त्रिशङ्कुको स्वर्गगमन	४६	११६
"	६१	अम्बरीष-राजाको यज्ञारम्भ	३०	१२१
"	६२	राजा-अम्बरीषको यज्ञसमाप्ति र विश्वामित्रको तपस्या	४०	१२३
"	६३	महर्षि-विश्वामित्रको तपोवनमा मेनकाको आगमन	३५	१२५
"	६४	विश्वामित्रले रम्भालाई श्राप दिनु र फेरि तपस्या गर्नु	२६	१२७
"	६५	राजर्षि र महर्षि-विश्वामित्रले ब्रह्मर्षि-पद प्राप्त गर्नु	५८	१२६
"	६६	शिवधनुको महत्व बताँउनु	२६	१३१
"	६७	श्रीरामद्वारा धनुर्भङ्ग	३६	१३३
"	६८	महाराज-दशरथको मिथिला प्रस्थान	३०	१३५
"	६९	महाराज-दशरथको र राजर्षि-जनकको भेटघाट	२७	१३७
"	७०	ब्रह्मर्षि वसिष्ठले इक्ष्वाकुवंशको वर्णन गर्नु	६४	१३६
"	७१	राजा-जनकले स्ववंश-वर्णन गर्नु	३२	१४२
"	७२	ब्रह्मर्षि-विश्वामित्रद्वारा भरत-शत्रुघ्नको निम्ति कुशध्वजका कन्याहरू माग्नु र विवाहको मङ्गलादि गर्नु	३५	१४४
"	७३	श्रीराम आदि चारै भाइको विवाह	५७	१४६

CC-0. In Public Domain. Digitization by eGangotri

बालकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	७४	भगवान्-परशुरामसँग भेटघाट	३६	१४८
"	७५	भगवान् परशुरामले श्रीरामलाई वैष्णवधनु चढाँउन आज्ञा गर्नु	४२	१५०
"	७६	परशुरामको अहङ्कारनाश	३२	१५२
"	७७	छोराहरूका साथै महाराज-दशरथको अयोध्या-प्रवेश	४६	१५४

समष्टिसर्गसंख्या	— — — —	समष्टिश्लोकसंख्या	समष्टिपत्रसंख्या
७७		२६६५	१५५

इति बालकाण्ड

CC-0. In Public Domain. Digitization by eGangotri

अयोध्याकाण्ड

विषयानुक्रमणिका

अयोध्याकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	१	श्रीरामका गुणादिको वर्णन	८१	१५६
"	२	श्रीरामको राज्याभिषेकसम्बन्धी सर-सल्लाह	८७	१५९
"	३	श्रीरामराज्याभिषेक-निर्णय	७६	१६२
"	४	महाराज दशरथले रामलाई आवश्यक कुरा भन्नु	६३	१६५
"	५	महर्षि-वसिष्ठले श्रीरामलाई उपवास गराँउनु	३३	१६८
"	६	श्रीरामको उपवास र जनता यौवराज्याभिषेक हेर्न ओइरिनु	४०	१७०
"	७	मन्थराले महारानी कैकेयीलाई उचाल्नु पछि, उनी खुशी हुनु	६४	१७२
"	८	मन्थराले कैकेयीलाई भड्काँउनु	६६	१७५
"	९	रामलाई वनवास गराँउने र भरतलाई राज्य दिलाँउने जाल—पेच	१०५	१७८
"	१०	महाराज दशरथले रानी कैकेयीलाई सम्झाँउनु	६६	१८२
"	११	महारानी कैकेयीले भरतलाई राज्य र रामलाई वनवास प्राप्त हुने दुवै वर माग्नु	४६	१८५
"	१२	महाराज दशरथले पश्चात्ताप गर्नु र कैकेयीलाई सम्झाँउनु	१७५	१८७
"	१३	महाराज दशरथले कैकेयीसँग विन्ती-भाउ गर्नु	३३	१९४
"	१४	महाराज-दशरथले श्रीरामलाई सुमन्त्रद्वारा लिन पठाँउनु	११५	१९६
	१५	सुमन्त्रको रामभवन गमन	८१	२००
"	१६	मन्त्री—सुमन्त्रले महाराजको सन्देश सुनाँउनु र श्रीरामको सवारी हुनु	८९	२०४
"	१७	श्रीरामको राजप्रासाद—प्रवेश	३४	२०८
"	१८	श्रीरामलाई वनवास— निर्देश	६६	२१०
"	१९	श्रीरामले वनवास जान स्वीकार गर्नु र मातासँग विदा माग्न जानु	६५	२१३

अयोध्याकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	२०	महारानी कौसल्याको मूर्च्छा-विलापादि-वर्णन	६४	२१६
"	२१	लक्ष्मणले क्रोध प्रकट गर्नु र श्रीराम पिताको आज्ञापालन गर्नुमै अड्नु	६८	२२०
"	२२	श्रीरामले भाईलाई सम्झाँउदै यसमा दैवकै खेल छ, भन्नु	५५	२२५
"	२३	लक्ष्मणले आफ्नो क्रोध प्रकट गर्नु र उत्साहपूर्ण कुरा गर्नु	६०	२२७
"	२४	मुमा कौसल्यालाई संझाउँनु र वन जाने आज्ञा लिनु	६१	२३१
"	२५	माता कौसल्याले मङ्गलकामना र स्वस्तिवाचन गर्नु एवं राम विदा भई सीता भवनमा जानु	७१	२३४
"	२६	श्रीरामले विदा माग्ने प्रसङ्गमा सीतालाई संझाँउनु	६४	२३७
"	२७	देवी-सीताले वन लैजान प्रार्थना गर्नु	४६	२४०
"	२८	वनवासको कष्टादिवर्णन	३८	२४२
"	२९	श्रीरामसंग सीताले वन लैजान फेरि प्रार्थना गर्नु	४२	२४४
"	३०	श्रीरामले सीतालाई वनमा लैजान स्वीकार गर्नु	८८	२४६
"	३१	रामले लक्ष्मणलाई साथमा लैजान स्वीकृति दिनु	६४	२४९
"	३२	यात्राकालको अनेकौं धन-द्रव्यादिका दान-प्रदानको वर्णन	८३	२५२
"	३३	श्रीरामले महाराज-दशरथसंग विदा माग्न जानु	६१	२५५
"	३४	श्रीरामले वनवास जान विदा माग्नु र राजा दशरथ शोकले मूर्च्छित हुनु	१०७	२५८
"	३५	मन्त्री सुमन्त्रले महारानी कैकेयीलाई निन्दा गर्दै संझाँउनु	७०	२६२
"	३६	महाराज दशरथले श्रीरामको साथमा सेनाको साथै-ढुकुटी पठाँउने आदेश दिनु र मन्त्री सिद्धार्थले कैकेयीलाई संझाँउनु	६१	२६५
"	३७	श्रीरामले वल्कल-वस्त्र धारण गर्नु	५९	२६८
"	३८	रामले माता कौसल्याको हेर-विचार गर्न महाराजसंग प्रार्थना गर्नु	३३	२७१
"	३९	श्रीरामले वन जान र वैसंग विदा माग्नु	८०	२७३
"	४०	श्रीरामको वनगमन	९९	२७६
"	४१	अयोध्यापुरीको शोकव्याकुल अवस्थाको वर्णन	३८	२८०
"	४२	महाराज दशरथको विलाप र कौसल्या-भवनमा गमन	६४	२८२

CC-0. In Public Domain. Digitization by eGangotri

अयोध्याकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	४३	महारानी कौसल्याको विलाप	३६	२८५
"	४४	महारानी सुमित्राले दिदी-महारानी कौसल्यालाई संम्झाँउनु	६०	२८७
"	४५	श्रीरामको तमसा-नदीका तीरमा गमन	६६	२९०
"	४६	श्रीरामले तमसा नदीको तटमा रात विताँउनु र विहानीपख पुरवासीहरूलाई छलेर जानु	६५	२९३
"	४७	पुरवासीहरूको पुर-प्रत्यागमन	३७	२९६
"	४८	पुरवासी-स्त्रीहरूको विलाप	७५	२९८
"	४९	गोमती आदि नदी तर्नु	३४	३०१
"	५०	निषादराज गुहसंग भेटघाट	१०४	३०३
"	५१	गुह-लक्ष्मणको संवाद एवं लक्ष्मणको विलाप	५३	३०७
"	५२	निषादराज गुहको डुङ्गा चढेर गङ्गापार जानु र वत्सदेशको यौटा रुखमनि बस्नु	१७८	३०९
"	५३	श्रीराम-लक्ष्मण संवादमा लक्ष्मणलाई घर फर्क भन्नु र पछि वनै जान आदेश दिनु	६५	३१५
"	५४	श्रीरामहरूको भरद्वाज-मुनिका आश्रममा गमन	७६	३१८
"	५५	श्रीरामहरूको यमुनातरण	५९	३२१
"	५६	चित्रकूट पुग्नु र मुनिराज-वाल्मीकिको दर्शन पाँउनु तथा कुटी बनाई त्यहीं बस्नु	६७	३२४
"	५७	मन्त्री-सुमन्त्रको अयोध्यापुरमा प्रवेश	६६	३२७
"	५८	सुमन्त्रले महाराजलाई श्रीरामको सन्देश सुनाँउनु	७४	३३०
"	५९	महाराज-दशरथको विलाप	६६	३३३
"	६०	सुमन्त्रले महारानी-कौसल्यालाई सम्झाँउनु	४३	३३६
"	६१	महारानी कौसल्याले विलाप गर्नु र महाराजलाई अलिलि कडा कुरा सुनाँउनु	५८	३३८
"	६२	महाराज दशरथले महारानी कौसल्यालाई खुशी पार्नु	२६	३४१
"	६३	महाराज दशरथले महारानी कौसल्यासँग मुनि—कुमारको हत्या गरेको कुरा भन्नु	१०६	३४३
"	६४	महाराज-दशरथको स्वर्गगमन	१४०	३४७
"	६५	खोपीभित्र महारानीहरूको विलाप	५८	३५२
"	६६	महाराज – दशरथको शरीरलाई तेलका कराहीमा डुबाएर राख्नु	५६	३५५

CC-0. In Public Domain. Digitization by eGangotri

अयोध्याकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
”	६७	राजा नहुँदा दोषको वर्णन गर्दै महर्षि वसिष्ठसँग कसैलाई राजा बनाउँन प्रार्थना गर्नु	६७	३५८
”	६८	भरतलाई लिन कैकयदेशमा दूतहरू पठाँउनु	४२	३६१
”	६९	भरतले देखेका दुःस्वप्नको वर्णन गर्नु	४१	३६३
”	७०	राजकुमार भरतको अयोध्या सवारी	५६	३६५
”	७१	राजकुमार-भरतको अयोध्याप्रवेश	६५	३६७
”	७२	पिताका स्वर्गगमनको समाचार सुन्दा भरतको सन्ताप बढ्नु	१०६	३७१
”	७३	राजकुमार भरतले माता कैकेयीलाई धिक्कार्नु र क्रोध प्रकट गर्नु	५७	३७५
”	७४	महात्मा भरतले माता कैकेयीलाई भन्नु-नभन्नु भन्नु	७४	३७८
”	७५	महान् आत्मा हुने भरतले अनेकौं प्रकारका किरिया खानु	१२५	३८१
”	७६	राजकुमार भरतले बुवा महाराज-दशरथको अन्त्येष्टि-कर्मादि गर्नु	४८	३८६
”	७७	बाह्रौं दिनमा सपिण्डीश्राद्ध र भरत-शत्रुघ्नको विलाप वर्णन	५६	३८८
”	७८	राजकुमार शत्रुघ्नले क्रोध प्रकट गर्नु र मन्थरा-लाई दण्ड दिनु	५२	३९०
”	७९	राजकुमार भरतलाई मन्त्रीहरूले राज्य-ग्रहण गरियोस् भन्नु र भरतले वन जान बाटो बनाँउनु भन्ने आज्ञा गर्नु	३८	३९२
”	८०	अयोध्या-पुरी देखि गङ्गा-किनार सम्मको बाटो-घाटो आदि बनाँउनको वर्णन	६२	३९४
”	८१	ब्रह्मर्षि वसिष्ठले राजसभामा प्रवेश गर्नु र दुवै राजकुमार एवं सारालाई बोलाँउनु	३४	३९७
”	८२	ब्रह्मर्षि-वसिष्ठले राजकुमार भरतलाई राज्यासन-ग्रहण गर्न आदेश दिनु र भरतले अस्वीकार गर्दै 'वन जान तयारी गर्नु' भन्ने आज्ञा दिनु	६८	३९९
”	८३	राजकुमार भरतको वनगमन र शृङ्गवेरपुरमा वास	५८	४०२
”	८४	निषादराज गुहले राजकुमार भरतसँग आतिथ्य-स्वीकार गर्न अनरोध गर्नु	४३	४०५
”	८५	राजकुमार भरतको र निषादराज गुहको कुराकानी	४४	४०७
”	८६	निषादराज गुहले राजकुमार लक्ष्मणको सद्भावना र विलाप बखान्नु	५१	४०९

CC-0. In Public Domain. Digitization by eGangotri

अयोध्याकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	८७	गुहले श्रीराम-चरित्र विन्ती गर्नु	५०	४११
"	८८	भरतले शोक गर्नु र वनैमा बस्ने सद्विचार प्रकट गर्नु	६५	४१३
"	८९	राजकुमार भरतले सेना साथै गङ्गा तर्नु र भरद्वाज-मुनिको आश्रममा जानु	४८	४१६
"	९०	मुनिराज भरद्वाजको र राजकुमार भरतको भेटघाट र कुराकानी	४६	४१८
"	९१	मुनिराज-भरद्वाजले सैन्य सहित भरतको अतिथि-सत्कार गर्नु	१७३	४२०
"	९२	राजकुमार-भरतले मुनिराज सँग विदा लिई चित्रकूट-प्रस्थान गर्नु	७३	४२६
"	९३	राजकुमार-भरतको रामाश्रममा गमन	५०	४२९
"	९४	श्रीरामले सीतासाथ चित्रकूटको शोभा वर्णन गर्नु	५७	४३१
"	९५	श्रीरामले सीतासँग मन्दाकिनीको वर्णन गर्नु	४१	४३४
"	९६	श्रीरामले सैन्यको खैला-बैला सुन्दा लक्ष्मणलाई बुझ्न आज्ञा दिनु र पछि उनी रिसाँउनु	६२	४३६
"	९७	श्रीरामले लक्ष्मणलाई सम्झाँउनु	५७	४३९
"	९८	श्रीरामको आश्रम खोज्दा राजकुमार भरतले पत्ता पाँउनु	३१	४४२
"	९९	श्रीराम-भरत मिलाप	८४	४४४
"	१००	श्रीरामले भाई भरतलाई कुशल-प्रश्नको छलले सम्पूर्ण राजनीतिको उपदेश गर्नु	२०२	४४७
"	१०१	राजकुमार-भरतले श्रीरामलाई बुवा राजा-दशरथको मृत्यु सुनाँउनु र अयोध्या फर्कने आग्रह गर्नु	५३	४५४
"	१०२	राजकुमार भरतले श्रीरामसँग फेरि राज्यग्रहण गर्न र राजा-बुवालाई पिण्ड-पानी दिन अनुरोध गर्नु	१९	४५६
"	१०३	श्रीराम आदिले विलाप गर्दै पिण्ड-पानी दिनु	६३	४५७
"	१०४	श्रीरामबाट गुरु वसिष्ठको र मुमा-महारानीको दर्शन एवं कुराकानी	६१	४६१
"	१०५	श्रीराम तथा भरतको कुराकानी	६४	४६४
"	१०६	राजकुमार भरतले श्रीरामसँग राज्य-स्वीकार गर्न अनुरोध गर्नु	७०	४६८
"	१०७	श्रीरामले भरतलाई संझाएर अयोध्या जाने आदेश दिनु	३२	४७१

CC-0. In Public Domain. Digitization by eGangotri

अयोध्याकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	१०८	मुनि—जाबालिले नास्तिकमतको आडमा श्रीरामलाई सम्झाँउनु	३६	४७३
"	१०९	श्रीरामले जाबालिको नास्तिकमतको खण्डन गर्नु	७८	४७५
"	११०	ऋषिराज—वसिष्ठले श्रीरामको पुर्खौली बखान्नु र राज्यस्वीकार गर्न आग्रह गर्नु	५७	४७९
"	१११	श्रीरामले भाई—भरतलाई संझाँउनु	६४	४८२
"	११२	ऋषि मुनिहरूले भरतलाई संझाँउनु र भरतले फेरि रामसँग प्रार्थना गर्नु एवं रामले आफ्नो खराउ दिएर भरतलाई विदा दिनु	६७	४८५
"	११३	राजकुमार-भरतले मुनिराज भरद्वाजसँग भेट—घाट गर्नु र अयोध्या फर्किनु	४७	४८८
"	११४	राजकुमार भरतको अयोध्यापुर प्रवेश	७२	४९०
"	११५	राजकुमार भरतले श्रीराम—पादुकामा राज्याभिषेक चढाँउनु	५१	४९३
"	११६	कुलपतिसहितका ऋषि-मुनिहरूको चित्रकूट छोडेर अन्यत्र गमन	४८	४९५
"	११७	श्रीरामको मुनिराज अत्रिको आश्रममा गमन र अनसूयाद्वारा सीताको अभिनन्दन एवं पतिव्रता—धर्मनिर्देश	६१	४९७
"	११८	देवी—सती अनसूया र राजकुमारी सीताको कुराकानी	१०५	५००
"	११९	श्रीरामले वहाँका ऋषि-मुनिहरूसँग अन्यत्र जान विदा माग्नु	४०	५०४

समष्टिसर्गसंख्या	— — — —	समष्टिश्लोकसंख्या	समष्टिपत्रसंख्या
११९		६९३२	५०५

इति अयोध्याकाण्ड

CC-0. In Public Domain. Digitization by eGangotri

अरण्यकाण्ड

विषयानुक्रमणिका

अरण्यकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	१	श्रीराम—लक्ष्मण तथा सीताको ऋषि-मुनिहरूले अतिथि-सत्कार गर्दै रक्षा गर्न प्रार्थना गर्नु	५१	५०६
"	२	राक्षस विराधले जानकीको अपहरण गर्नु	५३	५०८
"	३	राम र लक्ष्मणलाई समेत बोकेर विराध त्यहाँबाट अन्त जानु	४६	५१०
"	४	श्रीराम – लक्ष्मणले विराधलाई जिउँदै गाडि दिनु	५४	५१२
"	५	मुनिराज-शरभङ्गको आश्रममा जानु	७६	५१५
"	६	वहाँका ऋषि-मुनिहरूले श्रीराम सँग राक्षसहरूबाट बचाँउन प्रार्थना गर्नु र रामले आश्वासन दिनु	६२	५१८
"	७	श्रीराम आदिले मुनिराज सुतीक्ष्णसँग भेट-घाट गर्नु र रातभर वहीं बस्नु	४६	५२१
"	८	श्रीराम आदिले मुनिराज सुतीक्ष्णसँग विदा मागी वहाँबाट हिंड्नु	३३	५२३
"	९	देवी—सीताले निरपराध प्राणीको वध न गरिबक्सन श्रीरामसँग अनुरोध गर्नु	६०	५२५
"	१०	श्रीरामले सीतालाई शस्त्रास्त्र लिनु आवश्यक छ भनेर संम्झाँउनु	४५	५२८
"	११	श्रीरामले भाइ-पत्नीको साथै वन-वन घुम्नु र सुतीक्ष्ण—मुनिको आश्रममा केही बसी मुनिराज-अगस्त्यको आश्रममा जानु	१५६	५३०
"	१२	मुनिराज-अगस्त्यसँग श्रीराम आदिको दर्शन-स्पर्शन र उहाँबाट दिव्य-शस्त्रास्त्र प्राप्त गर्नु	६७	५३५
"	१३	मुनिराज-अगस्त्यले रामलाई पञ्चवटीमा गएर आश्रम बनाई बस्न आदेश दिनु	५१	५३८
"	१४	पञ्चवटी जाँदा जटायुसँग भेट हुनु र उनले आफ्नो परिचय दिनु	६४	५४०
"	१५	पञ्चवटीमा जानु र आश्रम बनाई वहीं निवास गर्नु	६१	५४३

अरण्यकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	१६	हेमन्त-ऋतुको वर्णन र भरतको प्रशंसा एवं गोदावरी-नदीमा स्नान	४६	५४६
"	१७	राक्षसराज-रावणकी बहिनी शूर्पणखा आँउनु र श्रीरामलाई पति बनाँउन खोज्नु	६६	५४९
"	१८	शूर्पणखाको नाक, कान काट्नु	५५	५५२
"	१९	शूर्पणखाले दाजु खर सँग आफ्नो नाक-कान काटेको हाल बखान्नु	५२	५५५
"	२०	चौध राक्षसको संहार	४८	५५७
"	२१	शूर्पणखाले खरलाई लड्नको निमित्त उचाल्नु	४१	५५९
"	२२	खरको तयारी एवं श्रीरामसँग लड्न जनस्थानबाट पञ्चवटीतिर जानु	४८	५६१
"	२३	खरले नाना प्रकारका अपशकुन देख्नु र त्यसको सेना श्रीराम-लक्ष्मण भएमा पुग्नु	६७	५६३
"	२४	श्रीरामले अपशकुन देख्नु र लक्ष्मणलाई सीता लिई गुफाभित्र पस्नु भन्ने आज्ञा दिई आफू लड्न ठीक हुनु	६८	५६६
"	२५	श्रीरामद्वारा राक्षस-सैन्यको संहार	८४	५६९
"	२६	श्रीरामद्वारा दूषण साथैका चौध-हजार राक्षसहरूको संहार	६४	५७२
"	२७	त्रिशिरा-राक्षसको संहार	३५	५७५
"	२८	श्रीराम र खरको युद्ध	६०	५७७
"	२९	श्रीरामले खरको गदा फोर्नु	५६	५८०
"	३०	श्रीरामद्वारा खर-वध र देवता एवं ऋषिहरूबाट श्रीरामको प्रशंसा	७९	५८२
"	३१	राक्षसराज रावणले अकम्पनबाट कुरा सुनी सीता हर्न जानु र मारीचका सल्लाहले त्यस कामबाट हट्नु	६५	५८५
"	३२	शूर्पणखाले दाजु-रावणलाई आफ्नो वैरूप्य देखाँउनु	५५	५८९
"	३३	बहिनी शूर्पणखाले दाजु रावणलाई निन्दा गर्दै धिक्कार्नु	५३	५९२
"	३४	शूर्पणखाले सीता हरी ल्याँउनमा राक्षसराज-रावणलाई सोभ्याँउनु	५०	५९५
"	३५	राक्षसराज रावण फेरि मारीच भएमा जानु	८३	५९७
"	३६	रावणले सीता हर्ने कुरामा मारीचसंग सहाय माग्नु	४६	६००

CC-0. In Public Domain. Digitization by eGangotri

अरण्यकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
,,	३७	मारीचले हितोपदेश गरेर रावणलाई रोक्न चेष्टा गर्नु	५३	६०२
,,	३८	मारीचले फेरि रामको शक्ति वर्णन गर्नु र रावणलाई सीता हर्ने अपराधबाट बचाँउन खोज्नु	६४	६०४
,,	३९	मारीचले रावणलाई सीता हर्ने काममा मद्दत दिन सक्तिन भन्नु	५३	६०७
,,	४०	रावणले जबर्जस्ती मारीचलाई तैंले 'मायामृग हुनैपर्छ' भन्नु	५२	६०९
,,	४१	मारीचले रावणलाई फेरि संम्झाँउने चेष्टा गर्नु	४१	६११
,,	४२	मारीचले मृगरूप धरेर रामाश्रममा जानु र सीताले त्यसलाई देख्नु	६२	६१३
,,	४३	मारीचले सीतालाई लोभ्याँउनु र सीताले पति र देवरलाई बोलाँउनु एवं श्रीराम मृग मार्न जानु	६३	६१६
,,	४४	श्रीरामद्वारा मारीचको वध	४८	६२०
,,	४५	सीताका मर्म छेड्ने वाक्य सुनेर लक्ष्मण राम भएतिर जानु	७७	६२२
,,	४६	साधु-संन्यासीको भेषमा रावण सीताको आश्रममा आँउनु	८३	६२५
,,	४७	सीताले आफ्नो परिचय दिनु र रावण भन्ने चिने पछि त्यसको निन्दा गर्नु	९८	६२९
,,	४८	रावणले आफ्नो प्रशंसा गर्नु र सीताले त्यसलाई हकार्नु	४१	६३३
,,	४९	सीताहरण एवं जटायु-दर्शन	८१	६३५
,,	५०	जटायुले रावणलाई सम्झाँउनु	६०	६३८
,,	५१	पक्षिराज-जटायु र राक्षसराज रावणको भीडाभीड	८८	६४१
,,	५२	सीताको विलाप र अपहरण	८६	६४५
,,	५३	सीताले राक्षसेश्वर-रावणलाई धिक्कार्नु	४६	६४८
,,	५४	देवी-सीताले पर्वतमा वानरहरूलाई देखेर आफ्ना गहनाहरू खसाल्नु र रावण लङ्काभित्र पस्नु	५७	६५०
,,	५५	रावणले सीतालाई फकाँउनु र राक्षसीहरूद्वारा अशोकवाटिकामा लगेर राख्नु	७०	६५३
,,	५६	देवी सीताले रावणलाई हकार्नु र त्यसले बाह्र महिनाको म्याद दिनु	६९	६५६

CC-0. In Public Domain. Digitization by eGangotri

अरण्यकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	५६ (प्रक्षिप्त)	भगवान्-ब्रह्माको आज्ञाले देवराज इन्द्रले निद्रा-साथै लिई लङ्कामा आएर देवी सीतालाई दिव्य-खीर समर्पण गर्नु	४६	६५६
"	५७	श्रीरामले अपशकुन देख्नु र भाई लक्ष्मणलाई भेट्नु	४७	६६१
"	५८	बाटाभरी तर्क-वितर्क गर्दै श्रीराम आश्रममा आइपुग्नु र वहाँ सीतालाई नपाँउदा दुःखी हुनु	३६	६६३
"	५९	बाटाभरी श्रीरामले लक्ष्मणसँग कुरा सोद्धै आँउनु र लक्ष्मणले भएको घटना विन्ती गर्नु	५०	६६५
"	६०	श्रीराम र लक्ष्मणले सीतालाई खोज्नु र नपाँउदा बौलाहा जस्तो भएर घुम्नु	८३	६६७
"	६१	सीताको अन्वेषण र श्रीरामको व्याकुलता-वर्णन	६३	६७०
"	६२	श्रीरामको विलाप	३७	६७३
"	६३	श्रीरामले विलाप गर्नु र लक्ष्मणले दाजुलाई संझाँउनु	३४	६७५
"	६४	सीतालाई खोज्दै दक्षिणतिर लाग्नु र जटायु-रावणको युद्धस्थल देख्नु एवं श्रीरामले आफ्नो क्रोध प्रकट गर्नु	१४६	६७८
"	६५	लक्ष्मणले श्रीरामसंग क्रोध रोकी बक्सन विन्ती गर्नु	३६	६८३
"	६६	फेरि लक्ष्मणले श्रीरामलाई संझाँउनु	४४	६८५
"	६७	गृध्रराज-जटायुसँग भेट हुनु र उनले रामलाई सीताको हालखबर र आफ्नो खैखबर जाहेर गर्नु	५७	६८७
"	६८	जटायुबाट सीताको वृत्तान्त सुन्नु र श्रीरामले उनको दाह-संस्कार गर्नु	७२	६९०
"	६९	अयोमुखीको नाक, कान काटिदिनु र कबन्धसँग भेट हुनु	१००	६९३
"	७०	कबन्धको दुवै हात काट्नु र त्यसले चिने पछि श्रीराम र लक्ष्मणको स्वागत गर्नु	३७	६९७
"	७१	कबन्धले राम-लक्ष्मण दुवैलाई आफ्नो वृत्तान्त वर्णन गर्नु	६७	६९९
"	७२	कबन्धले देवी-सीता पाँइने उपाय भन्नु	६१	७०२
"	७३	कबन्धले ऋष्यमूकको बाटो र मतङ्गमुनिका आ-श्रमको परिचय दिनु	८९	७०५

CC-0. In Public Domain. Digitization by eGangotri

अरण्यकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
,,	७४	शबरीको स्वागत-ग्रहण र उनको परमधाम-प्राप्ति	७५	७०६
,,	७५	पम्पासरोवर-दर्शन	५७	७१२
समष्टिसर्गसंख्या	— — — —	समष्टिश्लोकसंख्या		समष्टिपत्रसंख्या
७५		४५७८		७१४

इति अरण्यकाण्ड

CC-0. In Public Domain. Digitization by eGangotri

किष्किन्धाकाण्ड

विषयानुक्रमणिका

किष्किन्धाकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
”	१	पम्पा-सरोवर देख्ता श्रीराममा व्याकुलता बढ्नु र वहाँको शोभा वर्णन गर्नु एवं वानरराज सुग्रीवले श्रीरामलाई देख्नु	२७२	७१५
”	२	वानरराज-सुग्रीवको शङ्का-वर्णन र हनुमान्‌लाई श्रीराम-लक्ष्मणको भेद बुझ्न पठाँउनु	५८	७२४
”	३	श्रीराम-लक्ष्मणसँग हनुमान्‌ले भेटघाट गर्नु र परिचय टक्र्याँउनु	८२	७२७
”	४	श्रीराम र लक्ष्मण वानरराज-सुग्रीव भएमा जानु	६८	७३०
”	५	श्रीरामको र वानरराज-सुग्रीवको मैत्री—सम्बन्ध जोडिनु र श्रीरामले वाली मार्ने वचन दिनु	६६	७३३
”	६	सुग्रीवले श्रीरामलाई सीताजीको गर-गहना देखाँउनु र ती देख्ता श्रीरामको शोक बढ्नु	५५	७३६
”	७	वानरराज-सुग्रीवले नरराज-रामलाई संम्झाँउनु-बुझाँउनु	४६	७३८
”	८	नर-रामले वानर-सुग्रीवलाई आश्वासन दिनु र वालीसंग वैर हुनाको कारण सोध्नु	८६	७४१
”	९	सुग्रीवले श्रीराममा वालीसँग वैरता हुनाको कारण बताउँनु	५०	७४३
”	१०	सुग्रीवले आफूलाई वालीले राज्यबाट निकाल्दिएको कुरा विन्ती गर्नु	६७	७४५
”	११	सुग्रीवले वालीको महत्व बखान्नु र श्री रामका बल-शक्तिको परीक्षा गर्न खोज्नु	१८२	७४८
”	१२	श्रीरामले सातोटा साल वृक्षको छेदन गर्नु र सुग्रीव वालीसँग लड्न जानु एवं नसक्ता भागेर आँउनु	७८	७५४
’	१३	बाटामा सप्तजनाश्रमको वर्णन गर्दै-गर्दै किष्किन्धामा पुग्नु	५८	७५६
”	१४	वानरराज वालीलाई सुग्रीवले लड्नको निम्ति हाँक दिनु	४४	७६०
”	१५	वालीलाई ताराले संम्झाँउनु	५८	७६२

CC-0. In Public Domain. Digitization by eGangotri

किष्किन्धाकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	१६	तारालाई हप्काएर वाली लडून जानु र रामको वाण लागी पृथ्वीमा पछारिनु	७५	७६५
"	१७	वालीले रामलाई भन्नु-नभन्नु भन्नु	१८२	७६८
"	१८	श्रीरामले वालीलाई उचित उत्तर दिनु र वालीले क्षमा प्रार्थना गर्नु	१४८	७७२
"	१९	वालीकी पत्नी तारा र छोरा अङ्गद वाली भए ठाउँमा आँउनु	६२	७७७
"	२०	ताराको अलाप-विलाप	६२	७८०
"	२१	हनुमान्‌ले तारालाई संम्झाँउनु	३८	७८३
"	२२	वानरराज-वालीको प्राणत्याग	६८	७८५
"	२३	वानरराज-रानी ताराको शोक	६०	७८८
"	२४	सुग्रीव र ताराले प्राण छोड्न र सारी दिन प्रार्थना गर्नु एवं रामले दुवैलाई संम्झाँउनु	६४	७९१
"	२५	वानरराज-वालीको दाह-संस्कार	१०९	७९७
"	२६	सुग्रीवको राज्याभिषेक र अङ्गदको यौवराज्याभिषेक	८९	८०१
"	२७	त्यहीं प्रस्रवणको डाँडोमा श्रीराम र लक्ष्मणको कुराकानी	६८	८०५
"	२८	श्रीरामद्वारा वर्षा-ऋतुको वर्णन	१३२	८०९
"	२९	हनुमान्‌ले वानरराज-सुग्रीवलाई प्रत्युपकार गर्न संम्झाँउनु र उनले नीललाई वानर-सैन्य बटुल्न आदेश दिनु	८२	८१६
"	३०	शरत्-ऋतुका वर्णनको प्रसङ्गमा श्रीरामले लक्ष्मणलाई कपिराज-सुग्रीव भएमा जाने आदेश दिनु	१७२	८१९
"	३१	लक्ष्मण किष्किन्धापुरीमा जाँदा सुग्रीव आदि वानर-हरूमा खैला-बैला हुनु	१०१	८२८
"	३२	मन्त्री हनुमान्‌ले कपिराज-सुग्रीवलाई संम्झाँउनु	४९	८३२
"	३३	वानरराज-रानी ताराले लक्ष्मणलाई संम्झाएर अन्तःपुरभित्र लिई जानु	१४८	८३४
"	३४	वीर-लक्ष्मणले कपिराज-सुग्रीवलाई भन्नु न भन्नु भन्नु	४३	८४०
"	३५	रानी-वानरी ताराले रिसाएका लक्ष्मणलाई शान्त पार्नु	४६	८४२
"	३६	वानरराज-सुग्रीवले राजकुमार लक्ष्मणलाई संम्झाँउनु	४०	८४४

CC-0. In Public Domain. Digitization by eGangotri

किष्किन्धाकाण्ड सर्गसंख्या		तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसं
,,	३७	वानरराज-सुग्रीवले मन्त्री हनुमान्द्वारा वानरसैन्य ल्याँउन ताकिता गराँउनु र दूतहरूले फल-मूल महौ-षधिहरू ल्याएर कोशेली टक्र्याँउनु एवं वानरसैन्य आइ पुग्नु	६८	८४६
,,	३८	वानरराज-सुग्रीव भाई-लक्ष्मणका साथ श्रीराम भएमा जानु	६६	८४६
,,	३६	श्रीरामले मित्र-सुग्रीवसंग आफ्नो कृतज्ञता देखाँउनु र वानर-भालूका सैन्यहरू आइ पुग्नु	८५	८५२
,,	४०	सुग्रीवले श्रीरामको आज्ञा लिई सीतालाई खोज्न पूर्व-तिर वानर-वीर विनतलाई पठाँउनु	१५८	८५५
,,	४१	दक्षिणतिर हनुमान् आदि वीर वानरहरूलाई सीता-को खोजी गर्न पठाँउनु	६६	८६१
,,	४२	वानरराज-सुग्रीवले पश्चिमतिर सुषेण आदि वीर वानरलाई पठाँउनु	११६	८६५
,,	४३	कपिराजले देवी-सीतालाई खोज्न उत्तरतिर वानर वीर शतबलिलाई पठाँउनु	१२७	८६६
,,	४४	श्रीरामले हनुमान्लाई औंठी दिएर पठाँउनु	३३	८७४
,,	४५	राजा-सुग्रीव सँग वानरहरूले अ-आफ्नो बल बखान्नु र बाटो लाग्नु	२८	८७६
,,	४६	सुग्रीवले श्रीरामलाई भूमण्डल-भरीका कुरा जान्नाको कारण बखान्नु	४५	८७८
,,	४७	पूर्व, उत्तर, पश्चिम गएका वीर वानरहरू निराश भएर फर्कनु र कपिराजमा खबर दिनु	२७	८८०
,,	४८	वीर हनुमान्हरूले देवी-सीतालाई विन्ध्याचलका गुफा आदिमा खोज्नु	४४	८८२
,,	४६	हनुमान् आदिले रजत-पर्वतादिमा फेरि उत्साह-पूर्वक सीतालाई खोज्नु	३६	८८४
,,	५०	हनुमान्हरूको ऋक्षविलमा सिद्धा स्वयंप्रभासँग भेट-घाट हुनु	७६	८८६
,,	५१	सिद्धिनी स्वयंप्रभाले त्यो ऋक्षविलको वृतान्त बखान्नु	३५	८८६
,,	५२	वानर-वीरहरूले सिद्धिनी स्वयंप्रभासित त्यो ऋक्षविल-भित्र पसेको कारण बताँउनु र त्यहाँबाट निस्कनु	६०	८६१
,,	५३	फर्किने म्याद वितेकोमा अङ्गद आदिले खिन्नता प्रकट गर्न र प्रायोपवेश बस्ने निश्चय गर्नु	५३	८६३

किष्किन्धाकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
,,	५४	हनुमान्ले युवराज अङ्गदलाई राजनीतिद्वारा संझाँउनु	५८	८९६
,,	५५	युवराज अङ्गदले मनको मैलो फ्याँक्नु र सारा वानर-सँगै प्रायोपवेश गर्नु	४९	८९८
,,	५६	पक्षीश्रेष्ठ संपातिसँग अङ्गद आदिको भेटघाट र कुराकानी	४५	९००
,,	५७	अङ्गद र संपातिको कुराकानी	३८	९०२
,,	५८	संपातिले आफ्ना कुरा भन्नु र सीता एवं रावणको नाम-गाम बताँउनु	७२	९०४
,,	५९	संपातिले सुपार्श्वका मुखबाट सुनेको सीताको हाल सुनाँउनु	५६	९०७
,,	६०	संपातिले आत्मकथा भन्नु	४४	९१९
,,	६१	मुनिराज-निशाकरलाई संपातिले आफ्नु पखेटा डढेको कुरा भन्नु	३३	९११
,,	६२	संपातिले निशाकर-मुनिको आदेश सुनाँउनु	३२	९१३
,,	६३	देवी-सीताको हालखबर भन्दा-भन्दै संपातिको पखेटा उम्रनु	३०	९१५
,,	६४	सागर देख्ता झस्केका वानरहरूलाई अङ्गदले आश्वासन दिंदै को नाघ्न सक्छौं ? भनेर सोध्नु	४१	९१७
,,	६५	युवराज — अङ्गदको अगाडि सारा वानरहरूले आ-आफ्नो शक्ति बखान्नु	६३	९१९
,,	६६	ऋक्षराज-जाम्बवान्ले कपिवीर हनुमान्लाई समुद्रपार जान प्रेरणा गर्नु	७७	९२२
,,	६७	वीर हनुमान्ले महासागर नाघ्न महेन्द्र-पर्वतमा चढ्नु	६३	९२५

समष्टिसर्गसंख्या		समष्टिश्लोकसंख्या	समष्टिपत्रसंख्या
६७	— — —	६१०१	९२८

इति किष्किन्धाकाण्ड

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरकाण्ड

विषयानुक्रमणिका

सुन्दरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
”	१	कपिवीर हनुमान्‌ले समुद्र नाघ्न प्रस्थान गर्नु तथा मैनाकले स्वागत गर्नु, सुरसालाई जित्नु र सिंहिकालाई मार्नु एवं त्रिकूटाचलमा उत्री लङ्कापुरीको शोभा हेर्नु	४०३	६२६
”	२	लङ्कापुरीको वर्णन एव कपिवर हनुमान्‌को पुर-प्रवेश तथा चन्द्रोदयवर्णन	११७	६४२
”	३	लङ्कापुरीभित्र प्रवेश एवं लङ्काकी देवता-लङ्किनीमाथि विजयप्राप्ति	६६	६४७
”	४	राक्षसराज रावणको राजमहलभित्र कपिवर हनुमान्‌को प्रवेश	६८	६५१
”	५	कपिवर हनुमान्‌ले राजमहलका प्रत्येक कोठामा देवी-सीतालाई खोज्नु	६१	६५४
”	६	हनुमान्‌ले देवी सीतालाई राक्षसराजको र अरु राक्षसहरूको घर-घरमा खोज्नु	८५	६५८
”	७	राक्षसराज-भवन एवं पुष्पक-विमानको वर्णन	३७	६६१
”	८	फेरि पुष्पक-विमान भित्र राम्रोसंग हेर्नु र जानकीलाई खोज्नु	२१	६६४
”	९	राक्षसराज रावणको खोपीभित्रका राक्षसी-रमणीहरूको दर्शन	१५८	६६६
”	१०	राक्षसराज-रावणको साथै महारानी-मन्दोदरीलाई देख्ता कपिवर हनुमान्‌ले देवी-सीतै हुन् भन्ठान्नु र खुशी हुनु	११९	६७२
”	११	ती सीता होइनन्, भन्ने ठमाए पछि हनुमान्‌ले पानभूमिमा देवी-सीतालाई खोज्नु	६३	६७६
”	१२	हनुमान् सीतालाई नपाउँदा खिन्न हुनु र फेरि उत्साह गरेर खोज्नु एवं नपाउँदा दिक्क हुनु	५०	६८०
”	१३	देवी-सीतालाई नदेख्ता हनुमान्‌को शङ्का बढ्नु र अशोकवाटिकामा गई फेरि खोज्ने विचार गर्नु	१२६	६८४

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
”	१४	हनुमान्‌ले अशोक-वाटिका भित्र पसेर त्यहाँको शोभा हेर्दा–हेर्दै देवीलाई खोज्नु	६२	६८८
”	१५	हनुमान्‌ले त्यहींबाट हेर्दा–हेर्दै यौटा देवमन्दिरमा देवी–सीताको दर्शन पाउँनु र चिन्नु	१००	६६२
”	१६	देवी-सीताको विषयमा अनेकौं कुरा खेलाई हनुमान्‌ले शोक गर्नु	४६	६६६
”	१७	अनेकौं राक्षसीहरूको साथै देवी–सीतालाई ठमाँउदा हनुमान् प्रसन्न हुनु	६०	६६८
”	१८	देवी–सीता भएमा राक्षसेश्वर रावणको आगमन	६५	१००१
”	१६	रावणलाई देख्ता दुःख-भय र चिन्तामा डुबेकी सीताका अवस्थाको वर्णन	४०	१००४
”	२०	राक्षसराज रावणले देवी–सीतालाई फकाँउनु	७२	१००६
”	२१	देवी–सीताले रावणलाई राम्रोसँग संम्झाँउनु र श्रीरामको अगाडि ‘तँ तृण बराबर छस्’ भन्नु	६०	१००६
”	२२	राक्षसराज रावणले–देवी सीतालाई दुइ महिनाको म्याद दिनु र राक्षसीहरूको देखरेखमा राखी महलभित्र जानु	८३	१०१२
”	२३	राक्षसीहरूले सीतालाई सम्झाँउनु	२५	१०१५
”	२४	देवी–सीताले राक्षसीहरूको भनाई मान्दै–मान्दिन भन्नु र राक्षसीहरूले डर—धाक देखाइ तर्साउनु	८२	१०१७
”	२५	राक्षसीहरूलाई मान्दिन भनेर देवी सीताले अलाप–विलाप गरेर रुनु	३५	१०२०
”	२६	देवी–सीताले अलाप–विलाप गरेर आत्महत्या गर्ने निश्चय गर्नु	६५	१०२२
”	२७	त्रिजटाको स्वप्न–वर्णनमा राक्षसको विनाश र श्रीरामको विजयको सूचना	१०६	१०२५
”	२८	अशोकको हाँगामा चुल्ठो बाँधेर देवी–सीता प्राण छोड्न ठिक्क हुनु	२०	१०२६
”	२६	देवी–सीतालाई भएका शुभशकुन	१४	१०३२
”	३०	देवी–सीतासँग कुराकानी गर्ने विषयमा हनुमान्‌को सद्विचार	६८	१०३४
”	३१	कपिवर हनुमान्‌ले देवी-सीताले सुन्ने गरी श्रीराम-कथा गाँउनु	३६	१०३७

सुन्दरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	३२	कपिवर हनुमान्लाई देख्ता देवी सीताको तर्क-वितर्क	२४	१०३९
"	३३	हनुमान् र सीताको संवादको प्रसङ्गमा श्रीरामको वनवास र सीताको अपहरण सुनाँउनु	५६	१०४१
"	३४	देवी-सीताले हनुमान्माथि शङ्का गर्नु र हनुमान्ले त्यसको समाधान गर्दै श्रीराम-गुण गाँउनु	६८	१०४३
"	३५	हनुमान्ले राम-लक्ष्मणको अङ्ग-प्रत्यङ्गको चिन्ह वर्णन गर्नु र नर-वानरका मित्रताका कुराले पत्यार पार्नु	१९१	१०४६
"	३६	हनुमान्ले देवी-जानकीलाई चिन्हो पठाएको औंठी टक्र्याँउनु र अनेकौं युक्ति-बुद्धिले संम्झाँउनु	९३	१०५३
"	३७	देवी-सीताले श्रीरामलाई चाँडै ल्याँउनु भन्नु र हनुमान्ले आफ्नो विशाल-शरीर देखाँउदै बोकी लैजान्छु भन्नु	११४	१०५७
"	३८	देवी-सीताले हनुमान्लाई संदेशवाक्यमा काकासुर-वृत्तान्त भन्नु र श्रीराममा टक्र्याँउन आफ्नो चूडामणि दिनु	१४८	१०६१
"	३९	कपिवर-हनुमान्ले देवी-सीतालाई राम्ररी संम्झाँउनु	८१	१०६६
"	४०	देवी-सीतासंग बिदा भएर कपिवर हनुमान् उत्तरतिर लाग्नु	४४	१०६९
"	४१	अशोकवाटिका-विध्वंस	४३	१०७१
"	४२	राक्षसराजले पठाएका राक्षसहरूलाई वीर-हनुमान्ले मारी दिनु	७६	१०७४
"	४३	वीर-हनुमान्ले चैत्य-प्रासाद ढाँउनु र त्यहाँका रक्षकहरू मारिदिनु	४५	१०७७
"	४४	कपिवर-हनुमान्द्वारा प्रहस्त-पुत्र जम्बुमालीको वध	३९	१०७९
"	४५	मन्त्रीका सात छोराहरूको संहार	३२	१०८१
"	४६	कपिवीर-हनुमान्द्वारा पाँचोटा सेनापतिहरूको वध	७८	१०८३
"	४७	राक्षसराज-पुत्र अक्षकुमारको पराक्रम-वर्णन र मृत्यु	६७	१०८६
"	४८	राक्षसराजपुत्र-इन्द्रजित्ले ब्रह्मास्त्रद्वारा हनुमान्लाई बाँध्नु	१०६	१०९१
"	४९	राक्षसराज रावणको प्रभाव देखेर हनुमान्ले अनेकौं तर्क-वितर्क गर्नु	४२	१०९८

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
,,	५०	राक्षसराजले मन्त्री प्रहस्तद्वारा हनुमान्‌लाई सोध-पुछ गर्नु र उनले 'म श्रीरामको दूत हूँ' भन्नु	३८	११००
,,	५१	कपिवर हनुमान्‌ले राक्षसराजलाई श्रीरामको प्रभाव-वर्णन गर्दै सम्झाँउनु	८७	११०२
,,	५२	राक्षसराजका कान्छा भाई विभीषणले दूतलाई न मार्नौ, अरू नै योग्य दण्ड दिऔं भन्नु र रावणले स्वीकार गर्नु	६३	११०६
,,	५३	राक्षसहरूले राक्षसराजको आज्ञाले कपिवर-हनुमान्‌लाई पुच्छरमा आगो सल्काएर लङ्कापुरीभरी घुमाँउनु	८६	१११०
,,	५४	कपिवर हनुमान्‌ले लङ्का डढाइदिनु र राक्षसहरूले अलाप-विलाप गर्नु	८२	१११३
,,	५५	देवी-सीताको विषयमा हनुमान्‌लाई पीर पर्नु र पछि निःशङ्क हुनु	७४	१११७
,,	५६	देवी सीतालाई भेटेर कपिवीर-हनुमान् समुद्रपार हुन कुद्नु	८७	११२०
,,	५७	कपिवर-हनुमान्‌ले महासागर-पार गरी जाम्बवान् र अङ्गद आदिसंग भेटघाट गर्नु	८६	११२३
,,	५८	कपिवर-हनुमान्‌ले लङ्कायात्राको सम्पूर्ण वृत्तान्त वर्णन गर्नु	२८०	११२६
,,	५९	कपिवर-हनुमान्‌ले देवी-सीताको र लङ्काको स्थितिको वर्णन गर्नु	६२	११३५
,,	६०	युवराज-अङ्गदले सीतालाई लिन जाँउ भन्नु र ऋक्षराज जाम्बवान्‌ले रोक्नु	३७	११३८
,,	६१	कपिवर हनुमान् आदिले मधुवनमा प्रवेश गर्नु	३६	११४०
,,	६२	वनरक्षक दधिमुख त्यो कुरो निवेदन गर्न राजा-सुग्रीव भएमा जानु	५५	११४२
,,	६३	कपिराजले मामा-दधिमुखबाट मधुवन विध्वंस गरेको कुरा सुन्दा कार्य-सिद्धिको अनुमान गर्नु	५६	११४४
,,	६४	कपिवरहरू आँउनु र श्रीरामको पाउमा देवी-सीताको हाल-खवर विन्ती गर्नु	७३	११४७
,,	६५	कपिश्रेष्ठ-हनुमान्‌ले श्रीरामलाई देवी-सीताको हाल-खवर विन्ती गर्नु	६१	११५०

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
,,	६६	श्रीरामले त्यो चूडामणि देखेपछि देवी सीतालाई संझेर अलाप-विलाप गर्नु र हनुमान्-संग सीताका कुरा सोध्नु	२६	११५३
,,	६७	हनुमान्ले श्रीरामलाई फेरि देवी-सीताको सन्देश सुनाँउनु	७४	११५५
,,	६८	देवी-सीताले गरेको शङ्का आफुले हटाएको कुरा हनुमान्ले श्रीरामसँग वर्णन गर्नु	४७	११५८

समष्टिसर्गसंख्या		समष्टिश्लोकसंख्या	समष्टिपत्रसंख्या
६८	— — —	५४०१	११६०

इति सुन्दरकाण्ड

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धकाण्ड

विषयानुक्रमणिका

युद्धकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	१	श्रीरामद्वारा हनुमान्को प्रशंसा र समुद्रपार पुग्नमा चिन्ता	३०	११६१
"	२	वानरराज-सुग्रीवले श्रीरामलाई प्रोत्साहन दिनु	४६	११६३
"	३	वीर हनुमान्ले श्रीरामको अगाडि लङ्काको यावत्-कुरा वर्णन गर्नु	६७	११६५
"	४	वानर-सैन्यको साथै सुग्रीव र श्रीरामको समुद्रको तटमा प्रस्थान	२३५	११६८
"	५	देवी-सीताको बिरहमा श्रीरामको शोक-विलाप	४६	११७६
"	६	राक्षसराज रावणको आफ्ना मन्त्रीहरूसंग कर्तव्य-निर्णयको लागि सर-सल्लाह	३६	११७८
"	७	राक्षसवीरहरूले राक्षसराज रावणलाई रामलाई जित्न सकिने सल्लाह दिनु	५१	११८०
"	८	प्रहस्त आदि मन्त्रीहरूले राक्षसराजको अगाडि अ-आफ्नो पराक्रम बखान्नु	४६	११८२
"	९	श्रीविभीषणले राक्षसेश्वरसँग सीता फर्काउन विन्ती चढाँउनु	४४	११८४
"	१०	श्रीबिभीषणले राक्षसराजलाई सीता फर्काउन विन्ती गर्नु एवं रावणले जा ! भनेर पठाँउनु	६६	११८६
"	११	सभासद्हरूको साथै राक्षसराजको सभाभवनमा प्रवेश	५९	११८९
"	१२	राक्षसराज रावणको आदेश-उपदेश र कुम्भकर्णको भनाई	८१	११९२
"	१३	मन्त्री महापार्श्व र राक्षसराजको संवादमा रावणले आफूमा श्राप परेको कुरा भन्नु	३७	११९५
"	१४	विभीषणले श्रीरामको महत्व देखाएर दाजु-रावणलाई सीता सुम्पन अनुरोध गर्ने	४१	११९७

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	१५	इन्द्रजित्‌ले विभीषणका कुरा उडाँउन खोज्नु र विभीषणले इन्द्रजित्‌लाई हप्काँउनु	२५	१२००
"	१६	राक्षसराज रावणले भाई विभीषणलाई नराम्रो संग भन्नु र उनले पनि दाजुलाई त्याग दिएर हिंड्नु	५४	१२०२
"	१७	विभीषण श्रीरामको शरणमा पर्न आँउनु र शरण लिने–नलिने विषयमा छलफल गर्नु	१४१	१२०४
"	१८	श्रीरामले विभीषणलाई आफ्नो शरणमा लिनु	८६	१२०६
"	१९	विभीषणले श्रीरामलाई रावणका शक्तिको परिचय दिनु र श्रीरामले उनलाई लङ्काको राज्यमा अभिषेक दिनु	७९	१२१२
"	२०	रावणले शुक–राक्षसलाई दूत बनाएर श्रीराम भएमा पठाँउनु र वानरहरूले ठोक्ता श्रीरामले छोड्ने आदेश दिनु	७९	१२१५
"	२१	श्रीरामले समुद्र–किनारमा तीन रातसम्म उपवास बस्नु र पछि बाण छोडी त्यसलाई हुँडेली दिनु	७१	१२१८
"	२२	समुद्र प्रकट हुनु र नलद्वारा सेतुबन्धन गर्नु एवं त्यसैबाट पारी पुग्नु	१७१	१२२१
"	२३	श्रीरामले उत्पात–सूचक कुलक्षण बखान्नु र लङ्कातिर अभियान गर्नु	३३	१२२७
"	२४	लङ्काको शोभावर्णन, सेनाको तयारी र श्रीरामको आज्ञाले शुकलाई छोडदिनु र त्यसले रावणसँग सबै कुरा बखान्नु	९३	१२२९
"	२५	राक्षसराज रावणले मन्त्री शुक–सारण दुवैलाई कपि–सैन्यको चालमाल बुझ्न पठाँउनु र विभीषणले पक्डाँउनु एवं श्रीरामले संदेश दिएर फर्काउनु	६९	१२३३
"	२६	राक्षसराज रावणले एक–एक गरेर वानर–सैन्यपतिहरूलाई हेर्नु	९३	१२३६
"	२७	मन्त्री–सारणले राक्षसराज रावणलाई मुख्य–मुख्य वानर–यूथपतिको परिचय गराँउनु	९३	१२४०
"	२८	मन्त्री–शुकले राक्षसराजलाई सुग्रीवका मन्त्रीहरूको र वानरहरूको संख्या विन्ती गर्नु	७१	१२४४
"	२९	राक्षसराज रावणले मन्त्री शुक–सारण दुवैलाई निकाल्दिनु र शार्दूल आदिलाई गुप्तचर बनाई पठाँउनु	५७	१२४७

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	३०	राजा रावणको अगाडि शार्दूल आदि चरहरूले कपिसैन्यको साथै मुख्य-मुख्य वानरहरूको परिचय दिनु	६७	१२४६
"	३१	राक्षसराज रावणले देवी सीतालाई मोह-भ्रममा पार्नु	८४	१२५२
"	३२	देवी-जानकीको अलाप-विलाप	१०५	१२५५
"	३३	राक्षसी-सरमाले देवी-सीतालाई सम्झाँउनु-बुझाँउनु	८३	१२५६
"	३४	देवी-सीताको भनाई सुनेर राक्षसी-सरमाले रावणको गुप्त-विचार खोल्दिनु	६२	१२६२
"	३५	रावणका आमा-पट्टिका बाजे माल्यवान्‌ले श्रीराम-सँग सन्धि गर्न उसलाई संझाँउनु	७५	१२६५
"	३६	राक्षसराज रावणले आफ्नी पुरीका सुरक्षाको प्रबन्ध गर्नु र खोपीभित्र पस्नु	५२	१२६८
"	३७	विभीषणको विन्ती चढाइले श्रीरामले वानरसैन्यको खटन-पटन गर्नु	६१	१२७०
"	३८	श्रीरामले लङ्कापुरी देख्नु र सुवेल-पर्वतमै त्यो रात वास बस्नु	३६	१२७३
"	३९	सारा वानरको साथै श्रीरामले लङ्कापुरीको दर्शन गर्नु	६८	१२७५
"	४०	वानरराज सुग्रीवको र राक्षसराज रावणको मल्लयुद्ध	६६	१२७८
"	४१	श्रीरामले वानरसेनाहरूको खटन-पटन गर्नु र युवराज अङ्गदलाई दूत बनाई राक्षसराज-कहाँ पठाँउनु	२०२	१२८१
"	४२	वानरहरूको र राक्षसहरूको युद्ध-प्रारम्भ	६१	१२८८
"	४३	वानर र राक्षसहरूको द्वन्द्वयुद्ध	७८	१२९१
"	४४	रात्रीको युद्ध वर्णन	६५	१२९४
"	४५	इन्द्रजित्‌को नागपाश-बन्धनमा परेर राम-लक्ष्मण मूर्छित हुनु र सारा वानर भेलाभै शोक गर्नु	३१	१२९७
"	४६	सुग्रीव आदिले पीर मान्नु र विभीषणले संझाँउनु एवं रावणले छोराको प्रशंसा गर्नु	५४	१२९९
"	४७	राक्षसराजले देवी सीतालाई श्रीराम-लक्ष्मणको त्यस्तो अवस्था देखाँउने आज्ञा दिनु र राक्षसीहरूले देखाँउनु	२९	१३०१
"	४८	देवी-सीताको विलाप र त्रिजटाको आश्वासन	६६	१३०३
"	४९	श्रीराम विउँझनु र लक्ष्मणको निम्ति विलाप गर्नु	४९	१३०६
"	५०	विभीषण आदिको विलाप र गरुडको आगमन एवं नागपाशबाट श्रीराम-लक्ष्मणको मुक्ति	६८	१३०८

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	५१	राक्षसराजले धूम्राक्षलाई लड्न पठाउँनु	४८	१३१२
"	५२	राक्षसवीर धूम्राक्षलाई कपिवीर हनुमान्‌ले युद्धमा मारिदिनु	५२	१३१४
"	५३	राक्षसवीर वज्रदंष्ट्र र वानरवीर अङ्गदको लडाँईं	४३	१३१६
"	५४	वज्रदंष्ट्रको र अङ्गदको युद्धमा वज्रदंष्ट्रको मृत्यु	४१	१३१८
"	५५	राक्षसवीर अकम्पनको र वानरहरूको घनघोरको लडाईं	३६	१३२०
"	५६	कपिवीर हनुमान्‌द्वारा अकम्पनको वध	४२	१३२२
"	५७	राक्षसराजको आज्ञाले सेनापति प्रहस्तको युद्धार्थ आगमन	८१	१३२४
"	५८	कपिवीर नीलद्वारा प्रहस्तको र त्यसका सैन्यहरूको संहार	६०	१३२७
"	५९	राक्षसराज रावण आफैं युद्धार्थ जानु र श्रीरामबाट हार खाई फर्कनु	२१२	१३३१
"	६०	राक्षसराज – रावणको आज्ञाले कुम्भकर्णलाई बिउँझ्याँउनु	१५३	१३४२
"	६१	विभीषणले श्रीरामलाई कुम्भकर्णको परिचय दिनु	५६	१३४८
"	६२	रावणले कुम्भकर्णलाई लड्नको निम्ति पुठ दिनु	३६	१३५१
"	६३	भाई कुम्भकर्णले दाजु-रावणलाई नचाँहिने काम गऱ्यौ, भन्नु र म लडेर सबैलाई सिध्याईदिन्छु भन्नु	१११	१३५३
"	६४	महामन्त्री महोदरले कुम्भकर्णलाई हप्काँउनु र राक्षसराजलाई नलडीकन इच्छापूर्ति हुने कुरो भन्नु	६२	१३५७
"	६५	युद्धको निमित्त कुम्भकर्णको प्रस्थान	६८	१३६१
"	६६	युवराज अङ्गदले भागेका कपि-सेनालाई फर्काउनु र कुम्भकर्णले वानर-सैन्य संहार गर्नु	४६	१३६५
"	६७	कुम्भकर्णको युद्ध र श्री रामद्वारा त्यसको मृत्यु	२१४	१३६७
"	६८	कुम्भकर्णको मृत्युमा राक्षसराज रावणको शोक	३७	१३७७
"	६९	राक्षसराजका भाई-छोराहरू युद्धमा जानु र नरान्तकलाई युवराज अङ्गदले मार्नु	१२७	१३७९
"	७०	देवान्तक त्रिशिरा र महोदर आदिको वध	७२	१३८४
"	७१	वीर लक्ष्मणद्वारा राक्षसराजकुमार अतिकायको मृत्यु	१३२	१३८८
"	७२	राक्षसराज रावणको चिन्ता र पुरीको रेखदेख गर्ने आदेश प्रदान	२५	१३९४

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	७३	इन्द्रजित्को ब्रह्मास्त्रले श्रीराम र लक्ष्मण घाइते भै मूर्च्छा पर्नु	६३	१३६६
"	७४	ऋक्षराज जाम्बवान्को सल्लाहले हनुमान्ले हिमालयबाट दिव्यौषधिको पहाड बोकी ल्याँउनु र त्यसबाट श्रीराम-लक्ष्मणको मूर्च्छा खुल्नु	१०३	१४०१
"	७५	लङ्का-दहन एवं वानर-राक्षसको भयङ्कर-युद्ध	६५	१४०६
"	७६	संकीर्णयुद्धमा अङ्गदादिद्वारा कम्पन-प्रजङ्घ आदिको मृत्यु	१२२	१४१०
"	७७	कपिवीर हनुमान्ले राक्षसवीर निकुम्भलाई मार्नु	३३	१४१४
"	७८	राक्षसराजको शुभाज्ञाले युद्धार्थ मकराक्षको आगमन	२५	१४१६
"	७९	श्रीरामबाट मकराक्षको वध	४६	१४१८
"	८०	राक्षसराजको आज्ञाले इन्द्रजित्को युद्धार्थ आगमन र श्रीराम-लक्ष्मणको संवाद	६६	१४२०
"	८१	इन्द्रजित्द्वारा मायानिर्मित सीताको वध	४७	१४२३
"	८२	वानरवीर र राक्षसहरूको युद्ध एवं निकुम्भिला-मन्दिरमा इन्द्रजित्ले हवन गर्न थाल्नु	२९	१४२५
"	८३	श्रीरामले सीताका वधको कुरा सुनेर मूर्छित हुनु र लक्ष्मणले संझाँउनु	८३	१४२७
"	८४	राक्षसश्रेष्ठ विभीषणले देवी-सीता मरेकी छैनन् भनी श्रीरामलाई आश्वासन दिनु	४०	१४३०
"	८५	सैन्यसाथै श्रीरामको आज्ञाले वीर लक्ष्मण-निकुम्भिला-मन्दिरमा जानु	५४	१४३२
"	८६	वानर-राक्षसको युद्ध र इन्द्रजित्लाई द्वन्द्वयुद्ध गर्न हाँक दिन	५१	१४३४
"	८७	इन्द्रजित्को र बिभीषणको भनावैरी	५८	१४३६
"	८८	लक्ष्मण र इन्द्रजित्मा भनावैरी	११०	१४३९
"	८९	राक्षसवीर विभीषणले राक्षसहरूमाथि शरवृष्टि गर्नु र लक्ष्मणले इन्द्रजित्को रथ भताभुङ्ग पारीदिनु	८०	१४४३
"	९०	इन्द्रजित् र लक्ष्मणको युद्धमा लक्ष्मणद्वारा इन्द्रजित्को वध	१२६	१४४६
"	९१	वीर लक्ष्मण र विभीषण आदिले श्रीरामलाई त्यो खवर सुनाँउनु र लक्ष्मणको प्रशंसाको साथै उनको उपचार गर्नु	४१	१४५१

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	९२	राक्षसराजको शोक र सीतावधमा प्रवृत्त हुँदा सुपार्श्वले संझाई रोक्नु	११०	१४५३
"	९३	श्रीरामद्वारा राक्षससैन्यको विशेष संहार	६२	१४५७
"	९४	राक्षसीहरूको विलाप	६१	१४६०
"	९५	राक्षसराजले मन्त्रीहरूसंग सल्लाह गरी रणभूमिमा आँउनु र आफ्नु शक्ति देखाँउनु	७६	१४६३
"	९६	वानरराज सुग्रीवद्वारा राक्षस-सैन्य संहार र विरूपाक्षको वध	४४	१४६६
"	९७	सुग्रीवद्वारा महोदरको वध	५३	१४६८
"	९८	युवराज अङ्गदद्वारा राक्षसवीर महापार्श्वको वध	२७	१४७०
"	९९	श्रीरामको र रावणको युद्ध-प्रारम्भ	७०	१४७२
"	१००	राम-रावणको युद्धमा रावणको शक्तिले लक्ष्मण मूर्छित हुनु र रावण भाग्नु	८७	१४७५
"	१०१	श्रीरामको विलाप र हनुमान्ले ल्याएको औषधिले सुषेणले लक्ष्मणलाई बचाँउनु	८१	१४७८
"	१०२	देवराज इन्द्रले श्रीरामको निम्ति आफ्नो रथ पठाँउनु र श्रीरामले त्यसैमा चढी युद्ध गर्नु	१०१	१४८१
"	१०३	श्रीरामले रावणलाई हकार्नु र घाइते देखि सारथिले उनलाई रणभूमिबाट बाहिर लैजानु	४६	१४८५
"	१०४	राक्षसराज रावणले सारथिलाई हकार्नु र सारथिले रथलाई फेरि युद्धभूमिमा ल्याँउनु	५३	१४८७
"	१०५	महर्षि-अगस्त्यद्वारा श्रीरामलाई आदित्य-हृदय पाठ गर्ने उपदेश दिनु	५५	१४८९
"	१०६	श्रीरामले मातलिलाई सावधान गराँउनु र रावणको कुलक्षण र रामको सुलक्षण-वर्णन	६२	१४९१
"	१०७	श्रीराम र रावणको युद्धमा रामद्वारा राक्षस-राजको शिरच्छेद	९२	१४९४
"	१०८	मातलिले श्रीरामलाई संझाँउनु र श्रीरामले रावणलाई मार्नु	५२	१४९८
"	१०९	राक्षसवीर विभीषणको विलाप र श्रीरामले उनलाई संझाई "दाजुको अन्त्यष्टि गर" भन्नु	५३	१५०१
"	११०	राक्षसराजको खोपीभित्रका राक्षसी-रानीहरूको अलाप-विलाप	५०	१५०४

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
,,	१११	राक्षसराज-रानी मन्दोदरीको विलाप र रावणका शवको संस्कार	२३७	१५०६
,,	११२	राक्षसश्रेष्ठ विभीषणलाई राज्याभिषेक दिनु र श्रीरामले हनुमान्लाई सीता भएमा पठाँउनु	४१	१५१४
,,	११३	कपिवर हनुमान्ले देवी सीतालाई श्रीरामको संदेश विन्ती गर्नु र सीताको समाचार लिएर फर्कनु एवं श्रीराममा त्यो विन्ती गर्नु	६०	१५१६
,,	११४	श्रीरामको आज्ञाले राक्षसराज विभीषणले देवी सीतालाई ल्याउनु र देवीले श्रीरामको दर्शन गर्नु	६६	१५१९
,,	११५	देवी—सीताको चरित्रमा शङ्का गरेर रामले उनलाई मनपर्दी भन्नु	४६	१५२२
,,	११६	श्रीरामलाई उचित उत्तर दिएर देवी सीताले अग्नि-प्रवेश गर्नु	६४	१५२४
,,	११७	श्रीराम भएमा देवताहरू आँउनु र स्वयं ब्रह्माले रामलाई 'हजूर साक्षात् परं ब्रह्म भइबक्सिन्छ' भनी स्तुति गर्नु	६४	१५२७
,,	११८	भगवान् अग्निदेवले सीतालाई लिएर आई श्रीराममा टक्र्याँउनु र रामले स्वीकार गर्नु	४४	१५३०
,,	११९	महाराज दशरथको आगमन र दुई छोराकै साथ बुहारीलाई आशीर्वाद दिई इन्द्रलोक गमन	५९	१५३२
,,	१२०	श्रीरामको आज्ञाले देवराज इन्द्रले मरेका भालू-वानरहरूलाई बचाँउनु	२९	१५३५
,,	१२१	श्रीराम अयोध्या हिंड्न ठीक हुनु र विभीषणले पुष्पक-विमान ल्याँउनु	५२	१५३७
,,	१२२	राक्षसराज विभीषणद्वारा वानर-वीरहरूको सन्मान र सबैलाई लिई श्रीरामको अयोध्या-प्रस्थान	४४	१५३९
,,	१२३	श्रीरामले अयोध्या फर्कंदा देवी-सीतालाई बाटाका तत्तत्-स्थल देखाँउनु	८९	१५४१
,,	१२४	श्रीरामले महर्षि-भरद्वाजको आश्रममा ओर्लेर वास बस्नु र वर पाँउनु	४८	१५४५
,,	१२५	श्रीरामले परिस्थिति बुझ्न हनुमान्लाई अयोध्या पठाँउनु	७७	१५४७

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	१२६	कपिवीर-हनुमान्ले रघुवीर-भरतलाई श्रीरामको सम्पूर्ण वृत्तान्त भन्नु	६५	१५५०
"	१२७	पुण्यात्मा रघुकुलरत्न-भरतले श्रीरामको स्वागत गर्न तयारी गर्नु एवं श्रीरामको आगमन र भेट-घाट	१११	१५५४
"	१२८	श्रीरामको शुभ—राज्याभिषेक	२१७	१५५८

समष्टिसर्गसंख्या	— — — —	समष्टिश्लोकसंख्या	समष्टिपत्रसंख्या
१२८		१०१८६	१५६६

इति युद्धकाण्ड

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरकाण्ड

विषयानुक्रमणिका

उत्तरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
,,	१	राजराजेन्द्र श्रीरामको दरबारमा अगस्त्य-आदि ऋषि-मुनिको आगमन र कुराकानी	७०	१५६७
,,	२	महर्षि-अगस्त्यद्वारा राजा-रामलाई राक्षसहरूको उत्पत्तिक्रम बताँउदा विश्रवा-मुनिको जन्म-वर्णन गर्नु	६२	१५७०
,,	३	मुनि-विश्रवाबाट कुवेरको जन्म हुनु र उनले तप गर्नु एवं लङ्कापुरीमा गई बस्नु	६६	१५७३
,,	४	राक्षस-वंशको वर्णनमा हेति-विद्युत्केश र सुकेशको उत्पत्ति	६५	१५७६
,,	५	सुकेशका छोरा माल्यवान् र सुमाली एवं मालीका सन्तानको वर्णन	८०	१५७६
,,	६	माल्यबान्हरूको देव-ऋषिहरू माथिको आक्रमणले हाहा! र भगवान्-विष्णुले उनमा सहायता दिनु	११२	१५८२
,,	७	भगवान्-विष्णुद्वारा सेनापति-मालीको वध	१०२	१५८६
,,	८	भगवान् विष्णुको माल्यवान् र सुमालीसँग युद्ध एवं उनीहरूको भागाभाग	४६	१५९०
,,	९	रावणहरूको जन्म र उनीहरूले गोकर्णाश्रममा तप गर्नु	६८	१५९२
,,	१०	रावणादिको तपस्या र वर-प्राप्ति	८३	१५९६
,,	११	लङ्कामा राक्षसेश्वरको पदमा रावणको राज्याभिषेक	६७	१५९९
,,	१२	राक्षसराज रावणको र भाईहरूको विहावारी	५९	१६०३
,,	१३	धनाध्यक्ष-कुवेरले पठाएको दूतलाई राक्षसेश्वर-रावणले मारिदिनु	७३	१६०६
,,	१४	यक्ष-राक्षसको युद्धमा राक्षसराज-रावणको जीत	५४	१६०९
,,	१५	माणिभद्र एवं कुवेरको पराजय र पुष्पक-विमान खोस्नु	८६	१६११

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	१६	नन्दीश्वरबाट रावणलाई श्राप र भगवान्-शङ्करबाट रावण-नामको साथै खड्ग प्राप्त हुनु	८४	१६१४
"	१७	राक्षसराज-रावणलाई ब्रह्मर्षि-कन्या वेदवतीको श्राप	८५	१६१७
"	१८	राक्षसराज-रावणले मरुत्त आदि राजाहरूलाई जित्नु	६३	१६२०
"	१९	रावणले महाराज अनरण्यलाई मार्नु र राजाले त्यसलाई श्राप दिनु	५८	१६२३
"	२०	राक्षसराज-रावणको देवर्षि नारदसँग भेटघाट र कुराकानी	६५	१६२५
"	२१	राक्षसराज रावणको यमराजका किंकरहरूसँग लडाँईं-जुधाई	८५	१६२८
"	२२	वीर-रावणले यमलोक जित्नु	८४	१६३१
"	२३	राक्षसराजद्वारा निवातकवचसँग मैत्री, कालकेयहरूको वध र वरुणका छोराहरूको हार	१०२	१६३४
"	प्रक्षिप्त १ सर्ग,	राक्षसराज-रावणले बलिका लोकमा पुग्नु र वहाँ विजय पाँउनु	१७५	१६३८
"	प्रक्षिप्त २ सर्ग,	राक्षसराज—रावणको सूर्यलोकगमन एवं विजय-घोषणा	२४	१६४४
"	प्रक्षिप्त ३ सर्ग,	राक्षसेश्वर-रावणको चन्द्रलोकगमन तथा महाराज मान्धातासँग संग्राम	६७	१६४५
"	प्रक्षिप्त ४ सर्ग,	रावणको चन्द्रलोक-गमन एवं ब्रह्माबाट मन्त्र-प्राप्ति	७३	१६४६
"	प्रक्षिप्त ५ सर्ग,	राक्षसराज-रावणको पश्चिम-समुद्रको यात्रा र भगवान्-कपिलको दर्शन-प्राप्तिवर्णन	१२३	१६५२
"	२४	रावणद्वारा देव-कन्या आदि हरिनु र उनीहरूले विलाप गर्नु एवं रुँदी बहिनी-शूर्पणखालाई खर-दूषणको साथै दण्डकारण्यमा बस्न पठाँउनु	७४	१६५६
"	२५	मेघनादको सफलता आदि र मधुसँग रावणको मित्रता इत्यादिको वर्णन	६५	१६५९
"	२६	रावणले रम्भामाथि बलात्कार गर्नु र नलकूवरले श्राप दिनु	१२६	१६६३
"	२७	राक्षसराजले देवलोक आक्रमण गर्नु र सुमालीको मृत्यु हुनु	८४	१६६७
"	२८	राक्षसेश्वर-रावण र सुरेश्वर-इन्द्रको संग्राम	८५	१६७०
"	२९	मेघनादले इन्द्रलाई राक्षसी-मायाले बाँध्नु र लङ्कापुरीतिर हिंड्नु	६६	१६७३

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	३०	भगवान्-ब्रह्माले रावणलाई संझाई इन्द्रलाई कैद-बाट छुटाँउनु	१०७	१६७६
"	३१	राक्षसेश्वर-रावणको माहिष्मती-पुरीमा अभियान र वहाँ कार्तवीर्यार्जुनलाई न पाई नर्मदामा गई भगवान्-शिवको आराधना गर्नु	६०	१६८०
"	३२	महाराजाधिराज-कार्तवीर्यार्जुन द्वारा राक्षसराज-रावण थुनिनु	१२६	१६८४
"	३३	ऋषिराज-पुलस्त्यले रावणलाई समातेको सुन्नु र माहिष्मती-पुरीमा आई नातिलाई छुटाँउनु	४६	१६८८
"	३४	वानरराज-वालीले रावणको घमण्ड तोड्दिनु र मैत्रित्व बाँध्नु	८४	१६९१
"	३५	वानरवीर-हनुमान्को जीवनी	११३	१६९४
"	३६	वानरवीर-हनुमान्ले देवताहरूबाट अनेकौं वर र ऋषिहरूबाट श्राप पाउँनु	११५	१६९८
"	३७	राजा-रामको राजसभा-प्रवेश	४९	१७०३
" प्रक्षिप्त	१ सर्ग,	वानरराज ऋक्षरजाको उत्पत्ति र वाली-सुग्रीवको जीवन-चरित्र	७६	१७०५
" प्रक्षिप्त	२ सर्ग,	परमहंस महामुनि-सनत्कुमारको र राक्षसराज-रावणको कुराकानी	३३	१७०८
" प्रक्षिप्त	३ सर्ग,	महामुनि सनत्कुमारले राक्षसराजलाई उसको भविष्य बताउँदै संझाँउनु	५०	१८१०
" प्रक्षिप्त	४ सर्ग,	देवर्षि-नारदबाट सुनेको यो कथाशेष महामुनि अगस्त्यले राजा-रामलाई सुन ! भन्नु	१०	१७१३
" प्रक्षिप्त	५ सर्ग,	महामुनि अगस्त्यबाट राजराजेन्द्र रामलाई राक्षसराज रावणको जीवन-चरित्र सुनाँउनु	९७	१७१४
"	३८	निमन्त्रित राजर्षि-जनक एवं राजा युधाजित् र अरू प्रतर्दन आदि राजाहरूलाई विदा गर्नु	६४	१७१८
"	३९	श्रीरामबाट आफ्ना मित्र, वानर, भालू एवं राक्षस आदिको सन्मान	५१	१७२१
"	४०	श्रीरामबाट सुग्रीव आदि वानर, जाम्बवान् आदि भालू र बिभीषण आदि राक्षसहरूको विदाई	५२	१७२३
"	४१	पुनः पुष्पक-विमानको आगमन एवं विसर्जन र भरतद्वारा रामराज्यको वर्णन	३९	१७२५

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
”	४२	अशोकवाटिका वर्णन एवं त्यसमा विहार तथा दोजिया महारानी-सीताले महाराज-रामसँग तपोवन हेर्ने इच्छा पोख्नु र स्वीकृति दिनु	७२	१७२७
”	४३	गुप्तचरद्वारा राजा-रामले महारानी-सीताका विषयको लोकापवाद सुन्नु	४३	१७३०
”	४४	राजा-रामले लक्ष्मण आदि तीनै भाईहरूलाई बोलाँउनु	४२	१७३२
”	४५	राजा-रामले लोकापवादको चर्चा गरी लक्ष्मणलाई सीतालाई वनमा छोडेर आँउने आदेश दिनु	४८	१७३४
”	४६	राजकुमार-लक्ष्मणले महारानी-सीतालाई वनमा छोड्न लैजानु र गोमती-नदीको तटमा वास बस्नु	६३	१७३६
”	४७	लक्ष्मणले महारानी-सीतालाई महाराज-रामद्वारा त्यागिएको कुरा विन्ती गर्नु	३८	१७३९
”	४८	महारानी-सीताले राजा-रामलाई सन्देश पठाँउनु र लक्ष्मण फर्कनु	६०	१७४१
”	४९	मुनि-कुमारबाट कुरा सुनेर मुनिराज-वाल्मीकि वहाँ सवारी हुनु र देवी-सीतालाई आफ्नो आश्रममा लिएर जानु	५४	१७४४
”	५०	राजकुमार-लक्ष्मणको र राजमन्त्री एवं सारथि-सुमन्त्रको कुराकानी	४२	१७४६
”	५१	सुमन्त्रले बाटामा दुर्वासाको मुखबाट सुनेको भृगु-ऋषिका श्रापको कुरा र केही भविष्यका कुरा लक्ष्मणलाई सुनाँउनु	६०	१७४८
”	५२	अयोध्या-राजदरबारमा पुगे पछि राजकुमार-लक्ष्मणले दुःखी राजा-रामलाई सम्झाँउनु	३६	१७५१
”	५३	राजा-रामले महाराज-नृगको कथा भनेर भाई-लक्ष्मणलाई राजद्वारमा कुनै काम परेका व्यक्तिहरू आएका छन् भने हेर ! भन्ने आज्ञा गर्नु	५६	१७५३
”	५४	महाराज-नृगले ठूलो खाल्डो खनाएर त्यसभित्र पसी छेपारो भएर श्राप भोग्नु	३७	१७५५
”	५५	राजा-निमि र मुनि-वसिष्ठले अन्योन्यमा सराप्ता-सराप्तै शरीर छोड्नु	४२	१७५७
”	५६	श्रीरामले मित्र र उर्वशीको कथा प्रसङ्गवश भाई-लक्ष्मणलाई सुनाँउनु	५४	१७५९

उत्तरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
,,	५७	ब्रह्मर्षि-वसिष्ठले नयाँ शरीर ग्रहण गर्नु र राजर्षि-निमिले प्राणीका झिक्याइमा बस्नु	४१	१७६२
,,	५८	श्रीरामबाट महाराज-ययातिको चरित्रवर्णन	४५	१७६४
,,	५९	राजर्षि-ययातिले छोरा पुरुमा राज्याभिषेक दिनु र आफू वन पस्नु	४९	१७६६
,, प्रक्षिप्त	१ सर्ग,	राजदरबारको ढोकामा न्याय माग्न यौटा कुकुर आउँनु र त्यसलाई राजा-रामले भित्र बोलाउँनु	५३	१७६८
,, प्रक्षिप्त	२ सर्ग,	कुकुरले राजासँग न्याय माग्नु र श्रीरामले बुझी त्यसले भनेझैं गरी दिनु	६७	१७७१
,, प्रक्षिप्त	३ सर्ग,	राज-सभामा गिद्ध र लाटो-कोसेराको झगडामा न्याय दिंदा न दिंदै राजा-रामबाट गिद्धको श्राप-मुक्ति हुनु	१२९	१७७५
,,	६०	राजमहलमा ब्रह्मर्षि-च्यवन आदि मुनिको आगमन र राजा-रामद्वारा उहाँहरूको इच्छापूर्ति गर्ने प्रतिज्ञा-प्रदान	३४	१७८०
,,	६१	ऋषि-मुनिहरूले लवणासुरको अत्याचार बखान्दै त्यसबाट हुने पीडा मासिदिन राजा-राम सँग प्रार्थना गर्नु	४८	१७८२
,,	६२	श्रीरामबाट लवणासुरलाई मार्नको निमित्त राजकुमार-शत्रुघ्नलाई खटाउँनु	३७	१७८४
,,	६३	श्रीरामबाट भाई-शत्रुघ्नलाई लवणराज्यमा अभिषेक-दिनु र त्यसको शूलबाट बच्ने उपाय भन्नु	६१	१७८६
,,	६४	श्रीरामको-आज्ञानुसार वीर शत्रुघ्नले सेना-मेनालाई अगाडि पठाएर आफू पछि जानु	३४	१७८९
,,	६५	महाराज-शत्रुघ्नको महर्षि-वाल्मीकिसंग भेटघाट हुनु र महाराज-सौदासको वर्णन गर्नु	७८	१७९१
,,	६६	महारानी-सीताका जुम्ल्याहा लव-कुश छोरा जन्मनु र यो सुने पछि खुश भएका राजा-शत्रुघ्न बाटो लाग्नु	३१	१७९४
,,	६७	च्यवन-मुनिले राजा-शत्रुघ्नलाई लवणासुरका शूलको महिमा बखान्दै राजा-मान्धाताको वध सुनाउँनु	४६	१७९६
,,	६८	नरश्रेष्ठ-शत्रुघ्नको र राक्षसश्रेष्ठ-लवणको कुराकानी	३९	१७९८
,,	६९	नरश्रेष्ठ-शत्रुघ्नद्वारा राक्षसश्रेष्ठ-लवणको वध	६८	१८००
,,	७०	महाराज-शत्रुघ्नले देवताहरूबाट वरदान पाउँनु र मधुपुरीमा राज्य गर्नु	३३	१८०३

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	७१	महाराज-शत्रुघ्नले अयोध्या जान प्रस्थान गर्नु र महर्षि-वाल्मीकिको आश्रममा कुमार लव-कुशद्वारा गाइएको रामायण सुन्नु	५५	१८०५
"	७२	मुनिराज-वाल्मीकिसँग विदा मागी शत्रुघ्न अयोध्या-तिर हिंडनु र वहाँ दाजु-रामलाई भेट्नु	४१	१८०७
"	७३	यौटा ब्राह्मणले मरेको बालक ल्याई राजद्वारमा फ्याँक्नु र राजालाई नै भन्नु-नभन्नु भन्नु	३७	१८०९
"	७४	देवर्षि-नारदले राजा-रामलाई शूद्रले तपस्या गर्दा नै विप्रका पुत्र मरेका हुन् भन्नु	६६	१८११
"	७५	राजा-राम स्वयं अधर्मीको खोजी गर्न जानु र शम्बूक-शूद्रलाई देख्नु	३३	१८१४
"	७६	राजा-रामले शूद्र-शम्बूकबाट सबै कुरा सुनी उनको शिर छिनाल्नु र ऋषिराज-अगस्त्यबाट आभूषण प्राप्त गर्नु	६१	१८१६
"	७७	महर्षि-अगस्त्यले राजा-रामलाई यौटा स्वर्गको पुरुषले मुर्दा खाएको कथा भन्नु	४१	१८१९
"	७८	महर्षि-अगस्त्यलाई राजा-श्वेतले आफ्नो जीवनी भन्नु र दिव्य-आभूषण समर्पण गर्न	५३	१८२१
"	७९	महाराज-इक्ष्वाकुका पुत्र राजा-दण्डको राज्य-संचालन	३६	१८२३
"	८०	राजा-दण्डले गुरु-पुत्री अरजामाथि अयोग्य बलात्कार गर्नु	३८	१८२५
"	८१	दैत्यगुरु-श्रीशुक्राचार्यको श्रापद्वारा राजा-दण्डको सर्वनाश एवं दण्डकारण्य-वर्णन	४०	१८२७
"	८२	श्रीरामको राजधानीमा फिर्ती सवारी	३८	१८२९
"	८३	राजा-रामको राजसूय-यज्ञ गर्ने इच्छा उठ्नु र भाई-भरतको भनाईले रोकिनु	३६	१८३१
"	८४	राजकुमार-लक्ष्मणले अश्वमेधयज्ञ गर्ने प्रस्ताव राख्नु र वृत्रासुरको कथा विन्ती गर्नु	३८	१८३३
"	८५	वृत्रासुरको वध गर्नु र त्यसबाट लागेको ब्रह्महत्याले देवराज-इन्द्र छट्पटिनु	४२	१८३५
"	८६	अश्वमेध-यज्ञद्वारा इन्द्रको ब्रह्महत्या छुट्नु	३६	१८३७
"	८७	राजा-रामले लक्ष्मणलाई इलको कथा सुनाँउनु	५६	१८३९
"	८८	इला र बुधको भेटघाट हुनु र उनले ती स्त्रीहरूलाई किम्पुरुषी भन्ने नाम राखी त्यहाँ बस्ने सल्लाह दिनु	४६	१८४१

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
”	८९	राजर्षि-पुरुरवाको जन्म	५०	१८४३
”	९०	अश्वमेध-यज्ञद्वारा इलाले पुरुषत्व-प्राप्ति गर्नु	४६	१८४५
”	९१	राजा-रामको शुभ-आदेशले अश्वमेध यज्ञ गर्नाको लागि माल-सामानको जोरजाम गर्नु	६१	१८४७
”	९२	राज-राजेन्द्र श्रीरामको अश्वमेध-यज्ञमा भएका दान-मानादिको बर्णन	३८	१८५०
”	९३	राजा-रामको यज्ञमा महर्षि-वाल्मीकिको सवारी हुनु र लव-कुशलाई रामायण गाँउन आदेश दिनु	४७	१८५२
”	९४	लव-कुशद्वारा रामायण-काव्यको गान प्रारम्भ गर्नु र राजा-रामले उनलाई राज-सभामा बोलाँउनु	७६	१८५४
”	९५	राजा-रामले मुनिराज-वाल्मीकिको पाँउमा “सीताले आफ्नु शुद्धता बारे किरिया खाएर विश्वास दिलाँउन्” भनेर विन्ती चढाई पठाँउनु	३३	१८५७
”	९६	महर्षि मुनिराज-वाल्मीकिद्वारा सीताका शुद्धताको समर्थन गर्नु	४२	१८५९
”	९७	देवी-सीताले शपथ-ग्रहण गर्नु एवं रसातलबाट धरती-माता उब्जनु र सीतालाई सिंहासनमा राखी रसातलमै पस्नु	५१	१८६१
”	९८	राजा-रामको दुःख र पश्चाताप एवं ब्रह्माले उनलाई बाँकी रामायण सुन्न प्रेरणा गर्नु	५५	१८६३
”	९९	राजा-रामको जीवन-चर्चा र मुमा-महारानी कौसल्या आदिको परलोकगमन-वर्णन	३८	१८६५
”	१००	राजा-रामले भाई-भरतलाई गन्धर्वलोक जित्नको लागि पठाँउनु	५३	१८६७
”	१०१	राजकुमार-भरतले गन्धर्वनगर विजय गर्नु र वहाँ छोराहरूलाई राखी आफू अयोध्या फर्कनु	३८	१८६९
”	१०२	श्रीरामबाट अङ्गद र चन्द्रकेतु दुवैलाई राज्याभिषेक-प्रदान	३३	१८७१
”	१०३	राजा-राम भएमा काल (मृत्यु) को आगमन	२३	१८७३
”	१०४	सर्वसंहारी-कालले राजा-रामलाई भगवान्-ब्रह्माको सन्देश सुनाँउनु	४१	१८७५
”	१०५	ऋषिराज-दुर्वासा आँउनु र राजकुमार लक्ष्मणलाई राजा-रामलाई सूचना दिन भित्र पठाँउनु	२५	१८७७

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरकाण्ड	सर्गसंख्या	तत्तत्सर्गस्थविषयनिर्देश	श्लोकसंख्या	पत्रसंख्या
"	१०६	राजा-रामले लक्ष्मणलाई त्याग दिनु र लक्ष्मण सशरीर स्वर्ग जानु	३६	१८७६
"	१०७	राजा-रामले जनताको इच्छानुसार सवैलाई साथमा लैजाने विचार गर्नु र लव-कुश दुवैलाई राज्याभिषेक दिनु	४१	१८८१
"	१०८	महाराज-शत्रुघ्नको आगमन र उनका पुत्र सुबाहु र शत्रुघातीलाई राज्याभिषेक दिनु र हनुमान् आदि-लाई श्रीरामले यहीं बस्ने आदेश दिनु	६८	१८८३
"	१०९	श्रीरामको महाप्रस्थानमा सम्पूर्ण पुरवासीको अनुगमन	३२	१८८६
"	११०	भाईहरूको साथै श्रीरामले विष्णुरूपमा प्रवेश गर्नु र अरू जनताले संतानक-लोक पाँउनु	५३	१८८८
"	१११	रामायण-महाकाव्यको उपसंहार र यसको महिमा-वर्णन	४२	१८९२

समष्टिसर्गसंख्या	— — — —	समष्टिश्लोकसंख्या	समष्टिपत्रसंख्या
१११		७४२२	१८९२

इति उत्तरकाण्ड

श्रीमद्वाल्मीकिरामायणको
सम्पूर्ण विवरण

यसरी बाल-अयोध्या-अरण्य एवं किष्किन्धा-सुन्दर-युद्ध र उत्तरकाण्डसम्मका सातै काण्डहरूमा रहेका सर्ग-श्लोक तथा पत्रहरूको क्रमागत विवरण सहितको समस्त विषयहरूको यथार्थ-संख्या निम्नाङ्कित छ। यसमा प्रक्षिप्त मानिएका १४ चौध सर्ग छुटेका छन्। तिनको अलग संख्या ग्रन्थभित्रै छ।

काण्डनाम	सर्गसंख्या	श्लोकसंख्या	पत्रसंख्या
बालकाण्ड	७७	२९६५	१५५
अयोध्याकाण्ड	११९	६९३२	५०५
अरण्यकाण्ड	७५	४५७८	७१४
किष्किन्धाकाण्ड	६७	६१०१	९२८
सुन्दरकाण्ड	६८	५४०१	११६०
युद्धकाण्ड	१२८	१०१८९	१५६५
उत्तरकाण्ड	१११	७४२२	१८९२
	सातै काण्डको सर्गसंख्या	सातै काण्डको श्लोकसंख्या	ग्रन्थभरीको पत्रसंख्या
	६४५	४३५८८	२००४

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

महर्षि—वाल्मीकि—निर्मित प्रस्तुत आदिकाव्य—

रामायणको लक्ष्यात्मक परिचय

१

ारो तारक-मन्त्र राम प्रभुको प्यारै भएमा गई
र्दा फुक्तछ कानबीच जुन त्यो अत्यन्त छीटो भई।
प्तै आफु त्यही, पुगी अलखमा बेहोश बन्ने, तर
खने होश सदैव भक्त-हितमा, यो कष्ट नाशून् हर॥

२

स्तो उच्च कृपा अमोघ प्रभुको ? जल्ले गरी रावण
ास्तो रावण भो, जगत्पति स्वयं ओर्लेर मारे पुनः।
ोला छन् दुइकै सुरम्य यसमा दुष्कर्म-सत्कर्मको
रामायण-काव्य यो, सुकृति हो ब्रह्मर्षि-वाल्मीकिको॥

३

ादै शान्ति दिने छ पुण्यमय यो पढ्दै गएमा सब
ो ज्ञान छ पाइने, हृदयको यै नास्छ मैलो तक।
र्यादा—व्यवहारसम्म घरका कर्तव्य नानाथर
र छलंङ्ग, पवित्रधर्म-गुण छन्, सत्कर्म छन् सुन्दर॥

४

त्रेता-युगको कुरो—क्षिति थिइन् दुष्टादिले पूर्ण र
ी भार पर्‍यो कुकर्म उनको बढ्दा भइन् थर्थर।
ाको गइ पाउमा अनि भनिन् सद्धर्मको सन्तको
ारार्थ कुनै उपाय भगवन् ! सोच्नोस् भनी योग्यको॥

५

ब्रह्माले सब देवतासंग लिई गै विश्व-सञ्चालक
सर्वात्मा परतत्त्व विष्णु-प्रभुमा यो दुःख पोखे तब।
ओर्ले दाशरथी बनेर ऋषिको सेवा गरे गै वन
मारे दुष्ट र ताडकाकन वहाँ, थप्तै गए सद्गुण॥

६

विश्वामित्र स्वयं गएर मिथिला सीता-विवाहोत्सव
पारे पूर्ण भँचाइ शैव-धनु त्यो श्रीरामद्वारा तब।
फर्के आश्रममा, गए घर सबै, राज्याभिषेकोत्सव
राजाले सुत-रामको अब वहाँ गर्ने भए वास्तव॥

७

कैकयी महिषी थिइन् नृपप्रिया, मागिन् उनीले वर
जाऊन् जङ्गल राम, ती भरतले यो राज्य पाऊन् स्थिर।
राजा सत्य प्रतिज्ञ-थे, कर पर्‍यो, श्रीराम लागे वन
सीता-लक्ष्मण साथ थे, मुनि बने आनन्द मानीकन॥

८

आयो राक्षसराज घोर वनमा मारीच साथी लियो
साथी भो मृग, आफु चाहिं मुनि भो, सीता हरेरै लग्यो।
खोज्दै राम गए, जटायु पथमा देखा परे, त्यो कुरा
सारा पोखिदिए, मरे, अघि बढे, सुग्रीव भेटे तदा॥

CC-0. In Public Domain. Digitization by eGangotri

९

मैत्रीभाव बढाइ वानरहरू सीताकनै खोज्न ती
दौडाए सबतर्फ, वीर हनुमान् लङ्का पुगे वेग ली ।
भेटा रामप्रिया, उनीकन भने सुम्पेर औंठी वहाँ
चाँडै पाल्नु हुनेछ राम भगवान्, फर्के, भने राममा ॥

१०

हाली सेतु समुद्रमा सब गए लङ्का-पुरीभित्र र
मारे रावण-कुम्भकर्ण दुइटै भाई फुटेमा स्थिर ।
सीताको अब शुद्धि भो, अनि सबै फर्के अयोध्यापुरी
भो सिंहासन बल्ल शोभित वहाँ पाले प्रजा राम्ररी ॥

११

थ्यो ठूलो सुख-शान्ति भूमिभरमा साराप्रजा थे खुश
सीताको विषयै लिई तर यता गर्थे निकै खुश्-खुश ।
त्यो सुन्दा प्रभु राममा दुख बढ्यो पत्नीकनै त्यागिदिए
सीता जङ्गलमा गइन्, पछि वहाँ वाल्मीकिले पालिदिए ॥

१२

जन्माइन् उनले दुबै लव-कुश प्रख्यात छोरा वहाँ
विश्वात्मा प्रभुरामको जब थियो सद्वीर्य त्यो पेटमा ।
चन्द्रै ठीक बढे सफा सगरको, शिक्षा मिल्यो वास्तव
ती वाल्मीकि महर्षिबाट उनमा जो आफुमा थ्यो सब ॥

१३

यो रामायण-काव्य श्रेष्ठ, मुनिले सत्कर्मले योग
साक्षात्कार गरी स्वयं हृदयमा, लेखीसकेको थि
चेला योग्य जचेर ती दुइकनै सारा पढाए त
वीणामा लय-तान साथ सुरको संझाइ बाटो सब

१४

गाई यो दुइ भाइ ती अब पुगे त्यो राजप्रासाद
ज्यादै भव्य सभा थियो, सब भने राजेन्द्र श्रीराम
सारा छक्क परे सुनेर पछि यो, खोजी भयो, होश,
सीता ल्याइदिए, परन्तु क्षिति यी फाटिन्, पसिन् भि

१५

साह्रै दिक्क भएर भाइसँगका श्रीरामले अन्त
छोरामा निज राज्यभार दिइ त्यो सारा प्रजा साथ
आफ्नो धाम गए अखण्ड-रसको आनन्द सचिन्म
हो रामायण यत्ति, लक्ष्य यसको श्रीराम नै भेट्नु

१६

त्यो भेटिन्छ त्यसै गरे, जुन गरे, हाम्रा पिता आदि
पक्कै मर्नुछ, त्याग्नु पर्दछ भरे यी वस्तु, सोच्दै र
साह्रै शान्त भए, क्षमा गुण भरे, क्रोधादि त्यागेर
विद्वत्सङ्ग गरे, भने शिवहरे ! शास्त्रादि हेर्दै र

१७

यस्तो वस्तु ममै छ ता पनि यहाँ संस्कारले ठेलिंदा
शैवी-शक्ति भएर प्राप्त बहुधा यै काममा जेलिंदा ।
जावो भै अनुवाद गर्न कसिएं सम्पन्न भो काव्य यो
राजा-रङ्क समस्तको कर चढोस्, शोभा बनोस् कण्ठको ॥

नेपालीव्यक्तिमात्रको
श्रीचरणदास- अनुवादक

२०२३ वि. सं.
आषाढ १० गते

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

पुष्पाञ्जलि

१

त्यो आर्ष-रामायण आदिकाव्यको
सर्वोच्च – सत्पात्र – सुनायक प्रभो !
स्वमातृभाषामय-काव्य जो बन्यो
स्वीकार होस्, त्यो प्रभुकै कृपा फल्यो ॥

२

सशक्त हे नाथ ! अशक्त छौं अति
छ के र अर्पौं ? जब छौ जगत्पति ।
तसर्थ स्वामिन् ! चरणाब्जबीच ती
शोभा भरून् भै भ्रमरा सुवाक्य यी ॥

३

जगत्भरीका सब नाम-रूपका
प्राणीहरू छन जति यी विभो ! सदा ।
आधार मान्छन् प्रभु–पाउकै भने
म मात्र जाऊँ किन अन्त भै रुने ? ॥

४

विद्या, कला, सद्गुण, सार, हार वा
क्यै छैन स्वामिन् ! म छु भूमि-भार हा !
छ क्यै भने यत्ति छ-स्वत्व-संस्कृति
भनिन्छ जो पूर्वज-बाट प्राप्त यी ॥

५

जस्तोसुकै होस् गति, काल, वृत्ति वा
जस्तो सुकै होस् स्थिति देह-गेहका ।
केही लछारित्र, बढी रहोस् तर
यै धारणा श्रीपदमा हुँदै स्थिर ॥

६

पाईरहौं त्यै प्रभुका मुहारको
सुरम्य-आभामय दर्शन प्रभो ! ।
यो राज्य भोग् ! लौ वन जा ! तँ, यी दुवै
आज्ञा सुनी भो जुन एकरूपकै ॥

७

हामीहरूमाथि कृपा गरी अहो !
जल्ले बनायो शुभ दिव्य ग्रन्थ यो !
वाल्मीकिलाई ऋषिराज - पूजित
प्रणाम मेरो छ सभक्ति प्रेमतः ॥

८

भै मर्त्य घुम्दा प्रभुरामलाइ ती
सद्भावनाले जतिले दिए पछि ।
सहाय विद्या र कला-गुणादिले
हुन् धन्य ती, तुष्ट हऊन् प्रणामले ॥

९

भै राजराजेश्वर एकमात्र ती बस्ता सभामा गुरु-देव साथ ली ।
यल्लाइ गाएर सुनाउँने सब चेला दिऊन् शान्ति र शक्ति त्यो अब ॥

श्रीचरणदासानुदासः
अनुवादक ।

CC-0. In Public Domain. Digitization by eGangotri

महात्मन् राम !

विशुद्ध आत्मा इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिको उद्गमस्थल हो, भन्दछन् । त्यसैका प्राप्तिको निमित्त अनेकौं, अनेकौं प्रयत्न गर्दछन् । तस्मात् त्यसै-भित्रको मैले पनि आफ्नी आमाले सिकाएको भाषालाई पवित्र पार्न, सिंगार्न र नेपालीमात्रमा त्यसको छापो सार्न, आदिकाव्यको यो अनुवाद यसरी गायें । यस स्थितिमा प्रभो ! के यी गीतहरू सुन्न, यो क्षुद्रात्मालाई आफूमा थुन्न, ती तिम्रा कानहरू पनि ठाडा होलान् ? हन्त ! जो "अशब्दमस्पर्शमरूपमव्ययं तथारसं नित्यमगन्धवच्च यत्" छन्, चाहे जो हुन्, जस्ता हुन्, शब्द नित्यै नित्य छ । त्यसैले गाइएको हो यो स्तुति–न कि मिथ्यास्तुति । देखा जायगा !

क्षुद्रात्मा–घिमिरे–कृष्णः

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्वाल्मीकिरामायण

तत्समनेपाली–भाषापद्यानुवाद

ॐ राँ रामाय नमः

बालकाण्ड

※

पहिलो सर्ग

देवर्षि नारदले वाल्मीकि- मुनिलाई संक्षेपमा रामचरित्र सुनाउनु

१,

तपस्वी मुनि वाल्मीकि तपः–स्वाध्यायमा रत।
मुनि श्रेष्ठ महान् विद्वान् सोध्छन् नारदजीसित॥
अहिले लोकमा को छ पराक्रमी गुणी अति?।
कृतज्ञ, धर्म जान्ने र सत्य बोल्ने दृढव्रती?॥
छ को चरित्रमा ठूलो, प्राणीमा हित गर्छ को?।
प्यारो लाग्ने छ को देख्ता, विद्वान् को छ समर्थको?॥
क्रोध जित्ने र तेजस्वी धीर, ईर्ष्या–विहीन को?।
क्रोधिंदा युद्धमा काँप्छन् देवता कसबाट त्यो?॥
यो सबै सुन्न चाहन्छु ठूलो चाख छ है ममा।
देवर्षे! छौ तिमी योग्य यस्तो मानिस चिन्हमा॥
वाल्मीकिको सुनी यस्तो वाक्य तुष्ट भईकन।
भन्छन् त्रैलोक्य जानेका उनी हुन्छ! भनी सुन!॥

६

७

तिमीबाट भनेका यी गुण, दुर्लभ छन् निकै।
मुने! भन्छु ठमाएर भएको व्यक्ति यी सबै॥
इक्ष्वाकुवंशका "राम" नामले ख्यात लोकमा।
महान् पराक्रमी धीर व्यक्ति छन् तेजिला यहाँ॥
बोलैया नीति जानेका शत्रुनाशक बुद्धिमान्।
उनी छन् अति नै राम्रा काँध–बाहु हुने महान्॥
बाहु पुग्ने घुँडा सम्म चौडा छाति–निधारका।
राम्रो हिंडाइका छन् ती नास्छन् शत्रुकनै सदा॥
चिल्लो वर्ण हुने श्रीमान् शुभ–लक्षणका तथा।
ठिक अङ्ग भएका छन् पुष्ट छाती र नेत्रका॥
पवित्र–कीर्तिमान्, ज्ञानी, जितेका सब इन्द्रिय।
धर्मज्ञ, सत्य बोल्ने छन् प्रजाको हितमा रत॥

१२

CC-0. In Public Domain. Digitization by eGangotri

१३

प्रजापति सरी पाल्ने, धर्मको, जीवमात्रको।
गर्नें रक्षण, छन् श्रीमान्, गर्छन् संहार दुष्टको॥
गर्छन् स्वजनको रक्षा, मरी मेट्छन् स्वधर्ममा।
छन् धनुर्वेद जानेका वेद-वेदाङ्ग साथमा॥
विद्वान छन्, शास्त्रको तत्व जान्दछन्, प्रतिभा पनि।
स्मृतिकै साथ ठूलो छ, प्यारा छन् सबका उनी॥
मिल्छन् साधु उनै साथ मिले झैं सिन्धुमा नदी।
सबमा सम छन् आर्य, प्रियदर्शन छन् उति॥
सबै गुण उनैमा छन् मान्छिन् आनन्द ती मुमा।
गम्भीरमा समुद्रै छन्, छन् हिमालय धैर्यमा॥
बलमा विष्णु जस्तै छन्, चन्द्रझैं दृष्टिका प्रिय।
कालाग्नि तुल्य रिसमा, क्षमामा छन् धरा ठिक॥
सत्यमा धर्म हुन् दोश्रा, त्यागमा छन् कुवेर झैं।
यी यस्ता गुणले युक्त व्यक्ति नै छैन राम झैं॥
जेठा श्रेष्ठ गुणी प्यारा प्रजाको हित-कारक।
रामलाई सुधी यस्ता प्रजाको गर्न नै प्रिय॥
राजा दशरथैले ती पदमा युवराजको।
अभिषेक गरूं भन्ने लिए इच्छा हुने भलो॥
अघि नै वर पाएकी रानी-कैकयीले अहो!।
देखिन् सम्पूर्ण सामान जोरेका अभिषेकको॥
महाराज संगै मागिन् दुवै वर, यिनै पछि।
अभिषेक भरतको, रामको वनमा स्थिति॥
सत्य वाक्य हुने राजा बाँधिए धर्म-पाशले।
निकाले वनमा प्यारा छोरा रामकनै ऋषे!॥
मेट्न कैकयीको धोको पित्राज्ञा ठीक त्यो मुने!।
प्रतिज्ञा बाबुको राख्न श्रीराम वनमा गए॥
वनमा जान लागेका गए दाजु पछी-पछि।
स्नेह- भ्रातृत्व देखाई भाई लक्ष्मण भै वशी॥
सीता थिन् रामकी पत्नी नारी-श्रेष्ठ प्रिया अति।
सबै लक्षणकी, माया ओर्लेकी सरि देवकी॥
चन्द्रको पछि लागेझैं रोहिणी, ती गइन् पछि।
पिताले पुरवासीले पुऱ्याए दूर यी पछि॥

२८

२९

अनि सारथि फर्काए शृङ्गवेरपुरी पुगे
गङ्गाको तटमा बस्थे जहाँ गुह-निषाद ती
गुह-लक्ष्मण-सीताका साथमा रामचन्द्र यी
वनैवन घुमे सारा रमाएर रची कुटी
देव-गन्धर्व जस्ता ती सुख साथ बसे वहाँ
यता छटपटिए राजा त्यस्तो पुत्र-वियोगमा
गरी विलाप हा राम! भन्दै स्वर्ग गए उनी
त्यो राज्य गर्न चाहेनन् यता भरतले पनि
वसिष्ठ आदि विद्वानले सम्झाए राज्य गर्न त्यो
संझेनन्, वन गै हाले फर्काउँन स्वदाजु पो
वहाँ भरतले त्यस्ता महात्मा दाजुलाइ ती
परी पाउ गरे यस्तो प्रार्थना नम्र भै अति
धर्म जान्ने हुँदा "राजा" हजुरै भइ बक्सियोस्
उनमा रामले किन्तु भने यो पछि "श्रेय होस्"
उदार, कीर्तिका ठूला प्रसन्नमुख रामले
चाहेनन् राज्य त्यो गर्न पिताजीका निदेशले
खराऊ दुइटा आफ्नो राज्यको चिह्नरूपमा
भाइमा दिइ फर्काए पछि संझाउँदै वहाँ
छोएर पाउ त्यो इच्छा नपुग्दा फर्किए पछि
राज्य गर्न उनी लागे नन्दि गाउंतिरै बसी
श्रीराम फर्किने काल पर्खी बस्थे उनी उता
लागे इन्द्रिय जित्नामै सत्य बोल्ने यिनी यता
पुरवासी यहाँ धेरै जानु-आँउनु गर्दछन्
भन्ने सोची पसे राम वन-दण्डक भित्र झन्
वहाँ पसे पछी मारे विराधकन राक्षस
अनि दर्शन पाए ती मुनिको शरभङ्ग त
सुतीक्ष्ण ऋषिको त्यस्तै अगस्त्य-मुनिको पुन
उहाँका भाइको पाए रामले शुभ-दर्शन
अगस्त्यको हुँदा आज्ञा इन्द्रको धनु रामले
न घट्ने बाण ठोक्रा ती दुई खड्ग संगै लिए
वनवासी संगै बस्ता वनमा राम यसपछि
'दैत्य-राक्षस यी मार' भन्न आए सबै ऋषि

४४

CC-0. In Public Domain. Digitization by eGangotri

४५

दण्डकारण्यमा बस्ने ऋषिमा अग्नि-तुल्य ती।
"सारा मार्छु म" भन्ने यो प्रतिज्ञा गर्दिए पछि ॥
राक्षसी कामरूपी थी नाम शूर्पणखा हुने ।
नाक—कान कटाएर विरूपै पार्दिए मुने ! ॥
पछि शूर्पणखाको त्यो कुराले क्रुद्ध भैकन ।
दैत्य-राक्षस ती आए खर, त्रिशिर, दूषण ॥
यिनका पछि लाग्ने र यिनलाई पनी सब ।
जुन चौध-हजारै थे भुसुक्कै पादिए तब ॥
ज्ञाति-बन्धुहरू आफ्ना मार्दिएका सुने पछि ।
भयो रावण लङ्काको पति क्रुद्ध स्वयं अति ॥
मारीच राक्षसै साथ पुग्यो माग्न सहाय त ।
भन्यो मारीचले किन्तु संझाएर निकैतव ॥
झगडा बलियासाथ हुन्न है गर्नु ठीक ता
संझेन त्यसले किन्तु कालले कुत्कुत्याउँदा ॥
गयो मारीच ली साथ रामको आश्रमैतिर ।
छल मारीचले गर्दै दुवै भाइ लग्यो पर ॥
हऱ्यो रावणले सीता, माऱ्यो गिद्ध जटायु ती ।
देखे, सीता हऱ्यो भन्ने सुने श्रीरामले पछि ॥
सीताका शोकले ज्यादै थिए दुःखित राम यी ।
तैपनी उनको सारा गरे संस्कार दुःख ली ॥
सीता खोज्दै अघी जाँदा थ्यो राक्षस कबन्ध जो ।
भेटे त्यसकनै, साह्रै डर्लाग्दो विकृतै हुँदो ॥
त्यसलाई त्यहीं मारे, गरे संस्कार, स्वर्ग गो ।
जाँदा त्यल्ले भन्यो- भेट्नु शबरीलाई श्रेष्ठ हो ॥
हुन् ती सन्यासिनी, धर्म जान्दछिन्, पाल्नुहोस् प्रभो! ।
शबर्याश्रममै तस्मात् गए राम स्वयं अहो ! ॥
शबरीले गरिन् पूजा साथ स्वागत रामको ।
अनि पम्पा-किनारैमा हनुमान्संग भेट भो ॥
उनको वचनैबाट सुग्रीवसंग गै मिले ।
पछि आफ्नो सबै हाल रामले उनमा भने ॥
पहिले देखिको सारा वृत्तान्त र विशेषले ।
सीताहरण सम्पूर्ण कपि सुग्रीवले सुने ॥

६०

६१

अग्नि-साक्षी गराएर पछिबाट दुवै मिली ।
लगाए मीत, सुग्रीव भइ दुःखी भने पछि ॥
वालीका साथको सारा झगडा-वैरको कुरो ।
सुनी, मार्छु भनी बाली; प्रतिज्ञा रामबाट भो ॥
रामको बलमा शङ्का थियो सुग्रीवलाइ ती ।
यसर्थ बल बालीको बखाने छ भनी अति ॥
परीक्षा रामको गर्न दुन्दुभीको शरीर त्यो ।
देखाए उनले जो थ्यो ठूलो पर्वत-तुल्यको ॥
देखी त्यो हाडको थुप्रो बलवान् रामले पनि ।
फेंक्दिए कोस चालीस औंलैले पाउको अनि ॥
उनमा पार्न विश्वास एउटै बाणले तब ।
ताल-वृक्ष सँगै सात छेडे गिरि रसावल ॥
रामको कामले यस्तो महाकपि खुशी भए ।
किष्किन्धाको गुहा भित्र रामलाइ लिई गए ॥
सुग्रीव गै वहाँ गर्जे जुन थे स्वर्ण-वर्णका ।
तारालाई बुझाएर निस्के बाली स्वयं तदा ॥
लडे बाली र सुग्रीव यसरी भाइ-भाइ यी ।
एउटै बाणले मारे बालीलाई स्वयं पछि ॥
सुग्रीवको भनाईले बाली मारे पछी वहाँ ।
सुग्रीवलाइ नै राखे उनको राजकाजमा ॥
भालू-वानर सम्पूर्ण जम्बा सुग्रीवले गरे ।
सीता खोज्न दिए आज्ञा अनि सारा दिशा छरे ॥
गिद्ध-सम्पातिले भन्दा हनुमान्ले सुने अनि ।
शयौं योजनको सिन्धु नाघी पार पुगे उनी ॥
पुगी रावणको लङ्का पुरी भेटे वहीं अनि ।
सीतालाई लिंदी चिन्ता अशोक-वाटिका मनि ॥
दिए परिचयै आफ्नो भने सन्देश रामको ।
सीतालाई बुझाएर तोडे उद्यान-द्वार त्यो ॥
सेनाध्यक्ष सगै पाँच सात मन्त्री-कुमार ती ।
मारे अक्षकुमारै नै परे पक्राउमा पछि ॥
ब्रह्माका वरले मुक्त भएको ब्रह्म-पाशले ।
जान्दथे, तैपनी त्यस्तो अपराध सबै सहे ॥

७६

CC-0. In Public Domain. Digitization by eGangotri

७७

छोडि सीता बसेको त्यो ठाँउ, लङ्कापुरी सब।
उढाएर उनी फर्के राममा भन्न त्यो प्रिय ॥
रामको पाउमा आई गरीकन प्रदक्षिणा।
पाएँ दर्शन सीताको हनुमान्ले भने वहाँ ॥
अनि सुग्रीवको साथ सिन्धुको तटमा पुगी।
बाणले सूर्य भैं तेजी हल्लाए सिन्धुलाइ ती ॥
सिन्धुले आफुलाई नै देखाएर भने तब।
"पुल बाँध्नोस्" पछी हाले नलद्वारा वहाँ पुल ॥
त्यही बाटो पुगे लङ्का मारे रावण युद्धमा।
भए लज्जित श्रीराम भेट्ता सीताकनै वहाँ ॥
मर्म छेड्ने भने वाक्य सीतामा पछि रामले।
नसकी सहनै, सीता अग्नि भित्र पसिन् ऋषे! ॥
सीता निर्दोष छन् भन्ने भनाई अग्निको सुनी।
रामको कर्मले यस्तो त्रैलोक्यै खुश भो अनि ॥
देवता-ऋषि-साराले पूजा श्रीरामको गरे।
यसबाट भए राम खुश अत्यन्त शोभिए ॥
कृतकृत्य हुंदा राम लङ्का-राक्षस-राज्यमा।
विभीषणकनै राखी माने आनन्द चिन्तमा ॥
देवताको वरै पाई बचाई मृत ती कपि।
अयोध्या फर्किए राम यान - पुष्पकमा चढी ॥
पठाए हनुमान्लाई भरद्वाजाश्रमै पुगी।
भाई भरतको छेउ जाँच्न बुझ्न परिस्थिति ॥

८७

८८

चढी विमानमा त्यस्तो साथी सुग्रीव साथमा।
गर्दै नाना कथा - वार्ता गै हाले नन्दिग्राममा।
वहाँ जटा कटाएर भाइका साथमा सब
सीता पाएर श्रीराम गर्दछन् राज्य त्यो अब।
तुष्ट-पुष्ट र धर्मात्मा दुनियाँ छन् सबै सुखी
दुर्भिक्षको डरै छैन, छैनन् क्यै आधि-व्याधि ती।
छोराको मृत्यु देख्तैनन् वहाँ जनहरू यता
हुदैनन् विधवा नारी छन् नै नित्य पतिव्रता।
आगो लाग्ने डरै छैन, डुब्दैनन् जलमा कुनै
ज्वरोको वातको त्यस्तो डर छैन वहाँ कुनै।
छैन कत्ति डरै फेरि चोरीको भोकको तक
होलान् नगर-राष्ट्रादि धन-धान्य हुने सब।
होलान् सत्ययुगैमा भैं वहाँ नित्य सुखी जन
अश्वमेध सयौं गर्लान् भगवान् रामले पुनः
ठूला कीर्ति हुने राम विद्वान् सत्पात्र- विप्रमा
करोडौं गाइकै साथ देलान् धन-सुनै वहाँ।
राजवंश सयौं लाखौं गर्नेछन् स्थापना पनि
चलाउलान् स्वधर्मैमा चारवर्णकनै पनि।
अनि एघार हज्जार वर्ष सम्म स्वयं यहाँ
गरेर राज्य जानेछन् भगवान् ब्रम्हलोकमा।
वेदै समानको पुण्य पाप नास्ने पवित्र यो
चरित्र रामको पढ्ने छुट्छ पापादिबाट त्यो।

९८

यो रामायण जो पढ्छ त्यसको आयु बढ्दछ।
अन्तमा स्वर्गमा रम्छ छोरा-नातिसंगै सब ॥

९९

विद्वान् हुनन् ब्राह्मणले पढे यो राजा हुनन् क्षत्रियले पढे यो।
हुनेछ नाफा यदि वैश्य पढ्छ, हुनेछ ठूलो यदि शूद्र पढछ ॥

१००

इति पहिलो सर्गः

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो सर्ग

बाल्मीकिको आश्रममा भगवान् ब्रह्मा आउँनु र रामायण बनाउँन आज्ञा दिनु ।

१

मुनी नारदको यस्तो वाक्य वाल्मीकिले तब ।
ती महा-मुनिको पूजा गरे शिष्य लिई सब ॥
पाएर विधिको पूजा, आज्ञा ली उनको पछि ।
भनेमा हुन्छ ! देवर्षि गए आकाश-मार्ग ली ॥
गएमा स्वर्ग देवर्षि, घडी दुइ विते पछि ।
तमसा-तटमा गङ्गा-नजीकैको गए ऋषि ॥
नदीको तमसाका ती तटमा अतिनिर्मल ।
पुगे पछि उनी भन्छन् साथका शिष्यमा प्रिय ॥
सुन बाबु ! भरद्वाज ! साह्रै राम्रो छ तीर्थ यो ।
कति निर्मल पानी छ, मन सज्जनकै न हो ! ॥
यहीं राख घडा बाबु ! मेरो वल्कल देउ त्यो ।
स्नान गर्छु म ता श्रेष्ठ तमसा-तीर्थ बीच यो ॥
वाल्मीकिले महान् आत्मा भने पछि यसो वहाँ ।
ती भरद्वाजले वस्त्र टक्र्याए गुरुदेवमा ॥
चेलाबाट लिई वस्त्र जितेन्द्रिय महामुनि ।
विशाल वन त्यो हेर्न लागे सबतिरै घुमी ॥
कन्याङ्कुरुङ्को जोडा नजिकै चर्दथ्यो वहाँ ।
देखे यी मुनिले, जो ती बोल्थे मीठो अवाजमा ॥
जोडाबाट त्यही यौटा भालेलाई हरेशिव ! ।
मार्‍यो निषादले पापी अगाडि मुनिकै तब ॥
मुछिई रगतैले त्यो भुइँमा फटफटाउँथ्यो ।
त्यस्तो देखी उता पोथी शोकले चीं ! चीं !! गर्दथ्यो ॥
रातो सिउरको मत्त सधैं हिंड्ने सँगै-सँगै ।
त्यो क्रौञ्च-पतिले आफ्नो पोथी अब बिछोड भै ॥

१२

१३

देखी निषादद्वारा त्यो भएको क्रौञ्चको वध ।
चित्तमा करुणा उब्ज्यो महात्मा ऋषिको तब ॥
स्वभावैले दया गर्ने मुनिले 'यो अधर्म' भो ।
भन्ने सम्झे र त्यो क्रौञ्चीतिर हेर्दै भने यसो ॥
ए निषाद ! न पाएस् तँ कहिल्यै शान्ति वस्तुतः ।
मारिस् जो क्रौञ्च-जोडीको यो भाले काममोहित ॥
भने यसो, पछी सोच्ता तर दुःखी भए मुनि ।
पक्षीको शोकमा पर्दा मैले यो के भनें ? भनी ॥
बुद्धिमान् ती महान् ज्ञानी मुनिले निश्चयै गरे ।
शिष्यसाथ भरद्वाज पछिबाट यसो भने ॥
वीणाको लयमा मिल्ने निक्ल्यो वाक्य मबाट जो ।
आठ अक्षरको चार पाउको श्लोक होस् न यो ! ॥
गुरुको वाक्य त्यो श्रेष्ठ सुन्दा शिष्य खुशी भए ।
भने "श्लोक हुनै पर्छ" गुरु ती मन् खुशी भए ॥
तीर्थमा त्यो नुहाए गै विधिले भइ संयमी ।
अनि बाटाभरी सोच्तै त्यै कुरा फर्किए मुनि ॥
भरद्वाज थिए शिष्य शास्त्र जान्ने विनीत ती ।
घडा बोकी हिंडे तस्मात् गुरुजीको पछी पछि ॥
बाल्मीकि शिष्यकै साथ पसे आश्रममा निज ।
बसे अरु कुरा गर्दै ध्यान थ्यो श्लोकमै तर ॥
मुनिश्रेष्ठ उनीसाथ भेट्न इच्छा बढी तब ।
त्यहीं पाल्नु भयो ब्रह्मा सृष्टि रच्ने चतुर्मुख ॥
देख्ता भवाट्ट उहाँलाई मुनि जिल्ल परे, उठे ।
सावधान भए, जोडे हात, चूप भई रहे ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

२५

घेरै बेर पछी पाद्य-अर्घ्य-आसन-ढोगको ।
गरेर विधिले पूजा, सोधे कुशल-प्रश्न त्यो ॥
श्रेष्ठ-आसनमा बस्तै वाल्मीकि-मुनिमा पनि ।
बस ! भन्ने भयो आज्ञा ब्रह्माजीको स्वयं अनि ॥
आज्ञा पाएर ब्रह्माको बसे आसनमा मुनि ।
तर क्रौञ्च-वधैपट्टि ध्यान जान्थ्यो अझै पनि ॥
सोच्तैथे—व्यर्थमा वैर गर्ने बुद्धि लिने हरे ! ।
मार्‍यो निषादले ओहो ! गर्‍यो साह्रै कुकर्म ए ! ॥
मीठो अवाजको त्यस्तो भालेलाई अकार्थमा ।
मार्‍यो जो, त्यै कुरा सोची त्यही श्लोक भने वहाँ ॥
मैले यो के गरें ओहो ! व्यर्थै श्राप दिएँ भनी ।
मुनि खिन्न भए फेरि चिन्ताले शोकले पनि ॥
ब्रह्माले मुनिको जानी मनको स्थिति भन्नु भो ।
निक्लेको मुखले तिम्रो होस् "छन्दोबद्ध श्लोक" त्यो ॥
तिमी नगर क्यै शङ्का यसमा, श्लोक त्यो सुन ! ।
भै मेरो प्रेरणा निक्ल्यो त्यो तिम्रो मुखले जुन ॥
धर्मात्मा बुद्धिमान् श्रीमान् रामजीका चरित्र ती ।
मुनिश्रेष्ठ ! तिमी थाल गर्न वर्णन ध्यान दी ॥

३३

३४

थापाएका, नपाएका, जति, जस्ता, चरित्र छन्
देवर्षिले भने जस्तो गर वर्णन श्रेष्ठ छन्
राम-लक्ष्मणको त्यस्तै सीताको राक्षसादिको
गर वर्णन जस्ताको तस्तै गुह्यार्थ खोल त्यो
सारा छर्लङ्ग नै होलान जानेको पनी त्यहाँ
हुने छैन कहीँ तिम्रो वाक्य झूठो पनी यहाँ
श्लोकबद्ध तथा राम्रो पुण्य राम-कथा रच
लोकमा यो कथा चल्ला नदी-गिरि भएतक
रचेको तिमीले त्यस्तो रामायण-कथा सुन!
दुनियाँ भरमा चल्ला प्रचार भइ उत्तम
त्यहाँसम्म तिमी 'माथि-तल' इच्छा भए सरि
बसौला लोकमा मेरै, गए ब्रह्मा भनी यति
शिष्य साथ परे छक्क अनि वाल्मीकि ती, मुनि
यता गाए त्यही श्लोक उनका शिष्यले पनि
बारम्बार त्यही श्लोक गाउँने गर्दथे अहो!
जो गाए मुनिले आठ अक्षरे, चार पाउको
कन्याङ्कुरुङ मर्दा त्यो उब्जेको शोक, श्लोक भो
पवित्र गुरुको वाणीद्वारा त्यो जुन निक्लियो

४२

भित्री दिल हुने शुद्ध मुनिले निर्णयै गरे ।
रामायण-कथा रच्छु म यस्तै श्लोक-रूपले ॥

४३

वाल्मीकिले उच्च उदार-दृष्टिका रचे अनी राम-चरित्रको कथा ।
समाक्षरैको पद-अर्थ युक्तको यो काव्य मीठो अति घेर श्लोकको

४४

मुनिवर-कृतिमा समास-सन्धि उपनत वाक्य र अर्थ छन् समै ती ।
छ रघुपति-चरित्र यो उदार सुन ! वध रावणको यहाँ अपार ॥

४५

इति दोस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो सर्ग

बाल्मीकि–मुनिद्वारा रामायण–काव्यका विषयको उल्लेख ।

१

धमार्थकाममोक्षादि-युक्त सत्काव्य-वस्तु त्यो ।
मुनी सम्पूर्ण वाल्मीकि खोज्छन् व्यक्तार्थ रामको ॥
बसी कुशासनीबीच अचाई जलशुद्ध भै ।
हात जोडी गरी योग खोजे राम-चरित्र त्यै ॥
राजा-दशरथैले ती पत्नी सहितका तथा ।
राम-लक्ष्मण-सीताले गरेको स्पष्ट भो यता ॥
हाँसेको अनि बोलेको हिंडेको जो गरे जति ।
देखे छर्लङ्ग त्यो सारा योगले मुनिले पछि ॥
रामले सत्य नै बोल्ने सीता-लक्ष्मणसाथ ली ।
जो गरे वनमा घुम्दा देखे त्यो पनि झल्झली ॥
धर्मात्मा मुनिले सारा हातको अमला सरी ।
देखे त्यो घटना जो जो घटेथे अघि राम्ररी ॥
योगको धर्मले देखी तत्त्वले गुह्य-गुह्य त्यो ।
लागे चरित्र यो रच्न दिने आराम रामको ॥
धर्म-अर्थ तथा काम—मोक्षको गुण-पूर्ण यो ।
सिन्धु झैं छ हुने रत्न,-श्रुति खिच्ने समस्तको ॥
देवर्षिले भने जस्तो पहिले उनको अघि ।
चरित्र रामको रच्न लागे वाल्मीकि ती ऋषि ॥
जन्म श्रीरामको वीर्य, क्षमा, सर्वानुकूलता ।
बखाने मुनिले सारा प्रियता, सत्य-सौम्यता ॥
विश्वामित्रसंगै जाँदा राम, लक्ष्मण साथमा ।
भएका घटना नाना-कथा पनि रचे यहाँ ॥
धनुर्भङ्ग र सीताको बिहा, परशुरामको ।
संवाद रामको साथ देखाए गुण-गान यो ॥

१२

१३

अभिषेक हुँनै लाग्दा कैकयीको कुकर्म त्यो ।
राज्याभिषेकमा विघ्न, वनमा जानु रामको ॥
विलाप-शोक राजाको स्वर्गमा जानु यसपछि ।
देखाए ऋषिले यस्तो काव्यको रचना गरी ॥
प्रजाको खिन्नता एवं उनीकन विदा दिनु ।
गुहसाथ गई भेट्नु पछि सारथि फर्किनु ॥
गङ्गातर्नु, भरद्वाज-मुनिको गर्नु दर्शन ।
आज्ञाले मुनिको जानु चित्रकूटतिरै पुनः ॥
कुटी रचो वहीं बस्नु, भरतागमनै हुनु ।
पिण्ड-पानी वहीं गर्नु, भाइलाई मनाउँनु ॥
पादुका राख्नु गद्दीमा, वास त्यो नन्दिग्रामको ।
दण्डकारण्यमा जानु, वध गर्नु विराधको ॥
शरभङ्ग-सुतीक्ष्णैको गर्नु दर्शन, भेट्नु गै ।
अनसूया संगै बस्नु सीताको अङ्ग-लेप त्यै ॥
अगस्त्य-दर्शनै गर्नु धनुर्ग्रहण गर्नु र ।
कुरा शूर्पणखा साथ हुनु, पार्नु विरूप त ॥
खर-त्रिशिरको मृत्यु, रावणोत्थान त्यो अनि ।
वध मारीचको गर्नु, सीताको हरणै पनि ॥
विलाप रामको रच्नु, वध श्रीगृध्रराजको ।
कवन्ध-दर्शनै गर्नु पम्पाकै साथ श्रेष्ठ त्यो ॥
शबरीसंग गै भेट्नु फल-मूलादि खानु ती ।
विलाप गर्नु पम्पामा हनुमान् भेट्नु यसपछि ॥
गै ऋष्यमूकमा भेट्नु सुग्रीवसंग वानर ।
विश्वास पार्नु मैत्रीले, बाली-सुग्रीवको कल ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

२५

बाली मार्नु र त्यो राज्य दिनु सुग्रीवमा पछि ।
ताराविलाप-संलाप, वर्षाका दिन बित्नु ती ॥
कपिमा रामको कोप, सैन्य जम्बा गराउँनु ।
पृथ्वीको वर्णनै गर्नु, कपि खोज्न पठाउँनु ॥
दिनु चिन्ह निजी औंठी, ऋक्षको बिल देख्नु त्यो ।
प्रायोपदेशनै गर्नु, संपातिसंग भेट्नु भो ॥
हनुमान् गिरिमा चढ्नु, नाघ्नु सिन्धु पनी पछि ।
सिन्धुकै वाक्यले उठ्ने मैनाकसंग मिल्नु ती ॥
सुरसा-सिंहिकालाई कपिले छल्नु, मार्नु र ।
पस्नु गै राति लङ्कामा, गर्नु कर्तव्यता स्थिर ॥
पान भूमितिरै जानु, खोपी देख्नु अनेकन ।
देख्नु रावणलाई त्यो, गर्नु पुष्पक-दर्शन ॥
अशोक-बाटिका जानु सीताको गर्नु दर्शन ।
औंठी दिनु तथा गर्नु सीताजीसंग भाषण ॥
राक्षसीले डर दिनु, त्रिजटा-स्वप्न सुन्नु र ।
मणि त्यो दिनु सीताले, बगैंचा मास्नु सुन्दर ॥

३२

३३

ती राक्षसीहरू भाग्नु मार्नु रावण-भृत्य ती ।
पछि पक्राउमा पर्नु, गर्जी लङ्का डढाउँनु ॥
फर्कदा सिन्धु त्यै नाघ्नु, गर्नु गै मधुपान र ।
रामलाई सबै भन्नु, मणि सुम्पनु सुन्दर ॥
समुद्रसंग गै भेट्नु, नलले पुल बाँध्नु र ।
पुगी समुद्रको पारी गै लङ्का घेर्नु रातमा ॥
विभीषणसंगै मैत्री, भन्नु रावण-मृत्युको ।
उपाय, कुम्भकर्णैको मृत्यु त्यो मेघनादको ॥
हुनु रावणको मृत्यु, मिल्नु सीतासंगै पछि ।
विभीषणकनै राज्य दिनु, पुष्पक देख्नु यी ॥
अयोध्या फर्कनै हिंड्नु, भरद्वाजसमागम ।
भेज्नु ती हनुमान्लाई, मिल्नु गै भरतैसंग ॥
राज्याभिषेक लिनु र सैन्यलाई बिदा दिनु ।
राम्रोसंग प्रजा पाल्नु, सीतालाई निकाल्दिनु ॥
रामले राज्य गर्दामा कुरा पछि हुने पनि ।
यो महाकाव्यमा लेखे मुनि-वाल्मीकिले गमी ॥

४०

इति तेस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो सर्ग

लवकुशद्वारा रामायण-गान

१

रामले राज्य त्यो पाई थालेमा गर्न, काव्य यो ।
वाल्मीकि ऋषिले लेखे विचित्र पद-अर्थको ॥
श्लोक चौबीस हज्जार सर्ग पाँच सए हुने ।
यो काव्य छ, जहाँ सात काण्ड छन् भव्यता लिने ॥
भविष्यका कुरा साथै लेखे उत्तरकाण्ड र ।
सोचे महर्षिले-को यो सक्ला गाउँन सुन्दर ? ॥
बिचार यसरी गर्दा ऋषिले शुद्ध-चित्त भै ।
ढोग्दिए पाउमा आई लवले कुशले दुवै ॥
राजपुत्र दुवै भाई जान्दथे धर्म, कीर्ति थ्यो ।
वस्थे आश्रममा आफ्नो दुवैको स्वर मिष्ट थ्यो ॥
धारणा-शक्ति थ्यो ठूलो वेद-वेदाङ्ग जान्दथे ।
वेद-विस्तारकै निम्ति पढाए मुनिराजले ॥
सीता चरित्रले युक्त यो रामायण-काव्य जो ।
"पौलस्त्यवध" थ्यो पैले संम्भाए राम्ररी बडो ॥
पढ्न-गाउँनमा मीठो द्रुत, मध्य-विलम्बित ।
भएको गति यी तीन काव्य यो भो विभूषित ॥
षड्जादि स्वरले साल मिलेको लय-तानको ।
सुरमा, गान वीणामा हुने गर्न, छ रम्य यो ॥
श्रृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक ।
बीभत्सादि रसै छन् ती, यै गाए दुइले तव ॥
दुवै गन्धर्व जस्ता थे स्वर मीठो थियो बडो ।
जान्दथे तत्त्व-गान्धर्व मूर्च्छना-स्थान ज्ञान थ्यो ॥
रूप-लक्षण थ्यो राम्रो बोल्दथे मधुरस्वर ।
राम जस्तै थिए दोटै प्रतिबिम्ब बनेसह्र ॥

१२

१३

धर्मानुकूलको श्रेष्ठ आख्यानमय काव्य यो ।
राजपुत्र दुवैले ती पारे कण्ठाग्र नै बडो ॥
भाग्यशाली थिए दोटै महान् आत्मा हुने थिए ।
सबै लक्षण थे फेरि सारा ताडीफ गर्दथे ॥
भनेझैं गुरुले सारा विप्रको ऋषि-साधुको ।
गाए भेला भएमा गै सावधान भएर यो ।
कुनै दिन दुवै भाई ऋषिको शुद्ध-चित्तका ।
सभाबीच बसेकाथे काव्य गाए यही तदा ॥
झारे बररै आँसु मुनिले सब यो सुनी ।
भनी राम्रो ! बडो राम्रो !! परे छक्क सबै मुनि ॥
धर्म प्यारो हुने सारा मुनि थे, भो निकै खुशी ।
प्रशंसा दुईको राम्रो मुनिबाट भयो पछि ॥
अहो ! मधुरता कस्तो यो गीतमय श्लोकको ।
धेरै अघि घटेको हो तर प्रत्यक्ष ठीक भो ॥
साथैसाथ दुवै भाई यो सभामा पसी अहो! ।
मीठो स्वर गरी गाए लय लो राग श्लोकको ॥
तपस्वी-मुनिले सारा प्रशंसा यसरी गरे ।
राग जो काव्यको मीठो वीणामा दुइले भरे ॥
सुनी त्यो गीत सन्तुष्ट भएका मुनिले कुनै ।
घडै दिए पुरस्कार वल्कलै मुनिले कुनै ॥
मृगचर्म दिए कालो कसैले त जनै दिए ।
कमण्डलु कसैले ता मुञ्जको मेखलै दिए ॥
कसैले त लँगोटी र कसैले आसनै दिए ।
साह्रै खुश हुने अर्को मुनिले वञ्चरै दिए ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

२५

कसैले गेरुवा वस्त्र कसैले कपडा दिए ।
समिधा ल्याउने डोरी जटा बाँध्ने पनी दिए ॥
कसैले समिधा-भारी यज्ञ-भाण्ड पनी दिए ।
कसैले डुम्ब्रीको पीरा कसैले आशिषै दिए ॥
कल्याण होस् दुवै तिम्रो बढोस् आयु निरन्तर ।
मुनिले सत्यवादी ती दिए नाना थरी वर ॥
आश्चर्यमय यो काव्य महात्मा-मुनिले रचे ।
कविको मुख्य आधार गाएर दुइले सके ॥
सम्पूर्ण गीत जानेका दुवै राजकुमार ती ।
गाउँथे सुन्नमा मीठो आयु पुष्टि दिने यही ॥
प्रशंसा गरिँदै ज्यादै गाउँदै हिंड्दथे तब ।
गल्लीमा राजमार्गैमा त्यो अयोध्याभरी सब ॥
कुनै दिन यिनैलाई देख्नु भो रामले स्थिर ।
दरवार लगी राम्रो गर्नु भो मान-आदर ॥

३१

३२

शत्रुनाशक श्रीराम सुवर्णमय आफ्नु त्यो ।
गै सिंहासनमा राज भयो जो अति भव्य थ्यो ॥
मन्त्री-भाइहरू सारा थे बसेका नजीकमा ।
पछि श्रीरामको आज्ञा भयो ती भाइ-आदिमा ॥
रूप-माधुर्य-सम्पन्न यी दुवै भाइ नम्र छन् ।
देखिन्छन् तेजिला कस्ता स्वर्गका देवतै न हुन् ॥
गाउँछन् यी बडो राम्रो विचित्र पद-अर्थले ।
भएको युक्त क्यै काव्य सुन ध्यान दिएर ए ! ॥
यी दुवैकन आज्ञा भो "अब गाओ" भनी तब ।
घन्क्यो मधुर वीणा त्यो फिक्यो सुर; लियो लय ॥
आरोह-अवरोहादि उच्च-मध्यम-मन्दको ।
रागमा दुइले गाए आलाप लिइ काव्य यो ॥
आनन्दमय भो सारा सुन्नेको देह, इन्द्रिय ।
सभामा कानको वाटो आत्मामा यो पस्यो जब ॥

३८

श्रीरामले भन्नु भयो वहां तब गरेर संबोधन भाइमा तब ।
महान् तपस्वीसरि भाइ छन् दुवै छन् पूर्ण फेरी नृपचिह्नले सब ॥

३९

यी गर्दछन् गायन काव्यको जुन छ है यसैमा गुण भव्य उत्तम ।
कल्याण मेरो पनि हुन्छ भन्दछन् जान्नेहरू, लौ सुन है ! लगाइ मन् ॥

४०

श्रीरामको गाउँन थाल्नुको अनि आज्ञा सुनी गाउँन थाल्दछन् उनी ।
बसी सभामा अब रामजी पनि भै बक्सियो तन्मय सुन्नमै अनि ॥

४१

इति चौथो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं सर्ग

लव-कुश द्वारा सम्पूर्ण रामायण-गान प्रारम्भ

१

लिई सत्ययुगै देखि अहिलेतक यी धरा ।
जसको अधिकारैमा भएकी छन् हरा-भरा ॥
प्रजाका पति ती त्यस्ता मनुदेखि लिईकन ।
महान् विजयशाली थे राजराज स्वयं जुन ॥
समुद्र जसले त्यस्तो खनाएका थिए पुनः ।
साठी हज्जार छोराले घेरिई हिंड्दथे जुन ॥
जसको वंशमा जन्मे त्यस्ता सगर भूपति ।
तिनै इक्ष्वाकुका वंशी-राजाका कुलमा पछि ॥
उत्पन्न श्रेष्ठ राजाको लिई वंश-परम्परा ।
रचिएको छ यो काव्य, ऐतिहासिक छन् कुरा ॥
छ यहाँ धर्म-कामार्थ पैले देखि गरी शुरु ।
त्यही यो गाउँछौं हामी, सुन्नोस् ! दोष छुटोस् बरु ॥
नाम कोशलको यौटा देश ज्यादै प्रसिद्ध छ ।
सरयूका किनारैमा धन-धान्यादिपूर्ण छ ॥
त्यहीं प्रसिद्ध साह्रै छ अयोध्या नामकी पुरी ।
मनुले मर्त्यमा श्रेष्ठ, बनाए जुन त्यो पुरी ॥
तीन योजन लम्बा छ, छ चौडा बाह्र योजन ।
यो पुरी अति राम्रो छ, ठूल्ठूला मार्ग छन् पुनः ॥
वहां छुट्याइएका छन् ठूल्ठूला राजमार्ग ती ।
छरिन्थे दिन्दिनै फूल सेचिन्थे जलले पछि ॥
राजाले ती दशरथ पुरीलाई अझै बढी ।
सिंगारेका. बसाएका थिए, भै इन्द्र झैं पछि ॥
मूलढोका र ढोका थे यहीं ठूला बजार थे ।
बस्थे शिल्पी यहीं फेरि शस्त्र, अस्त्र र यन्त्र थे ॥

१२

१३

ज्यादै शोभा पुरीको थ्यो सूत-मागध बस्तथे ।
अट्टालीमा थिए तोप झण्डा, फर्फर गर्दथे ॥
त्यो पुरी घेरिएको थ्यो सालको बनले यता ।
चारैतिर बगैंचा थ्यो आँपका वृक्ष थे उता ॥
नाच्थे अभिनयै गर्थे यहां स्त्रीजाति नै सब ।
यसैले पनि शोभिन्थ्यो खेल्दथे जब नाटक ॥
खनेका गहीरा खाल्डा चारैतिर यहां थिए ।
गाह्रै थ्यो पस्न वा नाघ्न अनि जित्नु गरेर के ? ॥
घोडा, हात्ती तथा ऊँट, गदहा, गाइ-गोरु यी ।
पशुले उपयोगी थ्यो परिपूर्ण पुरी अति ॥
घेरिन्थ्यो कर तिर्ने त्यो सामन्त-नृपले सदा ।
शोभा बढाउँथे वैश्य नाना देश-विदेशका ॥
बनेका रत्नले नाना वहाँ प्रासाद थे उता ।
जो थिए पर्वतै जस्ता शोभिन्थ्यो नगरी यता ॥
क्रीडा-भवन थे स्त्रीका थे गुप्त-गृह घेर ती ।
पुरी थ्यो चिनले ठीक इन्द्रकी अमरावती ॥
पुरीको यो थियो शोभा अतिराम्रो विचित्रको ।
पुरका घरमा सारा मोलम्बा सुनकै थियो ॥
पारी आकार थर्कीको बसाएको थियो पुरी ।
शोभा बढाउँथे फेरि त्यसको पुर-सुन्दरी ॥
सबै प्रकारका रत्नहरूले परिपूर्ण थ्यो ।
यहाँ प्रासाद थे सात तलाका, अति भव्य थ्यो ॥
वहाँ चामलमा खाली थे शाली-धानमात्रकै ।
पानी थ्यो स्वादिलो मीठो उखकै रस हो कि झैं ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

२५

धरामण्डलमा ज्यादै श्रेष्ठ उत्तम यो पुरी ।
ध्वनिले वाद्यको नाना गुञ्जिइन्थ्यो सधैं भरि ॥
सिद्धले तपले आफ्नो पाएको स्वर्गलोकमा ।
कै विमान सरी थ्यो यो पुरी सर्वोत्तमै यहाँ ॥
यहाँका घर राम्रा थे वसाएबाट राम्ररी ।
भित्री भाग थिए राम्रा वस्तथे नर-सुन्दरी ॥
आफना बन्धु छुटेका र असहाय हुने अति ।
बाणले मर्ममा छेड्ने, हारेका युद्धमा पछि— ॥

२६

बाण छोड्दैन थे यस्ता-व्यक्तिमा जुन ती नर
छीटा हात भएका र हुने कुशलता स्थिर।
शस्त्रले अति नै तीखा वनका मत्त, गर्जिने
बँदेल-व्याघ्र-सिंहादि जो मार्थे भइ फोकिने।
बाहुको बलले आफ्नो बलैले पनि वास्तव
त्यसै कायल नै पार्थे तिनलाई जहाँ सब।
महारथी हजारौंले यसरी पूर्ण थ्यो पुरी
थे पालेका वसाएका यी राजाले दया गरी।

२८ ३२

ती अग्निहोत्री गुणले शमादिका प्रपूर्ण वेदाङ्ग र वेदमा तथा ।
विद्वान्-महात्मा द्विज श्रेष्ठले स्थिर थियो पुरी सेविइंदो निरन्तर ॥

३३

महान्-महात्मा ऋषिले महर्षि फैं दिन्थे हजारौं जुन दान सत्य भै ।
थियो पुरी शोभित यो, यसैकन गरेर रक्षा नृप पाल्दथे जन ॥

३४

इति पाँचौ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छैटौं सर्ग

महाराज दशरथको
राज्यपालन

१

यस्ती पुरी अयोध्यामा सुखमा जन बस्तथे ।
त्यस्ता दशरथै राजा प्रजा-पालन गर्दथे ॥
जान्दथे वेद यी राजा धर्ममा मरिमेट्तथे ।
पुरका ग्रामका सारा जनता प्रेम गर्दथे ॥
दूरदर्शी र तेजस्वी संग्रही पनि थे अनि ।
इक्ष्वाकुवंशका ठूला थिए अतिरथी उनी ॥
जितेन्द्रिय थिए त्यस्तै यज्ञ गर्थे निरन्तर ।
थिए महर्षिकै जस्ता गुण, राजर्षि थे स्थिर ॥
उनको लोकमा तीनै ख्याति थ्यो, जान्दथे सब ।
थिएनन् शत्रु, थे साह्रै बलिया, मित्र थे सब ॥
लिई सञ्चयको दृष्टि हेर्दा धन र वस्तुमा ।
साक्षात् इन्द्र सरी नै थे कुवेरै ठीक भूमिमा ॥
गरेझैं लोकको रक्षा मनुले ती प्रजापति ।
गर्थे सम्पूर्णको रक्षा स्वयं दृष्टि दिई अति ॥
धर्म, अर्थ, तथा काम बढाउँन निरन्तर ।
गर्दथे शुभ-कर्मैको अनुष्ठान बराबर ॥
सत्यप्रतिज्ञ थे राजा, इन्द्रले अमरावती ।
गरे जस्तो स्वयं रक्षा पुरीको गर्दथे डटी ॥
जनता त्यो पुरीमा थे धर्मात्मा हृष्ट-पुष्ट र ।
पढेका घेर, निर्लोभी संतुष्ट धनले निज ॥
त्यो पुरीमा कुनै त्यस्तो कुटुम्बी नै थिएन, जो ।
धर्म, अर्थ तथा काम विनाको होस् र हीनको ॥
मूल्यवान् वस्तुको श्रेष्ठ गर्ने संग्रह थे नर ।
गाई-गोरू तथा घोडा धन-धान्यादि थे स्थिर ॥
कामी र कृपणी, मूर्ख, क्रूर, नास्तिक मानिस ।
थिएन त्यो पुरीमा क्वै देखियोस् के गरी तब? ॥

१३

१४

सम्पूर्ण नर-नारी थे धर्मशील र संयमी ।
चरित्र-शीलले शुद्ध देखिन्थे ऋषि झैं उनी ॥
सबै मुकुट पैह्रिन्थे पुष्पहार र कुण्डल ।
शोभिन्थे सबका साथ भोगका वस्तु भै सब ॥
थिए सब सफा शुद्ध, राम्रा अङ्ग भरी यता ।
लेप्थे चन्दनको लेप, फैंक्थे नित्य सुगन्ध ता ॥
खाने अशुद्ध अन्नादि, नदिने दान क्वै जन ।
वहाँ देखिन्नथ्यो फेरि नलिने वशमा मन ॥
वहाँ देखिन्नथ्यो कोही जो स्वर्णपदकादि र ।
बाजूबन्द तथा बाला न पैह्रेको हओस् नर ॥
अग्निहोत्र र यज्ञादि नगर्ने त थिएन क्वै ।
न थियो चोर वा क्षुद्र वर्णसंकर नै न क्वै ॥
जितेन्द्रिय थिए विप्र लाग्ने नित्य स्वकर्ममा ।
गर्थे स्वाध्याय-दानादि लिन्न थे दान जो वहाँ ॥
वहाँ कुनै पनी त्यस्तो थिएन द्विज नास्तिक ।
झूठो बोल्ने तथा मूर्ख विद्याहीन अशक्त त ॥
न वेदाङ्ग न जान्ने थ्यो दीन, विक्षिप्त-चित्तको ।
न गर्ने व्रत, दुःखी वा हजारौं न दिने थियो ॥
थिएन क्वै अयोध्यामा नर-नारी हओस् न जो ।
श्रीहीन रूपले हीन राजभक्ति-विहीनको ।
विप्रादि चार वर्णैका थिए मर्त्य उदार र ।
शूरा पराक्रमी त्यस्तै यौता-अतिथिपूजक ॥
वहाँ दीर्घायु थे सारा पाल्दथे सत्य-धर्म र ।
छोरा-नाति तथा स्त्रीको साथ भै बस्तथे स्थिर ॥
मुख ब्राह्मणकै ताक्थे वहाँका सब क्षत्रिय ।
आज्ञा क्षत्रियका पाल्थे जहाँका वैश्य ती सब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

रुथे स्वधर्ममा शूद्र गरी कर्तव्य-पालन ।
विप्र-क्षत्रिय-वैश्यैको गर्दथे नित्य सेवन ॥
इक्ष्वाकुवंशका स्वामी राजा ती, यी पुरीकन ।
मनुले पहिले जस्तो गर्दथे नित्य रक्षण ॥
योद्धा वीर लडाका थे तेजिला अति अग्नि झैं ।
शस्त्रास्त्र जान्दथे, हुँला खप्नै सक्तैनथे कसै ॥
गुफा पर्वतका सारा सिंहले भरिए सरी ।
पुरी यी भरिएकी थिन् वीरले ती थरी थरी ॥
वहाँ घोडा थिए फेरि ठूल्ठूला श्रेष्ठ जातका ।
जन्मेका देश काम्बोज-बाल्हीकतिरका तथा ॥
वनायु देशका एवं थे सिन्धुतिरका पनि ।
हुन् साक्षात् इन्द्रकै जस्ता यिनैले पूर्ण थिन् उनी ॥
विन्ध्यप्रदेशमा त्यस्तै गिरिराज हिमालमा ।
जन्मेका बलिया ज्यादै हात्तीहरू थिए वहाँ ॥

३१

३२

मदमत्त थिए साह्रै पर्वतैतुल्य थे सब ।
परिपूर्ण भएकी थिन् तिनैले यी पुरी तब ॥
ऐरावत, महापद्म तथा अञ्जन वामन ।
यी चारै गजवंशीय वहाँ थे गज शोभन ॥
मृग, मन्द्र तथा भद्र भद्र-मन्द्र तथा मृग ।
भद्र-मन्द्र भद्र-मृग मृग-मन्द्र थिए गज ॥
मदले मत्त थे सारा देखिन्थे हुन् कि झैं गिरि ।
यिनले वीरले त्यस्ता शोभिन्थ्यो अति नै पुरी ॥
तीन योजनकी त्यस्ती पुरीमा दुइ योजन ।
यिनैले व्याप्त थ्यो सारा, लड्नै कठिन थ्यो पुनः ॥
"अयोध्या" भनिइन्थिन् ती कुराले यी सबै अति ।
यहीं राजा दशरथ बस्थे, पाल्थे जगत् पनि ॥
तेजस्वी थे उनी साह्रै, थिएनन् शत्रु क्वै पनि ।
गर्थे शासन साराको ग्रहका चन्द्र झैं बनी ॥

३८

पुरी 'अयोध्या' शुभ-सत्य नामकी ढोका र आग्ला दृढ थे जहाँ अति ।
विचित्र त्यस्ता गृहले स्वयं सदा भई रहन्थिन् अति नै सुशोभिता ॥

३९

लाखौं हजारौं नर बस्तथे वहाँ गराउँथिन् श्रेय स्वयं पुरी जहाँ ।
उनै महाराज सुरेन्द्र - तुल्यका पाल्थे सदा धर्म र न्यायले प्रजा ॥

४०

इति छैटौं सर्ग

सातौं सर्ग

महाराज दशरथका मन्त्रीहरूको वर्णन

१

तिनै इक्ष्वाकुवंशीय उदार दिल भूपका ।
मन्त्रीका गुणले युक्त आठ मन्त्री थिए तदा ॥
जान्दथे मन्त्रको तत्त्व, चालले मात्र बाहिरी ।
अर्काको मनको भाव ताड्दथे सब राम्ररी ॥
यी सबै गर्दथे आफ्ना राजाको प्रिय वस्तुतः ।
यसैले ख्याति थ्यो ठूलो, गर्थे काम हुने हित ॥
थियो आचारको साथ विचार अति शुद्धको ।
मरिमेट्थे सबै नित्य काममा राज-काजको ॥
धृष्टि, जयन्त, विजय, सुराष्ट्र, राष्ट्रवर्धन ।
अशोक, मन्त्रपालै थे सुमन्त्र अति उत्तम ॥
यी राजाका थिए, दोटा पुरोहित महान् गुणी ।
वसिष्ठ ऋषिमा श्रेष्ठ, वामदेव तपोधनी ॥
छ ओटा विप्र-मन्त्री थे मार्कण्डेय चिरायु र ।
काश्यप्, गौतम, जाबालि, कात्यायन, सुयज्ञ त ॥
यिनै ब्रह्मर्षिका साथ पहिले देखिका अरू ।
ऋत्विक्हरू पनी गर्थे मन्त्रीकार्य खुरूखुरू ॥
थिए यी सब विद्या भै अतिनम्र सलज्ज र ।
महात्मा, कामका बाठा, फैलेका कीर्ति सुन्दर ॥
गर्थे आज्ञा भए जस्तो, शूर--वीर थिए सब ।
जान्दथे शस्त्रको मर्म जितेन्द्रिय थिए जब ॥
तेजिला, ख्याति फैलेका कुरा गर्थे मुसुक्क भै ।
काम क्रोध र स्वार्थैले झूठो बोल्दैनथे कसै ॥
कुरा आफ्ना र अर्काका न जानेको थिएन क्यै ।
गरेको, गर्न लागेको, चरले बुझ्दथे सबै ॥
सुहृत्-जाँच दिएका थे, जान्दथे व्यवहार जो ।
छोरोलाई पनी दिन्थे परेमा दण्ड योग्यको ॥

१३

१४

कोश-सञ्चयमा लाग्थे, सैन्य पार्थे दरो अति ।
मार्नैं जान्दैन थे शत्रु अपराधी हओस् जति ॥
शौर्य, उत्साह थ्यो ठूलो राजनीति लिई दृढ ।
गर्दथे काम, रक्षिन्थे राज्यका सत्-प्रजा सब ॥
विप्र-क्षत्रियलाई ती नदिई कष्ट प्रेमले ।
भर्दथे कोश राजाको न्यायोपार्जित द्रव्यले ॥
ली बलाबलको जाँच अपराधी-मनुष्यको ।
प्रयोग उनमा गर्थे कडा वा मृदु-दण्ड त्यो ॥
यौटै बुद्धि थियो यस्तो भाव-शुद्ध-विचारको ।
पुरमा राष्ट्रमा सारा सुख-शान्ति थियो बडो ॥
झूठो बोल्ने कहीं कोही थिएन पुर-राष्ट्रमा ।
परस्त्रीरत थ्यो कोही न त दुष्टै थियो वहाँ ॥
भेष-भूषा थियो राम्रो पाल्थे ती व्रत उत्तम ।
नीति ली जाग्दथे, गर्थे राजाकै हित उत्तम ॥
यी यस्ता गुणले गर्दा राजाबाट सबै यिनी ।
गरिन्थे गुरु झैं मान, थिए ठूला पराक्रमी ॥
गर्ने काम कुरो आफ्नो बुद्धिबाटै ठमाउँथे ।
तस्मात् ख्याति थियो ठूलो विदेशी पनि जान्दथे ॥
गुणी सिद्ध भएका थे थिएनन् निर्गुणी रति ।
गर्नु पर्ने कुरा गर्थे देश काल बुझी अति ॥
दैवी-सम्पत्ति थ्यो सारा स्वभावैले उनीसित ।
सन्धि-विग्रह इत्यादि गर्थे बेला बुझी स्वतः ॥
ज्यादै गोप्य गरी राख्थे कुरा ती राज-काजको ।
विचार गर्न सक्थे जो अनेकौं सूक्ष्म-वस्तुको ॥
विशेष-ज्ञान थ्यो फेरि उनको नीति-शास्त्रको ।
बोल्थे निरन्तरै प्यारो मीठो हित हुने कुरो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

बसी यस्ता गुणी–मन्त्रीहरूका साथ यी नृप ।
थिए विशुद्ध जो, नित्य गर्थे शासन वास्तव ॥
आँखाले चरको हेर्दै रक्षिंदै धर्मले प्रजा ।
छोड्दै अधर्म, यी गर्थे प्रजाको पालना सदा ॥
२७

उदार सत्यवादी थे ख्याति थ्यो तीनलोकमा ।
गर्थे शासन पृथ्वीको अयोध्यामा बसी यहाँ ॥
यसर्थ उनले कैले कुनै आफू समानको ।
ठूलो शत्रु तथा वैरी पाएनन् आफू तुल्यको ॥
२८

चोर–वैरी सबै मास्थे प्रतापैबाट आफ्नु यी ।
मित्र थे सब, घोप्टिन्थे सामन्ती नृप नित्य ती ॥
२९

(above numbers as printed: २७, २६ / २८, ३०)

मन्त्रीहरू वास्तव थे भला र गर्ने हितै मात्र समर्थ धेर ।
सल्लाह राख्थे अति गुप्त फेर गर्थे सबै काम स्वयं मिलेर ॥
३२

यस्ता यिनै साथ बसेर भूप हुन्थे स्वयं शोभित नित्यमेव ।
श्रीसूर्य जस्तो कर साथ हुन्छन् उदाउँदा उज्ज्वल देखिइन्छन् ॥
३३

इति सातौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं सर्ग

अश्वमेध यज्ञ गर्ने निधो

१

यस्ता प्रतापका राजा तर थे नित्य चिन्तित ।
थिएन पुत्र, जो पाथ्र्यो आफ्नो वंश उँचो अतः ॥
चिन्ता गर्ने सधैं यस्तो नृपको मन भो पछि ।
अश्वमेध गरूँ भन्ने पुत्रको प्राप्ति हेतु ली ॥
लिए सल्लाह राजाले मन्त्रीको अरुको पनि ।
त्यो अश्वमेध नै गर्ने ठमाए बुद्धिले अनि ॥
अब राजा यसो भन्छन्–मन्त्री श्रेष्ठ सुमन्त्रमा ।
ऐले ल्याऊ तिमी मेरा पुरोहित–गुरू यहाँ ॥
पराक्रम हुने छीटा गए छीटै सुमन्त्र ती ।
डाकी ल्याए सबैलाई जान्दथे वेद जो अति ॥
आए काश्यप, जाबालि, वामदेव, सुयज्ञ र ।
अरू ब्राह्मणकै साथ ती वसिष्ठ पुरोहित ॥
धर्मात्मा नृपले पूजा गरे यी ऋषिको सब ।
धर्म, अर्थ दुबै मिल्दो मीठो वाक्य भने तब ॥
सुख–शान्ति ममा छैन अपुतो छु, विलाप्त छु ।
अश्वमेध गरी तस्मात् छोरो पाउँन खोज्दछु ॥
मेरो इच्छा छ शास्त्रोक्त–विधिले यज्ञ गर्नको ।
त्यो धोको कसरी पुग्छ, होस् विचार यही कुरो ॥
राजाबाट सुनी यस्तो स्वयं गुरु–पुरोहित ।
प्रशंसा वाक्यको त्यस्तो गर्छन् बेस ! भनी तव ॥
पछिबाट भई साह्रै खुश राजासँगै अनि ।
भन्दछन् सब ती विद्वान्–वसिष्ठ संगका मुनि ॥
सरयू–उत्तरै पट्टि यज्ञ–भूमि वनाउ र ।
सामान जोर ए राजा ! घोडा छोड तुरुन्त ल ॥

१२

१३

इच्छा सरि तिमी छोरा पाउला यज्ञले यही ।
बुद्धि भै जुन त्यो तिम्रो पुत्रको निम्ति धार्मिकी ॥
विप्रवाक्य सुनी यस्तो राजा खुश भए अति ।
फुरे लोचन हर्षैले, भने मन्त्रीकनै पछि ॥
जोर सामान सम्पूर्ण भने भैं गुरुले अत्र ।
घोडा छोड उपाध्याय साथका वीर हुन् सव ॥
सरयू उत्तरैपट्टि यज्ञस्थल बनाउ र ।
शास्त्रको विधिले राम्रो शान्ति–कर्म पनी गर ॥
यो श्रेष्ठ–यज्ञमा केही दोष कष्ट हुने डर ।
नभए गर्दथे सारा अरू राजा पनी बुझ ॥
ब्रह्म–राक्षस जान्ने छन, खोज्छन् छिद्र तिनै सव ।
विधि नै नपुगे यज्ञ गर्ने तत्काल मर्दछ ॥
सकिन्छ जसरी राजन् ! यज्ञ यो विधिले सबै ।
उपाय गर त्यै सारा जोर सामान दक्ष भै ॥
पाएका मान राजाको मन्त्रीले नृप–वाक्य यी ।
सुने, अनि भने यस्तो–गर्छौं आज्ञा भए सरि ॥
राजाबाट बिदा पाई उनमा दिइ आशिष ।
आए जस्तो गरी सारा धर्म जान्ने गए द्विज ॥
बिदा दिई पठाएमा मन्त्रीसंग भने पछि ।
ती ऋत्विक्‌ले भने जस्तो गरौं यो यज्ञ ली विधि ॥
आफ्ना नजीकका मन्त्रीहरूलाई यसो भनी ।
विदा दिई पसे आफ्नो खोपी मित्र स्वयं अनि ॥
प्यारा पत्नीहरुलाई नृपले गै वहाँ भने ।
दीक्षा लेओ म गर्दोछु यज्ञ त्यो पुत्र पाउँने ॥

२४

मीठो वचन सुन्दा यो रानीको अति तेजिला ।
लिए ती मुखले शोभा पद्मका भैं वसन्तका ॥

२५

इति आठौं सर्ग

नवौं सर्ग

ऋषि-ऋष्यश्रृङ्गको उपाख्यान

१

पुत्र पाउँनको निम्ति यज्ञ गर्ने सुनी कुरो ।
गई एकान्तमा भन्छन् राजासंग सुमन्त्र यो ॥
महाराज ! पुरानो यो कुरा हो, सुनिबक्सियोस् ।
पुराणमा पनी मैले सुने, ध्यान त्यतै रहोस् ॥
जान्ने ऋत्विक्हरूले जो पुत्रका प्राप्ति निम्तिमा ।
उपदेश दिए गर्नु अश्वमेध भनी यहाँ ॥
सनत्कुमार इत्यादि मुनिले पहिले प्रभो ! ।
ऋषि साथ कुरा गर्थे प्रभुका पुत्र-प्राप्तिको ॥
ऋषि-काश्यपका छोरा थिए ख्यात विभाण्डक ।
हुनेछन् उनका छोरा भनिने ऋष्यश्रृङ्ग त ॥
मुनि ती वनमा बस्लान् बढ्दै जालान्, वहीं सदा ।
कसैलाई न जान्लान् ती, पित्राज्ञा बलियो हुँदा ॥
चलेको दुनियाँमा र भनेको विप्रले पनि ।
दुवै प्रकारको पाल्लान् ब्रह्मचर्य महान् उनी ॥
उनले यसरी बस्ता बित्ला समय त्यो पुनः ।
यशस्वी बाबुको त्यस्तै अग्निको गरि सेवन ॥
रोमपाद हुने नाम प्रतापी बलवान् अति ।
राजा त्यो अङ्गदेशैमा होलान् समयमा यही ॥
धर्म उल्लङ्घनै गर्लान् पछाडि नृपले वहाँ ।
होला घोर अनावृष्टि डर्लान् सारा प्रजा जहाँ ॥
अनावृष्टि हुँदा त्यस्तो राजा दुःखी भई अति ।
विद्वान् विप्रहरू डाकी यसो भन्लान् स्वयं पछि ॥
वेदका तत्त्वकै साथ दुनियाँका चरित्र यी ।
जान्नु हुन्छ सबै राम्रो विप्र हो ! जो भयो जति ॥

१२

१३

मप्रा दया गरी तस्मात् कुनै नियम भन्नुहोस् ।
यो मेरो पापको प्रायश्चित त्यो जसले हरोस् ॥
राजाले यसरी सोध्दा जानेका वेद ती द्विज ।
रोमपादकनै राजा यसो भन्लान् स्वयं तब ॥
छन् विभाण्डकका छोरा ऋष्यश्रृङ्ग महामुनि ।
तिनैलाई यहाँ ल्याऊ जसो गरी भए पनि ॥
उनको गर सत्कार शास्त्रको विधिले पछि ।
आफ्नी छोरीकनै शान्ता सुम्प एकाग्र भै अति ।
विप्र-वाक्य सुनी राजा लेलान् चिन्ता निकै अनि ।
यहाँ म कसरी ल्याऊँ त्यस्ता ऋषिकनै भनी ॥
मन्त्री साथ लिई राय ठमाएर पछी उनी ।
पुरोहित र मन्त्रीमा भन्लान् आओ लिई भनी ॥
घोस्रो मुन्टो गरी दुःखी भई भन्लान् यसो अनि ।
जाँदैनौ ! ऋषिको त्यस्ता डर लाग्छ प्रभो ! भनी ॥
सल्लाह आफुमा गर्दै फेरि भन्लान् उनी यसो ।
ल्याउँला दोष क्यै त्यस्तो न लाग्ने लौ उपाय यो ॥
यसरी अङ्गराजाले वेश्याको लौ सहायता ।
मुनिलाई वहाँ ल्याए अनि वृष्टि भयो त्यता ॥
ऋषिलाई अनी देलान् शान्ता छोरी नरेन्द्रले ।
ऋष्यिशृङ्ग भए ज्वाइँ प्रभुका यस हेतुले ॥
पूर्ण गर्लान् उनै यज्ञ प्रभुका पुत्र-प्राप्तिको ।
सनत्कुमारले जस्तो भने त्यस्तै भनें प्रभो ! ॥
राजा खुश भए सुन्दा भने फेरि उनीकन ।
ऋषि ती कसरी ल्याए बुझाएर भनी भन ॥

२४

इति नवौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दशौं सर्ग

ऋषि-ऋष्यशृङ्गलाई ल्याउँनु र विवाह गराउँनु

१

पाए सुमन्त्रले भन्ने आज्ञा अनि भने प्रभो ! ।
मन्त्री साथ सुनी बक्स्योस् ल्याए ऋषि गरी जसो ॥
यी रोमपाद-राजामा त्यसवेला भने यसो ।
ती पुरोहितले मन्त्री-साथका नम्र भै बडो ॥
महाराज ! छ हामीले विचारेको उपाय यो ।
जसमा विघ्न-बाधादि पर्दै पर्दैन क्यै कुरो ॥
तपः स्वाध्यायमा रम्दै वनमै वस्तछन् उनी ।
जान्दैनन् कत्ति स्त्री साथ विषयी-सुख यी पनि ॥
मथ्ने मनुष्यको चित्त प्यारा इन्द्रिय-वस्तुको ।
लोभ लाग्दो उनीलाई राम्रो यत्न हओस् प्रभो ! ॥
वेश्याहरू वहाँ जाऊँन् राम्रा पैह्रन-रूपका ।
अनि ल्याऊँन् भुलाएर गरी नाना उपाय-ता ॥
सत्कार साथमा ठूलो वहाँ वेश्या पठाउँने ।
कुरा पुरेतका सुन्दा राजाले ती यसो भने ॥
वेस हो ! ठीक हो !! हुन्छ, गर्नुहोस् गर्नु पर्छ जो ।
ती पुरोहित-मन्त्रीले गरे अनि भने जसो ॥
आज्ञा पाइ गए वेश्या तुरुन्त वनबीच त्यो ।
पुगे आश्रममा त्यस्ता मुनि यी ऋष्यशृङ्गको ॥
देखाऊँन गरे चेष्टा आफूलाई वहाँ पुगी ।
अगाडि मुनिको पर्दै धैर्यवान् जो थिए अति ॥
आफ्नो आश्रममै वस्थे उनी नित्य-निरन्तर ।
पिताको साथ वस्नामै मान्थे संतोष, थे स्थिर ॥
तपस्वी मुनिले त्यस्ता जन्मेदेखि लिई नृप ! ।
कुनै स्त्रीलाई देखेका थिएनन् अहिलेतक ॥
ती आफ्ना बाबु बाहेक कुनै पुरुषको मुखै ।
देखेका नै थिएनन्, जो होस् प्राणी, पुर-गाउँकै ॥

१३

१४

ती विभाण्डका छोरा ऋष्यशृङ्ग कुनै दिन ।
घुम्दै आए त्यहाँ, देखे यी त्यस्ता रमणीकन ॥
मीठा स्वर गरी गाई राम्रा भूषा र भेषका ।
नजीकै उनको आए सोधे भै नम्र वाक्यका ॥
ब्रह्मन् ! तपाइँको भन्नोस्, बस्तु हुन्छ यहाँ किन ? ।
भन्नोस् घुम्नु भयो एक्लै किन निर्जन यो वन ? ॥
त्यस्ता पैले नदेखेका देख्ता राम्रा उनीकन ।
बढ्यो स्नेह भने तस्मात् चिन्हाएर पिताकन ॥
नाम मेरा पिताको हो सुन्नोस् ! मुनि विभाण्डक ।
म ता सुत उहाँको हूँ साक्षात् औरस वास्तव ॥
हो ऋष्यशृङ्ग यो नाम मेरो,-काम पनी अब ।
प्रख्यात भै सकेको छ भू-मण्डल भरी सब ॥
कुटी-आश्रम मेरो छ त्यहीं पर नजीकमा ।
तपाइँहरू ता देख्तै राम्रो लाग्नु भयो ममा ॥
हिंड्नोस् आश्रममा मेरो अव जाऊँ वहाँ बसी ॥
तपाइँहरू साराको पूजा गर्छु लिई विधि ॥
वहाँ जाने गरे इच्छा सबले यो कुरा सुनी ।
ती राम्रा रमणी वेश्या गए आश्रममा अनि ॥
गरे वहाँ पुगी पूजा विधिले मुनिले पनि ।
पाद्य यो, अर्घ्य यो, खाने फल-मूलादि हो भनी ॥
उदार-मुनिको त्यस्ता गरे स्वीकार पूजन ।
तर भित्र थिए सारा डराएका मनैमन ॥
देख्लान् आश्रममा आफ्नो ती विभाण्डकले अनि ॥
देलान् श्राप भनी चाँडै भाग्ने खोज्दथिए उनी ॥
मुनि साथ पछी भन्छन् हामीसंग पनी ऋषे ! ।
फलमूलादि छन् मीठा खानुहोस् अब प्रेमले ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

इओस् तपाईँको श्रेय विलम्ब किन गर्नु त ? ।
अँगाले मुनिलाई ती पछि यत्ति भनी स्वतः ॥
भई गद्गद हाँसेर उनले मुनिलाइ यी ।
नाना खाने कुरा साथ दिए लड्डू-मिठाइ ती ॥
लिएर तिनको स्वाद तेजस्वी मुनिले तब ।
संझे हुँदा रहेंछन् नै भनी यस्ता पनी फल ॥
खाएका पहिले कैल्यै थिएनन् यी कुरा अनि ।
न संम्झून् किन ? जो बस्थे वनमै शान्तिमान बनी ॥
व्रतानुष्ठान गर्दैछौं भन्ने छल गरीकन ।
डराएर गए वेश्या विदा मागी उनीसंग ॥
उता गए पछि वेश्या यता ऋषि-कुमार ता ।
बिग्रँदा मनः दुखी भै घुम्न लागे यताउता ॥
संझिन्थे त्यै कुरा खाली भोली पल्ट पनी अनि ।
घुम्दै घुम्दै पुगे तस्मात् हिजोकै ठाउंमा उनी ॥
गहना-वस्त्रले नाना मनै हर्ने स्वरूपका ।
जहाँ वेश्याहरू बस्थे भेटिएका हिजो त्यता ॥
देख्ना साथ उनीलाई आएका त्यसरी अब ।
अत्यन्त खुश भै हाले वेश्याहरू स्वयं तब ॥

३५

३६

बढी अगाडि घेरेर ती सबैले यसो भने ।
पाल्नोस् आश्रममा हाम्रो प्रियदर्शनका मुने ! ॥
फलमूल यहाँ होलान् धेरै नै स्वादिला ऋषे ! ।
प्रबन्ध गर्न सक्ने छौं वहाँ किन्तु विशेषले ॥
मनै हर्ने सुनी यस्ता उनका वाक्य ती मुनी ।
जाने विचार गर्दैथे दौडाए सबले अनि ॥
सरासर लिई आए महात्मा विप्रलाइ ती ।
त्यो अङ्गदेशमा त्यस्तो अनावृष्टि हट्यो पछि ॥
वर्षाए मुसलैधारे पानी देवेन्द्रले वहाँ ।
भयो सारा जगत्लाई आनन्द र खुशी जहाँ ॥
राजाले मुनि आएको था पाए जल बर्षिदै ।
गए लिन अनी ढोगे शिरले भुइँमा छुँदै ॥
टक्रयाए विधिले अर्घ्य उनले एकचित्तभै ।
खुशी पारी वरै मागे पछाडि मुनिसाथ यै ॥
भगवन् ! प्रभु जस्ताको पिताको प्रभुका पनि ।
कृपा-प्रसाद पाओस् यो, नहोस् कत्ति डरै पनि ॥
खोपी भित्र लगी छोरी शान्ताको बिधिपूर्वक ।
बिहा गरि दिई राजा भए शान्त र हर्षित ॥

४४

बसी स्वधर्मपत्नीको साथ ती ऋषिले पछि ।
सन्मान साथ राजाको भोगे भोग भए जति ॥

४५

इति दशौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एघारौं सर्ग

महाराज दशरथले ऋषि-ऋष्यशृङ्ग-लाई ल्याउनु

१

भन्छन् सुमन्त्र ती फेरि महाराज मबाट यो ।
सुनी बक्स्योस् अझै राम्रो आफ्नो हित हुने कुरो ॥
सनत्कुमारले श्रेष्ठ देवताहरूमा तथा ।
सारा ऋषिहरूमा यो सुनाएका थिए कथा ॥
धर्मात्मा सत्य बोल्ने ती इक्ष्वाकु वंशमा पछि ।
हुने नाम दशरथ हुनेछन् एक भूपति ॥
उनको मित्रता होला अङ्गराज संगै अनि ।
शान्ता नाम सुता होलिन् उनको भाग्यशालिनी ॥
यो अङ्गदेश राजाका हुनेछन् "रोमपाद" यो ।
नामका पुत्र, जानेछन् अयोध्यापति भन्न यो ॥
अपूतो छु म, धर्मात्मन् ! भए आज्ञा तपाईंको ।
शान्ताका पति गै मेरो गर्ने थे श्रेष्ठ यज्ञ त्यो ॥
मलाई पुत्रको प्राप्ति हुनेथ्यो यसले यता ।
महाराज ! उता मेरो चल्थ्यो वंशपरम्परा ॥
राजाले वाक्य यो सुन्दा सोच्नेछन् मनमा पछि ।
दनेछन् सुतकै साथ शान्ताका पतिलाई ती ॥
छुट्नेछ पीर राजाको पाउँदै विप्रलाई यी ।
यज्ञानुष्ठान गर्लान् ती अनि भित्र हुँदा खुशी ॥
कीर्ति फैलाउँनै खोज्ने राजाले जोडी हात ती ।
यज्ञमा वरणै गर्लान् ऋष्यशृङ्गकनै पछि ॥
निमित्त यज्ञ यो होला स्वर्गको पुत्र-प्राप्तिको ।
इच्छा पुर्याउलान् राजा पछि ता द्विजबाट यो ॥
नेछन् पुत्र चारोटा अप्रमेय-पराक्रमी ।
सिद्ध सब प्राणीमा वंश धान्ने महागुणी ॥
महाराज ! भनेका हुन् यो कुरा ऋषिलाई ती ।
सनत्कुमारले साक्षात् युग सत्य हुँदै अघि ॥

१३

१४

तस्मात् सैन्य-सवारी ली नरसिंह नरेश्वर ! ।
ल्याइबक्स्योस् उनैलाई ठूलो सत्कार-पूर्वक ॥
ज्यादै खुश भए राजा सुनी वाक्य सुमन्त्रको ।
जाऔं सब भनी आज्ञा लिए गुरू-वसिष्टको ॥
अनि रानी लिई आफ्ना मन्त्रीका साथमा नृप ।
अङ्गदेश हिंडी हाले थे जहाँ ऋष्यशृङ्ग त ॥
बाटाका ती नदी-नाला छिचली वन-पर्वत ।
स्वयं वहाँ पुगी हाले भएमा मुनि श्रेष्ठ त ॥
वहाँ पुगे पछी देखे ऋष्यशृङ्गकनै मुनी ।
ती रोमपाद राजाका वसेका साथमै अनि ॥
बलेको अग्निकै ठीक देखिन्थे ऋषिपुत्र ता ।
यी रोमपाद राजा ता देख्नासाथ उठे यता ॥
राजा दशरथै साथ मैत्री थ्यो उनको दृढ ।
भित्रै देखि भयो तस्मात् यिनको मन गद्गद ॥
विशेष-विधिले पूजा यिनको उनले गरे ।
मैत्री-सम्बन्धको हाल ऋष्यशृङ्गकनै भने ॥
ती रोमपाद राजाको पाई सत्कार योग्यको ।
सात आठ दिनै सम्म बसे, पछि भने यसो ॥
पति-पुत्र लिई आफ्नो शान्ता हजुरकी सुता ।
त्यो मेरो राज्यमा जाऊँन् काम ठूलो छ है उता ॥
गरी स्वीकार ज्वाइँको, वहाँ जानु, भने पछि ।
ज्वाइँलाई लिई पत्नी पाल्नुहोस् नृप साथ यी ॥
हओस् जान्छु, भनी आफ्ना ससुरा नृपमा अनि ।
बिदा लिइ अयोध्यामा पत्नी साथ गए उनी ॥
हुँदामा छुट्टिने बेला मीत राजा दुवै वहाँ ।
जोल्ठिए हात जोडेर प्रेमले आफु-आफुमा ॥

२६

२७

अनि राजा दशरथ बिदा भई हिंडे यता ।
पठाए दूतको हात दौडाई पुरमा कुरा ॥
तुरुन्त पुर त्यो सारा सिंगार र सफा गर ।
टाँग झण्डा-पताका र धूप बाल छरी जल ॥
सुनेर नृप आएको पुरवासी भए खुश ।
भने जस्तो गरे सारा उनले यत्न-पूर्वक ॥
आफ्नो नगरमा यस्तो अलङ्कृत सुसज्जित ।
पसे राजा दशरथ मुनि-दम्पति लि तब ॥
शङ्ख-दुन्दुभि इत्यादि बजे बाजा अनेकन ।
हिंड्थे अघि अघी विप्र वेद पढ्दै मनोरम ॥

३१

३२

ती नागरिकले देखे राजा संग सुरेन्द्रझैं
पसेका पुरमा आफ्ना द्विजदम्पति योग्यझैं
सुरेन्द्र साथका सारा देवले स्वर्गमा मिलो
गरे वामनको जस्तो ठूलो सत्कार मान ती
लगेर भित्र खोपीमा राजाले विधिपूर्वक
द्विज दम्पतिको पूजा गरे झैं भित्र गद्गद
नजीकै पाउँदा बस्न मुनिको ऋष्यशृङ्ग ती
सम्झे धन्य भएँ भन्ने कृतकृत्य भई अति
पतिको साथ राजाले ल्याएकी चारु-नेत्री
शान्तालाइ त्यहाँ देखी रानी खुश भए अति

३६

राजाले सब रानीले पूजिएकी त्यसो गरी ।
निकै सम्म बसिन् शान्ता पति साथ वहाँ पछि ॥

३७

इति एघारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रौं सर्ग

यज्ञका सर-सामान ठीक पार्न आदेश दिनु

१

निकै बित्तै गयो काल राम्रो समयमा तब ।
यज्ञ गर्ने भए राजा वसन्त ऋतु भ्यो जब ॥
राजाले पाउमा पर्दै देवझैं मुनिको पछि ।
गरे वरण यज्ञार्थ पुत्रको प्राप्ति हेतु ली ॥
"गर हुन्छ ! छ यो वेस" भन्दै राजाकनै मुनि ।
भन्दछन् जोर सामान छोड लौ अश्व त्यो पनि ॥
राजाले यो सुने डाके मन्त्री श्रेष्ठ सुमन्त्र र ।
भने-तुरुन्त बोलाऊ ऋत्विक्कन सुमन्त्र ! ल ॥
बामदेव र जाबालि, सुयज्ञ ऋषि काश्यप ।
विप्रश्रेष्ठ अरू साथै हुन् वसिष्ठ पुरोहित ॥
पराक्रम हुने छीटा गए छिटै सुमन्त्र ती ।
डाकी ल्याए सबैलाई जान्दथे वेद जो अति ॥
ती सबैको गरी पूजा धर्मात्मा नृपले पनि ।
मिलेको अर्थ-धर्मादि मीठो वाक्य भने अनि ॥
संतप्त म छु छोराको निम्तिमा छैन क्यै सुख ।
अश्वमेध गरूँ भन्ने तस्मात् मेरो छ निश्चय ॥
त्यो यज्ञ गर्न चाहन्छु शास्त्रको विधिले अतः ।
शक्तिले ऋषिपुत्रैको पुग्ला इच्छा पनी सब ॥
राजाका मुखले खस्ने यस्ता वाक्य सुने जब ।
वसिष्ठ आदि साराले बेस ! श्रेष्ठ ! भने तब ॥

१०

११

ऋष्यश्रृङ्ग स्वयं बोले उनका साथमै पुनः ।
जोर सामान ए राजा घोडा छोड ल तत्क्षण ॥
चारोटा पाउला छोरा ती अमेय पराक्रमी ।
छोरा पाउन जो तिम्रो बुद्धि भो धर्ममा पनि ॥
विप्रवाक्य सुनी यस्तो राजा खुश भए अति ।
भई गद्गद भन्छन् ती मन्त्रीहरूकनै पछि ॥
जोर सामान सम्पूर्ण भनेझैं गुरुले अब ।
घोडा छोड उपाध्याय साथका वीर हुन् सब ॥
सरयू-उत्तरै पर्ट्ट यज्ञस्थल बनाउ र ।
शास्त्रका विधिले राम्रो शान्ति कर्म पनी गर ॥
यो श्रेष्ठ यज्ञमा केही दोष कष्ट हुने डर ।
न भए गर्दथे सारा अरू राजा पनी बुझ ॥
ब्रह्मराक्षस जान्ने छन्, छिद्र खोज्छन् तिनै सब ।
विधि नै न पुगे यज्ञ गर्ने तत्काल मर्दछ ॥
सकिन्छ जसरी मेरो यज्ञ यो विधिले सबै ।
उपाय गर त्यो सारा जोर सामान दक्ष भै ॥
पाएका मान राजाको मन्त्रीले नृप-वाक्य यी ।
सुने अनि भने यस्तो - गर्छौं आज्ञा भए सबि ॥
राजाबाट बिदा पाई उनमा दिइ आशिष ।
आए जस्तो गरी सारा धर्म जान्ने गए द्विज ॥

२०

गएमा विप्र ती सारा मन्त्रीलाई गरी बिदा ।
पसे महलमा आफ्नो राजा पनि स्वयं तदा ॥

२१

इति बाह्रौं सर्ग

तेह्रौं सर्ग

महारानीहरू साथैं महाराजले यज्ञमा दीक्षा लिनु र यज्ञशालामा प्रवेश गर्नु

१

त्यो वसन्त बित्यो आयो अर्को, वर्ष भयो पुरा ।
यो यज्ञमा लिने दीक्षा अब उब्ज्यो यता कुरा ॥
ठूला शक्ति हुने राजा अनि त्यो अश्वमेधको ।
दीक्षा लिन नजीकैमा गए गुरु-वसिष्ठको ॥
ढोगेर विधिले पूजा गरी मधुर-वाक्यमा ।
सन्तान प्राप्तिको निम्ति भने गुरुसंगै वहाँ ॥
शास्त्रको विधिले पूर्ण पार्नु होस् यज्ञ यो गुरो ! ।
यज्ञका अङ्गमा कत्ति न पर्नै विघ्न होस् कुरो ॥
सम्पूर्ण यज्ञको भार गुरुले बोक्नु पर्छ यो ।
मेरा गुरु सुहृत् सारा हुनुहुन्छ दया छ जो ॥
दिई स्वीकृति राजामा भन्छन् पछि द्विजर्षि ती ।
भने जस्तो गरी राजा ! गरूँला म स्वयं खटी ॥
गण्य-मान्य तथा जान्ने डाके जन वसिष्ठले ।
आज्ञाले नृपको त्यस्तो अनि अत्यन्त प्रेमले ॥
सारा विधान जानेका चतुरा यज्ञ-कर्मका ।
बस्ने समाप्ति पर्यन्त सेवा गर्ने जुटे यता ॥
बूढा पाका र धर्मात्मा आए द्विजहरू उता ।
गर्ने मण्डप निर्माण कारीगर डटे यता ॥
खन्ने, खनाउने, सज्ने यज्ञमण्डपलाइ त्यो ।
आए सेवक ती शिल्पी सिकर्मी सुनि वाक्य त्यो ॥
आए ज्योतिषी विद्वान् ती राम्रो नाच्ने र गाउने ।
सुनेका शास्त्र जानेका आए उत्साह भै लिने ॥
यसरी सब आएका देखे पछि वसिष्ठले ।
सुनाएर सबैलाई राजाज्ञा प्रेमले भने ॥
तपाईंहरू भै सारा यज्ञको काम गर्नुछ ।
मिलेर ल्याउनोस् तस्मात् ईंट लाखौं तुरून्त त ! ॥

१३

१४

वस्न राजाहरूलाई उनका योग्य—योग्यङ
गर्नोस् महल निर्माण अन्न—पानादि हुन् पुरा
यता ब्राह्मणका निम्ति राम्रा घरहरू बनू
खाने र पिउने नाना पदार्थ तिनमा रहून्
पुरवासीहरूलाई बस्नका निम्ति हुन आ
ती टाढा देखि आएका बस्न पाऊन् खुरू-खुरु
हात्ती घोढा रथै राख्ने शालाहरू बनून् उ
बस्ने खाने विदेशीका सैन्यका घर हुन् यता
भँडार घर हुन घेर राख्ने खाद्य पदार्थ ती
निम्तिमा पुरवासीको बडा राम्रा बनून् पछि
सत्कार मान पूजादि वर्णका क्रमले हओस्
न हेपी, नगरी हेंला विधिले अन्न दान होस्
यो यज्ञ-कर्ममा लाग्ने जति, छन तिनको स
हेंला हुन नपाओस् है, कामले क्रोधले त
क्रमसाथ हओस पूजा ती कारीगरको पनि
होऊन् पूजित सम्पूर्ण धन-अन्नादिले पनि
तलमाथि न भै कत्ति हुन्छ राम्रो जसो गरी
त्यस्तै गर्नु हओस् सारा प्रेम-स्नेह दिई वरी
भने पछि सबैले ती वसिष्ठकन यो कुरा
प्रिय होला जसो गर्दा गर्छौं हामी त्यही कुरा
तल-माथि नभै कत्ति नहुने गरि क्यै त्रुटि
गर्छौं हामीहरू सारा भने झैं प्रभुले खटी
सुमन्त्रकन मन्त्री ती बोलाएर वसिष्ठले
भने यसो वहाँ फेरि दिई आदेश स्नेहले
सुमन्त्र ! सुन छन् जत्ति राजा यो पृथिवी भर
धर्मात्मा सबलाई ती अब निम्ता तिमी गर

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हजारौं विप्रका साथ क्षत्री-वैश्य र शूद्रमा ।
सत्कार साथको निम्ता देऊ देश-विदेशमा ॥
तिमी आफैं गई ल्याऊ राजा जनकलाइ ती ।
मिथिलाका प्रजा साथैं सत्कार गर है ! अति ॥
सत्य बोल्ने सधैं, शूरा जान्ने वेदादि शास्त्रका ।
आफ्ना कुल-कुटुम्बी हुन् जो जो छन्, वेस दृष्टिका ॥
वहाँ गै आफू नै ल्याऊ काशीराजकनै पुनः ।
मित्र हुन, बोल्दछन् प्यारो तेजी छन् देवभैं जुन ॥
बूढा केकय राजा छन् हुन उनी अतिधार्मिक ।
राजाका ससुरा हाम्रा ल्याऊ छोरा संगै सब ॥
राजाका मित्र हुन् हाम्रा रोमपाद धनुर्धर ।
उनीलाई यहाँ ल्याऊ पुत्र साथै कदर् गर ॥
ल्याऊ कोसल राजा छन् भानुमान् आफु गै तिमी ।
उता मगधका राजातिर जाऊ स्वयं अनि ॥
जान्दछन् ती सबै शास्त्र नाम प्राप्तिज्ञ हो सुन ! ।
हुन् नर श्रेष्ठ यी, ज्यादै उदार पनि छन् जुन ॥
राजाज्ञा लिइ यो जाऊ पहिले पूर्वपट्टि र ।
उताका सब राजामा आँउने आग्रहै गर ॥
सिन्धु-सौवीरमा जाऊ सौराष्ट्र पुग है पुनः ।
राजामा दक्षिणी सारा पाल्नोस् निम्ता छ है भन ॥
पृथिवी भरका जो जो राजा छन्, प्रेम गर्दछन् ।
तुरुन्त सब ती आऊन् साथै भृत्य र बन्धु हुन् ॥
दूत गै भाग्यवान् हाम्रा राजाज्ञा उनमा भनून् ।
राजाले निम्तिएका ती अयोध्याकन यो भरुन् ॥
भने जस्तो गरी हाले कुरा सुन्दै सुमन्त्रले ।
पठाए गतिला दूत निम्ता बोकाइ प्रेमले ॥

३९

४०

आज्ञा वसिष्ठको पाई धर्मात्मा ती सुमन्त्र ता ।
छिटो भै दौडिए आफैं लिन राजाहरू त्यता ॥
जसलाई थियो जो जो दिएको काम यज्ञको ।
भने वसिष्ठमा आई सबले ती गरेर त्यो ॥
जो जो काम दिएको थ्यो हामीमा अहिलेतक ।
सक्यौं सब महर्षे ! त्यो आज्ञा होस् के गरौं अब ? ॥
उनका यी कुरा सुन्दा मुनि ज्यादै खुशी भए ।
पछिबाट भने सारा उनमा अति स्नेहले ॥
यज्ञमा यो कसैलाई हेलाले दिनु हुन्न है ! ।
होच्याएर पनी हुन्न, दिनेकै हानि हुन्छ है ! ॥
बित्ता केही अहोरात्र राजा आइ पुगे सब ।
उपहार दिने नाना लिई रत्नहरू तक ॥
राजासंग यसो भन्छन् ती वसिष्ठ भई खुश ।
आज्ञाले नृपते ! तिम्रो राजा आइ पुगे सब ॥
मैले पनि यथायोग्य गरें सत्कार आबरु ।
यता जोरी सके सारा सामान जनले अरू ॥
काम गर्नेहरूले ती राम्ररी सावधान भै ।
गर्नु पर्थ्यो जहाँ जो जो स्वयँ गरि सके सबै ।
प्रारम्भ यज्ञ यो गर्न स्वयं तिमी पनी अब ।
परिपूर्ण भएको त्यो यज्ञ-मण्डपमा हिंड ॥
मनले नै चिताएभैं यज्ञ-मण्डप त्यो छ र ।
छन् ठिक पारी राखेका सब बस्तु पनी स्थिर ॥
पाई यो शुभ आदेश ऋष्यश्रृङ्ग-वसिष्ठको ।
शुभ-साइतमा राजा रानीसाथ गए वहाँ ॥
आचार्य-पदमा राखी ऋष्यश्रृङ्गकनै मुनी ।
गरे त्यो यज्ञ प्रारम्भ वसिष्ठहरूले अनि ।

५२

शास्त्रको विधि ली सारा यज्ञमण्डपमा पसे ।
लिए दीक्षा स्वपत्नीकै साथमा अनि भूपले ॥

५३

इति तेह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौधौं सर्ग

अश्वमेध यज्ञारम्भ

१

आयो पृथ्वी घुमी घोडा पूरा वर्ष वित्यो अरु ।
सरयू-उत्तरै पट्टि राजाको यज्ञ भो शुरु ॥
महात्मा नृपको त्यस्तो यज्ञमा अश्वमेध यो ।
ऋष्यश्रृङ्ग अघी राखी गर्थे काम द्विजादि त्यो ॥
जान्दथे वेद ऋत्विक् ती शास्त्रको विधिले अतः ।
गर्नु पर्ने कुरा गर्थे राम्ररी समयोचित ॥
प्रवर्ग्यकर्म भो, जो हो यज्ञको अङ्गभूत त्यो ।
विधिकर्म भयो साथै मीमांसा-कल्पसूत्रको ॥
नामको त्यो उपसद्, जो हो इष्टि-विशेष यो ।
अनुष्ठान भयो फेरि शास्त्रकै ठीक श्रेष्ठको ॥
देश-काल विधानैले भनिने कर्म सम्म ती ।
विशेषरूपले सारा गरे सब लिई विधि ॥
कर्माङ्गभूत द्यौताका गरे पूजा पनी यता ।
विप्रद्वारा भए कर्म प्रातःसवन-पूर्वका ॥
ती इन्द्रदेवको भाग दिइयो विधिले पछि ।
झिके ब्राह्मणले सोमलतारस कुटी कुटी ॥
त्यो माध्यन्दिन-सवन कार्यको शुरु भो पछि ।
शास्त्रको विधि ली राम्रो वेदज्ञ द्विजबाट ती ॥
शास्त्र राम्रो गरी हेरी ठमाई विप्रले गरे ।
कर्म तृतीय सवन पनि राजेन्द्रको भरे ॥
ऋष्यश्रृङ्गादि ऋषिले मन्त्रले स्वर-वर्णका ।
आवाहन गरे राम्रो श्रेष्ठ इन्द्रादिदेवका ॥
डाकेर मन्त्रले मीठा हविष्यादिक वस्तु ती ।
दिए भाग यथायोग्य देवतालाइ योग्य ती ॥
राजाको यी दशरथ यज्ञमा अश्वमेध यो ।
न ता आहुति क्यै त्यस्तो विपरीत अयोग्य भो ॥

१३

१४

भूलले भो न क्यै त्यस्तो जसले कर्म छुट्तथ्यो ।
मन्त्रोच्चारणले शुद्ध क्षेमयुक्त सबै भयो ॥
भएन जन क्वै खिन्न यज्ञका दिनमा यहाँ ।
भोकाएको र थाकेको न त क्वै देखियो त्यहाँ ॥
यो यज्ञमा सधैं खान्थे विप्र, क्षत्रिय, वैश्य र ।
खान्थे शूद्र पनी, खान्थे साथै श्रमण तापस ॥
बूढा-रोगीहरू सारा शिशु-स्त्रीहरू यी पनि ।
सधैं खान्थे, वहाँ किन्तु हुन्न थ्यो तृप्ति तै पनि ॥
नाना प्रकारका वस्त्र साथमै अन्न देउ ल ।
अधिकारी यसै भन्थे, दिन्थे तत्काल ती सब ॥
दिनैदिन बडा मीठा पाकेका विधिपूर्वक ।
अन्नका रास देखिन्थे वहाँ पर्वतकै ठिक ॥
ज्यादै उदार राजाको यज्ञमा त्यो मनोरम ।
नर-स्त्री देश-देशैका पारिए तृप्त हर्दम ॥
मीठो पक्कवान्न खाएर प्रशंसा गर्दथे द्विज ।
होस् तिम्रो श्रेय, छौं तृप्त, सुन्दथे वाक्य यै नृप ॥
व्यवस्था अति राम्रो थ्यो वहाँ भोजनको अनि ।
गहना-वस्त्र शोभिल्थे पस्कने जनमा पनि ॥
यता पछि पछी जाँदै मणि-कुण्डल शोभित ।
उनको गर्दथे सेवा अरू मानिस भूषित ॥
सकिंदा सवनै पैलो दोस्रो थालिनुको अघि ।
शास्त्रार्थ युक्तिवादैमा गर्थे जित्ने उपाय ली ॥
नियुक्त द्विज जो जो थे कामका चतुरा अति ।
वहाँ दिनदिनै गर्थें विधि ली यज्ञ-कर्म ती ॥
राजाको यज्ञमा यस्तो कुनै पनि सदस्य ता ।
थिएन होस् न जानेको जसले अङ्ग वेदका ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ब्रह्मचर्य न पालेको न पढेको निकै वहाँ ।
थिएन जुन हट्ने होस् पछि वाद-विवादमा ।।
मौलो गाड्ने हुँदा वेला छ ओटा स्तम्भ बेलका ।
गाडिए खैरका त्यत्ति त्यत्तिओटै पलाँशका ।।
देवदारू र लौसीका दुइकै यूपको यहाँ ।
छ विधान, दुवै थे यी गाडेका चार हातमा ।।
सब यी यूप गाडेका थिए कुशल विप्रले ।
शोभाका निम्तिमा जो यी मढेका थे सुवर्णले ।।
थिए एक्काइसै मौला, एक्काइस अरत्निका ।
थिए ऊँचा बनाएका मोढेका त्यत्ति वस्त्रका ।।
शिल्पीद्वारा बनाएका गाडेका विधिले थिए ।
दिशामा आठ शोभिन्थे चिल्ला सुन्दर यी थिए ।।
यी सबै मढिएकाथे वस्त्रले राम्ररी यता ।
पुष्प-चन्दनले पूजा गरिएका थिए उता ।।
जस्तो आकाशमा शोभा हुन्छ सप्तर्षिको सब ।
त्यै सरी चम्किला राम्रा देखिन्थे यूप यी तव ।।
ईंट ती राखिएका थे विधिले ठीक नापका ।
थे बालेका यहीं अग्नि द्विजले निपुणै हुँदा ।।
अग्निको रूप पारेका थिए कुशल विप्रले ।
सुनका गरुडै जस्तो त्यो अट्ठार-गुना लिने ।।
मौलामा बाँधिएका थे पक्षी र पशु आदि ती ।
विभिन्न देवको निम्ति गरी उद्देश्य ली विधि ।।
शामित्र-कर्मको घोडा कूर्मादि जलजन्तु यी ।
ल्याएर बाँधिएका थे ऋषिद्वारा लिई विधि ।।
पारिएका थिए ठिक्क पशु तीन सए यहाँ ।
राजाका यज्ञको त्यस्तो अश्वरत्न थियो वहाँ ।।
ती कौसल्या महारानी बढिन् र अघि अश्वको ।
प्रोक्षणादि गरी राम्रो गरिन् संस्कार योग्यको ।।
खुश-गद्गद भै ज्यादै उनीले अश्वलाइ त्यो ।
तिनोटा तलवारैले छोइन् ली विधिशास्त्रको ।।
धर्म पाउँनको इच्छा गरी रात भरी उनी ।
बसिन् नजिक घोडाकै स्थिर चित्त गरी अनि ।।
अब होता र अध्वर्यु उद्गाताले नरेन्द्रकी ।
महिषीकन कौसल्या घोडालाइ छुवाइयो ।।

४३

४४

राजाका अरू वर्णैका भए पत्नी क्रमै संग ।
वावाता परिवृत्यादि हुन्थे, छ्वाउँनुथ्यो सब ।।
झिकी त्यो अश्वको बोसो ऋत्विक्ले भै जितेन्द्रिय ।
पकाए चतुरा थे जो शास्त्रको विधि ली सब ।।
अनि आहुति त्यस्कै भो राजा वेला पुगे पछि ।
धूवाँ सुँघे वहाँ आई पाप नास्न लिईं विधि ।।
ऋत्विक्ले पछि सोरोटै घोडाका अङ्गको सब ।
होमे शुद्ध-पदार्थैले अग्निमा विधि ली तव ।।
राखेर प्लक्ष-शाखामा दिइन्छ अरुमा हवि ।
वेतका पात्रमा राखी दिइन्छ यसमा हवि ।।
कल्पसूत्रहरूमा र श्रेष्ठ ब्राह्मण-ग्रन्थमा ।
सवनीय दिनै तीन हुन्छन् मुख्य भने यहाँ ।।
पहिलो दिन जो हो त्यो चतुष्टोम भनिन्छ र ।
द्वितीय दिनको गर्ने काम उक्थ प्रसिद्ध छ ।।
गरिने दिनमा तेस्रो कार्य ता अतिरात्र हो ।
गरोस् यै दिन यज्ञादि विधि हेरेर शास्त्रको ।।
ज्योतिष्टोम असी आयुष्टोम औ अतिरात्र ती ।
अभिजित्, विश्वजित् एवं आप्तोर्यामादि यी विधि ।।
हुन्, महाक्रतु मानिन्छन् गरिन्छन् जुन शास्त्रतः ।
अश्वमेध महायज्ञ सकेर पछि वस्तुतः ।।
ती पनी गरिए सारा भयो यज्ञ प्रपूर्ण त्यो ।
खोज्ने बढाउनै वंश राजाको मन हृष्ट भो ।।
अयोध्या पूर्वकी भूमि होतालाइ दिए सब ।
दक्षिणा भनि ब्रह्मासा दिए दक्षिणकी सब ।।
अध्वर्युलाई श्रद्धाले दिए पश्चिमको दिशा ।
उद्गाताकन ता सारा दिए उत्तरकी दिशा ।।
अश्वमेध महायज्ञ यो ब्रह्माले गरे अघि ।
दक्षिणामा दिएका हुन् दिशा-दान, छ यै विधि ।।
विधिपूर्वक यो यज्ञ सकेर नरश्रेष्ठ ती ।
श्रीमान् राजा दशरथ भए भित्र निकै खुशी ।।
वंश-क्षीण नहोस् भन्ने हेतु ली उनले पछि ।
अरु ऋत्विक्हरूलाई दिए पृथ्वी बचे जति ।।
अति शुद्ध भएका ती राजाकन भने अनि ।
यज्ञका सब ऋत्विक्ले इच्छा तिम्रो पुगोस् भनी ।।

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

छौ समर्थ तिमी यौटै यो धरा गर्न रक्षण ।
पाएर के गरौं हामी सक्तैनौं गर्न रक्षण ॥
वेदाध्ययनमा हामी लाग्दछौं नित्य भूमिप ! ।
के गर्नु यिनले तस्मात् देऊ क्यै मूल्य नै अब ॥
देऊ जो छ हओस् गाई सुवर्ण मणि रत्न वा ।
त्यही लिन्छौ नृपश्रेष्ठ ! लाग्दिनन् काम यी धरा ॥
समस्त वेद जानेका त्यस्ता ब्राह्मणले सब ।
जब यस्तो भनेकाथे सुनेर नृपले तब ॥
दिए उनीहरूलाई गाई ती दश लाख र ।
करोड दश स्वर्णैका मुद्रा चौगुन राजत ॥
मिले ऋत्विक् गरे जम्बा दक्षिणा-द्रव्य त्यो सब ।
सुम्पे वसिष्ठमा-धीमान् ऋष्यश्रृङ्गकनै तब ॥
सहयोग र आज्ञा ली ती दुबै ऋषिको अघि ।
न्यायले आफुमा बाँडे लिए ब्राह्मणले पछि ॥

६७

६८

भए यो कामले सारा विप्र ती भित्र गद्गद ।
राजासंग भने यस्तो दक्षिणाले भयौं खुश ॥
एकाग्र-चित्त राजाले अभ्यागत-द्विजादिमा ।
करोडौं स्वर्णको मुद्रा स्वयं बाँडि दिए वहाँ ॥
सकिए पछि द्रव्यादि आए द्विज दरिद्र क्वै ।
धन राजा सँगै मागे दिए भूषण हातकै ॥
यसरी विधिले सारा पारी सन्तुष्ट ब्राह्मण ।
गरे प्रणाम राजाले भै गद्गद पुनः पुनः ॥
लडेमा भूमिमा त्यस्ता उदाराशय भूपमा ।
आशीर्वाद दिए नाना पछि यी विप्रले वहाँ ॥
पाप नास्ने, दिने स्वर्ग अरुले गर्न मुस्किल ।
यो यज्ञको श्रेष्ठ फल पाइ राजा भए खुश ॥
ऋष्यश्रृङ्गसंगै भन्छन् अनि राजा वहाँ यसो ।
अब काम गरी पाऊँ यो मेरो कुल-वृद्धिको ॥

७४

हुन्छ ! राजन् ! म त्यै गर्छु भने ती मुनिले अनि ।
कुलबर्धक चारोटा होलान् तिम्रा सुतै भनो ॥

७५

सुनेर यो वाक्य अतीव मिष्ट ढोगे वहाँलाइ भएर हृष्ट !
भन्छन् महात्मा यतचित्त भूप ! त्यो कर्म गर्नोस् सुतप्राप्तिरूप ॥

७६

इति चौधौं सर्ग

-०-

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्रौं सर्ग

पुत्रेष्टियज्ञ र रावणवधको निम्ति देवताहरूको प्रार्थना

१

धारणा-शक्ति थ्यो ठूलो जान्दथे वेद ती मुनि ।
भए ध्यानस्थ तत्काल राजाका यी कुरा सुनी ॥
केही बेर पछी छोडे ध्यान ती ऋष्यश्रृङ्गले ।
अनि राजा सँगै लागे यसरी भन्न स्नेहले ॥
म गर्छु पुत्रकामेष्टि-यज्ञ यो पुत्र पाँउन ।
अथर्ववेदका मन्त्रद्वारा नै हुन्छ जो सुन ! ॥
वेदोक्त-विधिले राम्रो अनुष्ठान गरे पछि ।
अवश्य सफलै हुन्छ यज्ञ यो सिद्ध भै अति ॥
तेजस्वी ऋषिले थाले राजा सँग यसो भनी ।
पुत्रार्थ, पुत्रकामेष्टि-यज्ञ गर्न स्वयं अनि ॥
अथर्ववेदका मन्त्र पढ्दै कर्म गरी सब ।
नाना आहुति होमे ती अग्निका कुण्डमा तव ॥
लिनलाई वहाँ आए आ-आफ्नो भाग यज्ञको ।
देवता सिद्ध, गन्धर्व साथमा परमर्षिको ॥
क्रमसाथ भई जम्बा सभामा अन्तरिक्षको ।
सृष्टिकर्ता विधातामा भन्न लागे स्वयं यसो ॥
भगवन् ! प्रभुको पाई कृपा रावण-राक्षस ।
पिर्दो छ शक्तिले हामी सक्दैनौ नाशन वास्तव ॥
प्रभुले नै दिएको हो खुश भै त्यसमा वर ।
अपराध सबै हामी खप्छौं, गर्छौं समादर ॥
प्रजा त्रैलोक्यका सारा पार्छ उद्विग्न नित्य त्यो ।
द्वेष गर्दछ दुर्बुद्धि खाली उन्नत व्यक्तिको ॥
भनौं के भगवन् ! धेरै, इन्द्रलाई सुरेश्वर ।
सँधै दबाँउनै खोज्छ, जित्नै खोज्छ, छ दुर्धर ॥
प्रभुको वरले पिर्छ भई उद्दण्ड मोहित ।
ब्राह्मणासुर - गन्धर्व - ऋषि - यक्षकनै सब ॥

१३

१४

सक्तैनन् कहिल्यै सूर्य त्यसलाई ततॉउन ।
सक्तैनन् बहनै वायु त्यसको नजिकै पुनः ॥
त्यस्तो छालहरू फ्याँक्ने समुद्र पनि वास्तव ।
त्यो आइ अघि पर्दामा भयले टक्क बन्दछ ॥
देख्तै छ घोर डर्लाग्दो, हामी सब डराउँछौं ।
त्यल्लाई मार्नको लागि यत्न होस् अब भन्दछौं ॥
भन्दा यो देवले, शोची ब्रह्माले भन्नु भो यसो ।
लौ सम्झें ! देव हो ! मैले दुष्ट मर्ने उपाय यो ॥
त्यसले वर माग्दामा भनेको थ्यो यही कुरो ।
यक्ष-राक्षस-गन्धर्व-देवले न मरूँ म यो ॥
हुन्छ ! मैले भनेको थें, तर हेपेर मर्त्यको ।
लिएन नाम, मर्त्यैले मर्छ आखिर दुष्ट त्यो ॥
ब्रह्माबाट भनेको यो मीठो वाक्य सुनी अब ।
देवता ऋषि सम्पूर्ण भए अत्यन्त नै खुश ॥
वहाँ ठीक यसै बेला सवारी विष्णुको भयो ।
शङ्ख चक्र गदा पद्म लिएको बाहुमा थियो ॥
कपडा पैह्रिएको थ्यो पहेंलो प्रभुले यता ।
राजथ्यो गरुडैमाथि सूर्यझैं मेघ माथिका ॥
चम्किलो सुनको राम्रो थियो केयूर बाहुमा ।
ऋषिदेव झुके सारा उहाँमा गर्न वन्दना ॥
सरासर वहाँ आई सावधान भई तव ।
राज भो भगवान् विष्णु ब्रह्मासंग मिली अव ॥
गरे स्तुति भई नम्र देवले र भने यसो ।
त्रैलोक्य हितको निम्ति लाउँछौं काम यो प्रभो ! ॥
अयोध्यापति हे विष्णो ! महर्षि सरि तेजका ।
छन् उदार र धर्मज्ञ राजा-दशरथै यता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

छन् तीन उनका पत्नी ह्री-श्री-कीर्ति-समानका ।
भगवन् ! यिनमै जन्म, पुत्र भै चार रूपका ॥
हो जस्तो लोकको काँडो, देवबाट अवध्य त्यो ।
मार रावण युद्धैमा मनुष्य भइ हे प्रभो ! ॥
मात्तिई वीर्यले ज्यादै मूर्ख राक्षस-रावण ।
पिर्दोछ ऋषि-गन्धर्व-देव-सिद्धकनै जुन ॥
डर्लाग्दो त्यसले सारा ऋषिलाइ पिन्यो प्रभो ! ।
गन्धर्व अप्सरा आदि स्वर्गैबाट खसालिदियो ॥
त्यसका मृत्युको निम्ति हामी यी मुनि साथ ली ।
प्रभुको शरणै पर्छौं गन्धर्वादिक छौं जति ॥
तस्मात् शरण छौं हामी, हाम्रा छौ एउटै गति ।
मार्न ती देवका द्रोही ओर्लने लेउ लौ ! मति ॥
ढोगिने लोकले सारा देवदेवेश नाथ ती ।
भगवान् विष्णुले साक्षात् देवमा विधि आदि यी ॥

३३

३४

जो नित्य धर्ममै रम्थे, थिए एकत्र फेरि जो
अनन्य-गतिका देखी आज्ञा भो स्नेहले बडो
देव हो ! श्रेय होस् तिम्रो, न डराओ, म युद्धमा
मार्छु रावणलाई त्यो लोक-कल्याण गर्नमा
महामात्य तथा मन्त्री पुत्र-पौत्र र बान्धव
साथमै क्रूरलाई जो छ दुर्धर्ष, म मार्छु ल!
हो ! दियो त्यसले सारा देवमा ऋषिमा भय
उपाय यसको रच्छु, होओ शान्त तिमी सब
अनि एघार हज्जार वर्षसम्म निरन्तर
पृथ्वीको पालना गर्दै बसुँला म भई नर
द्यौताका पनि द्यौता ती मनस्वी विष्णुले अनि
शोचे-मनुष्य बन्दा म कहाँ जन्म लिऊँ भनी
राजा दशरथैलाई पिता आफ्नो बनाँउने
गरे निश्चय तत्काल आफैं चार थरी हुने

४०

देवले ऋषि - गन्धर्व - अप्सरागण - रुद्रले ।
प्रभुलाई खुशी पारे दिव्य ती स्तुति आदिले ॥

४१

भने यसो - रावण त्यो छ उध्द्धत ज्यादै घमण्डी अति तेजिलो स्वतः ।
सुरेन्द्रलाई नित द्वेष गर्दछ समस्त त्रैलोक्य सदा रुवाँउछ ॥

४२

छन् जो तपस्वी-जन साधु सन्त ती काँडै सरिको सबको, छ दुर्मति ।
देखाइ नाना डर पिर्छ यो प्रभो ! विनाश तस्मात् यसलाइ, दुष्ट हो ! ॥

४३

त्रैलोक्य पिर्ने अति उग्रवीर्यको यल्लाइ मारी बल-बन्धु साथको ।
वैकुण्ठमा गै निजधाम उच्च त्यो स्वरक्षितै जो छ, छुटाउ पीर यो ॥

४४

इति पन्ध्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्रौं सर्ग

पुत्रेष्टियज्ञमा पायस प्रदान एवं महारानीहरूको गर्भधारण

१

यसरी देवले श्रेष्ठ-भगवान् विष्णुलाई ती ।
वध रावणको गर्न प्रार्थना गरिए पछि ॥
आज्ञा भो प्रभुले मीठो वाक्यमा उनमा अनि ।
राम्रो उपाय त्यो मर्ने जानेको नै भए पनि ॥
राक्षसेश्वर मर्ने त्यो के उपाय छ देव हो ! ।
गरी जो भन ! मारूँ म ऋषि-कण्टकलाइ त्यो ? ॥
भगवान् विष्णुमा फेरि भन्दछन् देव यो सुनी ।
मर्त्यरूप लिई मार्नोस् त्यल्लाई युद्धमा भनी ।
चर्को तप गर्‍यो त्यल्ले धेरै कालतकै पछि ।
लोक रच्ने भए ब्रह्मा त्यसमा अति नै खुशी ॥
त्यो निशाचरमा तस्मात् उनले वर यो दिए ।
न मर्ने अरु प्राणीले, मर्ने केवल मर्त्यले ॥
वरदान दिंदा पैले ब्रह्माले त्यसलाइ ता ।
गर्न्दै गर्न्दैनथ्यो त्यो ता कत्ति मानिसलाइ ता ॥
शत्रुनाशक हे नाथ ! यसरी विधिबाट ती ।
वर यो त्यसले पायो घमण्डी हुन गो अति ॥
तीन लोक सबै पिर्छ, हर्छ त्यो सब सुन्दरी ।
यसर्थ मृत्यु देखिन्छ त्यसको मर्त्यबाट ती ॥
सुनी यो देवको वाक्य प्रभुको निश्चयै भयो ।
राजा दशरथैलाई पिता पार्ने सुयोग्यको ॥
यसै वेला यतापट्टि शत्रुनाशक तेजिला ।
गर्दथे अपुता राजा पुत्र पाउँन यज्ञ ता ॥
उतापट्टि महाविष्णु ब्रह्मासँग लिई बिदा ।
बिलाए गरिँदै पूजा देवले ऋषिले तदा ॥
अब त्यो पुत्रकामेष्टि गर्ने नृपतिको यिनै ।
अग्निका कुण्डबाटै त्यो निस्क्यो मानिस पो कुनै ॥

१३

१४

शरीरभर थ्यो कान्ति तुलनै नहुने यता ।
बल-शक्ति थियो ज्यादै रूप अद्भुत थ्यो उता ॥
रंग थ्यो देहको कालो, रातो मुख थियो तव ।
पैह्रेको थ्यो लुगा रातै, शुभ लक्षण थे सव ॥
स्वर दुन्दुभि जस्तै थ्यो गहनाहरु दिव्य थे ।
दाह्री-जूँगा रऊँ केश सिंहकै सरि स्निग्ध थे ॥
अग्लोमा गिरिको उँचो टाकुरा सरिको थियो ।
हिँडेझैं सिंह लश्केर हिंड्दथ्यो भइ गर्विलो ॥
उता आकार थ्यो राम्रो सूर्यको सरि तेजिलो ।
बलेको अग्निको ज्वाला ठीक देदीप्यमानको ॥
बाहुमा दुइ पग्लेको जाम्बूनद-सुवर्णको ।
थाली थी चारु - चाँदीको ढक्कनै बाट ढाकिंदी ॥
हो झैं मायामयी थी त्यो, पत्नीलाइ प्रिया कुनै ।
समातेझैं समातेको थियो ती बाहुले दुबै ॥
भित्रपट्टि थियो खीर त्यसमा दिव्यलोकको ।
राजा दशरथैलाई हेर्‍यो र त्यसले भन्यो ॥
म प्रजा पति-लोकैको नर हुँ नृपते ! सुन ! ।
ली प्रजापतिको आज्ञा आएको छु यहाँ पुन: ॥
हात जोरी यसो भन्छन् ती राजेन्द्र कुरा सुनी ।
छ स्वागत ! तपाईंको आज्ञा होस् के गरूँ भनी ॥
प्राजापत्य-पुरुषले भन्यो फेरि उनीकन ।
फल यो प्राप्त भो राजन् ! गरेको देव पूजन ॥
देवसिद्ध छ यो खीर सन्तानोत्पत्ति गर्दछ ।
यही फेरि महाराज ! धन-आयु बढाउँछ ॥
देऊ योग्य-स्वपत्नीमा खीर यो खाउ लौ ! भनी ।
पाउला तिनमा छोरा अनि योग्य महान् गुणी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

दिएको दिव्य-नरले त्यो थाली सुनको लिए ।
स्वीकार गरि यो आज्ञा हवोस् भनी खुशी भए ॥
आफ्नो शिर चढाएर भएरै भित्र गद्गद ।
गरे प्रदक्षिणा साथै प्रणाम त्यसमा तब ॥
देव-निर्मित त्यो खीर पाएर यसरी नृप ।
गरीबले धनै पाए जस्तो खुश भए अब ॥
अनि त्यो अद्भुतै जस्तो नर अत्यन्त तेजिलो ।
आफ्नो काम गरी पूर्ण अन्तर्धान त्यहीं भयो ॥
शरद्को अति नै राम्रो चन्द्रको किरणै परी ।
आकाश जसरी शोभा प्राप्त गर्दछ राम्ररी ॥

३१

३२

त्यही ठीक, त्यही जस्तो खोपीका महिषी पनि ।
हर्षको छरिई कान्ति शोभिए अति नै अनि ।
खोपी भित्र पसे राजा कौसल्याकन यो भने ।
यो दिव्य खीर हो, खाऊ, हुनेछ यौ पुत्र पाउँने ।
भनी यत्ती उनीलाई, आधा भाग गरी दिए ।
आधाबाट पनी आधा सुमित्रालाइ नै दिए ।
बचेकाको दिए आधा कैकयीमा सुतार्थमा ।
खीर त्यो अमृतै तुल्य अफ केही बच्यो वहाँ ।
बुद्धिमान् नृपले शोची सुमित्राकन अन्तमा ।
दिए पछि रहे जत्ति यसरी भाग भो वहाँ ।

३६

राजाका श्रेष्ठ पत्नी यी यसरी पाई पायस ।
संमान-भाग संभेर भए अत्यन्त नै खुश ॥

३७

त्यो खीर खाएर पृथक् पृथक् यता नरेन्द्रका ती महिषी पतिव्रता ।
सूर्याग्निकै ठीक भएर तेजिला बोक्ता भए गर्भ नरेन्द्रबाट ता ॥

३८

देखी स्वपत्नीहरु दोजिया यता राजा भए हर्षित तुष्ट-चित्तका ।
पूजा हुँदा सिद्ध-महर्षि-इन्द्रले भए सरी श्रीहरि स्वर्गमा, भए ॥

३९

इति सोह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्रौं सर्ग

ब्रह्माका आज्ञाले भालू–वानरहरूका यूथपतिहरूको जन्म

१

छोरा भएर जन्मेमा विष्णु यी नृपको यता ।
सम्पूर्ण देवतालाई ब्रह्माजी भन्दछन् उता ॥
हित गर्ने सबै हाम्रो विष्णुको गर्न मदत ।
सिर्ज लौ ! बलवान् छोरा इच्छारूप लिने स्वतः ॥
जानेका हुन् सबै माया, वेगमा वायु–तुल्य हुन् ।
नीतिज्ञ बुद्धिले युक्त ती सबै शूर–वीर हुन् ॥
पराक्रम भएका हुन् विष्णुकै ठीक वस्तुतः ।
कसैले जित्न ता गाह्रै पर्ने हुन्, सिर्जिने, सुतः ॥
गुणी, शस्त्रास्त्र जानेका देवता ठीकका तथा ।
हुन् दिव्य–देह धर्ने र जान्ने सब उपाय ता ॥
अप्सराहरूको मुख्य, गन्धर्वीहरूको अनि ।
यक्ष–विद्याधरीको र नाग–ऋक्षादिका पनि ॥
किन्नरी–वानरीका ती गर्भबाट सबै तिमी ।
वानरैरूपका छोरा सिर्ज तुल्य–पराक्रमी ॥
त्यो भालू जाम्बवान्लाई सिर्जेको छु निकै अघि ।
जो निस्केथ्यो मुखैबाट मैले हाई ! गरे पछि ॥
आज्ञा पाएर ब्रह्माको यस्तो स्वीकार त्यो गरी ।
देवले पुत्र जन्माए कपिरूप असंख्य ती ॥
ऋषि–चारणले सिद्ध–विद्याधर र नागले ।
जन्माए वीर ती छोरा भालू–वानररूप ए ! ॥
जन्माए आफुझैं छोरा वालीलाई सुरेन्द्रले ।
महेन्द्र–गिरि झैं ठूला जो राजा कपिका भए ॥
सुग्रीवकन जन्माए भगवान् सूर्यले यता ।
ती बृहस्पतिले छोरा जन्माए तारलाइ ता ॥
सबै वानरमा मुख्य बुद्धिमान् थे यिनी अति ।
जन्माए विश्वकर्माले नलनाम महाकपि ॥

१३

१४

उता कुवेरका छोरा गन्धमादन हुन् कपि ।
अग्नि झैं अग्निका श्रीमान् जन्मिए सुत नील ती ॥
थिए वानर यी नील सब मध्ये पराक्रमी ।
तेजमा कीर्तिमा फेरि बल–शक्त्यादिमा पनि ॥
रूप–सम्पत्तिले युक्त ती अश्विनीकुमारले ।
मैन्द–द्विविद जन्माए दुवैलाई स्ववीर्यले ॥
सुषेण–कपि जन्माए स्वयं वरुणले यता ।
बलवान् शरभैलाई जन्माए मेघले उता ॥
भाग्यवान् हनुमान् श्रीमान् छोरा हुन् वायुदेवका ।
वज्र जस्तो हुने देह गरुडैतुल्य वेगिला ॥
यी माथि भनिए जत्ति बलीया श्रेष्ठ वानर ।
यिनै हुन्, तिनमा मुख्य बलवान् बुद्धिमान् स्थिर ॥
असंख्य कपि–भालूको उत्पत्ति यसरी भयो ।
अखण्ड बलवान् शूरा कामरूप हुने बडो ॥
अत्यन्त बलवान् हात्ती–गिरिका तुल्य देहका ।
लंगूर कपि ती भालू जन्मे अरु पनी उता ॥
जस्तो छ जुन धौताको बल, वेष, पराक्रम ।
जन्मिए तिनका छोरा त्यस्तै भिन्न भईकन ॥
जन्मिएका थिए जो जो देव लंगूर–जातिमा ।
थिए देव हुँदा, भन्दा बलीया ती अझै यहाँ ॥
भलुई जातिका त्यस्तै किन्नरी जातिका पनि ।
माताहुनेहरूमा झन् भालू कपि भए अनि ॥
धौता महर्षि गन्धर्व यशस्वी यक्ष तार्क्ष्य र ।
विद्याधर तथा नाग सिद्ध किम्पुरुषादिक ॥
सर्पका जातिका लाखौं हजारौंले खुशी हुँदा ।
छोरा असंख्य जन्माए आफुझैं गुण–रूपका ॥

२६

२७

जन्माए वनमा घुम्ने छोरा चारणले पनि ।
थिए शरीरका ठूला वीर्यवान् शक्तिमान् यिनी ॥
प्रधान अप्सरामा र कन्यामा नागका तथा ।
गन्धर्वीहरूमा त्यस्तै विद्याधर्यादिमा यता ॥
जन्मिए कपि औ भालू घुम्ने इच्छानुसार र ।
लिने रूप चिताए भैं वीर्यवान्, बलवान् स्थिर ॥
बलमा दर्पमा सारा थिए यी सिंह-व्याघ्र भैं ।
लड्ने गिरि उठाएर ढुङ्गा फ्याँक्ने महान् सबै ॥
शस्त्र-अस्त्र सबै जान्ने नङले दाँतले पनि ।
परे शस्त्रास्त्रको काम लिन सक्थे थिए यिनी ॥
ठूलो पर्वतलाई नै यी हल्लाउँन सक्तथे ।
खुट्टाले पृथिवी सारा जो कोर्न पनि सक्तथे ॥
समुद्रलाई वेगैले ती हल्लाउँन सक्तथे ।
रुखलाई पनी छेड्थे जुन यो स्थिर ठिङ्ग थे ॥
समुद्र सजिलै नाघ्थे नभमा घुस्न सक्तथे ।
मत्ता-गजेन्द्र पक्डिन्थे मेघलाई समात्तथे ॥
घुम्ने कराउँदै गर्जी पन्छीलाइ अकाशका ।
खसाल्न सिंहनादैले चाहे यी सक्तथे सदा ॥
बलीया कामरूपी यी महान् देह हुने थिए ।
संख्या लिइ करोडौंको भालू, वानर जन्मिए ॥
यी यूथपति थे सारा भालू-वानरयूथका ।
यिनका पति थे फेरि भनेका सब माथिका ॥

३७

३८

यी यूथपतिले यस्ता जन्माएका थिए पुनः ।
आफूभैं बलवान् छोरा यूथप-श्रेष्ठ थे जुन ॥
यिनमा थे हजारौं ता कपिका यूथका पति ।
टाकुरामा बसेका थे ऋक्षवान् गिरिको पछि ॥
वस्थे अरण्यमा नाना गिरिमा वनमा तथा ।
तिनकै लिइ आधार खाएर फल-मूल ता ॥
सूर्यका पुत्र सुग्रीव बाली पुत्र सुरेन्द्रका ।
भाई-भाई भए दोटै लिंदा वानर-जन्म ता ॥
भनेका माथि छन् जत्ति कपियूथप ती सब ।
यी दुबै भाईको गर्थे सेवा नित्य भई खुश ॥
यस्तै प्रकारले त्यस्ता हनुमान् नल-नीलका ।
गर्थे यूथपको सेवा सब ती मान्दथे तथा ॥
बलीया तार्क्ष्यभैं थे यी जान्दथे युद्धका कला ।
पार्दै थिचोमिचो हिंड्थे नाग सिंहादिलाई ता ॥
मुख्य थे यिनमा बाली, लामा लामा थिए भुजा ।
पराक्रम थियो ज्यादै असंख्य बल थ्यो उता ॥
लंगूर-कपि-भालूको ती आफ्ना बाहु-वीर्यले ।
अरूको पनि यी बाली स्वयं रक्षण गर्दथे ॥
भालू वानर लंगूर देखिए पनि एकभैं ।
चिन्ह-लक्षणले आफ्ना यी छुट्टिन्थे अनन्य भै ॥
यसरी यिनले सारा समुद्र-वन-पर्वतै ।
साथकी पृथिवी सारा थिइन् व्याप्त जतातै ॥

४८

ती मेघ जस्ता गिरिठीक देहका महान् बलीया कपि-यूथपादिले ।
जो जन्मिए राम-सहाय खातिर व्याप्तै भइन् यी क्षिति भीमरूपले ॥

४९

इति सत्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठारौं सर्ग

श्री रामावतार

१

यसरी त्यो महायज्ञ महात्मा नृपले सके।
आए सरि गरी देव आफ्नो भाग लिए गए॥
सकी नियम-दीक्षादि सैन्य भृत्य र वाहन।
पत्नी साथ लिई राजा पुरी भित्र पसे पुनः॥
राजाबाट वहाँ पाई योग्य सम्मान आदर।
ढोगेर मुनिमा दोटै फर्के देश नरेश्वर॥
स्वदेशतिर जाँदा ती अयोध्याबाट फर्किई।
शोभा पाइ रहेका थे उनका सैन्य हर्षिई॥
गए पछि सबै राजा बिदा भइ यतातिर।
पुरीभित्र पसे राजा लगाई अघि भूसुर॥
शान्ता पत्नी संगै पाए मुनि ती ऋष्यश्रृङ्गले।
राजाको योग्य सम्मान, अनि आश्रममा गए॥
पुर्‍याँउन गए टाढा सम्म राजा पछी पछि।
विद्वान् थे जुन ती साह्है भृत्य-सेवक साथ ली॥
गरी बिदा सबैलाई पुग्दा इच्छा भए जति।
ती पुत्र जन्मिने काल हेर्न लागे भई सुखी॥
विते ऋतु छ्ऐ ओटा त्यो यज्ञ सकिए पछि।
मैन्हामा वाह्रथ्यो चैत्र-शुक्लाको नवमी तिथि॥
शुभ कर्कट थ्यो लग्न थ्यो नक्षत्र पुनर्वसु।
लग्नमा चन्द्रका साथै जव थे देवका गुरु॥
जब थे उच्च पाँचोटा ग्रह ती आफ्नु ठाममा।
गुरु शुक्र तथा भौम शनि सूर्यहरू वहाँ॥
कौशल्याले महारानी यसै वेला परात्पर।
श्रीरामलाई जन्माइन् जगत्का पूज्य ईश्वर॥
दिव्य-लक्षणले सारा शोभिएका रमेश यी।
खीरको भागले आधा जन्मिए रामरूप ली॥

१३

१४

लामा लामा थिए बाहु, आँखा राता थिए यता।
स्वर दुन्दुभि जस्तै थ्यो, ओठ रातै थिए उता॥
कौशल्याको भयो शोभा पुत्रले यी स्वयं हरि।
इन्द्रले ती सुरश्रेष्ठ शोभा अदितिको सरि॥
कैकयीमा उता जन्मे छोरा भरतनामका।
चतुर्थांश लिने त्यस्तो खीरको विष्णुरूपका॥
सुमित्राले महारानी जन्माइन् दुइटै सुत।
जो हुन् लक्ष्मण, शत्रुघ्न, थे यी वीर र अद्भुत॥
विष्णुको भगवान् साक्षात् पूर्ण थे अर्धभागले।
यी दुबै भाइ थे राम्रा शस्त्रास्त्र सब जान्दथे॥
प्रसन्नचित्त भै बस्थे सँधै भरत ती पुनः।
पुष्य-नक्षत्रमा मीनलग्नमा जन्मिए जुन॥
सुमित्राका दुबै छोरा जन्मिए कर्कलग्नमा।
थियो नक्षत्र अश्लेषा, सूर्य उच्च थिए वहाँ॥
राजाका पुत्र थे चारै मनस्वी भिन्न भिन्न यी।
गुणमा, रूपका राम्रा तारा भाद्रपदा सरि॥
जन्मिदा पुत्र यी चार गाए गन्धर्वले कल।
अप्सराहरूले नाचे हर्षले भई निर्मल॥
बजे दुन्दुभि द्यौताका त्यो जन्मस्थलमा तव।
आकाशबाट भो वर्षा पुष्पको, खुश थे सव॥
अयोध्यापुरमा ठूलो भयो उत्सव वास्तव।
मनुष्यहरूको ज्यादै हूल जम्मा भयो जब॥
गल्ली-सडक थे पूर्ण भरेका जनले सब।
नट-नर्तक इत्यादि कला देखाउँथे तब॥
गाएको र बजाएको कराएकोतकै पनि।
सुनिन्थ्यो शब्दमा स्पष्ट त्यत्रो हूल भए पनि॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

दीन-दुःखीहरूलाई छरेका धन-रत्नले ।
परिपूर्ण थिइन् पृथ्वी, मार्ग झन् शोभितै थिए ॥
सूत-मागध-बन्दीमा दिनु पर्ने दिए धन ।
विप्रलाई दिए फेरि हजारौं धन-गोधन ॥
वितेमा दिन एघार राजाले सब पुत्रको ।
संस्कार 'नाम राख्ने त्यो' गरे ज्यादै खुशी भयो ॥
नाम राखे प्रसन्नै भै पुरोहित-वसिष्ठले ।
जेठाको 'राम' भो नाम परात्मा जुन यी थिए ॥
राखे 'भरत' यो नाम कैकयी-सुतको अनि ।
राखे 'लक्ष्मण,शत्रुघ्न,' सुमित्रासुतको पनि ॥
पुरवासीहरूलाई ग्रामवासी द्विजातिको ।
साथमा भोजनै नाना गराए प्रेमले बडो ॥
दिए ब्राह्मणमा चाँहि दक्षिणामा अनेकन ।
राजाले अति श्रद्धाले धन-रत्न अनुत्तम ॥
छोराका जन्म-सम्बन्धी जो जो कर्महरू थिए ।
शास्त्रका विधिले गर्ने गराए ती वसिष्ठले ॥
ती चार भाइमा राम जेठा थे दिलका सफा ।
बाबुमा गर्दथे भक्ति हुन् , जस्तै कुलका ध्वजा ॥
जस्तो सम्पूर्ण प्राणीमा स्वयम्भू-विधि छन् प्रिय ।
त्यस्तै राम सबै प्राणीहरूका थे सदा प्रिय ॥
यी चारै जान्दथे वेद, शूर, वीर थिए अति ।
गर्थे सम्पूर्ण प्राणीको हित-श्रेय पनी उति ॥
थे विद्वान् , ज्ञानवान् चारै भाइ यी प्रेम गर्दथे ।
जो जो सद्गुण थें सारा यिनैमा गइ वस्तथे ॥
यिनमा पनि थे राम सत्य बोल्ने पराक्रमी ।
चन्द्रझैं शुद्ध, सम्पूर्ण लोकका प्रिय, थे गुणी ॥
रथ हाँक्ने तथा हात्ती-घोडा चढ्ने कला पनि ।
राम्ररी जान्दथे आफ्ना भाइ भन्दा पनी यिनी ॥
त्यो धनुर्वेद-विद्याको गर्थे अभ्यास राम्ररी ।
रम्दथे बाबुको सेवा गर्नामै राम हर्घडी ॥
यता लक्ष्मण थे राम्रा, राममा मरिमेट्तथे ।
रामका निम्तिमा साक्षात बाहिरी प्राण तुल्य थे ॥
गर्थे श्रीराममा प्रेम बालकैकाल देखि जो ।
सेवा गर्थे सँधै फेरि देहले पनि दाजुको ॥

४३

४४

निद्रै आउन्नथ्यो कत्ति रामलाई न भै उनी ।
ल्याएको वस्तु मीठो ता खान्न थे ती न भै यिनी ॥
शिकार खेल्न श्रीराम जान्थे घोडा चढी जब ।
बोकी धनु, गरी रक्षा पछि यी लाग्दथे तब ॥
प्राण भन्दा पनी प्यारा थिए भरतका यता ।
शत्रुघ्न, उनका भाई गर्थे सेवन जो सदा ॥
ब्रह्मा खुश भए जस्तै चार दिक्पाल बाट ती ।
यी चारै पुत्रले प्यारा राजा खुश थिए अति ॥
जान्ने बुझ्ने भएका थे जब यी चार बालक ।
यिनमा थुप्रिंदै आए पछि ता गुण झन् सब ॥
दूरदर्शी भए ज्यादै लज्जा-शील थिए उता ।
लिने सर्वज्ञता, कीर्ति फैलने भै गए यता ॥
त्यस्ता सामर्थ्यका साह्रै तेजिला पुत्रलाइ यी ।
पाउँदा अब ब्रह्माझैं पिता राजा भए खुशी ॥
वेद-स्वाध्यायमा रम्थे पितृ-सेवन-गर्दथे ।
यी चारै पुरुषश्रेष्ठ धनुर्वेदादि सिक्तथे ॥
अब यी पुत्रको आफ्ना कुरो लिइ विवाहको ।
राजा विचार गर्दैथे साथमा गुरु-बन्धुको ॥
विचार यसरी गर्दा मन्त्रीका बीचमा बसी ।
वहीं आए तपस्वी ती विश्वामित्र महान् ऋषि ॥
भेट्न राजाकनै खोज्दै भने ढोकेहरूकन ।
विश्वामित्र म गाधीको पुत्र 'आएँ' ! भनी भन ॥
ऋषिका वाक्यले यस्तो डराए थर्थरै भए ।
राजप्रासादमा तस्मात् दौड्दै ढोकेहरू गए ॥
वहाँ विन्ति चढाए यो राजासँग झुकी बडो ।
ढोकाबीच सवारी छ विश्वामित्र-महर्षिको ॥
ढोकेका यी कुरा सुन्दा जुरुक्कै भै गए नृप ।
गए लिन वहाँलाई वसिष्ठादिक ली सब ॥
आउँदा जसरी ब्रह्मा लिन जान्छन् सुरेन्द्र ती ।
त्यही ठीक गए राजा भित्र ज्यादै भई खुशी ॥
बलेका तेजले धप्प तपस्वी र महाव्रती ।
ऋषिमा अर्घ्य टक्र्याए राजाले खुश भै अति ॥
शास्त्रीय-विधिको अर्घ्य गरी स्वीकार भूपको ।
सोधे कुशल-कल्याण ऋषिले नृप साथ त्यो ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

धर्मात्मा ऋषिले सोधे राजाको पुर-कोषको ।
राज्य-बन्धु-सुहृत्को ती क्षेम-प्रश्न भनी यसो- ॥
सामन्ती-नृप छन् सारा जितेका ? झुक्दछन् सब ।
गरिएको छ के राम्रो कर्म ती दैव-मानुष ? ॥
वसिष्ठ सँग गै भेटी ऋषिकै साथमा अरू ।
ती विश्वामित्रले सोधे उनका कुशलैहरू ॥
भई खुश गए सारा राजाको दरवारमा ।
पाएर विधिको पूजा बसे आसनमा वहाँ ॥
त्यस्ता उदार राजाले वहाँ खुश भई बडो ।
प्रशंसा मुनिको गर्दै उनीसाथ भने यसो- ॥
भगवन् ! मर्न आँट्नेले सुधा पाए सरी भयो ।
भयो निर्जलमा वर्षा, जो आगमन यो भयो ॥
भयो स्वयोग्य-पत्नीमा पुत्रोत्पत्ति अपुत्रको ।
हराएको मिल्यो द्रव्य, यै महोत्सव-हर्ष हो ॥
महात्मा प्रभु-जस्ताको यो आगमन वस्तुतः ।
ठूलो छ त्यो सबै भन्दा, महर्षे ! गर्छु स्वागत ॥
प्रभुका मनमा इच्छा छन् भने श्रेष्ठ क्यै यदि ।
आज्ञाहोस् गर्छु पूरा म भई हर्षित नै अति ॥
सत्पात्र भइ बक्सिन्छ भाग्यले आज पाल्नु भो ।
आजै सफल भो जन्म मेरो,-जीवन धन्य भो ॥

७०

७१

वितेछ रात मेरो ता यो प्रातः काल दी शुभ ।
विप्रेन्द्र प्रभु-जस्ताको पाएँ दर्शन जो शुभ ॥
राजर्षि भइ बक्सिन्थ्यो पहिले, तपले अहो ! ।
फ्याँक्ता अतुल त्यो ज्योति ब्रह्मर्षि-पद प्राप्त भो ॥
प्रभु राजर्षि-ब्रह्मर्षि दुइटै रूपमा स्वतः ।
मेरो निमित्तमा ज्यादै भई बक्सिन्छ पूज्य त ॥
यसर्थ प्रभुको जो भो शुभागमन यो यहाँ ।
छ त्यो अद्भुत अत्यन्त पवित्र यस भूमिमा ॥
घरै तीर्थ भयो मेरो आज यो पाइ दर्शन ।
के गरूँ ? के म टक्र्याऊं ? शुभागमन भो किन ? ॥
प्रभुका प्रिय इच्छा ती भई अनुगृहीत म ।
सुन्न पाँउन चाहन्छु भाग्योदय निमित्त म ॥
आएको म यहाँ काम सिद्ध हुन्छ हुँदैन वा ।
न हत्रोस् यसको ख्यालै, सुन्न पाउँ प्रभो ! म ता ॥
सम्माननीय अत्यन्त हुँदा अतिथियोग्यका ।
हजूर भइ बक्सिन्छ देउतै म गृहस्थका ॥
तस्मात् आज्ञा भए जस्तो जे सुकै होस् म गर्छु त्यो ।
परिपालन सम्पूर्ण रूपले, सुन्न पाउँ त्यो ॥
प्रभु पाल्नु हुँदा आज मलाई सब धर्मको !
फल प्राप्त भयो, मेरो यै महोन्नति-काल हो ! ॥

८०

हृदय खुश हुने सुनी कुरा यी दशरथको अतिनम्र शान्तिदायी ।
शम-दम गुणले प्रपूर्ण त्यस्ता ऋषि रिझिए गुण-कीर्ति फैलिएका ॥

८१

इति अठारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उगडैसौं सर्ग

ब्रह्मर्षि–विश्वामित्रले श्रीरामलाई आश्रममा लैजान माग्नु

१

राजाको यो कुरा सुन्दा अतिअद्भुत विस्तृत ।
रोमाञ्चित भई भन्छन् विश्वामित्र यसो तव ॥
जन्मेका वंशमा-यत्रो लिने शिक्षा वसिष्ठको ।
तिमी बाहेक अर्काको निस्कन्न मुखबाट यो ॥
राजा ! अव तिमी मेरा सुन यी मनका कुरा ।
गर निश्चय त्यो आफ्नो-प्रतिज्ञा गर्ने नै पूरा ॥
म अनुष्ठान गर्दोछु सिद्धि पाउँन क्यै यहाँ ।
दुइ राक्षस छन् ठूला पार्दछन् विघ्न जो वहाँ ॥
यता नियम छन् सारा सकिए सरिका, तर ।
समाप्ति-कालमा आई नास्तछन् भइ दुर्धर ॥
छ सुबाहु र मारीच तिनको नाम वस्तुतः ।
इच्छानुसारको धर्छन् रूप, ती छन् सुशिक्षित ॥
दुवै राक्षस छन् ज्यादै बलवान् यिनले अतः ।
त्यो मेरो यज्ञ-वेदीमा वर्षाए मांस-शोणित ॥
अन्तमा विघ्न पर्दामा त्यो अनुष्ठानमा म ता ।
निरुत्साह भएँ, व्यर्थै गयो श्रम, हिंडे यता ॥
गरूँ क्रोध दुवै माथि दिउँ श्राप भने पनि ।
छ यो नियम, जो पाल्दा गर्न नै हुन्न क्यै पनि ॥
तसर्थ पुरुषश्रेष्ठ ! रामलाई स्वपुत्र ती ।
जुल्फी राम्रा हुने जो छन्, देउ वीर ! म जान्छु ली ॥
मैले रक्षा गरेका यी आफ्नु त्यो दिव्य-तेजले ।
सक्तछन् विघ्न पार्ने ती राक्षसैलाइ मार्न ए ! ॥
म नानाथरका श्रेय दिउँला छैन संशय ।
जसले तीन लोकैमा हुनेछन् ख्यात यी नृप ! ॥
रामको अघि पर्दामा सक्तैनन् टिक्न राक्षस ।
रामले भिन्न अर्को क्यै मार्न सक्तैन राक्षस ॥

१३

१२

पापी छन् ती, घमण्डी छन्, वश छन् कालपाशः
यसर्थ टिक्न सक्तैनन् अघि यी रामभद्र
तिमी नगर छोराको स्नेह, जो छु म वाल्
प्रतिज्ञा गर्छु यो – संझ मारिए भनि राक्ष
राम कस्ता महात्मा हुन् पराक्रम र सत्य
कस्तो छ उनमा ? राजन् ! यो जान्दछु स्वयं म
यो कुरा जान्दछन् फेरि तिम्रा कुल-पुरोहि
यी वसिष्ठ महान् तेजी-तपस्वी पनि ती स्व
ए राजा ! यदि पृथ्वीमा तिमी कीर्ति कमाँउ
स्थिर पार्न अनी ठूलो धर्म-लाभ गराँउ
चाहन्छौ त, छ ता इच्छा, श्रीरामकन यी प्रि
मलाइ देउ, लैजान्छु म आफ्नो साथमा श्र
दिन्छन् आज्ञा भने मन्त्री-वसिष्ठादि पुरोहि
काकुत्स्थ-रामलाई यी मेरो साथ विदा ग
लैजान्छु दश रातैका निम्तिमा रामलाइ
त्यत्ति नै रात बाँकी छन् यज्ञले पूर्णता लि
ठूला भइ सकेका छन् यता राम पनी नृप
न ता शिशु-अवस्थाको यिनमा स्नेह-आदि
तसर्थ हेर है ! मेरो न वितोस् काल यज्ञ
पुत्र देउ, हओस् श्रेय ! मनको पीर छोड
धर्म अर्थ मिलेका यी यस्ता मीठा कुरा भ
भई चूप वसे तेजी विश्वामित्र-महामु
ती विश्वामित्रका त्यस्ता शुभ वाक्य सुने प
भए राजा दशरथ शोकले व्याकुलै अ
हुने विछोड भो शङ्का रामको प्रिय-पुत्र
काँपे थर्थर तत्काल भए वेहोश नै प

२६

CC-0. In Public Domain. Digitization by eGangotri

निकै बेर पछी राजा ब्यूँतिए र उठे-बसे ।
विषाद गर्न पो लागे डरले थर्थरै थिए॥
२७

हृदय र मन छेडिने कुरा यो जब मुनिको उनले सुने भनेको ।
विचलित आसन भो थिए मनस्वी तर पछि मूर्छित नै भए लडी ती॥
२८

इति उगडैसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बीसौं सर्ग

महाराज दशरथले नाईं ! भन्नु

१

यी विश्वामित्र-मुनिका कुरा नृपतिले सुने ।
मुहूर्त भर वेहोशै भए, होश फिर्‍यो, भने ॥
सोह्र वर्ष कमैको छ पद्म-लोचन राम यो ।
लड्न राक्षसको साथ म त देख्तिन योग्यको ॥
मेरो अक्षौहिणी सेना छ यो, छु तिनकै पति ।
लिई त्यै, म गई आफैं मार्छु राक्षसलाइ ती ॥
सबै शस्त्रास्त्र जान्ने छन् भृत्य शूरा पराक्रमी ।
लड्छन् राक्षसका साथ रामलाई न लाँनु नि ! ॥
हातमा धनु ली आफैं डटी समर - क्षेत्रमा ।
लड्छु प्राण रहेसम्म म निशाचर साथमा ॥
व्रतानुष्ठान त्यो होला निर्विघ्न यसरी गुरो ! ।
आफैं जब म जानेछु, न लग्नोस् रामलाइ भो ! ॥
जान्दैन युद्ध-विद्या नै अझै छ शिशु राम यो ।
बलाबल छ के कस्तो अर्काको ? छैन ज्ञान त्यो ॥
न अस्त्र-बल नै कत्ति यसमा परिपूर्ण छ ।
न ता युद्ध-कलाको क्यै ज्ञान यो राख्न सक्तछ ॥
मायाले छलले छल्दै लड्दछन् फेरि राक्षस ।
तस्मात् यो तिनका साथ लड्नै सक्तैन वास्तव ॥
बाँच्नै दुइ घडी सम्म रामले पो विछोड भै ।
म सक्तिन गुरो ! तस्मात् न लग्नोस् रामलाइ है ! ॥
रामलाई लिई जाने भए इच्छा ल भन्नुहोस् ! ।
चतुरङ्गिणी सेनाकै साथ मैसँग लग्नुहोस् ॥
यस्तो वृद्ध अवस्थामा साठी हजार वर्षको ।
छोरो कठिनले पाएँ न लग्नोस् रामलाइ भो ! ॥
यी चारै पुत्रमा भन्दा जेठो धर्म-प्रधान यो ।
राममा स्नेह ज्यादै छ, न लग्नोस् रामलाइ भो ! ॥

१३

१४

ती राक्षसहरू हुन् को कत्तिका छन् पराक्रमी
छोरा हुन् कसका त्यस्ता रक्षिन्छन् कसले उनी
त्यस्ता राक्षसको साथ राम यो लड्छ के गरी
मैले वा सैन्यले लड्ने , लड्दछन् जो छलै गरी
यो सबै भगवन् ! भन्नोस् युद्धमा टिक्नु के गरी
घमण्ड-बल जो गर्छन् दुष्ट छन् ती सबै था
सुनी वचन राजाको मुनिले ती भने या
छ राक्षस रावण त्यो पुलस्त्य मुनि-वंश
वर पाएर ब्रह्माको त्रैलोक्यै पिर्छ त्यो अ
छ जो राक्षस-सेनाले घेरिंदो बलवान
राजा ! राक्षसको स्वामी त्यो रावण सुनिन्छ
साक्षात् कुवेरको भाई विश्रवा-मुनिपुत्र
हुँदाहुँदै पनी इच्छा त्यो रावण-निशा
आफू नै यज्ञमा आई विघ्न पार्दैन है !
ती सुबाहु र मारीच छन् राक्षस महान्
पठाउँछ तिनैलाई विघ्न पार्न स्वयं त्य
यसरी मुनिले भन्दा भन्छन् राजा उनी
युद्धमा त्यो दुरात्माको अघि पर्नै म सक्ति
धर्म जान्ने ऋषे ! तस्मात् यो मेरो प्रिय-पुत्र
दया होस् गुरु-चौता भै यो ममा मन्द-भाग्य
रणमा खप्न सक्तैनन् शक्ति रावणको गु
देव-दानव-यक्षादि कुरा के अनि मर्त्यको
वीर्यवान्हरूको वीर्य, बलवान्को बलै प
हर्छ रावण त्यो स्वात्तै ! महर्षे ! टिक्छ को अ
त्यो साथ, त्यसको सैन्य साथ लड्न तसर्थ
छोरा वा सैन्य ली साथ क्यै गरे पनि स

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

छ मेरो सुत यौतामैं कला जान्दैन युद्धका।
अभै छ शिशु यो राम म दिन्न यसलाइ ता॥
युद्धमा काल जस्तै छन् छोरा सुन्दोपसुन्दका॥
यज्ञमा विघ्न पार्छन् ता पारुन्, दिन्न म पुत्रता॥

२८

२९

जन्मेका यक्षकन्यामा ती राक्षस कुलीन छन्।
दुवै सुबाहु, मारीच वीर्यवान् शिक्षितै त छन्॥
यी दुवै मध्यमा यौटै साथ लड्न म वास्तव।
संग्राम-स्थलमा जान्छु साथ सेना लिई सब॥

३०

मलाई न लगे ब्रह्मन्! बन्धु-बान्धव ली स्वतः।
प्रार्थना प्रभुमा गर्छु छोड्दिनोस् रामलाइ त॥

३१

यति नरपतिको सुनी भनाई अब ऋषिराज स्वयं गए रिसाई।
हवन घिउ हुँदा समान-आगो अति दृढ भो र बल्यो महर्षि-आगो॥

३२

इति बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक्काइसौं सर्ग

मुनि वसिष्ठले महाराज दशरथलाई सम्झाँउनु

१

अक्षरै भर सम्पूर्ण छोराको स्नेह-पूर्ण त्यो ।
सुनेर वाक्य राजाको ऋषिको क्रोध झन् बढ्यो ॥
राजासंग भनी हाले-पैले दिन्छु भनी त्यसो ।
प्रतिज्ञा आफ्नु त्यो तोड्यौ?ए राजा!अहिले कसो ? ॥
रघुवंशीहरू कैले यस्तो गर्दैनथे सुन ! ।
तिमीले के गर्‍यौ यस्तो ? नष्ट होला कुलै गुन ! ॥
म आए सरि नै जान्छु, यदि यै योग्य हो भने ।
बस झूठो प्रतिज्ञा ली, संभ्र हौला सुखी हुने ? ॥
ती विश्वामित्र यसरी क्रोधले चूर भै दिंदा ।
सम्पूर्ण पृथिवी काँपिन्, डराए सब देवता ॥
रिसले उनको त्यस्तो डराएको जगत् सव ।
देखी वसिष्ठ भन्छन् ती, धैर्य ली नृपमा तव ॥
दोस्रो धर्म सरी जन्म्यौ तिमी इच्छ्वाकु-वंशमा ।
पाल्दैछौ व्रत, श्रीमान् छौ, छोड्छौ के धर्म त्यो यहाँ? ॥
धर्मात्मा छौ तिमी तीन लोकमै ख्यात छौ बडो ।
ल लेउ धर्म त्यै आफ्नो, अब छोड अधर्म यो ॥
म दिन्छु, गर्छु जो भन्छ, पछि गर्दैन त्यो भने ।
त्यसका इष्टपूर्वादि कर्म छन् सब नाशिने ॥
तस्मात् महर्षिको यस्ता लगाई साथमा अब ।
पठाउ रामलाई ता होला तिम्रो भलो सब ॥
जान्ने हुन् वा नजान्ने हुन् विद्या शस्त्रास्त्रको सब ।
केही लछार्न सक्तैनन् यिनलाइ त राक्षस ॥
मुस्लोले अग्निको बल्दो सुरक्षित सुधाकन ।
को हर्ने ? भन ए राजा ! रक्षिन्छन् मुनि जसकन ॥
खानी हुन् यी तपस्याका, वीर्यवान्‌बीच श्रेष्ठ छन् ।
हुन् साक्षात् धर्मकै मूर्ति, विद्यामा सर्व श्रेष्ठ छन् ॥

१३

१४

अस्त्र यी जान्दछन् नाना, चराचर-जगत् यहाँ ।
चिन्दैन यिनलाई क्वै, चिन्दैनन् क्वै भविष्यमा ॥
प्रभाव यिनको कत्ति जान्दैनन् ऋषि वा सुर ।
नाग—राक्षस—देवादि यक्ष-गन्धर्व—किन्नर ॥
सारा शस्त्रास्त्र हुन् छोरा प्रजापति-कृशाश्वका ।
उनले यिनमा सुम्पे गर्दथे जब राज्य ता ॥
अस्त्र हुन् सब ती राजा ! छोरा विद्वान्-कृशाश्वका ।
सन्तान प्रिय-पुत्रीका ती प्रजापति-दक्षका ॥
यिनका रूप छन् धेरै, दिन्छन् विजय वास्तव ।
हुन् महान्-शक्तिशाली यी छन् ज्यादै तेजिला जब ॥
जया र सुप्रभा दोटी हुन् प्रजापति दक्षका ।
छोरी यी सुन्दरी ज्यादै माता हुन् जुन अस्त्रका ॥
शस्त्र अस्त्र गरी जम्बा ठीक एक सए नृप ! ।
जन्माए यिनले छोरा अत्यन्तै चम्किला सब ॥
जयाले वर पाएर छोरा ठीक पचास ती ।
जन्माइन्, थे अतर्क्यै जो समर्थै दैत्य मार्न यी ॥
सुप्रभाले पनी पाइन् छोरा संहारनामका ।
समर्थ बलवान् ज्यादै अति दुर्धर्ष-शक्तिका ॥
जान्दछन् ती सबैलाई यी विश्वामित्र तत्त्वतः ।
अरू जन्माँउने शक्ति यिनी साथ अपूर्व छ ॥
मुनिमा श्रेष्ठ धर्मज्ञ महात्मा ऋषिबाट यी ।
न जानेको छँदैछैन, भै सकेको हुने पछि ॥
यस्ता प्रकारका ठूला शक्तिका तेजिला अति ।
ज्यादै नै कीर्ति फैलेका हुन् विश्वामित्र यी ऋषि ॥
यिनैका साथमा आफ्ना पुत्र राम पठाउँन ।
ए राजा ! राम्ररी शोच, शङ्का नै गर्दछौ कुन ? ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

यो राक्षसहरू आफैं भुसुक्कै पार्न सक्छन् ।
हितार्थ पुत्रकै तिम्रो जो तिमी संग माग्दछन् ॥
२७

अब सुनि मुनिको भनाइ स्वच्छ दशरथ भूप भए प्रसन्न-चित्त ।
कुशिकसुत सँगै पठाउँनामा निज सुतलाइ दिने भए मजामा ॥
२८

इति एक्काइसौं सर्ग

~~१~~

CC-0. In Public Domain. Digitization by eGangotri

बाइसौं सर्ग

महर्षि विश्वामित्रद्वारा रामलाई बला र अतिबला दुइ विद्याको उपदेश

१

भन्दा वसिष्ठले यस्तो राजा खुश भए अति ।
रामलाई वहाँ डाके भाइ लक्ष्मण साथ ती ॥
आफ्नो पिता र माताले पुरोहित वसिष्ठले ।
स्वस्तिवाचन इत्यादि रामको स्नेहले गरे ॥
यात्रामा गरिने नाना भए मङ्गल वस्तुतः ।
मन्त्रीले मङ्गलै गर्ने गरियो अभिमन्त्रित ॥
छोराको शिरमा सुँघ्दै खुश गद्गद चित्तले ।
ती विश्वामित्रमा सुम्पे रामलाई नरेन्द्रले ॥
दिने सुख वह्यो वायु अतिनिर्मल वास्तव ।
विश्वामित्र सँगै जाने देख्ता रामकनै तव ॥
पुष्पवृष्टि भयो ठूलो, नगरा देवका बजे ।
रामका शुभ-यात्रामा शङ्ख दुन्दुभि घन्किए ॥
अगाडि ऋषि लागे ती अनि राम हिंडे पछि ।
प्रिय पुत्र सुमित्राका हिंडे भै रामका पछि ॥
काँधबीच थिए ठोक्रा यी दुवै भाइका यता ।
धनु थ्यो हातमा, पार्थे यी शोभित दशै दिशा ॥
हिंड्दथे यी, दुवै भाई महात्मा ऋषिको पछि ।
हुने तीन फणा सर्प दुइटै ठीक देखिई ॥
ब्रह्माको पछि लागेका हुन् अश्विनीकुमारझैं ।
देखिइन्थे दुवै भाई भै उदार स्वभावकै ॥
यी दुवै भाइ थे राम्रा गहना-वस्त्रले यता ।
गोहीका चर्मको पञ्जा पैह्रिएका थिए उता ॥
दुवैको साथ थ्यो खड्ग, तेजिला थे दुवै अति ।
कुमार, देहका राम्रा हिंड्थे जो ऋषिकै पछि ॥
अतुल्य-कान्तिले आफ्ना हुन्थे जगमग आफु नै ।
ज्योति फैलाउँदै हिंड्थे आनन्दित थिए दुवै ॥

१३

१४

अचिन्त्य-शक्तिशाली ती परात्मा स्थाणु-देवका ।
पछि हिंड्ने थिए ठीक हुन् झैं स्कन्द-विशाख ता ॥
डेढ योजन टाढाको अयोध्या-पुर बाट त्यो ।
नदीको सरयूका ती दक्षिणी-तट प्राप्त भो ॥
ती विश्वामित्र मुनिले सम्बोधन गरी अब ।
साह्रै मधुर वाणीमा रामलाई भने तव ॥
बाबु राम ! न जाओस् है बेला खेर, छ सुन्दर ।
नदीको सरयूका यी जल आचमनै गर ॥
बला-अतिबला नाम अब मन्त्र समूह यो ।
तिमीमा भन्छु लौ लेउ ! विद्या हो सर्वश्रेष्ठ जो ॥
यसले ज्वर आँउन्न, हुँदैन कहिलै श्रम ।
न त हुन्छ यता तिम्रो रूपमा परिवर्तन ॥
असावधान भै वस्ता, सुत्ता पनि तिमीकन ।
छैनन् लछार्न सक्ने क्वै यी राक्षसहरू पुनः ॥
हुने छैन कुनै तिम्रो बाहु-तुल्य पराक्रमी ।
त्रैलोक्यभरमा राम ! पृथ्वीमा के कुरा अनि ? ॥
ज्ञान-सौभाग्य-चातुर्य बुद्धिमा निश्चयादिमा ।
तिमी सरि हुने छैन कुनै पनि जवाफमा ॥
तिमी जस्तो हुने छैन विद्या पायौ भने दुवै ।
बला-अतिबला राम ! माता हुन् ज्ञानका सवै ॥
लाग्ने छैनन् तिमीलाई भोक-प्यास पनी यता ।
पढ्दामा नित्य यो विद्या बला-अतिबला तथा ॥
अभ्यास यिनको गर्दा फैलला कीर्ति भू-भर ।
छौ पात्र दिनका योग्य तिमी जो राम ! सुन्दर ॥
हुन् पितामह ब्रह्माका छोरी यी दुइटै बुझ ।
दुवै तेजस्विनी छन् यी, म दिन्छु अब संझ ल ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हो ! शङ्कै यसमा छैन तिमीमा छन् सवै गुण ।
बरछन् महान् गुणीमा यी, तिम्रीमा ढिक्तछत् पुनः ॥
मैले प्राप्त गरें राम ! तपले यी दुवैकन ।
तिम्रो निम्ति हुनेछन् जो बहुरूप मनोरम ॥
अचाए जल श्रीराम पवित्र र खुशी भए ।
ऋषिबाट दुवै विधा बला–अतिबला लिए ॥

२८

३०

शोभिए राम विधाले डर्लाग्दो विक्रमै हुने ।
शरत्का सूर्य जस्ता भै हजारौं किरणै लिने ॥
ती विश्वामित्र ऋषिको गरे गुरु जनोचित ।
सेवा आदर सम्मान रामले भै विभूषित ॥
राम लक्ष्मणका साथ महात्मा ऋषि रात त्यो ।
सरयूका किनारैमा सुख साथ बसे बडो ॥

३२

दशरथ–नृपका सुपुत्र त्यस्ता अनुचित ती तृणको बनाइ शय्या ।
कुशिकतनय बाट पाइ स्नेह भइ सुख–तुल्य सुते, निशा विती छ ॥

३३

इति बाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेइसौं सर्ग

कामाश्रममा वास

१

वित्यो रात उज्यालो भो भन्छन् अनि महामुनि ।
सुतेका तृण-शय्यामा राम-लक्ष्मणमा पनि ॥
बाबु राम ! तिमी जस्तो पुत्र पाएर वास्तव ।
ती कौसल्या महारानी भइन् पुत्रवती अब ॥
उठ राम ! उज्यालो भो, प्रातः सन्ध्या-क्रिया अब ।
पहिले सक आफ्ना ती दिन्दिनै गरिने सब ॥
उदार वाक्य यो सुन्दा दुवै भाई उठे अब ।
शौच स्नान सके आफ्नो गायत्रीको गरे जप ॥
नित्य कर्म सकी आई ऋषिका पुण्य-पाउमा ।
यी दुवै भाइले ढोगे भै हाले ठीक हिंड्नमा ॥
जाँदा-जाँदै वहाँ देखे मिलेकी सरयू-नदी ।
गङ्गा सँग शुभा दिव्या, गङ्गाकन पनी पछि ॥
किनारैमा थिए नाना ऋषि-आश्रम पुण्य ती ।
तप गर्थे जहाँ चर्को हजारौं वर्ष देखि यी ॥
पुण्य आश्रम यी देखी ज्यादै खुश भए दुवै ।
महात्मा मुनिलाई ती सोधि हाले भनी यसै ॥
यो पुण्याश्रम हो कस्को भगवन् ! बस्छ को यहाँ ।
यही नै सुन्न चाहन्छौं छ ठूलो चाख सुन्नमा ॥
यी दुवै भाइको मीठो यस्तो वाक्य सुने पछि ।
सुन ! राम ! भनी केही मुस्कुराए महान् ऋषि ॥
यो आश्रम थियो पैले जसको अधिकारमा ।
कन्दर्प भन्दछन् विद्वान् जसलाई स्वयं यहाँ ॥
भएर मूर्तिमान् काम वस्थ्यो आश्रममा यहीं ।
यता राज भएको थ्यो भगवान् शिवजी त्यहीं ॥
तपस्या गरि वक्सिन्थ्यो उहाँको भो पछी विहा ।
पाल्नु हुन्थ्यो कहीं, साथ मरुद्गण लिई शिव ॥

१३

१४

यही वेला उहाँ माथि चढ्यो दुर्बुद्धि-काम त्यो
त्यल्लाई प्रभुले त्यस्ता हुङ्कारै गरि रोक्नु भो
पछि क्रोध चढ्यो केही प्रभुको दृष्टिमा पनि
तुच्छ हो ! काम भन्ठान्दै हेलैले हेर्नु भो अनि
त्यत्तिकैमा खसे सारा कामका अङ्ग अङ्ग ती
त्यस्तो दुर्बुद्धिले गर्दा जीर्ण-शीर्ण भई अति
मनस्वी त्यसको त्यस्तो डढ्यो देह र नष्ट भो
प्रभुका क्रोधमा पर्दा काम त्यो अशरीर भो
भो प्रसिद्ध त्यही बेला देखि काम, 'अनङ्ग' यो
त्यसले अङ्ग छोडेको हुँदा यो अङ्गदेश हो
सर्वात्मा शिवको साक्षात् पुण्य आश्रय हो त्यही
उहाँकै शिष्य निष्पाप धर्मात्मा वस्तछन् ऋषि
दोभानमा नदीका यी आजको रात यो बसौं
यहीं नै, भोलि जाऔंला पारीतिर यसै गरौं
भै पवित्र स्वयं हामी यो पुण्याश्रममा पसौं
गरी स्नान जपी होमी रातमा सुखले सुतौं
गर्दा-गर्दै कुरा यस्तो उहाँका मुनि आदिले
थापाए ऋषि आएको तपस्याकै प्रभावले
साह्रै खुश भए सारा आए हड्वडले वहीं
टक्र्याए पाद्य-अर्घ्यादि महामुनिकनै त्यहीं
राम-लक्ष्मणको फेरि मुनिले ती सबै मिली
गरे अतिथि-सत्कार स्नेह साथ यथाविधि
यो यथोचित सत्कारद्वारा यी मुनि आदिले
गर्दै नाना-कथा वार्ता मनोरञ्जन गर्दिए
चित्त एकाग्र पारेर महर्षिहरूले पछि
त्यो सन्ध्याकालको आफ्नो जपे जप यथाविधि

२६

CC-0. In Public Domain. Digitization by eGangotri

मुनिले ती त्यहाँ वस्ने मुनि साथ महान् व्रती ।
त्यो कामाश्रममा विश्वामित्रलाइ लगे पछि ॥
२७

राम-लक्ष्मणलाई ती वहाँ यी मुनिले सब ।
भनी राम्रा कथा-वार्ता पारे मग्न स्वयं तव ॥
२८

इति तेइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौवीसौं सर्ग

ताडकावनमा जानु

१

भोलि पल्ट उठे चाँडै, भो विहान सुनिर्मल ।
ती दुवै भाइले आफ्ना नित्य-कर्म सके तव ॥
गए अधि लगाएर महात्मा ऋषिलाइ ती ।
नदीका तटमा पारी जान भै उत्सुकी अति ॥
त्यो कामाश्रममा बस्ने महात्मा ऋषिले सव ।
ल्याए डुङ्गा, भने यस्तो विश्वामित्रकनै तव ॥
चढाई यी दुवैलाई डुङ्गा यो चढनुहोस् प्रभो ! ।
पाल्नोस्, निर्विघ्न होस् बाटो, विलम्ब नहओस् गुरो!॥
हुन्छ ! वेस भन्यौ भन्दै प्रशंसा मुनिको गरी ।
ती दुवै भाइ ली साथ गए ऋषि नदी तरी ॥
गङ्गाको बीचमा पुग्दा भाइका साथ रामले ।
पानी ठकर लागेको ठूलो आवाज पो सुने ॥
केको अवाज हो, आयो कसरी यो यहाँ ? भनी ।
जान्न इच्छा भयो ठूलो तेजस्वी राममा पनी ॥
बीचमै सोधि हाले ती महर्षिसँग रामले ।
पानीको वेग वत्रेको कत्रो आवाज यो ऋषे ! ॥
बढदो चाख मिलेको यो सुनी वचन रामको ।
धर्मात्मा ऋषि भन्छन् ती दुङ्गो त्यस्तो आवाजको ।
कैलास-गिरिमा राम! एउटा छ सरोवर ।
ब्रह्माले मनले आफ्नो सिर्जिएको मनोहर ॥
उत्पन्न मनकैद्वारा हुनाले यो सरोवर ।
भनिन्छ, शुद्ध मानिन्छ, भो मानस-सरोवर ॥
त्यसै बाट नदी निक्लिन् अयोध्या पुरबाट जो ।
बहन्छिन् सरयू हुन् ती, उब्जेकी सरबाट त्यो ॥
तिनैको जल गङ्गाको जलमा मिल्छ वेगले ।
त्यही ठकर लागेको शब्द हो, अतुलै छ ए ! ॥

१३

१४

प्रणाम गर यल्लाई नदीको जल-सं
पाप नाश्ने छ यो पुण्य, गरी इन्द्रिय-सं
कुरा यी मुनिका सुन्दा दुइटै यी नदी
गरे प्रणाम धर्मात्मा राम-लक्ष्मणले
यसरी दक्षिणीतीर पुगेर दुइ भाइ
लम्की लम्की हिंडे छीटो गुरुका साथमा
अगाडि अति डर्लाग्दो देखेर वन नि
सोद्धछन् मुनिकासाथ फेरि इक्ष्वाकुन
डर्लाग्दो छ गुरो ! साह्रै अनकण्टार यो
छन् कीरा झिल्लिका आदि कराएका जहाँ
डर्लाग्दा जन्तु देखिन्छन्, डर्लाग्दै छन् जना
छन् पक्षी पनि डर्लाग्दा डर्लाग्दै छोड्दछन्
गुरो ! छन् ता पनी साना नाना छन् तर भी
पशु हिंसक, सिंहादि छन् बदेल र बा
खरी र धयँरो बेल शाल तिन्दुक पा
यहीं बयर देखिन्छन्, जेंलिदो छ बनै
कसको बन हो यस्तो भन्नुहोस् सुन्छु यो
रामले यसरी सोद्धा मुनि ती भन्दछन्
डर्लाग्दो वन यो राम ! जसको हो म भन्छु
दुइ देश थिए राम्रा यहाँ अघि महान्
थियो करुष, मलद, नाम यो उनको
देवताले वनाएका जुन थे यत्नबान्
इन्द्रले पहिले राम ! मारेमा वृत्रलाइ
ब्रह्महत्या सगै छोपे पापले भोकले
पछाडि जलले शुद्ध तपस्वी ऋषि-दे
पखाले इन्द्रको पाप अनि निर्मल ती

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

इन्द्रका देहको त्यस्तो भोक-पाप दुवैकन ।
विसाँउन लगाएर यहीं खुश भए पुनः ॥
भए ती यसरी शुद्ध भोक-पाप यहीं त्यजे ।
खुशी भै ठामलाई यो इन्द्रले वर यो दिए ॥
मेरो मल तथा भोक लिने यो ठाम वस्तुतः ।
होलान् करुष, मलद, भनी ख्यात समृद्ध त ॥
बुद्धिमान् इन्द्रले यस्तो प्रतिष्ठा देशको गरे ।
भने वेस गऱ्यौ तुष्ट भएका सब देवले ॥
दुवै करुष, मलद देश राम्रा समृद्ध थे ।
धेरै कालवकै राम ! भरिई धन-धान्यले ॥
निकै काल पछी आई एउटी यक्षिणी यहाँ ।
इच्छानुसार जो सक्थी रूपधारण गर्नमा ॥
त्यसको देहमा राम ! शक्ति थ्यो अतिअद्भुत ।
धर्थी हजार हात्तीको बल त्यो आफुमा स्वतः ॥
ताडका नाम हो त्यस्को पत्नी हो सुन्द-दैत्य की ।
छोरो राक्षस-मारीच त्यसतै छ महाबली ॥

३४

३५

छ पराक्रम इन्द्रै का तुल्यको त्यसको यता ।
डल्ला डल्ला भुजा छन् ती, विशाल छ शरीर ता ॥
शिर ठूलो छ, फैलेको मुख देखिन्छ वास्तव ।
देख्तै छ अति डर्लाग्दो, तिम्रो कल्याण होस् अब ॥
यहाँका जनतालाई पार्छ थर्थर त्यो सदा ।
हाहा ! गराउँछे फेरि त्यो दुष्टा ताडका यता ॥
दुवै मलद-कारुष-देशलाई समृद्ध यी ।
संधै नाश्ती छ मास्ती छ, यक्षिणी ताडका त्यही ॥
वस्छे यो वनमा राम ? बाटो घेरी छ कोशको ।
जानु पर्दछ हामीले तस्मात् बाटै गरेर त्यो ॥
यो दुराचारिणीलाई स्ववाहुवलले अब ।
मेरो आज्ञा लिई मार, पार देश अकण्टक ॥
सक्तैन आउंनै कोही यहाँ राम्रो भए पनि ।
नाश्तै मास्तै वसेकीले राम ! यो क्रूरयक्षिणी ।
किन भो वन डर्लाग्दो खोली गुह्य भनें सब ।
उजाडै त्यसले पारी कुकर्म अझ चल्दछ ॥

४२

इति चौवीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पच्चीसौं सर्ग

ताडकालाई मार्न प्रेरणा गर्नु

१

अतर्क्य मुनिका त्यस्ता, यस्ता श्रेष्ठ कुरा सुनि ।
रामले पुरुषश्रेष्ठ भने वेस कुरा ! अनि ॥
सुनिन्छ भगवन्! हो त्यो यक्षिणी अवला भनी ।
थोरै नै हुनु पर्ने हो त्यसको शक्ति त्यो पनि ॥
त्यसमा बल त्यो आयो हजारौं गजको अनि ।
कसरी? अब आज्ञा होस्, सुनीहालौं न यो पनि ॥
यस्ता अतर्क्य तेजस्वी रामका भाइ साथका ।
कुरा सुनेर भन्छन् ती ऋषि हर्षाउँदा तदा ॥
जसरी अवला त्यस्ती ताडका सवला भई ।
वरको शक्ति हो राम! यसैले वलिई भई ॥
सुकेतु नामको यौटा ठूलो यक्ष थियो अघि ।
निःसन्तान सदाचारी त्यल्ले तप गर्‍यो अति ॥
त्यसमा हुनु भो ब्रह्मा निकै खुश र अन्तमा ।
दिनु भो कन्यका रत्न ताडकाकन यो वहाँ ।
उहाँले दिनुभो फेरि हजारौं हात्तिको बल ।
पाएन यक्षले पुत्र कुविचार हुँदा तव ॥
रूप-यौवनले बढ्दी ताडकाकन यो सुता ।
सुन्दलाई जम्भ-पुत्र पछी गरी दियो विहा ॥
ताडका यक्षिणीले त्यो केहो काल विते पछि ।
जन्माई एउटा छोरो नाम 'मारीच' राखिदई ॥
थियो मारीच यो राम ! जित्नै न सकिने त्यसै ।
अगस्त्य-ऋषिको श्राप पर्दा भो पछि राक्षसै ॥
उहाँकै श्रापले गर्दा मरेमा सुन्द त्यो पवि ।
ताडका पुत्र ली साथ ऋषिमा जाइ लाग्दथी ॥
सलक्कै निल्छु भन्ठान्थी ऋषिलाई त, झोक्किदै ।
झैम्टिदै आउँथी, दौड्दै गर्जन्थी अतिक्रुद्धभै ॥

१३

१४

महान् शक्ति हुने त्यस्ता अगस्त्य-ऋषिले अनि ।
मारीचलाई भो भन्नु "राक्षसै तँ भएस्" भनी ॥
सराप्नु भो बढी क्रोध ताडकाकन त्यो पनि ।
भएस् तँ पनि डर्लाग्दी राक्षसी नर-भक्षिणी ॥
ए महायक्षिणी ! तेरो अहिलेको स्वरूप यो ।
छुटोस् तत्काल डर्लाग्दो रूप होस्, विकृतै बडो ॥
यस्तो श्राप परेकोले त्यसको क्रोध झन् बढ्यो ।
उजाड पार्न लागी त्यो बसेको ऋषि देश यो ॥
तस्मात् राम ! छ यक्षी यो डर्लाग्दी दुश्चरित्रकी ।
मार यल्लाई, होस् श्रेय गाइ-ब्राह्मणको अति ॥
यस्तो श्राप परेकी यो ताडकाकन मार्न नै ।
आँट्नै सक्तैन त्रैलोक्य भरी, छोडी तिमीकनै ॥
तिमीले लिनु पर्दैन यो स्त्रीको वधमा घृणा ।
राजाका पुत्र नै मार्छन् चातुर्वर्ण्य-हितार्थमा ।
प्रजा-रक्षण गर्नेले क्रूर अक्रूर कर्म होस् ।
होस् पातक स-दोषी वा गर्नु नै पर्छ जे त होस् ॥
राज्यका भार बोक्नेको यै सनातन-धर्म हो ।
पापिनी छ अधर्मी यो मार लौ ! मार्नु वेस हो ॥
सुनिन्छ पहिले मारे इन्द्रले मन्थराकन ।
विरोचन-सुता जो हो नाशन खोज्दा धराकन ॥
विष्णुले पहिले मारे भृगुपत्नीकनै पनि ।
खोज्थिन् जो इन्द्र नै मार्न काव्यमाता भए पनि ॥
यिनले अरुले धेरै तपस्वी-राजपुत्रले ।
ती दुराचारिणी नारी मारेका छन् स्ववीर्यले ॥
तस्मात् राम ! तिमी त्यस्ती ताडकाकन यो पनि ।
मेरो आज्ञा लिई मार दया-माया न राख नि ! ॥

२६

इति पच्चीसौं सर्ग

~×~

CC-0. In Public Domain. Digitization by eGangotri

छब्बीसौं सर्ग

ताडकावध

१

सुनेर मुनिका यस्ता उत्साह भरिने कुरा ।
भन्छन् दृढव्रती राम हात जोडेर यी कुरा ॥
गुरो ! हुँदा अयोध्यामा महात्मा–मान्यको अघि ।
बक्सिएको थियो आज्ञा पिताजीले ममा यही ॥
बाबु ! मैले भनेकोले बाबुको मान्न नै कुरो ।
मान्नु यी ऋषिको आज्ञा भै निःशङ्क न टार्नु त्यो ॥
पित्राज्ञा सम्झिई त्यै म ब्रह्मवादी हजूरको ।
आज्ञाले भइ निःशङ्क ताडकावध गर्छु यो ॥
देश–ब्राह्मण–गाईको गर्न कल्याण औ हित ।
प्रभुको पाल्न यो आज्ञा छु तयार, म गर्छु ल! ॥
रामले शत्रु नाश्ने ती मुनि साथ यसो भनी ।
मुठीले धनु बीचैमा समाते जोडले अनि ॥
तानेर धनुको ताँदो छोडदिदा त्यस शब्दले ।
दशै दिशा गऱ्यो व्याप्त महात्मा ऋषि हेर्दथे ॥
ताडका वनमा बस्ने काँपे प्राणी सबै यता ।
व्यामोह ठीक भै पैले झोकिई ताडका उता ॥
शोचेर शब्द के को हो क्रोधले भै विचेतझैं ।
ठाममा शब्द आएको दौड्दै आइ पुगी त्यतै ॥
अग्लो थ्यो त्यसको देह डलाग्दो घोररूप थ्यो ।
देखी त्यल्लाई श्रीराम भन्छन् लक्ष्मणमा यसो ॥
हेर लक्ष्मण ! यक्षीको यो कस्तो घोररूप छ ।
डर्छेरुवाहरूको ता देख्तै हृदय फुट्तछ ॥
माया–बल हुँदा ज्यादै जित्नै गाह्रो हुँदी छ यो ।
म पार्छु फर्किने हेर काटेरै नाक–कान त्यो ॥
स्त्री–स्वभाव हुँदा बाँच्छे, मार्न चाहन्न मै पनि ।
रोकौं ठान्छु म काटेर हात–खुट्टा दुवै पनि ॥

१३

१४

यसो भन्दा न भन्दैमा स्वयं राम भएतिर ।
ठड्याई हात त्यो आई झम्टिदै गर्जिदै तव ॥
यो देख्ने वित्तिकै त्यस्ता विश्वामित्र महर्षिले ।
हप्काए ताडकालाई खाली हुङ्कार–शब्दले ॥
तुरुन्तै यो भने फेरि आशीर्वाद दिदैं यता ।
यी दुबै रघुवंशीको जय कल्याण होस् सदा ॥
धूलो फेंकि यता त्यल्ले दुबैमा घनघोरको ।
धूलाकै मेघ जस्तै भो मुहूर्तैभर डम्म पो ॥
ढुङ्गै ढुङ्गा गरी वर्षा माया ली त्यसले अब ।
त्यसको यो उपध्रोले रिसाए राम वास्तव ॥
ढुङ्गाको वृष्टिलाई यो छीटो भै प्रभु रामले ।
त्रिफलै पार्दिए आफ्ना सातोटा बाण–वृष्टिले ॥
अनि झम्टिईदै दौड्दै आँउने त्यसका कर ।
काट्दिए दुइटै च्वाट्ट छोड्दिंदै रामले शर ॥
काट्दिएमा दुबै हात नजिकैमा बसेर त्यो ।
लागी थकाइ लाग्नाले गर्जिने जोडले बडो ॥
मौका पाइ यसै वेला ती लक्ष्मण बढे अघि ।
नाक-कान दुबै काटे त्यसका अति झोकिई ॥
इच्छा गरे सरी रूप सक्तथी धर्न ताडका ।
मायाको रूप ली हाली भै अदृश्य स्वयं तदा ॥
राम-लक्ष्मणलाई नै मोह पारेर वास्तव ।
घुम्न लागी वहाँ घोर ढुङ्गा वर्षाउँदै तव ॥
ढुङ्गाले हानिएका र छोपिएका सवैतिर ।
देखेर यी दुबैलाई भन्छन् ऋषि हुँदै स्थिर ॥
के गर्दछौ तिमी राम ! छोड भो, यो दया अब ।
यै दुराचारिणी यक्षी नाश्तछे यज्ञ त्यो सब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मौका नदेउ यल्लाई मौका पाइ भने सुन ! ।
अनेकौं रच्तछे जाल मायाले आफ्नु यो पुनः ॥
सन्ध्याकाल हुनै लाग्यो मार सन्ध्या भए पछि ।
हुन्छन् राक्षस दुर्धर्ष, मार्न गाऱ्है छ है पछि ॥
ढुङ्गा वर्षाँउने त्यस्ती यक्षिणीलाइ यो सुनी ।
शब्द-वेधित्व देखाई रोक्दिए बाणले अनि ॥
बाणको जालले छोप्ता मायाको बलले बढी ।
गर्जिदै झम्टिदै आई राम-लक्ष्मणलाइ ती ॥
छोडेको वज्र जस्तो भै आउँदी दुष्ट त्यस्कन ।
बाणले छेड्दिए छाति लडी डङ्ग मरी पुनः ॥
देखे त्यल्लाई मारेको देवकासाथ इन्द्रले ।
साधुवाद दिंदै ठूलो प्रशंसा रामको गरे ॥
देवता साथका इन्द्र तव ज्यादै खुशी भए ।
भई गद्गद तेजस्वी विश्वामित्र संगै भने ॥

३३

३४

कल्याण होस् तपाँईंको, हामी खुश भयौं यहाँ ।
कामले यो मुने ! तस्मात् गर्नु होस् स्नेह राममा ॥
धर्ने शस्त्रास्त्रका रूप प्रजापति-कृशाश्वका ।
छोरा सत्य-तपस्वी छन्, दिनु होस् रामलाइ ता ॥
सत्पात्र छन् यता फेरि सेवा गर्छन् तपाँईको ।
यिनैबाट छ द्यौताको ठूलो काम पनी हुँदो ॥
भनी यत्ति गए सारा देव आकाश-मार्ग ली ।
प्रशंसा मुनिको गर्दै सन्ध्याकाल भयो पछि ॥
ताडका-वधले त्यस्तो ती महर्षि भए खुश ।
रामको शिरमा सुँघ्दै स्नेहले यो भने तव ॥
आजको रात यो राम ! वसौं हामीहरू यहाँ ।
विहानै भोलि जाऔंला मेरो आश्रममा वहाँ ॥
उहाँको वाक्य यो सुन्दा खुश भै रामचन्द्र यी ।
ताडका-वनमा त्यस्तो वसे रात भई सुखी ॥

४०

वन यो श्राप छुट्नाले यै वेला-दिनदेखि यै ।
रमणीय भयो ज्यादै त्यो चैत्ररथ हो कि झैं ॥

४१

मारे पछि यक्षसुता त्यसोरी गरे प्रशंसा सुर-सिद्धले ती ।
वसे वहाँ राम महर्षि साथै प्रभात-वेलाकन पर्खिएरै ॥

४२

इति छब्बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्ताइसौं सर्ग

रामलाई दिव्यास्त्रको उपदेश

१

बिताए पछि त्यो रात ऋषि ती पुण्य-कीर्तिका ।
भन्दछन् राममा फेरि स्वर मीठो गरी तदा ॥
खुशी छु ताडका मार्दा तिम्रो कल्याण होस् सुन ! ।
अत्यन्त प्रेमले सारा अस्त्र, दिन्छु तिमीकन ॥
तिम्रा शत्रुहरू जो छन् यी अस्त्रैका प्रभावले ।
जित्ने छौ, वश पार्ने छौ रणमा बाबु राम ए ! ॥
वैर गर्ने तिमी साथ जोसुकै हुन्न, ती सब ।
सक्तैनन् टिक्न देवादि नाग गन्धर्व राक्षस ॥
तिम्रो कल्याण होस् राम ! सब दिव्यास्त्र दिन्छु म ।
दण्डचक्र महान् दिव्य तिमीमा दिन्छु वीर ! म ॥
धर्मचक्र तथा कालचक्र त्यो विष्णुचक्र र ।
सिकाउँछु तिमीलाई ऐन्द्रचक्र भयङ्कर ॥
लेउ लौ पुरुषश्रेष्ठ ! वज्र अस्त्र सुरेन्द्रको ।
त्यो ब्रह्मशिर ब्रह्माको त्रिशूलास्त्र महेशको ॥
ऐषीकास्त्र र ब्रह्मास्त्र अतिउत्तम जो छ त्यो ।
तिमीलाई महाबाहो ! सिकाउँछु म योग्यको ॥
यस बाहेक ए राम ! ज्यादै उज्ज्वल सुन्दर ।
दुइटै म गदा दिन्छु मोदकी शिखरी स्थिर ॥
धर्मपाश तथा कालपाश वारुणपाश ता ।
यी अस्त्र पनि मै दिन्छु जुन छन् सर्व श्रेष्ठका ॥
राम ! गीलो सुकेको छ अशनी दुइ दिन्छु म ।
नारायणास्त्रको साथै त्यो पिनाकास्त्र दिन्छु म ॥
आग्नेय-अस्त्र जल्लाई भन्दछन् शिखरास्त्र हो ।
म दिन्छु अस्त्रमा श्रेष्ठ अस्त्र-वायव्य सम्म त्यो ॥
महान् हयशिरा-अस्त्र दिन्छु क्रौञ्चास्त्र साथमा ।
दुइ शक्ति पनी दिन्छु तिमीलाई स्वयं यहाँ ॥

१३

१४

कङ्काल-घोर-मुसल-कपालास्त्र र किङ्किणी ।
मार्न राक्षस जो जत्ति चाहिन्छन् दिन्छु ती पनि ॥
ती विद्याधरको अस्त्र ख्यात नन्दननामले ।
असिरत्नसँगै दिन्छु तिमीमा राम बाबु ए ! ॥
गन्धर्वहरूको प्यारो दिन्छु संमोहनास्त्र त्यो ।
प्रस्वापन महान् अस्त्र साथै प्रशमनास्त्रको ॥
महान् कीर्ति हुने राम ! त्यो वर्षण र शोषण ।
अस्त्र लेउ तिमी साथै संतापन, विलापन ॥
छ कामदेवको प्यारो अस्त्र दुर्जय मादन ।
मानवास्त्र सँगै लेउ गन्धर्वप्रिय हो जुन ॥
पिशाचहरूको प्यारो मोहनास्त्र छ त्यो पुनः ।
लेउ यो पनि ए राम ! सद्गुणी छौ तिमी जुन ॥
तामसास्त्र नरश्रेष्ठ ! सौभनास्त्र महाबली ।
सत्य दुर्जय-संवर्त-श्रेष्ठ-मायामयास्त्र यी ॥
मौसल्यास्त्र सँगै लेउ त्यो तेजःप्रभ नामको ।
भगवान् सूर्यको अस्त्र, वैरीको तेज नाश्छ जो ॥
त्यो दारुणास्त्र त्वष्टाको सोमको शिशिरास्त्र र ।
मनुको अस्त्र शीतेषु भगको त्यो भयङ्कर ॥
इच्छानुसारको रूप सक्तछन् धर्न अस्त्र यी ।
अत्यन्त बलवान् छन् जो उदार पनि छन् अति ॥
महान् बाहु हुने राम ! छन् तस्मात् सब उत्तम ।
तिमी मबाट ली हाल विलम्ब न गरीकन ॥
भनी यत्ति सकी काम शौच-स्नानादिका मुनि ।
आफ्नो श्रीमुख फर्काई पूर्वपट्टि वसे अनि ॥
खुश गद्गद भै साह्रै अब श्रीरामभद्रमा ।
अस्त्रका मन्त्र ती श्रेष्ठ उपदेश गरे वहाँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यी अस्त्रहरूको सारा गर्नु संग्रह वास्तव ।
देवताहरूलाई ता थियो नै अति दुर्लभ ॥
शक्तिशाली महान् त्यस्ता ऋषिले किन्तु ती सब ।
इछ्वाकु-कुलका श्रेष्ठ रामलाई दिए तव ॥
जानेका तत्त्व सम्पूर्ण विश्वामित्र- महर्षिले ।
ती अस्त्रहरूको सारा जप-ध्यान स्वयं गरे ॥
क्षण विता न वित्तैमा आएर सब अस्त्र ती ।
जुन पूज्य थिए साँन्है, परे श्रीरामको अघि ॥
हात जोडी भने यस्तो राममा खुश भै पछि ।
प्रभुको जय होस्, नाथ ! हामी हौं सब भृत्य यी ॥

३१

३२

के गरौं ? कसरी सेवा पाँउछौं गर्न पाउको ?
गर्छौं आज्ञा भए जस्तो परमोदार – हे प्रभो !
महान् प्रभावका त्यस्ता अस्त्रका यी कुरा सुनी
साँन्है गद्गद भो आत्मा महात्मा-रामको पनि
सबै उनीहरूलाई ग्रहणै गरि प्रेमले
छोएर हातले आफ्नो रामले उनमा भने
हे मान्य अस्त्र हो ! सुन्नोस् मेरो मन भरी भई
तपाँईहरूले बस्नु परेमा दिनु काम यी
रामले अति तेजस्वी खुश भै मुनि – पाउको
गरी दर्शन श्रद्धाले गरे तर्खर हिंड्नको

३६

इति सत्ताइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठ्ठाइसौं सर्ग

अस्त्रहरूका संहारको उपदेश

१

लिएर यसरी अस्त्र शुद्ध श्रीरामको मुख ।
खुश भो र उहाँ साथ हिंड्दा – हिंडदै भने तव ॥
भगवन् ! पाउँदा अस्त्र देवले पनि जित्न म ।
गाह्रै पर्ने भएँ, सुन्छु अव शस्त्रास्त्र-संयम ॥
रामका यी कुरा सुन्दा तपस्वी शुद्ध सुव्रत ।
भन्छन् ती मुनि शस्त्रास्त्र संहार-विधि त्यो स्वतः ॥
दिनमा अस्त्र-विद्या यो तिमी सत्पात्र छौ अतः ।
शिक्षा दिन्छु सवै लेउ तलका अस्त्र यी अभ्र ॥
सत्यवान्, धृष्ट. रभस, पराङ्मुख, अवाङ्मुख ।
तथा प्रतिहारतर, सत्यकीर्ति, शुभास्त्र र ॥
अलक्ष्य, सक्ष्य छन् दोटा दृढनाम, सुनाभक ।
दशाक्ष, शतवक्त्रै हो दशशीर्ष, शतोदर ॥
पद्मनाभ, महानाभ, दुन्दुनाभ, स्वनामक ।
अस्त्र ज्योतिष, शकुन नैराश्य, विमलादिक ॥
दैत्यनाशक छन् दोटा योगन्धर, विनिद्र यी ।
शुचिबाहु, महाबाहु, तथा विरुच, निष्कलि ॥
वृत्तिमान्, पित्र्य, रुचिर, सार्चीमाली, विद्यूत र ।
धृतिमाली, सौमनस, तथा मकर सुन्दर ॥
परवीर, रति' धन, धान्य, त्यो कामरूप र ।
कामरुचि, आवरण, मोह, जृम्भक, दुर्धर ॥
सर्पनाथ र पन्थान अर्को वारुण-अस्त्र यी ।
प्रजापति कश्यपका छोरा हुन् श्रेष्ठ छन् अति ॥
इच्छाभैँ रूप यी धर्छन् दिएँ राम ! ल लेउ यी ।
भई खुश हओस् ! भन्दै लिए श्री रामले पछि ॥
मूर्तिमान् अस्त्रको यस्ता देह थ्यो दिव्य तेजिलो ।
यी अस्त्र जगतैलाई दिन्थे सुख हुने भलो ॥

१३

१४

थे तेजस्वी फिलिङ्गा भैँ कुनै त तिनमा यता ।
धूँवै समान थे काला चम्किला दिव्य-रूपका ॥
तिनमा सूर्य-चन्द्रै भैँ थे कुनै अति तेजिला ।
वस्तथे हात जोडेर सब यी अघि रामका ॥
झुकी मधुर-वाणीमा भन्थे रामसंगै यसो ।
हामी छौं प्रभुका दास आज्ञा होस् के गरौं प्रभो ! ॥
भनाई उनको यस्तो सुनेर रघुनन्दन ।
भन्दछन् उनमा सारा, जाओ अैले सवै सुन ! ॥
परेमा कामको वेला मेरो हृदयमा वसी ।
मेरो सहायता गर्नु उपस्थित भई पछि ॥
आज्ञाभैँ गर्दछौं ! भन्दै जान आज्ञा लिई तव ।
प्रदक्षिणा गरे ढोगे, गए आए सरी अव ॥
रामले यसरी पाए शिक्षा यी अस्त्रको पनि ।
हिंड्दा-हिंडदै उहाँ साथ मीठो वाक्य भने अनि ॥
वृक्षले मेघ-मालाभैँ छोपेको त्यो पहाडको ।
नजीकैको छ जो ठाम, के हो ? सुन्छु, छ चाख यो ॥
गुरो ! हेरिरहौं जस्तो ठाम यो छ मनोहर ।
उफ्रन्छन् दौड्दछन् नाना मृगका हूल सुन्दर ॥
भगवन् ! छ यता फेरि राम्रा नाना प्रकारका ।
पक्षी मधुर वाणीमा बोल्दा शोभित सर्वथा ॥
अनकन्टारको त्यस्तो डर्लाग्दो वनबाट ए ! ।
महर्षे ! निश्किई हामी अन्तै आइ पुग्यौं कि के ? ॥
यो प्यारो ठामको देख्ता स्थिति, हुन्छ सुखी मन ।
गुरो ! आश्रम हो क्या रे आज्ञा होस् सव यो पुनः ॥
भगवन् ! ब्रह्मघाती ती दुरात्मा दुष्ट राक्षस ।
जहाँ आइ सँधै पार्छन् यज्ञमा विघ्न वास्तव ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुको त्यो अनुष्ठान गरिने ठाम हो कुन ? ।
गर्नु पर्छ जहाँ मैले यज्ञको नित्य रक्षण ? ॥
२७

दुष्ट राक्षसलाई ती मार्नु पर्छ कहाँ वसी ? ।
सब यो सुन्न चाहन्छु अब आज्ञा हओस् यही ॥
२८

इति अट्ठाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनन्तीसौं सर्ग

सिद्धाश्रममा गमन र त्यसको महिमा वर्णन

१

अचिन्त्य-शक्तिशाली ती रामको वाक्य यो सुनी ।
तपस्वी अतितेजस्वी भन्न थाले महामुनि ॥
लामा बाहु हुने राम ! सुन लौ पहिले यहाँ ।
ढोगिने देवले सारा भगवान् विष्णु वस्तथे ॥
अनेकौं युग पर्यन्त शयौं युग भरी पनि ।
तपस्या गर्नको निम्ति राज गर्थे यहीं उनी ॥
तपस्या अति नै चर्को यहीं नै विष्णुले गरे ।
जसको परिणामैमा रूप वामनको धरे ॥
हुनु वामन भन्दा त्यो अघिको हो शुभाश्रम ।
विष्णुको नै, छ यो ख्यात सिद्धाश्रम भनीकन ।
यसैताक उता राम ! थे विरोचनका सुत ।
ठूला बलि-महाराजा स्वामी त्रैलोक्यका सब ।
जितेर इन्द्रकै साथ मरुत् देवादिलाइ ता ।
उनको राज्य त्यो गर्थे भै प्रसिद्ध जतातता ॥
थे महान् बलवान् धीमान् असुरेन्द्र स्वयं गुणी ।
गर्दथे विश्वजित् यज्ञ सर्वोत्तम स्वयं उनी ॥
यहीं आश्रममा आई यता देव-समूह त्यो ।
अग्नि आदि थिए जस्मा, भन्दथे विष्णुमा यसो ॥
ती विरोचनका छोरा गर्दछन् यज्ञ जो बलि ।
हाम्रो काम हओस् सिद्ध त्यो पूर्ण हुनुको अघि ॥
वहाँ यता उताबाट आई याचक माग्दछन् ।
इच्छानुसारको जे होस् , दिन्छन्, बलि उदार छन् ॥
तसर्थ भगवन् ! विष्णो ! महायोग लिई निज ।
रूप वामनको धर्नोस् , गर्नोस् यी देवको हित ॥
सुन राम ! यता फेरि यै वेला ऋषि-कश्यप ।
यहीं आश्रममा आए पत्नी अदिति ली सँग ॥

१३

१४

पत्नीकै साथमा दिव्य हजारौं वर्षको व्रत ।
सकेका ऋषिले थे यी, तेजी थे अग्नि भैं स्वतः ॥
हुने वर दिने शक्ति भगवान् विष्णुलाई ती ।
टक्र्याइ दर्शनै आदि भन्न लागे गरी स्तुति ॥
तपोमय ! तपोराशि ! तपोमूर्ति ! तपात्मक ! ।
हजूरै भइ बक्सिन्छ यी चारै रूप वास्तव ॥
राम्ररी जो गरें मैले तपस्या त्यसकै फल ।
आहिले यै फल्यो विष्णो ! प्रभु-दर्शनको शुभ ॥
प्रभुको देहमै देख्छु भगवन् ! यो जगत्कन ।
अनादि र अनिर्देश्य प्रभु हौ, शरणै छु म ॥
निष्पाप ऋषिका त्यस्ता कुरा यस्ता सुनी हरि ।
भन्नु हुन्छ मुने ! माग वर इच्छा भए सरि ॥
खुशी छु म तिमी देखि, तिमी, वर दिनै पनि ।
योग्यै भइसकेका छौ, के माग्छौ भन लौ मुनि ! ॥
मरीचि ऋषिका छोरा मुनि-कश्यप यो सुनी ।
साह्रै खुश भई भन्छन् भगवान् विष्णुमा अनि ॥
सम्पूर्ण देवताको र मेरो अदितिको पनि ॥
याचना छ यही यौटा अघि देखि हुँदो पनि ॥
व्रत उत्तम पाल्ने हे प्रभो ! अब भए खुश ।
थिनै अदितिको मेरो भई जन्मनु होस् सुत ॥
सानु भाई भई प्यारो इन्द्रको जन्मिबक्सियोस् ।
शोकपीडित दौताको सहाय गरिबक्सियोस् ॥
होला यो ठाम विख्यात यै सिद्धाश्रम नामले ।
त्यो तपस्या भयो सिद्ध उठ्नुहोस् अब प्रेमले ॥
जन्मिए भगवान् विष्णु स्वयं अदितिमा अनि ।
भए वामन, गै हाले माग्ने बलि कहाँ पनि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

तीन पाउ धरा मागे, दिएमा छलले पछि ।
ढाके त्रैलोक्य नै सारा लोक कल्याण-ध्यान दी ॥
बलैले बलिको खोसे दिए ऐश्वर्य इन्द्रमा ।
उनकै वशमा पारे त्रैलोक्यै प्रभुले वहाँ ॥
प्रभुले बसिएको यो श्रम नाश्ने छ आश्रम ।
यसर्थ म पनी बस्छु प्रभुकै भक्तिले पुनः ॥
विघ्न पार्न यहीं राम! दुष्ट राक्षस आउँछन् ।
तिमीले मार्नु पर्नेछ यहीं नै दुष्ट घेर छन् ॥
भित्रियौं आज हे राम! त्यै सिद्धाश्रममा शुभ ।
मेरो आश्रम जस्तो छ त्यस्तै तिम्रो छ यो शुभ ॥
भै प्रसन्न भनी यत्ति राम-लक्ष्मण साथ ली ।
समाई हातमा भित्र पसे आश्रममा ऋषि ॥
त्यसवेला भयो शोभा मुनिको ठीक चन्द्रको ।
नक्षत्र-दुइले युक्त त्यो पुनर्वसु-नामको ॥
देखेर ऋषि आएको त्यहाँ बस्ने सबै मुनि ।
तुरुन्त उफ्रँदै दौड्दै आए जम्बा भए अनि ॥

३४

३५

यथोचित गरे पूजा बुद्धिमान् मुनिराजको ।
गरे अतिथि-सत्कार पछि ती दुइ-भाइको ।
बसी दुइ घडी, मेटी थकाई भन्दछन् पछि ।
मुनिराज—उहाँलाई हात जोडेर ती दुई ।
आजै वा अहिल्यै देखि यज्ञ-दीक्षा लिनोस् गुरो! ।
हओस् निरन्तरै जस्मा कल्याण मुनिराजको ।
यो सिद्धाश्रम होस् सिद्ध नामकै सरि कामको ।
गुरुको वाक्य होस् सत्य, मृत्यु होस् अब दुष्टको ।
भनेमा उनले यस्तो तेजस्वी-मुनिराजले ।
ली हाले यज्ञको दीक्षा तुरुन्तै शुद्धचित्तले ।
आनन्द साथ त्यो रात बिताए सावसान भै ।
भोलिपल्ट उज्यालो भो; उठे भाइहरू दुवै ।
शौच-स्नान सके आफ्नो गरे सन्ध्या-उपासना ।
गायत्रीको जपे मन्त्र विधिसाथ स्वयं वहाँ ।
अरू कर्म सकी आफ्नो अग्निहोत्रादि-कर्ममा ।
लागेका गुरुको त्यस्ता गरे गै पाद-वन्दना ।

४२

इति उनन्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तीसौं सर्ग

यज्ञको संरक्षण गर्नु

१

देश-काल दुवै जान्ने, बोल्ने त्यै ठीक वाक्य ती ।
दुवै भाइ उहाँसाथ भन्न लागे यसो पछि ॥
अब यो जान्न चाहन्छौं हामीहरु दुवै गुरो! ।
आउँछन् कुन वेलामा ती राक्षस ? सुनौं कुरो ॥
ठूलो वित्यास नै पर्ला नत्र मौका चुक्यौं भने ।
आज्ञा होस् ठीकको वेला ती दुष्टहरू आँउने? ॥
लड्न इच्छा लिंदै यस्तो भन्ने हडबडाँउने ।
ताडीफ उनको गर्दै भए मुनि खुशी हुने ॥
वहाँका मुनि भन्छन् यो राम ! लक्ष्मण ! बाबु हो! ।
बोल्नु हुन्न उहाँ, दीक्षा-यज्ञको लिइ सक्नु भो ॥
तिमीहरू दुवै भाई सावधान भई बडो ।
आज देखि छ रात गर रक्षण यज्ञको ॥
सुनी यी मुनिका वाक्य यशस्वी-राजपुत्र ती ।
दुवैले यज्ञको रक्षा गरे रात-दिनै भरी ॥
त्यत्ति सम्म सुतेनन् यी शत्रुनाशन गरी मन ।
बस्तथे सावधानै भै धनुर्बाण धरीकन ॥
गरेर पहरा राम्रो विश्वामित्र-महर्षिको ।
गात्रको साथमै रक्षा गरे त्यो शुभ-यज्ञको ॥
काल बित्तै गयो, आयो त्यो छैटौं दिन यज्ञको ।
'भने होश गरी वस्नु' रामले भाइमा यसो ॥
भन्दैमा लड्नका निम्ति उत्सुकी रामले यता ।
यज्ञवेदी बल्यो साथै उपाध्याय-पुरेतका ॥
स्रुक्-स्रुवा-समिधा-पुष्प-कुश काशादि-युक्त त्यो ।
विश्वामित्र र ऋत्विक्कै साथ वेदी बल्यो अहो ! ॥
भैरहेको थियो यज्ञ मन्त्रले विधिसाथको ।
भयानक भयो शब्द तर आकाशमा अहो ! ॥

१३

१४

वर्षाका मेघले सारा ढाके सरि अकाश भो ।
आए सुबाहु, मारीच त्यस्तै माया गरी बडो ॥
उनका भृत्य थे फेरि डर्लाग्दा क्रूररूपका ।
सबैले रक्तको खोलै लागे वर्षाउनै तदा ॥
भिजेको रक्त-धाराले यज्ञवेदी शुभा यता ।
देखेर दौडिए राम हेरेर तल-माथि ता ॥
देखे सुबाहु-मारीच दुवैलाई अकाशमा ।
बसेका, आउँने फेरि झम्टदै यज्ञ-कुण्डमा ॥
हुने कमलझैं आँखा रामले अब भाइमा ।
भने- लक्ष्मण ! लौ हेर ! आए राक्षस यज्ञमा ॥
छन् दुबै यी दुराचारी खान्छन् मासु निरन्तर ।
यस्ता नीचहरूलाई मार्न चाहन्न मै तर ॥
छिन्न-भिन्न गराएझैं मेघको राश वायुले ।
भगाउँछु सबैलाई म यही मानवास्त्रले ॥
सन्देह यसमा कत्ति तिमी नगर लक्ष्मण ! ।
भने यत्ति उनीलाई रामले ती धनुर्धर ॥
अनि ता धनुमा आफ्नो चढाए बाण योग्यको ।
त्यो मानवास्त्र तत्काल उदार अति चम्किलो ॥
ताकी मारीचको छाती क्रुद्ध भै छोड्दिए तव ।
गै मानवास्त्र यो बज्र्यो छातीमा त्यसकै अव ॥
प्रहार त्यसको पर्दा भयो मारीच व्याकुल ।
सयौं योजन टाढाको सिन्धुमा गै खस्यो तव ॥
यो मानवास्त्र-शीतेषुद्वारा पीडित दुष्ट त्यो ।
त्यसरी पुग्न गै टाढा स्वयं मूर्छित तुल्य भो ॥
त्यसको स्थिति देखेर भन्दछन् भाइमा पुनः ।
मनुप्रयुक्त-शीतेषु अस्त्रको गरि वर्णन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

साह्रै विचेत पारेर यो राक्षसकनै जुन ।
लैजाँदो छ निकै टाढा लिन्न प्राण भने पुनः ॥
पापकर्मी दुराचारी यज्ञ-नाशक निर्दयी ।
म मार्छु रगतै खाने अरु राक्षसलाइ यी ॥
भनी लक्ष्मणमा यत्ति तुरुन्तै रामले अब ।
लिए त्यो अस्त्र-आग्नेय निकै छीटो भई तव ॥
ताकी सुबाहुको छाती छोड्दिए वेगले दृढ ।
त्यसको चोट लाग्दामा मर्‍यो भैंमा खसी तव ॥

३०

३१

अरु राक्षसलाई तो छोडी वायव्य-अस्त्र त्यो
मार्दिए रामले, सारा मुनिमा खुश भो बडो
यज्ञ-नाशक सम्पूर्ण मार्दा राक्षस रामले
पूजिए ऋषिले सारा इन्द्रझैं भइ देवले
सकेर अब त्यो यज्ञ विश्वामित्र-महर्षिले
दिशा निर्विघ्नका देखी रामलाई यसो भने
महान् बाहु हुने राम! आज्ञा यो गुरुको गर्‍यौ
कृतार्थ म भएँ साह्रै, कीर्ति जो लोकमा छर्‍यौ

३४

बनायौ सार्थकै फेरि यो सिद्धाश्रमलाइ त ।
प्रशंसा यसरी गर्दै सन्ध्या गर्न गए तव ॥

३५

इति तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकतीसौं सर्ग
मिथिला प्रस्थान

१
आफ्नो काम सकेकाले खुश थे राम लक्ष्मण ।
विताए अब त्यो रात बडो अनन्दले पुनः ॥
भो उज्यालो वित्यो रात, प्रातः कर्म सके पछि ।
दुवै भाइ गए साथ भएमा गुरुजी-ऋषि ॥
तेजिला अग्निकै ठीक विश्वामित्र-महर्षिमा ।
अभिवादन टक्र्याए, भने मधुर-वाक्यमा ॥
मुनिराज! दुवै हामी छौं किङ्कर उपस्थित ।
बक्सियोस् अब आज्ञा त्यो के सेवा गर्नु पर्दछ? ॥
भनेमा दुइले यत्ति भने ती ऋषिले सबै ।
स्नेहले रामलाई यी मुखले ऋषिराजकै ॥
राजाजनकको राम! मिथिलापुरमा शुभ ।
हुन्छ रे यज्ञ सम्पन्न, जान्छौं हामी पनी सब ॥
हामीसँग वहाँ राम! तिमीले जानु पर्दछ ।
धनुष्-रत्न विचित्रैको छ वहाँ हेर्नु पर्दछ ॥
राजा-जनकका पुर्खा कुनैलाई निकै अघि ।
देवताले दिएका हुन् धनु त्यो श्रेष्ठ भै अति ॥
नाप-तोल छँदै छैन त्यो गह्रौं छ असाध्य नै ।
छ त्यै घोर महान् फेरि तेजिलो पनि ज्यादि नै ॥
सकेनन् त्यसमा ताँदो चढाउँन कसै गरे ।
कसैले पनि गन्धर्व-मर्त्य-राक्षस-देवले ॥
धनुको शक्ति त्यो पत्ता लगाँउन महान् बली ।
आए राजा, राजपुत्र, भएनन् सफलै कति ॥
वहाँ गयौ भने राम! राजा-जनकको धनु ।
पाउँछौ हेर्न त्यो यज्ञ अतिअद्भुत के भनु? ॥
यज्ञको फलमैं माग्दा धनु त्यो मैथिलेशले ।
उनलाई दिएका हुन् शिवप्रभृति देवले ॥
१३

१४
त्यै वेला देखिको राम! देवमैं पूजनीय भै ।
त्यही धनु रहेकोछ घरमा मिथिलेशकै ॥
पूजा हुन्छ वहाँ ठूलो त्यसको नित्य प्रेमले ।
गन्ध-पुष्प र धूपादि सुगन्धित पदार्थले ॥
वनका देवता साथ मागे जान विदा अनि ।
दुइ भाइ सँगै सारा लिए ऋषि हिंडे मुनि ॥
जाँदा भन्दै गए यस्तो यज्ञका काम यी सकी ।
म सिद्धाश्रम बाटै यो टाढा जाँदैछु भै खुशी ॥
गङ्गाको तट भै जान्छु उत्तरैतिर लाग्छु म ।
पुग्छु हिमाल-फेदीमा हओस् तिम्रो भलो पुनः ॥
भनी यत्ति तपस्या नै भएका धन ती मुनि ।
दिशा उत्तर ताकेर हिंडी हाले स्वयं अनि ॥
त्यसरी जान लागेका देखे पछि उहाँकन ।
पछि लाग्दै गयो गाडा शयौं ती मुनिको पुनः ॥
ती सिद्धाश्रममा बस्ने पक्षीका पशुका पनि ।
हूलै पछि पछी लाग्यो उहाँको, प्रेमिलो बनी ॥
ऋषिका संघकै साथ पशु-पक्षीहरूकन ।
पुगे पछि निकै टाढा फर्काए मुनिले पुनः ॥
अव टाढा पुगे ज्यादै बेला सूर्यास्तको भयो ।
सवै जन बसे वास तटमा शोण-भद्रको ॥
भै सावधान साराले गरे त्यो साँझका क्रिया ।
शौच-स्नान सके फेरि होमे अग्नि भए सफा ॥
ज्यादै तेज भएका ती मुनिले सब साथका ।
महर्षिलाइ यी घेरे वसे वरिपरी तदा ॥
भाइ लक्ष्मणका साथ राम आए उहीं अब ।
बसे ढोगी गरी पूजा अगाडि मुनिकै तव ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

तपस्या-धनका त्यस्ता तेजस्वी मुनिमा पछि ।
अव चाख बढी सोध्छन् रघुनन्दन राम यी ।।
२७

भएको वनको शोभा अति राम्रो मनोरम
कुन यो ठाम हो भन्नोस् ? तत्त्व पूर्वक सुन्छु म
२८

भन्छन् महान् तपस्वी ती प्रेरणा पाइ रामको ।
ऋषिका बीचमा सारा रहस्य त्यस ठामको ।।
२९

इति एकतीसौं सर्ग

~×~

CC-0. In Public Domain. Digitization by eGangotri

वत्तीसौं सर्ग

कौशिकवंश–वर्णन

१

निकै अघि महाराज ब्रह्माका सुत एकथे ।
ज्यादै ठूला तपस्याका प्रसिद्ध कुश नामले ॥
उनका व्रत संकल्प सजीलै पूर्ण बन्दथे ।
साधुको सन्तको रक्षा गर्दथे, धर्म धान्दथे ॥
वैदर्भी नामकी पत्नी उनकी थिन् कुलीनकी ।
चारपुत्र उनै द्वारा जन्माए कुशले पछि ॥
बाबु जस्तै बलीया थे, गुणवान् थे महाप्रभु ।
कुशाम्ब र कुशनाभ हुन् अमूर्तरजा वसु ॥
सबै थे तेजिला ज्यादै ठूलो उत्साह थ्यो उता ।
सत्य बोल्ने थिए चारै सत्यमै टिक्तथे सदा ॥
यस्ता छोराहरूलाई थाम्नै क्षत्रिय-धर्म त्यो ।
भने-आफ्ना प्रजाको यी गर रक्षण बाबु हो ! ॥
होला सब तिमीलाई यसले सव धर्मको ।
गतिको ज्ञान सम्पूर्ण मिल्ला फल पनी बडो ॥
यस्तो आज्ञा सुनी आफ्ना पिताको पुत्रले पनि ।
अ-आफ्नो निम्तिमा चारै बसाए पुर त्यो अनि ॥
कुशाम्ब अति तेजस्वी थिए यो रघुनन्दन ! ।
कौशाम्बी नगरी यौटा बसाए उनले पुनः ॥
कुशनाभ थिए ज्यादै धर्मात्मा उनले पनि ।
महोदय हुने नाम बसाए नगरै अनि ॥
बुद्धिमान् थे निकै फेरि ती अमूर्तरजा उता ।
धर्मारण्य लिने नाम बनाए पुर एउटा ॥
महात्मा वसुले चाहिं बनाए यो गिरिव्रज ।
राजधानी यही नै हो जो हो वसुमती तव ॥
यी चारै पुरको राम ! चारैपट्टि मनोहर ।
श्रेष्ठ-पर्वत छन् पाँच, शोभिएका निरन्तर ॥

१३

१४

सुन ! शोण-नदी हुन् यी पुगी मगध-देशमा ।
सुमागधी लिई नाम भइन् ख्यात जहाँ तहाँ ॥
ती गिरि-श्रेष्ठको पाँचै बीचमा बहँदा नदी ।
शोभा पाउँदछिन् राम्रो माला हुन् सरिकी हुँदी ॥
महात्मा वसुको राम ! यिनै हुन् मागधी नदी ।
पुग्छिन् पूर्वतिरै, राम्रो अन्न उब्जाँउछिन् अति ॥
जन्माए पछि धर्मात्मा राजर्षि कुशनाभले ।
शयौं छोरीहरू श्रेष्ठ घृताचीका सुगर्भले ॥
ठाँटिएका थिए सारा रूप-यौवनले गरी ।
उद्यान-भूमिमा घुम्थे वर्षाका विजुली सरि ॥
सब यी गाउँथे नाच्थे नाना बाजा बजाँउथे ।
गहना-वस्त्रले राम्रा शोभिन्थे मग्न-मस्त थे ॥
सम्पूर्ण अङ्ग थे राम्रा उनका रघुनन्दन ! ।
तुलनै गर्न गाह्रो थ्यो यिनका रूपको पुनः ॥
सब यी त्यो वगैंचामा घुम्दथे मेघले यता ।
नभका तारिका जस्ता देखिन्थे अति शोभिंदा ॥
भएका गुण यी सारा रूप-यौवन-शोभित ।
राजकन्याकनै देखे वायुले ती भने तव ॥
सुन्दरी हो ! म चाहन्छु तिमीहरू सबैकन ।
आफ्नु नै प्रेयसी पार्न, मेरी पत्नीहरू बन ॥
मलाई गर स्वीकार, मनुष्यपन छोड यो ।
भई देवाङ्गना जस्तै तिमी पाओ चिरायु त्यो ॥
रहन्न स्थिर यो रूप छ त्यस्तै चल यौवन ।
विशेष मर्त्य-चोलामा नाश हुन्छ प्रतिक्षण ॥
म साथ जोडिए ताँदो सुन्दरी हो ! तिमी सब ।
स्वयं अमर भै हाल्छौ हुने यौवन अक्षय ॥

२६

२७

सजीलै काम ठूल्ठूला गर्ने ती वायु-देवको ।
कुरा सुनी शयौं कन्या हेंलैले भन्दछन् यसो- ॥
सुरश्रेष्ठ ! जगत्का यी प्राणीका मनका कुरा ।
जान्नु हुन्छ तपाँईं नै हुँदा धुम्ने जतातता ॥
हामी तपाँईंको त्यस्तो शक्ति-सामर्थ्य जान्दछौं ।
भन्नोस् तपाँइं बाटै झन् किन हेपिइने भयौं ? ॥
वायुदेव ! सबै हामी नरेन्द्र-कुशनाभका ।
हौं छोरीहरू, छौं किन्तु समर्थ दिन श्राप ता ॥
त्यो वायु-पदद्वारा नै खसाँउन तिमीकन ।
सक्तछौं, तर चाहन्नौं, गर्दछौं तप-रक्षण ॥
सुन दुर्बुद्धि ए वायु ! सत्य बोल्ने पिताकन ।
किन हेंला गरी जान्थ्यौं वर खोजी स्वयं पुनः ॥
आफैं स्वतन्त्र भै जाने वर खोज्ने अधर्मले ।
हाम्रो निमित्तमा यस्तो नआओस् काल क्यै गरे ॥
यी हामीहरूमा सारा पिताकै अधिकार छ ।
प्रभुत्त्व छ, पितैलाई देवता मान्दछौं बुझ ॥

३४

३५

यस हालतमा दुष्ट ! पिताले जसलाई हो
बक्सेला पति त्यै होला, के संझिस्? अब गर् तँ हो
वायु साह्रै रिसाए ती सुनेर यिनका कुरा
पसे भित्र सबैको र पारे टेढा शरीर हा
यसरी वायुले सारा कन्याका अङ्ग-अङ्ग
खुम्च्याए, भाँच्दिए, कूँजै पार्दिए रिसले अति
अनि ती डरले काँप्तै गए घरतिरै स
झार्थे बररै आँसु थिए दुःखित लज्जित
अत्यन्त सुन्दरी त्यस्ता प्यारी छोरीहरूकन
पिता नरेशले देखे, भयो साह्रै दुःखी म
साह्रै पुड्का र कुप्रेका ती छोरीहरूको दश
नियाल्दा पछि राजा ता हड्बडाए भने त
छोरी हो ! के भयो यस्तो ? भन चाँडो सबै सम
कुन हो दुष्ट ? जो गर्छ धर्मकै अपहेलना
कूँजै पारि दियो कल्ले ? बोल्दैनौ किन लौ भन
आयो सुइय्य !, भनी यत्ति सावधान गरे म

४२

इति बत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेत्तीसौं सर्ग

कुशनाभकी छोरीहरूको विवाह

१

विद्वान् राजा–पिताका ती स्नेहका यी कुरा सुनी ।
पाउमा शिर राखेर भन्छन् कन्या शयौं अनि ॥
महाराज ! सबै प्राणीहरूमा भित्र–बाहिर ।
गर्ने ती वायुले हाम्रो गरे ठूलो अनादर ॥
नगरी धर्मको ख्याल, नराम्रो लिइ मार्ग त्यो ।
गर्न खोज्थे बलात्कार, हामी माथि महाप्रभो ! ॥
भन्यौं पछाडि हामीले उनमा 'जय होस्' भनी ।
भै बक्सिन्छ पिता हाम्रो छैनौं स्वच्छन्द कै भनी ॥
पिता साथ गई माग्नोस् उहाँले बक्सियो भने ।
हामी सब तपाईंका रमणीहरू छौं हुने ॥
उनको मन थ्यो पापी सुनेनन् अनि त्यो कुरा ।
धर्ममा न्यायमा मिल्दो गर्दथ्यौं जब यी कुरा ॥
रिसाई उनले तस्मात् नभई अपराध क्यै ।
यी हामीहरूमा सारा दिए दण्ड असह्य यै ॥
धर्मात्मा अति तेजस्वी राजाले त्यो कुरा सुनी ।
भने अत्यन्त नै श्रेष्ठ–पुत्रीमा यो कुरा अनि ॥
छोरी हो ! काम यै वेस गर्‍यौ, जुन सह्यौ सब ।
क्षमाशील महात्मा नै सक्तछन् गर्न यो सब ॥
प्रतिष्ठा कुलको मेरो राख्न एकमतै भई ।
जो गर्‍यौ, त्यो पनी ठूलो गर्‍यौ, साहसिला भई ॥
क्षमा हो नर–नारीको अलङ्कार अमूल्यको ।
देखें सब तिमीमा त्यो रहेको एकनासको ॥
सहिष्णुता क्षमा यस्तो रहेको देवमातक ।
देखिन्न, जो तिमीमा छ टिकेको, धन्य छौ सब ॥
क्षमामै छ जगत् सारा अडेको, दान हो क्षमा ।
क्षमा यज्ञ, क्षमा सत्य, क्षमा धर्म, यशै क्षमा ॥

१३

१४

देवका झैं हुने वीर्य ती राजा–कुशनाभले ।
प्यारी छोरीहरूलाई भनी यत्ति विदा दिए ॥
सल्लाह गर्नको राम्रो जान्ने मर्म नरेशले ।
राखी मन्त्रीहरू साथ अब राय लिने भए ॥
विवाह सब कन्याको गर्ने कोसँग योग्यको ।
कहाँ गै कुन वेलामा ! यसैबीच विचार भो ॥
यसैताक यता राम ! चूली नाम हुने कुनै ।
ऋषि थे अति तेजस्वी, गर्दथे तप नित्य नै ॥
नैष्ठिक ब्रह्मचारी थे ब्रह्मचिन्तन–रूपको ।
तपस्या गर्दथे ठूलो सदाचारी थिए बडो ॥
गन्धर्वी उर्मिलाकी थी सोमदा नामकी सुता ।
सेवा ती मुनिको गर्थी वसी नजिकमा सदा ॥
प्रणाम मुनिको गर्ने, सेवा गर्ने स्वधर्मको ।
हुँदा बानी, यसैबाट भए गुरु खुशी बडो ॥
निकै काल वित्यो सोधे ऋषिले उ संगै अनि ।
तिम्रो प्यारो हुने के म गरूँ ? खुश भएँ भनी ॥
भनाई ऋषिको सुन्दा गन्धर्वी सोमदाकन ।
खुश भो, मुनि यी साह्रै रिझिए छन् भनीकन ॥
वाक्यको मर्म जानेका मुनिमा त्यसले अनि ।
कला जो जान्दथी बोल्ने मीठो स्वर गरी भनी ॥
हजूर भइ बक्सिन्छ तपस्यामय नै प्रभो ! ।
यता हजूरमा फेरि ब्रह्मतेज छ तीव्र यो ॥
ब्रह्म–सम्पत्तिले युक्त ब्रह्मभूत हजूरको ।
छोरो पाँउन धर्मात्मा दासी यो खोज्दछे प्रभो ! ॥
जय होस् प्रभुको स्वामिन् ! मेरो छैन कुनै पति ।
न पत्नी हूँ कसैकी म, कसैकी नहुँली पछि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यही उद्देश्य ली आएँ सेवामा प्रभुको मता ।
त्यो ब्रह्म-बलले आफ्नो दिनोस् पुत्र मलाई ता ॥
ब्रह्मर्षिले दिए छोरो त्यसमा खुश भैकन ।
थ्यो ब्रह्मतेजले ज्यादै जल्दो-बल्दो स्वयं जुन ॥
मनः-संकल्पले जन्म लिने मानस-पुत्र यो ।
ब्रह्मदत्त रह्यो नाम, त्यसैले पछि ख्यात भो ॥
काम्पिल्या-नगरीबीच बस्तछन् ब्रह्मदत्त यी ।
पूर्ण भै राज्य-लक्ष्मीले स्वर्गमा इन्द्रकै सरि ॥
यता आफ्ना शयौं छोरी धर्मात्मा कुशनाभले ।
यिनैलाई दिने पक्का गरे निश्चय बुद्धिले ॥
तेजस्वी नृपले त्यस्ता ब्रह्मदत्तकनै पछि ।
बोलाएर शयैओटी छोरी सुम्पे भई खुशी ॥
ती ब्रह्मदत्त-राजाले सबको क्रमपूर्वकै ।
गरे हात समातेर विवाह भइ इन्द्रझैं ॥

३३

३४

विवाह-कालमा राम ! ऋषिको हात त्यो छुँदा ।
ती कन्याको हट्यो रोग छुट्यो कुब्जत्व-दोष ता ॥
थिए राम्रा शयैओटी भए झन् अब सुन्दरी ।
खुल्यो सौन्दर्यको शोभा, देखिए ती सरी परी ॥
देखी छोरीहरूलाई छुटेका वायु-दोष ती ।
भयो आनन्द अत्यन्त राजामा कुशनाभ यी ॥
ती ब्रह्मदत्त राजाको विवाह सकिए पछि ।
गरे आदर-सत्कार राजाले कुशनाभ यी ॥
पुरोहित तथा पत्नीहरूकै साथमा अब ।
विदा गरि दिए आफ्ना ज्वाँईलाइ पनी प्रिय ॥
सोमदाले यता देखिन् छोराका योग्य-योग्यता ।
पत्नीका साथ सम्बन्ध भइन् अति खुशी तदा ।
बुहारीलाई एकेक मुसार्दै र छुँदै अनि ।
प्रशंसा गर्न लागिन् यी ती सम्धी-नृपको पनि ॥

४०

इति तेत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौतीसौं सर्ग

महर्षि विश्वामित्रको उत्पत्ति

१

सकी विवाह ए राम ! ब्रह्मदत्त गए पछि ।
पुत्रेष्टि शुरू भो यज्ञ अपूता नृपबाट ती ॥
शुरूमै यज्ञको आई भन्छन् अनि स्वयं कुश ।
जुन थे पुत्र ब्रह्मका कुशनाभकनै तव ॥
होला बाबु ! तिमीलाई धर्मात्मा एउटा सुत ।
नामको 'गाधि' जोद्वारा हुनेछ यश अक्षय ॥
कुशनाभकनै छोरा भनी यत्ति गए कुश ।
गरी आकाशको बाटो ब्रह्मलोकतिरै तव ॥
केही काल पछी राम ! बुद्धिमान् कुशनाभको ।
धर्मात्मा जन्मिए छोरा 'गाधि' यो नाम ख्यात भो ॥
धर्मात्मा राम ! यी गाधि मेरा जनक हुन् बुझ ।
कुशको वंशमा जन्में भनिएँ अनि कौशिक ॥
मेरी दिदी थिइन् यौटी पाल्दथिन् व्रत ती सदा ।
थियो सत्यवती नाम ऋचीकसँग भो विहा ॥
पतिको पछि लागेर हुँदा शुद्ध पतिव्रता ।
देहकै साथमा आफ्नो गइन् स्वर्गतिरै तदा ॥
हुँदा उदार ज्यादै ती कौशिकी भै महानदी- ।
रूपमा प्रकटै हुन्छिन् बहन्छिन् पृथिवी भरी ॥
त्यस्ती मेरी दिदी राम ! गर्न कल्याण लोकको ।
नदीका रूपका बग्छिन् ली आश्रय हिमालको ॥
छ राम ! तिनको पानी पवित्र अतिपुण्य र ।
स्वयं तिनी पनि त्यस्तै नदी छन् दिव्य सुन्दर ॥
यी कौशिकी दिदीज्यूको स्नेहले भै सुखी पुनः ।
यै हिमालय-फेदीमा नियमी भइ वस्छु म ॥

१२

१३

सत्यमा पुण्यमा टिक्ने पुण्या-सत्यवती दिदी ।
तिनै पतिव्रता देवी हुन् नदी-श्रेष्ठ कौशिकी ॥
आफ्नो त्यस्ती दिदीलाई वहाँ छोडेर राम ! म ।
यो सिद्धाश्रममा आएँ गर्नै नियम-पालन ॥
प्रभाव तेजको तिम्रो पर्दा राम ! निरन्तर ।
मैले सिद्धि पनी पाएँ, भएँ सिद्ध पनी स्थिर ॥
मलाई अघि सोधेझैं चिन्हाई ठामलाइ यो ।
मेरो जन्म भनें मैले वंश-विस्तार साथ त्यो ॥
भन्दा भन्दै कथा राम ! आधा रात वितेछ यो ।
सुत जाऊ ! न होस् कत्ति यात्रामा विघ्न भोलिको ॥
वृक्ष यी ठिङ्ग छन्, सारा पशु-पक्षी सुते यता ।
रातको यो अँध्याराले ढाँक्यो राम ! दशै दिशा ॥
विस्तारै साँझ हट्तै गो ग्रह-नक्षत्र पूर्ण यो ।
हजारौं नेत्रले जस्तो भो अकाश प्रकाशिलो ॥
अंध्यारो लोकको नाश्तै, उदाए चन्द्रदेव यी ।
प्रभाले सव प्राणीका मन आह्लादमा भरी ॥
राम ! यो रातमा घुम्छन् निशाचर जतातता ।
यक्ष-राक्षस डर्लाग्दा मासु खाने पिशाच ता ॥
भनी यत्ति भए चूप तेजस्वी ऋषिराज ती ।
प्रशंसा मुनिले गर्दै साधु ! साधु !! भने पछि ॥
छ सँधै धर्ममा टिक्ने, कुशका पुत्रको कुल ।
महात्मा ब्रह्म-तुल्यै छन्, जन्मेका यसमा सव ॥
हजुरै भइबक्सिन्छ यशस्वी मुनिराज ! हो ! ।
विशेष रूपले आफ्नो वंशमा सर्व श्रेष्ठको ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

दिदी हजुरकी फेरि नदीमा श्रेष्ठ कौशिकी ।
गर्छिन् स्वकुलको कीर्ति प्रकाशित स्वयं अति ॥
२५

आनन्दमग्न ती सारा मुनिद्वारा प्रशंसित
अस्ताएका सूर्य सरि, निदाए मुनिराज ता
२६

भाई लक्ष्मणका साथ यी कुरा जिल्ल भै सुनी ।
प्रशंसा मुनिको गर्दै सुते राम पनी अनि ॥
२७

इति चौतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैतीसौं सर्ग

गङ्गा र उमाको उत्पत्ति वर्णन

१

ऋषिले रातको भाग शोणाको तटमा सुती ।
ताए, मुनिकै साथ भने भल्ल भए पछि ॥
त्यो रात, उज्यालो भो उठ राम ! तिमी अब ।
म्रो कल्याण होस् ! होऊ यो यात्रा गर्नमा ठिक ॥
निका यी कुरा सुन्दा आफ्ना नित्य क्रिया सकी ।
ड्न ठीक भए राम, भनी हाले यसो पछि ॥
ोणभद्र महर्षे ! यो पवित्र -जल-पूर्ण छ ।
ाध छ, यता फेरि अतिसुन्दर छन् तट ॥
सलाई गुरो ! तर्ने कसरी कुन मार्गले ? ।
मले भनिदा यत्ति, भने अनि महर्षिले ॥
छिन् जुन बाटोले महर्षिहरू शोण यो ।
पैले नै ठमाएको मैले त्यै मार्ग योग्यको ॥
विश्वामित्रले धीमान् वहाँ यत्ति भने पछि ।
त्यो वनको शोभा ऋषि-वृन्द हिंड्यो पछि ॥
बाटो निकै काटे तर आधा चढ्यो दिन ।
दर्शन गङ्गाको जहाँ थे मुनिका गण ॥
पुण्य-जलको गङ्गा हाँस-सारस आदिले ।
न् शोभित, वहाँ देखे मुनि साथै महर्षिले ॥
ो प्रसन्नता ज्यादै सवलाई र अन्तमा ।
स बस्ने गरे नीधो गङ्गाको त्यै किनारमा ॥
धिसाथ गरे स्नान देवता-पितृ-तर्पण ॥
ग्नहोत्र सके, खाए हविष्यामृत भोजन ॥
यका मुनिले सारा घेरिएका महामुनि ।
गको तटमा ज्यादै शोभिए, थे खुशी पनि ॥
र्दा साथ बस्थे यी सव थे मन हर्षिने ।
राम यहीं आए उहाँ सँग यसो भने ॥

१३

१४

भगवन् ! सुन्न चाहन्छु तीन बाटो लिईकन ।
घुम्ने जताततै पुग्ने यी गङ्गा छन् मनोरम ॥
तीनै लोक गरी व्याप्त यी गङ्गा कसरी पछि ।
गई समुद्रमा मिल्छिन, जो हुन् नद-नदी-पति ? ॥
रामका प्रश्नले यस्तो भई तुष्ट महामुनि ।
गङ्गाको वृद्धि-जन्मादि भन्न लागे स्वयं अनि ॥
छन् हिमालय यी राम ! राजा पर्वतका सव ।
खानी हुन् तिनमा नाना छन् त्यहीं धातु ती सव ॥
ए राम ! दुइ पुत्री छन् हिमालय-गिरीन्द्रका ।
पृथ्वीमा अति नै राम्रा तुलनै न हुने तथा ॥
मेरु-पर्वतकी छोरी मेना थिन् अति सुन्दरी ।
पछि पत्नी भइन् राम ! हिमालय गिरीन्द्रकी ॥
कटिप्रदेश थ्यो राम्रो उनको अतिशोभन ।
माता भइन् यिनै मेना कन्याको दुइटै सुन ! ॥
तिनमा जन्मिइन् गङ्गा जेठी छोरी हिमालकी ।
उमा भगवती, अर्की जन्मिन् कन्या सुशीलकी ॥
सुन राम ! पछी सारा देवले गै गिरीन्द्रमा ।
मागे कन्या सुता जेठी देवको कार्य गर्नमा ॥
स्वर्गबाट तिनै गङ्गा झरी त्रिपथगा बनी ।
स्वर्ग मर्त्य र पाताल ढाक्तै पछि बहिन् यिनी ॥
स्वच्छन्द साथ हिंड्ने ती गङ्गाबाटै गिरीन्द्रले ।
त्रैलोक्यको हितै गर्न देवमा खुश भै दिए ॥
त्रैलोक्य-हितको इच्छा गर्ने ती देवले पनि ।
भै कृतार्थ गए गङ्गा लिई गद्गद भै अनि ॥
उनकी जो थिइन् कान्छी उमा छोरी, उनी यता ।
तपस्या गर्दथिन् ठूलो व्रत पालेर सर्वथा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ढोगिंदी विश्वले चर्को तपकी ती उमाकन ।
भगवान् शिवमा सुम्पे अतुल्य र अनुत्तम ॥
नदी श्रेष्ठ यिनी गङ्गा तथा भगवती उमा ।
हुन् हिमालयकी पुत्री, गर्दछन् विश्व वन्दना ॥
गङ्गाका जन्मको हाल भने मैले तिमीकन ।
त्रैलोक्य-गामिनी के भै भइन् यी, त्यो पनि सुन ! ॥

२९

३०

यी गइन् पहिले राम ! स्वयं आकाश-मा
वहाँ आकाश-गङ्गा र भइन् मन्दाकिनी
गिरिराज-कुमारी यी अनि देव-नदी
चढिन् गै देव-लोकैमा रमणीय-स्वरू
जलका रूपमा वग्दै, पखाल्दै पाप
भई भोगवती फेरि पुगिन पातालबीच

३२

इति पैतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छत्तीसौं सर्ग

देवी–पार्वतीका महिमाको वर्णन

१

स्ता मीठा कथा सुन्दा मुनिका राम, लक्ष्मण ।
शंसा त्यसको गर्दै सोध्छन् फेरि उहाँकन ॥
र्मयुक्त सुन्यौं यस्तो अति मीठो कथा गुरो ! ।
ाठी शैलेन्द्र—पुत्री ती गङ्गाका जन्मको कुरो ।
ानुष्य—देव—लोकैमा भयो संबन्ध के गरी ? ।
बै जान्ने हुँदा सोध्छौं भन्नोस् विस्तार नै गरी ॥
ीन बाटो लिई बग्ने लोक पार्दै पवित्र ती ।
ाइन् 'त्रिपथगा' भन्ने नामले ख्यात के गरी ? ॥
प्रभो ! तीन लोकैमा तीन रूप लिने उनी ।
र्छिन् कहाँ कहाँ कस्तो कर्म ? भन्नोस् न यो पनि ॥
ामले यसरी सोद्धा ती तपोधनका मुनि ।
था विस्तारले भन्छन् मुनिका बीचमा अनि ॥
हिले सुन लौ राम ! उमा साथ विहा गरी ।
न लाग्यो रतिक्रीडा भगवान् शिवबाट ती ॥
द्धिमान् प्रभुले राम ! क्रीडा गर्दा उमासँग ।
त्यो दिव्य शयौं वर्ष क्षणझैं भै मजासँग ॥
ाहार यसरी गर्दा यत्ति काल विते पनि ।
एन पुत्र वा पुत्री उमाबाट कुनै पनि ॥
नि ता देवता सारा ब्रह्मा आदि जुटे वहाँ ।
रे सल्लाह, गै, रोक्न प्रभुलाई विहारमा ॥
तुल्य प्रभुको तेज उमाका गर्भबाट त्यो ।
रिकए यदि प्राणी भै होला रोकन समर्थ को ?
चार आफुमा यस्तो गरेर पछि देव ती ।
ो शिव भए ठाम, भन्छन् ढोगी यसो पछि ॥
म्पूर्ण लोकको श्रेय गर्नैमा रत हे प्रभो ! ।
वता सब यी झुक्छन् गरी वक्स्योस् दया विभो ! ॥

१३

१४

सक्तैनन् विश्वका प्राणी कुनै पनि महाप्रभो ! ।
धारणा गर्न त्यो तेज प्रभुको छ अमेय जो ॥
तस्मात् देवी उमा साथ देवदेव ! हजूर त ।
तेजले ब्रह्म-सम्बन्धी युक्त भै गर्नु होस् तप ॥
कल्याण तीन लोकैको गर्नको निम्तिमा अब ।
तेज-स्वरूपमा आफ्नो तेज त्यो धर्नु होस् सब ॥
सम्पूर्ण लोकको हुन्छ राम्रो श्रेय यसो गरे ।
नाशिन्छ लोक सम्पूर्ण न धरे नत्र ता भरे ॥
सुनेर देवको वाक्य बडो बेस ! भन्यौ भनी ।
सम्पूर्ण-लोकका स्वामी शिवले भन्नु भो अनि ॥
उमा र म दुवै, हामी तेजमा तेज धर्दछौं ।
देव हो ! लोकमा सारा शान्ति होस् पनि भन्दछौं ॥
मेरो अतुल्य यो वीर्य स्थानबाट खसे यदि ।
कसले थाम्छ द्यौता हो ! मलाइ भन लौ यति ॥
सुने पछि उहाँलाई भने ती देवले यसो ।
खस्ला जो क्षुब्ध भै वीर्य,त्यो धरा धर्दछिन् प्रभो ! ॥
शिवले छोड्नु भो तेज देवका वाक्य यो सुनी ।
जल्ले व्याप्त गऱ्यो पृथ्वी वन-पर्वत साथ यो ॥
अग्निलाई भनी हाले हडबडाई मिली सुर ।
शिवको तेज यो वायु साथ ली आफुमै धर ॥
गरे व्याप्त यता तेज ध्यो होझैं श्वेतपर्वतै ।
पछि उम्र्यो शरवण चम्किलो सूर्य-अग्नि झैं ॥
यही शरवणैबीच जन्म भो अग्निबाट ती ।
प्राकट्य हुन गो कार्तिकेयको तेजिला अति ॥
देवता ऋषि सम्पूर्ण साह्रै खुश भए अब ।
गरे शिव-शिवाको ती पूजा भक्ति लिई दृढ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यता राम ! उमा देवी रिसाइन्, नेत्र लाल भो ।
देवताहरूमा त्यस्ता दिंदै श्राप भनिन् यसो ॥
पतिको साथमा आफ्ना म समागम गर्दथें ।
सन्तान-प्राप्तिको इच्छा राख्तथें नित्य सेब्दथे ॥
परन्तु देव हो ! व्यर्थै रोकिद्यौ यसरी भने ।
छैनौ तिमी पनी आफ्ना पत्नीमा पुत्र पाँउने ॥
आज देखि हऊन् बाँझी तिम्रा पत्नी पनी सब ।
भनी यत्ति उमा भन्छिन् पृथिवीकन ती अब ॥
तेरो रूप धरे ! कैले न ह्ओस् एकरूपको ।
भोगुन् फेरि अनेकौंले, भएस् पत्नी अनेकको ॥

३१

३२

छोटो बुद्धि लिने पृथ्वी ! मेरो छोरो नहोस्
चिताउँथिस्, भएस् त्यस्ती तँ नै अब अपु
परेको श्राप देख्तामा यसरी देवता
पश्चिमैतिर भो लाग्नु भगवान्, रघुनन्द
उत्तरैतिरको ऊँचो गै हिमालय-शृ
तपमा हुनु भो मग्न भगवान् शिव ली
भने राम ! तिमीलाई मैले विस्तारपू
उमाको शैलपुत्री ती यो कथा अविरो
अब भन्छु तिमीलाई गङ्गाको महिमा
उत्पत्ति देखिको सारा सुन भाइ सँगै

३६

इती छत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सैतीसौं सर्ग

कार्तिकेयको उत्पत्ति

१

तपस्या गर्न लागेमा भगवान् शिवजी उता ।
यता छर्पटिए राम ! अग्नि-इन्द्रादि-देवता ॥
सेनापति कुनै योग्य न हुँदा आफ्नु, खोज्न त्यो ।
गए ब्रह्मा भए ठाम आशा ली पाँउने बडो ॥
पितामहकनै ढोगे झुकेर सबले पछि ।
दुःख-विन्ती बिसाए त्यो देवले इन्द्र-आदि ती ॥
सेनापति दिने पैल्ले हामीमा बीजरूपको ।
गर्छन् शिव उमासाथ तपस्या तीव्र हे प्रभो ! ॥
लोकका हितको निम्ति गर्नु पर्दछ के कुरो ।
गर्नोस् उपाय जान्ने र हाम्रो आधार भै प्रभो ! ॥
देवका यी कुरा सुन्दा ब्रह्मा लोकपितामह ।
भन्छन् मधुर वाणीमा संझाएर यसो तव ॥
देव हो ! शैलपुत्री ती उमाले श्राप जो दिइन् ।
सन्तान न हुने हाम्रा पत्नीमा, सुन्दरै भनिन् ॥
त्यो कुरा खेर जाँदैन सन्देहै छैन, सत्य छ ।
यसमा देव हो ! तस्मात् सुन ! यौटा उपाय छ ॥
यिनै आकाश-गङ्गाका गर्भमा अग्नि-देव यी ।
गरुन् स्थापित त्यो तेज-वीर्य श्री शिवको लगी ॥
अनि जो पुत्र जन्मेला सेनापति त्यही पछि ।
होला, शत्रु सबै मास्ला अति सामर्थ्यवान् भई ॥
जेठी शैलेन्द्रकी पुत्री गङ्गा यो मान्दछिन् कुरो ।
उमालाइ पनी छोरो निकै प्रिय हुनेछ त्यो ॥
कृतकृत्य भए देव ब्रह्माको यो कुरा सुनी ।
गरे प्रणाम टक्र्याए उनमा पूजनै पनि ॥
अब कैलास लागे ती धातुले सब सुन्दर ।
खटाए अग्निलाई नै पुत्र पाँउन दुर्धर ॥

१३

१४

भने अनि यसो अग्ने ! देवको कार्य हो यही ।
गर सिद्ध तिमी आफैं यसमा ध्यान दिई अति ॥
तपस्यामय त्यो साक्षात् शिवको तेज दुर्धर ।
गङ्गाको गर्भमा अग्ने ! राम्ररी स्थापना गर ॥
देवताहरूलाई ती हुन्छ गर्छु ! भनी यति ।
अग्नि आए यता गङ्गा भए पट्ट्ि भने पछि ॥
गर्नोस् धारण हे गङ्गे ! तेज यो गर्भमा निज ।
देवताहरूको सारा छ हुने कार्य, जो प्रिय ॥
अग्निका यी कुरा सुन्दा गङ्गाले पनि वास्तव ।
दिव्य रूप गरिन् आफ्नो धारणा शान्त भै तव ॥
गङ्गाको महिमा यस्तो देखे पछि त अग्निले ।
चारैतिर उनीको त्यो दिव्य तेज छरी दिए ॥
हुँदा सबतिरै बाट अभिषेचित तेजले ।
गङ्गाका स्रोत वा धारा परिपूर्ण भई गए ॥
अगुवा देवका सारा अग्निमा भन्दछिन् अनि ।
तेज यो धारणा गर्न असमर्थ भएँ भनी ॥
आँच द्वारा म डढ्दीछु तेजले वीर्यरूपको ।
मेरो उड्दोछ हे अग्ने ! होश सम्म पनी अहो ! ॥
पुन्याँउने सबैलाई होमेका वस्तु यज्ञमा !
यिनै अग्नि यसो भन्छन् पछि गङ्गाकनै वहाँ ॥
यो हिमालयको देवी ! गई पार्श्व प्रदेशमा ।
राम्ररी गर्नुहोस् यस्तो तेजिलो गर्भस्थापना ॥
अग्निका यी कुरा सुन्दा गङ्गाले पनि तेजिली ।
धाराबाट निकालेर गर्भ त्यो राखिदइन् पछि ॥
तेज जो निक्लियो राम ! गङ्गाका गर्भ बाट त्यो ।
थ्यो सारै चम्किलो ठीक जाम्बूनद-सुवर्णको ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

जहाँ त्यो राखियो गर्भ तेजस्वी चम्किलो स्वतः ।
सुवर्णमय भो सारा त्यहाँको वस्तु भूमि त ॥
पार्श्वप्रदेशका ठाँउ त्यसको पनि वास्तव ।
चाँदी, चाँदी भयो बल्दो कान्तिले पूर्ण भै सब ॥
तेजको तीक्ष्णता पर्दा टाढाका पनि ठाँउ त ।
भए फलाम-तावाँका रूपमा परिवर्तित ॥
तेजस्वी गर्भको त्यस्तो जो थियो मल-भाग त्यो ।
स्वयं राँग र सीसाको रूपमा परिपूर्ण भो ॥
पृथ्वीमा यसरी पर्दा तेज त्यो रघुनन्दन ! ।
नाना प्रकारको धातु भयो, बढ्दै गयो पुनः ॥
राख्ना साथ यता राम ! पृथ्वीमा गर्भ त्यो सुन ! ।
तेजले आफ्नु नै दिव्य पाच्यो व्याप्त दिशा पुनः ॥
त्यो श्वेतगिरि पूर्वोक्त त्यसका वस्तु ती पनि ।
भो सुवर्णमयै सारा लाग्यो टल्किन नै अनि ॥
यै वेला देखिको राम ! अग्नि जस्तै प्रकाशिलो ।
रह्यो सुवर्णको नाम 'जातरूप' यथार्थको ॥
संसर्ग गर्भको पर्दा त्यहाँका सब वस्तु ती ।
तृण वृक्ष लता गुल्म भै गए सुनकै पछि ॥
मरुत्-इन्द्रादि चौताले जन्मेको शिशुलाइ त ।
खटाए दुग्धपानार्थ कृत्तिकाहरूलाइ छ ॥

३६

३७

तिनले शर्त राखेर हाम्रो छोरो हुनेछ यो ।
पिलाए दुद भै ढुक्क, शिशुमा नव-जात त्यो ॥
देवले ती भने यस्तो कार्तिकेय कहिन्छ यो ।
हुन्छ त्रैलोक्य-विख्यात सुत तिम्रै हुने भयो ॥
देवका यी कुरा सुन्दा उमा र शिवबाट ती ।
हुँदा स्कन्दित यो तेज गङ्गाले धरिंदा पछि ॥
गर्भस्राव भई त्यस्तो स्थितिले प्रकटै हुँदा ।
तेजले कान्तिले फेरि अग्निझैं जगमगाँउदा ॥
छ ओटै कृत्तिकाले ती त्यस बालकलाइ त ।
स्नान आदि गराएर पारे झलमल झन् स्वतः ॥
गर्भस्राव हुने वेला हुँदा स्कन्दित बालक ।
देवताले भने "स्कन्द" कार्त्तिकेयकनै तब ॥
स्तनमा कृत्तिकाको ती भरियो चुहियो दुद ।
छ ओटै स्तनको खाए पारी आफ्नो छऔ मुख ॥
यौटै दिन खाइ दुद शिशुले सुकुमार ती ।
स्ववीर्यले जिते सारा दैत्य-सैन्यकनै पछि ॥
देवले अग्नि इत्यादि मिलीजुली वहाँ अनि ।
पतिमा देवसेनाको अभिषेक दिए पनि ॥
गङ्गाचरित्र यो मैले भनें विस्तारपूर्वक ।
स्कन्द-जन्म सँगै राम ! जो धन्य छ, पवित्र छ ॥

४६

पृथ्वीमा गर्छ जो राम ! भक्ति यी कार्तिकेयमा ।
ली पुत्र-पौत्र दीर्घायु जान्छ त्यो स्कन्दलोकमा ॥

४७

इति सैतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठतीसौं सर्ग

महाराज सगरको कथा

१

हुने मीठो कुरा यस्तो कथा श्रीराममा भनी ।
भिकी प्रसङ्ग अर्को क्वै, भन्छन् फेरि महामुनि ॥
पहिले सुन ए वीर ! त्यो अयोध्यापुरीविषे ।
राजा सगर धर्मात्मा थिए, जो राज्य गर्दथे ॥
सन्तान यिनका कोही थिएनन् रघुनन्दन ! ।
छोरो पाउँनको निम्ति थिए उत्सुक हर्दम ॥
राजा-सगरकी पत्नी जेठी थिन् केशिनी यिनी ।
विदर्भराज-पुत्री हुन् धर्मात्मा सत्यवादिनी ॥
पत्नी सुमति थिन् अर्की वैनी गरुडकी तथा ।
अरिष्टनेमिकी छोरी राजा सगरकी प्रिया ॥
थिएन उनको राम ! पुत्र, पुत्री कुनै पनि ।
तर थ्यो पाउँने इच्छा रहेको बलवान् बनी ॥
दुवै पत्नी लिई साथ राजा सगर ती गए ।
तपस्या गर्नको लागि हिमालतिर भक्तिले ॥
वहाँ भृगुप्रस्रवण नामको टाकुरा चढी ।
तपस्या गर्न लागे ती चर्को नियम साथ ली ॥
शय वर्ष हुँदा पूरा तपले खुश भै अति ।
भृगुले सत्य बोल्ने ती दिए वर स्वयं पछि ॥
तिमी निष्पाप ए राजा ! धेरै नै पाउला सुत ।
अतुल्य-कीर्ति फैलेला तिम्रो लोक भरी स्वतः ।
यौटी जन्माउलिन् यौटै छोरो स्वकुलवर्धक ।
अर्की जन्माउलिन् छोरा साठी हजार वास्तव ॥
यसो भन्ने उहाँलाई रिझाई महिषी दुवै ।
विन्ती गर्छन् भई हृष्ट हात जोडी झुकी निकै ॥
अब यो सुन्न चाहन्छौं सत्य होस् प्रभुको कुरो ।
कसको एउटै होला धेरै को पाउली प्रभो! ॥

१३

१४

कुरा सुनेर रानीका भृगुले अतिधार्मिक ।
भने उत्तम वाणीमा यस्मा आफ्नै खुशी गर ॥
रानी हो! यसमा तिम्रो कुन इच्छा छ त्यो भन ।
पुत्र पाउँन चाहन्छ्यौ यौटा को कुलनन्दन ? ॥
ठूलो उत्साहको साथै हुने कीर्ति पनी निकै ।
छोरा पाउँन चाहन्छ्यौ धेरै को? भन यो दुवै ॥
मुनिका यी कुरा सुन्दा राजाको अघि केशिनी ।
रानीले एउटै छोरो पाउँने वर त्यो लिइन् ॥
उत्साह-कीर्तिका ठूला छोरा साठी हजार ती ।
हुने वर लिइन् रानी सुमतिले भई खुशी ॥
प्रदक्षिणा गरी ढोगी ऋषिका पाउमा अब ।
पत्नीका साथमा फर्के राजा स्वपुर राघव ! ॥
केही काल बित्यो राम ! पाइन् सगरबाट ती ।
केशिनीले महारानी असमञ्ज स्वपुत्र ती ॥
यता सुमती यी ब्याइन् पाइन् तुम्बा विचित्रको ।
फोर्दा छोराहरू निस्के त्यस्मा साठी हजार पो ॥
घडा ल्याई अनेकौं ती घिउ हाली भरीभरी ।
हुर्काए धाइले धेरै चाकरी तिनकै गरी ॥
काल बित्तै गयो धेरै पछि वेला पुगे पछि ।
भए जवान ए राम! छोरा साठी हजार ती ॥
रूप-यौवन बढ्दै गो, उनमा थपियो बल ।
यसरी साठी हज्जार बढे सगरका सुत ॥
असमञ्ज थिए जेठा छोरा सगरका यता ।
सरयू-जलमा फैंक्थे समाई शिशुलाइ ता ॥
स-साना शिशु ती राम ! पानीमा छटपटाउथे ।
असमञ्ज यता देख्थे स्वयं खितिखित हाँस्तथे ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यो पापाचारमा लाग्दा पीडा सज्जनमा दिंदा ।
सताउँदा प्रजालाई निकाले पुरबाट ता ॥
उनका अंशुमान् छोरा बुद्धिमान् वीर्यवान थिए ।
सबका प्रिय थे ज्यादै मीठो वचन बोल्दथे ॥

२८

२९

धेरै लामो वित्यो काल राजाको बुद्धि भो पछि ।
यज्ञ यौटा गरुँ भन्ने भगवत्प्रीति-हेतु ली ॥
लागे वेदज्ञ राजा ती दृढ निश्चयले वहाँ ।
उपाध्यायादिकै साथ यज्ञ गर्ने प्रबन्धमा ॥

३०

इति अठतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनञ्चालिसौं सर्ग

यज्ञको घोडा हर्नु र सगर राजाका छोरा-हरूले सारा पृथिवी खन्नु

१

तेजिला अग्नि मैं बल्दा मुनिका यी कुरा सुनी ।
ज्यादै खुश भई राम सोध्छन् फेरि यसो भनी ॥
जय होस् गुरुको, सुन्छु यो कथा विस्तृत गरी ।
मेरा पूर्वज-राजाले गरे त्यो यज्ञ के गरी ? ॥
रामका यी कुरा सुन्दा परे छक्क महामुनि ।
भित्र भित्र उठ्यो हाँसो मुस्कुराए स्वयं अनि ॥
हुन्छ ! राम ! महान् आत्मा राजा-सगरको सुन ।
गर्छु विस्तार साथै म यज्ञको अब वर्णन ॥
ससुरा शिवका साक्षात ती प्रसिद्ध हिमालय ।
ख्यातिप्राप्त उता अर्का छन् विन्ध्याचल-पर्वत ॥
साँधका छेउमा आफ्नो पुगी दुइ अ-आफुमा ।
हेर्दछन् ठाउँमा जो ती रोकावट नभै वहाँ ॥
यी दुवै गिरिकावीच भागको पुण्य-भूमिमा ।
जो आर्यावर्त हो राम ! यज्ञ-प्रारम्भ भो वहाँ ॥
यही ठाम नरश्रेष्ठ ! यज्ञ-कर्मादि गर्नमा ।
मानिन्छ शुभ अत्यन्त वेस भै देश-दृष्टिमा ॥
हुँदा सगरको आज्ञा अश्वका शुभ-यज्ञको ।
रक्षाको भार ती वीर अंशुमान्लाइ सुम्पियो ॥
पर्वको दिन थ्यो राम ! राजा थे यज्ञमा उता ।
हर्‍यो त्यो इन्द्रले घोडा लिई राक्षसरूप,-ता ॥
राजाका यज्ञको घोडा यसरी हरिए पछि ।
भने आचार्य-ऋत्विक्ले यजमानकनै पछि ॥
पर्वमा यज्ञको घोडा हरिन्छ वेगले नृप ! ।
हर्नेलाई त्यहीं मारी, घोडा ल्याउ यहाँ अब ॥
यस्तो प्रकारको विघ्न यज्ञमा पर्न गो भने ।
गर्ने-गराँउनेलाई छ अमङ्गल नै हुने ॥

१३

१४

तस्मात् सगर ए राजा ! जसरी हुन्छ यज्ञ यो ।
निर्विघ्न साथमा पूरा गर्नु पर्दछ, ल्याउ त्यो ॥
सभाबीच सुने यस्ता ऋत्विक्-आचार्यका कुरा ।
राजाले यो भने साठी-हजारै पुत्रलाइ ता ॥
बाबु हो ! यज्ञ यो यत्रा महात्मा मुनि-विप्रले ।
गरिंदोछ स्वयं शुद्ध वेदका मन्त्र आदिले ॥
यसर्थ यसमा कैले सक्तैनन् पस्न राक्षस ।
अवश्य पनि क्वैहोला, घोडा हर्ने सुरादिक ॥
छोरा हो ! अब लौ जाओ ! घोडा खोज जतातते ।
सिन्धुले घेरिंदी सारा पृथिवीभर व्याप्त भै ॥
तिम्रो कल्याण होस्, नित्य पृथिवी चारकोशको ।
दरले खोज्नु यौटाले पाई ल्याँउनु अश्व त्यो ॥
सम्पूर्ण पृथिवी खन्नु न पाए सम्म अश्व त्यो ।
घोडा हर्नेकनै खोज्नु मेरो आज्ञा लिएर यो ॥
दीक्षा लिइ सकें मैले यज्ञमा यो, यसर्थ म ।
यहीं वस्छु, लिई साथ नावि, आचार्यका गण ॥
आज्ञाले बाबुको राम ! यसरी बाँधिए पछि ।
खुश भै बलवान् छोरा छरिए पृथिवी भरी ॥
बाबुका यज्ञको घोडा खोजे पनि यसो गरी ।
कसैले पनि पाएनन्, भएनन् तर खिन्न यी ॥
लगाए भाग पृथ्वीको दरले चार कोशको ।
अनि खन्न धरा लागे नङैले वज्र-तुल्यको ॥
हलाले अति डलाँग्दा शूलले वज्र-तुल्य ती ।
छेंडिदा आर्त भै पृथ्वी लागिन् चिच्याँउनै अति ॥
छोरा सगर-राजाका साठी-हज्जारले वहाँ ।
मारिए ठूल्ठूला नाग-राक्षसादिक व्यर्थमा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मरे असुर ती कैयौं साथमै जीव–जन्तुको ।
आर्तनाद वहाँ गुञ्ज्यो भयङ्कर हुँदै बडो ।।
साठी–हज्जार छोराले साठी–हज्जार योजन ।
पृथिवी ती खनी छोडे, पातालै मैं गरीकन ।।
यसरी गिरिले युक्त पृथिवी जम्बूद्वीपकी ।
खन्दै खन्दै घुमे सारा राजपुत्र वहाँ पछि ।।

२८

३०

यसै वेला यता राम! नाग गन्धर्व देवता
पुगे ब्रह्मा भए ठाम भई उद्विग्न–चित्तका।
मुख खिन्न थियो साह्रै, काँपथे डरले उता
ब्रह्मालाई खुशी पारे भन्न लागे यसो तदा।
खनिन्छिन् पृथिवी सारा प्रभो! सगर–पुत्रले
मारिइन्छन् महात्मा र जलजीवादि वीर्यले

३२

यै हाम्रो यज्ञ नाश्ने हो, हो हर्ने अश्व यै भनी ।
मार्छन् सगरका छोरा अरु प्राणीकनै पनि ।।

३३

इति उनञ्चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चालिसौं सर्ग

भगवान् कपिल मुनिको क्रोधाग्निमा परेर सगरका छोराहरू भस्म हुनु

१

नाश्ने सब जगत् साक्षात् यमका सैन्य ठीक ती ।
राजाका पुत्रले सातो लिए यी देवको अति ॥
सुन्दा भनाइ ब्रह्माले उनीहरूकनै सब ।
भन्नु भो यसरी राम्रो गरी सम्झाउँदै तव ॥
यी पृथ्वी, वसुधा जो हुन् भगवान् वासुदेवकी ।
पत्नी हुन्, पाल्दछन् सारा उनै हुन् सबका पति ॥
यी धरालाई धर्दा छन् लिई कपिलरूप ती ।
क्रोधाग्निमा वहाँको नै पर्छन्, हुन्छन् भुसुक्क यी ॥
अघि देखि चलेकै हो पृथिवी खन्नु, छोड्नु त ।
सकियो आयु, नाशिन्छन् सबै सगरका सुत ॥
देव तेत्तिस ओटा थे ब्रह्माको वाक्य यो सुने ।
भए प्रसन्न अत्यन्त, आए जस्तो गरी गए ॥
खनिंदा त्यसरी पृथ्वी उनका बाहुले तत्र ।
वज्रै परे सरी घोर निस्कन्थ्यो शब्द वास्तव ॥
खनेर पृथिवी सारा गरीकन प्रदक्षिणा ।
फर्की आई सबै लागे यसरी भन्न बाबुमा ॥
सारा पृथ्वी घुम्यौं, खोज्यौं, ठूला बल र शक्तिका ।
प्राणीहरू निकै मार्‍यौं, नाग राक्षस देवता ॥
देखेनौं तर त्यो घोडा, घोडा हर्नेकनै नता ।
लगाउन सक्यौं पत्ता पुगे पनि जतातता ॥
हओस् हजुरको श्रेय, हामी अब गरौं त के? ।
शोचेर बुद्धिले राम्रो आज्ञा होस् गर्नु पर्छ जे? ॥
साठी-हज्जार छोराका कुरा यस्ता सुने पछि ।
नृपश्रेष्ठ उनी भन्छन् क्रोधले चूर भै अति ॥
जाओ फेरि सबै पृथ्वी खन, पार विदीर्ण र ।
घोडा हर्नेकनै भेटी घोडा लिई यता फिर ॥

१३

१४

आज्ञा पाइ पिताको यो साठी-हज्जार पुत्र ती ।
गए सरासरै फेरि रसातल पुगे पछि ॥
पृथिवी खन्न थाल्दामा पर्वतै तुल्यको बडो ।
त्यो दिग्गज विरूपाक्ष देखे जो भूमि बोक्तथ्यो ॥
शिरमा सजिलै बोक्थ्यो हात्ति त्यो यी धराकन ।
जहाँ पर्वतकै साथ वन थे रघुनन्दन ! ॥
कुनै पर्व परे राम! थकाई मार्न हात्ति यी ।
शिर हल्लाउँथे आफ्नो, काँपथिन् थर्र भै क्षिति ॥
गर्ने पूर्व दिशा रक्षा विरूपाक्षकनै गज ।
गर्दै प्रदक्षिणा-मान, बढे छेड्दै रसातल ॥
छिचोली यसरी पूर्व पुगे दक्षिण तर्फ त्यो ।
देखे वहाँ पनी अर्को हात्ति जो अघि मैं थियो ॥
महापद्म थियो नाम यिनको गिरितुल्य थे ।
धर्दथे शिरले पृथ्वी, देखे आश्चर्यमा परे ॥
यिनलाइ पनी घुम्दै गर्दै सत्कार आखिर ।
अघि बढ्दै पुगे खन्दै यी, पश्चिम दिशातिर ॥
वहाँ पनि थिए ठूला पर्वतैतुल्य दिग्गज ।
थियो नाम सौमनस देखे यी सबले तब ॥
परिक्रमा गरी सोधे कुशलादि उनी सँग ।
अनि उत्तर लागे यी खन्दै खन्दै सँगैसँग ॥
देखे उत्तरमा राम ! हिउँमैं श्वेतवर्णका ।
श्वेतभद्र हुने नाम अर्को दिग्गजलाइ ता ॥
गर्थे देवी धरालाई यी पनी नित्य धारण ।
कल्याणमय त्यो आफ्नो देहले रघुनन्दन ! ॥
प्रदक्षिणा गरी सोधी कुशलादि उनीकन ।
साठी-हज्जार ती सारा खन्न लागे धरा पुनः ॥

२६

२७

खन्दा खन्दै पुगे सारा पूर्वोत्तर दिशा पछि ।
जुन ख्यात थियो ज्यादै खने झोक्किंदै अति ॥
थे महान् बलका, घोर देहका, वेगका उनी ।
यहीं देखे वासुदेव भगवान् कपिलै मुनी ॥
उहाँको नजिकै चर्ने देखे घोडाकनै पनि ।
उनमा खुश भो राम ! उप्रमै न हुने अनि ॥
यही हो यज्ञको घोडा हर्ने, विध्न दिने भनी ।
उहाँलाई गरी लक्ष्य रिसाए सब ती अनि ॥
आँखा राता भएका थे उनका, हातमा यता ।
शोभिइन्थ्यो हलो, खन्ती, ढुङ्गा-मूढा थिए उता ॥

३१

३२

रिसले चूर भै ज्यादै अब दौडे उहाँति
साठी-हज्जार ती सारा पख! पख!! भन्दै निरन्त
लगाई दोष व्यर्थैमा उहाँ सँग भने यसं
तैंले नै ल्याइछस् चोरी यो हाम्रो अश्व यज्ञ
अब आइ पुग्यौं हामी, हामीलाई चिनिस् त
राजा-सगरका छोराहरू हौं संझि दुर्मते
तिनका यी कुरा सुन्दा यता कपिलमा प
ठूलो क्रोध चढ्यो राम ! हुङ्कारै गर्नु भो
अनन्त-शक्ति धर्ने ती महात्मा मुनि-देव
पार्नु भो भस्मका थुप्रा खाली हुङ्कारमात्र

३६

इति चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकचालिसौं सर्ग

महाराज–सगरको यज्ञ–समाप्ति

१

छोराहरू गएका ती धेरै दिन बिते पछि ।
भने नृपतिले तेजी अंशुमान्‌कन नाति यी ॥
नाति बाबु ! तिमी साह्रै शूरा छौ, जान्दछौ सब ।
तेजस्वी पनि छौ, पुर्खाहरूकै गुण छन् सब ॥
आफ्ना काकाहरूलाई खोज, भेट, कहाँ गए ।
चोरपक्र, हर्‍यो जल्ले त्यो यज्ञीयाश्व बाबु ए ! ॥
सुन बाबु ! धराभित्र रहन्छन् जीव ठूल्ठूला ।
लड्नु पर्छ तिनै साथ लग है धनु, खड्ग ता ॥
प्रणाम वन्दना गर्नु योग्यका व्यक्तिको अघि ।
नुहुनु-झुक्नु है बाबु ! मार्नु बिघ्न हुने जति ॥
यसो गर्दै तिमी खोज घोडा त्यो शुभ यज्ञको ।
भएर सफलै फर्क गराऊ पूर्ण यज्ञ यो ॥
पितामह महात्मा ती राजाका यी कुरा सुनी ।
अंशुमान्‌ यी गए छीटा धनु खड्ग लिई अनि ॥
मनस्वी निज काकाले खनेको भूमिभित्रको ।
बाटो लिएर ती बढ्दै गए, आदेश पाइ त्यो ॥
तेजिला वीरले देखे वहाँ दिग्गज एउटा ।
गर्दथे जसको पूजा नाग राक्षस देवता ॥
परिक्रमा गरी सोधे उनले कुशलादि र ।
घोडा हेर्नेकनै साथ काकाको हाल भै स्थिर ॥
भने दिग्गजले विद्वान् उनीकन यसो अनि ।
भै कृतार्थ लिई घोडा फर्कौला शीघ्र नै भनी ॥
उनको वाक्य यो सुन्दा सबै दिग्गजलाई ती ।
क्रमैले नामाली थाले सोध्न प्रश्न गरी त्यही ॥
वाक्यको मर्म बुझ्ने र बोल्नमा चतुरा अति ।
गरे दिग्गजले राम्रो सत्कार उनको पछि ॥

१३

१४

भने अनि यसो वीर ! तिमी घोडा लिईकन ।
चाँडै नै फर्कि आऔला, जाऊ श्रेय हओस् पुनः ॥
आशीर्वाद लिई यस्तो उनको अंशुमान् गए ।
छीटो गरी जहाँ आफ्ना काकाका भस्म नै थिए ॥
उनको वध भो भन्ने था पाए पछि अंशुमान् ॥
अति दुःखित भै हाले रोए आर्त भई महान् ॥
दुःख-शोक हुने ठूलो उनले नजिकै त्यहाँ ।
देखे चरिरहेको त्यो यज्ञको अश्व घाँसमा ॥
जलाञ्जलि दिने इच्छा उब्ज्यो काकाहरूकन ।
खोजे परिपरी पानी पाएनन् रघुनन्दन ! ॥
टाढाको वस्तु सम्पूर्ण देख्थे यी अंशुमान् अतः ।
यस हेर्दा पर्‍यो आँखा, साक्षात् गरुडमा तव ॥
वेगमा वायु जस्तै थे पक्षिराज यिनी यता ।
आफ्ना काकाहरूका थे मामा नाता हुने उता ॥
भनिए अंशुमान् धीमान् बलवान् वैनतेयले ।
शोकै नगर, भो छोड अंशुमान् नरश्रेष्ठ ए ! ॥
तिम्रा काकाहरूका यी राजा सगर-पुत्रका ।
मृत्यु जो भो, भयो त्यो ता जगत्‌कै श्रेय गर्न ता ॥
अनन्त – शक्तिका साक्षात् कपिलैमुनि बाट यी ।
अत्यन्त बलवान् तिम्रा ढढे काका भए जति ॥
ए विद्वान् अंशुमन्! तस्मात् यिनको मुक्ति-हेतु ली ।
दिनु ता ठीक पर्दैन त्यो लौकिक-जलाञ्जलि ॥
छन् हिमालयकी जेठी छोरी गङ्गा वहीं गई ।
गर तर्पण इत्यादि तिमी गर्छौ भने यदि ॥
पवित्र जगतै पार्ने गङ्गा आई यहाँ जब ।
पवित्र – जलले ढाक्लिन् काकाको भस्म यो सब ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७

तिम्रा साठी-हजारै ती काकाहरू स्वयं तव ।
मुक्त भै स्वर्गमा जालान्, उपाय यसको गर ॥
तिमी घोडा लिई फर्क ए नरश्रेष्ठ ! लौ अब ।
ती पितामह-राजाको गराउ यज्ञ पूर्ण त ॥
आइ राजा भए ठाम हुने दीक्षित यज्ञमा ।
सुनाए हाल भो जो जो भने गरूडले वहाँ ॥
अंशुमान् बाट यो हाल न राम्रो र भयङ्कर ।
सुने सगर-राजाले भए दुःखी निरन्तर ॥

३०

३१

लिई नियम कल्पोक्त राजाले आफ्नु यज्ञ त्यो ।
विधिसाथ गरे पूर्ण गर्नु पर्ने गरी कुरो ॥
सकेर यसरी यज्ञ राजा-सगर भूपति ।
भई सम्पन्न शोभाले आए नगरमा पछि ॥
आएर राजधानीमा ती गङ्गालाइ ल्याउँन ।
गरे शोच निकै, कत्ति सकेनन् पार पाँउन ॥
धेरै कालतकै शोच्ता-शोच्ता पनि कसै गरे ।
सकेनन् निश्चयै गर्न निकै नै पीरमा परे ॥

३४

अन्तमा तीस हज्जार वर्षसम्म निरन्तर ।
गरेर राज्य त्यो राजा स्वर्गलोक पुगे स्थिर ॥

३५

इति एकचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयालिसौं सर्ग
गङ्गा ल्याँउनमा राजा भगीरथको प्रयत्न

१

गएमा स्वर्ग ती राजा धर्मात्मा अंशुमान्‌कन ।
राखे राजा बनाएर प्रजाले रघुनन्दन !॥
ए राम ! अंशुमान् ज्यादै प्रतापी नृप थे उता ।
दिलीप उनका छोरा पनि त्यस्तै थिए यता ॥
दिई दिलीपमा राज्य अंशुमान् ती गए पछि ।
टाकुरामा हिमालैको वहाँ तप गरे अति ॥
गरे बत्तीस हज्जार वर्षसम्म वहाँ तप ।
यशस्वी अंशुमान् राम ! गए स्वर्गतिरै तव ॥
सुने दिलीप-राजाले ती बाजेहरूको बध ।
दुखी बुद्धि लिई शोच्ता भेटेनन् तर निश्चय ॥
सँधै चिन्तित हुन्थे ती गङ्गालाई कसोगरी ।
ओराल्ने यस पृथ्वीमा, होला यो काम के गरी ? ॥
त्यै गङ्गा-जलले बाजेहरूलाइ जलाञ्जलि ।
दिउँला कसरी फेरि उद्धार गरूँला पछि !॥
यस्तो चिन्ता लिई नित्य बस्ने राजा-दिलीपको ।
धर्मात्मा जन्मिए छोरा हुने नाम भगीरथ ॥
नाना प्रकारका कैयौं गरे यज्ञ दिलीपले ।
राज्य त्यो तीस हज्जार वर्ष पर्यन्त नै गरे ॥
ती पितृहरूको आफ्ना गर्न उद्धार क्यै गरे ।
सकेनन् पाँउनै तत्त्व, रोगी भै अन्तमा मरे ॥
ती राजा स्वर्ग जाँदामा कमाएका स्वकर्मले ।
छोरा भगीरथैलाई आफ्नो राज्य दिए, गए ॥
थिए अत्यन्त धर्मात्मा नृपश्रेष्ठ भगीरथ ।
कुनै थिएन सन्तान, खोज्थे पाँउन ता सुत ॥
यस्तो भए पनी राजा राज्यको भार त्यो सव ।
मन्त्रीमा सुम्पिइ लागे गङ्गा ल्याउँन तर्फ त ॥

१३

१४

गोकर्ण - तीर्थमा आए महाराज भगीरथ ।
रोकी इन्द्रिय इत्यादि गर्न लागे महान् तप ॥
थिए माथि उठाएका राजाले आफ्नु बाहु ती ।
मैन्हा पुगे पछी खान्थे, ताप्थे पञ्चाग्नि नित्य यी ॥
ती भगीरथ राजाले यस्तो घोर गरी तप ।
विताए एक हज्जार वर्षको काल राघव !॥
बल्ल तुष्ट भए ब्रह्मा प्रजाका पति ईश्वर ।
आए राजा भए ठाम लिई साथ सवै सुर ॥
भएका तपमा लीन राजालाई भने अनि ।
भएँ तुष्ट, गऱ्यौ यस्तो तपस्या, वर ल्यौ भनी ॥
हात जोडेर तेजस्वी महान् बाहु हुने नृप ।
सम्पूर्ण लोकका बाजे भन्छन् ब्रह्मा सँगै तव ॥
हुनुहुन्छ भने देखि प्रसन्न भगवान् ममा ।
यदि मैले गरेको क्यै तपः-फल छ ता यहाँ ॥
राजा सगरका छोरा साठी-हज्जार ती अव ।
जलाञ्जलि म द्वारा नै पाँउन्, मुक्त हऊन् सव ॥
उनका भस्मको राश गङ्गाका जलले भिजे ।
तुरुन्तै मुक्त भै जान्थे स्वर्गमा सब ती विधे !॥
प्रभो ! सन्तानको निम्ति माग्छु फेरि म यो वर ।
निःसन्तान नहोस् कैले हाम्रो इक्ष्वाकुको कुल ॥
सम्पूर्ण लोकका बाजे ब्रह्माले भन्नु भो अनि ।
मीठो कल्याण-वाणीमा राजाका यी कुरा सुनी ॥
हो मनोरथ यो ठूलो, महारथ भगीरथ ! ।
त्यस्तै होस्, जय होस् तिम्रो, इक्ष्वाकुकुलवर्धक !॥
हुन् हिमालयकी छोरी जेठी गङ्गा, उनीकन ।
गर्न धारण सर्वात्मा शङ्करै सँग गै भन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

स्वर्गबाट उनी झर्दा उनको वेग खप्न त्यो ।
सक्तिनन् ए महाराज ! पृथ्वी पनि महान् छ जो ॥
भगवान् शिव बाहेक धर्दछन् जुन शूल ती ।
गर्न धारण त्यो वेग सक्तैनन् अरु व्यक्ति यी ॥

२८

२९

राजालाई भने यस्तो लोक रच्ने विरिञ्चिले ।
राजा माथि दया गर्दै पछि गङ्गाकन भने ॥
सेना-मेना लिई साथ मरुद्गण र देवता ।
ब्रह्मा धामतिरै आफ्नो गए खुश भई तदा ॥

३०

इति बयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रितालिसौं सर्ग

गङ्गावतरण

१

उता गए पछि ब्रह्मा, यता नृपतिले तव ।
पाउको बुढी-औंलाले पृथ्वी टेकी गरे तप ॥
एक वर्ष वित्यो पूरा, जगत्‌ले ढोगिने अति ।
उमापति वहाँ आए राजासँग भने यति ॥
तिमीबाट भएँ तुष्ट, तिम्रो प्यारो म गर्दछु ।
गङ्गालाई म नै राजा शिरमा अब धर्दछु ॥
भगवान् शिवले यस्तो दिंदा स्वीकृति राघव ! ।
ती हिमालयकी छोरी गङ्गाको वेग भो दृढ ॥
आकाशबाट तत्काल शिवको शिरमा शुभ ।
ओर्लिइन् रूप ली ठूलो पूज्य भै लोकका सब ॥
थाम्नै नसकिने जस्तै भएकी शोच्तछिन् उनी ।
शिवलाई लिई पस्छु पातालै वेगिली बनी ॥
गङ्गाको यो अहं ताडी झोक्किई शोच्तछन् शिव ।
बिलाउँने जटामा यै म पार्छु यिनलाई त ॥
भगवान् शिवको त्यस्तो पवित्र शिरमा तव ।
गङ्गा आइ झरिन् राम ! पुण्यरूप लिदै अब ॥
शिवको शिर देखिन्थ्यो जटामण्डलरूपको ।
गुफाले शोभिए जस्तो त्यो हिमालय नै न हो ॥
शिवको त्यो जटाबीच झरिन् तर रुमल्लिइन् ।
सकिनन् झर्न पृथ्वीमा, रिङ्न सम्म रिङीरहिन् ॥
त्यहीं घुमिरहिन् गङ्गा अनेकौं वर्ष सम्म त ।
गङ्गालाइ न देख्तामा भए खिन्न भगीरथ ॥
तप चर्को गरे फेरि पछि त्यै ठाममा बसी ।
भगवान्‌लाइ सर्वात्मा पारि हाले छिटै खुशी ॥
भगवान् शिवले राम ! गई बिन्दुसरोवर ।
छोड्दिए, अब गङ्गाको सात धारा भयो जल ॥

१३

१४

ह्लादिनी, पावनी अर्को नलिनी नाम तीन यी ।
पवित्र जलका धारा पसे पूर्वतिरै पछि ॥
सुचक्षु आदिका तीन सीता, सिन्धु-महानदी ।
पवित्र जलका धारा बहे पश्चिम तर्फ यी ॥
गङ्गाको शेष त्यो सातौं धारा चाँहि यतातिर ।
ए राम ! बहँदै आयो भगीरथ भएतिर ॥
चढी स्वरथमा दिव्य ती राजर्षि बढे अघि ।
लागिन् भगवती-गङ्गा राजाको यी पछी पछि ॥
शिवको शिरमा पैले झरिन् आकाश बाट ती ।
झरिन् अनि वहाँबाट यो पृथ्वीतलबीच यी ॥
चर्को शब्द गरी मीठो गङ्गाको जल त्यो अब ।
लाग्यो बहन राजाको रथको पछि राघव ! ॥
खस्ने खसिसकेका ती शिशुमार र कच्छप ।
मत्स्यादिले भइन् पृथ्वी अति शोभित वास्तव ॥
नभबाट झरी गङ्गा घुमेकी हेर्न देव र ।
गन्धर्व-यक्ष-सिद्धादि आए, हेरे भई स्थिर ॥
विमानभा पुरै जस्तो घोडा र गज आदिमा ।
चढेका देवता आए शोभा हेर्न स्वयं वहाँ ॥
अति अद्‌भुतको यस्तो गङ्गावतरण-क्रिया ।
हेर्न जम्बा भए सारा तेजस्वी देवता तथा ॥
देवको हेर्न आएका ती अलङ्कार-कान्तिले ।
शयौं सूर्य उदाए झैं देखियो नभ निर्मल ॥
अति चञ्चल माछाले शिशुमार र नागले ।
विजुली चम्किए जस्तो देखियो नभ-मण्डल ॥
गङ्गाका जलका फींज वायुका झोकमा परी ।
घुम्थे हजार टुक्रा भै नभबीच वरीपरी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

नभ मैं देखियो राम ! शरत्का श्वेत-मेघले ।
अतिशोभित त्यो बेला हाँसका ती उडाइले ॥
त्यो गङ्गा-जलको धारा बहन्थ्यो भै छिटो कहीं ।
टेढो-मेढो कहीं हुन्थ्यो, चौडा हुन्थ्यो कहीं कहीं ॥
कहीं भने तलै झर्थ्यो, उकालै चढ्दथ्यो कहीं ।
बहन्थ्यो अति विस्तारै सम्म भूमि मिले कहीं ॥
पार्थ्यो आघात आफैंमा जलले आफ्नु नै कहीं ।
उक्लन्थ्यो त्यो उकालोमा, झर्दथ्यो झन् तलै कहीं ॥
शिवको शिरमा झर्दै खसेको भूमिबीच यो ।
अतिनिर्मल निस्पाप गङ्गाको जल शोभियो ॥
पृथिवीतलमा बस्ने ऋषि-गन्धर्वले अहो ! ।
अचाए जल हो भन्दै खसेको शिव-अङ्गको ॥
आकाशबाट पृथ्वीमा ओर्लने श्रापले गरी ।
तुहाई जलमा त्यस्तो छोडे पाप भए जति ॥
यो गङ्गा-जलले आफ्नो नाशी पाप भए जति ।
आफ्नो लोकतिरै लागे फेरि आकाशमा चढी ॥
यो गङ्गाजलले पुण्य सारा लोक भयो खुश ।
पाप-ताप सबै फ्याँक्यो तुहाई जलमा त्यस ॥
ती भगीरथ-राजर्षि त्यो दिव्यरथमा चढी ।
गए अगाडि, गङ्गाजी दौडिइन् नृपको पछि ॥
सारा ऋषि तथा देव दैत्य दानव राक्षस ।
गन्धर्व यक्षप्रवर ती किन्नर महोरग ॥
अप्सरा सर्प इत्यादि राजाका रथको पछि ।
गङ्गा सँगै-सँगै हिंड्थे, जलका जीव थे खुशी ॥

३८

३९

राजा जता जता जान्थे गङ्गा जान्थिन् त्यतै त्यता
यशस्विनी थिइन्, पाप नाशतथिन् गिरिकी सुता
महात्मा जह्नु राजा थे अति अद्भुत-विक्रमी
गर्दथे यज्ञ ती ठूलो, हुँदैथ्यो काम त्यो पनि
यसै बेला वहाँ राम ! राजा यै मार्ग ली पुगे
छेउ लागि बढे, गङ्गा पुगिन् सामान ती बहे
गङ्गाको गर्व यो संझे राजाले क्रुद्ध भै तब
शक्तिमान् थे पिए राम ! गङ्गाको जल त्यो सब
रघुनन्दन ए राम ! अति अद्भुतको कुरो
यही भो, जगतै सारा आश्चर्य चकितै भयो
देव-गन्धर्व-ऋषिले महात्मा नरश्रेष्ठ ती
राजर्षि जन्हुलाई ती खुश पारे गरी स्तुति
महात्मा जन्हु-राजाकी छोरीको रूपमा पनि
गङ्गालाई बनाएर निकाल्देउ भने यही
छोड्दिए कानको बाटो खुश भै नृपले तब
तस्मात् जन्हु-सुता गङ्गा भनिन्छिन् जान्हवी अब
ती भगीरथ-राजाका रथको गै पछीपछि
सिन्धुसम्म पुगिन् राम ! यी नदीश्रेष्ठ जान्हवी
राजाका पितृ तार्ने त्यो कार्यसिद्ध गराउँन
पछि गङ्गा पुगिन् राम ! रसातल पनि पुनः
यत्नपूर्वक गङ्गा ली भगीरथ गए वहाँ
हुने श्राप परी भस्म देखे पितृकनै जहाँ
गङ्गाको जलले पुण्य भिजायो भस्मराशि त्यो
गए स्वर्ग भई मुक्त तत्काले पितृ, भूपको

५०

इति त्रितालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवालिसौं सर्ग

सगरका छोराहरूको स्वर्गगमन

१

गङ्गा पछि लगाएर राजा सिन्धुतकै पुगे ।
पितृभस्म भए ठाम अनि पातालमा पसे ॥
भस्मलाइ भिजाएथ्यो गङ्गाको जलले जव ।
भए प्रकट ब्रह्मा र राजालाइ भने तव ॥
छोरा सगरका आफ्ना साठी-हज्जार पितृ ती ।
तार्‍यौ सव गए स्वर्ग ए राजा ! देवभैं भई ॥
पृथ्वीबीच रहे सम्म शुभ सागरको जल ।
स्वर्गमा रहलान् राजा! देवभैं भइ ती सव ॥
जेठी छोरी भइ तिम्री यी गङ्गा रहलिन् सुन! ।
होलिन् प्रसिद्ध पृथ्वीमा यी तिम्रै नामले पुनः ॥
राजा! त्रिपथगा दिव्या तथा भागीरथी पनि ।
लेलिन् यी तीन नामैले प्रसिद्धि जनमा यिनी ॥
आकाश भूमि पाताल ती तीनै मार्ग जो लिइन् ।
पार्दै पवित्र बग्दै जो, तस्मात् त्रिपथगा भइन् ॥
अव यो जलले राजा ! पितृको तर्पणै गर ।
आफ्नो र आफ्नु पुर्खाको प्रतिज्ञा पूर्ण त्यो गर ॥
धर्मात्मा कीर्तिका ठूला राजा-सगरको पनि ।
सकेन पुग्न यो धोको गङ्गा ल्याँउनुको अनि ॥
अतुल्य-तेजका अर्का अंशुमान् नृपले तथा ।
गङ्गा ल्याइ सकेनन् त्यो प्रतिज्ञा पूर्ण पार्न ता ॥
उनी राजर्षि हुन् ठूला महर्षि सरि तेज थ्यो ।
मेरो जस्तै तपस्या थ्यो. पाल्दथे क्षत्र-धर्म जो ॥
महान् सौभाग्यशाली हौ तिमी, तिम्रा पिता पनि ।
दिलीप जुन हुन् , साह्रै तेजिला हुन् उनी पनि ॥

१२

१३

गङ्गालाई खुशी पारी यहाँ ल्याँउन वास्तव ।
सकेनन् यत्न गर्दामा पनि ता उनले तव ॥
तिमीले पूर्ण पार्‍यौ यो प्रतिज्ञा, धन्य छौ नृप! ।
ठूलो यश कमायौ यै ठूलाले मानिने सव ॥
जो गङ्गालाइ ओराल्यौ यसले त्यो ब्रह्मलोकमा ।
अधिकार भयो तिम्रो जो धर्माधार हो वहाँ ॥
गर स्नान तिमी आफैं पनि यो जलमा शुभ ।
भएर शुद्ध ए वीर! पाउ त्यो पुण्यको फल ॥
सव पितृहरूलाई अव देउ जलाञ्जलि ।
म जान्छु श्रेय होस् तिम्रो जाउ राजा! तिमी पनि ॥
ब्रह्मा महान् यशस्वी ती देवका देव जो थिए ।
भनी यत्ति उनीलाई आए जस्तै गरी गए ॥
गंगाको जलले पुण्य अनि पितृहरूकन ।
जलाञ्जलि दिए राम ! विधिसाथ लिई क्रम ॥
नुहाई शुद्ध भै फेरि राजधानीतिरै गए ।
सवै इच्छा पुर्‍याएर आफ्नो राज्य गरी वसे ॥
यस्ता राजाकनै पाई दुनियाँ भो निकै खुश ।
दुःख शोक हर्‍यो, धोको पुग्यो, बाधा छुट्यो सव ॥
गङ्गाको यो कथा मैले भनें विस्तारपूर्वक ।
तिम्रो कल्याण होस् राम! सन्ध्याकाल भयो अव ॥
यो श्रेयमय आख्यान नित्य आयु बढाँउछ ।
दिई पुत्र तथा कीर्ति स्वर्गप्राप्ति गराँउछ ॥
विप्र-क्षत्रियलाई र अरु वर्णकनै तथा ।
हुन्छन् सुनाउने माथि खुश ती पितृ-देवता ॥

२४

गङ्गा ओर्लनुको गाथा सुन्नेको पाप भाग्दछ ।
धोको पुग्छ सबै फेरि, आयु सत्कीर्ति बढ्दछ ॥

२५

इति चवालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैतालिसौं सर्ग

समुद्र-मन्थन

१

भाई लक्ष्मणका साथै मुनिका यी कथा सुनी ।
साह्रै छक्क परे राम, ऋषिमा यो भने अनि ॥
गङ्गा ओर्लनु पृथ्वीमा, भरिनु सिन्धु पुण्य यो ।
भन्नु भो गुरुले गाथा अति अद्भुत नै हुँदो ॥
कथा आज्ञा भएको यो विचार्दा सब राम्ररी ।
काम-क्रोधादिका शत्रो ! विती रात्रि छिनै सरि ॥
सुमित्रा-सुत यी भाई प्रिय लक्ष्मण साथ ली ।
पवित्र गुरुको गाथा शोच्तै रात वितेछ यी! ॥
अब राम्रो उज्यालो भो; तपस्या नै हुने धन ।
मुनिले आफ्नु ती सारा नित्य कर्म सके पुनः ॥
गई मुनि भए ठाम राम भन्छन् यसो अनि ।
वित्यो रात सुनें मैले कथा अद्भुत यो पनि ॥
भगवन् ! अब पुण्या यी नदी त्रिपथ-गामिनी ।
भागीरथी तरौं हामी जाऔं पारतिरै पनि ॥
सर्वदा पुण्य- कर्मैमा लागेका ऋषिको पुनः ।
आएको छ यहाँ डुङ्गा, तार्न हामीहरूकन ॥
बस्नमा सजिला राम्रा भित्र छन् मृदु-आसन ।
छीटो गरि पठाएको पार पुग्न हजुर्कन ॥
महात्मा रामका यस्ता कुरा कौशिकले सुने ।
साथमा ऋषि-संघैको तारे, पछि स्वयं तरे ॥
गङ्गाको उत्तरैपट्टि बसेका मुनि आदिको ।
गरे पूजा र सत्कार जानेले अब योग्यको ॥
गङ्गाको तटमा त्यस्तो बसे थ्याच्च त्यहीं सब ।
हेर्न लागे विशाला ती पुरीको सुषमा तब ॥
राम-लक्ष्मण ली साथ तुरुन्तै मुनि ती गए ।
नगरी भित्र त्यो दिव्य स्वर्ग जस्तो रमाइलो ॥

१३

१४

हात जोडेर श्रीराम सोध्छन् मुनि सँगै अनि ।
विशालाको मुने ! त्यस्तो महत्त्व किन भो भनी ?॥
यो विशालापुरीबीच राजाको कुन वंश छ !
गुरुको जय होस्, भन्नोस् सुन्न चाख मलाइ छ ।
सुनी यो रामको प्रश्न मुनि ती भन्दछन् यसो ।
त्यस्ती पुरी विशालाको प्राचीन इतिहास यो ।
सुन राम ! ममा भन्थे कथा अघि सुरेन्द्र ती ।
यो ठाममा घटेका थे घटना जति ध्यान दी ।
त्यो सत्ययुगमा राम ! दितिका पुत्र वास्तव ।
जुन दैत्यहरू हुन् ती वलीया थे निकै सब ।
यता आदितिका छोरा देवताहरू यी पनि ।
थिए अत्यन्त धर्मात्मा भाग्यवान् वीर्यवान् पनि ॥
भए ती देवता-दैत्य शोच यो मनमा लिने ।
न मर्ने न हुने बूढो, निरोगी कसरी हुने? ॥
शोच्ता-शोच्तै यही विद्वान् देवता-दैत्यले पछि ।
ठमाए अमृतै झिक्ने समुद्र-मथनै गरी ॥
दुवैथर मिले पारे वासुकीलाइ नेति र ।
मदानी मन्दरै पारे मथे क्षीरोद घर्घर ।
हजारौं वर्ष वित्तै गो सर्पका नेति रूपका ।
मुखका निस्किए ज्वाला छादेका विषका कडा ॥
मन्दराचलका त्यत्रा त्यत्रा ढुङ्गाहरूकन ।
सर्पका दाँतले थाले अब डस्न दनादन ॥
समुद्र यसरी मथ्ता देवले दैत्यले अहो ! ।
हालाहल लिने नाम तीव्र त्यो विष निक्लियो ॥
परिपूर्ण भएको यो देव-दैत्य र मर्त्यले ।
जगत् सारा डढायो त्यो विषका उग्ररूपले ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अब टिक्नै सकेनन् ती देवता शम्भु-पाउमा ।
गए शरणमा पर्न त्राहि त्राहि ! भनी वहाँ ॥
देवाधिदेव थे त्यस्ता जगत्को श्रेय गर्दथे ।
देवको स्तुति त्यो आर्त सुने शिव खुशी भए ॥
तस्मात् प्रकट भै हाले वहीं नै शिवजी उता ।
हरि आइ पुगे ठ्याक्क शंख-चक्र धरी यता ॥
भने त्रिशूल धर्ने ती शिवमा हरिले यसो ।
देव-दैत्य मिली मथ्ता सिन्धु त्यो जो उपद्र भो ॥
निक्लेको पहिले वस्तु प्रभुकै भाग हुन्छ त्यो !
हजूरै भइ बक्सिन्छ देवका अग्ररूप जो ॥
अग्रपूजा यही नै भो तसर्थ भगवान् अब ।
यहीं बसि-बसी सारा गर्नोस् भक्षण यो विष ॥
भनी यत्ति उहाँलाई देवता श्रेष्ठ श्रीहरि ।
हराए सबले हेर्दा-हेर्दैमा भै वरीपरी ॥
वता श्रीशिवले त्यस्ता देख्नु भो देवको भय ।
भगवन् हरिले त्यस्तो भनेको सुन्नु भो सब ॥
अनि यस्तो महान् चर्को हलाहल विषैकन ।
अमृतै तुल्य मानेर गर्नु भो सब भक्षण ॥
पछि देवहरूलाई त्यहीं छोडेर शङ्कर ।
जानु भो धाममा आफ्नो, भए शान्त सुरासुर ॥
मथ्न सन्दर थाले त्यो अब फेरि मिली सब ।
पुग्यो त्यो गिरि पाताल आधार न हुँदा तल ॥
गन्धर्व देवता लागे हरिको गर्न नै स्तुति ।
जगत्का सब प्राणीको हरि नै एक हौ गति ॥
प्रभो ! खास गरी हाम्रो तिमी आधार एक छौ ।
रक्षागर महाबाहो ! यो पर्वत उठाइ द्यौ ॥
देवको स्तुति यो सुन्दा इन्द्रियाधीश श्रीहरि ।
कछुवाको लिए रूप पुगे पाताल त्यै घडी ॥
उठाई गिरिलाई त्यो राखी पिठिङ्मा सुते ।
यता मास्तिर टुप्पोमा बाहुले जोडले थिचे ॥
अनि आफु भई ठिक्क बीचमा देव-दैत्यको ।
बसेर विभु-सर्वात्मा मथ्न लागे समुद्र पो ॥

४३

हजार वर्ष बित्तामा क्षीर-सागर बाट त्यो ।
आयुर्वेदमयः साक्षात् एउटा व्यक्ति निस्कियो ॥
धर्मात्मा त्यो थियो ज्यादै लिन्थ्यो दण्ड-कमण्डलु ।
'धन्वन्तरि' थियो नाम थ्यो साक्षात् सरि आत्मभू ॥
निस्के त्यस पछी राम ! अप्सरा जगमगाउँदा ।
हुँदा अप् बाट निस्केका भनिन्छन् सब अप्सरा ॥
साठी-करोडको संख्या अप्सराको छ राघव ! ।
दासी छन् उनका फेरि बेगिन्ती र असंख्य छ ॥
अप्सराहरूलाई यी कुनै देव र दैत्यले ।
सकेनन् ग्रहणै गर्न तस्मात् साधारणै भए ॥
फेरि मथ्तै गए, निक्लिन् पुत्री वरुणको अनि ।
सुराभिमानिनी देवी वारुणी जुन थिन् उनी ॥
आफूलाई रुचाएर आफ्नी पत्नी बनाउने ।
को होला? पाइएला को? भनी खोज्दथिइन् उनी ॥
दैत्यले दितिका छोरा लिएनन् वारुणीकन ।
अदितिपुत्र द्यौताले लिए ती सुन्दरीकन ॥
सुरलाइ न टेर्ने ती भए असुर-दैत्य र ।
सुरालाई हुँदा टेर्ने भए ती देवता सुर ॥
पाई यी वारुणी देवी मग्न-मस्त भए सुर ।
घोडा उच्चैः श्रवा निक्ल्यो मथ्ता अनि धनुर्धर ! ॥
मणि-कौस्तुभ त्यो निक्ल्यो पछि ता अति उत्तम ।
निक्ल्यो अनि सुधा राम ! पाथ्र्यो जो अजरामर ॥
अब अमृतको निम्ति झगडा पर्न गो वहाँ ।
कुलै नाश हुने ठूलो रिसले देव-दैत्यमा ॥
देवले दैत्यलाई ती चुट्न सम्म चुटे वहाँ ।
पछि मिल्न पुगे राम ! दैत्य राक्षस साथमा ॥
अब घोर लडाईं भो त्रैलोक्यभरका सब ।
दुनियाँ चकितै पर्थे देख्ता यो युद्ध राघव ! ॥
देव-दैत्य भए स्वाहा, विष्णुले ती महाबल ।
लिएर मोहिनी माया हरे अमृत त्यो जब ॥
त्यो सुधा जो गए खोस्न झम्टिदै विष्णुको पछि ।
सखाप युद्धमा पारे विष्णुले दैत्यलाई ती ॥

CC-0. In Public Domain. Digitization by eGangotri

समर्थ बलवान् ज्यादै पुरुषोत्तम विष्णु थे ।
अविनाशी थिए साक्षात् ,अनि के बाँकि राख्तथे ? ॥
५९

दितिका पुत्रलाई ती मारे अदिति - पुत्रले ।
युद्धमा यो महान् घोर विजयी देवतै भए ॥
६०

सखाप दैत्य पारेर इन्द्रले राज्य त्यो गरे ।
देव चारण गन्धर्व ऋषि साथ खुशी भए ॥
६१

इति पैंतालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयालिसौं सर्ग

मरुद्गणको उत्पत्ति

१

दिति दुःखित थिन् ज्यादै छोराहरू मरे पछि ।
भन्छिन् मरीचिका छोरा पति-कश्यपमा पछि ॥
भगवन्! प्रभुका छोरा बलवान देव आदिले ।
मेरा छोराहरूलाई भुसुक्कै पारि मार्दिए ॥
चर्को, कालतकै लामो गरेको तपबाट म !
पुत्र पाउँन चाहन्छु इन्द्र मार्ने सकोस् जुन ॥
तपस्या गर्छु तस्मात् म ममा आज्ञा दिनोस् अब ।
रहोस् गर्भ पनी मेरो इन्द्र मार्ने हओस् सुत ॥
दुःखिनी दितिको यस्तो भनाई सुनि अन्तमा ।
भन्छन् मरीचिका छोरा ऋषि-कश्यपजी वहाँ ॥
शौच आचार इत्यादि पाल राम्रो गरी यहाँ ।
अनि जन्माउँली छोरो इन्द्र मार्ने लडाइँमा ॥
भनेर यत्ति तेजस्वी ऋषिले दितिलाइ ती ।
मुसारिए गरी माया अङ्ग ती उनका पछि ॥
तिम्रो कल्याण होस् देवि ! भनेर अनि प्रेमले ।
तपस्या गर्नको निम्ति ऋषिराज वनै गए ॥
गइन् दिति लिई हर्ष त्यो कुशप्लव-क्षेत्रमा ।
तपस्या गर्न लागिन् ती घनघोर स्वयं वहाँ ॥
इन्द्रले पछि था पाए तप गर्दा उनीकन ।
गर्न लागे स्वयं सेवा विनयादि लिई गुण ॥
ल्याउँथे समिधा अग्नि फलमूल जलादि त्यो ।
टक्र्याउँथे उनीलाई चाहिन्थ्यो अरु वस्तु जो ॥
थकाई मारि दिन्थे ती खुट्टा-आङ थिची-मिची ।
गर्दथे चौविसै घण्टा दितिको इन्द्र चाकरी ॥
दशै वर्ष भयो बाँकी हुन पूर्ण हजारमा ।
भइन् खुश उनी साऱ्है भनिन् यो पछि इन्द्रमा ॥
१३

१४

बाबु ! तिम्रा पिता साथ गर्दामा सुत याचना ।
वर त्यो दिनु भो होला भनी वर्ष हजारमा ॥
यसरी तप गर्दामा अब बाँकी भए दश ।
तिम्रो भलाइ होस् बाबु ! देख्ने छौं अनि भाइ त ॥
तिम्रो विनाशको निम्ति माग्दथे पुत्र पाउँ, जो ।
होला जित्ने तिमीलाई अनि सद्वीर्य पुत्र त्यो ॥
त्यसलाई म रोक्नेछु त्रैलोक्य विजयै गरी ।
त्यसकै साथ भोगौला पछि भोग थरी-थरी ॥
थियो मध्यान्हको वेला यसो भन्दै थिइन् दिति ।
छोप्यो ढपक्क निद्राले, उँघ्न थालिन् उहीं बसी ॥
कपाल शिरका सारा खुट्टामा लत्रिनै पुगे ।
हुँदा वेहोस निद्रामा शिरमा पाउ यी चढे ॥
अब पाउ भए राम ! आधार शिरका वहाँ ।
दितिको स्थिति उल्टो भो चढे चरण शीर्षमा ॥
देख्ता यो इन्द्रले ताडे अपवित्र भइन् भनी ।
हाँस्न सम्म उनी हाँसे ज्यादै खुश भए अनि ॥
छिद्र पाइ पसे भित्र दितिको पेटमै उनी ।
सात टुक्रा गरी काटे गर्भलाई वहाँ पनि ॥
वज्रले त्यो शयौं धारे काटिंदा शिशु गर्भको ।
निकै जोड गरी रोयो, निद्रा यी दितिको खुल्यो ॥
भित्र ती इन्द्र भन्दै थे गर्भलाई न रोउ भो ।
काट्तै पनि थिए फेरि टुक्रा पारेर गर्भको ॥
भन्दथिन् दिति यै वेला इन्द्र ! भो भो नमार भो ! ।
आए बाहिर माताको मान राख्न भनाइ यो ॥
जोडे सुरेन्द्रले हात दितिलाइ भने यसो ।
पाउमा शिर राखेर भई अशुचि सुत्नु भो ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

पाई अशुचि यो छिद्र म पसें पेट भित्र र ।
सात टुक्रा गरी काटें गर्भ त्यो अति दुर्धर ॥
२७

मलाई मार्न चाहन्थ्यो गर्भ त्यो युद्धमा सुमा ! ।
अनि मैले गरें त्यस्तो, होस् क्षमा अब ता ममा ॥
२८

इति छयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतचालिसौं सर्ग

विशाला पुरीको वर्णन

१

सात टुक्रा गराएमा यसरी गर्भ आफ्नु त्यो ।
दिति दुःखी भइन् ज्यादै, इन्द्रलाइ भनिन् यसो- ॥
गर्भको सात टुक्रा भो यो मेरै अपराधले ।
तिम्रो दोष कुनै छैन यसमा प्रिय इन्द्र ए ! ॥
तिमीले क्रूर जो कर्म गर्‍यौ यो गर्भ नाशनमा ।
के गर्दा प्रिय होला त्यो तिम्रो-मेरो निमित्तमा ॥
मेरा यी गर्भका टुक्रा सातोटा सात व्यक्ति भै ।
गरुन् स्वामित्वको प्राप्ति, ती मरुद्गण-सातकै ॥
यी मेरा पुत्र सातोटा दिव्यरूप हुने सब ।
शुभ "मारुत" नामैले होऊन् विख्यात वास्तव ॥
छन्, वातस्कन्ध, जो सात सुप्रसिद्ध अकाशमा ।
यिनको साथ-साथैमा भई स्वामी घुमुन् वहाँ ॥
गए त्यो पहिलो चाँहि घुमोस् गै ब्रह्मलोकमा ।
इन्द्रलोक पुगोस् दोस्रो आफ्नो स्वामित्व साथमा ॥
तेस्रो महान् यशस्वी त्यो मरुद्गण पुरन्दर ! ।
दिव्य-वायु भई ख्यात अन्तरिक्ष घुमोस् सब ॥
मेरा बाँकी रहेका ती चारोटा पुत्रका गण ।
घुमुन् आज्ञा सरी तिम्रो दिशा र विदिशा पुनः ॥
तिम्रो भलो हवोस् बाबु ! तिमीले पनि मारुदः ।
भन्यौ जो रुन लाग्दा, त्यै नाम होस् ख्यात मारुत ॥
भनाइ दितिको सुन्दा इन्द्रले बलसूदन ।
हात जोडी गरे विन्ति दितिमा यसरी पुनः ॥
आमा ! हजुरले आज्ञा भएझैं गर्छु त्यो सब ।
ती देवरूप घुम्नेछन् सब यी, छैन संशय ॥

१२

१३

यो तपोवनमा राम ! यसरी दिति इन्द्र ती ।
कृतार्थ भै गए स्वर्ग पक्का-पक्की गरी यति ॥
यै कुरा सुन्दछौं हामी जहाँ गर्थिन् तपै दिति ।
यो त्यही ठाम हो राम ! गर्थे सेवन इन्द्र ती ॥
राजा इक्ष्वाकुका विद्वान् धर्मात्मा पुत्र एक थे ।
विशाल नामले बाबु ! प्रसिद्ध पछि जो भए ॥
जन्मे अलम्बुषा बाट, उनैले ठाममा यस ।
पुरीलाइ विशाला यो बसाए अतिविस्तृत ॥
विशालका भए छोरा बलवान् हेमचन्द्र ती ।
यी हेमचन्द्रका छोरा छन् प्रसिद्ध सुचन्द्र यी ॥
सुचन्द्रका भए छोरा ख्यात धूम्राश्व नामका ।
भए सृञ्जय नामैका उनका पछि पुत्र ता ॥
सहदेव भए धीमान् प्रतापी उनका सुत ।
कुशाश्व यिनका छोरा भए अत्यन्त धार्मिक ॥
कुशाश्वका भए छोरा तेजस्वी सोमदत्त र ।
ककुत्स्थ नामले ख्यात उनका जन्मिए सुत ॥
बस्छन् ऐले पुरीमा यो तिनैका पुत्र भै नृप ।
राम्रा सुमति यो नाम भएका वीर दुर्जय ॥
राजा सब विशालका कृपा इक्ष्वाकुको हुँदा ।
पराक्रमी मनस्वी छन् धर्मात्मा वीर्यवान् तथा ॥
आज रात सुतौं हामी सुख साथ यहीं अब ।
बिहानै भोलि भेटौंला राजा जनकलाइ त ॥
पुरीमा आफ्नु आएको विश्वामित्र महर्षि ती ।
सुने पछि लिनै आए राजा सुमति यसपछि ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

बन्धु-बान्धव ली आफ्ना पुरोहित सँगै सब ।
गरे यो ऋषिको पूजा तेजस्वी नृपले तब ॥
२५

सोधी कुशल प्रश्नादि जोडी हात बसी अधि
भएर नम्र सोद्धन् ती महर्षि सँग भूपति।
२६

भएँ धन्य ! दया ठूलो गरिएँ दिई दर्शन ।
जो पाल्नु भो यहाँ, छैन म भन्दा धन्य क्वैं जन ॥
२७

इति सतचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठचालिसौं सर्ग

अहल्याश्राप-कथा

१

हुँदा आपसमा भेट सोधी कुशल-प्रश्न ती ।
भन्दछन् ऋषिमा राजा सकी अरु कुरा पछि ॥
प्रभुको जय होस् ! ब्रह्मन् ! को हुन् दुइ कुमार यी ।
देखिन्छन् देवतै ठीक पराक्रमी पनी अति ॥
लस्किन्छन् हात्ति लस्केझैं हिंड्दछन् सिंहझैं यता ।
यी दुवै सिंह-साँढेकै ठीक छन्, वीर छन् उता ॥
हुन् झैं कमलका गट्टा नेत्र छन् अति ठुल्ठुला ।
भिरेका छन् दुवैले यी धनु ठोक्रा र खड्ग ता ॥
ती अश्विनीकुमारैको रूपलाई स्वरूपले ।
पार्छन् लज्जित, देखिन्छन् किशोर तर रूपले ॥
देख्ता यिनीहरूलाई भान हुन्छ यहाँ ऋषे ! ।
स्वर्गबाट झरी आए यदृच्छाले धरात्रिषे ॥
भगवन् ! यी दुवै को हुन् कसका पुत्र हुन् किन ।
यहाँ पैदल नै आए चाहन्छन् गर्न के पुनः ? ॥
शोभा बढाउँछन् जस्तो सूर्य-चन्द्र अकाशको ।
त्यै ठीक देश यो पार्छन् सुशोभित दुवै बडो ॥
छन् दुवै आफुमा मिल्दा शरीर-मन-वाक्यले ।
छन् बराबर यी दोटै, सम छन् हाव-भावले ॥
यस्तो दुर्गम बाटोमा धरी शस्त्रास्त्र उत्तम ।
किन आए दुवै वीर यथार्थै सुन्न पाउँ म ॥
सुनी सुमतिको यस्तो प्रश्न ती ऋषिले पनि ।
सुनाए हाल त्यो सारा घटेको घटना पनि ॥
त्यो सिद्धाश्रममा बस्दा जो भो राक्षसको वध ।
त्यो प्रसङ्ग पनी सारा सुनाए प्रेमले तव ॥
राजा छक्क परे सह्रै सुनेमा ऋषिका कुरा ।
गरे अतिथि-सत्कार यी दुवै भाइको पुरा ॥

१३

१४

दुइटै भाइ थे योग्य अति आदरणीय र ।
बलवान् अति नै फेरि बुद्धिका देहका स्थिर ॥
पाई आदर-सत्कार बसी रात भरी वहाँ ।
हिंडे भोलि विहानै ती मिथिलातिर अन्तमा ॥
पुरी जनक राजाकी देखे, पछि वहाँ पुगे ।
साधु ! साधु भने साह्रै प्रशंसा त्यसको गरे ॥
मिथिला पुरमा यौटा थियो उपवनैनिर ।
पुरानो अति नै राम्रो शून्य आश्रम-मन्दिर ॥
अब देखे त्यसैलाई रामले ऋषिमा अनि ।
सोधि हाले महर्षे ! यो ठाम निर्जन के ? भनी ॥
आश्रमै ठीक देखिन्छ देखिन्नन् मुनि क्वै पनि ।
पहिले कसको यो थ्यो, सुन्न चाहन्छु त्यो पनि ॥
सोधेको रामले सुन्दा भन्न जान्ने महामुनि ।
जुन थे अति तेजस्वी भन्दछन् वाक्य यो अनि ॥
थियो आश्रम यो राम ! पहिले जसको पछि ।
सराप्यो जो महात्माले सुन त्यो तत्त्वसाथ यी ॥
मुनि-गौतमको ठूलो यहाँ आश्रम थ्यो अघि ।
प्रशंसा देवता गर्थे, पूज्दथे दिव्य भै अति ॥
अहल्या साथ ली पत्नी तपस्या गर्दथे यहाँ ।
अनेकौं वर्षपर्यन्त मुनि गौतम शान्तिमा ॥
कुनै दिन गएका थे मुनि गौतम बाहिर ।
मौका मिल्यो यही वेला इन्द्रलाई सुरेश्वर ॥
साक्षात् गौतम कै जस्तो आफ्नो रूप बनाउँदै ।
ती अहल्या भए ठाम आए, अनि भने यसै ॥
सावधान हुने नित्य सुन्दरी ! सुन लौ यता ।
गर्ने जन रतिक्रीडा पर्खिनन् ऋतुकाल ता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

रास्रो कटि हुने देवि ! तिमी साथ यसर्थ म ।
अहिल्यै गर्न चाहन्छु रति-संगम उत्तम ॥
स्वरूप लिइ आएको पति-गौतमको मुनि !
हो देवराज यो, भन्ने अहल्याले चिनिन् पनि ॥
स्त्रीको स्वभावले गर्दा, विग्रँदा बुद्धि ढलिकइन् ।
मलाई इन्द्र चाँहन्छन् भन्ने संझिन् र विग्रिइन् ॥
रतिक्रीडा गरी तुष्ट भएकी ती त्यसै झुकिन् ।
कृतार्थ म भएँ इन्द्र ! यो समागमले भनिन् ॥
चाँडो जाउ, यहाँबाट तर इन्द्र ! महर्षिको ।
बचाउ क्रोधद्वारा त्यो आफुलाई मलाइ यो ॥
भने ती इन्द्रले हाँस्तै अहल्यासंग सुन्दरी ! ।
भएँ म पनि सन्तुष्ट, जान्छु आए सरी गरी ॥
कुटी बाहिर निस्के त्यो, जब इन्द्र गरी यति ।
भेट्लान् गौतमले भन्दै भाग्न खोज्थे छिटो अति ॥
यता ठीक यसै वेला आफ्नो आश्रमभित्र त्यो ।
वेलामै पस्न लागेको मुनि गौतम भेट भो ।
थे तपोबल सम्पन्न ती गौतम-महामुनि ।
कैल्यै सक्तैन थे हेर्न देव-दानवले पनि ॥
तीर्थका जलले पुण्य भिजेको देह थ्यो यता ।
बलेको अग्निझैं जल्दा देखिन्थे तेजिला उता ॥

३६

३७

समिधा-कुश थ्यो राम ! उनको हातमा तब
देख्ता यस्ता उनीलाई खिन्न भो इन्द्र भै भय।
इन्द्रलाई दुराचारी धरेको निजवेष त्यो
देख्ता नित्य सदाचारी मुनिमा क्रोध बढ्न गो।
भने अनि - लिई मेरो रूप यो दुष्ट वासव!
जो कुकर्म गरिस् त्यल्ले विफलै तँ भएस् अब।
महात्मा उनले यत्ति रिसाएर भने पछि
अण्डकोष दुवै त्यस्का तुरुन्तै नै गए खसी।
इन्द्रलाई दिई श्राप दिए पत्नीकनै पनि
हजारौं वर्ष पर्यन्त यहीं नै तँ वसेस् भनी।
निराहार भई यद्वा वायु खाएर कष्टले
यहीं खरानि भै डल्ली रहेस् तँ अति दुःखले।
यो आश्रमभरीका यी प्राणीले पनि वास्तव
देख्ने छैनन् तँलाई ता, यसरी तँ वसेस् अब।
जब यो वनमा घोर आउलान् राम श्रीपति
पाप छुट्ला त्यसै वेला होलिस् शुद्ध पनी अति।
गर्दा अतिथि-सत्कार छुट्लान् यी लोभ मोह र
आउलिस् म भए ठाम आफ्नो रूप धरी स्थिर।
ती दुराचारिणी पत्नी अहल्याकन यो भनी
छोडी आश्रम यो राम ! गए गौतम ती मुनि।

४६

सिद्ध चारण गन्धर्व भएको रमणीय त्यो ।
तपस्या गर्न लागे ती टाकुरामा हिमालको ॥

४७

इति अठचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनञ्चासौं सर्ग
अहल्याको उद्धार

१

अण्डकोष-विनाको भै डराए इन्द्र, राघव! ।
सिद्ध चारण गन्धर्व अग्नि साथ भने तव ॥
ती गौतम महात्माको तपमा विघ्न पार्न नै ।
मैले रिस उठाएर गरें, यो देवकार्य नै ॥
अण्डकोष विनाको म पारिएँ मुनिले यता ।
दिई श्राप पनी त्यत्रो, पत्नी – त्याग गरे उता ॥
देव हो! यसले गर्दा तपस्या मुनिको महान् ।
नष्ट भो, यसरी मैले तिम्रो काम गरे महान् ॥
ऋषि चारण गन्धर्व सबै मिलिजुली अतः ।
मलाई सफलै पार अण्डकोष हुने स्वतः ॥
सुनी यो इन्द्रको वाक्य मरुत् औ अग्नि आदिक ।
पितृ – देव भए ठाम गए सब, भने तव ॥
पितृ हो! यो तपाँईको भेंडाको अण्डकोष छ ।
अण्डकोष-विनाका यी पारिए इन्द्र वास्तव ॥
यसर्थ यसका दोटै अण्डकोष झिकी अव ।
इन्द्रलाइ दिनोस् चाँडै, तपाँईहरू नै सव ॥
अण्डकोष झिकेको यो भेंडाले पनि वस्तुतः ।
तपाँईहरूमा देला संतोष अति नै स्वतः ॥
खुशी पार्न तपाँईमा जो देलान् मेष मर्त्य ती ।
दिंदा तपाँइले भोग्लान् फल अक्षय ती पछि ॥
भनाइ अग्निको मानी अब ती पितृदेवले ।
झिकेर फल भेंडाको इन्द्रमा लगि हाल्दिए ॥
यै वेला देखिको राम! भोग्दछन् पितृदेव ती ।
भेंडामात्र फलै हीन, दिने भेट्छन् फलै जति ॥
यै वेला देखि भो इन्द्र भेंडाको फल जोडिने ।
मुनि गौतमका त्यस्तो तपस्याको प्रभावले ॥

१३

१४

महान् तेजस्वी ए राम! पुण्यात्मा-मुनिराजको ।
लौ जाँउ हिंड औले नै त्यस्तो आश्रमबीच यो ॥
देवस्वरूपिणी देवी महान् सौभाग्यशालिनी ।
अहल्यालाइ यी तार अव बाबु! तिमी पनि ॥
मुनिका यी कुरा सुन्दा भाइ ती साथमा लिए ।
मुनिलाइ लगाएर अघि आश्रममा पसे ॥
पसी भित्र वहाँ हेर्दा महान् सौभाग्यशालिनी ।
अहल्यालाइ ती देवी अति उग्र-तपस्विनी ॥
फेंक्ती दिशाभरी कान्ति लोकमा मर्त्यबाट यी ।
देव-दानवलेसम्म हेर्नै न नसकिने हुँदी ॥
दिव्यरूप लिंदी राम्रो साक्षात् मायासरी हुँदी ।
बनाएकी सरी ठूलो यत्नले विधिबाट ती ॥
देखिदीं धूमले घेर्दो बल्दा अग्नि-शिखा सरी ।
कुहिरो मेघले छोप्ती हुन् झैं चन्द्र-प्रभा सरी ॥
पानीमा देखिने भित्र सूर्यको हो कडा प्रभा ।
भने जस्ती थिइन् देखा परेकी ती सती तदा ॥
ऋषि-गौतमको त्यस्तो परेको श्रापले गरी ।
हेर्नै न सकिने थिन् ती त्रैलोक्य-जनबाट यी ॥
अव श्रीरामको यस्तो पाउँदा शुभ-दर्शन ।
छुट्ता श्राप, सवैले यी भै गइन् देखिने पुनः ॥
भाई-लक्ष्मणको साथ अव श्रीरामले बढी ।
छोए सती अहल्याका दुवै पाउ भई खुशी ॥
उनीले संम्झिइन् भवाट्ट पति-गौतम-वाक्य त्यो ।
गर्न आतिथ्य-सत्कार सावधान भइन् बडो ॥
उनीले पाद्य टक्र्याँइन् प्रभुमा पहिले अनि ।
अर्पिइन् अर्घ्य श्रद्धाले भाईमा, मुनिमा पनि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यस्तो आतिथ्य-सत्कार शास्त्रका विधिले हुँदो ।
अहल्याबाट जो भो त्यो स्वीकार सबबाट भो ॥
भयो उत्सव यो वेला अति ठूलो, विचित्र भो ।
पुष्पवृष्टि भयो पूजा भएझैं घनघोरको ॥
स्वर्गका देवका बाजा बजे दुन्दुभि आदि ती ।
गाए गन्धर्वले नाचे अप्सराहरुले अति ॥
अहल्याको गरे ठूलो प्रशंसा देवले वहाँ ।
साधु ! साधु !! भने साथै मुनिका गणले जहाँ ॥

३०

३१

मुनि-गौतमकी पत्नी अहल्या यसरी अब ।
भइन् विशुद्ध-सर्वाङ्गी तपस्याकै बढी बल ॥
तपस्वी अति तेजस्वी मुनि-गौतम ती पनि ।
पत्नी पाइ अहल्या यी भए साऱ्है खुशी अति ॥
शास्त्रोक्तविधि ली राम्रो रामको भक्तिपूर्वक ।
पूजा गरेर ती लागे तपस्या गर्नमै अम ॥
मुनि-गौतमको त्यस्तो पूजा ली विधि-भक्तिको ।
मिथिलामा गए राम साथमा मुनिराजको ॥

३४

इति उनञ्चासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचासौं सर्ग

राजर्षि-जनकको यज्ञशालामा गमन

१

गुरुलाई लगाएर अघि, लक्ष्मण साथ ली ।
पूर्वोत्तर हुँदै राम यज्ञ-शाला पुगे पछि ॥
भने लक्ष्मणकै साथ रामले मुनिलाइ यो ।
देखिन्छ यज्ञको शोभा राम्रो जनक-भूपको ॥
भगवन्! देश-देशैका हजारौं विप्र छन् यहाँ ।
देखिन्छन् मग्न जो ब्रह्मन्! वेद-पाठादि गर्नमा ॥
शयौं गाडा यहाँ छन् ती ऋषिको, छ घरैघर ।
गुरो! हामी गई बस्ने खोजौं ठाम पनी स्थिर ॥
रामका यी कुरा सुन्ने ती महामुनिले वहाँ ।
एकान्तमै गरे वास कुश-पानी थियो जहाँ ॥
महर्षिको सवारी भो वहाँ भन्ने सुने पछि ।
गर्न स्वागत-सत्कार आए राजा भई खुशी ॥
शतानन्द थिए विद्वान् धीमान् कुल-पुरोहित ।
उनै अघि लगाएर आए, भै नम्र झटपट ॥
विधिले अर्ध्य टक्र्याए राजा जनकले तव ।
आतिथ्य-धर्म पालेर गरी आदर-स्वागत ॥
महात्मा मुनि ऋत्विक् ती आए अर्ध्य लिई वहाँ ।
प्रेम-सद्भावले राम्रो टक्र्याए मुनिराजमा ॥
महात्मा नृपको त्यस्तो पूजा लिइ सके पछि ।
सोधे यी मुनिले राजासँगै कुशल-प्रश्न यी ॥
स्वयं जनक-राजाले थालेको त्यस यज्ञको ।
निर्विघ्नता छ के? भन्दै मुनिले पछि सोधियो ॥
राजाका साथमा जो जो उपाध्याय पुरोहित ।
आएका थे वहाँ सोधे उनको कुशलादिक ॥
वहाँका मुनि इत्यादि जो जो थे ती सवैसित ।
भेट-घाट गरे ठूलो हर्षले मुनिले तव ॥

१३

१४

राजा जनक ती भन्छन् हात जोडी यसो अव ।
प्रभो! आसनमा बस्नोस् मुनिका साथमा सब ॥
राजाको यो कुरा सुन्दा वसे आसनमा मुनि ।
पुरोहित वसे ऋत्विक्, राजा, मन्त्री वसे अनि ॥
मर्यादाक्रमले योग्य आसनैमा वसे सब ।
हात जोडेर राजाले मुनिमा यो भने तव ॥
भगवन्! दैवले आज यो बन्दोबस्त यज्ञको ।
पार्दिए सफलै मेरो, आजै यज्ञ समृद्ध भो ॥
पाउका पूज्य यी ब्रह्मन्! आजै दर्शन पाँउदा ।
यज्ञको फल सम्पूर्ण मैले पाएँछु बल्ल ता ॥
म दयाँ गरिएँ आजै-म भएँ धन्य हे प्रभो! ।
यज्ञमण्डपमा मेरो पाल्नु भो मुनि साथ जो ॥
मुने! जान्नेहरूले ती भनेका छन् कि - यज्ञको ।
दीक्षा बाह्र दिनैमात्र अव शेष भयो, यसो- ॥
त्यत्ति सम्म वसी ब्रह्मन्! यज्ञको भाग आफ्नु त्यो ।
देवले लिन आएका गर्नु दर्शन वेस! हो ॥
भनी यत्ति वहाँ साथ अत्यन्त खुश चित्तले ।
राजा जनकले फेरि हात जोडी यसो भने ॥
प्रभुको जय होस् ब्रह्मन्! को हुन् दुइ कुमार यी? ।
देखिन्छन् देवतै ठीक पराक्रमी पनी अति ॥
लस्किन्छन् हात्ति लस्केझैं, सिंहझैं हिंड्छन् यता ।
यी दुवै सिंह-साँढे कै ठीक छन्, वीर छन् उता ॥
हुन्झैं कमलका गट्टा नेत्र छन् अति ठुल्ठुला ।
भिरेका छन् दुवैले यी धनु ठोक्रा र खड्ग ता ॥
ती अश्विनीकुमारैको रूपलाई स्वरूपले ।
पार्छन् लज्जित, देखिन्छन् किशोर तर रूपले ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

देख्ता यिनीहरूलाई भान हुन्छ यहाँ ऋषे ।
स्वर्ग बाट झरी आए यदृच्छाले धराविषे ॥
भगवन् ! यी दुवै हुन्, को कसका पुत्र हुन् किन ? ।
यहाँ पैदल नै आए चाँहन्छन् गर्न के पुनः ? ॥
शोभा बढाउँछन् जस्तो सूर्य-चन्द्र अकाशको ।
त्यै ठीक देश यो पार्छन् सुशोभित दुवै बडो ॥
छन् दुवै आफुमा मिल्दा शरीर-मन-वाक्यले ।
छन् बराबर यी दोटै सम छन् हाव-भावले ॥
पालेका छन् प्रभो ! जुल्फी यी दुवै वीर छन् पुनः ।
दिनोस् परिचयै राम्रो यथार्थै जान्न खोज्छु म ॥

३१

३२

महात्मा नृपका यस्ता मीठा प्रश्न सुने पछि
हुने अतर्क्य आत्माको बल, यो भन्दछन् ऋषि।
हुन् राजा दशरथका यी दुवै पुत्र हे नृप!
यत्तिमात्र भने पैले सुनाए पछि ता सब।
त्यो सिद्धाश्रमको वास, वध राक्षसको अनि
आनन्दसाथ बाटामा मिथिला आउनू पनि।
देख्नु बस्नु विशालामा, अहल्या-दर्शनै पुनः
मुनि-गौतमका साथ हुन जानु समागम।
भने पछि यसो-राजा ! जो यहाँ छ महान् धनु।
त्यस्को विषयमा जान्न इच्छा, छ अरू के भनुँ ?।

३५

तेजस्वी-मुनिले सारा महात्मा नृपलाइ ती ।
भनेर चूप लागे यी विश्वामित्र महान् ऋषि ॥

३६

इति पचासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकाउन्नौं सर्ग

मुनि–शतानन्दले महर्षि–विश्वामित्रका वंशको वर्णन गर्नु

१

ती विस्वामित्रका विद्वान् सुने पछि कुरा यति ।
तपस्वी अतितेजस्वी शतानन्द भए खुशी ॥
उनको जिउ भो सारा सिरिङ्ग, रउँ भो खडा ।
छरिएको थियो ज्योति यिनका तपको कडा ॥
यिनी गौतमका जेठा छोरा हुन् अति उत्तम ।
साह्रै छक्क परेकाछन् रामको पाइ दर्शन ॥
राजपुत्र दुबैलाई वसेका सुखपूर्वक ।
देखे पछि उनी भन्छन् विश्वामित्र सँगै तव ॥
मेरी तपस्विनी आमा–अहल्यालाइ के प्रभो ! ।
राजपुत्र दुबैलाई वहाँ देखाइ बक्सियो ? ॥
भगवन् ! जननीले ती जङ्गली–वस्तुले सव ।
पूज्य सम्पूर्ण प्राणीका पूजिन् यी दुइलाइ त ? ॥
महर्षे ! भनि बक्स्यो के घटेको घटना अघि ।
इन्द्रले त्यो दुराचारी जो गरेथ्यो त्यसै छली ? ॥
रामको दर्शनै पाई ती मेरी जननी प्रभो ! ।
श्रापबाट छुटी आफ्ना पति साथ मिलिन् कसो ? ॥
पिता–गौतम द्वारा के पूजिए राजपुत्र यी ? ।
के त्यो पूजा लिई आए तेजस्वी दुइ भाइ यी ? ॥
पूजा पाइसकेका यी रामले मुनि–गौतम ।
चित्त–शान्त गरी भन्नोस् गरिए अभिवादन ? ॥
बोल्न जान्ने उनीका यी कुरा सव सुने पछि ।
सिपालु बोल्नमा भन्छन् उनलाई महान्–ऋषि ॥
गर्नु पर्ने वहाँ मैले जो जो काम कुरा थिए ।
गरें सव, मिलाएँ ती पति–पत्नीकनै ऋषे ! ॥
ती विश्वामित्रका धीमान् कुरा यत्ति सुने पछि ।
भन्छन्–मुनि शतानन्द तेजस्वी राममा पछि ॥

१३

१४

छ स्वागत ! नरश्रेष्ठ ! कसै बाट पराजित ।
न हुने ऋषिको साथ जुन छन् सवपूजित ॥
आफ्नो अघि लगाएर यज्ञ–मण्डपमा यस ।
जो आयौ, भाग्यले आयौ यी हामीहरूको सब ॥
ज्यादै तेज भएका छन् विश्वामित्र–महर्षि यी ।
सकिन्न तर्कना गर्नै यिनका कर्मको गति ॥
तपको शक्ति ठूलो छ ज्योति फैलिन्छ त्यस्तरी ।
हुन् आधार जगत्का यी, म त चिन्दछु राम्ररी ॥
तिमी भन्दा कुनै अर्को पृथ्वीमा धन्य छैन क्वै ।
यस्ता महान् तपस्वीले हुन्छौ रक्षित जो सँधै ॥
सुन राम ! तिमीलाई विश्वामित्र–महर्षिको ।
महिमा बल औ शक्ति म भन्दछु यथार्थको ॥
यी विश्वामित्र थे पैले धर्मात्मा नृप उत्तम ।
धेरै काल गरे राज्य शत्रु मासी दनादन ॥
जान्दथे धर्मको मर्म, ठूला विद्वान् पनी थिए ।
हित–साधनमा लाग्दै प्रजापालन गर्दथे ॥
थे प्रजापतिका छोरा नामका कुश भूपति ।
धर्मात्मा कुशका छोरा कुशनाभ भए पछि ॥
'गाधि' यो नामले ख्यात छोरा हुन् कुशनाभका ।
उनैका पुत्र हुन् राम ! यी महामुनि तेजिला ॥
हजारौं वर्ष पर्यन्त पछि राजा भए पछि ।
यिनले पृथिवी पाले थिए राजर्षि यी ऋषि ॥
कुनै दिन महान् तेजी घुम्दथे पृथिवी यिनी ।
साथमा वीर थे ठूला सेना–अक्षौहिणी पनि ॥
पुर राष्ट्र सरित् शैल नाना आश्रम आदि यी ।
क्रमपूर्वक सम्पूर्ण घुम्नसम्म घुमे पछि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अनि पुग्न पुगे ठ्याक्क ती ब्रह्मर्षि बसिष्ठको ।
शुभ आश्रममा पुण्य नाना पुष्प-लता हुँदो ॥
पशु-पक्षीहरू नाना जहाँ थे अतिसुन्दर ।
सिद्ध चारण इत्यादि सेवा गर्थे निरन्तर ॥
देव दानव गन्धर्व किन्नरादि थिए यहाँ ।
घुम्दथे मृग-सिंहादि निर्वैर भइ शान्तिमा ॥
ब्रह्मर्षिहरू थे राम ! छरिएका जताततै ।
देवर्षिहरूले फेरि शोभिएको थियो उता ॥
मनस्वी र महात्मा थे तेजिला अग्नि ठीक ती ।
अनुष्ठान तपस्याको गर्दथे सिद्ध थे, अति ॥

३१

३२

कुनै खान्थे जलैमात्र, गर्थे क्वै वायु-भक्षण
खान्थे झरे-सुकेका ती पातमात्र कुनै पुनः
फलमूल कुनै खान्थे, मुनि थे शान्त-चित्तका
रागादि--दोष नाशेका जित्ने थे इन्द्रियै यता
मुनि थे बालखिल्यादि बैखानस थिए ऋषि
बढ्थ्यो यिनै महात्माले शोभा आश्रमको अति
विशेषता हुँदा यस्तो ती महर्षि-वसिष्ठको
यो आश्रम थियो साक्षात् ब्रह्मलोक--समानको
विजयी वीरमा श्रेष्ठ बलवान् अति तेजिला
यी विश्वामित्र-राजाले देखे आश्रम त्यो तदा

३६

इति एकाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाउन्नौं सर्ग

महर्षि-वसिष्ठद्वारा राजर्षि-विश्वामित्रको स्वागत-सत्कार

१

जप गर्नेहरूमा थे वसिष्ठ अति उत्तम ।
देखे पछि उनीलाई भए राजा खुशी मन ॥
बलवान् वीर राजाले साह्रै विनयपूर्वक ।
गएर पाउमा ढोगे ऋषिलाई महान् तब ॥
महात्मा ऋषिले राम ! छ स्वागत महान् भने ।
अनि आसन टक्र्याए, यी नरेश गई बसे ॥
बुद्धिमान् नृपमा त्यस्ता फलमूलादि वस्तु ती ।
टक्र्याए ऋषिले फेरि गरी पूजा यथाविधि ॥
वसिष्ठबाट पाएर त्यो पूजा राजश्रेष्ठ यी ।
गर्छन् कुशल-प्रश्नादि मुनि साथ झुकी पछि ॥
अग्निहोत्र-तपस्याको आफ्नु ती प्रिय-शिष्यको ।
लता-वृक्षादिको सारा छ के कुशल ? सुन्छु यो ॥
यी विश्वामित्र-राजर्षि वीरले सोधिए पछि ।
भने-छ सबको राम्रो कुशलै ऋषिले पछि ॥
जप गर्नेहरूमा ती श्रेष्ठ, पुत्र-विरिञ्चिका ।
मुनिले अब राजाको सोधे कुशल-प्रश्न ता ॥
छ के आनन्द ए राजा ! छ के कुशल-मङ्गल ? ।
प्रजा के पालिएका छन् धर्मले न्यायपूर्वक ? ॥
दिनु-खवाँउनु गर्दैछौ राम्ररी भृत्यलाइ के ? ।
तिम्रो आज्ञाकनै मान्छन् भने जस्तो गरेर के ? ॥
शत्रु नाश समर्थै छौ, के होलान् र ? भए पनि ।
होलान् ती जितिएका नै ए राजा ! भन यो पनि ॥
वैरीलाई दिने ताप ए नरश्रेष्ठ भूपते ! ।
तिम्रा कुशल छन् सेना, ढुकुटी भरिँदै छ के ? ॥
निष्पाप-चित्त ए राजा ! बढ्दैछन् इष्ट-मित्र के ? ।
पुत्र-पौत्र पनी तिम्रा सबै कुशल छन् कि के ? ॥

१३

१४

तेजस्वी-नृपले यस्ता मुनिलाई झुकी भने ।
प्रभो ! सब कुरामा छ कल्याण-कुशलै हुने ॥
यी दुवै व्यक्ति धर्मात्मा धेरै कालतकै बसी ।
गरे नाना कथा-वार्ता भए आपसमा खुशी ॥
सके पछि कुरा-कानी भगवान् ती वसिष्ठले ।
मुस्कुराएर क्यै राम ! राजसँग यसो भने ॥
राजा ! तिम्रो र तिम्रा यी सेनाको म महाबल ! ।
योग्य सत्कार नै गर्न खोज्छु, स्वीकृति देउ ल ? ॥
स्वीकार गर ए राजा ! मेरो सत्कारलाई यो ।
छौ तिमी अतिथि-श्रेष्ठ पूज्य छौ, गर्नु पर्छ जो ॥
वसिष्ठले त्यसो भन्दा राजाले यी यसो भने ।
सत्कार भै सक्यो ब्रह्मन् । यो मीठो वाक्य-मात्रले ॥
जो जो वस्तु थिए शुद्ध यो पुण्याश्रममा प्रभो ! ।
फल-मूलसँगै पाएँ पाद्य-आचमनीय त्यो ॥
विशेष गरि जो पाएँ प्रभुको दिव्य-दर्शन ।
त्यसैले म भएँ साह्रै कृत-कृत्य पुनः पुनः ॥
पूजनीय भई मेरै विशेष प्रभुले स्वयम् ।
भलीभाँति गरी बक्स्यो यस्तो पूजा न ली अहम् ॥
स्वीकार होस् नमस्कार महर्षे ! अब जान्छु म ।
मैत्रीपूर्ण परोस् दृष्टि ममाथि प्रभुको पुनः ॥
यी विश्वामित्र-राजाले राम ! यस्तो भने पनि ।
वसिष्ठले उदारात्मा गरे आग्रह नै अनि ॥
सुपुत्र गाधिका, वीर यी विश्वामित्रले तब ।
मुनि साथ भने हुन्छ ! गर्छु स्वीकार त्यो सब ॥
भै बक्सिन्छ स्वयं मेरा नित्य पूज्य हजूर त ।
तस्मात् इच्छा सरी आफ्नो गरी बक्स्योस् हुने प्रिय ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

राजाका यी कुरा सुन्दा भए मुनि बडो खुशी ।
उनले कपिलालाई बोलाए कामधेनु ती ॥
छिर्बीरे गाई थिन कैली तर भित्र थियो सफा ।
होमका वस्तु सम्पूर्ण थिनै थुप्र्याँउथिन् सदा ॥
चाँडो आउ यहाँ देवी-शब ! लेसुन यी कुरा ।
गर्छु स्वागत राजाको सैन्यसाथै म आज ता ॥

२९

३०

हुन् राजोचित-सामान पदार्थहरु शुद्ध हुन् ।
दिव्य-भोजन हुन् नाना मेरा इच्छा सबै पुगुन् ।
हुने षड्रस जो जो छन् भोज्यादिक-पदार्थ ती ।
जो जो जे खान चाहन्छन्, खाऊन् इच्छा भए सरि ।
कृपा गर ममा देवी ! तिमी छौ कामधेनु जो ।
वर्षाऊ वस्तु ती सारा छीटै मेरो अगाडि यो ॥

३२

खाने र पिउने, चाट्ने, चुस्ने चारथरी शुभ ।
रस-अन्नहरू ती हुन् राशैराश तुरुन्त ल? ॥

३३

इति बाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपन्नौं सर्ग

राजर्षि–विश्वामित्रले महर्षि–वसिष्ठको कामधेनु माग्नु ।

१

वसिष्ठ–मुनिले राम ! अब यत्ति भने पछि ।
जुटाइन् वस्तु सम्पूर्ण कपिलाले भने जति ॥
जसलाई कुरा जो जो मन पर्थ्यो, त्यही त्यही ।
त्यहाँ ठिक भयो सारा, थिइन् जो कामधेनु ती ॥
श्रेष्ठ आसव, मैरेय, ऊखू, लाबा तथा मह ।
पिउने वस्तुकै साथ खाने वस्तु दिइन् सब ॥
ध्यो तातो भातको खात पर्वतै सरिको यहाँ ।
मिष्ठान्न खीर, इत्यादि दाल नाना जुटे वहाँ ॥
आश्चर्यै भो बह्यो खोलो दहीको–घिउ–दूधको ।
नाना खाण्डवका मीठा रसका राश साथको ॥
नाना प्रकारका यस्ता स्वादिला भक्ष–वस्तुले ।
परिपूर्ण वहाँ राम! लाखौं राजत-पात्र थे ॥
यस्ता ब्रह्मर्षिले यस्ता राजर्षिलाइ वास्तव ।
पारे ख्वाएर, प्याएर अति संतुष्ट राघव! ॥
राजाका सैन्यका सारा हृष्ट–पुष्ट थिए जन ।
परितुष्ट भए राम ! पाइ यो दिव्य–भोजन ॥
हृष्ट पुष्ट भए तुष्ट ऋषि विप्र पुरोहित ।
रानीहरूसँगै राजा पनि सैन्यसँगै निज ॥
मन्त्री अमात्य भृत्यादि साथमा भइ पूजित ।
भन्छन् खुश हुँदै यस्तो विश्वामित्र उहाँसित ॥
मेरै पूज्य भई ब्रह्मन् ! भएँ पूजित मै भने ।
सत्कार यसरी दिव्य मैले प्राप्त गरें भने ॥
ए कुरा गर्न जानेका मुने ! भन्दछु सुन्नुहोस् ! ।
एक लाख लिई गाई मलाई शबला दिनोस् ॥
ब्रह्मन् ! किन ? भने देखि यी गाई रत्नरूप छन् ।
रत्न जत्ति लिने जोर्ने राजामा अधिकार छन् ॥

१३

१४

तसर्थ धर्मले मेरी भै सकेकी यिनीकन ।
दिनोस् मलाई नै ब्रह्मन् म ! लैजान्छु यिनीकन ॥
यी विश्वामित्रले त्यस्तो भनिए पछि ती ऋषि ।
धर्मात्मा भगवान् जो थे, भन्दछन् यिनमा पछि ॥
शबला गाइ यी राजा ! क्यै गरे पनि दिन्न म ।
योग्य छैनन् यिनी फेरि स्वयं मैबाट छुट्टिन ॥
देउला यिनको साटो एक लाख करोड वा ।
तिमी पर्वत–चाँदीको दिन्न है शबला म ता ॥
मनस्वी जनको कीर्त्ति बसेझैं भइ अक्षय ।
मेरै साथ यिनी बस्छिन्, छुट्टिन्नन् कहिल्यै स्वतः ॥
मेरो जीवन चल्दोछ यिनैबाट नरेश्वर ! ।
हव्य, कव्य यिनैद्वारा प्राप्त हुन्छ निरन्तर ॥
अग्निहोत्र वषट्कार होम, स्वाहा, स्वधा, बलि ।
अरु विधा पनी सारा दिन्छिन् नित्य मलाई ती ॥
हुन् कामधेनु यी राजा ! यिनकै छु म आश्रित ।
म पाँउछु चिताएझैं, यसमा छैन संशय ॥
यिनै सर्वस्व हुन् मेरो पाछिन् तुष्ट मलाइ यी ।
वस्मात् दिन्न म, छन् फेरि न दिने अरु हेतु ती ॥
सिपालु बोल्नमा ज्यादै राजाले यी कुरा सुने ।
क्रोधले चूर भै हाले मुनिलाई यसो भने ॥
म दिन्छु चौध हज्जार हात्तीहरू हजूरमा ।
गहना सुनका सारा लगाएका जहाँ–तहाँ ॥
सुनैका घाँटिमा कस्ने भएका रज्जु–अङ्कुश ।
सारा सिंगारिएका ती म टक्रँयाऊछु भै खुश ॥
यस भिन्न प्रभो ! दिन्छु रथ आठ सए पुनः ।
बज्दछन् जसमा घण्टी स–साना, भै मनोरम ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हुनेछन् रथ यी सारा सुनैका अतिसुन्दर ।
यौटामा अश्व चारोटा जोतेका र मनोहर ॥
कुलीन बलिया तेजी जन्मेका श्रेष्ठ-देशमा ।
घोडा एघार हज्जार ढक्रँचाऊँछु हजूरमा ॥
ब्रत राम्रो लिने ब्रह्मन् ! दिन्छु एक करोड म ।
वर्ण रूप हुने राम्रा गाई भर्खरका पुनः ॥
गाई यी शबला यौटी दिनुहोस् भगवन् ! ममा ।
लिनुहोस् यसको साटो भनेका वस्तु ती यहाँ ॥
त्यस भिन्न प्रभो ! फेरि धन, रत्न, सुवर्ण वा ।
लिनु होस् जत्ति चाहिन्छ, दिनुहोस् यी मलाइ ता ॥

३१

३२

भनिए ऋषि ती यत्ति बुद्धिमान् नृपबाट ती ।
भने ती ऋषिले किन्तु, क्यै गरे पनिदिन्न यी ॥
मेरो रत्न यिनी नै हुन्, हुन् मेरो धन नै यिनी ।
यिनै सर्वस्व हुन् मेरो, मेरो जीवन हुन् यिनी ॥
यिनैबाट म गर्दोछु पौर्णमास र दर्श ती ।
दक्षिणा दिइने धेरै यज्ञ, याग, क्रिया, विधि ॥
चल्छन् काम-कुरा मेरो यिनैबाट नरेश्वर ! ।
साना देखि लिई ठूला सम्मका यी निरन्तर ॥
सम्पूर्ण शुभ-कर्मैका मूल आधार हुन् यिनी ।
मेरो भनाइमा राजा ! छैन सन्देश क्यै पनि ॥

३६

न चाँहिने कुरा धेरै किन गर्नु ? भयो सुन ! ।
कामधेनुकनै यस्ती दिदै दिन्न कदापि म ॥

३७

इति त्रिपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवन्नौं सर्ग

कामधेनुको अपहरण

१

कामधेनुकनै राम ! दिएनन् मुनिले जब ।
कुनै प्रकारले कत्ति गरे ता पनि वास्तव ॥
यी विश्वामित्र राजाले शवला-कामधेनु ती ।
घिसारेर लगे आफ्नो राजधानीतिरै पछि ॥
मनस्वी-नृपले यस्ता घिसारी लगिंदा तिनी ।
विचार गर्न लागिन् यो, भै शोकाकुल दुःखिनी ॥
के वसिष्ठ महात्माले मेरो त्याग गरे अहो ! ।
म दीन-दुःखिनीलाई घिसार्छन् राजभृत्य जो ? ॥
अपराध गरें मैले कुन त्यस्तो महर्षिको ? ।
विनापराधमा त्याग्छन् भै धार्मिक मलाइ जो ॥
शत्रुनाशक ए राम ! यत्ति शोचेर गाइ ती ।
लामो सास लिनै लागिन् बारम्बार त्यजी त्यजी ॥
राजभृत्यहरूलाई शयौं थे जुन, झम्टिई ।
तेजस्वी मुनिकै छेउ पुगिन् दौडिइँदै पछि ॥
वायुकै गति जस्तो थ्यो त्यो वेला उनको गति ।
महात्मा मुनिकै पाउनिर गै उभिइन् पछि ॥
अगाडि उभिई ठिङ्ग मेघ गर्ज्याइकै सरि ।
वाक्यमा भन्न लागिन् ती रुँदै चिच्याँउदै अति ॥
त्यागिएँ प्रभुले आज ब्रह्मपुत्र ! प्रभो ! कसो ? ।
टाढा लगि रहेका छन् मलाई राजभृत्य जो ॥
उनका यी कुरा सुन्दा भने ब्रह्मर्षिले यही ।
दुःखिनी शोक बोकेकी बैनीझैं गाइलाइ ती ॥
कामधेनो ! तिमीलाई कसै त्याग्दिन है म ता ।
अपराध यता केही तिमीले नै गर्‍यौ न ता ॥
यी महान् बलवान् राजा बलले आफ्नु मत्त भै ।
जबर्जस्ती हरी लान्छन् छुटाएर म बाट यै ॥

१३

१४

म छैन बलमा तुल्य राजा छन् जो अचेल यी ।
क्षत्री हुन् बलवान् छन् यी विशेष पृथिवीपति ॥
पूर्ण अक्षौहिणी सेना हल्लिने ध्वज आदि त्यो ।
यिनी साथ छ हौदामा गज, अश्व, रथादि जो ॥
यसैले पनि छन् ज्यादै म भन्दा बलिया स्वतः ।
राजा हरेर लैजान्छन्, म भएँ विवशी अतः ॥
ब्रह्मर्षिले यसो भन्दा तेजस्वी मुनिलाइ ती ।
वाक्यको मर्म बुझ्ने यी भन्छिन् नम्र भई अति ॥
अतुल्यबलका ब्रह्मन् ! छैन क्षत्रियको बल ।
बलवान् विप्र हुन् ज्यादै, उनकै बल हो बल ॥
भगवन् ! बल मानिन्छ विप्रको अतिदिव्यको ।
क्षत्रीको बल भन्दा ता उच्चको अतिश्रेष्ठको ॥
ब्रह्मन् ! हजूरको तस्मात् बल त्यो अप्रमेय छ ।
सक्तैनन् आँट्न नै कोही, अतिदुर्धर्ष तेज छ ॥
महान् पराक्रमी राजा-विश्वामित्र कसै गरे ।
दाँजोमा पुग्न सक्तैनन् प्रभुका बलको भरे ॥
ए ब्रह्मन् ! अति तेजस्विन् ! यै ब्रह्म-बल बाट म ।
परिपुष्ट भएकीछु, दिनोस् आदेश मैकन ॥
म पाछु यी दुरात्माको बल, यत्न सखाप र ।
घमण्ड पनि यो तोड्छु, आज्ञा पाँऊ म केवल ॥
ती कामधेनुले राम ! भने पछि यसो वहाँ ।
वसिष्ठले भनी हाले हुने कीर्ति जहाँ-तहाँ ॥
शत्रुका सैन्यको नाश गर्न सक्ने स्वसैन्य त्यो ।
गर सृष्टि, सुनिन् यत्ति गाइले ती गरिन् त्यसो ॥
हुङ्कार गरिथिन् राम ! जब ती कामधेनुले ।
पह्लवै जातिका वीर शयौं तत्काल निस्किए ॥

२६

२७

यी विश्वामित्र राजाले हेर्दा-हेर्दै वहाँ तव ।
उनका सैन्यका वीर भुसुक्कै पारिइन् सव ॥
राजालाइ चढ्यो क्रोध आँखा राता भए दुवै ।
तुरुन्त रथमा आफ्नो चढी हाले असह्य भै ॥
प्रयोग अस्त्रको गर्दै साना ठूला अनेकन ।
वीर पह्लवको सारा गरे संहार तत्क्षण ॥
शर्यौं पह्लवलाई ती देखी पीडित, नाशित ।
सिर्जिइन् पीर डर्लागदा शक-यवनमिश्रित ॥
भरिइन् भूमि सम्पूर्ण यिनले रघुनन्दन ! ।
जुन थे अति तेजस्वी महान् वीर्य हुने पुनः ॥

३१

३२

यिनका देहको कान्ति सुन-केसरझैं थियो ।
उनले देहमा आफ्नो पैलेको स्वर्ण-वस्त्र थ्यो ॥
सबैले हातमा आफ्नो तीखा-खड्ग र पट्टिश ।
लिएका थे र देखिन्थे बलेका अग्निकै सह ॥
यसरी सिर्जिएका ती वीरले अव राघव ! ।
यी विश्वमित्रका सेना पार्नै लागे भुसुक्क त ॥
राजा थे अति तेजस्वी उनमा यिनले पनि ।
प्रयोग अस्त्र-शस्त्रैको गर्न लागे स्वयं अनि ॥
खाएर त्यसको चोट काम्बोज-यवनादि र ।
भए व्याकुल सम्पूर्ण भागे ती वीर-बर्बर ॥

३६

इति चवन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचपन्नौं सर्ग

राजर्षि–विश्वामित्रको तपस्या र शस्त्रास्त्र–प्राप्ति

१

यता वसिष्ठले देखे ती विश्वामित्र–भूपको ।
परी शस्त्रास्त्रको चोट हुने व्याकुल सैन्य त्यो ॥
कामधेनुकनै तस्मात् दिए आज्ञा भने यसो ।
अब सैन्य अरू सिर्ज स्वयोग–बलबाट त्यो ॥
हुङ्कार के गरेकी थिन् अनि ती कामधेनुले ।
तुरुन्त सूर्यझैं तेजी वीर काम्बोज निस्किए ॥
बीर बर्बर निस्के ती कल्चौंडाबाट धेनुका ।
योनिबाट उता राम ! निस्के यवन आदि ता ॥
किरात, म्लेच्छ, हारीत निस्किए रोमबाट ती ।
शकृत्–प्रदेशद्वारा त्यो निस्किए शकजाति ती ॥
यी सबै वीरले मासे तुरुन्तै नृप–सैन्य त्यो ।
रथ–हात्ती तथा घोडा पैदलै साथ साथको ॥
महात्मा मुनिद्वारा ती भएको सैन्यको वध ।
देखेर पुत्र राजाका रिसाए जो थिए शय ॥
बोकी शस्त्रास्त्र नाना ती झम्टे मुनिकनै तव ।
गर्दिए मुनिले हुँ ! के भए भस्म सबै अब ॥
रथ–हात्ती तथा घोडा पैदलै साथका सब ।
भए भस्म छिनैभर्मा ती विश्वामित्रका सुत ॥
देखी भुसुक्क पारेको आफ्नु त्यत्रो सबै बल ।
राजालाई पऱ्यो चिन्ता, लाज लाग्यो स्वयं अब ॥
सारा वेग भयो शान्त यिनको सिन्धुकै सरि ।
सर्प दाँत झिके जस्तै भए तत्काल भूप यी ॥
सूर्यझैं राहु लागेका भए निस्तेज यी छिटै ।
सैन्य साथ शयौं छोरा मर्दा दीन भए निकै ॥
पखेटा झिकिएको क्वै पक्षीठीक भए अनि ।
मासिदा बल उत्साह अति खिन्न भए यिनी ॥

१३

१४

यौटै छोरो बचेको थ्यो त्यसलाई दिए अनि ।
अभिषेक गरी राज्य राम्ररी गर्नु यो भनी ॥
क्षत्र–धर्म बुझी पाल्नु पृथिवी न्यायपूर्वक ।
भनेर दिइ आदेश गए वनतिरै नृप ॥
नाग किन्नर गन्धर्व भएको गै हिमालय ।
महादेव खुशी पार्न गर्न, लागे महान् तप ॥
वृषभध्वज देवेश भए क्यै कालमा खुश ।
देखाए आफुलाई नै अगाडि यिनको तव ॥
राजा ! के माग्न चाहन्छौं तपस्या यो गऱ्यौ किन ? ।
वर दिन्छु चिताएको वस्तु के हो ? ममा भन ॥
यसरी शिवले भन्दा उहाँसँग झुकी भने ।
ढोग टक्र्याँउदै राम ! तपस्वी यी नरेन्द्रले ॥
ममा खुश भए देव ! धनुर्वेद म जाँनु त्यो ।
उपाङ्ग–अङ्गको साथ तत्वपूर्ण रहस्यको ॥
देव – दानव – गन्धर्व – ऋषि – राक्षस – यक्षमा ।
जो जो शस्त्रास्त्र छन् सारा खुलुन् हृदयमा ममा ॥
देवदेवेश ! यै मेरो मनोरथ छ एउटा ।
मैले पाँउनु नै पर्छ यदि हुन्छ भने कृपा ॥
त्यस्तै हओस् भनी राम ! जानु भो भगवान् शिव ।
यता शस्त्रास्त्र त्यो पाई भए राजा महाबल ॥
छोप्यो घमण्डले ठूलो, बढ्यो शेखी यिनीकन ।
पर्वमा सिन्धु उर्लेझैं कुर्लिए वीर्य भै पुनः ॥
ऋषिश्रेष्ठ महान् आत्मा वसिष्ठ मुनिलाइ ता ।
मानेनन् यिनले कत्ति, मरेकै संझिए तदा ॥
गए आश्रममा सोझै बसिष्ठ ऋषिमाथि ती ।
शस्त्रास्त्र छोड्न लागे ती आफ्नु साथ भए जति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

शस्त्रास्त्रको हुँदा वर्षा तिनको तेजले अहो ! ।
त्यो तपोवन सम्पूर्ण डढे तुल्य भई गयो ॥
यी विश्वामित्रको धीमान् बढ्दो त्यो अस्त्र-तेजले ।
डराएर वहाँ बस्ने भागे दश-दिशा मुनि ॥
भागे वसिष्ठका चेला जता पायो उतैतिर ।
सकेनन् टिक्न नै सारा पशु-पक्षी पनी स्थिर ॥
त्यत्रो आश्रम भो शून्य महात्मा मुनिराजको ।
मुहूर्तैभरमा ओहो ! ठीक बञ्जार देखियो ॥
बारम्बार उनी भन्थे नडराओ ! भनी यसो ।
सूर्यले कुहिरो जस्तो मास्छु गाधेयलाइ यो ॥

३१

३२

आफ्नालाई भनी यस्तो तेजस्वी मुनिराज
रिसले चुरिई साह्रै विश्वामित्रकनै भ
राम्रो गराइ हुर्केको यो कैयौं वर्ष देखि
आश्रमैलाई तैंले जो पारिस् व्यर्थै उजाड
तस्मात् तँ होस् दुराचारी, रहेछस् स्वाँठ वास्त
तेरो कुशल क्यै हुन्न यी सबै पापले
मुनिराज भनी यत्ति रिसाए अब झन् अ
धूवाँ नै न हुने कत्ति हुन् कालाग्नि भने स
यमको दण्डझैं दोस्रो हातमा ब्रह्म-दण्ड
लड्न भिड्न यिनीसाथ स्वयं मुनि बढे

३६

इति पचपन्नौं सर्ग

—❀—

CC-0. In Public Domain. Digitization by eGangotri

छपन्नौं सर्ग

ब्रह्मर्षि-वसिष्ठको र राजर्षि-विश्वामित्रको लडाँईमा ब्रह्मतेजको बल नै बल हो, भन्ने निर्णय

१

ब्रह्मर्षिले यसो भन्दा अब राजर्षिले यता ।
आग्नेयास्त्र लिई बोले पख्-पख् ! भन्दै भई कडा ॥
काल-दण्ड सरी दोश्रो लिएका ब्रह्म-दण्ड त्यो ।
वसिष्ठ-मुनि ती भन्छन् क्रोधले उनमा यसो ॥
नीच क्षत्रिय ए ! लौ हेर् ! पर्खदैछु यहाँ म त ।
तँ साथ बल क्यै त्यस्तो भए देखा मलाइ ल ! ॥
ए नीच गाधिको छोरो ! बल जो शस्त्र-अस्त्रको ।
तँ साथ छ, म त्यो सारा नाश्छु, मास्छु घमण्ड यो ॥
क्षत्री-कुल-कलङ्कै होस्, क्षत्रीको बल यो कहाँ ? ।
कहाँ यस्तो ब्रह्मबल ? लौ ब्रह्मबल हेर् ! यहाँ ॥
डर्लाग्दो वेग त्यो त्यस्तो श्रेष्ठ आग्नेय-अस्त्रको ।
भो ब्रह्मबलले शान्त पानीले ठीक अग्निको ॥
रिसाए गाधिका छोरा छोडे वारुण, रौद्र र ।
ऐन्द्र, ऐषीक, इत्यादि शिवास्त्र पनि दुर्धर ॥
छोडे त्यस पछी नाना बाण ती मुनिमा पुनः ।
अस्त्र मानव, गान्धर्व, मोहनास्त्र र स्वापन ॥
विलापन, जृम्भण र संतापन र मोहन ।
सुदुर्जय र वज्रास्त्र तथा शोषण, दारुण ॥
ब्रह्मपाश, कालपाश अर्को वारुणपाश त्यो ।
पिनाक-अस्त्र दयित क्रौञ्चास्त्र, दण्ड-अस्त्र यो ॥
अशनि दुइ गीलो र सुकेको धर्मचक्र र ।
पैशाच-विष्णु-कालादि-वायव्यास्त्र सुदुर्धर ॥
मन्मथास्त्र यहशिरा शक्ति दुइ प्रकारको ।
कङ्काल, मुसल अनि महान् वैद्याधरास्त्र भो ॥

१२

१३

भयङ्कर-त्रिशूलास्त्र तथा कालास्त्र-दारुण ।
कापालास्त्र, कङ्कणास्त्र छोडे यी मुनिमा पुनः ॥
जप जप्नेहरूमा थे अतिश्रेष्ठ वसिष्ठ ती ।
यष्टिका अस्त्रले हान्नु भो यिन्मा अद्भुतै अति ॥
सब यी अस्त्रको त्यस्तो वेग त्यो ब्रह्मदण्डले ।
सजिलै सँग रोके ती ब्रह्मपुत्र वसिष्ठले ॥
अब यी अस्त्रको वेग सब शान्त भए पछि ।
गरे प्रयोग ब्रह्मास्त्र यिनले मुनिमाथि ती ॥
देखी उद्यत ब्रह्मास्त्र देवता अग्नि आदि र ।
ऋषि, गन्धर्व, नागादि भए व्याकुल थर्थर ॥
अरुको के कुरा राम ! त्रैलोक्यभरमा सब ।
प्राणी हिंड्ने न हिंड्ने ती काँपे थर्थरभै सब ॥
ब्रह्मास्त्र पनि यो घोर ब्रह्मतेज-प्रभावले ।
हातको ब्रह्मदण्डैले शान्त पारे महर्षिले ॥
तर ब्रह्मास्त्र यो शान्त पार्न खोज्दा वसिष्ठको ।
डर्लाग्दो रूप भो ज्यादै घोर, त्रैलोक्य मोहियो ॥
मुनिका रोमका खाल्डा बाटै किरण ठीक ती ।
धूँवाले युक्त आगाको ज्वाला झैं निस्किए पछि ॥
मुनिका हातको दण्ड हो दोश्रो यमदण्ड झैं ।
धूँवाले हीन कालाग्नि ठीक बल्दो थियो निकै ॥
प्रशंसा-स्तुति गर्दैथे त्यो बेला अरु ती मुनि ।
देखी वसिष्ठको त्यस्तो शक्ति, तेज महान् पनि ॥
भन्दथे भगवन ! यो छ अमोघ प्रभुको बल ।
आफ्नु तेजकनै यस्तो सझाल्नोस् शक्तिले निज ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

२५

हजूरबाट ब्रह्मर्षे ! यी महान् बलवान् नृप ।
पराजित भए, धन्य ! अमोघ प्रभुको बल ॥
तपाँईं हुनुहोस् शान्त मुनिराज ! भयो अब ।
हटोस् त्रैलोक्यको सारा पीर, बाधा पनी सब ॥
ती सारा मुनिले यस्तो भने पछि महामुनि ।
तपस्वी अतितेजस्वी भए शान्त स्वयं अनि ॥

२७

२८

पराजित भए विश्वामित्र राजर्षि ती आ
लामो सास लिंदै फेर्दै भन्नलागे यसो त
धिक्कार ! बललाई यो, धिक् छ क्षत्रियको ब
ब्रह्मको तेजले प्राप्त बल नै मुख्य हो ब
गरी विचार यो सारा भोगी प्रत्यक्ष आफुले
मन-इद्रिय यी मेरा पार्छु निर्मल यत्नले

३०

अनि गर्छु अनुष्ठान म महान् तपको पुनः ।
मेरो निमित्तमा होओस् विप्रत्वै प्राप्तिकारण ॥

३१

इति छपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सन्ताउन्नौं सर्ग

महाराज–त्रिशङ्कुको कथा

१

त्यत्रो हार हुँदा आफ्नो संझी-संझी मनैमन ।
भए संतप्त यी राजा सुइय्य ! सुइय्य ! गरीकन ॥
वैरभाव हुँदा त्यत्रा महात्मा सँग दिक भै ।
रानीलाई लिई साथ लागे दक्षिण शान्त भै ॥
वहाँ पुगेर अत्यन्त चर्को नियम साथ त्यो ।
गर्न लागे तपस्या यी रोकी इन्द्रिय-चित्त पो ॥
फल-मूलादि खान्थे र गर्दथे उग्र त्यो तप ।
वहीं छोराहरू जन्मे चारोटा यिनका तव ॥
सत्यमा धर्ममा ज्यादै मरीमेट्त थिए सुत ।
हविष्पन्द, मधुष्पन्द, दृढनेत्र, महारथ ॥
हजार वर्ष भो पूर्ण, ती तपोधन-भूपमा ।
खुश भै विधि आए र भने मधुर-वाक्यमा ॥
नृप ! यस्तो तपस्याले लोक राजर्षिका जित्यौ ।
तपको यो प्रभावैले तिमी राजर्षि नै भयौ ॥
यसो भनेर तेजस्वी लोक रच्ने पितामह ।
देवताहरूकै साथ गए स्वर्गतिरै तव ॥
कुरा सुनेर ब्रह्माको मुख क्यै लाजले झुक्यो ।
राजालाई बढ्यो दुःख, झोक्किएर भने यसो ॥
मैले तप गरे यत्रो केही फल भएन छ ।
'राजर्षि' भन्दछन् खाली मलाई ऋषि-देव त ॥
शोचेर मनमा यत्ति तपस्वी नृप-धार्मिक ।
लागे फेरि तपै गर्न वशमा लिइ इन्द्रिय ॥
यही वेला यता राम ! इक्ष्वाकुकुलवर्धक ।
सत्यवादी महान् राजा थे त्रिशङ्कु जितेन्द्रिय ॥
उनले मनमा शोचे म कुनै यज्ञ गर्दछु ।
जल्ले शरीर साथै यो स्वर्गमा पुग्न सक्तछु ॥

१३

१४

वसिष्ठलाइ डाकेर सुनाए मनको कुरो ।
जवाफ उनको पाए हुनैसक्तैन यो कुरो ॥
भन्दा वसिष्ठले यस्तो गर्न नै कार्य-सिद्धि त ।
दिशा-दक्षिण लागे यी, जहाँ थे उनका सुत ॥
वसिष्ठ मुनिका छोरा यहाँ एक सए थिए ।
मनस्वी अतितेजस्वी जो चर्को तप तप्तथे ॥
कालदेखि निकै लामो वशमा राख्तथे मन ।
पुगे यिनै भए ठाम त्रिशङ्कु-नृप ती पुनः ॥
महात्मा गुरुका छोरा उनमा क्रमपूर्वक ।
गरे प्रणाम राजाले ठूलो श्रद्धासंगै तव ॥
लाजले शिर क्यै नीचो बनाएर उनीकन ।
भने त्रिशङ्कु-राजाले हात जोडी रघूत्तम! ॥
आएँ शरणमा पर्न ए मेरा गुरुपुत्र हो! ।
लिने शरणमा आफ्नो म जस्ता हुनुहुन्छ जो ॥
मुनि हो ! गर्न चाहन्छु म महान् यज्ञ एउटा ।
त्यस्मा भएन स्वीकार महात्मा गुरु बाट ता ॥
तपाई हरूको पाँउ अब स्वीकृतिमात्र म ।
नमस्कार गरी पाछुँ प्रसन्न सबलाइ म ॥
सँधै रम्ने तपस्यामा हुनुहुन्छ द्विजोत्तम ! ।
शिर यो पाउमा राखी प्रार्थना गरि माग्छु म ॥
गराउँनोस् कुनै यज्ञ भेट्टाँऊ कार्यसिद्धि म ।
देवलोक सकूँ पुग्न लिई यै देह साथ म ॥
वसिष्ठ-गुरुले त्यस्ता स्वयं नाँई! भने पछि ।
यहीं शरणमा पर्नु भिन्न देखितन क्यै गति ॥
हामी इक्ष्वाकु-वंशीका हुनुहुन्छ पुरोहित ।
वसिष्ठ-गुरु नै साक्षात् यौटै आधार वस्तुतः ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

राजालाई सँधै तार्छन् त्यस्ता विद्वान् पुरोहित ।
अस्वीकृत भयो मेरो यज्ञ यो गुरुबाट त ॥
२७

गुरुका पुत्र हो ! तस्मात् उहाँ पछि तपाँइ नै ।
हुनुहुन्छ महान् देव, शरणस्थान उत्तमै !!
२८

इति सन्ताउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अन्ठाउन्नौं सर्ग

राजा–त्रिशङ्कुमा श्राप पर्नु

१
राजा–त्रिशङ्कुका यस्ता कुरा सुन्दा वसिष्ठका ।
शर्यौं छोरा रिसाए ती भन्न थाले यसो तदा ।।
सत्य बोल्ने गुरू तिम्रा भन्दछन् हुन्न ! त्यो जब ।
किन मूर्ख्याँइ यो गर्छौ ए दुर्बुद्धे ! तिमी अब ।।
आज्ञा नाघेर त्यस्ताको शाखाको अरु फेरि यो ।
लिन आश्रय खोजेको किन हो ? योग्य हो कि यो ? ।।
सवै इक्ष्वाकुवंशीका पुरोहित र हुन् गति ।
सत्यवादी उनै एक, आज्ञा त्यो नाघ्नु के गरी ? ।।
भन्नुहुन्छ भने हुन्न, सकिन्न, जब ती ऋषि ।
यज्ञ गर्न त्यही फेरि सक्तछौ भन के गरी ? ।।
तिमी मूर्खै रहेछौ लौ ! नर श्रेष्ठ भए पनि ।
फर्केर राजधानीमा अव जाउ स्वयं तिमी ।।
गर्न त्रैलोक्यको यज्ञ सक्तछन् मुनिराज ती ।
हेला गर्न उहाँको नै हामी सक्छौं कसो गरी ? ।।
क्रोधले मुछिएका यी गुरुका पुत्रको कुरा ।
सुनेर फेरि भन्छन् यो उनीकन त्रिशङ्कु ता ।।
महात्मा गुरुले त्यस्ता गुरुपुत्र तपाँइले ।
स्वीकार न गरी यस्तो जवाफ दिनु भो हरे ! ।।
तपाँई हरूको भैगो ! जय–कल्याण होस् ! अव ।
म जान्छु शरणै पर्न कसैको अरु वास्तव ।।
कुरा त्रिशङ्कुका सुन्दा घोर आग्रहपूर्ण यो ।
भने निकै रिसाएर "भएस् चाण्डालरूपको" ।।
वसिष्ठ–मुनिका छोरा महात्मा जो शर्यौं थिए ।
राजामा दिइ यो श्राप आफ्नो आश्रममा पसे ।।
रात बित्ता न बित्तै त्यो अव राजा–त्रिशङ्कु ता ।
चाण्डाल भै गए राम ! डर्लाग्दा घोररूपका ।।
१३

१४
भयो शरीरको वर्ण अव नीलो नरेन्द्रको ।
पैह्रेका कपडा नीला भै गए ठीक–देहको ।।
देहमा शोभिए माला, चिताका भस्म लेपिए ।
यस्ता फलामका साङ्ला, गहना ठीक जेलिए ।।
चाण्डालरूपमा यस्तो देखी राजाकनै निज ।
उनका साथ आएका भागिहाले सवै तव ।।
मन्त्रीहरू पनी भागे पुरवासी सँगै गए ।
धीर स्वभावका राजा–त्रिशङ्कु अव एक्लिए ।।
अहोरात्र उनीलाई पीर चिन्ता सताउँथ्यो ।
गए शरणमा पर्न विश्वामित्र – महर्षिको ।।
यी विश्वामित्रले देखे राजाको सव जीवन ।
भयो विफल नै भन्ने पर्‍यो, उब्जो दया पुनः ।।
चाण्डालरूपमा त्यस्तो देख्ता राजाकनै हरे ! ।
पग्लियो हृदयै सारा करुणा–सिन्धुमै परे ।।
तपस्वी अति धर्मात्मा दयालु यिनले तव ।
भने त्रिशङ्कु राजामा देखिन्थे जो भयानक ।।
राजा ! कल्याण होस् तिम्रो ! भन आयौ यहाँ किन?।
चाण्डाल श्राप पर्दामा भयौ के वीर ! लौ भन ? ।।
यस्ता मीठा कुरा सुन्दा चाण्डालपन पाँउने ।
वाक्यको मर्म बुझ्ने ती राजाले मुनिमा भने ।।
महर्षे ! गुरुले मेरा गुरुका पुत्रले पनि ।
मेरो भनाइ खाएनन् नाँई ! भनि दिए अनि ।।
लागेको मनमा वस्तु खोज्थें पाँउन जो म ता ।
त्यो नपाइ हुँदा उल्टो अझ यस्तो भएँ म ता ।।
स्वर्गमा जान इच्छा म गर्दथें यै शरीरले ।
सकेन पुग्न त्यो धोको सौम्यदर्शन ए ऋषे ! ।।
२६

२७

मैले गरि सकेको छु शयौं यज्ञ महामुने ! ।
म भैन तिनको कत्ति पनि ता फल पाँउने ॥
खाईं शपथ यो भन्छु आफ्नो क्षत्रिय-धर्मको ।
प्रभो ! म माथि वज्रै का वेलामा पनि कष्टको ॥
झूठा मैले न ता कैले पैले पनि भनें प्रभो ! ।
न ता भविष्यमा नै म भनुँला, पाल्छु सत्य यो ॥
नाना प्रकारका मैले यज्ञानुष्ठान ती गरें ।
प्रजा-जनहरूको वी सुरक्षा धर्मले गरें ॥
गुरु-मान्य-महात्माको सदाचार र शीलले ।
गरें मैले सदा सेवा, खुशै पारें प्रयत्नले ॥
अहिले पनि धर्मैको निम्ति यज्ञ गरूँ भनी ।
म यज्ञ गर्न चाहन्थें ठूलो उत्साहवान् बनी ॥

३२

३३

परन्तु भगवन् ! मेरा गुरु वंश-पुरोहित ।
भएनन् क्यै गरे तुष्ट ममाथि, छ यही दुःख ॥
भोगी यस्तो म ठान्दोछु भाग्यै ठूलो रहेछ त्यो ।
ठूलो हो पुरुषार्थै त्यो भन्ने ता व्यर्थ सिद्ध भो ॥
दैवले हमला गर्छ सारा‌को काममा सब ।
दैव नै हो प्रभो ! फेरि सारा‌को गति वास्तव ॥
तस्मात् मुने ! म अत्यन्त भई आर्त र दुःखित ।
कृपा-प्रसाद त्यो पाँऊ ! भन्न आएँ यहाँ स्वतः ॥
त्यै दैवले प्रभो ! मेरो पुरुषार्थ हर्‍यो सब ।
मुनिको जय होस् पाँऊ, अवश्य म कृपा अब ॥
अब फेरि म ता जान्न कसैको पर्न पाउमा ।
साँच्चै भनौं भने देखि दिन्नन् शरण क्वै ममा ॥

३८

पुरुषार्थ गरी ठूलो प्रभो ! अब हजूर नै ।
मेरो दुर्भाग्य यो नाशन हुनुहुन्छ समर्थ नै ॥

३९

इति अन्ठाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्साठी सर्ग

महोदय र ऋषि-पुत्रहरूमा श्राप

१

चाण्डालरूप राजाका सुनी यस्ता कुरा तव ।
भन्दछन् वाक्य यी मीठा दयापूर्वक कौशिक ॥
धर्मात्मा छौ तिमी बाबु ! म जान्दछु, छ स्वागत ! ।
राजा ! म शरणै दिन्छु, नडराऊ भयो अब ? ॥
सहाय यज्ञमा गर्ने पुण्यात्मा ऋषिका सँगै ।
महर्षिलाइ मै डाक्छु, गर लौ यज्ञ ढुक्क भै ॥
तिम्रो कुरूप यो जो छ, भएको गुरु-श्रापले ।
जाने छौ स्वर्गमा पक्का तिमी यै रूप-देहले ॥
तिमीले हातले भेटेजत्तिकै स्वर्ग ठान्छु म ।
शरणै दिन सक्नेको जो आयौ शरणै पुनः ॥
तेजस्वी मुनिले यस्ता राजालाइ यसो भनी ।
बुद्धिमान् अतिधर्मात्मा छोरा डाके, भने अनि ॥
यज्ञको सर-सामान पार ठीक छिटै सव ।
अनि शिष्यहरू डाकी अऱ्हाए यो कुरा तव ॥
मेरो आज्ञा लिई जाओ ! जान्ने बुझ्ने कुरा सव ।
पुण्यात्माहरूलाइ ती डाकी ल्याओ यहीं अव ॥
सारा वसिष्ठका छोरा साथका मुनि औ ऋषि ।
आउन् लिइ सुहृत्-शिष्य, डाक ऋत्विक भए जति ॥
डाकेका र न डाकेकाहरूले यो कुरा सुनी ।
राजाका यज्ञको वारे क्यै भनेमा सवै सुनी ॥
यहाँ फर्केर आएर तिमीहरू सवै मिली ।
सुनाँउनु मलाई त्यो एक-एक गरी पछि ॥
लिएर गुरुको आज्ञा गए शिष्य दिशा दश ।
भने सन्देश त्यो राम ! थाले आउँन ती सव ॥
बल्दो तेज हुने त्यस्ता मुनिका शिष्य फर्किए ।
भने ती ब्रह्मवादीका भनाई जति जो थिए ॥

१३

१४

गुरो ! सुनेर सन्देश प्रायः सम्पूर्ण देशका ।
आउँदैछन् यता सारा मुनि, भै खुश चित्तका ॥
छोडी महोदय-ऋषि शय छोरा वसिष्ठका ।
सारा हिंडिसकेका छन् महर्षि, आँउनै यता ॥
भगवन् ! यो कुरा सुन्दा वसिष्ठ-सुतले सव ।
वाक्यमा क्रोधले पूर्ण जो भने सुन्नुहोस् अव ॥
जो वास्तवमा छ चाण्डाल, उता यज्ञ गराँउने ।
छ क्षत्रिय त आचार्य जसको, अनि के हुने ? ॥
त्यस्ताको यज्ञमा त्यस्तो महात्मा, ऋषि, देवता ।
हविष्य कसरी खालान् दिएको यज्ञमा तदा ? ॥
खाई चाण्डालको अन्न त्यो विश्वामित्र बाट त ।
पालिएका ब्राह्मणादि जालान् के गरि स्वर्ग त ? ॥
ती महोदयका साथ सुतले यी वसिष्ठकै ।
भने निष्ठुर यो वाणी, आँखा राता गराउँदै ॥
शिष्यले अव ती आफ्ना भनेको वाक्य यो सुनी ।
आँखा राता गरी राम ! क्रोधले भन्दछन् मुनि ॥
यस्तो उग्र-तपस्यामा लागेकै छु म वास्तव ।
दोष-दुर्भावना आदि ममा छैनन् भने अव ॥
विफवाँकमा ममा यस्तो थुपार्छन् दोष ती भने ।
पक्कै पनि दुरात्मा हुन्, नाशिन्छन् छैन संशय ॥
आज ती कालपाशोले टन्काई यस लोकमा ।
स्वयं पुऱ्याइए छन् हा ! दैवले यस तथ्यमा ॥
तस्मात् सात सय जन्मसम्म ती दुष्ट वास्तव ।
खाने कुकुरको मासु, मुर्दा कुर्ने हऊन् सब ।
भन्छन् मुष्टिक जल्लाई, त्यही चाण्डाल-जातिमा ।
भइ निर्दय अत्यन्त लिऊन् जन्म स्वयं यहाँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

भई विरूप डलौंगदा सब विकृत अङ्गका ।
घुमुन् लोक भरी सारा मूर्ख छोरा वसिष्ठका ॥
२७

हओस् निन्दित सारामा दयाले शून्य चित्तको ।
लागेको जीव-हिंसामा यो मेरो क्रोध बाट त्यो ॥
२९

हो महोदय दुर्बुद्धि जसले दोष-हीनको ।
संभयो मलाई नै दोषी आफैं होस् दोष-युक्त त्यो ॥
२८

पाओस् निषादको यानि धेरै कालतकै अनि ।
भोगीस् दुर्गतिको साथै यसको फल त्यो पनि ॥
३०

तपस्वी अति तेजस्वी विश्वामित्र महामुनि ।
ऋषिका बीचमा यस्तो भनी चूप भए अनि ॥
३१

इति उनान्साठी सर्ग

~ ~

CC-0. In Public Domain. Digitization by eGangotri

साठी सर्ग

महाराज–त्रिशङ्कुको स्वर्गगमन

१

शर्यौं वसिष्ठका छोरा ती महोदय साथमा ।
तपस्या-बलले यस्तो नष्ट-भ्रष्ट भए वहाँ ॥
था पाए यो कुरा सारा, यी विश्वामित्रले मुनि ।
तपस्वी जुन थे लागे भन्न ती मुनिमा अनि ॥
इक्ष्वाकुवंशमा जन्म लिने राजा त्रिशङ्कु हुन् ।
छन् उदार र धर्मात्मा मेरो शरण पर्दछन् ॥
यस्तो छ इनको इच्छा, म आफ्नो देहले यही ।
अधिकार लिऊँ ठूलो स्वर्ग-लोक तिरै गई ॥
तसर्थ ऋषि हो ! मेरै साथमा यज्ञ त्यो गरौं ।
जसमा स्वर्ग जालान् यी देहको साथ, लौ! बढौं ॥
सुनी यो उनको वाक्य धर्म जान्ने सवै ऋषि ।
मैं एक ठाममा जम्बा धर्म-युक्त भने यही ॥
मुनि हो ! अति क्रोधी छन् छोरा कुशिकका अतः ।
गरौं सब भने जस्तो शङ्का नै न गरी स्वतः ॥
भगवान् मुनि देखिन्छन् वल्दो आगो समानका !
दिन्छन् हामीहरुलाई झोकिई नत्र श्राप ता ॥
तसर्थ यज्ञ यो थालौं जसमा राजा त्रिशङ्कु यी ।
सदेह स्वर्गमा जाऊन् मुनिको तेजले पछि ॥
सवै मिलि-जुली हामी अव आरम्भ यज्ञको ।
गरौं लिइ अ-आफैंले अ-आफ्नो काम योग्यको ॥
गरी सल्लाह यो राम ! मुनिले अनि ती सव ।
अ-आफ्नो काम सह्याले अ-आफैंले स्वयं तव ॥
तपस्वी अति तेजस्वी विश्वामित्र स्वयं वहाँ ।
अध्वर्यु नै भए राम ! राजाको शुभ-यज्ञमा ॥
अनेकौं मन्त्र जानेका द्विज ऋत्विक् भए तव ।
गर्न लागे सवै कर्म मन्त्रोच्चारणपूर्वक ॥

१३

१४

गर्नु पर्थ्यो जहाँ जस्तो विधिले कल्पशास्त्रको ।
मन्त्रको तत्व जानेका भो सवै मुनिबाट त्यो ॥
भए यस अघी फेरि मन्त्र-पाठ अनेकन ।
वित्तै काल गयो लामो यज्ञको विधि लीकन ॥
यी विश्वामित्रले आफैं अनि ती देवता कन ।
आवाहन गरी डाके अ-आफ्नो भाग त्यो लिन ॥
तर राम ! वहाँ कोही पनि आएन त्यो लिन ।
डाके ता पनि यत्नैले पढेरै मन्त्र उत्तम ॥
तपस्वी मुनिलाई यी चढ्यो क्रोध महान् अव ।
उठाए हातको सूरो राजासंग भने तव ॥
ए त्रिशङ्कु ! तिमी हेर यो मेरो तपको बल ।
देह साथै तिमीलाई स्वर्ग भेज्छु स्वयं अव ॥
राजा! आज तिमी जाऊ यै आफ्नो देह साथ ली ।
स्वर्गमा पाँउनै गाह्रो लौ मेरो शक्ति साथ ली ॥
मैले केही कमाएको छ भने तपको फल ।
त्यसको शक्तिले राजा ! तुरुन्तै स्वर्ग जाउ ल ! ॥
भनेमा ऋषिले यत्ति अरू ती मुनिकै अघि ।
देह साथै गए राम ! स्वर्ग राजा त्रिशङ्कु ती ॥
त्रिशङ्कुलाइ देखेर पुगेका स्वर्गमै तब ।
देवका गण ली साथ इन्द्र भन्छन् यसो अव ॥
तेरो निमित्तमा छैन स्वर्गमा ठाम फर्कि जा ! ।
तँ नष्ट भै सकेको छस् गुरुको श्रापबाट ता ॥
ए त्रिशङ्कु ! तँ होस् मूर्ख, मुख फर्काइ तलितर ।
खस्तै जा ! तँ स्वयं फेरि यहाँबाट धरैतिर ॥
इन्द्रले यत्ति भन्दामा मुनिलाइ तपोधन ।
गुहारेर भनी त्राही ! खसे राजा रघूत्तम ! ॥

२६

२७

राजा त्रिशङ्कुको यस्तो सुनि करुण-क्रन्दन ।
चर्को क्रोध चढी हाल्यो यिनलाइ स्वयं पुनः ॥
भने त्रिशङ्कुलाई ती पख राजा ! त्यहीं पख ! ।
मुनिले यत्ति भन्दामा अडे राजा त्यहीं तव ॥
तेजस्वी मुनिले त्यस्ता ऋषिका बीचमा जुन ।
प्रजापति समानै थे रिसले चूर भैकन ॥
नयाँ सप्तर्षिकै राम ! दक्षिणी मार्गपङ्क्ति त्यो ।
स्वयं सृष्टि गरे, साथै शयौं नक्षत्र आदिको ॥
यसरी मुनिले अर्कै सप्तर्षिगण साथमा ।
रचे नक्षत्र-माला र शोच्न लागे पछी वहाँ ॥
म अर्कै इन्द्रको सृष्टि अव गर्दछु वास्तव ।
अथवा इन्द्र पाजी त्यो विनाकै स्वर्ग होस् अब ॥
राता-पीरा भएका थे क्रोध बढ्दा महामुनि ।
सृष्टि गर्छु भनी लागे नयाँ देवकनै पनि ॥
उद्योग मुनिको यस्तो देख्तामा मुनिका गण ।
देव दैत्य भए ज्यादै उद्विग्न रघुनन्दन ! ॥
सवै वहाँ भए जम्बा महात्मा मुनि साथ ती ।
विन्ती चढाउँनै लागे भई नम्र निकै झुकी ॥
राजा-त्रिशङ्कु यी ब्रह्मन् ! गुरुको श्राप त्यो परी ।
पुण्य नष्ट भएका छन् अहिले अनि के गरी ॥
स्वर्गमा जान सक्लान् र त्यो पनि देह साथ ली ? ।
अधिकारी छँदैछैनन् तपोधन ! कसै गरी ? ॥

३७

३८

देवताहरूका यस्ता कुरा राम्रा सुने पछि
बडो गहकिलो वाणी भन्दछन् देवलाइ ती
देव हो ! श्रेय होस् तिम्रो; त्रिशङ्कुकन यी नृप
चढाउँछु भनेको थें सदेहै स्वर्गमा तव
अव मैले गरेको त्यो प्रतिज्ञा भङ्ग के गरी
झूठो गराउँ ? आफैं म, योग्य हुन्न कसै गरी
भैगो ! त्रिशङ्कुलाई यी मिलोस् स्वर्ग सुखै सदा
स्थायी हुन् सव नक्षत्र मैले जो सिर्जिए यता
सारा लोक रहेसम्म म द्वारा सृष्ट-वस्तु यी
स्थायी हुन् यो कुरामा लौ देव हो ! गर स्वीकृति
यसरी भनिएका ती देवता भन्दछन् अव
हुनेछ भगवन् ? त्यस्तै हओस् हजुरको जय
मुनिले सिर्जिए जत्ति यी नक्षत्र अकाशमा
वैश्वानरपथैबाट बाहिरै चम्कियुन् वहाँ
ती ज्योतिर्मय नक्षत्रहरूका बीचमा यता
प्रकाशमान् हुन् नीचो मुख गर्ने त्रिशङ्कु ता
यशस्वी नृप यी होलान् कृतार्थै, देवझैं पुनः
स्वर्गीलाई सरी गर्लान् सवले नित्य सेवन
धर्मात्मा अति तेजस्वी ती विश्वामित्रको अव
गरे स्तुति पनी राम ! ऋषिका बीचमा सव
त्यसैले खुश भै हाले 'बडो बेस !' भने अनि
स्वीकार देवताको ती अनुरोध गरे पनि

४८

यसरी सकियो यज्ञ त्रिशङ्कु-नृपको पछि ।
आए जस्तो गए देव, महात्मा, मुनि औ ऋषि ॥

४९

इति साठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकसठ्ठी सर्ग

अम्बरीष–राजाको यज्ञारम्भ

१

ए नरश्रेष्ठ श्रीराम ! वनवासी सबै मुनि ।
देखेर जान लागेका ऋषिले यी भने अनि ॥
विघ्न आइ परे ठूला बस्वा दक्षिणमा यता ।
अब अर्कै दिशा लागौं गरौं तप बसी त्यता ॥
छ पश्चिम-दिशामा जो महात्मा विधिको शुभ ।
पुण्य-पुष्कर त्यो तीर्थ विशाल अति अद्भुत ॥
त्यहीं गइ तपौं हामी तपस्या सुखपूर्वक ।
तपोवन त्यही राम्रो देखिइन्छ दिने सुख ॥
भनेर यत्ति तेजस्वी–मुनि पुष्करमा गए ।
फल-मूलादि खाएर फेरि चर्को तपै तपे ॥
यसै ताक यता राम ! अयोध्यापुरका पति ।
अम्बरीष थिए राजा खोज्दथे यज्ञ गर्न ती ॥
यज्ञको काममा राजा लागेका थे क्रिया बढ्यो ।
इन्द्र आएर यै वेला यज्ञको पशु त्यो हर्‍यो ॥
यज्ञको पशु खोज्दा त्यो न पाए पछि राघव ! ।
भने राजाकनै यस्तो ती पुरोहितले तब ॥
ल्याइएको थियो राजा ! यहाँ जो पशु, त्यो तर ।
तिम्रो दुर्नीतिले गर्दा हरायो भइ दुर्धर ॥
यज्ञको पशुको रक्षा न गर्ने नृपलाइ ता ।
पार्दछन् नष्ट नै दोष छन् जो नाना प्रकारका ॥
यो कर्मको शुभारम्भ हुनु भन्दा अगाडि नै ।
खोजेर पशुलाई त्यो यहाँ ल्याउ, ल शीघ्र नै ॥
अथवा त्यसको साटो कुनै 'पशु-मनुष्य' गै ।
किनेर ल्याउ, यै हुन्छ त्यो प्रायश्चित्त पापकै ॥
आचार्यका कुरा सुन्दा दिई गाइ हजारन ।
पशु खोज्न स्वयं लागे बुद्धिमान् नृप थे जुन ॥

१३

१४

गए देश-विदेशैमा पुगे जनपदादिमा ।
वन-आश्रममा पुण्य घुमे खोज्दै जहाँ तहाँ ॥
साथमा पुत्र-पत्नी ली वसेका भृगुतुङ्गमा ।
ऋचीक-मुनिलाई ती राजा देख्न पुगे वहाँ ॥
तेजस्वी कान्तिमान् ज्यादै राजर्षि-अम्बरीष थे ।
यता महान् तपस्याले ऋचीक-मुनि बल्दथे ॥
नजीक गइ ढोगेर पाउमा मुनिलाइ यी ।
पारे प्रसन्न सोधेर सबै कुशल-प्रश्न ती ॥
पछिबाट भने यस्तो भृगुनन्दन ! हे प्रभो ! ।
मलाइ चाहिएको छ एउटा पशु यज्ञको ॥
एक लाख लिई गाई मूल्यमा पुत्र एउटा ।
ममा बेच्नु भए देखि म हुन्थें कृत-कृत्यता ॥
मैले देश घुमे सारा मलाइ पशु योग्यको ।
मिलेन, पाउँ यौटा म सुत ली मूल्य योग्यको ॥
ऋचीक-मुनि-तेजस्वी भन्दछन् यी कुरा सुनी ।
छोरो जेठो म वेच्तीन कुनै हालतमा पनि ॥
कुरा स्वपतिको सुन्दा महात्मा-सुतकी सब ।
माता तपस्विनी भन्छिन् अम्बरीषकनै तब ॥
म बेच्तिन भयो भन्नु उहाँले जेष्ठ त्यो सुत ।
मेरो पनि छ यो प्यारो कान्छो बेच्तिन है म त ॥
बाबुका प्रिय नै हुन्छन् जेठा छोरा विशेषले ।
कान्छै हुन् प्रिय आमाका, म रछिन्छु कनिष्ठ ए ! ॥
मुनिले मुनि-पत्नीले यसो भनि सके पछि ।
ती शुनःशेप ए राम ! माहिला भन्दछन् पछि ॥
पिताले भन्नु भो जेठो पुत्रलाइ म बेच्तिन ।
माताले भन्नु भो कान्छो हुँदा प्रिय म बेच्तिन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
तस्मात् ठान्दछु आफैं म दुवैको निम्ति बेचिन ।
योग्यको त, म नै यौटा, किन ! लैजाउ मैकन ॥
ब्रह्मज्ञ माहिलाले यी अब यत्ति भने पछि ।
ए महाबाहु श्रीराम ! राजा खुश भए अति ॥
२८

२९
मुनिमा स्वर्णका मुद्रा मूल्य एक करोड र
एक लाख दिए गाईं थुप्रै रत्न मनोहर।
ती शुनःशेपलाई ली चढेर रथ झटपट
यशस्वी अति-तेजस्वी राजा घर हिंडे अब।
३०

इति एकसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बासठ्ठी सर्ग

राजा–अम्बरीषको यज्ञसमाप्ति र विश्वामित्रको तपस्या

१

ती शुनःशेपको साथ राजा-पुष्कर-तीर्थमा ।
ठीक मध्यान्हमा आए, बसे विश्राम निम्तिमा ॥
राजा विश्राम गर्दैथे, शुनःशेप यतातिर ।
जेष्ठ-पुष्करमा आए, भित्र थे खिन्न आतुर ॥
आफ्ना मामाकनै देखे विश्वामित्र थिए जुन ।
तपस्या गर्न लागेका ऋषि साथ लिईकन ॥
उनी दीन थिए साह्रै, खिन्नता मुखमा थियो ।
भोक-प्यास-थकाईले यतातिर सताँउथ्यो ॥
देख्नासाथ यिनीलाई उनी गै काखमा लडे ।
सौम्य दर्शन ए राम ! पछि बाट यसो भने ॥
छैनन् मेरा पिता-माता बन्धु-बान्धव-ज्ञाति ता ।
होलान् र कसरी फेरि निःसहाय भएँ म ता ॥
मामा ! यस्तो हुँदा गर्नोस् मेरो रक्षण धर्मले ।
हुनुहुन्छ तपाँई नै सबका रक्षकै हुने ॥
राजा कृतार्थ होऊन् यी, यता दीर्घायु हूँ म त ।
गरी तप महान् श्रेष्ठ स्वर्ग भोगुँ म वस्तुतः ॥
हुनोस् अनाथको नाथ, विशुद्धै चित्तले प्रभो ! ।
पिताले पुत्रलाईझैं रक्षिनोस् पापबाट यो ॥
ती शुनःशेपको वाक्य तपस्वी-मुनिले सुने ।
दिएर सान्त्वना नाना छोरा डाके यसो भने ॥
हुने श्रेय भलो ठूलो लोकमा परलोकमा ।
आशा लिइ पिता आफ्ना पुत्र जन्माउँछन् यहाँ ॥
पूर्ण गर्ने त्यही धोको आयो समय त्यो अब ।
रक्षा मबाट चाहन्छ सुन ! यो मुनि-बालक ॥
सुन ए बाबु हो ! तस्मात् आफ्नो जीवन-दानले ।
यस्को प्रिय हुने काम सक्तछौ भन गर्न के ? ॥

१३

१४

पुण्यात्मा धर्ममा रम्ने छौ तिमी सब निर्मल ।
भएर पशु राजाको अग्नि तृप्त गराउ ल ! ॥
यो अनाथ शुनःशेप यता होजा सनाथको ।
राजाको यज्ञ त्यो होला पूर्ण विघ्नादि-हीनको ॥
सम्पूर्ण देवता होलान् यसले फेरि तृप्त ती ।
यता मेरो पनी होला आज्ञा-पालन यस्पछि ॥
मुनिको वाक्य यो सुन्दा मधुष्पन्दादि पुत्रले ।
अभिमान र हेंलाले यिनलाइ यसो भने ॥
आफ्ना छोराहरू त्यागी अर्काको सुतलाइ यो ।
गर्नु हुन्छ प्रभो ! रक्षा कसरी ? यै अनर्थ भो ॥
कुत्ताको मासु पर्दा क्वै श्रेष्ठ भोजनझैं भयो ।
अकार्य देखतछौं हामी यसमा गजबै त हो ॥
छोराका यी कुरा सुन्दा मुनिमा क्रोध चढ्न गो ।
आँखा राता भई हाले यसरी वाक्य निस्कियो ॥
भई निर्डर अत्यन्त तिमीले जो भन्यौ त्यसो ।
त्यो छ निन्दित ज्यादै र धर्मले हीन तुच्छको ॥
उल्लङ्घन गरी मेरो आज्ञा यो अतिदारुण ।
जो भन्यौ वाक्य, त्यल्ले भो रोमाञ्चै देहमा पुनः ॥
सुन ए दुष्ट हो ! तस्मात तिमीहरू पनी सब ।
छोरा वसिष्ठका जस्तै भयौ, चाण्डाल मुष्टिक ॥
जाति-रूप लिइ त्यस्तै पृथिवीभर यो घुम ।
हजार वर्ष पर्यन्त बस दुःख खपीकन ॥
दिई यो श्राप छोरामा मुनिले पछि दुःखित ।
त्यो शुनःशेपको रक्षा गरी राम्रो भने तब ॥
ती अम्बरीष-राजाले सुन ए मुनि-बालक ! ।
बाँध्नान् जत्र तिमीलाई पवित्रै पाशले सब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

रक्तचन्दन लेपेर सिंगारेर कुरा सुन ! ।
ती रक्तपुष्पकै माला पैह्राएर वहाँ पुनः ॥
पार्लान् बलि दिनालाई जब ठीक तिमीकन ।
त्यै वेलामा तिमी जानु मौलामा विष्णुको पुनः ॥
विशुद्ध-स्वरमा गर्नु अग्निको स्तुति-गान यो ।
सिकाउँछु तिमीलाई दुइ गाथा म दिव्य जो ॥
तिमीले मनमा आफ्नो चिताएको कुरा सब ।
अवश्य यस द्वारा नै पुग्ला, सिद्धि छ निश्चिव ॥
भै सावधान ती गाथा दुइटै उनले लिए ।
अनि झट्पट आएर राजामा यसरी भने ॥
नरश्रेष्ठ महाबुद्धे !! जाऔं हामी छिटो अब ।
यज्ञ-दीक्षा लिई हाल्नोस्, सकौं काम पनी सब ॥
ऋषि-बालकका यस्ता कुरा सुन्दा खुशी हुँदै ।
तुरुन्त यज्ञ-शालामा पुगे भइ अतन्द्रितै ॥

३३

३४

वहाँ सदस्य-ऋत्विक्को लिई स्वीकृति भूपले
बाँधे बालकलाई ती कुशको शुद्ध-पाशले
पशुका चिन्हले सारा पूर्ण पारी उनीकन
सिंगारे रक्त-मालाले रक्तचन्दनले पुनः
बाँधे लगेर मौलामा यै वेला मुनि-पुत्रले
पढे ती दुइटै गाथा मीठो उत्तम वाक्यले
उपेन्द्र-इन्द्र यी दौटै देवको रघुनन्दन !
विधिपूर्वकको शुद्ध स्तुति गाए मनोरम
सुन्दा खुश भए इन्द्र रहस्यमय यो स्तुति
लामो आयु दिई हाले ती शुनःशेपमा पछि
यी अम्बरीष-राजाले कृपाले इन्द्रको पुनः
धेरै गुण हुने पाए यज्ञको फल उत्तम
तपस्वी अति धर्मात्मा यी विश्वामित्रले पनि
वहाँ हजार वर्षैको चर्को तप गरे अनि

४०

इति वासठ्ठी सर्ग

~×~

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिसठ्ठी सर्ग

महर्षि–विश्वामित्रको तपोवनमा मेनकाको आगमन

१

यसरी एक हजार वर्ष पूरा भए पछि ।
व्रतान्त–स्नान इत्यादि गरियो ऋषि बाट यी ॥
विश्वामित्र भए ठाम आए सम्पूर्ण देवता ।
लिई फल दिने इच्छा त्यो चर्को तपको तदा ॥
ब्रह्माले भन्नु भो मीठो वाक्यमा उनलाइ यो ।
तिमी ऋषि भयौ राजा ! तिम्रो कल्याण होस् भलो ॥
छ यही यसमा हेतु तिमी द्वारा उपार्जित ।
पवित्र शुभ–कर्मैको परेको जो प्रभाव छ ॥
भनी यत्ति गए ब्रह्मा स्वर्गमा देवता लिई ।
लागे चर्को तपै गर्न तेजस्वी ऋषि फेरि ती ॥
काल वित्तै गयो राम ! मेनका अप्सरा वहाँ ।
तीर्थ–पुष्करमा आई कसिई स्नान गर्नमा ॥
तेजस्वी मुनिले देखे यैं बेला त्यसलाइ त ।
अत्यन्त सुन्दरी अर्को छैन जस्ती हुँदी स्वतः ॥
जस्तो बादलमा राम ! चम्किन्छे विजुली परी ।
यता पुष्कर–पानीमा चम्किन्थी त्यो त्यही सरी ॥
यी विश्वामित्र भै हाले कामको वश राघव ! ।
त्यस साथ कुरा गर्छन् नजीक गइ यी अव ॥
मेरो आश्रममा वस् तँ, छ है स्वागत अप्सरा ! ।
कामले मोहितै पार्‍यो गर है ! अव ममा कृपा ॥
भनेमा यिनले त्यस्तो वस्न लागी उता त्यहीं ।
महान् विघ्न तपस्याको आयो मुनिकनै यहीं ॥
त्यो शुभाश्रममा वस्ता त्यसका दश वर्ष त ।
ठूलो आनन्दले राम ! विति हाले मजैसित ॥
वितेको यसरी लामो काल देखि महामुनि ।
भए लज्जित अत्यन्त चिन्ता शोक पर्‍यो अनि ॥

१३

१४

मुनिको मनमा उब्ज्यो शोच यो क्रोधपूर्वक ।
यो काम देवताकै हो नाश्ने मेरो महान् तप ॥
छोपिई काम–मोहैले छलले दिन–रातको ।
दश वर्ष विते मेरो तपमा विघ्न यै पर्‍यो ॥
रघुनन्दन ए राम ! अव यस्तो विचारले ।
पछितोले भए दुःखी लामो सास पनी त्यजे ॥
मेनका अप्सरा राम ! डरले थर्थरै भई ।
मुनिको अघि थी ठिङ्ग हात जोडेर नै दुई ॥
त्यसलाई यसो हेरी राम्रै मुख गरी पछि ।
विदा दिए भनी जा तँ, लागे उत्तर तर्फ यी ॥
गरी निश्चयको बुद्धि काम जित्न स्वयं उनी ।
कौशिकी–तटमा आए लागे गर्न तपै अनि ॥
उत्तरी गिरिमा राम ! वर्ष एक हज्जारको ।
तप गर्ने उनी वाट देवतामा डरै पर्‍यो ॥
सल्लाह गर्न लागे ती भै जम्बा देवता, ऋषि ।
"महर्षि" पदवी पाऊन् यै छ उत्तम यी ऋषि ॥
देवका यी कुरा सुन्दा ब्रह्माले भन्नु भो पुनः ।
निकै मधुर–वाणीमा ऋषिलाइ तपोधन ॥
भएँ खुश म यो चर्को तपस्याले, छ स्वागत ।
तिमीलाइ दिएँ मैले, महत्ता ऋषि–मुख्य त ॥
सम्पूर्ण लोकका स्वामी ब्रह्माका यी कुरा सुनी ।
भए खिन्न असंतुष्ट विश्वामित्र–महामुनि ॥
हात जोडी गरे विन्ती भई नम्र उहाँकन ।
भगवन् ! यदि यी मैले गरिएका उपार्जन ॥
पवित्र शुभ–कर्मैले ब्रह्मर्षि–पद–उत्तम ।
गरे प्रदान संम्झन्छु जितेन्द्रिय मलाइ म ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ब्रह्माले भन्नु भो छैनौ जितेन्द्रिय अझै तिमी ।
प्रयत्न गर लौ भन्दै जानु भो स्वर्गमा अनि ॥
गएमा स्वर्गमा सारा देवता, मुनिले यता ।
थालि हाले महान् चर्को तपस्या गर्न फेरि ता ॥
पृथ्वीबाट उठे माथि, निराधार भए यता ।
तपस्या गर्न यी लागे, उठाए दुइ हात ता ॥
ऋषि यी पिउथे वायु, गर्मीका दिनमा पनि ।
पञ्चाग्नि ताप्तथे नित्य भए अत्यन्त संयमी ॥

३०

३१

बर्षा काल हुँदा राम ! वस्थे आकाशको मनि
गै अहोरात्र जाडोमा पानीमै वस्तथे यिनी
यसरी यी तपस्वीले वर्ष एक हजार त
घनघोर गरे राम ! तपस्या तीव्र वस्तुतः
मुनिले यसरी गर्दा यो चर्को तप राघव !
पऱ्यो ताप निकै ठूलो देवमा इन्द्रमा त
मरुद्गण र द्यौताको लिई सल्लाह इन्द्रले
त्यो–रम्भा अप्सरा डाके पछिबाट यसो भने

३४

इन्द्रको यो भलाईमा आफ्नु हुन्थ्यो भलो हित ।
यी विश्वामित्रको चाँहि हुन्थ्यो अहित वस्तुतः ॥

३५

इति त्रिसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौसठ्ठी सर्ग

विश्वामित्रले रम्भालाई श्रापदिनु र फेरि तपस्या गर्नु

१

ए रम्भा ! सुन् छ यौताको यौटा काम निकै ठुलो ।
भै सावधान तैंले नै पार्नु पर्दछ पूर्ण यो ।।
त्यो यै हो–जा फँसा ! औले विश्वामित्रकनै ऋषि ।
हऊन् ती जसले गर्दा कामको मोहको वशी ।।
बुद्धिमान् इन्द्रले यस्तो भनिए पछि अप्सरा ।
हात जोडेर भन्दी भै इन्द्रमा भइ लज्जिता ।।
विश्वामित्र तपस्वी छन् प्रभो ! अति भयानक ।
छोड्छन् क्रोध समा चर्को यसमा छैन संशय ।।
डराउँछु उनी बाट म साह्रै नै सुरेश्वर ! ।
यो कुरामा क्षमा पाँउ, कृपा होस् यसमा अब ।।
काँपेर डरले ज्यादै त्यल्ले यस्तो भने पछि ।
त्यल्लाई हात जोडेकी भन्दछन् देवराज यी ।।
न डरा कत्ति ए रम्भा ! मेरो आज्ञा तुरुन्त मान् ।
भलो हुन्छसँधै तेरो, मेरो वाक्य छ सत्य जान् ।।
सुन् त वैशाखमा रम्भा ! फुलेका वृक्षमा सब ।
खिंचेर मन साराको गाँउछन् जब कोकिल ।।
हुने वसन्त नै साथी कामदेव सँगै यता ।
म पनी साथमा हुन्छु तेरो घुम्छु जताताता ।।
बना तँ रूप यो आफ्नो नखरे अति चम्किलो ।
अनि जा र फँसा भद्रे ! छुटाइ तप बाट त्यो ।।
सुनी यो इन्द्रको वाक्य रम्भाले आफ्नु रूप त्यो ।
बनाई अति नै राम्रो थाली लोभ्याँउनै अहो ! ।।
मन छेड्ने गरी राम ! मुस्कुराई यतातिर ।
हाव-भाव गरी नाना नखरा ली उतातिर ।।
यसै वेला उता फेरि सुनियो कोकिलध्वनि ।
मन-कान दुवै हर्ने पार्ने घायल नै पनि ।।

१३

१४

प्रसन्न चित्तभो राम ! मुनिको दृष्टि त्यो खुल्यो ।
यसो हेर्दा अगाडीकी रम्भामा गइ बज्रियो ।।
सुन्दा कोकिलको शब्द रम्भाको गीत सुन्दर ।
त्यो रूप भ्वाट्ट देखतामा पऱ्यो शङ्का असुन्दर ।।
विचार्दा, ध्यानले हेर्दा, इन्द्रको जाल त्यो बुझे ।
रिसाइ मुनिले यस्तो श्राप रम्भाकनै दिए ।।
म यता जित्न चाहन्छु काम-क्रोध दुवैकन ।
तँ आइ दुर्भगे ! फेरि गर्छेस् लोभ्याँउने मन ।।
यस वापतमा तस्मात् दश हज्जार वर्ष तँ ।
बसेस् भएर ढुङ्गाकी प्रतिमा, अब जा ल ! तँ ।।
यो मेरो क्रोधले त्यस्ती हुने तँकन वास्तव ।
वेला भए पछी पूरा यो पनी बुझि राख् अब ।।
तेजस्वी अति नै ठूला तपस्या नै हुने बल ।
कुनै ब्राह्मण आएर गर्लान् उद्धार जा अब ! ।।
भनी यत्ति उठेको त्यो न सक्ता क्रोध रोक्न त ।
मनै-मन भए ज्यादै संन्तप्त मुनि यी स्वतः ।।
मुनिका श्रापले त्यस्तो यता रम्भा भई शिला ।
सुन्दा वाक्य कडा भागे इन्द्र काम दुवै यता ।।
उठेको क्रोधले यस्तो तपस्याको गऱ्यो क्षय ।
सकेनन् मुनिका फेरि वशमा हुन इन्द्रिय ।।
गरी विचार यो सारा तेजस्वी मुनिलाइ ती ।
मिलेन मनमा कत्ति शान्ति छर्पटिए अति ।।
अब दिक्क भए साह्रै मनमा यी उठे कुरा ।
म बोल्दिन, चिताँउन्न अब गर्दिन क्रोध बा ! ।।
फेर्दै-फेर्दिन सासै म, सयौं वर्ष पनी अब ।
सुकाउँछु शरीरै यो, जित्छु इन्द्रिय यी सब ।।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कमाएको तपस्याले विप्रत्व न मिलेतक ।
अन्न पानी गरी बन्द गर्छु सासै न ली तप ॥

२८

लाग्छन् अनन्त नै वर्ष भनेलागुन्, छ सिद्धि
अवश्य नाशिने छैनन् गर्दामा तप अङ्ग

२९

मुनिले निश्चयै यस्तो गरे हज्जार वर्षको ।
तप गर्ने लिए दीक्षा प्रतिज्ञा साथ राम ! यो ॥

इति चौंसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैंसठठी सर्ग

राजर्षि र महर्षि–विश्वामित्रले ब्रह्मर्षि–पद प्राप्त गर्नु

१

दिशा उत्तर त्यो छोडी अब राम! महामुनि ।
लागे चर्को तपै गर्न, गई पूर्वतिरै अनि ॥
हजारौं वर्ष पर्यन्त भए मौनी गरे तप ।
अतुल्य गर्नमै गाह्रो पाले राम! महान् व्रत ॥
न भएसम्म हज्जार वर्ष पूरा महामुनि ।
भए निश्चेष्ट ए राम! काठ जस्तै स्वयं थिनी ॥
मुनिमा यस बेलामा परे बिघ्न अनेकन ।
परन्तु क्रोधलाई ता दिएनन् भित्र उब्जन ॥
आफ्नो निश्चयमा त्यस्तो भई अटल राघव! ।
अनुष्ठान गरे यस्तो तपको उग्र वास्तव ॥
यसरी पूर्ण भो राम! हजारौं वर्षको व्रत ।
अन्न खाने गरे इच्छा मुनिले बल्ल पो अब ॥
खान लाग्दा यसै बेला रूप ब्राह्मणको लिई ।
पाकेको अन्न त्यो मागे इन्द्रले ठिङ्ग भै अघि ॥
मुनिले सब पाकेको अन्न त्यो विप्रमा दिने ।
गरे निश्चय तत्काल दिए भइ खुशी हुने ॥
सबै दिइ सकेका थे के खाउन्? शान्त भै बसे ।
भनेनन् विप्रमा केही, भई मौनी चुपै रहे ॥
अन्न सास लिनै-फेर्नै न पर्ने अघिको व्रत ।
लिन थाले थिए, मौनै वर्ष हज्जारको अफ ॥
भएछ अति नै राम! यसले त महर्षिको ।
शिरबाट उठ्यो धूवाँ तपका तेजको अहो! ॥
यल्ले त्रैलोक्यका प्राणी भए आकुल–व्याकुल ।
देवता ऋषि गन्धर्व नाग पन्नग राक्षस ॥
मुनिका तपले त्यस्तो सब मोहित भै गए ।
यिनका तेजले चर्को कान्ति-मन्द पनी भए ॥

१३

१४

भई दुःखित अत्यन्त ब्रह्म सँग गई भने ।
भगवन्! मुनिलाई यी अनेकौं हेतु-छिद्रले ॥
गर्नु सम्म गर्‍यौं यत्न क्रोध, लोभ बढाँउन ।
तै पनो अघि बढ्दैछन् तपले मौन भैकन ॥
पाएनौं कत्ति हामीले यिनमा दोष, छिद्र वा ।
त्रैलोक्यै नाशि दिन्छन् यी न दिए मनका कुरा ॥
यिनको तपले बल्दो चराचर जगत् सब ।
मासिइन्छ, दिशै सारा भए आकुल–व्याकुल ॥
क्यै कुरो पनि देखिन्न, अँध्यारो भो जताततै ।
समुद्र हल्लिए ब्रह्मन्! भै छताछुल्ल ती सबै ॥
टुक्रा–टुक्रा हुनै लागे यता पर्वत यी पनि ।
आयो प्रचण्ड यो आँधी, काँप्दछिन् पृथिवी पनि ॥
जान्दैनौं के गरे टर्छ यो कुरो तत्त्वपूर्वक ।
भए स्वकर्म छुट्नाले नास्तिकै तुल्यका सब ॥
त्रैलोक्य भरका सारा प्राणीको मन क्षुब्ध छ ।
छ मन्द सूर्यको तेज मुनिकै तेज बढ्दछ ॥
जब सम्म जगत् सारा नाश्ने त्यो निश्चयात्मिक ।
गर्दैनन् ऋषि यो बुद्धि त्यसको अघिनै अब ॥
प्रसन्न पार्नु नै पर्छ महात्मालाइ नत्र त ।
सारा भुसुक्क नै हुन्छ, उनको अग्निरूप छ ॥
जस्तो कालाग्निले पार्छ भुसुक्कै लयकालमा ।
त्यै ठीक भगवन्! पार्छन् सारा लोक जहाँ तहाँ ॥
यदि यो स्वर्गको लोक खोज्छन् भोग्न भने पनि ।
दिइयोस्, पारियोस् पूर्ण अरू इच्छा भए पनि ॥
ब्रह्मालाई लिई साथ गए देवहरू पनि ।
विश्वामित्र भए ठाम, मीठो वाक्य भने अनि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ब्रह्मर्षे ! छ तपाईंको महान् स्वागत यो अब ।
उग्र यस्तो तपस्याले हामीहरू भयौं खुश ॥
यस्तो चर्को तपस्याले ब्राह्मणत्व तपाँईले ।
स्वयं गर्नु भयोप्राप्त, खुश छौं मुनिराज ए ! ॥
मरुद्गण सँगै दिन्छु दीर्घायु म तपाँईमा ।
मन लागे सरी घुम्नोस, मङ्गलै होस् जहाँ तहाँ ॥
सुनी यी वाक्य ब्रह्माको ती सबै देवताकन ।
ढोगेर खुश भै भन्छन् विश्वामित्र रघूत्तम ! ॥
देव हो ! अब यो सुन्नोस् साथमा ब्राह्मणत्वको ।
लामो आयु पनी त्यस्तो दिनु भो जो, छ वेस हो ! ॥
त्यसका साथमा होऊन् ममा कण्ठस्थ वास्तव ।
ॐकार र वषट्कार चारै वेद पनी अब ॥
ब्रह्मवेद-धनुर्वेद-विद्या जान्ने समस्त यी ।
व्यक्तिमा श्रेष्ठछन् ज्यादै ब्रह्मपुत्र वसिष्ठ ती ॥
उनै आइ यहाँ भन्छन् भने विप्र भयौ तिमी ।
अनि ठान्छु म त्यो मेरो इच्छा पूर्ण भयो भनी ॥
देव हो ! बुझ्नु भो मेरो कुरो ? यत्ति भने पछि ।
मात्र जानु हज्रोस् सारा मन लागे सरी गरी ॥
देवतामा कुरो यस्तो पर्दामा पछि देवले ।
वसिष्ठ-मुनिराट्लाई रिझाए राम बाबु ए ! ॥
ती विश्वामित्रको विद्वान् अघि आइ वसिष्ठले ।
लौ त्यस्तै भो ! भने मैत्री बाँधे अत्यन्त प्रेमले ॥
यसमा छैन क्यै शङ्का भयौ ब्रह्मर्षि लौ तिमी ।
ब्राह्मणोचित संस्कार भए सम्पन्न ती पनि ॥
भनी यत्ति गए द्यौता आए जस्तै गरी उता ।
धर्मात्मा यिनले त्यस्ता पाए उत्तम विप्रता ॥
त्यो मन्त्र-जप गर्नेमा श्रेष्ठ, ब्रह्मर्षि उत्तम ।
वसिष्ठको गरे पूजा यी विश्वामित्रले पुनः ॥
पुऱ्याई यसरी इच्छा तपस्यामै टिकीकन ।
यी विश्वामित्रले राम ! घुमे सारा धराकन ॥
कठोर अति नै चर्को त्यस्तो तप गरीकन ।
महात्मा यिनले बाबु ! पाए विप्रत्व त्यो पुनः ॥

४२

४३

यिनै छन् मुनिमा श्रेष्ठ तपका मूर्ति हुन् यिनी ।
धर्म हुन् देह धर्ने यी, वीर्यका निधि हुन् यिनी ॥
विप्रश्रेष्ठ शतानन्द भए चूप यसो भनी ।
हात जोडि स्वयं भन्छन् राजा-जनक नै अनि ॥
समाषद्हरूकै साथ राम-लक्ष्मण सुन्दथे ।
ब्रह्मर्षि अति तेजस्वी ती विश्वामित्र लक्ष्य थे ॥
साह्रै धन्य भएँ आज भगवन् ! भो कृपा ठुलो ।
पाल्नु भो यज्ञमा मेरो राम-लक्ष्मण साथ जो ॥
दिई दर्शन यो ब्रह्मन् ! म पवित्र गराइएँ ।
प्रभुको दर्शनैबाट अनेकौं गुण पाइए ॥
यहाँ पाल्नु हुँदा आज महात्मा राम साथमा ।
सुने मैले बखानेको तपः-शक्ति प्रभो ! यहाँ ॥
विस्तार साथमा सारा सभाषद्हरुले पनि ।
सुने हजुरको त्यस्तो तेज-वीर्य-गुणै पनि ॥
रहेछ प्रभुको ब्रह्मन् !! तपस्या अप्रमेय त्यो ।
रहेछ भगवन् ! फेरि बल त्यस्तो अतर्क्यको ॥
रहेछन् गुण ती फेरि यस्ता र यति छन् भनी ।
भन्नै नसकिने विद्वन् ! वयानै गर्नु के अनि ? ॥
आश्चर्यमय यी गाथा-कथाले प्रभुका प्रभो ! ।
अघाँउथें सुनी के म ? तृप्ति हुन्न सुनी अहो ! ॥
भगवन् ! यज्ञको काम गर्ने वेला भई सक्यो ।
यता सूर्य ढले ब्रह्मन् ! अब साँझ पनी पऱ्यो ॥
ए श्रेष्ठ जप गर्नेमा भगवन् ! अब जान्छु म ।
पाउँ भोलि विहानै यो शुभ-दर्शन फेरि म ॥
राजा-जनकले यस्तो भनिए पछि ती मुनि ।
मनै-मन भए साह्रै खुश तुष्ट स्वयं अनि ॥
प्रेमयुक्त नरश्रेष्ठ ! राजा जनकलाइ ती ।
प्रशंसा गरि चाँडै नै विदा गरि दिए पछि ॥
गरे झटपट राजाले उपाध्याय र बन्धु ती ।
प्रदक्षिणा उहाँलाई गए महलमा पछि ॥
राम-लक्ष्मण ली साथ धर्मात्मा मुनिराट् पनि ।
पाल्नु भो मुनिले सारा पूजिदै वासमा अनि ॥

५८

इति पैंसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयसठ्ठी सर्ग

शिवधनुको महत्त्व बताँउनु

१

भोलिपल्ट उज्यालो भो, सब झलमल देखिए ।
राजा-जनकले आफ्ना नित्य कर्म सबै सके ॥
राम-लक्ष्मणकै साथ महात्मा मुनिलाइ ती ।
गरे डाक्न पठाएर पूजा शास्त्रीय ली विधि ॥
भने अनि यसो ब्रह्मन् ! के गरूँ म ? छ स्वागत ! ।
आज्ञा होस्, के गरूँ सेवा? आज्ञा-पालक हूँ मत ॥
ती कुरा गर्न जानेका मुनिले यी कुरा सुनी ।
भने यसो महात्मा ती राजा जनकमा अनि ॥
ए राजा ! हुन् दशरथ राजाका पुत्र यी दुवै ।
विश्वविख्यात छन् ज्यादै दुवै क्षत्रिय वीर भै ॥
रहेको छ यहाँ जो त्यो धनु उत्तम वास्तव ।
यी दुवै वीर चाहन्छन् हेर्न त्यल्लाइ नै अव ॥
धनु देखाउ त्यो राजा ! हओस् तिम्रो भलै-भलो ।
यी दुवैको पनी इच्छा पुगोस् त्यो धनु हेर्नको ॥
धनु देखे पछी त्यस्तो दिव्य-उत्तमरूपकै ।
फर्कनेछन् दुवै भाई घर तर्फ प्रसन्न भै ॥
यसरी भनिंदा भन्छन् राजा-जनक फेरि ती ।
सुन्नुहोस् धनु यो ब्रह्मन् ! राखिन्छ जुन हेतु ली ॥
पुत्र थे निमिका जेठा देवरात मुनीश्वर ! ।
महात्मा उनमै राखे नासो त्यो रुद्रले स्थिर ॥
सुनिन्छ पहिले दक्ष-यज्ञ-विध्वंस त्यो हुँदा ।
भगवान् शिवले ज्यादै शक्तिका वीर्यवान् तथा ॥
रिसाई देवता साथ सजिलै धनु यो लिई ।
पारी त्यो यज्ञ-विध्वंस उनलाई भने पछि ॥
यज्ञमा भाग चाहन्थें म पाँउन परन्तु त्यो ।
तिमीहरू मिली सारा दिएनौ हक देव हो ! ॥

१३

१४

अव यै धनुले हेर ! म तिमीहरूको सब ।
श्रेष्ठ पूज्य महान् अङ्ग शिर काट्तछु वास्तव ॥
उदास खिन्न भै हाले देवता यो कुरा सुनी ।
देवाधिदेवलाई ती पछि पारे खुशी पनि ॥
प्रभुले खुश भै ब्रह्मन् ! मनस्वी देवलाइ ती ।
दया ली मनमा भित्र यही धनु दिए पछि ॥
महात्मा देवदेवेश शिवको धनु हो त्यही ।
पछि नासो रह्यो मेरा पुर्खामा देवरात ती ॥
कुनै दिन यता ब्रह्मन् ! मता यज्ञ गरूँ भनी ।
भूमिशोधन गर्दैथें हलाले खेतमा अनि ॥
त्यही वेला हलो द्वारा जोतेकी भूमिबीच ती ।
सीयो बाट कुनै कन्या निक्लिइन् दिव्यरूपकी ॥
सीयो बाट हलाको त्यो हुँदा उत्पन्न हे मुने! ।
'सीता' भन्ने रह्यो नाम कन्यालाई सुहाँउने ॥
पृथिवीबाट निक्लेकी मेरी कन्या तिनै अव ।
तरुणी भै सकेकी छन्, बढ्दीछन् नित्य वास्तव ॥
अयोनिजा कुमारीको वारेमा यो छ निश्चय ।
त्यसैलाई म सुम्पन्छु, जो यो धनु उठाँउछ ॥
वीर्यले शक्तिले यस्तो पाँउने प्रण यो गरी ।
ती सीतालाई राखेको छु मैले प्रण त्यै गरी ॥
निक्लिई पृथिवीबाट बढ्ने नित्य वनीकन ।
माग्न राजाहरू आए अनेकौं म कहाँ पुनः ॥
परन्तु भगवन् ! मैले न दिएर कसैकन ।
भनें 'हुन् वीर्यशुल्का यी' अभै छन् त्यसकारण ॥
भगवन् ! मिथिलामा यो पछि आए मिली नृप ।
सोधे म सँग यी सीता पाँउने वीर्य के छ त ? ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

जान्न इच्छा लिई यस्तो सोधेमा उनमा सब ।
उचाल धनु यो भन्दै अघि राखि दिएँ तब ॥
परन्तु तिनले सारा क्यै गरे ता पनि प्रभो ! ।
हल्लाँउनै सकेनन् त्यो, उठाँउन त के कुरो ? ॥
हूँ मैं पराक्रमी भन्नेहरूको त्यो पराक्रम ।
देखेर तुच्छ अत्यन्त, दिन्न जाओ, भने पुनः ॥
शङ्का भो तिनमा आफ्नो वीर्यको अनि ता प्रभो ? ।
घेरे यो मिथिलालाई भै क्रुद्ध पछि लड्न पो ॥
भएको संम्झिई हेला न राम्रो आफ्नु त्यस्तरी ।
रिसले चुरिई लागे पार्न पीडित यी पुरी ॥

३१

३२

एक वर्ष वित्यो पूरा सकिए सब साधन ।
मुनिश्रेष्ठ ! भएँ तस्मात् अब दुःखित भित्र म ॥
तपस्याले खुशी पारें सारा देवकनै अनि ।
दिए मलाइ भै तुष्ट सेना त्यो चतुरङ्गिणी ॥
मेरो दनक पाई ती अनि भागे दिशा दश ।
नामर्द, मर्द भन्ठान्ने मन्त्री साथ लिई सब ॥
यही हो धनु त्यो ज्यादै चम्किलो तेजिलो अनि ।
म देखाँउछु लौ ब्रह्मन् ! राम-लक्ष्मणमा पनि ॥
चढाइन्छ भने ताँदो धनुमा यो प्रभो ! म ता ।
रामलाइ स्वयं सीता टक्र्याँउछु अयोनिजा ॥

३६

इति छयसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतसठ्ठी सर्ग

श्रीरामद्वारा धनुर्भङ्ग

१

सुनी जनकका वाक्य विश्वामित्र महान् ऋषि ।
भन्दछन् 'धनु देखाउ राममा' नृपलाइ ती ॥
स्वमन्त्रीहरूमा आज्ञा दिए जनकले अब ।
त्यो दिव्य धनु लौ ल्याओ गन्ध-माल्यादि-शोभित ॥
तेजी मन्त्रीहरू सारा तुरुन्तै पुरमा पसे ।
धनु त्यो अघि लाएर सबै पछि उतै गए ॥
राखेको धनु थ्यो ठूलो आठपाङ्ग्रे फलामको ।
राम्रो सन्दूकमा यौटा, हुन्थ्यो पूजित नित्य जो ॥
बलीया हृष्ट औ पुष्ट पाँच हज्जार व्यक्तिले ।
धनु त्यो बोकिएको थ्यो, बल्ल-तल्ल प्रयत्नले ॥
साथै विशाल सन्दूक आए यी धनु त्यो लिई ।
साक्षात जनक-राजामा देव-तुल्य भने पछि ॥
मिथिलेश्वर राजेन्द्र ! राजाले सब भूमिका ।
पूजिएको लिई आयौं यो श्रेष्ठ धनुलाइ ता ॥
भए हजुरको इच्छा दुवै राजकुमारमा ।
देखाइ बक्सियोस् हुन्छ ! यसलाई स्वयं यहाँ ॥
मन्त्रीका वाक्य यी सुन्दा जोडे हात नरेन्द्रले ।
महात्मा-ऋषिमा एवं राम-लक्ष्मणमा भने ॥
यही त्यो धनु हो श्रेष्ठ तपस्विन् हे महामुने ! ।
मेरा जनकवंशी ती पुर्खाले नित्य पूजिने ॥
उठाँउन न सक्ने र पराक्रम हुने अति ।
राजाले पनि यस्लाई गर्थे सम्मानता अघि ॥
हाल्न यो धनुमा ताँदो अथवा यो उठाँउन ।
समर्थ नै भएनन् क्वै, देवका दैत्यका गण ॥
यक्षमा श्रेष्ठ गन्धर्व नाग किन्नर राक्षस ।
विफलै छन् भने होलान् कसरी मर्त्य यी अब ? ॥

१३

१४

खिच्न, तौलन, टङ्कार्न, तथा बाण चढाँउन ।
हल्लाँउन पनि गाह्रै होला यी मानिसैकन ॥
भगवन् ! धनुमा श्रेष्ठ धनु त्यै ल्याइयो यहाँ ।
अब देखाँउनोस् ब्रह्मन् ! यी दुवै राजपुत्रमा ॥
मुनिले रामको साथै सुने जनकका कुरा ।
बाबु राम ! धनुः हेर ! भने रामकनै तदा ॥
पाई महर्षिको आज्ञा रहन्थ्यो जसमा धनु ।
खोली सन्दूक त्यो हेरे रामले अनि यो भने ॥
धनु यो श्रेष्ठ औ दिव्य अब छुन्छु म हातले ।
उठाँउन तथा तौल्न सफलै हुन्छु यत्नले ॥
भने स्वर गरी यौटै राजा र मुनिले तब ।
उठाऊ वेस हो ! हुन्छ ! सौम्यदर्शन राघव ! ॥
पाएर मुनिको आज्ञा धर्मात्मा रामले पनि ।
धनुको बीचमा पक्डे उठाए सजिलै अनि ॥
यो काम रामको हेर्थे वहाँ भेला हुने सब ।
मनुष्यहरू संख्यामा जो हजारौं थिए तब ॥
हेर्दा-हेर्दै सबैले ती रामले धनुबीच त्यो ।
ताँदो चढाइ नै हाले, टङ्कारे फ्याट्ट फ्याट्ट पो ॥
ताँदो कानतकै तान्दा न तान्दै धनुको त्यस ।
बीचमै दुइ टुक्रा भो, भाँचियो धनु त्यो अब ॥
भांचिंदा धनु त्यो वज्र परे जस्तै अवाज भो ।
ठूलो भूकम्प भै हाल्यो हो न हो पर्वतै फुट्यो ॥
त्यो घोर शब्द सुन्दामा भए मानिस वस्तुतः ।
मुनि, राजा, दुवै भाई बाहेक अरू मूर्छित ॥
धेरै बेर पछी फर्क्यो सबको होश त्यो जब ।
बोल्नमा चतुरा राजा भए जनक निर्भय ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

वाक्यको मर्म बुझ्ने थे जोडी हात दुवै पछि ।
सभाका बीचमा त्यत्रो भन्दछन् ऋषि साथ ती ॥
देखें आज प्रभो ! मैले साक्षात् दशरथात्मज ।
रामको वीर्य यो खूबी, आँखैले आफ्नु वास्तव ॥
अचिन्त्य घटना भो यो अतर्कित-स्वरूपको ।
अति अद्भुत नै हो यो शिवको धनु जो टुट्यो ॥
अब मेरी सुता-सीता पति पाएर राम यी ।
सारा जनकवंशीको छर्दछिन् कीर्ति-कौमुदी ॥
सीता हुन् वीर्यशुक्ला यी भन्ने जो प्रण त्यो गरें ।
सत्य भो भगवन् ! आजै म-आजै सफलै भएँ ॥
छन् मेरो निम्तिमा सीता प्राण भन्दा पनी प्रिया ।
तिनैलाइ म सुम्पन्छु वीर्यवान् रामलाइ ता ॥

३२

३३

प्रभुको जयहोस् ब्रह्मन् ! आज्ञा हुन्छ भने ऋषे !
राजालाइ-दशरथ पठाँउ लिनलाइ के ?॥
जान्छन् मन्त्रीहरू मेरा अयोध्या रथमा चढी ।
ल्याउनेछन् उहाँलाई यहीं झट्पट नै गरी ॥
यहाँका घटना सारा बताँउन् र भनुन् यसो ।
सीताको वीर्यशुक्ला यी विहा अब हुने भयो ॥
रामको साथमा, भन्दै अति नम्र भई झुकी ।
उहाँलाई यहाँ ल्याँऊन्, म पाऊँ अब स्वीकृति ।
प्रभुबाट दुवै भाई छन् भनुन् नित्य-रक्षित ।
चाँडो जाँउन्, छिटो ल्याँउन् राजालाई यहाँ स्वतः ॥
भो समर्थन राजाको यो कुरा ऋषिबाट ती ।
गर त्यस्तै भनी राजा !,- मन्त्रीमा भन्दछन् पछि ॥

३८

संझाएर बुझाएर चाँहिदा ठिक्का कुरा ।
भनी लिन अयोध्यामा पठाए उनलाइ ता ॥

३९

इति सतसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठसठ्ठी सर्ग

महाराज–दशरथको मिथिला प्रस्थान ।

१

राजा-जनकको आज्ञा बोकेका दूत ती सब ।
तुरुन्त नै हिंडी हाले अयोध्यापुर तर्फ त ।।
थाक्ता बाहन बाटामा तीन राततकै बसे ।
चौथो दिन अयोध्यामा सजिलैसित ती पुगे ।।
आज्ञा पाएर राजाको, गै राजमहलैविषे ।
धौता जस्ता निकै बूढा राजाको दर्शनै गरे ।।
हात जोडेर भन्छन् ती पछि निर्भय भै अति ।
नम्र भै स्वरमा मीठो राजासँग स्वयं झुकी ।।
अयोध्याधिपते ! राजन् ! राजा-जनकले प्रभो ! ।
अगाडि अग्नि राखेर शुद्ध त्यो अग्निहोत्रको ।।
स्नेहिलो वाक्यमा मीठो सोधि बक्सिन्छ वास्तव ।
प्रभुको प्रभुका सारा भृत्य-सेवकको तक ।।
आचार्य गुरुको एवं उपाध्याय पुरोहित ।
मन्त्रीको पुरवासीहरूको राम्रो कुशल-मङ्गल ।।
दीगो-कुशल त्यो सोधी, विश्वामित्र महर्षिको ।
आज्ञाले यो छ सन्देश राजाबाट पठाँइदो ।।
मैले अघि गरेको त्यो प्रतिज्ञा प्रभुलाइ ता ।
होला जाहेर नै राजन् ! जस्को विषय थिन् सुता ।।
मैले विवाह बारेमा छोरीको शुल्क, वीर्य नै ।।
थिएँ तोकेर राखेको गरी घोषित नित्य नै ।।
सुनेर त्यो कुरा आए राजाहरू निकै यहाँ ।
तुच्छ हो त्यो भनी ठानी भई चूर घमण्डमा ।।
पछी ठहरिए लाछी वीर्यले हीन ती सब ।
कालो मुख लिई फर्के भएर विमुखै तव ।।
मेरी छोरी तिनै सीतालाई अैले नरेश्वर ! ।
जिते हजुरका छोराहरूले वीर्यवान् स्थिर ।।

१३

१४

महात्मा अति धर्मात्मा विश्वामित्र महर्षिको ।
साथमा यी दुवै भाई घुम्दै आए यहाँ प्रभो ! ।।
महात्मा-रामले राजन् ! दिव्य त्यो धनु-रत्न त ।
पार्दिए बीचमै टुक्रा सभामा जनको सव ।।
यसअर्थ महात्मा यी रामलाई प्रभो ! अब ।
सुम्पन्छु म सुता सीता, मूल्य वीर्य मिल्यो शुभ ।।
प्रतिज्ञा जो गरेको थें अघि त्यो अब पूर्ण भो ।
यसर्थ प्रभुले यस्मा दिनु स्वीकृति योग्य हो ।।
तसअर्थ लिई राजन् ! उपाध्याय, पुरोहित ।
पाल्नोस् हजूर अैले नै यहाँ, होस् प्रभुको जय ।।
आफ्ना छोरा दुबैलाई रघुवंशविभूषण ! ।
हेर्नुहोस् लौ यहाँ आई अयोध्यापुर-नन्दन ! ।।
ए राजेन्द्र ! प्रतिज्ञा त्यो मेरो पूर्ण गराउँनोस् ।
विवाह दुइ छोराकै हुने भो, हर्ष मान्नुहोस् ।।
प्रभो ! मधुर-सन्देश मिथिलेश्वरको छ यो ।
छ सम्मति तथा आज्ञा शतानन्द-महर्षिको ।।
दूतका यी कुरा सुन्दा राजा खुश भए अति ।
वसिष्ठ-वामदेवैमा मन्त्रीमा भन्दछन् पछि ।।
मिथिलापुरमा अैले रहेछन् राम-लक्ष्मण ।
सुरक्षित भई त्यस्ता ऋषिबाट प्रतिक्षण ।।
दिन्छन् अत्यन्त आनन्द कौसल्यालाइ ती दुवै ।
देखेछन् यिनकै वीर्य राजा-जनकले सबै ।।
तसअर्थ उनी आफ्नी सुता सीताकनै अब ।
राममा दिन चाँहन्छन् विवाह गरि वास्तव ।।
तपाँईंहरूको यस्मा छ भने रुचि-सम्मति ।
हाम्रो सम्बन्ध राजाका साथ बेस छ ता यदि ।।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

विलम्ब न गरी कत्ति, अब हामीहरू सब ।
मिथिलापुरमा जाऔं, महात्मा-नृपको शुभ ॥
कुरा सुनेर राजाको मन्त्रीले ऋषि साथ ती ।
बडो बेस ! भने यौटै स्वरमा दिइ सम्मति ॥

२८

२९

राजा खुश भए, फेरि भने मन्त्रीकनै अब
गए ठीक सबै भोलि विहानै हिंड्नु पर्दछ
साह्रै गुणी थिए मन्त्री, गरे सत्कार भूपले
विताए रात त्यो तस्मात् अनि आनन्द-चित्तले

३०

इति अठसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्सत्तरी सर्ग

महाराज–दशरथको र राजर्षि–जनकको भेटघाट

१

बित्यो रात यता, राजा उपाध्याय र बन्धुका ।
साथमा खुश भै भन्छन् सुमन्त्रकन यी कुरा ॥
सुमन्त्र ! आज यी हाम्रा धनाध्यक्षहरू सब ।
प्रशस्त रुपियाँ पैसा बोकी जाऊन् अघी अब ॥
उनका साथमा होऊन् मणि–रत्न अनेकन ।
हओस् राम्रो सुरक्षाको व्यवस्था त्यसको पुनः ॥
अहिले, पहिले जाँऊन् सेना ती चतुरङ्गिणी ।
यो आज्ञा साथमै होऊन् ठीक यानहरू पनि ॥
वामदेव र जावालि बलिष्ठ मुनि–कश्यप ।
श्री मार्कण्डेय दीर्घायु ऋषि कात्यायनादिक ॥
ब्रह्मर्षिहरू यी सारा जाँऊन् अघि, कुरा बुझ ।
ढीलो न होस, यता मेरो तयार रथ लौ गर ॥
स्वयं जनक–राजाका प्यारा–दूतहरू यता ।
प्रेरणा गर्दछन् चाँडो गर्न, जाऊ बुझ्यौ कुरा ? ॥
आज्ञानुसार राजाको सेना त्यो चतुरङ्गिणी ।
ऋषिका साथमा जाने, राजाको पछि गो अनि ॥
दिन चार पऱ्यो वास बाटामा अनि फौज त्यो ।
पछि पाँच दिनै पूरा न हुँदै मिथिला पुग्यो ॥
सुने जनक राजाले यो समाचार सुन्दर ।
गर्न स्वागत–सत्कार भई ठिक्क बसे तब ॥
भई आनन्दमा मग्न राजा–जनकले पछि ।
भेटता बृद्ध–महाराजालाई, ज्यादै भयो खुशी ॥
मिथिलेश्वरले श्रेष्ठ अयोध्यापतिलाइ ती ।
जुन थे नरमा श्रेष्ठ, भने खुश भई पछि ॥

१२

१३

ए राघव–नरश्रेष्ठ ! छ स्वागत तपाँइको ।
यो अहोभाग्य हो मेरो, जो यहाँ प्रभु पाल्नु भो ॥
यी दुबै पुत्रको प्रीति प्राप्त हुन्छ हजूरमा ।
जिते जो दुइ भाईले, आफ्नु नै वीर्यले यहाँ ॥
तेजस्वी भगवान् साक्षात् वसिष्ठ मुनि यी अहो ! ।
खुलेरै भाग्य यो मेरो यहाँ पाल्नु भयो प्रभो ! ॥
देवताहरूकै साथ भएमैं, इन्द्र शोभित ।
हुनुहुन्छ स्वयं साक्षात् श्रेष्ठ यी द्विज शोभित ॥
मेरा सौभाग्यले आजै विघ्न–बाधा हटे सब ।
बढ्यो सम्मान यो मेरो कुलको श्रेष्ठ भै अब ॥
वीर्यवान्हरूमा श्रेष्ठ अत्यन्त बलवान् पुनः ।
रघुवंशीहरू साथ सम्बन्धै जोडियो जुन ॥
भोलि विहान आएर, सम्पूर्ण ऋषि साथ यी ।
विवाह - कर्म होस् राजन् ! यज्ञ–कर्म सके पछि ॥
ऋषिका बीचमा यस्तो कुरा जनकको सुनी ।
भन्छन् जान्ने कुरा गर्न राजा–दशरथै अनि ॥
प्रतिग्रह छ दाताको हातमा, यो कुरो अघि ।
सुन्दथे म महाराज ! गर्छौं अब भने सरि ॥
राजाको सत्य बोल्ने ती बढ्ने धर्म तथा यश ।
सुनी वाक्य, परे साऱ्है छक्क यी मिथिलेश त ॥
परस्पर हुँदा भेट वहाँ मुनिहरू स्वतः ।
भए हर्षित अत्यन्त, बसे रात सुखै सित ॥
साथ लक्ष्मण ली आफ्नो लगाई अघि कौशिक ।
पिता छेउ गए राम, पाउ छोए भई खुश ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

पाई जनकको पूजा, देखी कुशल पुत्र ती ।
भयो आनन्द राजामा रात काटे लिई खुशी ॥
२५

जानेका तत्व तेजस्वी थिए, जनक भूप ती
यज्ञ – कर्म सके आफ्नो धर्मले ली कुलस्थिति
२६

अनि आफ्ना दुवै कन्याहरूका निम्तिमा शुभ ।
मङ्गलाचार इत्यादि गरे, रात बित्यो तव ॥
२७

इति उनान्सत्तरी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्तरी सर्ग

ब्रम्हर्षि वसिष्ठले इक्ष्याकुवंशको वर्णन गर्नु ।

१

विहानीपखको काम ऋषिका सहयोगले ।
यज्ञमा गरिने जत्ति, राजा जनकले सके ॥
पुरोहित थिए विद्वान् – शतानन्द उनैकन ।
ती कुरा गर्न जानेका भने जनकले पुनः ॥
भाई छन् भगवन् ! मेरा कुशध्वज पराक्रमी ।
तेजस्वी अति धर्मात्मा उदार पनि छन् उनी ॥
नदी-इक्षुमतीको ती पिउँछन् जल शुद्ध त्यो ।
साँकाश्या छन् पुरी राम्रो, उनकै तट-बीच जो ॥
त्यसैमा बस्तछन् ब्रह्मन् ! पुरीको चार तर्फ ता ।
किल्ला छ, जसमा यन्त्र छन् रहेका बडा बडा ॥
विमान पुष्पकै जस्तो देखिन्छिन् ती पुरी यता ।
पाएको पुण्यले आफ्नो हो जस्तै स्वर्गलोक ता ॥
ती प्यारा भाइलाई म वेलामा शुभ यो ऋषे ! ।
यहीं नै हेर्न चाँहन्छु पठाँउ अब डाक्न के ? ॥
मेरो यो यज्ञको रक्षा गर्लान् भाइ स्वयं तव ।
मेरै साथ वसी भोग्लान् विवाहोत्सवको सुख ॥
राजाले यत्ति भन्दामै ती शतानन्दको अघि ।
धीर-वीरहरू आए, भने यो उनमा पछि ॥
त्यस्तो सुनेर राजाज्ञा इन्द्राज्ञाले सुरादि ती ।
श्रीविष्णु लिन दौडेझैं, दौडे घोडा चढेर यी ॥
सांकाश्यामा पुगी भेटे श्री कुशध्वजलाइ र ।
मिथिलाको भने हाल, विचार नृपको स्थिर ॥
अत्यन्त वेगिला श्रेष्ठ दूतका यी कुरा सुनी ।
आज्ञाले नृपको आए मिथिलामा उनी पनि ॥
ती कुशध्वजले धीर महात्मा धर्मवत्सल ।
राजा जनकको पाए शुभ दर्शन वास्तव ॥

१३

१४

शतानन्दकनै ढोगे दाजुको साथमा अनि ।
राजा लायकको दिव्य आसनैमा वसे उनी ॥
दुवै भाइ थिए ज्यादै तेजस्वी, यिनले दुवै ।
सुदामाकन ती मन्त्री श्रेष्ठ भेजे भनी यसै ॥
मन्त्रीवर ! तिमी जाऊ इक्ष्वाकुकुलनन्दन ।
भए ठाम दशरथ महाराज रघूत्तम ॥
राम-लक्ष्यमणका साथै मन्त्रीहरूसँगै सव ।
उहाँलाई लिईं आऊ, जुन हुन् अति दुर्जय ॥
आज्ञा पाएर यो, मन्त्री-सुदामा गै गए वहाँ ।
जहाँ राजा वसेका थे, भेटे पछि पुगी त्यहाँ ॥
शिर केही झुकाएर प्रणाम नृपमा गरी ।
ती मन्त्रीवरले विन्ती गरे अल्लि अघी सरि ॥
प्रभो ! जनक राजाको भनाई छ हजूरको ।
पुरोहित र आचार्य साथ दर्शन पाउँ यो ॥
कुरा सुनेर मन्त्रीको आचार्य, ऋषि, बन्धु र ।
छोरा साथ लिई, राजा गए नृप भएतिर ॥
वहाँ पुगे पछी भन्छन् कुरा गर्न सिपालु ती ।
अयोध्यापति-राजेन्द्र राजा-जनकलाइ यी ॥
ज्ञात होला महाराज ! यो कुरा प्रभुमा पनि ।
हामी इक्ष्वाकुवंशीका वसिष्ठै देव हुन् भनी ॥
सम्पूर्ण कार्यमा हाम्रो वसिष्ठ भगवान् मुनि ।
गर्नु हुन्छ स्वयं शिक्षा कर्तव्यहरूमा पनि ॥
अव मैले पनी राजन् ! विश्वामित्र-महर्षिको ।
साथमा अरुको एवं महात्मा-ऋषि आदिको ॥
आज्ञा सम्मति पाएमा धर्मात्मा मुनिराज नै ।
मेरो गरि दिनू हुन्थ्यो पुर्खौली स्थिति-वर्णनै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

वसिष्ठ मुनि यी भन्छन् राजा चूप भए पछि ।
ती पुरोहित साथैका राजा जनकलाइ यी ॥
अव्यक्तैबाट जन्मेका ब्रह्मा, अव्यक्त छन् स्वयम् ।
छन् शाश्वत स्वयम्भू ती अविनाशी र नित्य छन् ॥
मरीचि-ऋषि ती जन्मे उनै बाट, मरीचिका ।
छोरा कश्यप हुन्, जन्मे विवस्वान् उनबाट ता ॥
विवस्वान्‌बाट जन्मेका हुन् वैवस्वत ती मनु ।
थे प्रजापति नै साक्षात् पहिले जुन थी मनु ॥
जन्मिए उनका छोरा पछि इक्ष्वाकुनामक ।
यिनैलाई अयोध्याका संझनोस् पहिला नृप ॥
कुक्षि, इक्ष्वाकुका छोरा तेजस्वी थे यिनी निकै ।
विकुक्षि, कुक्षिका छोरा हुन् , थिए कान्तिमान् निकै ॥
प्रतापी सुत तेजस्वी बाण जन्मे विकुक्षिका ।
तेजस्वी र प्रतापी थे- बाणका अनरण्य ता ॥
उनका पृथु हुन् छोरा, पृथुका हुन् त्रिशङ्कु ती ।
धुन्धुमार भए छोरा उनका कीर्तिमान् अति ॥
युवनाश्व भए छोरा, उनका थे महारथी ।
मान्धाता यिनका छोरा हुन् महान् पृथिवी पति ॥
सुसंधि जन्मिए वीर कान्तिमान् उनका सुत ।
यिनका दुइ थे छोरा, ध्रुवसंधि, प्रसेनजित् ॥
छोरा भरत नामी थे यशस्वी ध्रुवसंधिका ।
जन्मे असित तेजस्वी छोरा भरत बाट ता ॥
भए असित राजाका वैरी शूराहरू निकै ।
शशबिन्दु तथा तालजङ्घ-हैहयवंशकै ॥
यी तीन थरका दुष्ट शत्रु-राजाहरू सित ।
लड्दा निकालिए राजा स्वयं असित वस्तुतः ॥
यी राजाका थिए रानीहरु दोटी, पछाडि यी ।
आए हिमालयै बीच वसे आखिर शान्ति ली ॥
यिनका साथ त्यो वेला बचेका थोर सैन्य थे ।
त्यै हिमालयमा राजामरे स्वर्ग तिरै गए ॥
उनका दुइटै रानी राजा स्वर्ग हुँदा वहाँ ।
थिए गर्भवती भन्ने सुनिदैछ अझै यहाँ ॥
रानीले एक अर्की ती सौताको गर्भ नाशन त्यो ।
दिइन् विष मिलाएर खानामा 'गर' जो थियो ॥

४३

४४

त्यो हिमालयको रम्य गिरिमा बस्तथे तदा
तपै गरेर च्यवन-मुनि ती भृगुवंशका
रानीमा दुइ मध्ये यी खाने विष थिइन् जुन
कालिन्दी नामकी थिन् ती पद्‌मझैं नेत्रकी पुनः
इच्छा थ्यो उनको ठूलो छोरो पाउँन उत्तम
गइन् मुनि भए ठाम ढोगिन् अनि झुकीकन
पुत्र पाउँन खोजेकी कालिन्दीकन ती अनि
लिई विषय पुत्रैका जन्मको भन्दछन् मुनि
महाभागे ! छ त्यो तिम्रो पेटमा एउटा महान्
पराक्रमी र तेजस्वी बलवान् पुत्र कान्तिमान्
जन्मला अब चाँडै त्यो सुपुत्र कमलेक्षणे!
पेटको गर साथैमा जुन हो विष भानिने
विधवा राजकन्या ती कालिन्दी थिन् पतिव्रता
नमस्कार गरी फर्किन् मुनि-च्यवनलाइ ता
पछि वेला पुगेमा त्यो उनले पुत्र एउटा
जन्माइन् पेटको आफ्नो विषकै साथमा तदा
गर्भ त्यो नाशनको निम्ति सौताले जो दिइन् गर
त्यसैका साथ जन्मेको हुँदा 'सगर' नाम भो
असमञ्ज भए छोरा उनका, असमञ्जका
अंशुमान् जन्मिए छोरा, उनका हुन् दिलीप ता
भगीरथ भए छोरा ती दिलीप नरेशका
ककुत्स्थ उनका छोरा, रघु जन्मे ककुत्स्थका
रघुका पुत्र तेजस्वी थे प्रवृद्ध परन्तु ती
भए राक्षस डलीगदा महान् श्राप परी पछि
कल्माषपाद भन्छन् क्वै, यिनैलाई प्रसिद्ध छन्
पुत्र शङ्खण नामैका यिनका पुत्र एक हुन्
सुदर्शन भए छोरा उनका-अग्निवर्ण हुन्
यिन्का शीघ्रग हुन् छोरा यिनका मरु पुत्र हुन्
प्रशुश्रुक भए छोरा मरुका, मरुबाट ती
हुन् अम्बरीष जन्मेका उन्का नहुष यसपछि
ययाति उनका छोरा जन्मिए यिनका पनि
नाभाग जन्मिए पुत्र अज नाभागका अनि
हुन् जन्मेका अजैबाट राजा दशरथै यिनी
यिनैका पुत्र हुन् साक्षात् राम, लक्ष्मण यी पनि

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

इक्ष्वाकु-कुलमा जो जो जन्मे राजाहरू यहाँ ।
छ आदिकालकै राम्रो शुद्धिता यस वंशमा ॥
पहिलेदेखि औलेका राजामा सब वस्तु छन् ।
गुण छन्, अति-धर्मात्मा वीर छन्, सत्य बोल्दछन् ॥

६२

६३

राम-लक्ष्मणको निम्ति यही इक्ष्वाकु-वंशका ।
म माग्दछु तिमी साथ देऊ तिम्रा दुवै सुता ॥
तिम्रा ती दुइ कन्याका निम्ति यी योग्य छन् दुवै ।
दुवैका निम्ति ती कन्या योग्य छन्, अब देउ है ? ॥

६४

इति सत्तरी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकहत्तरौं सर्ग

राजा—जनकले स्ववंश—वर्णन गर्नु

१

मुनिलाई त्यसो भन्ने भन्छन् जनक ती यसो- ।
हात जोडेर भै नम्र प्रभुको जय होस् प्रभो ! ॥
ब्रह्मन् ! परिचयै दिन्छु म पनी आफ्नु वंशको ।
यसर्थ सुनिबक्सेला राम्रो ध्यान दिएर त्यो ॥
कन्यादान हुने वेला कुलीन नरलाइ ती ।
राम्रो गराँउनै पर्छ ज्ञान स्वकुलको स्थिति ॥
निमि नाम हुने ज्यादै धर्मात्मा नृप एक थे ।
प्रसिद्ध तीन लोकैमा भएका आफ्नु कर्मले ॥
बलवान् धैर्यशाली ती महापुरुष जो थिए ।
सारा उनीहरू मध्ये गतिला ब्यक्ति यी थिए ॥
मिथि नाम हुने यौटा उनका पुत्र जन्मिए ।
यिन्का जनक हुन् छोरा जुन यी पहिला भए ॥
भो उदावसुको जन्म उनबाट तपोधन ! ।
जन्मिए उनका छोरा धर्मात्मा नन्दिबर्धन ॥
सुकेतु उनका छोरा शूरा थे, यिनका पनि ।
देवरात भए छोरा धर्मात्मा बलवान् अनि ॥
हुन् देवरात राजर्षि, छोरा जन्मे बृहद्रथ ।
यिनका हुन् महावीर प्रतापी शूर पुत्र त ॥
धर्मात्मा उनका छोरा पुण्यात्मा वृषकेतु थे ।
राजर्षि यिनका छोरा हर्यश्व अतिख्यात थे ॥
मरु हुन् उनका छोरा, मरुका हुन् प्रतीन्धक ।
यिनका पुत्र धर्मात्मा हुन् किर्तिरथ वास्तव ॥
देवमीढ भए ब्रह्मन् ! विख्यात उनका सुत ।
उनका पुत्र विबुध, यिनका हुन् महीध्रक ॥
कीर्तिरात भए राजा उन्का पुत्र महाबली ।
राजर्षि यिनका छोरा महारोमा भए पछि ॥

१३

१४

जन्मिए स्वर्णरोमा ती धर्मात्मा उनका सुत
राजर्षि यिनका छोरा ह्रस्वरोमा थिए सुत
धर्मात्मा र महात्मा ती राजाका दुइ थे सुत
म नै हूँ जसमा जेठो, कान्छा हुन् यी कुशध्वज
जेठो मलाई राज्यैको अभिषेक दिई पिता
ममै यी भाइको भार सुम्पी वन सवारि भो
त्यसरी भगवन् ? बृद्ध-पिता स्वर्ग गए पछि
भाइमा देव जस्तै यी स्नेह-दृष्टि दिएँ अति
अनि यो राज्यको भार लागें सह्माल्न न्यायले
सकेसम्म गरी राम्रो आफ्नो क्षत्रिय-धर्मले
काल वित्तै गयो आए सांकाश्य पुरबाट ती
सुधन्वा नामका राजा सैन्यले घेर्दिए पुरी
पछि दूत पठाएर भने म सँग नै यसो-
कन्या पद्माक्षी-सीता र शिवको धनु देउ त्यो
भनेको नदिंदा मैले, उनीसाथ लडाँई भो
मारिए अन्तमा राजा सुधन्वा नै म बाट पो
राजालाई यता मारि सांकाश्य-पुरमा उता
कुशध्वजकनै भाई अभिषेक दिएँ तदा
यी मेरा भाइ हुन् कान्छा म जेठो दाजु हूँ, भनें
म दिन्छु दुइटै कन्या भइ ज्यादै खुशी हुने
प्रभुको जय होस् ब्रह्मन् ! सीता सुम्पन्छु राममा
लक्ष्मणैलाइ अर्पन्छु उर्मिलाकन ता यहाँ
वीर्य-मूल्य हुने सीता हुन् मेरी पहिली सुता
देखिन्छिन् देव-कन्यांझैं सुन्दरी पनि छन् यता
यिनैलाई म सुम्पन्छु राममा वीर्यवान् अति
दिन्छु लक्ष्मणमा अर्को छोरी यी उर्मिला पनि

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

म तीन पल्ट भन्दैछु महर्षे ! वाक्यलाई यै ।
यसमा छैन कयै शङ्का दिन्छु छोरीहरू दुबै ॥
अब राजा-दशरथ सँग भन्छन् यसो उनी ।
गराई बक्सियोस् राजन् ! गोदानादि क्रियापनि ॥
राम-लक्ष्मणको निम्ति यसले श्रेय गर्दछ ।
गर्नु पर्ने क्रिया जत्ति गर्नुमै अतिश्रेय छ ॥

२९

३०

गरी बक्स्योस् स्वयं फेरि श्राद्ध नान्दीमुखी यता ।
होलान् यस पछि मात्र कार्यारम्भ विवाहका ॥
नरश्रेष्ठ महाबाहो ! मघा नक्षत्र आज छ ।
उत्तरा फाल्गुनी पर्छ त्यो तेश्रो दिनमा शुभ ॥
विवाह-कार्य इत्यादि त्यसैमा गर्नु श्रेय छ ।
राम-लक्ष्मणका निम्ति हुन् दानादि दिने सुख ॥

३२

इति एकहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बहत्तरौं सर्ग

ब्रह्मर्षि–बिश्वामित्रद्वारा भरत–शत्रुघ्नको निम्ति कुशध्वजका कन्याहरू माग्नु र विवाहको मङ्गलादि गर्नु

१

विश्वामित्र स्वयं भन्छन् यसो भन्ने विदेहमा ।
मीठा वचन यी फेरि वसिष्ठ लिइ साथमा ॥
पुरुषश्रेष्ठ ए राजा ! इक्ष्वाकु र विदेहका ।
अचिन्तनीय छन् वंश, छैन सीमा प्रभावका ॥
गर्ने बराबरी एवं तुल्यको यस वंशको ।
राजवंश छँदै छैन अर्को क्वै भूमिबीच यो ॥
हुँदैछ धर्म-सम्बन्ध यी दुवै कुलमा जुन ।
छ त्यो अन्योन्यमा राजा ! सर्वथा योग्यको पुनः ॥
रूप-ऐश्वर्यको दृष्टि लिई हेर्दा पनी नृप ! ।
यी दुवै कुलको लागि समान अति ठीक छ ॥
उर्मिला साथकी सीता राम-लक्ष्मणमा दुवै ।
दिइन्छ जो, छ यै राम्रो, दुवैका योग्य छन् दुवै ॥
भन्नु पर्ने कुरा यौटा राजन् ! बाँकी छ त्यो सुन ! ।
छन् कुशध्वज यी राजा तिम्रा भाइ यहाँ जुन ॥
धर्मात्मा छन् यिनी साह्रै, यिनका दुइछन् सुता ।
म माग्दछु तिनै दोटा जोडा गुण र रूपका ॥
छन् यी भरत शत्रुघ्न मनस्वी बुद्धिमान् पनि ।
यिनैका निम्तिमा माग्छु ती कन्या अब मै पनि ॥
छोरा दशरथैका यी चारोटै देव-तुल्य छन् ।
रूप-यौवन-वीर्यैमा लोकमा असमान छन् ॥
भतीजी ती दुवै कन्या यी दुवै भाइमा दिई ।
बाँध सम्बन्धले राजन् ! इक्ष्वाकुकुललाइ यी ॥
राजेन्द्र ! पुण्यकर्मा छौ, तिमी स्थिर भई बस ।
न हड्बडाउ हामीनै गर्दछौं ठीक यो सब ॥
भनेको मुनिले सुन्दा ली सम्मति वसिष्ठको ।
यी दुवै मुनिमा भन्छन् हात जोडी उनी यसो ॥

१३

१४

ए मुनिश्रेष्ठ हो ! आफ्नो कुल यो धन्य ठान्छु म ।
सम्बन्ध जोर्नको योग्य मानी आज्ञा भयो जुन ॥
होस् लौ आज्ञा भए जस्तै, यी कुशध्वजका सुता ।
पाऊन् भरत-शत्रुघ्न पतिका रूपमा यता ॥
एकै दिन प्रभो ! चारै राजपुत्र महाबल ।
चारोटै राजपुत्रीको गरून् शुभ विवाह ल ! ॥
फाल्गुनी छ दुवै ब्रह्मन् ! भोलि-पर्सि दुवैदिन ।
त्यो पूर्वा फाल्गुनी भन्दा उत्तराफाल्गुनीकन ॥
मान्दछन् ज्योतिषी वेस, छन् प्रजापति देवता ।
अर्यमा यसका तस्मात् यसमै होस् विवाह ता ॥
कुरा मीठा भनी यस्ता राजा-जनक ती उठे ।
विश्वामित्र वसिष्ठैमा हात जोडी यसो भने ॥
छिनी छोरीहरूका यी विवाह प्रभुले यता ।
धर्म गर्नु भयो ठूलो, ऋणी-शिष्य भएँ म ता ॥
श्रेष्ठ आसनमा ब्रह्मन् ! दुबै राज हुन्ओस् अब ।
गर्छु आज्ञा भए जस्तो, ममा आज्ञा हओस् सब ॥
अयोध्यापुर जस्तो छ प्रभुका निम्तिमा दुवै ।
मिथिलापुर त्यस्तै छ यो मेरो पनि आफ्नुमै ॥
गर्नु पर्छ जहाँ जस्तो पुरमा यो दुबै प्रभु ।
गरी बक्स्योस् भने जस्तो, शङ्कै छैन, हकै छ ऊ ! ॥
भन्थे जनक-राजा ती यसो जब वहाँ अब ।
राजा-दशरथै भन्छन् उनी साथ भई खुश ॥
मिथिलेश्वर-ए राजन् ! तपाँई दुइ भाइमा ।
असँख्य गुण छन् राम्रा थुप्रिएका जहाँतहाँ ॥
यता ऋषि र राजाका समूहकन ती पनि ।
राम्रो स्वागत-सत्कार गर्नु हुन्छ स्वयं अनि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हुओस् तपाँईको श्रेय रहोस् कुशल-मङ्गल ।
विश्रामस्थलमा जान्छौं अब हामीहरू सब ॥
ती नान्दीमुख श्राद्धादि वहाँ गै विधिपूर्वक ।
गर्न थाल्दछु, राजाले यसो पनि भने तब ॥
यशस्वी नृपले मागे जाने सम्मति भूपको ।
गए अनि, सवारी भो अघि ती मुनिराजको ॥
बासमा गइ राजाले गरे श्राद्ध-विधानले ।
भोलि पल्ट उज्यालो भो, गोदानादि क्रिया गरे ॥

३०

३१

भलो मङ्गल छोराको होस् भनी विधि ली शुभ ।
एकेक लाख गौदान चारैको गर्दिए तब ॥
चारै लाख दिए गाई सिंगारेका दिने दुद ।
सुनले सींग मोढेका बाच्छासाथ हुने निज ॥
चाँदीका खुर काँसोका दुग्धपात्र हुने थिए ।
गुणले रूपले ज्यादै शोभिएका थिए, दिए ॥
धन-रत्न दिए फेरि तिनका साथ-साथमा ।
गरी उद्देश्य गोदान छोराका हित निम्तिमा ॥

३४

सकी गौदान-कर्मादि आएका सुत साथका ।
शोभिए नृप ब्रह्माझैं साथका लोकपालका ।

३५

इति बहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिहत्तरौं सर्ग

श्रीराम आदि चारै भाइको विवाह

१

गरेकै दिन राजाले शुभ गौदान-कर्म त्यो ।
यहीं आइ पुगे ठ्याक्क युधाजित् वीर-श्रेष्ठ पो ॥
साक्षात् भरतका मामा सुत केकय-राजका ।
हुन् यी, राजाकनै भेटे, सोधे कुशल-आदि ता ॥
भने पछि यसो-राजन् ! राजा केकय-देशका ।
स्नेहले सोधि बक्सिन्छ प्रभुको शुभ-क्षेम ता ॥
हजूर चाँहि बक्सिन्छ वहाँ ज-जसको भलो ।
अहिले सम्म ती सारा बस्छन् आनन्दमा बडो ॥
मेरा भानिजलाई यी ती केकय-नरेश्वर ! ।
भेट्न उत्कण्ठितै ज्यादै भै बक्सिन्छ जनेश्वर ! ॥
म गएँथें अयोध्यामा यसैको निम्तिमा लिन ।
सुनें, पछि गएका छन् मिथिलामा सबै जन ॥
विवाहोत्सव ठूलो छ राजा छोरा लिइ सब ।
वहीं सवारि भो भन्ने सुनी आएँ यहीं तब ॥
मलाइ पनि यी मेरा भान्जाको मुख देख्नमा ।
थियो अत्यन्त उत्कण्ठा दौड्दै आएँ स्वयं यहाँ ॥
सन्मान पाँउनै योग्य प्यारा अतिथिलाइ यी ।
देखी त्यसरी आएका गरे स्वागत छन् अति ॥
राजा महान् मनस्वी थे छोराका साथमा अनि ।
अति आन्नद मानेर विताए रात त्यो पनि ॥
भोलि पल्ट उज्यालो भो नित्य-कर्म सके पछि ।
गए त्यो यज्ञ-शालामा लगाई अघि ती ऋषि ॥
आयो विवाहको लग्न थियो विजय श्रेष्ठ जो ।
स्वयं राम वहाँ आए साथमा सब भाइको ॥
यी चारैभाईको रूप गहना-वस्त्र आदिले ।
विवाहोचित थ्यो राम्रो मङ्गलाचारपूर्ण थे ॥
लगाइ अघि ब्रह्मर्षि-वसिष्ठ सँगका ऋषि ।
आई पिता भए ठाम चारै भाई बसे पछि ॥

१४

१५

मिथिलेश्वरको छेउ वसिष्ठ अब पाल्नु भो ।
वाक्यमा अति नै मीठा यसरी भन्न थाल्नु भो ।
मङ्गलाचारले पूर्ण सकेका कृत्य पुत्रले
साथका नृप, हेर्दा छन् दाताको मुख भूपते !
लिने दिने दुवैबाट हुन्छन् कर्मादि पूर्ण ती
कन्यादान दिने धर्म तिमी पाल ! सकी विधि
महात्मा-मुनिले यत्ति भने पछि उदार र
तेजस्वी नृप ती भन्छन् धर्म जान्ने हुँदा स्थिर
पर्खिने कसको आज्ञा ? मेरो ढोके कहाँ छ र !
आफ्नु नै घरमा ब्रह्मन् ! शोच के गर्नु पर्छ र !
जस्तो मेरो छ यो राज्य त्यस्तै हो नृपको पनि
समाप्त भै सके मेरा यता काम-कुरा पनि
सकी मङ्गल-कृत्यादि अग्निज्वाला सरी हुने
पर्खिन्छन् यज्ञ-वेदीमा मेरी छोरीहरू मुने !
वेदीमा यसरी पर्खी बस्तोछु म पनी प्रभो !
निर्विघ्नपूर्वकै हुन् ती सब काम, नहोस् ढिलो !
राजा-जनकले यत्ति भनेमा मुनिले पुनः
सुनाए गइ त्यो आफै राजा-दशरथैकन
सम्पूर्ण मुनिकै साथ चारै छोराहरूकन
राजप्रासादमा भित्र पसाए खुश भैकन
भने जनक-राजाले वसिष्ठकन फेरि यो
पाल्नोस् अव प्रभो ! सारा विधि गर्न विवाहको
धर्मात्मन् ! ऋषि छन् सारा साथमा नै हजूरको
रामको पूर्ण होस् काम सर्वलोकाभिरामको
मिथिलेश्वर ! लौ थालें, भनी मुनि-वसिष्ठले
विश्वामित्र र धर्मात्मा-शतानन्द सँगै लिए
विवाह—मण्डपैभित्र त्यसकै मध्यभागमा
विधिपूर्वकको वेदी बनाए आफुले वहाँ

२८

CC-0. In Public Domain. Digitization by eGangotri

२६

अनि पूजा गरे राम्रो सिंगारेर सबैतिर ।
गन्ध-पुष्प र मालाले वस्तुले अरु सुन्दर ॥
उम्रेका जउका टूसा स-साना सुनका घडा ।
तथा कलशले नाना साना-ठूला विचित्रका ॥
जमराले सिंगारेका पालाले पनि जग्मग ।
धूपौराहरूले धूप जलेका भई सग्मग ॥
शङ्खका अर्घ्यका पात्रहरूले स्रुक्-स्रुवादिले ।
स-साना पात्रले लाजापूर्ण पूजनपात्रले ॥
नाना रँग रँगाएका अक्षताहरूले तथा ।
वेदी सुशोभिएकी थिन् नाना सामानले तदा ॥
तेजस्वी-मुनिले थाले मन्त्र पढ्न लिए विधि ।
बराबर हुने अङ्ग छरे कुश वरीपरी ॥
आवाहन भयो राम्रो अग्निको स्थापना गरे ।
पढेर विधिले मन्त्र अग्निमा हवनै गरे ॥
सब ठीक भयो काम, यज्ञको सकियो विधि ।
अब बाँकी रह्यो खाली गर्नु वैवाहिकी-विधि ॥
ल्याए यसै अवस्थामा स्वयं जनक-भूपले ।
छोरीहरू सिंगारेर गहना—वस्त्र आदिले ॥
अगाडि अग्निको राखे मिलाई हार राम्ररी ।
दुलहाहरू ती चारै भाइको क्रम ली वरि ॥
कौसल्यालाइ आनन्द दिने श्रीराममा अब ।
स्वयं जनक-राजाले स्नेह गर्दै भने तब ॥
तिम्रो जय हओस् राम ! सीता हुन् मेरी यी सुता ।
अर्पन्छु हातमा तिम्रो, हातमा हात यो म ता ॥
गर स्वीकार, यी होलिन् तिम्रो छाया सरी सदा ।
धर्ममा कर्ममा सारा बस्लिन् सँगसँगै सदा ॥
पाल्लिन् पतिव्रता धर्म, छन् महान् भाग्यशालिनी ।
संकल्प-जल त्यो छोडे यो भनी उनमा अनि ॥

४२

४३

बडो बेस ! बडो बेस !! भने ती ऋषि—देवले ।
पुष्पवृष्टि भयो ठूलो, देवका नगरा बजे ॥
यसरी मन्त्रसंकल्पजलका साथकी सुता ।
ती सीता राममा सुम्पी हर्षमग्न भए तदा ॥
भने लक्ष्मणमा फेरि आउ बाबु ! तिमी पनि ।
उर्मिला दिन्छु लौ हात समात यिनको भनी ॥
ढीलो न गर लौ कत्ति भन्दै भरतमा भने ।
समात माण्डवीको यो हात यो आफ्नु हातले ॥
धर्मात्मा नृपले फेरि भने शत्रुघ्नमा यसो ।
हातले आफ्नु यो हात समात श्रुतकीर्तिको ॥
सौम्यस्वभावका राम्रा व्रतका छौ तिमी सब ।
पत्नीले युक्त भै हाल, विलम्ब न हओस् अब ॥
कुरा जनकका सुन्दा तब यी चार भाइले ।
ती कन्याहरूको चार समाते हात हातले ॥
अग्निवेदी र राजाको ऋषिको ती प्रदक्षिणा ।
गरे वसिष्ठको आज्ञा पाई यी सवले वहाँ ॥
विवाह यसरी चारै भाइको सकियो अब ।
गर्नु पर्ने गरी सारा वेदोक्त-विधि वास्तव ॥
आकाशबाट यो वेला पुष्पवृष्टि भयो महान् ।
दिव्य-दुन्दुभिको मीठो आवाज सुनियो महान् ॥
बाजाहरू बजे मीठा गीतका शब्द-तालमा ।
अप्सराहरूले नाचे, गाए गन्धर्वले वहाँ ॥
यी चारै भाइका त्यस्ता रघुवंश-शिरोमणि ।
विवाह-कालमा यस्तो भयो अद्भुत यो पनि ।
गम्केका वाद्य तूर्यादि यस्तो उत्सवमा तदा ॥
तीन पल्ट घुमी अग्नि पत्नी साथ सके विहा ॥
पत्नी साथ लिई आफ्ना चारै भाइ गए अब ।
आफ्नो आवासमा जो थे कुलमा हर्षबर्धक ॥

५६

बन्धु-बान्धवको एवं ऋषिका साथ साथ ती ।
हेर्दै बर-वधूलाई गए राजा पनी पछि ॥

५७

इति त्रिहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौहत्तरौं सर्ग

भगवान्–परशुरामसँग

भेटघाट

१

झलमल्ल भयो सारा, बित्यो रात यता अब ।
ती महामुनि ब्रह्मर्षि विश्वामित्र स्वयं तब ॥
दुवै राजाहरूलाई भेटी सोधी बिदा भए ।
आफ्नु आश्रममा त्यस्तो उत्तरैतिरको गए ॥
बिदा-वादी भयो, राजा यता मुनि गए पछि ।
तुरुन्त नै हिंडीं हाले अयोध्यातिर हर्षिई ॥
यता विदेह-राजाले आफ्नी छोरीहरूकन ।
दिइयो दाइजो-पेवा मणि, रत्न तथा धन ॥
लाखौं लाखौं दिए गाई ओढ्ने, ओछ्याँउने तथा ।
सूती र रेशमी वस्त्र खात खात करोडका ॥
सिंगारेका सजाएका दिव्य हात्ती दिए अनि ।
रथ, घोडा, सिपाहीका सैन्य ती चतुरङ्गिणी ॥
साथै स्वभावका वेस दास-दासीहरू गए ।
एकेक शय कन्या ती छोरीहरूकनै दिए ॥
मुद्रा सुवर्ण-चाँदीका मूगा-मोतीसँगै दिए ।
भनेर दाइजो पेवा अब सारा खुशी थिए ॥
दिनसम्म दिई यस्तो राजा-दशरथैसँगै ।
बिदा भइ यता फर्के मिथिलेश खुशीसँग ॥
अयोध्यापति यी राजा पनि सैन्य स्वपुत्र र ।
साथै ऋषि हिंडाएर अगाडि फर्किए घर ॥
जाँदामा बीचबाटामा साथमा ऋषि-रामको ।
सुने नृपतिले शब्द पक्षीका ननिका बडो ॥
यता हिंडिरहेकाथे मृग पारेर दाहिने ।
गर्थे सूचन यी तस्मात् शुभ औ अशुभै हुने ॥
राजा-दशरथैले यी देखे, भोगे कुरा सब ।
वसिष्ठ-गुरुमा आफ्ना सोधी हाले स्वयं तब ॥

१३

१४

सुनिन्छन् घोर पक्षीका शब्द यस्ता भयङ्क
यतातिर गुरो ! फेरि दाहिने हिंड्दछन् मृ
दुवै प्रकारका देख्छौं हामी शकुन यो किन!
हामीमा गर्दछन् जो यी त्यो शुभाऽशुभसूच
काँप्तो छ हृदयै मेरो भगवन् ! यसले
मन खिन्न भयो साह्रै यता चित्त उदास
सुन्दा नृपतिका यस्ता कुरा मुनि स्वयं त
भन्दछन् वाक्यमा मीठा, म भन्छु यसको फ
निस्कियो घोर जो शब्द पक्षीका मुखबाट
सूचना गर्छ डर्लाग्दो नजीकै भय आइ
परन्तु दाहिने पारी हिंड्ने यी मृग भूपते!
हुन्छ शान्त त्यसै भन्छन्, छोड यो पीर मान्नु
कुरा अ-आफुमा गर्थे यसरी यी यतात
आयो आँधी-हुरी ठूलो डर्लाग्दो भै उतात
हल्लिइन् पृथिवी सारा ठूला रुख लडे
सूर्य छोप्यो अँध्यारोले दिशा, ज्ञानै रह्यो न
धूलोले यसरी छोप्ता त्यत्रो सैन्य नरेश
भै हाल्यो मूर्छितै जस्तो किंकर्तव्यविमूढ
वसिष्ठ अरु ऋषि र राजा-रामादि चार
रह्यो होश अरू सारा भै हाले मूर्च्छितै
घोर यस्तो अँध्यारामा राजाका सैन्य ती
तुरून्तै ढाकिए सारा धूलोले व्याप्त भै
राजाले बल्ल पो देखे सुपुत्र जमदग्नि
भगवान्-रामलाई नै आफ्नु नै अघि आँ
सारा क्षत्रिय-राजाको पार्ने चूर घमण्ड
भृगुवंशी थिए वीर डर्लाग्दा देखिने

२६

२७

उनका शिरमा राम्रा लामा लामा थिए जटा ।
जित्लै न सकिने साक्षात् कैलासै सरि थे उता ॥
प्रलयै-कालको आगो सरि दुःसह थे यता ।
तेजोमण्डलले आफ्नो जाज्वल्यैमान थे उता ॥
हेर्नैं सक्तैनथ्यो फेरि चानेचूने कुनै जन ।
उनका काँधमा शोभा पाउँथ्यो वञ्चरो पुनः ॥
विद्युत्गण सरी बल्दो धनुर्बाण भयङ्कर ।
हातमा शोभिएको थ्यो त्रिपुरघ्न-शिवै सह ॥
देख्लैमा अति डर्लाग्दा बल्दो-आगो समानका ।
झस्के अगाडि पर्दामा साक्षात् परशुराम ता ॥

३१

३२

वसिष्ठ आदि ब्रह्मर्षि जप-होम परायण ।
मुखामुख गरी लागे, कुरा गर्न वहाँ पुनः ॥
क्रोधको वशमा पर्दा पिताका मृत्युको कहीं ।
गर्छन् क्षत्रिय-संहार काम यी फेरि वा कहीं ॥
गरी क्षत्रिय-संहार पैले नै क्रोध त्यो त्यजी ।
पीर फ्याँकि सकेका छन्, गर्वैनन् काम फेरि यी ॥
भनेर ऋषिले यस्तो भयङ्कर उनीकन ।
लगेर अर्घ्य टक्र्याए राम ! राम !! भनीकन ॥
गरी स्वीकार त्यो पूजा प्रतापी रामले तव ।
अयोध्यापतिका छोरा रामलाई भने अब ॥

३६

इति चौहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचहत्तरौं सर्ग

भगवान् परशुरामले श्रीरामलाई वैष्णवधनु चढाँउन आज्ञा गर्नु

१

सुनिन्छ राम! तिम्रो छ अति अद्भुत-वीर्य यो ।
अरु साथै सुनें मैले शिवको धनु तोड्नु त्यो ॥
महान् हो धनु, त्यै भाँच्नु, हो अद्भुत अचिन्त्य नै ।
त्यस्तै धनु लिई अर्को म आएँ यै सुनेर नै ॥
जमदग्नि-महात्माका छोरो परशुरामको ।
विशाल धनु त्यो यै हो देख्तैमा डर लाग्छ जो ॥
वीर राम! तिमी यस्मा चढाऊ बाण, लौ खिंच ।
देखाऊ छ भने त्यस्तो तिमीमा बल क्यै अब ॥
उठाँउदा र खिंच्तामा धनु यो बल के छ त्यो ।
हेरेर म तिमीलाई द्वन्द्व-युद्ध दिनेछु यो ॥
त्यस्तो ह्याउ भए देखि मेरो यो द्वन्द्व-युद्धले ।
तिमीलाई खुशै होला ठीक भै आफ्नु वीर्यले ॥
उनका यी कुरा सुन्दा अयोध्यापति ता यता ।
भन्छन् उदास औ दुःखी भई जोडेर हात वा ॥
भगवन्! नित्य स्वाध्याय-व्रतमा रहने तथा ।
हजूर भइ बक्सिन्छ तपस्वी शान्त-चित्तका ॥
स्वयं ब्राह्मण, जन्मेका उच्च त्यो भृगुवंशमा ।
छोडी क्षत्रियमा क्रोध, टिकेका नित्य शान्तिमा ॥
गरी दृढ प्रतिज्ञा त्यो अघि देवेन्द्रको पुनः ।
स्वयं त्यागि सकेका ती अस्त्रशस्त्रहरूकन ॥
तसर्थ प्रभु जस्ताले मेरा बालक-पुत्रमा ।
दया गरेर हे ब्रह्मन्! अभयै बक्सियोस् यहाँ ॥
भएर धर्ममा टिक्ने भगवन्! त्यै हजूरले ।
सम्पूर्ण बक्सियो पृथ्वी ऋषि-कश्यपमा ऋषे! ॥
महेन्द्र-गिरिमा आई बनाएर शुभाश्रम ।
अब राज भएको छ तपस्यामै दिई मन ॥

१४

ब्रह्मन्! यस अवस्थामा कसरी पाल्नु भो यहं
सत्यानाश गरूँ मेरो भन्ने छ सुर के यहाँ!
एउटै रामलाई यो श्रैले मार्नु भए प्रभो!
हामीहरू पनि सारा बाँच्तैनौं, मर्दछौं विभो!
यस्तो भन्दै थिए राजा, तर राम भने यता
सुनेको न सुन्यै गर्दै, भन्दछन् रामलाइ त
रघुनन्दन ए राम! धनु यी दुइटै सुन!
अत्यन्त बलिया हुन्, र श्रेष्ठ हुन्, दिव्य छन् पु
सम्पूर्णलोक नै पूजा गर्दछन् यिनको यत
बनाए विश्वकर्माले यी दुवै धनुलाइ त
दुवै भी धनुमा यौटा देवताहरूले अि
भगवान् शिवमा सुम्पे त्रिपुरासुर मार्न त
दुर्धर्ष धनु त्यो अर्को जो मेरो हातबीच छ
ती देव-श्रेष्ठले साक्षात् विष्णुलाइ दिए त
शत्रुको नगरी जित्ने, धनु-वैष्णव हो यहं
छ बराबरको राम! शिवको धनुले त्यहं
शिवमा विष्णुमा को छ बलियो? जाँच्न यो कु
देवताहरूले ब्रह्मासँग सोधे यही कुर
देवताको अभिप्राय बुझे पछि विरिञ्चि
श्रेष्ठ थे सत्यबोल्नेमा दुवैमा कल पादि
विरोध दुइमा पर्दा, जित्न खोज्दा अ-आफुमा
घनघोर लडाँईं भो हुने रोमाञ्च अद्भुत
शिवको धनु डल्लग्दो पराक्रम हुने पछि
विष्णुले शिथिलै पारे खाली हुङ्कार नै गरी
अनि आँखा हुने तीन महादेवकनै पनि
टक्कै पारि दिए आफ्नो वीर्यले शक्तिमान् बनी

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ऋषि चारण देवादि वहाँ आए पछाडि र ।
गरे शान्त हुने माग, भए शान्त दुवै सुर ॥
शिवको धनु हार्दा त्यो विष्णुका वीर्यले यता ।
बलीया विष्णु नै माने देवले ऋषि साथका ॥
शिवले धनुलाई त्यो सोंफिएर विदेहका ।
बाण साथै दिए सुम्पी हातमा देवरातका ॥
शत्रुको नगरी जित्ने, धनु-वैष्णवलाइ यो ।
ऋचीक-मुनिमा सुम्पे 'राख नासो' भनेर यो ॥
ऋचीक-मुनिले तेजी यो दिव्य धनु अन्तमा ।
दिए अप्रतिकर्मा ती स्वपुत्र जमदग्निमा ॥
जमदग्नि उहाँ मेरा पिता शस्त्रास्त्र ती त्यजी ।
तपस्याबल भै पूर्ण ध्यानस्थ हुनु भो पछि ॥
मौका छोपेर यै वेला छोराले कृतवीर्यको ।
मान्यो अर्जुन त्यो आई उहाँलाई, कुबुद्धि हो ॥
अयोग्य वध डर्लाग्दो पिताको यो सुने पछि ।
गरें क्षत्रिय-संहार क्रोधले जन्मिए जति ॥

३४

३५

ए राम ! पछि यो सारा पृथ्वीको अधिकार ली ।
यौटा यज्ञ गरें मैले, समाप्ति पनि भो पछि ॥
पुण्यकर्मा महान् आत्मा ऋषि-कश्यपलाइ ती ।
यै भयो दक्षिणा भन्दै दिएँ सारा धरा जति ॥
अनि गै वस्न लागें म महेन्द्र गिरिमा त्यस ।
गरें तप वहाँ ठूलो बढ्यो अनि तपोबल ॥
ए राम ! धनु भाँचेछौं तिमीले त्यो विदेहमा ।
देखेछन् सब चौताले रिङ्दथे जो अकाशमा ॥
परेर सब ती छक कुरा गर्दा अ-आफुमा ।
मैले पनि सुनें राम ! दोड्दै आएँ अनी यहाँ ॥
धनु वैष्णव त्यो हो यो बाजेको अनि बाबुको ।
अधिकार हुँदै आयो, अैले मेरो छ हात जो ॥
हेरी क्षत्रीयको धर्म लगाई अघि लौ सर ॥
उचाल धनु यो श्रेष्ठ, चढाऊ यसमा शर ॥
शत्रुको पुरजित्ने त्यो यसमा बाण चढाउँन ।
सक्यौ भने स्वयं दिन्छु द्वन्द्व-युद्ध तिमीकन ॥

४२

इति पचहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयहत्तरौं सर्ग

परशुरामको अहङ्कारनाश

१

पिताको मान राख्नाको निम्ति नै राम चूप थे ।
रामको भृगुवंशी यो अव टेढा कुरा सुने ॥
अनि दाशरथी-राम भन्न थाले उनीकन ।
मैले सुनिसकें सारा प्रभुका कर्म उत्तम ॥
पिताका वध गर्नेको गरेर वध वास्तव ।
मुक्त पितृ-ऋणैबाट हुनु भो, ठीक हो सब ॥
अव लौ सुन्नुहोस् राम ! छ ममा क्षत्रधर्म त्यो ।
त्यसै न गरियूँ हेला, न ठान्नोस् वीर्यहीन हो ! ॥
ल हुन्छ ! हेर्नुहोस् ब्रह्मन् ! अव मेरो पराक्रम ।
तथा तेज पनी कस्तो रहेछ ? भृगुनन्दन ! ॥
भनी यत्ति रिसाएर रामको हात बाट त्यो ।
रामले बाणकै साथ श्रेष्ठ यो धनु खोसियो ॥
चढाई बाण ताँदोमा उठेको धनुबीच त्यो ।
रामले रामलाई ती रिसाएर भने यसो- ॥
हुनुहुन्छ सँधैं मेरो तपाँई पूज्य, विप्रभै ।
सम्बन्ध छ यता फेरि विश्वामित्र-महर्षिकै ॥
यी सवै हेतुले गर्दा तपाँईको शरीरमा ।
बाण यो छोड्न चाहन्न प्राण-संहारकै यहाँ ॥
ठाममा मन लागेको जानु-आँउनु गर्नको ।
छ शक्ति जो तपाँईमा नाँशु त्यै यसले कसो ? ॥
तपको बलले ठूलो कमाएका अतुल्य ती ।
पवित्र-लोक नाशौं वा प्रभुले पाँइने जति ? ॥
घमण्ड-वल अर्काको नाश्छ, यो आफ्नु वीर्यले ।
दिव्य-वैष्णव हो बाण, व्यर्थ जाँदैन क्यै गरे ॥
धरी श्रेष्ठ धनुर्बाण उभिने रामलाइ थी ।
वहाँ जम्बा भए हेर्न, ब्रह्मा ऋषि र देव ती ॥

१३

१४

दृश्य अद्भुत यो हेर्न सिद्ध चारण किन्न
अप्सरा नाग गन्धर्व आए यक्ष र राक्ष
रामले धनु त्यो धर्दा भए लोक जडै स
यता भार्गव-रामैको गयो तेज उतै स
वीर्य-हीन भएका ती अव भार्गव-राम
हेरे दाशरथी रामलाइ निस्तेज-नेत्र
तेज छुट्ता र त्यो वीर्य हट्ता यी जडमैं भ
राममा पद्म-आँखे ती पछि विस्तार यो भने
ऋषि-कश्यपमा राम ! दिंदा मैले धरा अ
छन् भनेका ममा, मेरो पृथ्वीवीच न वस्तु यो
त्यै वेला देखि यो आज्ञा पाल्छु, बस्तिन रातम
गरेको छु प्रतिज्ञा नै, थाहै छ सव व्यक्तिम
तसर्थ गति त्यो मेरो वीर राम ! न नाश वा
महेन्द्र-पर्वतै जान्छु मनको वेग ली म
जितेका तपले मैले जत्ति लोक अतुल्य छ
यो श्रेष्ठ बाणले नाश, किन गर्नु विलम्ब म
चिनें अव प्रभो ! मैले प्रभुलाइ सुरेश्व
रहेछौ विष्णु नै साक्षात् मधु मार्ने, हओस् जय
उठाई धनु यो ताँदो चढायौ यसमा जु
यत्तिले नै चिनी हालें निश्चितै रूपले पु
नभमा देव जम्बा भै हेर्दछन् प्रभुपट्टि
सक्तैनन् युद्धमा कोही प्रभुको अघि पर्न
पराजित हुँदा यस्ता त्रिलोकीनाथ बाट
मलाइ छैन क्यै लाज, न ता छु असमर्थ
व्रत उत्तम पाल्ने हे भगवान् राम ! लौ अ
बेजोड बाण यो छोड, म जान्छु अनि पर्व

२६

२७

यत्ति भन्दा प्रतापी ती स्वयं भार्गव-रामले ।
छोड्दिए श्रेष्ठ त्यो बाण भगवान् प्रभु रामले ॥
कमाएको तपस्याले पुण्यलोकहरू निज ।
पारेको नष्ट देखेर, गए राम उतै तव ॥
जाना साथ उनी सारा हट्यो तम, दिशा खुले ।
सबैतिर भयो शान्ति, दुःख-पीर त्यसै छुटे ॥

२९

३०

धर्ने सर्वोच्च यो शस्त्र-वीर्यवान् रामको अब ।
प्रशंसा गर्न लागे ती देवर्षि नभका सब ॥
अयोध्यापतिका छोरा भगवान् रामले अहो ! ।
आफैं पूजा गरे साक्षात् पछि भार्गव-रामको ॥
आफ्नै प्रभावले बल्दा सुत श्रीजमदग्निका ।
गए प्रदक्षिणा गर्दै आफ्नु आश्रममै तदा ॥

३२

इति छयहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतहत्तरौं सर्ग

छोराहरूका साथै महाराज–दशरथको अयोध्या–प्रवेश

१

गएमा राम शान्तात्मा यशस्वी रामले पछि ।
दिए त्यो धनु हातैमा वरुणैको अमेय ती ॥
ऋषिलाई वसिष्ठादि प्रणाम गरि रामले ।
देखी छट्पटिने आफ्ना पितालाई यसो भने– ॥
पिताजी ! जानु भो राम छोरा श्रीजमदग्निका ।
अब हामी पनी लागौं अयोध्यापुरतर्फ ता ॥
प्रभुले रचिएकी छ यो सेना चतुरङ्गिणी ।
बढोस् आनन्द मानेर अयोध्यातिर यो पनि ॥
रामका यी कुरा सुन्दा अगाँली दुइ हातले ।
स्नेहले रामलाई ती राजाले शिरमा सुँघे ॥
सुन्दा राम गए भन्ने राजा खुश भए अति ।
छोरा – आफुकनै ठाने दोश्रो जन्म लिए सरि ॥
राजाले अब पो बल्ल आज्ञा सेनाकनै दिए ।
अयोध्यातिर बढ्ने र पछि आफु पनी गए ॥
पुरी थिन् त्यस वेलामा सजिएकी मजासित ।
नाना ध्वजा-पताकाले भै रहेकी विभूषित ॥
थियो शहरको शोभा अतिराम्रो जताकता ।
नगरा, तुरही, भेरी बज्थे गम्किइंदै त्यता ॥
सुगन्धी-जल छर्केको थियो सडकमा सब ।
छरिएका थिए नाना फूल, राम्रो थियो सब ॥
हातमा पुरवासीका नाना मङ्गल-वस्तु थे ।
बाटोमा भित्रिंदा राजा भै हृष्ट- मुख बस्तथे ॥
राजा यी वस्तुले पूर्ण महान् जन-समूहले ।
सुशोभित भएको त्यो अयोध्यापुरमा पसे ॥
ती नागरिकले त्यस्ता पुरवासी-द्विजातिले ।
गर्दै स्वागत राजाको अल्लि टाढा लिनै गए ॥

१३

१४

कान्तिमान् पुत्रका साथ यशस्वी-नृप ती अब ।
पसे हिमालभ्रैं ऊँचो राजप्रासादमा तब ॥
वहाँ स्वजनद्वारा ती मनोवाञ्छित—वस्तुले ।
पूजिएका स्वयं राजा ठूलो आनन्दमा परे ॥
कौसल्या र सुमित्रा ती सुन्दरी - कैकयी तथा ।
अरु रानीहरू लागे बुहारी भित्र्याउनमा यता ॥
सौभाग्यशालिनी सीता, ऊर्मिला ती यशस्विनी ।
उतारे माण्डवी साथै श्रुतकीर्तिकनै पनि ॥
गाई मङ्गलका गीत लगे भित्र वधूकन ।
गराए होम पैह्राई रेशमी - वस्त्र उत्तम ॥
वहाँका देवतालाई गई मन्दिरमा पछि ।
गरे पूजा-प्रणामादि वधूले यी भई खुशी ॥
गण्य-मान्यहरूलाई आफ्ना जो जो थिए वहाँ ।
ढोग-भेट गरे फेरि मानी आनन्द चित्तमा ॥
अ-आफ्ना पतिको साथ गई एकान्तमा पुनः ।
ठूलो आनन्दको साथ लागे दिन विताँउन ॥
पुरुषश्रेष्ठ यी चारै भाइले अति राम्ररी ।
अस्त्र-विद्या सिकेका थे, थिए मित्र वरीपरी ॥
विवाह भै सकेकैथ्यो, धन थ्यो, घेर थे जन ।
यसरी बस्न लागे यी पिताको गरि सेवन ॥
भन्छन् राजा-दशरथ निकै दिन विते पछि ।
सुपुत्र कैकयी-पुत्र प्यारा भरतलाइ ती ॥
युधाजित् पर्खिइन्छन् यी तिम्रा मामा तिमीकन ।
जुन हुन् लिन आएका वीर केकय-नन्दन ॥
सुनी आज्ञा पिताको यो भाइ-शत्रुघ्न साथमा ।
गरे भरतले जाने शोच केकय-देशमा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सोधी राजा-पिता साथ माताहरू र दाजुको ।
आज्ञा लिइ हिंडे वीर साथ शत्रुघ्न-भाइको ॥
भाञ्जा भरत-शत्रुघ्न लिइ मामा हुँदै खुशी ।
भित्रिए देशमा आफ्नो राजा तुष्ट भए अति ॥
दुवै भाइ उता जाँदा बलवान् राम-लक्ष्मण ।
देव-तुल्य पिताको ती वसे सेवा गरीकन ॥
आज्ञा आफ्ना पिताको यी चढाई शिर हर्षले ।
श्रीराम पुरवासीका गर्थे काम परे जति ॥
जसरी जुन गर्दामा दुनियाँको भलो, प्रिय ।
हुन्थ्यो, त्यै काम गर्थे यी भाइ साथ लिई तव ॥
राम थे संयमी साह्रै वेला-बखतमा उता ।
आफ्नी माताहरूको ती गर्दथे कार्य पूर्ण ता ॥
त्यसको साथमा आफ्ना गुरु-मान्यादिको पनि ।
पार्थे सिद्ध दिई ध्यान ठूलठूला काम नै पनि ॥
कामले रामको यस्तो राजा दशरथै यता ।
वेदज्ञ-विप्रको साथ ज्यादै खुश थिए तदा ॥
वहाँका वैश्य, व्यापारी साना-ठूला प्रजा सव ।
यस्तो देखेर भोगेर सारा खुश थिए तव ॥

३५

३६

राजाका चार छोरामा नित्य-सत्य, पराक्रमी ।
विशेष राम नै ठूला कीर्तिशाली भए गुणी ॥
स्वयम्भू भगवान्-ब्रह्मा प्राणीमा लोकका सव ।
यशस्वी गुणवान् छन् जो, भए त्यै ठीक यी अव ॥
सीताका चित्तमा भित्र राम यी नित्य वस्तथे ।
मनस्वी रामको भित्र सीताका चित्र पस्तथे ॥
अनेकौं ऋतु पर्यन्त अति आनन्द साथमा ।
गरे विहार सीताका साथमा रामले वहाँ ॥
पिता जनक-राजाले सुम्पेकी आफ्नु हातमा ।
भन्ने यो हेतुले, सीता प्रिया थिन् रामकी वहाँ ॥
गुण-सौन्दर्यले बढ्दो धर्मले पातिव्रत्य त्यो ।
सीतामा रामको नित्य अत्यन्तै प्रेम बढ्दथ्यो ॥
उता यता भए जस्तै सीताका मन भित्र ती ।
गुण-सौन्दर्यले गर्दा दुगुना रम्दथे पति ॥
रामका मनको भाव तुरुन्तै जान्दथिन् उनी ।
पछि मौका परे स्पष्टै पतिमा पोख्तथिन् पनि ॥
विशेषरूपले फेरि सीता जनक-नन्दिनी ।
थिइन् देवाङ्गना जस्तै लक्ष्मी झैं रूपधारिणी ॥

४४

सीता सुता वीर-विदेहराजकी श्रीराममा नै मरिमेट्तथिन् अति ।
यता स्वयं राम नरेश-पुत्र ती पछ्याँउथे नित्य भनेर जानकी ! ॥

४५

लक्ष्मी हुँदा साथ सुरेश-विष्णुको शोभा भएझैं अतुल-स्वरूपको ।
सीता लिंदा साथ प्रसन्न-रामको शोभा बढ्यो ज्यादि अतुल्यरूपको ॥

४६

इति सतहत्तरौं सर्ग

बालकाण्ड समाप्त

CC-0. In Public Domain. Digitization by eGangotri

अयोध्याकाण्ड

*

पहिलो सर्ग

श्रीरामका गुणादिको बर्णन

१

त्यो मामा-घरमा जाँदा उता भरतले अघि ।
साथै लिइ गएकाथे भाइ-शत्रुघ्नलाइ ती ॥
उनको प्रेम थ्यो ठूलो वीर-शत्रुघ्नमा उता ।
शत्रु सम्पूर्ण मार्थे ती, स्वयं निष्पाप थे यता ॥
दाजुकै साथमा ठूलो पाई सत्कार प्रेमको ।
वहाँ वसे दुवै भाई, मामाको पुत्र-स्नेह भो ॥
पुऱ्याई मनका इच्छा बस्तथे ता पनी उता ।
संम्झिइन्थे दुवै बीर बूढा-बाबुकनै सदा ॥
महेन्द्र-वरुणै जस्ता प्रवासी सुतलाइ ती ।
यता संम्झिरहन्थे नै तेजस्वी-नृप झन् अति ॥
निस्केका देहका आफ्ना चारोटा हात तुल्यका ।
पुरुष श्रेष्ठ यी चारै भाई थे प्रिय भूपका ॥
यिनमा पनि थे प्यारा राम ता झन गुणी हुँदा ।
ब्रह्मार्फैं भइ प्राणीका गर्दथे प्रिय जो सदा ॥
देवको प्रार्थना सुन्दा मार्न रावण भूमिमा ।
जन्मने विष्णु नै साक्षात् हुँदा, झन् स्नेह भो वहाँ ॥
तेजस्वी पुत्रले राम कौसल्या शोभिइन् निकै ।
देवश्रेष्ठ सुरेन्द्रैले साक्षात् अदिति-तुल्य भै ॥
थियो छन पनी रूप, गुण, वीर्य अतुल्य नै ।
राममा नृपकै जस्ता, थिएनन् तुल्य भूमिमै ॥
थिए शान्त संधै राम मीठो नरम बोल्दथे ।
भने पनि न राम्रो क्यै न भनी चूप बस्तथे ॥
उपकार गऱ्यो केही कसैले क्यै गरी भने ।
भएमैं मान्दथे धेरै, त्यत्तिले तुष्ट बन्दथे ॥

१२

१३

आत्मा दरो थियो साह्रै धीर थे, यस हेतुले ।
अपराध शयौं होस् ता पनि ती ध्यान दिन्नथे ॥
चरित्र-गुण-शिक्षादि जान्न, सिक्न र बुझ्न ती ।
विद्वान्-सज्जन-बृद्धैको गर्दथे राम संगति ॥
शस्त्र-अस्त्रादि विद्याको गर्दा अभ्यास वास्तव ।
समयै हुन्न थ्यो किन्तु निकाल्थे, गर्दथे तव ॥
थे ज्यादै बुद्धिमान् राम मीठा वचन बोल्दथे ।
आफैं गै बोल्दथे पैले, जो बोल्थे प्रिय बोल्दथे ॥
पराक्रम थियो त्यस्तो अतिठूलो अतुल्यको ।
परन्तु त्यसले कत्ति राममा गर्व हुन्नथ्यो ॥
झूठो बोल्दैनथे कैले, विद्वान् थे, बृद्ध सेव्दथे ।
प्रजाका प्रिय थे ज्यादै, प्रजामै मरिमेट्तथे ॥
रिस मारिसकेका थे, भित्र ठूलो थियो दया ।
दीन-दुःखीहरू माथि गर्दथे नित्य जो कृपा ॥
गर्दथे विप्रको पूजा भित्र-बाहिर शुद्ध थे ।
जान्दथे धर्मको मर्म, सँधै इन्द्रिय रोक्तथे ॥
कुलाचारतिरै जान्थ्यो रामको बुद्धि, शुद्ध थ्यो ।
यसर्थ पाल्दथे राम्रो आचारादि स्ववंशको ॥
आफ्नो क्षत्रिय त्यो धर्म ठान्दथे सर्वश्रेष्ठ र ।
पाल्दथे प्रेमले, यै हो भनी स्वर्ग दिने स्थिर ॥
नहुने काममा कैले उनको मन जान्नथ्यो ।
न सुन्दथे उनी कैले कुरा शास्त्र-विरुद्धको ॥
न्याययुक्त कुनै राम्रो पक्ष गर्न समर्थन ।
बृहस्पति सरी दिन्थे युक्तिले युक्त भाषण ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

२५

नीरोग देह थ्यो राम्रो, अवस्था तरुणै थियो ।
देशको कालको तत्त्व जान्दथे, बोल्दथे बडो ॥
विचार्दा गुण देख्ता ती सम्झन्थे भवाट्ट मानिस ।
हुन् यी पुरुषकै सार सिर्जेका साधु एक त ॥
यी सबै गुणले युक्त राम राजकुमार ती ।
बाहिरी प्राण झैं प्यारा प्रजाका भै गए पछि ॥
यस्ता भरतका दाजु थिए राम महान् गुणी ।
विशेष बाण-विद्यामा बाबु भन्दा भए गुणी ॥
थिए सम्पूर्ण विद्याका व्रतमा स्नात राम ता ।
यथार्थ जान्दथे वेद साथै अङ्ग-उपाङ्गका ॥
दीनता-हीन थे राम, धाम कल्याणका थिए ।
सत्य बोल्थे, थिए सोझा तथा सरल, साधु थे ॥
धर्म-अर्थादि जानेका बूढा-पाका द्विजादिले ।
सँधै शिक्षित हुन्थे जो, प्रतिभा, स्मृति उच्च थे ॥
धर्म-अर्थ तथा काम-मोक्षका तत्त्व जान्दथे ।
वेलाको व्यवहारादि गर्नमा चतुरा थिए ॥
सल्लाह राख्तथे गुप्त स्वयं विनयशील थे ।
चेष्टा छिपाँउथे आफ्नो, हुने घेर सहाय थे ॥
उनको क्रोध वा हर्ष कैले विफल हुन्नथ्यो ।
जान्दथे जोर्न सामान, राम्रो थ्यो ज्ञान त्यागको ॥
टिकेको बुद्धि थ्यो तीखो, मान्यमा भक्ति गर्दथे ।
निस्कन्नथ्यो असद्‌वाणी, असद्‌वस्तु लिंदैनथे ॥
सावधान थिए नित्य, आलस्यादि थिएन क्यै ।
अर्काको होस् कि होस् आफ्नै, दोष ता जान्दथे सबै ॥
उपकार र शास्त्रादि जान्दथे एक एक यो ।
गर्न दण्ड दया, आदि थे सिपालु पनी अति ॥
अर्कले गर्न लागेका गरेका वस्तुको पनि ।
जान्न सक्ने थियो बुद्धि हुनाले गुणवान् यिनी ॥
गर्न यी जान्दथे फेरि योग्य-सज्जनमा दया ।
वेला हेरिकनै गर्थे दुष्टमा दण्ड चाहिंदा ॥
न्यायोचित धनै मात्र थे सँगाल्न सिपालु यी ।
खर्च गर्ने कुरामा नै गर्दथे चाँहिने जति ॥
सम्पूर्ण अस्त्र-विद्यामा थे पारङ्गत यी पुनः ।
अरु मिश्रित विद्यामा राख्दथे रुचि हर्दम ॥

४१

४२

धर्म-अर्थादि धानेर गर्दथे काम-सेवन ।
आलस्यपनलाई ता हेर्दै-हेर्दैनथे जुन ॥
क्रीडा-विहारका विद्या मनोरञ्जन जान्दथे ।
साथै अर्थ-विभागादि नाना शिल्पादि जान्दथे ॥
घोडा-हात्तीहरू आफैं चढ्दथे, सज्न जान्दथे ।
धनुर्वेदादि विद्यामा श्रेष्ठ थे, जन मान्दथे ॥
ठूला अतिरथी भन्नेहरूका गण्य-मान्य थे ।
हमला गर्न जानामा, हाँक्नामा सैन्य, योग्य थे ॥
युद्धमा क्रुद्ध भै आओस्, जो सुकै होस् सुरासुर ।
जित्नै सक्तै नथ्यो कोही रामलाई थिए स्थिर ॥
दोष हेर्दैनथे कैले, गर्व भन्ने थिएन क्यै ।
यता क्रोध जितेकाथे थिएनन् द्वेष-डाह क्यै ॥
कालको वशमा पर्दै कैले हिंड्दैनथे यिनी ।
प्राणी सानो-ठूलो जो होस् हेंला गर्दैनथे यिनी ॥
नाना प्रकारका यस्ता गुणले भरिपूर्ण भै ।
आफ्ना प्रकृतिका सारा राम प्यारा भए सँधै ॥
स्वर्ग-मर्त्य र पाताल भरका जीव-जन्तुले ।
यसैले पूजिइन्थे ती गर्थे आदर प्रेमले ॥
क्षमादि गुणले पुग्थे दाँजोमा, तुच्छ थिन् क्षिति ।
वीर्यमा इन्द्र जस्ता थे बुद्धिमा थे बृहस्पति ॥
आफ्ना किरणले सूर्य चम्किए सरि कान्ति ली ।
देदीप्यमान थे राम सदा स्वगुणबाट यी ॥
लोभिइन्थे र तानिन्थे यता प्यारा प्रजा-जन ।
पिता राजा पनी साक्षात प्रेमले मग्न थे पुनः ॥
यस्ता महान् सदाचारी लोकनाथ—समानका ।
रामलाई गरिन् इच्छा पृथ्वीले नाथ पार्न ता ॥
भरिपूर्ण हुने यस्ता अतुल्य-गुणले निजी ।
नियाल्दा पुत्रलाई यी शोच्छन् राजा स्वयं पछि ॥
चिरञ्जीवी तथा बूढा-राजाको भित्र यो गढ्यो- ।
होला कसो गरी राम राजा ? ज्यूँदो हुँदै म यो ? ॥
राममा अभिषेकादि दिंदा शान्ति हुनेछ जो ।
सजिलै कसरी होला ? देखुँला कसरी म त्यो ? ॥
राजाको मनमा भित्र खेल्न लाग्यो यही कुरो ।
राज्याभिषेक कैले म देखुँला प्रिय रामको ? ॥

५८

५९

गर्दछन् राम साराको सदा उन्नति-कामना ।
राम नित्य दया गर्छन् विश्वका जीव-जन्तुमा ॥
सुक्खामा जलको वर्षा गर्ने बादल हुन् यिनी ।
प्रजाका अति प्यारा छन्, म भन्दा पनि छन् गुणी ॥
बलमा वीर्यमा राम यम-इन्द्र समान छन् ।
त्यो तीखो बुद्धिले दाँज्दा बृहस्पति समान छन् ॥
उनैले सब पृथ्वीको गरेको राज्य हेर्न यो ।
म यै उमेरमा खोज्छु, अनि पो स्वर्ग भेट्छु त्यो ॥
गरे विचार राजाले यस्तो, श्रीराममा जब ।
देखे गुणहरू नाना विलक्षण, अलौकिक ॥
पृथ्वीका अरु राजामा हुन, पाउँन दुर्लभ ।
असंख्य गुणले यस्ता राम भूषित थे जब ॥
अनि ता सब मन्त्रीका साथ सल्लाह यो गरे ।
रामलाई महान् त्यस्ता युवराज बनाँउने ॥
थिए राजा दशरथ अति नै बुद्धिमान् पछि ।
संझाए मन्त्रीलाई त्यो भै रहेको परिस्थिति ॥
स्वर्गमा अन्तरिक्षैमा तथा भूतलमा पनि ।
भै रहेका, हुने घोर उत्पातादि भने अनि ॥
त्यसको साथ-साथैमा देहको पनि आफ्नु त्यो ।
अवस्था ढलिकएको र बृद्धावस्था भने हुँदो ॥
पूर्ण-चन्द्र सरी राम्रो मनोहर हुने मुख ।
महात्मा रामको भोगे, त्यो लोक-प्रियता सब ॥

६९

७०

प्रजाको राज्यका सारा रामले प्यार पाउँछ
राजाले संम्भिए राम्रो, हो मेरो शोक नाशिए
आउँदा योग्यको वेला धर्मात्मा नृपले अब
आफ्नो, आफ्ना प्रजाका ती गर्न कल्याण वास्तव
जोर्न सामान मन्त्रीमा राम-राज्याभिषेकको
दिए आज्ञा, बढ्यो प्रेम, स्नेहले अलि शीघ्र भो
विभिन्न-देशका नाना वस्ने नगर गाउँमा
डाकिए व्यक्ति ठूलठूला यो महोत्सवमा वहाँ
साना ठूला थिए जो जो राजाहरु धरामा
डाके मन्त्री पठाएर, ढाके ती सबले पुरी
बस्ने खाने कुरा आदि दिएर उनको यता
गरेर योग्य सत्कार पैह्राए गहना-लुगा
अनि राजा दशरथ अलङ्कृत भईकन
भेटे गै सबलाई ती, ब्रह्माले झैं प्रजाकन
हुँदा हडबड राजाले डाकेनन् दुइ व्यक्ति यी
यौटा केकय राजा र अर्को जनकलाइ ती
हुँदा यी दुइ सम्बन्धी ससुरा, सम्धी वास्तव
यो खुशी पछि सुन्नेछन्, भन्ने यै शोच भो तब
दरबार यता लाग्यो अत्र राजा वहाँ वसे
पसे राज-सभामा यो आएका नृप जति थे
दिएका नृपले आफ्ना गई आसनमा शुभ
राजातिर मुखै पारी बसे नम्र भई सब

८०

पाएर सम्मान लिएर नम्रता बस्ने नजीकै पुर-गाउँ-देशका ।
यी व्यक्तिले, भूपतिले पनी तदा ती शोभिए हुन् सरि इन्द्र देवका ॥

८१

इति पहिलो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दोश्रो सर्ग

श्रीरामको राज्याभिषेकसम्बन्धी

सर-सल्लाह

१

अब सारा सभालाई सम्बोधन गरी नृप ।
हित-हर्ष हुने यस्तो भन्दछन् वाक्य लायक ॥
राजाको स्वर थ्यो ऊँचो गम्भीर र मनोहर ।
गुञ्जियो मेघझैं गाढा हो जस्तो दुन्दुभिस्वर ॥
राज-लक्षणले युक्त अतुल्य मधुरो बडो ।
स्वर थ्यो, रस मिल्दो त्यो, भने नृपतिले यसो- ॥
म भन्दा अघिका पुर्खा-राजाले श्रेष्ठ राज्य यो ।
छोरा तुल्य गरी पाले, जान्नु हुन्छ तपाँइ जो ॥
इक्ष्वाकु-कुल-राजाले गरेको प्रतिपालन ।
यो जगत्‌लाइ चाहन्छु सुख-श्रेय दिनै पुनः ॥
मैले पनि पछी हिंड्‌दा पुर्खाका मार्गको त्यही ।
सके सम्म गरें रक्षा प्रजाको, जागि हर्षंडी ॥
हित-साधनमा लाग्दा लाग्दा यी सब लोकको ।
बूढो देह बनाएँ यो, छायामा राजछत्रको ॥
भोगी अनेक हज्जारौं वर्षको आयु-जीवन ।
थाकें, जीर्ण भयो देह, अब विश्राम खोज्छु म ॥
हो ठूलो भार राजाको जगत रक्षिनु धर्मले ।
यो भार थाम्न सक्तै नन् अजितेन्द्रिय क्यै गरे ॥
चाहिन्छ शौर्य-वीर्यादि राजामा अनि अड्छ त्यो ।
थाम्दा त्यै भार थाकें म घेरै नै अघि देखिको ॥
यहाँ पाल्नु हुने श्रेष्ठ व्यक्तिको नृप-विप्रको ।
लिई सम्मति, छोरामा दिन खोज्छु म भार यो ॥
प्रजाको हित-कल्याण-सुरक्षा साथ पालन ।
गर्नेछन् नित्य यी तस्मात् विश्राम लिन खोज्छु म ॥
मेरा सुपुत्र छन् जेष्ठ, श्रेष्ठ राम धनुर्धर ।
शत्रुको शहरै जित्न छन् समर्थ निरन्तर ॥

१३

१४

बलमा वीर्यमा हेर्दा छन् साक्षात् इन्द्रझैं उनी ।
हुने गुण ममा भन्दा घेरै श्रेष्ठ, महान् पनि ॥
पुष्य—नक्षत्रले युक्त चन्द्रझैं यिनलाइ म ।
कार्य—साधनमा सारा छन् जो कुशल उत्तम ॥
पुष्य—नक्षत्रमै भोलो विहानै युवराजको ।
पदमा दिन चाहन्छु अभिषेक पवित्र त्यो ॥
तपाईंहरूको निम्ति स्वामी लायकका यिनी ।
हुनेछन्, कान्तिमान् छन् जो दाजु लक्ष्मणका तिनी ॥
मेरो विचारमा लाग्छ त्यस्ता स्वामी भए भने ।
होला त्रैलोक्य नै सारा योग्यको पति पाँउने ॥
राम कल्याणरूपी छन् अभिषेक गरी अब ।
बनाउँछु म पृथ्वी यो भोग्ने साधन वास्तव ॥
राज्यको भार सम्पूर्ण अब यी पुत्र राममा ।
सुम्पेर क्लेश यो मास्छु, हुन्छु निश्चिन्त नै यहाँ ॥
यदि मैले भनेको यो जँचछ राम्रो कुरा भने ।
यल्ले शोच्यो बडो राम्रो, भन्ने पर्छ कुरा भने ॥
दिनोस् स्वीकृति साराले सहर्ष यसमा अब ।
अथवा के गरौं ? भन्नोस् ! काम होस् जसले सब ॥
ममा प्रसन्नता होला राम - राज्याभिषेकले ।
प्रजाका हितको निम्ति यो भन्दा श्रेष्ठ क्यै भए ॥
भई तटस्थ मध्यस्थ तपाइहरुले सब ।
गर्नोस् विचार, जो होस् त्यो अन्तमा श्रेय-साधक ॥
राजालाइ यसो भन्ने वहाँका नृपले सब ।
अभिनन्दन इत्यादि टक्याए खुश भै तब ॥
जस्तो मुजूर गर्छन् ती मीठो केका त्यजीकन ।
घनघोर हुँदा वर्षा मेघको अभिनन्दन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भुँइचालै गए जस्तो जनका भीडको बडो ।
प्रेमले स्नेहले भिज्दो मीठो आवाज गुञ्जियो ॥
धर्म अर्थ दुवै जान्ने राजाको भाव यो बुझी ।
अब राज-सभाबीच लागे सल्लाह गर्न ती ॥
श्रेष्ठ-श्रेष्ठ भए जम्बा सेनापति यता मिले ।
जुटे ती व्यक्ति ठूल्ठूला पुरवासी र गाँउले ॥
गरी विचार शोचेर ठमाए सबले यही ।
भई मुख-मतो यौटै भनिए बृद्ध भूप ती ॥
महाराज ! भई बक्स्यो हजूर अब बृद्ध नै ।
अवस्थाले लियो वर्ष हजारौंको अनेक नै ॥
यसर्थ पालन यो पृथ्वी पदमा युवराजको ।
अभिषेक दिई बक्स्योस् रामलाइ सुयोग्यको ॥
बलवान् र महाबाहु रामले रघुवीर यी ।
हेर्छौं ओढी राजछत्र घुमेको गजमा चढी ॥
उनका मनको प्यारो यो कुरा न बुझे सरि ।
तत्त्व बुझ्न यसो भन्छन् राजा त्यस्तो सुने पछि ॥
मेरो त्यत्ति कुरा सुन्दा रामै रोज्छौ भने पति ।
राजा हो ! भो मसा शङ्का, के छ लौ खोल गुह्य ती ? ॥
म पाल्दैछु भने राम्रो धर्मले यी धराकन ।
चाहन्छौ हेर्न त्यल्लाई युवराज हुने किन ? ॥
राजाका यी कुरा सुन्दा सभाका जनले सबैं ।
राजालाइ भने साथ व्यक्ति ती पुर-गाँउकै ॥
राममा प्रभुका छोरा महाराज ! यथार्थमा ।
अनेकौं गुण छन्, जो यी गर्छन् श्रेय-भलो यहाँ ॥
हे देव ! देव जस्ता यी रामका गुण वास्तव ।
आनन्द सबमा दिन्छन्, प्रिय छन् सबका सब ॥
गुणवान्, बुद्धिमान्, विद्वान् राम छन् प्रभुका सुत ।
उनका गुण भोगेका बखान्छौं सुन्नुहोस् अब ॥
राममा गुण छन् दिव्य, देखिन्छन् इन्द्र जत्तिका ।
इक्ष्वाकु-वंशमा त्यस्तो देखिन्नन् व्यक्ति यत्तिका ॥
छ पराक्रम त्यो सत्य, सत्यैमा रम्दछन् यिनी ।
छन् सत्य फेरि आफैं नै अन् यहाँ सज्जनै उनी ॥
यिनै श्रीरामले साक्षात् अर्थका साथ-साथमा ।
गरेकोछ महाराज ! धर्मको नित्य स्थापना ॥

४३

४४

गुणमा यी क्षमारूप-पृथ्वीका तुल्य छन् प्रभो!
सुख-शान्ति प्रजालाई दिन छन् चन्द्र तुल्य
वीर्यमा इन्द्र हुन् साक्षात् बुद्धिमा हुन् बृहस्
हेर्दैनन् कहिल्यै दोष, शान्त, धर्मज्ञ छन्
दीन-दुःखीहरूको ता भरोसा, मुख्य आड,
सत्य-प्रतिज्ञ छन् फेरि मीठो बोल्छन्, कृतज्ञ
रोक्न इन्द्रिय सक्छन् यी, छन् कोमल स्वभाव
ईर्ष्या-डाह छँदै छैन, भव्य छन्, स्थिर बुद्धि
सत्य बोल्छन्, सँधै प्यारो गर्दछन् जीव-जन्तु
बूढा-पाका र विद्वान्को गर्छन्, सेवन विप्र
यसैले रामको राजन् ! कीर्ति यो दुनियाँ भ
यश तेज लिई साथ बढ्छे अतुल भै
शस्त्रास्त्रका कला सारा जान्दछन् राम यी
यिनको तुल्य क्वै छैन देवासुर-मनुष्य
उपाङ्ग-अङ्गका साथ जान्दछन् वेद यी
पढि सम्पूर्ण विद्याको व्रतमा स्नात छन्
गान्धर्ववेद जानेका शास्त्र सङ्गीतको शुभ
छन् यी, भरतका दाजु विद्वान् भूतलमा
उदार-हृदयैका छन्, हुन् जन्मस्थल श्रेय
छन् महान्-बुद्धिका राम साधु-सन्त-स्वभाव
धर्म अर्थ दुवै राम्रो जोर्न एवं कमाँउ
जानेका द्विजले जस्मा दिएका छन् सुशिक्ष
ग्रामको पुरको रक्षा गर्नको निम्ति यी
संग्रामस्थलमा जान्छन् भाइ लक्ष्मण ली प्रि
त्यसवेला महाराज ! त्यहाँ बाट कसै गरे
फर्किन्नन् राम यी आफ्नो जीतबाजी न ली भ
फर्केर आँउदा राजन् ! हात्ती वा रथमा चढी
सोध्छन् स्वजनझैं नित्य पौरमा कुशलादि
अग्निको अग्निहोत्रैको पत्नीको पुत्र-भृत्यको
शिष्यको अरुको सोध्छन् सँधै कुशल-क्षेम जो
जसरी बाबुले सोध्छन् आफ्ना औरस-पुत्रको
त्यै ठीक पुरवासीको क्रमैले सोध्दछन् भलो
पुरुषश्रेष्ठ श्रीराम सोध्दछन् विप्रमा यसो
तपाँईहरूको सेवा गर्दछन् शिष्य के कसो!

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

राम्रा कवच पैन्हेर हुने कसिकसाउ यी ।
गर्छन् तपाँईको प्यारो शिष्य सेवा गरी डटी ? ॥
यता नगरवासीमा कुनै कष्ट पऱ्यो भने ।
हुन्छन् अत्यन्त नै दुःखी राम, भै छटपटाँउने ॥
पर्व-उत्सवमा ठूला उनका घरमा हुने ।
भै हाल्छन् राम यी राजन् ! पिता सरि खुशी हुने ॥
सबै किसिमले पाल्छन् धर्म यी, वृद्ध सेव्दछन् ।
बोल्छन् मुसुक्क हाँसेरै जो महान् धनु धर्दछन् ॥
सत्य बोल्छन् यिनै फेरि, यिनै इन्द्रिय जित्तछन् ।
कुरा निन्दा र चर्चाको गर्दैनन् , श्रेय भर्दछन् ॥
दिंदै युक्ति लगातार कुरा गर्न बसे भने ।
वक्तामा श्रेष्ठ छन् राजन् ! बृहस्पति सरी हुने ॥
राता विशाल आँखा छन्, अति राम्रो छ आँखिभौं ।
साक्षात् विष्णु समानै छन् राम यी, अरु के भनौं ॥
छ वीर्य यिनमा ठूलो, पराक्रम र शौर्य छन् ।
छन् यी आनन्दका धाम, राम लोकाभिराम छन् ॥
रक्षा गर्न प्रजा पाल्न राम यी नित्य जाग्दछन् ।
सक्तैनन् छुन रागादि स्वयं इन्द्रिय रोक्तछन् ॥
भनौं के धेर पृथ्वीको गर्न शासन के कुरा ? ।
छन् समर्थ स्वयं राम त्रैलोक्यै भोग्नमा पुरा ॥
कहिल्यै व्यर्थ जाँदैन यिनको क्रोध वा दया ।
मार्नै पर्ने भए मार्छन्, टिक्छन् नियममा सदा ॥
हेर्दा न मारिने देखे मार्दैनन् , न रिसाँउछन् ।
जसमा तुष्ट हुन्छन् यी त्यसमा द्रव्यादि भर्दछन् ॥
सम्पूर्ण दुनियाँलाई मग्न-मस्त गराँउने ।
यिनका गुण छन् राम्रा, यी आनन्द बढाँउने ॥

७३

७४

आफूमा गुण भर्ने यी स्ववशी इन्द्रियादिले ।
देदीप्यमान् छन् राम सूर्यमैं निज रश्मिले ॥
गुण नाना थरी यस्ता हुने सत्य पराक्रमी ।
रामलाई महाराज ! रोज्दछन् जनता पनि ॥
महान् प्रभावशाली छन् लोकपालै सरी जुन ।
यहाँका जनता, पृथ्वी खोज्छन् पति बनाँउन ॥
आज सौभाग्यले हाम्रो राम पुत्र हजूरका ।
समर्थ भै सकेका छन् प्रजाको गर्न श्रेय ता ॥
प्रभुका भाग्यले फेरि मरीचि-ऋषिका सुत ।
साक्षात् कश्यप जस्ता छन् राम श्रेष्ठगुणोचित ॥
शील-स्वभाव जो यो छ रामको सुनि बक्सियोस् ।
जान्दछन् तीन लोकैका जनता, बुझि बक्सियोस् ॥
गन्धर्व नाग इत्यादि देव दैत्य मनुष्य ता ।
भित्र-बाहिरका सारा जनता पुर-राष्ट्रका ॥
रामको गुणवान् यस्ता गर्दछन् शुभ-कामना ।
आयुको साथ आरोग्य-बलको प्राप्ति निम्तिमा ॥
घरघरै तरुणी-बूढी सँधै साँझ-बिहानमा ।
गुहार्छन् देवता, ढोग्छन् यिनकै शुभ निम्तिमा ॥
उदारदिलका यस्ता गुणी राम यथार्थमा ।
युवराज हऊन् भन्ने इच्छा छ सबको यहाँ ॥
सम्पूर्ण जनको राजन् ! प्रार्थना पूर्ण गर्न त्यो ।
कृपा-प्रसाद चाहिन्छ प्रभुको, अब होस् त्यसो ॥
छन् नीर-कमलै जस्ता आँखा सुन्दर रामका ।
स्वयं राजेन्द्रका पुत्र उनी छन् योग्य सर्वथा ॥
हामीहरू पनी सारा पदमा युवराजको ।
चढेका रामलाई यी चाहन्छौं हेर्न हे प्रभो ! ॥

८६

लाग्ने प्रजाको हित गर्न नित्य श्री रामलाई सुत विष्णु-तुल्य ।
बक्स्योस् खुशी भै अभिषेक चाँडै हुनेछ हाम्रो हित, योग्य हो यै ॥

८७

इति दोस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेश्रो सर्ग

श्रीरामराज्याभिषेक–निर्णय

१

जोरेर अँजुली राम्रो बनाइ कमलै सरि ।
गरे प्रस्ताव राजाको समर्थन सबै मिली ॥
गरी स्वीकार राजाले उनको सब त्यो कुरो ।
भने उनीहरूलाई हित, श्रेय हुने यसो ॥
तपाँहहरूले मेरा छोरा रामकनै अहो ! ।
पदमा युवराजैको चढेको देख्न खोज्नु भो ॥
यसैले म भएँ साह्रै तुष्ट अत्यन्त हर्षित ।
भयो अतुल यो मेरो प्रभाव पनि वस्तुतः ॥
गरे यस्ता कुराद्वारा सत्कार अब राम्ररी ।
राजाले यी सभाषद्को मीठा वचन नै छरी ॥
अनि ती सबले सुन्ने गरी ब्राह्मणमा भने ।
वसिष्ठ–वामदेवादि जुन थे पूज्यता लिने ॥
विप्र हो! चैत्र यो मास छ पवित्र र सुन्दर ।
बगैंचा–बन इत्यादि फुलेको छ सबैतिर ॥
यसर्थ भोलि होला कि बडो राम्रो म के भनुँ ।
पदमा युवराजाको रामलाई चढाँउनु ? ॥
यदि हुन्छ ! भने देखि तपाँईहरू लौ अब ।
सामान अभिषेकैका जोर्नु होस् चाँहिने सब ॥
भनी यत्ति कुरा राजा चूप लागे वहाँ अब ।
सभामा हर्षले गर्दा कोलाहल उठ्यो तब ॥
भएमा शान्त विस्तारै जनताको अवाज त्यो ।
ऋषि–श्रेष्ठ वसिष्ठैमा फेरि भन्छन् उनी यसो ॥
भगवन् ! जत्ति जो जे छन् राम–राज्याभिषेकका ।
सत्कर्महरू ती भन्नोस् साथै अङ्ग–उपाङ्गका ॥
चाँहिने तिनको निम्ति जोर्न सामान–वस्तु ती ।
आज्ञा होस् प्रभु नै फेरि प्रिय–सेवकलाई यी ॥

१३

१४

ती पृथ्वीपाल–राजाका यी कुरा मुनिले सुने ।
तयार–भृत्यमा आफैं अनि आज्ञा दिंदै भने ॥
हात जोडी वसेका थे राजाका अघि भृत्य ती ।
तुरुन्त गर्न तामेल आज्ञा पाल्न भए जति ॥
अहिल्यै जोर यी वस्तु बावु हो ! अब लौ सुन ! ।
चाँहिने अभिषेकैमा गरिने देव–पूजन ॥
सुवर्ण, रत्न हुन घेर, हुन् औषधि सबै थरी ।
हुन् श्वेत–पुष्पका माला, भुट लावा थरी थरी ॥
मह होस् घिउ होस् वेग्लै, वेग्लै पात्र भरी भरी ।
हुन् नयाँ वस्त्रका थान, हथियार थरी थरी ॥
तयार रथ होस् फेरि सेना होस् चतुरङ्गिणी ।
शुभ–लक्षणको राम्रो हात्ती होस् त्यसमा पनि ॥
झण्डा होस् श्वेत छाता होस् पङ्खा चामर हुन् शुभ ।
चम्केका अग्नि झैं राम्रा सुनका हुन् घडा शय ॥
होस् सग्लो बाघको छाला, मोरेको सुनले सिंग ।
यौटा साँढे रहोस् फेरि वस्तुका यी सँगैसँग ॥
अरू वस्तु पनी सारा चाहिने जत्ति जोर र ।
राजाको अग्नि–शालामा बिहानै भोलि राख ल ! ॥
खोपी र पुरका सारा ढोकाहरू सजाउ र ।
माला–चन्दनले पूज, सुगन्धी–धूप बाल ल ! ॥
घिउ दुग्ध दही साथै जुटाओ अन्न घेर ती ।
लाखौं ब्राह्मणले खान पुगोस्, होस् पक्व जो अति ॥
सत्कार विप्रको गर्दै खान भोलि विहानमा ।
लावा घिउ दही देओ, साथ होस् धेर दक्षिणा ॥
सूर्योदय हुँदै हुन्छ स्वस्तिवाचन भोलिको ।
डाक विप्रहरू, पार ठिक्क आसन बस्नको ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पताका र ध्वजा टाँग सिंगार पुर यो सव ।
राजमार्ग भरी सारा सुगन्धी जल छर्क ल !॥
ओस्ताज डाक सम्पूर्ण जान्ने गान-बजान ती ।
ठाँटिई, छाँटिई आँङन् गणिका साथ नर्तकी ॥
राजदर्वारमा भित्र दोश्रो ड्यौढीतिरै सव ।
भई ठिक्क बसेका हुन्, शुभ साइतमा त्यस ॥
चौवाटामा र चैत्यैमा देव-मन्दिरमा पनि ।
देवताहरू जो जो छन् रहेका पूज ती पनि ॥
बेग्ला बेग्लै गरी राम्रो गन्ध-माल्यादि वस्तु र ।
टक्रयाओ बलि-भोज्यादि दक्षिणा साथ खर्खर ॥
सुन ! फेरि यता पट्टि सिपाहीहरू ठिक्क हुन् ।
गोहीका चर्मको पञ्जा पैह्रेका शूर-वीर हुन् ॥
तरवार लिईं नाङ्गा राजपोशाक पैह्रिने ।
राजाको चोकमा भित्री हऊन् भै ठिक्क पर्खिने ॥
भृत्यमा दिई यो आज्ञा वामदेव-वशिष्ठले ।
गर्नु पर्ने क्रिया जत्ति आफैंले खटिई गरे ॥
ती पुरोहितद्वारा र विप्रद्वारा हुने जति ।
गरे काम-कुरो सारा सोधी राजाकनै पछि ॥
गई राजा भए ठाम ती दुवैले भने यसो ।
भै प्रसन्न परी दङ्ग सक्यौं आज्ञा भए जसो ॥
मन्त्री-सुमन्त्रमा भन्छन् तेजस्वी नृप ती अनि ।
रामलाइ पवित्रात्मा डाकी ल्याउ यहाँ भनी ॥
जो आज्ञा ! भनि आज्ञा ली रथमा श्रेष्ठ ती गए ।
रामलाइ यहीं ल्याए चढाई रथ प्रेमले ॥
त्यत्रो राज-सभाबीच राजाको आस-पासमा ।
सारा अघि बसेकाथे योग्यको ठाम-ठाममा ॥
उत्तरी-दक्षिणी-पूर्वी—पश्चिमी देशका नृप ।
वन-पर्वतमा बस्ने म्लेच्छ, आर्य थिए सव ॥
घेदर्थे सव यी व्यक्ति सेविन्थे यिनले नृप ।
यो वेला देखिइन्थे जो इन्द्रझैं देवसेवित ॥
बस्तामा बीचमा इन्द्र ती मरुद्गण साथ ली ।
शोभिए ठीक, भो शोभा यी राजाको पनी अति ॥
अब अट्टालिकाबाटै रामलाइ स्वपुत्र ती ।
देखे आइरहेका नै आफैंतिर रथै चढी ॥

४२

४४

गन्धर्वराजको जस्तो उनको छाँट-काँट थ्यो ।
थियो पौरख विख्यात जसको विश्वबीच यो ॥
लामा लामा थिए बाहु ठूलो बल र सार थ्यो ।
हिंडाइ थ्यो कुनै मस्त गजराज-समानको ॥
चम्किलो तेजिलो ज्यादै चन्द्र जस्तै थियो मुख ।
रामको दर्शनै थ्यो यो सबैलाई अतिप्रिय ॥
गुणले ती उदारादि रूपले त्यों मनोहर ।
खिंच्थे राम सवैका यी मन, आँखा निरन्तर ॥
घामले तातिएकामा दिएझैं शान्ति मेघले ।
स्वयं सारा प्रजालाई जो आल्हादित पार्दथे ॥
अगाडि आँउने यस्ता हेर्दा श्रीरामलाइ ती ।
कत्ती पनि अघाएनन् यी राजा बाँधि टक्टकी ॥
रथबाट उतारेर रामलाइ सुमन्त्रले ।
पिताको नजिकै जाँदा हात जोडी उनी गए ॥
चढे अट्टालीमा राम ! अग्लो कैलाश-कूट झैं ।
साथै सुमन्त्र-मन्त्रीको गर्न दर्शन बाबुकै ॥
झुकेर अंजुली बाधी पिताको नजिकै पुगी ।
सुनाई नाम त्यो आफ्नो ढोगे चरणमा दुई ॥
देखेर अँजुली बाँधी बसेका नजिकै झुकी ।
समाई अँजुली तानी अँगाले नृपले पछि ॥
राजाले अत्र देखाए त्यो सिंहासन सुन्दर ।
दिए बस ! भनी आज्ञा रामलाई मनोहर ॥
यो भद्रासन थ्यो भव्य जडेको मणि-कञ्चन ।
अघि नै ठिक्क पारेको रामको निम्तिमा जुन ॥
श्रेष्ठ आसनमा बस्तै पारे शोभित कान्तिले ।
पारे झैं मेरुलाई ती सूर्यले निज रश्मिले ॥
सभाको पनि भो शोभा बस्ता श्री रामचन्द्रले ।
शरत्को ग्रह-नक्षत्र हुने, झैं नभ चन्द्रले ॥
सिंगारेको बडो राम्रो ऐनामा रूप आफ्नु त्यो ।
देख्ता झैं रिझिए राजा प्यारो पुत्र सुयोग्यको ॥
शान्तिले राम्ररी बस्ने राममा भन्दछन् नृप ।
श्रेष्ठ थे पुत्रवान्मा जो इन्द्रमा सरि काश्यप ॥
मेरी जेठी महारानी कौशल्याका सुगर्भले ।
बाबु राम ! तिमी जन्म्यौ माताकै गुण-रूपले ॥

६०

६१

तिमीमा गुण छन् राम ! ममा भन्दा पनी निकै ।
यसर्थ प्रिय छौ मेरा पुत्र भन्दा पनी सबै ॥
मन हर्ने, दिने शान्ति गुणले आफ्नु वास्तव ।
पार्‍यौ प्रसन्न अत्यन्त तिमीले दुनियाँ सब ॥
तस्मात् बाबु ! तिमी भोली पुष्यं नक्षत्र-योगमा ।
युवराज-पदैलाई गर ग्रहण लौ ! यहाँ ॥
स्वभावैले तिमी राम ! छौ यद्यपि गुणी अति ।
गरी निर्णय टुङ्गो लौ सभासद्ले भने यही ॥
यस्तो भए पनी बाबु ! स्नेहले म तिमीकन ।
कुरो क्यै हितको भन्छु अब ध्यान दिई सुन ! ॥
तिमी विनयका यस्ता लेउ आधार झन् बढी ।
कामले क्रोधले उठ्ने नाश दुर्व्यसनादि ती ।
परोक्ष-रूपले जो हो गुप्तीबाट बुझी कुरा ।
प्रत्यक्ष-रूपले भोगी पाल न्याय गरी प्रजा ॥

६७

६८

मन्त्री देखि लिईटूला साना रङ्क प्रजातक ।
हुन्छन् खुश यसै गर्दा स्वयं आनन्दितै सब ॥
जो राजा सुन ए बाबु ! शस्त्रागार-भँडारको ।
देख-रेख गरी राम्रो गर्छ संग्रह वस्तुको ॥
रिझिन्छन् त्यसमा मन्त्री, सेनापति तथा प्रजा ।
अनुरक्त तथा प्यारो हुन्छ त्यै सबको यता ॥
पृथिवी यसरी पाल्दा हुन्छन् मित्र पनी खुश ।
त्यस्तै अमृत पाएमा भएझैं देवता खुश ॥
स्वचित्त वशमा राख रामबाबु ! तिमी अतः ।
पाल्दै पवित्र आचार गर राज्य यहीं स्वतः ॥
राजाका यी कुरा सुन्दा रामका प्रिय-मित्रले ।
त्यस्तो खबर दौडेर कौसल्यालाइ गै भने ॥
ती नारीश्रेष्ठ रानीले प्यारो भन्ने उनीकन ।
सुवर्ण, रत्न, गौ आदि पुरस्कार दिइन् पुनः ॥

७४

राजालाई झुकी ढोगी अब राम, मनोहर ।
फर्के महलमा आफ्नो प्रजाको पाइ आदर ॥

७५

ठाने प्रजाले नृप-वाक्य सुन्दा पाए सरी नै प्रिय वस्तु, गुन्दा ।
फर्केर आफ्नो घरमा विदा भै पूजा गरे देवकनै खुशी भै ॥

७६

इति तेश्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो सर्ग

महाराज दशरथले रामलाई आवश्यक कुरा भन्नु

१

विदा भए पछी सारा पुरवासी, त्यहीं बसी ।
मन्त्रीकै साथ राजाले त्यसै गर्ने भए पछि ॥
छ पुष्य भोलि नै तस्मात् पदमा युवराजको ।
पद्माक्ष-रामलाई ती अभिषेक दिनै पऱ्यो ॥
सूतलाई भने यस्तो खोपी भित्र पसी अनि ।
एक पल्ट यहाँ फेरि डाक रामकनै भनी ॥
दौड़े सूत लिई आज्ञा फेरि श्रीराम ल्याँउन ।
तुरुन्तै रामको त्यस्तो पुगे भवनमा पुनः ॥
गै ढोकेले गरे विन्ती आएका सूत ती लिन ।
रामलाई पऱ्यो शङ्का यो सुन्ने वित्तिकै पुनः ॥
रामले भित्र डाकेर हड्बडाई यसो भने- ।
किन आयौ तिमी फेरि लौ सवै भन ? सूत ए ! ॥
अब सूत यसो भन्छन्, एकपल्ट प्रभो ! पुनः ।
भेट्न नै खोजि बक्सिन्छ प्रभुलाई रघूत्तम ॥
मेरो विन्ती चढाई यो सुनेर त्यसमा विभो ! ।
जो आज्ञा जान अथवा न जान वजबीज जो ॥
सूतका यी कुरा सुन्दा राम छीटो गरी अति ।
राजप्रासादमा फेरि गै हाले भेट्न भूपति ॥
सुनेर राम आएको भित्र ल्याओ भने तव ।
सुनाँउन उतीलाई क्यै कुरा उत्तम-प्रिय ॥
रामले भित्र पस्ता नै देखे राजा-पिताकन ।
हात जोडी परै देखि ढोगे गै पाउमा पुनः ॥
रामलाइ अगाँलेर उठाई पाउ देखिको ।
वस्न आसन देखाई ती राजा भन्दछन् यसो- ॥
राम ! धेरै विते आयु, अब बूढो भएँ निकै ।
भोगन सम्म गरें भोग, मन लागे सरी सबै ॥

१३

१४

शयौं यज्ञ गरें बाबु ! अन्नका राश-राशका ।
दिइने दक्षिणा धेरै आवश्यक पनी हुँदा ॥
दान यज्ञ र स्वाध्याय गरें, पूर्ण भए पनि ।
अतुल्य प्रिय सन्तान त्यसैले जन्मियौ तिमी ॥
इच्छा गरे सरी नाना सुख भोगें यता पुनः ।
विप्रर्षि-पितृ-द्यौताको आफ्नो पनि तिरें ऋण ॥
अभिषेक तिमीलाई दिनु बाहेक क्यै अब ।
बाँकी छैन, म जो भन्छु राम्ररी गर त्यो सव ॥
साना देखि बडा सम्म राज्यका यी प्रजा सब ।
रुचाउँछन् तिमीलाई, हेर्न खोज्छन् हुने नृप ॥
यसर्थ म तिमीलाई पदमा युवराजको ।
अभिषेक दिनै खोज्छु, भोलि नै पूर्ण गर्छु त्यो ॥
हिजो आज यता राम ! देख्छु स्वप्न पनी म ता ॥
न राम्रा, अशुभै मात्र, डर पर्दोछ भित्र ता ॥
छौ होला देखि हालेका वज्रपात समानका ।
डर्लाग्दा स्वरका उल्का दिनमै खस्तछन् यता ॥
डर्लाग्दै छ चिना भन्छन् ज्योतिषी, क्रूर ती ग्रह ।
जन्म-नक्षत्रमै छन् है ! राहु 'मङ्गल' सूर्य त ॥
यो निमित्त र यो योग परे खास गरी यहाँ ।
ठूलो आपत्तिमा पर्छ, राजा नै मर्छ अन्तमा ॥
अभिषेक लिई हाल मेरो चित्त न मोहिंदै ।
छ चञ्चल निकै बाबु ! प्राणीको बुद्धि यो सँधै ॥
छन् पुनर्वसुमा आज चन्द्रमा पुष्य-पूर्वको ।
भन्दछन् ज्योतिषी पर्छ भोलि ता पुष्य-योग त्यो ॥
गराई हाल है राम ! पदमा युवराजको ।
यता तिमी पनी बाबु ! पुष्यमा अभिषेक यो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मलाइ पनि भन्दोछ मन यो 'शीघ्र गर' भनी ।
अभिषेक दिई हाल्छु तिमीमा अव मै पनि ॥
यसर्थ अहिले देखि भरशत तिमी अव ।
बुहारी साथ ली सीता उपवास गरी बस ॥
सवै नियम ती पाल, आफ्नु इन्द्रिय रोक यी ।
बनाई कुशको शय्या त्यसमै सुत, शान्ति ली ॥
गरून् होश गरी रक्षा तिम्रा मित्र तिमीकन ।
यस्तै काम-कुरा गर्दा पर्छन् विघ्न अनेकन ॥
भाई भरत ती टाढा-हुँदै मामा-घरैतिर ।
मलाई बेस लाग्दोछ अभिषेक हुनु स्थिर ॥
भाई भरत ती तिम्रा अतिश्रेष्ठ र बेस छन् ।
जो सत्पुरुषकै जस्तो पाल्छन् आचार धान्दछन् ॥
तिमी भन्दा मरीमेटछन्, धर्मात्मा छन्, उदार छन् ।
दया गर्छन् सवै माथि, छन् जितेन्द्रिय, योग्य छन् ॥
मर्त्यकै चित्त हो बाबु ! तर यस्तो भए पनि ।
ठान्छु, के हुन्छ ? के हुन्न ? स्थिर छैन भनी गमी ॥
सँधै स्वधर्ममा टिक्ने मन सज्जनको पनि ।
पिरिन्छ हेतु ली नाना राग-द्वेषादिले भनी ॥
व्रत पाल्न, हुने भोलि यौवराज्याभिषेकको ।
राजाको अव भो आज्ञा रामलाई 'ल जाउ' यो ॥
शिरोपर गरी आज्ञा टक्र्याई ढोग पाउमा ।
भित्रे भवनमा आफ्नो श्रीराम पनि अन्तमा ॥
सीतामा धर्मपत्नी ती राजाज्ञा भन्न त्यो अनि ।
वहाँ राम गएका हुन् भेटेनन् न हुँदा उनी ॥
तुरुन्तै निस्किए राम वहाँबाट पनी, अनि ।
महारानी-मुमाको ती खोपीभित्र पसे उनी ॥
वहाँ पुगेर खोज्दामा देखे आफ्नी मुमाकन ।
देव-मन्दिरमा बस्ती रोक्ती इन्द्रिय औ मन ॥
रेशमी-वस्त्र पैह्रेकी मौन भै देवतासित ।
राज्यश्री प्रार्थना गर्दी पुत्रकै निम्ति वस्तुतः ॥
त्यस्तो प्यारो कुरा सुन्दा राम-राज्याभिषेकको ।
वहाँ आइ सकेकी थिन् सुमित्रा, साथ पुत्रको ॥
पछि डाक्न पठाएर सीताकन पनी यहीं ।
थिए भेला गराएका तस्मात् सव थिए त्यहीं ॥

४३

४४

अव श्रीरामले देखे मुमाका नेत्र बन्दथे ।
सीता, मुमा-सुमित्रा र भाई लक्ष्मण सेव्दथे ।
पुष्यमा आफ्नु छोराको यौवराज्याभिषेक त्यो ।
हुने सुनेर गर्दीथिन् कामना उच्च श्रेयको ।
कौसल्या यसकै निम्ति प्राणायाम गरी वहाँ ।
हरिको भगवान् साक्षात् गर्दथिन् ध्यान चित्तमा ॥
पुगी वहाँ यसैवेला मुमा नियममा हुँदै ।
भने ढोगी कुरा प्यारो—ज्यादै—खुश गराउँदै ।
मुमा ! बक्स्यो बुवाबाट प्रजा—रक्षण काम यो ।
आज्ञा भइ सक्यो, हुन्छ भोलि नै अभिषेक त्यो ॥
आज रात भरी मैले यी सीताले पनी मुमा ! ।
बस्नुपर्दछ रे राम्रो उपवास गरी यहाँ ॥
उपाध्यायहरूले ती पारेछन् यो कुरा वहाँ ।
बुवाको पछि आज्ञा भो डाकीकन त्यही सभा ॥
तस्मात् मेरो र सीताको भोलिको अभिषेकमा ।
गरियुन् गरिने जत्ति काम मङ्गलका यहाँ ॥
कौसल्याले सुनिन् यस्तो खोजेको अघि देखिको ।
भइन् गद्‌गद-हर्षाश्रु छोडिन्, अनि भनिन् यसो, ॥
चिरञ्जीवी भयौ बाबु ! तिम्रा शत्रु सवै मरून् ।
चाँडैनै राज्यलक्ष्मीले तिमीलाई स्वयं बरुन् ॥
बन्धु बान्धवमा मेरा सुमित्राका पनी सव ।
दिन सक्ने भयौ राम ! सुख, आनन्द वास्तव ॥
जन्मेछौ कोखले मेरो शुभ—नक्षत्रमा तिमी ।
कस्तो मङ्गल—वेलामा पाऱ्यौ शुद्ध कुलै पनि ॥
गुणी त्यस्ता पितालाई तिमीले बाबु ! वास्तव ।
पाऱ्यौ प्रसन्न अत्यन्त गुणैले आफ्नु यी सव ॥
पद्मतुल्य हुने आँखा भगवान् वासुदेवको ।
व्रत आदि भयो जो जो म द्वारा खुश पार्नको ॥
भएछ सफलै राम ! सव त्यो, जसले गरी ।
इक्ष्वाकु-कुल-राज्यश्री तिमीमा आउँछिन् सरी ॥
सुनी वाक्य मुमाको यो मुस्कुराए मुसुक्क ती ।
झुकेका हात जोडेर भन्छन् लक्ष्मणमा पछि ॥
मेरै साथ तिमी बाबु ! पृथ्वीको गर शासन ।
छौ मेरो प्राण, जो आइन् राज्यश्री गर्न सेवन ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
मन लागे सरी भोग, भोग यी प्रिय–भोगका ।
राज्यका फल सम्पूर्ण, गर लौ उपभोग ता ॥

६२
साँचै भन्नु भने बाबु ! राज्य पाउँन खोज्छु यो ।
तिम्रै निमित्तमा मात्र, धान्छु जीवन सम्म यो ॥

भनी लक्ष्मणमा यत्ति ढोगी माताकनै दुई ।
गए महलमा आफ्नो सीता सग विदा लिई ॥
६३

इति चौथो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं सर्ग

महर्षि वसिष्ठले श्रीरामलाई उपवास गराउँनु

१

भनेर राममा त्यत्ति भोलिको अभिषेकमा ।
राजा पुरेत डाकेर यसो भन्छन् वसिष्ठमा ॥
बस्ने नियममा राम्रो रामलाई तपोधन ! ।
स्वयं पाल्नु हओस् अैले उपवास गराँउन ॥
सीता साथ बुहारीको श्रेयको निम्तिमा उनी ।
उपवास बसुन् ब्रह्मन् ! राज्यको प्राप्तिमा पनि ॥
भनी हुन्छ ! त्यसै गर्छु राम-प्रासाद तर्फ ती ।
वेदज्ञहरूमा श्रेष्ठ गै गए भगवान् ऋषि ॥
जान्दथे मन्त्र सम्पूर्ण मुनि यी पूर्ण थ्यो व्रत ।
विप्रले चढ्न योग्यैको चढे ठिक हुँदो रथ ॥
मन्त्रको तत्व जानेका वीर श्रीरामलाई ती ।
उपवासादिको दीक्षा दिन आफैं गए ऋषि ॥
राम-प्रासाद थ्यो राम्रो मेघमैं श्वेत, उज्ज्वल ।
पुगे पछि वहाँ ड्यौढी तीन काटे चढी रथ ॥
सम्माननीय-मुनिको गर्न आदर राम ती ।
लिन आए स्वयं दौड्दै, कोठै छोडी छिटो अति ॥
ती विद्वान् मुनिको आई नजीकै रथको अब ।
समाती रामले आफैं ओह्राले भै छिटो तब ॥
योग्य प्यारो कुरा सुन्न रामलाई विनीत ती ।
ऋषिले यी भने बाबु ! खुश पार्दै यसो पछि ॥
राज्य भेट्टाँउछौं राम ! तिमीमा छन् पिता खुश ।
सीता साथ लिई आज उपवास तिमी बस ॥
राजा नहुषले जस्तो दिए राज्य ययातिमा ।
त्यै ठीक तिमीमा दिन्छन् राज्य तिम्रा पिता यहाँ ॥
भोलिका दिनमा बाबु ! विहानै युवराजको ।
पदमा अभिषेकादि दिनेछन् प्रेमले बडो ॥

१३

१४

रामलाई भनी यत्ति सीताका साथमा सबै ।
पढी मन्त्र दिए दीक्षा विधिले उपवासकै ॥
रामका बिधिको पूजा लिई राजगुरू-मुनि ।
त्यो राम-भवनैबाट फर्कें जान्छु ! भनी अति ॥
प्यारो बोल्ने सुहृत् साथ केही बेर वहाँ बसी ।
पसे भित्र उता राम सोधेर पछि पूजिई ॥
शोभिन्थ्यो त्यस वेलामा रामको दरवार त्यो ।
प्रसन्न नर-नारीले परिपूर्ण हुँदा बडो ॥
फुलेका पद्ममा बस्ने पक्षीका कल-शब्द ली ।
ठूलो तलाउको शोभा भए जस्तै भयो पछि ॥
राज-प्रासादमा राम्रो रामको धामबाट त्यो ।
आए मुनि यता निस्की बाटो ली राजमार्गको ॥
यहाँ वसिष्ठले देखे जनका भीडले बडो ।
छेकेको छ सबै बाटो, हूलले भिन्न-भिन्नको ॥
ती राजमार्ग छन् टन्न अयोध्याका जतातते ।
जनका हेर्न आएका भीडले उत्सुकी हुँदै ॥
जनका हूलका हूल भिडिंदा हर्षले गरी ।
कोलाहल थियो ठूलो समुद्रै गर्जिए सरि ॥
शोभा वन-बगैंचाले भरेकी सब ती पुरी ।
सुशोभित थिइन् आज देखिन्थिन् अतिसुन्दरी ॥
सुगन्धी-जल छर्केका गल्ली-सडक थे सब ।
ध्वजा फर्फर गर्दैथे अग्ला घरभरी तब ॥
अयोध्यापुरमा बस्ने जन स्त्री-शिशु साथका ।
श्रीसूर्योदय पर्खन्थे हेर्न रामाभिषेक ता ॥
प्रजाको गहना जस्तो शुभ, आनन्दबर्धक ।
हेर्न उत्सुक थे सारा यो अयोध्या-महोत्सव ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भएको जनको भीड छिचोली राजमार्ग यो ।
राज-प्रासादकै तर्फ सवारी मुनिको बढ्यो ॥
राज-प्रासाद थ्यो अग्लो चुचुरो सरि मेघकै ।
नृपलाई चढी भेटे गुरुले इन्द्रलाई मैं ॥

२८

गुफामा सिंहमैं पस्ने खोपी भित्र पसे नृप ।
विदा दिइ सबैलाई आज्ञा ली गुरुको तव ॥

२९

देखेर मुनि आएको छोडी सिंहासनै उठे ।
सोधे आफ्नो मनोभाव, गराएँ मुनिले भने ॥
राजा सँग सँगै सारा सभासद् पनि आखिर ।
उठे जुरुक्क त्यो देखी मुनिको गर्न आदर ॥

३०

३१

महेन्द्रकै तुल्य थियो नरेन्द्रको अत्यन्त राम्रो दरवार वेस यो ।
अमूल्य नाना गहना र वस्त्र ती थे पैन्हिएका रमणी जहाँ अति ॥

३२

ताराहरूले अति नै सुशोभिदो अकाशमा चन्द्र पसे सरी अहो ! ।
पसे त्यसैबीच नरेन्द्र—रत्न ती स्वतेजले धप्धप पारि वेसरी ॥

३३

इति पाँचौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छैटौं सर्ग

श्रीरामको उपवास र जनता यौवराज्याभिषेक हेर्न ओइरिनु

१

यी पुरोहित-ब्रह्मर्षि फर्के पछि यतातिर ।
रामले साथ पत्नीको गरे स्नान भई स्थिर ॥
थिन् ठूला नेत्रकी सीता, राम थे संयमी, दुवै ।
लागे उपासना गर्न श्रीनारायण-देवकै ॥
ढोगे शिर झुकाएर, लिई पात्र-हविष्यको ।
बलेको अग्निमा होमे अनि श्रेष्ठ हविष्य त्यो ॥
नारायण थिए साक्षात् देवता यस होमको ।
उद्देश्य उनलाई नै प्रसन्नै पार्नु मात्र थ्यो ॥
अब त्यो अग्निको शेष आफ्नु संकल्प-सिद्धिको ।
हेतु ली पति-पत्नीले गरे भक्षण योग्यको ॥
सकेर यसरी काम श्रीनारायण-देवकै ।
गरे हृदयमा ध्यान पत्नी र पतिले दुवै ॥
सुते गै राम शय्यामा बिछ्याएको कुशै-कुश ।
पत्नीको साथ भै मौनी विष्णु-मन्दिरमा त्यस ॥
प्रहरै रात बाँकीमा अनि राम स्वयं उठे ।
सारा महल त्यो सज्नु सिंगार्नु भृत्यमा गरे ॥
सूत-मागध-बन्दीका सुनी मङ्गल-गान ती ।
सन्ध्या-विधि सकी पैले भै एकाग्र जपे पछि ॥
विशुद्ध रेशमी वस्त्र पैह्रेका रामले अब ।
मधुसूदनको साक्षात् झुकी स्तुति गरे तब ॥
अनि विप्रहरूद्वारा गराए स्वस्तिवाचन ।
गुञ्जियो शब्द मीठो यो जो हो पुण्याहवाचन ॥
नाना मीठा र गम्भीर बाजाका शब्दमा मिली ।
सर्वत्र व्याप्त भो फेरि त्यो, अयोध्यापुरी भरी ॥
उपवास बसेका छन् सीताकै साथ राम यी ।
भन्ने सुने पछी सारा जनता भै गयो खुशी ॥

१३

१४

झिस्मिसे नहुँदै जागे, लागे पुर सजाउँन ।
रामाभिषेकको वेला हुन लाग्यो भनीकन ॥
सेता बादलका टुक्रा टुप्पोमा जसको गई ।
गर्थे विश्राम ती त्यस्ता देवमन्दिरबीच यी ॥
दोबाटा अनि चौबाटा-गल्लीमा राजमार्गमा ।
सभाभवनमा एवं चौतारा - देव - वृक्षमा ॥
अग्ला अट्टालिकामा र ऊँचा सम्पूर्ण-वृक्षमा ।
परिवार हुने राम्रा व्यक्तिका घरमा वहाँ ॥
व्यापारीहरूमा ठूला ठूला पसलमा तथा ।
बेचिने वस्तुले पूर्ण राम्रा नाना प्रकारका ॥
ध्वजाहरू सजाएर टाँगिएका वहाँ थिए ।
तिनका बीच-बीचैमा पताका फर्फराउँथे ॥
नट-नर्तक-संघै थ्यो निकै गायक गाउँथे ।
मन कान हुने मग्न गान ती जन सुन्दथे ॥
नजीकै आउँदा बेला राम राज्याभिषेकको ।
गर्दथे जनता चर्चा चौबाटा-घरमा अहो ! ॥
ढोकामा घरको खेल्ने हूल बालकका तक ।
रामाभिषेककै गर्थे कुरा अन्योन्यमा सब ।
सम्पूर्ण पुरवासीले राम-राज्याभिषेकमा ।
सिंगारे पुरलाई त्यो पारी राम्रो जहाँ-तहाँ ॥
फूलले फूल-मालाले सजियो राजमार्ग त्यो ।
राम्रो गम्काइयो फेरि सुगन्धी-जलबाट जो ॥
वित्यास रातमा पर्ला अध्याँरामा भनी वहाँ ।
थे व्यवस्था मिलाएका राम-राज्याभिषेकमा ॥
बत्ती बाल्न हुने अग्ला रुखै जस्ता अनेकन ।
थे दीप-स्तम्भ गाडेका उज्यालो पार्दथे जुन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सजाई पुरवासी ती यसरी पुरलाइ त्यो ।
पर्खिन्थे रामको हेर्न यौवराज्याभिषेक यो ॥
चौबाटा र सभामा गै हूल-हूल मिलीवरी ।
अ-आफैंमा कुरा गर्थे प्रशंसा नृपकै गरी ॥
इक्ष्वाकु-कुल सम्पूर्ण पार्ने आनन्द, उज्ज्वल ।
महाराज-दशरथ महात्मा हुन्, छ निश्चय ! ॥
भै सकेको निकै बूढो देखेरै आफुलाइ जो ।
पुत्र यी राममा दिन्छन् अभिषेक स्वराज्यको ॥
हामी माथि भयो ठूलो भगवान्को कृपातक ।
जो पाँउने भयौं हामी राजा-रामकनै अब ॥
कुरा राम्रा न राम्रा यी प्रजाका जान्दछन् सब ।
राम्ररी रक्षिने छन् जो हामीलाई निकैतक ॥

३२

३३

धर्मात्मा राम छन्, बुझ्छन्, छैनन् उद्धतचित्तका ।
गर्दछन् स्नेह वात्सल्य जो आफ्ना भाइमा सदा ॥
उनका भाइमा जस्तो उनको स्नेह-प्रेम छ ।
त्यहीठीक, त्यहीजस्तो छ हामीहरुमा सब ॥
धर्मात्मा नृप निष्पाप हुन् दीर्घायु यहाँ निकै ।
कृपाले जसको देख्छौं राम-राज्याभिषेक यै ॥
अयोध्यापुरवासीका अब यस्ता कुरा सुने ।
अरूले पनि ती सारा जनले हेर्न आँउने ॥
पुग्दा खवर यो सुन्दा राम-राज्याभिषेककै ।
दिशा र विदिशाबाट ओइरेका थिए सबै ॥
गाँउका पुरका नाना व्यक्तिले रामकी पुरी ।
अयोध्या भरिएकी थिन् स्वयं टन्न भईवरी ॥

३८

हिंड्ने कराँउने ज्यादै त्यत्रो जन समूहको ।
अवाज, पर्वमा बढ्दो सिन्धुकै सरि गुञ्जियो ॥

३६

भो आँउनेले अभिषेक हेर्न त्यो भरीभराऊ पुर, ठीक इन्द्रको ।
समुद्र जस्तै जल-जीवले अहो ! कोकोहलो मच्चिन गो, सुशोभियो ॥

४०

इति छैटौं सर्ग

~×~

CC-0. In Public Domain. Digitization by eGangotri

सातौं सर्ग

मन्थराले महारानी कैकेयीलाई उचाल्नु पछि उनी खुशी हुनु

१

दाइजो भइ आएकी कैकेयीको विवाहमै ।
'मन्थरा' नामकी यौटी दासी थी, बस्तथी सँगै ।
अघिल्लो रात स्वेच्छाले, चन्द्रमैं अति उज्ज्वल ।
चढी अट्टालिकामा त्यो हेर्न लागी यसो तव ॥
सुगन्धी-जल छर्केर सजाई फूल पद्मका ।
राजमार्गभरी राख्ता अयोध्या थिन् मनोहरा ॥
ठाँटिएकी थिइन् फेरि ध्वजाले बहुमूल्य ती ।
पताकाले पनी ज्यादै श्रीखण्ड-जल छर्किई ॥
अङ्ग-लेपनका साथै गरी स्नान भई सफा ।
घुम्दथे जनता सारा परी दङ्ग जताततता ॥
भरिएकी थिइन् फेरि विप्रका हर्ष-नादले ।
माला-मोदक इत्यादि जसका हात-हातथे ॥
देव-मन्दिरका ढोका चून-चन्दन आदिले ।
सिंगारेका थिए राम्रा, नाना वाद्यादि बज्दथे ॥
परिपूर्ण थिइन् फेरि हर्ष-गद्गद व्यक्तिले ।
गुञ्जिएकी थिइन् त्यस्तै वेदका पुण्य-घोषले ॥
उम्दा हात्ती तथा घोडा हर्षले मग्न-मस्त थे ।
साँढे गाई पनी सारा भै प्रसन्न रमाँउथे ॥
सम्पूर्ण पुरवासी ती भई गद्गद हर्षले ।
सिरिङ्ग जिउ पारेर स्वयं आनन्द-मग्न थे ॥
माला, ध्वजा-पताकाको राम्रो अग्लो र सुन्दर ।
पैह्रिएकी अयोध्या यी थिइन् अत्यन्त उज्ज्वल ॥
सजिएकी यिनैलाई यस्ती देखे पछी वहाँ ।
ज्यादै छक्क परी दासी-मन्थरा भित्र चित्तमा ॥
बस्तथिन् रामकी धाई कोठामा नजिकै त्यहीं ।
देखी पछि उनीलाई, मन्थरा यो पुगी वहीं ॥

१३

१४

यिनले पैह्रिएकी थिन् पहेलों धोती-रेशमी
हर्षले फक्रिएका थे आँखा, सोधी यसै भनी-
ए धाई ! भन के हो यो ! आज के रामकी मुमा
बाँड्छिन् धन प्रजालाई? अथवा छ कि क्यै यहाँ!
उनका मनको धोको मेट्ने, सिद्ध गराँछने
कुनै काम भयो के वा ? कित त्यस्तै छ क्यै हुने!
यहाँका जनमा सारा यस्तो हर्ष बढ्यो किन!
राजै गराँउछन् यद्वा खुशी भै काम क्यै भन!
कुब्जा थी मन्थरा दासी, सोधेमा त्यसले अब
भै हालिन् रामकी धाई हर्षले अति गद्गद
भनिन् अनि कुरा सारा, ए कुब्जा ! राममा अब
पछ्याइन् राज्यलक्ष्मीले साथ लक्ष्मी लिई सब
निष्पाप क्रोध जित्ने श्रीराममा युवराजको
पद जाने भयो भोलि, पुष्यको अभिषेक भो
धाईका यी कुरा सुन्दा तुरुन्तै रिसले भरी
कैलास-शिखरै जस्तो अट्टालीबाट त्यो झरी
जल्दथी रिसले ज्यादै मन्थरा, क्रूर थी अति
कोठामा आई पल्टेकी कैकेयीमा यसै भनी-
मूर्ख हौ उठ ए रानी ! यसरी बस्तछयौ किन!
महान् भय तिमीमाथि आईलागिसक्यो सुन!
बज्रिने भो विपत्, आपत् तिमीमाथि निकै वढो
आफ्नो यस्तो अवस्थामा वास्ता नै छैन के कसो!
तिम्रा पति बुझेकी छौ ? ठिक्क हुन्छन् परे अधि
अनिष्ट गर्दछन् तिम्रो, पछि तिम्रो भए पछि
यसैलाई तिमी ठान्छयौ मरिमेट्छन् भनी पति
यत्तिले तिमी गर्दछयौ गर्व सौभाग्यमा अति!

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

तिम्रो सौभाग्य यो रानी ! छ संझ अतिचञ्चल ।
त्यो ग्रीष्म-ऋतुमा जस्तो विलाँउछ नदी-जल ॥
सुनी कडा न राम्रा यी पापिनी त्यसका कुरा ।
कैकेयी खिन्न भै हालिन्, मनमा दुःख भो पुरा ॥
अव कुब्जाकनै भन्छिन् ती रानी, भन मन्थरा ! ।
के भयो ? भो कि क्यै त्यस्तो अमङ्गल हुने कुरा ? ॥
मुख तिम्रो न राम्रै छ, खिन्न देख्तीछु है म ता ।
दुःखले भित्र पाकेझैं लाग्छ फेरि मलाइ ता ॥
कैकेयीले भनेका यी अतिमीठा सुनी कुरा ।
कुरा गर्न निकै बाठी भन्छे झोक्किइ मन्थरा ॥
त्यो कुब्जा यस वेलामा निकै खिन्न, उदास थी ।
कैकेयीको हुने जस्तो हितै प्रकट गर्दथी ॥
उनको चित्तमा भित्र खिन्नता भर्दथी उता ।
वैरता पार्दथी ठूलो राम साथ भने यता ॥
देवि ! सौभाग्यको तिम्रो नाशको हेतु सृष्टि भो ।
तिम्रो निमित्तमा ज्यादै न राम्रो नै कुरा छ यो ॥
बुझ ! भोली स्वयं राजा पदमा युवराजको ।
अभिषेक दिने छन् ती रामलाई 'अयोग्य भो' ॥
यसैले म भएकी छु डरले थर्थरै अति ।
पिर्दोछ सकनै फेरि शोकले दुःखले उति ॥
यसैका पीरको आगो भित्र पोल्दोछ मैकन ।
यसैले म यहाँ आएँ गर्न तिम्रै भलो पुनः ॥
तिमीलाई कुनै त्यस्तो पऱ्यो दुःख भने हरे ! ।
संझ रानी ! ममा ठूलो दुःख पर्छ भनो भरे ॥
फेरि अर्को कुरो यो छ परे सुख, तिमी बढे ।
यसमा छैन शङ्का क्यै भएँ म सुखिनी बढें ॥
हौ तिमी नृपकी रानी जन्मियौ नृप-वंशमा ।
उग्रता राज-धर्मैको बुझिदनौ तैपनी यहाँ ॥
कुरा ता धर्मका गर्छन् ती तिम्रा पति-भूपति ।
स्वाँठ हुन् , भित्र छन् क्रूर, ठिक्क पार्छन् कुरै अति ॥
जो भन्छन् मनले,भन्छन्,शुद्ध छन् ठान्दछ्यौ तिमी ।
यसैले ठगिनै लाग्यौ आज त्यै पतिले तिमी ॥
गर्छन् तिमी कहाँ आई नाना चिप्ला कुरा उनी ।
व्यर्थै फकाँउछन्,साँच्चै संझिन्छयौ त्यै कुरा तिमी ॥

४३

४४

साँच्चै भनुँ भने आज अर्कैकै गर्दछन् भलो ।
भए पुऱ्याँउने धोको कौसल्याकै बुझ्यौ कुरो ? ॥
हेर ! ती पतिको तिम्रो कति दूषित-चित्त छ ।
मामाघर पठाए जो छोरा भरतलाइ त ॥
अव काँडो झिके जस्तो यस्तो अवध-राज्यमा ।
रामलाइ लगी राख्छन् हेर ! भोलि विहानमा ॥
आमाले बुझ छोराको हितको कामना गरी ।
पोषे-सरी गरी पोष्यौ पतिलाइ मरी-मरी ॥
परन्तु पति त्यै तिम्रा आज बाले ! तिमीकन ।
शत्रु जस्तै भई उल्टी न राम्रो गर्दछन् पुनः ॥
सर्पलाइ न जानेर राखेझैं काखमा लिई ।
तिमी जो काखमा आफ्नो राख्तछ्यौ पतिलाइ ती ॥
शत्रु वा सर्पलाई क्वै, वेवास्ता क्यै गरी गरे ।
के गर्छ बुझ ए रानी ! के होला संझ है भरे ! ॥
राजाले ती दशरथ आज पुत्र सँगैबुझ्यौ ? ।
व्यवहार त्यही ठीक गरिएकी भई सक्यौ ॥
छौ तिमी सुखमा बस्न योग्यकी नित्य-सुन्दरी ।
ती पापी-पतिले किन्तु ठगे चिप्ला कुरा गरी ॥
अहिले राज्यमा आफ्नो राम राख्ने भई हरे ! ।
आफ्ना भन्ने सवै साथ तिमीलाइ परै गरे ॥
सुन ! कैकेयि ! के हेर्छ्यौं ? अझ जिल्ल परी यता ।
यस्तो सुने पनी ओहो ! मान्दीछौ सुख भित्र वा? ॥
मौका छ अव यै, चाँडो गर लौ हितको कुरो ।
बचाऊ आफुलाई र छोरालाई, मलाइ यो ॥
राम्रो मुख हुने रानी कैकेयी खुश भै अनि ।
बसिन् उठेर तत्काल त्यसका यी कुरा सुनी ॥
शरत्का पूर्णिमाका ती चन्द्रमण्डल-तुल्यको ।
उनको मुख देखिन्थ्यो हर्ष-पूर्ण हुँदा बडो ॥
यता जिल्ल परेकी थिन्, भित्र तुष्ट थिइन् तर ।
पुरस्कार दिइन् यौटा गहना दिव्य सुन्दर ॥
दिएर गहना आफ्नो कुब्जामा भन्दछिन् तव ।
रमणीहरुमा बेस कैकेयी भित्र भै खुश ॥
जो मलाइ सुनायौ यो अति प्यारो हुने कुरा ।
मन्थरा ! गरुँ के अर्को तिम्रो प्यारो हुने कुरा ? ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

संभिन्न फरकै कत्ति म ता भरत-राममा ।
न ता यी दुइमा रत्ति भेद नै देख्छु है यहाँ ॥

६२

यसर्थ रामलाई ती राजा जो अभिषेक त्यो
बक्सिन्छ राज्यमा राखी म छु तुष्ट, छ योग्य यो

ए मन्थरा ! छौ प्रिय-वस्तु पाउँन अत्यन्त नै योग्य हुँदी तिमी पुनः ।
ममा सुनायौ अभिषेक रामको असाध्य प्यारो,-यस भिन्न छैन जो ॥

६३

मीठो र प्यारो अमृतै समानको ममा भन्यौ जो प्रिय-वाक्य यो अहो ! ।
भएँ म अत्यन्त खुशी सुनी अतः इच्छा भए भैं वर माग दिन्छु ल ॥

६४

इति सातौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं सर्ग
मन्थराले कैकेयीलाई भड्काँउनु

१

मन्थराले गरी निन्दा कैकेयीका कुरा सुनी ।
दिएको उनले त्यस्तो फेंक्दिदई गहना पनि ॥
कोपले दुःखले ज्यादै भित्र पीडित भैकन ।
मन्थरा भन्न लागी त्यो कैकेयीसँग यी पुनः ॥
मूर्ख नै हौ तिमी रानी ! यस्तो खुश भयौ किन ? ।
छ के खुश हुने वेला ? शोकमा हर्ष भो किन ? ॥
आफैंमाथि परेको यो आपतको ध्यान छैन क्यै ।
शोकको सिन्धुमा डुब्दी जान्दिनौ आफुलाइ क्यै ॥
म हाँस्छु छाँटमा तिम्रो दिरिंदीछु मनैमन ।
शोक गर्ने कुरा यत्रो पर्दामा दङ्ग छयौ जुन ॥
देख्ता कुबुद्धि यो तिम्रो पिर्छ शोक मलाइ झन् ।
सौताका पुत्र भन्ने ता ान्दछ यौ ? शत्रुतुल्य हुन् ॥
कालै आयो भनी संझ ! उनको हुनु उन्नति ।
कुन बुद्धमती होली यस्तोमा खुश झन् अति ? ॥
राज्यबीच छ यो रानी ! दुवै भरत-रामको ।
हक, साधारणै हो यो राम्ररी बुझ है कुरो ! ॥
डरै छ भरतै देखि रामलाई यता अतः ।
डर हुन्छ डराएकैबाट, शोच्ता छु खिन्न त ॥
छन् लक्ष्मण महाबाहु हृदयै देखि वास्तव ।
रामका पछि लागेका भएर प्रिय सेवक ॥
त्यही ठीक यतापट्टि भाइ-शत्रुघ्न ती पनि ।
सेब्छन भरतलाई नै भई अनुगतै अनि ॥
राज्यमा अधिकारै छ जन्मका क्रमले पनि ।
यता भरतको फेरि रामको पछि भामिनि ! ॥
उता लक्ष्मण शत्रुघ्न हुँदा कान्छा पछी परे ।
दावी नै गर्न सक्तैनन् राज्यमा यो कसै गरे ॥

१३

१४

तस्मात् बाठो र गाँठो यै राम हो, अतिचंख छ ।
राजनीति पनी सारा जो चलाँउन जान्दछ ॥
वेलामा गरिने सारा गर्छ काम-कुरातक ।
डरैछ भरतैलाई यसैको, काँप्छु मै अतः ॥
ती कौसल्या महारानी हुन् सौभाग्यवती निकै ।
जसका पुत्र ती चढ्छन् पदमा युवराजकै ॥
शुभ-शाइतमा भोलि पुष्य-नक्षत्रयोगको ।
ती द्विजश्रेष्ठले दिन्छन् उनमा अभिषेक त्यो ॥
पाएर सब पृथ्वीको राज्य निष्कण्टकै उनी ।
हुने छिन् खुश, राजाकी विश्वासैपात्र छन् उनी ॥
अब लौ शोच कैकेयी ! तिनैको अघि ठिङ्ग भै ।
गर्नेछयौ हात जोडेर सेवा दासी-सरी हुँदै ? ॥
यस्ता प्रकारले रानी ! लिई हामीहरू सब ।
पक्कै हुने भयौ दासी, कौसल्याकै तिमी अब ॥
तिम्रो छोरो उतापट्टि स्वयं भरत त्यो गई ।
हुनेछ रामकै दास, आफ्ना भन्ने सबै लिई ॥
रामका भित्र खोपीका सुन्दरी-रमणीहरू ।
जो छन् सीतासरीका ती हुनेछन् खुश झन् अरू ॥
यता भरतका चाँही हुँदा नाश प्रभुत्व त्यो ।
छन् जो तिम्रा बुहारीमैं भेट्ने छन् खिन्नता ठूडो ॥
यसरी मन्थरा भन्थी रिसाई झोकिई अति ।
सुन्दथिन् कैकेयी रानी-स्वयं जिल्ला परी उति ॥
पछि श्रीरामका त्यस्ता महिमा-गुण आदिका ।
प्रशंसा गरि अत्यन्त भन्न लागिन् उनी तदा ॥
ए कुब्जा! सुन तँ! छन् राम जानेका धर्म-तत्व ती ।
थोरै गरे पनी धेरै मान्ने, शुद्ध पनी अति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

तो सँधै सत्य नै बोल्छन्, रोक्न इन्द्रिय सक्तछन् ।
अनेकौं गुण छन् फेरि उनमा, सर्वश्रेष्ठ छन् ॥
राजाका पुत्र हुन् जेठा स्वयं राम उनी अतः ।
पदमा युवराजाको चढ्न लायक छन् स्वतः ॥
लामो आयु लिई राम आफ्ना भाइ र भृत्य यी ।
प्रजाकै साथ पाल्नेछन् स्नेहले बाबुझैं भई ॥
अब यस्तो अवस्थामा सुनी रामाभिषेक त्यो ।
तँलाई किन ए कुब्जा! डाह भो ? मर्दछेस् अहो! ॥
रामले राज्य पाएका शयौं वर्ष पछी पनि ।
पुर्खौली-राज्य भेट्नेछन् स्वयं भरतले पनि ॥
गर्ने भविष्यमा श्रेय वेला उदयको हुँदा ।
पाक्छेस् तँ मन्थरा! व्यर्थैं जल्दछेस् किन? भित्र हा! ॥
मेरो निमित्तमा सुन् ए ! जस्तो भरत मान्य छन् ।
त्यस्तैछन्, छन् उनी भन्दा राम ता अरु मान्य झन् ॥
कौसल्यालाइ ती आफ्नी आमा, भन्दा पनी बढी ।
मान्दछन् राम मैलाई, गर्छन् सेवा र चाकडी ॥
रामले राज्य पाए वा पाए भरतले पनि ।
संझन्छन् आफु जस्तै जो राम भाइकनै पनि ॥
कैकेयीका कुरा सुन्दा मन्थरा पिरिई अति ।
लामो सास लिंदै-छोड्दै उनीकन भनी पछि ॥
मूर्ख्याईले तिमी रानी ! देख्छयौ अर्थ अनर्थमा ।
कुभलोमा भलो शोच्छयौ ज्ञान? क्यै छैन आफुमा ॥
स्थिति कस्तो हुनै लाग्यो तिमी यो बुझ्दछयौ कुरो? ।
दुःखको सिन्धुनै बज्र्यौ शोक-संकष्टपूर्णको ॥
राजा राम भए बस्छ राज्यमा त्यसकै सुत ।
राजाको पद बाटै त्यो हुन्छन् भरत ता च्युत ॥
हुँदैनन् कहिल्यै राजा राजाका सुतमा सबै ।
ठूलो अनर्थ भै हाल्छ राखेमा राज्यमा सबै ॥
तसर्थ सुन कैकेयी ! राज्यका भार ती सब ।
दिन्छन् राजाहरू सारा जेठैमात्र वास्तव ॥
गुणहीन तथा अङ्गहीन त्यस्तै कुनै भए ।
कान्छै भए पनी राख्छन् राज्यमा ती गुणी भए ॥
पुत्रमा मरिमेट्ने ए कैकेयी ! यसरी पछि ।
छुट्नेछन् पुत्रका तिम्रा राज्यका अधिकार यी ॥

४३

४४

राज्यका सुखले सारा ठगिनेछन् उताविर ।
घुम्दा अनाथ जस्ता भै, के होला स्थिति आखिर ? ॥
संझाँउन तिमीलाई तिम्रो नै हितका कुरा ।
हुँ तसर्थ म आएकी पटक्कै बुझ्दिनौ कुरा ॥
छोराकै साथ सौताको सुन्दा उन्नति-बृद्धि यो ।
अझ उल्टो मलाई नै पुरस्कार दियौ अहो ! ॥
सुन अर्को कुरा रानी ! पाई राज्य अकण्टक ।
बुझ ती भरतैलाई के गर्लान् रामले अझ ? ॥
संझ यो पनि, पक्कै हो, के वेर भरतैकन ।
निकाल्न देशबाटै वा ? स्वर्गैतिर पठाँउन ! ॥
यता शिशु-अवस्थामै छोरा भरतलाइ ती ।
पठायौ तिमीले व्यर्थैं त्यो मामाघर,-माइती ॥
हुने नजिकमा वस्ता भएन दृढ-स्नेहता ।
लता-वृक्षादिमा सम्म हुन्छ जो नजिकै हुँदा ॥
हुँदा भरतमा स्नेह अनुगामी भई पुनः ।
गए शत्रुघ्न साथैमा रामका सरि लक्ष्मण ॥
सुनिन्छ रुख क्वै काट्न खोज्दथे दाउरे अहो ! ।
काँडाले-ईर्षीका जेली बचाए नाश बाट त्यो ॥
राम लक्ष्मणको रक्षा जसरी गर्दछन् सदा ।
रामको त्यै सरी गर्छन् रक्षा लक्ष्मण ती उता ॥
छ अश्विनीकुमारैका ठीकको प्रेम आफुमा ।
यी दुवै भाइमा रानी ! यो प्रसिद्धै छ लोकमा ॥
तस्मात् लक्ष्मणमा राम गर्दैनन् पाप कत्ति क्यै ।
गर्छन् भरतमा किन्तु यसमा छैन संशयै ॥
तसअर्थ बुझ्यौ ! रानी ! राज-दर्वार बाट त्यै ।
सोझै वनतिरै लागुन् राम ती, वेस हुन्छ यै ॥
ए सुन्दरी-महारानी ! छ तिम्रो यसमै हित ।
रुचाँउछु यसै गर्न म पनी खोज्छु वस्तुतः ॥
धर्मले बाबुको राज्य पाए भरतले भने ।
ती तिम्रा पक्षको, तिम्रो, छ राम्रो र भलो हुने ॥
हुनाले सौतिनी भाई तिम्रा पुत्र, हुने प्रभु ।
हुन् त्यस्ता राज्य पाएका रामका सहजै रिपु ॥
तिम्रा बालक छोरा ती श्रेष्ठ छन् भोग्नमा सुख ।
छुटे त्यो कसरी बाँच्लान् परेरै रामको वश ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

जसरी वनना रानी! हात्तीका यूथको पति ।
खेदिन्छ सिंहले त्यस्तै खेदिन्छन् राम बाट ती ॥
तिरस्कार सँधै होला रहला शेष के अनि? ।
स्वपुत्र भरतैलाई बचाउ यसले तिमी ॥

६२

६३

छु सौभाग्यवती प्यारी राजाकी मै भनी-भनी ।
कौशल्याको गऱ्यौ हेला अधि गर्ववती बनी ॥
अब तिम्री तिनै-सौता राजमाता भए पछि ।
न फेरी त्यसको साटो त्यस्तै छोड्लिन् र फेरि ती? ॥

६४

पाए भने राज्य समस्त भूमिको ती रामले यो गिरि-सिन्धु सम्मको ।
स्वपुत्र साथै भइ दुःखिनी तिमी पुग्छयौ न राम्रै स्थितिमा रिसाहिनी ! ॥

६५

भेट्टाइ पृथ्वी,-पति राम ती भए पक्कै छ, तिम्रा सुत नाशिए-गए ।
यसर्थ लौ शोच ! उपाय क्यै तिमी राजा हऊन् पुत्र, वनै पसुन् उनी ॥

६६

इति आठौं सर्ग

नवौं सर्ग

रामलाई वनवास गराँउने र भरतलाई राज्य दिलाँउने जाल–पेच

१

मन्थराले त्यसो भन्दा कैकेयी क्रोधले जलिन् ।
लामो सास लिंदै-फेर्दै त्यसलाई यसो भनिन् ॥
ए कुब्जा ! रामलाई ती यहाँबाट म आज नै ।
पठाई हाल्छु लौ हेर तँ ! वनैतिर तुरुन्त नै ॥
छोरा भरतलाई यी अभिषेक दिलाउँछु ।
पदमा युवराजाको राख्छु, आजै गराउँछु ॥
गर्ने उपाय के त्यस्तो बरू शोच् ! गरूँ भन् यसै ।
यो राज्य भरतै पाँउन्, न पाँउन् राम ता कसै ॥
रानीका यी कुरा सुन्दा त्यसले क्रूर पापिनी ।
राममा दुःख सर्ने र मर्का पर्ने कुरा भनी ॥
खुशीको छ कुरा रानी ! अत्र हेर म गर्छु के ? ।
जसरी पाँउछन् राज्य खाली तिम्रा सुपुत्रले ॥
संझिन्नौ के तिमी रानी ? कि संझिइ छिपाँउछ्यौ ।
चर्चा जुन कुराको त्यो तिमी म संग गर्दथ्यौ ॥
आफ्नु स्वार्थ हुने सिद्ध त्यै कुरा अब के तिमी ? ।
म बाटै सुन्न चाहन्छ्यो अहिले किं कसो तिमी ? ॥
हुन्छ ! भन्छु तिमीलाई सुन्न इच्छा भए सुन ! ।
सुने पछि गरी हाल भने सरि तिमी पुनः ॥
राम्रोसंग त्रिछ्याएको शैय्या-पलङ्गबाट त्यो ।
वसिन् रानी उठी केही सुनिन् त्यस्तो, भनिन् यसो ॥
मलाई तँ सिका कुब्जा ! गर्दामा त्यो उपाय के ।
भेट्लान् भरतले राज्य, न सक्लान् भेट्न रामले ॥
रानीका यी कुरा सुन्दा त्यसले दुष्ट–पापिनी ।
राममा दुःख पर्ने र मर्कै पर्ने यसो भनी— ॥
सहाय इन्द्रको गर्न त्यो देवासुर-युद्धमा ।
अघि राजा गएकाथे अरु राजर्षि साथमा ॥

१३

१४

त्यसवेला गएकीथ्यौ पतिको साथमा तिमी ।
पछि बढ्दै गए राजा दिशा दक्षिणमै अनि ।
दण्डकारण्यमा त्यस्तो नामको वैजयन्त यो ।
प्रसिद्ध पुर थ्यो यौटा दैत्य-शम्बर बस्तथ्यो ॥
जान्ने शयौं थरी माया थियो असुर यो महान् ।
झण्डामा चिन्ह राख्थ्यो जो माछाको अतिनै महान् ।
जित्नै सक्तैन थे द्यौता मिली सब लडे पनि ।
एक पल्ट दियो हाँक इन्द्रमा लड्छु आ ! भनी ॥
त्यो महान् युद्धमा थाकी सुतेका जन घायल ।
राति तानेर दौडाई मार्दथे सब राक्षस ॥
हाम्रा राजा-दशरथ महान् बाहु हुने यिनै ।
लड्न सम्म लडे आफैं ती दैत्यहरू साथमै ॥
अन्तमा दैत्यका सारा चोटले अस्त्र-शस्त्रका ।
भयो शरीर राजाको घाउ लागी छिया-छिया ॥
तिमीले त्यस वेलामा संझन्छ्यौ देवि ! यो कुरो ।
ती राजालाइ दौडायौ हटाई रणबाट त्यो ॥
त्यस वेला थिए राजा स्वयं मूर्च्छा परे सरि ।
तिमी सारथिको काम गर्दथ्यौ चाकडी गरी ॥
भगाएता पनी आफ्ना पतिलाइ यसो गरी ।
फेरि झन् घायलै पारे वहाँ पनि शरै त्यजी ॥
तिमीले अन्त दौडाई त्यहाँबाट पनी अनि ।
बचायौ पतिलाई ती, यी कुरा अब संझ नि ! ॥
भएकी दर्शनै राम्रो ए रानी ! यसले पति ।
भई खुश दिएका थे तिमीलाइ वरै दुई ॥
तिमीले त्यस वेलामा राजा सँग भन्यौ यसो ।
प्रभो ! अैले रहोस् ठाँटी चाहिए पछि माग्छु, त्यो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
महात्मा नृपले भैगो ! त्यस्तै होस्, भन्दिए पछि ।
थिएँ यो जानि राखेकी भन्दामा तिमिले अघि ॥
यो कुरा स्नेहले तिम्रो सम्झिएर मनैमन ।
राखेकी नै थिएँ मैले अब राम्रो गरी सुन ! ॥
राजालाइ वशै पार वरका शक्ति बाट त्यो ।
अनि नाश, तयारी यो रामका अभिषेकको ॥
वर माग दुवै पैले राजा सँग, कुरो बुझ ।
यौटाले भरतैलाई अभिषेक गराउ ल ! ॥
अर्कोले रामलाई ती चौध वर्ष भरी सुन ! ।
वर माग, दिनै पर्ने, घुम्नु पर्ने वनैवन ॥
वन लागे पछी राम यो चौधै वर्ष भित्रमा ।
यता भरतको हुन्छ बलीयो जग राज्यमा ॥
प्रजालाइ रिझाएर उनका भित्र चित्तमा ।
हुन्छन् पसिसकेका यी स्नेह उब्जन्छ जो वहाँ ॥
ए अश्वपतिकी छोरी ! पैह्र मैला लुगा अब !
पस कोप-गृहैमा र क्रुद्ध भै भुँइमै लड ॥
वहाँ आए भने राजा उनीपट्टि न हेर्नु नि ! ।
क्यै कुरा गर्न खोजेमा बोल्दै पनि न बोल्नु नि ! ॥
बरु उल्टो तिमी रानी ! देख्ना साथ उनीकन ।
भैंमा लडिबुढी गर्नु, रुनु शोक झिकीकन ॥
छौ सँधै पतिकी प्यारी तिमी नै, यो छ निश्चित ।
तिम्रो निम्ति स्वयं राजा ! आगोमै पस्तछन् बुझ ॥
तिमीलाई रिसाएकी हेर्न सक्छन् न ता उनी ।
तिमीलाई न ता कत्ति सक्छन् झोक्याउँनै उनी ॥
अरुको के कुरा रानी ! तिमीलाई रिझाउँन ।
राजा तयार हुन्छन् ती प्राण छोड्न पनी पुनः ॥
सुवर्ण-मणि-मुक्तादि जुहारातहरू अरू ।
देलान् राजा तिमीलाई ध्यान नै न दिनू बरू ॥
दिएका वर ती दोटा त्यो देवासुर-युद्धमा ।
सम्झाउनु उनीलाई यै वेला पाउँ भन्नमा ॥
ए सौभाग्यवती-रानी ! ती कुरा वरदानमा ।
मागेमा, न भई सिद्ध छोड्दैनन् न पुगो यहाँ ॥
राजाले रघुवंशी यी आफै त्यस्ती तिमीकन ।
उठाएर जसै भन्लान् वर माग भनीकन ॥
४३

४४
न चुकी त्यस वेलामा पक्का-पकी गरी त्वरी ।
माग्नु बाचा बधाँएर तिमीले वर ती दुई ॥
यौटाले रामलाई ती चौधै वर्ष भरी सुन ! ।
टाढा पन्छाँउने माग्नु वर घुम्ने वनैवन ॥
अर्कोले यस पृथ्वीमा छोरा भरतलाई ती ।
राजा बनाँउने श्रेष्ठ वर माग्नु, दुवै यति ॥
खेदिए पछि ती राम चौध वर्षतकै वन ।
वैरी मासी जरो गाडी बस्लान् छोरा सुखैसँग ॥
रामलाई वनै खेद्ने माग यै मुख्य हो वर ।
छोराका अरु ता तिम्रा इच्छा पुग्छन् त्यसै सब ॥
अैलेका राम हुन्नन् यी राम ती खेदिंदा गली ।
शत्रु मासी भई राजा गर्छन् छोरा ढलीमली ॥
वन बाट यता राम फर्कने काल सम्ममा ।
सक्छन् भरतले आफ्नो जरो गाडी जहाँ-तहाँ ॥
हुनेछन् राज्यमा ज्यादै बलीया भित्र-बाहिर ।
थुपार्छन् सैन्य सारा र बटुल्छन् मित्र भै स्थिर ॥
वेला ठीक छ यै रानी ! न डराउ तिमी अब ।
जसो तसो गरी पैले राजालाई वशै गर ॥
राजाको जो छ यो इच्छा सुम्पने राज्य राममा ।
त्यो इच्छै बाट फर्काऊ, ढल्काऊ आफ्नु तर्फमा ॥
यस्तो अनर्थलाई नै देखाई अर्थरूपमा ।
कैकेयीलाई पल्टाई त्यै कुरा गर्नमा वहाँ ॥
थिइन् बुद्धिमती रानी परन्तु त्यसका कुरा ।
सुन्दा खुश भइन् ज्यादै जिल्लिएता पनी पुरा ॥
भड्किइन् बालिका जस्तै त्यसको पाइ प्रेरणा ।
त्यसै गर्ने भइन् पक्का, भनिन् अनि यसो वहाँ ॥
भन्न यस्ता कुरा राम्रा छस् कुब्जा ! सर्वश्रेष्ठ तँ ।
तेरो कत्ति पनी हेला अब गर्न म सक्तिन ॥
ठमाई बुद्धिले राम्रो क्यै कुरा भन्न-गर्नमा ।
छस् कुब्जाहरूमा श्रेष्ठ पृथिवीभर तैं यहाँ ॥
मेरा काम कुरा पर्दा भलो गर्ने मरीमरी ।
सँधै लाग्दी रहीछस् तँ सावधान भईवरी ॥
न भए तँ म के बुझथें ? जान्दथें सब यी कुरा ? ।
पत्तै हुँदैन थ्यो कत्ति राजाको जाल-पेचता ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

छन् मेरा घरमा कुब्जा ! कुब्जाहरू अरू पनि ।
साँच्चै हुन् अरू ता कुब्जै न राम्रा अति पापिनी ॥
तँ यौटी रहिछस् वेस ! कति राम्री तँ छस् अहा ! ।
हावाले क्यै झुकाएको पद्मको डाँठ झैं सफा ॥
दोषले कुब्जताको यो तेरो छाती यतातिर ।
कांधै सम्म उठेको छ तर देखिन्छ सुन्दर ॥
त्यो तल्लो भाग छातीको हुँदा सुन्दर नाइटो ।
जहाँ त्यो पेट, लुक्तो छ छातीकै लजिलो अहो ? ॥
तेरो जघन यो कुब्जा ! फैलिएको र पुष्ट छ ।
स्तनमण्डल झन् फेरि अति राम्रो र स्थूल छ ॥
मुखमण्डलको शोभा कत्ति अद्भुत कै छ यो ।
अत्यन्त निर्मलै राम्रो चन्द्रमण्डल नै न हो ? ॥
सफा सुन्दर चिप्लो छ कटिको अग्रभाग त्यो ।
घेराले थप्तछन् शोभा जसमा मेखलादिको ॥
फैलिएका र मोटा छन् तेरा जाँघ दुवै यता ।
मिलेका छन् तिनै साथ राम्रा पाउ दुवै उता ॥
यता तिघ्रा दुवै तेरा छन् सुन्दर विशाल ती ।
मन्थरा ! शोभिएकी छस् यसरी तँ यहाँ अति ॥
ढल्काई रेशमी-सारी मेरो अघि-अघी जब ।
तँ हिंड्छेस्, त्यस बेलामा शोभिन्छेस् अति वास्तव ॥
जान्दछन् दैत्यका राजा शम्बरासुर जो जति ।
हजारौं थरका माया जान्दछेस् तँ पनी त्यति ॥
त्यो तेरो हृदयैभित्र रहन्छन्, कण्ठछन् सब ।
सक्छेस् सिर्जिन आफैं तँ हजारौं अरू वास्तव ॥
गई छाती भरी बस्ता मायाको राश राश त्यै ।
डल्लो भो कुब्जिई ज्यादै रथको अग्रभागझैं ॥
जसमा थुम्रिएका छन् तेरा सब कुराहरू ।
राजनीति तथा बुद्धि मायाहरू पनी अरू ॥
यसैबीच यसैलाई मेरो काम भए पछि ।
सुनको दिव्य मालाले मोरीदिन्छु सिंगार्दिई ॥
जाउन् वनमा राम पाउँन् भरत राज्य ता ।
अनि देख्लिस् म के गर्छु सिंगार्दछु तँलाइ ता ॥
लम्बरी-सुनले राम्रो पगालेको तँलाइ म ।
ढाकी दिन्छु पुगे धोको कुरो बुझ् ! खुश हुन्छु म ॥

७७

७८

सुगन्धी-लेप लेपेर डल्लो सज्न लगाउँछु
टीका र सुनका कोठी मुखमा म सजाँउछु
तँलाई अनि ए कुब्जा ! गहनाहरूले अह
अति राम्रो बनाएर म सिंगार्न लगाँउछु।
मजेत्रो फरिया पैह्री राम्रा असल वस्त्रका
भएर देवतै जस्ती अनि घुम्लिस् यताउता।
चन्द्र दाँज्न हुने जस्तो यस्तो मुख लिएर तँ।
न भई अरु स्त्री जस्ती कस्ती होलिस् ल शोच्न तँ।
यसरी शत्रुकाबीच हिंड्दा मस्किई गर्वले।
कति ठूली हुने छस् तँ, होला शोच ! अनि चाल के।
मेरो सेवा गरे जस्तो तैंले, तेरो पनी सदा।
गर्लान् कुब्जा अरू सेवा पैन्हेका गहना लुगा।
कैकेयी त्यस वेलामा लेटेकी थिन् वहाँ सफा।
शय्याबीच र देखिन्थिन् वेदीकी अग्निकी शिखा॥
ताडीफ गरिएकी त्यो रानीले यसरी तव।
ठस्किंदै भन्दछे कुब्जा उनी सँग यसै अझ॥
नदीमा बाँध बाँधिन्न सुके पछि शुभे! जल।
देखाउ क्रोध राजामा आफ्नो गर्न भलो उठ॥
मन्थराले उचालेकी कैकेयी ती यसो भनी।
त्यसै साथ पसी हालिन् त्यो क्रोधागारमा अनि॥
रानीका दुइटै नेत्र राम्रा ठूला थिए निकै।
सौभाग्य-मद चढ्दा ती घसण्डिनी थिइन् निकै॥
सारा अङ्ग हुने राम्रा कैकेयीले वहाँ अहो!।
फुकाली फ्याँक्दिइन् आफ्नो मोतीको हार कण्ठको॥
यसको मूल्य थ्यो लाखौं यसका साथमा अरू।
बहुमूल्य पनी फ्याँकिन् झिकेर गहनाहरू॥
उनका देहको कान्ति लम्बरी-सुनझैं थियो।
कुब्जाको बहक्याईंले उनलाई वशै गऱ्यो॥
भने जस्तै गरी त्यल्ले पसे पछि वहाँ पनि।
बसिन् खालि भुईंबीच भन्छिन् रानी यसो अनि॥
कि सुनाँउनु तैंले गै राजालाइ ल सुन् कुरो।
मरिन् कोप-गृहैमा ती रानी भनिकनै यसो॥
कि सुनाँउनु तैंले नै मलाई आइ यी कुरा।
पाए भरतले राज्य, गै सके वन राम ता॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

६५

स्वार्थ-सिद्ध न भै हुन्न मेरो, अब कसै गरे ।
चाँहिन्न अरू क्यै त्यस्तो सुवर्ण मणि, होस् न जे ॥
रामलाई दिए देखि शुभ राज्याभिषेक त्यो ।
तँ सम्झी! मन्थरा! पक्कै मेरो मृत्यु भयो, भयो ! ॥

माता भरत्‌की, महिषी नरेन्द्रकी रानीकनै ती त्यसले भनी पछि ।
जङ्ग्याउने, शक्ति दिने, हुने भलो, श्रीरामको नै कुभलो हुने यसो- ॥
यो राज्य पाए यदि रामले तिमी पक्कै हुने छयौ सुतसाथ दुःखिनी ।
तसर्थ कल्याणि ! प्रयत्न त्यै गरे स्वपुत्रकै होस् अभिषेक जे गरे ॥

वाक्बाणले यी यसरी बराबर घोची रहेकी त्यसले उनी भइन् ।
गर्दै प्रशंसा, कर छातिमा दुबै राखी रिसाई पछि छक्क भै भनिन् ॥
सुन् ए ! गएमा वन चौध वर्षको निमित्तमा राम मलाइ शान्ति भो ।
उता भरत्‌को पनि त्यो मनोरथ पुगेर नै छोड्छ यसै गरे अब ॥

कि ता यहीं बाट अडेर भै स्थिर म जान्छु सोझै यमकै पुरीतिर ।
कुरो तँ सुन्लिस् र गई पछाडि ता राजेन्द्रमा बिन्ति चढाउलिस् ल जा ! ॥
भने गएनन् यदि राम ता वन चाहिन्न क्यै, छोड्छु स्वयं म जीवन ।
शय्या र माला शुभ पान-भोजन छन् तुच्छ साह्रै अब चन्दनाञ्जन ॥

भनेर यस्ता अति घोर वाक्य यी झोक्किन् र फ्याँकिन् गहना बचे जति ।
अनी लडिन् खालि जमीनबीच त्यो हुन् झैं खसेकी तल किन्नरी अहो ! ॥
बढी रहेका रिस-डाहले तव छोप्ता न राम्रै उनको भयो मुख ।
माला अलङ्कार फुकालि फेंक्दिदा भए न राम्रा अरु अङ्ग झन् यता ॥

नक्षत्र-तारा-ग्रहले सुशोभिंदो आकाश छोप्ता तमले समान भो ।
नरेन्द्रकी ती महिषी त्यसो गरी लडिन् वहाँ खिन्न-उदास भैवरी ॥
१०५

इति नवौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दशौं सर्ग

महाराज दशरथले रानी कैकेयी–लाई सम्झाँउनु

१

भड्काई यी कुरा भन्दा कुब्जाले पापीनी अनि ।
त्रिष-बाण बिझेकी क्वै किन्नरी झैं लडिन् उनी ॥
मन्थराले भनेका यी कुरा उत्तम हुन् भनी ।
रानीले ठहराइन् हा! मनैमन गमी अनि ॥
सिपालु थिन् कुरा गर्न पछि त्यो मन्थराकन ।
भनी यसो-यसो गर्छु विस्तारै भन्दिइन् पुनः ॥
कुराले त्यसका रानी भित्र थिन् दीन, मोहित ।
रिसले चूर थिन् फेरि नागकन्या सरी स्वतः ॥
लामो सास लिंदै-छोड्दै गम्न लागिन् उनी अफ ।
आफ्नो भलो हुने बाटो शोचिन् दुइ घडीतक ॥
सुनी चर्को कुरा त्यस्ता देखी निश्चय त्यो यता ।
सिद्धि पाए सरी कुब्जा ज्यादै खुश भई तदा ॥
रानी भने पछि मर्थी, गर्थी नित्य हितैहित ।
अर्थ-सिद्धि हओस् भन्थी, थिई मित्र सरी स्वतः ॥
गर्नु पर्ने कुरा राम्रो ठहराई उनी तव ।
रिसले चूर भै हालिन् देखी, देवी बनिन् अब ॥
अरू के गर्न सक्थिन् र अबला थिन् उनी जुन ।
डर्लाग्दो आँखिभौं पारिन्, लडीबुढी गरिन् पुनः ॥
माला र गहना नाना दिव्य चित्र-विचित्रका ।
रानीले फेंक्दिएका ती भए भुईंभरी यता ॥
माला र गहनाले यी छर्दिएका गरी त्यसो ।
बढाए भूमिको शोभा तारालेझैं अकाशको ॥
उनीले पैह्रिएकी थिन् लुगा मैला निकै उता ।
बलीयो सँग बाटेकी यौटै चुल्ठो थिइन् तदा ॥
त्यो कोप-गृहमा लड्दा त्यसरी महिषी उनी ।
देखिन्थिन् किन्नरी जस्ती छुटेकी सत्व तैपनि ॥

१३

१४

यतापट्टि महाराज रामका अभिषेकको
मन्त्रीलाई दिई आज्ञा ठिक्क पार्न प्रबन्ध त्यो
यथासमयमा भोलि जम्बा हुनु सबै भनी
गए महलमा आफ्नो सकी काम कुरा अनि
गरें त्यो घोषणा आजै मैले रामाभिषेकको
छैन रानीहरूले ती थापाएको यसर्थ यो
सुनाँउन कुरा प्यारो प्यारी-रानीकनै तिनी
शोची त्यत्ति स्वयं राजा खोपीभित्र पसे अनि
कैकेयी-महिषीको त्यो राम्रो महलमा अब
राजा महान् यशस्वी थी गै लुसुक्क पसे तव
आकाशमा हुने सेतो मेघ जस्तो जहाँतहाँ
पसेझैं नभमा चन्द्र राहु-युक्त हुँदा वहाँ
त्यस्तो महलमा भित्र कन्याङ्कुरुङ हाँस र
मुजूर र सुगा मैना बोल्थे मीठो झिकी स्वर
मीठो आवाज आएको सुनिन्थ्यो बाघको वहाँ
बामनीहरूका साथ थिए कुब्जाहरू जहाँ
थिए चम्पा-अशोकादि लता-भवनमा त्यहाँ
भर्थे भवनको शोभा चित्र-मन्दिर झन् जहाँ
वेदीहरू थिए चाँदी-सुनका हस्तिदन्तका
तलाउले अनेकौं ती शोभिएको थियो उता
सँधै फुल्ने तथा फल्ने थिए वृक्ष अनेकन
थे हस्तिहाड-चाँदीका सुनका शुभ-आसन
नाना प्रकारका अन्न-पानले भक्ष्य-भोज्यका
पदार्थले थियो टन्न भवन-श्रेष्ठ त्यो तदा
देखिन्थ्यो स्वर्ग नै होझैं बहुमूल्य-अमूल्य ती
अनेक भाँतिका ताँति हुँदा भूषणका उवि

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
यस्तो ऐश्वर्य-शोभाले परिपूर्ण र सुन्दर ।
खोपी भित्र पसे आफ्नो महाराज स्वयं तव ।।
वहाँ पुगी यसो हेर्दा शय्यामा श्रेष्ठ वास्तव ।
कैकेयीकन ती रानी देखेनन् उनले अव ।।
बढी गो रतिको इच्छा यै वेला कामले पिर्‍यो ।
प्यारी-रानी न देख्दा झन् मनमा खिन्नता सर्‍यो ।।
सोध्न थाले उनीलाई खोज्न थाले यता उता ।
यो वेला ती सँधै हुन्थिन् शोचे, आज गइन् कता? ।।
आउँदा म यसैवेला बस्थिन् ठिक्क भई उनी ।
थिएन यसरी कोठै शून्य ता कहिल्यै पनि ।।
कोठाभित्र पसी सोधे प्रतिहारीकनै तव ।
रानीलाई, भनी खोई ? पैले जस्तै गरी अव ।।
त्यसता सोझा महाराज के जानुन् जाल-पेच यो ।
पत्नीको स्वार्थ नै भर्ने चर्तिकाला कुबुद्धिको ।।
काँपेर प्रतिहारीले हात जोडी यसो भनी- ।
अयोध्याधिपते देव ! मता जान्दिन क्यै पनि ।।
के भई हो ? महारानी रिसाई भइ अस्थिर ।
दौड्दै गै बक्सिएकोछ त्यो कोप-भवनैतिर ।।
त्यसका यी कुरा सुन्दै राजा खिन्न भए अति ।
इन्द्रियै तुल्बुलाए हा ! गर्न लागे विषाद यी ।।
गै कोप-भवनैभित्र हेर्दैमा नृपले अव ।
लडेकी भुइँमै खालि देखे रानीकनै तब ।।
थिएन कहिल्यै योग्य उनको निम्ति यो कुरा ।
तताएझैं भई हाले दुःखले नृप यी बरा ! ।।
राजा बूढा थिए साह्रै, पत्नी थिन् तरुणी उनी ।
प्राण भन्दा पनी प्यारो मान्दथे यसले यिनी ।।
देखे निष्पाप राजाले पाप खेलाँउदै अति ।
गर्ने लडीबुढी भैंमैं रानीलाई वहाँ पुगी ।
काटिएकी लता जस्ती लडेकी भुँइमा थिइन् ।
स्वर्गबाट खसेकी क्वै हुन्झैं देवाङ्गना थिइन् ।।
किन्नरी सरि देखिन्थिन् स्थानभ्रष्टा कुनै उनी ।
जालमा बाँधिएकी क्वै मृगिणीठीक थिन् उनी ।।
वनमा विष लागेको बाणले व्याधले निजी ।
हानी छेडी गिराएकी थिइन् ढोई-समानकी ।।
४३

४४
गजेन्द्रझैं भई आफ्ना हातैले स्नेह लीकन ।
राजाले सुम्सुम्याए वा ! दुःखिनी महिषीकन ।।
पद्मै जस्ता हुने आँखा प्यारी थिन् नृपकी उनी ।
थिए भित्र डराएका 'कामी राजा' भने अनि ।।
महारानी ! म संझिन्न मै साथ यसरी तिमी ।
हौ भनेर रिसाएकी, छैन विश्वास नै पनि ।।
अपहेंला गर्‍यो कल्ले ? भन देवि ! मलाइ पो ।
कसैले कि चिढायो वा ? तिरस्कार गर्‍यो कि यो? ।।
भनलौ अव कल्याणि ! धूलामा लड्दछ्यौ किन? ।
दुःख-पीर ममा पर्ने यस्तो काम गर्‍यौ किन? ।।
संझदैछु मता तिम्रो सँधै कल्याण वास्तव ।
मेरो चित्त तिमी सम्झ्यौ-किन यस्ती भयौ अव? ।।
हुँदैमा पति यस्तो म, त्यै तिमी खालि भूमिमा ।
लड्यौ किन? कुनै त्यस्तो लाग्यो भूत कि ता यहाँ? ।।
सिपालु वैद्य छन् मेरा, खुश छन् सव थोकले ।
तिमीलाई निको पार्छन्, भन रोग ममा प्रिये ! ।।
म गरूँ कसको प्यारो, अप्यारो कसको भन ? ।
को पाओस् वस्तु लौ प्यारो पाओस् को अप्रियै भन? ।।
न रोउ भो महारानी ! न सुकाउ शरीर यो ।
तिम्रै इच्छा सरी गर्छु भन मारूँ अवध्य को ? ।।
मार्नेलाइ कुनै त्यस्तो कि छोड्दिउँ तिमी भन ।
को दरिद्र धनी पारूँ ? होस् धनी को अकिञ्चन ? ।।
चल्छौं आज्ञा सरी तिम्रो मेरा भृत्य र मै पनि ।
नाघ्न इच्छा कुनै तिम्रो बुझ ! सक्तिन मै पनि ।।
धोको मेट्न कुनै तिम्रो गर्न प्यारो कुरा म ता ।
आफ्नो प्राणै पनी छोड्छु, भन लौ मनका कुरा ।।
बल आफ्नो हुँदा यस्तो जान्दा-जान्दै पनी अव ।
शङ्का गर्छ्यौ महारानी ! तिमी व्यर्थै ममा अझ ।।
मेरा सत्कर्मका सारा किरिया खाइ भन्दछु ।
तिमीलाइ हुने प्यारो कुरा पक्कै म गर्दछु ।।
सूर्यमण्डल यो घुम्छ जहाँतक, वहाँतक ।
छ मेरो राज्य यो सारा पृथ्वीमा अधिकार छ ।।
सिन्धु सौवीर सौराष्ट्र देश द्रविड ती यता ।
अङ्ग वङ्ग र मगध दक्षिणी भेगका उता ।।
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

काशी कोसल मत्स्यादि देशका देश छन् सब ।
समृद्ध अतिसम्पन्न मेरै हक, प्रभुत्व छ ॥
भएका तिनमा सारा धन-धान्यादि द्रव्य र ।
भेंडा-बाख्रा पनी जो जो चाहन्छयौ माग, ल्यौं सब ॥
ए भीरु ! किन व्यर्थै यो दुःख-कष्ट गऱ्यौ ? हरे ! ।
खुलस्त भन त्यो हेतु ? उठ लौ उठ हे प्रिये ! ॥

६३

६४

तिमीलाई कसैबाट ठूलै डर पऱ्यो कि के !
म नाश्छु कुहिरोलाई नाशेकै ठीक सूर्यले
राजाले यसरी भन्दा कैकेयी-महिषी अ…
निकै ढुक्क भए जस्ती भइन् आश्वस्त भै त…
बल्ल भन्न भयो इच्छा त्यो अप्यारो कुरा अ…
कसिइन् पतिमा फेरि पीर पार्न, दिनै दुःख…

६६

इति दशौं सर्ग

~×~

एघारौं सर्ग

महारानी कैकेयीले भरतलाई राज्य र रामलाई वनवास प्राप्त हुने दुवै वर माग्नु

१

कामका वशमा पर्ने, बिर्झेका त्यसकै शर ।
राजाकन उनी भन्छिन् अव यी वाक्य दुच्छर ।।
अपकार गर्‍यो मेरो कसैले न कुनै प्रभो ! ।
न कसैबाट भो निन्दा, छियो-चर्चै न ता भयो ।।
महाराज ! अभिप्राय मेरो यौटा कुनै छ त्यो ।
हजूरबाट नै साक्षात् पुगोस् भन्दछु यो कुरो ।।
पूर्ण पारी दिने हो ता प्रतिज्ञा गरि बक्सियोस् ।
भन्छु, पाँउछु मागेको भने, लौ सुनि बक्सियोस् ।।
भै सकेका थिए राजा यो वेला कामको वश ।
कैकेयीका कुरा सुन्दा हाँसे खिस्स ! उनी तव ।।
लडेकी त्यसरी भैंमा रानीलाई स्वबाहुले ।
उठाई काखमा राखी मुसार्दै केश यो भने ।।
गर्ने घमण्ड ए रानी ! थाह छैन तिमीकन ।
राम छोडी तिमी भन्दा छैन मेरो प्रियै जन ।।
पुरुषश्रेष्ठ हुन् राम, महात्मा हुन् र मुख्य छन् ।
कसैले जित्न गाह्रै छ, साह्रै प्यारो यसर्थ छन् ।।
प्राण छोडेर नै आफ्नो उनी छन् पूज्न योग्यका ।
उनैको किरिया खाँए, भन लौ मनका कुरा ।।
जसलाई नदेख्तामा भ बाँच्तिन दुबै घडी ! ।
उनैको किरिया खाई भन्छु, गर्छु भने जति ।।
आफ्ना ती अरु छोराले आफैंले पनि वास्तव ।
जो नरश्रेष्ठलाई म चाहन्छु, गर्दछु प्रिय ।।
म तिनै रामको रानी ! किरिया खाइ भन्दछु ।
जो भनौली तिमी देवी ! त्यो अवश्यै म गर्दछु ।।
मेरो हृदय कस्तो छ तिमी शोचेर त्यो पनि ।
उद्धार गर लौ मेरो जो ठान्छ्यौ बेस, त्यै भनी ।।

१३

१४

बल आफ्नो हुँदा यस्तो जान्दा-जान्दै पनी अव ।
शङ्का गर्छयौ महारानी ! तिमी व्यर्थै ममा अझ ।।
मेरा सत्कर्मका सारा किरिया खाइ-भन्दछु ।
तिमीलाई हुने प्यारो कुरा पक्कै म गर्दछु ।।
रानीको मन यो वेला ढल्किन्थ्यो स्वार्थसिद्धिमै ।
पक्षपात थियो फेरि छोरा भरतपट्टि नै ।।
खुश थिन् वशमा देखी राजालाइ यता उनी ।
त्यै अभिप्रायले पूर्ण क्रूर वाक्य भनिन् अनि ।।
कैकेयी-महिषीको यो वाक्य दुच्छर क्रूर थ्यो ।
परेको अघि डर्लाग्दो साक्षात् काल समानको ।।
भनिन् यसो- महाराज ! जो हजूर निरन्तर ।
खाएर किरिया यस्ता बक्सिइन्छ ममा वर ।।
सुनुन् ती देव तेत्तीस साक्षी भै अरु देव ली ।
दिन, रात, दिशा, चन्द्र, सूर्य, ग्रह, अकाश यी ।।
पृथिवी र जगत् सारा सुनुन् गन्धर्व, राक्षस ।
प्राणी रात भरी घुम्ने घरद्दा देवतातक ।।
यी बाहेक अरू जो जो प्राणी छन् ती पनी सब ।
हजूरको प्रतिज्ञा यो जानून्, साक्षी हऊन् अब ।।
पवित्र अति तेजस्वी टिकेका धर्ममै सदा ।
सत्य बोल्ने महाराज जानेका तत्त्व धर्मका ।।
मलाई वर बक्सिन्छ मागिएका दिने कुरा ।
सुनुन् भै यसमा साक्षी अब सम्पूर्ण देवता ।।
यसरी कामले लट्ठ, मागे जस्तो दिने वर ।
त्यस्ता महान् धनुर्धारी राजालाइ गरिन् वश ।।
प्रशंसा उनको गर्दै भनि हालिन् यसो अनि ।
छ प्रभो ! सम्झि बक्सेको अघिको घटना भनी ।।

२६

२७

म थिएँ नाथकै साथ त्यो देवासुर-युद्धमा ।
गर्नसम्म गरेकाथे शत्रुले प्रभुमा वहाँ ॥
प्राणमात्र थियो बाँकि त्यो वेला प्रभुको प्रभो! ।
दासीले यो गरी रक्षा प्रभुको, श्रेय नै भयो ॥
भरेरात वहाँ मैले जागराम बसी-बसी ।
निकै सेवा गरेकीथें भई बक्स्यो पछी खुशी ॥
मलाई बक्सिएको थ्यो दुइटा वर अन्तमा ।
थें ठाँटी राखिछोडेकी ती दुवैलाइ पाउमा ॥
मलाई चाहियो अैले दुवै पाँउन खोज्नु म ।
सत्यबोल्ने-महाराज ! ती दुवै अव पाँउ म ॥
प्रभुले गरिवक्सेको प्रतिज्ञा धर्म साथको ।
सत्य, पूर्ण हुनै पर्छ, बक्सियोस् अव पाँउ त्यो ॥
यदि पाउन्न ता स्वामिन् ! भएकी तुच्छ नाथकी ।
यो दासी अहिल्यै मर्छु, छोड्छु प्राण समेत यी ! ॥
व्याधाका गीतले मीठा त्यसकै जाल-पाशमा ।
जस्तो मृग गई फस्छ स्वयं आफ्नु विनाशमा ॥

३४

३५

त्यही ठीक, त्यही जस्तो यी राजा पनि अन्तमा ।
ती कुरैबाट रानीका भए विवश नाशमा ॥
कामले ढाल्न लागेका दिने वर उनीकन ।
कैकयीले भनिन् फेरि ती दुवै वर पाँउ म ॥
पहिल्यै बक्सिएको हो, दिन गाह्रो छ के अव? ।
म माग्दीछु र भन्दीछु लौ सुनी बक्सियोस् अव ॥
छ सामान तयारी जो रामका अभिषेकको ।
अभिषेक त्यसैले होस् मेरा भरत पुत्रको ॥
छ दोश्रो जो वर नाथ ! देव-दानव-युद्धमा ।
मलाई बक्सिएको त्यो, दिने वेला भयो यहाँ ॥
त्यसले भै तपस्वीझैं पैह्री बल्कल-वस्त्र र ।
मृगचर्म, यिनै राम जाऊँन् वन तुरुन्त ल ! ॥
धीर-स्वभावका छन् यी दण्डकारण्यमा बसी ।
विताँउन् वर्ष चौधोटै म दुवै वर पाँउ यी ॥
पाऊन् भरतले आजै निर्वैरी यौवराज्य त्यो ।
मेरो ठूलो छ यै धोको, दिएकै वर हुन् प्रभो ! ॥

४२

मुनि बक्स्योस् कुरा अर्को गएको वन राम ती ।
म आजै हेर्न चाहन्छु, होस् प्रबन्ध छिटो अति ॥

४३

पृथ्वीभरीका नृपमा हजूर नै सर्व्वोच्च राजा भइ बक्सिइन्छ नै ।
आफ्नो प्रतिज्ञा अव सत्य त्यो गरी बचाई बक्स्योस् कुल, शील, धर्म यी ॥

४५

भन्छन् तपस्वीहरु सत्य बोल्नु नै हो श्रेष्ठ जो दिन्छ भलो र श्रेय नै ।
आधार नै हुन्छ मरे पछी पनि जो गर्छ कल्याण वहाँ यहाँ पनि ॥

४६

इति एघारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रौं सर्ग

महाराज दशरथले पश्चात्ताप गर्नु र कैकेयीलाई संझाँउनु

१

कैकेयीका कुरा क्रूर सुने पछि नरेन्द्र ती ।
चिन्ताबीच परे ठूलो, गरे ताप दुवै घडी ॥
शोच्न लागे अनी राजा, के मैले दिनमै त यो ।
स्वप्न देखिन ? वा मेरो चित्तमा मोह व्याप्त भो? ॥
हो कि ता पहिलो बाधा, कि हो यो ग्रह-भूतको ? ।
उपद्रो मनकै हो वा उब्जेको आधि-व्याधिको ॥
मूर्च्छै पार्ने बढ्यो दुःख घुम्दामा त्यसरी मन ।
खोजे कारण राजाले सकेनन् क्यै ठमाँउन ॥
अलि वेर पछी आयो होश, छर्पटिए नृप ।
मृगझैं बाघिनी देख्ने, संझे फेरि कुरा सब ॥
लामो सास लिंदै-फेर्दै खालि भै मै उनी वसे ।
घेरामा रोकिए जस्तो विषालु-सर्प मन्त्रले ॥
अहो ! 'धिक्कार होस्' यत्ति राजाले रिसले भने ।
शोकले होश नाशतामा फेरि मूर्च्छा उनी परे ॥
धेरैमा होश पाएमा कैकेयीलाइ तेजले ।
दृष्टिले नाशतछन् जस्तै दुःखी भै झोकले भने ॥
स्वाहा पार्ने कुलै मेरो निर्दयी होस तँ, पापिनी ! ।
मैले वा रामले तेरो के गर्‍यौं पाप ? दुष्टिनी ! ॥
तँ दुराचारिणी नै होस् आमा भन्दा पनी बढी ।
तँलाई मान्दछन् राम, गर्छन् सेवा र चाकडी ॥
राम माथि हरे ! त्यस्ता तँ गर्छेस् अपराध त्यो ।
उनकै कुभलो गर्न मर्दछेस् किन फेरि यो ॥
तँलाई पापिनी मैले घरभित्र हुलेंछु हा ! ।
विषवाँकमा न जानेर गर्न नै सर्वनाश ता ॥
रहिछस् राजकन्याकी रूपकी पापिनी तँ ता ।
इर्लागदी नागिनी साक्षात् भएकी विष-क्रूरता ॥

१३

१४

प्रशंसा गर्दछन् सारा रामका गुणको जब ।
लगाई दोष के भन् ए ! निकालूँ प्रिय ती सुत ? ॥
सुन् दुष्टिनी ! म कौसल्या-सुमित्राकन छोड्दछु ।
लक्ष्मीलाई पनी यस्ती सजीलै त्याग्न सक्तछु ॥
पितृभक्त महान् त्यस्ता मेरा प्राण स्वरूप ए ! ।
सुपुत्र रामलाई ता छोड्ने सक्तिन क्यै गरे ॥
जेठा सुपुत्र देख्तै म प्रेमले हुन्छु गद्गद् ।
बुझिस् ! देख्न न पाएमा होशै उड्दछ वस्तुतः ॥
अडोस् सूर्य न भै लोक, बढोस् बाली जलै विना ।
तर राम नभै मेरो प्राणै अड्दैन देहमा ॥
पापपूर्ण नराम्रो यो लिने निश्चय दुष्टिनी ! ।
कुरा नथाहिने यस्तो वरमा किन माग्नु नि ? ॥
अत्यन्त क्रूरता-पूर्ण शोचेको किन हो कुरो ? ।
घोप्टिन्छु पाउमा तेरो राखी यो शिर, तुष्ट हो ! ॥
राजाका प्रिय छन्, छैनन् छोरा भरत यो कुरा ।
जान्न मात्र वरै त्यस्तो मागेको होस् त सुन् कुरा ॥
छोरा भरतको मागिस् शुभ राज्याभिषेकको ।
पहिलो वर जो रानी ! पूर्ण होस्, हुन्छ ! गर्छु त्यो ॥
मेरै सुपुत्र हुन् जेठा राम, भन्थिस् तँ नै अघि ।
मान्दथिस् धर्ममा जेठा उनैलाई तँ नै अघि ॥
रहेछन् ती कुरा व्यर्थै गरिएका बनावटी ।
भन्ने कुरो भयो स्पष्टै गरेकी भोग्न चाकडी ॥
तिनै सुपुत्रको अैले सुनी राज्याभिषेक यो ।
शोकले जल्दछेस् भित्र, ताप पार्छेस् ममा बडो ॥
यो शून्य-घरमा बस्ता छोपे के भूत-प्रेतले ।
कसैको वशमा पर्दा सिकिस् यो र भनिस् कि के ? ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

इक्ष्वाकु-कुलमा यस्तो न्याय-युक्त लिने मति ।
पऱ्यो अन्याय कत्रो यो ? बिग्ग्यो तेरो यहीं मति ॥
ए ठूला नेत्रकी रानी ! तैले कैल्यै अगाडि ता ।
पीर पर्ने ममा यस्ता गरेकी थिइनस् कुरा ॥
न ता कैल्यै गरेकी थिस अयोग्य अप्रियै कुरा ।
विश्वासै कसरी मानुँ अैलेका अनि यी कुरा ? ॥
महात्मा, भरतै जस्ता राम मेरा निमित्त छन् ।
भन्थिस् अघि निकै पल्ट कुरा गर्दै ममा तँ झन् ॥
धर्मात्मा र यशस्वी ती रामको अहिले पुनः ।
चौध वर्षभरी बस्नु वनमा यै जँच्यो किन ? ॥
टिक्ने स्वधर्ममा नित्य अत्यन्त सुकुमार ती ।
रामले वन गै बस्नु रुचाइस् ? क्रूर होस् अति ॥
तेरो सेवा सँधै गर्ने तिनै सुन्दर रामको ।
ए राम्रा नेत्रकी रानी ! रुचाइस् किन खेद्नु यो ? ॥
गर्छन् भरत भन्दा ता बढ्ता नै राम सेवन ।
मता भरतले सेवा गरेको त्यत्ति देखिन ॥
हुन् नरश्रेष्ठ नै राम छोडी उनकनै अरू ! ।
गर्छ को मान्यको सेवा राख्छ गौरव को अरू ? ॥
अरू को गर्छ भन्? आफ्ना मान्यको श्रेष्ठ आदर ।
आज्ञा पाल्दछ को फेरि खटिई भइ तत्पर ? ॥
छन् मेरो घरमा दुष्टे ! हजारौं स्त्रीहरू अरू ।
उपजीवी भई बस्ने भृत्य छन् सेवकैहरू ॥
यिनका मुखले कैले रामको विषयै लिई ।
कुरा राम्रो न राम्रो क्यै निक्लेको सुन्दछेस् तँ यी ? ॥
पुरुषश्रेष्ठ हुन् राम विशुद्ध मनले उनी ।
दिन्छन् सम्पूर्ण प्राणीमा सान्त्वना धीरता पनि ॥
प्यारो काम-कुरा गर्दै राज्यका दुनियाँ सब ।
सँधै रिझाँउछन् राम, वश छन् यसले सब ॥
सत्यले, सत्य चालाले प्रजा छन् उनकै वश ।
छन् द्विजादि दिंदा दान रामकै वश भै खुश ॥
गुरु-मान्य उनैका छन् वशमा पाइ चाकडी ।
वीर छन् बाणले ठोक्ता युद्धमा शत्रु छन् वशी ॥
राममै यी टिकेका छन् अनेकौं गुण, दुष्टिनी ! ।
छ सत्य दानकै साथ तपस्या, त्याग छन् अनि ॥

४३

४४

छ विद्या गुरु-शुश्रूषा शुद्धि छन् भित्र-बाहिर ।
सीधा छन् ऋजुता टिक्छ, मित्रता छ हुने स्थिर ॥
महर्षि सरि तेजस्वी सीधा-साधा सुरै-सरि ।
राममा किन यो गर्छेस् अपराध न राम्ररी ॥
सम्पूर्ण दुनियाँ साथ राम बोल्छन् सँधै प्रिय ।
म संक्षिप्त उनीले ता भनेको पनि अप्रिय ॥
त्यस्ता रामसँगै फेरि तेरो निम्ति रिसाहिनी ! ।
भनुँ म कसरी भन् तैं यो अप्रिय कुरा पनि ॥
जसमा छन् क्षमा त्याग तप सत्य कृतज्ञता ।
शुद्ध धर्म अहिंसादि जीवमा गरिने दया ॥
थुप्रेका गुण यी सारा रामबाट मनोहर ।
हुनेछ गति के मेरो छुट्टिएर बसे पर ? ॥
दया गर ममा देवी ! अब बूढो भई सकें ।
दिन ढल्किसके सारा तपस्वी सरि भै सकें ॥
अगाडि म बसी तिम्रो यसरी गर्छु प्रार्थना ।
अवस्था शोचनीयै छ गर्दिनौं के दया ममा ! ॥
पृथ्वीमा सिन्धु-सम्मैकी जो जो छन् वस्तु वा कुरा ।
तिमीमा म सबै दिन्छु, यो दुराग्रह छोड बा ! ॥
हात जोड्छु महारानी ! म तिम्रो पर्छु पाउमा ।
रामको शरणै होऊ, न लागोस् पाप ता ममा ॥
यसरी दुःखले पाक्तै गर्थे राजा विलाप यो ।
उनमा बीच-बीचैमा मूर्च्छाले पनि छोप्थ्यो ॥
घुम्ध्यो मगज नै सारा शोकमा डुब्दथे यता ।
पार पुग्न उनी चाँडै गर्थे अनुनयादि ता ॥
पतिलाइ-महाराज यस्तो देखे पनी अति ।
रानीको चित्त पग्लेन, झन् ढलीग्दी भइन् उनी ॥
कठोर अवि नै क्रूर भनिन् यस्ता कुरा अफ ।
दिएका वरमा यस्तो पछितो किन हो अब ? ॥
यस्तै हो त भने देखि महाराज ! कसो गरी ।
धर्मात्मा हुन् भनी भयाली पिटाउनु धराभरी ॥
राजर्षिहरू जम्बा भै बसी साथ कुरा गरे ।
जवाफ बक्सिएला के यो बारे मर्जिहोस् भरे ? ॥
ए धर्मज्ञ ! महाराज ! आज्ञा होला कुरो यही ।
मेरो रक्षा गरेकोथ्यो जसले युद्धमा अघि ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

बचाएको थियो फेरि जसले, त्यसको कुरो ।
नाघें मैले दिई पैले वर, झूठा गरें, अहो ! ॥
अहिले भर्खरै मात्र दिन्छु माग भनी वर ।
न दिंदा, झूठ बोल्दामा, के होला स्थिति आखिर? ॥
ती आफ्नो कुलका सारा राजाका शिरमा यता ।
यल्ले कलङ्कको टीका आज्ञा होस् न लगाउला ? ॥
परेवा-बाजको पर्दा झगडा, बाजलाइ त्यो ।
दिएथे शिवि-राजाले मासु काटी शरीरको ॥
विप्रलाई कुनै अन्धा अलर्क-नृपले पनि ।
दिए आँखै झिकी आफ्नो पाए श्रेष्ठ-पदै पनि ॥
सीमा समुद्रले आफ्नो न नाघ्ने देवको अघि ।
जो प्रतिज्ञा गरेकोथ्यो, उ पाल्दैछ अझै त्यही ॥
ठूलाको संझिई चाल जो गरे, जो घटे कुरा ।
प्रतिज्ञा अब आफ्नो त्यो गरी बक्स्योस् स्वयं पुरा ॥
राजन् ! धर्म त्यसै छोडी दिई यो राज्य राममा ।
रम्ने दुबुद्धिले घेर्‍यो कौसल्या लिई साथमा ? ॥
धर्म होस् वा अधर्मैं होस् , होस् असत्य कि सत्य वा ।
तल-माथि हुँदै हुन्न, दिएका पाउँ ती कुरा ॥
विष थुप्रै पिई नत्र म अगाडि हजूरको ।
मरी हाल्छु, दिए देखि राममा अभिषेक त्यो ॥
कौसल्या राजमाता भै जब आफ्नो वरीपरी ।
हात जोड्न लगाएकी जनले घेरिई वरी ॥
हिड्न लाग्छिन् अनी राजन् ! यस्तो देखी उनीकन ।
एकैदिन पनी बाँच्नु मर्नु नैं ठान्छु श्रेय म ॥
म आफ्नो किरिया खाई, खाई भरतको पनि ।
भन्दिन्छु प्रभुलाई यो सुनी बक्स्योस् अझै पनि ॥
निकाल्नु देशबाटै यो रामलाई नभैकन ।
दिए ता पनि त्यस्तो क्यै-गरेवा पनि मान्दिन ॥
चूप लागिन् भनी यत्ति, ती कैकेयी यता अब ।
जवाफै दिइनन् कत्ति, विलाप्थे ता पनी नृप ॥
भेट्ने भरतले राज्य, राम बस्ने गई वन ।
सुने ज्यादै नराम्रा, यी कुरा नृपतिले पुनः ॥
त्यल्ले छर्पटिए राजा भए इन्द्रिय व्याकुल ।
बसे दुई घडीसम्म चूप लागी त्यसै नृप ॥

७७

७८

साञ्है अप्रिय बोल्ने ती प्यारी रानीकनै उनी ।
खाली टकटकी बाँधी स्वयं हेरिरहे अनि ॥
पार्ने हृदयमै धक्का, वज्र जस्तै कठोर त्यो ।
शोक ग्लानि हुने वाक्य सुन्दै दुःखी भए बडो ॥
देखी निश्चय त्यो चर्को खाएको किरिया सुनी ।
काटेको वृक्ष जस्तो भै भनी राम ! लडे उनी ॥
भए होश उडे जस्ता, ठीक उन्मत्तमैं अनि ।
रोगी जस्तै भए, बिग्रे रूप-रङ्ग त्यसै पनि ॥
भए क्वै मणि खोसेका सर्प जस्ता नरेश त ।
दीन-आतुर वाणीमा भने पछि उनीसित ।
अर्थ होइन यो रानी ! अनर्थै हो ल शोचन ! ॥
सिकायो कसले यस्तो भन् भनेर तिमीकन ? ॥
तिम्रो चित्त म ठान्दोछु, छोपेझैं भूत-प्रेतले ।
गर्न यस्ता कुरा नत्र लाज मान्दिन थ्यो र के ? ॥
ज्यादै राम्रो थियो पैले तिम्रो शील-स्वभाव यो ।
अैले त्यो कसरी बिग्र्यो, विपरीत भयो अहो ! ॥
त्यस्तो डर तिमीलाई कसबाट पर्‍यो, किन ? ।
लिडेंढिपी गरी यस्तो माग्दछ्यौ वर जो भन ? ॥
हौ के यै वर मागेकी-पाउँन् भरत राज्य यो ।
राम ता वनमा जाऊन् , रानी! भो! भो!! न माग त्यो ॥
तिम्रो विचार यो देवि ! हो असत्य र तुच्छ हो ।
छोडी हाल तिमी अैले यसलाई अयोग्य हो ॥
छोड रानी ! तिमीलाई छोरा भरतको तथा ।
लोकको पतिको आफ्नो भलो गर्ने मनै छता ॥
भएका टन्न पापैले शोच्यौ यस्ता कुरा किन ? ।
छ यो क्रूर, कि हौ नीच, यो पापै गर्दछ्यौ किन ? ॥
मसा वा रामसा त्यस्ता हुने दुःख र अप्रिय ।
देख्यौ केही कुरा के वा व्यवहार गर्‍यौं कि त ॥
भैगो भरतले राज्य यहाँ पाए भने पनि ।
भोग्लान् र ? शोच यो रानी ! भई राम बिना उनी ॥
किन भन्छ्यौ भने त्यस्तो, मता भरतलाइ ती ।
बलीया धर्ममा ठान्छु राम भन्दा पनी अति ॥
भनौली कसरी रानी ! वन जाउ भनी तिमी ? ।
रामलाइ स्वयं मैले कसरी भन्नु त्यै अनि ? ॥

८४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

भन्यौ लौ ! भैगयो किन्तु रामको मुख तत्क्षण ।
सुन्दा त्यस्तो कुरा कस्तो हुन जाला तिमी गम ! ॥
चन्द्रझैं राहुले छोप्नो हुन्न होला र वस्तुतः ? ।
त्यस्तो मुख अनी मैले कसरी हेर्न सक्नु त ? ॥
मित्र-राजाहरू साथ गरी सल्लाह योग्यको ।
ठहराइ लिएँ बुद्धि गर्ने 'रामाभिषेक' यो ॥
अैले अव त्यसैलाई शत्रुका फौजले सवै ।
ठोक्ता हट्ने स्वसेनाझैं हटाँऊ स्थितिबाट यै ? ॥
दिशा र विदिशाबाट आएका नृपले सव ।
त्यस्तो मलाइ के भन्लान् था पाए पछि यो सव ? ॥
राजाले यो दशरथ इक्ष्वाकु-कुलको भई ।
धेरैसम्म चलाएछ राज्य त्यो मूर्ख नै भई ॥
बूढा-पाका महान् विद्वान् गुणीहरू पनी सब ।
कहाँ छन् राम? यो सोध्लान् वहाँ, के भनुँला तव? ॥
सकुँला के यसै भन्न, कैकेयीले पिरी-पिरी ।
लखेटें रामलाई, ती बनैतिर वशै परी ? ॥
मैले साँचो कुरा भन्दा पैलेको राज्य त्यो दिने ।
कुरा असत्य भै हाल्छ, अनि के गति हो हुने ? ॥
रामलाइ लखेटेको वन, पत्ता भए पछि ।
ती कौसल्या महारानी के भन्नेछिन् भई दुःखी ? ॥
जवाफ दिउँला के म उनलाई त्यसो गरी ।
अनिष्ट उनको यस्तो न राम्रो अप्रियै गरी ? ॥
उनी दासी सरी मेरी सखी आर्या सरी तथा ।
भै ठीक बहिनी आमा, नजीकै बस्तछिन् सदा ॥
असको पुत्रलाई म प्यारो गर्दछु हर्दम ।
प्यारो बोल्ने सँधै, गर्ने प्यारो झन् उनलाइ म ॥
सत्कार गर्नु नै पर्ने तिनैलाइ यतातिर ।
तिम्रो नै निम्तिमा रानी ! गरें नाना अनादर ॥
प्यारो काम-कुरो तिम्रो मैले जो जो गरें अघि ।
पिर्छ त्यै संम्झदा अैले पश्चात्ताप दिंदै अति ॥
खाँदा अपथ्य अन्नादि तरकारीहरू सँग ।
रोगीलाइ पिरे जस्तो अव पिर्दोछ मैकन ॥
न गरेको बिथोलेको राम-राज्याभिषेक र ।
उनको वनमा जानु देख्तामा भइ थर्थर– ॥

१११

११२

उता रानी सुमित्रा ती के भन्लिन् मकनै हरे! ।
विश्वास कसरी गर्लिन् उनी पनि परे भरे? ॥
सुन्लिन् सीता-बुहारी ती जव यी दुःखका कुरा ।
रामको वनमा बास, मरेको शशुरो म हा! ॥
शोक गर्न उनी लाग्लिन् , पतिको निम्तिमा जव ।
यता देख्ता र भोग्दा त्यो लैजान्छिन् प्राण यो तव ॥
हिमाली देशमा जस्तो पतिले प्रिय-किन्नर ।
गर्छे विछोड पर्दामा किन्नरी शोक त्यै ठिक ॥
उता गै वनमा बस्ने विलाप्ने र रुने यता ।
राम-सीताकनै देख्ता धेरै बाँच्तिन है मता ॥
भएर विधवा रानी ! अनि छोरा संगै तिमी ।
राज्य राम्रै अयोध्याको गरौली, सुख होस् अनि ॥
सुन मुख्य कुरो अर्को पुत्र-राम गए वन ।
पक्कै पनि म मर्नेछु ए प्रिये ! बाँच्न सक्तिन ॥
तिमीलाइ म संम्झन्थे सती, सत्यचरित्रकी ।
निक्लियौ अहिले कस्ती असती, दुश्चरित्रकी ॥
यसो हेर्दा भने राम्रो, मिलेको विष भित्र त ।
हुन्छ रक्सी पिए जस्तो मर्त्य, त्यस्तै भएँ म त ॥
व्याधाले गीतले मीठो मारेकै ठीक क्वै मृग ।
भन्दै मीठा कुरा चिप्ला फसायौ हा ! मलाइ त ॥
मलाई अब भन्लान् के आर्य, सज्जन-मानिस ।
छोरो वेच्ने भनी पक्कै संम्झन्छन् नीच वास्तव ॥
विप्र भै पिउँदा रक्सी जस्तो त्यो हुन्छ निन्दित ।
त्यैझैं बाटो र गल्तीमा म हुन्छु अव निन्दित ॥
यो भन्दा अरू के होला दुःख कष्ट हरेशिव! ।
जो म खप्नोछु ए रानी ! तिम्रा यस्ता कुरातक ॥
अनिष्ट फल नै यै हो, पापको जो गरें अघि ।
शिरमै वज्रियो आज, जुन यस्तो प्रकार ली ॥
पापी हुँ म, त्यही मैले न जानेर तिमीकन ।
झुण्ड्याई कण्ठमा राखें, अघि देखि निकै पुनः ॥
पालेकी त्यसरी मैले पोषेकी आज त्यै तिमी ।
भयौ हा ! कण्ठकै पाशो झुण्डिई मर्न पापिनी ! ॥
सानो बालकले जस्तो न जानी कृष्णसर्प क्वै ।
समाती हातले खेल्छ, एक्लैमा पनि मग्न भै ॥

१२८

१२६

त्यही ठीक न जानेर मूर्ख मैले पनी हरे ! ।
क्रीडा गर्रें तिमी साथ, मृत्यु संम्झिन क्यै गरे ॥
महात्मा पुत्र हुन् राम, दुरात्मा म भएँ पिता ।
पितृहीन भए ज्यूँदै हुँदा पनि म, राम हा ! ॥
जगत्का दुनियाँ सारा धिक्कार्छन् अब मैकन ।
यसमा छैन शङ्का क्यै, भन्लान् यस्तो पनी पुनः ॥
हरे ! राजा रहेछन् यी कामी, मूर्ख पनी अति ।
परे जो वशमा स्त्रीको लखेट्छन् वन पुत्र ती ॥
दुब्लाएका निकै नै छन् प्रिय राम यता हरे ! ।
त्यो ब्रह्मचर्य पाल्दा र पढ्दा वेद श्रमै गरे ॥
गुरुको मान्यको सेवा गर्दा छन् कृश झन् उनी ।
वेलामा लाँउने-खाने कष्ट भोग्ने भए उनी ॥
वन जाउ, भने मैले भन्छन् पर्कै हुओस् ! भनी ।
ओठे जवाफ लाँउन्नन्, नाघ्दैनन् क्यै कुरा उनी ॥
वन जाउ, भनी आज्ञा दिंदा जान्न मता भनी ।
नाघे आज्ञा खुशी हुन्थें, गर्ने छैनन् त्यसो उनी ॥
वन पुग्दा न पुग्दैमा उता राम यतातिर ।
लगिन्छु मृत्युद्वारा म सोझै यमपुरीतिर ॥
स्थिति यस्तो हुँदा रानी ! पुरुषश्रेष्ठ राम ती ।
गएमा वनमा, फेरि मर्दा म पनि शोक ली ॥
मेरा प्रिय यहाँ बच्ने जो जो छन् परिवार यी ।
गरौली उनमा ह्वैन ? अत्याचार तिमी अति ॥
ती कौसल्या उता, त्यागी मलाई रामलाइ र ।
शत्रुघ्न-लक्ष्मणैलाई बाँच्लिन् र कसरी तव ? ॥
दुःख खप्नैं न सक्ता त्यो सान्है छर्पटिई उनी ।
हुँदा पतिव्रता जालिन् मेरै पछि-पछी अनि ॥

१४१

१४२

तीनै छोरा र कौसल्या सुमित्रा र मलाइ यो ।
पठाइ नर्कमै ठेली, भोगौली सुख राज्यको ॥
विशुद्ध गुणले नाना अलङ्कृत र सत्कृत ।
इक्ष्वाकु-कुल यो हाम्रो स्थिर भै नित्य चल्दछ ॥
परन्तु अब यै वंश त्याग्दा मैले र रामले ।
स्वयं शोकाकुलै हुन्छ भोगौली अनि चैनले ॥
माने भरतले प्यारो रामलाई निकाल्नु यो ।
उनले गर्नु पर्दैन म मरे दाह-आदि, भो ! ॥
गए राम नरश्रेष्ठ वन, मर्दछु मै पनि ।
गरौली राज्य छोरा ली तिमी भै विधवा अनि ॥
फुटेकै भाग्यले मेरो कुन साइतमा तिमी ।
पसीछयौ घरमा रानी ! भई यस्ती अलच्छिनी ॥
कै पापी-अपराधीको निन्दा चर्चा भए सरि ।
मेरो पनि तिमीद्वारा हुने नै भो जगत्भरी ॥
थुक्छन् सम्पूर्ण प्राणीले गर्छन् निन्दा निरन्तर ।
दिन्छन् अपजसै ठूलो पर्कै पनि जगत्भर ॥
मेरा पुत्र सँधै घुम्थे हात्ती-घोडा चढी रथ ।
त्यो महारण्यमा घुम्लान् कसरी अब पैदल ॥
खाने वेला हुँदा जस्को पैह्री कुण्डल आउँथे ।
तयार पार्छु मै पैले भन्दै भान्छे, पकाउँथे ॥
खाएर जङ्गली नाना तीता, टर्रा, कडा फल ।
निर्वाह कसरी गर्लान् प्रिय-राम तिनै अब ? ॥
बहुमूल्य लुगा पैह्री बसेका सुखमा सदा ।
कसरी वनमा बस्लान् लगाई गेरुवा लुगा ? ॥
गर्ने भरतले राज्य राम घुम्ने वनैवन ।
कसको प्रेरणाले यो भन्यौ क्रूर कुरा भन ? ॥

१५४

स्वाँठ हुन् स्वार्थमै मर्छन् स्त्रीहरू,—कन धिक् छ यो ।
म भन्दिन अरुलाई कैकेयीलाइ भन्छु जो ॥

१५५

ए क्रूर कैकेयि ! अनर्थमा यो देखिस् कसोरी दृढ स्वार्थ त्यस्तो ? ।
संताप-दुःखादि दिनै मलाई टिकिस् तँ मेरो घरबीच आई ॥

१५६

CC-0. In Public Domain. Digitization by eGangotri

१५७
मभा तँ देख्छेस् कुन दोष त्यस्तो भन् ए! अप्यारो कि गरें कुरा पो? ।
देखिस् कि प्राणी-सबको भलो नै गर्ने तिनै सुन्दर राममा पो?॥
देख्ता परेको दुख रामलाई सारा जगत् क्रुद्ध हुनेछ हाई! ।
छोड्लान् पिताले प्रिय पुत्रलाई त्याग्लान् स्वप्रेमी-पति स्त्रीपनी यी॥
म देख्छु क्यै देवकुमार जस्तो सिंगारिएको सुत आँउदा जो ।
आनन्दमा डुब्दछु, ठान्छु यस्तो म फेरि राम्रो तरुनो छु जस्तो॥
सूर्यै न हुन्, यी व्यवहार चल्लान् न वर्षियुन् इन्द्र समस्त बाँच्लान् ।
जाँदा यहाँबाट अरण्य राम बाँच्तैन कोही पनि "ठान्छु यै म"॥
तँ शत्रु होस्, नाश पनी तँ मेरो शोच्छेस् र गर्छेस् अहितै तँ मेरो ।
राखेछु राखे सरि मृत्युलाई त्यस्तै कुनैले, यसरी तँलाई॥
तँ सर्पिणी होस् विष-पूर्ण ज्यादै म मूर्ख भैं हा! अति-मोह पर्दै ।
मैलाई धिक्कार छ, काखमा 'यी फेला परें' राखि अगाडि देखि॥
लिई तँलाई भरतै गरून् यता यो राज्य सारा मनका पुगुन् कुरा ।
मैले तथा लक्ष्मण-रामले पनि हुनेछ जो हीन अकण्टकै अनि॥
यसो गरी बन्धु र बान्धवादिको विनाश गर्दै पुर-गाउँ-राष्ट्रको ।
गर राज्य यो शासन राम्ररी यता भै शत्रुकै हर्ष बढाँउने तँ ता॥
गरिस् यसोरी दुखमा प्रहार यो तँ क्रूर नै होस्, जुन भन्दछेस् यसो ।
भन्दा यसोरी मुखबाट दाँत ता कसो खसेनन् तल, भै सहस्र हा!॥
ती रामको श्रीमुखबाट वास्तव निस्कन्न कैले पनि वाक्य अप्रिय ।
कडा न बोल्छन् न अनिष्ठ गर्दछन् सँधै सबैको हितमात्र गर्दछन्॥
ए दुष्टिनी! सुन् गुणबाट आफ्नु ती छन् पूज्य सारा जनका उनी अति ।
त्यस्ता उनैमाथि अनेक दोष यी थुपार्दछेस् हा! अब भन् कसो गरी?॥
ए पापिनी! केकयराजवंशकी कलङ्किनी होस् तँ वृथा घमण्डकी ।
तेरा कुरा अप्रिय उग्र दारुण गर्ने-अकल्याण ल जा! म गर्दिन॥
जे गर्दछेस् गर्, कित मर्, गलेर जा डढेर मर् वा विष खाइ मर् कि वा ।
हुने हजारौं थर प्वाल भूमिमा पसेर मर् वा वर दिन्न त्यो तँमा॥
तीखो छुरा होस् तँ, गलै तँ रेट्तछेस् बोल्छेस् र प्यारो तँ सँधै फसाँउछेस् ।
छन् दुष्ट तेरा मनका कुरा यता विनाशन खोज्छेस् निज वंश सर्वथा॥
यी प्राण साथै हृदयै पनी यता खोज्छेस् तँ होस् दुष्ट डढाइ मार्न ता ।
तसर्थ वाक्कै म भएँ तँ बाट हा! सहन्न बाँचे पनि ता तँलाइ ता॥
सुपुत्र मेरा प्रिय-रामले विना रहन्न यो जीवन क्यै गरे यहाँ॥
होला कसोरी सुख फेरि त्यो ममा आत्मज्ञलाई पनि हुन्न जो विना॥
तसर्थ मेरो अहितै हुने कुरो न माग्न यस्तो, अरु माग् म दिन्छु त्यो ।
तेरो म खुट्टै पनि छुन्छु देवि! ती प्रसन्न हो लौ अब ता ममा-पति॥

CC-0. In Public Domain. Digitization by eGangotri

अनाथ जस्तै भइ हा ! नरेन्द्र यी परेर स्त्रीको वश दुःखले आर्त ।
विलाप गर्दै त्यसरी अनेकन खोजे उनीको अब पाउनै छुन ॥
१७४

रोगी लडेफैं प्रिय वस्तु क्यै लिन जाँदा, न सक्ता भइ शक्ति नै कम ।
डङ्ग्रङ्ग भै भूपति ती वहीं लडे भेट्नै सकेनन् तर पाउ दुःखले ॥
१७५

इति बाह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेह्रौं सर्ग

महाराज दशरथले महारानी कैकेयीसँग बिन्ती-भाउ गर्नु

१

यो अयोग्य अवस्थामा हुन नै न हुने कसै ।
डङ्ग्रङ्ग भै लडेकाथे राजा खालि जमीनमै ॥
देखिन्थे त्यस वेलामा हुन् मैं राजा-ययाति नै ।
खसेका पुण्य त्यो आफ्नो सकिई स्वर्ग बाट नै ॥
थिन् यतापट्टि कैकेयी मूर्ति साक्षात् अनर्थकी ।
स्वार्थ-सिद्धि अझै सम्म न हुँदा उग्ररूपकी ॥
त्याग्दी डरभरै सारा रामबाट निरन्तर ।
छोरा भरतमा देख्ती त्यसै हुन्छ भनी डर ॥
ती राम्रा अङ्गकी रानी फेरि त्यै वर पाँउन ।
सम्बोधन गरी भन्छिन् राजासँग वहाँ पुनः ॥
हजूर भनि बक्सिन्थ्यो आफूलाई यसो पनि ।
"बलीयो व्रत पाल्ने र सत्य बोल्ने छु मै" भनी ॥
यस हालतमा राजन् ! मेरा वर दुवै किन ? ।
न दिने राखि छोड्ने त ? बक्सियोस् अब पाँउ म ॥
रानीका यी कुरा सुन्दा राजा दुइ घडीतक ।
भए व्याकुल जस्तै र झोक्किएर भने तव ॥
तँ साक्षात् शत्रु होस् मेरी, नीच होस् तँ अलच्छिनी ।
पुरुषश्रेष्ठ श्रीराम गएमा वन मानिनि ! ॥
मरेमा म पनी तेरो धोको पुग्दछ वास्तव ।
ढलीमली अनी गर्लिस् होलिस् तँ सुखिनी तव ॥
मरेर स्वर्गमा जाँदा रामको विषयै लिई ।
सोध्लान् कुशल प्रश्नादि मलाई देवता मिली ॥
भनुँला त्यस बेला के 'पठाएँ वन' यो भने ।
धिक्कार्लान् सब मैलाई सहुँला कसरी ? हरे ! ॥
कैकेयीको प्रियै गर्न मागेझैं उनले दिएँ ।
यसैले रामलाई ती वनैतीर लखेट्दिएँ ॥

१३

१४

यसो भन्दा पछिल्लो यो सत्य भो, अघिको
रामलाई दिने राज्य भो असत्य र अधि
अपूतो थें अहो ! मैले ठूलो यत्न-श्रमै गर
तेजस्वी पुत्र पाएँ ती, अब त्यागूं कसो गरी !
क्रोध जित्ने, क्षमा गर्ने जान्ने शूरा र योग्य
हुने पद्मसरी आँखा रामलाइ निकालु ? हा
जसको अङ्गको कान्ति छ नीलकमलै सरि
लामा-लामा हुने बाहु राम छन् ती महाबल
दिने आनन्द देख्तामै रामलाई तिनै हरे
वन-दण्डकमा घोर कसरी म पठाउँ ? ए
सुख भोग्न सवै योग्य दुःख भोग्न अयोग्य
बुध्दिमान् रामको सक्छु कसरी हेर्न कष्ट हा !
दुःख भोग्न अयोग्यैका राममा कष्ट क्यै न
मरे म वेस नै हुन्थ्यो, पाउँथें सुख झन्
ए कैकेयी ! तँ होस् क्रूर पापनिश्चयकी
सत्य-पराक्रमी राम मेरा छन् प्रिय झन्
मेरो विछोड पार्दीछस् उनै साथ तँ दुष्टिनी !
ठूलो अपजसै होला यस्तो गर्दा तँमा पनि
चित्त ब्याकुल भै ज्यादै राजा गर्थे विलाप
सूर्य अस्ताचलै लागे यता रात्रि पनी
त्यो तीन प्रहरे रात चन्द्रमण्डल-शोभि
थियो ता पनि राजामा सकेन दिन शान्ति
विलाप गर्दथे नाना थिए दुःखित भित्र
तातो सास लिंदै-फेर्दै गर्दथे, वृद्ध थे
ज्यादै पीडा परे जस्तो भित्र पाकेर दुःखले
आकाशतिर हेरेर विलाप अझ गर्दथे

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

नक्षत्र-ग्रह-मालाले सुशोभित निशे ! अहो ! ।
तिमीद्वारा उज्यालो नै न हओस् अब भोलिको ।
कृपा गर ममा देवि ! हात जोड्छु म हे शुभे ! ।
सके सम्म कि ता चाँडै विती हाल तिमी निशे ! ॥
मलाइ जसले गर्दा दुःख-संकष्ट यो पऱ्यो ।
निर्दयी क्रूर यल्लाई हेर्नै चाहन्न भो, पुग्यो ॥
त्यो राजधर्म जानेका राजा यत्ति भनी पछि ।
रानीलाई खुशी पार्न लागे बाँधेर अञ्जलि ॥
ए कल्याणि महारानी ! राम्रै आचारको छु म ।
तेरै आधार यौटा छ दीन, दुःखी पनी छु म ॥

३१

३२

छु आयु सकिए जस्तो सुन् त खास गरी यता ।
महाराज-दशरथ हुँ मै, लौ गर् ममा कृपा ॥
राम्रो कटि हुने रानी ! राम-राज्याभिषेकको ।
गरेको घोषणा मैले ह्वैन एकान्तको कुरो ॥
खिसी गर्न न पाऊन् ती सभासद् यसमा अतः ।
सफा हृदयकी रानी ! गर् दया राम्ररी अब ॥
नीलो कटाक्षकी रानी ! पाँऊन् तैं बाट राम यी ।
राज्य अक्षय, हो तुष्ट, भोग्लिस् जस पनी अती ॥
गर्दा मैले भने जस्तो ए विशाल नितम्बकी ! ।
रानी ! भलो र कल्याण हुने छ सबको अति ॥

३६

२७

भलो छ सुमुखी-रानी ! यसमै रामको अनि ।
मेरो, भरतको तेरो, लोकको, गुरुको पनि ॥

आँखा थिए आँशु हुँदा र-राता थे दीन ती शुद्ध-स्वभाव राजा ।
विलाप गर्थे अति नै विचित्र लाग्थ्यो दया जो सुनि चित्त भित्र ॥
परन्तु सुन्दा पनि यी विलाप रानी डगीनन् लिइ दुष्ट-भाव ।
नाघेर आज्ञा भइ निर्दयी ती कुरै सुनीनन् अति क्रूरता ली ॥
त्यस्तो गरे ता पनि भै अतुष्ट नै उनी निकाल्थिन् प्रतिकूल-वाक्य नै ।
देखेर रानीकन ती रिसाहिनी राजा भए दुःखित झन् वहाँ अनि ॥
तुरुन्त शोचेर स्वपुत्र रामको असह्य त्यस्तो वनवासको कुरो ।
राजा भए तत्क्षण फेरि मूर्छित डङ्ग्रङ्ग भै चीत हुँदै लडे जब ॥
त्यस्ता मनस्वी नृपको विचेत भै जो सास फेर्थे अतिदीर्घ दुःखकै ।
व्यामोह भै रात बिती गयो तव लाग्यो उज्यालो हुन झिस्मिसे अब ॥
भयो उज्यालो भनि नित्य सूचन गर्नेहरूले शुभ गान-वादन ।
गरेर ब्यूँझाउन थालिदिए अनि रोकी दिए किन्तु नरेन्द्रले सुनी ॥

३३

इति तेह्रौं सर्ग

चौधौं सर्ग

महाराज–दशरथले श्रीरामलाई सुमन्त्रद्वारा लिन पठाँउनु

१

पुत्रका शोकले गर्दा भई पीडित वस्तुतः ।
पृथ्वीबीच लडेकाथे, थे महाराज मूर्च्छित ॥
इक्ष्वाकुकुलका श्रेष्ठ ती राजा छर्पटाँउथे ।
कैकेयी पापिनी भन्थिन् अझ यस्ता प्रकारले ॥
महाराज ! प्रतिज्ञा जो गरी बक्स्यो दिने वर ।
अहिले किन संझेको ठूलो पाप गरे सह्र ॥
सुन्दैमा वर पृथ्वीमा लडेको सन्न भै किन ? ।
मर्यादामा अडी वक्स्योस् ! सत्य होस् वाक्य त्यो पुनः॥
धर्म जान्नेहरू भन्छन् सत्य नै श्रेष्ठ धर्म हो ।
लिई आधार त्यै सत्य धर्म थाम्न म भन्छु यो ॥
दिने शरीर आफ्नो नै प्रतिज्ञा गरि बाजमा ।
भेट्टाए शिवि–राजाले गति श्रेष्ठ मिल्यो वहाँ ॥
वेदज्ञ विप्रले आई माग्दा आँखा उनीकन ।
दिए अलर्क राजाले झिकी, खिन्न नभैकन ॥
टिक्दछ सिन्धु सत्यैमा मर्यादा थाम्छ सत्यको ।
सीमा नाघ्दैन जो कत्ति पर्वमा कुर्लियोस् न त्यो ॥
सत्य नै त्यो महाराज ! ॐ एकपद ब्रह्म हो ।
अडेको छ प्रभो ! फेरि धर्म त्यो सत्यबीच यो ॥
छन् वेद अविनाशी जो सत्य नै हुन् यथार्थ ती ।
पाइन्छ ए महाराज ! सत्यैले उच्च त्यो गति ॥
यदि आफ्नो भए बुद्धि धर्ममा स्थित वास्तव ।
सत्यमै अड्नु पर्ला र पाल्नु पर्ला स्वयं अब ॥
साधुमा श्रेष्ठ ए राजन् ! हवोस् सफल त्यो वर ।
हजूरै होइ बक्सिन्छ दिने जब ममा वर ।
फल पाँउन त्यै श्रेष्ठ धर्मको वृद्धि हेतुको ।
यो मेरो प्रेरणाले वा बोलेको सत्य पार्न त्यो ॥

१३

१४

तुरुन्त रामलाई ती ल ! निकाल्दिई बक्सियोस्
तीन पल्ट म भन्दीछु यो कुरो, सुनि बक्सियोस्
म साथ गरि बक्सेको प्रतिज्ञा पूर्ण हुन्न ता
अगाडि प्रभुकै मर्छु, त्यागिएकी छु ता मता
भई निर्डर रानीले भनेमा नृपले अब
सकेनन् खोल्न त्यो पाशो बलिले इन्द्रकै ठि
भयो हृदय राजाको अब उद्भ्रान्त राम्री
रूप–रङ्ग उड्यो सारा मुखबाट न राम्री
पाङ्राको बीचमा फस्ने गाडाको रथको कि वा
भयो गोरु र घोडा वा धुराकै गति ठीक हा !
आँखा देख्नै नसक्नेझैं थिए निष्पट्ट भूपका
धैर्यले चित्त थामेर रानीकन भने तदा
अगाडि अग्निको मैले वेदमन्त्र पढी सब
तेरो हात समातेथें, त्यागें जा ! पापिनी ! अब
त्यसको साथ साथैमा जन्मेको आफ्नु वीर्यले
छोरो भरत त्यो तेरो जा ! तेरै साथ त्यागिदिएँ
वेला छ अझ हेर् रानी! भो! भो! छोड् यो लिंडेढिपी
बित्न लागि सकिन् रात्रि, हुन लाग्यो प्रभात यी !
सूर्योदय हुनासाथ राम–राज्याभिषेक त्यो
अब चाँडो गरौं भन्दै थुप्रिन्छन् जनता अहो !
यसरी नाश्न खोज्छेस् तँ शुभ–शाइत यो भने
रामाभिषेकमा जो छन् जोरेका वस्तु चाँहिने
ती सबै ठिक्क पारेका वस्तुले म मरे पछि
दिन लाँउनु है रानी ! रामलाई जलाञ्जलि
तैंले र पुत्रले तेरो गर्नु पर्दैन क्यै कुरो
भो ! जलाञ्जलि चाहिन्न, दिनु पर्दैन, भो पुग्यो !

२६

२७

सुन् लौ ! मुख्य कुरो यै हो यदि रामाभिषेक यो ।
ए दुष्टिनी ! तँ नाश्छेस् त क्यै गर्ने हक हुन्न त्यो ॥
रामाभिषेक सुन्दा त्यो थिए जन सबै खुश ।
आनन्द सुख थ्यो टन्न साराको मुखमा सत्र ॥
सुन्दा विघ्न पर्‍यो भन्ने उल्टिएलान् सबै कुरा ।
म हेर्न सक्तथें कैले त्यस्तो देखेर यी कुरा ॥
कैकेयीसँग राजाले महात्मा नै थिए जुन ।
कुरा गरि रहेकाथे सम्झाएर पुनः पुनः ॥
यता नक्षत्र-मालाले चन्द्रले अतिशोभिता ।
बितिन् पुण्यमयी रात्रि, उज्यालो भै गयो सफा ॥
थिन् बाठी-चतुरी ज्यादै कैकेयी बात मार्नमा ।
रिसले चूरियिन् साह्रै पर्छिन् मूर्च्छा कि भैं वहाँ ॥
निकै दुष्ट थिइन् रानी रम्दथिन् पाप गर्नमा ।
भन्न राजाकनै लागिन् फेरि दुच्छर-वाक्यमा ॥
के कुरो भनि बक्सेको महाराज ! अयोग्य यो ।
साक्षात् विष मिले जस्तो, शूल जस्तै असह्यको ॥
हजूरले महाराज ! अब आफ्ना सुपुत्र ती ।
रामलाई यहाँ डाकी बक्सनैपर्छ भै खुशी ॥
छोरा भरतलाई ती राज्यमा राखि बक्सियोस् ।
तुरुन्तै रामलाई ता वनमा खेदि बक्सियोस् ॥
मलाइ यसरी पारी शत्रुहीन हुने अब ।
भै बक्सेला महाराज ! कृतकृत्य स्वयं तव ॥
श्रेष्ठ-घोडा कुनै साह्रो कोर्राले हानिए सरि ।
भए पीडित ती राजा कैकेयीका कुरा परी ॥
उनकै प्रेरणाले त्यो भरिएको लिंडेढिपी ।
कैकेयीसँग ती राजा भन्दछन् यसरी पछि ॥
पाशोले धर्मको साह्रै बाँधिएको भएँ मता ।
शुद्धि-बुद्धि पनी मेरो छैन जस्तै भयो यता ॥
यस हालतमा मेरा प्रिय जेठा सुपुत्र ती ।
धर्मात्मा रामलाई नै देख्न इच्छा बढ्यो अति ॥
प्रभात भो, बित्यो रात भयो उदय सूर्यको ।
रामाभिषेकको आयो वेला त्यो पुण्य-पुष्यको ॥
शिष्यले घेरिई आफ्ना महान् गुणी वसिष्ठ ती ।
छिटै पसे पुरीमा यो वस्तु ली चाँहिने जति ॥

४३

४४

त्यस वेला पुरी थिन् यी सिंगारेकी जतातता ।
राजमार्ग र गल्लीमा छर्किंदा जल, थिन् सफा ॥
यता ध्वजा-पताकाले सुशोभित थिइन् अति ।
मनुष्यहरूले सारा हर्ष-उत्साह-पूर्णकी ॥
बजार बेचिने वस्तु द्वारा सुन्दर थे उता ।
यी पुरीको थियो शोभा खुलेको अतिनै तदा ॥
रामाभिषेकको निम्ति सारा उत्सुक थे वहाँ ।
भै रहेको थियो फेरि महोत्सव जहाँ-तहाँ ॥
सुगन्धी वस्तु छर्केका थिए श्रीखण्ड आदि यी ।
धूप ती अगुरू आदि बास्ना फ्याँक्थे भली अति ॥
हुन् इन्द्रकी पुरी जस्ती अयोध्या नाघि गै पर ।
अब ती ऋषिले देखे राजप्रासाद सुन्दर ॥
जहाँ ध्वजा-पताकाका टाँगिएका मनोहर ।
साथ राष्ट्रिय-झण्डा थे भव्य ऊँचा र सुन्दर ॥
पुरका गाँउका सारा जनले टम्म यो सब ।
थियो ब्राह्मण द्वारा जो शोभिएको पनी तब ॥
सिंगारेका सजाएका श्रेष्ठ घोडा थिए वहाँ ।
गर्दथे यज्ञको रक्षा साना दण्ड लिने जहाँ ॥
वसिष्ठ घेरिएका थे चेला-श्रेष्ठ-महर्षिले ।
स्वयं खुश थिए फेरि हेर्दा हेर्दै अघि बढे ॥
अन्तःपुरतिरै लम्के छिचोली सब यी कुरा ।
सुमन्त्रलाई नै भेटे खोपीको द्वारमै तदा ॥
यी सुमन्त्र थिए मन्त्री परे सारथि बन्दथे ।
थे खोपी बाट निस्केका राजाका प्रीति पात्र थे ॥
सूतपुत्र थिए बाठा, उनैलाइ भने यहाँ ।
म आएँ भन गै चाँडो राजालाइ तिमी वहाँ ॥
भन यो पनि राजामा ल्याएकोछु सबै यहाँ ।
चाँहिने जत्ति सामान राम-राज्याभिषेकमा ॥
हुन् यी कलश, गङ्गाका जलले परिपूर्ण छन् ।
सुनका कलशैमा यी सिन्धुका जल टन्न छन् ॥
डुम्रीका काठको राम्रो बन्यो यो, भद्रपीठ हो ।
अभिषेक हुने वेला यसैमा बस्नु पर्छ जो ॥
छन् सर्वौषधिका बीज, श्रीखण्डादि सुगन्ध छन् ।
मह-दुग्ध-दही-लावा-कुश-पुष्प-घृतादि छन् ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

मणि-रत्नादि छन् नाना चाहिन्छन् अभिषेकमा ।
छन् राम्रा अङ्गका कन्या आठ ओठी पनि यहाँ ॥
मत्ता गजेन्द्रको साथ चार घोडे छ त्यो रथ ।
छ खड्ग झिल्मिलै गर्दो, एउटा धनु श्रेष्ठ छ ॥
छ पाल्की जनले बोक्ने, चन्द्रझैं श्वेत छत्र छ ।
सेता चँवर-पङ्खा छन्, छ झारी सुनकै सब ॥
पैन्हेको सुनको माला पहेंलो छ, जुरे वृष ।
बलीयो श्रेष्ठ घोडा छ, चार दान्हे छ, सिंह त ॥
छ सग्लो बाघको छाला, सिंहासन र अग्नि छन् ।
समिधा पनि छन् नानाथरका बाघ आदि छन् ॥
ठिक्क वेश्याहरू छन् ती ठाँटिएका अनेकन ।
छन् सौभाग्यवती नारी, छन् आचार्यादि ब्राह्मण ॥
पवित्र गाइकै साथ पशु-पक्षी मृगादि छन् ।
गाँउमा पुरमा बस्ने श्रेष्ठ मानिस घेर छन् ॥
अ-आफ्ना वर्गकै साथ व्यापारी वैश्य वेर छन् ।
साथमा अरू राजाका खुश छन्, प्रिय बोल्दछन् ॥
सुमन्त्र ! यसरी राम्रा रामको अभिषेक यो ।
हेर्नको निम्ति आएका छ भीड जन-संघको ॥
अव जाउ तिमी भित्र राजामा विन्ति पार यो ।
गर्दौं चाँडो महाराज ! सूर्योदय भई सक्यो ॥
पवित्र पुष्य--नक्षत्र-योगमा यो मनोहर ।
गाँउन् श्री रामले राज्य उदाए पछि सूर्य त ॥
सूत-पुत्र बलीया थे सुने यी ऋषिका कुरा ।
राजाको स्तुति गर्दै ती खोपी भित्र पसे तदा ॥
ढोके-पालेहरू जो जो राजाको प्रिय भै वहाँ ।
वस्तथे, गर्दथे त्यस्तै सँधै प्यारो हुने त्यहाँ ॥
सकेनन् थिनले रोक्न बूढा-मन्त्रीकनै तव ।
थिनलाइ सँधै छोड्नु भन्ने आज्ञा थियो जव ॥
पुगे सुमन्त्र राजाको नजीकै उभिई रहे ।
राजा त्यस्तो अवस्थामा पुगेको जान्दथे र के ? ॥
दिने सन्तोष अत्यन्त वाक्यमा मधुरो अति ।
ती सर्वश्रेष्ठ राजाको कसिए स्तुति गर्न यी ॥
खोपीमा आइ राजाको गरे जस्तै अघी अघि ।
स्तुति गर्न स्वयं लागे हात जोडी सुमन्त्र यी ॥

७७

७८

सूर्योदय हुँदा जस्तो ती तेजस्वी समुद्रले
निकै हर्षित पारेझैं स्नानार्थीकन छालले
स्वयं प्रसन्न भै राजन् ! मानी आनन्द वास्तव
हुने प्रसन्न हामीमा बक्स्योस् आनन्द झन् अव
इन्द्रलाइ यसै वेला सूत-मातलिले अघि
जगाएका थिए राजन् ! गरेरै उनको स्तुति
उनले गै जितेका हुन् अनि पो दैत्य-दानव
जगाँउछु त्यही ठीक प्रभुलाइ पनी अव।
स्वयम्भू प्रभु ब्रह्माको विद्याले साङ्ग-वेदले
अैले जागा गराएझैं म गराँउछु भूपते !।
आधार सव प्राणीको धराको सूर्य-चन्द्रले
जागा अैले गराएझैं म गराँउछु भूपते !।
अव जागा हुओस् राजन् ! सव उत्सव कालका।
हउन् मङ्गलका कार्य प्रातःकालिक सर्वथा।
सुमेरु पर्वतै बाट उठेमा माथि सूर्यको।
हुओस् शोभा भए जस्तो अलङ्कार चढोस् प्रभो !।
कुवेर शिव वरुण इन्द्राग्नि सूर्य-चन्द्रले।
दिउन् विजय प्रभुमा ककुत्स्थ-कुल-भूपते !।
वितिन् भगवती रात्रि, शुभ आज्ञा भए सरि।
सम्पूर्ण गरियो काम, भए सव तयार ती।
बुझेर सव यो राजन् ! बाँकि गर्ने कुरा अव।
जो जो छन् अभिषेकैका गरी बक्स्योस् स्वयं सव।
तयार छन् सवै वस्तु रामका अभिषेकको।
सवै पर्खि रहेकाछन् बाटो हेरी हजूरको।
गाँउका पुरका सारा जनता पनि साथमा।
व्यापारी लिइ छन् ठिक्क हात जोडेर नै वहाँ।
महाराज ! यता फेरि वसिष्ठ भगवान् मुनि।
अरु विप्र लिई साथ पाल्नु भो द्वारमै पनि।
यसर्थ प्रभुले खालि रामराज्याभिषेकको।
आज्ञा नै बक्सिए पुग्छ, होस् प्रभो ! अव शीघ्र त्यो।
गोठालो न भई शोभा हुँदैन पशु आदिको।
सेनापति न भै होला कसरी सैन्यको र त्यो।
जसरी चन्द्रले हीन शोभिन्नन् रात्रि वास्तव।
वथान गाइको जस्तो लिन्न शोभा विना वृष।

८४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

त्यस्तै त्यो राष्ट्रको हुन्न शोभा कन्ति पनी प्रभो ! ।
जहाँ पाइन्न हे राजन् ! शुभ दर्शन भूपको ॥
कुरा सुमन्त्रका यस्ता सान्त्वनापूर्ण सार्थक ।
सुने पछि भए राजा शोकले ग्रस्त झन् तव ॥
ती राजा त्यस वेलामा हुने पुत्र-वियोगको ।
पीरले दीन थे साह्रै हर्षले मुख हीन थ्यो ॥
बढेको शोकले गर्दा आँखा राता थिए दुवै ।
धर्मात्मा भूप यी श्रीमान् भन्छन् शिर उठाँउदै ॥
ए सुमन्त्र ! सुनाएर कुरा यस्ता अनुत्तम ।
यी मर्मस्थानमा मेरा पार्दछौ चोट झन् किन ? ॥
सुनी करुण यो वाक्य, राजाको देखि दुर्दशा ।
क्यै हटे ठाम बाटै त्यो हात जोडी सुमन्त्र ता ॥
राजा बोल्नै सकेनन् ती बढ्दा दुःख र दीनता ।
चतुरी मन्त्रणा जान्ने कैकेयीले भनिन् तदा ॥
ए सुमन्त्र ! महाराज रामराज्याभिषेकको ।
हर्षले बढि उत्कण्ठा जाग्रामै बसि बक्सियो ॥
छर्लङ्ग भो सवै रात त्यसैले थाकि बक्सियो ।
अैले निद्रा परेकोझैं देखिंदो छ, छ वेस यो ! ॥
सुन ! जाउ यहाँ बाट तिमी अब तुरुन्त ल ! ।
यशस्वी रामलाई ती यहाँ डाकेर ल्याउ ल ! ॥

१०४

१०५

हओस् तिम्रो भलो सूत ! गरी हाल तिमी त्यसै ।
तिमीले गर्नु पर्दैन यो कुरामा विचार क्यै ॥
भने सुमन्त्रले यस्तो रानीमा अव भामिनि ! ।
राजाको न सुनी आज्ञा म कसो गरि जाँउ नि ? ॥
मन्त्रीका यी कुरा सुन्दा राजा भन्छन् सुमन्त्रमा ।
म हेर्छु रामलाई ती जाउ, ल्याउ छिटो यहाँ ॥
शोभा धाम गुणी राम परेमा अघि वास्तव ।
हुन्छ कल्याण भन्ठाने राजाले चित्त भो खुश ॥
यता सुमन्त्र ती दौडे राजाज्ञा पाइ भै खुश ।
गए बाटा भरी शोच्तै कैकेयीको भनाइ त ॥
छिटै ल्याँउनमा राम रानी किन भइन् छिटी ? ।
रामाभिषेककै निम्ति होला उत्सुकता बढी ॥
धर्मराजै सरीका छन् हाम्रा राजा यथार्थमा ।
निकै श्रम पर्‍यो होला उनमा यस काममा ॥
यस्तो विचार गर्दै र लिंदै हर्ष पनी अति ।
रामदर्शन-इच्छा ली निक्ले तेजी सुमन्त्र ती ॥
अतिसुन्दर खोपीमा भित्र भीड थियो अति ।
जस्तो समुद्रको भित्र पानीको हुन्छ संस्थिति ॥
राजप्रासादको त्यस्तो पुरद्वामा भव्य-द्वारमा ।
अत्यन्त भीड थ्यो, देखे सारा जम्बा थिए जहाँ ॥

११४

निस्की वहाँ बाट सुमन्त्रले तव देखे अनेकौं जन द्वारमा स्थित ।
पर्खी रहेका पुर-गाँउका सव महान् धनी व्यक्ति पनी उपस्थित ॥

११५

इति चौथौं सर्ग

~ १ ~

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्रौं सर्ग

सुमन्त्रको रामभवनमा गमन

१

अघिल्लो दिनको आज्ञा सरि रात विते पछि ।
भए हाजिर ढोकामा छिटै वैदिक-विप्र ती ॥
ठूल्ठूला व्यक्ति आए ती जुटे राज-पुरोहित ।
भए मन्त्री र सेनाका सञ्चालक उपस्थित ॥
महाजन तथा साहू रामका अभिषेकको ।
निमित्तमा वहाँ आए भै प्रसन्न र भीड थ्यो ॥
यता विमल श्रीसूर्य उदाए अब भो दिन ।
रामका जन्मको कर्कलग्न पर्ने मनोरम ॥
पुष्य नक्षत्रको योग पर्‍यो फेरि पवित्र त्यो ।
विप्र आए लिई सारा वस्तु रामाभिषेकको ॥
सर-सामान सम्पूर्ण ठिक्क पारी गमी, गनी ।
बाटो हेरि रहेकाथे वहाँ सब जना अनि ॥
भएका जलले पूर्ण सुनका कलशै थिए ।
सिंगारेको थियो राम्रो भद्रपीठ प्रयत्नले ॥
चम्किलो बाघछालाले मोरेको भव्य थ्यो रथ ।
गङ्गा र यमुनाको थ्यो पुण्य संगमको जल ॥
यस भित्र थिए फेरि नदी-नाला-जलाशय ।
कूवा-सरोवरैका ती ल्याइएका वहाँ जल ॥
पूर्व-पश्चिम बग्ने र बग्ने दक्षिण-उत्तर ।
तथा माथितिरै बग्ने नदी-श्रेष्ठ सरोवर ॥
दुद जस्तै हुने राम्रा यिनका जल निर्मल ।
ल्याइएका थिए सारा सिन्धुका पनि ता जल ॥
घृत दुग्ध दही लाजा कुश पुष्प तथा मह ।
आठोटी सुन्दरी कन्या मात चढ्दो थियो गज ॥
घडा थे सुन-चाँदीका, ढाकेका दुद आँउने ।
वृक्षका पातले राम्रा त्यस्ता जल भरी हुने ॥

१३

१४

पवित्र जलले टन्न थिए अरू घडा पनि ।
पद्म-उत्पलका फूल शोभिने मुखमा अनि ॥
चन्द्रका किरणै जस्ता छरिने ज्योति चम्किला ।
राम्रा सेता-पहेंला ती जडेका रत्न-श्रेष्ठका ॥
ठिक्क पारेर राखेका रामका अभिषेकका ।
निमित्तका वहाँ उम्दा पङ्खा-चवर थे यता ॥
चन्द्रमण्डलझैं सेतो राम्रो भव्य महान् वहाँ ।
चम्किलो ठिक्क थ्यो छाता रामको अभिषेकमा ॥
सिंगारेको बडो राम्रो सेतो साँढे थियो वहाँ ।
त्यसको साथ-साथैमा सेतै घोडा थियो जहाँ ॥
ठिक्क पारेर राखेका बाजा नानाथरी थिए ।
बन्दी-मागध-सूतादि स्तुति पढ्ने पनी थिए ॥
इक्ष्वाकु-कुल-राजाको राज्यमा अभिषेकको ।
जस्तो सामान चाहिन्थ्यो वहाँ थ्यो सव ठिक्क त्यो ॥
लिएर सर-सामान राम-राज्याभिषेकको ।
वहाँ भेला भएका थे शुभाज्ञा ठीक भूपको ॥
राजैलाइ न देख्तामा भन्न लागे परन्तु ती ।
सारा जनहरू आए, को भन्ला नृपमा गई ? ॥
देख्तैनौं नृपलाई नै सूर्योदय भई सक्यो ।
बुद्धिमान् रामको ठिक् भो यौवराज्याभिषेक यो ॥
यै कुरा गर्दथे सारा अरू राजा पनी बसी ।
सुमन्त्र उनमा भन्छन् यहीं आइ पुगी पछि ॥
श्रीरामलाइ डाक्नै म लिई आज्ञा नरेन्द्रको ।
सके सम्म गरी छीटो जाँदैछु सुन्नु होस् कुरो ! ॥
तपाँईहरु सम्पूर्ण राजाको र विशेषले ।
राम्रा श्रीरामको हाम्रा पूज्य नै हुनुहुन्छ ए ! ॥

२६

२७

वहाँकै तर्फद्वारा म चिरञ्जीवी तपाँईको ।
कुशलादिक सोध्दैछु छ के त सबको भलो ? ।।
राति निद्रा न पर्दामा महाराजकनै छिटो ।
सवारी हुन गाह्रै भो, बुझ्नुहोस् मुख्य यै कुरो ।।
जान्ने कुरा पुराना ती सुमन्त्र अब फर्किए ।
भनेर यत्ति खोपीको ढोकाबीच पुगी गए ।।
थियो सुमन्त्रको निम्ति राजद्वार सँधै खुला ।
पसे भित्र र राजाको वंश-स्तुति गरे तदा ।।
पुगी शयनकक्षाको नजीकै अडिए उनी ।
खालि पर्दा रह्यो बाँकि दुवैका बीचमा अनि ।।
उहीं बाट उनी लागे शुभाशीर्वादसूचक ।
स्तुति नै गर्न राजाको गुणवर्णनपूर्वक ।।
कुवेर—शिव— वरुण—इन्द्राग्नि-सूर्य—चन्द्रले ।
दिउन् विजय प्रभुमा ककुत्स्थ कुल—भूपते ! ।।
बितिन् भगवती रात्रि उदायो दिन पुण्य यो ।
जागा होस् अव राजेन्द्र! गरी बक्सयोस् छ कार्य जो ।।
सैन्यका व्यक्ति ठूल्ठूला आए विप्र पनी अब ।
महाजन तथा साहू प्रभो ! भेला भए सब ।।
चाहन्छन् सब यी राजन् ! प्रभुकै गर्न दर्शन ।
जागाहोस् भो ढिलो साह्रै अव ता रघुनन्दन ! ।।
मन्त्रणा गर्न जान्ने थे मन्त्री सूत सुमन्त्र ती ।
यसरी स्तुति गर्दैथे भन्छन् राजा उठी पछि ।।
मैले सूत ! तिमीलाई राम डाकेर ल्याउँन ।
थिएँ आज्ञा दिएको जो भएन किन पालन ? ।।
नाघियो किन त्यो आज्ञा यसरी, हेतु के भन ? ।
जाउ डाकी छिटै ल्याउ, सुतेको छैन कत्ति म ।।
राजाले यसरी फेरि दिए आज्ञा उनीकन ।
शिर थापे गरे मान उनले त्यसको पुनः ।।
त्यो राजभवनै बाट निक्लिए, बाहिरै तव ।
महान् प्यारो हुने भो यो संझिई भइ हर्षित ।।
शोभा ध्वजा-पताकाले बढेको राजमार्गमा ।
यिनी आइ पुगी हाले डुब्दै आनन्द-हर्षमा ।।
छिटो छिटो यिनी जान्थे हेर्दै हेर्दै यताउति ।
चर्चा गर्थे जहाँ सारा रामको दक्ष भै अति ।।

४३

४४

जहाँ जम्बा हुने सारा रामराज्याभिषेकको ।
कुरा आनन्ददायी त्यो गर्दथे, हर्ष थ्यो वडो ।।
देखे सुमन्त्र-मन्त्रीले टाढै वाट वहाँ अब ।
राम्रो श्री रामको त्यस्तो ऊँचो महल वास्तव ।।
सेतो कैलास जस्तै थ्यो चम्किलो अति सुन्दर ।
साक्षात् सुरेन्द्रकै जस्तो तेजिलो र मनोहर ।।
त्यसको मूल ढोकामा खापा ठूला थिए यता ।
तर बन्द भएका थे खुला थ्यो सानु भाग ता ।।
बाहिरी भागमा बस्ने शयौ वेदीहरू थिए ।
अगाडि मूल-ढोकामा सुनका देव मूर्ति थे ।।
यिनमा मणि-मूगाका जडेका तोरणादि थे ।
मेरुका हुन् गुफा जस्तै देखिन्थे, जग्मगाउँथे ।।
हुन् शरत् ऋतुकै राम्रा मेघकै सरि कान्तिको ।
थियो भवन यो ज्यादै चम्किलो भव्यरूपको ।।
सुवर्ण-पुष्पमालाको जडेका बीच-बीचमा ।
मणिले रत्नले नाना सजिएको थियो वहाँ ।।
बाहिरी भागमै नाना मणि-मुक्तादि शोभिंदा ।
जग्मगाइ रहेको थ्यो कलाले टाँसि राखिंदा ।।
सुगन्धी वस्तु थे नाना बास्ना फयाँक्थे जताततै ।
चन्दनागुरु इत्यादि जल्थे महलमा सदा ।।
मलयाचल-सीमाको गिरि दर्दुरको कुनै ।
टाकुरोकै सरी फयाँक्थ्यो बास्ना यो हर्दथ्यो मनै ।।
मीठो स्वर झिकी बोल्ने पक्षीहरू थिए यहाँ ।
ती सारस-मयूरादि शोभा भर्थे जहाँ तहाँ ।।
वहाँ सुवर्णका राम्रा ब्वाँसाका मूर्तिथे शुभ ।
ती कलाकार-शिल्पीले पारेका अङ्कितै सब ।।
शोभाले आफ्नु बढ्दो यो जो प्राणी गइ हेर्दथ्यो ।
त्यसका मनको साथै तान्दथ्यो नेत्र सम्म त्यो ।।
चम्किलो तेजिलो थ्यो यो चन्द्रसूर्य समानको ।
धन-सम्पत्तिले पूर्ण घर हो झैं कुवेरको ।
राम्रो र भव्यतामा यो इन्द्रधाम-समान थ्यो ।
नाना प्रकारका पक्षी खेल्थे बोल्थे जहाँ अहो ! ।।
हो मेरु गिरिको ऊँचो टाकुरो तुल्य शोभिंदो ।
देखे सुमन्त्रले यस्तो रामको दरबार यो ।।

६०

६१

वहाँ जन असंख्यै थे हात जोडी खडा हुने ।
राम-दर्शनको निम्ति मरीमेटेर आँउने ॥
पुरका गाँउका नाना व्यक्ति थे, हात-हातमा ।
लिई टक्र्याउने वस्तु उभिएका जहाँ-जहाँ ॥

६२

६३

रामाभिषेकको त्यस्तो पाई खवर दङ्ग भै
हेर्दा शिर उठाएर शोभा छर्थे जवाले
थियो महल यो राम्रो टुक्रै हो मेघको सरि
सफा सुग्घर अग्लो भै सजिदा पनि राम्रो

६४

६५

भित्ताभर जडेका थे नाना रत्न तथा मणि ।
घुम्थे वरिपरी नाना कुब्जा, भृत्यहरू पनि ॥

पर्दा भएको नृप—वेश्म तर्फ त्यो बढेर जाने रथमा सुयोग्य यो ।
घोडा जुतेका जसमा थिए शुभ आफैं भई सारथि यी बढे तत्र ॥
थ्यो भीड ज्यादै यस राजमार्गमा घेरै थिए नागरिकादि नै जहाँ ।
सम्पूर्णको दङ्ग गराउँदै मन पारी निकै शोभित यी बढे पुनः ॥
महेन्द्र कै हो महलै भने सरि समृद्धिशाली धन-धान्य भै भरी ।
सर्वोच्च राम्रो दरवारको उनी पुगे नजीकै अब वेगिला बनी ॥
सुयोग्य ती उत्तम वस्तु पाउँन श्री रामको त्यो दरवारमा पुनः ।
अत्यन्त नै भीड थियो अनेकको मुजूर साथै मृग खेल्दथे अहो ! ॥
देखेर यी वस्तु सुमन्त्रको तव ठाडा भए रोम, सिरिङ्ग भो सब ।
हुन् स्वर्ग-कैलास-समान सुन्दर ड्योढी छिचोले र पुगे निकै पर ॥
आदेश पाल्ने शुभ रामका प्रिय थिए यहाँ श्रेष्ठ मनुष्य नै सब ।
बढे छिचोली रथमै चढी तव सुमन्त्र अन्तःपुर-द्वारमै अब ॥
वहाँ सुने हर्ष-प्रपूर्ण व्यक्तिका भई रहेका अभिषेकका कुरा ।
श्रीरामका मङ्गलका निमित्तका गर्थे प्रशंसा र भला भला कुरा ॥
थ्यो कान्तिमान् यो दरवार भव्य भै उँचो र अग्लो स्थिर मेरु-शृङ्ग झैं ।
थ्यो देखिँदो हो सरि इन्द्रकै स्वतः देखे उनीले मृग-पक्षि भूषित ॥
थे द्वारमै ठीक वहाँ अनेकन टक्र्याँउने वस्तु लिने मनोरम ।
भेला भएका पुर-गाउँका जन जोडी रहेका कर, गर्न दर्शन ॥
संख्या करोडौं यिनको थियो वहाँ खाली थिए वाहन त्यत्तिकै जहाँ ।
हुँदा सबै वस्तु र मर्त्य ती वहाँ अत्यन्त नै भीड थियो जहाँ-तहाँ ॥
गै बज्रियो नेत्र सुमन्त्रको यता चढ्ने गरेको प्रभु-राम बाट ता ।
सुशोभिएको गजराजमा, जुन अत्यन्त राम्रो र महान् थियो पुनः ॥
हो मेघ जस्तै गिरि-शृङ्गमा हुने ऊँचो तथा अङ्कुश तुच्छ संझने ।
विशाल 'शत्रुञ्जय' नाम यो हुने, चढ्दो निकै मात, असह्यता लिने ॥
अमात्य-मन्त्रीहरू मुख्य मुख्य ती राजेन्द्रका जो प्रिय-पात्र थे अति ।
चढेर हात्ती-रथमा र अश्वमा थिए डटेका सब भव्य-वस्त्रमा ॥

७९

पन्छाइ एकातिर यी सबैकन सुमन्त्र बढ्दै अघि गै गए पुनः ।
समृद्धिशाली प्रभु-रामको शुभ गै सर्र खोपी नजिकै पुगे तव ॥
अनेक कोठाहरूले सुशोभिंदो महाविमानै सरिको र भव्य यो ।
थ्यो रामप्रासाद, गिरीन्द्रको कुनै हो टाकुरोमा गइ बस्छ मेघ मैं ॥
भरीभराऊ मणि-रत्नले हुँदो समुद्रमा ग्राह पसे सरी अहो ! ।
भण्डार जस्तो मणि रत्नको त्यस प्रासादमा सूत गई पसे तव ॥

८१

इति पन्ध्रौं सर्ग

सोह्रौं सर्ग

मन्त्री–सुमन्त्रले महाराजको सन्देश सुनाँउनु र रामको सवारी हुनु

१

खोपीको नजिकै ठूलो कोठा थ्यो, त्यसमा तर ।
थिएन अरुमा जस्तो भीड, एकान्त थ्यो स्थिर ॥
जान्ने कुरा पुराना ती सुमन्त्र यसमै पुगे ।
जहाँ विश्वासिला ज्यादै रामका भृत्य बस्तथे ॥
राममा मरिमेट्ने यी थिए एकाग्र-चित्तका ।
धनु भाला लिएका र सावधान हुने युवा ॥
तम्तयार भई बस्थे यिनका कानमा यता ।
शोभा पाई रहेकाथे शुद्ध कुण्डल स्वर्णका ॥
ड्योढिमा त्यसको फेरि हातमा दण्ड वेतका ।
लिएका व्यक्ति थे राम्रा पैह्रेका गहना-लुगा ॥
गेरुवा वस्त्र पैह्रेका बूढा थे होशियार थे ।
जो अन्त पुरका स्त्रीको भै संरक्षक बस्तथे ॥
रामका प्रिय गर्ने यी उठे आसन नै त्यजी ।
हड्बडाइ निकै, देख्ता आएका सूतलाइ ती ॥
चतुरा राज-सेवामा थिए मन्त्री-सुमन्त्र यी ।
भने यो अडिंदै केही वहाँका जनमा पछि ॥
तपाँईहरू गै चाँडो पाउमा राजपुत्रको ।
विन्ति पार्नोस् छ आएको द्वारबीच सुमन्त्र, यो ।
स्वामीको प्रिय गर्ने ती रामका पाउमा पुगे ।
सीतासंगै थियो राज, भनेझैं उनले भने ॥
प्यारो गर्न पिताजीको भित्रिया भृत्य सूत यी ।
अब बोलाइए भित्र खोपीमै भृत्यबाट ती ॥
गहना र लुगा उम्दा बहुमूल्य अमूल्य ती ।
पैह्री राम वसेकाथे, कुवेरै तुल्यका भई ॥
थियो पलँग अत्यन्त भव्य सुन्दर स्वर्णको ।
कसेको जसमा त्यस्तै विछ्यौना शोभिंदो थियो ॥

१३

१४

रामका अङ्ग थे सारा अति उज्ज्वल झल्मल
देख्तैमा शत्रुलाई जो पार्दथे नित्य तुल्बुल ।
बराह-रुधिरै जस्तो रातो श्रीखण्डको शुभ
लेपिएको थियो लेप सुगन्धित वहाँ सब ।
वसेर नजिकै सीता लिई चवँर हातमा ।
झुलाँउथिन् , थियो शोभा हुन् झैं चित्रा र चन्द्रमा ॥
तेजिला सूर्यको जस्तो आफ्नो नित्य प्रकाशले ।
हुँदा सम्पन्न ज्यादै नै प्रकाशित स्वयं थिए ।
वन्दी विनय जानेका मन्त्री श्रेष्ठ सुमन्त्रले ।
दिने वर वहाँलाई नमस्कार गरे झुके ।
विहारासनमा बस्ने प्रसन्न—मुख राममा ।
राज—सत्कृत ती भन्छन् हात जोडी यसो वहाँ ॥
प्रभो ! मुमा महारानी प्रभु जस्ता हुँदा सुत ।
छोरा श्रेष्ठ हुने मध्ये श्रेष्ठ भै बक्सियो स्वतः ॥
कैकेयी साथ ली रानी पिता-राजा हजूरको ।
वहाँ राज भएकोछ, इच्छा भो अब देख्नको ॥
तसर्थ अहिले राम ! प्रभुले जानु पर्दछ ।
विलम्ब यसमा कत्ति हुनुहुन्न, अयोग्य छ ॥
सुन्त्रले यसो भन्दा कान्तिमान् नरसिंह ती ।
राम भन्छन् स्वपत्नीमा गरी मान यसो पछि ॥
पक्कै बुबा—मुमा सीते ! मेरो विषयमा वहाँ ।
सल्लाह गरि बक्सिन्छ क्यै कुरा अभिषेकमा ॥
अभिप्राय बुझी स्पष्ट आफ्ना पति-नरेन्द्रको ।
ती कैकेयी मुमा मेरो गरी बक्सिन्छ है भलो ॥
यसैले यस वारेमा चाँडो गर्न बुवाकन ।
प्रेरणा हुन गो होला पुगें म अनि डाकिन ॥

२६

२७

कैकेयी राजपुत्री ती टेढा सुन्दर-नेत्रकी ।
अभिषेक हुने सुन्दा भै बक्सेछ निकै खुशी ॥
मेरो प्यारो हुने देवि ! हुने हित-भलो कुरो ।
गर्न नै चाहिबक्सिन्छ भो यही खुशको कुरो ॥
यसैले भाग्यले मेरो बुवा-राजेन्द्र प्रेमले ।
आफ्नी त्यस्ती प्रिया रानी साथमा राज भो प्रिये ! ॥
उहाँहरू दुवै बाट पछि मेरो भलो प्रिय ।
गर्नें सुमन्त्रद्वारा यी वहाँ बोलाइएँ म त ॥
अन्तरङ्ग-सभा जस्तै दूत आए यहाँ भला ।
हुन्छ आज वहाँ पक्कै यौवराज्याभिषेक ता ॥
खुशीको छ कुरा सीते ! यहाँ बाट गई छिटै ।
पृथिवीपति-राजाका गर्छु दर्शन पाउकै ॥
परिवारहरू साथ सखी-केटी समानका ।
तिमी बस यहाँ देवि ! सुख साथ गएँ म ता ॥
सम्मान पतिको यस्तो पाएकी जानकी तव ।
पछि श्रीरामको लागिन् पुर्‍याँउन भनी अब ॥
नेत्र नीला र राम्रा थे उनका द्वारसम्म ती ।
आइन् चिताँउदै आफ्ना पतिको मङ्गलै अति ॥
उनी अनि यसो भन्छिन्—आर्यपुत्र ! हजूरको ।
अभिषेक हवोस् अैले पदमा युवराजको ॥
यिनै विप्र लिई साथ पछिको राजसूयमा ।
सम्राट्को पद होस् प्राप्त राजा बाट हजूरमा ॥
गरेथे इन्द्रको जस्तो लोक रच्ने विरिञ्चिले ।
अभिषेक त्यही ठीक हओस् त्यो पनि प्रेमले ॥
अब त्यै यज्ञको निम्ति हजूर भइ दीक्षित ।
दासी यो हेर्न चाहन्छे लिएको प्रभुले व्रत ॥
पैन्हेको मृग-छाला त्यो पवित्र अति उत्तम ।
बाहुमा लिइ बक्सेको त्यसकै सींग हेर्छु म ॥
आर्यपुत्र ! छ यो मेरो प्रभुमा शुभ-कामना ।
गरेर राम्ररी सेवा म बस्छु अनि पाउमा ॥
पूर्वमा इन्द्रले रक्षा गरुन् दक्षिणमा यम ।
कुबेर उत्तरैपट्टि गरुन् वरुण पश्चिम ॥
गरी काम-कुरा यस्ता मङ्गलोत्सवका अब ।
लिई स्वीकृति सीताको राम जान हिंडे तव ॥

४३

४४

लिई सुमन्त्र साथैमा आफ्नो प्रासाद्बाट यो ।
यशस्वी-राम निस्के यी राजप्रासादतर्फ त्यो ॥
कुनै गिरी-गुफाबाट निस्के झैं सिंह निस्किए ।
ढोकैमा हात जोडेका भाइ लक्ष्मण देखिए ॥
ड्योढीमा बीचको आए जहाँ मित्रहरू थिए ।
थिए आशा-मुखी नाना मिले, इच्छा पुरा गरे ॥
तेजिलो अग्नि झैं श्रेष्ठ रथ आफ्नो चढे अब ।
मोढेको बाघ-छालाले शोभिएको पनी स्वतः ॥
गर्थ्यो यो रथ हिंड्दामा मेघकै सरि गर्जना ।
विशाल ठाम थ्यो भित्र मणि-स्वर्ण थिए जहाँ ॥
सुमेरुपर्वतै जस्तो सुवर्णमय यो रथ ।
कान्तिले तेजले आफ्नो खिंच्तथ्यो नेत्र नै तव ॥
यसमा जोतिएकाथे छावाझैं अश्व तेजिला ।
छीटा घोडा हुँदा लिन्थ्यो इन्द्रकै रथ-तुल्यता ॥
यसैबीच चढे राम त्यस्तै भइ त्यसै गरी ।
दिव्यज्योति छरी आफ्नो गै हाले शीघ्रता भरी ॥
थुप्रोबाट कुनै ठूलो मेघको, चन्द्रमा सरि ।
निस्किए अति नै राम्रो आफ्नो महलबाट यी ॥
जस्तो अकाशमा मेघ गर्जिइन्छ त्यसै गरी ।
गर्जिदै रथ त्यो दौड्यो दिशा गुञ्जाउँदै वरी ॥
पछाडि दाजुको वस्तै लिई चवँर हातमा ।
सेवा गर्दै गए आफैं प्रिय-लक्ष्मण साथमा ॥
निस्कँदा राम देखेर थुप्रिए जनता वहाँ ।
कोलाहल उठ्यो ठूलो यसबाट जहाँ-तहाँ ॥
रामका पछि लागे यी अब उत्सव-भीड भो ।
गयो पछि-पछी राम्रै शान्ति भो, क्रमले बढ्यो ॥
सजाएका सिंगारेका जातका श्रेष्ठ अश्व र ।
पर्वतैतुल्यका ठूला लस्किए गज सुन्दर ॥
रामका पछि लाग्ने यी हात्तीको अश्वको पनि ।
संख्या शयौं-हजारौंको पुग्न जान्थ्यो वहाँ अनि ॥
अगाडि यिनको केही चन्दनागुरु-लेपले ।
विभूषित हुने राम्रा पैह्रैका कवचादिले ॥
लिएका हातमा भाला-धनु-खड्गादि उत्तम ।
हिंड्थे सैन्यका व्यक्ति शूर-वीर लिई क्रम ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

पछाडि यिनको हिंड्थे श्रेय-मङ्गल-गायक ।
शुभाशीर्वाद टक्र्याई रामका व्यक्ति ती प्रिय ॥
अनेकथर बाजाको अब यो राजमार्गमा ।
छरियो ध्वनि सर्वत्र ज्यादै मधुर-शब्दमा ॥
पछाडि यसको लागे बन्दी-मागध सूत ती ।
प्रशंसा गर्दथे जो यी रामका गुणकै अति ॥
शूर-वीरहरू जो जो वहाँका सैन्यमा थिए ।
सिंहनाद गरी हिंड्थे, जनता सब सुन्दथे ॥
यसरी गुञ्जियो शब्द बाजाको स्तुतिपाठको ।
त्यो सिंहनादकोसम्म जसले सब व्याप्त भो ॥
झ्यालमा घरका आफ्नो बसेका स्त्रीहरू उता ।
गर्दथे राममा वर्षा फूल-लावा-अबीरका ॥
सारा सिंगारिएका थे थियो सर्वाङ्ग सुन्दर ।
लोकाभिराम श्रीराम लक्ष्यले अतिसुन्दर ॥
अगाडि यसरी बढ्दा बस्नेले तल भूमिमा ।
बस्नेले झ्यालमासम्म कुरा हाले अ-आफुमा ॥

६८

६६

रामका प्रिय थे सारा साराका थे राम प्रिय।
कुरा प्रिय-मनोहारी गर्दथे सुन्नमा प्रिय।
राममा ढोग टक्र्याई प्रेमले भन्दथे यसो-
श्रीराम ! प्रभुकी माता कौसल्या धन्य हुन् अहो!।
कति आनन्द मान्दी हुन् पक्कै पनि उनी वहाँ।
निस्केको यसरी देख्ता छोरा प्रभुकनै यहाँ।
अब होस् सिद्ध-यात्रा यो मिलोस् पैतृक-राज्य त्यो।
हामी साथ सुनी देखी माता गद्गद हुन् प्रभो!।
छन् सौभाग्यवती नारी जत्ति जो तिन मध्यमा।
श्रेष्ठ हुन् यी सती सीता, भन्न लागे अ-आफुमा।
कस्ती हृदयकी प्यारी ती सीता रामकी अहो!।
उनीले पहिले पक्कै गरियो क्यै न क्यै त त्यो।
गर्न गाह्रो निकै चर्को गरिछन् उनले तप।
भेट्टाइन् जसले गर्दा त्यो "सौभाग्यवती" पद।
नभए कसरी भेट्थिन् राम-संबन्ध दिव्य त्यो।
कस्तो जोडी पनी मिल्दो रोहिणी-चन्द्रकै न हो।

७६

७७

यो राजमार्गमा बढ्दै सुन्दथे राम यी कुरा ।
अटाली झ्यालमा बस्ने जो गर्थे प्रिय यी कुरा ॥

प्रसन्न भै त्यो नगरी भरी भरी भेला भएका जनका थरी थरी ।
सुनेर आफ्नो विषयै लिने कुरा बढ्यो सवारी अघि रामको तदा ॥

भन्थे यसो ती—अब रामभद्र यी भेट्टाउँछन् राज्यसमृद्धि राम्ररी ।
हुनेछ पक्कै नृपको कृपा पनि जो गैरहेछन् लिनलाइ त्यो यिनी ॥

हामीहरूका मनका कुरा अब हुने भए पूर्ण भए जती सब ।
जो पाउँछौं यी प्रभु-रामलाई ता हाम्रो हुने शासक योग्य-रूपका ॥

पाए भने यो सब राज्य राष्ट्रको स्वयं यिनीले चिरकालसम्मको ।
सारा जगत्का जनको यथार्थमा हुनेछ राम्रो र भलो जहाँ तहाँ ॥

भई यिनी शासक राज्य यो गरे हुँदैन होला तल-माथि क्यै गरे ।
देख्लान् कसैले न त दुःख क्यै कहीं होला कसैको न त अप्रियै कहीं ॥

बढ्थ्यो सवारी अघि रामको यता हुँदै थिए तापनि ती कुरा त्यता ।
कुवेरकै तुल्य अतुल्यरूपका शोभा भयो सुन्दर रामको उता ॥

विचित्र थ्यो उत्सव-भीड यो अहो ! भै मग्न घोडा सब हिन्हिनाउँथे ।
झुलेर आनन्दित भै यता बडो चिंघाड गर्थे गज, दुन्मुनाउँथे ॥

CC-0. In Public Domain. Digitization by eGangotri

८५

अगाडि जान्थे जति स्वस्तिकादि ती बन्दी थिए यी, जयकार गाँउथे ।
थे सूत जो जो सब ती उतातिर अत्यन्त राम्रा स्तुतिपाठ गर्दथे ॥
गाएर नाना गुण आदि मागध त्यो वंशको उच्च बयान गर्दथे ।
बडे बडे गायक श्रेष्ठ वादक गाई-बजाई मन-कान हर्दथे ॥
हुने सफा-सुग्घर ता जहाँ-तहाँ बढ्दै गएमा अघि राजमार्गमा ।
श्रीरामको दृष्टि पऱ्यो बजारमा समर्थ साह्रै मन-कान तान्नमा ॥
थे वेचिने वस्तु अनेक खालका नानाथरीका मणि-रत्न आदिका ।
सुशोभिएका पसलै भरी भरी सजाइ राख्ता अति राम्ररी गरी ॥
थिए बसेका जनता जहाँ उति त्यो मार्गका संगममा मिली अति ।
ढोई र मत्ता रथ अश्व बाट ती भरीभराऊ त्विति थिन् हुँदा अति ॥

८६

इति सोह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्रौं सर्ग

श्रीरामको राजप्रासाद-प्रवेश

१

चढेका रथमा त्यस्तो तेजिला राम यै रित ।
बढे अघि लिई भाई तुष्टचित्त सुहृत्सित ॥
अगाडि उनले देखे-सारा घर तथा पुर ।
नाना ध्वजा-पताकाले सजिएका र सुन्दर ॥
थियो अगुरु इत्यादि धूप बल्दा सुवासित ।
थुप्रिदाँ जनता सारा अति भीड थियो स्वतः ॥
सेता बादलझैं अग्ला सुशोभित गृहादिले ।
छर्ने अगुरुको बास्ना गए यै राजमार्गले ॥
यो राजमार्गमा फेरि राम्रा असल खालको ।
थियो चन्दन राखेको राशै, अगुरु-धूपको ॥
सुगन्धी द्रव्य थे नाना राश-राश जहाँ तहाँ ।
सन-रेशमका वस्त्र शोभिन्थे थान-थानमा ॥
थिए स्फटिकका नाना मालताल विभूषित ।
थिए मोती न छेडेका बाटाभर सुविस्तृत ॥
थिए नाना थरी फूल सुशोभित यहाँ पुनः ।
भक्ष्य वस्तु थिए नाना राखेका उत्तमोत्तम ॥
सुशील रामद्वारा यी देखिए राजमार्ग ती ।
स्वर्गमा देखिए जस्तो इन्द्रले देवका पति ॥
दोबाटा सब चौबाटा भर मङ्गल-वस्तु थे ।
वहाँ सजाइ राखेका दही—अक्षत धूप थे ॥
लावा-हविष्यले त्यस्तै चन्दनागुरु आदिले ।
सुगन्धी-द्रव्यले नाना पूजिन्थे पुष्पहारले ॥
मान्यका मित्रका नाना अरूका मुखको पनि ।
आशीर्वाद लिंदै भोग्दै अघि बढ्दै गए उनी ॥
जसलाई कुरा जस्तो गर्नु पर्थ्यो त्यही गरी ।
गरे आदर सम्मान रामले पनि राम्ररी ॥

१३

१४

भन्दथे ती यसो-राम ! पदमा युवराजको ।
चढेर नाम त्यो राख बाबु-बाजे-बराजुको ॥
उनकै मार्गमा राम्रो हिंडी हामीहरूकन ।
प्रभुले गर्नु पर्नेछ राम्ररी अब पालन ॥
भन्थे अ-आफुमा चाँहि उनीहरू वहाँ यसो- ।
यिनका बाबु-बाजेले हामीलाई गरी जसो ॥
थिए पाले र पोषेका, त्यो भन्दा पनि राम्ररी ।
पोषिन्छौं सुख भोग्नेछौं यिनी राजा भए पछि ॥
भोग-मोक्षादि चाहिन्न, भो! भो !! देख्छौं भने यदि ।
राज्याभिषेक ली आज फर्कने रामलाइ यी ॥
तेजिला रामको यस्ता हुनु राज्याभिषेक यै ।
हामीले देख्नु भन्दा त्यो प्यारो ता अरु हुन्न क्यै ॥
मीठा यस्ता प्रशंसाका सुनी प्रिय भला कुरा ।
भएनन् दङ्ग वा खिन्न अघि बढ्दै गए तदा ॥
नरोत्तम गुणी राम निकै टाढा पुगे पनि ।
सक्तैन थे कुनै व्यक्तिः रोक्न आँखा मनै पनि ॥
राममा थ्यो यही यौटा महान् आश्चर्यको कुरो ।
जो देख्थ्यो पक्क पर्थ्यो त्यो, जो शोच्थ्यो छक्क बन्दथ्यो ॥
सकेन देख्न यो वेला जसले रामलाइ यी ।
देखिएन भने फेरि व्यक्ति जो रामबाट यी ॥
साह्रै निन्दित मानिन्थ्यो व्यक्ति त्यो सब लोकमा ।
त्यल्लाइ त्यसकै आत्मा स्वयं धिक्कार्दथ्यो वहाँ ॥
धर्मात्मा राम चारोटै वर्णका व्यक्तिबीच ती ।
स्थिति हेरी दया गर्थे, मरिमेट्थे तसर्थ यी ॥
देवमार्ग र चौबाटा वृक्ष मन्दिर चैत्य ती ।
घुमेर दाहिने पारी राजपुत्र बढे अघि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अब आइ पुग्यो राम्रो राजप्रासाद त्यो शुभ ।
सेतो र तेजिलो अग्लो हो जस्तो मेघमण्डल ॥
कैलास-टाकुरा जस्ता ऊँचा नाना प्रकारका ।
अटालीहरू नै शोभा जहाँ फेंक्थे स्वयं सफा ॥
सेता विमानका ताँति फैलिएमैं अकाशमा ।
भएका रत्नका जाली क्रीडा-गृह थिए वहाँ ॥

२९

३०

महेन्द्र-महलै जस्तो पृथ्वीमा श्रेष्ठ यो थियो ।
यसैबीच पसे राम कान्तिले भइ तेजिलो ॥
मूलढोका र ड्यौढी थे वहाँ पाँच बडे बडे ।
गरेका सर्वदा रक्षा लिएका धनु वीरले ॥
काटे अगाडिका तीन अश्वयुक्त रथै चढी ।
दुइमा अरु ओर्लेर गए पैदल राम यी ॥

३२

काटेर यसरी ड्यौढी मूलढोका पनी तव ।
विदा दिइ सबैलाई खोपी भित्र पसे अब ॥

३३

जाँदा पिताको नजिकै उनी उता साह्रै खुशी भो जनता स्वयं यता ।
पर्खी बस्यो मार्ग नियालि रामको पर्खीन्छ चन्द्रोदय सिन्धु, ठीक भो ॥

३४

इति सत्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठारौं सर्ग

श्रीरामलाई वनवास–निर्देश

१

अब श्रीरामले देखे राम्रो आसनमा वहाँ ।
पितालाइ वसेका ती कैकेयी लिइ साथमा ॥
त्यसवेला पिताको थ्यो अवस्था शोचनीय र ।
सुकेको मुख अत्यन्त दयनीय असुन्दर ॥
लिएर नम्रता ठूलो रामले नजिकै पुगी ।
पहिले बाबुलाई ती ढोग्दिए पाउमा झुकी ॥
सावधान भई ज्यादै उनले त्यसको पछि ।
कैकेयीको मुमा-रानी ढोग्दिए पाउ बीच ती ॥
त्यस्तो दीन अवस्थामा पुगेका नृपले अब ।
राम ! यत्ति भने खालि भए चूप, उनी तव ॥
आँखाभर भयो आँशु नेत्र व्याकुल भै गए ।
न त हेर्नै सके कत्ति, न त क्यै बोल्न नै सके ॥
राजाको रूप डर्लाग्दो देख्ता त्यस्तो अपूर्वको ।
खुट्टाले सर्प छोएझैं राममा पनि त्रास भो ॥
यता इन्द्रिय राजाका अप्रसन्न थिए अति ।
उता शोक र तापैले दुब्लाएका थिए उति ॥
चित्त व्याकुल थ्यो साह्रै हुँदा पीडित वास्तव ।
लामो सास लिने फेर्ने गर्थे राजा स्वयं तव ॥
उठ्न् छाल, हत्रोस् जस्तो, न डग्ने कहिल्यै तर ।
सिन्धुले छोड्दियो लत्तो भने-जस्तै थिए नृप ॥
ढपक्कै ढाक्दिए जस्तो राहुले सूर्यलाइ वा ।
कुनै महर्षिले झूठो बोले जस्तै थिए तदा ॥
शोच्नै नसकिने शोक के भै यस्तो पऱ्यो भनी ।
निकै तुल्बुलिए राम पर्वका सिन्धुझैं बनी ॥
चतुरा रामले शोचे जो गर्थे हित बाबुको ।
म साथ बोलि बक्सिन्न किन आज बुबा अहो ! ? ।।

१३

१४

भए पनि रिसाएकै महाराज अगाडि ता ।
प्रसन्न भइ बक्सिन्थ्यो देख्ना साथ मलाइ ता ॥
बोल्ने कुरा परै जाओस् आज देख्ता मलाइ त्यै ।
राम्रो छेर्न पनी गाह्रै पऱ्यो, हेतु परेछ क्यै ! ॥
शोच्तै यत्ति कुरा राम शोकले खिन्न झैं भए ।
उडी गो मुखको ज्योति, क्यै उदास सरी भए ॥
अनि रानी-मुमालाई गरेर अभिवादन ।
सोधे श्रीरामले यस्तो वाक्यमा धैर्य लीकन ॥
मुमा ! मैले न जानेर वेहोशैमा परेर वा ।
अपराध कुनै त्यस्तो पिताजीको गरें कि ता ! ॥
रिसाइ बक्सियो के भै बुबा म सँग मर्जिहोस् ।
रिसाएकै भए, तुष्ट हजूरै पार्दि बक्सियोस् ॥
मलाई गरि बक्सिन्थ्यो अतिप्यारो स्वयं पिता ।
आजमात्र पऱ्यो के र मन खिन्न भयो यता ! ॥
संताप देहमा भो वा मनको अभिताप हो ! ।
चोला छ नरको यस्तै सुख पाइन्न नित्य जो ॥
हुने दर्शन नै प्यारो भाई भरतको कि ता ।
क्यै भयो वा,-महान् वीर भाइ शत्रुघ्न लाइ ता ! ॥
उता मुमा सुमित्रा र कौसल्याको कुनै कुरा ।
भयो अप्रिय वा त्यस्तै मुमा ! मर्जिहओस् सफा ॥
महाराज बुबालाई असंतुष्ट गराइ वा ।
बुबाबाट भने जस्तै न गरी तुच्छ संझि वा ॥
यस्तो रिस उठाएर बुबालाई यथार्थमा ।
म बाँच्नै पनि चाहन्न मुहूर्त भर नै मुमा ! ॥
मनुष्य जसले गर्दा जन्म पाँउछ विश्वमा ।
प्रत्यक्ष देवको त्यस्ता नराम्रो गर्छ को यहाँ ! ॥

२६

२७

कि ता हजुरले नै पो क्रोधले अभिमानले ।
बुबामा क्यै भनी बक्स्यो ? जल्ले चित्त दुख्यो हरे ! ॥
मैले थिएन देखेको बुबाको यो दशा अघि ।
यस्तो संताप, यो चाला किन भो ? कुन हेतु ली ? ॥
ममा मुमा-महारानी ! तत्त्व खोलेर वास्तव ।
एक एक भनी बक्स्योस् भए जत्ति कुरा अब ॥
महात्मा-रामले यत्ति भन्दा आफ्नु हुने भलै ।
कैकेयीले भनिन् यस्तो धष्ट भै लाज छोड्दिदै ॥
राजा रिसाइ बक्सेको छैन राम ! न ता कुनै ।
आधि-व्याधि छ लागेको राजालाई, छ वेस नै ॥
छ महाराजको यौटा कुरा हृदयभित्र त्यो ।
भन्न नै सकि बक्सिन्न तिम्रै डर परेर जो ॥
साह्रै प्यारो तिमीलाई भन्न अप्रिय त्यो कुरा ।
वाक्यै फुटेन राजाको सुनाँउन समेत ता ॥
तिमीले गर्नु पर्नेछ सुने पछि अवश्य त्यो ।
प्रतिज्ञा गरि बक्सेथ्यो ममा दिन्छु भनेर जो ॥
प्रतिज्ञा गरि बक्सेको वर मागे सरी दिने ।
मैले त्यो अहिले माग्दा भै बक्स्यो पछितो लिने ॥
वर दिन्छु म लौ माग भनी राम ! नरेशले ।
अब के गरि बक्स्यो यो गरेक्षैं नीच व्यक्तिले ॥
प्रवाह रोक्न पानीको बाँध बाँध्नु त वेस हो ।
तर सुक्ता त्यही पानी बाँध बाँध्नु अनर्थ हो ॥
त्यही ठीक त्यही जस्तो बुझ राम दिई वर ।
माग्दा न दिनु वा टार्नु हो अनर्थ असुन्दर ॥
हो जरो धर्मको सत्य यै छ निश्चय सन्तको ।
पाल्नु पर्दछ त्यै राम ! नृपले अब सत्य त्यो ॥
हुन्छ नत्र न राम्रो नै रिसाई म सँगै यता ।
तिम्रो निमित्तमा छोडी बक्सेमा धर्म-सत्यता ॥
यदि राम्रो न राम्रो वा हुने अप्रिय वा प्रिय ।
तिमी गर्छौ भने देखि राजाको वाक्य त्यो सव ॥
हुन्छ, भन्छु तिमीलाई राजाज्ञा व्यर्थ हुन्न त ।
तिमी साथ स्वयं राजा भनि बक्सिन्न जो बुझ ॥
रामलाइ पऱ्यो पीर कैकेयीका सुनी कुरा ।
भने अगाडि राजाकै मुमा साथ यिनै कुरा ॥

४३

४४

धिक्कार छ ! मुमा-रानी ! ममा यस्तो चिताँउनु ।
भन्नु यस्तो कुरा फेरि पर्छ आश्चर्य मान्नु ॥
म महाराजको आज्ञामात्र पाएँ भने मुमा ! ।
जे पनी गर्छु, हाम्फाल्छु बलेको अग्निसम्ममा ॥
चर्को विष महारानी ! गर्न भक्षण सक्छु म ।
समुद्रमा गई फेरि हाम्फाल्न पनि सक्छु म ॥
मेरो निम्ति महाराज ! साक्षात् गुरु, पिता तथा ।
हितैषी भइ बक्सिन्छ अनि गर्छु सवै कुरा ॥
ए मुमा ! अव आज्ञा होस् तसअर्थ गरूँ म के ? ।
राजा बाट चिताएको पूर्ण हुन्छ गरेर जे ॥
प्रतिज्ञा गरि यो भन्छु पूर्ण गर्छु अवश्य त्यो ।
संम्झिबक्स्योस् मुमा ! राम गर्दैन दुइटा कुरो ॥
सत्यवादी थिए राम राम्रो सीधा-स्वभावका ।
उनका यी कुरा त्यस्ता कैकेयीले सुनिन् तदा ॥
हुने अनार्य-नारीका जस्तो स्थिति,-स्वभावकी ।
उनीले भन्न थालिन् यी कुरा क्रूर कडा अति ॥
अघिको हो कुरो राम ! त्यो देवासुर-युद्धमा ।
राजामा बाणले हाने शत्रुले ती जहाँ-तहाँ ॥
घाबै-घाउ भयो राम ! राजाका गाथमा सव ।
कसो-कसो गरी मैले गरें रक्षा स्वयं तव ॥
त्यो रणक्षेत्रमा तस्मात् त्यसै वेला कुरा बुझ ।
मलाइ बक्सिएको थ्यो राजाले दुइटा वर ॥
अव ती दुइ मध्येका यौटाले भरतैकन ।
राज्याभिषेक त्यो बक्स्योस् भनी मागे कुरा, सुन ! ॥
अर्कोले अहिल्यै राम ! दण्डकारण्यबीच त्यो ।
तिमीले जानु पर्ने यो वर मागे, छ यै कुरो ॥
सत्यवादी पितालाई आफुलाइ पनी पुनः ।
सिद्ध पार्न, भए इच्छा अव मेरा कुरा सुन ! ॥
बोले जस्तो पिताजीले आज्ञा मानी तिमी अव ।
चौध वर्षभरी राम ! वन जाउ उतै बस ॥
यी तिम्रा निम्ति जोरेका वस्तुले अभिषेकका ।
यहाँ भरतको होस् त्यो शुभ राज्याभिषेक ता ॥
निमित्त चौध वर्षैको अभिषेक त्यजी अव ।
पैन्ही चीर, जटा पाली दण्डकारण्यमै बस ॥

६०

६१

सम्पन्न रत्नले नाना घोडा–हात्ती–रथादिले ।
पृथ्वीको यो गरुन् राज्य मेरा भरत शान्तिले ॥
यत्ति नै हो कुरा राम ! यसो गर्दा तिमीसित ।
विछोड हुन्छ, यै सम्झी भै बक्स्यो नृप दुःखित ॥

६२

भनिन् कुरा दुच्छर यी उनीले
भएन श्रीरामकनै परन्तु त्यो

६३

ढाक्दियो मोह–मायाले यसअर्थ यताविर
हेर्न गाऱ्है भयो तस्मात् शोक बढ्दा तिमीविर
अब पालेर राजाज्ञा रामबाबु ! तिमी स्वतः
त्यो महान् सत्य थामेर उद्धार नृपको गर

६४

सुने सवै शान्त भई यिनीले ।
वाक्य पार्ने पिर, शोकहेतु ॥

६५

सामर्थ्यशाली र महान् प्रतापी राजा भने क्रूर कुरा सुनी ती ।
भए निकै पीडित पुत्रका यी वियोग सम्झी लिइ ताप ज्यादि ॥

६६

इति अठारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उणडयिसौं सर्ग

श्रीरामले वनवास जान स्वीकार गर्नु र मातासंग विदा माग्न जानु

१

सुने पनि अप्यारो त्यो मृत्यु-कष्ट हुने कुरा ।
शत्रुनाशक श्रीराम डगेनन् कत्ति नै तदा ॥
पीर माने न ता कत्ति, न ता पीडित नै भए ।
कैकेयी साथ ती रानी उनले अनि यो भने ॥
मुमा! हुन्छ हओस् त्यस्तै, वनमा बस्न जान्छु म ।
पैह्री चीर, जटा पाल्छु, राजाज्ञा गर्छु पालन ॥
बुवाले गरि बक्सेको प्रतिज्ञा सत्य पार्छु त्यो ।
बरु यौटा कुरा पैले मलाई मर्जिहोस् न यो ॥
दुर्जयै भइ बक्सिन्छ शत्रुनाशने नरेश्वर ।
म साथ अधिकैं राम्रो बोलि बक्सिन्न है तर ॥
यो कुरो जान्न चाहन्छु, सुनौं न किन हो ? मुमा ? ।
मर्जिहोस् अफ त्यो सारा एक एक गरी ममा ॥
मैले यस्ता कुरा सोद्धा न राम्रो लाग्न गो भने ।
रिसानी माफ बक्सेला भएँ जो धृष्टता लिने ॥
पैह्री चीर, जटा पाली वनमा आज नै मुमा! ।
म अवश्यै पनी जान्छु, खुश भै राजहोस् यहाँ ॥
आफ्ना पिता-हितैषी र कृतज्ञ-गुरु-भूपको ।
हुने प्यारो, भए आज्ञा निःशङ्क भइ गर्छु त्यो ॥
हुने भरतको राज्याभिषेकादि कुरा किन ।
मलाइ भनि बक्सेन बुवाले, पोल्छ यै मन ॥
अलिल खल्लो भयो चित्त लाग्यो अप्रिय यै कुरा ।
भनेमात्र मुमाले नै गरी हाल्थें सबै पुरा ॥
आज्ञा पाए पिताको फन् मता भरतलाइ ती ।
सीता, राज्य, धन, प्राण स्वयं दिन्थे खुशी भई ॥
स्वयं यदि ममा राजा आज्ञा हुन्छ भने पुनः ।
गर्नै हजुरको प्यारो प्रतिज्ञा गर्छु पालन ॥

१३

१४

म विश्वास दिलाएर भन्छु लौ सुनि बक्सियोस् ।
लाज मान्ने बुवालाई अब संम्झाइ बक्सियोस् ॥
पृथ्वीनाथ भई आफैं पृथ्वीतिर निरन्तर ।
किन हो हेरि बक्सेको खसाली आँशु बर्बर ॥
जाऊन् छीटा चढी घोडा नृपाज्ञा लिइ दूत त ।
ल्याऊन् भरतलाई ती त्यो मामा-घरबाट ल ॥
बुवाको वाक्यमा कत्ति विचारै न गरी अब ।
चौध वर्ष भरी वस्न हिंडी हाल्छु म दण्डक ॥
रामका यी कुरा सुन्दा कैकेयी भै गइन् खुश ।
पत्याइन् र भनिन् छीटै लखेट्ने सुरले अफ ॥
बडो राम्रो भन्यौ राम! त्यस्तै नै हुनु पर्दछ ।
छीटो दौड्ने चढी घोडा जानेछन् दूत ती अब ॥
तुरुन्तै ल्याउने छन् गै मेरा भरतलाइ ती ।
मामाको घर द्वारा त्यो हो मेरो जुन माइती ॥
वन जान तिमी राम! स्वयं उत्सुक छौ अति ।
तस्मात् किन ढिलो गर्नु हिंडी हाल छिटै अति ॥
भई लाज स्वयं राजा सकि बक्सिन्न भन्न क्यै ।
न लेउ यसको चिन्ता कुरो होइन खास क्यै ॥
तिमी यो पुर छाडेर न गए सम्म ता वन ।
गरि बक्सिन्न है राम! पिताजी स्नान-भोजन ॥
ती राजा यी कुरा सुन्दा भई पीडित शोकले ।
यो कस्तो कष्ट ? धिक्कार ! भने सुइय्य ! पनी गरे ॥
नसक्का खप्न त्यो कष्ट सुवर्णमय उज्वल ।
लडे पलङ्गमा राजा, परे मूर्च्छा स्वयं तव ॥
बुवालाइ उठाएर राखे श्रीरामले तव ।
तुरुन्तै बन हिंड्नामा भए उत्सुक फन् अब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कैकेयीको हुँदा त्यस्तो प्रेरणा भित्र वास्तव ।
कोर्राले पिटिएको क्वै घोडाकै स्थिति भो जव ॥
दुष्टिनी-कैकेयीका ती सुनी क्रूर कडा कुरा ।
परेन उनमा पीडा रानीसँग भने तदा ॥
मुमा ! होइन स्वार्थी म धनमा मरिमेट्तिन ।
तसर्थ लोकमा यस्तो म बस्न पनि खोज्दिन ॥
संम्झिबक्सनु पर्ने हो म पनी ऋषि-तुल्य भै ।
टिक्छौं धर्ममा नित्य मुमा ! निर्मलरूपकै ॥
आफ्ना पूज्य-पिताजीको प्यारो, मैले गरी हुने ।
भए त्यस्तो, हओस् जस्तो, संम्झिबक्स्योस् गरें गरें ॥
त्यसको निम्तिमा मैले प्राणै छोड्नु परे पनि ।
म अवश्य पनी छोड्छु संम्झिबक्स्योस् न यो पनि ॥
आज्ञा मान्नु पिताजीको गर्नु सेवा मुमा ! सँधैं ।
यो भन्दा विश्वमा ठूलो धर्माचरण छैन क्यै ॥
मानी हजुरकै आज्ञा बुवाले न भने पनि ।
वन गै अनकन्टार चौधै वर्ष म बस्छु नि ! ॥
मुमा ! ममा दिने आज्ञा प्रभुमा हक भैकन ।
गुहारी बक्सियो व्यर्थै किन फेरि बुवाकन ॥
यसबाट म ठान्दोछु हजूर अव के ममा ।
गुण छैनन् भनी यस्ता ठानिबक्सिन्छ वा यहाँ ? ॥
भैगो ! अव मुमा ! आज्ञा माताको लिन जान्छु म ।
सीतालाइ पनी पत्नी संम्झाँउदछु फेरि म ॥
गरी काम-कुरा यत्ति मुमा ! आजै तुरुन्त म ।
अवश्य गइ हाल्नेछु त्यो महान् दण्डकै वन ॥
पालुन् भरत यो राज्य पितृ-सेवा गरून् सदा ।
हजूरबाट होस् यत्ति हो यही मुख्य-धर्म ता ॥
रामका यी कुरा सुन्दा भए झन् नृप पीडित ।
सकेनन् शोकले बोल्नै रोए ध्वाँ ! ध्वाँ !! गरी स्वतः ॥
छोरा राम लडेका ती पिताका पाउमा परे ।
दुष्टिनी-कैकेयीलाई ढोग्दिए, तेजिलै थिए ॥
बाबु-आमा दुवैलाई गरे अनि प्रदक्षिणा ।
निस्किए, छोड्दिए खोपी, भेटे मित्रहरू यहाँ ॥
तुरुन्त चाल पाए त्यो घोर अन्यायको कुरो ।
यता लक्ष्मणले तस्मात् उनमा अतिक्रोध भो ॥

४३

४४

आफ्नी मामा सुमित्रामा दिने आनन्द पुत्र त्यो ।
पारी आँखाभरी आँशु गए दाजु पछी पछि ॥
उत्कण्ठा वनमा जाने बढ्ने गो राममा यता ।
उता अघि परे सारा सामान अभिषेकका ॥
रामले दाहिने पारी ती सवै वस्तु आखिर ।
हेर्दै पनि नहेरेर विस्तारै गइयो तव ॥
अविनाशी थियो कान्ति राममा नित्य उज्वल ।
दिन्थ्यो आल्हाद आनन्द त्यसैले लोकमा सव ॥
चन्द्रमाको घटे कान्ति के लछारिन्छ, हट्छ र ?
छ लोक-प्रियता स्थायी उनको जव सुन्दर ? ॥
यस वेला भयो त्यस्तै न मिल्नु पनि राज्य त्यो ।
शोभामा रामको कत्ति हानि गर्न सकेन क्यै ॥
त्यसरी वनमा जान हुने उत्सुक राम थे ।
छोड्न नै पृथिवी सारा स्वयं जुन तयार थे ॥
उनको मुखमा किन्तु देखिएन विकार क्यै ।
जीवन्मुक्त महात्माको स्थिति जस्तो हुँदा सँधै ॥
छाता ओढाँउनै लागे अघिको अव निर्मल ।
यता झुलाँउनै लागे पंखा चँवर झलमल ॥
महात्मा रामले किन्तु रोक्दिए सव ती कुरा ।
रथ सम्म चढेनन् त्यो बलीया भै गए पुरा ॥
पुरवासीहरू साथ दिए स्वजनमा विदा ।
भित्रभित्रै खपे सारा खप्नु पर्ने जती कुरा ॥
लाग्न ता दुःख लाग्दैथ्यो पीर पर्दै थियो तर ।
आफुमै मनले रोके पारे इन्द्रिय सुस्थिर ॥
अनि आफ्नी मुमा रानी कौसल्यालाइ त्यो कुरो ।
जुन अप्रिय थ्यो सार्है सुनाँउन गए अहो ! ॥
त्यसरी राम जाँदामा मुमाको दरवारमा ।
बाटामा जनले सारा देखिहाले जहाँ-तहाँ ॥
सत्य बोल्ने तथा श्रीमान् रामको मुखमा तव ।
कुनै विकार देखेनन् आफ्नाले पनि वास्तव ॥
छोडेनन् रामले आफ्नो स्वाभाविक-प्रसन्नता ।
थिए जव महाबाहु मन रोक्न समर्थता ॥
शरत्-समयका राम्रा छर्ने किरण चन्द्र ती ।
छोड्दैनन् जसरी आफ्नो तेज, ठीक त्यही सरि ॥

६०

६१
गरी आदर साराको आफ्नो मधुर-वाक्यले ।
यशस्वी राम धर्मात्मा माताको नजिकै पुगे ॥

६२
थिए छोरा सुमित्राका प्रिय लक्ष्मण साथमा ।
जसमा गुण थे नाना दाजुकै तुल्य-रूपमा ॥
महान् पराक्रमी त्यस्ता उनी पनि गए पछि ।
असह्य मनको त्यस्तो दुःख पीर खपी खपी ॥

६३
आनन्द बढ्दो र खुशी मनाउँदो आफ्नी मुमाको दरबार यो थियो ।
हेर्‍यो भने भवास्स यता अनर्थको आपत् थियो जो प्रिय-वस्तु नास्तध्यो ॥

६४
देखेर यस्तो स्थिति रामले तव तुरुन्त रोके निज विक्रिया सब ।
अर्को कुनै दुःख विपत् नहोस् अब भन्ने पर्‍यो स्वप्रिय मित्रमा जव ॥

६५

इति उणडयिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बीसौं सर्ग

महारानी कौसल्याको मूर्च्छा–विलापादि–वर्णन

१

उता कैकेयी-रानीको त्यो खोपी बाट बाहिर ।
निस्कँदा पुरुषश्रेष्ठ राम जोडी दुवै कर ॥
वहाँका सब नारीमा राजस्त्रीहरू थे जति ।
आर्तनाद उठ्यो ठूलो सब दुःखी भए अति ॥
उनीहरू वहाँ भन्थे- राजाज्ञा नै नभैकन ।
खोपीका सब हाम्रो जो गर्दथ्यो नित्य रक्षण ॥
थियो आधार जो फेरि हाम्रो रक्षक थ्यो जुन ।
त्यही व्यक्ति, तिनै राम आज हिंड्ने भए वन ॥
जन्मेदेखि अहो ! माता कौसल्यामा गरे सरी ।
व्यवहार उनी गर्थे हामीमा पनि राम्ररी ॥
भनी हाले पनी केही नराम्रा र कडा कुरा ।
रिस उठ्ने अरूलाई गर्दै-गर्दैनथे कुरा ॥
बरु उल्टो कुनै त्यस्तो रिसाएको भए जन ।
पार्दथे खुश जो पत्नी, उनै जाने भए वन ॥
राजा हुन् मूर्ख नै हाम्रा उनकै बुद्धि बिग्रियो ।
जगत्का सब प्राणीको नाश गर्ने भए अहो ! ॥
यसैले सब प्राणीका जीवनाधार एक ती ।
गर्न लागे परित्याग रामको सम्म योग्य यी ॥
खोपीका अरु ती रानी यसरी भई दुःखिनी ।
भन्न लागे कुरा नाना पति—राजाकनै पनि ॥
भए बाच्छा हराएका गाई जस्ता उनीहरू ।
थाले कोकोहलो छोड्दै स्वयं रुन धुरूधुरु ॥
त्यो आर्तनाद् डर्लाग्दो खोपीभित्रै सुनेपछि ।
लुके ओछ्यानमा राजा पुत्रको शोक भै अति ॥
यता स्वजनका त्यस्तो दुःखले र वियोगले ।
जितेन्द्रिय स्वयं राम निकै खिन्न, उदास थे ॥

१३

१४

लामो सास लिने-फेर्ने मत्ता हात्ती समान भै
त्यो खोपीतिर माताको गए लक्ष्मण साथ भै।
खोपीको मूल-ढोकामा बसेका वृद्ध-पूजित
यौटा पुरुषलाई क्वै देखे श्रीरामले तव।
तिनका साथ-साथैमा वहाँ अरू पनी जन।
बसेकाथे, पर्‍यो आँखा उनमा पनि ता पुनः।
विजयी-वीरमा श्रेष्ठ राम भ्वास्स परे अघि।
जय-आशिष टक्र्याए जर्‍याक्जुरुक ती उठी।
यसरी पहिलो ड्यौढी नाघी पर पुगी पछि
आए श्रीराम दोश्रोमा शान्त चित्त लिई अति।
वहाँ श्रीरामले देखे बूढा वेदज्ञ ब्राह्मण।
बसेका पाइ राजाको सन्मान अति उत्तम॥
ढोगी उहाँहरूलाई तेश्रो ड्यौढीतिरै पुगे।
रहेका द्वार-रक्षामा जहाँ स्त्री, बाल, वृद्ध थे॥
रामलाइ यहाँ देख्ता बाला बृद्धा भए खुश।
शुभाशीर्वाद टक्र्याए प्रेमले भइ गद्गद॥
तुरुन्तै ती पसे भित्र 'सवारी रामको भयो'।
भनेर राममातामा विन्ती पारे कुरो भलो॥
यी कौसल्या-महारानी यता रातभरी सब।
जागराम बसेकी थिन् पुत्रका स्नेहले दृढ॥
प्रभातकालमा आफैले भगवान् विष्णुको उनी।
पूजा गरिरहेकी थिन् रामकै श्रेय होस् भनी॥
रानीले पैन्हिएकी थिन् यो वेला वस्त्ररेशमी।
सार्है गद्गद थ्यो चित्त, व्रतमै रम्दथिन् उनी॥
सकी मङ्गलको वेला गर्नु पर्ने कुरा जति।
पढेर मन्त्र आगोमा दिदै थिन् शुद्ध आहुति॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पसी राम यहाँ देखे खोपी भित्र जहाँ मुमा ।
गराँउदै थिइन् होम दिइ आहुति अग्निमा ॥
यसो हेर्दा पऱ्यो आँखा देवकार्य निमित्तका ।
जोरेका वस्तुमा नाना दही घिउ र अक्षता ॥
हविष्य खिचडी खीर लड्डु लावा अनेकन ।
समिधा श्वेत-माल्यादि जलपूर्ण घडा पुनः ॥
देखे-ज्योति थियो बल्दो मुमाको मुखमा यता ।
सफेद रेशमी सारी पैन्हिएकी थिइन् उता ॥
दुब्लाएकी थिइन् किन्तु सँधै व्रत लिंदा लिंदा ।
पवित्र जलले गर्थिन् देव-तर्पण जो तदा ॥
दिने आनन्द आमामा छोरा देखी निकै पछि ।
खुश भै दौडिइन् घोडी बच्चातिर गए सरि ॥
आएकी नजिकै आफ्नी मुमाको पाउमा परी ।
गरे दर्शन छोराले श्रद्धा भक्ति लिई वरी ॥
अगाँलिन् अव आमाले छोरालाई तुरुन्त ती ।
स्नेहले दृढ छोराको शिरबीच सुँघिन् पछि ॥
पुत्रको स्नेह-वात्सल्य कौसल्यामा बढ्यो अव ।
कसैले जित्न गाह्रो नै पर्ने छोरा थिए जव ॥
आमाले आफ्नु छोरामा भनिन् अनि यिनै कुरा ।
जुन प्यारो थियो ज्यादै हितैहित हुने पुरा ॥
कुलोचित तिमी पाउ महात्मा धर्मशील ती ।
वृद्ध-राजर्षिकै जस्तो धर्म, कीर्ति र आयु यी ! ॥
त्यस्ता सत्य-प्रतिज्ञाका राजा आफ्नु पिताकन ।
रामबाबु ! तिमी जाउ अव लौ गर्न दर्शन ॥
धर्मात्मा ती महाराज पदमा युवराजको ।
तिमीमा आज पक्का नै बक्सिन्छ अभिषेक त्यो ॥
रामलाइ भनी यत्ति दिइन् वस्न शुभासन ।
राखेर अघि मिष्टान्न अव खाउ भनिन् पुनः ॥
मुमाले खाउ भन्दामा, छोए आसन सम्म त्यो ।
फैलाइ अँजुली थाले अनि भन्न उनी यसो ॥
स्वभावले झुकेकाथे निकै नै राम ती यता ।
त्यसमा पनि आमाको गौरवैले झुके तदा ॥
उनले जानु पर्नेथ्यो दण्डकारण्यमा अतः ।
आमाको त्यसमा आज्ञा प्राप्त गर्न भने तव ॥

४३

४४

मेरी मुमा-महारानी ! पत्तै छैन हजूरमा ।
अब हामीहरू माथि ठूलै डर पऱ्यो यहाँ ॥
म भन्छु जो कुरा सुन्दा दुःख लाग्छ हजूरमा ।
सीतालाई पनी पिर्छ भाइ लक्ष्मण साथमा ॥
दण्डकारण्य जाँदैछु गरुँ के म शुभासन ।
मलाइ चाँहिने वेला आयो अब कुशासन ॥
गै घोर वनमा वस्छु चौध वर्ष भरी म त ।
कन्द मूल फलै खाई मुनिझैं, छोड्छु आमिष ॥
भाई भरतलाई ती पद त्यो युवराजको ।
बक्सिइन्छ बुबा राजा, मलाई वन प्राप्त भो ॥
तपस्वीको सरी मैले रूप-रङ्ग धरी यहाँ ।
गएर दण्डकारण्य वस्नु पर्ने भयो मुमा ! ॥
चौध वर्ष भरी बस्छु निर्जनै वनमा गई ।
वनैका फूल-मूलादि खाई वल्कल पैह्रिई ॥
यो सुन्ने वित्तिकै रानी कौसल्या भूमिमा लडिन् ।
बञ्चराले छिनालेको हाँगाझैं सालको भइन ॥
देखिइन् त्यस वेलामा स्वर्गबाट कुनै यहाँ ।
खसिन् देवाङ्गना जस्तै अकस्मात् यत्ति भो त्यहाँ ॥
थिएन जसले कैल्यै देखेको दुःखको कुरो ।
दुःख भोग्नु परै जाओस् सुन्नु सम्मै अयोग्य थ्यो ॥
केराको थामझैं ढल्दी भै विचेत मुमाकन ।
देखेर रामले आफैं उठाए हातले पुनः ॥
घोडीले पहिले ठूलो भारी बोकी छुटे पछि ।
लडीबुढी गरी भैंसा उठे जस्ती भइन् पछि ॥
साह्रै दीन-अवस्थाकी मुमाका अङ्गका सव ।
धूलो टकटक्याए त्यो रामले हातले तव ॥
कौसल्या थिन् महारानी सुख पाँउन योग्यकी ।
तर भित्र थिए ज्यादै गढेका शोक-दुःख यी ॥
पुरुषश्रेष्ठ श्रीराम नजीकै बसथे यहाँ ।
भनिन् यस्तो उनैलाई सुन्थे लक्ष्मण शान्तिमा ॥
तिमी बाबु ! न जन्मेका भए देखि म बाट ता ।
मलाई एउटै पीर हुन्थ्यो शोक हुने सदा ॥
असह्य आज जो यत्रो बज्रिदो छ ममा दुख ।
खप्नु पर्दैन थ्यो होला म बाँझी रहदा तव ॥

६०

६१

हरे ! बाँझी भएँ भन्ने बाँझीमा पीर हुन्छ यै ।
बाबु राम ! कुनै त्यस्तो अरू शोक हुँदैन है ॥
दुःख लाग्छ ममा, आफ्ना पतिको पुरुषार्थमा ।
मैले पाइन क्यै राम ! सुख-सन्तोष नै यहाँ ॥
भोगुँला त्यो कुरा राम्रो छोराको पुरुषार्थमा ।
भनी ढुक्क भएकीथें, आज यस्तो पऱ्यो ममा ॥
अर्को दुःख ममा यो छ जेठी रानी भए पनि ।
कान्छी सौताहरूका ती घुर्की सहनु पर्छ नि ! ॥
मुटु छेड्ने गरी भन्छन् कडा दुच्छर वाक्य ती ।
सुन्दीछु सब खप्तीछु सौताबाट भए जति ॥
स्त्रीजातिहरूको निम्ति यो भन्दा दुःख के छ र ? ।
विलाप शोक यो मेरो छ अनन्त र दुर्धर ॥
छोरा हुँदाहुँदै बाबु ! तिमी जस्ता सुयोग्यका ।
खप्नु पर्छ भने यत्रो तिरस्कार र कष्टता ॥
के होला गति त्यो मेरो तिमी वन गयौ भने ? ।
सौता मलाइ के गर्लान् ? छ पक्कै मृत्यु नै हुने ॥
हेर ! बाबु ! यता फेरि हेरिन्न पति बाट म ।
न मीठा वाक्य नै सुन्छु प्रेम पाँउन्न कत्ति म ॥
कैकेयीका वहाँ जो जो दासी छन् तिनकै सरि ।
गरिन्छु राम ! ठानिन्छु ती भन्दा पनि तुच्छकी ॥
जो गर्छ चाकडी मेरो ढल्किइन्छ म तर्फ जो ।
कैकेयी-सुत देखेर जन बोल्दैन फेरि त्यो ॥

७१

७२

कैकेयीको सधैं त्यस्ती बोल्छिन् वचन जो कडा ।
खपुँ म कसरी राम ! असह्य रिस सर्वदा ॥
यस हालतमा बाबु ! होला मेरो दशा कुन ? ।
कैकेयीको मुखै हेर्न अब झन् म त सक्तिन ॥
सत्र वर्ष वित्यो तिम्रो भएको व्रतबन्ध त्यो ।
अब छुट्छ भनी दुःख भन्ठान्थें म खपी बहो ॥
उल्टो यस्तो बुढ्याईंमा रामबाबु ! कसो गरी ।
खपुँ म भन सौताको तिरस्कार थरी थरी ॥
कैले न नाशिने यस्तो दुःख पर्दोछ है ममा ।
तसर्थ सहनै कत्ति अब सक्तिन है यहाँ ॥
परिपूर्ण हुने शोभा चन्द्रमण्डल तुल्यको ।
तिम्रो मुहार यो राम ! देख्तै पर्दछु मग्न पो ॥
तिमी नै भन त्यो छुट्ता न देख्ता भइ दुःखिनी ।
कसरी बाँचुला बाबु ! दयाकी पात्र नै बनी ॥
व्यर्थै अभागिनी मैले त्यत्रो दुःख गरीछु हा ! ।
तिमी पाँउनको निम्ति उपवासादिमा सदा ॥
परिश्रम गरी नाना देवको ध्यान-भक्तिले ।
पछि पाइ तिमीलाई हुर्काएँ कति दुःखले ॥
भनुँ के बाबु ! ठान्दीछु छ मेरो हृदयै कडा ।
यस्तो हुँदा पनी जो यो फुट्न सक्तैन फट्ट हा ! ॥
वर्षाको ऋतुमा ठूलो नदीको भेलले बढी ।
तटलाइ फुटाए झैं किन फुट्तैन वेग ली ? ॥

८२

८३

निमित्त मेरो अब छैन काल हा ! पक्कै पनी हो, नत हुन्छ मृत्यु वा ।
भरी भयो के यमराजको घर पाँउन्न ठामै पनि छैन वा धर ? ॥
हरे ! भयो के ? किन मृत्युदेवले मलाइ लैजान्न हरी स्वशक्तिले ।
लगोस् बरू सिंह जसो गरीकन लैजान्छ दौडाइ रुने मृगीकन ॥
अवश्य मेरो हृदयै बनेछ यो फलाम बाटै भइ झन् कठोरको ।
पछारिंदामा पनि भूमिबीच यो फुट्यो न ता चूर्ण हुनै सक्यो अहो ! ॥
छोप्ता पनी दुःख बढेर यो हरे ! छुटेन हा ! देह पनी कसै गरे ।
रहेछ पक्कै यस भूमिबीचमा मर्दैन कोही पनि ता अकालमा ॥
यै दुःख पिर्दोछ मलाइ चित्तमा सन्तान यो पाँउनका निमित्तमा ।
गरें यहाँ जो व्रत, दान, संयम भए सबै हा ! अब व्यर्थ यै क्षण ॥

८७

CC-0. In Public Domain. Digitization by eGangotri

८८

लिएर धोको सुत-प्राप्ति निम्तिको मैले गरें जो तप उग्र-कष्टको ।
त्यो व्यर्थ भो हा ! क्षितिबीच ऊषर परे सरी बीज भएर निष्फल ॥
असह्य ज्यादै अति उग्र-रूपको पर्‍यो भने दुःख मनुष्यबीच यो ।
इच्छा गरे ठीक अकालमै अहो ! मर्ने भए देखि भलै हुने थियो ॥
बाच्छो छुटेकी प्रिय पुत्र-साथ त्यो भएर गाई सरिकी म आज यो ।
पुग्ने थिएँ हा ! यमराजको सभा छुट्ता तिमी राम ! वियोग यो हुँदा ॥
चन्द्रै सरीको मुख-कान्ति यो लिने मेरो तिमी नै प्रिय प्राण छौ हुने ।
तिमी विना मै अब के गरूँ यहाँ भई सक्यो जीवन व्यर्थ नै जहाँ ॥
भए पनी दुर्बल क्षीण देहकी हराँउने वत्स भएर धेनु ती ।
खोज्दै गए ठीक पछी पछी अब म लाग्छु तिम्रै पछि, लौ वनै लग ॥
निज प्रिय-सुतको सुनेर कष्ट अति हुनगो उनलाइ कष्ट ताप ।
रघुकुल-पति तर्फ हेरिहेरी अनि त्यसरी उनले गरिन् विलाप ॥
अतिशय प्रिय आफ्नु एक पुत्र अतिदृढ-बन्धनमा पर्‍यो भने त्यो ।
अति भइ दुख किन्नरी कुनै हा ! रुनु र कराँउनु गर्दछे सरी भो ॥

६४

इति बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक्काइसौं सर्ग

लक्ष्मणले क्रोध प्रकट गर्नु र श्रीराम पिताको आज्ञापालन गर्नुमै अड्नु

१

कौसल्या रामकी माता गर्थिन् घोर विलाप त्यो ।
भन्छन् लक्ष्मण भै दुःखी यै वेला भन्न योग्य यो ॥
मलाइ पनि यो कत्ति ठीक लागेन है मुमा ! ।
राज्यश्री दाजुले त्यागी वन जाने कुरा यहाँ ॥
नाची बक्स्यो महाराज पत्नीको वात-वातमा ।
बिग्र्यो बुद्धि हुँदा बूढो, खिंच्यो विषयले वहाँ ॥
कामको वशमा पर्ने त्यस्ता बूढा नरेन्द्रले ।
के भन्छन्, के त भन्दैनन्, कोगरोस् ख्याल व्यर्थ ए! ॥
म त देख्तिन है त्यस्तो दाजुको अपराध क्यै ।
मुमा ! देख्तछु वा त्यस्तो दोष सम्म पनी न क्यै ॥
जसको पाइ आधार यसरी राष्ट्रबाट यो ।
निकालिन्छ, लखेटिन्छ वनबास दिएर त्यो ॥
जगत्भर यसो हेर्दा म क्वै देख्तिन मानिस ।
जसले दाजुमा यस्ता दोष लाँउन सक्तछ ॥
पैले मित्र भई आफ्नो पछि शत्रु हुने पनि ।
सक्तैनन् भन्न दोषी हो, भनी आँखा पछी पनि ॥
भैबक्सिन्छ निकै सोझा मेरा दाजु स्वयं यता ।
गरिबक्सिन्छ वैरीमा पनि स्नेह स्वयं सदा ॥
जितेन्द्रिय र धौताम्फैं यस्ता पुत्रकनै त्यसै ।
को होला धर्म जान्ने त्यो जो त्याग्ला कारणै न भै ॥
बूढो भए पछी मान्छे हुन्छ त्यो फेरि बालक ।
गर्छ त्यस्तै कुरो-कानी शुद्धि-बुद्धि हराँउछ ॥
त्यस्तै राजा भई बक्स्यो उहाँको ख्यान्छ को कुरो ? ।
को राजधर्म जानेको राख्ला हृदयबीच त्यो ? ॥
दाजुको वनमा जाने कुरा यो अहिलेतक ।
जान्दैन जनता कोही फैलेको छैन बाहिर ॥

१३

१४

त्यसको अघिनै तस्मात् लिई मेरो सहायता ।
सह्मालि बक्सियोस् दाजु ! आफैं यी भार राज्यश्री ॥
धनु हात लिएको म रक्षा गर्ने भएँ भने ।
काल झैं, दाजु भन्दाको भै समर्थ, छ तम्सिने ! ॥
यदि यो पुरको कोही भो विरुद्ध भने म वा ।
निर्मनुष्य पुरी पार्छु यी तीखा बाण त्यागिदिन्छु ॥
भरत्को हित गर्ने र लिने पक्ष भए कुनै ।
म सबैलाई मार्नेछु, सोझो हेर्पिन्छ हर्दमै ॥
पाई आँट कुरा पार्दा कैकेयी सँग भै खुश ।
राजा बाट भयौं हामी शत्रु-तुल्य भने अब ॥
त्यस्ता राजाकनै हामी हाम्रा बाबु भए पनि ।
मारी हालौं, थुनौं यद्वा छोडौं सम्बन्ध त्यो पनि ॥
कार्याकार्य न जानेर भई चूर घमण्डमा ।
भोग्छन् गुरु पनी दण्ड, भने हिंड्छन् कुमार्गमा ॥
सहारा कसको पाई कुन हेतु लिई बुवा ।
कैकेयीलाई बक्सिन्छ दाजुको हक राज्य वा ! ॥
म र दाजुसँगै यत्रो वैरभाव गरी अहो ! ।
छ के शक्ति बुबा साथ भरत्मा दिन राज्य यो ॥
ठूली मुमा महारानी ! किरिया खाइ भन्छु म ।
दाजुको पाउमा मेरो छ ठूलो स्नेह हर्दम ॥
हातका धनुको मेरो सत्यको दान-यज्ञको ।
खाई म किरिया भन्छु, सेवा गर्दछु दाजुको ॥
दाजु राम पसे बल्दो आगोमा अथवा वन ।
मुमा ! लौ जानि बक्स्योस् यो, पसें भनी अगाडि म ॥
आफ्नु सामर्थ्यले मार्छु सब दुःख हजूरको ।
उदाए पछि नाशेझैं सूर्यले तम रातको ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

आज्ञा अब ममा बक्स्योस् शक्ति देखाँउ के म त्यो? ।
यहीं राज भई हेरी बक्सेला दाजु साथ जो ॥
कैकेयी सँग गै फँस्ने, बुढ्याँई बाट निन्दित ।
शिशु मैं मूर्ख हुन् बूढा मार्छु राजा-पितातक ॥
वीर लक्ष्मणका यस्ता तेजिला यी कुरा सुनी ।
रुँदै र शोकमा डुब्दै भन्दछिन् राममा उनी ॥
भाइ लक्ष्मणका राम ! सुन्यौ त्यस्ता कुरा सब ।
आफ्नु इच्छा भए जस्तो गर श्रेष्ठ हुने अब ॥
अति अन्यायका मेरी सौताका ती कुरा सुनी ।
मलाई शोकले पाक्ती छोडी वन न जानु नि ! ॥
धर्ममा टिक्तछौ, धर्में गर्दछौ, धर्म जान्दछौ ।
बसी गर यहीं मेरो श्रेष्ठ-सेवन धर्म लौ ! ॥
सेवा-नियमले गर्दा आमाको घरमै बसी ।
तपस्यामय भै पाए स्वर्ग काश्यपले अघि ॥
पितृ-गौरवले गर्दा राजा पूज्य भए सरि ।
तिम्रो निमित्तमा बाबु ! छु नै म पनि त्यै सरि ॥
वन जाने तिमीलाई दिन्न आज्ञा तसर्थ म ।
यहाँ बाट तिमी राम ! न जाउ अब भो वन ॥
तिमी साथ हुँदा बाबु ! तृणै खाएर बाँच्छु म ।
मेरो हुन्छ भलो ज्यादै, यसो गर्दा त बाँच्छु म ॥
तिम्रो वियोग पर्दामा पाउन्न सुख-शान्ति म ।
न त जीवन धान्नामै कत्ति देख्छु प्रयोजन ॥
मलाई शोकमा डुब्दी छोडी जान्छौ भने वन ।
उपवास गरी मर्छु, धान्न सक्तिन जीवन ॥
यसबाट तिमी बाबु ! प्रसिद्ध सब लोकमा ।
नरकैत्रास हो जस्तो कष्ट नै पाँउछौं यहाँ ॥
ब्रह्महत्या पनी लाग्दा, श्रापले पिप्पलादको ।
अधर्मबाट, पाएमैं सिन्धुले अघि व्यर्थको ॥
विलाप यसरी गर्ने दुःखिनी ती मुमाकन ।
धर्म मिल्दो भने वाक्य धर्मात्मा रामले पुनः ॥
नाघ्न आज्ञा पिताजीको छैन तागत क्यै ममा ।
वन जान मिलोस् आज्ञा म राख्छु शिर पाउमा ॥
तीं कण्डु-मुनिले विद्वान् जान्दथे यो अधर्म हो ।
पित्राज्ञा पाल्नको लागि गरेथे वध गाइको ॥

४३

४४

यै हाम्रो कुलमा पैले राजा-सगरका सुत ।
मारिए व्यर्थ आज्ञाले खन्दा यो पृथिवी सब ॥
पाएर रामले आज्ञा पिता श्रीजमदग्निको ।
आमाको शिर काटेथे बञ्चराले स्वयं अहो ! ॥
ए मुमा ! यिनले त्यस्तै अरूले पनि घेर ती ।
जुन यौतैसरीका थे पित्राज्ञा पालियो अति ॥
तसर्थ म पनी गर्छु पित्राज्ञा अब पालन ।
त्यो नपुंसकता त्यागी जल्ले होस् हितसाधन ॥
आज्ञा पाल्ने पिताजीको म यौटैमात्र होइन ।
जो जो माथि भनें मैले पाले ती सबले पुनः ॥
मर्का हजुरमा पर्ने नयाँ धर्म कुनै त यो ।
प्रचार गर्न लागेको मैले होइन, योग्य हो ॥
म भन्दा अघिका त्यस्ता महात्माहरुले सब ।
हिंडेकै मार्ग हो माता ! राम यो पछि हिंड्दछ ॥
छ जो सम्पूर्णको निम्ति गर्न योग्य जगत्भर ।
मुमा ! म पनि त्यै गर्छु, त्यस भिन्न कहाँ छ र ॥
मान्य आफ्ना पिताजीको आज्ञा पाल्ने निरन्तर ।
नर क्वै पनि विग्रन्न त्यसकै धर्म हो स्थिर ॥
आमालाइ भनी यत्ति भने लक्ष्मणमा अनि ।
जो धनुर्धरमा श्रेष्ठ थे कुरा गर्नमा पनि ॥
बाबु लक्ष्मण ! जान्दोछु ममा तिम्रो छ स्नेह जो ।
वीर्य, शक्ति तथा तेज जो छ तिम्रो अजेय त्यो ॥
शुभ-लक्षणका बाबु ! यता मेरी मुमाकन ।
अत्यन्त दुःख लाग्दोछ हो अतुल्यै सरी सुन! ॥
जो हो मेरो अभिप्राय त्यो न बुझ्दा भयो यसो ।
रामको सत्यको ठूलो जसले पक्ष लिन्छ त्यो ॥
विश्वमा धर्म हो ठूलो धर्ममै सत्य टिक्तछ ।
पित्राज्ञा पनि त्यो बाबु ! धर्माश्रित र सत्य छ ॥
विप्रको बाबु-आमाको आज्ञा पाल्छु भने पछि ।
टिक्नेले धर्ममा तस्मात् वृथा पार्नु हुदैन यी ॥
तसर्थ वीर ए बाबु ! सक्तै सक्तिन है म त ।
आज्ञा नाघ्न पिताजीको, सत्य पार्दछु त्यो स्वतः ॥
किन ? भन्छौ भने देखि पिताको वाक्य त्यो लिई ।
भनिएँ "वनमा जाऊ" मुमाबाट म जो पछि ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

त्यो तुच्छबुद्धि हो बाबु ! टिक्छ जो क्षात्र-धर्ममा ।
छ यौटैतिर ढल्केको काम लाग्दैन त्यो यहाँ ॥
उदार-धर्मको ठूलो गर आश्रय वास्तव ।
छोड चर्को हुने बानी, बुद्धिको त्यै, पछी हिंड ॥
भनी सौहार्दले यत्ति भाइ-लक्ष्मणमा तव ।
हात जोडी झुकी ढोगी भन्छन् आमासंगै अब ॥
हिंडे अब यहाँबाट पर्कै वन म ता मुमा ! ।
स्वस्तिवाचन होस् तस्मात् बक्स्योस् आज्ञा पनी ममा ॥
रोकावट न होस् कत्ति यसमा अब वास्तव ।
म मेरो प्राणको खाई किरिया भन्छु यो अब ॥

६५

६६

जस्तो ययाति राजर्षि पहिले स्वर्गलोक त्यो ।
छोडेर ओर्लिएका थे फेरि भूतलबीच यो ॥
त्यही ठीक मुमा ! फेरि चौधवर्ष वितेपछि ।
फर्किनेछु वनैबाट प्रण पूर्ण गरे पछि ॥
भो ! शोक नगरी बक्स्योस् रहोस् मन भरी भई ।
आज्ञा पाली पिताको म, फर्किनेछु यहीं पछि ॥
मैले मुमा-सुमित्राले सीताले भाइले पुनः ।
पित्राज्ञामा टिक्नु पर्छ, यै हो धर्म सनातन ॥
अब थन्क्याइयुन् सारा सामान अभिषेकका ।
रोकियुन् मनका पीर मनैभर गरी यता ॥

७०

७१

विचार वनमा जाने मेरो धर्मानुकूल छ ।
स्वीकार यसमा बक्स्योस् आज्ञा होस् जा! भनी अब ॥
न आत्तिइ भै दृढ, धीर त्यस्तो कुरा भनेको सुनि धर्म मिल्दो ।
मरे सरीकी उनलाइ फेरिं भो होश, भन्छिन् सुत तर्फ हेरी ॥
जस्तो पिताजी भइ बक्सिइन्छ हुँदा हितैषी गुरु मान्य तिम्रो ।
माता हुँदा मै पनि त्यत्तिकै हुँ स्वधर्मले हेर ! छु मान्य तिम्रो ॥
तस्मात् तिमीमा दुखिनी भई हा ! म दिन्न आज्ञा वन जा ! भनेर ।
तिमी पनी बाबु ! मलाइ छोडी न जाउ भो ! भो !! वन, धर्म हेर ! ॥
तिमी विनाभै किन बाँच्नु मैले के गर्छ यो जीवनले बचे पो ? ।
यो लोकका वा परलोकका ती पूजा र भोगादि लछार्छ के पो ? ॥
तिमी भए साथ दुवै घडी होस् म हुन्छु आनन्दित श्रेय मिल्छ ।
तिमी विना यी जगतैभरीका छन् भोग सारा अतितुच्छ जँच्छ॥
खाल्डो अँध्यारोबिच गै फँसेको क्वै हात्तिलाइ लिइ गै अगुल्टो ।
हाने सरी भो रिस रामलाई विलाप सुन्दा करुणा मिलेको ॥
उता थिए लक्ष्मण भित्र-भित्रै पाकी रहेका भइ दुःख ज्यादा ।
माता यता थिन् त्यसरी विलापा मूर्च्छा परेझैं सहनै न सक्ता ॥
तसर्थ संझाउन यी दुवैमा श्रीराम लागे अडि धीरतामा ।
टिक्थे स्वयं जो दृढ-धर्ममा त्यो धर्मानुकूलै उनले भने यो ॥

७९

CC-0. In Public Domain. Digitization by eGangotri

८०

वेला थियो त्यो अतिशोचनीय हुँदैनथ्यो चुक्न कसै गरेर ।
जो रामद्वारा भनियो कुरा त्यो को भन्न सक्थ्यो अरु व्यक्ति पो र ? ॥
तिम्रो ममा लक्ष्मण ! स्नेह-भक्ति छ जत्ति, त्यो जान्दछु वीर्यवान् छौ ।
मेरो अभिप्राय नसंम्झि किन्तु लिई मुमा साथ विपद्याँक पिछौं ॥
यो विश्वमा, हो जुन जीवलोक यी जीवलाई अघि नै गरेका ।
धर्मादिका ती फलरूपमा जो धर्मार्थकामादिक छन् मिलेका ॥
हुन् ती सबै प्राप्त स्वधर्मबाट क्यै छैन शङ्का यसमा ल जान ! ।
धर्मार्थकामादिक तीनमा यी पत्नी भए मैं दृढ हेतु ठान ॥
पत्नी जसोरी पतिको वशी भै धर्मादिको साधन योग्य बन्छिन् ।
भै प्रेयसी काम पुऱ्याँउछिन् र जन्माइ पुत्रादिक अर्थ दिन्छिन् ॥
धर्मार्थकामादिक, कर्ममा जो छैनन् भने, गर्नु अयोग्य हो त्यो ।
विशेष त्यै कर्म छ, कार्य त्यै हो, छ धर्म राम्रो जसमा मिलेको ॥
जो अर्थ नै हेर्छ र गर्छ काम त्यो हुन्छ डाहा गरिने सबैको ।
हेरेर कामै जुन गर्छ काम अधर्म्य हो, निन्दित भो सबैको ॥
साक्षात् पिताजी गुरु वृद्ध पूज्य नरेश हाम्रा भइ बक्सिइन्छ ।
होस् हर्षले काम र क्रोधले वा बक्से शुभाज्ञा बुझ ! पाल्नु पर्छ ॥
निमित्त हाम्रो शुभ धर्म यै हो हुँदैन है पार्नु कदापि व्यर्थ ।
सत्कर्म गर्ने कुन व्यक्ति होला पार्ला पिताको र नियोग व्यर्थ ? ॥
तस्मात् बुबाको सब यो शुभाज्ञा म पाल्छु है बाबु ! नपारि व्यर्थ ।
छ योग्य आज्ञा दिनु यो पिताले हामीहरूका गुरु भै समर्थ ॥
मेरी मुमाको त विशेष बाबु ! स्वामी बुबा नै भइ बक्सिइन्छ ।
अर्को मुमाको गति छैन केही सर्वोच्च धर्मै भइ बक्सिइन्छ ॥
त्यस्ता महाराज हुँदा-हुँदैमा विशेष धर्मादि गरी रहेमा ।
म साथ जाने छ कुरा मुमाको के योग्य यो हो र ? हुँदैन त्यस्तो ॥
त्यस्तो कुनै खण्ड पऱ्यो भने वा स्त्रीजाति कोही विधवा भए ता ।
पछाडि लाग्नै पनि पुत्रको ती थ्यो वेस, जाने भइ त्यै सरीकी ? ॥
यसर्थ बक्स्योस् ल मुमा ! मलाई तुरुन्त आज्ञा वन जानलाई ।
जो गर्नु पर्ने शुभ-मङ्गलादि छिटै हऊन् ती सब स्वस्ति-शान्ति ॥
जो काम गर्दा वन-वास काल समाप्त पारेर म आँउनेछु ।
ययाति राजा निज सत्यद्वारा फर्के सरी स्वर्ग म फर्किनेछु ॥
सद्धर्म यस्तो नहुने छ राज्य यै पाउना निम्ति मुमा ! म व्यर्थ ।
सद्धर्मको पालनबाट प्राप्त छोडूँ कसोरी यश शुद्ध आप्त ॥
मुमा ! छ यो जीवन ढलपलै, जो रहन्न धेरैतक, निम्ति यस्को ।
अधर्मले आज कसोगरी त्यै म राज्य भोगूँ क्षितिको ? छ तुच्छै ॥

CC-0. In Public Domain. Digitization by eGangotri

यसो भनी नरबिच श्रेष्ठ रामले भई निकै खुश निज शक्ति-धैर्यले ।
संम्फाइइन् नृप-महिषी मुमातक लिई त्यही सुर, वन जान दण्डक ॥
६७

यता भने निज प्रिय भाइलाइ ती कुरा बुझाइ सब, स्वयं त्यसो गरी ।
मुमाकनै मन-मनले प्रदक्षिणा भए उनी अब गरने स्वयं वहाँ ॥
६८

इति एकाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाइसौं सर्ग

श्रीरामले भाइलाई सम्झाउँदै यसमा
दैवकै खेल छ भन्नु

१

राज्याभिषेकमा पर्दा त्यत्रो विघ्न, त्यसो गरी ।
साह्रै दुःखी थिए भित्र सुमित्राका सुपुत्र ती ॥
झन् बढ्दै थियो क्रोध रिसाएको गजै सरि ।
राता आँखा लिंदै हेर्थे दीन-हीन भईवरी ॥
यता राम थिए साक्षात् धीर शान्त-स्वभावका ।
मन इन्द्रिय इत्यादि वश राख्ने स्वयं सदा ॥
त्यस हालतमा आफ्ना हितैषी र सुहृत् प्रिय ।
भाइ लक्ष्मणमा भन्छन् गै नजीक यसो तव ॥
अब बाबु ! तिमी आफ्नो मनको क्रोध-शोक यो ।
नाश, नाश र ली हाल मुख्य आश्रय धैर्यको ॥
चित्तबाट तिमी आफ्नो विचार अपमानको ।
पन्छाइ हाल लौ पैले हर्ष मान स्वयं बडो ॥
मेरा निमित्तका बाबु ! जोरेका अभिषेकमा ।
जो छन् उत्तम सामान न राख अब ती यहाँ ॥
न पारुन् यिनले विघ्न जान लाग्दा म जङ्गल ।
सब भन्दा यही पैले काम छीटो भई गर ॥
जस्तो अघि गरेकाथ्यौ निमित्त अभिषेकको ।
जोर्ने सामान उत्साह तथा हड्बड योग्यको ॥
त्यस्तै अब तिमी बाबु ! न हुँदा अभिषेक त्यो ।
लौ पन्छाउन सामान गर हड्बड योग्यको ॥
मनमा ताप पर्दो छ यौवराज्याभिषेक यो ।
होला भनेर नै मेरो जसको चित्तभित्र त्यो ॥
ती कैकेयी मुमालाई न होस् शङ्का कसै गरे ।
अब बाबु ! भई छीटो तिमी पनि त्यसै गरे ॥
न होस् दुवै घडी दुःख शङ्कैबाट उहाँकन ।
अब सक्तिन है खप्न, न नीचै मार्न सक्छु म ॥

१३

१४

मैले माता-पिताको ती थाहपाइ न पाइ वा ।
गरेको छैन, संम्झिन्न अप्यारो अपराध वा ॥
पराक्रम हुने सत्य, सत्य बोल्ने सँधै पिता ।
सत्य नै भइ बक्सिन्छ उता लक्ष्मण ! सर्वथा ॥
त्यस्ता मेरा पितालाई डरै छ परलोकको ।
निर्डरै भइ बक्सेला जे गरे, गर्नु पर्छ त्यो ॥
यी सामान नपन्छाए अहिल्यै अभिषेकका ।
उहाँलाई पनी पिर्लान् उठी शङ्का न चाहिंदा ॥
भएन छ अझै सत्य मेरो आज्ञा हरे ! भनी ।
उहाँमा ताप जो पर्ला पिर्ला त्यै मकनै पनि ॥
तस्मात् सामान पन्छाए रोकेर अभिषेक यै ।
वन जान यहाँबाट खोज्छु चाँडै म ढुक्क भै ॥
छोरी केकय-राजाकी मेरी कान्छी मुमा पुनः ।
कृतार्थ भइ बक्सेला म जाँदा त्यसरी वन ॥
अनि आनन्दले ठूलो छोरा भरतलाइ ती ।
भएर ढुक्क निश्चिन्त बक्सेला अभिषेक दी ॥
शिरबीच जटा बाँधी धरेर मृग-चर्म त्यो ।
पैह्री वल्कल-वस्त्रादि वन लागे पछि म यो ॥
हुनेछ मनमा शान्ति सुख सन्तोष वास्तव ।
मेरी कान्छी मुमालाई अनि मात्र तिमी बुझ ॥
मलाई वनमा खेद्ने यो बुद्धि जसले दियो ।
उहाँमा जसले गर्दा बलीयो भइ त्यो टिक्यो ॥
ती दुवै तत्वलाई म पारी विफल वास्तव ।
संकष्ट दिन चाहँन्न, हिंडी हाल्छु वनै अब ॥
बक्सिएको बुवाबाट राज्य यो छुट्नुमा यहाँ ।
मुख्य कारण दैवै हो, हो त्यही वन जानुमा ॥

२६

२७

मैले त सम्झिँदा बाबु ! मुमाको विपरीत त्यो ।
भो ममा जो मनोभाव, दैवको यै विधान हो ॥
न भए व्यर्थमा यस्तो ममा दुःख दिने हरे ! ।
विचार किन उब्जन्थ्यो उहाँको मनबीच ए ! ॥
तिमी ता जान्दछौ राम्रो यो मेरो मनमा स्वतः ।
यी मुमाहरूमा तीनै उब्जेनन् भेद-भाव त ॥
त्यस्तै कान्छी- मुमाको ती मनमा यसको अघि ।
थिएन भेद नै कत्ति थिएँ भरत-तुल्य ती ॥
रोक्नको निम्तिमा मेरो यौवराज्याभिषेक यो ।
पठाँउन यता फेरि वनमा तीव्र कष्टको ॥
राजालाइ दिनै आज्ञा प्रयोग जति भो कुरा ।
ती सबै उग्र थे बाबु ! दुर्वाक्य र असह्यका ॥
यसो हेर्दा विचार्दामा यसमा अरु कारण ।
कुनै देखिन्न है भाई ! छ त्यही दैव कारण ॥
यो कुरो न हुँदो हो ता त्यस्तो राम्रो स्वभावकी ।
राजपुत्री मुमा बाट गुणले परिपूर्णकी ॥
कसरी निस्कँदा हुंन् ती दुःख पर्ने कुरा ममा ।
त्यो पनि पतिको साथ मूर्ख-स्त्री ठीकका वहाँ ॥
जस्को विषयमा बाबु ! शोचेकै छैन जे कुरा ।
विधान दैवको त्यै हो अकस्मात् हुन्छ जो कुरा ॥
यसलाई कुनै प्राणी, प्राणीका देवता पनि ।
सक्तैनन् क्यै गरे टार्न कालात्मा नै छ यो पनि ॥
यसैको प्रेरणा पर्दा मुमामा र ममा पनि ।
बुद्धि बिग्र्यो, अनर्थै भो उल्टो पाल्टो भयो अनि ॥
कर्मको फल पाएमा सुख-दुःखादिरूपको ।
हुन्छ यो दैवको बोध जानिन्न अरूबाट जो ॥

३६

४०

यस्तो यो दैवको साथ सुमित्रानन्दवर्धन !
जोरी खोजेर को सक्ला पार पाँउन लौ भन !
विश्वका सब प्राणीमा आइपर्ने कुराहरू
जति छन् जन्म-नाशादि लाभ हानि तथा अरु
सुख दुःख भय क्रोध तिनले भिन्नका सब
जति छन् घटना घट्ने दैवकै खेल हुन् तुम
अरुको के कुरा ! उग्र तपस्वी ऋषि सम्म ती
फन्दामा दैवको फस्छन् गर्छन् नाना कुकृत्य यी
छोड्छन् तीव्र तपस्या त्यो त्याग्दछन् नियमै पनि
फसाँइन्छन् , भुलाइन्छन् क्रोधले, कामले अनि।
विचार शोच क्यै कत्ति नगरेका कुराहरू
थाप्लोमा बज्रिने भ्वाट्टै कुराहरू तथा अरू।
थालेका यत्नले राम्रो कर्मका फलसम्म ती।
अर्कै गराँउने नाशी दैवको काम हो यही।
तत्त्वको बुद्धिद्वारा यै रोक्ता मैले मलाई ता।
दुःख-पीर छँदै छैन छुट्ता यो अभिषेक ता।
पछि लाग तिमी मेरो तस्मात् नलिइ दुःख क्यै।
पन्छाइ हाल यी सारा सामान अभिषेककै।
यिनै कलशले होला जोरेका अभिषेकमा।
तपस्वीपनको मेरो व्रत-स्नान स्वयं यहीं।
भो! भो!! चाहिन्न यी वस्तु योग्य राज्याभिषेकका।
झिकेको आफ्नु हातैले गर्नेछ जल जो पुरा।
राज्यश्री नाशिइन् भन्ने कुरामा अब लक्ष्मण!।
परिताप तिमी कत्ति नलेऊ धैर्यवान् बन।
मेरो निमित्तमा बाबु ! छन् दुवै यी बराबर।
राज्यप्राप्ति हओस् यद्वा वनको वास होस् स्थिर।

५२

विचार गरि हेर्ने हो भने तर यतातिर ।
वनवास छ यै राम्रो दिने श्रेय निरन्तर ॥

तसर्थ मेरो अभिषेकमा यो जो विघ्न यस्तो भइ पर्न आयो ।
न मान शङ्कै यसमा गमेर कान्छी मुमा कारण हुन् भनेर ॥
त्यै दैवले प्रेरित भै उहाँले गर्नै पऱ्यो यो वशमै हुनाले ।
त्यस्तै पिताजीकन-के न मान्ने ? जो छौ तिमी दैव-प्रभाव जान्ने ॥

५५

इति बाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेइसौं सर्ग

लक्ष्मणले आफ्नो क्रोध प्रकट गर्नु र उत्साहपूर्ण कुरा गर्नु

१

दाजु राम यसो भन्थे भाइमा प्रिय ती कुरा ।
झुकेको शिर ली सुन्थे भाई यी दाजुका कुरा ॥
दुःख-हर्ष दुवै शोची तुरुन्तै ती अडे तव ।
दुःख देख्ता भए दुःखी धर्म देख्ता भए खुश ॥
बसेको प्वालमा भित्र क्वै ठूलो सर्पलाइ ता ।
भयो रिस उठाएझैं भाइमा वाक्य दाजुका ॥
चढीगो आँखिभौं माथि उनको क्रोधले तव ।
लामो सास लिने-फेर्ने गर्न लागे उनी अव ॥
भै हाल्यो फोक्रिएको क्वै हो जस्तै सिंहको मुख ।
त्यो वेला हेर्न डर्लाग्दो देखियो उनको मुख ॥
हात्तीले सूँड हल्लायो भने जस्तो गरी गरी ।
उनी हल्लाँउथे आफ्नो दाहिने हात राम्ररी ॥
अनि हल्लाँउदै घाँटी तलमाथि शरीरको ।
टेढो आँखा गरी हेर्दै दाजु साथ भने यसो ॥
पाल्न आज्ञा पिताजीको वनमा नगए मत ।
शोचिबक्सिन्छ के दाजु ! धर्ममा दोष आँउछ ॥
नाघ्नेले बाबुको आज्ञा हाम्रो राजा भए पनि ।
गर्ला शासन के ? यस्तो शङ्का गर्लान् प्रजा भनी ॥
शोचिबक्सिन्छ के फेरि त्यसकै साथमा यता ।
लोक-संग्रह बिग्रिन्छ न टेर्दा बाबुलाइ ता ॥
शङ्का र दोष यी सारा पन्छाँउन हजूरमा ।
वनमा जानको निम्ति भयो हड्बड वा यहाँ ? ॥
मेरो विचारमा दाजु ! यो छ साह्रै अयोग्यको ।
भएको भ्रमले गर्दा यो हो,-अनुचितै बडो ॥
असमर्थ महान् तुच्छ दैवलाई हजूर जो ।
समर्थ मानिबक्सिन्छ यसैमा भ्रम पर्न गो ॥

१३

१४

वीर क्षत्रियमा श्रेष्ठ दाजु जस्तो मनुष्य ता ।
स्वयं समर्थ भै नाश्न गर्थ्यो के नत्र यी कुरा ॥
तस्मात् छ योग्य यो दैव असमर्थ मनुष्यको ।
केही लछार्न सक्तैन अघि यो पुरुषार्थको ॥
छ आश्चर्य यही दाजु ! हजूर त्यसलाइ नै ।
प्रशंसा गरि बक्सिन्छ यसरी किन व्यर्थ नै ? ॥
दुवै बुबा-मुमा हाम्रा पापी हुन्, छैन संशय ।
विश्वास कसरी गर्नु कुरामा उनको अव ॥
विश्वमा कत्ति छन् कत्ति यस्ता पापी मनुष्य ता ।
रचेर धर्मको स्वाँग ठग्दछन् दुनियाँ सदा ॥
स्वार्थ-सिद्ध यिनै गर्छन् राम्ररी आफ्नु वास्तव ।
धर्मात्मा प्रभु जस्ताले जानिन्नन् किन ती अझ ? ॥
धर्मको निहुँले आफ्नो छिपाई शठता अहो ! ।
गर्न खोज्छन् परित्याग सच्चरित्र हजूरको ॥
विचार उनको यस्तो न हुँदो हो त तुच्छको ।
पहिल्यै हुनु पर्ने हो कार्य त्यो ? किन आज भो ? ॥
भए वर दिएको त्यो ठिक्कै थ्यो, दिनु योग्य थ्यो ।
अघि नै न दिई अैले दिनुमा नै अनर्थ भो ॥
छोरो महान् गुणी जेठो हुँदैमा भाइलाइ त्यो ।
अभिषेक दिने काम त्यसै लोक-विरुद्ध हो ॥
त्यो पनी त्यस वेलामा जब ठिक्क भयो सव ।
दिएर यसरी धोका दिनु के योग्य हो अव ? ॥
राज्याभिषेक त्यो तस्मात् दाजु बाहेक अन्यमा ।
दिएको सहनै कत्ति म त सक्तिन, होस् क्षमा ॥
मानी त्यो बाबुको आज्ञा मोहमा परि बक्सियो ।
यसैले दाजुको बुद्धि दुविधा भो, भ्रमै पऱ्यो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ए महान् बुद्धिका दाजु ! म त्यस्तो धर्मलाई ता ।
मान्दै मान्दिन है कत्ति विरोधै गर्छु सर्वथा ॥
हजूर भइ बक्सिन्छ त्यो धर्ममय कर्मले ।
जे पनी गर्न सक्ने र प्रपूर्ण निज वीर्यले ॥
कैकेयीको वशै पर्ने पिताको वाक्य निन्दित ।
कसरी मानि बक्सिन्छ अनि धर्म-विरुद्ध त ? ॥
वर दान दिएको थें भन्ने छल गरी यहाँ ।
पारे विघ्न, गरे पाप प्रभुको अभिषेकमा ॥
तै पनी दाजु ता कत्ति जानि बक्सिन्न यो किन ? ।
लिइ बक्सिन्न हो ठीक ! भनेर अझ झन् किन ? ॥
मनमा दुःख लाग्दोछ यै कुरामा मलाइ त ।
मिलेको छल धर्मैको गर्नु सङ्ग छ निन्दित ॥
कामचारीहरू हुन् ती हाम्रा माता-पिता दुवै ।
छोराको अहितै गर्ने प्रभु जस्ता सुयोग्यकै ॥
शत्रु हुन् बाबु-आमाका नामका दाजुको अझ ।
उनकै मनको धोको पूर्ण पार्ने विचार छ ॥
उनमा बुद्धि जो उब्ज्यो दाजुको अभिषेक यो ।
न होस् भन्ने, त्यही मुख्य दैवको प्रेरणा भयो ॥
भन्ने मान्ने र ठान्ने हो भने पनि हजूरले ।
मलाई ठीक लागेन, खाँदै खाएन चित्तले ॥
सिद्धान्त, मत यस्तैछ यसमा दाजुको तर ।
उपेक्षा गर्नु नै पर्छ नीच मानैं छ सुन्दर ॥
जसमा छैन क्यै शक्ति जो डराँउछ, तुच्छ छ ।
त्यही नै दैवको दाजु ! सर्वथा भर पर्दछ ॥
विश्वमा ख्याति फैलेका व्यक्ति ठूला-बडा तर ।
आफ्नै वीर्य सरी चल्छन् , पर्दैनन् दैवको भर ॥
आफ्नो पौरखले दाजु ! दैव वा भाग्यलाइ त्यो ।
विनाश्न, वशमा पार्न छन् समर्थ भने बडो ॥
उल्टिई पछि त्यै दैव विघ्न पार्‍यो भने पनि ।
लिदैनन् खिन्नता कत्ति स्वार्थ त्यो विग्रंदा पनि ॥
तस्मात् यी दुनियाँ देखुन् आज पौरख-दैवमा ।
छ के-श्रेष्ठ? छ के योग्य? होस् निर्णय स्वयं यहाँ ॥
राम्रै टुङ्गो पनी लागोस् दैव-मानुष-शक्तिमा ।
बलीयो को छ ? को निर्धो ? दुवै पौरख-भाग्यमा ॥

४४

४४

दैवकै बलले आज दाजुको अभिषेक
भएको यसरी नष्ट जो देखे सबले
देख्ने छन् अब ती फेरि उल्टिएको स्वयं
मेरो पौरखले दाजु ! परेमा चोट दैव
मदमत्त कुनै ठूलो हात्ती जस्तै छ दैव
कसैलाइ न टेर्ने र सँधै मद चुहाँ
सिक्री-साङ्ला सबै भाँच्ने न छुने अङ्कुशादि
हुने उज्जण्ड अत्यन्त वेगपूर्वक दौडि
त्यस्तो दैवकनै आज म आफ्नो पुरुषार्थ
हेर्नोस् फरक्क फर्काई छोडेको अब दाजु-
मिलुन् त्रैलोक्यकै प्राणी लोकपाल जुटुन् स
क्यै गरे रोक्न सक्तैनन् आज यो अभिषेक
यस हालतमा दाजु ! हाम्रा यौटै पिता अहो!
कसरी रोक्न सक्लान् र दाजुको अभिषेक
यसरी वनमा खेद्ने दाजुलाई निरन्त
आफु-आफु मिली जस्तो यो विचार गरे
स्वयं तिनीहरू आफैं जाने छन् वनमा
बस्ने छन् फेरि ए राजन् ! वहीं नै वर्ष चौध
पारेर यसरी विघ्न प्रभुका अभिषेक
माता-पिता दुवैले ती जो विचार गरे यहाँ
आफ्नु पुत्रकनै राज्य दिने त्यस्तो प्रयत्न
उनको अभिलाषा म पार्छु भस्म भई
बलको शक्तिको मेरो भै विरूद्ध मनुष्य
खडा भै अघि पर्ला ता पाउला धर के अहो!
त्यस्तामा दिनमा दुःख यो मेरो उग्र पौरख
जस्तो सक्तछ, के सक्ला त्यो दैव दिन ता सुख!
वितेमा वर्ष हज्जारौं गरी राज्य निरन्तर
सवारी दाजुको होला वनमा वस्न भै
ए दाजु ! त्यस वेलामा पनि ता पुत्र दाजु
गर्नेछन् राज्य यो फेरि प्रजा-पालनरूप
राजर्षि अधिका जो जो भए सब उनी पनि
वनमा वस्नमा जान्थे योग्य हो श्रेष्ठ हो भनी
राज्यको भार सुम्पन्थे सुपुत्रहरूमा पुन
पालन प्यारा प्रजा आफ्ना पुत्र जस्तै गरीकन

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

धर्मात्मन् ! के त राजाले त्यो वानप्रस्थ-धर्मको ।
पालना गरि बक्सेन भई एकाग्र-चित्तको ॥
यसर्थ न भई आज्ञा राज्य त्यो आफुले गरे ।
जनता भाँडिएलान् वा गर्लान् विद्रोह नै भरे ॥
अनि भन् सब विग्रेला यै शङ्का मनमा परी ।
राज्य यो चाहि बक्सेन वनै जाने विचार ली ॥
यदि यस्तो भए दाजु ! प्रतिज्ञा गर्छु, भन्दछु ।
सिन्धुलाइ किनाराले रोके जस्तै म रोक्तछु ॥
दाजुका राज्यको त्यस्तै दाजुका पाउको पुनः ।
न सके गर्न रक्षा नै वीरलोक न पाँउ म ॥
गराई बक्सियोस् दाजु ! अभिषेक तुरुन्त ल ! ।
यिनै मङ्गलका सारा वस्तुले व्यस्त भै अब ॥
म यौटैले जबर्जस्ती विरोधी हुन आँउने ।
राजाहरू सबैलाई रोक्न सक्छु, छु तम्सिने ॥
होइनन् हात यी मेरा खाली शोभा निमित्तका ।
बन्दैनन् गहना केही यो मेरो धनुको यता ॥
भुण्ड्याइ राख्नको निम्ति मात्र होइन खड्ग यो ।
खम्बा बनाउना लागि होइनन् बाण यी प्रभो ! ॥
चारोटै वस्तु यी मेरा त्यस्तै शत्रु भए भने ।
आज मैले लिएको हुँ, छु पक्कै म दबाँउने ॥
जसलाई म संझन्छु मेरो शत्रु र दुश्मन ।
त्यसलाई दिँदै दिन्न क्यै गरे पनि बाँच्न म ॥
तीखो धार भएको छ झल्कने तलवार जो ।
चम्किने विजुली जस्तो यो मेरो हातबीचको ॥
यसैले शत्रुलाई म केही संझन्न, तुच्छ छ ।
लिएको हातमा वज्र इन्द्र नै होस् न त्यो स्वतः ॥

७३

७४

आज दाजु ! यता फेरि मेरो खड्ग-प्रहारले ।
हुनेछन् पिँधिए जस्ती पृथिवी पनि वीर्यले ॥
हात्ती-घोडाहरूले र रथीका शिर-हातले ।
तिघ्राले ढाडले होलिन् पृथिवी पूर्ण व्याप्त ए ! ॥
खड्गको धारले तीखा काटिंदा रक्तमा मिली ।
अघुल्टा सरि नै शत्रु देखिने छन् स्वयं ढली ॥
आकाशबाट पृथ्वीमा बिजुली साथ लीकन ।
देखिएलान् खसेका ती मेघ जस्ता प्रभो ! पुनः ॥
गोहीका चर्मका पञ्जा पैह्रेर दुइ हातमा ।
धनु ली उभियूँला म जब त्यो रणभूमिमा ॥
ए दाजु ! त्यस वेलामा होला पुरुष को यहाँ ।
म हुँ भन्दै अघी पर्न आँउने ? वीर पो ममा ॥
म धेरै बाण छोडेर एउटै मार्न सक्तछु !
म यौटै बाण छोडेर धेरै नै मार्न सक्तछु ॥
सबै सखाप पारेर यसरी रणभूमिमा ।
मार्नेछु बाण छोडेर गज-मर्त्याश्व-मर्ममा ॥
मेरा समर्थ ए दाजु ! आज कोसल-देशका ।
राजाको प्रभुता यस्तो म भेटाँउछु सर्वथा ॥
त्यसको ठाममा राख्छु दाजुको नै प्रभुत्व त्यो ।
प्रकटै हुन्छ लौ आज मेरो अस्त्र-प्रभाव यो ॥
आज मेरा दुवै बाहु जुन छन् अतिवीर्यका ।
सँधै चन्दनका लेप लगाएका, सफा तथा ॥
पैह्रेका सुनका बाजू, धन-दान दिने सदा ।
सुहृत्‌को पालना गर्ने, डर्लाग्दा शत्रुमात्रका ॥
विघ्न पार्नेहरूलाई दाजुको अभिषेकमा ।
रोक्नमा, नाशनमा गर्छन् ठिक काम-कुरो-यहाँ ॥

८६

आज्ञा हओस् लौ अब दाजु ! यो ममा छ शत्रु त्यस्तो कुन दाजुको यहाँ ? ।
छुटाँउ अैले यश-इष्ट-मित्रले कल्लाइ आफ्नो प्रिय-प्राण सम्मले ? ॥

८७

जसो गरे दाजु ! उपाय जे गरे पृथ्वी हुनेछिन् प्रभुकी अधीनमा ।
म दास हूँ वास्तव गर्छु त्यो कुरा परन्तु आज्ञा हुनुपर्छ है ममा ॥

८८

CC-0. In Public Domain. Digitization by eGangotri

बढाँउने यो रघुवंशलाइ ती श्रीरामले लक्ष्मणका कुरा यति ।
सुने पछी स्नेह गरेर नेत्रको पुछी दिंदै आँशु भने स्वयं यसो ॥
८९

माता-पिताको दृढ भै टिकीकन म पाल्छु आज्ञा प्रिय बाबु ! लक्ष्मण ।
गर्दा यसै सौम्य ! छ श्रेय वास्तव बाटो छ यै सज्जनको पनी शुभ ॥
९०

इति तेइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौबीसौं सर्ग

मुमा कौसल्यालाई सँझाउँनु र वन जाने आज्ञा लिनु

१

कौसल्याले यता देखिन् जव श्रीरामलाइ ती ।
आज्ञा पाल्न पिताजीको स्वयं त्यस्तो लिने मति ॥
आँखामा भरिंदा आँसु हुने गद्गद वाक्यमा ।
अनि ती भन्न लागिन् यो धर्मात्मा पुत्र राममा ॥
दुःख कैले न देखेका प्यारो बोल्ने समस्तमा ।
राजा-दशरथै बाट जन्मेका पुत्र भूमिमा ॥
धर्मात्मा राम यी मेरा वनमा के गरी हरे ! ।
आफ्नु जीवन-निर्वाह गर्नेछन् उञ्छवृत्तिले ? ॥
खान्छन् स्वादिष्ठ अन्नादि जसका भृत्य-सेवक ।
कसरी राम यी खालान् वनमा फल-मूल त ? ॥
राजाका अति नै प्यारा सम्पूर्ण गुणका निधि ।
ककुत्स्थ-कुलका रत्न खेदिन्छन् वनबीच यी ॥
विश्वास कसरी गर्लान् यो कुरा नै सुने पनि ।
यद्वा यस्तो कुरा सुन्दा न मान्लान् डर को अनि ? ॥
बाबु-राम ! जगत्मा यो ठूलो दैव रहेछ हो ! ।
वलीयो पनि यो भन्दा कुनै अर्को न देखियो ॥
कृतान्त नामको त्यै हो, सव गर्छ, गराँउछ ।
सुख-दुःख सवैलाई स्वयं दिन्छ, दिलाँउछ ॥
गर्दामा यसले आज तिमी जस्ता सुयोग्यका ।
लोकप्रिय पनी बाबु ! वन जाने भयौ अहा ! ॥
अब राम ! तिमी बाट छुट्नु पर्दा मलाइ ता ।
बढेर शोकको आगो भस्म पार्छ शरीर हा ! ॥
त्यो ग्रीष्म-ऋतुमा जस्तो डढेंलो वनमा बढी ।
सखाप वन नै पार्छ भयास-जूस टिपी अघि ॥
देख्न पाँउन्न यो तिम्रो मुख भन्ने कुरा बढी ।
हुन्छ वायु त्यही फेरि आगो पार्दछ धप्धपी ॥

१३

१४

हुन्छन् विलापका दुःख यसमा दाउरा उति ।
रुँदाको आँसुको धारा घिउ भै दिन्छ आहुति ॥
पीरले निस्कने तातो श्वास-प्रश्वास धूम भो ।
यता सास लिने यत्न आगो भो, बढ्छ नित्य जो ॥
फर्किने छौ तिमी कैले त्यत्ति टाढा गई अव ।
यो चिन्ता नै ममा राम ! त्यो शोकाग्नि बढाउँछ ॥
तिमी नै जल हौ बाबु ! यो शोकाग्नि निभाउँन ।
डढाएर सुकाएर मारी हाल्छ तिमीविन ॥
जस्तो बाच्छो अघी जाँदा जान्छिन् गाइ पछी पछि ।
त्यस्तै म पनि है बाबु ! जान्छु तिम्रै पछी पछि ॥
आमाले जे भनिन् जस्तो भनिन् ती ती कुरा सुनी ।
भन्छन् अव यसो राम आमामा अति-दुःखिनी ॥
मुमा ! कान्छी मुमाबाट भयो धोका बुबाकन ।
ठगीइ बक्सियो व्यर्थै, म हिंड्दो छु यता वन ॥
यस हालतमा छोड्दा स्वयं हजुरले पनि ।
बुबाको के दशा होला ? बाँचि बक्सिन्न है अनि ॥
पतिलाई त्यसै छोड्नु पत्नीको निम्तिमा मुमा ! ।
कुरा साह्रै न राम्रो हो गन्दछन् क्रूर-कर्ममा ॥
यसर्थ कहिल्यै हुन्न मुमा ! हजुरले त यो ।
संझनै पनि, गर्ने ता कुरा पर रहोस् अहो ? ॥
बाँचे सम्म बुबा राजा ! ककुत्स्थकुल-नन्दन ।
गरी बक्स्योस् स्वयं सेवा यै हो धर्म-सनातन ॥
भन्दा श्रीरामले यत्ति कौशल्या-महिषी अव ।
भइन खुश निकै, जो थिन देख्ने नित्य शुभैशुभ ॥
सजिलै सँग ठूल्ठूला कर्म गर्ने सुपुत्र ती ।
रामलाइ भनी हालिन् हुन्छ ! गर्छु भनी त्यही ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भनेमा यसरी फेरि धर्मात्मा-श्रेष्ठ-रामले ।
अत्यन्त दुःखिनी आमालाई फेरि यसै भने ॥
पिताको शुभ आज्ञा त्यो पाल्नु पर्दछ वास्तव ।
मैले, हजुरले सम्म राम्ररी यत्न पूर्वक ॥
किन ? आज्ञा भए माता ! राजा हामी समस्तका ।
स्वामी हुन्, गुरु हुन् श्रेष्ठ प्रभु-ईश्वर हुन् तथा ॥
म महारण्यमा घुम्दै विताई चौध वर्ष त्यो ।
खुश भै फर्कि आएर आज्ञा पाल्छु हजूरको ॥
आमामा झन् बढ्यो पीर छोराका यी कुरा सुनी ।
आँखाभर भए आँसु, भनिन् भै अतिदुःखिनी ॥
यी सौताहरूका बीच बस्न सक्तिन बाबु ! म ।
जङ्गली मृगिणी जस्ती मलाई लग लौ वन ॥
आज्ञा मानी पिताजीको वनमै जानमा अब ।
यदि पक्कै लिए बुद्धि मलाइ पनि लौ लग ! ॥
न रोई धैर्यमा अड्दै रुने आमाकनै तव ।
संझाएर बुझाएर भन्छन् राम स्वयं अब ॥
बाँचे सम्म छ है आमा ! पत्नीको निम्तिमा पति ।
देवता तुल्यको साक्षात् समर्थ र महान् गति ॥
यस अर्थ बुवा-राजा मेरो अनि हजूरका ।
निमित्त भइ बक्सिन्छ प्रभु, मालिक सम्म त्यो ॥
बुद्धिमान् भूमिका स्वामी बुबा-राजा रहे तक ।
कसै गरी हुने छैनौं हामीहरू अनाथ त ॥
छन् ती भरत धर्मात्मा प्यारो बोल्छन् सबैसित ।
सेवा हजुरको गर्छन् भै पक्का धर्ममा रत ॥
म गए पछि राजामा न पिर्ने पुत्र-शोकले ।
उपाय गरि बक्सेला न चुकीकन यत्नले ॥
शोक यो पर्छ डर्लाग्दो न सकोस् नाश्न क्यै गरी ।
राज होस् बृद्ध-राजाको सँधै राम्रो भलो गरी ॥
जो नारी श्रेष्ठ मानिन्छे गुणले जाति आदिले ।
रम्दछे नित्य जो फेरि व्रतले उपवासले ॥
यस्ती भए पनी आफ्ना पतिको नित्य-सेवन ।
यदि गर्दिन ता भोग्छे पापीको गति त्यो पुनः ॥

४२

४३

पति-सेवन जो गर्छे त्यो भेट्छे स्वर्ग उत्तम
न गरोस् अरु द्यौताको ता पनी ढोग-पूजन ।
त्यो गरोस् पतिको सेवा रहेरै श्रेय-प्रेयमा
हो स्त्रीको नित्य धर्मै यो, छ ख्यातै वेद-लोकमा ।
अग्निहोत्रादि गर्दामा घरमा नित्य नै सुमा !
पूजियून् पुष्पले देव मेरो कल्याण-निम्तिमा ।
राम्रो व्रत लिने पाल्ने विप्रको पनि वास्तव ।
हओस् श्रद्धा गरी पूजा नित्य आदरपूर्वक ।
यसरी नियमै पाली गरी आहार ठिकको ।
यहाँ राजहओस् गर्दै सेवा स्वपति-देवको ।
बाटो हेरि यता मेरो फर्कला कहिले भनी ।
विताइ बक्सियोस् काल स्वयं शान्तिमती बनी ॥
धर्मात्माहरुमा श्रेष्ठ बुवा बाँचिरहे यदि ।
पुग्ला हजुरको धोको म पनी फर्किए पछि ॥
राम बाट यसो भन्दा कष्टले पुत्र-शोकको ।
भयो आँखा भरी आँसु, पछि बाट भनिन् यसो ॥
जाने पक्कै लियौ बुद्धि म फर्काउन सक्तिन ।
यता रहेछ कालाज्ञा अलङ्घ्य र महान् पुनः ॥
तिमी सामर्थ्य-शाली छौ भइ निश्चित नै अब ।
वन जाउ तिमी बाबु ! तिम्रो कल्याण होस् सब ॥
वन बाट तिमी राम ! जब फर्केर आउला ।
ढुक्क भै त्यसै वेला म दुःख विर्सी सुखी हुँला ॥
हुनेछौ त्यस वेलामै कृत-कृत्य तिमी पनि ।
प्रतिज्ञा पूर्ण यो पारी फर्कि आए पछी अनि ॥
तव सौभाग्यशाली भै तिरेका बाबुको ऋण ।
देखे पछि तिमीलाई सुतुँला सुखसाथ म ॥
यो पृथ्वी-तलमा बाबु दैवको वा कृतान्तको ।
गति त्यो तर्कना गर्नै न सक्ने नै रहेछ हो ! ॥
यसरी जो तिमीलाई मेरो आज्ञा पनी हरे ! ।
नघाई वनमा जान प्रेरणा दैव गर्छ ए ! ॥
ए महान् बाहुका राम ! वन जाउ तिमी अब ।
लिई आरोग्य आनन्द फर्के कुशलपूर्वक ॥

५८

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई त्यस वेलामा मीठा मधुर-वाक्यमा ।
दिएर सान्त्वना राम! पार्नु आनन्दितै यहाँ ॥
५६

जटा-बल्कल पैऱ्हेका फर्केका वनबाट त्यो ।
देखुला बाबु! कैले म आउला फेरि काल त्यो? ॥
६०

देखिन् मुमाले शुभ-लक्षणै हुने श्रीरामलाई वन जान तम्सिने ।
थालिन् अनी मङ्गल-स्वस्तिवाचन इत्यादि गर्नै महिषी स्वयं पुनः ॥
६१

इति चौबीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पच्चीसौं सर्ग

माता कौसल्याले मङ्गलकामना र स्वस्तिवाचन गर्नु एवं राम विदा भई सीता भवनमा जानु

१

कौसल्या रामकी माता उदार दिलकी थिइन् ।
उनले मनको आफ्नो शोक त्यो अब फेंक्दिथिन् ॥
जल शुद्ध अचाइन् र यात्राकालिक-मङ्गल ।
स्वस्तिवाचन इत्यादि गर्न लागिन् यसो तव ॥
आशीर्वाद दिदै भन्छिन् अनि ती-रघुनन्दन ! ।
वन जान तिमीलाई अव रोक्न म सक्तिन ॥
लौ ! जाउ अहिले भैगो ! चाँडै फर्कनु है तर ।
बाटोमा सन्तको राम्रो तिमी भई रह्यौ स्थिर ॥
तिमी नियमले गर्छौ खुश भै जुन धर्मको ।
पालना, अव यै तिम्रो गरोस् रक्षण धर्म त्यो ॥
देव-मन्दिरमा नाना ती देवस्थलमा गई ।
जसलाइ तिमी ढोग्थ्यौ श्रद्धाले प्रेमिलो भई ॥
अव ती देवता सारा लिई ब्रह्मर्षि साथमा ।
तिम्रो रक्षा गरून् राम ! जान लाग्दा अरण्यमा ॥
विश्वामित्र-महात्माले दिएका जत्ति अस्त्र छन् ।
सव फ्याँक्ने गुण-ज्योति, तिम्रो रक्षण ती गरून् ॥
सेवाले बावु-आमाको सत्यपालनले पनि ।
चिरञ्जीवी भयौ बावु ! सवले रक्षितै बनी ॥
तिम्रो रक्षा गरून् राम ! वनमा नित्य, वस्तु यी ।
पवित्री समिधा वेदी कुश मन्दिर आदि ती ॥
देव-पूजनका स्थान, विप्रका पर्वतादि र ।
क्षुप वृक्ष र सिंहादि पक्षी सर्प जलाशय ॥
विश्वेदेव तथा साध्य महर्षिहरू साथका ।
मरुद्‌गण गरून् रक्षा तिम्रो कल्याण सर्वदा ॥
हऊन् धाता-विधाता ती दिने स्वस्ति तिमीकन ।
भग ती अर्यमा पूषा गरुन् श्रेय मनोरम ॥

१३

१४

इन्द्रादि अष्ट दिक्पाल ऋतु मास र वत्सर ।
अहोरात्र पनी तिम्रो गरुन् श्रेय निरन्तर ॥
श्रुति-स्मृति तथा धर्म दिन रात घडी पला ।
मुहूर्त पनि ता तिम्रो गरुन् कल्याण सर्वदा ॥
वृहस्पति तथा सोम भगवान् स्कन्ददेव र ।
मुनि-नारद सप्तर्षि गरून् श्रेय सवैविर ॥
गरेका स्तुति मैले यी दिशा दिक्पाल सिद्ध ती ।
तिमीलाइ वहाँ बावु ? गरून् रक्षा सँधै भरी ॥
राजा-वरुण पृथिवी अन्तरिक्ष समुद्र र ।
द्युलोक शैल नक्षत्र वायु प्राणी चराचर ॥
दिन रात दुवै साँझ देवता साथका ग्रह ।
तिमीलाइ गरून् रक्षा वनमा रहँदा सव ॥
महिना बाह्र, छ ऋतु कला काष्ठा र वर्ष यी ।
दिउन् सव तिमीलाई श्रेयै-श्रेय वहाँ अति ॥
त्यो वेला वनमा घुम्दा धरेका मुनिवेष त्यो ।
सद्‌बुद्धिमान् तिमीलाई देव-दैत्य गरून् भलो ॥
डर्लाग्दा राक्षसैको र क्रूरकर्मा पिशाचको ।
जन्तुको मासु खाने ती न हओस् डर कत्ति त्यो ॥
त्यो घोर वनमा विच्छी-भ्यागुता-सर्प-डाँसको ।
लाम्खुट्टेको र कीराको न हओस् डर कत्ति पो ॥
बाघ भालू महान् हात्ती दाह्रा सींग हुने पनि ।
अर्ना बराह इत्यादि न गरून् हानि क्यै पनि ॥
नरको मासु खाने छन् अरू जो जति रौद्र ती ।
हिंसादि न गरुन् तिम्रो पूजा पाइ म बाट यी ॥
तिम्रो निम्ति सवै मार्ग हुन् मङ्गल दिने यता ।
सँधै सफल होस् तिम्रो पराक्रम पनी उता ॥

२६

२७

तिमीलाई मिलुन् राम! श्री-सम्पत्ति पनी सब ।
अब बाबु ! हम्रोस् तिम्रो यात्रा कुशलपूर्वक ॥
यता आकाशमा घुम्ने प्राणी पनि तिमीकन ।
गरून् रक्षण पृथ्वीका जीव-जन्तु पनी पुनः ॥
सम्पूर्ण देवबाटै र ती तिम्रा शत्रुबाट नै ।
सँधै प्राप्त हम्रोस् बाबु ! तिमीमा प्रेय-श्रेय नै ॥
पूजिएका शशी सूर्य यम शुक्र कुवेर ता ।
दण्यकारण्यमा बस्ता तिम्रो रक्षा गरून् सदा ॥
ऋषिका मुखका मन्त्र धूँवा वायु र अग्नि ता ।
तिमीलाई गरून् रक्षा स्नान गर्दा अचाउँदा ॥
ऋषिका साथमा ब्रह्मा सृष्टि रच्ने बराबर ।
वनवासी तिमीलाई गरून् रक्षा लिई सुर ॥
सम्पूर्ण लोकका स्वामी जगत्का मुख्य कारण ।
परब्रह्म परात्मा ती साथ ली ऋषिका गण ॥
वनवासी तिमीलाई गरून् रक्षा निरन्तर ।
यहाँ नभनिएका छन् जो जो ती साथ ली सुर ॥
ठूलठूला नेत्रकी देवी महारानी यशस्विनी ।
कौसल्याले भनिन् यत्ति पुत्रको श्रेयमा अनि ॥
पुष्प-माल्यादिले नाना दिव्य-गन्धोपचारले ।
देवताको गरिन् पूजा ठिकका स्तुति आदिले ॥
उनीले अग्नि ल्याएर रामको श्रेय निम्ति ती ।
गराइन् विधिले होम महात्मा विप्रबाट यी ॥
ती नारी-श्रेष्ठ रानीले विप्रको नजिकै अब ।
राख्दियिन् श्वेत-माल्यादि समिधा घृत सर्षप ॥
ती पुरोहितले होमे अग्निमा विधिपूर्वक ।
आरोग्य-कामना गर्दै गर्न शान्ति उपद्रव ॥
बचेका होम गर्दामा वस्तुले ती हविष्यका ।
बाहिरी देवतालाई दिए बली स्वयं तदा ॥
स्वस्तिवाचनको लक्ष्य लिई विप्रहरूकन ।
टक्र्याइन् मह घिउ र दही अक्षत ती पुनः ॥
वनमा रामको नित्य हम्रोस् श्रेय भनी पछि ।
शान्ति-पाठ गराइन् यो स्वस्तिमन्त्र पढी पढी ॥
ती शुद्धकीर्ति फैलेकी मुमाले रामकी अब ।
दक्षिणा वस्तु मागेको टक्र्याइन् विप्रमा शुभ ॥

४३

४४

सकेपछि गरी यत्ति रघुका कुल-भूषण ।
आफ्ना सुपुत्रमा त्यस्ता भन्न थालिन् यसो पुनः ॥
त्यो वृत्रासुरको नाश गर्नको निम्तिमा वहाँ ।
गरिने देवले सारा नमस्कार र वन्दना ॥
इन्द्रलाई सहस्राक्ष दिए जो शुभ-मङ्गल ।
त्यही मङ्गल होस् बाबु ! तिम्रो निम्ति पनी अब ॥
खोज्ने गरुडको निम्ति खोसी अमृत-ल्याँउन ।
अघि श्रेय चिताइन् जो विनताले मुमा पुनः ॥
गरिन् मङ्गल कृत्यादि त्यो वेला उनले जति ।
तिमीलाई पनी राम ! अब मङ्गल होस् त्यही ॥
संहार दैत्यको गर्ने वज्र धर्ने सुरेन्द्रमा ।
गर्दा अमृत उत्पन्न माता अदितिले वहाँ ॥
गरी मङ्गल-कृत्यादि आशीर्वाद दिइन् जुन ।
त्यही मङ्गल होस् प्राप्त तिमीलाई पनी पुनः ॥
ती तीन पाइला आफ्ना थाल्दा राम ! बढाँउन ।
साक्षात् अतुल्य तेजस्वी भगवान विष्णुमा पुनः ॥
दिने श्रेय दिशा द्वीप लोक वेद समुद्र र ।
ऋषि आदि दिउन् श्रेय, होस् तिम्रो शुभ मङ्गल ॥
ठूलठूला नेत्रकी रानी-कौसल्याले त्यसो भनी ।
शुभाशीर्वाद यो अर्पिन् स्वयं धैर्यवती बनी ॥
पहिराइ दिइन् टीका शिरमा अनि पुत्रको ।
दहीमा मुछिएका ती गन्धाक्षत-अवीरको ॥
अभिलाषा तथा इच्छा सब सिद्ध गराँउने ।
बूटी बाँधि दिइन्, नाम विशल्यकरणी हुने ॥
रक्षा गर्ने पढी मन्त्र पारी उत्तेजितै पछि ।
रामको हातमा बाँधिन् वृद्धिमन्त्रादि ती जपी ॥
दुःखकै वशमा थिन् ती भित्र पीडा थियो अति ।
मन्त्र उच्चारणै गर्थिन् स्पष्ट नै, छन् सरी खुशी ॥
मन्त्रोच्चारण ता हुन्थ्यो बोली स्पष्ट भई तर ।
शोकले गद्गदै हुन्थ्यो लर्खरिन्थ्यो निरन्तर ॥
यशस्विनी-मुमाले ती झुकाई शिर रामको ।
सुँघिन् र शिरमा,हालिन् अँगालो र भनिन् यसो ॥
बाबु राम ! तिमी जाउ पार पूर्ण मनोरथ ।
वनमा अब लौ चाँडै आनन्द-सुखपूर्वक ॥

६०

६१

नीरोगी, पूर्ण इच्छाका तिमीलाई भई सुखी ।
म राजमार्गमा हेर्छु अयोध्या फर्किए पछि ॥
त्यो वेला दुःखका मेरा छुट्छन् सव कुराहरू ।
थपिन्छन् मुखमा मेरा सुख आनन्द यी अरू ॥
पूर्णिमामा उदाएका पूर्ण-चन्द्र समानका ।
तिमीलाई म देख्ने छु फर्कदा वनबाट ता ॥

६३

६४

यो प्रतिज्ञा पिताजीको पूर्ण पारेर फर्कि
राजसिंहासनैमा यो बस्नेछौ जव शान्ति
त्यस वेला तिमीलाई भई अति प्रसन्न
बाबु राम ! स्वयं फेरि गर्न पाँउछु दर्श
अत्र जाऊ तिमी बाबु ! वनवास सकी पछि
यहाँ आऊ र राजाको पैन्हे मङ्गल-वस्तु

६६

६७

वस्त्राभूषणले राम्रा विभूषित भई तव ।
मेरो मेरी-बुहारीको धोको सव पुऱ्याउ ल ! ॥
म बाट पूजा जतिको यहाँ भयो शिवादि द्यौता र महर्षि नागको ।
जाने तिमीमा वन, धेर सम्म ती गरुन् भलो नित्य-निरन्तरै अति ॥
आँखा भरी आँसु भरी यसो गरी सकी सवै मङ्गलका कुरा गरी ।
हेरी निकै वेर गरिन् परिक्रमा हालिन् अँगालो अनि पुत्रको वहाँ ॥
रानी-मुमाले यसरी प्रदक्षिणा गरे पछी राम सुपुत्रले वहाँ ।
आफ्नी मुमाको चरणारविन्द त्यो स्वयं निकै वेर दबाँइदो भयो ॥
त्यसो गरी मङ्गल-कामना हुँदा बढ्यो सुशोभा अव रामको वहाँ ।
पवित्रकीर्ति प्रभु ती गए अव श्री जानकीको शुभ—धाममा तव ॥

७१

इति पच्चीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छब्बीसौं सर्ग

श्रीरामले बिदा माग्ने प्रसङ्गमा सीतालाई संझाँउनु

१

भए पछि मुमा द्वारा स्वस्ति-वाचनकर्म ती ।
ढोंगी वन हिडें राम बाटोमा धर्मको अडी ॥
राजमार्ग भरी त्यस्तो जनको भीड थ्यो यता ।
पार्दथे ज्योतिले आफ्नो राम उज्वल झन् उता ॥
आफ्ना सद्गुणले त्यस्ता दुनियाँहरूको मन ।
हिंड्दथे वश पारेझैं मथ्छन् जस्तै गरीकन ॥
विदेह-नन्दिनी सीता थिइन् अति तपस्विनी ।
थिएन उनमा पत्तै त्यसको अंश क्यै पनि ॥
हुँदैछ पतिको मेरो यौवराज्याभिषेक त्यो ।
सीताको मनमा यौटा यै कुरामात्र खेल्दथ्यो ॥
यसको निम्तिमा तस्मात् खुश भै उनले तब ।
देव-कार्य 'हुँदा जान्ने' गर्नु पर्ने गरिन् सब ॥
राजधर्म पनी सारा जान्दथिन् जानकी उता ।
पतिको आँउने बाटो हेर्दथिन् ती बसी त्यता ॥
सारा जन हुने हृष्ट राम्रो महलमा निज ।
पसे राम यसै वेला केही नीचो लिई मुख ॥
देख्ता स्वपतिलाई ती उठिन् सीता जुरुक्क र ।
नियाल्दामा अवस्था त्यो काँपिन् भै अब थर्थर ॥
थिए व्याकुल चिन्ताले पतिका सब इन्द्रिय ।
देखिन् भवाट्ट यसो हेर्दा शोकले तप्त वास्तव ॥
सीतालाई वहाँ देख्ता धर्मात्मा रामले पनि ।
सकेनन् मनको शोक रोक्न, स्पष्टै भयो अनि ॥
उडी गो मुखको रङ्ग, पसीना अङ्गमा छुटे ।
शोक थाम्न न सक्तामा राममा सब यी घटे ॥
देख्ता यस्तो अवस्थामा सीताले दुःख-पीडिता ।
पतिलाई भनिन्-स्वामिन्! के भै यस्तो भयो दशा? ॥

१३

१४

छ आजै पुष्यनक्षत्र देवता छन् बृहस्पति ।
हुन्छ श्रेय भनी भन्छन् अभिषेक गरे पछि ॥
अभिषेक हुने भन्थे विद्वान् विप्र हजूरको ।
यसैवेला म देख्तीछु मन मक्न् खिन्न नाथको ॥
जलको फीज जस्तो र शलाका शत-युक्त त्यो ।
छाताले किन ढाकिन्न प्रभुको मुख आज यो? ॥
पर्‍यो के यसमा हेतु जसले गरि श्रीमुख ।
शोभिन्न पहिले जस्तो शोभा पाँउन्न वास्तव? ॥
चन्द्र-हाँस सरीका ती दुवै चवँरले पुनः ।
हुने कमलझैं आँखा मुख हम्किन्न यो किन? ॥
बखान्न गुण जानेका बन्दी-सूत र मागध ।
गाँउने आज देखिन्नन् खुश भै किन मङ्गल? ॥
विप्रले वेद जानेका प्रभुका माथ-बीच यो ।
विधिले अभिषेकादि गरेनन्? दधि-क्षौद्रको? ॥
यता प्रकृति सम्पूर्ण ती मन्त्री सैन्यका पति ।
वस्त्राभूषणले शोभा भरेका सेठ-साहु ती ॥
गाँउका पुरका सारा जनता पनि ता प्रभो! ।
पछाडि हिंड्न छोडेछन् प्रभुको, आज के भयो? ॥
सुवर्णमय चारोटा जोतेका अश्व वेगिला ।
त्यो पुष्परथ हिंड्दैन प्रभुको अघि आज ता ॥
कालो मेघ बसेको क्वै गिरिकै ठीक देहको ।
त्यस्तो लच्छिनको हात्ती हिंड्दैन अघि के भयो? ॥
जडेको मणि स्वर्णादि भद्रासन हजूरको ।
बोकेर अघि हिंड्दैनन्, आज देखिन्न के भयो? ॥
सब ठिक भएकोछ सामान अभिषेकको ।
अवस्था किन भो यस्तो? यस हालतमा प्रभो! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कुनै प्रसन्नता छैन मुखमा आज के भयो ? ।
तेज कान्ति छँदैछैन अघि यस्तो थिएन जो ॥
सीता विलाप गर्दैथिन् भने श्रीरामले यसो- ।
आज पूज्य बुबाज्यूले मलाइ वन बक्सियो ॥
जन्मेकी कुलमा ठूलो धर्म जान्ने पतिव्रते ! ।
छौ तिमी धर्ममा रम्ने, धर्म गर्ने स्वयं शुभे ! ॥
वनवास ममा आज जसरी प्राप्त भो पुनः ।
म भन्दछु तिमीलाई सब त्यो क्रमले सुन ! ॥
मेरा बुबा दशरथ-राजाले अघि जानकी ! ।
हुँदा सत्य-प्रतिज्ञाका सत्य बोल्ने पनी अति ॥
मुमा ! कान्छी-महारानी कैकेयीलाइ वस्तुतः ।
दुइटा वर ठूलठूला बक्सिएको रहेछ त ! ॥
यसै समयमा मेरो अभिषेक गरूँ भनी ।
नरेन्द्र लागि बक्सेथ्यो सब ठिक्क गरी अनि ॥
उहाँले मागी बक्सेछ ती दुवै वर अन्तमा ।
महाराज फँसी बक्स्यो यसरी धर्म-पाशमा ॥
भई विवश यौटाले मलाई चौध वर्षको ।
दण्डकारण्य गै बस्ने शुभाज्ञा पछि बक्सियो ॥
त्यो अर्को वरले चाँहि पदमा युवराजको ।
छोरा भरतलाई ती नियुक्त गरि बक्सियो ॥
भेट्न आएँ यहाँ सीते ! यसर्थ म तिमीकन ।
बुझ्यौ अब, हिंडी हालें वनमा म त निर्जन ॥
प्रशंसा न गर्‍यौ मेरो कैल्यै भरतको अघि ।
विशेष न गर्‍यौ मेरो चर्चा पनि, न होस् स्तुति ॥
गुण छन् पतिमा मेरा दया दाक्षिण्य-आदि यी ।
भनेर कहिल्यै सीते ! न भन्यौ उनको अघि ॥
आफ्ना सखीहरू साथ यता भरतको अघि ।
कुरै पनि कमै गर्नु, न होस् है यसले क्षति ॥
नजीकै बस्न पाइन्छ उनका मन ठिक्कको ।
व्यवहार गरेमात्र हुनेछ बहुतै भलो ॥
बक्स्यो भरतलाई ती पुर्खौली-यौवराज्य यो ।
बुवाले आज आफैंले स्थायी नै हुन सक्छ जो ॥
पार्नु पर्छ उनीलाई तिमीले अब ता खुश ।
किन भन्छ्यौ भने सीते ! राजा हुन्छन् उनै अब ॥

४३

४४

यता म पनि जाँदैछु अहिले वनतर्फ
प्रतिज्ञा पार्न त्यो सत्य राजाको मान्य भै
तस्मात् मनस्विनी सीते ! उदार दिलकी
खपी बस यहाँ सारा स्वयं धैर्यवती
गरेको मुनिले सेवा वनमा म गए
तिमी निष्पाप-कल्याणि ! बस राम्रो गरी
उपवास गरी नाना लिई व्रतहरू
विशेष त्यसवेलामा बस है तिनमै
छिटै उठ्नु सँधै सीते ! सक्नु शौचादि कर्म
विधिपूर्वक द्यौताको पूजा गर्नु निरन्त
अनि मेरा बुवा-राजा कहाँ गइ तिमी प्रिये !
श्रद्धा साथ उहाँलाई गर्नु दर्शन है शुभे !
साक्षात् मेरी मुमा बूढी-कौसल्याकन गै
गर्नु दर्शन है देवि ! आफ्नु धर्म छ यै
साह्रै दुब्ली भई बक्स्यो पीर-ताप परी-
धर्म हेरी उहाँलाई गर्नु मान अघी
अरु आमाहरुलाई पनि मेरा यथाक्रम
राख्नु मान र मर्यादा गर्नु गै नित्य-दर्शन
ममाको स्नेहले ठूलो प्रेमले पाल्नु-पोस्नु
मेरा आमाहरू जम्बै छन् बराबर नै प्रिये !
यता भरत शत्रुघ्न मेरा भाइहरू दुवै
छन् मेरा निम्तिमा सीते ! प्राण भन्दा पनी प्रिये
तसर्थ यी दुवैलाई भाई-छोरा समान
विशेष दृष्टिले हेर्नु तिमीले अब सर्वथा
इच्छा-विरुद्धको काम यता भरतको पुनः
न गर्नु कहिल्यै सीते ! न पर्ने उनको मन
किन भन्छ्यौ भने देवि ! अब राजा भए उनी
यो हाम्रो देशको त्यस्तै रघुका कुलको पनि
शील-स्वभावले राम्रो कामले र प्रयत्नले
हुन्छन् सेवा गरेमात्र राजाहरू खुशी प्रिये !
अलीकति चुके यद्दा उल्टो काम पर्‍यो कि
झोक्किइन्छन् तिनै फेरि पारी हाल्छन् फसाद
कुभलो र अकल्याण गर्नें निस्क्यो कुनै भने
आफ्नु नै वीर्यको छोरो भए पनि छ त्यागिने

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
न भए पनि आत्मीय राजा लिन्छन् तिनैकन ।
छ जो सामर्थ्यवान् ज्यादै बुद्धिमान् र महान् जन ॥

६२
तसर्थ अब कल्याणि ! राजा भरतको तिमी ।
गरी हित भलो राम्रो वश भै अनुवर्तिनी ॥

६३
टिकेर धर्ममा आफ्नो पालेर व्रत सत्य त्यो ।
यहीं बस तिमी सीते ! शोक पन्छाइ चित्तको ॥

६४
हिंडे म सीते ! अब त्यो महान् वन तिमी यहीं नै बस धैर्य लीकन ।
हुने न राम्रो अरुको न गर्नु क्यै भनाइ यो मान्नु र राख्नु ध्यान यै ॥

इति छब्बीसौं सर्ग

सत्ताइसौं सर्ग

देवी–सीताले वन लैजान प्रार्थना गर्नु

१

यसरी पतिले आफ्ना भन्निइन् प्रियवादिनी ।
पाएकी पतिको प्रेम सीता जनकनन्दिनी ॥
अब ती प्रेमले ठूलो क्यै रिसाए सरी गरी ।
भन्दछिन् पतिमा आफ्ना झुकेरै नम्र भैवरी ॥
छीः ! के आज्ञा भएको यो प्रभुबाट हरेशिव ! ।
मलाई संझि बक्स्यो के साह्रै नै तुच्छकी अब ॥
कुरा हजुरका सुन्दा पुरुषर्षभ ! हे प्रभो ! ।
मलाई आउनै लाग्यो अब हाँसो कसो कसो ? ॥
भो नाथबाट जो आज्ञा, योग्यको छैन त्यो कुरो ।
वीर शस्त्रास्त्र जानेका प्रभुझैं राजपुत्रको ॥
यही कलङ्कको टीका लगाउँदछ वास्तव ।
नरेश्वर ! हुँदा त्यस्तो सुन्न लागेन लायक ॥
आर्यपुत्र ! पिता माता बुहारी भाई वा सुत ।
अ–आफ्नो भाग्यकै ठीक पुण्यको भोग्दछन् फल ॥
पुरुषश्रेष्ठ ए स्वामिन्न ! पत्नी केवल एउटी ।
पतिको भाग्य नै भोग्छे, हिंड्छे नित्य पछी पछि ॥
यसअर्थ सुनी बक्स्योस् हुनाले सत्य यो कुरा ।
मलाई पनि भो आज्ञा साथमा वन जान ता ॥
यो लोक–परलोकैमा महिलाका निमित्त ती ।
दिने आश्रय यौटै छ पवि नै गविलो गति ॥
आफ्ना भन्ने पिता–माता पुत्र–पुत्री सखा–सखी ।
देहसम्म पनी आफ्नो हुन्नन् आधार सत्य यी ॥
त्यो घोर–वनमा आज नाथ जाने भए यता ।
कुश–कण्टक पन्छाई हिंडे अघि–अघी मता ॥
ईर्ष्या, यो–साहसै गर्छे स्त्री भई वन जान यो ।
क्रोध, यो–नाघ्दछे आज्ञा मेरो त्यो, 'यी दुवै कुरो' ॥

१३

१४

त्यागेर झट्ट निःशङ्क बचेको जल साथम
बटोहीले लगे जस्तो लगी बक्स्योस् ल साथम
अपराध तथा पाप कुनै छैन प्रभो ! मम
मलाइ कसरी त्याग्ने अनि के हेतुले यहाँ !
आज्ञा महलमा बस्नु चढ्नु, घुम्नु, विमानमा
अणिमादि लिई सिद्धि पुग्नु, बस्नु जहाँ-तहाँ
स्त्रीको निमित्त यी सारा कुरा भन्दा पनी बढी
पतिकै पाउ–छायामा बस्नु श्रेष्ठ छ हर्षडी
गर्नु पर्दछ को साथ व्यवहार कसो गरी
मैले बुबा–मुमाबाट पाए शिक्षण राम्रो
चाहिन्न यस बारेमा प्रभुको अब शिक्षण
जानेकी छु आर्यपुत्र ! पतिको साथ बस्न म
हुने मृगहरू नाना अरू जन्तु-जनावर
ब्वाँसा सिंह तथा बाघ भएको र भयङ्कर
छिचोल्न मुस्किलै पर्ने अनकन्टारको वन
हो ! हुन्छ जनले शून्य, साथमा जान्छु किन्तु म
घरमा म बुवाज्यूको वसे सरि गरी वहाँ
सुखपूर्वक बस्नेछु नाथका साथ-साथमा
संझिनेछु म ऐश्वर्य तुच्छ त्रैलोक्यका सब
आफ्नो पतिव्रता धर्म ध्यान राख्नेछु राघव !
राम्ररी नियमै पाली ब्रह्मचर्य म धर्दछु
प्रभुका पाउको सेवा वहाँ राम्रो म गर्दछु
पुष्पका रसका मीठा फ्याँक्ने गन्ध अनेकन
वनप्रदेशमा स्वामिन् ! प्रभुकै साथ घुम्छु म
रक्षा सम्पूर्ण प्राणीको गर्न सक्ने हजूरमा
पर्ला गाह्रो र के मेरो गर्नमा वनमा वहाँ !

२६

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मान-आदर अर्काको गर्ने वीर प्रभो ! अतः ।
प्रभुको साथमा आज पक्कै वन हिंडे म त ॥
छैन शङ्का कुनै स्वामिन् ! यसमा जान्छु, जान्छु म ।
क्यै गरे पनि रोकिन्न, क्यै गरे फर्किइन्न म ॥
कुनै प्रकारका कष्ट वहाँ दिन्न हजूरमा ।
बस्नेछु नाथकै साथ मानी आनन्द-चित्तमा ॥
वहाँ प्रतिदिनै खाई फल-मूल म बस्तछु ।
मेरो भनाइमा यस्तो शङ्कै छैन म भन्दछु ॥
प्रभुको साथमा नाथ ! वनमा हिंड्छु मै अघि ।
बचेको प्रभुले खाई जो होला, खान्छु त्यै पछि ॥
यसरी बुद्धिमान् यस्ता पतिको साथ नाथ ! म ।
भई निर्डर चाहन्छु सन हेर्न घुमी वन ॥
ती निर्मल नदी-नाला तलाउ र सरोवर ।
घुमेर सब हेर्नेछु, नाना गिरि मनोहर ॥

३३

३४

हजूर भइ बक्सिन्छ वीर मेरा पति प्रभो ! ।
नाथकै साथमा तस्मात् हेर्न पाऊँ म यी कुरो ॥
शोभा तलाउको होला कत्ति राम्रो वहाँ हकि ! ।
सुशोभित हुँदा होलान् जहाँ कमल-पुष्प ती ॥
तिनमा जलका पक्षी हंस-कारण्डवादिक ।
खेल्दा हुन्, म सबै देखी, हुनेछु सुखिनी तव ॥
ठूल्ठूला नेत्रका स्वामिन् ! अनुरक्ता म पाउकी ।
वहाँ प्रतिदिनै गर्थें म स्नान सरबीच ती ॥
नाथको साथमा फेरि घुम्दथें म यताउति ।
यसैमा पाँउथें स्वामिन् ! आनन्द पनि झन् अति ॥
नाथको साथमा बस्ता यस्तो सौभाग्य-मिल्छ ता ।
कष्टै हुन्न वहाँ वर्ष वितुन् शत-सहस्र वा ॥
मिल्दैन नाथको साथ भनेता स्वर्गलोकको ।
सुख सम्म पनी नाथ ! म त रोज्दिन तुच्छ हो ॥

४०

४१

नभए प्रभुको साथ वास त्यो स्वर्गलोकको ।
चाहिन्न भो नरश्रेष्ठ ! मलाई अति तुच्छ भो ॥
म जान्छु स्वामिन् ! वनमा अघोर ती जहाँ हजारौं मृग हात्ति छन् कपि ।
म गर्छु सेवा अनुकूल भैवरि संझी बुवाकै घरमा रहे सरि ॥
प्रेमादि मेरो प्रभु-पाउमै छ त्यो अड्दैन यो चित्त कहीं गई प्रभो ! ।
पर्‍यो भने नाथ ! वियोग पाउको मर्नेछु पक्कै पनि, 'निश्चितै छ यो' ॥
लगी मलाई अब साथमा प्रभो ! यो याचना पूर्ण गराइ बक्सियोस् ।
कल्याण हाम्रो यसमै छ नाथको म हुन्न भारी पनि संझि बक्सियोस् ॥
टिकी रहेकी पति-धर्ममा अति ती जानकीले भनिए पनी यति ।
श्रीरामलाई लिइ जान साथमा भएन इच्छा नरश्रेष्ठ भै वहाँ ॥
यी जानकीलाइ तसर्थ रामले रोक्ने, न लाने सुरले विचारले ।
देखाइ नाना वनवास-कष्ट ती थाले यसोरी सम्झाँउनै पछि ॥

४६

इति सत्ताइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठ्ठाइसौं सर्ग

वनवासको कष्टादिवर्णन

१

सीताले धर्म जानेकी यसरी भनिए पनि ।
धर्मवत्सल श्रीराम सबै सुनी रहे अनि ॥
वनमा वस्नु पर्दामा हुने कष्ट र दुःख ती ।
शोची सब उनीलाई न लैजाने नै लिए मति ॥
आँखा भर थिए आँसु सीताका नेत्रमा तब ।
संझाँउन उनीलाई खोज्थे राम भने अझ ॥
वनमा सँगमा लाने विचारैबाट वास्तव ।
हटाँउदै उनीलाई भन्छन् राम यसो अझ ॥
तिम्रो जन्म भयो सीते ! त्यो महान् कुलमा यता ।
धर्म–आचारमा राम्रो टिकेकी छौ तिमी सदा ॥
स्वधर्म पालना गर्दै यसअर्थ यहीं बस ।
हुनेछ जसले मेरो संतोष मनमा सुख ॥
सीते ! मैले भने जस्तो तिमीले गर्नु योग्य छ ।
किन ? भन्छयौ भने देखि अबला छौ कुरो बुझ ॥
वनमा वस्न जाने ती व्यक्तिका निम्तिमा सबै ।
अनेकौं आँउछन् दोष म भन्छु सुन लौ सबै ॥
म जान्छु वनमा बस्न भन्ने यो बुद्धि, छोड भो ।
नाना दोष हुने सीते ! दुर्गमै वन हुन्छ यो ॥
हुने हित–भलो तिम्रो भने यत्ति कुरा बुझ ।
म जान्दछु सुखै छैन वनमा छ दुखै–दुख ॥
डाँडाका चुचुरा बाट खसेका तल जोडले ।
झर्नाको शब्द सुन्दा नै आत्तिइन्छ मनुष्य ए ! ॥
यता शब्द त्यही सुन्दा गुफा भित्र पहाडका ।
सुतेका सिंह गर्जिन्छन् डाँडा घन्काँउदै तदा ॥
गर्ज्याई उनको त्यस्तो सुन्दामा दुःख लाग्दछ ।
यसअर्थ पनी सीते ! वन दुःखमयै त छ ॥

१३

१४

अनकण्टारको त्यस्तो धनमा निर्भयै भई ।
जङ्गली पशु सम्पूर्ण गर्छन् क्रीडा मजा लिई ।
देख्ता मानिस सारा ती ओइरिन्छन् र घेर्दछन् ।
यसअर्थ पनी सीते ! वनमा कष्ट धेर छन् ॥
छन् वहाँ जो नदी–नाला तिनमा ग्राह बस्तछन् ।
हीलो हुन्छ जहाँ धेरै, पार पुग्न छ कष्ट झन् ॥
यसभित्र वहाँ हात्ती मत्त भै नित्य घुम्दछन् ।
यी सबै हेतुले गर्दा वन दुःखद भन्दछन् ॥
वनका मार्गमा सीते ! छन् काँडा–लहरा निकै ।
डाँडा घन्काँउछन् सारा कराई लुइचे सबै ॥
पाइन्न पिउँने पानी जहाँ पायो उहीं यता ।
हिड्न गाह्रो छ, तस्मात् त्तो वनमा छ दुखै सदा ॥
झरेका तृण–शय्यामा रातमा भुइँमा त्यसै ।
गै लड्नै पर्छ थाक्तामा, छ तस्मात् वनमा दुखै ॥
मन रात–दिनै रोकी सन्तुष्ट हुनु पर्दछ ।
छ ज्यादै वनमा कष्ट, झरेका फल खानुछ ॥
सके सम्म वहाँ सीते ! उपवास तथा व्रत ।
वेलामा विधिले राम्रो गर्नु पर्दछ वास्तव ॥
आएका पाहुनाको र विप्रर्षि–पितृ–देवको ।
वहाँ प्रति दिनै पूजा विधिले गर्नु पर्छ जो ॥
जहाँ वेला हुँदा नित्य नियमैले त्रिकालमा ।
सीते ! नुहाँउनै पर्छ, तस्मात् कष्ट छ है वहाँ ॥
आफैले टिपि ल्याएका फूलले पुज्नु पर्दछ ।
वेदीमा वेद–विधिले छ तस्मात वनमा दुःख ॥
वस्नेले वनमा सीते ! जस्तो आहार मिल्दछ ।
हुनु पर्दछ सन्तुष्ट छ तस्मात् वनमा दुख ॥

२६

२७

अँध्यारो हुन्छ निष्पट्ट चल्छ आँधी-हुरी महान् ।
यता प्रतिदिनै फेरि भोकले पिर्छ है महान् ॥
अरू अत्यन्त डर्लाग्दा वहाँ विषय-वस्तु छन् ।
कुराले यी सबै गर्दा वनमा कष्ट धेर छन् ॥
छन् धेरै खालका सर्प वनमा गर्व गर्दछन् ।
तेर्सिन्छन् बीच बाटामै छ सीते ! अनि दुःख झन् ॥
बस्ने नदी र नालामा हिंड्ने ती सरी सर्पता ।
बस्तछन् मार्ग नै ढाकी वनमा छ दुखै सदा ॥
फट्याँग्रा डाँस लाम्खुट्टे विच्छी कीराहरू पनि ।
दुःख दिन्छन् सँधै सीते ! वनमा छ दुखै अनि ॥

३१

३२

भ्याँगिएका र अग्लेका रुख काँडा हुने तथा ।
कुश-काश पनी पिर्छन् दुखै छ वनमा सदा ॥
ए सीते ! वनमा बस्ने यता मानिसमा सदा ।
पर्छन् शरीरका क्लेश दुःख नाना प्रकारका ॥
अचानक उता फेरि आई पर्छन् अनेकन ।
भय, त्रास पनी सीते ! छ तस्मात् दुःख है वन ॥
क्रोध लोभ दुवैलाई वहाँ गै त्याग्नु पर्दछ ।
आफ्नो मन तपस्यामा सँधै लाँउनु पर्दछ ॥
डराँउनु हुँदै हुन्न ठूलै डर परे पनि ।
तसअर्थ वहाँ सीते ! दुःखै दुःख छ सम्झ नि ॥

३६

तस्मात् प्रिये ! तिमीले ता वन जानु अयोग्य छ ।
वन त्यो निम्तिमा तिम्रो छैन कल्याण श्रेयद ॥

३७

त्यस्तामहात्मा पति-रामको मति भएन लाने अझ साथ जानकी ।
ती मैथिलीले तर कत्ति मानिनन् भएर दुःखी अनि यी कुरा भनिन् ॥

३८

इति अठ्ठाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनन्तीसौं सर्ग

श्रीरामसँग सीताले वन लैजान फेरि प्रार्थना गर्नु

१

भै हालिन् दुःखिनि सीता रामका यी कुरा सुनी ।
मुखैभर भए आँसु विस्तारै यो भनिन् अनि ॥
वनमा बस्न जाँदामा बस्ने पुरुषलाई ती ।
आई लाग्छन् भनी दोष आज्ञा भो प्रभुले जति ॥
अब ती निम्तिमा मेरो प्रभुको स्नेह पाउंदा ।
गुणै–गुण भई हाल्छन् सम्झीपाऊँ म यी कुरा ॥
चौरी शरभ सिंहादि हात्ति व्याघ्र तथा मृग ।
नीलगाई पनी छन् जो जन्तु यी जङ्गली सब ॥
हजूरलाई देख्तामा भाग्नेछन् पर वास्तव ।
अघि यस्तो नदेखेको रूप देखेर राघव ! ॥
मलाई मिल्छ त्यो आज्ञा आफ्ना गुरुजनादिको ।
जानु पर्छ अनि मैले वनमा साथ नाथको ॥
आर्यपुत्र ! परे देखि वियोग प्रभु—पाउको ।
प्रभो ! मैले यहाँ पर्छ जीवनै पनि छोड्नु यो ॥
प्रभुका पाउमा बस्ता मलाई इन्द्रले पनि ।
केही लछार्न सक्तैनन् जबर्जस्ती गरे पनि ॥
वियोग पतिको पर्दा कुनै नारी पतिव्रता ।
बाँच्नै सक्तिन, यो आज्ञा भएकै हो ममा सदा ॥
ए महान् बुद्धिमान् स्वामिन् ! बुबाको घरमा अघि ।
भै रहन्थ्यो सभा ठूलो जम्बा हुन्थे द्विजाति ती ॥
त्यसै बेला यसो भन्थे वहाँ विप्र मलाई ता ।
यिनले वस्नु पर्नेछ वनमा गई सर्वथा ॥
मेरो जीवनमा साँचो हुनु पर्दछ यो कुरो ।
तस्मात् म लगियूँ साथ ए महान् बलका प्रभो ! ॥
हेरेर हातको रेखा जान्न सक्ने भविष्य ती ।
विप्रबाट म यो सुन्दा थें वनै बस्न उत्सुकी ॥

१३

१४

वनमा बस्नु नै पर्ने त्यो आदेश कुनै दिन ।
पूर्णै नभई छोड्दैन, सुन्दथें, निश्चितै छु, म ।
यसअर्थ पनी स्वामिन् ! पतिकै साथ आफ्तु म ।
अवश्य वनमा जान्छु क्यै गरे पनि अड्दिन ।
यदि यस्तो भए देखि भोग्छु भाग्य–विधान त्यो ।
सत्य हुन्छन् यता विप्र, जान्छु साथ, छ काल यो ॥
वनमा बस्न जाँदामा हो ! म जान्दछु, निश्चित ।
अनेकौं आउँछन् दुःख मेरा वीर प्रभो ! स्वतः ।
तर ती दुःख त्यस्तैमा पर्दछन्, आइ लाग्दछन् ।
मन इन्द्रिय यी आफ्ना नसक्ने रोक्न जत्ति छन् ॥
बुबाको घरमा बस्दा कुमारी नै हुँदा अघि ।
ए स्वामिन् ! आउँथिन् यौटी भिक्षुकी शान्त-वृत्तिकी ॥
मलाई उनले देख्दा भनेकी थिन् यही कुरो ।
"यिनी गै वनमा बस्छिन्" मुमाको अघिनै प्रभो ! ॥
यहीं पिरि रहन्थें म वन गै बस्छु है ! भनी ।
प्रभुलाई पनी, आज्ञा भएथ्यो हुन्छ ! लौ भनी ।
कुराले यी सबै नाथ ! अघि देखि म शान्तिले ।
गएर नाथको साथ वनमै बस्न खोज्दथें ॥
प्रभुको जय होस् नित्य, यसर्थ अघिनै यहाँ ।
ममा आज्ञा मिलेकैछ प्रभुको, वन जानमा ॥
वनवासी महान् शूरा यस्ता स्वपति-देवको ।
मलाई अति प्यारो छ सेवा-टहल गर्नु पो ॥
वनमा पछि लाग्दा म प्रभुको प्रेम-स्नेहले ।
हट्ने छ मनको मैलो शुद्धात्मन् ! पतिदेव ए ! ॥
मेरा पति हुंदा नाथ भइ बक्सिन्छ देवतै ।
स्त्रीको निमित्तमा स्वामी छ ठूलो देवमा सबै ॥

२६

२७

प्रभुको पछि लाग्दामा यता मेरो निमित्तमा ।
मरेमा पनि श्रेयै छ हुन्छु साथ जहाँ तहाँ ॥
पवित्र–कीर्तिशाली ती विप्रका मुखले प्रभो ! ।
निस्केको श्रुति यो यौटा छ पवित्र, सुनिन्छ जो ॥
गरेर जल संकल्प जो कन्या जसमा यहाँ ।
दिन्छन् आफ्ना पिता आदि, हुन्छे त्यै परलोकमा ॥
धर्मपत्नी म हुँ तस्मात् प्रभुकी छु पतिव्रता ।
राम्रै छ ए प्रभो ! फेरि मेरो चाल-चरित्रता ॥
यस हालतमा नाथ ! फेरि त्यो कुन हेतुले ।
भएँ न लगिने साथ आज्ञा होस् पतिदेव ए ! ॥
यता छु प्रभुकी भक्त दुःखिनी छु पतिव्रता ।
सुख-दुख दुबै भोग्छु नाथकै साथमा सदा ॥
वियोग प्रभुको पर्ला भनी काँप्ती छु भित्र म ।
सुख-दुःख परोस् जस्तो दुबै भोग्छु भई सम ॥
प्राणनाथ ! प्रभो मेरा ! यसअर्थ मलाई त ।
साथमा लानु नै पर्छ, होस् कृपा अब यै स्वतः ॥

३४

३५

यसरी दुःखमा डुब्दी दासी मकन ता यता ।
लैजान नाथले साथ चाहिबक्सिन्न ता मता ॥
अवश्य पनि मर्नेछु पिउँनेछु विषै-विष ।
अथवा अग्निमा पस्छु, हाम्फाल्छु जलमा कि त ॥
यसरी प्रार्थना नाना गर्थिन् जनकनन्दिनी ।
साथमा बनमा जान भएर अतिदुःखिनी ॥
महान् बाहु हुने राम ! तै पनी साथ लानमा ।
भन्दै-भन्दैनथे हुन्छ ! त्यो निर्जन-अरण्यमा ॥
न भन्दा पतिले हुन्छ ! न दिंदा अझ स्वीकृति ।
मिथिलेश-कुमारीमा अब पीर पऱ्यो अति ॥
आँखाबाट खसे आँसु ताततातो भलझैं उता ।
भइन् भिजाँउछिन् जस्ती पृथिवीकन ती यता ॥
देखिइन् त्यस बेलामा जानकी अतिचिन्तित ।
केही रिस उठे जस्ती निकै व्याकुल, दुःखित ॥
देखी यस्ती उनीलाई न लाने नै लिई मन ।
सँझाए रामले फेरि जो राख्थे वशमा मन ॥

४२

इति उनन्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तीसौं सर्ग

श्रीरामले सीतालाई वनमा लैजान स्वीकार गर्नु

१

त्यसरी पतिले आफ्ना संझाए पनि जानकी ।
सँझिनन्, मानिनन् कत्ति, गर्न थालिन् लिँडेढिपी ॥
पतिको साथमा आफ्ना बनमा बस्न जानको ।
आज्ञा पाउँनको निम्ति भन्न लागिन् अझै यसो- ॥
थिइन् अति डराएकी पतिका प्रेमले तथा ।
त्यो स्वाभिमानले फेरि थिन् गजक्क पनी यता ॥
कुराले सब यो गर्दा हुने छाती विशाल ती ।
पतिमा अलिल आक्षेप पर्नेझैं भन्दछिन् पछि ॥
मिथिलेश्वर ती मेरा बुबा-जनकले प्रभो ! ।
हजूरलाई ज्वाँईको रूपमा पाँउदा अहो ! ॥
थियो के सँझिबक्सेको कैले यस्तो पनि अधि ।
नर हुन् देहका मात्र, नारी हुन् कामका त यी ? ॥
मलाई छोडि बक्सेर सवारी बनमा भए ।
अज्ञानले त्यसो भन्न दुनियाँलाई वेर के ? ॥
राम हुन् सूर्य झैं बल्दा उनमा तेज वीर्य त्यो ।
छैन कत्ति, यसो भन्दा कसरी खप्नुँ भूठ यो ? ॥
के विचार गरी बक्स्यो यसमा अब राघव ! ।
कि ता डर पर्‍यो भित्र कसैको प्रभुलाइ त ? ॥
म जस्ती धर्म-पत्नीको यौटै आधारकी छु जो ।
गर्न नै खोजि बक्सिन्छ परित्याग त्यसै कसो ? ॥
थे द्युमत्सेन राजाका सत्यवान् वीर पुत्र ती ।
सावित्री उनकी पत्नी थिइन् अनुगता अति ॥
त्यहीठीक त्यहीजस्ती म पनी नाथकी यता ।
आज्ञा मान्ने तथा चल्ने दासी हुँ, छु म सेविका ॥
क्वै अन्य-नरमा आँखा गाड्ने कुल-कलङ्किनी ।
नारीझैं सँझिबक्स्यो के मलाई प्रभुले पनि ? ॥

१३

१४

प्रभु बाहेक क्वै अर्को व्यक्ति हेर्दिन है म त ।
मनले सम्म ता स्वामिन् ! जान्छु साथै स्वयं अतः ॥
प्रभुको साथमा नाथ ! म कुमारी हुँदै अघि ।
भएको हो विहा मेरो, बसें साथ म घेर यो ! ॥
सती-साध्वी त्यही पत्नी मलाई अब नाथले ।
खाने कमाई पत्नीको नट झैं त्याग्दिने त के ? ॥
विशुद्ध चित्तका नाथ ! जसको निम्ति नाथको ।
रोकियो अभिषेकै यो, आज्ञा भो हित गर्नु जो ॥
तिनै भरतको स्वामिन् ! आज्ञा पाल्ने, भई वश ।
हजूरै बसिवक्स्योस् लौ यहाँ वस्तिन है म त ॥
हुँदैहुन्न कसै तस्मात् मलाई आफ्नु साथमा ।
न लगी प्रभुले जानु वनमा त्याग्दिई यहाँ ॥
वनमा बस्न वा स्वर्ग जान वा तप गर्न होस् ।
नाथको साथमा नित्य हुन्छु मै संझिबक्सियोस् ॥
घुम्दा गइ बघैंचामा सुत्ता पलँगमा प्रभो ! ।
श्रम हुन्न कुनै जस्तो त्यही ठीक मलाई यो ॥
नाथको साथमा जाँदा वनमा भै पछी-पछि ।
वहाँका मार्गमा हिंड्दा पर्दैन श्रम ता कति ॥
ठूल्ठूला वृक्ष होलान् ती निकै काँडा हुने वहाँ ।
ईषीका कुश-काशादि होलान् नाना लता घना ॥
छुवाई यिनको किन्तु प्रभुको साथ पाँउदा ।
सुखै दिन्छन्, त्यहीठीक मृगचर्म रुवा छुँदा ॥
आई आँधी-हुरी ठूलो धूलो देह भरी भए ।
श्रेष्ठ-चन्दन जस्तो म ठान्नेछु प्राणनाथ ए ! ॥
वनमा बास गर्दामा वनभित्र हुँदा म ता ।
हरीया घाँसमा नाथ ! साथमा सुँतुला उता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यी बिच्छ्यौना बिछ्याएका उनी नरम सुन्दर ।
सुत्ता पलँगमा त्यस्तो होला के सुख ता स्थिर ? ॥
धेरै होस्, कि त होस् थोरै नाथले आफ्नु हातले ।
ल्याएर दिइ बक्सेका जङ्गली फल प्रेमले ॥
कन्द मूल तथा पात जुन होस् जति होस् प्रभो ! ।
म खानेछु वहाँ मीठो मानी अमृत-तुल्य त्यो ॥
वनमा फल-मूलादि खाएर ऋतुका सब ।
कहिल्यै पनि संम्झिन्न घर, माता—पितातक ॥
वहाँ मन न पर्ने क्यै म गर्ने छैन राघव ! ।
प्रभुमा अप्रियै लाग्ने गर्ने नै छैन क्यै तव ॥
गरि बक्सनु पर्दैन मेरो निम्ति वहाँ दुख ।
पाल्न गाह्रो हुने हुन्न, दिने छैन कुनै दुख ॥
नाथका साथमा बस्ता जहाँ होस् स्वर्ग हुन्छ त्यो ।
न हुँदा नाथको साथ जहाँ होस् नर्क हुन्छ त्यो ॥
गरीछ यसले पक्का दृढ निश्चय नै यही ।
संम्झी साथ लगी बक्स्योस् मलाई दृढ स्नेह ली ॥
वनमा बस्नु पर्दामा छु प्रभो ! म न आत्तिने ।
यस्ती छु ता पनी नाथ! साथै न लगिबक्सिने ?– ॥
हो भने, बाँच्नु व्यर्थै छ विष खान्छु र मर्छु म ।
शत्रुको बश भै किन्तु क्यै गरे पनि बाँच्तिन ॥
यहाँ मलाई छोडेर सवारी वनमा भए ।
पर्दा दुःख प्रभो ! यत्रो पछि मन् बाँचुला र के ? ॥
यस हालतमा स्वामिन् ! अहिल्यै आफ्नु जीवन ।
छ श्रेय छोड्नु भन्ठान्छु जाँदा प्रभु स्वयं वन ॥
स्वप्नै वियोगको शोक म सक्तिन दुबै घडी ।
दुःखिनी खपुँला फेरि कसरी चौध वर्ष ती ? ॥
भई साह्रै दया लाग्दी शोकले छटपटाउँदै ।
सीता विलाप्न लागिन् हा ! ड्याँदै चिच्याँउदै रुँदै ॥
यता शिथिल भै हाल्यो शरीर उनको तब ।
नसकी खप्न पतिको आलिङ्गन गरिन् दृढ ॥
मिलेका विष टुप्पामा बाणद्वारा अनेकन ।
हानेकी मर्म छेडेकी ढोई–ठीक भइन् जुन ॥
नाना प्रकारका यस्ता कुरा स्वपति-देवको ।
सुन्दा सीता भएकी थिन् मर्माहत स्वयं बडो ॥

४३

४४

मथ्तामा काठमा आगो निक्लेझैं उनको अब ।
रोकिएका निकै बेर आँखा बाट झरे जल ॥
चुहिए जलका थोपा दुबै कमल बाट झैं ।
स्फटिकै ठीकका आँखाबाट आँसु खसे निकै ॥
ठूलठूला नेत्रले राम्रा शोभिएको र निर्मल ।
पूर्णचन्द्र सरी ज्योति फ्याँक्ने थ्यो उनको मुख ॥
त्यस्तो संताप पर्दामा सीताको मुख-पद्म त्यो ।
सुकी हाल्यो पानीबाट झिकेको कमलै भयो ॥
दुःखले भै सकेकी थिन् सीता मूर्छा परे सरि ।
अत्र यस्ती उनीलाई निकै माया दया गरी- ॥
पति श्रीरामले आफ्ना समाई दुइ बाहुले ।
अँगाली त्यस बेलामा पार्दै विश्वास यो भने ॥
देवि सीते ! तिमीलाई यस्तो दुःख दिएर म ।
स्वर्गको सुख पाएता पनि चाँहन्न, भोग्दिन ॥
सुन ! अर्को कुरा देवि ! स्वयम्भू–विधिमा सरि ।
ममा पनि डरै छैन कसैबाट कुनै थरि ॥
गर्न तिम्रो सँधै रक्षा वनमा छु समर्थ म ।
ए राम्रो मुखकी सीते ! तै पनी शोच्तथें पुनः ॥
तिम्रो हृदयको भाव राम्ररी नबुझीकन ।
वनवास तिमीलाई ठीक ठान्दैनथें, दिन ॥
वन गै साथमा मेरो बस्न नै खिर्जियौ तिमी ।
मिथिलेश-कुमारी ए ! छोड्दथें अनि के भनी ॥
महात्मा जन छोड्दैनन् स्वाभाविक प्रसन्नता ।
हुँदा आत्मज्ञ जस्तो ती, त्यस्तै छोडदिन है मता ॥
हात्तीकै सूँडको जस्तो भएकी जाँघ जानकी ! ।
जो गरे पहिलेकाले पत्नीका साथ भै पति ॥
म पनी त्यै सरी गर्छु धर्माचरण सुन्दर ।
तिम्रै साथ रही सारा आफ्ना कर्म निरन्तर ॥
गर्थिन् सुवर्चला – संज्ञा साथमा पति सूर्यको ।
रही जो कर्म त्यैठीक तिमी गर म साथ यो ॥
म वनै जान्न भन्ने ता यो न संझ कसै गरे ।
बुबाको वाक्य नै सत्य लैजान्छ वनमा प्रिये ! ॥
वशमा बाबु-आमाको बस्नु नै पुत्रधर्म हो ।
तस्मात् नाघेर त्यो आज्ञा बाँच्नै चाँहन्न मै, अहो! ॥

६०

६१

सेवाले वशमा पर्ने आफ्ना प्रत्यक्ष देवता ।
हुन् मान्य-जन नै तस्मात् गुरु, माता, पिता तथा ॥
नाघेर उनको आज्ञा सेवाले नहुने वश ।
अप्रत्यक्ष हुने दैव पार्ने हो कसरी वश ? ॥
राम्रो कटाक्षकी सीते ! यिनै तीन भए खुश ।
पाइन्छ सजिलै तीन धर्म, अर्थ र काम त ॥
स्वर्ग मर्त्य र पाताल यी तिनै लोकको पनि ।
हुन्छ आराधना राम्रो राम्ररी बुझ यो पनि ॥
गुरु, माता, पिता जस्ता छैनन् देव पवित्र क्वै ।
यत्रो भूतलमा तस्मात् यी तीनै पूज्दछन् सबै ॥
गुरु-माता-पिताजीको सेवा गर्नु निरन्तर ।
श्रेय-साधनको हेतु भन्दछन् छ भनी स्थिर ॥
दाँजोमा यसको दाँज्दा न छ दान, न मान छ ।
दिइने दक्षिणा धेरै न यज्ञ छ, न सत्य छ ॥
गर्दा यी मान्यको सेवा छैन दुर्लभ क्यै कुरा ।
पाइन्छ धन धान्यादि स्वर्ग विद्या सुतादि ता ॥
सेवाले बाबु-आमाको महात्मा जन भेट्तछन् ।
देव-गन्धर्व-ब्रह्माको लोक, गोलोक जत्ति छन् ॥
तसर्थ सुन ए सीते ! बाटोमा सत्य-धर्मको ।
अडेर जो ममा आज्ञा बुवाको वन जान भो ॥
पाल्नु पर्दछ त्यल्लाई प्रिये ! पार्दछु सत्य म ।
किन ? भन्छ्यौ भने सीते 'यै हो धर्म सनातन' ॥
म तिम्रै साथमा बस्छु वनमा, यो भनी जब ।
मेरो साथ वहाँ जाने लियौ जो दृढ निश्चय ॥
यसले उल्टियो मेरो विचार अघिको अब ।
दण्डकारण्यमा लाने न लाने जो थियो तव ॥

७३

७४

चढेका मद आँखाले शोभिने प्रिय-जानकी !
अब आज्ञा दिएँ मैले वनमा जान साथ यो ! ॥
सम्पूर्ण अङ्गले राम्रा शोभिएकी प्रिये ! सुन !
वनमै बस्नकै निम्ति सिर्जिएकी थियौ सुन ।
व्यर्थै डराँउने देवि ! तिमी हिंड पछी अब ।
नित्य साथ रही मेरो धर्माचरण ती गर ।
मेरी प्राणप्रिये ! सीते ! गर्‍यौ निश्चय यो सुन ।
मेरो साथ वहाँ जाने बडो राम्रो भयो सुन ! ॥
हो तिम्रै कुलकै योग्य अतिलायक यो शुभे !
मेरो पनि छ यै योग्य ए राम्रा अङ्गकी प्रिये ! ॥
राम्रो नितम्बकी मेरी ए प्रिये जानकी ! अब ।
वनमा बस्न जानामा योग्य-कर्मादि ती गर ॥
लिए पछि तिमीले यो जानामा दृढ निश्चय ।
मलाई बेस लागेन स्वर्ग सम्म पनी अब ॥
छिटो गर न होस् ढीलो, बाँड ब्राह्मणलाइ यी ।
रत्नस्वरूपका नाना आफ्ना उत्तम द्रव्य ती ॥
देउ भिक्षुकलाई र अरु माग्नेहरूकन ।
नाना प्रकारका वस्तु तथा भोजन उत्तम ॥
जो जो छन् गहना, वस्त्र बहुमूल्य, अमूल्यका ।
मनोरञ्जनका नाना छन् जो द्रव्य पदार्थ वा ॥
अरु श्रेष्ठ बिछ्यौना र यान, वाहन आदि र ।
अरु छन् वस्तु जो जत्ति ती मेरा पनी सुन्दर ॥
गर ब्राह्मणमा दान भए जत्ति, अझै बचे ।
प्रिय-भृत्यहरूलाई बाँडि देउ छिटै प्रिये ! ॥
मलाई वन जानामा भयो स्वीकृति नाथको ।
अनुकूल भयो मेरो वनमा जानु सम्म यो ॥

८६

थापाई यो कुरा जानी सीतामा अतिहर्ष भो ।
विप्रमा अरुमा दान गर्न लागिन् छिटो छिटो ॥

८७

सुनेर त्यस्ता पतिदेवका कुरा खुशी भइन् ती मनका हुँदा कुरा ।
थालिन् दिनै रत्न-धनादि विप्रमा मनस्विनी धर्म हुने हुँदा वहाँ ॥

८८

इति तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकतीसौं सर्ग

रामले लक्ष्मणलाई साथमा लैजान स्वीकृति दिनु

१

यता राम र सीतामा कुराकानी थियो हुँदै ।
पसे लक्ष्मण यै वेला त्यो कोठामा अगाडि क्यै ॥
यी दुवैका कुरा सुन्दा भए आँशु मुखैभर ।
भै हाल्यो खप्न नै गाऱ्हो त्यस्तो शोक असुन्दर ॥
थिए लक्ष्मण आनन्द पार्ने रघुकुलै सब ।
समाते जोडले पाउ उनले दाजुको अव ॥
अनि भाउजु सीता ती थिइन् कीर्तिमती जुन ।
महान् व्रत लिने त्यस्ता दाजु साथ भने पुनः ॥
हजारौं मृग हात्तीले भएको टन्न जङ्गल ।
जाने नै छ भने देखि दाजुको दृढ निश्चय ॥
दाजुको साथ-साथैमा म पनी पछि लाग्दछु ।
लिएर धनु हातैमा म स्वयं अघि हिंड्दछु ॥
विहार गरि बक्सेला वनमा रमणीय ती ।
जहाँ भ्रमर गुञ्जिन्छन्, पक्षी चिच्याँउछन् अति ॥
म स्वर्ग जान चाँहन्न देवता हुन खोज्दिन ।
चाहन्छु प्रभुकै पाउ, लोक-ऐश्वर्य रोज्दिन ॥
वनमा बस्न जानामा गरी पक्का विचार यो ।
सुमित्रा-सुत भाईले दाजु साथ भने यसो ॥
सुने पछि कुरा यस्ता रामले भाइलाइ ती ।
न लान वनमा साथ भने संम्झाउँदै पछि ॥
भाई फेरि यसो भन्छन् दाजुका यी कुरा सुनी ।
कस्तो मर्जि भएको हो यी कुरा लौ ममा पनि ॥
मलाई पहिले देखि सर्वदा आफ्नु साथमा ।
राख्नमा बक्सिएकै हो शुभाज्ञा प्रभुले यहाँ ॥
अहिले गरि बक्सिन्छ किन यस्तो कुरा पुनः ।
मलाई लगि बक्सिन्न किन, हेतु पऱ्यो कुन ? ॥

१३

१४

कुन कारणले गर्दा निष्पाप रघुनन्दन ! ।
साथमा जान खोज्ने म रोकिएँ यसरी पुनः ॥
यो सबै जान्न चाँहन्छु राम्ररी अत्र मर्जिहोस् ।
मलाई यसमा शङ्का छ ठूलै नाशि बक्सियोस् ॥
कसिएर भई ठिक्क अघि हिंड्न यसो भनी ।
भै तयार भए ठिङ्ग धीर लक्ष्मण यी पनि ॥
अगाडि हात जोड्ने र जान्छु भन्ने उनीकन ।
अब अत्यन्त तेजस्वी-राम भन्छन् यसो पुनः ॥
स्नेह गर्छौ तिमी मेरो सर्वदा बाबु लक्ष्मण ! ।
सन्मार्गमा अडेका छौ भई धर्म परायण ॥
मेरो ता प्राण जस्ता छौ भनेको मान्दछौ यता ।
छौ मेरै वशमा फेरि टिकेका नित्यका सखा ॥
अब आज तिमी मेरो साथमा वनमा गए ।
मुमाको ती दुवै हाम्रा भन लौ गति हुन्छ के ? ॥
कौशल्या र सुमित्रा यी मेरी तिम्री मुमाकन ।
जो छन् यशस्विनी ज्यादै को सेवा गर्छ लौ भन ? ॥
जल वर्षाउँछन् जस्तो मेघ यी पृथिवी भरी ।
प्रजाका काम-इच्छादि पूर्ण पार्ने त्यहीसरि ॥
महान् तेज हुने हाम्रा बुबा-राजा यतातिर ।
बाँधिई बक्सिएकोछ पाशोमा कामको स्थिर ॥
ती अश्वपतिकी छोरी हाम्री कान्छी मुमा अतः ।
बुवा-नरेन्द्रको यस्तो राज्य पाए पछी स्वतः ॥
हाम्रो वियोग पर्दामा अत्यन्तै दुःखिनी हुने ।
ती सौतामा-मुमा राम्रो छैन है गरि बक्सिने ॥
उता भरत कैकेयी-मुमाको वशमा सदा ।
बस्नेछन् यसरी यस्तो उनले राज्य पाउँदा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कौसल्या र सुमित्रा यी मुमाको अति दुःखिनी ।
कसरी संफना गर्लान् भन लौ अनि ती पनि ? ॥
तिमी यहीं बसी तस्मात् राजाज्ञाले र यत्नले ।
हेर राम्रो मुमालाई अर्थ-सिद्ध यही गरे ॥
यता म प्रतिको भक्ति देखिनेछ यसो गरे ।
अतुल्य धर्म त्यो लाग्ला पूजा ती मान्यको गरे ॥
पार्ने रघुकुलैलाई अति आनन्द उन्नत ।
मेरो निमित्तमा बाबु ? गर यस्तै तिमी अब ॥
जाँदा छोडेर हामीले खप्नु पर्दा वियोग-ता ।
हुँदै हुन्न मुमालाई कहिल्यै सुख-शान्ति-ता ॥
भनिंदा दाजुले यत्ति कुरा बुझ्ने हुँदा अति ।
भन्छन् मधुर-वाणीमा भाइ यी दाजुमा पछि ॥
कौसल्या र सुमित्रा ती मुमाको खटिई सदा ।
पूज्छन् भरत शङ्का नै छैन है यसमा तथा ॥
छ तेज दाजुको यस्तो भन्दछन् हो प्रताप जो ।
प्रभाव यसको पर्दा हुन सक्छ विरुद्ध को ? ॥
वीर दाजु ! सुनी बक्स्योस् यदि उत्तम राज्य यो ।
पाई कुमार्गमा हिंड्दै विशेष भइ गर्विलो ॥
खेलाई मनमा पाप ती माताहरुको यदि ।
रत्ता भरत गर्दैनन् भने ता बिग्रिई मति ॥
अतिक्रूर र दुर्बुद्धि म उनीलाइ वास्तव ॥
तुरुन्तै मारि हाल्नेछु, यसमा छैन संशय ॥
उनका पत्तमा लाग्ने जो होला सब नाश्छु म ।
उल्टो त्रैलोक्य नै लागोस् तै पनी मार्छु, साश्छु म ॥
जेठी मुमा-महारानी कौसल्या त प्रभो ! स्वतः ।
सकिबक्सिन्छ हज्जारौं म सरी पाल्न मानिस ॥
उहाँलाई मिलेकोछ आफ्ना आश्रित व्यक्तिको ।
विचार गर्न हज्जारौं गाँउका गाँउ योग्यको ॥
तस्मात् मेरी मुमाको र मेरो म सरिका पुनः ।
मर्त्यका साथमा आफ्नो गरिबक्सिन्छ पालन ॥
यसर्थ पारि बक्स्योस् लौ पछि हिंड्ने मलाइ यै ।
यसमा धर्मको हानि कत्ति पर्दैन, हुन्न क्यै ॥
वीर दाजु ! यसो गर्दा यता हुन्छु कृतार्थ म ।
म द्वारा दाजुका नाना सिद्ध हुन्छन् प्रयोजन ॥

४३

४४

बोकी खन्ती र पेटारो बाटो देखाँउदै म ता
चढाई धनुमा ताँदो अघि हिंड्छु स्वयं ...
तपस्वीहरुका योग्य जङ्गली फल-फूल र
अरु आहार सम्पूर्ण ल्याँउनेछु सबै म ...
यस हालतमा दाजु ! डाँडा-काँडा भरी ...
हजूर घुमि बक्सेला लिइ भाउजु साथमा
जागामा सुकलामा वा जे गर्दामा पनी म ता
गर्नु पर्ने वहाँ काम खटिई गरुँला सदा
कुरा सुने पछि यस्ता भाई-लक्ष्मणका प्रिय
दाजुमा खुश भो ज्यादै भन्दछन् भाइमा अब
साथमै हिंड लौ भैगो ! माता आदि सुहृत्...
सबै सँग विदा माग वन जान्छु भनी भन
सुन अर्को कुरा बाबु ! राजा-जनकले अघि
ठूलो यज्ञ गरेकाथे श्रद्धा भक्ति लिई अति
उनीलाई महात्मा ती स्वयं वरुणदेवले
धनु दिव्य दिएकाथे जो देख्तै डर लाग्दथ्यो
दिएथे कवचै साथ जो अभेद्य थियो यता
दुइटा दिव्य ठोक्रा ती बाण अत्तय साथमा
त्यसका साथमा फेरि सूर्यझैं अतितेजिला
सुनले मोरिएकाछन् दुइटा श्रेष्ठ खड्ग ता
राखेकोछु सबैलाई घरमा गुरुदेवको
सत्कार साथ ती सारा बोकी आउ यहाँ छिटो
पाएर दाजुको आज्ञा गए लक्ष्मण ती अब
वनमा जानको आज्ञा माग्न माता सुहृत् सँग
विदा भइ वनै जाने लिई निश्चय अन्तमा
गुरुको घर गै हाले ती वसिष्ठ थिए जहाँ
सब क्षत्रियमा श्रेष्ठ सुमित्रासुतले तब
वहाँ बाट सबै बोके त्यस्ता उत्तम आयुध
सत्कार साथ राखेका नाना-माल्यादि-भूषित
दिव्य आयुध देखाए श्रेष्ठ श्रीरामलाइ ता
उदार-दिलका त्यस्ता महात्मा रामले अब
भने प्रसन्न भै आफ्ना भाइ-लक्ष्मणमा तब
तिमी आइ पुग्यौ बाबु ! ठीक वेला हुँदा यहाँ
तिमीलाई म खोज्दैथे सानु काम पर्‍यो जहाँ

६०

CC-0. In Public Domain. Digitization by eGangotri

छ मेरो धन जो जत्ति सब त्यो अब साथमा ।
तिमी ली बाँडून चाहन्छु तपस्वी-विप्र आदिमा ॥
६१

गुरु-मान्य महात्मामा भक्ति गर्ने महान् दृढ ।
श्रेष्ठ ब्राह्मण छन् जत्ति उनमै दिनु योग्य छ ॥
६२

६३
यता आश्रित छन् जत्ति मुख ताक्नेहरू पनि ।
दिश्रौं आफ्ना भए जत्ति धन त्यो उनमा पनि ॥
वसिष्ठजीका सुत मान्य हाम्रा सुयज्ञ छन्, श्रेष्ठ र पात्र राम्रा ।
तिमी गई उत्तम विप्र त्यस्ता ल्याऊ उनैलाइ भएर छीटा ॥
उनीहरूलाइ अरू बढेका ती विप्रकै साथ गरेर पूजा ।
पुन्याइ सत्कार गरेर राम्रो म जान्छु है जङ्गल, यै छ राम्रो ॥
६४

इति एकतीसौं सर्ग

बत्तीसौं सर्ग

यात्राकालको अनेकौं धन–द्रव्यादिको दान–प्रदानको वर्णन

१

बोके लक्ष्मणले आफ्ना दाजुको हितकारक ।
प्रिय गर्ने शुभाज्ञा त्यो, हिंडी हाले उनी अब ॥
सरासर वहाँ बाट घरबीच सुयज्ञको ।
पुगे भित्र पसी हाले निकै छीटो भई अहो ! ॥
त्यो वेला अग्नि-शालामा विप्र श्रेष्ठ सुयज्ञ ती ।
बसेकाथे, गई ढोगे भने लक्ष्मणले पछि ॥
काम गर्ने निकै गाह्रा ए सखे ! दाजु-रामको ।
घरमा हिंड लौ जाऔं वहाँ काम कुनै पर्‍यो ॥
मध्याह्नकालको सन्ध्या सके अब सुयज्ञले ।
स्वयं उनी हिंडी हाले साथ लक्ष्मण-जो थिए ॥
रमणीय थियो ज्यादै श्रीराम दरवार त्यो ।
सँधै लक्ष्मी वसेकीले सम्पन्न परिपूर्ण थ्यो ॥
वेलामा होमको पूजा गरेका अग्नितुल्यका ।
थिए अत्यन्त तेजस्वी वेद जान्ने सुयज्ञ ता ॥
अब देखेर आएका सीताका साथ राम यी ।
स्वागतै गर्नको निम्ति हात जोड्दै बढे अघि ॥
ककुत्स्थ-कुलका रत्न रामले उनको अब ।
स्वयं पूजा गरे राम्रो सुनले धनले तब ॥
श्रेष्ठ अङ्गद टक्र्याए, पैह्राए दिव्य कुण्डल ।
सुनका भुइँमा रत्न जडेका अति निर्मल ॥
त्यसका साथ-साथैमा धागोमा सुनकै सब ।
बाँधिएका दिए बाला बाजूबन्द पनी तब ॥
सीताको प्रेरणा पाई भन्छन् राम यसो अनि ।
हुन् तिम्री प्रिय-पत्नीकी सँगिनी जानकी यिनी ॥
तस्मात् सौम्य ! तिमीलाई सिक्री हार, सुवर्णको ।
मेखला दिन चाहन्छिन् राम्रै छन् सब लेउ यो ॥

१३

१४

लगी पत्नीकनै देऊ सुहाँउछ उनीक
तिम्री पत्नी सखीलाई स्नेह गर्छिन् यिनी जु
म साथ जान खोज्छिन् यी वन बस्न सखे ! अत
बाजू-बाला पनी दिन्छिन् ज्यादै राम्रा र शोभि
श्रेष्ठ शय्या भएको र अनेकौं रत्नभूषित
दिन्छिन् पलँग नै आफ्नो तिमीलाइ घरै ल
सखे ! हात्ती छ जो मेरो त्यो शत्रुञ्जय नामको
हो मामा बाट बक्सेको मलाइ चितु स्नेहले
टक्र्याँउछु तिमीमा म त्यसलाई पनी अ
असर्फीहरूकै साथ एक हज्जार लौ ल
भनेमा रामले यत्ति लिए सब सुयज्ञले
राम-लक्ष्मण-सीताको निम्तिमा आशिषै दि
प्रिय बोल्ने, हुने शान्त रामका प्रिय भाइ ती
नजीकै उभिएका थे खपी लक्ष्मण धैर्य ले
अहा!ए ठीक ब्रह्माले देवेन्द्रकन, रामले
सुमित्रापुत्रलाई ती तलका यी कुरा भने
अब बाबु ! तिमी डाक विश्वामित्र, अगस्त्य दो
दुवै ऋषिहरूलाई गर पूजा यथावि
मेघले जल वर्षाई खेती-बाली भरे स
पार पूर्ण तिमी नाना मणि रत्न धनै दि
ए महान् बाहुका भाई ! गाई देउ हजार
रूपैयाँ सुन-चाँदीका साथैमा मणि देउ
यजुर्वेदीय-शाखा र शाखा त्यो तैतिरीय
पढ्ने अध्ययनै गर्ने खालका विप्र आदि
जानेका वेद सम्पूर्ण आचार्य गुरु हुन् उ
जस्मा दान लिने शक्ति छ राम्रो पात्रता पु

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

फेरि जो नित्य आएर कौसल्याकन ती मुमा ।
श्रद्धा स्नेह गरी ठूलो दिन्छन् आशिष जो यहाँ ॥
जाउ डाकी उनैलाई यान दासी लुगा धन ।
दिलाउ ढुकुटीबाट मागे जत्ति स्वयं पुनः ॥
हाम्रा सचिव हुन् सूत ती चित्ररथ, मान्य छन् ।
यो राजकुलको सेवा गर्दछन् अघिदेखि जुन् ॥
उनीलाई पनी बाबु ! बहुमूल्य अमूल्यका ।
देउ रत्न तथा वस्त्र पार सन्तुष्ट चित्तका ॥
त्यसकै साथमा देउ पशु श्रेष्ठ अजादि र ।
हजार गाइ ए वीर ! खुश पार निरन्तर ॥
म भन्ने छन् उता फेरि शाखा कठ-कलापका ।
पढेका ब्रह्मचारी ती दण्डधारी निकै तथा ॥
सँधैं स्वाध्यायमै लाग्छन्, सक्तैनन् गर्न काम क्यै ।
अल्छी छन्, माग्न जाँदैनन्, खान खोज्छन् मिठो सँधैं ॥
यस्ता सत्पात्र भै बाबु ! महान् पुरुष सम्म ती ।
यिनको कदरै गर्छन्, मान्य छन् उनकै अति ॥
यी सबै विप्रको निम्ति मणि रत्न हुने भरी ।
बोकाएर असी भारी पठाउ ऊँट, प्रेम ली ॥
मङ्सिरे धानका भारी बोकेका बैल-गोरुका ।
पठाउ एक हज्जार गाडा राम्रो गरी उता ॥
साथै दुइ सए गाडा चना-मूगी हुने भरी ।
देउ तर्कारीका लागि गाई एक हजार ती ॥
उता मेरी मुमा पट्टि आएका छन् समूह यी ।
विप्रको मेखलाधारी ब्रह्मचारी हुँदै खुशी ॥
सुन बाबु ! उनी मध्ये एकेककन राम्ररी ।
देउ एकेक हज्जार असर्फी प्रेम लीवरि ॥
विप्रमा ब्रह्मचारीमा दिलाएका म बाट यी ।
पदार्थ दक्षिणा देखी मुमामा खुश होस् अति ॥
श्रद्धा-भक्ति लिई ठूलो विप्रको अरुको पनि ।
गर पूजा गरी राम्रो सबै तरहले तिमी ॥
यस्तो प्रकारको आज्ञा दाजु बाट मिले पछि ।
भए कुवेर हुन् जस्तै स्वयं पुरुषसिंह यी ॥
रामबाट भने जस्तो ती तो उत्तम विप्रमा ।
दिए लक्ष्मणले दान धन, द्रव्य स्वयं वहाँ ॥

४३

४४

उता हुँदै थियो यस्तो यता श्रीरामको अब ।
शुभ दृष्टि पर्‍यो आफ्ना प्रिय-सेवकमा सब ॥
रुन्चे मुख लगाएका एकेककन ती पुनः ।
चौधवर्ष भरी खाने-लाँउने नै दिए धन ॥
भने अनि उनीलाई—तिमीहरू सबै अब ।
बस्तु, अन्त न लागी है ! म न फर्केतकै सब ॥
देख—रेख सँधै गर्नु मेरो लक्ष्मणको घर ।
ध्यान राख्नु बडो राम्रो, न छोड्नु कहिल्यै घर ॥
दुःखी सेवकलाई र भृत्यलाइ भनी यति ।
कोशाध्यक्षकनै डाकी भने श्रीरामले पछि ॥
कोशाध्यक्ष ! तिमी आउ ढुकुटीमा भए जति ।
लिई धन यहाँ चाँडो ! म बाँड्छु सबलाइ यी ॥
ढुकुटी बाट गै सारा भृत्य—सेवकले तब ।
ल्याएर धन थुप्र्याए, भो ठूलो राश त्यो अब ॥
धनको राश भो ठूलो हेर्न लायक यो अति ।
भाई-लक्ष्मण साथैका रामले बाँड्दिए पछि ॥
बाल बृद्ध थिए धेर पात्र ब्राह्मण थे निकै ।
दिन-हीन थिए माग्ने, उनैमा बाँड्दिए सबै ॥
त्यसताक अयोध्याको नजीकै वनबीच ता ।
सत्पात्र गर्ग-गोत्रीय वस्तथे विप्र एउटा ॥
थियो त्रिजट यो नाम वृत्तिहीन थिए यिनी ।
पहेँला भै सकेकाथे नाना व्रत लिंदा उनी ॥
कोदालो र हलो फाली बोकी धेरै जसो उनी ।
वनमै घुम्दथे केही खाने पाँउछु की ? भनी ॥
भै सकेका थिए बूढा पत्नी थिन् तरुणी तर ।
साह्है दुःख परेकोथ्यो उनीलाई यतातिर ॥
बालबच्चाहरू आफ्ना साथ ली अघि लाउँदै ।
आफ्ना पतिकनै भन्छिन् उनी अब वहाँ यसै ॥
मेरो विन्ति छ यो नाथ ! कोदालो र हलो त्यजी ।
मैले बिन्ति चढाएझैं गरी बक्स्योस् न है पति ? ॥
धर्मको मर्म जान्नेछन् पुरुषोत्तम राम ती ।
देखाइ बक्सिए हुन्थ्यो आफुलाई वहाँ गई ॥
अवश्यै पाउँथ्यौं केही यसो गर्दा प्रभो ? भनी ।
भनेको नीज पत्नीले विप्रले ती सुने अनि ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

फाटेको वेरिई धोती लाज छोपेर कष्टले ।
राम-प्रासादमा पुग्ने बाटो सोभयाउँदै गए ॥
तपको तेजले गर्दा स्वयं त्रिजट-विप्र ती ।
भृगु औ अङ्गिरा जस्तै देखिन्थे तेजिला अति ॥
भएको जनको भीड बाटो काटी बढे अघि ।
राम-प्रासादको पाँचौ ड्यौढी सम्म पुगे पछि ॥
कुनै व्यक्ति पनी रोक्ने निस्किएन त्यहाँतक ।
पुगी हाले उनी ठ्याकै प्रभु-राम भएतक ॥
भने त्रिजटले यस्तो वहाँ श्रीरामलाइ ती ।
राजपुत्र ! सुनी बक्स्योस् भै बक्सिन्छ महाबली ॥
धेरै नै बालबच्चा छन्, म छु निर्धन वास्तव ।
वनबीच बसेको छु छैन क्यै जीविकातक ॥
यसअर्थ कृपा-दृष्टि परे देखि ममा पनि ।
वेस हुन्थ्यो, सुनी राम ! भन्छन् ठट्टा गरी अनि ॥
वेस हो ! सुन्नुहोस् ब्रह्मन् ! गाई मसंग छन् निकै ।
एक हज्जार सम्मै जो दिएका छइनन् अभै ॥

६८

६९

फ्याँक्नोस् फ्याँक्न सकेसम्म टाढा दण्ड स्वयं निं
नाघ्नेछ त्यसले जत्ति, लै जानोस् त्यत्ति गाइ ते
रामका यी कुरा सुन्दा विप्रले भै छिटो अति
कसे कम्मरमा धोती हातमा दण्ड ली पनि
आफ्नो शक्ति भए जत्ति घुमाई अति जोडले
छोड्दिए गाइको ठूलो बथानैतिर फूर्तिले
विप्रका हातको लौरो झटारो भै गयो वहाँ
पुगी गो सरयू पारी हजारौं गाइ थे जहाँ
यौटा विशाल साँढेको नजीकै त्यो पुग्यो सरर
पछि बाट भने त्यस्ता धर्मात्मा रामले यसो-
सरयूको तटैदेखि खसेको ठाम सम्म त्यो
जत्ति छन् गाइ ती मेरा अब यी विप्रको भयो
रामले अनि ती गाई त्यस्ता त्रिजट-विप्रको
स्वयं पठाइ दी हाले शुभाश्रमतिरै अहो!
गर्गवंशी उनीलाई भन्छन् राम यसो वहाँ
संझाई, विप्र ! यो मैले गरें ठट्टा हओस् क्षमा

७६

७७

तपाँइको तेज छ यो अलङ्घ्य जो इच्छा हुँदा जान्न त्यही ममा बडो ।
त्यो दण्ड फेंक्नाकन प्रेरणा गरें म दिन्छु माग्नोस् अरु वस्तु चाहिए ॥
म भन्छु साँचो, यसमा तपाँइको संकोच केही लिनु हुन्न है प्रभो! ।
सम्पत्ति मेरो, धन द्रव्य छन् जति हुन् विप्रकै श्रेय-निमित्तमात्र ती ॥
लिएर शास्त्रीय-विधान-पद्धति मैले गरें दान द्विजातिमा त्यही ।
जो जत्ति मैले शुभ आर्जिएँ धन बढाँउने कीर्ति हुनेछ साधन ॥
पत्नी सँगैका मुनिवर्यमा पनि बथान पाए पछि गाइको अनि ।
अत्यन्त आनन्द र हर्ष भो तब भने उनीले प्रभु-राममा अब ॥
तिम्रो हओस् राम ! भलो निरन्तर बढोस् महात्मन् ! बल, कीर्ति दुर्धर ।
आनन्द होस् नित्य,-बढीरहोस् सुख भन्दै यसो अर्पिदिए शुभाशिष ॥
हुने महान् पौरख रामले अब कमाइएका बल-धर्मले सब ।
बाँडे निकै वेर धनादि विप्रमा भै वाक्यले प्रेरित मान्यको वहाँ ॥
श्री रामद्वारा धन द्रव्य योग्यको न पाँउने आदर मान साथको ।
भएन कोही पनि विप्र, मित्र वा दरिद्र, भृत्यादि र भिक्षुकादि ता ॥

८३

इति बत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेत्तीसौं सर्ग

श्रीरामले महाराज–दशरथसंग विदा माग्न जानु

१

बाँडेर धन सीताकै साथमा विप्र आदिमा ।
रामले काम सिध्याए गर्नु पर्ने सबै वहाँ ॥
विदेहराजकी पुत्री साथ ली जानकीकन ।
राम-लक्ष्मण यी आए पिताको गर्न दर्शन ॥
दुइ नोकर थे साथ राम-लक्ष्मणको तव ।
धनु आयुध बोकेर हिंडेका पछि सेवक ॥
ती दुवै धनुको शोभा अति राम्रो भयो अब ।
सीताको पाँउदा पूजा माला-पुष्पादिले सब ॥
हेर्न जम्बा भए सारा यसबेला यिनीकन ।
साना ठूला धनी मानी अयोध्याभरका जन ॥
हुने तीन तला ठूला चढे प्रासादमा धनी ।
चढे सात तले अग्ला विमानै घरमा पनि ॥
चढे हर्म्य-गृहैमा क्वै हुन् राजभवनै जुन ।
भयाउरे मुख ली हेर्थे तलैबाट अरू जन ॥
स्वदेश-परदेशैका हुँदा जम्बा सबै वहाँ ।
ज्यादै भीड थियो, हिड्नै पर्थ्यो मुस्किल मार्गमा ॥
प्रासादमा चढी तीन तलाका तसअर्थ ती ।
हेर्दथे रामलाई यी शोकले कष्टले अति ॥
भाईकै साथ सीता ली हिड्ने पैदल मार्गमा ।
सम्पूर्ण जनले देखे रामलाई स्वयं वहाँ ॥
रामको कष्ट यो देखि शोकले चित्त पग्लिई ।
थाले दुःखी भई सारा आफुमा भन्न वाक्य यी ॥
हरे ! जो राम हिंड्दामा हिंड्दथ्यो उनको पछि ।
संधै विशाल सेना त्यो चारै अङ्ग हुने हकि ? ॥
आज साक्षात् तिनै राम एक्लै हिंड्छन यसोगरी ।
छन् पत्नी साथमा सीता, भाई लक्ष्मण छन् पछि ॥

१३

१४

हुन् यी अनुभवी वीर ऐश्वर्य-सुखका सब ।
भोगिने वस्तुका सारा खानी हुन् यी महान् जब ॥
तिनै राम हरे ! आज धर्मको राख्न गौरव ।
चाहन्नन् बाबुको बोली झूठो पार्न स्वयं अब ॥
अहो! आकाशमा घुम्ने प्राणीहरू पनी सब ।
देख्नै पाँउन्नथे कैले यी सीता लाइ वास्तव ॥
यी त्यस्ती जानकी देवी सीतालाइ हरेशिव ! ।
राजमार्ग भरीका यी जनता हेर्दछन् सब ॥
पैह्नै योग्यकी हुन् यी अङ्गलेपन सर्वदा ।
रक्तचन्दनको लेप पैह्न्छिन् नित्य जो यता ॥
अब गर्मी र जाडोले वर्षाले पनि वास्तव ।
यिनका अङ्गको कान्ति पार्छ नाश छिटै सब ॥
राजा दशरथैलाई आज के पो भएछ ए ! ।
कुनै भूतादिले पो वा छोपेछ कि कसो हरे ? ॥
त्यस्तो क्यै त पर्‍यो पक्कै न भए किन त्यो कुरो ।
भन्दथे "वनमा जाऊ" यस्तो अनुचितै अहो ! ॥
स्थिति, होश भए राम्रो नत्र ता भै नरेश्वर ।
आफ्नो छोराकनै प्यारो वनमा को लखेट्छ र ! ॥
निर्गुणी-वैगुनी जस्तोसुकै होस् पुत्रलाइ ता ।
गर्ला साहस को व्यक्ति घरबाट निकाल्न हा ! ॥
फेरि के भन्नु लौ ? यस्ता खालि चाल-चरित्रले ।
सारा लोक वशै पार्ने साक्षात् राम निकालिए ? ॥
छ ओटै गुण छन् राम्रा यी नरश्रेष्ठ राममा ।
छन् यिनै गहना तुल्य शोभा भर्छन् जहाँ तहाँ ॥
हुन् यिनै ती- दया, विद्या, शील, अक्रूरता तथा ।
दम, इन्द्रिय रोक्ने, र शम, रोक्ने मनै सदा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यसर्थ रामको यस्तो यौवराज्याभिषेकमा ।
बिघ्न पर्दा प्रजा हामी अति दुःखी भयौं यहाँ ॥
त्यो ग्रीष्म-ऋतुमा सुक्ता ती जलाशयमा जल ।
भयौं छर्पटिए जस्ता जलजीव यहाँ सब ॥
जगत्‌का पति जस्ता यी रामका दुःखले हरे ! ।
भैगयौं दुनियाँ सारा अति दुःखित शोकले ॥
क्वै ठूलो वृक्षको जस्तो फेद काटी दियो भने ।
सुके जस्तै भयौं सारा फूल— पुष्पादि शोभिने ॥
हामी मनुष्य-वृक्षैका तेजस्वी राम हुन् जड ।
धर्म नै गतिलो आड यिनको हो महान् बल ॥
सारा जगत् भरीका यी प्राणी छौं जति जो सब ।
हाँगाबिंगा त्यसैका हुन् पत्र, पुष्प तथा फल ॥
तस्मात् हामी पनी सारा भई लक्ष्मणझैं अब ।
यिनकै पछि लागौं लौ ! लिई स्त्री-पुत्र-बान्धव ॥
घर, खेती, बगैंचा यी छोडी आफ्ना सबै कुरा ।
रामकै पछि लागौं लौ ! साथी भै सुख-दुःखका ॥
अब हामीहरू सारा अ-आफ्ना घर-भित्रका ।
गाडेका धनका खानी भए जति झिकौं यता ॥
झिकेर धन-धान्यादि हाँडो-भाँडो लिई सब ।
खनी चोक बिगारौं त्यो धूलै धूलो हओस् अब ॥
गृहका देवता साथ भागुन् देव अरू पनि ।
निस्केका प्वालका मूसा दौडुन् घर भरी अनि ॥
न बलोस् कहिल्यै आगो तिनमा, न रहोस् जल ।
सबैतिर न राम्रो होस्, छुटोस् लिप्नु बढार्नु त ॥
बलि औ वैश्वदेवादि मन्त्रपाठ जपादि र ।
यज्ञ होम पनी सारा हओस् बन्द निरन्तर ॥
होस् अकाल परी ठूलो बिग्रेको सरि यो सब ।
भाँच्चिएका फुटेका हुन् भाँडा-कूडा जहाँ अब ॥

४०

४१

सँधैका निम्तिमा हामी छोड्दिऔं यिनलाइ ।
अनि आएर कैकेयी अधिकार गरुन् य ।
गै रहेछन् यहाँ बाट राम, पुग्छु जहाँ भनी
त्यही वन हओस् हाम्रो निम्तिमा नगरै अति
हामीले पुरमा बस्ने छोड्दिए पछि यो पु
यता तुरुन्त भै हालोस् वन जस्तै असुन्दर ।
हाम्रै डर हुँदा ठूलो वनमा सर्प आदि तो
छोडी आफ्नो बिलै भागुन्, लुकुन् दाह्रा हुने जति ।
मृग-पक्षीहरू जाउन् अन्तै, छोडेर टाकुरा
मत्ता हात्ती तथा सिंह वनै छोडिदिउन् पुरा ।
जान्छौं जहाँ जहाँ हामी ठाम त्यो छोड्दिउन् सब
छोड्छौं जहाँ जहाँ हामी ठाममा त्यै बसुन् अब ।
घाँस खाने पशु हुने, हओस् यो ठाम नै पुरा ।
मासु खाने जन्तु हुने, फल खाने हुने चरा ।
पाँउन् यस अवस्थामा बन्धु-बान्धव साथको ।
कैकेयीले सबै बस्तु अनि राज्य गरुन् वसी ।
हामीहरू सबै जाऔं रामकै साथ—साथमा ।
अहिल्यै वनमा बस्न ढुक्कै भइ बसौं वहाँ ।
स्वदेशी र विदेशी ती अनेकौं जनका कुरा ।
नाना प्रकारका यस्ता सुन्दै राम गए त्यता ।
यी सबै वाक्यले किन्तु मनमा रामभद्रको ।
सक्यो प्रभाव पार्नै वा न त कत्ति विकार भो ।
मत्ता हात्ती समानैको हुने बल पराक्रम ।
राम बढ्दै गए ताकी त्यो राजभवनै पुनः ।
यता कान्छी मुमाको ती थियो महल उत्तम ।
कैलास शिखरै जस्तो तेजिलो र मनोरम ।
झुक्ने विनयले ज्यादै वीर वीर हुने नर ।
राजप्रासाद त्यो दिव्य देखिन्थ्यो अतिसुन्दर ।

५४

वहाँ भित्र पसी हेर्दा सूत, मन्त्री सुमन्त्र ती ।
देखिए राम द्वारा यी बसेका नजिकै झुकी ॥

५५

पुर्खाहरुको चिरकाल देखि सेवा गरेका जनले सबै ती ।
भएर जम्बा अति दुःख साथ पर्खी रहेथे भइ आर्त भित्र ॥

५६

५७
देखे पनी यी सबलाई यस्ता दुःखै न मानी भइ हृष्ट जस्ता ।
आफ्ना पिताको शुभ दर्शनार्थ बढे अघी पार्न कुरा यथार्थ ॥
आज्ञा पिताको अब पाल्नु राम्रो उद्देश्य थै एक थियो यिनीको ।
तसर्थ शोकाकुल भै लडेका थिए पिता,–दर्शनमा बढेका ॥
इक्ष्वाकुका वंश-प्रदीप जस्ता थिए महात्मा शुभ राम यस्ता ।
देखे पिताको अघि पुग्नु भन्दा सुमन्त्रलाई स्थित द्वार-बीच ॥
पठाँउनै सूचन भित्र, पर्खे आई रहेकोछु भनी यहाँ म ।
विचार राम्रो अब रामलाई उब्ज्यो उनै साथ पठाँउनाको ॥
आज्ञा पिताको वन जानुको लिई प्यारो हुँदा धर्म, सुबुद्धिमा टिकी ।
सुमन्त्रलाई अब रामले भने आयो भनी राम, ल विन्ति पार्नु होस् ॥
६१

इति तेत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौंतीसौं सर्ग

श्रीरामले वनवास जान विदा माग्नु र राजा दशरथ शोकले मूर्च्छित हुनु

१

भने सुमन्त्रलाई ती श्यामसुन्दर रामले ।
हुने कमलझैं आँखा अतुल्य नर जो थिए ॥
महाराज बुवालाई तपाईं अब भित्र गै ।
आएकोछु भनी भन्नोस् म यहाँ, अतिनम्र भै ॥
रामको प्रेरणा पाई छिटै भित्र पसे अनि ।
पाए दर्शन राजाको वहाँ सारथिले पनि ॥
चर्को संताप पर्दा त्यो राजाका सब इन्द्रिय ।
मैला भइ सकेकाथे लिन्थे सास छिटै तव ॥
थिए खरानीले ढाकी रहेका अग्निझैं उनी ।
श्रीहीन, नहुने पानी पोखरी झैं थिए उनी ॥
भै सकेको थियो चित्त अति आकुल व्याकुल ।
यता शोचि रहेकाथे रामलाई स्वयं तव ॥
बुद्धिमान् सूतले पैले सम्बोधन गरीकन ।
जोडेर दुइटै हात विन्ती पारे वहाँ पुनः ॥
शुभाशीर्वाद टक्र्याए उनले पहिले वहाँ ।
'प्रभुको जय होस्' भन्दै गरी मङ्गल-कामना ॥
निकै डर हुँदा भित्र हुने अस्पष्ट गद्गद ।
वाक्यमा मधुरो मीठो भन्न लागे यसो तव ॥
सुपुत्र प्रभुका राजन्! हुने वीर्य र सत्यता ।
पुरुषश्रेष्ठ श्रीराम द्वारमा छन् प्रभो! खडा ॥
सत्पात्र-विप्रमा एवं आफ्ना आश्रित व्यक्तिमा ।
धन बाँडिदिए सारा आए अब स्वयं यहाँ ॥
भेटे आफ्ना सुहृत्लाई उनी सँग विदा भए ।
गर्न दर्शन यी आए प्रभुको अब भूपते! ॥
प्रभुको जय होस् राजन्! आज्ञा हुन्छ भने पुनः ।
यहाँ आइ गरुन् राम पाउको शुभदर्शन ॥

१३

१४

छन् राजोचित राजेन्द्र! राममा गुण श्रेष्ठ तो
शोभिन्छन् कान्तिले आफ्नो श्री सूर्यैं शोभिए सरि
त्रिशाल वनमा हिंड्न अब राम तयार छन्
हेरि बक्स्योस् उनीलाई एक पल्ट बुझाइ मन
सुने यो तब राजाले धर्मात्मा जुन थे तथा
सत्य वाक्य हुने ज्यादै, सर्वदा शुद्ध चित्तका
हुने गम्भीरतामा यी सिन्धुतुल्य नरेश्वर
थिए आकाश झैं शुद्ध, भने अब उनीसित
सुमन्त्र! सुन जो जो छन् मेरी पत्नीहरू यहाँ
छिटो डाक सबैलाई आउन् अरू पनी यहाँ
ती सबै साथ ली सूत! रघुका कुल श्रेष्ठ यो
रामलाई म चाहन्छु अब हेर्न यहीं बसी
सुमन्त्र भित्र खोपीमा गए छीटो भई अब
भने रानीहरूलाई भई नम्र यसो तव
सब देवीहरूलाई कौसलेश्वर भूप त
डाकिबक्सिन्छ है भित्र सवारी होस् छिटै अतः
आज्ञा लिएर राजाको यसो भन्दा सुमन्त्रले
मानेर पतिको आज्ञा कैकेयी-भवनै पसे
राजाका यी दशरथ रानी अरू थिए निकै
साढे तीन सए ठ्याक्क र-राता नेत्रका सबै
थिए भर्खरका फेरि पाल्थे धर्म पतिव्रता
कौसल्यालाई घेरेर ढल्किंदै ती गए उता
देखी यी सब आएका भन्छन राजा सुमन्त्रमा
अब! सूत तिमी ल्याउ बाबु रामकनै यहीं
गए सुमन्त्र आज्ञा ली- राम लक्ष्मण जानकी
तीनैलाई लिई फर्के छिटै ती नृपको अघि

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

टाढैबाट यता देखे राजाले पुत्रलाइ यो ।
नम्र भै हात जोडेर आएका आफ्नु नै अघि ॥
यी उठे आसनै छोडी जुरुक्कै तर भित्र ता ।
थिए आर्त निकै राजा सारा स्त्रीजन साथका ॥
देख्ना साथ उनीलाई प्रजापालक भूपति ।
गए रामतिरै दौड्दै अँगाल्नै जोडले अति ॥
तर राम भए ठाम पुग्नु भन्दा वरै हरे ! ।
भुँमै पछारिए डङ्ग ! भए मूर्च्छित दुःखले ॥
श्रीराम त्यस वेलामा ली लक्ष्मण महारथी ।
पुगे राजा भए ठाम दौड्दै छीटो भई अति ॥
बढेको दुःखले गर्दा शोकमग्न भईकन ।
चैतन्यहीन जस्ता नै भै सकेका थिए जुन ॥
यो राजभवनै भित्र बजेका गहना चुरा ।
ध्वनिका साथमा स्त्रीका सुनिए आर्त यी कुरा ॥
भन्थे- हा राम ! हा राम ! हजारौं स्त्रीहरू उता ।
समाते बाबुलाई यी राम-लक्ष्मणले यता ॥
सीता पनि सँगै लागिन् अब यी तीनले मिली ।
लगी पलँगमा राखे आफैं पनि रूँदै अति ॥
शोकका-आँशुको त्यस्तो सागरैमा डुबे सरि ।
राजालाई भयो होश वितेपछि दुवै घडी ॥
अब श्रीरामले जोडी दुवै हात भने यसो ।
हजूर भई बक्सिन्छ स्वामी नै सबका प्रभो ! ॥
दण्डकारण्य जाँदैछु आएँ आज्ञा लिनै यहाँ ।
स्नेह-कल्याणको दृष्टि परोस् अब बुबा ! ममा ॥
बक्स्योस् लक्ष्मणमा आज्ञा म साथ वन जानको ।
मेरैपछि हिंड्नु सीता, बक्स्योस् स्वीकृति सम्म यो ॥
नाना सत्य कुरा हेतु देखाएर बुझाउँदै ।
रोक्न मैले गरें चेष्टा, रोकिन्नन् तर यी दुवै ॥
अब शोक त्यजी बक्सी हामीहरू सवैकन ।
शुभाज्ञा बक्सियोस् राजन् ! वन जाओ ! भनीकन ॥
प्रजाका पति ब्रह्माले तप गर्न सुतादिमा ।
बक्स्योस् आज्ञा दिए जस्तो सीता-लक्ष्मणमा ममा ॥
वन जान लिनै आज्ञा यसरी शान्तभावले ।
पर्खिने रामलाई यी हेरेर नृपले भने ॥

४३

४४

कैकेयीलाई जो मैले दिएँथें वर राघव ! ।
त्यसैले अहिले यस्तो मोहमा म परें बुझ ॥
राम बाबु ! तिमी तस्मात् मलाई सुन ! वास्तव ।
गरी कैद अयोध्याको राजा होउ स्वयं अब ॥
राजाबाट यसो भन्दा धर्मात्मा श्रेष्ठ रामले ।
हात जोडी भने यस्तो जो कुरा गर्न जान्दथे ॥
हजारौं वर्षको निम्ति महाराज हजुर ता ।
स्वामी भै बक्सियोस् सारा पृथ्वीको यो अपूर्वका ॥
म गर्दछु बसो-बासो अब गै वनमा प्रभो ! ।
मलाई पाँउने भोग्ने इच्छा नै छैन राज्य यो ॥
नरेश्वर महाराज ! काल त्यो चौध वर्षको ।
विताँउदछु सम्पूर्ण घुमी वनवनै म यो ॥
प्रतिज्ञा यसरी पार्छु बुवाको सत्य पूर्ण म ।
अनि फर्की यहाँ आई पाउको गर्छु दर्शन ॥
कैकेयी प्रेरणा गर्थिन् चाँडो आज्ञा दिनै यता ।
बाँधिई सत्य पाशोमा राजा दुःखी थिए उता ॥
अब यस्तो अवस्थामा अतिआर्त हुँदै नृप ।
प्यारा पुत्रकनै आफ्ना भन्दछन् यो कुरा तव ॥
वृद्धिको श्रेयको निम्ति चाँडै फर्कन खातिर ।
अब जाउ तिमी बाबु ! भई शान्त तथा स्थिर ॥
तिम्रा बाटा भरीका ती विघ्न-बाधा हटुन् सब ।
आनन्द साथमा जाउ होस् सवैतिर निर्भय ॥
रघुनन्दन ए बाबु ! तिमी सत्य स्वरूप छौ ।
धर्मात्मा पनि छौ राम ! त्यसमै नित्य टिक्तछौ ॥
बलीयो बुद्धि यो तिम्रो फर्कांउन छ मुस्किल ।
यस्तो छ ता पनी बाबु ! आज रात यहीं बस ॥
यो यौटै दिन देख्दामा पनि हुन्छ ममा सुख ।
सवै तरहले बाबु ! आज रात यहीं बस ॥
तस्मात् रात भरी राम ! तिमी बस यहीं अब ।
मुख हेरेर आमाको मेरो पनि रघूद्वह ! ॥
अभिलाषा र इच्छा ती पार्छु पूर्ण यथेच्छ म ।
विहानै भोलि जाऔला यहाँ बाट तिमी पुनः ॥
गर्नै अति कडा गाह्रो यस्तो दुष्कर कर्म त ।
तिमी गरि रहेकाछौ मेरा प्रिय हुँदा सुत ॥

६०

६१

तिमी बावु ! म बूढाको गर्न प्यारो कुरातक ।
वनमा त्यो जनःशून्य जादैछौं यसरी अब ॥
सत्यको किरिया खाई म भन्छु सुन राघव ! ।
तिमीले वनमा जानु प्यारो छैन मलाइ त ॥
गरूँ के सुन ! कैकेयी यो रहीछ भयङ्कर ।
खरानी भित्रको आगो ठीककी अति दुच्छर ॥
यो कुरा यसले भित्र छिपाएको रहीछ हा ! ।
सत्य-संकल्प द्वारा त्यै पारी विचलितै यता ॥
कुलोचित सदाचार नाश्ने गल्ले हरेशिव ! ।
वरकी छलले मागी यत्रो धोका दिई अब ॥
ठगिएर यसै द्वारा पाएको कष्टलाइ यो ।
तिमी पन्छाँउनै खोज्छौ, पार पाँउनु योग्य हो ॥
खोज्छौ तिमी पितालाई सत्यबोल्ने बनाँउन ।
कुरो आश्चर्यको छैन यसमा कत्ति नै सुन ! ॥
मेरा पुत्रहरूमा यी तिमी नै राम ! वस्तुत: ।
गुणमा र अवस्थामा जेठा छौ एउटै स्वतः ॥
शोकाकुल तथा दुःखी पिताका यी कुरा सुनी ।
राम लक्ष्मण साथैमा भन्छन् दुःखी भई अनि ॥
सुनी बक्स्योस् बुवा राजा ! जाँदामा वन आज म ।
भेट्नेछु गुण जो जत्ति देलान् वी भोलि को पुनः ? ॥
तसर्थ कामना इच्छा त्यागी राजेन्द्र ! यी सब ।
म आजै वनमा जान्छु यही रोज्दछु श्रेयद ॥
राष्ट्रले राष्ट्रमा बस्ने जनले परिपूर्ण त ।
धन-धान्य हुने धेरै त्याग्दिएँ पृथिवीतक ॥
बक्स्योस् अब यिनैलाई भाई भरतमा प्रभो ! ।
बदलिन्न कसै मेरो वन जाने सुबुद्धि यो ॥
बुवा ! पैले मुमालाई देव-दानव-युद्धमा ।
वर जो बक्सिएको थ्यो दिन सक्ने हुँदा वहाँ ॥
प्रतिज्ञा गरि बक्सेको सत्य होस् सब त्यो अब ।
परिपूर्ण हओस् राजन् ! भै बक्स्योस् सत्य वास्तव ॥
म यता प्रभुको आज्ञा गरी पालन गै वन ।
चौध वर्ष भरी बस्छु मिलेरै जङ्गलीसँग ॥
बुबाको मनमा कत्ति न उब्जुन् क्यै कुरा अरु ।
बक्सियोस् पृथिवी सारा भाई-भरतमा बरु ॥

७७

७८

सुख होस् प्रिय होस, आफ्ना भन्नेमा आफुमा भई
मैले थिइन यो राज्य खोजेको पाउँनै पनि
बुवाले बक्सिनै लाग्दा त्यो आज्ञा पाल्न राम्रो
राज्यको भार यो थाम्ने इच्छा थ्यो, कामना मेरो
अब यस्मा नहोस् दुःख भएको त्यो छुटोस् सब
बुवाले यसरी आँशु बहाउनु अयोग्य छ
स्वामी नद-नदीका ती समुद्र कहिल्यै पनि
डग्दैनन् छन् र दुधर्ष मर्यादा राख्तछन् उनी
बुबा ! इच्छै ममा छैन पृथ्वीका सुख भोगको
सीताको राज्य-स्वर्गैको आफ्नु जीवनसम्मको
कुनै इच्छा छ ता मेरो मनमा छ यही कुरो
बुवाले बोलि बक्सेको हुनु पर्दछ सत्य त्यो
शुभ-कर्मादिका साथै सत्यको पनि आफ्नु ती
खाएर किरिया भन्छु यी कुरा प्रभुको अघि
छिनै भर पनी अड्न म सक्तिन बुवा ! अब
लौ शोक रोकिबक्स्योस् यो, हुन्न अर्को, छ निश्चय
यता कान्छी मुमाद्वारा याचना गरिएँ मता
वन जाउ तिमी राम ! भनेर म सँगै तथा
मैले विन्ती चढाएथें हओस् जान्छु ! भनी तब
आफ्नु वाक्य पनी मैले सत्य पार्नु छ वास्तव
बीचका कालमा राजन् ! भेट्न हामीकनै सब
प्रभुमा नहओस् कत्ति उत्कण्ठा व्यर्थको अब
शान्त स्वभावका राम्रा मृगादि पशुले तथा
अनेकथर पक्षीका मीठा स्वर हुने सदा
वनबीच पुगी हामी राज राजेन्द्र- ए बुवा !
आनन्द साथ बस्नेछौ गरी नाना विहार वा
पिता हुन् देवता साक्षात् देवताहरूका पनि
पित्राज्ञा पाल्छु यो तस्मात् द्यौतै संम्झिइ मै पनि
संताप छोडि बक्स्योस् यो चौध वर्ष विते पछि
मलाइ देखि बक्सेला म यहाँ फर्किए पछि
यहाँ मेला भएका छन् जो जो जनहरू बुवा !
रुँदा छन् धैर्य छोडेर चुहाइ भल आँसुका
हजुरैले बुवा ! तस्मात् पर्छ संम्झाउनै भने
स्वयं किन भई बक्स्यो यस्तो विकलता लिने ?

९४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

मैले त्यजें यो पुर, राष्ट्र यी धरा बक्स्योस् सबै भाइ-भरत्कनै यता ।
हिंडे शुभाज्ञा प्रभुको म पाल्न त्यो बस्नेछु घेरैतक गै वनै प्रभो ! ॥
मैले त्यजेकी पृथिवी सबै यहाँ नाना थरी पर्वत खण्ड छन् जहाँ ।
हुने बगैंचा, वन घेर यो पुर भाई गरुन् शासन धर्मले स्थिर ॥
धर्मादि थामी नियमादिमा अडी रक्षा गरुन् पालन न्याय-श्रेय ली ।
त्यो बक्सिएको शुभवाक्य राम्ररी राजेन्द्र ! होस् है परिपूर्ण हर्षडी ॥
पृथ्वीपते ! सत्पुरुषादि बाट ती हुने सदा मान्य विभूषितै अति ।
पाल्दा शुभाज्ञा प्रभुको नरेश्वर ! मेरो छ रम्ने मन शान्त भै स्थिर ॥
रम्दैन त्यस्तो जगका अनेक यी भोगादिमा वा प्रिय-वस्तुमा त्यति ।
निमित्त मेरो मनमा हजूरको पन्छाइ बक्स्योस् दुख, पीर जो छ त्यो ॥
निष्पाप-राजेन्द्र ! हजूरलाइ ता बनाइ झूठा र असत्य-वाक्यका ।
मलाइ चाहिन्न प्रभो ! कुनै कुरा, छ तुच्छ त्यो अक्षय-राज्य सम्म ता ॥
पृथ्वीभरीको शुभ-आधिपत्य त्यो छन् जत्ति भोगादि, समस्त सम्म त्यो ।
चाहिन्न केही पनि, जानकीतक छन् तुच्छ सारा अभिलाष वास्तव ॥
यौटै छ धोको मनभित्र यो बुवा ! ममा टिकेको भइ योग्य सर्वथा ।
जसो गरी होस् प्रभुको सुवाक्य त्यो छ जो प्रतिज्ञामय पार्नु पूर्ण पो ॥
विचित्र वृक्षादि हुने जतातता घुमेर राम्रा वनबीच ती सदा ।
गर्नेछु मीठा फल-मूल भोजन आनन्द मानेर स्वयं मनैमन ॥
हेरी नदी पर्वत ती सरोवर भोग्नेछु ठूलो सुख शान्ति भै स्थिर ।
बुवा-महाराज ! हजूरको अतः होस् चित्त यो शान्त र धैर्यवान् स्वतः ॥
श्रीरामले यत्ति भने पछी वहाँ राजा परे पुत्र-वियोग-कष्टमा ।
संतापले पीडित भै गए अति हाले अँगालो सुत-रामलाइ ती ॥
वेहोश भै किन्तु नरेश यी यता पछारिए डङ्ग ! जमीनमा तदा ।
वेलाविषे त्यो उनको शरीर यो चेष्टा विनाको जड-तुल्य भै गयो ॥
छोडेर कान्छी महिषी नरेन्द्रकी रानी अरू ती नृपका भए जति ।
खप्नै न सक्ता अति पीर यै परी थाले रुनै घुर्घुरु, आँसु भो झरी ॥
ती सूत मन्त्रीवर थे सुमन्त्र जो रुँदा रुँदा दुःख बढी असह्य यो ।
मूर्छै परे हा ! यसरी वहाँ अब कोकोहलो मच्चिन गो बढ्यो दुःख ॥

इति चौंतीसौं सर्ग

पैंतीसौं सर्ग

मन्त्री सुमन्त्रले महारानी कैकेयीलाई निन्दा गर्दै संझाँउनु

१

आयो सुमन्त्रमा होश केही बेर विते पछि ।
उठे अनि जुरुक्कै ती हल्लाए शिर क्यै पछि ॥
तुरुन्तै तापले घेऱ्यो न राम्रै गर्छ भैं गरी ।
क्रोधले थर्थरी काँपे, रिंगटै लाग्न गो सरि ॥
उनका देहको वर्ण मुखको ज्योति सम्म त्यो ।
हेर्दा हेर्दै भयो अर्कै त्यो स्वाभाविकता हऱ्यो ॥
राता राता भए आँखा क्रोध चढ्दा सुमन्त्रको ।
किटे कटकटी दाऱ्हा हल्लियो देह सम्म त्यो ॥
लामो सास लिने-फेर्ने गर्न लागे निरन्तर ।
रिसले चूर भै हाले मल्न थाले दुवै कर ॥
राजाको ती दशरथ बुझ्दामा मनको स्थिति ।
सुमन्त्र-सूतमा त्यस्ता असह्य हुन गो अति ॥
कैकेयी महिषीको ती हृदयै हल्लिने गरी ।
बोल्न लागे उनी तस्मात् छोडी वाक्वाण राम्ररी ॥
न मीठा र नराम्रा यी हानी वाक्वज्रले तव ।
मर्म-स्थान छिया पार्दै भनी हाले यसो अव ॥
ए राजमहिषी देवी ! चराचर-जगत् पति ।
राज-राजेन्द्रको सम्म आफ्ना पति तथा गति ॥
गरी बक्स्यो भने त्याग प्रभुले अव विश्वमा ।
गर्नै न सकिने के भो ? के कुकर्म रह्यो यहाँ ? ॥
मैले ता पतिको हत्या गर्ने नै संझिए अव ।
पछि गै भइ बक्सेला संहार्ने स्वकुलैतक ॥
भैबक्सिन्छ महाराज देवराज-महेन्द्रझैं ।
जित्नै न सकिने यस्तो हुने शक्ति र वीर्यकै ॥
पर्ने हल्लाँउनै गाऱ्हो ठूलो पर्वत जत्तिकै ।
न डग्ने न हुने क्षोभ महासागर ठीककै ॥

१३

१४

पतिलाइ पनी त्यस्ता नरेश्वर हरेशिव!
आफ्ना कुकर्मले यस्ता सताई बक्सियो जव।
भैबक्सिन्छ महाराज प्रभुका पति पालक।
तथा वर दिनै सक्ने यस्तो सम्म पनी अम्म।
अपमान उहाँको नै गर्नु होला यसो गरी?
भो! तस्मात् न गरी बक्स्योस् यो जिद्दी र लिडेढिपी।
छ ठूलो पतिकै इच्छा पत्नीको निम्तिमा अहो!
कोटि पुत्रहरू भन्दा पनि ज्यादै महत्वको।
कुलको चलनै यो छ राजाको मृत्यु भो भने।
उमेरले हुने जेठो पुत्रले राज्य पाँउने।
इक्ष्वाकुकुलका स्वामी महाराज हुँदाहुँदै।
त्यो कुलाचार नै आफ्नो नाश्ने माश्ने त के त्यसै?।
सुनी बक्स्योस् महारानी ! भैगो ! भरत हुन् नृप।
गरुन् शासन पृथ्वीको हउन् रक्षक पालक।
तर हामीहरू सारा उहीं जान्छौं छ निश्चित।
जहाँ श्रीराम जाँदैछन् संझिई यसमै हित।
यता हजूरको यस्तो राज्य-सीमा भरी अनि।
वस्ने छैनन् महारानी ! कुनै ब्राह्मण सम्म नि!।
छ गर्न लागिबक्सेको प्रभु जो आज कर्म यो।
सीमा नाघिसकेको र मर्यादाहीन तुच्छ हो!।
यो कुकर्म गरी बक्से हामीहरू सबै यता।
जान्छौं अवश्य त्यै बाटो राम जान्छन् जताजता।
प्रभुलाइ यता त्याग्छन् बन्धु-बान्धवले पुनः।
संधैको निम्तिमा छोड्छन् साधु सन्त र ब्राह्मण।
सुख-आनन्द होला के यस्तो राज्य गरी अहो!।
छ गर्न लागिबक्सेको मर्यादाहीन कर्म जो।।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
छु छक्क म त यो देखी लाग्छ आश्चर्य वास्तव ।
प्रभुबाट भयो कस्तो अत्याचार हरेशिव ! ॥
कुकर्म यसरी यत्रो गरे पनि हजूरले ।
फाट्तिनन् किन यी पृथ्वी भै असह्य तुरुन्त ए ! ॥
धिक्कार भरिएका ती ब्रह्मषिहरुका महान् ॥
पार्ने भुसुक्क डर्लाग्दा शाप, वाग्दण्ड आदि छन् ॥
सखाप किन पार्दैनन् यी पनी अझ सम्म हा ! ।
रामलाइ निकाल्नामै कसिने प्रभुलाइ ता ॥
बब्बराले छिनालेर आँपको वृक्षलाइ त्यो ।
गर्ला को त्यसको साटो राम्रो सेवन नीमको ॥
गरोस् लौ ! दुदले सेचोस् ता पनी नीमको रुख ।
देला के आँपको जस्तो मीठो तृप्ति हुने फल ? ॥
म ठान्छु- प्रभुकी साक्षात् मुमाका कुलकै सरि ।
प्रभुमा पनि आएछ त्यै स्वभाव सरी सरी ॥
झवाट्ट लोकोक्ति यो सँझे-"नीमको रुख बाट त्यो ।
कहिल्यै मह झर्दैन," भनेको वाक्य सत्य हो ॥
सुनी बक्स्योस् कुरा अर्को मुमाको प्रभुकी उता ।
थियो ज्यादै हठी बानी, जान्दछौं सब जो यता- ॥
सुनेथ्यौं अरुले भन्दा-साधुले क्वै दिने वर ॥
हजूरका पितालाई दिएकाथे महान् वर ॥
बुवा हजुरका साक्षात् ती केकय-नरेशले ।
बोली सम्पूर्ण प्राणीको जाने त्यस्कै प्रभावले ॥
छन् तिर्यक् योनिमा जत्ति प्राणी ती सबको पनि ।
कुरा-कानी सबै राजा संझन्थे बुझ्दथे पनि ॥
कुनैदिन महारानी ! त्यस्ता हजुरका बुवा ! ।
जो थिए अतितेजस्वी शय्यामा लेट्तथे तदा ॥
त्यो वेला जृम्भ पक्षीको पर्‍यो आवाज कानमा ।
बुझेर त्यो कुरा राजा एक्लै हाँसे निकै वहाँ ॥
मुमा हजुरकी साथै सुतेकी थिन् सुनिन् उठिन् ।
राजा मेरो खिसी गर्छन् भन्ने संझिन्, यसो भनिन् ॥
रिसाइन् अति नै रानी आफु मर्नु पर्‍यो भने ।
भन्ठान्थिन् झुण्डिई मर्छु, भनेनन् नृपले भने ॥
हजूर हाँसिबक्सेको किन हो ? हेतु के पर्‍यो ? ।
म पनी जान्न चाहन्छु मर्जिहोस् सब लौ प्रभो ! ॥
४३

४४
राजाले अनि रानीमा महारानी ! यसो भने- ।
भो भो न सुन यो रानी ! न सुने छ भलो हुने ॥
यदि रानी ! म यो आफ्नो हाँस्नाको हेतु भन्छु त ।
भन्ना साथ तुरुन्तै म मरी हाल्छु, छ निश्चित ॥
प्रभुकी जननीले ती बुवालाइ भनिन् अनि ।
सुनी बक्स्योस् महारानी ! फेरि त्यस्तो सुने पनि ॥
हजूर मरिबक्स्योस् वा बाँचिबक्स्योस् मलाइ के? ।
खिसी यस्तो न होस् मेरो, मर्जिहोस् लौ छ हेतु के? ॥
यसरी प्रिय-पत्नीले भनेमा केकयेश्वर ।
दिने वर तिनै साधु भएमा गै भने सब ॥
भन्छन् वर दिने साधु राजा सँग-महीपते ! ।
मरुन् वा निक्लियून् रानी तिमी न भन क्यै गरे ! ॥
प्रसन्न-चित्तका त्यस्ता साधुका यी कुरा सुनी ।
प्रभुकी ती मुमालाई बुवाले त्याग्दिए अनि ॥
सुख-शान्ति लिई ठूलो भै कुवेर सरी तब ।
बुवा हजुरका राजा बसेथे, "सुन्दछौं सब" ॥
त्यस्तै प्रभु पनी यस्तो हिंडेको दुर्जनादिले ।
बाटोमा हिंड्न खोजेर दुष्कर्म गरि बक्सिने ? ॥
पाप-दृष्टि लिई क्रूर मोहमा भ्रममा परी ।
महाराज सँगै यस्तो किन गर्ने लिंडेढिपी ? ॥
आजै सत्य भयो ओहो ! यो लोकोक्ति मलाइ ता ।
छोरी आमा-लखै जान्छे छोरो बाबु-लखै सदा ॥
अब भो ! न भई बक्स्योस् उदाहरणरूपकी ।
भनेको मानि बक्स्योस् लौ! राजाका शुभ वाक्य ती ॥
इच्छाझैं पतिको आफ्ना गरेरै राम्ररी अब ।
सम्पूर्ण जनताको यी भै बक्स्योस् शरणस्थल ॥
ए राजमहिषी-देवी ! प्रभुलाइ अकार्थमा ।
व्यक्तिले दुष्ट ती सारा फसाए बहक्याइमा ॥
यसैले इन्द्रझैं तेजी पति आफ्ना र लोकका ।
राजालाइ लगाइन्छ यो असत्-कर्मवीच हा ! ॥
हुने कमलझैं आँखा श्रीमान् निष्पाप भूपति ।
झूठो गराइ बक्सिन्न त्यो प्रतिज्ञा कसै गरी ॥
यता भाइहरूमा छन् जेठा, राम उदार र ।
जगत्का जीवको सारा रक्षा गर्ने निरन्तर ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
धर्म राम्रो गरी थाम्ने बलीया वीर छन् बडो ।
श्रीराम यी, यिनैको होस् अव राज्याभिषेक त्यो ॥
महारानी ! सुनी बक्स्योस् यस्ता राजा पिताकन ।
छोडी यस्तो अवस्थामा यदि राम गए वन ॥
संसारभरका सारा दुनियाँले सुने पछि ।
होला हजुरको कस्तो निन्दा, लौ शोचियोस् यति? ॥
तसर्थ राज्य यो आफ्नो गरुन् श्रीराम पालन ।
अनि राज गरी बक्स्योस् प्रभु निश्चिन्त भैकन ॥
यो श्रेष्ठ-पुरमा अर्को राम वाहेक क्वै नर ।
टिक्न सक्तैन है गर्दै प्रभुबाट भने सह्र ॥
६५

६६
श्रीरामलाइ यी राखी पदमा युवराजको ।
राजा वनतिरै लागि बक्सिनेछ, छ सत्य यो ॥
ती पुर्खाहरूको आफ्ना वृत्तान्त सब संम्झिई ।
महान् धनु लिई राजा राज हुन्छ वनै गई ॥
हात जोडी दुबै आफ्ना भने मन्त्री सुमन्त्रले ।
खोपीमा भित्र, संम्झाइ मीठा नरम वाक्यले ॥
तीखा टर्रा कुरा त्यस्ता भन्न सम्म भने पुनः ।
कैकेयी डगिनन् कत्ति खोजे पनि डगाँउन ॥
उनको मनमा रत्ति दुःख भो न त क्षोभ भो ।
न खस्क्यो मुख नै कत्ति क्यै विकार न देखियो ॥
७०

इति पैंतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छत्तीसौं सर्ग

महाराज दशरथले श्रीरामको साथमा सेनाको साथै ढुकुटी पठाँउने आदेश दिनु र मन्त्री सिद्धार्थले कैकेयीलाई संझाँउनु

१

अब आफ्नो प्रतिज्ञाले इक्ष्वाकु-कुल-रत्न ती ।
थिए राजा दशरथ भित्र पीडित नै अति ॥
लामो सास लिंदै-फेर्दै चुहाई आँसु बर्बर ।
लागे सुमन्त्र-मन्त्रीमा यसो भन्न नरेश्वर ॥
छीटो गर तिमी सूत ! बोकेका धन-रत्न यी ।
चारै प्रकारका सेना पठाऊ रामको पछि ॥
रूप बेचेर नै आफ्नो पेट पाल्ने मनोरम ।
मीठा वचनका वेश्या साथ जाऊन् अनेकन ॥
कुमार रामको राम्रो सैन्यमा वैश्य छन् जति ।
महाधनी र वेपारी जाऊन् शोभा भरी अति ॥
गर्ने जीवन-निर्वाह रामकै साथमा वसी ।
लडी लडी खुशी पार्ने जाऊन् पहलमान ती ॥
भने जस्तो गरी नाना धन द्रव्य दिई यहाँ ।
देउ आज्ञा उनीलाई रामकै साथ जानमा ॥
हथियारहरू होऊन् साथ उत्तम उत्तम ।
नाना गाडाहरु जाँऊन् पौरवासी सँगै पुनः ॥
ककुत्स्थकुलका रत्न यी मेरा रामको पछि ।
वनका भेउ पाएका शिकारी-व्याध हुन् उति ॥
अगाडि पर्न आएका अनेकौं जन्तुलाइ ती ।
पछि फर्काउँदै, मार्दै बढ्दै जान्छन् कुमार यी ॥
मृग-हात्तीहरू मार्लान् खालान् ती मह जङ्गली ।
नाना नद-नदी हेर्लान् विर्सलान् अनि कष्ट यी ॥
त्यो शून्य वनमा बस्न जाँदैछन् राम-बाबु यी ।
होस् तस्मात् थिनको साथ धन-धान्य भए जति ॥
यो राज्यकोशमा मेरो भएका धन-रत्न र ।
अन्न-भण्डारका सारा अन्न-पात पठाइ ल ! ॥

१३

१४

पवित्र-ठाममा त्यस्तो वनमा यी गए पछि ।
यज्ञ गर्न सकुन् नाना भनेझैं दक्षिणा दिई ॥
त्यो घोर वनमा मेरा राम यी सुखपूर्वक ।
बस्नेछन् ऋषिकै साथ स्वयं मिलिजुली तव ॥
महान् बाहु हुने मेरा छोरा भरत यी यता ।
अयोध्या-राज्यको राम्रो गर्लान् शासन सर्वथा ॥
सुन मन्त्री ! तिमी तस्मात् तेजस्वी रामलाइ यी ।
सबै इच्छा गरी पूर्ण लौ पठाऊ ! हऊन् सुखी ॥
ककुत्स्थ कुलका राजा यसो भन्थे यतातिर ।
कैकेयी महिषीलाई पऱ्यो डर उतातिर ॥
मुख स्याप्पै सुकी हाल्यो, स्वर ख्याप्पै भयो चता ।
फुट्यो देह भरी कम्प जुट्यो खिन्न-विषादता ॥
स्थिति यस्तो हुँदा त्यस्तो चालमाल लिई उनी ।
लागिन् राजातिरै फर्की यसो भन्न वहाँ अनि ॥
के कुरो ? गरि बक्सिन्छ माँड सार-स्वरूपको ।
चुसेको पहिल्यै, स्वादै विनाको खान्छ मद्य को ? ॥
साधुस्वभावका राजन् ! त्यही ठीक र शून्य यो ।
छोरा भरत गर्दैनन् राज्य निःसाररूपको ॥
यसरी लाज छोडेर ठूला आँखा हुने उनी ।
भन्दथिन् अझ यी वाक्य अति क्रूर कडा बनी ॥
उनीलाई भनी हाले स्वयं राजेन्द्रले अनि ।
रानी ! तिमी अनार्या हौ साह्रै अहितकारिणी ॥
वनवास दिने यस्ता रामलाइ असह्य त्यो ।
भार बोकाइ मैलाइ थप्तैछौ दण्ड फेरि यो ॥
रामका साथमा सेना-सामग्री यी पठाँउन ।
हुन्न भन्छ्यौ तिमी ओहो! रोक्तछ्यौ हेतुले कुन? ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यदि इच्छा भए यस्तै मागिनौ अघि त्यै किन? ।
राम एक्लै वनै जाऊन् न लगून् क्यै, भनीकन ॥
सुनिन् ती सुन्दरीले यी राजाका क्रोधका कुरा ।
भनिन् अनि उनी भन्दा झोक्किई डबलै पुरा ॥
प्रभुकै वंशमा राजन्! राजा सगर थे अघि ।
उनकै पुत्र हुन् जेठा नामका असमञ्ज ती ॥
उनैलाइ निकाले थे राजाले देशबाट यै ।
निक्लनै पर्छ राजेन्द्र! यिनले पनी ठीक त्यै ॥
कैकेयीले महारानी भजिन् यस्ता कुरा पछि ।
राजाले यो कुरा सुन्दा होस् धिक्कार! भने यति ॥
वहाँका व्यक्तिको सारा लाजले नै झुक्यो मुख ।
सकिनन् तर रानीले हाल यो बुझ्न वास्तव ॥
यहाँ थिए यसै बेला राजाका पात्र प्रेमका ।
वयोवृद्ध महामन्त्री अर्का सिद्धार्थ नामका ॥
असह्य भो उनैलाई ज्यादा शुद्ध स्वभाव भै ।
तसर्थ नसकी खप्न रानीलाई भने यसै ॥
महारानी! सुनी बक्सयोस् मर्जिभो जो कुरा अघि ।
ठीक हो त्यो, थिए किन्तु असमञ्जस दुष्ट ती ॥
समाई मार्गमा खेल्ने शिशुलाइ उनी हरे! ।
सरयू-जलमा फेंक्थे मनोरञ्जन गर्दथे ॥
देखे ती पुरवासीले उनको चाल यो सब ।
भने राजा भएमा गै रिसाई अतिनै तव ॥
राष्ट्रवर्धन हे राजन्! सुनी बक्स्योस् भनाइ यो ।
लिइ राज हरोस् एक्लो असमञ्जसलाइ त्यो ॥
अथवा यसलाई नै देश बाटै निकालियोस् ।
बस्न हामीहरूलाई पुरमा दिइ वक्सियोस् ॥
सोधे उनीहरू साथ राजाले यो कुरा सुनी ।
यसबाट तिमीलाई कस्तो डर पर्‍यो? भनी ॥
राजाले यसरी सोद्धा उनमा भन्दछन् तव ।
प्रजाजनहरू सारा, भएको घटना अत्र ॥

४१

४२

असमञ्जस यी राजन्! स-साना शिशुलाइ तैं
खेल्दा खेल्दै समात्छन् गै जो डराउँदछन् अनि
तिनैलाइ लगी फेंक्छन् सरयू-जलमा पनि
जो मूर्ख्याईं गरी यस्तो आनन्दै मान्दछन् अनि
सुनी कुरा प्रजाका यी उनकै प्रिय गर्न ती
दुष्ट पुत्रकनै त्यस्तो त्याग्दिए अहितै हुँदै
तस्मात् आफ्ना पिताले हो! असमञ्जसलाइ तैं
पत्नी-पुत्र सँगै त्यागे चाँहिने जति वस्तु तैं
चढाइ रथमा आज्ञा दिए सेवकमा पनि
निकाले देश बाटै यो यल्लाइ जीवनै भरि
बोकी डालो र कोदालो गै घोर वनबीच ती
देखे बस्ने गुफा, खाने कन्द-मूल दिशा भरि
तस्मात् माथि भने जस्तो पापाचारी हुँदा उनी
त्यागे सगर-राजाले धर्मात्मा भैकनै पनि
अब श्रीरामले त्यस्तो अपराध गरे कुन!
राज्य पाँउन बाटै जो रोकिए यसरी पुन
हामी ता ए महारानी! राममा दोष-वैगुन
देख्तैनौं अहिले सम्म अलीकति पनी पुन
जस्तो मलिनता देख्न गाह्रै पर्दछ चन्द्रमा
अपराध तथा पाप त्यस्तै देखिन्न राममा
छन् भने देखिबक्सेको रामका दोष, खोलियुन्
हामीमा अहिल्यै हुन्छ! अनि राम निकालियुन्
जुन सन्मार्गमा अड्छ जसमा छैन दुष्टता
त्यस्ता पुरुषको त्याग हुन्छ धर्म-विरुद्ध हा!
काम गर्छ भने कोही कर्म धर्म-विरुद्धको
भस्म पार्छ महारानी! इन्द्रकै पनि तेज त्यो
यस्तो प्रकारको विघ्न रामराज्याभिषेकमा
न होस् शुभानने! तस्मात् भो!भो!! होस् पूर्ण त्यो यहाँ
दुनियाँले पनी नाना निन्दा गर्लान् गरे त्यसो
प्रभुले बच्नु नै पर्छ त्यस बाट पनी अहो!

५६

कुरा सिद्धार्थका सुन्दा राजा थकित ली स्वर ।
वाणीमा शोकले पीर्दो भन्दछन् कैकेयी सित ॥

५७

CC-0. In Public Domain. Digitization by eGangotri

५८

ए पापिनी ! ओह ! तँलाइ यो कुरा लागेन राम्रो अझ मानिनस् हरे ! ।
गाह्रै पऱ्यो संझन सम्म यो पनि आफ्नो र मेरो हित हुन्छ के गरे ? ॥
अत्यन्त नै दुःख हुने कुमार्गको लिएर झन् आश्रय पो गरिस् यसो ।
तेरा कुचेष्टाहरु दुष्टिनी ! सब उल्टा भए सज्जन-मार्गका अब ॥

म जान्छु आजै सुत-रामकै पछि छोडेर ऐश्वर्य सुखादि राज्य यी ।
जान्छन् यहाँका जनता पनी सब पछाडि लागी प्रिय-रामकै अब ॥
राजा भरत्लाइ लिएर साथमा सुन् दुष्टिनी ! गर् तँ ढलीमली यहाँ ।
एक्लै तँ भोग् राज्य सुखी भई अनि स्वयं निकै सम्म भएर पापिनी ॥

६१

इति छत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सैंतोसौं सर्ग

श्रीरामले बल्कल-वस्त्र धारण गर्नु

१

भन्छन् विनय जानेका राम राजासँगै झुकी ।
आफ्ना प्रधान-मन्त्रीका कुरा मीठा सुनी पछि ॥
बुवा ! छोडी सकें मैले भोग संसारका पुनः ।
फल-मूलादि खाएर धान्छु जीवन गै वन ॥
यस हालतमा छोड्ने सङ्ग-आसक्ति विश्वको ।
म जस्तोलाइ के गर्नु गए पो पछि सैन्य त्यो ? ॥
श्रेष्ठ हात्तीकनै राजन् ! पैले दान गरीवरी ।
डोरी त्यल्लाइ बाँध्ने ता को राख्ला लोभमा परी ? ॥
प्रभो-सज्जनमा श्रेष्ठ ! त्यही ठीक मलाइ यो ।
सेनाले पछि लागेका गर्नु के, किन चाहियो ? ॥
भन्छु दासीहरूलाई, मुमाका छन् यहाँ जति ।
बरु ल्याई दिऊन् चाँडै मलाई चीर-वस्त्र ती ॥
दुई डाला र कोदाला बलीया पाउँ ती छिटै ।
चौध वर्ष भरी बस्ता चाहिन्छन् वनमा यिनै ॥
निर्लज्ज भै सकेकी थिन् कैकेयी महिषी यिनी ।
आफैं दौडी गई ल्याइन् रामका यी कुरा सुनी ॥
त्यत्रो जन-सभा बीच श्रीरामतिर फर्किई ।
लौ लगाऊ भनी हालिन् सुम्पिई रामलाइ ती ॥
अनि कान्छी मुमाबाट पुरुष श्रेष्ठ-रामले ।
बक्सिएको दुबै चीर-वस्त्र ती शान्त भै लिए ॥
फुकाली देहका आफ्ना मसीना वस्त्र सुन्दर ।
मुनिले पैह्रिने जस्ता पैह्रिए वस्त्र वल्कल ॥
अगाडि बाबुकै आफ्ना यता लक्ष्मणले पनि ।
फुकाली वस्त्र ती राम्रा पैह्रिए वल्कलै अनि ॥
दिएकी धर्ममा दृष्टि पैह्रेकी वस्त्र रेशमी ।
धर्मको मर्म जानेकी थिइन् जनकनन्दिनी ॥

१३

१४

तयार आफ्नु नै निम्ति भएका चीर वस्त्र
देखी निकै डराइन् यी देखेकी जाल भै मृ
कैकेयीको बाहुबाट दुवै बल्कल वस्त्र
शुभ-लक्षण--सीताले लिइन् लज्जित भै
उनको मनमा भित्र पऱ्यो चीसो र दुःख
दुवै आँखा भरी पानी भरियो, बर्र भै खस
उनले त्यसबेलामा आफ्ना गन्धर्व--तुल्य
तेजस्वी पतिका साथ सोधिन् यस्तो भनी
बाँच्दछन् कसरी चीर वनवासी मुनि प्रभो!
यसो भन्ने नजान्ने ती परिन् मोह निकै अहो!
लिएर चीर त्यो यौटा हातले कण्ठमा धरि
न जान्दा पैह्रनै सीता अर्को ली लज्जितै भइ
धर्मात्माहरूमा श्रेष्ठ राम आफै वहाँ पुगे
रेशमी--वस्त्रकै माथि बाँध्दिए चीर-वस्त्र
देखेर रामलाई यी चीर पैह्राँउदा
ती रानी भित्र खोपीका रोए आँसु त्यजी
उनले दुःख वढ्दामा न सक्ता खप्न, देख्न
चर्को तेज हुने त्यस्ता रामलाई भने यसो
उदारदिलकी यस्ती सीतालाई यिनी अहो!
भएको छैन आज्ञा नै वनमा बस्न जानु
न लगे साथ, पित्राज्ञा पाल्न बस्ता गई वन
पार्ने थियौं यिनैलाई हेरी सफल जीवन
बाबु राम ! तिमी जाऊ सहाय लिइ लक्ष्मण
यी कल्याणी अयोग्यै छन् मुनिझैं बस्नमा वन
सुन यो याचना बाबु! भो! भो !! सीता नसुन् यहाँ
तिमी ता धर्ममा टिक्छौ, चाहन्छौ बस्न जो यहाँ

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कुरा सुने पनि त्यस्तो मुमाका रामले पछि ।
पहिराई दिए आफैं सीतामा चीर-वस्त्र ती ॥
सीताले पतिकै जस्तो लिने शील-स्वभाव यी ।
लगाएको लुगा त्यस्तो देखे पछि, भयो अति ॥
रोक्दिए गुरु राजाका वसिष्ठ मुनिले अनि ।
झारे बरररै आँसु, कैकेयीमा भने पनि ॥
ए कुलाङ्गार कैकेयी ! तिमी दुर्बुद्धि हौ अति ।
बढ्दै अधर्ममा यस्तो सीमा नाघि गऱ्यौ अति ॥
राजालाई दिई धोका गऱ्यौ दुष्कर्म यो हरे ! ।
ए दुष्टे ! सुन यी सीता वन जान्नन् कसै गरे ॥
रामले बस्नको लागि पारेको ठीक वास्तव ।
राजसिंहासनैमा यो यिनीनै बस्तछिन् अब ॥
हुन् आधा अङ्ग पत्नी नै गृहस्थीहरूका सब ।
तसर्थ रामको आत्मा यी सीता हुन् स्वयं बुझ ॥
यसर्थ रामको साटो साक्षात् जनकनन्दिनी ।
पृथ्वीको एकछत्रा यी गर्दछिन् पालना पनि ॥
रामको साथमा सीता वन जान्छिन् भने यदि ।
हामीहरू उतै जान्छौं जान्छ सारा पुरै पछि ॥
दरबार र खोपीका रक्षा सेवा निरन्तर ।
गर्नेहरू पनी सारा जान्छन् साथ उतैतिर ॥
सीता पत्नी लिई साथ राम जान्छन् जहाँ जहाँ ।
जान्छन् यो राज्यका सारा पुरवासी पनी वहाँ ॥
आवश्यक लिई वस्तु हाँडो-भाँडो धनादिक ।
सम्पूर्ण पछि लाग्नेछन् राष्ट्रका जनतातक ॥
यता भरत शत्रुघ्न दुवै भाईहरू पनि ।
वनमै बस्न जानेछन् चीर-वस्त्रै धरी अनि ॥

३९

४०

ककुत्स्थ-कुलका रत्न जन्मेका अघि मान्य ती ।
रामको पछि लाग्नेछन् वसेका वन गै, अघि ॥
गरौली अनि ए दुष्टे ! रुखैरुख हुने अनि ।
शून्य-निर्जन पृथ्वीको राज्य, एक्लै बसी तिमी ॥
अयोध्याभरका सारा प्रजाको पुत्रतुल्यका ।
तिमी अहित गर्दाछ्यौ यही दुष्कर्मबाट हा ! ॥
राजा राम जहाँ हुन्नन् हुन्न त्यो राष्ट्र नै बुझ ।
गई राम जहाँ वस्छन् त्यो वनै राष्ट्र बन्दछ ॥
राजा दशरथै बाट जन्मेका पुत्र हुन् भने ।
यता भरत यो राज्य गर्ने छैनन् , कसै गरे ॥
किन ? भन्छयौ भने दुष्टे ! राजाले उनलाइ ता ।
छैनन् राज्य दिएका यो तँ नै गर् लौ भनी यता ॥
त्यस हालतमा तिम्रो साथमा पुत्रझैं भई ।
गर्ने छैनन् उनी इच्छा यहाँ बस्न पनी पछि ॥
सुन ए लाज छोडेकी महारानी ! तिमी अझ ।
पृथिवीतल बाटै यो उडी आकाशमा पुग ॥
गर्दैनन् अन्यथा किन्तु त्यस्मा भरत वास्तव ।
चरित्र आफ्नु पुर्खाको जानेका छन् उनी जब ॥
तिमीले पुत्रको तस्मात् प्यारो गर्छु भनी हरे ! ।
झन् उल्टो के गऱ्यौ यस्तो उनको अप्रियै हुने ? ॥
किन ? भन्छयौ भने रानी ! छैन यो विश्वमा कुनै ।
न होस् जो रामको भक्त, न गरोस् जुन सेवनै ॥
ए कैकेयी ! तिमी देख्छयौ हिंडेमा वन राम यी ।
लाग्नेछन् दुनियाँ आजै कसरी यिनको पछि ? ॥
मृग सर्प तथा पक्षी पशु वृक्ष पनी सब ।
रामकै साथमा जाने छन् तयार र उत्सुक ॥

५२

५३

तस्मात् बुहारीकन जानकी यी नदेऊ भो जर्खर चीर आदि ।
पैह्राउ आफैं अब वेस वेस वस्त्रादि नाना गहना विशेष ॥
अयोग्य छन् पैह्रनमा लुगा यी भनेर यस्तो मुनिराजले ती ।
रोकी दिए पैह्रन नै न दी यी रानीकनै फेरि भने यसोरी ॥
जाऊन् अकेला वन राम भन्ने माग्यौ तिमीले वर भूप साथ ।
सीता अनी भूषण वस्त्र पैह्री जाउन्न के हुन्छ र राम साथ ? ॥

५५

CC-0. In Public Domain. Digitization by eGangotri

५६

तसर्थ रानी ! दिई दास-दासी लौ सुम्प आवश्यक वस्तु ती ती।
नाना सवारी गहना लुगाले जाऊन् अनि छापिंदै मजाले॥
माग्दा तिमीले वर राजपुत्री यी जानकीको विषयै लिईनौ।
तस्मात् यिनीलाई कसै गरेर ती वस्त्र पैह्राँउन योग्य छैनौ॥

त्यस्ता महात्मा गुरु विप्रदेव प्रभाववशाली अति नै थिए जो।
भनी रहेथे सबको अगाडि राम्रो भलो मात्र हुने कुरा यो॥
परन्तु सीता पति-देवको झैं भूषा तथा भेष म धर्छु भन्दै।
इच्छा लिई बल्कल-वस्त्र नै ती लागिन् स्वयं पैह्रन, तुच्छ गन्दै॥

५८

इति सैतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठतीसौं सर्ग

श्रीरामले माता कौसल्याको हेर–विचार गर्न महाराजसँग प्रार्थना गर्नु

१
त्यस्ता नाथ भएकी थिन् अनाथ सरि भै तर ।
सीता पैह्री रहेकी थिन् आफैंले चीर–बल्कल ॥
यो देखी जनता सारा ठूलो स्वर गरीकन ।
भन्थे– राजा दशरथ ! धिक्कार ! छ तिमीकन ॥
सुन्दा कोकोहलो यत्रो फेरि त्यस्ता महीपति ।
मित्र पीडा परी ज्यादै भए दुःखित झन् अति ॥
उनले अब ता आफ्नो धर्मको कीर्तिको तथा ।
आफ्नो जीवनको सम्म इच्छा नै त्यागिदए सफा ॥
४

५
इक्ष्वाकु–कुलका स्वामी लामो सास त्यजी अनि ।
स्वपत्नी सँग कैकेयी भन्छन् फेरि यसो पनि ॥
सीता मेरी बुहारी यी सुन् ए ! कैकेयी ! क्यै गरे ।
जान योग्य छँदैछैनन् यसरी चीर–वस्त्रले ॥
अत्यन्त सुकुमारी छन्, बाला छन् फेरि जानकी ।
हुर्केकी र बढेकी छन् सुखै भगेरमात्र ती ॥
भयो जो जो कुरा आज्ञा यी मेरा गुरुदेवले ।
सत्य हो त्यो, छँदैछैनन् वनमा वस्न योग्य ए ! ॥
८

६
सीता विदेहेश्वरकी सुपुत्री तपस्विनी छन् कहिल्यै, कसै यी ।
हुने नराम्रो कुभलो कसैको बुझेस् तँ ! राम्रो सँग, गर्दिनन् जो ॥
यसो गरी हा ! जनको समक्ष भै ठिङ्ग यी बल्कल पैह्रिइन्छन् ।
गै जङ्गलैमा रनभुल्ल पर्ने क्वै भिक्षुकी झैं जुन देखिइन्छिन् ॥
सीता उतारुन् अब चीर वस्त्र यसै गरी यी वनबीच जाऊँन् ।
भनेर मैले पहिले प्रतिज्ञा थिएँ गरेको र कसो त लौ भन् ? ॥
तसर्थ सीता नृपको सुता ती गरेर जाऊँन् बहुतै सिंगार
सुवर्ण–रत्नादि–विभूषितै झैं जाऊन् स्वयं छापिइ भै तयार ॥
बाँच्नै पनी छैन म योग्य कत्ति गरें प्रतिज्ञा जुन क्रूर त्यस्तो ।
पक्का गरी ली नियमै त्यसैमा मैले न राम्रो बहुतै गरें यो ॥
तैंले गरिस् झन् अतिमूर्खताले ज्यादै नराम्रो दिइ चीर–वस्त्र ।
फुलेर बाँसैकन फूल मार्छ मलाइ त्यस्तै प्रण यै त मार्छ ॥
१४

लौ भन् ! ए पापिनी ! तेरो यी मेरा प्रिय रामले ।
के न राम्रो गरे त्यस्तो अपराध गरे कि के ? ॥
१५

यी वैदेही–बुहारीले यस्तो दण्ड हुने कुरा ।
के गरिन् ? के बिगारिन् ए ! तँ नै होस् दुष्टिनी पुरा ॥
१६

CC-0. In Public Domain. Digitization by eGangotri

१७

उदार-दिलकी छन् यी राम्रो कोमल-शीलकी ।
फक्रेका नेत्र ठूल्ठूला भएकी मृगकै सरी ॥
यस्ती मेरी बुहारीले हुन् जो जनककी सुता ।
अपराध गरिन् तेरो कुन त्यस्तो ल भन् ! छ ता ॥
निकाली वनमा तैंले पापिनी ! रामलाइ यी ।
ठूलो पाप गरिस् ओहो ! यत्तिले नै भयो अति ॥
सीतालाइ पनी खेद्ने चीर पैह्राँउने तथा ।
अरु पाप गरी यस्ता लौ भन् ? के हुन्छ श्रेय ता ? ॥
आउँदामा यहाँ राम अभिषेक-निमित्तमा ।
त्यस वेला यिनी साथ भन्थिस् जो तँ स्वयं यहाँ ॥
कुरा ती सब सुन्दामा मैले तँ सँग पापिनी ! ।
कुरामा त्यत्ति नै मात्र गर्दिएँथे प्रणै पनि ॥

२२

२३

त्यस भन्दा पनी बढ्ता गर्न खोच्छेस् तँ नाघ्छेस्
दुष्टिनी ! स्थितिमा यस्तो तँ नकैं पस्न खोज्छेस्
मिथिलेशकुमारी यी जानकीकन जो तँ
चीर-वस्त्रादि पैह्रेकी हेर्न खोज्छेस् अझै यहाँ
वसे पछि भनी यत्ति राजा नीचो गरी शिर
भन्छन् राम पिता साथ वन हिंड्ने गरी सुत
धर्मात्मन् ! ए बुवा ! मेरी मुमाको देह वृद्ध छ
शील-स्वभाव राम्रो छ मन उच्च, उदार छ
भैबक्सिन्छ मुमा मेरी पवित्र-यशकी प्रभो !
कहिल्यै गरि बक्सिन्न निन्दा-चर्चा हजूरको
होवैन देखिबक्सेको यो भन्दा अघि कष्ट कसै
म विना डुबिबक्सेला समुद्रै बीच शोकको

२८

२६

शरणै भइ बक्सिन्छ यस हालतमा पुनः ।
रहोस् क्यै मान-मर्यादा मुमाको न दुखोस् मन ॥

हजूर जस्ता अतिपूज्यरूपका राजेन्द्र आफ्ना पति बाट योग्यका ।
पाएर सम्मान मुमा यहाँ प्रभो ! यो शोक विर्सेर हुनेछ राज जो ॥
मेरो गरे ता पनि चिन्तना अति पाई बुवा ! आश्रय पाउको यही ।
आनन्दले जीवन आफ्नु धारण गरेर नै राज हुनेछ है पुनः ॥

महेन्द्रकै तुल्य प्रभा हुने प्रभो ! ममा मुमाको अति स्नेह नै छ त्यो ।
त्यस्तै गरीपाऊँ जसो गरी यता आनन्दले राज हुनेछ सर्वदा ॥
यस्तो न पाओस् हुन है ! महीपते जाँदा म त्यस्तो वनबीच शोकले ।
कहीं मुमा पीडित भै असुन्दर न होस् सवारी यमराजको घर ॥

३३

इति अठतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनञ्चालिसौं सर्ग

श्रीरामले वनजान सबैसँग विदा माग्नु

१

राजाले अव यी मीठा कुरा श्रीरामका सुने ।
देखे यता उनीलाई मुनिको भेष त्यो लिने ॥
साढे तीन सय पत्नीहरूकै साथमा अनि ।
भए वेहोश नै फेरि राजा धीर भए पनि ॥
सकेनन् दुःखले पाक्ता हेर्न रामतिरै हरे ! ।
हेरे पनि सकेनन् हा ! जवाफ दिन दुःखले ॥
यता दुइ घडी सम्म भै विचेत सरी पछि ।
विउँभे, बल्ल भो होश पृथ्वीका पतिलाइ यी ॥
अनि श्रीरामको गर्दै ध्यान-चिन्तन राम्ररी ।
आफैं विलाप्न लागे यी निकै दुःखी भईवरी ॥
अघिल्लो जन्ममा मैले पक्कै पनि अनेकन ।
वाच्छा साथ छुटाएछु धेरै गाईहरूकन ॥
कि ता अनेक प्राणीको वध-हिंसा गरें छु हा ! ।
म माथि वज्रियो कष्ट जसले गरि आज ता ॥
कसैका देहको प्राण वेला पूरा नभै स्वतः ।
हओस् जस्तो सुकै कष्ट निस्कँदो नै रहेन छ ॥
कैकेयी बाट यो नत्र यस्तो कष्ट हुँदा तथा ।
दुःख भोग्दा पनी यस्तो निस्केनन् प्राण यी अहा ! ॥
अभै यहाँ म देख्तैछु आफ्ना अग्नि समानका ।
तेजिला पुत्रलाई यी उभिंदै अघि सर्वथा ॥
मसीना रेशमी वस्त्र त्यागी आफ्ना अगाडिका ।
तपस्वीहरूकै जस्तो पैन्हेका गहना लुगा ॥
कैकेयी छ यता मैले दिएका वरको यहाँ ।
पाई आधार मूर्ख्याँईं, अडेकी स्वार्थसिद्धिमा ॥
यतातिर भने दुष्टा यै यौटीको निमित्तमा ।
सम्पूर्ण जनले यत्रो भोगे कष्ट अकार्थमा ॥

१३

१४

यत्ति भन्दा न भन्दै ती राजाको सव इन्द्रिय ।
भरेको आँसुले गर्दा भए आकुल व्याकुल ॥
हे राम ! शब्द यो निस्क्यो जोडले एकपल्ट र ।
अनि बोल्नै सकेनन् क्यै, परे मूर्च्छा नरेश्वर ॥
राजामा होश भो बल्ल विते पछि दुवै घडी ।
भने सुमन्त्रमा हेर्दै आँखाले अश्रु-पूर्ण ती ॥
सवारी योग्यको यौटा रथ ल्याउ तिमी अव ।
जसमा श्रेष्ठ घोडा हुन् जोतेका दौडिने सव ॥
महान् भाग्य हुने मेरा रामलाइ सुदुर्धर ।
चढाई त्यसमा चाँडै पुऱ्याउ गाउँ-बाहिर ॥
शील-स्वभावका राम्रा शूर-वीर सुतैकन ।
निकाल्छन् बावु-आमा नै घरबाट स्वयं वन ॥
सुमन्त्र ! ठान्छु तस्मात् म गुणी यस्ता मनुष्यको ।
त्यस्ता गुण हुनाको हो शास्त्रीय फल योग्य यो ॥
थिए सुमन्त्र यी मन्त्री छीटा शक्ति र वीर्यका ।
शिरोपर गरी हाले राजाज्ञा उनले तदा ॥
राम्रा उत्तम घोडाले सजिएको र योग्यको ।
रथ ल्याएर राजामा हात जोडि भने यसो- ॥
छ तयार महाराज ! रामको निम्ति लायक ।
लागेको श्रेष्ठ घोडा र स्वर्णभूषित त्यो रथ ॥
थिए राजा दशरथ अतिशुद्ध, जहाँ तहाँ ।
देश-कालादिको मर्म बुझ्दथे जो स्वयं यहाँ ॥
कोशाध्यक्षकनै डाके गर्थे जो धन-संग्रह ।
तसर्थ अनि राजाले भने निश्चित यो तव ॥
सुन ! मेरी बुहारी यी सीताको निम्ति पैह्रन ।
गहना-वस्त्र ली आऊ बहुमूल्य र उत्तम ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

चौध वर्ष भरी बस्ता यिनले वनमा गई ।
सबै प्रशस्त पुग्ने हुन् , बरु ल्याउ गनेर ती ॥
यता अब यसो भन्दा महाराज नरेन्द्रले ।
कोशाध्यक्ष भई छीटो राजकोशतिरै गए ॥
भने जस्तो गरी ल्याए एक एक गरी सब ।
अनि सीताकनै सुम्पे तुरुन्तै उनले सब ॥
जन्मेकी कुलमा श्रेष्ठ अथवा ती अयोनीजा ।
सीता विदेहपुत्री थिन् वन जान समुत्सुका ॥
देवीले अनि यो पैन्हीन् शुभाङ्गभर आफ्नु ती ।
विचित्र गहना वस्त्र सुशोभित भए अति ॥
गहना वस्त्रले यस्ता पैन्हिएका र शोभित ।
सीता जगमग भै हालिन् पारिन् त्यो घर भूषित ॥
विहानीपखका साक्षात् सूर्यका करको प्रभा ।
जस्तो उदाँउदै पार्छ नभ शोभित सर्वदा ॥
न गर्ने कृपणी बुद्धि, छोड्ने दुःख दिने मति ।
शील-स्वभावकी राम्री सीता उत्तम थिन् अति ॥
अनि ता सासु-रानीले फैलाइन् दुइ हात ती ।
बुहारी मैथिलीलाई अगाँलिन् आफु नै बढी ॥
शिर सुँध्दै बुहारीको भन्छिन् देवी यसो अब ।
जान्दछ्यौ के तिमी बाबा ! असतीलाइ ती सब ? ॥
भै सत्कृत जगत्मा यो पतिद्वारा सँधै प्रिय ।
परेमा दुःख छोड्छन् जो, हुन् ती स्त्री असती सब ॥
मेरी पुत्री समानैकी बुहारी ! यो कुरा बुझ ।
हुन्छ ती दुष्टिनी स्त्रीको यस्तै शील-स्वभाव त ॥
कमाई पहिले भोग्छन् पतिको सुख साथ ती ।
त्याग्छन् दोष थुपारेर अल्लि आपत् परे पछि ॥
दुष्ट-नारीहरू त्यस्ता हुन्छन् यस्ता विशेषतः ।
यो पनी सुन ए बाबा ! बोल्छन् जो भूठ वस्तुतः ॥
दुष्टै पुरुषको मात्र गर्छन् संसर्ग ती सब ।
यता देखाउँछन् खालि न राम्रै चाल वास्तव ॥
हृदयैहीन मैं हुन्छन् पोख्तैनन् पेटका कुरा ।
पाप खेलाँउछन् भित्र नाना थर असत् सदा ॥
टेढिइन्छन् छिनैमा ती पति साथ पनी निज ।
कुलटा नै भनिन्छन् यी हुन् दुष्टै असती सब ॥

४३

४४

कुलको ध्यान नै हुन्न संझिन्नन् उपकार
विद्या केही लछ्यादैँन विर्सन्छन् जो दिए
स्नेहले प्रेमले ठूलो दिएको पतिले
नेठ्तैन क्यै उनीलाई, संझिन्छन् तुच्छ जे
कुराले यी सबै बाबा ! सकिन्न लिन नै
किन ? भन्छ्यौ भने उन्को हुन्न ठेगानसा
भएर यसको उल्टो सदाचार र सत्य
विद्याको कुलको आफ्नो अड्दछन् स्थिति बीच
त्यस्ता पतिव्रता साध्वी नारीका निम्तिमा
देवतै तुल्य मानिन्छ पवित्र र महान्
ए बुहारी ! तिमी तस्मात् यो मेरा पुत्र राम
कैल्ये नगर हैं हेंला भनी वन लखेटि
यिनी महान् धनी हुन् वा हुन् गरीब महान् कि
छन् तिम्रो निम्तिमा बाबा ! देवतै तुल्यका स
अर्थले धर्मले राम्रो भरिएका यिनै कु
सासुबाट बुझिन् सारा जानकीले स्वयं
तुरुन्त अँजुली बाँधिन् सीताले उभिंदी
अनि विन्ति चढाइन् यो श्रद्धाले सासुमा
मेरो हित हुने जो जो बक्सियो उपदेश
अवश्य सब पाल्नेछु सावधान भई बडो
पतिका साथमा आर्ये ! वस्नु पर्छ कसो गरी
के गर्नु पर्छ ? त्यो सारा जानेकीछु सुनी
न ठानी बक्सियोस मेरी ए पूज्या सासुज्यू ! यसो
छ भनी यो पनी त्यस्तै असती ठीक की अहो !
चन्द्रबाट प्रभा जस्तो हुन्न टाढा कसै गरे
म छोड्दिन त्यही ठीक यो पातिव्रत्य क्यै गरे
बज्दैन सासुज्यू ! जस्तो वीणा तार नभैकन
क्यै गरे रथ चल्दैन पाङ्राहरू नभैकन
त्यही ठीक सती नारी शयौं छोरा भए पनि
क्यै गरे सुख पाउन्न पूज्ये ! जान्दछु यो पति
दिन्छन् आफ्ना पिता माता छोराहरू पनी सब
तोके जत्ति, भने जत्ति सुख-भोगादि वास्तव
परन्तु पति ता आफ्नो दिन्छन् सुख अतर्कित
तस्मात् को त्यो सती होली न सेब्ली पतिलाइ त ?

६०

६१

श्रेष्ठ नारीहरूबाट मुमा जस्ता निकै अघि ।
नारीधर्म सुनेकी छु सामान्य र विशेष यी ॥
तस्मात् पतिव्रता धर्म जान्ने बुझ्ने भईकन ।
के गर्थें पतिको हेला, पति नै देव हुन् जुन ? ॥
मीठा र मनमा गढ्ने सीताका यी कुरा सुनी ।
खसे बरर भै आँसु कौसल्याका त्यसै अनि ॥
चित्त शुद्ध हुँदा साञ्है उनमा तर भित्र ता ! ।
कुराले यी बुहारीका भयो हर्ष र शोक ता ! ॥
अरु माताहरू बीच सम्मानित भई अति ।
मुमा बसि रहेकीथिन् देखे श्री रामले पछि ॥
अनि जोडी दुवै हात धर्म भित्र हुने निकै ।
रामले यसरी विन्ति गरी हाले मुमा सँगै ॥
कैले न हेरि बक्सेला बुवा पट्टि मुमा ! अव ।
निक्लियो यसले गर्दा छोरो भन्ने लिई दुःख ॥
मुमा ! मलाइ तोकेको छ जत्ति वनवासको ।
काल त्यो वितछ चाँडै नै छिटै नै निश्चितै छ यो ॥
यी चौध वर्षका काल सुत्ता-सुत्तै त्यसै पनि ।
विति हाल्छन् भने माता! किन चिन्ता लिने अनि ? ॥

७०

चाँडै नै देखि बक्सेला साथ मित्र लिई सव ।
मलाइ भाइ-सीताको सँगमा फर्कने तव ॥
मुमा साथ भनी यस्ता आफ्ना निश्चयका कुरा ।
हेरे अरु मुमा पट्टि साढे तीन सए तदा ॥
त्यस्तै दुःखी थिए सारा रामले धर्म अर्थ यी ।
मील्दा कुरा भनी हाले जोडेर अञ्जुली पछि ॥
मेरो मुमाहरूमा छ विन्ति यो सुनि बक्सियोस् ।
भनेकोछु भने मैले कडा क्यै, माफ बक्सियोस् ॥
मैले जानी न जानी वा बस्ता साथ सदा यता ।
क्यै गरेको भए त्यस्तो क्षमा होस् , बक्सियोस् विदा ॥
ती रानीहरुले सारा रामका यी कुरा सुने ।
मिलेको धर्ममा फेरि धर्ममा नै टिकाँउने ॥
रानी मुमाहरुलाई पऱ्यो गाऱ्हो, असह्य भो ।
रामको स्नेहले गर्दा शोकले चित्त व्याप्त भो ॥
भनी सक्ता न सक्ता नै रामका यी कुरा सुनी ।
चरीझैं कुररी सारा भै गए अति दुःखिनी ॥
त्यस्ता नरेन्द्रका रानी साढे तीन सय सव ।
लागे विलाप्न भै त्यस्तै व्याप्त भो स्वर त्यो अव ॥

६६

७८

दशरथ-नृपको महान् विशाल भवन भरी अघि वाद्य शब्द मीठा ।
मुरज पणव मेघ आदिका ती सतत् गभीर भएर गुञ्जिइन्थे ॥

७९

अव अहह ! त्यही विलाप त्यस्तो रुनु र कराउँनुले भरी भएर ।
व्यसन-दुख बढेर व्याप्त भै भै अतिशय कष्टमयै भयो प्रतीत ॥

८०

इति उनञ्चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चालिसौं सर्ग

श्रीरामको वनगमन

१

हात जोडी भई दीन सीता-लक्ष्मण-रामले ।
अब राजा-पितालाई पाउ छोएर ढोग्दिए ॥
श्रद्धा र स्नेहले ठूलो बुबा राजाकनै वहाँ ।
विस्तारै दाहिने पारी गरे अनि प्रदक्षिणा ॥
विदा लिए बुवा साथ मुमाको स्नेहले अति ।
भित्र शोक लिने ज्यादै धर्मात्मा रामले पछि ॥
अनि साथ लिई सीता ढोगे आफ्नी मुमाकन ।
पछि जेठी मुमालाई ढोगे लक्ष्मणले पुनः ॥
अब आफ्नी मुमा साक्षात् सुमित्राकन ती पनि ।
समाइ दुइटै पाउ ढोग्दिए उनले अनि ॥
ढोग्ने यस्ता महाबाहु पुत्र लक्ष्मणलाइ यी ।
रुँदै आमा-सुमित्राले शिरबीच सुँघिन् पछि ॥
पुत्रको होस् भलो राम्रो भनेर उनले पनि ।
तिनलाइ भनिन् यस्तो बीचमै सबको अनि ॥
दाजुको यी सुहृत् राम तिमी छौ भक्त रक्त र ।
यसैले म विदा दिन्छु वन जान तिमीकन ॥
लाग्दा यता उता दाजु-राम यी बाबु ! लक्ष्मण ।
न चुक्यौ है तिमी कैल्यै गऱ्यौ सेवा टिकीकन ॥
परोस् आपत् यिनीलाई या सम्पन्न हऊन् यिनी ।
तिम्रो निमित्त छन् बाबु ! राम्रो गति स्वयं यिनी ॥
छ यै सज्जनको धर्म सुन निष्पाप लक्ष्मण ! ।
यी मान्य-दाजुको जेठा वश भै गर्नु सेवन ॥
शरीर युद्धमा छोड्नु, दिनु दान र यज्ञमा ।
दीक्षा लिनु, यही धर्म श्रेष्ठ मानिन्छ विश्वमा ॥
यो हाम्रो कुलको निम्ति सदाचार-स्वरूपको ।
यै सनातन सत्-धर्म ज्यादै उचित योग्य हो ॥

१३

१४

भनिन् माता सुमित्राले पुत्र लक्ष्मणमा व...
अनि रामतिरै हेरी भन्छिन् ती प्रिय भै अ...
वन जान तिमी राम ! ठिक्क छौ, सिद्ध छौ अ...
जाउ! जाऊ!! भनी यत्ति भनिन् लक्ष्मणमा पु...
बाबु-लक्ष्मण ! यो संझ तिमी रामकनै ...
मेरा पिता दशरथ हुन् साक्षात् भनि बाल...
संझ भाउजु सीता यी जानकीलाई ता ति...
आफ्नी आमा सुमित्रा म हुन् भनेर वहाँ अ...
वहाँको जङ्गलैलाई अयोध्या संझ सुन्द...
अब जाऊ तिमी बाबु ! सुखपूर्वक भै ...
अनि मातलिले साक्षात् इन्द्रलाइ भने ...
सुमन्त्र भन्नलागे यी रामलाइ अघी ...
थिए विनय जानेका ज्यादै नै झुक्थे ...
जोडेकाथे दुवै हात निहुरिन्थ्यो शिरै ...
ए महान् यशका राम ! राजपुत्र ! हजूर...
जय होस् ! अब होस् राजा रथमा यो, छ ठिक ...
आज्ञा हुन्छ ममा लैजा जहाँ रथ, भनेर ...
पुऱ्याँउछु वहीं चाँडै म हजूरकनै प्रभो !
चौध वर्ष भरी त्यस्तो वनमा जुन वस्नु...
त्यसको गणना आज देखिनै हुनुपर्द...
कैकेयी महिषी बाट आजै देखि हजूरमा
वन जानु भनी आज्ञा बक्सिएको छ जो यहाँ
सुन्दरी अति देखिन्थिन् सीता अब यथावि...
निकै खुश भएकीथिन् गर्दा श्रृङ्गार सुन्द...
अनि दङ्ग परी त्यस्तो चम्किलो सूर्यझैं हुँदो
रथबीच चढिन् पैले पुत्री जनककी अहो !

२६

२७

पतिको साथमा जाने सीताको निम्तिमा यता ।
उनका ससुराले ती दिएकाथे सबै कुरा ॥
वर्ष संख्या गरी बस्ता वनमा चाँहिने जति ।
राजाले नै दिएकाथे गहना-वस्त्र आदि ती ॥
त्यही ठीक दुवै छोरा राम-लक्ष्मणमा पनि ।
चाँहिने वर्म शस्त्रास्त्र दिएकाथे स्वयं अनि ॥
हुने यी सबकै साथ कोदालो र कुटोतक ।
यौटा सन्दुस छालाको रथको पछि थ्यो तव ॥
चढे गइ दुवै भाइ छीटा भइ यता अव ।
रथमा अग्निझैं बल्दो मोरेको सुनले सब ॥
गन्दा सीता थिइन् तेस्री, चढेका देखि यी सव ।
स्वयं सुमन्त्रले मन्त्री बढाए अघि यो रथ ॥
थिए यो रथमा घोडा जोतेका अति तेजिला ।
वेगमा शक्तिमा साक्षात् वायुझैं, हाँक्दिए तदा ॥
त्यो लामो कालको निम्ति अनकन्टारको वन ।
हिंडे बस्न भनी त्यस्ता-राम पारी दरो मन ॥
यो वेला पुरवासीमा सैन्यमा दर्शकादिमा ।
भयो तुरुन्त व्यामोह, परेमूर्च्छा जहाँ तहाँ ॥
कोकोहलो उठ्यो ठूलो अयोध्याभरमा अव ।
सम्पूर्ण जनता भैगो त्यसै आकुल व्याकुल ॥
मत्ता हात्ती थिए जत्ति त्यस्ता राम-वियोगले ।
अब देखे पछी यस्तो सकेनन् खप्न, झोक्किए ॥
सारा, यता उता दौड्दा घोडाहरू कराँउदा ।
गहना उनका बज्दा गुञ्जियो पुर नै तदा ॥
अयोध्या भरका सारा वृद्ध-बालक सम्म ती ।
भै छर्पट महान् दुःखी दौडिए रामकै पछि ॥
दौडिन्छन् विश्वका प्राणी घाम बाट सताँइदा ।
जस्तो जलाशयै पट्टि भो त्यस्तै पुरमा यता ॥
वहाँ अव भए मेला रामको नजिकै सव ।
मेला भो, दाहिने देब्रे भए अघि पछी तव ॥
उत्कण्ठित थिए सारा रामका निम्तिमा यता ।
थियो मुख भरी आँसु भन्छन् चिच्याँउदै सदा ॥
लगाम तान घोडाको सूत ! के गर्दछौ तिमी ? ।
बिस्तारै अति बिस्तारै लैजाऊ रथ यो पनि ॥

४३

४४

हामी आँखा भरी हेर्छौं रामको मुख यो शुभ ।
हुँदैछ निम्तिमा हाम्रो देख्नु जो मुख दुर्लभ ॥
रहेछ रामकी माता कौसल्याको हरेशिव ! ।
पक्कै फलाम द्वारा नै बनेको छाति वास्तव ॥
न भए देवतै जस्ता तेजस्वी-पुत्र यी हरे ! ।
यसरी वन हिंड्दामा फट्ट फुट्तैनथ्यो र के ? ॥
विदेही नन्दिनी सीता कृतकृत्य हुँदी भइन् ।
जो आफ्ना पतिको साथ छायै जस्ती हुँदै गइन् ॥
छोडिनन् पतिको साथ त्यै सरी सूर्यकी प्रभा ।
छोड्दिनन् कहिल्यै जस्तो सुमेरु गिरिलाइ ता ॥
अहो ! लक्ष्मण ! छौ धन्य तिमी पनि यथार्थमा ।
राम्रै सेवन गर्नेछौ साथ गै दाजुको वहाँ ॥
छन् तिम्रा दाजु यी नावु ! प्यारो बोल्ने निरन्तर ।
देवतै तुल्यका ज्यादै तेजिला र सुदुर्धर ॥
रहेछ बुद्धि यो तिम्रो कति ठूलो र उच्चको ।
तिम्रो निमित्तमा वावु ! महान् सौभाग्य यै भयो ॥
यही नै फेरि मानिन्छ स्वर्गको मार्ग उत्तम ।
जो तिमी गै रहेकाछौ दाजुको पछि लक्ष्मण ! ॥
भन्दा भन्दै कुरा यस्ता झरेका आँसु बर्बर ।
सकेनन् जनताले यी रोक्न, बढ्दै गयो पिर ॥
अब ती प्रेमका पात्र इक्ष्वाकु कुलनन्दन ।
रामको पछि नै लागे सकेनन् छोड्न नै जुन ॥
यसैबेला यता पट्टि माया लाग्दो लिने स्थिति ।
रानीका साथमा आफ्नी राजा छर्पटिए अति ॥
घेरिएर उनै द्वारा रामको प्रियपुत्र म ।
गर्छु दर्शन भन्दै ती दौड्दै आए यहीं पुनः ॥
सुने अब यताकाले रुने चिच्याँउने अहो ! ।
नारी ती सब रानीको आर्तनाद निकै वडो ॥
यूथको पति क्वै हात्ती बाँद्धा ढोईहरू सब ।
कराँउछन् र चिंङ्घाड्छन् जस्तो, त्यै ठीक भो अब ॥
ककुत्स्थ-कुलका श्रीमान् राजा श्रीरामका पिता ।
अत्यन्त खिन्न देखिन्थे त्यसबेला स्वयं यता ॥
राहुले ढाक्दिदा राम्रै पूर्णिमा आदि पर्वमा ।
के हुन्छ गति ती पूर्ण चन्द्रको ? यै भयो वहाँ ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

थिए बिचित्रका राम राजा-दशरथात्मज ।
ताड्न भन्न थियो गाह्रै रामको शक्ति वस्तुतः ॥
अब देखे पछी त्यस्तो भनी हाले सुमन्त्रमा ।
तपाँई रथ यो चाँडै हाँक्नोस् सूत ! भनी वहाँ ॥
भन्थे राम यता छीटो हिंड्नोस्, हाँक्नोस् भनी रथ ।
उता ती दुनियाँ भन्थे चाँडो रोक ! भनी रथ ॥
यो राजमार्गमा तस्मात् दुविधामा परे उनी ।
न त हाँक्नै सके यद्वा, न त रोक्नै सके अनि ॥
महान् बाहु हुने राम वन जाँदा त्यस्तो गरी ।
सम्पूर्ण पुरवासीको झऱ्यो आँसु, भयो झरी ॥
पृथिवीतलमा पर्दा त्यसैले भुँइको रज ।
उड्दा उड्दै भयो शान्त भिजी-भिजी त्यसै अब ॥
भयो पीडित अत्यन्त त्यो वेला नगरै सब ।
रुँदारुँदै भयो हाहा ! भए बेहोश नै तब ॥
बसेका पुरमा सारा नारीका नेत्रबाट ती ।
खस्थे तपतपी आँसु भित्र खेद हुँदा अति ॥
पोखरी हल्लिदा जस्तो माछा चल्दा यताउति ।
खस्तछन् जलका थोपा फक्रेका पद्मबाट तो ॥
तेजस्वी नृपले देखे यसरी नगरै स्वतः ।
एक चित्त भई साह्रै भएको शोक-पीडित ॥
अत्यन्त दुःख बढ्दामा काटेको फेद् क्वै रुख ।
लडे जस्तो लडे ढङ्ग ! भुँइमै कष्टले नृप ॥
अब अर्को पऱ्यो आपत् राजालाइ त्यसोगरी ।
देखेर दुःख पाएको भई कष्ट थरीथरी ॥
रामको पछि लागेका जनतामा अनी हरे ! ।
कोलाहल उठ्यो ठूलो यी सबै शोकमा परे ॥
ती अन्तःपुरका रानीहरूका साथका नृप ।
विलाप गर्न नै लागे ठूलो स्वर गरी तब ॥
कुनै भनेर हा राम ! कुनै हा ! रामकी मुमा ।
माया लाग्दो गरी सारा लागे चिच्याँउनै वहाँ ॥
पछिल्तिर यसो हेर्दा रामका नेत्रले अब ।
बाबु-आमा दुवैलाई देखी हाल्यो स्वयं तब ॥
बुवा राजा दशरथ कौसल्या महिषी मुमा ।
पछि आइ रहेकाथे खिन्न व्याकुल भै वहाँ ॥

७७

७८

घोडीको शिशु क्वै जस्तो पाशो पर्दा र बाँधि
आफ्नी आमाकनै सम्म हेर्न पाँउन्न सं
धर्म-बन्धनमा त्यस्तो परेका रामले प
मुमालाई पनी यस्ती सकेनन् हेर्न नै अ
आमा-बाबु दुवै थे यी सुखै पाँउन योग्य
सँधै हिंड्ने सवारीमा दुःख भोग्न अयोग्य
अैले पैदल आएका देखेमा रामले अ
भने सारथिलाई ती चाँडो हाँक्नोस् ! भनी र
तीखो अङ्कुशले घोच्ता हुँदा पीडा निरन्त
गजेन्द्र खप्न सक्तैन जस्तो, ठीक त्यही स
अब त्यस्तो अवस्थामा पर्ने पीर, दुःखै हु
बाबु-आमा दुवैलाई सकेनन् हेर्न राम
बाँध्दिदा घरमा बाच्छो गाई साँझ भए प
बाच्छोकै स्नेहले जस्तो आँउथिन् ती गाइ प
दौड्थिन्, चिच्याँउथिन्, रुन्थिन् रामका रथको
भन्थिन् हा राम! हा सीते! हा लक्ष्मण! भई दुखी
राम-लक्ष्मण-सीताको निम्तिमै आँसु छोड्दथिन
हुँदा यता उता दौड्दा देखिन्थिन् सरि नाच्तछिन
यस हालतमा आफ्नी मुमातिर निरन्तर
छोरा श्रीरामले हेरे बाँधी टकटकी स्थिर ।
भन्थे राजा दशरथ कराइ ए सुमन्त्र ! ए !
रथ रोक ! यता भन्थे राम हाँक्नोस् ! छिटै ल ए !
बीचमा दुइ पाङ्राको फँसेका नरको सरि
भयो सुमन्त्रको चित्त दुवै आदेशमा परी ।
स्थिति यस्तो हुँदा राम भन्छन् अब सुमन्त्रमा
अब ढीलो गरे दुःख आइ पर्छन् निकै यहाँ ।
फर्केर आँउदा गाली गरी बक्स्यो भने पनि
मैले सुनिन आज्ञा नै भन्नु हूल थियो भनी ।
सूतले रामको आज्ञा शिरोपर गरे तब
मागे ती पछि लागेका जन साथ विदा अप
बिस्तारै हिंडि राखेका घोडाकन सुमन्त्रले
चाँडो हिंड ! भनी राम्रै वेगले अब हाँक्दिए ।
राजाका साथ आएका कर्मचारी र सेवक
फर्किए देहले मात्र रामलाई घुमी सब

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५
फर्केन जनता किन्तु मनले देहले पनि ।
रथ भन्दा पनी चाँडो दौड्दै दौड्दै गए पनि ॥

९६
महाराजकनै त्यस्ता भन्न लागे यता अब ।
मन्त्रीहरू भइ नम्र संम्फाइ यी कुरा सब ॥

चाँडो फर्केर आओस् यो भन्ने इच्छा भए प्रभो ! ।
टाढा पुर्‍याँउनै हुन्न, ठीक पर्दैन, के कसो ? ॥

९७
सम्पन्न सारा गुणले नरेश विषादले खिन्न थिए विशेष ।
आई पसीना उनको शरीर थियो भिजेको बढी भित्र पीर ॥

९८
सुनेर मन्त्रीहरुका कुरा यी राजा भए खिन्न वहीं अडे ती ।
रानीहरू साथ भएर दुःखी निहार्न लागे पछि राम पट्टि ॥

९९

इति चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक चालिसौं सर्ग

अयोध्यापुरीको शोकव्याकुल अवस्थाको वर्णन

१

निम्तिमा बाबु-आमाको पुरुष-श्रेष्ठ रामले ।
अँजुली आफ्नु जोडेका थे टाढैबाट प्रेमले ॥
यसरी पुर त्यो छोडी लाग्दा निस्कन बाहिर ।
ती अन्तःपुर नारीको निस्क्यो आर्त दुखी स्वर ॥
भन्छन् रूँदै यसो सारा-छौं हामीहरू वास्तव ।
तपस्वीहरूझैं दुःखी शोचनीय र दुर्बल ॥
सार्है अनाथ छौं फेरि यौटै नाथ थिए यिनी ।
गतिलो शरणस्थान अब जान्छन् कहाँ यिनी ? ॥
लगाएता पनी दोष अपराध असत्य क्यै ।
त्यस्तो लगाँउनेमा जो गर्दै-गर्दैनथे रिसै ॥
रिस उठ्ने अरूलाई गर्दै-गर्दैनथे कुरा ।
प्रसन्न पारि हाल्थे यी रिसाएकाकनै पुरा ॥
मिल्दो हुन्थे यिनी आफै साराको सुख-दुःखमा ।
यस्ता उच्च गुणी राम जान्छन् अब हरे ! कहाँ ? ॥
कौसल्यामा सुमा आफ्नी गर्दथे व्यवहार जो ।
त्यही ठीक, यिनी गर्थे हामीमा पनि योग्यको ॥
महान् तेज हुने त्यस्ता धर्मात्मा राम यी पनि ।
पक्कै ठूला महात्मा हुन् जान्छन् अब कहाँ यिनी ? ॥
कैकेयी महिषिले ती दिंदा दुःख सताइँदा ।
वन जान दिए आज्ञा राजाले यिनलाई ता ! ॥
रघुवीर यिनै त्यस्ता जगत्का एक रक्षक ।
हाम्रा गति स्वयं राम जानेछन् लौ कहाँ अब ? ॥
अहो ! निर्बुद्धि नै हुन् यी राजा पनि विचित्र छन् ।
यस्ता रामकनै सम्म वनमा जो लखेट्तछन् ॥
रमेका धर्ममा नित्य, सत्य पाल्ने दृढव्रती ।
जगत्का आश्रयस्थान निकाल्छन् रामलाइ यी ॥

१३

१४

यसरी सव यी रानी भई बाच्छा हराँउने
गाई तुल्य रुनै लागे आर्त भै अति जोडले ।
यी अन्तःपुरका रानी घोर दुःखित भै रुँदा
सुन्दा राजा भए दुःखी बढ्नाले पुत्र शोक ता ।
अग्निहोत्रै भयो बन्द पुरमा दिनबीच यो
पाकेनन् घरमा खाने कुरा क्यै ती गृहस्थको ।
ती सवै पुरवासीले गरेनन् काम यो दिन
यस्तैमा सूर्य अस्ताए, पर्‍यो साँझ पनी पुनः ।
हात्तीले मुखमा आफ्नो हालेको गाँस त्यागिदिए
ख्वाएनन् दुद नै कत्ति ती बाच्छालाइ गाइले ।
पैलो पटक सुत्केरी भएका पुत्र पाँउने
माताहरू पनी कत्ति भएनन् आज हर्षिने ।
त्रिशङ्कु मङ्गल गुरु बुध ग्रह समस्त यी
रातैमा वक्र भै हाले शनि शुक्र समेत ती ।
अकस्मात् सव यी पुग्दै चन्द्रमाकै नजीकमा
डर्लागदा स्थिति ली हाले क्रान्ति नै हुन्छ झैं वहाँ ।
सारा नक्षत्रको ज्योति त्यसै मलिन भो सव
समस्त ग्रहको त्यस्तो तेज निस्तेज भो तव ।
आकाश भर यी सारा बाटो ली विपरीतको
धूँवाले व्याप्त हुन्छन् झैं देखिइन्थे स्वयं अहो ! ।
नभका मेघको माला वायुका वेगले अव
उर्लिएको समुद्रै हो भने झैं देखियो तव ।
श्रीराम वन हिंड्दामा अयोध्या नगरै सव
काँप्यो थरररै ओहो ! अत्यन्तै जोडले अव ।
अन्धकार बढ्यो ज्यादै भो व्याकुल दिशा दश
नक्षत्र नत झल्किन्थे टल्किन्थे न कुनै ग्रह ।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अकस्मात भो दशा दीन ती नागरिकको सब ।
कसैको मन लागेन, खानुमा घुम्नुमातक ॥
अयोध्यापुरका त्यस्ता जनता यसरी सब ।
चित्तमा शोक बढ्नाले भए आकुल व्याकुल ॥
लामो सास लिंदै छोड्दै महाराजकनै अब ।
सारा सराप्न नै लागे भित्र दुःख बढी तब ॥
राजमार्ग भरी हिंड्ने जनमा कै पनी अहो ! ।
देख्तै देखिन्नथ्यो राम्रो मुखको, शान्त-चित्तको ॥
हावा बहन्नथ्यो कत्ति भई शीतल शान्तिद ।
यता देखिन्नथे चन्द्र शान्त सौम्य र शीतल ॥

३१

३२

राम्रो प्रकाश वा ताप दिन्नथे सूर्य विश्वमा ।
यसरी जगतै सारा भयो व्याकुल नै वहाँ ॥
विर्सिए बाबु-आमाले छोरा-छोरीकनै पनि ।
भएन संझनै सम्म स्त्रीलाई पतिको पनि ॥
संझेन दाजुले भाई, भाईले दाजु विर्सियो ।
यसरी सबमा ज्यादै रामकै संझना भयो ॥
प्रेम गर्ने थिए जो जो रामका मित्र ती सब ।
भए तुरुन्त व्यामोह बढ्दा शोक बने जड ॥
यसरी शोकको भारी पर्दा राम वियोगको ।
त्यो रातभर सम्पूर्ण सकेनन् सुत्न क्वै अहो ! ॥

३६

त्यस्ता महात्मा प्रभु राम पाउको वियोगले खिन्न हुँदा पुरी अहो ! ।
वले सरी भै भय-शोकले अति कोलोहलो मच्चिन गो जहाँ पछि ॥

३७

सुरेन्द्रले हीन हुँदा, सुमेरुको साथै धरा यी सरि काँप्तछिन् भयो ।
हात्ती र घोडा अरु सैन्य साथमा भइन् अयोध्या अब आर्त नै वहाँ ॥

३८

इति एक चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयालिसौं सर्ग

महाराज दशरथको विलाप र कौसल्याभवनमा गमन

१

त्यसरी वन जाँदामा रामका रथको रज ।
देखिए सम्म एकोरो उतै हेरिरहे नृप ॥
त्यस्ता अत्यन्त धर्मात्मा प्रिय पुत्रकनै वहाँ ।
देखे सम्म उचालिन्थ्यो राजाको देह भूमिमा ॥
रामका रथको धूलो देख्न छोडे पछी अब ।
अतिखिन्न र भै आर्त भूमिमा नै लडे नृप ॥
सहारा दिन राजामा बाहुमा दाहिनेतिर ।
कौसल्या महिषी आफैं पुगिन दौड्दै भई स्थिर ॥
मुमा भरतकी प्यारी कैकेयी पनि झट्पट ।
समात्न बाहु राजाको देब्रे तिर पुगिन् तब ॥
कैकेयीलाई देख्तामै राजाका सब इन्द्रिय ।
त्यसै तुल्बुलिई हाले भए आकुल व्याकुल ॥
नयले धमले मिल्दो महान् विनय शोभिदो ।
वाक्यमा नृप ती लागे कैकेयीलाइ भन्न यो ॥
कैकेयी ! भो तिमी मेरो जिउमा यो नछोउ भो ! ।
अझ सम्म पनी राख्छयौ पाप-पूर्ण विचार जो ॥
चाँहन्न म तिमीलाई अब हेर्न पनी पुग्यो ।
तिमी मेरी न पत्नी हौ, बान्धवी हौ न ता अहो ? ॥
तिम्रो भर परी बाँच्छन् गर्छन् निर्वाह जो जन ।
न म हूँ उनका स्वामी, न मेरा हुन् उनी पुनः ॥
धर्म छोडि दियौ आफ्नो भई आसक्त अर्थमा ।
तस्मात् त्यस्ती तिमीलाई मैले छोडि दिएँ यहाँ ॥
पाणिग्रहण जो तिम्रो गरें मैले हरे ! वहाँ ।
तिम्रै साथ स्वयं मैले गरें अग्निप्रदक्षिणा ॥
लौ तिम्रै साथमा त्यस्तो सम्बन्ध पनि छोड्दिएँ ।
यो लोक-परलोकैका निम्तिमा पनि त्याग्दिएँ ॥

१३

१४

छोरा भरत ती तिम्रा यदि स्थायी र अक्ष
पाई राज्य अयोध्याको खुश हुन्छन् भने अ
उनले गर्नु पर्दैन मेरो निम्ति कुनै कुरा
न पाँऊ पिण्डपानी म, दिए पनि सबै क्रा
यता सुकि सकेकी थिन् कौसल्या पुत्र-शोक
उता राजा लडेकाथे धूलामा त्यसरी हरे!
पतिलाई उठाएर धूलो झारेर देहको
दरवारतिरै फर्किन् राजालाई लिंदै अहो!
जानी जानी गरे जस्तो कसैले वध विप्रको
गरेझैं स्पर्श हातैले अग्निको धप्धपाँउदो
पश्चात्ताप भयो ठूलो धर्मात्मा नृपमा पनि
घर फर्के लिंदै चिन्ता तपस्वी रामकै अति
यता महलमा जाँदा पनि राजा निरन्तर
फर्किई फर्किई हेर्थे रथकै मार्ग, भै स्थिर
राजाको रूप त्यो बेला राहुले सूर्यलाई ती
ग्रास गर्दा भए जस्तो शोभिएन वहाँ कति
प्रिय पुत्रकनै आफ्ना संझिएर बराबर
राजा विलाप्न नै लागे दुःखले भइ आतुर
नाघेर पुरको सीमा पुगेहुन् राम बाहिर
भन्ने शोचेर यी राजा भन्न लागे यसो तब
तेजिला अश्वका त्यस्ता देखिन्छन् सब मार्गमा ती
लगे दौडाँउदै बोकी जसले रामलाइ ती
महान् आत्मा हुने त्यस्ता धर्मात्मा राम ता तर
देखिन्नन् अब गै हाले वनबीच भयङ्कर
मेरा सुपुत्र श्रीराम सुत्थे चन्दन-चर्चित
तकियाको सहारा ली शय्यामा अति कोमल

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पैह्री श्रेष्ठ अलङ्कार सुन्दरी-स्त्रीहरू वहाँ ।
पङ्खा चँवर हम्किन्थे त्यो वेला प्रिय राममा ॥
पक्कै आज उनै राम वृक्षका फेदमा कुनै ।
स्वयं गै बास बस्नेछन् मानेर सुख-शान्ति नै ॥
शिरानी उनको होला काठकै आज वास्तव ।
राखेर शिरमा ढुङ्गो सुत्नेछन् उनी अब ॥
लडी नाङ्गो धराबीच उठ्लान्, उठ्ता पनी उनी ।
शरीर-भरमा सारा होला धूलो त्यसै पनि ॥
गजराज कुनै जस्तो गएर झरनातिर ।
उठ्छ स्वाँ ! स्वाँ !! गरी लामो सास तानेर त्यै सह्र ॥
रामका बाहु छन् लामा जगत्का नाथ हुन् उनी ।
गै वनैवन घुम्नेछन् देख्नेछन् सबले अनि ॥
समस्त बनमा बस्ने प्राणीले जनलेतक ।
भई अनाथ जस्तैभै घुमेका पाँउछन् अब ॥
उता मेरी बुहारी ती छोरी जनककी शुभा ।
सुखै पाँउन नै मात्र योग्यकी छन् स्वयं सदा ॥
यस्तो स्थिति हुँदा किन्तु आज पक्कै पनी उनी ।
काँडा-कण्टकले घोच्ला घुम्नेछन् पिरिंदै पनि ॥
उनलाई छँदैछैन वनको ज्ञान कत्ति नै ।
वहाँको हाल थापाए काँप्ती हुन् भित्र मन्मनै ॥
घेरै हिंसक छन् प्राणी व्याघ्र आदि भयङ्कर ।
गम्भीर गर्जना गर्छन्, सिरिङ्ग जिउ बन्दछ ॥
ए कैकेयी ! पुगोस् धोको अब तेरो मजैसित ।
भएर विधवा राम्रो राज्य भोग् लौ यथार्थतः ॥
म आफ्ना पुरुषश्रेष्ठ न भई प्रिय पुत्र ली ।
बच्नै सक्तिन ए दुष्टे ! पापिनी प्राण छोड्छु यी ॥
यस्ता प्रकारका नाना विलाप गरि भूपति ।
पसे भवनमा श्रेष्ठ जनका हूल साथ ली ॥
देखियो त्यस वेलामा श्मसानै बाट वास्तव ।
खल्को हालेर फर्कैभैं आफ्नाले घेरिई सब ॥
अघि बढ्दै गए राजा देखे यो पुरमा अब ।
भित्री र बाहिरी भाग सारा शून्यै थियो तब ॥
प्रत्येक घरका कोठा, चोक शून्य थियो यता ।
सारा पसल, चौतारा त्यसै ह्वाङ्ग थिए उता ॥

४३

४४

बसेका पुरका जो थे त्यस्तै असक-खालका ।
ती पनी अतिदुःखी थे क्लान्त दुर्बल देहका ॥
ठूल्ठूला मार्गमा सुम्म उस्तो देखिन्नथे जन ।
फाट्ट फुट्ट थिए खाली ती पनी अति दुर्मन ॥
हेर्दै यस्ती पुरीलाई ध्याउन्ना रामकै गरी ।
बिलाप्तै नै पसे राजा सूर्यझैं मेघभित्र ती ॥
राम-लक्ष्मण-सीताले भएको शून्य त्यो घर ।
लगेको तार्क्ष्यले सर्प भो अक्षोभ्य दहै सह्र ॥
अब गद्गद-वाणीमा अस्वाभाविकता हुने ।
पृथिवीपति राजाले द्वारपालकनै भने ॥
उनको वाक्य त्यो वेला दीन-हीन थियो अति ।
निकै नरम भ्यो फेरि अर्थ थोरै हुने उति ॥
मलाई अब चाँडै नै पुर्‍याओ रामकी मुमा ।
कौसल्याको घरै भित्र तिमीहरू सबै यहाँ ॥
मलाई घर त्यो छोडी अब अन्त कहीं पनि ।
शान्ति मिल्ला भने जस्तो ठान्दैन मनले पनि ॥
अब यस्ता कुरा गर्ने राजा दशरथैकन ।
द्वारपाल मिली सारा वहीं लगिदिए पुनः ॥
कौसल्या राम-माताको घर भित्र पुगे पछि ।
राखे पलँगमा राम्रो लेटाई भूपलाइ यी ॥
कौसल्याको घरै भित्र पुगी लेट्ता पनी उति ।
भएन शान्ति राजामा मन चञ्चल भो अति ॥
दुवै छोरा-बुहारीले भएको शून्य त्यो घर ।
देख्ता यी नृपले संझे नहुने चन्द्र हो नभ ॥
त्यस्तो वीर्य हुने राजा यस्तो देखे पछी वहाँ ।
उठाई दाहिने हात चिच्याए तीव्र शब्दमा ॥
के त्यसै छोड्दियौ राम! अकस्मात् यो मलाइ हा! ।
हा राम ! निस्कियो फेरि भित्र बाधा हुँदा कडा ॥
चौध वर्ष भरी बाँच्ने यहाँका जन छन् जति ।
धन्य हुन् ती नरश्रेष्ठ, हुनेछन् जो निकै सुखी ॥
प्रतिज्ञा पूर्ण पारेर फर्केका रामलाइ जो ।
देख्नेछन् मानि आनन्द अँगाल्नेछन् उनै अहो ! ॥
कालरात्री सरीको यो रात्रि आए पछी अब ।
आधा रात हुँदा भन्छन् कौसल्या सँग यी नृप ॥

६०

६१ ६२

गएको रामको साथ मेरो दृष्टि बुझ्यौ अफ । यसर्थ म तिमीलाई देख्तै देखितन है, म
ए कौसल्ये महारानी ! फर्केको छैन वास्तव ॥ मेरो जिउ तिमी छोऊ राम्ररी हातले

शय्या भरी भैकन थे सुतेका त्यस्ता महाराज भई उदास ।
श्रीरामकै चिन्तन मात्र गर्थे तान्थे र फेर्थे अतिदीर्घ सास ॥
६३

रानी भइन् दुःखित भूपलाई देखेर त्यस्तो नजिकै गइन् र ।
स्वयं भई आर्त निकै न राम्रो बिलाप्न थालिन् बढि भित्र पीर ॥
६४

इति बयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रितालिसौं सर्ग

महारानी कौसल्याको विलाप

१

लडेका शुभ शय्यामा पुत्रको शोक व्याकुल ।
महाराजकनै देखिन् कौशल्याले स्वयं अब ॥
छोराकै शोकले पिर्दा आफु त्यस्तै भए पनि ।
पति-राजा सँगै थालिन् यसरी भन्न ती अनि ॥
ए प्रभो ! पुरुषश्रेष्ठ ! हुन् कैकेयी अवश्य ती ।
क्रूर अत्यन्त डर्लाग्दी नागिनी ठीक रूपकी ॥
आफ्नो विष भए जत्ति पोखी छोडेर काँचुली ।
नयाँ रूप लिंदै घुम्लिन् टेढिंदै अब ती अति ॥
वनवास दिलाएर रामलाइ त्यसो गरी ।
पुग्न सम्म पुग्यो धोको उनको अब राम्ररी ॥
कैकेयी सुभगा रानी देलिन् त्रास ममा अब ।
दुष्ट सर्प पसे जस्तो घरमा दिन्छ राघव ! ॥
हे प्रभो ! बरु ती राम यहीं नगरमा बसी ।
प्रत्येक घरमा घुम्दै भिक्षा माग्दै भई दुखी ॥
बस्थे वा उनको दास हुन्थे ता पनि वास्तव ।
चित्त मेरो पनी बुझ्थ्यो, दिन्थें यो वर मै तव ॥
तसर्थ उनले खालि दुखै दिन मलाइ त ।
पिरोल्न यो वरै मागिन् महाराज ! यथार्थतः ॥
सुपुत्र रामलाई ती गरीकन पदच्युत ।
कैकेयीले गरिन् त्यस्तै आफ्नो इच्छानुसारतः ॥
क्वै विद्वान् अग्निहोत्रीले देव-भाग हविष्य त्यो ।
दिए झैं पर्वमा भैगो राक्षसैमा अयोग्यको ॥
मेरा सुपुत्र ती वीर धनुर्धारी थिए महान् ।
लामा लामा थिए बाहु गतिमा गज थे महान् ॥
त्यस्ता राम स्वयं आज भाई लक्ष्मण साथमा ।
पसे हुन् वनमा पक्कै जानकी लिइ पार्श्वमा ॥

१३

१४

कैले दुःख न देखेका सीता लक्ष्मण, राम छन् ।
कैकेयीको कुरा मान्दा हुन गो आज कष्ट झन् ॥
के गरी बक्सियो राजन् ! आज यो प्रभुले हरे ! ।
वनवास दिई त्यस्तो उनको गति हुन्छ के ? ॥
छन् प्रभो ! तरुना तीनै श्रेष्ठ रत्नादि योग्यका ।
सुख भोग्ने हुँदा बेला निक्लिए घरबाट हा ? ॥
दीन-हीन भई साम्है वनमा कसरी पुनः ।
कन्दमूलफलै खाई बस्लान् धानेर जीवन ॥
के फेरि आउला मेरो शोक यो नाशिने दिन ।
देखुँला रामलाई के साथ सीता र लक्ष्मण ? ॥
शुभावसर त्यो प्राप्त कैले होला हरेशिव ! ।
पुरीलाई अयोध्या यी छन् जो उच्च हुने यश ? ॥
सीता साथ दुबै वीर राम लक्ष्मण फर्किए ।
भन्ने 'शुभ समाचार' सुन्नेछन् व्यक्तिमात्रले ॥
हर्षिई पुरवासी ती अनि आनन्दपूर्वक ।
सिंगार्लान् यी पुरीलाई कैले गाडी ध्वजै-ध्वज ? ॥
पर्वको सिन्धु जस्तो भै फर्केका वनबाट ती ।
नरश्रेष्ठकनै देख्लिन् पुरी कैले भई खुशी ? ॥
गाई अघि लगाएर साँढे आए सरी गरी ।
आउलान् कहिले राम सीतालाइ लिईवरी ? ॥
महान् बाहु हुने राम त्यसरी रथमा चढी ।
अयोध्या भित्र पस्लान् ती कहिले साथ जानकी ? ॥
शत्रु नाश्ने दुबै भाई फर्किंदा राजमार्गमा ।
हजारौं जनले कैले लावा वर्षाउलान् यहाँ ? ॥
हथियारहरू श्रेष्ठ खड्गकै साथमा लिंदा ।
देखिन्थे ती दुबै भाई लिन्छ झैं गिरि टाकुरा ॥

२६

२७

राम्रा कुण्डल पैऱ्हेका ती दुवैकन उत्तम ।
अयोध्यापुरमा यस्तो देखुँला कहिले पुनः ?॥
कैले द्विजातिका कन्या पुष्प-माल्यादि अर्पण ।
गरेर पुर यो घुम्लान् पारीकन प्रदक्षिण॥
छन् दुवै बुद्धिमा जेठा तथा उत्तम ज्ञानमा ।
देव जस्तै हुने ज्योति देखिन्छन् जो उमेरमा ॥
छन् दुवै अति धर्मात्मा वर्षा जस्तै भई अब ।
कहिले फर्कलान् फेरि शान्ति दी पुरमा सब ॥
वीर राजन् ! सुनी वक्स्योस् मैले क्षुद्रविचारकी ।
गरीछु पूर्व जन्मैमा अवश्य पनि पाप थी ॥

३१

३२

बाच्छाले खान लाग्दामा ती माता-गाइको
कल्चौंडो नै सबै मैले चाट्ट काटीछु हा !
जवर्जस्ती कुनै सिंह सानो बाच्छा हुने
माया गर्ने गाइलाई पारी हाल्दछ
कैकेयीले त्यही ठीक ममा पनि गरिन् प्रभो !
छोरा राम छुटाँइन् हा ! म बाट बल्ले अहो !
पुरुषश्रेष्ट हे नाथ ! भएका गुण श्रेष्ठ
जानेका सब शास्त्रार्थ राम राम्रा थिए
हुने सन्तान योटै म प्यारा पुत्र विना
सक्तथें कसरी बाँच्न मरी हाल्छु त्यसै

३६

महान् बल हुने त्यस्ता राम लक्ष्मणलाइ ती ।
न देखतामा ममा कत्ति शक्ति नै छैन बाँच्न यी ! ॥

३७

वियोग पर्दा प्रिय-पुत्रको प्रभो ! यो शोकको अग्नि बलेर तेजिलो ।
पोली रहेको छ मलाइ भत्भति आजै अकल्याण र गर्छ भैं क्षति॥

३८

ग्रीष्मर्तुमा जेठ-असारमा यता चर्की रहेका भगवान् दिनेशका ।
पर्दा धरामा किरण प्रकाशिला भएँ तताए सरि आज नाथ ! हा ! ॥

३९

इति त्रितालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवालिसौं सर्ग

महारानी सुमित्राले दिदी-महारानी कौसल्यालाई सम्झाउनु

१

थिन् कौसल्या महारानी श्रेष्ठ नारीहरूविषे ।
विलाप गर्दथिन् किन्तु त्यसरी पुत्र शोकले ॥
पूज्या दिदी उनैलाई टिकेकी धर्ममा सदा ।
सुमित्रा यसरी लागिन् सँम्फाउन स्वयं तदा ॥
दिदीज्यू ! प्रभुका छोरा छन् उत्तम गुणी अति ।
श्रेष्ठ छन् जनमा सारा पृथिवीमा भए जति ॥
विलाप्नु उनकै निम्ति यसरी दीन भै रुनु ।
तसर्थ व्यर्थ मानिन्छ, भै हाल्यो अब जो हुनु ॥
जो महात्मा पितालाई सत्य बोल्ने बनाउँन ।
तथा गराउनै राम्रो राज्य छोडी गए वन ॥
महान् बल हुने त्यस्ता श्रेष्ठ पुत्र हजूरका ।
राम छन् बहुतै चेस टिकेका धर्ममा सदा ॥
धर्म यै पालना गर्छन् शिष्ट-सज्जन सर्वदा ।
टिकेर राम्ररी नित्य नियमैमा अडी सदा ॥
सुख दिन्छ यही फेरि मरेमा परलोकमा ।
राम त्यै पाल्दछन्, तस्मात् छैनन् शोच्य कसै कहाँ ॥
छन् दिदीज्यू ! उनै साथ यता निष्पाप लक्ष्मण ।
गर्छन् सम्पूर्ण प्राणीमा जुन नित्य दया पुनः ॥
गर्दछन् राममा राम्रो व्यवहार र स्नेह ती ।
महात्मा उनको निम्ति हो ठूलो लाभ नै यही ॥
विदेहनन्दिनी सीता योग्य हुन् सुख भोग्न की ।
परन्तु जान्दछिन् राम्रो वनका कष्ट दुःख ती ॥
सबै शोची विचारी यो धर्मात्मा पति आफ्नु यी ।
रामको प्रभुका पुत्र गर्लीन् सेवा भई खुशी ॥
साह्रै समर्थ छन् राम विश्वमा यो उनी अब ।
आफ्नु कीर्ति-पताका त्यो पार्छन् फर्फर वास्तव ॥

१३

१४

सँधै सत्यव्रती छन् र पाल्दछन् सत्य राम्ररी ।
धर्मात्मा छन्, उनीले के पाएनन् काम यो गरी ? ॥
जानेर रामको त्यस्तो माहात्म्य र पवित्रता ।
ताप पारोइनन् सूर्य करले देहमा यता ॥
सुख दी सब वेलामा निक्लेको वन भित्रको ।
चीसो-तातो दुवै मिल्दो सेब्ला मङ्गल वायु त्यो ॥
उता रात हुँदा फेरि सुत्ता निष्पाप राम ती ।
देलान् अत्यन्त आनन्द चन्द्रमा बाबु झैं भई ॥
उनले करले आफ्ना दिने आह्लाद शीतल ।
पसीना रामको नाश्लान् अगाँली देहमा सब ॥
थ्यो तिमिध्वजको छोरो दानवेन्द्र महान् तब ।
त्यसैलाई दिए मारी रामले रणमा जब ॥
त्यो सुबाहुकनै देख्ता मरेको उनमा तव ।
विश्वामित्र महात्माले दिए दिव्यास्त्र ती सब ॥
राम हुन् पुरुषश्रेष्ठ अत्यन्तै शूरवीर छन् ।
लिन्छन् आधार ती आफ्नै बाहुको भर पर्दछन् ॥
दिदीज्यू ! यसले गर्दा घरमा नै बसे सरी ।
भई निर्भय घुम्नेछन् वनमा पनि राम्ररी ॥
जसले बाण छोड्दामा त्यसकै लक्ष्य भैकन ।
सम्पूर्ण उनका शत्रु नाशिइन्छन् दनादन ॥
सारा पृथ्वी र पृथ्वीका प्राणीहरू अनी दिदी ।
उनले राज्य गर्दा यो न टिक्लान् र कसो गरी ॥
रामका देहको शोभा छ अलौकिक वास्तव ।
छ त्यो शक्ति भलो गर्ने, शौर्य-वीर्य अतुल्य छ ॥
यस्ता लक्षण सम्पूर्ण हुनाले राम नै दिदी ! ।
चाँडै स्वराज्य भेट्छन् यो फर्किई वनबाट ती ॥

२६

२७

दिदीज्यू ! सुनि बक्स्योस् यो छोरा राम अतुल्य छन् ।
सूर्यका पनि हुन् सूर्य जो प्रकाशकरूप छन् ॥
अग्निका पनि हुन् अग्नि त्यो दाहकस्वरूपका ।
साक्षात् सामर्थ्यवान्का हुन् सामर्थ्य पनि योग्यका ॥
लक्ष्मीका पनि हुन् लक्ष्मी राम ती योग्य उत्तम ।
कीर्तिका पनि हुन् कीर्ति क्षमाका हुन् क्षमै पुनः ॥
देवका पनि हुन् देव भूतसत्तम भूतका ।
दिदीज्यू ! प्रभुका यस्ता छोरा छन् ती अतुल्यका ॥
वसुन् गै वनमा यद्वा वसुन् यै पुरमा उनी ।
होला को विश्वको प्राणी हेर्ला जो भइ वैगुनी ॥
सीता पृथ्वी र लक्ष्मी यी तीनकै साथ राज्यमा ।
अभिषेक दिइन्छन् ती जो नरश्रेष्ठ छन् यहाँ ॥
अयोध्यापुर यो छाडी निक्लेकोपुरबाट त्यो ।
देखेर पुरका सारा जनता शोक-मग्न भो ॥
पीडा वियोगको पर्दा चुहाई आँसु बर्बर ।
शोकको वेग देखायो भइ आफैं मरे सह ॥
अर्कोले जित्न गाह्रो नै पर्ने वीर महान् उनी ।
पैह्रेर कुश-चीरादि गए जङ्गलमै अनी ॥
सीताका रूपमा साक्षात् लक्ष्मी नै उनका पछि ।
गएकी छन् भने के पो नभेट्लान् रामले दिदी ! ॥
धनुर्धारीहरूबीच श्रेष्ठ लक्ष्मण जो स्वयम् ।
खड्ग बाण धरी अस्त्र जसको अघि हिंड्दछन् ॥
रामको निम्तिमा त्यस्ता धर्मात्मा वीर लायक ।
दिदीज्यू ! विश्वमा के छ मर्जिहोस् वस्तु दुर्लभ ? ॥
सकेका वनमा बस्ने काल त्यो रामलाइ ती ।
हजूर देखि बक्सेला आएका फर्किई पछि ॥
शोक यो मोह यो, तस्मात् हुँदो प्रभु-वियोगको ।
सम्पूर्ण छोड्दिई बक्स्योस्, सत्य भन्दीछु यो कुरो ॥
ए कल्याणि-दिदी ! कच्चि दोष छैन हजूरमा ।
चाँडै नै आँउछन् राम चन्द्रमा भै नयाँ यहाँ ॥

४१

४२

अनि यो देखि बक्सेला रामले शिर आफ्नु
प्रभुको पाउमा राखी गरिएको प्रणाम ।
राजप्रासादमा पस्तै लिई राज्याभिषेक
अतुल्य राज्य-लक्ष्मीले शोभिने छन् उनी
यस्तो देखेर भोगेर दिदी ! अनि हजूर
चाँडै नै छोडि बक्सेला शान्तिले आँसुका
तस्मात् श्रीरामको निम्ति प्रभुको मनभित्र
यसरी हुनु नै हुन्न शोक दुःख कुनै
नराम्रो उनको त्यस्तो हुने अशुभ सम्म
म त देख्तिन कल्याणि ! कुनै अगतिलो
चाँडै नै देखि बक्सेला फर्केका पुत्रलाइ
प्रिय-लक्ष्मण भाईका साथ सीता लिई
ए शुद्धचित्तकी देवी ! प्रभुले अरुलाइ
राम्रो संझाँउनै पर्छ बुझाई, धैर्य बाँधि
त्यस्तो हुँदा हुँदै फेरि अहिले आफु नै हो
यस्तो के गरिबक्सिन्छ अधैर्य र विलाप
पर्दैन शोक नै गर्न दिदीले क्यै कुरा
रघुका कुलका रत्न छोरा छन् राम जो
सुनी बक्स्योस् कुरा अर्को उनी भन्दा कुनै
हिंड्ने सम्मार्गमा, टिक्ने, मनुष्यै छैन विश्व
सुहृत्-बन्धु लिई साथ आफ्ना पुत्र उनै
घोप्टेको देखि बक्सेला ढोग्न यी पाउमा पु
स्वयं वर्षाइ बक्सेला आँसु आनन्दका
वर्षाको मेघकी माला जस्तो वर्षाउछे
धोको पुर्‍याँउने सारा जनका, राम हुन् दिदी !
चाँडै नै आइ हाल्नेछन् अयोध्यापुरबीच
अनि ती बाहुले आफ्ना पुष्ट कोमल सुन्दर
दिदीका पाउ दाब्नेछन् पारी आनन्द सुस्थिर
सुहृत साथ लिई ढोग्ने गरेरै अभिवाद
शूर-वीर महान् त्यस्ता पुत्रलाइ रघूत्तम

५५

वर्षाको मेघमालाले भिजाए ठीक पर्वत ।
चुर्लुम्मै पार्दि बक्सेला भिजाई आँसुले तव ॥

६५

५७

थिइन् सुमित्रा चतुरी कुरामा निष्पाप, जान्ने सम्झाँउनामा ।
नानाथरी वात गरी यसोरी छोडिन् दिदीलाइ प्रसन्न पारी ॥
दिइन् भरोसा त्यसरी दिदीमा श्रीरामकी थिन् जुन श्रेष्ठ आमा ।
नरेन्द्रकी ती रमणी सुयोग्या लागिन् अनी चूप स्वयं सुमित्रा ॥

सुने पछी लक्ष्मणकी मुमाको यस्ता कुरा शान्ति दिने मजाको ।
श्रीराम-माता नरदेव-भार्या भइन् निकै शान्त थिइन् र आर्या ॥
जस्तो शरत्को जल थोर बोक्ने त्यो मेघ नाशिन्छ त्यसै हराई ।
त्यस्तै उनीको पनि शोक सारा भो नष्ट आँफै तनमै विलाई ॥

६०

इति चवालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैतालिसौं सर्ग

श्री रामको तमसानदीका तीरमा गमन

१

सत्य पराक्रमी त्यस्ता महात्मा राम यी अव ।
अघि बढ्दै गए त्यस्तो वनमा बस्न वास्तव ॥
वनमा उनकै साथ बस्नमा भइ उत्सुक ।
अनुरक्त तथा भक्त लागे पछि पछी सव ॥
सुहृत्का धर्मले राम्रो संझाई बलपूर्वक ।
राजा फर्काइएकाथे ती मन्त्रीहरू बाट त ॥
गएका त्यसरी दौड्दै रामका रथको पछि ।
परन्तु जनता कत्ति फर्केनन् घरतर्फ ती ॥
अयोध्या पुरमा बस्ने जनका निम्ति राम यी ।
पूर्ण-चन्द्र समानै थे प्यारा सद्गुण भै अति ॥
प्रजाजन मिली सारा विन्ती पारेर, प्रार्थना ।
गरेमा पनि श्रीराम फर्केनन् घरमा यहाँ ॥
बोलेको बाबुले त्यस्तो कुरा सत्य बनाँउन ।
सत्य पाल्न स्वयं राम अघि बढ्दै गए वन ॥
आफ्ना प्यारा प्रजालाई जुन स्नेह गरी अति ।
हेर्दथे नेत्रले राम्रो भित्रै हुल्छन् कि झैं गरी ॥
त्यस्ता प्यारा प्रजा साथ आफ्नै सन्तानमा सरि ।
त्यस वेला भनी हाले ज्यादै स्नेह गरीवरि ॥
अयोध्यापुरमा बस्ने तपाँईहरूको सव ।
ममा आदरठूलो छ, दृढ स्नेह छ, प्रेम छ ॥
ममाका अव ती वस्तु मेरै प्रिय-हितार्थमा ।
दिनु होला भरत्माथि अझै अधिक रूपमा ॥
भाई-भरतको सुन्नोस् छ चरित्र बडो भलो ।
सवैको श्रेय गर्नेछ, छन् उनी पनि योग्यको ॥
कान्छी मुमा महारानी कैकेयीलाइ ती पुनः ।
सुख आनन्द दिन्छन् जो उनमा छन् महान् गुण ॥

१३

१४

सके सम्म उनी तस्मात् तपाँईहरूको सव ।
गर्छन् प्यारै हुने काम, हेर्छन् हित भलोतक ॥
छन् ती उमेरमा साना बूढा छन् तर ज्ञानमा ।
वीर्यादि गुण भै किन्तु छन् कोमल स्वभावमा ॥
तपाईहरूको राजा हुन लायक छन् उनी ।
दुःख पीर सवै मार्छन् , पार्छन् आनन्दितै पनि ॥
राजामा हुनु पर्ने हुन् जो जो गुणहरू यहाँ ।
ममा भन्दा पनी धेरै देखिन्छन् प्रिय-भाइमा ॥
महाराज बुबा बाट विचार गरि यो सव ।
यौवराज्य उनैलाई बक्सिने भो, छ निश्चय ॥
तस्मात् मैले भने जस्तो आफ्ना राजा हुने उनै ।
गर्नोस् भरतको सेवा आज्ञा मानेर हर्दमै ॥
यसरी वन जाँदा म महाराज जसो गरी ।
शोक यो लिइ बक्सिन्न त्यसै गर्नोस् सँधै भरी ॥
होला यसै गरे मात्र तपाँईहरुको भलो ।
मेरो पनि यही हुन्छ अति प्यारो महान् भलो ॥
यता श्रीरामले जत्ति धर्मको आश्रयै लिई ।
त्यसमा टिक्न देखाए स्थिरता, धैर्यवान् भई ॥
त्यत्ति त्यत्ति उता सारा प्रजाजन उनैकन ।
राजा बनाउनै आफ्नो खोज्थे प्रेम बढीकन ॥
सम्पूर्ण पुरवासी ती दीन-दुःखी भई अति ।
रुन्थे आँसु बहाएर बढ्दथ्यो पिरलो अति ॥
भाई लक्ष्मण साथैका धर्मात्मा राम यी यता ।
तान्दथे ती प्रजालाई गुणैले आफ्नु तर्फ ता ॥
धेरै थे तिनमा विप्र तप-ज्ञान-उमेरका ।
दृष्टिले राम्ररी हेर्दा भएका श्रेष्ठ सर्वथा ॥

२६

२७

ज्यादै बुढ्याँइले गर्दा हल्लिन्थ्यो उनको शिर ।
टाढैबाट कराएर उनै भन्छन् यसो तब ॥
घोडा हो ! रोकिओ पर्ख, हो ! छिटो हिड्न सक्तछौं ।
तिम्रो जाति छ त्यो जाती, तेजिला छौ र श्रेष्ठ छौ ॥
फर्की हाल फरक्कै लौ ! न जाओ यसरी पर ।
बोकेर रामलाई यी, स्वामीको हित नै गर ॥
विश्वका सव प्राणीमा धेरैका कान छन् तर ।
सुन्ने शक्ति हुने राम्रा छन् तिम्रै कान यी स्थिर ॥
राम्रोसँग सुनी हाल्यौ हाम्रो यो प्रार्थना अतः ।
न जाओ वन घोडा हो ! फर्किओ घर तर्फ ल ! ॥
धर्मात्मा र विशुद्धात्मा राम यी वीर छन् अति ।
वलीया व्रतका छन् र छन् शुद्ध मतिका उति ॥
पुरभित्र हुली हाल बोकी श्रीरामलाइ ता ।
तस्मात् वन न लैजाओ, हुन्न बाहिर लानु हा ! ॥
वृद्ध-ब्राह्मणको त्यस्ता यस्ता आर्त प्रलाप यी ।
सुनी श्रीराम हाम्फाले तुरुन्तै रथ त्यो त्यजी ॥
साथ लक्ष्मण-सीताको हिंडे पैदल नै अब ।
वनमै पुग्नु ली लक्ष्य विप्र साथै मिली सव ॥
वात्सल्य-गुण थ्यो धेरै रामको त्यो चरित्रमा ।
थियो दयालुमा त्यस्तै उनको दिव्य-दृष्टिमा ॥
त्यसरी पैदलै हिंड्ने विप्रलाइ त्यजीकन ।
सकेनन् राम यी जान दौड्दै रथ चढी वन ॥
श्रीरामलाइ देख्तामा जाने वनतिरै अफ ।
माने अत्यास साराले हड्वडाए सवै द्विज ॥
भित्र संतापले पाक्तै अव ती सव ब्राह्मण ।
धर्मात्मा राममा फेरि भन्न लागे यसो पुनः ॥
हजूर भइ बक्सिन्छ हितैषी विप्रमात्रको ।
यसैले प्रभुको हिंड्छ पछि विप्र-समाज यो ॥
चढेर विप्रका काँध रघुनन्दन ! यी यता ।
अग्निदेव पनी हिंड्छन् प्रभुकै पछि सर्वथा ॥
वर्षा वित्ता शरत् लाग्दा देखिने मेघतुल्यका ।
छन् श्वेतच्छत्र यी हाम्रा हेरि बक्स्योस् प्रभो ! यता ॥
यी पनी सव हिंडदैछन् प्रभुको पछि स्नेहले ।
वाजपेय गर्‍यौं यज्ञ, त्यसैमा सव यी मिले ॥

४३

४४

राजकीय शुभच्छत्र न मिल्दा प्रभुमा अव ।
प्रभुलाइ तताए हा ! सूर्यका करले सव ॥
तस्मात् ओढाँउछौं हामी पाएका वाजपेयमा ।
यी छाताको गरी छाया प्रभुलाइ स्वयं यहाँ ॥
हाम्रो बुद्धि संधैं हिंड्छ वेदका मन्त्रकै पछि ।
बावु राम ! त्यहीं रम्छ, चिन्तना गर्छ वाक्य ती ॥
अव बुद्धि त्यही बावु ! यहाँ तिम्रै निमित्तमा ।
स्वयं पछि यही लाग्छ यसरी वनवासमा ॥
यही सर्वस्व हो हाम्रो, हो यही धन उत्तम ।
हाम्रो हृदयमा राम ! यही नै वस्छ हर्दम ॥
ती हाम्रा स्त्रीहरू छन् जो चरित्र-वलले निज ।
आफ्नु नै घरमा वस्छन् सुरक्षित भई सव ॥
सव हामीहरूले यी गर्‍यौं निश्चय यै अव ।
तिम्रो नै साथमा जाने वनमा वस्न वास्तव ॥
हाम्रो कर्तव्यको वारे गरौंला फेरि निश्चय ।
जो गर्नु पर्छ, जो गर्दा हुन्छ कल्याण राघव ! ॥
हामी ब्राह्मणको यस्तो आज्ञा पालन तिमी पुनः ।
किन हिच्किच गर्दैछौ न मान्नेझैं गरीकन ॥
आज्ञा नाघे तिमीले त्यो अड्ने यो धर्ममार्गमा ।
को होला विश्वमा प्राणी हिंड्ने पो त्यस मार्गमा ? ॥
लौ हेर ! शिरका हाम्रा कपाल सव बावु ए ! ।
पाकी पाकी भए सेता हाँस जस्तै बुढ्याँइले ॥
सदाचार सँधै पाल्ने तिमी छौ राम ! वास्तव ।
भरिए यिनमै धूला लड्दामा भूमिमा अव ॥
यसरी प्रार्थना गर्छौं हामीहरू तिमी संग ।
न जाउ वन भो ! राम ! घर फर्क खुशी संग ॥
तिम्रो गमन यो रोक्न आएका छौं यहाँ जति ।
यिन्मा धेरै जसोले छन् थालेका यज्ञ गर्न ती ॥
यस हालतमा बावु ! यिनका यज्ञ ती सव ।
तिमी फर्क्यौं भने मात्र पूर्ण हुन्छन् यथार्थतः ॥
प्राणी संसारका सारा जो छन् स्थावर, जङ्गम ।
तिमीमा सव ती राम ! गर्दछन् भक्ति उत्तम ॥
सव ती प्रार्थना गर्छन् यै तिमी संग फर्किने ।
स्नेह देखाउ लौ बावु ! अव यी आफ्नु भक्तमै ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

तलसम्म जरा ज्यादै गाडिंदा वृक्ष यी हरे ! ।
पछाडि जान नै तिम्रो सक्तैनन् वेग रोकिए ॥
परन्तु वायुको झोका पर्दामा यिनमा सुन ! ।
यी कराई रहेका छन् फर्क ! फर्क !! भनीकन ॥
बाबु राम ! यता हेर ! न सक्ने उड्न यी चरा ।
निश्चेष्ठ भै सकेका छन् आफ्नु नै गुँडमा बरा ! ॥

६४

आहार पनि खोज्दैनन् , बस्तछन् एक ठाउँमा ।
यी पनी प्रार्थना गर्छन् तिमी सँग स्वयं यहाँ ॥
दया गर्छौं तिमी बाबु ! विश्वका सब जीवमा ।
तस्मात् हिंड्ने न हिंड्ने यी प्राणीका सुन प्रार्थना ॥
यसरी रामलाई ती फर्क ! फर्क !! भनी सब ।
रोक्थे, चिच्याँउथे त्यस्ता विद्वान्-विप्रहरूतक ॥

६३ ६६

यिनी माथि दया गर्न अब श्रीरामको अघि ।
रोक्छिन् झैं बीच बाटोमा देखिइन् तमसा नदी ॥

६७

वहाँ पुगेमा अब ओर्लिएर सुमन्त्र आफैं पनि सम्लिहएर ।
फुकाइ घोडा रथबाट ओर्ली थकाइ मेटाइ दिए घुमाइ ॥

६८

स्नानै गराई जल त्यो पिलाई प्रसन्न पारे उनले डुलाई ।
यिनीहरूलाइ अनी उनीले छोडी दिए चर्न वहाँ मजाले ॥

६९

इति पैंतालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयालिसौं सर्ग

श्रीरामले तमसा नदीको तटमा रात बिताँउनु र विहानीपख पुरवासीहरुलाई छलेर जानु ।

१

तमसा नामकी त्यस्ती नदीको रमणीय त्यो ।
तटको लिइ आधार अब राम बसे अहो !॥
अनि सीतातिरै हेरी सुमित्रा सुत लक्ष्मण ।
भनिए रामद्वारा ती यस्ता वाक्य मनोरम ॥
तिम्रो कल्याण होस् बाबु ! यो हाम्रो वन हिंड्नुको ।
पहिलो रात हो आज निकै लामो प्रवासको ॥
अयोध्यापुरका नाना संम्झिएर कुरा अब ।
तिमी न होऊ है बाबु ! उत्कण्ठित र उत्सुक ॥
जङ्गली पशु-पन्छी छन्, हेर यो वन शून्य छ ।
अ-आफ्नो ठाममा बस्तै मीठो बोल्छन् यिनै सब ॥
उनकै शब्दले बाबु ! वन यो सब व्याप्त छ ।
हाम्रो यस्तो अवस्थामा रुन्छन् ठीक छ ! यी सब ॥
आज मेरा पिताजीको राजधानी मनोरमा ।
हाम्रो निमित्तमा बाबु ! होलिन् उत्कण्ठितै वहाँ ॥
अयोध्यानगरी सारा नर-नारीहरू लिई ।
गर्दीहुन् शोक हाम्रो नै निम्तिमा, निश्चितै छ यी !॥
पुरुषश्रेष्ठ ए बाबु ! वहाँका जनता सब ।
गुणले आफ्नु राजाका अनुरक्त र छन् वश ॥
तिमीमा र ममा जो जो गुण छन् तिनले यता ।
भाई-भरत-शत्रुघ्न-दुवैमा खुश छन् तथा ॥
शोच्तोछु यसवेला म पीर बढ्दो छ है यहाँ ।
बुवाको स्थिति के होला मुमाकै साथमा वहाँ ?॥
कहीं यस्तो न होस् बाबु ! शोक पीर बढी वहाँ ? ।
अन्धा नै न भई बक्स्योस् रुँदा ज्यादै बुवा-मुमा ।
तर आशा छ यो- मेरा भाई भरत छन् उता ॥
उदार दिलका भै जो अड्दछन् धर्ममा सदा ।

१३

१४

उनै सम्झाउलान् राम्रो मेरा माता-पिताकन ॥
धर्म अर्थ तथा काम-पूर्णका वाक्य लीकन ।
ए लामा बाहुका बाबु ! भाई भरतको सुन !॥
स्वभाव अति राम्रो छ कमलो र मनोरम ॥
बारम्बार यही सम्झी हुन्छु ढुक्क र शोच्छु म ।
गर्छन् बुवा-मुमाको ती राम्रै राम्रो हुने पुनः ॥
मेरो साथ तिमी आयौ जो नरश्रेष्ठ-लक्ष्मण ! ।
सब भन्दा महान् काम तिमीले यै गर्‍यौ सुन !॥
मलाई न भए साह्रो-गाह्रो पर्थ्यो यथार्थमा ।
सहाय खोज्नु नै पर्थ्यो सीता-रक्षण निम्तिमा ॥
जङ्गली भक्ष्य पाइन्छन् नानाथर यहाँ तर ।
खान कत्ति मनै छैन त्यसै बस्छु धनुर्धर !॥
आजको रात यो बाबु ! जलमात्र पिईकन ।
म यहाँ बस्न चाहन्छु, यही ठान्दछु उत्तम ॥
आफ्नु ती प्रिय भाईमा रामले यी कुरा भनी ।
आफ्ना सुमन्त्र--मन्त्रीमा गरे आज्ञा यसो अनि ॥
तपाँई अब ए सौम्य ! यी घोडाहरुको सब ।
दिनोस् रक्षातिरै ध्यान गरेरै होश वास्तव ॥
बाँधे सुमन्त्रले घोडा सूर्य अस्ताँउदा अब ।
फर्के राम भए ठाम हाली घाँस निकै तब ॥
सन्ध्योपासन इत्यादि सके कर्म पवित्र ता ।
देखेर रात आएको उनले ली स्वधर्म बा !॥
अनि श्रीरामको निम्ति स्वयं लक्ष्मणले त्यहाँ ।
सुत्न योग्य हुने राम्रो रचे शय्या पनी वहाँ ॥
तटमा तमसाका ती वृक्षका पात-झारले ।
रचेको त्यसरी देखे यो शय्या अब रामले ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सँगै लिइ सती सीता भाइ लक्ष्मण साथमा ।
त्यसमा गै वसे राम अनि ढुक्क भई वहाँ ॥
दाजुलाई त्यहाँ देखे प्रियपत्नी लिई निज ।
थाक्का सुति निदाएको चाँडै नै भाइले तव ॥
अनि यी दाजुको आफ्ना गुण नाना मनोहर ।
बखान्दै भन्न लागे ती मन्त्री सारथिमा स्थिर ॥
रामका गुण भन्दैमा तमसाका किनारमा ।
यी दुवैको वित्यो रात जाग्रामै बसि अन्तमा ॥
यत्तिकैमा उज्यालो भो लागे आँउन सूर्य ती ।
व्यूँझे गाइहरू सारा जो बस्थे तटबीच ती ॥
यसरी रामले आफ्ना प्रजाजनहरू सँगै ।
सुती रात विताए त्यो तमसाको किनारमै ॥
थिए अत्यन्त तेजस्वी राम यी, उठ्तथे छिटै ।
व्यूँझिएर यसो हेरे प्रजामा प्रिय ती सबै ॥
सारा सुतिरहेका थे भने लक्ष्मणमा अनि ।
तलका यी कुरा राम्रा पुण्यवान् जो थिए उनी ॥
लडेका शिर राखेर वृक्षका फेदमा हरे ! ।
पुरवासीहरू सारा हेर लौ ! कसरी सुते ? ॥
आफ्नो घर-गृहस्थीको यिनमा छैन चिन्तना ।
ध्याउन्ना छ अहो ! कस्तो हाम्रो नै यिनमा यहाँ ॥
बुझ्यौ ! हामीहरूलाई घर फर्काइ लानमा ।
सारा यिनीहरूको छ महान् उद्योग जो यहाँ ॥
सजीलै सँग यी छोड्छन् आफ्नो प्राण यहाँ बरू ।
परन्तु छोड्न सक्तैनन् हामीलाई यिनीहरू ॥
तस्मात् न व्यूँझदै सारा हामीहरु चढी रथ ।
जाऔं जत्ति सक्यो चाँडै यहाँ बाट परै अझ ॥
होला यसै गरे राम्रो यहाँ बाट परै गए ।
क्वै पनी आँउने छैनन्, पीर हुन्न कसै गरे ॥
अयोध्यापुरवासी यी प्रजाजनहरू सुन ! ।
गर्दछन् प्रेम हामीमा, मरिमेट्छन् निकै पुनः ॥
जाँदा सुत्त यहाँ बाट हामीलाई परै वहाँ ।
पर्दैन यिनले सुत्नु फेरि यो वृक्ष-फेदमा ॥
राजाका पुत्रको निम्ति ठूलो कर्तव्य हो यही ।
प्रजामाथि परे दुःख छुटाँउनु, विनाश्नु यी ॥

४३

४४

आफैंबाट भएको यो दुःख बाट छुटाँउनु ।
मुख्य कर्तव्य हो हाम्रो हुँदै हुन्न दुखै दिनु ॥
गर्ने स्वधर्मको व्याख्या साक्षात् धर्म समानका ।
दाजुलाई भनी हाले अब लक्ष्मणले यता ॥
ए मेरा बुद्धिमान् दाजु ! वेस लाग्यो कुरा ससा ।
तसर्थ चढि बक्स्योस् लौ ! चाँडै नै रथमा यहाँ ॥
भन्दछन् अब श्रीराम मन्त्री सारथिमा यसो ।
चाँडै नै ल्याँउनोस् , पाल्नोस् ! रथ पारेर ठिक्क त्यो ॥
यहाँ बस्नु हुँदै हुन्न, छिटै जाऔं परै अझ ।
पस्छु जङ्गल भित्रै म शक्तिशालिन् ! छ यै शुभ ॥
आज्ञा पाए पछी यस्तो गए दौड्दै सुमन्त्र र ।
जोतेर रथमा घोडा ल्याई हाले अघिल्तिर ॥
अनि बिन्ति चढाए यो रामलाई सुमन्त्रले ।
दुइटै अँजुली बाँधी झुकी विनयभावले ॥
महान् बाहु हुने राम ! प्रभुको जय होस् प्रभो ! ।
ल्याएँ घोडाहरू जोती प्रभुको रथ चम्किलो ॥
अब चाँडै चढी बक्स्योस् सीता लक्ष्मण साथ ली ।
ए रथीहरूमा श्रेष्ठ ! म दौडाँउछु सर्सरी ॥
सीता लक्ष्मण ली साथ श्रीराम अव झट्पट ।
चढे त्यो रथमा हाली झिटी-झाम्टा पनी सव ॥
नदी थिन् तमसा ज्यादै वेगकी, भुँवरी परी ।
थिन् डलाग्दी पनी किन्तु गए यी रथले तरी ॥
महान् बाहु हुने श्रीमान् रामचन्द्र तरी नदी ।
अव पारी पुगे राम्रो ठाँउमा भित्र शान्ति ली ॥
महान् मार्ग थियो भित्र काँडा-कंकट क्यै पनि ।
थिएनन्, अभयै दिन्थ्यो डर मान्नेकनै पनि ॥
अव श्रीराम भन्छन् ती पुरवासीहरूकन ।
झुक्याँउन तथा छल्न मन्त्री-सारथिम पुनः ॥
सुन्नोस् ए सारथे मन्त्रिन् ! बस्छौं हामी यहीं तर ।
लग्नोस् तपाँइ ता पैले रथ यो उत्तरैतिर ॥
घुमी दुइ घडी सम्म उतैतिर छिटो भई ।
लौ जानोस्, फर्किनोस् चाँडै, बाटो ता अन्तकै लिई ॥
पाउन्नन् सुँइको मेरो झुक्किन्छन् जसरी प्रजा ।
गर्नोस् होश गरी त्यस्तै, अनि पाल्नोस् छिटै यता ॥

६०

६१

रामको यो सुनी आज्ञा गरे सारथिले त्यसै ।
सेवामा रथ त्यो ल्याए फर्किई उनले छिटै ॥

बढाँउने त्यो रघुवंशलाइ ता थिए दुवै भाइ प्रशस्त-शक्तिका ।
सीता लिई साथ चढे अनी दुवै फर्काइएको रथबीच ठिक्क त्यै ॥

घोडाहरूलाइ यता सुमन्त्रले हाँकी दिए दौड भनेर वेगले ।
तपोवनैमा जुन मार्ग ली गए छिटै पुगिन्थ्यो, अब ती त्यतै गए ॥

लिई सँगै सारथि ती महारथी श्रीरामले भाइ हुने महामति ।
फर्काइ राखे रथलाइ त्यो त्यता पारेर नै उत्तर अल्लि वेर ता ॥

गर्दा सुयात्रा शकुनै हुने कुरो हेर्नें भए मङ्गल वस्तु आदि जो ।
अनी त्यसैमा पछि गै चढे उनी छिटै पसे जङ्गल वेगिला बनी ॥

६५

इति छयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतचालिसौं सर्ग

पुरवासीहरूको पुरप्रत्यागमन

१

अव राम्रै उज्यालो भो पुरवासी उठे सव ।
रामलाइ न देख्तामा भए वेहोश नै तव ॥
बढेको शोकले गर्दा हुँदा आकुल व्याकुल ।
हरायो उनको चेष्टा अतिदुःखी भए जव ॥
झरेर शोकको आँसु भित्र पीडित भै अति ।
हेर्दै यता उती लागे खोज्न श्रीरामलाइ ती ॥
तर दुःखी उनीले हा ! क्यै गरे पनि रामको ।
सकेनन् पाँउनै पत्तो क्यै कुराको पनी अहो ! ॥
बुद्धिमान् रामको पर्दा त्यो वियोग असह्य भो ।
मुखैभर भई छोप्यो खिन्नता आर्तता बढ्यो ॥
दीन-हीन भई तस्मात् माया लाग्दो झिकी स्वर ।
विद्वान् भए पनि लागे विलाप्न यसरी तव ॥
निद्रालाइ छ धिक्कार ! जसले होश नै लगी ।
हामीले देख्न पाएनौ जाँदामा रामलाइ ती ॥
लामा लामा थिए बाहु उनका अतिसुन्दर ।
त्यता विशाल थ्यो छाती पाँउन्नौ देख्न हा ! अव ॥
उनले हात हालेको कुनै काम पनी अहो ! ।
भएन निष्फलै कैले, फेरि जो सत्य पाल्दथ्यो ॥
महाबाहु उनै राम तपस्वी ठीकका भए ।
भक्त हामी प्रजा छोडी कसरी वनमा पसे ? ॥
पिताले जसरी पाल्छन् आफ्ना औरस पुत्र ती ।
पाल्थे हामीहरूलाई उनी पनि त्यसै गरी ॥
रघुका कुलका श्रेष्ठ तिनै राम हरे ! अव ।
छोडेर कसरी ओहो ! पसे जङ्गलमा तव ॥
अव हामीहरू सारा मरीं हालौं यहीं कित ।
महाप्रस्थानको यात्रा गरौं उत्तरगै कित ॥
१३

१४

लोकाभिराम श्रीरामद्वारा रहित भै हरे ! ।
बाँचेर गर्दछौं के पो ? प्राण पो किन राख्नु ए ! ॥
सुकेका र ढलेका छन् ठूल्ठूला काठ यी यता ।
बालौं, भित्र पसौं सारा चिताको अग्निको किता ॥
सौधे भने कसैले हा! हामीले भन्नु के अव ।
फर्क्यौं बन पुऱ्याएर भन्नु योग्य हुनेछ र ? ॥
लामा लामा हुने बाहु राम हुन् रघुनन्दन ।
गर्दैनन् डाह ईर्ष्यादि, प्रिय बोल्छन् सँधै जुन ॥
अयोध्यापुरमा भित्र हामी राम विना भई ।
पसेमा स्थिति होला के ? रोलिन् पुरी दुखी भई ॥
शिशु नारी युवा बुद्ध पक्कै छ पुरका सव ।
निरानन्द हुनेछन् हा ! झोक्रिएका त्यसै मुख ॥
शूर-वीर महान् आत्मा रामका साथ वास्तव ।
आएकाथ्यौं सवै हामी वनै बस्छौं भनी तव ॥
राम बाट छुटी त्यस्ता यसरी फर्कंदा पुर ।
के भन्लान् पुरवासीले ? हेरौंला कसरी पुर ? ॥
यस्ता प्रकारका नाना कुरा भन्दै अ—आफुमा ।
लागे हात उठाएर विलाप्न जनता वहाँ ॥
प्रिय बाच्छा छुटेका ती गाईका अग्रगामिनी ।
स्थिति झै स्थिति भै हाल्यो दुःखार्त यिनको पनि ॥
हिंडेको रथ बाटामा पाङ्राको डोब देखिंदा ।
त्यही बाटो गरी दौडे जन क्यै पर सम्म ता ॥
परन्तु छिनमै डाम पाङ्राको मेटिंदा हरे ! ।
अत्तो पत्तो न मिल्दा क्यै ती महान् शोकमा डुवे ॥
भन्न लागे यसो सारा त्यो वेला आफुमा अति ।
के भयो यो, गरौं के पो ? दैवैले ठग्दियो भनी ॥
२६

२७

मनस्वी पुरवासी यी डामको पछि लागि त्यै ।
फर्किए खिन्न भै ज्यादै अयोध्यानगरीतिरै ॥
अगाडि जुन बाटो ली गएका थे उता उनी ।
अयोध्यापुरमा फर्के त्यही बाटो लिई अनि ॥
सबको चित्त थ्यो क्लान्त श्रान्त, दुःखित वास्तव ।
पसे त्यस्तै पुरी भित्र जहाँ सज्जन थे सव ॥
यी आफ्नी नगरीलाई देख्ता यस्तो हरेशिव ! ।
भित्र चित्त दुख्यो साह्रै भए आकुल व्याकुल ॥

३०

३१

केही सीप न लागेर थाम्न नै न सकी तदा ।
रातका शोकले घिर्दा छोड्दिए भल आँसुका ॥
रुँदैरुँदै यसो भन्छन्—अयोध्या—नगरी अव ।
रामले हीन भै, त्यस्तो शोभा पाउन्न वास्तव ॥
झिक्दा गरुडले जस्तो गहीरो कुण्डभित्रको ।
कुनै नाग, नदी हुन्छिन् श्रीहीना, त्यै सरी भयो ॥
देखे तौ पुरवासीले न राम्रो यो पनी वहाँ ।
भएको चन्द्रले हीन आकारै ठीक थ्यो जहाँ ॥

३४

३५

सुक्का समुद्रको पानी के होला स्थिति ? त्यै सरि ।
श्रीहीन र न राम्रो थ्यो आनन्दै शून्य थिन् पुरी ॥
सम्पत्ति ऐश्वर्य हुने अशेष उनीहरूको घर थ्यो विशेष ।
पसे त्यसैमा तर भित्र दुःख छँदै थियो पीडित थे समस्त ॥
आनन्द उत्साह कुनै थिएन उनीहरूमा सुख क्यै मिलेन ।
आफ्नो र अर्को जन क्यै कुराको भएन ख्यालै पनि, होश गैगो ! ॥

३७

इति सतचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठचालिसौं सर्ग

पुरवासी–स्त्रीहरूको विलाप

१

विषाद्-ग्रस्त थे सारा हुँदा अत्यन्त पीडित ।
प्राण त्यागनै थियो इच्छा, शोकमग्न थिए स्वतः ॥
फर्काई ल्याँउना निम्ति राम साथ गए पनि ।
न सक्ता, झन् थिए दुःखी झार्थे आँसु त्यसै उनी ॥
थिएन उनको तस्मात् मन ठेगानमा यता ।
थिए प्राणै गए जस्ता सब यी जनता तदा ॥
स्व-आफ्नो घरमा पस्तै पुत्र-पत्नी सँगै मिलो ।
पारी मुख भरी आँसु रुन लागे भई दुखी ॥
थिएन हर्षको चिन्ह उनको देहमा कुनै ।
थिएन मनमा कत्ति सुख उल्लास नै कुनै ॥
बनियाँहरूले आज खोलेनन् पसलै पनि ।
खोलेका पनि ती वस्तु शोभिएनन् कुनै पनि ॥
अयोध्यापुरमा बस्ने गृहस्थीहरूले सब ।
आज भातै पकाएनन्, खाएनन् क्यै कुरोतक ॥
हराएको महान् वस्तु मिले पनि कसैकन ।
खुशी नै कत्ति मानेन पाँउनेले पनी पुनः ॥
अकस्मात् आइ लागेको धन-राशि अपूर्वको ।
भेटे पनि कसैले ता तुच्छ हो भनि त्यागियो ॥
पैलो पटक सुत्केरी भएकी जननीतक ।
आनन्दित भईनन् हा ! छोरो देख्ता पनी प्रिय ॥
हरेक घरका नारी भई श्रीरामले विना ।
आएका पति देखेर रुन लागे स्वयं वहाँ ॥
निन्दा गर्न पनी लागे पतिको अब झन् उनी ।
दुःखार्त वाक्यले घोच्तै, मर्म पर्ने गरी भनी ॥
हान्छन् अङ्कुशले तीखा जस्तो हात्तीहरूकन ।
माहुतेहरू, त्यै ठीक भन्न लागे उनी पुनः ॥

१४

जो, राम देख्न सक्तैनन् चाहियो उनलाइ के ? ।
गृह-सम्पत्ति स्त्रीपुत्र, सुख-भोगादि गर्छ के ? ॥
हामीले विश्वमा यौटै देख्यौं सज्जन मानिस ।
जुन हुन् ती सुमित्राका छोरा लक्ष्मण वास्तव ॥
सीताका साथका साक्षात् ककुत्स्थकुलनन्दन ।
दाजु श्रीरामको गर्दै राम्रो सेवा गए वन ॥
फुलेका कमलै राम्रा तलाउ र सरोवर ।
धन्य हुन् ती नदी आदि गरेछन् पुण्य सुन्दर ॥
पवित्र जलमा जस्को नुहाई रघुनन्दन ।
भएर शुद्ध अत्यन्त बढ्नेछन् वनमा पुनः ॥
वहाँ बढाँउलान् शोभा रामको रम्य जङ्गल ।
वृक्षका पंक्तिले राम्रा गर्ने छन् नित्य मङ्गल ॥
नदी साथै उता फेरि छोड्ने फाँट तथा तट ।
भएका टाकुरा राम्रा गिरि पार्लान् विभूषित ॥
वनमा गिरिमा यद्वा राम पुग्लान् जहाँ जहाँ ।
प्यारो अतिथि आएझैं तिनै पूज्लान् वहाँ वहाँ ॥
वहाँका वृक्ष छन् फेरि नाना पुष्पसमूहको ।
राम्रो मुकुट पैह्रेका मञ्जरी शोभिने अहो ! ॥
तिनमा भ्रमरा बस्दा भूँ ! भूँ !! गर्ने निरन्तर ।
गर्लान् यी वृक्ष नै राम्रो श्रद्धा, देखाइ आदर ॥
बनमा त्यसरी जाँदा राममा सब पर्वत ।
सहानुभूति झन् राम्रो वहाँ देखाँउलान् स्वतः ॥
अकालैमा फलाएर फुलाएर मनोरम ।
श्रेष्ठ वृक्ष वहाँ सेब्लान् फल-फूल दिईकन ॥
डाँडा-काँडा भरी सारा दयाले राम माथिको ।
शोभा देखाँउलान् राम्रो राममा गिरि झन् अहो ! ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७

विचित्र झरना आफ्ना देखाएर निरन्तर ।
गर्लान् ती रामको सेवा बहाई जल निर्मल ॥
वहाँका वृक्ष सम्पूर्ण डाँडाका चुचुरातिर ।
क्रीडा गराँउलान् राम्रो रामलाई मनोहर ॥
जहाँ गै राम बस्नेछन् वहाँ हुन्न कुनै भय ।
न कसैले कसैलाई हेर्छ, गर्छ पराभव ॥
लोकाभिराम श्रीराम साक्षात् दशरथात्मज ।
शूर छन् वीर छन् ज्यादै महान् बाहु हुने स्वतः ॥
धेरै टाढा न पुग्दैमा तस्मात् हामीहरू सब ।
जाऔं पछि पछी लागौं उनकै अब वास्तव ॥
राम साक्षात् महात्मा हुन्, स्वामी हुन् सबका उनी ।
उनकै पाउको छाया दिन सक्छ सुखै पनि ॥
विश्वका सब प्राणीको हुन् उनै एक रक्षक ।
शरणस्थल हुन् फेरि पाइने गति हुन् शुभ ॥
हामी नारीहरू लाग्छौं सीताको गर्न सेवन ।
तपाँईहरू ता लाग्नोस् रामकै गर्न सेवन ॥
यसरी पुरवासीका स्त्रीहरू सब यी तव ।
आफ्ना पतिकनै भन्थे दुःखले भइ व्याकुल ॥
पाएको गर्दिने रक्षा, न पाएको कुरा दिने ।
रामनै गर्दछन् राम्रो तपाँईको भलो हुने ॥
पाएको गर्दिने रक्षा न पाएको कुरा दिने ।
सीता नै गर्दछिन् हामी महिलाको भलो हुने ॥
प्रीति-प्रतीतिले हीन यहाँको छ बसाइ यो ।
छौं उत्कण्ठित सम्पूर्ण रामका निम्तिमा बडो ॥
चाहन्नन् क्वै पनी बस्न मन ठेगान छैन यो ।
अनि यस्तो बसाईले हुन्छ के, गर्छ के भलो ? ॥
कैकेयीको भए देखि राज्य यो झन् अनाथ भो ।
अधर्म जसमा हुन्छन् अब नानाथरी अहो ! ॥
बसेर राज्यमा यस्तो बाँच्नु नै छैन योग्य ता ।
हामीले अनि के गर्नु छोराले धनले कि वा ॥
ऐश्वर्य राज्यलक्ष्मी त्यो भोग्न, पाँउन निम्तिमा ।
जसले त्याग्दिइन् ओहो ! पति-पुत्र पनी यहाँ ॥
कुलाङ्गार सरी त्यस्ती कैकेयी महिषी अब ।
सक्तिनन् त्याग्न के? वस्तु व्यक्ति वा तुच्छ छन् सब ॥

४३

४४

भए पनि यहाँ हाम्रो राम्रो पालन, पोषण ।
राज्यमा उनको हामी बस्तैनौं क्यै गरे पुनः ॥
छोराछोरीहरूका यी किरियै खाइ भन्दछौं ।
ती बाँचुञ्जेल बाँचेका हामी यो सब त्याग्दछौं ॥
निर्दयी क्रूर रानीले छोरालाई नरेन्द्रका ।
राज्यै बाट निकालिन् यो भने अब स्वयं यता ॥
राख्लिन् र कसलाई पो? हुन् दुराचारिणी उनी ।
पापिनी पनि हुन् तस्मात् पाउला को सुखै अनि ? ॥
कैकेयीले गरी ओहो ! यो सारा राज्य वास्तव ।
भयो ठाम उपद्रोको भो अनाथ पनी अब ॥
यसमा अघि जो हुन्थे यज्ञ-होम छुटे अब ।
अझ यस्तै हुने हो ता नाशिन्छ पछि यो सब ॥
वनमा निक्लिई जाँदा रामले त्यसरी हरे ! ।
यता राजा-दशरथ बाँच्ने छैनन् कसै गरे ॥
राजा मरे पछी फेरि के कुरो बाँकी हुन्छ र ।
पक्कै माशिन्छ यो राज्य, विलाप्छन् हुन्छ त्यै स्थिर ॥
सकिएछन् भनी ठान्नोस् यी हाम्रा सुखका दिन ।
मान्नोस् अब यहाँ बस्ता थपिन्छन् दुःखका दिन ॥
तपाँईहरू खानोस् कि पिंधेर विष राम्ररी ।
महात्मा रामको त्यस्ता कि त लाग्नोस् पछी पछि ॥
तपाँईहरू लौ जानोस् कि त त्यस्तो प्रदेशमा ।
'कैकेयी' नाम यो सम्म सुनिँदैन गए जहाँ ॥
मागेर वर मिथ्या त्यो सीता लक्ष्मण साथका ।
रामलाइ लखेटिन् हा ! कैकेयीले स्वयं तदा ॥
बाँधी हामीहरूलाई भरत्को अघि राख्दिइन् ।
बगरेले घरैभित्र बाँधेका पशु पार्दिइन् ॥
पूर्णचन्द्र सरी खुल्दो राम्रो मुख छ रामको ।
हुन् जो लक्ष्मणका दाजु श्याम वर्ण छ देहको ॥
मासुले ढाक्दिएकाछन् खोबिल्टा काँधका दुवै ।
झुकेका छन् घुँडा सम्म उनका बाहु ती दुवै ॥
शत्रु नाशन समर्थै छन्, नेत्र छन् पद्म-तुल्यका ।
पहिले आफुनै बोल्छन् भेटेमा प्रिय, मान्य ता ॥
छ मीठो उनको बोली, महान् बल छ देहमा ।
सत्य बोल्छन् सँधै फेरि, मृदु छन् जो स्वभावमा ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

समस्त लोकका निम्ति प्रिय दर्शन छन् उनी ।
साक्षात् चन्द्र-समानै छन् पार्छन् आल्हादितै पनि ॥
गजराज कुनै जस्तो हिंड्छ लस्किइ मत्त भै ।
त्यही ठीक उनी हिंड्छन् नरमा श्रेष्ठ छन् सबै ॥
त्यस्ता महारथी साक्षात् राम आज हरेशिव ! ।
शोभा बढाँउदै होलान् जङ्गलैको घुमी सब ॥
यी नारी पुरवासीका यस्ता नाना प्रकारका ।
गरी विलाप घुम्दैथे पुरीभर जतातता ॥
रुन्थे-चिच्याँउथे सारा पाक्थे दुःखले गरी ।
उनमा मृत्युकै ठूलो डर आइपऱ्यो सरि ॥

६५

६६

आ-आफ्ना घरमा बस्तै नारी नगरका सब ।
यसरी रामको निम्ति विलाप्तै नै रहे तब ॥
अब श्रीभगवान् सूर्य अस्ताचलतिरै पुगे ।
कालो मुख लिई आइन् अनि रात्री यता हरे ! ॥
हुन सम्म भयो आज कसैको घरमा पनि ।
बलेन अग्नि होमैको आगो सम्म वहाँ अनि ॥
स्वाध्याय र कथा-वार्ता हुने पनि भएन क्यै ।
पोतिएभैं अँध्यारले देखिइन् नगरी सबै ॥
बनियाँहरूका सारा हुँदा पसल बन्द ती ।
थिएन रम्भमै कत्ति नाशिएथ्यो हँसी-खुशी ॥

७०

७१

देखिन्थिन् यस वेलामा अयोध्यानगरी हरे ! ।
सारा आकाशका तारा नाशिंदा त्यै सरी हुने ॥
श्रीरामकै निम्ति भएर व्याकुल रुन्थे यसोरी पुरवासिनी सब ।
साक्षात् उनैका सुत भाइ आदि ती निकालिए देश भने सरी गरी ॥
विलाप गर्दा र रुँदा रुँदा हरे ! ती दीन-नारीहरू मोहमा परे ।
भन्दा पनी आफ्नु सुपुत्र, राम यी प्यारा थिए जो, हुनु ठिक्क थ्यो यति ॥
गाना-बजाना अनि नाच आदि ती वहाँ भए बन्द सबै, हुने जति ।
हर्षै उड्यो, उत्सव रोकियो सब बजार सारा हडताल भो जब ॥
भइन् अयोध्यानगरी यसो गरी ज्यादै न राम्री दुख पीर त्यो परी ।
समुद्र जस्तो जल-रित्तियो भने देखिन्छ, त्यस्तै अब यी भइन् हरे ! ॥

७५

इति अठचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनन्चासौं सर्ग

गोमती आदि नदी तर्नु

१

पुरुषश्रेष्ठ श्रीराम उतापट्टि निरन्तर ।
संम्झदै बाबुको आज्ञा गए बढ्दै अघिल्तिर ॥
बचेको रातमा त्यत्ति चढेर रथ वेगिलो ।
निकै टाढा पुगी हाले वनभित्र अजङ्ग त्यो ॥
बढ्दा त्यसै गरी जादाँ रात्रि कल्याणकारिणी ।
विति हालिन् , उज्यालो भो, देखे श्रीरामले अनि ॥
सन्ध्योपासन इत्यादि गरे कर्म पवित्र र ।
आफ्नु बाटो लिए फेरि गए बढ्दै अघिल्तिर ॥
गाँउ-बस्तीहरू नाना नाघे जनपदैतक ।
जोतिएका थिए भूमि सीमाका जसको सव ॥
गाँउका बीच—बीचैमा तपोवन आदिमा ।
शोभिएका थिए नाना फल - पुष्पादि जो वहाँ ॥
हेर्दै हेर्दै सबै बढ्थे निकै छीटो गरी उनी ।
चढेर रथमा त्यस्तो श्रेष्ठ घोडा हुने अनि ॥
त्यस्ता दृश्यहरू राम्रा हेर्न तन्मय नै हुँदा ।
चाँडो गए पनी ठान्थे भो डीलो भनि राम ता ॥
वसेका मार्गमा पर्ने गाँउका जनका सव ।
अ-आफुमा गरेका यी कुरा सुन्दै गए तव ॥
परेका त्यसरी ओहो ! वशमा कामदेवको ।
राजा दशरथैलाई धिक्कार छ ! अयोग्य भो ॥
कैकेयी महिषी हुन् ती पापिनी दुश्मति च्छर ।
रमेकी पाप कर्मैमा दुःशील क्रूर निष्ठुर ॥
नाघेर धर्मको सीमा मर्यादा तोड्दिई हरे ! ।
गर्छिन् दारुण यी यस्ता कुकर्मतक क्रोधले ॥
बुद्धिमान् छन् महान् राम छन् धार्मिक पनी अति ।
सक्छन् इन्द्रियै रोकन सवमा छन् दयालु यी ॥

१३

१४

यस्ता सत्पुत्र राजाका रामलाइ पनी अहो ! ।
देशबाट निकालेर दिलाइन् वनवास यो ॥
सौभाग्यशालिनी सीता वसेकी सुखमा सदा ।
कसरी खप्न सक्लिन् हा ! कष्ट ती वनत्रासका ॥
त्यस्ता राजा दशरथ आफ्ना यस्ता सुपुत्रमा ।
निःस्नेह भै सकेछन् के यति चाँडै स्वयं यहाँ ? ॥
राम्रो गर्ने सँधै आफ्ना प्रजामा रामलाइ यी ।
यसरी त्याग्दिए के त अपराध न भै रति ॥
बाटाका नजिकै पर्ने गाँउका जनका कुरा ।
नाना प्रकारका यस्ता सुन्दै राम गए तदा ॥
कोसलेश्वर ती वीर राम कोसलका अव ।
सीमा नाघी गए बढ्दै वनभित्र चढी रथ ॥
नदी आइ पुगिन् ठ्याक्क मार्गमा अत्र रामको ।
थ्यो वेदश्रुति यो नाम, पवित्र जल स्वच्छ थ्यो ॥
तरेर सजिलै राम अघि बढ्दै गए पुनः ।
अगस्त्य-मुनिले बस्ने दिशा ताकेर दक्षिण ॥
हिंडे पछि निकै काल आइन् ती गोमती नदी ।
जुन यी पुग्न चाहन्थिन् समुद्रैतिर वेग ली ॥
जो चीसो जलको धारा नित्य शुद्ध वहाँउथिन् ।
फाँटमा तटमा आफ्ना निकै गाइ चराँउथिन् ॥
यसरी बेसरी दौड्ने घोडाले गोमती तरी ।
रामचन्द्र गए पारी हेर्दै हेर्दै वरी परी ॥
नदी स्पन्दनिका आइन् अलि टाढा गए पछि ।
मयूर—हाँसले बोल्थिन , तरे यिनकनै पछि ॥
पारी पुगे पक्षी राम्रा रामले जानकीकन ।
वहाँको भूमि देखाए हुने ऐश्वर्य उत्तम ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

धन-धान्य थियो ज्यादै यिनमा, मनुले अघि ।
दिए इक्ष्वाकु-राजामा यिनैलाई भई खुशी ॥
पुरुषश्रेष्ठ श्रीराम कान्तिमान् जुन थे अब ।
सूत ! सूत !! भने घेरै पल्ट मन्त्री संगै तब ।
निकै पछि भने यस्तो बोलीमा राजहंसको ।
सूत ! कैले स्वयं फर्की आउँला म यहाँ अहो ! ॥
अनि आफ्ना पिता-माताहरू साथ मिलीकन ।
शिकार खेलुँला कैले सरयू-वनमा पुनः ॥

३०

३१

सरयू-वनमा उस्तो शिकारै खेल्न खोज्दिन ।
राजर्षिहरू यै रोज्छन् दुनियाँमा चल्यो जुन ॥
भै सक्यो यसमा प्रेम मनोरञ्जन भो यही ।
राजर्षिहरूको निम्ति रति भो चाख भो यही ॥
खेल्दथे मनुका छोरा शिकार पहिले अति ।
धनुधारी अरूले यै रुचाए कालले पछि ॥
नाना प्रकारका यस्ता कुरा गर्दै उनीसित ।
मीठा वाक्य सुनाएर बाटो काटी गए पर ॥

३४

इति उनञ्चासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचासौं सर्ग

निषादराज गुह संग भेटघाट

१

विशाल र निकै राम्रो सीमा कोसलदेशको ।
काटे लक्ष्मणका दाजु रामले बुद्धिमान् बडो ॥
अयोध्यातिर फर्केर साँधमा त्यसको बसी ।
भन्न लागे यसो राम जोडी हात दुवै पछि ॥
ककुत्स्थ-कुल-राजाले पालेकी अहिलेतक ।
म माग्दछु पुरीश्रेष्ठ ! तिमी संग विदा अब ॥
तिमीभित्र वसेका छन् रक्षा गर्ने तिमीकन ।
जो जत्ति देवता देवि ! भनुन् हुन्छ ! उनीपुनः ॥
वन बस्ने सकी काल म फर्किन्छु यता पछि ।
सत्य पार्छु पितालाई उहाँको ऋण त्यो तिरी ॥
गर्नेछु म पुरीश्रेष्ठ ! अनि पो शुभ दर्शन ।
भेट्छु आफ्ना सुहृत्लाई मिल्छु माता-पिता संग ॥
राम्रा राता हुने आँखा अब श्रीरामले निज ।
उठाए दाहिने हात माथिसम्म निकै तव ॥
पारी मुख भरी आँसु जनता संग गाँउका ।
भने यसो-तपाँईले म माथि गर्नु भो दया ॥
तपाँईहरूको सारा मैले पाएँ सुयोग्यको ।
सहानुभूति यो फेरि यहाँ जो कष्ट गर्नु भो ॥
धेरै वेरतकै ओहो ! दुःख पाँउनु भो यहाँ ।
तस्मात् अब भयो पाल्नोस् अ-आफ्नो काम गर्नमा ॥
रामबाट कुरा यत्ति सुने पछि उनीहरू ।
अब टक्र्याँउनै लागे नमस्कार खुरू-खुरू ॥
महात्मा रामको त्यस्ता गरी हाले प्रदक्षिणा ।
घनघोर विलाप्तै ती अडे अनि जहाँ-तहाँ ॥
थिएन उनको नेत्र रामदर्शन त्यो गरी ।
अझै कत्ति अघाएको, विलाप्तै थे त्यसो गरी ॥

१३

१४

छिपेझैं साँझमा सूर्य राम-भद्र पनी यता ।
दृष्टिबाट भए टाढा सम्पूर्ण जनको तदा ॥
पुरुषश्रेष्ठ श्रीराम चढी रथ मनोहर ।
नाघी कोसलको सीमा गाँउ बस्ती गए पर ॥
धन-धान्यादिले पूर्ण थे यहाँका प्रदेश यी ।
सव वस्तु थिए टन्न सुख-शान्ति दिने अति ॥
दिन सक्ने थिए सारा वहाँका जनता पनि ।
गाँउ-बस्तीहरूमा यी थिएन डर क्यै पनि ॥
यहाँका सव भूभाग रमणीय थिए अति ।
गरेका यज्ञ मौला र चैत्य-वृक्ष थिए उति ॥
यहाँ बढाँउथे शोभा आँपका वन सुन्दर ।
नाना बर-बगैंचा थे शोभिएका निरन्तर ॥
जलाशय थिए नाना जलपूर्ण हुने पुनः ।
थियो जनपदै सारा, हृष्ट, पुष्ट हुने जन ॥
वेदका मन्त्रको मीठो गुञ्जिन्थ्यो ध्वनि उत्तम ।
गाइका गोठका गोठ थिए व्याप्त मनोरम ॥
भएका नरमा श्रेष्ठ सामन्तनृप तुल्यका ।
नरेश यिनको रक्षा गर्दथे राम्ररी तथा ।
धैर्यवान्हरूमा श्रेष्ठ राम बढ्दै गए अघि ॥
लिएर बीचको वाटो सुख शान्ति हुने अति ॥
थे पूर्ण धन-धान्यादि बगैंचा रमणीय थे ।
सामन्तनृप नै नित्य यिनको भोग गर्दथे ॥
अब यै राज्यमा पाए रामले शुभ-दर्शन ।
गङ्गाको ती नदी दिव्या थिइन् त्रिपथगा जुन ॥
तट थ्यो यिनको राम्रो सिंवाली न हुने यता ।
जल शीतल थ्यो मीठो वस्थे ऋषिहरू उता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

नजिकैमा बनाएका स-साना तर सुन्दर ।
थिए आश्रम, जो पार्थे नदी-शोभा मनोहर ॥
यथा समयमा आई खुश भै अप्सरातक ।
जलका कुण्ड यी सेव्थे, दिन्थिन् कल्याण जो सब ॥
देव दानव गन्धर्व तथा किन्नर आदि यी ।
यहाँ आइ नुहाएर शोभा नै भर्दथे अति ॥
कल्याणदायिनी साक्षात् थिइन् भागीरथी यिनी ।
यिनका जल यो सेव्थे नाग-गन्धर्व-कामिनी ॥
तटमा दुइटै पट्टि देवताहरूका पुनः ।
क्रीडा-स्थल बनेकाथे पार्वतीय मनोरम ॥
त्यहीं वर-बगैंचाथे उनका अतिसुन्दर ।
यी आकाश पुगेकीथिन् देवकै श्रेय खातिर ॥
वहाँ प्रसिद्ध थ्यो नाम यिनको देवपद्मिनी ।
गर्थे ढलिमली सारा पुगीकन वहाँ पनि ॥
ढुङ्गामा बज्रिदा छाल वहाँ जो शब्द उठत्थ्यो ।
हो जस्तै देखिइन्थ्यो त्यो उनको अट्टहास पो ॥
उनमा निस्किइन्थे जो फींज ती उनको यता ।
हो हाँसो सरि देखिन्थ्यो अति-स्वच्छ तथा सफा ॥
हो चुल्ठै सरि देखिन्थ्यो गङ्गाको जल त्यो कहीं ।
गहीरा भुँवरी पर्दा शोभिन्थिन् जो स्वयं कहीं ॥
उनको जल-धारा थ्यो गहीरो निश्चलै कहीं ।
अत्यन्त वेगले दौड्थ्यो भै डर्लाग्दो स्वयं कहीं ॥
मीठा बाजा बजे जस्तो हुन्थ्यो गम्भीर त्यो कहीं ।
यता अत्यन्त डर्लाग्दो क्याँक्थ्यो आवाज त्यो कहीं ॥
गङ्गाका जलमा यस्तो देवताका समूह ती ।
गर्थे नुहाँउदै क्रीडा डुबुल्की मार्दथे उति ॥
दिनमा रातमा फुल्ने नाना कमलले कहीं ।
उनको जल शोभिन्थ्यो ढाकिन्थ्यो तिनले कहीं ॥
कहीं थिन् ठाम छोडेकी गङ्गाले फाँट-फाँट ती ।
कहीं निर्मल थिन् ज्यादा बालुवा भैदिंदा अति ॥
हाँस सारस इत्यादि मीठो बोल्थे वहाँ निकै ।
चखेवा र चखेवीले शोभिइन्थ्यो जतातती ॥
अनेकथर पक्षी थे मद-मत्त हुने यहाँ ।
यिनले शोभिएकी थिन् भै निर्दोष स्वयं वहाँ ॥

४३

४४

तीरमा शोभिएका ती झुलेका वृक्षले गरी ।
थिन् माला पैह्रिए जस्ती शोभिएकी कहीं नदी ।
कहीं उत्पलले नाना फुल्दिदा जलमै अनी ।
ढपक्क ढाकिएकी थिन् कहीं कमलले पनि ।
कहीं कुमुद फुल्दैथे, कोपिलै थे कहीं उता ।
यी सबैले गरी गङ्गा शोभिएकी थिइन् यता ॥
कहीं पुष्पादिले नाना कहीं रज हुँदा नदी ।
मदमत्त कुनै स्त्रीझैं शोभिइन्थिन् स्वयं नदी ।
थिएन मल-पापादि थिइन् कञ्चन यी उता ।
मणि जस्तै थियो पानी स्वच्छ निर्मल सर्वदा ।
तटका छेउका भित्री भागका वनमा यता ।
मदमत्त थिए हात्ती जङ्गली छाँटका उता ॥
दिशा गज थिए त्यस्तै चढ्न लायक इन्द्रले ।
थिए अरु महान् हात्ती गुञ्जिन्थ्यो वन शब्दले ॥
फलफूल थिए नाना लता-गृह र कुञ्ज ती ।
थप्थे पक्षीहरू शोभा गरी क्रीडा जहाँ अति ।
कुराले यी सबै गर्दा गहना वेश उत्तम ।
पैह्रेकी प्रमदा जस्ती शोभिइन्थिन् नदी पुनः ।
यी गङ्गा निस्किएकी हुन् विष्णुका पादपद्मले ।
थिइन् निष्पाप ती देवी नाशिथन् पाप स्वशक्तिले ।
शिशुमार तथा ग्राह ठूलठूला सर्प थे त्यहाँ ।
ओर्लेकी हुन् जटाबाट भगवान् शिवको यहाँ ॥
ती भगीरथ-राजाको खुश छन् तप-तेजले ।
हुन् यी समुद्रकी पत्नी उनै दौड्छिन् स्वशक्तिले ॥
यिनका तटमा नाना चखेवा सारसादि र ।
कञ्याङ्कुरुङ इत्यादि शब्द भर्थे मनोहर ॥
महान् बाहु हुने राम यिनै गङ्गा नजीकको ।
शृङ्गवेर पुरीमा त्यो पुगे अब रथै चढी ॥
गहीरा अति ठूलठूला पर्दैथे भुँवरी वहाँ ।
पुगे महारथी राम देखे सब कुरा त्यहाँ ॥
रथ हाँक्ने अनी आफ्ना प्रिय मन्त्री सुमन्त्रमा ।
भने यसो-बसौं हामी आज रातभरी यहाँ ॥
सारथे ! सुन्नुहोस् राम्रो चिउलीको छ वृक्ष यो ।
पालुवा फूल छन् घेर यसमा शोभिने अहो ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

गङ्गाको नजिकै यो छ यसकै फेदमा अव ।
हामीहरू बसौं आज सुख मानेर वास्तव ॥
जसको जल यो स्वच्छ देव-गन्धर्व-नाग र ।
मनुष्य-पशु-पक्षीको निम्ति पूज्य र मान्य छ ॥
सरिता-श्रेष्ठ गङ्गाको यिनै कल्याणरूपिणी ।
राम्रो दर्शन पाइन्छ यहाँ वस्ता, बसौं अनि ॥
भने, हो बहुतै वेस, ती लक्ष्मण-सुमन्त्रले ।
चिउलीको रुखै ताकी घोडा दौडाँउदै गए ॥
पुगे त्यो रुखमा राम निकै राम्रो थियो जुन ।
साथ भाइ र पत्नीको ओर्ले इक्ष्वाकुनन्दन ॥
यता सुमन्त्रले ओर्ली खोल्दिए श्रेष्ठ अश्व र ।
रुखका फेदमा वस्ने गए राम भएतिर ॥
त्यो शृङ्गवेरपुरमा राजा थे गुह नामका ।
प्रिय मित्र थिए ज्यादै रामका प्राण-तुल्यका ॥
निषाद जातिका थे यी निषादहरुका सव ।
निकै ख्यात, थकाली थे राज्य गर्थे स्वयं तव ॥
बलीया थे उनी ज्यादै उनमा देह-शक्ति र ।
थियो सैनिकको शक्ति पनि उत्तम दुर्धर ॥
यो मेरो राज्यमा आए पुरुषश्रेष्ठ राम ती ।
सुने खवर यो त्यस्ता गुहले, पछि भो खुशी ॥
अनि दौड्दै उनी आए भेट्न श्रीरामलाइ यी ।
बूढा-पाका लिई मन्त्री बन्धु-बान्धव आदि ती ॥
देखे निषादका राजा आएका भेट्न रामले ।
टाढै बाट लिई भाई साथ यी लिन गैगए ॥
रूप श्रीरामको त्यस्तो देख्तै दुःखी भए गुह ।
रामलाई अगाँलेर भनी हाले यसो तव ॥
ए राम ! प्रभुको निम्ति अयोध्या राज्यकै सरि ।
यो राज्य छ, गरूँ के म ! आज्ञा होस् अब राम्ररी ॥
ए महान् बाहुका राम ! प्रभु जस्ता सुयोग्यको ।
महान् अतिथि को भेट्ला प्रिय अत्यन्त नै छ जो ॥
गुहले यो भनी यत्ति अन्न नाना प्रकारका ।
ठिक्क पारी वहाँ राखे श्रेष्ठ, पथ्य हुने तथा ॥
तुरुन्त अनि टक्र्याए विधिले अर्घ्य राममा ।
प्रेम साथ भने फेरि यसरी उनले वहाँ ॥

७७

७८

महान् बाहु हुने राम ! छ स्वागत हजूरको ।
यो राज्य-भरको पृथ्वी भयो अव हजूरको ॥
हजूरै भइ बक्सिन्छ हाम्रा स्वामी यहाँ अब ।
भयौं हामीहरू सारा प्रभुका सत्य-सेवक ॥
आज देखि प्रभो राम ! मेरो यो सब राज्यको ।
राम्रो सँग गरी बक्स्योस् परिपालन योग्यको ॥
चुस्ने र पिउने, चाट्ने, खाने चारप्रकारका ।
वस्तु जम्मा गरेकोछु हजोस् स्वीकृत यो तथा ॥
सुत्नका निम्तिमा शय्या छन् प्रभो ! उत्तमोत्तम ।
छन् घोडाहरूका निम्ति दाना घाँस मनोरम ॥
त्यस्ता मीठा कुरा गर्ने गुहमा स्नेहपूर्वक ।
भने श्रीरामले यस्तो सम्बोधन गरी तब ॥
सखे ! आइ यहाँ सम्म आफैं पैदल नै हिंडी ।
जो देखाउनु भो स्नेह त्यसले नै भयो अति ॥
हाम्रो खुश भयो आत्मा पूजियौं राम्ररी यता ।
छौं तुष्ट मित्र भन् फेरि यसरी भेट्न पाँउदा ॥
रामले बाहुले आफ्ना गोल पुष्ट र कोमल ।
अँगाले गुहलाई ती भने फेरि यसो तव ॥
सखे ! आज म देख्तोछु तपाँईलाइ ता यता ।
भाग्यैले, स्वस्थ, सानन्द बन्धु-बान्धव साथका ॥
भन्नुहोस् अब लौ मित्र ! राज्यमा यो तपाँइको ।
भलो सब कुराको छ, मित्रको धन सम्मको ॥
तयार पार्नु भो यत्रो जो सामग्री तपाँइले ।
ममा स्नेह भयो ज्यादै मैले स्वीकार यो गरें ॥
अब आज्ञा म यो दिन्छु लैजानोस् सब वस्तु यी ।
दिएको अरुले लिन्न म प्रतिग्रह छुन्न यी ! ॥
बल्कलै वस्त्र पैहन्छु, मृगकै चर्म धर्छु म ।
फल-मूलादि नै खान्छु, धर्ममै टिक्छु उत्तम ॥
तपस्वीहरूकै जस्तो पाल्छु ती नियमै पनि ।
स्वयं वनवनै घुम्छु बुझ्नोस् ! यस्तै भएँ भनी ॥
यी सामानहरू मध्ये घोडाका निम्तिमा बरू ।
खाने र पिउने वस्तु चाहिन्छन्, लिन्न क्यै अरू ॥
तस्मात् घोडाहरूलाई दिए पिउन-खान क्यै ।
पूर्णसत्कार भो मेरो यत्तिले मात्र पुग्छ है ! ॥

८४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

सखे ! राजा-बुवाका छन् यी घोडा अति नै प्रिय ।
प्रबन्ध यिनको राम्रो भएमा पूजिएँ म त ॥
गुहले भृत्यमा आफ्ना भने आज्ञा दिँदै अनि ।
घोडामा चाँहिने वस्तु देउ चाँडो गरी भनी ॥
उपर्ना काँधमा हाली अव बल्कल वस्त्रकै ।
गरे श्रीरामले सन्ध्या सायङ्कालिक शान्त भै ॥
खाएनन् क्यै कुरा किन्तु ल्याएको प्रिय भाइले ।
गङ्गाजल पिए खालि रामले अति प्रेमले ॥

९८

९९

प्रिय-पत्नी लिई साथ श्रीराम अव भूमिमा ।
वनेको तृण-शय्यामा सुते पछि स्वयं वहाँ ॥
यता लक्ष्मणले ल्याई जल भाउजु-दाजुको ।
पखाले पाउ आफैंले फेदमा एक वृक्षको ॥
उता निषादका राजा सावधान थिए गुह ।
वसे सुमन्त्रको साथ हातमा धनु ली तव ॥
गरी लक्ष्मणका साथ कुराकानी अनेकन ।
गर्न नै रामको रक्षा जागरामै वसे पुनः ॥

१०२

महान् यशस्वी र उदार चित्तका थिए महात्मा नृपपुत्र राम ता ।
थिएन कैले पनि दुःख दृष्ट यो थिए सुखै पाँउन, भोग्न योग्य जो ॥

१०३

भएर त्यस्ता यसरी जमीनमा बनाइ शय्या तृण-पत्रको वहाँ ।
सुत्ता त्यसोरी प्रभु रामको अव रात्री वितिन् हा ! अति लम्बिई तव ॥

१०४

इति पचासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकाउन्नौं सर्ग
गुह–लक्ष्मणको संवाद एवं लक्ष्मणको विलाप

१

ती त्यस्ता दाजुको निम्ति भै निष्कपट निश्चल ।
वस्ने रात भरी जागा देखता लक्ष्मणलाइ त ॥
गुहको मनमा ठूलो पऱ्यो पीर र दुःख भो ।
उज्यालो हुन लाग्दामा अनि भन्छन् उनी यसो ॥
तिम्रै निम्ति बनेको हो शय्या यो बाबु लक्ष्मण ! ।
सुख साथ यहीं पल्ट विश्राम गर क्यै क्षण ॥
हौं हामी जङ्गली बाबु ! बस्छौं जङ्गलमै सदा ।
दुःख कष्ट सबै भोग्छौं, बानी परि सक्यो यता ॥
राजपुत्र तिमी हौ जो सक्तैनौ खप्न यी कुरा ।
देख्यौ सुख, सुखै भोग्यौ, सुखमा नै बस्यौ पुरा ॥
गर्न श्रीरामको रक्षा तस्मात् हामीहरू सब ।
बस्छौं रात भरी जागा, पहरा गर्दछौं अब ॥
पृथिवीतलमा मेरो निम्तिमा बाबु लक्ष्मण ! ।
राम भन्दा कुनै प्यारो वस्तु नै छैन उत्तम ॥
तिमीसंग म भन्दोछु यो कुरो सत्य वस्तुतः ।
सत्यकै किरिया खान्छु, सत्य यै छ यथार्थतः ॥
यिनै श्रीरामको पाए कृपादृष्टि–प्रसाद त्यो ।
पृथिवीभरका सारा पाइन्छन् वस्तु, ठान्छु पो ॥
ठूलो सत्कीर्ति फैलिन्छ त्यो, महान् धर्म मिल्दछ ।
प्रशस्त अर्थ पाइन्छ, कामको काम पुग्दछ ॥
तस्मात् बाबु ! म आफैं नै बन्धु–बान्धव लीकन ।
सीतासाथ लिई सुत्ने रामको गर्छु रक्षण ॥
मेरा अत्यन्त नै प्यारा मित्र हुन् राम यी बुझ ।
तस्मात् धनु लिई आफैं गर्छु रक्षा, छु सेवक ॥
सँधै यो बनमा घुम्दा म जान्दछु सबै कुरा ।
चारै अङ्ग हुने सेना पनि जित्छौं स्वयं पुरा ॥

१३

१४

अब लक्ष्मण भन्छन् ती सुनेर गुहका कुरा ।
गर्नु हुन्छ यहाँ रक्षा गुहराज ! तपाँइ ता ॥
छ राम्रो धर्ममा दृष्टि, निष्पाप हुनुहुन्छ र ।
यहाँ हामीहरूलाई तस्मात् छैन कुनै डर ॥
तै पनी पुत्र राजाका यी मेरा मान्य दाजु ता ।
यसरी भुइँमा सुत्ता कसरी सुँतु मै यता ॥
तस्मात् उत्तम शय्यामा मैले ता हुन्न सुत्नु नै ।
सुख भोग्नु, न ता खानु होला स्वादिष्ट अन्न नै ॥
देव–दानवले जित्न गाऱ्है पर्ने लडाँईमा ।
सुतेको साथ सीता ली हेर्नोस् ! ती ! झार–पातमा ॥
गायत्री आदि ठूलठूला मन्त्रका जपबाट र ।
तपस्या–व्रतले नाना कृच्छ्रचान्द्रायणादिक ॥
यज्ञानुष्ठान गर्नाले अरु यत्न–प्रयत्नले ।
राजालाई यिनै यौटा आफु जस्ता सुतै मिले ॥
वनमा आउँदा यस्ता पुत्र राम यिनै हरे ।
बाँचि बक्सिन्न राजा ता धेरै सम्म म ठान्छु ए ? ।
अब पक्कै पनी मान्छु पृथिवी पनि यी यता ।
अवश्य विधवा हुन्छिन् चाँडै नै, यै छ हेतु ता ॥
ती खोपी भित्रका सारा नारीहरू उता अब ।
आर्त भै रोइ–चिच्याई थाके हुन् श्रमले सब ॥
बल्ल पो शान्त भो होला राजप्रासादको अहो ! ।
चिच्याएको र रोएको शब्द हाहास्वरूपको ॥
जेठी रानी मुमा मेरी राजा दशरथै पनि ।
कुन्नि ! रात भरी बाँच्छन् बाँच्दैनन् भन्न सक्तिन? ॥
मेरी मुमा महारानी बाँचि बक्सिन्छ की कसो ? ।
हेर्न शत्रुघ्नको बाटो भन्न सक्तिन क्यै कुरो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

वीर जन्माँउने यस्ता कौसल्या महिषी मुमा ।
मरिबक्स्यो भने किन्तु भो बर्बाद सबै वहाँ ॥
गुहराज ! हुँदा यस्तो अयोध्यानरी उता ।
माशिन्छिन् अव पक्का नै न सक्ता दुःख खप्नता ॥
राजाका मृत्युको त्यस्तो वज्रमा दुःख त्यो हरे ! ।
महान् संकष्ट पर्नेछ खप्न सक्लिन् र के गरे ? ॥
रम्ने श्रीराममा ज्यादै प्रेम गर्ने मनुष्यले ।
पुरी हुन्थिन् सँधै टन्न, धन्य थिन् गुहराज ए ! ॥
सँधै सुख दिने राम्रो दर्शनैरूप वस्तुको ।
उनी गराँउथिन् सारा जनमा नित्य भेट जो ॥
रामलाई न देख्तामा महात्मा जेष्ठ पुत्र यी ।
राजाका देहमा प्राण टिक्न सक्लान् र के गरी ? ॥
हुँदामा मृत्यु राजाको मेरी जेठी मुमा पनि ।
अवश्यै मरिबक्सिन्छ अनि मेरी मुमा पनि ॥
चिताएको कुरा त्यस्तो रामलाई म राज्यमा ।
अभिषेक गरी छोड्छु भन्ने इच्छा लिदै वहाँ ॥
अपूर्ण नहुँदैमा त्यो मेरो राम ! भनी हरे ! ।
पिता स्वर्ग्य भए देखि के होला गुहराज ए ! ॥
बुबाका मृत्युको वेला उपस्थित भईकन ।
अन्त्येष्टि-कर्म गर्नेछन् जुन, ती धन्य हुन् जन ॥
यदि हाम्रा बुबा राजा बाँचिबक्स्यो भने गुह ! ।
हुन्थिन् धन्य पुरी साह्रै लिई आफ्ना प्रजा सब ॥
गुहराज ! वहाँ राम्रा चौतारा छन् रमाइला ।
चौबाटाहरुका ठाम छन् राम्रा अति चम्किला ॥

३८

३९

छन् राजमार्ग झन् राम्रा वेग्ला वेग्ला अनेकन ।
भर्दछन् पुरमा शोभा यिनै भूषित भैकन ॥
राजप्रासाद ठूल्ठूला छन् वहाँ अतिशोभित ।
देवमन्दिर छन् नाना वहाँ नित्य विभूषित ॥
छन् धनीहरुका नाना अटालीहरु शोभित ।
राम्रा अङ्ग हुने वेश्या शोभिइन्छन् वहाँ स्वतः ॥
मत्ता हात्ती तथा घोडा वहाँ जाँदा र आँउदा ।
अयोध्यानगरी सारा हुन्छिन् भूषित सर्वथा ॥
बाजाका ध्वनिले नाना गुञ्जिइन्छिन् सँधैभरी ।
दिने श्रेय अनेकौं छन् वहाँ वस्तु थरीथरी ॥
वहाँ बर-बगैंचा छन् अनेकौं फलफूलका ।
घुम्छन् जहाँ गई नित्य हृष्ट पुष्ट मनुष्यता ॥
हुन्छन् समाजका नाना चाड-बाड र उत्सव ।
पुरवासीहरू सारा घुम्दछन् सुखपूर्वक ॥
यही मेरा बुबाको हो राजधानी मनोहर ।
यहाँ बस्ने तथा घुम्ने हुन् वास्तव सुखी नर ॥
के त मेरो बुवा राजा यी हामी फर्किएतक ।
राम्ररी बाँचि बक्स्येला ? भन्नोस ! लौ अब यै गुह! ॥
त्यस्तो सत्यव्रतै पाल्ने महात्मा-नृप-बाबुको ।
गर्न दर्शन पाऔंला फर्किई वन बाट यो ॥
सकिंदा वनमा बस्ने काल यो गुहराज ? के ।
यस्ता सत्य—प्रतिज्ञाका दाजु साथ म फर्कुंला ? ॥
ती अयोध्यापुरी भित्र अनि आनन्दपूर्वक ।
सकुँला पस्न के भन्नोस् स्वयं कुशल भै तब ? ॥

५०

५१

यसरी दुःखले पाक्तै गर्दा गर्दै विलाप यी ।
महात्मा लक्ष्मणैको ती छर्लङ्ग रात गो बिती ॥

हुने प्रजाको हित सत्य सर्वथा सुनेर यी लक्ष्मणका कुरा सफा ।
देखेर साक्षात् प्रिय दाजुको प्रति सौहार्द त्यस्तो, गुह जिल्लिए अति ॥
सऱ्यो उनीमा सब दुःख त्यो अनि अत्यन्त नै पीडित भै गए उनी ।
ज्वरो चढेको गज ठीक भै अनि थाले रुनै हा ! अति व्याकुलै बनी ॥

५२

इति एकाउन्नौं सर्ग

बाउन्नौं सर्ग

निषादराज गुहको डुङ्गाचढेर गङ्गापार जानु र वत्सदेशको यौटा रूख मनि बस्नु

१

बित्यो रात उज्यालो भो यशस्वी रामले अब ।
राम्रा लक्ष्मणका आफ्ना भाइमा यो भने शुभ ॥
बितिन् भगवती रात्रि राम्ररी बाबु ! लक्ष्मण ! ।
सूर्योदय हुने वेला भयो अब मनोरम ॥
कालो चिल्लो लिने रूप चरो कोकिल हेर ऊ ! ।
बोल्न लाग्यो, सुन्यौ बोली जो गर्दछ कुहू ! कुहू !! ॥
अस्पष्ट शब्द बोल्ने ती मुजूरहरूको पनि ।
सुनिन्छ वनमा स्पष्टै केका वाणीहरू पनि ॥
राम्रो स्वभावका बाबु ! तस्मात् हामीहरू अब ।
तरौं सागर जाने यी जान्हवीकन वास्तव ॥
आफ्ना मित्रहरूलाई दिन्थे आनन्द लक्ष्मण ।
सुने यी दाजुका वाक्य अभिप्राय बुझे पुनः ॥
सुमन्त्र-गुहलाई ती बुझाएर भनी कुरा ।
आफु चाँहि वहीं आए भए अघि, परी खडा ॥
सुनेर रामको आज्ञा गुरुले शिरमा धरे ।
छिटै मन्त्रीहरू डाके अनि आदेश यो गरे ॥
डुङ्गा यौटा छिटै ल्याओ घाटमा ठिक्क पार लौ ! ।
सजीलै खयाँइने होस् जो बलीयो पनि होस्, बुझ्यौ ॥

६

१०

खयाँउने ठिक्क हुन् माझी होस् हेर्दा पनि सुन्दर ।
बलीया बह्ना राम्रा राखेका हुन् मनोहर ॥
सुने प्रधानमन्त्रीले आज्ञा यो गुहराजको ।
राखेर घाटमा रामो डुङ्गा फर्के भने यसो ॥
जोडेर गुहले हात रामलाइ भने पुनः ।
डुङ्गा ठीक भयो नाथ ! गरूँ के अरू सेवन ? ॥
देवका पुत्रकै जस्तो छ तेज प्रभुमा प्रभो ! ।
व्रत यो पालि बक्सिन्छ अति उत्तमरूपको ॥
दौड्दै समुद्रमा पुग्ने तर्न गङ्गा रघूद्वह ! ।
डुङ्गा ठीक छ, लौ चाँडै राजहोस् यसमा अब ॥
अनि अत्यन्त तेजस्वी रामले गुहमा भने ।
तपाँई हुनु भो मेरो सब धोका पुर्याँउने ॥
ए सखे ! अब यी मेरा फिटी-फाम्टा भएजति ।
डुङ्गामा राख्न चाँडै नै लौ लगाँउन्दुहोस् अघि ॥
भनी यत्ति गरी छीटो राम-लक्ष्मणले दुवै ।
अ-आफ्नो कवचै पैह्रे भिरे ठोक्रा पनी दुवै ॥
घुसारी कटिमा खड्ग हातमा धनु ली तब ।
सीताका साथमा लागे गङ्गातिर दुबै अब ॥

१८

१९

झुकेर नजिकै आई अनि धर्मज्ञ रामसा ।
सूत भन्छन् गरूँ के म हात जोडी स्वयं वहाँ ॥
त्यो दाहिने श्रीराम—बाहुलीले छोएर राम्रो गरि प्रेमिताले ।
सुमन्त्रलाई तव रामजीले आज्ञा भयो यो शुभ-बाक्य पैले ॥
सुमन्त्र – मन्त्रिन् ! अब पाल्नुहोस् र छीटै अयोध्यापुर फर्किएर ।
राजा बुवाको बसि साथ नित्य गर्नोस् सुसेवा भइ अप्रमत्त ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२२

भने श्रीरामले फेरि यत्ति टाढातकै सब ।
हामी रथ चढी आयौं राजाज्ञा मात्र वास्तव ॥
भयो, अब पुग्यो मन्त्रिन् ! रथ छोडेर पैदल ।
त्यो माहारण्यमा पर्छौं, तपाँईं फर्कनोस् अतः ॥
घरमा फर्किने आज्ञा रामबाट सुने पछि ।
भए आर्त तथा दुःखी अब ऊन् प्रिय सारथि ॥
इक्ष्वाकुकुलका रत्न पुरुषश्रेष्ठ राममा ।
अनि विन्ति चंढाए यो उनले स्नेहले वहाँ ॥
रघुनन्दन ! यो दैव विश्वमा छ विचित्रको ।
विधान यसको नाघ्न सक्ला र कुन व्यक्ति पो ? ॥
यसले नै गरी आज भाई पत्नी लिई सँग ।
साधारण मनुष्यै मैं हरे ! घुम्नु पऱ्यो वन ॥
राम-बाबु सरीका यी महान् पुरुषमा पनि ।
यस्तो पर्छ भने आपत अरुमा भन्नु के अनि ? ॥
ब्रह्मचर्य र स्वाध्याय ऋजुता र दयालु ता ।
थिनले अब के नेठ्छन् ? दिन्नन् क्यै ठान्छु यै मता ॥
रघुनन्दन ए वीर ! पित्राज्ञा पार्न सत्य त्यो ।
विदेह नन्दिनी-सीता भाइ-लक्ष्मण साथ जो ॥
बसिन्छ वनमा त्यस्तो यसले तीन लोकमा ।
त्रिलोकविजमी जस्तो यश पाइन्छ अन्तमा ॥
राम बाबु ! त्यसै हामी मऱ्यौं अब हरेशिव ! ।
न लगी साथमा आफ्नो यसरी छोड्दछौ जब ॥
पुरवासीहरू हामी दुःख भोग्छौं उता अब ।
कैकेयी पापिनीका जो वशमा पर्दछौं सब ॥
आफ्नु आत्मा सरी प्यारा रामलाइ भने यति ।
त्यस्ता सुमन्त्र-मिन्त्रीले अैले थे जुन सारथि ॥
देखेर हिड्न लागेको त्यत्ति टाढा उनीकन ।
धेरै वेरतकै रोए भित्र पीडित भैकन ॥
थामियो आँसुको वेग पखाले मुख नेत्र र ।
भइ शुद्ध परे फेरि रामको नै अघिल्तिर ॥
देखी यस्ता उनीलाई रामले अति सुन्दर ।
तथा मधुर वाणीमा भने यस्तो निरन्तर ॥
हामी इक्ष्वाकुवंशीको गर्ने नित्य भलो हित ।
सुहृत् तपाँइ जस्तो क्वै अर्को देख्तिन है म त ॥

३८

३६

प्रयत्न गर्नु होस् त्यस्तो तपाँई अब गै उता ।
जसो गर्दा बुबा राजा मानिनक्सिन्न शोक वा ॥
अवस्था ढल्किएको छ, पृथ्वीका पतिको उता ।
इच्छा र अभिलाषा क्यै पुगेनन् मनका यता ॥
कुराले यी सबै गर्दा बुबाको मनभित्र त्यो ।
ठूलो शोक छिपेको छ तस्मात् भन्दछु त्यो कुरो ॥
श्रीकैकेयी मुमाज्यूको प्यारो गर्ने विचारले ।
उदार मनका त्यस्ता बुवाले सर्जिछुन्छ जे ॥
खुरुक मान्नु होला त्यो श्रद्धा-आदरपूर्वक ।
मेरा पूज्य तपाँईमा मेरो यै अनुरोध छ ॥
राज्यको पालना गर्छन् राजाहरु यसर्थ नै ।
गर्न इच्छा सरी पाँऊ न होस् विघ्न भनी कुनै ॥
सुमन्त्र ! गर्नु होस् त्यस्तै जे सुकै काममा पनि ।
बुवालाई वहाँ कत्ति न होस् है ! क्यै भिंजो पनि ॥
हुने अप्रिय क्यै त्यस्तो न हओस् काम वा कुरा ।
जसले खिन्नता आओस् दुब्लाई बक्सियोस् कि वा! ॥
दुःख कैले न देखेका बृद्ध आर्य जितेन्द्रिय ।
बुवामा पार्नु होस् विन्ती टक्रयाई दर्शनै तव ॥
अयोध्या बाट निक्ल्यौं त्यो बस्तछौं वनमा यसै ।
भन्ने दुवै कुरामा यी मलाई छैन पीर क्यै ॥
न ता लक्ष्मण नै मान्छन् यसमा शोक दुःख वा ।
चौध वर्ष गरी पूर्ण फर्किनेछौं बुवा ! त्यता ॥
हजूर त्यस वेलामा सीता-लक्ष्मणलाइ र ।
मलाई देखि बक्सेला परेका पाउमा स्वतः ॥
पूज्य मन्त्रिन् ! भनी यत्ति मेरा-राजा-बुवासँग ।
भन्नु होला त्यसै फेरि मान्य-माताहरू सँग ॥
कैकेयी साथका जो छन् अरु माताहरू सब ।
मेरो दर्शन टक्रयाई भन्नु होला भलो तव ॥
अनि मेरी मुमालाई राखी यो शिर पाउमा ।
राम सोध्छ भनी भन्नोस् सदा आरोग्य गाथमा ॥
भन्नु होला यसो फेरि सीताका तर्फबाट र ।
भाई-लक्ष्मणको मेरो तर्फबाट प्रणाम छ ॥
मेरो वचनले भन्नोस् महाराज बुबाकन ।
चाँडै भरतलाई ती डाकी बक्स्योस् भनीकन ॥

५५

CC-0. In Public Domain. Digitization by eGangotri

५६

प्यारो हजूरको त्यस्तो पदमा युवराजको ।
आँउने विन्तिकै भाई, भै हालोस् अभिषेक त्यो ॥
युवराज बनाएर भाई भरतलाइ ती ।
अगाल्दा विर्सिबक्सेला अनि दुःख भए जति ॥
सीता-लक्ष्मणको मेरो स्नेहको यो विछोडको ।
दुःख-पीर सबै जाला अनि पो भित्र चित्तको ॥
भन्नु होला यसो फेरि भाई भरतमा पनि ।
मेरो सन्देश यो पोख्तै वहाँ आए पछि उनी ॥
जस्तो राजा बुभ्रा साथि गर्दछौ व्यवहार त्यो ।
नछुट्याइ मुमामा ती गर हैं ! स्नेह योग्यको ॥
कैकेयी भइ बक्सिन्छ जस्ती तिम्री मुमा वहाँ ।
त्यत्तिकै भइ बक्सिन्छ सुमित्रा पनि ता मुमा ॥
उता मेरी मुमा साक्षात् कौसल्या पनि वास्तव ।
योग्य नै भइ बक्सिन्छ न छुट्यायौ तिमी अब ॥
बुवाको गर्न नै प्यारो युवराज भए, पछि ।
नित्य नै सुख पाइन्छ यी दुवै लोकमा वसी ॥
यसरी रामले आफैं फर्काउन निमित्तमा ।
सूत सम्झाइए राम्रो गरी नाना कुरा वहाँ ॥
धर्मात्मा रामका त्यस्ता सुनी सब कुरा पछि ।
भने सुमन्त्र-मन्त्रीले राममा स्नेह झन् बढी ॥
बाबु राम ! तिमी मेरा स्वामी हौ, म हुँ सेवक ।
वस्नु पर्छ तिमी साथ मैले सत्कारपूर्वक ॥
मर्यादा यदि त्यो नाघें मैले त्यै बाबुको प्रति ।
स्नेहले धृष्टता पूर्ण निक्लिए वाक्य क्यै यदि ॥
यो मेरो भक्त हो भन्ने संझिई सब यी कुरा ।
मुझक विर्स है राम ! क्षमा गर ममा सदा ॥
अयोध्यानगरीमा त्यो तिमीलाइ नलीकन ।
कसरी फर्किई जाँउ तिमी नै अब लौ भन ? ॥
तिम्रो वियोग पर्दा यो आमा झैं पुत्रशोकले ।
पुरी छट्पट गर्दी हुन् कसरी पसुँ दुःखले ? ॥
पुरीका जनले सारा तिमी साथ लिईकन ।
देखेकाथे यता लाग्ने मलाई रथमा जुन ॥
अब एक्लै वहाँ जाँदा रित्तो देख्ता यता रथ ।
के होला उनको चाला ? पुरी फुट्छिन् कि है तब ॥

७२

७३

स्वामी वीर कुनै आफ्ना मर्दामा युद्धबीच त्यो ।
खालि सारथि नै बाँकि भएको रथ ठीकको ॥
देख्तामा त्यसका सैन्य दयनीय भए सरि ।
शून्य यो रथ देख्तामा पुरी हुन्छिन् मरे सरि ॥
टाढा भए पनी यस्तो प्रजाको भित्र चित्तमा ।
तिमी टिकिरहेका छौ बाबु-राम ! सँधै वहाँ ॥
आज पक्कै पनी तस्मात् तिम्रै ध्यान गरी गरी ।
छोडे हुन् जनले खानै, निराहारै वसी पुरी ॥
वन आँउन लाग्दामा राम ! हामी रथै चढी ।
तिमीले आफ्नु आँखैले देखेथ्यौ के थियो स्थिति ? ॥
कसरी दुःख पोखेथे आफ्नो पीडित-चित्तको ।
प्रजाले त्यस वेलामा शोक-व्याकुलरूपको ।
निक्लँदा त्यो पुरी बाट प्रजाले पुरका सब ।
आर्तनाद त्यजेकाथे कसरी ! भोग्दथ्यौ तब ॥
जाँदा अब वहाँ एक्लै म यो शून्य लिई रथ ।
गर्नेछन् सौगुना हाहा ! रित्तो देख्ता उनी स्वतः ॥
मुमा जेठी महारानी कौसल्यामा गई कि ता ।
मामा घर पुऱ्याएर आएँ भन्न पुगूँ म ता ? ॥
सन्ताप न गरीबक्स्योस् राजहोस् दुक्क भै भने ।
हो ! हुन्छ हुन ता प्यारो तर झूठो छ यो हुने ॥
तस्मात् असत्य यो भन्नै म सक्तिन कसै गरे ।
सत्य, अप्रिय यो भन्नु कसरी वनमा त्यजें ॥
मेरा आज्ञा सँधै पाल्छन् छन् घोडाहरु श्रेष्ठ यी ।
बन्धु-बान्धव तिम्रा नै बोक्तछन् फेरि नित्य यी ॥
बाबु-राम ! हुँदा यस्तो तिमीले शून्य यो रथ ।
यी घोडा कसरी तान्लान् पुग्लान् र पुर लौ अब? ॥
तस्मात् निष्पाप ए राम ! क्यै गरे म तिमी विना ।
अयोध्यापुरमा जान्न, लैजाउ वन साथमा ॥
भन हुन्छ ! तुरुन्तै लौ, देउ आज्ञा पनी अब ।
म पनी साथ मै जान्छु पुरानै जो छु सेवक ॥
यसरी प्रार्थना गर्दा, रुँदा, भन्दा कराँउदा ।
न लगी साथमा राम ! त्याग गर्छौ भने यता ॥
बाँचेर गर्नु के बाबु ! अनि मैले पनी सुन ।
रथकै साथ आगोमा पसी हाल्छु र मर्छु म ॥

८६

CC-0. In Public Domain. Digitization by eGangotri

६०

तपस्या गर्न वस्तामा वनभित्र गई तिमी ।
अनेकौं आँउछन् प्राणी विघ्न पार्न वहाँ पनि ॥
सजिलै म सबैलाई भुसुक्कै पार्छु वास्तव ।
यही नै रथको राम्रो सहारा लिइ राघव ! ॥
मलाई सुख यो प्राप्त भयो तिम्रै कृपा हुँदा ।
पाएँ रथ चढाएर मैले ल्याँउन जो यता ॥
वनमा पनि गै साथ वस्ने यो पनि ता सुख ।
मैले पाँउनु नै पर्छ, हुनुपर्छ अनुग्रह ॥
वनमा बस्न चाहन्छु म तिम्रै साथमा अब ।
भन हुन्छ ! खुशी होऊ ! आज्ञा देउ ! रघूद्वह ! ॥
मेरो इच्छा छ यै बावु ! खुश भै भन यो पनि ।
हुन्छ लौ ! वनमा बस्नु मेरै साथ तिमी भनी ॥
ए वीर ! वनमा बस्ने तिम्रो सेवन राम्ररी ।
यी घोडा पनि गर्छन् ता भेट्नेछन् उच्च नै गति ॥
बावु राम ! म गर्नेछु बस्तामा वनमा सदा ।
तिम्रो आवश्यकै सेवा शिर टेकेर सर्वथा ॥
पाए यो सुख त्याग्नेछु अयोध्याको सुखै पनि ।
सुख सम्म पनी छोड्छु देवका लोकको पनि ॥
पापाचारी दुराचारी व्यक्ति जस्तो कसै गरी ।
इन्द्रको राजधानीमा पस्न सक्तैन त्यै सरी ॥
त्यो अयोध्यापुरी भित्र म पनी न लिई तिमी ।
पस्न सक्तिन है बावु ! अब ता क्यै गरे पनि ॥
छ मेरो भित्र इच्छा यो वनवास सकीकन ।
लगुँ यै रथमा राखी पुरीभित्र तिमीकन ॥
वनमा वस्न पाएमा म तिम्रो साथ राघव ! ।
यी चौध वर्ष बित्नेछन् भै छिनै सर वास्तव ॥
न भए, छुट्टिई बस्ताकाल यी चौध वर्षका ।
मेरो निमित्तमा होलान् चौधै सौ वर्ष ठीकका ॥
स्वामीका पुत्र हौ मेरा, भक्तवत्सल छौ पुनः ।
जुन बाटो तिमी हिंड्छौ त्यै बाटो हिंड्न खोज्छु म ॥
तिमीमा भक्ति गर्दोछु मर्यादाभित्र अड्छु म ।
न त्याग यसरी तस्मात् हुँ तिम्रै भृत्य फेरि म ॥
वहाँ निरन्तरै यस्ता माया लाग्दा गरी कुरा ।
प्रार्थना साथमा लान गर्दथे ती सुमन्त्र ता ॥

१०६

१०७

त्यस्तै भृत्यहरू माथि गर्ने नित्य निकै दया ।
इक्ष्वाकु-कुलमा रत्न भने श्रीरामले तदा ॥
गर्नु हुन्छ महान् स्नेह स्वामीमाथि तपाँई जो ।
म जान्दछु ममा जो छ उच्च भक्ति समेत त्यो ॥
यस्तो छ ता पनी मन्त्रिन् ! निम्तिमा जुन कामको ।
पठाँउछु अयोध्यामा सुन्नुहोस् योग्य काम त्यो ॥
मेरी कान्छी मुमा रानी कैकेयीले जसै वहाँ ।
पुरीमा देखि बक्सेला पुगेमा रथ साथमा ॥
ढुक्क नै भइ बक्सेला अनि विश्वासमा परी ।
गएछ वनमा राम भन्ने भित्र लिईवरी ॥
भएमा यसको उल्टो तपाँई न गए वहाँ ।
उठ्नेछ व्यर्थको शङ्का संतोषै हुन्न चित्तमा ॥
भैकनै वनबासी म, धर्मात्मा नृपमा तर ।
झूठो बोल्ने पनी भन्न उहाँमा वेर के छर ॥
तस्मात् सुमन्त्र ए मन्त्रिन् । अयोध्यापुर भित्र त्यो ।
छ पठाँउनुमा बुझ्नोस् ! मेरो उद्देश्य मुख्य यो ॥
छोरा भरतले आफ्ना सुरक्षित समृद्ध त्यो ।
राज्य कान्छी मुमाज्यूले भोगिबक्स्योस, छ लक्ष्य यो ॥
मेरो अनि बुवाज्यूको गर्न प्यारो तथा भलो ।
अवश्य पुरमा पाल्नोस् तपाँई अब भै छिटो ॥
जो जो सन्देश जल्लाई मैले भन्नु भने अघि ।
त्यो सबै भन्नुहोला गै तिनैलाई स्वयं झुकी ॥
श्रीरामले भनी यत्ति अब सूत-सुमन्त्रमा ।
बारम्बार दिए राम्रो सम्झाईकन सान्त्वना ॥
भने यस पछी फेरि दृढ-उत्साहपूर्वक ।
युक्ति-युक्त कुरा यस्तो गुह साथ पनी तब ॥
निषादराज ए मित्र ! अब मेरो निमित्तमा ।
छैन वस्तु यहाँ योग्य हुने जन अरण्यमा ॥
निर्जनै वनमा मैले अवश्यै जानु पर्दछ ।
कै आश्रम बनाएर वहीं नै वस्नु योग्य छ ॥
जटा—धारण इत्यादि विधि आवश्यकादि ती ।
यसको निम्तिमा मैले गर्नु नै योग्य हो विधि ॥
फलमूलहरू खानु, पृथ्वीमा सुत्नु आदि यी ।
नियमादि पनी पाल्छु जटाधारण गर्छु ती ॥

१२३

CC-0. In Public Domain. Digitization by eGangotri

१२४

सीता-लक्ष्मणको लिन्छु त्यसमा अब स्वीकृति ।
गर्न प्यारो पिताजीको हितमा सब गर्छु यी ॥
जटा बनाउँना निम्ति प्रिय-मित्र ! मलाइ त ।
तस्मात् ल्याइ दिनोस् चाँडो पहिले बरको दुद ॥
गुहले पनि तत्काल ल्याएरै बरको दुद ।
टक्र्याए नृपका पुत्र रामलाइ स्वयं तब ॥
नरश्रेष्ठ महाबाहु रामले त्यसले अब ।
आफ्नो र भाइको सम्म जटा पारे मजै सँग ॥
जटा-मण्डल धारेका, पैह्रेका वस्त्र बल्कल ।
शोभिए यी दुवै भाई ऋषि-तुल्य भई तब ॥
वानप्रस्थीहरू द्वारा हिंडेका मार्गको शुभ ।
लिए लक्ष्मण साथैका रामले अब आश्रय ॥
वानप्रस्थोचितै फेरि लिए व्रतहरू पनि ।
गुहलाई भने आफ्ना सहाय जुन थे अनि ॥
सखे गुह ! सँधै आफ्नो ढुकुटी-सैन्य-दुर्ग र ।
प्रजाको राज्यको बारे हुनु होला महान् स्थिर ॥
यस्मा चुक्नु हुँदै हुन्न, भने किन ? छ राज्य यो ।
पर्छ है रक्षिनै गाह्रो सावधान हुनोस् बडो ॥
गुह साथ भनी यत्ति लिई धैर्य विदा भई ।
अब राम हिंडी हाले पत्नी भाइ सँगै लिई ॥
नदीको तटमा देखे भएको ठिक नाउ त्यो ।
तर्ने भै, वेगिली गङ्गा भने लक्ष्मणमा यसो ॥
पुरुषश्रेष्ठ ए बाबु ! छ अघी नाउ लौ अब ।
सीतालाइ समाएर चढाऊ र स्वयं चढ ॥
सुनी यो दाजुको आज्ञा भने जस्तो सबै गरे ।
चढाई भाउजूलाई पछि आफु पनी चढे ॥
पछि लक्ष्मणका दाजु तेजस्वी राम गै चढे ।
डुङ्गा हाँक्न ! भनी आफ्ना बन्धुमा गुहले भने ॥
महान् तेज हुने राम त्यो डुङ्गामा चढे पछि ।
भलो हुने जपे मन्त्र विप्र-क्षत्रियले सरी ॥
अचाए जल सीताकै साथ ली शास्त्रको विधि ।
प्रसन्नचित्त भै ढोगे गङ्गालाइ स्वयं पछि ॥
यता अतुल तेजस्वी थिए भाइ महारथी ।
उनले पनि यै वेला ढोगे गङ्गाकनै झुकी ॥

१४०

१४१

अब श्रीरामले आफ्ना प्रियमन्त्री सुमन्त्र र ।
सैन्यका साथका प्यारा गुहलाइ विदा दिए ॥
डुङ्गामा राम्ररी बस्तै धर्मात्मा रामले अब ।
डुङ्गा हाँक्ने दिए आज्ञा ती माझीहरुमा सब ॥
चलाए अनि त्यो डुङ्गा यी माझीहरुले यता ।
कर्णधार बसी गर्थ्यो गरी होश सबै कुरा ॥
ख्याँउदा बहना राम्रो त्यो डुङ्गा वेगले अब ।
लाग्यो बहन पानीमा पारी पुग्न छिटै तब ॥
गङ्गाको बीचमा पुग्दा साध्वी सीता उनी सँग ।
भन्न लागिन् यसो-आफ्ना जोडि हात दुवै पुनः ॥
देवि गङ्गे ! उहाँ साक्षात् बुद्धिमान् नृपका सुत ।
भै बक्सिन्छ, स्वपित्राज्ञा पाल्न हिंड्ने वनै अब ॥
प्रभुबाट हओस् रक्षा यी मेरा पतिको यता ।
अनि पाल्नसकी बक्स्योस् पित्राज्ञा, होस् यही कृपा ॥
म सँगै साथ भाईको चौधवर्ष भरी वन ।
बसेर फर्कि बक्सिन्छ प्रभुको गर्न दर्शन ॥
सौभाग्यशालिनी-गङ्गे ! त्यो बेला वनबाट म ।
फर्केर आँउने नै छु भई कुशल हर्दम ॥
पुग्नेछन् मनका इच्छा अनि मेरा पनी सब ।
खुशी भै प्रभुको पूजा तब गर्छु म वास्तव ॥
स्वर्ग-पाताल-पृथ्वीका मार्गमा तीन रूप ली ।
विहार गरिबक्सिन्छ हजुरै दिव्य रूप ली ॥
छ गङ्गे ! पुगि बक्सेको हजुरै ब्रह्मलोकमा ।
समुद्रराजकी पत्नी भै बक्सिन्छ स्वयं यहाँ ॥
ए शोभाशालिनी ! देवि ! पतिले पुरुषर्षभ ।
स्वराज्य पाइ बक्सेमा फर्की कुशलपूर्वक ॥
प्रभुलाइ म यो सीता अनि पो ढोक्छु राम्ररी ।
प्रशंसा-स्तुति गर्नेछु भक्ति-भाव लिईवरी ॥
प्रभुलाई खुशी पार्न विप्रमा एक लाख म ।
गाइकै साथमा दिन्छु अन्न-वस्त्रादि उत्तम ॥
अयोध्या फेरि फर्कमा हजारौं देवदुर्लभ ।
वस्तुले प्रभुको पूजा गर्नेछु विधिपूर्वक ॥
राजाको भाग छुट्टैकी पृथ्वीले अन्न-वस्त्रले ।
प्रभुलाई खुशी पार्छु भै बक्स्योस् खुश हे शुभे? ॥

१५७

CC-0. In Public Domain. Digitization by eGangotri

१५८

प्रभुको तटमा जो जो बसेका देव छन् जति ।
म पुज्छु ती सबैलाई तीर्थ-मन्दिर सम्म यी ॥
महान् बाहु हुने मेरा पति, भाइ-मलाई ली ।
अयोध्या फर्कि वक्स्योस् है ! वनबास छिटै सकी ॥
अनुकूल हुने आफ्ना पतिको जानकी-सती ।
यसरी प्रार्थना गर्थिन् गङ्गासँग वहीं वसी ॥
अब आइ पुगी हाल्यो गङ्गाको तट दक्षिण ।
पतिकै साथमा ओर्लिन् डुङ्गा छोडी उनी पुनः ॥
ओर्ली राम पनी साथै लिई सीता र लक्ष्मण ।
पत्नी अघि लगाएर बढे अनि वनैवन ॥
महान् बाहु हुने राम भन्छन् अनि स्वयं वहाँ ।
सुमित्रालाई आनन्द दिने लक्ष्मण भाइमा ॥
सावधान तिमी होऊ सीताको गर्न रक्षण ।
सजनै बन होस् यद्वा होस् कि निर्जन लक्ष्मण ! ॥

१६४

१६५

अवश्य नै म जस्ताले वनमा शून्य निर्जन ।
भै सावधान नारीको गर्नु पर्दछ रक्षण ॥
अघि लाग तिमी तस्मात् सीता तिम्रो हिंड्न् पछि ।
गर्दै रक्षा दुवैको म स्वयं हिंड्छु पछी-पछि ॥
पुरुषश्रेष्ठ ए बाबु ! हामीले यसरी अब ।
अ-आफैंले अ-आफ्नो नै रक्षा गर्नु छ वास्तव ॥
अहिले सम्म क्यै त्यस्तो परेको छैन कष्ट नै ।
अब पो पर्छ है बाबु ! होश गर्नु छ नित्य नै ॥
विदेहराजकी पुत्री सीतालाइ यथार्थमा ।
वनका कष्टको होला अब ज्ञान स्वयं यहाँ ॥
अब पो वनमा पस्लिन् जहाँ मानिसमात्रको ।
आवागमन नै छैन, हुन्न चिन्ह समेत त्यो ॥
जहाँ न त बगैंचा छन् धानका खेत छन् न त ।
ओरालो र उकालो छ जहाँ खाल्डो र भीर छ ॥

१७१

१७२

रामका यी कुरा सुन्दा हिंडे लक्ष्मण नै अघि ।
हिंडिन् बीचपरी सीता स्वयं राम हिंडे पछि ॥
तरेर गङ्गा अब पारपट्टि तुरुन्त श्रीराम पुगे यता यी ।
एकोहरो दृष्टि लिई सुमन्त्र हेरी रहेथे भई ठीक यन्त्र ॥
टाढा भएमा अब मार्ग बाट देख्नै न सक्ता लिई दृष्टि साथ ।
त्यस्ता तपस्वी उनले व्यथाले स्रोक्रौंदै आँसु बहाइ हाले ।
दिने भनेको वर आफ्नुलाई यस्ता महात्मा प्रभु-राम थे यी ।
भै लोकपालै सरिका प्रतापी गङ्गा तरी पार पुगे त्यसोरी ॥
बढ्दै गएमा अघि वत्सदेश प्रयाग भन्छन् जुन, शीघ्र आयो ।
वस्थे जहाँ हृष्ट र पुष्ट मर्त्य समृद्ध थ्यो धान्य-धनादिले यो ॥
मारे वहाँ यी दुइ भाइले नै महारुरू ऋष्य, पृषत, बराह ।
चारै थरीका मृग यी महान् र गरे यसोरी मृगया—विनोद ॥
पवित्र नाना फल—मूल खोजी फर्के भयो साँझ र वास रोजी ।
देखेर ठूलो रुख, फेद ताकी भोका हुँदा बस्न पुगे छिटै यी ॥

१७८

इति बाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपन्नौं सर्ग

श्रीराम–लक्ष्मण संवादमा लक्ष्मणलाई घर फर्क भन्नु र पछि वनै जान आदेश दिनु

१

दिने आनन्द जो जो छन् उनमा श्रेष्ठ, उत्तम ।
राम हुन् यी, पुगे त्यस्तो वृक्षको फेदमा जुन ॥
सन्ध्योपासन-कर्मादि सकेर अब साँझको ।
त्यस्ता श्रीरामले आफ्ना भाइ साथ भने यसो- ॥
प्रिय लक्ष्मण ! यो आफ्नो राज्य-बाहिर भित्रको ।
परको गाँउ-बस्तीको हो पैलो बास रातको ॥
सुमन्त्र साथमा छैनन् आजको रातमा अतः ।
तिमी न होउ है बाबु ! उत्कण्ठित यथार्थतः ॥
आज देखि दुवै भाई छोडी आलस्य वास्तव ।
जागा नै बस्तु पर्ने भो देख-रेख गरी सव ॥
सीताका मनको इच्छा पुऱ्याँउनु र रक्षिनु ।
छ हामी दुइकै जिम्बा, पऱ्यो है ध्यान नै दिनु ॥
कुनै प्रकारले बाबु ! आजको रात यो त्यसै ।
बिताँउ भुइँमा लड्दै, सुतौं ढालेर स्याउलै ॥
बहुमूल्य निकै राम्रा शय्यामा सुत्न लायक ।
रामचन्द्र थिए त्यस्ता, बसे जो भुइँमै अब ॥
छोरा रानी सुमित्राका प्रिय लक्ष्मण भाइमा ।
मीठा राम्रा कुरा-कानी गर्न लागे स्वयं वहाँ ॥
बाबु ! आज बुवा राजा राजप्रासाद भित्र त्यो ।
छ पर्कै सुति बक्सेको दुख साथ असह्यको ॥
उता कान्छी सुमा चाँहि पुग्दामा मनका कुरा ।
संन्तुष्ट भइ बक्सेको हुनु पर्दछ है पुरा ॥
देखी भरत आएको राज्यको लोभ त्यो बढी ।
लिइ बक्सिन्छ वा प्राणै राजाको नै स्वयं कहीं? ॥
मैं बक्सिन्छ अनाथै मैं छैनन् कै पनि रक्षक ।
उवा वृद्ध अवस्था छ यता मेरो वियोग छ ॥

१३

१४

छ बशै परिवक्सेको कैकेयीको बुवा पनि ।
छन् काम मनमा नाना, बुवाले गर्नु के अनि ? ॥
यता ममाथि वज्रै को कष्ट देखेर दुर्धर ।
राजाको बुद्धि बिग्रेको सम्म भोगेर त्यो स्थिर ॥
म त ठान्न यही थाले अत्र बाबु ! कसो कसो ।
ती धर्म अर्थ भन्दा ता काम नै हो निकै वडो ॥
मूर्खै भए पनी होला त्यस्तो को नर बाबु ए ! ।
बुवाले त्यागिदिई वक्स्यो मलाइ जुन ढङ्गले ॥
त्यही ठीक भई त्याग्ला यौटी स्त्रीको निमित्तमा ।
आज्ञा मान्ने सँधै आफ्नो पुत्रलाइ स्वयं यहाँ ? ॥
सुखी भरत हुन् बाबु ! कैकेयीका सुपुत्र ती ।
जसकी प्रिय-पत्नी छन् राम्रो चाल-चरित्रकी ॥
जो यौटै भोग गर्नेछन् हृष्ट-पुष्ट हुने जन ।
त्यत्रो कोसलको राज्य सम्राट् जस्तै भईकन ॥
बुवा बूढो भई ढल्दा म पनी वन आँउदा ।
यौटै भरत भोग्नेछन् श्रेष्ठ ती सुख राज्यका ॥
धर्म अर्थ दुवै त्यागी कामकै पछि हिंड्छ जो ।
राजा दशरथै ठीक आपत् पाँउछ व्यक्ति त्यो ॥
राम्रो स्वभावका बाबु ! कैकेयी महिषी यहाँ ।
सवारी भइ बक्सेको हो यिनै काम गर्नमा ॥
बुवाको लिन नै प्राण मलाई वन खेद्न र ।
छोरा भरतमा राज्य दिन नै हो धनुर्धर ! ॥
सौभाग्य-मद चढ्दो हो यस वेला उहाँकन ।
झोकिई बक्सँदो होला अझै म सँग लक्ष्मण ! ॥
तस्मात् निहुँ झिकी मेरै तिम्री मेरी सुमा दुवै ।
कौसल्या र सुमित्रामा बक्सेला दिइ कष्ट क्यै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

महारानी मुमा हाम्री सुमित्राकन लक्ष्मण ! ।
पर्दा हुन् कष्ट ती खप्नु हाम्रै कारणले पुनः ॥
तस्मात् बाबु ! यतै बाट गई हाल उता तिमी ।
हिंड भोलि विहानीमा अयोध्या पस गै अनि ॥
पर्छु सीता लिई साथ म यतैबाट दण्डक ।
असहाया मुमाज्यूको तिमी हौला सहायक ॥
कैकेयी भइ बक्सिन्छ गर्ने दुष्कर्म यी त्यसै ।
अन्याय गरि बक्सेला द्वेषले डाहले कि क्यै ॥
पक्कै मेरी मुमाज्यूले अघिल्लो जन्ममा निकै ।
वियोगै पार्दि बक्सेछ आमा-स्त्रीकै र पुत्रकै ॥
त्यही पाप बुझ्यौ बाबु ! रूप पुत्र-वियोगको ।
लिएर यसरी आज उहाँमा आइ बज्रियो ॥
यै मलाइ मुमाज्यूले पाली पोषी निकैतक ।
बढाइ बक्सियो ओहो ! हुर्काएर सही दुःख ॥
अब पुत्र-सुखै बाट भोगिने फल कालमा ।
अलगै पार्दिए ओहो ! धिक्कार छ स्वयं ममा ॥
सुमित्रा प्रिय ए बाबु ! स्त्री सौभाग्यवती कुनै ।
यस्तो छोरो न जन्माओस् कहिल्यै पनि, जो छु मै ॥
किन भन्छौं भने देखि जन्मे देखि निरन्तर ।
दुखैदुख दिदै आएँ मुमालाइ हरेशिव ! ॥
ठान्न लागें म ता यस्तो म भन्दा त निकै बढी ।
त्यो मैना गर्दछे ठूलो मुमामा प्रेम हर्घडी ॥
मुमा यै सुनि बक्सिन्छ त्यसका मुखले सुन ! ।
ए सुगा ! शत्रुको खुट्टा काट् चाँडै, भन्दछे जुन ॥
सर्वदा शोकमा डुब्ने जन्मेका पुत्र बाट क्यै ।
फलै न पाँउने कत्ति बाँझीतुल्य हुने सँधै ॥
मन्दभाग्य हुने मेरी मुमालाइ म तुल्यको ।
छोरो भएर के गर्नु ? न गर्ने स्नेह वा भलो ॥
ती कौसल्या मुमा मेरी पर्दा मै सँग छुट्टिन ।
भै बक्स्यो अल्पभाग्या नै यसरी प्रिय लक्ष्मण! ॥
शोकको सिन्धुमा पर्दा डुब्दा त्यसमै निरन्तर ।
त्यसमै सुतिबक्सिन्छ दुःखले भइ आतुर ॥
म रिसाएँ भने बाबु ! अयोध्यासाथकी धरा ।
वशमा पार्न सक्ने छु बाणकै ली सहायता ॥

४३

४४

हित, साधन जोर्नामा परन्तु परलोकको ।
हुँदैन बल वा वीर्य कुनै कारण योग्यको ॥
विशुद्ध दिलका बाबु ! अधर्म-परलोकको ।
डरबाट म ता सान्है डराँउदछु, संझ यो ! ॥
यसै कारणले गर्दा अयोध्या-राज्यमा सुन ।
अभिषेक पनी मैले आफुलाई गराँइन ॥
यस्ता अरु पनी धेरै माया लाग्दा कुरा भनी ।
त्यो शून्य वनमा घोर विलापे रामले पनि ॥
चूप लागी वसे राम अब त्यो रातमा वहाँ ।
थियो मुख भरी आँसु, दीनता व्याप्त थ्यो जहाँ ॥
विलाप गरि सक्ता यो देखिन्थे राम शान्त यी ।
आगोझैं न हुने ज्वाला, सिन्धु झैं वेगहीन ती ॥
अब यस्तो अवस्थामा भाइ लक्ष्मणले वहाँ ।
संझाए दाजुलाई यी राम्ररी दिइ सान्त्वना ॥
यता हजुरको दाजु ! सवारी भै दिंदा उता ।
आज पक्कै पनी ज्यादै भो होला न मजा अहा! ॥
ती अयोध्या भइन् होलिन् न हुँदा ज्योति चन्द्रको ।
रात्रीकै ठीक निस्तेज, भै हजूर विना अहो ! ॥
श्रेष्ठ आयुध धर्नेमा पुरुषोत्तम दाजु ए! ।
होला हजुरले यस्तो संतप्त हुनु योग्य के ? ॥
हजुर यसरी पाक्ता सीता-भाउजुमा ममा ।
खप्नै न सकिने हुन्छ, पीर सर्दछ चित्तमा ॥
तस्मात् के गरि बक्सेको रघुनन्दन ! यो कुरो ।
हजूर न हुँदा हामी सक्तैनौं धान्न देह यो ॥
सीता-भाउजुकै साथ म पनी बाँच्न सक्तिन ।
मुहूर्तभर छुट्टेर पाउबाट रघूत्तम ! ॥
पानीबाट झिकी राख्ता पाखामा मत्स्यको स्थिति ।
कस्तो हुन्छ प्रभो ! त्यस्तै हुन्छ हाम्रो पनी गति ॥
शत्रुलाइ सँधै ताप दिने दाजु ! म आज त ।
क्यै पनी हेर्न चाहन्न प्रभु भिन्न, छ निश्चित ॥
हेर्न खोज्छु बुवालाई न म शत्रुघ्नलाइ वा ।
न सुमित्रा-मुमालाई न त त्यो स्वर्गलाइ वा ॥
धर्ममा मरिमेट्ने यी सीता-राम दुवै भई ।
नजीकै ठिक्क पारेको लडे ओछ्यानमा गई ॥

६०

६१

लक्ष्मणैले बनाएको बिछ्यौना यो थियो अघि ।
रामको दृष्टि पर्दैथ्यो वरका फेदमा त्यही ॥

वैरीहरूलाइ सँधै सताँउने श्रीरामले लक्ष्मणका कुरा सुने ।
थिए भनेका जुन श्रेष्ठ भै अति बढाइ श्रद्धा वनवासका प्रति ॥

गै साथ वस्ने वन दीर्घ-काल ली दिए अनी स्वीकृति भाइलाइ यो ।
पाल्ने भए आफु पनी भजै सित ती चौध वर्षै भर धर्म त्यो अव ॥

विशाल त्यस्तो वनबीच निर्जन घुम्थे दुवै, भै रघुवंशबर्धन ।
थिए बलीया पनि वीर यी दुवै मान्दैनथे क्यै डर धैर्य थ्यो सँगै ॥

घुम्ने कुनै पर्वत-टाकुरा भरी मान्दै नमानी डर ढुकमा परी ।
थिए दुवै ती वनराज-सिंह झैं महान् बलीया अनि धीर त्यत्तिकै ॥

६५

इति त्रिपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवन्नौं सर्ग

श्रीरामहरूको भरतद्वाजमुनिका आश्रममा गमन

१

राम्रो रात बिताए यो त्यो महान् वृद्धको मुनि ।
वसेर त्यसरी राम-सीता-लक्ष्मणले अनि ॥
अब राम्रै उज्यालो भो उदाए स्वच्छ सूर्य ती ।
अनि यो ठाम छोडेर सब बढ्दै गए अघि ॥
मिल्दथिन् यमुना साथ गङ्गा भागीरथी जहाँ ।
त्यहीं पुग्ने लिए राम्रो उद्देश्य उनले वहाँ ॥
अनकन्टारको घोर वनका भित्र-भित्रकै ।
बाटो लिंदै लिंदै लागे यात्रा गर्न अनी सबै ॥
राम्रै नाम चलेको थ्यो यी तीनै व्यक्तिको तव ।
पृथ्वीका भाग यी राम्रा हेर्दै बढ्ने गरे अब ।
मनोहर थिए साह्रै यी प्रदेश अनेकन ।
थिएनन् पहिले कैले देखेका यिनले जुन ॥
हिंड्दथे उभिंदै-बस्तै सुख-आराम साथ यी ।
हेर्थे वृक्षहरू नाना फूल भै शोभिने अति ॥
दिन त्यो ढल्न लागेथ्यो हिंड्दामा यसरी जब ।
भाइ लक्ष्मणमा आफ्ना भने श्रीरामले तव ॥
बाबु लक्ष्मण ! ऊ हेर ! नजीकै त्यो प्रयागको ।
ध्वजा जस्तै उठेको छ धूँवा ती अग्निदेवको ॥
यसैले म त ठान्दोछु गर्ने मनन-चिन्तन ।
त्यहीं ऋषि-भरद्वाज राजहुन्छ भनीकन ॥
अब आइ पुग्यौं हामी अवश्य पनि बाबु ! यो ।
गङ्गा र यमुनाजीको शुभ संगमबीच त्यो ॥
लाग्दा ठकर पानीमा नदीका धारको दुवै ।
जो शब्द हुन्छ, त्यै शब्द सुनिदैछ यहाँतकै ॥
वनका वस्तुले बाँच्ने जीविका नै चलाउँने ।
व्यक्तिले दाउरा सम्म काटेको जो छ देखिने ॥

१३

१४

राम्रा प्रकारका यस्ता वृक्ष छन् देखिदै यता ।
हुन् शुभाश्रमका तस्मात् भरद्वाज-महर्षिका ॥
गरी अ-आफुमा यस्ता कुरा वीर धनुर्धर ।
सीता साथ गए बढ्दै राम लक्ष्मण भै स्थिर ॥
गङ्गा र यमुनाजीको सङ्गमैका नजीकको ।
भरद्वाजाश्रमै भित्र पुगे साँझ पनी पर्‍यो ॥
बोकेर धनु—खड्गादि त्यो आश्रम नजीकमा ।
घुम्दामा त्यसरी राम डर्पाथे वनजन्तुमा ॥
लाग्ने दुइ घडी बाटो हिंडेर छिनमै वहाँ ।
स्वयं राम पुगी हाले भरद्वाज—समीपमा ॥
मुनिको दर्शनै खोज्ने दुइटै वीर यी पनि ।
सीता साथ लिई केही वरै बसि रहे अनि ॥
कुटीमा पर्णशालाको पसे पछि वहाँ, पछि ।
राम-लक्ष्मण-सीताले देखे त्यस्ता महान् ऋषि ॥
दिव्य - दृष्टि हुँदा प्राप्त तपस्याको प्रभावले ।
त्रर्लोक्य सब देख्ने र दृढ एकाग्रता लिने ॥
महान् आत्मा हुने एवं पालेका नियम व्रत ।
शिष्यका गणले आफ्ना घेरिएका मजैसित ॥
अग्निहोत्रादिको काम सकी भर्खर मात्र जो ।
भई शान्त वसेकाथे आसनैबीच योग्यको ॥
देख्ना साथ उहाँलाई सीता—लक्ष्मण रामले ।
पाउमा नै परी ढोगे जोडेरै हात, भक्तिले ॥
स्वयं लक्ष्मणका दाजु राम यी अनि क्यै हटे ।
दिई परिचयै आफ्नो मुनिमा विन्ति यो गरे ॥
भगवन् ! हौं दुवै हामी दाजु - भाई तपोधन ! ।
छोरा दशरथैका हौं, नाम हो राम, लक्ष्मण ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

विदेह—नन्दिनी साक्षात् राजा जनककी सुता ।
यी सीता हुन् प्रभो ! मेरी धर्मपत्नी पतिव्रता ॥
अनकन्टारको यस्तो वनमा शून्य निर्जन ।
मेरो साथ दिना निम्ति आइन् मैसँग यी पुन ॥
पिताका शुभ—आज्ञाले आँउदा वन वस्न म ।
प्रिय भाई पनी आए सुमित्रासुत लक्ष्मण ॥
मैसाथ वनमा वस्ने यिनले यै लिए व्रत ।
मेरै पछि पछी आए यसरी भगवन् ! अतः ॥
बुवा-नरेन्द्रको आज्ञा हुँदा हामीहरू सत्र ।
तपोवन तिरै जान्छौ उतै बरछौं निकैतक ॥
फलमूलहरु खान्छौं, गर्छौं जीवन धारण ।
गर्छौं नियमले ब्रह्मन् ! धर्मको पनि पालन ॥
अत्यन्त बुद्धिमान् त्यस्ता राम राजकुमारका ।
सुने कुरा महान् यस्ता धर्मात्मा मुनिले तदा ॥
गर्ने आतिथ्य सत्कार रामको मुनिले अनि ।
टक्र्याए एउटा गाई तथा अर्घ्य-जलै पनि ॥
यी तपस्वी-महात्माले ती तीनै जनमा अव ।
कन्दमूल दिए खान नाना अन्न तथा रस ॥
ती भरद्वाज मुनिले त्यसपछी यी सवैकन ।
प्रवन्ध बस्नको राम्रो वहाँ गरि दिए पुनः ॥
मृग-पन्छी थिए सारा मुनिका चार तर्फ थी ।
घेरिएर बसेकाथे बीचमा ऋषिराज ती ॥
आफ्नु आश्रममा त्यस्तो आएका पाहुना हुन ।
गरे स्वागत-सत्कार मुनिले यिनको पुनः ॥
सत्कार मुनिको पाई बस्ने ग्रहण त्यो गरी ।
राममा मुनि भन्छन् ती धर्मयुक्त कुरा पछि ॥
ककुत्स्थ-कुलका रत्न ! राम ! आश्रमबीच यो ।
म तिमी आँउने बाटो हेर्दैथें अघि देखि पो ! ॥
अव बल्ल पुग्यो धोको, सुनें मैले यहाँ पनि ।
तिमीलाई विना हेतु निकाले वनमा भनी ॥
यहाँ दुवै नदीको छ पुण्यसंगम सुन्दर ।
त्यसैको नजिकै मेरो यो आश्रम पवित्र छ ॥
प्रशस्त ठाम छन् फेरि छ एकान्त रमाइलो ।
सुख साथ यहीं बावु ! अव लौ बस, भै गयो ! ॥

४३

४४

मुनि बाट कुरा यस्ता सुनेका रामले अव ।
उहाँलाइ भने राम्रो गर्ने भै सवको हित ॥
भगवन् ! छ अयोध्याको नजीकै यो शुभाश्रम ।
यहाँ आइ रहन्छन् ती पुरका-गाँउका जन ॥
सजिलै भेट्न पाइन्छ भन्ने संम्फी यहाँ सव ।
आँउछन् भेट्न मैलाई ठान्छु यस्तै सुने ! म त ॥
मलाई जानकीलाई हेर्न ती आँउने हुँदा ।
यहाँ बस्न प्रभो ! तस्मात् अयोग्यै ठान्छु हे मता ॥
भगवन् ! बरु एकान्त प्रदेशतिर उत्तम ।
वस्न लायकको ठाम हेरि पाँउ म आश्रम ॥
वेसरी सुख भोगेकी सुखै पाँउन योग्यकी ।
जहाँ रमाउछिन् सीता छोरी जनकराजकी ॥
सुनी मीठा कुरा यस्ता रामका लक्ष्य-सिद्धिको ।
हुने बोध भरद्वाज मुनिले यो भने कुरो ॥
राम बावु ! यहाँ बाट टाढामा दश कोशको ।
पवित्र अति नै राम्रो छ यौटा ठाम योग्यको ॥
गर्दछन् यसको नित्य महर्षिहरू सेवन ।
देख्तै आनन्द मान्नेछौ, बस्नेछौ गै यहीं सुन ! ॥
छन् लामा पुच्छरे नाना कपि, भालू यहीं सवै ।
गन्धमादन जस्तै छ 'चित्रकूट' भनिन्छ यै ॥
जसले टाकुरा देख्छ गिरि यो चित्रकूटको ।
पापमा मन लाउन्न श्रेयको फल भोग्छ त्यो ॥
धेरै ऋषिहरू बस्थे यहाँ राम ! निकै अघि ।
गरी तप शयौं वर्ष भइ आनन्दितै अति ॥
सेतो खप्परकै जस्तो शिरको रँउ ली पछि ।
स्वर्गैतिर गए सारा विहार गरि बावु ! ती ॥
एकान्तवासको योग्य त्यही पर्वतलाइ म ।
तिम्रो निमित्तमा वस्न वेस ठान्छु, छ उत्तम ॥
यसो गर कि ता राम ! लक्ष्य ली वनवासको ।
वस लौ साथमा मेरै अव आश्रमबीच यो ॥
पत्नी र भाइ साथैका प्यारा अतिथि रामको ।
गरे स्वागत-सत्कार स्वयं ती मुनिले अहो ! ॥
भए सम्म सबै वस्तु टक्र्याए भोग्न लायक ।
बढाए त्यसरी हर्ष यी तीनै व्यक्तिमा तव ॥

६०

६१

वसे महर्षिका साथ तीर्थमा यो प्रयागको ।
निकै वेर कुरा गर्दै साथ राघव भाइको ॥
आइन् पुण्यमयी रात्री यत्तिकैमा वहाँ अब ।
निकै थाकि सकेकाथे भई राम सुखोचित ॥
ती भरद्वाज-मुनिको रम्य आश्रमबीच त्यो ।
सीता लक्ष्मण ली रात विताए सुखले बडो ॥
वित्यो रात उज्यालो भो पुरुषश्रेष्ठ रामले ।
भने मुनि भएमा गै बल्दथे जुन तेजले ॥
भगवन् ! रात हामीले वितार्यौं आज वास्तव ।
प्रभुको आश्रमैमा यो सुती आनन्दपूर्वक ॥
वखिने ठाउँमा जान सत्यशील-प्रभो ! अब ।
हामीलाइ मिलोस् आज्ञा शुभाशीर्वादपूर्वक ॥
हुँदा रात उज्यालो त्यो रामका यी कुरा सुनी ।
आज्ञा गर्छन् उनी साथ भरद्वाज-महामुनि ॥

६७

६८

बाबु राम ! तिमी जाउ चित्रकूटतिरै अब ।
छन् जहाँ जङ्गली वस्तु फलमूल तथा मह ॥
ए महान् बलका राम ! त्यो पर्वत थरी थरी ।
वृक्षले शोभिएको छ, वस्छन् किन्नर नाग ती ॥
मयूरहरूले बोल्दा शोभिन्छ गिरि फेरि त्यो ।
सेविन्छ नित्य नै राम ! गजेन्द्रहरू बाट जो ॥
छ पर्वत यही ख्यात नामले चित्रकूट यो ।
फल-मूलादि छन् धेरै, छ रम्य र पवित्र यो ॥
घुम्दछन् यूथ हात्तीका मृगकै यूथ साथमा ।
जहाँ वन भरी बाबु ! देखौला गै तिमी वहाँ ॥
गिरिका टाकुरा ऊँचा जलस्रोत निकै तथा ।
नदी र झरना नाना देखौला कन्दरा, गुफा ॥
सीता साथ वहाँ घुम्दा त्यो पर्वत तिमीकन ।
दिनेछ अनि आनन्द होला खुश वहीं मन ॥

७४

७५

पक्षी वहाँ कोकिल टिट्टिभादिक यात्रीहरूको मन पार्दछन् खुश ।
बोलेर मीठो स्वर दङ्ग छन् तथा दिनेछ कल्याण-सुखादि यै सदा ॥
मृगादि छन् घेर असंख्य छन् गज सौन्दर्य भर्छन् भइ मत्त यी सब ।
तिमी यही पर्वतबीच जाउ र लिएर नै आश्रय राम्ररी बस ॥

७६

इति चवन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचपन्नौं सर्ग

श्रीरामहरूको यमुनातरण

१

शत्रु नाश्ने दुवै भाई एक रात वहाँ बसी ।
चित्रकूट हिंडी हाले महर्षिकन ढोग्दिई ॥
देखेर हिंड्न लागेका यी तीनैकन यसपछि ।
स्वस्तिवाचन इत्यादि गर्दिए ऋषिले बढी ॥
यात्रामा जान लागेको आफ्नु औरस पुत्रमा ।
दिएझैं बावुले, सुम्पे शुभ आशिष-कामना ॥
अव अत्यन्त तेजस्वी भरद्वाज-महर्षिले ।
सत्य पराक्रमी त्यस्ता रामलाइ यसो भने ॥
मनुष्यहरुमा श्रेष्ठ !- दुवै भाइ तिमी अव ।
गङ्गा र यमुनाजीको शुभ संगममा पुग ॥
मिलेकी छन् जहाँ गङ्गा फर्काई मुख पश्चिम ।
त्यहीं छन् यमुनाजी ती, पैले पुग वहीं सुन ! ॥
गङ्गाका जलको वेग बढ्नाले आफ्नु वेग त्यो ।
प्रतिकूल दिशा पट्टि फर्याँक्छिन् यी नदी अहो ! ॥
वहीं पुगेर हेरेमा मर्त्यका पद-चिह्नित ।
सबैले आँउने जाने पुरानो घाट आँउछ ॥
सानो डुङ्गा त्यही यौटा बनाँउनु र राम्ररी ।
पार जानु तरी राम ! त्यस्ती सूर्यसुता नदी ॥
बढ्दै अनि अघी जाँदा आँउनेछ अजङ्गको ।
वरको रुख यौटा क्वै हरीया रम्य पातको ॥
असंख्य वृक्षले त्यो छ घेरिएको वरीपरि ।
भनिन्छ त्यो 'श्यामवट' चिह्न यी चिन राम्ररी ॥
त्यसका फेदमा बस्छन् छायाकै लिइ आश्रय ।
अनेकौं ऋषिका साथ महात्मा सिद्ध आदिक ॥
वहाँ पुगे पछी जोडुन् यी सीता आफ्नु हात र ।
शुभाशीर्वाद मागुन् है ! त्यो श्यामवट साथ त ॥
१३

१४

बस्न खोज्छन् भने यात्री केही वेर बसुन् वहाँ ।
भने ता बस्न खोज्दैनन्, जाँउन् जान्छन् उनी जहाँ ॥
एकै कोश अघी जाँदा त्यहाँ बाट तिमीकन ।
त्यो नीलवनको राम ! हुनेछ शुभ-दर्शन ॥
वहाँ वयरका झाडी सल्लाका रुख छन् निकै ।
तटमा यमुनाजीका उम्रेका वाँस छन् निकै ॥
त्यही हो मार्ग यो बाबु ! जहाँ बाट मजैसित ।
पुगिन्छ चित्रकूटैमा निकैपल्ट हिंडे म त ॥
वहाँ छ नरमै भूमि छन् ती दृश्य रमाइला ।
डँढेलो आदिको त्रास हुन्न कैले पनी त्यता ॥
राम्ररी यसरी बाटो भन्दिएर महर्षि यी ।
पुण्य आश्रममा आफ्नो लागे फर्किन त्यसपछि ॥
अव दर्शन टक्र्याए त्यस्तै गर्छु भनी अनि ।
आश्रमैमा सवारी होस् भयो अव, भने पनि ॥
भन्छन् अव यता पट्टि महर्षि फर्किए पछि ।
यी राम भाइमा आफ्ना तिम्रो श्रेय होस् भनी ॥
बाबु ! हामीहरू माथि जो भयो मुनिको कृपा ।
पुण्य पक्कै गरेका क्यै रहेछौं अघि सर्वथा ॥
मनस्वी पुरुषश्रेष्ठ यी दुवै भाइ आफुमा ।
गर्दै यस्ता कुराकानी अघि बढ्दै गए वहाँ ॥
अगाडि नै हिंडेकी थिन् सीता यी दुइभाइको ।
अव सोभयाइ हिंड्दैथे कालिन्दीको किनार त्यो ॥
पुगेर तटमा हेर्दा यमुना थिन् महानदी ।
अत्यन्त वेगले दौड्दी भए चिन्तित तर्न यी ॥
तुरुन्तै तर्न चाहन्थे तर गाह्रै पर्‍यो यता ।
अनि लागे दुवै भाई सुकेका काठ खोज्न ता ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

छिटै सब जुटाएर डुङ्गा पारे तयार त्यो ।
बाँस बाँधे लता द्वारा हाले माथि उशीर यो ॥
वेत-जामुनुका हाँगा काटे लक्ष्मणले अनि ।
बनाए जानकी बस्ने सजीलो आसनै पनि ॥
साक्षात् अचिन्त्य-लक्ष्मीमैं लाज मान्दी प्रियाकन ॥
चढाए त्यस डुङ्गामा आफैले रामले पुनः ॥
छेउमा उनका सारा गहना वस्त्र आदि त्यो ।
राखे डाला र कोदाला बाकसै साथ राम्ररी ॥
सीतालाइ चढाएर पहिले यी दुवै चढे ।
समाते अनि डुङ्गा र लागे खयाँउन वेगले ॥
गरी प्रयत्न अत्यन्त सावधान भई बडो ।
गरे सुर नदी तर्ने यी दुवै भाइले अहो ! ॥
सीताले यमुनाजीको मध्यभाग पुगेपछि ।
प्रणाम यमुनाजीमा टक्र्याँइन् र भनिन् यही ॥
जाँदैछु प्रभुको पारी डुङ्गा द्वारा म देवि ! यो ।
पुगौं पारी सबै हामी प्रभुको साथ श्रेयको ॥
पतिदेव पनी मेरा आफ्नु यो वनवासकै ।
प्रतिज्ञा पार्न नै पूर्ण सकि बक्स्योस् हुओस् कृपै ॥
देवि ! इक्ष्वाकु-वंशीले पालेकी नित्य सुन्दरी ।
त्यो अयोध्या पुरीबीच रही कुशल राम्ररी ॥
फर्किई वर्क्सिदा मेरा पतिदेव यहाँ मता ।
हजार गाइको दान गर्नेछु तटमा तथा ॥
गर्नेछु यमुने ! फेरि म यहीं देवदुर्लभ ।
शयौं पदार्थले पूजा, राम्ररी प्रभुको तव ॥
गर्दैथिन् सुन्दरी सीता हात जोडेर प्रार्थना ।
यत्तिकैमा पुगि हालिन् त्यो दक्षिण किनारमा ॥
तीरका वृक्षले नाना शोभिएकी र वेगिली ।
तरे छाल हुने ज्यादि उनले यमुना नदी ॥
त्यहीं छोडि दिए डुङ्गा यमुना-वन बाट यो ।
तिनै जन हिंडी हाले ताकेर वट-श्याम त्यो ॥

४१

४२

वहाँ ठण्डा थियो, राम्रा हरीया पात थे सब ।
पुगे पछि वहाँ सीता ढोग्दै भन्छिन् यसो अब ॥
प्रणाम छ महावृक्ष ! व्रत यो पतिदेवको ।
परिपूर्ण हओस् राम्रै, कृपा होस् है म माथि यो ॥
वनवास सकी हामी फर्कौं कुशलपूर्वक ।
अनि देख्न सकौँ माता कौसल्यालाइ है अब ॥
साथमा कीर्ति फैलेकी सुमित्रा सासुज्यूकन ।
भेट्न पाऔं भनी यत्ति गरिन् ढोग्दै परिक्रम ॥
यता श्रीरामले देखे आज्ञा माग्ने प्रिया सती ।
त्यसरी जानकीलाई गर्ने यो प्रार्थना मुक्ती ॥
भने लक्ष्मणमा फेरि सीतालाई लिई तिमी ।
अगाडि हिंड लौ बाबु ! पछि हिंड्छु म शस्त्र ली ॥
सुन फेरि नरश्रेष्ठ ! विदेह-कुल-नन्दिनी ।
सीता जनककी छोरी जो माग्छिन् देउ त्यो पनि ॥
यिनलाई खुशी पार्न फूल वा फल आदि ती ।
बुझ्यौ ! भरतका भाई ! पुऱ्याइ दिनु है त्यही ॥
बाटामा अबला सीता देख्तथिन् वृक्ष जो जति ।
फुलेका लहरा झाडी सोद्धथिन् एक एक ती ॥
उनीले पहिले कैले नदेखेका थिए सब ।
यता बताँउदै जान्थे रामचन्द्र स्वयं तब ॥
उता वचन सीताका पाउना साथ लक्ष्मण ।
तुरुन्त गै भने जस्तो ल्याइ दिन्थे उनीकन ॥
अनेक फूलका गुच्छा राम्रा राम्रा टिपी टिपी ।
झुम्पन्थे वृक्षका हाँगा सम्म राम्रा भए जति ॥
छोरी जनककी सीता देख्ता यी यमुना नदी ।
भनेका पाउँदा वस्तु भित्र तुष्ट भइन् अति ॥
वहाँ गुञ्जिरहेका थे त्यो वेला हाँस-सारस ।
तटमा बालुवा राम्रा थिए, स्वच्छ थियो जल ॥
अघि बढ्दै गए फेरि एक कोशतकै सब ।
बाटामा आँउने मारे दुवैले पशु हिंसक ॥

५६

यमुना-तटमा पर्ने वनका मार्गमा अब ।
पवित्र मृग घेरै नै मार्दै मार्दै गए तब ॥

५७

CC-0. In Public Domain. Digitization by eGangotri

५८

मयूर–केकाध्वनि खूब गुञ्जिदो हात्ती–तथा वानर घेर शोभिंदो ।
ती जानकी लक्ष्मण रामले तव विचित्र राम्रो वन त्यो घुमे सव ॥
यिनीहरूको शुभदृष्टिमा यता थिएन केही पनि दीन–हीनता ।
तुरुन्त फर्के यमुना–किनारमा त्यो रातमा वास बसे अनी वहाँ ॥

५९

इति पचपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छप्पन्नौं सर्ग

चित्रकूट पुग्नु र मुनिराज बाल्मीकिको दर्शन पाँउनु र कुटी बनाई त्यही बस्नु ।

१

अब यो रात त्रित्तामा अघि राम उठे, पछि ।
भने उठाइ विस्तारै सुतेका भाइलाइ ती ॥
पिर्ने शत्रुहरूलाई सुमित्रा-प्रिय लक्ष्मण ! ।
अवाज वन-पत्तीको छ कस्तो मधुरो सुन ! ॥
अब हामीहरू बावु ! यहाँ बाट हिंडौं उठ ।
प्रस्थान गर्नको वेला योग्यको यै छ वास्तव ॥
सुतेका मस्त निद्रामा भाइ लक्ष्मण ती थिए ।
दाजुले ठीक्क वेलामा अब व्यूँझाइ नै दिए ॥
उनले देहको आफ्नो निद्रा आलस्य आदि र ।
थकाइ पनि पन्छाए आफुमाको भए भर ॥
ती कालिन्दी-नदीमा गै उठेर अब यी सब ।
स्वच्छ शीतल पानीमा सके स्नान-क्रियातक ॥
ऋषिले मुनिले नाना सेविएको निरन्तर ।
बाटो ली चित्रकूटैको हिंडी हाले सरासर ॥
त्यहाँ बाट हिंडेका यी रामले साथ भाइको ।
पद्म जस्तै हुने आँखा सीतासँग भने यसो ॥
विदेहराजकी पुत्री ! वसन्त-ऋतुबीच यो ।
झरिझुप्प फुलेका यी हेर ! शोभा पलाँशको ॥
यी आफ्नै फूलले गर्दा पुष्पमाला मनोहर ।
देखिन्छन् पैन्हिए जस्ता, छ सीते ! कति सुन्दर ॥
फेरि यी फूलका आफ्ना र-राता कान्तिले गरी ।
देखिइन्छन् बले जस्तै ज्योति फ्याँकेर राम्ररी ॥
भल्लातक तथा बिल्व आदिका वृक्ष हेर ती ! ।
भारले फल-फूलैका झुकेका छन् स्वयं कति ? ॥
बुझ्यौ ! पर्छ निकै गाऱ्हो यहाँ आउनु मानिस ।
यसैले उपभोगादि भएन यिनको सब ॥

१३

१४

यस अर्थ यिनै द्वारा सजीलै सँग जीवन ।
धान्न हामीहरू सक्छौं सीते ! बेस छ यो वन ॥
अब लक्ष्मणमा भन्छन् बावु लक्ष्मण ! हेर ती ! ।
ठूल्ठूला मह्का चाका झुण्डिएका यहाँ कति ? ॥
पर्वतै भर छन् बावु ! यिनमा एक एकमा ।
पाँच धार्नी बढी होलान् मह जोख्यो भने यहाँ ॥
यी मौरीहरुले सारा घुमेर वन राम्ररी ।
चुसेर रस पुष्पैका जम्बा पारे श्रमै गरी ॥
कराँउदछ दात्यूह पत्ती हो जुन चातक ।
जवाफ दिन्छ जस्तो छ त्यो मुजूर यता अब ॥
वनका भाग यी ज्यादै राम्रा छन्, छन् मनोहर ।
वर्षैका फूलले गर्दा ढाकिंदोछ सबैतिर ॥
छन् अग्ला टाकुरा राम्रा गिरिका चित्रकूट यो ।
हात्तीका यूथ हिंड्दैछन्, बोल्छन् नाना चरा अहो ! ॥
सुन बावु ! जहाँ होलिन् पृथिवीसम्म सुन्दर ।
होलान् फेरि जहाँ राम्रा वृक्ष घेर मनोहर ॥
वन-काननमा त्यस्तो गिरि यो चित्रकूटको ।
पवित्र ठासमा हामी घुमौला खुश भै बडो ॥
सीता साथ दुवै भाई यसरी पैदलै हिंडी ।
पुगे राम्रो मनै हर्ने गिरिमा चित्रकूट त्यो ॥
थियो पर्वत यो नाना पत्तीका गण शोभिने ।
मीठो पानी हुने घेर फल-मूल निकै हुने ॥
नजीकै यसको पुग्दा फेरि श्रीरामले भने ।
राम्रो स्वभावका बावु ! गिरि यो छ मनै लिने ॥
शोभा बढाँउछन् यस्को नाना वृक्ष-लता यता ।
फल-मूलादिले ज्यादै रमणीय छ जो सदा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यस हालतमा बाबु ! म त ठान्छु यसो सुन ! ।
यहाँ बस्ता मजै साथ सक्तछौं धान्न जीवन ॥
महात्मा मुनि बस्ताछन् यस पर्वतमा निकै ।
तस्मात् यहीं वसौं हामी बस्न योग्य छ ठाम यै ॥
गरी निश्चय यो सीता-राम-लक्ष्मण यी अव ।
पुण्य आश्रममा यौटा हात जोड्दै पसे तव ॥
त्यसमा बस्तथे साक्षात् वाल्मीकि भगवान् मुनि ।
गरे गै पाउमा पर्नी सबले दर्शनै अनि ॥
राम-लक्ष्मण-सीताको शुभागमनले अब ।
धर्मको तत्व जानेका ती महर्षि भए खुश ॥
देख्तै यसो भनी हाले आओ ! आओ! छ स्वागत ।
बाबु हो ! बस लौ ! भन्दै पारे पूजित-सत्कृत ॥
महान् बाहु हुने राम जो समर्थ थिए अति ।
बढे अघि, गरे विन्ती आफ्नु भन्ने कुरा जति ॥
अब लक्ष्मणमा भन्छन् बलीया बेस सुन्दर ।
ठूल्ठूला काठ ल्याएर रच यौटा कुटी स्थिर ॥
राम्रो स्वभावका बाबु ! मलाई किन हो किन ? ।
मन लाग्यो यहीं वस्न, बसौं ठाम छ उत्तम ॥
दाजुका यी कुरा सुन्दा सुमित्रासुत-भाइले ।
गरे आज्ञा भए जस्तो तुरुन्तै अनि फूर्तिले ॥
अनेकौं रुख काटेर ल्याए लक्ष्मणले पनि ।
पर्ण-शाला-कुटी यौटा रची हाले वहाँ अनि ॥
भित्र-बाहिर काठैको भित्तो थ्यो त्यसमा यता ।
माथि छाइ दिएको थ्यो टन्किन्थे लहरा उता ॥
वर्षा खेप्ने थियो राम्रो हेर्दा त्यो झुपडी-कुटी ।
गरे लक्ष्मणले सेवा यसरी मन-चित्त दी ॥
देखे पछि कुटी राम्रो रचेको रामले तव ।
त्यस्ता भाइकनै आफ्ना भने यस्ता कुरा अव ॥
पवित्र मृगको मासु चाहियो ल्याउ लक्ष्मण ! ।
कुटीको यो अधिष्ठाता देवको गर्न पूजन ॥
दीर्घायु हुन खोज्नेले बस्तामा घरमा नयाँ ।
वास्तु-शान्त्यादिका कर्म गरेरै बस्नु पर्दछ ॥
जाउ ! ल्याउ छिटै मारी यौटा मृग तिमी अतः ।
शास्त्रको विधि हो बाबु ! अवश्यै गर्नु पर्दछ ॥

४३

४४

राम्रो दृष्टि भएका छौ देख्छौ श्रेय, तिमी सदा ।
यस अर्थ पनी बाबु ! धर्म नै संझ सर्वथा ॥
शत्रुका वीर मार्ने ती भाइले अव लक्ष्मण ।
सुने यो दाजुको आज्ञा भने जस्तै गरे पुनः ॥
मृग बोकेर आएका उनमा रामले भने ।
पकाउ अव यल्लाई अग्निमा प्रिय बाबु ए ! ॥
यो कुटीका अधिष्ठाता देवको होम आदिले ।
गरौं हामीहरू पूजा यसैले अव प्रेमले ॥
राम्रो स्वभावका बाबु ! गर चाँडो तिमी अव ।
यही मुहूर्त राम्रो छ दिन हो ध्रुवसंज्ञक ॥
मृग त्यो मारि ल्याएको पवित्र जुन थ्यो अव ।
पकाए अग्निमा वल्दो स्वयं लक्ष्मणले सव ॥
अनि पाके पछी राम्रो सुकेको कृष्ण त्यो मृग ।
ठिक्क भो भनि भाईले दाजुलाइ भने तव ॥
देवझैं तेजिला दाजु ! यो कृष्ण-मृगलाइ ता ।
पकाएँ राम्ररी मैले अङ्ग-प्रत्यङ्ग सम्म ता ॥
ती वास्तुदेवतालाई दिन यो हवनै गरी ।
कुशलै होइ बक्सिन्छ, होमी बक्स्योस् यथाविधि ॥
भएका गुण सम्पूर्ण नुहाए रामले अव ।
जप आदि गरे फेरि जान्दथे जो स्वयं तव ॥
मन्त्रको जप-पाठादि गरे नियमपूर्वक ।
संक्षिप्त विधिले राम्रो वास्तु-यज्ञ सके सव ॥
संपूर्ण देवता डाकी गरी होम पवित्र भै ।
पसे पर्णकुटी भित्र राम कृत्य गरी सवै ॥
अतुल्य नै थियो तेज रामको देहमा तव ।
निकै आनन्द, आल्हाद भयो मन भरी अव ॥
बलि-औ वैश्यदेवादि गरे कर्म वहाँ पसी ।
रुद्र औ विष्णु-सम्बन्धी सके याग पनी पछि ॥
त्यो वास्तु-यज्ञमा पर्ने आँउने हुन, दोषको ।
शान्तिका निम्तिमा नाना गरे मङ्गल-पाठ त्यो ॥
नदीमा गै नुहाएर विधिपूर्वक रामले ।
गायत्री-जप-पाठादि अघि झैं न्यायले गरे ॥
पर्ने गृहस्थमा दोष जो छन् पाँच थरी सव ।
शान्ति गर्न, गरे फेरि कर्म ती बली आदिक ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
कुटी-आश्रमको आफ्नो अनुरूप र ठिक्कको ।
बनाए रामले फेरि वहाँ सुन्दर ठाम त्यो ॥

६२
दिक्पालहरुमा आठै बलि आदि दिने वहाँ।
वेदि स्थल बनाए ती हेर्दा राम्रा थिए जहाँ॥

६३
गणेश आदिका राम्रा चैत्यस्थान रचे पुनः ।
विष्णु इत्यादि द्यौताका भो आयतन स्थापन॥

प्रदेशमा सुन्दर ठिक्को यो थियो निकै चारु कुटी बनेको ।
थ्यो छाइएको तरु-पत्रले ती पिर्दैनथ्यो कत्ति हुरी र आँधि॥

सीता तथा लक्ष्मण राम तीनै पसे त्यसैमा अब भित्र बस्नै ।
सभा-सुधर्माबिच देवता ती पस्छन् जसोरी, भइ ठिक ज्यादि ॥

रमाइलो पर्वत चित्रकूट हुँदा थियो सुन्दरता अटूट ।
मन्दाकिनी-माल्यवती नदी थिन् भै तीर्थ नाना शुभ-घाट थथिन्॥

अनेक पक्षी-पशु भै दिनाले थिन् सेविएकी खुश भै उनीले ।
छुट्ता अयोध्या-पुर दुःख जो थ्यो बिर्से यिनीले अब पाइ यस्तो ॥
६७

इति छप्पन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सन्ताउन्नौं सर्ग

मन्त्री-सुमन्त्रको अयोध्यापुरमा प्रवेश

१

यता श्रीराम गङ्गाको पुगेमा तट दक्षिण ।
निषादराज गुहको दुःख-व्याकुल भो मन ॥
मन्त्री सुमन्त्रका साथ धेरै बेर वहीं बसी !
कुरा-कानि गरी आफ्नो घरैतिर गए पछि ॥
प्रयाग पुग्नु श्रीराम, भरद्वाज महर्षिको ।
जानु आश्रममा त्यस्तो, हुनु सत्कार योग्यको ॥
चित्रकूटतिरै जानु वहाँ बाट पनी पुनः ।
ती गुप्तचरले देखे गुहका थे वहाँ जुन ॥
आई वृत्तान्त त्यो सारा गुहमा आफ्नु मालिक ।
एकेक गरि देखेको सुनाए उनले तब ॥
थापाए यो कुरा सारा गुह बाट सुमन्त्रले ।
अयोध्या जानको लागि उनी साथ विदा भए ॥
श्रेष्ठ घोडाहरू त्यस्ता रथमा जोतिए अब ।
हिंडी हाले उनी किन्तु थियो मनभरी दुख ॥
आए बाटा भरीका ती नदी-नाला सरोवर ।
वन-कानन हेर्दै यी राम्रा राम्रा सुगन्धित ॥
बाटामा आँउदा जो जो पर्थे नगर, ग्राम वा ।
भै सावधान हेर्दै ती छिटै आइ पुगे यता ॥
साँझ साँझ हुँदा दोश्रो दिन आइ पुगे उनी ।
त्यो अयोध्यापुरीभित्र, साह्रै फुङ्ग थिइन् यिनी ॥
सुख-आनन्द क्यै त्यस्तो थिएन नगरीभर ।
चकमन्न थियो सारा शून्य-सान्य सबैतिर ॥
पुरीको चाल देख्ता यो भित्र भो मन दुःखित ।
चिन्ता गर्न उनी लागे अब भै शोक-पीडित ॥
हरे! के यो भयो यस्तो? के त राम-वियोगको ।
तापको दुःखको ज्वाला दन्कियो पुरभित्र यो ? ॥

१३

१०

हात्ती-घोडा-मनुष्यादि राजाका साथकी पुरी ।
भई स्वाहा ! अयोध्या के त्यही शोकाग्निकी परी? ॥
चिन्ता गर्दै उनी यस्ता घोडाले हाँकिदै छिटा ।
पुरको द्वारमा पुग्दै पसे भित्र भई छिटा ॥
सुमन्त्रलाइ देख्तैमा वहाँ जम्बा भए जन ।
आए शयौं, हजारौं ती पुरवासीहरू पुनः ॥
भन लौ अब ए मन्त्री ! राम्रा श्रीराम छन् कहाँ ? ।
दौड्न लागे त्यसो भन्दै उनको रथ साथमा ॥
भने उनीहरूलाई अब मन्त्री-सुमन्त्रले ।
गङ्गाको तटमा छोडें रामलाइ, म फर्किएँ ॥
धर्मनिष्ठ-महात्मा ती रामले जा ! भने पछि ।
फर्केको हुँ, गरुँ के म नाघ्न सक्थें र के गरी ? ॥
गङ्गा पार भए तीनै व्यक्ति भन्ने कुरा सुनी ।
मुखै भर भयो आँशु सम्पूर्ण जनको अनि ॥
लामो सास लिंदै फेर्दै-भन्न लागे वहीं अनि ।
हामीलाई छ धिक्कार, छ धिक्कार ! अहो ! भनी ॥
भन्दै हा राम ! हा राम ! गर्दै करुण-क्रन्दन ।
लागे पुकार्न ती सारा जनता आर्त भैकन ॥
सुने सुमन्त्रले स्पष्टै जनताका कुरा सब ।
ठूलका ठूल भै जम्बा भन्दथे जो यसो तब ॥
ठगियौं, मारियौं सारा अब हामीहरू हरे ! ।
प्यारा श्रीरामलाई ती सक्तैनौं देख्न क्यै गरे ॥
दान-यज्ञ-विवाहादि ठूल्ठूला काम-काजमा ।
तथा समाजमा बेला-बेलाका चाडबाडमा ॥
धर्मात्मा रामलाई ती जुन हुन्थे उपस्थित ।
अब कैल्यै पनी हामी देख्ने छैनौ हरेशिव ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
दिनु पर्दछ कल्लाई के कुरो उपयुक्त छ ।
के गर्दा कसको प्यारो हुन्छ, पाँउछ वा सुख ? ॥
कुरा शोची सबै यस्ता बाबु जस्ता भईकन ।
गर्दथे राम आफैं ती पुरीको नित्य पालन ॥
सुमन्त्र अघि बढ्दैथे त्यसरी रथमा चढी ।
गरी बजारको बाटो सुने स्त्रीका अवाज यी ॥
स्त्रीजाति पुरवासीका अ-आफ्ना झ्यालमा बसी ।
विलाप गर्दथे पाक्तै रामका शोकबाट ती ॥
वस्त्रले मुख छोपेर जान्थे यी राजमार्ग भै ।
जहाँ राजा दशरथ बस्थे, दर्बारतर्फ त्यै ॥
राज-दर्बारमा छोटै पुगे अब उनी अनि ।
ओर्लिए रथ बाटै त्यो, गए बढ्दै हिंडी उनी ॥
असंख्य जनको भीड थियो भित्र जताततै ।
अब ड्यौठीहरू आए सातोटा नाघ्दिए सबै ॥
अट्टालिका भएका ती धनीका घरमा तथा ।
हुने सात तला अग्ला विमान-घरमा उता ॥
राजप्रासादमा सम्म बसेका स्त्रीहरू यता ।
देखी सुमन्त्र आएका चिच्याए जोडले तदा ॥
हाहाकार उठी छाल्यो नदेख्ता रामलाइ ती ।
सुके यी सब तत्काल भित्र दुःखित भै अति ॥
उनका नेत्र ठूल्ठूला न हुने मल, गाजल ।
आँशुका बेगले सारा भए टल्पल ढल्पल ॥
न हुने भाव क्यै पत्तो छोड्दो लत्तो लिई सुर ।
लागे अ-आफुमा हेर्न भई आर्त र बेसुर ॥
राजप्रासादमा भित्र उनी पुग्थे जहाँ तहाँ ।
सुन्दथे राज-रानीका मन्द आर्त कुरा वहाँ ॥
वियोग रामको पर्दा झर्दा शोक अचानक ।
त्यसैले भित्र पाक्तै ती गर्थे यस्तो कुरातक ॥
यी सुमन्त्र गएका हुन् राम साथ लिई वन ।
तर एक्लै यिनी आए हेर ! राम नलीकन ॥
कौसल्या-महिषीलाई गर्ने करुण-क्रन्दन ।
गएर विन्ति गर्लान् के यिनी अब वहाँ पुनः ? ॥
ठान्दीछु मत यस्तो कि जीवनै दुःखपूर्ण छ ।
सजीलै यसको नाश हुन्न किन्तु, छ निश्चित ॥
४३

४४
यसैले हकको आफ्नो राज्य छोडेर जङ्गल ।
गएमा पनि ती राम बाँच्तछिन् अहिलेतक ॥
सुन्दै यी राज-रानीका सत्य-सत्य कुरा अब ।
बलेझैं शोकले सूत दरबारै पसे तब ॥
ड्यौढी भित्र पसे आठौं देखे अब सुमन्त्रले ।
सेतो महलमा भित्र बसेका नृप जो थिए ॥
पुत्रको शोक पर्दामा राजा दुःखी थिए अति ।
दीन, हीन भएकाथे आतुरै पनि थे अति ॥
सुमन्त्रले वहाँ बस्ने राजाको नजिकै गई ।
अभिवादन टक्र्याए पहिले नम्र भै झुकी ॥
भने श्रीरामका वाक्य सन्देशमय ती सब ।
भने जस्तै गरी सारा राजामा उनले तब ॥
कुरा सुन्दै गए राजा चूपचाप भई सब ।
परन्तु उनको चित्त पग्लियो भइ व्याकुल ॥
वियोग रामको पर्दा पिर्दामा शोकले अति ।
सकेनन् खप्न राजाले लडे मूर्च्छै परी पछि ॥
पृथ्वीका पति यी राजा मूर्च्छा परि लडे पछि ।
खोपीका सब ती रानी भए पीडित झन् अति ॥
लडेको भुँइमै देख्ता वहाँका जनले पुनः ।
दुबै हात उठाएर गरे करुण-क्रन्दन ॥
सुमित्रा साथ ली आफैं कौसल्या महिषी बढी ।
पतिलाई उठाइन् र भनी हालिन् यसो पछि ॥
अप्ठ्यारा दुष्करै काम गर्ने श्रीरामका थिनी ।
दूत हुन्, वन गै आए ल्याए, हुन् क्यै कुरा पनि ॥
महाभाग प्रभो ! तस्मात् भनि बक्सिन्न क्यै किन ।
भो अन्याय यही ठूलो पुत्रमा दिनु नै वन ॥
गरी अन्याय यो नाथ ! मानि बक्सिन्छ लाज के? ।
सत्यको पुण्य होस् प्राप्त प्रभुमा पतिदेव ! ए ! ॥
गरि बक्सिन्छ ता शोक यसरी प्रभु झन् भने ।
प्रभुकै साथ नाशिन्छन् सहाय हुन आँउने ॥
जसको डरले गर्दा यी सुमन्त्र सँगै प्रभो ! ।
सोधि बक्सिन्न क्यै हाल सुपुत्र प्रिय रामको ॥
ती कैकेयी महारानी यहाँ छैनन् तसर्थ ल ! ।
गरी बक्स्योस् कुराकानि सबै निर्भयपूर्वक ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

महाराजसँगै यत्ति भने पछि यतातिर।
कौसल्याको गलै अड्क्यो झरी गो आँसु बर्बर॥
वियोग-शोकले गर्दा भइन् व्याकुल, दुःखिनी।
लडिन् तुरुन्त पृथ्वीमा कौसल्या महिषी अनि॥

६२

६३

विलाप त्यसरी गर्दै लडेकी उनलाइ र।
ती आफ्ना पति-राजाको देख्ताका स्थिति दुर्धर॥
सम्पूर्ण नृपका रानी खोपी भित्र थिए जति।
वसी वरिपरी घेरी रुन लागे भई दुखी॥

६४

६५

निस्केर अन्तः पुरबाट त्यो ध्वनि जो आर्त-पीडामय थ्यो स्वयं तव।
भै व्याप्त गुञ्ज्यो सवले सुने वहाँ देखे पनी वृद्ध—जवानले सव॥
कोकोहलो छुट्न गयो सबै जन थाले रुनै स्त्रीहरू साथ लीकन।
पुरी-अयोध्या अव शोकले दृढ भइन् हरे! व्याकुल भित्र बाहिर॥

६६

इति सन्ताउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अन्ठाउन्नौं सर्ग

सुमन्त्रले महाराजलाई श्री रामको सन्देश सुनाँउनु

१

राजामा अब भो होश मोह-मूर्च्छा हट्यो सब ।
चित्त शान्त भयो राम्रो, पैलेको स्थिति भो सब ॥
हाल-चाल सबै सुन्न रामको प्रिय-पुत्र ती ।
नजीकै नृपले डाके सुमन्त्रकन सारथि ॥
सुमन्त्र अब विस्तारै अगाडि नृपको गए ।
राजाको मान-मर्यादा राख्न जो हात जोड्दथे ॥
त्यस बेला थिए राजा चिन्तामै मग्न शोकले ।
रामको शोच गर्थे ती पीरले व्याकुलै थिए ॥
भर्खरै पक्रि ल्याएको वनबाट कुनै गज ।
आफ्नो मालिक संझेर बिरामी नै भए ठिक ॥
लामो सास लिंदैं फेर्दै शोच्तथे नृप ती यता ।
भै सकेका थिए बूढा, पाक्तथे तापले उता ॥
ध्यान श्रीरामको गर्दा थिए अस्वस्थ झैं उनी ।
अब आँखा परी हाल्यो राजाको सूतमा यिनी ॥
धूलै धूलो थियो टन्न देहैभर सुमन्त्रको ।
थियो मुख भरी आँसु दीन-हीन थिए बडो ॥
अब यस्तो अवस्थामा राजाले अति आर्त भै ।
उनी सँग भनी हाले कुरा सोधेर रामकै ॥
सुमन्त्र ! भन धर्मात्मा श्रीराम अब के गरी ।
कहाँ गएर बस्ता हुन् वृक्षको फेदमा परी ? ॥
हुर्काएका र पालेका हुन् ठूलो सुखबीच ती ।
मेरा प्यारा उनै राम के खालान् वनमा पसी ? ॥
सुमन्त्र ! भोग्न दुःखादि छैनन् जो योग्य वास्तव ।
तिनै श्रीरामले अैले दुःख पाए हरेशिव ! ॥
जो राजोचित शय्यामा सुत्न योग्य थिए अति ।
भूमिमा कसरी अैले सुत्ता हुन् नृपपुत्र ती ? ॥

१३

१४

भएर सबका नाथ भई अब अनाथझैं ।
घुम्दा हुन् वनमा राम, कसरी खप्नु यो सबै? ॥
गर्दामा जसले यात्रा हिंड्दथे पछि पैदल ।
रथी, घोडचढी, हात्ती चढी सैन्य पनी सब ॥
त्यस्ता राम हरे ! आज जनहीन र शून्य त्यो ।
गएर वनमा सूत ! बस्ता हुन् कसरी अहो? ॥
वन हो अति डर्लाग्दो छन् वहाँ पशु हिंसक ।
बस्तछन् कृष्ण-सर्पादि बाघ-भालू पनी सब ॥
गएर वनमा त्यस्तो त्यसको आश्रयै लिई ।
सीताको साथमा बस्लान् कसरी राजपुत्र ती? ॥
अत्यन्त सुकुमारी हुन् सती सीता तपस्विनी ।
गइन् त्यो रथ छोडेर कसरी पैदलै अनि ? ॥
उनलाई लिई साथ पछि राजकुमार ती ।
कसरी पैदलै लागे रथ त्यागी बढी अघि? ॥
पसेका मन्दरैभित्र भै अश्विनीकुमार झैं ।
दुवै पुत्र पसे होलान् कसरी वनभित्र त्यै ? ॥
हौ सुमन्त्र ! तिमी धन्य, कृतकृत्य भयौ तिमी ।
दुवै छोराकनै मेरा देख्यौ जुन वहाँ पनि ॥
पुगेर वनमा मन्त्रिन् ! भन लौ राम्ररी अब ।
तिमी साथ भने के के मेरा श्रीरामले तब ? ॥
प्रिय लक्ष्मण भन्थे के तिमी संग वहाँ पुनः ।
मिथिलेशकुमारी ती सीता के भन्दथिन् भन ? ॥
भन सूत ! तिमी मेरा राम के गर्दथे वहाँ ? ।
सुत्थे, बस्थे कहाँ फेरि के खान्थे, पिउँथे कहाँ ? ॥
स्वर्गबाट खसेका ती ययाति नृपले अहो ! ।
साधुको सङ्ग मिल्नाले पाएथे सुख फेरि त्यो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्यो ठीक म पनी सूत ! तिम्रा श्रीमुखले अब ।
सुनेर रामको हाल बाँच्छु पाएर नै सुख ॥
राजाले यसरी सोद्धा चुहिई आँसु रोकिंदो ।
अस्पष्ट वाक्यमा लागे सूत भन्न अनी यसो ॥
प्रभो ! श्रीरामले आफ्नो धर्म पाल्दै निरन्तर ।
यस्तो आज्ञा भएको छ झुक्तै जोडी दुवै कर ॥
तिमीले भन्नु गै सूत ! महात्मा वन्दनीय र ।
आत्मतत्वज्ञ धर्मात्मा बुवामा भइ सुस्थिर ॥
मेरा वचनद्वारा यी पद्म-सुन्दर पाउमा ।
टक्र्याँउछु स्वयं पैले यो प्रणाम झुकी वहाँ ॥
सबै मुमाहरूलाईं ती खोपी भित्रका पछि ।
यथोचित प्रणामादि टक्र्याँउछु झुकी झुकी ॥
मेरो आरोग्यको हाल सव भन्नु विशेषले ॥
पछि मेरी मुमा रानी कौसल्यालाइ प्रेमले ।
मेरो प्रणाम टक्र्याई अनि विन्ती चढाँउनु ।
राम्ररी धर्म पाल्दैछु, पर्दैन पिर क्यै लिनु ॥
मेरो सन्देश यो फेरि विन्ती गर्नु मुमाकन ।
ए मुमा ! पालि बक्सेला स्वधर्म स्थिर भैकन ॥
पुगेर अग्निशालामा यथासमयमा मुमा ! ।
राम्ररी गरि बक्सेला अग्नि-सेवन हे वहाँ ॥
महाराज बुवालाई देवतै संझिईकन ।
हजूर गरिबक्सेला सर्वदा पाद-सेवन ॥
अभिमान तथा मान त्याग्दिएर दुवै मुमा ।
मिलेर बसि बक्सेला अरू मातासँगै वहाँ ॥
कैकेयीमा-मुमा ! फेरि बुवाको अनुराग छ ।
श्रेष्ठ संझी उहाँलाई सत्कारै गर्नु योग्य छ ॥
कुमार भरतै माथि राजामा योग्य लायक ।
व्यवहार गरी बक्स्योस्, यसैमा अब श्रेय छ ॥
गर्न आदर छन् योग्य राजा सानै भए पनि ।
राम्ररी संझि बक्स्येला राजधर्म छ यै भनी ॥
भाई-भरतमा भन्नु छ मेरो कुशलै भनी ।
त्यसको साथ-साथैमा पछि भन्नु यसो पनि ॥
प्रिय भाई ! तिमी सारा आफ्ना माताहरू प्रति ।
बस्यौ है ! एकनासै भै' त्यो न्यायोचित वृत्ति ली ॥

४३

४४

इक्ष्वाकु-कुलमा राम्रो दिने आनन्द वास्तव ।
महान् बाहु हुने मेरा भाइमा भन्नु यो तव ॥
पदमा युवराजाको चढे पछि तिमी पुनः ।
भएको राज्यमा राज बुवाको गर्नु रक्षण ॥
राजा बूढा भए भन्दै कैले पनि उहाँकन ।
न रोक्नु क्यै कुरामा है ! न खोस्नु शुभ आसन ॥
युवराज पदैबीच राम्रो सँग टिकीकन ।
बुवाको पाल्नु है ! आज्ञा यसरी धान्नु जीवन ॥
फेरि यत्ति भनी राजन् ! चुहाइ भल आँसुको ।
भन्न यो भरतैलाइ सन्देश दिइ बक्सियो ॥
बुझ्यौ ! भरत ! कौसल्या मुमाको छ ममाथि यो ।
अत्यन्त-स्नेह, हेर्‍यौ है ! तस्मात् आफ्नी मुमा सरि ॥
लामा लामा हुने बाहु ठूलो कीर्ति हुने तथा ।
रामले भनि बक्सेको ल्याएको यत्ति हो कुरा ॥
भन्दा भन्दै ममा यत्ति रामले पद्मनेत्रले ।
बर्षाई बक्सियो राजन् ! आँसुका भल जोडले ॥
परन्तु त्यस वेलामा भने लक्ष्मणले यसो ।
लामो सास लिंदै फेर्दै रिसाएर निकै प्रभो ! ॥
सुमन्त्र भन के त्यस्तो दोष वा अपराधमा ।
निकालि बक्सियो राम राजपुत्रकनै यहाँ ॥
कैकेयीको शुभादेश सुन्ना साथ तुरुन्त नै ।
प्रतिज्ञा गरि बक्स्यो त्यो राजाले पूर्ण गर्न नै ॥
योग्य होस् वा अयोग्यै होस् बुवाको काम त्यो उता ।
व्यर्थैको कष्ट भोग्छौं यो त्यल्ले हामीहरू यता ॥
दाजु-रामकनै खेद्नु यसरी वनवीच यो ।
कैकेयीमा बढी लोभ त्यसैको हेतु बाट भो ॥
बक्सिएको बुवा बाट वरको हेतुले कि होस् ।
सोह्रै आना भयो पाप, ती दुवै पक्ष जे हओस् ॥
दाजु रामकनै यस्ता लखेट्ने वन काम यो ।
इच्छा बाट भएको होस् बुवाको, या त दैवको ॥
परन्तु त्याग्नुमा यस्ता दाजुलाइ म क्यै पनि ।
पाँउन्न कारणै खोज्दा दोष देखितन क्यै पनि ॥
तुच्छ बुद्धि लिई यद्वा न भेट्ता बुद्धिबाट त्यो ।
योग्यायोग्य न शोचेर दिइयो वनवास यो ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

विरुद्ध शास्त्रको यस्तो गरियो काम जो अहो ! ।
अवश्यमेव त्यो हुन्छ स्थान निन्दा र दुःखको ॥
अयोध्यापुरका स्वामी राजामा अब क्यै पनि ।
मेरो सम्बन्ध नै छैन' छुट्यो पितृत्व त्यो पनि ॥
मेरो निमित्तमा मन्त्रिन् ! अब ता एक राघव ।
दाजु नै भइ बक्सिन्छ पिता, स्वामी र बान्धव ॥
गर्ने हित भलो नित्य सबैको प्रिय वास्तव ।
श्रीराम भइ बक्सिन्छ मान्दछन् दुनियाँ सब ॥
यस्ता पुत्र यहाँलाई निकाल्दा बनमा हरे ! ।
दुनियाँ ती उहाँसाथ रिफिएलान् र के गरे ? ॥
विश्वका जनको सारा जसमा मन रम्दछ ।
हुन् त्यस्ता राम धर्मात्मा, यिनैलाइ निकाल्नु छ ॥

६६

६७

विरोध यसले पार्छ समस्तै विश्वसाथ र ।
भएर कसरी राजा राज्य गर्ने अनी स्थिर ॥
उता राज भएकोथ्यो सीता जनकनन्दिनी ।
त्यसै जिल्ल परी राजन् ! भई रात्रै तपस्विनी ॥
देखिन्थ्यो त्यस वेलामा भूत लागे सरी अहो ! ।
ठिङ्ग भै लिइ बक्सिन्थ्यो लामो सास छिटो छिटो ॥
थिएन देखि बक्सेको दुःख भन्ने कुरा हरे ! ।
त्यस्ती कीर्ति हुने देवी सीताले, अनि गर्नु के ? ॥
कष्टले रोइ बक्सिन्थ्यो पतिकै दुःखले वहाँ ।
उहाँले भनि बक्सेन क्यै कुरो पनि ता समा ॥
देखी म हिंड्न लागेको सुकेको मुख लीकन ।
पति-रामतिरै हेरी रोइ बक्स्यो उहाँ पुनः ॥

७२

७३

जोडी दुवै हात यता त्यही सरि चुहाँउदै आँसु मुखै भरी गरी ।
पाएर रच्या भुज बाट भाइको श्रीराम ठिङ्गै भइ राज भो प्रभो ॥
रुँदैरुँदै धर्धर त्यै सरी अनि सीता पनी भै दिलकी महान् धनी ।
भई रह्यो राज वहाँ प्रभो ! तब हेरी मलाई र नरेन्द्रको रथ ॥

७४

इति अन्ठाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्साठी सर्ग

महाराज दशरथको विलाप

१

बनभित्र सवारी भो जब राम नरेश्वर ! ।
राजपुत्र दुवैलाई अनि जोडें दुवै कर ॥
पर्दा वियोगको दुःख बोकी हृदयबीच यै ।
यता आँउनको निम्ति चढें म रथबीच त्यै ॥
लाग्दा फर्कन त्यो वेला मेरा घोडाहरू प्रभो ! ।
छोड्न नै आँसु तात्तातो लागे बरररै अहो ! ॥
बाटोमा ठिङ्ग उभिन्थे यता आँउनमा कति ।
मनै गर्दैनथे राजन् ! पिरिन्थे मन्मनै अति ॥
बसें घेर दिनै सम्म गुहका साथमा वहाँ ।
रामले डाकिवक्सेला भन्ने आशा बढी ममा ॥
प्रभुका राज्यमा राजन् ! महान् संकष्टबाट यो ।
वृक्षसम्म पनी सारा दुब्लाए अति नै प्रभो ! ॥
फूलका साथ-साथैमा फल, अङ्कुर, कोपिला ।
सबका सब राजेन्द्र ! ओइलाइ सके यता ॥
सरोवर-नदी-वापी-कूवाका जल सम्म ती ।
त्यसै तातिसके सारा, तताए सरि भै अति ॥
यता बर-बगैंचाका वन-काननका अनि ।
पात जत्ति सुकेका नै भैसके रुख ती पनि ॥
आहार खोज्न हिंड्दैनन् वनका जीव-जन्तु ती ।
झिङ्गर र सर्पादि बस्छन् झोक्राँउदै अति ॥
वियोग रामको पर्दा शोकले भई पीडित ।
राजेन्द्र ! बन त्यो सारा निःशब्द छ, उदास छ ॥
मैला-धमिलिएका छन् नदीका जल निर्मल ।
फैलेका उनमा राम्रा गले कमलका दल ॥
यता तलाउका त्यस्ता सुके कमल सम्म ती ।
भै सके तिनमा बस्ने माछा, पक्षी, मरे सरि ॥

१३

१४

उम्रने जलमा पुष्प, स्थलका फूल माल्यका ।
शोभिन्नन् अघिको जस्तो दिन्नन् फल सुगन्धि ता ॥
अयोध्यापुरका सारा भए उद्यान शून्य ता ।
पक्षीहरू यहाँ बस्ने गए राजन् ! कता कता ॥
प्रभो ! बर-बगैंचा ती यहाँका अघि झैं अब ।
म त देख्तिन है कत्ति दिने आनन्द वास्तव ॥
अयोध्याभित्र पस्ता म पहिले सरि भै खुश ।
कसैले पनि टेरेनन्, गरेनन् क्यै कुरातक ॥
लामो सास लिंदै पाक्तै न देख्ता रामलाइ ती ।
बस्छन् झोक्राँउदै सारा सुइय्य! खुइय्य! गरी अति ॥
न लिई राम फर्केको देख्ता त्यो प्रभुको रथ ।
झारी आँसु परैबाट दिक्क भै फर्किए सब ॥
अट्टालिका भएका ती धनीका घरमा तथा ।
हुने सात तला अग्ला विमान-घरमा उता ॥
राजप्रासादमा सम्म बसेका स्त्रीहरू यता ।
रित्तै त्यो रथ फर्केको देख्ता चिच्याँउथे ! तदा ॥
हाहाकार उठी हाल्यो न देख्ता रामलाइ ती ।
सुके थी सब तत्काल भित्र दुःखित भै अति ॥
उनका नेत्र ठूल्ठूला न हुने मल-गाजल ।
आँसुका वेगले राजन् ! भए टलपल ढलपल ॥
न हुने भाव क्यै पक्तो छोड्दो लक्तो लिई सुर ।
लागे अ-आफुमा ह्रेर्न भई आर्त र वेसुर ॥
हाम्रा मित्रहरू जो थे, जो थे शत्रु हुने यता ।
थिए तटस्थ जो जो ती उदासीन हुने तथा ॥
यी तीनै थरका व्यक्ति थे बराबर दुःखित ।
मैले देखिन क्यै त्यस्तो यिनमा फरकै तव ॥

२६

२७
थिएन हर्ष क्यै राजन् ! अयोध्याका मनुष्यमा ।
हात्ती-घोडा पन्नी सारा अति दुःखित थे वहाँ ॥
देखिइन्थिन् पुरी ज्यादै मैलेकी आर्तनादले ।
उच्छ्वास-शब्द गर्थिन् जो जनका दीर्घ-सासले ॥
आनन्द-शून्य देखिन्थिन् रामका वनवासले ।
कौसल्या महिषी ठीक दुःखी पुत्रवियोगले ॥
कुरा सुमन्त्रका यस्ता सुने पछि नरेन्द्रले ।
अश्रु-गद्गद-वाणीमा उनीसँग यसो भने ॥
सुमन्त्र ! सुन पापी हो कैकेयी पापपूर्ण त्यो ।
कुलमा देशमा जन्मी लिन्छे पापी-विचार जो ॥
भनाइ त्यसको मानी त्यसकै प्रेरणा हुँदा ।
लिन पाइन सल्लाह कसैको यसमा तदा ॥
बूढा-पाकाहरू दिन्थे राम्रो राय-विचार जो ।
भेट्नै पाइन त्यो वेला, त्यसैले यो अनर्थ भो ॥
आफ्ना भन्ने सुहृत्, मन्त्री, वेद जान्ने सँगै बसी ।
सल्लाह नलिई भ्वाट्ट गरें त्यो मोहमा परी ॥
हरे ! केवल त्यो यौटी स्त्रीको धोको पुऱ्याँउन ।
अनर्थमय त्यो कार्य सबाट हुन गो पुनः ॥
कष्ट आइपऱ्यो यन्नो, पक्कै यो भवितव्य हो ।
अकस्मात् आइ बज्रै को कुलको नाश गर्न यो ॥
सारथे ! कहिल्यै केही यदि तिम्रो भलो हुने ।
गरेको छु भने मैले, मलाइ यसरी रुने— ॥
लग राम भए ठाम चाँडै नै, उनले विना ।
यी प्राण टिक्न गाऱ्है छन्, जाऔं भन्छन् स्वयँ वहाँ ॥
अहिले सम्म यै मेरो आज्ञा चल्छ भने यहाँ ।
रामलाई तिमी ल्याउ फर्काएर छिटै यहाँ ॥
किन ! भन्छौ भने मन्त्रिन् ! छुट्टिई राम बाट त ।
बाँच्नै दुइ घडी सम्म पनि सक्तिन है म त ॥
अथवा अहिले सम्म महान् बाहु हुने उनी ।
निकै टाढा पुगे होलान् न भेटौला स्वयं तिमी ॥
मैलाइ रथमा राखी छिटै लग वहाँ अब ।
गराउ दर्शनै चाँडो रामको सबका प्रिय ॥
कुन्दको फूल झैं राम्रा हुने दाँत, धनुर्धर ।
प्रिय लक्ष्मणका दाजु कहाँ होलान् सुदुर्धर ॥
४३

४४
सीताका साथमा त्यस्ता रामलाइ म राम्ररी ।
देख्न पाएँ भनेमात्र सूत ! बाँच्तछु राम्ररी ॥
लामा लामा हुने बाहु राता नेत्र हुने सदा ।
मणि-कुण्डल पैह्रेका हुने शोभित सर्वदा ॥
प्रिय श्रीरामलाई ती देख्न पाइन ता भने ।
अवश्य पनि जानेछु यमका लोकमा, गुने ! ॥
यो भन्दा दुःखको ठूलो कुरो के अरु हुन्छ र ।
जो म देखितन धर्मात्मा रामलाइ धनुर्धर ॥
यस्तो मर्ने अवस्थामा पुग्दासा पनि ता म ता ।
देख्न पाउन्न जो त्यस्ता इक्ष्वाकुमणि-राम हा ! ॥
हा ! मेरा प्रिय हा राम ! प्रिय लक्ष्मण बाबु ! हा !
हा हा ! तपस्विनी सीते ! मरें अब यसै म हा ! ॥
भई अनाथ जस्तो हा ! बढी दुःख महान् पुनः ।
यसरी मर्न लागें हा ! छैन पत्तो तिमीहरू ॥
तर्न अत्यन्त नै गाऱ्हो शोकको सिन्धुमा डुबी ।
भन्छन् होशै उडेका यी राजा दुःख बढी पनि ॥
सुन ए देवि कौसल्ये ! पर्दा राम-वियोग म ।
शोक-सागरमा यस्तो अब राम्रै डुबें सुन ! ॥
जिउँदै त्यसको पार पुग्न सक्तिन देवि ! म ।
वेग हो जसको ठूलो रामको शोक नै गुरु ॥
बढ्दो विरह सीताको किनारा त्यसको बन्यो ।
निस्कने सास यी लामा तरङ्ग-भुवँरी भयो ॥
यता बलिन्द्र-धारा झैं खसेका वेगपूर्वक ।
प्रवाह आँसुको रानी ! हो मैलो त्यसको जल ॥
दुवै हात यता मेरा चल्नु छर्पट गर्नु नै ।
त्यसमा उफ्रिने राम्रा हुन् माछाका विलास नै ॥
म बाट निस्किएका यी छन् जो करुणक्रन्दन ।
सुन ए रामकी आमा ! हो महान् सिन्धु-गर्जन ॥
यी मेरा छरिएका हुन् जगल्टा त्यस सिन्धुका ।
उम्रेका तीरमा रानी ! सिवालीहरु शोभिवा ॥
बडवानल हो साक्षात् कैकेयी त्यसको बुझ ।
मन्थराका कुरा क्रूर नक्र-ग्राहादि हुन् सब ॥
शोकको सिन्धु त्यो रानी ! यो मेरो वेगपूर्वक ।
बहेको अश्रुधारा नै सिर्जिने हेतु हो बुझ ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
त्यस्तो हत्यारिणी क्रूर कैकेयीले म साथ यै ।
दुइटा वर जो मागी त्यसका तट हुन् दुवै ॥

६२
ए रामकी मुमा रानी। रामको वनवास त्यो ।
हो फैलावट नै ठूलो सिन्धुको शोकरूप यो ॥

६३
साथै हुने लक्ष्मण रामलाइ ती म छेर्न चाहन्छु प्रिये! यहीं बसी ।
परन्तु पाँउन्न म आज यो पनि गऱ्यो न राम्रो अब पाप त्यै बनी ॥

विलाप गर्दै यसरी अनेक यी हुने महान् कीर्ति स्वयं नरेन्द्र ती ।
शय्याविषे डङ्ग भई लडे पछि मूर्च्छै परे शोक बढी बढी त्यही ॥

रघुकुलमणि रामको निमित्त गरि यसरी करुणामयै विलाप ।
दशरथ नृप यी परेर मूर्च्छा पलँग भरी भइ गै गए स्वयं हा !॥

नृप वचन सुनेर राममाता व्यथित भइन् बढि पीर भिन्न ज्यादा ।
अब डर दुगुना भयो उनीमा अघि कम थ्यो जुन पुग्न पूर्णतामा ॥
६६

इति उनान्साठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

साठी सर्ग

सुमन्त्रले महारानी–कौसल्यालाई सम्झाँउनु

१

ती कौसल्या महारानी अब यत्ति भए पछि ।
भूत लागे सरी गर्दै काँपिन् थरर्रै अति ॥
अनि होश उडे जस्ती भई जमिनमै लडिन् ।
पछि यस्तै अवस्थामा सूत साथ यसो भनिन् ॥
सुमन्त्र ! छन् जहाँ राम सीता लक्ष्मण छन् जहाँ ।
पुऱ्याइ हाल लौ अैले मलाइ पनि ता वहाँ ॥
छुट्टिई म उनी बाट अब एक छिनै पनि ।
बाँच्नै सक्तिन हे मन्त्रिन् ! लगी हाल वहीं अनि ॥
भर्खरैमात्र ल्याएको फर्काउ रथ त्यो अब ।
दण्डकारण्यमा चाँडो मलाइ पनि लौ लग ॥
उनीहरू भए ठाम पुग्न पाइनता यदि ।
यमका लोकको यात्रा गर्छु संझ तिमी यति ॥
कौसल्या–महिषीका ती सुने यस्ता कुरा सब ।
मन्त्री सारथिले त्यस्ता हात जोडे स्वयं तब ॥
आँसुको वेग बढ्नाले घुँक ! घुँक !! हुने तथा ।
बोली लर्बरिने बोली विन्ति गर्छन् उनी तदा ॥
छोड्दिबक्स्योस् महारानी! सब यो शोक, मोह हो ।
हो यै व्याकुलता ठूलो व्यर्थको दुःखले हुँदो ॥
किन यस्तो भनिस् , भन्ने परे गर्छु म विन्ति यी ।
राम राज भएकोछ वनमा पीर यी त्यजी ॥
भाइ लक्ष्मण छन् साथै, छन् जितेन्द्रिय झन् उनी ।
धान्ने छन् धर्म जान्ने छन् मान्नेछन् वनमा पनि ॥
दाजु श्रीरामको राम्रो गरी चरणसेवन ।
परलोक सुधार्दै छन् महारानी ! उनी पुनः ॥
छ यता जानकी देवी सीताको मन वास्तव ।
रमेको र सँधै टिक्तो राममा पुरुषर्षभ ॥

१३

१४

तसर्थ घरमा जस्तै त्यो शून्य वनमा पनि ।
घुमिबक्सिन्छ भै तुष्ट भइ ढुक्क सुखी बनी ॥
वनमा राज गर्नाले उहाँको मनभित्र तो ।
खिन्नता दीनता भन्ने देखिन्नन् क्यै अलौकिक ॥
सीताले पहिले देखि गई बस्न प्रवासमा ।
रहेछ जानिबक्सेको, म त संझन्छु यै यहाँ ॥
अयोध्यापुरका आफ्ना गई उपवनैतिर ।
पहिले घुमिबक्सिन्थ्यो जसो गरि निरन्तर ॥
त्यही ठीक महारानी ! त्यो शून्य वनमा पनि ।
जानकी घुमिबक्सिन्छ निकै आनन्दिता बनी ॥
पूर्ण–चन्द्र सरीकै छ उहाँको मुख-मण्डल ।
यता हृदय त्यो फेरि छ उदार महान् अम ॥
पति श्रीरामको साथ त्यो शून्य वनमा पनि ।
खुश भै खेलिबक्सिन्छ वालिका तुल्यकी बनी ॥
सँधै हृदय सीताको राममै लाग्छ, रम्दछ ।
उहाँको जीवनैसम्म पतिको नै अधीन छ ॥
स्थिति यस्तो हुँदा देवि ! पति राम विना हुँदा ।
वनै हुन्छ अयोध्या यो उहाँको निम्तिमा सदा ॥
विदेहनन्दिनी सीता हिंड्दा वस्ता जहाँ वहाँ ।
सोधिबक्सिन्छ देखेका पदार्थ जति राममा ॥
नाना प्रकारका वृक्ष नदीका गति आदि र ।
पुरग्रामादि देख्ता ती सोधिबक्सिन्छ भै स्थिर ॥
नजीकै भइबक्सेका राम-लक्ष्मणलाइ ती ।
सीताले देखिबक्सेमा ठानिबक्सिन्छ यै पछि ॥
म अयोध्यापुरीको ती नजीकै एक कोशमा ।
घुम्न डुल्न हुँ आएकी, यही पर्दछ चित्तमा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सम्बन्धमा म सीताको कुरो सम्झन्छु यत्ति नै ।
भवाट्ट क्यै भनिबक्सेथ्यो कैकेयी-महिषीकनै ॥
मलाइ यस वेलामा बिर्सिएँ ! छैन याद क्यै ।
भूलले यो कुरो निक्ल्यो, छलें झट्ट भने यसै ॥
भनेको उनले वाक्य कौसल्या महिषीकन ।
दिन्थ्यो आल्हाद आनन्द सुन्दा मीठो थियो पुनः ॥
सुनी बक्स्योस् महारानी सीताको मुख-कान्ति त्यो ।
छ चन्द्रकिरणै जस्तो सुरम्य अघिझैं हुँदो ॥
हिंडाइका थकाईले घामले वायु-वेगले ।
खस्केको छैन, क्यै त्यस्तो परेको संभ्रमादिले ॥
उदारहृदया त्यस्ती विदेहेश्वरकी सुता ।
सीताको मलिनै छैन मुखको ज्योति सम्म ता ॥

३२

३३

फक्रेको कमलै जस्तो छ सुन्दर मनोहर ।
पूर्णचन्द्रसरी राम्रो दिन्छ आनन्द भै स्थिर ॥
पद्म-गट्टा सरी राम्रा अझै उज्ज्वल पाउ ती ।
तीमाहुर नपैह्रेता पनिछन् पैह्रिए सरी ॥
अनुराग हुँदा बढ्दो राममा जानकी सदा ।
गहना पैह्रि बक्सिन्छ पाउजेब समेतका ॥
ती त्यस्ती भामिनी सीता अचेल पनि ढँल्किदै ।
हिंडिबक्सिन्छ लीलाले पाउजेब बजाउँदै ॥
पतिका बाहुको त्यस्तो आडपाई वहाँ अहो ! ।
डर क्यै मानिबक्सिन्न बाघ-हात्ती र सिंहको ॥
गर्नु पर्दैन भो तस्मात्, सीता-लक्ष्मण-रामको ।
बारेमा शोक यो, आफ्नो, राजाको पीर सम्म त्यो ॥

३८

३९

सुनी बक्स्योस् महारानी ! रामको सुचरित्र यो ।
सम्पूर्ण लोकमा टिक्ला जरो पारी सँधैं दरो ॥
सीता तथा लक्ष्मण राम तीन यी शोकादि छोडेर प्रसन्न छन् अति ।
महर्षिको मार्ग हिंडी भई स्थिर अडी रहेछन् त्यसमै निरन्तर ॥
आनन्द मान्छन् वनमै उनी पुनः गर्छन् अनेकौं फल-मूल भोजन ।
पाल्छन् प्रतिज्ञा यसरी पवित्र त्यो आफ्ना पिताको, किन गर्नु शोक यो ? ॥
कुरा भने तापनि युक्ति-युक्त यी राम्रै बुझाए पनि ता त्यसो गरी ।
छुटाइ चिन्ता, रुनु बन्द गर्नको सुमन्त्रको यत्न परन्तु व्यर्थ भो ॥
श्रीराममाता महिषी वहाँ अझ रुँदै बिलाप्थिन् भइ शोक-पीडित ।
भन्थिन् यसो ती भइ भित्र व्याकुल हा राम ! हा ! राघव ! पुत्र ! हा प्रिय ! ॥

४३

इति साठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकसठ्ठी सर्ग

महारानी कौसल्याले विलाप गर्नु र महाराजलाई अलिक कडा कुरा सुनाँउनु

१

प्रजा–जनहरूलाई पार्न आनन्दितै अति ।
जनमा पनि हुन् श्रेष्ठ धर्मात्मा राम-भद्र यी ॥
वन जाँदा यिनै राम भई आर्त रुँदै रुँदै ।
कौसल्याले भनिन् आफ्ना पतिलाइ ध्वनी यसै ॥
छ यद्यपि महाराज! प्रभुको तीन लोकमा ।
विशाल कीर्ति फैलेको जनता जान्दछन् यहाँ ॥
महाराज दशरथ छन् दयालु निकै तथा ।
मीठो बोल्ने, दिनै सक्ने दुनियाँ भन्दछन् सदा ॥
नरेश-श्रेष्ठ ए स्वामिन्! यस्तो भइकनै किन ।
विचार गरिबक्सेन प्रभुले यो कुरा पुनः ? ॥
सुखमा नित्य हुर्केका सीताका साथ ती दुवै ।
कसरी वनका कष्ट सहलान् ? यो कुरोतकै ॥
सीता मेरी बुहारी छन् सुकुमारी र सुन्दरी ।
तरुणी भर्खरैकी हा! हुर्केकी सुखमा परी ॥
मिथिलेशकुमारी ती सीता अब अरण्यमा ।
खपी गर्मी तथा सर्दी बस्ती हुन् कसरी वहाँ ? ॥
विशाल-नेत्रकी हुन् ती अघि नाना प्रकारका ।
गर्थिन्भोजन स्वादिष्ठ तर्कारी दाल साथका ॥
साँबा धानहरू खोजी वनमा जानकी अब ।
खाँदी हुन् कसरी स्वामिन्! रूखा-सूखा हरेशिव! ॥
पैह्री मङ्गलका वस्तु सुसज्जित भई अघि ।
सुन्थिन् गीत र बाजाको मधुरो ध्वनिमात्र ती ॥
सुन्दीहुन् अहिले नाथ! त्यस्तो जङ्गलमा बसी ।
सिंहादि मासु खाने ती प्राणीको शब्द के गरी ? ॥
साराका उत्सवस्थान थिए इन्द्रध्वजा सरी ।
लामा लामा हुने बाहु ती राघव महान् बली ॥

१३

१४

महाराज! तिनै राम अब आग्लो–समानको ।
बाहुको तकिया पारी सुत्ता हुन् कसरी अहो!? ॥
चिल्ला र मसिना राम्रा फैलेका केश शोभिदो ।
कमलै-कान्तिको स्वामिन्! छ राम्रो मुख रामको ॥
जसले सास फेर्दामा पद्मकै गन्ध आउँछ ।
पद्म-तुल्य हुने आँखा जसमा छ सुशोभित ॥
रघुका कुलका रत्न ए प्रभो! कहिले म त्यो ।
देखुँला रामको राम्रो मुख-शोभा अतुल्यको ॥
मेरो हृदय यो पक्कै वज्र ठीक रहेछ हा! ।
फलामले बने जस्तै, छैन सन्देह कत्ति ता! ॥
रामलाई न देख्तामा फुट्तैन किन नेत्र यो ।
टुक्रै-टुक्रा भई ओहो! हजारौं लिइ रूप त्यो ॥
अति निर्दयतापूर्ण कर्म यो गरिबक्सियो ।
प्रभुले क्यै पनी शोच न गरी त्यसरी प्रभो! ॥
सुपुत्रहरूलाई जो वनमा खेद्दि बक्सियो ।
सुख भोग्ने भई त्यस्ता दुःखी भै घुम्दछन् प्रभो! ॥
त्यो पन्द्र वर्ष लाग्दामा राम फर्के भने पनि ।
त्यसै भरत छोड्लान् र राज्य-कोशादि यी पनि? ॥
सुनिबक्स्योस् महाराज ! कुनै व्यक्तिहरू यहाँ ।
ख्वाँउछन् पहिले आफ्नै बन्धु-बान्धव श्राद्धमा ॥
संम्झी निकै गरें भन्ने अनिमात्र निमन्त्रित ।
दिन्छन् ध्यान द्विज-श्रेष्ठहरूपट्टि विशेषतः ॥
छन् भने ती वहाँ विद्वान् गुणवान् देव झैं द्विज ।
खाँदैनन् अमृतै होस् न, पछि भो, त्यागदछन् स्वतः ॥
पहिलो हुरिमा खाई उठछन् विप्र भने पनि ।
बचेको अन्न खाँदैनन् विद्वान्-विप्र वहाँ अनि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

श्रेष्ठ साँढेहरू जस्तो आफ्नो सींग कटाउँन्न ।
चाँहन्नन्, ती पनी त्यस्तै चाँहन्नन् मान-मर्दन ॥
त्यस्तै उमेरमा जेष्ठ, गुणमा श्रेष्ठ राम ती ।
भोगेको भाइले भोग्लान् कसरी राज्य यो पछि ? ॥
प्रिय-पुत्र भई मेरा नरोत्तम गुणी अति ।
तिरस्कार गरी छोड्लान् राज्य पाए पनी पछि ॥
राजेन्द्र ! व्याघ्र इत्यादि ल्याएको अरुले, कि वा ।
मारेको जन्तु खाँदैनन् कहिल्यै, भै समर्थता ! ॥
पुरुषव्याघ्र श्रीराम भोगेको अरुले अनि ।
राज्य स्वीकार गर्लान् ९ कसरी त्यो दिए पनि ? ॥
स्वामिन् ! खयरका मौला पुरोडाश तथा घृत ।
हविष्य कुश इत्यादि यज्ञका वस्तु हुन् शुभ ॥
प्रयोग यिनको पैलो यज्ञमा भै सके पछि ।
अर्कोमा हुन सक्तैनन् भैहाल्छन् यातयाम ती ॥
जान्ने-मान्नेहरू तस्मात् यज्ञमा यिनको पुनः ।
कैले प्रयोग गर्दैनन् जूठा हुन्छन् भनीकन ॥
सार-हीन सुरा जस्ता त्यो सोमरस यज्ञको ।
सबै भोगिसके जस्तो भोग्दैनन् राम राज्य यो ॥
आफ्नो पुच्छर अर्कोले पक्डेको कसरी प्रभो ! ।
बलीयो छ भने सिंह खप्न सक्ला त्यसै कसो ? ॥
श्रीराम पनि ए स्वामिन् ! त्यही ठीक, त्यही सरि ।
अपमान भएको यो सक्लान सहन के गरी ? ॥
सम्पूर्ण लोक जम्बाभै आएता पनि लड्न ती ।
महासमरमा राम डराउँन्नन् कसै गरी ॥
भईकन पनी त्यस्ता यो राज्य लिन रामले ।
चाहेनन् अघि ठानेर अधर्मैमात्र, चित्तले ॥
जगत्का दुनियाँलाई धर्ममा जो लगाँउछन् ।
धर्मात्मा भै स्वयं यस्तो अधर्म किन गर्दछन् ? ॥

४०

४१

लामा बाहु महान् वीर्य भएका राम हुन् प्रभो ! ।
उनका बाण छन् फेरि सुवर्णमय नै अहो ! ॥
सिन्धुलाई पनी सारा यिनले तिनले नृप ! ।
सुसुक्क पार्न नै सक्छन्, उनमा यत्ति शक्ति छ ॥
संवर्तकाग्निले नाथ ! जस्तो प्रलयकालमा ।
भस्म पार्छन् सबै प्राणी, त्यस्तै पार्छन् उनी यहाँ ॥
राममा राजराजेन्द्र ! बल-शक्ति छ सिंहको ।
उनका नेत्र छन् ठूला साँढेका ठीक शोभिंदो ॥
नरश्रेष्ठ उनै मेरा प्रिय-पुत्रकनै हरे ! ।
निकाल्दी बक्सियो आफैं पिता भै मृतमैं भए ॥
हरे ! के गरिबक्स्यो यो ? माछाको शिशुलाइ ती ।
माछाले नै निले जस्तो, सके जस्तो भयो गति ॥
टिक्ने स्वधर्ममा राम्रो रामलाई विफ्वाँकमा ।
पठाई बक्सियो राजन् ! निकालेर अरण्यमा ॥
गरेको शास्त्रमा साक्षात् पालेको ऋषि-विप्रले ।
हो सनातन जो धर्म, योग्य भो यसकै त के ? ॥
नारीको हो महाराज ! पति नै मुख्य आश्रय ।
दोश्रो आधार हो छोरो, तेश्रा हुन् बन्धु-बान्धव ॥
राम्रो चलनकी श्रेष्ठ नारीको निम्तिमा प्रभो ! ।
चौथो आधार नै छैन विश्वमा टिक्न योग्यको ॥
यो मेरो निम्तिमा नाथ ! यी तीनै गतिमा कुनै ।
हजूर भई बक्सिन्न सौताको भै अधीनमै ॥
यता अर्का सहारा थे पुत्र राम महान् गुणी ।
म बाट भै गए टाढा बस्तछन् वन गै उनी ॥
तेश्रा गति, लिने आड बन्धु-बान्धव ती सब ।
मेरा त्यस्ता छँदै छैनन्, छन् जो छन् दूर ती सब ॥
छोडी म प्रभुको सेवा वन जान्न कसै गरे ।
सबै प्रकारले स्वामिन् ! मासिएँ हाँ ! म नाथले ॥

५४

५५

श्रीरामलाई वनमा पठाई बर्बात नै पार्दिइ बक्सियो हा ! ।
यो राष्ट्र, यी राज्य पनी अनेक विनाश नै पार्दिई बक्सियो वा ! ॥
मन्त्रीहरूका सँग वेस, श्रेष्ठ सारा प्रजाको बध सम्म भो हा ! ।
हरे ! प्रभो ! आज हजूर बाट छोरा सँगै मै पनि माँसिएँ बा ! ॥

५६

CC-0. In Public Domain. Digitization by eGangotri

५७

यो राजधानीभरका निवासी छन् दिक्क साह्रै सब मारिए बा ! ।
पत्नी र छोरा प्रभुका दुवै ती प्रसन्न छन् केवल,—कष्ट भो हा ! ॥
झसङ्ग पार्ने उनका कडा कुरा सुनेर यस्ता नृप जिल्लिए बरा ।
लिई नराम्रो स्थिति झन् बढ्यो दुख हरीलग्यो होश पनी त्यसै अब ॥
राजा डुबे शोकसमुद्रमा यता पाऱ्यो त्यसैले रनभुल्ल झन् उता ।
दुष्कर्म आफ्नो घटना नरेन्द्रले अघी गरेको अब भवाट्ट संझिए ॥

५८

इति एकसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बासठ्ठी सर्ग

महाराज दशरथले महारानी कौसल्या–लाई खुशी पार्नु

१

फोक्किएकी थिइन् साह्रै कौसल्या रामकी मुमा ।
चुर्लुम्बै भै सकेकी थिन् परेर सुत-शोकमा ॥
सुनाइन् थिनले त्यस्तो कडा वाक्य नरेन्द्रमा ।
सुनेर नृप यी लागे दुःखी भै गर्न चिन्तना ॥
चिन्ता पर्दा निकै ठूलो राजाका सब इन्द्रिय ।
मोहले व्याप्त भै सक्ता थिए आकुल व्याकुल ॥
शत्रुलाई दिने ताप राजा दशरथैकन ।
काल बित्ता निकै लामो बल्ल होश फिर्‍यो पुनः ॥
लामो लामो खिंचे सास होश आए पछी पनि ॥
कौसल्यामा पर्‍यो दृष्टि नजिकैमा थिइन् उनी ॥
फेरि चिन्ता बढी हाल्यो, शोच्ता शोच्तै नरेन्द्रले ।
सम्झिए झ्वाट्ट दुष्कर्म आफूले अघि जो गरे ॥
वाण हान्न सुनी झट्ट जान्दथे यी सिपालु थे ।
पहिले भूलमा पर्दा गरेका जुन त्यो थिए ॥
बढ्दथ्यो यसको शोक रामको शोक थ्यो उता ।
यी दुवै शोकले पिर्दा भए संतप्त झन् यता ॥
ढढे तुल्य भए राजा दुवै शोकाग्निबाट यी ।
काँपे थरर्रै ओहो ! कौसल्याको डरै परी ॥
अब हात दुवै जोडे अँजुली बाँधि भूपले ।
खुशी पार्न उनीलाई नीचो मुख गरी भने ॥
ए कौसल्ये महारानी ! घोप्टिन्छु म तिमी सँग ।
यी दुवै हात जोड्दैछु लौ खुशी होउ ! मै सँग ॥
छ वात्सल्य तिमी साथ गर्छ्यौ माया-दया तिमी ।
अरु माथि पनी नित्य भने, गर ममा पनि ॥
निम्तिमा ती सती स्त्रीको शोच्तछन् धर्म ती भने ।
पति नै देव हो, होस् त्यो निर्गुणी वा गुणी प्रिये !॥

१३

१४

टिकेकी छौ तिमी देवि ! नित्य नै आफ्नु धर्ममा ।
जान्दछ्यौ लोकको राम्रो नराम्रो पनि ता यहाँ ॥
छौ तिमी दुःखिता किन्तु म पनी छु सुदुःखित ।
भन्न योग्य छंदैछैनौ कुरा त्यस्तो कडा अतः ॥
दीन-दुःखित राजाका सुनी करुण यी कुरा ।
ती कौसल्या महारानी अब छर्पटिइन् पुरा ॥
खसे बरर्रै आँशु उनका नेत्रबाट ता ।
खसालेझैं बलेसीले वर्षेका जल-बिन्दु हा ! ॥
बाँधेर कमलै जस्ता हातका अँजुली अब ।
पुर्‍याइन् शिरमा आफ्नो परी गो पापको भय ॥
एकेक अक्षरै बोली हड्बडाई निकै अनि ।
महाराजकनै भन्छिन् राममाता स्वयं उनी ॥
मेरा देव ! म लड्दीछु प्रभुकै अघि भूमिमा ।
पाउमा शिर राख्तीछु, गर्दीछु अब प्रार्थना ॥
मै साथ गरि बक्स्यो त्यो प्रार्थना प्रभुले हरे ! ।
अब लौ खुश भैबक्स्योस् नभए म बितें, मरें !! ॥
अपराध कुनै त्यस्तो म बाटै भो भने पनि ।
छु क्षमा पाउंनै योग्य न हूँ है ! दण्ड-भागिनी ॥
स्त्रीको निमित्तमा नाथ!जो छन् ती पति, मान्यछन् ।
यो लोक-परलोकैमा पूज्य छन्, स्पृहणीय छन् ॥
स्वामिन् !यो विश्वमा जो स्त्री बुद्धिमान् पतिले निज ।
मनाइन्छे, रिझाइन्छे त्यो स्त्री होइन है ठिक ॥
म जान्दीछु महाराज ! नारीको धर्म राम्ररी ।
हजूर बोली बक्सिन्छ सत्यै-सत्य सँधै भरी ॥
धर्मजान्ने प्रभो ! तस्मात् भन्न नै नहुने कुरो ।
जो निक्ल्यो त्यस बेलामा पुत्रको शोकबाट हो ! ॥

२६

२७

शोकले धैर्य नै माश्छ, शास्त्रज्ञान विनाश्छ त्यै ।
शोकै सब कुरा नाश्छ, यो भन्दा छैन शत्रु क्यै ॥
आफूमा बज्रिनै लाग्दो शत्रुका हातको कुनै ।
प्रहार शस्त्र-अस्त्रैको सकिन्छ बरु खप्न नै ॥
परन्तु भाग्यले यद्वा वज्रको दैवबाट क्वै ।
सानै भए पनी शोक खप्न पर्दछ मुस्किलै ॥
मेरा सुपुत्र श्रीराम गएको वन आज ता ।
पाँच रात बित्यो स्वामिन् ! म गन्दीछु यही सदा ॥
मेरोहर्ष र उत्साह नाशिंदा शोकले अहो ! ।
पाँचोटा रात यी नाथ ! पाँचै वर्ष समान भो ॥

३१

३२

शोच्ता विचार गर्दामा प्रिय श्रीरामका कुरा ।
मेरो हृदयमा स्वामिन् ! बढ्छ यै शोक सर्वथा ॥
सारा नद-नदी बढ्दा, वेग ओइरिंदा प्रभो ! ।
जस्तो समुद्रको पानी बढ्छ, त्यै ठीकको भयो ॥
कौसल्या भन्दथिन् मीठा यस्ता वचन यी यता ।
मन्द-कान्ति भए सूर्य रात्रि आइ पुगिन् उता ॥
अब राजा परे दङ्ग भए आल्हादितै अति ।
कौसल्याको महारानी मीठा वाक्य सुनेर यी ॥
रामको शोक थ्यो भित्र हर्ष, शोक दुवै मिली ।
अवस्था यो नराम्रो थ्यो, निदाए पछि बाट ती ॥

३६

इति बासठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिसठ्ठी सर्ग

महाराज दशरथले महारानी कौसल्यासँग मुनि-कुमारको हत्या गरेको कुरा भन्नु

१

जागे दुइ घडी भित्र, तर राजा यता पुनः ।
लागे गर्न निकै चिन्ता शोक-व्याकुल भै मन ॥
राम-लक्ष्मणलाई ती निकाले देखि यी नृप ।
साह्रै सताइएकाथे शोकले भित्र वास्तव ॥
तेज थ्यो इन्द्रकै जस्तो यिनमा तर तेज त्यो ।
राहुज्यूको अँध्याराले सूर्यको सरि नाशिदयो ॥
वनतर्फ गए देखि पत्नीका साथ राम ती ।
कोसलेश्वर यी राजा थिए चिन्तित मन् अति ॥
अघि पाप गरेकाथे यौटा यी नृपले, जुन ।
भन्न खोज्थे त्यही आफ्नी रानीमा संझिईकन ॥
गएको वनमा राम यो छैटौं रात थ्यो उता ।
भो आधारातको वेला संझिए भवाट्ट त्यो यता ॥
दुष्कर्म-पाप त्यो संझी रानीमा नृपले भने ।
रानी थिन् पुत्रशोकार्ता पुत्रशोकार्त यी थिए ॥
ए कल्याणी-महारानी ! मनुष्य यस भूमिमा ।
शुभ होस् अशुभै होस् वा कर्म गर्दछ जो जहाँ ॥
यो त्यही कर्मको आफ्नो भद्रे ! फलस्वरूपको ।
सुख होस् अथवा दुःख, कर्तामा प्राप्त हुन्छ जो ॥
आफूले काम थाल्दामा त्यसको फल हुन्छ के ? ।
सानो ठूलो छ के कस्तो गुण के छ, छ दोष के ? ॥
त्यसमा लाभ के के छन्, हानि छन् कति, यो सब ।
न बुझी हात जो हाल्छ, हो त्यो मूर्ख र बालक ॥
प्रिये ! पलाँशका राम्रा फूल देखी मनुष्य क्वै ।
गर्छ अड्कल, होलान् बा ! यसको फल स्वादिलै ॥
राम्रा फल दिने काटी आम्र-वृक्ष; पलाँश त्यै ।
रोपेर रुख जो सेंच्छ फल भेट्टैन त्यो कसै ॥

१३

१४

गरेका कर्मको आफ्नो न जानी फल हुन्छ के ! ।
जो खालि कर्ममै दौड्छ, मरी मेट्तछ ए प्रिये ! ॥
फल भेट्ने हुँदा वेला शोक पाँउछ व्यक्ति त्यो ।
आँप काटी पलाँशैमा सेच्नेमा हुन जान्छ जो ॥
मैले पनि महारानी ! मारेरै आँपका वन ।
रोपी पलाँशका वृक्ष सिंचेको छु दनादन ॥
अब त्यो कर्मको आफ्नो वेलामा फल पाँउने ।
छु थक्क ! राम त्यागेर हुँ म दुर्बुद्धि नै हुने ॥
बुवाको राज्यकालैमा कौसल्ये ! राम्ररी सुन ! ।
थिएँ खालि म ता यौटा राजपुत्र मनोरम ॥
ख्याति फैलिसकेकोथ्यो, थिएँ राम्रो धनुर्धर ।
मेरो विषयमा रानी ! सोच्तथे जन सुन्दर ॥
सक्छन् यी शब्द सुन्दैमा छेड्ने बाण चलाँउन ।
भन्दथे, यत्तिले मैले गरें पाप महान् जुन ॥
आफूले नै गरेको त्यो बुझ्यौ ! दुष्कर्मको फल ।
प्राप्त भो यो महान् कष्ट-दुःख नै भै ममा अब ॥
नजानी विष खाएमा खाने बालकलाइ क्वै ।
जस्तो मारेर नै छोड्छ त्यसलाइ दिई फलै ॥
मोह-अज्ञानले त्यस्तै जो दुष्कर्म म बाट भो ।
त्यसकै फल भोग्दोछु अन्तमा हुन्छ के कसो ? ॥
जस्तो पलाँशका फूल देख्नैमा हुन्छ मोहित ।
नजान्ने त्यसको स्वाद मूर्ख-मानिस वस्तुतः ॥
त्यही ठीक महारानी ! शब्दवेधी प्रहार त्यो ।
गरिने बाण-विद्यामा सिकें मोहित भै अहो ! ॥
न राम्रो क्रूरतापूर्ण पाप त्यसबाट हुन्छ त्यो ।
न राम्रो फल सिर्जन्छ भन्ने ज्ञानै भएन जो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्यो ताक सुन ए रानी ! युवराज थिएँ म ता ।
तिमी साथ विहा सम्म भएको नै थिएन हा ! ॥
कुरा हो त्यसवेलाको कामको वेग वा मद ।
बढाँउदै ममा आयो भै वर्षा ऋतु शोभित ॥
पृथ्वीको रस सम्पूर्ण सुकाएर निरन्तर ।
सताएर जगतलाइ तताएर त्यजी कर ॥
श्रीसूर्य घुम्दथे रानी ! भयङ्कर दिशातिर ।
जुन दक्षिण हो, प्रेतहरूको स्थान दुर्धर ॥
चिल्ला काला तथा बाक्ला बोकेका जल बादल ।
आकाश भर भै हाले हरायो उष्णता सव ॥
रमाँउन अनी लागे पक्षी चातक आदि र ।
मयूर भ्यागुता सम्म वर्षा बढ्दा निरन्तर ॥
पखेटा सव पक्षीका वर्षेका जलले तव ।
निश्शक्त भै सकेकाथे नुहाए झैं थिए सव ॥
बडो मुस्किलले पुग्थे हाँगामा वृक्षका थिनी ।
हल्लिन्थे जसका टुप्पा वायुले, वृष्टिले पनि ॥
यता वर्षिसकेको र वर्षिंदैको निरन्तर ।
परेर जलका धारा भिजेका पशुथे सव ॥
मत्ता मृग हुने राम्रा त्यो पर्वत पनी उता ।
देखिन्थ्यो न हुने छाल समुद्रै ठीकको तदा ॥
पानीका स्रोत वा झर्ना खस्तथे गिरिबाट जो ।
भए पनि सफा राम्रा देखिइन्थे विचित्रको ॥
सुवर्ण गेरु इत्यादि धातु गै मिसिंदा वहाँ ।
देखिन्थे श्वेत-रक्तादि बग्दथे सर्पझैं जहाँ ॥
महान् सुख हुने यस्तो वर्षा-समयमा प्रिये ! ।
बोकें मैले धनुर्बाण अनि गै रथमा चढें ॥
शिकार खेल्नको इच्छा बलीयो उब्जियो ममा ।
तसर्थ म गएँ रानी ! सरयूका किनारमा ॥
त्यसवेला म यै शोच्थें-रातमा घाटमा यहाँ ।
अनेकौं आँउछन् प्राणी जलपान निमित्तमा ॥
म मार्छु तिनमध्ये कै अर्ना हात्ती तथा मृग ।
अरू श्वापद भन्ठान्थें, जो थिएँ अजितेन्द्रिय ॥
घनघोर अँध्यारो थ्यो सुन ए रामकी मुमा ! ।
घड़ा भरिन लागेको शब्द मैले सुनें वहाँ ॥

४३

४४

न भेट्ने नेत्रले टाढा थियो यो ठाम वास्तव ।
हात्तीले जल खाए झैं गर्जे झैं पो सुनें तव ।
ठोक्राबाट झिकीहालें बाण मैले अनी शुभे !
जुन थ्यो तेजिलो बल्दो सर्पझैं विष पोखिने ।
हात्तीले सूँडले पानी तान्दाको शब्द हो, भनी ।
ताकेर त्यसलाई नै बाण त्यो छोड्दिएँ अनि ॥
थ्यो प्रातःकालको वेला मैले त्यो बाण छोड्दिदा ।
बज्रे छ तेजिलो तीखो विषालु सर्पझैं तदा ।
खसेको जलमा झ्वाम्म छेडिंदो मर्म व्यक्तिको ।
मैले शब्द सुनें स्पष्ट अब हा ! हा ! मचाउँदो ।
पानीको छेउमा लड्दा भुइँमा स्पष्ट भै यहाँ
निस्क्यो मनुष्यकै बोली सुनें, ए रामकी मुमा !
हरे ! तप गरी बस्ने म जस्तो व्यक्तिमात्रमा
प्रहार कसरी यस्तो शस्त्रको पर्न गो यहाँ !
नदीको तटमा शून्य रातको बीचमा यता
थें पानी लिन आएको त्यसै अब मरें म हा !
बाणले कसले हान्यो मलाई यसरी हरे !
कसको के विगारें हा ! अपराध गरेंछु के !
कसैमा न दिने पीडा वृत्ति ली भै स्वयं ऋषि
म बस्थें वनमा खाई वनैका फलमूल वी
अपराध न गर्नें क्यै म जस्तो व्यक्तिको हरे !
शस्त्रले यसरी हत्या गरेको किन हो ? मरें !
तप गर्छु, जटा पाल्छु, पैहन्छु चर्म वल्कल
होला मलाइ मार्नाले मार्नेको के भलो अब !
मैले पो क्यै विगारें कि, अपराध गरें कि ता
गऱ्यो मलाइ नै मार्ने जसले व्यर्थ यत्न हा !
होला र त्यसलाई पो यसले लाभ के कुरो !
भेट्ला अनर्थ नै खालि पछाडि पछितो हुंदो
सल्कने गुरु-आमामा व्यक्तिमाथि सरी बनी
भन्ने छैनन् कुनै वेस ! हत्यारालाइ त्यो पनि
मेरो जीवन यो नष्ट भएकोमा ममा अब
छैन चिन्ता कुनै त्यस्तो, जस्तो अर्को छ यो दुः
म मर्दामा उता पर्छि मेरा माता-पिताहरू
जो कष्ट हुन्छ त्यै मात्र शोच्छु, संझन्छु छिन्छिन

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

छु पालेको र पोषेको निकै समय देखि जो ।
बूढा मातापितालाई भरीसक्य गरी अहो ! ॥
म भत्राट्ट यसरी मर्दा दुवै माता-पिता अत्र ।
आफ्नो जीवन धान्नेछन् के गरी कसरी सब ? ॥
मेरै साथ दुवै मेरा बूढा माता-पिताकन ।
हत्याराले हरे ! मार्‍यो यो यौटै बाणले पुनः ॥
विवेक-हीन हो को त्यो अजितेन्द्रिय मानिस ।
जल्ले हामीसबैलाई मार्‍यो हा ! मूर्ख भै अब ? ॥
कुरा विलापका यस्ता माया लाग्दा सुनें वहाँ ।
धर्ममा रम्न खोज्थें म, फसें गै यो अधर्ममा ॥
ए कौसल्ये महारानी ! त्यो वेला हातबाट ती ।
धनुर्बाण खसी हाले भित्र छर्पटिएँ अति ॥
विलाप त्यसरी गर्ने ऋषिका दुःखका कुरा ।
मैले सब सुनें रात चकमन्न हुँदा पुरा ॥
शोकको वेग बढ्दै गो त्यसले अनि ता प्रिये ! ।
जल्ले चैतन्य भो मेरो अत्यन्तै सरि लोपिए ॥
मेरो हृदय सार्‍है नै दीन-हीन थियो तब ।
मन खिन्न थियो ज्यादै हुँदा त्यस्तो अचानक ॥
सरयूका किनारैमा दौड्दै त्यो ठाममा गएँ ।
वहाँ देखें तपस्वी क्यै लाग्न गै बाण लड्दथे ॥
छरिएका थिए सारा जटाभार यता उता ।
पोखिएको थियो पानी वहाँ पल्टिइदा घडा ॥
शरीर मुछिएको थ्यो धूलो - रगतले सब ।
बाणले मर्म छेड्दा गै लडेकाथे वहीं तब ॥
अवस्था उनको देख्ता डराएको थिएँ म ता ।
मेरो चित्त महारानी ! थियो विव्हल म्हन् यता ॥
दुवै आँखा उठाएर हेरी मतिर तेजले ।
पार्छन् भुसुक्क मैं गर्दै भने यो क्रूर-वाक्यले ॥
ए राजन् ! भन लौ तिम्रो अपराध गरें कुन ? ।
यद्वा क्यै पो बिगारें कि, किन यस्तो गर्‍यौ भन ? ॥
कुन हेतु लिई मार्‍यौ मलाई यसरी हरे ! ।
जो वस्थें वनमा नित्य तुष्ट भै आफ्नु वृत्तिले ॥
म आएँथे यहाँ राजन् ! आफ्ना माता-पिताकन ।
शौच-स्नानार्थमा लाग्ने पानी ल्याँउ भनीकन ॥

७७

७८

तिमीले बाणले यौटै यो मेरो मर्म छेड्दियौ ।
आमा-बाबुकनै बूढा छन् मेरा जुन, मार्दियौ ॥
छन् दुवै ती निकै दुब्ला, छन् अन्धा पनि ती दुवै ।
हेर्दा हुन् फर्कने बाटो तिर्खाले पिरिंदा दुवै ॥
लिईं म फर्कने आशा धेरै वेरतकै अब ।
लिई दुःख दिने तिर्खा पर्खेलान् नृप ! वास्तव ॥
यहाँ मेरो तपस्याको अथवा शास्त्रज्ञानको ।
देखिन्न फल क्यै त्यस्तो भएको प्रकटै अहो ! ॥
भने किन ? पितालाई यो कुरो ज्ञान छैन क्यै ।
लडी म यसरी भैंमा लागेको मर्न सम्मकै ॥
जानेर पनि के गर्नु हुनुहुन्छ असक्त हा ! ।
घुम्न डुल्न पनी कत्ति उहाँमा छैन शक्ति ता ॥
वायुले व्यक्तिले यद्वा ढालेको वृक्षलाइ क्वै ।
थाम्न सक्तैन क्वै अर्को व्यक्ति वा वृक्ष सम्म गै ॥
त्यही ठीक यता मेरो रक्षा गर्न पनी अब ।
सक्नुहुन्न पिता राजन् ! था पाए पनि यो सब ॥
मेरा पिता भए ठाम गई आफै तिमी अब ।
सुनाउ हाल यो सारा छिटै पुग रघूद्वह ! ॥
भन्दा गइ तिमी आफैं अग्निले वनमैं सब ।
भस्म पार्नु हुने छैन बलेको क्रोधले तब ॥
गोरेटो मार्ग यो पुग्छ वहीं सम्म नरेश्वर ! ।
पिताको आश्रमैबीच पुग्नेछौ सजिलै सित ॥
तिमी अब वहाँ जाउ खुश पार पिताकन ।
रिसाइ नत्र ता श्राप दिनु होला तिमीकन ॥
मेरो शरीरमा गढ्दो झिक लौ बाण यो अब ।
पर्‍यो यो मर्ममै राजन् ! पार्छ पीडित, दुखतछ ॥
नदीको जलको वेग कमलो बालुकामय ।
अग्लो तटकनै पार्छ छिन्न-भिन्न, त्यही ठिक ॥
पर्‍यो अब महारानी ! ममा चिन्ता निकै ठुलो ।
दुःख लाग्ने कुरा त्यस्ता सुन्दा मुनिकुमारको ॥
पीडा पर्छ यिनीलाई न झिक्ता बाण यो यता ।
झिके बाण तुरुन्तै यी, मर्दछन्, के गरूँ म हा ! ॥
बाण झिक्ने न झिक्ने यै लिई विषय ए प्रिये ! ।
म शोच्तैथें भई दुखी शोकव्याकुल दीन थें ॥

६४

९५

त्यो मेरो मनको चिन्ता ताडे ती मुनि पुत्रले ।
यथार्थ हाल जान्ने भै कष्टले उनले भने ॥
राजन्! मलाइ साह्रै नै भै रहेको छ कष्ट यो ।
आँखा उल्टी सके मेरा, अङ्ग-प्रत्यङ्ग भाँचियो ॥
म बाट अब क्यै हुन्न चल्नु—चर्पट गर्नु यी ।
पुर्गे मृत्यु भएमा म मेरो पुगिसक्यो मिति ॥
धैर्यले शोक यो रोक्छु स्थिर पार्दछु चित्त म ।
अनि भन्छु तिमीलाई अब ध्यान दिई सुन! ॥
म बाट ब्रह्महत्या भो भन्ने चिन्ता र पीर यो ।
फ्याँक्देउ हृदयै बाट, पापको शोक छोड त्यो ॥

९६

१००

म त होइन है विप्र, विप्रका बधले हुँदो ।
न होस् है मनमा तिम्रो कुनै कष्ट अब प्रभो! ॥
नरमा श्रेष्ठ ए राजन! मेरा माता पिता दुवै ।
शूद्रा हुन् वैश्य हुन्, छोरो उनको हुँ म एक यै ॥
यत्तिमात्र सके भन्न बाणले मर्म छेंडिदा ।
आँखा फन्फन घुम्दैथे ए प्रिये! उनका तदा ॥
छर्पटाइरहेकाथे भुँइमा कष्ट भोग्दथे ।
मैले यस्तो अवस्थामा झिक्दिएँ बाण त्यो शुभे! ॥
भयभीत भई साह्रै हेरी मतिर अन्तमा ।
ती तपोधनले रानी! आफ्नु प्राण त्यजे वहाँ ॥

१०४

१०५

प्रहार पर्दा, जलमा शरीर थियो लडेको र सबै भिजेको ।
मर्मै भरी घाउ हुँदा थिए ती विलाप गर्ने अतिकष्टले त्यो ॥
फेरेर लामो पछिबाट सास छोडी दिएथे प्रिय प्राण त्यस्तो ।
देख्ता लडेका सरयू-तटैमा मलाइ भो कष्ट असह्य जस्तो ॥

१०६

इति त्रिसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौसट्ठी सर्ग

महाराज–दशरथको स्वर्गगमन

१

त्यस्तो अयोग्यको हत्या यस्ता योग्य महर्षिको ।
सम्झी विलाप गर्दैथे धर्मात्मा नृप यी अहो !॥
रामका निम्तिको शोक भित्र पिर्दैं थियो उता ।
ती कौसल्या महारानी सँग भन्छन् अझै यता ॥
यसरी ए महारानी ! न जानी भूलमा परी ।
मैले पाप गरें ठूलो; थिए इन्द्रिय खिन्न यी ॥
आफ्नो बुद्धि लडाएर शोचें एक्लै बसी अनि ।
होला कसो गरे मेरो अब श्रेय ? भनी गमी ॥
अनि मैले वहाँ रानी ! घडा बोकें तुरुन्त यो ।
डुबाएर भरें पानी सरयूको पवित्र त्यो ॥
सरासर हिंडी हालें जस्तो मुनिकुमारले ।
भनेकाथे त्यही बाटो शुभ आश्रममा प्रिये !॥
वहाँ पुगेर हेर्दामा उनका बृद्ध, दुर्वल ।
अन्धा माता-पिता देखें निःसहाय हुने तव ॥
ती दुवैको अवस्था थ्यो मायालाग्दो वहाँ शुभे ! ।
पखेटा दुइ पत्नीका काटिए ठिकको, हरे !॥
कुरा गरिरहेकाथे पुत्रको विषयै लिई ।
हेर्दथे आँउने बाटो न थाकीकन यी दुई ॥
मैले नै उनको आशा मारेंथे ता पनी अझ ।
छोराकै आसरामा थे, थे अनाथ सरी तर ॥
यता मेरो थियो चित्त शोकले नाशिए सरि ।
थिएँ त्यो डर पस्तामा उता होश उडे सरि ॥
पुग्दा ती मुनिको त्यस्तो शुभ आश्रममा अहो ! ।
मेरो हृदयको शोक झन् बढेर असाध्य भो ॥
मैले हिंड्दा, सुनी शब्द भने ती मुनिले तव ।
किन ढीला गर्‍यौ बाबु ! छिटै द्यौ पिउछौं जल ॥

१३

१४

जुन कारणले गर्दा जलक्रीडा गर्‍यौं वहाँ ।
उत्कण्ठित भएकीछिन् त्यल्ले तिम्री मुमा यहाँ ॥
पस आश्रममा चाँडै सुन ! बाबु ! तिमी यता ।
मैले तिम्री मुमाले वा अप्यारो क्यै गर्‍यौं कि ता ?॥
छौ भने पनि ता त्यस्तो गरेको विर्स है तिमी ।
तपस्वी छौ तिमी तस्मात् विर्सनै पर्छ है ! अनि ॥
तिमी भिन्न कुनै अर्को हाम्रो छैन सहायता ।
छौं हामी न हुने नेत्र, तिमी नै नेत्र हौ तथा ॥
निकै डर पर्‍यो भित्र देख्ना साथ उहाँकन ।
वाक्यै फुट्तैनथ्यो मेरो बोल्न खोजे पनी पुनः ॥
त्यसै लर्खर गर्ने र अक्षरै नै चपाँइने ।
अस्पष्ट वाक्यमा मैले उहाँसँग यसो भनें ॥
छिपाई भित्रको चेष्टा बाहिरी हाव-भावले ।
बल्ल बल्ल वहाँ मैले बोल्न आँट गरे प्रिये !॥
पुत्रका मृत्युको कष्ट जो परेथ्यो उहाँकन ।
यथार्थ राम्ररी सारा भने मैले वहाँ सुन !॥
म होइन महात्मा हो ! तपाँईहरुको सुत ।
हुँ क्षत्रिय दशरथ नामको व्यक्ति वस्तुतः॥
पर्‍यो आपत् निकै ठूलो आफ्नु नै कर्मले ममा ।
गर्नेछन् जसको निन्दा साधु-सन्त सबै यहाँ ॥
सरयूका किनारामा धनुर्बाण धरी म ता ।
आँएथे भगवन् ? केही पाए गर्न शिकारता ॥
पानी पिउँन आएका जङ्गली पशु हिंसक ।
घाटैमा मारुँला भन्ने थियो उद्देश्य यै दृढ ॥
केही वेर वहाँ पस्ता भरिंदा जलले घडा ।
निस्केको शब्द त्यो मैले सुने राम्रो सँगै तदा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

संझे मैले त्यसैलाई वहाँ आइ कुनै गज ।
पानी पिइ रहेकोछ, छोड्दिएँ बाण त्यो तब ॥
सरयूको किनारामा गै हेर्दा दौडदै वहाँ ।
देखें कुनै तपस्वीको लागेको बाण छातिमा ॥
भुइँमै ती लडेकाथे, भएकाथे मरे सरि ।
बाण गै छातिमा गढ्दा पीडा पार्थ्यो घरी घरी ॥
झिक यो बाण भन्दामा म गई नजिकै झिकें ।
जो मर्मस्थानमै राम्रो गढेकोथ्यो, म काँप्तथें ॥
झिक्दिनासाथ त्यो बाण छिटै स्वर्ग गए उनी ।
विलाप गर्दथे ठूलो त्यस वेला यसो भनी– ॥
मेरा माता–पिता दोटै अन्धा छन्, पूज्य छन् सदा ।
अव ती कसरी बाँच्लान् भई आधार–हीनका ॥
यसरी भगवन् ! मैले न जानी भूलमा परी ।
प्रभुका पुत्रको त्यस्तो गरें हत्या नराम्ररी ॥
अव यस्तो अवस्थामा श्राप यद्वा दया मम ।
जुन बक्सनु पर्ने हो, बक्स्योस् त्यो, तर होस् क्षमा ॥
यसरी मुखले आफ्नै यी आफ्ना पापका कुरा ।
एक एक गरी रानी ! सुनाएँ पोख्दिएँ पुरा ॥
तस्मात क्रूर कुरा मेरा सुनी पूज्य–महर्षिले ।
कठोर दण्ड वा श्राप दिनै सक्नु भएन ए ! ॥
छुटे बलिन्द्र धारा ती आँसुले ढाक्दियो मुख ।
मूर्च्छै पार्‍यो बढी शोक स्वाँ!स्वाँ!स्वाँ!स्वाँ!! भयो तव ॥
उभिएको थिएँ ठिङ्ग हात जोडी अगाडि म ।
तेजस्वी मुनिले त्यस्ता भने रानी ! मसा पुनः ॥
यदि राजन् ! तिमी आफैं यहाँ आई मसा सब ।
आफ्नो दुष्कर्म त्यो स्पष्ट भने भन्दैनथ्यौ नृप ! ॥
चाँडै नै शिर यो तिम्रो हजारौं वा शयौं थर ।
टुक्रै टुक्रा भई हाल्थ्यो गर्थ्यो जल्ले असुन्दर ॥
सुन राजन् ! कुनै क्षत्री जानी जानी विशेषले ।
गर्छ ता वनमा वस्ने मुनिको वध शक्तिले ॥
भने त्यो, वज्र नै बोक्ने साक्षात इन्द्रै न होस् किन ? ।
खसाल्छ त्यसको त्यस्तो स्थान बाट त्यसैकन ॥
तप गर्ने र ब्रह्मज्ञ मुनिमा जानि व्यक्ति जो ।
शस्त्र छोड्छ भने फुट्छ टुक्रा भै सात शीर्ष त्यो ॥

४३

४४

तिमीले भूलमा पर्दा न जानी पाप यो गर्‍यौ ।
यसैले अहिले सम्म तिमी जीवित सम्म छौ ॥
यदि जानी गरेको यो हुँदो हो ता सवै यता ।
स्वाहै हुन्थ्यो रघुकुल, यौटा तिम्रो छ के कुरा ? ॥
भैगो ! हामी दुवैलाई लग राजा तिमी अव ।
जहाँ हाम्रा मरेका ती पुत्र छन्, यो भने तव ॥
दुवै हामी उनीलाई यो वेला हेर्न खोज्दछौं ।
पछिल्लो दर्शनै होला त्यै हाम्रो निम्ति मान्दछौं ॥
अनि रानी ! म एक्लोले भएका अतिदुःखित ।
ती दम्पति–दुवैलाई लगें त्यै ठाममा तव ॥
जहाँ यी दुइका छोरा कालका वशमा परी ।
पृथ्वीबीच लडेकाथे होश–चैतन्य नै उढी ॥
सम्पूर्ण उनका अङ्ग रगताम्यै थिए यता ।
मृगचर्म तथा वस्त्र पुगेकाथे कता कता ? ॥
पत्नीका साथका त्यस्ता मुनिलाइ वहाँ अनि ।
मैले स्पर्श गराएँ हा ! सुतका देहको पनि ॥
तपस्वी–पुत्रको देह गै नजीक दुवै मिली ।
सुम्सुम्याए, त्यस्तै माथि लडे पनि दुवै पछि ॥
पछि बाट पिताले ती सम्बोधन गरीकन ।
मृतपुत्र सँगै त्यस्ता भनी हाले यसो पुनः ॥
अभिवादन गर्दैनौ आज बाबु ! तिमी किन ? ।
त्यस्तै म साथ बोल्दैनौ पहिलेझैं गरीकन ? ॥
तिमी सुतिरहेकाछौ पृथ्वीमा यसरी किन ? ।
कि त हामीहरू साथ रिसायौ राम्ररी भन ? ॥
भैगो ! हेर मुमालाई, प्यारो भइन ता म ता ।
धर्मात्मा हौ अगाँल्दैनौ, अघि झैं भन क्यै कुरा ॥
त्यो रात सकिनै लाग्दा मीठो स्वर गरी तिमी ।
स्वाध्याय शास्त्रको गर्थ्यौं पार्थ्यौं, आनन्दिदै तिमी ॥
कुरा–कानी तिमी गर्थ्यौं अरु ग्रन्थादिका पनि ।
अव त्यो कसले भन्ला कस्बाट सुनुला म नि ! ॥
भन लौ अव को बाबु ! नुहाएर पवित्र भै ।
सन्ध्या उपासना साथ अग्निहोत्र सकी सवै ॥
वसी नजीक छोराका शोकको भय–पीडित ।
म बूढोलाइ सँभ्काई सेवा त्यो गर्छ लौ अव ? ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

नसक्ने काम क्यै गर्न छु दीन असहाय म ।
असक्त जोर्न अन्नादि छु त्यसै बाबु ! हर्दम ॥
अब यस्तो मलाई को कन्द-मूल-फलादिक ।
ल्याएर खाउला पोस्ला गरी अतिथि झैं प्रिय ? ॥
यता तिम्री मुमा बाबु ! अन्धी बूढी र छन् दुखी ।
तिमी संम्झिरहन्छिन् यी ! म पाँलु अब के गरी ? ॥
यमको घरमा बाबु ! नजाऊ आज पर्ख ! भो ।
भ र आमा सँगै भोलि जाऔंला अत्र मान यो ॥
छौं अनाथ दुवै हामी, दीन शोकार्त छौं यहाँ ।
न हुँदामा तिमी, चाँडै पुग्नेछौं यमलोकमा ॥
वहाँ पुगी म भन्नेछु सूर्यका पुत्रलाई ती ।
आफ्नो दर्शन टक्र्याई झुकीकन अनी यही ॥
धर्मराज ! क्षमा पाऊँ छोड्दिनोस् पुत्रलाइ यो ।
आफ्ना माता-पितालाई सकोस् सेवन गर्न जो ॥
धर्मात्मा छन् यशस्वी छन् लोक-पालक हुन् उनी ।
दिन सक्छन् म जस्तोमा अभयै दक्षिणा पनि ॥
तिमी निस्पाप हौ बाबु ! तिमीकन परन्तु यो ।
पापी क्षत्रियले माऱ्यो गरीकन कुकर्म त्यो ॥
तिमी जाउ छिटो तस्मात् मेरो सत्य प्रभावले ।
लोकमा शस्त्रले लड्ने वीरले पाइने छ जे ॥
रणमा बाबु बढ्दै गै नहटी पछि वीर जो ।
परी अघि लडी मर्दा भेट्छन् जो गति, भेट त्यो ॥
राजा सगरले साक्षात् जनमेजय-शैव्यले ।
राजा नहुषले एवं धुन्धुमार-दिलीपले ॥
जो उच्च गति पाए थे अब बाबु ! तिमी पनि ।
त्यही पाउ, महात्मा जो पाउँछन् पाउ त्यो पनि ॥
स्वाध्याय र तपस्याले प्राणीका एक आश्रय ।
पाइन्छ जो परब्रह्म त्यही पाउ तिमी अब ॥
गै अग्निहोत्र गर्नेले गर्नेले भूमिदान यो ।
टिक्नेले एकपत्नीमा सेक्नेले गुरु पाउ ती ॥
दिनेले गाइ हज्जार, महाप्रस्थान आदिले ।
छोड्नेले देह, जो भेट्छन् गति, त्यै भेट बाबु ए !॥
हामी जस्ता तपस्वीको जन्मेको कुलमा कुनै ।
खराब गतिमा कैल्यै पर्दै पर्दैन निश्चितै ॥

७८

७६

खराब गति ता होला त्यसकै जसले यहाँ ।
माऱ्यो तिमीकनै बाबु ! यसरी हा ! अकार्थमा ॥
यस्ता प्रकारले रानी ! अतिःदुखित दीन भै ।
विलाप गर्न ती लागे बारम्बार भनी त्यसै ॥
अनि पत्नी लिई साथ मरेका सुतलाइ ती ।
जलाञ्जलि दिना निम्ति कसिए दुइ दम्पति ॥
यसै वेला महारानी ! धर्मज्ञ मुनिपुत्र ती ।
पुण्यका कर्मको आफ्ना प्रभावैले स्वयं पछि ॥
दिव्यरूप धरी राम्रो साथमा देवराजको ।
तुरुन्तै स्वर्गमा जान लागि हाले वहाँ अहो ! ॥
इन्द्रकै साथका त्यस्ता तपस्वीले वहाँ पछि ।
आफ्ना बूढा पिता-माता दुवै सम्झाइए पछि ॥
अडे दुइ घडीसम्म कुराकानी गरे निकै ।
पछिबाट महारानी ! पिता साथ भने यसै ॥
हजूरहरूको सेवा गरेको फलबाट यो ।
मलाइ प्राप्त भो यत्रो ठूलो ठाम सुयोग्यको ॥
तपाँई पनि ता चाँडै म भए ठाममा अब ।
दुइटै साथ साथैमा आइपुग्नु हुनेछ ल ! ॥
दिव्यरूप लिई यत्ति भनी दिव्य विमानमा ।
चढी अब उनी लागे भै जितेन्द्रिय स्वर्गमा ॥
अत्यन्त तेजिला त्यस्ता तपस्वी मुनिले पनि ।
जलाञ्जलि दिए छीटै पत्नीसाथ लिई अनि ॥
हात जोडी दुवै ठिङ्ग अगाडि म थिएँ खडा ।
म साथ अनि ए रानी ! भनी हाले कुरा कडा ॥
ए राजा ! अब लौ मार मलाई पनि आज नै ।
अब कष्ट हुँदै हुन्न मलाई मर्न कत्ति नै ॥
एउटै पुत्र थ्यो मेरो तिमीले वाण त्यो त्यजी ।
मार्दियौ र बनायौ हा ! पुत्र-हीन तथा दुखी ॥
मेरो पुत्रकनै माऱ्यौ तिमीले भूलमा परी ।
तस्मात् दिन्छु तिमीलाई श्राप दुःख हुने पछि ॥
मलाई अहिले राजन् ! पुत्रको त्यो वियोगले ।
जस्तो कष्ट भएकोछ यो असह्यस्वरूपले ॥
तिमीलाई पनी होला यही ठीक स्वपुत्रको ।
महान् वियोगको कष्ट, मर्नेछौ त्यस बाट जो ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५
भै क्षत्रिय तिमी राजन्! मुनिको वैश्यजातिको ।
जुन हत्या गर्‍यौ यस्तो यसले संझ यो कुरो ॥
ब्रह्महत्या भने छोटै लाग्ने छैन यता तर ।
चाँडै प्राण लिने सम्म आउला स्थिति दुर्धर ॥
दक्षिणा पात्रमा पर्दा दाताका अनुरूपको ।
फल दिन्छ नरश्रेष्ठ ! जस्तो, त्यस्तै हुनेछ त्यो ॥
मलाई यसरी श्राप दिए पछि पनी उनी ।
माया लाग्दो गरी धेरै विलाप्तै नै रहे अनि ॥
ती दुवै पति-पत्नीले पछि आफ्नो शरीर त्यो ।
होमे बल्दो चितावीच अनि स्वर्ग गए अहो ! ॥
त्यसवेला हुँदा सानु त्यसरी मूर्खतावश ।
शब्दवेधी त्यजें त्यस्तो बाण मैले स्वयं तव ॥
पछि बाट गई झिक्ता उनको देह बाट त्यो ।
मुनिका वधको रूप पाप मैले गरें अहो ॥
अहिले संझिएँ भवाट्ट पर्दामा पुत्र-शोकको ।
यस्तो अघोरको चिन्ता प्रिये ! जुन अनर्थ हो ! ॥
अपथ्य-वस्तुको साथ खाँदा अन्न तथा रस ।
जस्तो शरीरमा रानी ! रोग उब्जन्छ वास्तव ॥
त्यस्तै प्रकारले अैले ममाथि पनि देवि ! यो ।
फल त्यै पापको भवाट उपस्थित भयो' फल्यो ॥
यसर्थ अब कल्याणि ! महात्मा मुनिको तिनै ।
त्यो श्रापरूपको वाक्य आयो फस ममा दिनै ॥
रानीलाई भनी यत्ति पहिलेका कुरा सब ।
मृत्युको डरले काँप्तै रुँदै भन्छन् यसो अझ ॥
ए कौसल्ये महारानी ! यी प्राणहरुलाइ म ।
तुरुन्त अब छोड्दोछु पुत्रकै शोकले सुन ! ॥
यस वेला तिमीलाई आँखाले कत्ति देख्तिन ।
मलाई स्नेहले रानी ! छोव लौ यस कारण ॥
यमका लोकमा जाने मरणासन्न व्यक्ति ती ।
त्यो वेला देख्न सक्तैनन् आफ्ना बान्धवलाइ यी ॥
पक्कै पनि म बाँच्नेछु राम आए यहाँ प्रिये ! ।
मेरो स्पर्श गरे यद्वा यौवराज्यादि यो लिए ॥
रामसाथ गरें मैले जो जस्तो व्यवहार त्यो ।
थिएन क्यै गरे रानी ! मेरो योग्य हुने भलो ॥
१११

११२
परन्तु रामले देवि ! व्यवहार म साथ जो
गरे त्यो उनको लागि महान् योग्य र उच्च हो !
को होला बुद्धिमान् त्यस्तो जन्मेको भूमिका पनि
जो त्याग्ला पुत्रलाई हा ! दुराचारी भए पनि
होला छोरो पनी त्यस्तो कुन पो जसलाइ ता
घर्बाट बाबुले खेद्दा जाला क्यै नभनी वृथा ॥
देख्न छाँडें पटक्कै म हरायो संझना तक
यमका दूत ऊ ! रानी लैजानै खोज्दछन् अब
यो भन्दा दुःख के होला मेरो निम्ति प्रिये भन !
जो म पाउन्न यो मर्ने वेलामा रामदर्शन
ए कौसल्ये महारानी ! जान्दछन् धर्म राम ती
शक्ति वीर्य उनीको छ सत्य, सामर्थ्यवान् अति
दाँजोमा उनको पुग्ने विश्वमा व्यक्ति छैन कै
उनै देख्न न पाएको बढी गो शोक यो निकै
मेरा प्राणहरूलाई यै सुकाँउछ है अब
चर्केको घामले जस्तो थोरै पानी सुकाँउछ
मनुष्य होइनन् रानी ! देवता हुन् अवश्य ती
देख्लान् जो राम फर्केको चौध वर्ष पुगे पछि
रामको मुख त्यो होला कति सुन्दर उज्ज्वल
शुभ-कुण्डल पैह्रेको अति निर्मल झल्मल
कमलै तुल्यका ठूला राम्रा छन् नेत्र रामका
छ स्वच्छ दाँतको पंक्ति ठिक्क राम्रो छ नासिका
जसमा आँखिभौं राम्रो शोभा थप्तछ वास्तव
कुराले यी सवै गर्दा मुख त्यो चन्द्र-तुल्य छ
मुख श्रीरामको यस्तो देख्ने मानिस वस्तुतः
अत्यन्त धन्य हुन् रानी ! उनैको भाग्य हो दृढ
शरत्-चन्द्र-समानैको फुलेका पद्म ठीकको
देख्ने नै व्यक्ति हुन् धन्य सुगन्धी मुख रामको
अवस्था मूढता आदि त्यागेका उच्चमार्गमा
हिंडेका शुक्रदेख्तामा रिझिन्छन् जनता यहाँ
वनवास सकी त्यस्तै अयोध्या भित्र आँउने
देखेर रामलाई ती जनता छन् सुखी हुने
ए रानी ! अब यो चित्त मोहले ढाक्दिई सक्यो
यता हृदय सम्पूर्ण फुटे जस्तै भई सक्यो
१२८

CC-0. In Public Domain. Digitization by eGangotri

१२९

सवै इन्द्रियका साथ मिल्दैछन् ता पनी प्रिये ! ।
शब्द-स्पर्श तथा रूप-रस-ज्ञानै भएन ए ! ॥
सकिंदा तेल बत्तीको रातो ज्योति निभे सरि ।
चैतन्य लोपिंदा मेरा भए इद्रिय नष्ट यी ! ॥
नदीको वेगले रानी ! किनारालाइ आफ्नु नै ।
भुसुक जसरी पार्छ गलाएर दनादनै ॥
त्यही ठीक यता मेरो निस्केको आफुबाट नै ।
चैतन्य सव नाशेर अव पाऱ्यो अनर्थ नै ॥

१३२

१३३

हा महान् बाबुका राम ! पिताका प्रिय पुत्र हा ! ।
मेरो कष्ट सवै नाश्ने रघुनन्दन-श्रेष्ठ हा ! ॥
हा मेरा प्रिय हा राम ! हा मेरा प्रिय पुत्र हा ! ।
तिमी कहाँ गयौ बाबु ! मेरा नाथ भएर हा ! ॥
ए कौसल्ये महारानी ! मैले देखिन क्यै पनि ।
गएँ यो लोक छोडी म, हा सुमित्रे ! तपस्विनि ? ॥
हा मेरी शत्रु हा क्रूर ! कैकेयी ! होस् तँ दुष्टिनी ।
तँ कुलाङ्गारिनी नै होस्, तेरो इच्छा पुग्यो पनि ॥

१३६

१३७

थिइन् जेठी महारानी कौसल्या रामकी मुमा ।
थिन् माहिली महारानी सुमित्रा नृप-साथमा ॥
त्यस्ता राजा दशरथ शोक पूर्ण बिलाप यी ।
गर्दथे, अन्तमा त्यागे उनले आफ्नु प्राण ती ॥
राजा थिए विह्वल पुत्र रामको वियोग पर्दा वनवासबाट त्यो ।
विलाप गर्थे त्यसरी अनेकन अत्यन्त नै दुःखित दीन भैकन ॥
उदार थ्यो दृष्टि नरेन्द्रको अति पीडा बढायो त्यसले गऱ्यो क्षति ।
वित्ता न वित्तै अव अर्धरात त्यो छोडी दिए प्राण त्यसो गरी अहो ! ॥

१४०

इति चौसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैंसठ्ठी सर्ग

खोपीभित्र महारानीहरूको विलाप

१

अब त्यो रात वित्तामा सवेरै भोलिपल्टको ।
राजप्रासादमा आए पढ्‌थे स्तुति, भाट जो ॥
हुने व्याकरणज्ञान कथावाचक सूत र ।
पुर्खौली गुण भन्ने ती आए हुन् जुन मागध ॥
सङ्गीत-शास्त्र जानेका आए गायक उत्तम ।
थाले बाटो लिई आफ्नो राजाको कीर्ति गाँउन ॥
ऊँचो स्वर गरी मीठो सूत, मागध, गायक ।
गाँउथे स्तुति राजाको आशीर्वाद दिदैं तव ॥
मिलेर यिनको शब्द राजप्रासाद भित्र त्यो ।
गुञ्जिदै छरियो राम्रै जसले सब व्याप्त भो ॥
यसरी स्तुति गर्दैथे सूत आदि यतातिर ।
यसै वेला यहाँ आए पाणिवादक सुन्दर ॥
बजाई हातको ताली वितेका राजकर्म ती ।
राम्ररी गाँउनै लागे लिएरै तालको गति ॥
ब्यूझें यो शब्दले सारा पक्षी चीं! चीं !! गरी अब ।
सुतेका वृक्षका हाँगाहरूका गुँडमा निज ॥
राजप्रसादमा भित्र पालेका पनि थे जात ।
पिंजडा भरका पक्षी यी पनी व्यूँझिए पछि ॥
मीठो शुकादिपक्षीको विप्रका मुखको शुभ ।
त्यो मनोहर वीणामा नादको मधुरो लय ॥
त्यस्ता पवित्र-गाथाको भरिएको शुभाशिष ।
गुञ्जिदा गानको तान व्याप्त भो महलै सब ॥
वहाँ यस पछी आए देह-आचार शुद्धका ।
चाकडी गर्न जानेका भृत्य ती दरवारिया ॥
यिनमा मुख्य नारी थे, थे नपुंसक-षण्ढ ती ।
अघि जस्तो गरी आए अ-आफ्नो काम गर्न यी ॥

१३

१४

स्नानको विधि जानेका आए भृत्यहरूतक ।
यथासमयमा बोकी सुवर्णघटमा जल ॥
जो ल्याए उनले पानी थियो शुद्ध पवित्र त्यो ।
हरिचन्दन इत्यादि मिसेको विधि साथको ॥
अनि नारीहरू आए शुद्ध आचारका सब ।
थ्यो कन्याहरूकै संख्या जसमा घेर वारतव ॥
छुन मङ्गलका निम्ति योग्यका गाइ आदि र ।
ल्याए पिउनका योग्य सामग्री पनि सुन्दर ॥
अरु सामान जो जो हुन् चाँहिने क्रमले पछि ।
आभूषण तथा वस्त्र दर्पणादिक सम्म ली ॥
बिहानीपख राजामा चाहिने मङ्गलादिमा ।
जो जो हुन् वस्तु वा द्रव्य आभिहारिक हुन् यहाँ ॥
उनले लिइ आएका आभिहारिक वस्तु ती ।
शुभ लक्षणका एवं थिए विधि हुने छवि ॥
प्रशंसा गर्नमा योग्य शोभा-सम्पन्न उत्तम ।
थिए यी सब, भो जम्बा यसरी जनको गण ॥
सूर्योदय हुँदा सम्म राजाको सेवनार्थमा ।
भई उत्सुक भृत्यादि भए जम्वा सवै वहाँ ॥
राजा बाहिर निस्केका थिएनन् अहिलेतक ।
अब शङ्कागरी हाले निस्कन्नन् किन हो नृप ? ॥
जो जो केटी-सुसारे थे ती कोसल-नरेशका ।
खोपी भित्र पसी हाले जगाँउन भनी तदा ॥
नजीकै गई शय्याको आफ्ना मालिकलाइ ती ।
अब व्यूँझाँउनै लागे योग्य थे स्पर्श गर्न यी ॥
गई ओछयानमा छोए नम्र भै युक्ति-जुक्तिले ।
तर जीवनको चिन्ह पाएनन् कत्ति क्यै गरे ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सुतेको मस्त निद्रामा मर्त्यको स्थिति हुन्छ जो ।
त्यो पनि जान्दथे सारा यी नारीहरु, ज्ञान थ्यो ॥
यसर्थ यिनले पैले हातका मूल भागको ।
हेरे नाडी समातेर जाँचे हृदयसम्म त्यो ॥
नभेट्ता अब क्यै चेष्टा काँपे थरर ती सब ।
राजाको प्राण निस्केछ भन्ने शङ्का पऱ्यो जब ॥
यिनको स्थिति त्यस्तै भो जलका भेलको अघि ।
पर्दाजो झारको हुन्छ अघिल्ला भागको गति ॥
त्यस्ता राजाकनै देख्ता मृत्युको विषयै लिई ।
उनमा जुन थ्यो, शङ्का भो पक्का अब त्यो गई ॥
कौसल्या र सुमित्रा ती महारानीहरू दुवै ।
नजीकैमा लडेकाथे पुत्र-शोक बढी अझै ॥
व्यूँझेका अहिले सम्म थिएनन् दुइटै यता ।
कालले नै लगे जस्तो देखिन्थे चीत भै तदा ॥
श्रीहीन भै सकेकी थिन् कौसल्या ती सुते पनि ।
उनका देहको रङ्ग उड्दा फुङ्ग थिइन् उनी ॥
त्यसरी शोकले छोप्ता गल्दामा दुःखमा परी ।
शोभा पाउन्नथिन् तारा ढाकिंदा तमले सरी ॥
थिन् कौसल्या महारानी राजाको नजिकै वहाँ ।
थिन् सुमित्रा महारानी कौसल्याको नगीचमा ॥
पर्दामा मस्त निद्रामा शोभाहीन थिए दुवै ।
मुखैभर थिए आँसु फैलेका यिनका दुवै ॥
देख्तामा मस्त निद्रामा सुत्ने यी महिषीकन ।
ती अन्तःपुरका स्त्रीले यही नै संझिए पुनः ॥
इक्ष्वाकु-कुलका रत्न राजाको नरश्रेष्ठ यी ।
निदाएकै अवस्थामा प्राण निस्केछ, हो ! त्यही ॥
जाँदामा वनमा अन्त यूथको पति कै गज ।
ती ढोईहरुको हुन्छ अवस्था जुन वास्तव ॥
त्यही ठीक भई हाल्यो खोपीमा सुन्दरी सब ।
लागे चिच्याउँनै ठूलो स्वरमा आर्त भै तव ॥

४१

४२

कौसल्या र सुमित्रा ती रोएको शब्द त्यो सुनी ।
निद्राले छोड्दिंदा व्यूँझे, एकै पल्ट दुवै अनि ॥
राजा माथि परी हाल्यो आँखा यी दुइकै अव ।
छोए शरीर राजाको दुवैले राम्ररी सब ॥
नसक्ता खप्न हा नाथ ! भनी अव कराउँदै ।
लागे रुन दुवै रानी पृथ्वीबीच लडे त्यसै ॥
कोसलेश्वरकी छोरी कौसल्या महिषी तव ।
भई छर्पट ज्यादै नै गरिन् लडीबुढी अव ॥
शोभाहीन भयो देह लाग्नाले भूइँको रज ।
नभबाट खसी तारा धूलोमा लोट्तछे ठिक ॥
भै सकेका थिए शान्त राजाका देहका गुण ।
तातो उडी सकेकोथ्यो छुट्तामा अब जीवन ॥
लडेकी थिन् यता रानी कौसल्या भूइँमा त्यसै ।
मारेकी नागिनी जस्ती देखिन्थन् उनले सबै ॥
थिए नरेन्द्रका रानीं कैकेयी आदि जो जति ।
अब आई पुगे सारा यहीं नै तानिई पछि ॥
देख्ता यो घटना पाके शोकले अव भित्र ती ।
रुन लागे भयो ज्यादै भै विचेत लडे पछि ॥
रुदाँ कराँउदा ज्यादै माया लाग्दो गरी गरी ।
अरु मूर्च्छा न पर्ने ती रानीको दुःख भो झरी ॥
त्यो आर्तनादमा पैलो औलेको थपिंदा अहो ! ।
अति नै भै गयो, सारा राजप्रासाद गुञ्जियो ॥
यो कालधर्म वा मृत्यु पाएका नरराजको ।
त्यत्रो महल सम्पूर्ण भयो घर अनर्थको ॥
डराएका र काँपेका अति उत्सुक मर्त्यले ।
तुरुन्त भरिई हाल्यो त्यो डर्लाग्दो रुवाइले ॥
वहाँ जम्बा भए सारा राजाका बन्धु-बान्धव ।
शोक-सन्तापले पाक्तै भई पीडित वास्तव ॥
सारा महल तत्काल त्यसै आनन्द-शून्य भो ।
दीन-दुःखी हुँदा सारा अति व्याकुल भै गयो ।

५६

५७

भूपालका रत्न तथा शिरोमणि महान् यशस्वी नरराजलाइ यी ।
देखी गएका अव स्वर्गमा हरे ! रानीहरू छर्पटिए समस्त ती ॥

CC-0. In Public Domain. Digitization by eGangotri

५८

घेरेर चारैतिरबाट यी सव लागे रुनै हा ! अति जोडले तव।
समाइ आफ्ना पतिका भुजा दुवै विलाप्न थाले अव भै अनाथ मैं॥

इति पैंसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयसट्ठो सर्ग

महाराज–दशरथको शरीरलाई तेलका कराहीमा डुबाएर राख्नु

१

कौसल्या महिषीको ती अब नेत्र पर्‍यो यता ।
स्वर्गमा गै सकेका यी राजाका लासमा तथा ॥
राजाको लास देखिन्थ्यो निभेको अग्नि ठीकको ।
सूर्य जस्तो प्रभाहीन सिन्धुझैं जलहीनको ॥
मुखैभर भए आँसु उनले पतिको शिर ।
उठाई काखमा राखिन् थिइन् जो शोक-व्याकुल ॥
कैकेयीतिर फर्केर भनिन् अनि वहाँ यसो ।
अब ए क्रूर कैकेयी ! तिम्रो धोको पुग्यो कसो ? ॥
राजालाइ पनी त्यागी भई एकाग्र चित्तकी ।
भोग निष्कण्टकै राज्य अब ए दुश्चरित्रकी ! ॥
मलाई रामले छोडे त्यागिदिएर गए वन ।
पतिदेव सवारी भो स्वर्गबीच यता पुनः ॥
अब दुर्गम बाटोमा साथी सब छुटे सरी ।
असहाय भएकी म अवला बाचुँ के गरी ? ॥
नारीको धर्म त्यागेकी कैकेयी भिन्नकी कुन ।
नारी होली र जो बाँच्न खोज्ली हा ! यसरी पुनः ॥
जो आफ्नो नित्य आराध्य साक्षात् देवस्वरूपका ।
पतिदेवकनै त्यागी बाँच्ली भै योग्यकी सदा ॥
जस्तो क्कै धनको लोभी अर्कोमा विष ख्वाँउछ ।
दिदैन ध्यान नै कत्ति हत्याको दोषमा तव ॥
कैकेयीले त्यही ठीक कुब्जाको निहुँ-हेतुले ।
पवित्र रघुवंशीको कुलै यो नाशिदइन् हरे ! ॥
अयोग्य कार्यमा त्यस्तो लगाई नृपलाइ हा ! ।
यिनीले साथ पत्नीका निकालिन् रामलाइ ता ॥
यो कुरा जब सुन्नेछन् राजा जनकले पनि ।
मै जस्तो शोक गर्नेछन् विलाप्नेछन् स्वयं उनी ॥

१३

१४

म अनाथ भएँ, साह्रै भएँ म विधवा अब ।
हुने कमल झैं आँखा जान्दैनन् राम यो सब ॥
रमेका धर्ममा राम्रो मेरा छोरा थिए उनी ।
गए ज्यूँदो अवस्थामा के जाँनुन् यो कुरा अनि ॥
तप गर्ने निकै राम्रो पतिसेवा स्वरूपको ।
छन् ती विदेहकी छोरी दुःख भोग्नै अयोग्य त्यो ॥
सुकुमारी तिनै सीता वस्तामा वनमा अब ।
भोग्नु पर्दा महान् कष्ट होलिन् उद्विग्न वास्तव ॥
गर्जिने रातको वेला डर्लाग्दो शब्दका वहाँ ।
सुन्दी हुन् पशु-पक्षीका कसरी अब गर्जना ? ॥
रामको शरणै पर्लिन् भय-भीत भई उनी ।
उनको निम्तिमा अर्को छ र आधार के अनि ? ॥
बूढा भइ सकेका छन् उता जनकराज ती ।
सुपुत्र उनका छैनन् छन् छोरीहरूमात्र ती ॥
चिन्ताले अब सीताको भई पीडित नित्य हा ! ।
अवश्य पनि छोड्नेछन् अन्त्यमा प्रिय प्राण ता ॥
म पत्नी आज नै मर्छु भई ठीक पतिव्रता ।
अगाँली पतिको देह हुन्छु भस्म रची चिता ॥
पतिको देह त्यो टाँसी आफ्नै हृदयबीच ती ।
कौसल्या गर्दथिन् आर्त दुःखपूर्ण विलाप यी ॥
राजकाज सबै हेर्ने मन्त्री जम्बा भई अब ।
तपस्विनी उनीलाई हटाए ठाम बाट त्यो ॥
वसिष्ठ आदिको आज्ञा पाएर उनले पछि ।
तैलपूर्ण कराहीमा राखे लास नरेन्द्रको ॥
अब सम्हाल्न लागे ती राजकाज पनी सब ।
थिए सबै कुरा जान्ने बुझ्ने मन्त्रीहरू जब ॥

२६

२७

हुनाले पुत्र राजाको दाह-संस्कार आदि त्यो ।
सकेनन् आफुले गर्न गरे रक्षण लासको ॥
तैलपूर्ण कराहीमा ती मन्त्रीहरुले मिली ।
देखतामा लास राखेको सुताएको पनी पछि ॥
ती रानीहरु भै हाले अति विन्हल फेरि झन् ।
हा ! नरेन्द्र मरीबक्स्यो भन्दै थाले विलाप्न झन् ॥
वहाँ जम्बा भएका यी रानीका मुखमा तब ।
आँसुको झरनै जस्तो बग्न थाल्यो त्यसै भल ॥
दुवै हात उठाएर अत्यन्तै दीन-आर्त भै ।
विलाप्न अब यो लागे यसो भन्दै रुँदैरुँदै ॥
हा महाराज ! हामी थ्यौं प्यारो बोल्ने स्वयं सदा ।
त्यस्ता सत्य-प्रतिज्ञाका राम बाट वियुक्त हा ! ॥
यस्तो शोक तथा दुःख पर्दैमा प्रभुले पनि ।
यसरी छोड्दिई बक्स्यो हे प्रभो! किन छोड्नु नि ? ॥
सुपुत्र रामद्वारा छौं सवै त्यक्त वियुक्त हा ! ।
दुष्ट-स्वभावकी सौता कैकेयी छन् यिनी यता ॥
यसहालतमा हामी विधवा भै मरे सरि ।
सकौंला र मिली बस्न यी सौता सँग के गरी ? ॥
थिए हजुरका त्यस्तै हाम्रा पनि नरेश्वर ! ।
रक्षा गर्ने सँधै राम्रो प्रभु-राम धनुर्धर ॥
उदार दिलका त्यस्ता रघुनन्दन राघव ।
छोडेर राज्य-लक्ष्मी यो गए वन त्यजी सब ॥

३७

३८

न हुदा वीर श्रीराम, जाँदा प्रभु पनी उता ।
अव हामीहरू माथि पऱ्यो कष्ट त्यसै कहा ॥
छौं हा ! होशै उडे जस्ता सौताका वशमा परी ।
तिरस्कृत भई राजन् ! सकौंला बस्न के गरी ? ॥
जसले पति राजाको सीताका साथ रामको ।
पुत्र लक्ष्मणको त्यस्ता अकस्मात् त्याग नै गऱ्यो ॥
त्यसको निम्तिमा फेरि छोड्नै न सकिने अव ।
के होला र महाराज ! हामी ता तुच्छ छौं सब ॥
राजाका सुन्दरी स्त्री यी महान् शोक बढीवरी ।
विलाप गर्दथे यस्ता आँसु झारी झरीसरि ॥
त्यसका साथ-साथैमा गर्थे चेष्ठा अनेकन ।
आनन्द यसरी सारा हरायो उनको पुनः ॥
भएकी हीन राजाले यो अयोध्या पुरी यता ।
तुरुन्त अव भै हाली नारी मैं पतिहीन हा ! ॥
भएन त्यसको शोभा क्यै पनी अव वास्तव ।
रात्री नक्षत्रले हीन जस्तो शोभिन्न त्यै ठिक ॥
आँसु झारी रहेका थे यता नगरका जन ।
उता कुलवती नारी हा हा ! गर्थे वहाँ पुनः ॥
चौबाटा अनि चौतारा घरका द्वारसम्म ती ।
शून्य-सान्य थिए सारा भएरै कर्महीन यी ॥
अयोध्यानगरी सारा यसरी पहिले सरि ।
शोभा पाँउन्नथिन् कत्ति यो बढदो शोकमा परी ॥

४८

४६

त्यस्ता अयोध्यापति शोक बाट त्यो स्वर्गै गए हा ! त्यसरी असह्य भो ।
रानीहरू थे उनका वहाँ जति गर्थे धरामा अव ती लडीबुढी ॥
यै शोकले नै सहसा दिनेशले प्रसार रोके करको पनी हरे ! ।
प्रचार गर्दै अव अन्धकारको भई गईन् रात्रि उपस्थितै अहो ! ॥
नरेन्द्रका थे प्रिय जो सुहृत् वहाँ भेला भएका उनले कुनै पनि ।
त्यो दाह-संस्कार नरेशको हुनु अयोग्य माने सुतले विना अनि ॥
अचिन्त्य भो हा ! नृप-दर्शनै भनी शोचेर यस्तो सवले वहाँ अनि ।
हाली कराही भर तेल बेसरी त्यो लास राखे नृपको सवै मिली ॥
थिन् फुङ्ग सार्है नगरी यतातिर त्यस्ता महात्मा नृप गै दिंदा पर ।
आकाश जस्तो कर-हीन सूर्यको नक्षत्रले हीन-समान रात भो ॥

५२

CC-0. In Public Domain. Digitization by eGangotri

५४

बाटा भरी जो जति व्यक्ति देखिए आँखा भरी आँसु हुने सबै थिए ।
सक्तैनथ्यो रोकिंइदा गला कुनै बोल्नै पनी, थिन् नगरी विचेत नै ॥

भएर जम्बा अब हूल-हूल ती सारा नर-स्त्री पुरका भए जति ।
थाले भरत्की-जननी उनीकन निन्दा गरी गालि दिनै पनी पुनः ॥

वेलाविषे यो नरराज-मृत्युले पुरी अयोध्या दृढ, दुःख-वेगले ।
अत्यन्त शोकाकुल भै गइन् अब पाउन्नथ्यो शान्ति कुनै पनी तब ॥

५६

इति छयसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतसठ्ठी सर्ग

राजा नहुँदा दोषको वर्णन गर्दै महर्षि वसिष्ठ सँग कसैलाई राजा बनाउँन प्रार्थना गर्नु

१

यी अयोध्या पुरीबीच दुनियाँहरुको अब ।
रुँदै र कल्पँदैमात्र विती गो रात त्यो सब ॥
मुखैभर थियो आँसु रोकिन्थ्यो कण्ठ नै उता ।
आनन्द-शान्ति भन्ने ता कत्ति देखिन्नथ्यो यता ॥
दुःखले शोकले गर्दा निम्तिमा सब व्यक्तिको ।
भयो अत्यन्त नै लामो भएकै ठीक रात यो ॥
सूर्योदय हुँदा, वित्ता यसरी रात त्यो अब ।
राजप्रासादमा आए विप्र जम्बा भई सब ॥
जो गर्नु पर्दथ्यो जस्तो वेलामा राजकाजमा ।
त्यो सबै पहिले देखि गर्थे यिनीहरू वहाँ ॥
थे यिनै उनमा मुख्य कात्यायन र गौतम ।
मार्कण्डेय र मौद्गल्य वामदेव र कश्यप ॥
अर्का महान् यशस्वी ती जाबालि मुनिसम्म थे ।
अरु मन्त्रीहरू साथ सबै भेला भई गए ॥
वसिष्ठ विप्रमा श्रेष्ठ थिए राजपुरोहित ।
अघि राखे उनैलाई भने राय दिंदै निज ॥
पुत्रका शोकले त्यस्तो गएमा स्वर्ग यी नृप ।
सयौं वर्ष विते जस्तो वित्यो रात बढी दुख ॥
राजा स्वर्ग गई हाले, बस्छन् राम अरण्यमा ।
थिए लक्ष्मण तेजस्वी गए ती पनि साथमा ॥
यता भरत शत्रुघ्न बस्छन् केकयदेशको ।
गै राजगृहमा आफ्ना बाजेका घरबीच त्यो ॥
श्रेष्ठ इश्वाकुवंशीका कुनै राजकुमारमा ।
राजा बनाइयोस् आज तुरुन्तै यस राज्यमा ॥
राज्यमा न हुँदा राजा यो हाम्रो राष्ट्र नै सब ।
तुरुन्त नाशिई हाल्छ होस् प्रबन्ध छिटै अब ॥

१३

१४

जहाँ हुन्नन् कुनै राजा त्यस्तो जनपदादिमा ।
मेघ सम्म पनी राम्रो गर्दैनन् कत्ति गर्जना ।
पैह्रे र विजुली-माला गर्जिने घोर बादल ।
ती दिव्य जलको वर्षा गर्दैनन् क्यै गरे तन्न ?
जहाँ राजा छँदै छैनन् त्यस्ता बस्ती र गाउँमा ।
छरिन्नन् अन्नका बीज मुट्ठी मुट्ठी भरी वहाँ ।
नभएको कुनै राजा राज्यमा पुत्र बाबुका ।
रहन्नन् वशमा, हुन्न पत्नी स्वपतिको तथा ।
धन आफ्नो पनी हुन्न राजाले हीन राष्ट्रमा ।
पत्नी पनि यता हुन्न त्यस्तो राज्य भए वहाँ ।
अति ठूलो डरै यो छ राजा-रहित देशमा ।
होला र सत्य-धर्मादि टिक्ने यो कसरी त्यहाँ !
पञ्चायत-सभा आदि गर्ने बस्ने पनी घर
बनाँउन्नन् कुनै त्यस्तो राष्ट्रमा स्थिर भै नर
राम्रा बर-बगैंचा वा पुण्य-मन्दिर आदि वो
भई खुश बनाँउन्नन् त्यस्तो राज्य भए पनि
नभएको कुनै राजा राज्यमा श्रेष्ठ-विप्रले
गर्दैनन् यज्ञ-यागादि कुनै पनी स्वभावले
ठूलठूला यज्ञ गर्दैनन ती जितेन्द्रिय ब्राह्मण
व्रत पाल्ने लिई ऋत्विक् यजमान पनी पुन ॥
जहाँ हुन्नन् कुनै राजा त्यस्तो जनपदादिमा
क्यै गरी ती महायज्ञ गरी हाले भने वहाँ
भए पनी धनी, विप्र ऋत्विक् आचार्य आदिमा
प्रशस्त दक्षिणा दिन्नन् ठान्छन् । लुट्छन् भनी वहाँ
राजा हीन भएको त्यो राष्ट्रमा चाड-पर्व
उत्सवादि हुँदै हुन्नन् राष्ट्रबर्धनरूप

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

देखाँउन्नन् कला आफ्नो नट-नर्तक भैं खुश ।
समाज बढ्न पाँउन्नन् राष्ट्रको हित-कारक ॥
अराजक हुँदा देश बढ्छन् मुद्दा र मामिला ।
हुन्न न्याय पनी ठिक त्रिग्रन्छन् व्यवहार ता ॥
कथा सुन्नेहरू फेरि कथा भन्ने मनुष्यका ।
भन्नेका ती कथा सुन्दा हुन्नन् कैले प्रसन्न ता ॥
सुनका गहना पैह्री अलंकृत भई वहाँ ।
कुमारीहरू निस्कन्नन् बगैंचा घुम्न साँझमा ॥
धनी-जन उता त्यस्तो राजाले हीन राज्यमा ।
सुरक्षित हुँदै हुन्नन् डरै पर्छ स्वयं वहाँ ॥
गरेर कृषि, गोरक्षा धान्ने जीवन व्यक्ति ती ।
वैश्यादि सुत्न पाँउन्नन् ढोका खोलेर शान्ति ली ॥
चाँडो दौड्ने चढी यान त्यो अराजक-देशमा ।
कामी नर लिई नारी जान्नन् वन-विहारमा ॥
दँतार, घण्ट बाँधेका साठी वर्ष हुने गज ।
घुम्दैनन् राजमार्गैमा हुँदा देश अराजक ॥
सिक्न लाग्दा धनुर्विद्या तारो हान्दा त्यजी शर ।
ताँदो तान्दा हुने शब्द क्यै सुनिन्न वहाँ स्थिर ॥
राजाहीन भएको त्यो राज्यमा बनियाँहरू ।
व्यापार गर्न जाँदैनन् देशान्तर लुरूलुरु ॥
गए पनि लिई राम्रा बेचिने वस्तु उत्तम ।
कुशले साथ ती बाटो सक्तैनन् काट्न, फर्किन ॥
नभएको कुनै राजा राज्यमा कौ पनी मुनि ।
भै शान्त घुम्न सक्तैनन् एक्लै घुम्ने भए पनि ॥
आत्मामा परमात्माको ध्यान गर्ने जितेन्द्रिय ।
जहाँ पायो उहीं बस्ने, घुम्दैनन् ऋषि वास्तव ॥
अप्राप्त-वस्तुको प्राप्ति, प्राप्त वस्तु सुरक्षित ।
हुँदैन कहिले फेरि राज्यमा त्यो अराजक ॥
राजा नै न हुँदा आफ्ना सैन्यले पनि वीर ती ।
सक्तैनन् कहिल्यै जित्न शत्रुलाई पनी बढी ॥
राजा हीन भएको त्यो राज्यमा राष्ट्रका जन ।
हृष्ट-पुष्ट चढी घोडा घुम्दैनन् कहिल्यै पुनः ॥
न ता उनीहरू घुम्छन् पैह्रिई गहना लुगा ।
चढेर रथमा राम्रो राज्य राजा विना हुँदा ॥

४३

४४

विशिष्ट शास्त्र जानेका विद्वान्हरू यतातिर ।
राजा-हीन भएको त्यो राज्यमा भइ सुस्थिर ॥
गई बर-बगैचामा चर्चा-व्याख्यादि शास्त्रको ।
गर्दैनन् कहिल्यै फेरि भयो भनि अयोग्य त्यो ॥
न भएको कुनै राजा देशमा संयमी जन ।
देवताहरुको निम्ति गर्न खातिर पूजन— ॥
पुष्प-माल्यादिको एवं मिठाई-लड्डुको तथा ।
व्यवस्था कत्ति गर्दैनन् दक्षिणा सम्मको यता ॥
राजा विना भएको त्यो राष्ट्रमा नृपका सुत ।
हिंड्दैनन् लेप पैह्रेर श्रीखण्डागुरुको तक ॥
शोभिन्छन् न त ती त्यस्तो बसन्तऋतुबीच त्यो ।
शोभिए ठीक भै राम्रो हाँगा सरह वृक्षको ॥
नदीको हुन्न क्यै शोभा जस्तो पानी सुक्यो भने ।
तृणादि न हुँदा हुन्न वन त्यो कत्ति शोभिने ॥
गोठालो न हुँदा शोभा हुन्न क्यै गाइ-वस्तुको ।
त्यै ठीक न हुँदा राजा क्यै शोभा हुन्न राष्ट्रको ॥
रथको ज्ञान भै हाल्छ ध्वजा देख्यो भने अघि ।
अग्निको बोध भै हाल्छ धूँवा देख्यो भनि अघि ॥
त्यही ठीक ध्वजा जस्ता राजकाज सिकाँउने ।
हाम्रा राजा गए स्वर्ग भई देवत्व नै लिने ॥
राजा हीन भएको त्यो राज्यमा क्यै कुरा पनि ।
आफ्नु भन्ने हुँदैहुन्न कुनै मानिसको पनि ॥
माछाले नै निले जस्तो आफैंले आफु-आफुमा ।
लुट्छन्-खान्छन् सबै नित्य जनता आफु आफुमा ॥
नाघेका शास्त्रमर्यादा चलेको स्थिति माश्दिने ।
राजाका दण्डको त्रास पर्नाले अघि लुक्दिने— ॥
नास्तिकादि पनी सारा न हुँदा नृप राज्यमा ।
प्रभुत्व प्रकटै गर्छन् भै निःशङ्क जहाँ तहाँ ॥
जस्तो शरीरको रक्षा राम्रो हेर-विचार वा ।
गर्छ मानिसको नेत्र श्रेष्ठ इन्द्रिय भै सदा ॥
त्यै ठीक राष्ट्रमा आफ्नो सत्यको धर्मको तथा ।
प्रवर्तक भई गर्छन् राजा रक्षण सर्वदा ॥
सत्य हुँन् धर्म हुन् राजा कुल नै हुन् कुलीनको ।
राजा माता-पिता नै हुन् गर्छन् हित मनुष्यको ॥

६०

६१

महान् चरित्रले आफ्नो यम इन्द्र कुवेर र ।
महाबली-वरुणको शक्ति राख्छन् नरेश्वर ॥
कुनै राम्रो न राम्रोको श्रेष्ठको वा खराबको ।
लेखो-जोखो सबै गर्ने राजा हो विश्वबीच यो ॥

६२

६३

न भए यदि त्यै राजा यो जगत् अन्धकारले ।
व्याप्त हुन्छ अहो ! केही भेट्तै भेट्तैन बुद्धिले ॥
ए वसिष्ठ गुरो ! तस्मात् हाम्रा राजा हुँदै पनि ।
पाल्थ्यौं हजुरको आज्ञा न नाघीकन क्यै पनि ॥

६४

६५

उर्लेको जसरी सिन्धु पुगे पछि किनारमा ।
सीमा नाघ्दैन, रोकिन्छ छौं त्यही ठीकका यहाँ ॥
तसर्थ राजा न हुँदा अरण्य समानको राष्ट्र भयो वरेण्य ! ।
हामीहरूको व्यवहार हेरी यो कष्ट नाश्नोस् अब दृष्टि फेरि ॥
इक्ष्वाकुवंशीनृप-पुत्रलाई ल्याएर राख्नोस् यस राज्यमा कि ।
यद्वा कुनै योग्य मनुष्य जो होस् बनाई राजा अभिषेक गर्नोस् ॥

६७

इति सतसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठसठ्ठी सर्ग
भरतलाई लिन केकयदेशमा दूतहरू पठाउँनु

१

ती मार्कण्डेय इत्यादि व्यक्तिका यी कुरा सुनी ।
भन्छन् वसिष्ठ-ब्रह्मर्षि उनीहरूकनै अनि ॥
उनमा मुख्य राजाका थिए मन्त्री सुहृत् तथा ।
अरू विप्र पनी ठूला सुन्दथे यिनका कुरा ॥
जसलाइ दिएको हो राजाले राज्य राष्ट्रको ।
स्वयं भरत ती छैनन् अधिकार हुने अहो ! ॥
मामा-घर गएका हुन् भाई शत्रुघ्न साथमा ।
वहीं वसि रहेकाछन् सुख-आनन्द-हर्षमा ॥
वीर छन् ती दुवै भाई अव डाँक्न उनैकन ।
गै हालुन् फूर्तिला दूत छीटै घोडा चढीकन ॥
कुरा के शोच्न सक्छौं र यस भन्दा बढी अरू ? ।
यसो भन्ने उहाँलाई भन्दछन् जनताहरू ॥
ब्रह्मर्षे ! ठीक आज्ञा भो जाँउन् दूतहरू अव ।
वसिष्ठ दूतमा भन्छन् सुनी यस्ता कुरा तव ॥
सुन सिद्धार्थ ! विजया ! ए अशोक र नन्दन ! ।
ए जयन्त ! यहाँ आओ ! गर्नु पर्ने कुरा सुन ! ॥
तिमीहरू सबैलाई म भन्दोछु कुरा बुझ ।
जाओ छीटा चढी घोडा छीटै भइ तिमी सव ॥
गै राजगृहमा राम्रो पुर केकयदेशको ।
भन मैले भने जस्तो वहाँ भरतलाइ यो ॥
भन्दामा त्यो कुरा कत्ति तिम्रो हृदयबीचको ।
भाव क्यै शोक-सुर्ताको न होस् प्रकट, संझ यो ! ॥
भन्यौ-पुरेतबाजेले मन्त्रीले अरुले पनि ।
सोधेका छन् भलो राम्रो प्रभुको कुशलै भनी ॥
यहाँबाट सवारी होस् अव छीटै स्वदेशमा ।
निकै ठूलो पर्‍यो काम प्रभुबाट हुने वहाँ ॥

१३

१४

गएको वनमा राम, पिताका मृत्युको कुरो ।
न भन्नु नि ! उनीलाई तिमीले सव, संझ यो ! ॥
कुराले यी दुवै गर्दा यहाँको स्थिति जो भयो ।
रघुवंशीहरूमाथि वज्रको दुःख, छोप्नु त्यो ॥
दिन केकयराजामा तथा भरतमा पनि ।
छिटै जाओ लिई श्रेष्ठ गहना वस्त्र-रेशमी ॥
बाटो खर्च लिई, राम्रा वेस घोडा चढी तव ।
दूत केकयदेशैमा जान निम्ति गए घर ॥
यात्रामा गरिने बाँकी गरी काम कुरो सव ।
बोकी वसिष्ठको आज्ञा दौडे दूत छिटै अव ॥
थियो पर्वत टुङ्गको वहाँ अपरतालक ।
प्रलम्ब गिरि थ्यो अर्को यहीं सुन्दर वास्तव ॥
क्रमैले दाहिने पारी, पारी उत्तर, बीचमा ।
थिन् नदी मालिनी बग्दी, गए यै मार्गले वहाँ ॥
हस्तिनापुरमा पुग्दा गङ्गा आइन्, तरे पछि ।
लिई पश्चिमको बाटो दूत बढ्दै गए अघि ॥
पाञ्चालदेश नाघेर कुरुजाङ्गल देशको ।
बीचको मार्ग पक्डेर अघि बढ्दै गए छिटो ॥
फुलेका फूल थे नाना तलाउ, दह मार्गमा ।
शोभिइन्थे नदी-नाला निर्मलै जलका वहाँ ॥
हेर्दै सव कुरा यस्ता त्यस्ता दूत भई छिटा ।
अघि बढ्दै गए फेरि यस्तो काम परी दिंदा ॥
शरदण्डा नदी आइन् सुन्दर दिव्य यी ।
यिनमा जल थ्यो ज्यादै स्वच्छ, निर्मल थिन् उति ॥
नाना प्रकारका पत्ती किनारभर थे यहाँ ।
यहीं बाट तरे पारी, गए भै फूर्तिला वहाँ ॥

२६

२७

दिव्य वृक्ष थियो यौटा यी नदीको किनारमा ।
अघि देखि बसेका थे कुनै देव स्वयं यहाँ ॥
यहाँ गै माग्दथ्यो जो जे हुन्थ्यो त्यो सत्य याचन ।
यस अर्थ भनिन्थ्यो यो वृक्ष 'सत्योपयाचन' ॥
परिक्रमा गरे तस्मात नजिकै यसको पुगी
ती कुलिङ्गापुरीभित्र पसे दूत बढी अघि ॥
वहाँबाट हिंडे फेरि तेजोऽभिभवनैतिर ।
जुन यो गाउँ थ्यो यौटा 'अभिकाल' पुगे पर ॥
आफ्ना मालिक राजाको पुर्खाले सेविंदी शुभा ।
नदी इक्षुमती भेटे, तरे बढ्दै गए तदा ॥
तप गर्ने पिई खाली अँजुली भरका जल ।
वेदमा पार पाएका देखे विप्रकनै सब ॥
बाल्हीक-देशमा पुग्दा बढ्दै जाँदा अघिल्तिर ।
पुगे त्यै देश भित्रैको सुदामा पर्वतैतिर ॥

३३

३४

त्यसकै टाकुरामा थ्यो भगवान् त्रिष्णुको शुभ ।
पाउको चिन्ह क्वै यौटा गरे दर्शन गै तब ॥
यहीं नदी विपाशा थिन् , बग्दथिन् अति वेगले ।
यिनैको तटमा यौटा शिशौको रुख थ्यो, पुगे ॥
अघि बढ्दै गए दूत देखे नाना थरी नदी ।
तलाऊ, दह ठूल्ठूला साना वापी र पोखरी ॥
वन जन्तु वहाँ देखे अब नाना प्रकारका ।
मत्ता हात्तीहरू साथ सिंह व्याघ्र-मृगादिका ॥
थ्यो यता पट्टिको बाटो निकै लामो मनोरम ।
यसैबाट गए दौड्दै स्वामीको पाल्न शासन ॥
थिए यी दूतका घोडा थाकेका दौंडिंदा अति ।
यता लामो थियो बाटो, थिएन डर ता कति ॥
छिचोलेर सबै बाटो सजिलै सँग यी पुनः ।
पुगे त्यो पुरमा श्रेष्ठ 'गिरिव्रज' थियो जुन ॥

४०

४१

प्यारो हुने मालिकको कुरा र त्यो वंशाको रक्षण गर्न निम्ति ।
दौड्दै गए दूतहरू छिटा भै स्वराज्यमा राख्न भरतकनै ती ॥
यो काममा तत्परता लिएका थिए उनी आदरता बढेका ।
परे पछी रात हतारिंदै ती पसे पुरीमा अब थाकि ज्यादि ॥

४२

इति अठसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्सत्तरी सर्ग

भरतले देखेका दुःस्वप्नको वर्णन गर्नु

१

गिरिव्रज—पुरी भित्र त्यस केकय–देशको ।
यी दूत गै पसेका थे पर्दामा जुन रात त्यो ॥
अघिल्लो त्यसको रात यता भरतले पनि ।
देखेकाथे वहाँ यौटा नराम्रै सपना पनि ॥
रात प्रायः वितेको थ्यो उज्यालो हुन लाग्दथ्यो ।
उनले स्वप्न यो देख्ता जो अप्रिय अनिष्ट थ्यो ॥
राजाधिराजका छोरा थिए भरत योग्य यी ।
यसले उनमा पार्‍यो ताप, खिन्न थिए अति ॥
उनका मित्र थे प्यारा, प्यारै बोल्थे निरन्तर ।
देखे अब उनीलाई हुने खिन्न असुन्दर ॥
उनको पीर यो नाश्न मित्रले यी रचे सभा ।
ठूलो गोष्ठी जमी हाल्यो, गरे नाना कुरा–कथा ॥
कुनै लागे वहाँ वीणा आदि बाजा बजाँउन ।
दिन शान्ति कुनै लागे वहाँ नाच्न र गाँउन ॥
अरू मित्रहरूबाट नाटकै पनि खेलिए ।
नाना प्रकारका हास्य–व्यङ्ग्य नै जसमा थिए ॥
गरी हास्य-विनोदादि ती आफ्ना प्रिय–मित्रले ।
उनी त्यस्तो सभा बीच राम्रो संग बुझाइए ॥
रघुका कुलका रत्न महान् आत्मा हुने उनी ।
परन्तु खुश नै कत्ति भएनन् क्यै गरे पनि ॥
अब मित्रहरूद्वारा घेरिएका स्वमित्रले ।
मित्रका बीचमा बस्ने उनलाई यसो भने ॥
सखे ! भरत ! के भो हैं ? भन आज तिमीकन ।
त्यस्तो प्रसन्न देखिन्नौ, मन खिन्न भयो किन ? ॥
यस्तो प्रकारले सोध्ने अब आफ्ना सुहृत्कन ।
भने भरतले त्यस्तो लिई खिन्न हुने मन ॥

१३

१४

जुन कारणले मेरो मनमा खिन्नता छ यो ।
प्रियमित्र ! तिमीलाई म भन्छु सुन हेतु त्यो ॥
वितेको रातमा मैले मित्र हो ! स्वप्नमा सुन ! ।
देखें राजा-बुवालाई मलिनो मुखका पुनः ॥
मैलो फोहोर खाल्डोमा जहाँ गोबर धेर थ्यो ।
तल्तिरै खसि बक्सिन्थ्यो गिरिको शृङ्गबाट यो ॥
कपाल छरिएकाथे त्यही गोबर–कुण्डमा ।
पौडिंदै गरि बक्सिन्थ्यो छर्पटाई स्वयं वहाँ ॥
अञ्जुलीभर थ्यो तेल गरी हाँसे सरी निकै ।
देखें पिउन लागेको बारम्बार मजा सँगै ॥
ज्यूनार गरि बक्सिन्थ्यो यतातिर भुजा पनि ।
जो थियो तिलमा मात्र मुछेको त्यसमा पनि ॥
उहाँका अङ्गमा सारा अनि तेल लगाइयो ।
डुबुल्की त्यसमै मारी ली नीचो मुख राज भो ॥
देखें यो पनि स्वप्नैमा सुकेको सिन्धु नै सब ।
देखें चन्द्रकनै फेरि खसेको भूमिमा तव ॥
अनर्थ र उपद्रोले पृथिवी व्याप्त थिन् यता ।
अँध्यारो नै अँध्यारो थ्यो धराभर जतातता ॥
उता जुन थियो हात्ती बुवाले चढि बक्सिने ।
लामा थे त्यसका दाह्रा देखें त्यो पनि भाँच्चिने ॥
यता बलिरहेकोथ्यो आगो ह्वार्ह्वार्ति राम्ररी ।
भुसुक्कै त्यो निभ्यो सारा मेरो दृष्टि परे पछि ॥
देखें ए मित्र हो ! मैले फाटेकी पृथिवी पनि ।
खङ्ग्रङ्ग भै सुकेकाथे वृक्ष नानाथरी पनि ॥
यता सम्मै भएकाथे ढलेर सब पर्वत ।
धूँवा आइरहेकोथ्यो उनबाट मजैसित ॥

२६

२७

बुवालाई उता देखें पिर्कीबीच फलामको ।
कालो पोशाक पैह्रे र भएको राज थ्यो अहो ! ॥
पैह्रिएका लुगा काला-पहेंला महिलाहरू ।
त्यसवेला बुवालाईं पिट्ने गर्थे खुरू-खुरू ॥
थियो पैह्रिइ बक्सेको धर्मात्मा नृपले तव ।
र-रातै फूलको माला रातै चन्दन वास्तव ॥
बुवा यस्तो अवस्थामा गधाले हाँकिदो रथ ।
चढेर दक्षिणैपट्टि गै बक्सिन्थ्यो स्वयं तव ॥
रातै लुगा लगाएकी डर्लाग्दो मुख-रूपकी ।
मित्र हो ! राक्षसी जस्ती यौटी स्त्री, अघि हिंड्दथी ॥
हाँस्तै हाँस्तै बुवालाई त्यै लैजान्थी खिंची-खिंची ।
यस्तो स्वप्न पनी देखें डर्लाग्दो रातमा पछि ॥

३२

३३

यसको फल यै होला भन्ने सम्झन्छु मित्र ! म ।
दाजु राम, बुवा राजा कि लक्ष्मण कि मर्छु म ॥
हाँकिएको गधा द्वारा सवारीमा चढीकन ।
दौडेको जुन देखिन्छ स्वप्नबीच भने सुन ! ॥
हुँदैन कहिल्यै राम्रो चाँडै नै त्यस व्यक्तिको ।
चिताको धूम देखिन्छ न राम्रो भो, अवश्य हो ? ॥
यसै कारणले गर्दा खिन्न, दीन छु आज ता ।
सकिन आदरै गर्न तपाइंका कुरा त्यता ॥
गला सुकि सक्यो मेरो त्यसै पनि बस्यो यता ।
मन अस्वस्थ जस्तै छ किन हो किन आज ता ? ॥
डर-त्रास हुने त्यस्तो हेतु देखिन्न क्यै पनि ।
तर भित्र भने ज्यादै डर लाग्छ ममा पनि ॥

३८

३६

स्वरै बदलियो मेरो मुखको ज्योतिनै उड्यो ।
आफैं बाट घृणाझैं भो, हेतु भेट्तिन क्यै अहो ! ॥

थिएन यस्तो अघि कल्पना पनि मैले गरेको निज चित्तमा पनि ।
दुःस्वप्न नाना गतिका कुलच्छिनी हुन्छन् र देखा पनि पर्दछन् भनी ॥
स्वरूप-त्यस्तो स्थितिमा बुवाकन देख्ता लिने रूप अचिन्त्य त्यो पुनः ।
शोच्ता-विचार्दा सब यी कुरा सखे ! जाँदैन मेरो मन बाट त्रास ए ! ॥

४१

इति उनान्सत्तरी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्तरी सर्ग

राजकुमार भरतको अयोध्या सवारी

१

यता भरत भन्दैथे मित्रमा स्वप्नका कुरा ।
पसे यसै अवस्थामा दूत ती पुरमा उता ॥
यो राजगृह ध्यो राम्रो खाईले घेरिदो सव ।
घोडा थाकी सकेकाथे यी दूतहरूका तव ॥
सरासर गए भित्र राजाले राजपुत्रले ।
देख्ना साथ उनीलाई ठूलो आदर नै गरे ॥
पछि आफ्ना हुने राजा त्यस्ता भरतको पनि ।
परे गै पाउमा दूत समात्तै यो भने अनि ॥
विद्वान् पुरेतले त्यस्तै ती मन्त्रीहरूले सव ।
हजूरलाइ सोधेका छन् प्रभो! क्षेम-मङ्गल ॥
यहाँ बाट सवारी होस् अति चाँडै उता अव ।
प्रभुबाट हुने त्यस्तै अत्यावश्यक कार्य छ ॥
ल्याएकाछौं वहाँ बाट गहना वस्त्र, यी निकै ।
नामी नामी तथा दामी उपहार-स्वरूपकै ॥
कुमार! यी सबै वस्तु ग्रहण गरिबक्सियोस् ।
क्यै वस्तु यिनमध्येका मामामा पनि बक्सियोस् ॥
विशाल नेत्रका देव! निम्ति केकयराजको ।
ल्याएका छौं वहाँ बाट माल बीस करोडको ॥
टक्न्याँउन छ ल्याएको मामालाइ हजूरका ।
यी वेस वेस सामान जम्बा दशकरोडका ॥
लिएर सव त्यो वस्तु यता भरतले तव ।
मामा आदि सुहृत् माथि प्रेमले बाँड्दिए सव ॥
इच्छानुसारका वस्तु दिएर अनि दूतमा ।
सत्कार उनको गर्दै सोधे भरतले वहाँ ॥
मेरा मान्य बुवा राजा साक्षात दशरथै कन ।
छ के कुशल आराम ? अयोध्या-पुरमा भन ? ॥

१३

१४

अनि यो भन ए दूत ! महात्मा दाजु राममा ।
भाई लक्ष्मणमा मेरा, छ के आराम गाथमा? ॥
सम्पूर्ण धर्म जानेकी अडेकी धर्ममा सदा ।
गर्ने त्यै धर्मको चर्चा मेरी जेठी मुमा उता ॥
पूज्या आदरणीया ती साक्षात् श्रीरामकी मुमा ।
आराम भइ बक्सिन्छ कौसल्या भन के वहाँ ? ॥
भाइ लक्ष्मण-शत्रुघ्न दुवैकी जननी तथा ।
ती मुमा माहिली मेरी धर्मजान्ने पतिव्रता ॥
सुमित्रा भइ बक्सिन्छ भन आराम के वहाँ ।
रोग-सोग कुनै त्यस्तो लागेको छ कि गाथमा ? ॥
उता मेरी मुमा रानी कैकेयी दूत हो ! भन ।
आराम भइ बक्सिन्छ रोगहीन र उत्तम ? ॥
चिताएको कुरा पुग्छ उहाँको क्रोध तीव्र छ ।
निकै बुद्धिमती मै हूँ ठानिबक्सिन्छ जो स्वतः ॥
छ कि क्यै भनिबक्सेको उहाँबाट म पुत्रमा ।
यसरी सोधिए दूत महात्मा उनले वहाँ ॥
विन्ती गर्छन् उनीलाई अव दूतहरू सव ।
शिर नीचो गरी केही झुकी विनम्रपूर्वक ॥
कुमार ! पुरुषश्रेष्ठ ! जसको क्षेम-मङ्गल ।
हजूर सोधि बक्सिन्छ छन् ती कुशल नै सव ॥
लिएकी हातमा आफ्नो राम्रो कमल सर्वदा ।
हजूरलाइ खोज्दीछन् लक्ष्मी देवी स्वयं उता ॥
तसर्थ अव गै हालौं अयोध्यापुर तर्फ त्यो ।
जोतियोस् रथ चाँडै नै सवारीको हजूरको ॥
यसरी दूतले भन्दा भने भरतले तव ।
प्यारा दूतहरूलाई हुन्छ ! एक छिनै पख ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

आज्ञा लिउँ विदा मागुँ म गै केकयराजमा ।
दूत यी लिन आएका भन्छन् जाँऔं भनी वहाँ ॥
दूतलाई भनी यत्ति स्वयं भरत गै गए ।
मातामह भएठाम वहाँ अनि यसो भने—॥
ए हजूरबुवा राजन् ! आएका दूत यी स्वतः ।
चाँडै जाँऔं वहाँ भन्छन्, आएँ माग्न विदा अतः ॥
बुवाले सम्भिबक्सेमा फेरि फेरि पनी प्रभो ! ।
म यहाँ आइ हाल्नेछु, अब जान्छु, भने यसो ॥
भन्दा भरतले त्यस्तो ती मातामह-भूपले ।
उनलाइ भने राम्रो यो कुरा, शिरमा सुँघे ॥
हुन्छ बाबु ! तिमी जाउ, दिएँ आज्ञा तिमीकन ।
भै कैकेयी तिमीले नै हुने सन्तान उत्तम ॥
वहाँ माता-पितालाई यहाँको क्षेम-मङ्गल ।
राम्ररी भन्नु है बाबु ! गै टक्र्याँएर दर्शन ॥
विद्वान् पुरेतबाजेमा अरु उत्तम विप्रमा ।
भन्नु मेरो भलो राम्रो भएको गै तिमी वहाँ ॥
दुवै महान् धनुर्धारी राम-लक्ष्मण-भाइमा ।
सुनाँउनु 'सबै बेस छ' भनेर पुगी वहाँ ॥
नातिलाई भनी यत्ति ती केकयनरेशले ।
गरे भरतको राम्रो सत्कार अति स्नेहले ॥
श्रेष्ठ श्रेष्ठ दिए हात्ती गलैंचा मृगचर्म र ।
दिए सम्पत्तिकै साथ पदार्थ अरु सुन्दर ॥
जो थिए भित्र खोपीमै पालिएका निरन्तर ।
बलमा वीर्यमा साक्षात् सिंहै जस्ता र सुन्दर ॥
ठूलठूला देहका दाह्रा निस्केका अति तेजिला ।
दिए कुकुर पर्यन्त कोसेली उनमा तदा ॥
असर्फी दुइ हज्जार घोडा सोन्ह सए दिए ।
सत्कार उनको गर्दै धन-सम्पत्ति भर्दिए ॥

४०

४१

ती अश्वपति-राजाले उनीकन पुऱ्याँउन ।
आफ्ना जनहरूलाई जान आज्ञा गरे पुनः ॥
यिनमा मुख्य थे मन्त्री राजाका प्रिय सुन्दर ।
महान् विश्वासका पात्र गुण-रूप हुने स्थिर ॥
दिए मामा युधाजित्‌ले भान्जा भरतमा पुनः ।
तेजिला र सधाएका निकै खच्चर उत्तम ॥
इरावान् पर्वतैको र त्यो इन्द्रशिर ठामकै ।
नजिकै जन्मिएका ती श्रेष्ठ हात्ती दिए निकै ॥
हुँदा हतार हिंड्नामै दिएको केकयेन्द्रले ।
धन, पाएँ भने जस्तो संभ्केनन् तर वीरले ॥
ठूलो चिन्ता परेकोथ्यो उनमा भित्र चित्तमा ।
चाँच्चाँडो दूतले भन्दा देख्ता स्वप्न पनी वहाँ ॥
अयोध्या हिंड्नको निम्ति ठिक्क पार्न कुरा सब ।
आवास-स्थानमा आफ्नो गए पैले उनी अब ॥
वहाँबाट अनी निस्के राजमार्गतिरै उनी ।
जहाँ शोभा थियो हात्ती-घोडाले नरले पनि ॥
सर-सम्पत्तिको साथ धन-ऐश्वर्य वेसरी ।
जम्बा भइ सकेकोथ्यो उनी साथ यसो गरी ॥
राजमार्ग छिचोलेर सरासर गए उनी ।
त्यो खोपीभित्र राजाको जुन वेस थियो अति ॥
ती मामाघरका आजे-बज्यै-मामासँगै वहाँ ।
घर जान विदा मागे झुकेर गइ पाउमा ॥
प्रिय भाइ लिई साथ शत्रुघ्न जुन वीर थे ।
चढे भरत गै आफ्नो रथमा अनि हिंड्दिए ॥
गोल चक्का तथा पाङ्रा भएका अति सुन्दर ।
वहाँ ठिक्क तयारै थे शयौं भन्दा बढी रथ ॥
जोतेर यिनमा साँढे, ऊँट, घोडा र खच्चर ।
पुऱ्याँउन पछी लागे उनका भृत्य सुन्दर ॥

५४

बैरी हटेका, न हुने कुनै ती थिए भरत उच्च उदार ज्यादि ।
भै रक्षितै मातुल-सैन्य बाट बढे अगाडी लिइ भाइ साथ ॥
अमात्य, मातामहका अनेक साथै थिए वेस हुने विवेक ।
क्वै सिद्धले स्वर्ग समेत त्यागी गए सरी अन्त, हिंडे भरत् यी ॥

इति सत्तरी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकहत्तरौं सर्ग

राजकुमार-भरतको अयोध्याप्रवेश

१
अब राजगृहैबाट निस्किएर पराक्रमी ।
त्यस्ता भरत यी लागे सोझै पूर्वतिरै अनि ॥
बाटामा अघि बढ्दामा तेजस्वी राजपुत्रले ।
भेटे नदी सुदामा ती गरे दर्शन गै तरे ॥
अनि आइ पुगिन् अर्की ह्लादिनी नामकी नदी ।
ठूल्ठूला फाँट थ्यो जल्ले ढाकेको, बगरै हुँदी ॥
तिनलाइ तरी फेरि अघि बढ्दै गए पछि ।
तरे पश्चिम बग्ने ती शतद्रु नामकी नदी ॥
ऐलधान पुगे गाँउ वहाँ जो थिन् नदी तरे ।
अघि बढ्दै गए फेरि अपरैगिरिमा पुगे ॥
वहाँ नदी थिइन् अर्की उनको नाम थ्यो शिला ।
जो पार्थिन् आफुमा भित्र परेका वस्तु नै शिला ॥
तिनलाइ तरी बढ्दै अघि आग्नेय-कोणको ।
देशभित्र पसी हाले शल्यकर्षण नामको ॥
काँढा-कंकट इत्यादि देह भित्र बिभयो भने ।
वहाँ औषधि पाइन्थ्यो झिक्नमा सजिलो हुने ॥
अब सत्यप्रतिज्ञाका त्यस्ता भरत भै शुचि ।
शिलावहानदीलाई गरे दर्शन गै पछि ॥
आए पर्वत ठूल्ठूला अघि बढ्दै गए तब ।
वनभित्र पसी हाले क्वै चैत्ररथ नामक ॥
सरस्वती र गङ्गाको पुगी दोभानमा अनि ।
उत्तरैपट्टिको देश वीरमत्स्य पुगे पनि ॥
भारुण्ड नामको ठूलो वन थ्यो त्यसमै पसे ।
कुलिङ्गाथिन् नदी ठाडी यिनलाइ त्यहीं तरे ॥
अत्यन्त वेगले बग्थिन् यी नदी, गिरिले निकै ।
घेरिएकी थिइन् फेरि गर्थिन् ह्वाङ् ह्वाङ्! पनी सँधै ॥
१३

१४
पारी पुगे बढी जाँदा आइन् थी यमुना नदी ।
अड्याए तटमा सेना बसे विश्राम गर्न यी ॥
यहाँ घोडाहरूलाई गराई स्नान, शान्ति दी ।
उनका अङ्गमा सारा भरे शीतलता पछि ॥
चर्न दी घाँसमा राम्रो दिए आश्वासना पनि ।
नुहाएर पिए पानी, खाने बोके, हिंडे अनि ॥
मङ्गलाचारका वस्तु पैन्ही भद्र भई तब ।
उनी गइ रहेकाथे चढी मङ्गलको रथ ॥
बाटो थ्यो अति डर्लाग्दो विशाल वनको वहाँ ।
हिंड्दैनथ्यो कुनै व्यक्ति विशेष यस मार्गमा ॥
यस्तो बाटो पनी नाघे सजिलै नृपपुत्रले ।
जसरी नाघ्छ आकाश वायुले आफ्नु वेगले ॥
अंशुधान पुगे गाउँ अघि बढ्दै गए जब ।
आइन् महानदी गङ्गा यहीं भागीरथी अब ॥
तर्न गाऱ्हो परी हाल्यो त्यहाँ बाट तुरुन्त ती ।
हुँने प्राग्वट यो ख्यात पुरमा गै तरे पछि ॥
पुगे किनारमा फेरि नदीको कुटिकोष्टिका ।
सैन्य साथ तरे पारी धर्मवर्धन थ्यो उता ॥
पुगे तोरण-गाँवैमा त्यसको दक्षिणार्धको ।
भागबाट बढे फेरि त्यो जम्बूप्रस्थ आइगो ॥
त्यसलाई पनी नाघी गए राजकुमार यी ।
पुगे अत्यन्त नै राम्रो बरूथ-ग्राममा पछि ॥
गरी रात भरी वास क्वै राम्रो वनमा वहाँ ।
लागे पूर्व दिशापट्टि भोलिपल्ट विहानिसा ॥
उज्जिहाना पुरीको क्वै पुगे उद्यानमा पछि ।
कदम्ब नामका वृक्ष जहाँ राम्रा थिए अति ॥
२६

२७

पुगी त्यस बगैंचामा क्यै विश्राम गरे बसी ।
बद्ले रथमा घोडा जुन दौड्थे छिटो अति ॥
अनि सेनाहरूलाई विस्तारै आउ है ! भनी ।
आए भरत दौडेर अयोध्या वेगिला बनी ॥
एक रात बसे वास गाँउमा सर्वतीर्थ र ।
उत्तानिका नदीलाई तरे अनि पुगी पर ॥
आए नद-नदी-नाला बाटामा घेर ती अरू ।
जो पार्वतीय घोडाले गए तर्दै खुरू खुरू ॥
नरमा बाघ झैं थे यी गाँउमा हस्तिपृष्ठक ।
पुगे, बढी तरे फेरि ती नदी कुटिकातक ॥
लोहित्य नामको अर्को गाँउ आयो वहाँ पनि ।
नदी कपिवती नाम थिइन्, पार तरे अनि ॥
एकसाल थियो गाँउ थिइन् स्थाणुमती नदी ।
विनतग्राममा अर्की गोमती थिन्, तरे नदी ॥
कलिङ्गनगरै भित्र पसे अव तुरुन्त यी ।
सालको वन थ्यो ठूलो त्यसै भित्र पसे पछि ॥
थाके भरतका घोडा यहाँ आइ पुगे पछि ।
दिए विश्राम आराम केही वेर यहीं बसी ॥
रातारात गरी छीटै सालको वन त्यो सव ।
अरुणोदय वेलामा काटे, आइपुगे अव ॥
ती पुर्खा मनु-राजाले बसाएकी समुज्वला ।
अयोध्या-नगरीलाई देखे भरतले तदा ॥
सात रात बसी बास बाटामा बल्ल-बल्ल ती ।
पुरुषव्याघ्रले पाए अयोध्याकन देख्न यी ॥
अगाडि यसरी देख्ता त्यस्ती आफ्नी पुरीकन ।
आफ्ना सारथिलाई ती भन्दछन् रघुनन्दन ॥
राम्रा वर-बगैंचाले शोभिएकी प्रसिद्ध यी ।
अयोध्या सारथे ! आज किन छैनन् खुशी उति ? ॥
वेदमा पार पाएका हुने गुण पनी अति ।
विद्वान् विप्र यहीं वस्थे गर्दथे यज्ञ-याग ती ॥
धेरै धनीहरू फेरि जहाँ वस्थे निरन्तर ।
राजर्षिश्रेष्ठ राजाले पालिन्थिन् भइ सुन्दर ॥
छन् यी फुङ्ग उडे जस्ती हेर्दामा दूर बाट जो ।
कमेरोको बडो ढिस्को हुन् जस्तै देखिंदी अहो ! ॥

४३

४४

सुनिन्थ्यो नर-नारीको कोलाहल निकै अघि ।
छैन आज अयोध्यामा म सुन्दिन, छ हेतु कि ? ॥
जहाँ बर-बघैंचामा आएका घुम्न साँझमा ।
नर-नारी बसी गर्थे नाना क्रीडा जहाँ तहाँ ॥
पछाडि घर जाँदा ती छँरिदा, दौंडिदा पनि ।
हुन्थ्यो अपूर्व नै शोभा अयोध्याको त्यसै पनि ॥
तिनै उद्यान हुन् , किन्तु देखिन्छन् फुङ्ग आज ता ।
ती कामी-नरले छोड्दा, छन् रोए सरि हेरिंदा ॥
टाढा बाट यसो हेर्दा किन हो किन सारथे ! ।
लाग्न लागिन् अयोध्या यी जङ्गलै ठीकको हरे ! ॥
चढी नाना सवारीमा हात्ती-घोडा अनेकन ।
जानु-आँउनु गर्दैनन् पहिले ठीक क्यै जन ॥
हुने मत्त र आनन्द भ्रमरा-कोकिलादिले ।
सम्पूर्ण नर-नारीले भरिन्थे जो विशेषले ॥
देखेका पहिले त्यस्ता यी बघैंचा थिए यहाँ ।
लिई प्रेमीहरू साथ घुम्ने-बस्ने जहाँ वहाँ ॥
रति-संयोगमासम्म उनीहरूकनै पुनः ।
दिएर सुविधा राम्रो पार्ने खुश, हुने गुण ॥
अव सूत ! बघैंचा यी म त देख्तोछु वास्तव ।
विना आनन्द-शोभाका छुटेका सव उत्सव ॥
खसेका वृक्षका पात जो छन् बाटाभरी यहाँ ।
देखिन्छन् यिनले गर्दा वृक्षै रुन्छन् सरी जहाँ ॥
सारथे ! यो अयोध्यामा मत्त पक्षी-मृगादिको ।
अवाज मधुरो मीठो सुनिन्थ्यो, मन हर्दथ्यो ॥
अव ती पशु-पक्षीको प्रेम-स्नेह भरी हुँदो ।
सुनिन्न अहिले सम्म किन हो शब्द सम्म त्यो ? ॥
चन्दनागुरुको मीठो गन्धले मिसिंदो भलो ।
सुगन्ध धूपको बोकी बहन्थ्यो अघि वायु जो ॥
अव निर्मल त्यो वायु मन मुग्ध बनाँउने ।
बहन्न पहिले ठीक किन हो भन, हेतु के ? ॥
भेरी मृदङ्ग-वीणादि बाजा वादन-दण्डले ।
ठोकी वजाँउदा उन्मा निस्केका शब्द-सम्मले ।
यी अयोध्या पुरी सूत! शून्य छन् आज के भयो ! ।
उनका शब्द ता मीठो पहिले बन्द हुन थ्यो ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

हुँदोछ मन यो खिन्न पाप-क्रूर-अनिष्टका ।
नाना अशकुनैमात्र देख्छु फेरि जतातता ॥
ठान्दो छु यसले मेरा बन्धु-बान्धव आदिमा ।
हुनु मङ्गल-क्षेमादि होला दुर्लभ नै वहाँ ॥
पक्कै पनि यसैले पो मोहको कारणै न भै ।
सारथे ! मन यो मेरो ठाम छोड्दछ है त्यसै ॥
थियो मन भरी ग्लानि, थिए खिन्न यता उनी ।
उद्विग्न व्याकुलै जस्ता लिन्थे इन्द्रिय नै पनि ॥
अव यस्तो अवस्थामा पसे भरत भै छिटा ।
रक्षा इक्ष्वाकु-वंशीले गरेको पुरमा तदा ॥
पुरीको पश्चिमी ढोका ध्वजा झण्डा सुशोभिंदो ।
भै रहन्थ्यो सँधै तस्मात् भनिन्थ्यो वैजयन्त त्यो ॥
यै ढोकाको गरी बाटो पसे भरत भित्र त ।
उनका रथका घोडा तर लस्त थिए स्वतः ॥
देख्ना साथ उनीलाई द्वारपालहरू उठे ।
तुरुन्त जय ! टक्र्याए अनी यिनी सँगै बढे ॥
थिएन मन एकाग्र यता भरतको तव ।
तस्मात् फर्काइ दी-हाले पछि लाग्नेकनै सव ॥
पाई सत्कार ती फर्के भने भरतले पुनः ।
थाकेका सूतलाई यी, थे मातामहका जुन ॥
विना कारणले यस्तो गरी हड्बड दूतले ।
किन बोलाइएँ हूँला ? भन निष्पाप सारथे ? ॥
शोच्ता सव कुरा यस्ता मेरो हृदयभित्र यो ।
चीसो पस्तछ, आशङ्का पऱ्यो अशुभ क्यै भयो ? ॥
नभए सारथे ! मेरो त्यस्तो शील-स्वभावमा ।
हुन्नथ्यो विक्रिया यस्तो, भयो जो भ्रष्ट झैं यहाँ ॥
आज भन्दा अघी मैले राजाको नाशमा जति ।
कुरा, लक्षण इत्यादि सुनेको थें हुने जति ॥
देख्तोछु ती सवै आज मिलेका चिन्ह, लक्षण ।
यसैले मत गल्दोछु, डराएको छ यो मन ॥

७५

७६

नराम्रै ठीक देख्तोछु, सारा घर गृहस्थका ।
कुचो सम्मन् लगाएका देखिदैनन् र छन् रुखा ॥
ढोका ह्वाङ्ग खुलेका छन् यिनका सव सारथे ! ।
छैन शोभा र सौन्दर्य यिनको सव तर्फ ए ! ॥
बलि औ वैश्वदेवादि-सत्कर्म यिनमा यता ।
भएको पनि देखिन्न, गन्ध फ्याँक्तैन धूप ता ! ॥
कुटुम्बीहरू जो जो जन् बस्ने घरघरै सव ।
खाए जस्ता छँदै छैनन्, छन् भोकै सरि यी सव ॥
बिग्रियो, माशियो शोभा यिनको अघिको यता ।
लक्ष्मीको वास नै कत्ति छैन है यिनमा उता ॥
देव-मन्दिर यी फेरि छैनन् सुन्दर सारथे ! ।
सजाएका सिंगारेका देखिन्नन् फूल-माल्यले ॥
बढारेका पनी छैनन् यिनका चोक, आँगन ।
अघिझैं कत्ति शोभिन्नन्, देखिन्छन् शून्य नै पुनः ॥
देवताहरूका पूजा रोकिए सरि छन् यता ।
देखिन्नन् यज्ञशालामा भै रहे ठीक यज्ञ ता ॥
शोभिने पुष्प-माल्यादि राम्रा पसलमा पनि ।
बेचिने वस्तु यी नाना शोभिन्नन् अघि झैं बनी ॥
देखिन्नन् बनियाँ सम्म अघि झैं आज क्वै पनि ।
चिन्ताले चित्त खाए झैं देखिन्छन् देखिने पनि ॥
आफ्नो व्यापारको काम रोकिनाले निरन्तर ।
त्यसै खुम्चिरहे जस्ता देखिन्छन् भइ अस्थिर ॥
बस्दथे पशु-पक्षी जो देवमन्दिर-चैत्यमा ।
सारथे ! म त देख्तोछु दीन-हीन सबै यहाँ ॥
देख्तोछु नर-नारीको पुरमा बस्तछन् जति ।
उघ्रादै मलिन खस्केको मुख आँसु हुने अति ॥
सारथे ! सव देखिन्छन् दीन, चिन्तित, दुःखित ।
तथा दुर्बल अत्यन्त उत्कण्ठित पनी स्वतः ॥
थिए भरत यी भित्र अतिदुःखित, व्याकुल ।
भने माथि भनेका यी कुरा सारथिमा तव ॥

९०

९१

अनिष्ट-सूचना गर्ने अयोध्याका कुरा सव ।
हेर्दै हेर्दै पसे भित्र राजप्रासादमा अव ॥

CC-0. In Public Domain. Digitization by eGangotri

६२

देवेन्द्रकी भै अमरावती झैं पुरी अयोध्या अघि शोभिंदी थिन् ।
तिनै अयोध्या अहिले परन्तु ज्यादै नराम्री अतिशून्यकी थिन् ॥
धूलो थियो टन्न पुरी भरी हा ! थे मार्ग चौमोड गृहादि पूर्ण ।
देखेर यस्ता सव भयाल ढोका भए भरत् दुःख र शोकपूर्ण ॥
अनिष्ट यस्ता मनका अप्यारा भोग्दा कुरा ती पुरबीच सारा ।
हुँदैनथे जो अघि, यी भरतको मुन्टो झुक्यो हा ! मन खिन्न भैगो ॥
केही बचेको पनि हर्ष उड्दा भए हतोत्साह उदास ज्यादै ।
लिएर यस्तो स्थिति चित्तको यी पसे बुबाको दरवारमा त्यै ॥

६५

इति एकहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बहत्तरौं सर्ग

पिताका स्वर्गगमनको समाचारसुन्दा भरतको सन्ताप बढ्नु

१

पुगेमा भित्र खोपीमा बुवाको दरवारमा ।
खोजी हेर्दा बुवालाई देखेनन् उनले वहाँ ॥
सरासर त्यहाँबाट मुमाको गर्न दर्शन ।
कैकेयी-भवनै भित्र गई हाले उनी पुनः ॥
विदेशबाट फर्केका छोरा भरतलाइ यी ।
देख्ना साथ मुमा चाँहि कैकेयीमा भयो खुशी ॥
त्यसवेला बसेकी थिन् सुवर्णासनमा उनी ।
उफ्रिँदै यी उठी हालिन् साह्रै दङ्ग भई अनि ॥
यता भरतले आफ्नो घर भित्र पसेपछि ।
देखेनन् त्यसमा कत्ति शोभा, श्री भनिने कुरा ॥
देख्नासाथ मुमालाई स्वयं भरतले वहाँ ।
पस्रेर निज माताको गरे दर्शन पाउमा ॥
कीर्तिमान् पुत्रलाई यी अगाँलिन् उनले पनि ।
सुँघिन् केही झुकाएर शिरमा प्रेमले अनि ॥
समाई काखमा राखिन् भन्न थालिन् उनी यसो ।
मामाको घर छोडेको आजले कति रात भो ? ॥
आयौ दौड्दै तिमी बाबु ! हाँकिई रथमा चढी ।
परेन श्रम ता त्यस्तो बाटामा आँउदा कहीं ? ॥
कुशलै भइ बक्सिन्छ मातामह वहाँ कसो ? ।
तिम्रा मामा युधाजित्मा छ के आराम वा भलो ? ॥
यहाँबाट गएदेखि अहिलेसम्म के तिमी ।
छौ वा आराम आनन्द ? भन लौ सब यो पनि ॥
यसरी प्रिय-वाणीमा मुमाले सोधिए पछि ।
भने भरतले सारा जो थिए नृप-पुत्र यी ॥
बाजेज्यूको मुमा ! मैले छोडेको घर आज हो ।
यो सातौं रात, बाटामा आँउदा आँउदै वित्यो ॥

१३

१४

आराम भइ बक्सिन्छ वहाँ हजुरका बुवा ।
मेरा मामा युधाजित्मा आराम छ भलो तथा ॥
शत्रुलाइ दिने ताप ती मातामहले मुमा ।
धेरै नै धन-रत्नादि बक्सिएको थियो ममा ॥
बोकेर आँउदा सारा बाटामा भार भै अति ।
सैन्य-वाहन थाक्ता म आएँ छीटो हुँदै अघि ॥
राजसन्देश बोकेका दूतले भन्दिदा त्यसो ।
उनकै प्रेरणा पाई मैले ता आँउनै पर्‍यो ॥
सोध्न खोज्दछु जो जो म ए मुमा ! अव राम्ररी ।
बताइ बक्सिएला है ! एक एक गरी-वरी ॥
लागेका सुनका डण्डा जडेका रत्न-शोभित ।
हुने पलँगले राम्रो यो शय्या किन शून्य छ ? ॥
इक्ष्वाकु-कुलका रत्न बुवाका भृत्य-सेवक ।
आज देख्तिन क्यै त्यस्तो भएको अघिझैं खुश ॥
मुमा ! मेरा बुवा राजा खोपीमै प्रभुको सदा ।
राज भै रहिबक्सिन्थ्यो म त देख्दिन आज ता ॥
इच्छाले म यहाँ आएँ बुबाको गर्न दर्शन ।
ममा अव भनी बक्स्योस् ! बुवा खोइ त सोध्छु म? ॥
बुवाको पाउमा पर्छु मर्जिहोस् गर्छु दर्शन ।
बुवाज्यूको सवारी भो कि त अन्त कहीं पुनः ? ॥
कित जेठी मुमा रानी कौसल्यातिर गै मन ।
उहाँको दरवारैमा सवारी भो बुवा मुमा ! ॥
थिइन् मोहित कैकेयी राज्यको लोभले निकै ।
राजाको हाल त्यो पत्तो छोरालाइ थिएन क्यै ॥
अव यस्तो अवस्थामा घोर अप्रिय हाल त्यो ।
संझेर प्रिय झैं लागिन् भन्न पुत्रकनै यसो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

बावु ! तिम्रा बुवा राजा महात्मा यज्ञशील र ।
तेजस्वी भइ बक्सिन्थ्यो गति सज्जनका स्थिर ॥
हुन्छ सम्पूर्ण प्राणीको पुगेमा दिन जो गति ।
तिम्रा बुवा पनी बावु ! भै बक्स्यो प्राप्त त्यै गति ॥
आमाका यी कुरा सुन्दा शुद्ध चित्त हुने उनी ।
पिताका शोकले ज्यादै भए पीडित नै अनि ॥
लडे हा ! मारिएँ भन्दै तत्काले भुइँमा वहाँ ।
जो उत्पन्न भएकाथे त्यस्तो धार्मिकवंशमा ॥
अत्यन्त दुःखले पूर्ण दीन वाक्य भनी भनी ।
थाले रुन पनी ध्वाँ ! ध्वाँ ! महान् बाहु हुने उनी ॥
त्यस्ता बाहु दुवै आफ्ना पछारी फ्याँकि जोडले ।
लागे लडीबुढी गर्न भुँइमै अति शोकले ॥
पिताका मृत्युको दुःख व्याप्त भै शोक बढ्दिंदा ।
विलाप्न यसरी लागे चित्तमा भ्रान्ति छाँउदा ॥
वर्षा वित्ता, शरत् लाग्दा हुन्छ निर्मल चन्द्रले ।
जस्तो आकाशको शोभा रातमा दिव्यरूपले ॥
हरे ! मेरा बुवाज्यूको यो शय्या अघि त्यै ठिक ।
शोभा पाँउदथ्यो राम्रो हुन्थ्यो नित्य विभूषित ॥
अब आज त्यही शय्या बुद्धिमान् नृपले अहो ! ।
हीन, रित्तो भएकोले शोभा पाँउन्न त्यत्तिको ॥
चन्द्रमा न हुँदा जस्तो हुन्न शोभा अकाशको ।
सुकेका सिन्धुको हुन्न, त्यस्तै श्रीहीन यो भयो ॥
विजयी वीरमा श्रेष्ठ स्वयं भरत ती अब ।
छोपेर वस्त्रले राम्रो-मुख लागे रुनै तव ॥
खस्यो बररै आँसु साथमा कण्ठ-शब्दको ।
ज्यादै पीडा थियो भित्र, विलापे यसरी अहो ! ॥
थे उनी देवता तुल्य लडेका भुइँबीच त्यो ।
बञ्चराले छिनालेको हागाँ झैं साल-वृक्षको ॥
मत्ता हात्ती सरी पुष्ट तेजिला चन्द्र-सूर्यझैं ।
शोक-पीडित छोराको देखिन् चाल यता सबै—॥
कैकेयी जननीले यी उठाइन् पुत्रलाइ र ।
भनिन् यसो उनीसाथ उठ राजन् ! भनी उठ ॥
महान् कीर्ति हुने बावु ! व्यर्थमा यसरी किन ।
लड्दछौ खालि पृथ्वीमा ठीक हो के र यो भन ? ॥

४३

४४

सभामा बस्नमा योग्य सम्मानित र सज्जन ।
क्वै मनुष्य तिमी जस्तो गर्दैनन् शोक यो सुन ! ॥
सूर्यमण्डलमा ज्योति रहेझैं स्थिर भै स्वतः ।
तिम्रो बुद्धि पनी बावु ! निश्चलै हुनुपर्दछ ॥
छौ तीव्र-बुद्धिका आफैं यज्ञ-यागादिमा तथा ।
दान इत्यादि गर्नामा राख्तछे हक बुद्धि ता ॥
राम्रो शील सदाचार तथा वेदादिवाक्यको ।
सँधै कदर त्यो गर्छें, हिंड्दछे पछि नित्य जो ॥
यता भरत पृथ्वीमा गर्दै लडिबुडी हरे ! ।
कालसम्म निकै लामो विलाप्तै र रुँदै रहे ॥
उनी त्यस पछी ज्यादै शोक-व्याकुल भैवरि ।
ती कैकेयी मुमालाई थाले भन्न यसो गरी ॥
शोचेकोथें यही मैले बुवा राजा यहाँ मुमा ! ।
राज्याभिषेक बक्सिन्छ ती मेरा राम-दाजुमा ॥
अथवा यज्ञक्वै त्यस्तो गरिबक्सिन्छ संक्रियो ।
म आएँ यसरी दौड्दै परेरै हर्षमा वढो ॥
यी आशाका कुरा मेरा विपरीत भए तर ।
अवयो स्थिति देख्तामा चित्त फाट्छ निरन्तर ॥
आफ्नो प्यारो भलो राम्रो गर्नमा नित्य तत्पर ।
म देख्तिन बुवालाई यसैले म छु अस्थिर ॥
हरे ! राजा बुवालाई रोग के लाग्न गो मुमा ! ।
जल्ले नआइ पुग्दैमा म सवारी भयो उहाँ ? ॥
राम इत्यादि हुन् सारा अतिनै धन्य वास्तव ।
गर्न अन्त्येष्टि-संस्कार पाए जो सवले तव ॥
कीर्तिमान् भइ बक्सिन्थ्यो मेरा पूज्य बुवा मुमा ! ।
पत्तै छैन उहाँलाई म आएको पनी यहाँ ॥
यदि पत्ता भए देखि यो मेरो शिरमा मुमा ।
प्यारले सुँघि बक्सिन्थ्यो आफैं छीटो भई उहाँ ॥
सजीलै काम ठूलठूला गर्न सक्ने नरेन्द्रको ।
ज्यादै नरम त्यो बाहु छ कहाँ अहिले ? अहो ! ॥
ठूलो सुख दिने हुन्थ्यो तिनको स्पर्श यो ममा ।
जसले झादिबक्सिन्थ्यो धूलो लाग्दा ममा मुमा ! ॥
मेरा दाजु, पिता, बन्धु जुन हुन् पूज्य वास्तव ।
छु फेरि जसको खास दास अत्यन्व नै प्रिय ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सजीलै काम ठूल्ठूला गर्ने श्रीराम दाजुमा ।
म आएँ भन्दिई बक्स्योस् अब लौ, गै छिटै मुमा !॥
स्वधर्म सब जानेको निम्ति श्रेष्ठ मनुष्यको ।
साक्षात् पिता सरीकै हो आफ्नु दाजु,छ ज्येष्ठ जो ॥
म गई दर्शनै गर्छु समात्छु पाउ पर्छु त्यै ।
अब ता निम्तिमा मेरो छ जो आधार एक त्यै ॥
भै सकेको थियो शील जसको धर्म गर्नु नै ।
जसले धर्म जानेको थियो फेरि समस्त नै ॥
बलीयो व्रतका त्यस्तै हुने सत्य पराक्रम ।
भैबक्सिन्थ्यो बुवा मेरा कीर्तिशाली नृपोत्तम !॥
उहाँले आखिरी वेला के के मर्जि भयो ममा ? ।
जो छ अन्तिम-सन्देश म सुन्छु सब त्यो, मुमा !॥
छोरा भरतले आफ्ना यसरी सोधिए पछि ।
कैकेयीले भनी हालीन् ठीक ठीक भए जति ॥
बाबु ! तिम्रा बुवा राजा बुद्धिमान्हरूमा पनि ।
भैबक्सिन्थ्यो निकै श्रेष्ठ महान् आत्मा हुने पनि ॥
उहाँले आखिरी वेला भनी बक्स्यो यही कुरा ।
हा मेरा प्रिय हा ! राम ! सीते ! लक्ष्मण हा ! हहा !॥
यत्ति शब्द निकालेर विलाप्तै र रुँदै रुँदै ।
तिम्रा बुवा सवारी भो परलोकतिरै त्यसै ॥
पाशोमा बाँधिदा जस्तो वश हुन्छ महान् गज ।
बुवा त्यै ठीक भै बक्स्यो कालको वशमा तव ॥
उहाँले त्यसरी बाबु ! अनि अन्तिम-कालमा ।
उच्चारण गरी बक्स्यो अन्तिमै वाक्य ती यहाँ- ॥
साथ ली जानकीलाई फर्किने राम-लक्ष्मण ।
देख्ने नै व्यक्ति हुन् धन्य, हुन् कृतार्थ तिनै पुनः ॥
सुन्दा आफ्नी मुमाबाट भनिएको अयोग्यको ।
कुरा दोश्रो अप्यारो यो उनमा खिन्नता बढ्यो ॥
रूप, रङ्ग उड्यो सारा मुखको, भै गए दुखी ।
सोधे भरतले तस्मात् आफ्नी आमासँगै पछि ॥
ए मुमा ! मर्जिहोस् चाँडै धर्मात्मा दाजु रामजी ।
अैले कहाँ सवारी भो लिई लक्ष्मण, जानकी ॥
यस्ता प्रकारले आफ्ना पुत्रले सोधिए पछि ।
कैकेयी-जननी लागिन् उनमा भन्न वाक्य यी- ॥

७७

७८

प्यारो मान्छ भनी ठानिन्, लागिन् अप्रिय भन्न यो ।
भए जस्तो क्रमै साथ एक एक गरेर त्यो ॥
पैह्री बल्कल-वस्त्रादि राम पुत्र नरेशका ।
अनकन्टारको ठूलो गए दण्डक तर्फ ता ॥
साथ साथै गइन् सीता पत्नी पनि उनीसँग ।
भई अनुचरै जस्ता गै हाले पछि लक्ष्मण ॥
यत्ति सुन्दा मुमाबाट भए भरत थर्थर ।
पर्‍यो चरित्रमा शङ्का रामको जो थियो स्थिर ॥
आफ्नो वंश थियो उच्च पाल्दथ्यो धर्म, नीति जो ।
त्यसैमा क्यै पर्‍यो ठाने, सोध्न थाले अनी यसो ॥
कुनै कारण पर्दामा ए मुमा ! दाजु रामले ।
धनं नै हरिबक्स्यो के विप्रको, ? दाजु हेतु के ?॥
अपराध विना पाप धनी व्यक्ति कुनै किता ? ।
दाजुले मारिबक्स्यो हा ! कि गरीब मर्‍यो उता ?॥
राजपुत्र भएँ भन्दै परस्त्रीहरुमा मुमा ।
कि आँखा गाडिबक्स्यो हा ! ती मेरा दाजुले यहाँ ?॥
कुन त्यस्तो पर्‍यो हेतु दण्डकारण्यबीच त्यो ।
जसले जानको निम्ति आदेश दिइ खेदियो ॥
यसरी सोधिइन् माता कैकेयी उनले जब ।
भन्न लागिन् उनी तस्मात् स्त्रीस्वभाव गरी दृढ ॥
थियो चञ्चल अत्यन्त स्वभाव उनको यता ।
आफ्नो कुकर्म त्यो सारा भए जस्तै भनिन् तदा ॥
महान् आत्मा हुने त्यस्ता छोरा भरतले जब ।
पूर्वोक्त ढङ्गले सोधे मनमा परि संशय ॥
म जान्ने हूँ म सुन्ने हूँ भन्ठान्थिन् व्यर्थमा, उनी ।
त्यसले खुश भै हालिन् भन्न लागिन् यसो अनि ॥
बाबु ! श्रीरामले केही कुनै ब्राह्मणको पनि ।
हरेनन् धन वा द्रव्य कस्तै हेतु परे पनि ॥
गरेनन् उनले फेरि कुनै निरपराधको ।
धनीको वा दरिद्रीको वध, हत्या अयोग्यको ॥
परनारीहरू माथी कहिल्यै रामले पुनः ।
हेर्न सम्म पनि राम्रो हेरेनन् बाबु ! लौ सुन !॥
मैले सुने यहाँ बाबु ! अयोध्यापुरबीच यो ।
हुने रे रामको साक्षात्-यौवराज्याभिषेक त्यो ॥

६४

९५

अनि तिम्रा बुवा साथ तिम्रो नै हित निम्तिमा ।
तिमी नै राज्य यो पाउ भनी मागें स्वयं यहाँ ॥
रामको निम्तिमा चाँहि चौध वर्षभरी सुन ।
दण्डकारण्य गै बस्ने मागें वर पनी पुनः ॥
हुँदा सत्यप्रतिज्ञाका बुवाले पनि अन्तमा ।
मागे जस्तो गरी बक्स्यो टिकी निज स्वभावमा ॥
तसर्थं प्रिय ती तिम्रा दाजु श्रीराम वास्तव ।
सीता लक्ष्मण लौ साथ वनबीच गए तव ॥
यतातिर निकै प्यारा पुत्र श्रीरामलाइ ती ।
न देख्तामा भयो ज्यादै छर्पटी भूमलाइ यी ॥

९६

१००

त्यसकै पीरले तस्मात् भित्र शोक बढी तव ।
परलोक सवारी भो महान् यश हुने नृप ॥
धर्मको मर्म जान्नेछौ अत्र बाबु ! तिमी पनि ।
यो राजपद स्वीकार गर लौ धैर्यवान् बनी ॥
तिम्रो निमित्तमा बाबु ! मैले यस्तो प्रकारले ।
परिपञ्च मिलाएँ यो, हुनेसम्म प्रयत्नले ॥
अव शोक र सन्ताप हटाऊ छोड भो सब ।
राम्ररी मन थामेर धैर्यको लेउ आश्रय ॥
अयोध्यापुर यो सारा अब तिम्रै अधीन छ ।
निष्कण्टक छ यो राज्य तिम्रो नै मुख ताक्तछ ॥

१०४

१०५

यसर्थ चाँडै अब वेदका ती विधान जान्ने लिइ विप्र आदि ।
वसिष्ठ इत्यादिक श्रेष्ठ श्रेष्ठ जो गर्नु पर्ने गर कार्य श्रेष्ठ ॥
आत्मा हुने श्रेष्ठ उदार ज्यादै आफ्ना बुवाको सक अन्त्य-कर्म ।
अनी तिमी आफुकनै धराको ल्यौ राज्यमा त्यो अभिषेक-कर्म ॥

१०६

इति बहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिहत्तरौं सर्ग

राजकुमार भरतले माता कैकेयीलाई
धिक्कार्नु र क्रोध प्रकट गर्नु ।

१

मातावाट सुने सारा पिताको स्वर्गवास र ।
वनवास दुवै भाईहरूको उनले तव ॥
सतायो दुःखले ज्यादै भिन्नभिन्न उनीकन ।
अनि आफ्नी मुमालाई भनी हाले यसो पुनः ॥
मुमा ! हजुरले आज मारिएँ म यथार्थमा ।
डुवें म शोकमा ठूलो के गरूँ राज्यले यहाँ ? ॥
अब आफ्ना पिताद्वारा विहीन म भएँ उता ।
छुट्टिएँ बाबु जस्ता ती दाजुद्वारा पनी यता ॥
मुमा ! के गरि बक्स्यो यो हरे ! हजुरले यहाँ ? ।
दुःखमा दुःख झन् ठूलो थप्दीबक्स्यो स्वयं ममा ? ॥
बुवालाई मराएर निकाली दाजुलाइ हा ! ।
नून-चूक छरीबक्स्यो यो मेरो घाउमा यता ॥
यो हाम्रो कुलको नाशै गर्नको निम्ति नै यहाँ ।
हजूर आइ बक्सेछ कालरात्री भई मुमा ! ॥
प्रभुलाइ बुवाज्यूले फिलिङ्गो ठीककी यता ।
झुक्किएर न थापाई अंगाली बक्सिएछ हा ! ॥
पापमामात्र गो दृष्टि मुमाको व्यर्थमा यहाँ ।
कलङ्क सरि भै बक्स्यो यो आफ्नो शुद्धवंशमा ॥
यसैले व्यर्थमा साक्षात हजुरैले बुवाकन ।
स्वयं मराइ बक्स्यो हा ! त्यो अनर्थ गरीकन ॥
व्यर्थको मोहमा पर्दै अज्ञानवशमा परी ।
कुलको सुख-आनन्द नाशिबक्स्यो सवैथरी ॥
पाई हजुरलाई हा ! सत्यवाक्य-चरित्रका ।
महान् कीर्ति हुने त्यस्ता मेरा पूज्य पिता यता ॥
तीव्र अत्यन्त नै चर्को दुःखमा शोकमा परी ।
विवशै भइ बक्सेछ प्राण छोड्न कठैबरी ! ॥

१३

१४

ममा अत्र भनी बक्स्योस् धर्मात्मा राजराज ती ।
साक्षात् मेरा बुवालाई मारिबक्स्यो कसो गरी ? ॥
दाजु रामकनै फेरि निकाली बक्सियो किन? ।
कुरा हजुरको सुन्दै भो सवारी वनै किन ? ॥
कौसल्या र सुमित्रा ती पूज्य माता दुवै स्वतः ।
पुत्रका शोकले गर्दा भए पीडित दुःखित ॥
प्रभु जस्ती मुमा मेरी हुनाले नै यथार्थमा ।
बाँच्नै उहाँहरूलाई पर्छ गाह्रै पनी यहाँ ॥
धर्मात्मा भइ बक्सिन्छ पूज्य दाजु पनी उता ।
यसैले गरि बक्सिन्छ प्रभुमा पनि भक्ति ता ॥
जुन आफ्नी मुमा माथि उहाँको प्रेम-भक्ति छ ।
त्यस्तै छ प्रभुमा सम्म मान्यको मान-ज्ञान छ ॥
उता जेठी मुमा मेरी कौसल्या पनि वास्तव ।
भैबक्सिन्छ निकै देख्ने ज्यादै बुद्धिमती तक ॥
यसर्थ गरि बक्सिन्छ धर्मको लिइ आश्रय ।
आफ्नै बहिनीमा जस्तो प्रभुमा व्यवहार त ॥
उहाँकै पुत्र ती त्यस्ता महात्मा रामलाइ हा ! ।
चीर-वल्कल-वस्त्रादि पैह्राई त्यसरी कडा ॥
निकाली वनमा व्यर्थै चौधवर्ष भरी हरे ! ।
ठूलो पाप गरी बक्स्यो शोक पर्दैन भित्र के? ॥
अरुको पाप-दोषादि नदेख्ने शूर-वीर र ।
यशस्वी भइ बक्सिन्छ दाजु राम सदा स्थिर ॥
पवित्रात्मा उहाँलाई चीर पैह्राइ व्यर्थमा ।
निकाली लाभ त्यस्तो क्यै देखिबक्स्यो कि? ए मुमा! ॥
भाइको दाजुमा कस्तो व्यवहार छ यो पनि ।
प्रभुले जानि बक्सेन भै दिंदा अतिलोभिनी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यसर्थ राज्यको निम्ति मुमाले यसरी अहो ! ।
अनर्थ गरिबक्स्यो यो जो महान् र अयोग्य हो ! ॥
राम लक्ष्मणलाई ती पुरुषश्रेष्ठ हुन् जुन ।
यहाँ देख्न न पाएमा म हूँला गतिको कुन ? ॥
सकुँला अनि यो राज्य गर्न रक्षण, पालन ।
शक्तिले कुन हा ! फेरि शोची बक्सेन यो किन ? ॥
त्यस्ता सुयोग्य धर्मात्मा बुवा राजा पनी अहो ! ।
आधार लिई बक्सिन्थ्यो सर्वदा राम-दाजुको ॥
बलवान् भई बक्सिन्थ्यो, थ्यो ठूलो शक्ति दाजुमा ।
थियो इन्द्रियमा सार अद्भुतैरूपको मुमा ! ॥
सुमेरुगिरिले जस्तो बनको लिन्छ आश्रय ।
त्यै ठीक लिई बक्सिन्थ्यो भरोसा दाजुकै सब ॥
धुरन्धर महान् त्यस्ता महापुरुष वीरले ।
सह्मालि बक्सिइन्थ्यो यो राज्यको भार शक्तिले ॥
न सजेको र भर्खर्को बहरै तुल्यको छु म ।
सकुँला थाम्नु त्यो भार पाए पो शक्तिले कुन ? ॥
योगको बलले यद्वा बुद्धि-चातुर्यले पनि ।
राज्यको भार त्यो थाम्न सकिहालें भने पनि ॥
मुमाको अभिलाषा यो पुत्रका निम्तिको कसै ।
म त पुग्न भने दिन्न क्यै गरे पनि ता त्यसै ॥
श्रीराम हेरि बक्सिन्थ्यो मुमालाई निरन्तर ।
आफ्नी आमा सरी गर्दै व्यवहार बराबर ॥
न भए यदि त्यस्तो क्यै पापपूर्ण लिने मति ।
म मुमालाइ त्यागिदिन्थें हिच्किचै नगरी कति ॥
साधु-सज्जनको त्यस्तो चरित्रै बाट वास्तव ।
हजूर खसिबक्सेछ निकै तल त्यसै अब ॥
हाम्रा बाजे-बराज्यूले निन्दा गर्ने अयोग्यको ।
यो बुद्धि प्रभुमा उब्ज्यो कसरी पाप खेल्न गो ? ॥

४०

४१

यो श्रेष्ठ कुलमा हाम्रो छ जेठो जुन त्यै सुत ।
पारिन्छ राज्यमा राजा दिएर अभिषेक त ॥
अरु भाईहरू छन् जो ती सबै त्यसकै पछि ।
हिंड्दछन, मान्दछन् आज्ञा सावधान भई अति ॥
कसरी पापले पूर्ण क्रूर यस्तो स्वभाव भो ? ।
राम्ररी बुझि बक्सेन जसले राजधर्म त्यो ॥
अथवा कत्तिनै ज्ञान रहनेछ हजूरमा ।
राजाका व्यवहारैको छ सनातन जो यहाँ ॥
राजाका पुत्रमा जेठो यहाँ नित्य निरन्तर ।
पारिन्छ राज्यमा राजा अभिषेक दिई स्थिर ॥
पृथ्वीका सब राजामा समै छ व्यवहार यो ।
इक्ष्वाकुवंशमा हाम्रो विशेष भइ, चल्छ जो ॥
भै रहेको थियो रक्षा जसको धर्ममात्रले ।
कुलाचार सदाचार शोभिन्थ्यो दृढरूपले ॥
त्यस्तो चरित्र-सम्बन्धी हुने गर्व, महत्व यो ।
पुर्खाको त्यो भुसुक्कै भो आज पाई हजुर् अहो ! ॥
थ्यो सौभाग्य निकै ठूलो यता हजुरको पनि ।
कुल थ्यो उच्च राजाको हुँदा केकय-नन्दिनी ॥
आज त्यस्ती हजुर् माथि यो निन्दा गरिने हरे ! ।
लाग्नगो 'बुद्धिमा बट्टा' कसरी लोभ-मोहले ? ॥
मर्यादा नाशिने पापी लिने निश्चय-क्रूर यो !
धोको हजुरको कैल्यै म पुऱ्याँउन्न, सत्य हो ! ॥
भलो चिताँउदा मेरो झन् उल्टो प्रभुले मुमा ! ।
काम प्राण लिने सम्म गरी बक्स्यो अकार्थमा ॥
कुरा खेलाँउने नाना पापपूर्ण हजुरको ।
अप्यारो गर्न कै निम्ति म गर्छु अब काम यो ॥
सरासर वनै जान्छु ती आफ्ना जनका प्रिय ।
रामलाई म फर्काई ल्याइछोड्छु यहाँ अब ॥

५४

५५

जल्दो बल्दो हुने तेज महात्मा दाजु-रामको ।
म स्वयं दास भै बस्छु ढुक्क भै दिल देखि यो ॥
आत्मा हुने दिव्य उदार त्यस्ता भने भरतले तव वाक्य यस्ता ।
थिए अहो ! जो अति नै अप्यारा आफ्नी मुमाको मुटु छेडिने हा ! ॥

५६

CC-0. In Public Domain. Digitization by eGangotri

५७
अनि उनी शोक र दुःख बढ्दा साऱ्है भए पीडित भित्र पिर्दा ।
भै सिंह मैं मन्दरका गुफाको थाले निकै गर्जन फेरि ओहो ! ॥

इति त्रिहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौहत्तरौं सर्ग

महात्मा भरतले माता कैकेयीलाई भन्नु–नभन्नु भन्नु

१

आमाको यसरी निन्दा गरे भरतले तव ।
रिसले झोक्किए सान्है भन्न लागे यसो अभ्क ॥
मुमा ! हजुरको कस्तो दुष्ट चाल–चरित्र भो ? ।
हजुर भ्रष्ट भै बक्स्योस् यसैले राज्यबाट यो ॥
हरे ! हृदय त्यो कस्तो क्रूर हो, जसले गरी ।
त्याग्दियो धर्मले सम्म प्रभुलाइ न राम्ररी ॥
मरेका पतिको निम्ति पनि ता प्रभुले अब ।
रुनु पर्दैन भो, यद्वा मेरो निम्ति पनी अब ॥
विगारी बक्सियो के पो प्रभुको दाजु–रामले ।
यद्वा अत्यन्त धर्मात्मा महात्मा नरराजले ? ॥
गराइ बक्सियो जल्ले यौटाको वनवास र ।
अर्काको मृत्यु सम्मै त्यो, दुइटै भो बराबर ? ॥
यसरी नाश गर्दामा हाम्रो कुल पवित्र यो ।
लाग्यो हजूरमा ठूलो हत्या नै गर्भपातको ॥
नरकैमा सवारी होस् ए कैकेयी मुमा ! स्वतः ।
न होस् हजूरमा प्राप्ति पतिको लोक सम्म त ॥
प्यारा सम्पूर्ण प्राणीका राम दाजुकनै हरे ! ।
लखेट्ने काम जो क्रूर गरी बक्स्यो कुकर्मले ॥
ज्यादै अयोग्य हो, घोर पाप यै भो हरेशिव ! ।
ममा पनि पऱ्यो यल्ले प्रभुबाट महान् भय ॥
प्रभु नै हेतु भै मेरा बुवाको मृत्यु भो हरे ! ।
वन बस्नु पऱ्यो घोर उता श्रीराम दाजुले ॥
बनाइ बक्सियो फेरि मलाइ पनि हा ! यता ।
यो विश्वभरमा ठूलो निन्दाको पात्र एउटा ॥
राज्यको लोभमा पर्दा क्रूरतापूर्ण कर्म ता ।
गर्ने हजूर भै बक्स्यो मार्दिने पति सम्म हा ! ॥

१३

१४

स्वभाव–व्यवहारादि घटिया भै दिंदा सव ।
बोल्नै पनि अयोग्यै भो प्रभुले मसँगै अब ॥
यता मेरो भई बक्स्यो गर्ने अहित अप्रिय ।
आमाकी रूपको साक्षात् प्रभु नै शत्रु वास्तव ॥
कौसल्या र सुमित्रादि मेरा आमाहरू अरु ।
पाई हजूरलाई हा ! कष्ट भोग्ने भए वरु ॥
पवित्र कुलमा यस्तो दोष अङ्गार–तुल्यकी ।
हजूर निस्कँदा भोग्छन् महान् दुःख समेत ती ॥
धर्मात्मा र महान् विद्वान् ती अश्वपति भूपकी ।
हजूर भइ बक्सिन्न पुत्री ता योग्यरूपकी ॥
यदि त्यस्ता बुवाबाट जन्मेकी नै भए पनि ।
राक्षसी जन्मिबक्स्यो हा ! भएरै कुलनाशिनी ॥
टिकेका धर्ममा नित्य धर्मात्मा शूर–वीर ती ।
दाजु रामकनै ओहो ! प्रभुले वन खेद्दिई ॥
स्वर्गवासी बनाएर बुवा राजाकनै उता ।
भई निमित्त यो सारा काममा आफु नै यता ॥
कमाइ बक्सियो पाप जो जत्ति प्रभुले मुमा ! ।
सव त्यो बज्रियो मेरै थाप्लोमा एक बातमा ॥
हरे ! म यसले गर्दा बुवाले हीन नै भएँ ।
छोडे ती दाजु–भाईले, विश्वको अप्रियै भएँ ॥
कसरी प्रभुमा आयो पापपूर्ण विचार त्यो ।
जसले प्रभुलाई हा ! लैजान्छ नरकै अहो ! ॥
टिकेकी धर्ममा नित्य ती कौसल्या मुमाकन ।
पति–पुत्र दुवै बाट पारी बक्स्यो पृथक् जुन ॥
त्यस्तो कुकर्मले गर्दा अब ता प्रभुलाइ हा ! ।
फल भोगाँउनालाई लैजाला कुन लोकमा ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कौसल्या-पुत्र श्रीराम जितेन्द्रिय महान् तथा ।
भैबक्सिन्छ पितातुल्य मेरा दाजु हुँदा सदा ॥
राम्रो आधार बक्सिन्छ जो आफ्ना बन्धु आदिमा ।
भएन ज्ञान नै कत्ति यो कुरा प्रभुमा यहाँ ॥
छोरो जन्मिन्छ आमाको अङ्ग-प्रत्यङ्ग बाट र ।
हृदयैबाट, तस्मात् छ आमाको नित्य त्यो प्रिय ॥
भाई-बन्धुहरू चाँहि हुन्छन् केवल नै प्रिय ।
परन्तु पुत्र ता हुन्छ प्रिय भन्दा पनी प्रिय ॥
ए क्रूरचित्तकी मेरी मुमा ! लौ सुनिबक्सियोस् ।
अघिको छ कुरा यौटा, यसमा ध्यान बक्सियोस् ॥
कामधेनु थिइन् यौटी जान्दथिन् धर्म जो सब ।
सम्मान गर्दथे नित्य जसको देवतातक ॥
उनका दुइ थे छोरा पृथ्वीमा एकपल्ट ती ।
बिचेत भै लडे जोत्ता, देखिन् यी गाइले पछि ॥
मध्यान्ह-समयै सम्म हलो जोत्ता निरन्तर ।
साह्रै थाकिसकेका थे ती दुवै भइअस्थिर ॥
पृथ्वीमा यसरी त्यस्तो दुःख खेप्ने दुवैकन ।
देख्तामा पुत्र-शोकैले रोइन् आँसु त्यजीकन ॥
कामधेनु थिइन् माथि यता भइ तलैतल ।
यो वेला गै रहेकाथे महात्मा इन्द्रदेव त ॥
सुगन्धित खसे आँसु गाईका नेत्र बाट ती ।
इन्द्रका देहमा टप्प, हेरे मास्तिर यस्पछि ॥
खुला आकाशमा माथि कामहेतु थिइन् खडा ।
अत्यन्त दुःखले पिर्दा रुँदी थिन्, दीन थिन् उता ॥
देख्ता यशस्विनी धेनु पाकेकी भित्र शोकले ।
इन्द्र उद्विग्न भै हाले हात जोडे यसो भने ॥
ए साराको हितै गर्ने देवि ! के त कहीं भय ।
आयो हामीहरू माथि ठूलै भइ कसो अब ? ॥
नभए यसरी शोक गर्नु पर्ने हजूरले ।
पर्‍यो कारण के त्यस्तो ? आज्ञा होस् अब स्नेहले ॥
यसरी सोधिइन् देवी कामधेनु यशस्विनी ।
इन्द्रले देवका राजा बुद्धिमान् जो थिए अनि ॥
धीरस्वभावकी थिन् यी कामधेनु यता अब ।
थिन् सिपालु कुरा गर्न भनिन् इन्द्रसंगै तव ॥

४३

४४

पाप जत्ति छुटोस् सारा शान्त होस्, ए सुरेश्वर ! ।
त्यस्तो तिमीहरू माथि क्यै पनी छैन है डर ॥
घोर-सङ्कष्टमा यस्ता परेका पुत्रलाइ यी ।
देख्तामा म छु अत्यन्तै शोकमा मग्न पीर ली ॥
लौ हेर ! यी दुवै गोरू अति-दुर्वल छन् दुखी ।
पिर्दोछ घामले, फेरि पिट्छ कर्षक यो अति ॥
यी दुवै जन्मिएका हुन् यो मेरो देह बाट नै ।
भार-पीडित छन् ज्यादै, दुःखी छन् फेरि यी निकै ॥
यस्ता देख्ता यिनैलाई शोकले पिरिंदी छु म ।
पुत्र भन्दा कुनै प्यारो अर्को हुन्न, भने किन ? ॥
जसका पुत्रले लाखौं भरिएकोछ विश्व यो ।
रोएकी त्यसरी देख्ता उनैलाई वहाँ अहो ! ॥
तत्काल इन्द्रले ठाने-आमाको निम्ति वास्तव ।
पुत्र भन्दा कुनै अर्को ठूलो प्यारो रहेन छ ॥
पवित्र गन्धको आँसु पर्दामा निज देहमा ।
कामधेनुकनै माने अत्यन्तै श्रेष्ठ विश्वमा ॥
चरित्र जसको सारा प्राणीको निम्ति भै सम ।
हित गर्दछ अत्यन्त छ अतुल्य पनी जुन ॥
दानस्वरूपको प्यारो जहाँ ऐश्वर्य-शक्ति छ ।
गुण सत्य-स्वरूपैको जहाँ गै नित्य टिक्तछ ॥
फेरि जो लोकरक्षाको कामना लिन्छ वस्तुतः ।
रम्छ जो काममा आफ्नो, छन् लाखौं जसका सुत ॥
कामधेनु पनी यस्ती निम्तिमा दुई पुत्रको ।
शोक गर्छिन् भने, यस्तो गर्दा ता काम योग्यको ॥
ती कौसल्या मुमा फेरि यौटै पुत्र हुँदा हरे ! ।
कसो नगरि बक्सेला ? बाँच्ने पो फेरि के गरे ! ॥
भै बक्सिन्छ सती-साध्वी यौटै सन्तानकी उहाँ ।
विछोडै पार्दि बक्स्यो हा ! मुमाले जसको यहाँ ॥
ए कैकेयी मुमा ! तस्मात् यो लोक-परलोकमा ।
हजुर पाइ बक्सिन्छ सँधै दुःख जहाँ तहाँ ॥
म ता अब बुवाज्यूको गर्छु अन्त्येष्टि-कर्म र ।
दाजुमा राज्य सुम्पन्छु, हुन्छु सेवक सुस्थिर ॥
अनि गर्दछु त्यै कर्म जस्ले कीर्ति बढाँउछ ।
मुमा द्वारा भएको यो अकीर्ति सब मास्तछ ॥

६०

६१
ज्यादै बल हुने साक्षात् इन्द्र कोसलदेशका ।
बलीया रामलाई म यहीं ल्याँउछु गै उता ॥
अनी मुनि-महात्माले सेविएको पवित्र त्यो ।
वनमा गै म नै बस्छु, बुझि बक्स्योस् सबै कुरो ! ॥
मनभित्र सँधै नाना पाप·पूर्ण कुरैकुरा ।
खेलाइ रहनेमात्र भै बक्सिन्छ हजूर हा ! ॥
ए पापिनी मुमा ! तस्मात्, भयो हजूर बाट यो ।
यत्रो अनर्थको पाप, जो न राम्रो अयोग्य हो ॥
पुरवासीहरू हेरुन् झारी आँसु मलाइ त्यो ।
बोकेको पापको भारी ? हुन्न काम म बाट यो ॥
अव जो गर्नु पर्ने हो हजुरै गरि बक्सियोस् ।
"बलेको अग्निमा आफैं कि ता गै पसि बक्सियोस्" ॥
६६

६७
अथवा दण्डकारण्य वनमा गइ बक्सियोस्
"पाशो बाँधि गलाबीच कि ता गै झुण्डिबक्सियोस्"
अव यस्ता कुरा भिन्न राम्रो श्रेय हुने हरे !
रह्यो हजूरको निम्ति बाँकी नै अरु वस्तु के ?
सत्य-पराक्रमी राम अयोध्यापुरबीच यो
सवारी भइ बक्सेमा सुनी मेरो भनाइ त्यो ॥
हुनेछु ढुक्क सान्है म कृतकृत्य पनी तव ।
लागेको अनि पो छुट्ला यो कलङ्क पनी सब ॥
भने भरतले यत्ति भए जङ्गलमा तर ।
तोमराङ्कुशले तीखो घोचिएको गजै सरह
फूँ ! फूँ !! गर्ने कुनै क्रुद्ध सर्प जस्तै भए उनी ।
रिसको वेग बढ्दामा लडे डङ्ग्रङ्ग ! भै अनि !
७२

७३
वैरीहरूलाइ तताँउने सदा भए भरत्का अव अङ्ग क्षीण हा ! ।
सारा अलङ्कार फुटे शरीरका भए अकस्मात् उनका लुगा धुजा ॥
राता भए नेत्र दुवै सुकोमल लडे त्यसोरी जुन भूमिमा तव ।
यी देखिए उत्सव नाशिंदा यता हुन् मैं लडे ठीक सुरेन्द्रको ध्वजा ॥
७४

इति चौहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचहत्तरौं सर्ग

महान् आत्मा हुने भरतले अनेकौं प्रकारका किरिया खानु

१

धेरै बेर पछी होश आँउदा अति वीर्यवान् ।
उठे भरत ती वीर जुन थे त्यत्ति बुद्धिमान् ॥
थिए आँखा भरी आँसु उनका दुइमै तव ।
यता अघि बसेकी थिन् कैकेयी दीन भै अब ॥
भेला भइ सकेकाथे मन्त्रीहरू पनी अब ।
अगाडि अनि साराको भन्न लागे यसो तव ॥
थिन् कैकेयी महारानी यौटै लक्ष्य भनाइको ।
स्पष्ट निन्दा भएको नै झल्किन्थ्यो वाक्य बाट त्यो ॥
मन्त्री हो ! सुन्नुहोस् मैले राज्य पाऊँ भनी यता ।
न पैले कहिल्यै शोचें, भने आमासँगै न ता ॥
महाराज बुवाबाट जुन राज्याभिषेकको ।
तयारी भै रहेको थ्यो था थिएन मलाइ त्यो ॥
किन ? भन्नु भए देखि त्यो बेला भाइ साथमा ।
म ता गइ बसेकोथें निकै टाढा विदेशमा ॥
म जाँनू कसरी तस्मात् महात्मा दाजु-रामले ।
गएर वनमा त्यस्तो बस्नु पर्ने कुरो हरे ! ॥
भाइ लक्ष्मणले त्यस्तै सीता भाउजु सम्मले ।
साथै लखेटिनै पर्ने कसरी भो ? म जाँनु के ? ॥
ज्यादै उदार आत्माका त्यस्ता भरत वास्तव ।
आफ्नी आमाकनै साक्षात् निन्दा गर्दै थिए अब ॥
यता यसै अवस्थामा बोलेको उनले सुनी ।
कौसल्याले चिनी हालिन् भरतै हुन् भनी उनी ।
अनि ती साथकी आफ्नी सुमित्रा बहिनीकन ।
भन्न लागिन् यसो-देख्यौ ! आए भरत ती सुन ! ॥
क्रूर निठुर यी कर्म गर्ने कैकेयीका उनी ।
पुत्र हुन्, ता पनी छन् यी दूरदर्शी महान् गुणी ॥

१३

१४

यसर्थ म यिनीलाई भेट्न खोज्छु भनी यसै ।
ती कौसल्या हिंडी हालिन् जहाँ भरत थे त्यतै ॥
उदास मुख थ्यो, सारा अङ्ग थे अति दुर्बल ।
थिन् विचेतै भए जस्ती, काँप्तथिन् भइ थर्थर ॥
यसै बेला यता पट्टि थिए भरत अस्थिर ।
भाइ शत्रुघ्न ली लागे कौसल्या भवनैतिर ॥
दुवै आइ रहेका थे त्यै बाटो भेट्न आफुमा ।
गइन्थ्यो जुन बाटोले यिनको दरबारमा ॥
देखे यी दुइ-भाईले जाँदैमा बीच मार्गमा ।
होश उड्दा लडेकी हा ! कौसल्यालाइ भूमिमा ॥
बढेर अघि विस्तारै दुःखी यी दुइले तव ।
ती दुःखिनी मुमालाई अँगाले स्नेहले दृढ ॥
यसरी पुत्रलाई यी अगाँल्दा दिलकी धनी ।
कौसल्यामा बढ्यो दुःख अनि रोइन् निकै उनी ॥
पछि बाट भनिन् यस्तो छोरा भरतलाइ ती ।
तिमी जो राज्य चाहन्थ्यौ त्यो मिल्यो अब ता हकि? ॥
निष्कण्टक छ यो फेरि हटेको विघ्न आदिले ।
कैकेयीले गरिन् चाँडो बरु हा ! क्रूर-कर्मले ॥
राम-छोराकनै मेरा पैह्राई चीर-वस्त्र ती ।
वनवासी बनाएर लखेटिन् उनले पछि ॥
उनको दृष्टि भो क्रूर निठुरी अति नै हरे ! ।
यसमा उनले देखिन् लाभ वा गुण पो र के ? ॥
ए बाबु ! बहिनीले ती मलाई पनि झट्पट ।
पठाई दिनु नै पर्ला अब ता वनमै त्यस ॥
जहाँ सुपुत्र छन् मेरा सुवर्ण सरि नाभिका ।
महान् कीर्ति हुने राम, म पनी जान्छु है ! उता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सुमित्रा बहिनी साथ वस्तु ली अग्निहोत्रका ।
अथवा म स्वयं जान्छु जहाँ छन् पुत्र राम ता ॥
इच्छानुसारले तिम्रो कि तिमी आफु नै अब ।
मलाई लगिद्यौ बाबु ! छन् जहाँ पुत्र राघव ॥
सारा पुरुषमा श्रेष्ठ छन् मेरा सुत-राम ती ।
गर्दछन् जो तपस्या नै त्यस्तो जङ्गलमा बसी ॥
धन-धान्यादिले युक्त गजाश्वरथ पूर्ण यो ।
दिलाइन् उनले राज्य तिमीमा छ विशाल जो ॥
मर्म छेड्ने कुरा क्रूर भनी यस्ता अनेकन ।
कौसल्याले गरिन् निन्दा तिरस्कार उनीकन ॥
थिए भरत निर्दोष सुनेमा यी कुरा उनी ।
सियोले घाउमा घोच्ता भएझैं भै गए अनि ॥
व्यामोह चित्तमा छायो सकेनन् अड्न क्यै गरे ।
अनि जेठी मुमाको ती पाउबीच पछारिए ॥
निरन्तर गरे नाना विलाप उनले तव ।
भए विचेत नै फेरि थोरैमा होश भो अब ॥
घेरेकी शोकले नाना विलाप्ती अघि त्यस्तरी ।
ती कौसल्या-मुमा साथ भन्छन् जोडी दशाञ्जलि ॥
मेरी पूज्य मुमा ! जो जो यहाँ भो, त्यो कुरा कति ।
म जान्दिन, न पत्तै छ, छु म निर्दोष है ! अति ॥
बक्सिइन्छ ममा दोष किन ? फेरि ल मर्जिहोस् ।
अनन्य-प्रेम मेरो छ दाजुमा बुझि बक्सियोस् ॥
आर्य, सत्य-प्रतिज्ञाका, श्रेष्ठ सत्पुरुषादिमा ।
दाजु राम सवारी भो त्यस्तो घोर अरण्यमा ॥
त्यस्तो गर्नु भनी जस्ले दियो सम्मति-स्वीकृति ।
सत्-बुद्धि त्यस पापीको नहोस् शास्त्रानुगारति ॥
वन दाजु सवारी भो सल्लाह जसले दिंदा ।
त्यो होस् नोकर पापीको जातिको तुच्छ सर्वदा ॥
त्यागोस् त्यो मल-मूत्रादि फर्किई सूर्य पट्टि नै ।
सुतेकी गाईलाई त्यै उठाओस् हानि लात नै ॥
पाई सम्मति-सल्लाह जसको दाजु रामजी ।
वनबीच सवारी भो गरी त्यो सब स्वीकृति ॥
पाप त्यल्लाइ त्यै लागोस् स्वामी भै जसले पुनः ।
ठूलो काम लगाएर दिन्न सेवकमा धन ॥

४३

४४

सवारी वन भो दाजु सल्लाह जसले दिंदा ।
त्यस व्यक्तिकनै लागोस् पाप त्यै अब सर्वदा ॥
सम्पूर्ण दुनियाँलाई पाल्ने छोरा सरी गरी ।
राजाको द्रोह गर्नेमा पाप जो लाग्छ राम्ररी ॥
सल्लाह जसको पाई जसले गरि वास्तव ।
दाजु राम सवारी भो वनमा त्यसरी तव ॥
अधर्म त्यसमा लागोस् त्यही, जो लाग्छ भूपमा ।
ली छ खण्ड प्रजाबाट गर्दैन परिपालना ॥
वन दाजु सवारी भो जसको पाइ सम्मति ।
त्यसलाइ त्यही पाप लागोस् कष्ट दिंदा अति ॥
सहने यज्ञमा कष्ट ऋत्विक्लाइ म दक्षिणा ।
भनी दिन्छु, न दी टार्ने व्यक्तिमा लाग्छ जो यहाँ ॥
शस्त्रास्त्र वर्षिएको र हात्ती-घोडा-रथादिले ।
भरिएको लडाईंमा डग्ने सज्जन-मार्गले ॥
नगर्ने धर्मको ख्यालै योद्धामा पाप लाग्छ जो ।
लागोस् त्यो पाप त्यल्लाई जसले वन भेजियो ॥
सल्लाह जसको पाई जसले गरि वास्तव ।
दाजु राम सवारी भो वनमा त्यसरी तव ॥
गुरुबाट महान् विद्वान् पाएको यत्नले सब ।
शास्त्रोपदेश त्यो सारा नाशोस् दुष्ट स्वयं अब ॥
श्री सूर्य-चन्द्रमा जस्ता तेजिला र प्रकाशिला ।
मोटा बाहु तथा काँध भएका पुष्ट योग्यका ॥
राम दाजुकनै कैल्यै चढेमा राज्यबीच यो ।
न पाओस् दुष्ट त्यो देख्न जल्ले सम्मति त्यो दियो ॥
निर्घृणी क्रूर त्यो दुष्ट बाख्रीको दुद, पायस ।
खिचडी सम्मका वस्तु मिष्ट खाद्यान्न आदिक ॥
खाओस् व्यर्थ गरी एक्लै न अर्पी देव-विप्रमा ।
गरोस् त्यै मान्यको हेंला जल्ले राय दियो यहाँ ॥
जसको सर-सल्लाह, राय पाएर रामजी ।
वनबीच सवारी भो त्यसमा दिइ स्वीकृति ॥
गाइको देहमा छोओस् लातले दुष्ट व्यक्ति त्यो ।
गरोस् स्वगुरुको निन्दा मित्रको द्रोह घेर त्यो ॥
ठूलो विश्वास मानेर पारी एकान्त वास्तव ।
मर्मको गुप्त दोषादि-तत्वका वाक्य आदिका ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

अर्कामा जुन गै खोल्छ त्यसमा पाप लाग्छ जो ।
त्यै पाप त्यसमा लागोस् जल्ले सम्मति त्यो दियो ॥
सल्लाह जसको पाई जसले गरि अन्तमा ।
दाजु राम सवारी भो त्यस्तो घोर अरण्यमा ॥
उपकार न गर्ने होस् सँधै दुष्ट मनुष्य त्यो ।
होस् कृतघ्न र निर्लज्ज द्वेषको पात्र लोकको ॥
पाएर सर-सल्लाह जसको राय, सम्मति ।
वनवीच सवारी भो ती मेरा दाजु रामजी ॥
पाप त्यो दुष्टमा लागोस् घरका पुत्र-भृत्य र ।
पत्नीमा न दिई एक्लै खाँदा मिष्ठान्न लाग्छ जो ॥
सल्लाह जसको पाई जसले गरि वास्तव ।
वनबीच सवारी भो दाजु राम स्वयं तव ॥
आफू लायककी पत्नी न पाई दुष्ट त्यो नर ।
न गरी धर्म-कर्मादि निःसन्तान मरोस् अब ॥
दिंदामा सर-सल्लाह जसले दाजु रामजी ।
वनबीच सवारी भो मानेर सव त्यो पछि ॥
दुष्ट त्यो धर्मपत्नीमा जन्मेको पुत्रको मुख ।
न पाओस् देखन, भै दुःखी अकालैमा मरोस् अब ॥
वृद्ध बालक राजा स्त्री मार्दामा पाप लाग्छ जो ।
त्याग्दामा भृत्य जो लाग्छ, भोगोस् त्यै पाप दुष्ट त्यो॥
मान्य दाजुकनै मेरा त्यस्तो वन पठाँउन ।
जसले सर-सल्लाह दियो हुन्छ ! भनीकन ॥
दुष्ट त्यो विष लाहा र मधु मांस फलाम यी ।
निषिद्ध वस्तु वेचेर पालोस् आफ्ना जहान ती ॥
सल्लाह जसको पाई जसले गरी अन्तमा ।
दाजु राम सवारी भो त्यस्तो घोर अरण्यमा ॥
शत्रुपक्षकनै ठूलो हुने डर लडाँई क्वै ।
पर्दामा दुष्ट त्यो पापी मरोस् भाग्दा यहाँ त्यसै ॥
दिंदामा सर-सल्लाह जसले दाजु रामजी ।
वनवीच सवारी भो त्यसमा दिइ स्वीकृति ॥
त्यो दुष्ट चिथडा-कन्था पैह्रे र लिइ खप्पर ।
भीख माग्दै घुमोस् पृथ्वी पागलै तुल्य अस्थिर ॥
मान्य दाजुकनै मेरा त्यस्तो वन पठाँउन ।
जसले सर-सल्लाह दियो हुन्छ ! भनीकन ॥

७७

७८

त्यो पापी कामको त्यस्तै क्रोधको वशमा परी ।
मद्यपान तथा जूवा-स्त्रीमा होस् लट्ट हर्घडी ॥
सल्लाह जसको पाई जसले गरि अन्तमा ।
दाजुराम सवारी भो त्यस्तो घोर अरण्यमा ॥
मन त्यो दुष्टको कैल्यै न लागोस् धर्म-कर्ममा ।
देओस् धन अपात्रैमा रमोस् नित्य अधर्ममा ॥
दिंदामा सर-सल्लाह जसले दाजु रामजी ।
वनबीच सवारी भो त्यसरी दिइ स्वीकृति ॥
जोरेको त्यसले जो छ हजारौं परिपक्ष्वले ।
धन-सम्पत्ति सम्पूर्ण लुटुन् डाँका र चोरले ॥
मान्य दाजुकनै मेरा त्यस्तो वन पठाँउन ।
जसले सर-सल्लाह दियो हुन्छ ! भनीकन ॥
लागोस् त्यो दुष्टमा पाप त्यही नै जुन लाग्दछ ।
दुइटै साँझको वेला सुत्ने मानिसमा अब ॥
आगो लगाँउनेलाई पाप लाग्दछ जो त्यहाँ ।
सम्भोग गुरु-पत्नीको गर्नेमा लाग्छ जो यहाँ ॥
मित्रको द्रोह गर्दामा गर्नेमा पाप लाग्छ जो ।
त्यै पाप त्यसमा लागोस् जसले राय त्यो दियो ॥
सल्लाह जसको पाई जसले गरि अन्तमा ।
दाजु राम सवारी भो त्यस्तो घोर अरण्यमा ॥
दुष्ट त्यो बाबु-आमाको देवको पितृ आदिको ।
न पाओस् गर्न नै सेवा ठगियोस् पुण्यबाट त्यो ॥
मान्य दाजुकनै मेरा त्यस्तो वन पठाँउन ।
जसले सर-सल्लाह दियो हुन्छ ! भनीकन ॥
अहिल्यै दुष्ट त्यो पापी भोग्ने सत्-जनमात्रले ।
लोक-कीर्ति तथा कर्म बाटै होस् नष्ट-भ्रष्ट ए ! ॥
विशाल छातिका एवं महान् बाहु हुने तथा ।
श्रीराम वन भो पाल्नु जसले राय त्यो दिंदा ॥
त्यो दुष्ट कहिल्यै आफ्नी आगाको गर्न सेवन ।
न पाओस् र घुमोस् नित्य अनर्थै कर्ममा पुनः ॥
दिंदामा सर-सल्लाह जसले दाजु रामजी ।
वनबीच सवारी भो त्यसमा दिइ स्वीकृति ॥
दुष्ट त्यो होस् दरिद्री र होस् त्यै घेर जहानको ।
ज्वर-रोगादिले पिर्ने होस्, भोग्ने क्लेश नित्य त्यो ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

६५

सल्लाह जसको पाई जसले गरि अन्तमा ।
दाजु राम सवारी भो त्यस्तो घोर अरण्यमा ॥
हेर्ने आशा लिई ठूलो दाताको मुख योग्यको ।
दीन याचकको आशा पारोस् निष्फल दुष्ट त्यो ॥
मान्य दाजुकनै मेरा त्यस्तो वन पठाँउन ।
जसले सर-सल्लाह दियो हुन्छ ! भनीकन ॥
पापी त्यो होस् छुल्याहा र सँधै छल गरी गरी ।
अपवित्र भई बाँचोस् डराई नृप बाट ती ॥
दिंदामा सर-सल्लाह जसले दाजु-रामजी ।
वनबीच सवारी भो त्यसमा दिइ स्वीकृति ॥
दुष्ट त्यो धर्म पत्नीमा ऋतुस्नान सके पछि ।
आँउदामा न जाने होस् , लागोस् पाप पनी त्यही ॥
सल्लाह जसको पाई जसले गरि अन्तमा ।
दाजु राम सवारी भो त्यस्तो घोर अरण्यमा ॥
त्यल्लाइ पाप त्यै लागोस् नष्ट-सन्तान विप्रमा ।
जो लाग्छ, अन्नदानादि नगर्दा दार-द्वेषमा ॥
मान्य दाजुकनै मेरा त्यस्तो वन पठाँउन ।
जसले सर-सल्लाह दियो हुन्छ ! भनीकन ॥
मैलो इन्द्रियको होस् त्यो विप्र-पूजा हुँदा त्यही ।
पारोस् विघ्न, दुहोस् गाई सानो बाच्छो हुँदा त्यही ॥
जसले सर-सल्लाह दिंदामा दाजु-रामजी ।
वनबीच सवारी भो त्यसमै दिइ स्वीकृति ॥
धर्ममा मन छोडेको मूढ दुर्जन त्यो यता ।
परस्त्रीकै गरोस् सेवा धर्म पत्नी त्यजी सदा ॥
मान्य दाजुकनै मेरा त्यस्तो वन पठाँउन ।
जसले सर-सल्लाह दियो हुन्छ ! भनीकन ॥
पानी दूषित पार्दामा ख्वाँउदा विष वास्तव ।
जो पाप लाग्छ, भोगोस् त्यो एक्लो नै पाप ती सव ॥

१०८

१०६

सल्लाह जसको पाई जसले गरि अन्तमा ।
दाजु राम सवारी भो त्यस्तो घोर अरण्यमा ॥
तिर्खाएको कुनै व्यक्तिलाइ पानी हुँदा-हुँदै ।
छली नदिइ ठग्नेमा लाग्ने भोगोस्न पाप त्यै ॥
वन दाजु सवारी भो जसले दिइ सम्मति ।
दुष्ट त्यल्लाइ त्यै पाप लागोस् पूर्ण भई अति ॥
हेर्नेमा झगडा गर्नेहरूको मार्गमा वसी ।
जो पाप लाग्छ यौटामा पक्षपात गरे, पछि ॥
थिन् कौसल्या महारानी पतिले पुत्रले पनि ।
भएकी हीन अत्यन्त पिरिएकी र दुःखिनी ॥
त्यसो गरी उनीलाई आश्वासन दिंदा-दिंदै ।
लडे भरत डङ्ग्रङ्ग दुःख बाट सताँइदै ॥
दिने कष्ट तथा चर्का किरिया खाइ घेर ती ।
त्यस वेला लडेकाथे भूमिमा राजपुत्र यी ॥
वेहोश भै सकेकाथे बढेको शोकले उनी ।
फिरेमा उनमा होश कौसल्याले भनिन् अति ॥
बाबा भरत ! भो भो बा ! यस्ता नाना प्रकारका ।
खायौ हा! किरिया घेर भो पुग्यो अव बाबु ! हा ! ॥
मेरा निस्कन लागेका रोक्दियौ अव प्राण यी ।
तर दुःख भने चर्को थप्दियौ यसले अति ॥
सौभाग्यको कुरो यै छ शुभ-लक्षण-युक्त त्यो ।
तिम्रो आत्मा अड्यो सान्है धर्मबाट डगेन जो ॥
सत्यप्रतिज्ञ हौ ! बाबु ! तिमी नै, यस कारण ।
पाँउने छौ तिनै लोक जो भेट्छन् साधु-सज्जन ॥
लामा बाहु हुने भाई गर्दथे भक्ति दाजुमा ।
उनैलाइ भनिन् यत्ति कौसल्याले स्वयँ वहाँ ॥
उठाइ काखमा राखिन् अगाँलिन् राम्ररी अति ।
रुन थालिन् महारानी भई अत्यन्त-दुःखिनी ॥

१२२

१२३

दुःख-व्याकुल भै हाल्यो महात्मा उनको मन ।
विलाप्ता शोक-मोहैको वेगले पिरियो जुन ॥
डङ्ग्रङ्ग लड्दा त्यसरी धरामा रहेन क्यै होश पनी उनीमा ।
नाशै भयो हा ! सव शुद्धि-बुद्धि विलाप गर्थे अघि जो स्वयं ती ॥

१२४

CC-0. In Public Domain. Digitization by eGangotri

१२५
गरेर स्वाँ ! स्वाँ !! अब बारबार तान्दा र छोड्दा निज सास-सार ।
यसो गरी शोक बढी उनीको छर्लङ्ग भो रात त्यसै वित्यो त्यो ।।

इति पचहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयहत्तरौं सर्ग

राजकुमार भरतले बुवा महाराज दशरथको अन्त्येष्टि–कर्मादि गर्नु

१

कैकेयी महिषीका ती छोरा भरत वास्तव ।
त्यसरी शोक बढ्नाले थिए सन्तप्त मन् तव ॥
उनैलाई वहाँ भन्छन् अब उत्तम वाक्य यी ।
श्रेष्ठ भन्नेहरू मध्ये ऋषिश्रेष्ठ वसिष्ठजी ॥
ए राजपुत्र ! तिम्रो छ फैलिएको सुकीर्ति त्यो ।
तिम्रो कल्याण होस् नित्य, अब भो शोक छोड यो ॥
यसले हुन्न क्यै त्यस्तो राम्रो काम–कुरो कुनै ।
ध्यान देउ तिमी तस्मात् समयोचित–कार्यमै ॥
राजाका लासको पैले दाह–संस्कार गर्नमा ।
लिइ जाने तिमी राम्रो प्रबन्ध गर लौ यहाँ ॥
सम्पूर्ण धर्म जानेका थिए भरत वास्तव ।
सुने वसिष्ठको त्यस्तो शुभाज्ञा उनले तव ॥
भूँईबाटै गरी हाले अनि साष्टाङ्गदण्डवत् ।
दिए मन्त्रीहरूलाई शुभाज्ञा गर्न शास्त्रवत् ॥
प्रेतको काम पर्दामा गरिने राज–वंशमा ।
आचार–चलनै जस्तो सबै गर्नु भने वहाँ ॥
राजाको लास त्यो पैले झिके जनहरू मिली ।
जुन तेल–कराहीमा राखिएको थियो अघि ॥
थपक्क भुइँमा राखे उनले अनि लास त्यो ।
जसको वर्ण थ्यो राम्रो पहेंलो मुख–कान्ति थ्यो ॥
हेर्दामा लास त्यो भ्वाट्ट हेर्नेमा भान पर्दथ्यो ।
साक्षात् राजा दशरथै त्यसरी सुतिबक्सियो ॥
सकी स्नान–क्रिया आदि राखियो लास त्यो पछि ।
अति उत्तम शय्यामा जडेको मणि, रत्न ती ॥
दुःख अत्यन्त बढ्दैगो यता भरतमा अब ।
सम्झी सम्झी बुवालाई विलापे पीरले तव ॥

१३

१४

ए प्रभो ! ए बुवा राजा ! म थिएँ परदेशमा ।
हरे ! न आइ पुग्दै म, केगरी बक्सियो यहाँ ? ॥
धर्मज्ञ रामलाई र बलीया लक्ष्मणैकन ।
पठाइ वन, स्वर्गैमा जाने ख्याल भयो किन ? ॥
सजिलै सँग ठूल्ठूला काम गर्ने र योग्यका ।
पुरुषश्रेष्ठ श्रीरामद्वारा हीन भएँ म ता ॥
भएको यसरी दुःखी दीन पुत्र मलाइ हा ! ।
छोडी अब महाराज ! सवारी हुन गो कता ? ॥
हरे ! बुवा ! सवारी भो स्वयं स्वर्ग यतातिर ।
दाजु राम सवारी भो वनबीच उतातिर ॥
बुवा ! यस अवस्थामा को गर्छ परिपालना ।
ढुक्क भै पुरवासीको योगको क्षेमको यहाँ ॥
भइन् यी पृथिवी सारा विधवा अब हे प्रभो ! ।
शोभिन्नन् अघिको जस्तो प्रभु–हीन हुँदा अहो ! ॥
भइन् पुरी पनी त्यस्तै श्रीहीन अति नै अब ।
न हुँदा चन्द्र शोभिन्नन् जस्तो रात्रि त्यही ठिक ॥
दीन–चित्त भई ज्यादै विलाप्थे यसरी उनी ।
भन्छन् फेरि यिनीलाई ती वसिष्ठ–महामुनि ॥
ए महान् बाहुका बाबु ! यी महाराजको अब ।
प्रेतकार्यादि छन् जो जो गरिने कर्म वास्तव ॥
ती सबै गर लौ चाँडै विचारै नगरी अब ।
चित्त शान्त गरी हाल, छोड यी विक्रिया सब ॥
हओस् गर्छु भनी यत्ति आज्ञा गुरु–वसिष्ठको ।
शिरोपर गरीहाले झुकी भरतले बडो ॥
पुरोहित तथा ऋत्विक्–आचार्यहरुमा सब ।
प्रेत–कार्यादि त्यो सक्न गर्नु चाँडो भने तव ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

राजाका अग्निशालामा जो थिए अग्नि ती अघि ।
बाहिरै राखिएकाथे पछि त्यो घटना घटी ॥
ऋत्विक्-याजक भै सारा गरी संस्कार अग्निमा ।
विधिपूर्वकको होम गर्न थाले मिली वहाँ ॥
पालकीमा लगी राखे राजाको मृत-देह त्यो ।
अब सेवकले बोके चलाए घाट तर्फ जो ॥
बोक्नेहरू थिए सान्है त्यो वेला खिन्न-चित्तका ।
झार्थे बररै आँसु आँखाबाट स्वयं तदा ॥
राजाका भृत्य बाटामा हिंड्दथे लासको अघि ।
छर्दथे सुन, चाँदी र गहना वस्त्र द्रव्य ती ॥
मसानघाटमा पुग्दा भो तयार चिता वहाँ ।
हाले चन्दन ल्याएर कसैले अगुरू त्यहाँ ॥
ल्याए गोकुल-धूपादि खोटो सल्लो र पद्मक ।
देवदारू पनी ल्याए कसैले हाल्दिए तव ॥
जनताले अरू ल्याए सुगन्धित अनेकन ।
पदार्थ वस्तु वा श्रेष्ठ चितामा हाल्दिए पुनः ॥
राखे यस पछी सारा ऋत्विक् आचार्य आदिले ।
राजाको लासलाई त्यो चिताबीच प्रयत्नले ॥
अनि ऋत्विकहरूले ती जपे वेदोक्त मन्त्र र ।
दिए आहुति आगोमा अन्त्यकर्म गरे स्थिर ॥

३६

३७

ती सामवेद जानेका विप्रले सामका ऋचा ।
शास्त्र-पद्धतिले राम्रो गरे गान स्वयं तदा ॥
अब आगो लगाए त्यो चितामा लासको तल ।
स्वयं भरतले जो थे महात्मा पुत्र निश्छल ॥
राजरानीहरू सारा राजदर्बार बाट यो ।
निस्के अब यतापट्टि मसानैघाट जान त्यो ॥
पालकी रथ इत्यादि यानबीच चढी सब ।
त्यो वेला गै रहेकाथे वृद्ध-भृत्यादि ली सब ॥
मसान-घाटमा आई अश्वमेधान्त त्यो मख ।
गर्ने पति-नरेन्द्रैको प्रदक्षिणा गरे तव ॥
तिनको साथ-साथैमा हुँदै पछि-पछी वहाँ ।
ऋत्विक्-आचार्यले सम्म गरे अनि प्रदक्षिणा ॥
रुँदा-कराँउदा ज्यादै दुःख बढ्दा वहाँ अब ।
अति भो, ती महारानी रानीको शोक-वास्तव ॥
हजारौं नर-नारीले गर्दा करुण-क्रन्दन ।
कन्थाङ्-कुरुङ-पोथीका भो हो मैं तीव्रक्रन्दन ॥
यसरी दाह-कर्मादि सकेर विवशै भई ।
लागे रानी-महारानी विलापै गर्न फेरि यी ॥
चढी अब सवारीमा सरयू-तीरमा पुगी ।
उनीहरू सबै ओर्ले भित्र दुःख लिई अति ॥

४६

४७

छोरा भरत् साथ वहाँ उनीले जलाञ्जलि श्रीनृपलाइ अर्पे ।
आचार्य मन्त्री र पुरोहितैले उनीहरुकै पछि लागि अर्पे ॥
अनी पुरीभित्र पसे सबै ती आँखा भरी आँशु लिएर ज्यादि ।
सुते धराबीच दशाह सम्म वेला विताए लिइ दुःख टम्म ॥

४८

इति छयहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतहत्तरौं सर्ग

बाऱ्हौं दिनमा सपिण्डीश्राद्ध र भरत–शत्रुघ्नको विलाप वर्णन

१

वित‍ाए नृपका छोरा स्वयं भरतले अब ।
दिन ती दश जूठोका कर्म राम्रो गरी सब ॥
दिनमा अब एघारौं आत्मशुद्धि गरीकन ।
एकादशाह-श्राद्धादि राम्रो सँग गरे पुनः ॥
सपिण्डी-श्राद्ध त्यो सक्तै गरे मासिक श्राद्ध ती ।
उनले अनि त्यो बाह्रौं दिन लागी सकेपछि ॥
पितामा शान्तिको प्राप्ति होस् भन्ने लक्ष्य ली दृढ ।
दिए विप्रादिमा नाना वस्तुको दान वास्तव ॥
धन, रत्न दिए धेर दिए अन्न प्रशस्त र ।
बहुमूल्य दिए वस्त्र नाना रत्नादि सुन्दर ॥
बाख्रा, बोका दिए सेता सुन–चाँदी सँगै अरू ।
दिए गाइ पनि धेरै जो थिए कपिलाहरू ॥
पारलौकिक कल्याण होस् भनेर नरेशको ।
दिए ब्राह्मणमा नाना अरु वस्तु अनेक पो ॥
दिए महल ठूल्ठूला उनले दिनमा त्यस ।
दास-दासीहरू साथै दिए यान रथादिक ॥
भोली पल्ट उज्यालैमा तेह्रौं दिन भए पछि ।
पिताको शोकले मूर्च्छै पाऱ्यो, लागे विलाप्न ती ॥
गला सुकि सकेकोथ्यो यो वेला उनले रुँदा ।
आएकाथे चितामा यी अस्थि-संचय गर्न ता ॥
यसै वेला यिनीलाई छोप्यो त्यै दुःखले अनि ।
बसी थ्याच्च, त्यहीं लागे यी विलाप्न यसो भनी ॥
बुवा ! मलाई जो मेरा मान्य श्रीराम दाजुको ।
हातमा सुम्पि वक्सेको थियो, त्यो ठीक नै थियो ॥
परन्तु अब श्रीराम त्यसरी वन गै दिंदा ।
प्रभुले छोडिबक्सेछ मलाई शून्यबीच हा ! ॥

१३

१४

हरे ! बुवा महाराज ! ती अनाथ हुँदी अति ।
मेरी जेठी मुमाज्यूको एक आधार वा गति ॥
पुत्रलाई बुवाज्यूले पठाई वन अन्तमा ।
ती कौसल्या मुमा त्यागी सवारी भो हजुर् कहाँ ॥
पितालाइ जलाएको चिताको स्थान-मण्डल ।
भस्मले भरिएकोथ्यो डढ्दा रातो थियो स्थल ॥
छरिएका थिए हाड वचेका पोलिई डढी ।
यसरी पर्न गो आँखा त्यसमा उनको पछि ॥
देख्ता शरीर-निर्वाण भएको ठाम बाबुको ।
बढ्यो भरतको दुःख विलापे शोकले पिर्‍यो ॥
साह्रै दीन भई हाले देख्ता त्यो ठाम अन्तमा ।
रुन सम्म उनी रोए लडे डङ्ग्रङ्ग भूमिमा ॥
यन्त्रबद्ध कुनै ठूलो इन्द्रध्वज उठाँउदा ।
बीचमै त्यो खसे जस्तै भै लडेका थिए तदा ॥
अब आए वहाँ दौड्दै उनका मन्त्रिवर्ग ती ।
जहाँ यी बस्तथे वीर पवित्रव्रत त्यो लिई ॥
स्वर्गबाट खसेका ती ययाति नृपमा अघि ।
ऋषि अष्टक इत्यादि आएका हुन् सरी गरी ॥
देखे भरतको त्यस्तो चाला शत्रुघ्नले यता ।
सकेनन् खप्न नै कत्ति रुन थाले स्वयं तदा ॥
महाराज बुवालाई संम्झी संम्झी निरन्तर ।
यी विलाप्न पनी लागे भै वेहोश लडे तर ॥
महाराज बुवावाट ती ती समयमा अघि ।
पोस्ता हुर्काँउदा जो जो भएकाथे कुरा जति ॥
संम्झी संम्झी तिनैलाई ती ती गुण पनी सब ।
भई अत्यन्त नै दुःखी रुन लागे उनी तब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

शुद्धि बुद्धि हरायो हा ! उनको सब वास्तव ।
उन्मत्त सरि भै लागे विलापै गर्न यी अब ॥
हरे ! त्यो मन्थराबाट निस्केको उग्ररूपको ।
कैकेयीरूपको ग्राहहरूले व्याप्त नै हुँदो ॥
कुनै प्रकारले कस्तै गरे ता पनि मास्न जो ।
सकिन्नथ्यो यसैले नै हुँदो अक्षोभ्यरूपको ॥
वरदानमयै बल्दो शोकरूपी असह्य यो ।
सिन्धुले सबलाई हा ! डुबायो आफुमा अहो ! ॥
बुवा ! यो के गरी बक्स्यो हरे ! हजुरले यहाँ ।
हुर्काएको र पोसेको आफैंले गरि पालना ॥
सुकुमार तथा साना छोरा भरतलाइ यी ।
छोडी कहाँ सवारी भो गरि बक्सिन्छ शोक ती ! ॥
हरे ! लगाँउने खाने पिउँने पैन्हने कुरा ।
सारा अगाडि राखेर बक्सिन्थ्यो प्रभु नै पुरा ॥
अ-आफ्नो रुचिकै ठीक लिन्थ्यौं हामीहरू यहाँ ।
हाम्रो निमित्तमा गर्ला अब को ती कुरा यहाँ ॥
महान् आत्मा भएका र धर्म जान्ने सुयोग्यका ।
राजा हजूर जस्ताले हुँदा रहित यी धरा ॥
आफैं नै फाट्नु पर्थ्यो हा ! त्यो वेला फाटिनन् तर ।
यही आश्चर्य हो ठूलो अहिले सम्म छन् स्थिर ॥
बुवा स्वर्ग सवारी भो, गै बक्स्यो राम जङ्गल ।
बाँच्ने शक्ति ममा छैन, आगोमा पस्छु भै अब ॥
भै गयो, दाजुद्वारा र बुवाद्वारा विहीन भै ।
इक्ष्वाकु-कुल-राजाले पालिएकी स्वयं सँधै ॥
अैले शून्य अयोध्यामा म बस्तिन कसै गरे ।
तपोवनतिरै पस्छु, मरें अब मरें ! हरे ! ॥
विलाप दुइ भाईका सुनें यस्ता अनेकन ।
त्हाँका जनले सारा देखे कष्ट पनी पुनः ॥
सकेनन् खप्न त्यो सारा भृत्य-वर्गादिले पनि ।
शोक-व्याकुल भै रोए रुन सम्म वहाँ अनि ॥

४१

४२

यता भरत शत्रुघ्न दुवै भाइहरू हरे ! ।
साह्रै थाकि सकेकाथे, लडेकाथे विषादले ॥
दुइटै सींग फुक्लेका वृषराज समानका ।
पृथ्वीबीच लडे जस्ता देखिन्थे यी दुवै तदा ॥
यता यस अवस्थामा दैवी-प्रकृति-युक्त ती ।
गर्न औषधि जानेका वैद्य जस्ता वषिसष्ठजी ॥
बढे अघि थिए जो ती पिताका राम आदिका ।
पुरोहित महान् विद्वान् सबका गुरु वंशका ।
उठाए भरतैलाई स्नेहले उनले तब ।
सम्फाएर बुफाएर भन्न लागे यसो अब ।
बुवाको दाह-संस्कार भएको आज यो दिन ।
तेन्हौं हो ! काम छन् बाँकी हट्नु कर्तव्यमा किन? ॥
गर्नु पर्ने गरौं काम न ढिलाऔं यहाँ अब ।
अस्थिसंचय इत्यादि गरौं कर्म छिटै सब ॥
शोक-मोह जरा-मृत्यु क्षुधा-तृष्णादि तीन यी ।
द्वन्द्व हुन् , सब प्राणीमा टिक्तछन् समरूप ली ॥
रोक्न सक्नु यिनीलाई असम्भव छ वस्तुतः ।
यस हालतमा गर्छौ तिमी फन् किन शोक त ? ॥
सम्पूर्ण तत्व जानेका ती सुमन्त्र बढी यता ।
शत्रुघ्नलाइ सम्फाए उठाएर स्वयं तदा ॥
विश्वका सब प्राणीको जन्मको मृत्युको पनि ।
उपदेश गरे राम्रो गति देखाँउदै अनि ॥
उठे अब दुबै भाई, भै गए शान्त-चित्तका ।
पुरुषश्रेष्ठ थे जो यी शोभिए कीर्ति भै सफा ॥
दुवै इन्द्र-ध्वजा जस्ता देखिन्थे भिन्न भिन्न यी ।
देखिन्छन् जुन वर्षा र घामले मलिनै अति ॥
दीनतापूर्ण-वाणीमा बोल्दथे यी दुबै तव ।
राता राता थिए आँखा पुछ्तैथे आँसु जो सब ॥
यस हालतमा मन्त्रीहरूले राजपुत्र यी ।
दुवै बाट छिटो सारा गराए शेष कर्म ती ॥

५६

इति सतहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठहत्तरौं सर्ग

राजकुमार शत्रुघ्नले क्रोध प्रकट गर्नु र मन्थरालाई दण्ड दिनु

१

त्यो तेन्हौ दिनको सम्म सकी काम कुरो अनि ।
दाजु राम भए ठाम जान ठिक्क भए उनी ॥
भन्छन् लक्ष्मणका भाई शत्रुघ्न अब, दाजु ती ।
साक्षात् भरतमा जो थे पाकेका शोकले अति ॥
दाजु ! जो दुःख पर्दामा आफ्नामा आफुमा त के ।
सहारा सब प्राणीको बन्दथ्यो, नाशतथ्यो हरे ! ॥
त्यस्तो व्यक्ति महान् सत्वगुण-सम्पन्न रामजी ।
जावी स्त्रीको निमित्तै ले सवारी वन भो हकि ? ॥
बलवान् वीर्यवान् मै हूँ भन्ठान्थे दाजु-लक्ष्मण ।
ती पनी नामका मात्रै रहेछन्, चिनियो गुण ॥
न भए श्रीबुवा राजालाई कैद गरीकन ।
छुटाँउन सकेनन् हा ! दाजु-रामकनै किन ? ॥
जब राजा-बुवा यौटी नारीको वशमा परी ।
सवारी भै सकेकोथ्यो कुमार्गतिर राम्ररी ॥
पहिल्यै त्यसवेलामै न्याय अन्याय हो कुन ? ।
त्यो विचार गरी कैदै गरेनन् उनले किन ? ॥
भन्थे लक्ष्मणका भाई शत्रुघ्न उनमा यसो ।
त्यो परिस्थिति देखाई फोक्किई अबि जो वित्यो ॥
यता यसै अवस्थामा त्यो कुब्जा मन्थरा अहो ! ॥
भैरहेकी थिई ठिङ्ग ढोकामा पूर्वपट्टिको ॥
टेढा-मेढा भएकाथे अङ्ग-प्रत्यङ्ग जो सब ।
तिनमा शोभिएकाथे गहना अति नै अब ॥
सर्वाङ्गभरमा आफ्नो सुगन्धित र उत्तम ।
थिई चन्दनको लेप पैह्रिएकी मनोरम ।
पैह्रने राजरानीले बहुमूल्य र सुन्दर ।
पैह्रिएकी थिई त्यल्ले सारी, वस्त्र मनोहर ॥

१३

१४

यता अनेक बान्कीका मणि-रत्नादि-भूषि
गहना पैह्रिएकी थी त्यो वेला त्यसले स
उता कमरपेटीको लुर्काले मणि-रत्न
शोभिएकी थिई बल्थी गहना घप्घपै हुं
डोरी-धागाहरू धेरै बाँधिएकी र सुन्द
हो कुनै वानरी जस्तो शोभिन्थ्यो बाँधिई
त्यसैमाथि पऱ्यो आँखा वहाँका द्वारपाल
मुख्य हेतु थिई जो त्यो यो कुकर्म-अनर्थ
समात्यो त्यसले च्याप्पै भई निर्दय अन्त
घिसारेर लग्यो भित्र शत्रुघ्नैका नजी
अनि विन्ति चढायो यो त्यसले उनमा य
राजपुत्र-प्रभो ! यै हो मूलकारण कष्ट
दुष्टिनी यसले गर्दा सवारी प्रभु-राम
वनबीच भएको हो गर्ने हो, क्रूर कर्म
ए प्रभो ! यसले गर्दा महात्मा नरराज
प्रभुका श्रीबुवाज्यूको स्वर्गवास समेत
दुष्ट हो, पापिनी यै हो, अघि ल्याएँ यसै
अब जो गर्नु पर्ने हो गरी बक्स्योस् गमी
सुने शत्रुघ्नले सारा भनाई द्वारपाल
शोच्ता दुःख बढ्यो भित्र उनमा अत्र फन् अहो
गरे अठोट आफैंमा खोपीका सब व्यक्ति
सुन्ने गरी भने यस्तो उनले अब मो
दुष्टिनी पापिनीले यो मान्य-दाजुहरू
बुवालाइ पनी ओहो ! ज्यादै दुःख दिई
तसर्थ यो पनी भोगोस् आफ्नो त्यो क्रूर-कर्म
फल सम्पूर्ण जस्ताको त्यस्तै गरी ल देर !

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भनी शत्रुघ्नले यत्ति घिसारे जोडले अब ।
सखीले घेरिएकी त्यो मन्थरालाइ नै तव ॥
अब त्यो डरले गर्दा लागी रुन-कराँउन ।
चिच्याई महले सारा उचाली त्यसले पुनः ॥
त्यसका सँगिनीमा ती पसी गो यसले डर ।
शत्रुघ्नलाइ झोक्कको देख्ता भागे सबैतिर ॥
भए जम्बा सबै फेरि बसे एकान्त ठाँउमा ।
सल्लाह गर्न यी लागे पछि बाट अ-आफुमा ॥
बलपूर्वक यी कुब्जा भइन् दण्डित जे गरी ।
निशेषै पारि छोड्नेछन् हामीलाइ त्यहीसरी ॥
तस्मात् हामीहरू सारा धर्म जान्ने दयावती ।
कौसल्या महिषीको नै परौं शरण लौ गई ॥
उनी कीर्ति भएकी छन्, छन् उदार पनी अति ।
अवश्य शरणैं लिन्छिन्, हाम्रो हुन्छिन् उनै गति ॥
शत्रु मार्ने तथा नाश्ने वीर शत्रुघ्नले यता ।
घिसारे मन्थरालाई भूमिमा झोक्किदै तदा ॥
कुब्जा चिच्याँउथी, रुन्थी घिसार्दा जोडले तब ।
छरिए त्यसका त्यस्ता गहना भूमिमा सब ॥
हुने अत्यन्त नै शोभा त्यो राजभवनै भरी ।
छ्यान्न-व्यान्न भए सारा टुट्तै फुट्तै थरीथरी ॥
यो वेला यिनले शोभा भयो महलको पनि ।
शरतमा नभको हुन्छ जस्तो नक्षत्रले अनि ॥
बलिया थे नरश्रेष्ठ शत्रुघ्न अति नै तव ।
त्यसलाइ घिसार्दैथे क्रोधले बलपूर्वक ॥

३८

३९

यसैवेला यहाँ आइन् त्यसलाइ छुटाँउन ।
ती कैकेयी महारानी थिइन् कान्छी मुमा जुन ॥
अब शत्रुघ्न साह्रै नै झोक्किएर उनीकन ।
हकारे वाक्य झन् क्रूर मुट्ठ छेड्ने भनीकन ॥
छोड्दिए पछि ती त्यस्ता कडा क्रूर कुरा भनी ।
यी कैकेयी महारानी भइन् अत्यन्त दुःखिनी ॥
डर शत्रुघ्नको बढ्दा काँपिथिन् थर्थर भैकन ।
यसर्थ दौडिइन् आफ्ना छोराको शरणैं लिन ॥
देख्ता ज्यादै रिसाएको भाइ शत्रुघ्नलाइ ती ।
भने भरतले वीर यसरी उनमा पछि ॥
अब भो बाबु ? छोड्देउ, क्षमा गर भयो अति ।
छैनन् सम्पूर्ण प्राणीले मार्न लायक स्त्री कति ॥
मलाइ डर यौटै छ धर्मात्मा राम दाजुले ।
न संभ्झे मातृघाती हो द्वेषै न लिइ बक्सिए- ॥
आमा भए पनी यस्ती पापिनी दुश्चरित्रकी ।
यी कैकेयी मुमालाई मै पो मार्ने थिएँ पिटी ॥
सुन अर्को कुरा बाबु ! यो कुब्जा दुष्टिनी कन ।
मारेको सम्म था पाई बक्सियो दाजुले भने ॥
के होला ? पछि यै शोच ! धर्मात्मा दाजु वस्तुतः ।
तिमीसाथ र मैसाथ बोलिबक्सिन्न निश्चित ॥
मूर्च्छितै भै सकेकी थी मन्थरा त्यो घिसारिंदा ।
छोड्दिए क्रोध त्यागेर सुनी भरतका कुरा ॥
दौड्दै गै अब त्यो कुब्जा कैकेयीका सुपाँउमा ।
छाँदहाली रुनै लागी विलापी दुःखले वहाँ ॥

५०

५१

शत्रुघ्नले क्रोध चढी घिसार्दा उठाइ आफ्नो बलले पछार्दा ।
कुब्जा थिई होश उडे सरीकी पीडा परी दुःख निकै बढेकी ॥
क्रौञ्ची सरीकी पिंजडा भरीकी हेरेर आफैतिर द्वाल्ल पर्दी ।
त्यल्लाइ कान्छी महिषी बढेर थाम्थूम पारिन् अब भो ! भनेर ॥

५२

इति अठहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनासी सर्ग

राजकुमार भरतलाई मन्त्रीहरूले राज्य–ग्रहण गरियोस् भन्नु र भरतले वन जान बाटो बनाँउनु भन्ने आज्ञा गर्नु ।

१

यसरी जव त्यो तेह्रौं वित्यो दिन वहाँ तव ।
चौधौं दिन उदायो त्यो उज्यालो पनि भो अब ॥
अनि भेला भए सारा राज-काज चलाँउने ।
राजाका कर्मचारी र यसो भरतमा भने ॥
फैलिएका महान् कीर्ति राजनन्दन ए प्रभो ! ।
हाम्रा राजा-दथरथ सवारी स्वर्गमा भयो ॥
जो हाम्रो भई बक्सिन्थ्यो सर्वश्रेष्ठ महान् गुरु ।
पठाई बक्सियो जस्ले वनमा स्वसुतैहरु ॥
पुत्रत्यस्ता गुणी जेठा धर्मात्मा राम साथमा ।
गए महाबली भाई लक्ष्मणै पनि अन्तमा ॥
यसर्थ ए प्रभो ! वीर ! अव यो राज्यमा कुनै ।
स्वामी नै छैन, भै बक्स्योस् हाम्रो राजा हजूर नै ॥
प्रभुका दाजुलाई ती वन जान नरेशले ।
आज्ञा बक्स्यो, हजुर्लाई राज्य भो सत्य-वाक्यले ॥
ए प्रभो ! प्रभुले तस्मात् अव कोसल-राज्यको ।
राजा हुनु कुनै त्यस्तो अयोग्यै छैन, न्याय हो ॥
यस्तो सङ्गति पर्नाले राज्य यो गरि वक्सिदा ।
हजूर गरिवक्सिन्न कसैमा अपराध ता ॥
चाहिने वस्तु जो जो हो शुभ राज्याभिषेकमा ।
छ नृपात्मज ! त्यो सारा तयार अगि नै यहाँ ॥
त्यसलाइ लिई मन्त्री आदि स्वजन व्यक्ति र ।
साहू-सेठ तथा पौर पर्खिंदा छन् निरन्तर ॥
तस्मात् भरत ए वीर ! ग्रहणै गरि बक्सियोस् ।
यो आफ्ना बावु-बाजेको राज्य हो, स्वीकृतै हओस् ॥
अभिषेक गराएर यो राजपदमा अव ।
रक्षा हामीहरूलाई गरी बक्स्योस् नरर्षभ ! ॥

१३

१४

सुने भरतले यस्ता कुरा, अव उठे जनी ।
राज्याभिषेक-सम्बन्धी वस्तु सारा घुमे अनी ॥
भने त्यस पछी जम्बा भएका जनमा सब ।
सर्वश्रेष्ठ लिएकाथे जसले व्रत-निश्चय ॥
सुन्नोस् सज्जन हो सारा ! तपाँईहरु वास्तव ।
हुनुहुन्छ सवै जान्ने, हो ! म जान्दछु यो सब ॥
तपाँईहरुले किन्तु यो कुरा भन्नु ता ममा ।
अल्लि ठीक नपर्ला कि ? भन्ने लाग्दछ है ममा ॥
किन ? भन्नु भएदेखि यो हाम्रो कुलमा सँधै ।
राज्यको अधिकारी हो जेठै छोरो, छ योग्य वै ॥
राम नै भइ बक्सिन्छ हामीमा ज्येष्ठ सद्गुणी ।
उहाँ नै भइ बक्सिन्छ तस्मात् राजा हुने पनि ॥
दाजु श्रीरामको साटो म स्वयं चौधवर्ष त्यो ।
गएर वनमा बस्छु "मेरो ता निश्चयै छ यो" ॥
तसर्थ अहिल्यै सैन्य ठिक्क होस् चतुरङ्गिणी ।
बल-महत इत्यादि पुगेको होस् महान् पनि ॥
मान्य-दाजुकनै राम म गई बनबीच त्यो ।
फर्काई ल्याइ राख्नेछु यसरी राज्यबीच यो ॥
राज्याभिषेकका निम्ति जोरेका द्रव्य यी सुन ! ।
स्वयं अघि लगाएर म जान्छु वन ल्याँउन ॥
नरश्रेष्ठ उहाँलाई यो कोसल-नरेशको ।
राजामा अभिषेकादि वही दिन्छु म योग्यको ॥
यज्ञबाट कुनै ठूलो अग्नि ल्याए सरी गरी ।
अनि ल्याँउछु फर्काई अयोध्यामा सरासरी ॥
नाताकी नामकी आमा स्नेह गर्ने अफै हरे ! ।
कैकेयीको कुनै इच्छा म पुऱ्याँउन्न क्यै गरे ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मै बक्सेला यहाँ राजा धर्मात्मा दाजु-रामजी ।
अनकन्टारको घोर बन गै बस्छु मै पछि ॥
तुरुन्त अब गै हालुन् कारीगरहरू अघि ।
बनाँउन् राम्ररी बाटो अग्लो होचो, नहोस् कति ॥
तिनको साथमै जाँउन् बाटामा अतिदुर्गम ।
भए ठाम, कुनै हेर्ने रक्षा गर्ने पनी जन ॥

२९

३०

साक्षात् श्रीरामको निम्ति यस्ता राम्रा कुराहरू ।
स्वयं भरत भन्दैथे सुन्दैथे जनता अरू ॥
पछिबाट भने सारा जनले जो थिए वहाँ ।
त्यस्ता भरतका साथ सौम्य-सुन्दर वाक्यमा ॥
त्यस्तो श्रेष्ठ कुरा भन्ने प्रभुका साथमा प्रभो ! ।
निरन्तर टिकुन् लक्ष्मी हुन् जो पद्मालय अहो! ॥

३२

३३

जो हजूर नरश्रेष्ठ राजाका ज्येष्ठ पुत्रमा !
खोजि बक्सिन्छ पृथ्वीको राज्य फर्काउँनै यहाँ ॥
निरकी रहेको जनका मुखाब्जको त्यस्तो शुभाशीर्मय श्रेष्ठ वाक्य यो ।
परे भरत्का दुइ कानमा तव प्रसन्न भो झन् उनको मनै अव ॥
उठाइ आँखा सवलाइ अन्तमा हेरे खुशीले अति शान्त-चित्तमा ।
परन्तु वर्षे उनका मुखै भरी नेत्राब्जद्वारा जल-बिन्दु वर्बरी ॥
सुन्दामा भरत-मुखाब्जको कुरा त्यो फर्काई रघुवर ल्याँउने भने जो ।
मन्त्रीका सँग-सँगका सवै सभाका अत्यन्तै खुश मनका भए मजाका ॥
पन्छाई अव मन बाट शोक सारा भन्छन् ती भरतसँगै- छ ठिक्क सारा ।
ती कारीगरहरु गै सके समस्त साथै छन् अरु जन रक्षक प्रशस्त ॥
यो हाम्रो नृप-कुलमा अगाडि देखि राख्छन् यी अतिशय स्नेह दिव्य-भक्ति ।
आज्ञाले अव प्रभुको वहाँ गएका गर्नेछन् नरवर ! ती सवै व्यवस्था ॥

३४

इति उनासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

असी सर्ग

अयोध्या-पुरी देखि गङ्गा-किनार सम्मको बाटो-घाटो आदि बनाँउनुको वर्णन

१

गए अब यता पट्टि बाटो-घाटो बनाँउन ।
अनेकौं कर्म जानेका, बुझेका, योग्यका जन ॥
अग्लो होचो कहाँ के छ, कहाँ पानी छ, छैन वा ।
कहाँ जमीन कस्तो छ ? जान्ने अधि गए तदा ॥
सैन्यको छाउनी राख्न जानेका सूत्रकर्म यो ।
गए धागो लिई दौड्दै, नाप्तै, गर्थे स्वकर्म जो ॥
लाग्ने स्वकर्ममा नित्य मार्ग-रक्षक व्यक्ति ती ।
जो थिए शूर-वीरादि गए ती पनि झन् अधि ॥
खन्न जान्नेहरू दौडे परे सुरुङ खन्न ती ।
बाटो-घाटोहरू खन्नेहरू साथै मिली पछि ॥
यन्त्रका कर्म जानेका गए व्यक्तिहरू अरु ।
परे तर्न नदी-नाला ठिक् पारी साधनैहरू ॥
राम्रो तुहिन, झोलुङ्गो जान्दथे यी बनाँउन ।
प्रवाह जलको सम्म रोक्तथे जो परे पुनः ॥
तिनको साथ-साथैमा गए घर बनाँउन ।
जान्ने र रथ-यन्त्रादि गर्ने निर्माण उत्तम ॥
गए साथ सिकर्मी ली रुख काट्नेहरू उता ।
आरावालहरू दौडे मार्गरक्षक ली यता ॥
मीठो पकाँउनै जान्ने गए भान्सेहरू सव ।
कूवा, इनार इत्यादि खन्न जान्ने गए तव ॥
वज्रकर्मी, डकर्मी ली क्यै परेमा बनाँउन ।
गए जो चून-ढुङ्गाको गर्दथे काम उत्तम ॥
छालाको काम जानेका जानेका काम बाँसका ।
जुत्ता-सुत्ता तथा नाङ्ला डोका बुन्ने गए तदा ॥
जान्ने सव कुरा यस्ता विशेषज्ञ थिए जति ।
सवै माथि दिंदै दृष्टि गए सम्पूर्ण व्यक्ति ती ॥

१३

१४

अत्यन्त हर्षको साथ यसरी जन-भीड यो ।
गर्न निर्माण मार्गादि वन तर्फ बढ्यो, गयो ॥
जाँदामा यसको शोभा भयो त्यै ठीक सुन्दर ।
पर्वमा सिन्धुको वेग उर्लदाझैं मनोहर ॥
कारीगरहरू सारा जान्ने बाटो बनाउँन ।
अ-आफ्ना दलका साथ अघि बढ्दै गए पुनः ॥
ती ती माथि भने जस्ता जान्ने जान्ने थिए जति ।
तिनको साथ थे आफ्ना चाँहिने साधनै जति ॥
पन्छाए लहरा झाडी खोल्सी-आदि यतातिर ।
टूटा रुखहरू काटे ढुङ्गा तोडे भएभर ॥
ठूल्ठूला मार्गमा पर्ने रूख नाना प्रकारका ।
ढाल्दिएर हटाए ती पारे बाटो सवै सफा ॥
जहाँ रुखै थिएनन् त्यो बाटोमा उनले अब ।
कहीं साना कहीं ठूला रोपे वृक्ष पनी सब ॥
वञ्चराले छिनाले र हँसिया-घनले कहीं ।
काटे फेरि तथा मासे टुक्र्याए उनले कहीं ॥
वलिया-बलियाले ता तल सम्म हुने जरा ।
रुख स्वात्त उखेलेर मास्दिएर गरे सफा ॥
कुश-काश पनी मासे, नासे जेल्याँउने कुरा ।
हिंड्नै नसकिने ठाँउ भो हिंड्न सजिलो पुरा ॥
जहाँ तहाँ थियो अग्लो, होचो दुर्गम ठाम त्यो ।
बनाए सजिलो सारा उनले, हिंड्न योग्य भो ॥
कूवा, खाल्टा र खोबिल्टा ठूल्ठूला मार्गमा जति ।
परेका थे सवैलाई धूलैले पुर्दिए पछि ॥
गहिरो ठाम अग्ल्याए, अग्लो होचो गरे कहीं ।
बनाए उनले सारा बरावर जहाँ-तहीं ॥

२६

२७

तर्न गाऱ्हो हुने पानी भएको ठाम थ्यो जहाँ ।
त्यस्ता नदी र नालामा पुलै हालि दिए वहाँ ॥
गिर्खा कंकट इत्यादि भएका ठाममा यता ।
ठोक-ठाक गरी राम्रो बनाए नरमै तदा ॥
जहाँ पानी जमेको थ्यो, थियो योग्य हटाँउन ।
खन-खान गरी पारे ठिक्क त्यो ठाम कञ्चन ॥
यस्ता प्रकारले नाना ठाममा र प्रदेशमा ।
जहाँ जे गर्नु पर्नेथ्यो ठिक्क पारे सबै वहाँ ॥
छरिएको सबै पानी कुलाको जल-स्रोतको ।
धेरै जल हुने पारे उनले अब भै छिटो ॥
यसरी उनले पारे थोरैमा ठाम-ठाममा ।
सिन्धुकै तुल्यका नाना ठूल्ठूला पोखरी वहाँ ॥
निर्जलस्थानमा अन्त अझै नाना प्रकारका ।
तलाउ, पोखरी, कूवा खन्दिए उनले तदा ॥
उनले तिनमा फेरि अति राम्रा र शोभित ।
बनाए घाट इत्यादि पारे पछि अलङ्कृत ॥
यसरी हिंड्न भो योग्य अब पो राजमार्ग यो ।
तयार गरियो त्यस्ता राजाका सैन्यनिम्ति जो ॥
अब त्यो मार्गको शोभा भयो अत्यन्त सुन्दर ।
स्वर्गका देवको मार्ग हो भनेझैं मनोहर ॥
त्यसमा राखिएकाथे चून-सुर्की र कंकट ।
ठोकिंदा शोभिएकाथे कलाले पूर्ण भै तव ॥
दाँयाँ बाँयाँ दुबै तर्फ अनि यो राजमार्गकै ।
रोपिएका थिए वृक्ष फल-फूल हुने निकै ॥
जहाँ हाँगाबिंगाबीच अति सुन्दर-सुन्दर ।
पंक्षीहरू बसेकाथे बोल्थे मीठो झिक्री स्वर ॥
जहाँ ध्वजा-पताकाले टाँगिएका मनोहर ।
शोभा थपिरहेकाथे हल्लिएर निरन्तर ॥
गुलाब-जलको साथ श्रीखण्ड-जल-मिश्रित ।
सुगन्धी वस्तु छर्केको हुँदा भो अतिशोभित ॥
यसका बीच-बीचैमा फूल नाना प्रकारका ।
सुगन्ध आफ्नु फेंक्तैथे राखिएका हुँदा तदा ॥
विशेषज्ञहरू लागे यसमाथि पनी अब ।
साक्षात् भरतले आज्ञा जसलाइ दिए तब ॥

४३

४४

ती कारीगरमा आज्ञा यिनले नै दिए अनि ।
बनाँउन भने जस्तो भए तल्लीन ती पनि ॥
फलफूल जहाँ धेरै थियो जल जहाँ निकै ।
छाउनी राखियो कैयौं ठाममा रमणीय त्यै ॥
पदार्थ वस्तुले नाना दिव्य भव्य र सुन्दर ।
मार्गकै गहना जस्ता छाउनी यी भए स्थिर ॥
महान् आत्मा हुने वीर त्यस्ता भरतलाइ जो ।
मन पर्थ्यो गरे जस्तो त्यही ठीक सबै बन्यो ॥
महात्मा-भरतै द्वारा गरिने राज गै वहाँ ।
महलै-तुल्यका नाना वने घर जहाँ-तहाँ ॥
गरियो तिनको वास्तु विद्वान्ले सुमुहूर्तमा ।
अति उत्तम नक्षत्र-ग्रहको स्थितिमा वहाँ ॥
विश्रामगृह यी सारा वनेका मार्ग-मार्गमा ।
हुन् इन्द्रपुरकै जस्ता शोभिइन्थे जहाँ-तहाँ ॥
यी सबै घेरिएकाथे चारैतिर फराकिला ।
खाल्डाले जो खनेकाथे गहीरा दुर्गमै हुँदा ॥
तिनका छेउमा माथि राखिएका थिए यता ।
थुप्रा धूलो र माटोका सुरक्षा गरिने हुँदा ॥
थ्यो इन्द्रनीलमणिको यिनमा भित्रिभागमा ।
सजाई प्रतिमा आदि राखिएको जहाँ-तहाँ ॥
तिनमा आँउने-जाने गल्ली-सडक थे सब ।
बनाएका निकै राम्रा शोभिएका स्वयं तब ॥
विश्रामगृह यी फेरि देवका नरदेवका ।
थे वासस्थानले युक्त अतियोग्य तथा सफा ॥
अटाली बार्दली आदि यिनमा थे मनोहर ।
पोतेका चूनले राम्रा शोभिएका निरन्तर ॥
झण्डा-ध्वजा-पताका थे विभूषित जतातता ।
राम्रो सँग बनाएका ठूल्ठूला मार्गथे यता ॥
थिए ठाम बनाएका चोकमा बस्न सुन्दरै ।
थिए गञ्जक झन् अग्ला भएका हुन् विमानझैं ॥
नाना प्रकारका वृक्ष भएका वन-कानन ।
मीठा शीतल पानीले शोभिएका र कञ्चन ॥
ठूल्ठूला ग्राह-माछाले भरिएकी र शोभित ।
गङ्गाको तट पर्यन्त बन्यो यो राजमार्ग त ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सिपालु कारीगरले अनेक ती बनाइएको र रमाइलो अति ।
शोभा भयो सुन्दर राजमार्गको वेलाविषे यो, अति-दिव्यरूपको ॥
नक्षत्र तारागण चन्द्र भै दिंदा हरॉउदा सूर्य यता निशा हुँदा ।
अकाश शोभिन्छ जसोगरी सफा त्यै ठीक यो मार्ग सुशोभियो तदा ॥
६२

इती असी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकासी सर्ग

ब्रह्मर्षि बसिष्ठले राजसभामा प्रवेश गर्नु र दुवै राजकुमार एवं सारालाई बोलाँउनु

१

यता अब अयोध्यामा यो अभ्युदय-सूचक ।
रात्रिको भाग क्यै बाँकी भएको देखियो तव ॥
स्तुति गाँउनुको साथै जान्ने वंशपरम्परा ।
कला विशेष जानेका भए जम्बा सबै तदा ॥
सूत-मागध-बन्दीले स्तुति-गान गरे अव ।
शुभ-मङ्गल बाणीमा साक्षात् भरतको तव ॥
बज्यो यता यसै वेला शुभवेला जनाँउदै ।
सुवर्णदण्डले ढोक्ता राजदुन्दुभि गर्जिदै ॥
बाजा बजाँउने जान्ने जो जो थे इनले पनि ।
फुके शङ्ख शयौं बाजा, बजाए जोडले अनि ॥
ठूला साना शयौं खाल्ले बाजा बज्दा निरन्तर ।
आवाज गुञ्जियो ठूलो आकाशभर भै स्थिर ॥
पाकेका शोकले ज्यादै त्यस्ता भरतलाइ झन् ।
रन्कायो यसले फेरि भयो खिन्न उदास मन् ॥
बाजाका ध्वनिले गर्दा यता भरत ब्यूंझिए ।
अँहँ ! होइन राजा स 'बन्द गर' भनि रोक्दिए ॥
बाबु हेर ! भने फेरि भाई-शत्रुघ्नमा पछि ।
कैकेयीले गरी बक्स्यो जगत्कै कुभलो हकि ? ॥
ममा दुःख भए जत्ति छोडेर यसरी हरे ! ।
बुवा-राजा-दशरथ सवारी भो, म ता मरें ॥
महात्मै भइ बक्सिन्थ्यो धर्मराज बुवा तर ।
उहाँकी राज्यलक्ष्मी थिन् धर्ममूल हुँदा स्थिर ॥
अहिलेतक घुम्दीछन् राज्यलक्ष्मी तिनै यहाँ ।
हल्लिई जलमा घुम्ने डुङ्गाझैं माझिले विना ॥
विप्रा हाम्रा महान् स्वामी भै बक्सन्थ्यो उता जुन ।
श्रीराम दाजु धर्मात्मा वहाँकन पनी सुन ! ॥

१३

१४

स्वयं मेरी मुमाज्यूले न गरी ख्याल धर्मको ।
निकाली बक्सियो घोर वनमा हा ! अनर्थ भो ॥
यसरी बीच-बीचैमा परी मूर्च्छा घरी घरी ।
विलाप गर्न लागे हा ! साक्षात् भरत वेसरी ॥
सुन्दा यो स्वर, त्यो देख्ता खोपीका सब स्त्रीहरू ।
रुन लागि गए फेरि भै ज्यादै दुःख धुर्धुरु ॥
उता भरत गर्दैथे यी विलाप दुःखी बनी ।
यतातिर सवारी भो श्रीवसिष्ठ महामुनि ॥
पवित्रयश थ्यो ठूलो उहाँले राजतत्वको ।
धर्म-मर्म सबै राम्रो जानेको पनि वा थियो ॥
सरासर गई आफैं इक्ष्वाकुकुल-नाथको ।
सभाबीच दशरथ-राजाको पसि बक्सियो ॥
सभा-भवन यो ज्यादै थियो सुन्दर वस्तुतः !
थे सुनै-सुनका सारा माल-सामान शोभित ॥
मणि-रत्नादि थे नाना जडेका बीच-बीचमा ।
विशेष यिनमा फेरि शोभा भर्थे जहाँ-तहाँ ॥
शिष्य-प्रशिष्यका साथ धर्मात्मा मुनिराज ती ।
यसैबीच सवारी भो सुधर्मा ठीक-देवकी ॥
सुवर्णमय थ्यो पीठ-सिंहासन यहाँ स्थित ।
जहाँ स्वस्तिक-चिन्हैको बिछ्यौना थ्यो विभूषित ॥
वेदको तत्व जानेका योगिराट् त्यसमै अब ।
गएर राज भै हाल्यो आज्ञा भो दूतमा तव ॥
स्थिर शान्त भई जाओ सुन ए दूत हो ! अब ।
चाँडो डाकी यहाँ ल्याओ श्रेष्ठ व्यक्तिहरू सब ॥
तिनमा मुख्य हुन् विप्र, हुन् क्षत्रिय सुयोग्य ती ।
लडाका वीर हुन्, मन्त्रीहरू हुन् सैन्यका पति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

राजपुत्र तथा राजा यहाँ छन् जति, हुन् सब ।
आँउन् भरत शत्रुघ्न दुबै भाई यहीं अब ॥
सुन ! आँउन् युधाजित् र स्वयं मन्त्री सुमन्त्र हुन् ।
हाम्रो हित भलो गर्ने आँउन् ती व्यक्ति, जत्ति छन् ॥
गई भन सबैलाई मेरो आज्ञा छ यो भनी ।
पऱ्यो क्यै जरुरी काम आओ सब तिमी भनी ॥

२९

३०

कोलाहल उठी हाल्यो वहाँ अब तुरुन्त नै ।
हात्ती र रथ-घोडामा आँउने व्यक्तिको तिनै ।
आए भरत भै छीटा सभाबीच त्यही अब ।
देवताहरुका बीच आएझैं इन्द्र वास्तव ॥
देख्ना साथ उनीलाई राजा-दशरथैकन ।
गरे प्रकृतिले सारा गरेझैं अभिनन्दन ॥

३२

३३

अब अतिशय शोभियो सभा स्थिर जल-दहको सरी अहा ! ।
तिमि र गज हुने समुद्रको सिकत-मणि र शङ्ख नै त हो ॥
दशरथनृपका सुपुत्रले अतिशय रमणीय शोभियो ।
अब भरत गई विराँजिदा अघि दशरथले सरी भयो ॥

३४

इति एकासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयासी सर्ग

ब्रह्मर्षि–वसिष्ठले राजकुमार भरतलाई राज्यासन ग्रहण गर्न आदेश दिनु र भरतले अस्वीकार गर्दै 'वन जान तयारी गर्नु भन्ने' आज्ञा दिनु

१

त्यस्ता सुयोग्य राजाका छोरा भरत वास्तव ।
तीव्र-बुद्धि भएकाथे देखे यस्तो सभा अब ॥
ग्रह-नक्षत्रले युक्त अतिउज्वल शोभित ।
पूर्ण-चन्द्र हुने राम्री निशा जस्ती थिइन् स्वतः ॥
विराजमान थे नाना महान् जन र सज्जन ।
शोभायमान थे मान्य वसिष्ठ, ऋषिका गण ॥
राम्रो सँग मिलाएर राखिएका ठ-ठाममा ।
थिए आसनका पंक्ति शोभिएका जहाँ–तहाँ ॥
मर्यादाक्रमको साथ राम्ररी तिनमा गई ।
बसेकाथे तिनै व्यक्ति जो थिए आर्य, मान्य यी ॥
यिनका अङ्गको कान्ति वस्त्रको ज्योति सम्म त्यो ।
पार्थ्यो झललले सारा सभा झन् उज्वलै भयो ॥
वर्षा वित्ता शरत् लाग्दा पूर्ण चन्द्र उदाँउदा ।
जसरी रात शोभिन्छ सब तर्फ हुँदा सफा ॥
त्यहीठीक भयो शोभा यो सभाको पनी अब ।
ती विद्वान् मान्यले सारा हुँदा शोभित वास्तव ॥
राजाका सब मन्त्री र कर्मचारी प्रजा तथा ।
अरू मान्यहरू माथि दिंदै दृष्टि यसो तदा ॥
भने भरतमा विद्वान् वसिष्ठ–मुनिले अब ।
धर्मज्ञ रघुवंशीका हुँदा कुल–पुरोहित ॥
प्रभो! भरत ए बाबु! कुरा सुन तिमी सब ।
तिम्रा बुवा–दशरथ राजा स्वर्ग गए अब ॥
धन्य हुन्, ती महात्मा हुन्, जसले नित्य धर्मको ।
गर्‍यो आचरणै ठूलो, सत्य धानेर, धन्य हो! ॥
उनले नै तिमीलाई धन–धान्य हुने अति ।
सम्पन्न पृथिवी यस्ती दिएका हुन् भए जति ॥

१३

१४

तिम्रा दाजु उता राम सत्यपूर्ण हुँदा मति ।
पाल्छन् सज्जनको धर्म आफ्नो कर्तव्यमै टिकी ॥
छोडेनन् उनले तस्मात् शुभाज्ञा मान्य–बाबुको ।
चन्द्रमाले न छोडेझैं उदाए पछि कान्ति त्यो ॥
यसअर्थ तिमीलाई यसरी बाबु–दाजुले ।
सम्पूर्ण पृथिवीको यो राज्य निष्कण्टकै दिए ॥
तस्मात् अब तिमी बाबु! अभिषेक गराउ र ।
चाँडै नै भोग यो राज्य पार मन्त्री प्रजा खुश ॥
तिमी राजा हुनासाथ पृथिवीभरका सब ।
जो जो छन् नृप ती सारा पूर्व–पश्चिमकातक ॥
दक्षिणोत्तरका एवं अपरान्त–प्रदेशका ।
गर्ने व्यापार सामुद्री अरू देश–विदेशका ॥
व्यापारीहरू जो जो छन् अरू व्यक्ति सँगै पछि ।
तिम्रो चरणमा झुक्छन् राखी रत्न असंख्य ती ॥
सुने वसिष्ठका यस्ता कुरा भरतले तर ।
शोकले छोपि हाल्यो हा! पार्‍यो आकुल–व्याकुल ॥
धर्म जान्ने हुँदा, धर्मै पाल्ने, थाम्ने, बढ्यो मन ।
परे शरणमा तस्मात् रामको नै मनैमन ॥
युवा भरत थे राम्रा कलहाँस समानको ।
गम्भीर स्वर मीठो थ्यो, अतिसुन्दर कण्ठ थ्यो ॥
अब गद्गद वाणीमा विलापेर निकै पुनः ।
सभाबीच भने छेड्दै यस्तो वाक्य उहाँकन ॥
गुरुदेव! प्रभो! मेरा मान्य श्रीराम दाजुले ।
छ ब्रह्मचर्य पालेको राम्ररी एकरूपले ॥
निष्णात भइ बक्सिन्छ विद्यामा पनि ता स्वतः ।
धर्ममा रमिबक्सिन्छ रातो दिन यथार्थतः ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

विद्वान् र बुद्धिमान् त्यस्ता दाजुको राज्य यो अनि ।
म जस्तो कुन होला त्यो जो हर्ला पाइयो भनी ? ॥
जन्मिएको दशरथ बुवाबाट सुपुत्र को ।
होला यसो गरी राज्यै हर्ने, अति अयोग्यको ? ॥
तसर्थ राज्य सारा र म पनी, यी दुवै कुरो ।
गुरुदेव ! महान् आत्मा हुने श्रीदाजुकै त हो ॥
हुँदा यस्ता कुरा योग्य सभाबीच, गमीकन ।
आज्ञाहोस् धर्ममा मिल्ने कुरा नै अतिउत्तम ॥
भै बक्सिन्छ यता दाजु धर्मात्मा श्रेष्ठ ज्येष्ठ र ।
दिलीप नहुषै जस्ता तेजस्वी अति, दुर्धर ॥
यी यस्ता पापका कर्म गर्दछन् नीच व्यक्ति नै ।
पाँउछन् जसले गर्दा मरेमा पछि नर्क नै ॥
यो कुकर्म गुरो ! तस्मात् मैले राज्य लिई गरे ।
इक्ष्वाकु-कुलको दागै हुन्छु मै लोकमा हरे ! ॥
यहाँ मेरी मुमाज्यूले जो पाप गरि बक्सियो ।
म रुचाँउन्न त्यो कत्ति बुझि बक्स्योस् न यो गुरो! ॥
बरु उल्टो यहीं बाट घोर दुर्गम गै वन्न ।
हुने राज, उहाँलाई हात जोडेर ढोग्छु म ॥
मेरो विचार यस्तै छ पछि लाग्छु म दाजुको ।
उहाँ नै भइ बक्सिन्छ राजा श्रेष्ठ, मनुष्यको ॥
अयोध्याराज्यको मात्र के कुरा दाजु ता गुरो ! ।
हुन त्रैलोक्यकै राजा भै बक्सिन्छ सुयोग्यको ॥
यी राम्रा धर्ममा मिल्दा सुने भरतका कुरा ।
त्यत्रो सभाभरी बस्ने सभासद्हरुले तदा ॥
गुण श्रीरामको संम्झी उनमै मन दी तव ।
झारे बररै आँसु साराले खुश भै अव ॥
उता भरत भन्दैथे- मान्य दाजुकनै यता ।
फर्काई ल्याउनालाई नसके वनबाट ता ॥
म पनि बस्नेछु घोर जङ्गलमा त्यही ।
वसे जस्तै नरश्रेष्ठ भाइ लक्ष्मण वीर ती ॥
तपाँईहरू जस्ता यी हुने सद्गुण मान्य र ।
आफ्ना पूज्य सभासद्को सज्जनैको अघिल्तिर ॥
दाजुलाइ म फर्काई ल्याँउनैमा यहाँ, वहाँ ।
लाखौं उपाय गर्नेछु बलैले पनि अन्तमा ॥

४३

४४

लिने र न लिने ज्याला जान्ने घाटो बनौंउन ।
विशेषज्ञ सँगै सारा पठाएँ अघि नै जन ।
मेरो मन पनी फेरि यतातिर विशेषतः ।
जानै दाजु भए ठाम छ खोज्दो, यै छ निश्चित ।
थिए भरत धर्मात्मा दाजुमा स्नेह गर्दथे ।
गुरुमा अरुमा सारा यसर्थ त्यसरी भने ॥
नजीकैमा बसेकाथे मन्त्र-जान्ने सुमन्त्र ती ।
उनैलाई दिए आज्ञा यसरी उनले पछि ॥
सुमन्त्रजी ! यहाँबाट तपाँईं अब पाल्नुहोस् ।
भई छीटो सबैलाई मेरो आज्ञा सुनाँउनोस् ।
सबैले वनमा जान हुनु ठिक्क भनी पछि ।
सैन्यलाई पनी डाक्नोस् चाँडै पाल्नोस् ! गरी यति ।
महात्मा उनले यत्ति भनिएका सुमन्त्रले ।
गरे आज्ञा भए जस्तै खुश भै प्रिय भन्दिए ॥
फर्काई ल्याँउना निम्ति वनबाट नरोत्तम ।
श्रीरामलाइ जान्छन् रे स्वयं भरत नै वन ॥
उनको साथमा जान यता सम्पूर्ण राज्यको ।
सैन्यलाइ पनी आज्ञा भयो, भन्ने सुने यसो ॥
यसले जनता सारा तुष्ट भो सैन्य साथमा ।
सेनाध्यक्ष पनी साह्रै भए खुश सबै वहाँ ॥
कुरा सुनेर यात्राको सैन्यका स्त्रीहरू स्वतः ।
भए घर-घरै पिच्छे अतितुष्ट र हर्षित ॥
अ-आफ्ना पतिलाई ती चाँडो ठीक हुनोस् भनी ।
भन्नै लागे लगातार निकै शक्तिमती बनी ॥
यतातिर दिए आज्ञा सैन्यका पतिले पुनः ।
पत्नीकै साथमा सारा ठिक्क होऊ भनीकन ॥
चढे क्वै गोरु-गाडामा छीटा अश्वादिमा कुनै ।
निस्किए मनकै जस्तो वेगका रथमा कुनै ।
सेना ठीक भएकैथ्यो देखे भरतले सुने ।
गुरु साथ नजीकैका सुमन्त्रकन यो भने ।
सुमन्त्र ! ल्याउनोस् मेरो रथ आफैं गएर ल ! ।
थापे भरतको आज्ञा शिरमा उनले तव ।
खुश भै अनि यी दौडे ल्याए छीटो गरी रथ ।
जोतिएका थिए घोडा श्रेष्ठ श्रेष्ठ जहाँ सब ।

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

थियो भरत्को दृढ सत्य-विक्रम थिए प्रतापी अति सत्य-धैर्यका ।
भने उनीले शुभ-नीति-संगत कुरा सभामा त्यसरी स्वयं तदा ॥
महान् यशस्वी गुरु पूज्य रामजी थिए गएका वनमा त्यसो गरी ।
फर्काई, पारी खुश, ल्याउने सुर लिई, भने फेरि वहाँ भई स्थिर ॥
सुमन्त्र ! पाल्नोस् र तपाँई भै छिटो प्रधान सेनापतिलाइ भन्नुहोस् ।
भोली सवेरै सब सैन्य हिंड्न ती तयार पार्नोस् अब ठिक होस् यति ॥
गएर बस्ने वन दाजुलाई म पारी खुशी खोज्दछु शीघ्र ल्याँउन ।
यसो गरे देखि समस्त लोकको हुनेछ राम्रो र भलो, म ठान्छु यो ॥
हुन् सूतका पुत्र सुमन्त्र योग्यको पाए शुभाज्ञा नरराज-पुत्रको ।
आशा र इच्छा मनमा थियो जति ठाने उनीले अब पूर्ण भो यति ॥
आएर सेनापतिमा र मित्रमा भने प्रजामा पनि श्रेष्ठ श्रेष्ठमा ।
ती राजराजेश्वरका सुपुत्रको इच्छा र आज्ञा सबमा यथार्थको ॥
उठे अ-आफ्ना घरका सबै जन विहान चाँडै लिई उत्सुकी मन ।
उठे पुरीका द्विज साथ क्षत्रिय ती वैश्य-शूद्रादि पनी त्यजी भय ॥
पारे सवारी सब ठीक जो थिए प्यारा उनीका, रथ आदि शोभिए ।
कुलीन घोडा गदहा र ऊँट ती हात्ती सँगै शोभित भै गए अति ॥

६८

इति बयासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रियासी सर्ग

राजकुमार भरतको वनगमन र शृङ्गवेरपुरमा वास

१

भोलिपल्ट उज्यालो भो उठे भरत यी अव ।
राम-दर्शनको इच्छा उनमा झन् बढ्यो तव ॥
रथ ठिक्क थियो आफ्नो अति सुन्दर उत्तम ।
चढे अनि गई छीटै हिँडी हाले उनी वन ॥
पुरोहित तथा मन्त्री उनका जति थे सव ।
अगाडि गै रहेकाथे भै प्रसन्न निकै तव ॥
भगवान् सूर्यको जस्तो रथमा तेजिलो अति ।
जोतेर फूर्तिला घोडा गै रहेका थिए चढी ॥
इक्ष्वाकु-वंश आनन्द पार्ने भरतका पछि ।
नौ हज्जार गए हात्ती सिंगारेका लिई विधि ॥
राजपुत्र यशस्वी थे गै रहेका थिए अघि ।
रथको साठी हज्जार संख्या थ्यो उनको पछि ॥
सजिएका सिंगारेका तिनमा भित्र वास्तव ।
थिए वीर धनुर्धारी लिएका विविधायुध ॥
टिकेका सत्यमा नित्य जितेन्द्रिय थिए उनी ।
यसरी गै रहेकाथे वन दाजु लिनै भनी ॥
एक लाख थिए घोडा गै रहेका पछी पछि ।
तिनमाथि चढेका थे अयोध्यापुर-वीर ती ॥
थिए मुमा-महारानी उनका साथ नै अनि ।
कैकेयी र सुमित्रा थिन्, थिन् कौसल्या यशस्विनी ॥
फर्काइ ल्याउनै राम हुँदा सन्तुष्ट भै अति ।
सव यी गै रहेकाथे तेजिला रथमा चढी ॥
विप्र-क्षत्रिय-वैश्यादि साथ मान्य र पूज्यको ।
पछाडि गै रहेकाथे यो यात्रामा मिली अहो ! ॥
लोकाभिराम श्रीराम साथका प्रिय लक्ष्मण ।
अव देख्ने भयौं भन्ने हुँदा ढुक्क थियो मन ॥

१३

१४

साह्रै आनन्द मानेर सव यी पुरका जन ।
गै रहेका थिए गर्दै कुरा श्रीरामकै पुनः ॥
अहा ! श्रीराम हुन् धन्य! जगत्कै शोक नाश्तछन् ।
महान् बाहु हुने छन् र मेघ झैं श्याम-वर्ण छन् ॥
विचार-व्रतका ज्यादै दृढ छन्, स्थिर छन् अति ।
त्यस्ता रामकनै हामी देखौंला कहिले पुगी? ॥
त्यो वेला गजबै होला जब हामीहरूकन ।
देख्नासाथ सवै माश्लान् राम यो शोक, दुर्मन ॥
त्रैलोक्यभरको सारा अन्धकार जसोगरी ।
माश्छन् उदाँउदै साक्षात भगवान् सूर्य त्यै सरी ॥
यस्तै प्रकारका मीठा कुरा-कानी गरी गरी ।
गै रहेका थिए सारा दङ्गादङ्गी परी परी ॥
यसले प्रेम बढ्दामा मान्दा आनन्द राम्ररी ।
अ-आफैंमा अँगालेर जान्थे नागरिकादि यी ॥
थियो बाहिरिया जो जो जनको संघ मान्यको ।
आएको अघिको निम्ता मात्र राज्याभिषेकको ॥
तिनका साथ साथै थे पुरका साधु-सज्जन ।
प्रजा सम्पूर्ण,-व्यापारी सुखी-दुःखी सवै जन ॥
सब यी गै रहेकाथे भई भित्र निकै खुश ।
लोकाभिराम श्रीराम सँग मिल्न भनी तव ॥
मणि-रत्नादिको काम गर्ने साथ थिए यता ।
कुह्मालेहरू थे वेस गै रहेका सँगै उता ॥
धागो बनाँउनै जान्ने, कात्ने, बुन्ने थिए जन ।
पेशा गर्ने-थिए जान्ने हथियार बनाँउन ॥
झिकी मयूरको प्वाँख छाता-पङ्खा बनाँउन ।
जान्ने, आरा-करौंतीले बाँच्ने पनि गए जन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मणि-रत्नादिमा नाना प्वाल पार्ने थिए यता ।
गए भित्ता र वेदीमा शोभा भर्ने पनी उता ॥
हात्तीका दाँतका नाना माल-ताल बनाँउने ।
चून पोत्ने पनी सारा गए भइ खुशी हुने ॥
गए फिकी सुगन्धादि बेच्ने बाँच्ने पनी जन ।
गए सुनार ठूल्ठूला जान्ने सुन बनाँउन ॥
राढी-पाखीहरू बुन्न जान्ने पनि गए पछि ।
गए उष्ण-जलै द्वारा जानेका स्नानको विधि ॥
गए वैद्य पनी ठूला त्यस्ता भरतको पछि ।
गए धूप बनाएर बाँच्ने पनि लिदै खुशी ॥
रक्सी-जाँड बनाएर बेच्नेहरू गए सव ।
गए लुगा धुने धोवी सूचीकार पनी तव ॥
नाइके नै गए ठूला गौशाला-ग्राम-गोठका ।
गए ली नटुवा नारी माझी पनि थिए उता ॥
वेद-वेदाङ्ग जानेका स्थिर चित्त हुने सदा ।
गए विप्र सदाचारी साथै खुश भई यता ॥
हजारौंको थियो संख्या गोरू-गाडा-भरी चढी ।
जाने भरतको त्यस्ता गए पछि-पछी बढी ॥
यी सवैको थियो भेष अतिवेस र सुन्दर ।
थे सफा वस्त्र पैह्रेका देखिइन्थे मनोहर ॥
यिनका अङ्गमा सारा र-रातो अङ्गलेप थ्यो ।
शोभिएका थिए झन् यी सुगन्धित भई बडो ॥
तेजिला फूर्तिला आफ्ना सवारीमा चढेर यी ।
गए बिस्तार विस्तार त्यस्ता भरतको पछि ॥
महात्मा दाजुमा त्यस्ता गर्ने स्नेह र भक्ति यो ।
फर्काँउन भनी जाने रामलाइ स्वयं अहो ! ॥
कैकेयीसुत धर्मात्मा यस्ता भरतको पछि ।
यसरी सव यो सैन्य गयो ज्यादै लिई खुशी ॥

४१

४२

जाँदा जाँदा निकै टाढा पुगे अव उनीहरू ।
सवारी रथ घोडा र चढी हात्ती खुरुखुरु ॥
पुगे यी सव गङ्गाको तटमा अव अन्तमा ।
थिइन् रमाइली राम्री शृङ्गवेरपुरी यहाँ ॥
न चुकी कहिल्यै राम्रो गर्थे रक्षण, पालन ।
स्वयं ती देशलाई यो घेरै थे उनका जन ॥
चखेवा र चखेवीले शोभिएको पवित्र यो ।
गङ्गाको तटमा सारा सैन्य आइ पुग्यो अहो ! ॥
अघि आइ पुगेकाथे यहाँ भरतवीर ती ।
विस्तारै मग्न भै हिंड्दा सैन्य आइ पुग्यो पछि ॥
पवित्रजलले पूर्ण गङ्गा भागीरथीकन ।
देखे भरतले त्यस्ता ढोगे अनि झुकीकन ॥
सैन्यमाथि पऱ्यो आँखा जसका व्यक्ति ती सव ।
निकै थाकि सकेकाथे थिए, शिथिल वास्तव ॥
तसअर्थ कुरा गर्न सिपालु उनले वहाँ ।
आफ्ना मन्त्रीहरू साथ भने मधुर वाक्यमा ॥
तपाँईहरू मन्त्री हो ! अव सैन्यकनै सव ।
यहीं जहाँ-तहाँ राख्नोस् सोध्नोस्, के भन्दछन् अव ॥
बस्ने हुन्छ ! भने देखि थकाई आज मारुँला ।
गङ्गादेवीकनै भोलि विहानै तरि जाँउला ॥
म पनी बस्न चाहन्छु यहीं आज, छ काम क्यै ।
पिण्ड-पानी पनी गर्ने इच्छा छ मनमा अझै ॥
स्वर्ग जाने बुवाज्यूको श्रेय होस् परलोकमा ।
भनी काज-क्रिया गर्छु गई गङ्गा-किनारमा ॥
यसरी उनले भन्दा ती मन्त्रीहरूले सव ।
गरे स्वीकार त्यो आज्ञा त्यसै गर्छौं भनी तव ॥
अनि सैन्यकनै सारा उन्कै इच्छा सरी गरी ।
विभिन्न ठाँउमा राखे प्रबन्ध गरि राम्ररी ॥

५५

५६

जहाँ श्रीरामका साक्षात् सखा, प्रिय महान् गुणी ।
वस्थे निषादका राजा गुह, वीर थिए उनी ॥
भागीरथीको जुन थिन् महानदी पवित्र त्यस्तो तटमा, स्वसैन्य यी ।
रचेर नाना शिविरादि छाउनी राखी दिंदा शोभित भै गए पनी ॥

५७

CC-0. In Public Domain. Digitization by eGangotri

५८

फर्काइ त्यस्तो वनबाट ल्याँउन श्रीरामलाई म त सक्छु, सक्तिन ? ।
शोचेर यस्तै स्थिर-बुद्धिका थिनी वसे यहीं शान्त भई स्वयं अनि ।

इती त्रियासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौरासी सर्ग

निषादराज गुहले राजकुमार भरत सँग आतिथ्य –स्वीकार गर्न अनुरोध गर्नु

१

यता निषादका राजा गुहले अल्लि वेरमा ।
देखे भरतका सैन्य बसेका त्यसरी वहाँ ॥
गङ्गातट भरेकाथे तिनले त्यसरी उता ।
अनि क्यै हड्बडाएर भन्छन् बन्धुसँगै यता ॥
सुन ए बन्धु हो ! त्यत्रो सागरै-तुल्यको अहो ! ।
यो अपार महान् सैन्य गङ्गा-तट भरी बस्यो ॥
गढेर मनले शोच्ता विचार्दा पनि कत्ति म ।
छ यत्रो, यत्ति हो भन्ने पार पाँउन सक्तिन ॥
भाई हो ! यस सेनामा आफैं भरतजी पनि ।
आएका छन् कि क्या, पक्कै, छन् भन्ने ठान्छु मै पनि ॥
बिग्रियो उनको बुद्धि यत्ति चाँडै कि ता ? हरे ? ।
किन के गर्न आए यी यसरी कुन हेतुले ? ॥
हुन पक्कै पनि ती. आए, ध्वजामा रथको सुन ! ।
छ कोविदारको चिन्ह देखिएको महान् जुन ॥
आफ्ना मन्त्रीहरूद्वारा पैले हामीहरूकन ।
बाँध्नेछन् कि त पाशोले, मार्नेछन् कि त तत्क्षण ॥
अनि मात्र बुबाद्वारा राज्यबाट अरण्यमै ।
लखेटेका सखा हाम्रा मार्नेछन् रामलाई नै ॥
कैकेयी-महिषीका यी छोरा हुन्, आफ्नु बाबुको ।
यत्रो सम्पन्न राज्यश्री पाए दुर्लभ नै हुँदो ॥
निष्कण्टक गरी राम्रो भोग्न खोज्छन् अझै यिनी ।
तसर्थ अब जाँदैछन् मार्छु रामकनै भनी ॥
सुन ! राजा दशरथ-सुत श्रीरामलाइ ता ।
चिनेकैछौं, उनै मेरा स्वामी हुन् प्रिय हुन् सखा ॥
तस्मात् शस्त्रास्त्र ली सारा गर्न-श्रेय भलो अब ।
गङ्गाको तटमा जाओ भै तयार वहीं बस ॥

१३

१४

तटमा गइ डुङ्गाको नदीको गर रक्षण ।
जाँउन् माझीहरू सारा, होऊन् सैन्य सबै पुनः ॥
जे गरी जसरी हुन्छ आजको रात राम्ररी ।
बिताओ बाबु हो? आओ, खाओ कन्दफलादि ती ॥
जम्बा पाँच सए हाम्रा छन् डुङ्गा जो बडे बडे ।
प्रत्येक तिनमा माझी होऊन् ठीक सए सए ॥
तिनमा पनि हुन् जम्बै हृष्ट-पुष्ट युवा जन ।
युद्धका सर-सामान ली गरुन् नित्य रक्षण ॥
स्वयं निषादका राजा गुहले त्यसरी वहाँ ।
दिए आदेश पूर्वोक्त दाजुभाइ र बन्धुमा ॥
भन्न लागे उनी फेरि बुझ्यौ ? भरतको यदि ।
स्नेह श्रद्धा भए राम्रो दाजु श्रीरामको प्रति ॥
उनको सब यो सेना आजै कुशलपूर्वक ।
गङ्गा भागीरथी तर्दै पारी पुग्नेछ वास्तव ॥
भनेर उनले यत्ति कोशेली उपहारका ।
वस्तु जम्बा गरे, बोके मह, मांस र मत्स्य बा ! ॥
केही व्यक्ति लिए साथ निषादपतिले अब ।
राजपुत्र भए ठाम हिंडे भेट्न भनी तब ॥
सूतपुत्र थिए मन्त्री जो सुमन्त्र यतातिर ।
थिए निकै प्रतापी ती बेला बुझ्ने तथा स्थिर ॥
गै हाल्यो यिनको दृष्टि आँउने उनमाथि र ।
पारे भरतमा विन्ती यिनले, क्यै झुक्यो शिर ॥
ककुत्स्थकुलका श्रीमन् ! यहाँ लाखौं निषाद छन् ।
तिनका पति छन् यौटा, गुह नाम छ, वृद्ध छन् ॥
उनले नित्य मानिन्छन्, सेविन्छन् सबले तथा ।
थकाली-तुल्यका हुन् यी राम्रो शील-स्वभावका ॥

२६

२७

दाजु श्रीरामका साक्षात् हुन् यी प्रिय सखा पनि ।
बाटो- घाटो सबै चिन्छन् दण्डकारण्यमा घुमी ॥
राजपुत्र ! म शोच्तोछु पक्कै पनि यिनी सब ।
राम-लक्ष्मणको हाल जान्दछन् छैन संशय ॥
तसअर्थ यिनी पाऊन् गर्न दर्शन पाउको ।
मौका अत्र, स्वयं जो यी आउँदैछन् यता प्रभो ! ॥
सुने भरतले यस्ता कुरा राम्रा सुमन्त्रका ।
भने हुन्छ, छिटै आऊन् गुह भेट्‌नु मलाइ ता ॥
भाई-बन्धु लिई साथ भेट्‌ने आज्ञा भए पछि ।
गुह भेट्‌न भनी आए वहाँ भरतलाइ यी ॥
राजपुत्रकनै देख्दा गुह शान्त भए अति ।
भेटे शिर झुकाएर भै विनीत भने पछि ॥
राजपुत्र ! यता घेरै जसो मेरै प्रदेश छ ।
परन्तु बाबुको निम्ति बगैंचा ठीक एक छ ॥
आँउदा यसरी भवाट्ट खबरै न दिई हरे ! ।
अतिखिन्न भयौं हामी ठगिएछौं नि ! भाग्यले ॥

३४

३५

भै गयो ! स्वागतै केही पाएनौं गर्न ता पनि
निवेदन यहीं गर्छौं अब हामी यसै भनी।
हामी सँग छ जो जत्ति वस्तु, द्रव्य सबै जुरो
अर्पन्छौं पाउमा लागोस्, हओस् स्वीकृत फेरि त्यो।
हामी निषादका झुप्रा-झुपडी बाबुकै त हुन्
तसर्थ तिनमै जाऔं बसौं, होओस् प्रसन्न मन।
टक्र्याँउन यहाँ मीठा कन्दमूल तथा फल
ल्याएकाछौं टिपी आफ्नै हातले योग्य छन् सब।
यिनमा घेर छन् ताजा हरीया आजकै पुनः
घेरै जसो सुकेकाछन् हुन् सबै जङ्गली जुन।
छन् यी सब मिलाएर साना ठूला सबै थरी
मह, मत्स्य र मांसादि ल्याएकाछौं थरी थरी।
राजपुत्र ! सबै हामी आशा यै गर्दछौं अब।
आजको रात यो सेना बसोस् यहीं भनी सब।
टक्र्याँउछौं सबै हामी प्रेमपूर्वक वस्तु जो।
खाओस् त्यो सब सेनाले हओस् स्वीकृत यो प्रभो!।

४२

४३

इच्छा मैं वस्तु यी नाना अब भोगेर स्नेहले ।
गरी स्वीकार, सेनाली गए हुन्न र भोलि के ? ॥

इति चौरासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचासी सर्ग

राजकुमार भरतको र निषादराज गुहको कुराकानी

१

त्यसंता निषादका राजा गुहले त्यसरी जव ।
अत्यन्त बुद्धिमान् यस्ता भने भरतमा तव ॥
स्वयं भरत भन्छन् ती गुहमा युक्ति-बुद्धिले ।
भरिएका कुरा राम्रा यसरी स्पष्टरूपले ॥
निषाद दाइ ! हौ मित्र मेरा श्रीराम· दाजुका ।
धन्य हौ!भो पुग्यो, यत्रो जो गऱ्यो आँट सम्म बा ! ॥
मेरो सेना छ यो ठूलो यसैलाइ तिमी अब ।
गर्न सत्कार जो खोज्छौ यत्तिले तृप्त छन् सव ॥
गुहलाइ भनी यत्ति मीठा वचन सुन्दर ।
उनी साथ भने फेरि श्रीमान् भरतले स्थिर ॥
भरद्वाजाश्रमै जान्छु यहाँ बाट मता गुह ! ।
कुन बाटो गरी जाँऊ ममा भन ? तिमी अव ॥
गङ्गाका तटका ठाम रहेछन् गहनै अति ।
छिचोल्न भवाट्ट हेर्दामा गाह्रै पर्ने पनी उति ॥
राजपुत्र महान् विद्वान् उनका यी कुरा सुनी ।
भन्दछन् हात जोडेर वन घुम्ने सँधै उनी ॥
ए राजपुत्र ! जानेछन् प्रभुका साथमा निकै ।
यी माझीहरू जो बाटो राम्ररी जान्दछन् सवै ॥
सावधान हुनेछन् यी साथमा शुभ पाउको ।
म स्वयं पछि लाग्नेछु महान् बल हुने प्रभो ! ॥
बरु यौटा कुरा बाबु ! आज्ञा होस्न ममा यता ।
सजिलै काम ठूल्ठूला गर्छन् मेरा सखा सदा ॥
वनै प्रति लिई केही न राम्रो भावना कहीं ।
भेट्ने निहुँ गरी जान खोज्छौ के भन लौ कहीं ? ॥
तिम्रो विशाल सेना यो देख्तैमा डर लाग्दछ ।
यसअर्थ यहाँ मैले शङ्का यै गर्नु पर्दछ ॥
१३

१४

रामको स्नेह-श्रद्धाले यसो भन्ने उनीकन ।
भने भरतले मीठा वाक्यमा यसरी पुनः ॥
शक्ति-सामर्थ्यले पूर्ण दाजु श्रीरामको प्रति ।
थिए निर्मल आकाश-तुल्य जो स्वच्छ मन् अति ॥
निषाद दाइ ! यो बेला न आओस् कहिले ममा ।
सुन्दा तर कुरा तिम्रा दुःख लाग्यो निकै ममा ॥
यस्ता प्रकारका शङ्का भो ! भो !! नगर है यहाँ ।
मेरा मान्य तथा दाजु भइ बक्सिन्छ है उहाँ ॥
जसरी म बुबाज्यूको गर्थें मान र चाकरी ।
उहाँको पनि गर्दोछु हुँदा नित्य बुवा सरी ॥
गएर वनमा वस्ने ककुत्स्थकुलभूषण ।
जाँदैछु म उहाँलाई घर फर्काइ ल्याँउन ॥
निषादराज ! भन्दोछु म तिमी सँग सत्य यो ।
न संभ अन्यथा कत्ति ममा अव, भयो ! पुग्यो ! ॥
कुरा भरतका सुन्दा फक्रियो गुहको मुख ।
उनी भरतमा भन्छन् निकै खुश भई तव ॥
राजपुत्र ! महान् धन्य भै बक्सिन्छ हजूर ता ।
कुनै देख्तिन पृथ्वीमा प्रभुले तुल्यको मता ॥
सजिलै सँग पाएको पृथ्वीको उच्च राज्य यो ।
जो त्याग्न खोजि बक्सिन्छ, छ अर्को प्रभु-भिन्न को? ॥
वनका तीव्र ती कष्ट भोग्ने श्रीरामलाइ जो ।
फर्काई ल्याउनै खोज्ने प्रभुको शुभ-बुद्धि हो ॥
हुनेछ यसले गर्दा यो सारा पृथिवीभर ।
अक्षय्य प्रभुको कीर्ति, चल्ला व्याप्त भई स्थिर ॥
यता निषादका राजा गुह यस्तै प्रकारका ।
कुरा गरि रहेकाथे उनका साथमा उता ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भगवान् सूर्यको ज्योति त्यसै नष्ट भयो तव ।
पऱ्यो रात, अँध्यारो भो गऱ्यो व्याप्त सबै अब ॥
त्यसरी गुहको साथ कुरा गर्दा अ-आफुमा ।
पारे भरतको चित्त सन्तुष्ट उनले वहाँ ॥
राख राम्रो गरी सेना भन्ने आज्ञा दिई उनी ।
आए आफ्नो बिछ्यौनामा भाइ शत्रुघ्न ली अनि ॥
दिएका धर्ममै दृष्टि त्यस्ता भरत-वीरले ।
त्यस्तो शोक तथा पीर मान्नु पर्ने थियो र के ? ॥
तैपनी ती महात्माको मनमा भित्र, दाजुको ।
दुःख त्यो संझदा चिन्ता पऱ्यो, शोक बन्यो, बढ्यो ॥
डँढेलो वनमा लाग्दा तातेको वृक्ष भित्रको ।
टोड्काको अग्निले जस्तो पार्छ वृक्ष भुसुक्क त्यो ॥
पिताका मृत्यु-शोकाग्नि द्वारा तापित चित्त त्यो ।
सल्की श्रीराम-चिन्ताग्नि भित्र-भित्रै सक्यो डढ्यो ॥

३३

३४

पाक्ता तताँउदा भित्र त्यस्तो शोकाग्निले अति
बहाँउन पसीना नै लागे सर्वाङ्ग बाट तो।
देखिए हिमले ढाक्तो हिमालै हुन् भने सरी
सूर्यका रापले तात्ता बहाउँछ हिमै सरी।
त्यत्रो दुःख र चिन्ताको यो विशाल पहाडले
भए भरत यो वेला ढाकिएका त्यसै हरे!।
श्रीराम-दाजुको ध्यान गर्नु नै त्यसको यता।
छल-छिद्र विनाका ती ठूल्ठूला भै गए शिला।
दुःखपूर्वक निस्केका तात्ताता सास भित्रका।
सुन गैरिक इत्यादि भए धातुहरू उता।
छोड्नु इन्द्रियले काम भए वृक्ष-समूह नै।
भए शिखर ठूल्ठूला शोकको कष्ट बढ्नु नै।
भए असङ्ख्य नै प्राणी त्यसमा मोह बढ्नु मन्
संताप बाहिरी-भित्री श्रेष्ठ ओषधि-बाँस हुन्।

४०

४१

वेलाविषे यो, मन खिन्न थ्यो अति तान्थे र छोड्थे अझ दीर्घ सास ती ।
आपत् पऱ्यो हा ! उनमा निकै अब लग्यो त्यसैले सब होश वास्तव ॥
त्यो भित्रको शोक र दुःख नै ज्वर बढी दिंदा शान्ति मिलेन क्यै स्थिर ।
भए उनी हा ! अब कै बथानको साँढे सरीको, जस बाट त्यो छुट्यो ॥
लिएर आफ्ना परिवार सैन्य ती भेटे उनीले गुहलाइ शान्ति ली ।
यस्तो भएता पनि भित्र दुःख थ्यो समर्थ त्यस्ता जनमा पनी अहो ! ॥
सामर्थ्यशाली स्थिरधीरसचित्तका साक्षात् उनीमा गुहले स्वयं तदा ।
चिन्ता बढेको प्रिय दाजुको प्रति सम्झाँउदै नष्ट गराइयो पछि ॥

४४

इति पचासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयासी सर्ग

निषादराज गुहले राजकुमार लक्ष्मणको सद्भावना र विलाप बखान्नु

१

निषाद गुह यी घुम्थे वनमा गहनै हुने ।
भने भरतमा ताड्नै न सक्ने शक्ति शोभिने ।।
भन्दा भन्दै भने फेरि महान् आत्मा हुने तथा ।
वीर लक्ष्मणको हाल बखान्दै यसरी तदा ।।
प्रभो ! हजुरका साक्षात् दाजु, मेरा सखा प्रिय ।
रामको गर्दथे सेवा यहीं लक्ष्मणजी तव ।।
उनले त्यस वेलामा दाजुको गर्न रक्षण ।
घुमे लिइ धनुर्बाण जागरामै गरीकन ।।
यस्ता सद्गुण-सम्पन्न उनलाइ निकै पछि ।
भने मैले यसो स्वामिन् ! श्रद्धा हृदयमा बढी ।।
बाबु लक्ष्मण ! यो शय्या मैले तिम्रै निमित्तमा ।
रचेको हुँ, सुखै देला भन्ने लाग्दछ है ममा ।।
तसअर्थ यहाँ आई पल्ट आरामपूर्वक ।
राम्ररी गर विश्राम, जो दिन्छौ कुलमा सुख ।।
म र मेराहरू सारा भोग्दछन् दुःख, योग्य छन् ।
प्रिय-बाबु ! तिमी ता छौ सुखै भोग्न सुयोग्य झन् ।।
धर्मात्मन् ! रामको हामी गर्न रक्षण राम्ररी ।
भर रात खडा हुन्छौं बस्तछौं पहरा गरी ।।
तिम्रो अघि म भन्दोछु सत्य यो-जगतै भरी ।
मेरो निम्ति कुनै छैन प्यारो श्रीरामले सरी ।।
छु मैले भित्र संझेको यिनै श्रीरघुनाथको ।
कृपा भयो भने देखि पाइन्छ सब वस्तु यो ।।
फैलिन्छ यश पृथ्वीमा धर्म पाइन्छ उच्च त्यो ।
अर्थ-कामादि ता बाबु ! आफैं नै झुक्तछन् अहो ! ।।
तस्मात् मेरा सखा प्यारा रामलाइ मनोरम ।
सुत्दामा प्रिय-पत्नीको साथ मै गर्छु रक्षण ।।

१३

१४

मेरो साथ दिने छन् यी धनुर्बाण लिने सब ।
ज्ञाति-बन्धु पनी मेरा जाग्रामै बस्छु वास्तव ।।
सँधै यो वनमा बस्ता, घुम्दा-फिर्दा यता उता ।
न जानेको न भोगेको छैन क्यै वस्तु वा कुरा ।।
हामी यहाँ बसी लड्दा युद्ध गर्नै परे पनि ।
सजीलै सक्तछौं जित्न सैन्य कै चतुरङ्गिणी ।।
यसरी म र मेराले भनिए ता पनी उनी ।
महात्मा नै रहेछन् हा ! मानेनन् क्यै गरे पनि ।।
विशुद्धधर्ममा मात्र उनको दृष्टि रम्दथ्यो ।
उनले अनि झन् उल्टो हामी नै भनियौं अहो ! ।।
गुह दाइ ! उता हेर्नोस् ! दाजु श्रीराम भूमिमा ।
सीता-भाउजुको साथ सुति बक्सिन्छ ता यहाँ ।।
मैले यो सुख-शय्यामा सुत्नु होला कसो गरी ।
मीठो खानु, सुखै भोग्नु होला वा अनि के गरी ? ।।
ए दाई ! देवता सारा असुरादि मिले पनि ।
युद्धमा जसको वेग सक्तैनन् सहनै पनि ।।
मेरा दाजु उहाँ साक्षात् सीता-भाउजु साथमा ।
अहिले सुति बक्सेको हेर्नोस् ती झार-पातमा ।।
ज्यादै ठूलो तपस्याले नाना यत्न-उपायले ।
पाइ बक्स्यो बुवाज्यूले आफ्नु झैं लक्षणादिले ।।
युक्त, लायकका यौटै गुणी पुत्र उहाँ पुनः ।
यस्ता पुत्र यहाँ आई घुम्दिदामा वनैवन ।।
उता राजा दशरथ बुवाज्यूकन घेर ता ।
बाँच्नै कठिन पर्ला है ! हुन्छिन् यी विधवा धरा ।।
पिता स्वर्ग सवारी भो भन्ठान्छु म छिटै वहाँ ।
यदि यस्तो भएको नै हो भने ता हरे ! त्यहाँ ।।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ज्यादै अनर्थ भो होला ती अन्तःपुरका सब ।
नारी रानी-महारानीहरूका शोकले दृढ ॥
कराई-रोई-चिच्याई गरी घोर विलाप ती ।
गर्दामा अब थाके हुन् भो होला शान्ति क्यै हकि ! ॥
बुवा राजा दशरथ भै बक्से पनि जीवित ।
कौसल्या रामकी माता मेरी माता पनी स्वतः ॥
आजको रात काटेर बाँच्न ता कुन्नि कुन्नि है ! ।
भन्न सक्किन के हुन्छ ! ठान्छु दाइ ! म ता यसै ॥
हेर्न शत्रुघ्नको बाटो न आँउञ्जेल नै उनी ।
मेरी माता सुमित्राज्यू बाँचि बक्स्यो भने पनि ॥
वीर जन्माँउने त्यस्ती कौसल्या रामकी मुमा ।
पर्कै छ, बाँची बक्सिन्न पर्दा कष्ट महान् वहाँ ॥
राज्यमा रामलाई म राख्छु भन्ने मरोरथ ।
न पुग्दामा, सबै मेरो नष्ट भो ! नष्ट भो ! सब ॥
भन्दै यस्तो पिता मेरा राजाले आफ्नु प्राण ती ।
अवश्यै छोडि बक्सेला गुह दाई ! हुँदा अति ॥
बुवाको मृत्युको वेला आँउदामा वहाँ जति ।
होलान् व्यक्तिहरू दाई ! ती, पिताजी मरे पछि ॥
प्रेत-कार्यादि संस्कार गरेर सब राम्ररी ।
होलान् सफल अत्यन्त सिद्ध अर्थ हुने पछि ॥
बाँचि बक्सि रहे देखि बुवा राजा वहाँ यदि ।
पिताको राजधानीमा घुम्लान् भइ तिनै सुखी ॥

३७

३८

राजधानी-अयोध्यामा ठूल्ठूला राजमार्ग छन् ।
तथा सडक गल्ली छन्, छन् शोभित, विभिन्न छन् ॥
चौबाटा दुइ बाटा छन् विश्राम स्थल सुन्दर ।
चौतारा ठाम-ठामैमा शोभिन्छन्, छन् मनोहर ॥
अटालीहरू शोभिन्छन् धनीका घरमा जहाँ ।
देवमन्दिर छन् राम्रा छन् राजभवनै वहाँ ॥
त्यसमा मणि-रत्नादि छन् निकै, छ विभूषित ।
रथ-हात्ती र घोडाको जानु-आँउनु घेर छ ॥
अनेकथर वाजाका ध्वनिले छ निनादित ।
श्रेय-कल्याण गर्नेछन् नाना वस्तु सुशोभित ॥
छन् व्याप्त जनले नित्य हृष्ट पुष्ट अनेकन ।
जो पुष्पवाटिकाले र बगैंचाले छ शोभन ॥
वहाँ समाजका नाना चाड-बाड र उत्सव ।
पुरीमा त्यो बुवाज्यूको भै रहन्छन् सँधै सब ॥
वनमा वस्नु पर्ने त्यो सकी समय अन्तमा ।
सुख आरामको साथ फर्किबक्से पछी यहाँ ॥
के त हामीहरू फेरि त्यस्ता सत्य प्रतिज्ञका ।
दाजु साथ पसौंला गै अयोध्यापुर भित्र ता ? ॥
राजपुत्र महात्मा ती भाई लक्ष्मणले तब ।
गरी यस्तै विलापादि विताए रात त्यो सब ॥
प्रभो ! अनि उज्यालो भो उदाए भगवान् रवि ।
आफ्नु केश जटा पारे ती दुवै भाइले पछि ॥

४८

४९

भयो काम म द्वारा त्यो, यै गङ्गाको किनारमा ।
सुख साथ अनी तारें पुर्याँए पर घाटमा ॥
वैरीहरूलाइ सताँउने तथा महान् बलीया दुइ भाइ योग्यका ।
धरी जटा बल्कल-वस्त्र पैन्हिई परै गए हा ! अनि जानकी लिई ॥
ती देखिएथे गजराज यूथका स्वामी सरी सुन्दर मस्त चालका ।
जाँदा धनुर्बाण लिई दुवै पछि हेर्दै गए शान्त भई यताउति ॥

इति छयासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतासी सर्ग

गुहले श्रीराम-चरित्र बिन्ती गर्नु

१

जटा-धारण इत्यादि गरेर त्यसरी वहाँ ।
गएको दाजुले आफ्ना अक्ष पल्लो अरण्यमा ॥
गुह बाट सुनी यस्तो कुरा अत्यन्त अप्रिय ।
चिन्ता-मग्न भई हाले वहीं भरत यी अब ॥
सत्व, तागत ध्यो ठूलो उनका, थे महान् भुज ।
काँध थे सिंहका जस्ता थे जवान उनी तब ॥
भवादृ देख्ता बडो राम्रो देखिन्थे सुकुमार थे ।
दुवै नेत्र यता फेरि फक्रेका पद्म-तुल्य थे ॥
सुने पछि कुरा त्यस्तो उनी दुइ घडीतक ।
अडे धैर्य धरी किन्तु बढ्यो भित्र महान् दुख ॥
घोच्ता अङ्कुशले तीखो भए झैं गज विव्हल ।
अकस्मात् दुःखले छोप्ता भए मूर्छित विव्हल ॥
परेको त्यसरी मूर्च्छा देख्ता भरतलाइ यी ।
गुहका मुखको कान्ति उडी गो खिन्न भै अति ॥
भूमि-कम्प हुँदा जस्तो वृक्ष हल्लिन्छ थर्थर ।
त्यही ठीक भई हाले स्वयं व्यथित जर्जर ॥
थिए भरतको साथ नजीकै प्रिय भाइ ती ।
वीर शत्रुघ्न आफैं नै बसेका दृढ स्नेह ली ॥
देख्तामा दाजुको यस्तो अवस्था उनले तब ।
समाते दाजुलाई र अगाँले प्रेमले दृढ ॥
परन्तु क्यै गरे खप्न सकेनन् उनले पनि ।
रुन सम्म उनी रोए डाँको छोडेर नै अनि ॥
श्रीराम-दाजुको त्यस्तो संकटा दुःख शोकले ।
ढल्यो मूर्छैं पनी पाऱ्यो डङग्रङ्ग भुँइमै लडे ॥
आए भरतका सारा माताहरू वहाँ अब ।
यस्ता सब कुरा सुन्दा-भोग्दा दुःख बढ्यो जब ॥

१३

१४

सब यी पति-राजाको शोकले दीन भै तथा ।
दुब्लाएका थिए फेरि उपवास लिंदा-लिंदा ॥
त्यसरी भूमिमा लड्ने छोरा भरतलाइ ती ।
तुरुन्त सबले घेरे रोई-रोई स्वयं अति ॥
कौसल्या महिषीको ता मन दुःखित भो निकै ।
अगाँलिन् स्नेहले ठूलो उनलाइ नजीक गै ॥
बाच्छो भन्दा मरी मेट्ने गाईले सब अङ्ग ती ।
चाटें झैं प्रिय-छोराको मुसारिन् पछि अङ्ग यी ॥
शोकले व्याकुलै पाऱ्यो उनलाइ, निकै पछि ।
सोधिन् भरत छोरामा रोइ-रोईकनै अति ॥
बाबु ! यो गाथमा तिम्रो कुनै कष्ट पऱ्यो कि ता ।
रोग लाग्यो कि क्यै त्यस्तो भन बाबा ! सबै सफा ॥
यो राजवंशको सारा प्राण जीवन आदि ता ।
छ तिम्रै हातमा बाबु ! न होस् है अब नाश हा ! ॥
गए देखि उता बाबा ! राम भाइ लिई बन ।
म तिम्रै मुख हेरेर बाँच्ती छु यसरी सुन ! ॥
बुवा राजा सवारी भो त्यसरी परलोक हा ! ।
त्यहाँ देखि तिमी यौटा हाम्रा रक्षक छौ सदा ॥
प्रिय भाई सुमित्राका सुत लक्ष्मणको यहाँ ।
सुन्यौ कुरा अप्यारो वा ? क्यै त्यस्तो भन लौ ममा ॥
यौटै पुत्र हुने आमा मेरा तनय-रामको ।
गए जो वन पत्नी ली, बारेमा क्यै सुन्यौ कि त्यो ? ॥
ब्यूँझे होश फिरी हाल्यो दुवै घडी भए पछि ।
भन्छन् भरत रोएरै कौसल्यामा स्वयं पछि ॥
डराई बक्सिएको हो मुमा ! किन हजूर हँ ? ।
मैले सुनिन क्यै त्यस्तो भने यत्ति उनीसँग ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पछि बाट भने फेरि गुहराजकनै यसो ।
अँ ! अनी भन के के भो दाजुको पछिको कुरो ? ॥
गै कहाँ राज भो दाजु वित्यो रात कहाँ भन ? ।
हाल भाउजु-सीताको भाई-लक्ष्मणको भन ? ॥
सुति बक्स्यो कहाँ दाजु कस्तो शय्या थियो तव ? ।
जिउनार भयो के के यो पनी भन लौ सव ? ॥
त्यस्ता भरतले आफैं यसरी सोधिए पछि ।
भन्दछन् रामका मित्र गुह भित्र लिई खुशी ॥
महान् अतिथिमा त्यस्ता गर्ने आफ्नो भलो हित ।
राममा जो गरेकाथे, भएथ्यो जो भने सव ॥
प्रभो ! मैले सकें सम्म गर्नु पर्ने गरें कुरो ।
नाना प्रकारका अन्न टक्र्याँए प्रेमले बडो ॥
अर्पिएँ श्रेष्ठ भक्ष्यादि फल नाना प्रकारका ।
राखें अगाडि ल्याएर उहाँमा स्नेहले तदा ॥
अरु वस्तु पनी धेरै रामको निम्तिमा प्रभो ! ।
जिउनार हवोस् भन्दै टक्र्याँए प्रेमले बडो ॥
टक्र्याएका सवै वस्तु भए स्वीकृत, किन्तु ती ।
ग्रहणै गरि बक्सेन सव फर्काइए पछि ॥
संभी क्षत्रियको धर्म त्यस्ता सत्य पराक्रम ।
हुने श्रीरामले आज्ञा भयो यस्तो ममा पुनः ॥

३६

३७

सखे ! क्षत्रिय-हामीले क्यै वस्तु अरु व्यक्तिको ।
सके सम्म लिनै हुन्न दिनु नै पर्छ नित्य जो ॥
यसरी ती महात्माले उल्टो हामीहरू सव ।
थाम्थूम पारियौं राम्रै गरी सम्झाँउदै तव ॥
मेरा प्रिय सखा त्यस्ता, प्रभुका दाजु-रामले ।
उपवासै गरी बक्स्यो सीता साथ लिई हरे ! ॥
महान् आत्मा हुने आफ्ना भाइ लक्ष्मण बाट जो ।
ल्याइएको थियो पानी, त्यही, क्यै पिइ बक्सियो ॥
पिइ बक्सी बचेकोथ्यो जत्ति पानी, त्यही पछि ।
पिए लक्ष्मणले स्वामिन् ! स्थिर शान्त भई बसी ॥
व्यक्तिले अनि यी तीनै लिई एकाग्रता दृढ ।
भई मौन गरे सन्ध्या त्यो सन्ध्याकालमा तव ॥
अनि लक्ष्मणले आफैं गई ल्याए कुशादिर ।
बनाए प्रभुको निम्ति विछ्यौना शुभ सुन्दर ॥
गएर त्यस शय्यामा पत्नी साथ लिई हरे ! ।
स्वयं राज गरे ओहो ! ती मेरा प्रिय-मित्रले ॥
दाजु-भाउजुको पाउ पखाले प्रेमपूर्वक ।
अनि ती भाइले हाम्रा, हटे उनी पनी जव ॥
इङ्गुदी-वृक्ष हो त्यो यै, तिनै हुन् कुश, छन् यहाँ ।
त्यो रात सुति बक्सेथ्यो सीता-राम दुवै जहाँ ॥

४६

४७

भिरेर ठोक्रा दुइ बाणले भरी पछाडि बोकी दुइ काँधमा भिरी ।
लगाइ पञ्जा कर-पद्ममा उनी लिई धनुर्बाण घुमे स्वयं अनि ॥
यसो गरी भाउजु-दाजुको हरे ! घुमेर चारैतिर ती बसी रहे ।
छर्लङ्ग भो हा ! पहरा गरी गरी यो रात ती लक्ष्मणको त्यसै गरी ॥
सकीन मैले अनि खप्न हेर्न यो दौडेर आएँ नजिकै असह्य भो ।
बोकें धनुर्बाण प्रशस्त, श्रेष्ठ र बसें उहीं लक्ष्मण थे जहाँ स्थिर ॥
उता म भन्नेहरू ज्ञाति-बन्धु ती घुमे धनुर्बाण लिई यताउति ।
यसो गरी भित्र सुरेन्द्र-तुल्यका श्रीरामको रक्षण नै गर्‍यौं तदा ॥

५०

इति सतासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठासी सर्ग

भरतले शोक गर्नु र वनैमा बस्ने सद्विचार प्रकट गर्नु

१

दिइ राम्रो गरी ध्यान यी कुरा गुह-राजका ।
सुने भरतले सारा मन्त्रीहरू सँगै तदा ॥
फेदमा अब आए ती इङ्गुदी-वृक्षको त्यहीं ।
हेरे सबतिरै शय्या सुतेको रामले अघि ॥
अनि आफ्नी मुमा रानी-महारानीहरूकन ।
यसरी भन्न लागे ती संझी कर्म तथा गुण ॥
यहीं, यै ठाममा खालि महात्मा दाजु रामले ।
बिताइ बक्सिएको हो सुती त्यो रात कष्टले ॥
हो त्यही कुशको थुप्रो दाजुका शुभ अङ्गले ।
जुन यो माडियो ओहो ! सुत्तामा प्रभु रामले ॥
उता हाम्रा बुबा राजा साक्षात् दशरथै पनि ।
राजर्षिहरूको ठूलै-वंशमा जन्मिए पनि ॥
भै महान् भाग्यमान् , विद्वान् यत्रो चकचकी गरी ।
पछि स्वर्ग सवारी भो, त्यस्ताका पुत्र भै वरी ॥
हरे ! यो खाली भैंमा नै दाजुले कसरी अनि ।
यसरी सुत्नु के योग्य होला दुःखी सरी बनी ? ॥
पहिले सुतिबक्सन्थ्यो पुरुषश्रेष्ठ राम जो ।
अति कोमल शय्यामा विछ्यौना श्रेष्ठ शोभिंदो ॥
ढाकिन्थ्यो जुन त्यो फेरि बनेको मृगचर्मले ।
सान्है नरम तन्नाले, डस्नाका खात-खात थे ॥
त्यस्ता दाजु अहो ! आज खालि भैंमा हरेशिव ! ।
कसरी सुति बक्सेछ ? हो त के योग्य यो सब ? ॥
विमानतुल्यका अग्ला श्रेष्ठ प्रासादमात्रका ।
अटालीहरूमा राम्रा हुन्थ्यो जो सुकला सदा ॥
पाताले सुन-चाँदीको शोभिन्थ्यो भूमि शोभन ।
बहुमूल्य तथा श्रेष्ठ विछ्यौना थे जहाँ पुनः ॥

१३

१४

हुन्थ्यो विचित्र नै शोभा जहाँ पुष्पादि घेर भै ।
सुगन्ध फ्याँक्तथे मीठो चन्दनागुरुले सँधै ॥
जुन फेरि थिए सेता बादलै तुल्य कान्तिका ।
मीठो बोली जहाँ बोल्थे रहेका शुक-सारिका ॥
जहाँ आउँदथ्यो वास्ना कपूर र गुलाबका ।
भित्तामा सुनका पाता थिए चित्र-विचित्रका ॥
जहाँ ठण्डा थियो, फेरि जुन अग्ल्याइमा भने ।
सुमेरुतुल्य थे राम्रा अति उज्वलता लिने ॥
यस्ता अत्यन्त नै श्रेष्ठ राजदर्बारमा बसी ।
कसरी राज भो होला वनका भूमिबीच यी ॥
जो दाजु गीतले मीठा बाजाका ध्वनिले उता ।
गहनाहरूका श्रेष्ठ बजेका शब्दले यता ॥
मृदङ्गहरूका राम्रा बज्दाका शब्दले तथा ।
सर्वदा जागि बक्सिन्थ्यो वहाँ जागा गराउँदा ॥
बन्दीजन थिए धेरै ठिक्क वेला हुँदा उता ।
जसको वन्दना गर्थे स्तुति गर्दै स्वयं सदा ॥
सूत-मागध इत्यादि वेलाका अनुरूपको ।
गाथा गाँउदथे, गर्थे स्तुति, ब्यूँझाउँथे अहो ! ॥
पार्ने ताप स्ववैरीमा दाजु राम स्वयं यहाँ ।
कसरी सुतिबक्सेला वनमा खालि भूमिमा ? ॥
जगतमा यो कुरो कत्ति छैन विश्वास योग्यको ।
लागेन यसमा सत्य मलाइ त कसै अहो ! ॥
अन्तःकरण यो मेरो भै रहेको छ मोहित ।
यो कुनै स्वप्न हो भन्ने ठान्न थालें यता म त ॥
काल जस्तो कुनै अर्को त्यस्तो प्रबल शक्तिको ।
अथवा देवता भन्ने वस्तु नै छैन, सत्य हो ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

जसको वेगमा पर्दा धकेल्दामा प्रभावले ।
महात्मा राम जस्ताले भुँमै लड्नु पऱ्यो हरे ! ।।
स्नुषा हाम्री बुबाज्यूकी छोरी जनककी प्रिया ।
सीताले सुन्दरी त्यस्ती भुँमै लड्नु पऱ्यो अहा ! ।।
शय्या हो सुतिबक्सेको यो त्यही राम दाजुको ।
हो यही ठाम त्यो फेरि जो कोल्टे फेरि बक्सियो ।।
यो खालि भुँइमा यस्तो कठोर र बिभ्झाँउने ।
सुत्ता ऊ ! माडिएका ती तृण छन् अझ देखिने ।।
त्यो वेला सुतिबक्सेछ सीता भाउजु ता त्यसै ।
पैन्हेका गहना आफ्ना नफुकालीकनै सबै ।।
देखिन्छ अझ राम्रै ऊ ! माँडिदा गहना सबै ।
लागेका सुनका बिन्दु तृणमा छन् जतातितै ।।
घुम्टो अल्भेछ त्यो वेला सीता भाउजुको यहाँ ।
ऊ ! अझै पनि देखिन्छ त्यसका चिन्ह छन् त्यहाँ ।।
यी ! यतातिर झन् राम्रै धागा रेशमका सब ।
देखिन्छन् , छुट्टिए तान्दा झल्किदैछन् अझैतक ।।
म ठान्दछु सती-स्त्रीको निम्तिमा पतिदेवको ।
शय्या जस्तोसुकै होस् त्यो हुन्छ नै सुखको भलो ।।
यसैले सुकुमारी ती जानकी भै तपस्विनी ।
मानिबक्सिन्न यो दुःख पति साथै हुँदा अनि ।।
हरे ! म पो मरें व्यर्थै, जीवनै भो अकार्थको ।
रहेछु म पनी कस्तो क्रूर-चित्त नृशंस पो ।।
जसको निम्तिले गर्दा यसरी भै अनाथझैं ।
यो शय्यामा पऱ्यो सुत्नु दाजुले जानकीसँगै ।।
चक्रवर्ती तथा सम्राट् व्यक्तिको कुलबीच यो ।
जन्मियो जुन, जो फेरि प्रियै गर्छ समस्तको ।।
सम्पूर्ण दुनियाँलाई सर्वदा सुख दिन्छ जो ।
नीलो कमलकै जस्तो जसको छ शरीर त्यो ।।
प्यारो लाग्दछ देख्तै जो जसको नेत्र लालछ ।
जसले नित्य नै फेरि सुख पाउँनु योग्य छ ।।
यस्ता सद्गुण, सत्कर्म, सदाचार हुँदा सबै ।
जसले कहिल्यै फेरि दुःख पाउँनु हुन्न क्यै ।।
सर्वोच्च रामले त्यस्ता सर्वश्रेष्ठ विशाल त्यो ।
राज्य छोडी चट्टकै हा ! भूमिमा सुत्नु योग्य हो ? ।।

४३

४४

हुने लक्षण नै राम्रा भाइ लक्ष्मण ती वरु ।
हुन् महान्, भाग्यवान् धन्य ! हामी ता ठगियौं अरु ।।
त्यस्तो संकट पर्दामा जसले राम दाजुको ।
गरे सहायता ठूलो पछि लागी स्वयं अहो ! ।।
सीता पनि भई बक्स्यो महान् धन्य कृतार्थ नै ।
पति साथ सवारी भो वनमा पनि ता सँगै ।।
महान् आत्मा हुने त्यस्ता रामले हीन, दीन भै ।
यसरी बाँच्नु पर्दा ता ! पऱ्यौं संशयमा सबै ।।
बुवा राजा सवारी भो परलोकतिरै उता ।
वनवासी भई बक्स्यो दाजु राम पनी यता ।।
अब यस्तो अवस्थामा भइन् शून्य हरे ! क्षिति ।
माझीले हीन डुङ्गाको भै हाल्यो यिनको स्थिति ।।
वनमा यसरी बस्ता पनि श्रीरामदाजुकी ।
बाहुको वीर्यले रक्षा भएकी दृढशक्ति ली ।।
यी देवी-पृथिवीलाई शत्रु नै होस्न क्वै जन ।
चाहन्न, आँट्न सक्तै न, खोज्दै-खोज्दैन पाँउन ।।
अयोध्या-राजधानीमा अहिले सब शून्य छ ।
ह्वाङ्ह्वाङ् ति छ सर्वतर्फ, सुरक्षा छैन वास्तव ।।
राज्यका कामका वस्तु हात्ती घोडा पनी सब ।
बाँधिएका पनी छैनन् , छन् छाडा सब ती अझ ।।
मूलढोकाहरू सम्म खुला छन् पुरका सब ।
सैन्यमा हर्ष, उत्साह छैन क्यै पनि, शून्य छ ।।
सम्पूर्ण नगरी छन् ती रक्षकै नभए सरि ।
संकष्टमै परेकीछन् , छैन पर्दा कुनै थरी ।।
धन्य हो! तै पनी शत्रु, मिलेको विष भोजन ।
न हेरेझैं, यिनीमाथि हेर्दैनन् क्वै पनी पुनः ।।
भैगयो, जे सुकै होस् भो, म पनी आजदेखि ता ।
सुत्नेछु खालि भुँमा नै कुश-काशादिमा किवा ।।
खानको हकमा चाँहि खान्छु कन्द-फलादि म ।
बल्कलै वस्त्र पैह्रन्छु जटा पाल्दछु उत्तम ।।
दिन बाँकि भए जत्ति दाजुले बसिने वन ।
सुखपूर्वक बस्नेछु त्यत्ति काल म गै वन ।।
दाजुले गरि बक्सेको प्रतिज्ञा, काम यो गरे ।
कत्ति झूठो तथा मिथ्या हुने छैन कसै गरे ।।

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

वनमा दाजुको निम्ति म बस्तामा त्यसो गरी ।
प्रिय शत्रुघ्न यी भाई दिनेछन् साथ हर्घडी ॥
अयोध्या-राजधानीमा साथ ली भाइ लक्ष्मण ।
राज मै गरि बक्सेला दाजु, पालन-रक्षण ॥

६२

६३

ककुत्स्थ-कुलका रत्न मान्य दाजुकनै तव ।
अभिषेक अयोध्यामा दिनेछन् उत्तम द्विज ॥
त्रैलोक्य-भरको हाल जान्ने देवहरू अब ।
मेरो आशा र इच्छा यो पार्लान् के सत्य वास्तव? ॥

६४

६५

झुकाइ आफ्नो शिर पाउमा परी फर्काउने ली सुर प्रार्थना गरी ।
भन्दा पनी कत्ति न मानि बक्सिए म बस्छु साथै, अनि हुन्न भन्नु के? ॥

इति अठासी सर्ग

उनान्नब्बे सर्ग

राजकुमार भरतले सेना साथै गङ्गा तर्नु र भरद्वाज– मुनिको आश्रममा जानु

१
शृङ्गवेर पुरीमा यो गङ्गाकै तटमा बसी ।
बिताए रात त्यो सारा यसरी उनले पछि ॥
उज्यालो हुन लाग्दामा ब्यूँझिए पहिले उनी ।
शत्रुघ्न भाइमा आफ्ना भन्छन् भरत ती अनि ॥
तिम्रो कल्याण होस् बाबु ! सुत्तछौ किन ? भो उठ ।
डाकी ल्याउ यहाँ चाँडै गुहलाई तिमी अब ॥
हुन् स्वामी सब माझीका उनी नै, बेस छन् गुह ।
गङ्गा तारि दिनेछन् ती हाम्रा सैन्यकनै सब ॥
यसरी दाजुले आफ्ना स्नेहले प्रेरणा गरी ।
भनिए पछि भन्छन् ती भै जुरुक्क उठीवरी ॥
मान्य दाजु ! म ब्यूँझैछु सुतेको छैन कत्ति म ।
म पनी दाजुकै जस्तो संझदैछु उहाँकन ॥
नरश्रेष्ठ दुबै भाई यसरी आफु-आफुमा ।
कुरा गर्दै थिए ठ्याक्क ! गुहै आई पुगे यहाँ ॥
अनि जोडी दुवै हात भन्छन् भरतमा यसो ।
ककुत्स्थ–कुलका रत्न ! मन शान्त छ, के कसो ? ॥
बित्यो के सुखले रात गङ्गाका तटमा बसी ? ।
छ के त सुख आराम सैन्यकै साथ आफ्नु यी ? ॥
भनेको स्नेहले यस्तो सुनेर गुहको कुरो ।
रामका वशमा बस्ने भने भरतले यसो ॥
गुहदाई ! बित्यो सारा रात यो सुखपूर्वक ।
भयौं हामीहरू फेरि राम्रै पूजित, सत्कृत ॥
अब यस्तो व्यवस्था होस् सारा माझीहरू मिली ।
तारुन् हामीहरू साथै बुद्धिमान् दाई ! सैन्य यी ॥
आज्ञा भरतको यस्तो सुन्नासाथ स्वयं गुह ।
हडबडाई हिंडी हाले आफ्नो पुरतिरै तब ॥
१३

१४
वहाँ जम्वा गराएर बन्धु-बान्धव आफ्नु ती ।
भन्छन् उनीहरूलाई गुह आज्ञा दिंदै पछि ॥
ब्यूँझ ए बाबु हो ! ब्यूँझ, कति सुत्छौ भयो उठ ! ।
सारा तिमीहरूको होस् भलो कल्याण वास्तव ॥
चाँच्चाँडो ख्याँउदै डुङ्गा लै जाओ घाटमा सब ।
सारा भरतको सैन्य गङ्गा तार्दिन्छु है अब ॥
आफ्ना मालिकले त्यस्तो दिंदा आज्ञा सुनी तब ।
चाँच्चाँडो गर्न थाले ती हड्बडाई निकै सब ॥
गरे पाँच सए डुङ्गा जम्बा गइ यताउति ।
घाटमा लिई आए यी छीटो छीटो गरी अति ॥
यी बाहेक थिए अर्को थरी 'स्वस्तिक' नामका ।
डुङ्गा यै नाम राखेका चिन्ह स्वस्तिककै हुँदा ॥
पताका शोभिएकाथे यिनमा अतिसुन्दर ।
ठूला राम्रा थिए घण्टी बज्थे मीठो झिकी स्वर ॥
सुनको जलपै द्वारा बनाएका विचित्रका ।
चित्रले शोभिएकाथे अति राम्रा थिए तथा ॥
थिए यी बलिया ज्यादै ख्याउने-वहनातक ।
थिए घेर यहाँ, जान्ने जान्ने माझी थिए सब ॥
लिएर यिनमध्येको यौटा डुङ्गा स्वयं गुह ।
वहाँ आइ पुगी हाले जुन भित्र थिए खुश ॥
सेतो राडी बिछाएको थियो भित्र मनोहर ।
थियो स्वस्तिकको चिन्ह देखिने स्पष्ट सुन्दर ॥
भित्र मङ्गलको नाना भैरहेको थियो ध्वनि ।
यसैमा गै चढी हाले क्रमै साथ सबै अनि ॥
चढे बसिष्ठ गै पैले थिए जुन पुरोहित ।
गुरु आदि चढे मान्य, चढे अनि गई द्विज ॥
२६

२७

चढे भरत गै बल्ल ली शत्रुघ्न महाबली ।
चढिन् अनि महारानी-कौसल्या शान्त चित्त ली ॥
महारानी सुमित्रा र कैकेयी गै चढे अनि ।
पछि सम्पूर्ण राजाका चढे रानीहरू पनि ॥
अनि बाँकी चढे सारा त्यो राजपरिवारका ।
राख्दिए त्यसमै गाडा पछी पसल-खालका ॥
राँको बालेर ठूल्ठूला क्वै खोज्थे माल आफ्नु र ।
झिक्थे कै माल यो मेरो, त्यो, तेरो आदिको स्वर ॥
कुनै छाउनी इत्यादि सैन्य-चिह्न न छोड्नु नै ।
फौजीको नीति हो भन्दै गर्दथे यत्न, सास्न नै ॥
दौडादौड गरी जान्थे कुनै घाट भएतिर ।
कोलाहल उठ्यो, जल्ले व्याप्त पाऱ्यो सबैतिर ॥
ती पाँचैसय डुङ्गामा पताका फहराँउथे ।
धेरै माझी थिए भित्र खयाँउथे र चलाँउथे ॥
यो वेला सब डुङ्गा यी चढेका जत्तिलाइ ली ।
बग्दै सलल गै हाले छीटा छीटा भई अति ॥
खालि स्त्रीजातिले मात्र टन्न थे यिनमा कति ।
कत्तिमा यिनमा चाँहि घोडैघोडा थिए अति ॥

३५

३६

कत्तिमा राखिएकाथे घोडा खच्चर गोरु नै ।
वाहनादि, थिए फेरि कत्तिमा धन-रत्न नै ॥
गङ्गाको तटमा पारी पुगेर अब स्त्री सब ।
फर्किए ती सबैलाई उतारेर वहीं अब ॥
अनि ती गुहका बन्धु जलभित्र पसीपसी ।
पौडी खेल्ने कला नाना थाले देखाँउनै पछि ॥
वैजयन्ती पताकादि शिरमा शोभिने अति ।
हात्तीहरू तरे आफैं माहुतेबाट हेलिई ॥
भै रहेको थियो शोभा यो वेला यिनले गरी ।
अग्ला पर्वतले राम्रा पखेटा नै धरे सरि ॥
गङ्गा पार पुगे कत्ति डुङ्गामै चढि राम्ररी ।
बाँसमा स्याउला बाँधी गए कत्ति त सर्सरी ॥
घ्याम्पा-गाग्रा समातेर कैयौं पारीतिरै पुगे ।
कत्ति ता आफ्नु हातैले पौडी खेल्दै त्यसै गए ॥
लिई सहाय माझीको यसरी शुभ सैन्य यो ।
गङ्गा-भागीरथीको ती पल्लोपट्टि पुऱ्याइयो ॥
अब भेला भयो सैन्य अनि मैत्र-मुहूर्तमा ।
गऱ्यो प्रस्थान त्यो पुण्य प्रयाग-वनमा वहाँ ॥

४४

४५

त्यहाँ पुगेमा प्रिय सैन्यलाई राम्रो गरी बस्नु भनी अह्राई ।
आश्वासना साथ दिए निदेश स्वयं भरत्ले उनमा अशेष ॥
अनी भरद्वाज – मुनीन्द्रलाई गर्ने गई दर्शन भावना ली ।
सदस्य ऋत्विक् गुरुदेव साथ हिंडे उनी प्रेम र भक्ति साथ ॥
विद्वान् महात्मा द्विज एक वर्य थिए भरद्वाज मुनि-प्रवर्य ।
पुरोहित्याईं सुरको उनीले थियो गरेको अति नै खुशीले ॥
वहाँ पुगेमा रमणीय बेस देखे पवित्राश्रम त्यै अशेष ।
विशाल त्यस्तो वन, पर्णशाला थियो झुलेको लिई वृक्षमाला ॥

४८

इति उनान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

नब्बे सर्ग

मुनिराज भरद्वाजको र राजकुमार भरतको भेटघाट र कुराकानी

१

बुझेका धर्मका मर्म नरोत्तम थिए उनी ।
ती भरद्वाज-मुनिको देखे आश्रम यो अनि ।।
एक कोश परै टाढा साथका अरुलाई त ।
यहीं वस्नु भनी राखे, केही मन्त्री लिए सँग ।।
राजोचित सबै आफ्ना वस्त्र-शस्त्रास्त्र आदि त ।
फुकाली फ्याँक्दिएकाथे देहका गहना तक ।।
उपर्ना रेशमी धोती पैह्रेका उनले थिए ।
पुरोहित हिंडाएर अघि, यी पैदलै गए ।।
देखिने ठाममा पुग्दा नपुग्दै मुनिलाइ ती ।
राखे भरतले आफ्ना मन्त्रीलाई पनी त्यहीं ।।
वसिष्ठ-मुनिको साथ आफ्ना गुरु पुरोहित ।
गए पछि-पछी हिंड्दै त्यो शुभाश्रममा तत्र ।।
वसिष्ठ मुनिलाई यो देख्ना साथ यतातिर ।
भरद्वाज तपस्वी ती बढे उठ्तै अघिल्तिर ।।
आफ्ना शिष्यहरूलाई चाँडो चाँडो गरी सब ।
चाहिने पाद्य-अर्घ्यादि लिई आओ! भने तब ।।
वसिष्ठ-मुनिको साथ भरद्वाज गई मिले ।
अभिवादन टक्र्याई स्वयं भरत ती झुके ।।
था पाए त्यत्तिकैबाट तेजस्वी मुनिले तब ।
राजा-दशरथैका हुन् छोरा यी भनि वास्तव ।।
पाद्य-अर्घ्यादि टक्र्याए धर्मज्ञ ऋषिले अब ।
क्रमैले यी दुवैलाई, पछि अर्पे निकै फल ।।
अनि त्यै क्रमले सोधे दुवैको कुलमा दुवै ।
छ के कुशल आराम भनी क्षेम पनी सवै ।।
सोधे पछि अयोध्याको सैन्य-कोश र मित्रको ।
मन्त्रीका सम्मको हाल छ के वेस ! भनी भलो ? ।।

१३

१४

हाल पत्ता हुँदा सारा राजाका मृत्युको तव ।
सोधेनन् क्यै कुरा त्यस्तो पार्छ ठानेर अस्थिर ।।
वसिष्ठ-मुनिले एवं स्वयं भरतले अनि ।
आलो-पालो गरी सोधे क्षेमादि ऋषिको पनि ।।
पवित्रदेहमा यस्तो छ के कुशल-मङ्गल ? ।
अग्नि होत्रादिको कर्म चल्दैछ विधिपूर्वक ? ।।
मान्दछन् शिष्य आज्ञा के ? छन् वा आराममा सव ।
छन् के आश्रमका वृक्ष पशु-पक्ष्यादि मङ्गल ? ।।
मुनिराज भरद्वाज महान् कीर्ति हुने थिए ।
सबै वेस छ, राम्रो छ ! भने, उत्तर यै दिए ।।
भनी यत्ति दुवैलाई फर्के भरतपट्टि र ।
रामको स्नेहले तान्दा भन्दछन् ती मुनीश्वर ।।
तिमी ता राज्य गर्दैछौ हकि बाबु ! छ वेस के ? ।
अब आई यहाँ त्यस्तो काम गर्नु छ सिद्ध के ? ।।
मलाई यो कुरा सारा भन स्पष्ट तिमी अव ।
तिमीमाथि अझै मेरो छैन विश्वास वास्तव ।।
स्नेह-सद्भावना कत्ति नहुनेलाई नाश छ जो ।
कौसल्याबाट जन्मेको दिन्थ्यो आनन्द व्यक्ति त्यो ।।
फेरि तिम्रा पिताले ती पत्नीको वशमा परी ।
जसलाई निकाले हा ! वनै बस्नु भनीवरी ।।
च-चौध वर्षको लागि त्यसमा पनि भाइ र ।
पत्नीकै साथमा निस्क्यो जो यशस्वी थियो स्थिर ।।
तिमी श्रीरामको त्यस्ता जो छन् निरपराध ती ।
भाई-लक्ष्मणको साथै गर्न खोज्छौ कि क्यै क्षति ? ।।
राज्यका कण्टकै जस्ता सिध्याई दुइलाई के ? ।
राज्य निष्कण्टकै पारी भोग्न खोज्छौ कि ? बाबु ए! ।।

२६

२७

ती भरद्वाज मुनिले यसरी भनिए पछि ।
आँखा भर भए आँशु दुःखले ढाक्दियो बढी ॥
अनि गद्‌गदवाणीमा महात्मा-मुनिराजमा ।
उनले विन्ती पारे यो लर्खराईकनै वहाँ ॥
सबै शक्ति हुने, बुझ्ने ऋषिराज हजुर् पनि ।
मलाई सम्झिबक्सिन्छ भने यस्तै, मरें म नि ! ॥
भएको छैन क्यै त्यस्तो अपराध मबाट ता ।
तस्मात् न भनियूँ त्यस्तो निर्दोष, छु प्रभो ! म ता ॥
मेरो निम्ति तथा मेरो लिई ओड वहाँ अहो । ।
जो मागिन् जो गरिन् मेरी आमालेनै गरिन् प्रभो ! ॥
मेरो सम्बन्धनै छैन त्यसमा कत्ति, क्यै पनि ।
आमाको काम त्यो कत्ति प्यारो ठान्छु न मै पनि ॥
मेरो आत्मा छ सन्तुष्ट यस्तो दुष्कर्मले न ता ।
न आमाले भनेको त्यो कुरो खान्छु प्रभो ! म ता ॥
भगवन् ! म त जाँदैछु मान्य श्रीराम-दाजुको ।
पक्रेर पाउमा पर्न, वन्दना गर्न, भेटन पो ॥
नरश्रेष्ठ उहाँ साथ प्रार्थना गर्छु, रुन्छु म ।
फर्काएर अयोध्यामा ल्याँउछु खुश पार्छु म ॥
उद्देश्य लिइ यै आएँ यहाँ, संझेर यो कुरा ।
प्रभुले गर्नु पर्ने भो दया अब ममा पुरा ॥

३६

३७

आज्ञा होस् बरु यो ब्रह्मन् ! महाराज महीपति ।
श्रीराम भइ बक्सेला कहाँ पो अहिले ? यति ॥
जाने वसिष्ठका साथ ती ऋत्विक्‌हरुले पनि ।
प्रार्थना त्यै गरे फेरि छन् यी निर्दोष नै भनी ॥
प्रसन्न अब भै हाले भरद्वाज-महामुनि ।
षडैस्वर्य हुने जो थे भन्छन् भरतमा अनि ॥
पुरुषश्रेष्ठ ए वीर ! रघुको कुलमा तिमी ।
जन्मियौ जुन, तस्मात् छ भन्नु यो उचितै पनि ॥
यसैले मान्यको सेवा तथा इन्द्रिय संयम ।
पछि लाग्ने, गुणै छन् यी साधु-सज्जनको पुनः ॥
म जान्दछु सबै तिम्रा मनका भित्रका कुरा ।
पचकारी तिमीलाई सोधें तै पनि ती कुरा ॥
विचार भावना तिम्रो स्थिर होस्, दृढ होस् तथा ।
कीर्ति फैलिरहोस् ज्यादै, भन्ने मनभरी हुँदा ॥
सीता लक्ष्मण साथैका वीर धर्मज्ञ रामको ।
ठेगाना, हाल इत्यादि म जान्दछु सबै कुरो ॥
ती तिम्रा दाजु श्रीराम बस्तछन् चित्रकूटमा ।
जुन पर्वतमा श्रेष्ठ छ महान् पनि जो यहाँ ॥
राजपुत्र ! तिमी बाबु ! जाऔला भोलि हुन्न त ? ।
मन्त्री आदि लिई सारा आज रात यहीं बस ! ॥

४६

४७

प्रिय वस्तु दिंना निम्ति छौ समर्थ, सिपालु छौ ।
ए महान् बुद्धिमान् ! मेरो यो धोको मेटन् योग्य छौ ॥
रूपादिको शीला-स्वभावको तक भई सकेका सब बोध वास्तव ।
सुयोग्य अत्यन्त उदार दृष्टिका भने भरतले म वसें भनी तदा ॥
त्यस्तो पवित्राश्रम मासुनीन्द्रको अत्यन्त राम्रो, जुन भव्य दिव्य थ्यो ।
यो रात बस्ने मन भो नरेन्द्रका सुपुत्र त्यस्ता उनमा स्वयं तथा ॥

४८

इती नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकान्नब्बे सर्ग

मुनिराज-भरद्वाजले सैन्य सहित भरतको अतिथि-सत्कार गर्नु

१

त्यो शुभाश्रममा बस्ने महात्मा मुनिराजको ।
गरे निश्चय नै पक्का त्यसरी उनले अहो ! ॥
गर्न आतिथ्य-स्वीकार भगवान् मुनिले पनि ।
दिए निमन्त्रणा त्यस्ता कैकेयी-सुतमा अनि ॥
सुनेर मुनिको निम्तो भन्ने मीठा कुरा अब ।
भने भरतले फेरि उहाँमा यसरी तब ॥
सकिन्थ्यो वनमा बस्ता गर्न आतिथ्य जो जति ।
प्रभुबाट भई हाल्यो भगवन् ! सब त्यो त्यति ॥
पाद्य अर्घ्य दुवै पाएँ प्रभुले बक्सियो यता ।
कन्द मूल-फलै खाएँ, प्रभो ! तृप्त छु है मता ॥
उनले यसरी भन्दा भरद्वाज-मुनीन्द्रले ।
गरेर खिस्स हाँसेमैं यो भने अझि स्नेहले ॥
हो ! म जान्दछु तिम्रो छ, ममा प्रेम अगाध यो ।
तस्मात् मैले दिएकोमा खुश हुन्छौं तिमी बडो ॥
यसर्थ यसवेला म तिम्रा सैन्यहरूकन ।
दिई निमन्त्रणा खोज्छु तृप्त पार्न र खवाँउन ॥
यसले ए नरश्रेष्ठ ! ममा हुन्छ प्रसन्नता ।
त्यस्तो काम पनी गर्न तिमी छौ योग्य सर्वदा ॥
यहाँ आयौ तिमी बाबु ! आफ्ना सैन्यहरू सब ।
छोडेर त्यत्तिको टाढा किन एक्लै ? हरेशिव ! ॥
सेना-मेना लिई साथै पर्थ्यो आँउनु नै तब ।
छोडेर जो तिमी आयो यल्ले दुःख पर्‍यो अब ॥
तपस्वी-मुनिका त्यस्ता कुरा यस्ता सुने पछि ।
स्वयं भरतले आफ्ना बाँधि हाले दशाङ्जलि ॥
अनि विन्ती चढाए यो-भगवन् ! प्रभुको डर ।
पस्यो भित्र, अनी आएँ एक्लै, सैन्य न ली म त ॥

१३

१४

सम्पूर्ण देशमा आफ्नो राजा वा राजपुत्रले ।
राम्ररी गर्नु नै पर्छ देख-रेख प्रयत्नले ॥
विशेष स्थितिमा यस्तो नाना विषयबाट थी ।
तपस्वीहरूलाई ता रोक्नु नै बेस हो अति ॥
मेरो साथ यता फेरि छन् प्रभो ! उत्तमोत्तम ।
मत्ता हात्ती तथा घोडा छन् मनुष्य निकै पुनः ॥
यस्ती विशाल-पृथ्वीको भाग घेरै जसो प्रभो ! ।
हिंड्छन् व्याप्त गरी ढाकी मेरा साथ सबै अहो ! ॥
तसअर्थ पनी आएँ म एक्लै यस ठाममा ।
हानि गर्न कुनै त्यस्तो न पाँऊन् नै भनी यहाँ ॥
यो शुभाश्रमका वृक्ष, जलका ठाम, भूमि वा ।
न बिगारुन् , न नाशुन् , क्वै पर्णशाला, कुटी तथा ॥
अब सैन्य सबै डाक, छोड भो ! यी कुरा सब ।
भनी भरतमा आज्ञा मुनिबाट भयो तब ॥
सहर्ष सब स्वीकार गरे भरतले त्यसै ।
वहीं डाक्न पठाए ती प्रिय-सैन्यकनै सबै ॥
मुनिराज भरद्वाज पसे अब यताविर ।
त्यो आफ्नो अग्निशालामा, बसे अनि भए स्थिर ॥
मुख-हात पुछे पैले अचाए शुद्ध भै जल ।
पूजा-आवाहना आदि गर्न लागे स्वयं तब ॥
राम्रो आतिथ्य-सत्कार त्यस्ता भरत-सैन्यको ।
उनले गर्नु थ्यो, तस्मात् गर्न थाले उनी यसो ॥
अग्निमा अग्निशालाको आवाहन गरी गरी ।
विश्वकर्माकनै डाके मुनिले मन्त्र यी पढी ॥
म देव-विश्वकर्माको गर्छु आवाहना यहाँ ।
जुन हुन् देवता त्वष्टा उनकै साथ-साथमा ॥

२६

२७

गर्न आतिथ्य-सत्कार यस्ता भरत वीरको ।
म खोज्दोछु सबै सैन्य साथमा, होस् प्रबन्ध त्यो ॥
भएका नाइके इन्द्र ती तीनै लोकपालको ।
गर्छु आवाहना फेरि प्रचेता-यम-यक्षको ॥
राम्रो आतिथ्य-सत्कार साक्षात् भरतको म जो ।
गर्न चाहन्छु, होस् तस्मात् प्रबन्ध सब वस्तुको ॥
पूर्व-पश्चिम फर्केर बग्ने नित्य-निरन्तर ।
जो जो नद-नदी छन् ती पृथ्वी-आकाशमा स्थिर ॥
गर्छु आवाहना सारा तिनलाइ यहाँ मता ।
गर्न आतिथ्य-सत्कार बहून् आज सबै यता ॥
कुनै नदीहरू ल्याँऊन् रक्सी 'मैरेय' नामको ।
ल्याँऊन् अर्का थरी चाँहि 'सुरा' रक्सी छ श्रेष्ठ जो ॥
नदी अर्काथरी ल्याँउन् ऊखूका रस ठीकको ।
ठण्डा पानी छ जो मीठो हुने मधुरस्वादको ॥
विश्वावसु तथा हाहा हूहू आदिक नामका ।
जो जो छन् देव-गन्धर्व डाक्छु आज मता यता ॥
साथमा लिइ सारा ती अप्सरा छन् जहाँ जति ।
आज आँऊन् यहाँ आफ्नो लिई शक्ति भए जति ॥
आँऊन् घृताची विश्वाची मिश्रकेशी अलम्बुषा ।
नागदत्ता तथा हेमा सोमा पर्वतमा स्थिता ॥
सभामा इन्द्रको बस्ने अप्सरा जति छन् तथा ।
ब्रह्माको गर्न सेवा जो जान्छन् स्त्रीहरू देवका ॥
गर्छु आवाहना आँऊन् तुम्बुरू साथ ली सब ।
सोह्र श्रृङ्गारले सारा सजिएका भई अब ॥
दिव्य अद्‌भुत अत्यन्त उत्तरै-कुरुवर्षमा ।
छ 'चैत्ररथ' जो राम्रो वन त्यो शोभिने वहाँ ॥
जसमा वृक्षका पातै गहना दिव्य वस्त्र छन् ।
दिव्य-नारीहरू सारा जसका फलमात्र छन् ॥
आओस् आज यहीं त्यस्तो यक्षराज कुवेरको ।
सनातन तथा दिव्य 'वन' अद्‌भुतरूप त्यो ॥
मेरा अतिथिका निम्ति भगवान् सोमदेवता ।
दिऊन् सर्वोच्च अन्नादि गर्छु आवाहना मता ॥
खाने, चपाउने, चुस्ने, चाट्ने, चार प्रकारका ।
पदार्थहरूको आज होस् प्रबन्ध छिटै यता ॥

४३

४४

खसेका भर्खरै मात्र रुख बाट मनोहर ।
पुष्प-माला तथा झुप्पा होऊन् सुन्दर सुन्दर ॥
पिउँने बस्तु हुन् नाना मद्द देखि सुरातक ।
नाना प्रकारका मासु तिनका साथ हुन् सब ॥
अत्यन्त तेजिला बल्दा स्थिर एकाग्र चित्तका ।
पुण्यव्रत भरद्वाज थिए शुद्ध-चरित्रका ॥
उच्चारणक्रिया मिल्दो खुल्दो प्रकृति-प्रत्यय ।
स्वरमा मुनिले सारा वहाँ बोलाइए तव ॥
अनि पूर्वतिरै फर्की बाँधी टप्प दशाञ्जलि ।
मनैमन उनी लागे ध्यान गर्न वहीं बसी ॥
मुनिले संझना साथ एकेक गरी ती सब ।
देवता आँउनै लागे अगाडि मुनिको अब ॥
हुने चन्दन श्रीखण्ड दुवै मलय, दर्दुर ।
गिरीको स्पर्श ली वायु लाग्यो बहन सुन्दर ॥
छुँदैमा प्रिय लाग्थ्यो यो पसीना नै सुकाँउथ्यो ।
थियो सुखकरै फेरि मनै आनन्द पार्दथ्यो ॥
यसैवेला यतापट्टि माथि आकाशबाट त ।
दिव्य पुष्पादिको वर्षा गरे बादलले स्वतः ॥
देव-दुन्दुभिका मीठा लागे सुनिन शब्द ती ।
गरी दिशा दशै व्याप्त आएका जो थिए पछि ॥
चल्न लाग्यो यहाँ वायु श्रेष्ठ, ठिक्क भई अब ।
अप्सरागण सम्पूर्ण नाच्न लागे यहीं जब ॥
देवगन्धर्व इत्यादि थाले मधुर गाँउन ।
घन्के घनक्क वीणादि मीठो तान झिकीकन ॥
शब्द सङ्गीतको यस्तो अब पृथ्वी-आकाश र ।
प्राणीका कानमा पस्तै गुञ्जियो भै मनोहर ॥
आरोह-अवरोहादि मिलेको शब्द त्यो यता ।
थियो सम तथा मीठो तालको लयको उता ॥
कानमा सुख लाग्ने र दिने आनन्द शब्द यो ।
उता सुन्दै थिए सारा त्यहाँका मग्न भै बडो ॥
यै वेलामा यता देखे सारा भरत-सैन्यले ।
रचना विश्वकर्माको रचेको दिव्यशक्तिले ॥
त्यो शुभाश्रमकी भूमि बीस कोश वरीपरि ।
भै रहेकी थिइन् सारा सम्मकी एकनाशकी ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

हरिया घाँस-दूबोले नीलवैदूर्य ठीकका ।
थिइन् राम्री निकै फेरि शोभिएकी पनी तथा ॥
थिए कतारमा मिल्दा नाना वृक्ष जहाँ-तहाँ ।
डुम्री र अमला बेल राम्रा खयर नै यहाँ ॥
राम्रा मीठा थिए आँप तथा कट्टरका रुख ।
यिनमा भर्दथे शोभा फलेका फलले सब ॥
दिव्य-सामानले पूर्ण उत्तरै कुरुवर्षको ।
वन आइ पुग्यो दिव्य त्यो चैत्ररथ नामको ॥
आए नद नदी नाना वहाँका रमणीय ती ।
जसका तट थे राम्रा वृक्षले शोभिने अति ॥
भएका चौधरा, शाला यद्वा कोठा मनोहर ।
तयार भै सकेकाथे बस्ने घर समुज्वल ॥
हात्तीसार तबेला र राख्ने गाडा तथा रथ ।
ठाम, शाला अनेकौं थे बनेका अति सुन्दर ॥
समृद्धव्यक्ति गै बस्ने अग्ला साततले तथा ।
प्रासादघर थे राम्रा बनेका अद्भुतै उता ॥
देखिन्थ्यो नगरै जस्तो बनेको घरले यता ।
थे राम्रा नगरद्वार तिनमा पनि झन् उता ॥
बस्न लायक राजाले राजाका परिवारले ।
यौटा महल थ्यो राम्रो बनेको दिव्य-शक्तिले ॥
राम्रा राम्रा थिए द्वार यसमा जान-आँउन ।
शोभिन्थ्यो मेघझैं राम्रो अग्लो भवन यो पुनः ॥
फूलले फूल-मालाले शोभिएको थियो उता ।
सुगन्धित तथा दिव्य सेंचिन्थ्यो जलले यता ॥
चारै पाटा मिलेको र अतिसुन्दर यो घर ।
ज्यादै फराकिलो थ्यो भै भित्र हेर्दा मनोहर ॥
यहाँ कोठा थिए राम्रा सुत्ने, बस्ने अनेकन ।
राख्ने नाना थरी यान थिए ठाम मनोरम ॥
सबै प्रकारका वस्तु यहाँ दिव्य र उज्जवल ।
रस-भोजन-वस्त्रादि भित्र ठिक्क थिए तब ॥
नाना शुभान्न थे ठिक्क मीठा राम्रा र स्वादिला ।
थिए धोएर राखेका पात्र स्वच्छ तथा सफा ॥
त्यस्तो भवनमा दिव्य बस्नका निम्तिमा यता ।
थिए आसन राखेका सजाएर जतातता ॥

७७

७८

राम्रा राम्रा थिए शय्या सुत्नका निम्तिमा
ठाम पारी सजाएर राखिएका
नाना प्रकारका दिव्य मणि-रत्नादिले
सारा महलमा शोभा भर्थ्यो छर्थ्यो
पाए भरतले आज्ञा भरद्वाज
महान् बाहु हुने जो थे यसैमा भित्र
पसे पछि उनी भित्र आए पछि-पछी
पुरोहित तथा मन्त्री अरू सैन्य पनी
देख्ता महलको यस्तो दिव्य निर्माण-
भित्र पस्ने सबैलाई भयो भित्र महान्
कैकेयी-सुतले देखे वहाँ अब
राजाका निम्तिको यौटा दिव्य सिंहासन,
छाता चँबर थे फेरि शोभिएका यही
संझे श्रीरामको पाउ मनैले उनले
पुरोहित तथा मन्त्री लिई सैन्यादि
उनले अनि त्यो भोगे गरी पैले
यो सिंहासनमा दिव्य राजा श्रीराम
छ राज गरिबक्सेको भन्ने यो धारणा
अनि ढोगे उहाँलाई त्यो सिंहासनको
श्रद्धा र भक्तिले राम्रो स्वयं पूजा गरे
पछि बाट लिए आफ्नै हातमा दिव्य
गै शुभासन—मन्त्रीको पारे शोभित भै
मर्यादाक्रमको साथ पुरोहित बसे
मन्त्रीहरू बसे फेरि अ-आफ्नोमा गई
सेनापति बसे आफ्नो योग्य आसनमा
वसे पछि प्रशास्ता, जो थिए सैन्यादि-
वहाँ दुबै घडी बित्ता न बित्तै अधिका
ती नदी बँहदै आए खीरै-खीर
ठीक मौका विचारेर भरद्वाज
आज्ञा यस्तै दिएकाथे तसअर्थ त्यसै
महर्षिका कृपा बाट नदीका तटमा
महलै उब्जिएकाथे दिव्य राम्रा थिए
यिनमा चूतको काम अति राम्रो हुने
गरिएको थियो जल्ले शोभिइन्थ्यो मनै

८४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

हुँदै मुहूर्त वित्तामा पठाएका विरिञ्चिले ।
यहाँ नारीहरू आए जुन बीस हजार थे ॥
तिनका अङ्गमा राम्रा गहना थे सुशोभित ।
कपडाहरू पैह्रेका थिए दिव्य विभूषित ॥
सुवर्ण-मणि-मोतीले मूगाले पनि शोभित ।
कुबेरले पठाएका आए स्त्रीहरू त्यत्ति त ॥
जसको स्पर्श पाएमा बस–उठ हुँदा नर ।
उन्माद–ग्रस्त जस्तो नै देखिइन्थे निरन्तर ॥
अप्सरा बीस हज्जार नन्दनै – बनका अरू ।
तिनकै साथमा आए गोप, नारद, तुम्बुरू ॥
तिनका अङ्गको कान्ति सूर्यको तेज ठीक थ्यो ।
तीनै गन्धर्व–राजा यी थाले गाँउन गीत पो ॥
मीठो स्वर झिकेर गाए भरतैको अघिल्तिर ।
अप्सरा नाच्न नै लागे आज्ञाले मुनिको स्थिर ॥
अलम्बुषा, मिश्रकेशी, पुण्डरीका र वामना ।
यी श्रेष्ठ अप्सरा चार नाच्न थाले स्वयं वहाँ ॥
फुल्थे जो फुल यौताका बगैंचामा विशेषतः ।
गन्धर्वहरूको चैत्ररथ–उद्यानमा स्वतः ।
सब ती फुल–माल्यादि प्रयागवनमै अब ।
देखिए झुक्न लागेका शक्तिले ऋषिको तब ॥
बडो गजब भै हाल्यो भरद्वाज–महर्षिको ।
तेजले शक्तिले त्यस्तो योगको जो अचूक थ्यो ॥
बेलका वृक्ष आफै नै दिँदै ठक्कर आफुमा ।
लागे मृदङ्गबाजा नै बजाँउन स्वयं वहाँ ॥
दिन्थे बडरकावृक्ष शम्यानामक ताल र ।
नाच्थे पिप्पलका वृक्ष भई नर्तक सुन्दर ॥
आए यस पछी वृक्ष यहाँ नानाथरी अरू ।
देवदारू तथा ताल, तमाल, तिलकैहरू ॥
गए पुड्के र बाउन्ने इच्छाले ऋषिको अनि ।
लागे भरतको सेवा गर्न नै सब ती पनि ॥
यता आमलकी जम्बू शिंशपा आदि वृक्ष यी ।
स्त्रीलिङ्गीनामका जो थे जत्ति थे सब ती पछि ॥
फूल जाई जुही बेली आदि यी लहरातक ।
स्त्रीकै रूप धरी आए त्यो शुभाश्रममा तब ॥

१११

११२

यताउति यसो घुम्दै भन्न लागे तिनै अब ।
वहाँका जनमा सारा सम्बोधन गरी सब ॥
ए सुरा पिउनै खोज्ने मन पर्ने मनुष्य हो ! ।
इच्छा मर्ने गरी आफ्नो सुरैमात्र पिओ ! पिओ ! ? ॥
जत्ति छौ भोक लागेका खाओ पायस ती सब ।
पवित्रशुद्ध छन् मांस, खाओ इच्छा भएतक ॥
जसलाइ यहाँ जो जो जस्तो इच्छा छ खाउ जे ।
तिमीहरू त्यही खाओ, आफ्नो इच्छानुसारले ॥
सात आठ मिली नारी यौटा पुरुषलाइ क्वै ।
लिइ जान्थे मजा साथ नदीका तटबीच त्यै ॥
वहाँ लागेर त्यल्लाई राम्रो सँग दली—मली ।
लगाइ तेल इत्यादि न्वाइ दिन्थे पछाडि ती ॥
ठूला ठूला हुने आँखा सुन्दरी रमणीहरू ।
पाउसिच्ने भई आए आफ्ना अतिथिको अरू ॥
भिजेको अङ्ग प्रत्यङ्ग पुछी पुछी रुमालले ।
पिलाए पिउँने वस्तु उनले अतिप्रेमले ॥
यता बाहनको रक्षा गर्नेमा खटिने हरू ।
बढे अघि अनी ख्वाए घाँस-भुस्सा-चनाहरू ॥
हात्ति-घोडा-गधा-ऊँट-गोरू-खच्चरले सब ।
अ-आफ्नो खाइने वस्तु खाए इच्छा भएतक ॥
इक्ष्वाकुकुलका श्रेष्ठ लडाका वीरले वहाँ ।
चढ्ने यात्रा-सवारीमा जोतिने यान आदिमा ॥
यस्ता वाहनलाई यी बलीया रक्षकादिले ।
ख्वाए मह, उखू, लावा, गरेरै जोड प्रेमले ॥
भएन आफ्नु घोडाको पत्तै सइसमा तब ।
जानेन माहुतेले क्यै हात्तीको पनि हालत ॥
यसरी सैन्य सम्पूर्ण मदमत्त प्रमत्त भो ।
आनन्दमग्न भो ज्यादै विचित्रै भो र शोभियो ॥
खान पाइ भने जस्तो भए टन्न र तृप्त यी ।
रक्तचन्दनको लेप पैह्रिंदा शोभिए अति ॥
अप्सराहरुको त्यस्ता पाइ संयोग सैन्य यी ।
थाले तल भने जस्तो भन्न वाक्य समेत ती ॥
अयोध्या अब फर्कन्नौं, जाँदैनौं अब दण्डक ।
भलो भरतको होओस् रहोस् श्रीराममा सुख ॥

१२८

CC-0. In Public Domain. Digitization by eGangotri

१२६

चढ्ने हात्ती तथा घोडा, हिड्ने पैदल सैनिक।
सईस-माहुते सम्म त्यसो भन्थे वहाँ सब॥
त्यस्तो सत्कार भोगेर भरद्वाज-महर्षिको।
स्वच्छन्द भइ यी सारा कुरा गर्थे विचित्रको॥
नर-नारी थिए जो जो जाने भरतका पछि।
हजारौंको थियो संख्या उनको, दङ्गथे अति॥
यी पदार्थ तथा वस्तु पाँउदा भोग्न वास्तव।
यही नै स्वर्ग हो भन्थे जोर जोर गरी सब॥
हजारौं सैन्यका व्यक्ति फूलका हार पैह्रिई।
नाच्तथे, गाउँथे, हाँस्थे सबै तरफ दौडिई॥
यसरी अमृतैतुल्य दिव्य अन्न मजा संगै।
खाए पनि बढ्यो इच्छा देख्ता ती वस्तु खानमै॥
दास-दासीहरू सारा सैन्यका स्त्रीहरूतक।
नयाँ र सुकिला वस्त्र पैह्रिंदा थे निकै खुश॥
घोडा हात्ती गधा ऊँट गोरू पन्छी तथा मृग।
पूर्ण तृप्त भएकाथे केही खोज्दैनथे, अब॥
यसवेला कुनै त्यस्तो त्यहाँ देखिन्नथ्यो जन।
लुगा राम्रो सफा सेतो न पैह्रेको हओस् जुन॥
बाँकी भोक भएको वा मैलो खिन्न हुने मन।
लागेको शिरमा धूलो क्यै भएन वहाँ जन॥
झिकेर फलको सार स्नेह वा तत्व-वस्तु ती।
वहाँ पकाइएकाथे परिकार पनी अति॥
अनेकौंथरका मासु थिए बोका-बँदेलका।
सुगन्धी वस्तु हालेका तर्कारी दाल थे तथा॥
मीठो बास्ना हुने राम्रा मसीना भातका भुजा।
थिए सबतिरै पूर्ण सैन्यका निम्तिका तदा॥
सुवर्णादिकका लाखौं भाँडामा सब अन्न यी।
राखिएका थिए गाडी ध्वजा पुष्पमयी पछि॥
थिए भरतका साथ यहाँ जो जत्ति आँउने।
उनले पात्र यी देखे भै गए अति जिल्लिने॥
छेउ-छाउ कुना काप्चातिर यो वनका तव।
भरिएका थिए कूवा भएका अम्म पायस॥
कामधेनु भएकाथे वहाँका गाइ ती सब।
त्यो दिव्य बनका वृक्ष मह बर्षाउँथे अम्म॥

१४५

१४६

खानेका निम्तिमा फेरि त्यहाँ नाना प्रकारका
मह मैरेय-रक्सीले थिए पूर्ण इनार वा।
थुप्रा थुप्रा थिए मासु मयूर लुईँचे अति
बदेल-मृगका सम्म पाकेका, सुकुटी पनि।
रिकापी र कचौरा थे हजारौं वस्तु राख्न यी
लाखौं पात्र थिए अर्का तर्कारी दाल खान ती।
पदार्थ अन्न यी खान पस्किने थाल आदिको
वहाँ सँख्या पुगेकोथ्यो अरबौं स्वर्णपात्रको।
भुँड्का भुड्की तथा गाग्रा ह्याम्पा आदि असँख्य थे
तिनमा थे दही टन्न मसला परिपूर्ण थे।
मथेको भर्खरैमात्र यौटै प्रहरभित्रको
केसरादि मिलेको थ्यो पोखरी घेर मोइको।
थिए शक्करका राशि दही दुद र मोइका
पोखरी नै थिए नाना ठूल्ठूला श्वेतवर्णका।
बहाँ नुहाँउना निम्ति नदी-तट वरीपरी
राखिएका थिए नाना द्रव्य, पात्र भरीभरी।
बुकुवा अमला आदि वस्तुका चूर्ण लायक
वहाँ पात्र भरी नाना राखिएका थिए तब।
थिए दतिवनै थुप्रा सफेद बुरुसै सरि
श्वेतचन्दनका धूला स्थित खोरी भरीभरी।
नाना प्रकारका ऐना काँइया थे वहीं पुनः
थानका थान थे वस्त्र अतिराम्रा र उत्तम।
नाना प्रकारका जुत्ता थे हजारौं खराउ ती
जसलाइ जहाँ जस्तो चाहिन्थ्यो ठिक्क थ्यो त्यही।
तिनका साथ-साथैमा थे थाँक्रा काँइयाहरू
सुरमा-गाजलै आदि शोभिन्थे पात्रता अरू।
धनु छाता थिए-,वर्म मर्मस्थान बचाँउने
साथ लेट्ने तथा बस्ने शय्या-आसन शोभिने।
घोडा-हात्ती-गधा-ऊँट-गोरुकाइ निम्तिका वहाँ
थे पानी पिउने ठाम जलाशय जहाँ तहाँ।
यिनमा घाट थे नाना-जानु-आँउनु गर्नेमा
सजिलै सकिने राम्रा बनेका ठाम-ठाममा।
शोभा पाइ रहेकाथे तिनमा पद्म उत्पल
आकाशठीकका स्वच्छ जलका थे सबै दह।

१६२

CC-0. In Public Domain. Digitization by eGangotri

१६३

स्नान गर्न तथा पौडी खेल्न सम्म पनी यहाँ ।
आँउथ्यो सुख आनन्द, मग्न पार्थ्यो जहाँ तहाँ ॥
पशुले खानको निम्ति नीर-वैदूर्य-कान्तिका ।
हरीया कमला घाँस थुप्रा थुप्रा थिए तथा ॥
थिए भरतका साथ गएका जत्ति जो वहाँ ।
ती सबैले स्वयं देखे त्यस्ता वस्तु जहाँ तहाँ ॥
त्यत्रो फौज हुने साथ यस्ता भरत-वीरको ।
यस्तो आतिथ्य-सत्कार जो भरद्वाज बाट भो ॥

१६६

१६७

भन्नै न सकिने भो यो, स्वप्न जस्तो र अद्भुत ।
देख्नेभोग्नेहरू सारा भए अत्यन्त विस्मित ॥
देवताहरूले आफ्नो वन-नन्दनमा गई ।
गर्छन् क्रीडा-विहारादि जस्तो आनन्दितै भई ॥
त्यही ठीक गरे सारा यिनले पनि रम्य त्यो ।
भरद्वाज-महात्माको शुभाश्रमविषे अहो ! ॥
विहार यसरी गर्दा गर्दै ती सबको अब ।
भयो छर्लङ्ग त्यो रात आनन्द—सुखपूर्वक ॥

१७०

१७१

भरद्वाज सँगै मागी बिदा अब गए सब ।
अप्सरा नदी गन्धर्व आए जस्तै गरी तब ॥
वहाँ गएका जनमा जती थिए रक्सी पिई मत्त हुने, हुँदै थिए ।
श्रीखण्डदिव्यागुरू लेप जो थिए लगाइएका अघि, शोभिँदै थिए ॥
ती दिव्य नाना थर पुष्प,—हार जो थे पैह्रिएका उनले वहाँ अहो ! ।
पृथक पृथक रूप र वर्णमा स्वतः थे माडिएका छरिएर शोभित ॥

१७३

इति एकान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयान्नब्बे सर्ग

राजकुमार-भरतले मुनिराज सँग विदा लिई चित्रकूट–प्रस्थान गर्नु

१

पाए भरतले सेना साथ इच्छानुसारको ।
शुभ आतिथ्य–सत्कार भरद्वाज महर्षिको ॥
विताई त्यसरी रात भोलिपल्ट स्वयं उनी ।
गए जाने विदा माग्न भए ठाम महामुनि ॥
नरश्रेष्ठ उनीलाई हात जोडी त्यसो गरी ।
आएका उनले देखे आफैंतिर सरासरी ॥
अग्निहोत्रादिका आफ्ना बाँकी काम सकीकन ।
भन्दछन् उनमा यस्तो भरद्वाज तपोधन ॥
ए शुद्ध चित्तका बाबु ! मेरो आश्रमबीच यो ।
तिम्रो रात वित्यो राम्रो, सुख आराम क्यै मिल्यो? ॥
यी तिम्रा साथ आएका सेना मेना पनी सव ।
भए सन्तुष्ट के बाबु ! मझा भन तिमी अव ॥
केही बाहिर निस्केका आश्रमैबाट ती मुनि ।
थिए अत्यन्त तेजस्वी तपोधन हुने पनि ॥
बढी अघि वहाँ केही यता भरतले अव ।
उहाँको पाउमा ढोगे हात जोड्दै भने तव ॥
प्रभो ! सेना—सवारीको साथमा सुखपूर्वक ।
मैले रात विताएँ यो, ज्यादै खुश भयौं सव ॥
भगवन् ! प्रभुको यस्तो यो तपोबल—शक्तिले ।
परितृप्त भयौं खाई आफ्नो इच्छानुसारले ॥
सारा थकाई सन्ताप सेनाकै साथमा छुट्यो ।
दिव्य अन्न गर्‍यौं भोग मन लागे सरी प्रभो ! ॥
बस्नको निमित्तमा राम्रा बनेका घरमा गई ।
बस्यौं रात भरी सारा वित्यो तस्मात् सुखी भई ॥
मुनिश्रेष्ठ प्रभो ! आएँ अब जान गरी मन ।
आज्ञा पाँउनको लागि प्रभुको शुभ पावन ॥

१३

१४

राम दाजु भए ठाम अव जान्छु म ता प्रभो ।
म पाउँ प्रभुको दृष्टि स्नेह—सद्भावपूर्ण यो ॥
महान् आत्मा हुने त्यस्ता धर्मात्मा राम दाजुको ।
त्यो आश्रम कहाँ होला सुन्न पाउँ म यो ? प्रभो ! ॥
कत्ति टाढा छ त्यो ठाम जाने हो कुन मार्गले ।
मलाइ भन्दिई बक्स्योस् यो पनी मुनिराज ए ! ॥
दाजुको दर्शनै गर्न खोज्ने भरतलाइ ती ।
महान् तेज तपस्याका भने यी मुनिले पछि ॥
यहाँबाट कुनै त्यस्तै टाढामा दश कोशको ।
अनकन्टारको यौटा छ पहाड रमाइलो ॥
चित्रकूट छ यो नाम त्यसको छन् त्यहाँ पुनः ।
झरेका झरना नाना शोभिइन्छ निकै वन ॥
उत्तरी–भेगमा यस्को बग्छिन् मन्दाकिनी नदी ।
फलका फूलका वृक्ष त्यहाँ शोभित छन् अति ॥
ज्यादै रमाइला बाक्ला ठूल्ठूला छन् वहाँ रुख ।
फुलेका छन् फलेका छन्, छ वनै सव भूषित ॥
त्यहीं मन्दाकिनी पारी चित्रकूट पहाड छ ।
नदी–पर्वतको बीच पहिले पुग्नु पर्दछ ॥
त्यहाँ पुगे पछी मात्र देख्नेछौ रामको कुटी ।
बुझ्यौ बावु ! त्यहीं पक्कै छन् तिम्रा दाजु-भाइ ती ॥
सेनापते ! तिमी चाँहि हात्ती घोडा रथादिले ।
परिपूर्ण लिई सेना जाउ है यस मार्गले ॥
भएर दाहिने भेग यमुनाका किनारको ।
जुन वाटो गएकोछ दुइमै पछि फाट्छ त्यो ॥
तिनमा जो गएकोछ, भै वायाँ दाहिनेतिर ।
तिमी जाऊ यही बाटो गरी, सेना लिई स्थिर ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

महान् भाग्य हुने छौ जो यो बाटोले गयौ भने ।
सजीलै रामलाई ती छौ तिमी देख्न पाँउने ॥
अब जाने यहाँ बाट भन्ने यस्तो सुने कुरा ।
महारानी तथा रानीहरूले पनि भूपका ॥
हिंड्ने सँधै सवारीमा भए ता पनि यी सब ।
पाउले नै हिंडीं आए घेरे मुनिकनै अब ॥
थिन् कौसल्या महारानी उपवास लिंदा लिंदा ।
दुब्लाएकी निकै, फेरि काँप्थिन् थर्थर जो यता ॥
दीन-हीन भएकी थिन् सुमित्रा साथ ली तदा ।
समातिन् बाहुले पत्नी पाउ ती मुनिराजका ॥
आफ्नो इच्छा तथा धोको न पुग्दा सब विश्वको ।
निन्दापात्र बनेकी थिन् कैकेयी त्यसरी अहो ! ॥
उनी अघि बढिन् केही लाज मानी निकै अब ।
गरिन् श्रीचरण-स्पर्श महात्मा ऋषिको तब ॥
प्रदक्षिणा गरिन् फेरि भगवान् मुनिलाई र ।
मन खिन्न लिंदै आई बसिन् पुत्र भएनिर ॥
महान् मुनि महात्मा ती भरद्वाज वहाँ अब ।
सोध्छन् भरतमा यस्तो भै प्रसन्न स्वयं तव ॥
भन राधव ए बाबु ! जान्न खोज्दछु है म ता ।
ममा अब, छ के तिम्रा यी आमाको विशेषता ! ॥
मुनिले यसरी सोद्धा बोल्न राम्रै सिपालु ती ।
जोडी हात उनी भन्छन् धर्मप्रकृति भै अति ॥
भगवन् ! प्रभु जल्लाई देखि बक्सिन्छ शोकले ।
दुब्लाएको न खानाले दुःखिनी पुत्र-पीरले ॥
उहाँ मेरा बुबाज्यूकी जेठी पत्नी पतिव्रता ।
कौसल्या भइ बक्सिन्छ देखिंदी ठीक देवता ॥
जस्तो अदितिले धाता जन्माइन् सुत, योग्यकै ।
जन्माइ बक्सिएको हो मुमाले पनि ठीकत्यै ॥
नरश्रेष्ठ गुणश्रेष्ठ सिंह झैं हिंडि बक्सने ।
पराक्रम हुने त्यस्तै दाजु रामकनै मुने ! ॥
उहाँ सँग-सँगै बाँयातिर राज हुने यता ।
मन खिन्न भएकी र दुःखले अतिपीडिता ॥
पीरले गहना फ्याँक्ता वनमा कर्णिकारको ।
हाँगो ठीक कुनै रित्तो देखिने पुष्प-हीनको ॥

४२

४३

प्रभो ! जो भइ बक्सिन्छ उहाँ नै माहिली मुमा ।
सुमित्रा भइ बक्सिन्छ राजरानी मनोरमा ॥
सत्य पराक्रमी वीर देव झैं तेजिला अति ।
दुवै लक्ष्मण शत्रुघ्न उहाँकै हुन् सुपुत्र ती ॥
पुरुषश्रेष्ठ श्रीराम तथा लक्ष्मणले तक ।
वन बस्न पऱ्यो जातु जसको हेतु ली दृढ ॥
यस्तो जीवन-संकष्ट पार्दिने उनमा प्रभो ! ।
पति राजाकनै त्यस्तो दिने कष्ट वियोगको ॥
बुबा राजा-दशरथ जसको हेतुले गरी ।
पछि स्वर्ग सवारी भो त्यसरी दुःखमा परी ॥
निकै चर्को हुने क्रोध यी कुशिक्षित-बुद्धिकी ।
आफैं भाग्यवती मान्ने, ठान्ने मै अतिसुन्दरी ॥
राज्यको लोभमा मर्ने अनार्या भैकनै पनि ।
देखिने अफ्न आर्याझैं स्वयं अत्यन्तगर्विणी ॥
पाप निश्चयकी क्रूर-चित्तकी यिनलाइ ता ।
मेरी आमा भनी संझी बक्सियोस् भगवन् ! सदा ॥
यो मेरो टाउको माथि यत्रो संकष्ट जो पऱ्यो ।
मूल-हेतु उहाँ नै मै भो भन्ने मान्छु यो कुरो ॥
यत्ति भन्दा न भन्दैमा ती नरश्रेष्ठ-वीरको ।
वाक्य लर्खराई हाल्यो आँसुले पछि रोकियो ॥
राता राता भए आँखा उनका अब तत्क्षण ।
गर्न लागे उनी स्वाँ ! स्वाँ !! क्रुद्ध सर्प सरी पुनः ॥
त्यस्तो भन्ने उनीलाई भने अब महर्षिले ।
बुद्धिमान् जो थिए ज्यादै यो कुरा, पूर्ण हेतुले ॥
कैकेयी छन् भनी दोषी न संझ अब बाबु ! भो ।
पछि बाट सुखै देला रामको वनवास यो ॥
ब्रह्मचिन्तन गर्ने ती ऋषिको देव - दैत्यको ।
पछि श्रेय लिने नै छ रामलाइ निकाल्नु त्यो ॥
ठेगाना रामको जाने — बुझे भरतले वहाँ ।
झुकेर पाउमा ढोगे गरे अनि प्रदक्षिणा ॥
उहाँ साथ विदा मागे गएँ ! अब भने यता ।
सैन्य—प्रस्थानको आज्ञा गर्नु भन्ने दिए उता ॥
त्यस्तो आज्ञा हुना साथ अनेकौं खालका जन ।
आफ्नो आफ्नो सवारीमा चढ्न लागे दनादन ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

घोडा रथ चढे दिव्य सुन रत्नादि-भूषित ।
अरू यान चढे नाना भए अतिविभूषित ॥
कसेका सुनका हौदा पताका फर्फराँउने ।
ढोई-हात्तीहरू लस्के भएर अतिशोभिने ॥
टङ्टङ् घण्टा बजाएर वर्षाका मेघ ठीक नै ।
गर्जिंदै हिंड्न लागे ती राम्रो शोभा लिंदै लिंदै ॥
मोल घेरै र थोरैका साना-ठूला अनेकन ।
अ-आफ्नो यानमा चढ्दै हिंड्न लागे वहाँ जन ॥
सवारी न हुने जो जो थिए पैदल मानिस ।
ती पनी पैदलै हिंड्न लागि हाले वहाँ अव ॥

६५

६६

कौसल्या आदि जो जो थे महारानीहरू उता ।
श्रेष्ठश्रेष्ठ सवारीमा ती सबै गै चढे यता ॥
भित्र इच्छा बढेकोथ्यो राम-दर्शन गर्नको ।
हिंडे यो तानिदा त्यल्ले दङ्ग भै भित्र मन वढो ॥
भर्खरैको हुने ज्योति सूर्य-चन्द्र-समानको ।
पालकी ल्याइयो बोकी राम्रो उज्वलवर्णको ॥
यसैभित्र चढे वीर श्रीमान् भरत गै तव ।
चाहिने वस्तुका साथ अघि बढ्दै गए अव ॥
ज्यादै विशाल यो सैन्य हात्ती घोडा हुने निकै ।
दक्षिणैतिर बढ्दै गो महामेघ समानभै ॥

७०

७१

गङ्गा पार उता पट्टि जति थे वन-पर्वत ।
छिचोल्यो सजिलै नाना पत्ती र पशु-सेवित ॥
सेना भरीका गज अश्व आदि थिए सबै दङ्ग प्रसन्न ज्यादि ।
सम्पूर्ण पत्ती-पशु सम्मलाई परन्तु पार्थे डर भित्र हाई ! ॥
यसो गरी त्यो वनमा विशाल पस्यो स्वयं सैन्य पनी विशाल ।
शोभा अनौठो यसको भयो, जो थियो भरत्को अति योग्य यस्तो ॥

७३

इति बयान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रियानब्बे सर्ग

राजकुमार-भरतको रामाश्रममा गमन

१

यत्रो विशाल सेनाले यात्रा गर्दा त्यसो गरी ।
बनवासीहरू सारा भए पीडित राम्ररी ॥
यूथका पति जो जो थे मत्ता हात्तीहरू वहाँ ।
अ-आफ्ना यूथकै साथ भाग्न लागे जहाँ तहाँ ॥
भालू रुरु तथा बुट्टे सादा मृग सबै थरी ।
लागे देखिन यो वेला नदी-गिरि-वनै भरी ॥
महान् कोलाहलै गर्ने विशाल चतुरङ्गिणी ।
सेनाले घेरिएकाथे धर्म प्यारा हुने उनी ॥
त्यस्ता राजा दशरथ महात्मा वीरका सुत ।
गए भरत यी बढ्दै अगाडि अब भै खुश ॥
थियो विशाल सेना यो उर्लंदो सिन्धु-तुल्यको ।
साक्षात् भरतको त्यस्ता पृथिवी ढाकि हिंड्दथ्यो ॥
सजिलै सब आकाश वर्षाकाल भयो भने ।
जसरी मेघले ढाक्छ भयो त्यै ठीक देखिने ॥
अत्यन्त बलिया हात्ती-घोडाका समुदायले ।
भरिएको र ढाकेको थियो यो सैन्य-शक्तिले ॥
यसरी फैलिएकोले टाढा सम्म निकै निकै ।
देख्नै मुस्किल पर्थ्यो यो धेरै बेर बितेतकै ॥
जाँदा जाँदा पुगे टाढा वहाँ भरत यी तब ।
सवारी यिनका थाके थाक्नसम्म सबै अब ॥
अनि मन्त्रीहरूमा थे श्रेष्ठ सल्लाह गर्नमा ।
श्रीमान् भरत यी भन्छन् आफ्ना गुरु वसिष्ठमा ॥
गुरुदेव ! सुनेकोथें मैले जस्तो वहाँ अघि ।
त्यस्तै स्वरूपका सारा देखिन्छन् वनभाग यी ॥
यसले पनि जानिन्छ भरद्वाज महर्षिले ।
अघि आज्ञा भएको त्यो ठाम आइ पुग्यो कि के ? ॥

१३

१४

हो ! ठान्छु भगवन् ! पक्कै चित्रकूट-पहाड त्यो ।
नदी-मन्दाकिनी बग्छिन् ऊ ! त्यहीं, ठाम त्यै त हो ॥
देखिन्छ यसरी राम्रै टाढै बाट प्रकाशिलो ।
नीलमेघ सरीको त्यो वन हो ! चित्रकूटको ॥
यी मेरा पर्वतै जस्ता हात्ती यो चित्रकूटको ।
ढिस्काढिस्की बिगार्दैछन् डाँडाका रमणीय त्यो ॥
यी वृक्ष छन् निकै अग्ला डाँडाभर पहाडका ।
गर्दैछन् फूलको वर्षा कति राम्रो गरी अहा ! ॥
वर्षा लाग्दा हटी ग्रीष्म बोकेका जल बादल ।
जसरी यिनमा गर्थे जल-वर्षण, त्यै ठिक ॥
अब शत्रुघ्नमा भन्छन् हेर ! शत्रुघ्न बाबु ! यो ।
राम्रो उपत्यका बीच देखिंदोछ प्रदेश जो ॥
किन्नरादि जहाँ आई विहारादिक गर्दथे ।
ग्राहले सिन्धुकै ठीक अश्वले अब त्यो भरे ॥
मृगका गण यी सारा सैन्य बाट लखेटिंदा ।
छीटो छीटो लिई वेग दौडिन्छन् कसरी अहा ! ॥
शरत्का ऋतुमा राम्रा सेता बादलका दल ।
आकाशमा उडाएझैं हावाले छन् सुशोभित ॥
यी वृक्ष अथवा सैन्य मेघका कान्ति-तुल्यका ।
देखिन्छन् ढाल पैह्रेका दक्षिणी-नर ठीकका ॥
यिनले-शिर-हाँगामा सुगन्धमय पुष्पको ।
गुच्छाको गहना राम्रो छन् पैह्रेका विशेष जो ॥
पहिले वन यो सारा जनताको अवाज क्यै ।
न हुँदा अति डर्लाग्दो देखिन्थ्यो सब शान्त भै ॥
अहिले वन यो व्याप्त हुनाले व्यक्तिले सबै ।
अयोध्याठीक देखिन्छ जनपूर्ण हुने सँधै ॥

२६

२७

घोडाका टाप पर्नाले उठेका धूलका कण ।
सारा आकाश नै ढाकी रहेकाछन् पुनः पुनः ॥
मेरो काम कुनै प्यारो गर्छ जस्तो भने सरि ।
हाम्रा यो माशछ त्यो धूलो तर छीटो बहीवरी ।
देखिन्छन् कत्ति चाँच्चाँडो दौडेका वनमा रथ ।
श्रेष्ठ-सारथिले हाँक्ता घोडा श्रेष्ठ हुँदा सब ॥
लाग्ने प्यारा निकै राम्रा हेरि बक्स्योस् मयूर ती ! ।
हाम्रा सैनिकको पर्दा डर भाग्छन् छिटो कति ? ॥
अरु पत्ती पनी ओहो ! अ-आफ्नो गुँड-वासमा ।
पुग्नको निम्ति उड्दैछन् परी सब अत्यासमा ॥
ज्यादै रमाइलो लाग्यो बाबु ! शत्रुघ्न ! ठाम यो ।
तपस्वी-जन बस्ने जो हो पक्कै मार्ग स्वर्गको ॥
चित्रे मृगहरू हेर ! कति राम्रा वनैभरी ।
घुम्दैछन् मृगिणी साथ ऊ ! विहार गरीगरी ॥
लगेर फूलका पुच्छा ठप्प टाँसी दिए सरि ।
देखिन्छन् कति राम्रा यी ! हुँदा चित्रित राम्ररी ॥
भै गयो अब, यी सेना राम्रो सँग बढुन् अघि ।
खोजुन् विस्तार विस्तार सारा वन घुमीवरी ॥
मनुष्यहरूमा श्रेष्ठ ती दुबै राम लक्ष्मण ।
भेटिन्छन् जसरी, पत्ता पाइन्छ जसरी पुनः ॥
सुनी भरतको आज्ञा शूरवीरहरू निकै ।
दौडे वनभरी आफ्ना हथियार लिई सबै ॥

३७

३८

वहाँ क्यै अघि बढ्दामा निकै माथि अकाशमा ।
धूँवा उठि रहेकोथ्यो देखे त्यै सबले वहाँ ।
अब फर्केर आए ती भने भरतमा यसो ।
धूवाँ देख्यौं त्यहाँ माथि हामीले सब हे प्रभो ! ।
त्यहाँ आगो हुँदैहुन्न छैनन् मान्छे जहाँ कुनै ।
पक्कै राज भएकोछ त्यहीं राम र लक्ष्मणै ।
मनुष्यहरूमा श्रेष्ठ दिने ताप स्वशत्रुमा ।
राजपुत्र दुवै भाई न भए पनि ता वहाँ ।
राम -- लक्ष्मणकै ठीक दिव्य--तेजविभूषित ।
तपस्वी अरू ता पक्कै बस्तछन् यो छ निश्चित ।
सुने भरतले आफ्ना सैन्यका यी कुरा सब ।
जुन सज्जनले सम्म मान्न लायक थे तब ॥
जो थिए उनका शत्रु तिनका सैन्यको सब ।
जरै उखेल्न सक्थे यी, भन्छन् सैनिकमा तब ॥
सावधान भई सारा तिमी बस यहीं अब ।
यताउति यहाँबाट नजाओ, न अघी बढ ।
म नै जान्छु वहाँ आफैं साथमा लिइ जान्छु म ।
मन्त्री सुमन्त्रलाई र धृतिलाई पनी पुनः ।
पाए भरतको यस्तो आज्ञा सैनिकले सबै ।
वहीं बसिरहे तस्मात् छरिएर जवानले ।
जहाँबाट उठेकोथ्यो धूँवा भरतले अब ।
उतैतिर दिए दृष्टि स्थिर लक्ष्य लिई तब ॥

४८

४९

यो सैन्य आफ्ना पतिले भनी त्यसो अड्याइएको यस ठाममा अहो ! ।
अगाडिको भूमि र मार्ग आदि त्यो हेर्दै रहेता पनि ठिङ्ग भै रह्यो ॥
वेलाविषे यो, सब सैन्यलाइ त्यो विश्वास साथै दृढ बोध यो थियो ।
अवश्य चाँडै अब राम साथमा मिलाप भै दर्शन पाँउछौं यहाँ ॥

५०

इतो त्रियान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौरान्नब्बे सर्ग

श्रीरामले सीतासाथ चित्रकूटको शोभा वर्णन गर्नु

१

वन-पर्वत नै ज्यादा लाग्दथ्यो प्रिय राममा ।
बसेकाथे निकैदेखि यसैले चित्रकूटमा ॥
देवता ठीक तेजस्वी उनै राम कुनै दिन ।
वैदेही-प्रिय-सीताको प्यारो हुन्छ भनीकन ॥
मनोविनोदका लागि फेरि आफ्नु पनी यता ।
त्यो चित्रकूटको शोभा लागे वर्णन गर्न ता ॥
इन्द्रले प्रिय-पत्नी ती शचीको साथमा बसी ।
शोभा पर्वतको राम्रो बखाने झैं गरी, बसी ॥
सुन ! कल्याणि ! ए सीते ! देख्ता सुन्दर यो गिरि ।
पार्न सक्तैन क्यै चोट ममा कष्ट कुनैथरी ॥
पीर छैन कुनै त्यस्तो राज्यच्युत भए पनि ।
प्यारा मित्रहरू द्वारा छुटेर रहँदा पनि ॥
कल्याणि ! ल यता हेर ! गिरिमा यो मनोहर ।
गर्छन् कलरवै नाना पक्षीहरू निरन्तर ॥
सुवर्ण गेरु इत्यादि हुँदा धातु सुशोभित ।
आकाशैलाई छेडछन् झैं यसका शृङ्ग छन् स्थित ॥
यस्ता प्रकारका अग्ला टाकुरा चुचुरा हुँदा ।
यो चित्रकूट शोभिन्छ ए सीते ! कसरी अहा ! ॥
नाना प्रकारका धातु सुन-गेरुहरू हुँदा ।
साह्रै शोभा लिंदैछन् यी प्रदेश गिरिराजका ॥
चाँदीकै ठीक देखिन्छन् टाकुरा यिनका कति ।
कुनै रगतझैं राता देखिन्छन् झल्किदा अति ॥
पहेंला रङ्गका छन् यी कहीं मञ्जिष्ठ-वर्णका ।
मणि-रत्नादिझैं श्रेष्ठ छन् उज्ज्वल कहीं अहा ! ॥
कहीं छ पुष्पराजैझैं कहीं स्फटिक ठीक छ ।
केतकी-पुष्पकै तुल्य छ कहीं झल्किदा स्वतः ॥

१३

१४

तारा नक्षत्रकै ठीक झल्किन्छन् ऊ ! कहीं भने ।
पारो टल्के सरी राम्रा देखिदैछन् कहीं भने ॥
सीते ! असंख्य-पक्षीले व्याप्त यो गिरिराज छ ।
नाना पशुहरू बस्छन् यहीं नै सुखपूर्वक ॥
मृगका भेद छन् जत्ति छन् यहीं ती सबै स्थित ।
भालू र चितुवा बाघ घुम्दछन् यसमै नित ॥
दुष्टस्वभाव त्यो आफ्नो यिनमा जो छ हिंसक ।
बस्तछन् त्यो सबै छोडी शोभा भै वनको तक ॥
यहीं वृक्ष अनेकौं छन् आँप-जामुनु-लोधका ।
धव कटहर अंकोल तथा असन भव्यका ॥
प्रियाल बाँस तिनिश काश्मीरी बेल तिन्दुक ।
अमला महुवा नीम कदम्ब तिलकादिक ॥
इन्द्रजौ वेत वरण अनार बयरैतक ।
शोभिइन्छन् यहाँ धेरै फलफूल हुँदा सब ॥
बाक्ला छाया हुने यस्ता वृक्षले यी मनोहर ।
व्याप्त भै गिरि यो सीते ! शोभा भर्छ निरन्तर ॥
सिरिङ्ग जिउ पार्नामा कामोद्दीपनमा पनि ।
यिनका टाकुरा सारा छन् समर्थ त्यसै पनि ॥
यिनैमा हेर ऊ ! सीते! गर्छन् किन्नर-दम्पती ।
मनमाफिकका क्रीडा जोडा जोडा मिली बसी ॥
देख्यौ वी ! वृक्षका राम्रा हाँगामा यिनले सब ।
अ-आफ्नो खड्ग राखेका हल्लिदैछन् अझैतक ॥
शरीर बाट पैह्रेका फुकाली वस्त्र उत्तम ।
भुण्डाएर तिनैबीच गर्छन् क्रीडा मनोरम ॥
यता विद्याधरस्त्रीका हेर क्रीडा-प्रदेश ती ! ।
कति राम्रा मनै हर्ने देखिन्छन् श्रेष्ठ छन् अति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

खस्तै छन् झरना अग्ला ठाम बाट कहीं यता ।
सोता पृथ्वी छिचोलेर निस्कँदैन् कहीं उता ॥
कहीं पत्तै न पाएझैं बग्दछन् जलधार ती ! ।
कुराले यी सबै गर्दा शोभिन्छ गिरि यो अति ॥
मत्ता हात्ती कुनै जस्तो थाप्लो फुट्ता भए जति ।
चुहाई मद शोभिन्छ, त्यैझैं शोभिन्छ यो अति ॥
निस्किएको गुफा बाट वायु नाना प्रकारको ।
पुष्पको गन्ध ली मीठो बहँदैछ यता अहो ! ॥
सुगन्ध यसको सुँध्दा यहाँ कुन मनुष्यको ।
न होला नासिका तृप्त ? न मान्ला सुख-हर्ष को? ॥
ए सच्चरित्रकी सीते ! तिमी लक्ष्मण साथ ली ।
बसें भने पनी मैले यहाँ वर्ष अनेक ती ॥
पिर्न सक्तैन है भद्रे ! क्यै गरे पनि शोकले ।
जुन औले भए जस्तो छ ममा पुर-त्यागले ॥
असंख्य-पशु-पक्षीले भरिएको र सेवित ।
नाना प्रकारका राम्रा फल-पुष्पादि शोभित ॥
यो चित्रकूटका नाना शोभिएका विचित्रका ।
टाकुरामा गरें क्रीडा, निकै मन पऱ्यो अहा ! ॥
मलाइ आइ लागेको यस्तो जङ्गल-वासले ।
दुइटा लाभ भो, पाएँ दुइटै फल ए प्रिये ! ॥
आज्ञा पाल्दा बुवाज्यूको धर्मले ऋण त्यो तिरें ।
भाइ-भरतको अर्को प्रिय-कार्य पनी गरें ॥
भन वैदेहकी छोरी ! गिरिमा चित्रकूट यो ।
बस्तामा यसरी मेरो साथमा छौ सुखी कसो ? ॥
शरीर-मन-वाणीको प्यारो लाग्ने अनेकन ।
देख्ता पदार्थ वा वस्तु आनन्दै मान्दछौ, भन? ॥
मेरा बाजे-बराजू जो राजर्षि मनु आदि थे ।
निर्देश उनले यस्तो गरेका छन् सुन प्रिये ? ॥

४०

४१

वनवास सुधा नै हो नियमै पालना गरे ।
ठूलो कल्याण यै दिन्छ देह-पात हुँदा भरे ॥
हेर सीते ! यता फेरि गिरिको यो मनोहर ।
ठूल्ठूला छन् शिला लाखौं छरिएका सबैतिर ॥
देखिन्छन् फेरि यी सारा अनेक रँगका तथा ।
नीला सेता पहेंला र राता चित्रितवर्णका ॥
रातमा यिनमा माथि उम्रेका सब औषधि ।
बल्दछन् ज्योतिले आफ्नो फ्याँकी लाखौं थरी छवि ॥
विदेहराजकी पुत्री ए प्रिये ! जानकी ! सुन ।
बल्छन् अग्नि-शिला जस्तै सब धप्धप भै पुनः ॥
यहाँ प्रदेश देखिन्छन् घरकै ठीकका कुनै ।
फल-फूल हुँदा घेर बगैंचा ठीक छन् कुनै ।
कहीं कहीं भने यस्ता देखिन्छन् ठाम हेर ती ! ॥
ढुङ्गै ढुङ्गा छ फैलेको जहाँ टाढातकै अति ॥
म त ठान्दोछु यस्तो कि ए सीते ! चित्रकूट यो ।
छेडेर पृथिवीलाई निस्केकै सरि शोभियो ॥
शोभिन्छन् हेर कल्याणि ! कूट यी चित्रकूटका ।
यसरी अति राम्रा भै जता हेऱ्यो उनै उता ।
विलासीहरूका शय्या बनेका छन् सुशोभित ।
भोजपत्र र पुन्नाग पुत्रजीवक उत्पल ॥
ओढ्नेको काम नै दिन्छन् यिनका पात फेरि ती ।
जसलाईं छ ढाकेका पद्मका पातले पनि ॥
प्रिये ! कमलको माला विलासीहरुले उता ।
उपभोग गरी माडी फ्याँक्दिएछन् जतातता ॥
बिदेहराजकी पुत्री ! यता हेर ! मनोहर ।
नाना प्रकारका छन् ती वृक्षका फल सुन्दर ॥
भै कूट यसको घेर चित्रकूट विचित्र छ ।
जहाँ लाखौं थरीका छन् फल, मूल, जलाशय ॥

५४

५५

यी सबै वस्तुले यो छ कुबेर-नगरी सरि ।
उत्तरै-कुरुको सम्म शोभा लिन्छ थरीथरी ॥
पालेर आफ्ना नियमादि उत्तम सन्मार्गमा भै स्थित शान्ति ली पुनः ।
यहाँ तिमी लक्ष्मण साथमा बसे आनन्दमा चौदह वर्ष यी बिते ॥

५६

CC-0. In Public Domain. Digitization by eGangotri

५७
मलाइ ए प्राणप्रिये ! यथार्थमा यो कामले वास्तव अन्तसम्ममा ।
स्ववंशको धर्म बढाँउने निकै दिनेछ आनन्द तथा महान् सुखै ॥

इति चौरान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चानब्बे सर्ग

श्रीरामले सीतासँग मन्दाकिनीको वर्णन गर्नु

१

अब त्यो पर्वतैबाट ओर्ले कोसलका पति ।
विदेहराजकी पुत्री जानकी साथमा लिई ॥
प्रियपत्नी उनीलाई गराए शुभदर्शन ।
नदी-मन्दाकिनीको ती थिइन् पुण्यजला जुन ॥
सीताका अङ्ग थे सारा अति राम्रा मनोहर ।
मुखचाँहि थियो साक्षात् चन्द्रमा ठीक सुन्दर ॥
विदेहराजकी छोरी जानकीको यतातिर ।
कटिप्रदेश झन् राम्रो देखिइन्थ्यो मनोहर ॥
यस्ती आफ्नी प्रिया-पत्नी सीतालाइ वहाँ तब ।
भन्छन् कमलझैं आँखा हुने राम यसो अब ॥
प्रिये ! अब यता हेर देवी मन्दाकिनी-नदी ।
कसरी शोभिएकी छन् फूलै-फूल हुँदा अति ॥
यिनका तट ऊ ! हेर छन् विचित्र रमाइला ।
हाँस सारस गै सारा बस्नाले छन् प्रकाशिला ॥
उभ्रेका तटमा राम्रा नाना फल र फूलका ।
वृक्षले शोभिंदी छन् यी हेर ! मन्दाकिनी अहा ! ॥
देखिन्छिन् अति नै राम्री यक्षराज-कुबेरकी ।
सौगन्धिक-वनै बीच शोभिंदी पोखरी सरी ॥
मृगका यूथले सीते ! भर्खरै मात्र हेर ! ती ! ।
पिउँदा यिनको पानी मैलो नै पार्दिए कति ॥
परन्तु यिनका घाट अति राम्रा हुँदा अझ ।
लाग्छन् बडो मजा देख्ता दिन्छन् आनन्द वास्तव ॥
मृगका चर्म बेह्रेका ओढेका वस्त्र-बल्कल ।
जटा शिर भरी पाल्ने भएका मन निर्मल ॥
सारा ऋषिहरू आई वेला-वेला हुँदा प्रिये ! ।
नदी-मन्दाकिनीमा यी गर्दछन् स्नान भक्तिले ॥

१३

१४

विशाललोचने हेर ! यता अर्कोथरी ऋषि ।
कठोर व्रत पाल्छन् जो सकी स्नान-क्रिया-विधि ॥
आफ्नो नियमले गर्दा उठाई हात माथितिर ।
भगवान्-सूर्यको गर्छन् उपस्थान मनोहर ॥
लाग्दामा वायुको झोक्का आफ्ना हाँगाबिंगातक ।
हल्लेका वृक्ष यी सारा फल-फूल सबै अब ॥
देवी मन्दाकिनीका ती तटमा दुइ तर्फका ।
हेर ! वर्षाउँदै छन् ऊ ! कति राम्रो छ दृश्य त्यो ॥
यी सबै वस्तुले युक्त सम्पन्न गिरिराज यो ।
स्वयं नाच्छ सरी सीते ! देखिदोछ, विचित्र हो ! ॥
हेर ! मन्दाकिनीको यी शोभा कस्तो छ सुन्दरि ! ।
कहीं मोती सरी स्वच्छ जल बग्दछ सर्सरी ! ॥
कहीं भने त्यही पानी भित्र-भित्रै दबीकन ।
बालुवै-बालुवा मात्र देखिइन्छ मनोरम ॥
कहीं सिद्धहरू आई गर्दामा स्नान-ध्यान ती ! ।
देखिंदीछन् तिनै द्वारा भएकी व्याप्त यी नदी ॥
ए झीनो कटिकी सीते ! उडाई वायुले यहाँ ।
ल्याएका फुलका थुप्रा शोभिंदैछन् किनारमा ॥
यतातिर तिमी हेर ! परेका जल-धारमा ।
बग्दैछन् कसरी सारा देखिंदैछन् जहाँ तहाँ ॥
ए कल्याणि ! त्यता पट्टि मीठा स्वर-अवाजका ।
चखेवा नामका पक्षी बस्छन् तटभरी अहा ! ॥
मीठो, आनन्द लाग्नेछ बोली नै यिनको प्रिये ! ।
ढपक्क यिनले ढाके हेर ! राम्रो छ यो शुभे ! ॥
देवी-मन्दाकिनीको र चित्र यो चित्रकूटको ।
यहाँ दर्शन पाइन्छ पार्छ आनन्द चित्त जो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यिनको साथमा सीते ! तिम्रो दर्शन नित्य भै ।
म अयोध्यापुरी वास भन्दा यै श्रेष्ठ ठान्छु है ! ॥
रोक्ने इन्द्रियका वेग भित्र-बाहिरका सब ।
निष्पाप भै सकेका ती सिद्धबाट तपोमय ॥
संधै पानी हुँडोलेकी नदी-मन्दाकिनीविषे ।
मेरो साथ तिमी राम्रो बिहार गर है ! प्रिये ! ॥
पसी मन्दाकिनी भित्र भई मेरी सखी सरि ।
क्रीडा गर तिमी सीते ! अब आनन्दमा परी ॥
भएका यिनमा भित्र राता सेता अनेकन ।
डुबाई कमलैलाई पार मग्न तिमी मन ॥

३१

३२

संम्झ यी वनका प्राणी हुन् नागरिक नै भनी ।
ठान पर्वतलाई यो अयोध्यै हो भनी तिमी ॥
मान फेरि तिमी सीते ! नदी मन्दाकिनीकन ।
हुन् उनै सरयू भन्ने ठमाएर मनैमन ॥
प्रिय लक्ष्मण यी भाई धर्मात्मा छन् यतातिर ।
मेरो अधीनमा बस्छन् आज्ञा मान्छन् निरन्तर ॥
तिमी फेरि यता मेरी मनमाफिककी हुँदा ।
यी दुवै वस्तुले गर्दा छु म आनन्दमा सदा ॥
तिम्रो साथ यहाँ आई तीनै काल नुहाँउंदा ।
फलमूलहरू मीठा यसरी खान पाँउदा ॥

३६

३७

अयोध्या जानको लागि अथवा राज्य भोग्न त्यो ।
इच्छै उठ्तैन है मेरो प्रिये जानकि ! जान यो ॥
मन्दाकिनी छन् रमणीय यी अति पानी हुँडोल्छन् मृगफौज-फौज ती ।
पिई रहेछन् जल सिंह, बाँदर, हात्ती पनी हेर प्रिये ! छ सुन्दर ॥
किनारका वृक्ष, भरी जतातता फुली रहेछन् लिइ भार पुष्पका ।
यस्ती यिनी भित्र पसी नुहाउँदा सुखी नहोला कुन ग्लानि मेटिंदा ? ॥
बढाँउने हुन् रघुवंश राम यी आफ्नी प्रिया साथ वहाँ घुमी बसी ।
गर्थे अनेकौं शुभ वाक्य संगत मन्दाकिनीको विषयै लिई स्वतः ॥
यसो गरी गाजल-ठीक कान्तिको अत्यन्त राम्रो र विचित्रकूटको ।
सुशोभिएको गिरि-चित्रकूटमा सीता लिई राम घुमे जहाँ तहाँ ॥

४१

इति पञ्चान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयान्नब्बे सर्ग

श्रीरामले सैन्यको खैला-वैला सुन्दा लक्ष्मणलाई बुझ्न आज्ञा दिनु र पछि उनी रिसाँउनु ।

१

यसरी रामले आफ्नी पत्नी यी जानकीकन ।
शोभा देखाइयो सारा नदीको त्यो मनोरम ॥
गिरिको ढाडमा वस्तै भन्छन् राम, अनी यसो ।
सीतालाई खुशी पार्न टुक्रा देखाइ मासुको ॥
छ यो मासु प्रिये ! शुद्ध, हुन्छ यो चाँहि स्वादिलो ।
सेकाएको छ यो चाँहि आगोमा सुकुटी वन्यो ॥
सीता साथ गरी यस्ता कुरा नाना प्रकारका ।
वहाँ वसि रहेकाथे राम धार्मिक-वृत्तिका ॥
यसैबेला उतापट्टि सेना भरतका सव ।
यतै आइ रहेकाथे राम भेट्छौं भनी अव ॥
सैन्यद्वारा उठेको त्यो ठूलो कोकोहलो बढी ।
आकाशै ढाक्दियो सारा छरिएर वरीपरो ॥
यसैबीच यतापट्टि त्यो कोलाहलले महान् ।
डराए वनका प्राणी भागाभाग पऱ्यो महान् ॥
दँतार-गजका स्वामी जो थिए ती पनी सव ।
जता पायो उतै भागे भै फौजै-फौज व्याकुल ॥
कोलाहल सुने त्यस्तो सैन्यको रामले यता ।
दँतार पनि भागेका देखे सारा जतातता ॥
देख्ता दँतार भागेका सुन्दा कोकोहलो पनि ।
राम लक्ष्मणमा भन्छन् तेजस्वी जुन थे उनी ॥
बाबु लक्ष्मण ! पक्कै हो ! सुमित्रा माहिली मुमा ।
तिमी जस्तो हुँदा छोरो भै बक्स्यो धन्य हो ! यहाँ ॥
मेघ गर्जे सरी यस्तो गम्भीर र भयङ्कर ।
कोलाहल कहाँबाट आउँदो छ, सुन्यौ ! स्वर ? ॥
सुमित्राप्रिय ए बाबु ! यो विशाल वनैभरी ।
अकस्मात् भाग्दछन् सारा वन-जन्तु दिशा भरी ॥

१२

१४

यो के होला हँ ? ऊ हेर ! हात्तीका फौज फौज वी।
मृगकै साथ भाग्दैछन् यी अर्नी पनि जङ्गली॥
यिनीहरू सवैलाई सिंह इत्यादिले कि ता।
डर पारि दिए ठूलो भाग्छन् यी किन नत्र ता!॥
अथवा वनमा आई राजा वा राजपुत्र कै।
शिकार खेल्न पो लाग्यो, के होला? बुझ्नु पर्छ है!॥
मार्ने वा दखलै पार्ने वन-जन्तुकनै सव।
कि ता कै निस्कियो त्यस्तो प्राणी पो भइ हिंसक!॥
राम्ररी घुम्न वा उड्न गिरिमा चित्रकूट यो।
गाह्रै पर्दछ पक्षीमा पनि अन्यत्रका अहो!॥
तसर्थ प्रिय ए बाबु ! के हो ? किन भयो यसो?।
यो कुरा राम्ररी सारा बुझ लौं, योग्य छौ वहो॥
पाई यो रामको आज्ञा अव लक्ष्मण भै छिटो।
फुलेको सालको यौटा रुखमा गै चढे वडो॥
हेरे चारै दिशापट्टि पहिले राम्ररी सव।
पूर्वतर्फ दिए दृष्टि पछाडि उनले तव॥
हेरे त्यस पछी फेरि राम्ररी उत्तरैतिर।
देखे विशाल त्यो सेना आँउथ्यो जो यतैतिर॥
जसमा रथका साथ हात्ती घोडा थिए अति।
थिए पैदल सेना झन् यत्नवान् वीर्यवान्, अति॥
रथले-हात्ती-घोडाले भरिएको विशाल र।
झण्डा सुशोभिएको क्वै रथमा गरि फर्फर।
सेना देखे पछी यस्तो, सैन्य हो यो भनी त्यसो॥
सुनाई दाजुमा फेरि भन्न लागे उनी यसो-॥
आगो निभाइ बक्स्योस् लौ मान्य दाजु ! त्यहाँ सव।
गुफा भित्र पसी बक्स्योस् सीता भाउजु गै अव॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

चढाई बक्सियोस् ताँदो धनुमा, बाण ठीक होस् ।
बाँडै कवच पैह्रेर तयार भइ बक्सियोस् ।।
भाई लक्ष्मणका यस्ता सुने पछि कुरा सब ।
भन्दछन् पुरुषश्रेष्ठ श्रीराम उनमा अब ।।
सुमित्राप्रिय-ए बाबु ! राम्ररी बुझ हेर त ।
ठान्दछौ कसको सेना हो भनी यो तिमी स्वतः ? ।।
भनेमा रामले यत्ति रिसाए अति लक्ष्मण ।
बलेको अग्नि जस्तो नै भै हाले अब तत्क्षण ।।
हेर्दै भुसुक पार्छन म्हैं गरी सैन्यकनै सब ।
दाजु श्रीराममा लागे उनी भन्न यसो अब ।।
आर्य दाजु ! म सम्झन्छु हो पक्कै पनि सैन्य यो ।
कैकेयी-पुत्र ती साक्षात् श्रीमान् भरत-वीरको ।।
अयोध्या-राज्यमा त्यस्तो अभिषिक्त भईकन ।
अब ती राज्य त्यो खोज्छन् निष्कण्टक बनाँउन ।।
तसर्थ यसरी आए आफ्ना सैन्य लिई सब ।
यहाँ हामी दुवैलाई मार्न निम्ति उनी अब ।।
उता नजर होस् दाजु ! शोभा-सम्पन्न वृक्ष त्यो ।
अगाडि जुन देखिन्छ नजीकै त्यस वृक्षको- ।।
रथ जो छ, त्यसैमा छ वृक्षका कोविदारको ।
चिन्ह उज्ज्वल हाँगाले शोभिएको ध्वजा प्रभो ! ।।
यता घोडचढी सारा दौड्ने इच्छा सरी छिटो ।
घोडाका पीठमा चढ्दै आँउदैछन् यतै अहो ! ।।
हौदा-चढ्ने पनी दाजु ! हर्ष-गद्गद् भै निकै ।
आँउदैछन यतै फेरि झल्याक्-झुलुक शोभिंदै ।।
तसर्थ वीर ए दाजु ! अब हामीहरू दुवै ।
लिई धनु चढी हालौं टाकुरामा पहाडकै ।।
पैह्री कवच इत्यादि अस्त्र-शस्त्र लिई सब ।
कि ता तयार भै राम्रै यहीं बसि रहौं अब ।।
रघुनन्दन! के आज चिन्हले कोविदारको ।
भएको युक्त झण्डाले शोभिएको रथै हुँदो -।।
व्यक्ति त्यो वशमा हाम्रो आउला ? आइ गो भने ।
त्यल्लाइ म त हेर्नेछु, साँच्चै भरत हुन् भने ।।
दाजु-भाउजुकै साथ म पनी जसले गरी ।
यत्रो संकष्ट भोग्दैछौं सही आपत् थरीथरी ।।

४३

४४

जसको निम्तिमा दाजु पुर्खौं लीहक भित्रको ।
राज्याधिकार बाटै त्यो च्युत भै बक्सियो अहो ! ।।
तस्मात् भरत हुन् वैरी, अहिले यी अगाडि छन् ।
छोड्नु हुन्न कसै दाजु ! यी पक्कै वध-योग्य हुन् ।।
रघुनन्दन ए वीर ! यिनको वध गर्नमा ।
म देख्दिन कुनै दोष अलीकति पनि यहाँ ।।
न राम्रो कुभलो गर्ने छ जो व्यक्ति यहाँ अघि ।
त्यस्ताको वध गर्दामा पाप लाग्दैन है कति ।।
अपकार गरे दाजु ! हाम्रै भरतले अघि ।
लाग्दैन मार्नमा कत्ति, लाग्छ छोडि दिए पछि ।।
रघुनन्दन ए वीर ! मारिए पछि यी पुनः ।
यो पृथ्वीको गरी बक्स्योस् हजूर सब शासन ।।
राज्यको लोभमा मर्ने कैकेयी उनकी मुमा ।
आफ्नु पुत्र मरेको त्यो आज देखुन् स्वयं यहाँ ।।
हात्तीले वृक्ष क्वै ठूलो ढाल्दिए ठीक ढाल्दिंदा ।
रणमा पुत्रलाई ती विलापुन् आर्त भै तदा ।।
नाता-गोता तथा आफ्ना बन्धु-बान्धव साथकी ।
कैकेयीलाई सम्मै म मारीछोड्दछु है ! पछि ।।
कैकेयीरूपको यत्रो पाप बाट अनर्थको ।
होऊन् आज धरा सारा छुटेकी वीर हे प्रभो ! ।।
यो तिरस्कार, यो क्रोध रोकेंथें आज सम्म जो ।
अब छोड्दछु त्यो सारा थाप्लोमा शत्रु-सैन्यको ।।
मान आदर अर्काको गर्ने ए रघुनन्दन ! ।
सुकेका भयासभूसैमा छोडेम्हैं अग्नि छोड्छु म ।।
म आज बाणले तीखा शत्रुका अङ्ग-अङ्गको ।
चौटा झिक्छु र खोलो नै बहाँउदछु रक्तको ।।
वन-कानन यो सारा म अनी चित्रकूटको ।
त्यही रगतले सेंच्छु भिजाँउदछु हे प्रभो ! ।।
म मेरा शरले तीखा हात्तीका सब अश्वका ।
छाती छेडेर टुक्रा नै बनाँउदछु आज ता ।।
मारेका तिनको साथै नरका लासलाइ ता ।
घिसारुन् मासु खाने यी स्याल, ब्वाँसा जतातता ।।
यो महान् वनमा दाजु ! ती आफ्ना सैन्य साथका ।
त्यस्ता भरतलाई म मारी छोड्दछु आज ता ।।

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
यसमा छैन शङ्का क्यै यी धनुर्बाणको अनि ।
लागेको ऋण द्वारा म भई हाल्नेछु निर्ऋणी ॥

६२
क्रोध अत्यन्त बढ्नाले त्यस्ता भरतको प्रति
अब लक्ष्मणको भैगो गुण सद्बुद्धिको क्षति ॥

इति छयान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तान्नबे सर्ग

श्रीरामले लक्ष्मणलाई सम्झाँउनु

१

राम्रो बुझाइ-सम्झाई पारी शान्त निकै पछि ।
भाइ लक्ष्मणमा भन्छन् रघुनन्दन दाजु यी ॥
यत्रो उत्साहको साथ त्यत्रो सैन्य लिई सब ।
यहाँ आए भने देखि आफैं भरत वास्तव ॥
सुमित्राप्रिय ए बाबु ! हामीले गर्नु के अनि ।
तरवार तथा ढाल धनुर्वाण लिए पनि ? ॥
पिताका सत्यको रक्षा गर्छु भन्ने गरी प्रण ।
उनको राज्य खोसे, ता पनि मारी गरी रण ॥
त्यसले विश्वमा मेरो कत्रो निन्दा हुनेछ त्यो ।
कलङ्की राज्य यो तस्मात् के गरूँ म लिएर पो ? ॥
बन्धु–बान्धव–मित्रादि विनाश गरी वास्तव ।
उनका वस्तु–द्रव्यादि पाइएता पनी सब ॥
तर बाबु ! म चाँहन्न लिंदै लिन्न म ती सब ।
छन् जो ती विष हालेका भक्ष्यझैं त्याज्य वास्तव ॥
धर्म अर्थ र कामादि पृथिवी सम्म यो पनि ।
म तिमीहरूकै लागि खोज्छु, यै हो प्रणै पनि ॥
म भाइहरूको निम्ति वस्तुसंग्रह गर्न र ।
दिन नै सुख, खोज्दोछु राज्य गर्न पनी स्थिर ॥
प्रिय बाबु ! तिमीलाई पार्न पत्यार त्यो कुरो ।
छोएर किरिया खान्छु म आफ्नो धनुलाइ यो ॥
मेरो निमित्तमा बाबु ! घेरिएकी समुद्रले ।
यी पृथ्वी पाउना निम्ति गाह्रो नै छैन कत्ति ए ! ॥
गरी अधर्म यी नाना धर्म छोडी परन्तु म ।
इन्द्रकै पद त्यो होसन् अँहँ ! पाँउन खोज्दिन ॥
तिमी-भरत–शत्रुघ्न–भाई त्यागेर बाबु ए ! ।
मलाइ सुख जो होला त्यो पारून् भस्म अग्निले ॥

१३

१४

अर्काको मान-सत्कार गर्ने ए वीर लक्ष्मण ! ।
छन् भ्रातृभक्त अत्यन्त भाई-भरत ती सुन ! ॥
प्राण भन्दा बढी प्यारा छन् मेरा पनि ता उनी ।
तसर्थ भेट्न नै आए हामीहरूकनै उनी ॥
पसे पछि अयोध्यामा सुने हाम्रा कुरा सब ।
कुल–धर्म सबै संझे उनी छर्पटिए तब ॥
जटा–बल्कल पैह्रेर सीता साथ तिमी लिंदै ।
मलाई बन लागेको था पाए, 'मत ठान्छु यै' ॥
अनि त्यो शोकले गर्दा बिग्रिए इन्द्रियै पनि ।
स्नेहले हृदयै पग्ल्यो, आए भेट्न भनी अनि ॥
यो बाहेक कुनै अर्को यहाँ भरत आँउने ।
त्यस्तो प्रयोजनै छैन मैले ता यै कुरो गुनें ॥
वहाँ भरतले बाबु ! साक्षात् आफ्नी सुमाकन ।
भने होलान् कडा ज्यादै हा ! न राम्रै गरीकन ॥
अनिमात्र बुवालाई खुश पारेर राम्ररी ।
मलाइ दिन त्यो राज्य आए सैन्य लिईवरी ॥
भेट्न हामीहरूलाई उनी आँउनु ता यहाँ ।
छ बाबु ! ठिक्क वेलाको भेट्नन्, आँउन् उनी यहाँ ॥
न राम्रो कुभलो हाम्रो भाई ती मनले पनि ।
छैनन् ! चिताँउने सम्म कहिल्यै पनि क्यै पनि ॥
गरे भरतले त्यस्तो अप्यारो व्यवहार के ? ।
तिमीसित कहाँ बाबु ! पहिले पो, ल संझ ए ! ॥
जसबाट तिमीलाई आज यत्रो अनर्थको ।
डर लाग्दो छ, शङ्का छ त्यस्ता भरतमा अहो ! ॥
सुन राम्रो गरी बाबु ! यहाँ भरत आँउदा ।
त्यस्तो वाक्य कुनै रुखो अप्यारो न भन्यौ कडा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भन्यौ भने उनीलाई पेच पर्ने कुनै कुरा ।
संझिने छु म मैलाई भनेको हो भनी कडा ॥
सुन ! जत्रो सुकै आपत्-विपत् पर्छ भने पनि ।
पुत्र, मार्न पितालाई सक्लान् र कसरी अनि ? ॥
अथवा भाइ क्वै आफ्नो प्रिय प्राण समानको ।
मार्न नै भाइलाई पो सक्ला र कसरी अहो ! ॥
यदि त्यै राज्यको निम्ति तिमी यस्ता कडा कडा ।
कुरा गर्छौ भने देखि त्यसमा हुन्छ ! शोचुँला ॥
भाई भरतको साथ मेरो भेट भए पछि ।
भन्दिने छु "तिमी देउ राज्य लक्ष्मणमा" यति ॥
बुझ्यौ लक्ष्मण ! यो राज्य देउ लक्ष्मणमा भनी ।
मैले भनें भने दिन्छन् हवोस् हुन्छ ! भनी उनी ॥
दाजुकै हितमा लाग्ने, गर्ने नित्य भलो अति ।
भनिए यसरी भाई, दाजुले धर्मशील ती ॥
यसले लाज भो सान्है भाइ लक्ष्मणमा कहाँ ।
भए विलाँउछन् जस्तै पसी प्रत्येक अङ्गमा ॥
दाजुका ती कुरा सुन्दा भए ता पनि लज्जित ।
भन्छन् श्रीराममा फेरि भाइ-लक्ष्मण वस्तुतः ॥
पूज्य दाजु ! म संझन्छु बुवा राजा स्वयं यहाँ ।
हजूरलाइ नै भेट्न सवारी भो उमङ्गमा ॥
त्यसरी लाज मानेका देखी लक्ष्मणलाइ यी ।
दाजु राम वहाँ लागे फेरि भन्न यसो गरी ॥
म पनी ठान्छु यै बावु ! महान् बाहु हुने पिता ।
सवारी भो कि क्या ? आफैं भेट्न हामीकनै यता ॥
अथवा संझिबक्स्यो कि हामी छोरा दुवैकन ।
छन् सुखै भोग्नमा योग्य दुवै छोरा भनीकन ॥
वनका कष्ट भोग्नामा छन् अयोग्य भनी अतः ।
लगि बक्सिन्छ वा पक्कै घरमा हुन सक्तछ ? ॥

४०

४१

हरे बावु ! बुवा हाम्रा रघुको कुलमा स्वतः
भै बक्सिन्छ महान् श्रेष्ठ शोभा सम्पन्न वस्तुतः
बसेकी सुखमा ठूलो यी सीता वन बाट यो
लगिन्छिन् साथमै यद्वा बुवाले घर तर्फ पो
घोडाका कुलमा श्रेष्ठ जन्मेका वायु-वेगका
राम्रा वीर दुवै घोडा देखें मैले चिनें, सखा
बुद्धिमान् श्रीबुवाज्यूको सवारीमा निरन्तर
रहने गज ऊ ! देखें बूढो ठूलो शरीर छ
जसको नाम हो बावु ! शत्रुञ्जय, छ त्यो पनि
हिंड्दैछ लर्स्किदै, झुल्दै सैन्यको अघि ऊ ! अनि
बुवाको विश्व-विख्यात जो श्वेतच्छत्र दिव्य थ्यो
रहन्थ्यो त्यसकै माथि तर देखिन आज त्यो
ए महान् भाग्यका बावु ! मेरो हृदयमा यता
पर्दोछ यसले चीसो किन होला ? गयो कता !
अब मेरो कुरा मान भै गयो प्रिय बावु ल !
ओर्ली हाल तिमी पैले रुखबाट छिटै तल
धर्म प्रकृतिका यस्ता वीर ती राम-दाजुले
छोरा प्रिय-सुमित्राका भनिए यत्ति प्रेमले
लडाँई सजिलै जित्ने ओर्ले लक्ष्मण यी भन
सालको वृक्ष-बाटै त्यो सर्र सर्र गरी तल
दाजुको अघि आएर हात जोडी दुवै अनी
छेउ लागेर भै ठिङ्ग स्वयं बसि रहे उनी
उता भरतले आफ्ना सेनालाइ भने यसो-
पीर-बाधा न होस् कत्ति बुझ है ! सब यो कुरो
पाई यो उनको आज्ञा, त्यो सैन्य पनि शान्त भै
तलैतिर बस्यो सारा गिरिमा यो जताततै
श्रेष्ठ इक्ष्वाकुवंशीका हात्ती-घोडा-रथादिले
परिपूर्ण महान् यस्तो, सैन्य यी अद्भुतै थिए

५४

५५

लिई छ कोसको घेरो भई व्याप्त सबैतिर ।
त्यो चित्रकूटमा आफ्नो थर्पू गाड्यो भयो स्थिर ॥
स्वधर्म देखाँउन गर्व छोडी नीतिज्ञ त्यस्ता शुभ वीरले यी ।
जो सैन्य ल्याए सब, साथ आफ्नु त्यो लक्ष्य थ्यो राम-प्रसन्न पार्नु ॥

५६

५७
सर्ब्बोच्च सेनापति बीर वेस त्यस्ता भरत्को लिइ त्यो निदेश ।
वहाँ वसेको अब सैन्य यस्तो सुशोभियो अद्भुतता लियो जो ॥

इति सन्तान्नब्बे सर्ग

अन्ठानब्बे सर्ग

श्रीरामको आश्रम खोज्दा राजकुमार-
भरतले पत्ता पाँउनु

१

यस्तो प्रकारले आफ्नो सैन्य राखे वहाँ सब ।
त्यस्ता भरतले जो थे हिंड्नेमा श्रेष्ठ वास्तव ॥
पिताको गुरुको सेवा गर्ने श्रीराम-दाजुको ।
अब भो पाउमा पुग्ने इच्छा यी वीर भाइको ॥
स्थिर शान्त भइ सैन्य बसेमा ठाम-ठाममा ।
भने भरतले आफ्ना भाइमा यसरी वहाँ ॥
अरु मानिसकै साथ यी निषाद लिई अब ।
बाबु शत्रुघ्न ! लौ खोज चाँडै वन भरी सब ॥
आउन् निषादका राजा गुह-दाई स्वयं यहाँ ।
तरवार धनुर्वाण लिएका बन्धु साथमा ॥
ककुत्स्थ वंशमा श्रेष्ठ राम-लक्ष्मणको अनि ।
राम्रो सँग गरून् खोजी वनैभर घुमी उनी ॥
म आफैं पनि ए बाबु ! मन्त्री-गुरुजनादिले ।
द्विजले पुरवासीले घेरिई खोज्छु प्रेमले ॥
सारा वन भरी घुम्छु यसरी आफ्नु पाउले ।
खोजौं अब सबै हामी सके सम्म प्रयत्नले ॥
दाजु-भाउजु श्रीराम-सीता-लक्ष्मण भाइ ती ।
न देखे सम्म क्यै त्यस्तो शान्ति हुन्न ममा कति ॥
पूर्णचन्द्र सरी राम्रो मुख त्यो, पद्मनेत्र ती ।
न देखे सम्म क्यै त्यस्तो शान्ति हुन्न ममा कति ॥
छोरा मुमा सुमित्राको भाई लक्ष्मण धन्य हुन् ।
पूर्णचन्द्र सरी राम्रो दाजुको मुख देख्तछन् ॥
दाजुको मुख त्यो साह्रै तेजिलो र प्रसन्न छ ।
जहाँ कमलझैं आखा हुन्छ नित्य सुशोभित ॥
उहाँका पाउछन् फेरि अति राम्रा सुकोमल ।
राजचिन्ह जहाँ राम्रै शोभिन्छन भइ निर्मल ॥

१३

१४

दाजुका पाउ ती त्यस्ता शिरमा प्रेमले अति ।
न राखे सम्म क्यै त्यस्तो शान्ति हुन्न ममा रति ॥
हाम्रा बाजे-बराज्यूका राज्यमा हक वास्तव ।
दाजुकै छ, उहाँले नै यसमा बस्नु पर्दछ ॥
त्यो राज्यासनमा वस्तै जलले अभिषेककै ।
न भिजे सम्म श्रीराम शान्ति हुन्न मलाइ क्यै ॥
विदेह-नन्दिनी सीता राजा जनककी सुता ।
कृतार्थ भइ बक्स्यो बा ! कत्रो भाग्य पनी अहा ! ॥
समुद्र सम्मकी सारा पृथ्वीका एउटै पति ।
श्रीराम-पतिको आफ्ना गै बक्स्यो जो पछी पछि ॥
कुवेर जसरी बस्छन् वन-नन्दनबीच त्यो ।
त्यही ठीक यहाँ साक्षात् राम राज भयो अहो ! ॥
धन्य भो यसले गर्दा चित्रकूट पहाड यो ।
सुमेरु झैं दिने श्रेय वा हिमालय-तुल्य भो ॥
सर्पादि-दुष्ट-प्राणीले बसेको यो बनै पनि ।
अतिधन्य भयो ओहो ! पस्नै गाह्रो भए पनि ॥
शस्त्र धर्नेहरू मध्ये अतिश्रेष्ठ र लायक ।
राजा श्रीरामले साक्षात् बसिएको छ जो स्वतः ॥
भनी यत्ति नरश्रेष्ठ, तेजस्वी, दीर्घबाहुका ।
घुमे भरत खुट्टैले विशाल वनलाई ता ॥
बोल्न जान्नेहरूमा थे निकै श्रेष्ठ स्वयं उनी ।
त्यो चित्रकूटमा उक्ले डाँडै-डाँडा घुमे अनि ॥
त्यहाँका वृक्षका हाँगा लटरम्म फुली सब ।
तलै सम्म झुकेका थे बीचैबीच गए अब ॥
निकै टाढा पुगेमा यी गिरि त्यो चित्रकूटको ।
सालको रूखमा यौटा अब आफैं चढे अहो ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

देखि हाले यहीं बाट उनले राम दाजुको ।
त्यो शुभाश्रममा बल्दो अग्निको धूम आँउदो ॥

२८

देख्ना साथ वहाँ धूँवा श्रीमान् भरतमा अब ।
अत्यन्त हर्ष भै हाल्यो शत्रुघ्नै साथमा तब ॥

२९

यहीं नै दाजु श्रीराम भै बक्सिन्छ ! गमी यति ।
भयो सन्तोष आनन्द-सिन्धु पार पुगे सरि ॥

देखी यसोरी शुभ चित्रकूट पहाडमा आश्रम दाजुको यो ।
साह्रै खुशी भो उनमा जहाँ गै पवित्र आत्मा-मुनिवर्ग बस्थ्य ॥

फर्काइ सारा प्रिय-सैन्यलाई सबै वहीं वस्तु भनी अह्राई ।
लिएर साथै गुह-दाइलाई बढे उनी आश्रममा रमाई ॥

३१

इति अन्ठानब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्सय सर्ग

श्रीराम–भरत मिलाप

१

अब आज्ञा हुँदा त्यस्तो सेना बसिसके पछि ।
भई उत्सुक अत्यन्त गए भरत वीर यी ॥
सब आश्रमका चिह्न प्रिय शत्रुघ्न भाइमा ।
देखाँउदै बढी हाले राम-दर्शन गर्नमा ॥
गुरुको मान-मर्यादा गर्ने भरतले वहाँ ।
यो सन्देश दिए फेरि ऋषिराज-वसिष्ठमा ॥
मेरी मुमाहरूलाई लिई साथ हजूर ता ।
चाँडै सवारी भै बक्स्योस् भने, दौड्दै गए उता ॥
यता शत्रुघ्नका साथै जोरिई क्यै पछी परी ।
गै रहेका थिए मन्त्री सुमन्त्र पनि सुस्तरी ॥
साक्षात् भरतकै जस्तो राम-दर्शन गर्नको ।
उनलाइ पनी भित्र अभिलाषा थियो बडो ॥
श्रीमान् भरतले देखे जाँदा जाँदै वहाँ अव ।
त्यो रामाश्रम, बीचैमा तपस्वीहरूको स्थित ॥
अग्नि-होमादिको ठाम थियो पर्ण कुटी यहाँ ।
शोभिन्थ्यो झुपडी अर्को हुन्थ्यो काम अरू जहाँ ॥
यहीं नै पर्ण-शालाको अघिल्तिर थिए निकै ।
स-साना समिधा काटी राखेका होम निम्तिकै ॥
टिपी ल्याएर राखेका देव-पूजादि गर्नमा ।
पुष्प आदि थिए फेरि शोभिएका जहाँ तहाँ ॥
त्यो शुभाश्रममा देखे राम-लक्ष्मणले जहाँ ।
थिए चिन्ह बनाएका जानु-आउँनु गर्नमा ॥
फाटेका कुश-चीरादि आफ्नो आश्रम-वृक्षका ।
हाँगामा ठाम-ठामैमा झुण्याएका थिए तथा ॥
यहीं भरतले देखे ताप्न जाडो हटाँउन ।
बनाएर सँगालेर राखेका गुँइठा पुनः ॥

१३

१४

मृगको नीलगाईको अर्नाको सब गोवर ।
ल्याइ जम्बा गरी राख्ता थियो थुप्रै मनोहर ॥
थिए भरत तेजस्वी लामा बाहु हुने उति ।
हिंड्दा हिंड्दै भनी हाले उनले खुश भै पछि ॥
भनाइ उनको सुन्थे प्रिय शत्रुघ्न भाइ र ।
अरू ती साथका मन्त्री पछि हिंड्थे, भई स्थिर ॥
म त ठान्दछु यस्तो कि भरद्वाज-महर्षिले ।
ठेगाना दिइ बक्सेको ठाम, आइ पुग्यौं, कि के ? ॥
फेरि यो पनि ठान्दो छु मन्दाकिनी नदी यता ।
पर्दिनन् त्यत्तिको टाढा पनि यो ठाम बाट ता ॥
जाँदा वेला-कुवेलामा लिन पानी र दाउरा ।
बाटो चिन्ह भनी राखे लक्ष्मणैले सबै कुरा ॥
यी अग्ला रुखमा यस्ता बाँध्दिए चीर-वल्कल ।
तस्मात् आश्रममा पुग्ने बाटो यै हुनुपर्दछ ॥
मोटा लामा हुने दाँत फूर्तिला वेगिला उति ।
मत्ता हात्तीहरू निक्ली घुम्दछन् जो यताउति ॥
गर्जन्छन् ती अ-आफैमा भवाट्ट भेला भए भने ।
मस्मात् रोक्न त्यता जान, राखे यी चिन्ह भाईले ॥
तपस्वी मुनि इत्यादि बस्तामा वनमा सदा ।
आधान गर्न वा राख्न खोज्दछन् जसलाइ ता ॥
चिन्ह छोडि दिने कालो भगवान् अग्निको तिनै ।
मुस्लो देखिन्छ धूँवाको यही नै, हो अवश्य नै ॥
गुरुको मान्यको राम्रो गर्ने सत्कार आदर ।
भइ बकिसन्छ श्रीराम पुरुषश्रेष्ठ सुन्दर ॥
मान्य-दाजु उहाँकै म गर्छु दर्शन गै अहो! ।
महर्षि-ठीक आनन्द-मग्न भै राज हुन्छ जो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

३७

हिंडी दुवै घडी सम्म स्वयं भरत ती वहाँ ।
मन्दाकिनी-नजीकैको पुगे त्यो चित्रकूटमा ॥
अब साथ हुने आफ्ना भाइ मन्त्री र भृत्यमा ।
यसरी भन्न लागे ती खिन्न भै भित्र चित्तमा ॥
मेरै निमित्तमा ओहो ! नरश्रेष्ठ नरेश्वर ।
अनकन्टारको यस्तो वनबीच भयङ्कर ॥
आएर खालि भैंमा नै वीरासन गरी हरे ! ।
राज हुन्छ भने मेरो धिक् ! हो यो जन्म, बाँच्नु के? ॥
मेरै निमित्तले गर्दा महान् तेज हुने तथा ।
सम्पूर्ण लोकका स्वामी आधारै रघुवंशका ॥
राम-दाजु अहो ! आफ्ना मनका कामना सब ।
छोडेर वनमा यस्तो राज हुन्छ हरेशिव ! ॥
यसर्थ म भएँ सारा विश्वले निन्दितै यहाँ ।
खुश पार्न उहाँलाई पर्छु गै अब पाउमा ॥
दाजुको पाउमा पत्नी सीता-भाउजुको तथा ।
भाइ लक्ष्मणको सम्म पर्छु गै पाउमा मता ॥
विलाप यसरी गर्ने उनले वनबीच त्यो ।
देखे पर्ण-कुटी यौटा सफा ठूलो रमाइलो ॥
कुटी यो छाइएको थ्यो अश्वकर्ण र सालको ।
सालको वृक्षको बाक्ला पातले राम्ररी बडो ॥
थियो फराकिलो भित्र राखिंदा कमला कुश ।
वेदीमैं यज्ञ-शालामा देखिन्थ्यो जो विभूषित ॥
इन्द्रका धनुकै ठीक थिए धनु यहाँ निकै ।
ठूल्ठूला काम गर्नामा दिन्थे मदत जो सबै ॥
मोरिएको थियो पीठ यिनको सुनले यता ।
शत्रुमा पार्दथे बाधा थिए जो बलिया तथा ॥
कैयौं ठोका थिए भित्र बाणै-बाण भरी हुने ।
सूर्यका किरणै जस्ता चम्किने र डरै दिने ।
हुदाँ सर्प मुखै बल्ने जस्तो भोगवती-पुरी ।
शोभिन्छिन् शोभिइन्थ्यो यो पर्णशाला त्यही सरी ॥
राखिएका थिए भित्र सुनका म्यानमा दुई ।
तलवार वहाँ राम्रा झल्किन्थे शोभितै भई ॥
अर्केका सुनकै छिर्का बलीया र विचित्रका ।
राखिएका थिए ढाल नजीकै तिनको उता ॥

४३

४४

वहाँ भुण्डयाइएकाथे पञ्जा पनि सुशोभित ।
गोहीका मृदु छालाले वनेका स्वर्ण-भूषित ॥
जसरी मृग सक्तैनन् गुफामा पस्न सिंहको ।
त्यै ठीक शत्रु क्वै पस्न आँट्नै सक्तैनथे अहो ! ॥
निवासस्थानमा यस्तो अब श्रीराम दाजुको ।
देखे भरतले यौटा वेदी अति पवित्रको ॥
जो ईशान कुनापट्टि थियो होचो, फराकिलो ।
जसभित्र बलेकाथे यज्ञाग्नि भइ तेजिलो ॥
केही बेर यसो हेरी त्यतातिर छिटै तब ।
फिराए दृष्टि त्यो आफ्नो स्वयं भरतले अब ॥
वहाँ त्यो झुपडीभित्र वसेका आफ्नु पूज्य र ।
दाजु, रामकनै साक्षात् देखे सर्वाङ्ग-सुन्दर ॥
जटामण्डल शोभिन्थ्यो रामको शिरमा तब ।
थ्यो कालो मृगको छाला अङ्गमा चीर-वल्कल ॥
नजीकै कुण्डको बस्ता बलेका अग्निकै सरि ।
तेज फैलि रहेकोथ्यो गरी व्याप्त वरीपरी ॥
दुवै काँध थिए चौडा सिंहकै ठीक रामका ।
लामा लामा तथा मोटा शोभिन्थे दुइ बाहु ता ॥
फुलेका कमलै जस्ता दुवै नेत्र थिए यता ।
पृथ्वीको सिन्धु सम्मैकी स्वामी यौटै थिए उता ॥
त्यस्तो कुश विछ्याएको वेदीमा यज्ञकुण्डको ।
सीता लक्ष्मण ली साथ बस्तथे भइ शान्त जो ॥
पाल्दथे धर्म जो यस्तो यसले पनि वास्तव ।
ब्रह्मदेव सरी साक्षात् देखिन्थे राम यी तव ॥
देख्ता यस्तो अवस्थामा दाजु रामकनै यहाँ ।
खप्नै न सकिने भैगो त्यस्ता भरतमा वहाँ ॥
छोरा भए पनी त्यस्ती कैकेयीका स्वयं उनी ।
थिए अत्यन्त धर्मात्मा तेजस्वी बुद्धिमान् पनि ॥
तसर्थ दुःखले छोप्ता मोहले भइ अस्थिर ।
गै हाले दौडिँदै-कुद्दै दाजु-राम भएतिर ॥
देख्ना साथ वहाँ आफ्ना दाजुलाइ त्यसोगरी ।
अत्यन्त आर्त भै भित्र थालिहाले विलाप्न यी ॥
शोकको वेग त्यो बढ्दा नसक्ता रोक्न धैर्यले ।
अब गद्गद-वाणीमा आँशु झार्दै यसो भने- ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

हरे ! राज-सभाबीच वसी नित्य सुशोभिंदै ।
आफ्ना मन्त्री-प्रजाद्वारा नै सेवा गर्न योग्यकै ॥
मेरा दाजु उहाँ साक्षात् श्रीराम यसरी यता ।
जङ्गली पशुद्वारा यी घेरिई राज हुन्छ हा ! ॥
जसका बस्त्र थे कैयौं हजारौं पैह्रने अघि ।
शोभिन्छन् मृगका छाला अहिले धर्म पाल्न ती ॥
जसले माथमा आफ्नो नाना चित्र-विचित्रका ।
पुष्पादि पैह्रि बक्सिन्थ्यो सुगन्धित हुने सदा ॥
रत्न भै रघुवंशीका उहाँ अब कसो गरी ।
सहिबक्सिन्छ होला यो जटाको भार हर्घडी ? ॥
शास्त्रोक्त यज्ञका नाना अनुष्ठान गरी गरी ।
गर्नै उचित थ्यो जल्ले धर्म संग्रह राम्ररी ॥
यस वेला उहाँ आफैं दिंदा कष्ट शरीरमा ।
पाइने धर्मको लागि लागिबक्सिन्छ यत्नमा ॥
जसका सब यी अङ्ग पहिले बहुमूल्य ती ।
शुभ-चन्दनले नित्य सेबिन्थ्यो पैह्रिंदा अति ॥
अहिले अङ्ग यी सारा सेब्दछन् पूज्य दाजुका ।
मलमात्र भने, होला दुःख के यस भिन्न हा ! ॥
सबै प्रकारले नाना सुख भोग्न सुयोग्यका ।
दाजुले निम्तिमा मेरो दुःखै भोग्नु पऱ्यो यता ॥

७०

७१

म रहेंछु महान् क्रूर मेरो जीवनलाइ ता ।
गर्दछन् लोकले निन्दा, धिक्कारै हो ! म बाँच्नु वा ।
विलाप यसरी गर्दा-गर्दै भरत ती तब ।
भए अत्यन्त नै दुःखी हुनाले चित्त व्याकुल ।
मुख-पद्म, भरी भैगो पसीना अब स्नेहले ।
रामको पाउमा पुग्नु अगाडि नै रुँदै लडे ।
अत्यन्त दुःखले भित्र हुँदा संतप्त राम्ररी ।
साह्रै नै दीन-वाणीमा दाजु ! यत्ति भने पछि ।
महान् बल हुने त्यस्ता राजपुत्र स्वयं उनी ।
सकेनन् क्यै कुरो बोल्न वाक्यै बन्द भयो अति ।
गलै पक्डिदिएको थ्यो आँसुको वेगले वडो ।
यता टुलुटुलू हेर्थे यशस्वी रामलाइ ती ।
एकपल्ट उनी फेरि दाजु ! यत्ति भनीकन ।
चिच्याए जोडले, किन्तु सकेनन् बोल्न क्यै पुनः ।
यता शत्रुघ्नले चाँहि मान्य श्रीराम-दाजुको ।
पाउमा गै रुँदै ढोगे भित्र कष्ट खपी वडो ।
अब श्रीरामले आफ्ना प्रिय भाई दुवैकन ।
अङ्कमाल गरी हाले उठाएर यथाक्रम ।
सकेनन् यस वेलामा खप्न यी दाजुले पनि ।
झारे बरर्रै आँसु भाइका स्नेहले अति ।

८०

८१

श्रीरामले लक्ष्मण भाइ साथ बढेर केही अघि प्रेम साथ ।
सुमन्त्र-मन्त्री गुह मित्र साथ भेटे, अँगाले अब स्नेह साथ ॥
आकाशमा सूर्य र चन्द्रमाले बढेर जाँदा अघि एकताले ।
भेट्छन् जसोरी गुरु-शुक्रलाई भेटे त्यही ठीक वहाँ रमाई ॥
क्वै यूथ-स्वामी गज माथि चढ्दै गर्ने सुयात्रा भइ राजपुत्र ।
आई रहेका वनबीच त्यस्तो देखे वहाँका जनले समस्त ॥
यता नियाले उनमा बढेको त्यो स्नेह आदर्शमयस्वरूप ।
खप्नै सकेनन् सबले अनी ता हर्षै उड्यो, आँसु खसे सबैका ॥

८४

इति उनान्सय सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सयौं सर्ग

श्रीरामले भाई भरतलाई कुशल-प्रश्नको छलले सम्पूर्ण राजनीतिको उपदेश गर्नु

१

चीर-वस्त्रादि पैह्रेका पालेका शिरमा जटा ।
थिए भरत यो वेला जोडेका दुइ बाहु हा ! ॥
खसेका पृथिवीबीच साक्षात् प्रलयकालका ।
भगवान् सूर्य जस्तै पो देखिन्थे अति तेजिला ॥
अब यस्तो अवस्थामा कुनै स्नेही र बन्धुले ।
भवाट्ट हेर्न उनीलाई गाह्रै पर्ने भयो हरे ! ॥
देखे श्रीरामले आफ्ना भाई भरतलाइ यी ।
बल्ल-तल्ल चिने, किन्तु निकै बेर विते पछि ॥
थिए भरत यो ताक दुब्लाएका पनी यता ।
थिएन मुखमा कान्ति, थिए खिन्न, उदास हा ! ॥
अब श्रीरामले आफैं भाई भरतलाइ यी ।
उठाए बाहुले तानी भूमि बाट स्वयं बढी ॥
सुँघेर शिरमा पैले अङ्कमाल गरे तब ।
राखेर काखमा लागे सोध्न आदरले अब ॥
भन बाबु ! बुबा हाम्रा भै बक्सिन्थ्यो कहाँ वहाँ ? ।
तिमी यो वनमा आयौ कसरी ? यै कुरा ममा ॥
तिमीले पर्दथ्यो गाह्रै बुवाज्यू बाँचिबक्सँदै ।
यसरी वनमा यत्रो आउनै पो अयोग्य भै ॥
म धेरै कालमा देख्छु भाई भरतलाइ ता ।
आएका यत्तिको टाढा त्यो मामाघर देखि हा ! ॥
शरीर यिनको ओहो ! भएछ अतिदुर्बल ।
भन बबु ! तिमी आयौ किन यो वनमा अब ? ॥
भन चाँडै बुबा-राजा के भै बक्सिन्छ जीवित ? ।
कित स्वर्ग सवारी भो जो आयौ वनमा स्वतः ? ॥
हो ! पक्कै पनि हो क्यारे दीन-दुःखी भई बुवा ।
न सक्ता खप्न यो, च्वाट्टै सवारी भो उतै कि ता? ॥

१३

१४

राम्रो स्वभावका बाबु ! तिमी बालक नै हुँदा ।
पुर्खौली राज्य त्यो तिम्रो कहीं भ्रष्ट भयो कि ता ? ॥
पराक्रम हुने सत्य प्रिय भाई ! तिमी सदा ।
गर्दछौ के बुबाज्यूको सेवा-टहल सम्म ता ? ॥
साह्रै सत्य-प्रतिज्ञाका धर्ममै स्थित, निश्छल ।
छ के राजा दशरथ-बुवाको क्षेम-मङ्गल ? ॥
राजसूय महान् यज्ञ साथमा अश्वमेधको !
उहाँले गरी बक्सेथ्यो पुऱ्याएर सबै कुरो ॥
हामी इक्ष्वाकुवंशीका व्यक्तिका सब योग्यका ।
पुरोहित र आचार्य भै बक्सेका गरी दया- ॥
ब्रह्मज्ञ अतितेजस्वी पालेका धर्म सर्वदा ।
विद्वान् वसिष्ठको पूजा गर्छौ के न चुकी सदा ? ॥
भइ बक्सिन्छ के माता कौसल्या सुखमा वहाँ ।
श्रेष्ठ पुत्र हुने यस्ता सुमित्रा पनि शान्तिमा ? ॥
भन मान्या सुमा देवी कैकेयीमा पनी वहाँ ।
छ के कुशल—आनन्द भै बक्सिन्छ सुखी वहाँ ॥
भन आदर—सत्कार गर्छौ के राम्ररी वहाँ ।
ती पुरोहितको हाम्रा जन्मे जो उच्च-वंशमा? ॥
शास्त्रोक्त धर्ममा नित्य राख्तछन् स्थिर-दृष्टि ती ।
कसैको दोष हेर्दैनन् जान्ने छन्, विनयी अति ॥
बुद्धिमान् भैकनै सोझा जानेका होमका क्रिया ।
तिमीले नै खटाएका काममा अग्निहोत्रका- ॥
विप्र आएर भन्छन् के समयैमा यसो पनि ।
दिएँ आहुति यो वेला, दिनेछु पछि त्यो, भनी ? ॥
सन्मान गर्दछौ बाबु ! के तिमी देवको तथा ।
पितृ-भृत्यादिको एवं गुरुको मान्यको सदा ? ॥

२६

२७

गर्छौ बूढा र पाकाको वैद्यका मान, आदर ? ।
सदा सम्मानितै हुन्छन् भन के विप्र-भूसुर ?॥
सव तत्त्व तथा गुह्य जानेका अर्थशास्त्रको ।
उपाध्याय सुधन्वा हुन् , छ दृष्टि पनि सूक्ष्म पो ॥
अस्त्रविद्या धनुर्विद्या अमन्त्र र समन्त्र जो ।
प्रयुक्त हुन्छ, जान्ने हुँन् यी दुवै, मान्दछौ कसो ? ॥
भन लौ अव यो बावु ! तिमीले आफ्नु राज्यमा ।
छानेर योग्य मन्त्री ता राखेकाछौ जहाँ-तहाँ ॥
शूर-वीर तिमी जस्तै छन् सवै के उनीहरू ? ।
जितेन्द्रिय कुलीनै हुन् ? राख्छन् के सव आवरू ? ॥
बाहिरी चाल-चेष्टाले अरुका मनका कुरा ।
भन के सव बुझ्छन् ती, छन् शास्त्रज्ञ सवै पुरा ? ॥
हो राजाहरूको निम्ति राम्रो सल्लाह-मन्त्रणा ।
जरै विजयको ठूलो बुझ बावु ! तिमी यहाँ ॥
तव त्यो सफलै हुन्छ जव पो नीति राम्ररी ।
जानेका श्रेष्ठ-मन्त्रीले राख्छन् गुप्त गरीवरी ॥
पर्छौ कि के कुवेलामै निद्राको वशमा तिमी ? ।
उठ्तैनौ कि त ए बावु ! ठिक्क वेला हुँदा पनि ? ॥
पछिल्लो प्रहरै लाग्दा रातमा ब्यूँझिई तिमी ।
स्वयं विचार गर्छौ के अर्थ-सिद्धि हुने पनि ? ॥
एक्लै विचार गर्छौ कि गाह्रा-साह्रा कुरा पनि ? ।
साथ राखी निकै व्यक्ति गर्छौ सल्लाह वा तिमी ? ॥
तिमीले ठहराएको गुप्त सल्लाह-मन्त्रणा ।
पुग्छ वा शत्रु-राजाको राज्यमा छरिई वहाँ ॥
रघुनन्दन ए बावु ! सजीलो गर्नमा छिटो ।
हुने फल भने ठूलो, शोच्छौ के काम योग्यको? ॥
त्यस्तो काम कुनै शोचे तुरुन्त त्यसलाइ ता ।
प्रारम्भ गरि हाल्छौ के, ढीलै गर्छौ तिमी कि ता ? ॥
तिम्रा कार्य सवै पूर्ण भै सकेपछि मात्र ता ।
पाँउछन् अरुले पत्तो ? कि ता पूर्ण हुने हुँदा ? ॥
पछाडि गरिने काम राज्यमा जुन जत्ति छन् ।
के त ती सव पैले नै दुष्ट वा अरु जान्दछन ? ॥
मन्त्रीबाट तिमीबाट न खुलेको कुरा पनि ।
तर्कले युक्तिले आफ्नो ताड्छन् कि अरु पो कहीं ॥

४३

४४

तिमीमा भन के तिम्रा मन्त्रीमा पनि राज्यको
भै रहन्छ सँधै पत्तो-अर्काको गुप्त-भेदको !
हजारौं मूर्खको सट्टा यौटै पण्डितलाइ नै
के तिमी राख्न चाहन्छौ आफ्नु साथ वहाँ सँधै
किन ? भन्छौ भने बावु ! विद्वान् पुरुषमात्र नै
अर्थ-संकटको वेला परे गर्दछ श्रेय नै ।
हजारौं दश हज्जारौं राखे ता पनि मूर्ख ता
राजाले लिन सक्तैन तिनको क्यै सहायता ।
बुझ्यौ बावु ! हओस् मन्त्री यौटै वरु, परन्तु त्यो
होस् सिपालु र नीतिज्ञ शूरो होस् तीक्ष्ण-बुद्धिको ।
त्यसले नै भलो गर्छ राजा वा राजपुत्रको
त्यै गराँउछ है प्राप्ति ठूलो ऐश्वर्य सम्पको ।
ठूल्ठूला व्यक्तिलाई के ठूल्ठूलै राजकाजमा
छौ तिमीले लगाएका खटाएका पनी वहाँ !
छन् के मध्यम-खाले ती व्यक्ति मध्यम-काममै
सानालाइ दिएकाछौ राज्यको काम सानु नै ! ।
त्यस्तै मन्त्रीहरूलाई खोजी-छानी चिनी-बुझी
राज्यका काममा ठूला राखेका छौ त के हकि !
जुन हुन् शुद्ध अत्यन्त भित्र-बाहिर देखिदा
पुर्खौली-भृत्य विश्वासी न खाने घूस योग्यता ।
कैकेयीसुत ए बावु ! के तिम्रा राज्यका प्रजा
पाइ ज्यादै कडा दण्ड छन् वा उद्विग्न-चित्तका ! ॥
यदि त्यस्तो भए देखि भित्र-भित्रै कहीं सव
ती मन्त्रीहरूकै निन्दा गर्न थाले कि पो अव ! ॥
शुद्ध-याजकले गर्छ पतितै यजमानको ।
तिरस्कार तथा निन्दा हुँदा जस्तो अयोग्यको ।
सच्चरित्र कुनै स्त्रीले कामचारी मनुष्यको ।
गर्छे निन्दा-तिरस्कार जस्तो दुष्ट हुँदा वढो ॥
त्यस्तै कर लिंदा ज्यादा भएर अतिनिष्ठुर
राज्यका दुनियाँ तिम्रो गर्दैनन् वा अनादर ! ॥
साम-दान तथा दण्ड-भेद आदि उपायको ।
गर्ने प्रयोग, जानेको रहस्यै राजनीतिको- ॥
आफ्ना अत्यन्त विश्वासी-भृत्यलाइ फुटाँउने ।
राजाको राज्य-ऐश्वर्य आफ्नु नै पार्न चाहने- ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

आफै मर्न परे सम्म कसिने, होम्मिने यहाँ ।
यस्तो पुरुष क्वै बाबु ! छ भने आफ्नु राज्यमा ॥
मार्नु पर्दछ राजाले तुरुन्तै त्यसलाइ त ।
न मारे त्यसले नै पो मारी हाल्छ पछाडि त ॥
छौ तिमीले बनाएका सेनाको पति योग्यको ।
बुद्धिमान्,धैर्यवान्,विद्वान्, सँधै सन्तुष्ट-चित्तको? ॥
त्यो के स्नेह भलो गर्छ ? जान्ने छ रणका कला ? ।
शूर-वीर छ त्यो फेरि ? नित्य शुद्ध हुने तथा ? ॥
छन् के त सैन्यका योद्धा मुख्य मुख्य पराक्रमी ? ।
सबै युद्ध-कला जान्ने, लड्न सक्ने महान् गुणी ? ॥
के परीक्षा लिएका छौ उनका गुण-शौर्यको ? ।
सत्कार साथ सन्मान गर्दछौ उनको कसो ? ॥
आफ्ना सेनाहरूलाई दिने वस्तु त तोक्तछौ ? ।
दिन्छौ तलब-भत्ता ता बेलामा, कि ढिलाउँछौ ? ॥
भत्ता-तलब रोक्ता वा दिए ता पनि क्यै पछि ।
चिढिन्छन् आफ्नु स्वामीमा भोक्किन्छन् सब सैन्य ती ॥
रघुनन्दन ए बाबु ! यसले आफ्नु राज्यमा ।
ज्यादै अनर्थ भै हाल्छ न राम्रै हुन्छ अन्तमा ॥
प्रधान अधिकारी ती जन्मेका उच्चवंशमा ।
मन्त्री आदि सबै गर्छन् तिमीमा प्रेम के यहाँ ? ॥
के तिम्रो निम्ति पर्दामा स्वयं तत्पर भै सदा ।
प्राणसम्म पनी छोड्न छन् तयार सबै प्रजा ? ॥
तिमीले बाबु ! जल्लाई पदमा राजदूतको ।
नियुक्त गरिएकोछ व्यक्ति त्यो हो स्वदेशको ? ॥
छ के त्यो चतुरो विद्वान्, मौका हेरी गमी-बुझी ।
भने मैं भन्न सक्ने हो, ? छ के पण्डित त्यो त्यति ? ॥
छौ नियुक्त गरेका के चर, छन् ती सुयोग्यका ।
न चिन्ने एकले अर्को बुद्धिमान् बहुरूपका ? ॥
खटाई तीन-तीनोटा चर ती आफ्नु पन्ध्र र ।
शत्रुका पक्षका तीर्थ अठ्ठारै बुझ्दछौ तिमी ? ॥
तीर्थ अठ्ठार हुन्- मन्त्री, युवराज, पुरोहित ।
द्वारपाल, सैन्यपति, त्यो अन्तःपुर-रक्षक ॥
कोषाध्यक्ष तथा कारागाराध्यक्ष र दुर्गको ।
संरक्षक, प्रदेष्टा जो सूचना गर्छ कार्यको ॥

७७

७८

धर्माध्यक्ष, सभाध्यक्ष, वनको राष्ट्र-भित्रको ।
संरक्षक तथा साँध-सीमा-रक्षक देशको ॥
नगराध्यक्ष, सचिव खर्च गर्ने सुकार्यमा ।
दण्डपाल र शिल्पी जो खटनै गर्छ राज्यमा ॥
छोडेर पहिला तीन पन्ध्र यी आफ्नु तीर्थ हुन् ।
के जाँच-बूझ गर्दैछौ ? राजा भै गर्नु पर्छ जुन् ॥
शत्रुनाशक ए बाबु ! तिमीले आफ्नु जो जति ।
दुष्ट वा शत्रुलाई ती निकालेका थियौ अघि ॥
फेरि ती फर्किई आए राज्य भित्र, उनीकन ।
संझी दुर्बल वास्ता नै गर्दैनौ कि कसो भन ? ॥
गर्छौ कि कहिल्यै बाबु ! संग नास्तिक-विप्रको ? ।
चार्वाक-मतमा हिंड्ने जुन हुन्छन् अयोग्यको ॥
भाँड्दिन्छन् यिनले बुद्धि लागेको परमार्थमा ।
मूर्ख हुन्, पण्डितै ठान्छन् आफैंलाइ स्वयं यहाँ ॥
उनको बुद्धि वा जुक्ति हुन्छ वेद-विरुद्धको ।
हुन् तस्मात् बुद्धि बिग्रेका त्यस्ता व्यक्तिहरू अहो ! ॥
प्रमाणभूत छन् हाम्रा धर्मका शास्त्र वस्तुतः ।
अनेकौं रूपका कैयौं मुख्य-मुख्य यथार्थतः ॥
छोडेर ती सबैलाई आफ्नो तार्किक-बुद्धिको ।
लिई आश्रय गर्छन् यी गफैगफ न चाँहिदो ॥
सुन बाबु ! अयोध्याको छ नामै सरिको गुण ।
हाम्रा बाजे-बराज्यूको निवासस्थान हो जुन ॥
त्यसका पुरका ढोका बलिया छन् सबैतिर ।
जहाँ हात्ती र घोडा छन् रथ छन् टन्न सुन्दर ॥
अ-आफ्नो काममा नित्य छन् तल्लीन वहाँ सब ।
विप्र-क्षत्रिय-वैश्यादि शूद्र सम्म पनी प्रिय ! ॥
छन् फेरि सब यी बाबु ! जितेन्द्रिय पनी उति ।
श्रेष्ठ छन् , छन् हजारौं यी, छ उत्साह पनी अति ॥
शोभा बढाँउछन् लाखौं जहाँ महल-मन्दिर ।
नाना शास्त्र-कला जान्ने जनता छन् पुरीभर ॥
समृद्धिशालिनी यस्ती खुल्दी नित्य सुहाउँदी ।
अयोध्याको तिमी गर्छौ के संरक्षण ध्यान दी ? ॥
रघुनन्दन ए बाबु ! धन्य हो ! त्यो पुरी अति ।
यज्ञानुष्ठान गर्ने छन् जहाँ ठाम शयौं बढी ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

जहाँ असंख्य छन् व्यक्ति समृद्ध र प्रतिष्ठित ।
देव-मन्दिर छन् नाना जहाँ नित्य सुशोभित ॥
अनेकौं जल-शाला छन्, छन् तलाउ र पोखरी ।
जहाँ समाजका हुन्छन् चाडबाड थरीथरी ॥
नर-नारीहरू सारा त्यो पुरीभरका उता ।
सुख-आनन्दमा रम्छन् हकि बाबु ! जहाँ सदा ? ॥
खेत-बारीहरू जोत्न समर्थ पशु घेर छन् ।
बाली-नाली सबै हुन्छ, हिंसा हुन्न, छ वेस झन् ॥
छ वहाँ बहुतै राम्रो बाली-नाली लगाँउन ।
हेरिन्न मेघको बाटो, हो वेस अति नै जुन ॥
दुष्ट-प्रवृत्तिका छैनन् वहाँ हिंसक जन्तु क्वै ।
कुनै प्रकारको केही डरै छैन जहाँ सँधै ॥
नाना प्रकारका खानी जहाँ शोभा बढाँउछन् ।
पापी मनुष्य क्वै त्यस्तो न हुँदा शोभिइन्छ झन् ॥
रघुनन्दन ए बाबु ! हाम्रा पूर्वज व्यक्तिले ।
राम्ररी जसको रक्षा गरिएथ्यो प्रयत्नले ॥
यस्तो समृद्ध अत्यन्त वेस कोशल देश हो ।
धन-धान्यादि छन् पूर्ण छ के त सुख साथ त्यो ? ॥
गाई-गोरूहरू पाल्ने खेती गर्ने र जीनव ।
धान्ने व्यक्तिहरू माथि स्नेह गर्छौं तिमी भन ? ॥
यी यस्तै खालका हुन् है, कृषि-व्यापार आदिमा ।
लाग्दामा मात्र आनन्द मान्छन्, छन् सुखमा वहाँ? ॥
डर-त्रास हटाएर पुर्‍याई मनका कुरा ।
गर्छौं के उनको बाबु ! राम्ररी पालनादि ता ? ॥
किन ? भन्छौ भने देखि राजाले आफ्नु-राज्यमा ।
बस्नेको धर्मले रक्षा गर्नु नै पर्छ है यहाँ ॥
मन सन्तुष्ट पारेका छौ के स्त्रीहरूको सब ? ।
सुरक्षित भएका छन् के तिमी बाट ती अब ? ॥
राम्रै विश्वास गर्छौं कि हँ ! उनीहरूमा तिमी ? ।
भन्छौ कि उनमा बाबु ! आफ्ना गुप्त कुरा पनि ? ॥
जहाँ हात्तीहरू वेस जन्मन्छन् बढ्दछन् पछि ।
ती जङ्गल, तिमी बाट छन् सुरक्षित के अति ? ॥
छन् गोरू वेस के तिम्रा गाई छन् के दुधालु वा ? ।
छौ फसाँउन पालेका छँडुली-ढोइ आदि ता ? ॥

१११

११२

प्रिय भाई ! तिमीलाई घोडा-हात्तीहरू भई ।
तृप्ति ता हुन्न क्यै त्यस्तो संग्रहै गर्दछौ हकि ? ॥
तिमी नित्य उठी चाँडै सकी पूर्वाण्हका क्रिया ।
राजोचित लुगा राम्रा पैह्रन्छौ गहना सदा ? ॥
यसरी शोभिई बाबु ! गै आफैं राजमार्गमा ।
शुभ-दर्शन दिन्छौ के आफ्ना नागरिकादिमा ? ॥
राजपुत्र ! सबै व्यक्ति अ-आफ्नो काम-काजमा ।
लाग्दा निर्भय भै, तिम्रो पर्दैनन् कि त सामुमा ? ॥
अथवा कि तिमी बाटै रहन्छन् दूर के सब ? ।
यसमा मध्यमै बाटो लिनु पर्दछ है बुझ ! ॥
कर्मचारीहरू टाढै रहुन् पर्दा नजीक हुन् ।
स्वार्थ-सिद्धि यसै बाट हुन्छ है ! गर्नु पर्छ जुन ॥
भन लौ अब यो बाबु ! तिम्रा किल्लाहरू सब ।
छन् सुरक्षित के राम्रै ? वस्तु छन् तिनमा सब ? ॥
धन-धान्य र शस्त्रास्त्र-जल-यन्त्रादि ठीक छन् ? ।
छन् धनुर्धर सेना के ? के कारीगर बस्तछन् ? ॥
अब यो भन ए बाबु ! राज्यको स्थिति ठीक छ ? ।
छ कस्तो भन आम्दानो-, घेरै छ ? कम खर्च छ ? ॥
त्यो राज्यकोषको द्रव्य तिमी भन ममा यही ।
अपात्रमा त पर्दैन ? व्यर्थमा खेर जान्छ कि ? ॥
कुनै निर्दोष शुद्धात्मा श्रेष्ठ व्यक्तिकनै पनि ।
त्यस्तै दुष्ट छुल्याहाले दोषलाइदियो भनी ॥
बुझेका मर्म शास्त्रज्ञ-जनको निर्णयै विना ।
लोभले आर्थिकै दण्ड दिन्छौ कित तिमी वहाँ ? ॥
पुरुषश्रेष्ठ ए भाई ! चोरी गर्दा कुनै जन ।
पक्रियो, देखिएकै हो मौकैमा पनि त्यो पुनः ॥
सोद्धा-केर्दा त्यही फेरि 'हो !' भन्दैछ घरीघरी ।
दसी-प्रमाण इत्यादि छन् बरामद राम्ररी ॥
यस्तो चोर पनी बाबु ! के तिम्रो राज्यमा वहाँ ।
धनको लोभमा पर्दा छोड्दिइन्छ कि अन्तमा ? ॥
धनी-गरीबमा त्यस्तो परे भै-झगडा कुनै ।
माग्न निर्णय आएमा ती, न्यायालयमा कुनै ॥
विद्वान् मन्त्रीहरू तिम्रा नगरी लोभ-सोभ क्यै ।
हेर्दछन् राम्ररी मुद्दा-मामिला के तटस्थ भै ? ॥

१२८

CC-0. In Public Domain. Digitization by eGangotri

१२६

दण्ड दोष लगाएर निर्दोषीमा दिइन्छ जो ।
त्यसका नेत्रका जत्ति खस्तछन् बिन्दु आँसुको ।।
तिनले पक्षपाती त्यो विलासी नृपको सब ।
सन्तान-पशुमा सम्म पिर्छ है पिर्छ वास्तव ।।
रघुनन्दन ए बाबु ! के तिमी वृद्ध-व्यक्तिको ।
तथा बालकको एवं मुख्य-वैद्यादि सम्मको ।।
गर्छौ के राम्ररी मान सँधै हार्दिक-प्रेमले ।
मीठो वचनले त्यस्तै धन-धान्यादि वस्तुले ? ।।
आफ्ना गुरु-उपाध्याय तथा मान्य र तापस ।
देवता पाहुना-पाच्छा बाटाका रुख आदिक- ।।
सिद्ध-काम कुनै त्यस्ता तपस्वी विप्र आदिमा ।
टक्र्याँउछौ नमस्कार श्रद्धाले के तिमी वहाँ ? ।।
अर्थले धर्मलाई र धर्मले अर्थलाइ ता ।
बाधा पुऱ्याँउछौ के वा काम गर्दा तिमी सदा ? ।।
धर्म-अर्थ दुवैलाई कामले लोभरूपको !
आसक्तिले पनी बाबु ! बिगाछौं कि ? अयोग्य हो ।।
विजयी-वीरमा श्रेष्ठ ! प्रिय भाइ तिमी सँधै ।
समयोचित कर्तव्य गर्नमा छौ सिपालु है ! ।।
त्यसैले ठिक्क बेलामा धर्म-अर्थ र कामको ।
गर्छौं सेवन राम्रो के ? दिने हो वर योग्य जो ।।
ए महान् बुद्धिका बाबु ! त्यो तिम्रो राज्यका द्विज ।
शास्त्रको मर्म गुह्यार्थ जान्दछन् राम्ररी सब ? ।।
यस्ता ब्राह्मण के तिम्रो गर्दछन् श्रेय कामना ।
पुरमा देशमा बस्ने जनता लिइ साथमा ? ।।
चौधोटा दोष छन् मुख्य तलका संक्ष वाक्य यी ।
राजामा जो हुनै हुन्न, छन् कि ता राजदोष यी ? ।।
सान्है जुम्सो हुनु, क्रोध गर्नु, नास्तिकता लिनु ।
न पर्नु अघि जान्नेको, झूठो बोल्नु र मात्तिनु ।।
बन्नु इन्द्रियको दास, अल्सी हुनु निरन्तर ।
ठूल्ठूला राजकाजैमा, एक्लै शोच्नु बराबर ।।
न थाल्नु निश्चितै काम, न राख्नु गुप्त मन्त्रणा ।
न बुझ्ने तत्त्व वा हेतु मूर्खको लिनु मन्त्रणा ।।
नगर्नु मङ्गलै कत्ति ठूल्ठूला काममा तक ।
एकैपल्ट स्ववैरीमा हमला गर्नु, हुन् बुझ ! ।।

१४५

१४६

ए महान् बुद्धिका बाबु ! सुन यी तलका अब ।
राजाले त्याज्य छन् कत्ति ग्राह्य छन् कत्ति वास्तव ।।
गरिन्छन् काम बद्दा जो दोष हुन् दश मुख्य यी- ।
दशवर्ग यही नै हो राजा भै सेब्नु हुन्न यी ।।
शिकार र जुवा खेल्नु, दिनमा सुत्नु, नाच्नु र ।
निन्दादि गर्नु अर्काको, हुनु स्त्रीमाथि लम्पट ।।
हुनु मत्त पिई रक्सी, घुम्नु व्यर्थ यताउता ।
गाना गाँउनु, वाद्यादि बजाँउनु, छ वर्ज्य ता ।।
पञ्चवर्ग यही नै हो- जल-पर्वत-वृक्षको ।
तीन दुर्ग, तथा दोटा दुर्ग ईरिण-धन्वको ।।
राजाले यिनको राम्रो उपयोग निरन्तर ।
गर्नु नै पर्छ बेलामा राजनीति लिई स्थिर ।।
साम, दान तथा दण्ड, भेद चार प्रकारका ।
यी चतुर्वर्ग हुन्, राजा सेब्नोस् समयमा सदा ।।
सप्तवर्ग यही नै हो सातोटा अङ्ग राज्यको ।
राजा, मन्त्री, राष्ट्र, दुर्ग, कोष, सैन्य, स्वमित्र, यो ।।
गर्नु पर्दछ राजाले यी सातैको निरन्तर ।
देख-रेख परीक्षादि भएर नित तत्पर ।।
हो अष्टवर्ग यै बाबु ! ईर्ष्या द्रोह र साहस ।
दोषदर्शन, पैशून्य, अर्थदूषण आदिक ।।
रुखो बोल्नु, कडा गर्नु दण्ड आदि दिंदा पनि ।
क्रोधले उब्जिइन्छन् यी, त्याज्य छन् बुझ है तिमी ।।
अष्टवर्ग, कुनै मान्छन् राज्यका निम्ति ग्राह्य यी ।
गर्नु उन्नति खेतीको तथा व्यापारको अति ।।
हात्ती पक्डनु, किल्ला र पुल आदि बनाँउनु ।
खानी झिक्नु र आवाद गर्नु, कर उठाँउनु ।।
यही 'त्रिवर्ग' मानिन्छ धर्म अर्थ र काम वा ।
प्रभुशक्ति तथा मन्त्रशक्ति, उत्साहशक्ति ता ।।
दण्डनीति त्रयी वार्ता हुन् विद्या तीन बाबु ! यी ।
राजाले यिनको सेवा गर्नु पर्छ यथास्थिति ।।
हो नीतिशास्त्रकै नाम तिनमा दण्डनीति त्यो ।
हो त्रयी वेद नै तीन, वार्ता हो कृषि आदि जो ।।
परिस्थिति तथा मौका-कालको अनुसारले ।
गर्छौं के सबको सेवा? रोक्छौ इन्द्रिय बुद्धिले? ।।

१६२

CC-0. In Public Domain. Digitization by eGangotri

१६३

छ ओटा गुण मानिन्छन् यिनै हुन् —सन्धि, विग्रह ।
यान, आसन ए बाबु ! द्वैधीभाव, समाश्रय ॥
राख्नु शत्रु सँगै मेल तिनमा मुख्य 'सन्धि' हो ।
हो 'विग्रह' लडी हाल्नु, हमला गर्नु 'यान' हो ॥
मौका हेरी विचारेर बस्नु 'आसन' हुन्छ त्यो ।
चमेरे-नीतिमा अड्नु 'द्वैधीभाव' कहिन्छ यो ॥
गई शरणमा पर्नु राष्ट्रको क्वै महान् पुनः ।
'समाश्रय' यही भन्छन् बुझ है रघुनन्दन ! ॥
आगो लाग्नु र वेमारी फैलिनु, बाढ आँउनु ।
अकाल पर्नु, क्वै ठूलो महामारीहरू हुनु ॥
दैवी-बाधाहरू हुन् यी, छन् बाधा-मानुषी तल ।
राज्यका अधिकारीको शत्रुको चोरको तक ॥
राजाको प्रियको एवं राजाकै लोभबाट जो ।
आइ पर्छन् भने बाधा यसैको नाम हुन्छ त्यो ॥
राजाका काम छन् मुख्य तलका गुप्तरूपका ।
राजाले गर्नु पर्छन् यी काम हुन् नीतिपूर्णका ॥
आफ्ना शत्रु हुने राजाहरूका गुह्य-छिद्र ती ।
बुझी जो गर्नु पर्ने हो गर्नु पर्दछ, ध्यान दी ॥
भत्ता-तलव क्यै त्यस्तो नपाई खिन्न चित्तको ।
व्यवहार न राम्रो भै रिसाएको छ व्यक्ति जो ॥
अपमान तिरस्कार पाएको नृपबाट र ।
डर देखाँउदा ज्यादै आत्तिएको पसी डर ॥
यस्ता व्यक्तिहरूलाईं मागेको उनले दिई ।
राख्नु पर्दछ राजाले आफ्नु नै पक्षमा लिई ॥
हुँदैनन् सन्धिका योग्य यी राजा जसको तल ।
हुन्छ वर्णन, यो बाबु ! यही विंशतिवर्ग त ॥
वृद्ध, बालक, धेरैको-रोगी र डरछेरुवा ।
डरुवै साथमा राख्ने, जातिच्युत हुने तथा ॥
दिने आश्रय लोभी र लालचीलाई साथ ली ।
सँधै पार्ने असन्तुष्ट आफ्ना प्रकृतिलाइ ती ॥
चञ्चले व्यक्तिको साथ लिने सल्लाह मन्त्रणा ।
दैवता-विप्रको निन्दा गर्ने नित्य जहाँ-तहाँ ॥
पुरुषार्थ न गर्ने क्यै बस्ने भाग्य ! भनी स्वतः ।
दैवले ठगिएको र स्वयं दुर्भिक्ष-पीडित ॥

१७६

१८०

सेनाको कष्ट पाएको, नबस्ने आफ्नु राष्ट्रमा ।
शत्रु ज्यादा हुने फेरि लाग्ने नाना दशा यहाँ ॥
सँधै विषयमा फस्ने तथा क्रोधी-स्वभावको ।
नगर्ने काम मौकाको, न अड्ने सत्यबीच, हो ॥
राजा मन्त्री सुहृत् कोष राष्ट्र दुर्ग र सैन्य त ।
राज्यका अङ्ग हुन् सात, हो यै प्रकृतिमण्डल ॥
कुनैको मत यस्तो छ यसमा—राष्ट्र दुर्ग र ।
मन्त्री कोष तथा दण्ड पाँचै प्रकृति हुन् स्थिर ॥
यसैमा बाह्य राजाको समूह पनि यो थपी ।
भन्छन् मण्डल, मान्छन् ती अनेकौं थर हेतु ली ॥
शत्रुमा हमला गर्नु यात्रा हो, पाँच छन् स्थिर ।
विगृह्ययान औ सन्ध्यायान सम्भूययान र- ॥
बुझ्यौ ! प्रसङ्गतोयान उपेक्ष्ययान आदि हो ।
व्यूहको रचनालाई भन्छन् दण्डविधान हो ॥
सन्धि, विग्रह छन् भिन्नै माथिका गुणमा छ ती ।
सन्धि-विग्रह मानिन्छन् दुइटा-दुइटै मिली ॥
हुन् योनि-संधि यी दोटा सन्धिमूलक छन् बुझ ! ।
पछिका दुइटा चाँहि छन् है विग्रह-मूलक ॥
रघुनन्दन ! छन् यस्ता तत्व यी राजनीतिका ।
के दिन्छौ यिनमा ध्यान राम्रो सँग तिमी सदा ? ॥
ए मेरा बुद्धिमान् भाई ! के तिमी नीतिशास्त्रको ।
आज्ञानुसार चल्दैछौ, गर्छौं निर्णय योग्यको ? ॥
साथ मन्त्रीहरू राखी तीन वा चार योग्यका ।
गर्छौं सल्लाह ए बाबु ! एक्ला एक्लै गरी कि वा ? ॥
वेदाज्ञा ठीकका कार्य गर्दा सफल छौ तिमी ? ।
तिमी जो गर्दछौ काम हुन्छन् ती सफलै पनि ? ॥
भन बाबु ! अयोध्याका तिम्रा ती महिलागण ।
छन् के सफल सम्पूर्ण, दिन्छन् सन्तान उत्तम ? ॥
शास्त्र-ज्ञान तिमीमा जो थियो वास्तव सुन्दर ।
विनयादि दिई राम्रो छ के सफल भै स्थिर ? ॥
रघुनन्दन ! ए बाबु ! भनें मैले यहाँ जति ।
त्यो तिम्रो बुद्धिको राम्रो छ त निर्णय के यही ? ॥
यो सद्-विचार हो भाई ! आयु कीर्ति बढाँउछ ।
कामार्थधर्मको सम्म यही सिद्धि दिलाँउछ ॥

१६९

CC-0. In Public Domain. Digitization by eGangotri

१९७
हाम्रा पूज्य-बुवाज्यूले यै वृत्तिको निरन्तर ।
शुभाश्रय लिई बक्स्यो भै बक्स्यो धर्ममै स्थिर ॥
हाम्रा बाजे-बराज्यूले यै बाटोमा हिंडीकन ।
हकि ? बाबु ! गरी बक्स्यो शुभाचरण पालन ॥
१९८

१९९
यही कल्याणदायी हो सेव्छन् सज्जन नित्य यै ।
के तिमी यसमै टिक्छौ ? गर्छौ पालन यी सँधै ? ॥
स्वादिलो अन्न आएमा खान्छौ एक्लै तिमी कि हँ ! ।
बाँडी खान्छौ कि ता आशामुखी-मित्रादिमा पुनः ? ॥
२००

२०१
यसो गरी बाबु ! स्वधर्म बाट, धरेर दण्डादिक न्याय साथ ।
जानी-बुझी भूपतिले समस्त सदा प्रजापालन गर्नु पर्छ ॥
यसो गरेमात्र सबै धरा यो पाइन्छ राम्रो सँग भूपले त्यो ।
शरीर छोडेर यहाँ पछाडि त्यो स्वर्गमै पुग्दछ कीर्ति छाडि ॥
२०२

इति सयौं सर्ग

एकसय एक सर्ग

राजकुमार–भरतले श्रीरामलाई बुबा राजा दशरथको मृत्यु सुनाँउनु र अयोध्या फर्कने आग्रह गर्नु

१

गुरुका मान्यका भक्त भाई भरतलाइ यी ।
संझाए यसरी साक्षात् दाजुले राम-भद्र ती ॥
अनि लक्ष्मणकै साथ उनमा प्रेमपूर्वक ।
सोध्न लागे स्वयं राम यी कुरा तलका सब ॥
प्रिय भाई ! तिमी आयौ राज्य छोडी यहाँ किन? ।
पैह्रयौ वल्कल-वस्त्रादि मृगचर्म ध-यौ किन? ॥
जटाधारण गर्ने यो पऱ्यो त्यस्तो निमित्त के ? ।
म तिम्रै मुखले सुन्छु भन सत्य कुरा छ जे ? ॥
ककुत्स्थ-कुलका रत्न महात्मा-रामचन्द्रले ।
सोधिए यसरी भाई कैकेयीपुत्र प्रेमले ॥
बढेको भित्रको शोक रोकेर बलपूर्वक ।
अब बिन्ती चढाए यो उनले दाजुमा सब ॥
पूज्य दाजु ! निकै गाह्रा कर्म यस्ता गरीकन ।
बुवा स्वर्ग गई बक्स्यो छोडी हामीहरूकन ॥
यै पऱ्यो यसमा हेतु यस्ता छोरा हजूरको ।
वियोग जो पऱ्यो, शोक बन्यो, पछि बढ्यो, लग्यो ॥
आफ्नी पत्नी तथा मेरी मुमाको प्रेरणा पऱ्यो ।
त्यसले विवशै पाऱ्यो अनि गर्नु पऱ्यो त्यसो ॥
तस्मात् मेरी मुमाज्यूले आफ्नो सत्कीर्ति नाशिने ।
गरी बक्स्यो महान् घोर यस्तो पाप पनी हरे ! ॥
त्यस्तो कुकर्मको आफ्नो फल राज्यस्वरूपको ।
नपाएर मुमा मेरी विधवा भइ बक्सियो ॥
अब शोक बढी साह्रै दुब्लाएर उहाँ प्रभो ! ।
खसि बक्सिन्छ डर्लाग्दो कुनै नरकबीच पो ॥
तस्मात् हजुरको दाजु ! हुँ म दासस्वरूपको ।
ममा कृपा गरी बक्स्योस् स्वयं अब, छु योग्य जो ॥

१३

१४

गराइ बक्सियोस् दाजु ! इन्द्र झैं भइवास्तव
गर्न स्वीकार त्यो राज्य अभिषेक यहीं अब ।
अयोध्यापुरका सारा आएका छन् प्रजा यहाँ
राज-रानी मुमा हाम्रा जत्ति हुन्, छन् सबै यहाँ ।
आएका यसरी आफ्ना पाउमा यी सबैजन
गरी बक्सनु नै पर्छ यो दया दाजुले पुनः ।
जेठो भैबक्सँदा दाजु राज्यका प्राप्तिमा यता
हो यही क्रमको रोल, छ लायक पनी तथा ।
राखिदने मान अर्काको ए प्रभो ! अब धर्मले
आफ्नु राज्य लिई बक्स्योस, हो योग्य पनि न्यायले ।
अनि हामीहरू साथै यी आफ्ना मित्रको पनि
मन राखिदिई बक्स्योस् पुगुन् इच्छाहरू पनि ।
प्रभु जस्तो हुँदा स्वामी यी सारा पृथिवी पनि
बनुन् सौभाग्य-सम्पन्ना हुउन् अविधवा अनि ।
सनाथ जसरी हुन्छिन् हुँदा निर्मल चन्द्रमा
शरत्की रात्रि धर्मात्मन् ! हुउन् त्यै ठीकको यहाँ ।
मन्त्रीका साथ यी सारा राखी यो शिर पाउमा
गर्दोछु प्रार्थना दाजु ! राज्य स्वीकृत होस् यहाँ ।
हुँ भाई प्रभुको प्यारो शिष्य,दास पनी हुँ म
हुनु पर्छ दया यत्ति ममाथि प्रभुको पुनः ।
पुरुषश्रेष्ठ ! हे स्वामिन् ! हाम्रो यो मन्त्रिमण्डल
हो सनातन ज्यादै नै पुरानो नित्य निश्छल ।
यिनै मन्त्रि थिए सारा बुवाका राज्यमा पनि
सन्मान यिनको गर्दै आयौं हामीहरू पनि ।
तसर्थ यिनको दाजु । प्रार्थना यस रूपको
प्रभु बाट न होस् व्यर्थ अपमानित है प्रभो ! ।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

महान् बाहु हुने त्यस्ता कैकेयी-पुत्रले यति ।
दाजुसाथ गरे विन्ती आँसु झारे निकै पछि ॥
अनि खप्न न सक्तामा स्नेह-श्रद्धा बढी बढी ।
दाजुको पाउमा आफ्नो शिर राखिदिए लडी ॥
मत्ता दँतार हात्तीकै ठीकभै अव वीर यी ।
लामो सास लिने फेर्ने गर्न लागे वहाँ पछि ॥
अब श्रीरामले आफ्ना भाई भरतलाइ यी ।
अङ्कमाल गरी हाले उठाएर भने पछि ॥
भन बाबु ! तिमी नै लौ ! जन्मेको श्रेष्ठ-वंशमा ।
यस्तो सत्वगुणी तेजी उच्च व्रत हुने यहाँ ॥
म जस्तो व्यक्ति राज्यैको लोभमा आफ्नु बाबुको ।
आज्ञा नाघ्ने महान् पाप को गर्ला र अयोग्य त्यो ? ॥
शत्रुनाशक ए बाबु ! म तिम्रो चित्त भित्र यो ।
पाप देख्तिन, क्यै दोष न देख्छु म त सानु यो ॥
तिमीले पनि व्यर्थैमा अज्ञानवश भै त्यसै ।
त्यस्ती आफ्नो मुमाज्यूको निन्दा गर्नु हुँदैन है ! ॥
बाबुले गुरुले आफ्ना पत्नी र सुतमा तक ।
मन लागे सरी गर्न सक्तछन्, अधिकार छ ॥
ए महान् बुद्धिमान् बाबु ! उहाँहरू विशेषतः ।
साथमा नित्य वस्तामा सँम्झिन्छन् शिष्य वा प्रिय ॥
तस्मात् हामी पनी हाम्रा मुमाकै साथ सन्तले ।
बुवाका प्रिय-पत्नी र शिष्य हौं, पुत्र हौं भने ॥
सुन निष्पाप ए बाबु ! यो कुरा ठीक हो भनी ।
शोची हेर्‍यौ भने देखि भन्ने नै छौं तिमी पनि ॥

३८

३९

पैह्राइ मृगको छाला गराई चीर-धारण ।
मलाई सकि बक्सिन्छ बुवा वन पठाँउन ॥
अथवा गहना वस्त्र पैह्राइ उत्तमोत्तम ।
अधिकार उहाँमा छ राज्यमा राख्न त्यो पुनः ॥
धर्म जान्ने र गर्नेमा श्रेष्ठ ए बाबु ! वास्तव ।
बिश्ववन्द्य बुवाज्यूमा छ जस्तो श्रेष्ठ गौरव ॥
त्यत्तिकै र त्यही ठीक मुमामा पनि गौरव ।
हुनु पर्दछ राम्रो नै ! यसमै अतिश्रेय छ ॥
दुवै माता-पिता बाट त्यस्ता धार्मिक-शालिका ।
'बन जाउ' भनी आज्ञा बक्सेको हो मलाइ ता ॥
रघुनन्दन ए बाबु ! हुदाँ यस्तो परिस्थिति ।
त्यो नाघी अरु क्यै गर्ने छैन शक्ति ममा त्यति ॥
तस्मात् बाबु ! अयोध्याको लोक-सत्कृत राज्य त्यो ।
तिमीले पाँउनै पर्छ गर्नु पर्छ, छ योग्य जो ॥
मैले बल्कल-वास्त्रादि गरी धारण राम्ररी ।
दण्डकारण्यमा भित्र बस्नु पर्छ गईवरी ॥
हाम्रा बुवा महाराज दुनियाँहरूको अघि ।
लगाई यसरी भाग गै बक्स्यो स्वर्गमा हकि ? ॥
लोकका गुरु धर्मात्मा राजाले जो तिमीकन ।
बक्सियो, अब त्यै आज्ञा प्रमाण छ स्वयं गुन ॥
बुवाले बक्सिएको छ जो तिम्रो भागमा यहाँ ।
उपभोग तिमीले त्यै गर्नु पर्दछ गै वहाँ ॥
गै वसी दण्डकारण्य फर्किइ चौधवर्षमा ।
पिताबाट दिएको त्यो भोगुँला राज्य भै वहाँ ॥

५०

५१

सुरेन्द्र जस्ता नरलोक-सतकृत तेजी महात्मा नृपले पिता स्वतः ।
बक्स्यो शुभाज्ञा जुन बाबु ! त्यो ममा निमित्त मेरो छ त्यही महान् यहाँ ॥
सकें भने पाल्न त्यही मनोरम अत्यन्त नै श्रेय दिनेछ, ठान्छु म ।
नाघेर आज्ञा त्यस भिन्न भै पुनः चाहन्न ब्रह्मत्व पनी सनातन ॥

५२

इति एक सय एक सर्ग

एक सय दुई सर्ग

राजकुमार भरतले श्रीरामसँग फेरि राज्यग्रहण गर्न र राजा-बुवालाई पिण्ड-पानी दिन अनुरोध गर्नु

१

दाजु श्रीरामका यस्ता स्थिर वाक्य सुने पछि ।
फेरि विन्ती चढाए यो उनले दाजुमा झुकी ॥
राज्यको अधिकारी म न हुँदा धर्मबाट त्यो ।
विहीन छु, छदैछैन अधिकार ममा प्रभो ! ॥
यस हालतमा दाजु ! यस्तो मेरा निमित्तको ।
बक्से तापनि के गर्ला राज-धर्मोपदेश त्यो ? ॥
जाहेरै छ नरश्रेष्ठ ! यो हाम्रो कुलमा सदा ।
धर्म चल्दैछ आएको लिई अक्षुण्णरूपता ॥
जेठो छोरो भए देखि त्यो हुँदा सम्मता प्रभो ! ।
कान्छो छोरो हुँदै हुन्न कहिल्यै पनि भूप हो ! ॥
समृद्धिशालिनी त्यस्ती अयोध्यामा स्वयं अब ।
मेरै साथ सवारी होस् तसअर्थ रघूद्वह ! ॥
यो हाम्रो कुलको स्वामिन् ! गर्न उद्धार उन्नति ।
अभिषेक लिई बक्स्योस् वहाँ राजा भई बसी ॥
राजालाइ मनुष्यै हो भन्दछन् कत्ति मानिस ।
म त संझन्छु यस्तो कि हो राजा देव निश्चित ॥

८

९

छ असम्भावितै खास निम्तिमा अरु व्यक्तिको ।
धर्मार्थ पूर्ण आचार राजाले पाल्नु पर्छ जो ॥
मान्य दाजु ! म त्यो वेला थिएँ केकय-देशमा ।
सवारी भइ बक्सेछ यता दाजु अरण्यमा ॥
यसैवेला उतापट्टि यज्ञकर्ता सुबुद्धिका ।
सन्त-मान्य बुवाज्यूको स्वर्गवास भएछ हा ! ॥
साथै भाउजु सीताको लिई लक्ष्मण भाइ यो ।
हजूर त्यो पुरीबाट निस्किई बक्सिए पछि ।
शोकले दुःखले ज्यादै भई पीडित अन्तमा ।
सवारी भइ बक्सेछ स्वर्ग, पूज्य बुवा वहाँ ॥
पुरुषश्रेष्ठ ए दाजु ! अब भो ! उठि बक्सियोस् ।
आफ्ना पूज्य पितालाई लौ ! जलाञ्जलि बक्सियोस् ॥
भाइ-शत्रुघ्नले मैले अयोध्यापुरमै अघि ।
पिण्ड-पानी दिएका छौं, सकेका छौं सबै विधि ॥
दिएको प्रिय छोराले पितृ-उद्देश्य ली यहाँ ।
जे होस् त्यो अक्षयै हुन्छ अन्तमा पितृलोकमा ॥

१६

१७

विद्वान्हरु यसै भन्छन् बक्स्योस् लौ रघुनन्दन ।
बुवाको भइ बक्सिन्छ हजुरै प्रिय, उत्तम ॥
हजूरका पूज्य पिता, हजूर यता सवारी भइ बक्सिदामा ।
बढेर त्यै शोक भएर रुग्ण भै बक्सियो हा ! अतिशोकमग्न ॥
इच्छा लिई देख्न हजूरलाई हजूरमै लीन स्वबुद्धिलाई ।
अड्याँउदै हा ! यस लोक पारी हजूर नै संझि भयो सवारी ॥

१८

इति एक सय दुई सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय तीन सर्ग

श्रीराम आदिले विलाप गर्दै पिण्ड–पानी दिनु

१
श्री रामचन्द्रले आफ्ना भाई भरतबाट यो ।
सुने आफ्ना बुवाज्यूको मृत्यु-सम्बन्धको कुरो ॥
थियो यो वाक्य माया र मोह लाग्दो विशेषतः ।
लगी गो यसले होश भै गए राम मूर्छित ॥
भाई भरतको साक्षात् निक्लेको मुख देखि त्यो ।
वाग्वज्र वज्रझैं लाग्यो चित्तमा रामभद्रको ॥
साक्षात् दानवका शत्रु इन्द्रले रणभूमिमा ।
वज्र नै छोड्दिएका हुन् भनेझैं हुन गो वहाँ ॥
मन खिन्न तथा खल्लो पार्ने यो वाक्यले गरी ।
रह्यो श्रीरामको बाहु दुवै मास्तिर राम्ररी ॥
लटरम्म फुलेको कै देखियो वृक्ष-तुल्य यो ।
बञ्चराले छिनालेको हाँगैभो भूमिमा लड्यो ॥
जगत्का पति श्रीराम पृथ्वीमा यसरी लडी ।
शोभिए गजझैं सुत्ने थाकी नाश्ता किनार ती ॥
त्यस्ता महान् धनुर्धारी श्रीराम अब शोकले ।
खत्ल्याक् खुत्लुक भै हाले लड्दामा त्यसरी हरे ! ॥
घेरी हाले उनीलाई सीताका साथमा रुँदै ।
ती प्यारा भाइले तीनै भिजाए आँसुले त्यसै ॥
थोरै समयमा आयो अब चैतन्य राममा ।
आँसु वर्षाउनै लागे तर नेत्र दुवै वहाँ ॥
ककुत्स्थकुलका रत्न अब श्रीरघुनाथले ।
अत्यन्त-दीन वाणीमा विलापै गर्न थालिदिए ॥
पृथ्वीपति बुवा आफ्ना त्यसरी स्वर्गलोकमा ।
सवारी हुनगो भन्ने सुने जो रामले वहाँ ॥
धर्मात्मा भै दिंदा त्यस्तो धर्मयुक्त कुरा सब ।
भन्न श्रीराम लागे यी भाई-भरतमा तव ॥
१३

१४
प्रिय बावु ! बुवा राजा परलोक भए पछि ।
गएर म अयोध्यामा के गरूं भन लौ यही ? ॥
राजाका रत्नझैं हाम्रा बुवा बाट विहीन ? यो ।
अयोध्यालाइ श्रीहीन भन पालन गर्छ को ? ॥
बुवा स्वर्ग सवारी भो मेरो नै शोकले हरे ! ।
गर्न पाइन मैले क्यै दाह-संस्कार सम्म ए ! ॥
मेरो जन्म भयो व्यर्थ भएँ दुर्जात वास्तव ।
म महात्मा पिताको के गरूँला कार्य यो अब ? ॥
अहो ! निष्पाप ए बावु ! कृत-कृत्य भयौ तिमी ।
रहेछ भाग्य ठूलो नै अतिधन्य भयौ तिमी ॥
भाई शत्रुघ्नकै साथ तिमीले जो बुवाकन ।
गऱ्यौ सत्कार सँस्कार प्रेतकार्य गरीकन ॥
त्यस्ता स्वपति राजाले अयोध्या हीन भै अब ।
अस्वस्थ भै सकी हाली छ जो आकुल-व्याकुल ॥
वनवास सकी फर्की आए ता पनि है यहाँ ।
अब उत्साह क्यै छैन अयोध्या जानमा ममा ॥
सकेर वनमा बस्ने काल फर्की म ता यदि ।
अयोध्यामा गई हालौं भने पनि त धैर्य ली- ॥
उपदेश ममा देला भन कर्तव्यको कुन ? ।
परलोक सवारी भो हाम्रा त्यस्ता बुवा जुन ? ॥
म बुवाको कुनै आज्ञा पहिले पाल्दथे वहाँ ।
यो देख्तामा खुशी लाग्थ्यो बुवामा भित्र चित्तमा ॥
प्रोत्साहन दिना निम्ति मलाइ अनि ए प्रिय ! ।
स्वयं भन्दिइ बक्सिन्थ्यो अति मीठा कुरा तब ॥
दिने सुख र आनन्द सुन्थें मीठा कुरा सब ।
सुनुँला म हरे ! फेरि कसका मुखले अब ? ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भनी भरतमा यत्ति शोक-सन्तप्त राम ती ।
भन्छन् अव स्वपत्नीमा नजीकै आइ वाक्य यी- ॥
सीते ! स्वर्ग सवारी भो तिम्रा श्वशुर हा ! अव ।
बावु ! लक्ष्मण ! भै हाल्यौ पितृहीन तिमीतक ॥
प्यारा भरत यी भाई पृथिवीपति-भूपको ।
हाल स्वर्ग सवारीको भन्दछन् अतिकष्ट हो ! ॥
भनेमा रामले यत्ति यशस्वी राजपुत्रको ।
बढ्यो बलिन्द्रधारा भै आँसुको भल नेत्रको ॥
वहाँ यस पछी सारा भाइले अतिदुःखित ।
संम्झाएर बुझाएर भने श्रीरामलाइ त ॥
प्रभो ! जो हुनु भै हाल्यो अव भो ! पृथिवीपति ।
बुवाको निम्तिमा बक्स्योस् पिण्डपानी गरी विधि ॥
राजाको ती दशरथ जो पूज्य ससुरा थिए ।
सीताले मृत्युको हाल सुनिन् अत्यन्त दुःखले ॥
उनीमा यसले गर्दा भीत भो ! नेत्रमा दुवै ।
अकस्मात् भरिए आँसु भित्र शोक बढ्यो निकै ॥
स्थिति यस्तो हुँदा आफ्नो उनले प्रिय राममा ।
हेर्न सम्म पनी राम्रो सकिनन् पीरले वहाँ ॥
संझाए रामले राम्रो रुने धर्धर जानकी ।
पत्नीलाइ थिए आफैं दुःख-व्याकुल जो अति ॥
पछि बाट भने आफ्ना प्रिय लक्ष्मण भाइमा ।
कर्तव्य-दृष्टिले हेरी यसरी दीन वाक्यमा ॥
इङ्गुदी-फलको पीठो बनाई ल्याउ है, सुन ! ।
उपर्ना चीरको मेरो साथी होस् जाऊ लक्ष्मण ! ॥
म महात्मा बुवालाई पिण्ड-पानी दिनाकन ।
हिंडी हाल्दछु है बावु ! घाटमा अव पावन ॥
सबको अघि जाउन् यी जानकी यिनको पछि ।
तिमी हिंड, म ता हिंडछु सब भन्दा पछी पछि ॥
यस्तो प्रसङ्ग पर्दामा हिंड्नु पर्छ यसै गरी ।
कष्टको स्थिती नै यै हो दिन जाने जलाञ्जलि ॥
यी राजपुत्रका त्यस्ता पुर्खौली भृत्य सेवक ।
बुद्धिमान् आत्मज्ञानी र तेजस्वी अति निश्छल ॥
राम्रा स्वभावका सोझा बस्ने नियममा सदा ।
रामका भक्त विश्वासी थिए मन्त्री सुमन्त्र ता ॥

४३

४४

यिनैले अव यी तीनै राजपुत्रहरूकन ।
रामकै साथ संझाए गराए धैर्य-धारण ॥
टक्र्याई बाहुली आफ्नो सहारा दिइ अन्तमा ।
लगे मन्दाकिनीको त्यो पवित्र शुभ-घाटमा ॥
मन्दाकिनी थिइन् त्यस्ती चाँचाँडै बहने तथा ।
फल-फूल हुने राम्रा वृक्ष कानन-शोभिता ॥
उनका घाट थे स्वच्छ शुद्ध राम्रा जहाँ-तहाँ ।
राजपुत्र पुगे बल्ल बडो मुस्किलले यहाँ ॥
सकी स्नान-क्रिया आदि पवित्र जल त्यो लिई ।
अँजुलीभर पारेर भने यो रामले मुक्री ॥
मेरा पूज्य बुवालाई यो पवित्र जलाञ्जलि ।
म टक्र्याउँछु सेवामा होस् उपस्थित गै वहाँ ॥
भनी यत्ति लिए फेरि अञ्जुलीभर त्यै जल ।
फर्किए दक्षिणैपट्टि रुँदै भन्छन् यसो तब ॥
राजसिंह ! बुवा ! मैले टक्र्याएँ आज यो जल ।
पुगोस् हजूरमा जो छ पवित्र अतिनिर्मल ॥
सवारी भइ बक्सेको त्यसरी परलोकमा ।
पुगोस् हजूरमा होओस् नित्य अक्षयरूपमा ॥
अब मन्दाकिनी बाट निस्किई छेउमा वसी ।
पिण्डदान पितालाई दिए भाईहरू लिई ॥
इङ्गुदी- फलको पीठो मुछे, बयरका फल ।
मिलाए त्यसमा फेरि बनाए पिण्ड भो ठिक ॥
बनाए कुशको वेदी त्यसैमा पिण्ड राखिदिए ।
आर्त भै दुःखले साह्रै पछीबाट यसो भने ॥
स्वीकार गरि बक्स्योस् यो खुशी भई बुवा ! अव ।
आजकाल यही नै छ हाम्रो भोजन वास्तव ॥
स्वयं मनुष्य जो जस्तो अन्न खान्छ यहाँ प्रभो ! ।
त्यसका देवता सम्म त्यै खान्छन् नियमै छ यो ॥
आए यस पछी राम त्यही बाटो गरी घर ।
नदी-मन्दाकिनीको त्यो तट छोडेर माथितर ॥
भएको अति नै राम्रो कूट, त्यो चित्रकूटको ।
आए त्यै ठाममा राम जहाँ पर्णकुटी थियो ॥
समाते बाहुले आफ्ना वहाँ आइ पुगे पछि ।
भाई भरतलाई र प्रिय लक्ष्मणलाइ यी ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

संझी संझी पितालाई ढोकामा त्यसकै अब ।
पृथिवी पति श्रीराम रुन लागे स्वयं तब ॥
दाजुकै पछि लागेर अनि ता भाइ तीन र ।
सीता पनि रुनै लागिन् डाँकै छोडेर धर्धर ॥
सीता साथ रुँदा चारै भाइ यी शब्द त्यो बढी ।
प्रतिध्वनि हुनै लाग्यो सिंहै गर्जे सरी गरी ॥
पिण्ड-पानी दिई फर्की आएका ती महान् बली ।
भाईले चार रोएको शब्द यो गुञ्जियो बढी ॥
यता भरतका सारा सैन्यले यो सुने तल ।
ठूलै डर परी हाल्यो ती-सबैमा त्यसै अब ॥
भन्न लागे अ-आफैंमा स्वर स्पष्ट चिने पछि ।
श्रीरामलाइ भेटेछन् हाम्रा भरतले हकि ? ॥
स्वर्गवासी पिताज्यूको शोकले दुःख त्यो बढी ।
रुने ती भाइको चारै डाँको छोडाइ हो यही ॥
सैन्यले ती भनी यत्ति त्यहीं वाहन छोड्दिए ।
ताकी त्यै स्वर आएको ठाम सोझ्याँउदै गए ॥
हूलका हूल जम्बा भै दौड्दै दौड्दै गए सब ।
सबको मन भो यौटै यो वेलामा त्यसै अब ॥
तिनमध्ये थिए जो जो सुकुमार-शरीरका ।
यिनमध्ये गए कोही घोडै पनि चढी त्यता ॥
गए हात्ती चढी कोही गए कत्ति रथै चढी ।
कति ता पैदलै दौडे थे अलङ्कृत जो अति ॥
भर्खरै गात्र छुट्टेका थिए राम उनी सित ।
छुट्टे सरि निकै देखि ठान्दथे रामलाइ त ॥
यसअर्थ यहाँ आई बस्ने श्रीराम-दर्शन ।
गर्न रामाश्रमैमा यो वैरिए सहसा जन ॥
मिलाप हेर्न यी चारै भाइको स्नेह-पूर्ण यो ।
वहाँ जम्बा भए सारा हड्बडाइ त्यसै अहो ! ॥

७४

७५

हुने खुर तथा पाङ्ग्रा राम्रा नाना प्रकारका ।
सवारीमा चढेकाथे हुन्थ्यो कोलाहलै यता ॥
पाङ्ग्राले रथका एवं सवारीले अनेकन ।
थिचिइन् पृथिवी सारा भइन् व्याकुल दुर्मन ॥
शब्द कोकोहलो ठूलो डर्लाग्दो मच्चियो अब ।
आकाश मेघले ढाक्ता सरी मो उनमा तब ॥
आत्तिए यसले गर्दा वहाँ बस्ने थिए जति ।
दतौँर गज ठूल्ठूला ढोईले घेरिए पछि ॥
मदको गन्धले आफ्नो पारी स्थान सुवासित ।
वन बाट गए अर्कै वनतर्फ डरै सित ॥
अर्ना मृग तथा ब्वाँसा नीलगाई वँदेल र ।
व्याघ्रादि मृगकै साथ आत्तिएर पुगे पर ॥
पानीहाँस तथा हाँस बकुल्ला चक्रवाक र ।
ती कारण्डव क्रौञ्चादि भै बेहोश उडे पर ॥
त्यस्तो कोकोहलो बढ्दा डराएका असाध्य नै ।
यी पक्षीहरूले सारा भरे आकाश तल्लणै ॥
मनुष्यहरूले चाँहि भरे यी पृथिवी तल ।
शोभियो यसरी भर्दा तल, माथि धरा नभ ॥
अकस्मात् यसरी सारा सैन्य रामाश्रमै पुग्यो ।
भएको राज वेदीमा देख्यो श्रीरामलाइ जो ॥
मनुष्यहरूमा श्रेष्ठ कीर्तिशाली स्वयं अति ।
निष्पाप जो थिए त्यस्ता शुद्धचित्त हुने उति ॥
रामको नजिकै पुग्दा न पुग्दा उनको सब ।
मुखैभर भयो आँसु त्यो देख्ता शोकले अब ॥
फेरि धिक्कार्न लागे यी मन्थरा साथ साथकी ।
कैकेयी महिषीलाई दुःख स्नेह बढी अति ॥
मुखैभर हुने आँसु बढेका दुःख—स्नेह ती ।
आफ्ना व्यक्तिकनै सारा देखे श्रीरामले पछि ॥

८८

८९

धर्मको मर्म जानेका उनले अन्तमा बढी ।
भएर बाबु-आमाझैं अगाँले सबलाइ ती ॥
वहाँ पुगेका जनलाइ कत्ति ता हाले अँगालो प्रभु रामले तदा ।
बढेर कैयौं जन राम-भद्रको श्रीपाउमा मस्तक राखिदए अहो ! ॥

९०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

पछाडि श्रीराजकुमार रामले वहाँ पुगेका सबलाइ स्नेहले ।
जो जो थिए मित्र र बन्धु-बान्धव सुयोग्य सन्मान गरे स्वयं तव ॥
आत्मा हुने उच्च उदार यी सब लागे रुनै हा ! दृढ-स्नेहले अब ।
यिनीहरूको स्वर यो रुवाइको आकाश-पृथ्वीभर गुञ्जिदै बढ्यो ॥
दिशा भरी भै गिरिका गुफा पनि घन्काँउदै ओह ! बढ्यो प्रतिध्वनि ।
बढ्दै गयो यो सुनियो वनै भरी मृदङ्ग बज्दा स्वर बन्किए सरि ॥

६२

इति एक सय तीन सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय चार सर्ग

श्रीराम बाट गुरु वसिष्ठको र मुमा–महारानीको दर्शन एवं कुराकानी

१

स्वर्ग जाने दशरथ–राजाका महिषीहरू ।
आए अघि हिंडाएर वसिष्ठ अब श्रीगुरू ॥
उनको भित्र इच्छा थ्यो राम–दर्शन गर्नको ।
यै रामाश्रम सोभयाई तस्मात् आए उनी अहो ! ॥
हिंड्दै विस्तार विस्तार राज—रानीहरू सब ।
पछि आइ पुगे मन्दाकिनीको तटमा अब ॥
राम–लक्ष्मणले नित्य स्नान गर्ने र उज्वल ।
घाट देखे यहाँ यौटा रानीले नृपका सब ॥
यसवेला महारानी कौसल्याको थियो मुख ।
सुकेको दीन अत्यन्त भिजेको आँसुले सब ॥
महारानी सुमित्रा र अरू रानीहरूकन ।
दुःख मानेर भन्छिन् यी तलका वाक्य उत्तम ॥
राज्यै बाट निकालेका कसैमा दुःख—पीर क्यै ।
न पर्ने काम गर्ने ती राम—लक्ष्मणका दुबै- ॥
जो अनाथ सरी नै छन् वनको अति दुर्गम ।
रहेछ घाट यो देख्यौ भर्खरैको र उत्तम ॥
सुमित्रा बहिनी ! तिम्रा छोरा लक्ष्मण वस्तुतः ।
देख्यौ ! जाँगरिया कस्ता भएछन् हकि ? हेर त ! ॥
सँधै आइ यहाँ आफैं ती मेरा पुत्र–रामको ।
निम्तिमा जल लैजाँदा रहेछन् , अति योग्य हो ॥
ती तिम्रा पुत्रले यस्ता स–साना कर्म जो गरे ।
तर निन्दित ता त्यस्तो भएनन् , अनि भो र के ? ॥
किन? भन्छयौ भने, त्यस्ता सद्गुणी दाजु–रामको ।
निम्तिका काममात्रै हुन् श्रेष्ठ, हुन् अरु निन्द्यजो ॥
छैनन् योग्य कसै तिम्रा पुत्र यी क्लेश भोग्नका ।
आजकाल यिनी खप्छन् सहन्छन् जुन नित्य हा ! ॥

१३

१४

घर फर्के भने राम तल्लाखाले मनुष्यले ।
गरिने कर्म यी छोड्नु जो हुन् दुःख हुने हरे ! ॥
ठूलठूला नेत्रकी थिन् यी कौसल्या बढ्दथिन् अघि ।
खालि भैंमा वहाँ देखिन् उनले अनि वस्तु यी ॥
टुप्पा दक्षिण फर्केका कुशमा पितृ–स्नेहले ।
इङ्गुदी–फल पीठोको दिएको पिण्ड रामले ॥
पिताका शोकले दुःखी रामले खालि भूमिमा ।
दिएको पिण्ड यो देखी बहिनीमा भनिन् वहाँ ॥
इक्ष्वाकु–कुलका स्वामी महात्मा नृपमा हरे ! ।
बहिनीहरू हो ! देख्यौ दिएको पिण्ड रामले ॥
देवतै ठीक तेजस्वी महान् आत्मा हुने तथा ।
नरेन्द्रले भोगि बक्स्यो भोग नाना प्रकारका ॥
उहाँको निम्तिमा प्यारा बहिनीहरु हो ! सुन ।
ठीक लागेन है कत्ति यस्ता भोजन ता पुनः ॥
चारै समुद्र सम्मैकी पृथ्वीको एकछत्र यो ।
राज्य भोग्ने भई साक्षात् इन्द्र–तुल्य प्रतापको ॥
ज्यूनार गरि बक्सिन्छ कसरी पति–भूपति ।
इङ्गुदी–फल–पीठोको पिण्ड यो भूमिबीच दी ? ॥
के होला दुःख यो भन्दा ठूलो अर्को हरेशिव ! ।
छैन भन्ठान्छु यो सारा पृथ्वीमा पनि ता अब ॥
जसको वशमा पर्दा समृद्ध भइ रामले ।
इङ्गुदी–फल–पीठोको पिण्ड यस्तो दिए हरे ! ॥
इङ्गुदी–फल–पीठोको पिण्ड आफ्ना पिताकन ।
दिएको रामले देख्ता छाति फुट्तैन यो किन ? ॥
तुरुन्तै हुनु पर्ने हो टुक्रा टुक्रा हजारन ।
बहिनीहरु हो ! मेरो छातीको यो फुटीकन ॥

२६

२७

मनुष्य खान्छ जो अन्न त्यसका देवता पनि ।
त्यही अन्न लिने-खाने गर्दछन् भन्दछन् पनि ! ॥
आहान लोकको यस्तो छ जो प्रचलितै यहाँ ।
मलाई अब पक्कै भो विश्वासै लाग्न गो यहाँ ॥
दुःखिनी भै रहेकी थिन् कौसल्या शोकले वहाँ ।
तर संझाँउदै सौता लैजान्थे अधि मार्गमा ॥
रामलाइ वहाँ देखे अब आश्रममा पुगी ।
स्वर्गबाट खसेका क्वै देव-तुल्य हुने छवि ॥
सुख-भोग सबै छोडी तपस्वी ठीक जीवन ।
बिताएर वहाँ बस्ने देखे पुत्र उनीकन ॥
मुमा रानीहरू सारा अनि पीडित भैबरी ।
आँसु छोडी रुनै लागे चिच्याए शोकले पिरी ॥
त्यस्ता सत्य प्रतिज्ञाका पुरुषश्रेष्ठ रामले ।
देखे सारा मुमालाई अनि आफैं उठे गए ॥
क्रमपूर्वक यी सारा मुमाको रामले तब ।
गरे दर्शन श्रीपाउ छोएर अति नै शुभ ॥
विशाल-नेत्रका सारा मुमाका कर-पद्मका ।
अङ्गुलीहरू थे राम्रा सुकोमल तथा सफा ॥
छुँदै सुख हुने यस्ता हातले पुत्र रामको ।
सारा पिठिङ्को धूलो आफैं पुछि दिए अहो ! ॥
यता त्यस पछी दुःखी स्वयं लक्ष्मणले पनि ।
देखे सारा मुमालाई जो थिए अति दुःखिनी ॥
स्नेहले दृढ-श्रद्धाले एक एक गरीकन ।
ढोग्दिए दाजुले ढोगी सके पछि वहाँ पुनः ॥
व्यवहार तथा स्नेह जो गरे उनले सब ।
पुत्र श्रीराममा त्यस्तै गरे लक्ष्मणमा अब ॥

३९

४०

थिए साक्षात् दशरथ- राजाका पुत्र यी पनि ।
शुभ-लक्षण थे सारा रहेका यिनमा पनि ॥
पारी आँखा भरी आँसु दुःखिनी जानकी वहाँ ।
ढोग्दिइन् सब सासूमा नम्र भै उभिइन् अघि ॥
दुब्लाएकी थिइन्, सोता बस्ता आइ अरण्यमा ।
कौसल्याले यिनीलाई तानिन् आफ्नु नजीकमा ॥
आमाले प्रिय-छोरीको अङ्कमाल गरे सरि ।
बुहारीलाई सासूले अगाँलिन् स्नेहले गरी ॥
भन्दछिन् अनि कौसल्या- सीते! बाबा! हरे! सुन! ।
निर्जनै वनमा यस्तो दुःख भोगछयौ तिमी किन! ।
विदेह-राजकी छोरी कोसलेश्वरकी वधू ।
साक्षात् श्रीरामकी पत्नी तिमी हौ, दुःख हो! उहू! ॥
तिम्रो मुख हरे ! यस्तो लल्याक्-लुलुक घामले ।
भएको पद्म जस्तै भो श्रीहीन अति-दुःखले ॥
बाबा ! माड्मुड पारेको उत्पलै सरि देखियो ।
धूलोले ज्योति ढाकेको सुवर्णै सरिको भयो ॥
दल बादलका बढ्दै ढाक्दिदा कान्ति चन्द्रको ।
जस्तो देखिन्छ ए बाबा ! भो त्यस्तै देखियो अहो! ॥
विदेह-नन्दिनी-सीते ! जस्तो अरणि-काठले ।
निस्केको अग्निले पाछें भुसुक्कै काठ त्यो हरे! ॥
देख्ता यो मुख त्यै ठीक त्यो दुःखारणि बाट नै ।
जन्मेको मनको आगो अब सक्छ मलाई नै ॥
भई आर्त यसो भन्थिन् बुहारीमा यता मुमा ।
अघिल्तिर बढे राम यसै वेला स्वयं वहाँ ॥
वसिष्ठ भइ बक्सिन्थ्यो जहाँ, गै पाउमा झुकी ।
समाते यी दुवै पाउ आफैंले रामले पछि ॥

५२

५३

देवेन्द्रले श्रीगुरुको बृहस्पति ढोगे सरी पाउ परी झुकी अति ।
आगै सरीका गुरु श्रीपुरोहित ढोगी उहाँलाई बसे सँगै तब ॥
बसी सकेमा अब दाजु रामजी स्वधर्म पाल्ने भरतै पनी झुकी ।
लिएर सारा प्रिय-सैन्य दाजुको पछाडि आएर बसे स्वयं अहो ! ॥
आएर मन्त्री उनको पनी पछि बसे अनी पौर-जनै बसे पछि ।
प्रधान-सेनापति आदि गै बसे धर्मज्ञ ठूला जन आदि गै बसे ।

५५

CC-0. In Public Domain. Digitization by eGangotri

५६

वेषाविषे यो, प्रिय पूज्य रामको शुभासनैको नजिकै हुँदा अहो ! ।
देखे भरत्‌ले प्रभु रामलाइ ती बल्दा तपस्वी–जन-वेषमा अति ॥
फैलीरहेको शुभ दिव्य तेज थ्यो श्रीरामको, पर्न गयो प्रभाव यो ।
सुरेन्द्र झैं नम्र भई प्रजेशको अगाडि फर्केर बसे उनी अहो ! ॥
वहाँ बसेका सब भद्र व्यक्तिमा बढ्दै गयो उत्तम चाख चित्तमा ।
देखेर यस्तो स्थिति दाजु-भाइको यथार्थ बुझ्ने मन भो सबै कुरो ॥
सत्कार गर्दैं प्रभु रामलाइ यी ढोगेर श्रद्धा गरि साथमा बसी ।
के के त भन्छन् अब आज राम्ररी भरत् भनी शोचि बसे सबै थरी ॥
यता थिए सत्य-प्रतिज्ञ रामजी उता थिए लक्ष्मण शक्तिका अति ।
स्वधर्ममा नै स्थिर धीर-कर्ममा सुशोभिएका भरतै थिए वहाँ ॥
यी तीन भाईहरू भृत्य-मित्रले झैं घेरिएका अति नै सुशोभिए ।
सदस्य-ऋत्विक्‌हरूबाट घेरिने झैं तीन यज्ञाग्नि-समान शोभिने ।
६१

इति एक सय चार सर्ग

एक सय पाँच सर्ग

श्रीराम तथा भरतको कुराकानी

१

आफ्ना भृत्य-सुहृतद्वारा त्यसरी घेरिए पछि ।
पुरुषश्रेष्ठ श्रीराम आदिको चार भाइ यी ॥
पिताका मृत्युको त्यस्तो दुःख सन्तापले गरी ।
शोच्ता-शोच्तै वित्यो रात त्यसै छर्लङ्ग भैवरी ॥
झिसिमिसे भो वित्यो रात गए भरत आदि ती ।
तिनै भाइहरू गङ्गा -तटमा मित्र आदि ली ॥
वहाँ पुगि गरे स्नान, होम एवं जपादि र ।
आफ्नु कर्म सके, फर्के अव राम भएनिर ॥
वहाँ आई बसे सारा चूपचाप भई स्थिर ।
बोल्दैनथ्यो कुनै व्यक्ति केही पनी हुँदा पिर ॥
निकैवेर वित्यो आफ्ना मित्रका बीचमा बसी ।
राममा यो गरे विन्ती स्वयं भरतले पछि ॥
मान्य दाजु ! बुवाज्यूले वरदान दिईकन ।
सन्तुष्ट पारि बक्सेथ्यो त्यस्ती मेरी मुमाकन ॥
मलाई बक्सिएको हो मुमाले पछि राज्य त्यो ।
टक्र्याएँ अव त्यो मैले सेवामा प्रभुको प्रभो ! ॥
विघ्न-बाधा कुनै छैनन् राज्य यो छ अकण्टक ।
उपभोग गरी बक्स्योस् प्रभु भै अव पालक ॥
हजूर भिन्न अर्काले थाम्न सम्हाल्न राम्ररी ।
सक्तैन जो छ यो ठूलो राज्य-खण्ड कसै गरी ॥
जस्तो वर्षादमा स्वामिन् ! जलको भेलले बढी ।
पुल भत्काउँनै लाग्दा रोक्न गाह्रै छ त्यै सरि ॥
घोडाको गतिमा हिंड्न सक्तैन गदहा प्रभो ! ।
सक्तैन गति क्यै भेट्न पत्ती गरुडको अहो ! ॥
त्यहीठीक त्यहीजस्तो म पनि दाजुको गति ।
के भेट्टुँ, शक्ति नै छैन जो हो शासन-पद्धति ॥

१३

१४

त्यसले बाँच्नु हो बाँच्नु आई जसकहाँ जन ।
सँधै जीवन -निर्वाह गर्दछन्, बाँच्तछन् पुनः ॥
त्यसले बाँच्नु हो व्यर्थ अर्काको आश्रयै गरी ।
गर्छ जीवन-निर्वाह-बाँच्छ जो फेरि हर्षङ्गी ॥
फलाशा लिइ कै वृत्त रोप्यो कै व्यक्तिले बढ्यो ।
पुड्केले चढ्न गाह्रै को भयो हाँगा-विंगा वढ्यो ॥
भयो ठूलो फुल्यो फूल फलेन तर त्यो भने ।
त्यसैको निम्तिमा रोप्ने कस्तो खिन्न छ त्यो हुने ! ॥
महान् बाहु हुने दाजु ! यो कुरा उपमा गरी ।
मैले विन्ती चढाएँ जो अर्थ लाग्नेछ राम्ररी ॥
राज्यको भार यों थाम्न गर्न शासन, पालन ।
हजूर भइ बक्सिन्छ अति नै योग्यको पुनः ॥
प्रजा छन्, भृत्य छौं हामी,स्वामी भै योग्य दाजुले ।
यो राज्य न गरे देखि होला त्यो लक्ष्य-सिद्धि के ? ॥
महाराज ! प्रभो ! तस्मात् यहाँ छन् सङ्घ वा गण ।
विभिन्न जातिका, मुख्य मुख्य व्यक्तिहरू पुनः ॥
यी सवै प्रभुले राज भएको राज्य-वीच त्यो ।
हेरुन् अव प्रभो ! साक्षात् सूर्यकै ठीक चम्किलो ॥
हजूर यसरी आफ्नो पुरमा फर्कि-वक्सिदा ।
मत्ता हात्तीहरू हाम्रा गर्जियुन् खुश भै यता ॥
उता अन्तःपुरै भित्र वहाँका महिला-गण ।
भै एकाग्र गरुन् राम्रो प्रभुको अभिनन्दन ॥
गर्न त्यो राज्य स्वीकार श्रीराम संग प्रार्थना ।
गरेको उनले सारा जनताले सुने वहाँ ॥
सारा नगरका व्यक्ति विभिन्न-दल-संघका ।
अनि ता खुश भै हाले ठीक ! योग्य ! भने तदा ॥

२६

२७

शुद्ध कीर्ति हुने त्यस्ता भाईले भइ दुःखित ।
विलाप गर्न लागेको देखे यी दाजुले स्वतः ॥
अनि ता धैर्य धर्ने र शुद्ध-चित्त हुने पुनः ।
श्रीराम यसरी लागे संझाँउन उनीकन ॥
प्रिय भाई ! छ यो जीव असमर्थ निरन्तर ।
यसमा शक्ति क्यै छैन तस्मात् होइन ईश्वर ॥
सक्तैन मन लागेमैं गर्न यो व्यक्ति क्यै कुरो ।
तान्छ यल्लाइ अर्को नै जुन हो काल-नामको ॥
त्यसलाइ उता तान्छ लग्छ दैव यता उता ।
त्यसको भोग त्यै हुन्छ भोग्नु पर्दछ सर्वदा ॥
वस्तु-संग्रहको अन्त-परिणाम विनाश हो ।
यो लोकोन्नतिको अन्त यौटै पतनमात्र हो ॥
बुझ्यौ ! संयोगको अन्त-परिणाम वियोग हो ।
त्यस्तै जीवनको अन्त साक्षात् मरणमात्र हो ॥
पाकेका फलको जस्तो खस्नु भन्दा कुनै पनि ।
अर्को डर छँदैछैन, त्यस्तै छ यसमा पनि ॥
जन्मेका जति छन् व्यक्ति-मनुष्य, सबलाइ ती ।
अर्को डर छदैछैन मृत्यु भन्दा हुने बढी ॥
बलीया सत्तरी-खामा लागेका हुन्न क्वै घर ।
भए भने पुराना ती भत्किन्छन् सब आखिर ॥
मनुष्य पनि त्यै ठीक बुढ्याँई र स्वमृत्युको ।
परेर वशमा बावु ! नाशिन्छन्-मर्दछन् , अहो ! ॥
वितेर जान्छ जो रात फेरि फर्कन्न त्यो कसै ।
यमुना फेरि फर्कन्नन् जो गइन् सिन्धु तर्फ भै ॥
भै झट्ट वितेका छन् यसरी दिन रात यी ।
विश्वका सब प्राणीको नाशतछन् आयु हर्घडी ॥
ग्रीष्मको ऋतु लाग्दामा बढेको सूर्य तेजले ।
जलाशयादिको पानी सुकाँए ठीक गर्छ ए ! ॥
आफ्नु नै निम्तिमा बावु ! चिन्ता गर तिमी यहाँ ।
अर्काको निम्तिमा यस्तो किन शोच्छौ विफ्वाँकमा ! ॥
कुनै यहाँ बसेको होस् गएको होस् कहीं कि ता ।
त्यसको पनि ता आयु भै रहन्छ नि क्षीण ता ॥
प्राणीको साथमै हिंड्छ त्यसको मृत्यु सर्वदा ।
जहाँ बस्छ गई प्राणी त्यहीं बस्तछ त्यो सदा ॥

४३

४४

यतातिर कुनै लामो बाटोमा त्यो हिंडे पनि ।
साथमै जान्छ, फर्कन्छ प्राणी त्यो फर्कदा पनि ॥
देहका अङ्ग-अङ्गमा चाउरी नै परी सक्यो ।
रँउ सेता भए सारा बुढ्याँईले लगी सक्यो ॥
जीर्ण-शीर्ण भयो देह अब के गर्छ मानिस ? ।
प्रभाव मृत्युमा पार्छ-कसरी ? बच्न सक्तछ ? ॥
सूर्योदय हुँदा जस्तो हुन्छन् खुश यहाँ सब ।
सूर्य अस्त हुँदा त्यस्तै खुश हुन्छन् यहाँ सब ॥
जान्दैनन् तर यी प्राणी कुनै पनि यथार्थमा ।
आफ्नु जीवन व्यर्थैमा नित्य क्षीण हुँदो यहाँ ॥
क्वै नयाँ ऋतु लागेको देखेमा हर्ष मान्दछन् ।
न भोगेमैं गरी पैले हो नयैँ तुल्य ठान्दछन् ॥
उनमा छैन क्यै पत्तो ऋतु भै परिवर्तित ।
हुँदो छ आयुको नाश भन्ने सम्म पनी स्वतः ॥
महासागरमा जस्तो बहँदा-बहँदै पनि ।
दुइ काठहरू मिल्छन् अ-आफैंमा त्यसै पनि ॥
केही काल मिली फेरि छुट्टिन्छन् भिन्न भिन्न भै ।
त्यस्तै हुन् बावु ! यी सारा व्यक्ति वा वस्तु विश्वकै ॥
आफ्ना कुटुम्ब पुत्र स्त्री द्रव्य ऐश्वर्य यी सब ।
हुन्छन् र मिल्दछन् कैले छुट्टिन्छन् पछि वास्तव ॥
छ अन्त यसको यस्तै, यही नै परिणाम हो ।
यसमा अन्यथा गर्न सक्तै-सक्तैन क्वै अहो ! ॥
यो विश्वमा कुनै प्राणी वेला-बखतमा हुने ।
नाघ्न जन्म, जरा, मृत्यु छैन शक्ति पनी हुने ॥
मरेका व्यक्तिको निम्ति शोक गर्दछ व्यर्थ त्यो ।
छ के र त्यसमा शक्ति रोक्न सक्छ स्वमृत्यु त्यो ? ॥
जस्तो अगाडि लागेका व्यापारीहरूलाइ वा ।
कुनै यात्रीहरूलाई पछि पर्नेहरू यता- ॥
भन्दछन् आउँछौं हामी तपाँईहरुकै पछि ।
भने जस्तै गरी जान्छन् भन्ने अनि पछी-पछि ॥
त्यहीठीक यहाँ बावु ! हाम्रा पुर्खाहरू पनि ।
जुन हुन् बावु-बाजे ती गए त्यै मार्ग ली अनि ॥
तसर्थ अब हामीले पनि त्यै मार्गबाट नै ।
हिड्नु पर्दछ, बच्ने क्यै उपाय पनि छैन नै ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

तस्मात् त्यै मार्गमा हिंड्ने अडने व्यक्ति भईकन ।
अरुको निम्तिमा फेरि शोक गर्ने यहाँ किन ?॥
नदीको धार वा वेग नफर्के ठीक भै यता ।
अवस्था फेरि फर्कन्न हाम्रो ढल्दोछ जो सदा॥
तसर्थ आफ्नु आत्माको हुने कल्याण कर्ममा ।
लाग्नु पर्दछ साराले खोज्दछन् सुख जो यहाँ॥
भै बक्सिन्थ्यो बुवा हाम्रा धर्मात्मा पनि ता अति ।
उहाँले गरिबक्सेथ्यो प्रायः यज्ञ भए जति॥
यज्ञ-यागादि ठूल्ठूला गर्दामा पनि अन्तमा ।
प्रशस्त बक्सिएकै हो दक्षिणा पनि विप्रमा॥
उहाँमा यदि क्यै पाप भएता पनि ती सब ।
निमिट्यान्न भए तस्मात् सवारी स्वर्ग भो अब॥
सुन बाबु ! बुवाबाट आफ्ना परिजनादिको ।
पाल्नु पोस्नु, सबै हुन्थ्यो सबमा सुख-शान्ति थ्यो॥
पालनादि क्रिया हुन्थ्यो प्रजाको सब राज्यका ।
बुवाज्यू लिइ बक्सिन्थ्यो धर्मकै धनमात्र ता॥
यस अर्थ पनी बाबु ! यी सबै हेतुले गरी ।
हाम्रा बुवा सवारी भो स्वर्गलोक सरासरी॥
दिइने दक्षिणा धेरै यज्ञानुष्ठानले तथा ।
सारालाइ हुने प्यारो शुभ कर्म गरी सदा॥
हाम्रा बुवा दशरथ पृथिवीपति वस्तुतः ।
स्वर्गबीच सवारी भो सरासर छ, निश्चित॥
ठूल्ठूला यज्ञले नाना यज्ञात्मा परब्रह्मको ।
आराधना गरी बक्स्यो बुवाले सब पूर्ण भो॥
आयु उत्तम पाएर भोगी भोग अनेकन ।
स्वर्गलोक सवारी भो महाराज बुवा पुनः॥
अरु राजाहरू भन्दा लामो उत्तम आयु त्यो ।
उहाँले पाइ बक्सेथ्यो भयो सफल फेरि जो॥
सम्मानित भई बक्स्यो सदा सज्जनले उहाँ ।
भोगि बक्स्यो सबै भोग भएनन् शेष क्यै यहाँ॥
ए मेरा बुद्धिमान् भाई ! यसअर्थ पनी बुवा ।
गै बक्से ता पनी स्वर्ग भइ नक्सिन्न शोच्य ता॥

७६

७७

हो मान्दछु ! बूवाज्यूले जरा-जीर्ण मनुष्यको ।
शरीर छोड्दिई बक्स्यो छोडिन्थ्यो एकपल्ट जो॥
तर बाबु ! बुवालाई दैवी-सम्पत्ति प्राप्त भो ।
पुऱ्याइ ब्रह्म-लोकैमा गराँउछ विहार जो॥
तसअर्थ कुनै व्यक्ति यदि विद्वान् छ त्यो भने ।
तिमी जस्तो म जस्तो वा शास्त्र-ज्ञान छ ता हुने-॥
अथवा बुद्धिमान् त्यस्तै छ भने बाबु ! वास्तव ।
निमित्तमा बुवाज्यूको शोक गर्दैन क्यै अब॥
बुद्धिमान् धीरले तस्मात् जो अवस्था परोस् बुझ ।
विलाप्नु, रुनु शोकादि गर्नु ता छोड्नु पर्दछ॥
बोल्नेमा श्रेष्ठ ए बाबु ! स्वस्थ होऊ तिमी अतः ।
न राख मनमा कत्ति शोक मोह सबै त्यज॥
गईं अब यहाँ बाट अयोध्यापुरमै बस ।
मन जित्ने बुवाद्वारा यै आदेश भयो जब॥
पवित्र-कर्मका त्यस्ता बुवाबाट मलाइ जो ।
आदेश बक्सिएकोछ जहाँ बस्नु भनेर त्यो॥
मैले पनि त ए बाबु ! पाल्नै पर्छ, तसर्थ म ।
मान्छु पूज्य-पिताज्यूको शुभाज्ञा, वन बस्छु म॥
शत्रुनाशक ए भाई ! शुभाज्ञा आफ्नु बाबुको ।
कसरी नाघ्नु होला र ? उचितै हुन्न, पाल्छु त्यो॥
भै बक्सिन्छ सदा पूज्य तिम्रो निम्ति पनी पिता ।
भै बक्सिन्थ्यो उहाँ हाम्रो बन्धु, मित्र तथा पिता॥
कर्मले वनमा बस्ने शुभाज्ञा पाल्छु बाबुको ।
धर्मात्माहरुले सम्म जो छ मान्य र योग्यको॥
पुरुषश्रेष्ठ ए बाबु ! गएर परलोकमा ।
हओस् विजय भन्नेले गर्नेले बस्न चाहना॥
हुनु पर्दछ अक्रूर अहिंसक र धार्मिक ।
गुरुको बाबुको आज्ञा मान्ने, पाल्ने पनी सब॥
पूज्य हाम्रा दशरथ-बुवाज्यूको तिमी अतः ।
चरित्र हेर छन् कस्ता कति शुद्ध र धार्मिक॥
मनुष्य श्रेष्ठ ए बाबु ! अनि आफ्नु स्वभाव यो ।
त्यस्तै पार र आत्माको गर उन्नति श्रेष्ठको॥

६२

CC-0. In Public Domain. Digitization by eGangotri

६३

आत्मा हुने उच्च तथा उदार श्रीराममा शक्ति थियो अपार ।
भने कुरा यी प्रिय भाइलाई कान्छा थिए जो सब त्यो बुझाई ॥
आज्ञा पिताको सब पाल्नु, मान्नु भन्ने थियो लक्ष्य स्वराज्य थाम्नु ।
दुवै घडी सम्म भनी यसोरी श्री राम लागे अब चूप फेरि ॥

६४

इती एक सय पाँच सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय छ सर्ग

राजकुमार भरतले श्रीराम सँग–राज्यस्वीकार गर्न अनुरोध गर्नु

१

यस्ता अर्थ तथा सार भएका सत्य वाक्य यी ।
भनी भरत–भाईमा भै गए चूप रामजी ॥
अब मन्दाकिनीको त्यो तटमा अतिधार्मिक ।
भन्छन् भरत धर्मात्मा राममा प्रकृति–प्रिय ॥
भने भरतले जो जो युक्ति–युक्त कुरा वहाँ ।
थिए ती सब अत्यन्त विचित्रै पनि सुन्नमा ॥
शत्रु नाश्ने प्रभो ! दाजु ! यो जगत्मा हजूरझैं ।
होला मनुष्य अर्को को यस्तो अति विचित्रकै ? ॥
सक्तैन प्रभुमा पीडा पार्न दुःख कुनै पनि ।
प्रिय वाक्य न वा दङ्ग, खुश पार्छ कुनै पनि ॥
सम्माननीय भै आफैं वृद्ध–मान्यादिको तक ।
हजूर सोधि बक्सिन्छ धर्म–शङ्का परे सब ॥
सम्बन्ध हुन्न मर्नेको देहमा अरु वस्तुमा ।
जस्तो, त्यस्तैछ बाँच्नेको सम्बन्ध पनि ता यहाँ ॥
राग वा द्वेष क्यै हुन्न नभएको पदार्थमा ।
जस्तो त्यस्तै हुनै हुन्न भएका पनि वस्तुमा ॥
यस्तो विवेकको बुद्धि जसको भै सक्यो यहाँ ।
पिर्ला र त्यसलाई ता ताप वा पीर पो कहाँ ? ॥
नरेश्वर प्रभो दाजु ! जसलाइ छ वस्तुतः ।
यस्तो हजूरकै जस्तो ज्ञान निश्चल शाश्वत ॥
तथा आत्मा–अनात्माको राम्रो बोध छ ता भने ।
त्यो यस्ता कष्ट पर्दा पो के हुन्थ्यो खिन्नता लिने ॥
रघुनन्दन हे पूज्य ! हजूर त यथार्थमा ।
एउटा देवतै जस्तो भै बक्सिन्छ स्वयं यहाँ ॥
खालि सत्वगुणीमात्र शुद्ध आत्मा हुने महान् ।
सत्यप्रतिज्ञ सर्वज्ञ समै देख्ने र बुद्धिमान् ॥

१३

१४

जन्मको मृत्युको सारा जान्ने तत्त्व, रहस्य यो ।
त्यस्ता श्रेष्ठ–गुणै द्वारा भएका युक्त हे प्रभो ! ॥
प्रभुलाइ कुनै यस्ता विश्वका दुःख कष्ट वा ।
लछार्न, पिर्न सक्तैनन् भए पनि असह्य ता ॥
म विदेश थिएँ दाजु ! यता मेरो निमित्तमा ।
क्षुद्र–बुद्धि हुने मेरी आमा कसिइछन् यहाँ ॥
अन्तमा घोर यो पाप गरीछन् उनले प्रभो ! ।
तस्मात् खुश भई बक्स्योस् मेरो क्यै प्रिय छैन यो ।
तसर्थ पापिनी नै हुन् मेरी आमा स्वयं उनी ।
छन् जो दण्ड दिनै योग्य चर्कों नै त्यसमा पनि ॥
के के पो गर्दथें दाजु ! धर्म–बन्धनमा यदि ।
न भएँ बाँधिएको म ठोक्दिन्थें, पार्दथें च्वि ॥
राजा दशरथै बाट जन्मेको उच्च वंशको ।
विशुद्ध कर्म गर्ने र जान्ने धर्म–अधर्म त्यो- ॥
रघुनन्दन ए दाजु ! त्यस्तो व्यक्ति म जो थिएँ ।
तस्मात थुक्ने सबैले त्यो कुकर्म गर्न रोकिएँ ॥
महाराज बुवा मेरा बृद्ध सम्मानीय र ।
दैवतै भइ बक्सिन्थ्यो यज्ञ गर्ने निरन्तर ॥
औले भइ सकी बक्स्थो परलोक भनेर पो ।
म गर्दिन कुनै चर्चा उहाँको त्यो अयोग्यको ॥
धर्मज्ञ भइ बक्सिन्छ मर्जिहोस् प्रभु नै अब ? ।
को होला धर्म जान्ने त्यो जो यस्तो कर्म गर्दछ- ? ॥
जसले एउटी स्त्रीकै प्रिय गर्छ र धर्मले ।
अर्थले पनि जो साह्रै हीन, निन्दित नै छ ए ! ॥
किम्वदन्ती छ यो दाजु ! पुरानो एउटा यहाँ ।
बुद्धि विग्रन्छ यी सारा प्राणीको अन्तकालमा ॥

२६

२७

तस्मात् हाम्रा बुवाज्यूले त्यस्तो कर्म गरी अहो ! ।
सत्यता त्यो भनाईको प्रत्यक्षै पार्दि बक्सियो ॥
क्रोधले मोहले यद्वा ठूलै साहसले प्रभो ! ।
ठीक संझी बुवाज्यूले जो कर्म गरि बक्सियो ॥
धर्म-उल्लङ्घनै हो त्यो, त्यसलाई स्वयं अब ।
संशोधन गरी बक्स्योस् उल्ट्याई दाजु नै सब ॥
भूल, दोष पिताजीको जो सुधार्छ सच्याँउछ ।
यो जगत्मा त्यही छोरो श्रेष्ठ पुत्र कहाँउछ ॥
विपरीत भई यद्वा यसभिन्न भई प्रभो ? ।
गर्ने काम-कुरो छोरो श्रेष्ठ मानिन्न बाबुको ॥
तसर्थ दाजु भै बक्स्योस् योग्य सन्तान बाबुको ।
त्यस्तो दुष्कर्मको कैले समर्थन न होस् प्रभो ! ॥
बुवाले जो गरी बक्स्यो सीमा बाहिरको छ त्यो ।
धीर मानिस गर्दैछन् निन्दा नै यस कर्मको ॥
बन्धु-बान्धव, मित्रादि, कैकेयी, म, पिता तथा ।
सम्पूर्ण पुरवासी र त्यो राष्ट्र भरका प्रजा ॥
गर्न रक्षा सबैको यी हजूर बढि बक्सियोस् ।
यो मेरो प्रार्थना स्वामिन् ! स्वीकारगरि बक्सियोस् ॥
वनवास कहाँ दाजु ! धर्म क्षत्रियको कहाँ ? ।
कुरो कहाँ प्रजा पाल्ने, जटा धर्ने कुरो कहाँ ? ॥
स्वयं हजूर जस्ताले गर्नु होला र यो कुरो ? ।
सोह्रै आना अ-आफैंमा लाग्छ ठक्कर जो प्रभो ! ॥
ए महान् बुद्धिमान् दाजु ! पैलो क्षत्रिय वीरको ।
राज्यमा अभिषेकादि हो गराँउनु कर्म पो ॥
सकोस् त्यो जसले गर्दा स्वराष्ट्रभरका सब ।
दुनियाँहरूको राम्रो पालना गर्न वास्तव ॥
त्यस्तो क्षत्रिय होला को दिने प्रत्यक्षमै सुख ।
छोडी धर्म प्रजा पाल्ने अन्त लाग्ने रघूद्वह ! ॥
शङ्कै-शङ्का भएको र सुखको चिन्ह हीनको ।
दिने फल भविष्यैमा हो अनिश्चित धर्म यो' ॥
यदि क्लेश गरे मात्र पाइने धर्म गर्न त ।
हजूर खोजि बक्सिन्छ भने पनि त बेस ! छ ॥
मञ्जूर छ ! गरी बक्स्योस् आफ्नो धर्मानुसारको ।
प्रजाको चार वर्णौंका पाल्ने नै क्लेश योग्य त्यो ॥

४३

४४

विद्वान् धर्मज्ञ भन्दैछन् चार आश्रमबीच ती ।
गार्हस्थ्य-धर्म नै ठूलो, श्रेष्ठ हो भनि हर्घडी ॥
यस्ता हुदा-हुँदै दजु ! धर्म जान्ने भईकन ।
हजूर खोजि बक्सिन्छ त्याग्न त्यल्लाइ नै किन ? ॥
शास्त्र-ज्ञानादिले एवं जन्मले पनि वास्तव ।
प्रभो ! हजूर भन्दा म साह्रै सानो छु बालक ।
अब यस्तो अवस्थामा स्वयं प्रभु हुँदा-हुँदै ।
पृथ्वीको कसरी दाजु ! म गरूँ पालना त्यसै ? ॥
बुद्धिले गुणलेसम्म हीन बालक नै छु म ।
मेरो ठाम यता फेरि दाजु भन्दा छ है कम ॥
दाजुले भिन्न भै तस्मात् म बाँच्नै पनि सक्तिन ।
सकुँला गर्ने पृथ्वीको कसरी अनि पालन ? ॥
धर्मका मर्म जानेका ए प्रभो रघुनन्दन ! ।
छ यो राज्य बुवाज्यूको निष्कण्टक र उत्तम ॥
यसर्थ प्रभु नै दाजु ! बन्धु-बान्धव साथमा ।
गरी बक्स्योस् स्वधर्मैले यसको परिपालना ॥
सम्पूर्ण-मन्त्रको तत्व छ ज्ञात प्रभुमा यता ।
अयोध्या उल्टिएकोछ, छन् आएका सबै प्रजा ॥
महर्षि मन्त्र, जानेका भै बक्सिन्छ वसिष्ठजी ।
ऋत्विक् छन्, सब मन्त्री छन्, छन् प्रभो! सैन्यका पति ॥
मिली सब यहीं दाजु ! अब राज्याभिषेक त्यो ।
गर्नेछन्, प्रभुको आज्ञा हुनु पर्दछ, पाँउ त्यो ॥
अनि हामीहरू बाट अभिषिक्त भईकन ।
सवारी होस् अयोध्यामा प्रजा पाल्न र रक्षिन ॥
मरुद्गणहरू बाट अभिषिक्त भए पछि ।
बलैले लोक जित्ने ती इन्द्र जस्तो हुँदै पछि— ॥
तीनै ऋण तिरी बक्स्योस् देवता-ऋषि-पितृको ।
हओस् दमन सम्पूर्ण दुष्टको, शत्रुवर्गको ॥
इच्छानुसारका वस्तु बक्सिई इष्ट-मित्रमा ।
अयोध्यामा सवारी भै धर्म-शिक्षा हओस् गमा ॥
राज्याभिषेक सम्पन्न भए पछि हजूरको ।
प्रिय-मित्र सबै हाम्रा हुन् प्रसन्न स्वयं प्रभो ! ॥
दुष्ट चित्त हुने शत्रु जत्ति छन् ती सबै तब ।
भय-भीत भई भागुन् मान्य दाजु दिशा दश ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

आजै मेरी मुमाज्यूको यो कलङ्क पुछी पुनः ।
बचाई बक्सियोस् निन्दा वाट पूज्य-बुवाकन ॥
प्रभुको पाउमा दाजु ! शिर राखी स्वयं यहाँ ।
गर्दोछु प्रार्थना यस्तो भइ बक्स्योस् खुशी ममा ॥

६२

६३

जस्तो सम्पूर्ण प्राणीमा गर्छन् शिव सदा दया ।
त्यही ठीक गरी बक्स्योस् बन्धु-बान्धवमा दया ॥
यदि यो प्रार्थना मेरो लत्याई न सुनीकन ।
सवारी वनमै हुन्छ भने, होस् ! जान्छु साथ म ॥

६४

६५

सान्है गलेका अतिखिन्न चित्तका भाई भरतले यसरी स्वयं तदा ।
प्रसन्न पार्नै अभिराम-रामको श्रीपाउमानै शिर राखिदए अहो ! ॥
तथापि त्यस्ता स्थिर-धीर चित्तका श्रीरामले सत्व-गुणी र योग्यका ।
अडी पिताको शुभ-वाक्य पालनमै इच्छै गरेनन् पुर फर्किनाकनै ॥
श्रीरामको यो स्थिरता विचित्रको देखेर सारा जनता अवाक् भयो ।
शोच्ता-विचार्दा उनमा पछी अहो ! भो भित्र ज्यादै खुश-दुःख साथ यो ॥
यस्तो गरे ता पनि राम यी हरे ! जान्नन् अयोध्या भनि, दुःख यै गरे ।
देख्ता अडेको प्रण पार्न सत्य त्यो भए खुशी भित्र सबै, विचित्र भो ॥
ऋत्विक्, थकाली,-पुरका,-प्रजा तथा मुमाहरूले पनि भै विचेत हा ! ।
चुहाँउदै आँसु निकै भन्यौ भनी गरे प्रशंसा उनको वहाँ ध्वनि ॥
साथै भरत्को अब जो त्यहाँ जति थिए गएका जनता, मिली पछि ।
श्रीराममा विन्ति गरे अनेकन प्रणाम अर्पी पुर फर्कनै पुनः ॥

७०

इति एक सय छ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय सात सर्ग
श्रीरामले भरतलाई सम्झाएर अयोध्या जाने आदेश दिनु

१

भने भरतले फेरि त्यसरी जब त्यो कुरा ।
युक्तिले तर्कले मिल्दा प्रार्थना गरि सर्वथा ॥
कुटुम्ब-बन्धुकाबीच बस्ने सत्कार-मानले ।
श्रीमान्, लक्ष्मणका दाजु रामले अब यो भने ॥
प्रिय भाई ! तिमी साक्षात् कैकेयीमा, नरेश्वर ।
बुवा दशरथै बाट जन्मेका पुत्र हौ स्थिर ॥
भन्यौ तस्मात् तिमीले जो यस्ता योग्य कुरा यहाँ ।
तिम्रौ लायक छन् सोह्रै आना ती भन्नमा यहाँ ॥
सुन यौटा कुरा बाबु ! बुबाज्यूले निकै अघि ।
श्रीकैकेयी मुमाज्यूको विवाह गरि बक्सँदा ॥
ती मामा घरका तिम्रा बाजे सँग वहाँ सुन ! ।
बुवाले गरि बक्सेको थियो प्रण अनुत्तम ॥
त्यो यही हो-यिनै रानी कैकेयीका सुपुत्रमा ।
दिनेछु राज्य आफ्नो म अयोध्याको भनी वहाँ ॥
सुन अर्को कुरा फेरि त्यो देवासुर-युद्धमा ।
गरी बक्स्यो मुमाज्यूले ठूलो सेवा स्वयं वहाँ ॥
दिन सक्ने, हुने शक्ति बुवाले खुश भै अनि ।
बक्स्यो तिम्री मुमालाई दुइटा वर त्यो पनि ॥
पूर्ण पार्न प्रतिज्ञा त्यो सुन्दरी र यशस्विनी ।
श्रीकैकेयी मुमाज्यूले मागि बक्स्यो दुबै अनि ॥
यौटाले तिन मध्येको तिमीले राज्य पाउने ।
अर्कोले यसरी मैले वनमा घोर आँइने ॥
यसरी प्रेरणा पाई मुमाज्यू बाट वास्तव ।
बुवाज्यूले दिई बक्स्यो दुइटै वर त्यो तब ॥
मलाई यसरी बाबु ! बुवाले चौध वर्षको ।
बक्स्यो आज्ञा वनै बस्ने रूपमा वर-दानको ॥

१३

१४

यसै कारणले गर्दा सीता लक्ष्मण साथ ली ।
निर्जनै वनमा बस्न आएको हुँ स्वयं पछि ॥
यहाँ, छैन कुनै मेरो जोरी-पारी र योग्यको ।
यही बसि बुबाज्यूको सत्य वाक्य म पाल्छु त्यो ॥
राजराजेन्द्र ! ए बाबु ! तस्मात् तिमी पनी अब ।
शुभाज्ञा त्यो बुबाज्यूको मानी हाल तुरुन्त ल ! ॥
अभिषेक लिई हाल अयोध्यापुर-राज्यमा ।
ध्वनि पार बुवालाई सत्य वाक्य हुने यहाँ ॥
त्यो कैकेयी मुमाज्यूको ऋणबाट तिमी ! सुन ।
मेरै निमित्तमा बाबु ! मुक्त पार बुवाकन ॥
पुन्नाम नरकैमा त्यो खस्नु भन्दा अगाडि नै ।
बचाउ लौ बुवालाई पार तुष्ट मुमाकनै ॥
यशस्वी बुद्धिमान् राजा जयले गय-देशमा ।
यज्ञ गर्दा भने यस्तो सुन्दछौं पितृ-निम्तिमा ॥
'पुत नाम' नरकैबाट बाबुलाई सुपुत्र त्यो ।
बचाँउछ र भो पुत्र उद्धारै गर्छ पितृको ॥
पुत्र पाँउन धेरै नै बाबुले खोज्नु पर्दछ ।
विद्वान् र गुणवान् ज्यादै तर ती हुनु पर्दछ ॥
हुन सक्तछ पाएका छोरामा एउटा कुनै ।
त्यो गयातीर्थमा जाओस् गरोस् उद्धार तत्क्षणै ॥
यसरी ए नरश्रेष्ठ ! सबै राजर्षिले यहाँ ।
ठोकुवा नै गरेका छन् पितृ उद्धार गर्नमा ॥
तस्मात् बचाउ लौ बाबु ! तिमी आफ्ना पिताकन ।
अब त्यो नरकै बाट उद्धार गर रक्षण ॥
छौ समर्थ तिमी आफैं श्रेष्ठ छौ रघुवंशमा ।
फर्क जाउ अयोध्यामा बस आनन्दमा वहाँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

विप्र-मन्त्रीहरू सारा लिइ शत्रुघ्न साथमा ।
हिंडी हाल, प्रजालाई सुख देउ स्वयं वहाँ ॥

२८

म पनी प्रिय ए भाई ! सीता लक्ष्मण साथ लौ ।
तुरुन्तै दण्डकारण्य पसी हाल्दछु शान्ति लौ ॥

२९

ए भाई ! भरत ! तिमी वहाँ गएर राजा हौ सब नरको स्वयं डटेर ।
यी सारा वन-पशुको यहाँ म हुन्छु सम्राट् नै अनि स्थिर शान्त नै रहन्छु ॥
भै ज्यादै खुश अब जाउ लौ अयोध्या जो हाम्रो पुरवर त्यो छ, हो अयोध्या ।
भै राम्रै खुश म पनी तुरुन्त पर्छु त्यस्तो दण्डकवन भित्र—भित्र बस्छु ॥
ए भाई ! भरत ! दिनेश सूर्यको त्यो चर्केको किरणकनै विनाश्न सक्तो ।
छाताले नृपवरको गरेर माया यो तिम्रो शिरभर पार्दियोस् न छाया ॥
ए प्यारा ! अब म पनी अघी बढेर विस्तारै वनवनमा घुमे-डुलेर ।
यी सारा रुखहरूको सुरम्य छाया बाक्ला छन् जुन, गई लिन्छु आश्रयै ता ॥
छन् तिम्रा अतुलित बुद्धिका सहाय शत्रुघ्न प्रियवर भाइ नित्य साथ ।
छन् मेरा अतिशय मित्र वा सहाय यी भाइ प्रियवर लक्ष्मणै त साथ ॥
छौं हामीहरू यसरी सुयोग्य छोरा चारोटा दशरथको-बुबा सहारा ।
लौ रक्षा अब सत्यको गरौं उहाँको ए भाई ! बुझ सब,-शोक छोड यो भो ! ॥

३२

इति एक सय सात सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय आठ सर्ग

मुनि–जाबालिले नास्तिक मतको आडमा श्री रामलाई सम्झाँउनु

१

धर्मको मर्म जानेका श्रीराम यसरी जब ।
भाई भरतलाई ती थिए सम्झाँउदै तब ॥
जाबालि मुनि थे मन्त्री विप्र श्रेष्ठ उनै वहाँ ।
पार्ने आघात धर्मैमा भन्छन् यो वाक्य राममा ॥
राम बाबु ! तिमीले जो भन्यौ ठिक्कै छ त्यो कुरा ।
तर सम्झ तिमी छौ जो तपस्वी श्रेष्ठ–बुद्धिका ॥
तस्मात् तुच्छ मनुष्यैका ठीकका यी कुरा त्यसै ।
मनमा किन उब्जे बा ! हुन् यी अर्थ न बर्थकै ॥
भन यो विश्वमाको छ कसको बन्धु वा प्रिय ? ।
कसले कसद्वारा के पाइने छ र पाँउछ ? ॥
बाबुराम ! बुझेकै छौं विश्वमा जीव वास्तव ।
जन्मन्छ जन्मदा एक्लै, एक्लै मर्दछ राघव ! ॥
जो मनुष्य यहाँ बाबु ! मेरा माता पिता भनी ।
जसमा राख्छ सम्बन्ध फस्छ गै स्नेहिलो बनी ॥
त्यसलाई तिमी सम्झ पक्का पागल हो भनी ।
बुझ यो विश्वमा कोही कसैको छैन ! यो पनी ॥
अर्को गाँउतिरै जाँदा जस्तो क्वै बीच गाँउमा ।
वसी रात अघी बढ्छ भोलिपल्ट त्यजी वहाँ ॥
त्यही ठीक पिता माता गृह–द्रव्यादि वस्तु यो ।
आवासस्थान हुन् खालि विश्वको यी मनुष्यको ॥
ककुत्स्थ कुलका रत्न रघुनाथ ! तिमी सुन ।
तसर्थ यिनमा कैले हुन्नन् आसक्त सज्जन ॥
तिमी हौ पुरुषश्रेष्ठ यसअर्थ कसै गरे ।
यो तिम्रो बाबुको राज्य तिमीले छोड्नु हुन्न ए ! ॥
त्यस्तो राज्य त्यजी यस्तो वनमा ऊँच–नीच र ।
हुने काँडा तथा कष्ट हिड्यौं किन कुमार्गमा ? ॥

१३

१४

समृद्धि–शालिनी त्यस्ती अयोध्यामा गई अब ।
राजाको पदमा आफ्नो अभिषेक गराउ ल ! ॥
यौटै चुल्ठो धरी वस्ने नारीझैं पति छुट्टिदा ।
अयोध्या भै रहेकी छिन् पर्खिन्छन् बाबुलाइ ता ।
राजपुत्र ! तिमी तस्मात् इन्द्रले स्वर्गमा सरि ।
गई अब अयोध्यामा विहार गर राम्ररी ॥
राजाले भोगिने भोग बहुमूल्य अमूल्य ती ।
वस्तुकै साथमा नाना भोग राजा भई बसी ॥
तिम्रा बुवा दशरथ थिएनन् बुझ क्वै पनि ।
उनका पनि ए बाबु ! होइनौं क्वै तिमी पनि ॥
ती राजेन्द्र थिए अर्कै, हौ अर्कै, क्वै तिमी यता ।
यसअर्थ म जो भन्छु त्यही गर तिमी उता ॥
निमित्त–कारणै हुन्छ विश्वमा जीवमात्रको ।
हुनुमा जन्म त्यसको पिता बुझ ! ल यो कुरो ॥
पर्दामा गर्भमा वीर्य आमा ऋतुमती हुँदा ।
रजः संयोगले गर्दा यहाँ जन्मन्छ मर्त्य ता ॥
जानु पर्थ्यो जहाँ तिम्रा बुवाले, ती गए त्यता ।
प्राणीको स्थिति नै यै हो, भोग्दछौ व्यर्थ कष्ट हा ! ॥
अघि आइ परेकोयो अर्थ छोडेर धर्ममा ।
जो लाग्छन् तिनकै निम्ति शोक गर्छु म ता यहाँ ॥
धर्मको नाममा खालि दुःख भोग्छन् तिनै यहाँ ।
मरे पछि तिनै फेरि नाशिइन्छन् स्वयं वहाँ ॥
अष्टका आदि छन् जत्ति श्राद्ध ती तिनका पनि ।
देवता छन् अरे ! भन्छन् जुन हुन् पितृ नै अनि ॥
गरेको श्राद्धमा दान पितृमा मिल्छ रे ! भनी ।
विश्वका जनता सारा श्राद्ध गर्छन् स्वयं अनि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

विचार गरि हेर्दामा यसमा अन्न-नाश छ ।
मरेको व्यक्ति के खाला ? लौ तिमी शोच राघव ! ॥
खाएको अन्न यौटाले अर्काको देहमा यदि ।
गई पस्छ भने भोग्छ, भयो आश्चर्य नै यही ॥
यदि त्यस्तो भए देखि जानेको परदेशमा ।
गर्दिए श्राद्ध भै हाल्यो वासमा खान्छ त्यो वहाँ ॥
देवताहरूको निम्ति गर यज्ञ र पूजन ।
ली हाल यज्ञको दीक्षा दान देउ निकै धन ॥
घर-वार त्यजी हाल संन्यासी वन वास्तव ।
तपस्या गर इत्यादि कुरा हुन् जत्ति राघव ! ॥

३१

३२

ती सवै बुद्धिमान् त्यस्तै निकै बाठा मनुष्यले ।
चलाए, ग्रन्थ लेखाए दानैपट्टि झुकाँउने ॥
ए महान् बुद्धिमान् राम! तस्मात् यो लोक-भिन्न क्यै ।
लोक-सोक हुदै छैन भन्ने नै गर निश्चयै ॥
राज्य-लाभ छ प्रत्यक्ष, यसैको गर आश्रय ।
पारलौकिक लाभादि हुन् परोक्ष सवै त्यज ॥
यो हो सज्जनको बुद्धि सबैको मार्ग-दर्शक ।
प्रमाण मुख्य हो ठान्दै अघिलाउ तिमी अब ॥
अनी भरतले यस्तो गरेको अनुरोधले ।
अयोध्याराज्य त्यो राम ! गर स्वीकार प्रेमले ॥

३६

इति एक सय आठ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय नौ सर्ग

श्रीरामले जाबालिको नास्तिक-मतको खण्डन गर्नु

१

पराक्रम हुने सत्य त्यस्ता श्रीराम चन्द्रले ।
जाबालि मुनिका यस्ता कुरा राम्रै गरी सुने ॥
निःशङ्क बुद्धिले आफ्नो मिल्दो वेद-पुराणमा ।
लिई सदुक्ति आधार भन्न लागे स्वयं वहाँ ॥
यहाँ जो भन्नु भो बाज्जे ! मेरो प्रिय गरूँ भनी ।
देखिन्छ त्यो यसो हेर्दा कर्तव्य सरहै पनि ॥
तर वास्तव त्यो छैन गर्न योग्य कसै गरे ।
पथ्य जस्तो अपथ्यै हो गर्नै हुन्न कसै गरे ॥
मर्यादा धर्मको मार्ग वेदको छोड्छ जो जन ।
त्यही हुन्छ दुराचारी, गर्छ पाप अनेकन ॥
त्यसका नष्ट नै हुन्छन् शुभाचार विचार ती ।
कत्ति पाँउन्न त्यो बाजे ! मान सज्जनमा पछि ॥
निर्देश गर्छ आचार व्यक्तिमाको कुरा पनि ।
उत्तमैकुलको हो यो, हो यो अधम नै भनी ॥
व्यक्ति हो वीर यो चाँहि, म हुँ भन्दछ व्यर्थ यो ।
छुट्याँउछ त्यही सारा अपवित्र पवित्र को ? ॥
भन्नु भो जो तपाँईले त्यो आचार लिने, भरे ।
आर्यझैं देखियोस् किन्तु हो अनार्य त्यही हरे ! ॥
भित्र त्यो अपवित्रै छ पवित्रै देखिए पनि ।
हो त्यही व्यक्ति दुःशील, शीलवान् देखिए पनि ॥
श्रेष्ठ लक्षणले बेस परिपूर्ण भए सरि ।
देखिए पनि छन् दोष त्यसमा नै थरी थरी ॥
धर्मको रूप ली त्यस्तो टिकेको यै अधर्म हो ।
यसैले विश्वमा बाजे ! खिचडी पार्छ धर्मको ॥
गरी स्वीकार यै धर्म वेदोक्त शुभ-कर्म ती ।
छोड् दिएर यतै लागे कर्ममा विधि-हीन यी ॥

१३

१४

मलाई कसले भन्ला श्रेष्ठ हो यो भनी तव ।
जान्ने कार्य-अकार्यादि छन् विद्वान् नै यहाँ जव ॥
बाजे ! यस्तो अवस्थामा म स्वयं विश्वबीच यो ।
लोक भाँड्ने, दुराचारी सिद्ध हुन्छु त्यसै अहो ! ॥
न पाले अघिको आफ्नो प्रतिज्ञा छोड्दिए त्यसै ।
तपाँईले भने जस्तै गरे वा व्यवहार त्यै ॥
कुन साधनले मैले पाँउने स्वर्गलोक त्यो ? ।
आचार कसको हो यो ? दिनु भो उपदेश जो ? ॥
मैले हिंड्ने यहाँ बाजे ! कसको पछि, भन्नुहोस् ? ।
म पिता आदिको हुँन भन्नु भो जुन, सुन्नुहोस् ! ॥
तपाँईले वताएको बाटो लिइ हिंडें भने ।
म हुन्छु मन लागे झैं गर्ने, आचार त्यै हुने ॥
त्यस हालतमा बाजे ! विश्वका जनता सव ।
हुन्छन् त्यस्तै दुराचारी, स्वेच्छाचारी स्वयं तव ॥
हुन्छन् राजाहरू जस्तो आचार र विचारका ।
हुन्छन् प्रजा पनी त्यस्तै आचार र विचारका ॥
दया-प्रधान हो धर्म राजाको सत्य पाल्नु नै ।
सदाचार यही नै हो धर्म यै हो सनातनै ॥
तसर्थ सुन्नुहोस् बाजे ! राज्य सत्य-स्वरूप छ ।
सत्यमै लोक यो सारा टिकेको छ र टिक्तछ ॥
देवताहरूले त्यस्तै ऋषिले पनि सर्वदा ।
गरे आदर सम्मान सत्यको योग्य भै सदा ॥
सत्य बोल्ने छ जो व्यक्ति ए बाजे ! यस लोकमा ।
अन्तमा जान्छ त्यो व्यक्ति स्वयं परम-धाममा ॥
सर्पबाट डराएझैं मनुष्य सव वास्तव ।
त्यसै डराँउछन् झूठो बोल्ने सँग पनी सव ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हो धर्मको पराकाष्ठा सत्य नै यस विश्वमा ।
मूल-कारण मानिन्छ त्यही नै सबको यहाँ ॥
सत्य, सामर्थ्यवान् देव छ यौटै यस विश्वमा ।
सत्यकै पाइ आधार धर्म टिक्छ सदा यहाँ ॥
सत्य मूल जरो नै हो सब तत्व-पदार्थको ।
सत्य भन्दा कुनै छैन अर्को परम-धाम त्यो ॥
दान, होम तथा यज्ञ, तपस्या, वेद आदिको ।
आधार एक हो सत्य, तस्मात् पालोस् मनुष्य त्यो ॥
यौटै मनुष्य यो सारा जगत्कै गर्छ पालन ।
यौटै मनुष्यले बाजे ! कुलको गर्छ पालन ॥
यौटै मनुष्य गै फस्छ बुझ्नोस्! नरकलोकमा ।
यौटै मनुष्य गै भोग्छ प्रतिष्ठा स्वर्गलोकमा ॥
हुँ म सत्य-प्रतिज्ञाको खाएँ शपथ सत्यको ।
दिएँ स्वीकृति त्यो पाल्न, समयै साथ सत्यको ॥
अब यस्तो अवस्थामा भई त्यस्तो म योग्यको ।
त्यो शुभाज्ञा बुवाज्यूको न पालूँ किन ए गुरो ! ॥
पहिले सत्य त्यो पाल्ने प्रतिज्ञा गरि त्यै अब ।
पिताको-सत्यको सम्म मर्यादा नाशुँ के सब ? ॥
विश्वका भोगको भोग भोग्ने लोभ र मोहले ।
अज्ञानले यद्वा बढ्दो विवेकै शून्य हुँ म के ? ॥
छौं हामीहरूले बाजे ! सुनेका यो पनी यहाँ ।
पार्छ भूठो प्रतिज्ञा जो गरेको आफुले यहाँ ॥
चञ्चले-चित्तको त्यस्तो धर्मच्युत मनुष्यले ।
दिएको हव्य-कव्यादि लिदैनन् पितृ-देवले ॥
विश्वका सब प्राणीको हित श्रेय निमित्तमा ।
यो सत्य-धर्म नै श्रेष्ठ हो ठान्छु सब धर्ममा ॥
जटा वल्कल इत्यादि धर्ने तापस-धर्म यो ।
पाले सज्जनले तस्मात् म पनी मान्छु, पाल्छु यो ॥
नीच निर्लज्ज लोभी र पापीले क्रूरले गुरो ! ।
सेविने, धर्म हो जस्तै देखिने, यै अधर्म हो ॥
नाघेर बाबुको आज्ञा गर्ने राज्य गई यहाँ ।
त्यो क्षात्रधर्मलाई ता मैले ता छोड्दिएँ यहाँ ॥
मनुष्यदेहले जस्तो पाप गर्दछ त्यो कुरो ।
गर्नु पर्दछ भन्ठान्छ पहिले मन-भित्र पो ॥

४३

४४

फट्कारी अनि जिब्रोले आफ्नो अनव्रत-कर्म त्यो ।
अरुमा भन्छ, जिउले अनि गर्छ पछाडि पो ॥
यसरी एउटै पाप हुन्छ तीन प्रकारको ।
मर्त्यले गरिने बाजे ! मन-वाक्य र देहको ॥
यश कीर्ति तथा लक्ष्मी भूमि यी सब वस्तुतः ।
सत्यवादी मनुष्यैको गर्दछन् चाहना स्वतः ॥
सत्यकै पछि हिंडछन् र पाल्दछन् सत्य सज्जन ।
तस्मात् मानिसले पर्छ गर्नु नै सत्य-सेवन ॥
यता तपाँइले बाजे ! ठमाई तर्क-युक्तिको ।
जो कुरा भन्नु भो राज्य गर स्वीकार श्रेष्ठ हो ! ॥
यो आदेश तपाँईंको श्रेष्ठ जस्तै भए पनि ।
मान्न, सज्जनले पाल्न योग्य छैन कसै पनि ॥
यसरी वनमा आई म बस्नेछु भनी अघि ।
पिता साथ गरेकोथें प्रतिज्ञा सत्य-वाक्य दी ॥
अब अैले पिताजीको आज्ञा नाघी कसो गरी ।
भाई भरतका यस्ता कुरा मान्नु त त्यो त्यजी ! ॥
अघि पूज्य बुवाज्यूको म बस्छु वन गै भनी ।
जो प्रतिज्ञा गरें मैले पाल्छु त्यो अटलै पनि ॥
उता मुमा महारानी कैकेयीको मनै पनि ।
साह्रै खुश भएकोथ्यो मैले भन्दा त्यसो अनि ॥
म बस्छु वनमै बाजे ! भित्र-बाहिर शुद्ध भै ।
खाने र पिउँने गर्छु तोकेको ठिक्क रूपकै ॥
देवको पितृको पूजा गर्छु मूलफलादिले ।
पवित्र-पुष्पले बाजे ! प्रण त्यो पाल्छु सत्यले ॥
यो गर्नु हुन्छ, यो हुन्न, ठमाएको छु यो सब ।
रोक्छु इन्द्रिय यी पाँचै हुन्छु सन्तुष्ट वास्तव ॥
भई निश्छल श्रद्धाले खाई मूल-फलादि यी ।
गर्छु जीवन-निर्वाह सत्य पाछुँ कुरा त्यही ॥
यो कर्मभूमि हो बाजे ! सुन्नोस् आए पछी यहाँ ।
गर्नु पर्दछ त्यै कर्म दिन्छ जो श्रेय नै जहाँ ॥
सत्य पाल्दा शुभै गर्दा अग्नि-वायु र चन्द्रले ।
त्यसको फलमा त्यस्तो भेट्टाए लोक ए ऋपे ! ॥
अश्वमेघ शयौं गर्दा भएथे इन्द्र स्वर्पति ।
यता उग्रतपस्याले गए स्वर्ग सबै ऋपि ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

जावालिको नास्तिकवादको त्यो सुनी कुरा खप्न भएर गाह्रो।
गरेर निन्दा सब ती कुराको भने यसोरी अब रामले यो॥
प्राणीहरूमाथि दयादि गर्नु, धर्मादि गर्नु, प्रिय सत्य बोल्नु।
सामर्थ्यशाली हुनु, पाहुना र देवर्षि विप्रादिक पुज्नु घेर॥
हो मार्ग यो उत्तम स्वर्ग जाने भने महात्माहरूले र माने।
यै मार्गको आश्रय ली ठमाई परत्र लागे कति शान्ति पाई॥
स्वरूप जानेर स्वधर्मको त्यो यथार्थ ठानी लिइ निश्चयै पो।
गर्छन् र धर्माचरण प्रधान स्वर्गादि भेट्छन् द्विज सावधान॥
तपाँईको बुद्धि कुमार्गमा गै फसेछ हा! तुच्छ भएछ ज्यादै।
स्वधर्मको मार्ग त्यजेर त्यस्तो स्वीकार्नु भो नास्तिकवाद यस्तो?॥
कुबुद्धि पाखण्डमयी लिई हा! प्रचार गर्ने द्विजलाइ यस्ता।
ऋत्विक् बनाई जुन राखि बक्स्यो म गर्छु निन्दा त्यसमा बुवाको॥
छ चोर जस्तो अतिदण्डनीय छ बुद्ध सम्मै पनि दण्डनीय।
तथागतै नास्तिक आदि छन् जो त्यै कोटिका हुन् सब नास्तिकै पो॥
प्रजाहरू माथि दयादि गर्ने राजा दिलाओस् यिनलाइ दण्ड।
त्यल्लाइ क्यै दण्ड दिनै सकिन्न भने, न बोलुन् बुध विप्र सम्म॥
तपाँइ बाहेक अगाडिका ती विद्वान् तथा उत्तम विप्र आदि।
सत्कर्म गर्थे श्रुतिले भनेको छोडी फलाशादि यहाँ-वहाँको॥
तस्मात् यहाँका द्विज जत्ति छन् यी प्रमाण मानी स्मृति-वेदलाई।
पाल्छन् अहिंसा, तप, दान, सत्य, होमादि गर्छन् भइ धीर नित्य॥
स्वधर्ममा भै स्थिर नित्य टिक्ने विद्वान् तथा सज्जन-सङ्ग गर्ने।
आचारका तेज बढी रहेका दानस्वरूपी गुण शोभिएका॥
हिंसा नगर्ने कहिल्यै कसैको छुटी सकेका मल, सङ्ग त्यस्तो।
जो श्रेष्ठ छन्, ती मुनि नित्यमेव छन् विश्वमा पूज्य अवश्यमेव॥
आत्मा थियो उच्च उदार त्यस्तो श्रीरामको दैन्य छुटी सकेको।
रिसाइ केही त्यसरी उनीले भने कुरा द्विजमा मजैले॥
जाबालि त्यस्ता द्विजले अनी ता भने यसोरी भइ नम्र ज्यादा।
साँचो र प्यारो हित श्रेय गर्ने कुरा यिनै आस्तिक-भाव धर्ने॥
न संझ है राम! मलाइ नास्तिक न गर्छु ती नास्तिकका कुरातक।
यहाँ वहाँका परलोक लोक छन्, छैनन् भनेका पनि कत्ति होइनन्॥
वेला विचारेर भएँ म आस्तिक छोपेर मौका पछि बन्छु नास्तिक।
संसारको यो व्यवहार-माफिक म गर्छु आफ्नो व्यवहार साविक॥
ए राम! केही अघि काल त्यै यहाँ आयो अनी भन्नु पर्‍यो प्रसङ्गमा।
विस्तार मैले भइ नास्तिकै सरि भने कुरा ती सब संझ राम्ररी॥

CC-0. In Public Domain. Digitization by eGangotri

यही थियो केवल एक सुन्दर उद्देश्य मेरो त्यस उक्तिको स्थिर ।
जसो गरी होस् पुरमा तिमीकन फर्काइ लैजानु रिझाइ तत्क्षण ॥
७८

इती एक सय नौ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय दश सर्ग

ऋषिराज–वसिष्ठले श्रीरामको पुर्खौली बखान्नु र राज्यस्वीकार गर्न आग्रह गर्नु

१

अब राम्रै गरी राम रिसाए यो गमे पछि ।
श्रीराम साथ भन्छन् ती ऋषिराज वसिष्ठजी ॥
स्वयं महर्षि जाबालि जान्नु हुन्छ सबै कुरा ।
जानु-आँउनु गर्छन् यी प्राणी भन्ने पनी सदा ॥
राम बाबु ! तिमीलाई लिई फर्काउने मति ।
कुरा भन्नु भयो किन्तु, छैन नास्तिकता कति ॥
यस्ता सद्गुणले बाबु ! तिमी छौ नाथ लोकका ।
लोक-उत्पत्तिको हाल मबाट सुन लौ यता ॥
जलैजल थियो राम ! सृष्टिको आदिमा सब !
भयो निर्माण पृथ्वीको त्यसकै भित्र वास्तव ॥
भए प्रकट ब्रह्माजी स्वयम्भू देव ली तब ।
निकाले पृथिवीलाई बराह भइ राघव ॥
उनका घेर उत्साही कृत कृत्य थिए सुत ।
उनकै साथमा सिर्जे यो जगत् सब वस्तुतः ॥
परमात्मा परं ब्रह्म साक्षात् आकाशरूपका ।
प्रभुबाट भएका हुन् ब्रह्मा उत्पन्न जो तदा ॥
छन् नित्य अविनाशी यी सनातन र व्यापक ।
मरीचि यिनका छोरा उनका पुत्र कश्यप ॥
विवस्वान्को भयो जन्म कश्यपै बाट यी पछि ।
मनु वैवस्वतै जन्मे उनबाट हुँदा पछि ॥
हुन् प्रजापति यी पैला यिनका पुत्र उत्तम ।
इक्ष्वाकु जन्मिएका हुन् सुन ए रघुनन्दन ! ॥
भएकी धन-धान्यादि पृथ्वीको राज्य यो सब ।
यिनैलाई दिएकी हुन् मनुले पहिले तब ॥
यी इक्ष्वाकुकनै राम ! अयोध्यापुरबीच त्यो ।
भएका पहिला राजा हुन् भनी जान तथ्य यो ॥

१३

१४

कुक्षि यो नामले ख्यात हुन् श्रीमान् उनका सुत ।
विकुक्षि उनका पुत्र जन्मिए वीर,-! वस्तुतः ॥
प्रतापी पुत्र हुन् बाण उनका तेजिला महान् ।
तपस्वी र महाबाहु यिनका अनरण्य हुन् ॥
थिए सज्जनमा श्रेष्ठ यी राजा, ध्यान देउ है ! ।
यिनले राज्य गर्दामा अनावृष्टि भएन क्यै ॥
कुकाल अनिकालादि पनि पर्दै परेन क्यै ।
चोरी गर्ने मनोवृत्ति भएको निस्किएन क्यै ॥
महाराज ! उनैका हुन् छोरा पृथु नरर्षभ ! ।
यिनका अति तेजस्वी जन्मे पुत्र त्रिशंकु त ॥
राजा त्रिशंकु हुन् वीर सत्यवादी थिए अति ।
गए त्यै मर्त्य–चोलाकै साथमा स्वर्गमा पछि ॥
धुन्धुमार थिए छोरा उनका कीर्तिमान् अति ।
यिनका तेजिला ज्यादै छोरा हुन् युवनाश्व ती ॥
उनका पुत्र हुन् श्रीमान् मान्धाता श्रेष्ठ यी थिए ।
महान् तेज हुने छोरा सुसंधि उनका भए ॥
दुइ छोरा भए राम ! यिनका ध्रुवसंधि र ।
अर्को प्रसेनजित् नाम भएका वीर दुर्धर ॥
शत्रु मार्ने तथा नाश्ने हुन् छोरा ध्रुवसंधिका ।
थियो भरत यो नाम थिए कीर्ति हुने बडा ॥
महान् बाहु हुने त्यस्ता भरतैका सुपुत्र ती ।
छोरा असित यो नाम, भएका जन्मिए पछि ॥
यिनका भै प्रतिद्वन्दी निस्किए शत्रु भूप त ।
तालजङ्घ तथा शूर शशबिन्दु र हैहय ॥
सेना ठिक्क गरी व्यूह रची लड्दा बढी अघि ।
शत्रु धेरै हुँदा हारे ती राजा, निक्लिए पछि ॥

२६

२७

पहाडको कुनै अग्लो टाकुरामा सुरम्य गै ।
मुनि जस्तै भई लागे बस्न ती पछि शान्त भै ॥
हामी यै सुन्दछौं राम ! पत्नी थे उनका दुवै ।
थियो यी दुइकै गर्भ रहेको पनि, ताक–यै ॥
यौटीले दुइ मध्येकी सौतालाई दिइन् विष ।
गर्भ–नाश हओस् त्यसको भन्ने हेतु लिई तव ॥
भृगुवंशी थिए श्रेष्ठ ऋषि च्यवन राघव ! ।
जो हिमालयमा बस्तै गर्दथे शान्त भै तप ॥
कालिन्दी नामकी यौटी रानी चाँहि यहीं गई ।
ढोग्दिइन् मुनिलाई यी बसिन् चूपभई अघि ॥
सुपुत्र जन्मियोस् भन्ने इच्छा गर्ने उनीकन ।
निकै खुश भई राम ! भने ती मुनिले पुनः ॥
सुन देवि ! महारानी ! तिम्रो छोरो हुनेछ है ! ।
उदार दिलको ज्यादै लोकविख्यात श्रेष्ठ क्वै ॥
शत्रुको निम्ति डर्लाग्दो, नाश्ने, मार्ने भए जति ।
कुलै बढाँउने आफ्नो धर्मपाल्ने पनी अति ॥
प्रदक्षिणा गरी हालिन् मुनिबाट सुनी यति ।
बिदा भइन् घरै आइन् ती कालिन्दी गरी यति ॥
वहाँ आएर जन्माइन् उनीले पुत्र एउटा ।
पद्म-तुल्य हुने आँखा केसरै-कान्तिको तदा ॥
उनको गर्भ त्यो नाश्न सौताले जो दिइन् विष ।
गर हो, जन्मियो साथै भयो सगर त्यो अतः ॥
यिनै सगर राजा हुन् , जुन यी पर्वको दिन ।
विशेष यज्ञको दीक्षा लिन्थे ए रघुनन्दन ! ॥
हुन् समुद्र खनाएका यिनैले आफ्नु पुत्रले ।
जसका वेगले गर्दा यी प्रजा 'त्राहि मामू' भए ॥

३९

४०

असमञ्ज थिए छोरा उनका सुन्दछौं यहीं ।
पिताले भै दिदा पापी ज्यूँदै खेदिदिए पछि ॥
अंशुमान् नामका छोरा थिए ती असमञ्जका ।
साह्रै पराक्रमी थे यी यिनका हुन् दिलीप ता ॥
भगीरथ भए छोरा उनका, यिनबाट नै ।
ककुत्स्थ जन्मिएका हुन्, भयो काकुत्स्थ वंश नै ॥
ककुत्स्थ बाट जन्मेका रघु हुन् सुन राघव ! ।
भनिन्छौ यिनले गर्दा तिमीहरू त राघव ॥
रघुका पुत्र तेजस्वी थिए कल्माषपाद, जो ।
नरभक्षी भए राम ! परेर वश श्रापको ॥
पछि बढ्दै गएमा यी सम्पूर्ण पृथिवी भरी ।
सौदास नामले मात्र भए विख्यात राम्ररी ॥
कल्माषपाद राजाका छोरा शङ्खण हुन् भनी ।
छौं हामीहरूले राम ! सुनेका यो कुरा पनि ॥
यिनीसँग थियो शक्ति सुप्रसिद्ध पराक्रम ।
तर गै युद्धमा लड्दा मरे सैन्य सँगै पुनः ॥
थिए शङ्खणका छोरा शूरा श्रीमान् सुदर्शन ।
अग्निबर्ण,-यिनीका हुन् छोरा शीघ्रग उत्तम ॥
उनका हुन् पुत्र मरु मरुका हुन् प्रशुश्रुव ।
हुन् महान् बुद्धिमान् छोरा उनका अम्बरीष त ॥
सत्यपराक्रमी छोरा उनका नहुषै भए ।
उनका पुत्र-नाभाग हुन् , धर्मात्मा निकै थिए ॥
अज, सुव्रत हुन् छोरा उनका दुइटा यिनै ।
अजका हुन् दशरथ धर्मात्मा पुत्र ज्यादि नै ॥
साक्षात् उनै दशरथ राजाका पुत्र हौ तिमी ।
नाम राम छ, छौ जेठा पुत्रमा गुणमा पनि ॥

५२

५३

तस्मात् राज्य अयोध्याको तिम्रो हो ग्रहणै गर ।
राजा भई अनी राम ! यो जगत् रक्षणै गर ॥
सब इक्ष्वाकुवंशीको चलनै यो छ राघव ! ।
जुन जेठो छ छोरामा त्यै राजा हुन्छ बास्तव ॥
कान्छो राजा हुँदै हुन्न जेठो छोरो हुँदा हुँदै ।
दिइन्छ अभिषेकादि जेठैमा, नृप हुन्छ त्यै ॥

५५

CC-0. In Public Domain. Digitization by eGangotri

५६

छ राम ! तिम्रो यश यो महान् अति कर्तव्यको ज्ञान छ शुद्ध भै मति ।
तसर्थ यस्तो रघुवंश-धर्म यो नपार है नष्ट सनातनै छ जो ॥
खानातिना राष्ट्र हुने अनेकन सुशोभिएको धन-रत्नले पुनः ।
सारा धराको पति भै तिमी स्थिर तिम्रा बुवाले सरि राज्य यो गर ॥

५७

इति एक सय दश सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय एघारौं सर्ग

श्रीरामले भाई–भरतलाई संझाउनु

१

रामलाई भनी यत्ति गुरु राजपुरोहित ।
वसिष्ठले भने फेरि धर्म मिल्दो कुरातक ॥
रत्न नै हौ तिमी राम ! ककुत्स्थ-रघुवंशका ।
तसर्थ सुन ए बावु ! अम्म मेरा कुरा यता ॥
यस संसारमा राम ! जन्मेका व्यक्तिको पछि ।
आचार्य र पिता माता हुन्छन् है गुरु, तीन यी ॥
पुरुषश्रेष्ठ ए बावु ! पिता उत्पन्न गर्दछ ।
शरीर त्यसको, तस्मात् छोराको गुरु बन्दछ ॥
त्यसमा पछि सम्पूर्ण कुराको ज्ञान भर्दछ ।
त्यो आचार्य पनी तस्मात् गुरू नै हुन आउँछ ॥
शत्रुलाई दिने ताप सुन राम ! तिमी अतः ।
तिम्रो तिम्रा बुवाज्यूको हुँ म आचार्य त्यै स्वतः ॥
तस्मात् मेरो शुभाज्ञा यो गर्दा पालन वस्तुवः ।
छोड्ने सज्जनको बाटो मानिइन्नौ तिमी स्वतः ॥
राम बावु ! यता हेर ! बन्धु-बान्धव छन् उता ।
यी तिम्रा नै सभासद् हुन् सामन्त-नृप छन् यता ॥
यिनमा धर्ममा मिल्दो व्यवहार गरे पनि ।
दोषभागी हुने छैनौ सन्मार्गै छोड्दिने भनी ॥
कौसल्या हुन् तिनै बूढी धर्म गर्छिन् निरन्तर ।
न नाघ यिनको आज्ञा जो भन्छिन् अब त्यै गर ॥
यसरी जननीको यी आज्ञा मान्दा पनी तिमी ।
विद्वान्का धर्मको बाटो नाघ्ने हुन्नौ कसै पनि ॥
रघुनन्दन ! ए बावु ! तिमीमा सत्य टिक्तछ ।
छ पराक्रम यो राम्रो सदा सद्धर्म रम्दछ ॥
आफ्नै आत्मा सरीका छौ साक्षात् भरतका तिमी ।
यसरी प्रार्थना गर्छन् अयोध्या फर्किने यिनी ॥

१३

१४

यिनको वाक्य मानेर आफ्नो राज्य गरे पनि ।
दोष भोग्ने हुने छैनौ धर्म नाघ्ने पनी तिमी ॥
यस्ता अत्यन्त नै मीठा वाक्यमा गुरुदेव ती ।
वसिष्ठले भने त्यस्ता राममा शुभ वाक्य यी ॥
पुरुषोत्तम श्रीराम भन्छन् अथ वसिष्ठमा ।
जुन त्यत्रो सभाबीच बसेका थे स्वयं वहाँ ॥
गुरुदेव ! पिता–माता यी आफ्ना पुत्रको प्रति ।
गर्दछन् व्यवहारादि स्नेहले प्रेमले अति- ॥
अ–आफ्नो शक्तिकै ठीक दिन्छन् स्वादिष्ठ खान ती ।
सुताउँछन् बिछ्यौनामा नुहाई तेल मल्दिई ॥
मीठो नरम बोलेर गरी पालन–पोषण ।
उपकार भलो जो जो गर्दछन् जत्ति हर्दम ॥
त्यसको बदला कत्ति कहिल्यै पनि पुत्र त्यो ।
सजीलै तिर्न सक्तैन ए गुरो ! सत्य नै छ यो ॥
तस्मात् जन्म दिने मेरा बुवाले जो ममा वहाँ ।
शुभाज्ञा बक्सियो ब्रह्मन् ! यो मिथ्या हुन्न क्यै यहाँ ॥
रामले भन्दिँदा यस्तो सुन्दा भरतको मन ।
साह्रै उदास भै हाल्यो खिन्नता व्याप्त भो पुनः ॥
थिए सारथि साथैमा मन्त्री थे जो सुमन्त्र ती ।
भन्छन् अब उनैलाई छाति ठूलो गरी पछि ॥
सारथे ! त्यस वेदीमा कुश चाँडै बिछ्याउ ल ।
यहीं म धरनै दिन्छु, पलेंटी कस्छु वास्तव ॥
जहाँ सम्म बुझ्यौ ! मेरा पूज्य दाजु ममाथि यो ।
प्रसन्न भई बक्सिन्न त्यहाँ सम्म म गर्छु त्यो ॥
कै महाजन-साहूले भए जत्ति बलै सित ।
हरिएमा झिटी–झाम्टा विप्र जस्तो मजै सित ॥

२६

२७

अन्न-पानी गरी बन्द ढोकामा सुत्छु त्यै ठीक ।
म पनि धरनै कस्छु कुटीको अघि यै अब ॥
कुरो बुझ ! तिमी राम्रो पूज्य दाजु जहाँतक ।
अयोध्या फर्की बक्सिन्न पसारिन्छु त्यहाँतक ॥
आज्ञा भरतको त्यस्तो भ्वाट्ट मान्न सुमन्त्रले ।
सकेनन्, ट्वाल्ल भै हेर्दै रामको मुख, यी बसे ॥
अब यस्तो अवस्थाका आफैं भरतले तब ।
ल्याई कुशासनी राखे खालि भुँमै बसे अब ॥
राजर्षिहरूमा श्रेष्ठ स्वयं अत्यन्त तेजिला ।
रामले भाईमा आफ्ना भने अब यिनै कुरा ॥
हरे ! भरत ! के गर्छौ ? गरें तिम्रो खराब के ? ।
मैले के पो बिगारें वा ? धर्नै कस्छौ बिफ्वाँक ए ? ॥
हो! सुती एउटै कोल्टे विप्रले धरना दिई ।
कसैको रोकन अन्याय सक्तछन् योग्य हेतु ली ॥
टीका-राज्याभिषेकादि लिने क्षत्रियले भने ।
कहाँ छ र विधानै पो यसरी धरना दिने ॥
पुरुषश्रेष्ठ ए बाबु ! तस्मात् अब तिमी उठ ।
व्रत ज्यादै कडा यस्ता लिनु हुन्न, ढिपी त्यज ॥
रघुका कुलमा श्रेष्ठ तिमी हौ बाबु ! वास्तव ।
पुरी-श्रेष्ठ अयोध्यामा गई हाल छिटै अब ॥
सुने भरतले त्यस्ता फेरि यस्ता कुरा पनि ।
सबैतिर यसो हेरे वहीं बसि-बसी अनि ॥
गुहार्दै पुरवासी र राष्ट्रवासीकनै भने ।
किन सम्झाँउनै हुन्न दाजुलाइ तपाँइ ? ए ! ॥
अब ती पुरवासी र राष्ट्रवासी सबै मिले ।
महान् आत्मा हुने त्यस्ता भरतैसँग यो भने ॥
सुन्दैछौं ! जान्दछौं ! हामी ककुत्स्थ-मणि राममा ।
प्रभुले जो भनी बक्स्यो साऱ्है योग्य छ त्यो यहाँ ॥
तर सौभाग्यशाली श्रीरामचन्द्र पनी यता ।
योग्य नै भनि बक्सिन्छन् पित्राज्ञापालकै हुँदा ॥
तसअर्थ प्रभो ! हामी भ्वाट्ट श्रीरामलाइ ता ।
फर्काउँन अयोध्यामा असमर्थ भयौं यता ॥
पौरका राष्ट्रवासीका भनाईको कुरा बुझी ।
भने श्रीरामले फेरि भाई भरतलाइ यी ॥

४३

४४

सुन्यौ बाबु ! तिमीले के धर्ममा मात्र राम्ररी ।
दिएका दृष्टि यी आफ्ना मित्रका ती कुरा हकि ? ॥
विचार गर लौ राम्रो मेरा र यिनका कुरा ।
दुवै राम्रै सुनी हाल्यौ लौ ठमाउ पुरा पुरा ॥
महान् बाहु हुने बाबु ! तुरुन्त उठ लौ अब ।
मलाई छोउ साथैमा छोउ लेउ तिमी जल ॥
सुन्दा यो दाजुको आज्ञा भै जुरुक्क उठे उनी ।
रामको पाउ छोएर लिए जल, भने अनि ॥
सुन्नोस् मेरा सभासद् हो! मन्त्री हो! सबपौर हो ! ।
थिएँ मैले न मागेको बुबाज्यूसँग राज्य यो ॥
न त मेरी मुमा साथ राज्यको निम्ति क्यै भनें ।
दाजुलाइ वनै खेद्ने न त सम्मति क्यै दिएँ ॥
तै पनी दाजुले पक्कै वनमा बस्नु पर्छ र ।
पार्नु पर्छ शुभाज्ञा त्यो बुबाज्यूको भने स्थिर ॥
धर्मात्मा दाजुको सट्टा म आफैं कसिएर पो ।
यहीं नै वनमा बस्छु चौदहै वर्षसम्म त्यो ॥
भाइ-भरतका यस्ता दृढ सत्य कुरा सुनी ।
दाजु राम भए साऱ्है जिल्लं-जिल्ल ! स्वयं अनि ॥
पछाडि पुरवासी र राष्ट्रवासीहरूतिर ।
फर्किई भन्न लागे ती यसरी भै अझै स्थिर ॥
सुन्नोस् ! हाम्रा बुबाज्यूले आफ्नु जीवनकालमा ।
क्यै वस्तु बेचि दी बक्यो कसैलाई भने यहाँ ॥
अथवा क्यै किनी बक्स्यो क्यै नासै राखिदबक्सियो ।
भने त्यो अन्यथा गर्न सक्छ को? न म, भाइ पो ?॥
सुन्नोस् ! अर्को कुरा फेरि, मैले यो वनवासमा ।
छल क्यै गर्नु नै हुन्न—साटो राख्नु पनी यहाँ ॥
आफूमा शक्ति सामर्थ्य भएसम्म कसै गरे ।
साटो राख्नु अरूलाई हुन्छ निन्दित नै भरे ॥
श्रीकैकेयी मुमाज्यूको माग थ्यो योग्य त्यो अति ।
पुण्य-कर्मै गरी बक्स्यो बुबाले पनि त्यो दिई ॥
म जान्दछु यता फेरि प्यारा भरत भाइ यी ।
सत्कार मान्यको गर्छन् , खप्न सक्छन् परे जति ॥
छन् यी सत्य-प्रतिज्ञाका महान् आत्मा छ भाइको ।
ठूलै लक्षणका हुन् यी, टिक्तछन् गुण श्रेष्ठ जो ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

वितार वनमा बस्ने काल चौदह वर्षको ।
फर्कुँला म अयोध्यामा अनि पो बुझ्नु होस् कुरो ॥
धर्मशील सदाचारी भाई भरत साथ यी ।
गरुला श्रेष्ठ राजा भै पृथ्वीको राज्य राम्ररी ॥

६२

६३

श्रीकैकेयी मुमाज्यूले बुबासँग वरै यही ।
मागी बक्स्यो यता मैले दिएँ त्यो पालन स्वीकृति ॥
तस्मात् त्यो वर बक्सेको पाली राम्रो गरी अब ।
असत्य-बन्धनै बाट बुबालाई छुटाउ ल! ॥

६४

इति एक सय एघारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय बाह्रौं सर्ग

ऋषि-मुनिहरुले भरतलाइ सँझाँउनु र भरतले फेरि रामसँग प्रार्थना गर्नु एवं रामले आफ्नो खराउ दिएर भरतलाई विदा दिनु

१

थिए अत्यन्त तेजस्वी दुवै भरत, राम यी ।
समागम थियो फेरि यिनको अद्भुतै अति ॥
रोमाञ्च जिउमा हुन्थ्यो देख्नेको भेटघाट यो ।
सवै देख्ता र भोग्दा त्यो महर्षि-गरण छक्क भो ! ॥
न देखिने भई बस्थे मुनि जो अन्तरिक्षमा ।
देखिने भइ जो बस्थे महान् ऋषिहरू यहाँ ॥
ती सवै यी महान् भाग्य भएका भाइको दुवै ।
प्रशंसा गर्न नै लागे ककुत्स्थ-कुल-रत्नभै ॥
धन्य हुन् ती दशरथै-महाराज यथार्थमा ।
जसका पुत्र जन्मे यी अतिश्रेष्ठ महान् यहाँ ॥
धर्मको मर्म जानेका भएका शक्ति धर्मकै ।
टिकेका धर्ममै फेरि धन्य हुन् भाइ यी दुवै ॥
यी दुवैले अ-आफैंमा गरेका यी कुरा सव ।
सुन्दा, सुन्न अझै चाख हामीमा बढ्छ, धन्य छ ॥
वहीं जम्बा भएकाथे भएको दश टाउका ।
साक्षात् रावणको मृत्यु होस् भन्ने ऋषि आदिता ॥
यौटै मुख गरी लागे तुरुन्तै भन्न ती सव ।
राजसिंह महान् आत्मा हुने भरतमा अव ॥
ए महान् बुद्धिमान् बावु ! हौ कुलीन तिमी अहो ! ।
हौ तिमी नै सदाचारी तिम्रो कीर्ति महान् भयो ॥
बावुको मुख हेर्छौं त खोज्छौ त दिन क्यै सुख ।
मनाई रामको बावु ! मानी हाल तुरुन्त ! ल ॥
रामलाइ यता हामी बावुको ऋण बाट त्यो ।
भएको निर्ऋणी हेर्न चाहन्छौं बुझ यो कुरो ॥
तिम्रा बुवा दशरथ कैकेयीको ऋणै तिरी ।
स्वर्गबीच पुगेका हुन् संझ यो पनि राम्ररी ॥

१२

१४

आएकाथे वहाँ जत्ति भनी यत्ति महर्षि र ।
गए गन्धर्व राजर्षि अ-आफ्नो ठाममा स्थिर ॥
शुभ दर्शन श्रीराम उनका यी कुरा सुनी ।
भए प्रसन्न अत्यन्त आनन्द मनका अनि ॥
यसले मुख फक्र्यो क्यै शोभिए अति नै उनी ।
प्रशंसा उनको गर्दै गरे आदर नै पनि ॥
यता भरतको चाँहिं सुन्दामा ती कुरा वहाँ ।
शरीर थर्थरै भैगो पस्तामा डर चित्तमा ॥
अनि लर्बर बोलीमा रघुका कूलभूषण ।
राममा हात जोडेर भन्न लागे यसो पुनः ॥
ककुत्स्थमणि-ए दाजु ! हाम्रो यै वंशधर्म छ ।
कुलमा जुन जेठो छ त्यसैले राज्य गर्दछ ॥
हेरी अव यसैलाई यो राज्य गरि बक्सियोस् ।
मेरो मेरी मुमाको यी ! प्रार्थना स्वीकृतै हओस् ॥
छ महान् राज्य यो स्वामिन् ! म एक्लो कसरी अव ।
गर्न वा थाम्न पो सक्छु ? छ असम्भव वास्तव ॥
पुरमा राष्ट्रमा बस्ने जनता दाजुमै सव ।
प्रेम गर्छन् लहस्सिन्छन्, छ अर्को तत्व यो तक ॥
प्रभो ! यस अवस्थामा म एक्लो विनु दाजुको ।
कसरी यी सवैलाई पार्न सक्छु प्रसन्न ? भो ? ॥
बाटो हेर्छन्, मुखै ताक्छन् यता सव हजूर कै ।
हेर्दछन् मेघको बाटो जस्तो कृषक ठीक त्यै ॥
सुहृत् मित्र तथा हाम्रा बन्धु-बान्धव यी सव ।
वीर योद्धा सवै मन्त्री छन् प्रभो ! अति उत्सुक ।!
ए महान् बुद्धिमान दाजु ! बुझी ली राज्य यो बरू ।
बक्सोस अरू कसैलाइ पाल्छ जो,-राख्छ आवरू ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

बक्सिन्छ जसमा राज्य त्यही व्यक्ति स्वयं सब ।
गर्न सञ्चालना सक्छ प्रजा पाल्छ रिझाउँछ ॥
दाजुलाइ भनी यत्ति भाई भरत ती हरे !
रामकै पाउमा फेरि भै डङ्ग्रङ्ग पछारिए ॥
उनले त्यस वेलामा राज्यग्रहण गर्न त्यो ।
प्रार्थना गरियो ज्यादै प्यारो मीठो भनी त्यसो ॥
पद्मतुल्य हुने आँखा भाइ थे श्याम-वर्णका ।
उठाई काखमा राखे दाजुले अनि ता यता ॥
छिपिएको कुनै मस्त रजहाँस-समानको ।
बोली झिकेर गम्भीर भने श्रीरामले यसो ॥
प्रिय बाबु ! तिमीलाई अब होश भयो अहो ! ।
यो स्वाभाविक सद्बुद्धि आयो विनयशील जो ॥
यस्तो सद्बुद्धिले बाबु ! तिमी यो पृथिवी सब ।
गर्न सञ्चालना सक्छौ सजीलै सँग वास्तव ॥
यसमा क्यै परे शङ्का आफ्ना मन्त्री-सुहृत अनि ।
अमात्यहरूको राय लेउ, छन् बुद्धिमान् यिनी ॥
यिनै द्वारा तिमी बाबु ! ठूलठूला राज-काजका ।
गर काम-कुरा सारा गराऊ शान्त भै सदा ॥
मेरो चाँहि कुरा अर्कै छ भाई ! यसमा सुन ! ।
छोड्देओस् चन्द्रमालाई कान्तिले जून हो जुन ॥
आफूमाथि भए जत्ति छोडोस् हिम हिमालय ।
छोडेर आफ्नु मर्यादा ढाकोस् सिन्धु सबै तर ॥
परन्तु म बुवाज्यूको त्यो प्रतिज्ञा कसै गरी ।
छोड्दैछोड्दिन है बाबु ! संझ यो पनि राम्ररी ॥
सुन बाबु ! कुरा अर्को कामले लोभले कि वा ।
श्रीकैकेयी मुसाज्यूले जो गरी बक्सियो तदा ॥
मेरो निम्ति गरेको हो भनी यस्ता कुरा अब ।
न संझ है तिमी भाई ! कहिल्यै मनमा तक ॥
साक्षात् आफ्नो मुमाज्यूमा गरिन्छ व्यवहार जो ।
त्यसै गर्ने गर्‍यौ बाबु ! उहाँमा व्यवहार त्यो ॥
लोकाभिराम श्रीराम सूर्य झैं तेजिला थिए ।
दिने आल्हाद देख्तैमा द्वितीया चन्द्र झैं थिए ॥
कौसल्या-सुत श्रीराम-दाजुले यसरी उनी ।
भनिए पछि भन्छन् ती भई भित्र खुशी अनि ॥

४३

४४

भै गयो ! छोड्दिएँ दाजु ! गर्छु स्वीकार त्यो कुरो ।
तर यिन्मा चढी बक्स्योस् हुन् खराउ दुवै प्रभो ! ॥
काठबाटै बनेकाहुन् सुनको कामले बर ।
झल्किन्छन् शोभिइन्छन् यी, छन् दुवै अतिसुन्दर ॥
गर्ने रक्षा भएकाको, नपाएको दिने कुरो ।
दुवै काम यिनै गर्छन् अब शासन राज्यको ॥
भाइका यी कुरा सुन्दा पुरुषश्रेष्ठ रामले ।
जुन थे अति तेजस्वी खराउ अब पैहिर ॥
पाउबाट फुकालेर ती दुवै लिई बाहुमा ।
भाइलाई दिई हाले जो महात्मै थिए वहाँ ॥
थापेर दुइटै बाहु खराउ लिई ती दुवै ।
ढोग्दिदै शिरमा राखी भने भरतले यसै ॥
रघुनन्दन ए दाजु ! सुनि बक्स्योस् कुरो पुनः ।
बस्नेछु नियमै साथ यी चौधै वर्ष सम्म म ॥
पैह्री वल्कल-वस्त्रादि जटा धारण गर्छु म ।
खान्छु यी फल-मूलादि पुर बाहिर बस्छु म ॥
पाउको फर्किने बाटो हेरेर यसरी प्रभो ! ।
म बस्नेछु वहाँ दाजु ! ढुक्क भै अब भै गयो ! ॥
त्यहाँ सम्म म यो सारा राज्यको भार वास्तव ।
खराउ माथि यी दोटै अर्पिनेछु परन्तप ! ॥
चौध वर्ष हुँदा पूरा अर्को वर्ष उदाउँदा ।
सुनि बक्स्योस् प्रभो ! फेरि पहिलै दिन व्याउँदा ॥
यो मैले पाउनै पर्छ शुभदर्शन दाजुको ।
हाम्फाल्छु नत्र आगोमा, म हिंडे अब भै गयो ॥
बडो वेस ! भने हुन्छ ! अनि यी दाजु-रामले ।
अँगाले भाइलाई ती ज्यादै आदर-स्नेहले ॥
कान्छा भाइ थिए प्यारा जुन शत्रुघ्न उत्तम ।
रामले छातिमै टाँसे उनलाई पनि पुनः ॥
भने फेरि निकै प्यारा भाइ शत्रुघ्नमा यसै ।
श्री कैकेयी-मुसाज्यूको शुश्रूषा गर नित्य है ॥
न रिसाउ तिमी कैल्यै उहाँको गर रक्षण ।
व्यवहार-कुरो कानो नराम्रो नगर्‍यौ पुनः ॥
बाबु ! शत्रुघ्न ! मेरो र सीताको किरिया सुन ।
तिमीमा यसमा मैले खवाएको छु भनी गुन ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

आँखा भर भए आँशु भन्दैमा यत्ति रामको ।
मन दुःखित भो साह्रै गरे अनि बिदा अहो ! ॥
यता भरत्ले अब मर्म धर्मको जो जान्दथे नम्र भई स्वयं बडो ।
सिंगारिका र सफा खराउ ती बोकी गरे राम-प्रदक्षिणा पछि ॥
हौदा कसेको गज जो वहाँ थियो चढ्ने गरेको नृपले सुयोग्यको ।
राखे त्यसैमाथि दुवै खराउ ती लगेर आफैं उनले, चढे पछि ॥
बढाउने हुन् रघुवंश राम यी हुने सदाचार तथा महामति ।
हिमाल जस्तै स्थिर भै स्वधर्ममा टिकी रहे जो त्यसरी स्वयं वहाँ ॥
पुरेत आफ्ना गुरुको अमात्यको सारा प्रजाको दुइ योग्य भाइको ।
सत्कार गर्दै क्रम साथ वास्तव बिदा गराए प्रभु-रामले अब ॥
रानी मुमा ती सब दुःखले गरी रुँदा रुँदा आँसु झरेर वेसरी ।
बस्ता गर्लै हा ! अब बोल्न क्यै पनि सक्तै सकेनन् अति पीडिता बनी ॥
टोलाइ हेरेर मुमाहरूतिर श्रीरामले ढोगि दिए भई स्थिर ।
आँखा भरी आँसु गराउँदै अनि पसे कुटी भित्र रुँदै रुँदै उनी ॥

६७

इति एक सय बाह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय तेह्रौं सर्ग

राजकुमार भरतले मुनिराज भरद्वाज सँग भेट–घाट गर्नु र अयोध्या फर्किनु

१

श्रीरामचन्द्रका त्यस्ता दुवै चरणपादुका ।
चढाइ शिरमा आफ्नो त्यसरी राखिदिए उता ॥
स्वयं अब यतापट्टि भाइ शत्रुघ्न साथ ली ।
चढे भरत गै आफ्नो रथमा भित्र भै खुशी ॥
पुरोहित थिए साथै ऋषिश्रेष्ठ वसिष्ठ र ।
वामदेव थिए साथै अर्का जाबाली कट्टर ॥
मन्त्रीहरू थिए फेरि दिंदा सल्लाह राम्ररी ।
सम्मानित भई जान्थे सारा अघि–अघी बढी ॥
सेना–मेना बढे सारा अगाडि यसरी अब ।
चित्रकूट–पहाडैको प्रदक्षिण गरे तब ॥
तरे अब निकै राम्री नदी मन्दाकिनीकन ।
अनि पूर्वमुखै पारी बढे यी सब तत्क्षण ॥
बढे भरत यो वेला यी आफ्ना सब सैन्य ली ।
हजारौं थरका धातु हेर्दै हेर्दै सुरम्य ती ॥
अग्ला कूट हुने राम्रा गिरिराट् चित्रकूटको ।
छेउ छेउ हुँदै बढ्दै तलैतल गए अहो ! ॥
केही टाढा यहाँबाट जाँदैमा उनले वहाँ ।
शुभ आश्रम त्यो देखे भरद्वाज थिए जहाँ ॥
वंश उज्वल आनन्द पार्ने,–शक्ति हुने उनी ।
ती भरद्वाज–मुनिको पुगे आश्रममा अनि ॥
तुरुन्त रथ छोडेर ओर्लिएर बढे अघि ।
उहाँको पाउमा घोप्टे भित्र आश्रममा पसी ॥
देख्ता भरत आएको भरद्वाज भए खुश ।
सोधिहाले उनी साथ आफैंले यसरी तब ॥
भन बाबु ! भयो बिग्रो कार्य सम्पन्न के सब ! ।
श्रीराम–दाजुको साथ भयो के भेट वास्तव ? ॥

१३

१४

ऋषिले बुद्धिमान् त्यस्ता यसरी सोधिए पछि ।
धर्म प्यारा हुने यस्ता भन्छन् भरत वीर यी ॥
भगवन् ! भई बक्सिन्छ दाजु राम यथार्थमा ।
आफ्नु नै शक्तिमा टिक्ने सत्य पाल्ने पनी यहाँ ॥
दाजु साथ गरें मैले अति नै प्रार्थना यहाँ ।
वसिष्ठ गुरु द्वारा झन् अनुरोध पर्‍यो यहाँ ॥
दाजु बाट भयो आज्ञा प्रसन्न भइ शान्तमा ।
यसरी भगवन् ! साक्षात् गुरुदेव–वसिष्ठमा ॥
म बसुँ वनमा चौधै वर्ष सम्म भनी यहाँ ।
प्रतिज्ञा गरि बक्सेथ्यो बुवाले जुन त्यो यहाँ ॥
त्यस्ता आफ्ना बुवाज्यूको प्रतिज्ञालाइ त्यै अब ।
यथार्थरूपमा पाल्छु, सत्य पाछुँ म वास्तव ॥
भनेमा दाजुले यस्तो बुझेका मर्म वाक्यको ।
कुरा गर्न निकै जान्ने गुरुले भन्नु भो यसो ॥
श्रीराम सुनि बक्सिन्थ्यो महत्वै पूर्ण यी कुरा ।
जो दाजु भइ बक्सिन्थ्यो जान्ने गर्न पनी कुरा ॥
ए महान् बुद्धिमान् राम ! स्वर्णभूषित–पादुका ।
तिमी भरतमा देऊ आफ्नु साटो गरी उता ॥
खराउ यी दुवै गर्लान् अयोध्या–राज्यको सब ।
व्यवस्था र भलो राम्रो लोकोन्नति पनी दृढ ॥
दाजुलाई यसो भन्दा साक्षात् गुरु–वसिष्ठले ।
मुख पूर्वतिरै फर्क्यो दाजुको गुरुदेव ए ! ॥
गर्न सञ्चालना सारा अयोध्या राज्यको पनि
मलाई दाजुले बक्स्यो यी दुवै पादुका अनि
ए गुरो ! अनि आएँ म महात्मा राम–दाजुको
आज्ञाको साथमा पाई साक्षात् प्रतिनिधित्व यो

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

लिई कल्याणदायी यी खराउ दुइटै प्रभो! ।
अयोध्या-पुरमै जान्छु अब गर्दछु राज्य त्यो ॥
महात्मा उनका यस्ता सुनी शुभ कुरा सब ।
भन्दछन् ती भरद्वाज अब त्यस्तै कुरा शुभ ॥
अहो! भरत! छौ धन्य तिमी हौ नर-सिंह नै ।
शील-आचार जान्नेमा पनि छौ श्रेष्ठ योग्य नै ॥
थुप्रेमैं जल होचैमा तिमीमा पनि वस्तुतः ।
गुण यी थुप्रिएका छन् छैन आश्चर्य क्यै अतः ॥
महान् बाहु हुने त्यस्ता धर्मात्मा नृप योग्यका ।
तिम्रा बुबा-दशरथ भए निर्ऋण सर्वथा ॥
जसका पुत्र भै जन्म्यौ तिमी यस्ता सुयोग्यका ।
धर्ममै बुद्धि ढल्केका धर्मै प्यारो हुने तथा ॥
यसो भन्ने भरद्वाज ऋषिमा बुद्धिमान् अति ।
ढोगे भरतले जोडी अब आफ्नो दशाञ्जलि ॥
अनि पाउ समातेर उहाँको भक्तिपूर्वक ।
जानलाई विदा मागे हिड्न ठिक्क भए तब ॥
श्रीमान् भरतले त्यस्ता भरद्वाज महर्षिको ।
प्रदक्षिणा गरी हाले निकैपल्ट घुमी अहो! ॥
अनि-सेना लिई सारा ती मन्त्रीहरू साथमा ।
अयोध्या-नगरीतर्फ हिंडे भै शान्त चित्तमा ॥

३६

३७

फेरि विस्तृत सेना त्यो हिंड्दै भरतको पछि ।
अयोध्या फर्कियो घोडा, गाडा, हात्ती, रथादि ली ॥
यमुनामा पुगे सारा थिइन् दिव्या नदी जुन ।
तरङ्गहरूको माला पैह्रिएकी मनोरम ॥
जाँदा पार तरी बढ्दै टाढैबाट पवित्र ती ।
जल स्वच्छ हुँदी गङ्गा देखे भागीरथी नदी ॥
बन्धु-बान्धवकै साथ आफ्ना सैन्य लिई सब ।
प्रशस्त जलले राम्री तरे गङ्गा पनी अब ॥
अनि केही परै पुग्दा नपुग्दा रमणीय त्यो ।
शृङ्गवेर-पुरी बीच पसे सैन्य लिएर यो ॥
वहाँबाट पनी बढ्दै जाँदामा अलिवेरमा ।
देखे भरतले आफ्नो त्यो अयोध्या-पुरी वहाँ ॥
त्यो वेला त्यसमा कोही थिएनन् उनका प्रिय ।
न ता बाबु थिए आफ्ना न वा दाजु थिए प्रिय ॥
छोपी गो यसले गर्दा उनमा दुःख यै बढी ।
अनि खिन्न भए साह्रै भने सारथिमा पछि ॥
सारथे! हेर यी हाम्री अयोध्या नाशिइन् हरे! ।
शोभा-श्री यिनमा कत्ति देखिदैन कसै गरे! ॥
यसर्थ पहिले जस्तो छैनन् फकिफकाउ यी ।
अधिको छैन आनन्द, छैन सुन्दर-रूप ती! ॥

४६

४७

देखिन्छिन् अहिले सूत! अतिदीन निन्याँउरी ।
त्यो हो-हल्ला छँदैछैन शून्य छन् बिचरी-वरी ॥

इति एक सय तेह्रौं सर्ग

एक सय चौधौं सर्ग

राजकुमार भरतको अयोध्या–पुर–प्रवेश

१

महान् कीर्ति हुने त्यस्ता श्रीमान् भरतको रथ ।
फ्याँक्तथ्यो स्निग्ध गम्भीर स्वर सुन्दर घर्घर ॥
ठूला प्रभावका त्यस्तो साक्षात् भरत वीर यी ।
पसे अब अयोध्यामा चाँचचाँडै त्यसमा चढी ॥
त्यस वेला अयोध्यामा थियो स्थिति असुन्दर ।
घुम्थे जतातत्तै उल्लू, बिरालाभइ निर्डर ॥
झ्याल–ढोका भए जत्ति घरका बंद थे सब ।
अँध्यारो ढाकिएको थ्यो सारा पुरभरी तव ॥
उज्यालो न हुँदा कत्ति ती पुरी कृष्णपक्षकी ।
अँधेरी रात कै ठीक देखिन्थन् हा ! अयोग्यकी ॥
चन्द्रमाकी प्रिया पत्नी रोहिणी नामकी शुभा ।
शोभिन्छिन् ज्योतिले आफ्नो फिंजिदा कान्ति सर्वदा ॥
उदाई ग्रह नै राहु ढाक्दिदा पति–चन्द्रमा ।
हुन्छ कस्तो दशा ? हुन्छिन् असहाय त्यसै वहाँ ॥
त्यही ठीक अयोध्या यी दिव्य ऐश्वर्य आदिले ।
थिइन् पूर्ण र सम्पन्न शोभिन्थिन् नित्य कान्तिले ॥
थिइन् यी अहिले किन्तु मर्दिदा पति–भूपति ।
असहाय भएकी र पीडिता भित्र झन् अति ॥
दुब्लाएकी थिइन् साह्रै यी पुरी कै पहाडकी ।
सुकेकी जल नै देह भएकी हुन् सरी नदी ॥
जसको जल सम्पूर्ण सूर्यको किरणै बढी ।
तातेको छ र मैलो छ सुकाउँछ घडी घडी ॥
जसका तटमा बस्ने पक्षीहरू सबै थरी ।
बढेको घामले गर्दा उडेका छन् दिशा भरी ॥
जसका भित्रका माछा ग्राह नक्रादि जीव यी ।
गहीरो जलमा भित्र लुकेका छन् डरै परी ॥

१३

१४

जो पुरी पहिले हुन्थिन् बल्दो निर्धूम अग्निको ।
ज्वाला समानकी राम्री सुनौला रंगकी अहो ! ॥
श्रीराम वन जाँदामा अहिले हा ! तिनै पुरी ।
हवि–दुग्धादिले सिंच्ता थिइन् आगै निभे सरि ॥
अयोध्या यस वेलामा देखिन्थिन् ठीक यै सरि ।
सैन्य झैं हार खाएको महासमरमा परी ॥
जसको नाशिए सारा कवचादिक–साधन ।
छिन्न–भिन्न भए फेरि ध्वजा, रथ अनुत्तम ॥
हात्ती–घोडा मरे सारा सेनाका मुख्य मुख्य ती ।
सकिए वीर सम्पूर्ण भने ठीक थिइन् हुँदी ॥
पर्दामा वायुको झोका फींज उठ्छ समुद्रमा ।
अनि त्यो गर्जना गर्छ छाल फेंक्छ जहाँतहाँ ॥
तुरुन्त बायु त्यो शान्त भए पछि समुद्र यो ।
भै हाल्छ शिथिलै फेरि, हुन्छ जो शून्य–सान्यको ॥
त्यस्तै प्रकार त्यै ठीक कोलाहल–प्रपूर्ण यी ।
अयोध्या पनि थिन् शान्त, शून्य–सान्य पनी अति ॥
थालेका यज्ञ ठूल्ठूला सकिंदा त्यसमा पछि ।
स्रुक्–सुवा चाहिने वस्तु लगिंदा साथमा झिकी ॥
श्रेष्ठ आचार्य–ऋत्विक्ले छोड्दिंदा यज्ञमण्डप ।
वैदिकै मन्त्रले शून्य भए जस्तै थिइन् तव ॥
साँढे संग गई गाई लाग्न खोज्दा कुनै बढी ।
साँढेलाई लघार्दामा के होला उनको स्थिति ॥
नयाँ हर–हराएको घाँस चर्न पनी त्यजी ।
गोठमा बाँधिई बस्छिन् जस्तो आर्त भई पछि ॥
त्यहीठीक त्यहीजस्तो यी अयोध्यापुरी पनी ।
भै चर्को वेदना भित्र थिइन् अत्यन्त दुःखिनी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

श्रीराम आदिले हीन भएकी क्षीण यी पुरी ।
देखिन्थिन् अब मोतीको मालाकै ठीक,-त्यै सरी ॥
जसका श्रेष्ठ चम्कीला चिल्ला, वेदाग, उज्वल ।
पद्मरागादि रत्नादि जातका भिकिए सब ॥
सहसा पुण्य सम्पूर्ण सकिंदा विवशी भई ।
स्थान बाट खसी आफ्नो भरेकी भूमिमा पछि- ॥
खस्ता आकाशको बाटो ज्योति आफ्नो भए जति ।
भएकी क्षीण, ताराभैं शोभाहीन थिइन् अति ॥
लटरम्म भई फूल भुलाएकी वसन्तमा ।
मत्त-भ्रमरले सारा घेरिंदा शोभिंदो वहाँ ॥
ग्रीष्मीमा पछि एक्कासी डढेलो हर्हराँउदो ।
आएर नाश पारेकी मासेकी छवि आफ्नु त्यो ॥
कुनै वन-लता जस्ती थिइन् उल्लास-पूर्ण ती ।
अयोध्या अघिकी त्यस्ती अब खिन्न स्वयं अति ॥
वहाँका सब व्यापारी-बनियाँहरू सम्म ती ।
किंकर्तव्य-विमूढै थे शोक-व्याकुल भै अति ॥
वजार, हाट ठूल्ठूला साना-पसल सम्म ती ।
बन्दा-बन्दी थिए सारा खुलेकाथे कमै अति ॥
यी पुरी त्यस वेलामा देखिन्थिन् त्यै अकाश भैं ।
देखिन्न मेघले घेर्दा जहाँ नक्षत्र—चन्द्र क्यै ॥
यसताक अयोध्याका राजमार्ग र मार्ग ती ।
बढारिन्न थिए कत्ति मैलो-फोहोर थ्यो अति ॥
यसर्थ यो अवस्थामा यी अयोध्या-पुरी हरे ! ।
देखिन्थिन् मधुशालाभैं ठामभैं जाँड खाँइने ॥
जहाँ छैन बढारेको पारेको छैन क्यै सफा ।
सारा टुटे-फुटेकाछन् भाडाँ-वर्तन जाँडका ॥
देखिदैन जहाँ शोभा केही पनि, लडीलडी ।
नष्ट-भ्रष्ट भएका छन् जहाँका पिउने जति ॥
यी पुरीको दशा त्यस्तै देखिन्थ्यो, गै जहाँ जन ।
तिर्खा मेट्छन् पिई पानी'पौसाला' सरिकै पुनः ॥
खम्बाहरू टुटेकाछन् जहाँका सब तर्फका ।
वस्ने ठाम र चौतारा छन् जहाँ नष्ट-भ्रष्टका ॥
खाल्डै-खाल्डा परेकोछ, सम्म छैन धरा कहीं ।
जल-पात्र फुटेका छन् पानी नै छैन, ठीककी ॥

४३

४४

देखिन्खिन् यी पुरी फेरी भै विशाल र फैलिई ।
सम्पूर्ण धनुमा टम्म मिलेकी दीर्घता लिई- ॥
जसका दुइटै टुप्पा डोरीले वलिया अति ।
राम्ररी बाँधिएका छन् मिहिनेत गरी उति- ॥
प्रत्यञ्चा पनि त्यो त्यस्तो ताँदो हो धनुको जुन ।
लाग्दामा बाण वैरीको शक्तिमान् वीरको पुनः ॥
काटिई च्वाट्ट पृथ्वीमा धनुबाट खसेसरी ।
स्थान भ्रष्ट भएकी भैं असुन्दर थिइन् पुरी ॥
जसमा लड्नमा बाठो चढ्न टाठो सवारले ।
चढेकोछ यता किन्तु वीर कै शत्रु-सैन्यले ॥
बाण हानी खसालेकी लडेकी युद्ध-भूमिमा ।
घोडीकै ठीक कै बाठी यी अयोध्या थिइन् वहाँ ॥
अब यस्तो अवश्थामा रथभित्र बसी-नसी ।
श्रीमान् भरत यो लागे भन्न सारथिलाइ ती ॥
यता सुमन्त्र यो बेला यानमा श्रेष्ठ त्यो रथ ।
हाँक्तै आइ रहेकाथे आघिल्तिर मजै सँग ॥
सारथेः यो अयोध्यामा पहिले कति राम्ररी ।
स्वर गाना-बजानाको सुनिइन्थ्यो दिशा भरी ॥
अहिले खोइ त्यो सूत ! गम्भीर मधुरो स्वर ? ।
सुनिदैन कहीं केही यो भन्दा दुःख के छ र ? ॥
सुगन्ध पहिले जस्तो छैन व्याप्त पुरीभर ।
माल्य-पुष्पादिको गन्ध फैलिएको सबैतिर ॥
त्यसका साथमा नाना चन्दनागुरु-धूपको ।
सुगन्ध फैंकथ्यो गन्ध बारुणी-मद, खोइ त्यो ? ॥
बेस राम्रा सवारीको आवाज सुनिदैम क्यै ।
घोडा हिनहिनाएको गिज्जिएको सुनिन्न क्यै ॥
चिंघाड मदले मत्त हात्तीको छैन क्यै अब ।
सुनिन्न रथको मीठो अघिको घर्घराहट ॥
निर्वासित हुँदा दाजु अहिले यो पुरी भर ।
सुनिन्न अघिको जस्तो क्यै कुराको पनी स्वर ॥
सारथे ! त्यसरी दाजु गै दिदा वनमा हरे ! ॥
यहाँका तरुना सम्म निकै नै शोकमा परे ॥
चन्दनागुरु इत्यादि वस्तुका गन्ध सम्म यी ।
सेव्दैनन् , पहिरन्नन् जो मूल्यवान् माल्य सम्म ती ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सारथे ! यो पुरीका यी जनता पनि बाहिर ।
निस्कन्नन् घुम्न पैह्रेर माला सुन्दर-सुन्दर ॥
बढ्दा श्रीरामको शोक भएकी पीडिता अति ।
यो पुरीमा कहीं छैनन् अब उत्सव आदि ती ॥
अयोध्याको सबै शोभा हो ! हो !! पक्कै पनी सुन !
श्रीराम दाजुको साथै गएछ वनमा गुन ! ॥
अत्यन्त जोडको वर्षा वर्षिदा शुक्लपक्षको ।
जुनेली रातको शोभा हुनुपर्थ्यो, हुँदैन त्यो ॥
त्यही ठीक अयोध्याको शोभा देखिन्न है कति ।
जब आँसु चुहाएर रोएकी छन् पुरी अति ॥

६५

६६

कहिले अब श्रीराम दाजु यो पुरबीचमा ।
ठूलो उत्सव जस्तो भै पाल्नु होला स्वयं यहाँ ? ॥
ग्रीष्मको ऋतुमा आफैं उब्जेको मेघले सरि ।
कहिले पार्दि बक्सेला त्यो हर्ष,-जलकै झरी ॥
शोभा छैन पुरीको यी ठूल्ठूला सडकै भरी ।
ठाँटिएका युवा आई घुम्दैनन् उफ्रिईवरी ॥
आफ्ना सारथिका साथ कुरा यस्ता प्रकारका ।
गर्दै गर्दै गए वीर अघिल्तिर बढी तदा ॥
गुफामा सिंहले हीन पसेझैं आफ्नु बाबुको ।
पसे दर्वारमा रित्तो दुःखी भरत भै छिटो ॥

७०

७१

नाशिन्छ शोभा दिनको जसो गरी श्रीसूर्य छिप्ता, सुर शोक गर्दछन् ।
त्यै ठीक अन्तःपुर श्री-विहीन भै थिए वहाँका जन शोक-मग्न झन् ॥
फोहोर-मैला सबतर्फ भै दिंदा डेख्ता न राम्रो अति फुङ्ग ! त्यो तदा ।
भए पनी धीर भएर दुःखित झारे उनीले अब आँसु तातप ॥

७२

इति एक सय चौधौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय पन्ध्रौं सर्ग

राजकुमार भरतले श्रीरामपादुकामा राज्याभिषेक चढाँउनु

१

अब राखी अयोध्यामा मुमा रानीहरू सब ।
भन्दछन् शोकले पाक्तै गुरुमा ती दृढव्रत ॥
म नन्दिग्राममा जान्छु आज्ञा होस् यसमा ममा ।
खप्छु बस्छु, उतै दुःख, जो होला दाजुले विना ॥
अहो ! बुवा सवारी भो स्वर्गबीच यतातिर ।
पूज्य दाजु उता राम राज हुन्छ वनैतिर ॥
अब यै राज्यको निम्ति पर्खन्छु म उहाँकन ।
राम नै भइ बक्सिन्छ यशस्वी नृप उत्तम ॥
मीठा हित हुने यस्ता कुरा भरतका सुनी ।
भने मन्त्रीहरूले र वसिष्ठ-मुनिले पनि ॥
प्रिय बाबु ! तिमीले जो भन्यौ लायक त्यो भन्यौ ।
प्रशंसा गर्नमा योग्य छ यही नै कुरा, बुझ्यौं ! ॥
निस्कियो यो कुरा बाबु ! दाजुकै स्नेहले गरी ।
तिम्रै लायकको यो छ अरुमा हुन्न क्यै गरी ॥
ज्ञातिको बन्धुको आफ्ना गर्न दर्शन आदर ।
छौ तिमी नित्य नै लोभी, राम-भक्ति छ सुन्दर ॥
सन्तको पूज्यको बाटो हिंड्दछौ नित्य नै तिमी ।
यस्तो विचार होला को न मान्ने भन लौ अनि ? ॥
सुने भरतले आफ्ना मन्त्रीको गुरुको तक ।
कुरा इच्छा सरीका यी प्यारो लाग्ने हुने शुभ ॥
भने सारथिमा फेरि उनले यी कुरा पनि ।
रथ मेरो तिमी चाँडो ठिक्क पार भनी अनि ॥
प्रसन्न मुख पारेर सारा रानी मुमाकन ।
सोधे, जान विदा मागे उनले भक्तिले पुनः ॥
गई यस पछी आफ्ना भाइ शत्रुघ्न साथ ली ।
चढे त्यो रथमा श्रीमान् त्यस्ता भरत वीर ती ॥

१३

१४

दुवै भरत-शत्रुघ्न चढी रथ भई खुश ।
पुरोहित र मन्त्रीले घेरिएर गए तब ॥
उनको अघि यो वेला गुरु पूज्य वसिष्ठ र ।
अरु विप्र पनि कैयौं जान्थे भई मनोहर ॥
मुख पूर्वतिरै पारी पुरी बाट गए सब ।
जाइन्थ्यो जुन बाटोले नन्दिग्राम, त्यही पथ ॥
साक्षात् भरत जाँदामा यसरी उनको पछि ।
सम्पूर्ण पुरवासी र गयो सैन्य पनी पछि ॥
न बोलाए न डाके ता पनी यी सब वास्तव ।
गए वस्तु लिई सारा हात्ती घोडा तथा रथ ॥
दाजुमा प्रेम वा भक्ति गर्ने धार्मिक-वृत्तिका ।
थिए भरत यी वीर उदार दिलका तथा ॥
चढेर रथमा आफ्नो शिरमा राम-पादुका ।
राखी अब गए छिटै नन्दिग्रामतिरै तदा ॥
त्यो नन्दिग्राममा पुग्दा ओर्लिए रथबाट र ।
गुरु-मान्यहरूलाइ भने भरतले तब ॥
सुन्नुहोस् ! राज्य यो आफ्नो अयोध्यापुरको शुभ ।
मलाई बक्सियो राख्न नासोको रूपमा अब ॥
खराउ दुइटा हुन् यी दाजुकै स्वर्ण-भूषित ।
गर्नेछन् जो भलो राम्रो योग-क्षेम दिई स्वतः ॥
भनी भरतले यत्ति रामका पादुका दुवै ।
उठाई शिरमा राखी नासो राज्य ! भने यसै ॥
दुःखले पिरिई ज्यादै आफ्ना मन्त्री तथा प्रजा ।
ती सेनापतिमा सारा गरे आज्ञा यसो तदा ॥
दाजुका पादुका माथि तपाँईहरू भै सब ।
राजाको त्यो शुभच्छत्र लौ ओढाँउनु होस् ! अब ॥

२६

२७

म यिनै पादुकालाई पूज्य श्रीराम दाजुकै ।
साक्षात् चरण संम्फन्छु, मान्छु, पुज्दछु त्यत्तिकै ॥
यो एकच्छत्रको सारा पृथ्वीको राज्यमा अव ।
स्थापना धर्मको हुन्छ यी दुवैबाट वास्तव ॥
श्रीराम दाजुले मेरो प्रेमले स्नेहले गरी ।
मलाई बक्सिएको हो यो नासो, पुज्छु राम्ररी ॥
तस्मात् अब यहाँ दाजु सवारी न भएतक ।
म स्वयं यसको रक्षा गर्छु भै दृढपालक ॥
आए पछि यहाँ दाजु यी दुवै पादुका लगी ।
उहाँका पाउमा जोर्छु, पहिराँउछु मै पछि ॥
दाजुका ती दुवै पाउ यिनले शोभिए पछि ।
यिनका साथमै गर्छु शुभदर्शन मै झुकी ॥
आए पछि यहाँ दाजु भेट्ना साथ तुरुन्त म ।
राज्य यो सुम्पि दी हाल्छु गुरु मान्य उहाँकन ॥
श्रीराम दाजुकै आज्ञा मानी नित्य वशी बनी ।
सेवा गर्छु उहाँकै म दिलोज्यान दिई अनि ॥
पृथिवीभरको यत्रो राज्यको भार यो तव ।
श्रीपूज्य दाजुमा सुम्पी म बिसाँउछु वास्तव ॥
मलाई बक्सिएकोछ नासोको रूप राज्य र ।
यी दुवै पादुका साथै अयोध्या पनि सुन्दर ॥
दाजुकै पाउमा सुम्पी यी सबै, अनिमात्र म ।
पाप-ताप सबै आफ्ना विनाश्छु, हुन्छु कञ्चन ॥

३७

३८

ककुत्स्थमणि श्रीराम अयोध्यापुर-राज्यमा ।
अभिषिक्त हुँदा हुन्छन् हर्ष-मग्न सबै यहाँ ॥
राज्य पाँउनु भन्दा यो अनि पो चौगुना बढी ।
ममा प्रसन्नता होला कीर्ति-लाभ पनी त्यति ॥
विलाप्थे यसरी साह्रै दुखी भै कीर्तिमान् उनी ।
गरे त्यो राज्य मन्त्री ली नन्दिग्राम बसी अनि ॥
सेना साथ थिए सारा धीर वीर महान् गुणी ।
थिए भरत यी फेरि ठूलै शक्ति हुने पनि ॥
चीर-वल्कल पैह्रेर पालेर शिरमा जटा ।
मुनि-वेष धरी यस्तो नन्दिग्राम बसे उहा ॥
पाल्न यो दाजुको आज्ञा प्रतिज्ञा सत्य पार्न त्यो ।
इच्छा थ्यो उनको ठूलो, भक्ति थ्यो भित्र रामको ॥
रामका पादुकालाई राखी प्रतिनिधित्वमा ।
अभिषेक दिई हाले उनले अनि वा वहाँ ॥
रामको फर्किने बाटो हेर्दै त्यै नन्दिग्राममा ।
वसेर धर्मले राम्रो गरे शासन राष्ट्रमा ॥
राज्य-शासनमा पर्ने सारा काम-कुरा जति ।
रामकै पादुकामा ती विन्ती पार्थे स्वयं झुकी ॥
गर्दथे अनि जे जस्तो गर्नु पर्थ्यो स्वयं उनी ।
पङ्खा—चँवर हम्कन्थे छाता ओढाँउथे उनी ॥
त्यसरी पूज्य श्रीराम दाजुका पादुकाकन ।
श्रीमान् भरतले राखे अभिषेक दिईकन ॥

४८

४९

अनि मन्त्रीहरूद्वारा जो आफ्ना योग्यका थिए ।
स्वयं गराँउनै लागे राज्य-शासन धर्मले ॥
त्यो ताक जो जत्ति स्वराष्ट्रमा यो पर्थ्यो कुरो विन्ति चढाँउथे त्यो ।
आयो भने क्यै उपहार आदि चढाँउथे त्यो पनि ता! वहीं ती ॥
श्रीरामका यी शुभ पादुकामा पारेर विन्ती पहिले चढाई ।
जो गर्नु पर्थ्यो पछि त्यो कुराको दिन्थे निकासा अरुमा अऱ्हाई ॥

५१

इति एक सय पन्ध्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय सोह्रौं सर्ग

कुलपति सहितका ऋषि–मुनिहरूको चित्रकूट छोडेर अन्यत्र गमन

१

अयोध्यातिर फर्केमा भाई भरत वीर ती ।
यता त्यै वनमा राम निकै सम्म रहे बसी ॥
अकस्मात् उनले देखे तपस्वी जत्ति थे वहाँ ।
अन्यत्रै जान लागेका डराएका सरी त्यहाँ ॥
त्यो शुभाश्रममा पुण्य पहिले चित्रकूटको ।
तपस्वी बस्तथे सारा पाई आश्रय रामको ॥
देखे श्रीरामले आफैं तिनैलाई उहाँ अव ।
कहीं जाने कुरा गर्छन् भने झैं अल्लि उत्सुक ॥
टेढो-मेढो गरी आँखा इशाराले निरन्तर ।
सारा देखाँउथे साक्षात् रामलाई वहाँ तव ॥
मनैमन गरी शङ्का मुनि ती आफु-आफुमा ।
गर्थे विस्तार विस्तार कुरा–कानी सवैं वहाँ ॥
छाँट-काँट सवै देख्ता वुझ्दा उत्सुकता स्वतः ।
रामलाइ पर्‍यो शङ्का भएन अपराध त ? ॥
अनि जोडी दुवै हात स्वयं कुलपति–प्रभु ।
महर्षिको परी पाउ भने यो रामले–प्रभु ॥
भगवन् ! के ममा मेरा अधिका ती नरेशको ।
ठीकको चाल देखिन्न ? मैले पालिन वा कि त्यो ॥
न राम्रो ढङ्ग क्यै त्यस्तो देखिबक्स्यो कि ता ममा ? ।
यहाँका मुनि छन् जल्ले टेढिएका सरी ममा ? ॥
भाई-लक्ष्मणले यद्वा प्रमाद्–वश भै कसो ? ।
क्यै अयोग्य गरे त्यस्तो ? देखे यी मुनिले प्रभो ! ॥
अथवा अर्घ्य–पाद्यादि वस्तुले मुनिको सव ।
जो गर्थिन् योग्यको सेवा ती सीता भइ उत्सुक ॥
अचेल भगवन् ! मेरै सेवामा लाग्दछिन् अतः ।
गृहस्थ–योग्य–नारीको काममा पो चुकिन् कि त ? ॥
१३

१४

दया सम्पूर्ण–प्राणीमा गर्ने श्रीरामचन्द्रले ।
सोधेमा यसरी सारा मुनिले त्यो कुरा सुने ॥
वहाँ यौटा थिए वूढा ज्यादै पाका उमेरका ।
त्यसका साथ-साथैमा तपस्याका पनी तथा ॥
कुराले सव यी गर्दा भै काँपे झैं मुनीश्वर ।
भन्छन् श्रीराममा त्यस्ता उनी अव भई स्थिर ॥
बावु राम ! स्वभावैले छन् कल्याणमयी जुन ।
अर्काको गर्न कल्याण मरिमेट्छिन् सँधै जुन ॥
यी त्यस्ती जानकी देवी तपस्वी-मुनि आदिको ।
गर्दा सत्कार के चुक्थिन् ! हो स्वभाव विशेष जो ॥
कुरा के भो भने राम ! यहाँ तिम्रै निमित्तको ।
चर्चा चलि रहेको हो तपस्वीहरूमा बडो ॥
तिमीमा गाड्दछन् आँखा धेरै राक्षस छन् यहाँ ।
सारा डराँउछन् तस्मात् कुरा गर्छन् अ-आफुमा ॥
साक्षात् रावणको भाई यहाँ यौटा छ राक्षस ।
जसको नाम हो बावु ! 'खर' यो अतिदुष्ट छ ॥
यो जनस्थानमा बस्ने तपस्वी--मुनिलाइ यी ।
यल्ले बर्वाद नै पार्‍यो, उखाड्यो मास्दियो कुटी ॥
क्रूर ढीटो छ त्यो फेरि मान्छेकै मासु खान्छ र ।
भन्ठान्छ त्रिजयी मै हुँ, छ पापी, गर्व गर्दछ ॥
राम बावु ! हुँदा यस्तो दुष्ट त्यो झन् तिमीकन ।
देख्नै र सहनै सम्म सक्तै सक्तैन, लौ सुन ! ॥
जैलेदेखि तिमी बावु ! यस आश्रममा वस्यौ ।
पिर्न थाले त्यहाँ देखि दुष्ट-राक्षसले, बुझ्यौ ? ॥
हुन् अनार्य यिनै राम ! दुष्ट छन् सव राक्षस ।
सक्तछन् मन लागेको रूप धर्न पनी सव ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२६

देख्तैमा घीन लाग्ने र डर्लाग्ने क्रूर-रूप ली ।
अपवित्र भई साह्रै आँउछन् नित्य दुष्ट यी ॥
विरूप यिनको रूप हुन्छ नाना प्रकारको ।
छुन नै नहुने वस्तु ल्याँउछन् फेरि नित्य जो ॥
लगी छुवाइ दिन्छन् ती तपस्वी—मुनिमा पछि ।
ठोक्छन् अघि परे कोही, छ हाम्रो दुर्दशा यही ॥
आँउछन् दुष्ट ती राम ! बस्छन् आश्रममा लुकी ।
सिध्याँउछन् सुधा-सोझा मुनिलाइ चुके पछि ॥
दङ्ग पर्छन् यसै गर्दा यसैमा मग्न भै सब ।
घुम्छन् वनभरी बावु ! दुष्ट राक्षस वास्तव ॥
अग्निहोत्रादि थाल्यो कि होम गर्न बस्यो कि त ।
आँउछन् दुष्ट फेंकिदिन्छन् स्रुक्-स्रुवा-यज्ञपात्र त ॥
ल्याएर हाल्दछन् पानी बलेको अग्नि-कुण्डमा ।
जलपात्र घडा आदि, फेंकिदिन्छन् जहाँतहाँ ॥
अत्याचारी दुरात्मा यी पापी राक्षसले सब ।
भयो आविष्ट यो ठाम पसे आश्रममा जब ॥
यसलाई त्यजी तस्मात् अन्यत्रै जान यी मुनि ।
मलाई प्रेरणा गर्छन् भन्दछन् लौ हिंडौं ! भनी ॥
यिनले मुनिको तस्मात् हिंसा गर्नु शरीरको ।
अगावै छोड्दछौं हामी अब आश्रम राम ! यो ॥

३६

३७

यहाँ बाट नजीकै छ वन चित्र-विचित्रको ।
जहाँ अधिकता बावु ! छ कन्द-फल-फूलको ॥
मुनि अश्व उहीं वस्छन् छ आश्रम पवित्र त्यो ।
म आफ्नो दल ली साथ उतै लाग्छु र बस्छु, भो ! ॥
दुष्ट त्यो खरले राम ! तिमी माथि पनी कुनै ।
त्यस्तै न चाँहिने केही गरी हाल्ला अयोग्य नै ॥
अगाडि त्यसकै बावु ! हाम्रै साथ उतातिर ।
जाऔं आउ ! हिंडी हाल यदि यस्तै छ ता सुर ।
दुष्ट-राक्षस ती मार्न छौ समर्थ सदा तिमी ।
सावधान भई बस्छौ तर यस्तो भए पनि- ॥
के हो के ? साथ पत्नी ली बस्तामा यसरी यहाँ ।
शङ्कै छ है ! अनेकौं छन् दुःख-बाधा पनी यहाँ ॥
कुरा यत्ति सुनाएर अन्यत्रै जान चाँहने ।
तपस्वी वृद्धलाई ती सकेनन् रोक्न रामले ॥
संझाएर बुझाएर भने नानाथरी कुरा ।
मीठा जवाफ टक्र्याए रोकिएनन् उनी वरा ! ॥
दलका पति थे बूढा गए कुलपति प्रभु ।
अभिनन्दन अर्पेर सोधी श्रीराममा प्रभु ॥
संझाए, उनले उल्टै भने वाक्य अनेकन ।
गै हाले दल ली आफ्ना छोडिदिए आश्रमैकन ॥

४६

४७

जाँदा सारा ऋषि-मुनिहरु पछि गई ढोगे त्यस्ता कुलपति-मुनि पाउ झुकी ।
साह्रै राम्रो तुष्ट र खुश उनको शिक्षा पाए फर्के अनि रघुपति स्व-वासैमा ॥
आश्रम ऋषि-मुनि न भएको त्यो छोडेनन् छिन भर रामले यी ।
लागे ती ऋषि पनि पछि यिनकै गुण चरित छन् भनि रक्षिने यिनमा ॥

४८

इति एक सय सोह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय सत्रौं सर्ग

श्रीरामको मुनिराज अत्रिको आश्रममा गमन र अनसूयाद्वारा सीताको अभिनन्दन एवं पतिव्रता–धर्मनिर्देश

१

तपस्वी मुनि ती सारा गए पछि यतातिर ।
निकैबेर बसे शोच्तै स्वयं राम भई स्थिर ॥
बुझे पछि कुरा सारा जब कारण ती खुले ।
यल्ले गर्दा त्यहाँ वस्न मानेनन् ठीक रामले ॥
अब ती शोच्तछन् एक्लै-मैले आश्रतमा यसै ।
भेटें भरत-माता र पौरलाइ पनी सबै ॥
छ त्यही सँझना भित्र भै रहन्छ पछी पनि ।
शोक-मग्न म भै हाल्छु संझदै सब त्यो अनि ॥
महान् आत्मा हुने मेरा भाई भरतका सब ।
सेना-मेनाहरू आई बसे यै ठाममा तब ॥
उनले, उनका सारा गज-अश्वादिले तक ।
अपवित्र बनाए बा ! विष्ठा–लीदी भरी सब ॥
तसर्थ ठाम यो छाडी जाऔं अन्यत्र नै अब ।
शोचे यत्ति, उठी हाले अनि श्रीराम-राघव ॥
हिंडे त्यो ठाम छोडेर जानकी लिइ साथमा ।
प्रिय भाई यता लागे पछाडि उनको वहाँ ॥
वहाँ बाट पुगे राम भगवान् मुनि अत्रिको ।
पवित्राश्रममा पस्तो गरे दर्शन पाउको ॥
रामलाई वहाँ त्यस्ता भगवान् अत्रिले पनि ।
आफ्नै छोरो सरी गर्दै व्यवहार गरे अनि ॥
गरे अतिथि-सत्कार आफैंले रामको तब ।
सकेसम्म गरी राम्रो प्रेमले विधिपूर्वक ॥
महान् भाग्य हुने यस्ता भाई लक्ष्मणको तथा ।
सीताको पनि साथै भो पारे तुष्ट-प्रसन्न,–ता ॥
भगवान् अत्रि यी सारा प्राणीको हित गर्दथे ।
थिए यी मुनिमा श्रेष्ठ धर्मको मर्म जान्दथे ॥

१३

१४

यसैबेला यहाँ आइन् सबले मानिने अति ।
अनसूया थिइन् जो यी पत्नी नै उनकी सती ॥
थियो अटल सौभाग्य यिनको, धर्म धर्दथिन् ।
थिइन् अतिशयै बूढी तपस्या धेर गर्दथिन् ॥
आफ्नी पत्नी, उनैलाई मीठा-मधुर वाक्यले ।
भने सब कुरा, पारे दङ्ग, यी मुनिराजले ॥
पछिबाट भने देवि ! हुन् ती जनकनन्दिनी ।
सीता श्रीरामकी पत्नी लौ अँगाल तिमी भनी ॥
अब श्रीराममा भन्छन् चिन्हाई धर्मचारिणी ।
पत्नीलाई सती त्यस्ती थिइन् जुन तपस्विनी ॥
एकपल्ट बुझयौ, राम ! दश वर्षतकै अहो ! ।
पानी वर्षेन पृथ्वीमा भो अनावृष्टि उग्रको ॥
त्यसबेला जगत् सारा डढ्न लाग्यो निरन्तर ।
जसले, तब त्यो आफ्नो तपले उग्र भै स्थिर ॥
तथा नियमले राम्रा धान्नै गाह्रा मनुष्यले ।
सुशोभित भई आफ्नै तपस्याकै प्रभावले ॥
सारा जगत्भरी राम ! उब्जाई फल-मूल तो ।
पवित्र-जलले पूर्ण बहाँइन् जान्हवी नदी ॥
जसले दश हज्जार वर्ष सम्म गरी तप ।
त्यस्तो उग्र तपस्याको शक्तिले श्रेष्ठ भै व्रत ॥
ऋषिको मुनिको सारा विघ्न-बाधाहरू पनि ।
त्यसै नाशिदिइन, हुन् ती अनसूया उनै यिनी ॥
सुन निष्पाप ए राम ! देवको काम गर्नमा ।
गरिन् हड्बडमै जल्ले अर्को कार्य महान् यहाँ ॥
बनाइन जसले बावु ! दश रात समानको ।
एउटै रात, जो हुन्थ्यो उनको काल, ठीक त्यो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हुन् साक्षात् यी तिनै देवी अनसूया पतिव्रता ।
छन् तिम्रो निम्ति यी पूज्या माताकै ठीककी सदा ॥
विश्वका सब प्राणीको निम्तिमा यी तपस्विनी ।
ए बाबु ! छन् सँधै योग्य ढोग्नमा पूज्नमा पनि ॥
यिनमा क्यै छँदैछैन क्रोध ईर्ष्यादि वस्तुतः ।
अनसूया भनिन्छिन् यी कामैले लोकमा अतः ॥
विदेह-नन्दिनी सीता अब बूढी यिनैसँग ।
जाँउन् बसाउठी गर्न श्रद्धा-प्रेम लिंदैसँग ॥
यस्तो भन्ने उहाँलाई अब श्रीरामभद्रले ।
बेस ! आज्ञा भयो भन्दै त्यसै गर्छु पनी भने ॥
अनि सम्पूर्ण नारीको जानेकी धर्म जानकी ।
प्रिया-पत्नीतिरै हेरी भन्छन् श्रीराम वाक्य यी ॥
राजपुत्रि ! तिमीले के भगवान् मुनिराजको ।
उपदेश सुन्यौ यस्तो बक्सेको हित गर्छ जो ? ॥
तस्मात् अब तिमी जाउ आफ्नो कल्याण निम्तिमा ।
छिटै तपस्विनी देवी भएमा सङ्ग गर्नमा ॥
पति श्रीरामका यस्ता सुनिन् वाक्य यशस्विनी ।
मिथिलेश-कुमारी ती सीताले वरवर्णिनी ॥
अनि ती धर्मको तत्त्व जानेकी र तपस्विनी ।
सती श्री अनसूयाको नजीकै गै गइन् उनी ॥
अनसूया बुढ्याँईले साह्रै शिथिल थिन् तब ।
यता परि सकेकोथ्यो चाउरी देहमा सब ॥
उनका शिरका रोम सारा सेतै थिए यता ।
काँप्तथिन् बहँदा वायु, केराको थाम झैं सदा ॥
नजीकै गइ सीताले स्थिर शान्त भई तब ।
बताइन् पहिले आफ्नो नाम-काम पनी सब ॥
सौभाग्य-शालिनी त्यस्ती सती-देवी उनीकन ।
झुकेर अतिश्रद्धाले टक्र्याँइन् अभिवादन ॥
रोक्ने इन्द्रियको शक्ति हुन् जो भित्री र बाहिरी ।
अनसूया थिइन् देवी ढोग्दिइन् अनि राम्ररी ॥

४१

४२

तपस्विनी उनी साथ सीताले खुश भै पछि ।
गरिन् कुशल-प्रश्नादि जोडी आफ्ना दशाञ्जलि ॥
गर्ने स्वधर्म नै पाल्ने त्यस्तो भाग्य हुने पुनः ।
सीतालाई वहाँ देखिन् देवीले थिन् सती जुन ॥
भनिन् अनि उनी साथ दिंदै आधार, सान्त्वना ।
सौभाग्यको कुरा यै हो ! पाल्दछ्यौ धर्म जो यहाँ ! ॥
छोड्दियौ हकि ? ए सीते ! ती आफ्ना बन्धु बान्धव ।
प्रतिष्ठा त्याग्दियौ त्यस्तो लत्त्यायौ मान वास्तव ॥
यस्ता बन लघारेका पति श्रीराम साथमा ।
जो आयौ वनमा बाबा ! त्यही सौभाग्य हो यहाँ ॥
सुन ए मानिनी-सीते ! आफ्नो स्वामी तथा पति ।
हओस् असल ज्यादै वा होस् खराब कि ता अति ॥
जस्तो होस् वनमा आई बसोस् शहरमै कि वा ।
प्रिय मान्छन् तथा ठान्छन् बेस ! त्यल्लाइ जो सदा ॥
भनेदेखि तिनै नारीहरूलाई यथार्थमा ।
लोक उन्नत ठूल्ठूला प्राप्त हुन्छन् भरे वहाँ ॥
आफ्नो पति हओस् जस्वो होस् दुच्छर स्वभावको ॥
मन लागे सरी गर्ने होस् , कि ता होस् दरिद्र त्यो ॥
स्त्रीका निमित्तमा त्यस्ता राम्रो शील-स्वभावका ।
संझ है हुन्छ ए सीते ! साक्षात् उत्तम देवता ॥
विचार गरि हेर्दामा पनि गर्ने भलो त्यति ।
म त देख्तिन क्वै अर्को त्यस्तो बन्धु, त्यजी पति ॥
न नाशिने फलै जस्तो गरेका तपको यहाँ ।
फल योग्य त्यही दिन्छ यहाँ र परलोकमा ॥
जो आफ्नै पतिमा राम्रो गर्छन् शासन स्त्रीहरू ।
कामले चित्त तानेका मान्दैनन् यो उनीहरू ॥
यसर्थ मन लागे झैं घुम्दछन् ती यताउति ।
यसका गुण-दोषैको गर्दैनन् ख्यालसम्म ती ॥
यस्ता नारीहरू सीते ! अवश्य पनि अन्तमा ।
धर्मबाट च्युतै हुन्छन् फँस्तछन् जो कुकर्ममा ॥

५६

५७

मिथिलेश्वरकी छोरी ए सीते ! सुन है यिनै ।
बदनाम भई हाल्छन् छिटै यो विश्वबीचमै ॥

५८

तर जो छन् तिमी जस्ता सती–स्त्रीहरू ती सब ।
यहाँको परलोकैको बुझ्छन् स्थिति पनी सब ॥
गुणै-गुण लिई तस्मात् लाग्दछन् पुण्यकर्ममा ।
धर्मात्मा ठीक भै जान्छन् तिनै स्त्री पछि स्वर्गमा ॥

तस्मात् तिमी यी पतिदेव-रामकै यसै गरी सेवन गर्न लाग है ।
राम्रो गरी पाल स्वधर्म भै सती हुन् आफ्नु द्यौतै भनि संम्झ यी पति ॥
सँधै तिमी यी पति रामको पछि हिंड्ने विचारै गर त्यै सुबुद्धि ली ।
तिमी उनैकी सहधर्मिणी बन भेट्छ्यौ अनी कीर्ति र धर्म पावन ॥

६१

इति एक सय सत्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय अठारौं सर्ग

देवी–सती अनसूया र राजकुमारी– सीताको कुराकानी

१

तापसी अनसूयाले भनिइन् यसरी तदा ।
अर्कामा दोषको दृष्टि नराख्ने जानकी शुभा ॥
उनका त्यो भनाईको प्रशंसा राम्ररी गरी ।
भन्न लागिन् अनि सीता उनीमा अति सुस्तरी ॥
पूज्ये देवी ! मला यस्तो बक्स्यो जो उपदेश यो ।
साक्षात् हजूर जस्ताको निम्ति आश्चर्य छैन त्यो ॥
गुरु हो पति, नारीको भनी जो भनिबक्सियो ।
मलाइ पनि थ्यो ज्ञान निकै नै अघिदेखि पो ॥
मेरा पति स्वयं राम अनार्य-दुश्चरित्रका ।
तथा निर्धन अत्यन्त नहुने योग्य-जीविका ॥
भै बक्सेको भएसम्म नहेरेर यताउति ।
शङ्का नै नगरी केही सेवा गर्थें मता अति ॥
फेरि के भन्नु पर्ला र हुनाले श्रेष्ठ ती गुण ।
प्रशंसापात्र साराको भै बक्सिन्छ उहाँ जुन ॥
पतिदेव उहाँ मेरा दयालु र जितेन्द्रिय ।
भै बक्सिन्छ स्थिर-प्रेमी बाबु-आमा सरी प्रिय ॥
बलीया भइ बक्सिन्छ त्यत्तिकै पतिदेवज्यू ।
उहाँको अति श्रद्धा छ कौशल्या माथि सासुज्यू ॥
आफ्नी मुमा उहाँ माथि गरेझैं स्नेह-प्रेम त्यो ।
गरि बक्सिन्छ राजाका रानीमा अरुसम्म पो ॥
महाराज-दशरथ बुबाज्यूबाट भवाट्ट क्वै ।
स्त्रीमाथि गडिगो आँखा भने ता पनि सम्झि त्यै ॥
पितृवत्सल धर्मज्ञ उहाँ आफ्नो अहं त्यजी ।
हेर्दिबक्सिन्छ त्यस्तामा पनि ता मातृ-दृष्टि ली ॥
म आफ्ना पतिको साथ डर्लाग्दो अतिशून्यको ।
वनमा आँउनै लाग्दा सासुज्यूबाट जो कुरो—॥

१३

१४

मलाइ भनि बक्सेथ्यो उपदेश दिदैदिंदै ।
त्यो कुरो छ अझै सम्म मेरो हृदयबीच यै ॥
मेरो विवाहको वेला नजीकै अग्निको वहाँ ।
जो शिक्षा बक्सिएकोथ्यो मुमाबाट, छ त्यो मला ॥
हे धर्मचारिणी-पूज्ये ! थो बाहेक वहाँ अरु ।
दिन्थे स्वजन जो शिक्षा त्यो सम्झन्छु खुरुखुरु ॥
स्त्रीजातिहरूको निम्ति पति सेवा त्यजीकन ।
अर्को छैन कुनै त्यस्तो तप वा योग्य साधन ॥
गरेर पतिको सेवा सावित्री सत्यवान् प्रिया ।
पूज्या भइ रहेकीछन् स्वर्गमा पनि ता सदा ॥
हजूर पनि ता मामा ! उनै ठीक भई यहाँ ।
गरेरै पतिको सेवा गइ बक्सिन्छ स्वर्गमा ॥
धन्य हुन् सब नारीमा श्रेष्ठ छन् रोहिणी पनि ।
हुन् पर्कै पनि हे पूज्ये ! स्वर्गकी देवता उनी ॥
गर्नाले पतिकै सेवा ती आफ्ना पतिदेवता ।
चन्द्रमासाथ छुट्टिन्नन् छिनै भर पनी उता ॥
दिलोज्यान दिइ आफ्नो यो पातिव्रत्य-धर्मको ।
गर्ने पालन जो जो छन् भित्र श्रद्धा हुने बडो ॥
त्यस्ता नारी सती साध्वी बलले पुण्य-कर्मको ।
सधैं भइरहेका छन् पूज्य स्वर्लोकमा अहो ! ॥
सीताका मुखका यस्ता कुरा सुन्दा सुयोग्यका ।
ती देवी अनसूयामा ज्यादै खुश भयो तदा ॥
उनीले जानकीलाई तानिन् र नजिकै पुनः ।
सुँघिन् शिर, भनिन् फेरि दङ्ग पार्दै उनीकन ॥
सुन बाबा ! यहाँ मैले नियमादि अनेकन ।
पाल्दा पाल्दा निकै ठूलो जोरेकी छु तपै धन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पवित्र-व्रतकी सीते ! लिई त्यै तपको बल ।
वर दिन्छु तिमीलाई जे रोज्छयौ माग त्यै अब ॥
तिम्रो भनाइ यो सीते ! साह्रै मीठो छ वास्तव ।
निकै राम्रो भन्यौ युक्ति-युक्त नै छ र श्रेष्ठ छ ॥
मिथिलेश्वरकी पुत्रि ! तिमीवाट भएँ खुश ।
भन लौ के गरुँ तिम्रो प्रिय श्रेय हुने अब ? ॥
यी वाक्य अनसूयाको सुन्दै छक परिन् उनी ।
हाँसी मुसुक्क देवीमा विन्ती पार्छिन् स्वयं अनि ॥
पूज्ये ! हजूरको यत्रो तपको बलशक्ति त्यो ।
देख्तै सुन्दै पुग्यो माता! भो! भो! चाहिन्न क्यै कुरो ॥
धर्मको मर्म जानेकी अनुसूयाकनै पछि ।
सीताले भन्दिदा यत्ति भै हाल्यो भित्र झन् खुशी ॥
भनिन् अनि प्रिये छोरी ! तिमीले जो भन्यौ यसो ।
भै गएँ यसले झन् म तिमीमा खुश धन्य हो ! ॥
तिम्रो निर्लोभिताले यो ममा भो हर्ष यो जुन ।
यस्लाइ सफलै पार्छु अवश्य अब लौ सुन ! ॥
हो दिव्य हार, यो श्रेष्ठ हो आभूषण, वस्त्र यो ।
यो अङ्गराग हो सीते ! लेप हो बहुमूल्य यो ॥
दिएँ मैले तिमीलाई सब यी वस्तु जानकी ! ।
तिम्रा शुभाङ्गमा बाबा ! शोभा भर्छन् सदैव यी ॥
तिम्रा निमित्तमा नै छन् सब यी योग्य उत्तम ।
पैह्रिंदा कान्ति नाशिन्नन् स्थायी हुन्छन् सँधै पुनः ॥
ती लक्ष्मी जसरी आफ्ना अविनाशी र ईश्वर ।
पति श्रीविष्णुको साक्षात् शोभा हुन्छिन् निरन्तर ॥
त्यहीठीक तिमी आफ्ना अङ्गमा अङ्गराग त ।
जो दिव्य छ लगायौ कि पार्नेछयौ पति हर्षित ॥
शुभाज्ञा माई-आमाको हुनाले हार वस्त्र र ।
गहना अङ्गरागादि गरिन् ग्रहण खर्खर ॥
मिथिलेश्वरकी छोरी थिइन् धीर स्वाभावकी ।
कीर्ति फैलि सकेकोथ्यो उनको, भै सुशील यी ॥
गरिन् ग्रहण त्यो सारा बृद्धा त्यस्ती तपस्विनी ।
देवीज्यूले दिएको यो चिनो हो ! स्नेहको भनी ॥
लिएर सब त्यो वस्तु त्यस्तो प्रेमोपहारको ।
बसिन् यी अघि सेवामा जोडेर दुइ बाहु त्यो ॥

४३

४४

अगाडि नजिकै आफ्नो बसेकी जानकीकन ।
बलीयो व्रतकी देवी भन्न लागिन् यसो पुनः ॥
कुनै प्रिय-कथा मीठो सीताकै मुखबाट नै ।
सुन्ने इच्छा भयो थालिन् अनि सोध्न उनीकनै ॥
भन बाबा ! तिमीलाई त्यो स्वयम्वरमा गई ।
यशस्वी-पतिले तिम्रा पाए रे ? सुन्दथे अघि ॥
मिथिलेश्वरकी छोरी वृत्तान्त सब त्यो स्वतः ।
एक एक गरी सारा सुन्न खोज्दछु है ! म त ॥
त्यसमा जत्ति जो जो भो जसरी भो सबै कुरा ।
ममा अब तिमी सारा भन बाबा ! पुरा पुरा ॥
दिएमा यसरी आज्ञा तापसी धर्मचारिणी ।
माई-आमा कनै भन्छिन् सीता गद्गद भै अनि ॥
पूज्ये देवि ! सुनी बक्स्योस् भनी सम्बोधनै गरी ।
त्यो कथा यसरी भन्न लागिन् ती कसिईवरी ॥
मिथिला-राष्ट्रका वीर राजा जनक नामले ।
प्रसिद्ध भइ बक्सिन्छ धर्म ज्ञान छ तत्त्वले ॥
क्षत्रियोचित-कर्ममा नित्य तत्पर भै अतः ।
पालना गरि बक्सिन्छ पृथ्वीको न्यायले स्वतः ॥
अधिकै हो कुरो आमा ! कुनै दिन स्वयं उहाँ ।
पृथिवी जोति बक्सिन्थ्यो हलोले यज्ञ गर्नमा ॥
यसैबेला अकस्मात् म पृथिवी छेडि निक्लिएँ ।
अन्तमा यत्तिले मात्र उहाँकी दुहिता भएँ ॥
त्यसबेला बुवा राजा बिउ मुट्ठीभरी लिई ।
खेतमा छर्न लागेको भै बक्सिन्थ्यो मनै दिई ॥
यत्तिकैमा पर्‍यो दृष्टि बुवाज्यूको ममाथि पो ।
जसको अङ्गमा सारा माटै-माटो र धूल थ्यो ॥
आमा ! त्यस्तो अवस्थाकी देख्ता यस्ती मलाइ ता ।
बुवालाइ परी हाल्यो निकै आश्चर्य भित्र ता ॥
बुवाको अरु सन्तान त्यसताक थिएन क्वै ।
काखमा राखि बक्स्यो गै उठाई अनि स्नेह भै ॥
यही मेरी सुपुत्री हो भनि बक्सेर अन्तमा ।
आफ्नो हृदयको सारा स्नेह बक्स्यो पछी ममा ॥
आमा ! आकाशवाणी भो यसै वेला अमानुषी ।
मानुषी वा थियो दिव्य जुन स्वाभाविकी अति ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

तिमीले जो भन्यौ राजन् ! ठीक हो त्यो कुरा सुन! ।
यी कन्या धर्मले हेरे हुन् तिम्रै तनया जुन ॥
सुन्दा आकाशवाणी यो धर्मात्मा मिथिलेश्वर ।
भयो मेरा बुबाज्यूमा भित्र हर्ष निकै स्थिर ॥
पूज्ये तपस्विनी-आमा ! पाए पछि मलाइ ता ।
संझी बक्स्यो बुबाज्यूले पाएँ ठूलै समृद्धि बा ! ॥
अनि जेठी महारानी-पत्नीलाई लगीकन ।
बुबाले सुम्पि दी बक्स्यो मलाई प्रिय थें जुन ॥
पुण्यकर्म सँधै गर्ने मुमाले पनि अन्तमा ।
पाल्नु, पोस्नु गरी बक्स्यो आमाकै स्नेहले वहाँ ॥
काल बढ्दै गयो आमा ! पति साथ बसाउठी ।
गर्न खोज्ने भयो मेरो यो उमेर बढी बढी ॥
बुबालाइ पर्‍यो पीर अब देखेर यो कुरो ।
त्यही पछि भयो चिन्ता गर्न मेरो विवाह पो ।
भैगो ! गरीबको पैसा हराए सरिको स्थिति ।
बुबामा यसले गर्दा पर्दथ्यो भित्र छर्पटी ॥
छोरीको बाबुमा आमा ! त्यो होस् जत्रोसुकै यहाँ ।
साक्षात् इन्द्रै सरीको होस् ता पनी नित्य विश्वमा ॥
वरपक्षतिरै बाट ठूलो होस् सानु होस् कि त्यो ।
होस् आफै जत्तिको यद्वा हेला ता खप्नु पर्छ हो ! ॥
त्यै हेला त्यै तिरस्कार आफैंले खपिने घडी ।
देखिबक्स्यो बुबाज्यूले आएको नजिकै परी ॥
चिन्ता-समुद्रमै ठूलो डुबिबक्स्यो उहाँ अब ।
डुबेर्फै नहुने डुङ्गा नपुगी पार वास्तव ॥
थिएँ अयोनिजा कन्या म यता, यो कुरा सब ।
बुबालाइ थियो पत्तो पार्थ्यो छर्पट यै तव ॥
म योग्यको कुनै राम्रो वर खोज्न निकै स्थिर ।
विचार गरि बक्स्यो बा ! टुङ्गो लागेन क्यै तर ॥
मेरै विवाहको चिन्ता गर्दा नित्य यसै गरी ।
बुबाको मनमा आयो यो विचार त्यसै फरी ॥
ठीक हो ! अब छोरीको धर्मपूर्वक राम्ररी ।
विवाह गर्छु सम्पन्न स्वयम्बर गरीवरी ॥
त्यसैताक महान् यौटा यज्ञ गर्दा प्रसन्न भै ।
दिएका थे बुबालाई द्यौताले धनु श्रेष्ठ क्वै ॥

७७

७८

महात्मा वरुण हुन् यो दिने, त्यो धनु दिव्य थ्यो।
ठोक्का थे दुइटा बाण थिए अक्षय नै अहो! ॥
थियो त्यो धनु ज्यादा नै ठूलो र गहुँगो पनि ।
थियो हल्लाँउनै गाऱ्हो नरले यत्नले पनि ॥
स्वप्नमा पनि पृथ्वीका यी राजा धनुलाइ त्यो ।
सक्तै सक्तैनथे अल्लि झुकाँउन पनी अहो! ॥
अब आमा ! सुनी बक्स्योस् धनु हात परे पछि ।
डाकि बक्स्यो बुबाज्यूले सारा राजा भए जति ॥
सत्य बोल्ने बुबाद्वारा आज्ञा भो ती नरेशको ।
समूहलाइ उद्देश्य गरेर पछि बाट यो ॥
सुन्नुहोस् नृप हो ! मेरो कुरा यो धनुलाइ जो ।
उठाई हाल्छ प्रत्यञ्चा, ताँदो हो जो चढाइ त्यो ॥
हुनेछिन् त्यसकी पत्नी यी मेरी जानकी सुता ।
सत्य भन्दछु यो बुझ्नोस् ! छैन शङ्का अलीकता ॥
गह्रुँगो त्यो हुदाँ ज्यादै देखिन्थ्यो गिरि-तुल्यकै ।
उठाउँन न सक्तामा ढोग्थे, जान्थे त्यसै सबै ॥
काल बित्तै गयो लामो विश्वामित्र महर्षिजो ।
लिई लक्ष्मण श्रीराम साथ पाल्नु भयो पछि ॥
श्रीराम भइ बक्सिन्थ्यो त्यस्ता सत्य-पराक्रमी ।
थियो तेज पनी साह्रै थिएन गुणको कमी ॥
बुबाले गरि बक्सेथ्यो यौटा यज्ञ महान् शुभ ।
त्यही हेर्न सवारी भो मिथिलाबीच राघव ॥
धर्मको मर्म जानेर बुबाले पनि भक्तिले ।
पूजा मुनीन्द्रको राम्रो गरि बक्स्यो विधानले ॥
बुबा साथ भयो आज्ञा उहाँले अनि लौ सुन! ।
हुन् यी छोरा दशरथ-राजाका दुइटै चिन ! ॥
राम लक्ष्मण हो नाम श्रेष्ठ छन् रघुवंशमा ।
यी दुवै हेर्न चाहन्छन् त्यो तिम्रो धनु, यज्ञमा ॥
तस्मात् जनक ! देखाऊ धनु त्यो अब दैविक ।
बुबाले धनु लौ ल्याओ ! यो आज्ञा भो सुनी तब ॥
धनु श्रीरामलाई त्यो पछि देखाइ बक्सियो ।
अनि केही बढो राम उठाई हालिबक्सियो ॥
बल-वीर्य हुने ज्यादै उहाँले सबकै अघि ।
छिनैमा त्यसमा ताँदो हाल्दि बक्स्यो स्वयं पछि ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५
कान सम्म खिची आफ्नो तुरुन्त प्रभुले पनि ।
टङ् टङ् गरेर फट्कारी बक्सियो सजिलै अनि ॥
बलैले धनु तान्दा यो टङ्कार्दा त्यसरी वहाँ ।
भाँच्चियो दुइ टुक्रा भै धनु ता बीच-भागमा ॥
धनु त्यो भाँचदा आमा ! डर्लाग्दो शब्द भो वहाँ ।
वज्र पर्दा भए जस्तो अकस्मात् यस भूमिमा ॥
त्यस्तो सत्य-प्रतिज्ञाका बुवाले जल-पात्र ली ।
मलाई बक्सिनै लाग्यो रामका बाहुमा पछि ॥
त्यसरी दिन लाग्दामा नबुझीकन रामले !
मलाई लिइ बक्सेन बुवाको छ भनाइ के ? ॥
९९

१००
अयोध्यापुरका स्वामी मेरा श्वशुर भूपति ।
पछि साक्षात् दशरथ राजाको लिइ स्वीकृति- ॥
मेरा राजा बुवाज्यूले आत्मज्ञानी र बुद्धिमान् ।
राममा दान यो मेरो गर्दिवक्स्यो स्वयं महान् ॥
पछि ती बहिनी मेरी सुन्दरी ऊर्मिलाकन ।
स्वयं लक्ष्मणमा बक्स्यो पत्नीको रूपमा पुनः ॥
यस्ता प्रकारले आमा! त्यो स्वयम्बरमा अघि ।
मलाई सुम्पि बक्सेथ्यो रामका बाहुबीच ती ॥
बल-वीर्य हुने मध्ये श्रेष्ठ श्रीपति-राममा ।
म आफ्नो धर्मकै ठीक अनुरक्त छु है यहाँ ॥
१०४

१०५
ती देवी अनसूयाले जान्दथिन् धर्म जो अति ।
सुनिन् लम्बे कथा यस्तो सीता बाट वहीं बसी ॥

एक सय अठारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय उणडाइसौं सर्ग

श्रीरामले वहाँका ऋषिमुनिहरू सँग अन्यत्र जान बिदा माग्नु

१

मिथिलेश्वरकी पुत्री यी सीताकन स्नेहले ।
अगाँलिन् अनि देवीले सुँघेर शिर प्रेमले ॥
भनिन् पछि यसो सीते ! तिमीले स्पष्ट अक्षर ।
भएका शब्दमा मीठो सुनायौ यो कथा स्थिर ॥
सुनें मैले सबै तिम्रो त्यो स्वयंवरको कुरा ।
मीठो बोल्ने प्रिये छोरी ! मजा लाग्यो निकै अहा ! ॥
तर के गर्नु वेला गो, तेजस्वी सूर्य देव यी ।
अस्ताए अब रात्रीमा दिएरै आँउने घडी ॥
दिनमा खोज्न आहारा छरिएका सबैतिर ।
फर्के चराचुरुङ्गी यी अब आफ्नो गुँडैतिर ॥
वास बस्न हुँदा भेला यो सन्ध्याकालमा यता ।
आवाज उनको मीठो सुनिदो छ जतातता ॥
भिजेका जलले त्यस्तो पैह्री वल्कल-थी ऋषि ।
चीसै छ, स्नान गर्नाले जसका अङ्ग अङ्ग ती ॥
बोकी कलश पानीले भरिएको मिली सब ।
हेर ! आइ रहेका छन् आश्रमैतिर वास्तव ॥
त्यो अग्निहोत्र-सम्बन्धी होम कर्म पनी सब ।
सकिबक्सेछ लौ ! मेरा पविले विधिपूर्वक ॥
वायुको वेगले माथि उठेको हेर ! धूम यो ।
जिउ ठीक परेवाको देखिंदोछ, छ श्याम जो ॥
यो नेत्रेन्द्रियको टाढा नभेट्ने ठामका रुख ।
पात हाँगा हुने थोरै छन् ता पनि त ती सब ॥
अँध्यारो व्याप्त भै बाक्ला देखिन्छन् कसरी अब ।
हुँदैन जसले गर्दा दिशाकै ज्ञान वास्तव ॥
यी प्राणी रातमा घुम्ने घुम्न लागे सबैतिर ।
सुत्छन् पवित्र वेदीमा आई आश्रमका मृग ॥

१३

१४

बाबा सीते ! पर्‍यो रात हेर ऊ ! कति राम्री ।
भयो शोभित नक्षत्रहरूका गणले भरी ! ॥
ऊ ! चन्द्रमा उतापट्टि पारी आकाश सुन्दर ।
उदाए जूनको ओढ्ने ओढेर अति सुन्दर ॥
यसअर्थ तिमी जाऊ ! मैले आज्ञा दिएँ अब ।
गर श्रीरामको सेवा राम्ररी ध्यान दी सब ॥
मलाई पनि ए बाबा ! यस्ता मीठा कुरा गरी ।
तिमीले पार्दियौ दङ्ग मजै लाग्यो निकै घडी ॥
सुन यौटा कुरा सते ! गहना वस्त्र यी सब ।
मेरै अघि बसी पैन्ह सज आफूकनै अब ॥
पैह्री दिव्य अलङ्कार, वस्त्र, लेपन यी तिमी ।
ठाँटिएर खुशी पार मलाई पनि ता तिमी ! ॥
सीता थिन् देवकै कन्या सरिकी यिनले अनि ।
पैह्रीइन् सब ती वस्तु, शोभिइन् अब झन् उनी ॥
अनि ती अनसूयाको पाउमा राखिदइन शिर ।
श्रद्धाले यसरी ढोगी आइन् राम भएतिर ॥
ती दिव्य गहना वस्त्र पैह्रीएर सुशोभिने ।
देखे यी जानकीलाई अनि श्रीरामचन्द्रले ॥
ती बूढी अनसूयाको थिइन् जो तापसी, सती ।
प्रेमोपहार देख्ता त्यो खुशी भो राममा अति ॥
मिथिलेश्वरकी छोरी सीताले पनि-राममा ।
भनिन् सब कुरा-कानी आफैंले पनि ता वहाँ ॥
गहना हार वस्त्रादि सती बाट तपस्विनी ।
प्रेमोपहार बक्सेको निवेदन गरिन् अनि ॥
देख्ता सत्कार सीताको मर्त्यले अतिदुर्लभ ।
राम-लक्ष्मण यी दोटै भाइमा भो निकै खुश ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

थिइन् चन्द्रमुखी सीता पवित्र-दिलकी अति ।
बसे त्यो रात श्रीराम उनकै साथमा पछि ॥
त्यो शुभाश्रममा जो जो तपस्वी मुनि आदि थे ।
मान आदर मर्यादा उनले रामको गरे ॥
बित्यो रात उतापट्टि वनवासी सबै मुनि ।
अ-आफ्नो कर्ममा लागे अग्निहोत्र सके अनि ॥
यता यस्तै अवस्थामा पुरुषश्रेष्ठ लक्ष्मण ।
श्रीरामले विदा मागे जाने आज्ञा लिनाकन ॥
वनवासी तपस्वी ती धर्ममा मात्र रम्दथे ।
भनाइ रामको सुन्दा उनले यसरी भने ॥
रघुनन्दन ए राम ! छन् है ! बाटा भरी यता ।
राक्षसै मात्र डर्लाग्दा उपद्रो गर्दछन् सदा ॥

३२

३३

जङ्गलै भर छयपछ्याप्ति छन् दुष्टहरू ती सब ।
मान्छेको मासु नै खान्छन् , छन् नानारूपका सब ॥
सुन अर्को कुरा राम ! विशाल वनबीच यो ।
छ नास रगतै खाने हिंसकै पशु आदिको !!
ब्रह्मचारी तपस्वी था क्यै चुक्यो कि त काममा ।
अपवित्र अवस्थामा भेटे कि त्यसमा यहाँ ॥
अत्याचार गरी हाल्छन् पार्छन् भोजन आफ्नु ती ।
तस्मात् तिनीहरूलाई मास, नाश भए जति ॥
राम बाबु ! यही बाटो फल-मूल लिनाकन ।
महर्षिहरू जान्छन् यी भित्रभित्र वनैवन ॥
तिमीले पनि यै बाटो वनमा अतिदुर्गम ।
पस्नु पर्दछ है बाबु ! हओस् कल्याण हर्दम ॥

३८

३९

त्यस्ता तपस्वी-मुनि-विप्रले वहाँ भने त्यसो अञ्जलि जोडि राममा ।
गरे सबैले पछि स्वस्तिवाचन श्रीरामको मङ्गल होस् भनीकन ॥
विनाशन सक्ने सब शत्रु रामजी सीता तथा लक्ष्मण भाइ साथ ली ।
पसे अनी दुर्गम त्यो अरण्यमा पसे सरी सूर्य लुसुक मेघमा ॥

४०

इति एक सय उणडायिसौं सर्ग

इति अयोध्याकाण्ड
समाप्त

CC-0. In Public Domain. Digitization by eGangotri

अथ अरण्यकाण्ड

पहिलो सर्ग

श्रीराम-लक्ष्मण तथा सीताको ऋषिमुनिहरूले अतिथि सत्कार गर्दै रक्षा गर्न प्रार्थना गर्नु

१

विशाल वनमा त्यस्तो दण्डकारण्य नामको ।
पसे अब स्वयं राम साथ सीता र भाइको ॥
न सक्ने अरुले जित्न धीर श्रीरामले अब ।
तपस्वीहरूको देखे शुभ आश्रम-मण्डल ॥
पवित्र वस्तु थे नाना छरिएका यहाँ निकै ।
कुश-वल्कल-वस्त्रादि थिए व्याप्त जताततै ॥
ऋषिले ब्रह्म-विद्याको गर्दा अभ्यास वेसरी ।
छरिई तेज गाह्रैथ्यो हेर्न यो ठाम राम्ररी ॥
ग्रीष्मका ऋतुमा ज्यादै चर्केको सूर्य-मण्डल ।
हेर्न गाह्रै भए जस्तो थियो आश्रम-मण्डल ॥
विश्वका सब प्राणीको गतिलो शरणस्थल ।
तसअर्थ बनेको थ्यो यो यौटा आश्रम-स्थल ॥
चोक-आँगन इत्यादि बढारेका थिए सफा ।
घेरिएको थियो सारा वनका पशुले यता ॥
अनेक थर पक्षीका बथानहरूले पनि ।
सुशोभित भएको थ्यो आश्रमस्थल यो अनि ॥
ठाम यो अति राम्रो थ्यो जसले तानिई यहाँ ।
अप्सराहरू आएर नाच्थे नित्य जहाँ-तहाँ ॥
रामको मनमा भित्र यो शुभाश्रमको प्रति ।
ठूलो आदर श्रद्धा थ्यो, गर्थे कदर नित्य ती ॥
ठूल्ठूला अग्निका शाला यज्ञ-पात्र स्रुवादि र ।
समिधाहरु थे शुद्ध मृगचर्मादि सुन्दर ॥

११

१२

जल पूर्ण घडा नाना फल-मूल तथा कुश ।
यहाँ आश्रमका शोभा बनेका थे स्वयं सब ॥
स्वादिला फलका मीठा वनका वृक्षले यता ।
जो पवित्र थिए साह्रै घेरिएको थियो उता ॥
बलि-होम-क्रिया द्वारा हुन्थ्यो पूजित नित्य यो ।
वेद-पाठादिको मीठो गुञ्जिन्थ्यो ध्वनि फेरि ज्यो ॥
घेरिएको थियो नाना फूलका वृक्षले गरी ।
शोभिन्थे पद्मका फुल फुलेका पोखरी भरी ॥
यिनै आश्रममा बस्थे पैल्हेका चीर-वल्कल ।
बेरेका मृगका छाला पुराना मुनिका दल ॥
कन्द-मूल-फलै खान्थे यिनीहरू विशेषतः ।
अग्निको सूर्यको जस्तो भएका तेज थे स्वतः ॥
खाने पवित्र आहार तोकेको ठिक्क त्यो पनि ।
महान् ऋषि-मुनिद्वारा घेरिएको थियो अनि ॥
हेर्दा पवित्र आत्माले दिव्य आश्रम-मण्डल ।
ब्रह्मलोक-समानै पो देखिइन्थ्यो स्वयं तब ॥
ब्रह्मको तत्व जानेका यहीं बस्थे मुनीश्वर ।
जहाँ भइ रहेकोथ्यो वेद-पाठ निरन्तर ॥
महान् सौभाग्यशाली यी ब्रह्मर्षिहरुले गरी ।
शोभिएका थिए साह्रै ती आश्रम वरीपरी ॥
देखना साथ यहाँ यस्तो दिव्य आश्रम-मण्डल ।
रामले धनुको त्यस्तो ताँदो भवाट्ट झिके अब ॥

२२

CC-0. In Public Domain. Digitization by eGangotri

२३

थिए अत्यन्त तेजस्वी श्रीमान् राम यथार्थमा ।
अनि श्रद्धा लिई ठूलो स्वयं भित्र पसे वहाँ ॥
दिव्य-ज्ञान हुने त्यस्ता महर्षिहरू वस्तुतः ।
साह्रै खुश भई हाले देख्ता श्रीरामलाइ त ॥
फैलिएकी सफा कीर्ति विदेहनृप-नन्दिनी ।
सीता माथि पनी आँखा पऱ्यो ती सबको अनि ॥
गर्न स्वागत सन्मान यस्ता सीता र रामको ।
बढे मुनिहरू त्यस्ता उनकै अघितर्फ पो ॥
हुन् चन्द्र नै उदाएका भने जस्ता र धार्मिक ।
राम-लक्ष्मण वैदेही स्पष्ट देखा परे अब ॥
अघि बढ्दै गए सारा भए जत्ति वहाँ मुनि ।
शुभाशीर्वाद टक्र्याए जय ! कल्याण होस् भनी ॥
बलीयो व्रत पालेका उनले राम-लक्ष्मण- ।
सीतालाई लगे पूज्य-पाहुना हुन् भनीकन ॥
मुनिले राम्ररी फेरि नियाले रूप रामको ।
थियो सुन्दर जो साह्रै हृष्ट-पुष्ट शरीरको ॥
थियो पैह्रन झन् राम्रो मृदुता सुकुमारता ।
शोभिन्थ्यो त्यसमा फेरि फैंक्थ्यो कान्ति जताततै ॥
राम-लक्ष्मण-सीताको रूप बाँधेर टक्टकी ।
जङ्गली-मुनिले सारा हेरे छक्क परी अति ॥
महान् सौभाग्यशाली यी महर्षिहरु थे सब ।
विश्वका सब प्राणीको गर्दथे हित वास्तव ॥
सबले अब यी आफ्ना प्यारा अतिथिलाइ ता ।
लगेर पर्णशालामा भित्र राखे स्वयं तदा ॥
बलेको अग्निकै तेज सरीका यी थिए मुनि ।
धर्म पाल्ने तथा गर्ने महान् भाग्य हुने पनि ॥
गरे स्वागत-सत्कार उनले अब रामको ।
विधिपूर्वक श्रद्धाले टक्र्याए जल, पाद्यको ॥

३६

३७

महान् आत्मा हुने त्यस्ता रामको निम्तिमा पछि ।
फल-मूल तथा फूल अर्पिए भित्र भै खुशी ॥
धर्म जान्ने हुँदा वस्न सुम्पिई आश्रमै पनि ।
आशिर्वाद दिँदै आफ्नो हात जोडी भने अनि ॥
रघुनन्दन ए राम ! दण्ड धर्दछ जो नृप ।
धर्म-पालक त्यै हुन्छ, फैलिन्छ त्यसकै यश ॥
त्यसैले जनतालाई शरणै दिनु पर्दछ ।
मान्य, पूज्य त्यही हुन्छ, सबैको गुरु बन्दछ ॥
हो इन्द्रकै चतुर्थांश भूमिमा नृप त्यो सुन ! ।
जुन सक्दछ सम्पूर्ण प्रजाको गर्न रक्षण ॥
यसर्थ सबले नित्य हुन्छ राजा नमस्कृत ।
राम्रा उत्तम सम्पूर्ण भोग भोग्छ त्यही अतः ॥
यो तिम्रै राज्य हो राम ! बस्छौं हामीहरू यहाँ ।
तसर्थ गर लौ रक्षा हाम्रो अब तिमी यहाँ ॥
वनमा बस वा बाबु ! पुरमा बस जे गर ।
हौ हामीहरुका राजा तस्मात् रक्षा तिमी गर ॥
ए महाराज ! हामीले विश्वका जीवलाइ यी ।
काम छोड्दि सकेका छौं दुःख-दण्ड दिने जति ॥
रिस उठ्ता पनी राजन् ! भित्र-भित्रै दबाँउछौं ।
रोक्छौं इन्द्रियको वेग परेको सब खप्तछौं ॥
हामी सँग छ यै ओटा तपकै धन साधन ।
आमाले गर्भको रक्षा गरे झैं गर रक्षण ॥
भनी यत्ति तपस्वी ती मुनिले अब जङ्गली ।
फल मूल तथा फूल सुम्पिए शुद्ध वस्तु ती ॥
टक्र्याई खाइने चीज अरु नाना प्रकारका ।
राम-लक्ष्मण-सीताको गरे सत्कार सर्वथा ॥
वहाँ सिद्ध तपस्वी थे अर्का खाले अरू पनि ।
बलेको अग्निकै तेज सरीका त्यसमा पनि ॥

५०

५१

उनले पनि श्रद्धाले स्वयं सर्व समर्थ यी ।
रामको उचितै मान गरे सन्याय-वृत्ति ली ॥

इति पहिलो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दोश्रो सर्ग

राक्षस विराधले जानकीको अपहरण गर्नु

१

वहाँ महर्षिको सारा आतिथ्य ग्रहणै गरी ।
बसे रात भरी राम अति आनन्दमा परी ॥
भोलिपल्ट उज्यालो भो श्रीसूर्योदयमै अनि ।
सबै संग विदा मागी वनभित्रै पसे उनी ॥
स्थान यौटा वहाँ देखे वनको बीच-भागमा ।
रामले त्यसरी जाँदा लिई लक्ष्मण साथमा ॥
थिए मृगहरू ज्यादै जहाँ नाना प्रकारका ।
बाघ-भालू थिए धेरै ठूल्ठूला जात-जातका ॥
लता वृक्ष तथा झाडी वहाँ जति थिए सब ।
मासिए-नाशिएका थे शोभाहीन भई तब ॥
ठाम पानी भएको ता देख्नै मुश्किल थ्यो यहाँ ।
च्याँई-चूँई भने गर्थे पक्षीहरू निकै त्यहाँ ॥
भ्याँउकीरीहरू आफ्नो स्वरमा एकनासको ।
अवाज मधुरो मीठो छोड्दैथे ध्वनि आँउथ्यो ॥
डर्लाग्दा जङ्गली नाना पशुले पूर्ण घोर यो ।
वनमा साथ सीताको जाँदैथे राम यी अहो ! ॥
अकस्मात् यसवेलामै देखे राक्षसलाइ कै ।
मान्छेकै मासु जो खान्थ्यो, डर्लाग्दो पनि थ्यो निकै ॥
देखिन्थ्यो भ्वाट्ट हेर्दा त्यो गिरिको टाकुरा सरि ।
मोटो, अग्लो पनि त्यस्तै, गर्जिन्थ्यो जो बलै गरी ॥
दुवै आँखा गहीरा थे, ठूलो थ्यो मुख ज्यादि नै ।
थियो विकट आकार, पेट थ्यो विकराल नै ॥
थ्यो देख्तै अति डर्लाग्दो, न मिल्दो देहको पनि ।
घृणै लाग्दो उडिल्लो थ्यो, विकृतैवेषको अनि ॥
बोसै बोसो हुँदा गीलो भिजेको रक्तले सब ।
त्यसले बाघको छाला पैह्रिएको थियो तब ॥

१३

१४

डर सम्पूर्ण प्राणीमा लाग्ने अति विचित्रको ।
त्यो राक्षस थियो ठिङ्ग काल झैं मुख बाँध्दो ॥
ठूलो शूल लिएको थ्यो त्यल्ले यौटा फलामको ।
जसमा सिंह तीनौटा उनिएका थिए अहो ! ॥
चारोटा बाघ थे फेरि ब्वाँसा थे दुइटा वहाँ ।
दशोटा रोपिएका थे बुट्टे-मृगहरू जहाँ ॥
थ्यो ठूलो शिर हात्तीको एउटा दाँत साथको ।
उनेको त्यसमै फेरि, गर्जिन्थ्यो जोडले वहो ॥
राम-लक्ष्मणलाई र मिथिलेश्वरकी सुता ।
सीतालाई पनी देख्यो अब राक्षसले यता ॥
ज्यादै रिस गरी हाल्यो निकाल्यो भैरव स्वर ।
अनि झम्टेर त्यो आयो जो थियो दुष्ट दुर्धर ॥
कालले झम्टिए जस्तै पृथ्वीका जीवलाइ ता ।
झम्टिन्थ्यो दुष्ट त्यो, पाथ्र्यो पृथिवीलाइ थर्र हा! ॥
विदेहनन्दिनी सीतालाई टप्प टिपीकन ।
दौडायो काखमा राखी उभियो पर गै पुनः ॥
राम-लक्ष्मणमा भन्छ अब त्यो दुष्ट यो कुरो ।
चीर-बल्कल पैह्रन्छौ जटा धर्छौं तिमी अहो! ॥
पत्नी छन् साथमा यस्ती हातमा धनु वाण छ ।
दण्डकारण्यमा आयौ किन के काम गर्नु छ ? ॥
संझन्छु मत यस्तो कि जो आयौ यसरी यहाँ ।
सकिएछ कि क्या तिम्रो अब आयु पनी यहाँ ॥
देखिन्छौ भ्वाट्ट हेर्दा ता तपस्वी नै दुवै तिमी ।
भो स्त्रीको साथमा बास त्यै तिम्रो कसरी अनि ? ॥
दुवै तसर्थ हौ पापी गर्छौं यस्तो अधर्म जो ।
मुनिका यी कलङ्कै हौ, हौ तिमी दुइ भाइ को ? ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

म हुँ राक्षस क्वै यौटा मेरो नाम विराध हो ।
म बाँच्दोछु यहाँ मासु खाएर मुनि आदिको ॥
घुम्दोछु यसरी सारा वन दुर्गम नित्य म ।
हतियारहरू छन् यी ! लिएका हेर उत्तम ॥
मेरी पत्नी यिनी हुन्छिन्, सुन्दरी रहिछिन् अति ।
लड्छु, पापी दुवै मार्छु, म धोक्छु रगतै जति ॥
दुष्ट आत्मा हुने त्यस्तो ज्यादै क्रूर विराधको ।
यस्तो घमण्डले पूर्ण अति दुच्छर वाक्य त्यो ॥
सुन्दा नै भैगइन् थर्र डरले जानकी यता ।
केराको थाम काँपेझैं हुरीको वेगले तदा ॥
उता श्रीरामले देखे सीतालाइ विराधको ।
त्यसरी काखमा भ्वाट्ट पुगेकी, जो अनर्थ भो ॥
मुख-ओठ सुकी हाल्यो अनि ता रामचन्द्रको ।
भाइ-लक्ष्मणमा लागे अव भन्न उनी यसो ॥
राम्रो स्वभावका बाबु ! हेर ! देख्यौ परिस्थिति ।
मेरी पत्नी सती सीता तिम्री भाउजुको गति ? ॥
त्यस्ती जनक-राजाकी पुत्री दुष्ट विराधको ।
काखमा पो पुगिन् ठ्याक्कै, के लाग्यो वश पार्दियो ॥
अत्यन्त सुखमा मात्र यी बढेकी थिइन् सदा ।
थिइन् राजकुमारी जो थियो कीर्ति पनी सफा ॥
हामीले वनमा बस्ता पाँउदा कष्ट दुःख यो ।
ती कैकेयी मुमालाई जो हुन्थ्यो मनमा खुशी ॥
जुन प्यारो थियो फेरि उहाँमा, जसले गरी ।
वर त्यो मागि बक्सेथ्यो त्यही आज पुग्यो हकि ? ॥
पछि सम्म विचारेर उहाँले आफ्नु पुत्रको ।
निम्तिमा मागि बक्सेन वरमात्र स्वराज्यको ॥

३९

४०

सवमा म दयै गर्थें सवैको म थिएँ प्रिय ।
लखेट्दि बक्सियो यस्तो मलाइ पनि ता तव ॥
अब आज भई बक्स्यो यसरी माहिली मुमा ।
धोको मेटाँउनै आफ्नो भएकी सफलै वहाँ ॥
म भिन्न अरुले बाबु ! सीताको स्पर्श जो गर्‍यो ।
मेरो निमित्तमा होला अरु के दुःखको कुरो ? ॥
हुँदा मृत्यु बुवाज्यूको हर्दिदा राज्य आफ्नु त्यो ।
मलाई दुःख क्यै त्यस्तो भएन, अब जो भयो ॥
भन्दथे यी कुरा राम पीर, शोक बढी यता ।
झार्थे बर्रर आँसु आँखा लक्ष्मणका उता ॥
सर्प जस्तै भई क्रुध्द मन्त्रले अवरुद्ध क्वै ।
प्रिय छोरा सुमित्राका भने लक्ष्मणले यसै ॥
हजूर भइ बक्सिन्छ आफैं इन्द्र समानका ।
स्वामी सम्पूर्ण प्राणीका संरक्षक स्वयं अहो ! ॥
ककुत्स्थकुलका रत्न राम दाजु ! हजूरले ।
हुनु यस्तो भई त्यस्तो, आज्ञा होस् योग्य हो र के? ॥
किन ? शोक गरी बक्स्यो भइ नाथ अनाथ झैं ।
म छँदैछु नि ! ए दाजु ! भाइ हुँ दास-तुल्यकै ॥
म आफ्ना बाणले तीखा यस दुष्ट-विराधको ।
गरेर वध अैले नै मासि हाल्दछु पीर यो ॥
यसको रक्त तात्तातो पिँउने छन् धरा पनि ।
मरेर जब पृथ्वीमा ढल्ला डङ्ग्रङ्ग भै अनि ॥
राज्य त्यो पाँउने इच्छा लिने भरतमाथि जो ।
मसा अघि भएकोथ्यो क्रोध चर्को स्वरूपको ॥
अव त्यो म यसै माथि छोड्छु दाजु ! सुरेन्द्रले ।
ठूलो पहाडमा वज्र छोडेकै ठीक वीर्यले ॥

५२

५३

अव भुज-बल-वेगले गरी शर गइ यो बिच छातिमै परी ।
सर्रर तनबाट प्राण ली अलग हओस् र खसोस् धरा भरी ॥

दोस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो सर्ग

राम र लक्ष्मणलाई समेत बोके र विराध त्यहाँबाट अन्त जानु

१

यसैवेला भन्यो फेरि त्यो राक्षस विराधले ।
राम-लक्ष्मणलाई यी थर्काई वन जोडले ॥
म सोद्धछु दुवैलाई भन को हौ तिमी मभा ? ।
के गर्न खोज्दछौ फेरि भन जान्छौ यहाँ कहाँ ? ॥
आफ्नो परिचयै सोध्ने बल्दो मुख हुने त्यस ।
विराध सँग तेजस्वी राम भन्छन् यसो अव ॥
ए ! तैंले जान्नु पर्ने हो इक्ष्वाकु-कुल श्रेष्ठ त्यो ।
हो मेरो वंश भन्ने र जन्मेको त्यसमै छु जो ॥
सुन् ! हौं हामी दुवै भाई, वीर क्षत्रिय छौं पुनः ।
शिष्टाचार सदाचार गर्दछौं पालना जुन ॥
अहिले काम क्यै पर्दा बस्तछौं वनमै बुझिस् ! ।
लौत भन् तँ पनी कोहोस् किन दण्डकमा घुमिस् ? ॥
सुने पछि कुरा यस्ता अव भन्छ विराध त्यो ।
सत्य-पराक्रमी त्यस्ता रामलाइ भनी यसो ॥
चिनें ! राघव हौ राजन् ! आफ्नो परिचयै पनि ।
अव दिन्छु तिमीलाई राम्ररी सुन त्यो पनि ॥
'जव' राक्षसको छोरो हुँ, आमा हुन् 'शतह्रदा' ।
भन्छन् विराध मैलाई पृथ्वीका राक्षसादि ता ॥
पारें मैले तपस्याले ब्रह्माजीलाइ नै खुश ।
वरदान अनी पाएँ सुन ! यस्तो छ जो दृढ ॥
कुनै शस्त्रास्त्रले मेरो न होस् वध, फेरि म ।
संसारभरमा राजन् ! हुँ अच्छेद्य, अभेद्य म ॥
तस्मात् अब तिमी दोटै छोडी यी सुन्दरीकन ।
वास्ता नै न गरी जाओ आए जस्तै गरीकन ॥
भागी हाल यहाँ बाट छिटै नै अन्त लौ अव ।
भैगो ! मार्दिन, छोड्दिन्छु त्यसै गर्छौं भने बुझ ! ॥

१४

त्यसका यी कुरा सुन्दा वीर यी रामचन्द्रको ।
राता राता भए आँखा निकै क्रोध चढ्यो अहो ! ॥
देख्तैमा अति डर्लाग्दो रूपको दुष्ट-बुद्धिको ।
विराधलाइ त्यो फेरि भने श्रीरामले यसो ॥
नीच होस् तँ, छ धिक्कार ! तेरो उद्देश्य तुच्छ छ ।
तँ खोज्दो रहिछस् आफ्नै काल पो, यै छ निश्चित ॥
भेट्टाँउछस् यहीं लड्दा रणमा त्यसलाइ तँ ।
उम्केर जान सक्तैनस् यहाँ बाट, म छोड्दिन ॥
त्यसलाई भनी यत्ति अव श्रीरामले यता ।
चढाए धनुमा ताँदो छीटो छीटो गरी तदा ॥
तीखा तीखा झिकी बाण खोज-खाज गरीवरी ।
तुरुन्त त्यसमा हान्न थाली हाले झरी सरी ॥
भएको बलियो ताँदो धनु बाट त्यही स्थिर ।
विराधमाथि सातोटा बाण छोडे निरन्तर ॥
वेगमा गरुडै जस्ता वायुकै ठीक थे सव ।
सुशोभित भएकाथे सुनका प्वाँख भै तव ॥
यिनमै जडिएकाथे प्वाँख राम्रा मयूरका ।
बलेको अग्नि झैं फेरि थिए यी अति तेजिला ॥
गई अव यिनै सारा यो राक्षस विराधको ।
छेडे त्यो देह च्वाम्च्वाम्ति खसे भै रगताम्य पो ॥
यसरी छेडिदा देह फ्याँक्दियो त्यसले अव ।
जानकीलाइ भैंमा र उठायो शूल झटपट ॥
अनि त्यो झोक्किक्यो साह्रै राम लक्ष्मण तर्फ यो ।
झम्टिदै दौडियो शूल रोप्ने नै सुरले पुगी ॥
सुरेन्द्रको ध्वजा जस्तै त्यसको शूल त्यो थियो ।
गर्जन्थ्यो जोडले, साक्षात् वाएको मुख काल भो ॥

२७

त्यस्तो अत्यन्त डर्लाग्दो यम–अन्तक-कालभैँ ।
विराध माथि वर्षाए बाण यी दुइले निकै ॥
भयङ्कर महान् त्यस्तो त्यो राक्षस विराधले ।
अट्टहास गरी हाँस्यो यै वेला अति जोडले ॥
हाई ! आयो, गऱ्यो त्यल्ले त्यसका देहका अनि ।
यत्तिकैमा खसे सारा, त्यस्ता बाण बिझे पनि ॥
प्रभाव वरको त्यस्तो हुनाले त्यसले अब ।
आफ्ना निस्कन लागेका प्राण ती रोक्दियो तव ॥
रघुका कुलमा श्रेष्ठ यी दुवै भाइमा अनि ।
उठाइ हातको शूल झम्टियो त्यसले पनि ॥
बीच आकाशमा त्यस्तो त्यसको शूल त्यो तव ।
देखियो वज्र जस्तै र बलेको अग्निकै ठिक ॥
परन्तु शस्त्र धर्नेमा श्रेष्ठ श्रीरामचन्द्रले ।
दुइटा बाण छोडेर काट्दिए च्वाट्ट वेगले ॥
वज्रले काटिएको क्यै शिलाखण्ड सुमेरुको ।
पृथ्वीबीच खसे जस्तै शूल त्यो हातको खस्यो ॥
लिएर खड्ग तत्काल काल–सर्प समानका ।
दुवैले त्यसमा झम्टे थिल्थिलो पार्दिए तदा ॥

३५

३६

पारी भित्र निकै पीडा ठोकिएको विराधले ।
गऱ्यो इच्छा दुवैलाई बोकेर पर लान ए ! ॥
यी दुवै भाइ थे वीर श्रेष्ठ मानिसमा पनि ।
भो लैजाने यिनैलाई, लान गाह्रै भए पनि ॥
समात्यो त्यसले ट्याप्पै ती दुवै भाइलाइ र ।
बोकि हाल्यो मजैसाथ जो थियो यो भयङ्कर ॥
त्यसको यो अभिप्राय ताडे श्रीरामले अब ।
भाई–लक्ष्मणमा आफ्ना भन्न लागे उनी तव ॥
भै गयो बोक्न द्यौ बाबु ! आफ्नो इच्छानुसार यो ।
जहाँ लग्छ लगोस् हुन्छ ! यो बाटोले छ योग्य जो ॥
किन ? भन्छौ भने भाई ! जान्छ यो जुन मार्गले ।
जान्थ्यौं हामी त्यही बाटो, बेसै भो अनि हुन्छ के? ॥
त्यो राक्षस, थियो आफ्नो बलले अति उध्दत ।
पराक्रम तथा वीर्य हुँदा झन् उग्र थ्यो स्वतः ॥
तिनकै शक्तिले गर्दा यी दुवैभाइलाइ त ।
उठायो काँधमा राख्यो शिशुलाइ सरी तदा ॥
त्यसरी काँधमा राखी डर्लाग्दो गरि गर्जियो ।
वनभित्र पस्यो स्वात्त, अनि दुष्ट विराध त्यो ॥

४४

४५

बाक्ला र अग्ला रुख भै अशेष थ्यो शोभिएको वन यो विशेष ।
आकाशको बादल–ठीक कालो जो देखिइन्थ्यो पर बाट नीलो ॥
थे जातका घेर चराचुरुङ्गी जहाँ अनेकौंथर रङ्गिचङ्गी ।
थे स्याल–ब्वाँसा पशु हिंसकादि सुशोभिएका त्यसमा निकै ती ॥

४६

इति तेस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो सर्ग

श्रीराम–लक्ष्मणले विराधलाई जिउँदै गाडि दिनु ।

१

राम–लक्ष्मण थे श्रेष्ठ ककुत्स्थ–रघुवंशमा ।
लग्थ्यो बोकी थिनैलाई त्यो दुष्ट त्यसरी वहाँ ॥
सीताले जव यो देखिन् अनि आफ्ना दुवै कर ।
फ्याँक्तै मास्तिर चिच्याँइन्, निकै ठूलो गरी स्वर ॥
सत्य बोल्ने हरे! यस्ता शुद्ध आचार–शीलका ।
छोरा साक्षात् दशरथ–राजाका दुइ भाइ हा! ॥
श्रीराम–लक्ष्मणैलाई यो राक्षस भयङ्कर ।
घरेर रूप डर्लाग्दो लै जान्छ भइ निर्डर ॥
छ तँलाई नमस्कार राक्षसश्रेष्ठ! सुन् यता ।
यहाँ मलाइ खानेछन् बाघ–भालू न छोड् तँ ता ॥
लै जा! भो बरु मैलाई कुरा मेरा तँ सुन्त ए !
ककुत्स्थ–कुलका रत्न यी दुवैलाइ छोडि दे! ॥
सीताका यी कुरा सुन्दा राम–लक्ष्मण यी उता ।
लागे बल गरी मार्न दुष्ट राक्षसलाइ ता ॥
डर्लाग्दो त्यसयो बाँया हात लक्ष्मणले तथा ।
दाँहिने रामले भाँचे बलै साथ स्वयं तदा ॥
थियो अत्यन्त नै कालो मेघकै ठीक राक्षस ।
अत्र व्याकुल भै हाल्यो भाँचिदा यसरी भुज ॥
तुरुन्त त्यो पऱ्यो मूर्छा वज्र लाग्दा जसोगरी ।
गिरिको टाकुरा लड्छ लडी हाल्यो त्यही सरि ॥
झम्टिए त्यसमै फेरि राम–लक्ष्मणले दुवै ।
हात–लात र मुक्काले हाने बल गरी निकै ॥
उचालेर पछारेर दिई दनक भूमिमा ।
पिच्न सम्म पिंघे फेरि दिंदै शास्ति र शासना ॥
रोपिंदा बाण गै त्यस्ता काटिंदा पनि खड्गले ।
पिटिंदा, पिंधिदा सम्म त्यो मरेन कसै गरे ॥

१३

१४

न मर्ने क्यै गरे त्यस्तो पहाडैठीक दुष्ट त्यो ।
विराधलाइ श्रीराम देख्तै जिल्ल परे वहो ॥
वेलामा पनि डर्लाग्दो दिने अभय रामले ।
जुन थे अति तेजस्वी अनि लक्ष्मणमा भने ॥
पुरुषश्रेष्ठ ए बावु! तपस्याको प्रभावले ।
सकिन्न मार्न यल्लाई रणमा शस्त्र–अस्त्रले ॥
पार पाँउन गाह्रै छ, सक्तछौं न त जित्न ता ।
तस्मात् खाल्डो खनी गाडौं भूमिमा यसलाइ ता ॥
हात्ती जत्रो र डर्लाग्दो तेजको यो छ राक्षस ।
खन लौ यसको निम्ति ठूलो खाल्डो तिमी अतः ॥
खाल्डो खन्ने दिई आज्ञा भाइमा बलवान् उनी ।
पाउले त्यसको घाँटी थिच्तै छेक्तै बसे अनि ॥
सुन्यो यस्ता कुरा त्यस्ता पुरुषश्रेष्ठ रामको ।
भन्यो अनि उनीसाथ त्यसले नम्रवाक्य यो ॥
हे प्रभो । हे नरश्रेष्ठ! बल यो छ हजूरको ।
साक्षात् देवेन्द्रकै जस्तो यसैले मारिएँ म यो ॥
मोहको वशमा पर्दा पैले मैले हरेशिव ! ।
चिन्नै सकिन क्यै होश भएन पुरुषर्षभ ॥
ए बावु! बावुले गर्दा कौसल्या महिषी अहो ! ।
भइन् उत्तम सन्तान भएकी, अति वेस भो ! ॥
अव मैले चिनें राम्रै बावु श्रीरामचन्द्र हौ ।
हुन् ती भाग्यवती सीता हुन् यी लक्ष्मण, धन्य छौ ॥
राक्षसी जुनिमा यस्तो डर्लाग्दो श्रापले गरी ।
यहाँ घुमिरहन्थें म अघि क्यै न मजा गरी ॥
हुँ म गन्धर्व क्वै यौटा नाम तुम्बुरु हो सुन ! ।
दिए श्राप कुवेरैले ममा राक्षस नै हुन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

खुश पार्न गरें चेष्टा उनीकन वहाँ जव ।
भने बावु ! ममा यस्तो यशस्वी उनले तव ॥
सुन् तुम्बुरु ! दशरथ-राजाका पुत्र रामले ।
तँलाई जब मार्नेछन् युद्धमा आफ्नु वीर्यले ॥
तँ अनी पहिलो आफ्नो पाई गन्धर्वरूप यो ।
जानेछस् स्वर्गमा फेरि अब जा, तँ ल भै गयो ! ॥
म रम्भा-अप्सरा माथि निकै आसक्त जो थिएँ ।
तस्मात् सकिन वेलामा सेवामा जानमा चुकें ॥
यसअर्थ रिसाएर मेरा राजा कुवेरले ।
ममा श्राप दिए त्यस्तो, छुट्ने अवधि भन्दिए ॥
शत्रुलाइ दिने ताप राम बावु ! कृपा भयो ।
आज तिम्रो ममा त्यस्तो डर्लाग्दो श्राप जो छुट्यो ॥
अब बावुहरूको होस् श्रेय, कल्याण सर्वदा ।
आज्ञा पाँउ हिंडी हाल्छु आफ्नु लोकतिरै म ता ॥
बरु यौटा कुरो बावु ! सुन ! गर्छु निवेदन ।
यहाँ बाट छ्अै कोश पर अर्को छ है वन ॥
वहाँ श्रीसूर्यकै जस्तो हुने तेज प्रतापवान् ।
'शरभङ्ग' राज हुन्छ धर्मात्मा मुनिमा महान् ॥
छिटै उहाँ भए ठाम पुग ध्यान दिई पुरा ।
उहाँले भनि बक्सेला तिम्रो श्रेय हुने कुरा ॥

३६

३७

मेरो शरीरलाई यो बावु राम ! तिमी अब ।
गाड खाल्डो खनी, जाउ अनि आनन्दपूर्वक ॥
मर्छन् राक्षस जो जत्ति उनको देह त्यो सुन ! ।
गाड्नु पर्दछ हो धर्म, स्थिति यै छ सनातन ॥
खाल्डोमा गाड्दिंदा राम ! यसरी मृत-राक्षस ।
भेट्छन् परम्परा-प्राप्त लोक शुद्ध भई सब ॥
रामलाइ भनी यत्ति विमदा वाण निकै दुखी ।
बलीया उनले छोडे देह स्वर्ग गए पछि ॥
श्रेष्ठ-गन्धर्वका श्रेष्ठ कुरा सारा सुने यता ।
रामले भाइमा आफ्ना भनि हाले यसै तदा ॥
हात्ती जत्रो र डर्लाग्दो कर्मको यो छ राक्षस ।
खन लौ यसको लागि ठूलो खाल्डो तिमी अब ॥
खाल्डो खन्ने दिई आज्ञा भाइमा बलवान् उनी ।
पाउले त्यसको घाँटी थिच्दै, टेक्तै बसे अनि ॥
लिए लक्ष्मणले खन्ती ठूलो आँगे विराधको ।
निम्ति यौटा खने खाल्डो त्यत्रै ठूलो अजङ्गको ॥
कीलो जस्तो हुने कान त्यसको कण्ठ छोड्दिए ।
अनि लक्ष्मणले चाँहि त्यहीं त्यल्लाइ फ्याँक्दिए ॥
अब यस्तो अवस्थामा पनि दुष्ट-विराध यो ।
अझै गर्जि रहेकोथ्यो डर्लाग्दो स्वरमा बडो ॥

४६

४७

लडाँइमा भै स्थिर, वेगले अति देखाँउने वीर्य र उग्र-शक्ति यी
श्रीरामले लक्ष्मणले मिली वहाँ फ्याँके बलैले त्यसलाइ गर्तमा ॥
विराध यो राक्षस थ्यो भयङ्कर चिच्याँउथ्यो उग्र अझै झिकी स्वर ।
गाडी त्यसोरी त्यस दुष्टलाइ ता भए दुवै भाइ निकै खुशी यता ॥
महान् छ यो राक्षस तीक्ष्ण शस्त्रले छुँदैन, मर्दैन भनेर शोचले ।
खनेर खाल्डो त्यसलाइ जो पुरे विछंट्ट बाठा दुइले भलै गरे ॥
प्यारो थियो वास्तवमा विराधको श्रीरामद्वारा हुनु आफ्नु मृत्यु त्यो ।
भन्यो यसैले त स्वमृत्यु शस्त्रले हुँदैन भन्ने पनि ता विराधले ॥
सुनी भनाई त्यसकै त रामले त्यल्लाइ गाड्ने शुभ-बुद्धि त्यो लिए ।
गाड्दा पनी जो त्यसले भयङ्कर थर्काइ छाड्यो वन, घन्किदा स्वर ॥
विराधलाई त्यसरी स्वयं वहाँ गाडे पछी गर्त खनेर भूमिमा ।
श्रीराममा लक्ष्मणमा पनी अब आनन्द भो हृष्ट भए दुवै तव ॥

CC-0. In Public Domain. Digitization by eGangotri

५३

ढुङ्गा र माटोहरुले तृणादिले खाल्डो पुरे यो दुइ वीर भाइले ।
गरे पछी यत्ति भएर ढुक्क ती लागे वहाँ घुम्न जताततै पछि ॥
मारे पछी राक्षस त्यो त्यसो गरी सीता सँगै स्वर्ण-धनुष् लिई वरी ।
घुमे मजाले वन त्यो वरीपरी आकाशका सूर्य र चन्द्र हुन् सरी ॥

५४

इति चौथो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं सर्ग

मुनिराज शरभङ्गको आश्रममा जानु

१

त्यसरी वनमा मारे डर्लाग्दो बलियो बडो ।
विराधलाइ त्यो क्रूर जुन राक्षस श्रेष्ठ थ्यो ॥
अनि शक्ति हुने त्यस्ता रामले जानकीकन ।
आश्वासन दिए राम्रो अँगालेर पुनः पुनः ॥
तेज फैलिंइदा शोभा बढेका आफ्नु भाइ ती ।
प्रिय लक्ष्मणमा भन्छन् अब राम गरी यति ॥
अनकन्टार यो बाबु ! रहेछ वन दुर्गम ।
पऱ्यो छिचोल्न नै गाह्रो कष्ट भो कि कसो ? भन ? ॥
अब हामीहरू बाबु ! तपस्या नै हुने धन ।
'शरभङ्ग' भए ठाम पुगौं, चाँडै हिडौं पुनः ॥
भनी लक्ष्मणमा यत्ति राम-भद्र सरासर ।
पुगे आश्रममा छीटै शरभङ्ग भएनिर ॥
प्रभाव देवकैं जस्तो थियो ती मुनिराजको ।
आत्मा शुद्ध थियो साऱ्है तपस्याले महान् हुँदो ॥
अब आश्रममा पुग्दा न पुग्दै शरभङ्गको ।
देखे श्रीरामले यौटा दृश्य अद्भुतरूपको ॥
वहाँ श्रीरामले देखे यस्तो आकाशबीचमा ।
एउटा रथमा राम्रो वसेका भव्यरूपमा—॥
देवताहरूका स्वामी साक्षात् देवेन्द्रलाइ नै ।
शोभिएका, अकाशैमा अडेका भै अलग्ग नै ॥
सूर्यको अग्निको जस्तो उनको अङ्ग-कान्ति थ्यो ।
आफ्नु नै तेजको राम्रो गहना श्रेष्ठ दिव्य थ्यो ॥
उनले पैह्रिएकाथे वस्त्र शुद्ध र चम्किला ।
आभूषण थिए त्यस्तै टल्किने अति तेजिला ॥
पछिल्तिर थिए कैयौं देवता उनकै सरी ।
कपडा गहना आदि पैह्रेका दिव्य राम्ररी ॥

१३

१४

यस्तै यस्ता थिए धेरै महात्मा उनको जुन ।
प्रशंसा स्तुति इत्यादि गर्थे सब पुनः पुनः ॥
रथ आकाशमा यौटा थियो ठिङ्ग त्यसै स्थिर ।
जसमा हरिया घोडा लागेकाथे मनोहर ॥
आँखा गाडी निकै हेरे रामले रथलाइ त्यो ।
हो भर्खर उदाएका सूर्य झैं जुन देखियो ॥
वहाँ यस्तो पनी देखे-इन्द्रको शिर मास्तिर ।
दिव्य छाता थियो यौटा टाँगिएको मनोहर ॥
सेतो बादलको टुक्रो जस्तै उज्वल त्यो थियो ।
चन्द्रमण्डलकै जस्तो थियो निर्मल कान्तिको ॥
फूलले फूल-मालाले दिव्य चित्र-विचित्रका ।
शोभिएको थियो फेरि यो छाता अति नै तदा ॥
लागेका सुनका डण्डा बहुमूल्य र उत्तम ।
पङ्खा, चवँर थे दिव्य झुलाएका मनोरम ॥
झुलाँउथे दुवैलाई दुइटै दिव्य-सुन्दरी ।
देवेन्द्रको दुवैपट्टि त्यो मस्तक वरीपरी ॥
देवता सिद्ध गन्धर्व महर्षि-गण साथमा ।
उनको स्तुति गर्दैथे वहाँ उत्तम वाक्यमा ॥
कुरा गरि रहेकाथे इन्द्र यी शरभङ्गको ।
साथ आकाशबाटै त्यो जुन अद्भुत नै थियो ॥
यस्ता इन्द्रकनै देख्ता गरी संकेत रामले ।
अद्भुतै रथ देखाए भाइमा पछि यो भने ॥
बाबु लक्ष्मण ! देख्यौ के हेर ऊ ! अन्तरिक्षमा ।
रथ अद्भुत कस्तो छ ? तेज फ्याँक्तोछ जो यहाँ ? ॥
चर्को किरण छर्दोछ भगवान् सूर्यकै सरी ।
भई मूर्तिमती शोभा सेवा गर्छिन् कि झैं झरी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
इन्द्रका दिव्य घोडाको बारेमा जति जो कुरा ।
वहाँ अघि सुनेकाथ्यौं हामीले अब ती कुरा ॥
यहाँ देखि रहेका छौं हुन् तिनै अन्तरिक्षका ।
दिव्य घोडाहरू पक्कै छैन है कत्ति भिन्नता ॥
पुरुषश्रेष्ठ ए बाबु ! रथको त्यो दुबैतिर ।
ऊ ! युवा उभिएका छन्, छन् यी सय, सय स्थिर ॥
सबैले पैह्रिएका छन् राम्रा कुण्डल कानमा ।
यता लिइ रहेका छन् अ-आफ्नो खड्ग हातमा ॥
फैलिएको तथा मोटो छ छाती यिनको सब ।
छ बाहु परिघै जस्तो मोटो राम्रो तथा दृढ ॥
सबैले पैह्रिएका छन् वस्त्र रातो सफा यता ।
बाघझैं सब देखिन्छन् आँट्नै न सकिने उता ॥
सुमित्रा-प्रिय ए बाबु ! छातीमा यिनका सब ।
शोभिन्छन् हार टल्किन्छन् बलेका अग्निकै ठिक ॥
पच्चीसै वर्षको मात्र उमेर यिनको यता ।
देखिंदो छ, छ त्यो रूप कति उज्वलको अहा ! ॥
नित्य यी देवको यस्तै अवस्था हुन्छ भन्दछन् ।
जस्तो यी सब देखिन्छन् प्रिय, दर्शनकै त छन् ॥
म बुझ्दछु सबै राम्रो बसेको रथबीच त्यो ।
को हो तेज हुने त्यस्तो व्यक्ति ! पक्का गरी कुरो ॥
एक्कै छिन तिमी बाबु ! यहीं नै बस है ! अब ।
सीता भाउजुको साथ छिटै फर्कन्छु है म त ॥
यहीं बस भनी आज्ञा दिए लक्ष्मणलाइ र ।
अघि बढ्दै गए राम शरभङ्गाश्रमैतिर ॥
राम आँउन लागेको देखी आफैं भएनिर ।
देवेन्द्रले विदा मागे शरभङ्ग संगै स्थिर ॥
इन्द्रले देवता साथ भने अनि यसो वहाँ ।
देख्यौ ! राम यतै आए न पाँउन् सोध्न क्यै ममा ॥
अगावै त्यसको सारा तिमीहरू मलाइ ता ।
लगी हाल कहीं अन्त, न पाउन् गर्न यी कुरा ॥
अहिले यिनको साथ कुरा गर्नु हुँदैन है ।
यिनले गर्नु छन् बाँकी ठूल्ठूला काम यी सबै ॥
व्यक्तिले अरु पृथ्वीका सक्तैनन् गर्न काम ती ।
रावणादि सबै मारून्, हुन् कृतार्थ सबै जिती ॥
४३

४४
देव हो ! त्यस वेला म भै तुरुन्त उपस्थित ।
स्वयं दर्शन गर्नेछु, भेट्लान् यी पनि यो तब ॥
देवलाई भनी यत्ति वज्र धर्ने सुरेन्द्रले ।
शरभङ्ग-तपस्वीको गरे सत्कार भक्तिले ॥
पछि बाट विदा मागे त्यस्ता घोडा हुने रथ ।
चढे अनि गए इन्द्र आफ्नु लोकतिरै अब ॥
हजारौं नेत्रका इन्द्र स्वर्ग लागे पछी यता ।
पत्नी भाई लिई राम पसे आश्रमभित्र ता ॥
उता आश्रममा आई शरभङ्ग मुनीश्वर ।
गर्न नै अग्निहोत्रादि लागेकाथे भई स्थिर ॥
समाई मुनिको पाउ सीता-लक्ष्मण-रामले ।
गरे दर्शन आज्ञा भो बस्ने अनि सबै बसे ॥
निमन्त्रणा दिए त्यस्ता मुनिले यिनमा पछि ।
गर्न आतिथ्य-स्वीकार बस्ने ठाम दिए पछि ॥
चल्यो अब कुरा-कानी रामले मुनिमा भने ।
देवेन्द्र किन आएका रहेछन् ? भगवान् ! सुनौं ॥
रामले यसरी सोद्धा शरभङ्ग मुनीश्वर ।
भन्दछन् उनमा फेरि कुरा खोली भएभर ॥
रामबाबु ! यिनै हुन् ती स्वर्गका इन्द्र वास्तव ।
मलाइ ब्रह्मलोकैमा लान खोज्छन् यिनी अब ॥
आफ्नो उग्र तपस्याले त्यस्तो लोक पनी जितें ।
सक्तैनन् लोक त्यो भेट्न अजितेन्द्रिय क्यै गरे ॥
मलाई जब भो ज्ञान आएका छौ तिमी भनी ।
मेरो आश्रममा धाई, जानै रोकि दिएँ अनि ॥
भन बाबु ! तिमी जस्ता प्यारा अतिथि आउँदा ।
जाँऊ चटक्क छोडेर न भेटी कसरी म ता ? ॥
महात्मा श्रेष्ठ धर्मात्मा तिमी सँग मिले पछि ।
स्वर्गलोक हुँदै जान्छु माथिल्लो लोकमा पछि ॥
श्रेष्ठ अक्षय छन् जत्ति लोक मैले जितें सब ।
ती स्वर्ग-ब्रह्म-लोकादि तिमी लेउ. दिएँ अब ॥
यसरी मुनिले भन्दा जानेका सब शास्त्र ती ।
पुरुषश्रेष्ठ श्रीराम भन्दछन् उनमा पछि ॥
भगवन् ! हे मुनिश्रेष्ठ ! म स्वयं सब लोकको ।
गर्न सक्तछु है प्राप्ति चाहन्न म त यी प्रभो ! ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri.

६१

चाहन्छु अहिले ब्रह्मन् वनमा वास बस्न म ।
योग्यको ठाम क्वै त्यस्तो, अब देखाइ पाँउ म ॥
बल-शक्ति हुने साक्षात् इन्द्रकै ठीक रामले ।
भनेमा यत्ति भन्छन् ती बुद्धिमान् मुनि प्रेमले ॥
अल्लि टाढा यहाँ बाट पर्छ जङ्गल जो त्यहाँ ।
सुतीक्ष्ण मुनि तेजस्वी छन्, बस्छन् शान्तिमा वहाँ ॥
छन् उनै अतिधर्मात्मा पाल्छन् नियम राम्ररी ।
वहीं जाउ, उनै भन्छन् तिम्रो श्रेय हुने गरी ॥
पवित्र ठाममा राम ! त्यो राम्रो वनप्रान्तको ।
जाऊ उनै भए ठाम, गर्छन् बस्ने प्रबन्ध जो ॥
फूल-जस्ता स-साना ऊ ! डुङ्गाले पार जाँइने ।
अथवा फूल नै डुङ्गा भएकी र सुहाँउने— ॥
नदी-मन्दाकिनीको यी तटमा पहिले पुग ।
बाटो ली भेलको उल्टो जाउ, पुग्छौ उहीं तव ॥
हेर ! बाटो त्यहाँ जाने हो त्यही ! पुरुर्षषभ ! ।
बरु एकछिनै पर्ख ! दया गर यही अब ॥

६८

६६

जीर्ण-शीर्ण भएको यो आफ्नो देहकनै म ता ।
सर्पले काँचुली जस्तै छोड्छु है हेर लौ ! यता ॥
महान् तेज हुने त्यस्ता शरभङ्ग-महर्षिले ।
रामलाइ भनी यत्ति अग्निको स्थापना गरे ॥
अनि आहुति टक्र्याए घिउको मन्त्रपूर्वक ।
सकी काम-कुरा सारा, पसे आफैं वहाँ तव ॥
तत्कालै जीर्ण त्यो देह महात्मा-शरभङ्गको ।
अग्निले पार्दिए भस्म हेर्दाहेर्दै वहाँ अहो ! ॥
बाँकी भन्ने कुरा केही रहेन त्यस देहको ।
हाड छाला तथा मासु रक्त रोम कपाल त्यो ॥
सीता, लक्ष्मण, श्रीराम हेर्दै थे जो बसी अघि ।
नियाल्दा यी कुरा सारा परे छक्क पनी अति ॥
अग्निको कुण्डद्वारा त्यो अब यौटा कुमार पो ।
निस्कियो अग्निकै जस्तो कान्तिको तेजिलो बडो ॥
यी कुमार थिए साक्षात् शरभङ्ग-महर्षि नै ।
कुण्डमाथि उठी केही शोभिन्थे जुन ज्यादि नै ॥

७६

७७

लोक ती अग्निहोत्रीका महात्मा-मुनि-देवका ।
चढे नाघ्दै-छिचोल्दै यी ब्रह्मलोकतिरै तदा ॥
गर्ने अनेकौं शुभ-पुण्य-कर्म ती विप्रेन्द्र नै हुन् शरभङ्ग यी ऋषि ।
वहाँ पुगी दर्शन ब्रह्मदेवको गरे उनीले गण साथ-साथको ॥
देख्ता यता यी मुनिलाइ आँउदा ज्यादै खुशी भो विधिमा स्वयं उता ।
भने उनीले मुनिलाइ यी अतः महामुने ! आउ म गर्छु स्वागत ! ॥

७६

पाँचौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छैटौं सर्ग

वहाँका ऋषि–मुनिहरुले श्रीरामसँग राक्षसहरुबाट बचाँउन प्रार्थना गर्नु र रामले आश्वासनदिनु ।

१

महान् आत्मा हुने त्यस्ता शरभङ्ग मुनीश्वर ।
त्यो दिव्य लोक ब्रह्माको पुगे पछि भई स्थिर ॥
यता बल्दो हुने तेज ककुत्स्थ-कुल राममा ।
मुनिका संघका संघ आए जम्बा भई वहाँ ॥
वैखानस थिए कत्ति यिनमा, जुन हुन् यिनी ।
ब्रह्माजीका नङ्ग्रै बाट निक्लेका, उत्तमै मुनि ॥
थे रोम बाट निक्लेका मुनि जो बालखिल्य हुन् ।
सम्प्रक्षाल थिए कत्ति खाई जो पात्र माज्दछन् ॥
थे मरीचिप, जो बाँच्थे पिई चन्द्रार्कको कर ।
काँचै अन्न कुटी खाने अश्मकुट्ट थिए स्थिर ॥
पत्राहार थिए कत्ति जो खान्थे पातमात्र नै ।
दन्तोलूखल थे कत्ति पार्ने ओखल दाँत नै ॥
उन्मज्जक थिए अर्का गए जो जलमा सदा ।
घाँटीसम्म पसी गर्थे तपस्या उग्ररूपका ॥
पार्ने शरीर नै शय्या थिए फेरि निकै मुनि ।
थिए सुत्तै न सुत्ने वा शय्या नै न हुने पनि ॥
सँधै सत्कर्ममा लाग्दा अवकाशै न पाँउने ।
थिए मुनिहरू कैयौं भएमा राम, आँउने ॥
पानीमात्र पिई बाँच्ने आएकाथे निकै मुनि ।
वायुमात्र खिंची बाँच्ने थिए कैयौं वहाँ मुनि ॥
खुला मैदानमा मात्र बस्ने अर्का थरी थिए ।
लिपेको शुद्धवेदीमा मात्र सुत्ने पनी थिए ॥
टाकुरामा गई बस्ने ऊर्ध्ववासी थिए मुनि ।
मन-इन्द्रिय रोकी जो गर्थे तप, थिए उनी ॥
व्रतैमात्र लिने, गर्ने उपवास थिए अनि ।
भिजेका कपडामात्र पैह्रने व्रतका पनि ॥

१३

१४

सँधै जप-जपै मात्र गर्ने कत्ति थिए वहाँ ।
सँधै तप-तपै मात्र गर्ने पनि थिए यहाँ ॥
आफ्नो चारै दिशा पट्टि अग्नि बाली खपी अनि ।
सहेर सूर्यको राप, तप गर्ने थिए मुनि ॥
यी सबैमा थियो ठूलो ब्रह्म-श्री तेज हो जुन ।
ज्यादै लगनले गर्थे यी सबै ब्रह्म-सेवन ॥
तपस्वीहरुका यस्ता सङ्घका सङ्घ रामको ।
आए अगाडि यो वेला शुभ आश्रमबीच त्यो ॥
मुनिका सङ्घ यी सारा धर्मको मर्म जान्दथे ।
धर्म जान्ने र पाल्नेमा श्रेष्ठ श्रीराममा भने ॥
रघुनन्दन-श्रीराम ! प्रभु इक्ष्वाकु-वंशको ।
साथमै सब पृथ्वीको स्वामी भै बक्सिइन्छ, हो ! ॥
प्रधान सबमा फेरि महान् वीर महारथी ।
हजूरै भइ बक्सिन्छ संरक्षक तथा पति ॥
इन्द्रले देवको रक्षा जसरी गर्दछन् प्रभो ! ।
त्यै ठीक गरी बक्सिन्छ रक्षा यो विश्व-जीवको ॥
पराक्रम तथा कीर्ति हुदाँ यस्तो हजूर ता ।
प्रसिद्ध भइ बक्सेको छ तीनै लोकमा यता ॥
शुभाज्ञा बाबुको मान्ने व्रत टिक्छ हजूरमा ।
सत्य अड्दछ, सम्पूर्ण धर्म रम्छ हजूरमा ॥
धर्म-रक्षक धर्मज्ञ महान् आत्मा हुने पनि ।
हजूरै भइबक्सिन्छ योग्य यौटा महान् गुणी ॥
तस्मात् रक्षक हे स्वामिन् ! माग्न आयौं हजूरमा ।
तल-माथि परे भन्दा बक्सेला है प्रभो ! क्षमा ॥
हे नाथ ! लौ सुनी बक्स्योस् राजा भै जुन भूमिको ।
कर लिन्छ प्रजा बाट आय बाट छ खण्ड त्यो ॥

२६

२७

तर छोरा सरी हेरी रक्षा गर्दैन ता प्रभो ! ।
के होला त्यसको चाला ? ठूलो पाप बटुल्छ त्यो ॥
जो राजा राज्यमा बस्ने आफ्ना रैती-प्रजाकन ।
रक्षाको कार्यमा लागी गर्छ नित्य सुसेवन- ॥
आफ्नो प्राण सरी ठान्छ प्राण भन्दा पनी प्रिय ।
आफ्नो छोरा सरी मान्छ, बन्छ जो नित्य रक्षक ॥
अवश्य पनि त्यो राजा हे प्रभो राम ! वास्तव ।
यहाँ भेट्तछ सत्कीर्ति जो धेरै काल टिक्दछ ॥
मरे पछि वहाँ फेरि पुग्छ त्यै ब्रह्मलोकमा ।
विशेष मान पाएर पर्छ आनन्दमा वहाँ ॥
खाएर फल-मूलादि राज्यमा जुन भूपको ।
गर्छन् मुनि अनुष्ठान जे जो उत्तम धर्मको ॥
त्यसका धर्मको त्यस्तो चारौं भाग त्यही नृप ।
भेट्छ है राम ! जो पाल्छ धर्मले दुनियाँ सब ॥
प्रभो ! वन भरी हामी वानप्रस्थ-स्वधर्म त्यो ।
राम्ररी पालना गर्दै बस्छौं, प्रिय छ धेर जो ॥
यी सबैको तिमी नै हो एउटै नाथ वास्तव ।
छन् अनाथ सरी किन्तु गर्छन् संहार राक्षस ॥
यस्तो हुँदाहुँदै हुन्छ फेरि त्यस्तो यहाँ किन ? ।
तिमीले रक्षिने सारा मारिन्छन् मुनि यी किन ? ॥
हिंड आउ ! गई हेर । पवित्रात्मा महामुनि ।
कसरी मारिएकाछन् ध्यान-मग्न हुँदा पनि ॥
क्रूर राक्षसले राम! मारेका मुनि आदिको ।
यही वनभरी अैल्यै देख्नेछौ राश लासको ॥
यतातिर प्रभो ! फेरि पर्छ पम्पा-सरोवर ।
त्यसको नजीकै बग्छिन् तुङ्गभद्रा नदी स्थिर ॥
त्यता पनि निकै बस्छन् सुन स्वामिन् ! यता पनि ।
शुभ-मन्दाकिनीको यी बस्छन् तट भरी मुनि ॥
ती चित्रकूटका कूट गरी आश्रय बस्तछन् ।
धेरै मुनिहरू किन्तु मारिन्छन्, दुष्ट मार्दछन् ॥
त्यो संहार, तिरस्कार तपस्वी मुनिको हरे ! ।
स्वयं त्यस्तै हुने हामी सक्तैनौं खप्न क्यै गरे ! ॥
दुष्ट-राक्षस छन् क्रूर डर्लाग्दा कर्म गर्दछन् ।
भन लौ कसरी खप्नु ? छौ तिमी योग्य वीर जुन् ॥

४३

४४

तसर्थ सुन ए नाथ ! शरणागत-वत्सल ।
छौ तिमी नै भनी आयौं तिम्रै शरणमा अव ॥
यस्तो स्थिति हुँदा स्वामिन् ! यी निशाचर-दुष्टले ।
मारियौं, सकियौं हामी, गर रक्षण शीघ्र ए ! ॥
ए वीर ! यस पृथ्वीमा तिमी भन्दा अरू कुनै ।
सहारा, आश्रयै छैन अव हाम्रो निमित्तमै ॥
नृपपुत्र-प्रभो ! तस्मात् दुष्ट राक्षस बाट यी ।
गर रक्षण लौ हाम्रो जो छौं मुनि तथा ऋषि ॥
सँधै लाग्ने तपस्यामा तपस्वीहरूको सब ।
सुने यस्ता कुरा सारा रामले ध्यानले तव ॥
ककुत्स्थ-कुलका राम राख्तथे प्रेम धर्ममा ।
भने, मुनिहरू साथ अनि यस्ता कुरा वहाँ ॥
मुनीन्द्र-प्रभु हो ! यस्तो के आज्ञा हुन्छ है ! ममा ।
प्रार्थना गर्नु होला के कसरी यसरी ममा ? ॥
महान् आत्मा हुने यस्ता तपस्वी-मुनि-राजका ।
जो जो हजूर जस्ता छन्, हुँ म ता दास एउटा ॥
तँ यसो गर, ! उसो गर र तँ!, भनी आज्ञा निरन्तर ।
ममा बक्सिनु पो पर्छ तसर्थ मुनीश्वर ! ॥
म आफ्नै कामले मात्र स्वार्थ हेरेर राम्ररी ।
त्यसरी वन आएँ थें भगवन्-मुनि हो ! अघि ॥
थ्यो खालि बावुको आज्ञा पाल्ने उद्देश्य जो शुभ ।
त्यसमा अहिले यस्तो थपियो, भाग्य भो शुभ ॥
सुनी बक्स्योस्! कुरा साँचो पित्राज्ञा पाल्नु थ्यो निहुँ ।
वनमा आँउने यौटा बहाना हुन गो भनूँ ॥
क्रूर राक्षसले यस्ता प्रभु जस्ता तपोधन ।
महात्मालाइ जो पिर्थे मार्नु थ्यो मुख्य उत्तम ॥
हजूरहरूको सारा सिद्ध गर्न प्रयोजन ।
म त आइ पुगें ठ्याक्क दैव संयोगले पुनः ॥
मौका पाएँ भने देखि सेवा गर्ने हजूरको ।
महान् फल दिने होला त्यै मेरो वनवास यो ॥
गरें स्वीकार यो आज्ञा, चढाएँ शिर, पाल्छु म ।
तपस्वी-मुनिका शत्रु दुष्ट राक्षस नाश्छु म ॥
हुन्छ लौ ! हेरी बक्सेला ए तपोधन हो ! अव ।
ममा, यी भाइमा मेरा छ, जो शक्ति तथा बल ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

त्यस्ता तपस्वी-मुनि साथ राम्ररी गरेर बाचा अभयै दिई वरी ।
गए सुतीक्ष्णाश्रम तर्फ नै बढी श्रीराम साथै लिई यी सबै ऋषि ॥
हुन् खप्न सक्ने अतिधीर राम यी हिंडाँउथे लक्ष्मणलाइ जो पछि ।
स्वधर्म पाल्थे, बहुमूल्य वस्तुको दिन्थे दिंदा दान पत्नी सभक्ति जो ॥

६२

छैटौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सातौं सर्ग

श्रीराम आदिले मुनिराज सुतीक्षणसँग भेट-घाट गर्नु र रातभर वहीं बस्नु

१

राम, लक्ष्मण सीता ली साथमा विप्रको सब ।
शुभाश्रमतिरै लागे सुतीक्ष्ण-मुनिकै अब ॥
बाटो काटी निकै टाढा पुगे उनीहरू सब ।
ठूलठूला जलका नाना नदी-नाला तरे जब ॥
अनि अल्लि परै पुग्दा गिरि जस्तो सुमेरु, क्वै ।
देखे पहाड, जो साह्रै अग्लो थ्यो, स्वच्छ थ्यो निकै ॥
इक्ष्वाकुकुलमा श्रेष्ठ राम लक्ष्मण यी दुवै ।
अब यै वनमा भित्र पसे सीता लिई सँगै ॥
नाना प्रकारका राम्रा वृक्षले फल-फूलका ।
वन यो शोभिएकोथ्यो, देख्तै लाग्थ्यो निकै मजा ॥
अनकण्टारको त्यस्तो वनभित्र पसे पछि ।
वहाँ एकान्तमा देखे यौटा आश्रम क्यै पछि ॥
वहाँका वृक्ष थे भारी बोकेका फल-फूलका ।
टाँगिदा भर्दथे शोभा जसमा चीर-वस्त्र ता ॥
भित्रका मलको शुद्धि गर्नकै निम्तिमा वहाँ ।
शुद्ध-पद्मासनै बाँधी बस्तथे मुनि ध्यानमा ॥
सुतीक्ष्ण-मुनिको त्यस्तो तपस्या नै थियो धन ।
लाग्दामा परमात्मामा उता स्थिर थियो मन ॥
पुगे यसै अवस्थामा नजीकै मुनिको यिनी ।
पाउमा विधिवत् ढोगे भने श्रीरामले अनि ॥
भगवन् ! म यहाँ आएँ प्रभुको गर्न दर्शन ।
हुँ म राम, प्रभो ! तस्मात् लौ कुरा गरी पाँउ म ॥
धर्मको मर्म जानेका भै बक्सिन्छ हजूर नै ।
सम्पूर्ण ऋषिमा श्रेष्ठ भएका सत्य-शक्ति नै ॥
धर्म धर्ने र पाल्नेमा श्रेष्ठ श्रीराममा अब ।
पर्‍यो यी मुनिको आँखा थिए जो धीर वास्तव ॥

१३

१४

स्नेहले मुनिले पैले दुइटै आफ्नु बाहुले ।
अँगाले पारि ग्वाम्ल्वाङ्ग यो भने अनि प्रेमले ॥
गर्छु स्वागत तिम्रो म राम बाबु ! यहाँ बस ।
पार्‍यौ आश्रम यो आई सनाथ अब वास्तव ॥
सत्य बोल्नेहरू मध्ये तिमी नै श्रेष्ठ छौ यहाँ ।
रघुका कुलका रत्न तिमी नै त भयौ यहाँ ॥
ए महान् यशका बाबु ! म तिमी आँउछौ भनी ।
यहाँ पर्खि रहेकोथें बाटो हेरी निकै गमी ॥
न भए गइ सक्थें म छोडी यो देह भूमिमा ।
सरासर यहाँबाट स्वर्गमा ब्रह्म-धाममा ॥
यहीं मैले सुनेको हुँ राज्यबाट च्युतै बनी ।
चित्रकूटै तिरै आई बसेका छौ तिमी भनी ॥
अश्वमेध शयौं पल्ट गर्ने इन्द्र स्वयं यहाँ ।
आएकाथे, उनै भन्थे, पछि यस्तै कुरा ममा ॥
ती महान् देवता साक्षात् हुन् जो देवेन्द्र वास्तव ।
आई ममा भने जो जो सुन त्यो पनि राघव ! ॥
तपाँई बाट जो जो भो पुण्य सत्कर्म आदि ती ।
तिनले जितिए सारा वहाँ लोक भए जति ॥
भनेम्है इन्द्रले मैले गरी तप प्रशस्त यो ।
वहाँका लोक सम्पूर्ण पाइयो अधिकार भो ॥
तिनमा अब ए बाबु ! तिमी, सीता र लक्ष्मण ।
लिई जाउ म अर्पन्छु बस है ! रघुनन्दन ! ॥
ज्यादै कडा तपस्याका त्यही धन हुने अनि ।
सत्यवादी र तेजस्वी थिए मुनि महान् यिनी ॥
यस्ता सुतीक्ष्णमा त्यस्ता मनस्वी रामले अब ।
ब्रह्मालाइ भने जस्तै इन्द्रले, यो भने तब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हे मुनिश्रेष्ठ भगवन् ! म स्वयं सव लोकको ।
गर्न सक्वछु है प्राप्ति, चाहन्न म त यी प्रभो ! ॥
चाहन्छु अहिले ब्रह्मन् ! वनमा बास बस्न म ।
योग्यको ठाम क्वै त्यस्तो अब देखाइ पाँउ म ॥
विश्वका सव प्राणीको हितमा नित तत्पर ।
लोकका परेलोकैका कुरा जान्ने सवै स्थिर ॥
यो कुरा भनि बक्सेथ्यो महात्मा शरभङ्गले ।
जुन गौतम-गोत्रीय भै बक्सिन्थ्यो उहाँ हरे ! ॥
यसरी रामले भन्दा लोक-विख्यात ती ऋषि ।
हर्ष-गद्गद भै ज्यादै भन्छन् मधुर वाक्य यी- ॥
राम बावु ! यही मेरो छ पुण्याश्रम वास्तव ।
छन् यहाँ गुण धेरै नै, छ यहीं सुविधा सव ॥
फेरि अर्को कुरा बावु ! यै बाटो मुनिका गण ।
गर्दछन् आँउने-जाने फल-मूलादि छन् पुनः ॥
यही आश्रममा नाना थरीका मृगका गण ।
आँउछन् ज्यादि नै फेरि देख्तै रम्दछ है मन ॥
रूपले कान्तिले आफ्ना गविले पनि उत्तम ।
देख्नेको मन नै हर्छन् सव ती रघुनन्दन ! ॥

३५

३६

पार्दैनन् विघ्न-बाधा क्यै उनीहरू पनी यता ।
डर छैन कुनै त्यस्तो उनमा पनि ता उता ॥
यौटै दोष छ यै बावु ! मेरो आश्रममा यहीं ।
उपध्रो मृगले गर्छन् संझ यो सत्यरूपमा ॥
महर्षिका कुरा यस्ता सुनेका धीर रामले ।
बाणकै साथमा आफ्नो धनु त्यो हातमा लिए ॥
अनि विन्ती चढाए यो भाग्यवान् ऐ प्रभो ! म के ।
उपध्र्या मृग ती आए मारूँ यी तीक्ष्ण बाणले ? ॥
भो ! भो !! मार्दिन भै हाल्छ अपमान हजूरको ।
मेरो निमित्त होला के यो भन्दा दुःखको कुरो ? ॥
यो पुण्याश्रममा साक्षात् प्रभुको यस अर्थ म ।
बस्न चाहन्न धेरै ता पाँउ स्वीकृति उत्तम ॥
भनी यत्ति उहाँ साथ चूप लागेर राम यी ।
गए साँझ हुँदा, गर्न सन्ध्योपासन-कर्म ती ॥
सकेर साँझको सन्ध्या-वन्दनादि क्रियाविधि ।
आए फर्केर श्रीराम यै रम्याश्रममा पछि ॥
अब रात बसे राम शुभ-आश्रममा त्यही ।
लिएर साथ सीता र भाई लक्ष्मणलाइ ती ॥

४४

४५

परे पछी रात बितेर साँझ त्यो स्वयं नियाले मुनिराजले यसो ।
खटेर आफैं अनि भोजनार्थका ल्याए तपस्वीजन-योग्य अन्न ता ॥
त्यस्ता नरश्रेष्ठ उनीहरूकन गरेर सत्कार निकै महान् पुनः ।
यस्ता महात्मा-मुनिले सुभोजन टक्र्याइयो, खाइ दिए दनादन ॥

४६

सातौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं सर्ग

श्रीराम आदिले मुनिराज सुतीक्ष्णसँग विदा मागी वहाँ बाट हिँड्नु

१

सुतीक्ष्ण-मुनिद्वारा ती त्यसरी भइ पूजित ।
राम लक्ष्मण सीता यी सुते रात मजैसित ॥
उज्यालो भो उठेसारा यथासमयमै अव ।
सुगन्धी जलले चीसो नुहाए यिनले तव ॥
तदनन्तर यी तीनै जनले विधिपूर्वकै ।
प्रातःकालिक पूजादि गरे अग्नि र देवकै ॥
तपस्वीहरुको मुख्य आधार वनमा त्यस ।
सूर्यको उठ्न लागेका गरे दर्शन त्यो शुभ ॥
भएर यसरी शुद्ध भित्र-बाहिर यी सव ।
गै सुतीक्ष्ण भए ठाम भन्छन् मीठो यसो अव ॥
भगवन् ! प्रभु भै आफैं पूजनीय र उत्तम ।
मन राखी दियी बक्स्यो ह्राम्रै पूजा गरीकन ॥
बस्यौं बडो मजासाथ भर रात हजूरको ।
पवित्राश्रममा यस्तो भगवन् ! भो कृपा बडो ॥
अव हामीहरू जान्छौं यहाँबाट अघिल्तिर ।
आज्ञा माग्छौं, छिटो भन्छन् यता सारा मुनीश्वर ॥
उता हामीहरू ब्रह्मन् ! दण्डकारण्य भित्र यो ।
वसेका शुद्ध पुण्यात्मा महात्मा मुनि आदिको- ॥
पवित्राश्रम जो जो छन् जत्ति छन् ती सवैकन ।
घुमेर हेर्न चाहन्छौं एक एक गरीकन ॥
हाम्रो इच्छा छ यो तस्मात् धूँवाले हीन अग्निझैं ।
तेजिला धर्ममा नित्य लागेका भइ पालकै- ॥
गरी तप सँधै आफ्नो रोकेका सव इन्द्रिय ।
मुनिको साथ यी जान्छौं आज्ञा बक्स्योस् स्वयं अव ॥
अन्यायले कमाएको ठूलो सम्पत्ति पाँउदा ।
क्वै छोटो कुलको व्यक्ति जस्तो गर्छ घमण्ड ता ॥

१३

१४

यी सूर्य पनि त्यै ठीक भै असह्य हुने कर ।
शोभिन्नन् जहिले सम्म त्यसको अघि हिंड्नुछ ॥
भनी यत्ति उहाँलाई ढोग्दिए पाउमा झुकी ।
रामले अनि सीताले वीर लक्ष्मणले पछि ॥
छुँदा पाउ, उठाएर आफैंले मुनिले अव ।
अँगाले बलले ज्यादै, यो भने स्नेहले तव ॥
वेस हो ! राम ! लौ जाउ छाया तुल्य हुँदी पछि ।
पत्नी-सीता तथा वीर भाई लक्ष्मण साथ लो ॥
रघुनन्दन ए बावु ! तिम्रो मार्ग भरी सव ।
श्रेय होस् ,विघ्न-बाधा क्यै नहोस् ,होस् ,मङ्लै सव ॥
वीर बावु ! तिमी हेर ! तपले शुद्ध-चित्त यी ।
दण्डकारण्यमा बने मुनिका रम्य छन् कुटी ॥
देख्ने छौ यस यात्रामा प्रशस्त फल-मूलले ।
शोभिएका निकै राम्रा वन चित्रित फूलले ॥
जङ्गली-पशु सम्पूर्ण घुम्छन् आनन्दमा वहाँ ।
गर्छन् विहार सम्पूर्ण पक्षी शान्त भई जहाँ ॥
देखिनेछन् वहीं राम ! नाना कमल-पुष्प ती ।
फुलेका पोखरी, वापी साना ठूला पनी अति ॥
तिनका जलको शोभा छ अर्कै ! अतिनिर्मल ।
जलपक्षीहरू बस्छन् जहाँ कारण्डवादिक ॥
राम बावु ! उहीं फेरि देख्नेछौ यो पनी तिमी ।
राम्रा, हेरिरहूँ, लाग्ने गिरिका झरना पनि ॥
वनप्रदेश छन् बावु ! वहाँ अतिमनोहर ।
मयूरहरूको ङ्याऊ ! गुञ्जिइन्छ सवैतिर ॥
ल जाउ अव श्रीराम ! जाउ लक्ष्मण ! साथमा ।
वहाँहेरीवरी सारा फेरिआँउनु है ! यहाँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पाएमा शुभ-आज्ञा यो सुतीक्ष्ण-मुनिराजको ।
परिक्रमा गरी हाले श्रद्धाले रामले बडो ॥
साथ भाइ पनी लागे रामको यसमा पनि ।
तम्तयारी भयो ठिक्क जान जो कसिए उनी ॥
ठूल्ठूला नेत्रकी सीता अब आफैं बढिन् अघि ।
पति-देवर दोटैमा टक्र्याँइन् हथियार यी ॥

२८

३०

दुइटा धनु थे ठूला ठोक्का थे दुइ उत्तम ।
थिए खड्ग दुवै फेरि, दिइथिन् उनले जुन ॥
राम्रा ठोक्का भिरे दोटै दुवैले धनु त्यो लिए ।
टक्र्याँदैं यी दुवै जान आश्रमैबाट निस्किए ॥
अब सीता लिईं साथ पाई आज्ञा महर्षिको ।
बोकेर धनु खड्गादि गए दोटै, हुँदै छिटो ॥

३२

३३

रघुका कुलमा श्रेष्ठ तथा रत्न समानका ।
थिए यी दुइटै भाइ अतिराम्रा र योग्यका ॥

आठौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

नवौं सर्ग

देवी–सीताले निरपराध प्राणीको वध न गरी बक्सन श्रीराम सँग अनुरोध गर्नु

१

सुतीक्ष्ण-मुनिको आज्ञा लिएर त्यसरी बन ।
सवारी हुन लागेका आफ्ना पति उहाँकन ॥
रघुका कुलका रत्न तुल्य थे जुन वास्तव ।
भन्छिन् मधुर वाणीमा सीता स्नेह बढी अब ॥
रिसानी माफ होस् नाथ !बिन्ती पाछु म क्यै कुरो ।
प्रभु ता भइ बक्सिन्छ गण्य-मान्य मनुष्य पो ॥
सूक्ष्म-दृष्टि लिई हेर्दा तर त्यस्तो भए पनि ।
अधर्मतिर ढल्केकै देखिइन्छ त्यसै पनि ॥
विकार प्रभुमा छैनन् कामका कष्टले हुने ।
अधर्म बाट त्यो तस्मात् किन फेरि नरोकिने ? ॥
आर्यपुत्र ! जगत्मा यो काम बाट निरन्तर ।
कष्ट-व्यसन यी तीनै उब्जिन्छन् , छन् सुदुर्धर ॥
मिथ्याभाषण हो नाथ ! ठूलो व्यसन एउटा ।
यसभन्दा पनी ठूला छन् अर्का दुइटा उता ॥
दुइमा एउटा यै हो- परनारी-समागम ।
अर्को-वैरै विनाको हो अर्काको गर्नु मारण ॥
यिनमध्ये अघिल्लो त्यो मिथ्याभाषणरूपको ।
भएन प्रभुमा कत्ति न त होला पछाडि पो ॥
परस्त्री-संगमै गर्ने होला इच्छा कसोगरी ।
धर्मनाशक नै यै हो ! छ जो घृणित वेसरी ॥
प्रभुको मनमा स्वामिन् ! यस्तो भाव विचार ता ।
कहिल्यै अघि उब्जेन, न छ, होला पछाडि वा ॥
विकार दोष ता यस्ता प्रभुको मनमा पनि ।
उब्जेनन् , कसरी होलान् वाक्यमा कर्ममा अनि ? ॥
सँधै स्वधर्मपत्नीमा अनुरक्त हुने तथा ।
अडेका धर्ममामात्र भै वक्सिन्छ हजूर ता ॥
१३

१४

सत्य पार्ने प्रतिज्ञा र सत्य पाल्ने पनी सदा ।
हजूरै भइ लक्सिन्छ आज्ञा-पालक बावुका ॥
तस्मात् सौभाग्यवान् स्वामिन् ! प्रभुमा धर्मसत्य यी ।
दुइटै टिक्तछन् राम्रो छन् सबै अरु वस्तु यी ॥
महान् बाहु हुने मेरा पतिदेव-प्रभो ! जुन ।
छन् जितेन्द्रिय सक्छन् यी पाल्न ती दुइटैकन ॥
देख्दैमा मन आनन्द हुने हे नाथ ! नाथको ।
यो जितेन्द्रियता राम्रै जान्दछन् जीव विश्वको ॥
ए प्रभो ! तर यो तेश्रो डर्लाग्दो उग्ररूपको ।
आयो है प्रभुमा स्वामिन् ! दोष त्यो, हो अनर्थ जो ॥
यसैले जीवको हिंसा गरिइन्छ विपक्षाँकमा ।
वैर नै नभई कत्ति प्रभो ! मोह भयो यहाँ ? ॥
दण्डकारण्यमा बस्ने ऋषिको गर्न रक्षण ।
बक्स्यो राक्षस मार्ने त्यो प्रतिज्ञा नै, गरी रण ॥
यसैले भाइकै साथ दण्डकारण्य ख्यात यो ।
वन भित्र पसी बक्स्यो धनु बाण लिएर यो ॥
न राम्रो काममा यस्तो तम्सिई बक्सिए पछि ।
यसो शोच्ता विचार्दा यो मन छर्पटियो अति ॥
प्रतिज्ञा भवाट्ट गर्ने त्यो बानी शोच्ता हजूरको ।
मलाई पर्छ है पीर, जप्छु होस् म भनी भलो ॥
मलाई मन पर्दैन प्रभुको काम कत्ति यो ।
दण्यकारण्यमा पस्नु अहिले छैन योग्य यो ॥
किन ! आज्ञा भए स्वामिन् । हेतु बिन्ती चढाँउछु ।
राम्ररी सुनि दी बक्स्योस् यही हो जुन भन्दछु ॥
हजूर बाहुमा आफ्नो धनुर्बाण लिईकन ।
वनबीच सवारी भो साथमा भाइको जुन ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

डराँउछु यसैले म वनचारी कसैकन ।
बाण त्यो छोड्दि बक्सेला भनीकन पुनः पुनः ॥
ए प्रभो ! दाउरा जस्तो आगाको अघि राखिंददा ।
तेज पार्दछ उद्दीप्त बल-वर्धक भै तदा ॥
त्यहीठीक मजै साथ धनु क्षत्रिय बीरको ।
साथमा छ भने स्वामिन् ! बल-तेज निकास्छ त्यो ॥
महान् बाहु हुने मेरा पतिदेव ! अगाडिको ।
विन्ती पार्छु कुरा यौटा छ जो दृष्टान्तरूपको ॥
तपस्वी अघि थे यौटा सत्य शौच हुने अति ।
कवै पुण्य-वनमा बस्थे पशु-पक्षी थिए उति ॥
उनको तपमा विघ्न पार्न इन्द्र कुनै दिन ।
धरी रूप सिपाहीको आए खड्ग लिईकन ॥
राखे तिनै तपस्वीको शुभ-आश्रम बीच त्यो ।
आफ्नो खड्ग यिनीले जो ल्याएथे उत्तम-प्रभो ॥
पवित्र तपमा लाग्ने तपस्वीलाइ ती पछि ।
रहोस् यो खड्ग नासो भै भनी सुम्पे गरी यति ॥
गर्न रक्षण यी लागे अब त्यो शस्त्र खड्गको ।
वन घुम्दा पनी साथै लैजान्थे, धान्न सत्य जो ॥
गर्न रक्षण नासोको हुने तत्पर यी मुनि ।
जान्नथे न लिई खड्ग फलै लिन गए पनि ॥
सँधै साथ हुँदा बोक्ता खड्ग त्यो मुनिले हरे ! ।
सद्बुद्धि तपमा लाग्ने छोडिइए, क्रूर पो लिए ॥
उनलाइ यता तान्यो अनि घोर अधर्मले ।
कुकर्म गर्न डलीग्दा लागिहाले प्रमादले ॥
सहवास र संसर्ग अब यै शस्त्रको परी ।
प्रभो ! पछि तपस्वी ती परे नर्क न राम्ररी ॥
शस्त्र-संसर्ग पर्दामा यसरी पहिले प्रभो ! ।
तपस्वी मुनि ती त्यस्ता नाशिए, भासिए अहो ! ॥
जस्तो संयोग आगोको दाउरा मास्न, हेतु छ ।
छ त्यस्तै शस्त्र-संयोग, नाश्छ क्षत्रियको सब ॥

४२

४३

प्रभुको पाउमा मेरो छ सम्मान र स्नेह जो ।
त्यसैले यत्ति संझाएँ, शिक्षा होइन है ! प्रभो ! ॥
तसर्थ प्रभुले स्वामिन् ! कुनै हालतमा पनि ।
अमोघ बाहुमा यस्ता धनुर्बाण लिएँ मनी ॥
दण्यकारण्यमा बस्ने राक्षसै ती नहुन् किन ! ।
यो बुद्धि छोड्दिई बक्स्योस् मार्ने वैर न भैकन ॥
मेरा वीर ! प्रभो ! फेरि अपराध न भैकन ।
मास्नु, नाश्नु कसैलाइ मान्दैनन् ठीक सज्जन ॥
वीर-क्षत्रियको निम्ति वनमा ती बसे भने ।
होऊन् संयमवान् नित्य, धनुर्बाण छ ता भने ॥
त्यसको काम हो यत्ति कुनै संकष्टमा परे ।
रक्षा गर्नु र त्यो कष्ट मास्नु नै पतिदेव ए ! ॥
वनवास कहाँ नाथ ! शस्त्र-धारण यो कहाँ ! ।
कहाँ तप अहिंसाको क्षात्र-धर्म कडा कहाँ ! ॥
दुवै अन्योन्यमा साह्रै छन् विरुद्ध, विभिन्न वो ।
हो देश-धर्म तस्मात् यो मान्नु पर्दछ है अति ॥
सँधै शस्त्रास्त्र भिर्दा ता बुद्धि विग्रन्छ है प्रभो ! ।
गई फेरि अयोध्यामा ली बक्सेला स्वधर्म यो ।
त्यसरी राज्य त्यागेर यसरी आइ जङ्गल ।
मुनि भै राज भै वक्स्यो पारी इन्द्रिय उज्ज्वल ।
ससुरा-सासुको मेरा यहाँका पूज्य हुन् जुन
हुँदो होला प्रभो ! कस्तो सानन्द र सुखी मन ! ।
पाइन्छ धर्मले अर्थ, धर्मले सुख मिल्छ त्यो
धर्मले सब पाइन्छ, धर्म-सार जगत् छ यो !
नाना नियम पालेर सही कष्ट सिपालु नै
भेट्तछन् धर्म यत्नैले, सुखले सुख हुन्न नै
भित्र-बाहिर भै शुद्ध यो तपोवनमा प्रभो !
नित्य धर्म गरी बक्स्योस् रोकी इन्द्रिय-वर्ग त्यो
त्रैलोक्यभर यो जत्ति वस्तु छन् एक एक त्यो
हजूरलाइ ज्ञानै छ, भनुँ के म अरू प्रभो !

५८

५९

स्त्री हुँ, छ है ! चञ्चल यो स्वभावै तस्मात् भनें, भित्र भनूँ भनूँ भै ।
साँच्चै भनौं ता प्रभुलाइ यस्तो सक्ला र को धर्म बखान्न त्यस्तो ! ॥

५०

तसर्थ स्वामिन्! अब भाइ साथ विचार राम्रो गरि बुद्धि साथ।
जो जँच्छ, जो पर्दछ ठिक्क गर्दा छिटै गरी बक्सनु पर्छ त्यो ता॥

इति नवौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दशौं सर्ग

श्रीरामले सीतालाई शस्त्रास्त्र लिनु आवश्यक छ भनेर संझाँउनु

१

पतिको पाउमा त्यस्तो स्नेह, श्रद्धा हुने दृढ ।
विदेह राजकी पुत्री सीताका वाक्य यी सब ॥
सुने श्रीरामले साक्षात् जो थिए उनका पति ।
यसरी धर्ममा अड्ने भन्छन् अब उनै पछि ॥
देवि–सीते ! तिमीले जो ममा स्नेह हुँदा दृढ ।
भन्यौ योग्य कुरा मीठा, दिनेछन् हित ती सब ॥
छौ सबै धर्म जानेकी छोरी जनककी हुँदा ।
कुल–धर्म बखान्यौ जो यसैले छु खुशी म ता ॥
भनुँ के म तिमीलाई जवाफ दिउँ के अब ।
तिमीले नै भनी हाल्यौ भन्नु पर्ने कुरा सब ॥
वीर–क्षत्रियले धर्छन् धनुर्बाण कहीं यदि ।
परे संकष्टमा केही पीडा त्यो नाश्न जानकी ? ॥
ठिक्क हो ! सुन ए सीते ! दण्डकारण्यमा बसी ।
कठोर व्रत पालेका सारा जम्बा भई ऋषि ॥
जाऔं शरणमा पर्न छ यै योग्य भनी गमी ।
मेरै शरणमा आए ! शरणै दिन्छ यै भनी ॥
अनि के म गरूँ देवि ! बसी जङ्गलमै सदा ।
कन्द–मूल–फलै खाई टिकेका शान्त–वृत्तिका– ॥
सारा मुनिहरूलाई, कर्ममा क्रूर वस्तुतः ।
ती राक्षस दिदैदिन्नन् कहिल्यै सुख–शान्ति त ॥
नाना प्रकारका सीते ! अ–आफ्ना नियमै पनि ।
वेलामा गर्न पाँउन्नन्, नाशिदिन्छन् त्यसै पनि ॥
मान्छेकै मासु खाएर बाँच्छन् ती क्रूर राक्षस ।
यिनैले मारिइन्छन् हा ! मुनिका गण वास्तव ॥
भुसुक्क पारिए धेरै, बचेका मुनि अन्तमा ।
आए हामी भए ठाम दण्यकारण्यमा वहाँ ॥

१३

१४

थाहै छ यो तिमीलाई भने अनि ममा यसो ।
अब हामीहरू माथि कृपा गर तिमी प्रभो ! ॥
उनकै मुखको यस्तो रक्षा गर्ने सुनी कुरो ।
मुनिका वाक्यको सेवा गर्न मैले भनें यसो ॥
मुनि हो ! प्रभु जस्ता यी पूज्य विप्र महर्षिहो ।
मैले आँउनु पर्ने हो सेवामा ध्यान दी वडो ॥
ऋषि हो ! तर उल्टो भो हजुरहरु नै यहाँ ।
जम्बा भइ सवारी भो आफ्नो रक्षा निमित्तमा ॥
मेरो निमित्तमा यै भो अतुल्यै लाजको कुरो ।
भैगो ! प्रसन्नभै बक्स्योस्, आज्ञा होस्, गर्नु के पर्यो ! ॥
सुन्यौ जनककी छोरी ए सीते ! यसरी वहाँ ।
मैले विन्ति चढाँएथें सब ती मुनिवर्गमा ॥
सुन ! फेरि वहाँ सारा मुनि विप्रादिले मिली ।
ममा पोखी दि–बक्सेथ्यो मनोभाव भए जति ॥
रूप ली मन लागेको दण्डकारण्यमा यहाँ ।
घुम्छन् राक्षस, छन् धेरै, पुग्छन् नित्य जहाँ वहाँ ॥
तस्मात् राम ! उनैद्वारा हामीहरू विशेषतः ।
दुःख भोगी रहेकाछौं गर रक्षण लौ अतः ॥
अग्निहोत्र–क्रिया गर्ने शुभ वेला भयो कि त ।
सत्कर्म पर्व–पर्वैमा गर्नै शुरु गर्‍यौं कि त ॥
मान्छेकै मासु खाने ती दुष्ट, दुर्धर्ष राक्षस ।
आएर हमला गर्छन्, पिर्छन्, दिन्छन् सँधै दुख ॥
हामी सब तपस्वी हौं उननाट गरी यसो ।
आक्रान्त भै रहेकाछौं बारम्बार यहाँ प्रभो ! ॥
आधार गतिलो खोज्दै हिड्दछौं प्रभुलाई नै ।
भेट्टायौं अब ता हाम्रो गर्नु पर्दछ रक्षणै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हो! सक्छौं तपको आफ्नो यस्तो दिव्य प्रभावले ।
भुसुक पार्न ती दुष्टहरूलाई स्वशक्तिले ।।
तर राम! निकै देखि आर्जेका कष्ट यी सही ।
तपस्या मास्न चाहन्नौं हामी त्यस्तो निमित्त ली ।।
तपमा विघ्न छन् नाना सँधै गर्न छ मुस्किल ।
दुष्टले खाँइदा सम्म दिदैनौं श्राप क्यै अतः ।।
दण्डकारण्यमा बस्ने क्रूर राक्षस बाट ती ।
निकै पीडा परेकोछ, बसेकाछौं सही क्षति ।।
अब राम! तिमी साथ प्रिय भाई लिई प्रभो! ।
हाम्रो रक्षक भै हाल नाथ हौ, छौं अनाथ जो ।।
दण्डकारण्यमा मैले ऋषिका यी कुरा सुनी ।
प्रतिज्ञा गर्दिएँ, रक्षा गर्छु राम्रो गरी भनी ।।
अगाडि मुनिको सारा त्यो प्रतिज्ञा गरें, गरें ।
छोड्न सक्तिन त्यो सीते! बाचुञ्जेल म क्यै गरे ।।
अन्यथा हुन्न त्यो तस्मात् किन? भन्छयौ भने सुन! ।
मलाई अति नै प्यारो लाग्छ है सत्य-पालन ।।

३५

३६

छोड्न सक्छु सजीलै म बरु यी आफ्नु प्राण नै ।
तिम्रो लक्ष्मणको सम्म गर्न सक्तछु त्याग नै ।।
तर आफ्नो प्रतिज्ञा त्यो त्यसमा पनि विप्रमा ।
दिएको वाक्य त्यो मिथ्या पार्दैं-पार्दिन है! यहाँ ।।
तस्मात् मुनि-महात्माको कार्य त्यो, गर्नु रक्षण ।
मैले अवश्य नै सीते! गर्नु पर्छ, छ उत्तम ।।
गर्नु पर्थ्यो भने देखी नभने पनि, रक्षण ।
नगर्नु कसरी होला अनि गर्छु भनीकन? ।।
सौहार्दवशमा पर्दा ममा स्नेह निकै हुँदा ।
अघि जो जो भन्यौ देवि! संझाएर मलाइ ता ।।
त्यसले म भएँ साह्रै परितुष्ट तिमीसँग ।
भनिन्नन् कहिल्यै यस्ता कुरा ता अप्रियै सँग ।।
सर्वाङ्ग-सुन्दरी-सीते! छ तिम्रै योग्य वाक्य यो ।
छौ कुलीन तिमी तस्मात् कुलकै अनुरूप भो ।।
प्रिये! हौ योग्यकी मेरी तिमी नै सहधर्मिणी ।
प्राण भन्दा पनी प्यारी छौ तिमी एउटै अनि ।।

४४

४५

त्यस्ता महात्मा पति-रामले यो भने स्वपत्नीकन थिन् प्रिया जो ।
लिई धनुर्बाण स्व-भाइ साथै सुरम्य त्यस्तो वनमा घुमे गै ।।

इति दशौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एघारौं सर्ग

श्री-रामले भाइ पत्नीको साथै वन वन घुम्नु र सुतीक्षण-मुनिको आश्रममा केही वसी मुनिराज-अगस्त्यको आश्रममा जानु

१

अघि राम हिंडे, लागिन् बीचमा जानकी शुभा ।
धनुर्बाण लिई लागे पछि लक्ष्मण-भाइ ता ॥
नाना प्रकारका राम्रा अब आए वहाँ गिरि ।
उनका टाकुरा हेर्दै बढे अघि सरासरी ॥
वन काट्दै अनेकौं ती नदी हेर्दै रमाइला ।
गए साथ लिई सीता बढ्दै यी दुइ भाइ ता ॥
नदी-किनारमा राम्रा देखे यी सबले तब ।
पक्षी झुलि रहेका ती चक्रवाक र सारस ॥
बाटा भर कहीं फेरि फुलेका पद्म, पोखरी ।
जलपक्षी हुँदा घेर शोभिन्थे सर आदि यी ॥
बुट्टे मृगहरू राम्रा कहीं हिंड्थे बगाल भै ।
मदमत्त थिए अर्ना ठूल्ठूला सींगका सबै ॥
कहीं ता उनले देखे ठूला दाह्रे बँदेल र ।
कहीं ता रुखका वैरी दँतार-गज सुन्दर ॥
निकै पर पुगी लामो बाटो काटी सके पछि ।
सूर्य अस्ताउँनै लाग्दा-नलाग्दा सबले पछि- ॥
सरोवर वहाँ देखे यौटा अद्भुतरूपको ।
थियो लम्बाई-चौडाई जसको चार कोशको ॥
थिए कमलका फूल राता सेता दुबै यहाँ ।
गर्दथे जसमा क्रीडा हात्तीका यूथ गै वहाँ ॥
राजहाँस तथा हाँस चक्रवाक र सारस ।
क्रीडा गर्थे यहाँ आई हुन्थ्यो शोभित यो तब ॥
जलमै जन्म-मर्न जो जो छन् जल-जीव ती ।
यसैभित्र थिए सारा क्रीडा गर्थे अनेक ती ॥
अतिनिर्मल पानीको त्यस्तो राम्रो तलाउमा ।
सुनिन्थ्यो स्वर गाएको बजाएको जहाँ-तहाँ ॥

१३

१४

आँखा गाडी यसो हेर्दा पनि किन्तु कहीं कुनै ।
व्यक्ति देखिन्नथ्यो भोगे, सुने यो पनि तत्त्वले ॥
बढ्यो अब निकै चाख राम-लक्ष्मणमा यता ।
थिए महारथी वीर जुन यी दुइ भाइ ता ॥
उनका साथ थे यौटा धर्मभृत् नामका मुनि ।
सोधि हाले यिनै साथ अनि यी दुइले पनि ॥
भन्नोस् महामुने ! हो यो कस्तो आश्चर्यको कुरो ।
ध्वनि-संगीतको मीठो यसरी सुनिंदो छ जो ? ॥
भोग्दा यो, सब सुन्दा यो, कौतूहल भयो निकै ।
खोली विवरणै राम्रो अब आज्ञा हओस् सबै ॥
यसरी रामले सोद्धा धर्मात्मा मुनि यी तब ।
तुरुन्त भन्न थाले त्यो प्रभाव सरको अब ॥
सुनि बक्स्योस् प्रभो ! राम ! पञ्चाप्सर तलाउ हो ।
यसको नाम, पानी छ यसमा नित्य यत्तिको ॥
यसलाई बनाएथे मुनिले माण्डकर्णि ती ।
आफ्नु ठूलो तपस्याको शक्तिबाट निकै अघि ॥
उनले दश हज्जार बर्ष सम्म गरे तप ।
निकै चर्को, पिई वायु, जलभित्र पसी तब ॥
अग्नि आदि सबै देव निकै भुटभुटिए पछि ।
लागे अनि कुरा गर्न मिली अन्योन्यमा बसी ॥
यिनी हामीहरू मध्ये कसैको ठाम पाँउन ।
गर्छन् कि क्या तपस्या यो अति चर्को अनुत्तम ॥
वहाँ जम्बा हुने सारा देवले यसरी तब ।
कुरा भने गरे किन्तु, डराए भित्र ता सब ॥
मुनिको त्यो तपस्यामा विघ्न पार्न वहाँ अब ।
अप्सराहरु पाँचोटी खटाए देवले सब ॥

२६

२७

थी पाँचै अप्सरा राम ! थिए अत्यन्त सुन्दरी ।
बिजुली चम्किदा जस्तो अङ्ग-कान्ति हुने, परी ॥
देवताहरुको सारा स्वार्थ-सिद्धि गराँउन ।
पछिबाट फँसाए यी- अप्सराले उनीकन ॥
माण्डकर्णि थिए त्यस्ता महात्मा शुद्ध-चित्तका ।
स्वरूप तत्व जानेका धर्मका र अधर्मका ॥
यसरी उनका पत्नी भए ती पाँच अप्सरा ।
यो सरोवर निर्माण मुनिले नै गरे तदा ॥
उनीहरू यहीं बस्छन्, यसकै भित्र छन् घर ।
सुख-आनन्द भोग्छन् तौ यसो गरि निरन्तर ॥
शक्तिबाट तपस्याको राम्रा भर्खरका हुने ।
मुनिलाई गरी सेवा पार्छन् मग्न, मजा लिने ॥
क्रीडा-विहारमा रम्ने अप्सराहरुले सबै ।
नाना बाजा बजाएको आवाज सुनिदो छ त्यै ॥
त्यसको साथमा नाथ ! यिनका गहना सब ।
बजेको पनि गाएकै साथ आँउछ, स्पष्ट छ ॥
ती शुद्ध-चित्त मुनिका यी कुरा भाइ साथका ।
यशस्वी रामले माने, आश्चर्यँ हो ! भने तदा ॥
अधि बढ्दा यसो भन्दै यौटा आश्रम-मण्डल ।
वहाँ श्रीरामले देखे ब्रह्म-श्रीपूर्ण उज्ज्वल ॥
थियो आश्रम यो राम्रो वरीपरी सबैतिर ।
कुश-वल्कल-वस्त्रादि थिए व्याप्त मनोहर ॥
साथ भाइ र पत्नीको राम भित्र पसे वहाँ ।
गरे आदर सत्कार मुनिले रामको यहाँ ॥
यसैबेला बसे राम ब्रह्म-तेज-प्रपूर्ण यो ।
शान्त आश्रममा राम्रै शान्तिले पूजिई बडो ॥
महास्त्र-तत्व जानेका राम यी मुनिको सब ।
बसे आश्रममा पालै-पालो गरि गरी अब ॥
जहाँ बसि सकेकाथें गई, ती मुनिको पनि ।
बसे आश्रममा फेरि प्रेमले ताँनिदा यिनी ॥
कुनै आश्रममा राम दश मास भरी बसे ।
कहीं वर्ष भरी ठ्याक्क चार मास कहीं बसे ॥
बसे मास कहीं पाँच, कहीं छ महिना बसे ।
कहीं सात, कहीं आठ, साढे आठ कहीं बसे ॥

४३

४४

कहीं-तीन तथा आठ महिना तक यी बसे ।
आठ-तीन कहीं अर्थात् एघार महिना बसे ॥
बस्ता आश्रममा त्यस्ता मुनिका रामको तव ।
दश वर्ष बिते ठ्याक्क सुख भोगी मिले ठिक ॥
धर्मज्ञ राम सीताको साथमा यसरी घुमी ।
फर्किइ भाइ ली आए सुतीक्ष्णाश्रममै अनि ॥
वहाँका मुनिले सारा भई पूजित राम यी ।
यहाँ पनि बसे धेरै कालसम्म मजा लिई ॥
यही आश्रममा बस्ता रामले नम्र भै अति ।
सुतीक्ष्णमुनिका साथ विन्ती पारे कुरा यति ॥
सुनेको छु प्रभो ! मैले मुनिराज अगस्त्यजी ।
राज हुन्छ यहीं भन्ने कुरा चल्दा कहीं यही ॥
घनकन्टारको ज्यादै विशाल वन यो हुँदा ।
भगवन् ! अँहँ ! क्यै पत्तै पाँउन्न त्यसको मता ॥
भाग्यवान् बुद्धिमान् विद्वान् यी अगस्त्य-महर्षिको ।
शुभाश्रम कहाँ होला ? जान्न खोज्छु प्रभो ! म यो ॥
उहाँलाई खुशी पार्न साथ पत्नी र भाइको ।
जाँऊ जाँऊ ! भने जस्तो लाग्छ दर्शन गर्न जो ॥
यही छ मनको धोको भित्र-भित्रै रुमल्लिंदो ।
सेवा गर्न म खोज्दोछु गै आफैं शुभ-पाउको ॥
कुरा श्रीरामका यस्ता सुतीक्ष्ण-मुनिले सुने ।
खुशी लाग्यो उनीलाई पछिबाट यसो भने—॥
बाबु ! लक्ष्मण साथैका तिमीमा म पनी यही ।
भन्न खोज्दै थिएँ जाऊ ! वहाँ सीता सँगै भई ॥
सौभाग्यको कुरा यै भो उहाँको विषयै लिई ।
सोद्धा छौ, जान खोज्दाछौ स्वयं उत्सुक जो भई ॥
बस्नु हुन्छ जहाँ राम ! महामुनि अगस्त्यजी ।
त्यस आश्रमको पत्ता म भन्छु सुन हो ! यही ॥
बाबुराम ! यहाँबाट सोह्र कोश धरा भर ।
पहिले दक्षिणै लाग क्यै न हेरी सरासर ॥
यौटा आश्रम देख्ने छौं तिमी अनि वहाँ पुग ।
हो भाइ चाँहिको त्यो ता ठूलो, राम्रो छ यो बुझ ॥
वहाँका वनको भूमि प्रायः सम्म छ है सब ।
शोभा बढाँउछन् राम ! पिप्पलीका रुखै-रुख ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

फलका फूलका राम्रा वृक्ष छन् लटरम्म ती ।
नाना चराचुरुङ्गीले वनै गुन्जाँउछन् अति ॥
छन् सरोवर तालाब वहाँ नाना प्रकारका ।
फुल्छन् नाना थरी फूल जहाँ कमल आदिका ॥
पानीहाँस तथा हाँस चखेवा सारसादिक ।
शोभा बन्छन् सँधै राम ! यहाँ व्याप्त भई सब ॥
त्यहाँ बस तिमी बाबु ! एक रात भई स्थिर ।
भोलिपल्ट विहानीमा फेरि लाग उतैतिर ॥
त्यहाँबाट उता लाग्दा सुन ! त्यो वन-खण्डको ।
छेउ लागेर नै जानु पर्छ है ! बुझ यो कुरो ॥
अगाडि यसरी जाँदा चार कोश हिंडे पछि ।
आइ पुग्दछ त्यो ठाम राज हुन्छ जहाँ ऋषि ॥
अगस्त्य-मुनिको साक्षात् यो पुण्याश्रम वास्तव ।
छ राम्रो ठाममा राम ! वृक्ष शोभित छन् सब ॥
नाना वृक्ष हुने शोभा ठाम रम्य छ यो पुनः ।
तिमी साथ हुँदा, होलान् दङ्ग सीता र लक्ष्मण ॥
ए महान् बुद्धिका राम ! महामुनि अगस्त्यको ।
गर्न दर्शन जाने यो सद्विचार भई सक्यो ॥
भने किन ढिलो गर्नु ? आज नै जानु बेस हो ! ।
लौ प्रबन्ध गरी हाल यात्राको त्यस तर्फको ॥
सुतीक्ष्ण-मुनिको यस्तो शुभ आज्ञा सुने पछि ।
राम-लक्ष्मण-सीताले ढोग्दिए मुनिलाइ यी ॥
विदावारी भई राम लिई सीता र लक्ष्मण ।
सरासर हिंडी हाले अगस्त्याश्रममा पुनः ॥
हेर्दै—हेर्दै गए राम्रा वन चित्र-विचित्र र ।
बाटाका मेघझैं अग्ला पर्वतश्रेणी सुन्दर ॥
तलाउ र नदी-नाला जत्ति जो आँउथे सब ।
गए नाघ्दै, छिचोल्दै ती अघि बढ्दै सबै तब ॥
सुतीक्ष्ण-मुनिले आज्ञा भएको मार्ग बाट त्यो ।
सजीलै सँग जाँदामा खुशी भो राममा बडो ॥
भित्र गद्गद भै भन्छन् उनी लक्ष्मणमा अब ।
प्रिय भाई ! यही हो कि कसो आश्रम त्यो शुभ ? ॥
महात्मा पुण्यकर्मा ती मुनिराज अगस्त्यका ।
भाइको हो भनी ठान्छु म ता पक्का ! छ जो सफा ॥

७७

७८

सुतीक्ष्ण-मुनिले आज्ञा भएकै ठीक मार्गका ।
यी वृक्षहरू देखिन्छन् चिने जस्ता जतातता ॥
फलका फूलका भार यिनमा छन् प्रशस्त ती ।
झुक्छन् यसले गर्दा छन् हजारौं विभिन्न यी ॥
पाकेका पिप्पलीको यो कडा गन्ध छ आँउदो ।
जङ्गलैबाट ह्वास्ह्वास्ति ! वायु नै बोकी हिंड्छ जो ॥
थुप्र्याइ राखिएका छन् काटेका दाउरा यता ।
कुश हेर ! उखेलेका वैदूर्य-मणिझैं सफा ॥
बीच जङ्गलमा हेर ! धूँवा आश्रम-अग्निको ।
आकाशतिर उठ्तो छ टुप्पोझैं कृष्ण-मेघको ॥
प्रिय बावु ! उता हेर ! तीर्थमा गै पवित्र क्वै ।
द्विजका गण फर्के ऊ ! भित्र-बाहिर शुद्ध भै ॥
आफैं टिपेर ल्याएका फूलले अब ती सब ।
देवपूजोपहारादि गर्दैछन् हेर ! वास्तव ॥
मैले जस्तो सुनेकोथें सुतीक्ष्ण-मुनिका कुरा ।
त्यस्तै सब यहाँ मिल्छन् भए जति सबै पुरा ॥
म त ठान्छु यही नै हो मुनिराज अगस्त्यका ।
भाइको बावु ! त्यो पुण्य शुभाश्रम, छ रम्यता ॥
थिनैका दाजु ती त्यस्ता पुण्यकर्मा अगस्त्यले ।
सम्पूर्ण जीव-लोकैको गर्न श्रेय स्वशक्तिले ॥
मृत्युस्वरूप वातापि तथा इल्वललाइ त्यो ।
मासेर दक्षिणा-दिक् यो शरण्या पार्दि बक्सियो ॥
कुरा हो अघिको बावु ! यहाँ क्रूर स्वभावका ।
बस्थे इल्वल, वातापि साथैमा दुइ भाइ ता ॥
वध ब्राह्मणको गर्थे, महान् असुर थे दुवै ।
उपध्रो गर्दथे साह्रै हत्या सम्बन्धका दुवै ॥
रूप ब्राह्मणको धर्थ्यो थियो इल्वल निर्दयी ।
शुद्ध संस्कृत त्यो बोल्थ्यो घुम्थ्यो फेरि यताउति ॥
बोलायो त्यसले बावु ! एकपल्ट गरी त्यसै ।
छ मेरो घरमा श्राद्ध भनी विप्रहरू निकै ॥
यता भेंडो भएकोथ्यो दुष्ट वातापि चाँहि त्यो ।
पकायो त्यसको मासु पछि इल्वलले अहो ! ॥
श्राद्ध-कर्म सक्यो सारा शास्त्र-ठीक गर्‍यो विधि ।
पछि खुवाइ दियो बावु ! मासु त्यै बिप्रलाइ ती ॥

८४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

भोजनादि सकी विप्र शान्त भै जब बस्तथे ।
दुष्ट इल्वल त्यो डाक्थ्यो वातापिलाई जोडले ॥
निस्की! निस्की!! ल वातापे! भन्दथ्यो अनि भाइ त्यो ।
म्या! म्या!! अवाज भेंडाकै ठीक गर्थ्यो निकाल्दथ्यो ॥
छेडी भूँडी तथा कोखा महात्मा सब विप्रका ।
निस्कन्थ्यो दुष्ट वातापि सुनी इल्वलका कुरा ॥
इच्छानुसारको रूप धर्न सक्ने र निर्दयी ।
मान्छेकै मासु घिच्ने यी महान् असुर हुन् दुई ॥
त्यसरी यिनले बाबु ! सँधै यस्ता कुकर्मले ।
सत्यानाश गरी छोडे हजारौं विप्रको हरे ! ॥
मार्न यी दुइटैलाई आई देवहरू वहाँ ।
प्रार्थना नै गरे त्यस्ता मुनिराज–अगस्त्यमा ॥
निमन्त्रित भई आफैं पछि त्यै श्राद्धमा अहो ! ।
गएर खाई दी बक्स्यो दुष्ट वातापिलाइ त्यो ॥
श्राद्ध संपन्न भो भन्दै अवनेजनको जल ।
विप्रको हातमा हाल्यो भन्यो इल्वलले तब ॥
वातापे ! अब लौ निस्की ! विप्र-घातक दुष्टको ।
सुन्दामा वाक्य यी हाँस्तै आज्ञा भो मुनिले यसो- ॥
ए इल्वल ! हुने भेंडो तेरो यो भाइलाइ जो ।
मैले खाएँ, पचाएँ हा ! बाँकी नै छैन क्यै कुरो ॥
कसरी अब त्यो निस्कोस् ? पुग्यो जो यमको घर ।
त्यसमा निस्कने शक्ति अब छैन कुनै स्थिर ॥
भाइका मृत्युको त्यस्तो गर्नै सूचन वाक्य यी ।
सुन्यो, भो क्रोधले चूर, मार्नै सुर गऱ्यो पछि ॥
जाइ लाग्यो उहाँमाथि गयो झम्टेर त्यो अत्र ।
मुनिका नेत्रको बल्दो तेजबाट डढ्यो तब ॥
पुण्य आश्रम यो त्यस्ता महात्मा मुनिराजका ।
भाइकै हो, यहाँ छन् यी शोभा वन-तलाउका ॥
दया विप्रहरू माथि गरेर मुनिराजले ।
अति दुष्कर त्यो कर्म गरी बक्स्यो स्वशक्तिले ॥
राम यस्तै कुरा गर्थे भाई लक्ष्मण साथ यी ।
अस्ताए सूर्य यै बेला सन्ध्या-काल भयो पछि ॥
विधिपूर्वक सन्ध्याको गरे अब उपासना ।
धर्मात्मा रामले त्यस्ता भाइ लक्ष्मण साथमा ॥

१११

११२

अनि आश्रम त्यै ताकी गए, भित्र पसे पछि ।
अगस्त्य-मुनिका भाईलाई ढोगिदिए झुकी ॥
गरे आदर-सत्कार मुनिले यिनको सब ।
फल-मूलहरू खाए एक रात बसे तब ॥
अनि सूर्य उदाएमा बितेमा रात त्यो सब ।
अगस्त्य-भाइका साथ मागे जान बिदा अब ॥
मुनि साथ भने साक्षात् रामले पछि यी कुरा ।
अभिवादन अर्पन्छु भगवन् ! प्रभुमा म ता ॥
सुख साथ बसें ब्रह्मन् ! यहाँ रात भरी मता ।
भएमा प्रभुका दाजु अब जान्छु, मिलोस् बिदा ॥
अनि राम हिंडे जाउ ! भनेमा मुनिले उता ।
देखाए ठीकको बाटो हेर्दै वन सबै त्यता ॥
अनकन्टारको त्यस्तो वनमा रुख थे सब ।
साल बञ्जुल तिनिश नीवार पनसादिक ॥
चिरिबिल्व मधूकादि बेल तिन्दुक आदि थे ।
कुनै कुनै फुलेका र नफुल्ने रुख कत्ति थे ॥
यता धेरै जसो चाँहि फुलेका अग्रभागमा ।
फुलेका लहराद्वारा जेलिएका थिए वहाँ ॥
मासिएका थिए कत्ति हात्तीका सूँडले उता ।
कैयौं वानर गै नाच्ता शोभिएका थिए यता ॥
थिए चराचुरुङ्गीका शयौंथर बथान जो ।
मदमत्त भई पार्थे वनै गुञ्जायमान यो ॥
अब आफ्नो नजीकैका हिंड्ने अल्लि पछी परी ।
शोभा-सम्पन्न भाईसा भन्छन् राम यसो गरी ॥
प्रिय बाबु ! यहाँका छन् सुने जस्ता सबै रुख ।
चिल्ला पात भएका र निकै राम्रा पनी सब ॥
यहाँका पशु पक्षी यी छन् क्षमाशील शान्त जो ।
यसैले म त ठान्दोछु 'हो आश्रम महर्षिको' ॥
भित्री इन्द्रिय इत्यादि हुने शुद्ध लिने बश ।
उहाँको छैन है टाढा अब आश्रम त्यो बुझ ॥
आफ्नु नै कर्मले गर्दा रोक्ता पर्वतको गति ।
प्रसिद्ध भइ बक्सिन्छ 'अगस्त्य' भनि जो ऋषि ॥
देखिइन्छ यतै बाट तिमी हामी समानका ।
बटुवाहरूको बाबु ! थकाई नाश्छ जो सदा ॥

१२८

CC-0. In Public Domain. Digitization by eGangotri

१२६

यज्ञ-यागादि गर्दामा उठेको धूम व्याप्त छ ।
चीर-वल्कलका श्रेणि देखिइन्छ यहाँ सब ॥
पशुका मृग इत्यादि शान्त छन् झुण्ड यी सब ।
नाना चराचुरुङ्गी छन्, गुञ्जिइन्छ वनै सब ॥
जसले सब प्राणीको होओस् श्रेय भनी पछि ।
सजीलै नाशि दी बक्स्यो मृत्यु-राक्षसलाइ ती ॥
पुण्य-कर्म हुने जल्ले फेरि यो दक्षिणी दिशा ।
शरणै पर्नको योग्य बनाई बक्सियो यता ॥
अगस्त्य-मुनिको त्यस्ता हो पुण्याश्रम शान्त यै ।
प्रभाव जसको पर्दा काँप्छन् राक्षस ती सबै ॥
यहाँ आएर ती दुष्ट सक्तैनन् टिक्न वास्तव ।
यो दक्षिण-दिशालाई हेर्दछन् मात्र जो अब ॥
पुण्यकर्मा र सद्धर्मा मुनिराज अगस्त्यजी ।
यहाँ राज भई बक्स्यो जहिले देखि शान्ति ली ॥
त्यहाँ देखि यहाँ बाबु ! ती निशाचर राक्षस ।
वैर-भाव त्यजेका र भएका शान्त छन् सब ॥
यो दक्षिण-दिशा साक्षात् उहाँ कै शुभनामले ।
'दक्षिणा' भै, प्रसिद्धै छ त्रैलोक्यभर बाबु ए ! ॥
क्रूर कर्म गरी नाना जो रातभर घुम्दथे ।
ती राक्षस हुँदा यस्तो भइ दुर्धर्ष जिल्लिए ॥
पर्वत श्रेष्ठ हुन् विन्ध्य भगवान् सूर्यको पनि ।
बाटै रोक्छु भनी सारा एकपल्ट बढे उनी ॥
बस्न आज्ञा भयो बाबु ! त्यै वेला मुनिराजको ।
उठ्तैनन् अहिले सम्म पाली आदेश फेरि जो ॥
दीर्घायु भइ बक्सिन्छ महात्मा मुनिराज ती ।
ठूलो ख्याति उहाँको भो कर्मले लोकमा पछि ॥
यो आश्रम उहाँकै हो शोभा-सम्पन्न वस्तुतः ।
नम्र यी मृगले सेवा गरेको र विभूषित ॥

१४२

१४३

विश्वका सब प्राणीले पूजिएका र सज्जन ।
सन्तको हितमा लाग्ने भै बक्सिन्छ उहाँ पुनः ॥
पाउमा झुक्न आएका सब हामीहरूलाइन ।
कल्याण गर्दिबक्सेला आशीर्वाद दिईकन ॥
सौम्य बाबु ! तिमी सक्छौ सेवा गर्न सँधै पुनः ।
म पनी खटिई गर्छु मुनिको अब सेवन ॥
अनि बाँकी भए जत्ति काल यो वनवासको ।
बिताँउछु यहीं बाबु ! सेवामै मुनिराजको ॥
यहाँ आइ सँधै ठिक्क खाई, गन्धर्व देवता ।
गर्दछन् मुनिको सेवा ठूला सिद्ध महर्षि ता ॥
प्रभाव मुनिको बाबु ! साह्रै ठूलो छ वास्तव ।
सुन है जसले गर्दा शुभ आश्रममा यस ॥
झूठो बोल्ने कुनै व्यक्ति क्रूर वा शठ, निर्दयी ।
पापाचारी पनी त्यस्ता सक्तैनन् बाँच्न सम्म यी ॥
बस्छन् आइ यहाँ ठिक्क खाई धर्म कमाँउन ।
देवता-यक्ष-नागादि पक्षीहरू पनी पुनः ॥
यही आश्रममा बाबु ! छोडी आफ्ना शरीर त्यो ।
कत्ति सिद्ध महात्मा ती मुनि स्वर्ग गए अहो ! ॥
उनको निम्तिमा आए यहीं नै अति उज्वल ।
विमान लानको निम्ति हुन् जस्तै सूर्य-मण्डल ॥
यहाँका शुद्ध-प्राणीले गर्दा आराधना सुन ! ।
पारिदिन्छन् मनोवाञ्छा पूर्ण ती देवता पुनः ॥
अमरत्व पनी दिन्छन् स्वयं यक्षत्व साथ त्यो ।
नाना प्रकारका राज्य अर्पिन्छन् उनमा अहो ! ॥
सुमित्राप्रिय ए बाबु ! त्यै शुभाश्रममा अब ।
हेर ! आइ पुग्यौं हामी, तिमी जाउ अघी पस ॥
विन्ती पार यही राम्रो मुनिराज-अगस्त्यमा ।
गर्न दर्शन आएँ म भनी सीता सँगै यहाँ ॥

१५६

इति एघारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रौं सर्ग

मुनिराज अगस्त्यसँग श्रीराम आदिको दर्शन-स्पर्शन र उहाँबाट दिव्य शस्त्रास्त्र प्राप्त गर्नु

१

त्यस आश्रममा भित्र पसे लक्ष्मण गै अब ।
भेटे अगस्त्यका यौटा शिष्यलाइ भने तव ॥
मुने ! साक्षात् दशरथ-राजाका ज्येष्ठ पुत्र ती ।
हुन् श्रीराम, सुनेको नै होला छन् जो महान् बली ॥
उनै साथ स्वपत्नीको मुनिराज-महर्षिको ।
गर्न दर्शन आएका छन् यहाँ, बुझ्नुहोस् कुरो ! ॥
हुँ म चाँहि मुने ! भाई, हो मेरो नाम लक्ष्मण ।
उमेर-गुणमा कान्छो अनुकूल छु भक्त म ॥
दाजु-भाउजुको राम्रो गर्छु सेवा तथा हित ।
कान भित्र परेको नै हुनु पर्छ कुरा सब ॥
आज्ञा पाल्न पिताजीको हामी तीनै जना अघि ।
यो घोर वनमा आयौं घुम्छौं बस्छौं भई खुशी ॥
गर्न दर्शन इच्छा छ भगवान्-मुनिराजको ।
लौ विन्ती पार्नु होस् तस्मात् गई भित्र सबै कुरो ॥
हुने धन तपस्या नै थिए शिष्य अगस्त्यका ।
उनले यी कुरा मीठा सुने श्रीरामभाइका ॥
त्यसै गर्छु भनी सुत्त अब भित्र पसे उनी ।
ऋषिको अग्निशालामा सूचना दिन त्यो अनि ॥
न राम्रा भावले हेर्न भवाट्ट आँटन उहाँकन ।
सक्तैनथ्यो कुनै व्यक्ति हुँदा तप कडा पुनः ॥
मुनिराज उहाँका यी प्यारा शिष्य थिए मुनि ।
जो पसे अग्निशालामा भित्र, ठिङ्ग भए अनि ॥
जोडी आफ्ना दुवै हात भनेमैं उनले गरी ।
त्यो कुरो राम आएको विन्ती पारे यसो गरी ॥
भगवन् ! श्रीदशरथ-राजाका दुइटा सुत ।
राम लक्ष्मण आएका छन् शुभाश्रममा यस ॥

१३

१४

छन् सीता रामकी पत्नी उनको साथमा गुरो ! ।
यिनको शुभ इच्छा छ गर्न दर्शन पाउको ॥
छन् समर्थ दुवै भाई शत्रु मार्न र नाशनमा ।
गरेर पाउको सेवा आज बस्छन् कि क्या यहाँ ? ॥
भगवन् ! यस बारेमा अब जो भन्नु पर्दछ ।
गर्नु पर्दछ जो यद्वा त्यो आज्ञा हुनु पर्दछ ॥
राम-लक्ष्मण-सीताका शुभागमनको कुरो ।
शिष्यबाट सुनी यस्तो आज्ञा भो मुनिराजको ॥
सौभाग्यको कुरो यै छ ? निकै काल बिते पछि ।
मलाइ भेटन आएछन् बल्ल पो रामभद्र यी ? ॥
थ्यो धेरै देखिको इच्छा यो मेरो मनमा पनि ।
यस आश्रममा आउन् एकपल्ट भनी उनी ॥
जाउ लक्ष्मण-सीताकै साथ सत्कारपूर्वक ।
रामलाइ यहाँ ल्याउ, ल्याएनौ किन भित्र त ? ॥
धर्मको तत्व जानेका महात्मा मुनिराजले ।
शुभाज्ञा बक्सिएमा यो उनका प्रिय-शिष्यले ॥
जोडी आफ्ना दुवै हात टक्र्याई दर्शनै अनि ।
गरे विन्ती-त्यसै गर्छु ! ल्याउँछु म यहीं भनी ॥
अनि बाहिर निस्केर भन्छन् लक्ष्मणमा यिनी ।
को हुन् राम ? कहाँ छन् खै ? भित्र जाउन् स्वयं उनी ॥
आँउन् भित्र, पसुन् आफैं गुरु श्रीमुनिराजको ।
गर्न-दर्शन, यो सुन्दा गरे लक्ष्मणले यसो ॥
शिष्यलाइ लिई आए त्यही आश्रम-द्वारमा ।
देखाए अनि श्रीराम-सीतालाई पनी वहाँ ॥
शिष्यले रामलाई यी अगस्त्य-मुनिराजको ।
कुरा आज्ञा भए जत्ति सुनाए नम्र भै बडो ॥

२६

२७

सत्कार गर्नमा योग्य रामको ठिक्क श्रेष्ठको ।
गरे आदर-सत्कार, लगे भित्र गरी त्यसो ॥
राम लक्ष्मण सीता ली अब भित्र पसे वहाँ ।
घेरै भए पनी शान्त थिए मृगहरू जहाँ ॥
यस आश्रमको शोभा यसो हेर्दा वहाँ पसी ।
बाहिरी-भागमै देखे उनले शुभ ठाम यी ॥
थियो आराधना गर्ने ब्रह्माको ठाम सुन्दर ।
थियो श्रीअग्निको ठाम यहीं अर्को मनोहर ॥
ठाम यो राखिएको थ्यो क्रमैले विभु-विष्णुको ।
इन्द्रको सूर्यको त्यस्तै चन्द्रको भगदेवको ॥
कुवेरको र धाताको विधाता-वायुदेवको ।
पाश धर्ने महात्मा ती साक्षात् वरुणदेवको ॥
गायत्रीको र वसुको नागराज-अनन्तको ।
गरुड-स्कन्दको एवं धर्मको, थ्यो विभिन्न जो ॥
यता ठिक्क यसैबेला मुनिराज अगस्त्यजी ।
बाहिरै निस्किई आए आफ्ना चेलाहरू लिई ॥
अब श्रीरामले देखे ऋषिको मुनिको अघि ।
आफैं आइ रहेका यी मुनिलाइ अगस्त्यजी ॥
ब्रह्मको तेज फैलेका देख्ना साथ उनीकन ।
वीर श्रीराम भन्छन् यी भाइ लक्ष्मणमा पुनः ॥
बावु लक्ष्मण ! ऊ हेर ! अगस्त्य भगवान् ऋषि ।
बाहिरै पो सवारी भो, भै आफैं तपका निधि ॥
मुखमण्डलमा कस्तो तेज देखिन्छ शोभित ।
वहाँ नै भइ बक्सिन्छ यसैले ठान्छु यो म त ॥
अङ्ग-कान्ति हुने साक्षात् सूर्य जस्ता र तेजिला ।
यी अगस्त्य मुनि श्रेष्ठ आँउदैथे अगाडि ता ॥
महान् बाहु हुने राम भनी त्यत्ति बढे अघि ।
समाते मुनिका पाउ अब पस्री स्वयं झुकी ॥
धर्म प्रकृतिका राम सीता लक्ष्मण साथमा ।
ढोगेर त्यसरी झुक्तै हात जोडी रहे वहाँ ॥
ककुत्स्थकुलका रत्न अब श्रीरामलाई यी ।
अँगाले मुनिले आफैं बढेको स्नेहले अति ॥
अनि आसन सुम्पेर जलले पाद्य-अर्घ्यको ।
गरे स्वागत-सत्कार आफैंले मुनिले अहो ! ॥

४३

४४

गरी कुशल-प्रश्नादि रागमा प्रेमपूर्वक ।
वस्न आसन टक्र्याए भने बस ! भनी तब ॥
गै आफैं अग्नि-शालामा दिए आहुति अग्निमा ।
अनि यी पाहुनालाई दिए अर्घ्य स्वयं वहाँ ॥
वानप्रस्थ हुँदा धर्म, त्यसैका अनुरूपको ।
वन्य-भोजन टक्र्याए पछि बाट सभक्तिको ॥
धर्म जान्ने हुँदा सारा अब आफैं बसे अघि ।
शुभ आसनमा साक्षात् मुनिराज अगस्त्यजी ॥
धर्मको मर्म जानेका यता श्रीरामजी पनि ।
झुकी नम्र भई साह्रै हात जोडी बसे अनि ॥
मुनिराज यसो भन्छन् अब श्रीरामचन्द्रमा ।
बावु राम ! यही नै छ क्रम हाम्रो जहाँ-वहाँ ॥
वानप्रस्थी हुने जो छ पहिले त्यसले यहाँ ।
पाहुनाहरू आएमा गरोस् गै होम अग्निमा ॥
तदनन्तर अर्घ्यादि दिई अतिथिपूजन ।
गर्नु पर्दछ श्रीराम ! 'तपस्वीको छ यै क्रम' ॥
गर्नेले यसको उल्टो भूठा साक्षी बके पछि ।
आफ्नु नै देहको मासु खाएझैं खान्छ है पछि ॥
राम बावु ! तिमी नै हौ राजा सम्पूर्ण लोकका ।
महारथी तिमी नै छौ, पाल्छौ धर्म पनी सदा ॥
भै प्यारो पाहुना मेरो यहाँ आइपुग्यौ तिमी ।
मान्य छौ, पूज्य छौ तस्मात् मेरो निम्ति स्वयं तिमी ॥
महर्षिले भनी यत्ति फल-मूल-र फूलले ।
श्रीरामको गरे पूजा अरु इप्सित-वस्तुले ॥
अनि आनन्दमा बस्ने ककुत्स्थ-मणि राममा ।
मुनिराज यसो भन्छन् मीठो वचनमा वहाँ ॥
ए नरश्रेष्ठ श्रीराम ! यो दिव्य धनु हो सुन ! ।
छ ठूलो विश्वकर्माले बनाए जो मनोरम ॥
हेर यी ! यसमा स्वर्ण-मणि-रत्नादि उत्तम ।
जडेकाछन्, दिएको हो भगवान् विष्णुले जुन ॥
देदीप्यमान यो चाँहि सूर्य जस्तो छ कान्तिले ।
अमोघ बाण हो बावु ! दिएको ब्रह्मदेवले ॥
महेन्द्रले दिएका छन् ठोक्रा यी दुइटा पुनः ।
यिनमा कहिल्यै खालि हुँदैनन् बाण उत्तम ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
हुन् बल्दा अग्नि जस्ता छन् यसका बाण यी पनि ।
राम्रा छन्, अति तीखा छन, टन्न हुन्छन् झिके पनि ॥
भएको सुनको मूठ हेर ! यो तरवार हो ।
यसको म्यान यस्तै छ सुनको अति चम्किलो ॥
लिई धनु यही राम भगवान् विष्णुले अघि ।
देव-दानवको युद्ध पर्दामा दुष्टलाइ ती– ॥
६३

६४
संहार गरिबक्सेथ्यो अनि पो देव-आदिको ।
श्री-सम्पत्ति उनीबाट खोसेर पछि बक्सियो ॥
लिएमैं इन्द्रले वज्र लेउ लौ धनु त्यै अब ।
तिनै ठोक्रा, तिनै बाण, तलवार त्यही शुभ ॥
तिमीसाथ भए बाबु ! यी सबै वस्तु वास्तव ।
राम्रो शोभा पनी हुन्छ, हुने हुन्छ सँधै जय ॥
६६

महान् तेज हुने त्यस्ता अगस्त्य मुनिले अहो ! ॥
भनेर यत्ति शस्त्रास्त्र दिए, फेरि भने यसो ॥
६७

इति बाह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेह्रौं सर्ग

मुनिराज–अगस्त्यले रामलाई पञ्चवटीमा गएर आश्रम बनाई बस्न आदेश दिनु

१

तिम्रो कल्याण होस् राम ! साह्रै खुश भएँ म ता ।
बावु ! लक्ष्मण ! झन तुष्ट तिमीले पार्दियौ यता ॥
जो तिमी दुइटै भाई जानकी लिई साथमा ।
म भनेर यहाँ आयौ अभिवादन गर्नमा ॥
होला थकाइ लागेकै यसरी आउँदा यहाँ ।
परिश्रम दिंदो होला मार्गको कष्ट देहमा ॥
मिथिलेश्वरकी छोरी जानकी पनि श्रान्त छन् ।
थकाई मार्न खोज्छिन्झैं देखिन्छिन् हेर! चिह्न छन् ॥
यी सीता सुकुमारी हुन् यिनले यसको अघि ।
दुःख भन्ने कुनै त्यस्तो देखेकी थिइनन् कति !॥
अहिले वन यी आइन् जहाँ छन् कष्ट धेर यी ।
तान्यो बावु ! यिनीलाई पतिको स्नेहले हकि ?॥
अव राम ! यहाँ वस्ता यिनको मन जे गरी ।
हुनेछ मग्न, रम्ने छ, गर त्यै काम राम्ररी ॥
तिमी साथ यहाँ आई हो पक्कै पनि यो कुरा ।
साह्रै कठिनको कार्य यिनले गरिछन् अहा !॥
यता सृष्टि भए देखि अहिलेसम्म वास्तव ।
देख्छौं स्त्रीजातिको सारा एकनासे स्वभाव छ ॥
त्यो यही हो–अवस्था छ राम्रो स्वपतिको भने ।
प्रेम गर्छन्,-मरी मेट्छन्, त्याग्छन क्यै खस्कियो भने ॥
छ नारीजातिमा राम ! चाञ्चल्य विजुली सरि ।
शस्त्रको तीक्ष्णता टिक्छ यिनमा भित्र राम्ररी ॥
तीव्रता शीघ्रता चाँहि साक्षात् गरुडको तथा ।
वायुको ठीक देखिन्छ टिकेको यिनमा सदा ॥
यी तिम्री धर्मपत्नी ता माथिका दोषले सव ।
छुटेकी छन्, अलग्गै छन्, गर्दछिन् प्रेम निश्चल ॥

१३

१४

जस्तो अरुन्धती देवी स्पृहणीय पतिव्रता ।
छन् नारीहरुमा श्रेष्ठ, छन् त्यस्तै यी पनी सदा॥
आज देखि बढ्यो शोभा अति नै यस ठामको ।
जहाँ बस्छौ तिमी आई सीता ली साथ भाइको॥
मुनिले यत्ति भन्दामा जोडे श्रीरामले कर ।
भई नम्र भने ज्यादै तेजिला ऋषिमा स्थिर॥
पत्नी र भाइ साथैको यै मेरो गुणबाट यी ।
जुन भो गुरुको साक्षात् पाउमा यसरी खुशी॥
त्यसले भगवन् ! आज म भएँ अतिधन्य पो ।
भो मुनीश्वरको यत्रो अनुग्रह ममाथि जो॥
ठाम क्वै गतिलो यौटा मुनिराज प्रभो ! तर ।
देखाइ पाँउ लौ, बस्छु उहीं गइ सरासर॥
वाक्लो जङ्गल होस् ब्रह्मन् ! जहाँ होस् जल निर्मल ।
म बनाई त्यहीं छाप्रो बस्छु सानन्द ली सुख॥
रामका यी कुरा सुन्दा मुनिराज अगस्त्यजी ।
विचार गर्न पो लागे चूप लागी दुवै घडी॥
धर्म प्रकृतिका त्यस्ता महात्मा मुनिले पछि ।
रामलाइ भनी हाले यसरी शुभ वाक्य यी॥
बावु राम ! यहाँबाट आठकोश परैतिर ।
ठाम 'पञ्चवटी' भन्ने छ यौटा ख्यात सुन्दर॥
छन् बगाल त्यहाँ नाना मृगका जात जातका ।
फलमूल प्रशस्तै छन् , छ पानी बहुतै सफा॥
तिमी वहाँ गई राम ! भाइ लक्ष्मण साथ ली ।
राम्रो आश्रम क्वै यौटा बनाइ बस शान्ति ली॥
अनि आफ्ना पिताजीको शुभ आज्ञा, भने सरि ।
राम्ररी पालना गर्दै वहीं टिक रमीवरी॥

२६

२७

सुन निष्पाप ए बाबु ! यो सबै जान्दथें सता ।
तिम्रो, तिम्रा दशरथ-बुवाको हाल सम्म ता ॥
यै थियो जान्नमा हेतु तिमीमा हुनु स्नेह र ।
जो छ मैले गरेको यो तपःशक्ति पनी स्थिर ॥
बाबु ! यै तपले गर्दा तिम्रो हृदय भित्रको ।
अभिप्राय तथा इच्छा म जान्दछु सबै कुरो ॥
मेरो साथ यहीं बस्ने यै तपोवनमा टिकी ।
सबै बिताँउने काल वन बस्ने थियो हकि ? ॥
हुँदा हुँदै पनी यस्तो विचार अब जो तिमी ।
अन्तै बस्ने भई सोध्छौ, गई बसुँ कहाँ ? भनी ॥
यहाँ राक्षस आँउन्नन्, आँउने ठाममा गई ।
खोज्दछौ बस्न, जो मार्ने प्रतिज्ञा गर्दियौं अघि ॥
त्यसैले भन्छु श्रीराम ! तिमीमा म यिनै कुरा ।
गई पञ्चवटीमा नै बस शान्त भई पुरा ॥
वनप्रदेश छन् राम्रा वहाँका रघुनन्दन ! ।
वहाँ आनन्द मान्ने छिन् मैथिली पनि यी पुनः ॥
स्पृहणीय छ त्यो ठाम छैन टाढा पनी उति ।
जहाँबाट नजीकैमा पर्छिन् गोदावरी–नदी ॥
तिमी गइ वहाँ बस्ता बुझ्यौं ! जनकनन्दिनी ।
सीता रमाँउलिन् साह्रै दङ्ग होलिन् त्यसै पनि ॥
महान् बाहु हुने बाबु ! फेरि त्यो ठाम वास्तव ।
फलमूलादिले नाना सुशोभित छ, रम्य छ ॥

३७

३८

नाना चराचुरुङ्गीका छन् बथान पनी वहाँ ।
छ त्यो पवित्र एकान्त रमणीय छ त्यै यहाँ ॥
सदाचार भएका छौ तिमी पनि यता पुनः ।
यसर्थ गर्न सक्नेछौ ऋषिको नित्य रक्षण ॥
राम बाबु ! यहाँ बाट वहाँ गइ बस्यौ भने ।
स्वयं पालन गर्ने छौ तपस्वी-ऋषिको, गुनें ! ॥
हेर ऊ ! स्पष्ट देखिन्छ महुवाको महान् वन ।
त्यसको उत्तरैबाट जानु पर्छ त्यहाँ सुन ! ॥
क्यै अगाडि तिमी बाबु ? यै बाटोले गयौ भने ।
बरको रुख क्यै ठूलो छ यौटा पर्न आँउने ॥
अनि ठिक्क त्यहींबाट अघि बढ्दै गए पछि ।
अल्लि टाढातकै बाबु ! आँउलिन् भूमि सम्मकी ॥
यो सक्ने वित्तिकै फेरि अर्को पर्वत आँउला ।
त्यहाँबाट पनी बढ्दै जानु पर्छ अगाडि ता ॥
अनि जो आउला ठाम हो है पञ्चवटी त्यही ।
छ ख्यात वन यो राम्रो झुल्छन् फूल फुली अति ॥
देखाइ यसरी बाटो भनेमा मुनिराजले ।
गरे सत्कार सम्मान भाइकै साथ रामले ॥
सँधै सत्य कुरामात्र बोल्ने त्यस्ता महर्षिमा ।
अब जान विदा मागे यी दुवै भाइले वहाँ ॥
जय होस् ! हुन्छ "लौ जाओ" भने पछि महर्षिले ।
उहाँका पाउमा ढोगे झुकाइ शिर भक्तिले ॥

४८

४९

यी दुवै साथ सीता ली त्यहाँ बाट हिंडे अब ।
हुने पञ्चवटी नाम शुभाश्रम तिरै त्यस ॥
भिरेर ठोक्रा दुइ काँधमा यता लिइ अ-आफ्नो धनु बाहुमा उता ।
निर्भीक बन्ने रणबीच यी दुवै अगाडि बढ्दै अब गैगए त्यतै ॥
आज्ञा भएझैं ऋषिराजले वहाँ ठमाई बाटो अनि यी गए त्यहाँ ।
एकोहिएको मन सावधान थ्यो बढे अनी पञ्चवटीतिरै अहो ! ॥

५१

इति तेह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौधौं सर्ग

पञ्चवटी जाँदा जटायुसँग भेट हुनु र उनले आफ्नो परिचय दिनु

१

जाँदा पञ्चवटी राम त्यसरी बीच मार्गमा ।
गिद्धलाई कुनै यौटा भेटे अघि पऱ्यो वहाँ ॥
थियो विशाल अत्यन्त शरीर यस गिद्धको ।
पराक्रम भए जस्तै देखिन्थ्यो उग्ररूपको ॥
त्यसरी वनमा वस्ने गिद्धलाइ विशाल त्यो ।
राम-लक्ष्मणले देखे, ठाने यो राक्षसै त हो ! ॥
सोधे अब त्यसै साथ भन्नुहोस् लौ तपाँइ को ? ।
खुश जो यी दुवैलाई पार्न खोज्छ कि झैं थियो ॥
भन्यो मधुर-वाणीमा त्यसले पछि ता यसो ।
बाबु हो ! हूँ म ता तिम्रा बुवाको मित्र, 'संझ यो' ॥
पिताको-मित्र सुन्दा त्यो गरे आदर रामले ।
कुल नाम सबै सोधे त्यसको अब शान्तिले ॥
सुनी श्रीरामको प्रश्न त्यो पक्षी गिद्धले पुनः ।
कुलको नामको आफ्नो थाल्यो परिचयै दिन ॥
परन्तु विश्वका सारा प्राणीको जीव-जन्तु यी ।
उत्पत्तिक्रम ली लाग्यो बताँउन भए जति ॥
महान् बाहु हुने राम ! अघि जो जो प्रजापति ।
भए, म पहिल्यै देखि बखान्छु सुन लौ यति ॥
ती प्रजापतिमा पैला हुन् कर्दम प्रजापति ।
उनका पछिका अर्को हुन् विकृत प्रजापति ॥
तेश्रा शेष र चौथा हुन् प्रजाका पति संश्रव ।
बहुपुत्र भए पाचौं यिनमा वीर्य थ्यो सब ॥
छैटौं स्थाणु र सातौंमा छन् मरीचि र आठमा ।
अत्रि छन्, हुन् नवौं चाँहि ऋतु छन् बलवान् यहाँ ॥
दशौं पुलस्त्य, एघारौं अङ्गिरा, बाह्रमा यता ।
प्रचेता पर्दछन् बाबु ! तेह्रौं पुलह हुन् तथा ॥

१३

१४

चौधौं दक्ष र पन्ध्रौंमा विवस्वान् पर्दछन् पुनः ।
अरिष्टनेमि हुन् सोह्रौं सत्रौं कश्यप हुन् सुन ॥
थिए यी अतितेजस्वी जो प्रजापतिमा सब ।
पछिल्ला मानिएका छन रघुनन्दन ! यो बुझ ॥
महान् कीर्ति हुने राम ! ती प्रजापति-दक्षका ।
साठी ओटी थिए छोरी ख्यात, कीर्ति हुने सफा ॥
आठोटी तिनमध्येकी छोरीहरू प्रजापति ।
मुनि-कश्यपका पत्नी भए राम्रा हुँदा अति ॥
यही हो तिनको नाम अदिति, दिति, कालका ।
दनु, क्रोधवशा, ताम्रा, अनला, मनु आदि ता ॥
रामबाबु ! यिनै आठ दक्ष पुत्रीहरूकन ।
भने ती ऋषिले भित्र खुश भै यसरी सुन ! ॥
ए मेरा प्रिय-पत्नी हो ! तिमीहरु सबै अत्र ।
छोरा जन्माँउने नै छौ मै जस्ता गुणका सब ॥
जसले पछि यो सारा त्रैलोक्यकन वास्तव ।
स्वयं रक्षण गर्नेछन् पाल्ने, पोस्ने गरी सब ॥
महान् बाहु हुने राम ! अदिति दिति कालका ।
दनुले त्यो कुरा खाए पति-श्रद्धा बढी हुँदा ॥
चारोटी अरुले चाँहि खाएनन् उक्तिको तर ।
उनको मनमा त्यस्तो इच्छै उब्जेन है स्थिर ॥
शत्रुनाशक ए बाबु ! काल वित्तै गए पछि ।
जन्मे अदितिमा छोरा योग्य तेत्तिस देव यी ॥
तिनमा बाह्र आदित्य छन्, तथा वसु आठ छन् ।
एघार रुद्र हुन्, दोटा ती अश्विनी कुमार हुन् ॥
जन्माइन् दितिले राम ! नामले ख्यात दैत्य यो ।
कीर्तिशाली महान् छोराहरूलाई स्वयं अहो ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

वनले छोपिएकी र घेरिएकी समुद्रले ।
पृथिवी पहिले सारा उनकै वशमा थिइन् ॥
शत्रुलाइ दिने ताप राम बाबु ! यता पुनः ।
जन्माइन् दनुले चाँहि अश्वग्रीव सुतैकन ॥
कालकाले यता पट्टि यिनै नरक, कालक ।
नामका दुइटा छोरा जन्माइन् पछि राघव ! ॥
ताम्राले चाँहि जन्माइन् छोरी पाँच प्रसिद्ध ती ।
क्रौञ्ची, भासी तथा श्येनी, धृतराष्ट्री, शुकी यति ॥
क्रौञ्ची, जन्माइन् क्रौञ्चीले तिनमध्यकी ।
उलूकहरू जन्माइन् क्रौञ्चीले तिनमध्यकी ।
भास-नामक भासीले जन्माइन् पुत्रलाइ ती ॥
श्येनीले पनि जन्माइन् तेजस्वी बाज गिद्ध यी ।
जन्माइन् धृतराष्ट्रीले कलहंस र हंस ती ॥
तिम्रो कल्याण होस् राम ! भामिनी यिनले पछि ।
चक्रवाकहरूलाई जन्माइन् पक्षिश्रेष्ठ यी ॥
शुकीले पनि जन्माइन् नता नाम हुने सुता ।
नता बाट भइन् यौटी सुपुत्री विनता यता ॥
उता क्रोधवशाले ता त्यो आफ्नो गर्भ बाट ता ।
रामबाबु ! दशै ओटी निकालिन् सुन्दरी सुता ॥
यिनै हुन् तिनका नाम-मृगमन्दा, मृगी, हरी ।
भद्रमदा र मातङ्गी, शार्दूली, सुरभी तथा ॥
श्वेता र सुरसा थिन् यी सबै लक्षण-चिन्हकी ।
कद्रु अर्की कद्रुका राम ! बेस छन् सब हुन् यति ।!
नरेशहरूमा श्रेष्ठ बाबु ! भन्छु म त्यो कुल ।
हुन् सन्तान मृगीका नै पृथ्वीका मृग यी सब ॥
सन्तान मृगमन्दाका ऋक्ष, सृमर हुन् तथा ।
अर्को चमर इत्यादि जुन छन् बहुरूपका ॥
पाइन् भद्रमदाले ता छोरी यौटी इरावती ।
ऐरावत महान् हात्ती जन्मे लोकप्रियै पछि ॥
हुन् सन्तान हरीका ती सिंहादि पशु दुर्धर ।
तपस्वी-तुल्यका अर्का गोलाङ्गूल र वानर ॥
शार्दूलीले यतापट्टि हुन् जो क्रोधवशा-सुता ।
व्याघ्र नाम हुने छोरा जन्माइन् , छन् असंख्य वा ॥
हुन् नरश्रेष्ठ ! मातङ्गीका सन्तान सबै गज ।
श्वेताले घेर जन्माइन् यौटा छन् सुत दिग्गज ॥

४३

४४

तिम्रो कल्याण होस् राम ! सुरभीका दुवै सुता ।
जन्मिए रोहिणी अर्की गन्धर्वी, कीर्तिका तथा ॥
जन्माइन् रोहिणीले ती गाईहरूकनै सब ।
गन्धर्वी चाँहिले घोडाहरू पाइन् रघूद्वह ! ॥
सुरसाले यतापट्टि जन्माइन् नागलाइ ती ।
कद्रुकाले उतापट्टि पाइन् पन्नगलाइ यी ॥
महान् आत्मा हुने त्यस्ता ऋषि कश्यपकी प्रिया ।
पत्नी ती मनुले राम ! जन्माइन् यी मनुष्य ता ॥
जुन चार थरी छन् यी वर्णमा-विप्र क्षत्रिय ।
तथा वैश्य र शूद्रादि ढाक्ने यो पृथिवीतक ॥
मुख बाट भयो जन्म सब ब्राह्मण-जातिको ।
हृदयै बाट यी सारा निस्क्यो क्षत्रिय-जाति यो ॥
वैश्यको जन्म भो राम ! तिघ्रा बाट दुवै यता ।
दुइटै पाउले शूद्र जन्मिए छ प्रसिद्धि ता ॥
फलका फूलका सारा पवित्र रुख छन् जति ।
जन्माइन् ती सबैलाई अनलाले पनी पछि ॥
थिइन् कश्यपकी पत्नी ताम्राकी जो शुकी सुता ।
तिनकी नातिनी थिन् यी विनता योग्यकी सुता ॥
बहिनी सुरसाकी हुन् अर्की थिन् जुन कद्रुका ।
पुत्री क्रोधवशाको ती छ यै वंश-परम्परा ॥
कद्रु र विनता मध्ये कद्रुले चाँहि राघव ! ।
जन्माइन् एक हज्जार नाग जो धर्दछन् धरा ॥
जन्मिए दुइटा छोरा विनता पट्टि ता यता ।
यौटा गरुड हुन् छोरा अर्का अरुण हुन् तथा ॥
सुपुत्र विनताका ती साक्षात् अरुण बाट ता ।
जन्मियौं दुइटा छोरा म र सम्पाति दाजु ता ॥
शत्रुनाशक ए बाबु ! मेरो नाम 'जटायु' हो ।
हु श्येनी-वंश-उत्पन्ना-श्येनीकै पुत्र जो म त्यो ॥
निरन्तर तिमी बस्ता राम बाबु ! यहाँ अब ।
तिमीलाई भए इच्छा म हुनेछु सहायक ॥
अतिबाक्लो र दुर्लंग्दो छ यो वन जहाँतहाँ ।
मृग छन् , घेर छन् फेरि राक्षसैहरु नै यहाँ ॥
यताउति कहीं जाँदा भाइ साथ लिई तिमी ।
गरूँला म स्वयं रक्षा सीताको पहरा बनी ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

श्रीरामले यत्ति सुने जटायुका मीठा कुरा आदर बढ्न गो तदा ।
हाले अगाँलो अति प्रेमले अनि झुकी बसे गद्गद भै स्वयं उनी ॥
मैत्री भएथ्यो उनका पिता सित जसो गरी, त्यो सब उत्सुकै सित ।
जटायु भन्थे प्रभु-राम यी यता सुन्थे निकै चाख दिई दिई त्यता ॥
दिएर सीताकन रक्षिने हक त्यस्ता उनै साथि हुने महान् बल ।
लिएर साथै,-प्रिय भाइ लक्ष्मण गए उनी पञ्चवटीतिरै पुनः ॥
गर्ने त्यसै द्रोह मुनीश्वरादिको उहाँ थिए राक्षस आदि दुष्ट जो ।
भुसुक पारी सत्रलाइ रामको इच्छा थियो त्यो वन शान्त पार्नु जो ॥

६४

इति चौधौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्रौं सर्ग

पञ्चवटीमा जानु र आश्रम बनाई वहीं निवास गर्नु

१
पुगे पञ्चवटीमा त्यो अब श्रीराम आदि यी ।
जहाँ हिंसक थे नाना दुष्ट सर्प मृगादि ती ॥
भाइ-लक्ष्मणमा भन्छन् अनि राम वहाँ पुगी ।
बलेका तेजले धप्प जुन थे बलवान् अति ॥
राम्रो स्वभावका बाबु ! मुनिराज अगस्त्यले ।
ठाम जो भनी बक्सेथ्यो त्यहीं आइ पुग्यौं कि के ? ॥
प्रिय भाई ! यही नै हो ठाम पञ्चवटी शुभ ।
वनप्रान्त यहाँका छन् फूलेका अतिशोभित ॥
अब बाबु ! तिमी हेर वन चारतिरै यहाँ ।
म भन्दा त तिमी नै छौं सिपालु यस काममा ॥
गर निश्चय यो फेरि हामीले कुन ठाममा ।
ठिक्क पर्ला बनाएमा शुभ-आश्रम त्यो यहाँ ? ॥
यस्तो ठाम तिमी हेर जहाँ बाट जलाशय ।
नजीकै पर्न जाओस् र सुविधा होस् जहाँ सब ॥
विदेहनन्दिनी सीता बसुन् आनन्दमा जहाँ ।
हामीहरू पनी बस्न सकौं खुश भई त्यहाँ ॥
वनका दृश्यका साथै जलका दृश्य ती पनि ।
रमणीय हुन्छन् बाबु ! अरू वस्तुहरू पनि ॥
नजीकै जसको फेरि समिधा, पुष्प आदि र ।
कुश होस्, जल होस्, सारा सुविधा होस् निरन्तर ॥
दाजु श्रीरामले यत्ति भनेमा भाइ लक्ष्मण ।
हात जोडी यसो भन्छन् सीताको अघि भैकन ॥
ककुत्स्थकुलका रत्न ! ! रामदाजु ! म ता प्रभो ! ।
छु हजूर हुँदा सम्म सँधै वश अधीन पो ॥
शयौं वा वर्ष हज्जारौं सम्म राज भए पनि ।
मानी हजूरकै आज्ञा म बस्तछु वशी बनी ॥
१३

१४
तस्मात् हजूरले आफैं हेरी सुन्दर ठाम कै ।
'यहीं बन।' भनी आज्ञा ममा बक्सनु पर्छ है ! ॥
महान् तेज हुने राम कुरा त्यस्ता सुने पछि ।
निकै खुश भई हाले भाई लक्ष्मण साथ यी ॥
अत्र श्रीरामले आफैं हेरे, शोच-विचार क्यै ।
गरेर एउटा ठाम ठाने, रोजे सुयोग्यकै ॥
रोजेको ठाममा राम्रो आए राम र ठिङ्ग भै ।
आफ्नोले भाइको बाहु समातेर भने यसै ॥
सुमित्राप्रिय ए बाबु ! हेर यो ठाम वेस छ ।
राम्रो पनि छ यै फेरि यहाँकै भूमि सम्म छ ॥
यहीं, वरिपरीका छन् वृक्ष यी फल-फूलका ।
शोभिएका निकै बाबु ! भारले फल-फूलका ॥
यै ठाममा तिमी भाई ! पुऱ्याइ विधि राम्ररी ।
बनाइ हाल लौ यौटा शुभाश्रम छिटै गरी ॥
यताँ बाट नजीकैमा उता हेर त लक्ष्मण ! ।
छन् पोखरी निकै राम्रा शोभिन्छिन् पद्मले जुन ॥
छन् ती ! कमलका फूल सूर्यझैं तेजिला सफा ।
यतै सुगन्ध फ्याँक्तछन्, छ राम्रो दृश्य क्या ? अहा! ॥
ज्यादै पवित्र आत्माका अगस्त्य मुनिले अघि ।
जस्तो आज्ञा भएकोथ्यो जसको विषयै लिई ॥
तिनै गोदावरी हुन् यी पवित्र जलकी नदी ।
हेर ऊ ! घेरिएकी छन् फुलेका वृक्षले हकि ? ॥
टन्नछन् जलका पक्षी पानीहाँस र हाँस ती ! ।
चखेवा र चखेवीले शोभिएकी अहा ! कति ? ॥
वथान मृगका कत्ति ? अहो ! छोप्छन् सबै नदी ।
यहाँ बाट नजीकै छन् न टाढा छन् शुभा नदी ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
मयूरहरुका ङ्याऊ! गुञ्जिइन्छन् सँधै यहाँ ।
अग्ला डाँडा भरी छन् ऊ! गुफा नानाथरी त्यहाँ ॥
पर्वतश्रेणि यी बाबु! शोभिन्छन्, छन् रमाइला ।
फुलेका र फलेका ती वृक्षले छन् प्रकाशिला ॥
सुन-चाँदी र तामाका जस्तै सुन्दर रङ्गका ।
धातुले गेरु इत्यादि छन् शोभित ठ-ठामका ॥
श्रृङ्गार-रचना गर्दै नाना रङ्गहरू भरी ।
हात्तीलाइ सिंगारेमा देखिन्छन् भयालझैं भरी ॥
लता-गृह र झाडीले गुच्छाले फूलले तथा ।
परिपूर्ण हुँदा राम्रै शोभिन्छन्, छन् मजा अहा! ॥
वृक्ष छन् सालका अग्ला राम्रा ताल-तमालका ।
छन् यी खजूर-तिनिश-धव-पुन्नाग आँपका ॥
चाँप—कटहर—नीवार—अशोक— तिलकादिका ।
शमी-स्यन्दन—श्रीखण्ड—पर्णास—लकुचादिका ॥
अश्वकर्ण र खयर पाखरीका कदम्बका ।
पलाँस आदिका वृक्ष शोभा भर्छन् जतातता ॥
सुमित्राप्रिय ए बाबु! छ यही ठाम सुन्दर ।
यहीं रमाइलो लाग्यो छ पवित्र मनोहर ॥
पशु-पक्षी सबै बस्छन् भै बगाल मिली यहीं ।
पक्षिराज यिनैसाथ बसौं हामी पनी यहीं ॥
शत्रुका पक्षका वीर मार्न, नाश्न समर्थ ती ।
भाई-लक्ष्मण थे धीर महान् बल हुने अति ॥
दाजु श्रीरामले भन्दा उनले त्यो सुनी सबै ।
शुभाश्रम रचे यौटा रामको निम्तिमा छिटै ॥
यो आश्रम बन्यो यौटा अति-विस्तृत सुन्दर ।
रूपमा पर्णशालाको खडा स्वच्छ मनोहर ॥
ल्याए ढुङ्गा तथा माटो बलीया उनले वहाँ ।
अनि भित्ता खडा पारे गाडे खामा जहाँ-तहाँ ॥
तेर्साएर वहाँ राखे डाँडा सुन्दर बाँसका ।
भाटा हाले तिनै माथि कस्दिए राम्ररी लता ॥
रूप राम्रो हुँदै आयो तिनमा अब मास्तिर ।
छाए हागाविगा ल्याई शमीका अतिसुन्दर ॥
यसमाथि पनी राखे सरकंड तथा कुश ।
कास ल्याएर टन्काए लहराहरुले तब ॥
४३

४४
अब तलितरको भूमि सम्याए बलवान् हुँदा ।
हेर्दा राम्रो बनी हाल्यो पर्णशाला-कुटी यता ॥
श्रीराम दाजुको निम्ति यसरी उनले वहाँ ।
बनाए बलियो राम्रो बस्ने ठाम जहाँ-तहाँ ॥
गए लक्ष्मण यी वीर अब यत्ति गरी सकी ।
नदी-गोदावरी बीच स्नान गर्ने निमित्त ली ॥
सकेर स्नान-ध्यानादि फर्कंदा उनले तब ।
ल्याए कमलका फूल साथमा जङ्गली फल ॥
शास्त्रीय विधिकै ठीक देवताहरूमा सब ।
पुष्पकै बलि टक्र्याए वास्तु-शान्ति सके अब ॥
अब लक्ष्मण गै हाले दाजु श्रीरामको अघि ।
हेरुँ भनी गरे विन्ती निवासस्थान त्यो गई ॥
सीता साथ लिई राम हेरे भित्र पसी अब ।
पर्णशाला कुटी त्यस्तो देखे सुन्दर वास्तव ॥
त्यत्ति चाँडो बनेको र राम्रो स्वच्छ निकै दृढ ।
देख्ता आश्रम त्यो आफ्नो राममा खुश भो तब ॥
ज्यादै खुश हुँदा भित्र अब श्रीरामले बढी ।
दुइटै बाहुले आफ्ना अँगाले भाइलाइ ग्री ॥
निकै बेर अँगालेर राम्ररी बाहुमा कसी ।
गरी अत्यन्त नै स्नेह भने यी भाइसा पछि ॥
तिमी सामर्थ्यशाली हौ यत्रो काम गऱ्यौ जुन ।
भएँ अब तिमी माथि निकै खुश म ता सुन! ॥
पुरस्कार न पाएर यसको निम्ति योग्यको ।
बाबु! मैले तिमीलाई दिएँ आलिङ्गनै त यो ॥
अर्काका मनको भाव तुरुन्तै ताड्छौ तिमी ।
छौ कृतज्ञ र धर्मज्ञ श्रेष्ठ छौ, धन्य हौ तिमी ॥
धर्मप्रकृतिका मेरा बुबा राजा यथार्थतः ।
छैन है मरिबक्सेको तिमी जस्ता हुँदा सुत ॥
शोभा बढाउनै सक्ने सुख मान्ने पनी अति ।
श्रीरामले भने यस्तो कुरा लक्ष्मणमा पछि ॥
अब पञ्चवटीमा यो धेरै फल थियो जहाँ ।
सुखपूर्वक श्रीराम बसे सानन्द शान्तिमा ॥
साथ पत्नी थिइन् सीता, भाई थे प्रिय लक्ष्मण ।
केही काल बसे राम सुख मानी वहाँ पुनः ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
रामको गर्दथे सेवा राम्ररी दुइटै यता ।
स्वर्गका देवता जस्तै भइ राम वसे तदा ॥

इति पन्ध्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्रौं सर्ग

हेमन्त ऋतुको वर्णन र भरतको प्रशंसा एवं गोदावरी–नदीमा स्नान

१

सुख साथ वहाँ वस्ता महात्मा रामभद्र यी ।
प्रिय हेमन्त त्यो आयो शरद् ऋतु विते पछि ।
कुनै दिन गए राम नुहाँउन निमित्त ली ।
नदि–गोदावरीमा ती उज्यालो भै सके पछि ॥
दाजुको साथ–साथैकी सीता भाउजुको पछि ।
गै रहेका थिए भाई प्रिय लक्ष्मण यी झुकी ॥
उनको हातमा यौटा थियो कलश सुन्दर ।
दाजु साथ यसो भन्छन् हिंड्दा हिंड्दै उनी तव ॥
बोल्ने प्यारो तथा मीठो प्रिय दाजु ! हजूरको ।
उदायो अति नै प्यारो हेमन्तऋतु श्रेष्ठ यो ॥
यै निमित्त हुँदा दाजु ! शुभ यो वर्ष साल यो ।
अलङ्कृत भए जस्तो देखिंदो छ सवै अहो ! ॥
ज्यादै ठण्डा हुँदा, पर्दा तुषारो, ऋतुबीच यो ।
पृथ्वीका सव प्राणीको देह नै रुखियो बडो ॥
पाकेका हिंउदे बाली झुल्दा लहलहै भई ।
पृथिवी शोभिएकी छन् मालामैं पहिरेर यी ! ॥
सकिन्न पिउनै पानी ज्यादै चीसो हुँदा सव ।
आगो प्यारो हुँदै आयो ताप्नु पर्ने भयो अव ॥
भित्र्याँउदा नयाँ अन्न गरिने यज्ञ आदिका ।
अनुष्ठानादिले आग्रयण—कर्मस्वरूपका— ॥
पूजाविधानले दाजु ! देवता–पितृ आदिका ।
गरी यज्ञ तथा पूजा भए निष्पाप सन्त ता ॥
भो अन्न–प्राप्तिको इच्छा अव पूर्ण, विशेषता ।
सम्पूर्ण राज्यमा बस्ने प्रजाको पनि वस्तुतः ॥
प्रायः यो ऋतुमा हुन्छ निकै गोरस सम्म त्यो ।
घुम्दछन् जित्नको इच्छा लिएका नृप लड्न पो ॥

१३

१४

भगवान् यमले सेवा गर्ने दिक्–दक्षिणाकन ।
गर्नु हुन्छ हिजो आज श्रीसूर्य दृढ–सेवन ॥
तस्मात् उत्तर–दिक् चाँहि छैनन् शोभित त्यत्तिको ।
सिन्दूर–विन्दुले हीन भएकी स्त्रीसरी अहो ! ॥
हिमालय स्वभावैले हिम बाक्ला घना हुँदा ।
त्यसैको ढुकुटीद्वारा थे सम्पन्न अगाडि ता ॥
परन्तु अब झन् सूर्य लाग्नाले दक्षिणी–दिशा ।
यिन बाट भए टाढा गर्नु पर्ला र के कुरा ? ॥
तसर्थ अव ता पक्कै हिमको राशि–राशि भै ।
नामलाई पनी आफ्नो पार्छन् सार्थक यी त्यसै ॥
मध्याह्नकालमा घाम लाग्दा, ताप्ता सुखैसित ।
दिन हेमन्तका बित्छन् यसो घुम्दा सजैसित ॥
सूर्य सौभाग्य–शाली छन् पूज्य दाजु अचेलका ।
अभागी ठीक देखिन्छन् छाया, पानी भने यता ॥
सूर्यका तापको राप दिनमा आजकालका ।
लाग्दोछ कमलो कस्तो प्राणीमा सव विश्वका ? ॥
कुहिरो लाग्छ ज्यादा नै ठण्डा बढ्दोछ वेसरी ।
चल्छ चीसो हवा फेरि सर्दी वढ्छ घरी–घरी ॥
तुषारो हिंउ पर्नाले झर्दा पात पविङ्गर ।
जङ्गलै शून्य देखिन्छन्, गले कमल सुन्दर ॥
लामा लामा भए रात ऋतु हेमन्तका उता ।
ठण्डा चीसो बढ्यो ज्यादै यिनमा दाजु! झन् यता ॥
सुत्न सक्तैन क्वै प्राणी खुला आकाशको मनि ।
पौषका रात यी फुस्रे हिउँ पर्दा त्यसै पनि ॥
सौभाग्य चन्द्रको सारा सऱ्यो श्रीसूर्यमा अव ।
तुषारोले तुवाँलोले फुस्रियो चन्द्रमण्डल ॥

२६

(५४७)

२७

तातावो सास ऐनामा पर्दा मैलो भए सरि ।
शोभिन्नन् चन्द्रमा त्यस्तो कान्तिहीन भईवरि ॥
अरूको के कुरा दाजु ! पूर्णिमा-जून यो पनि ।
त्यत्तिको त सुहाँउन्न हिउँले मलिनो बनी ॥
सीता-भाउजुको यस्तो मुख-कान्ति मनोहर ।
घर्कँको घाम लाग्नाले भएझैं छ असुन्दर ॥
स्वभावैले हुने चीसो दाजु ! त्यो पश्चिमो हवा ।
बहँदोछ हिमै बोकी भै ठण्डा दुगुना यवा ॥
जडका गहुँका बाली भएका टन्न शोभित ।
वनप्रान्त सबै ढाके कुहिरो-वाफले स्वतः ॥
बसी कलरवै गर्छन् यहीं यी क्रौञ्च-सारस ।
शोभिन्छन् भगवान् सूर्य उदाए पछि जो सब ॥
सुन जस्तै पहेंला छन् यी मार्सीधान सुन्दर ।
खजूर-फूलकै ठीक बाला छन् यिनका स्थिर ॥
दाजु ! केही झुकेका छन् भित्र चाँवल पूर्ण भै ।
यी बालाहरू शोभिन्छन् यस कारणले निकै ॥
तुषारो-कुहिरोद्वारा ढाकिएका र शोभित ।
फैलेका किरणै बाट भएका उपलक्षित ॥
उदाएका निकै टाढा भगवान् सूर्य यी पनि ।
देखिन्छन् चन्द्रमा जस्तै कान्तिका मलिना पनि ॥
ए दाजु ! यस वेलामा भगवान् सूर्यका कर ।
पृथ्वीमा शोभिएका छन् राता सेता भई स्थिर ॥
यिनको शक्ति क्यै छैन यता पूर्वाह्णमा भने ।
छुँदैमा सुख दिन्छन् यी तर मध्याह्नमा भने ॥
हिमका-ओसका थोपा पर्दा रात भरी उता ।
पृथ्वीका घाँस यो सारा भिजेका छन् जताततै ॥
वनकी पृथिवी तस्मात् छन सुशोभित अद्भुत ।
भगवान् सूर्यको पर्दा कर जो हुन् नवोदित ॥
दाजु ! त्यो जङ्गली हात्ती तिर्खाएको हुँदा निकै ।
तिर्खा मेट्न पनी आफ्नो खोज्दोछ सुखपूर्वक ॥
जलको स्पर्श गर्दोछ तस्मात् चीसो र दुर्धर ।
भै असह्य नसक्तामा खुम्च्यायो सूँड ऊ ! तर ॥
दाजु ! ऊ ! जलका पक्षी नजीकै जलको बसे ।
परन्तु पस्न सक्तैनन भित्र ता अझ क्यै गरे ॥

४३

४४

हम्मेसी पस्न सक्तैनन जसरी डरछेरुवा ।
मनुष्यहरु संग्रामस्थलमा त्यैसरी अहा ! ॥
हिमका ओसका थोपा पर्दामा रातमा यता ।
अन्धकार हुँदा व्याप्त त्यसमाथि जताततै ॥
कुहिराकै अँध्याराले विहानीपख ढाक्दिदा ।
पुष्पहीन-वनश्रेणि निदाए ठीक छन उता ॥
नदी-नदहरू सारा छन् अचेल यतातिर ।
कुहिरोले र वाफैले ढाँकिएका असुन्दर ॥
राम्ररी यिनमा बस्ने घुम्ने फेरि यता उता ।
सारसादि चिनिन्छन् यी सुन्दा आवाजमात्र ता ॥
हिउँले ओसले राम्रै भिजेका बालुवा हुने ।
तटले यी नदी-नाला छन् अचेल सुशोभिने ॥
तुषारो ज्यादि नै पर्दा भगवान् सूर्यका कर ॥
साह्रै मन्द हुँदा फेरि वढ्दा चीसो निरन्तर ॥
गिरिका टाकुरा माथि रहेको जलसम्म त्यो ।
अचेल प्राय स्वादिष्ट बरु हुन्छ कसो कसो ! ॥
यी पुराना भएका र ज्यादै जर्जर वास्तव ।
कर्णिका केसरै आदि जीर्ण-शीर्ण भई सब ॥
त्यस्ता पत्रादिले युक्त भएका पद्म-पुष्पका ।
पंक्ति सारा गले ओहो ! हिउले, डाँठ छन् खडा ॥
आजकाल उता दाजु ! धर्म-प्रकृतिका अति ।
भाई भरत झन् दुःखी हजूरैको निमित्त लगी ॥
पुरुषश्रेष्ठ ए दाजु ! हुँदा भक्ति हजूरमा ।
गर्छन् ठूलै तपस्या ती बसी स्वपुरमा वहाँ ॥
राज्यकै साथ सन्मान त्याग्दिए उनले उता ।
तपस्वी भइ लत्याए भोग नानाथरी यता ॥
तोकेको ठिक्क आहार खाएर त्यसमा पनि ।
सुत्तछन् खालि भैंमा नै यस्तो चीसो वहाँ पनि ॥
पक्कै पनि उनी दाजु ! यो वेलामा नुहाँउन ।
सरयूमा गए होलान् लिई प्रकृतिका जन ॥
अत्यन्त सुखमामात्र पालिएका उनी हरे ! ।
कसरी कष्ट त्यो खप्लान् ? छन् निकै सुकुमार ए ! ॥
पछिल्लो प्रहरै लाग्दा रातबीच गरेर के ।
डुबुल्की सजिलै मार्लान् सरयूमा पसी हरे ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

पद्मकै पात हुन् जस्ता उनका नेत्र छन् अहा ! ।
अङ्ग–कान्ति छ त्यो फेरि श्यामलो अति नै सफा ॥
पेट हेर्‍यो भने देखि पर्त्तै हुन्न छ छैन वा ? ।
छ कस्तो मधुरो बोली ? बाहु छन् दीर्घ झन् अहा ! ॥
हुन धर्मज्ञ महान् फेरि लज्जाशील जितेन्द्रिय ।
सत्य बोल्छन, प्रियै बोल्छन, तेजस्वी हुन् र हुन् प्रिय ॥
शत्रु नाश्न पनी साह्रै छन् समर्थ उनी यता ।
त्यागिदियो जसले सारा भोग नाना थरी उता ॥
पुरुषश्रेष्ठ ए दाजु ! प्रभुकै भरमा परी ।
बसे भरत ती वीर ठूलो आधार ली वरी ॥
पक्कै पनि महात्मा हुन् प्रभुका भाइ ती पनि ।
जसले जितियो स्वर्ग त्यसै पनि यहाँ पनि ॥
किन ? आज्ञा भए दाजु ! तपस्यामै टिकी यहाँ ।
बस्ने हजुरको जो ती पछि हिंडछन् बसी वहाँ ॥
आमाकै गुणको मात्र पछि लाग्छन् मनुष्य यी ।
बाबुका गुणको त्यस्तो गर्दैनन् कत्ति ख्याल ती ॥
भन्ने लोकोक्तिलाई यो साक्षात् भरतले अहो ! ।
पार्दिए अन्यथा दाजु ! त्यसै झूठो भई गयो ॥
भै बक्सिन्थ्यो दशरथ–राजा जस्ता महान पति ।
जसको,–फेरि थे त्यस्ता छोरा सन्त गुणी अति ॥
ती माहिली मुमा हाम्री कैकेयीमात्र व्यर्थ ए ! ।
क्रूर–दृष्टि हुने त्यस्तो भै बक्स्यो कसरी हरे ? ॥
धर्मप्रकृतिका भाई थिए लक्ष्मण रामका ।
बढ्दा भरतमा स्नेह उनी गर्थे यिनै कुरा ॥

७२

७३

तर श्रीरामले आमा–कैकेयीको असह्य त्यो ।
हेला खप्न सकेनन् र भनी हाले अनी यसो ॥
ती माहिली मुमा हाम्री कैकेयीको अनादर ।
तिमीले कहिल्यै बाबु ! गर्नु हुन्न अयोग्य छ ॥
बरु त्यस्तो तिमीलाई कुरै गर्ने भए मन ।
इक्ष्वाकु–कुलका स्वामी भरतैका कुरा भन ॥
मेरो निश्चित यो बुद्धि पालेर बलियो व्रत ।
चौधवर्ष वनै बस्न भै सकेकोछ सुस्थित ॥
तथापि स्नेहले गर्दा भाई भरतको स्वतः ।
पग्लियो, चञ्चलै पार्‍यो, डग्न खोज्दछ वस्तुतः ॥
बाबु लक्ष्मण ! सम्झन्छु म ता भरतकै कुरा ।
थिए अत्यन्त नै मीठा जुन प्यारा पनी तथा ॥
त्यसै हृदय खिच्नेथे अमृतै ठीकका अहा ! ।
प्रसन्न ढङ्ग भै हाल्थ्यो मन सुन्दै पनी कुरा ॥
सम्पूर्ण रघुवंशीमा दिने आनन्द लक्ष्मण ! ।
कहिले आँउला फेरि गतिलो दिन त्यो भन ? ॥
दिनमा जो तिमी साथ गई शत्रुघ्न साथ र ।
महात्मा भरतै साथ म मिलौंला निरन्तर ॥
ककुत्स्थकुलका रत्न श्रीराम यसरी वहाँ ।
विलाप गर्दथे हिंड्दै सीता लक्ष्मण साथमा ॥
नदी–गोदावरी बीच पुगे अब सबै पछि ।
विधि साथ गरे स्नान पवित्र जलमा पसी ॥
त्यही जल लिई आफ्ना पितृको देवतादिको ।
गरे तर्पण इत्यादि लिएर विधि शास्त्रको ॥

८४

८५

अनि सूर्य उदाएमा तीनै निष्पाप व्यक्तिले ।
सूर्योपस्थानकै साथ स्तुतिं देवादिको गरे ॥
सीता तथा लक्ष्मण भाइ साथ नुहाँउदा यी रघुवंशनाथ ।
सुशोभिए साथ लिई उमा र नन्दी, नुहाए सरि ठीक रुद्र ॥

४६

इति सोह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्रौं सर्ग

राक्षसराज रावणको बहिनी शूर्पणखा आँउनु र श्रीरामलाई पति बनाँउन खोज्नु

१

सकेर स्नान श्रीराम सीता लक्ष्मण आदि यी ।
तटवाट नदीको त्यो फर्के आश्रममै निजी ॥
अब आश्रममा आई रामले भाइ साथका ।
देव-पूजन-होमादि गरे पूर्वाह्णका क्रिया ॥
आए अनि दुवै भाई यत्ति काम गरी सकी ॥
बाहिरी पर्णशालामा बसे आनन्दमा पछि ॥
यसै वेला यहाँ आए ठूला ऋषि, महर्षि ती ।
तिनै साथ बसे राम निकै सम्म भई सुखी ॥
सत्कार मुनिको पाई साथ पत्नी र भाइ ली ।
गर्दै नाना कुरा-कानी, वस्थे आनन्दमा मिली ॥
सीताका साथमा बस्ता चित्राले चन्द्रझैं बनी ।
शोभिन्थे पर्णशालामा महान् बाहु हुने उनी ॥
कुराकानी गरी बस्ता भाई लक्ष्मण साथमा ।
त्यसैमा मग्न थे राम सुन्दा गर्दा कुरा वहाँ ॥
अचानक यसै वेला एउटी राक्षसी यहाँ ।
ठ्याक्क आइ पुगी हाली घुम्दै घुम्दै जहाँ तहाँ ॥
थिई यो वहिनी साख्खे भएको दश टाउको ।
साक्षात रावणको, राजा सारा राक्षसमात्रको ॥
अब आँखा परी हाल्यो त्यसको राम माथि नै ।
देखिन्थे भवाट्ट हेर्दा जो तेजस्वी देव-तुल्य नै ॥
मोटा लामा थिए बाहु सिंहकै ठीक छाति थ्यो ।
फक्रेको पद्म जस्तै र ठूल्ठूला नेत्र-युग्म थ्यो ॥
मुखमा ज्योति थ्यो ज्यादै फैलिएको सर्वैतिर ।
बाहु पुग्थे घुँडै सम्म थिए प्यारा मनोहर ॥
हात्तीझैं गतिले मन्द लस्किई हिँड्दथे उनी ।
जटामण्डल शोभिन्थ्यो शिरमा त्यसमा पनि ॥

१३

१४

यता शरीरका अङ्ग सुकुमार थिए अति ।
तिनमा बल थ्यो फेरि अचिन्त्य र महान् उति ॥
राजामा हुनु पर्ने हुन् योग्यका जति लक्षण ।
ती सबै थुप्रिएका थे राममा भै मनोरम ॥
थियो शरीरको कान्ति नील-पद्म-समानको ।
सौन्दर्य कामकै जस्तो टिक्तथ्यो उनमा अहो ! ॥
देखिन्थे भवाट्ट हेर्दा यी साक्षात् देवेन्द्र हुन् सरि ।
काममोहित भै हाली राक्षसी त्यो नजर परी ॥
मुख सुन्दर थ्यो त्यस्तो तेजस्वी रामचन्द्रको ।
यता त्यो राक्षसीको थ्यो नराम्रो र कुरूपको ॥
मध्यभाग छिनेको थ्यो रामको कटि हो जुन ।
त्यसको त्यो थियो किन्तु उडिल्लो पेटको पुनः ॥
यता श्रीरामका आँखा थिए ठूला मनोहर ।
डर्लाग्दा र नराम्रो थे ती दुवै त्यसका तर ॥
लामा केश थिए चिल्ला यता श्रीरामचन्द्रका ।
तिनै केश थिए किन्तु त्यसका लालरङ्गका ॥
रामको रूप देख्ता नै खिचिन्थ्यो मन भै प्रिय ।
त्यसको रूप देख्ता नै डर्लाग्थ्यो भइ अप्रिय ॥
गम्भीर र थियो मीठो स्वर श्रीरामचन्द्रको ।
गर्जन्थी अति डर्लाग्दो, त्यसको स्वर क्रूर थ्यो ॥
उमेर रामको राम्रो चढ्दो भर्खरको थियो ।
त्यसको त्यो थियो किन्तु डर्लाग्दो अति-बृद्धको ॥
गर्थे सरलता साथ कुरा श्रीरामचन्द्र यी ।
तर त्यो राक्षसी गर्थी निकै कुटिलता लिई ॥
न्यायोचित सदाचार पाल्थे राम भने यता ।
थी दुराचारिणी ज्यादै राक्षसी त्यो भने उता ॥

२६

२७

लाग्दथे राम हेर्दैमा अतिप्यारा निरन्तर ।
राक्षसीलाइ देख्तैमा हुन्थ्यो भित्र घृणा तर ॥
रामलाई वहाँ देख्ता अब त्यस्ता प्रकारका ।
त्यसै मोहित भै हाली राक्षसी काम बाट हा ! ॥
धर्न सक्थी भने जस्तो रूप, त्यो राक्षसी अनि ।
परी अघि भई राम्री राम साथ यसो भनी ॥
को हौ तिमी तपस्वीको रूपमा छौ विभूषित ।
शिर माथि जटा-भार शोभिंदो छ मजैसित ॥
देखिन्छिन् साथ यी पत्नी हातमा धनु बाण छ ।
अहो ! यो ठाममा आयौ किन, के काम गर्नु छ ? ॥
यहाँ राक्षस छन् धेरै, उनकै चल्छ रध्वज ।
काम आउनु पर्ने के भन सत्य ममा सब ? ॥
शत्रुलाई दिने ताप शक्तिमान् वीर राम यी ।
यसरी सोधिई हाले राक्षसी बाट त्यो पछि ॥
हुँदा बुद्धि सफा सोझो अब शूर्पणखाकन ।
भए जत्ति कुरा आफ्नो भन्न लागे रघूत्तम ॥
सुन ! राजा दशरथ भै बक्सिन्थ्यो महान् गुणी ।
जसमा शक्ति थ्यो ज्यादै देव-तुल्य-पराक्रमी ॥
हूँ राजर्षि-उहाँकै म जेठो छोरो, मलाइ त्यै ।
जनता जान्दछन् सारा भनी राम, छ नाम यै ॥
यी कान्छा भाइ हुन् मेरा नाम लक्ष्मण हो चिन ! ।
मेरै हित-भलो गर्छन् मान्छन् आदेश यी पुनः ॥
यी मेरी धर्मपत्नी हुन् विदेहनृपकी सुता ।
सीता हो यिनको नाम छन् प्रसिद्ध जताततो ॥
सुन ! मेरा दशरथ बुवा राजर्षिको तथा ।
ती कैकेयी मुमाज्यूको आज्ञाको वशमा हुँदा ॥
इच्छाले धर्म-रक्षाको धर्म थाम्न भनी म ता ।
यहाँ यो वनमा आएँ यहीं बस्छु निकै म ता ॥
भन लौ अब को हौ है ! तिमी आफूकनै पनि ।
छोरी हौ कसकी-पत्नी ? जान्न खोज्दछु यो पनि ॥
यस्ता राम्रा हुने अङ्ग तिमीलाइ त ठान्छु मै ।
रूप धर्ने भने जस्तै राक्षसी हौ भनी कुनै ॥
कुन त्यस्तो पऱ्यो काम किन आयौ तिमी यहाँ ? ।
ठीक ! ठीक ! तिमी सारा भन सोधे सरी ममा ? ॥

४३

४४

मनोहर कुरा यस्ता सुन्दा श्रीरामचन्द्रका ।
राक्षसी भित्र भै हाली कामले अतिपीडिता ॥
भन्छे अनि यसो-राम ! तिमीमा म सबै कुरा ।
ठीक ठीक यहाँ भन्छु सुन ध्यान दिई पुरा ॥
सुन ! शूर्पणखा मेरो नाम हो, हुँ म राक्षसी ।
लिन सक्छु म चाहेको रूप आफ्नो यहीं बसी ॥
काँप्तछन् डरले मेरो सब प्राणीहरू यहाँ ।
दण्डकारण्यमा घुम्छु म एक्ली नै जहाँ-तहाँ ॥
दाजु रावण हुन् मेरा छन् उनी बलवान् अति ।
स्वामी राक्षसका हुन् ती त्रैलोक्यभर छन् जति ॥
विश्रवामुनिका छोरा वीर रावण हुन् उनी ।
सुनेका नै हुँदै हौला उनको नाम त्यो पनि ॥
छन् अर्का भाइ ती मेरा कुम्भकर्ण महान् बली ।
निद्राले यिनमा पर्छ घडी-घडी बढी-बढी ॥
हो कान्छा भाइको नाम विभीषण परन्तु ती ।
धर्मात्मा छन् , छँदैछैन चेष्टा राक्षसको रति ॥
छन् अर्का दुइटा भाई खर, दूषण यी पनि ।
छ पराक्रम विख्यात यिनको रणमा पनि ॥
बुझ्यौ राम ! सबै भाईहरूमा यी म वस्तुतः ।
छु शक्तिशालिनी ज्यादै बलिई पनि छु स्वतः ॥
पहिले कहिले मैले तिमी जस्तो नरोत्तम ।
मान्छे थिइन देखेकै यस्तो राम्रो मनोरम ॥
यस कारणले राम ! आएकी हुँ यहाँ म त ।
पति पार्न तिमीलाई भित्र प्रेम बढी स्वतः ॥
अनुराग तथा ऊँचो भावले र प्रभावले ।
म छु सम्पन्न ए राम ! छु पूर्ण बल-शक्तिले ॥
ममा फेरि छ यो शक्ति मैले चाहें भने सुन ! ।
सम्पूर्ण लोकमा राम ! सहजै घुम्न सक्छु म ॥
निकैको निम्तिमा तस्मात् मेरो पति तिमी बन ।
के गर्छौ लिइ यी सीता, मोज के भेट्तछौ भन ? ॥
विकार यिनमा नाना देखिन्छन्, छन् कुरूप यी ।
तिमी लायककी छैनन् तसअर्थ अवश्य यी ॥
म छु लायककी राम ! तिमीलाइ सुहाँउदी ।
यता मतिर लौ हेर ! पत्नीको प्रिय-दृष्टि दी ॥

६०

६१

छन् मेरो दृष्टिमा सीता असती र कुरूपकी ।
घुतेको पेटकी छन् र डलाग्दो पनि छन् अति ॥
यस्ती यी मानुषीलाई यी तिम्रा भाइ लक्ष्मण ।
साथमा सजिलै राम ! अहिल्यै निलिहाल्छु म ॥
घुमौला अनि पो मेरो साथ कामी भई तिमी ।
दण्डकारण्यमा यस्तो धोको मेट्लाउ है तिमी ॥

६३

६४

हेरौला फेरि यी नाना गिरिका टाकुरा तिमी ।
नाना प्रकारका राम्रा घुमौला वनमा तिमी ॥
ककुत्स्थकुलका रत्न रघुनन्दन राम यी ।
त्यस शूर्पणखाद्वारा यसरी भनिए पछि ॥
हाँसे र्आन मजै साथ कुरा गर्न सिपालु भै ।
भन्न लागे हुने राता आँखा त्यो राक्षसी सँगै ॥

६६

इति सत्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठारौं सर्ग

शूर्पणखाको नाक, कान काट्नु

१

परेर कामको पाशो बाँधिएकी थिई उता ।
त्यो राक्षसी, स्वयं राम भन्थे गिज्जिइँदै यता ॥
भनाइ रामको फेरि थियो मीठो र सुन्दर ।
उता मुसुक हाँस्ता झन् हर्ष्यो मन पनी स्थिर ॥
मात्र लायककी देवि ! अहा ! मेरो विवाह ता ।
भै सकेको छ, यी पत्नी छँदै छन्, छन् निकै प्रिया ॥
स्त्रीको निम्ति तिमी जस्तो, छ असह्य यही कुरा ।
सौता छन्, जुन अत्यन्त दुःखदायी हुनेछ हा ! ॥
यी कान्छा भाइ हुन् मेरा राम्रो शील-स्वभाव छ ।
लाग्छ हेर्दै पनी प्यारो छन् राम्रा कति हेर त ! ॥
पराक्रम तथा शक्ति यिनमा छ निकै उता ।
यिनको छैन सम्बन्ध कत्ति स्त्री-जातिमा यता ॥
अपूर्वगुण छन् फेरि यिनमा, तरुना तथा ।
प्रिय लाग्ने पनी छन् यी, खोज्दछन् स्त्री कुनै यता ॥
देवि ! यो रूपको तिम्रो योग्य-लायकको अति ।
हुनेछन् पति यी ठीक सुहाँउदछ यै अति ॥
पतिको रूपमा तस्मात् मेरा भाइ यिनैकन ।
ए ठूला नेत्रकी देवि ! लौ राम्रै गर सेवन ॥
भई निर्भय सौताको डर बाट तिमी अये ! ।
गरे सुमेरुको सेवा गरेझैं सूर्य-कान्तिले ॥
यसरी रामले भन्दा राक्षसी जुन त्यो थिई ।
कामले पिरिएकी र ढाल्छ जस्तै भई गई ॥
रामलाइ त्यहीं छोडी गै लक्ष्मण भएतिर ।
सोध-खोज न भै कत्ति भनी बसि अघिल्तिर ॥
सुन लक्ष्मण ! यो तिम्रो रूपको योग्यकी छु मै ।
छु सुन्दरी पनी तस्मात् तिम्री पत्नी म हुन्छु नै ॥

१४

सुन ! पत्नी बनाएमा मलाई सुखपूर्वक ।
घुमौला दण्डकारण्य एक एक गरी सब ॥
राक्षसीले यसतो भन्दा मुस्कुराए उनी निकै ।
त्यसलाइ भने यस्तो कुरा गर्न सिपालु भै ॥
हुने कमलकै जस्तो देहको वर्ण सुन्दरी ! ।
लौ वित्यास पर्‍यो ओहो ! यस माथि नजर् परी ॥
म त ती दाजुको यौटा कमारै हुँ, त्यसैकन ।
पतिको रूपमा रोजी कमारी बन्दछयौ किन ? ॥
श्रीराम दाजु हुन् मेरा छन् सँधै पूज्य-मान्य ती ।
तिमी नै भन लौ देवि ? के गरूँ छु म ता वशी ॥
ए ठूला नेत्रकी ! देवि यो तिम्रो रूप-रङ्ग ता ।
उनै लायक देखिन्छ अतिनिर्मल भै सफा ॥
मेरा दाजु उता फेरि छन् सम्पन्न पनी अति ।
ऐश्वर्य-शक्ति छन् सारा छैन कम्ती कुरो कति ॥
तस्मात् अब यिनै साथ गएर उनकी तिमी ।
वन कान्छी प्रिया देवि ! हुने छयौ सुखिनी अति ॥
अैलेकी उनकी पत्नी विरूपा असती तथा ।
बृद्धा अति,-कराला छन् सुतेको पेटकी यता ॥
तिमी पाए भने यस्ती ती मेरा दाजु-रामले ।
छोड्दिनेछन् उनीलाई यै तिम्रो दृढप्रेमले ॥
तिमी नै भन ए सारा अङ्ग राम्रा हुने शुभे ! ।
छोड्न सक्ने तिमीलाई को होला बुद्धिमान् त ए ! ॥
अति राम्रो हुने रूप तिमीकन त्यजेर को ।
मर्ला मनुष्य-कन्यामा भन गर्ला र प्रेम पो ? ॥
उडिल्लो पेटकी त्यस्ती डर्लाग्दो क्रूररूपकी ।
राक्षसी भनिई यत्ति वीर लक्ष्मण बाट ती ॥

२७

त्यसले अब भन्ठानी साँच्चै, होला नि ! त्यो कुरा ।
न जान्दा ख्याल-ठट्टा र तथा गिज्जिइने कुरा ॥
अनि त्यो पर्णशालामा बस्ने सीता सँगै लिई ।
साक्षात् राम भए ठाम फेरि आइ पुगी गई ॥
दुष्ट शत्रु सबै मार्ने आँट्न गाह्रै हुने तथा ।
राम साथ भनी हाली कामले ढाल्छ झैं हुँदा ॥
भन राम ! गन्यौ के यो ! विरूपा असती अनि ।
सुतेको पेटकी वृद्धा कराला छ प्रिया भनी ॥
यसैको लिइ आधार तिमीले यसरी हकि ? ।
मेरो ख्याल गरेनौ क्यै, टेरैनौ तुच्छ संम्झिई ॥
अब हेर त ! यो सीता दुष्टिनी मानुषीकन ।
हेर्दा-हेर्दै तिमीले म निलिहाल्छु मजै सँग ॥
न भए पछि यो सौता अनि यो सुखपूर्वक ।
तिमी साथ म घुम्नेछु भएरै ढुक्क दण्डक ॥
भनेर यत्ति आगाको फिलिङ्गो ठीक नेत्रकी ।
राक्षसी झोक्किंदै दौडी सीता निल्ने विचार ली ॥
रोहिणी नाम तारामा ठूलो उल्का खसे सरि ।
मृगाक्षी जानकी माथि जाइ लागी रिसै गरी ॥
यसरी आइ लागेकी मृत्युकै पाश ठीककी ।
त्यल्लाई रोक्दिए ट्याप्प समाती रामले बली ॥
अनि अल्लि रिसाएर भने लक्ष्मणमा यसो ।
देख्यौ बाबु ! भयो कस्तो अन्त यो परिहासको ? ॥
यी दुष्ट-कर्म गर्ने हुन् क्रूर हुन्, हुन् अनार्य यी ।
यस्ता संग हुँदैहुन्न गर्नु ठट्टा पनी कति ॥

३८

३९

सुमित्रा प्रिय ए बाबु ! देख्यौ त परिणाम यो ।
बाँचिन् भाउजु सीता यी भाग्यले नै कसो कसो ? ॥
दुष्ट हो यो, कुरूपा छ, कुलटा हो छ मत्त यो ।
उडिल्लो र खसेको छ यसको पेट हेर ! त्यो ॥
यो क्रूर राक्षसीलाई तसअर्थ तिमो अब ।
अङ्ग-हीन विरूपैकी बनाऊ श्रेष्ठ छौ जब ॥
दाजु श्रीरामको यस्तो शुभ आज्ञा मिले पछि ।
भाइ लक्ष्मणमा क्रोध बढी गो उग्ररूप ली ॥
अनि खड्ग झिकी आफ्नो बलीया उनले बढी ।
नाक, कान दुवै काटे त्यसको, दाजुकै अघि ॥
काट्दिंदा त्यसरी आफ्ना नाक, कान दुवै यता ।
चिच्याई राक्षसी साह्रै वन थर्काउँदै उता ॥
अनि खप्न न सक्तामा कराई जोडले अति ।
आए जस्तै गरी भागी अब झन् उग्ररूप ली ॥
लिने अत्यन्त डर्लाग्दो विकराल-स्वरूप त्यो ।
त्यो राक्षसी भई हाली रगताम्य शरीरको ॥
रुन्थी चिच्याँउथी झिक्थी अनेकौं स्वर जोडले ।
झिके झैं मेघ-मालाले वर्षामा आफ्नु शक्तिले ॥
देख्तैमा पहिले भन्दा झन् भयानक त्यो भई ।
अनकन्टारको त्यस्तो वन भित्र पसी गई ॥
त्यसले तर जाँदामा आफ्नो बाटो भरी सबै ।
काटेका अङ्गद्वारा यी रक्त-धारा त्यजी निकै ॥
नराम्रा र उडिल्ला ती आफ्ना हात दुवै यता ।
जान्थी माथि उठाएर रुँदै चिच्याँउदै उता ॥

५०

५१

काटी दिंदा नाक र कान राक्षसी विरूपिई हा ! त्यसरी न राम्ररी ।
दौड्दै गई दाजु थियो जहाँ खर त्यही जनस्थानतिरै सरासर ॥
वहाँ पुगी उग्र-स्वरूप-तेजको त्यो दाजुको राक्षसबाट घेरिंदो ।
पछारिई गै अघि, भै धरा भरी आकाश बाटै विजुली गिरे सरी ॥
त्यो राक्षसी शूर्पणखा बढी भय होशै उडे झैं थिइ, मोह भै दृढ ।
शरीर सारा त्यसको अती भई थियो भिजेको रगतै चुही-चुही ॥
त्यो दाजुलाई त्यसले भनी अनि श्रीराम आए वनबीच यो भनी ।
पत्नी छ सीता संग भाइ लक्ष्मण गर्छन् दुवै यी उनकै सुसेवन ॥

५४

CC-0. In Public Domain. Digitization by eGangotri

५५

काटी दिए नाक र कान हेर यी ! विरूप पारे उनले मलाइ यी ! ।
भनी कुरा यी खरलाइ दाजु यो सारा सुनाई पछि हाल-चाल त्यो ॥

इति अठारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उराडयिसौं सर्ग

शूर्पणखाले दाजु खर सँग आफ्नो नाक–कान काटेको हाल बखान्नु

१

खर-राक्षसले देख्यो अब शूर्पणखाकन ।
रागवान्य भएकी त्यो थी आफ्नी बहिनी जुन ॥
त्यस्तो विरूप पारेको देख्तैमा क्रोधले खर ।
चूर भो, रन्किशो ज्यादै सोध्यो चर्कै गरी स्वर ॥
भन् ए शूर्पणखा ! चाँडै जो जो भो घटना सब ।
होशमा आ ! ल उठ् भैगो ! छोड्दै हड्बड यो अब ॥
सबै राम्रो गरी भन् तँ कसरी कसले किन ।
विरूप यसरी पाऱ्यो तँलाई हेतुले कुन ? ॥
अघि आइ भई चूप बस्ने निरपराधको ।
चर्को विष भएको कै कालो सर्पकनै अहो ! ॥
खेलायो कसले भन् त औंलाको अग्रभागले ।
बडो गजब भो ओहो ! सतायो खेलबाडले ? ॥
नाक, कान दुवै काटी तँ माथि हमला गरी ।
हरे ! विष पियो कल्ले चर्को हालाहलै सरी ॥
कसले कण्ठमा आफ्नो बाँध्यो हा! काल-पाश बा ! ।
भएन त्यसमा किन्तु मोहले कत्ति होश हा ! ॥
पीडा सम्पूर्ण प्राणीमा दिन निम्ति यहाँ तँ ता ।
स्वयं समर्थ थिस् बाबै ! यमराज सरी हुँदा ॥
तँमा थियो निकै फेरि पराक्रम तथा बल ।
सक्थिस् जताततै घुम्न आफ्नो इच्छा सरी तँ त ॥
रूप धर्न पनी सक्थिस् मन लागे सरी गरी ।
अति पाऱ्यो अवस्था यो कसले के कुरा परी ? ॥
लौ भन् अब छिटै नानी! तँ आइस् नै यहाँ किन ? ।
मैले गर्नु पऱ्यो त्यस्तो तेरो निम्ति कुरा कुन ? ॥
देव-गन्धर्व-भूतादि महात्मा ऋषि आदिमा ।
कुन हो त्यो ? कि अर्कै हो महान् वीर्य हुने यहाँ ? ॥

१३

१४

तँ मेरी बहिनीलाई जसले यसरी हरे ! ।
विरूपै पार्दियो ओहो ! काट्दिई नाक, कान ए ! ॥
म देख्तिन जगत्मा यो त्यस्तो जन कुनै पनि ।
गर्न सक्तछ जो मेरो अप्यारो क्यै कुरा पनि ॥
पाकशासन-देवेन्द्र सहस्राक्ष पनी ममा ।
गर्न ता साहसै यस्तो सक्तैनन् कहिल्यै यहाँ ॥
अपराध तँमा यस्तो गर्नेको बहिनी ! अब ।
शरीर बाट झिक्दिन्छु बाणले प्राण वास्तव ॥
प्राणघातक छन् बाण यिनैले जल साथको ।
दुद जत्तिझिकै जस्तो हाँसले झिक्छु हेर् ! म त्यो ॥
युद्धमा बाणले मेरा मर्मस्थान मरी घुसी ।
टुक्रा टुक्रा गराएर मारिएको स्वयं पछि ॥
कुन त्यो व्यक्तिको नानी ! तात्तातो फींज साथको ।
रगतै धोक्न खोज्छिन् यी पृथिवी पनि ता अहो ! ॥
मारेको रणमा मैले व्यक्तिको कुन त्यो अब ।
लुछी शरीरको चौटा खालान् पक्षी मिली सब ? ॥
जसलाई म ए नानी ! खिंचुला युद्ध-भूमिमा ।
सक्ने छैनन् कुनै व्यक्ति त्यल्लाई रक्षिनै यहाँ ॥
आओस् न राक्षसै अर्को आओस् चर्को पिशाच कै ।
आओस् गन्धर्व वा देव सक्लान् रक्षिन के त्यसै ? ॥
विस्तारै होशमा आ ! भो! ए प्यारी बहिनी ! अब ।
कुन त्यो व्यक्ति हो भन् लौ ! बुझाएर कुरो सब ॥
जुन त्यो व्यक्तिले उल्लू भइ उद्दण्ड उद्धत ।
वनमा हमला गर्दै यसरी जितिइस् तँ त ? ॥
सुनी शूर्पणखाले यो दाजु त्यो खरको कुरो ।
तोरीको फूल देखेर भनेको क्रोधले बडो ॥

२६

४७

झारी बररर आँसु नेत्र बाट झरी सरि ।
अब शूर्पणखा लागी खरमा भन्न राम्ररी ॥
मनुष्य दुइटा दाजु ! आएका छन् यहाँ सुन ! ।
उमेर उनको चढ्दो भर्खरैको छ है गुन !॥
दुवै हेरिरहूँ जस्ता राम्रा छन्, सुकुमार छन् ।
बलमा शक्तिमा सम्म छन् महान् र अतुल्य छन् ॥
दुइकै नेत्र छन् ठूला फक्रेका पद्म-तुल्यका ।
दुवैले पैह्रिएकाछन् वस्त्र चीर र चर्मका ॥
फलमूलहरू खान्छन् छन्, जितेन्द्रिय ती दुवै ।
ब्रह्मचारी तपस्वी छन् हुन् भाइ-भाइ यी दुवै ॥
महाराज दशरथका छोरा हुन् दुवै सुन ! ।
यी दुवै भाइको नाम राम, लक्ष्मण, हो चिन ॥
गन्धर्वराज जस्तै छन् यी दुवै भाइ वास्तव ।
यिनमा श्रेष्ठ-राजाका गुण-लक्षण छन् सब ॥
देव दानव के पो हुन् यी दुवै भाइ दाजु ! म ।
ठमाएर कुनै राम्रो अड्कलै गर्न सक्तिन ॥
यी दुवै भाइको बीच यौटी भर्खरकी ठिटी ।
देखिएकी थिई दाजु ! निकै राम्री हुँदी छिटी ॥
गहनाहरू थे टन्न त्यसका अङ्गमा उता ।
चिनो थियो झिनो पेट शोभिएकी निकै यता ॥
त्यसैको निम्तिमा दाजु ! ती दुवैले मिली हरे ! ।
अनाथ-असतीको झैं मेरो यो दुर्दशा गरे ॥
त्यस्तो कुटिल आचार भएकी त्यसको अनि ।
ती दुवै भाइको, हत्या गरी हाल छिटै तिमी ॥

४८

४९

अनि गै म छिटै दाजु ! संग्रामस्थलमा त्यही ।
तात्तातो फीँज साथैको रक्त धोक्छु भए जति ॥
ठूलो र पहिलो इच्छा छ मेरो लौ पुऱ्याउ यो ।
रणमा रगतै धोक्छु त्यो स्त्रीको, दुइ-भाइको ॥
वैनी शूर्पणखाले त्यो अब यत्ति भने पछि ।
खर चूर भई हाल्यो क्रोधले झोक्कियो अति ॥
अत्यन्त बलिया साक्षात् यमराज समानका ।
चौधोटा राक्षसैलाई दियो आदेश यो तदा ॥
जाओ ए वीर हो ! अैल्ये अनकन्टार उग्रको ।
वन दण्डक-भित्रै यो पसेछन् दुइ मर्त्य पो ॥
ती दुवै शस्त्र धर्छन् रे मृगचर्म र वल्कल ।
बनाइ वस्त्र बेर्छन् रे, छ अरे साथ स्त्रीतक ॥
तिमीहरू वहाँ जाओ पहिले ती दुवैकन ।
मारी हाल र सिध्याओ त्यो दुराचारिणीकन ॥
अनि यो बहिनी मेरी हो जो शूर्पणखा प्रिया ।
धोक्छे रे रक्त तात्तातो ती तीनै जनको तदा ॥
वैनी शूर्पणखाको यो छ धोको मनको प्रिय ।
पुऱ्याओ अब गै चाँडो लगाओ शक्ति त्यो सब ॥
मारिएका तिमीबाट ती दुवै भाइ युद्धमा ।
देखे पछि यता होली खुश यो बहिनी यहाँ ॥
अनि पो सजिलै साथ भइ मग्न र मस्त यो ।
तिनका जिउको बग्दो धोक्ली रगत जाउ, भो !॥
बोकेका खरको आज्ञा चौधै राक्षस दौडिए ।
भै मेघ ठीक हावाले साथ शूर्पणखा लिए ॥

५०

५१

अत्यन्त नै क्रूर र उग्र-शक्तिका भए पनी दुष्ट निशाचरादि ता ।
लछार्न केही पनि रामचन्द्रको सक्तै सकेनन् उनले वहाँ अहो !॥
अत्यन्त चर्को अति शान्त तेज त्यो बलीरहेको प्रभु रामको थियो ।
सक्लान् वनैया गजले लछार्न के आगो डँढेलो भइ चर्किए, बढे ॥

५२

इति उणडयिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बीसौं सर्ग

चौध राक्षसको संहार

१

देख्तैमा अति डर्लाग्दी आई शूर्पणखा अब ।
त्यो पुण्याश्रममा साक्षात् रामको जो थियो शुभ ॥
सीताका साथ-साथैमा राम-लक्ष्मणको पछि ।
दिई परिचयै त्यल्ले चौधै राक्षसलाइ ती ॥
सब राक्षसले देखे रामलाइ महान् बली ।
भित्र त्यो पर्णशालामा बसेका सुख-शान्ति ली ॥
उनको साथ थिन् सीता प्रिय-पत्नी यतातिर ।
भाई लक्ष्मण ती गर्थे सेवा नित्य निरन्तर ॥
देखे शूर्पणखालाई तेजस्वी रामले अनि ।
त्यसको साथ आएका ती राक्षसकनै पनि ॥
बलेका तेजले धप्प प्रिय लक्ष्मण–भाइमा ।
भन्दछन् अनि श्रीराम स्नेहले यसरी वहाँ ॥
सुमित्रासुत ! ए बावु ! तिमी एक छिनैतक ।
सीता–भाउजुको साथ बस है ! भै सहायक ॥
गर्न मद्दत आएका राक्षसीका पछि पछि ।
यी राक्षसहरूलाई म मार्दिन्छु भए जति ॥
आत्माको तत्व-शक्त्यादि बुझेका दाजु–रामको ।
सुनी यस्तो शुभादेश खुश लक्ष्मणमा भयो ॥
प्रशंसा यसको राम्रो गरी मनमनै अनि ।
शिरोपर गरे आज्ञा, हवोस् गर्छु त्यसै भनी ॥
यता श्रीरामले चाँहि तुरुन्तै स्वर्णभूषित ।
विशाल धनु त्यो आफ्नो ली हाले हातमा स्वतः ॥
चढाइ त्यसमा ताँदो मजासित स्वयं डटी ।
भने श्रीरामले हेर्दै चौधै राक्षसलाइ ती ॥
हामीहरु दुवै भाइ अब राक्षस हो ! सुन ! ।
छोरा साक्षात् दशरथ-राजाको हौं भनी चिन ! ॥

१३

१४

राम-लक्ष्मण हो नाम सीतालाई लिई यहाँ ।
दण्डकारण्यमा आयौं अप्ठ्यारो हिंड्न बस्नमा ॥
तपस्या गर्दछौं हामी धर्दछौं ब्रह्मचर्य यो ।
फलमूलहरू खान्छौं रोक्छौं इन्द्रिय-वेग त्यो ॥
बस्न सम्म बसेका छौं यो दण्डक-अरण्यमा ।
यस्ता हामीहरूलाई तम्सेका किन मार्नमा ? ॥
हौ तिमीहरू ता पापी गर्छौ निरपराधका ।
ऋषिमा मुनिमा पाप अपराध यहा सदा ॥
तस्मात् म उनकै आज्ञा शिरोपर गरीकन ।
धनुर्बाण लिई आएँ यहाँ मार्न तिमीकन ॥
ए निशाचर हो ! हुन्छ ! लर्डा मर्दा लडाइँमा ।
क्यै सन्तोष तिमीलाई भने, बस तिमी यहाँ ॥
नभाग है त ! वा त्यस्तो डरै लाग्छ भने पनि ।
भागी हाल यहाँबाट प्राण राख्छौ भने तिमी ॥
थिए ब्राह्मण मारेका कैयौं राक्षसले यिनै ।
लिएका थे यता आफ्नो हातमा अस्त्र शूल नै ॥
भै सकेका थिए राता उनका नेत्र क्रोधले ।
हाहा ! गर्थे र उफ्रन्थे दृङ् पर्थे, उग्र, क्रूर थे ॥
बल-शक्ति थियो कस्तो रामको ! सब जान्दथे ।
प्यारो र मधुरो बोली बोल्दथे राम, ताड्दथे ॥
कुरा श्रीरामका यस्ता अब ती दुष्टले सुने ।
रिसले चूर भै हाले जम्जमाई यसै भने ॥
छन् ठूला देहका हाम्रा स्वामी खर उनैकन ।
यस्तो रिस उठाएर के उम्कन्थ्यौ तिमी? सुन ! ॥
बरु उल्टो लडाँईमा हाम्रा यी अस्त्र-शस्त्रले ।
हानिई मारिंदामात्र छोड्नेछौ आफ्नु प्राण ए ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मुख फुङ्ग उडेकोथ्यो त्यो वेला त्यसको यता ।
रुन्थी आँसु पनी झार्थी निकै चिच्याँउथी उता ॥
छोडेका हातले ह्राम्रा शूलले परिघादिले ।
तथा पट्टिशलेसम्म वञ्चिदा गइ जोडले ॥
छोड्नेछौ धनुको साथै समातेको वलैसित ।
बल-वीर्य तिमी आफ्नो प्राणै पनि मजैसित ॥
भनी यत्ति निकै झोक्की चौधै राक्षस ती अब ।
दौडे, रामतिरै झम्टे, उठाई खड्ग आयुध ॥
रघुका कुलका रत्न राममा उनले सब ।
जित्न गान्है थिए जो यी शूल फ्याँकि दिए तव ॥
चौधोटै शूललाई यी बीचमै तर रामले ।
जडेका सुन चौधोटै बाण छोडेर काट्दिए ॥
महान् तेज हुने यस्ता रघुनन्दन राममा ।
बढी गो क्रोधको मात्रा अब यत्ति हुँदा वहाँ ॥
यता आँखा परी हाल्यो सूर्यझैं चम्किला तथा ।
ढुङ्गामा साँध लाएका बाणमा तीक्ष्णरूपका ॥
धनु आफ्नो उठाएर त्यसैमा बाण राखि ती ।
छोडे ताकी तिनैलाई इन्द्रले वज्रझैं गरी ॥
यी चौधै बाणले छेडे हुरिँदै गइ वेगले ।
चौधै राक्षसका छाति रामकै बाण जो थिए ॥

३६

३७

छौं हामीहरू ता घेरै छौं तिमी एक्लै यता ।
बल-शक्ति छ के तिम्रो यी हाम्रो अघि पर्न ता ? ॥
यस हालतमा सक्छौ कसरी रणभूमिमा ।
टिक्न, हामीँ सँगै लड्न ? छोड भो यी कुरा यहाँ ॥
रगताम्य भई सारा मुछिई त्यसमै पछि ।
बल्मीक बाट निस्केझैं सर्प, निस्के लडे पछि ॥
यता राक्षस यी सारा बाणले छाति छेडिंदा ।
भैंमै पछारिए डङ्ग रुख झैं मूल काटिंदा ॥
रगतैमा नुहाएका थिए यी सबले तव ।
झन् डर्लाग्दो भयो रूप मरे अव त्यसै सव ॥
यता शूर्पणखाले हा ! देखी यो चाल अद्भुत ।
पृथ्वीबीच लडेका ती चौधै राक्षसलाइ त ॥
क्रोधले रन्किई सान्है परी मूर्छैं पनी पछि ।
सुक्यो रक्त बहेको त्यो नाकको कानको अघि ॥
दौडिंदै त्यो पुगी हाली अब होश भए पछि ।
खर दाजु भए ठाम फेरि आर्त भई अति ॥
खोटोले च्याप्प पारेको बेन्हेको लहरा सरी ।
यो भएकी थिई, डङ्ग पछारिइ अघी परी ॥
थालि हाली अनी त्यल्ले गर्न कोकोहलो वहाँ ।
दुःखले भित्र पिर्दामा थर्काई बन अन्तमा ॥

४६

४७

त्यो युद्धमा बाण बिझेर रामका मरी लडेका सबलाइ देखि हा ! ।
असह्य भै शूर्पणखा त्यसो गरी आई वहाँ दौडिइ डङ्ग भै लडी ॥
जो मृत्यु भो राक्षस- वीर चौधको एकेक खोलेर समस्त हाल त्यो ।
वहाँ सुनाई खर- दाजुमा पुनः यो राक्षसीले बहिनी थिई जुन ॥

४८

इति बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक्काइसौं सर्ग

शूर्पणखाले खरलाई लड्नको निमित्त उचाल्नु

१

देख्यो त्यो खरले फेरि लडेकी अघि भूमिमा ।
अनर्थ गर्न आएकी बहिनीकन यो वहाँ ॥
रिसले चूर भो साह्रै भन्यो स्पष्ट सजैसित ।
रुखो बोली गरी यस्तो अनि शूर्पणखासित ॥
बहिनी ! फेरि आइस् तँ ? तेरो गरुँ भनी प्रिय ।
मैले अघि पठाएँथें तँ साथै चौध राक्षस ॥
मान्छेकै मासु खान्छन् ती छन् निकै शूर-वीर ए ! ।
गर्छन् आज्ञा दिए जस्तै तँ रुन्छेस् किन फेरि ए ! ॥
भक्त छन् ती सबै मेरा गर्छन् हित भलो सँधै ।
मेरो निम्ति परे देखि मर्न तत्पर छन् सँधै ॥
कसैले मारिंदा नानी ! मारिन्नन् भवाट्ट ती त्यसै ।
मैले भने पछी, आज्ञा नाघ्नु ता छ असम्भवै ॥
अब फेरि पर्‍यो त्यस्तो कुन कारण भन् ममा ।
जस्ले गर्दा तँ कल्पन्छेस् भनी हा नाथ ! हा ! यहाँ ?॥
लड्दीछस् यसरी भैमा भई हा ! नागिनी सरि ।
हेतु भन् यसको नानी ! म सुन्छु सब राम्ररी ॥
संरक्षक हुँदैमा म स्वयं नाथ समानको ।
गर्छेस् अनाथ जस्तो भै किन फेरि विलाप यो ? ॥
ए प्यारी बहिनी ! उठ् भो लड्नु हुन्न यसो गरी ।
छोड् भो विकलता यस्तो हो यही क्लीबता सरी ॥
खरले यत्ति भन्दामा त्यसरी सात्वना दिई ।
आँसु पुछ्‍तै उठी बल्ल अब दुर्घर्ष राक्षसी ॥
भनी अनि यसो दाजु ! आएँ फेरि यहाँ किन ।
अहिले म सबै भन्छु तिमी ध्यान दिई सुन ! ॥
नाक, कान दुवै मेरा काँटिदा अघि रक्तले ।
भै चुर्लुम्ब म आएँथें सम्झाएथ्यौ प्रयत्नले ॥

१३

१४

प्यारो गर्न भनी मेरो तिमीले पछि वास्तव ।
भाइ लक्ष्मण साथैका रामको गर्न नै वध ॥
चौध राक्षसलाई जो थिए शूर र वीर ती ।
त्यो रणक्षेत्रमा दाजु ! पठाएका थियौ हकि ? ॥
शूल पट्टिश इत्यादि हथियार लिई सब ।
ती राक्षस गएकै हुन् क्रोधले चुर्रिई तब ॥
परन्तु रामले दाजु ! गर्न सम्म गर्‍यो वहाँ ।
मार्दियो ती सबैलाई बाण हानेर छातिमा ॥
बलीया वेगिला त्यस्ता चौधै राक्षसलाइ हा ! ।
पसारो पार्दियो त्यल्ले भूमिमा छिनमै वहाँ ॥
रामको काम यो देख्दा शोच्ता विक्रम रामको ।
मनभित्र पनि मेरो अब ठूलो डरै पस्यो ॥
यसअर्थ यहाँ आएँ डराएर निकै म ता ।
खिन्नताले पिर्‍यो फेरि छु उद्विग्न पनी यता ॥
डरको छाल उर्लेको खिन्नता-ग्राह नै हुँदो ।
विशाल-शोकको दाजु ! म डुबें सिन्धुबीच यो ॥
मेरो उद्धार गर्दैनौ ? गर्दैनौ के त रक्षण ? ।
हेर्दैनौ के तिमी कत्ति ती राक्षसहरूकन ? ॥
हेर ! ती मारिएका छन् रामका तीक्ष्ण बाणले ।
पसारो नै परेका छन् भै पृथ्वीभर हेर ए ? ॥
मेरै साथ गएका हुन् चौधोटै प्रिय राक्षस ।
मान्छेकै मासु खान्थे जो संझन्नौ भन के अब ? ॥
सुन दाजु ! ममा तिम्रो छ भने स्नेह वा दया ।
ती राक्षसहरू माथि माया-मोह अझै छ ता ॥
ए निशाचरका स्वामिन् ! रणमा राम साथ त्यो ।
लड्न सक्ने भए बूता तिमीमा शक्ति योग्यको ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

के हेर्छौं ? हिंड लौ चाँडै पिर्ने राक्षसलाइ यी ।
दण्डकारण्यमा बस्ने मार रामकनै बढी ॥
अमित्र त्यसका हाम्रा मित्र राक्षसलाइ यी ।
मार्ने त्यो रामलाई नै मार्दैनौ त तिमी गई ॥
भने देखि सुनी हाल म तिम्रै अघि वास्तव ।
निर्लज्ज भै सकेकी छु छोड्दिन्छु प्राण यी सब ॥
शोचेर बुद्धिले दाजु ! मैले ठहर यै गरें ।
रणमा टिक्न सक्तैनौ अघि राम पऱ्यो भने ॥
हो ! म मान्दछु ज्यादै नै बलीया छौ तिमी तर ।
त्यो राम छ तिमी भन्दा बलीयो अति,-दुर्धर ॥
हूँ शूरवीर भन्ठान्छौ छैन क्यै शौर्य वीर्य ता ।
निकै पराक्रमी मान्छौ झूठा हुन् तर यी कुरा ॥
राम लक्ष्मण हुन् दाजु ! दुवै जाबा मनुष्य ती ।
परन्तु मार्न सक्तैनौ, शक्ति नै छैन क्यै कति ! ॥

३३

३४

राम साथ गई लड्ने, अड्ने शक्ति र तेज क्यै ।
छ भने लौ गई मार समराङ्गणबीच त्यै ॥
ए निशाचरका स्वामिन् ! तिमी कुल-कलङ्क हौ ! ।
छोड दण्डकमा बस्न, यहाँ टिक्न अयोग्य छौ ॥
तिमीमा बल, बूता क्यै छैन काँतर हौ तिमी ।
छोडी हाल जनस्थान छिटै बन्धु संगै तिमी ॥
रामका शक्तिको झम्टा पर्दामा भै पराजित ।
चाँडै नै अब पक्का नै मरी हाल्छौ तिमी स्वतः ॥
त्यो राम हो दशरथ-राजाको पुत्र योग्यको ।
तेजिलो छ निकै फेरि जित्न मुस्किल नै छ जो ॥
भाइ लक्ष्मण त्यो फेरि छ महान् बल-वीर्यको ।
नाक, कान दुवै मेरो जसले काट्दियो अहो ! ॥
थियो शूर्पणखाको यो पेट यौटा गुफै सरी ।
गर्न सम्म गरी जल्ले यी विलाप थरी-थरी ॥

४०

४१

असह्यपीरले पिर्दो भित्र भै दुःखिता अति ।
पछि मूर्च्छै परी हालो रूँदा छाति पिटी पिटी ॥

इति एकाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाइसौं सर्ग

खरको तयारी एवं श्रीराम सँग लड्न जनस्थानबाट पञ्चवटीतिर जानु

१

खर शूरो थियो साह्रै बहिनी बाट त्यो तर ।
भनियो यसरी हेला गरिई ठीक काँतर ॥
थियो राक्षसका बीच वसेको खर त्यो सब ।
कडा चर्को झिक्यो वोली भन्यो यस्तो कुरा अब ॥
अपमान भयो तेरो फेरि आइ भनिस् ममा ।
त्यल्ले क्रोध बढ्यो चर्को भै असह्य शरीरमा ॥
भएँ खप्नै न सक्ने म चर्कियो क्रोध वास्तव ।
घाउमा नुनिलो पानी छर्कें ठींक भयो अव ॥
सुन् ए शूर्पणखे ! आफ्नो बलले वीर्यले गरी ।
क्यै गन्दिन म त्यल्लाई राम हो भुसुनो सरि ॥
आयु क्षीण भएको त्यो हो यौटा तुच्छ मानिस ।
जो आफ्नु अपराधैले प्राण छोड्नेछ आज त ॥
न रो तँ अव भो बाबा! भो! भो!! आँसु न झार् अव ।
न डरा ! हड्बडै, कत्ति गर्नु पर्दैन वास्तव ॥
भाई-लक्ष्मणकै साथ म स्वयं रामलाइ त्यो ।
बुझिस् ! पठाइ हाल्नेछु घरमा यमराजको ॥
तँ आजै पिउलिस् बाबै ! तात्तातो रक्त रामको ।
बञ्चरोले छिनालेमा लडेमा भूमिबीच त्यो ॥
सुनी शूर्पणखाले यो खरका मुखका कुरा ।
अनि दङ्ग परी हाली भित्र ढुक्क भई पुरा ॥
अब राक्षसमा श्रेष्ठ खर त्यो आफ्नु दाजुको ।
प्रशंसा गर्न पो लागी मूर्ख्याँई-वश भै अहो ! ॥
बहिनी राक्षसीले त्यो धिक्कार पहिले गरी ।
प्रशंसा गरियो फेरि खर यो पछि राम्ररी ॥
कड्किएर भन्यो त्यल्ले सेनापतिकनै अव ।
नाम दूषणको भाई त्यसको जो थियो तव ॥

१३

१४

राम्रो बानी भएको छस् ए सेनापति ! सुन् यता ।
तुरुन्तै ठिक्क पार् सेना हुन् है ! चौधै हजार ता ॥
गर्ने मैले भने जस्तै हुन् सबै भक्त रक्त र ।
हुन् उग्र वेगका फेरि सब राक्षस दुर्धर ॥
गए पछि लडाँईंमा न भागुन् न हटुन् पछि ।
सब आनन्द मान्ने हुन् मार्नैमा लोक-जीव यी ॥
मेघकै रँगका ठीक काला नीला हउन् सब ।
पार भन् तयार, जो हुन् ती लड्ने उत्साहपूर्वक ॥
तुरुन्तै रथ त्यो मेरो यहाँ ले ! भन् र ठिक्क पार् ।
हथियार भए जत्ति त्यसैमा तँ लगेर सार् ॥
हाल् धनुर्बाण यो मेरो तलवार र खड्ग यी ।
नाना शस्त्रास्त्र हुन् तीखा राख! भन् शक्ति पनी लगी॥
सुन् ए ! लड्ने कला जान्ने! म आफैं जान्छु युद्धमा ।
उद्दण्ड रामलाई त्यो मार्नकै निम्तिमा वहाँ ॥
पुलस्त्य-मुनिका वंशी डर्लाग्दा देह-रूपका ।
वीर राक्षसको सारा अघि हिंड्छु स्वयं मता ॥
यत्ति भन्दा न भन्दैमा त्यल्ले आज्ञा दिँदै अहो ! ।
रथ आइ पुगी हाल्यो यौटा ठूलो विशाल पो ॥
देदीप्यमान थ्यो राम्रो चम्किलो सूर्यझैं रथ ।
जोतेका वेस घोडा थे छिर्बिरे रंगका सब ॥
अब यत्ति हुना साथ रथ आइ पुग्यो भनी ।
दियो दूषणले चाँहि सूचना खरमा अनि ॥
सँम्झिई बहिनीको त्यो अपमान निरन्तर ।
भित्र झन् छर्पटाएको थियो डाह बढी खर ॥
विन्ती दूषणको सुन्दा गई त्यो रथमा चढ्यो ।
भुमेरु-गिरि हो जस्तो जुन अग्लो र भव्य थ्यो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पगालेको सुनै द्वारा वस्तु त्यो रथका सब ।
बनेकाथे सजेकाथे भै मनोहर वास्तव ॥
पाङ्ग्रा पनि थिए फेरि त्यसका सुनकै सब ।
वैदूर्य-मणिको राम्रो थियो कूबर शोभित ॥
सिंगार्न रथलाई त्यो सुनकै भव्य सुन्दर ।
बनेका राखिएकाथे माछाहरू मनोहर ॥
वृक्ष-पर्वत-पुष्पादि चन्द्र सूर्य पनि वहाँ ।
बनावट थिए राम्रो सजिएका स्वरूपमा ॥
शुभ-मङ्गलका पक्षी जत्ति छन् तिनले तथा ।
ती ताराहरूले सम्म शोभिन्थ्यो रथ त्यो यता ॥
ध्वजा फर्फर गर्दैथ्यो त्यसको पनि मास्तिर ।
भित्र शस्त्रास्त्रको साथै थियो निस्त्रिंश सुन्दर ॥
स-साना घुँघुँरा बज्थे भुण्डिएका ठ-ठाममा ।
जोतिएका थिए घोडा वेस ! वेस !! निकै जहाँ ॥
चढेर रथमा हेर्‍यो अब त्यो खरले यसो ।
आफ्ना सैन्यहरूलाई जुन ज्यादै विशाल थ्यो ॥
हथियार लिई, पैह्री कवचादि, रथै चढी ।
हिंड्न तम्सि सकेकोथ्यो सैन्य त्यो खड्ग, ढाल ली ॥
रथै बाट दियो आज्ञा त्यसले अनि सैन्य हो ! ।
भनेर सबलाई ती अगाडि बढ्न भै छिटो ॥

३६

३७

यो आज्ञा पाउना साथ अब राक्षस-सैन्य त्यो ।
विशाल जो थियो सान्है अघि बढ्दै गयो अहो ! ॥
डर्लाग्दो सैन्य यो दौड्यो ढाल शस्त्रास्त्र ली सब ।
छोड्दियो त्यो जनस्थान फर्फर पार्‍यो ध्वजातक ॥
दौडिंदै हुँरिंदै जान्थ्यो वेगले सैन्य यो सब ।
छोड्थ्यो कोकोहलो ठूलो गर्जिन्थ्यो जोडले तब ॥
त्यस राक्षस-सेनाको थियो शस्त्रास्त्र हातमा ।
देदीप्यमान थे सान्है जुन ती भव्यरूपमा ॥
बञ्चरा अति तीखा थे शूल तोमर पट्टिश ।
थियो परिघ डर्लाग्दो खड्ग चक्र र मुद्गर ॥
विशाल धनु थ्यो शक्ति तलवार गदातक ।
थियो मुसल-वज्रादि, थिए देख्तै भयानक ॥
खरले त्यो भने जस्तै गर्ने चौध हजार यो ।
क्रूर राक्षसको सैन्य जनस्थान त्यजी बढ्यो ॥
धावा गर्ने डरै लाग्दो देखी राक्षस-सैन्य यो ।
गै सकेको, यसै साथ खरको रथ त्यो बढ्यो ॥
जोतेको छिर्बिरे घोडा सुवर्णमय शोभित ।
रथ सारथिले हाँक्यो ताडेर खरको मत ॥
अब सारथिले हाँक्ता खरको रथ त्यो अहो ! ।
दिशा र विदिशा सारा थर्काई दौडियो छिटो ॥

४६

४७

सान्है रिसायो खर त्यो झिक्यो स्वर अत्यन्त चर्को र महान् भयङ्कर ।
भो कालकै ठीक स्वशत्रु नाशनमा ज्यादै लियो हड्बड भित्र चित्तमा ॥
थियो बलीयो स्वर, शक्ति झन् हुने भो मेघ जस्तै असिना खसाँउने ।
गर्जी भन्यो सारथीलाइ-ए ! रथ हाँक् हाँक् छिटो शीघ्र मलाइ पुऱ्या त ॥

४८

इति बाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेइसौं सर्ग

खरले नाना प्रकारका अपशकुन देख्नु र त्यसको सेना श्रीराम–लक्ष्मण भएमा पुग्नु

१

त्यो जनस्थान छोडेमा खरको सैन्यले यता ।
गधैका रंगका फुस्रा मेघ डम्म भए छता ॥
अब यै सैन्यको माथि डर्लाग्दा उनले सब ।
बर्षाए रक्तकै पानी भै अमङ्गल सूचक ॥
जोतिएका थिए घोडा त्यसका रथमा जति ।
निकै वेस थिए राम्रा दगुर्थे भै छिटो अति ॥
परन्तु फूलका ताँति मिलेका सम्म ठाउँमा ।
ढङ्ग्रङ्ङै लड्न लागे ती त्यसै पो राजमार्गमा ॥
सुर्यमण्डलमा चारैतिर फेरि उतातिर ।
लाग्यो घेरा नराम्रो नै, उल्का–चक्र भयो स्थिर ॥
अलातचक्र जस्तै भो यो घेरा बाटुलो वहाँ ।
भित्री भाग थियो कालो देखिन्थ्यो लाल छेउमा ॥
थियो सुवर्णको डण्डा खरको रथमा जुन ।
त्यसैको माथि शोभिन्थ्यो झण्डा उन्नत उत्तम ॥
विशाल देहको यौटा गिद्ध आइ यसै विषे ।
अब वस्न पुग्यो ठ्याक्क थ्यो भयङ्कर जो हरे ! ॥
न मीठा स्वरका रूखा मासु खाने थिए जति ।
पशु-पत्ती सबै आए यै जनस्थानमा पछि ॥
ती सबैले वहाँ थाले एकै पल्ट झिकी स्वर ।
अश्रव्य र कडा रूखो बोली बोल्न असुन्दर ॥
सूर्यको कान्ति फैलेको समुज्ज्वल दिशाभर ।
कराउन वहाँ लागे अब श्याल निरन्तर ॥
सुनिन्थ्यो स्वर यो ज्यादै नराम्रो र भयङ्करै ।
निस्कन्थ्यो अग्निको मुरलो मुखबाट कराउँदै ॥
यसले सूचना गर्थ्यो सब राक्षस-सैन्य यो ।
नराम्रै छ कि क्या जस्तो अमङ्गलस्वरूपको ॥

१३

१५

चुहाई मदको धारा हिंड्ने मत्ता दँतार झैं ।
बोकेका रक्तकै पानी देखिन्थे मेघ ती सबै ॥
स्वरमा अति डर्लाग्दो गर्जिन्थे सब यी पुनः ।
राखेनन् ठाम क्यै बाँकी आकाशभर भैकन ॥
यतातिर अनौठै भो तुरुन्त सबतर्फ नै ।
अन्धकार बढ्यो घोर पार्ने सिङ्ग्रिङ्ग देह नै ॥
दिशा यो, विदिशा यो हो भन्न राम्रो ठमाँउन ।
गाह्रै पर्ने भई हाल्यो अब बढ्ता हुँदा तमः ॥
रक्तमा मुछिएको क्यै कपडा ठीक रङ्गको ।
सन्ध्या अब परी हालिन् वहाँ कुसमयै लिई ॥
अकस्मात् यस बेलामै आएर खरकै अघि ।
पशु-पत्ती पनी लागे चिच्याँउन डरै त्यजी ॥
कङ्क-गृध्र-शृगालादि थिए जो यी भयङ्कर ।
चीत्कार गर्दथे राम्रै डर लाग्दो झिकी स्वर ॥
गर्दै शब्द डरै पार्ने, त्यो रणक्षेत्रमा सदा ।
गर्ने अमङ्गलै मात्र श्यालिनीहरु ती यता ॥
मुखबाट झिकी राँको अघि राक्षस सैन्यको ।
वहाँ कराँउनै थाले जोड-जोड गरी बडो ! ॥
मुर्कट्टा देखिनै लागे वहाँ परिघ तुल्यका ।
सूर्य-मण्डलको चारैतिर फेरि अयोग्यका ॥
न उदाइकनै औंसी त्यो महान् ग्रह-राहुले ।
भगवान् सूर्यलाई नै गऱ्यो ग्रास विफ्याँक ए ! ॥
हावाको गति भो छिटो बढ्यो अत्यन्त जोडले ।
भै गए भगवान् सूर्य मलिनो कान्तिका हरे ! ॥
भई जुनकीरी जस्ता मलिनै कान्तिका यता ।
देखिए नभमा तारा रात नै न परी अहा ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ओइलाए सबै पद्म पोखरीका तलाउका ।
विलाए तिनमा बस्ने माछा-पत्तीहरू उता ॥
अकस्मात् त्यस वेलामा वहाँका वृक्षका सब ।
फल-फूल भए जत्ति झरे बरर वास्तव ॥
हावा नै न बही कत्ति फुस्रो बादल ठीकको ।
धूलो उडेर आफैं नै पाऱ्यो आकाश ढम्म पो ॥
गर्न लागे यता मैना-सुगा च्याँईं-चुँईं पनि ।
खस्न लागे निकै उल्का डर्लाग्दा,-शब्दमा अनि ॥
वन-काननले एवं ठूला पर्वत आदिले ।
घेरिएकी धरासम्म काँपिन् हा ! अति जोडले ॥
खर बुद्धि भएकैथ्यो गर्जन्थ्यो रथमा बसी ।
परन्तु त्यसको बाँयाँ बाहु थर्थर भो अति ॥
वाक्य बंद भई हाल्यो सुकी गो त्यसको स्वर ।
आँखाभर भए आँसु हेर्दा-हेर्दा सबैतिर ॥
दुःखी गो टाउको फेरि निनारै पक्डियो उता ।
हटेन मोहले ढाक्दा तै पनी लड्न जान ता ॥
उब्जिएका यसैवेला जिउ पार्ने सिरिङ्ग यी ।
ठूला उत्पात देख्तामा हाँस्यो खर वहीं बसी ॥
पछिबाट भन्यो आफ्ना फौजका राक्षसैसँग ।
ठूलै उत्पात उब्जन्छन् म देख्तोछु मजैसँग ॥
हो ! म जान्दछु छन् सारा डर्लाग्दा पनि किन्तु म ।
क्यै टेर्दिन ममा जो यो छ चर्को बल-विक्रम ॥
बलीयो शत्रुले टेर्छ दुब्लो शत्रुकनै किन ? ।
त्यस्तै म पनि के मान्थे ? हुन् ती अशकुनै कुन ? ॥
म आफ्ना बाणले तीखा बुझ्यौ ? राक्षस हो! सुन ।
सारा आकाशको तारा खसाल्नै सक्छु यो गुन ! ॥
म रिसाँएँ भने देखि साक्षात् मृत्युकनै पनि ।
सम्झ यो पनि लौ फेरि सक्छु मार्न त्यसै पनि ॥
घमण्ड बलको आफ्नो गर्ने त्यो रामलाइ म ।
यी तीखा बाणले मार्छु भाईकै साथ लक्ष्मण ॥
म यत्ति नगरी आज त्यो रणक्षेत्र बाट ता ।
क्यै गरे पनि फर्कन्न त्यसै ता फेरि है यता ॥
दिंदा शूर्पणखालाइ त्यस्तो दण्ड विरूपाँकमा ।
लाग्यो हा ! बुद्धिमा बट्टा राम-लक्ष्मणको वहाँ ॥

४३

४४

अब यै बहिनी मेरी ती दुवै दाजु-भाइको ।
रक्त धोकेर ताक्तातो धोको मेट्नेछ चित्तको ॥
सुन राक्षस हो ? मैले आज सम्म लडें जहाँ ।
मेरै जीत भएकोछ कैले हारिन है वहाँ ॥
साथमै छौ तिमी सारा प्रत्यक्ष छ सबै कुरा ।
भन्नु पर्ने तिमीलाई अनि भूठो छ के कुरा ? ॥
म रिसाएँ भने मत्ता हात्ती ऐरावतै चढी ।
हिंड्ने, वज्र लिने साक्षात इन्द्रै होस्, मार्छु है लडी ॥
यस हालतमा टिक्लान् दुइ भाइ मनुष्य ती ।
भन ए ! कसरी फेरि मेरो अघि परे पछि ? ॥
खरको गर्जना यस्तो सुन्यो राक्षस-सैन्यले ।
जो महान् थ्यो, पऱ्यो, दङ्ग, टन्किदा मृत्यु-पाशले ॥
यसैबेला यहाँ आए युद्ध हेर्ने मनै गरी ।
सिद्ध चारण गन्धर्व महात्मा ऋषि देव ती ॥
मेलामा सरि भै भेला एउटै ठाममा बसी ।
लागे वहाँ कुरा गर्न हुने कर्म पवित्र ती ॥
सम्पूर्ण लोकका प्यारा महात्मा व्यक्तिको तथा ।
गाई-ब्राह्मणको सारा हओस् श्रेय भलो सदा ॥
भएका हातमा चक्र भगवान् विष्णुले अघि ।
थिए भुसुक्क पारेका जस्तो असुरलाइ ती ॥
त्यहीठीक त्यही जस्तै युद्धमा राम-बाबु यी ।
मारुन् पुलस्त्य-वंशी यी निशाचर भए जति ॥
यी महर्षि तथा देव गर्थे मङ्गल-कामना ।
यस्तै अरु पनी नाना कुरा गरि-गरी वहाँ ॥
हेर्न लागे बढी चाख विमानैमा बसीकन ।
विशाल-राक्षसी सेना पुगेको मिती थ्यो जुन ॥
खर त्यो रथमा चढ्दै आयो हुर्रिइदै अब ।
छिचल्यो आफ्नु सेना यो सबैको अघि भो तब ॥
दाँयाँ बाँयाँ दुवैपट्टि त्यसका अङ्गरक्षक ।
दौडे राक्षस बाह्रोटा शक्ति-सामर्थ्यवान् सब ॥
श्येनगामी पृथुग्रीव यज्ञशत्रु विहङ्गम ।
दुर्जय कलवीराक्ष परुष कालकार्मुक ॥
हेममाली महामाली सर्पास्य रुधिराशन ।
यिनै हुन् तिनका नाम बढ्थे घेरेर नै जुन ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६५

महाकपाल स्थूलाक्ष प्रमाथ त्रिशिरा यति ।
सैन्यको अघि यी हिंड्थे, पछि दूषणको पति ॥

यसो गरी राक्षस-सैन्य यो बढ्यो लाग्ने डरै जो अति वेगिलो थियो ।
इच्छा यही थ्यो यस सैन्यको अहो ! गएर लड्ने अब साथ रामको ॥
कतार बाँधी गइ दुर्ग्रहादिले ढाके सरी चन्द्र र सूर्यलाइ ए ! ।
छोप्यो अकस्मात् नृपपुत्र लक्ष्मण श्रीरामलाई नजिकै पुगीकन ॥

६७

इति तेइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौबीसौं सर्ग

श्रीरामले अपशकुन देख्नु र लक्ष्मणलाई सीता लिई गुफाभित्र पस्नु भन्ने आज्ञा दिई आफू लड्न ठीक हुनु

१

पराक्रम हुने घोर डर्लाग्दो खर राक्षस ।
श्रीरामाश्रम सोभयाई हिंडे पछि यता अब ॥
भाइ लक्ष्मणका साथ रामले पनि वास्तव ।
देखे उत्पात ती सारा जो देख्यो खरले तव ॥
विश्वका सब प्राणीको गर्ने अहित उग्र यी ।
देखी उत्पात डर्लाग्दा रिसाए रामभद्र ती ॥
महान् अनर्थ गर्ने छन् उपद्रो अब घोर यी ! ।
भन्ने कुरो पऱ्यो भित्र भने लक्ष्मणमा पछि ॥
महान् बाहु हुने बाबु ! ठूल्ठूला उग्ररूपका ।
उत्पात जो हुँदैछन् यी हेर लौ ! यिनपट्टि ता ॥
विश्वका सब प्राणीको गर्ने संहार सूचन ।
हुन् यी उत्पात, जो उब्जे मार्न राक्षस लक्ष्मण ! ॥
आकाशमा उता हेर ! गधाकै ठीक रङ्गका ।
फुस्रा बादल छन् डम्म, घुम्छन् सब यता उता ॥
डर्लाग्दो गरि गर्जन्छन् घनघोर यता सब ।
हेर ? वर्षाउँदै छन् यी रगतैमात्र वास्तव ॥
बाबु ! मेरो सबै बाण उत्पात वश उब्जने ।
धूँवाले डम्म छन् हेर ! देखिन्छन् लड्न तम्सिने ॥
पीठमा सुन मोरेको मेरो धनु पनी यता ।
ताँदोमा जोडिनैमात्र खोजेझैं छ त्यसै अहा ! ॥
घुम्ने वनवनै मात्र यी पक्षी जुन ढङ्गले ।
यहाँ बोलि रहेकाछन् त्यो लक्षण-विचारले ॥
छ है भविष्यमा बाबु ! हाम्रो अभय वस्तुतः ।
यही, राक्षसको निम्ति पार्छ संशय मृत्युद ॥
यो मेरो दाहिने बाहु फर्फराई निरन्तर ।
भन्दो छ छैन शङ्का क्यै युद्ध हुन्छ भनी स्थिर ॥

१३

१४

भविष्यमा हुने चाँडै चर्कैको मारकाटमा ।
हाम्रो जीत र वैरीको हुन्छ हार पनी यहाँ ॥
यही छ यसमा हेतु ए शूरा बाबु लक्ष्मण ! ।
प्रसन्न तेजिलो ज्यादै छ तिम्रो मुख यो जुन ॥
जसका मुखको कान्ति तम्सिदा निम्ति युद्धको ।
उदास हुन्छ ता जान तिनको आयु क्षीण भो ॥
हेर ! राक्षस यी बाबु ! गर्जन्छन् कसरी अहो ? ।
सुनिदो छ मजैसाथ गर्जेको घोर शब्द यो ॥
यी राक्षस कुकर्मी हुन् ठोकेको यिनले सब ।
सुनिन्छ रणभेरीका डर्लाग्दो ध्वनि वास्तव ॥
आफ्नो कल्याण खोज्ने क्वै विद्वान् पुरुषले सदा ।
आपत् पर्ने हुँदै शङ्का गर्नु पर्छ उपाय ता ॥
तस्मात् अब तिमी बाबु ! सीता भाउजु ली सुन ! ।
यहाँबाट गई हाल धनु बांण धरीकन ॥
बाक्ला वृक्षहरूद्वारा ढाकेको पस्न कष्टको ।
गिरिको क्वै गुफाबीच बस गै, छ यही भलो ॥
ओठे जबाफ लाएको तिमीले यसमा ममा ।
म कत्ति सुन्न चाहन्न, पाउन्नौ बोल्न क्यै यहाँ ॥
तिमीमा किरिया ख्वाएँ यी मेरा पाउकै अब ।
भने जस्तो गरी हाल छिटै जाऊ, वहीं बस ॥
हो शङ्कै छैन ! शूरा छौ बलवान् छौ सुदुर्धर ।
मार्न सक्छौ तिमी एक्लै आए जत्ति निशाचर ॥
यस्तो भए पनी बाबु ! दुवै हाम्रो परिस्थिति ।
म स्वयं मार्न चाहन्छु दुष्ट राक्षसलाइ यी ॥
यो राम दाजुको आज्ञा पाएका भाइ-लक्ष्मण ।
उतैतिर हिंडी हाले साथ भाउजु लीकन ॥

२६

२७

उनको हातमा यौटा विशाल धनु थ्यो तव ।
बाण थ्यो ठिक्क अर्कोमा गुफा भित्र पसे अब ॥
यता लक्ष्मण सीता ली गुफा भित्र पसे पछि ।
रामलाइ भयो शान्ति भित्र-भित्र बढ्यो खुशी ॥
भनाई भाइले माने, भइन् सीता सुरक्षित ।
भने श्रीरामले यत्ति, पैह्रे कवच त्यो अब ॥
पैह्रेको रामले राम्रो थियो कवच यो पुनः ।
बलेको अग्नि जस्तै र तेजिलो पनि थ्यो जुन ॥
जस्तो गाढ अँध्यारोमा बलेको उज्जिजईकन ।
आगो शोभिन्छ त्यै ठीक शोभिए रघुनन्दन ॥
धनु आफ्नो उठाएर लिए सुन्दर बाहुमा ।
बाण बोके भए ठिक्क अब राम पनी वहाँ ॥
टंकारे धनुको ताँदो त्यसको शब्दले यता ।
सर्वतिर गऱ्यो व्याप्त छरिएर दशै दिशा ॥
वसै वेला वहाँ आए युद्ध हेर्ने मनै गरी ।
मेलामा सरि भै भेला एउटै ठाममा वसी ॥
सिद्ध चारण गन्धर्व महात्मा ऋषिदेव ती ।
लागे वहाँ कुरा गर्न पुण्यकर्मा महर्षि यी ॥
सम्पूर्ण लोकका प्यारा महात्मा व्यक्तिको तथा ।
गाई ब्राह्मणको सारा हओस् श्रेय भलो सदा ॥
भएका हातमा चक्र भगवान् विष्णुले अघि ।
थिए मुसुक्क पारेका जस्तो असुर-श्रेष्ठ ती ॥
त्यही ठीक त्यही जस्तै युद्धमा राम बाबु यी ।
मारुन् पुलस्त्यवंशी ती निशाचर भए जति ॥
यी महर्षि तथा देव गर्थे मङ्गल-कामना ।
यस्तै अरु पनी नाना कुरा भन्थे बसी वहाँ ॥
चौध हज्जार संख्याका डर्लाग्दा क्रूर-कर्मका ।
दुष्ट राक्षसका फौज ओइरिन्छन् त्यसै उता ॥
धर्मप्रकृतिका राम एउटै छन् स्वयं अहो ! ।
अब यस्तो अवस्थामा होला के स्थिति युद्धको ? ॥
यस्तै यस्ता कुरा गर्दै सिद्ध राजर्षि आदि र ।
देवका योनिका नाना गणका साथका सुर ॥
वसी निज विमानैमा सिद्ध ब्रह्मर्षि सम्म ती ।
युद्ध हेर्ने वहाँ लागे भित्र चाख बढी अति ॥

४३

४४

सङ्ग्रामको मुहानैमा बसेका राममा अब ।
पसी गो वैष्णवी तेज भइ दुर्धर्ष वास्तव ॥
रामको रूप यो देख्ता न जान्दा तत्त्व विश्वका ।
जीव-जन्तु भए सारा त्राहि बाबा ! डरै हुँदा ॥
सजिलै काम ठूल्ठूला गर्ने श्रीरामचन्द्रको ।
थ्यो महान् जसको आत्मा मोक्किएको स्वरूप यो ॥
देखियो तुलना-हीन साक्षात् प्रलयकालकै ।
भगवान् रुद्रकै ठीक संहार्दा लोक क्रुद्ध भै ॥
देव चारण गन्धर्व जव पूर्वोक्त ढङ्गले ।
श्रेयको कामना गर्थे रामको जय गाँउथे ॥
तव राक्षसको सैन्य ठ्याक्क आई पुग्यो वहाँ ।
घेऱ्यो चारतिरै बाट रामलाई जहाँ तहाँ ॥
डर्लाग्दा ढालले खड्ग ध्वजा-शस्त्रास्त्र आदिले ।
सुसम्पन्न थिए सारा गर्जिन्थे जोड-जोडले ॥
गर्थे राक्षसका सेना वीरोचित कुरा कुनै ।
भन्दथे यसरो लड्ने भनी अन्योन्यमा कुनै ॥
धनुर्बाण लिई कोही टंकार्थे जोड जोडले ।
उफ्रन्थे, कुद्दथे कोही निरन्तर घमण्डले ॥
भेरी र नगडा बाजा ठोक्थे गर्जिंदै कुनै ।
घोर यो शब्दले गर्दा थर्कियो सब त्यो वनै ॥
जत्ति थे वनमा बस्ने पशु-पक्षी अरु पनि ।
त्राहि बाबा ! भई हाले भागाभाग गरे अनि ॥
दौडे सब त्यतैपट्टि जहाँ हल्ला थिएन क्यै ।
सक्तैनथे हुँदा त्रास फर्किई पछि हेर्न क्यै ॥
अत्यन्त वेगले दौड्दै जान्थे राम भएतिर ।
हथियार लिने नाना सैन्य थे क्रूर दुर्धर ॥
देखिन्थ्यो भवाट्ट हेर्दामा उग्र-राक्षस सैन्य यो ।
गम्भीर-वेगको साक्षात् हो कुनै सिन्धु,-तुल्यको ॥
राम्रै रण-कला जान्ने थिए राम पनी यता ।
देखे राक्षसको सेना त्यसरी अघि आँउदा ॥
दिई चारतिरै दृष्टि टाठा बाठा भई तव ।
खर-राक्षस-सेनाको गए सन्मुखमै अब ॥
ठोक्राबाट झिके बाण उठाए धनु मास्तिर ।
भए ठिक्क त्यहीं जोडी भयो धनु भयङ्कर ॥

६०

६१

बल्ल पो कसिए राम चौध हजार दुष्ट यी ।
सैन्य राक्षसको मास्न चकैं क्रोध झिके पछि ॥
अग्निझैं देखिए राम साक्षात् प्रलयकालका ।
त्यसरी झोकिंदा, गाह्रै पर्ने भो हेर्न भवाट्ट ता ॥
क्रोधले व्याप्त अत्यन्त तेजस्वी रामलाइ ता ।
देख्ना साथ डराए हा ! वनका सब देवता ॥

६३

६४

रामको क्रुद्ध यो रूप दक्षको यज्ञ मास्न त्यो ।
उब्जेको रुद्रको रूप सरीको देखियो अहो ! ॥
संग्रामको मुहानैमा बसेका राममा अब ।
परता यो वैष्णवी तेज भयो दुर्दश वास्तव ॥
रामको रूप यै देख्ता न बुझदा तत्व विश्वका ।
जीव-जन्तु डराए बा ! भागे सारा यताउता ॥

६६

६७

पैह्रीरहेका गहनाहरू हुँदा आगै सरीका कवचादि शोभिंदा ।
चढी अ-आफ्ना रथमा लिंदा धनु निकै खुल्यो राक्षस-सैन्य, के भनुँ ? ॥
जस्तो विहानीपख सूर्यदेवता उदाँउदा डम्म छ ता जताजता ।
आकाशको बादल शोभिइन्छ त्यो त्यै ठीक पो राक्षस-सैन्य शोभियो ॥

६८

इति चौबीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पच्चीसौं सर्ग

श्रीरामद्वारा राक्षस–सैन्यको संहार

१

जाने अघि रिसल्लाकै ठीकका सैन्य साथमा ।
यो रामाश्रममा आई देख्यो त्यो खरले यहाँ ॥
दुष्ट-शत्रुकनै आफ्ना मार्न सक्ने भए जति ।
धनु हात लिई ठिक्क भएका रामलाइ ती ॥
देख्नासाथ भई क्रुद्ध उठायो धनु हातले ।
जसमा ठिक्क थ्यो ताँदो टंकार्थ्यो जुन जोडले ॥
खरले त्यो भनी हाल्यो अनि सारथिमा यसो ।
ए! मेरो रथ यो लैजा! अगाडि अब रामको ॥
पाई यो खरको आज्ञा हाँक्यो सारथिले अब ।
आफ्ना घोडाहरूलाई दौडायो वेगले तत्र ॥
महान् बाहु हुने राम यौटै, एक्लै अडी जहाँ ।
टंकार्दै धनु त्यो आफ्नो बसेकाथे, पुग्यो वहाँ ॥
खर मालिकलाई त्यो दोड्दै राम भएतिर ।
गएको त्यसरी देख्ता दौडिए रजनीचर ॥
खरका साथका मन्त्री पृथुग्रीवादि जो थिए ।
हुँदै अघि पछी घेर्दै दौडे चिच्याइ जोडले ॥
रथमा खर यो बस्ता घेरिई राक्षसादिले ।
शोभियो बीच तारामा उदाए सरि भौम ए! ॥
हजारौं बाण तत्काल खरले छोड्दियो अब ।
अतुल्य बल वा शक्ति भएका राममा तब ॥
भित्र पाऱ्यो निकै पीडा त्यसले राममा पनि ।
समराङ्गणमा उफ्ऱ्यो गर्जियो जोडले अनि ॥
जो थिए त्यसका मन्त्री तिनले पनि त्यस्पछि ।
नाना शास्त्रास्त्र वर्षाए राममा क्रुद्ध भै अति ॥
जिल्ल पार्दै थिए राम निकै ढुक्क भई अनि ।
डर्लाग्दो धनु टंकार्दै बसेकाथे अझै पनि ॥

१३

१४

समरस्थलमा त्यस्ता क्रूर राक्षस-सैन्य यी ।
गर्थे शस्त्रास्त्रको वर्षा राममा झोक्किई अति ॥
फलामे मुद्गरै फ्याँक्थे ठूल्ठूला शूल साथमा ।
झटारो हान्दथे भाला-बञ्चरा-खड्गको वहाँ ॥
अब राक्षसको सारा सैन्थ आइपुग्यो यहाँ ।
झम्ट्यो चारतिरैबाट ककुत्स्थमणि-राममा ॥
संपूर्ण सैन्यको देह कालो बादल ठीक थ्यो ।
जिउ थ्यो रूपको साथै डर्लाग्दो, उग्र-शक्ति थ्यो ॥
हात्तीमा पर्वतै जत्रा-चढेका रथ—अश्वमा ।
यी राक्षस थिए खोज्थे मार्न श्रीराम, युद्धमा ॥
अब राक्षसले सारा जो थे चौध हजार ती ।
गरे शस्त्रास्त्रको वर्षा राममाथि मिली अति ॥
ठूल्ठूला मेघले जस्तो जल वर्षाई जोडले ।
गिरिराजकनै ढाक्छन् त्यै ठीक गरि ढाक्दिए ॥
देख्तै अत्यन्त डर्लाग्दा दुष्ट राक्षस बाट ती ।
घेरिएकै थिए राम चारैतिर हुँदा अति ॥
घेरिइन्छन् महादेव तिथिबीच प्रदोषको ।
जसरी गणले आफ्ना जो हुन् पार्षद, ठीक त्यो ॥
राममा अस्त्र-शस्त्रादि छोड्थे राक्षस गी सब ।
श्रीराम बाणले आफ्ना नाशतथे मास्तथे सब ॥
नदी-नद-र नालाको जल सारा भए जति ।
हुलेझैं सिन्धुले भित्र हुल्थे, लागे पनी खपी ॥
हानिएता पनी राम डर्लाग्दा हथियारले ।
भए पनि छिया देह अड्थे आत्तिदैन थे ॥
अनेकौं तेजिला वज्र बज्रिदा पनि जोडले ।
महान् पर्वत डग्दैन जस्तो, त्यै ठीक राम थे ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

घावैघाउ भयो सारा अङ्ग-प्रत्यङ्ग रामको ।
बहेर रक्तको धारा मुछिए सरि देह भो ॥
यसर्थ यस वेलामा देखिए राम-राम्ररी ।
नभमा मेघले घेर्दा सन्ध्याका सूर्य हुन् सरी ॥
त्यो रणस्थलमा राम खालि यौटै थिए यता ।
शत्रु-राक्षस गन्दामा थिए चौध हजारका ॥
देख्ता यस्तो अवस्थामा घेरेका रामलाइ ती ।
देवता ऋषि गन्धर्व अब खिन्न भए अति ॥
बढ्यो श्री राममा क्रोध अब सान्है असह्य भै ।
जोडले धनु त्यो खैंचे बाटुलो हुन गो सबै ॥
रामले धनुद्वारा त्यै छोड्दिए तीक्ष्ण बाण ती ।
संख्या शयौं हजारौंको हुन गो यिनको पछि ॥
रोक्न मुस्किल नै पर्थ्यो छुटेका यिनलाइ ता ।
लाग्दा गाह्रै थियो खप्न कालपाश सरी हुँदा ॥
चीलका प्वाँख लागेका सुवर्णमय सुन्दर ।
बाण छोडिदिए आफ्ना लीलैले रामले अब ॥
खेलैले छोड्दिएका यी बाणले शत्रु-सैन्यको ।
दनादन लिए प्राण पाशोमैं भइ कालको ॥
छेडी राक्षसका देह मुछिई रक्तले पछि ।
बाण यी नभमा पुग्दा शोभिए अग्निमैं बली ॥
हर्ने राक्षसका प्राण असंख्य र भयङ्कर ।
रामको धनुद्वारा त्यो निस्कन्थे उग्र भै शर ॥
वहाँ चटाचटै पारे रामले बाणले अब ।
मरे शयौं हजारौं ती दुष्ट राक्षस वास्तव ॥
ध्वजा काटिदिए कैयौं दुष्टका रथका वहाँ ।
तरवार तथा ढाल फोरे कवच साथमा ॥
गहना साथ साथैका काट्दिए हात कत्तिका ।
हात्तीका सूँडकै ठीक छिनाले जाँघ कत्तिका ॥
ताँदोबाट छुटेका ती रामका बाणले यता ।
गर्नु सम्म गरी हाले यस वेला पुगी उता ॥
सुनका गहना राम्रा पैह्रेका वर्म वास्तव ।
सजेका र सिंगारेका जोतेका रथमातक ॥
घोडा-सारथि-हात्ती र हौदा-घोडचढी तथा ।
अरूलाई पनी सारे छिन्न भिन्न गरे तदा ॥

४३

४४

यस्तै प्रकारले जो जो थिए पैदल-सैनिक ।
मारे सब उनीलाई पुऱ्याए यमकै घर ॥
अब नालीक नाराच विकर्णी नामका शर ।
जुन तीखा थिए ज्यादै छुटे शत्रु भएतिर ॥
पारे राक्षसलाई ती यिनले छिन्न-भिन्न र ।
भित्र पीडा पऱ्यो, साह्रै चिच्याए रजनीचर ॥
नाना प्रकारका बाण छोडेका रामबाट ती ।
छेड्थे राक्षसका मर्मस्थल भित्र गढी अति ॥
पाएन सुख वा शान्ति अब राक्षस-सैन्यले ।
सुकेको वनमा शान्ति न दिए ठीक अग्निले ॥
जो उग्र-बलका शूरा निशाचर थिए वहाँ ।
हिर्काए तिनले केही अस्त्र-शस्त्रादि राममा ॥
भालाले बञ्चराले र शूलले राम माथि ती ।
कटारो हान्दथे ताकी क्रोधले चूर भै अति ॥
तर बाहु हुने लामा रामले वीर्यभै अति ।
काट्दिए शत्रुका सारा बाण-साण छुटे जति ॥
तुरुन्त भै छिटा आफैं रामले आफ्नु बाणले ।
दुष्ट राक्षसका घाँटी छिनाले प्राण नै लिए ॥
धनु ढाल सँगै आफ्ना टाउका काटिए पछि ।
लड्थे डङ्ग्रङ्ग पृथ्वीमा दल राक्षसका पछि ॥
गरुडैका पखेटाको हावा लाग्दा जसो गरी ।
ढल्दछन् स्वर्गका वृक्ष यी भए ठीक त्यै सरि ॥
अब जत्ति बचेकाथे खिन्न थे, रामबाणले ।
भै पीडित खरै पट्टि शरणै पर्न दौडिए ॥
तर दूषणले रोक्यो बीचमै सबलाइ र ।
धनु हात लियो आफ्नो, सम्झायो पार्दियो स्थिर ॥
झोक्कियो अब अत्यन्त रिसाएको यमै बन्यो ।
क्रुद्ध भै युद्धमा डट्ने साक्षात् रामतिरै बढ्यो ॥
हुँदा दूषण आधार भई डर हटे सरि ।
आए ती अघिका भाग्ने दुष्ट राक्षस फर्किई ॥
ढुङ्गा मूढा पनी बोके उखेले साल ताल र ।
फेरि ती झम्टिदै आए मार्न राम भएतिर ॥
घनघोर लडाँई भो त्यो युद्ध स्थलमा अब ।
पाश-मुद्गर-शूलादि उनका हात थे जब ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

बलीया पनि थे ज्यादै सब राक्षस यी तब ।
वर्षाए राममा बाण हाने शस्त्रास्त्रले सब ॥
वर्षाए राममा रुख ।
ढुङ्गा मूढा गरी हाले
सके ढुङ्गा भए जत्ति टिप्तै हानेर वास्तव ॥
यो लडाँईं भई हाल्यो राम-राक्षसको स्वतः ।
सिरिङ्ग जिउ पार्ने र डर्लाग्दो उग्र, अद्भुत ॥
छोपी चारतिरैबाट रिसाई झोक्किई अति ।
पारे राक्षसले पीडा फेरि श्रीरामलाइ यी ॥
दिशा उपदिशा सारा छोपी व्याप्त गरी सब ।
ती राक्षस बढेकाथे देखे श्रीरामले अब ॥
उनका बाण वर्षाले आफैं पनि यतातिर ।
ढाकिएको मजै साथ थापाए बल्ल भै स्थिर ॥
अनि श्रीरामले जो थे महान् नल हुने वहाँ ।
सिंहनाद गरी हाले डर्लाग्दो भव्य शब्दमा ॥
झिके त्यस पछी आफ्नो चम्किलो अति,-सुन्दर ।
गान्धर्व नामको अस्त्र छोड्दिए तिनमै तब ॥
त्यसको साथ-साथैमा मण्डलाकार रामको ।
धनुबाट छुटे बाण हजारौं र शयौं अहो ! ॥
यसरी रामका बाण वर्षिनाले निरन्तर ।
भए व्याप्त सबै ढाके पुगी दश दिशा भर ॥
विभेर बाण ज्वाम्ज्वाम्ति हुने व्यथित राक्षस ।
पत्तै पाँउन्नथे कत्ति रामको काम यो सब ॥
देख्तथे धनु तानेकोमात्र ती श्रेष्ठ उग्र यी ।
लिएको बाण;-छोडेको भने देख्तैनथे कति ॥

८२

८३

रामका बाणको यत्रो समुदाय स्वरूपको ।
अँध्यारो बढ्न गो ज्यादै सारा आकाश ढाक्दियो ॥
श्रीराम यस वेलामा आफ्ना बाण निरन्तर ।
छोड्दै डटिरहेकाथे रणमा त्यो भई स्थिर ॥
जान्थे सँगसँगै बाण लाग्थे सँगसँगै वहाँ ।
ती राक्षस सँगै ढल्थे मर्थे सब सँगै वहाँ ॥
असंख्य मारिए एवं रीतले दुष्ट राक्षस ।
भरिइन् पृथिवी ओहो ! यिनका लाशले तब ॥
यी राक्षस हजारौं थे देखिन्थे जो जतातता ।
छिन्न, भिन्न, लडेका र मरेका नष्ट अङ्गका ॥
समराङ्गणमा च्वाट्ट काटेका राम-बाणले ।
टोपी र पगरी बाजू पैन्हैका शिर-बाहुले- ॥
टुक्रेका हात-खुट्टाले अनेकौं भूषणादिले ।
घोडा र श्रेष्ठ हात्तीले भाँच्चिएका रथादिले ॥
राम्रा चँबर-पङ्खाले छाताले बहुरूपका ।
ध्वजाले टुक्रिएका ती शूल-पट्टिशले तथा- ॥
भालाले छरिएका र बञ्चरा खड्गले उता ।
नाना ढुङ्गा र मूढाले छरिएका जतातता ॥
टुक्रेका बाणले नाना-रूपको त्यो रणस्थल ।
हुँदा व्याप्त भयो ज्यादै डर्लाग्दो उग्र वास्तव ॥
बन्धु-बान्धव मारेको देख्तामा रामले सब ।
भए विह्वल सार्है नै बचेका जत्ति राक्षस ॥
शत्रुको नगरी जित्ने यस्ता श्रीरामको अघि ।
पर्न टिक्न सकेनन् क्वै अब राक्षस दुष्ट यी ॥

८४

इति पच्चीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छब्बीसौं सर्ग

श्रीरामद्वारा दूषण साथैका चौध–हजार राक्षसहरूको संहार

१

निकै लामो हुने हात थियो दूषण राक्षस ।
देख्यो सैन्य सबै स्वाहा भएको त्यसले अब ॥
अनि राक्षसमा आज्ञा दियो पाँच हजार ती ।
जुन हट्तैनथे कैले डराएर त्यसै पछि ॥
जित्न गाऱ्है थियो फेरि रणमा यिनलाइ ता ।
अत्यन्त वेगशाली थे यी सबै उग्ररूपका ॥
छोपे सबतिरैबाट दौडे राक्षस यी सब ।
नाना शस्त्रास्त्रको वर्षा राममाथि गरे तब ॥
कटारो राममा हाने शूल—पट्टिश खड्गले ।
उखेले वृक्ष कैयौंले,—ढुङ्गैले पनि हान्दिए ॥
देखी ढुङ्गा र मूढाको यो वर्षा प्राण-घातक ।
रामले बाणले तीखा रोके धैर्य धरी सब ॥
आफैंमा आइ लागेको त्यस्तो शस्त्रास्त्र-वर्षण ।
साँढे जस्तै भए आँखा चिम्लिए स्थिर भैकन ॥
बचेका जति सम्पूर्ण राक्षसैलाइ मार्न ती ।
विचार गर्न यी लागे, चर्को क्रोध लिए पछि ॥
त्यो उग्र क्रोधको साथ तेज धप्धप भै बल्यो ।
बाणले ढाक्दिए सारा सैन्य, दूषण साथ त्यो ॥
भो सेनापति झन् क्रुद्ध शत्रुदूषण दूषण ।
रोक्दियो बाणले उल्टो वज्र जस्ता त्यजी पुनः ॥
बढ्दा क्रोध भई चर्को रामले क्षुर नामक ।
बाणले त्यसको ठूलो धनु कार्टिदिए तब ॥
छोडे अत्यन्त नै तीखा चारोटा बाण रामले ।
त्यसका रथका घोडा चारोटै अब मार्दिए ॥
मारेर यसरी घोडा अर्ध-चन्द्र सरी हुँदो ।
तीखो बाण त्यजी काटे शिर सारथि सम्मको ॥

१३

१४

अरु बाण लिए तीन अनि दूषणको पनि ।
छोड्दिए छाति ताकेर थिए कुशल जो यिनी ॥
काटिंदा धनु, ती घोडा मर्दा, सारथि मारिंदा ।
रथहीन भयो रित्तो अब दूषण ता यता ॥
अनि खप्न न सक्तामा चुचुरो झैं पहाडको ।
यौटा परिघ डर्लाग्दो हातमा त्यसले लियो ॥
यसको भाग माथिल्लो मोरेको सुनले थियो ।
सम्पूर्ण देवको सैन्य पनि जो मार्न सक्थ्यो ॥
ठूला फलामका कीला यसका चारपट्टि थे ।
बोसोले शत्रुको सारा भिजेको यो थियो, अये ! ॥
हीरा वज्र सरीकै थ्यो छुवाई त्यसको यता ।
शत्रुका पुरको ढोका सक्थ्यो यो मार्न सर्वथा ॥
ठूलो अजिङ्गरै जस्तो लिई परिघ युद्धमा ।
झम्ट्यो दूषण डर्लाग्दो कर्मको भइ, राममा ॥
त्यसरी आइ लागेको त्यसका गहना हुने ।
काट्दिए दुइटै हात रामले दुइ बाणले ॥
समरस्थलमा मुख्य त्यसका हात काटिंदा ।
हात साथै खसी हाल्यो भैंमै परिघ त्यो तदा ॥
थियो परिघ यो साह्रै ठूलो, अति विशालको ।
ठिक इन्द्र ध्वजा जस्तो अघिल्तिर खस्यो, लड्यो ॥
काटिएर खसेका ती दुइटै हात साथमा ।
डङ्ग्रङ्ग भै लडी हाल्यो अब दूषण भूमिमा ॥
झिक्दिदा दुइटै दाँत मनस्वी गजराजको ।
जसरी लड्छ त्यो भैंमा त्यहीठीक भयो लड्यो ॥
रणमा मारिएको त्यो देखी दूषणलाइ ता ।
गरे सम्पूर्ण प्राणीले प्रशंसा रामको तदा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सेनाको अघि हिंड्थे जो उग्र राक्षस तीन ती ।
महाकपाल स्थूलाक्ष प्रमाथी बलवान् अति–॥
रिसले चूर भै आए टन्किदा कालपाशले ।
साथै साथ मिली झम्टे राम मार्न भनेर ए ! ॥
महाकपालले यौटा ठूलो शूल लियो यता ।
लियो स्थूलाक्षले चाँहि हातमा पट्टिशै तदा ॥
प्रमाथीले लिएकोथ्यो हातमा बञ्चरो तब ।
यसरी झम्टिएका हुन् राममा यिनले सब ॥
त्यसरी आइलागेका देखी राक्षसलाइ यी ।
गरे स्वागत आएका पाहुनालाइ झैं गरी ॥
तीखा टुप्पा हुने आफ्ना चुच्चे बाण त्यजीकन ।
दुर्दशा रामले पारे तीनै राक्षसको पुनः ॥
महाकपालको ठूलो शिर च्वाट्ट छिनाल्दिए ।
असंख्य बाण छोडेर प्रमाथीकन मार्दिए ॥
यता स्थूलाक्षको आँखा जुन ठूलो थियो अति ।
त्यसै भरिदिई हाले तीखा बाण त्यजी–त्यजी ॥
सैन्यको अघि हिड्ने यी तिनोटै दुष्टको दल ।
रुख झैं घेर हाँगाको भै डङ्ग्रङ्ग खस्यो तल ॥
पाँच हज्जारको सेना लाग्थ्यो दूषणको पछि ।
त्यचि नै बाणले हानी पार्दिए छिनमै खति ॥
रिसाएका थिए राम वहाँ अत्यन्त वास्तव ।
पठाए दुष्टलाई यी यमकै घरमा सब ॥
पछि हिंड्ने सँधै आफ्नो साथ ली सब-राक्षस ।
मर्‍यो दूषण भन्ने यो सुन्यो खबर दुःखद ॥
खरमा यसले गर्दा दुःख क्रोध भयो अति ।
अनि आज्ञा दिई हाल्यो सैन्यका पतिलाइ ती ॥
सुन ए वीर हो ! भाई मर्‍यो दूषण युद्धमा ।
सेना-मेना लिई सारा जो हिंड्थे नित्य साथमा ॥
तिमीहरू वहाँ जाओ यसर्थ अब लौ सब ।
ज्यादै विशाल डर्लाग्दो लग सैन्य पनी सब ॥
गर गै हमला चाँडो कुमान्छे राममाथि र ।
छोड नानाथरी शस्त्र मारी हाल तुरुन्त ल ! ॥
सैन्यका पतिमा यत्ति भनी, आज्ञा दिई खर ।
जाई लागि गयो आफैं राममाथि सुदुर्धर ॥

४३

४४

श्येनगामी, पृथुग्रीव, यज्ञशत्रु, विहङ्गम ।
दुर्जय, करवीराक्ष, परुष, कालकार्मुक ॥
हेममाली, महामाली, सर्पास्य, रुधिराशन ।
यी राक्षस पनी बान्हे दौडिए साथमै पुनः ॥
बलवीर्य हुने ज्यादै यी सेनापति थे सब ।
छोड्दै बाण निकै चर्का दौडे रामतिरै अब ॥
देखता सब कुरा यस्ता तेजस्वी रामले पनि ।
चढाए धनुमा बाण उत्तमोत्तम झन् अनि ॥
सुन हीरा जडेका र अग्निकै ठीक तेजिला ।
छोडे बाण नचे जत्ति मार्दिए सैन्य दुष्टका ॥
बज्रले वृक्ष ठूल्ठूला लडाए ठीक रामले ।
भुसुक्क पार्दिए सारा सैन्य त्यो आफ्नु बाणले ॥
भएका सुनका प्वाँख रामकै बाण जो थिए ।
बलेको अग्निमा जस्तै भै, धूँवा पुत्पुताउँथे ॥
कर्णी नाम हुने बाण सय छोडेर रामले ।
त्यो रणस्थलमा ठ्याक्क सय राक्षस मार्दिए ॥
हजार बाण छोडेर फेरि अर्कोथरी पछि ।
हजारै मार्दिए दुष्ट त्यै रणस्थलमा बसी ॥
उनमा बाण गै लाग्दा रक्तमै मुछिईकन ।
लडे भैंमा, फुटे बर्म, भाँच्चिए धनु, भूषण ॥
विशाल यज्ञको वेदी ढाकेझैं कुशले सब ।
ढाकिइन् पृथिवी सारा लडेका तिनले अब ॥
रगताम्य थियो स्वात्तै दुष्ट राक्षसको तन ।
जगल्टा छरिएकाथे उनका शिरको पुनः ॥
सारा राक्षस मर्दामा यो बेला त्यो रणस्थल ।
रक्त मासु हुँदा घेर हीलै-हीलो भयो सब ॥
अनकन्टारको त्यस्तो भयङ्कर बनै पनि ।
नरकै ठीक डर्लाग्दो भै गयो छिनमै अनि ॥
मनुष्य राम हुन्, एक्ला त्यसमा पनि पैदल ।
तै पनी उनले मारे त्यत्रा राक्षसका दल ॥
गर्ने अत्यन्त डर्लाग्दा काम, चौध हजार ती ।
दुष्ट राक्षस-सेनाको रामले पार्दिए क्षति ॥
त्यत्रो विशाल सेनामा बचे अब यिनै दुई ।
हो यौटा त्रिशिरा, अर्को खर मुख्य महारथी ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
छोडेर यी दुवैलाई बाँकी सारा निशाचर ।
भए सखाप, श्रीराम शत्रु मारतै थिए स्थिर ॥

६२
आँट्नै नै नसकिने उग्रवीर्यका घोर-रूपका ।
यी राक्षस मरे सारा रणमा रामबाट ता ॥

६३
देख्यो सबै यो खरले महाबली श्रीरामले घोर लडाँइमा बढी ।
मारी दिएको सब सैन्य धर्मले भई गयो त्यो अनि चूर क्रोधले ॥
विशाल आफ्नो रथमा चढी तब अगाडि आयो खर रामको अब ।
लिएर आफ्नो प्रिय वज्र हातमा इन्द्रै बढेझैं अघि देखियो वहाँ ॥

६४

इति छब्बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्ताइसौं सर्ग

त्रिशिरा राक्षसको संहार

१

बचेको दुइमा यौटा पति राक्षस-सैन्यको ।
अधिको जुन हो, नाम त्यसको त्रिशिरा थियो ॥
रामको अघि भवारभवास्ति जान लाग्दा बढी खर ।
देख्यो र नजिकै आई गऱ्यो विन्ती भई स्थिर ॥
सुन्नोस् राक्षसका राजा ! म छदैछु पराक्रमी ।
तस्मात् म वीरलाई नै दिनोस् आज्ञा तँ लड् ! भनी ॥
यस्तो साहसको काम आँट्नु हुन्न, ल हट्नुहोस् ।
रामलाई म नै मार्छु रणमा अब हेर्नु होस् ! ॥
प्रतिज्ञा गर्छु साँच्चै म तपाँइको अगाडि लौ ! ।
हथियार सबै छोई किरिया पनि खान्छु लौ ! ॥
सारा राक्षसको निम्ति मार्न जो योग्य बेस छ ।
म अवश्य पनी गर्छु अब त्यै रामको वध ॥
रामका मृत्युको हेतु हुन्छु मै युद्धमा कि त ।
मेरो नै मृत्युको हेतु होला यै राम, है कि त ॥
पर्नोस् छिन भरी तस्मात् छोड्नोस् लड्ने कुरो-सुरो ।
गर्नोस् साक्षी भइ हाम्रो फैसला हार्छ जित्छ को ? ॥
म द्वारा मारिए राम युद्धमा यदि क्यै गरे ।
पाल्नु होला जनस्थान भई दङ्ग तपाँइ ए ! ॥
क्यै गरे रामद्वारा म मारिएँ युद्धमा भने ।
जानु होला स्वयं लड्न त्यो साथ भइ झोक्किने ॥
रामका बाहुले मर्ने लोभले कुत्कुत्याँउदो ।
त्रिशिराले खुशी पाऱ्यो खरलाइ भनी त्यसो ॥
दिई गो खरले आज्ञा हुन्छ ! जा लड् ! भनी यता ।
वढी गो पाइ त्यो आज्ञा त्रिशिरा पनि ता उता ॥
तेजिलो रथमा यौटा जोतेका अश्व थे जहाँ ।
चढेर झम्टिई हाल्यो राममा रणभूमिमा ॥

१३

१४

त्रिशिरा यस वेलामा देखिन्थ्यो तीन टाकुरे ।
कुनै पहाड हो जस्तो भयङ्कर विशाल ए ! ॥
त्यसले आँउना साथ मेघले जलकै सरि ।
गरी गो बाणको वर्षा राममाथि वरीपरी ॥
नगर र जसरी बज्छ ठोक्ता छाला भिज्यो भने ।
झिक्यो अवाज त्यस्तै र चिच्चायो भइ गर्जिने ॥
त्रिशिरालाइ आएको देखेर अब रामले ।
आफ्ना बाण त्यजी तीखा गरे स्वागत, रोक्दिए ॥
युद्ध यो त्रिशिराको र बलीया रामको पनि ।
घनघोर भयो हात्ती-सिंहकै ठीकको अनि ॥
हान्यो बा ! त्रिशिराले त्यो राममा तीन बाणले ।
श्रीरामको निनारैमा लागे स्वाम्स्वम्ति यी बिझे ॥
रामलाइ पऱ्यो गाऱ्हो, चढ्यो क्रोध निकै अब ।
त्यसलाइ भनी हाले झोक्किएर स्वयं तव ॥
बडो गजब भो ओहो ! देखाँउन पराक्रम ।
सक्ने तँ रहिछस् शूरो निकै बल हुने पुनः ॥
जो तैले बाणद्वारा म हानिएँ यो निनारमा ।
फूलै जस्ता रहेछन् यी ! सकेनन् गर्न क्यै ममा ॥
भैगो लौ, अब सुन् ! मेरो धनुको गुण बाट यो ।
छुट्लान् जो बाण, ती सारा तँ पनी खप् त लौ अडी ॥
भनी यत्ति रिसाएर सर्प जस्ता भयानक ।
छोड्दिए बाण चौधोटा त्यसको छातिमै तव ॥
गाँठै गाँठा हुँदा झुक्ने चारोटा बाणले पुनः ।
चारोटै मार्दिए घोडा तान्दथे रथ ती जुन ॥
आठोटा बाणले फेरि त्यसका रथ भित्रको ।
मारे सारथिलाई नै ठाममै भै निकै छिटो ॥

२६

२७

रथमा त्रिशिराको त्यो ऊँचो झण्डा थियो अझ ।
चटक्क पार्दिए यौटा बाण छोडेर त्यो तक ॥
त्रिशिरा कुद्न लाग्दैथ्यो विग्रेको रथ बाट त्यो ।
त्यसमाथि यसै वेला रामको बाण बर्षियो ॥
गएर बाण च्वाम्च्वाम्ति बिभदामा छातिमा सब ।
लडी गो त्रिशिरा डङ्ग जड तुल्य भई तव ॥
अतर्क्य-शक्तिका राम झोक्किंदैथे, थिए स्थिर ।
तिनोटा बाणले काटे तिनोटै त्यसका शिर ॥

३०

३१

रणमा उभिएको त्यो त्रिशिरा दुष्ट राक्षस ।
रामको बाण गै लाग्दा निकै ढुन्मुनियो तव ॥
तात्तातो बाफकै साथ रक्त छादेर वेसरी ।
पहिले नै खसेका ती शिरै साथ लड्यो मरी ॥
अब जत्ति बचेकाथे खरका गात्ररक्षक ।
ती राक्षस पनी भागे बाँच्ने आस लिई सब ॥
भाग्छन् मृगहरू जस्तो बिच्क्यायो बाघले भने ।
भागे यी पनी त्यै ठीक न अडी भइ हुरिंने ॥

३४

देखी राक्षस भागेका फर्काई खर त्यो पछि ।
राहुले चन्द्र झम्टेझैं दौड्यो रामतिरै बढी ॥

३५

इति सत्ताइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठ्ठाइसौं सर्ग

श्रीराम र खरको युद्ध

१
देख्यो दूषणलाई त्यो त्रिशिरा साथ रामले ।
मारेको खरले आफ्नै अगाडि दृढ शक्तिले ॥
अब भित्र पस्यो चीसो खरको मनमा पनि ।
डरायो रामको वीर्य शोच्ता देख्ता त्यसै पनि ॥
एउटै रामले मेरो असह्य र महान् अति ।
सारा राक्षसको सैन्य पार्‍यो स्वाहा, ! गर्‍यो क्षति ॥
मार्‍यो दूषणकै साथ त्रिशिरालाइ त्यो पनि ।
पार्‍यो भुसुक्क ठूलठूला सैन्यका व्यक्ति ती पनि ॥
सबै देख्ता विचार्दा यो खर खिन्न भयो अब ।
झर्‍यो नमुचिले जस्तै इन्द्रमा, राममा तब ॥
बलीयो धनु ली यौटा बाण राख्यो निकै त्यहाँ ।
तान्यो तान्न सके सम्म छोड्यो ताकेर राममा ॥
नाराच नामका हुन् यी पिउँथे रगतै सब ।
विषालु क्रुद्ध सर्पैझैं देखिन्थे जुन वास्तव ॥
धनुर्विद्या सिकेको थ्यो खरले यस हेतुले ।
बाँदो हल्लाँउथ्यो अस्त्र देखाइ बहुरूपले ॥
यसरी रथमा चढ्दै खर त्यो युद्ध भूमिमा ।
हिंड्थ्यो लड्ने कला, ढङ्ग देखाएर जहाँतहाँ ॥
थियो महारथी वीर खर राक्षस यो पनि ।
ढाक्दियो बाणले सारा दिशा र विदिशा अनि ॥
त्यसलाई त्यसो गर्ने देखे पछि यतातिर ।
रामले पनि ली हाले आफ्नो धनु सुदुर्धर ॥
आकाशलाइ ढाकेझैं जल वर्षाइ मेघले ।
ढाक्दिए सब आकाश बाण वर्षाइ रामले ॥
देखिन्थे रामका बाण फिलिङ्गा सरि अग्निका ।
देखै असह्य थे फेरि तेजिला फूर्तिला तथा ॥
१३

१४
तीखा र तेजिला बाण जो छोडे खर-रामले ।
तिनले व्याप्त भो सारा कहीं बाँकी रहेन ए ! ॥
अवकाश विनाको भो आकाश पनि त्यो तब ।
भै दिंदा बाणले व्याप्त दिशा र विदिशातक ॥
मार्न अन्योन्यमा लड्दा क्रोधले खर-रामले ।
छोडेका बाणले गर्दा जुद्धा गै दृढ वेगले ॥
बनेर बाणकै जालो ढाक्दिदा त्यसले वहाँ ।
प्रकाश सूर्यको सम्म देख्न गार्‍है पर्‍यो यहाँ ॥
खरले राममा हान्यो त्यो रणस्थलमा अब ।
बाण नालीक नाराच विकर्णी नामका सब ॥
टुप्पा तिखारिएकाथे त्यसका बाणका यता ।
भयो गजेन्द्रमा घोचे ठीक अङ्कुशले उता ॥
वीरासन गरी डट्तै बस्तथ्यो रथमा खर ।
धनु हात लिएको थ्यो थियो वास्तव दुर्धर ॥
यता सम्पूर्ण प्राणीले यो वेला खरलाइ ता ।
लिएको हातमा पाशो ठाने हो ! यमराज हा ! ॥
आफ्नो पौरखमा डट्ने सैन्य मार्ने महान् बली ।
श्रीरामलाइ ता ठान्यो थाकेको खरले पछि ॥
खर त्यो सिंह जस्तै थ्यो हिंड्थ्यो भै सिंहझैं स्थिर ।
गर्थ्यो प्रकट सिंहैका ठीकको वीर्य दुर्धर ॥
यस्तो त्यल्लाइ देखेता पनि श्रीराम ता कति ।
उद्विग्न हुन्न थे, हुन्थ्यो सिंह के मृग बाट ती ॥
सूर्य झैं तेजिलो आफ्नो विशाल रथमा बसी ।
बत्तीमा पुतली ठीक होम्मियो रामको अघि ॥
वहाँ पुगेर देखायो खरले आफ्नु हातको ।
सफाई र कला राम्रा भएर अति फूर्तिलो ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

धनु जो बाणकै साथ रामको बाहुमा थियो ।
समात्ने ठाममै पारी त्यसले च्वाट्ट काट्दियो ॥
अब फेरि झिकी हाल्यो सातोटा बाण सुन्दर ।
इन्द्रका वज्र जस्तै जो देखिन्थे कान्तिमान् स्थिर ॥
त्यो रणस्थलमा ज्यादै झोक्किई खरले अनि ।
रामको मर्म ताकेर छोड्दियो फूर्तिलो बनी ॥
उपमै न हुने वीर्य-शक्तिका राममा पुनः ।
पाऱ्यो भित्र निकै पीडा छोड्यो बाण-हजारन ॥
समरस्थलमा गर्ज्यो रजनीचर त्यो खर ।
चिच्यायो गर्जियो ठूलो शब्द गर्दै असुन्दर ॥
भएका बलिया गाँठा खरका बाण लाग्न गै ।
रामको सूर्यझैं तेजी फुट्यो वर्म, खस्यो त्यसै ॥
अङ्ग-प्रत्यङ्गमा सारा रघुनन्दन रामका ।
खरका बाण-ट्वाम्ट्वास्ति बिझे गढ्दै जताततः ॥
यो रणस्थलमा राम शोभिए अब वास्तव ।
धूँवा नै हुने बल्दो आगै हुन् कि भने ठिक ॥
सक्ने शत्रु सबै मार्न रामले दुष्ट शत्रुको ।
गर्न संहार वा मार्न गरे निश्चय बल्ल पो ॥
विशाल धनुथ्यो अर्को फ्याँक थ्यो गम्भीर जो ध्वनि ।
उठाए त्यै कसे ताँदो रामले अब टन्टनी ॥
त्यो धनुश्रेष्ठ हो साक्षात् विष्णुको,थ्यो विशाल जो ।
अगस्त्यले दिएका हुन् खुश भै रामलाइ यो ॥
लिई अब यसैलाई खर-राक्षस माथि त्यो ।
जाइलागि गए राम सावधान भई बडो ॥
भएका सुनका प्वाँख झुकेका गाँठ बाणले ।
काट्दिए रथको झण्डा अब झोक्किइ रामले ॥
सुवर्णमय त्यो झण्डा हेर्न लायक थ्यो जुन ।
खस्यो अनि धराबीच टुक्रा भइ अनेकन ॥
देखियो त्यस वेलामा आज्ञाले देवको सब ।
सूर्य नै पृथिवीबीच ओर्लिए ठीक वास्तव ॥

४१

४२

झोक्कियो यसले साह्रै अब राक्षस त्यो खर ।
जान्दथ्यो जुन थो राम्रै मर्मस्थल पनी स्थिर ॥
लिएर बाण चारोटा रामका अङ्गमा सब ।
विशेष मर्म पारेर छोड्दियो त्यसले तब ॥
गजराजकनै जस्तो माहुतेले मजैसित ।
हान्छ अङ्कुशले रोष्छ भयो त्यस्तै त्यहीरित ॥
खरका धनुका बाण लाग्दा पुगि वहाँ सब ।
रगताम्य भए राम रिसाए अति नै अब ॥
धनु धर्नेहरूबीच श्रेष्ठ, ठूला धनुर्धर ।
रामले त्यो लडाँईमा उचाले धनु सुन्दर ॥
खरका अङ्ग प्रत्यङ्ग ताकेर अनि राम्ररी ।
छोडे श्रीरामले बाण छअै ओटा बलैं गरी ॥
त्यसको शिरमै हाने यौटाले तिन मध्यको ।
दोटाले बाहुमा ठोके रामले युद्धबीच त्यो ॥
अब बाँकी रहे तीन जो आधा चन्द्र झैं थिए ।
बजाए यिनले चाँहि खरको छातिबीच ए ! ॥
थिए राम निकै तेजी अब यत्ति गरे पछि ।
तेह्र बाण लिए फेरि रिसाएका हुँदा अति ॥
थिए सान लगाएका ढुङ्गामा घोटि बाण यी ।
सूर्य झैं चम्किला ज्यादै धारिला जो थिए अति ॥
खरका रथको जूआ यौटैले काटदिए तब ।
चारोटा छिर्बिरे घोडा चारैले मार्दिए अब ॥
त्यो छैटौं बाणले काटे खर-सारथिको शिर ।
तीनले भाँच्दिए दण्डा त्रिवेणु भनिने स्थिर ॥
समरस्थलमा ज्यादै बलीया रामले अब ।
दुइटा बाणले काटे रथको त्यो धुरातक ॥
त्यो बाह्रौं बाणले चाँहि खरको बाण साथको ।
दुइ टुक्रा गराए बा ! हातको धनु सम्म त्यो ॥
बल-शक्ति थियो ज्यादै राममा इन्द्रकै सरि ।
यता तेह्रौं थियो बाण उनकै वज्र हो सरि ॥

५६

छोडी तेह्रौं त्यही बाण रामले रणभूमिमा, घाइते पार्दिई हाले खरलाई जहाँ-तहाँ ॥
धनु टुक्रा हुँदा, मर्दा घोडा सारथि साथमा, रथ काम न लाग्दामा आत्तियो खर ता वहाँ ॥

५८

CC-0. In Public Domain. Digitization by eGangotri

५९

ओर्ल्यो गदा समातेर बुद्धुङ्ग रथ बाट र ।
समरस्थलमा भैंमै उभियो ठिङ्ग भै खर ॥
विमान चढ्ने ऋषि देव जो जो थिए वहाँ, ती सव रामको यो ।
सत्कर्म देखी दुइ बाहु जोड्दै गर्थे प्रशंसा अति-दङ्ग भै भै ॥

६०

इति अठ्ठाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उन्नतीसौं सर्ग

श्रीरामले खरको गदा फोर्नु

१

रथ-हीन भएको र लिएको हातमा गदा ।
खर माथि पर्‍यो दृष्टि रामको अगि आउँदा ॥
महान् तेज हुने राम भन्दछन् त्यसमा यसो ।
पैले नम्र तथा मीठो वाक्यमा पछि चर्किंदो ॥
रथ-हात्ती र घोडाले परिपूर्ण विशाल त्यो ।
सैन्यको अघि शोभिन्थ्य निशाचर !,-तिमी अहो ! ॥
तिमीले त्यस वेलामा डर्लाग्दा उग्र कर्म ती ।
गर्न सम्म गर्‍यौ घेर लोकनिन्दा भयो अति ॥
उद्वेग पार्छ जो सारा प्राणीमा दुःख दिन्छ जो ।
पापाचारी छ जो फेरि डर्लाग्दो काम गर्छ जो ॥
त्यो तीनै लोकको स्वामी होस् न ईश्वर नै सुन ! ।
चिरस्थायी हुँदै हुन्न टिक्तै टिक्तैन त्यो गुन ! ॥
कर्म गर्दछ जो व्यक्ति खाने दोठ्याङ लोकमा ।
त्यसलाइ रुचाँउन्नन् जनता क्वै जहाँ तहाँ ॥
त्यस्तालाई सकी हाल्छन् सारा अघि पर्‍यो भने ।
दुष्ट सर्पकनै छोड्छ को पो अघि पर्‍यो भने ! ॥
अप्राप्त-वस्तुको प्राप्ति गर्न नै खोज्नु 'काम' हो ।
धेर पाँउनुको इच्छा गर्नुको नाम 'लोभ' हो ॥
लोभले कामले यद्वा सुन ए रजनीचर ! ।
भइ प्रेरित जो व्यक्ति नित्य दुष्कर्म गर्दछ ॥
संम्झिन्न पछि के हुन्छ त्यसको परिणाम त्यो ? ।
त्यही कुकर्ममा हर्ष मान्छ, गर्दछ पाप त्यो ॥
रातो पुच्छरको कीरो असिना खाइ वर्षिदा ।
त्यसले आफ्नु नै नाश देखेझैं देख्छ त्यो तदा ॥
दण्डकारण्यमा बस्ने गर्ने तप सँधै भरी ।
धर्मैं कमाँउने खालि गरी सत्कर्म राम्ररी ॥

१३

१४

महान् सौभाग्यशाली ती मुनि मारेर व्यर्थ हा ! ।
पाउला फल त्यस्तो के ? शोच्नै सक्तिन है म ता ॥
भै सकेका जरा नाश थोत्रेका तल वृत्त के ।
तिमी नै भन टिक्छन् त चिरस्थायी भएर ए ! ॥
गरिने लोकले निन्दा क्रूर ती पाप-कर्मका ।
व्यक्ति पाएर ऐश्वर्य टिक्तैनन् धेर सम्म ता ॥
अवश्य भोग्छ गर्नेले पापका कर्मको फल ।
गरेझैं कर्म डर्लाग्दो, डर्लाग्दै फल भोग्दछ ॥
ठिक्क वेला हुँदा जस्तो ऋतुकै अनुसारको ।
वृक्षले फूल इत्यादि फुलाए ठीक हुन्छ त्यो ॥
पापाचारी दुरात्माले गरेका कर्मको फल ।
पाइन्छ लोकमा चाँडै संम्झ ए रजनीचर ! ॥
जस्तो विष मिलेको क्वै अन्न खायो भने यहाँ ।
त्यसको फल पाइन्छ चाँडै नै परिणाममा ॥
सुन ए खर ! जो जो छन् लागेका पाप-कर्ममा ।
पिर्दछन् दुनियाँ सारा गर्छन् अप्रिय जो यहाँ ॥
प्राण-दण्ड दिना निम्ति दुष्टलाई तिनै सब ।
पठाइ बक्सियो राजा-बुवाले वनमा तब ॥
तस्मात् आज तिमीमाथि मैले छोडि दिए पछि ।
तिम्रो शरीर छोड्नेछन् सुवर्णमय बाण यी ॥
धमिराको कुनै ढिस्को छिचोली सुन ए खर ! ।
निस्केझैं सर्प निस्कन्छन् पुग्छन् पाताल यी शर ॥
दण्डकारण्यमा जो जो थिए ऋषि-महर्षि ती ।
वस्थे धर्म गरी खाली निकै खाई दियौ हकि ? ॥
अब आज तिमी आफ्ना प्रिय ती सैन्य साथमा ।
उनकै पछि लाग्नेछौ मारिए पछि युद्धमा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मारेको बाणले मैले हेरुन् आज तिमीकन ।
मारेथ्यौ अघि जल्लाई ती, विमान चढीकन ॥
भयौ खर! तिमी आफ्नो कुलमा तुच्छ वास्तव ।
गर लौ मन लागे झैं हुन्छ ! हान सके तक ॥
आज मार्छु तिमीलाई तर यो संझ है खर ! ।
डको फल झारेझैं झार्छु काट्छु म त्यो शिर ॥
रामले यत्ति भन्दामा रिसायो अति नै खर ।
राता राता भए आँखा अब भो झन् भयङ्कर ॥
गोरीको फूल नै देख्यो रिसले खरले तर ।
गरी हाँसे सरी केही भन्यो श्री राममा स्थिर ॥
अयोध्यापतिको छोरा राम ! सुन् ! अब लौ यता ।
साधारण विकम्वा यी मारिस् राक्षस व्यर्थ हा ! ॥
आफैं आफ्नो प्रशंसा तँ गर्छस् यस्तो हुँदा अझ ।
योग्य छैनस् प्रशंसाको क्यै गरे पनि ता तँ त ॥
जुन यहाँ बलवान् जत्ति श्रेष्ठ वीर गुणी नर ।
गर्दैनन् क्यै कुरो आफ्नो बारेमा, बन्दछन् स्थिर ॥
यही घमण्डमा आफ्नो तेजको वा प्रतापको ।
त्यस्ता व्यक्ति तँ जस्तो भै बक्तैनन् आफ्नु क्यैकुरो ॥
सुन् ए राम! यहाँ जो जो निकम्बा क्षुद्र व्यक्ति छन् ।
तिनै संसारमा आफ्नो प्रशंसा गरि हिंड्दछन् ॥
होस् कलङ्क तँ क्वै यौटा उच्च-क्षत्रियवंशको ।
प्रशंसा गर्दछस् आफ्नो, अजितेन्द्रिय छस् तँ जो ॥
भन् ! तँ नै वीर को होला चर्केको युद्धबीच यो ।
अझ देखाँउदै गर्ला प्रशंसा आफ्नु व्यर्थको ? ॥
बाँच्दा मृत्युको वेला प्रसङ्ग न उठीकन ।
प्रशंसा यसरी आफ्नो गरिस् तैले यहाँ किन ? ॥
आगोमा सुन गाल्ने क्वै पगाले लगि पित्तल ।
हुन्छ के त्यो पहेंलो र ? छोड्छ कालोपना निज ? ॥
तैले तैंले पनी राम ! प्रशंसा आफ्नु नै गरी ।
देखाइस् तुच्छता आफ्नो भित्रको ह्याउ राम्ररी ॥

४१

४२

के तैंले देख्न नै छोडिस् बसेकैछु यहाँ म त ।
हेर् ! यो दृढ गदा मेरो हातमा छ विभूषित ॥
नाना प्रकारका धातु-खानीले युक्त निश्चल ।
पृथ्वी अड्याँउने साक्षात् गिरि जस्तो छ वास्तव ॥
म रणस्थलमा तेरो यै गदा लिई हातमा ।
सजिलै प्राण नाश्दिन्छु छिटै अघि बढी यहाँ ॥
तँ जावाको कुरै के भो मैले चाहें भने पुनः ।
यी तीनै लोक मास्दिन्छु, बनी पाशो लिने यम ॥
तेरो विषयमा सक्छु भन्न इच्छानुसार म ।
थियो भन्नु पनी धेरै, तर भो अब भन्दिन ॥
किन ? भन्छस् भने राम ! हामीले जुन लड्नुछ ।
सूर्य अस्ताँउनै लागे त्यसमै विघ्न पर्दछ ॥
तैंले यो युद्धमा मारिस् मेरा राक्षस-सैन्य जो ।
ठ्याक्क चौध हजारै थे निकै नै भइ फूर्तिलो ॥
मारेर अब तैंलाई तिनको आँसु पुछ्छु म ।
तिनका मृत्युको साटो सजिलैसित फेर्छु म ॥
रामलाइ भनी यत्ति खर त्यो झोक्कियो अति ।
गदा फ्याँकिदियो आफ्नो ताकी श्रीराममा पछि ॥
थियो वज्र सरी बल्दो खरको यो गदा अहो ! ।
कडाहरू हुँदा श्रेष्ठ सुशोभित थियो बडो ॥
खरको हात छुट्दा नै गयो यो धप्धपाँउदै ।
सोझै राम भए तर्फ लता-वृक्ष ढढाँउदै ॥
अब श्रीरामले देखे कालको पाश तुल्यको ।
उर्लाग्दो त्यो गदा आफ्नै तर्फ हुरिंइ आउँदो ॥
अनि ता धनुमा आफ्नो बाण हालेर रामले ।
आकाशबीचमै टुक्रै टुक्रा पारेर काटदिए ॥
टुक्रै टुक्रा भई फुट्ता बाण लागेर त्यो गदा ।
पृथ्वीबीच खसी हाल्यो धूलो पीठो भई अहा ! ॥
श्रेष्ठ-औषधिको शुद्ध मन्त्रको बल-शक्तिले ।
लठ्याएझैं लडाएझैं सर्पिणीलाइ भो हरे ! ॥

५६

इति उनन्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तीसौं सर्ग

श्रीरामद्वारा खरवध र देवता एवं ऋषिहरू–बाट श्रीरामको प्रशंसा

१

धर्मप्रेमी थिए राम बाणले खरको गदा ।
चूर्ण पारि दिई भन्छन् क्यै हाँसी क्रुद्ध भै कडा ॥
सर्वस्व बल हो तेरो यत्ति नै नीच राक्षस ! ।
देखाइस् जो भए जत्ति गदाकै साथ यो तव ॥
रहिछस् अब पक्का तँ म भन्दा कम शक्तिको ।
रहिछस् धाक छोड्दै पो व्यर्थमै आफ्नु शक्तिको ॥
छोडेका बाणले मेरा टुक्रै टुक्रा भई यता ।
पृथ्वीबीच खसेको छ जो तैंले छोडिथिस् गदा ॥
विश्वास यसमै तेरो, थियो ठूलो 'गएर यो ।
शत्रु–संहार गर्नेछ' भन्ने होइन सत्य यो ? ॥
अब ता छैन होला त्यो, उड्यो कि त कसो खर ! ।
रहिछस् गफ गर्दो तँ व्यर्थको भई अस्थिर ॥
ए निशाचर ! जो तैंले भनेको थिस् ममा अघि ।
तँलाई रणमा मार्छु छोडी शस्त्रास्त्र आदि यी ॥
मारेका अनि तैंले ती मेरा बान्धवको सब ।
पुच्छु आँशु, असत्यै भो ! यो कुरा पनि वास्तव ॥
सुन् ए खर ! तँ होस् नीच, तेरो क्षुद्र स्वभाव छ ।
व्यवहार कुरो–कानी छ झूठो, होस् तँ राक्षस ॥
अब उल्टो म नै तेरो प्राण हर्दछु वास्तव ।
गरुडैले हरे जस्तो सुधा–कलश, त्यै ठीक ॥
म आफ्ना बाणले तेरो पारी देह छिया छिया ।
तेरो घाँटी पनी अैले छिनाल्दछु स्वयं म ता ॥
पिउलिन् अनि पो पृथ्वी फींज बुद्बुद–युक्त त्यो ।
बाफकै साथ आएको तात्तातो रक्तधार पो ॥
हुनेछन् अङ्ग धूलाले फुस्रा तेरा भए जति ।
खस्लान् तेरा दुवै हात पृथ्वीमा काटिई पछि ॥

१४

अँगाली पृथिवीलाई सुत्लास् अनि मजैसित ।
अप्राप्य– युवतीलाई अँगाले झैं गरी स्वतः ॥
सुन् ए खर ! कलङ्कै होस् तँ यो राक्षस वंशको ।
सुत्लास् जब तँ भै मस्त दीर्घनिद्रा लिएर त्यो ॥
अनि पो शरणार्थीमा शरणै दिन योग्यका ।
दण्डकारण्यका ठाम शोभिएलान् जतातता ॥
बस्ने सुख लिने ठाम छन् तेरा जति जो यहाँ ।
म मार्दछु सबैलाई घुमीघुमी स्वयं यहाँ ॥
छोडी त्रास भई ढुक्क अनि पो मुनिका गण ।
सबैतिर पुगी घुम्लान् शुभ दण्डक यो वन ॥
राक्षसीहरू छन् जत्ति तेरा सम्बन्धका यहाँ ।
के होला तिनको चाला यो पनि गम् तँ लौ यहाँ ? ॥
अर्कामा डर पार्ने ती मर्दामा बन्धु–बान्धव ।
भाग्नेछन् दीन भै रोई आफैं डर परी अब ॥
अयोग्यको दुराचारी पति छस् जसको तँ ता ।
छन् त्यही कुलका त्यस्तै तेरा पत्नीहरू उता ॥
हुनेछन् आज ती सारा ए राक्षस ! तँ मारिंदा ।
व्यर्थका काम इत्यादि पुरुषार्थ–विहीनका ॥
चाख्नेछन् अनि पो स्वाद करुणा–रसको खर ! ।
स्थायीभाव भइ टिक्छ जहाँ शोक निरन्तर ॥
ए निशाचर ! तेरो छ स्वभाव अतिक्रूर नै ।
तेरो हृदयमा खेल्छ विचार अति क्षुद्र नै ॥
ऋषि ब्राह्मणको निम्ति भइस् काँडै समानको ।
सारा जीवनमा आफ्नो नीचै कर्म गरिस् अहो ! ॥
तेरै डर परी नित्य सारा ऋषि–महर्षि यी ।
भित्र शङ्का लिंदै हाल्छन् अग्निमा हवि–आहुति ॥

रिसाई जब भन्दैथे राम यो रणभूमिमा ।
रिसायो अब त्यो सुन्दा स्वयं खर पनी वहाँ ॥
यसवेला भएको थ्यो झन् चर्को खरको स्वर ।
गाली गर्दै भन्यो त्यल्ले हकारेर निरन्तर ॥
घमण्डी रहिछस् साह्रै तँ पक्कै पनि वस्तुतः ।
आएमा भयको वेला जो तँ निर्भय छस् स्वतः ॥
यता परि सकीछस् तँ मृत्युको वशमा अतः ।
कुरो भन्ने न भन्ने क्यै पत्तै छैन यथार्थतः ॥
सुन ए! जो काल,पाशोमा टन्केका छन् यहाँ जन ।
झन्नै इन्द्रिय त्यस्ताका विग्रन्छन् अस्त भैकन ॥
यसअर्थ उनीलाई ज्ञान हुन्न कुनै कुरो ।
अकर्तव्य र कर्तव्य यी दुवै वस्तु सम्झको ॥
रामलाई भनी यत्ति त्यो निशाचरले तव ।
गरेर आँखिभौं टेढो हेर्‍यो भइ भयानक ॥
प्रहार राममा गर्न नपाएर कुनै कुरो ।
लाग्यो वरिपरी हेर्न अब त्यो खर भै छिटो ॥
यत्तिकैमा वहाँ देख्यो त्यसले वृक्ष सालको ।
दाँतले ओठ टोकेर उखेल्यो त्यसलाइ पो ॥
बलीयो त्यो हुँदा साह्रै उठाई दुइ हातले ।
खर त्यो गर्जिई हाल्यो अब झन् अति जोडले ॥
श्रीरामलाइ ताकेर छोड्दियो र भन्यो यसो ।
ए राम! अब बाँच्तैनस् यसैले तँ मरिस् अहो! ॥
महान् प्रतापशाली थे यता श्रीराम वास्तव ।
छोडेर बाणको वर्षा काट्दिए आँउदा रुख ॥
रजनीचर त्यो दुष्ट खर मार्न भनी अब ।
पस्यो श्रीराममा क्रोध चर्कै रूप लिई तव ॥
चिट्चिट्ति पसिना आयो शरीर भर रामको ।
भै गए नेत्रका छेउ क्रोधले लाल-लाल पो ॥
हजारौं बाण हानेर रणमा खरलाइ त्यो ।
सम्पूर्ण देहमा घावै-घाउ पो पार्दिए अहो! ॥
प्रहार बाणको पर्दा लागेका ठाँउबाट ती ।
धीजका साथ-साथैमा रक्तधारा बह्यो अति ॥
झर्ने पहाडको ठूलो झरना बाट सुन्दर ।
जल-धारा बहे जस्तो देखियो अब त्यो खर ॥

रामले रणमा आफ्ना तीखा बाण त्यजी त्यजी ।
थिल्थिलो पार्दिएकाथे थियो व्याकुल त्यो अति ॥
डगेन तर त्यो कत्ति फ्याँक्तै दुर्गन्ध रक्तको ।
भै उन्मत्त सरी दौड्यो झम्टिदै रामतर्फ पो ॥
जान्ने शस्त्रास्त्रको तत्व रामले खरलाइ त्यो ।
झम्टिदै आँउदा देखे रगताम्य र झोक्किदै ॥
पछाडि पाइला सारे रामले दुइ तीन वा ।
आफैं भइ छिटा साह्रै त्यस्तै वीर्य हुने हुँदा ॥
तेजिलो अग्निझैं बल्दो लिए बाण स्ववाहुमा ।
मार्नकै निम्ति त्यल्लाई समराङ्गणबीचमा ॥
रामले बाहुमा आफ्नो लिएको बाण यो थियो ।
ब्रह्म-दण्ड सरी दोश्रो असह्य र अचूकको ॥
बुद्धिमान् देवका राजा इन्द्रले रामलाइ यो ।
दिव्य बाण दिएका हुन् अघि नै खुश भै बडो ॥
धर्मात्मा रामले आफ्नो धनुमा बाणलाइ यै ।
चढाएका थिए, मार्न छोड्दिए खरमाथि त्यै ॥
यो महाबाण छुट्ता नै रामको धनु बाट त्यो ।
घनघोर भयो शब्द होझैं चर्कै चट्याङ पर्‍यो ॥
बाण छोडि दिएकाथे धनु तानेर जोडले ।
खरको छातिमै बज्र्यो गई त्यो अब वेगले ॥
त्यो श्वेत-वनमा जस्तो क्रुद्ध भै रुद्रदेवता ।
अघि भस्म बनाएथे अन्धकासुरलाइ ता ॥
रामका बाणको आगो सल्कियो खरमा यहाँ ।
त्यसैले पार्दियो भस्म, लड्यो डङ्ग्रङ्ग भूमिमा ॥
गएर वज्रिदा वज्र वृत्रासुर लडे सरी ।
लाग्दा नमुचिमा फौंज त्यसै बाट मरे सरी ॥
बलासुर मरे जस्तै लाग्दा अशनि इन्द्रको ।
भयो खर धराशायी लाग्दा यो बाण रामको ॥
सिद्ध चारण देवर्षि अब जम्बा भए यहाँ ।
थाले दुन्दुभि बाद्यादि बजाँउन पनी वहाँ ॥
सब मग्न भएकाथे हर्षमा, छक पर्दथे ।
रामको काममा यस्तो पुष्पको बृष्टि गर्दथे ॥
छक्क पर्ने कुरो मुख्य हुन आयो यहाँ यही ।
मारे डेढ मुहूर्तैमा रामले जुन दुष्ट ती ॥

CC-0. In Public Domain. Digitization by eGangotri

भने जस्तै लिने रूप खर-दूषण आदिका ।
चौध हज्जार संख्याका मारे राक्षस जो तदा ॥
भने यस्तो अ-आफैंमा धन्य हुन् राम यी अहो ! ।
काम अद्भुत भो कत्रो आत्मतत्वज्ञ रामको ? ॥
देखिन्छ अद्भुतै कत्रो बल-वीर्य पनी अहो ! ।
रहेछ यिनमा फेरि दृढता विष्णु-तुल्यको ॥ ६१

भनेर यत्ति, देवादि आए जस्तै गरी गए ।
आए महर्षि राजर्षि यता भेला भई गए ॥
यिनमा मुख्य थे साक्षात् अगस्त्य मुनि आदि ती ।
सत्कार रामको गर्दै भने गद्‌गद भै पछि ॥
यसै कारणले राम ! तेजस्वी इन्द्र ती अघि ।
शरभङ्गाश्रमैबीच आएका थे बुझ्यौ हकि ? ॥
यै कार्य-सिद्धि गर्नाको निम्तिमा नै महर्षिले ।
तिमीलाई यहाँ ल्याए अनेकन प्रयत्नले ॥
पापाचारी महान् शत्रु साक्षात् ऋषि-महर्षिका ।
दुष्ट राक्षस-संहार गर्नु नै लक्ष्य भो तदा ॥ ६८

तिमीले गर्दियौ काम यहाँ आएर वास्तव ।
जुन हाम्रै थियो तस्मात् होस् तिम्रो जय ! राघव ! ॥ ६९

अब पो ढुक्क भै गर्लान् धर्माचरण राम्ररी ।
दण्डकारण्यमा घुम्दै ठूला ऋषि-महर्षि यी ॥
निस्की गिरि-गुफाबाट सीताको साथ लक्ष्मण ।
यसैवेला यहाँ आए पसे आश्रममा पुनः ॥
सत्कार ऋषिको पाई पूजिई प्रिय भाइले ।
विजयी वीर श्रीराम अब आश्रममा पसे ॥
दुष्ट-शत्रु सबै मार्ने पार्दिने ढुक्क चित्तमा ।
दिने सुख तथा शान्ति सारा ऋषि-महर्षिमा- ॥
यस्ता स्वपतिको पाई शुभ-दर्शन रामको ।
धर्म पत्नी भइन् सीता भित्र-भित्र निकै खुशी ॥
विदेहराजकी छोरी उनले ढुक्क भै अब ।
पति श्रीरामको मारिन् अँगालो स्नेहले दृढ ॥
त्यत्रा राक्षसका फौज मारिएका भुसुक्क भै ।
नभएको कहीं केही पतिमा, देखि यो सबै ॥ ७६

७७

छोरी जनकराजाकी सीतालाइ यथार्थमा ।
सुख-सन्तोष भो भित्र ठूलै अब भने, वहाँ ॥
मारी दिंदा चौध हजार राक्षस भै ढुक्क, मानी मनमा निकै खुश ।
महान् महात्मा ऋषिले महर्षिले सत्कार-पूजा पति-रामको गरे ॥
देखेर भोगेर सबै कुरा यता ती जानकी दङ्ग परी गइन् उता ।
आनन्दमा मग्न भएर वस्तुतः हालिन् अँगालो पति रामलाइ त ॥
७८

इति तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकतीसौं सर्ग

राक्षसराज रावणले अकम्पन बाट कुरा सुनी सीता हर्न जानु र मारीचका सल्लाहले त्यस काम बाट हट्नु

१

त्यो जनस्थानमा युद्ध सकिना साथ भै छिटो ।
दौड्यो राक्षस क्वै यौटा लङ्कातिर तुरुन्त पो ॥
अकम्पन थियो नाम यसको जसले गई ।
गऱ्यो रावणमा विन्ति यसरी भित्र आत्तिई ॥
महाराज ! न राम्रो भो ! त्यो जनस्थानबीचमा ।
बस्थे राक्षस जो जत्ति ती सबै मारिए वहाँ ॥
घनघोर लडाँई भो त्यसमै खर मारियो ।
बल्ल ज्यान बचाएर यहाँ आएँ म भै छिटो ॥
त्यसले यत्ति भन्दामै त्यो दशग्रीव-रावण ।
क्रोधले चूर भै हाल्यो भो आँखा लाल तत्क्षण ॥
त्यससाथ भनी हाल्यो, पछि रावणले यसो ।
त्यल्लाई आफ्नो तेजैले स्वाहा पार्छकि म्फैं अहो ! ॥
भन् ए!हो कुन त्यो व्यक्ति कसको आयु क्षीण भो? ।
मेरो छम्र जनस्थान भन् ! कल्ले नष्ट पार्दियो ? ॥
निक्ल्यो को साहसी त्यस्तो सारा भुवनमा कहीं ।
गएमा गति वा ठाम के त्यल्ले पाउला कहीं ? ॥
अपराध गरी मेरो यम इन्द्र कुवेर र ।
विष्णुले पनि पाउन्नन् सुख, बस्न कहीं स्थिर ॥
के बुझिस् ? काल हूँ साक्षात् म नै त्यो कालको पनि ।
भस्म पार्न म नै सक्छु साक्षात् अग्निकनै पनि ॥
अरुको के कुरा सुन् ए ! काल वा मृत्युलाइ म ।
भुसुक्क पार्न वा मार्न सक्छु मै,-छ पराक्रम ॥
म रिसाएँ भने देखि वायुको गति सम्म त्यो ।
रोक्न सक्छु मजै साथ आफ्नु नै वेग बाट यो ॥
बुझिस् ! म तेजले आफ्नो सूर्य-अग्नि दुवैकन ।
पार्न भस्म डढाएर सक्छु, शक्ति छ उत्तम ॥

१३

१४

अब ज्यादै रिसाएको देख्ता रावणलाइ त्यो ।
यो अकम्पनको वाक्यै बन्द भो डरले अहो ! ॥
पछि हात दुवै जोडी आफ्नो शङ्कालु-वाक्यमा ।
गऱ्यो रावणको साथ त्यल्ले अभय-याचना ॥
सारा राक्षसमा श्रेष्ठ त्यसले अभयै दियो ।
बल्ल त्यो ढुक्क भो, लाग्यो भन्न स्पष्ट सबै कुरो ॥
अयोध्याका दशरथ-राजाको पुत्र राम हो ।
बस्छ पञ्चवटीमा त्यो, जो छ भर्खरकै ठिटो ॥
बलीयो सिंहकै जस्तो छ बनौट शरीरको ।
मोटा मोटा दुवै हात लामा छन् साथ काँधको ॥
त्यसका देहको रङ्ग छ राम्रो श्यामलो अनि ।
राक्षसेश्वर ! त्यो राम छ निकै तेजिलो पनि ॥
कीर्ति फैलिसकेकोछ त्यसको बल-वीर्य त ।
उपमै न हुने जस्तो छ लङ्केश्वर ! वस्तुतः ॥
त्यो जनस्थानमा बस्ता यसैले भइ अद्भुत ।
मार्दियो अरु साथैमा खर-दूषणलाइ त ॥
भन्छ राक्षसको स्वामी त्यो अकम्पनका कुरा ।
सुने पछि गरी स्वाँ ! स्वाँ !! क्रुद्ध नागै बनी पुरा ॥
ए अकम्पन ! लौ भन् , के राम त्यो सब देवता ।
देवेन्द्र साथ ली आयो ? के जनस्थानमै छ ता ? ॥
अब रावणको यस्तो वाक्य फेरि सुने पछि ।
रामको बल-वीर्यादि बखान्यो, जान्दथ्यो जति ॥
राम नाम हुने चाँहि लङ्केश्वर ! छ अद्भुत ।
धनु धर्नेहरूमा छ श्रेष्ठ-तेज हुने स्वतः ॥
गर्दा प्रयोग दिव्यास्त्र चाहिने गुण छन् सब ।
धर्मपूर्वक लड्नामा पनि राम सिपालु छ ॥

२६

२७

छ अर्को रामको साथ त्यसैको भाइ लक्ष्मण ।
दाजु जस्तै बलीयो छ, छ राम्रो, छन् सबै गुण ॥
पूर्णिमामा उदाएको चन्द्रमाझैं मनोहर ।
त्यसको मुख देखिन्छ तेजिलो राक्षसेश्वर ! ॥
राता राता दुवै आँखा छन् सुन्दर उतातिर ।
स्वर दुन्दुभिकै जस्तो छ गम्भीर यतातिर ॥
आगाको साथमा हावा गै मिले ठीक हे प्रभो ! ।
मिली बस्छ वहाँ राम भाईको साथ योग्य यो ॥
राजाधिराज हो राम, उदारात्मा छ तेजिलो ।
महाराज ! जनस्थान मास्दियो त्यसले अहो ! ॥
त्यसका साथमा कोही देवता छन न ता प्रभो ! ।
न क्वै मुनि-महात्मा छन्, शोच्नु पर्दैन यो कुरो ॥
छोड्छ त्यो सुनका प्वाँख भएका बाण जो पछि ।
हुन्छन् पाँच मुखे सर्प, खान्छन राक्षस जति ती ॥
भाग्दथे जुन बाटोले जो राक्षस वहाँ, जहाँ ।
लङ्केश्वर ! सबै देख्थे रामलाई त्यही वहाँ ॥
यसरी अनघ-स्वामिन् ! एउटै रामले हरे ! ।
पाऱ्यो हजूरको त्यस्तो जनस्थान भुसुक्क ए ! ॥
त्यो अकम्पनका यस्ता सुनी वचन अन्तमा ।
त्यस साथ भनी हाल्यो यसो रावणले वहाँ ॥
ए अकम्पन ! गै हाल्छु म जनस्थानमा अब ।
भाई लक्ष्मणको साथै गर्छु त्यो रामको वध ॥
भन्दा रावणले यत्ति भन्छ फेरि अकम्पन ।
बल पौरुष लौ सुन्नोस् ! रामको गर्छु वर्णन ॥
महान् कीर्ति हुने राम साँच्चिकै झोक्कियो भने ।
व्यक्ति नै कुन होला र रोक्ने बर्गत पो हुने ? ॥
परिपूर्ण नदीको क्वै उर्लेको वेग सम्म त्यो ।
सजीलै बाणले राम सक्छ उल्टयाउनै अहो ! ॥
सम्पूर्ण ग्रह-तारा र नक्षत्रहरूले तक ।
पूर्ण आकाशलाई त्यो पार्न पीडित सक्तछ ॥
डुबिन भने पनी राजन् ! पृथ्वी गइ समुद्रमा ।
दुःख पाइन् भने सम्म गर्छ उद्धार त्यो वहाँ ॥
मर्यादा सिन्धुको माशी लोकलाइ समस्त यो ।
डुबाँउन जलैद्वारा शक्तियुक्त छ राम त्यो ॥

४३

४४

लङ्केश्वर ! छ त्यो फेरि सजीलै निज बाणले ।
सिन्धुको वायुको सम्म वेग रोक्न समर्थ ए ! ॥
ए महाराज ! त्यो राम पुरुषोत्तम हो भनी ।
म ठान्दछु, छ त्यो त्यस्तै अत्यन्तै कीर्तिमान् पनि ॥
तीन लोक सबै माशी हुँदा पौरख उत्तम ।
सिर्जना गर्न त्यो सक्छ वहाँ नाना प्रजा पुनः ॥
ए दशै टाउके राजन् ! रामलाइ हजूरले ।
जित्न गाऱ्है छ, सक्तैनन् सारा राक्षस-लोकले ॥
सुन्नोस् राक्षसका राजा ! स्वर्गमा जान वस्न वा ।
जस्तो सक्तैन क्वै पापी, त्यस्तै गाऱ्हो छ जित्न ता ॥
म त ठान्दछु यस्तो कि देवासुर सबै मिले ।
ता पनी मार्न सक्तैनन् रामलाई कसै गरे ॥
बरु त्यल्लाइ मार्ने छ यौटा राम्रो उपाय यो ।
सावधान भई सुन्नोस् लौ मेरै मुखदेखि त्यो ॥
सीता छ त्यसकी पत्नी, चढ्दो बढ्दो उमेर छ ।
विश्वमा कहलाएकी छ त्यही सुन्दरीतक ॥
ठिक्क मोटा र राम्रा छन् मिलेका अङ्ग देहका ।
यही स्त्री-रत्न हो राजन् ! पैह्रन्छे सुन-रत्न ता ॥
देव-गन्धर्वका कन्या नागकन्या र अप्सरा ।
दाँजोमा पुग्न सक्तैनन् यसका रूपको वरा ! ॥
यस हालतमा सक्लान् कसरी मर्त्य-जातिका ।
नारीहरू कुनै अर्का त्यसको लिन तुल्यता ? ॥
गै महावनमा तस्मात् रामलाइ छली वहाँ ।
ल्याउनोस् त्यसकी पत्नी सीतालाइ हरी यहाँ ॥
आफ्नी त्यस्ती प्रिया पत्नी त्यै सीता छुट्टिई भने ।
त्यो राम बाँच्न सक्तैन लौ! शोच्नोस् यत्ति जो भनें ॥
अब राक्षसको राजा साक्षात् रावणले पनि ।
यी अकम्पनका वाक्य ठान्यो वेस! भन्यो भनी ॥
यो दशै टाउके, लामा हातको वीर रावण ।
त्यो अकम्पनमा लाग्यो भन्न केही गमीकन ॥
ठिक् भनिस्! वेस हो! हुन्छ! जान्छु भोलि विहान म ।
झिसिमसेमै त्यता एक्लै साथी सारथि लीकन ॥
विदेहराजकी छोरी सीतालाइ मजैसँग ।
हरी महापुरीमा यो म ल्याँउछु खुशीसँग ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

६१

त्यस साथ भनी यत्ति त्यसको भोलिपल्ट ता ।
चढ्यो गै रथमा आफ्नो जोतेकाथे जहाँ गधा ॥
सूर्य जस्तै उज्यालो र चम्किलो रथ यो थियो ।
पाऱ्यो जगमग सम्पूर्ण दिशा र विदिशा, चढ्यो! ॥
आकाश-मार्गले जाँदा सारा नक्षत्रलाइ ती ।
छोडी वरीपरी दौड्यो छिटो भइ बढ्यो अघि ॥
लिई बादलको आड चम्किने चन्द्रमा सरि ।
देखिन्थ्यो त्यसको राम्रो रथ यो अद्भुतै सरि ॥
वहाँबाट निकै टाढा यौटा आश्रममा पुग्यो ।
ताटकापुत्र मारीच थ्यो जहाँ, पछि गै मिल्यो ॥
वहाँ राक्षस-राजाको स्वयं मारीचले तव ।
गऱ्यो स्वागत-सत्कार भक्ष्य-भोज्यादिले सब ॥
पूजा गरेर आफैले टक्ऱ्याई जल, आसन ।
सोध्यो मारीचले अर्थयुक्त वाक्य भनीकन ॥
राक्षसेश्वर हे राजन् ! भन्नुहोस् लौ ! तपाँइको ।
राज्यका जनता सारा कुशलै छन् , छ के भलो? ॥
गरी हडबडी यत्रो जुन आँउनु भो यहाँ ।
भित्र चीसो पऱ्यो यल्ले, छैन कल्याण के वहाँ? ॥
यसरी त्यसले सोद्धा कुरा गर्न सिपालु त्यो ।
भन्यो रावणले जो थ्यो तेजिलो, अव वाक्य यो ॥
बाबु मारीच ! सुन् ! राम रहेछ सजिलै सित ।
ठूलूलै काम गर्नामा समर्थ अति अद्भुत ॥

७१

७२

त्यसैले मार्दियो मेरो राज्यको साँध-रक्षक ।
खर-दूषणलाई ती गरी रण भयानक ॥
जनस्थान म संक्रन्थे नाश्न सक्तैन क्वै भनी ।
त्यै नाश्यो, मारिदियो सारा वहाँ बस्नेकनै पनी ॥
मफेर्छु त्यसको साटो यसअर्थ म रामकी ।
पत्नी सीताकनै हर्छु गर मद्दत सहाय दी ॥
सारा राक्षसको इन्द्रै तुल्य रावणको कुरो ।
सुने पछि भनी हाल्यो अव मारीचले यसो ॥
मित्रको रूपमा निस्क्यो कुन शत्रु तपाँइको ।
सीता हर्नु भनी जल्ले दियो सल्लाह यो अहो ! ॥
राक्षसश्रेष्ठ हे राजन ! त्यो को हो भन्नुहोस् हरे ! ।
मान पाई तपाँइकै कुभलो गर्न खोज्छ ए ! ॥
पत्नी श्रीरामकी सीता हर ल्याउ यहाँ ! भनी ।
भन्ने त्यो कुन हो ? नामै भन्नुहोस् जाँनु मै पनि ॥
लौ चाँडै भन्नुहोस् ! सुन्छु सारा राक्षस-जातिको ।
सीं गै फुकाल्न को खोज्छ? काट्न चाहन्छ व्यक्ति को? ॥
प्रोत्साहन तपाँईमा जल्ले यो काममा दियो ।
यसमा छैन क्यै शङ्का, शत्रु हो त्यो तपाँइको ॥
विषालु रूपका दाँत मुखभा भित्र जत्ति छ ।
को त्यो तपाँइद्वारा नै सुत्त भिक्न लगाँउछ ? ॥
दिई साह्रै नराम्रो यो सल्लाह कुन व्यक्तिले ।
कुमार्गमा हिंडायो हा ! तपाँईलाइ व्यर्थ ए ! ॥

८२

८३

सुत्ता तपाँई भै मग्न सुख-आनन्दमा हरे ! ।
लातले शिरमै हान्यो यसरि कुन व्यक्तिले ॥
श्रीराम हुन् रावण ! राघवेन्द्र सुगन्ध छोड्ने मदको गजेन्द्र ।
योद्धाहरू छन् गजरूप जत्ति त्यै गन्ध सुँघ्दै पर भाग्दछन ती॥
जन्मे उनी शुद्ध स्ववंशमा जो विशुद्ध हो सूँड गजेन्द्रको त्यो ।
प्रताप नै हो मद त्यो सुगन्धी हुन् दाँत मोटा दुइ बाहु नै ती ॥
सुन्नोस् कुरो राक्षस-राज ! ओहो ! हुदैन हेर्नै पनि रामलाई ।
लड्ने कुरा गै रणभूमिबीच गर्दै नगर्नोस् पछि सम्भलाई ॥
मनुष्यको रूप लिने अनौठा हुन् राम लङ्केश ! नृसिंह यौटा ।
हो डट्नु नै गै रणभूमिभित्र ती अङ्गका सन्धि र रोम चित्र ॥

CC-0. In Public Domain. Digitization by eGangotri

८८

त्यो सिंह राजन्! चतुरो छ ज्यादि जो मार्छ है राक्षस नै मृगादि।
बाणस्वरूपी सब अङ्गले त्यो छ पूर्ण, दाह्रा—असि धर्छ तीखो॥
सुती रहेकोछ नृसिंह-राम अैले वहाँ, जो छ अतुल्य-धाम।
ब्यूँझाउनालाइ तपाँइले गै अयोग्य नै हुन्छ र पर्छ गाह्रै॥
सुन्नोस् अझै राक्षस-राज! राम हो है महासिन्धु अमेय-धाम।
सम्पूर्ण पाताल समेत जल्ले चुलुम्ब नै पार्छ बलै-जलैले॥
त्यो सिन्धुको भित्र टिकीरहेको हो ग्राह ठूलो धनु जो छ त्यस्को।
मानिन्छ छीलो दुइ बाहु-वेग तरङ्ग उठ्छन् शरकै अजेय॥
अगाध पानी त्यस सिन्धुको हो गरिन्छ जो युद्ध वहाँ गई, त्यो।
भो! उग्र त्यस्तो बडवानलैमा न होम्मिनोस्! बस्नु हओस् सुखैमा॥
भो! छोड्दिनोस् यो सब, दङ्ग पर्नोस् आनन्द मान्नोस, सुखसाथ बस्नोस्।
फर्केर लङ्केश्वर! पाल्नुहोस् र बस्नोस् उतै निर्भयता लिएर॥
तपाँइकै छन् रमणी अनेक विहार गर्नोस् सँग ली हरेक।
यता वसुन् त्यै वनमा ललाम आफ्नी प्रिया साथ लिएर राम॥
मारीचले यसो भन्दा त्यो दशग्रीव—रावण।
फर्क्यो फरक लङ्कामै पस्यो महलमा पुनः॥

९५

इति एकतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बत्तीसौं सर्ग

शूर्पणखाले दाजु रावणलाई आफ्नो वैरूप्य देखाँउनु

१

जब शूर्पणखाले त्यो देखी आफ्नो अगाडि नै ।
मारेको रामले यौटै त्यत्रो राक्षस-सैन्य नै ॥
डर्लाग्दो काम गर्ने ती ठीक चौध हजारका ।
फौज राक्षसका सारा भए जो युद्धमा सफा ॥
तिनका साथ-साथैमा दूषण त्रिशिरा खर ।
मारेका पनी छर्लङ्ग देखी थी त्यसले तव ॥
अनि त्यो शोकले गर्दा मेघकै गर्जना सरि ।
चीत्कार गर्न नै लागी फेरि जोड निकै गरी ॥
गरेर रामले काम देखाए त्यसमा त्यही ।
अरू वाट हुनालाई जुन गाऱ्है थियो अति ॥
रामको काम देख्ता त्यो छर्पटी अति भैदिंदा ।
पुगी शूर्पणखा लङ्काभित्र रावण—रक्षिता ॥
वहाँ सात तला अग्लो ठूलो महलको पनि ।
बुर्जाबीच बसेको थ्यो त्यो रावण सुखी बनी ॥
राजामा हुनु पर्ने हो जत्ति तेज प्रताप वा ।
त्यो सबै शोभिएको थ्यो त्यसमा, देख्तथी उ ता ॥
घेरिए ठीक देवेन्द्र मरुद्गण र देवले ।
त्यो पनी घेरिएकोथ्यो आफ्ना मन्त्री र भृत्यले ॥
थियो रावण त्यो वेला डटेको दिव्य उत्तम ।
स्वर्ण सिंहासनैबीच चम्किन्थ्यो सूर्यझैं जुन ॥
सुनका ईंटको वेदी—भित्रका अग्नि-देवता ।
घृत-आहुति पाएमा बल्दछन् जसरी अहा ! ॥
त्यै ठीक तेजले आफ्नो जगमगाएर रावण ।
सुवर्णासनमा त्यस्तो शोभिएको थियो पुनः ॥
महात्मा ऋषि ब्रह्मर्षि भूत गन्धर्व देवता ।
जस्लाइ जित्नको निम्ति असमर्थ थिए सदा ॥

१३

१४

समराङ्गणमा आफ्नो मुख बाएर त्यो बसे ।
देखिन्थ्यो हो भने जस्तै साक्षात् काल वहाँ बसे ॥
देवता दैत्यका साथ लड्दामा अघि युद्धमा ।
ठोक्ता अशनि-वज्रादि यसका अङ्ग-अङ्गमा ॥
जत्ति जो घाउ लागेथे तिनका चिन्ह ती सब ।
यसका देहमा राम्रै देखिइन्थे अझैतक ॥
त्यो ऐरावत हात्तीले यसको छातिबीचमा ।
थियो जो दाँत गाडेको, अझै खत थियो वहाँ ॥
थिए रावणका बाहु बीस ओटा मनोहर ।
दश ओटा थिए फेरि त्यसका शिर सुन्दर ॥
थिए चँवर-छत्रादि गहना-गुरियातक ।
त्यसका अति नै राम्रा हेर्न लायकका सब ॥
थियो लम्बाइ-चौडाई मिलेको छाति उच्च झन् ।
थिए ती चिन्ह जो वीर-राजामा हुनु पर्दछन् ॥
त्यसले देहमा आफ्नो वैदूर्यमणि-नीलम ।
पैन्हिएको थियो, खुल्थ्यो गहना त्यै मनोरम ॥
थियो त्यै मणिझैं नीलो त्यसको देह-कान्ति त्यो ।
आभूषण थिए शुद्ध सुनका अरु दिव्य जो ॥
राम्रा मोटा थिए बाहु सेता दाँत थिए सफा ।
मुख चाँहि थियो ठूलो,-देह डाँडै न हो अहा ! ॥
देवता साथ लड्दामा छोड्दिंदा चक्र विष्णुले ।
गै शयौं पल्ट ठोकेका डाम अङ्गभरी थिए ॥
ठूल्ठूला युद्ध पर्दामा अरू शस्त्रास्त्र आदिले ।
हान्दा यल्लाइ लागेका देखिन्थे, खत जो थिए ॥
सारा शस्त्रास्त्रले ठोक्ता पनि देव मिली सब ।
हुन्नथे यसका अङ्ग कत्ति खण्डित वास्तव ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्यो यिनै अङ्गले आफ्ना हुँडोल्थ्यो सिन्धुलाइ नै ।
सकिन्नथ्यो हुँडोल्नै जो, गर्थ्यो त्यो पनि शीघ्र नै ॥
डाँडाका टाकुरा सारा फ्याँक्दिन्थ्यो त्यो यता उता ।
सजिलै पिँधिदिन्थ्यो जो देवताहरूलाइ ता ॥
धर्मको त उछित्तो नै पार्थ्यो, काट्थ्यो जरै पनि ।
नाशिदिन्थ्यो परस्त्रीको त्यो सतीत्वतकै पनि ॥
दिव्यास्त्र छोड्न वा खिँच्न जान्दथ्यो त्यो सबै थरी ।
यज्ञमा विघ्न-बाधादि पार्दथ्यो यो सँधै भरी ॥
पहिले गइ पाताल पुगी भोगवती पुरी ।
जितेथ्यो नागका राजा साक्षात् वासुकिलाइ ती ॥
पछि तक्षककी प्यारी पत्नीकन पनी हरे ! ।
स्वयं हरेर ल्याएथ्यो उनलाइ जितेर ए ! ॥
वहाँ जस्तै गरी ओहो ! पछि कैलासमा पुगी ।
कुवेरलाइ नै साक्षात् जितेथ्यो युद्धमा लडी ॥
जहाँ कुवेरको इच्छा सरि चल्ने विमान जो ।
थियो पुष्पक, ल्याएथ्यो त्यै हरी त्यसले अहो ! ॥
त्यो रावण थियो ज्यादै शक्तिमान् र पराक्रमी ।
भएर क्रोधले चूर गर्दथ्यो अनि जे पनि ॥
गई कुवेरको दिव्य वन चित्ररथै पनि ।
मासिदन्थ्यो र विगार्दिन्थ्यो पोखरी नलिनी पनि ॥
त्यसकै साथ नाशिदन्थ्यो वन नन्दन इन्द्रको ।
विगार्थ्यो अरु द्यौताका राम्रा उद्यान सम्म त्यो ॥
गिरिको टाकुरा जस्तै धर्थ्यो आकार त्यो अनि ।
सूर्य चन्द्र उदाएमा रोकिदन्थ्यो हातले पनि ॥
धीरस्वभावको वीर थियो रावण त्यो तव ।
विशाल वनमा भित्र पसी गर्थ्यो महान् तप ॥

३६

४०

चर्को तप गरी त्यल्ले दश हज्जार वर्षको ।
टक्र्यायो पछि ब्रह्मामा शिरको वलि सम्म पो ॥
प्रभाव त्यसको पर्दा त्यसकै उच्च-शक्तिले ।
जित्न सक्तैनथ्यो कोही त्यसलाइ कसै गरे ॥
त्यो निर्डर भएकोथ्यो युद्धमा देव-दानव ।
पिशाच नाग गन्धर्व पक्षी काँप्थे त्यसै सब ॥
तस्मात् मनुष्य छोडेर अरु बाट कहीं कसै ।
थिएन डर त्यल्लाइ मृत्युको अति ढुक्क भै ॥
ठूल्ठूला सोम-सवनकर्म-सम्पन्न यज्ञमा ।
द्विजातिहरुले वेदमन्त्रोच्चारणले वहाँ— ॥
निकालेका र वेदैका मन्त्र बाट सुसंस्कृत ।
स्तुन शुद्ध सोमरस नाशिदन्थ्यो त्यो पुगी स्वतः ॥
समाप्ति हुन लागेका यज्ञ, विध्वंस पार्दथ्यो ।
ठूल्ठूला उग्र कर्मादि गर्दथ्यो, विप्र मार्दथ्यो ॥
अति निर्दय थ्यो दुष्ट, ज्यादै रूखो स्वभावको ।
विश्वका सब प्राणीको कुभलो मात्र गर्दथ्यो ॥
सम्पूर्ण दुनियाँलाई डरै पार्थ्यो, सताँउथ्यो ।
न राम्रो गर्दथ्यो नित्य, सारालाइ रुवाँउथ्यो ॥
महान् बल हुने क्रूर दाजु रावणलाइ यो ।
देखी शूर्पणखाले त्यो, राक्षसी गै अगाडि जो ॥
थियो रावण यो वेला दिव्य वस्त्र र भूषण ।
पुष्प-माल्यादिले ज्यादै शोभिएको मनोरम ॥
थियो सौभाग्यवान् साक्षात् राक्षसेश्वर रावण ।
बस्थ्यो आसनमा त्यस्तो पुलस्त्य-कुल-नन्दन ॥
नाशन यो विश्व सम्पूर्ण तम्तयार हुने अहो ! ।
हो "महाकाल" जस्तै जो देखिइन्थ्यो असह्यको ॥

५२

५३

घेरिइ भृत्य-मन्त्रीले वसेको शत्रुनाशक ।
दाजु साथ कुरा गर्ने भई त्यो राक्षसी अब ॥

घुम्थी सँधै निर्भय भै जतातता यो राक्षसी कामविहारिणी हुँदा ।
काटीदिँदा लक्ष्मणले वहाँ हरे ! बुच्चै भई थी जुन नाक-कानले ॥

५४

CC-0. In Public Domain. Digitization by eGangotri

भएर हा ! मोहित त्रास-लोभले विरूप देखाइ स्वरूप, आशले ।
त्यो दाजुमा उग्र विशाल नेत्रको यो भन्न लागी 'न मजा कुरा' अहो ! ॥
५५

इति बत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेत्तीसौं सर्ग

वहिनी शूर्पणखाले दाजु रावणलाई निन्दा गर्दै धिक्कार्नु

१

तिरस्कृत भएकोले राम-लक्ष्मण बाट ती ।
यो राक्षसी-शूर्पणखा भित्र दुःखी थिई अति ॥
मन्त्रीका बीचमा बस्ने सारा विश्व रुवाँउने ।
दाजु रावणलाई त्यो भनी भै उग्र झोक्किने ॥
सुन राक्षसका स्वामिन् ! स्वेच्छाचारी भयौ तिमी ।
छौ मत्त काम-भोगैमा मर्यादाहीन हौ तिमी ॥
कहाँ कस्तो छ, के के भो ? बुझ्नु पर्ने कुरा यिनै ।
बुझ्दैनौ कत्ति, छौ मस्त तिमी विषय-भोगमै ॥
जान्दछौ के तिमी दाजु ! अब तिम्रो निमित्तमा ।
उत्पन्न भै सक्यो ज्यादै डर्लाग्दो भय विश्वमा ॥
अतिलोभी छ जो राजा ग्राम्य-भोगादिमा फसी ।
इच्छा लागे सरी गर्छ के होला शोच त्यो पछि ? ॥
त्यस्तो आदर सन्मान गर्दैनन् त्यसको प्रजा ।
को मरेङ्घाटको आगो लिन्छ, आदर गर्छ वा ? ॥
पृथिवी-पति भै दाजु ! जो राजा ठीक कालमा ।
सझाल्दैन र गर्दैन आफ्नु काम भने यहाँ ॥
त्यो राजा सुन ए ! आफ्नो राज्य बाट र वस्तुतः ।
ती आफ्ना कामकै साथ नाश हुन्छ, छ निश्चित ॥
सुन लौ ! फेरि ए दाजु ! जो राजा आफ्नु राज्यको ।
हाल बुझ्न खटाँउन्न क्वै गुप्तचर योग्यको ॥
दर्शनै सम्म पाँउन्नन् जसको दुनियाँ यता ।
फस्छ स्वाधीनता नाशी जुन स्त्री-भोगमा सदा ॥
त्याग्दछन् दुनियाँ सारा यस्तो राजाकनै पछि ।
छोडेझैं गजले टाढै बाट हीलो हुने नदी ॥
रक्षा जो नृप गर्दैनन् राज्यका-प्रान्तको यहाँ ।
जो गयो मत्त भै बस्ता अर्काको अधिकारमा ॥

१३

१४

फर्काउन्नन् त ती राजा डुबेका सिन्धुबीचमा ।
भइ पर्वतकै ठीक उठ्तैनन् कहिल्यै यहाँ ॥
वशमा मन राखेका खप्ने दुःख तथा सुख ।
देव दानव गन्धर्व साथ तिम्रो विरोध छ ॥
यतातिर भने तिम्रो छ यस्तो चाल उद्धत ।
छैनौ गुप्तचरै सम्म राखेका बुझ्न हालत ॥
भन यस्तो अवस्थामा लोभी विषयमा सब ।
तिमीझैं चञ्चले राजा कसरी टिक्न सक्तछ ? ॥
राक्षसै हौ तिमी दाजु ! शिशुकोझैं स्वभाव छ ।
छैन बुद्धि पनी कत्ति, हौ पूरा मूर्ख वास्तव ॥
जान्नु पर्ने कुरा सम्म जान्दैनौ क्यै तिमी अतः ।
भन लौ कसरी हुन्छौ योग्य राजा विशेषतः ॥
विजयी वीरमा श्रेष्ठ ! सुन ए दाजु रावण ।
अरूझैं हुन्छ त्यो राजा जो हुन् साधारणै सुन ! ॥
राजनीति तथा कोष ती गुप्तचर आदि यी ।
जसको वशमा छैनन् हुँदैनन् नृप योग्य ती ॥
त्यो राष्ट्रभरका आफ्ना प्रान्तका दूर सम्मका ।
बुझ्छन् देख्छन् कुरा राजा चरकै ली सहायता ॥
यसअर्थ बुझ्यौ ! दाजु । राजाहरू यथार्थमा ।
भनिन्छन् दूरदर्शी वा दीर्घदर्शी पनी यहाँ ॥
मूर्ख मन्त्री लिई बस्छौ घेरिई यिनले सदा ।
तिमीले चर छोडेका छैनौ, ठान्दीछु यै म ता ॥
जनस्थान भयो शून्य तिम्रा स्वजन मारिए ।
यो कुराको तिमीलाई कत्ति बोधै भएन ए ! ॥
सजीलै काम ठूलठूला गर्ने त्यो एक रामले ।
डर्लाग्दा राक्षसी-सैन्य चौधै हज्जार मारिए ॥

२६

२७

तिनका साथ-साथैमा खर-दूषणको पनि ।
हरेशिव ! लियो प्राण बुझ्दैनौ ? यो कुरा तिमी ॥
दियो अभय सारामा वहाँ जो बस्तथे ऋषि ।
दण्डकारण्य भो शान्त मर्दा राक्षस आदि ती ॥
वहाँ बस्ने थिए जो जो भए आनन्द ढुक्क ती ।
यसरी त्यो जनस्थान चौपट्टै पार्दियो पछि ॥
छौ तिमी अति नै लोभी, सुनाएँ दाजु राक्षस ! ।
हुँदा विषयमै मस्त हौ पराधीन वास्तव ॥
तसअर्थ तिमीलाई आफ्नु नै राज्यबीच यो ।
उब्जेको डरको सम्म होशै छैन, विचित्र हो ! ॥
सुन ए ! गर्छ जो राजा व्यवहार कडा यहाँ ।
स्वभाव जसको फेरि भएको छ कडा यहाँ ॥
थोरै तलब जो दिन्छ, आफ्ना सेवक-भृत्यमा ।
हुन्छ मत्त तथा मस्त, फुल्छ जो फेरि गर्वमा ॥
परेमा स्वाँठ त्यो राजा कुनै संकष्टमा यहाँ ।
छोड्दिन्छन् साथ साराले, दिन्नन् मद्दत अन्तमा ॥
अभिमानी छ जो ज्यादै आफ्नु पार्न सकिन्न जो ।
आफैंलाइ बडो ठान्ने, मान्ने मै नै छु योग्यको ॥
क्रोधी यस्तो कुनै व्यक्ति नर होस् वा नराधिप ।
परे संकष्टमा त्याग्छन् आफ्नैले पनि वास्तव ॥
सुन राक्षसका स्वामिन् ! राजा भइ यहाँ जुन ।
कर्तव्य-कर्म गर्दैन नित्य आफैं खटीकन ॥

३७

३८

पर्दा डराँउने वेला जो डराँउन्न वस्तुतः ।
गर्दैन आफ्नु रक्षाको कत्ति ख्याल गमी स्वतः ॥
त्यो राजा हुन्छ चाँडैनै स्वराज्यै बाट भ्रष्ट र ।
वेवास्ताको तृणै जस्तो हुन्छ, भोग्छ अनादर ॥
सुन ! माटो र धूलोले ढुङ्गाले पनि क्यै न क्यै ।
स्वार्थसिद्ध गरी छोड्छन् लिन्छन, काम यहाँ सवै ॥
स्थान भ्रष्ट भएका ती राजा बाट भने तर ।
क्यै काम लिन सक्तैनन् दुनियाँहरु आखिर ॥
ओइलाइसकेका क्यै माला, वस्त्र जडाउरी ।
अरुले पैह्रना निम्ति योग्य हुन्नन् कसै गरी ॥
त्यस्तै समर्थ नै होस् न राज्यभ्रष्ट हुने नृप ।
बुझ्यौ ! निरर्थकै हुन्छ प्रजाको निम्ति वास्तव ॥
सुन ! फेरि छ जो राजा सावधान निरन्तर ।
राज्यका कामको सारा ज्ञान राख्छ बराबर ॥
कृतज्ञ र छ जो फेरि धर्मशील, जितेन्द्रिय ।
स्थायी हुन्छ त्यही राजा गर्छ राज्य निकैतक ॥
यो स्थूल नेत्र चिम्लेर त्यो सुते पनि ता सुन ! ।
नीतिका नेत्रले किन्तु व्यूँफेकै हुन्छ त्यो गुन ! ॥
जसको भवाट्ट देखिन्छ दया वा क्रोधको फल ।
प्रशंसा त्यस राजाको गर्दछन् दुनियाँ सव ॥
ए रावण ! छ तिम्रो ता बुद्धि नै अतिदूषित ।
यसैले रित्तिएका छन् सारा गुण नृपोचित ॥

४८

४९

भनेनन् जो तिमीलाई चरले अहिलेतक ।
त्यत्रा राक्षसका सैन्य मारेका पनि वास्तव ॥
गर्छौ तिमी हा ! अरुको अनादर भै मस्त भोग्छौ विषयादि सादर ।
क्यै छैन पत्तो निज देश-कालको के गर्नु पर्नेछ ? छ के गरे भलो ? ॥
कैले तिमीले गुण-दोष आदिको ढुङ्गो लगायौ ? न त-बुद्धि सप्रियो ।
तसर्थ तिम्रो सव राज्य यो सुन मासिन्छ चाँडै, दुख भोग्दछौ पुनः ॥
त्यो राक्षसी शूर्पणखा वहाँ पुगी स्वदोष देखाइ बकी दिए पछि ।
यसो गम्यो राक्षस-राजले अनि मलाइ भन्छे किन यो यसो ? भनी ॥

CC-0. In Public Domain. Digitization by eGangotri

भ्यो टम्म त्यो रावण स्वाभिमानले ऐश्वर्यले शक्ति र सैन्य-आदिले ।
शोच्यो निकै सम्म परन्तु भित्र ता चिन्तै पऱ्यो, खुल्दुलि मच्चियो उता ॥
५३

इति तेत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौतीसौं सर्ग

शूर्पणखाले सीता हरी ल्याँउनमा राक्षसराज रावणलाई सोझ्याँउनु

१

यस्ता कडा कुरा भन्दी हेरी शूर्पणखाकन ।
मन्त्रीका बीचमा बस्तै भन्छ झोक्किइ रावण ॥
भन् ए ! त्यो राम को हो हँ ? कस्तो छ त्यसको बल ? ।
रूप शक्ति, छ के कस्तो ? छ दैट्या कत्ति ? यो सब ? ॥
गाह्रो छिचोल्न वा बस्न दण्डकारण्यबीच त्यो ।
किन आयो ? बस्यो फेरि किन दण्डकबीच त्यो ? ॥
त्यसको साथ के के छ भन् ! हात-हतियार ता ? ।
जस बाट मरे त्यत्रा फौज चौध हजार हा ! ॥
खर-दूषणकै साथ त्रिशिरालाइ सम्म त्यो ।
मार्दियो जसले गर्दा भुसुक्कै पार्दियो अहो ! ॥
अङ्ग-प्रत्यङ्ग थे राम्रा सब तेरा यथार्थमा ।
विरूप कसले पार्‍यो अहिले भन् ! सबै ममा ॥
सोह्रा राक्षसको राजा दाजु रावणले यति ।
क्रोधले मूर्छितै जस्ती भई शूर्पणखा पछि ॥
अनि त्यो रामको लागी राम्रो परिचयै दिन ।
गुण-रूप बखानेर जस्ता-तस्तै गरीकन ॥
सुन दाजु ! दशरथ-राजाको पुत्र राम हो ।
त्यसका दुइटै हात छन् लामा बलिया अहो ! ॥
ठूलठूला नेत्र छन् फेरि रूपमा काम-ठीक छ ।
त्यो कालो मृगको छाला साथ बल्कल बेर्दछ ॥
जडेको सुनको बाजू इन्द्रकै धनु तुल्यको ।
धनु त्यो रामको दाजु ? छ अद्भुत निकै बडो ॥
त्यसैबाट मजै साथ फेंक्छ त्यो बाणकै झरी ।
बलेका विषका ज्वाला भएका सर्प हुन् सरी ॥
छ निकै बलवान् राम जो रणस्थलमा डटी ।
कहिले हातमा लिन्छ धनु छीटो भई अति ॥

१४

कहिले त्यसमा हाल्छ झिकेर शर के गरी ? ।
कहिले छोड्छ तानेर धनु त्यो बाण के गरी ? ॥
रामको हाल यो दाजु ! पत्तो पाउँन्न है म ता ।
क्यै देखितन ठमाँउन्न, म जान्दिन कुनै कुरा ॥
रामका बाणको वर्षा पर्दा राक्षस-सैन्य त्यो ।
सारा सोत्तर भै मर्दा म देख्छु पछिमात्र पो ॥
इन्द्रले असिना पार्दा बाली नष्ट भए सरि ।
बाण त्यो रामले झार्दा सब नष्ट भए मरी ॥
त्यो एक्लो रामले दाजु ! त्यसमा पनि पैदल ।
गर्नु सम्म गर्‍यो ओहो ! भुसुक्कै पार्दियो सब ॥
खालि तीन घडी भित्र खर दूषण साथका ।
चौधै हजार डर्लाग्दा वीर्यका राक्षसादि ता ॥
भए सखाप सम्पूर्ण रामका बाणले तब ।
जुन तीखा थिए साह्रै बिझे-त्राम्-शान्ति गै जब ॥
दियो अभय ब्रह्मर्षि-ऋषिमा थे वहाँ जति ।
पार्दियो दण्डकारण्य सुख-शान्ति हुने अति ॥
चिन्छ आत्मा-परात्मा र उदार दिलको छ त्यो ।
स्त्रीलाइ मार्नु नै हुन्न भन्ठान्यो त्यसले अहो ! ॥
यसैले भित्र शङ्का भै तिरस्कार गरी वहाँ ।
न मारी छोड्दियो दाजु ! अनि आएँ म ता यहाँ ॥
छ अर्को त्यसको भाई नाम लक्ष्मण हो सुन ! ।
गुणमा वीर्यमा सम्म दाजु जस्तै छ जो पुनः ॥
छ त्यो पराक्रमी वीर दाजु ! दाजु भने पछि ।
मरी मेट्ने निकै प्रेमी, भक्त मान्ने भने पछि ॥
शूर वीर छ त्यो ज्यादै त्यसको बुद्धि तीक्ष्ण छ ।
खप्नै सक्तैन जो क्रोध जित्छ आफैं छ दुर्जय ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७

रामको दाहिने हातै ठीकको त्यो छ लक्ष्मण ।
हो नित्य बाहिरै घुम्ने प्राण जस्तो छ रावण ! ॥
धर्मपत्नी छ साथैमा रामकी अतिप्रेयसी ।
सँधै प्रिय हितै गर्छे, मर्छे पति भने पछि ॥
छन् दुवै त्यसका आँखा ठूल्ठूला अति सुन्दर ।
छ पूर्ण चन्द्रमा जस्तो मुख राम्रो मनोहर ॥
त्यसका नासिका केश तिम्रा यी अङ्ग, देहका ।
रूपकै साथ छन् राम्रा, हो दोस्री श्री स्वयं उ ता ॥
दण्डकारण्यकी साक्षात् देवी हो झैं भने सरि ।
देखिन्छे त्यो, यता कीर्ति फैलेको छ जगत्भरी ॥
शरीर त्यसको राम्रो पगालेको सुनै सरि ।
देखिन्छ तेजिलो दाजु ! छन् चुच्चे नङ लाल ती ॥
सबै अङ्ग मिलेका र राम्रा छन् त्यसका पुनः ।
कटिभाग झिनो राम्रो त्यसको छ र छन् गुण ॥
हो त्यो विदेहका राजा साक्षात् जनककी सुता ।
त्यसको नाम हो सीता, स्त्रीमा रत्न छ सर्वथा ॥
देवता-यक्ष-गन्धर्व तथा किन्नर-जातिको ।
स्त्रीजातिहरूमा राम्री छैनन् क्वै पनि त्यत्तिको ॥
मैले थिइन देखेकै यो भन्दा अघि त्यो सरी ।
अर्की राम्री कुनै नारी घुम्दा यो पृथिवी भरी ॥
हुन्छे त्यो जसकी पत्नी, भै दङ्ग जसलाइ त्यो ।
अँगाल्छे गम्म ए दाजु ! त्यसले बाँच्नु बाँच्नु हो ! ॥

३७

३८

त्यही नै भाग्यशाली हो इन्द्र भन्दा पनी बढी ।
त्यही नै श्रेष्ठ मानिन्छ चौधै भुवनबीच यी ॥
शीलकै साथ राम्रो छ प्रशंसा गर्न योग्यको ।
शरीर पनि पृथ्वीमा छैनन् स्त्री अरु त्यत्तिको ॥
छ तिम्रै योग्य त्यो नारी, तिम्रै भार्या हुओस् अतः ।
हौ है तिमी पनी दाजु ! त्यसको पति लायक ॥
विशाल कटि फैलेकी , ऊँचा, पुष्ट हुने स्तन ।
छ त्यो सीता बुझ्यौ दाजु ! खुलेको मुखकी पुनः ॥
यहाँ ल्याँउन त्यल्लाई तिम्री पत्नी. बनाँउन !
म त हेर्दै थिएँ बाटो भित्र-भित्रै गमीकन ॥
यसैबेला ममा झम्ट्यो क्रूर लक्ष्मणले अनि ।
झोक्किई काट्दियो मेरो नाक-कान दुवै पनि ॥
वैदेहीकन देख्तैमा पूर्णचन्द्र सरी छ जो ।
कामका बाणको लक्ष्य भै हाल्नेछौ तिमी अहो ! ॥
आँट गर्छौ भने सीतालाई पत्नी बनाँउने ।
राम जित्न हिंडी हाल, उठाऊ पाउ दाहिने ॥
कुरो मन परे, मेरो जँचे, ए राक्षसेश्वर ! ।
गर मैले भने जस्तो छोडी शङ्का भई स्थिर ॥
ए महान् बलका दाजु ! पहिले यै तिमी गम ।
आफ्नु शक्ति छ के कस्तो ? राम बढ्ता छ वा कम ॥
सर्वाङ्ग-सुन्दरी सीतालाई पत्नी बनाँउन ।
अनिमात्र तिमी आँट यहीं ल्याउ हरीकन ॥

४८

४९

त्यो रामले बाण त्यजेर, सोझिंदै गएर बिझथे जुन दाजु ! झोकिंदै ।
बस्ने जनस्थान भरी निशाचर मारी दियो हा ! सबलाइ आखिर ॥
मर्‍यो उता दूषण साथमा खर भन्ने विचारी गर शीघ्र तर्खर ।
कर्तव्य तिम्रो जुन हो, छ गर्नु जे, ठमाउ राम्रो, गर गर्नु पर्छ के ? ॥

५०

इति चौतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैत्तीसौं सर्ग

राक्षसराज रावण फेरि मारीच भएमा जानु

१

सुनी शूर्पणखा बाट यी रोमाञ्च हुने कुरा ।
त्यस राक्षस-राजाले ठमायो गर्न त्यै कुरा ॥
आफ्ना मन्त्रीहरू साथ लियो सल्लाह अन्तमा ।
हिंडी हाल्यो त्यहाँ बाट सभा छोडी स्वकार्यमा ॥
सीताहरण गर्ने यो काम ठान्यो र ठीकको ।
विचार त्यसमा फेरि गर्‍यो राम्रै गरी अहो ! ॥
त्यसमा गुण छन् कत्ति, दोष छन् कत्ति यो सब ।
हेर्‍यो, शोच्यो, लियो टुङ्गो, जाँच्यो पछि बलाबल ॥
यसै गर्छु भनी पक्का गरी निश्चय अन्तमा ।
त्यो गयो यानशालामा जुन राम्रो थियो वहाँ ॥
त्यसले रथ-शालामा गई अनि लुकी-छिपी ।
त ! ठिक्क रथ गर् मेरो भन्यो सारथिमा पछि ॥
यो आज्ञा पाँउना साथ हुँदा सारथि फुर्तिलो ।
जोत्यो रथ, गर्‍यो ठिक्क श्रेष्ठ जो मन पर्दथ्यो ॥
दौडन्थ्यो यो चिताएझैं, सुवर्णमय थ्यो सब ।
थिए ठ-ठाममा नाना रत्न शोभित वास्तव ॥
त्यसमा जोतिएकाथे मोटा र बलिया गधा ।
पैह्रिएका थिए जल्ले सुनकै साजबाज ता ।
जसको मुख देखिन्थ्यो पिशाचहरुकै सरी ।
गयो राक्षसको राजा अब यै रथमा चढी ॥
डर्लाग्दो मेघ गर्जेझैं त्यसको रथ यो पनि ।
दौड्थ्यो गर्जिइ डर्लाग्दो छोड्दै घरघर ध्वनि ॥
भाई कुबेरको कान्छो यो रावण त्यही चढी ।
समुद्रतट ताकेर गयो हुर्रिइंदै बढी ॥
त्यसका निम्तिका सेता पँखा चँबर ठिक्क थे ।
ती दशै टाउका माथि शोभिन्थ्यो श्वेतछत्र ए ! ॥

१३

१४

वैदूर्यमणिझैं चिल्लो सफा नीलो र सुन्दर ।
त्यसका देहको कान्ति शोभिन्थ्यो रङ्ग भै स्थिर ॥
तताएका र खारेका सुनका गहनाहरू ।
त्यसका अङ्गमा राम्रै शोभिन्थ्ये साथ भै अरु ॥
थिए मुख दशै ओटा बीस हात थिए स्थिर ।
जसमा पैह्रिएको थ्यो वस्त्राभूषण सुन्दर ॥
देवताहरुको शत्रु हत्यारो मुनि-आदिको ।
यो दशानन देखिन्थ्यो डाँडैझैं दश शृङ्गको ॥
इच्छानुसार चल्ने त्यो रथबीच चढे पछि ।
सारा राक्षसको राजा शोभियो अब झन् अति ॥
मेघ नै हो भने जस्तो देखियो बकपङ्क्तिले ।
सुशोभित तथा विद्युन्मालाले, नभबीच ए ! ॥
डाँडा-काँडा हुने व्याप्त समुद्र-तटमा पुगी ।
शोभा निहार्न त्यो लाग्यो जो थियो वीर्यवान् अति ॥
त्यो सिन्धुको किनारा थ्यो नाना फल र फूलका ।
हजारौं वृक्षले व्याप्त शोभिएको जतातता ॥
चारैतिर थिए राम्रा पोखरी र तलाउ ती ।
मीठा शीतल पानीले पूर्ण, श्रेय दिने अति ॥
नाना प्रकारका वेदि भएका दिव्य आश्रम ।
थप्थे वहाँ निकै शोभा भै विशाल मनोरम ॥
केराका वन शोभिन्थे कहीं कुञ्ज वनी वहाँ ।
थे नरीवलका पङ्क्ति शोभिएका जहाँ-तहाँ ॥
सालका तालका लाखौं वृक्ष राम्रा तमालका ।
फूलले भरिएका थे वहाँ प्रान्त किनारका ॥
तोकेको पथ्य आहारमात्र खाने बडे बडे ।
सुपर्ण ऋषि गन्धर्व नाग किन्नर बस्तथे ॥

२६

२७
जितेका कामना-इच्छा सिद्ध, चारण आदि र ।
ब्रह्माका पुत्र पर्यन्त यहीं बस्थे भई स्थिर ॥
वानप्रस्थी थिए फेरि जन्मेका माष-गोत्रमा ।
महात्मा बालखिल्यादि वैखानस थिए यहाँ ॥
सूर्यको किरणै मात्र पिई गर्ने महान् तप ।
महात्माहरुले सम्म थियो शोभित त्यो तट ॥
स्वर्गीय गहना वस्त्र पैह्रिएका हजारन ।
खुलेका पुष्पका हार थे यहीं अप्सरागण ॥
दिव्य-रूप मनै खिच्थ्यो यिनको सुन्दरी हुँदा ।
यी सबै जान्दथे कामक्रीडा वा रतिका कला ॥
आई देवाङ्गना सारा थे शोभाशालिनी जुन ।
यहाँ धेरै जसो बस्थे यसकै गरि सेवन ॥
देव-दानवका सङ्घ गर्ने अमृत भोजन ।
अरु देव सँगै गर्थे विहार यसमा पुनः ॥
प्रभाव सिन्धुको पर्दा त्यो किनार समुद्रको ।
छुँदा तरङ्गमालाले स्निग्ध शीतल थ्यो बडो ॥
हाँस क्रौञ्च बसेकाथे, उफ्रन्थे भ्यागुता उता ।
सारसादि थिए पक्षी शोभा भर्थे जतातता ॥
श्यामलो रङ्गको राम्रो वैदूर्यमणि-तुल्यको ।
शोभिएका थिए ढुङ्गा सिन्धुको तटबीच त्यो ॥
देख्यो कुबेरको कान्छो भाइ रावणले वहाँ ।
आकाशमार्गले जाँदा सबै राम्रा जहाँ-तहाँ ॥
थिए जताततै सेवा ऊँचा भव्य विमानमा ।
चढेका अप्सरा साथ घुम्ने गन्धर्व नै वहाँ ॥
आफ्नो इच्छा सरी घुम्ने थे विशाल विमान यी ।
तिनैका निम्तिको जल्ले जिते लोक तपै गरी ॥
स्वर्गीय पुष्प-मालाले सिंगारेका थिए सब ।
सुनिन्थ्यो भित्र गाएको बजाएको पनी तब ।
अघि बढ्दै वहाँ जाँदा देख्यो राक्षस-राजले ।
लाखौं चन्दनका वृक्ष सुगन्ध जुन फेंक्तथे ॥
फुटेर फेदमा खोटो जमेका रसरूपका ।
वास्ना फेंक्ने बनै सारा पार्दिने तृप्त नासिका ॥
थिए अगुरुका राम्रा वन श्रेष्ठ कहीं भने ।
थिए टकरका वृक्ष कहीं उद्यानझैं हुने ॥
४३

४४
फल-फूल थिए राम्रा यिनमा उच्चजातिका ।
सुगन्ध फेंक्तथे फेरि कहीं फूल तमालका ॥
कहीं मरीचका झाडी शोभिन्थे झैं मनोहर ।
मोतीका राशिका राशि कहीं सुक्थे तटैभर ॥
श्रेष्ठ पर्वतका पंक्ति देखिइन्थे कहीं भने ।
मूगा र सुन-चाँदीका चुचुरा थे कहीं भने ।
झरना स्वच्छ पानीका शोभिइन्थे कहीं पुनः ।
मनै हर्ने तथा राम्रा अति अद्भुत थे जुन ॥
धन-धान्यादिले पूर्ण, पूर्ण स्त्रीरत्नले तथा ।
भएका रथ-घोडाले हात्तीले व्याप्त सर्वथा ॥
राम्रा नगर ठूल्ठूला देखिइन्थे कहीं वहाँ !
हेर्दै यो सब बढ्दै गो अघि रावण मार्गमा ॥
समुद्रको किनारामा त्यसले एउटा पुनः ।
देख्यो ठाम कुनै राम्रो स्वर्ग जस्तै मनोरम ॥
अन्त भन्दा जहाँ ज्यादै थियो सम्म धरातल ।
छुँदै मुग्ध हुने पार्दै बहन्थ्यो वायु शीतल ॥
सिन्धुको तटमा यस्तो पछि रावणले पुनः ।
देख्यो यौटा निकै ठूलो बरको रुख उत्तम ॥
आफ्नो छाया हुँदा बाक्लो बरको रुख यो वहाँ ।
देखिन्थ्यो मेघमालाझैं शोभिएको अकाशमा ॥
त्यसका फेदमा बस्थे सारा ऋषि तथा मुनि ।
चारैतिर भई टन्न शोभिन्थ्यो रुख झन् अनि ॥
हाँगा-विंगा थिए साह्रै प्रसिद्ध यस वृक्षका ।
सयौं योजन सम्मै जो थिए थाप्त जतातता ॥
निकै अघि यहाँ आई हाँगामा वृक्षको यही ।
बसी, खाने कुरा खाने भए गरुड भै बली ॥
विशाल-देहको हात्ती एउटा कछुवा पनि ।
उनको साथ थ्यो, लागे जब खान भनी उनी ॥
अकस्मात् भारले आफ्नो बलवान् उनले पछि ।
त्यै हाँगा भाँच्दिएकाथे पातैपात हुने अति ॥
वृक्षका त्यस हाँगाको मनि वस्थे निकै मुनि ।
मिलेर जुन आफैंमा गर्थे आराधना उनी ॥
बालखिल्य तथा माष वैखानस मरीचिप ।
उनका भेद थे यस्तै ब्रह्मपुत्र र धूम्रप ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

पक्षिश्रेष्ठ र धर्मात्मा स्वयं गरुडले तव ।
ऋनीमाथि दया गर्न बचाँउन पनी सव ॥
सय योजनको लामो त्यो हाँगा साथ वृक्तको ।
ती दुवै कछुवा हात्ती पञ्जैले थाम्दिए अहो ! ॥
ती दुवै जन्तुको मासु खाई आकाशमै बसी ।
यो हाँगा फेक्दिएकाथे पछि अन्ततिरै लगी ॥
निषाद—जाति नै बस्थे जहाँ, त्यै देशमा खसी ।
मुसुक पार्दिएकोथ्यो फेक्दिदा त्यसरी पछि ॥
महात्मा मुनिलाई ती वचाई यसरी उनी ।
आनन्दित भएकाथे भित्र—भित्र निकै अनि ॥
यै खुशी उनमा बढ्दा उत्साह र पराक्रम ।
भै दिंदा दुगुना फेरि सुधा हर्ने गरे मन ॥
इन्द्रको महलैबीच पुगेर उनले पछि ।
सारा बिगार्दिए, भाँचे फलामे जाल सम्म ती ॥
रत्नका घर फोरेर थ्यो सुधा त्यसबीच जो ।
स्वयं हरेर ल्याएथे वहाँ बाट पनी अहो ! ॥
उनले भाँच्दिएको त्यो हाँगाको चिह्न वस्तुतः ।
अझ सम्म पनी राम्रै देखिइन्थ्यो मजैसित ॥
वरको रुखलाई यो 'सुभद्रवट' भन्दथे ।
जसका तल छायामा महात्मा मुनि बस्तथे ॥

७१

७२

कान्छो कुवेरको भाई राजा राक्षस जत्तिको ।
वीर रावणले देख्यो सुभद्रवटलाइ यो ॥
अव पारी पुग्यो फेरि नदीका पति सिन्धुको ।
वहाँ एकान्तता देख्यो यौटा आश्रम भव्य त्यो ॥
यो आश्रम थियो ज्यादै सफा-सुग्धर सुन्दर ।
वन भित्र हुँदा फेरि शोभिएको मनोहर ॥
पैह्रो शरीरमा कालो मृगचर्म सुहाँउदो ।
वस्थ्यो राक्षस मारीच यहाँ, पाल्थ्यो जटा वडो ॥
तोकेको ठिक्क आहार खान्थ्यो यो ठिक्क कालमा ।
भेट्यो राक्षस—राजाले यसैलाई पुगी वहाँ ॥
हुँदा आपसमा भेट स्वयं मारीचले तव ।
गर्‍यो रावण-राजाको राम्रो स्वागत वास्तव ॥
गरेर विधिले पूजा पछि नाना प्रकारका ।
मर्त्यले पाइनै गाह्रा टक्र्यायो परिकार बा ! ॥
अन्नले जलले फेरि गर्‍यो सत्कार राम्ररी ।
अनि मारीचले सोध्यो अर्थपूर्ण कुरा गरी ॥
अव लौ भन्नुहोस् राजन् ! लङ्काभर तपाँइको ।
छ के कुशल-क्षेमादि ? छ वहाँ त सवै भलो ? ॥
यहाँ आँउनु नै पर्ने यसरी लगतै पुनः ।
राक्षसेश्वर ! लौ भन्नोस् त्यस्तो काम पर्‍यो कुन ? ॥

८२

८३

यसरी त्यसले सोद्धा चतुरो वात मार्नमा ।
तेजी रावण यो लाग्यो अव भन्न यसो वहाँ ॥

इति पैतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छत्तीसौं सर्ग

रावणले सीता हर्ने कुरामा मारीचसँग सहाय माग्नु

१

बावु मारीच ! सुन् ! मेरा कुरा,–भन्छु भए जति ।
म छु है यस वेलामा भित्र आर्त पनी अति ॥
यो दुःखको अवस्थामा मेरो आधार वा गति ।
छस् तँ नै एउटा मुख्य, छैन अर्को कुनै गति ॥
तँ जनस्थानलाई त्यो राम्ररी जान्दछस् हकि ? ।
मेरा भाइ जहाँ बस्थे खर, दूषण आदि ती ॥
उनकै साथमा बस्थी बैही शूर्पणखा पनि ।
मान्छेकै मासु खान्थे यी, बस्तथ्यो त्रिशिरा पनि ॥
लामा मोटा हुने हात बलीया थे सबै यिनी ।
लक्ष्य मार्ने थिए शूरा निशाचर अरू पनि ॥
मेरो आज्ञा हुँदा बस्थे वहाँ यी सव राक्षस ।
घरवार जमाएर परिवार लिई सव ॥
विशाल वनमा त्यस्तो धर्म पाल्ने दृढ-व्रती ।
बस्तथे मुनि जो जत्ति मार्दथे सवलाइ ती ॥
खरका मनकै जस्तो गर्ने, मान्ने भने सरी ।
निशाचर वहाँ बस्थे ठ्याक्क चौधहजार ती ॥
शूर वीर थिए सारा डर्लाग्दो कर्म गर्दथे ।
उत्साह युद्धमा भर्थे, तारो मार्न सिपालु थे ॥
त्यो जनस्थानमा बस्ने थिए जत्ति महाबली ।
ती राक्षस लडेछन् गै राम साथ वहाँ पछि ॥
एकैमुख भएछन् र तम्तयार भइ सव ।
झम्टिएछन् त्यसै माथि कुरा बुझ्दै तँ जा ! अव ॥
खर मुख्य भएका ती निशाचर थिए सव ।
नाना शस्त्रास्त्र छोड्नामा सिपालु चतुरातक ॥
त्यो रणक्षेत्रमा किन्तु रामले झोक्किई निकै ।
धनुको बाण छोडेछ नभनीकन क्यै कडै ॥

१४

एक्लो पैदल त्यो मान्छे–रामले रणमा हरे ! ।
मारेछ त्यत्तिका हाम्रा फौज चौधहजार ए ! ॥
भएका तेज डर्लाग्दा थिए राक्षस वीर ती ।
त्यसका तेजिला बाण घुसेछन् गै, मरे पछि ॥
सुन् त्यही युद्धमा फेरि मेरो भाई पनी खर ।
परेछ दूषणै साथ, मार्दिएछ त्यजी शर ॥
मारेर त्रिशिरालाई डर्लाग्दो वन दण्डक ।
पारेछ रामले बावै ! भयहीन अकण्टक ॥
त्यसको बाबुले सुन् ए ! रिसाई त्यसलाइ ता ।
घरबाट निकालेथ्यो पत्नीकै साथमा त्यता ॥
हो त्यो कलङ्क क्षत्रीको ! यस्को मिति पुग्यो अव ।
त्यत्रो राक्षसको सेना मार्दियो त्यसले जव ॥
छ त्यो दुःशील, हो क्रूर तीखो, रूखो स्वभावको ।
रोक्न इन्द्रिय सक्तैन लोभी हो, स्वाँठ, मूर्ख हो ॥
छोड्थो धर्म पनीआफ्नो अधर्मी हो बुझिस्! त्यही ।
जो लाग्यो सब प्राणीको अहितै गर्नमा अति ॥
जसले बावु मारीच ! नभै वैर-विरोध क्यै ।
अकर्तव्य गर्‍यो त्यस्तो बलको लिइ आश्रयै ॥
बुझिस् ! त्यो बहिनी मेरी प्यारी शूर्पणखाकन ।
विरूपै पार्दियो काटी नाक, कान दुवै पुनः ॥
अव सुन् ! त्यसकी पत्नी छ सीता अतिसुन्दरी ।
देखिन्छे भवाट्ट हेर्दा जो साक्षात् देव-सुता सरी ॥
फेर्न नै त्यसको साटो त्यो जनस्थानबाट म ।
हरी ल्याँउछु त्यल्लाई, यही ठान्दछु वेस म ! ॥
यो मेरो काममा तस्मात् गर् तँ मदत राम्ररी ।
तँमा छ शक्ति जो जत्ति त्यो मै जान्दछु राम्ररी ॥

(४०१)

२७

पार्श्ववर्ती तँ जस्ता र हुँदा भाई सहायक ।
जावा धौताहरूलाई म क्यै मान्दिन वास्तव ॥
तस्मात् मद्दत गर् मेरो, सक्तछस् तँ यथार्थमा ।
फुर्तिलो चतुरो छैन तँ जस्तो क्वै पनी यहाँ ॥
छस् सिपालु तँ नै लड्न त्यो वीरोचित-दर्पमा ।
शक्तिमा वीर्यमा सम्म छस् त बेजोडकै यहाँ ॥
नाना उपाय भन्नामा गर्नामा पनि चंख छस् ।
माया रच्न पनी नाना चतुरो छस् तँ सक्तछस् ॥
यसै कारणले आएँ तँ भएमा यहाँ म ता ।
ए निशाचर ! लौ मेरो अब गर् तँ सहायता ॥
सुन् लौ ! ध्यान दिई फेरि गर्न मद्दत जे कुरा ।
गर्नु पर्दछ यो मेरो आज्ञा मात्र गरी पुरा ॥
तँ पैले मृग हो राम्रो, बनेको सुनले सरि ॥
हुन् कहीं बिन्दु चाँदीका साक्षात् चित्र भरे सरि ॥
बुट्टे मृग भई यस्तो तँ जा रामाश्रमैतिर ।
देखिने गरि चर् फेरि त्यो सीताको अघिल्तिर ॥
त्यस्तो विचित्रको राम्रो हुने मृग तँलाइ ता ।
देख्दामा छक्क पर्नेछ त्यो सीता पछि ता उता ॥

३५

३६

अनि भन्ने छ त्यो आफ्नो पति-देवरमा यसो ।
लौन ! त्यो मृग पक्डेर यहाँ ल्याइ दिनै पऱ्यो ॥
तँलाई पक्डना निम्ति जानेछन् ती दुवै पनि ।
हुन्छ आश्रम त्यो शून्य न हुँदा ती दुवै अनि ॥
विघ्न-बाधा कुनै केही न भए पछि ता मता ।
सजीलै हर्छु त्यो सीता राहुले मैं शशिप्रभा ॥
शोच् तँ नै अनि ए बाबु ! पत्नी हरी दिए पछि ।
हाल त्यो रामको कस्तो होला ? सुक्ला त्यसै पछि ॥
म स्वयं अनि त्यो वेला भै निर्डर मजैसित ।
कृतार्थ साथ गर्नेछु प्रहार त्यसमाथि त ॥
यस्ता श्रीरामका गाथा सुन्दा रावण बाट त्यो ।
मुख औठ सुकी हाल्यो अत्र मारीचको अहो ! ॥
दिलको देहको ठूलै थियो तापनि भित्र ता ।
काँप्यो थर्थर मारीच रामको डर पर्दिदा ॥
हेर्थ्यो टकटकी बाँधी अब रावणलाइ ता ।
सुकेका दुइटै ओठ चाट्तथ्यो विचरो उता ॥
मरे जस्तै भई हाल्यो भित्र दु:ख बढ्यो अति ।
यसो आँखा उठाउर हेऱ्यो रावणमा पछि ॥

४४

४५

महावनैमा त्यसले अगाडि श्रीरामको वीर्य-पराक्रमादि ।
भोग्दा मजाले अब भित्र भित्र थ्यो खिन्न मारीच भई विचित्र ॥
यस्ता कुरा रावणको अगाडि त्यो भन्न लाग्यो दुइ हात जोडी ।
त्यल्ले भनेका तलका कुरा यी गर्थे दुवैको हित नित्य ज्यादि ॥

४६

इति छत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

सैतीसौं सर्ग

मारीचले हितोपदेश गरेर रावणलाई रोक्न चेष्टा गर्नु

१
थियो राक्षस मारीच हुने तेज पनी निकै ।
सुन्यो राक्षस-राजाले भनेका वाक्य ती सबै ॥
कुराकानी मजै साथ गर्न सक्थ्यो, सिपालु थ्यो ।
प्रतिउत्तर टक्र्यायो अनि रावणलाइ यो ॥
सुन्नोस् राक्षसका राजा ! प्यारै बोल्ने सँधै भरी ।
पाइन्छन् व्यक्ति ता धेरै, छन् टन्न पृथिवीभरी ॥
तर अप्रिय भै गर्छ जुन श्रेय भलो पुनः ।
यस्तो भन्ने तथा सुन्ने छ गाह्रै व्यक्ति पाँउन ॥
छैनन् कि के तपाईले राखेका चर कै पनि ? ।
चञ्चले छ तपाँईंको बानी र मन त्यो पनि ॥
जान्नु हुन्न यसैले नै राम्ररी रामलाइ जो ।
महान् वीर्य तथा शक्ति गुणमा अद्भुतै छ त्यो ॥
यस्तो हेर्दा महाराज ! साक्षात् इन्द्र समान छ ।
तेजमा फूर्तिमा सम्म वरुणैतुल्य राम छ ॥
हामी राक्षसको सारा श्रेय होस्, नित्य होस् भलो ।
यसैमा हुन्छ कल्याण म त चाहन्छु यै कुरो ॥
कहीं राम रिसाएर सम्पूर्णै लोकलाइ यो ।
राक्षसैहरुले शून्य न पारोस् ! संझनोस् कुरो ॥
उता जनककी छोरी त्यो सीता राक्षसेश्वर ! ।
लिनै तपाँइको प्राण जन्मेकी होकि भै स्थिर ॥
भएर निहुँ त्यै सीता कहीं यस्तो नहोस् पुनः ।
ठूलो कष्ट तपाँईमै न बज्र्योस् है ! दनादन ॥
स्वेच्छाचारी तपाँईमैं मर्यादाहीन वास्तव ।
राजा पाइ पुरी लङ्का नाशिन्छे कि कसो अब ? ॥
दुर्बुद्धि भै दिंदा यस्तो वहाँका सब राक्षस ।
साथै राष्ट्र तपाँईको मासिइन्छ कि के अब ? ॥
१३

१४
स्वेच्छाचारी दुराचारी पापपूर्ण-विचारको ।
जो छ दुर्बुद्धिको राजा तपाँई सरिको अहो ! ॥
त्यो राजा सुन्नुहोस् ! आफ्ना प्यारा परिजनादिको ।
साथमै नाश्छ सम्पूर्ण आफ्नो राष्ट्र समेत त्यो ॥
बाबुले रामलाई त्यो न निकाल्यो, न त्याग्दियो ।
न आफ्नो धर्म-मर्यादा रामले कत्ति छोड्दियो ॥
न क्षत्रीको कलङ्कै हो, राम त्यो न त लुब्ध छ ।
न ता विचार-आचार त्यसको कत्ति दुष्ट छ ॥
कौसल्या जननीलाई दिन्छ आनन्द फेरि त्यो ।
धर्मका गुणले हीन भएको छैन कत्ति जो ॥
न रूखो छ न तीखो छ स्वभाव त्यस रामको ।
सँधै सम्पूर्ण प्राणीको हित नै गर्न लाग्छ जो ॥
कैकेयी महिषी बाट झुक्याएका पिताकन ।
ठमाई, त्यै पितालाई सत्य बोल्ने बनाँउन- ॥
गरी निश्चय हे राजन् ! त्यसै गर्छु भनी पछि ।
त्यो राम वनमा आयो आफैं भित्र भई खुशी ॥
पिता राजा दशरथ-कैकेयीको पनी प्रिय ।
गर्नको निम्तिमै त्यल्ले छोड्दियो वस्तु ती सब ॥
त्याग्दियो रामले राज्य, लत्यायो भोगलाइ ती ।
यै हो सत्य कुरो बुझनोस् ! पस्यो दण्डकमा पछि ॥
मान्य राक्षसका राजा ! छैन है क्रूर राम ता ।
छैन मूर्ख पनी त्यस्तो, अजितेन्द्रिय हो न ता ॥
झूठो बोल्ने पनी दोष राममा छैन; सुन्दिन ।
सुन्नोस् ! उल्टो कुरा यस्तो नगर्नोस् कहिल्यै पुनः ॥
धर्मको मूर्तिमान् रूप हो त्यो राम यथार्थमा ।
सत्य विक्रमको त्यो हो साह्रै सोझो छ जो यहाँ ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हो सारा देवको जस्तो स्वामी, इन्द्र सुरेश्वर ।
त्यस्तै यो विश्वको राजा रामै हो, राक्षसेश्वर ! ॥
हो सीता त्यसकै पत्नी विदेह-नृपकी सुता ।
जो पातिव्रत्य-धर्मैको तेजद्वारा छ रक्षिता ॥
सूर्य बाट प्रभा जस्तो छुट्याउँन छ मुस्किल ।
त्यस्तै छ रामद्वारा त्यो छुट्याउँन असंभव ॥
स्थिति यस्तो हुँदा भन्नोस् कसरी बलपूर्वक ।
सीतालाइ गई हर्न खोज्नु हुन्छ ममा सव ? ॥
सुन्नोस् रावण ! त्यो राम हो आगो धप्धपाँउदो ।
बाण नै त्यस आगाको ज्वाला हो उग्ररूपको ॥
धनु-खड्गादि हुन् झोरने दाउरा त्यस अग्निमा ।
न परनोस्, हुन्न है हुन्न जान, लड्न पनी वहाँ ॥
सुन्नोस् अर्को कुरा फेरि काल हो रामरूप त्यो ।
फैलेको धनु नै बल्दो मुख हो जसको अहो ! ॥
त्यसको कान्ति हुन् बाण गाह्रै पर्दछ खप्न जो ।
धनुर्बाण लिएकोछ जसले क्रुद्ध भै बडो ॥
कडा स्वभावको जस्तो देखिन्छ रिस बढ्दिँदा ।
सजीलै प्राण जो लिन्छ शत्रुका सव सैन्यका ॥
यो प्यारो ज्यानको आशा सारी, राज्य सुखै त्यजी ।
न जानोस् त्यो भए ठाम, मान्नोस् मेरो कुरा यति ॥
त्यसैकी धर्मपत्नी हो सीता जनककी सुता ।
छ है ठमाँउनै गाह्रो रामको शक्ति तेज वा ॥
रामकै धनु आधार सीताको छ अरण्यमा ।
तपाँईमा छ के बूता हर्न त्यल्लाइ गै वहाँ ? ॥

३८

३९

मनुष्यहरुमा राम सिंहझैं छ पराक्रमी ।
त्यसको छाति त्यस्तै छ उँचो फैलिइदो पनि ॥
सुन्दरी, भामिनी, पत्नी प्राण भन्दा पनी बढी ।
प्यारी छ रामको, सीता मर्छे पति भने पछि ॥
शक्ति इन्द्रियमा पूरा भएकी त्यसकी प्रिया ।
मिथिलेश-कुमारी हो त्यो सीता, बुझ्नुहोस् कुरा ! ॥
बलेको अग्निको मूस्लो जत्तिकै त्यो असह्य छ ।
अनि त्यै सुन्दरीलाई हर्न खोज्नु अयोग्य छ ॥
उद्योग व्यर्थको यस्तो भन्नोस् ए राक्षसेश्वर ! ।
गरेर पो तपाँईमा होला लाभ र के स्थिर ? ॥
तपाँई जुन वेलामा रणमा रामको, अघि ।
पर्नु होला, त्यही वेला मर्नु होला, 'भने यति' ॥
तपाँई अव यो आफ्नो सुख-ऐश्वर्य-भोगको ।
अतिदुर्लभ राज्यैको, आफ्नु जीवन सम्मको- ॥
खोज्नु हुन्छ भने देखि भोग गर्न निकैतकै ।
भो भो ! छोड्नोस् न गर्नोसवा ! रामको अपराध क्यै
अत्र लङ्कातिरै पाल्नोस् वहाँ छन् जो विभीषण ।
आदि मन्त्रीहरू आफ्ना धर्मप्रकृतिका-जन ॥
राखी उनीहरूलाई गरी सल्लाह वेसरी ।
टुङ्गो लगाउनोस् पैले आफ्नो कर्तव्य राम्ररी ॥
सुन्नोस् अनि महाराज ! आफ्नो र त्यस रामको ।
गुणको दोषको सम्म गर्नोस् ख्याल छ के कसो ? ॥
बलीयो दुइमा को छ ? को छ दुब्लो यही कुरो ।
शोच्नोस् राम्रो गरी फेरि जाँच्नुहोस् शक्ति रामको ॥

५०

५१

अनिमात्र कसो गर्दा हुन्छ आफ्नो भलो हित ।
ठहराई त्यही गर्नोस् ! यसै गर्दा छ है हित ॥
म ठान्छु लङ्केश्वर ! योग्य, बेस यै हुँदैन है लड्नु त राम साथ गै ।
त्यो राम हो कोसलराजको सुत अयोग्य नै हुन्छ लडाँइ गर्नु त ॥
अर्को गुनासो छ निशाचरेश्वर ! सुन्नोस् ! तपाँईसित एक सुन्दर ।
तपाँइको निम्ति भने कुरा जति यही छ है श्रेष्ठ, भलो हुने अति ॥

५२

इति सैतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठतीसौं सर्ग

मारीचले फेरि रामको शक्ति वर्णन गर्नु र रावणलाई सीता हर्ने अपराध बाट बचाँउन खोज्नु

१

सुन्नोस् राक्षसका राजा ! कुनै समयमा अघि ।
वीर्यको शक्तिको आफ्नो ममा शेखी थियो अति ॥
धरेर पर्वतै जस्तो रूप घुम्थे म भूमि यो ।
थ्यो ममा त्यस वेलामा बल हज्जार हात्तिको ॥
नीलमेघ सरी नीलो मेरो देह थियो तव ।
थिए यी कानमा मेरा सुनका शुद्ध कुण्डल ॥
थिएँ किरीट पैह्रेको शिरमा राक्षसेश्वर ! ।
थियो परिघ हातैमा म पार्थें सबमा डर ॥
ऋषिका मासुका चौटा म लुछ्थें, मार्दथें मुनि ।
घुम्दथें यसरी सारा वनदण्डक त्यो पनि ॥
त्यै मबाट यसैताक विश्वामित्र महामुनि ।
जो धर्मात्मा महात्मा थे, डराएछन् निकै अनि ॥
गए राजा-दशरथ भएमा ती महर्षि र ।
उनीसाथ भनी हाले यी कुरा राक्षसेश्वर ! ॥
मारीच नामको यौटा छ राक्षस भयङ्कर ।
मलाई डर ठूलो छ त्यसैबाट नरेश्वर ! ॥
तस्मात् श्रीराम यी मेरो साथ जाउन् वहाँ बसी ।
गरून् रक्षा रही जागा पर्वकाल भएपछि ॥
थिए राजा दशरथ धर्मात्मा जनरञ्जन ।
भनेमा मुनिले यस्तो भने पछि उहाँकन ॥
महान् सौभाग्यशाली थे विश्वामित्र महामुनि ।
राजाबाट उनी तस्मात् यसरी भनिए अनि ॥
मुनिराज-प्रभो ! राम रघुको वंशरत्न छ ।
बाह्र वर्ष पनी राम्रो पुगेको छैन है अझ ॥
यो राम छ निकै सानो, शस्त्र-अस्त्र चलाँउने ।
छैन अभ्यास यल्लाई, राम्रो जान्दैन है मुने ! ॥

१४

तसर्थ प्रभुले हुन्छ ! भनी बक्से स्वयं म ता ।
वहाँ जाने थिएँ, मेरो जान्थ्यो सेना पनी उता ॥
लिई चारथरी सैन्य म आफैं कसिने थिएँ ।
शत्रु, राक्षस जो होस् न भनेको मार्दिने थिएँ ॥
नरेन्द्रले यसो भन्दा यी विश्वामित्रले भने ।
रामकै शक्ति यौटा छ त्यस राक्षसमा छुने ॥
हुँदैन, क्यै लछादैंन त्यसमा अरु विश्वका ।
व्यक्तिको बल वा शक्ति ए राजा ! बुझ यो कुरा ॥
सन्देह यसमा छैन, हो ! पक्कै रणभूमिमा ।
छौ समर्थ तिमी राजन् ! देवरक्षण गर्नमा ॥
महान् कर्म गर्‍यौ जो जो तिमीले अघि त्यो नृप ! ।
त्रैलोक्य भरमा सारा छ प्रसिद्ध यथार्थतः ॥
शत्रुनाशक राजेन्द्र ! छ तिमीसित सैन्य जो ।
हो विशाल छ त्यो, भैगो ! तिमी साथै रहोस् भयो ॥
शिशु छन् ता पनी राम महान् तेज हुने हुँदा ।
सजीलै मार्न ती दुष्ट छन् समर्थ स्वयं सदा ॥
तस्मात् साथ यिनैलाई लिई जान्छु म भूपते ! ।
बस है ! जय होस् तिम्रो, भने यत्ति, लिए हिंडे ॥
बसरी नृपको सानो पुत्र राम लिई पछि ।
गए आश्रममा आफ्नो ऋषि भित्र भई खुशी ॥
ए लङ्केश्वर ! सुन्नोस् है ! दण्डकारण्यमा पुगी ।
विश्वामित्र-महात्माले यज्ञ-दीक्षा लिए पछि ॥
नजीकै ऋषिको आई टङ्कारी अङ्गुतै धनु ।
रक्षा गर्न बसी हाल्यो राम त्यो खोइ के भनुँ ! ॥
त्यो ताक त्यसमा कत्ति जवानीको चिह्नोतक ।
थिएन, शिशु नै थ्यो त्यो, तर तेज थियो दृढ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७
त्यसका देहको कान्ति श्यामलो रङ्गको थियो ।
ठूलठूला दुइटै नेत्र थिए सुन्दर झन् अहो ! ॥
एउटै वस्त्र पैह्रन्थ्यो हातमा धनु थ्यो यता ।
हल्लिन्थ्यो सुनको सिक्री शोभिन्थ्यो शिरमा शिखा ॥
फैलेको तेजले पार्थ्यो दण्डकारण्य जग्मग ।
हो भर्खरै उदाएको बालचन्द्र भने ठिक ॥
यता म पनि यै वेला कालो मेघ समानको ।
लिई देह गरी फूर्ती पसें आश्रमबीच त्यो ॥
यी दुवै कानमा मेरा शोभिन्थे स्वर्ण-कुण्डल ।
न सक्ने मार्न धौताले हुँदा वर, थियो बल ॥
पऱ्यो दृष्टि ममा भित्र-पस्तैमा त्यस रामको ।
देख्ना साथ लिई हाल्यो त्यसले धनु आफ्नु पो ॥
चढायो त्यसमा ताँदो मजैसित अडी अडी ।
राक्षसेश्वर ! त्यो राम हड्बडाएन है कति ॥
मलाई मोहले छोप्यो राम यो शिशु हो अनि ।
के गर्न सक्छ ? भन्ठानें गरें हेला पनी अनि ॥
हुत्तिएर गएँ दौड्दैं विश्वामित्र महर्षिको ।
पवित्र यज्ञ-वेदीमा विघ्न पार्न भनी म त्यो ॥
पस्तैमा छोड्दियो तीखो बाण त्यो रामले ममा ।
समर्थ जुन थ्यो राजन् ! शत्रुको नाश गर्नमा ॥
रोपिएता पनी बाण मलाई त्यसले तर ।
मारेन सिन्धुमा फ्याँक्यो कोश चार सए पर ॥
ए मेरा मान्य लङ्केन्द्र ! वीर त्यो रामले पनि ।
मलाई मार्न खोजेन, मेरो ज्यान बच्यो अनि ॥
वेगले रामबाणैको फ्याँकिदा सिन्धुमा खसी ।
वेहोशै भइ हालेंछु गहीरो जलमा पसी ॥
धेरै समय वित्तामा फिऱ्यो होश, भएँ स्थिर ।
फ्स्लतल्ल उठी दौडें अनि लङ्का पुरीतिर ॥
यसरी त्यसवेलामा मर्नु वाट बचें म ता ।
मरे सब भए स्वाहा दिन जाने सहायता ॥
सजीलै काम ठूल्ठूला गर्दथ्यो राम भै शिशु ।
त्यैवेला त्यत्ति शस्त्रास्त्र न जाने पनि थ्यो प्रभु ॥
यसर्थ यसरी मैले रोक्ता-रोक्तै पनी यहाँ ।
विरोध रामको साथ गरे देखि गई वहाँ ॥
४१

३८
न राम्रो हुन्छ है राजन् ! घोर आपत्ति पर्दछ ।
आफ्नु जीवन बाटै यो छिटै नाशिनु पर्दछ ॥
हुन् यी तपाँइका प्यारा बन्धु-बान्धव राक्षस ।
गर्छन् मोज-मजा सारा खेली खेल निजी सब ॥
राख्तछन् रतिमा चाख, जान्दछन् त्यसका कला ।
हेर्छन् समाजका नाना पर्वोत्सव र चाड ता ॥
हुने आनन्दमा मग्न यस्ता राक्षसलाइ ता ।
किन सन्तापमा पार्नु व्यर्थमा किन मार्नु हा ! ॥
देख्नु पर्नेछ है ! फेरि त्यै सीताको निमित्तले ।
त्यस्ती लङ्कापुरी आफ्नो नाशिएकी पनी हरे ! ॥
जो छन् शुद्ध सदाचारी न गर्ने पाप-साप क्यै ।
पापीको सङ्ग पर्दामा नाशिन्छन् ती पनी सबै ॥
पापीकै पापले सक्छ तिनलाइ यथार्थमा ।
दहमा सर्पले बस्ने बसेका मत्स्यझैं यहाँ ॥
दिव्य-चन्दन लेपेका अङ्ग-प्रत्यङ्गमा सब ।
पैह्रिएका लुगा राम्रा स्रग्वीय गहनातक ॥
प्यारा राक्षसलाई यी राक्षसेश्वर ! अन्तमा ।
मारेका दोषले आफ्नै देख्नु होला स्वयं यहाँ ॥
होला यो पनि छर्लङ्ग कत्ति राक्षसका हरे ! ।
स्त्रीहरू हरिएका छन् कत्तिका साथ छन्, अरे ॥
असहाय अवस्थामा न मरी युद्धमा परी ।
भागेका पनि ती सारा देख्नु होला दिशाभरी ॥
यो दृश्य पनि छर्लङ्गै देख्नु होला छ निश्चित ।
बाणको जालले सारा लङ्का टन्न हुँदी स्वतः ॥
ती बाण बाट निस्केका मुस्लाले अग्निको जव ।
लङ्काका घर सम्पूर्ण बल्लान् ह्वाह्वार्ति वास्तव ॥
ए लङ्केन्द्र ! पर-स्त्रीको स्पर्श-संसर्ग भिन्न त्यो ।
छैन वास्तवमा ठूलो पाप नै भनिने कुरो ॥
हजारौं रमणी स्त्री छन् खोपीभित्र तपाँइकै ।
उनकै साथमा गर्नोस्, विहारादि क्रिया सबै ॥
गर्नोस् स्ववंशको रक्षा राक्षसेश्वर ! लौ अब ।
मान्नोस् ! बचाँउनोस् प्राण प्यारा राक्षसको सब ॥
आफ्नो मान प्रतिष्ठा र वृद्धि राज्य-समुन्नति ।
प्यारो जीवनको सम्म नपार्नोस् खति, दुर्गति ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

ती आफ्ना सुन्दरी स्त्रीको मित्रको सुख भोग त्यो ।
भोग्ने भए निकै सम्म नगर्नोस् वैर रामको ॥

६२

सुहृत हितैषी म हुँ है तपाईंको भनें कुरा जो हितको छ यै भलो ।
हुँदैन यो काम न गर्नुहोस् भनी रोक्तो छु, ध्यानै दिनुहुन्न तै पनि ॥
गरी जवर्जस्ति वहाँ गई हरे ! त्यो जानकीलाइ तपाइँले हरे ।
हुँदैन है कत्ति भलो, उता भरे लौ मंफनोस् ! सैन्य सबै मरे, मरे ॥
स्वयं तपाँइँ पनि रामका शर बिफेर ग्वाम्ग्वास्ति गढी निरन्तर ।
साथी तिनै बान्धव लौ सरासर है ! पुग्नु होला, यमराजकै घर ॥

६४

इति अठतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनञ्चालिसौं सर्ग

मारीचले रावणलाई सीता हर्ने काममा मद्दत दिन सकिन्न भन्नु

१

यसरी त्यस वेलामा म कुनै हेतु-सेतुले ।
छोडिएको थिएँ ज्यूँदै युद्धमा त्यस रामले ॥
सुन्नोस्! त्यसपछी के भो अस्तिको घटना पनि ।
कुरा न काट्नु होला है! म भन्छु अब त्यो पनि ॥
रामले दुदशा त्यस्तो मेरो पारि दिए पनि ।
म त चेतिन लङ्केन्द्र! निहुँ खोज्दै गएँ अनि ॥
दुइ राक्षस थे साथ भए मृग दुवै उनी ।
भएँ म पनि, गै हाल्यौं दण्डकारण्यमै अनि ॥
अत्यन्त बलशाली थें त्यसवेला पनी म ता ।
धपधपाँउदथ्यो मेरो जिब्रो आगो सरी यता ॥
ठूला दाह्रा तथा तीखा सींगको भै महामृग ।
लुछ्दै म मासुको चौटा घुम्थें दण्डक-जङ्गल ॥
राजा रावण! लौ सुन्नोस् डर्लाग्दो रूप त्यो लिंदै ।
मुनिका अग्नि-शालामा पुग्न थालें जताततै ॥
पवित्र ठाममा पुग्थें म जलाशय-घाटमा ।
देव-मन्दिर-चैत्यादिहरूमा ठाम-ठाममा ॥
तपस्वी-ऋषि जो जत्ति भेटतथें सबलाइ म ।
गर्थें छिः छिः तथा दुर्! दुर्!! डर देखाँउथें पुनः ॥
गर्थें जो धर्म-कर्मादि दण्डकारण्यमा बसी ।
मार्दथें सजिलै सारा तपस्वीहरूलाइ ती ॥
तिनको रक्त तात्तातो पिंउथे म मजैसित ।
लुछ्तथें मासुको चौटा तिनकै देहको म त ॥
खान्थें म ऋषिकै मासु, थिएँ क्रूर निकै यता ।
सम्पूर्ण वनमा बस्ने प्राणी तर्साउँथे म ता ॥
पिउंदा रक्त तात्तातो म त मत्त थिएँ त्यसै ।
मारिदई धर्म-कर्मादि घुम्थें दण्डक त्यो सबै ॥

१३

१४

यसरी वन त्यो घुम्दै, पार्दै धर्म कलङ्कित ।
पुगें राम भएमा म, भै बस्थ्यो जुन तापस ॥
पत्नी विदेहराजाकी छोरी साथ लिई वहाँ ।
सौभाग्यशालिनी त्यै हो नारीमा सब भूमिमा ॥
भाई लक्ष्मण साथै थ्यो वीर हो जो महारथी ।
तपस्वी रूपमा बस्थ्यो, खान्थ्यो ठिक्क फलादि ती ॥
विश्वका सब प्राणीको जो गर्थ्यो हित नै सदा ।
यसरी म पुगें राजन्! अगाडि त्यसको तदा ॥
आएको वनमा त्यस्तो रामलाई महाबली ।
ठानें मैले तपस्वी नै गरें हेला निकै छली ॥
अनि संझेर पैलेको विरोध त्यससाथको ।
क्रुद्ध भै झम्टिदै दौडे लङ्केश! त्यसतर्फ पो ॥
थियो आकार त्यो वेला पनि मेरो मृगै सरि ।
निकै तीखा थिए सींग हुन् शस्त्रास्त्र भने सरि ॥
त्यसले अघि हानेको प्रहार संझिदै थिएँ ।
यसैले म त्यसैलाई झम्टिदै मार्न खोज्दथें ॥
नहुँदा शुद्ध यो बुद्धि, शक्ति-सामर्थ्य रामको ।
मलाई त्यसवेलामा त्यसै विर्से सरी भयो ॥
देखी अगाडि आएका तीनै हामीहरूकन ।
तिनोटै बाणले हान्यो रामले धनु लीकन ॥
ए लङ्केश्वर! ती बाण अति तीखा र वेगमा ।
हावा-गरुड जस्तैथे शत्रुको प्राण नाशनमा ॥
बाण गाँठा झुकेका ती तिनोटै वज्र ठीक थे ।
असह्य, रगतै चुस्ने डर्लाग्दा आघ आँउथे ॥
जान्दथें रामको शक्ति आघ पर्दा म ता अघि ।
डराई त्यसले भागें, स्वाँठ थें बलले कुदी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

४७

ए लङ्केन्द्र ! बचें भाग्दा त्यो वेलामा पनी मता ।
मारिए ती दुवै मेरा साथी राक्षस ता उता ॥
रामको बाणले त्यस्तो छोड्दिए पछि क्यै गरी ।
पुनर्जीवन भो मेरो भन्ठानें त्यै मिले सरी ॥
संन्यास लिई त्यैवेला देखि नै म यहाँ बसी ।
तपस्या गर्छु भै योगी, छोडें दुष्कर्म गर्न ती ॥
हरेक वृक्षमा देखछु रामलाइ त्यही यहाँ ।
चीर-चर्मादी पैह्रेको लिएको धनु हातमा ॥
देख्तैमा म त त्यल्लाई भन्ठान्छु किन हो किन ? ।
लिएको हातमा पाशो हो भनेर त्यही यम ॥
हुँदा साह्रै डराएको हजारौं रामलाइ म ।
आफ्नो अगाडि देख्तोछु भएझैं ठिङ्ग हर्दम ॥
सुन्नोस् साँचो कुरा राजन् ! यो सारा वनलाइ म ।
'रामै-राम' भए जस्तो देख्न थालि सकें पुनः ॥
जब एकान्तमा बस्छु लङ्केश्वर ! म भै स्थिर ।
तब त्यै रामलाई नै देख्न थाल्छु निरन्तर ॥
स्वप्नमा पनि त्यल्लाई देख्छु घेरै जसो यता ।
अनि भौंतारिए जस्तो हुन्छु, बेहोस नै म ता ॥
रामको डरले गर्दा भित्र-भित्र म वास्तव ।
साह्रै काँपी रहेको छु छैन क्यै शान्ति वा सुख ॥
रथ, रत्न, रकारादि भएका नाम छन् जति ।
परे कि कानमा मेरा डर उब्जाउँछन् अति ॥

४८

४९

प्रभाव रामको राम्रो म जान्दछु र भन्छु म ।
तस्मात् हुन्न तपाइँले गर्नु त्यो साथ गै रण ॥
रघुनन्दन हो राम, छोड्दिनोस् अरुका कुरा ।
त्यो सक्छ सजिलै मार्न नमुचि-बलिलाइ ता ॥
लड्ने मन भए देखि राम साथ मजैसित ।
लड्नोस् , जानोस् , तपाइँनै, खपि बस्नोस् स्वयं कित ॥
सुन्नोस् ! मलाई बाँचेकै देख्न चाँहनु हुन्छ ता ।
मेरो अगाडि आएर नगर्नोस् ! रामका कुरा ॥
म जान्दछु निकै छन् यो लोकमा साधु सज्जन ।
रमेर योगमा बस्ने धर्म पाल्ने सनातन ॥
महात्मा पनि ती त्यस्ता अर्काको अपराधले ।
भुसुक्क नाशिएका छन् आफ्ना प्राण लिएर ए ! ॥
त्यस्तै म पनि अर्काको दोष वा अपराधले ।
नाशिइन्छु कि ? के वेर ! भन्नोस् राक्षसराज! ए ! ॥
मन लागे सरी गर्नोस् तपाँई यस काममा ।
म सक्तिन सती जान तपाँईको कुकर्ममा ॥
सुन्नोस् ! छ राम त्यो साह्रै बलीयो तेजिलो अति ।
त्यसको छ दरो आत्मा, छ ठूलो ह्याउ वा हुति ॥
राम यस्तो हुँदा राजन् ! भन्नुहोस् वेर के छ र ? ।
यो राक्षस-जगत् सारा भुसुक्कै पार्न दुष्कर ॥
यदि शूर्पणखालाई खुशी पार्न हुँदा विर ।
त्यो जनस्थानमा वस्न गई खर फिकी निहुँ ॥

५०

५१

राममा हमला गर्दा रामले खरलाइ त्यो ।
मार्‍यो भने तपाँईको गर्‍यो के अपराध पो ? ॥

५२

तपाँइ मेरो हुनुहुन्छ बन्धु जो भने यसैले हित गर्न पो यसो ।
मान्नोस् ! भलो हुन्छ तपाँइको अति म के गरूँ टेर्नु हुँदैन ता कति ? ॥
गई, लडेमा रणमा तपाँइ ता अवश्य फेला पनि पर्नु हुन्छ हा ! ।
श्रीरामका बाण बिझी शरीरमा यो प्राण जाला सब बन्धु साथमा ॥

५३

इति उनञ्चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चालिसौं सर्ग

रावणले अबर्जस्ती मारीचलाई तैंले मायामृग हुनैपर्छ भन्नु

१

मारीचले भनेको त्यो वाक्य राम्रो थियो अति ।
मात्र लायकको साह्रै, थियो उचित झन् उति ॥
नखाए सरि रोगीले मर्न खोजेर औषधि ।
यसले पनि खाएन, त्यसका ती कुरा कति ॥
हित, पथ्य कुरा त्यस्तो भन्ने मारीचलाइ त्यो ।
धकेल्दा कालले त्यल्ले कडा अनुचितै भन्यो ॥
मूर्ख मारीच ! तैंले जो मेरो विषयमा भनिस् ।
न चाँहिने कुरा हो त्यो, भन्न नै न हुने बुझिस् ! ॥
छरेमा हुन्छ के बीज जस्तो ऊषर-क्षेत्रमा ? ।
अत्यन्त निष्फलै भैगो, इस् ! तेरा ती कुरा ममा ॥
यी तेरा वाक्य द्वारा म मूर्ख, पापी विशेषले ।
मनुष्य रामको साथ रोकिन्थे किन लड्न ए ! ॥
न ता म त्यसकी पत्नी सीता हर्ने सुनिश्चित ।
यो काम गर्न नै छाड्छु, न डग्छु त्यसबाट त ॥
सुनेर एउटी स्त्रीको मूर्खतापूर्ण ती कुरा ।
जो आयो वनमा भ्वाट्ट छोडी आफ्ना सबै कुरा ॥
त्याग्योमाता-पितालाई, लत्यायो मित्र आदि ती ।
राज्य सम्म पनी त्यत्रो जल्ले छोडि दियो पछि ॥
जसले युद्धमा सुन् ए ! मूर्ख मारीच ! वास्तव ।
मार्दियो खरलाई नै हो मेरो भाइ जो तव ॥
प्राण भन्दा पनी प्यारी त्यसकी स्त्री छ जानकी ।
हरी छाड्छु म त्यल्लाई तेरै अघि सहाय ली ॥
के बुझिस् ? छ यही मेरो स्थिर बुद्धि, विचार वा ।
सकिन्न अन्यथा पार्न न ता छोड्दछु है म ता ! ॥
विश्वका देवता सारा तथा असुर छन् जति ।
मिलुन् यत्न गरून् जत्ति सक्तैनन् तर रोक्न ती ॥

१३

१४

यदि यो काम गर्नामा लिन राय तँसाथ क्यै ।
यसमा दोष के के छ गुण, के के छ यो सबै— ॥
विघ्न-बाधा छ के कत्ति सिद्धिमा छ उपाय के ? ।
म सोध्छें त, त्यसो भन्नु ठीक हुन्थ्यो, बुझिस् त ए ! ॥
छ भने बुद्धिमान् मन्त्री आफ्नो कल्याण चाँहने ।
भन्नु नै पर्छ राजाले क्यै सोधेमा, भलै हुने ॥
तर तैंले भने जस्तो भन्ने होइन, नम्र भै ।
भन्नुपर्छ झुकी आफ्ना हात जोडी कुरा सबै ॥
भन्नुपर्दछ राजामा त्यै कुरा जुन वेस छ ।
सिल्दो लायकको मीठो राम्रो सन्मानपूर्वक ॥
सन्मान खोज्दछन् राजा काटेर उनको कुरो ।
क्यै भन्नुहुन्न साक्षेप भए पनि हुने भलो ॥
भनिहाले पनी त्यस्तो सावमान कुरा कुनै ।
सुन्दैनन् कहिल्यै राजा न गर्छन् अभिनन्दनै ॥
उदार शक्ति-सम्पन्न दिलका देहका दरा ।
त्यस्ता राजाहरू हुन्छन् तेजस्वी,-श्रेष्ठ सुन् ! कुरा ॥
उनमा हुन्छ त्यो शक्ति तथा रूप विचित्रको ।
महेन्द्रको र वरुण यम सोम र अग्निको ॥
तसर्थ राख्तछन् राजा ती पाँचै देवका गुण ।
दण्ड सौम्य र स्वच्छत्व प्रताप दृढ-विक्रम ॥
तस्मात् सबै अवस्थामा राजाहरू विशेषतः ।
मान्य छन्, पूज्य छन् बुझ् यो ! चल्नु पर्छ त्यहीरित ॥
तँ त ए मूर्ख मारीच ! संझन्नस् आफ्नु धर्म क्यै ।
मोहको वशमा मात्र परेको छस् हरे ! त्यसै ॥
म तेरो पाहुना-पाच्छा छु अैले, तँ भने यता ।
हकार्छस्, गरि दुष्ट्याँई भनी यस्ता कडा कुरा ॥

२६

२७

भन् ए ! यो काममा मैले सोधें पो के तँमा यहाँ ।
गुण दोष तथा नाश छन् के के भन् भनी ममा ?॥
यत्तिमात्र भनेको हुँ मैले त तँसँगै यहाँ ।
दे बा ! सहाय यसमा निकै शक्ति छ जो तँ मा ॥
भैगो ! छोड् ! अब सुन् मेरो भनाई, जसरी ममा ।
सहाय दिनु पर्ने हो त्यो कुरा राम्ररी वहाँ ॥
छिटै मृग भई हाल् तँ बनेको सुनले सरि ।
आँगमा हुन् कहीं बुट्टा चाँदीकै हुन् भने सरि ॥
रामाश्रमातरै जा र सीताले देखिने गरी ।
अघिल्तिर तँ घुम् बाबै ! राम्ररी लोभिने गरी ॥
यसरी जानकीलाई लोभ्याएर मजैसित ।
ठाममा मन लागेको जान सक्छन् तँ ! जा ! तब ॥
तँलाइ निज मायाले बनेको सुनको मृग ।
देख्ना साथ उता सीता छक् पर्छे, बढ्छ कौतुक ॥
तुरुन्त अनि त्यो भन्ली पति-राम सगै यसो ।
ल्याँउनोस् न समातेर लौन ! त्यो मृग चाँहि, पो ॥
अनि त्यो राम गै हाल्छ टाढै तँकन पक्डन ।
तँ पनी अल्लि टाढै पुग् ! हेर्दै, कुदै छलीकन ॥
भनेस् अनि उतै बाट सीते ! लक्ष्मण ! हा !!! भनी ।
लोली मिलाइ बोलीमा रामकै ठिक्क, सँम्झि नि ! ॥
तेरो गुहार सुन्दा त्यो सीता हड्बडाँउछे ।
जाउ के भो ? भनी आफ्नो देवरैलाइ भन्दछे ॥

३८

३६

हुँदा भाउजुको आज्ञा दाजुको स्नेहले छुँदा ।
छोरो पनि सुमित्राको जान्छ आत्तिइंदै उता ॥
यसरी आश्रमै छोडी ती दुवै राम-लक्ष्मण ।
निकै टाढा पुगेमा म पुगी हाल्दछु तत्क्षण ॥
कुरो बुझ् अनि के होला ? सीता हर्छु मजैसित ।
देवेन्द्रले शचीलाई हरेसैं आँघ वस्तुतः ॥
मेरो काम गरी यत्ति जहाँ जान्छस् तँ जा अनि ।
दिउँला राज्य नै आधा त्यस वापतमा पनि ॥
तँ राम्रो व्रत पाल्ने होस् , तेरो राम्रै स्वभाव छ ।
लौ बाबै ! हिंडिहाल् चाँडै कार्य-सिध्यर्थमा अब ॥
हास् मारीच ! यता तेरो मार्गमा शुभ-मङ्गल ।
म पनी रथमा चढ्दै पछि आँउँछु, दण्डक ॥
यसरी रामलाई त्यो छली धोखा दिईकन ।
हात पार्छु बुझिस् ! सीता युद्ध नै नगरीकन ॥
सकी काम-कुरो आफ्नो अनि ढुक भईकन ।
लङ्कातिर म लाग्नेछु साथमा तँ लिईकन ॥
यदि मैले भने जस्तो गर्दैनस् तँ भने अब ।
तँलाइ मारिदिई हाल्छु अहिल्यै, लौ त बोल् अब ? ॥
सुन् ए मारीच ! यो मेरो काम तैंले अवश्य नै ।
गर्नै पर्छ, करै लाग्छ, पाउन्नस् धर कत्ति नै ॥
बुझ् यो पनि कुरा यौटा राजाको प्रतिकूल भै ।
चल्ने मानिस पाँउन्नन् कहिल्यै सुख-शान्त क्यै ॥

५०

५१

परिस् भने गै अघि रामको तँ वा शङ्कै छ है ! मर्नु र बाँच्नुमा उता ।
विरोध गर्छस् तँ भने म साथ त तुरुन्त मर्छस् अहिल्यै, छ निश्चित ॥
यिनै कुरामा अब राम्ररी अडी विचार गर् ! बुद्धि लडाइ वेसरी ।
जे जो गरे हुन्छ भलो तथा हित अनी त्यही गर् तँ ठमाइ निश्चित ॥

५२

इति चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकचालिसौं सर्ग

मारीचले रावणलाई फेरि सम्झाँउने चेष्टा गर्नु

१
त्यस राक्षस-राजाले जब मारीचलाइ यो ।
दियो राजा सरी आज्ञा प्रतिकूल अयोग्यको ॥
तब मारीच भै हाल्यो भित्र निशङ्क निर्डर ।
भन्यो रावणमा तस्मात् कड्किएको झिकी स्वर ॥
भन् ए राक्षस ! कल्ले यो उपदेश दियो तँमा ? ।
लाग्दछस् जसले गर्दा तँ यस्तो पापकर्ममा ॥
शोचेको पनि छस् तैँले यसको अन्त हुन्छ के ? ।
पुत्र-मन्त्री र राज्यैको साथैमा मर्दछस् तँ ए ! ॥
सुन् ए राक्षसको राजा ! सुखी देखी तँलाइ को ।
खप्न सक्तैन त्यो पापी व्यक्ति हो भित्र जल्छ जो ॥
जुक्ति-सुक्ति गरी यस्तो तँलाइ कसले हरे ! ।
मृत्युका घरको ढोकैभित्र छुल्ने भएछ ए ! ॥
ए निशाचर ! देखिस् कि आज ता स्पष्टरूपले ।
रहेछन् कत्तिका तेरा निर्दा शत्रु यहाँ हरे ! ॥
तँलाइ जसले खोज्छन् तँ भन्दा बलवान् अति ।
शत्रुसाथ जुधाएर भएको नष्ट, हेर्न ती ॥
तेरो अहितको राम्रै गर्ने ख्याल निरन्तर ।
को नीचले दियो यस्तो उपदेश तँमा स्थिर ? ॥
छ राम्रै स्पष्ट यो जाल, हेर्न चाहन्छ क्षुद्र त्यो ।
आफ्नै कुकर्मले नष्ट भएको तँकनै अहो ! ॥
ए रावण ! उता तेरा मन्त्री हुन् मानुँ योग्यका ।
जो रोक्तैनन् कुमार्गैमा हिंड्न खोज्ने तँलाइ ता ॥
भरिसक्य गरी यत्न पर्दथ्यो रोक्नु छोड्दिए ।
यता मारीनछस् तैँले पनि यस्ताकनै हरे ! ॥
स्वेच्छाचारी भई राजा हिंड्न लागे कुमार्गमा ।
रोक्ने पर्दछ मन्त्रीले सबै किसिमले यहाँ ॥
१३

१४
थिइस् तँ पनि ता त्यस्तै रोक्नु नै योग्यको यहाँ ।
रोकेनन् उनले किन्तु छोड्दिए यै कुमार्गमा ॥
विजयी-वीरमा श्रेष्ठ ! ए निशाचर रावण ! ।
त्यै राजा बाट ती मन्त्री पाँउछन् वस्तु उत्तम ॥
आफ्नु मालिक त्यो राजा यदि तुष्ट भयो भने ।
यश काम र धर्मार्थ हुन्छन् यो सब पाँउने ॥
यदि उल्टो भए, केही स्वामीको न भए कृपा ।
त्यसका निम्तिमा सुन् ए ! व्यर्थ हुन्छन् सबै कुरा ॥
राजाले यदि क्यै त्यस्तो दोषी काम -कुरा गरे ।
भोग्नु पर्दछ अर्काले पनि त्यो कष्ट व्यर्थ ए ! ॥
छन् जित्ने वीर जो जत्ति तिनमा श्रेष्ठ राक्षस ! ।
कीर्ति धर्म दुवैको थी तस्मात् त्यै नृप हेतु छ ॥
जे होस्, जस्तो अवस्था होस्, राजालाई भई स्थिर ।
कर्तव्य सबको हुन्छ रक्षा गर्नु निरन्तर ॥
हुँदैन राम्ररी रक्षा त्यो राजा बाट राज्यको ।
स्वभाव जसको तीखो भै सकेको छ क्रूरको ॥
जनता जुन चाहन्छन् न गरीकन त्यो कुरा ।
उल्टो गर्दछ जो फेरि छ उद्दण्ड पनी पुरा ॥
सल्लाह दिन्छ जो मन्त्री राजालाइ अयोग्यको ।
त्यो मान्ने-नृपकै साथ दुःख पाँउछ, बुझ् कुरो ! ॥
मूर्ख सारथि क्कै जस्तो अग्लो होचो जहाँ-तहाँ ।
रथ हाँक्छ भने, चढ्ने पनि पर्दछ कष्टमा ॥
टिक्ने स्वधर्ममा नित्य रम्ने योगादिमा सदा ।
सन्त– सज्जन छन् धेरै यो धरामा जतातता ॥
त्यस्ता व्यक्ति पनि सुन् ए ! अर्काको अपराधले ।
परिवार लिई साथ न राम्रै सित निम्रिए ॥
२६

२७

गर्ने काम-कुरो उल्टो ज्यादै तीक्ष्ण स्वभावको ।
राजाले गरिने रक्षा प्रजाको गति हुन्छ त्यो—॥
होला के गति ब्वाँसाले श्यालले रक्षिए भने ।
भन् ए ! बगाल भेंडाको ? मृगको बढ्न सक्छ के ? ॥
तँ जस्तो क्रूर दुर्बुद्धि भै राजा अजितेन्द्रिय ।
ए रावण ! छ यो पक्कै नाशिन्छन् सब राक्षस ॥
अकस्मात् यसरी आज काकतालीय-न्यायले ।
यस्तो घोर कडा आपत् पाएँ मैले विपर्वाँक ए ! ॥
लौ सुन् ए ! यस बारेमा छस् तँ नै शोक-योग्यको ।
सेना-मेना सँगै तेरो नाश हुन्छ अवश्य जो ॥

३२

३३

मलाइ रामले मारी छिटै मार्छं तँलाइ त ।
कृत-कृत्य त्यसै हुन्छु, मर्छु जो शत्रु बाट त ॥
रामको अघि जाँदा म यसो दृष्टि पऱ्यो कि त ।
बुझ् ! यो पनि कुरा पक्कै मारी हाल्छ मलाइ त ॥
सीतालाइ हरे देखि तैंले अनि गई वहाँ ।
आफैंलाइ पनी संझी मरेकै बन्धु साथमा ॥
गई तँ, साथमा मेरो त्यो रामाश्रम बाट ता ।
छोरी जनक-राजाकी सीतालाइ हरिस् कि ता ॥
न त ज्यूँदो हुनेछस् तँ न मै बाँच्नेछु वास्तव ।
न बच्नेछ पुरी लङ्का, के बच्लान् अनि राक्षस ? ॥

३८

३९

तेरो हितैषी हुँ म, पाप बाट त्यो तँलाइ रोक्तो छु, न गर् भनी यसो ।
परन्तु मेरा हितका कुरातक खान्नस् तँ ता, खप्न पनी छ मुस्किल ॥
हो सत्य यो रावण ! आयु नाशिने छन् जो यहाँ मानिस मर्न तम्सिने ।
खान्नन् कसै ती हितका कुरा पनि आफ्ना हितैषी-जनले भने पनि ॥

४१

इति एकचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयालिसौं सर्ग

मारीचले मृगरूप धरेर रामाश्रममा जानु र सीताले त्यसलाइ देख्नु

१

कडा कुरा भनी यस्ता त्यो निशाचर-राजको ।
डरले दीन भै त्यल्ले लौ मर् !"जाऔं ल हिंड्" भन्यो ॥
मलाइ मार्नको निम्ति जसले शस्त्र-अस्त्र ती ।
ठिक्क पारि रहेकोछ धनुर्बाण र खड्ग ली ॥
यदि त्यै रामले फेरि देख्यो कि त मलाइ ता ।
घुलुक्क पारि हाल्नेछ तुरुन्तै मर्छु है म ता ॥
रामको साथ गै जुद्धा, जोरी खोज्दा कुनै पनि ।
ज्यूँदो फर्कन सक्तैन बुझिराख् ! यो कुरा पनि ॥
यमका दण्डको चोट तँमा परिसकेछ ए ! ।
तेरो निमित्तमा साक्षात् छ राम यम-दण्ड ए ! ॥
यसरी गर्न दुष्टयाँई कसिएकै तँ छस् भने ।
तँ नै भन् त ममा फेरि, म गर्न अरु सक्छु के ? ॥
ए निशाचरका राजा ! लौ ! हेर् अब हिंडे म ता ।
तेरो कल्याण होस् बावै ! यै चिताँउछु है सदा ॥
मारीचका कुराले यी भो रावण निकै खुश ।
अँगाल्यो जोडले त्यल्ले भन्यो मारीचमा तव ॥
मेरै वश परी तैंले मैले खोजे सरी भनिस् ।
बल्ल पो वीरता पूर्ण कुरा यस्ता गरिस बुझिस् ! ॥
अब पो तँ भइस् पक्का श्रेष्ठ मारीच राक्षस ।
यो भन्दा अघि मारीच ! थिइस् अर्कै तँ राक्षस ॥
भैगो छोड् ! लौ यता हेर् ऊ ! मेरो रथ तयार छ ।
जुन आकाशगामी हो नाना रत्नादिभूषित ॥
पिशाचहरूकै जस्ता भएका मुख छन् गधा ।
जोतेका यसमा, लौ आ! चढ् चाँडै हिंड्! म साथ आ! ॥
तेरो काम छ यै मुख्य सीतालाई वहाँ भुला ।
भरिदे मनमा लोभ, अनि जान्छस् जहाँ तँ जा ! ॥

१३

१४

शून्य आश्रम भै हाल्छ त्यै वेला म पुगीकन ।
सीतालाई जबर्जस्ती हरी हिंड्दछु तत्क्षण ॥
छोरो हो ताटकाको त्यो मारीच अब भन्दछ ।
त्यस राक्षस-राजामा हुन्छ ! गर्छु त्यसै म त ॥
अनि रावण मारीच दुवै त्यस्तो विमानमैं ।
रथबीच चढे, छोडे त्यो आश्रम, हिंडे उतै ॥
बाटामा पहिले जस्तै अनेकौं रङ्ग-ढङ्गका ।
वन, पत्तन इत्यादि हेर्दै हेर्दै गए उता ॥
नाना बर-बघैंचा र साना ठूला पहाड ती ।
हेर्दै नगर-राष्ट्रादि नदी आदि बढे अघि ॥
सारा राक्षसको राजा वीर रावण भै छिटो ।
पुग्यो मारीचकै साथ अब दण्डकबीच त्यो ॥
शुभाश्रम वहाँ देख्यो रामको, अनि रावण ।
ओर्लियो रथद्वारा त्यो छापिएको सुनैसुन ॥
अब मारीचको हात समाती आफ्नु हातले ।
त्यससाथ भन्यो यस्तो स्वयं राक्षस-राजले ॥
हेर ए मित्र मारीच ! त्यै हो आश्रम रामको ।
राम्रै देखिन्छ, केराको घारीले छोपिंदो छ जो ॥
लागिहाल तिमी चाँडै अब त्यै आफ्नु काममा ।
जसको निम्तिमा आयौं हामीहरू दुवै यहाँ ॥
मारीच मृग भै हाल्यो सुनी रावणका कुरा ।
गै रामाश्रम-द्वारैमा घुम्न थाल्यो यताउता ॥
त्यसबेला धरेको थ्यो त्यसले मृगरूप त्यो ।
लाग्ने आश्चर्य देख्ता नै अद्भुतैको विचित्रको ॥
इन्द्रनील-मणि द्वारा सींग त्यो मृगका दुवै ।
देखिन्थे हुन् बने जस्ता माथिल्ला भाग चारु भै ॥

२६

२७

मुखको रङ्ग थ्यो रातो कमलै ठीकको उता ।
सेता काला थिए राम्रा बुट्टा मुखभरी यता ॥
त्यसका दुइटै कान थे नीलकमलै सरि ।
घाँटी केही उठेकोथ्यो निकै राम्रो हुने गरी ॥
हुन् इन्द्रनील जस्तै थे ओठ ती तल-माथिका ।
चम्किन्थ्यो पेट हीरामैं कुन्द चन्द्र सरी हुँदा ॥
मौवाका फूलमैं सेता टल्किन्थे कोख ती दुवै ।
पद्मको केसरै जस्तो शोभिन्थ्यो रङ्ग देहकै ॥
वैदूर्यमणि जस्ता थे त्यसका खुर सुन्दर ।
पिर्डौला पातला जाँघ देखिन्थे अतिसुन्दर ॥
शरीरमाथि टक्क हुदाँ पुच्छर शोभित ।
बडो विचित्र देखिन्थ्यो हो इन्द्राणी सरी स्वतः ॥
मोटो-घाटो थियो देह देखिन्थ्यो जो मनोहर ।
रत्नका मणिका नाना बुट्टा थे अतिसुन्दर ॥
अब राक्षस मारीच यसरी छिनमै अहो ! ।
त्यस्तो अद्भुत शोभाको अनौठो मृग पो भयो ॥
सुन-गैरिक इत्यादि नाना धातु विचित्रित ।
रूप हेरिरहौं जस्तो धर्‍यो वास्तव अद्भुत ॥
यसरी जानकीलाई लोभ्याँउन स्वरूप यो ।
बनाइ अब त्यो लाग्यो घुम्न आश्रमबीच त्यो ॥
रामाश्रमै हुने राम्रो वन पारेर जग्मग ।
घाँस पो चर्न लाग्यो त्यो यताउति पुगी सब ॥
चाँदी मैं अति नै राम्रा बुट्टा भइ शयौं थरी ।
लाग्थ्यो हेरिरहौं जस्तै प्यारो, मन भरी-भरी ॥
वृक्षका कमला पात, राम्रा नरम पालुवा ।
टिपी चपाँउदै, खाँदै घुम्न लाग्यो यताउता ॥
गै केराको बगैंचामा केही वेर घुमी त्यहाँ ।
पुग्यो त्यो कर्णिकारैको झाडीमा, कुञ्ज थ्यो जहाँ ॥
त्यहाँ बाट पनी निस्क्यो गयो पछि गए जहाँ ।
सीताको पर्दथ्यो दृष्टि, अडियो त्यो पुगी त्यहाँ ॥
जो थियो त्यसको पीठ पद्मको केसरै सरि ।
शोभिन्थ्यो त्यसले गर्दा बनेको सुनले सरि ॥
यसरी घुम्न लाग्यो त्यो महामृग मजासित ।
रामाश्रम-नजीकैमा भएर अतिशोभित ॥

४३

४४

केही पर पुगी फेरि फर्कन्थ्यो श्रेष्ठ त्यो मृग ।
लगतै आँउथ्यो दौडी पुगे पनि परैतक ॥
त्यो कहीं खेल्दथ्यो,कुद्थ्यो,बस्थ्यो फेरि जमीनमा ।
आई आश्रम-ढोकैमा मिल्थ्यो मृग-बथानमा ॥
गई अरू मृगै साथ पछि त्यो फेरि आँउथ्यो ।
लक्ष्य योटै लिएकोथ्यो सीताको दृष्टि पर्नु जो ॥
मृगरूप धरेकोथ्यो त्यसले यस हेतुले ।
कला देखाँउदै नाना उफ्रन्थ्यो भाँति-भाँतिले ॥
अरू त्यो वनमा बस्ने जो जति मृग थे सब ।
मिल्थे त्यो साथ गै, सुँघ्दै, भाग्थे तर दिशा दश ॥
जङ्गली मृगलाई ती मारी चिन्ने भए पनि ।
खान्नथ्यो भाव त्यो छोप्न, छोइहाल्यो भने पनि ॥
यता यस्तै अवस्थामा शुभ सुन्दर नेत्रकी ।
विदेहनन्दिनी सीता फूल टिप्थिन् त्यतै झुकी ॥
थिए वृक्ष वहाँ नाना, कर्णिकार-अशोकको ।
आँपको पनि ती सारा छिचोलेर बढिन् अहो ! ॥
राता राता थिए आँखा ठूल्ठूला उनका यता ।
मुख त्यस्तै थियो फेरि अति सुन्दर झन् उता ॥
यसरी फूल टिप्नामैं थिइन् तल्लीन मग्न ती ।
घुम्न थालिन् यसो गर्दै सीता त्यो वनमा पछि ॥
सर्वाङ्ग-सुन्दरी सीता यसरी वनबीच त्यो ।
थिइन् वस्न अयोग्यैकी बस्तथिन् तर नित्य जो ॥
यसैवेला पर्‍यो आँखा सीताको मृगमा त्यस ।
जुन रत्नमयै थ्यो त्यो मुक्ता-मणि-विभूषित ॥
अङ्ग-प्रत्यङ्ग थे सारा विचित्र अतिसुन्दर ।
दाँत ओठ थिए त्यस्तै झल्किएका मनोहर ॥
सुन चाँदी र ताँवाले बने मैं रँउ थे यता ।
अब सीता परिन् छक्क, देख्तै यो मृगलाइ हा ! ॥
ठूल्ठूला नेत्र भै हाले फक्रिएर त्यसै उता ।
माया लाग्दो गरी तस्मात् हेर्न थालिन् उनी त्यता ॥
हेर्न थाल्यो नियालेर मायामृग पनी यता ।
सीतातिर थिइन् जो ती रामको प्राणमैं प्रिया ॥
यसरी वन सम्पूर्ण पार्छ जग्मग मैं गरी ।
घुम्न लाग्यो मजैसाथ त्यो त्यतैतिर राम्ररी ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सीताले पहिले त्यस्तो देखेकी थिइनन् मृग ।
बनेमैं जुन देखिन्थ्यो नाना रत्न जडी तव ॥
अकस्मात् यसरी देख्ता मृग यस्तो प्रकारको ।
सीता जनककी छोरी निकै छक्क परिन् अहो ! ॥

६२

इति बयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रियालिसौं सर्ग

मारीचले सीतालाई लोभ्याँउनु र सीताले पति र देवरलाई बोलाँउनु एवं श्रीराम मृग मार्न जानु

१

मृग त्यो सुन-चाँदीका कान्तिको दुइ कोखले ।
सुशोभित भएकोथ्यो, मनै हर्ने स्वरूपले ॥
पगालेको सुनै जस्तो बर्ण—निर्दोष अङ्गकी ।
सीता परि गइन् दङ्ग त्यस्मा दृष्टि परे पछि ॥
राम्रो नितम्बकी सीता फूल टिप्दै थिइन् तव ।
पति-देवरलाई नै डाक्न थालिन् वहीं अब ॥
हथियार लिई साथ वहीं आँउन खातिर ।
सीता चिच्याँउनै लागिन् केही ऊँचो गरी स्वर ॥
बारम्बार उनी डाक्थिन् राम-लक्ष्मणलाइ ती ।
हेर्दथिन् राम्ररी फेरि यसो मृगतिरै त्यही ॥
उनी भन्थिन्-सवारी होस् आर्यपुत्र ! छिटै यहाँ ।
लौन! चाँडै गरी बक्स्योस् आँउन् है! भाइ साथमा॥
विदेहनृपकी छोरी सीताले डाकिथिन् जव ।
यहीं आए नरश्रेष्ठ राम, लक्ष्मण फटाफट ॥
सबैतिर दिई दृष्टि हेर्दा त्यो ठाममा तव ।
यी दुवै भाइले देखे मृगलाइ त्यही अव ॥
देख्तैमा मृगलाई त्यो भाइ लक्ष्मणलाइ ता ।
परीगो मनमा शङ्का, भने दाजु सँगै यता ॥
मान्य दाजु ! म ता ठान्छु मृगरूप लिएर यो ।
आयो राक्षस मारीच आएकोथ्यो अगाडि जो ॥
इच्छानुसारको रूप धर्न सक्तछ दुष्ट यो ।
ए दाजु ! यस पापीले गऱ्यो गर्नु न गर्नु पो ॥
शिकार खेल्न आएका हर्षोत्फुल्ल नरेशको ।
गऱ्यो हत्या निकै यल्ले कप्टी वेष धरी अहो !॥
पुरुषश्रेष्ठ ए दाजु ! माया जान्दछ यो निकै ।
अहिले यो भएको हो छलले मृगरूपकै ॥

१३

१४

हेरि बक्स्योस् छ यो कस्तो चम्किलो र मनोहर ।
गन्धर्वपुर जस्तोछ असत्य अनि अस्थिर ॥
बनेको रत्नले नाना यस्तो मृग विचित्रको ।
धराभर कहीं छैन मायै हो, ठोकुवा छ यो ॥
सुद्धि-बुद्धि हराएकी माया मारीचको परी ।
यतातिर थिइन् सीता दङ्ग भित्र मनैभरी ॥
कुरा काटी त्यसो भन्ने आफ्ना देवरको उनी ।
छोडी पवित्र क्यै हाँसो भन्छिन् स्वपतिमा अनि ॥
आर्यपुत्र ! निकै राम्रो मृग लाग्यो मलाइ त्यो ।
यसले मन यो मेरो त्यसै हरिसक्यो प्रभो !॥
तस्मात् लौ!ल्याइ दी बक्स्योस् महाबाहो!मलाइ त्यो॥
होला हामीहरूको जो क्रीडाका निम्तिको कुरो ॥
नाथ ! यद्यपि यो हाम्रो शुभाश्रम-भरी भई ।
चर्छन् मृग निकै राम्रा दर्शनीय पवित्र ती ॥
चौंरी गाई पनी कालो-सेतो पुच्छरका सव ।
भालू वानरका साथै घुम्दछन् पूज्य राघव !॥
बुट्टे मृगहरू चर्छन् ! ऊ बथान मिली उता ।
बलीया रूपका राम्रा घुम्छन् किन्नर यी ! यता ॥
मैले थिइन देखेकै यो भन्दा अघि ता प्रभो ! ।
मृग यस्तो अनौठाको चम्किलो श्रेष्ठरूपको ॥
यसका अङ्गको रङ्ग हुँदा नाना प्रकारको ।
रत्नै-रत्न भए जस्तो यो देखिन्छ विचित्रको ॥
मेरो अघि परेको छ भई निर्भय शान्त यो ।
पार्छ जग्मग जो सारा वन भै चन्द्र-तुल्यको ॥
छ नाथ ! यसको रूप अद्भुतैको मनोहर ।
अबर्णनीय शोभा छ स्वर-सम्पत् छ सुन्दर ॥

२६

२७
यो कस्तो मृग हो स्वामिन् ! अहो ! आश्चर्य लाग्दछ ।
विचित्र अङ्ग छन्, मेरो हृदयै हर्न खोज्दछ ॥
प्रभुले यदि यल्लाई सके ज्यूँदै समात्न ता ।
हुन्थ्यो गजब ! छक् पार्थ्यो मृग यो सबलाइ बा ! ॥
जब हामीहरू नाथ ! काल यो वनवासको ।
सकिए पछि फर्कौंला राज्यमा फेरि आफ्नु त्यो ॥
त्यसवेला प्रभो ! हुन्थ्यो मृग यो गजबै हुँदा ।
गहनै भित्र खोपीको, शोभा छर्थ्यो जतातता ॥
जिल्ल पार्ने कुरा हुन्थ्यो मृगको दिव्यरूप यो ।
वहाँ भरतको त्यस्तै प्रभुको निम्ति सम्म पो ॥
मेरा सासुहरूको र यै मेरो निम्तिमा पनि ।
बाटो हुन्थ्यो कुरा गर्ने ठाम जिल्याँउने बनी ॥
पुरुषश्रेष्ठ ए नाथ ! क्यै गरे श्रेष्ठ यो मृग ।
समाल्न न सके ज्यूँदो, हुन्थ्यो छाला बडो शुभ ॥
मारिए पछि यो स्वामिन् ! तल राखी कुशासनी ।
छाला माथि सुनै जस्तो नाथ-साथ म बस्छु नि ! ॥
प्रभो ! यद्यपि स्वेच्छाले धकेल्दा पतिलाइ त ।
गर् भन्नु काम यस्तो ता हो स्वेच्छाचार त्रासद ॥
छैन लायकको कत्ति साध्वी स्त्रीको निमित्तमा ।
तथापि देहले यस्तो पार्‍यो विस्मय चित्तमा ॥
हुने रँउ सुनै जस्तो मणिझैं श्रेष्ठशृङ्गको ।
साक्षात् उदय कालैका सूर्यका कान्ति तुल्यको ॥
नक्षत्र-लोक हो जस्तै बुट्टाको तेज फैंलिदो ।
यो माया-मृग देख्ताम रामकै मन छक्क भो ॥
सुन्दा भनाइ सीताको देख्ता त्यो मृग अद्भुत ।
त्यसको रूपले फेरि भै आफैं भित्र लोभित ॥
सीताको प्रेरणा त्यस्तो पर्दामा दङ्ग भै अति ।
मग्न लागे यसो राम भाई लक्ष्मणमा पछि ॥
बाबु लक्ष्मण ! लौ हेर ! सीताको मनभित्र त्यो ।
कत्रो इच्छा उठेको छ मृग पाँउन निम्ति यो ॥
छ वा ! राम्रो पनी त्यस्तै मृगको रूप हेर त्यो ।
साह्रै राम्रो हुँदा रूप बाँच्तै-बाँच्तैन आज यो ॥
वन नन्दनमा एवं त्यो चैत्ररथमा तक ।
ए बाबु ! मृग यस्तो ता होला हुन असंभव ॥
४३

४४
अनि ता पृथिवीमा यो भन होला कसो गरी ।
यस्तो वा यसको जोडा मृग ? शोच त राम्ररी ॥
टेढा-मेढा तथा सीधा राम्रा रउँहरू यता ।
कसरी शोभिएका छन् यसका देहमा हुँदा ॥
थोप्ला-थोप्ली हुँदा फेरि सुवर्णमय सुन्दर ।
यसको देह देखिन्छ विचित्र र मनोहर ॥
हेर ऊ ! हाइ ! गर्दोछ जिब्रो बाहिर निस्कियो ।
तर देखिन्छ जो बाबु ! राँकै हो सरि अग्निको ॥
बाक्ला मेघहरूलाई छिचोली चड्किईवरी ।
निस्कन्छे विजुली जस्तो निस्कँदो छ त्यहीसरी ॥
यसका मुखको भाग मणिले इन्द्रनीलको ।
बनेको सरि देखिन्छ हो राम्रो पानपात्र जो ॥
पेट चाँहि छ त्यो बाबु ! शङ्ख-मोती समानको ।
कसको मन लोभिन्न देख्ता मृग अवर्ण्य यो ? ॥
सुनको कान्तिझैं राम्रो नाना रत्नादि-शोभित ।
यो दिव्यरूप देख्तामा छक्क पर्छ ! मनै स्वतः ॥
धनुर्बाण लिई हात राजाहरू बडे-बडे ।
शिकार खेल्नकै लागि घुम्छन् वन बडे-बडे ॥
मार्दछन् मृग इत्यादि छालाको निम्तिमा कुनै ।
मार्छन् गर्न विहारादि मासुको निम्तिमा कुनै ॥
व्यवसाय यही गर्छन् कुनै ता यसबाट नै ।
ठूल्ठूला वनमा आई बटुल्छन् धनमात्र नै ॥
मणि रत्न सुवर्णादि मिलेका धातु'-धाउ जो ।
पाइन्छन् वनमै बाबु ! यसैले गर्दछन् त्यसो ॥
यो वन्य-धन नै तस्मात् ढुकुटी भर्छ राम्ररी ।
नरको निम्ति जो साह्रै श्रेष्ठ हो भै थरी-थरी ॥
जस्तो ब्रह्मत्व पाएका व्यक्तिको चित्तले गरी ।
चिताए सरि पाएको वस्तु हो श्रेष्ठ, त्यैसरि ॥
स्वार्थी मनुष्य जो अर्थ प्रयोजन बनाँउन ।
त्यसैले तानिई जान्छ विचारै नगरीकन ॥
त्यै हो आवश्यक-स्वार्थ, त्यसैलाई यथार्थमा ।
भन्दछन् अर्थशास्त्रज्ञ विद्वान् 'अर्थ' भनी यहाँ ॥
रत्नस्वरूप यो श्रेष्ठ मृगका बहुमूल्यको ।
सुनौलो चर्ममा बस्छिन् सीता आज म साथ जो ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

कादली-कमलो ऊँचो छिर्बिरे नील-रोमको ।
मृग,-प्रियक क्यै बाक्लो ल-लामो स्निग्ध-रोमको ॥
प्रवेण, जुन हो यौटा बोकाकै छाँटको मृग ।
अवि, जो हुन्छ भेंडाकै काँटको शुद्ध क्यै मृग ॥
यी सबै मृगको छाला पनि यो मृगचर्मकै ।
तुल्य वा कमलो होला भन्ने विश्वास छैन है ! ॥
यो राम्रो मृगमा एवं छ जो आकाशको मृग ।
जो हो मृगशिरा भन्ने नक्षत्रैरूपको शुभ ॥
फरकै छैन है कत्ति ! हुन् दुवै दिव्य यी मृग ।
हो तारामृग त्यो चाँहि, हो यो चाँहि महीमृग ॥
सुन अर्को कुरो बाबु ! तिमीले जो ममा भन्यौ ।
भए यदि भने जस्तै मृग यो पनि ता बुझ्यौ ? ॥
यदि राक्षसकै माया भए ता पनि वास्तव ।
अवश्यमेव यल्लाई मार्नु नै पर्छ है अब ॥
हो यो राक्षस मारीच अतिक्रूर-स्वभावको ।
आत्मा छ यसको फेरि ज्यादै दूषितरूपको ॥
यसैले वनमा घुम्दा पहिले-पहिले निकै ।
महर्षि-ऋषि इत्यादि मार्दियो क्रूर दुष्ट भै ॥
शिकार खेल्न आएका यसले नै गरी छल ।
गर्‍यो महान् धनुर्धारी नरेशहरुको वध ॥
अैले मृग भएको यो दुष्टको पनि वस्तुतः ।
अवश्य गर्नु नै पर्छ यसअर्थ पनी वध ॥
सुन ! यै वनमा पैले बस्थ्यो वातापि नामक ।
यौटा राक्षस जो दिन्थ्यो तपस्वी द्विजमा दुख ॥
गर्थ्यो हेला तिरस्कार मुनिको छलले पछि ।
पुग्दथ्यो पेटका भित्रै निस्कन्थ्यो मार्दिई पछि ॥
मर्छे खच्चरकी पत्नी जसरी आफ्नु पेटको ।
गर्भ त्यो निस्कँदा बाबु ! मर्थे ती पनि ठीक त्यो ॥
घेरैमा लोभले तान्दा त्यो वातापि कुनै दिन ।
साक्षात् अगस्त्य-ब्रह्मर्षि भएमा आइगो पुनः ॥

७५

७६

श्राद्ध-काल पर्‍यो भन्दै टक्रथाएर निमन्त्रण ।
मुनिको पेटमा सुत्तै पस्यो भक्ष्य बनीकन ॥
श्राद्धको अन्तमा आफ्नो लिन राक्षसरूप त्यो ।
आँट्यो जब चिरी पेट दुष्ट बाहिरिनै अहो ! ॥
पत्ता पाएर यै वेला भगवान् मुनि हाँस्नु भो ।
त्यसको भाव तोडेर भन्नु भो त्यसमा यसो ॥
ए वातापि ! न शोची क्यै तैंले यो जीव-लोकमा ।
मारिस् आफ्नो प्रभावैले द्विज-श्रेष्ठ निकै यहाँ ॥
पेट भित्र पनी मेरो आज फेरि तँ जो पसिस् ।
त्यसै कारणले बाबै ! निस्कन्नस् अब लौ ! पचिस् ॥
सँधै स्वधर्ममा टिक्ने जितेन्द्रिय ममा पनि ।
त्यै चाल चलन यो खोज्छ जिस्क्याँउछ अमै पनि ॥
तस्मात् लक्ष्मण ! यो दुष्ट मारीच पनि वस्तुतः ।
भई वातापि जस्तो नै मर्नै पर्छ यथार्थतः ॥
अगस्त्य भगवान् बाट त्यो वातापि मरे सरि ।
म बाट पनि यो दुष्ट मर्नुपर्दछ यै घरी ॥
पैह्री कवच भै ठिक्क लिई शस्त्रास्त्र लक्ष्मण ! ।
यहीं बस र सीताको लौ ! तिमी गर रक्षण ॥
आवश्यक छ जो जत्ति हाम्रो काम-कुरो यहाँ ।
हो गर्नु यिनकै रक्षा, त्यसकै छ अधीनमा ॥
रघुनन्दन ए बाबु ! सुन ! आज अवश्य म ।
मारि छोड्नेछु यस्लाई ल्याउँला कि समाइ म ॥
तसर्थ म हिंडी हालें छिटै यो मृग ल्याँउन ।
जानकी मरिमेट्तीछन् यसको चर्म पाँउन ॥
झिक्नु नै यसको छाला छ हेतु मृग मार्नुको ।
ज्यादै राम्रो हुँदा छाला बाँच्न सक्तैन आज यो ॥
सुन बाबु ! तिमी तस्मात् बस आश्रममा डटी ।
सावधान भई ज्यादै सीता-भाउजु साथ ली ॥
बडो चंख भई बस्नु रक्षा गर्नु त्यहाँतक ।
म बुट्टे मृग यो मारी फर्कन्न जहिलेतक ॥

९०

९१

एउटै बाणले मारी छाला-साला झिकीकन ।
आइपुग्छु छिटै है त ! ल गएँ ! बस लक्ष्मण ! ॥

CC-0. In Public Domain. Digitization by eGangotri

६२

चिताँउने नित्य भलो र बुद्धिमान् जटायु पक्षीन्द्र बलिष्ठ अन् महान् ।
सहायता ली यिनकै तिमी अत्र यहीं बस्यौ है ! भइ चंख वास्तव ।
यी जानकी रक्षण गर्नु नै कडा बोकेर भारी गतिलो रही खडा ।
भई चनाखो बस है ! प्रतिक्षण शङ्कालु भै राक्षसबाट लक्ष्मण ! ॥
६३

इति त्रियालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवालिसौं सर्ग

श्रीरामद्वारा मारीचको वध

१

रामले अतितेजस्वी रघुनन्दन जो थिए ।
यसरी भाइमा आफ्नो शुभ आदेश यो दिए ॥
भएको सुनको मूठ उनको जुन थ्यो असि ।
अव बोके त्यसैलाई बाँधे कम्मरमा कसी ॥
भई भार झुकेकोथ्यो दुवै छेउ र माझमा ।
उनको धनु जो श्रेष्ठ त्यै लिए अनि बाहुमा ॥
महान् पराक्रमी राम आफ्नो भूषणरूपको ।
धनुकै साथमा ठोक्रा भिरे दुइ, हिंडे अहो ! ॥
पृथ्वीका सब राजामा श्रेष्ठ श्रीरामलाइ यी ।
देख्यो आँउन लागेको मृगले त्यो पछी-पछि ॥
यसर्थ डर पर्दामा सुनौलो मृग त्यो लुक्यो ।
तुरुन्तै पछि क्यै वेर वित्तामा पर देखियो ॥
कटिमा असि झुण्ड्याई लिएर धनु बाहुमा ।
श्रीराम दौडिई हाले जहाँ मृग थियो वहाँ ॥
सुवर्ण-मृगलाई त्यो देखे श्रीरामले अव ।
अगाडिका दिशा पार्थ्यो तेजले झल्ल जो सव ॥
अनकन्टारको त्यस्तो वनमा मृग त्यो यता ।
हेर्दै पछि-पछी कुद्थ्यो निकै अघि हुँदै तदा ॥
फट्का मार्थ्यो र उफ्रन्थ्यो कहिले अतिदूर त्यो ।
नजीकै आइ पुग्थ्यो यो कहिले लोभ पार्न पो ॥
कहिले आत्तिए जस्तो देखिन्थ्यो कहिले भने ।
निकै डर परे जस्तो देखिन्थ्यो नभ नै छुने ॥
वनका भागमा त्यस्तै गै लुक्थ्यो यो कहीं भने ।
देखिन्नथ्यो कहीं फेरि हुन्थ्यो यै भ्वाट्ट देखिने ॥
ढाक्ता गै मेघको टुक्रो शरत्‌को चन्द्रमण्डल ।
झल्याक्-झुलुक देखिन्छ जस्तो, त्यै ठीक भो मृग ॥

१३

१४

कहिले भ्वाट्ट देखिन्थ्यो त्यो छिनैभरमा यहाँ ।
कहिले पर देखिंन्थ्यो निकै टाडा कहाँ कहाँ ॥
यसरी देखिंदै छिप्तै त्यसले मृग जो भयो ।
रामको आश्रमैबाट लोम्याएर परै लग्यो ॥
भए विवश श्रीराम त्यसको मोहमा परी ।
उठ्यो भित्र निकै क्रोध हेतु यस्ता परी-परी ॥
केही सीप नलागेर अन्तमा थकितै भई ।
छाया खोजी बसे थ्याच्च ! हरीया घाँसमा गई ॥
मृगरूप लिने त्यस्तो त्यो निशाचर-दुष्टले ।
पार्दियो बहुला जस्तो रामलाइ पनी हरे ! ॥
अव एक छिनैमा त्यो जङ्गली मृग साथमा ।
मिसिएर पऱ्यो देखा भ्वाट्ट फेरि नजीकमा ॥
समात्न खोज्दछन् राम थापाए पछि फेरि त्यो ।
भाग्यो र डरले गर्दा तत्कालैमा अदृश्य भो ॥
केही वेर पछी फेरि निकै टाढा रुखै-रुख ।
भएको ठामबाटै यो निक्ली देखा पऱ्यो तव ॥
थिए अत्यन्त तेजस्वी श्रीराम, कसिए अव ।
गरी निश्चय मार्ने नै त्यसलाइ हुने मृग ॥
रिसाए बलवान् राम रघुका मणि जो थिए ।
ठोक्राबाट झिके यौटा बाण त्यल्लाइ मार्न ए ! ॥
सूर्यको किरणै जस्तो तेजिलो बाण यो थियो ।
शत्रुको नाश गर्नामा समर्थ अतियोग्यको ॥
बलीयो धनुमा आफ्नो चढाएर त्यसैकन ।
खिंचेर जोडले छोडे वल्ल ! ताकी मृगैकन ॥
फ्वाँ ! फ्वाँ !! गर्ने कुनै सर्प ठीकको बाण यो थियो ।
तेजिलो थ्यो निकै बल्थ्यो ब्रह्मनिर्मित भै अहो ! ॥

२६

२७

बस्तकै ठीक तेजस्वी त्यस उत्तम बाणले ।
मृग-मारीचको देह छेड्यो च्वाम्म बिभेर ए ? ॥
न पुग्दा यत्तिले फेरि वज्रिदा जोडले गई ।
पछि पारि दिई हाल्यो छाति नै चूर्ण रोपिई ॥
अब त्यो मृग-मारीच त्यसको चोटले गरी ।
झर्‍यो वाल-रुखै जत्ति भई आतुर बेसरी ॥
अनि ढङ्ग धराबीच लड्यो आयु समाप्त भै ।
यसबेला पनी किन्तु चिच्यायो जोडले निकै ॥
मर्ने समयमा यल्ले चोला त्यस्तो बनावटी ।
मृगको जुन थ्यो, छोड्यो लियो आकृति राक्षसी ॥
संझियो यसले भ्रवाट्ट यसै समयमा वहाँ ।
कुरा रावणको राम्रै शोच्न लाग्यो स्वयं त्यहाँ ॥
अब मैले कसो गर्दा सीताले आफ्नु देवर ।
वीर लक्ष्मणलाई त्यो जाउ भन्ली यतातिर ॥
कस्तो उपायले होला त्यो रामाश्रम शून्य र ।
हर्ला सीता त्यसैवेला पुगी त्यो राक्षसेश्वर ? ॥
गर्ने त्यल्ले भने जस्तो यै वेला हो गमी यसो ।
स्वर श्रीरामकै जस्तो फिक्यो अनि भन्यो यसो- ॥
चिच्यायो जोडले सीते ! हा ! लक्ष्मण ! भनीवरी ।
बोली मिलाई बोलीमा रामकै ठीक,-हो सरी ॥
अतुल्य रामको बाण बज्रिदा त्यस दुष्टको ।
मर्मस्थल भएको थ्यो धूलो-पीठो सबै अहो ! ॥

३७

३८

यसर्थ मृगको चोला त्यागेर त्यसले तव ।
लियो राक्षसको रूप शुद्ध मारीच भो अव ॥
प्राण छोड्ने हुँदा वेला त्यस मारीच-दुष्टले ।
विशाल अति नै ठूलो बनायो आफ्नु देह ए ! ॥
देख्तैमा अनि डर्लाग्दो रक्तमा मुछिई, भिजी ।
गर्ने लडीबुडी भैंमा त्यसलाई चिने पछि ॥
भ्वाट्ट ! श्रीरामले संझे भाई लक्ष्मणका कुरा ।
परीगो मनमा शङ्का जानकीका लिई कुरा ॥
शोच्न लागे उनी-ओहो ! भन्थे लक्ष्मण ता अघि ।
निस्क्यो वास्तवमा माया दुष्ट-मारीचको त्यही ॥
कुरा जो जो भनेकाथे सब त्यो ठीक देखियो ।
मैले मारेंछु मारीच मृग होइन सत्य जो ॥
तर राक्षस यो मर्दा सीते ! लक्ष्मण ! हा ! भनी ।
चिच्याई स्वरले चर्को जो मर्‍यो, अव त्यो सुनी ॥
अवस्था के भयो होला जानकीको उता हरे ! ।
के संझे हुन् महान् बाहु हुने ती प्रिय भाइले ? ॥
यत्ति शोच्ता न शोच्तैमा धर्मात्मा रामलाइ ता ।
सिरिङ्ग जिउ नै पार्‍यो पस्यो चीसो कता कता ॥
मारी मृग हुने त्यस्तो दुष्ट राक्षसलाइ ता ।
चर्कै डर पर्‍यो भित्र, खिन्नता भो सुनी कुरा ॥
बुट्टे मृग कुनै अर्को मारे मासु लिए अनि ।
जनस्थानतिरै फर्के हड्बडाई निकै उनी ॥

४८

इति चवालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैतालिसौं सर्ग

सीताका मर्म छेड्ने वाक्य सुनेर लक्ष्मण राम भएतिर जानु

१

सीताले वनमा त्यस्तो आर्तनाद भयो जुन ।
सुनिन् स्वपतिकै जस्तो मिलेको स्वर,-लक्ष्मण ॥
प्रिय-देवरमा आफ्ना भन्छिन् अनि उनी यसो ।
जाउ बाबु ! वहाँ के भो बुझ लौ ! हाल दाजुको ॥
ठूलै मर्का परे जस्तो ऊँचो स्वर झिकीकन ।
गुहारी बक्सिएकोछ सुन्यौ ! हामी दुवैकन ॥
मैले स्पष्टै सुनें बाबु ! थ्यो आर्त स्वर त्यो हकि ? ।
मन ठेगानमै छैन, हल्लियो मुटु नै अति ॥
छ गरी रहिबक्सेको वनमा आर्तनाद त्यो ।
कुनै शरण वा रक्षा खोजिबक्से सरी छ हो ! ॥
गएर गर लौ रक्षा दाजुको अब झटपट ।
घेरेमैं सिंहले साँढे घेरे राक्षसले सब ॥
सुने भाउजुले जो यो भनिन् त्यस्तो कुरा जुन ।
गमेर दाजुको आज्ञा गएनन् तर लक्ष्मण ॥
सीता जनककी छोरी रिसाइन् यसले गरी ।
कस्तो कस्तो भयो भित्र, भनिन् देवरलाइ ती ॥
हौ छोरा त सुमित्राकै तिमी छौ यस हेतुले ।
मित्रका रूपका आफ्ना दाजुका शत्रु नै हरे ! ॥
यस्तो संकष्टको वेला आइ पर्दा पनी अतः ।
जान्नौ, दाजु भए ठाम नीच माछौं ! यथार्थतः ॥
थापाएँ बल्ल पो मैले तिमी खोज्छौ म पाँउन ।
हेर्न श्रीरामको नाश चाहन्छौं जुन लक्ष्मण ! ॥
छ तिम्रो मनमा लोभ मेरो निम्ति, म पाँउन ।
जान्नौ दाजु भए ठाम यसो भन्दा पनी जुन ॥
श्रीराम कष्टमा पर्नु प्यारो लाग्छ तिमीकन ।
दाजुको स्नेह वा माया छैन कत्ति तिमीकन ? ॥

१३

१४

यसैले त तिमी बस्छौ ढुक भै अति तेजिला ।
दाजुलाइ न गै हेर्न सुने तापनि ती कुरा ॥
हेर ! सेव्य छ जो तिम्रो जसको गर्न रक्षण ।
तिमी आयौ यहाँ बाबु ! हो ! गर्छौ नित्य सेवन ॥
उहाँकै पर्छ ता प्राण कष्टमा यदि कयौ गरे ।
भने देखि यहाँ मेरो रक्षा गर्दा छ के हुने ? ॥
अवस्था भै सकेकोथ्यो छोरी जनकराजकी ।
सीताको यस वेलामा डराएकी मृगी सरी ॥
भनी त्यस्ता कुरासम्म खसाल्ने आँसु बर्बर ।
शोक गर्ने उनीलाई भने लक्ष्मणले तब ॥
विदेहनृपकी छोरी मान्य भाउजु ! यो कुरा ।
ठोकुवा छ म जो भन्छु, सुनी बक्स्योस् ! सबै पुरा ॥
नाग राक्षस गन्धर्व दानवासुर देवता ।
मिलुन् न, जित्न सक्तैनन् पतिलाइ हजूरका ॥
कल्याणरूपकी पूज्ये ! मेरी भाउजु ! देव र ।
पक्षी मनुष्य गन्धर्व पिशाच मृग किन्नर ॥
तथा राक्षस डर्लाग्दा घोर दानवमा पनि ।
छैन वीर कुनै त्यस्तो राम-तुल्य पराक्रमी ॥
संग्राम स्थलमा दाजु ! इन्द्र-तुल्य भई डटे ।
अगाडि पर्न सक्ने को ? आँट्नै सक्तैन लड्न ए ! ॥
भइ बक्सिन्छ श्रीराम अवध्य रणमा अतः ।
किन आज्ञा भयो देवि ! यी अयोग्य कुरातक ? ॥
नभई बक्सिदा दाजु डर्लाग्दो वनभित्र ता ।
एक्ली हजूरलाई हा ! छोड्नै सक्तिन है ! म ता ॥
सैन्यका शक्ति-सम्पन्न राजा-पनि बडे बडे ।
दाजुको वीर्य वा शक्ति सक्तैनन् नाश्न, हयाउ के ! ॥

२६

२७

इन्द्रका साथका सारा भएका देवतातक ।
त्रैलोक्य उल्टियोस् किन्तु सक्तैनन् रोक्न त्यो बल ॥
पूज्ये भाउजु ! लौ तस्मात् पीर छोड्दिइ बक्सियोस् ।
लिनु पर्दैन क्यै चिन्ता प्रभुको मन शान्त होस् ॥
त्यो राम्रो मृग मारेर लिइ साथ छिटै यता ।
सवारी भइ बक्सिन्छ पतिदेव हजूरका !!
आवाज सुनि बक्सेको हुँदै होइन दाजुको ।
छलले गरिएको हो न कुनै देव आदिको ॥
त्यही राक्षसले देवि ! त्यस्तो छल गऱ्यो वहाँ ।
गन्धर्वनगरै जस्तो भूठो माया यथार्थमा ॥
रक्षा हजूरको गर्नें भार नासो स्वरूपमा ।
महात्मा दाजुले छोडि बक्सिएको छ है ममा ॥
हजूरलाइ तस्मात् म पूज्ये ! जनककी सुते ! ।
अन्त जान यहाँ छोडी अँहँ ! सक्तिन क्यै गरे ॥
कल्याणरूपिणी-देवि ! खर त्यो मारिए पछि ।
जनस्थान भरी बस्ने मारिए अरु दुष्ट ती ॥
तिनका साथ-साथैका अरु राक्षस सम्मका ।
वैरी भइ सकेकाछौं हामीहरू त्यसै यता ॥
विदेहनन्दिनी-पूज्ये ! सब ती जीवमात्रको ।
हत्या गर्ने गरी खेल मान्छन् भोज-मजा अहो ! ॥
यो महावनमा तस्मात् दुष्ट राक्षस ती सबै ।
नाना प्रकारका बोली बोल्छन् लोली मिलाउँदै ॥
आफ्नी भाउजुमा यत्ति भने लक्ष्मणले तव ।
तर सीता भई हालिन् रिसले चूर वास्तव ॥
राता राता भए आँखा सीताको यसले पछि ।
भनिन् सत्यकुरा भन्ने-उनमा क्रूर वाक्य यी ॥
अनार्य ! निर्दयी होस् तँ ! चिनें मैले तँलाइ हा ! ।
परोस् श्रीराममा आपत् भन्ने ठान्छस् स्वयं तँ ता ॥
तँ कुलाङ्गार होस्, क्रूरै कर्म गर्छस्, भनी यसो ।
कुरा बनाँउछस् देख्ता पनि यो कष्ट रामको ॥
क्रूर होस् तँ छिपी बस्ने-, शत्रु होस् नित्य साथकै ।
तँले पापी कुरा यस्ता भन्नु आश्चर्य छैन क्यै ॥
हा ! तँ होस् दुष्ट अत्यन्त श्रीराम बन आउँदा ।
पछि आउँन लागेको देखी आइस् तँ ता यता ॥

मलाई पाँउने आफ्नो छिपाइ दुष्ट भाव यो ।
पछि लागी यहाँ आइस् तँ मेरो पतिदेवको ॥
अथवा हुन के वेर यस्तो पनि, तँलाइ ता ।
कि त्यै भरतले नै पो पठायो जा ! भनी यता ॥
सुमित्रासुत ! लौ सुन् ए ! तेरो भरतको पनि ।
म त पूर्ण हुनै दिन्न त्यो धोको कहिल्यै पनि ॥
नीलपद्म सरी राम्रो कान्तिका श्याम-सुन्दर ।
पद्म-तुल्य हुने आँखा त्यस्ता वीर धनुर्धर ॥
श्रीरामलाइ पाएर पतिको रूपमा म के ।
रोजुँला फेरि तैं जस्ता क्षुद्रलाइ कसोरि ए ! ॥
बरु यो प्राण त्यागिदिन्छु तेरै अघि छ निश्चित ।
विना राम छिनै सम्म बाँचन सक्तिन है म त ॥
जितेन्द्रिय महान् धीर थिए लक्ष्मण वीर ती ।
भनिए त्यसरी किन्तु सीताले क्रूर वाक्य यी ॥
सिरिङ्ग जिउ भै हाल्यो त्यसले उनको तव ।
सीतालाइ गरे विन्ती हात जोडी दुवै अब ॥
यो के आज्ञा भएको हो ? पूज्ये देवि ! हजूरले ? ।
ओठे जवाफ लाँउन्न, उत्तरै दिउँ पो म के ? ॥
मेरो निमित्तमा साक्षात् देवी-तुल्य सुपूज्यकी ।
हजूर भइ बक्सिन्छ सर्वदा भन्न योग्यकी ॥
सुनिबक्स्योस् त हे देवि ! छैन आश्चर्य क्यै पनि ।
भन्नु स्त्रीजातिले यस्ता कडा तुच्छ कुरा पनि ॥
किन ? आज्ञा भए देखि प्रायः यो विश्वमा सब ।
हुन्छ स्त्रीजातिको यस्तो स्वभावै उग्र वास्तव ॥
विनयादिक धर्मादि हुन्न स्त्रीजातिमा कति ।
घरै फुटाँउछन् आफ्नो, हुन्छन् चञ्चल क्रूर ती ॥
खप्न सक्तिन ती वाक्य जो आज्ञा भो हजूरले ।
फीर जस्ता तताएका बिझे कानभरी भए ॥
वस्छौ यो वनमा जत्ति प्राणी छौ वा यहाँ जति ।
सुन साक्षी भई सारा म भन्दछु कुरा जति ॥
न्याययुक्त बडो ठीक मैले यस्तो भनें कुरा ।
तर भाउजुले त्यस्तो आज्ञा भो क्रूर यी कुरा ॥
हजूर खोजि बक्सिन्छ आज नाशिन निश्चित ।
शङ्का न चाँहिने यस्तो गरि बक्सिन्छ जो स्वतः ॥

६१

धिक्कार छ ! हजुर्लाई कसिई मान्य— दाजुको ।
आज्ञा पाल्ने ममा यस्तो मान्नु, ठान्नु अयोग्य हो ॥
हजूर भइ बक्सिन्छ स्त्रीजाति त्यसमा पनि ।
स्वभाव भै सकेकोछ दुष्ट, रूखो त्यसै पनि ॥
लौ ! भैगो ! जान्छु श्रीदाजु भएतिर म ता, बरू ।
भलो हजूरको होओस्, रहोस् भै स्थिर आवरू ॥
विशाललोचने देवि ! वनका देवतातक ।
प्रभुलाई यतापट्टि गरून् रक्षा मिली सब ॥
पीर यौटा पर्‍यो किन्तु डर्लाग्दा उग्ररूपका ।
जो जो शकुन देखतोछु पर्छु संशयमा मता ॥
के म श्रीरामको साथ यहाँ फर्किइ आँउदा ।
आनन्द साथमा राज भएको देख्न पाँउला ? ॥

६६

६७

भनिए पछि ता यत्ति अब लक्ष्मण बाट ती ।
छोरी जनकराजाकी रोइन् दुःख बढी अति ॥
झरीसरी झरे धारा आँसुका नेत्र बाट र ।
पछि बाट भनिन् फेरि कड्किँदै दिइ उत्तर ॥
सुन् ए लक्ष्मण ! श्रीरामद्वारा हीन भएँ भने ।
नदी गोदावरीमा गै छु मर्ने भै डुबी दिने ॥
कि ता झुण्डिइ मर्नेछु, चुचूरामा चढी कि ता ।
हाम्फालेर बहाँ बाट मर्छु छोडी शरीर ता ॥
चर्को विष कि धोक्नेछु, म पस्नेछु कि अग्निमा ।
छुने छैन कुनै अर्कोलाइ किन्तु उहाँ विना ॥
भनी लक्ष्मणमा यत्ति प्रतिज्ञा त्यै गरीकन ।
सीता जनककी छोरी शोकखिन्न भइन् पुनः ॥

७२

७३

अत्यन्त दुःखले छोप्यो रोइन् घर्धर वेसरी ।
पिटिन् छाति पनी आफ्ना बाहुले हा ! नराम्ररी ॥
आँखा हुने सुन्दर भव्य ठूला सीता थिइन् दुःखित भित्र ज्यादा ।
तसर्थ रुन्थिन् मन खिन्न पारी संझायिइन् लक्ष्मणले पछाडि ॥
थे भाइ आफ्ना पतिदेवका जो भने पनी ता उन बाट त्यस्तो ।
वास्तै गरिन् कत्ति न ता उनीले दिइन् जवाफै पछि क्यै कुराले ॥
थे संयमी लक्ष्मण नित्य धीर रोक्ने स्वयं इन्द्रिय-शक्ति वीर ।
जोडी दुवै बाहु पछी उनीले ती जानकीलाई झुकेर ढोगे ॥
यी मैथिली माथि हुँदा अपार सद्भाव, हेर्दै अब वार वार ।
गए उतै लक्ष्मण दाजु राम थिए जहाँ लोक, मनोभिराम ॥

७७

इति पैतालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयालिसौं सर्ग

साधु-संन्यासीको भेषमा रावण सीताको आश्रममा आँउनु

१

सीताले त्यसरी भन्दा वाक्य उग्र कठोर ती ।
मोक्किएका थिए ज्यादै भित्र लक्ष्मण वीर यी ॥
दाजु-राम सँगै भेट्ने बढी इच्छा उनी अब ।
वहाँ बाट हिंडी हाले छिटै चाँडो गरी तब ॥
यता आश्रम त्यो छोड्नासाथ लक्ष्मण वीरले ।
मिल्यो रावणमा मौका, खोज्दथ्यो छिद्र जो हरे ! ॥
स्वरूप त्यसले आफ्नो संन्यासीकै सरी धर्‍यो ।
तुरुन्त अनि त्यो आयो जानकीको अघी पर्‍यो ॥
आफ्नो शरीरमा त्यल्ले सफा सुन्दर गेरुवा ।
खुलेको कपडा राम्रो पैह्रिएको थियो अहा ! ॥
त्यस राक्षस राजाको शोभिन्थ्यो शिरमा शिखा ।
खुट्टामा खुल्दथ्यो जुत्ता, छाता थ्यो हातमा सफा ॥
थ्यो बाँया काँधमा लट्ठी तेर्स्याएको यतातिर ।
कमण्डलु त्यसैमाथि घुसारेको थियो स्थिर ॥
यो घोरमा वनमा त्यस्तो संन्यासीको स्वरूप ली ।
आयो सीता भए ठाम स्वयं राक्षसको पति ॥
न हुँदा चन्द्रमा-सूर्य जान्छ सन्ध्या भएनिर ।
अँध्यारो जसरी त्यैंभै बढ्यो सीता भएनिर ॥
पति-देवरले आफ्ना जुन यी भाइ-भाइ थे ।
विनाकी जानकी तर्फ बलीयो त्यो बढ्यो हरे ! ॥
चन्द्रमा न हुँदा जस्तो रोहिणी माथि राम्ररी ।
आँखा गाड्दछ डर्लाग्दो दुष्ट-ग्रह जसो गरी ॥
त्यहीठीक महान् क्रूर दुष्ट रावणले पनि ।
गाड्यो नेत्र दुवै सोभी सीतामाथि यशस्विनी ॥
देखेर उग्र डर्लाग्दो पापी रावणलाइ त्यो ।
वृत्त पञ्चवटीका ती भए ठिङ्ग त्यसै अहो ! ॥

१३

१४

त्यसकै डरले गर्दा यता हावा पनी हरे ! ।
बहेन कत्ति, भो बन्द, सबै मुस्किलमा परे ॥
भै ढिली बह्नै लागिन् छिटी गोदावरी पनि ।
देख्ता त्यल्लाइ जो फेंक्थ्यो राता नेत्र त्यसै पनि ॥
बदला लिन चाहन्थ्यो रामसाथ निरन्तर ।
मौका छोप्न यही खोज्थ्यो यसैले राक्षसेश्वर ॥
यसर्थ शुद्ध जोगीको रूप त्यो लिइ सुन्दर ।
पुगी हाल्यो वहाँ ठ्याक्क जानकीको अघिल्तिर ॥
जानकी यस वेलामा साक्षात् स्वपति-रामको ।
लिई विषय शोच्तैथिन् भित्र चिन्ता थियो बडो ॥
पुग्यो यसै अवस्थामा त्यो अकल्याण-ढङ्गको ।
दुष्ट रावण ली रूप त्यस्तो कल्याण-रङ्गको ॥
स्वच्छ आकाशमा साक्षात् चित्रा नक्षत्रको अघि ।
शनि ग्रह परे जस्तो भयो झम्टिन हेतु ली ॥
क्वै कूवा छोपिए जस्तो तृणले झार-पातले ।
छोपिएको थियो भव्य-रूपले त्यो अभव्य ए ! ॥
पुगी गो यसरी ठ्याक्क राम-पत्नी यशस्विनी ।
सीताको अघि त्यो दुष्ट हेर्दै ठिङ्ग भयो अनि ॥
गाड्यो ठिङ्ग हुँदै आँखा त्यसले जानकी प्रति ।
सौन्दर्य झल्किएकोथ्यो जसको अहिले अति ॥
सीताका दुइटै ओठ थिए सुन्दर कोमल ।
चिल्ला लहर थे राम्रा मिलेका दाँतका सब ॥
पूर्ण चन्द्र सरी राम्रो थियो मुख त्यसै पनि ।
थिइन् पर्णकुटी भित्र बसेकी अहिले उनी ॥
पति श्रीरामको त्यस्तो पीर पर्दा त्यही बढी ।
शोक भै त्यसकै धारा छोड्दथिन् आँसु-रूप दी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सीताले त्यस वेलामा पहेंलो रेशमी सफा ।
सारी पहिरिएकी थिन् पद्म-नेत्र थिए यता ॥
पुग्यो यसै अवस्थामा भित्र गद्गद भै अति ।
देवी सीता भए ठाम त्यो निशाचरको पति ॥
देख्नासाथ उनीलाई बाणले कामदेवको ।
तुरुन्त घायलै भैगो अब राक्षस-राज त्यो ॥
उच्चारण गरी हाल्यो अकस्मात् वेदमन्त्र र ।
एकान्तमा कुरा गर्न लाग्यो नम्र भई स्थिर ॥
त्रैलोक्य—भरकी शोभा तुल्यकी जानकी थिइन् ।
न हुने कमलैमात्र लक्ष्मीझैं देहले थिइन् ॥
अब राक्षसको राजा दुष्ट रावण त्यो बढ्यो ।
प्रशंसा उनको गर्दै त्यसले यसरी भन्यो ॥
लम्वरी सुनकै जस्तो अङ्ग-कान्ति र वर्णकी ।
ए सुन्दरी ! तिमी को हौ ? ममा भन दया गरी ॥
तिमीले पैह्रिएकी छयौ पहेंलो रेशमी लुगा ।
छौ तिमी यसले गर्दा शोभिएकी निकै अहा ! ॥
कस्ता कमल हुन् जस्ता छन् अहा ! मुख, नेत्र यी ! ।
छन् कोमल सफा त्यस्तै बाहु, पाउ समेत ती ॥
छौ तिमी यिनले गर्दा शोभिएकी निकै शुभे ! ।
हौ कि झैं पोखरी जस्ती पद्म-माला जहाँ झुले ॥
ममा भन तिमी को हौ अब यत्ति शुभानने ! ।
साक्षात् श्री नै तिमी हौ कि ह्री हौ वा रूप यो लिने ? ॥
कल्याणरूपकी साक्षात् लक्ष्मी नैहौ तिमी किता ।
अथवा अप्सरा नै हौ सुन्दरी रूपकी शुभा ? ॥
हौ क्यारे भूति नै यद्वा श्री-सम्पत्ति भनिन्छ जो ।
रति हौ वा वरारोहे ! गर्छे स्वेच्छाविहार जो ॥
तिम्रा दाँत अहा ! कस्ता मिलेका कति सुन्दर ।
सफा लहरका चिल्ला कुन्दपुष्पाग्र-सुन्दर ॥
अतिउज्वल छन् आँखा लाम्चिला र फराकिला ।
पानी छ कृष्ण-नानीमा, छेउमा छिप्छ रक्त बा ! ॥
शुभे ! विशाल देखिन्छ तिम्रो त्यो कटिभाग हा ! ।
जहाँ जघन शोभिन्छ मासु ज्यादा भई अहा ! ॥
कस्ता हुन् जाँघ यी फेरि म त सक्तिन शोच्न क्यै ।
हात्तीकै सूँड जस्ता छन् मिलेका पनि त्यत्तिकै ॥

४३

४४

दुइटै स्तन यी तिम्रा बाटुला-गोल पुष्ट छन् ।
परस्पर मिलेका छन्, मोटा छन्, अति उच्च छन् ॥
सुकुमार तथा राम्रा देखिन्छन् अतिशोभित ।
तालका फल जत्रै छन् मणि-रत्नादिभूषित ॥
राम्रो मुस्क्यानकी राम्रा दाँतकी चारु-नेत्रकी ।
तिमी हौ रमणी यौटी आश्चर्यमय-रूपकी ॥
तिमीले सुन्दरी ! मेरो हृन्यौ मन त्यसै हरे ! ।
नदी-तट विगारेझैं पानीको भेलले, शुभे ? ॥
ठिक मुठ्ठी भरीकोछ तिम्रो कमर त्यो यता ।
केश चिल्ला र बाक्लाछन्, मिल्दाछन् स्तन झन् अहा! ॥
गन्धर्वी यक्षिणी देवी किन्नरी आदि स्त्रीहरू ।
जत्ति छन्, तिनमा छैनन् तिमी जस्ता कुनै अरू ॥
तिमी जस्तो हुने रूप कुनै नारी पनी अये ! ।
मैले थिइन देखेकै पृथ्वीभर कहीं शुभे ! ॥
कहाँ त्रैलोक्यमा श्रेष्ठ रूप यो सुकुमारता ? ।
कहाँ नयाँ अवस्था यो चढ्दो बढ्दो उमेर ? हा ! ॥
कहाँ यो अनकन्टार वनको वास भो भनी ।
शोच्ता भुर्ताउलो बढ्छ, भन्छ मेरो मनै पनि ॥
तिम्रो कल्याण होस् नानी ! जाऊ अन्त कहीं अब ।
यहाँ बस्न तिमी छैनौ योग्य, लायक वास्तव ॥
इच्छानुसारको रूप धर्न सक्ने भयङ्कर ।
निशाचरहरूको हो यो वासस्थल दुर्धर ॥
तिमीले त बुझ्यौ ! राम्रा राजमन्दिरमा तथा ।
ठूला शहरमा मात्र बस्नु पर्दछ है सदा ॥
छर्ने सुगन्धका बास्ना राम्रा उपवनादिमा ।
घुम्नु पर्दछ गै बाबा ! तिमीले त यथार्थमा ॥
सर्वाङ्ग-सुन्दरी देवी ! म त सम्झन्छु यै कुरो ।
त्यही नै वस्तु हो श्रेष्ठ तिमीले जुन भोगियो ॥
त्यही नै फूल हो श्रेष्ठ, हो त्यही गन्ध उत्तम ।
त्यही नै हो लुगा राम्रो गर्दछयौ जुन सेवन ॥
र-राता नेत्रकी बाबा! मान्छु त्यै पतिलाइ म ।
अतिश्रेष्ठ, छ जल्लाई प्राप्त तिम्रो सुसंगम ॥
सबै अङ्ग हुने राम्रा मीठो मुस्क्यानकी शुभे ! ।
भन ! लौन कुरा खोल ! छिटै अब मलाइ ए ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
रुद्र साथ मरुत् साथ अथवा वसु साथ पो ।
हौ कि सम्बन्ध जोरेकी ? कुनै देवी तिमी अहो ! ॥
यहाँ किन्नर-गन्धर्व-देवतातक भामिनी ! ।
गर्दैनन् आँउने-जाने कहिल्यै पनि कै पनि ॥
हो बल्ले ठाम यो नानी ! विर्ता, राक्षस जत्तिको ।
तिमी फेरि यहाँ आयौ कसरी, यै अनर्थ भो ? ॥
यहाँ त बस्तछन् बाबा ! बाघ भालू तथा मृग ।
सिंह वानर इत्यादि हात्ती र चितुवा वृक ॥
ठूलूला गिद्ध छन् फेरि यहीं बस्छन् निरन्तर ।
लाग्दैन के तिमीलाई यिनबाट यहाँ डर ? ॥
खुलेको मुखकी देवि ! मदमत्त दँतार ती ।
भै डर्लाग्दा यहीं घुम्छन् बलीया फूर्तिला अति ॥
उनबाट तिमीलाई डर लाग्दैन के भन ? ।
यो महारण्यमा घुम्छ्यौ, एक्ली छ्यौ हेतु के भन ? ॥
६७

६८
कल्याणरूपिणी नानी ! यो पनी भन लौ ममा ।
कसकी हौ, तिमी को हौ ? किन आयौ तिमी यहाँ ? ॥
दण्डकारण्य यो ज्यादै डर्लाग्दो छ जतातति ।
घुम्दछन् राक्षसैमात्र, एक्लीछ्यौ, घुम्दछ्यौ यतै ? ॥
रूप-पैह्रनले साधु बनेको दुष्ट-चित्तको ।
त्यसले जब सीताको प्रशंसा यसरी गर्‍यो ॥
तब ब्राह्मणको वेष लिने रावणलाइ त्यो ।
देखिन् आश्रममा आफ्नो आएको शोभिई बडो ॥
सबै अतिथि-सत्कार गर्नमा योग्य वस्तुले ।
गरिन् स्वागत-सत्कार त्यसको अनि यत्नले ॥
पहिले बस्नको निम्ति दिइन् उत्तम आसन ।
टक्र्याँइन् पछि सीताले जल पाउ धुनाकन ॥
त्यो देखिन्थ्यो यसो हेर्दा हो कुनै साधु नै अतः ।
निम्ता दिंदै भनिन्-ब्रह्मन् ! लागोस् भोजन ठिक्क छ ॥
७४

७५

द्विजातिको भेष लिएर दुष्ट यो थियो गएको भइ भव्य शोभिदो ।
भै गेरुवा वस्त्र शरीर खुल्दथ्यो त्यो दण्ड भित्रै जलपात्र झुल्दथ्यो ॥
यो विप्रवेषी अतिथि द्विजातिको न गर्नु सत्कार अयोग्य नै थियो ।
त्यो भेष—भूषाभर ब्राह्मणत्वको स्पष्टै थिए चिह्न र गर्नु पर्दथ्यो ॥
तसर्थ त्यस्तो द्विजरूप ली यहाँ यो आँउने रावणलाइ अन्तमा ।
ती जानकीले द्विज—योग्य स्वागत गर्ने मनै बाट, गरिन् निमन्त्रित ॥
भनिन् यसो—ब्राह्मण ! राजहोस् त्यहाँ गरी सुविस्ता, छ कुशासनी यहाँ ।
पानी छ यो पाउ पखाल्न निम्तिको स्वीकार होस् स्वागतको सबै कुरो ॥
तपाँइकै निम्ति छ ठिक्क यो सब पवित्र मूलादिक जङ्गली फल ।
आनन्द मानेर यथेच्छ राम्ररी लौ खानुहोस् ब्राह्मणदेव ! वेसरी ॥
निम्त्याइ भो सिद्ध, छ ठिक्क ! यी कुरा भन्ने उनीलाइ नरेन्द्र-वल्लभा ।
हेर्‍यो यसो ! रावणले त्यहाँ अनि गाडेर आँखा अतिदुच्छरै बनी ॥
गरी जवर्जस्ति म हर्छु वस्तुतः यल्लाइ दौडाँउछु वेगले स्वतः ।
त्यल्ले गर्‍यो यो पनि हा ! मनैमन घोत्लेर खोज्यो निज-मृत्यु नै जुन ॥
सीता यता खेल्न शिकार नै उता गई रहेका शुभ वेष—भेषका ।
श्रीरामको लक्ष्मण साथ फर्किने बाटो नियाल्थिन् भइ भित्र हर्षिने ॥

CC-0. In Public Domain. Digitization by eGangotri

८३
परन्तु हेरे पनि ता सबैतिर थिएन पत्तो पतिको कतैतिर ।
जताततै छ्यो हरियो महान् वन कतै थिएनन् तर राम लक्ष्मण ॥

इति छयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतचालिसौं सर्ग

सीताले आफ्नो परिचय दिनु र रावण भन्ने चिने पछि त्यसको निन्दा गर्नु

१

सीतालाइ हरी लाने इच्छाले नै अहार्य यो ।
दुखुवा साधु-संन्यासी बनेको दुष्ट त्यो थियो ॥
त्यसरी जब सोधेथ्यो त्यसले जानकीसित ।
दिइन् परिचयै आफ्नो सीताले पनि ता तब ॥
यसो दुइ घडी शोचिन्-हुँन् यी अतिथि ब्राह्मण ।
जवाफ दिनु नै पर्छ सराप्लान् न दिंदा पुनः ॥
गमी सब कुरा यस्तै पछिबाट झुकीवरी ।
भन्न थालिन् स्वयं सीता त्यससाथ यसो गरी ॥
विप्रदेव ! म हूँ छोरी राजा जनककी, जुन ।
भै वक्सिन्छ महात्मा नै मिथिलेश्वर उत्तम ॥
हो सीता नाम यो मेरो भलो होस् है तपाँइको ।
हुँ म श्रीरामकी रानी, छु प्यारी पनि ता प्रभो ! ॥
विवाह पछिका बाह्रौं वर्ष सम्म बसें वहाँ ।
इक्ष्वाकुकुल-राजाको राम्रा महल आदिमा ॥
मैले स्वपतिका साथ मानवोचित भोग ती ।
इच्छा लागे सरी भोगें जहाँ पुग्थ्यो भने जति ॥
भै बक्सिन्थ्यो वहाँ मेरा ससुरा शक्तिमान् अति ।
महाराज-दशरथ बल-बुद्धि थियो उति ॥
त्यो तेह्रौं वर्ष लाग्दामा उहाँले सुन्नुहोस् प्रभो ! ।
राज-मन्त्रीहरू राखी सल्लाह गरिबक्सियो ॥
श्रीरामलाई नै साक्षात् पदमा युवराजको ।
अभिषेक दिने भन्ने सभाले निर्णयै गर्‍यो ॥
अब श्रीरामको ब्रह्मन् ! गर्न राज्याभिषेक त्यो ।
अनेकौं सर-सामग्री चाहिने जत्ति जोरियो ॥
विप्रदेव ! त्यसैवेला कैकेयी सासुज्यू तर ।
मोक्किई पति-राजामा मागिबक्सेछ गै वर ॥

१३

१४

उहाँले पहिले मेरा ससुराकन सत्यको ।
पुण्यको किरिया खवाई पारी वक्सेछ बद्ध पो ॥
त्यस्ता सत्य- प्रतिज्ञाका पति राजशिरोमणि ।
उहाँसाथ वरै दोटा मागिबक्सेछ यो अनि ॥
यौटाले पति-श्रीराम बस्ने गै वनमा प्रभो ! ।
राज्याभिषेक अर्कोले दिने भरतलाइ पो ॥
उहाँले भनिबक्सेछ पतिसाथ वहाँ यसो ।
मेरो जीवनको अन्त भो आजै भनि जान यो ॥
यदि श्रीरामलाई त्यो अभिषेक दियौ भने ।
न क्यै पिउँछु, क्यै खान्छु न कैल्यै सुत्छु, यै गुने ! ॥
यस्तो भन्ने उहाँसाथ मेरा श्वशुर भूपले ।
प्रार्थना गरि बक्स्यो यो सुन्नुहोस् विप्रदेव ए ! ॥
तिमी अरु कुरा माग राम-राज्याभिषेक यो ।
हुन देउ, सबै दिन्छु सर्व- श्रेष्ठ छ वस्तु जो ॥
उहाँले मानिबक्सेन यसो भन्दा पनी तब ।
विघ्न-बाधा परी हाल्यो ! भयो विफल त्यो सब ॥
हुँदो हो त्यस बेलामा वय पच्चीस वर्षको ।
मेरा पति महान् तेजी धर्मात्मा प्रभु रामको ॥
वेलादेखि म जन्मेको आएको वन, काल यो ।
भो वर्ष-गणना गर्दा मेरो वय अठारको ॥
विख्यात भइ बक्सिन्छ राम मेरा पति प्रभो ! ।
सुशील सत्य बोल्ने र विश्वमा शुद्ध चित्तको ॥
विशाल नेत्र छन् राम्रा, लामा छन् बाहु सुन्दर ।
भइ बक्सिन्छ साराको हित नै गर्न तत्पर ॥
महाराज बुवाज्यूमा त्यसवेला कसो कसो ।
चढेछ कामको मात्रा भित्र तीव्र भई बडो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

८३
परन्तु हेरे पनि ता सबैतिर थिएन पत्तो पतिको कतैतिर ।
जतातते छ्यो हरियो महान् वन कतै थिएनन् तर राम लक्ष्मण ॥

इति छयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतचालिसौं सर्ग

सीताले आफ्नो परिचय दिनु र रावण भन्ने चिने पछि त्यसको निन्दा गर्नु

१

सीतालाइ हरी लाने इच्छाले नै अहार्य यो ।
ढुलुवा साधु-संन्यासी बनेको दुष्ट त्यो थियो ॥
त्यसरी जब सोधेथ्यो त्यसले जानकीसित ।
दिइन् परिचयै आफ्नो सीताले पनि ता तब ॥
यसो दुइ घडी शोचिन्-हुँन् यी अतिथि ब्राह्मण ।
जवाफ दिनु नै पर्छ सराप्लान् न दिंदा पुनः ॥
गमी सब कुरा यस्तै पछिबाट झुकीवरी ।
भन्न थालिन् स्वयं सीता त्यससाथ यसो गरी ॥
विप्रदेव ! म हूँ छोरी राजा जनककी, जुन ।
भै बक्सिन्छ महात्मा नै मिथिलेश्वर उत्तम ॥
हो सीता नाम यो मेरो भलो होस् है तपाँइको ।
हुँ म श्रीरामकी रानी, छु प्यारी पनि ता प्रभो ! ॥
विवाह पछिका बाह्रौं वर्ष सम्म बसें वहाँ ।
इक्ष्वाकुकुल-राजाको राम्रा महल आदिमा ॥
मैले स्वपतिका साथ मानवोचित भोग ती ।
इच्छा लागे सरी भोगें जहाँ पुग्थ्यो भने जति ॥
भै बक्सिन्थ्यो वहाँ मेरा ससुरा शक्तिमान् अति ।
महाराज-दशरथ बल-बुद्धि थियो उति ॥
त्यो तेह्रौं वर्ष लाग्दामा उहाँले सुन्नुहोस् प्रभो ! ।
राज-मन्त्रीहरू राखी सल्लाह गरिबक्सियो ॥
श्रीरामलाई नै साक्षात् पदमा युवराजको ।
अभिषेक दिने भन्ने सभाले निर्णयै गर्‍यो ॥
अब श्रीरामको ब्रह्मन् ! गर्न राज्याभिषेक त्यो ।
अनेकौं सर-सामग्री चाहिने जत्ति जोरियो ॥
विप्रदेव ! त्यसैवेला कैकेयी सासुज्यू तर ।
मोकिई पति-राजामा मागिबक्सेछ्न् गै वर ॥

१३

१४

उहाँले पहिले मेरा ससुराकन सत्यको ।
पुण्यको किरिया खवाई पारी बक्सेछ्न् बद्ध पो ॥
त्यस्ता सत्य- प्रतिज्ञाका पति राजशिरोमणि ।
उहाँसाथ वरै दोटा मागिबक्सेछ्न् यो अनि ॥
यौटाले पति-श्रीराम बस्ने गै वनमा प्रभो ! ।
राज्याभिषेक अर्कोले दिने भरतलाइ पो ॥
उहाँले भनिबक्सेछ्न् पतिसाथ वहाँ यसो ।
मेरो जीवनको अन्त भो आजै भनि जान यो ॥
यदि श्रीरामलाई त्यो अभिषेक दियौ भने ।
न क्यै पिउँछु, क्यै खान्छु न कैल्यै सुत्छु, यै गुने ! ॥
यस्तो भन्ने उहाँसाथ मेरा श्वशुर भूपले ।
प्रार्थना गरि बक्सयो यो सुन्नुहोस् विप्रदेव ए ! ॥
तिमी अरु कुरा माग राम-राज्याभिषेक यो ।
हुन देउ, सबै दिन्छु सर्व- श्रेष्ठ छ वस्तु जो ॥
उहाँले मानिबक्सेन यसो भन्दा पनी तब ।
विघ्न-बाधा परी हाल्यो ! भयो विफल त्यो सब ॥
हुँदो हो त्यस बेलामा वय पच्चीस वर्षको ।
मेरा पति महान् तेजी धर्मात्मा प्रभु रामको ॥
वेलादेखि म जन्मेको आएको वन, काल यो ।
भो वर्ष-गणना गर्दा मेरो वय अठारको ॥
विख्यात भइ बक्सन्छ राम मेरा पति प्रभो ! ।
सुशील सत्य बोल्ने र विश्वमा शुद्ध चित्तको ॥
विशाल नेत्र छन् राम्रा, लामा छन् बाहु सुन्दर ।
भइ बक्सिन्छ साराको हित नै गर्न तत्पर ॥
महाराज बुवाज्यूमा त्यसवेला कसो कसो ।
चढेछ कामको मात्रा भित्र तीव्र भई बडो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
प्यारी पट—महारानी उहाँको गर्न नै प्रिय ।
राजाले गरि बक्सेन राम—राज्याभिषेक त ॥
भोलिपल्ट सवारी भो मेरा पति उहाँ पुनः ।
आफ्ना बुवा भए ठाम अभिषेक गराँउन ॥
त्यसैवेला भयो आज्ञा कैकेयी सासुबाट यो ।
मेरा पति उहाँलाई आफैंले भै छिटी बडो ॥
सुन ! तिम्रा बुबाज्यूको शुभाज्ञा राम ! यो अब ।
जो भएको छ, त्यो राम्रो यो मेरो मुखले सब ॥
निष्कण्टक छ यो राज्य दिइन्छ भरतैकन ।
तिमीले वस्नु पर्ने भो चौध वर्ष गई वन ॥
तसर्थ जाउ लौ राम ! तुरुन्त वनमा तिमी ।
गर मुक्त पितालाई असत्यै बाट यो पनि ॥
कसैको डर नै कत्ति नमान्ने पति—रामले ।
स्वीकार गरि बक्स्यो त्यो "हुन्छ जान्छु भनेर ए ! ॥
सुन्नुहोस् यो पनी ब्रह्मन् ! मेरा पति उहाँ सदा ।
राम्ररी पालि बक्सिन्छ बोलेको आफ्नु वाक्य ता ॥
सँधै बक्सिन्छ श्रीराम अरूलाई भने सरि ।
तर क्यै लिई बक्सिन्न अरूबाट कसै गरी ॥
सत्य नै बोलि बक्सिन्छ, बोलि बक्सिन्न झूठ ता ।
उहाँको छ यही ब्रह्मन् ! सर्वोच्च व्रत एउटा ॥
उहाँका भाइ छन् यौटा नाम लक्ष्मण हो द्विज ! ।
विमातृपट्टिका हुन् ती अत्यन्तै बल-वीर्य छ ॥
गर्छन् संहार वैरीको गै उनी रणक्षेत्रमा ।
गर्छन् सहाय क्यै पर्दा पुरुषश्रेष्ठ छन् यहाँ ॥
छन् यौटै पेटका ज़स्ता, ब्रह्मचर्य सजासित ।
बलीयो व्रतकै साथ पाल्दछन् न चुकी स्वतः ॥
वन आँउन लाग्दामा म साथ पतिदेव ता ।
धनु हात लिई लागे पछि यी पनि ता यता ॥
यसरी सुन्नुहोस् ब्रह्मन् ! म र लक्ष्मण भाइको ।
साथमा दण्डकारण्य सवारी रामको भयो ॥
भइ बक्सिन्छ श्रीराम बलीयो व्रतको तथा ।
धर्मरक्षण गर्नामा लाग्ने तत्पर भै सदा ॥
छ जटा पालि बक्सेको उँहाले शिरमा स्वतः ।
तपस्वीहरूकै जस्तो भेष—भूषा छ भूषित ॥
४१

४४
यसरी ए द्विजश्रेष्ठ ! हामी तीन जना स्वतः ।
कैकेयी सासुको निम्ति राज्यै बाट भयौं च्युत ॥
अनकन्टारको यस्तो वनमा यस हेतुले ।
घुम्दछौं, बस्तछौं हामी आफ्नु नै हुति-हथाउले ॥
राज हुन्छ भने हुन्छ ! बस्नोस् दुइ घडीतक ।
यतैतिर द्विजश्रेष्ठ ! गरी आराम वास्तव ॥
मेरा खसम श्रीराम पाल्नु हुन्छ छिटै अति ।
लिई प्रचुरमात्रामा जङ्गली फल—मूल ती ॥
बँदेल रुरु गोही यी जङ्गली पशु हिंसक ।
मारी पाल्नु हुँदै होला तपस्वी-योग्य ती फल ॥
दिनोस् परिचयै आफ्नो तपाँई पनि लौ अब ।
लौ भन्नोस् कुल-गोत्रादि नाम के हो ! यही सब ॥
दण्डकारण्यमा यस्तो कुन हेतु लिई किन ? ।
यसरी घुम्नु भो एक्लै भन्नुहोस् ब्राह्मणोत्तम ! ॥
महात्मा रामकी पत्नी धर्मात्मा नृपकी सुता ।
सीताले यसरी सोधिन् त्यस राक्षसलाइ ता ॥
अब राक्षसको राजा दुष्ट रावणले हरे ! ।
दियो चर्कै झिकी बोली जवाफ उनलाइ ए ! ॥
जसको नामले सीते ! काँप्छन् त्रैलोक्यका जन ।
देवासुर-मनुष्यादि त्यै म रावण हुँ चिन ! ॥
अनिन्द्यसुन्दरी ! तिम्रो अङ्गको कान्ति यो हरे ! ।
पहेलो सुनमैं राम्रो हुनाले मोहमा परें ॥
त्यसैमा रेशमी सारी शोभिएको हुँदा अहा ! ।
अडेन मन यो मेरो आफ्ना स्त्रीजतिमा उता ॥
छन् मैले हरि ल्याएका घुमीकन जतातत्तै ।
सुन्दरी स्त्रीहरू छानी बस्छन् घरभरी सबै ॥
पटरानी तिमी होऊ ती सबै मध्यमा अब ।
देउ स्वीकृति लौ सीते ! हुन्छ तिम्रो भलो सब ॥
हो मेरो राजधानीको नाम लङ्का, छ त्यो पुरी ।
राम्रो र अति नै ठूलो घेर्छ सिन्धु वरीपरी ॥
ठूलो पर्वत यौटा छ बीचमा त्यस सिन्धुको ।
त्यसैको चुचुरो माथि छ टक्क पुरी अहो ! ॥
सीते ! अब तिमी मेरो साथ-साथै वहाँ बसी ।
घुमौली वनमा राम्रै गरी—गरी ढलीमली ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

७१

त्यो तिम्रो मनमा फेरि यो यस्तो वनवासको ।
उठ्ने छैन कसै इच्छा भन भामिनि ! हो कसो ? ॥
पाँचहज्जार छन् मेरा वहाँ स्त्रीहरु सुन्दरी ।
गहनाहरूले राम्रा हुन्छन् फकिमकाउ ती ॥
यदि हुन्छ्यौ भने मेरी पत्नी अब तिमी सुन! ।
हुनेछन् सब ती दासी, गर्नेछन् नित्य सेवन ॥
भन्दा रावणले यस्तो त्यस्तो निर्दोष अङ्गकी ।
छोरी जनककी सीता झोक्किइन् क्रुद्ध भै अति ॥
दुष्ट राक्षसलाई त्यो तिरस्कार गरी-गरी ।
त्यसलाइ दिइन् यस्तो कडा उत्तर राम्ररी ॥
मेरा पति स्वयं राम महान् पर्वत जत्तिकै ।
न डग्ने भइ बक्सिन्छ वीर्यमा इन्द्र ठीककै ॥
महासागरकै ठीक भइ बक्सिन्छ शान्त र ।
क्वै सक्तैन उहाँलाई डगाउँन हुँदा स्थिर ॥
म आफ्ना पतिको त्यस्ता बुझिस् ! हुँ अनुगामिनी ।
सुम्पी तन मन प्राण प्रेम गर्छु रमी-रमी ॥
मेरा श्रीराममा सुन् ए ! शुभ लक्षण छन् सबै ।
तसमात् आश्रय बक्सिन्छ छायामा बटवृक्ष भै ॥
सत्यमै मरिमेट्ने र सत्य पाल्ने पनी सदा ।
महान् सौभाग्यशाली नै भै बक्सिन्छ उहाँ सदा ॥
म आफ्ना पतिको त्यस्ता बुझ् तँ ! हुँ अनुसारिका ।
सुम्पी तन मन प्राण प्रेम गर्दी छु सर्वदा ॥
उहाँको छाति चौडा छ, छन् लामा दुइ बाहुली ।
सिंहमैं गर्वकै साथ हिंडिबक्सिन्छ भार ली ॥
नृसिंह भइ बक्सिन्छ बल-वीर्य छ सिंहमैं ।
मरिमेट्छु भई दासी म त्यस्ता पतिमा सँधै ॥
राजपुत्र उहाँको छ मुख सुन्दर शोभित ।
पूर्णचन्द्र सरी खुल्दो भै बक्सिन्छ जितेन्द्रिय ॥
महान् बाहु तथा कीर्ति भएका पति राममा ।
मरिमेट्छु म भै दासी सेवा गर्छु सँधै यहाँ ॥

७६

खिहिनी हूँ म ए पापी ! श्याल होस् तँ यथार्थमा ।
तैले पाँउन गाऱ्है छ आँट गर्छस् तँ जो यहाँ ॥
सुन् ए ! श्रीसूर्यको कान्ति कसले छुन सक्तछ ? ।
गाऱ्है पर्दछ त्यै ठीक मलाइ छुन वास्तव ॥
सुन् अभागी ! तँमा यत्रो आयो साहस के गरी ।
रामकी प्रिय-पत्नी जो भेट्न खोज्छस् यसो गरी ॥
तँ पक्कै पनि ए दुष्ट ! देख्न थालिस् जतातते ।
सुनका रुख नै मात्र, तेरो मिति पुगेछ है ! ॥
तँ रामकी प्रिया पत्नी मलाई भेट्न खोज्दछस् ।
विषालु सर्पको दाँत उखेल्ने आँट गर्दछस् ॥
भोकले तुल्बुलाएको मृगको शत्रु फूर्तिलो ।
सिंहको मुखबाटै तँ दाँत झिक्ने भइस् कसो ? ॥
सुन् राक्षस ! गिरिश्रेष्ठ मन्दराचललाइ त्यो ।
हातले नै उठाएर लैजाने भइछस् अहो ! ॥
बचेर जान खोज्छस् तँ कालकूट घिची पुरा ।
सियोले पुछ्तछस् आँखा, जिब्रोले चाट्तछस् छुरा ॥
भन् तँ के आफ्नु घाँटीमा ढुङ्गा बाँधी मजैसित ।
महासागरको पारी पुग्न खोज्छस् कि वस्तुतः ? ॥
सूर्य-चन्द्र दुवैलाई दुइटै आफ्नु हातले ।
टिपी टपक्क हर्ने नै आँट गर्छस् कसो तँ ? ए ! ॥
जो तँ श्रीरामकी प्यारी पत्नी जनकनन्दिनी ।
मलाई सजिलै हर्न आँट गर्छस् ढिठो बनी ॥
कल्याणमय आचार पालेकी आफ्नु धर्ममा ।
टिकेकी रामकी पत्नी म भेट्ने जो भइस् यहाँ ॥
तँ पक्कै आँट भै यस्तो मल्दो अग्निकनै पनि ।
पोको पारी लुगामा नै लैजाने भइछस् अनि ॥
फलामे शूलका तीखा टुप्पामाथि चढी-चढी ।
भइछस् अब हिंड्ने त यस्तो आँट हुँदा बढी ॥
सुन् ए राक्षस ! हुँ प्यारी पत्नी म प्रभु-रामकी ।
छु योग्यकी सदा दासी खोज्छस् पाँउन जो त्यही ॥

७५　　　　८०

छ भिन्नता सुन् ! जति स्याल-सिंहमा
गुन् ! भिन्नता जो छ नदी-समुद्रमा ।
सुधा र सिर्काबिच जो छ भिन्नता
तँमा उहाँमा छ त्यही विभिन्नता ॥

CC-0. In Public Domain. Digitization by eGangotri

६२

जस्तो छ सीसा-सुन-लोहमा यता हीलो तथा चन्दनमा विभिन्नता ।
जस्तो विरालो गजको छ भिन्नता तँमा उहाँमा छ त्यही विभिन्नता॥
छ भिन्नता काक—गरूडमा जति मयूर त्यस्तै जलकाकबीच ती ।
छ भिन्नता हाँस र गिद्धमा जति तँमा उहाँमा छ विभिन्नता त्यति॥
इन्द्रै सरीका बल—वीर्य—शाली उहाँ, धनुर्बाण स्वबाहुमा ली ।
अगाडि पर्दा प्रभु राम हेरी लौ शोच् त ! चाला कुन हुन्छ फेरि ?॥
पच्तैन झींगोकन सुन् ! घृतादि पाएर खाए पनि होस् न जत्ति ।
तैंले हरें ता पनि हुन्न बूढी त्यै ठीक, सक्छस् न पचाँउनै तँ॥
थी जानकीको मनमा न राम्रो थिंएन केही पनि हाव भाव ।
तथापि त्यो राक्षसलाइ यत्ति भनिन् उनीले लिइ तुच्छ भाव॥
काँपिन् भई थर्र अनी स्वयं ती भने पछी रावणलाइ यत्ति ।
हल्लिन्छ केरा जसरी हवाले हल्लाँउदा त्यै सरि भै व्यथाले॥
देखेर त्यस्ती उनलाइ काँप्ती हुने स्वयं मृत्यु—समान शक्ति।
त्यो दुष्ट लाग्यो डर पार्न, काम बखान्न आफ्नो बल, वंश, नाम,॥

६८

इति सतचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठचालिसौं सर्ग

रावणले आफ्नो प्रशंसा गर्नु र सीताले त्यसलाई हकार्नु

१

सीताले त्यसरी भन्दा अब रावण झोक्कियो ।
पारी निनारमा गाँठो भन्यो अल्लि कडा यसो ॥
सौतिनी-पट्टिको भाई हुँ म साक्षात् कुवेरको ।
प्रताप छ ममा ठूलो सुन ! रावण नाम हो ॥
तिम्रो भलो हुओस् सीते ! छन् मेरा टाउका दश ।
म बाट काँप्तछन् सारा, मृत्यु बाट सरी सब ॥
पिशाच भूत गन्धर्व नाग पक्षी र देवता ।
म बाट त्राहि वावा ! भै भाग्दछन् पर सर्वदा ॥
विमातृ-पट्टिका दाजु ती कुवेर सँगै अघि ।
खण्डखाद्य परी केही झगडै पर्न गो, पछि ॥
द्वन्द्व-युद्ध परी हाल्यो रणमा क्रुद्ध भैकन ।
जितें पौरखले मैले, त्यै म रावण हुँ चिन ! ॥
ठूलो डर परी मेरै नरवाहन-दाजुले ।
आफ्नी लङ्का पुरी त्यस्ती सम्पन्न पनि त्यागिदिए ॥
पर्वत-श्रेष्ठ हो राम्रो कैलाश सुन जानकि ! ।
आजकाल बसेका छन् वहीं गइ कुवेर ती ॥
सुप्रसिद्ध निकै राम्रो थियो पुष्पकनामको ।
विमान उनको यौटा जो इच्छा सरि हिंड्दथ्यो ॥
आफ्नो पौरखले मैले खोंसे त्यल्लाइ अन्तमा ।
अब घुम्छु त्यसैद्वारा नभमा म जहाँतहाँ ॥
म रिसाएँ भने सीते ! देख्तैमा मुख देवता ।
भाग्दछन् डरले काँप्तै इन्द्रै साथ कता-कता ॥
जहाँ वस्छु म गै देवि ! मेरै डर परी-परी ।
वहाँ वहन्छ यो हावा चाल मन्द गरी-गरी ॥
मेरै डर हुँदा फेरि चर्का किरण घामका ।
यो सूर्य पनि भै हाल्छन् ठण्डा चन्द्रसमानका ॥

१४

जहाँ जान्छु, जहाँ घुम्छु अर्कै हुन्छ वहाँ सब ।
हल्लिन्नन् वृक्षका पात, नदीको जल जम्दछ ॥
राम्री लङ्का पुरी मेरी छ पल्लोपट्टि सिन्धुको ।
वहाँ राक्षस छन् टन्न डर्लाग्दा कर्मका अहो ! ॥
इन्द्र हो स्वर्गको राजा त्यसकी अमरावती ।
जस्तो राम्रो छ त्यै जस्ती, त्यो लङ्का छ शुभा अति ॥
त्यसका चार तर्फै छन् विशाल र मनोहर ।
अग्ला पर्खाल ठूल्ठूला भव्य सेता र सुन्दर ॥
नाना प्रकारका राम्रा वहाँका दरवारका ।
पोटी, दलान वा भूमि सुनका छन् फराकिला ॥
त्यसका बाहिरी ढोका वैदूर्यमय भै दिंदा ।
शोभिन्छे त्यो पुरी ज्यादै पताका आदि टाँगिदा ॥
वहाँका मार्ग छन् टन्न हात्ती-घोडा-रथादिले ।
नाना प्रकारका बाजा गुञ्जिन्छन् उच्चशव्दले ॥
दिने इच्छा गरे जस्ता फलले पूर्ण वृक्ष छन् ।
जहाँ उद्यान शोभिन्छन्, नाना उपवनादि छन् ॥
हिंड राजसुते-सीते ! मेरो साथ तिमी वहाँ ।
बस लङ्कापुरीमा त्यै विहार गर मोजमा ॥
वहाँ बसे पछि देवि ! तिमी यो मानुषी सब ।
स्त्रीजातिहरूको चाला बिर्सिनेछ्यौ त्यसै तव ॥
ए राम्रो रङ्की सीते ! वहाँ दिव्य र मानुष ।
भोगको भोग गर्दामा हुनेछ्यौ मस्त वास्तव ॥
मनुष्य रामलाई त्यो फेरि ता कहिल्यै पनि ।
सकियो जसको आयु, छैनौ है ! संझिने तिमी ॥
ए सीते ! त्यो दशरथ-राजाले अति नै प्रिय ।
छोरोलाइ दियो राज्य थियो भरत जो तव ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कम शक्ति हुने जेठो छोरो त्यो रामलाइ ता ।
लखेट्यो त्यसरी सीते ! स्वयं वनतिरै यता ॥
अब त्यै राज्यले भ्रष्ट तपस्यारत-रामको ।
जो छ तापस, के गर्छ्यौ बसी साथ तिमी अहो ! ॥
सारा राक्षसको स्वामी हेर ! यो यसरी यहाँ ।
पसारो पर्छ आएर गर लौ अब चाहना ॥
छ यो पीडित अत्यन्त बाणले कामदेवको ।
लत्याँउनु त यल्लाई ठीकहुन्न कि है कसो ? ॥
तिमीमा पछितो पर्ला लत्यायौ कि मलाइ है ! ।
जस्तो पुरूरवालाई लत्याई उर्वशी परी ॥
म साथ लड्न के सक्थ्यो ? त्यो तिम्रो राम हो नर ।
म साथ खोज्छ के जोरी ? छैन औंलो बराबर ॥

३२

३३

सुन ! ए सुन्दरी सीते ! तिम्रो भाग्य रहेछ र ।
म नै आइ पुगें ठ्याक्क अब स्वीकार लौ गर ॥
भन्दा रावणले यत्ति विदेह नृपकी सुता ।
ती सीता झोक्किइन् साह्रै आँखा राता भए उता ॥
अनि राक्षसको स्वामी दुष्ट रावणलाइ त्यो ।
भनिन् कठोर वाणीमा एकान्त-स्थलमा यसो ॥
विश्रवा-मुनिका छोरा हुन् ठूलै ती कुवेर ता ।
सम्पूर्ण देवताका छन् नन्दनीय उनी सदा ॥
साक्षात् त्यस्ता उनैलाई आफ्नु दाजु भनेर तँ ।
भन्छस् र गर्दछस् फेरि किन यस्तो कुकर्म हुँ ? ॥
तँ जस्तो क्रूर दुर्बुद्धि अजितेन्द्रिय भै नृप ।
हुन्छन् अब भुसुक्कै हा ! अवश्य सब राक्षस ॥

३८

३९

इन्द्र पत्नी शचीलाई ह्र्दा क्वै बाँच्न सक्तछ ? ।
राम-पत्नी म ह्र्दामा बाँच्न ! गाह्रै छ, शोच् अझ ॥
ती वज्र घर्ने सुरराज-पत्नी सती-शचीको अपमान गर्दा ।
गर्ने बरु सक्तछ बच्न राम्रै खसी गए ता पनि काल-दर्दा ॥
परन्तु ए रावण ! संझि यत्ति हेंला गरी स्त्रीकन ता म जस्ती ।
भए पनि अमृत नै पिएको हुँदैन है मुक्ति अवश्य तेरो ॥

४१

इति अठचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनञ्चासौं सर्ग

सीताहरण एवं जटायु दर्शन

१
दशौंवटा हुने घाँटी प्रतापी त्यसले तव ।
सुन्यो जनक राजाकी छोरीका ती कुरा सव ॥
हातले हातमा आफ्नो ताली ठोकेर अन्तमा ।
अव रावणले पाऱ्यो आफ्नु देह वडो वहाँ ॥
सिपालु थ्यो कुरा गर्न कला जान्ने थरी-थरी ।
सीता साथ वहाँ फेरि भन्न लाग्यो यसो गरी ॥
मैले ठानें तिमीलाई भई छौ पागलै भनी ।
यसैले सुनिनौ क्यारे मेरो शक्ति बलै पनि ॥
यी दुवै हातले सीते ! भई आकाशमा खडा ।
उचाली सक्छु लैजान सजीलै सव यी धरा ॥
महासागर सम्पूर्ण निल्न सक्छु घुटुक्क म ।
मार्न सक्छु परे युद्ध सजीलै मृत्युलाइ म ॥
कामले रूपले आफ्नो हुने उन्मत्त ए शुभे ! ।
सूर्यलाइ पनी पीडा पार्न सक्छु म बाणले ॥
मैले चाहें भने देखि म आफ्ना तीक्ष्ण बाणले ।
सजीलै पृथिवी सारा पार्न सक्छु विदीर्ण ए ! ॥
इच्छानुसारको आफ्नो रूप धर्न म सक्तछु ।
तिमी मतिर लौ हेर ! मागेको दिन सक्तछु ॥
यत्ति भन्दा नभन्दैमा क्रोधले चूर त्यो हुँदा ।
काला आँखा भए राता त्यसका अग्नि-तुल्यका ॥
साक्षात् कुवेरको भाई दुष्ट रावणले तव ।
साधुको सौम्य त्यो रूप त्याग्दियो अघिको अव ॥
हेर्दा हेर्दै भई हाल्यो रूखो अति भयङ्कर ।
कालकै रूपको जस्तो हुने रूप असुन्दर ॥
त्यो थियो यस वेलामा बल्दो तेज हुने निकै ।
देखिन्थे अति डलाग्दा नेत्र राता हुँदा सवै ॥
१३

१४
खारिएको पगालेको लम्वरी सुनमात्रको ।
गहनाहरू थे सारा त्यसका देहमा अहो ! ॥
त्यसमाथि यता चर्को क्रोध चढ्दा निशाचर ।
हो नील-मेघझैं कालो देखिन्थ्यो अतिदुर्धर ॥
त्यस्तो विशाल डलाग्दो हुने घोर शरीर त्यो ।
छली-रावणले आफ्नो संन्यासी-रूप त्यो त्यज्यो ॥
तुरुन्त अव त्यो भैगो दशोटा मुखको तथा ।
बीस हात हुने यौटा अनौठा रूपको तदा ॥
त्यस राक्षसको राजा दुष्ट रावणले अव ।
गऱ्यो ग्रहण त्यो आफ्नो अघिको रूप वास्तव ॥
त्यसले पैह्रिएकोथ्यो रातो वस्त्र शरीरमा ।
झोक्किन्थ्यो, नेत्र थे राता, थ्यो कालो मेघझैं वहाँ ॥
अव स्त्रीजातिमा रत्न तुल्यकी जानकीकन ।
गाड्यो आँखा निकै वेर घोत्लिंदै ठिङ्ग भैकन ॥
मैथिली त्यस वेलामा काला चिल्ला कपाल ली ।
गहना-वस्त्रमा राम्रा शोभिएकी थिइन् खुली ॥
देखिन्थिन् हुन् भने जस्तै कान्ति श्री सूर्यकी शुभा ।
यिनैसाथ भनी हाल्यो दुष्ट रावणले तदा ॥
यो सारा विश्वमा ख्यात पति खोज्छयौ भने तिमी ।
लेउ आश्रय लौ मेरो, तिम्रो योग्य छु मै "गुनी" ॥
ए सुन्दरी ! तिमी धेरै काल सम्म मलाइ त ।
पतिका रूपमा आफ्नो गर स्वीकार वस्तुतः ॥
प्रशंसा गर्नको श्रेष्ठ भने जस्तो म योग्यको ।
हुनेछु पति कल्याणि ! लौ पक्का यै कुरो भयो ॥
अझै सुन तिमी सीते ! तिम्रो उल्टो कुनै कुरो ।
केही मन न पर्ने वा म गर्ने छैन है कुरो ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मनुष्य रामको माथि जो तिम्रो अनुराग छ ।
छोड भो अब लौ, मैमा गर त्यो प्रेम वास्तव ॥
ठान्छयौ बुद्धिमती आफैं आफूलाई तिमी तर ।
मूर्ख हौ जान्दिनौ केही कुरा सुन ! भई स्थिर ॥
जसका मनको धोको पुगेन कहिल्यै पनि ।
राज्य बाट पनी आफ्नो जुन भ्रष्ट भयो अनि ॥
छ जस्को सीमितै आयु त्यस्तो त्यो राममा तिमी ।
भन के गुण छन् त्यस्ता ? जल्ले लइसियौ तिमी ॥
यौटी स्त्रीको कुरा मानी मित्रकै साथ राज्य त्यो ।
छोडेर वनमा आई बस्छ जो हा ! अयोग्य हो ॥
यहाँ त बस्तछन् नित्य जङ्गली जन्तु हिंसक ।
त्यसको बुद्धि नै बिग्र्यो आफैं शोच तिमी अब ? ॥
बोल्थिन् प्यारो तथा मीठो सबैसित सँधै उनी ।
थिइन् सुन्न पनी योग्य त्यस्तै प्यारो कुरा पनि ॥
मिथिलेश्वरकी छोरी त्यस्ती सीतासँगै हरे ! ।
भन्यो अप्रिय त्यो वाक्य काममोहित दुष्टले ॥
सीतालाइ समात्यो हा ! नजीकै आइ त्यो अब ।
नभमा रोहिणीलाई बुधले पक्डिए ठिक ॥
हुने कमलझैं आँखा सीताका केश पाशमा ।
पक्डियो त्यसले बाँया हातले टच्याप्प गै त्यहाँ ॥
दाहिने हातले चाँहि तिघ्रामा उनको दुवै ।
समात्यो सजिलै साथ जुरुक्कै पारिदियो त्यसै ॥
तीखा अत्यन्त डर्लाग्दा दाह्रा रावणका थिए ।
विशाल हातले दुष्ट देखिन्थ्यो गिरिशृङ्ग ए ! ॥
साक्षात् काल-समानैको डर्लाग्दो त्यसलाइ ता ।
देख्ता भै डर, भागे हा ! वनका सब देवता ॥
यता ठिक यसै बेला जोतिएको गधै-गधा ।
रथ देखा परी हाल्यो भै हाल्यो नभमा खडा ॥
छोड्थ्यो गधै कराएझैं ध्वनि यो रथ दुष्टको ।
मायाले नै बनेको थ्यो सुवर्णमय थ्यो अहो ! ॥
हकान्यो जोडले त्यल्ले सीतालाइ न राम्ररी ।
लगी त्यै रथमा जाक्यो अनि ता काखमा धरी ॥
चिच्याँइन् जोडले सीता समात्ता त्यस दुष्टले ।
भनी श्रीराम ! भै आर्त गएका दूर जो थिए ॥

४३

४४

थिएन उनमा कत्ति कामना त्यसको प्रति ।
थिइन् विरक्त ती सीता त्यसबाट स्वयं अति ॥
सर्पिणी चोट खाएकी हुन् भने सरिकी थिइन् ।
छुट्न त्यो दुष्ट बाटै ती रथमा छट्पटाँउथिन् ॥
अब यस्तो अवस्थामा त्यस रावण--दुष्टले ।
दौडाई जानकीलाई लग्यो आकाश मार्गले ॥
गरी आकाशको बाटो लिइ जाँदा हरीकन ।
सीतामा रिंगटै लाग्यो घुम्नसम्म घुम्यो मन ॥
भइन् बौलाहिनी जरती स्वयं जनकनन्दिनी ।
भइन् आतुर दुःखैले चिच्याँइन् जोडले उनी ॥
महान् बाहु हुने मेरा प्रिय देवर लक्ष्मण ! ।
पाछौ खुश तिमी आफ्ना गुरुको मान्यको मन ॥
रूप धर्ने भने जस्तो दुष्ट राक्षस रावण ।
हरिलान्छ मलाइ हा ! पत्तो छैन तिमीकन ॥
रघुनन्दन हा राम ! प्रभुले निम्ति धर्मको ।
सजोलै छोड्दिईबक्स्यो सुख, जीवन, स्वार्थ त्यो ॥
हेरिबक्स्योस् प्रभो ! अैले दुष्ट रावण यो हरे ! ।
मलाइ हरि लैजान्छ देखि बक्सिन्न नाथ ! के ? ॥
हिंड्ने कुमार्गमा दुष्ट उदण्ड जनलाइ ता ।
प्रभुता भइ बक्सिन्थ्यो दिने दण्ड स्वयं सदा ॥
यस हालतमा स्वामिन् ! शत्रु नाश्ने भईकन ।
पापी रावणमा यस्तो किन बक्सिन्न दण्ड हँ ? ॥
जो जो उद्दण्डतापूर्ण कर्म उद्दण्ड गर्दछन् ।
त्यसको फल तत्काल पाँउदा नै रहेनछन् ॥
हुँदो रहेछ है काल त्यसमा पनि हेतु ता ।
बाली पाक्न प्रभो ! जस्तो वेला आँउनु पर्छ हा ! ॥
दुष्ट ! तेरो शिरैमाथि काल नाची रहेछ र ।
यस्तो कुकर्म गर्दोछस् नाशियो बुद्धि नै स्थिर ॥
अब श्रीरामद्वारा तँ पाएस् कष्ट भयङ्कर ।
खुन्नुक्क जसले पार्छ यो तेरो प्राण सुन्दर ॥
अब ता भइ बक्स्यो बा ! कैकेयी सासुज्यू पनि ।
बन्धु-बान्धवको साथ धोको पुग्ने त्यसै पनि ॥
धर्ममा मरि नै मेट्ने यशस्वी प्रभु रामको ।
धर्मपत्नी भएकी जो हरिन्छु यसरी अहो ! ॥

६०

६१

म जनस्थानका सारा फुलेका कर्णिकारका ।
वृक्षमा प्रार्थना गर्छु सुनुन् मेरा कुरा यता ॥
रामसाथ तिमी सारा-भई भन्नु छिटै अब ।
सीता हरेर लैजाँदो छ है ! रावण-राक्षस ॥
हाँस सारस इत्यादि हुने टन्न कराँउने ।
नदी-गोदावरीलाई म सीता ढोग्छु भै रुने ॥
हजूर अब ए माता ! पति श्रीरामलाइ ता ।
लौ छिटै भन्दिई बक्स्योस् सीता रावण हर्छ हा ! ॥
जत्ति यो वनमा बस्छन् नाना वृक्ष-लतादिमा ।
सब ती देवतालाई ढोग्दी छु म स्वयं यहाँ ॥
तपाँइहरू सम्पूर्ण अब लौ भन्नुहोस् छिटै ।
मेरा पति उहाँलाई सीता हर्दछ दुष्ट है ! ॥
जो यहाँ पशु वा पक्षी आदि नाना प्रकारका ।
जीव-प्राणीहरू बस्छन्, परें शरणमा म ता ॥
भनुन् ती पतिमा मेरा जो थिइन् प्राणवल्लभा ।
पत्नी हजूरकी सीता लगिइन् ती कता, कता ॥
असहाय अवस्थामा धर्मपत्नी हजूरकी ।
हरिइन् जानकी दुष्ट क्रूर रावण बाट ती ॥
महान् वाहु हुने मेरा पति राम महाबली ।
भइ बक्सिन्छ यो मेरो कुरा त्यति सुने पछि ॥

७०

७१

साक्षात् ती यमराजैले हरिएकी भए पनि ।
फर्काइ ल्याइ बक्सिन्छ वहाँबाट जिती अनि ॥
सुन्नै गाह्रा निकै यस्ता माया लाग्दा कुरा भनी ।
विलाप गर्दथिन् सीता अत्यन्तै दुःखिनी बनी ॥
ठूल्ठूला नेत्रकी देवी जानकीले स्वयं वहाँ ।
गृध्रराजकनै देखिन् बसेका एक वृक्षमा ॥
डराएकी थिइन् साह्रै सुन्दरी जानकी यता ।
त्यसै वश परेकी थिन् दुष्ट रावणको उता ॥
गृध्रराज उनीलाई देख्ना साथ स्वयं यिनी ।
चिच्याइन् स्वरमा ठूलो भई अत्यन्त दुःखिनी ॥
म अनाथ भएँ हेर्नोस् मेरा मान्य जटायु ए ! ।
लैजान्छ यसरी दुष्ट जवर्जस्ती हरी हरे ! ॥
हो यो राक्षसको राजा दुष्ट रावण चिन्नुहोस् ।
हर्छ यो निर्दयी पापी मलाई, लौन सुन्नुहोस् ! ॥
के गर्नु र ? बलीयो छ क्रूर यो रजनीचर ।
धेरै युद्ध जित्यो यल्ले, भो जल्ले मन सुदुर्धर ॥
गाह्रै पर्छ तपाँईले रोक्न दुर्बुद्धिलाइ यो ।
हथियारहरू छन् ती यसका साथ फेरि जो ॥
भै गयो ! तर ए मेरा पूज्य मान्य जटायुजी ! ।
यहाँ हरण भो मेरो जसरी जुन हेतु ली ॥

८०

एक एक गरी खोली सब त्यो प्रभु-रामका ।
प्रिय लक्ष्मणमा सम्म भन्नु होला स्वयं वहाँ ॥

८१

इति उनञ्चासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचासौं सर्ग

जटायुले रावणलाई सम्झाँउनु

१

जटायु यस वेलामा सुतेकाथे सुखी बनी ।
पर्‍यो चिच्याइ सीताको कानैमा, ब्यूँझिए उनी ॥
अव आँखा खुली हाल्यो यसो हेर्दा अविल्तिर ।
ठ्याक्क देखा परी हाले सीता र रजनीचर ॥
थिए सम्पूर्ण पक्षीमा श्रेष्ठ श्रीमान् जटायु यी ।
डाँडै जस्तो थियो देह, चुच्चो तीखो थियो अति ॥
रुखै बाट भनी हाले अव रावणलाइ त्यो ।
उनले पहिले मीठो बोलीमा हितकै कुरो ॥
सुन लौ ए दशग्रीव! हूँ बूढो गृध्रराज म ।
पुरानै धर्ममा टिक्छु, सत्य नै पाल्छु हर्दम ॥
निकैवल अर्फैसम्म छ, जस्तो लाग्छ है मसा ।
'जटायु' नाम हो मेरो घुम्छु, पुग्छु जहाँ-तहाँ ॥
सुन राक्षसका राजा! अघि त्यै म हुँदा-हुँदै ।
गर्नु निन्दित यो कर्म तिमीले छैन योग्य है ! ॥
हुन् ती राम दशरथ-राजाका पुत्र योग्यका ।
दिन्छन् आनन्द सारामा राजा हुन् सव लोकका ॥
साक्षात् बरुण जस्तै छन्, इन्द्रझैं तेज-शक्तिका ।
हुन् उनी, हित नै गर्छन् सव यी लोक-जीवका ॥
सम्पूर्ण लोकका स्वामी उनै श्रीरामकी यिनी ।
चिन्दछौ ! धर्मपत्नी हुन्, छन् प्रसिद्ध निकै यिनी ॥
यिनको नाम हो सीता, हुन् यी सर्वोच्च सुन्दरी ।
लङ्का लैजान खोज्दाछौ जसलाई तिमी हरी ॥
सँधै स्वधर्ममा टिक्ने राजा छ त भने सुन ! ।
गर्ला र पर-पत्नीको स्पर्श नै कसरी भन ? ॥
महान् बल हुने वीर ए रावण ! विशेषतः ।
राजा-रानीहरूको ता रक्षा नै गर्नु पर्दछ ॥

१३

१४

हो तस्मात् नीच यो बुद्धि यसले हुन्छ दुर्गति ।
लौ छोड ! पर-पत्नी यी छुने हर्नै पनी मति ॥
बुद्धिमान् छ भने धीर न गरोस् कर्म त्यो कसै ।
जसले त्यसको निन्दा गर्छन् यो विश्वमा सवै ॥
स्पर्शादिबाट अर्काको स्वपत्नी रक्षिए सरि ।
गर्नु नै पर्छ अर्काकी पत्नीको पनि त्यै सरि ॥
पुलस्त्यकुलका रत्नै सरीका हौ तिमी सुन! ।
जसको शास्त्रमा चर्चै छैन पाइन्न रावण ? ॥
त्यस्ता विषय धर्मादि काम वा अर्थका कुरा ।
राजाले गर्दिदा सिक्छन्, गर्छन् सज्जनसम्म हा ! ॥
तसर्थ हुन्न राजाले अशास्त्रीय अयोग्यको ।
गर्नु काम-कुरो कैल्यै, होला जाहेर यो कुरो ॥
धर्मको कामको सम्म राजा नै हो प्रवर्तक ।
त्यै श्रेष्ठनिधि मानिन्छ यी सारा द्रव्यको तक ॥
तस्मात् धर्म-सदाचार-पापको पनि वस्तुतः ।
हुन्छ चल्ती त्यसै बाट राजा नै मूलहेतु छ ॥
सुन ए राक्षस-श्रेष्ठ ! जव तिम्रो स्वभाव यो ।
चञ्चले भैसकेको छ पापपूर्ण विचारको ॥
त्यस हालतमा पायौ यत्रो ऐश्वर्य के गरी ? ।
म परें छक्क ! "पापीमा क्वै विमान मिले सरी" ॥
मन लागे सरी गर्ने स्वभाव जसको बस्यो ।
सकिन्न त्यसको बानी सुधार्न कहिल्यै अहो ! ॥
घरमा दुष्ट-पापीको पुण्य वा पुण्यको फल ।
केही लाग्दैन टिक्तैन भई स्थिर निकैतक ॥
राम हुन् अतिधर्मात्मा उनमा छ महान् बल ।
के गरे उनले तिम्रो ममा भन यही अव ? ॥

२६

२७

त्यो लङ्कापुरमा तिम्रो राज्यमा अथवा वहाँ ।
रामले क्यै विगारे कि अपराधै भयो कहाँ ? ॥
विगार, दोष क्यै त्यस्तो रामको छैन ता पुनः ।
अपराध तिमी उल्टो गर्दछौ उनकै किन ? ॥
पैले शूर्पणखाको त्यो साटो फेर्न भनी वहाँ ।
आयो पञ्चवटीबीच खर झम्टेर राममा ॥
सजीलै काम ठूल्ठूला गर्ने श्रीरामले तब ।
अत्याचारी त्यसैलाई मार्दिए त भने अब ॥
रामले अपराधै पो के गरे, दोष के भयो ।
भन रावण ! लौ यत्ति मलाई ठीक, सत्य त्यो ? ॥
सुन ए ! जसले गर्दा लोकका पति रामकी ।
पत्नी यी जानकीलाई हरी लान्छौ तिमी बढी ॥
छोडी हाल तिमी तस्मात् तुरुन्तै यिनलाइ ता ।
खरानी न भयौ बाबै ! रामदृष्टचग्नि बाट हा ! ॥
गरेथ्यो वृत्रको नाश इन्द्रको वज्रले अघि ।
हुन्छौ भुसुक्क त्यैठीक रामक्रोधाग्निमा जली ॥
ओझल्ने विषको मुस्लो सर्पलाइ भयङ्कर ।
तिमीले आफ्नु पोल्टैमा बाँधेछौं बा ! निशाचर ! ॥
होश छैन तिमीलाई घाँटीमा पाश कालको ।
टन्केको पनि क्यै पत्तो भएन अझसम्म जो ॥
जत्तिको भारले बाबु ! भारी बोक्ने थचक्क भै ।
वस्तैन, त्यत्ति नै भार बोक्नु पर्दछ संझ है ! ॥
खानु पर्छ त्यही अन्न जुन खाँदा शरीरमा ।
रोग लाग्दैन, पच्नेछ बुद्धिमान् जनले यहाँ ॥
बानी राम्रो हुने बाबु ! जुन काम गऱ्यो भने ।
न धर्म लाग्छ, सत्कीर्ति हुन्छ वा यश फैलिने ॥
थकाई खिन्नता बढ्छ अझ उल्टै शरीरमा ।
अने, भन त को गर्ला काम त्यो बुद्धिमान् यहाँ ? ॥
बाबु-बाजेहरू द्वारा आएको क्रमपूर्वक ।
हो पत्नी-राज्य यो मेरो पाल्दैछु न चुकी सब ॥

४१

४२

जन्मदेखि लिई मेरो अहिलेतक लौ सुन ! ।
मजैसँग विते वर्ष साठी हज्जार, रावण ! ॥
तस्मात् छु म निकै बूढो, तरुना छौ तिमी यता ।
छैनन् म साथ शस्त्रास्त्र, छन् तिमीसित ता उता ॥
धनुर्बाण लिएका छौ छ त्यस्तो रथसाथमा ।
यता कवच शोभिन्छ, छौ तयार तिमी यहाँ ॥
यत्ति संझ तिमी किन्तु जानकीलाइ यी लिई ।
जान ता मुस्किलै पर्छ सजीलै कुशली भई ॥
अघिल्तिर हुँदैमा म हेर्दा-हेर्दै तिमी हरी ।
लान वा हर्न सक्तैनौ सीतालाई कसै गरी ॥
अन्यथा पार्न सक्तैन न्याय-सङ्गत-युक्तिले ।
सत्य वेद-ऋचालाई क्वै जस्तो तर्क-जुक्तिले ॥
हुन्छ ! शूरो छु भन्ठान्छौ भने, एक्लैछनै भर ।
ए रावण ! तिमी पर्ख, लौ आउ ! म सँगै लड ॥
जसो गरी मरेकोथ्यो पहिले खर युद्धमा ।
मारिएर त्यहीठीक हुनेछौ चीत भूमिमा ॥
अनेकौ युद्ध पर्दामा अघी-अघि निरन्तर ।
दैत्य-दानव मारेथे आफैंले जसले स्थिर— ॥
उनै वल्कल-वस्त्रादि पैह्रिएका महाबल ।
श्रीरामले तिमीलाई मार्नेछन् है ! छिटै अब ॥
नीच होस् तँ हुँदा यस्तो म सक्तछु र गर्न के ? ।
राजपुत्र दुवै भाई निकै टाढा पुगी सके ॥
बोलाँउन उनीलाई उता जाँदा मता यता ।
हुन्छस् डराइ वेपत्ता तँ छिटै, यै छ ठोकुवा ॥
हुने कमले झैं आँखा शुभ लक्ष्मणकी सती ।
रानी यी रामकी सीता हर्छस् के ? यै छ दुर्मति ? ॥
भैगो ! त्यस्तो भए लौ आ ! जिउँदो म छँदा-छँदै ।
के सक्लास् हरि लैजान? के दिन्थें जानवा त्यसै? ॥
मेरा मित्र दशरथ-राजा हुन् गुणवान् अति ।
उनैका पुत्र छन् राम महात्मा र विनीत ती ॥

५६

५७

म अवश्य दुवैको यी हुने प्यारो तथा हित ।
गर्छु काम-कुरो लौ आ ! परे दिन्छु म प्राण त ॥

CC-0. In Public Domain. Digitization by eGangotri

५८

पख् ! ए ! दुइ घडीसम्म लौ पख् ! ए दश टाउके ! ।
गर्छु आतिथ्य-सत्कार म तेरो युद्धबीच ए ! ॥
बरु कत्ति भने देखि भेटेमैं हुति-ह्याउले ।
ए निशाचरको राजा ! म लड्छु अरु गर्छु के ? ॥
तँलाई तर त्यो तेरो रथबाट छ श्रेष्ठ जो ।
भेट्नुको फल मारेमैं मारि छोड्नेछु बुझ् कुरो ! ॥

६०

इति पचासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकाउन्नौं सर्ग

पक्षिराज–जटायु र राक्षसराज रावणको भीडाभीड

१
भन्दा जटायुले यस्तो राक्षसेश्वर–रावण ।
रिसले चूर भो साह्रै झम्टी हाल्यो उनीकन ॥
राता राता थिए आँखा त्यसका क्रोधले गरी ।
यता कुण्डल शोभिन्थे हुनाले सुन लम्बरी ॥
यै महायुद्ध भै हाल्यो यसमा यी दुवै थरी ।
गर्न थाले अ-आफैंमा हानाहान न राम्ररी ॥
जस्तो उडाई हावाले ल्यायो आकाशमा भने ।
दुइटा मेघका टुक्रा जुध्छन् अन्योन्य बीच ए ! ॥
भै हाल्यो यस वेलामा गृध्र–राक्षसमा दुवै ।
हेर्न लायकको राम्रो लडाँईं अतिअद्‌भुतै ॥
देखियो हो भने जस्तो माल्यवान् गिरिनै दुई ।
लड्छन् अन्योन्यमा जुद्धै पखेटा बलिया लिई ॥
महान् वल हुने त्यस्तो दुष्ट राक्षस–राजले ।
गर्‍यो वा ! बाणको वर्षै अब यी गिद्धमा हरे ! ॥
छोड्यो नालीक–नाराच–विकर्णी नामका शर ।
तीखा टुप्पा भएका जो थिए अतिभयङ्कर ॥
ती पक्षीहरूका राजा बूढा गिद्ध जटायुले ।
युद्धमा बाण–वर्षाको प्रहार सब त्यो सहे ॥
अब गै उनले झम्टे त्यस रावणमाथि र ।
तीखा नङहरू गाडी पारे घाउ जिवैभर ॥
भकुरे लातले फेरि गाडे नङ निरन्तर ।
यसरी लड्न थाले ती जटायु–पतगेश्वर ॥
क्रोधले चूर भै हाल्यो अब त्यो दश टाउके ।
शत्रु मार्छु भनी त्यल्ले ली हाल्यो दश बाण ए ! ॥
थिए अत्यन्त डर्लाग्दा बाण यी त्यसका दश ।
मृत्युकै दण्ड हुन् जस्ता देखिन्थे उग्र जो सब ॥
१३

१४
महान् पराक्रमी थ्यो त्यो, डर्लाग्दो रूपको पनि ।
त्यसका बाण थे फेरि डर्लाग्दा त्यसमा पनि ॥
छोडेका बेसरी खैंची तीखा टुप्पा हुने शर ।
गढे गएर ज्वाम्ज्वाम्ति सोम्फिएर हुँदै स्थिर ॥
यिनका मुखमा फेरि काँडै काँडा–थिए यता ।
यिनले गिद्धको देह पार्दिए रगताम्य हा ! ॥
यसैवेला पर्‍यो आँखा उनको जानकीतिर ।
बसेर रथमा जो ती छोड्दथिन् आँशु बर्बर ॥
गरेनन् कत्ति नै वास्ता देहका घाउको पनि ।
झंटी हाले छिटै फेरि त्यसमाथि स्वयं उनी ॥
हुन ता यी थिए पक्षी मामुली गिद्ध एउटा ।
तर राजै थिए तस्मात् थियो अद्‌भुत तेज वा ! ॥
यसैले मणि–मोतीले शोभिदो बाण साथको ।
धनु नै भाँच्दिए प्याट्ट ! पञ्जैले त्यस दुष्टको ॥
रिसले रिंगटै लाग्यो अब रावणलाइ ता ।
तुरुन्त त्यसले अर्को ली हाल्यो धनु एउटा ॥
बाण बर्षाउनै लाग्यो त्यसैबाट बहाँ पुनः ।
थिए शयौं हजारौं जो, गिद्ध माथि दनादन ॥
अब यस्तो अवस्थामा त्यो युद्ध स्थलबीचमा ।
छोपिए गिद्धका राजा बाणकै जाल–जालमा ॥
देखिए यी यसो हेर्दा बल्ल पो साँच्चिकै चरो ।
गएर बस्छ जो आफ्नो गुँडमा त्यै सरी अहो ! ॥
अब अत्यन्त तेजस्वी वीर त्यस्ता जटायुले ।
त्यसका बाणका जाल पखेटैबाट मास्दिए ॥
त्यस राक्षसराजाको त्यो महान् धनुलाइ ता ।
सजिलै भाँच्दिए फेरी खुट्टैले आफ्नु वेगिला ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अग्नि झैं झल्झलाकार थियो कवच दुष्टको ।
छिन्न-भिन्न त्यसैलाई पार्दिए पञ्जले अहो ! ॥
जोतेका रथमा दिव्य हुने मुख पिशाचका ।
पैह्रेका सुनका पट्टी जो थिए वेगिला गधा ॥
मार्दिए ती सबैलाई अनि वीर जटायुले ।
समरस्थलमा त्यस्तो बलीया जुन ती थिए ॥
थियो राक्षस-राजाको अग्निझैं धप्धपाउँदो ।
ठूलो त्रिवेणु लागेको रथ सुन्दर दिव्य त्यो ॥
इच्छानुसार हिंड्थ्यो यो, भन्याङ्का खुड्किला भरी ।
मणि-रत्न जडेकोथ्यो, भाँच्दिए यै लडीवरी ॥
राज-छत्र थियो ठूलो पूर्णचन्द्र सरी हुँदो ।
झल्झलाकार, शोभिन्थे यता चँवर साथ त्यो ॥
यिनैलाई समात्थे कौ, हम्किन्थे भृत्य राक्षस ।
यो पनी भाँच्दई हाले वेगले मार्दिए सब ॥
रथ सारथि जो ताँक्थ्यो थ्यो ठूलो त्यसको शिर ।
छिनाल्दिए त्यसैलाई चुच्चोकै बलले स्थिर ॥
त्यस राक्षस-राजाको यसरी ती जटायुले ।
भए जत्ति कुरा सारा, मास्दिए बा ! विगार्दिए ॥
त्यसको धनु भो नष्ट, भ्रष्ट भो सब त्यो रथ ।
मरे घोडा भए जत्ति, मऱ्यो सारथि नै तब ॥
अब टिक्न पऱ्यो गाऱ्हो जानकीलाइ काखमा ।
भवाट्ट च्यापेर त्यो दुष्ट लड्यो डडग्रङ्ग ! भूमिमा ॥
रथ नष्ट हुने त्यस्तो क्रूर रावणलाइ ता ।
देखे सम्पूर्ण प्राणीले भएको चीत हा ! त्यता ॥
अनि ता सब देख्ने ती पक्षिराज जटायुको ।
प्रशंसा गर्न पो लागे भनी "बेस गऱ्यौ" अहो ! ॥
अब त्यल्ले यसो हेऱ्यो पक्षिराज उनीतिर ।
जुन थाकि सकेका थे बुढ्याँईले निरन्तर ॥
भयो मनमनै दङ्ग अनि ती जानकीकन ।
समात्यो बलियो साथ उड्यो आकाशमा पुनः ॥
त्यसरी जानकीलाई काखमा च्यापि राम्ररी ।
हेरे जटायुले जाँदा त्यसलाइ न राम्ररी ॥
शोचे-साधन क्यै छैन यससाथ त्यहाँ अब ।
दुष्ट हो जो, ! त्यही यौटा भिरेको तलवार छ ॥

४३

४४

महान् तेज हुने त्यस्ता गृध्रराज स्वयं उनी ।
उडी अघि पुगी हाले बाटो नै छेक्दिए अनि ॥
केही रिस उठी हाल्यो दुष्ट राक्षसराजमा ।
जटायुले भनी हाले रोकेरै यी कुरा वहाँ ॥
छोटो बुद्धि लिने होस् तँ ए रावण ! ल सुन् कुरो ।
हरी कसरी लैजान्छस् रामकी महिषी अहो ! ॥
संझन्नस् अक्ष के दुष्ट ! बाण छन् वज्र-तुल्यका ।
पार्छन् भुसुक्क छोयो कि ती मेरा राम-बाबुका ॥
उनैकी धर्म-पत्नी हुन् यी सीता जानकी सती ।
यिनैलाइ तँ लैजान्छस् ! मार्न राक्षस छन् जति ॥
प्यासो मनुष्यले पानी पिएझैं गरि सुन्दर ।
तँ पनी पिउँछस् बाबै ! यस्तो विष असुन्दर ॥
अन्तमा हुन्छ के शोच्छस् यसले, ? मर्दछस् त है ! ।
मित्र मन्त्री तथा बन्धु साथमा परिवारकै ॥
आफ्नु कर्म छ के कस्तो, जान्दैनन् फल दिन्छ के ।
अनि ती मूर्ख बिग्रन्छन् भै तँ जस्तो छिटै, हरे ! ॥
तँ टन्किइ-सकीछस् हा ! कसरी काल-पाशले ।
कहाँ गएर पो होला छुटकारा त्यसबाट ए ! ॥
माछोले खान्छ बल्छीको मासु आफ्नै वधार्थमा ।
त्यस्तै तँ पनि हर्दोछस् सीता आफ्नै वधार्थमा ॥
संझी यो पनि ए दुष्ट ! ककुत्स्थ-रघु-रत्न ती ।
राम-लक्ष्मण छन् वीर आँट्नै नसकिने अति ॥
आफ्नु आश्रममा यस्तो अपमान गरिस् जुन ।
भन्ठान्छस् बिर्सलान् के त्यो ? सक्तैनन् खप्न है पुनः ॥
तँ होस् काँतर ए दुष्ट ! होस् पक्कै डरछेरुवा ।
चोर-डाँकूहरूमात्र गर्छन् यस्ता कुकर्म ता ॥
संपूर्ण लोकले थुक्ने निन्दा गर्ने निरन्तर ।
यस्ता काम कुरा कैल्यै गर्दैनन् वीर दुर्धर ॥
यदि शूरो छु भन्ठान्छस् भने भैगो ! ल हुन्छ ! आ ! ।
ए रावण ! तँ टिक् बाबै ! दुवै घडी, लडौं ल आ ! ॥
त्यहीठीक त्यहीजस्तो अनि ता दुष्ट तैं पनि ।
भुइँमा चीत भै लड्लास् खर भाइ सरी बनी ॥
बुझिस् ! नाश हुने वेला कालले कुत्कुत्याउँदा ।
दुष्कर्म गर्दछन् जस्तो यहाँ मानिस सर्वदा ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६९

हरे ! तँ पनि गर्दोछस् त्यहीठीक कुकर्म यो ।
आफ्नु नै नाशको निम्ति, हो अधर्म्य अयोग्य जो ॥
सुन् ए ! जो काम गर्दामा गर्नेमा पापको फल ।
फली हाल्दछ, त्यो काम भन् त लौ कुन गर्दछ ? ॥
अरुको के कुरा साक्षात् लोकपाल सुरेन्द्र र ।
स्वयम्भू भगवान् सम्म गर्दैनन् ए निशाचर ! ॥
दशओटा हुने घाँटी दुष्ट रावणलाइ त्यो ।
संम्फाए उनले यस्ता भनी योग्य कुरा अहो ! ॥
अब केही नलाग्दामा अन्तमा त्यस दुष्टको ।
पीठमा टाँसिए राम्रै उडी भत्राम्लाङ्ग! गै अहो ! ॥
चर्चर्ति नङ्ले स्वात्तै चिर्न थाले जतातै ।
गाडी देह भरी चुच्चो छेड्दथे भै छिटा निकै ॥
देखियो माहुते कोही मात्तिने दुष्ट भैंवरी ।
हात्तीको पीठमा बस्तै छेड्छ अङ्कुशले सरि ॥
थिए सर्वस्व शस्त्रास्त्र उनका यत्तिनै कुरा ।
नङ तीखा थिए चुच्चै साथका दुइ पक्ष ता ॥
यिनैले काम ली हाले गाड्थे चुच्चो शरीरमा ।
चर्चर्ति नङ्ले चिर्थे, जगल्टा लुछ्तथे वहाँ ॥
लगातार यसो गर्दा गिद्धराज जटायुले ।
आत्थू! आत्थू!! परी हाल्यो बजियालाइ त्यो हरे ! ॥
काँप्यो राक्षसको राजा अब रावण थर्थर ।
बोरीको फूल नै देख्यो हल्लिए ओठ फर्फर ॥

७१

७२

रिसले रिंगटै लाग्यो त्यसलाइ, निकै पछि ।
राख्यो बा ! जानकीलाई बाँया काखतिरै लगी ॥
उठायो दाहिने हात त्यसले फोकिई अनि ।
राम्रै झापट हान्यो हा ! उनमाथि छिटो बनी ॥
प्रहार त्यसको किन्तु लागेन उनमा, छले ।
चुच्चैले त्यसको बाँया दशैहात छिनाल्दिए ॥
बडो गजब भै हाल्यो अब झन्, त्यस दुष्टको ।
नयाँ हात अरू उम्रे दशैओटा तुरुन्त पो ॥
धमिराको कुनै ठूलो डिस्को बाट जसो गरी ।
निस्कन्छन् विषको राँको फ्याँक्तै सर्प, त्यही सरि ॥
थियो पराक्रमी ज्यादै दुष्ट त्यो दशटाउके ।
त्यसले जानकीलाई छोड्दियो अब फोकले ॥
अनि ता लात-घुस्साले गिद्धराज जटायुमा ।
दनादन बजायो बा ! त्यसले फोक-फोकमा ॥
दुइटै यी थिए वीर अतुल्य बल-शक्तिका ।
पक्षीमा श्रेष्ठ थे यौटा अर्को राक्षसमा अहा ! ॥
यी दुवै वीरको बीच चर्को-संग्राम यो भयो ।
वित्यो दुइ घडी वेला, निकै समय जो टिक्यो ॥
उपकार भलो गर्न साक्षात् श्रीरामको उनी ।
यसरी कसिएका हुन् चरो भइकनै पनि ॥
ठीक त्यस्तो अवस्थामा अब मार्छु भनी हरे ! ।
तलवार झिकी हाल्यो त्यस राक्षस-राजले ॥

८२

८३

त्यसैले काटदियो चट् ! चट् !! पखेटा दुइटै तथा ।
खुट्टा र दुइटै कोखा पक्षिराज-जटायुका ॥
डर्लाग्दो कर्मको त्यल्ले त्यसरी पक्ष काट्दिंदा ।
ती जटायु लडे भैंमा थोरै बाँच्ने भएर हा ! ॥
रगताम्य भई लड्ने देख्ता अब उनीकन ।
वहाँ दौड्दै पुगिन् सीता बन्धु नै संम्फिईकन ॥
शरीरको कान्ति थियो उनीको अत्यन्त कालो दृढ मेघ जस्तो ।
थियो यता छाति प्रशस्त सेतो उदारता थ्यो बल-वीर्य त्यस्तो ॥
परन्तु औले वनको डढेंलो भए सरी शान्त थिए लडेका ।
यस्तै अवस्थाबिच दुष्टले त्यो स्वदृष्टि फ्याँक्यो दुइटै गडेका ॥

CC-0. In Public Domain. Digitization by eGangotri

धूलो भई रावण-वेग-वीर्यले भँमा लडेका उनलाइ जोडले ।
पक्डिन् र दुःखाश्रु त्यजेर बर्बर रोइन् उनी हा ! अब फेरि धर्धर ॥
८८

इति एकाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाउन्नौं सर्ग

सीताको विलाप र अपहरण

१

पूर्णचन्द्रमुखी देवी सीताले मृत- तुल्यका ।
देखिन् जटायुलाई ती लडेका भूमिबीच हा ! ॥
दुष्ट राक्षस–राजाको व्यवहार थियो यही ।
विलाप गर्न नै लागिन् यसले दुःख झन् बढी ॥
मनुष्यहरूलाई यी सुख दुःखादि—प्राप्तिको ।
दिने सूचन चिह्नादि लक्षणादि पनी अहो ! ॥
पर्कै हुँदा रहेछन् हो ! पक्षीका स्वर, स्वप्न वा ।
झल्याक्-झुलुक देखिन्छन् शुभ वा अशुभै हुँदा ॥
ककुत्स्थ-कुलका रत्न प्रभु-राम ! हजूर ता ।
यो कुरा जानि बक्सिन्न, जाने किन विलम्ब हा ! ॥
मलाइ हरि ल्याएको सूचना दिन नै त हो ।
यसरी दौडिर्दै छन् यी पशु–पक्षीतकै प्रभो ! ॥
ठूलै संकट पर्ने भो भन्न वास्तव यी सब ।
दौडिदा छन् त्यस्तै स्वामिन् ! भई अशुभसूचक ॥
मेरै अभाग्यले गर्दा कृपा–माया ममा गरी ।
स्वयं पाल्नु भएकोथ्यो गृध्रराज जटायुजी ॥
मलाई दुष्टद्वारा यो छुटाँउन बचाँउन ।
प्रयत्न गर्नु भो ठूलो, मार्दियो, लड्नु भो पुनः ॥
ककुत्स्थमणि हा राम ! बाबु लक्ष्मण हा प्रिय ! ।
मेरो रक्षा गरी बक्स्योस् दुवै भाइ स्वयं अव ॥
हराएकी थिइन् सीता तस्मात् करुण – क्रन्दन ।
त्यसरी गर्न लागिन् ती 'सुनुन् अरु' भनीकन ॥
उनका अङ्गका सारा माला र गहनातक ।
त्यसै खजमजिएकाथे लछारोमा परी सब ॥
अव यस्तो अवस्थामा विलाप्ने भै अनाथझैं ।
सीतातिर बढी झम्टयो त्यसले फेरि सोभिझदै ॥

१३

१४

भएर लहरै जस्ती ठूल्ठूला रुखलाइ ती ।
अगाँल्दै टाँस्सिनै लागिन् डर भित्र हुँदा अति ॥
बारम्बार यसो भन्थिन् छोड्! छोड्!! भो नसमात् भनी।
पुग्यो यस्तै अवस्थामा वहीं राक्षस त्यो अनि ॥
अझै भनि रहेकी थिन् चिच्याई राम ! राम !! ती ।
छुट्दिँदा वनमा राम त्यसरी दुःख ली अति ॥
काल जस्तै थियो साक्षात् न चल्ने जोर दुष्ट त्यो ।
आफ्नु नै नाशको निम्ति समात्यो फेरि केश पो ॥
सीताको यो तिरस्कार हुँदा त्यस्तो प्रकारले ।
चराचर जगत् सारा मर्यादाहीन भो हरे ! ॥
तुरुन्त सब भो व्याप्त अव गाढान्धकारले ।
बहेन कत्ति नै हावा सूर्य निस्तेजका भए ॥
सम्पूर्ण लोकका बाजे ब्रह्माले पनि यो कुरा ।
देखे बा ! दिव्य आँखाले जो भयो अपमान हा ! ॥
भने मन–मनै यस्तो उनले- दुःखिनी अहो ! ।
सीता समातिइन् यल्ले "अव काम-कुरो पुग्यो" ॥
देख्ता कपाल सीताको तानेको त्यस दुष्टले ।
दण्डकारण्यका सारा महर्षि व्यथितै भए ॥
तर भित्र भने सारा थिए खुश गमीवरी ।
अकस्मात् हुन लागेको त्यसको नाशले गरी ॥
भनी हा! राम! हा ! राम !! रुन्थिन् जनकनन्दिनी ।
भन्दथिन् बीच-बीचैमा हा ! लक्ष्मण ! पनी उनी ॥
अव यस्तै अवस्थामा फेरि राक्षसको पति ।
उचाली जानकीलाई उड्यो आकाशमार्ग ली ॥
पगालेको र खारेको सुनको गहना सरि ।
उनको वर्ण थ्यो राम्रो थिइन् सर्वाङ्ग-सुन्दरी ॥

२६

२७

गहनाहरूले टन्न छापिएकी थिइन् सती ।
पहेंलो रेशमी सारी शोभिन्थ्यो देहमा अति ॥
छोरी जनक-राजाकी यी सीता शोभिइन् अब ।
सुदाम-पर्वतैबाट निक्लेकी विजुली ठिक ॥
उनको फर्फराएको पहेंलो वस्त्रले गरी ।
शोभियो त्यो डढेंलोले बलेको गिरि हो सरी ॥
यता अत्यन्त कल्याणी विदेह-तनया शुभा ।
सीताका अङ्गमा राम्रा थिए पुष्पादि पद्मका ॥
तिनका क्यै र-राता र सुगन्धित सबै दल ।
छरिई रावणैमाथि खस्न लागे टपाटप ॥
उता त्यो रेशमी सारी सुनौला रङ्गको सफा ।
वही आकाशमा हावा पार्थ्यो फरर झन् अहा ! ॥
सेतो बादल देखिन्छ साँझमा घामको टक ।
पर्दा आकाशमा जस्तो र-रातो, भो त्यहीठिक ॥
त्यसको काखमा पर्दा सीताको मुख निर्मल ।
शोभिएन वहाँ किन्तु त्यस्तो ता भइ झल्मल ॥
न हुँदा पति श्रीराम न राम्रै देखियो निकै ।
डाँठबाट छुटाएको भै गयो पद्म-तुल्यकै ॥
ठूलो किनारको राम्रो, भएको केश सुन्दर ।
पद्मका भित्रपट्टीको भाग जस्तो मनोहर- ॥
खत दाग कुनै त्यस्तो न भएको सफा अति ।
चिल्ला र चम्किला सेता दाँतले टल्किने उति- ॥
ठूल्ठूला लाम्चिला राम्रा हुँदा आँखा सुशोभित ।
राजा जनककी छोरी सीताको मुख त्यो स्वतः ॥
त्यसको काखमा पर्दा यस्तो पो देखियो तब ।
कालो मेघ छिचोलेर उठेका चन्द्र हुन् ठिक ॥
चन्द्रझैं अति नै प्यारो देखिने चारु त्यो मुख ।
थियो भर्खर रोएको पुछेको आँसु वास्तव ॥
त्यसमा नाक शोभिन्थ्यो सफा सुन्दर लाम्चिलो ।
ताबै ठीक र-रातो क्यै देखिन्थ्यो दुइ ओठ त्यो ॥
जुन आकाशमा आफ्नो सुनौलो कान्ति फेंकथ्यो ।
काँप्थ्यो क्यै वेगमा पर्दा दौड्दा राक्षस-राज त्यो ॥
राम्रो मुख पनी यस्तो तब श्रीरामले विना ।
क्यै शोभिएन, भै हाल्यो दिनको ठीक चन्द्रमा ॥

४३

४४

मिथिलेश-कुमारी ती सीताका अङ्ग थे यता ।
खारेको सुनकै जस्ता कान्तिका तेजिला सधा ॥
उता राक्षसको राजा दुष्ट रावणको त्यस ।
शरीर अति नै कालो थियो सम्पूर्ण वास्तव ॥
देखिन्थिन् जानकी यस्ती त्यसको काखमा परी ।
पैन्हियो सुनको सिक्री क्यै कालो गजले सरि ॥
पद्मको केसरै जस्तो पहेंलो स्वर्णवर्णकी ।
खारेका सुनका राम्रा गहनाहरू पैन्हदी— ॥
जानकी त्यसवेलामा हुँदा रावण-पीठमा ।
शोभिइन् मेघमालामा चम्केझैं विजुली वहाँ ॥
विदेह-नन्दिनी देवी सीताका गहना सब ।
बज्दथे त्यस वेलामा राम्रो मीठो मिठो स्वर ॥
यल्ले राक्षसको राजा देखिन्थ्यो शुद्ध निर्मल ।
मेघ नै गर्जिए जस्तो शोभिन्थ्यो भइ झल्मल ॥
ती सीता हरि लैजादा शिरमा स्युरिए जति ।
खस्तथ्यो पुष्पको वृष्टि सबैतिर भरी क्षिति ॥
उठेर वायुको झोक्का वेग रावणको परी ।
फेरि आइ त्यसै माथि वर्षिन्थ्यो त्यो उडी वरी ॥
भाई कुवेरको कान्छो त्यस राक्षस-राजको ।
देहमा पुष्पको वृष्टि यसरी पर्दथ्यो अहो! ॥
शोभियो अब झन् अग्लो मेरु-पर्वत-शृङ्गमा ।
शुद्ध नक्षत्रकै माला खसे जस्तै भई, वहाँ ॥
विदेहनन्दिनी देवी सीताको रत्न—भूषित ।
पाउजेब खसी हाल्यो पाउको एउटा तब ॥
त्यो खस्ता देखियो यस्तो पृथ्वीमा तल वास्तव ।
विद्युन्मण्डल नै खस्छ भने जस्तो भई अब ॥
वृक्षको पालुवा जस्तो र—रातो कमलो अति ।
देहको वर्ण थ्यो, सीता थिन् सिक्रीझैं सुवर्णकी ॥
अब यस्तो अवस्थामा कालो राक्षस ता यता ।
बाँधेको सुनको सिक्री हात्तीझैं शोभियो अहा ! ॥
बलेकी तेजले आफ्नो ठूलो उल्का समानकी ।
सीता थिन् यस वेलामा नभमा अतिशोभिंदी ॥
दौडाएर लगी हाल्यो दुष्ट रावणले हरे ! ।
त्यस्ती देवी उनीलाई अब आकाशमार्गले ॥

६०

६१

घलेको घप्धपाएको अग्निझैं चम्किने अति ।
गहनाहरू शोभिन्थ्यो सीताका गाथमा उति ॥
अब ती सब एकेक गरी मीठो त्यजी स्वर ।
आकाश बाट ताराझैं खस्न लागे धराभर ॥
विदेह-राजकी छोरी सीताका स्तन-मध्यको ।
खसी गो एउटा हार चम्किलो चन्द्र-तुल्यको ॥
त्यो खस्ता देखियो यस्तो नभ-मण्डल बाट पो ।
झरिन् तलतिरै गङ्गा भने जस्तो सुशोभिंदो ॥
पर्दा रावणको वेग निस्की उत्पातसूचक ।
वायुको बढ्दिंदा झोक्का हल्लिन्थे तलका रुख ॥
तिनबीच पसेकाथे पक्षी नाना प्रकारका ।
गर्थे कल्याङ्मल्याङ् साह्रै चिच्याईकन जो तदा ॥
पर्दथ्यो भान यो देख्ता शिर हल्लाँउदै सब ।
भन्दछन् झैं उनीलाई "न डराउ !" भनी तब ॥
पद्म जत्ति सुकेका र लुकेका जल-जीव ती ।
तलाउ-पोखरी आदि वरीपरी थिए जति ॥
उत्साह न हुने कत्ति जानकीलाइ ती सब ।
सखी सम्झी उनैमाझैं गर्दथे शोक पो तब ॥
सीतालाइ हरी लाँदा दुष्ट रावणमाथि त्यो ।
सम्पूर्ण जङ्गली जन्तु-जीवमा रिस बढ्न गो ॥
यसर्थ सिंह- व्याघ्रादि पशु—पक्षीहरूतक ।
सीताका तल छायाको पछि दौडे संगै सब ॥
दुष्टले हरी लैजाँदा सीता जनकनन्दिनी ।
चुहाए आँसु साराले झरना गिरिले पनि ॥

७२

७३

टाकुरा रूपका आफ्ना अग्ला हात उठाँउदै ।
स्वयं चिच्याँउछन् जस्तै देखिन्थे खिन्न, दिक्क भै ॥
विदेहनन्दिनी देवी हरीएकी नियालि हा ! ।
दिवाकर पनी दीन भै गए दुःख बढ्दिंदा ॥
अकस्मात् उनको तेज भयो नष्ट सरी हरे ! ।
त्यसै फुस्रो, पहेंलो भो त्यस्तो मण्डल सम्म ए ! ॥
हरे ! अब वित्यो सारा ! जब रावण दुष्ट यो ।
हर्छ हा ! रामकी पत्नी सीतालाइ गरी यसो ॥
अब बाँकि रह्यो के पो ? विश्वमा यो सबै डुब्यो ।
उड्यो धर्म, गुड्यो सत्य, दया सरलता बुड्यो ॥
हूल हूल भई जम्बा वहाँ अन्यन्योमा यसो ।
भन्थे प्राणीहरू सारा विलाप्थे खिन्न भै बडो ॥
स-साना मृगका पाठा भय-भीत भई यता ।
वहाँ रोइ रहेकाथे दीन खिन्न हुँदै तदा ॥
भनी श्रीराम ! हा राम ! सीता चिच्याँउथिन् अति ।
दुःखबीच परेकी थिन् असह्य अतिउग्र ती ॥
देख्ता यस्ती उनीलाई शोभा-हीन स्वनेत्रले ।
वनका देवता काँपे डरले थर्थरै भए ॥
स्वरमा मसिनो मीठो सीता चिच्याँउदै थिइन् ।
भनी लक्ष्मण ! हा राम ! सोझै तल्तिर हेर्दथिन् ॥
भै झाँक्रो छरिएकोथ्यो चूल्ठो, खुल्दा कपाल हा ! ।
सफा निलारको टीका मेटिएको थियो यता ॥
उदार-मनकी यस्ती सीतालाइ हरी हरे ! ।
आफ्नु नै नाशको निम्ति लैजान्थ्यो दशटाउके ॥

८४

८५

वेलाविषे यो शुभ दाँत उज्वल पवित्र मुस्क्यान हुने उनी तब ।
एक्ली परिन् हा ! प्रिय-बन्धु आदिले छुट्ता त्यसोरी हरिंदा वहाँ हरे ! ॥
श्रीराम श्रीलक्ष्मण यी दुबैकन देख्तै न देख्ता डर ज्यास्ति भैकन ।
अत्यन्त नै व्याकुल भै गइन् उनी फुस्रो भयो हा ! मुख-मण्डलै पनि ॥

८६

इति बाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपन्नौं सर्ग

सीताले राक्षसेश्वर रावणलाई धिक्कार्नु

१

देख्ता रावणलाई त्यो उड्ने आकाश-मार्गले ।
मिथिलेश-कुमारी ती दुःख मग्न भइन् हरे ! ॥
भइन् अत्यन्त उद्विग्न हड्बडाइन् निकै उनी ।
ज्यादै डर पर्‍यो भित्र बिचरी के केरुन् उनी ? ॥
राता राता भए आँखा रुवाई रिस बढ्दिंदा ।
माया लाग्दो गरी रुन्थिन् त्यसरी हरि लग्दिदा ॥
देख्तैमा अति डर्लाग्दो हुने नजर उग्र त्यो ।
सारा राक्षसको दुष्ट राजालाइ भनिन् यसो ॥
नीच रावण ! सुन् लौ ए ! गर्दा खेरी कुकर्म यो ।
तँलाइ लाज लाग्दैन अलीकति पनी अहो ! ॥
पति-देवरले हीन एक्ली पाइ मलाइ त ।
असहाय अवस्थामा भाग्छस् चोरेर आज त ? ॥
तुच्छ आत्मा हुने दुष्ट ! होस् काँथर तँ निश्चित ।
रहिछस् हर्न खोज्दो तँ मलाइ अघिदेखि त ॥
यसैले मृगको त्यस्तो रूप मायामयै लिई ।
तैंले पतिकनै मेरा पठाइस दूर हा ! छली ॥
मेरा स्वशुरका साक्षात् मित्र बूढा जटायु यी ।
यहाँ रक्षिन जो आए तैले नै मार्दिइस् पछि ॥
ए राक्षसहरू मध्ये तुच्छको राक्षसेश्वर ! ।
बल-वीर्य भने तेरो हो देखिन्छ ठुलै तर ॥
आफ्नु नाम भनी तैंले राम लक्ष्मण साथ त ।
लडी राम्रै जितेको ता होइनस् नि मलाइ त ॥
तस्मात् तँ नीच होस् सुन् ए ! जहाँ कै छैन रक्षक ।
त्यहाँ गई पर-स्त्रीको गरिस् हरण वास्तव ॥
सम्पूर्ण लोकले थुक्ने गरी यस्तो कुकर्म तँ ।
मान्दैनस् लाज नै कत्ति, भन्ठान्छस् हुन्न निन्दित ॥

१४

अफूलाई तँ ठान्दोछस् शूर—वीर छु मै भनी ।
तँलाइ थुक्तछन् किन्तु ठूला पुरुष सम्म नि ! ॥
पापपूर्ण महान् क्रूर तेरो घृणित कर्म यो ।
भन्लान् संसार नै सारा साह्रै नीच अयोग्य हो ! ॥
तैंले अघि बखानेको आफ्नु त्यो बल वीर्य ता ।
इस् ! भो के कामको भन् ए ! धिक्कार छ तँलाइ ता ॥
कलङ्क कुलको त्यस्तो श्राप जस्तो हुने हरे ! ।
धिक्कार्छन् दुनियाँ सारा तेरो यस्तो चरित्र ए ! ॥
भन् त यस्तो अवस्थामा गर्न नै पो सकिन्छ के ।
यसरी हुत्तिई जान्छस् जब तैं आफ्नु वेगले ? ॥
म हुँ भन्छस् भने देखि मुहुर्तभर पख् त तँ ।
क्यै गरे फर्किने छैनस् जिउँदो भइ फेरि तँ ॥
तँ ता अगाडि पर्दामा ती दुवै राजपुत्रको ।
मुहूर्त सम्म बाँच्तैनस् , शक्ति के होस् न सैन्य पो ? ॥
सुन् ए ! सक्तैन जस्तो कि घुम्ने आकाशको चरो ।
डढेलो छुन नै कत्ति सलिकयो वनबीच जो ॥
त्यस्तै तँ पनि सक्तैनस् सहने पनि कत्ति ता ।
ती दुवै वीर-भाईको बाणको स्पर्श सम्म वा ! ॥
तस्मात् रावण ! लौ छोड् तँ अब सोझो हिसावले ।
आफ्नु कल्याण शोचेर भलो हुन्छ भनेर ए ! ॥
मेरो हरणले क्रुद्ध भएका पतिदेव ता ।
भाइ साथ यहाँ आई मारिबक्सिन्छन् नत्र ता ॥
तेरो नाश हुने नाना जुक्ति-सुक्ति गरी त्यहाँ ।
तँ माथि हमला गर्न आइबक्सिन्छन् है यहाँ ॥
बलैले हर्न खोज्छस् तँ ए नीच ! जुन लक्ष्यले ।
पुग्ने छैन कसै तेरो लक्ष्य त्यो, व्यर्थ हुन्छ ए ! ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७

आफ्ना पति न देख्तामा देवतै—तुल्य तेजका ।
थाँच्न सक्दिन घेरै म शत्रुको वशमा हुँदा ॥
शोच्दो रहिनछस् पर्कै तँ आफ्नो हित क्यै पनि ।
हुन्छ श्रेय कसो गर्दा भरे वा अहिले पनि ॥
छोड्दिन्छ पथ्य रोगीले मर्ने बेला भयो भने ।
उल्टो कुपथ्य नै सेव्छ, भइस् त्यै सरि पो हुने ॥
तिको मान्दैन मर्नेले हित, पथ्य कुरो कुनै ।
तँ पनी यी कुरा खान्नस् त्यहीठीक भईकनै ॥
मता झल्झल देख्तीछु यो तेरो कण्ठबीचमा ।
टन्केको कालको पाशो गलफन्दी बनी यहाँ ॥
यत्रो डर परी सक्ता पनी जो तँ यसर्थ पो ।
मान्दो रहिनछस् कत्ति डर, नीच ! अनर्थ भो ! ॥
देख्न थालि सकीछस् हा ! तँ सुनैसुनका रुख ।
रक्तको भेल फ्याँकेकी नदी-वैतरणीतक ॥
खोज्छस के हेर्न डर्लाग्दो असिपत्रवनै पनि ?
अब हेर्ने भइस् पक्का सिसौको रुख त्यो पनि ॥
पगालेको सुनै जस्ता जसका फूल छन् सब ।
वैदूर्यमणि जस्तै छन् त्यसका पात वास्तव ॥

३५

३६

तीखा फलामका काँडा जसमा छन् वरीपरी ।
देखिन्छ अति डर्लाग्दा जसले उग्रता सरी ॥
विष खाने मरे जस्तै त पनी मर्दछस् छिटै ।
महात्मा रामको साक्षात् अपराध गरेर यै ॥
निर्लज्ज! निर्घृणी होस् तँ, समात्यो काल-पाशले ।
तँलाइ राम्ररी बाँचे ! छुटाँउन छ शक्ति के ? ॥
महान् आत्मा हुने मेरा स्वामी श्रीराम बाट तँ ।
धर वा शान्ति पाँउन्नस् जहाँ जा ! बस् जहाँ कि तँ ॥
छिनैमा जसले सुन ए ! चौध हजार राक्षस ।
एक्लै मार्दिइ बक्सेथ्यो भाइको न लि मदत ॥
सम्पूर्ण अस्त्र-शस्त्रादि चलाँउन सिपालु र ।
अत्यन्त बलवान् वीर भै बक्सिन्छ धनुर्धर ॥
यस हालतमा आफ्नो प्यारी पत्नी उडाँउने ।
तँलाई राखि बक्सेला बाँकी के तीक्ष्णबाणले ? ॥
विदेहराजकी छोरी सीता अब वहाँ हरे ! ।
पोल्टोमा त्यसको पर्दा दुःखी थिन् भय-शोकले ॥
कडा अरु पनी त्यस्ता रुखा वाक्य सुनाँउदै ।
लागिन् विलाप गर्नै हा ! माया लाग्दो गरी निकै ॥

४४

४५

विलाप गर्थिन् मिथिलेशकी सुता लाग्ने गरी भित्र दया अनेक हा ! ।
थिइन् निकै आर्त र पीडिता तथा उठी रहेथ्यो रिस भित्र-भित्र बा ॥
थिइन् उनी भर्खरकी सुयौवना शरीर काँप्थ्यो डरले त्यसै वहाँ ।
त्यस्तो अवस्थाबिच दुष्ट-रावण हरेर लान्थ्यो अझ हा ! उनीकन ॥

४६

इति त्रिपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवन्नौं सर्ग

देवी–सीताले पर्वतमा वानरहरूलाई देखेर आफ्ना गहनाहरू खसाल्नु र रावण लङ्काभित्र पस्नु

१

विदेहनन्दिनी सीता त्यसरी लगिंदा हरी ।
देख्तिनथिन् कुनै आफ्नो सहायक वरीपरी ॥
देखिन् आकाशको बाटो जाँदामा अब तल्तिर ।
डाँडाँको टाकुरा माथि बसेका पाँच वानर ॥
रिस अल्लि उठेकैथ्यो ठूला आँखा हुने तथा ।
सारा अङ्ग हुने राम्रा जानकीलाइ सर्वथा ॥
उनले अब थो शोचिन् यी वानरहरू कहीं ।
दिइहाल्छन् कि सन्देश पति श्रीराममा यहीं ॥
गमी यत्ति फिंकन् आफ्नो सुनौलो रेशमी सफा ।
पछ्यौरा र त्यसैभित्र सुटुक्क उनले तदा—॥
गहना–गुरिया आफ्ना सुनका वेस निर्मल ।
विस्तारै गुट्मुड्याइन् र सोभ्याई फ्याँकिदइन् तल ॥
यता राक्षसको राजा निकै हडबडमा थियो ।
तस्मात् पाएन क्यै पत्तो त्यसले यस कामको ॥
उता खैरा हुने आँखा श्रेष्ट वानर ती सब ।
हेर्थे टकटकी बाँधी जानकीलाइ नै तव ॥
सीता त्यस्तो अवस्थामा परी चिच्याँउदै थिइन् ।
ठूल्ठूला नेत्रले हेर्थिन राम ! लक्ष्मण ! भन्दथिन् ॥
अव राक्षसको राजा नाघी पम्पा–सरोवर ।
लिइ साथ रुँदी सीता लाग्यो लङ्कापुरीतिर ॥
सीताका रूपको आफ्नो–काललाइ लिएर त्यो ।
गै रहेको थियो दुष्ट भित्र दङ्ग भई बडो ॥
त्यसले काखमा आफ्नो तीखो दाँत हुने निकै ।
विषालु सर्पिणीलाई बोकेको थ्यो भयानकै ॥
धनुबाट छुटेको क्वै बाण जस्तै भई छिटो ।
सारा राक्षसको राजा बढ्दै अघि–अघी गयो ॥

१४

तुरुन्त छिचल्यो त्यल्ले अब आकाशमार्गले ।
सरोवर नदी–नाला वन पर्वत सम्म ए ! ॥
भएको तिमी–मत्स्यादि घर ग्राहादिको स्थिर ।
साक्षात् वरुण–दैवताको आश्रयस्थान सुन्दर ॥
शरणस्थान ठूल्ठूला नदीको नदको पनि ।
सिन्धुको तीरमा पुग्दै तरी गो सागरै पनि ॥
विदेहनन्दिनी सीता लगिंदा त्यसरी हरी ।
सान्है छर्पटियो सिन्धु भित्र पीर निकै परी ॥
उठेका त्यसका छाल भए शान्त त्यसै यता ।
माछा र सर्पको सम्म रोकियो गति नै उता ॥
घुम्दथे त्यस वेलामा अन्तरिक्षभरी वहाँ ।
सिद्धचारण इत्यादि जो यसो भन्दथे त्यहाँ ॥
अब आइ पुग्यो काल नजीकै यस दुष्टको ।
टाउका ती दशै ओटा नाशिन्छन्, मिति नै पुग्यो ॥
छट्पटाइ रहेकी थिन् सीता जनकनन्दिनी ।
मृत्यु नै पो थिइन् साक्षात् दुष्ट रावणको उनी ॥
च्यापेर काखमा आफ्नो उनैलाइ हरेशिव ! ।
पस्यो लङ्कापुरी भित्र राक्षसेश्वर त्यो अब ॥
राजमार्ग बनेकाथे ठूला ठूला पृथक् यहाँ ।
निकै राक्षस घुम्दैथे पुरीको मूलद्वारमा ॥
पुरीको शोभिएकोथ्यो ज्यादै विस्तारता जहाँ ।
खोपीभित्र पसी हाल्यो त्यो रावण पुगी वहाँ ॥
र–राता नेत्रका छेउ भएकी जानकी यता ।
थिइन् दुःखित अत्यन्त बढ्दिंदा शोक मोह हा ! ॥
उनैलाई लगी जाक्यो त्यै अन्तःपुरमा अब ।
मय, मूर्तिमती–माया जाकछ जस्तै गरी तव ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पिशाचिनीहरूलाई डलग्दा घोररूपका ।
डाक्यो राक्षस—राजाले अनि यस्तो भन्यो तदा-॥
सावधान भई राम्रो तिमीहरू सबै अब ।
राम्ररी यस सीताको गर रक्षण वास्तव ॥
मेरो आज्ञा विना कोही होस् त्यो स्त्री पुरुषै कि वा ।
यल्लाई देख्न वा भेट्न न पाओस् संझ ! यो कुरा ॥
सुवर्ण मणि वा मोती जो जो भन्छे, जसो, जसो ।
यसलाइ दिई हाल खोजेको सब त्यो कुरो ॥
न पर्ने मन यल्लाई अप्यारो क्यै कुरो पनि ।
सुन ! जानी न जानी वा न भन्नु कहिल्यै पनि ॥
यदि भन्छ भने देखि कसैले, म अवश्य नै ।
संझनेछु यही-त्यल्ले बाँच्न खोजेन ! यत्ति नै ॥
ती राक्षसीहरूलाई जुन थे यी पिशाचिनी ।
दियो र यसरी आज्ञा खोपी छोडी हिंड्यो अनि ॥
अब काम छ के मेरो ? के गरे ठीक पर्दछ ? ।
शोच्न लाग्यो यहीमात्र प्रतापी राक्षसेश्वर ॥
यसै वेला वहाँ देख्यो त्यसले आठ राक्षस ।
घिच्थथे मासु काँचै जो थिए चर्कै हुने बल ॥
ब्रह्माको वर पाएर भएको दृढ मोहित ।
महान् पराक्रमी त्यल्ले उनलाई भन्यो तव ॥
आठोटै उनको पैले प्रशंसा बल-वीर्यको ।
गर्न सम्म गऱ्यो राम्रो पछि बाट भन्यो यसो ॥
सुन ए वीर हो ! जाओ यहाँ बाट छिटै अव ।
तिमीहरू जनस्थान अस्त्र-शस्त्र लिई सब ॥
कुरो बुझ ! जहाँ वस्थ्यो पहिले भाइ त्यो खर ।
अहिले त्यो भएकोछ उजाड र असुन्दर ॥

३६

४०

बसेका जत्तिथे मेरा प्रिय राक्षस गै त्यहाँ ।
छैनन् अब मरे सारा तिमी बस गई वहाँ ॥
आफ्नै पौरखले बस्नु बाहुकै बलमा आडी ।
डर त्रास परे केही पर फ्याँक्नु नि ! हर्घडी ॥
महान् पराक्रमी भाई खर-दूषणलाइ ती ।
त्यो जनस्थानमा मैले राखेथें घेर सैन्य दी ॥
छ दुःखकै कुरा किन्तु सबलाइ वहाँ हरे ! ।
मार्दियो रामले एक्लो तीखा बाण त्यजेर ए ! ॥
संझी यै मनमा मेरो अपूर्व रिस उठ्तछ ।
नाघेर धैर्यको सीमा माथि नै पुग्न खोज्दछ ॥
तसअर्थ त्यही राम साथ मेरो भयङ्कर ।
बढ्यो अत्यन्त नै ठूलो द्वेष, वैर निरन्तर ॥
बदला लिन चाहन्छु त्यसको राम साथ म ।
वैरको साथ त्यो वैरी पनि ठूलै छ उत्तम ॥
अब संग्राममा आफ्नो शत्रु राम न मारि म ।
अँहँ ! पाँउन्न क्यै शान्ति निद्रै लाग्दैन हर्दम ॥
खर-दूषण मार्ने त्यो राम मारे पछी भने ।
पाउँला शान्ति, पाएमा धन झैं क्वै गरीवले ॥
बस पञ्चवटीमा गै तिमीहरू सबै अतः ।
के के गर्दछ त्यो राम ? एकेक गरि यै बुझ ॥
क्यै क्यै खवर पायौ कि सुँईको क्यै मिल्यो किता ।
यहाँ पठाइ हाल्यौ है ! म पनी बुझुं त्यो कुरा ॥
बडो होश गरी जानु छौ निशाचर जो सब ।
प्रयत्न मार्न त्यल्लाई सँधै गर्नु मिली सब ॥
सँग्राम भूमिमा मैले तिम्रो बल पराक्रम ।
धेरै पटक देखेंथें अघि नै, मान्छु उत्तम ॥

५२

५३

तस्मात् यो काममा औले गै जनस्थानमा सव ।
बस्नको निम्तिमा मैले खटाएँ ! जाउ लौ अव ॥
सुनेर लङ्केश्वरको निकै ठुलो आदेश यस्तो प्रिय स्वार्थ-सिद्धको ।
सन्मान साथै सबले दनादन झुकी गरे बा ! त्यसलाइ दर्शन ॥
वहीं विलाए अनि ती सबै मिली छोडेर लङ्कापुर उग्र वेग ली ।
पुगी गए शीघ्र न देखिने गरी वसे जनस्थान भरी भईवरी ॥

५५

CC-0. In Public Domain. Digitization by eGangotri

५६

पाएर सीताकन सुन्दरी अति भो दुष्ट त्यो रावणमा निकै खुशी ।
लगेर आफ्नो घरका पिशाचिनी ती राक्षसीमा जुन सुम्पियो पनि ॥
आत्मा हुने उच्च उदार राममा बढाइ वैरत्व विपक्षाँकमा वहाँ ।
आनन्द मान्यो परि मोहको वश भो भित्र-भित्रै अब दङ्ग राक्षस ॥
५७

इति चवन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचपन्नौं सर्ग

रावणले सीतालाई फकाँउनु र राक्षसीहरूद्वारा अशोकबाटिकामा लगेर राख्नु

१

बलीया उग्र डर्लाग्दा आठै राक्षसलाइ ती ।
सारा राक्षसको राजा त्यल्ले आज्ञा दियो त्यति ॥
विपरीत हुँदा बुद्धि त्यसरी विग्रिंदा पनि ।
आफैलाई अनी ठान्यो 'कृतकृत्य' भएँ भनी ॥
अब त्यो जानकीलाई संम्झिएर निरन्तर ।
छटपटायो निकै, भित्र वर्षिंदा कामका शर ॥
तस्मात् हेर्न उनीलाई हड्बडाएर दुष्ट त्यो ।
छिटै भित्र पुगी हाल्यो खोपीमा, जुन भव्य थ्यो ॥
वहाँ पुगे पछि त्यल्ले देख्यो दुःखित मन्मन ।
घेरिई राक्षसीद्वारा बसेकी जानकीकन ॥
टपाटप चुहेकाथे अश्रुधारा मुखै भरी ।
दीन खिन्न थिइन् साह्रै त्यो बेला बिचरीबरी ॥
बदलामा शोकको भारी थिइन् पीडित झन् वहाँ ।
डुङ्गा झैं सिन्धुमा डुब्दी पर्दामा बीच आँधिमा ॥
बथान बाट छुट्टेकी सारा कुकुरले मिली ।
घेरिएकी र खेदेकी मृग जस्तै थिइन् बरी ॥
शोककै वशमा पर्दा भई विवश दीन ती ।
झोक्रिएर बसेकी थिन् नीचो मुख गरी अति ॥
पुग्यो यसै अवस्थामा राक्षसेश्वर त्यो वहाँ ।
आफ्नो महल देखायो सीतालाई, मनै विना ॥
देवताहरूकै जस्तो थियो भवन सुन्दर ।
लग्यो गरि जबर्जस्ती भन्यो हेर ! भई स्थिर ॥
वहाँ तीन तले अग्ला धनीका घर सुन्दर ।
शोभिन्थे राजप्रासाद भव्य सात तले स्थिर ॥
तिनमा बस्तथे लाखौं हजारौं रमणीहरू ।
मणि रत्न हुँदा नाना शोभिन्थे बस्तु झन् अरू ॥

१३

१४

थिए चराचुरूङ्गीका यहाँ जाति अनेकन ।
बसी कलरवै गर्थे जहाँ सब हरी मन ॥
मनोहर थिए खम्बा तिनमा बीचबीचमा ।
लम्बरी-सुन-चाँदीका सफा स्फटिकका जहाँ ॥
जडिएका हुँदा हीरा वैदूर्यमणि सम्म ती ।
झल्झलाकार देखिन्थे जो विचित्रै थिए अति ॥
सारा महलमा यस्ता दिव्य दुन्दुभि आदिको ।
मधुरो घोष घन्किन्थ्यो सुनिन्थ्यो अतिस्पष्ट त्यो ॥
लम्बरी सुनका बाक्ला पाता ठोकेर राम्ररी ।
सजिएका थिए खोपी अति राम्रा हुने गरी ॥
भरेङ्का खुड्किला सम्म तिनमा माथि जानमा ।
बनेकाथे सजेकाथे सुनकै भव्यरूपमा ॥
विदेहनन्दिनी साक्षात् देवी सीता सँगै लिई ।
त्यो रावण पुग्यो माथि भरेङ्मा अब त्यै चढी ॥
यहाँ भयाल थिए राम्रा चाँदीका हस्तिदन्तका ।
बनेका सजिएका, जो देखिन्थे अतिभव्य बा ! ॥
राजप्रासादका पंक्ति मिल्दा लहर सुन्दर ।
देखिन्थे सुनकै जाली लाग्नाले झन् मनोहर ॥
तिनमा तल कोठाको भुँइ सुर्की र चून ता ।
ठोकेकोथ्यो, विचित्रैथ्यो जडिंदा मणि-रत्न बा ! ॥
दशैओटा हुने घाँटी त्यसले जानकीकन ।
देखायो सब यी वस्तु आफ्ना महलका पुनः ॥
स-साना पोखरी ठूला दह-तालहरू पनि ।
देखायो जसमा नाना फुल्थे फूलहरू पनि ॥
परन्तु सब यी बस्तु हेर्दामा जानकीकन ।
भित्र दुःख पर्‍यो ठूलो शोकमा मग्न भो मन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

देखाइ यसरी सारा आफ्नो महल उत्तम ।
सीताकन भन्यो फेरि लिइ लोभ्याउने मन ॥
अब लौ सुन ए सीते ! मेरा वश-अधीनमा ।
जम्बा करोड बत्तीस छन् राक्षसहरू यहाँ ॥
बूढा-बालक छन् जत्ति निशाचरहरू यहाँ ।
तिनमा छोडिएकाछन् पर्दैनन् त्यो गनाइमा ॥
डर्लाग्दा काम गर्ने यी सबको छु म नै पति ।
यौटै मेरो हजारौंले सेवा गर्छन् बढी अवि ॥
विशाललोचने सीते ! यो मेरो राज्य जीवन ।
तिम्रै अधीनमा भो है ! गरें मैले समर्पण ॥
प्राण भन्दा पनी ज्यादै प्यारी भइ सक्यौ तिमी ।
मेरो निमित्तमा देउ अब स्वीकृति लौ ! तिमी ॥
भित्र खोपी भरी मेरा पत्नी छन् सुन्दरी निकै ।
मेरी पत्नी तिमी होऊ श्रेष्ठभै तिनमा सबै ॥
तिम्रो हित हुने मेरो भनाई मान यो अब ।
चल्दामा यसको उल्टो के होला र भलो शुभ ? ॥
कामले छु पिरेको म दया गर ममा प्रिये ! ।
मलाइ गर स्वीकार भन हुन्छ ! भनी शुभे ! ॥
सिन्धुले घेरिएको यो लङ्काका राज्यको सुन ! ।
छ चारै पट्टिको देवि ! विस्तार सय योजन ॥
इन्द्रका साथका सारा सुरले असुरादिले ।
यसमा हमला गर्न गाह्रै पर्दछ संझ ए ! ॥
देवता यक्ष गन्धर्व सारा ऋषि-महर्षिमा ।
कुनै छैन, हओस् जो त्यो म जस्तो वीर्यवान् यहाँ ॥
त्यो तिम्रो राम ए सीते ! राज्यै बाट भयो च्युत ।
दीन-दुःखी, तपस्वी छ जो सँधै हिंड्छ पैदल ॥
हुँदा मनुष्य त्यो फेरि छ निकै मन्दतेजको ।
तिमी नै भन के गर्छयौं त्यस्तो सँग नसी अहो ! ॥
तस्मात् अब तिमी सिते ! मैलाइ पति रोज लौ ! ।
तिम्रो योग्य छु मै स्वामी यसो शोच-विचार लौ ! ॥
वेला चढ्दो जवानीको कसैको हुन्न है स्थिर ।
मेरो साथ बसी तस्मात् लौ ! विहार यहाँ गर ॥
राम्रो मुख हुने देवि ! अब त्यो रामपट्टिको ।
विचारै छोड भो ! केही ख्यालै नगर भेट्नुको ॥

४३

४४

के छ तागत, के शक्ति यहाँ आँउन राम त्यो ।
मनको रथमा चढ्दै दौडोस् सक्तैन किन्तु जो ॥
हावालाइ भई आँधि बहन्छ नभमा जब ।
बाँध्न टन्टन डोरीले भन लौ सक्छ को तब ? ॥
अथवा धप्धपाएको ज्वाला निर्मल अग्निको ।
भन यो पनि को सक्छ हातले नै समात्न पो ? ॥
म त देख्तिन क्वै त्यस्तो यो तीनै लोकमा सुन ! ।
रक्षिएकी तिमीलाई लगोस् पौरखले जुन ॥
शोभने ! यस लङ्काको शुभ-राज्य विशाल यो ।
तिमी नै पाल लौ सीते ! यसैमा छ महान् भलो ॥
चराचर जगत् सारा स्वर्गका देवतातक ।
म जस्ता राक्षसै साथ हुनेछन् सब सेवक ॥
अभिषेक लिई हाल त्यसको जलले भिजी ।
गराउ अनि लौ क्रीडा मलाई भित्र ली खुशी ॥
पाप-कर्म गरेकीथ्यौ तिमीले अघि जो जति ।
सब त्यो सकिई हाल्यो वसी वन भए जति ॥
धर्म-कर्म गरेकीथ्यौ तिमीले जति जो अघि ।
त्यसको फल लौ भोग यहाँ बसि अनेक यी ॥
पुष्प-माल्य-सुगन्धादि छन् यहाँ दिव्य उत्तम ।
श्रेष्ठभूषण छन् नाना लौ भोग गर मैसँग ॥
राम्रो नितम्बकी सीते ! चम्किलो सूर्य ठीकको ।
विशाल अति नै राम्रो त्यो पुष्पक-विमान हो ॥
चढ्नेले मनमा इच्छा गरे जस्तै गरी अहो ! ।
यो हिंड्दछ, थियो पैले मेरा दाजु कुवेरको ॥
यसैलाइ जितें मैले जवर्जस्ती गरी त्यसै ।
म साथ चढ लौ सीते ! विहार गर मग्नभै ॥
सफा कमल हो जस्तो देखिने प्रिय सुन्दर ।
मुख शोभिन्न है त्यस्तो भित्र शोक हुँदा स्थिर ॥
दुष्ट रावण भन्दैथ्यो यी कुरा त्यसरी जब ।
टुप्पाले आफ्नु सारीको सीताले छोपिदिइन् मुख ॥
त्यस्तो हो चन्द्रमा जस्तो मुख छोपेर जानकी ।
चुहाई आँसु विस्तारै रोइन् दुःख निकै बढी ॥
त्यसरी शोक बढ्नाले थिइन् अस्वस्थ भैं उनी ।
यता नाशि सकेकोथ्यो चिन्ताले मुखश्री पनि ॥

६०

६१
अब यस्तो अवस्थामा रजनीचर रावण ।
भन्न लाग्यो वहाँ फेरि यी कुरा जानकीकन ॥
विदेहनन्दिनी-सीते ! गर्दा स्वपतित्याग र ।
अर्को पुरुषको अङ्गीकार गर्दा निरन्तर ॥
मैहाल्छु धर्मको लोप भन्ने शङ्का पर्‍यो कि के ।
यसैले लाज भो होला ? छ यस्तो लाज व्यर्थ ए ! ॥
सुन ! तिम्रो तथा मेरो सम्बन्ध जुन हुन्छ यो ।
आर्ष ती धर्मशास्त्रैले समर्थित छ, योग्य हो ॥
तिम्रा कोमल यी चिल्ला पाउमा दुइटै मता ।
हेर ए सुन्दरी सीते ! राख्तोछु दशटाउका ॥
६५

६६
तसर्थ अब भै हाल छिटै खुश मसा तिमी ।
कृपा गर भएँ तिम्रो म दासै, संम्झ यो पनि ॥
पाक्ता कामाग्निले भित्र मैले यस्ता कुरा भनें ।
न पार व्यर्थ यी देवि ! न हुन शून्य त्यसै हुनें ॥
ढोग्ला र यसरी कैल्यै भन लौ ! राक्षसेश्वर ।
तिमी भिन्न अरू स्त्रीको पाउमा राखिँदै शिर ॥
कालको वशमा पर्दा त्यसैले कुक्कुत्याँउदा ।
सीतालाइ भन्यो यत्ति दुष्ट रावणले तदा ॥
मिथिलेश्वरकी छोरी जानकीकन सुन्दरी ।
त्यसले अब ठान्यो बा ! मेरी भइ ! वशै परी ॥
७०

इति पचपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छप्पन्नौं सर्ग

देवी सीताले रावणलाई हकार्नु र त्यसले बाह्र महिनाको म्याद दिनु

१

साह्रै सुकिसकेकी थिइन् बढेको शोकले उनी ।
त्यसले यत्ति भन्दामा भइन् निर्भय नै अनि ॥
तृणको आड राखेर बीचमा दुइ व्यक्तिको ।
सीता अब यसो भन्छिन् दुष्ट रावणलाइ त्यो ॥
सुन् ए ! राजा-दशरथ भै बक्सिन्थ्यो स्वयं सदा ।
न डग्ने कत्ति नै साक्षात् धर्मकै सेतु ठीकका ॥
आफ्नो सत्य-प्रतिज्ञाको निम्तिमा लोकमा उहाँ ।
प्रसिद्ध भइ बक्सिन्थ्यो सबैतिर जहाँ-तहाँ ॥
त्यस्ता नरेन्द्रका छोरा रघुका रत्न रामजी ।
धर्मात्मा भइ बक्सिन्छ ख्यात त्रैलोक्यमा अति ॥
उहाँका बाहु लामा छन् ठूल्ठूला नेत्र छन् उति ।
आराध्य देवता मेरा भइ बक्सिन्छ जो पति ॥
इच्वाकु-कुलमा त्यस्तो भएको शुभ-जन्म छ ।
काँध छन् सिंहकै जस्ता, महान् तेज र शक्ति छ ॥
उहाँ आफैं सवारी भै भाइ लक्ष्मण साथमा ! ।
भुसुक्क पार्दि बक्सिन्छ तेरा प्राणहरू यहाँ ॥
जबर्जस्ती गरी यस्तो अगाडि भइ बक्सिदा ।
दुष्ट राक्षस ! सुन् लौ ए ! हर्दो होस् त मलाइ ता ॥
मर्नेथिस् त्यस वेलामै तँ जनस्थानमै वहाँ ।
पैलेको खर जस्तो भै लड्ने थिस् रण-भूमिमा ॥
जो भनिस् ए ! यहाँ मेरा डलोंदा रूप-कर्मका ।
छन् राक्षस भनी धेरै महान् बल र वीर्यका ॥
मर्दथ्यो यिनको पानी परे श्रीरामको अघि ।
सर्पको विष जस्तो भै पर्दा गरुडको अघि ॥
नदीको भेलले बढ्दो मासेझैं तटका स्थल ।
मार्ने छन् दुष्टलाई यी ताँदोबाट छुटी शर ॥

१३

१४

दुष्ट रावण ! होलास तँ अवश्य, हुन सक्तछ ।
पर्ला मार्न पनी गाह्रो ती सुरासुरले अब ॥
तर सुन् ! वैरता यस्तो मेरा पति सँगै गरी ।
उहाँबाट तँ बाचेर हिंड्न गाह्रै छ राम्ररी ॥
बलीया रघुका रत्न भई बक्सिन्छ रामजी ।
भुसुक्क पार्दि बक्सिन्छ तेरो आयु बचे जति ॥
यज्ञको बीच मौलोमा बाँधेको पशु ठीकको ।
तँ भइस्, बाँच्नु तैंले ता त्यसकै आयु ठीक भो ॥
उहाँले क्रोधले बल्दो हेर्दैमा पनि नेत्रले ।
आजै भस्म हुनेछन् तँ हेर्दाझैं काम रुद्रले ॥
सुन् ए ! छ जसमा शक्ति चन्द्रलाई आकाशका ।
सजीलै यस पृथ्वीमा नष्ट पार्न खसाल्न वा ॥
त्यत्रो सिन्धुकनै सम्म जो सुकाँउन सक्तछ ।
छोड्ला भन्छस् त्यसैले के म सीतालाइ वास्तव ? ॥
तँ यत्ति संझिराख् बात्रै ! तेरा प्राण गए अब ।
गले इन्द्रिय, राज्यश्री उड्यो, नष्ट भयो बल ॥
तैंले कुकर्म वा पाप गर्दा निहुँ भई यहाँ ।
हुने भै त्रिधवा लङ्कापुरी पनि विफ्वाँकमा ॥
पाप कर्म गरिस् जो यो तैंले, त्यल्ले भविष्यमा ।
सुख शान्ति कुनै त्यस्तो हुने छैन यहाँ तँमा ॥
जवर्जस्ती विना इच्छा, मलाई बलले अहो ! ।
हरिल्याइस् यहाँ तैंले छुटाई पतिसाथ जो ॥
मेरा पति महान् तेजी भइ बक्सिन्छ सुन् कुरो ! ।
राज हुन्छ वहाँ आफ्ना भाइ देवर साथ जो ॥
अनकन्टारको त्यस्तो दण्डकारण्यमा तक ।
डरै छैन उहाँलाई हुनाले बल पौरख ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सुन् ए राक्षसको राजा ! तेरो भन्ने छ जो जति ।
युद्धमा पार्दि बक्सिन्छ उहाँले सब त्यो क्षति ॥
तेरो शरीरमा जो छ बल शेखी र विक्रम ।
यो उच्छृङ्खलता सम्म नाशिएला सबै पुनः ॥
प्राणीका नाशको वेला नजीकै जब आँउछ ।
तिनलाई त्यसै ताक कालले कुत्कुत्याँउछ ॥
मृत्युको वशमा पर्दा त्यस्तो व्यक्ति विशेषतः ।
प्रत्येक काममा आफ्नो कुरो बुझ् ! चुक्न थाल्दछ ॥
मलाई यसरी हर्दा सुन् ए अधम-राक्षस ! ।
आयो त्यै काल ठ्याक्क्याक्क शिरमै वज्रिई अब ॥
तेरो, राक्षसको सारा यो अन्तःपुरको तक ।
हुने भुसुक्क वा नाश वेला निकट भो अब ॥
वेदीमा यज्ञशालाका बीचकी अति शोभिंदी ।
द्विजातिहरूका मन्त्रद्वारा शुद्ध पवित्रकी—॥
छ जहाँ स्रुक्-स्रुवा आदि यज्ञमात्र सुशोभित ।
चाण्डाल कहिल्यै खुट्टा राख्न सक्तैन वस्तुतः ॥
छु त्यस्तै, यज्ञवेदीझैं धर्मात्मा प्रभु रामकी ।
बुझिस् ! म धर्मपत्नी हुँ, छु पातिव्रत्यकी सती ॥
तँ चाण्डाल सरीकै होस् महान् पापी पनी हरे ! ।
यसर्थ छुन सक्तैनस् तँ मलाई कसै गरे ॥
राजहंसी सँधै खेल्छे साथमा राजहंसकै ।
पद्मका वनमा राम्रो सुशोभित भई निकै ॥
राजहँसी त्यही भन् तँ ! गै रम्ने झार-पातमा ।
पानीकागतिरै देख्ओस् कसरी दृष्टि त्यै यहाँ ! ॥
चैतन्य सकिए जस्तै यो मेरो देह भै सक्यो ।
गर् जे गर्छस् तँ यल्लाई बाँध् वा काट् लौ खुशी भयो ॥
म यस्तो देहका निम्ति वेवास्ताकी भई सकें ।
अब बाँच्नु पनी व्यर्थ छ मैले, यै लिई सकें ॥
यस भूतलमा तस्मात् सुन् लौ ! ए राक्षसाधम ! ।
हुने कलङ्क वा निन्दा म कुनै काम गर्दिन ॥
भनिन् रावणमा ज्यादै चर्का यस्ता कुरा अनि ।
चूप लागि बसिन् सीता, बोलिनन् पछि क्यै पनि ॥
सिरिङ्ग जिउ नै पार्ने सुनी त्यस्ता कडा कुरा ।
सीता साथ भन्यो त्यल्ले डर देखाँउने कुरा ॥

४३

४४

राम्रो हँसाइको सीते ! लौ सुन् ! अब तँ यो कुरा ।
म बाह्र महिना म्याद दिंदोछु यसमा पुरा ॥
यत्तिभित्र तँ स्वेच्छाले आइनस्, मानिनस् भने ।
तेरो शरीर, यो ज्यान रहने छैन शोभने ! ॥
बिहानीपखको खाने कुरा, दिन मलाइ ता ।
मेरा भान्छेहरू पार्छन् टुक्रा, टुक्रा तँलाइ ता ॥
शत्रुलाई भए जत्ति सक्तथ्यो त्यो रुवाँउन ।
तस्मात् त्यल्ले भन्यो यस्तो चर्को वाक्य उनीकन ॥
झोक्कियो रिसले साह्रै वहाँका राक्षसीकन ।
संझाएर भन्यो फेरि त्यसले राक्षसोत्तम ॥
काँचो मासु त्यसै घिच्ने पिँउने रगतै पनि ।
डर्लाग्दा देखिने साह्रै न राम्रा रूपका धनी- ॥
सुन ए राक्षसी हो लौ ! तिमीहरू मिली अब ।
माशी हाल भए जत्ति शेखी तुजुक यो सब ॥
अनि रावणले यत्ति भन्नासाथ तुरुन्त ती ।
राक्षसीले थिए जत्ति हात जोडे झुकी झुकी ॥
देख्तै अत्यन्त डर्लाग्दा उनले उग्ररूपिणी ।
अघिल्तिर बढी घेरे सीतालाइ यशस्विनी ॥
स्वयं राक्षसको राजा उग्र दर्शनको थियो ।
यताउति यसो घुम्दै हल्लिन्थ्यो, भूमि काँप्तथ्यो ॥
आफ्ना विशाल खुट्टाले धम्म ! धम्म ! गरी गरी ।
पृथ्वी कपाँउदै फेरि भन्न लाग्यो यसो गरी ॥
मिथिलेश्वरकी छोरी जानकीलाइ यो अब ।
अशोक-बाटिकाबीच लगि हाल तिमी सब ॥
चारैतिर भई टन्न घेरी वस्तु वहाँ मिली ।
गर्नु है राम्ररी रक्षा यसको वस्तु कै छिपी ॥
कुरो बुझ ! वहाँ पैले गर्नु गर्जन-तर्जन ।
अनेक डर देखाई वशमा पार्नु लौ सुन ! ॥
संझाउनु परे सम्म राम्रो भन्नु बुझाँउनु ।
सधैझैं जङ्गली ढोई जसरी होस् वशै लिनु ॥
यस्तो रावणको आज्ञा पाँउदा राक्षसी सब ।
अशोक-बाटिकीबीच सीता लिइ गए तब ॥
अशोक-बाटिकामा यो राम्रै राम्रो थियो सब ।
थिए ठूला तथा साना वृक्ष सुन्दर वास्तव ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
चिताएका कुरा माग्दा दिन्थे जो फलरूपमा ।
कल्पवृक्षै थिए त्यस्ता शोभिएका स्वयं त्यहाँ ॥
तिनका साथ साथैमा थिए वृक्ष अनेकन ।
फलले फूलले टम्म भै रहेका मनोरम ॥
यहाँ जो जति थे पक्षी, ती सबै ऋतु-कालमा ।
थिए मद चढे जस्ता बोल्थे, उड्थे जहाँ-तहाँ ॥
६२

६४
यहाँ आए पछी किन्तु जानकीका मनोहर ।
अङ्ग प्रत्यङ्गमा शोक बढ्यो झन् भै असुन्दर ॥
बघिनीहरूले सारा छोपिएकी मृगी सरि ।
भैहालिन् मैथिली देवी राक्षसीका वशै परी ॥
छोरी जनकराजाकी सीताले शान्ति पाइनन् ।
पाशोमा गै फसेकी क्वै हरिणी ठीक जो भइन् ॥
६६

६७
बढ्दिंदा शोक भै त्यस्तो त्यसकै डर पसिंदा ।
जानकी छर्पटाइन् हा ! त्यो आपत् आइ लाग्दिदा ॥
आँखा तथा रूप हुने भयानक ती राक्षसीले त्यसरी मिली सब ।
घेर्दा, हकार्दा उनलाइ वास्तव मिलेन क्यै शान्ति वहाँ पनी तब ॥
ज्यादै पिऱ्यो हा ! भय शोक त्यो बढी पाऱ्यो न राम्रो उनमाथि हर्घडी ।
संझेर प्यारा पतिदेव, देवर भइन् उनी मूर्छित हा ! निरन्तर ॥
६८

इति छपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छप्पन्नौं (प्रक्षिप्त) सर्ग

(कुनै कुनै मूलप्रतिमा यसलाई प्रक्षिप्त मान्दछन् तापनि यसको उल्लेख भएको देखिंदा र उपयुक्त ठहरिंदा यहाँ पनि राखिएकोछ ।(अनुवादक)

भगवान्–ब्रह्माको आज्ञाले देवराज इन्द्रले निद्रा साथै लिई लङ्कामा आएर देवी सीतालाई दिव्य खीर समर्पण गर्नु

१

भए दुक्क निकै ब्रह्मा हुन् जो लोक-पितामह ।
प्रवेश जब लङ्कामा जानकीको भयो शुभ ॥
खुशै थे देवका राजा स्वयं इन्द्र पनी यता ।
भन्दछन् अनि ब्रह्माजी यैवेला उनमा त्यता ॥
हुल्यो लङ्कापुरी भित्र दुष्ट-रावणले हरे ! ।
ती देवी जानकीलाई थापायौ देवराज ! के ॥
भैगो ! लौ वेस भो ! यल्ले हुन्छ त्रैलोक्यकै भलो ।
दुष्ट राक्षस छन् जत्ति माशिन्छन् अब योग्य भो ॥
सीता हुर्के-बढेकी हुन् पाई नित्य सुखै-सुख ।
पाल्छिन् पतिव्रता-धर्म छ महान् भाग्य यै शुभ ॥
पति-दर्शन पाँउन्नन् यस ताक उनी यता ।
राक्षसीहरुले घेर्छन् तिनै देखिछन् जतातता ॥
उनी छर्पटिएकी छन् पति-दर्शन पाँउन ।
घेरिंदा राक्षसीबाट भोग्छिन् कष्ट मनै मन ॥
लङ्कापुरी सुशोभिन्छे समुद्र-तट मास्तिर ।
जानकी छन् सती-साध्वी देवेन्द्र ! अति अस्थिर ॥
ककुत्स्थ-कुलका रत्न रघुका कुलका मणि ।
रामले पाँउने पत्तो यसको के गरेर नि ! ॥
दुःखमा डुब्दछिन् सीता, चिन्ता गर्छिन् अनेकन ।
भइन् दुर्लभ नै आफ्ना पतिकै निम्तिमा जुन ॥
पिउँछिन् क्यै न क्यै खान्छिन् प्राण बच्नै छ मुस्किल ।
प्राण छोड्छिन् कि आफैं पो कुन्नि ! है, हुन्छ संशय ॥
उड्दिए प्राण सीताको हाम्रो उद्देश्य-सिद्धिमा ।
संदेह पहिले जस्तै आइ लाग्नेछ है ! यहाँ ॥

१२

१३

यसअर्थ तिमी बाबु ! गरी अब निकै छिटो ।
पस लङ्कापुरी भित्रै गर काम हुने भलो ॥
सुमुखी सुन्दरी देवी जानकीलाइ भेट र ।
हविष्य खान टक्र्याऊ जो होस् श्रेष्ठ र सुन्दर ॥
ब्रह्माले यत्ति भन्दामा पाकशासन इन्द्र ती ।
निद्रा साथ लिए लङ्कापुरी भित्र पसे पछि ॥
निद्रालाइ उनी भन्छन् वहाँ आइ पुगे पछि ।
"निद्रे ! लौ मोहितै पार तिमी राक्षसलाइ यी" ॥
इन्द्रको पाइ यो आज्ञा देवी निद्रा भइन् खुश ।
देवको काम त्यो सक्न पारिन् निद्रित राक्षस ॥
शचीका पति देवेन्द्र मौका छोपी यहीं गए ।
त्यो अशोक-बगैंचामा बस्ती सीतासँगै भने ॥
शुद्ध हाँसो हुने देवि ! भलो होस् है ! हजूरको ।
देवराज म हूँ इन्द्र आएँ चरणबीच जो ॥
महान् आत्मा हुने साक्षात् रामको कार्य-सिद्धिको ।
निम्ति मद्दत क्यै गर्छु, लिनु पर्दैन शोक भो ! ॥
बल तेज म थप्नेछु यसले सैन्य साथमा ।
सजीलै तरि ब्रक्सेला सिन्धु, राम स्वयं वहाँ ॥
कल्याणरूपिणी देवि ! यता यी सब राक्षसी ।
बनाएकोछु मैले नै मायाले मस्त वेसरी ॥
तस्मात् खवाँउनको निम्ति हविष्यान्न पवित्र यो ।
उपस्थित भएकोछु, म सम्बन्धी छ दिव्य जो ॥
विदेहनन्दिनी सीते ! छन् मेरा साथमा यहाँ ।
देवी निद्रा पनी देवि ! आएकी कार्य-सिद्धिमा ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

२५

शुभे ! यो अन्न खाएमा जुन श्रेष्ठ पवित्र छ ।
पिर्दैन भोक-तिर्खाले हजारौं बर्ष सम्म त ॥
भन्दा देवेन्द्रले यत्ति जानकीलाइ तत्क्षण ।
भित्र शङ्का परी हाल्यो भनिन् अनि उनीकन ॥
शचीका पति देवेन्द्र स्वयं पाल्नु भयो यहाँ ।
भन्ने कुरो म पत्याँऊ कसरी, भन्नुहोस् ममा ॥
देवताहरुमा हुन्छन् जो जो चिन्ह र लक्षण ।
देखेंथें अघि साथैमा हुँदा श्रीराम लक्ष्मण ॥
साक्षात् तपाँई देवेन्द्र भए देखि यथार्थमा ।
आफ्ना लक्षण छन् जो जो लौ ! देखाँउनुहोस् यहाँ ॥
सीताका यी कुरा सुन्दा शचीपति सुरेन्द्रले ।
चिन्ह लक्षण इत्यादि देखाए जति आफ्नु थे ॥
गरेनन् भूमिको स्पर्श इन्द्रले आफ्नु पाउले ।
आकाशमा निराधार उभिए ठिङ्ग भै रहे ॥
झिम्किएनन् कुनै आँखा देवराज सुरेन्द्रका ।
कत्ति धूलो न लागेका देखाए वस्त्र झन् सफा ॥
उनले पैह्रिएकाथे कण्ठमा पुष्प-माल्य जो ।
त्यसका फूल वा गुच्छा थिएनन् ओइलाँउदो ॥
देवमा हुनु पर्ने हुन् जत्ति लक्षण चिन्ह यी ।
सीताले तिनले ताडिन् भइन् पछि निकै खुशी ॥

३४

३५

लक्ष्मी कीर्ति र विद्यादि सम्पन्न प्रभु रामको ।
लिई विषय लागिन् ती रुँदै भन्न, अनी यसो ॥
देवराज ! यही मेरो निम्ति भो भाग्यको कुरो ।
भाईका साथमा साक्षात् रामको सुन्छु नाम जो ॥
पूज्य मेरा दशरथ-राजा श्वशुर जत्तिको ।
भै बक्सिन्छ बुबा-राजा-मिथिलेश्वर जत्तिको ॥
त्यत्तिकै र त्यही ठीक हुनु भो देख्छु आज ए ! ।
सनाथ भइ बक्स्यो बा ! मेरा पति तपाँइले ॥
दिनुहोस् हुन्छ देवेन्द्र ! हविष्यान्न रहेछ यो ।
गाईको दुधलेमात्र बन्यो शुद्ध पवित्र जो ॥
पाई तपाँइको आज्ञा दिए पछि तपाँइले ।
हुन्छ खान्छु, बढाओस् यो रघुको कुल कीर्तिले ॥
छोडी निछल क्यै हाँसो जानकीले स्वयं झुकी ।
लिइन् पायस त्यो दिव्य इन्द्रका हात बाट ती ॥
उनले पहिले आफ्ना पति-देवरमा दुवै ।
श्रद्धाले मनले आफ्नो टक्याँइन् र भनिन् यसै ॥
महान् बल हुने मेरा पतिदेव स्वभाइको ।
साथ जीवित भैबक्से, लागोस् यो प्रेमले बडो ॥
सर्वाङ्गसुन्दरी देवी जानकीले भनिन् यति ।
पछि बाट स्वयं खाइन् दिव्य पायस त्यो हवि ॥

४४

४५

खाइन् यसोरी जब शुद्ध त्यो हवि छुटे उनीका अब भोक प्यास यी ।
श्रीरामको लक्ष्मणको पनी सब पाएर पत्तो मन भो निकै खुश ॥
निद्रा लिई साथ सुरेन्द्रले तब मागे विदा जान्छु भनी उनीसित ।
श्रीरामको कार्य समस्त सक्न त्यो गए अनी स्वर्गतिरै भई छिटो ॥

४६

इति छपन्नौं (प्रक्षिप्त) सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सन्ताउन्नौं सर्ग

श्रीरामले अपशकुन देख्नु र भाई लक्ष्मणलाई भेट्नु

१

यता श्रीरामले मारे रूप इच्छा सरी लिने ।
दुष्ट राक्षस मारीच, जो थियो मृग त्यो हुने ॥
फर्किए अनि श्रीराम आफ्नो आश्रम आँइने ।
बाटोतिर, सकी काम वहाँको, भै छिटो हुने ॥
चाँड्चाँडो पाइला सार्दै हेर्न श्रीजानकीकन ।
राम फर्कि रहेकाथे आफ्नो आश्रममा पुनः ॥
अब ठीक यसैबेला रामको भै पछिल्तिर ।
चिच्यायो श्याल पो यौटा डरलाग्दो झिकी स्वर ॥
त्यसको स्वर त्यो सुन्दा उनको मनमा स्वतः ।
भित्र चीसो परी हाल्यो भए श्रीराम शङ्कित ॥
सिरिङ्ग जिउ पार्ने र डर्लाग्ने स्वर हो ! भनी ।
ठमाए वा ! अनी लागे चिन्ता गर्न गमी उनी ॥
अहो ! श्याल करायो यो जसरी जुन ढङ्गले ।
यसले अशुभै केही वहाँ भो सरि लाग्छ ए ! ॥
सीता आश्रममा आफ्नो के होलिन् त मजैसित ? ।
क्रूर राक्षसले ओहो ! मिली खाइसके कि त ? ॥
दुष्ट मारीचले मेरो स्वरै जस्तो झिकी स्वर ।
त्यस्तो गुहार माग्यो जो, माग्यो जानेर भै स्थिर ॥
उद्देश्य त्यसको होला त्यो कराई उतातिर ।
सुनुन् लक्ष्मणले भन्ने, पार्दियो भित्र अस्थिर ॥
प्रियपुत्र सुमित्राका भाइ लक्ष्मणले हरे ! ।
के संझे स्वर सुन्दा त्यो, गरे होलान् विचार के ? ॥
यतैतिर पठाइन् कि जानकीले छ वेर के ? ।
एक्ली छोडी उनीलाई हिंडे होलान् छिटै हरे ! ॥
छन् राक्षस वहाँ जत्ति मिली अन्योन्यमा सब ।
सोच्दछन् जानकीलाई मार्न नै, छैन संशय ॥

१३

१४

यही उद्देश्यले त्यस्तो भै स्वर्णमृग सुन्दर ।
मलाई आश्रमैबाट लग्यो मारीचले पर ॥
रोपिंदा बाण गै मेरो मरें लक्ष्मण ! हा ! भनी ।
जो करायो, त्यसैभित्र देखिन्थ्यो लक्ष्य त्यो पनि ॥
वनमा दुइटै भाई हामीले छोड्दिंदा अनि ।
कसरी बस्न सक्लिन् र होलिन् सानन्द के उनी ? ॥
मरे राक्षसका फौज त्यै जनस्थानमा अघि ।
गर्छन् अझ बचे जत्ति विरोध म सँगै अति ॥
देखा परि रहेकाछन् यता आज ममा पुनः ।
शङ्का पर्ने र डर्लाग्दा नाना अशुभ लक्षण ॥
सुन्दा श्याल कराएको यस्तो चिन्ता गरी निकै ।
फर्के आश्रममा राम मनमा धैर्य ली छिटै ॥
मृगरूप धरी त्यस्तो दुष्ट राक्षसले अहो ! ।
मलाई आश्रमैबाट कसरी पर लग्दियो ? ॥
विचार घटनामा त्यै गरी गरी अनेकन ।
जनस्थानतिरै आए राम शङ्कित ली मन ॥
धर्मात्मा रामको त्यस्तो मन दुःखी थियो निकै ।
भै दिंदा घटना यस्तो दीन, खिन्न थिए त्यसै ॥
फेरि यस्तै अवस्थामा पक्षी र पशु जङ्गली ।
वहाँ चिच्याँउनै लागे झन् डर्लाग्दो स्वरै झिकी ॥
महान् आत्मा हुने राम हेर्दैथे छिनमै तव ।
बाँयेपट्टि परी हाले दौड्दै चिच्याँउदै सब ॥
यस्ता अत्यन्त डर्लाग्दा देखी शकुन, लक्षण ।
भई साह्रै छिटो फर्के राम आश्रममा पुनः ॥
आँउदा बीच बाटोमा देखे लक्ष्मणलाइ ता ।
थिए आइरहेका जो आफैंतिर, उदास हा ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मुख फुस्रो थियो ज्यादै त्यसै निस्तेज थे उनी ।
भेटे नजीक आएर राम-दाजुकनै अनि ॥
विषण्ण खिन्न श्रीराम स्वयं दुःखी थिए अति ।
यता भाई थिए त्यस्तै, भित्र दुःख विषाद ली ॥
त्यो घोर वनमा सारा थुप्रैका राक्षसैहरू ।
छोडी सीताकनै एक्ली आँउथे यी लुरुलुरू ॥
अब यस्ता उनीलाई देख्तैमा प्रभु-रामले ।
प्रिय-भाई थिए जो ती निन्दा गर्नै पर्‍यो, गरे ॥
समाते बाहुले आफ्नो उनको वाम-बाहुली ।
अनि राम भए आर्त भए पनि महाबली ॥
पहिले क्यै न राम्रोमैं भनी अल्लि कडा कुरा ।
पछिबाट भने यस्तो मीठो र मधुरो कुरा ॥
ओहो! यो के गर्‍यौ बावु! न राम्रै पो भयो कि के ? ।
जो आयौ त्यसरी एक्ली सीतालाई त्यजी हरे ! ॥
राम्रो स्वभावका बावु ! तिमी नै भन लौ अब ।
वहाँ होलिन् त के सीता कुशली क्षेमपूर्वक ? ॥

३४

३५

म त ठान्दछु है यस्तो वहाँ जनकनन्दिनी ।
छैनन् पक्कै पनी वीर ! ठोकुवै मान्छु यो पनि ॥
सारा राक्षस छन् दुष्ट वनमा घुम्दछन् हरे ! ।
पारे नष्ट उनीलाई, कि त मारी घिची सके ? ॥
किन यस्तो भनेको हुँ भनौला सुन लक्ष्मण ! ।
म जो वरिपरी देख्छु नाना अशुभ लक्षण ॥
पुरुषश्रेष्ठ ए बावु ! के हामीहरू गै वहाँ ।
देखौंला जानकीलाई बाँचेकी स्थित शान्तिमा ? ॥
हुँन् ती जनकराजाकी स्नेह-पात्र प्रिया सुता ।
भन बावु ! वहाँ होला उनमा सुख-शान्ति ता ॥
ए महान् बलका भाई ! मृग यी हूल-हूल भै ।
ममा सूचन गर्दैछन् भनी अशुभ हुन्छ है ! ॥
हेर बावु ! उतापट्टि झिकी स्वर भयङ्कर ।
कराँउदोछ ऊ ! श्याल, पर्छ है मनमा डर ॥
यी पक्षी रुखमा बस्तै न राम्रै गरि बास्तछन् ।
हेर ! आठै दिशा बावु ! बल्दछन् सरि धप्प छन् ॥

४२

४३

यस हालतमा सक्छौ सजिलै गर्न अड्कल ।
होलिन् कुशल नै सीता भन्न ता पर्छ मुस्किल ॥
मारीच त्यो राक्षसले मलाई धरेर त्यस्तो मृगझैं शरीर ।
लोभ्याँउदै हा ! अतिदूर सम्म लगी दियो, सम्झिइ बढ्छ पीर ॥
गरें निकै यत्न उपाय मैले त्यल्लाई मारें पछि बल्ल-तल्ल ।
मर्दा न मर्दा अनि दुष्टता त्यो भई गयो राक्षस, झल्लमल्ल ॥
तसर्थ मेरो मन नै मर्‍यो यो भयो निकै खिन्न, छ दीन यस्तो ।
यो नेत्र बाँयैतिर फुर्छ ओहो ! विकार झन् बढ्छ कुलक्षणै हो ! ॥
छैनन् वहाँ आश्रमबीच सीता सम्झन्छु यस्तै म, यही छ पक्का ।
कि मारिइन् ती, कि हरी लग्यो हा ! होलिन् कसैको कित मार्गमा बा ॥

४७

इति सन्ताउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अन्ठाउन्नौं सर्ग

बाटाभरी तर्क-वितर्क गर्दै श्रीराम आश्रममा आइपुग्नु र वहाँ सीतालाई नपाउँदा दुःखी हुनु

१

सीतालाइ न ली एक्लै आएका खिन्न, दीन ती ।
भाई लक्ष्मणमा सोध्छन् धर्मात्मा राजपुत्र यी ॥
भन लौ अब ए बाबु ! दण्डकारण्यमा यता ।
एक्लो आँउन लाग्दा म लागेकी पछि सर्वथा- ॥
राजा जनकको छोरी सीता छन् अहिले कहाँ ।
जसलाइ तिमी एक्ली छोडी आयौ स्वयं यहाँ ? ॥
राज्यैवाट भई भ्रष्ट दीन-हीन बनी हरे ! ।
दण्डकारण्य घुम्दोछु यसरी म विक्वाँक ए ! ॥
मेरो यस्तो अवस्थामा दुःखमा पनि मद्दत ।
दिन्थिन् पेट छिनेकी ती जानकी भन खोइ त ? ॥
बुझ्यौ ! न भइ जो साथ म ता दुइ घडीतक ।
टिक्नै सक्तिनथें, गाह्रै पर्दथ्यो बाँच्न सम्म त ॥
ती मेरी प्राणकै साथी देवकन्या-समानकी ? ।
उनी हुन् थति नै प्यारी, छन् कहाँ भन जानकी ? ॥
मलाई सुन ! चाहिन्न क्यै कुरो उनले विना ।
पगालेको सुनै जस्तो जसको वर्ण थ्यो यहाँ ॥
राज्य सम्पूर्ण पृथ्वीको पाए पनि म लिन्न भो ! ।
साथ सीता न भै छुन्न देवको पनि राज्य त्यो ॥
भन लौ वीर ए भाई ! के होलिन् जिउँदै उनी ? ।
प्राण भन्दा पनी प्यारी मेरो निम्ति थिइन् उनी ॥
यसरी वन आएको जुन मेरो थियो व्रत ।
अब के व्यर्थ होला त्यो सीता नष्ट हुँदा स्वतः ? ॥
सुमित्रा-प्रिय ए बाबु ! जानकी नाशिइन् भने ।
पक्कै म पनि मर्नेछु, ठाम के छ र बाँचिने ? ॥
तिमी एक्लै अयोध्यामा फर्किनेछौ अनी वहाँ ।
कैकेयी भइ वक्सेला पुगेकी सब कामना ॥

१३

१४

राम्रो स्वभावका बाबु ! भन यो पनि लौ ममा ।
यौटै सन्तानको छोरो म स्वयं मर्दिदा यहाँ ॥
मेरी मुमा महारानी कौसल्याको दशा कुन ।
हुनेछ ? भइ बक्सिन्छ जोगिनी सरिकी जुन ॥
के उहाँ गइ बक्सेला सेवामा महिषी मुमा ।
कैकेयीको ? जहाँ पुत्र, राज्य साथै छ कामना ॥
जिउँदै छन् भनेमात्र विदेहनृपकी सुता ।
म त्यो आश्रममा पस्छु, नत्र पस्तिन है म ता ॥
भए मरी सकेकी हा ! सच्चरित्र हुने उनी ।
बाबु लक्ष्मण ! त्यागिदिन्छु म आफ्ना प्राण यी पनि ॥
भन बाबु ! तिमी यत्ति सीता छन् कि मरी सकिन् ? ।
तिमी चुक्ता कि ती देवी दुष्टले घिचिई सकिन् ? ॥
अत्यन्त सुकुमारी हुन्, सोझी हुन् जानकी सती ।
वनका वासको दुःख भोगेकी थिइनन् अघि ॥
पर्दा वियोग मैसाथ यसरी आज ती सती ।
अवश्यै शोक गर्दी हुन् दुःख ली, खिन्न भै अति ॥
त्यो राक्षस दुरात्मा हो साक्षात् कुटिलरूपको ।
त्यल्ले स्वर झिकी ऊँचो भन्यो लक्ष्मण हा ! यसो ॥
त्यस्तो गुहार सुन्दामा यो तिम्रो मनमा पुनः ।
राम्रै डर पऱ्यो होला कसो होइन लौ भन ? ॥
सुनिन् के भन सीताले पनि त्यो दुष्टको स्वर ? ।
लोली मिलाइ बोलीमा भन्यो मेरै झिकी स्वर ॥
हो ! सुनिन् ! अनि ती काँपिन्, भनिन् जाउ तिमीकन ।
आयौ तिमी पनी दौड्दै तब पो खोज्न मैकन ॥
भैगो लौ ! तर यो संझ बडो दुःख हुने कुरो ।
गऱ्यौ बाबु ! वहाँ एक्ली छोड्दियौ उनलाइ जो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

गर्ने कुकर्म डर्लागदा क्रूर राक्षसलाइ नै ।
साटो फेर्ने दियौ मौका, भो तिमी बाट यत्ति नै ॥
बुझ्यौ ! अघि यहाँ मैले मार्दिदा खरलाइ त ।
काँचै मासु घिचाहा ती थिए राक्षस दुःखित ॥
अब ती दुष्टले सारा सीता जनकनन्दिनी ।
पक्कै मारि सके होलान्, छैन सन्देह क्यै पनि ॥

२६

३०

शत्रुनाशक ए बाबु ! ठूलै दुःख-समुद्रमा ।
म ता डुबिसकें सोह्रै आना अब त्यसै यहाँ ॥
यस्तै प्रकारको कष्ट पक्कै भोग्नु छ, ठान्छु यो ।
स्थिति यस्तै प¬यो मैले गर्ने हो अब के कसो ? ॥
लिई विषय सीताकै चिन्ता गर्दै अनेक यी ।
छिटै आए जनस्थान राम लक्ष्मण साथ ली ॥

३२

३३

आक्षेप गर्दै प्रिय भाइलाई दुःखी थिए जो अति भित्र हाई ! ।
आए उनी आश्रमको नजीकै देखे परै बाट, छ शून्य रित्तै ॥
वेलाविषे त्यो श्रमले पिरेर तिर्खा तथा भोक पनी बढेर ।
श्रीरामको थ्यो मुख त्यो सुकेको ख्वाँ ! ख्वाँ !! बढेको अतिखिन्न फुस्रो ॥
छिटै गई आश्रम भित्र हेर्दा थिएन कोही, सब शून्य थ्यो हा ! ।
घुम्ने र डुल्ने जति ठाम ठाम यी वीरले खोजि गरे तमाम ॥
क्रीडा उनी साथ यहीं वसेर मैले गरेथें अघि घेर फेर ।
यस्तै कुराको स्मृति भो उनीमा रोमाञ्च भो ओह ! जिवैभरीमा ॥

३६

इति अन्ठाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्साठी सर्ग

बाटाभरी श्रीरामले लक्ष्मणसँग कुरा सोध्दै आँउनु र लक्ष्मणले भएको घटना विन्ती गर्नु

१

मानी भनाइ सीताको अधि आश्रम बाट त्यो ।
ती आफैँतिर आएका भाइ लक्ष्मणमा यसो – ॥
भन्न लागे स्वयं राम भित्र दुःख बढी निकै ।
वहाँ जो जो भएकोथ्यो घटना, सोधि त्यो सबै ॥
जब मैले तिमीमाथि त्यत्रो विश्वास लीकन ।
दुक्क भै छोडि-आएँथे त्यसरी जानकीकन ॥
भन त्यस्तो अवस्थामा एक्लै छोडी उनीकन ।
यहाँ किन तिमी आयौं ? भए हेतु, छ कें भन ? ॥
मिथिलेश्वरकी छोरी सीतालाइ यहाँ त्यजी ।
देख्दा मतिर आएको तिमीलाइ वहाँ अधि ॥
परीगो मनमा शङ्का, पिरिएँ म भएँ दुखी ।
ठूलै अनिष्ट भो सम्भें, अैले सत्य भयो हकि ? ॥
त्यत्ति टाढा तिमीलाई पुगेका जानकी विना ।
देख्दामा बीच बाटोमा म भएँ खिन्न नै वहाँ ॥
मेरो यो मुटु हल्लिन्थ्यो त्यो वेला भइ थर्थर ।
फर्र फर्र गरी फुर्थ्यो बायाँ नेत्र तथा कर ॥
दुःखले भित्र पाकेका रामले यसरी जब ।
सोधिए ती सुमित्राका प्रिय छोरा स्वयं तब- ॥
भन्न लागे थिए जो यी शुभलक्षण लक्ष्मण ।
राम-दाजुकनै बल्ल दुःखी भई मनै-मन ॥
पूज्य दाजु ! म स्वेच्छाले आएको पनि होइन ।
छोडेकै हुँ न ता मैले मेरी मान्य उहाँकन ॥
भनी उग्र कडा वाक्य उहाँले प्रेरणा गरी ।
पठाइ बक्सिएकोले आएँ अनि सरासरी ॥
साक्षात् हजूरकै जस्तो कसैको सुनियो स्वर ।
हा लक्ष्मण ! तथा सीते ! मरें ! अब बचाउ ल! ॥
१३

१४
मिथिलेश्वरकी छोरी उहाँले पनि राम्ररी ।
पूज्य दाजु ! सुनी बक्सयो त्यो अवाज न राम्ररी ॥
त्यो आर्तनाद सुन्दामा अकस्मात् त्यसरी वहाँ ।
सीता भाउजु भै बक्सयो भय-व्याकुल चित्तमा ॥
प्रभुको स्नेह बढ्नाले उहाँले मकनै अनि ।
जा ! छिटो जा ! भनी बक्सयो रोएरै भइ दुःखिनी ॥
मलाई भनि बक्सिन्थ्यो जा ! जा ! भनि निरन्तर ।
उहाँमा पार्न विश्वास भनें मैले यसो तव ॥
पूज्य भाउजु ! क्वै त्यस्तो म त देख्तिन राक्षस ।
श्रीराम-दाजुमा देवि ! डर जो पार्न सक्तछ ॥
हजूर शान्त भै बक्स्योस् ! स्वर होइन दाजुको ।
हो कसैले भनेको यो मिलाइ स्वर दाजुको ॥
सम्पूर्ण देवतालाई गर्न रक्षण वास्तव ।
समर्थ भइ बक्सिन्छ मेरा दाजु स्वयं जव ॥
यसरी भनि बक्सेला ? उहाँ नै त्यो कुरा अनि ।
नीच काँतरको जस्तो लौ बचाओ ! भनी भनी ॥
अर्कै पुरुषले कोही तुच्छ उद्देश्य ली कुनै ।
भनेको हो फिकी बोली दाजुकैठीक तुल्य नै ॥
हा लक्ष्मण ! बचाऊ लौ मलाई, स्वर यो जुन ।
भनिएकोछ त्यो पक्कै दाजुको म त मान्दिन ॥
शोभने! लौ सुनी बक्स्योस् आत्तियो,डर जो पऱ्यो ।
लौ बचाओ !भनी त्यल्ले पछि भन्नु पऱ्यो, भन्यो ॥
पीर मान्नु हुँदैहुन्न अब भाउजुले कति ।
ती तल्ला खालका स्त्री नै मान्छन् यस्तो परे, अति ॥
लौ यो व्याकुलता छोडी भै बक्स्योस् स्वस्थ,शान्त र ।
चिन्त्वा पन्छाइ दी बक्स्योस् ,भै बक्स्योस् अब सुस्थिर॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्यस्तो पुरुष जन्मेकै छैन त्रैलोक्यमा कुनै ।
न होला, न छ, जो सक्ला जित्न वा दाजुलाइ नै ॥
अजेय भइ बक्सिन्छ रणमा दाजु रामजी ।
कसैले जित्न सक्तैनन् मिलुन् इन्द्रादि देव ती ॥
विदेहराजकी छोरी वहाँको चेतना अव ।
मोहले व्याप्त भै हाल्यो मैले त्यत्ति भनें जब ॥
धर्धरै रोइ बक्स्यो हा ! आँसु छोडेर बर्बर ।
भनि बक्स्यो ममा यस्तो कुरा उग्र असुन्दर ॥
सुन् ए लक्ष्मण ! त्यो तेरो मनमा पाप खेल्दछ ।
ममाथि भाव यो तैंले लिनु साह्रै अयोग्य छ ॥
के संझन्छस् ? विते दाजु ! ठान्छस् के पाँउला भनि ।
तँ किन्तु पाँउने छैनस् मलाई कहिले पनि ॥
तैंले भरतको पाइस् इशारा, अनि स्वार्थ यो ।
पूरा गर्न यता लागिस्, निहुँ भो स्नेह दाजुको ॥
यसैले त यहाँ यस्तो भै सक्ता पनि जोडले ।
कराएता पनी जान्नस् श्रीरामतिर जो हरे ! ॥
होस् तँ शत्रु लुकी बस्ने, पछि हिंड्ने म पाँउन ।
खोज्छस् श्रीरामको छिद्र, जान्नस् यस्तो हुँदा जुन ॥
सीता-भाउजुले यत्ति भन्दामा पूज्य-दाजु म ।
वहाँ निकै रिसाएँ हो ! भएछन् लाल लोचन ॥

३६

३७

फर्फराए दुवै ओठ क्रोधले भो असह्य र ।
छिटै आश्रम छोडेर हिंडीहालें सरासर ॥
सुन्दा लक्ष्मणका यस्तो कुरा श्रीराममा अब ।
भित्र पीर पऱ्यो साह्रै भए मोहित वास्तव ॥
पछि बाट भने यस्तो उनले भाइलाइ ती ।
सीता छोडी यता लाग्नु यै न राम्रो गऱ्यौ अति ॥
तिमी ता जान्दथ्यौ राम्रै दुष्ट राक्षसलाइ यी ।
भुसुक्क पार्न सक्नेछ दाजु, भन्ने कुरो यति ॥
किन आयौ तिमी फेरि जानकीका कुरा सुनी ।
उत्तेजित भई त्यस्तो झोक्किएर भनिन् भनी ? ॥
छोरी जनकराजाकी सीतालाई त्यजी वहाँ ।
जो आयौ यसमा बाबु ! छैन तुष्ट म ता यहाँ ॥
रिसाएर हुने चूर स्त्रीका त्यस्ता कडा कुरा ।
सुन्यौ किन ? तिमी आयौ छोडेर उनलाइ हा ! ॥
सीताको प्रेरणा पर्दा क्रोधको वशमा पऱ्यौ ।
मेरो आदेश पालेनौ लौ, अन्याय यही गऱ्यौ ॥
मृगरूप धरी जल्ले सुन ! आश्रम बाट यो ।
थियो टाढै पुऱ्याएको मलाई अब हेर त्यो ! ॥
छोड्दिंदा एउटै बाण भो खुत्रुक्क र अन्तमा ।
भै राक्षस लडेको छ त्यसरी पर भूमिमा ॥

४६

४७

राखेर पैले शर आफ्नु त्यो धनु खिंचेर मैले पछि बाबु ! के भनुँ ? ।
हेलै गरी छोडि दिएँ वहाँ जब ठ्याक्क्याक्क लाग्यो त्यसलाइ नै तब ॥
तुरुन्त छोड्यो मृगको शरीर त्यो थियो लिएको जुन दुष्टले अहो ! ।
भयो अनी राक्षस पो भयङ्कर बाजू खुलेको अति, -लर्बर स्वर ॥
बज्रे पछी ता शर गै शरीरमा भो आर्त त्यो दुष्ट स्वयं निकै वहाँ ।
कराइ हाल्यो अनि ता भनी त्यसो स्पष्टै सुनिंथ्यो अतिदूर सम्म जो ॥
हो ! ठिक्क मेरै सरिको झिक्यो स्वर भन्यो न राम्रै जुन पार्दथ्यो डर ।
आयौ तिमी बाबु ! त्यही सुनी यहाँ छोडेर एक्ली उनलाइ हा ! वहाँ ॥

५०

इति उनान्साठी सर्ग

साठी सर्ग

श्रीराम र लक्ष्मणले सीतालाई खोज्नु र नपाँउदा बौलाहा जस्तो भएर घुम्नु

१

आफ्नो आश्रममा फर्की आँउदा अब रामको ।
त्यो बाँया नेत्रको तल्लो भाग फर्र ! गरी फुर्‍यो ॥
हिंड्दा हिंड्दै यता फेरि लर्खराइ लडे उनी ।
रामको देह सम्पूर्ण काँपिहाल्यो त्यसै पनि ॥
यस्ता प्रकारका नाना अनिष्ट र कुलक्षण ।
लगातार वहाँ देखे रामले रघुनन्दन ॥
अकस्मात् निस्कियो बोली अनि श्रीमुखबाट त्यो ।
होला जनककी छोरी सीताको के वहाँ भलो ? ॥
देख्न भेट्न उनीलाई उत्कण्ठित भई निकै ।
आए आश्रममा आफ्नो अनि राम गरी छिटै ॥
देख्ना साथ वहाँ शून्य आफ्नु आश्रम वा कुटी ।
रामलाई परी हाल्यो भुट्भुटी भित्र छर्पटी ॥
घुमे सर्वतिरै राम हड्बडाएर वेगले ।
हाव-खुट्टै पछारे बा ! भए उन्मत्तझैं हरे ! ॥
जहाँ तहीं बनेकाथे पर्णशाला तथा कुटी ।
एक एक गरी हेरे, खोजे सबतिरै पुगी ॥
परन्तु थिइनन् सीता थियो शून्य जहाँतहाँ ।
भएझैं ध्वस्त, श्रीहीन पद्मिनी मार्ग—पौषमा ॥
आश्रम—स्थान त्यो सारा झुलेका वृक्षले गरी ।
देखिन्थ्यो रुन्छ जस्तै पो सीताको शून्यता सरी ॥
ओइलाइसकेकाथे उनका फल—फूल ती ।
झोक्रिएर बसेकाथे पशु—पक्षी भए जति ॥
भै सकेको थियो नष्ट शोभा आश्रमको सब ।
गै सकेका थिए छोडी वनका देवतातक ॥
छ्यान्नब्यान्न भएकाथे मृगचर्म तथा कुश ।
अस्तव्यस्त भएकाथे कुशका आसनी सब ॥

१३

१४

देख्ता यस्तो अवस्थाका पर्णशाला तथा कुटी ।
लागे विलाप्न श्रीराम भै निरन्तर भुट्भुटी ॥
हरे ! ती जानकीलाई कसैले पो हर्‍यो किता ? ।
अथवा उनको मृत्यु अकस्मात् भै गयो कि वा ? ॥
हराइन् कि त्यसै देवी विलाइन् कि त्यसै कि त ? ।
यहाँ राक्षस आई क्वै खायो कि उनलाइ त ? ॥
कहीं गइ लुकिन् पो कि ? जो डराँउदथिन् अति ।
वनभित्र पसेकी छन् फल-फूल लिनै कि ती ? ॥
हुन सक्तछ ! गै होलिन् फल-फूल लिनै उनी ।
पोखरी वा नदीमा पो गइन् पानी लिनै उनी ? ॥
गर्नसम्म गरी यत्न खोजे श्रीरामले पुनः ।
सारा वनभरी किन्तु पाएनन् जानकीकन ॥
राता राता भए आँखा रिसले उनका अब ।
देखिए यो अवस्थामा राम पागलझैं तब ॥
पुगी रुखतिरै यौटा पुग्थे अर्कोतिरै उनी ।
नदी र नदमा झुक्थे, कुद्थे डाँडैभरी घुमी ॥
शोकका रूपको ठूलो धापमा गढ्दथे उनी ।
विलाप्तै रुख साथै पो सोध्न लागे यसो भनी ॥
ए कदम्ब ! तिमीले के देख्यौ ती जानकीकन ? ।
जो तिम्रो फूल देख्ता नै दङ्ग पर्थिन् मनै-मन ॥
तिमीलाइ छ क्यै पत्तो जान्दछौ क्यै तिमी भने ।
लौ ! कहाँ छन् भनी हाल छन् है ! ती मुख शोभिने ॥
सफा नरम छन् अङ्ग हुन् चिल्ला पालुवा सरि ।
पहेंलो रेशमी सारी छन् पैह्रेकी र सुन्दरी ॥
ए बेल ! भन देख्यौ कि तिमीले पो उनीकन ? ।
छन् है तिम्रा फलै जत्रा उनका दुइटै स्तन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भन अर्जुनका वृक्ष ! तिमीनै अव लौ कि ता ।
अत्यन्तै प्रेम गर्थिन् ती तिम्रो फूल भन्यो कि ता ॥
यसर्थ उनको पत्तो तिमीमा हुनुपर्दछ ।
ती सानो गाँठकी सीता जिउँदै छन्?मरिन् कि त? ॥
पक्कै जान्दछ यो वृक्ष जो हो ककुभ वास्तव ।
सुलुक्को छ यै जस्तो त्यो तिम्रा उनको जव ॥
त्यो वनस्पति यो वृक्ष लता पुष्प र पालुवा ।
लटरम्म र टन्नै छन् यसमा छ विचित्र बा ! ॥
गाइन्छ भ्रमराले ऊ ! हो तस्मात् श्रेष्ठ वृक्ष यो ।
तर के गर्नु हा ! केही उत्तरैसम्म दिन्न जो ॥
यो हो तिलकको वृक्ष, पक्कै जान्दछ यो भने ।
सीताको हाल, जो थिन् ती तिलकप्रिय नै हुने ॥
ए अशोक ! तिमी हौ बा ! सारा शोक हटाँउने ।
सीताको शोक वढ्दा यो मासें चैतन्य, भै रुने ॥
अव मेरी प्रियालाई देखाएर तिमी छिटै ।
लौन ! आफैं सरी पार, म पनी हूँ अशोक हैं ! ॥
देख्यौ कि भन ए ताल ! तिमीले पो उनीकन ।
पाकेका फलझैं तिम्रा थिए राम्रा दुवै स्तन ॥
सुन्दरी थिन् उनी साह्रै छ त तिम्रो दया ममा ।
भनी हाल कहाँ छन् ती लौन ! यत्ति कुरो यहाँ ? ॥
जामुनो ! भन देख्यौ कि तिमीले जानकीकन ।
तिम्रै जस्तो थियो कान्ति उनको हो कि झैं सुन ॥
वारेमा उनको केही छ पत्तो ता, छ ज्ञान ता ।
भन निःशङ्क भै ढुक्क तिमी अत्र मलाइ ता ॥
कर्णिकार ! तिमी ओहो ! साह्रै राम्रो भई फल्यौ ।
अत्यन्त शोभिएका छौ लटरम्म भई फुल्यौ ॥
त्यै तिम्रो फूल भन्दामा मरिमेट्थिन् सती उनी ।
देखेकाछौ भने देखि भन लौ! छन् कहाँ तिनी ? ॥
यस्तैप्रकार कुरब धव कट्हर आँप र ।
नीमका सालका ठूला जान्थे वृक्ष भएतिर ॥
सोध्थे अनि उनीसाथ त्यसै गरि तिनै कुरा ।
महान् यश हुने राम त्यता दृष्टि पऱ्यो कि ता ॥
पुग्थे वकुल पुन्नाग केतकी चन्दनादिका ।
वृक्षको मनि सोध्थे त्यै कुरा, देख्यो कि गै तदा ॥

४३

४४

यसरी अव श्रीराम बौलाहा ठीकभै अहो ! ।
वनमा घुम्न लागे हा ! हुँदा उद्भ्रान्त-चित्तको ॥
आफ्नो अगाडि आएको देखेर मृगलाइ कवै ।
सोध्न लागे त्यसैसाथ अनि राम भनी यसै ॥
न भनुन् अरु लौ भैगो ! तिमी नै भन ए मृग ! ।
जान्दछौ मृगशावाक्षी सीतालाइ तिमी कि त ? ॥
छ है तिम्रै सरी आँखा उनको पनि वास्तव ।
यसर्थ मृगिणी साथै छन् उनी के ? छ सम्भव ? ॥
ए गजेन्द्र ! छ सीताको तिम्रै सूँड समानको ।
राम्रो सुलुक्को मिल्दो तिम्रा त दुइटै अहो ! ॥
अवश्य देख्नु नै पर्छ तिमीले यसअर्थ ती ।
छौ जानेका भनी ठान्छु छन् कहाँ भन लौ यति ? ॥
भन व्याघ्र ! तिमीले के मेरी चन्द्रमुखी प्रिया ।
जानकीलाइ देखेका छौ कि ता जुन थिन् शुभा ॥
यदि त्यस्तो भए देखि भन निःशङ्क भैकन ।
म वाट मान्नु पर्दैन तिमीले डर कत्ति नै ॥
यत्तिकैमा परी हाल्यो रामलाई वहाँ भ्रम ।
भाग्छिन् त्यतै लुकी सीता भन्ठानेर भने पुनः ॥
ए प्रिये ! किन भागेकी पर्ख ए पद्मलोचने ! ।
देखें ! देखें !! तिमीलाई अव पक्कै शुभानने ! ॥
वृक्षको आड ली लुक्छयौ तिम्री व्यर्थ वहाँ किन ? ।
कुरा म साथ आएर गर्दिनौ किन लौ भन ? ॥
पर्ख लौ पर्ख ! ए देवि ! गर्दिनौ के दया ममा ।
थिएन गिज्जिने बानी अहिले किन भो यहाँ ? ॥
ख्यालठट्टा पनी त्यस्तो अघि गर्दिनथ्यौ शुभे ! ।
मेरो वास्ता तिमी फेरि गर्दिनौ किन ? हेतु के ? ॥
पहेंलो रेशमी सारी पैह्रिइन्थ्यौ तिमी जुन ।
जहाँ जाउ, जता दौड चिनिन्छयौ त्यसले पुनः ॥
मैले देखि सकें देवि ! किन भाग्छयौ तिमी अव ! ।
पर्ख ! पर्ख ! ममा स्नेह-सौहार्द छ भने अक्ष ॥
हट्यो भ्रम परेको त्यो भन्छन् फेरि यसो उनी ।
ओहो ! रहिनछन् पक्कै तिनी जनकनन्दिनी ॥
हुन्थिन् मुसुक्क हाँस्तामा मनोहर उनी स्वतः ।
दुष्ट राक्षसले सारा मार्दिए उनलाइ त ॥

६०

६१

उपेक्षा गर्न गाह्रै थ्यो बाँचेकी नै भए उनी ।
वेवास्ता हुन्नथ्यो यस्तो मेरो ता कहिल्यै पनि ॥
म बाट छुट्टिना साथ ती मेरी जानकीकन ।
दुष्ट राक्षसले मारे काँचै घिच्न भनीकन ॥
हुन् उनी सुन्दरी सोझी उनका अङ्ग–अङ्गका ।
पक्कै पनि लुछी चौटा खाए होलान् मिलेर हा ! ॥
मनोहर थिए ओठ, दाँत राम्रा थिए अति ।
लाम्चिलो र सफा नाक शोभिन्थ्यो त्यसमा उति ॥
झुल्दथे कसरी राम्रा कानमा दिव्य-कुण्डल ।
पूर्णचन्द्र समानैको झल्किन्थ्यो मुख झलमल ॥
अब त्यै मुख सीताको दुष्ट राक्षसको हरे ! ।
पक्कै गाँस बन्यो होला शोभिन्थ्यो हा ! कसो गरे ? ॥
हँदी-कराँउदी हुन् ती मेरी प्रियतमा अहो ! ।
घाँटी थ्यो उनको कस्तो चन्दनैठीक कान्तिको ॥
राम्रो कोमलता पूर्ण देखिन्थ्यो जुन त्यो सदा ।
शोभिन्थ्यो हार वा माला पैह्रँदा जसमा अहा ! ॥
जानकीको त्यही घाँटी दुष्ट राक्षसले अब ।
आफ्नो आहार पारे हुन् निमोठेर हरेशिव ! ॥
हुन् नयाँ पालुवा जस्ता सीताका दुइ बाहु ती ।
सुकोमल थिए ज्यादै, पछार्दी हुन् सताउति ॥

७०

७१

बाजू बाला थिए राम्रा पैह्रिएका वहाँ हरे ! ।
काँप्ता हुन् जसका औंला, तिनै बाहु पनी घिचे ॥
ती बाला जानकीलाई व्यर्थै छोडेंछु पो किन ।
दुष्ट राक्षसको सारा आहारा बन्न नै दिन ? ॥
यात्री साथीहरूबाट छुट्टेकी स्त्रीसरी भइन् ।
थिए ता पनी धेरै नै बन्धु-बान्धव खाइयिन् ॥
महान् बाहु हुने बाबु प्रिय लक्ष्मण ! लौ भन ।
देख्छौ कि के तिमी मेरी प्रिया ती जानकीकन ? ॥
हा! कल्याणी! प्रिये! सीते! विलायौ हा तिमी कहाँ? ।
कतातिर पुगेकी छ्यौ भन आई ममा यहाँ ॥
यस्ता प्रकारका नाना गरी गरी विलाप हा ! ।
दौड्न लागे स्वयं राम वनै-वन जतातता ॥
सीता हुन् कि भने जस्तो झमझल्को क्यै पऱ्यो कि त ।
अड्थे राम त्यही टक्क ! उफ्रन्थे जोडले स्वतः ॥
कहीं शोक बढी ज्यादा हुन्थे विभ्रान्त नै उनी ।
देखिन्थे भुँवरी जस्तै घुमेका अनि फन्फनी ॥
आफ्नी प्रियतमालाई खोज्दा तल्लीन भैवरी ।
गर्दामा यत्न, देखिन्थे राम पागल हुन् सरि ॥
पुगे जहाँ-तहाँ दौड्दै अडेनन् वा ! कहीं पनि ।
गर्न सम्म गरे यत्न रामले खोज्नमा पनि ॥

८०

८१

नदी-नाला घुमे सारा वन-पर्वतमा पुगे ।
पहाडी झरना नाना जङ्गलै साथ खोतले ॥
विशाल त्यस्तो वनबीच विस्तृत जतातत्तै खोज्न पुगे घुमे स्वतः ।
थकाइले चूर भए पनी हरे! हताशिएन तर राम क्यै गरे ॥
आफ्नी प्रियाको अभ्र खोज गर्नमा आशा बलीयो लिइ पाँउने वहाँ ।
लागी रहे राम महान् परिश्रम गरी गरी हा ! त्यसमै दिई मन ॥

८३

इति साठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकसठ्ठी सर्ग

सीताको अन्वेषण र श्रीरामको व्याकुलता–वर्णन

१

नरश्रेष्ठ दशरथ–राजाका पुत्र रामले ।
खोजे आफ्नी प्रियालाई सारा ठाम घुमे पुगे ॥
पर्णशाला-कुटी हेरे, खोतले सब आश्रम ।
कहीं श्रीरामले किन्तु देखेनन् जानकीकन ॥
थियो सबतिरै शून्य, कुशका शुद्ध आसनी ।
छरिएका थिए सारा न राम्रा भै त्यसै पनि ॥
एकपल्ट घुमे फेरि हेरे सबतिरै पुगी ।
लागेन तर क्यै पत्तो थिईनन् प्रिय जानकी ॥
अब आफ्ना दुवै राम्रा बाहु फेंकेर मास्तिर ।
भन्छन् लक्ष्मणमा राम चिच्याएको मिकी स्वर ॥
ए लक्ष्मण ! उनी खोई ! वैदेही छन् कहाँ भन ? ।
कुन देशतिरै लागिन् यहाँबाट उनी भन ? ॥
भन मेरी प्रियालाई कसैले पो हऱ्यो कि हँ ? ।
कुनै राक्षसले खायो कि उनीलाइ बाबु ! हँ ? ॥
सम्बोधन गरी भन्छन् सीतालाइ उनी पुनः ।
आफैंलाइ तिमी खोज्छ्यौ के अझै पो लुकाँउन? ॥
वृक्षको आडमा लुक्तै के गरेकी हरे ! भन ? ।
ठट्टा मसंग गर्दीछ्यौ भने न गर भो, सुन ! ॥
यो होइन हँसी–ठट्टा गर्ने वेला छु, मै दुखी ।
यसर्थ अब लौ आऊ पारी हाल छिटै सुखी ॥
राम्रो स्वभावकी सीते ! रत्तिएका तिमीसित ।
हुन् यिनै मृगका पाठा हेर्छन जो नमजासित ॥
यिनै साथ तिमी खेल्थ्यौ आज हा ! न हुँदा तिमी ।
लिई आँखाभरी आँसु चिन्तामग्न भए थिनी ॥
त्यस्ती मेरी प्रिया सीताद्वारा रहित भैकन ।
मलाई पनि गाह्रै भो बाँच्न ता अब लक्ष्मण ! ॥

१३

१४

सीताहरणको शोक महान् हो यो, असह्य छ ।
यसले गर्छ है के के ? ठान्छु मारेर छोड्दछ ॥
मरेमा परलोकैमा पुगेपछि मलाइ ता ।
भेटिबक्सिन्छ है पक्कै ! महाराज स्वयं पिता ॥
बुवा बाट वहाँ आज्ञा होला अनि ममा यसो ।
छेडछाड गरी केही म हुन्छु जब तुच्छको ॥
राम ! मैले दिएकोथें जो आज्ञा वन बस्नको ।
तिमीले पनि ता हुन्छ ! भनेकाथ्यौ म पाल्छु त्यो ॥
प्रतिज्ञा अब त्यो आफ्नो न पारी पूर्ण झन् वहाँ ।
म भएमा तिमी आयौ किन यस्तो कुकालमा ? ॥
स्वेच्छाचारी तिमी जस्ता मिथ्यावादी अनार्यमा ।
धिक्कार छ ! यही पक्का आज्ञा हुन्छ बुवा वहाँ ।
ए झीनो कटिकी सीते ! भएँ विवश दीन म ।
शोकले भित्र पाक्तोछु बिग्ऱ्यो धोको हुने मन ॥
अब यस्तो अवस्थामा माया लाग्दो मलाइ हा ! ।
यहाँ छोडी कहाँ जान्छ्यौ? दुष्टको कीर्तिझैं सफा ॥
भो ! भो ! न छोड ए सीते ! तिमी अब मलाइ ता ।
तिम्रो वियोग पर्दामा त्यसै मर्दछु है म ता ॥
विलाप यसरी गर्थे राम नाना प्रकारका ।
सीता-दर्शनको इच्छा अति भै भित्र बढ्दिँदा ॥
दुःखले भित्र पाक्तामा ज्यादै आर्त थिए उनी ।
भेटेनन् यसरी खोज्दा पनि सीता कहीं पनि ॥
गै ठूलो धापमा कोही हात्ती फस्दा जसो गरी ।
कष्ट पाँउछ त्यैठीक, पाँउथे दुःख राम यी ॥
डुबेका शोकमा त्यस्ता उनलाइ वहाँ अब ।
भने लक्ष्मणले राम्रो कुरा वेश हुने तब ॥

२६

२७

ए महान् बुद्धिका दाजु ! छोड्दिबक्स्योस् विषाद यो ।
बक्स खोज्न उहाँलाई होस् प्रयत्न म छु प्रभो ! ॥
वीर दाजु ! छ यो डाँडो अघि जो गिरिराजको ।
छन् गुफा कन्दरा घेरै यसमा, शोभिइन्छ यो ॥
भै बक्सिन्छ स्वयं मेरी पूज्य भाउजु वास्तव ।
प्यारो मान्ने त्यतै घुम्न त्यतै लहसिनेतक ॥
उन्मत्तै भइ बक्सिन्थ्यो वनशोभा नियाल्न त्यो ।
तसर्थ गइ बक्सेको हुनुपर्छ उतै प्रभो ! ॥
अथवा पद्मका राम्रा फूलले टन्न सुन्दर ।
तलाउ-पोखरीमा पो गै बक्स्यो कि ? सरासर ॥
हुनसक्छ है दाजु ! कि त झाछा र वञ्जुल ।
भरिएकी नदीमा नै गएको पनि है अब ॥
कि त हामी दुवैलाई तर्साउन यहीं कहीं ।
छ कि पो लुकिबक्सेको ? खोजौं पुगि जहाँ तहीं ॥
करता छन्, भेट्नसक्छन् वा सक्तैनन् जाच्न-बुझ्नयो।
त्यसो पो गरि बक्स्यो कि? के वेर छ र ए प्रभो ! ॥
तसर्थ तेजिला दाजु ! हामीहरू दुवै अब ।
राम्रो गरी उहाँलाई खोज्न यत्न गरौं दृढ ॥
भै बक्सिन्छ भने जस्तो लाग्छ जाँदा जाहाँ-जाहाँ ।
अब खोजौं उहाँलाई हामी पनि पुगी त्यहाँ ॥
मैले विन्ती गरेका यी कुरा बेस जँचे भने ।
शोक यो छोड्दिइ बक्से हुन्थ्यो राम्रो भलो हुने ॥
प्रिय छोरा सुमित्राका भाइ लक्ष्मणले तब ।
भनिए यसरी भित्री दिलले स्नेहले दृढ ॥
सावधान भए राम शोक रोकेर धैर्यले ।
भाइकै साथमा फेरि खोज्न थाले प्रयत्नले ॥
दुवै छोरा दशरथ-राजाका दाजु-भाइ यी ।
दह-ताल नदी-नाला घुमे गिरी-वनादि ती ॥
गर्नसम्म गरे खोज्न परिश्रम दुवै मिली ।
राखेनन् बाँकि नै केही सबैतिर घुमी पुगी ॥
घुमे अगाडिको डाँडो टाकुरामा पुगे अब ।
चहारे चुचुरा सारा-पहरा-पथरातक ॥
परन्तु जानकीलाई भेटेनन् उनले हरे ! ।
एक एक गरी सारा खोजे ता पनि यत्नले ॥

४३

४४

खोजे पनि सबै डाँडो सीतालाइ न पाँउदा ।
फेरि दिक्क भए राम भने लक्ष्मणलाइ ता ॥
सुमित्रापुत्र ए बाबु ! घुमे डाँडो विशेषतः ।
सुन्दरी जानकीलाई तर देख्तिन है म त ॥
अकस्मात् दुःख पर्दा त्यो सताई त्यसले अति ।
भित्र पाकिसकेकाथे स्वयं लक्ष्मण वीर ती ॥
दण्डकारण्य त्यो घुम्दै घुम्दै भन्छन् उनी अब ।
पूज्य दाजुकै आफ्ना बल्दो तेज हुने दृढ ॥
महान् बुद्धि हुने दाजु ! भगवान् विष्णुले अघि ।
बलिराजाकनै बाँधी पाएका हुन् सबै क्षिति ॥
हजूर पनि त्यै ठीक मेरी भाउजु जानकी ।
सीताजी पाई बक्सेला छैन सन्देह नै कति ॥
वीर लक्ष्मण-भाईले कुरा त्यत्ति भने पछि ।
भन्दछन् दीन वाणीमा दुःखले व्याप्त भै अति ॥
ए मेरा बुद्धिमान् भाई ! वन खोजि सकें सब ।
फुलेका पद्म यी ताल-पोखरीमा पुगें सब ॥
गुफा वा कन्दराले र झरनाले सुशोभिंदो ।
चहारें गिरि यो सारा डाँडा पनि घुमे अहो ! ॥
प्राण भन्दा पनी प्यारी ती मेरी जानकीकन ।
तर मैले कहीं बाबु ! भेटन पाइन, देखिन ॥
विलाप्तै यसरी भन्थे सीताहरण-दुःखले ।
साह्रै छर्पटिए राम निकै दीन पनी भए ॥
त्यसरी शोक बढ्दामा पर्दामा परिपक्वमा ।
टुन्मुनाइ गए राम स्वयं दुइ घडी वहाँ ॥
उनका अङ्ग प्रत्यङ्ग भए शिथिल विह्वल ।
बुद्धि व्यामोह भै हाल्यो, विलायो चेतनातक ॥
स्वाँ!स्वाँ!!हुन पनी थाल्यो तात्तातो श्वास निस्कियो ।
सुइय्य !! खुइय्य पनी आयो भै आतुर लडे अहो ! ॥
हुने कमलकै आँखा राम त्यस्ता धनुर्धर ।
लामो सास लिने, फेर्ने, गर्न लागे निरन्तर ॥
पछि गद्गद-वाणीमा आँसु झारेर बर्बर ।
भन्न लागे प्रिये ! सीते ! चिच्याई भइ बेसुर ॥
यो देख्ता शोकले ज्यादै भए पीडित लक्ष्मण ।
गले आफैं पनी भित्र भन्न लागे उनी पुनः ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
जोडेर दुइटै हात झुके नम्र भए उनी ।
संझाए रामरी घेरै आफ्ना दाजुकनै अनि ॥
तर लक्ष्मणका ओष्ट-पुट ब.ट चुट्टे जति ।
कुरा हित हुने त्यस्ता खाएनन् रामले कति ॥
न देख्तामा प्रिया पत्नी सीतालाइ उनी हरे ! ।
अफ चिच्याउँनै थाले, रोए हा ! जोड-जोडले ॥
६३

इति एकसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बासठ्ठी सर्ग

श्रीरामको विलाप

१

सीतालाइ न भेटतामा शोक-व्याकुल भै मन ।
विलाप गर्न लागे बा ! धर्मात्मा रघुनन्दन ॥
थियो अत्यन्त नै प्रेम उनको जानकी प्रति ।
मथ्यो मन यसैले र पिऱ्यो काम भई अति ॥
सीतालाइ न देखे ता पनि देखे सरी गरी ।
लागे विलाप्न श्रीराम अलाप्तै मुस्किलै परी ॥
प्रिये ! हो ! छ तिमीलाई फूल प्यारो, म जान्दछु ।
हो है ! बढाँउने शोक ममा, यो पनि मान्दछु ॥
यसैले त तिमी आफ्नो देह सर्वाङ्ग सुन्दर ।
छोप्छयौ अशोकका हाँगाहरू बाट निरन्तर ॥
केराका थाम जस्ता छन् मिलेका अतिसुन्दर ।
तिम्रा तिघ्रा दुवै सीते ! सफा चिल्ला मनोहर ॥
तिनैलाइ तिमी देवि ! छोप्न खोज्छयौ ! कसो कसो ।
मैले वा देखि हालें हा ! सकिनौ छोप्न कत्ति जो ॥
यो कर्णिकारका पुष्प-वनमा भिन्न-भिन्न जो ।
हाँस्तै-हाँस्तै तिमी लुक्छयौ ? ठीक होइन यो कुरो ॥
यस्तो प्रकारको ठट्टा गर्नु हुन्न, ल छोड भो ! ।
यसले बढ्छ है देवि । ममा बाधा निकै अहो ! ॥
यो हो आश्रमको स्थान यहाँ खास गरीकन ।
ठट्टा र मस्करी केही गर्नु ता ठीक होइन ॥
विशेष ख्याल-ठट्टा नै गर्ने तिम्रो स्वभाव छ ।
हो म जान्दछु, भो आऊ ! तिम्रो आश्रम शून्य छ ॥
छुट्ता भ्रम भएको त्यो झल्याँस्स भइ अन्तमा ।
भन्दछन् फेरि श्रीराम भाई लक्ष्मण साथमा ॥
बाबु लक्ष्मण ! भो पक्कै अब ता जानकीकन ।
पिचे राक्षसले यद्धा लगे पर हरीकन ॥

१३

१४

किन ! भन्छौ भने देखि यसरी म विलाप्छु ।
आँउन्नन् तै पनी सीता म भएमा, र भन्दछु ॥
बथान मृगका हेर ! मलाई जुन घेर्दछन् ।
यिनका नेत्रका आँशु चुहुनैमात्र बाँकि छन् ॥
मलाई यै कुरो भन्छन् सरी छन् बाबु ! वास्तव ।
ती तिम्री भाउजुलाई खाए राक्षसले सब ॥
मेरी मान्य प्रिये सीते ! पुग्यौ भन तिमी कहाँ ? ।
हा ! सुन्दरी-सती-साध्वि ! अब आऊ छिटै यहाँ ॥
आज मेरी मुमा देवी-कैकेयीका मनोरथ ।
पक्कै पुग्ने भए सारा हरायौ जो तिमी अब ॥
सीते ! प्रिया तिमी साथ अयोध्यापुर बाट त्यो ।
म निस्किएर आँएथें अघि यो वनमा अहो ! ॥
अब जाँऊ गरी के म न लिई साथमा तिमी ।
मेरो खोपी वहाँ होला शून्य नै न हुँदा तिमी ॥
रहेछ निर्दयी नाथू यो कस्तो हा ! भनी भनी ।
मलाइ अब भन्नेछन् विश्वका जनता पनि ॥
सीता हरेर लैजाँदा यहाँ यस्तो प्रकारले ।
मेरो निर्वीर्यता त्यस्तो वहाँ स्पष्टै हुनेछ ए ! ॥
वन बस्ने सकी काल अयोध्या फर्कदा म ता ।
स्वारी भइ बक्सेला भेट्न, राजा विदेहका ॥
सोद्धा जनक-राजाले मेरो कुशल—मङ्गल ।
त्यो वेला भनुँला के पो हेर्नै पर्नेछ मुस्किल ॥
मेरी साथ न देख्तामा आफ्नी छोरी उनीकन ।
कस्तो पर्ला उहाँलाई के शोच्ला मनले पुनः ? ॥
अवश्य त्यसवेलामा मिथिलेश्वरलाइ ता ।
छोरीका नाशको शोक बढ्दा मूर्च्छै हुनेछ, हा ! ॥

२६

२७

त्यो अयोध्यापुरी भित्र भैगो ! परितन है म त ।
भाई भरतले जो छ रक्षिएकी मजैसित ॥
न हुँदा साथमा मेरी प्रिया जनकनन्दिनी ।
मलाई शून्य लाग्नेछ साक्षात् स्वर्ग भए पनि ॥
तसर्थ अव ए बावु ! मलाइ वनबीच यै ।
छोडी जाऊ ! तिमी राम्री अयोध्याभित्र लौ छिटै ॥
यता सीता न पाएमा क्यै गरे पनि ता मता ।
बाँच्नै सक्तिन है भाई ! छुट्टिई उनबाट ता ॥

३०

३१

पहिले राम्ररी बावु ! गाढालिङ्गन गर्नु र ।
भाई भरतमा भन्नु मेरो सन्देश यो स्थिर ॥
प्रिय भाई ! तिमीले यी सम्पूर्ण पृथिवीकन ।
राम्ररी पाल्नु, यै भन्थ्यो भन्नु ! राम भनीकन ॥
टक्र्याउनु मुमा पूज्या कौसल्या महिषी तथा ।
कैकेयी र सुमित्रामा अभिवादन सर्वदा ॥
मान्नु आज्ञा, भने जस्तो गर्नु रक्षण राम्ररी ।
तिमीलाई यही मेरो आज्ञा भो, पाल्नु गैवरी ॥

३४

३५

गइ मेरी मुमाज्यूको अघि ए शत्रुनाशक ! ।
नाश मेरो र सीताको भन्नु विस्तारपूर्वक ॥

भइ अतिशय दीन-हीन राम अव वनमा यसरी विलाप गर्थे ।
अति रुचिर कपाल-कान्तिकी ती जनकसुता न हुँदा विचेत पर्थे ॥
निज प्रियवर पूज्य दाजुको ती विरह बढेर हुँदो व्यथा नियाली ।
मुख-सुख सुकिगो सञ्यो व्यथा ए मन-मन लक्ष्मण आत्तिए डराए ! ॥

३७

इति बासठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिसठ्ठी सर्ग

श्रीरामले विलाप गर्नु र लक्ष्मणले दाजुलाइ संझाँउनु

१

हुन् धैर्यवान् राजकुमार राम वियोग पर्दा प्रिय जानकीको ।
भए उनी छर्पट भित्र किन्तु पीडा दियो शोक र मोहले पो ॥
आफैं थिए व्याकुल यी परन्तु पारे यता लक्ष्मणलाइ सम्म ।
भए उनी खिन्न विषण्ण फेरि अत्यास सारे उनलाइ सम्म ॥
यता थिए शोकनिमग्न दाजु उता थिए शोकविषण्ण भाई ।
यस्तो अवस्था हुन गो अकस्मात् भए दुवै दुःखित हाइ-हाई ! ॥
श्रीराम भन्छन् खिचि दीर्घ स्वास रुँदै रुँदै हा ! अब भाइ साथ ।
आफ्नो अवस्था सरिका कुरा यी जो कष्टकै हुन्, अति शोक साथ ॥
क्वै छैन होला भनि ठान्छु बाबु ! पापी म जस्तो जगवीच अर्को ।
जो शोक बज्र्यो मन प्राण चिर्ने भोग्दोछु हा ! एक पछाडि अर्को ॥
इच्छानुसारै अघि पाप नाना गरें छु पक्कै पनि घेर घेर ।
भोग्दोछु त्यस्कै परिणाम आज जो दुःखमा दुःख म खप्छु हेर ! ॥
पैले भएँ भ्रष्ट स्वराज्यबाट भोगें अनि इष्ट-वियोग-कष्ट ।
भयो बुवाको परलोक-वास छुट्टें मुमा बाट पनी सकष्ट ॥
यसो गरी लक्ष्मण ! दुःख भोगें मैले अनेकौंथर बारबार ।
संभयो कि यी आफ्नु कुरा घटेका उर्लन्छ झन् शोक र बढ्छ भार ॥
आएर यस्तो वनमा समस्त ती क्लेश-कष्टादि भए पनी त ।
सीता हुँदा साथ पवित्र-मित्र हुन्थे त्यसै शान्त,-शरीरभित्र ॥
परन्तु अैले प्रिय-जानकीको वियोग पर्दा अति उर्लियो यो ।
जसो गरी बढ्दछ दाउराले प्रचण्ड भै अग्नि, त्यसै भयो, यो ! ॥
बानी थियो सुन्दर जानकीको डराँउथिन् ती बरु बाबु ! ज्यादै ।
साँच्चै लग्यो राक्षसले हरेर आकाशको मार्ग गरेर सोझै ! ॥
वेलाविषे त्यो स्वरमा मसीनो गर्दी हुनन् ती डरले विलाप ।
चिच्याँउदी हुन् करुणस्वरैमा उनी लगातार गरी अलाप ॥
मेरी प्रियाका स्तन वाटुला र थिए निकै सुन्दरता लिएका ।
हरे ! सँधै लेपिन योग्य, रातो श्रीखण्डले मात्र, सुशोभिएका ॥

CC-0. In Public Domain. Digitization by eGangotri

१४

ती जानकीका स्तनयुग्म पक्कै भए हुनन् रक्त मिली सकेका ।
यस्तो भए ता पनि प्राण मेरा हुन्नन् हरे! देह छुटी सकेका ॥
मीठो तथा स्पष्ट कुरा निकाल्ने थियो उनीको मुख स्निग्ध खुल्दो ।
काला र बाक्ला मृदु केश-भार सुशोभिइन्थ्यो भइ नित्य झुल्दो ॥
भैले पऱ्यो राक्षसको वशैमा के शोभिइन्थ्यो अब त्यो त्यसोरी ।
परे शशी राहु-मुखै अगाडि शोभिन्न त्यस्तो अघिझैं जसोरी ॥
लिन्थिन् सँधै ती व्रत बेस बेस थियो उनीको शुभ कण्ठ बेस ।
माला तथा हार जहाँ अशेष थ्यो शोभिनै योग्य, झुली विशेष ॥
मेरी प्रियाको त्यस कण्ठलाई पाए पछी राक्षसले मिलेर ।
घिचे हुनन् हा! वनबीच शून्य फोरेर तातो रगतै झिकेर ॥
म बाट छुट्ता जब एक्लिइन् यी एकान्त त्यस्तो वनमा मिली ती ।
घिसारिई हुन् कुररी सरी भै चिच्याँउदी हुन लिइ दुःख ज्यादै ॥
ए बाबु! ए लक्ष्मण! यो त्यही हो विशाल ढुङ्गो जसमा म साथ ।
आई बसीथिन् प्रिय जानकी ती लिएर औदार्य-चरित्र साथ ॥
मुस्क्याइ नै सुन्दर हो उनीको देख्यो कि खिंच्थ्यो मन जो सबैको ।
गर्थिन् तिमी साथ कुरा अशेष हाँसी मजाले तब ती विशेष ॥
नदीहरूमा अति श्रेष्ठ हुन् यी गोदावरी बाबु! पवित्र ज्यादि ।
मेरी प्रिया नित्य यिनी भनेर हुरुक्क हुन्थिन् गरि स्नेह घेर ॥
असम्भवै के छ र जानकी ती त्यस्तो हुनाले त उतै गइन् कि? ।
होवैन होला, कहिल्यै पनी यी जाँदैनथिन् हा! त्यसरी त एक्ली ॥
थियो उनीको मुख नेत्र ठूलो फक्री रहेको कमलै समान ।
गइन् कि ता ल्याँउन पद्म नै पो गोदावरीको तटमा ललाम ॥
परन्तु यो अड्कल सम्म मेरो ए बाबु! मै मान्दिन ठीक साँचो ।
साथी मलाई न लिएर एक्लै जाँदीनथिन् पङ्कज ल्याँउनै जो ॥
गइन् कि ता ती हुन सक्छ बाबु! नाना थरी पुष्पित-वृक्षद्वारा ।
सुशोभिएको र चरा अनेकौं वासी रहेको वन हेर्न सारा ॥
हुँदैन है योग्य यसो भनौं ता भने पनी मान्दिन, ठीक छैन ।
डराँउछिन् ती वन पस्न एक्लै होला कसोरी न भई म, चैन? ॥
हे सूर्यनारायण! विश्वमा यो कल्ले गऱ्यो के कस बाट के भो? ।
हजूरलाई भइ पूर्ण ज्ञान सबै कुराको छ यथार्थ-ज्ञान ॥
सत् वा असत् कर्म, यहाँ गरेको जस्तो हओस्, पुण्य र पाप हो जो ।
हजूरलाई भगवन्! छ पत्तो भै कर्म-साक्षी सब लोकको यो ॥
आज्ञा हओस् लौ! यसअर्थ, सीता मेरी प्रिया हुन्, अहिले कहाँ छन्?
हरी लग्यो वा उनलाइ नाथ! दुःखी छु जो शोक बढेर झन् झन् ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७

संसार घुम्ने सब वस्तु जान्ने साक्षात् तिमी हौ प्रभु-वायुदेव ! ।
न जानिएको छ र विश्वको के पत्तो छ सारा सबको सदैव ॥
तसर्थ मेरो कुल-पालिका ती सीता कहाँ छन् भन लौ प्रभो ए ! ।
हरी लग्यो वा कि त ती मरिन् हा? छन् मार्गमै वा लगिंदा उनी कें ? ॥
नचाइ हाल्यो वशमा लिएर यो शोकले बा ! अब रामलाई ।
विलाप गर्दै यसरी अनेक मूर्च्छै परे आखिर हाइ-हाई ! ॥
देखेर यस्तो उनको अवस्था सन्मार्गका पान्थ र धैर्य-धारी ।
भन्छन् सुमित्रासुत दाजुलाई यी वाक्य बेला-बखतै विचारी ॥
ए मान्य मेरा प्रिय दाजु ! भो भो ! यो शोक छोडौं अब धीरता ली ।
गरौं बरू भाउजुलाइ खोज्न प्रयत्न, उत्साह लिएर खालि ॥
उत्साह गर्ने र हुने मनुष्य छन् विश्वमा जो जति ती अवश्य ।
जस्तो सुकै दुष्कर काम होस् न गरेर छोड्छन् न भएर खिन्न ॥
बढ्ने सँधै पौरख वा पराक्रम थिए सुमित्रासुत धीर लक्ष्मण ।
भने कुरा यी हितका मनोरम श्रीरामलाई रघुवंशसत्तम ॥
परन्तु भै शोक प्रिया-वियोगको अत्यन्त नै आर्त हुँदा उनी अहो ! ।
ध्यानै दिएनन् त्यसपट्टि कत्ति र भोगे महान् कष्ट, छुट्यो धृति-स्थिर ॥

३४

इति त्रिसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौसठ्ठी सर्ग

सीतालाई खोज्दै दक्षिणतिर लाग्नु र जटायु–रावणको युद्धस्थल देख्नु एवं श्रीरामले आफ्नो क्रोध प्रकट गर्नु

१

निकै दीन अवस्थामा थिए राम स्वयं तव ।
भन्दछन् दीन–वाणीमा भाइ–लक्ष्मणमा अव ॥
गोदावरी–नदीमा ती छिटै जाउ तिमी ल त ! ।
एक एक गरी खोज जानकी छन् वहीं कि त ? ॥
छोरी जनकराजाकी छन् वहीं भनि ठान्छु म ।
गइन् कि पद्मका फूल लिन, के वेर ? लक्ष्मण ! ॥
पाई श्रीरामको आज्ञा गए लक्ष्मण भै छिटो ।
नदी–गोदावरीको त्यो तटवीच रसाइलो ॥
घेरै घाट भएकी ती नदी सवतिरै घुमी ।
भन्दछन् फर्की आएर रामलाइ यसो उनी ॥
रामदाजु ! घुमे सारा घाट, भेटिन भाउजु ।
चिच्याएँ जोडले डाक्तै सुनिबक्सिनन्, छक ! छु ॥
दुःख नाशि दिने हाम्रो राजा–जनककी सुता ।
कुन देश पुगी बक्स्यो, पत्ता लागेन है त्यता ॥
झिनो कटि हुने देवी गइबक्स्यो जतातिर ।
म त जान्दिन त्यो ठाम, नत्र पुग्थें उतैतिर ॥
कुरा लक्ष्मणका सुन्दा भित्र सन्ताप बढ्दिंदा ।
हुने मोहित श्रीराम अव आफैं गए त्यता ॥
नदी–गोदावरीको त्यो किनारामा पुगे अनि ।
स्वयं यी रामले सोधे "कहाँ छन् जानकी?" भनी ॥
राक्षसेश्वरले त्यस्तो मानैं योग्य थियो जुन ।
हरेकी जानकीलाई भनेनन् क्यै कुरो पुनः ॥
वहाँ जत्ति थिए प्राणी उनले भन्नुपर्दथ्यो ।
भनेनन् तर सीताको छोई विषय वा कुरो ॥
नदी–गोदावरी सम्म उतैतिर मिलिन् हरे ! ।
जवाफ दिइनन् कत्ति उनले पनि क्यै गरे ॥

१३

१४

पछि बाट भने सारा प्राणीले उनमा यसो ।
भन ! श्रीरामजीलाई सीता रावणले हर्‍यो ! ॥
भनिनन् शोकमा मग्न रामले सोधिए पनि ।
नदी–गोदावरीले ती सीताको हाल क्यै पनि ॥
दुष्ट रावणको त्यस्तो रूप कर्म सवै कुरा ।
संम्झेर डरले केही सकिनन् भन्न ती कुरा ॥
निराशै पारिदिएकी थिन् नदीले यसरी जव ।
श्रीरामलाइ सीताको प्राप्तिका लक्ष्यमा तक ॥
फेरि चिन्ता बढ्यो भित्र सीतालाइ न पाँउदा ।
भन्नलागे स्वयं राम भाई–लक्ष्मणमा तदा ॥
राम्रो स्वभावका बावु ! नदी–गोदावरी पनि ।
मलाइ यस बारेमा भन्दिनन् क्यै कुरा पनि ॥
मिथिलाका महाराजा साक्षात् जनकज्यूकन ।
वहाँ गएर भेट्तामा के जवाफ दिने भन ? ॥
न लिई जानकी साथ गइ भेट्ता मुमाकन ।
भनुँला कसरि फेरि यो अप्रिय कुरो भन ॥
राज्यबाट भई भ्रष्ट यस्तो जङ्गलमा पसी ।
खाएर बाँच्तथें बावु ! जङ्गली फल–मूल यी ॥
सीता यस्तो हुँदा सम्म नित्यै मैसाथ बस्तथिन् ।
दुःख मास्ने, तिनै सीता भन अैले कहाँ गइन् ? ॥
बन्धु–बान्धवले आफ्ना छुट्टिएकै थिएँ अघि ।
अव ता देख्न पाँउन्न जानकीलाइ सम्म ती ॥
गरेर त्यसकै चिन्ता नित्य जाग्दै र न्यूँ झर्दै ।
लामा प्रहरका हुन्छन् मेरा रात पनी त्यसै ॥
मन्दाकिनी–नदी घुम्छु जनस्थान म छान्दछु ।
त्यो प्रस्रवण डाँढोमा सवैतिर म पुग्दछु ॥

२६

२७
कहीं बाँकि न राखेर सीता खोज्छु घुमी-घुमी ।
कहीं ता भेटिएलिन कि ? मेरी जनकनन्दिनी ॥
बाबु लक्ष्मण ! ऊ हेर ! मोटा-घाटा सबै मृग ।
हेर्छन् टकटकी बाँधी मतिरै भइ उत्सुक ॥
म त ठान्दछु क्यै भन्न खोज्छन् मसित यी सब ।
यिनका चाल-चेष्टाले त्यसै भन्दछ वास्तव ॥
भाई साथ भनी यत्ति पुरुषश्रेष्ठ रामले ।
सोधे अनि उनैपट्टि हेरेर अतिप्रेमले ॥
भन ए मृग हो ? मेरी जानकी छन् यहाँ भनी ? ।
पार्दियो वाक्य नै ख्याप्प रामको आँसुले अनि ॥
यसरी यी नरश्रेष्ठ रामले सोधिए पछि ।
एकैपल्ट उठे भवाट्ट वहाँ मृग थिए जति ॥
पैल्हे आकाश देखाए उठाए सबले शिर ।
पछिवाट सबै दौडे त्यै दक्षिण दिशातिर ॥
हराएर लगेकी थिन् जता सीता त्यतैतिर ।
दौडे यी रामलाई नै हेर्दै हेर्दै पछिल्तिर ॥
केही भन्छन् भने जस्तो गरी चिच्याउँदै सब ।
अगाडि दौड्दथे हेर्दै पृथ्वी-आकाशमा तक ॥
यता लक्ष्य गरी हाले अब लक्ष्मणले सब ।
उनको चाल-चेष्टा त्यो घोरिएर गमे जब ॥
हाव-भाव इशारा यै सर्वस्व उनको थियो ।
वोल्न सक्तैनथे जो यी के भनुन् अनि हाल त्यो? ॥
निकै बुद्धि भएकाथे सुमित्रापुत्र लक्ष्मण ।
भई आर्त सरी भन्छन् दाजु श्रीराममा पुनः ॥
भन सीता कहाँ छन ती ? भनी सोद्धा हजूरले ।
अकस्मात् मृग यी दाजु ! भै जुरुक्क सबै उठे ॥
दक्षिणैतिरको पृथ्वी हेरेर सबले तब ।
हामीलाई उतैपट्टि लागे देखाँउनै जब ॥
तस्मात् ए तेजिला दाजु ! हामीहरू पनी अब ।
यै नैर्ऋत्य-दिशापट्टि जाऔं, हुन्थ्यो भलो तव ॥
छ सम्भव त्यता जाँदा क्यै समाचार मिल्छ कि? ।
त्यसक पो भेटि हाल्छौं कि मान्य भाउजु-जानकी ॥
बडो राम्रो भन्यौ बाबु ! ठीक हो ! जाँउ लौ हिंड! ।
भनी राम हिंडी हाले अघि लागी उतैतिर ॥
४३

४४
लागे पछि-पछी भाई बाटो हेर्दै अगाडिको ।
अघि बढ्थे दुवै भाई दृष्टि ता भुइँमै थियो ॥
अ-आफैंमा कुरा गर्दै जाँदा जाँदा अघिल्तिर ।
जहाँ फूल खसेकाथे पुगे ठिक्क त्यहींनिर ॥
पुष्पवृष्टि भए जस्तो देख्तामा बीच-मार्गमा ।
राम दुःखित बाणीमा भन्छन् दुःखित भाइमा ॥
बाबु लक्ष्मण ! लौ हेर ! चिनें ! यी फूल हुन् तिनै ।
जुन मैले दिएकोथें ती मेरी जानकीकनै ॥
त्यो जनस्थानमै मैले दिएपछि उनीकन ।
सीताले पनि स्यूरीथिन् शिरैभर यिनैकन ॥
बुझ्यौ ! यशस्विनी पृथ्वी सूर्य वायु मिली सब ।
जोगाई यसरी राखे हुन्छ मेरो भनी प्रिय ॥
भनी यत्ति नरश्रेष्ठ—भाइमा भन्दछन् पुनः ।
भएका झरना धेरै गिरी प्रस्रवणैकन ॥
सुन ए गिरिका राजा ! वनमा रमणीय त्यो ।
म बाट छुट्टिएकी हुन् सीता मेरी प्रिया अहो ! ॥
तिमीले भन देख्यौ कि उनैलाई कहीं यता ? ।
उनका अङ्ग प्रत्यङ्ग अतिसुन्दर छन् सफा ॥
के भन्नु गिरिका राजा जब चूपै रहे उनी ।
भन्दछन् झोक्किंदै फेरि मृगमा सिंहझैं बनी ॥
सुन् ए पर्वत ! यी तेरा टाकुरा चुचुरा सब ।
धूलो-पीठो बनाँउन्न त्यसको आँघ नै अब ॥
भन् ए ! कञ्चनकै जस्तो कान्ति, काय हुने सती ।
जानकी छन् कहाँ ? देखा ! लौ देखा ! भै छिटो अति ॥
रामले यसरी भन्दा सीताको विषयै दिई ।
सूचना राममा सुम्पे तिनै चिह्नहरू रिई ॥
रामको अगि ल्याएर तर मैथिलनन्दिनी ।
सीता सुम्पनलाई ता थियो मुस्किल नै त नि ! ॥
सत्य बोल्ने दशरथ-राजाका पुत्र रामले ।
फेरि प्रस्रवणै-डाँडोसित यस्तै कुरा भने ॥
तँ मेरो बाणको आगो बाट दन्किइ दन्दन ।
हुने भइस् खरानी नै बाँकि होला र के पुनः ? ॥
झार-पात तथा वृक्ष पालुवा र लतातक ।
बच्ने छैनन् कुनै वस्तु, टेर्ला र कसले तव ? ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सुन लक्ष्मण ! लौ आज नदी गोदावरी पनि ।
मेरी चन्द्रमुखी सीता यहाँ छन् वा पुगिन् भनी ॥
भन्दिनन् त भने देखी म अवश्य यिनीकन ।
बाँकि राख्तिन है बावु ! सुकाई छोड्छु तत्क्षण ॥
भनी यत्ति रिसाएर आगोले निजदृष्टिको ।
भस्म पार्छन्कि झैं गर्दै, हेर्न लागे उनी अहो ! ॥
डाँडाको र नदीको त्यो बीचको भुइँमा अव ।
चिह्न राक्षस-खुट्टाको टक्रक्कै देखियो तव ॥
तिनका बीच-बीचैमा त्यसैबाट लखेटिंदा ।
राम भेट्ने लिई आशा भाग्दै जाँदा यताउता- ॥
काँपेकी थर्थराएकी राक्षसैको परी डर ।
सीताका पाउका चिह्न देखिए स्पष्ट सुन्दर ॥
यसरी पाउका छापा सीता-राक्षसका दुवै ।
देख्नुको साथका देखे छर्लङ्गै यी कुरा सबै ॥
भाँच्चिएको थियो यौटा विशाल धनु सुन्दर ।
त्यहींनिर थियो ठोक्रो फ्याँकिएको असुन्दर ॥
त्यसको नजिकै फेरि रथ यौटा पनी थियो ।
धूलोपीठो-भएको र बिग्रिंदा जुन फ्याँकियो ॥
देख्तामा यी सबै वस्तु काँपिगो रामको मन ।
यसरी भन्न लागे ती भाई लक्ष्मणमा पुनः ॥
बावु लक्ष्मण ! लौ हेर ! सीताका गहनाभर ।
सुनका घुँघुरू साना जडेकाथे मनोहर ॥
ती यिनै हुन्, खसेछन् जो यहीं नै, साथ हारका ।
पुष्पका हार छन् राम्रा यहीं नाना प्रकारका ॥
यहाँकी पृथिवी सम्म सुनका बिन्दु ठीकका ।
रत्नका बिन्दुले ढाक्ता विचित्रै छन् , ल हेर बा ! ॥
इच्छा लागे सरी रूप धर्ने राक्षस छन् सब ।
स्थिति यस्तो हुँदा ठान्छु म त लक्ष्मण ! वास्तव ॥
सीताका देहको टुक्रै-टुक्रा पारे मिली यहाँ ।
पक्कै बाँडी-चूडी खाए दुष्टले सब अन्तमा ॥
लिई विषय सीताको अ-आफैंमा लठारिंदा ।
परेछ घोर संग्राम दुई राक्षसमा यहाँ ॥
बानी राम्रो हुने बावु ! यहाँ हेतु परी त्यही ।
कसको धनु होला हँ ? खसेछ क्षितिबीच यी ! ॥

७७

७८

मणि-मोतीहरू छन् ऊ ! जडेका यसमा निकै ।
भाँचिएकोछ टुक्रा भै छ राम्रो र विभूषितै ॥
बावु ! यो कसको होला देव-राक्षसको कि वा ।
बडो लायकको राम्रो देखिन्छ जुन यो सफा ॥
बिहानीपखको साक्षात् सूर्यजस्तै छ फेरि यो ।
वैदूर्यमणिका टुक्रा जडेकोछ यहाँ अहो ! ॥
हेर बावु ! यतापट्टि देखिन्छ कवचै पनि ।
छ सुनै-सुनको जो यो झल्किन्छ त्यसमा पनि ॥
छ्यान्नब्यान्न भएको र बिग्रेको यसरी फुटी ।
भन यो कसको होला खसेको भुइँमा पछि ॥
अहो ! शर्यौं कमानीको जोर्नीको अंश विस्तृत ।
यो छाता कसको होला दिव्य-माला-विभूषित ? ॥
डाँठमै टुक्रिएकोछ समात्ने ठाममै यता ।
छ यो खसाल्दिए जस्तो देखिएको यहाँ हुँदा ॥
पिशाचका मुखै जस्ता हुने मुख, भयङ्कर ।
ठूला शरीरका मोटा गधाहरू यतातिर- ॥
मरेका देखिइन्छन् ऊ ! छातीमा यिनको सब ।
बाँधिएको छ ती ! बावु ! सुनको कवचैतक ॥
बुझ्यौ ? संग्राम पर्दामा त्यसमा चर्किईकन ।
मार्दिए सरि देखिन्छन् होलान् यी कसका पुनः ? ॥
संग्राममा दिने काम कसको रथ हो यता ।
उल्ट्याई भाँच्दिई कल्ले खसाल्यो यसलाइ ? बा ! ॥
झण्डा छ यसमा फेरि जसले युद्ध-क्षेत्रमा ।
चढेको मुख्य स्वामी हो भन्ने नै दिन्छ सूचना ॥
धूवाँ रहित भै बल्दो अग्निकै ठीक तेजिलो ।
झल्झलाकार शोभिन्छ रथ यो हेर ! कत्तिको ? ॥
टुक्रा टुक्रा भएकाछन् छरिएका जताततै ।
कसका बाण यी होलान् डर्लाग्दा उग्ररूपका ॥
छ मोटाई र लम्बाई यिनको रथको धुरा ।
ठीकको बावु ! टुक्रेका देखिन्छन् सुन भै सफा ॥
भएका बाणले टन्न ठोक्रा छन् दुइटा यता ।
धूलो-पीठो भएछन् बा ! भएछ गजबै यता ॥
हेर ! सारथि यो बावु ! मरेछ कसको यहाँ ? ।
कोर्रा लगाम हातैमा यसको छ अझै त्यहाँ ॥

९४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

नौ यता हेर ! खुट्टाको डाम स्पष्ट छ त्यो अति ।
शुद्ध राक्षसकै हो यो शङ्कै छैन यहाँ कति ! ।।
निर्दयी कामरूपी यी क्रूर राक्षस साथमा ।
मेरो वैर बढ्यौ बाबु ! अब झनझन् शयौं गुना ।।
म त संझन्छु यस्तो कि-अब यो वैर वास्तव ।
सारा राक्षसको प्राणै लिइ छोड्दछ, सत्य छ ।।
कुराले यी सबै गर्दा सीता जनकनन्दिनी ।
हरेर लगिइन् पक्कै दुष्टले, वा मरिन् उनी ।।
त्यस्ती तपस्विनी जस्ती तिम्री भाउजु थिन् हरे ! ।
भन के त उनैलाई दुष्ट राक्षसले घिचे ? ।।
विशाल वनमा यस्तो त्यसरी हरिंदा उनी ।
गरेन उनको रक्षा देख्यौ ! सत्-धर्मले पनि ।।
राम्रो स्वभावका बाबु ! जब मैथिल-नन्दिनी ।
बनिन् राक्षसको गाँस अथवा हरिइन् उनी ।।
मेरो सहाय गर्ने क्वै त्यसवेला भएन ता ।
होलान् अनि जगत्मा यो समर्थ कुन, गर्न ता ? ।।
सुन ! लक्ष्मण ! जो सारा लोकको सृष्टि रच्तछ ।
पाल्छ, नाश्छ स्वयं फेरि शौर्यादि-गुणपूर्ण छ ।।
जगत्स्वामी पनी त्यस्ता सारामा गरिने दया ।
आफ्नो स्वभावले शुद्ध नीच मार्दैं गरी कृपा-।।
बस्छन् भने भई चूप प्राणी यी उनको तक ।
गर्छन् निन्दा तथा हेला न जान्दा शक्ति अद्भुत ।।
थिएँ म पनि त्यस्तै पो, गर्दथें विश्वकै हित ।
दयै गर्थें सबै माथि, रोक्थें इन्द्रिय यी स्वतः ।।
कमलो भै दिंदा साह्रै बुझ्यौ ! इन्द्रादि सम्म यी ।
ठान्छन् मलाइ निर्वीर्य, लाछी पो हेप्तछन् अति ।।
सोई के भनुँ ए बाबु ! मृदुता र दयालुता ।
इत्यादि गुण मैमा थे टिक्थे यी लिइ स्थायिता ।।
परन्तु अब देख्यौ कि यस्ता उच्चगुणादिता ।
मेरो संसर्गमा पर्दा भएछन् सब दोष बा ! ।।
यसैले तुच्छ संझेर मेरी स्त्री हरिइन् अहो ! ।
तस्मात् पौरख क्यै आफ्नो मैले देखाउँनै पऱ्यो ।।
जस्तो प्रलय-वेलामा दिने आल्हाद चन्द्रको ।
कान्ति-शान्ति सबै मासी निस्कन्छन उग्रसूर्य पो ।।

१११

११२

त्यहीठीक बुझ्यौ भाई ! म पनी अब वास्तव ।
पन्छाउँछु भए जत्ति ममाका गुण यी सब ।।
के होला यसले संझ ! तुरुन्तै विश्वका सब ।
प्राणीकै साथमा हुन्छन् भुसुक्क अब राक्षस ।।
पिशाच, यक्ष, गन्धर्व, मर्त्य, राक्षस, किन्नर ।
शान्तिले बस्न पाँउन्नन् विश्वमा भइ सुस्थिर ।।
बाबु लक्ष्मण ! देखौला लौ ! एकै छिनमा अब ।
म आफ्ना बाण यी छोडी भर्दिन्छु नभ यो जब ।।
घुम्दछन् जीव वा प्राणी त्रैलोक्यभर जो जति ।
रोकिन्छ टक्क नै हुन्छ जसले तिनको गति ।।
ग्रहको गति रोकिन्छ क्यै पत्तो हुन्न चन्द्रको ।
भुसुक्क हुन्छ यो तेज मरुत्-अग्नि र सूर्यको ।।
गाढान्धकारले व्याप्त हुन्छ त्रैलोक्य यो सब ।
धूलो-पीठो भई हान्छन् गिरिका टाकुरातक ।।
लता, वृक्ष तथा झाडी नाशिइन्छन् त्यसै यता ।
सुक्तछन् यी नदी-नाला जलाशय पनी उता ।।
तिनका साथ-साथैमा नाश हुन्छ समुद्र यो ।
त्रैलोक्य नाश्न यो सारा गर्छु मै काम कालको ।।
हामी सामर्थ्यशाली हौं भन्नेछन् देव जो जति ।
मलाई ल्याइ सुम्पन्नन् भने ता स्वस्थ-जानकी ।।
देख्नेछन् अनि ती राम्रै तमाशा बाबु लक्ष्मण ! ।
मेरो पौरख कस्तो छ ! छ कस्तो शक्ति तत्क्षण ।।
मेरो यो धनुको ताँदोबाट छुट्तै निरन्तर ।
तुरुन्त सब आकाश भर्नेछन् जाल भै शर ।।
अनि आकाशमा घुम्ने प्राणी जो जति छन् पुरा ।
सास फेर्ने पनी बाटो पाँउन्नन्, उड्न के कुरा ? ।।
नाराच नामका मेरा बाणले पिधिंदा सब ।
विश्व यो हुन्छ मर्यादाहीन व्याकुल वास्तव ।।
यहाँका पशु वा पक्षी जत्ति छन् जीव-जन्तु यी ।
नष्ट भ्रष्ट भई हाल्छन् हुँदा उद्भ्रान्त नै अति ।।
धनु कानतकै तानी छोडेका तीक्ष्ण बाण यी ।
रोक्न ता पर्छ है गाह्रो जगत्का व्यक्तिलाइ ती ।।
ती सीता पाँउना निम्ति बाँकि राखिन्न गर्न क्यै ।
पिशाच-राक्षसै जत्ति मार्छु यो विश्वका सबै ।।

१२८

१२६

रिसले द्वेष बढ्दामा छोडेका वेगपूर्वक ।
पुग्न सक्ने निकै टाढा असह्य र भयानक ॥
छन् मेरा बाण जो जत्ति तिनको शक्ति वा बल ।
देख्नेछन् देवता सारा तुरुन्तै आज वास्तव ॥
नाशिंदा क्रोधले मेरो यो त्रैलोक्य यथार्थमा ।
पिशाच देवता दैत्य बच्ने छैनन् कुनै यहाँ ॥
सुन लक्ष्मण ! जो जो छन् लोक वा धाम यक्षका ।
तथा राक्षसका एवं देव-दानव सम्मका ॥
सब ती रहने छैनन् मेरो बाण-समूहले ।
टुक्रै-टुक्रा भई खस्लान् अब राम्रै प्रकारले ॥
मरेकी हरिएकी वा सीता ल्याइ यहाँ अब ।
बुझाउँदैनन् भने देखि हूँ ! भन्ने देव यी सब ॥
के गर्छु अहिल्यै देख्लान् बाणले आफ्नु तेजिला ।
मर्यादा-हीन पार्दिन्छु यो तिनै लोकलाइ ता ॥
जस्तो अघि थिइन् त्यस्तै सुन्दरी ठीक-स्वाथ्यकी ।
दिन्नन् मलाइ ल्याएर भने त सब देव ती ॥
चराचर जगत् सारा स्वर्ग-पाताल-भूमिको ।
साथैमा भस्म पार्दिन्छु बुझ लक्ष्मण ! यो कुरो ॥

१३७

१३८

न पाए सम्म ती मेरी प्रियाको शुभ-दर्शन ।
बाणले लोक यो सारा सन्तप्तै पार्न छोड्दिन ॥
भने पछि कुरा यत्ति रामका नेत्र ती दुवै ।
राता राता भई हाले, काँपे ओठ पनी दुवै ॥
खज्याङ्मज्याङ् भएकाथे मृगचर्म र वल्कल ।
समाते राम्ररी बाँधे जटाभार पनी तब ॥
यी वीर रामको देह यसरी झोक्किंदा अहो ! ।
बन्यो त्रिपुर मार्ने ती रुद्रका देह-तुल्य पो ॥
आफ्नो धनु लिई हाले भवाट्ट लक्ष्मणबाट र ।
समाते रामले राम्रै त्यसलाइ गरी स्थिर ॥
ठोक्रा बाट झिके बल्दो एउटै बाण जो थियो ।
डर्लाग्दो विषको मुस्लो ओकल्ने सर्प-तुल्यको ॥
राखिहाले त्यसैलाई ताँदोमा धनुको अनि ।
छोड्न ठिक्क भई हाले राम यी फूर्तिला बनी ॥
देखिए यस वेलामा साक्षात् प्रलय-कालको ।
अग्नि झैं क्रुद्ध श्रीराम भने लक्ष्मणमा यसो- ॥
सुन लक्ष्मण ! जस्तो कि विधाता मृत्यु काल र ।
बुढ्याँई पनि यी प्राणी नाश्न छन् नित्य तत्पर ॥

१४६

१४७

भन रोक्न यिनीलाई कुन सक्तछ ? त्यै सरि !
मलाई पनि को रोक्ने ? छ गाह्रै, झोक्किए म यी ! ॥
अगाडि झैं सुन्दर दाँतकी ती सर्वाङ्ग राम्री मिथिलेश-पुत्री ।
सीताकनै क्यै गरि देवता यी दिन्नन् भने आज मलाइ ल्याई ॥
गन्धर्व देवादि र नाग साथ मनुष्य शैलादि हुने समस्त ।
यस्तो जगत्लाइ म बाबु ! हेर ! उल्ट्याइ पार्दिन्छु भुसुक्क ध्वस्त ॥

१४८

इति चौसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैंसठ्ठी सर्ग

लक्ष्मणले श्रीराम सँग क्रोध रोकी बक्सन बिन्ती गर्नु

१
त्यसरी हरिंदा सीता बढेको शोकले दृढ ।
थिए पीडित अत्यन्त राम क्रुद्ध पनी तव ॥
देखिए त्यस वेलामा साक्षात् प्रलयकालको ।
अग्नि झैं, जगतै मार्न यसरी जुन तम्सियो ॥
ताँदो चढिसकेको र बाण ठिक्क हुने धनु ।
बोकेर हेर्न लागे ती त्यसैपट्टि यसो ! अब ॥
यता तानि रहेका थे सास स्वाँ ! स्वाँ !! गरी गरी ।
स्वाहा पार्ने जगत् सारा लयका रुद्र हुन् सरि ॥
भाइले पहिले आफ्ना दाजुलाइ यसो गरी ।
रिसाएका थिएनन् बा ! देखेका पनि राम्ररी ॥
अकस्मात् यसरी देख्ता रामको क्रुद्ध-रूप यो ।
मुख-ओठ सुकी हाल्यो अब लक्ष्मणको अहो ! ॥
झटपट्ट दुवै आफ्ना हात जोडेर ठिङ्ग भै ।
राममा गर्दछन् बिन्ती अनि लक्ष्मण नम्र भै ॥
हजूर पहिले दाजु ! भै बक्सिन्थ्यो जितेन्द्रिय ।
शान्त-स्वभाव, प्राणीको गर्ने हित सँधै प्रिय ॥
मेरा पूज्य प्रभो ! अैले क्रोधको वशमा परी ।
आफ्नो स्वभाव त्यो छोड्न ठीक होला र के गरी ॥
मान्य दाजु ! सँधै टिक्छ शोभा-श्रीचन्द्रदेवमा ।
सूर्यमा तेज वा कान्ति स्थायी छ गति वायुमा ॥
पृथ्वीमा सहने शक्ति, क्षमा टिक्छ सँधै प्रभो ! ।
त्यस्तै हजूरमा टिक्छ सर्वोच्च यश नित्य यो ॥
यौटाको दोषले यद्वा भएको अपराधले ।
नाश्नु यस्तो जगत् सारा योग्य होला र दाजु ! के ? ॥
बरु त्यो जान्न चाहन्छु, युद्धको वस्तु-पूर्ण यो ।
रथ पो कसको होला विग्रिई जो यहाँ लड्यो ॥
१३

१४
कुन उद्देश्यले कल्ले कसको रथलाइ त्यो ।
यसरी भाँचियो होला जुवा, शस्त्रास्त्र सम्म पो ॥
खुँदिएको छ यो ठाम घोडाका टापले यता ।
पाङ्ग्राका डाम देखिन्छन् हिंडेको रथ त्यो उता ॥
यिनको बीचबीचैमा थोपा रगतका पनि ।
देखिन्छन् चुहिएका ऊ ! नजर्होस् त यसो गमी ॥
नृपपुत्र प्रभो ! तस्मात् ठाममा यो भयङ्कर ।
संग्राम छ भए जस्तो, मेरो तर्क छ यै स्थिर ॥
म त ठान्दछु यस्तो कि परेको युद्ध, लक्षण ।
यौटैमात्र रथीको हो दुइको पनि होइन ॥
बोलैयाहरूमा श्रेष्ठ मान्य दाजु ! यहाँ पुनः ।
कुनै विशाल-सेनाका पदको चिन्ह देखिन ॥
यौटाको दोषले तस्मात् निहुँ हेतु लिई त्यही ।
यसरी लोक सम्पूर्ण नाश्नु वा ठीक हुन्न कि ? ॥
किन ? आज्ञा भए दाजु ! राजाहरु विशेषले ।
अपराध भए जस्तै दण्ड दिन्छन्, छ योग्य जे ॥
स्वभाव उनको हुन्छ मधुरो कमलो अति ।
पृथ्वीपतिहरू प्रायः हुन्छन् शान्त पनी उति ॥
हजूर भइ बक्सिन्छ जगत्का जीव-जन्तुको ।
शरणस्थान यौटै र सर्वोच्चगति सम्म पो ॥
यस हालतमा ठान्ला कुन सज्जन, दाजुकी, ।
पत्नीको नाश वा लोप भनी 'वेस भयो' यही ॥
लिएको यज्ञमा दीक्षा व्यक्तिको कहिल्यै पनि ।
कुनै अप्रिय गर्दैनन् साधु, ऋत्विक् भए उनी ॥
त्यहीठीक नदी, सिन्धु, देव, गन्धर्व, दानव ।
यी शैल पनि गर्दैनन् दाजुको कत्ति अप्रिय ॥
२६

२७

तसर्थ तेजिला दाजु ! सीता जल्ले हरी लग्यो ।
त्यसैको राम्ररी खोजी गर्नु पर्छ कि के कसो ? ॥
लौ गरौं त्यसकै खोजी, दास भाइ छु साथ म ।
सहाय पाँउछौं हामी ऋषि-ब्रह्मर्षिको पुनः ॥
गई समुद्र खोतल्छौं हामीहरू सबै अनि ।
बडो ध्यान दिई खोज्छौं वन-पर्वतमा पनि ॥
घुम्दछौं घोर डर्लाग्दा गुफाभर अनेकन ।
पोखरी दहमा पुग्छौं छन् नानाथरका जुन ॥

३०

३१

अरुको के कुरा दाजु ! देव-गन्धर्व आदिको ।
लोकमा पनि पुग्नेछौं, खोज्नेछौं भइ जोशिलो ॥
यसरी दाजुकी पत्नी सीता भाउजु भेटतछौं ।
हनँको लाँउछौ पत्तो न लागेवक खोज्दछौं ॥
देवी हजुरकी पत्नी सीताको हाल क्यै गरे ।
भन्दैनन् देवताले ता राम्रो सुख र शान्तिले ॥
भने देखि दिदैनन् ता कोशलेश्वर हे प्रभो ! ।
त्यो वेला गरिबक्सेला ठीक पर्ला गरे जसो ॥

३४

३५

सद्भावले साम र नीति द्वारा सन्यायले वा विनयादि बाट ।
लागेन पत्ता यदि जानकीको भएन ता प्राप्ति सुरादि बाट ॥
टुप्पा भरी प्वाँख सुवर्णका भै सुशोभिने बाणसमूह छोड्दै ।
वज्रै सरी छन् जुन इन्द्रज्यूकै लौ ! पारि बक्स्योस् सब लोक नष्टै ॥

३६

इति पैंसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयसट्ठी सर्ग

फेरि लक्ष्मणले श्रीरामलाई सम्झाँउनु

१

अझ त्यो शोकले पाक्ता त्यसरी प्रभु-राम ए ! ।
विलाप गर्न नै लागे भै अनाथ सरी हरे ! ॥
यता मोह जरो गाडी बढ्‌दथ्यो अति भै तव ।
थिए चित्त हराएझैं दीन-हीन र दुर्बल ॥
अब यस्तो अवस्थामा झण्डै दुइ घडीतक ।
भाइ लक्ष्मणले राम्रो संझाए स्नेहले दृढ ॥
मिचेर पाउ विस्तारै दाजु श्रीरामको अनि ।
भरोसा दिइ भै आड, भन्न लागे यसो उनी ॥
पूज्य दाजु ! गरी बक्स्यो ठूल्‌ठूला कर्म भूमिमा ।
हाम्रा बुवा-दशरथ राजाले तप साथमा ॥
बुवाले पाइ बक्सेथ्यो यसैले दाजुलाइ ता ।
पुत्रको रूपमा यस्तो पाएझैं देवले सुधा ॥
स्वयं भरत भन्दैथे सुनि बक्स्यो सवै कुरा ।
जुन हाम्रा बुवा-राजा स्वर्गमा गइ बक्सिदा ॥
त्यसवेला बुवालाई दाजुका गुणले सव ।
वश पारि सकेकाथे बाँधेझैं गरि वास्तव ॥
वियोग त्यसरी बढ्‌दा अन्तमा भै असह्य त्यो ।
बुवा स्वर्ग सवारी भो देवता ठीकभै अहो ! ॥
अकस्मात् आइ लागेको यो दुःख प्रभुले अतः ।
सहिवक्सनु नै पर्छ यसैमा छ भलो हित ॥
न खपे दाजु जस्ताले थोर सत्व र शक्तिको ।
सक्ला र अरू को व्यक्ति खप्न साधारणै हुँदो ? ॥
तस्मात् शान्त भई बक्स्योस् ली बक्स्योस् धैर्य भै स्थिर ।
विश्वका कुन प्राणीमा पर्दैनन् दुःख कष्ट र ? ॥
आँउछन् छिनमै आपत, जान्छन् पनि त्यसैगरी ।
पार्दछन् अग्नि जस्तो भै भित्र डाहा थरीथरी ॥
१३

१४

हजूर यदि भै दुःखी तेजले आफ्नु वास्तव ।
भुसुक्क पार्दि बक्सिन्छ भने यी लोक नै सव ॥
लौ हुन्छ! शोचि बक्स्योस् त ! तर यी दुनियाँ सव ।
कसको शरणै पर्लान्, पाउलान् शान्ति वा सुख ? ॥
यस्तै छ लोकको बानी छ स्वभाव पनी यही ।
तुरुन्त आँउछन्, जान्छन् सवैमा दुख शोक यी ॥
प्रभो ! नहुषका छोरा महाराज ययातिले ।
स्थान देवेन्द्रकै जस्तो पाएकाथे स्वकर्मले ॥
परन्तु पछि अन्याय मिलेको व्यवहारले ।
छोइ छोड्यो उनीलाई अनि पो मासिए हरे ! ॥
पूज्य दाजु ! यता हाम्रा बुवाज्यूका पुरोहित ।
वसिष्ठ भइ बक्सिन्छ महान् ऋषि विशेषतः ॥
उहाँका भै गए छोरा एउटै दिनमा शयौं ।
एउटै दिनमा फेरि मारिए पुत्र ती शयौं ॥
पृथ्वी हुन् यी जगन्माता ढोगिन्छिन् लोकले सव ।
यिनको सम्म देखिन्छ चल्नु फिर्नु रघूद्वह ! ॥
कोसलेश्वर ! ए दाजु ! हुन् जो धर्मप्रवर्तक ।
स्थिर भै जसमा फेरि टिकेकोछ जगत्‌तक ॥
जुन हुन् विश्वकै नेत्र यिनै सूर्य र चन्द्रमा ।
भोग्छन् ग्रहणको कष्ट राहुले गाँजिदा यहाँ ॥
ठूल्‌ठूला देव वा प्राणी हे प्रभो ! विश्वबीच यो ।
आफ्नो प्रारब्ध भोग्दाछन् परेर वश दैवको ॥
यस हालतमा दाजु ! देह धर्ने विभिन्न यी ।
प्राणीलाइ त के छोड्‌थे तिनले ! छ यही स्थिति ॥
तसर्थ पुरुषश्रेष्ठ ! आफ्नो नीति-अनीतिले ।
हुने सुख र दुःखादि भोग्छन् इन्द्रादि सम्मले ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यही सुनि रहेकाछौं हामीहरू पनि प्रभो ! ।
यसर्थ प्रभुले यस्तो शोक गर्नु हुँदैन भो ! ॥
हरी वा मरी बक्सेको जे भए पनि भाउजु ।
शोक गर्नु त यस्तो ता योग्य छैन कि ? भन्दछु ॥
अरु साधारणै व्यक्ति जो हुन् प्राकृत वास्तव ।
मान्छन् शोक तिनैमात्र, छैनन् जो धीर,-राघव ॥
ए प्रभो ! प्रभु जस्ता ता सर्वज्ञ-जन जत्ति छन् ।
शोक दुःख परोस् जस्तै ठान्दैनन्, नित्य-खप्तछन् ॥
उनीहरू सँधै दाजु ! यसरी दीन भै हरे ! ।
विचार-शक्ति त्यो आफ्नो पार्दैनन् नष्ट क्यै गरे ।'
विचार गरि बक्स्योस् लौ ! तत्वपूर्वक बुद्धिले ।
के हो कर्तव्य ? के गर्दा भलो हुन्छ ? छ श्रेय के ? ॥
नरश्रेष्ठ ! जगतमा यो छन् महान् बुद्धिमान् जति ।
तिनै ठमाँउछन् राम्रो शुभाशुभ गमी बुझि ॥
गुण-दोष न देखेका न जानेका र अस्थिर ।
जति छन् विश्वमा कर्म दिनमा फल तत्पर ॥
यिनका परिणामैमा पाँइने फलमा पछि ।
शुभाशुभादि जो जो छन् भोग्नु पर्छन्, गऱ्यो कि ती ॥

३५

३६

यस्तै खाले कुरा गर्दै नाना दृष्टान्त हेतु दी ।
आफैं संझाइ बक्सिन्थ्यो वीर दाजु ! ममा अघि ॥
हजूरलाइ को फेरि सक्ला ज्ञान दिनै त्यति ! ।
सक्ला सिकाँउनै को पो ? हुन्न ? साक्षात् बृहस्पति ॥
ए महान् बुद्धिमान् दाजु ! देवताहरुले पनि ।
सक्तैनन् प्रभुको बुद्धि ताड्न यत्ति छ है ! भनी ॥
अैले त्यो प्रभुको ज्ञान बढ्यो यो शोकले गरी ।
सुते जस्तो भएको छ, त्यै जगाँउछु यो घडी ॥
इक्ष्वाकु-कुलका रत्न ! वीर दाजु ! स्वयं अब ।
कस्तो छ हेरि बक्स्योस् त ! आफ्नु विक्रम वा बल ॥
महापुरुषको एवं देवको तुल्य शक्ति र ।
पराक्रम छ के कस्तो यै विचार हवोस् स्थिर ॥
अनि मात्र प्रभो ! वेला विचारी गर्नु पर्छ जे ।
शत्रुका नाशको निम्ति गरी बक्स्योस् प्रयत्नले ॥
पुरुषश्रेष्ठ ए दाजु ! यसरी सब विश्वको ।
व्यर्थ संहार गर्दा यो होला के फाइदा प्रभो ! ॥
होला श्रेय यसै गर्दा बरु पापी त्यसैकन ।
खोजेर शत्रु मासे पो, त्यतै लागौं दिई मन ॥

४४

इति छयसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतसट्ठी सर्ग

गृध्रराज जटायु सँग भेट हुनु र उनले रामलाई सीताको हालखबर र आफ्नो खैखबर जाहेर गर्नु

१

रघुका कुलका रत्न थिए राम महान् गुणी ।
सारमात्र लिनै जान्ने एक एक गरी गुनी ॥
भाई-लक्ष्मणले भन्दा स्वयं जेठा भए पनि ।
सारै सार, हुँदा, खाए यी कुरा बेस हुन् भनी ॥
लामा लामा हुने बाहु रघुनन्दन रामले ।
बढेको क्रोध त्यो आफ्नो जुन थ्यो अब रोक्दिए ॥
चढेको त्यसरी ताँदो विचित्र धनु सम्म त्यो ।
झिकेर बाण थन्क्याई भने लक्ष्मणमा यसो ॥
भन लौ ! के गरौं बाबु ! हामीहरू यहाँ अब ? ।
कहाँ जाऔं ?कता लागौं ? विचार गर लौ अझ ॥
राजा-जनककी छोरी सीतालाइ हओस् जहाँ ।
पाँउछौं देख्न, जो गर्दा त्यै उपाय गरौं यहाँ ॥
पीरले तापले पाक्ने दाजु श्रीराममा अब ।
भाइ लक्ष्मण भन्छन् थी झुकी विनयपूर्वक ॥
पूज्य दाजु ? जनस्थान सबैतिर घुमीघुमी ।
प्रभुले खोजिबक्सेमा बेस हुन्थ्यो, घुमौं यहीं ॥
नाना प्रकारका वृक्ष लहरा टन्न छन् यहाँ ।
थाक्लो धन छ यो फेरि कैयौं राक्षस छन् यहाँ ॥
यहीं पर्वत छन् दाजु ! चढ्नै कठिन दुर्गम ।
ढलौंदा कन्दरा पाखा-पखेरा छन् यहीं पुनः ॥
भयङ्कर तथा उग्र छन् अनेक गुफा यहीं ।
भरिएको छ यो नाना मृगका गण भै यहीं ॥
यहाँ बस्न बनेका छन् राम्रा किन्नरका घर ।
डाँडाभर सजेका छन् गन्धर्वघर सुन्दर ॥
तस्मात् म साथ गै बक्सी एक एक गरी अब ।
खोजि बक्से भलो हुन्थ्यो डाँडा-काँडा भरी सब ॥
१३

१४

बुद्धिमान् प्रभु जस्ता छन् जो महात्मा यहाँ स्थिर ।
परोस् जस्तो सुकै आपत् काँप्तैनन् ती धनुर्धर ! ॥
आओस् आँधि-हुरी जस्तो बढाओस् शक्ति वायुले ।
गिरिझैं स्थिर भै बस्छन् के काँप्थे ? किन जाग्दथे ॥
भनेमा भाइले यत्ति सारा वन जहाँ-तहाँ ।
घुम्न लागे स्वयं राम लिइ लक्ष्मण साथमा ॥
केही रिस उठेकैथ्यो धनुमा क्षुर नामको ।
चढाएको थियो बाण उनले अति उग्रको ॥
बढ्दै अगाडि जाँदामा बाटामा रामले अब ।
पक्षीराजकनै देखे विशाल तनका दृढ ॥
त्यत्रा सौभाग्य-सम्पन्न थिए साक्षात् जटायु यी ।
डाँडाको चुचुरै जत्रो देखिन्थ्यो देहको स्थिति ॥
शरीर रगताम्यै थ्यो लडेकाथे जमीनमा ।
देख्ता यस्ता उनीलाई भन्दछन् राम भाइमा ॥
गिद्धरूप लिई बस्ने देख्यौ यल्लाइ बाबु ! के ।
कुनै राक्षस हो पक्कै ! मस्त भै वन घुम्छ ए ! ॥
यसमा छैन शङ्का क्यै यै कुरो मान्छु निश्चित ।
सीतालाइ यसैले नै खाएको हुनुपर्दछ ॥
ठूल्ठूला नेत्रकी मेरी प्रियालाइ घिचीबरि ।
आनन्द साथ पल्टन्छ यहाँ ढलिमली गरो ॥
अब टुप्पा बलेका र सोझै घुस्ने भयङ्कर ।
बाण छोडेर यल्लाई मारी छोड्छु म हेर त ! ॥
भाई साथ भनी यत्ति धनुमा क्षुर बाण त्यो ।
चढाएको चढायैमा गए नजिक हेर्न पो ॥
निकै रिस उठेकोथ्यो यो वेला राममा अहो ! ।
समुद्र सम्मको पृथ्वी पार्छन् कम्पित झैं थियो ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

गर्दथे रगतै बान्ता फिंज काटी यतातिर ।
पक्षी जटायु यो वेला थिए मर्णान्त अस्थिर ॥
अब त्यस्तो अवस्थामा अति दुःखित वाक्यमा ।
भन्न लागे महान् दुःखी राजेन्द्रसुत राममा ॥
आयुष्मन्-राम ! यो घोर वनमा यसरी घुमी ।
खोज्छौ औषधि खोजेझैं जसलाई स्वयं तिमी ॥
ती देवी-जानकी साथै मेरा प्राण पनी सब ।
लग्यो रावणले बावु ! हरेर बलपूर्वक ॥
राम बावु ! तिमी तिम्रा भाइ लक्ष्मण सम्म यी ।
न भएको पर्‍यो मौका आयो राक्षसको पति ॥
बलवान् त्यो थियो ज्यादै ती देवी मैथिलीकन ।
हरी लैजान लाग्दैथ्यो देखें भ्वाट्ट उनीकन ॥
म देख्ने वित्तिकै दौडें सीताको गर्न मद्दत ।
त्यल्लाई झम्टिई हालें भो लडाँई पनी अतः ॥
त्यसका रथ-छत्रादि सब साधन मास्दिएँ ।
दुष्ट रावण भो चीत भुईंमा नै खसाल्दिएँ ॥
त्यसको धनु ऊ ! त्यै हो युद्धमा भाँचियो जुन ।
टुक्रै टुक्रा भएका छन् तिनै हुन् बाण उत्तम ॥
त्यसले युद्ध गर्दामा चढेको रथ हो त्यही ।
भाँचियो त्यसरी बावु ! म द्वारा रणमा पछि ॥
त्यस राक्षस-राजाको हेर ! सारथि हो त्यही ।
जुन मेरा पखेटाले हानिंदा मर्न गो लडी ॥
लड्दामा जब थाकें म पछि रावणले हरे ! ।
काट्दियो यी दुवै मेरा पखेटा तलवारले ॥
उचाली जानकीलाई अनि राक्षसराज त्यो ।
उडी गो वेग ली बावु ! लिइ मार्ग अकाशको ॥
त्यस राक्षसले राम मारिएँ म अगाडि नै ।
के मार्छौ अब ? भो छोड ! मार्नु पर्दैन मर्छु मै ॥

४०

४१

छोई विषय सीताको भनेको मधुरो प्रिय ।
कुरा सब सुने यस्ता उनबाट उहाँ अब ॥
मुखैभर भयो आँसु रामको अनि ता हरे ! ।
महान् धनु लिएका थे बाहुमा, फ्वात्त फेंक्दिए ॥
अँगाले अनि ग्वाम्ल्वाङ्ग गिद्धराज उनीकन ।
शोकले विव्हशै पार्‍यो भुइँमा नै लडे पुनः ॥
धर्न सक्ने थिए धैर्य तै पनी भाइ साथमा ।
रुन लागे स्वयं राम पर्दा दोब्बर दुःखमा ॥
ज्यादै कष्ट खपी त्यस्तो निःसहाय भई हरे ! ।
यी पक्षीराज एकोरो प्राणान्त दम खिंच्तथे ॥
हिक्का बढी सकेकोथ्यो देखी यस्ता उनीकन ।
राम लक्ष्मणमा भन्छन् स्वयं दुःखित भैकन ॥
देख्यौ बावु ! भएँ भ्रष्ट राज्यबाट म आफ्नु त्यो ।
वनवास मिल्यो यस्तो, हरिइन् जानकी अहो ! ॥
त्यस्तो सहायता गर्ने मर्नु भो पक्षीराज यी ! ।
रहेछ बलवान् कस्तो मेरो दुर्भाग्य यो हकि ? ॥
स्वाहा बनाँउने सारा अग्निलाई समेत पो ।
भुसुक्क पार्छ जस्तै छ मेरो दुर्भाग्य हेर ! यो ॥
तर्न खोजें भने आज सिन्धु पौडेर क्यै गरे ।
मेरो दुर्भाग्यको आँचै बाट सुक्नेछ त्यो हरे ! ॥
चराचर जगत्मा यो म भन्दा भाग्य-हीन ता ।
छैन होला कुनै अर्को ठान्छु बावु ! यही म ता ॥
जुन दुर्भाग्यले गर्दा देख्यौ ! आपत् र कष्टको ।
जाल भित्र फसें यत्रो बडेमाको म ता अहो ! ॥
साक्षात् मेरा बुबाज्यूका प्रिय मित्र महाबली ।
त्यस्तै उमेरका बूढा हुनुहुन्थ्यो जटायुजी ॥
मेरै दुर्भाग्यले गर्दा अब हेर ! उहाँ पनि ।
मारिईं यसरी ओहो ! लड्नु भो भुइँमै पनि ॥

५४

५५

गरी यस्ता कुरा नाना रामले भाइ साथ ली ।
सुम्सुम्याए सबै अङ्ग उनको पितृ-स्नेह दी ॥
दुवै पखेटा पद् काटिएका लडी रहेका रगताम्य यस्ता ।
ती पूज्य पक्षीन्द्र जटायुलाई हाले अँगालो अब रामले यी ॥

५६

CC-0. In Public Domain. Digitization by eGangotri

आज्ञा हुओस् तात ! कहाँ पुगिन् ती मेरी प्रिया प्राण-समान सीता ।
भनी कुरा श्रीमुखबाट यत्ति भैमैं लडे राम हरे ! पछी ता ॥
५७

इति सतसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठसट्ठी सर्ग

जटायु बाट सीताको वृत्तान्त सुन्नु र श्रीरामले उनको दाह–संस्कार गर्नु

१

हानेर अस्त्र ढलाग्दो दुष्ट– राक्षसले हरे !
भूमिबीच लडाएका गृध्रराज जटायु थे ॥
भन्दछन् अव श्रीराम हेर्दै हेर्दै उनैतिर ।
भाइ लक्ष्मणमा आफ्ना मित्र–तुल्य र सुस्थिर ॥
देख्यौ बावु ! छ पक्का यो स्वयं पक्षी भए पनी ।
यहाँले गर्नु भो यत्न मेरै काम, गरौं ! भनी ॥
पछि जोड न पुग्दामा मार्दियो दुष्टले जव ।
लाग्नु भो त्यागन ऊ ! प्राण मेरो नै निम्तिमा अव ॥
अतिकष्ट परेको छ देहभित्र उहाँकन ।
प्राण निस्कन खोज्दैछन् बाँकि छन् तर लक्ष्मण ! ॥
वाक्य बन्द हुनै लाग्यो उहाँको अव हेर ती ! ।
आँखाका पुतली घुम्छन् लौन ! छर्पट भो अति ॥
बुवा जटायु ! आज्ञा होस् ! भन्न सक्ने भए समा ।
होस् है ! हजूरको श्रेय निरन्तर जहाँ–तहाँ ॥
अवस्था पार्दियो यस्तो कसरी त्यस दुष्टले ? ।
म सुन्छु सव आज्ञा होस् ! जानकीको छ हाल के ? ॥
त्यसले ठाम के पायो, निहुँ के भो, हर्‍यो किन ? ।
त्यस रावणको मैले अपराधै गरें कुन ? ॥
देख्यो कि दोष क्यै मेरो जसले त्यस दुष्टले ।
ती आर्या–जानकी मेरी प्रिया हरि लग्यो हरे ! ॥
राम्रो र चन्द्रमा जस्तो सीताको मुख त्यो सफा ।
त्यसवेला थियो कस्तो ? पक्षीमा श्रेष्ठ ए बुवा ! ॥
तपाँइलाइ देख्तामा त्यो वेलामा स्वयं उनी ।
भन्थिन् के के कुरा कस्ता? आज्ञा होस् सुन्छु त्यो पनि॥
मेरा पूज्य बुवा ! भन्नोस् ! त्यस राक्षसको अव ।
बल–बूता छ के कस्तो ? रूप कस्तो छ वास्तव ? ॥

१३

१४

त्यो दुष्ट काम के गर्छ ? त्यसको छ कहाँ घर ।
सोधे जत्ति कुरा मैले आज्ञा होस् अव भै स्थिर ॥
भिन्न धर्म भएकै हुन् राम गर्थे विलाप यी ।
थिए अनाथ जस्तै हा ! यसो हेर्थे जटायु ती ॥
पछि लर्वर–बोलीमा निकै छर्पटिईवरी ।
प्राण जान हुँदा बाँकी भन्दछन् अतिसुस्तरी ॥
बावु राम ! दुरात्मा हो क्रूर राक्षस रावण ।
त्यो जान्दछ निकै माया छ फेरि अतिदारुण ॥
मायाले पार्दियो त्यल्ले बावु ! त्यो दिन दुर्दिन ।
पानी वर्स्यो हुरी आयो, गयो सीता हरीकन ॥
लड्दा–लड्दै म थाकेंथें मौका पायो त्यसै पनि ।
पखेटा दुइटै मेरा काट्दियो त्यसमा पनि ॥
विदेहनन्दिनी देवी सीता साथ लिईकन ।
यै दक्षिण–दिशा ताकी उडी गो वेगले पुनः ॥
प्राणको गति यो मेरो लाग्यो टक्क हुनै अव ।
आँखा घुम्दछ फन्फन्ती, वेला भो ! बावु–राघव ! ॥
देख्न थालि सकें राम ! म सारा वृक्षलाइ यी ।
पहेंला रङ्गकामात्र बनेझैं सुन बाट ती ॥
यी सवै वृक्षका बावु ! टुप्पामा पनि फेरि म ।
उशीर–खशको देख्छु बनेझैं केश उत्तम ॥
सीता हरिलग्यो राम ! त्यल्ले जुन मुहूर्तमा ।
त्यसमा भेट्छ स्वामीले नष्ट वस्तु छिटै यहाँ ॥
मुहूर्त त्यसवेलामा विन्द नाम हुने थियो ।
भएन यसको ख्यालै त्यसलाइ, भलै भयो ॥
आफ्नु नै मृत्युको निम्ति माछो बल्छी समात्दछ ।
त्यै ठीक जानकीलाई जो लग्यो, अव मर्दछ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
रामबाबु! तिमी तस्मात् मनमा भित्र वास्तव ।
लिई विपय सीताको चिन्ता नगर है अब ॥
दुष्ट रावणलाई त्यो भै रणस्थलमा अघि ।
मार्नेछौ बहुतै चाँडो भेट्नेछौ पछि जानकी ॥
मर्ने वेला भएकैथ्यो गृध्रराज जटायुको ।
थिएन मनमा किन्तु मोह-भ्रम कुनै कुरो ॥
राम साथ कुरा यस्ता गर्दैथे मुखबाट त्यो ।
हाल्हाल्ति रगतै निस्क्यो चौटाकै साथ मासुको ॥
भने यस्तो अवस्थामा पनि ती गिद्धले यसो ।
छोरो हो विश्रवाको त्यो साख्ये भाइ कुवेरको ॥
राजा सम्पूर्ण पक्षीका वीर त्यस्ता जटायु ता ।
भनी यत्ति मरी हाले, छोडी दुर्लभ प्राण हा ! ॥
भन्दैथे अँजुली बाँधी अफ राम भने वहाँ ।
आज्ञाहोस्! अरु आज्ञाहोस्!! ए जटायु बुवा! ममा ॥
यता पुगिसकेका थे गिद्धराज जटायुका ।
प्राण छोडेर त्यो चोला नभबीच कता कता ! ॥
ताने दुवै ठुटा खुट्टा तेर्स्याए भुइँमा शिर ।
फफारे देह त्यो फट् फट् लडे डङ्ग ! भए स्थिर ॥
उनका नेत्र यो वेला राता राता थिए अति ।
स्थिर पर्वत हो जस्तै देखिन्थे जो मरे पछि ॥
देख्ता यस्ता उनीलाई सुमित्रासुत-भाइमा ।
भन्छन् राम, अनेकौं यी दुःखले दीन भै वहाँ ॥
बाबु लक्ष्मण ? बितैं हो सारा राक्षस-जातिको ।
निवासस्थान डलाग्दो दण्डकारण्य हेरयो ॥
आनन्द साथमा कैयौं वर्ष सम्म बसी जहाँ ।
यी पक्षिराजले आफ्नो प्राण छोड्नु भयो यहाँ ॥
साह्रै लामो थियो आयु उहाँको धेर वर्षको ।
यो दीर्घ-कालमा बाबु ! नाना उन्नति देख्नु भो ॥
तर आज बुढ्याँईमा मारिई लड्नु भो यहाँ ।
गाह्रै पर्दछ प्राणीले काल टार्न त विश्वमा ॥
उपकार भलो गर्ने हुनुहुन्थ्यो जटायुज्यू ।
हेर लक्ष्मण ! व्यर्थैमा मार्दियो, आज गो जिउ ॥
गर्दा संग्राम सीताका रक्षाको निम्तिमा त्यहाँ ।
मार्दियो बलवान् दुष्ट त्यस रावणले यहाँ ॥
४१

४४
बाबु-बाजेहरूबाट पाएको क्रमपूर्वक ।
विशाल गिद्धको राज्य देख्यौ ! छोड्दिनु भो सब ॥
सारा चराचुरुङ्गीका राजा पूज्य जटायुले ।
यै मेरो निम्तिमा बाबु ! प्राण त्यागिदनु भो हरे ! ॥
धर्म थाम्ने तथा शूरा शरणागतरक्षक ।
सन्त सज्जन देखिन्छन् हेर ! सर्वत्र वास्तव ॥
सुमित्रासुत ए बाबु ! के गरौं उनका कुरा ।
देख्यौ ! यी पशु-पक्षीका योनिमा सम्म छन् पुरा ॥
मलाई यस वेलामा शत्रुनाशक वीर ! त्यो ।
सीता-हरणको दुःख लागेको छैन त्यत्तिको ॥
जत्तिको पीर पर्दोछ दुःख लाग्दछ जत्तिको ।
मेरै निमित्तमा प्राण त्याग्ने पूज्य-जटायुको ॥
मेरो निम्ति बुझ्यौ! जस्तो श्रीमान् कीर्ति हुने महान् ।
बुवा-राजा-दशरथ भै बक्सिन्थ्यो महामहान् ॥
त्यहीठीक बुवा जस्तै महामान्य र पूज्य यी ।
भइ बक्सिन्छ है बाबु ! पक्षिराज जटायुजी ॥
तसर्थ अब गै चाँडै लौ जम्बा पार दाउरा ।
गर्छु काठ माथी आगो निकाल्ने काम मै पुरा ॥
उहाँको प्राण गो बाबु ! मेरै निम्ति लडी अतः ।
दाह-संस्कारका कर्म गर्न खोज्छु विशेषतः ॥
स्वामी चराचुरुङ्गीका उहाँलाई म लक्ष्मण ! ।
चिताबीच चढाएर गर्छु संस्कार यै क्षण ॥
सुमित्रासुत ए बाबु ! डलाग्दो उग्ररूपको ।
दुष्ट राक्षसले त्यस्तो जो मार्‍यो यसरी अहो ! ॥
महान् बल हुने मेरा पूज्य ए पतगेश्वर ! ।
ठूल्ठूला यज्ञ गर्नेले पाँउछन् गति जो स्थिर ॥
भेट्छन् जो अग्निहोत्रीले, गर्नेले भूमिदान जो ।
लड्दा पीठ न फर्काई लड्नेले गति भेट्छ जो ॥
मेरो आज्ञा छ यो पाल्नोस् तिनै उत्तम-लोकमा ।
मद्वारा दाह-संस्कार हुँदा 'सद्‌गति होस्' वहाँ ॥
धर्मात्मा रामले यत्ति भनीकन वहाँ पुनः ।
चिताबीच चढाए बा ! पक्षिराज उनीकन ॥
दागबत्ती दिई हाले रामले स्नेहमा परी ।
यसरी दाह-संस्कार गरे बन्धु सरी गरी ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
बनभित्र पसे राम भाई लक्ष्मण ली अनि ।
मोटा मृग महारोही मारी फर्के वहीं उनी ॥
पिण्ड-पानी दिनालाई पक्षिराज-जटायुमा ।
वरीपरी बिछाए बा ! हरीया कुश भूमिमा ॥
मासु काटेर रोहीको बनाए पिण्ड ठिक्क र ।
अर्पे अनि उनीलाई त्यसैमा पिण्ड भै स्थिर ॥
परलोकतिरै जाने प्राणीको निम्तिमा यहाँ ।
गर्नु पर्दछ जे जस्तो भन्छन् विप्रादि शास्त्रमा ॥
६४

६५
स्वर्गको प्राप्ति गर्ने ती पितृ-सम्बन्धका ऋचा ।
जपे, पाठ गरे आफैं रामले पनि ता तदा ॥
गए अब दुवै भाई नदी-गोदावरीतिर ।
जलाञ्जलि दिए फेरि उनलाइ भई स्थिर ॥
रघुका कुलका रत्न महापुरुष थे दुवै ।
वहाँ पुगि गरे स्नान आफैंले सावधान भै ॥
पछि बाट पढी मन्त्र विधिपूर्वक शास्त्रको ।
जलाञ्जलि दिए त्यस्ता गृध्रराजकनै अहो ! ॥
६८

६९
संग्राम पर्दा अघि गिद्धराजले अत्यन्त नै दुष्कर-कर्म जो गरे ।
यै कीर्ति राखे पछि सम्मको अनि मारी दिंदा रावणले मरे पनि ॥
महर्षि जस्ता प्रभु-रामले पुनः दाहादि संस्कार गरी दिए जुन ।
यल्ले भयो झन् उनको भलो अति पाए परात्मामय शुद्ध सद्गति ॥
गरी सकी तर्पण आदिका क्रिया भए दुवै सुस्थिर शान्त-चित्तका ।
बढ्यो दुवैको पछि पक्षिसत्तम जटायुमा स्नेह र बुद्धि उत्तम ॥
मनै भरी भो अब जानकीकन भेट्टाँउने उत्सुकता बढ्यो जुन ।
तस्मात् पसे त्यो वन भित्र-भित्र यी देवेश साक्षात् हरि-इन्द्रझैं भई ॥
७२

इति अठसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्सत्तरी सर्ग

अयोमुखीको नाक, कान काटिदिनु र कबन्धसंग भेट हुनु

१

जलाञ्जलि गरी दान यसरी ती जटायुमा ।
रघुवंशी दुवै भाई हिंडे अब त्यजे त्यहाँ ॥
सीता खोज्नु थियो काम वन हेरी सवैतिर ।
अनि लागे दुवै भाई क्यै पश्चिम दिशातिर ॥
धनुर्बाण लिएकाथे तलवार पनी थियो ।
बढे पश्चिम गै केही तव दक्षिण-तर्फ पो ॥
जाँदा जाँदा दुवै भाई पुगे बा ! अनि अन्तमा ।
कसैले अहिले सम्म न हिंडेको कुमार्गमा ॥
नाना प्रकारका वृक्ष थिए टम्म जतातता ।
थियो सवतिरै डम्म झाडी गुल्म लता हुँदा ॥
यसरी जेलिएकोथ्यो अतिदुर्गम मार्ग यो ।
लाग्दथ्यो डर देख्तैमा अनकन्टार भै अहो ? ॥
राजपुत्र दुवै भाई बलीया थे निकै अतः ।
बलै साथ छिचोलेर अघि बढ्दै गए अझ ॥
दिशा दक्षिण ताकेर जाँदा जाँदा भयानक ।
विशाल वन नाघेर पुगे परतिरै अब ॥
आफ्नो आश्रम छोडेर जो जनस्थानमा थियो ।
दुवै भाइ पुगी हाले तीन कोस परै अहो ! ॥
क्रौञ्चारण्य थियो नाम प्रसिद्ध यस ठामको ।
पसे भित्र लुसुक्कै यी भए पनी गभीर त्यो ॥
वन यो मेघको राशि, अनेकौं रङ्ग-ढङ्गको ।
देखिए सरि, देखिन्थ्यो कालो नीलो विचित्रको ॥
फूलका रङ्गका ढङ्ग हुँदा सुन्दर शोभित ।
हर्षोत्फुल्ल भए जस्तै देखिन्थ्यो वन यो स्वतः ॥
जहाँ पक्षीहरू नाना पशु साथै मिलीकन ।
क्रीडा गरि रहेकाथे भइ दङ्ग मनै-मन ॥

१३

१४

सीमा भेट्न बढी इच्छा यी दुवै राम-लक्ष्मण ।
अब खोज्न वहाँ लागे घुमी घुमी वनै-वन ॥
ज्यादै थकाइ लागेमा गर्नं विश्राम वस्तथे ।
जानकी हरिएकीले चोपट्टै दुःख मान्दथे ॥
यहाँबाट दुवै भाई लागे पूर्वतिरै अब ।
तीन कोस पुगे टाढा सरासर गए जब ॥
त्यो क्रौञ्चारण्य नाघेर मतङ्ग-मुनिराजको ।
पुगे आश्रमकै छेउ-छाउमा यी दुवै अहो ! ॥
थियो यो वन पैलेको भन्दा पनि भयानक ।
पशु-पंक्षी थिए टन्न भयङ्कर र हिंसक ॥
नाना प्रकारका वृक्ष परिपूर्ण हुँदा यहाँ ।
थियो गहन अत्यन्त जेलिन्थे वृक्ष नै जहाँ ॥
वहाँ पुगे पछी देखे यी दुवै राजपुत्रले ।
त्यहाँको भव्य डाँडोमा गुफा यौटा अजङ्ग ए ! ॥
आँखा गाडी यसो हेर्दा गहीरो यो थियो अति ।
पाताले ठीक देखिन्थ्यो अन्धकार थियो उति ॥
नरश्रेष्ठ दुवै भाई त्यतैतिर गए जहाँ ।
बस्तथी राक्षसी यौटी यै परी दृष्टि-मार्गमा ॥
त्यसको देहको साथै थियो मुख भयङ्कर ।
थियो रूप पनी त्यस्तै डर लाग्दो असुन्दर ॥
बल शक्ति हुने थोरै व्यक्तिलाइ भने त त्यो ।
डर पार्थी त्यसै देख्तै, घीन लाग्दी थिई बडो ॥
ठूलो पेट खसेकीथी दाह्रा तीखा थिए अति ।
ज्यादै कडा थिए छाला विकराल थिई उति ॥
समाती पशु डलाग्दा घिच्तथी त्यो त्यसै तव ।
साह्रै विकट थी, झाँक्रो फिंजिएको थियो सब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्यो गुफाको नजीकैमा त्यस्ती त्यो राक्षसीकन ।
यी दुवै भाइले देखे राम लक्ष्मण हुन् जुन ॥
यी दुवै वीर भाईको नजीकै आई त्यो अब ।
दाजुको अघि हिंड्दैथे भाइ चाँहि यता तव ॥
अनि हेरी उनैपट्टि भनी-हामी दुवै अब ।
लौ विहार गरौं आऊ! समाती हात पो तव ॥
न पुग्दा यत्तिले मात्र त्यसले पछि ता त्यता ।
ग्वाम्लवाङ्ग नै अँगाली बा! वीर लक्ष्मण लाइ ता ॥
पछि बाट भनी यस्तो चिन! मै हुँ अयोमुखी ।
जुन हुन्छु म तिम्री स्त्री, ठूलो लाभ भयो यही ॥
प्यारो लाग्यो तिमीलाई देख्तैमा, पति होउ लौ! ।
यो बाँकि आयु मैसाथ विहार गर आउ लौ! ॥
प्राणनाथ! दुवै हामी घुमौला है! जहाँतहाँ ।
नदी-किनारमा एवं वन-पर्वत-दुर्गमा ॥
यत्ति भन्दा न भन्दैमा शत्रु नाश्ने भए जवि ।
वीर लक्ष्मणमा त्यस्ता चढी गो क्रोध भै अति ॥
अनि भवाट्ट झिकी हाले उनले तलवार र ।
काट्दिए त्यसका कान, नाक, थून, चटाचट ॥
नाक कान दुवै काट्ता चिच्याई भइ व्याकुल ।
आए जस्तै गरी भागी डर्लाग्दी राक्षसी तव ॥
शक्तिशाली दुवै भाई त्यो गए पछि त्यै रित ।
अघि बढ्दै गए फेरि अविठीक बलैसित ॥
जाँदा जाँदा पुगे अर्को वनमा पछि यी दुवै ।
जो थियो अनकन्टार डर्लाग्दो पनि झन् निकै ॥
शील शौच तथा सत्व थ्यो निकै भाइमा पनि ।
देखिन्थ्यो तेज अत्यन्त शक्तिशाली हुँदा उनी ॥
कान्तिले तेजले आफ्नो दाजु झन् धप्धपाउथे ।
आफ्नु हात दुवै जोडी अब यी भाइ भन्दथे ॥
पूज्य दाजु! ल के हुन्छ ? यो मेरो वाम-बाहु ता ।
न मजै साथ फुर्दोछ फर्र-फर्र! गरी यता! ॥
मन यो आत्तिए जस्तो लाग्छ, उद्विग्न हुन्छ है ।
यता अशकुनैमात्र देख्न थालि सकें म है ॥
तम्तयार भई बक्स्योस् मान्य-दाजु! तसर्थ लौ! ।
खाइ बक्स्योस् कुरा मेरा ठिक्क भै डर मास्न लौ! ॥

४३

४४

जो छन् शकुन यी दाजु! नराम्रा छन्, ममाथि नै ।
अवश्य पर्छ क्यै आपत् भनेझैं छन् तुरुन्त नै ॥
राम्रै शकुन देखिन्छ त्यसकै साथमा यता ।
ऊ! वञ्जुलक त्यो पक्षी कराँउछ वसी त्यता ॥
हुन ता डर लाग्दो हो यो चरो, तर युद्धमा ।
दिन्छ जस्तो छ है दाजु! हाम्रो नै जीत सूचना ॥
यस्तै नाना कुरा गर्दै ती दुवै राम लक्ष्मण ।
सीता खोज्दै चहार्दैथे सारा वन बलैसँग ॥
अकस्मात् यस वेलामै ठूलो शब्द भयो यहाँ ।
भान भो जसले सारा वन नाशिन्छ झैं वहाँ ॥
अब चारतिरै बाट आयो आँधि-हुरी त्यहाँ ।
घेरै जस्तो भई हाल्यो त्यसैले नै जहाँ तहाँ ॥
प्रतिध्वनि उठ्यो त्यस्तो शब्दको वनमा जुन ।
त्यसले अब थर्कायो वनप्रान्त पनी पुनः ॥
तलवार लिएकैथे रामले, भाइ साथ थे ।
के भो ? शब्द कहाँ बाट आयो ? यै बुझन खोज्दथे ॥
देखे भवाट्ट यसैवेला हुने छाती सुविस्तृत ।
विशाल देहको यौटा महान् राक्षसलाइ त ॥
पाए अब दुवैले यो तुरुन्तै त्यसलाइ ता ।
आफ्नै अगाडि पो ठिङ्ग उभिएको विशाल हा! ॥
ज्यादै ठूलो थियो हेर्दा त्यस राक्षसको तर ।
थिएन शिर घाँटी क्यै थियो अतिभयङ्कर ॥
यो 'कबन्ध' थियो, जो हो मुर्कट्टा, उग्र-रूपको ।
ठूलो मुख बनेकोथ्यो पेटमै यसको अहो! ॥
यसको देहमा सारा जर्रा तीखा थिए रौं ।
ठूलै पर्वत हो जस्तो देखिन्थ्यो अग्लिएर ऊँ! ॥
त्यस्तै बादल हो जस्तो कालो नीलो थियो अति ।
गर्जन्थ्यो मेघकै ठीक गम्भीरस्वर नै झिकी ॥
थियो निनार छातीमै त्यसकै बीचभागमा ।
ठूलो आँखा थियो यौटा छिटै देख्थ्यो जहाँतहाँ ॥
ज्यादै लम्बाइ-चौडाई यो यौटै नेत्रको थियो ।
देखिन्थ्यो अग्निको बल्दो राँकै जस्तो त्यसै, अहो! ॥
परेला र परेलाको माथिल्लो भाग सम्म त्यो ।
खैरा रौं भएको र र-रातो ढङ्गको थियो ॥

६०

६१

लामा लामा थिए दाह्रा जिब्रो लपलपाँउथ्यो ।
लगातार त्यसैद्वारा विशाल मुख चाट्‌तथ्यो ॥
देख्तैमा अति डर्लाग्दा सिंह भालू र हिंसक ।
पशु-पक्षी पनी सारा मार्दथ्यो घिच्तथ्यो सब ॥
एक योजनका लामा त्यसका हात थे दुवै ।
चारैतिर पसार्थ्यो त्यो ट-टाढा पुग्दथे निकै ॥
टपक्क टिप्तथ्यो तान्थ्यो यी दुवै हातबाट त्यो ।
पशु-पक्षी तथा भालू मृग-यूथप सम्म पो ॥
जो जो प्राणीहरूलाई खोज्दथ्यो खान त्यो तदा ।
घिसार्थ्यो तिनलाई नै फेंक्दिन्थ्यो अरुलाइ ता ॥
पुगे लक्ष्मण श्रीराम नजीक त्यसको जब ।
छेकेर उनको बाटो अघि ठिङ्ग भयो तब ॥
त्यस बाट भए टाढा दुवै भाई वहाँ अब ।
हेर्न लागे परै बाट आँखा गाडी यसो तब ॥
देखियो यस यस वेलामा त्यो लामो एक कोसको ।
गिंढमात्र भएकोथ्यो मुर्कट्टाका स्वरूपको ॥
भनिइन्थ्यो यसैले त्यो 'कबन्ध' यस नामले ।
देख्तैमा उग्र डर्लाग्दा ल-लामा दुइ हात थे ॥
लामा हात हुने त्यस्तो यसले आफ्नु हात ती ।
पसारेर खिंची हाल्यो राम लक्ष्मणलाइ यी ॥
एकै साथ सजीलै पो तान्दामा त्यसरी वहाँ ।
त्यसको बलले गर्दा कष्टै भो दुइ भाइमा ॥
दुवै भाइ थिए चर्कै तेजका, बल-देहका ।
तलवार लिएकैथे धनु थ्यो बाहुमा यता ॥
यसरी ताँनिदा खेरि परन्तु दुइ भाइ यी ।
त्यसै न लागी परी हाले त्यसकै वशमा पछि ॥
जो कष्ट त्यस वेलामा पर्न गो रामलाइ ती ।
तापे, हडबडाएनन् धैर्यले शूर भै अति ॥
हुँदा काँचा ठिटा किन्तु लत्तो छोडि दिंदा त्यसै ।
पऱ्यो लक्ष्मणमा चाँहि भित्र मर्का व्यथा निकै ॥
अब श्रीरामका साना भाइ लक्ष्मण खिन्न भै ।
मन्त्र लागि गए आफ्ना दाजुका पाउमा यसै ॥
वीर दाजु ! नजर्होस् लौ ! यस राक्षसको म त ।
वशमा यसरी पर्दा विवशै पो भएँछु त ? ॥

७७

७८

दिएर भेट यल्लाई यौटै मैलाइ लौ अब ! ।
यस बाट छुटी बक्स्योस् प्रभु ता पूज्य राघव ! ॥
मेरो बलि दिई दाजु ! पन्छाई भूतलाइ यो ।
अब उम्की सवारी होस् यहाँ बाट छिटै प्रभो ! ॥
हजूर अनि चाँडै नै सीता भाउजुलाइ ता ।
भेटि बक्सिन्छ है पक्का ! छ विश्वास मलाइ ता ॥
ती हाम्रा बावु-बाजेले भोगिएकी सबै क्षिति ।
हजूर पाइबक्सेला वहाँ फर्कि गए पछि ॥
ककुत्स्थ-रत्न ए दाजु ! त्यसवेला हजूर ता ।
मलाई संम्कि बक्सेला राज्यमा राज भै सदा ॥
भन्दा लक्ष्मणले यत्ति रघुनन्दन रामले ।
प्रिय छोरा सुमित्राका उनलाई यसो भने ॥
न डराउ ! डराएका किन वीर ! यसो गरी ? ।
हुन्नन् हताश वा खिन्न शूर-वीर तिमी सरि ॥
लामो लामो हुने हात मुर्कट्टा थ्यो कबन्धको यो ।
सारा दानवमा श्रेष्ठ ज्यादै क्रूर-स्वभावको ॥
कुरा भइ रहेकैथ्यो राम—लक्ष्मणबीच यी ।
यसैवेला भनी हाल्यो त्यसले दुइमै पछि ॥
दुवै तिमीहरू को हौ ? साँढेका काँध जत्तिकै ।
छन् जो फराकिला राम्रा काँध यी दुइका निकै ॥
धनुर्बाण धरेका छौ ठूल्ठूला तलवार छ ।
डर्लाग्दो ठाममा यस्तो किन आयो तिमी अब ? ॥
भन ! काम छ के त्यस्तो! लौ ! मेरो निम्ति स्वादिलो ।
आहारा हुन आएछौ ! भोकाएकै थिएँ म जो ॥
तलवार धनुर्बाण लिएकाले तिमी दुवै ।
साँढेझैं देखिएका छौ तीखो सींग हुने निकै ॥
अैले आइ पुग्यौ ठ्याक्क मै भएमा यसो गरी ।
बित्यो जीवन लौ ! तिम्रो यो मेरो हातमा परी ॥
अब यस्ता कुरा सुन्दा त्यस दुष्ट कबन्धको ।
सुकेको मुख लौ राम भन्छन् लक्ष्मणमा यसो ॥
सत्यपराक्रमी भाई ! खप्नै गाह्रा कडा अति ।
दुःखमा दुःख पाएर हामी दुःखी थियौं उति ॥
बज्रियो फेरि यो आपत् सीता पाँउनुको अघि ।
जसले जीवनै हाम्रो कुन्नि है ! लगि हाल्छ कि ? ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

कालै हो बाबु ! प्राणीमा पारी हाल्छ प्रभाव यो ।
यसको छ महान् शक्ति,सक्दैनन् बच्न क्वै अहो !॥
प्रभाव यसकै पर्दा तिमी र म पनी दुवै ।
देख्यौ त ए नरश्रेष्ठ ! मोहियौं कष्टले निकै ॥
९५

दैव वा कालको निम्ति भार हुन्न कुनै यहाँ ।
विश्वका जीव वा प्राणी पार्नु आफ्नु प्रभावमा ॥
बालुवाका कुनै त्यस्ता बनेका पुल छन् भने ।
पानीको वेग बढ्दामा भै हाल्छन् सब नाशिने ॥
९६

त्यै ठीक बलवान् शूरा शस्त्रास्त्रज्ञ पनी यहाँ ।
नाशिन्छन् कालले गर्दा कष्ट भोग्छन् लडाँइमा ॥
९७

त्यस्ता प्रतापी, बल—सत्यका दृढ फैली सकेका यश रामले तव ।
हेरे यसो लक्ष्मणमा त्यसो भनी स्वबुद्धि पारे स्थिर धैर्यले अनि ॥
९८

९९

१००

इति उनान्सत्तरी सर्ग

सत्तरी सर्ग

कबन्धको दुवै हात काट्नु र त्यसले चिने पछि श्रीराम र लक्ष्मणको स्वागत गर्नु

१

बनाई हातकै पाशो राम-लक्ष्मणलाइ यी ।
जेल्ल्याएको थियो त्यल्ले, ठिङ्ग थे दुइ भाइ ती ॥
गाड्यो अब यिनै माथि आफ्नु आँखो कबन्धले ।
पछिबाट भनी हाल्यो दुवैमा त्यस दुष्टले ॥
श्रेष्ठत्तेत्रिय जस्ता छौं के हेर्छौं ए! तिमी दुवै ।
भोकाएको छु साह्रै म पस लौ! मुखभित्र यै ॥
बुद्धि बिग्रे छ है तिम्रो दैवले ठगिंदा हरे! ।
हुने भयौं अहारा जो मेरो चाँहि भलै गरे ॥
मकैं पीडा परेकैथ्यो भित्र लक्ष्मणमा यता ।
कुरा सब सुनी हाले जो भन्यो त्यसले उता ॥
झिक्ने बल, हुने शूरो, ठमाए उनले स्वतः ।
भने अनि कुरा यस्तो हितको समयोचित ॥
पूज्य दाजु! मलाई र दाजुलाइ समेत यो ।
निल्दैन मुखमा हाली जहिलेतक आफ्नु त्यो ॥
अघि नै त्यसको दाजु ! हामीले यसको दुवै ।
ठूल्ठूला हात यी काटौं खड्गले लौ! गरौं छिटै ॥
विशाल देहको यस्वो भयानक छ राक्षस ।
यसको हातमै मात्र भए जस्तो छ है बल ॥
यसैको भरमा यल्ले जित्यो लोक सबै अतः ।
अब हामी दुवैलाई पनि यो घिच्न खोज्दछ ॥
ए मेरा तेजिला दाजु! ल्याएका यज्ञकुण्डमा ।
जसरी पशु मारिन्छन् फल पाँउन अन्तमा ॥
हुन्न निश्चेष्ट-प्राणीको त्यसरी वध गर्नु ता ।
पृथ्वीको पतिले, गर्दा, हुन्छ निन्दित त्यो सदा ॥
हुन्न होला प्रभो! तस्मात् राजा जस्ता हजूरले ।
मारि हाल्नु त यल्लाई छिनालौं हात खड्गले ॥

१३

१४

अ-आफैंमा कुरा यस्ता गर्दैथे दाजु-भाइ यी ।
सुन्यो कबन्धले सारा अनि ता झोक्कियो अति ॥
डलाग्दो मुख त्यो आफ्नो बायो बा!आँ !गरी हरे! ।
खान ठिक्क भई हाल्यो दुवैकन सुलुक्क ए! ॥
यत्तिकैमा यतापट्टि दुवै भाइ भए छिटा ।
देश-कालादि जानेका गर्ने त्यै ठीकका हुँदा ॥
त्यसका दुइ काँधैमा दुवैले तलवारले ।
काट्दिए दुइटै हात सजीलै बल-वेगले ॥
दाँयाँपट्टि थिए दाजु दाहिने हात काट्दिए ।
बाँयाँपट्टि थिए भाई देब्रे हात छिनाल्दिए ॥
त्यसरी काटिंदा हात लामो हाते कबन्ध त्यो ।
मेघ नै गर्जिए जस्तो चिच्यायो जोडले बडो ॥
आकाश पृथिवी सारा तथा आठै दिशा पनि ।
घनक्क घन्किई हाल्यो, लड्यो डङ्ग्रङ्ग त्यो अनि ॥
ती आफ्ना दुइटै हात त्यसरी काटिंदा वहाँ ।
बग्दा रगतको खोलो मुछियो बा! जहाँ-तहाँ ॥
देखी यस्तो चमत्कार सोध्छ भै दीन दानव ।
तिमीहरू दुवै को हौ भन ए वीर हो! अब ? ॥
सोध्दा कबन्धले यत्ति रामलाइ चिहाँउन ।
भन्न लागे बलीया ती शुभलक्षण लक्ष्मण ॥
भै बक्सिन्थ्यो दशरथ-राजा इक्ष्वाकुवंशमा ।
उहाँकै पुत्र लौ सुन् ए! भै बक्सिन्छ स्वयं उहाँ ॥
नाम श्रीराम हो बाबै! जान्दछन् विश्वका जन ।
म चाँहि भाई हूँ कान्छो, हो मेरो नाम लक्ष्मण ॥
कैकेयी सौतिनी आमा बाट राज्याभिषेक त्यो ।
रोकियो र पिताज्यूले वन जा! भनि बक्सियो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
तस्मात् वन सवारी भो पत्नी सीता लिईकन ।
म साथै घुमि बक्सिन्छ यो विशाल महान् वन ॥
सुन् ए ! छ देवकै जस्तो उहाँको शक्ति तेज त्यो ।
यसरी वनमा बस्ता अनकन्टार घोर यो ॥
उहाँकी प्रिय ती पत्नी हऱ्यो राक्षसले वहाँ ।
खोज्दा खोज्दै उहाँलाई हामी आइ पुग्यौं यहाँ ॥
अब भन् ! तँ पनी को होस् ? यो कबन्ध समानको ।
धरेर रूप डर्लाग्दो किन घुम्छस् यहाँ अहो ! ॥
छ बल्दो मुख छातीमै पिडौंला छन् ठुटा गता ।
यसरी किन घुम्दोछस् घिस्रिदै तँ जतातता ? ॥
३१

३२
सोद्धा लक्ष्मणले यत्ति कबन्धकन त्यो अब ।
भैह्याल्यो संझना भन्वाट्ट इन्द्रका वाक्य ती सब ॥
भित्र दङ्ग पऱ्यो ज्यादै यसर्थ त्यसले पनि ।
लाग्यो टक्ऱ्याउनै आफ्नो जवाफ वनमा पनि ॥
नरश्रेष्ठ ! दुवै वीर-भाइको गर्छु स्वागत ! ।
आज दर्शन जो पाएँ दुवैको, भाग्यले स्वतः ॥
यी दुवै हात हुन् मेरा भारी, बन्धन ठीकका ।
यिनै छिनालिए आज, यै भो सौभाग्यको कुरा ॥
नरश्रेष्ठ-प्रभो मैले रूप जो छ कुरूप यो ।
ज्यादै बढ्ता हुँदा पाएँ भै उद्दण्डस्वभावको ॥
३६

कसरी के भई यस्तो हुन गो ? म प्रसङ्ग त्यो ।
विन्ती पार्छु सुनी बक्स्योस् ! राम्रै सँग सबै प्रभो ! ॥
३७

इति सत्तरी सर्ग

एकहत्तरौं सर्ग

कबन्धले राम-लक्ष्मण दुवैलाई आफ्नो वृत्तान्त वर्णन गर्नु

१

महान् बाहु हुने राम ! निकै अघि ममा थियो ।
बल, वीर्य पनी ज्यादै थिएँ राम्रो पनी बडो ॥
त्यसताक म जस्तो ता त्रैलोक्यभरमा पनि ।
कुनै थिएन नै होला अचिन्त्यै म थिएँ अनि ॥
शरीर हुन्छ तेजस्वी जस्तो श्रीसूर्य-चन्द्रको ।
जस्तो सुरेन्द्रको हुन्छ, त्यस्तै मेरो पनी थियो ॥
त्यस्तो भए पनी स्वामिन् ! अँ त? राक्षस भै म त ।
रूप यस्तै धरी घुम्थें भित्र इच्छा उठ्यो कि त ॥
देख्नैमा लोक सम्पूर्ण काँप्ने रूप लिएर यै ।
घुम्थें जतातते पुग्थें जो देख्थे काँप्तथे त्यसै ॥
हुँदा हुँदा प्रभो ! राम ! पुगें वनतिरै पनि ।
म त तर्साँउनै लागें ऋषिलाइ वहाँ पनि ॥
आफ्नो त्यै चालले मैले कुनै दिन वहाँ प्रभो ! ।
ऋषि स्थूलशिरालाई झोक्याँएँ दुष्ट भै बडो ॥
जङ्गली फल-मूलादि खोज्न लाग्दा स्वयं उहाँ ।
तर्साएँ गइ भ्वाम्ल्वाङ्ग मैले यै रूप ली वहाँ ॥
उहाँले देखि बक्सेमा यस्तो विकट-रूपको ।
मलाइ पछि आज्ञा भो घोर श्राप दिंदै यसो ॥
ए दुष्ट ! अब होस् तेरो यही रूप सँधै भरी ।
क्रूर अत्यन्त डर्लाग्दो तथा निन्दित हर्घडी ॥
मैले अनि तमाशा नै देखिहालें प्रभो ! वहाँ ।
गर्न थालें रिसाएका ऋषिको साथ प्रार्थना ॥
भगवन् ! जो गरें मैले प्रभुको अपराध यो ।
दुक्षो पाउँ कुनै यौटा यसको, भोग्छु भो ! प्रभो ! ॥
उहाँले अनि आज्ञा भो-भैगो ! सुन् ! राम लक्ष्मण ।
जब काट्लान् यहाँ आई तेरा हात दुवै पुनः ॥

१३

१४

गाड्लान् जब लगी बाबै ! भष्म पार्लान् तँलाइ ता ।
टुङ्गो लाग्ला त्यही वेला यो मेरो श्रापको, ल जा ! ॥
पाउलास् अनि त्यो आफ्नो अघिको रूप उत्तम ।
जुन तेरो थियो साह्रै शोभापूर्ण मनोरम ॥
रूप-सम्पत्तिले त्यस्तो जल्दो-बल्दो त्यही हुँ म ।
मलाई चिन्नु पर्ला है ! दनुको पुत्र लक्ष्मण ! ॥
इन्द्रको श्राप पर्दामा पछि त्यत्ति भए पछि ।
मेरो रूप भयो यस्तो रणमा गै जुधे पछि ॥
त्यो भन्दा अघि गै मैले निकै-चर्को गरें तप ।
म साथ खुश अत्यन्तै भै बक्सेछ पितामह ॥
ब्रह्माले पार्दिई बक्स्यो मलाई दीर्घ आयुको ।
चढी गो यसले गर्दा निकै ठूलो घमण्ड पो ॥
मैले पाइ सकें यस्तो लामो आयु भने अब ।
सक्ला लछार्न मेरो के सुरेन्द्र पनि वास्तव ? ॥
यस्तै प्रकारको बुद्धि ममा चढ्न गयो अनि ।
युद्धमा म पुगी हालें उनमा झम्टिनै पनि ॥
रणमा त्यस वेलामा म माथि सय-धारको ।
बज्रले हान्दिई हाले इन्द्रले झोक्किई बडो ॥
हातको वज्र त्यो लाग्दा मेरो शिर र जाँघ यी ।
दुवै भित्र पसे स्वात्तै यै मेरो देहमा पछि ॥
चेत्ता र प्रार्थना गर्दा मलाइ अनि इन्द्रले ।
मारेनन् र दया गर्दै पछि बाट यसो भने ॥
ब्रह्माजीले दिएकोछ दीर्घजीवी हुने वर ।
तँलाई जुन, लौ भैगो ! हओस् त्यो सत्य सुस्थिर ॥
अनि मैले भने स्वामिन् ! गरी वज्र-प्रहार यो ।
शिर जाँघ दुवै मेरा यसरी नाशिदबक्सियो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

के गरी खानु, मैले पो न खाईकन क्यै कुरा ।
सुदीर्घ-काल सम्मै पो कसरी बाँच्नु फेरि वा ? ॥
वहाँ अब प्रभो राम! मैले यत्ति भने पछि ।
एकेक योजनै लामा पार्दिए दुइ हात यी ॥
तत्कालैं त्यसको साथै यो मेरो पेटमातक ।
झार्दिए इन्द्रले यस्तो तीखा दाह्रा हुने मुख ॥
यस्ता प्रकारले त्यै म लामा यी हातले दुवै ।
जङ्गली पशु वा पक्षी माथैं खान्थे मजा सँगै ॥
बाघ भालू र ठूलठूला सिंह हात्ती तथा मृग ।
जे पायो त्यै समेट्थैं र खान्थैं बसि-बसी सब ॥
त्यसैवेला भनेकाथे इन्द्रले यो पनी ममा ।
सुन् ए ! श्रीराम आएर भाई लक्ष्मण साथमा ॥
तेरा यी दुइटै हात काट्नेछन् जहिले वहाँ ।
चोला छुट्नेछ यो तेरो, जानेछस् अनि स्वर्गमा ॥
राजश्रेष्ठ प्रभो राम ! देहले यो अरण्यमा ।
जो जो भेट्थैं म त्यै खान्थैं मजा मान्थैं म तान्नमा ॥
कुनै दिन समात्नेछु रामलाइ अवश्य, यो ।
राम्रै विश्वास मान्थैं म भनाउ ऋषि-इन्द्रको ॥
लिन्थैं विचार यस्तै र यसैले म यहाँ प्रभो ! ।
यो चोला छोड्नको लागि गर्थे यत्न पनी बडो ॥
रघुका कुलका रत्न !-हजूर यस हेतुले ।
श्रीराम भइ बक्सिन्छ शङ्का नै हुनसक्छ के ? ॥
मलाइ मार्न अर्को कै सक्तै-सक्तैनथ्यो प्रभो ! ।
त्यस्ता महर्षिको आज्ञा जस्तातस्तै र सत्य भो ॥
जय होस् ! जब यो मेरो दुइ भाइ मिली यहाँ ।
संस्कार गर्दिबक्सेला विधि साथ चिताग्निमा ॥
अवश्य त्यस वेलामा क्यै न क्यै गरि छाडुँला ।
सल्लाह दिउँला राम्रो यौटा मित्र बनाँउला ॥
भन्दा दानवले यत्ति धर्मात्मा प्रभु-रामले ।
भाई लक्ष्मण सुन्दैथे त्यसैसाथ यसो भने ॥
कबन्ध ! सुन ! थिन् मेरी पत्नी, सीता, सती, बरी ।
निकै नाम चलेकी हुन् लग्यो रावणले हरी ॥
यता म त्यस वेलामा भाई लक्ष्मण साथ यी ।
निकै टाढा पुगेकोथें जनस्थान-कुटी त्यजी ॥

४३

४४

नाममात्र म जान्दोछु त्यस राक्षसको पनि ।
चाल-ढाल र रूपादि पत्तो छैन कुनै पनि ॥
त्यो राक्षस कहाँ बस्छ, छ त्यो कस्तो प्रभावको ।
बुझ्यौ ! हामीं दुवैलाई ज्ञानै छैन कुनै कुरो ॥
पर्दा वियोग सीताको बढ्दा शोक भएर त्यै ।
अैले हामी भएकाछौं असहाय पनी निकै ॥
हामी माथि तिमी तस्मात् छौ ! दया गर्न योग्यको ।
उपकार कुनै त्यस्तो यसमा गर, होस् भलो ॥
सुन वीर ! अभी हामी ठूलै खाल्डो खनी कुनै ।
तिम्रो शरीरलाई यो राखौंला त्यसबीचमै ॥
ढालेका मत्त हात्तीले सुकेका काठ ल्याउँला ।
पछि हालि त्यसैमाथि तिमीलाइ जलाउँला ॥
लौ कबन्ध ! तिमी तस्मात् हामीहरू दुवैकन ।
बताउ हाल सीताको, छन् कहाँ जानकी भन ? ॥
उनलाइ हर्‍यो कल्ले छन् उनी अहिले कहाँ ? ।
कल्याण गर लौ यत्ति जान्दछौ त भने यहाँ ॥
रामले यत्ति भन्दामा चतुरो वात मार्नमा ।
कबन्धले भन्यो वेस बोल्नमा छट्टु राममा ॥
दिव्य ज्ञान ममा छैन अैले कत्ति पनि प्रभो ! ।
जान्दै जान्दिन क्यै तस्मात् सीताको हाल वा कुरो ॥
होला शरीर यो मेरो जब दग्ध र संस्कृत ।
अघिल्लो रूप त्यो मेरो पाउँला अनि पो म त ॥
भनुँला त्यस वेलामै म कुनै व्यक्तिलाइ ता ।
जसले प्रभुमा भन्ला सोधेमा यी सबै कुरा ॥
सीताका हालको साथ त्यस राक्षसको तक ।
चाल-ढाल पनी सारा जो राम्रै जान्न सक्तछ ॥
यो मेरो देह डढ्दैन जहाँतक त्यहाँतक ।
छँदैछैन ममा जान्ने कुनै शक्ति रघूद्वह !॥
तस्मात् म कसरी जानुँ प्रभुकी प्रिय-जानकी ।
जल्ले हरिलगेको हो, हो त्यो राक्षस को बली ? ॥
श्रापको दोषले गर्दा मेरो विज्ञान भ्रष्ट भो ।
पाएमा आफ्नु कर्मैले लोक-निन्दित रूप यो ॥
अब घोडाहरू थाकि न हुँदै अस्त सूर्य यी ।
छिटै डढाइ दी बक्स्योस् खाल्डोमा राखि ली विधि ॥

६०

६१

विधिपूर्वक खाल्डोमा मेरो देह डढे पछि ।
ममा खुल्छ महान् वीर ! आफ्नु ज्ञान भए जति ॥
म स्वयं त्यसवेलामा यौटा व्यक्ति चिह्नाँउछु ।
त्यस राक्षसलाई जो राम्रै चिन्दछ, भन्दछु ॥
न्यायोचित सदाचार गर्दछन् पालना उनी ।
महान् पुरुष हुन् तस्मात्, जानुपर्छ उहाँ पनि ॥

६३

६४

छिटो शक्ति हुने राम ! उनी संग हजूरले ।
मित्रता बाँध्नु पर्नेछ गै विशुद्ध—स्वभावले ॥
उनले अनि गर्नेछन् हे प्रभो ! रघुनन्दन ।
सहाय प्रभुको राम्रो मित्र दक्ष भईकन ॥
न जानेको छँदैछैन उनले क्यै कुरो पनि ।
जान्दछन् तीन लोकैका सारा वस्तु कुरा उनी ॥

६६

कसरी हुन गो यस्तो भन्ने आज्ञा भए प्रभो ! ।
सारा लोक घुमेका छन् अघि क्यै हेतुबाट जो ॥

६७

इति एकहत्तरौं सर्ग

बहत्तरौं सर्ग

कबन्धले देवी–सीता पाँइने उपाय भन्नु

१

नरश्रेष्ठ दुवै भाई राम लक्ष्मण जो थिए ।
तुरुन्त कसिई हाले त्यत्ति भन्दा कबन्धले ॥
खोजी पहाडको ठूलो खाल्डो, देह त्यहीं लगी ।
खसाल्दिए, त्यसै माथि आगो झोसी दिए पछि ॥
अघुल्टा लिइ ठूल्ठूला बल्थे ह्वार्ह्वार्ति नै जुन ।
यता लक्ष्मणले चाँहि त्यहीं थपि दिए पुनः ॥
यसरी झोसिंदा आगो चारैतिर घुमीकन ।
चिताको अग्नि त्यो दन्क्यो दन्दनाई प्रतिक्षण ॥
हो जस्तै घिउको ज्यादै ठूलो डल्लो समानको ।
थियो कबन्धको देह हुँदा बोसो विशाल पो ॥
स्थिति यस्तो हुँदा त्यस्तो दन्किएको चिताग्नि ता ।
विस्तारै अति विस्तारै खान लाग्यो जलाँउदा ॥
चिता जग्मग पारेर यता अब कबन्ध बा ! ।
चितैबाट उठ्यो ठिङ्ग उठेझैं अग्नि, भै सफा ॥
देखिन्थ्यो यस वेलामा त्यो, महान् बल–शक्तिको ।
तलमाथि खुलेकाथे सफा वस्त्र दुवै अहो ! ॥
माला सुशोभिएकोथ्यो कण्ठमा दिव्य पुष्पको ।
गहना पनि थे दिव्य अङ्ग–प्रत्यङ्ग बीच जो ॥
सबै वस्तु हुँदा यस्ता देखिथ्यो तेजिलो अति ।
प्रसन्न मुख–मुद्रा थ्यो शोभिन्थे दिव्य वस्त्र ती ॥
उठ्तै उठ्तै चिताबाट माथि गो वेगले पुनः ।
चढ्यो विमानमा यौटा चम्किलो ठिक्क थ्यो जुन ॥
यो विमान थियो नामी हाँकिन्थ्यो हाँसले यता ।
महान् तेज भएकोथ्यो त्यो कबन्ध पनी उता ॥
पारी दशै–दिशा आफ्नो कान्तिले दिव्य जग्मग ।
अडेर अन्तरिक्षैमा भन्यो श्रीराममा अब ॥

१३

१४

रघुनाथ ! सुनी बक्स्योस् देवी सीता जसो गरी ।
हजूर पाइ बक्सेला त्यो उपाय म भन्छु यो ! ॥
प्रभो ! राम ! छ ओटा छन् लोकमायुक्ति वास्तव ।
राजै विचार गर्छन् यो पाउँछन् जसले सब ॥
यही नीति छ,–जो व्यक्ति दशा लागी निरन्तर ।
छ यहाँ दुःख पाएको अनेकौंथर दुर्धर ॥
गर्नु पर्दछ त्यस्तोले आफू जस्तै मनुष्यको ।
सेवा, सहायता सम्म त्यस्तैको लिनु, वेस हो ॥
हजूरमा पनी राम ! भाई लक्ष्मण साथमा ।
दशा लागि रहेकोछ भुक्तमान दिने यहाँ ॥
यसैले राज्य त्यो उम्क्यो अयोध्याको त्यसै उता ।
यसैले जानकी पत्नी हरिइन् व्यर्थमा यता ॥
यी सबै हेतुले गर्दा दशा लाग्दा अनर्थको ।
बज्र्यो हजूरमा यस्तो दुःख,–कष्ट अनेक पो ॥
सुहृत्मा श्रेष्ठ श्रीराम ! तस्मात् अब हजूरले ! ।
बनाइ बक्सनै पर्छ तिनैलाई स्वमित्र ए ! ॥
साक्षात् हजूरकै जस्तो दशा लाग्दा निरन्तर ।
दुःख भोगि रहेकाछन् उनी पनि धनुर्धर ! ॥
शोचे पनि प्रभो ! जत्ति म देख्तिन उपाय क्यै ।
कार्य–सिद्धि हुने अर्को यस भिन्न, छ श्रेष्ठ यै ॥
विन्ती गर्दछु त्यो व्यक्ति जुन हो म चिह्नाँउन ।
दिई ध्यान सुनी बक्योस् अब लौ ! रघुनन्दन ! ॥
उनको नाम हो राम ! सुग्रीव तर जातिमा ।
जुन वानर हुन् यौटा, जाती छन् ख्याति साथमा ॥
इन्द्रका पुत्र छन् बाली उनका दाजु हुन् जुन ।
निकाल्दिए डरै बाट झोक्किएर उनीकन ॥

२६

२७

सुग्रीव वीर हुन् राम ! छन् मनस्वी र खप्तछन् ।
उनका साथ चारोटा मित्र वानर वीर छन् ॥
छन् अचेल बसेका ती डाँडोमा ऋष्यमूकको ।
पम्पा-सरोवरै सम्म फैलिएको छ जो प्रभो ! ॥
स्वयं वानरराजै हुन् उनमा छन् निकै गुण ।
बल-बर्गत ठूलो छ तेजिला पनि छन् पुनः ॥
छन् वी सत्य-प्रतिज्ञाका फूर्तिला विनयी अति ।
धैर्यवान् बुद्धिमान् छन् र काममा छन् सिपालु ती ॥
महान्पुरुष हुन् राम ! दब्दैनन् यी कसैसँग ।
प्रभाव तेज ज्यादै छ डराँउन्नन् कसै सँग ॥
मनस्वी दाजु बालीले उनको राज्य गाब्न त्यो ।
राज्यैबाट निकाले हा ! भाइलाइ त्यसै प्रभो ! ॥
यसर्थ जानकी खोज्ने काममा प्रभुको अब ।
सहाय, गतिलो मित्र हुनेछन् ती रघूद्वह ! ॥
वसर्थ प्रभुले आफ्नो मनमा शोक पीर वा ।
मानिबक्सनु पर्दैन कत्ति पनि यसो हुँदा ॥
इक्ष्वाकुकुलका वीर व्यक्तिमा श्रेष्ठ राघव ! ।
हुनुपर्ने कुरा हुन् यी, हुन्छन् निश्चित छन् जब ॥
भवितव्य यसैलाई भन्नुपर्दछ वस्तुतः ।
अन्यथा पार्न वा टार्न क्वै सक्तैन यथार्थतः ॥
कालको गति यस्तै छ विश्वका जीव-जन्तु क्वै ।
नाघ्न सक्तैन यल्लाई भन्छन् 'विधि-विधान' यै ॥
छिटै बरु सवारी होस् यहाँ बाट प्रभो ! अब ।
ती सुग्रीव भए ठाम मित्रता बाँध्न वास्तव ॥
गै तुरुन्त उनैसाथ मित्रता बाँधि बक्सियोस् ।
मेरो भनाइ यो राम ! अब खाइ दि बक्सियोस् ॥
आगो बालेर हार्हार्ति साक्षी राखी उनैकन ।
गर्नुपर्दछ है स्वामिन् ! मैत्री संबन्ध-स्थापन ॥
स्व-आफैंमा अ-आफैंले द्वेष-द्रोह कुनै कुरो ।
न गर्ने भावना राम्रो बलीयो होस् सँधै प्रभो ! ॥

४१

४२

सारा वानरका राजा छन् सुग्रीव महान् गुणी ।
तस्मात् न गरि बक्सेला हेला त कहिल्यै पनि ॥
सक्तछन् मन लागेमैं रूप धर्न पनी उनी ।
यल्ले यत्ति गऱ्यो भन्ने संम्फन्छन्, छन् पराक्रमी ॥
रघुका कुलका रत्न ए प्रभो ! अहिले उनी ।
कुनै सहाय खोज्दैछन् ! आफ्नै निम्ति दरो गुणी ॥
उनका मनको प्यारो जो होला काम वा कुरो ।
समर्थ भइ बक्सिन्छ दुवै, सफल पार्न त्यो ॥
उनका मनको धोको पुगोस् वा न पुगोस् तर ।
अवश्य गरि छोड्नेछन् प्रभुको काम भै स्थिर ॥
उनी ऋक्षरजाका हुन् पुत्र क्षेत्रज राघव ! ।
श्रीसूर्यदेवका छोरा हुन् जो औरस वास्तव ॥
अचेल दाजु बालीले निकाल्दा अपराध भै ।
पम्पा वरिपरी घुम्छन्, भित्र शङ्कित छन् निकै ॥
घुम्ने वनवनै, वस्ने डाँडोमा ऋष्यमूकको ।
उनै वानर सुग्रीव भएमा गइ हे प्रभो ! ॥
सत्यको किरिया खाई हतियारहरू सब ।
अगाडि अग्निको पर्याँकि पारियुन् मित्र ती अब ॥
घिच्ने मनुष्यकै मासु दुष्ट राक्षसका सब ।
बस्ने ठाम जहाँ जो जो जति छन् विश्वमा यस ॥
जान्दछन् सब तो ठाम एकेक गरि राम्ररी ।
यी कपिश्रेष्ठ सुग्रीव, छ चातुर्य थरी-थरी ॥
हजारौं करले आफ्ना सूर्यदेव जहाँतक ।
पार्छन् जगमग यो सारा विश्व हे शत्रुनाशक ! ॥
रघुनाथ ! त्यहाँ सम्म विश्वका जति ठाम छन् ।
छैन केही न जानेको उनले, सब जान्दछन् ॥
खोज्ने छन् गइ आफैं ती साथ वानर ली सब ।
घुम्नेछन् विश्व यो सारा न राखी बाँकि क्यै तव ॥
घुमी वन नदी ठूला गुफा दुर्गम पर्वत ।
ल्याई हजूरकी पत्नी सुम्पने छन् उनी स्वतः ॥

५६

वियोग प्रभुको पर्दा शोकले छटपटाँउने ।
सीता खोज्न उनै स्वामिन् ! छन् वानर पठाँउने ॥

५७

CC-0. In Public Domain. Digitization by eGangotri

५८

विशाल देहका सारा छन् बानर, उनै सब ।
दिशा र विदिशा पुग्छन् खोज्न उत्साह ली दृढ ॥
प्रिया हजूरकी पत्नी सीताकन धनुर्धर ! ।
खोज्छन्, लगाँउछन् पत्ता, पुग्छन् रावणकै घर ॥
आकाश जस्तो चुचुरो सुमेरुको पुग्याइएकी यदि हुन्न ती प्रभो ।
गरी जबर्जस्ति लगेर राखिंदी पातालमा हुन्न प्रिया हजूरकी ॥
सुग्रीव हुन् वानरका शिरोमणि जान्छन् स्वयं खोज्न पऱ्यो भने पनि ।
मारी सबै राक्षस जत्ति अन्तमा ल्याई दिनेछन् प्रभुकी प्रिया यहाँ ॥
६१

इति बहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिहत्तरौं सर्ग

कबन्धले ऋष्यमूकको बाटो र मतङ्ग-मुनिका आश्रमको परिचय दिनु

१

यस्तो उपाय वा बाटो जानकी पाइने गरी ।
श्रीरामलाइ देखाए उनले अति राम्ररी ॥
कबन्ध जान्दथे राम्रो तत्व वा सार अर्थको ।
भन्न लागे उनी फेरि अर्थपूर्ण कुरो भलो ॥
स्यै पश्चिम-दिशा ताकी यहाँबाट प्रभो ! अब ।
जानुपर्दछ त्यो ठाम यै बाटो अतिवेस ! छ ॥
फलेका र फुलेका छन् यो बाटोका सबै रुख ।
छन् जगमग प्रभो राम ! मनै हर्छन् सरी सत्र ॥
उ.! देखिन्छन् यहीं बाट पाखरी-वर-तिन्दुक ।
प्रियाल-जामुनाका र बृक्ष कटहरका रुख ॥
काँठे चाँपो र चाँपोका आँप-पिप्पलका तथा ।
नक्तमाल र तिलक-नागकेसर आदिका ॥
अशोक-नील-धवका करवीर-कदम्बका ।
रक्तचन्दन-मन्दार छन् अग्निमुख सम्मका ॥
चढेर यिनमा यद्वा खसाली बलले फल ।
खाँदै खाँदै सवारी होस् ! अमृतैतुल्य छन् सव ॥
फुलेका र फलेका यी बृक्षले टन्न त्यो वन ।
नाघी अनि सवारी होस् अर्कोमा आउला जुन ॥
ककुत्स्थ-कुलका रत्न ए प्रभो ! वन त्यो पनि ।
साक्षात् नन्दन जस्तैछ हरिहाल्छ मनै पनि ॥
छन् है ! त्यो वनका बृक्ष उत्तरै कुरुवर्षको ।
बृक्षमैं मधुको धारा नित्य वर्षाँ उने प्रभो ! ॥
छ चैत्ररथमा जस्तै वनमा पनि त्यो स्थिर ।
छ ओटै ऋतुको वास भै रहन्छ निरन्तर ॥
हाँगा अग्ला र मोटा छन् वहाँका सव बृक्षका ।
लटरम्म भई झुक्छन् भारले फल-फूलका ॥

१३

१४

राम्रै सँग चिनिन्छन् ती यस्तै छन् है ! सवैतिर ।
शोभिन्छन् मेघ जस्तै छन् चुचुरै सरि सुन्दर ॥
यी लक्ष्मण तिनै माथि चढ्लान् टिप्न कि ता फल ।
कि ता झुकाउलान् भैंमै टिप्लान् अनि टपाटप ॥
सजीलै यसरी स्वामिन् ! प्रिय भाइ यिनै वहाँ ।
फल अमृत जस्ता यी अर्पिनेछन् हजूरमा ॥
यस्तै प्रकारले घुम्दै डाँडाँ काटेर सुन्दर ।
दुवै भाई सवारी होस् छिटै अफ्र परैतिर ॥
काट्यो कि एउटा डाँडो अर्को आउँछ है उता ।
त्यसै गरी सवारी होस् नाघि-नाघी सवै त्यता ॥
तिनमा बीच-बीचैमा आउँछन् वन-जङ्गल ।
सारा छिचोली बक्सेला राम्रोसित रघूद्वह ! ॥
अनि पो पुगि बक्सेला ठूलो दह समानको ।
पम्पा नाम हुने यौटा सरोवरतिरै प्रभो ! ॥
त्यसभित्र छँदैछैनन् गिर्खा- सिर्खा असुन्दर ।
न त बाहिर हीलै छ पार्छ जो चिप्लिने डर ॥
चारैतिर मिलेका छन् त्यसका घाट सुन्दर ।
सिंवाली त छँदैछैनन् छन् वहाँ भूमि सुस्थिर ॥
भित्रपट्टि छ श्रीराम ! बालुवै-बालुवा वहाँ ।
नाना कमल शोभिन्छन् राता सेता फुली जहाँ ॥
त्यो ठूलो पोखरी भित्र खेल्छन् पानी-चरा सब ।
कुरर क्रौञ्च प्लव र जल-हंसादि राघव ! ॥
गर्छन् कल्याङ-मल्याङ मीठो स्वरमा, सव यी प्रभो! ।
तर्सन्नन्, नडरै मान्छन्, देखे पनि मनुष्य जो ॥
किन ? आज्ञा भए स्वामिन् ! उनले कहिल्यै अघि ।
मृत्युको डर देखेका भोगेका छन् नता त्यति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हुन् ठूला घिउकै डल्ला जस्ता छन् यी चरा पुनः ।
ज्यूनार गरी बक्सेला मारी मोटा यिनैकन ॥
पम्पा तलाउमा भित्र छन् माछा घेर जातका ।
चक्र मीन तथा रोहु नलमीनादि साथका ॥
रोपेर बाण च्वाम्च्वाम्ति मारी मोटा उनीकन ।
फिकेर बाहिरी छाला भित्री काँडा पनी पुनः ॥
आगोमा सुकुटी पारी प्रभुमा भक्तिपूर्वक ।
स्वयं टक्र्याँउनेछन् यी भाई लक्ष्मण राघव ! ॥
ज्यूनार गरी बक्सेला हजूर अनि राम्ररी ।
पम्पाको तटमा त्यस्तो घुमीकन वरीपरी ॥
फूल फूल्दा अनेकौं जो देखिन्छ अतिसुन्दर ।
त्यस्तो किनारमा बस्तै खाँदामा भक्ष्य सुन्दर ॥
टिपी कमलको पात त्यसमै दहको जल ।
ल्याई टक्र्याँउनेछन् यी भाई, पिउँन राघव ! ॥
जल त्यो छ प्रभो ! स्वच्छ सुगन्धमय शीतल ।
चाँदी र स्फटिकै जस्तो श्रेयद स्वास्थ्यवर्धक ॥
वेलुकीपख घुम्दामा साथ ली भाइलाइ यी ।
यिनै देखाँउलान् स्वामिन् ! प्रभुमा अरु वस्तु ती ॥
त्यताका वनमा घुम्छन् ठूलठूला श्रेष्ठ वानर ।
हजूर देखि बक्सेला तिनलाइ धनुर्धर ! ॥
सुत्छन् यी सब गै राति गुफामा गिरिको प्रभो ! ।
पम्पाका तटमा डुल्छन्, छन् राम्रा रूप-रङ्गको ॥
आँउछन् लोभ बढ्दामा पानी पिँउन त्यो सब ।
ठूलो साँढे कराएझैं गर्जन्छन् पछि राघव ! ॥
हेर्दै सब यिनै वस्तु घुम्दामा साँझ-साँझमा ।
हजूर देखि बक्सेला अरू वस्तु पनी वहाँ ॥
पैह्नेका फूलका माला छन् वहाँ रुख सुन्दर ।
जल त्यस्तो छ पम्पाको श्रेयदायी धनुर्धर ! ॥
राम्ररी दृष्टि पर्दामा यी सबै वस्तुमा त्यहाँ ।
हजूर बिर्सि बक्सेला शोक-सुर्ता छ जो यहाँ ॥
झरिझुप्प भएकाछन् फुलेका नक्तमालका ।
वहाँ तिलकका वृक्ष बाहिरी भागमा तथा ॥
भित्रपट्टि प्रभो ! फेरि त्यो पम्पामा अनेकन ।
झकमक्क भएकाछन् राम्रा कमलका वन ॥

४३

४४

टिपी टपक्क यी फूल सक्तैन नर पैह्नन ।
न थी वैलाँउछन् कैल्यै न झर्छन् रघुनन्दन ! ॥
यसै भन्छन् र सुन्दैछौं, निकै अघि प्रभो ! वहाँ ।
मतङ्ग-मुनिका चेला बस्तथे शान्ति साथमा ॥
एकाग्र-चित्तका चेला ऋषि यी, गुरुदेवको ।
निमित्त जङ्गली वस्तु लिन जान्थे सँधै प्रभो ! ॥
समिधा-फल-मूलादि ल्याँउथे वनबाट यी ।
त्यसको भारले गर्दा थाक्तथे अति भै पछि ॥
खस्तथे त्यस वेलामा उनका अङ्गबाट जो ।
टप्प-टप्प पसीनाका थोपा भूमिभरी प्रभो ! ॥
पसीनाका तिनै थोपा हुन्थे तत्काल फूल पो ।
प्रभावले तपस्याको त्यस्ता ऋषि-महर्षिको ॥
ककुत्स्थ कुलका रत्न हे प्रभो ! हेतु भै यही ।
हुँदैनन फूल ती नष्ट न त वैलाँउछन् रति ॥
गए ऋषि कुनै छैनन् तर ती ऋषिका सब ।
गर्ने टहल-शुश्रूषा छन् यौटी बुढिया अम ॥
हुन् ती संन्यासिनी जस्ती श्रमणी चिरजीविनी ।
तिनको नाम हो नाथ ! शबरी, छन् वहाँ उनी ॥
तपस्या गर्दछिन् राम्रो मरिमेट्छिन् स्वधर्ममा ।
हजूरलाइ देख्ता ती जानेछिन् पछि स्वर्गमा ॥
साक्षात् देव सरी यस्ता प्राणीले सब लोकका ।
ढोगिने नित्य जो देख्लिन प्रभुलाइ अगाडि ता ॥
हजूर अनि पम्पाको पश्चिमी-तटमा पर ।
पुगेमा देखि बक्सेला यौटा आश्रम सुन्दर ॥
यो आश्रम छ है ! नाथ ! साह्रै राम्रो अतुल्यको ।
सक्तैनन् पुग्न जो कोही तस्मात् गुप्त छ फेरि यो ॥
प्रभाव मुनिको पर्दा वन-आश्रमबीच त्यो ।
सक्तैनन् हमला गर्न हात्तीहरू गई प्रभो ! ॥
मतङ्ग-मुनिले त्यस्ता बनाएको हुँदा वन ।
'मतङ्गवन' भन्छन् र छ ख्यात रघुनन्दन ! ॥
छ नन्दनवनै जस्तो बगैंचा ठीक देवको ।
वन यो, जसमा गर्छन् चरा च्याँइचुँईं प्रभो ! ॥
ठूला-साना तथा नाना पक्षी भै शोभिने यहाँ ।
विहार गरि बक्सेला आनन्द सँग शान्तिमा ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
त्यो ऋष्यमूकको डाँडो पम्पाको पूर्वपट्टि छ ।
जहाँ छन् वृक्ष ठूल्ठूला झुलेका फूल वा फल ॥
पर्छ अत्यन्त नै गाह्रो यसमा माथि चढ्न ता ।
स-साना सर्प वा हात्ती गर्छन् रक्षण सर्वदा ॥
फल-फूल भने जस्तो दिन्छ यो, ब्रह्मदेवले ।
निकै अघि बनाएथे, दिएथे गुण, स्नेहले ॥
त्यसको चुचुरोमा गै कुनै पुरुष सुत्छ ता ।
स्वप्नमा देख्छ जो द्रव्य त्यही भेट्तछ ब्यूँझदा ॥
कदाचित् त्यस डाँडोमा खराब व्यवहारको ।
कुनै व्यक्ति गई पापी चढिहाल्यो भने प्रभो ! ॥
निदाएको अवस्थामा त्यसलाइ वहाँ पछि ।
पार्छन् खुतुक्क ब्यूँझाई वहीं नै राक्षसादि ती ॥
मतङ्ग-मुनिको त्यस्तो वन-आश्रममा तथा ।
पम्पा-किनारमा स्वामिन् ! बस्छन् हात्तीहरू सदा ॥
स-साना उनका छावा खेल्छन् आनन्दमा वहाँ ।
सुनिन्छ उनको चर्को गर्जेको शब्द त्यो जहाँ ॥
र-रातो मदको धारा चुहिंदा सेंचिईकन ।
हिंड्छन् मस्त भै हात्ती त्यहीं नै रघुनन्दन ! ॥
वेगवान् बलवान् छन् ती हुन् झैं बादलका दल ।
दँतार हुन् अ-आफैंमा जुद्धछन्, झिक्तछन् कल ॥
विभिन्न जातिका छन् यी अर्को जाति परे अघि ।
लडिहाल्छन् प्रभो राम ! घुम्दछन् नत्र ती मिली ॥
छुँदै आनन्द लाग्ने त्यो पम्पाको जल निर्मल ।
सुगन्धित छ जो राम्रो, पिउँछन् गइ कल्कल ॥
७२

७३
ककुत्स्थ-कुलका रत्न हे प्रभो ! अनिमात्र पो ।
भएर शान्त घुम्छन् ती पस्तछन् वनभित्र त्यो ॥
बाघ भालू अनेकौं छन् कहीं छन् रुरु नामका ।
मृग ती कमलो नीलो भएका रङ सर्वथा ॥
देख्ता मानिस भाग्दैनन्, मान्दैनन् हार यी कसै ।
शोक यो बिर्सिबक्सेला देख्तैमा प्रभु ता त्यसै ॥
अतिसुन्दर डाँडोमा गिरि यो ऋष्यमूकको ।
गुफा छ एउटा नाथ ! विशाल र अगम्यको ॥
ढाकिएको छ है ! त्यस्तै ढुङ्गाले यसको मुख ।
ढोका बन्द हुँदा तस्मात् यसमा पस्न कष्ट छ ॥
ककुत्स्थ-कुलका स्वामिन् ! गुफाको पूर्वपट्टिको ।
ढोकामा दह यौटा छ मीठो चीसो जलै हुँदो ॥
फल-मूल अनेकौं छन् त्यसका छेउ-छाउमा ।
प्रभो ! छ वृक्षले नाना शोभिएको निकै वहाँ ॥
बस्छन् यसै गुफाभित्र मित्र वानर साथ ली ।
ती कपिश्रेष्ठ सुग्रीव धर्मात्मा जुन छन् अवि ॥
त्यो ऋष्यमूक डाँडाको चुचुरातिर निस्किई ।
बस्तछन् कहिले-काँही उनी साथी तिनै लिई ॥
भनी सब कुरा यस्ता राम-लक्ष्मणमा दुवै ।
कबन्ध जगमगाए बा ! अनि आकाशमा निकै ॥
दिव्य माला सुशोभिन्थ्यो उनको देहमा तब ।
वीर्यवान् अतितेजस्वी देखिन्थे सूर्य हुन् ठिक ॥
अब ठिक्क भए जान यी दुवै, अन्तरिक्षकै ।
भाग्यशाली उनीलाई यसो हेर्थे नजीक भै ॥
८४

८५
भने अनि यसो-जाऊ ! तिमी परम-धाममा ।
कबन्धले भने फेरि यी कुरा दुइ भाइमा ॥
गएँ हुन्छ ! सवारी होस् ! हजूर पनि लौ अब ।
हजूरहरुको यात्रा कार्य-सिद्धयर्थ होस् सब ॥
प्रसन्न चित्तका त्यस्ता राम-लक्ष्मणको दुवै ।
आज्ञा पाइ हिंडी हाले ती कबन्ध छिटै उतै ॥
थियो अघिल्लो जुन रूप आफ्नु त्यही भयो प्राप्त कबन्धलाई ।
सर्वाङ्ग भो जगमग सूर्य जस्तो सौन्दर्यले पूर्ण शरीर पाई ॥
८६

CC-0. In Public Domain. Digitization by eGangotri

आकाशमा टक्क छाडी वनीले देखाइ पम्पातिर मार्ग हेरी ।
श्रीराममा यत्ति भने पछाडि सुग्रीव हुन् मित्र, बढोस् मितेरी ॥
८६

इति त्रिहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौहत्तरौं सर्ग

शबरीको स्वागत-ग्रहण र उनको परमधाम-प्राप्ति

१

कबन्धले भने जस्तै अब यी भाइले दुवै ।
समाते मार्ग पम्पाको दिशा-पश्चिम सोभिंझदै ॥
नाना प्रकारका वृक्ष वहाँ डाँडा भरी थिए ।
फलले फूलले झुक्ने स्वादिला महक्रैं थिए ॥
हेर्दै हेर्दै यिनैलाई गए श्रीराम लक्ष्मण ।
भेट्न सुग्रीवलाई ती कपिश्रेष्ठ थिए जुन ॥
एक रात पर्‍यो वास डाँडैमा गइ यी लडे ।
हिंडी बिहान पम्पाको पश्चिमी-तीरमा पुगे ॥
पश्चिमी-तटमा पुग्दा त्यसमा दुइ भाइले ।
शबरीको बडो राम्रो देखे आश्रम ठ्याक्क ए ! ॥
यो आश्रम थियो साह्रै राम्रो हेरिरहौं सरि ।
वृक्षले ढाकिएकोथ्यो थरीथरी वरीपरी ॥
वहाँका सब यी वस्तु हेर्दै हेर्दै मजासित ।
दुवैभाइ पुगी हाले भेट्न ती शबरीसित ॥
थिइन् यी शबरी सिद्धा यौटी वेस तपस्विनी ।
देख्ना साथ दुवैलाई हात जोड्दै उठिन् उनी ॥
बुद्धिमान् रामको वीर धीर लक्ष्मणको पनि ।
पाउमा गै लडी हालिन् भित्र गद्गद भै अनि ॥
पाद्य-अर्घ्यादि टक्र्याइन्, जल अर्पिन् अचाँउन ।
विधिसाथ गरिन् राम्रो सत्कार उनले पुनः ॥
धर्ममा नित्य लागेकी सिद्धिनी ती तपस्विनी ।
शबरी साथ भन्छन् यी श्रीराम यसरी अनि ॥
आज्ञा होस् माइ-आमा ! लौ कुनै विघ्न परे भने ।
के त जित्नु भएकोछ तिनलाइ स्वधर्मले ? ॥
बढ्दोछ के तपाँइँको तपस्या राम्ररी यहाँ ।
ठिक्क आहार चल्दोछ, क्रोध पिर्छ कि चित्तमा ? ॥
१३

१४

भन्नोस् तपोधने आमा ! चल्छन् नियम राम्ररी ? ।
मनमा के तपाईको सुख-शान्ति छ हर्घडी ? ॥
यहाँ तपाँइले आफ्ना-मान्यको गुरु आदिको ।
सेवा गर्नु भयो जत्ति, भयो सफल के त त्यो ? ॥
ठूलठूला सिद्धले सम्म गर्थे सन्मान राम्ररी ।
सिद्धिनी शबरीको यी बोल्थिन् जो शुद्ध राम्ररी ॥
रामले यसरी सोद्धा बूढी त्यस्ती तपस्विनी ।
उठिन् जुरुक्क श्रद्धाले भन्न लागिन् यसो अनि ॥
साँच्चै भनुँ भने बाबु ! भयो आजै यथार्थमा ।
यो मेरो तपको सिद्धि, पाएँ दर्शन जो यहाँ ॥
यसरी पाँउदा भ्वाट्ट शुभ दर्शन बाबुको ।
भयो जन्म पनी मेरो आजै सफल, धन्य हो ! ॥
राम बाबु ! यहाँ मैंले गरेका गुरु-मान्यको ।
सेवा-टहल इत्यादि आजै पो परिपूर्ण भो ! ॥
पुरुषश्रेष्ठ श्रीराम ! मेरो यो तप सिद्ध भो ।
अवश्य पाउने नै छु अब सर्वोच्च-धाम त्यो ॥
साक्षात् देवेश्वरै जस्ता रघुनन्दन-बाबुको ।
गरूँला अब जो पूजा त्यल्ले हुन्न र के कुरो ? ॥
अर्कालाई दिने मान बाबु राम ! हजूरको ।
पर्दा सुदृष्टि यो बूढी भै पवित्र त्यसै अहो ! ॥
कृपा-प्रसाद पाई म शत्रुनाशक-बाबुको ।
अक्षयै लोकमा जान्छु अवश्य अब आज जो ॥
बाबु राज भएकोथ्यो जन त्यो चित्रकूटमा ।
त्यसताक म ता गर्थें शुश्रूषा गुरुको यहाँ ॥
अतुल्य-कन्तिका आए विमान पछि ता यहाँ ।
चढेर तिनमा सारा पाल्नु भो दिव्य धाममा ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
महान् सौभाग्यशाली ती धर्म जान्ने महर्षिले ।
जान लाग्दा भयो आज्ञा मलाई पछि स्नेहले ॥
सुन ए शबरी! तिम्रो पवित्र र मनोहर ।
यो शुभाश्रममा राम आउलान् भै धनुर्धर ॥
भाइ लक्ष्मण साथैका होलान् अतिथि ती जब ।
गऱ्यौ स्वागत-सत्कार उनको राम्ररी तब ॥
साक्षात् श्रीरामको पाई शुभ-दर्शन त्यो यहाँ ।
शबरी! अनि जाऔली तिमी अक्षय-लोकमा ॥
महान् भाग्य हुने त्यस्ता महात्माहरुले ममा ।
यही आज्ञा भएकोथ्यो नरश्रेष्ठ प्रभो! यहाँ ॥
यहाँ पर्खिरहेकी हूँ बाबुकै निम्तिमा अतः ।
कहिले आँउने होला भनेर पुरुषर्षभ! ॥
पम्पाका तीरमा उम्री पाकेका जङ्गली फल ।
बटुली बाबुकै निम्ति राखेकी छु नरर्षभ! ॥
शबरी जातिले गर्दा बर्ण बाहिरकी थिइन् ।
तर विज्ञानमा चाँहि थिइनन्, उच्च नै थिइन् ॥
तसर्थ उनका त्यस्ता कुरा सुनि सके पछि ।
भन्दछन् शबरी साथ धर्मात्मा प्रभु राम यी ॥
सुन्नुहोस् सिद्धिनी आमा! कबन्धै बाट क्यै अघि ।
मैले सुनि सकेको छु यताका छन् कुरा जति ॥
महात्मै हुन् तपाँईका सब ती गुरु वास्तव ।
प्रभाव उनको सारा छ ठूलो, जो सुनें सब ॥
उनको शक्ति-सामर्थ्य म यिनै आफ्नु नेत्रले ।
हेर्न चाहन्छु, लौ हुन्छ! भने अब तपाँइले ॥
सुनी बचन निक्लेका रामका मुखबाट यी ।
वन देखाँउदै त्यस्तो भन्दछिन् शबरी पछि ॥
रघुनन्दन श्रीराम! हुन् झैं बादलका दल ।
बाक्ला काला र नीला छन् जहाँ ऊ! वृक्षका दल ॥
पशु-पक्षी अनेकौं छन् हेरि बक्स्योस् त बाबु ए! ।
यहाँ वन छ है ख्यात 'मतङ्गवन' नामले ॥
ए महान् कान्तिमान् बाबु! शुद्ध चित्त हुने तथा ।
लागेका परमात्माको दृढ-चिन्तनमा सदा ॥
मेरा पूज्य महान् आत्मा हुने गुरुहरू सब ।
राजहुन्थ्यो सँधै राम! यै महान् वनमा तब ॥
४३

४४
देह-स्वरूपको आफ्नो पिंजडा-गुँड ठीक त्यो ।
मन्त्राग्निबीच मन्त्रैले पार्नु हुन्थ्यो मुसुक्क जो ॥
रघुनन्दन श्रीराम! म उहाँहरुको सबै ।
गर्थे सेवा र शुश्रूषा भित्र श्रद्धा थियो निकै ॥
हुने 'प्रत्यक्स्थली' नाम हो यो वेदी प्रभो! त्यही ।
जहाँ बसी चढाइन्थ्यो देवमा पुष्पको बलि ॥
काँप्तथ्यो त्यस वेलामा श्रमले बाहु थर्थर ।
ती मेरा गुरुको सारा थ्यो बुढ्याँई यतातिर ॥
ती पूज्यगुरुको त्यस्तो तपस्याको प्रभावले ।
अहिले सम्म ऊ! वेदी जग्मगाँउछ तेजले ॥
रघुका रत्न ए बाबु! हेरिबक्स्योस् त राम्ररी ।
दिशा झलमल पार्दैछन् वेदी यी कान्तिले गरी ॥
उपवास गरी बस्ता बस्ता दुर्बल भै अति ।
स्नानार्थ जानमा गाह्रै पर्दथ्यो गुरुलाइ ती ॥
तस्मात् चिताँउदै खेरि उहाँको अघि राघव ।
सातै समुद्र भै पानी आइ पुग्थे यहीं सब ॥
लौ! लौ!! नजर होस् राम! 'सप्तसागर-तीर्थ' त्यो ।
ऊ! त्यही हो! जहाँ मिल्छन् पानी सात समुद्रको ॥
तिनैभित्र गरी स्नान आफ्ना वल्कल-वस्त्र ती ।
त्यहीं टाँगि दि बक्सिन्थ्यो हाँगामा रुखका पछि ॥
रघुनन्दन ए बाबु! अझै पनि त्यतातिर ।
ती मेरा गुरुका सारा सुक्तैछन् वस्त्र सुन्दर ॥
गर्दामा देवको पूजा चढाँउन उनैकन ।
बाहुमा लिइ बक्सेका हुन् तिनै पुष्प उत्तम ॥
तिनका साथ साथै छन् फूल ती पद्मका पनि ।
वैलाएका छँदै छैनन् कत्ति ऊ! अहिले पनि ॥
हेरियो वन यो सारा बाबुले यसमा जति ।
कुरा सुन्ने थियो जो जो सुनियो त्यो भए जति ॥
पाएमा बाबुको आज्ञा अब ता वृद्ध यो तन ।
यहीं म छोड्न चाहन्छु अहिल्यै रघुनन्दन ॥
रघुरत्न प्रभो! राम! यो पवित्र शुभाश्रम ।
जसको हो, म हूँ दासी जसका पाउकी पुनः ॥
तिनै पूज्य पवित्रात्मा मेरा गुरु महर्षिको ।
खोज्छु श्रीपाउमा पुग्न लौ आज्ञा पाऊँ! बाबु! यो ॥
६०

६१

धर्म-पूर्ण कुरा यस्ता शबरीका सुने पछि ।
भाई-लक्ष्मण साथैका राममा भो महान् खुशी ॥
भित्र आल्हाद बढ्दामा त्यसका वेगले अहो ! ।
रामको श्रीमुखैबाट शब्द "आश्चर्य !" निस्कियो ॥
सिद्धिनी-शबरी पाल्थिन् कठोर नियम व्रत ।
अब भन्छन् उनै साथ राम भै भित्र गद्गद ॥
पूजियौं राम्ररी हामी माई-आमा ! हजूरले ।
पाल्नुहोस् मन लागेको लोकमा सुख-शान्तिले ॥
दिंदा श्रीरामले आज्ञा वहाँ यत्ति भनी अब ।
ठिक्क-ठाक सबै पारीन् शबरीले पनी तब ॥
उनको देह त्यो बेला थियो निर्मल झल्झल ।
मृगचर्म हुँदा कालो शोभिन्थ्यो चीर-वल्कल ॥
शिर माथि थियो ठूलो जटाभार सुशोभित ।
छोड्न खोज्थिन् त्यही आफ्नो बूढो देह उनी स्वतः ॥

६७

६८

बालिहालिन् अनी आगो दन्कियो जब दन्दन ।
त्यसमै होम्दिई हालिन् उनले आफ्नु त्यो तन ॥
तुरुन्त अब भै हाल्यो उनको देह दिव्य पो ।
बलेको अग्निको राँको हो जस्तै चम्किलो अहो ! ॥
दिव्य-वस्त्र थिए राम्रा उनका तनमा तब ।
गहना-गुरिया नाना शोभिन्थे दिव्य भै सब ॥
पुष्प-माला थियो दिव्य झुल्दथ्यो कण्ठमा उता ।
अनुलेपन भै दिव्य खुल्दथ्यो देहमा यता ॥
यी सबै वस्तुले गर्दा त्यसबेला उनी स्वतः ।
देख्दा हेरिरहौं जस्ती लाग्नेथिन् भइ शोभित ॥
सुदाम-पर्वतैबाट निक्लेकी विजुली सरी ।
पार्थिन् जग्मग सर्वत्र त्यो प्रदेश वरीपरी ॥
यसरी शबरीले यी चित्त रोकेर राम्ररी ।
त्यो पुण्य-धामको यात्रा गरिन् आनन्दमा परी ॥

७४

७५

जहाँ विहार गर्थे गै उनका गुरु मान्य ती ।
महर्षि ऋषि पुण्यात्मा पुगिन् त्यै ठाममा पछि ॥

इति चौहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचहत्तरौं सर्ग

पम्पासरोवर-दर्शन

१

गुरु-सेवा-तपस्याको शक्तिले शुद्ध तेजले ।
गइथिन् शबरी स्वर्ग जब त्यस्तो प्रकारले ॥
भाई-लक्ष्मण साथैका धर्मात्मा राम यी तब ।
विचार गर्न नै लागे वहाँ थ्याच्च बसी अब ॥
महात्मा अति पुण्यात्मा त्यस्ता ऋषि-महर्षिको ।
प्रभाव-शक्तिको बारे शोचे श्रीरामले बडो ॥
पछि शोची निकै बेर स्थिर एकाग्रचित्तका ।
हित गर्ने सँधै आफ्ना भाइमा भन्दछन् तदा ॥
बानी राम्रो हुने बाबु ! ती पुण्यात्मा महर्षिको ।
हेरें आश्रम यो सारा, आश्चर्यमय हो, अहो ! ॥
गर्छन् विश्वास आफैंमा हेर लौ ! मृग-सिंह ती ! ।
यही आश्रममा आई बस्छन् पत्ती भए जति ॥
सातै समुद्रका पानी मिलेका तीर्थ छन् यहाँ ।
नुहायौं बिधिले बाबु ! दियौं तर्पण पितृमा ॥
यसैले नाशियो हाम्रो सारा अशुभ पाप ता ।
आयो शुभ हुने वेला अब हाम्रो त्यसै यता ॥
सुमित्रासुत ए बाबु ! कुराले सब यी गरी ।
यो मेरो मनमा भित्र हुँदोछ खुशकै झरी ॥
तस्मात् हृदयमा मेरो अब राम्रो विचार क्यै ।
उब्जी हाल्दछ जस्तोछ उ नरश्रेष्ठ हेर ! है ! ॥
लौ आउ ! अब गै हालौं दुवै भाइ सरासर ।
पम्पातिर, निकै राम्रो जुन हो त्यो सरोवर ॥
त्यहाँ बाट नजीकै छ त्यो डाँडो ऋष्यमूकको ।
जहाँ सुग्रीव बस्छन्, हुन् धर्मात्मा सूर्य-पुत्र जो ॥
बाली बाट उनी बाबु ! डर मान्छन् निकै सदा ।
चार वानर छन् साथ उनका मित्ररूपका ॥

१३

१४

वानरश्रेष्ठ सुग्रीव सँग भेटन मलाइ ता ।
निकै हडबडी जस्तो भैरहेको छ है यता ॥
त्यस्तो किन भयो ? भन्छौ भने सुन ! तिमी यहाँ ।
काम त्यो जानकी खोज्ने उनकै छ अधीनमा ॥
भन्ने यस्ता कुरा आफ्ना वीर दाजुकनै अब ।
सुमित्रासुत यी भाई भन्छन् विनयपूर्वक ॥
पूज्य दाजु ! दुवै हामी छिटै जाऔं उतै अब ।
मेरो मन पनी जानै गर्छ हड्बड वास्तव ॥
भयो यत्ति कुरा-कानी प्रजापालक राम र ।
भाई-लक्ष्मणमा, दोटै हिंडे अनि सरासर ॥
जाँदा आश्रम त्यो छोडी बाटामा जात-जातका ।
फलका फूलका वृक्ष हेर्दा-हेर्दै गए त्यता ॥
भएका शक्ति-सामर्थ्य दाजु राम थिए उता ।
स्वयं भाइ थिए त्यस्तै पम्पा आइ पुगे यता ॥
कोयष्ठिक अर्जुनक मुजूर र सुगातक ।
साथमा अरु पत्तीको वन गुँञ्जाँउथे सब ॥
तलाउ पोखरी नाना हेर्दै वृक्ष अनेकन ।
राम पम्पातिरै लागे पिरी गो कामले मन ॥
अल्लि टाढै थियो पम्पा, 'मतङ्गसर' नामको ।
दह आयो वहीं पैले पुगे सुन्दर जो थियो ॥
बहन्थ्यो यसको पानी थियो पिउँन योग्यको ।
नुहाए त्यसमै दाजु-भाईले स्वच्छ भै बडो ॥
रघुवंशी दुवै भाई सावधान थिए निकै ।
मन शान्त लिएकाथे अब बढ्दै गए त्यतै ॥
वीर त्यस्ता दशरथ-राजाका पुत्र राम यी ।
पिरिएका थिए भित्र सीताका शोकले अति ॥

२६

२७

अब ठ्याक्क पुगे राम अति राम्रो थियो जहाँ ।
त्यो सरोबर-पम्पामा शोभिन्थे कमलै यहाँ ॥
यसका तीरमा राम्रा थिए वृक्ष अनेकन ।
उद्दालक र पुन्नाग तिलकादि मनोरम ॥
थिए अशोकका वृक्ष अग्ला बकुलकातक ।
स-साना जोरिएकाथे राम्रा उपवनादिक ॥
भित्र पद्म निकै फुल्दा जल ढाकेर राम्ररी ।
त्यो पम्पा शोभिएकोथ्यो निकै राम्रो हुने गरी ॥
जल निर्मल यो ज्यादै स्फटिकैतुल्य कञ्चन ।
चिल्ला र टल्किने राम्रा बालुवा थे जहाँ पुनः ॥
माछा र कछुवा आदि टन्न थे जल-जीव यी ।
तीरमा शोभिएकाथे वृक्ष नाना प्रकार ली ॥
लहरा जेलिएकाथे सखी हुन् सरी जो थिए ।
यक्ष राक्षस गन्धर्व नाग किन्नर बस्तथे ॥
वृक्षका जातिका ताँती शोभिन्थे भै दिंदा लता ।
पम्पाको दह देखिन्थ्यो खानी झैं जलको यता ॥
रातो कमल फुल्नाले देखिन्थ्यो रक्तवर्णको ।
नीला कमल फुल्नाले देखिन्थ्यो नीलवर्ण यो ॥
सेता कमल फुल्नाले शोभिन्थ्यो श्वेत-वर्ण भै ।
होझैं कुनै गलैंचाझैं रङ्गी-चङ्गी थियो निकै ॥
त्यो ठूलो पोखरीभित्र अरविन्द र उत्पल ।
सौगन्धिक तथा पद्म फुल्थे कमल निर्मल ॥
हालेका मुजुरा राम्रा आँपका वन थे यहाँ ।
बोली मुजुरको ङ्याऊ ! घन्किथ्यो घन्न भै जहाँ ॥
प्रिय भाइ सुमित्राका छोरा लक्ष्मण साथमा ।
देखे श्रीरामले पम्पा-सरोवर पुगी वहाँ ॥

३९

४०

सीता-वियोगको, आगो दन्कियो यसले गरी ।
विलाप गर्न पो लागे तेजस्वी प्रभु-राम यी ॥
तीरमा त्यस पम्पाको थिए वृक्ष मनोहर ।
बीजपूर र तिलक शुक्लद्रुम तथा बर ॥
करवीर र पुन्नाग फुल्दथे झरिझुप्प भै ।
झुल्दथे सप्तपर्णादि अतिमुक्त अशोक भै ॥
थिए निचुल भण्डीर केतकी आदि शोभित ।
मालती-कुन्दका झाडी जेल्लिन्थे भै विभूषित ॥
यस्तै अरु पनी नाना राम्रा वृक्ष थिए वहाँ ।
ढकमक्क भई फुल्थे, खुल्थे, झुल्थे सबै जहाँ ॥
यी सबै वस्तुले गर्दा पम्पा-पुष्करिणी पनि ।
देखिन्थिन् तरुणी जस्ती सजिएकी त्यसै पनि ॥
यसको तीरमै पर्थ्यो हुने धातु अनेकन ।
त्यो ऋष्यमूकको डाँडो, पहिल्यै भनियो जुन ॥
यो पर्वत थियो ठूलो ख्यातिप्राप्त मनोरम ।
जहाँ फले-फुलेकाथे राम्रा वृक्ष अनेकन ॥
महान् दिल तथा बुद्धि भएका कपि एक थे ।
थियो ऋक्षरजा नाम जसको धीर वीर थे ॥
तिनै वानरका छोरा कपिश्रेष्ठ पराक्रमी ।
सुग्रीव हुन्, प्रसिद्धै छन् यही नै बस्तथे उनी ॥
सत्य पराक्रमी त्यस्ता रघुका कुलका गति ।
श्रीराम भन्दछन् फेरि भाइ लक्ष्मणलाइ ती ॥
पुरुषश्रेष्ठ ए बाबु ! तिमी वानरका पति ।
ती सुग्रीव भए ठाम गई हाल छिटै अति ॥
राज्यहीन भएकोछु दीन-हीन छु फेरि म ।
सँधै संझिरहेकोछु सीताकन मनैमन ॥

५२

५३

यस हालतमा सक्छु बाँच्न पो कसरी भन ।
छोरी जनक-राजाकी ती सीता नभईकन ? ॥
भनेर यस्तो प्रिय-जानकी प्रति एकोरिंदा प्रेम, बढी, भई अति ।
श्रीरामलाई पनि वीर-धीर ती कामाग्निले भत्भत पार्दियो अति ॥
खप्नै न सक्ने भइ तीव्र शोक त्यो श्रीरामले नै पछि ओकले अनि ।
फुली झुलेका मृदु पद्म सुन्दर पम्पातिरै ओर्लिइँदै गए उनी ॥

५५

CC-0. In Public Domain. Digitization by eGangotri

५६

शोभा नियाले वनको जवाततै घुमेर आफैं पछि रामले वहाँ ।
पवित्र-पम्पा जुन थ्यो सरोवर हेरे मजाले लिइ भाइ साथमा ॥
थिए जहाँ चित्र-विचित्रका चरा नानाथरी रूप र जातका वरा ।
थियो यिनैले गरि टन्न ठाम त्यो बसे अनी भाइ सँगै थचक्क पो ॥

५७

इति पचहत्तरौं सर्ग

इति अरण्यकाण्ड समाप्त

CC-0. In Public Domain. Digitization by eGangotri

अथ किष्किन्धाकाण्ड

पहिलो सर्ग

पम्पा-सरोवर देख्ता श्रीराममा व्याकुलता बढ्नु र वहाँको शोभा वर्णन गर्नु एवं वानरराज सुग्रीवले श्रीरामलाई देख्नु

१

भाइ साथ लिंदै राम पुगे अब तलाउमा ।
पम्पा नाम हुने त्यस्तो, जुन शोभित थ्यो वहाँ ॥
त्यस भित्र फुलेकाथे भै फक्रक्क थरीथरी ।
विभिन्न रँगका नीला, सेता, कमल, राम्ररी ॥
यिनका बीच-बीचैमा माछाहरू निरन्तर ।
क्रीडा गरि रहेकाथे, हुन्थ्यो शोभित झन् सर ॥
देख्ता अब यसैलाई सीताको संझना चढी ।
रामलाइ पर्‍यो गाह्रो खप्न व्याकुलता बढी ॥
छोडे इन्द्रियले लत्तो साथ भाई भए पनि ।
विलाप गर्न नै लागे यसरी रघुका मणि ॥
देखता कमल पम्पाको सीताको नेत्र संझिदा ।
हर्षले फक्रिंदै काँपे अनि इन्द्रिय रामका ॥
भोगन संसर्ग सीताको भित्र इच्छा बढी अति ।
श्रीराम यी कुरा भन्छन् भाई-लक्ष्मण साथ ती ॥
शोभिएको छ यो पम्पा कसरी हेर लक्ष्मण ! ।
वैदूर्यमणि जस्तो छ जल स्वच्छ, मनोरम ॥
यस भित्र फुलेकाछन् नाना कमल सुन्दर ।
रूप सेता तथा नीला लिएका भै मनोहर ॥
तटमा उम्रिएका ती वृक्ष नाना प्रकारका ।
सौन्दर्य यसमा थप्छन् जल्ले शोभिन्छ झन् अहा ॥

१०

११

हेर बाबु ! यतापट्टि यो पम्पाको किनारका ।
वनोपवन देखिन्छन् कत्ति सुन्दर ! भै सफा ॥
अग्ला हाँगाविंगा आफ्ना फैलिंदा वृक्ष ऊ ! स्वतः ।
भएका टाकुरा नाना छन् डाँडै ठीक, शोभित ॥
पर्दा भरतको दुःख हरिंदा जानकी यता ।
बढ्दिंदा शोक चिन्ताले सताइन्छु समात्र हा ! ॥
खप्न गाऱ्है पर्‍यो बाबु ! भित्रिया मनको व्यथा ।
असह्य भइ पिर्दाछन्, पार्छन् कष्ट मलाइ ता ॥
यसरी शोकले साह्रै पिरिएकोछु ता पनि ।
यो पम्पा अति नै राम्रो लाग्यो बाबु ! ममा पनि ॥
यहाँ वरिपरी छन् जो वन कानन, यी सब ।
देखिन्छन् अति नै राम्रा हुँदा शोभित वास्तव ॥
नाना प्रकारका फूल छन् यहाँ, अति-शान्ति छ ।
आनन्द लाग्छ देख्तैमा जल शीतल, स्वच्छ छ ॥
छ है ढपक्क ढाकेको सारा पम्पा सरोवर ।
हेर ऊ ! पद्मले बाबु ! छ वेस ! अतिसुन्दर ॥
जन्तु हिंसक-सर्पादि घुम्छन् वरिपरी यहाँ ।
मृगादि पशु-पक्षीकै साथमा टन्न छन् जहाँ ॥
हरिया र नयाँ घाँस उम्रिएको छ ठाम यो ।
शोभिन्छ जो पहेंलो र नीलो भइ दिंदा बडो ॥

२०

CC-0. In Public Domain. Digitization by eGangotri

२१

नाना प्रकारका वृक्षहरूका फूलले यता ।
गलैंचा ठीक देखिन्छ रङ्गीचङ्गी हुँदा सफा ॥
उता जताततै फेरि टुप्पामा वृक्ष फुलिंदा ।
त्यसको भारले झुक्का छन् समृद्ध पनी अहा ! ॥
ढाकी ढपक्क फुल्दाछन् तिनै माथि पनी चढी ।
लहराहरु ऊ ! बाबु ! अगाँलिन्छन् सबै थरी ॥
बहन्छ यस वेलामा दिने सुख निरन्तर ।
मन्द-मन्द यता वायु अति शीतल भै स्थिर ॥
सुमित्रासुत ए बाबु ! भइ मन्मथ काम झन् ।
यो मेरो मन मथ्तोछ, कष्ट पर्दछ खप्न झन् ॥
चैतको महिना हो यो फल, फूल रुखैभरी ।
लटरम्म भएका छन् सुगन्ध छ वरीपरी ॥
फूलले शोभिएका यी वनका वृक्ष जत्तिको ।
छाँट-काँट तिमी हेर ! छ कस्तो शोभिंदो ? अहो ! ॥
मेघले जलको वर्षा गरे जस्तै धराभर ।
फूल वर्षाउछन् सारा जङ्गली-वृक्ष सुन्दर ॥
नाना प्रकारका यस्ता वनका वृक्ष, वायुले ।
दिंदा ठक्कर हल्लिन्छन् झुल्दछन् अतिवेगले ॥
अनि यस्तै अवस्थामा शिला र रमणीय यी ।
पृथिवी पनि ढाक्ता छन् फूल वर्षाउदै अति ॥
झरेका, झर्न लागेका रुखैका फूल साथ ती ।
हावा खेल्दछ जस्तो छ हेर ! लुटपुटिई कति ? ॥
हल्लाई पुष्पले पूर्ण भएका वृक्षका शिखा ।
बाबु लक्ष्मण ! यो हावा अगाडि जब बढ्छ ता ॥
वसेको ठाम छोडेका भ्रमराहरु यी तव ।
यसको पछि लाग्दाछन् गाए सरि गरी यश ॥
गुफा र कन्दरा बाट निस्केको वायु चाँहि यो ।
गीत गाँउछ जस्तोछ स्वरमा अति उच्च पो ॥
मत्त-कोकिलका मीठा कलनाद कुहू-कुहू ! ।
दिन्छन् वाद्यादिको काम, पार्छन् छर्पट झन् उहू ! ॥
तिनका ध्वनिको साथ वनका वृक्षलाइ नै ।
यो नचाँउछ जस्तै छ झुल्दछन् जो मजासँगै ॥
वायुको वेगले झुल्दा बाबु ! यी वृक्षका सव ।
टुप्पा-टुप्पी पनी जुध्छन् अ-आफैंबीच वास्तव ॥

३७

३८

देखिन्छन् यसले गर्दा ऊ ! परस्परमा सब ।
जोल्तिएका सरी राम्रा, भएका एउटैतक ॥
बोकी श्रीखण्डको गन्ध आएको बहँदै यहाँ ।
दिन्छ शीतल यो हावा छुँदैमा सुख देहमा ॥
थकाई माश्छ सम्पूर्ण लागेको देहमा छ जो ।
फैलाँउदछ यै फेरि पवित्र शुभ गन्ध पो ॥
पुष्पका रसले मीठा मनोहर सुगन्धले ।
प्रपूर्ण वनमा घुम्छन् भँवराहरू प्रेमले ॥
यिनकै गुन्गुनाईका छलले वायु प्रेरित ।
यी वृक्ष गाँउदै नाच्छन् जस्तो देखिन्छ वस्तुतः ॥
डाँडाका चुचुरा सारा यिनैले परिपूर्ण छन् ।
ढपक्क ढाकिएका छन् यसैले रमणीय छन् ॥
यिनले पीठमा आफ्नो बोकेका छन् निरन्तर ।
फल-पुष्पादिले टम्म भएका वृक्ष सुन्दर ॥
यस्ता अत्यन्त ठूल्ठूला वृक्षले परिपूर्ण भै ।
मिलेका चुचुरा त्यस्ता डाँडा शोभित छन् निकै ॥
लाग्नाले वायुको झोक्का हल्लेका वृक्ष यी सब ।
फूलले ढाकिएका छन् टुप्पा नै भइ मोहक ॥
शिरमा स्युरिएका छन् ऊ ! ढपक्क हुने गरी ।
यिनले हेर ए बाबु ! भँवरै पगरी सरि ॥
यी वृक्षहरू देखिन्छन् यसैले अतिसुन्दर ।
नाच्न गाँउन थालेझैं दिइ ताल झिकी सुर ॥
यी कर्णिकारका वृक्ष फुलेका कसरी अहो ! ।
देखिन्छ कत्ति राम्रो बा ! लटरम्म हुँदा बडो ॥
पहेंलो वस्त्र पैह्रेका गहनाले सुशोभित ।
मनुष्यहरु हुन् जस्तै देखिन्छन् बा ! ल हेर त ! ॥
भइ नाना थरी पक्षी गुञ्जिएको, रमाइलो ।
सुमित्रासुत ए बाबु ! काल हो यो वसन्तको ॥
सीताबाट हुँदा टाढा बढ्ता विरह वेगले ।
शोकै बढाँउने भो बा ! मेरो निम्ति त्यसै हरे ! ॥
भित्र पीडा भएकैथें त्यसै विरहले म ता ।
त्यसमाथि यता पिर्छ व्यर्थ हा ! कामदेव ता ॥
कलनाद यता गर्छ हर्षकै साथ कोकिल ।
मलाइ लाग्छ है बाबु ! जिस्क्याए सरि वास्तव ॥

५४

CC-0. In Public Domain. Digitization by eGangotri

५५

वनका झरनाको त्यो ठामबीच रमाइलो ।
बसेर दङ्ग भै काक, बोल्दो छ नरमाइलो ॥
सुन्दामा यसको बोली सीता–विरह–दुःखित ।
तथा कामुक मैलाई पीर पर्दछ वस्तुतः ॥
सुन्दथिन् यसको बोली अघि आश्रममा जब ।
भै हाल्थिन् जानकी साह्रै मग्न आनन्दमा तव ॥
अनि बोलाँउथिन् देवी मलाई नजिकै वहाँ ।
म जान्थें जब त्यो वेला मान्थिन् आनन्द चित्तमा ॥
हुने नानाथरी बोली पक्षी चित्र–विचित्रका ।
यहाँ घुमिरहेका छन् यसरी मस्त भै सदा ॥
झाडीमा वृक्षमा नाना लहराहरुमा पनि ।
टन्न छन्, दङ्ग छन्, घुम्छन् वनशोभा बनी बनी ॥
हेर ! हेर ! यता बाबु ! चरा पोथीहरू पनि ।
आफ्ना आफ्ना लिई भाले मग्न हुन्छन् घुमी–झुमी ॥
भवँराको सुनी भूँ–भूँ ! दङ्ग हुन्छन्, अनी सब ।
मीठो स्वर झिकी थाल्छन् बोल्न आफैं पनी तव ।
मिली वथानमा आफ्ना यो पम्पाको किनारमा ।
बस्छन् चराचुरुङ्गी यो गर्छन् च्याँइँचुँइँ जहाँ ॥
यी नीलकण्ठ कौवाका गर्ने संगम छाँटका ।
बोलीले स्वरले त्यस्तै मीठा कोकिल आदिका– ॥
रूपमा छल यै गर्दै बोल्छन् मधुर वृक्ष यी ।
कामको वेदना मेरो पार्छन् उद्दीप्त झैं गरी ।
वसन्तरूपको आगो मलाई अब ता त्यसै ।
भस्म पारेर नै छोड्छ म त ठान्दछु सत्य यै ॥
अशोक–पुष्पका राता थुँगा छन् यसका जति ।
बल्दा र हर्हराएका फिलिङ्गा हुन् कडा अति ॥
नयाँ भर्खरका राता पालुवा यसका पुनः ।
बल्ने ह्वार्ह्वार्ति ज्वाला हुन् त्यसका बुझ लक्ष्मण ! ॥
भवँराहरुका चर्का जो छन् गुञ्जिइने स्वर ।
बल्दा हो अग्नि ह्वार्ह्वार्ति चर्को चड्किइने स्वर ॥
ती मसीना परेलाकी ज्यादै सुन्दर–केशकी ।
बोल्ने मीठो, मसिनो हुन् तिम्रो भाउजु–जानकी ॥
उनैलाई न भेटेमा न देखेमा म लक्ष्मण ! ।
ठान्छु बाँच्नु पनी व्यर्थ, म कसै बाँच्न सक्तिन ! ॥

७१

७२

सुन निष्पाप ए बाबु ! ऋतुराज वसन्तमा ।
अद्भुतै हुन्छ है शोभा वनको यो जहाँ–तहाँ ॥
सीमा र साँधमा सारा वन भित्र जताततै ।
व्याप्त कोकिलको कुहू ! भै रहेको छ हेर है ! ॥
छोरी जनकराजाकी सीता मेरी प्रियाकन ।
लाग्थ्यो रमाइलो ज्यादै वसन्तऋतु लक्ष्मण ! ॥
कामको वेदनाद्वारा उब्जेको शोकरूपको ।
यो आगो, गुण पाएर दाउराझैं वसन्तको– ॥
बढ्न सम्म बढ्यो बाबु ! यसले म त ठान्छु वा ! ।
मलाई अब चाँडै नै पारी छोड्छ भुसुक्क हा ! ॥
किन भन्छौ भने बाबु ! जानकीकन देख्तिन ।
प्राण–तुल्य थिइन् मेरी प्रिया पनि निकै जुन ॥
उनैलाइ नदेख्तामा देख्तामा अतिसुन्दर ।
यी वृक्षहरु, उल्टो है ! यो मेरो कामको ज्वर ॥
विदेहनन्दिनी सीता देखिइन्नन् यतातिर ।
जल्ले बढाँउछिन् मेरो भित्रको शोक दुर्धर ॥
जिउको पसिना मास्ने मलयाचल–वायुको ।
संसर्ग लिइ आएको वसन्त पनि पिर्छ यो ॥
मृगका नेत्रझैं नेत्र भएकी जानकी पनि ।
यता मलाइ पिर्दीछन्, पर्छ ताप त्यसै अनि ॥
चिन्ता र शोक बढ्दामा वियोग उनको हुँदा ।
स्वयं पाकि रहेकैछु भित्र–भित्र त्यसै सता ॥
त्यसको साथ–साथैमा वसन्तऋतु चैतको ।
वनमा बहने वायु पार्छ चस्चस ! झन् अहो ! ॥
उता नाचि रहेकाछन् यी मयूर जताततै ।
देखिन्छन् कत्ति राम्रा यी हेर ! बाबु ! तिमी यता ॥
शोभिन्छन् यिनका प्वाँख आँखिझ्याल समानका ।
हुन् झैं स्फटिकका जस्तै, वायुले घेर हल्लिदा ॥
पोथीले घेरिएका यी मदमत्त मयूर झन् ।
कामाग्नितप्त मैलाई पिर्दछन्, काम थप्तछन् ॥
डाँडा माथि पुगी बाबु ! ऊ ! मयूर उतातिर ।
लौ हेर ! नाच्न लागेको देखिन्छ ! कति सुन्दर ॥
त्यसकै पछि लागेर गई पोथी उतैतिर ।
साथमै नाच्नथाली बा ! भै कामार्त र बेसुर ॥

८८

CC-0. In Public Domain. Digitization by eGangotri

८६

मयूर पनि लौ हेर ! दुइटै पंख सुन्दर ।
उठाइ नाच्न लागीगो प्रिया मैं भइ, ली सुर ॥
ङ्याउ ! ङ्याऊ !! गरी आफ्नो फिकेर मधुरस्वर ।
पोथीलाइ गिज्याएझैं गरी नाच्छ, छ बेसुर ॥
मयूरकी प्रियालाई कुनै राक्षसले यहाँ ।
हरेको छैन है बाबु ! मेरो जस्तो अरण्यमा ॥
यसैले यसरी नाच्छ वनमा रमणीय यो ।
लिइ साथ प्रिया आफ्नी मयूरीकन बेस ! हो ॥
मेरो निम्ति भने बाबु ! फूलेको फूल चैतमा ।
सीता-हीन भई बस्नु खप्नै मुस्किल भो यहाँ ॥
हेर लक्ष्मण ! यी प्राणी छन् तिर्यक्-योनीमा तर ।
यिनमा छ निकै ठूलो प्रेम-भाव परस्पर ॥
त्यो मयूरीकनै देख्यौ ! कामातुर भई अति ।
आफ्नो मयूर-स्वामीको अघि ठिङ्ग भई बसी ॥
विशाल-नेत्रकी मेरी प्रिया जनककी सुता ।
भए न हरिएकी हा ! क्यै गरे त्यसरी उता ॥
अवश्य आँउदी नै हुन् कामातुर भई हरे ! ।
मेरो अगाडि त्यै ठीक, लौ विन्यास पर्‍यो, मरें ॥
फूलका भारले बाबु ! वनका वृक्ष यी सब ।
गम्म, डम्म भएकाछन् , छ समृद्ध बनै सब ॥
तर के गर्नु व्यर्थै भो मेरो निम्ति सबै कुरा ।
भए बेसारका सारा फूल निस्फल नै पुरा ॥
हुँदा अत्यन्त नै शोभा मन हर्ने त्यसै पनी ।
झुलेका वृक्षका सारा फूल यस्ता भए पनि ॥
भइ निष्फल व्यर्थै हा ! भँवराका समूहका ।
साथमै भुँइमा खस्छन् पीर पर्छ विफ्वाँक हा ! ॥
सारा चरा-चुरुङ्गी यी गर्छन् च्याँईं चुँईं ! यता ।
आफ्ना बथानकै साथ मिल्दैछन्, खुश छन् उता ॥
डाक्तछन् सरि देखिन्छन् आफैमा मिल्न यी सब ।
मेरो निम्ति भने बाबु ! भए हा ! कामवर्धक ॥
जहाँ मेरी प्रिया सीता बसेकी छन् वहाँ पनि ।
यो वसन्त पुग्यो होला हकि बाबु ! घुमी-झुमी ? ॥
यदि त्यस्तो भए देखि भो होला के दशा वहाँ ? ।
पराधीन भएकी ती खप्ती हुन् कसरी त्यहाँ ? ॥

१०५

१०६

बिचरी जानकी पक्कै भई विवश वास्तव ।
गर्दी हुन् शोक मैजस्तो भई, छर्पटिँदै तव ॥
मेरी सीता जहाँ छन् ती त्यो एकान्त-प्रदेशमा ।
पक्कै वसन्त यो बाबु ! पुगेको छैन है वहाँ ॥
सुन लक्ष्मण ! हो यस्तो भने ता पनि जानकी ।
म विना कसरी बाँच्लिन् ! नेत्र नीलो थियो हकि ? ॥
जहाँ मेरी प्रिया सीता जानकी छन् , वहाँ पनि ।
हुन सक्छ पुगेको होस् यो वसन्त घुमी-झुमी ॥
हप्की-दप्की सँधै खप्ता अर्काको वशमा परी ।
तर के गर्न सक्लिन् र मोटो कटि हुने, वरी ! ॥
नयाँ भर्खरको चढ्दो अवस्थाकी थिइन् उनी ।
पद्मका पातकै जस्तो नेत्र ठूला हुने पनि ॥
वसन्तऋतु यो पुग्दा वहाँ पक्कै पनी अब ।
मीठो बोल्ने प्रिया मेरी छोड्दछिन प्राण वास्तव ॥
मेरो हृदयमा भित्र उठ्छ यस्तै विचार पो ।
टिक्छ फेरि भई गाढा बारम्बार त्यसै अहो ! ॥
यसैले म त ठान्दोछु ती साध्वी जानकी अतः ।
मेरो वियोग पर्दामा सक्तिनन् बाँच्न घेर त ॥
विदेहराजकी छोरी ती सीताको यथार्थमा ।
अनुराग तथा प्रेम निकै गाढा छ है ! ममा ॥
छ बाबु ! उनकै जस्तो मेरो पनि उनीतिर ।
गाढै स्नेह तथा प्रेम नित्य बढ्दो भई स्थिर ॥
सुगन्ध फूलको बोक्तै भै शीतल बहन्छ जो ।
जसलाइ छुँदैमात्र सुख लाग्दछ, वायु यो ॥
मेरी प्राणप्रिया सीता न हुँदा संम्फिदै स्वतः ।
आगाको रापले भेट्ता पोलेझैं पोल्छ भत्भत ! ॥
पहिले जानकी साथ बस्तामा जसलाइ म ।
सँधै सुख दिने भन्ने ठान्दथें बाबु-लक्ष्मण ! ॥
त्यही वायुकनै आज सीता-विरहमा परी ।
म त संम्फन लागें, भो नित्य शोक दिने सरि ॥
जानकी हरिने वेला यो चरो रुखमा चढी !
कौवा हो जुन काँ ! गर्थ्यो अशुभै सूचना गरी ॥
अहिले बाबु ! यै कौवा परी दङ्ग चढी रुख ।
जो कराँउछ क्राँ ! गर्दै भन्छ भेटिन्छ, भो शुभ ॥

१२२

CC-0. In Public Domain. Digitization by eGangotri

१२३

पत्नी हो यो त्यही जल्ले वैदेही हरिंदा वहाँ ।
चिच्याएको थियो त्यस्तो न राम्रो उग्रशब्दमा ॥
जस्तो बोलि रहेकोछ आज यो, यसले म ता ।
ठूला नेत्र हुने सीता भएमा लान्छ, ठान्छु बा ! ॥
हेर लक्ष्मण ! यी टुप्पा फुलेका वृक्षका सब ।
हाँगाभर बसी सारा चरा चिच्याँउछन् शुभ ॥
सम्पूर्ण वन घन्किन्छ घनक्क यसले गरी ।
विरही-जनमा किन्तु झार्छन् है ? कामकै झरी ॥
हावाले अति विस्तारै हल्लाएकी छ जो लता ।
भएकी मञ्जरी टन्न ऊ त्यो ! तिलकको शुभा ॥
त्यसैबीच यता बावु ! भँवरो ग्वाम्म गै बस्यो ।
"कामको मदले काँप्ती प्रियामा प्रिय क्वै मिल्यो" ॥
यो अशोक अशोकै हो तर कामीहरूकन ।
शोकै बढाँउने भो बा ! त्यसैभित्र परेंछु म ॥
लाग्दामा वायुको झोक्का काँपेका फूलका थुँगा ।
हल्लाएर मलाई यो हप्काउँछ सरी छ हा ! ॥
हेर ! हेर !! यता बावु ! मञ्जरीले सुशोभित ।
आँपका वृक्ष यी कस्ता देखिन्छन्, छन् विभूषित ॥
पैह्री शृङ्गारका नाना सर-सामान मस्त भै ।
देखिन्छन् नर हुन् जस्तै चन्दनादिक युक्त क्वै ॥
हेर लक्ष्मण ! पम्पाको वनश्रेणी विचित्र छ ।
ऊ ! यताउति घुम्दैछन् जहाँ किन्नर—आदिक ॥
स्वच्छ निर्मल पानीमा पम्पाका दहभित्र यो ।
ढकमक्क फुलेका छन् अनेकौं जाति पद्मको ॥
पानीमा यिनको छाया पर्दामा बालसूर्यको ।
गर्छन् बराबरी जस्तै शोभिन्छन् जो सबै अहो ! ॥
वेगलै छ हाल पम्पाको छ स्वच्छ जल सुन्दर ।
पद्म नीला र राता छन् सेता छन्, छ मनोहर ॥
पानीहाँस तथा हाँस छन् यहाँ जलका चरा ।
सुगन्ध आँउने पद्म शोभिन्छन् झुल्दछन् बरा ! ॥
बिहानीपख पानीमा झल्कने सूर्यदेवका ।
किरणैतुल्य झल्किन्छन्, टल्किन्छन्, सब पद्म बा ॥
यिनका भित्र गट्ठामा पुगेका भवँरा उता ।
घुस्तैछन् केसरै जत्ति पम्पा शोभिन्छ झन् अहा ! ॥

१३६

१४०

चखेवा र चखेवी छन् यसमा टन्न लक्ष्मण ! ।
नाना प्रकारका स्थान छन् विचित्र मनोरम ॥
पानी पिउँनको निम्ति यहाँ हात्ती तथा मृग ।
आफ्ना बगालकै साथ आँउछन्, हुन्छ शोभित ॥
लाग्दा थप्पड हावाको छाल निस्केर वेगले ।
त्यसैले चुटिए सान्है, सारा कमल हेर ए ! ॥
यस्तो भए पनी किन्तु स्वच्छ निर्मल भै जल ।
सबै छर्लङ्ग देखिन्छन् विभूषित र उज्ज्वल ॥
पद्मका पातको जस्तो ठूला नेत्र हुने उनी ।
प्रिय मान्थिन् सँधै पद्म जो थिइन् मञ्जुभाषिणी ॥
अब त्यस्ती उनीलाई न देखतामा यहाँ हरे ! ।
जीवनै धान्न चाँहन्न, रुचाँउन्न कसै गरे ॥
कामको चाल हो वाम के भनौं म ? विचित्र छ ।
संझाँउदछ जो बावु ! यसरी उनलाइ त ॥
हो ! म जान्दछु, ती सीता हरिइन्, भेट्नु कष्ट छ ।
जो भलै थिन्, भलै बोल्थिन् पऱ्यो बिर्सन मुस्किल ॥
खप्न सक्थें मजै साथ कामको वेदना म यो ।
भित्र-भित्रै बढोस् जत्ति, न होस् त यदि यो कुरो ॥
यही हो त्यो, वनै सारा ढकमक्क फुलाँउने ।
वसन्त यसरी बावु ! न पिर्दो हो त, यै गुनें ॥
सीता साथ हुँदा जो जो वस्तु राम्रा थिए वहाँ ।
न हुँदा जानकी साथ ती न राम्रा भए यहाँ ॥
हेर्नै कमलका गट्ठा मलाइ मन लाग्दछ ।
किन हो किन है बावु ! त्यसैमा दृष्टि पर्दछ ॥
धेरै विचार गर्दामा सीताका नेत्र ती दुवै ।
होला यस्तै भएकोले म त ठान्दछु सत्य यै ॥
सीताको सास जस्तो भै आयो लौ बावु ! वायु यो ।
छ सुगन्ध पनी त्यस्तै, मेरो मन त्यसै लग्यो ॥
पद्मकेसरको गन्ध बोकेको अरु वृक्षको ।
सुगन्ध त्यसमा फेरि थपेको यसले छ हो ! ॥
सुमित्रासुत ए बावु ! अब हेर ! यतातिर ।
पम्पाको दाहिने पट्टि गिरिको चुचुराभर ॥
जो कर्णिकारको ठूलो हाँगा छ अतिशोभित ।
त्यसमा लटरम्मै छन् फुलेका पुष्प भूषित ॥

१५६

CC-0. In Public Domain. Digitization by eGangotri

१५७

सुन गैरिक इत्यादि धातु नाना प्रकारका ।
हुनाले शोभिएकोछ निकै यो गिरिराज बा !॥
वायुको वेग पाएर ऋष्यमूक गिरीन्द्र यो ।
धूलोको सिर्जना गर्छ कसरी लौ ! विचित्र हो !॥
सुमित्रासुत ए बावु ! फुलेका र सवैतिर ।
देखिएका निकै राम्रा पत्रहीन तथा स्थिर—॥
पलाश-वृक्षले ढम्म ढाकेका गिरि-पृष्ठ यी ।
हेर ! आगो बले जस्तै देखिन्छन्, छ मजा हकि ?॥
पम्पाका तीरमा उम्री बढेका वृक्ष यी सब ।
यसैका जलले हुर्के अभिषिक्त भए तव ॥
स्वाद् बढ्दै गयो मीठो थपियो यिनमा रस ।
सुगन्ध भरियो फेरि भै फक्रक्क फुले सव ॥
मालती मल्लिका एवं पद्म हुन् करवीर ती ।
कसरी शोभिएका छन् ढकमक्क भई अति ?॥
सिन्धुवार र वासन्ती केतकी पनी ऊ ! फुले ।
झाडी कुन्द-लताको र माधवी, गन्ध भै भुले ॥
मधूक-चिरिबिल्वादि तथा बकुल बञ्जुल ।
नागवृक्ष फुले सारा झुले तिलक चम्पक ॥
यो ऋष्यमूक डाँडाका पीठमा हेर ! पद्मक ।
नीलाशोक सँगै बावु ! फुल्छ शोभिन्छ वास्तव ॥
यता नीप फुलेका छन् खर्जूर वरणादिक ।
ढकमक्क भएकाछन् शोभा छन् गिरिकातक ॥
सिंहको केसरै जस्ता छन् पहेंला र सुन्दर ।
लोधका वृक्ष यी झुल्छन् गिरिका पीठमा स्थिर ॥
छन् कुरंट र अङ्कोल पारिभद्रक चूर्णक ।
फुले हेर ! झुले आँप, कोविदार खुले सव ॥
यता अर्जुन शोभिन्छन् मुचुकुन्द र पाटलि ।
गिरिका पीठमा राम्रै देखिन्छन् सब वृक्ष यी ॥
धव केतक उद्दाल शिरीष शुभ शिंशप ।
राता कुरवकै साथ शाल्मली छन्, छ किंशुक ॥
छ नक्तमाल तिनिश छ स्पन्दन र चन्दन ।
छन् ऊ ! तिलक हिन्ताल नागवृक्ष सँगै पुनः ॥
टुप्पा जति फुलेका यी बल्लरी र लतासंग ।
भई आफैं पनी त्यस्तै जोल्ठिएका उनैसंग ॥

१७३

१७४

लौ हेर ! वृक्षलाई यी देखिन्छन् कति सुन्दर ।
पम्पाका तीरमै छन् जो धेरै छन्, स्थिर छन् तर ॥
लाग्दा ठक्कर हावाको झुक्ता हाँगाविगातक ।
ज्यादै नजिक भै हाल्छन् समातिन्छन् सरी हुव ॥
अँगाल्छन् ग्वाम्म यै वेला यिनलाइ लता यता ।
अँगाल्छे सुन्दरी जस्तो मत्तभै प्रियलाइ ता ॥
चाल अर्कै छ हावाको एउटा वृक्षमा पुगी ।
तुरुन्त पुग्छ अर्कोमा डाँडै-डाँडा चढी, बढी ॥
छिटै वन घुमी यौटा अर्कोमा पुग्छ वायु यो ।
अनेकौं रस चाख्यो ! बा आनन्दित भयो बडो ॥
यिनमा कत्ति यस्ता छन् हेर ! वृक्षहरू यहाँ ।
सुगन्ध-मह बोकेका, फूलका भार छन् जहाँ ॥
कत्ति ता फेरि देखिन्छन् कोपिलै साथका यता ।
शोभिन्छन् यसले गर्दा श्यामवर्ण भई उता ॥
हेर त्यो भँवरो बावु ! रंगिएको छ रागले ।
चाख्तै भन्दछ-यो मीठो मधुरो छ, भनी अये !॥
स्वादिलो छ निकै यो ता फुलेको चाँहि श्रेष्ठ यो ।
शोचि यस्तै कुरा धेर फूलमै गड़ लीन भो ॥
चुस्न सम्म चुसी फेरि त्यसबाट उडीकन ।
न पुगी त्यत्तिले भत्राट्टै अर्कोतिर गयो पुनः ॥
पुष्पका रसमा लोभी भँवरो यसरी यहाँ ।
घुम्दो छ बावु ! पम्पाका तीरका वृक्ष-वृक्षमा ॥
रुखबाट त्यसै आफैं झरेका फूल-पातले ।
ढाकिइन् पृथिवी सारा, देख्तै आनन्द लाग्छ ए !॥
यिनमा सुत्नको निम्ति ज्यादै नरम सुन्दर ।
विछ्यौना नै विछ्याएझैं देखिइन्छ मनोहर ॥
सुमित्रासुत ए बावु ? गिरिका चुचुराभरी ।
नाना प्रकारका ढुङ्गा छन् विशाल थरी-थरी ॥
तिनमाथि झरेका ती फूलले बहुरङ्गका ।
भयो शय्या रचे जस्तो रातो सेतो मजा सफा ॥
वसन्तऋतुमा बावु ! वनका वृक्ष-वृक्षमा ।
हेर ! कस्तो बढेको छ समृद्धि फल-फूलमा ॥
यो चैत्रमासमा सारा वृक्ष अन्योन्यमा यहाँ ।
बाजी थापि रहेकाझैं देखिन्छन् फल्न-फुल्नमा ॥

१६०

(७२१)

१९१

वृक्ष डाँगा भरी आफ्ना जुन हुन् शिरतुल्यका ।
वैहिन्छन् पुष्पका टोपी फुलेका जुन छन् यहाँ ॥
भँवरा भुन्भुनाएर त्यही हल्ला गरी-गरी ।
वृक्ष यी आफ-आफैंमा देखिन्छन् डाक्तछन् सरि ॥
लौ लौ हेर ! यता बाबु ! कारण्डव चरो त्यहाँ ।
पम्पाभित्र पस्यो स्वान्त ! जल स्वच्छ छ है जहाँ ॥
पुग्यो पोथी भएमा ऊ ! थाल्यो गर्न विहार बा ! ।
देख्नेको मनमा जस्ले बढ्न थाल्दछ काम हा ! ॥
मनै हर्ने छ पम्पाको रूप यो ! जुन सुन्दर ।
साक्षात् मन्दाकिनीकोझैं छ त्यो वास्तव सुन्दर ॥
यसका गुण छन् ख्यात यसैले जगतैभरी ।
भन्नु नै पर्छ है तस्मात् यो ठिक्कै छ ! भनीवरी ॥
मुलुक यदि ती साध्वी सीता देखा परे त्यहाँ ।
उनको साथमा हामी बस्न पायौं भने यहाँ ॥
हामीमा हुन्न इच्छा नै पुग्न त्यो इन्द्रलोकमा ।
अयोध्या फर्कनै खोज्छौं न त हामीहरू वहाँ ॥
हरिया घाँसले युक्त ठाममा यी रमाइला ।
सीतासाथ लिई घुम्न पाए आनन्द भै सदा ॥
चिन्ता हुन्न अयोध्याको राज्य भोग्न हुने तथा ।
ती दिव्य लोकका भोग भोग्ने वा, अरु के कुरा ? ॥
हेर ! यो वनका नाना जातिका भाँति भाँतिका ।
वृक्ष छन्, शोभिइन्छन् भै फल फूल र पालुवा ॥
मारे है यिनले बाबु ! नहुँदा जानकी-प्रिया ।
यो मेरो मनमा ज्यादै चिन्ता पार्छन् विष्वाँक हा ! ॥
सुमित्रासुत ए बाबु ! पम्पाका दहको जल ।
कस्तो आनन्द लाग्नेछ ? छ निर्मल र शीतल ॥
यहाँ कमल छन् नाना शोभिएका निरन्तर ।
पानीहाँस तथा हाँस चखेवा छन्, छ सुन्दर ॥
कन्याङ्कुरुङ्का साथै खेल्दछन् जलकुक्कुट ।
ठूलठूला मृग घुम्दैछन् भरेर यसका तट ॥
च्याँईं चुईं गरी घुम्छन् पक्षी नाना प्रकारका ।
देखिन्छ यस पम्पाको शोभा अद्भुत नै अहा? ॥
हुने आनन्दमा मग्न यी नानाथरका चरा ।
देखो सीता-वियोगी म काम चक्र्यउँछन् बरा ॥

२०७

२०८

यता झल्याँस्स संझन्छु म पनी जानकीकन ।
चढ्दो उमेरकी चन्द्रमुखकी थिन् प्रिया जुन ॥
टाकुराभर डाँडाँका हेर बाबु ! उतातिर ।
मृग ती मृगिणी साथ घुम्दछन् भै मनोहर ॥
मेरो चित्तकनै मथ्छन् पार्छन् व्यथित यी अतः ।
मृगाक्षी जानकी साथ छुट्टिएँ रे ! भनी म त ॥
मदमत्त भई घुम्छन् चरा भै यी मनोहर ।
यो ऋष्यमूक डाँडाको टाकुराभर सुन्दर ॥
यहीं नै यसवेलामा ती मेरी प्राणवल्लभा ।
जानकी भेटिए देखि हुन्थ्यो मेरो भलो अहा ! ॥
सुमित्रासुत ए बाबु ! यदि त्यस्ती सुमध्यमा ।
सीता साथ भए देखि मानी आनन्द चित्तमा ॥
पम्पाका दहको यस्तो सुखद स्वच्छ शीतल ।
वायु सेवन मिले मौका पक्कै बाच्ने थिएँ मत ॥
मनुष्यहरु जो आफ्नी प्रियाको साथमा बसी ।
सौगन्धिक तथा पद्महरूका नै सुगन्ध यी ॥
लिएर बहने वायु पम्पाका वनको छ जो ।
मन्द शीतल सेव्छन् ता, हुन् तिनै धन्य! झन् अहो! ॥
चढ्दो बढ्दो अवस्थाको पद्मकै ठीक नेत्रकी ।
छोरी जनकराजाकी मेरी प्राण-प्रिया अति ॥
ती सीता छुट्टिनै पर्दा म साथ त्यसरी वहाँ ।
कसरी प्राण धान्दी हुन् वित्रशी भइ हा ! कहाँ ! ॥
सत्य बोल्ने र धर्मज्ञ राजा-जनकले यदि ।
बसी जन-सभाबीच सोधि बक्स्यो भने पछि ॥
कुशलप्रश्न सीताको छैनन् साथ गइन् कहाँ ? ।
भनेमा, भनुँला के म ? विते अब त्यसै यहाँ ॥
भन लक्ष्मण ! धर्मात्मा-बुबा द्वारा त्यसो गरी ।
मलाइ वनमा यस्तो जान आज्ञा भए पछि ।
यता आँउन लाग्दा म मेरो साथ पछी-पछि ।
विस्तारै आइथिन् सीता, अहिले छन् कहाँ त ती? ॥
राज्यबाट हुँदा भ्रष्ट चित्त खिन्न हुँदा पनि ।
छोडिनन् जसले मेरो साथ यस्तो भए पनि ॥
अब साथ तिनै देवी न हुँदा यसरी हरे ! ।
म बाँचू दीन भै बाबु ! कसरी,-कष्टमा परें ? ॥

२२४

CC-0. In Public Domain. Digitization by eGangotri

२२५

पद्मको पात जस्तै र अतिसुन्दर कोमल ।
सुगन्ध आँउने राम्रो न हुने दाग निर्मल ॥
विदेहराज-पुत्रीको न देख्ता शुभ त्यो मुख ।
बुद्धिले ठाम नै छोड्यो अब पाँउन्न क्यै सुख ॥
बाबु लक्ष्मण ! ती सीता हाँसेर कहिले अघि ।
कहिले मुस्कुराएर बोल्थिन् मीठा कुरा अति ॥
हुने श्रेय हितै गर्ने थिए अतुल नै जुन ।
म फेरि पाँउला बाबु ! कहिले सुन्न लौ भन ? ॥
चढ्दो उमेरकी साध्वी सीता यो वनबीचमा ।
दुःख भोगिरहेकी थिन् म भए पनि साथमा ॥
मलाइ जब देख्थिन् ती पिरेको कामले यहाँ ।
अनि त्यो दुःख बिर्सन्थिन् आँउथिन् दङ्ग भै ममा ॥
ए राजपुत्र ए बाबु ! अयोध्यामा पुगे पछि ।
मलाई सोधि बक्सेला-मुगा, खोई ? भनेर ती ? ॥
छन् कहाँ भन ती मेरी बुहारी ? भनि बक्सिदा ।
जवाफ दिउँला के म ? कौसल्याकन ता उता ? ॥
भैगो ! अब तिमी जाऊ अयोध्यातिर लक्ष्मण ।
गै भेट भरतै साथ भ्रातृवत्सल छन् जुन ।
म यतै बस्छु, धर्मात्मा-राजा-जनककी सुता ॥
सीता न भेटिए बाबु ! बाँच्नै सक्तिन है म ता ॥
यस्ता प्रकारले त्यस्ता महात्मा रामभद्रले ।
गरे विलाप साह्रै नै भै अनाथ सरी हरे ! ॥
सब रोए-कराएको देखे लक्ष्मणले अनि ।
भने वेस र निर्दोष बाणीमा दाजुमा पनि ॥
दाजु ! धैर्य धरी बक्स्योस् , हओस् श्रेय हजूरको ।
लौ रोकि बक्सियोस् आफैंलाई, छोड्दिइ शोक यो ॥
शुद्धचित्त हुने यस्ता पुरुषोत्तम दाजुर्फ्रै ।
व्यक्तिको बुद्धि छिः यस्तो हुनु मन्द हुदैन है ! ॥
विश्वका सब प्राणीले प्रिय-व्यक्ति-वियोगको ।
दुःख ता खप्नुनै पर्छ परी छोड्छ अवश्य जो ॥
संझेर यै कुरा दाजु ! यी आफ्ना जनमा अब ।
बढेको स्नेह-आसक्ति छोड्दिबक्स्योस् ल ! श्रेय छ ॥
जल इत्यादिले राम्रै भिजेको दीप सम्म त ।
अधिक-स्नेह-तैलादि भए बल्छ मजैसित ॥

२४१

२४२

पुरुषोत्तम ए दाजु ! दुष्ट रावण त्यो यदि ।
पातालैमा पुगोस् यद्वा टिकोस् अम्क परै पुगी ॥
त्यसले धर पाँउन्न कहीं पनि, कसै गरे ।
मार्छौं पत्ता लगाएर बाँच्नैसक्तैन क्यै गरे ॥
पहिले बरु त्यो पापी दुष्ट-राक्षसको प्रभो ! ।
पत्ता लगाँउनै पर्ला यसैमा हुन्छ है भलो ॥
सीता भाउजुलाई कि देला त्यल्ले मजैसित ।
आफ्नु नै प्राण त्याग्देला पछि रावण त्यो कि त ॥
त्यो रावण स्वयं देवी सीतासाथ जगत् घुमी ।
दितिको गर्भमा भित्रै गइ लुक्छ भने पनि ॥
म मारी छोड्छु त्यल्लाई त्यहाँ पनि पुगीकन ।
बुझाँउन्न भने देखि मिथिलेश-सुताकन ॥
मान्य दाजु ! हुँदा यस्तो स्वयं अब हजूरले ।
यो तुच्छ बुद्धि छोडेर सद्बुद्धि लिनु पर्छ ए ! ॥
भैगो ! धैर्य धरी बक्स्योस् , छ अर्को यो कुरो पनि ।
आफ्नो प्रयत्न, उत्साह, धन नष्ट भयो भनी ॥
गर्दैनन् काम जो व्यक्ति बढी उद्योग, यत्नले ।
स्वार्थ-सिद्धि हुँदैहुन्न त्यस्ताको पछि क्यै गरे ॥
पूज्य दाजु ! छ उत्साह बलीयो सब वस्तुमा ।
त्यस भन्दा छँदैछैन बलीयो अरु क्यै यहाँ ॥
उत्साही व्यक्तिको निम्ति यस संसारमा प्रभो ! ।
हुन्न दुर्लभ क्यै वस्तु जानिएकै कुरो छ यो ॥
उत्साही व्यक्ति जो जो छन् तिनीहरू कसै गरे ।
काम आइ परोस् जस्तो गर्छन्, सफल छन् भरे ॥
हामीहरू पनी तस्मात् लिई उत्साह नै बल ।
सजीलै सँग भेट्नेछौं सीता भाउजुलाइ त ॥
यो चाल त्यागिदई बक्स्योस्, भो जो कामुक-ठीकको ।
अब छोड्दिइ बक्स्योस् लौ ! बढ्दो शोक छ व्यर्थ जो ॥
हजूर भइ बक्सिन्छ महान् आत्मा हुने यता ।
पवित्र भै सकेका छन् अन्तःकरण सम्म ता ॥
परन्तु अहिले दाजु ! त्यस्तो आफूकनै पनि ।
भुसुक्क बिर्सिबक्स्यो हा ! आफ्नो स्थितिकनै पनि ॥
संझाए यसरी आफ्ना प्रिय लक्ष्मण-भाइले ।
छोड्दिए अनि सद्बुद्धि नाश्ने त्यो शोक दाजुले ॥

२५८

CC-0. In Public Domain. Digitization by eGangotri

२५९

बढेको दुःखको साथ शोक, मोह पनी त्यजी ।
धरे श्रीरामले धैर्य आफ्नो स्थितितिरै अडी ॥

२६०

देख्तै रमाइलो लाग्ने अतिसुन्दर वास्तव ।
हो सरोवर पम्पा त्यो हल्लिन्थे तटका रुख ॥

२६१

हेर्दै सब छिचोलेर ती अचिन्त्य-पराक्रमी ।
शान्तस्वरूप श्रीराम अघि बढ्दै गए अनि ॥
ती जानकीको स्मृति चित्तमा भै उद्विग्न थे राम अझै दुखी भै ।
भाई थिए लक्ष्मण आफ्नु साथ बढ्दै गए राम समाइ हात ॥
आत्मा हुँदा उच्च तथा उदार ती सम्झिए भवाट्ट गरी विचार ।
हेर्दै गए त्यो वन कन्दरा र गुफा भएको जुन थ्यो अपार ॥
दँतार मत्ता गजकै समान हिंडाइ हिंड्ने भइ सावधान ।
आत्मा हुने उच्च तथा अगाध भाई हिंडे लक्ष्मण साथ-साथ ॥
बाटा भरी मान्य र पूज्य दाजु श्रीरामलाई बुझि चाल-चेष्टा ।
गर्दै गए सेवन धर्मले र स्वशक्तिले सम्भ गरेर रक्षा ॥
राम्रो थियो यो गिरि ऋष्यमूक घुम्थे यसैमाथि, थिए नजीक ।
यौटा कुनै वानरराज, जो ती सुग्रीव हुन्, थ्यो बल, शक्ति ज्यादि ॥
देखे उनैले अब भवाट्ट यस्ता वेलाविषे त्यै, दुइलाइ त्यस्ता ।
हेरी रहौं झैं अतिअद्भुतै जो थे देखिएका र मनोज्ञ त्यस्तो ॥
हक्का न बक्का हुन गै गए ती छुट्यो सबै हाव र भाव आदि ।
चिन्ता बढी गो उनमा अकस्मात् काँपे बरा थर्थर ! व्यर्थ तस्मात् ॥
आत्मा थियो उच्च निकै उदार हिंड्थे उनी ली गज-तुल्य सार ।
परन्तु देख्ता दुइ भाइलाई गली गए भित्र विषाद छाई ॥
सुग्रीवलाई डर भित्र चर्कै परी गयो, भो स्थिति सम्म अर्कै ।
उत्साह जो थ्यो अघिको उनीमा त्यसै विलायो अब त्यो छिनैमा ॥
मतङ्ग साक्षात् मुनिराजको त्यो पवित्र थ्यो आश्रम शान्त त्यस्तो ।
थियो सबैको शरणस्थलै र बस्थे सुखैमा कपि सम्म घेर ॥
देखेर त्यस्ता बल-सत्व-युक्त श्रीराम-श्रीलक्ष्मणवीरलाई ।
अरूहरू वानर जो थिए ती भवाट्टै पसे आश्रममा डराई ॥

२७२

इति पहिलो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दोश्रो सर्ग

बानरराज–सुग्रीवको शङ्का–वर्णन र हनुमान्लाई श्रीराम–लक्ष्मणको भेद बुझ्न पठाँउनु

१

श्रेष्ठ शस्त्रास्त्र बोकेका हृष्ट-पुष्ट-शरीरका ।
राम-लक्ष्मण यी वीर दुइ भाइकनै त्यता—॥
देख्तामा त्यसरी भ्वाट्ट भित्र सुग्रीवलाइ ती ।
पर्न सम्म पऱ्यो शङ्का चित्त चीसो भयो अति ॥
भयो हृदय उद्विग्न हेर्न लागे दशै दिशा ।
वानरश्रेष्ठ सुग्रीव घुम्न लागे जता-तता ॥
देख्तैमा बलवान् त्यस्ता राम-लक्ष्मणलाइ ता ।
मन थाम्नै पऱ्यो गाह्रो उनलाइ स्वयं त्यता ॥
त्यसवेला! भएकाथे भयभीत उनी अति ।
चित्तले ठाम नै छोड्यो, मन खिन्न भयो उति ॥
सुग्रीव धर्ममै रम्थे जान्दथे राजधर्म र ।
आफ्ना मन्त्रीहरू राखी शोच्न लागे निरन्तर ।
आफ्नु पक्ष भयो दुब्लो बलीयो त्यो छ शत्रुको ।
यही ठहर, यै टुङ्गो सभाले उनको लियो ॥
पाऱ्यो चौपट्ट डर्लाग्दो यसले अब फन् त्यहाँ ।
भए उद्विग्न सुग्रीव मित्र वानर साथमा ॥
त्यसरी हड्बडाएका स्वयं वानर-राजले !
राम-लक्ष्मणलाई ती हेर्दै मन्त्रीसंगै भने ॥
हुन् वालीले पठाएका यी दुवै वीर निश्चित ।
यी आए आँउने गाह्रो वनमा यसरी अतः ॥
यिनले पैह्रिएका छन् छलले चीर-वस्त्र ऊ ! ।
चिह्न गाह्रो परोस् भन्ने हेतु ली घुम्दछन् उहू ! ॥
अब सुग्रीवका मन्त्री अरू वानरले पनि ।
देखे महान् धनुर्धारी दुवै भाइकनै पनि ॥
अनि यत्ति हुनासाथ छोडी पर्वतलाइ त्यो ।
दौड्दै कुद्दै पुगे सारा अर्कै डाँडातिरै अहो ! ॥

१३

१४

थिए कपि यहाँ जो जो थे सवै यूथका पति ।
यिनमा पनि थे श्रेष्ठ ती सुग्रीव हुँदा पति ॥
वानरश्रेष्ठलाई ती यसर्थ सवले मिली ।
घेरे चारतिरैबाट बसे ढुक्क भई पछि ॥
यसरी हूल बाँधेर यौटा डाँडा भरी घुमी ।
अर्को डाँडातिरै पुग्थे यौटै डल्लो हुँदै उनी ॥
उनको वेगले गर्दा काँप्थ्यो डाँडा त्यसै पनि ।
उनले यसरी नाघे डाँडै-डाँडा सवै घुमि ॥
ब्यादै बल हुने थे यी यिनको वेगले तव ।
अनकन्टार डाँडाका वृक्ष भग्न भए सव ॥
पार्दै भुसक्क त्यो सारा ऋष्यमूककनै पनि ।
बढ्दै कुद्दै गए त्यस्ता वीर वानर ती अनि ॥
त्यल्ले गर्दा पऱ्यो बाधा त्यहाँका जीव-जन्तुमा ।
मृग-मार्जार-सिंहादि काँप्तै भागे जहाँ-तहाँ ॥
हात जोडी बसे सारा अब त्यो गिरिराजको ।
भै एक ठाममा जम्बा घेरी सुग्रीवलाइ पो ॥
कपिश्रेष्ठ थिए वाली दाजु सुग्रीवका जुन ।
चिताँउथे उनै माथि नित्य पाप उनी पुनः ॥
यसैले गर्दथे शङ्का डराएर उनीसित ।
भित्र चीसो परेकैथ्यो त्यसै सुग्रीवलाइ त ॥
अब यस्तो अवस्थामा कुरा गर्न सिपालु ती ।
हनुमान् जो थिए मन्त्री, भन्छन् सुग्रीव साथ यी ॥
कपिश्रेष्ठ प्रभो ! यस्तो वालीबाट हुने डर ।
गर्नु पर्दैन भो छोडौं व्यर्थैको छ असुन्दर ॥
पर्वतश्रेष्ठ हो स्वामिन् ! यही मलयनामक ।
वाली आँउन सक्तैनन् यसमा छैन क्यै भय ॥

२६

२७

जसबाट डराएर यस्तो उद्विन-चित्त भै ।
हजूर भागि बक्सेर आइ बक्स्यो यहाँ त्यसै ॥
ती देख्लै अति डर्लागदा निर्दयी क्रूरचित्तका ।
बालीलाइ यहाँ स्वामिन् ! अँहँ देखिँतन है मता ॥
शील-स्वभावका राम्रा ए हजूर ! हजूरमा ।
पापाचार हुने दाजु बाली बाट छ जो यहाँ- ॥
डर, त्रास परेको यो मान्नु पर्दैन त्यो अब ।
यहाँ आँउन सक्तैनन् वाली छन् दुष्ट ती जब ॥
आश्चर्य लाग्छ है स्वामिन् ! आफ्नो कपिस्वभाव यो ।
जो हो चञ्चलतापूर्ण स्पष्टै देखाइ बक्सियो ॥
हजूरको कपिश्रेष्ठ ! सानो चञ्चल चित्त छ ।
यसैले त पर्‍यो गाह्रो पार्न सद्बुद्धि नै स्थिर ॥
बुद्धि-विज्ञानले आफ्नो चित्त शुद्ध गरीकन ।
अर्काको चाल चेष्टादि बुझ्नु पर्छ, छ त्यो जुन ॥
अनिमात्र कपिश्रेष्ठ ! गर्नु पर्दछ जो कुरा ।
आवश्यक पर्‍यो जस्तो गर्नु पर्दछ त्यै कुरा ॥
लिन्न आश्रय जो राजा आफ्नु सद्बुद्धि-शक्तिको ।
गर्न शासन सक्तैन, त्यो प्रजाको अयोग्य भो ॥
हनुमान्का मुखैबाट निक्लेका अतियोग्यका ।
त्यस्ता वाक्यहरू सारा सुने सुग्रीवले तदा ॥
भने अनि उनी साथ स्वयं ती कपिराजले ।
ज्यादै नै न्यायका यस्ता वाक्य राम्रो प्रकारले ॥
देख्यौ के हनुमान् ! हेर ! लामा बाहु हुने दुवै ।
भाई यी वीर हुन् कस्ता, ठूल्ठूला नेत्र छन् दुवै ॥
धनुर्बाण धरेका छन् तरवार छ बाहुमा ।
देखिन्छन् भवाट्ट हेर्दा यी देवपुत्र सरी त्यहाँ ॥
देख्ता अब दुवै यस्ता भाइलाइ तिमी भन ? ।
न काँप्ला डरले मन्त्रिन् ! कुन पो व्यक्तिको मन ? ॥
छ मेरो मनमा शङ्का वालीले नै दुवैकन ।
हुन् है यहाँ पठाएका नरश्रेष्ठ भनीकन ॥

४१

४२

किन ? भन्छौ भने देखि राजाहरू विशेषतः ।
घेरै मित्र हुने हुन्छन् , हुन्न विश्वास नै अतः ॥
छिद्र खोज्ने, छली हिंड्ने, घर्ने रूप बनावटी ।
शत्रुको चाल यस्तै हो, विद्वान्ले चिन्नु पर्छ यी ! ॥
विश्वास अरुमा पार्छन् गर्दैनन् यी भने तर ।
छिद्र केही मिले ठोक्छन् विश्वासी छन् भने नर ॥
यस्ता काम-कुरा गर्न वाली छन् चतुरा अति ।
राजा हुन् बहुदर्शी छन् , जान्दछन् जाल-पेच ती ॥
शत्रु सिध्याँउनै खोज्ने त्यस्तालाइ यथार्थमा ।
साधारणै व्यक्तिबाट बुझ्नुपर्छ स्वयं त्यहाँ ॥
सुन ए हनुमान् ! तस्मात् तिमी जाउ वहाँ अब ।
मामूली व्यक्तिकै जस्तो भेष-भूषा धरी सब ॥
दुवैको चाल-चेष्टाले रूपले वातचीतले ।
को रहेछन् र के खोज्छन् ? ठहर्‍याऊ प्रयत्नले ॥
दुवैका मनको भाव राम्ररी बुझ, संझ र ।
प्रसन्न छन् भने मेरो प्रशंसा पनि क्यै गर ॥
यसरी चाल-चेष्टाले हाव-भावादिले पनि ।
राम्ररी पार विश्वास दुवैलाइ निकै तिमी ॥
सुन लौ ! ए कपिश्रेष्ठ ! कुरा गर्दा वहाँ तिमी ।
मतिरै मुख फर्काऊ गर है चतुरो बनी ॥
पछि सोध मजै साथ दुवैकन तिमी चिन ।
धनुर्बाण धरी यस्तो वनमा ती पसे किन ? ॥
देखिए पनि ता शुद्ध-चित्तका ती दुवै उवा ।
राम्ररी बुझ है फेरि तिमी ध्यान दिई त्यवा ॥
रूपले चाल-चेष्टाले वाक्यले छाँट-काँटले ।
ठहर्‍याऊ तिमी केही छ भने, दुष्टता छ जे ॥
वीर वानरका राजा स्वयं सुग्रीवले वहाँ ।
हनुमान्मा दिए आज्ञा यसरी जान-बुझनमा ॥
हनुमान् पनि स्वामीको सुनी आज्ञा मिल्यो जुन ।
वहाँ जाने भए आफैं जहाँ थे राम लक्ष्मण ॥

५६

५७

सुग्रीवलाई झटपट्ट जित्न सक्तैनथ्यो क्वै पनि हेप्न, मिच्न ।
त्यस्तो भएता पनि वीर त्यस्ता थिए त्यसै त्रास परीरहेका ॥

CC-0. In Public Domain. Digitization by eGangotri

आज्ञा सुनी गर्छु त्यसै भनेर सामर्थ्यशाली हनुमान् चठेर ।
भाई लिई साथ निकै बलीया जहाँ थिए राम, उतै गए बा ! ॥
५८

इति दोस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो सर्ग

श्रीराम–लक्ष्मणसंग हनुमान्‌ले भेटघाट गर्नु र परिचय टक्र्याँउनु

१

शरीर-बुद्धिका ठूला स्वामी सुग्रीवका कुरा ।
एक एक गरी संझे हनुमान्‌ले स्वयं पुरा ॥
अनि ता उँफ्रदै नाघे त्यो डाँडो ऋष्यमूकको ।
त्यहीं पुगि गए ठ्याक्क अगाडि दुइ भाइको ॥
लाग्दामा बुद्धिमा बट्टा हनुमान्‌ले वहाँ पुगी ।
आफ्नो वानरको रूप छोड्दिए जुन थ्यो अघि ॥
तुरुन्त उनले आफ्नो रूपलाइ बनावटी ।
संन्यासी-भिक्षुको जस्तो बनाए, शक्ति थ्यो त्यत्ति ॥
अनि देखा परे वीर राम–लक्ष्मणको अघि ।
साह्रै नम्र भई हाले यसबेला वहाँ पुगी ॥
बोलो अत्यन्त नै मीठो सुमनोहर वाक्यमा ।
प्रशंसा दुइ-भाईकै गर्न सम्म गरे वहाँ ॥
हनुमान् हुन् कपिश्रेष्ठ उनले विधिपूर्वक ।
गरे आदर-सत्कार दुवैको पहिले तब ॥
पल्ल पो भन्न लागे यी इच्छामाफिक सुन्दर ।
निकै नरम वाणीमा यसरी अघि भै स्थिर ॥
वीर हो ! वीरता ज्यादै देखिने सत्य–शक्तिका ।
हुनुहुन्छ तपाँईं को दुइटै भव्यरूपका ? ॥
कुनै राजर्षि जस्तै र देवताठीक देखिने ।
रूप यो दुइटैको छ, तपस्वी,-व्रत शोभिने ॥
दुइकै देहको कान्ति छ सुन्दर र चम्किलो ।
होला आँउनमा हेतु कुन यो वनमा ? अहो ! ॥
रूप-रङ्ग नियाल्दामा तपाँईंहरुको दुवै ।
जङ्गली पशु-पन्छी यी काँपछन् डरले त्यसै ॥
यस्रेर तट पम्पाको ढाकेका लहरा रुख ।
सबैतिर नियालेर पाल्नु भो ठान्छु यै म त ॥

१३

१४

स्वच्छ निर्मल पानीको नदी–तुल्य सुशीतल ।
पम्पालाई पनी यस्तो पार्नु हुन्छ सुशोभित ॥
पग्लेको सुनकै जस्तो देहको कान्ति दिव्य छ ।
चीर–वस्त्र जहाँ खुल्छ साह्रै राम्रो सुहाँउछ ॥
शक्ति, वेग पनी राम्रै भए जस्तो छ देहमा ।
धैर्य, गाम्भीर्य इत्यादि देखिन्छन् दुइ व्यक्तिमा ॥
हृष्ट–पुष्ट दुबै बाहु छन् लामा दुइकै यता ।
देखिन्छ ! सास बढ्दोछ दुइमै श्रम हो कि ता ? ॥
तपाँई दुइले आफ्नो प्रभावैले र शक्तिले ।
वनका सब प्राणीमा पीडा पारे सरी छ ए ! ॥
दुवै वीर तपाँईको सिंहकै सरि दृष्टि छ ।
देखिन्छ दुइमै ठूलो पराक्रम तथा बल ।
इन्द्रका धनुकै जस्तो छ महान् त्यो शरासन ।
शत्रु खुत्रुक्क पार्नेछ दुइकै शक्ति, साधन ॥
बल्दोछ देहमा कान्ति अतिसुन्दर रूप छ ।
विशाल–देह साँढेको गतिमैं गति मन्द छ ॥
हात्तीकै सूँड हुन् जस्ता बाहु छन् हृष्ट–पुष्ट ती ।
हुनुहुन्छ नरश्रेष्ठ दुइटै तेजिला अति ॥
यो ऋष्यमूकको डाँडो तपाँई दुइ वीरको ।
देहको तेजद्वारा नै जगमगाँउछ है बडो ॥
हुनुहुन्छ दुवै ! वीर देव-तुल्य पराक्रमी ।
राज्यको भोग गर्नाका योग्य छन् लक्षणै पनि ॥
अनकन्टारको यस्तो घोर वन्य-प्रदेशमा ।
पर्‍यो आउनु पर्ने के हेतु यो ? लौ सुनौं यहाँ ॥
छन् अहा ! दुइकै नेत्र फक्रेका पद्म-पत्रमैं ।
जटामण्डल शोभिन्छ दुइकै शिरबीचमै ॥

२६

२७

वीरता भरिएको छ दुवैमा अतिस्पष्ट छ ।
यसो हेर्दा दुबै उस्तै-उस्ता देखिन्छ साम्य छ ॥
भन्नुहोस् वीर हो ! तस्मात् तपाँई दुइटै कसो ।
स्वर्गबाट झरी ठ्याक यहाँ आँउनु भो कि ! हो ? ॥
फेरि भ्वाट्ट यसो हेर्दा मनमा जाग्छ यो कुरा ।
स्वेच्छाले ओर्लिएका हुन् पृथ्वीमा चन्द्र-सूर्य ता ॥
मनुष्य भई ओर्लेका वीर हुन् देवरूपका ।
भनेझैं दुइकै छाती छ पुष्ट र विशाल बा ! ॥
महान् उत्साह देखिन्छ सिंहकै ठीक काँध छ ।
कुनै मस्त भई घुम्ने साँढेकै ठीक चाल छ ॥
हृष्ट-पुष्ट तथा लामा बाहु छन् परिघै सरि ।
योग्य भेष र भूषाका भै शोभिन्नन् किमर्थ यी ? ॥
म त संझन्छु है यस्तो तपाँई दुइ वस्तुतः ।
गर्न रक्षण पृथ्वीको हुनुहुन्छ सुयोग्य त ॥
सुमेरु विन्ध्य इत्यादि पर्वतै भई शोभिंदी ।
सिन्धुले वनले झुल्दी मग्न हुन्छिन् सबै क्षिति ॥
दुवै धनु तपाँईका स्निग्ध छन्, छन् विचित्र बा ! ।
विचित्र लेप लागेका देखिन्छन् गजबै अहा ! ॥
सुनले ठाम-ठामैमा जडिंदा छन् विभूषित ।
यसैले शोभिइन्छन् यी इन्द्रका वज्र ठीक त ॥
राम्रो लाग्ने यसो हेर्दै ठोक्रा छन् तेजिला उति ।
जसमा भित्र छन् टन्न तीखा बाण पनी अति ॥
शत्रुको प्राण खुत्रुकै पार्न सक्छन् त्यसै झरी ।
देखिन्छन् विषको राँकै निकाल्ने सर्प हुन् सरि ॥
खड्ग यी दुइटै ओहो ! रहेछन् बा ! विचित्रका ।
कति ठूला र कत्रा छन्, छन् विशाल निकै अहा ! ॥
लम्बरी सुन जड्नाले देखिन्छन् यी विभूषित ।
फ्याँकेका काँचुली ठूलै सर्प जस्ता सुशोभित ॥
बारम्बार म सोध्दोछुँ वीर हो ! यसरी यहाँ ।
तपाँई दुइमा तस्मात् दिनोस् परिचयै ममा ॥
किन होला न बोलेको न दिएको जवाफ क्यै ।
अब लौ भन्नुहोस् आफ्नो भए जति कुरा सबै ॥
सुग्रीव नामका यौटा श्रेष्ठ वानरराज छन् ।
स्वभाव छ बडो वेस ! धर्ममा नित्य रम्दछन् ॥

४५

४४

वाली हुन् उनका दाजु उनले घरबाट नै ।
निकालिदिए यिनीलाई दुःखी छन्, विश्व घुम्दछन् ॥
जाउ ! भन्दा महान् आत्मा हुने वानरका मणि ।
उनै सुग्रीव-राजाले म आएँ यसरी अनि ॥
वीर हो ! म पनी यौटा वानरै हुँ यथार्थमा ।
नाम हो 'हनुमान्' मेरो, मन्त्री हुँ वस्तु साथमा ॥
हाम्रा सुग्रीव-राजाको धर्ममै मन रम्दछ ।
तपाँई दुइकै साथ मित्रता बाँध्नु लक्ष्य छ ॥
परेमा दिन्छु सल्लाह, हुँ है सचिव एउटा ।
जाति वानर हो मेरो, बाबु हुन् वायुदेवता ॥
चाहेको ठाममा सक्छु, जान इच्छा गरे सरि ।
रूप धर्न पनी सक्छु आफ्नो इच्छा भए सरि ॥
गर्न सुग्रीवको प्यारो भिक्षुरूप लिएर म ।
त्यो ऋष्यमूकको डाँडो बाट आएँ यहाँ जुन ॥
कुरा पनि निकै जान्ने बोलन बाठा पनी उति ।
थिए ती हनुमान् वीर सिपालु चतुरा अति ॥
भनी यत्ति दुवै वीर भाई लक्ष्मण—राममा ।
उनी चूप भई हाले बोलेनन् फेरि क्यै वहाँ ॥
हनुमान्का कुरा यत्ति सुने पछि यतातिर ।
मुख फर्काइ हाल्यो बा ! रामको भइ सुन्दर ॥
बसेका छेउमा आफ्ना भाइ लक्ष्मणमा अब ।
भने श्रीरामले यस्तो पारी उज्वल श्रीमुख ॥
महात्मा कपिका राजा साक्षात् सुग्रीवका यिनी ।
रहेछन् योग्यका मन्त्री यहीं आए स्वयं यिनी ॥
बाबु ! लक्ष्मण हामी नै खोज्दथ्यौं जसलाइ ता ।
भेट्टायौं उनकै मन्त्री यिनलाइ यहीं अहा ! ॥
शत्रुनाशक ए बाबु ! कुरा बुझ्ने पनी अति ।
साक्षात् सुग्रीवका मन्त्री रहेछन् कपिश्रेष्ठ यी ॥
तसर्थ लौ यिनीसाथ कुरा गर तिमी अब ।
स्नेहले भरिएका हुन्, मीठा हुन योग्य हुन् सब ॥
जसले छैन पाएको शिक्षा ऋग्वेदको यता ।
पढेको जसले छैन यजुर्वेद समेत ता ॥
सामवेद पनी राम्रो जानेको छैन ता भने ।
त्यल्ले यस्तो कुरा गर्न सक्तै-सक्तैन क्यै गरे ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

रहेछ यिनले सारा त्यो व्याकरण-शास्त्र त ।
घेरैपल्ट पढेको र घोकेको, यै छ निश्चित ॥
भने किन ? कुरा धेरै गर्दा, बोल्दा पनी त्यति ।
चुकेनन् कत्ति, निस्केनन् कुनै शब्द अशुद्ध ती ॥
कुरा गर्दा पनी बाबु ! यिनका मुखमा यता ।
आँखिभौंमा र आँखामा निनारहरुमा तथा- ॥
अरु कै ठाममा सम्म कुनै कस्तै प्रकारको ।
दोष भन्ने कुरो चाँहि देखिएन कहीं अहो ! ॥
मनसाय भने आफ्नो यिनले स्पष्ट थोरमा ।
शङ्का परेन हामीमा त्यो कुरा बुझ्न सम्ममा ॥
चाँचवाँडो न भने केही भकभकाई भने न ता ।
शब्दाक्षर बिगारेर भने क्यै न अश्रव्य वा ।!
मध्यमा हृदयै भित्र वैखरीरूप कण्ठमा ।
भएको वाक्य बोल्छन् यी ठिकको स्वरमा यहाँ ॥
पुगेको सब संस्कार शास्त्रीय-क्रमयुक्त र ।
हुनें हृदय सुन्दैमा मताप स्वरको स्थिर- ॥
न छिटो न ढिलाएको हुने श्रेय भलो तथा ।
बोल्दछन् वाक्य यी यस्तो अतिसुन्दर सर्वथा ॥
मन कण्ठ तथा मूर्धा यी तीनै ठाम बाट जो ।
निस्कन्छ रूप ली स्पष्ट शुद्ध सुन्दर ढङ्गको ॥

७०

७१

विचित्र यिनको यस्तो सुन्दामा वाक्य बावु ! त्यो ।
भन लौ कसको हुन्न चित्त गद्गद तुष्ट पो ? ॥
अरुको के कुरा मार्न तरवार उठाँउने ।
शत्रुको हृदयै सम्म वाक्यैले यो छ पग्लिने ॥
दूत साक्षात् यिनी जस्ता छैन ता नृपको जुन ।
तिनका कार्यको सिद्धि होला लौं कसरी भन ? ॥
गुण श्रेष्ठ हुने यस्ता दूत छन् कार्यसाधक ।
जसका त्यस राजाको दूतकै वाक्य-सिद्धि छ ॥
महारानी – सुमित्राका छोरा लक्ष्मण दाजुले ।
भनिए यसरी जो ती कुराको मर्म बुझ्दथे ॥
बढी अघि भने तस्मात् यसरी हनुमान्कन ।
कपि,-सुग्रीवका मन्त्री वायुपुत्र थिए जुन ॥
ए विद्वन् हनुमान् ! सुन्नोस् ठूला बुद्धि-शरीरका ।
वीर सुग्रीवका हामी जान्दछौं गुण सर्वथा ॥
तस्मात् हामी दुवै भाई कपिराज उहाँकन ।
खोज्दै-खोज्दै यहाँ आयौं भेट्नै इच्छा बढीकन ॥
साधुश्रेष्ठ कपे ! आज्ञा राजा-सुग्रीवको लिई ।
यहाँ आएर मैत्रीको जो कुरा गर्नु भो हकि ? ॥
हामीहरू दुवैभाई गर्छौं स्वीकार त्यो कुरा ।
भन्नु भो जो तपाँईंले लिई आधार त्यै पुरा ॥

८०

८१

बठ्याँइ नै भित्र छिपी रहेका सुनी कुरा स्वीकृतिका उनीका ।
भए कपिश्रेष्ठ र वायुपुत्र यिनी पनी हृष्ट प्रशस्त भित्र ॥
सुग्रीवको भो अब जीत पक्कै भन्ने ठमाई लिइ बुद्धि यस्तै ।
सुग्रीवको यी दुइ भाइ साथ बढाँउने सख्य भए अगाध ॥

८२

इति तेस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो सर्ग

श्रीराम र लक्ष्मण वानरराज–सुग्रीव भएमा जानु

१

भाइ–लक्ष्मणद्वारा जो भनिए योग्य ती कुरा ।
थिए श्रीरामका सारा,–सुने ध्यान दिई पुरा ॥
फेरि सुग्रीवको बारे देखे सद्भाव सम्म त्यो ।
शोचे ! रहेछ क्यै काम यिनको उनसाथ यो ॥
यसले हनुमानलाई भयो भित्र निकै खुशी ।
तसर्थ मनमा संझे पति सुग्रीवलाइ ती ॥
धैर्य धर्ने उदारात्मा पति सुग्रीवमा अब ।
अवश्य राज्य मिल्ने भो हरियो जो हुँदै हक ॥
यत्रा सामर्थ्यका व्यक्ति केही काम परेर जो ।
यहाँ आए, उनैबाट अब पूर्ण हुनेछ त्यो ॥
शोची यत्ति, कुरा गर्न चतुरा हनुमान् कपि ।
भन्दछन् खुश भै भित्र अब श्रीराममा झुकी ॥
पम्पाका तीरका राम्रा वन जङ्गल शोभिने ।
यो ठाम छ निकै घोर छिचोल्नै दुःख पो हुने ॥
यहीं छन् सर्प–सिंहादि यसमै भाइ साथ ली ।
किन पाल्नु भयो होला तपाँईं ? सुनुँ लौ यति ? ॥
हनुमान्का कुरा यस्ता सुन्दा श्रीराम–दाजुले ।
भाई लक्ष्मणमा त्यस्ता आज्ञा भन ! भनी दिए ॥
अनि साक्षात् दशरथ–राजाका प्रिय–पुत्र यी ।
महात्मा रामको सारा दिए परिचयै पछि ॥
हे विद्वन्! हनुमन् ! सुन्नोस्! भै बक्सिन्थ्यो महान् नृप ।
थियो नाम दशरथ, तेजस्वी, धर्मवत्सल ॥
आफ्नो धर्म सँधै थामी चारोटै वर्णका प्रजा ।
उहाँले पालिबक्सिन्थ्यो न चुकीकन सर्वथा ॥
उहाँको द्वेष गर्ने क्वै थिएन जन विश्वमा ।
न उहाँ गरि बक्सिन्थ्यो कसैको द्वेष नै यहाँ ॥

१३

१४

विश्वका सब प्राणीको गर्न रक्षण पालन ।
दोस्रो पितामहै जस्ता भै बक्सिन्थ्यो उहाँ पुनः ॥
उहाँले गरिबक्सेथ्यो दिने पर्याप्त दक्षिणा ।
अग्निष्टोमादि ठूलठूला यज्ञ नाना थरी यहाँ ॥
भै बक्सिन्छ यहाँ त्यस्ता राजाका ज्येष्ठ पुत्र र ।
राम हो नाम, यै नाम विख्यात छ जगत्भर ॥
विश्वका सब प्राणीमा दिने शरण छन् गुण ।
विशेषगुण छन् विद्वन् ! पित्राज्ञा गर्नु पालन ॥
चार छोरा दशरथ–राजाका छन्, उनीविषे ।
भै बक्सिन्छ यहाँ जेठा हुने श्रेष्ठ गुणीविषे ॥
राजामा हुनुपर्ने हुन् जति उत्तम लक्षण ।
उहाँमा छन् सबै टन्न उत्तमोत्तम छन् गुण ॥
राज्यलक्ष्मी र सम्पत्‌ले पार्न संयुक्त थालिंदा ।
परी गो हेतु क्यै त्यस्तै अकस्मात् आइ बज्रिंदा ॥
जसले राज्य बाटै त्यो स्वयं भ्रष्ट हुनै पर्‍यो ।
वन बस्न सवारी भो लिइ साथ मलाइ पो ॥
महान् भाग्य हुने विद्वन् ! जितेन्द्रिय उहाँ पनि ।
पत्नी सीता लिई साथ सवारी भो यहाँ अनि ॥
महान् तेज हुने सूर्य आफ्नी कान्ति लिई सदा ।
अस्ताचल हिंडें जस्तो साँझमा दिन मासिंदा ॥
कान्छो भाई उहाँको हूँ हो मेरो नाम लक्ष्मण ।
पछि लागि यता आएँ उहाँकै गर्न सेवन ॥
उपकार गरे केही जानि बक्सिन्छ राम्ररी ।
बहुज्ञ भइ बक्सिन्छ तानिन्छौं यसले गरी ॥
बानी छ सब प्राणीको हितै गर्न रमाँउने ।
यसैले भइ बक्सिन्छ ठूलाले सम्म पूजिने ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
सुख भोग्न सँधै योग्य यस्ता श्रीराम-दाजुले ।
आइ बस्नु पऱ्यो यस्तो वनमा सम्म घोर ए ! ॥
उड्यो ऐश्वर्य-सम्पत्ति यस्तै दुर्दैवमा परी ।
कुनै राक्षसले पत्नी सीतैकन लग्यो हरी ॥
इच्छानुसारको रूप धर्न सक्ने रहेछ त्यो ।
वेला पनि दुवै भाई न भएको पऱ्यो, लग्यो ॥
यहाँकी प्रिय-पत्नी ती जुन राक्षसले हऱ्यो ।
लागेन त्यसको पत्तै, को हो बस्छ कहाँ त त्यो ? ॥
दनु दैत्य थिए यौटा शापले राक्षसै हुने ।
हामीलाइ उनैले नै नाम सुग्रीवको भने ॥
भने यो पनि सुग्रीव वानरेश्वर श्रेष्ठ छन् ।
महान् वीर्य हुने छन् र छन् सुयोग्य, समर्थ छन् ॥
जल्ले तपाँइको पत्नी सीतालाइ हरी लग्यो ।
तिनैले लाउँछन् पत्तो त्यसको,-जान्दछन् कुरो ॥
भनी यत्ति गए स्वर्ग चम्किलो देह ली उनी ।
सोधे जत्ति तपाँईले जस्ता-तस्तै भनें पनि ॥
अब यस्तो अवस्थामा श्रेष्ठ वानरमा सब ।
वीर सुग्रीवको हामी पर्‍यौं शरणमा अब ॥
अनेकौं धन-सम्पत्ति पैले दान गरी-गरी ।
यहाँले आर्जिबक्सेको छ कीर्ति अतिराम्ररी ॥
अघि यो विश्वको सारा स्वयं भैकन रक्षक ।
अब सुग्रीवलाई नै खोजिबक्सिन्छ रक्षक ॥
पहिले भइ बक्सिन्थ्यो कीर्तिमान् जसका पिता ।
धर्मसा मरिमेट्ने र दिने शरण सर्वथा ॥
साक्षात् त्यस्ता दशरथ राजाका पुत्र, जीवका ।
शरणस्थान श्रीराम आफैं त्यस्ता भई यता ॥
शरणै परिबक्सिन्छ मेरा मान्य उहाँ अहो ! ।
कपिराज उदारात्मा उनै सुग्रीव-वीरको ॥
जो प्रसन्न हुँदा हुन्थे खुश सारा प्रजा सँधै ।
खोजिबक्सिन्छ त्यै राम दया आज कपीन्द्रकै ॥
सुन्नोस् विद्वन् ! दशरथ राजाले जुन वास्तव ।
आएका घरमा आफ्नो स्नेहले प्रेमले दृढ ॥
सारा जगत भरीका ती गुणी राजा अरूकन ।
निरन्तर गरी बक्स्यो श्रद्धाले मान-पूजन ॥
४३

४४
उहाँकै पुत्र भै जेठा ख्यात त्रैलोक्यबीच यो ।
उनै राम परी बक्स्यो शरणैमा कपीन्द्रको ॥
शोकले व्याप्त पारेर भई आर्त र दुःखित ।
यहाँ शरणमा आई बक्सिएको छ राम त ॥
यस हालतमा आफ्नो साथ ली यूथका पति ।
सुग्रीवले अवश्यै नै गर्नु होला दया यति ॥
पारी आँखा भरी आँसु माया लाग्ने फिकी स्वर ।
भने लक्ष्मणले यत्ति हनुमान्सित वानर ॥
कुरा गर्न निकै छट्टु हनुमान् पनि वस्तुतः ।
जवाफ दिन लागे ती सुमित्रासुतलाइ त ॥
विन्ती गर्छु सुनी बक्स्योस् दुवै राजकुमार हो ! ।
खुल्यो कपीन्द्र-सुग्रीव-वीरको भाग्य वल्ल पो ॥
हजूरहरु जस्ताले स्वयं आइ यहाँ अहो ! ।
हुन्छ आज्ञा यसैले त अझ उल्टो कुरो यसो ॥
रोक्ने इन्द्रियको वेग क्रोध जित्ने र बुद्धिमान् ।
हजूर सरि विद्वान्को छ खाँचो अहिले महान् ॥
अवश्य भेट्नु नै पर्छ तस्मात् हाम्रा कपीन्द्रले ।
भइ बक्सिन्छ यस्तै नै उहाँ पनि अचेल ए ! ॥
कपीन्द्र भइ बक्सिन्छ स्वराज्यैबाट भ्रष्ट त्यो ।
वाली साथ बढेको छ उहाँको वैरता बडो ॥
उनले नै हरे पत्नी घरैबाट निकाल्दिए ।
अचेल बसि बक्सिन्छ वनैमा अतिदुःखले ॥
सूर्यका पुत्र सुग्रीव स्थिति यस्तो भए पनि ।
अवश्य गरि बक्सेला सहाय प्रभुमा पनि ॥
छौं हामीहरु साथैमा दिनेछौं सहयोग र ।
हुनेछ खोज सीताको गरी यत्न सकेभर ॥
हनुमान्ले भने यत्ति दुवै राघव भाइमा ।
पछिबाट भने फेरि निकै मधुर वाक्यमा ॥
सबै पछि हुँदै गर्ला अव जाऔं प्रभो ! उता ।
राजहुन्छ जहाँ हाम्रा सुग्रीव कपिराज ता ॥
अतियोग्य कुरा यस्ता भन्ने यी हनुमान्कन ।
गरे सुयोग्य सन्मान धर्मात्मा भाइले पुनः ॥
प्रिय छोरा सुमित्राका वीर लक्ष्मणले अनि ।
रघुका कुलका रत्न राम साथ भने पनि ॥
६०

६१

वायुपुत्र कपिश्रेष्ठ हनुमान् पूज्य दाजु ! यी ।
जस्तो भनि रहेकाछन् भित्र-भित्र भई खुशी ॥
बुझिन्छ यसले स्पष्ट स्वयं सुग्रीवको पनि ।
रहेछ काम क्यै त्यस्तो ! हाम्रो काम बन्यो अनि ॥
रङ्गढङ्ग प्रसन्नै छ यिनका मुखको यता ।
कुरा गरि रहेका छन् स्वयं खुश भई उता ॥

६३

६४

पूज्य दाजु ! मलाई ता लाग्यो विश्वास नै अतः ।
बोलेनन् वायुका छोरा यिनले झूठ वस्तुतः ॥
यत्ति भन्दा न भन्दैमा ती विद्वान् वायुपुत्रले ।
रघुवीर दुवैलाई बोकि हाले जुरुक्क ए ! ॥
भिक्षुरूप त्यजी आफ्नो कपिरूप लिई स्थिर ।
राखेर पीठमा लागे कपिराज भएतिर ॥

६६

६७

गति, मति बढिया थियो उनीको जस, यश उच्च थियो जगत् घुमेको ।
मन मन खुश थे उनी उदार बल पनि विक्रम साथ थ्यो अपार ॥
भइ अब कृतकृत्य ती हनुमान् लिइ सँग लक्ष्मण रामलाइ विद्वान् ।
गिरिवरतिर रम्य ऋष्यमूक सरर हिंडें गति भै दिंदा अचूक ॥

६८

इति चौथो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं सर्ग

श्रीरामको र वानरराज सुग्रीवको मैत्री सम्बन्ध जोडिनु र श्रीरामले वाली मार्ने वचन दिनु

१

त्यो ऋष्यमूक डाँडोमा राम-लक्ष्मणलाइ यी ।
पुऱ्याए हनुमान्ले र राखे सन्मानले पछि ॥
हिँडे अनि त्यहाँबाट मलयाचलतर्फ त्यो ।
भन्न वानरका राजा सुग्रीवकन यो कुरो ॥
आफ्ना स्वामी उनीलाई हनुमान्ले यसो भने ।
राम-लक्ष्मणको सारा राम्रो परिचयै दिए ॥
ए महान् बुद्धिमान् राजन् ! जसको छ पराक्रम ।
अमोघ सत्यतापूर्ण ज्यादै दृढ मनोरम ॥
त्यस्ता राम सवारी भो यहाँ कपिशिरोमणे ! ।
प्रिय लक्ष्मण-भाईको साथमा भइ शोभिने ।
रहेछ जन्मिबक्सेको इक्ष्वाकुकुलमा प्रभो ! ॥
भै बक्सिन्छ दशरथ-राजाका पुत्र जेष्ठ जो ॥
छ ख्याति लिइ बक्सेको उहाँले धर्म पाल्नमा ।
आज्ञा पाल्न पिताजीको सवारी भो स्वयं यहाँ ॥
जसले राजसूयादि अश्वमेधादि यज्ञको ।
अनुष्ठान गरी अग्निलाई नै तृप्त पारियो ॥
दिइयो दक्षिणा धेरै उत्तमोत्तम विप्रमा ।
गौदान गरियो लाखौं-हजारौं साथ-साथमा ॥
जसले सत्य बोलेर तपस्याले निरन्तर ।
पालिइन् सब यी पृथ्वी धर्मले वानरेश्वर ! ॥
उनै साक्षात् दशरथ-राजाका पुत्र राम यी ।
वन बस्न सवारी भो साथ पत्नी र भाइ ली ॥
पत्नीलाइ पिताद्वारा दिएको वर थाम्न त्यो ।
वन पस्ने भयो आज्ञा पाल्न यो आँउनै पऱ्यो ॥
दण्डकारण्यमा आई पालेर नियम-व्रत ।
महान् आत्मा हुने राम राज हुन्थ्यो वहीं तव ॥

१३

१४

शून्य आश्रम पारेर छली रावणले पछि ।
हऱ्यो श्रीरामकी पत्नी सीताकन वहीं पुगी ॥
अनि खोज्दै उहाँलाई सवारी रामको भयो ।
स्वयं सहायता माग्न शरणैमा हजूरको ॥
अब यी दुइटै भाई राम लक्ष्मण हे प्रभो ! ।
खोजी बक्सिन्छ मैत्रित्व बाँध्न साथ हजूरको ॥
तस्मात् वहाँ गइ आफैं गरी स्वीकार त्यो कुरा ।
हजूर गरि बक्स्योस् लौ ! सत्कार दुइकै पुरा ॥
हाम्रो निमित्तमा स्वामिन् ! यी दुवै वीर वस्तुतः ।
भइ बक्सिन्छ है साह्रै पूजनीय र मान्य त ॥
अति बेस सुनी यस्ता हनुमान्का सबै कुरा ।
मन गद्गद भै हाल्यो कपि-सुग्रीवको तदा ॥
देख्ता अघि दुवैलाई-परेको जुन थ्यो डर ।
त्यो उड्यो अब, जो मित्री-ज्वर जस्तै थियो स्थिर ॥
अनि सुग्रीवले आफ्नो कपिको रूपलाइ त्यो ।
आफ्नै इच्छा सरी राम्रो बनाए दर्शनीय पो ॥
कपिमा श्रेष्ठ सुग्रीव झटपट्ट गरी अनि ।
रामको अघि आएर भन्दछन् विनयी बनी ॥
प्रभो ! राम सुनें मैले प्रभुका गुण वास्तव ।
यथार्थ हनुमान् बाट बखाने जसले सब ॥
दया सम्पूर्ण प्राणीमा गर्ने, तप हुने दृढ ।
धर्ममा मरि नै मेट्ने भै बक्सिन्छ हजूर त ॥
म त वानर हूँ यौटा हजूर नर उत्तम ।
म साथ खोजि बक्सिन्छ गर्न जो सख्य कायम ॥
त्यो मेरै भाग्य हो, मेरै हो सत्कार यथार्थमा ।
यसैलाई म ता ठान्छु श्रेष्ठ-लाभ प्रभो ! यहाँ ॥

२६

२७

म साथ यदि मैत्री वा सख्य-सम्बन्ध बाँध्न त्यो ।
प्रभुलाइ भए इच्छा म छु योग्य भने प्रभो ! ॥
हात मैले पसारें लौ ! समाई बक्सियोस् अब ।
आफ्नु त्यो बाहुले मेरो हात यो प्रेमपूर्वक ॥
हुनेछ यसले हाम्रो मैत्री-सम्बन्ध यो दृढ ।
जसले स्थिर-मर्यादा होला कायम वास्तव ॥
साह्रै सुहाँउदा मीठा कुरा सुग्रीवका सुनी ।
दङ्गादङ्गी परी हाल्यो रामको हृदयै पनी ॥
अब श्रीबाहुले आफ्नो हात ती कपिराजको ।
समाते रामले च्याप्प दृढता साथ, एक भो ॥
अनि सौहार्द-मैत्रीको लिइ आश्रय रामले ।
अँगाले ग्वाम्म, भै दङ्ग, दुःखी-सुग्रीवलाइ ए ! ॥
हनुमान्‌ले त्यजेकाथे अघिको भिक्षुरूप त्यो ।
देखाउँन लिएकाथे फेरि सुग्रीवलाइ जो ॥
अब त्यागेर त्यो रूप रहे वानररूपमा ।
मितेरी लाँउदा खेरि राम-सुग्रीवले वहाँ ॥
उनले अब यै वेला ठूल्ठूला काठमा दुई ।
निकाले अग्नि तत्काल मथीकन छिटो भई ॥
ह्वार्ह्वार्ति अब त्यो आगो बल्न लागि गयो वहाँ ।
पुष्पादिले गरे पूजा श्रद्धाले अग्निको जहाँ ॥
उनले राम-सुग्रीव दुइकै बीचमा पछि ।
गरे स्थापन साक्षीको रूपमा अग्निलाइ ती ॥
अब राम र सुग्रीव दुवैले अग्निदेवको ।
प्रदक्षिणा गरे, मित्र भए अन्योन्यमा अहो ! ॥
मैत्री-सम्बन्धले यस्तो कपिराज र राममा ।
भयो प्रसन्नता ज्यादै भित्र-भित्र त्यसै वहाँ ॥
मीत मीत दुवै लागे अब हेर्न दुवैकन ।
तर कत्ति अघाएनन् हेर्दा-हेर्दै दुवै पुनः ॥
सुग्रीवले भने किन्तु त्यसवेला निकै पछि ।
रघुका कुलका रत्न राम साथ भई खुशी ॥
हजूर भइ बक्सिन्छ मेरा मित्र तथा प्रिय ।
आज देखि भयो हाम्रो एउटै सुख वा दुख ॥
भनी सुग्रीवले यत्ति फूलपात हुने निकै ।
एउटा वृक्षको हाँगा भाँचे फट्ट वहाँ त्यसै ॥

४३

४४

दुइकै बीचमा राखी त्यसलाइ त्यहीं अब ।
बसे श्रीरामकै साथ आफैं पनि यहीं तब ॥
हनुमान्‌ले यता भाँचे हाँगा चन्दनवृक्षको ।
फुलेको जुन थ्यो, वस्न दिए लक्ष्मणलाइ त्यो ॥
हर्षले नेत्र फक्रेका हृष्ट सुग्रीवले अब ।
भने श्रीराममा मीठो वाक्यमा यी कुरा सब ॥
हो मलाइ घरैबाट निकालेको प्रभो ! अतः ।
यहीं बस्छु, यतै घुम्छु भयले भइ पीडित ॥
मेरी पत्नी पनी छैनन् साथमा, खोसिइन् त्यसै ।
अनि दुर्गम डाँडाको लिएँ आश्रय त्रस्त भै ॥
हुन् मेरा दाजु नै वाली उनले घरबाट नै ।
निकालिदिए मलाई र गरे वैर त्रिफ्वाँकमै ॥
उनैको डरले गर्दा न अड्दा त्रासले मन ।
रघुरत्न प्रभो ! बस्छु यसरी वनबीच म ॥
साह्रै डर परेको छ वाली बाट मलाइ ता ।
त्यसबाट महाभाग ! पाऊँ अभयता म ता ॥
ककुत्स्थ-कुलका रत्न ! त्यै कुरो गरि पाँउ म ।
न होस् है डर नै कत्ति गर्दामा काम त्यो जुन ॥
भने सुग्रीवले यत्ति धर्म जान्ने र रक्षक ।
ककुत्स्थकुलमा श्रेष्ठ तेजस्वी राममा तव ॥
रघुका वंशका रत्नै सरिका रामले पनि ।
गरी मुसुक्क हाँसेझैं भने सुग्रीवमा अनि ॥
कपिराज ! म जान्दोछु उपकार-स्वरूपको ।
यौटै फल दिने हुन्छ, जुन हो मित्रमात्र त्यो ॥
तस्मात् तपाँइको पत्नी हर्ने चञ्चल-चित्तका ।
वालीलाइ म मार्नेछु नमान्नोस् अब पीर ता ॥
मेरा ठोक्रा भरी छन् जो बाण यी सूर्य-तुल्य छन् ।
तेजिला धारिला छन् र अव्यर्थ र अचूक छन् ॥
यिनमा कङ्क-पक्षीका प्वाँख अङ्कित छन् अब ।
तिनैले ढाकिएका छन् इन्द्रका वज्र हुन् ठिक ॥
यिनका बीचका गाँठा सोझा छन् दृढ छन्, तर ।
अघिल्लो भाग टुप्पो ता छन् तीखा अति नै स्थिर ॥
सर्पझैं झोक्किएका भै पुग्छन् ठेगानमै सब ।
वाली माथि दुराचारी गै बज्रिन्छन् सखे ! अब ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

तस्मात् आज तिनै मेरा तीखा सर्प समानका ।
भाएले देख्नु होला है मरेका उनलाइ ता ॥

६२

वीर ती वानरश्रेष्ठ वाली पछि स्वयं यहाँ ।
फुटेको गिरि जस्ता भै लड्नेछन् डङ्ग भूमिमा ॥

६३

ज्यादै हित हुने आफ्नो सुनी श्रीरामका कुरा ।
भए प्रसन्न सुग्रीव भने पछि यिनै कुरा ॥

हजूरको पाइ कृपा प्रसाद मेरो छुटोस् दुःख तथा फसाद ।
म पाँउ आफ्नो नरसिंह वीर ! पत्नी सँगै राज्य समेत फेर ॥

वैरी भए दाजु प्रभो! म समाथि वाली स्वयं, होस् अव त्यो उपायै ।
गर्दा जसो फेरि ममा कसै ती प्रहार गर्नै न सकुन्, हओस् यै ॥

वाली तथा राक्षस जानकीको सुवर्ण-आगो-कमलै सरीको ।
आँखा फुर्‍यो वाँम सँगै-सँगै पो लाग्दा भितेरी नर-वानरैको ॥

६६

इति पाँचौं सर्ग

छैटौं सर्ग

सुग्रीवले श्रीरामलाई सीताजीको गर-गहना देखाँउनु र ती देख्ता श्रीरामको शोक बढ्नु

१

रघुका वंशलाई नै दिने आनन्द राममा ।
भन्दछन् फेरि सुग्रीव भित्र दङ्ग परी वहाँ ॥
प्रिय राम ! यिनी मेरा हुन् मन्त्री श्रेष्ठ सेवक ।
बेस छन् हनुमान् तस्मात् यिनले नै भने सब ॥
जसको निहुँ पर्दामा डर्लाग्दो उग्र निर्जन ।
वनमा यो सवारी भो हजूर रघुनन्दन ! ॥
राज हुन्थ्यो सखे राम ! भाई लक्ष्मण साथमा ।
आनन्द साथ भै ढुक्क हजूर वनमा वहाँ ॥
राजा जनककी छोरी प्रिय पत्नी हजूरकी ।
मैथिली हरिईछन् हा ! दुष्ट राक्षसले छली ॥
हजूर न हुँदा छोड्दा विद्वान् लक्ष्मणले पनि ।
सीतालाइ पऱ्यो गाह्रो उहाँले गर्नु के अनि ? ॥
दुष्ट राक्षस त्यो यस्तै मौका खोज्थ्यो बढ्यो वहाँ ।
जटायु गिद्धलाई नै माऱ्यो रोक्न बढे जहाँ ॥
दौडायो जानकीलाई अनि पो दुष्टले अहो ! ।
यसरी प्रभुमा बज्यो कष्ट पत्नी-वियोगको ॥
नमानी बक्सियोस् पीर तुरुन्तै कष्ट बाट त्यो ।
विमुक्त भई बक्सेला हजूर अब हे प्रभो ! ॥
संझिए ठीक तत्काल बिर्सेको वेदको ऋचा ।
ल्याँउने छु उहाँलाई छुटाई त्यसबाट ता ॥
शत्रुनाशक श्रीराम ! जानकी प्रभुकी प्रिया ।
पाताल पुगि बक्सेको होस् वा आकाशमा कि ता ॥
गर्नु पर्ने गरी कृत्य खोजि ल्याएर वास्तव ।
म नै टक्रयाँउला साथी ! सेवामा प्रभुको अब ! ॥
रघुरत्न प्रभो ! मेरो यो भनाई यथार्थमा ।
छ सत्य, बुझिबक्स्योस् लौ ! अब विश्वास होस् ममा ॥

१३

१४

जस्तो विष मिलेको क्यै खाने वस्तु मिल्यो भने ।
खाएमा पनि सक्तैनन् कै पचाँउन क्यै गरे ॥
त्यस्तै हजूरकी पत्नी सीतालाई हरीकन ।
राख्ने पचाँउने शक्ति कसमा छ र त्यो पुनः ? ॥
इन्द्रका साथका सारा देवता राक्षसादिक ।
समर्थ यसमा छैनन् मेरा प्रिय-सखे ! अब ॥
ए लामा बाहुका साथी ! छोड्दि बक्स्योस् न शोक यो ।
हजूरकी प्रिया-पत्नीलाई ल्याउँछु मै प्रभो ! ॥
निकै अघि यहाँ मैले देखेकोथें कुनै दिन ।
डर्लाग्दो कर्मको यौटा आयो राक्षस दुर्जन ॥
त्यसैले बोको ल्याएकी थिइन् नारी कुनै सती ।
हरि लग्थ्यो तिनैलाई जबर्जस्ती गरी अति ॥
अनुमान गरी शोच्दा अहिले संझिए प्रभो ! ।
रहेछ मैथिली देवी उहाँ नै भइ बक्सिदो ॥
छैन क्यै यसमा शङ्का पारेर स्वर लर्खर ।
निकै चिच्याई बक्सिन्थ्यो वर स्पष्ट थियो स्वर ॥
पुकार्दै भनि बक्सिन्थ्यो राम ! हा राम ! लक्ष्मण ! ।
सुन्दथ्यौं त्यो सबै हामी ए सखे रघुनन्दन ! ॥
भएर सर्पिणी ठीक दुष्ट-रावणको प्रभो ! ।
काखमा उफ्रि बक्सिन्थ्यो छर्पटाई स्वयं अहो ! ॥
मन्त्री सहित यी चार म पाँचौं व्यक्ति थें जहाँ ।
बसेको यस डाँडाको टाकुरोमा त्यसै यहाँ ॥
पर्ना साथ ममा आँखा देवीले आफ्नु च्यादर ।
खसाली बक्सियो साथी ! गहना साथ सुन्दर ॥
ती सबै वस्तु हामीले लियौं जम्बा गरी पछि ।
राखेका छौं, यहीं नै छन् , छन् राम्रा पनि जो अति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

रघुरत्न प्रभो ! राम ! म ल्याउँछु यहीं अब ।
हजूर चिनी बक्सेला ती सबैकन वास्तव ॥
भन्दछन् अब श्रीराम भित्र दङ्ग भई अति ।
त्यस्ता प्यारा कुरा भन्ने साथी-सुग्रीव साथ ती ॥
लौ ! छिटै ल्याउँनोस् साथी ! म हेर्दछु सबै कुरा ।
यदि त्यस्तो भए देखि किन गर्ने विलम्ब ता ॥
रामले यत्ति भन्दामा गए सुग्रीव तत्क्षण ।
यौटा पहाडको ठूलो गुफाभित्र मनोरम ॥
रामको प्रिय होस् भन्ने हेतुले उनले छिटै ।
त्यो च्यादर सँगै ल्याए अघिका गहना सबै ॥
अनि वानरराजाले लौ ! हेरी बक्सियोस् भनी ।
टक्र्याए रामका लामा बाहुमा सब त्यो अनि ॥
ती राम्रा गहना साथै त्यो च्यादर लिए पछि ।
मुखैभर भयो आँसु भिज्यो छाती पनी अति ॥
देखिए त्यस बेलामा श्रीराम पनी वस्तुतः ।
ढाकिएका तुवाँलोले चन्द्रमाझैं विभूषित ॥
सीताको स्नेह बढ्दामा उर्लेको मोहले गरी ।
आँसुमै वाहिरै निस्की ढाक्यो चुर्लुम्ब राम्ररी ॥
हा सीते ! हा प्रिये ! भन्दै राम लागि गए रुन ।
धैर्य छोडेर पृथ्वीमा लडी डङ्ग्रङ्ग भैकन ॥
सीताका गहना सारा जुन वेस थिए अति ।
टाँसें श्रीरामले आफ्नो छातीमै स्नेह उर्लिई ॥
लामो सास लिंदा फेर्दा यसो गर्दा निरन्तर ।
देखिए राम झोक्केको दुलोको सर्पझैं स्थिर ॥
नेत्रका आँसुको धारा पऱ्यो थामिन मुस्किल ।
भाई-लक्ष्मण साथै थे रामको छेउमा तव ॥
हेरी अत्र उनैलाई दीन-हीन भईकन ।
विलाप गर्न नै लागे यसरी रघुनन्दन ॥

४०

४१

हेर ! लक्ष्मण ! वैदेही लगिन्थिन् हरिई जव ।
उनले त्यसवेला यी फ्याँकेका वस्तु हुन् सब ॥
यै हो च्यादर सीताको देहका गहना पनि ।
यिनै हुन् फ्याँकिए छन् हा ! यसरी भूइँमै पनि ॥
पक्कै ! हरिई लाँदामा कुनै राक्षसले तव ।
हरीया घाँस उम्रेका पृथ्वीमा फ्याँक्दिइन् सब ॥
यो ओढ्ने फ्याँकिएकै हो, गहना हुन् उनै सब ।
लौ हेर ! चिन यी बाबु ! अघिकै ठीक छन् सब ॥
प्रिय छोरा सुमित्राका भाई लक्ष्मण रामले ।
यसरी भनिंदा भन्छन् दाजुमा अब भक्तिले ॥
पूज्य दाजु ! म यी बाजू अँहँ ! जान्दिन, चिन्दिन ।
यी कुण्डल पनी त्यस्तो ख्याल छैन म चिन्दिन ॥
यी पाउजेब ता दाजु ! हुन् है भाउजुका दुवै ।
दिन्दनै पाउमा ढोग्थें ठमाएँ अनि हुन् दुवै ! ॥
भाईका यी कुरा सुन्दा भने श्रीरामले अनि ।
आफ्ना प्रिय नयाँ साथी कपि सुग्रीवमा पनि ॥
तपाँईं भन्नुहोस् मेरा मित्र सुग्रीव ! लौ अब ।
देख्नु भो त्यो तपाईंले स्पष्ट सारा कुरा जव ॥
मेरी प्राण प्रिया सीता हरिंदा उग्ररूपको ।
त्यस राक्षसले साथी ! कतातिर लाग्यो अहो ! ॥
महान् कष्ट ममा यस्तो पार्ने त्यो दुष्ट राक्षस ।
तपाँईंमा छ के पत्तो कहाँ बस्तछ वास्तव ? ॥
त्यसका अपराधैको यौटे निहुँ लिई पछि ।
संहार गरी छाड्नेछु अब राक्षस छन् जति ॥
त्यस राक्षसले साथी ! हरी जनककी सुता ।
मलाई रीस यो चर्को उठायो अब व्यर्थ हा ! ॥
आफ्नु नै नाश गर्नाको निम्तिगा त्यसले हरे ! ।
लौ खोल्यो मृत्युको ढोकै आफैंले यो कुकर्मले ॥

५४

कपिवर ! दयिता थिइन् उनी तर हरिइन् रिपुले छली त्यसै ।
अब मकन तपाँईं भन्नु होस् यम-घरमै म पठाई दिन्छु आजै ॥

६५

इति छैटौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सातौं सर्ग

वानरराज–सुग्रीवले नरराज रामलाई संझाँउनु–बुझाँउनु

१

त्यसरी कलिपई साह्रै रघुनन्दन रामले ।
भनिए प्रिय सुग्रीव सीताविरहदुःखले ॥
नरका दुःखको वेग सऱ्यो वानरमा पनि ।
जोडे हात, चुहे आँसु भै गद्‌गद भने अनि ॥
प्रभो राम ! अवश्यै त्यो हो नीच-कुलको अतः ।
त्यस राक्षसको केही कुरै जान्दिन है म त ॥
पापी राक्षस त्यो दुष्ट कहाँ बस्तछ यो पनि ।
मलाई छैन क्यै पत्ता म जान्दिन कुलै पनि ॥
त्यसको शक्ति कस्तो छ कत्रो छ बल-विक्रम ।
त्यो को हो ! यो कुरा सम्म सखे! जान्दिन कत्ति म ॥
गरी सत्य प्रतिज्ञा यो तर भन्दछु यत्ति ता ।
सके सम्म त गर्नेछु ठूलो यत्न म खोज्न ता ॥
शत्रुनाशि दिने साथी ! मिथिलेश्वरकी सुता ।
जसले पाइ-बक्सेला भो छोडौं अब शोक बा ! ॥
दुष्ट रावणलाई त्यो सेना-मेना सँगै सब ।
मारी हजूरलाई म पार्छु सन्तुष्ट वास्तव ॥
मेरो पौरख देख्तामा हजूर रघुनन्दन ! ।
अनि पो भइ बक्सेला प्रसन्न मनका पुनः ॥
यो हो विक्लवता साथी ! भो छोडौं लिनुहुन्न यो ।
लौ ! अडौं अब धैर्यैमा संझी, स्वाभाविकै छ जो ॥
आफ्नो विचार-सद्‌बुद्धि खुम्च्याँउनु यसो गरी ।
स्वयं हजूर जस्ताले योग्य होला कसो गरी ? ॥
पत्नी-विरहको कष्ट भोगें मैले पनि निकै ।
न त शोकै गरें यस्तो धैर्य छोडें न ता त्यसै ॥
सखे ! म मामुली चौटा हुँ है वाँनर तै पनि ।
लत्तो छोडिन यस्तो ता अफ्न खप्तैछु तै पनि ॥

१३

१४

धैर्यवान् र महान् विद्वान् ठूला बुद्धि र देहका ।
साक्षात् हजूर जस्ताले होला के गर्नु शोक ता ? ॥
तस्मात् बलिन्द्रधारा भै खसेका आँसुलाइ यी ।
रोक्नु नै वेस होला कि साथी ! धैर्य धरी खपी ॥
मर्यादा एउटै हुन्छ यस्ता सात्त्विक-व्यक्तिको ।
जुन हो धैर्य त्यो मित्र ! अँहँ ! छोड्नु हुँदैन यो ॥
आत्मीयजन छुट्ता वा पर्दा आपत्-विपत् तथा ।
ढूँढा आर्थिक-संकष्ट कवै ठूलै भय आँवदा ॥
त्यस्तै प्राणान्त पर्दामा धैर्यले कष्ट नाश्न त्यो ।
गर्ने प्रयत्न विद्वान् ता दुःखी हुन्न कसै प्रभो ! ॥
त्यसै छाडि दिने लत्तो मूर्ख स्वाँठ भए नर ।
यस्तै विक्लवता लिन्छ पुगी हाल्छ त्यसै पर ॥
अल्लि धेरै गह्रौं वस्तु डुङ्गामा राखियो भने ।
पानीमा त्यो डुबे ठीक विवशी भै छ नाशिने ॥
रिसानी माफ होस् साथी ! यी जोडें अँजुली अतः ।
अनुरोध गरेको हूँ प्रेमले सम्म वस्तुतः ॥
लौ ! गरौं पौरुखयाँईं नै, प्रसन्न भइ बक्सियोस् ।
नपाओस् शोकले छोप्न राम्ररी शोचि बक्सियोस् ॥
शोकको पछि लाग्नेमा हुँदैन कहिल्यै सुख ।
मासिन्छ तिनकै तेज न गरौं शोक भो अतः ॥
ज्यादै शोक गरी पाक्ता त्यस्ताको प्राणमा पनि ।
धक्का लाग्दछ है पक्का ! देखिएकै छ यो पनि ॥
तस्मात् ए नरराजेन्द्र! शोक यो त्यागिदि बक्सियोस् ।
सर्वश्रेष्ठ भलो गर्ने धैर्यै हो, धरि बक्सियोस् ॥
साथीको मीतको नातो हुँदा यत्ति भने पनि ।
नसंझि बक्सिएला है उपदेश दियो ? भनी ॥

२६

२७

भन्यो म सँग सम्बन्ध जुन यो त्यसको पनि ।
ख्याल राखी त्यजी बक्स्योस् शोक, यल्ले भन्यो भनी ॥
यस्तो मधुर-वाणीमा संझाएर मजासित ।
भने सुग्रीवले आफ्ना प्रिय-साथी उनीसित ॥
अनि श्रीरामले आफ्नै बाहुले दुइ नेत्रकै ।
झरेका मुखका आँसु लुगाले नै पुछे सबै ॥
मित्र सुग्रीवका त्यस्ता सुने योग्य कुरा जब ।
ककुत्स्थकुलका राम स्वस्थ-चित्त भए तब ॥
नर श्रीरामले आफ्ना मित्र वानरलाइ ती ।
अँगाले अब ग्वाम्ल्वाङ्ग भने अनि निकै पछि ॥
सखे सुग्रीव ! स्नेही र हितैषी प्रिय-मित्रले ।
गर्नु पर्थ्यो कुरा जो जो गर्नु भो, त्यो तपाँइले ॥
जो जे भन्नु भयो अैले मेरो निम्ति स्वयं यहाँ ।
छ त्यो उचित अत्यन्त तपाँईंकै निमित्तमा ॥
आश्वासन दिंदा साथी ! तपाँईंले मलाइ ता ।
शोक सुर्ता उडे छैनन् अब स्वस्थ भएँ म ता ॥
यस्तो आपत्तिको वेला मेरो निम्ति विशेषतः ।
तपाँईं सरिको बन्धु पाँउनै अति कष्ट छ ॥

३५

३६

यत्न ता गर्नु नै पर्छ तर यस्तो भए पनि ।
सीताको खोज गर्नामा साथीले पनि तै पनि ॥
पत्तो लगाँउनै पर्छ डर्लाग्दो कर्मको अनि ।
निशाचर दुरात्मा त्यो दुष्ट रावणको पनि ॥
गर्नु पर्ने भए काम मैले पनि कुनै सखे ! ।
भन्नोस् संकोच छोडेर के गरौं ? गर्नु पर्छ के ? ॥
वर्षामा खेतमा राम्रो दिएफैं फल बीजले ।
पुग्छन् तपाँईंका इच्छा धोको पनि सबै सखे ! ॥
अभिमानै गरी अल्लि बाली मारि दिने कुरो ।
जो भनें यो कपिश्रेष्ठ! ठान्नु होस् ठीक, सत्य हो! ॥
मैले बोलिन है साथी ! यो भन्दा अघि झूठ ता ।
न वा भविष्यमा नै म बोलुँला कत्ति झूठ ता ॥
प्रतिज्ञा गर्छु अैले जो भनें त्यो पूर्ण गर्न म ।
सत्यकै किरीया खाएँ लौ ! विश्वास दिलाँउन ॥
यो विशेष प्रतिज्ञाको कुरा श्रीरामको सुनी ।
मन्त्रीका साथ सुग्रीव दङ्गादङ्ग परे अनि ॥
एकान्तस्थलमा बस्तै मिल्दै अन्योन्यमा दुवै ।
नर-वानर यी दोटै मित्र दङ्ग परे निकै ॥

४४

अनि यी दुइटै वीर अ-आफ्नो सुख-दुःखको ।
गर्न लागे कुराकानी घेरै वेर वहाँ अहो ! ॥

४५

सामर्थ्यशाली नरराज वीर श्रीरामका योग्य कुरा सुनेर ।
प्रधान विद्वान् कपिमा उनीले मेरो बन्यो काम भनेर ठाने ॥

४६

इति सातौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं सर्ग

नर रामले वानर सुग्रीवलाई आश्वासन दिनु र बालीसँग वैर हुनाको कारण सोध्नु

१

भए वानरका राजा सुग्रीव नरराजको ।
त्यो सत्य-वाक्य सुन्दामा प्रसन्न, मन दङ्ग भो ॥
अनि लक्ष्मणका दाजु शूर वीर धनुर्धर ।
राम साथ भनी हाले यसरी शान्त भै स्थिर ॥
शङ्कै छैन प्रभो राम ! देवताले पनी मना ।
ठूलै कृपा गरेछन् बा ! दयापात्र वनें यहाँ ॥
भने किन भनिस् यस्तो ? प्रभु जस्ता गुणी नर ।
महान् पुरुष मेरा, छन् साथी मित्र सुहृद्वर ॥
तस्मात् सहायता पाई सखे ! यस्ता हजूरको ।
पर्ला पाँउन के गाह्रो खोजेको वस्तु वा कुरो ? ॥
सजिलै सँग पाइन्छ देवको राज्य सम्म त्यो ।
खोसिएको अनी मेरो राज्य पाँउन के कुरो ? ॥
आफ्ना बन्धु-सुहृत्को ता भएँ अब प्रभो ! म ता ।
सन्मान गरिने भाँडो, खुल्यो भाग्य निकै अहा ! ॥
हजूरलाइ जो साक्षात् रघुवंश-प्रदीप हो ।
अग्नि साक्षी बनाएर पाएँ मित्र सुयोग्यको ॥
छु है मपनि ए साथी ! योग्य मित्र हजूरको ।
विस्तारै जानि बक्सेला हजूर पछि यो कुरो ॥
किन ? आज्ञा भएदेखि अैल्यै अघि हजूरको ।
बखान्न गुण यी आफ्ना सक्तै सक्तिन है प्रभो ! ॥
आत्मज्ञानीहरूबीच श्रेष्ठ मेरा सखे ! यता ।
बुद्धि आत्मा हुने ठूलो संयमी व्यक्तिमात्रका ॥
जो छन् हजूर जस्ता नै प्रेम वा स्नेहता उता ।
धैर्यकै साथमा हुन्छ ज्यादै निश्चल सर्वथा ॥
राम्रो स्वभाव सद्बुद्धि भएका मित्र छन् त कै ।
त्यस्तै मित्र भए देखि गर्दैनन् भेद-भाव क्यै ॥

१३

१४

यौटाका घरको चाँदी सुवर्ण गहना तक ।
चाहिए हुन्छ अर्काको, बाँडिए ठीक छन् सब ॥
यसअर्थ प्रभो ! राम ! आफ्नो मित्र भए पछि ।
ठूलो सहायकै हुन्छ होस् न जस्तो परिस्थिति ॥
धनी होस् वा दरिद्री होस्,होस् त्यो दुःखी सुखीकि ता ।
सदोष होस् कि निर्दोष दिन्छ त्यल्ले सहायता ॥
मेरा निष्पाप ए मित्र ! साधु-सज्जन मानिस ।
देख्ता स्वमित्रको प्रेम जुन अत्यन्त श्रेष्ठ छ ॥
परेमा उनको निम्ति छोड्दछन् धन-वैभव ।
देश-त्याग पनी गर्छन् छोड्दछन् सुख वास्तव ॥
दिव्य कान्ति हुने राम शोभिन्थे अति नै वहाँ ।
प्रिय-दर्शन थे भाई सुन्दथे अघि यो जहाँ ॥
इन्द्र जस्ता र तेजस्वी बुद्धिमा उनकै अघि ।
भने प्यारो कुरा त्यस्तो-भन्ने-सुग्रीव साथ यी ॥
प्रिय मित्र ! तपाँईले जो कुरा भन्नु भो यहाँ ।
छ त्यो बहुत नै बेस ! दिन्छ आनन्द सुन्नमा ॥
अर्को दिन कुनै फेरि भाई साथ महाबली ।
श्रीराम बस्न लागेका देखे सुग्रीवले पछि ॥
यसो सर्वतिरै पुग्ने दृष्टि पारेर चञ्चल ।
हेरे वानर-राजाले सारा वनभरी तब ॥
उनले त्यस वेलामा नजीकै सालको रुख ।
देखे यौटा बडो राम्रो फुलेको थोर वास्तव ॥
तर पात पने गम्म बाक्लिएका थिए यहाँ ।
भँवराहरू भै ज्यादै शोभिइन्थ्यो त्यसै वहाँ ॥
यसैको एउटा हाँगो बाक्लो पात थियो जहाँ ।
फट्ट सुग्रीवले भाँचे आफैंले हातले वहाँ ॥

२६

(७४१)

२७
त्यही आसन टक्र्याए वस्न श्रीराममा अनि ।
आफैँ पनि बसे साथ; प्रसन्न मनका बनी ॥
त्यस्तो आसनमा साथै बसेका मित्र मित्र थी ।
राम-सुग्रीव देख्तामा हनुमान्‌ले स्वयं बढी ॥
भाँचे फट्ट कुनै अर्को हाँगो सुन्दर सालको ।
बसाए नम्र भै साह्रै वीर-लक्ष्मणलाइ पो ॥
श्रेष्ठ पर्वतमा त्यस्तो सालका फूल सुन्दर ।
ढकमक्क फुलेकाथे जहाँ भइ मनोहर ॥
बसेका ढुक्क भै राम शान्त गम्भीर जो थिए ।
न उर्लेको कुनै सिन्धु हुन् जस्तै भइ शोभिए ॥
अब छोपी यही मौका भन्छन् सुग्रीव राममा ।
भिजेको स्नेहले मीठो अतिसुन्दर वाक्यमा ॥
परन्तु त्यसवेलामा उनको वाक्य वास्तव ।
लर्बराइ रहेकोथ्यो हर्षले स्नेहले तक ॥
प्रभो! राम ! छु दुःखी म दाजुले नै मलाइ ता ।
निकाले घरबाटै र खोसे पत्नी पनी यता ॥
उनैका डरले गर्दा छु म पीडित भित्र ता ।
यो ऋष्यमूक-डाँडोमा घुम्छु, पुग्छु जतातता ॥
मनभित्र ममा साथी ! उनको छ निकै डर ।
यसैले चित्त घुम्दो छ, रिङ्दो छु भइ अस्थिर ॥
हुन् मेरा दाजु नै वाली घरबाटै निकाल्दिए ।
तैपनी वैरता बाँध्छन् अझै पनि ममा सखे ! ॥
विश्वका सब प्राणीमा दिने अभय मित्र भै ।
मैले काँप्नु पर्‍यो साथी ! वालीबाट हरे ! त्यसै ॥
म अनाथ छु है तस्मात् नाथ भै दुःख पीर त्यो ।
हटाँउनु पर्‍यो चाँडै कृपा गर्नु पर्‍यो प्रभो ! ॥
धर्मरक्षक धर्मज्ञ ककुत्स्थ-मणि तेजिला ।
राम भन्छन् उनी साथ सुन्दामा उनका कुरा ॥
मित्रताको फलै यौटा मानिन्छ उपकार नै ।
हो सखे ! शत्रुताको ता चिन्ह नै अपकार नै ॥
तसर्थ हुन्छ ! आजै म पत्नी हर्ने तपाँइका ।
शत्रु-तुल्य उनीलाई अवश्यै मारि छाडुँला ॥
महाभाग ! यिनै मेरा बाण हुन्, छन् प्रचण्ड यी ।
झिर्का-झिर्की हुँदा राम्रै शोभिन्छन् सुनबाट यी ॥
४३

४४
भो कार्तिकेयको जन्म जहाँ त्यै ठामबीच यी ।
शरकै वन हो जो त्यो निस्किए, छन् अभेद्य यी ॥
पखेटा कङ्कपक्षीका जडेका छन् यहाँ पुनः ।
इन्द्रका वज्र जस्तै छन्, छन् अमोघ मनोरम ॥
यिनका ग्रन्थि वा जोर्नी छन् सुन्दर तथा दृढ ।
टुप्पा छन् अति नै तीखा भोक्के का सर्प हुन् ठिक ॥
तपाँई हेर्नु होला है म यिनै बाणले अब ।
त्यस्ता तपाँइका शत्रु वालीको गरुँला बध ॥
छिन्न भिन्न भएको क्वै पर्वतैठीक भै उनी ।
छड्ग्रङ्ग भइ लड्नेछन् रोपिंदा भुइँमै पनि ॥
सारा वानर-सेनाका पति सुग्रीवले तब ।
सुने श्रीरामका यस्ता अतिमीठा कुरा सब ॥
भै हाल्यो यसले गर्दा प्रसन्न उनको मन ।
धन्यवाद दिंदै भन्छन् रामसाथ उनी पुनः ॥
प्रभो ! राम ! म शोकैले लागें सकिन भै दुःखी ।
हजूर भइ बक्सिन्छ त्यस्ताको एउटै गति ॥
तसर्थ मित्रको नातो हुनाले म हजूरमा ।
यो आफ्नो दुःख पोख्तोछु कल्पिएर सखे ! यहाँ ॥
बाहुमा प्रभुको मैले आफ्नो हात दिईकन ।
राखी अग्निकनै साक्षी पारें मित्र हजुर्कन ॥
ठान्न लागें हुँदा यस्तो प्राण भन्दा पनि प्रिय ।
सत्यको किरिया खाई म भन्दोछु प्रभो ! अब ॥
हजूर भइ बक्सिन्छ मेरो मित्र तथा प्रिय ।
सखे ! हजूरमा तस्मात् छ विश्वास निकै दृढ ॥
यसैले, गर्छु है विन्ति मेरो मनभरी भई ।
टिक्तोछ दुःख साह्रै नै पिर्छ भत्भत नित्य यी ॥
मुखैभर भयो आँसु झरीसरि झरी अब ।
सुग्रीव कपिका राजा भनी त्यत्ति भए चुप ॥
त्यसरी झर्दिंदा आँसु वाक्य लर्बरिंदा तब ।
ऊँचो स्वर गरी तस्मात् सकेनन् बोल्न वास्तव ॥
हुनाले अघि श्रीराम नदीको भेल ठीकभै ।
उर्लेको आँसुको वेग थामे धैर्य धरी सबै ॥
रोकियो भित्रिया आँसु पुछे बाहिर नेत्रका ।
फेरि सुइय्य ! गरी भन्छन् रामसाथ यिनै कुरा ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सुनि बक्सयोस् प्रभो राम ! हो निकै अधिको कुरो ।
मेरा दाजु यिनै वाली थिए बल हुने बडो ॥
भने निकै न राम्रो र मलाई युवराजको ।
राज्यको हकबाटै त्यो निकाले उनले प्रभो ! ॥
यत्ति गर्दा पनी कत्ति न पुग्दा उनले पुनः ।
पत्नी हरि दिए मेरी प्राणप्यारी थिइन् जुन ॥
मेरो हित भलो गर्ने थिए मित्र वहाँ जति ।
ती सबैलाइ वालीले कैदै गरि दिए पछि ॥
प्रभो ! स्वभाव दुष्टै थ्यो त्यत्तिले न पुगीकन ।
मलाई मार्नकै निम्ति यत्न गर्छन् उनी पुनः ॥
मलाई मार्नको आज्ञा बोकेका धेर वानर ।
यहाँ आए सखे ! मार्न मैले नै मार्दिएँ तर ॥
प्रभुलाइ पनी भव्याट्ट देखतामा रघुनन्दन ! ।
यस्तै प्रकारको शङ्का गर्दथें म मनै-मन ॥
प्रभुको नजिकै पर्न तस्मात् सकिन त्रासले ।
परेमा डरको बेला सबै काँप्छन् विशेषले ॥
वीर यी हनुमान् आदि छन् सहायक केवल ।
यसैले प्राण धान्दोछु, यस्तो कष्ट हुँदातक ॥
ममा छ यिनको स्नेह तसअर्थ प्रभो ! सदा ।
सारा यिनीहरू गर्छन् मेरो रक्षण सर्वथा ॥
कहीं जानु परे जान्छन् मेरो साथ यिनै सब ।
कहीं बस्नु परो बस्ता साथ बस्छन् यिनै सब ॥
रघुवंश-मणे ! मैले भनें संक्षेपमा सब ।
मेरो स्थिति यहाँ जस्तो छ, देखी बक्सियो अब ॥
धेरै विन्ति गरी यस्तो झिंजो-कष्ट हजूरमा ।
किन दुःख दिऊँ भन्ने कुरा खेल्दछ चित्तमा ॥
मेरा अग्रज हुन् वाली तर यस्तो भए पनि ।
अैले शत्रु भएकाछन्, मौरखी छन् निकै उनी ॥

७४

७५

दाजुको नाश दुःखैको हेतु नै हुन्छ ता पनि ।
अैलेको दुःख यो छुट्छ नाशिएमात्र नै उनी ॥
तसअर्थ प्रभो ! मेरो सुख, जीवनसम्म यो ।
वाली नाशिनुमा मात्र छ निर्भर, म शोच्छु जो ॥
नाशनमा शोक यो मेरो यही यौटा उपाय छ ।
गरेको भइ शोकार्त यै मेरो अनुरोध छ ॥
सुखी दुःखी हओस् जस्तै मित्रको मित्र नै प्रभो ! ।
हो यौटै गति, आधार, गर्छ महत नित्य जो ॥
सुने श्रीरामले आफ्ना मित्रका यी कुरा जब ।
भने अनि उनीसाथ यसरी प्रेमपूर्वक ॥
तपाँईमा र वालीमा हेतु के वैर पर्नुको ।
मलाई भन्नुहोस् साथी ! सुन्छु सत्य सबै कुरो ॥
सुन्नुहोस् ए कपिश्रेष्ट ! तपाँई दुइ भाइको ।
वैरको शत्रुताको त्यो सुने पछि सबै कुरो ॥
दुवैमा बलवान् को छ, को छ निर्बल यो कुरो ।
शोचेर गर्नु पर्ला जो गरुँला सजिलै म त्यो ॥
त्यस्तो तपाँइको हेला अपमान भएछ हा ! ।
सुन्दा खप्नै पऱ्यो गाह्रो ममा क्रोध बढी यता ॥
असह्य भइ चढ्दोछ भित्र-भित्रै सखे ! अब ।
वर्षाका ऋतुमा जस्तो जलको बल बढ्दछ ॥
खुश, ढुक्क भई भन्नोस् कुरा म सब सुन्दछु ।
तबसम्म कपिश्रेष्ठ ! आफ्नो धनु चढाँउछु ॥
यसबाट सखे ! मैले आफ्नो बाण त्यजें कि त ।
पक्कै तपाँइको शत्रु मरी हाल्दछ वस्तुतः ॥
ककुत्स्थ-कुलका रत्न महान् आत्मा हुने सखा ।
रामले भनिए यत्ति मित्र ती कपिराज ता ॥
रामका यी कुरा सुन्दा उनमा भो महान् खुश ।
चारौटै सहयोगी ती कपिकै साथ वास्तव ॥

८८

८६

निकै मुख फुलाएर भन्न लागे उनी अब ।
हेतु वैर बढेको त्यो राममा तत्वपूर्वक ॥

इति आठौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

नवौं सर्ग

सुग्रीवले श्रीराममा वालीसँग वैरता हुनाको कारण बताउँनु

१

हुन् मेरा दाजु नै जेठा वाली वानर राघव ! ।
छ शक्ति उनमा ज्यादै स्ववैरी नाशन वास्तव ॥
हुनी मन परेकाथे पिताजीको सँधै यता ।
सम्मान म पनी गर्थें वैर बढ्नु अगाडि ता ॥
गरी सल्लाह मन्त्रीले पिता स्वर्ग भए पछि ।
बनाए कपिका राजा प्रभो ! जेठा थिए र ती ॥
त्यो ताक सवका निम्ति थिए वाली निकै प्रिय ।
किष्किन्धा-राज्यमा राखे यसैले उनलाइ त ॥
यसरी बावु-बाजेको पुर्खौली राज्यमा रही ।
गर्न शासन लागे ती जुन ठूलो थियो अति ॥
प्रभो ! म त्यसवेलामा निकै नम्र भई सदा ।
गर्दथें उनकै सेवा दासझैं भइ सर्वथा ॥
त्यसवाक थियो यौटा मायावी नाम दानव ।
तेजस्वी मयको छोरो दाजु दुन्दुभिको तव ॥
त्यसकै साथ वालीको पछि स्त्रीकै कुरा परी ।
वैरभाव वढी हाल्यो निकै चर्को स्वरूप ली ॥
सुतेमा जनता सारा त्यो मायावी प्रभो ! वहाँ ।
किष्किन्धा-पुरमा आयो द्वारमा अर्धरातमा ॥
क्रोधले चूर भै थाल्यो त्यो गर्जिन त्यहीं तव ।
जोरी खोजेर वालीको साथमा लड्न वास्तव ॥
त्यसवेला सुनेकाथे मेरा दाजु वहाँ प्रभो ! ।
डर्लाग्दो स्वर गर्जेको जो सुने, बिउँझे अहो ! ॥
स्वयं वीर थिए वाली के सक्थे खप्न यो कुरो ।
तत्काल निस्किई हाले वेगले घरबाट त्यो ॥
असुर श्रेष्ठ-मायावीलाई मार्छु भनीकन ।
वाली निष्कन लाग्दैथे रोक्यौं सव मिलीकन ॥

१३

१४

भइ नम्र परी पाउ रोक्थें म रघुनन्दन ! ।
मेरा साथ थिए रोक्ने भित्रिया महिलाजन ॥
महान् बल हुने वाली रोकिएनन् कसै गरे ।
सब हामीहरूलाई लतारे र उतै गए ॥
म पनी दाजु वालीको स्नेहले प्रेमले तव ।
उनको साथ-साथैमा निस्कें बाहिर राघव ! ॥
देख्यो असुरले मेरा दाजुलाइ वहाँ जव ।
ममा पनि पर्‍यो दृष्टि अल्लि टाढै थिएँ तव ॥
सकेन त्यो त्यहाँ टिक्न डरायो अनि ता निकै ।
भाग्यो बुकुस्सि मारेर सकेसम्म छिटो हुँदै ॥
देख्ता डराइ भागेको मायावीकन दुष्ट त्यो ।
लखेट्दै दौडियौं हामी दुइ भाइ पनी प्रभो ! ॥
यसैबेला उदाएका चन्द्रमाले पनी यता ।
बाटो देखाँउदै गर्थे छरी कान्ति सहायता ॥
अव कयौं पर पुग्दामा पृथ्वीमा एउटा प्रभो ! ।
दुलो रहेछ डर्लाग्दो जानै मुस्किलको बडो ॥
त्यसमा पनि, थ्यो टन्न बाक्ला घाँस-तृणादिले ।
त्यसैभित्र पस्यो स्वात्त ! त्यो मायावी त वेगले ॥
पछिबाट पुग्यौं साथी ! दुवै भाइ वहीं तर ।
सकेनौं पस्न ता भित्र अडियौं टक्क बाहिर ॥
दुरात्मा शत्रुलाई ता त्यसरी छेदभित्र त्यो ।
पसेको स्वात्त ! देख्तामा वालीमा क्रोध बढ्न गो ॥
अव तुल्बुल भै हाले उनका सव इन्द्रिय ।
भने म साथ वालीले वहाँ यत्ति कुरा तव ॥
सुग्रीव ! यो दुलोभित्र म पस्तछु र युद्धमा !
मारी छोड्दछु मायावी-शत्रुलाई स्वयं वहाँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

४७

तवसम्म तिमी बाबु ! यहीं यो विल-द्वारमा ।
बसीरहु, सँधै साह्रै चनाखो हुनु है यहाँ ॥
आफ्ना शत्रु सबै मास्ने दाजुका यी कुरा सुनी ।
मैले विन्ती गरें साथी ! साथै जान्छु भनी-भनी ॥
त्यो मेरो प्रार्थना कत्ति सुनेनन् उनले अनि ।
दुलोभित्र पसे एक्लै छुवाए चरणै पनि ॥
प्वालभित्र पसेको ती ठिक्क बर्ष दिनै बित्यो ।
कुर्दामा त्यसको ढोका त्यत्ति मेरो पनी बित्यो ॥
अब यत्ति दिनैसम्म न देख्ता दाजुलाइ ता ।
म बक्ताई सकेकोथें ठान्थें के भो ? भनी त्यता ? ॥
दाजुको स्नेह बढ्दामा भयो हृदय छटपट ।
खेल्यो पाप-कुरा भित्र पर्‍यो शङ्का मरे कि त ? ॥
काल बित्तै गयो लामो, यता त्यो बिलबाट ता ।
आयो रगतको खोलो बहेरै फींज साथ हा ! ॥
रघुनन्दन ए साथी ! देख्तामा त्यसलाइ म ।
सातो पुत्लो गए जस्तो भै गएँ खिन्न दुर्मन ॥
यत्तिकैमा सुनें मैले गर्जिन्थे भित्र घोर जो ।
वैरी असुरका सारा शब्द त्यो घनघोरको ॥
ती पूज्य दाजु बालीको गर्जिन्थे जो स्वयं पनि ।
मैले सुनिन क्यै शब्द छिप्थ्यो जो युद्धमै अनि ॥
नराम्रा चिन्ह देख्ता र न भेट्ता आफ्नु बुद्धिले ।
पछि मैले ठमाएँ हा ! मरे दाजु भनी सखे ! ॥
पहाड सरिको ढुङ्गो लगेर विल-द्वारमा ।
राखेर थुन्दिएँ ढोका अनि मैले स्वयं वहाँ ॥

४८

४९

दाजुको स्नेह छुट्तामा भित्र शोकार्त नै बनी ।
जलाञ्जलि दिएँ फर्कें किष्किन्धापुरमै अनि ॥
मैले सत्य कुरा साथी ! छिपाएको थिएँ यता ।
पछि यत्न गरी ठूलो मन्त्रीले त्यो सुने उता ॥
यस्तो भए पनी किन्तु पछि ती सवले मिली ।
बनाए कपिको राजा राज्यमा अभिषेक दी ॥
राज्य गर्दै थिएँ राम ! म उता धर्म-न्यायले ।
दाजु आइ पुगे ठ्याक्क शत्रु मारी यता सखे ! ॥
देख्ता मलाइ त्यो आफ्नो राज्यमा अभिषिक्त ए ! ।
भै हाले दाजु-वालीका र-राता नेत्र क्रोधले ॥
मेरा मन्त्रीहरू जो जो थिएँ सव उनीकन ।
भने साह्रै न राम्रो हा ! बाँधे, राखे थुनीकन ॥
त्यस्ता पापी उनीलाई थुन्न बाँध्न म यद्यपि ।
सक्थें, तागत थ्यो मेरो पनि त्यस्तो हुँदा वली ॥
रघुनन्दन ए साथी ! तर यस्तो भए पनि ।
उब्जेन बुद्धि त्यस्तो क्यै गर्नमा दाजु हुन् भनी ॥
जब त्यो शत्रु मारेर मेरा दाजु पुरी पसे ।
तव आदरले ढोगें पैले सरि गरी सखे ! ॥
महात्मा दाजुले मैले ढोग्दा पनि त्यसो गरी ।
आशिर्वाद दिएनन् क्यै ममा खुश भई वरी ॥
किरीट शोभिएको यो शिरले पाउमा दुवै ।
लगातार उनीलाई ढोग्दिएँ स्नेहले निकै ॥
त्यत्ति गर्दा पनी वाली भएनन् खुश क्यै गरे ।
न ता रिस भयो शान्त, न कृपा नै ममा गरे ॥

५०

इति नवौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दशौं सर्ग

सुग्रीवले आफूलाई वालीले राज्यबाट निकालिदिएको कुरा विन्ती गर्नु

१

रघुनन्दन ए साथी ! तुल्तुलाएर क्रोधले ।
शूर भै कपिका राजा त्यसरी जब भित्रिए ॥
मैले अनि उनीलाई होस् भनी उनकै भलो ।
गर्न सम्म गरें यत्न खुश पार्न स्वयं प्रभो ! ॥
उनीलाई भनें यस्तो- छ यै सौभाग्यको कुरो ।
हजूर फर्कि बक्स्यो जो भई कुशल नै प्रभो ! ॥
त्यो हाम्रो शत्रु मायावी बडो दुष्ट थियो जुन ।
हजुरबाट मर्नाले साह्रै बेस ! भयो पुनः ॥
अनाथहरुका नाथ भै बक्सिन्छ हजुर त ।
अनाथ भै रहेकोथें म सनाथ भएँ अतः ॥
दण्डी घेर भएको र उदाएको विभूषित ।
पूर्णचन्द्र सरी राम्रो प्रभुको श्वेत छत्र छ ॥
यता चँवर पङ्खा छन् यी दुवैलाइ मै अब ।
ओढाँउदछु, स्वीकार गरी बक्स्योस् प्रभो ! सब ॥
कपिराज ! म साह्रै नै दुःखी भइ बसे वहाँ ।
एक वर्ष भरी ठ्याक्क विलको द्वार-देशमा ॥
अकस्मात् त्यस वेलामा विलको भित्रबाट त्यो ।
बही रगतको खोलो आयो बाहिर, देखियो ॥
छोडे इन्द्रियले लत्तो देख्तामा यी सबै कुरा ।
मेरो हृदय भै हाल्यो शोकले मग्न नै पुरा ॥
अनि त्यो विलको ढोका गिरिको टाकुरै लगी ।
थुन्दिए, फर्किएँ दाजु ! म किष्किन्धातिरै पछि ॥
फर्किएको यहाँ देख्ता मलाई खिन्न भै अति ।
अनि यी पौर-मन्त्रीले राखिदिए अभिषेक दी ॥
मैले होइन स्वेच्छाले लिएको राज्य दाजु ! यो ।
न जानेर पऱ्यो यस्तो क्षमा बक्स्योस् मलाइ भो! ॥

१३

१४

किष्किन्धापुरको राजा योग्य सम्माननीय ता ।
हजूरै भइ बक्सिन्छ, पैलेकै दास हुँ म ता ॥
वियोग प्रभुको पर्दा न हुँदा दाजु वस्तुतः ।
राजा बनाइएको हुँ सबैले म यथार्थतः ॥
पुरवासी तथा मन्त्री सारा नगर साथको ।
राज्य यो हो हजूरैको, छ अकण्टक दाजु ! जो ॥
नासोको रूपमा मैले राखें जुन निकै दिन ।
सेवामै दाजुकै तस्मात् अब फर्काउँदै छु म ॥
शत्रुनाशक ए दाजु ! रिसानी माफ होस् ममा ।
हात जोड्छु र गर्दोछु झुकाई शिर प्रार्थना ॥
मन्त्रीले पुरवासीले मेरो इच्छै विना पनि ।
राखे राजा बनाएर मैले बस्नै पऱ्यो अनि ॥
राज्यमा नहुँदा राजा बाहिरी शत्रुले कुनै ।
आई आक्रमणै गर्लान् भन्ने ठाने सुयोग्य नै ॥
निकै मधुर वाणीमा मैले यस्तो भने पनि ।
अँहँ ! वानर-वालीले सुनेनन् ती कुरै पनि ॥
मलाई झम्टिए उल्टै निकै गाली पनी गरे ।
हप्काए बहुतै साथी ! धिक्कार छ ! पनी भने ॥
त्यत्तिले न पुगी फेरि प्रजा सचिव थे जति ।
मान्य मित्र-सुहृत आदि जुटाए उनले पछि ॥
राखी अगाडि साराको हेरी मतिर अन्तमा ।
भने भन्नु - नभन्नु नै अतिनिन्दित वाक्यमा ॥
तपाँईहरु सारामा होला पत्तो कुरा सव ।
निकै अघि यहाँ आयो मायावी नाम दानव ॥
पारेर रातको वेला त्यल्ले मसित वास्तव ।
जोरी खोजेछ भै क्रुद्ध लड्ने इच्छा लिई दृढ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
सुन्दा लौ आ ! लडौं भन्ने त्यसको गर्जना यता ।
राजप्रासाद छोडी म गएँ लड्न भनी उता ॥
भाई-सुग्रीव यो आयो मेरो साथ हुँदै छिटो ।
परन्तु त्यस वेलामा यसको क्रूर-बुद्धि थ्यो ॥
त्यो दानव थियो साह्रै बलीयो तर रातमा ।
देख्यो मलाइ दोस्राको साथमा आँउदो वहाँ ॥
हाम्रो डर परी साह्रै मायावी काँपि गो अनि ।
सुइँकुच्चा भई हाल्यो त्यहाँबाट त्यसै पछि ॥
यता हामी दुवै भाई दौडियौं त्यसकै पछि ।
ठूलो विल वहाँ आयो त्यो पस्यो त्यसमै पछि ॥
डर्लाग्दो अति नै ठूलो विलमा त्यो पस्यो जब ।
था पाएँ र भनें मैले यसलाइ यसो तब ॥
सुन् ए सुग्रीव ! यो शत्रु न मारीकन वास्तव ।
म किष्किन्धापुरी भित्र पस्नै सक्तिन है अब ॥
न फर्के सम्म मारेर मायावीकन दुष्ट त्यो ।
बाटो हेर् तँ यहीं मेरो कुरेर विल-द्वार यो ॥
यसलाइ भनी त्यत्ति बसेकै संम्भि यो त्यहाँ ।
म पसें स्वात्त ! त्यो पस्नै पर्ने मुस्किल छेदमा ॥
अनि भित्र पसी खोज्दा त्यो मायावीकनै वहीं ।
एक वर्ष वित्यो ठ्याक्क घुम्दा खोज्दा जहाँ-तहीं ॥
न भेट्दा पनि त्यो दुष्ट खोज्दा वर्षभरी पनि ।
मलाई खिन्नता कत्ति आएन, म रिङ्के पनि ॥
डर्लाग्दो शत्रुलाई त्यो भेटें ट्वाप्ल्वाक्क क्यै पछि ।
सजीलै सँग त्यल्लाई मैले मारें लडी पछि ॥
त्यसको साथ-साथैमा त्यसका बन्धु-बान्धव ।
रहेछन् घेर, भै क्रुद्ध भुसुक्कै पादिएँ सव ॥
छाती बाट मुखै बाट त्यसका मृत-देहको ।
बह्यो रगतको खोलै लड्दामा भूमिबीच त्यो ॥
गजबै हुन गो यल्ले त्यत्रो ठूलो गुफा पनि ।
भरिपूर्ण भई हाल्यो रगताम्यै भई अनि ॥
त्यस्तो पराक्रमी शत्रु मायावीकन अन्तमा ।
सजिलै साथ मारेर म फर्के बिल-द्वारमा ॥
खोज्दामा निस्कने बाटो न देख्तामा कतैपनि ।
गाह्रै पऱ्यो, यसो हेरी शोचें ! यो थुनियो भनी ॥
४३

४४
अनि सुग्रीव ! सुग्रीव !! भन्दै डाँके निरन्तर ।
कुनै जवाफ आएन पऱ्यो भित्र निकै पिर ॥
हान्न थालें त्यसै माथि लातले म दनादन ।
क्यै पछाडि धकेलें त्यो ढुङ्गोलाइ बलै सँग ॥
गरी अनि त्यही बाटो त्यो गुफा बाट निस्किई ।
सरासर यतै आएँ पसे नगरमा पछि ॥
कस्तो रहेछ लौ हेर्नोस् ! यो सुग्रीव यथार्थमा ।
मलाई मार्न नै खोज्थ्यो निर्दयी क्रूर भै वहाँ ॥
दाजुको प्रेम वा स्नेह बिर्सिएर त्यसो गरी ।
मलाई थुन्न खोज्थ्यो यो लिने राज्य सुरै गरी ॥
सखे ! वानरका राजा वालीले यी कुरा भनी ।
मलाई त्यो पुरै बाट त्यसै खेदिदिए अनि ॥
कसैको, क्यै कुराको वा डरै छैन उनीकन ।
यसरी निक्लिएको हुँ यौटै वस्त्र लिईकन ॥
निकाल्दिए घरैबाट प्रभो राम ! मलाइ ता ।
तर पत्नी पनी मेरी त्यसै खोसिलिए उता ॥
उनको डरले साथी ! अझै दुःखी छु है म ता ।
समुद्र वन साथैको पृथ्वी घुम्छु जतातता ॥
पत्नीहरणको दुःख बढ्दा छर्पटिई प्रभो ! ।
टिक्तो छु श्रेष्ठ डाँडोमा जुन हो ऋष्यमूक यो ॥
विशेष हेतु पर्दामा खण्डस्राद्य परी सखे ! ।
सक्तैनन् पस्न नै वाली यस भित्र कसै गरे ॥
रघुरत्न प्रभो ! दाजु कपिराज उनीसित ।
यही हो वैर बढ्नाको कथा वास्तव विस्तृत ॥
जस्ता तस्तै सुनाएँ यो मैले श्रीपाउमा प्रभो ! ।
दोष निर्दोष भै लाग्यो व्यर्थैको, कष्ट भोग्छु यो ॥
सम्पूर्ण वीरमा श्रेष्ठ मेरा मित्र रघूद्वह ! ।
हजूर भइ बक्सिन्छ जगत्कै दुःखनाशक ॥
गरी दमन वालीको उनी बाट हुने भय ।
छुटाइ पाँउ लौ साथी ! गरी बक्स्योस् कृपा अब ॥
मित्र सुग्रीवका यस्ता कुरा सव सुने पछि ।
मुस्कुराए स्वयं राम तेजिला जुन थे अति ॥
धर्मको मर्म जानेका हुनाले धर्म-योग्यको ।
कुरो भन्न उनी लागे मित्र साथ हुने भलो ॥
६०

६१

मित्र ! छन् बाण यी मेरा सूर्यझैं तेजिला तथा ।
तीखा छन् धारिला एवं छन् अचूक पनी यता ॥
म ठिनैले दुराचारी शत्रुतुल्य तपाँइका ।
दाजु वालीकनै मार्छु बज्रिन्छन् सर्र गै उता ॥
जबसम्म तपाँइँकी पत्नी हर्ने र उद्धत ।
कपि ती अघि पर्दैनन् म देख्तिन विशेषतः ॥

६३

६४

तबसम्म उनी बाँचुन् पापी-शील-स्वभावका ।
चरित्रभ्रष्ट पार्ने ती जो हुन् दाजु तपाँइका ॥
म आफैंमा घटेका यी कुराले गर्छु अडकल ।
राम्रै डुब्नु भएकोछ शोकको सिन्धुमै प्रिय! ॥
उद्धार गरुँला हुन्छ ! तपाँई जसले सखे ! ।
पत्नीकै साथमा राज्य भेट्नु होला अयत्नले ॥

६६

६७

हर्ष पौरख बढ्ने यो कुरा श्रीरामको सुनी ।
सुग्रीव दङ्ग भै हाले भने श्रेष्ठ कुरा अनि ॥

इति दशौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एघारौं सर्ग

सुग्रीबले बालीको महत्व बखान्नु र श्रीरामका बल-शक्तिको परीक्षा गर्न खोज्नु ।

१

सुन्दा श्रीरामका वाक्य बढ्ने हर्ष र पौरुष ।
भने सुग्रीवले गर्दै प्रशंसा प्रेमले तव ॥
रघुनन्दन श्रीराम ! शङ्कै छैन मलाइ ता ।
हो ! छन् हजूरका बाण मर्मै छेड्ने र तेजिला ॥
ती तीखा शरले साथी ! रिसाएमा हजूर ता ।
लोक यी नाशिदबक्सेला सूर्य झैं लय-कालका ॥
परन्तु दाजु बालीको छ जस्तो पुरुषार्थ र ।
छ शूर-वीरता जस्तो धैर्य जस्तो छ दुर्धर ॥
म बाट सुनि बक्स्योस् त्यो ! एकचित्त भई सब ।
अनि जो गर्नु पर्ने हो गरी बक्स्योस् रघूद्वह ! ॥
शक्ति ज्यादै छ वालीमा हुनु सूर्योदयै अघि ।
छोडेर पश्चिमी सिन्धु पुग्दछन् पूर्वपट्टि ती ॥
दक्षिणी सिन्धुमा पुग्छन् त्यहाँ देखि पनी उनी ।
सोझै उत्तरको सिन्धु भेट्तछन् वेगिला बनी ॥
थाक्तैनन् कत्ति ती साथी ! तर यत्ति गरे पनि ।
ठूलै पराक्रमी वीर छन् प्रभो ! गुणवान् उनी ॥
गिरिको टाकुराबीच पुग्दछन् र बलैसित ।
डाँडै डाँडो उचाल्छन् ती फेक्दिन्छन् फेरि मास्तिर ॥
खस्न लाग्दा त्यही डाँडो बीचमै अघि झर्नु को ।
टपक्क ! पार्दछन् आफ्नो हातैले फेरि ती प्रभो ! ॥
नाना प्रकारका ठूला मोटा र गतिला रुख ।
बल देखाँउनै आफ्नो वालीले मास्दिए सब ॥
पहिलेको कुरा हो यो छ जो गजबकै बडो ।
यौटा असुर थ्यो साथी ! दुष्ट ! दुन्दुभि नामको ॥
राँगाको रूप ली बस्थ्यो डर्लाग्दो तेजिलो थियो ।
अग्लोमा त्यो यस्तो हेर्दा कैलास गिरिझैं थियो ॥

१३

१४

अहो ! दुन्दुभि त्यो साथी ! थियो साह्रै पराक्रमी ।
एक हज्जार हात्तीको राख्थ्यो शक्ति, बलै पनि ॥
घमण्ड बहुतै गर्थ्यो बलको आफ्नु शक्तिको ।
ज्यादै विशाल थ्यो देह त्यस दुन्दभि-दुष्टको ॥
पाएको वरदानैले थियो मोहित दानव ।
नदी र नदका स्वामी सिन्धुतर्फ गयो तव ॥
सिन्धु थे रत्नकै खानी ठूल्ठूला छाल उठ्तथे ।
गरेन त्यसले वास्तै नाध्यो बुर्लुक्क ! त्यो सखे ! ॥
सिन्धुका हुन् अधिष्ठाता जुन साक्षात् उनैसँग ।
गै भन्यो त्यसले साथी ! लौ आ ! लड् अब मैसंग ॥
थिए समुद्र धर्मात्मा निकै बल पनी थियो ।
कालले कुत्कुत्याएको त्यससाथ भने यसो ॥
सुन ! युद्ध-कला जान्ने वीर ! लौ ! म तिमीसँग ।
लड्न सक्तिन है त्यस्तो शक्ति क्यै छैन, मैसँग ।
तर यत्ति तिमीलाई भनि दिन्छु म वास्तव ।
प्रसन्न जसले पार्ला तिमोसाथ लडी अब ॥
तपस्वीहरु साराका एक आधार आश्रय ।
छन् महारण्यमा यौटा राजा पर्वतका सब ॥
हो हिमालय यो नाम उनको, ख्यात छन् निकै ।
शिवका ससुरा हुन् ती बलीया पनि छन् निकै ॥
बहन्छन् तिनमा ज्यादै ठूल्ठूला स्रोत वा नद ।
गुफा र झरना लाखौं छन् जहाँ अतिभूषित ॥
दुन्दुभे ! लड्न सक्छन् ता तिमीसित मने कुनै ।
छन् समर्थ उनै वीर होला हर्ष तिमीकनै ॥
कुरा समुद्रका सुन्दा असुरश्रेष्ठ दुन्दुभि ।
फर्क्यो फरक्क श्रीराम ! डरायो यो ! गमी बवि ॥

२६

२७

धनुबाट छुटेको क्वै बाण जस्तै भईकन ।
हुत्तिएर पुगी हाल्यो त्यो हिमालयमा पुनः ॥
वहाँ पुगे पछी त्यल्ले त्यस्ता पर्वतराजका ।
सेता ढुङ्गा निकै फेंक्यो गजराज-समानका ॥
छ्यान्न-छ्यान्न बनायो बा ! गिरिराजकनै यता ।
जोरी खोजेर त्यो लाग्यो गर्जिनै पनि झन् उता ॥
सेतो बादलको जस्तो आफ्नो रूप धरी तब ।
हिमालय भए आफैं वहाँ प्रकट वास्तव ॥
देख्दै आनन्द लाग्ने र अतिशान्त-स्वभावका ।
उनले टाकुरा बाटै भने दुन्दुभिलाइ ता ॥
धर्म प्यारै भएका हौ तिमी ए दुन्दुभे ! सुन ! ।
मलाई किन पिछौं हुँ ? व्यर्थ दुःख दिईकन ॥
रङ्ग-ढङ्ग छँदैछैन लड्नै जान्दिन है यता ।
धुला-फुला तपस्वीको शरणस्थान हूँ म ता ॥
बुद्धिमान् गिरिका राजा उनका यी कुरा सुनी ।
र-रातो नेत्र पारेर भन्यो दुन्दुभिले अनि ।
भैगो ! म सँग लड्नामा असमर्थ तँ छस् भने ।
यद्वा डर परी मेरो तेरो सातै गयो भने- ॥
भन् त त्यस्तो छ को वीर ? लड्न खोज्ने, म वीरको ।
मेट्न सक्तछ जो धोको, ज्ञान होला तँलाइ यो ? ॥
कुरा गर्न निकै जान्ने धर्मात्मा थे हिमालय ।
कुरा दुन्दुभिका त्यस्ता एक एक सुने सब ॥
भने त्यो असुरश्रेष्ठ दुष्टमा झोक्किई बडो ।
भन्दिएको कसैद्वारा थिएन अघि नाम जो ॥
वाली नाम हुने यौटा ए महाप्राज्ञ-दानव ! ।
ठूला वानर छन् तेजी प्रतापी वीर वास्तव ।
राम्ररी चिन ! छोरा हुन् साक्षात् देवेन्द्रका उनी ।
किष्किन्धापुरमा बस्छन्, छ जो सौन्दर्यको धनी ॥
साह्रै नै बुद्धिमान छन् ती जान्दछन् युद्धका कला ।
छन् समर्थ तिमी साथ वाली नै लड्न जुध्न बा ! ॥
जस्तो नमुचिको लड्ने धोको भेटे सुरेन्द्रले ।
त्यस्तै तिम्रो पनी मेट्छन् वीर ती द्वन्द्व-युद्धले ॥
यहाँ होइन लौ जाऊ लड्नै इच्छा छ ता वहाँ ।
यस्तो हाँक जहाँ खप्ने न सक्ने वीर छन् त्यहाँ ॥

४३

४४

तर यत्ति तिमी संझ छन् निकै शूर वीर ती ।
तिम्रो पानी भए जत्ति झार्नेछन् युद्धमा लडी ॥
ती हिमालयका सत्य कुरा यत्ति सुने पछि ।
दौड्यो भै क्रोधले चूर किष्किन्धातिर दुन्दुभि ॥
राँगाको रूप धारेको थियो त्यल्ले भयङ्कर ।
ठूल्ठूला अति नै तीखा थिए सींग असुन्दर ॥
देखिन्थ्यो भवाट्ट हेर्दा त्यो वर्षाबीच अकाशको ।
भएको धुम्म क्वै पानी बोकेको मेघ-ठीक्कको ॥
महान् बल हुने त्यस्तो दुष्ट दुन्दुभि-दानव ।
ठ्याक्कै आइ पुगी हाल्यो किष्किन्धा-द्वारमा अब ॥
धम्म धम्म गरी सारा पृथ्वीलाई कपाँउदै ।
अनि त्यो गर्जिनै लाग्यो स्वयं दुन्दुभि ठीकभै ॥
थिए वरीपरी जो जो वृक्ष भाँचि दियो सब ।
बिगार्‍यो खुरले खुट्टै कोपर्दै पृथिवीतक ॥
मत्ता दँतार हात्तीझैं भएको त्यस दुष्टले ।
किष्किन्धा-पुरको ढोकै बिगार्‍यो दुइ सींगले ॥
त्यसबेला थिए वाली खोपीमा भित्र शान्तिमा ।
गर्जना त्यसको सुन्दा झोक्किए अति नै वहाँ ॥
भई नौलाख ताराले घेरेका चन्द्रमा सरि ।
बाहिरै निस्किए वाली स्त्रीहरू लिइ घेरिई ॥
समस्त वनमा बस्ने वीर वानर जत्तिको ।
यौटैमात्र थिए स्वामी ति वाली अतियोग्यको ॥
उनले अति नै मीठो स्पष्ट अक्षरमा अब ।
भने ठिक्क कुरा यस्तो त्यससाथ सखे ! तब ॥
सुन् ए दुन्दुभि ! छस् पक्कै निकै बल हुने तँ ता ।
म जान्दछु, बुझिस् ! किन्तु भो बचा! अब प्राण जा ! ॥
व्यर्थै किन यसो गर्छस् गर्जन्छस् किन फूर्तिले ।
किष्किन्धा राजधानीको रोक्तछस् किन द्वार ? ए ! ॥
विद्वान वानरका राजा वालीका यी कुरा सुनी ।
भन्यो दुन्दुभिले राता आँखा पारी यसो अनि ॥
सुन लौ वीर ए वाली ! अघि स्त्रीजातिको हरे ! ।
के कुरा गर्दछौ यस्तो गर्नु नै योग्य हो र के ? ॥
मलाई लड्नको निम्ति मौका देऊ तिमी अब ।
जानुँला अनि पो कस्तो तिमीमा बल, शक्ति छ ? ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

६१

ए वानर ! कि ता भैगो ! आजको भररात म ।
खपेर रीस यो आफ्नो बसि दिन्छु कुरो सुन ! ॥
आनन्दसाथ यी आफ्ना स्त्रीमा विषय भोग्नमा ।
दिएँ समय लौ भैगो ! सूर्योदय हुने यहाँ ॥
मित्र वानरलाई यी लौ ! अँगाल तिमी अब ।
दिनु पर्नेछ जल्लाई त्यो कुरा देऊ लौ ! सब ॥
तिमी हौ एउटै राजा सारा वानर जत्तिका ।
मिल, भेट सबै साथ गर सल्लाहका कुरा ॥
यो किष्किन्धा-पुरीलाई हेर ! राम्रो सँगै अफ ।
अभिषेक दिई हाल राज्यमा पुत्रलाइ ल ! ॥
आफ्ना स्त्रीहरुका साथ विहार गर लौ अफ ।
अनि तिम्रो भए जत्ति नाशुँला गर्व यो सब ॥
असावधान भै बस्ने पिई मत्त हुने तथा ।
अस्त्र-हीन हुने, दुब्ला भागेका युद्धबाट ता ॥
हुने स्त्री-मदले मत्त तिमी जस्ताकनै पनि ।
मार्नेलाई जगत्मा यो भन्छन् हो भ्रूणहा भनी ॥
त्यस दानवका यस्ता कुरा सब सुने पछि ।
हाँसे विस्तार आफैंमा वाली वानरराज ती ॥
उनले साथका आफ्ना तारा आदिक स्त्रीकन ।
हटाए पर, फोकेर भने फेरि त्यसैकन ॥
के त दुन्दुभि! साँच्चै नै लड्न नै कसियौ तिमी ! ।
के ता मसित लड्नामा मान्दैनौ त्रास क्यै तिमी ? ॥
हुन्छ ! त्यस्तो भए देखि पिई मद छ मत्त यो ।
भन्ने कुरो ममा कत्ति न मान र न ठान भो ! ॥
यो वीरपान हो मेरो भन्ने संझ तिमी अब ।
वीरले जुन लड्दामा पिउँछन् शक्तिबर्धक ॥
त्यससाथ भनी यत्ति वालीले कण्ठमा सखे ! ।
पहिरे सुनको माला जो दिए बाबु-इन्द्रले ॥
अनि वानरका राजा फोकिए लड्न खातिर ।
तम्तयार भई हाले डटे आफैं भई स्थिर ॥
केही अगाडि लम्केर त्यस दुन्दुभि दुष्टको ।
समाते दुइटै सींग सजिलै उनले अहो ! ॥
थियो राँगो भएको त्यो डाँडै जस्तो भयङ्कर ।
घुमाए जोडले किन्तु गर्जिएर निरन्तर ॥

७७

७८

घेरै वेर गरी त्यस्तो त्यो दुन्दुभिकनै पछि ।
पछारे जोडले धम्म गर्जिए फेरि वीर ती ॥
त्यसो गरी पछार्दामा त्यस दुन्दुभिको उता ।
बह्यो रगतको खोलै दुइटै कान बाट हा ! ॥
अथ दुन्दुभि-वालीमा युद्ध भो घनघोरको ।
जितन अन्योन्य लड्दामा त्यसरी क्रुद्ध भै बढो ॥
मार-काट हुँदा बढ्दा कपि-दानवमा तब ।
भयो दानव त्यो क्षीण बढ्यो वानरको बल ॥
वालीमा इन्द्रकै जस्तो थियो बल पराक्रम ।
सजीलै साथ लड्थे ती न पारीकन नै श्रम ॥
घूँडाले लात-मुक्काले ढुङ्गाले गिरिका तथा ।
ठूल्ठूला रुखले सम्म हान्दथे कपिराज ता ॥
धीरता वीरता एवं नाना बल पराक्रम ।
वाली साथ थियो, लड्थे यसरी रघुनन्दन ! ॥
यस्तो प्राणै लिने युद्ध लड्दामा कपिराजले ।
पछि दुन्दुभिलाई त्यो उठाएर पछार्दिए ॥
छिटै पछारिना साथ त्यसको देहबीच त्यो ।
स्वयं घोडा चढे वाली पिंधन सम्म पिंधे अहो ! ॥
त्यस दुन्दुभि-राँगाको देहका प्वाल बाट ता ।
थाल्यो रगतको खोलो ह्वाल्ह्वाल्ति बहने उता ॥
अब यस्तो अवस्थामा अकस्मात् युद्धबीच यो ।
लामो लामो हुने हात त्यो दुन्दुभि लड्यो, मर्‍यो ॥
जब दुन्दुभिको प्राण निक्लियो देहबाट त्यो ।
चैतन्यहीन भै डङ्ग देह त्यो भूमिमा लड्यो ॥
अनि तौलेर त्यल्लाई एउटै हातले उता ।
चार कोश परै फ्याँके वेगैले बलवान् हुँदा ॥
वेगपूर्वक फ्याँक्तामा त्यत्रो असुरको तन ।
मुखका रक्तका थोपा छर्दै छर्दै गयो पुनः ॥
वायुका वेगमा पर्दा थोपा रगतका यता ।
पुगे आश्रममा सम्म मतङ्ग-मुनिराजका ॥
महान् भाग्य हुने साथी ! देख्तामा विन्दु रक्तका ।
निकै रिसाई बक्स्यो हा ! मतङ्ग-मुनिराज ता ॥
विचार मनमा उब्ज्यो-यो के हो ? किन भो यसो? ।
यसरी रक्तका छीटा यहाँ फ्याँक्तछ दुष्ट को ? ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

६५

मेरो शरीरमा यस्तो अकस्मात् कुन दुष्टले ।
क्याँकेर रक्तका थोपा छुवायो कुन हेतुले ? ॥
त्यो दुर्बुद्धि दुरात्मा हो अजितेन्द्रिय दुष्ट हो ।
त्यै हो वास्तवमा मूर्ख कुकर्म जुन यो गर्‍यो ॥
सोची मनमनै यत्ति मुनिराज-मतङ्गको ।
आफ्नो आसन छोडेर सवारी बाहिरै भयो ॥
यहाँ आइ यसो हेर्दा यौटा डाँडै समानको ।
राँगो पो देखि बक्स्यो हा ! मरेको डङ्ग तेर्सिंदो ॥
तपोबल हुँदा गर्दा वहाँले दिव्य ज्ञानले ।
तुरुन्तै जानि बक्स्यो ए ! कपिले पो यसो गर्‍यो ॥
राँगाको लास फेंक्ने त्यो बानरैलाइ लक्ष्य ली ।
त्यैवेला बक्सिई हाल्यो महान् श्राप भनी यही ॥
जसले रक्तका थोपा फ्याँकेर यसरी स्वतः ॥
निवासस्थान यो मेरो पार्‍यो आश्रम दूषित ॥
दुष्ट त्यो न पसोस् कैल्यै यो वनमा आजदेखि नै ।
यदि पस्छ भने देखि मरी हालोस् तुरुन्त नै ॥
फेंक्ता असुरको यत्रो मरेको देह वास्तव ।
मेरा आश्रमका वृक्ष नष्ट-भ्रष्ट भए सब ॥
फेंक्ने त्यो दुष्ट पस्ता ता यसको चार कोशको ।
घेराभित्र भने मर्ला, होस् चारैतिर यो कुरो ॥
यो शुभाश्रममा मेरो त्यत्ति घेरो भरी जति ।
बस्तछन् त्यसका मन्त्री अरू बानर जो जति ॥
सबै ती छोड्दिउन् आजै बस्न यो ठाममा अब ।
मेरो श्राप सुनुन् यस्तो लौ जाउन् सुखपूर्वक ॥
सुन्दा-सुन्दै पनी त्यस्तो तिनी बस्छन् भने यहाँ ।
म पक्कै ती सबैलाई सरापी छोड्छु क्रोधमा ॥
यो आफ्नो वनको मैले पुत्रझैं गरि राम्ररी ।
पालपोष गरेकोछु देखरेख गरी-गरी ॥
यसैका रुखका सारा फूल-पात र अङ्कुर ।
विनाश यदि गर्छन् ता म श्रापै दिन्छु दुर्धर ॥
आजकै दिनको निम्ति म्याद दिन्छु म बस्नको ।
जाउन्, जाउन् गरुन् जस्तो लाग्ने छैन सराप यो ॥
कुनै बानरलाई म भोलि देखें भने यहाँ ।
हजारौं वर्ष सम्मै त्यो ढुङ्गै भइ बसोस् यहाँ ॥

१११

११२

मतङ्गवनमा बस्ने जति बानर थे प्रभो ! ।
उनले मुनिको वाक्य सुने, भागे त्यजेर त्यो ॥
देख्ता सब उनीलाई किष्किन्धामा पुगे पछि ।
आत्तिएर निकै सोधे वालीले कपिराज ती ॥
मतङ्गवनमा बस्थ्यौ तिमीहरू सबै कपि ।
अहिले किन आयौ हँ ! यहाँ सब भए जति ? ॥
भन लौ म भएँ ठाम आउने हेतु के पर्‍यो ? ।
छ के मङ्गल आनन्द वहाँका जीव-जन्तुको ? ॥
पैह्नेका सुनको माला वाली सँग वहाँ अब ।
सारा आउँनु पर्ने त्यो बताए हेतु वास्तव ॥
वालीलाई परेकोथ्यो श्राप जो त्यो पनी सब ।
उनले नै भने फेरि एक एक गरी तब ॥
त्यो कुरा जब वालीले उन बाट सुने वहाँ ।
हात जोड्दै पुगे दौड्दै क्षमा माग्न महर्षिमा ॥
मतङ्ग-मुनिले किन्तु ध्यान नै बक्सिएन र ।
स्वात्त ! आश्रममा आफ्नो पसिबक्स्यो भई स्थिर ॥
वाली यो श्राप पर्नाले भित्र-भित्र निरन्तर ।
भयभीत भए साथ ! ज्यादै व्याकुल, अस्थिर ॥
त्यैवेला देखि ए मेरा प्रिय मित्र नरेश्वर ! ।
वाली यो वनमा भित्र सक्तैनन् पस्न भै डर ॥
श्रापको डर पर्नाले गिरिमा ऋष्यमूक यो ।
पस्न ता के कुरा भो र चाहन्नन् हेर्न सम्म जो ॥
था पाएँ यो कुरा मैले पछि बाट सबै अनि ।
यो महावनमा बस्छु सक्तैनन् पस्न ती भनी ॥
मेरा मन्त्रीहरू हुन् यी घुम्छु, बस्छु म साथमा ।
डर वा खिन्नता छैन यहाँ बस्ता प्रभो ! मम ॥
देहका हाडको थुप्रो त्यै हो दुन्दुभिको प्रभो ! ।
गिरिको टाकुरै जस्तो देखिन्छ जुन त्यो अहो ! ॥
बलको शक्तिको आफ्नो बढ्दा गर्व घमण्ड वा ।
वालीले यत्तिको टाढा फेंक्दिए जसलाइ ता ॥
छन् सखे ! यी यतापट्टि मोटा अग्ला तथा स्थिर ।
सालका रुख सातोटा छन् हाँगा पनि सुन्दर ॥
एक एक गरी वाली यिनलाइ निरन्तर ।
हल्लाएर बलै साथ झार्दिन्थे पात हर्हर ॥

१२८

CC-0. In Public Domain. Digitization by eGangotri

१२८

रघुरत्न प्रभो ! मैले वालीको यो अतुल्यको ।
बखानें बल सम्पूर्ण, छ शक्ति उनको बडो ॥
नरराज सखे ! तस्मात् शङ्का लाग्दछ है ममा ।
कसरी मारि बक्सेला उनलाइ भनी वहाँ ॥
सुन्दा सुग्रीवका यस्ता कुरा लक्ष्मणलाइ ता ।
निकै हाँसो उठी हाल्यो भनी हाले यसो तदा ॥
पारेमा पूर्ण के काम पर्ला विश्वास दाजुमा ।
भो ! पक्कै मारि बक्सिन्छ वालीलाइ भनी यहाँ ॥
भन्दछन् फेरि सुग्रीव सुनी लक्ष्मणका कुरा ।
जवाफ उनमा यस्तो दिंदै दङ्ग भई पुरा ॥
बाबु लक्ष्मण ! ती वाली सातौटै साल-वृक्ष यी ।
एक एक गरी छेड्थे लगातार स्वयं अघि ॥
यिनमध्ये कुनै यौटा सालको वृक्षलाइ ता ।
रामले छेडि बक्सेमा बुझ्यौं ! पत्याँउथे म ता ॥
बाबु लक्ष्मण ! देख्थें म रामको बल-विक्रम ।
ठान्थें वाली मरे भन्ने गर्थें विश्वास सम्म म ॥
कि ता दुन्दुभि राँगोको हाड यो मृत-देहको ।
उठाइ पाउले यौटै बलैले आफ्नु योग्यको ॥
रामले फ्याँकिदिबक्सेमा हात आठ सए पर ।
अनि विश्वास हुन्थ्यो है ! बुझ्यौ ! वीर-धनुर्धर ! ॥
र-राता नेत्रका छेउ भएका कपिराजले ।
मीतभाइ उनी साथ भित्रिया पीर त्यो भने ॥
अनि चूप भए केही वेर शोचेर नै वहाँ ।
पछि बाट भने फेरि यसरी मित्र-राममा ॥
छन् वाली अति नै शूरा पहिले त्यसमा पनि ।
गर्छन् घमण्ड आफैंमा 'म जस्तो छैन क्वै' भनी ॥
छ विख्यात यता साथी ! उनको बल, पौरुष ।
वानरै हुन्, वलीया छन् जित्न ता कष्ट पर्दछ ॥
कसैले अहिले सम्म उनलाई कहीं पनि ।
सकेको छैन है राम ! जित्न वा क्यै गरे पनि ॥
ती यस्ता कर्म गर्छन् कि हुन्छन् जो अति अद्भुत ।
ठूल्ठूला देवले सम्म सक्तैनन् गर्न जो स्वतः ॥
वालीका काम देख्ता र भोग्दा पनि म ता प्रभो ! ।
परें शरण भै भीत गिरि यै ऋष्यमूकको ॥

१४५

१४६

तस्मात् वानरका राजा ती वालीलाइ वास्तव ।
जित्न ता अरुको निम्ति छ असम्भव राघव ! ॥
गर्न आक्रमणै भ्वाट्ट सक्तैनन् उनमाथि क्वै ।
निन्दा गर्न तथा हेप्न सक्तैनन् उनलाइ क्वै ॥
यिनै सब कुरा शोची गिरि यो ऋष्यमूक म ।
छोड्नै सक्तिन है साथी ! यहीं नै बस्छु हर्दम ॥
हनुमान् आदि यी मेरा हितैषी मित्र छन् सब ।
मन्त्री हुन् श्रेष्ठ छन् फेरि गर्छन् स्नेह ममा दृढ ॥
यिनैका साथमा बस्छु विशाल वनबीच यो ।
वाली बाट डराएर म काँप्तोछु सँधै प्रभो ! ॥
मित्रवत्सल ए साथी ! हजूर सरिका गुणी ।
स्पृहणीय महान् मित्र पाएँ, भाग्य खुले छ नि ! ॥
नरसिंह प्रभो ! तस्मात् मेरो निम्ति हजूर ता ।
भइ बक्सिन्छ है साक्षात् हिमालै ठीकको सदा ॥
यसअर्थ सखे राम ! छ आधार हजूरकै ।
यस्तो आश्रय पाएँ जो बसें अब म ढुक्कै ॥
ती दुष्ट दाजु-वालीको जुन छन् बलवान् अति ।
छु राम्रै सँग जानेको बल, शक्ति भए जति ।
परन्तु प्रभुको साथी ! बल, शक्ति छ के कति ।
म जान्दिन न देख्नाले लड्दामा युद्धमा अघि ॥
वाली साथ प्रभो ! मैले दाँजेको पनि होइन ।
हजूरलाइ होच्याई भनेको पनि होइन ॥
प्रशंसा गरि वालीको अतुल्य बल-वीर्यको ।
प्रभुलाइ न ता मैले पारेको डर मित्र हो ! ॥
त्यस्ता अत्यन्त डर्लाग्दा वालीका कामले गरी ।
काँप्तामा भित्र साह्रै म, विन्ती पार्छु घरी-घरी ॥
हो प्रभो ! प्रभुको वाक्यै सत्य ठान्छु प्रमाण छन् ।
धैर्य आकार इत्यादि गुण छन् श्रेष्ठ उच्च छन् ॥
ढाकिएको खरानीले अग्निकै शक्ति ठीकको ।
देखिन्छन्, गुण यी सारा छन्, भन्छन् तेज श्रेष्ठ जो ॥
दिलका देहका ठूला मित्र सुग्रीवका कुरा ।
सुने पछि सबै राम मुस्कुराए मुसुक्क वा ! ॥
त्रिय साथी उनीसाथ अनि भन्छन् यिनी यसो ।
भएन अझ बिश्वास यो मेरो शक्तिमा, कसो ? ॥

१६२

१६३

हुन्छ लौ! ए कपिश्रेष्ठ! युद्धैमा म तपाँइमा।
विश्वास पारिछाडौंल, मान्नु होला! स्वयं वहाँ॥
महान् बाहु हुने विद्वान् बलवान् रामभद्रले।
सुग्रीवलाइ संझाए यसरी प्रिय—वाक्यले॥
तेर्साएर दाहिने पाउ टुप्पाले त्यसकै अनि।
त्यस दुन्दुभि-राँगाको लास त्यो तौलिए पनि॥
यत्ति गर्दा न गर्दैमा त्यो उठ्यो हुत्तियो उता।
पातिस-कोश टाढा नै पुगी गो भइ वेपता॥
त्यस्तो असुरको लास सुकेको जुन थ्यो अति।
तेर्साई पाउकै औंला फेंक्दिदा दूर झन् त्यति॥
भै चित्त न बुझे जस्तो भन्छन् सुग्रीव ती पुनः।
तेजिला रामका साथ सुन्थे वानर, लक्ष्मण॥
उनको यो भनाई थ्यो खँदिलो र महत्वको।
नरका साथका सारा सुन्थे बानर सम्म जो॥
मेरा दाजु थिए वाली त्यो वेला मदमत्त र।
शरीर पनि थाकेका युद्ध गर्दा निरन्तर॥

१७०

१७१

यता दुन्दुभिको देह रगताम्य थियो प्रभो!।
थियो मासु हुँदा धेरै मोटो-घाटो पनी बडो॥
त्यस हालतमा सम्म उनले देहलाइ यो।
फेंक्दिएका थिए साथी! त्यत्ति टाढा भने अहो!॥
अहिले मासु सुक्तामा हलुका मारमै छ यो।
प्रभुले फेंकि बक्स्यो हो! हर्षले वेगले बडो॥
के भो र यसले साथी! गाऱ्है पर्दछ ताड्न ता।
प्रभुमा बल ज्यादा छ वालीमा छ निकै कि ता?॥
पहिले यो थियो आलो सुकेको अहिले छ यो।
शोच्ता दुवै अवस्थामा धेरै फरक पर्न गो॥
मेरा मान्य सखे राम! तसअर्थ हजूरको।
वालीको बलमा शङ्का पहिलेकै सरी रह्यो॥
सालका वृक्ष मध्ये यी कुनै यौटाकनै अव।
प्रभुले छेड्दि बक्सेमा ताड्थें सबल-निर्बल॥
हो दोश्रो सूँड हात्तीको भने जस्तो विशाल यो।
प्रभुको धनु देख्तोछु बाहुमा म यहाँ प्रभो!॥

१७८

१७९

साथी! अब यसैमाथि चढोस् ताँदो र अन्तमा।
छोडि पाँउ महान् बाण कान सम्म खिची त्यहाँ॥
सन्देह नै छैन हजूरले प्रभो! छोड्यो कि ता यो शर छेड्छ साल त्यो।
पर्दैन है शोच्नु-विचार्नु क्यै पनि लौ छोड्दि बक्स्योस् न सखे! भन्यो भनी॥
हुनेछ पक्कै यस कर्मले प्रभो! प्रसन्नता भित्र ममा त्यसै अहो!।
तसर्थ खुशाएँ किरिया हजूरमा लौ यत्ति चाँडै गरि बक्सियोस् यहाँ॥
छन् श्रेष्ठ जस्तो रवि तेजमा सब छन् श्रेष्ठ जस्तो गिरिमा हिमालय।
छ चारखुट्टे बीच श्रेष्ठ सिंह जो हजूर त्यस्तै नरका मणि प्रभो!॥

१८२

इति एघारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रौं सर्ग

श्रीरामले सातोटा साल वृक्षको छेदन गर्नु र सुग्रीव बालीसंग लड्न जानु एवं नम्रकता भागेर आँउनु

१

मजासित बुझाएर मीठो सुन्दररूपमा ।
भने सुग्रीवले आफ्ना मित्र-रामकनै वहाँ ॥
विश्वास पार्नको निम्ति उनका, ती कुरा सुनी ।
उचाले धनु त्यो आफ्नो तेजस्वी रामले अनि ।
अर्कलाई दिने मान उनले त्यो भयङ्कर ।
धनुमा एउटा बाण चढाए अब भै स्थिर ॥
तव त्यल्लाइ टङ्कारे शब्दले गुञ्जियो दिशा ।
ताकेर सालको वृक्ष छोड्दिए अनि ता त्यता ॥
बलीया रामले त्यस्ता छोडेको बाण त्यो उता ।
जाँदा झलल भो साह्रै भै सुनै-सुन झल्किदा ॥
बडो गजब भै हाल्यो एउटै बाणले अब ।
छेड्यो ग्वाम्ग्वाम्ति सातोटै सालका वृक्ष ती सब ॥
डाँडा-काँडा पनी छेड्यो तिनकै साथमा अहो ! ।
सातोटै तल पृथ्वीको खोप्तै पातालमा पुग्यो ॥
गरी यत्ति मुहूर्तैमा वेगिलो बाण त्यो पुनः ।
ठोक्रा भित्र पस्यो आई अघि जस्तै गरीकन ॥
सातोटै सालका वृक्ष रामका बाण-वेगले ।
छेडिएका वहाँ देख्ता अब सुग्रीव जिल्लिए ॥
भित्र गद्गद भै हाले उनी दक्ष परीवरी ।
जोडिए दुइटै हात उनका अब राम्ररी ॥
यता शिर झुक्यो, टेक्यो त्यसले भूमिमै अनि ।
उनका गहना सारा यो वेला हल्लिए पनि ॥
शस्त्रको अस्त्रको सम्म जानेका तत्व, गुह्य वा ।
व्यक्तिमा श्रेष्ठ धर्मज्ञ शूरा उत्साहपूर्णका— ॥
उभिएर वहाँ बस्ने राममा भन्दछन् अनि ।
यो महान् कर्म देख्तामा खुश भै कपिका मणि ॥

१३

१४

पुरुषश्रेष्ठ श्रीराम ! प्रभु ता आफ्नु बाणले ।
कहीं लड्नु परी हाले युद्धमा बल-वीर्यले ॥
इन्द्रका साथका सारा देव मार्न पनी प्रभो ! ।
समर्थ भइ बक्सिन्छ बालीको अनि के कुरो ? ॥
एउटै बाणले जल्ले सातोटै साल-वृक्ष र ।
गिरिकै साथमा छेड्यो पृथ्वी पनि निरन्तर ॥
ककुत्स्थ-वंशका रत्न यस्ता साक्षात् हजूरको ।
अगाडि अब टिक्ने को लड्नको निम्तिमा ? प्रभो ! ॥
साक्षात् वरुण जस्ता र देवराज समानका ।
पाएँ हजूरलाई जो मित्रको रूपमा अहा ! ॥
मेरो शोक गयो सारा ए प्रभो ! यसले गरी ।
हुन सम्म भयो हर्ष ममा आज भरी सरी ॥
ककुत्स्थ-कुलमा श्रेष्ठ ए सखे ! हात जोड्छु म ।
मारी पाँउ म लौ ! आजै मेरा शत्रु उनीकन ॥
बाली हुन् शत्रु नै मेरा दाजुका रूपका सखे ! ।
हुन्छ अत्यन्त नै प्यारो मलाइ त्यस कामले ॥
प्यारो लाग्ने यसो हेर्दै भाई लक्ष्मण जत्तिकै ।
प्रिय सुग्रीवको वाँक्य सुने श्रीरामले सबै ॥
महान् बुद्धि हुने त्यस्ता साधुका मणि रामले ।
अँगाले अनि ग्वाम्ल्वाङ्ग मित्र सुग्रीवलाइ ए ! ॥
भने पछि वहाँ बाट छिटै जाऔं सखे ! अब ।
किष्किन्धातिर लौ पाल्नोस् ! तपाँई अघि वास्तव ॥
अनि हाँक दिई हाल्नोस् त्यस्तो दाजु भनाँउदो ।
बालीलाइ वहाँ लड्न भएर न डराँउदो ॥
हिंडे यत्ति कुरा गर्दै नर-वानर ती सब ।
वालीको राजधानी त्यो किष्किन्धापुरमा तब ॥

२६

२७

कै वाक्लो वनमा भित्र वृक्षको आड लीवरी ।
वहाँ पुगि बसे राम आदि व्यक्ति लुकीवरी ॥
यता सुग्रीवले चाँहि लगौंटी कटिमा कसे ।
थाले गर्जिन डर्लाग्दो गरेर अनि जोडले ॥
थ्यो यो गर्जिनुको अर्थ वालीलाइ लडाँइमा ।
दिनु हाँक ल आ ! भन्नु लडनको निम्तिमा वहाँ ॥
सके सम्म गरी जोड गरेको सिंहनादले ।
आकाश फुट्छ जस्तै भो सुन्नेका अनुमानले ॥
सुन्दा सुग्रीवको त्यस्तो गर्ज्याई घनघोरको ।
महान् बल हुने वाली झोक्किए बहुतै अहो ! ॥
खप्न गाह्रै हुँदा तस्मात् निस्किए घर बाहिर ।
जस्तो श्रीसूर्य सन्ध्यामा जान्छन् अस्ताचलैतिर ॥
घनघोर लडाँई भो वाली-सुग्रीवमा अब ।
जुध्छन् आकाशमा जस्तो ग्रह भौम तथा बुध ॥
लडन लागे अ-आफैंमा दाजुभाइ दुवै यता !
त्यो द्वन्द्व युध्दमा बढ्दा अधिको क्रोधवैरता ॥
मुक्काले र लपेटाले थिए वज्रसमान जो ।
हानाहान गरी हाले दुवैले दुइमै अहो ! ॥
यता धनु उठाएर भएका ठिक्क रामले ।
यसो हेरे दुवैलाई ठमाँउन भनेर ए ! ॥
तर गाह्रै परी हाल्यो छुट्ट्याँउन दुवैकन ।
अनुहार थियो उस्तै-उस्तो यी दुइकै जुन ॥
यसो हेर्दा दुवै भाई थे अश्विनीकुमारझैं ।
मिल्दा-जुल्दा पनी साह्रै रूपमा रङ्गमा सबै ॥
वाली हुन् यी, यिनी मेरा मित्र सुग्रीव हुन् भनी ।
छुट्ट्याँउन सकेनन् बा ! चतुरा रामले पनि ॥
अनि गाह्रै परी हाल्यो छोड्न प्राण लिने शर ।
त्यसै जिल्ल परे राम जब भो बुद्धि अस्थिर ॥
यतातिर यसैवेला वालीले बलवान् हुँदा ।
ठोक्दिए वेसरी ओहो ! भाइ सुग्रीवलाइ ता ॥
भए अनाथ जस्तै ती नाथ-रामकनै वहाँ ।
हेर्दा पनि न देख्तामा भागे यी ऋष्यमूकमा ॥
थिए थकित अत्यन्त रगताम्य थिए उति ।
शिथिला भै सकेकाथे लाग्दा वज्र-प्रहार ती ॥

४३

४३

उता बाली लखेट्तैथे क्रोधले चूर भै अफ ।
तस्मात् टिक्न न सक्तामा पसे त्यै वनमा अब ॥
देख्ता सुग्रीवलाई ती मतङ्ग-वनभित्र त्यो ।
गै पसेको यता बाली अडिए शाप भै अहो ! ॥
वहीं बाट भनी हाले जा! बचिस्! छोड्दिएँ! भनी ।
महान् बल हुने वाली फर्के घरतिरै अनि ॥
अब राम पनी आफ्ना भाई र हनुमान् सँगै ।
फर्की त्यै वनमा आए बस्थे सुग्रीव झोक्रिंदै ॥
देखेर राम आएको भाई लक्ष्मण साथमा ।
भुँइ हेरी भई दीन भन्छन् लज्जित भै वहाँ ॥
ए प्रभो! के गरी बक्स्यो बोला! जा हाँक दे ! भनी ।
देखाई बल वैरीले ठोकाई साँचिलो बनी ? ॥
किन धोका दिई बक्स्यो? लुकी बक्स्यो वहाँ किन ? ।
भनिबक्सेन त्यैवेला मंमा सत्य कुरा किन ? ॥
भन्दिएको भए हुन्थ्यो वाली मार्न म सक्तिन ।
भए त्यो सुन्न पाएको जाने थिइन लड्न म ॥
सुग्रीव दीन-वाणीमा माया लाग्दो गरीकन ।
त्यसो भन्दै थिए, भन्छन् अब राम उनीकन ॥
ए मान्य मित्र सुग्रीव ! सुन्नोस् मेरा कुरा अब ।
तपाँईं मनमा आफ्नो न राख्नोस् क्रोध वा दुख ॥
मैले यो हातको आफ्नो अचूक शर वास्तव ।
किन छोडिन, के हेतु पर्न जो सुन्नुहोस् सव ॥
रूपले भेष-भूषाले देहका छाँट-काँटले ।
तपाँईमा र बालीमा फरकै छैन क्यै सखे ! ॥
स्वर कान्ति तथा दृष्टि बल-विक्रम-वाक्यमा ।
मैले देखिन क्यै त्यस्तो भिन्नता दुइ भाइमा ॥
वानरश्रेष्ठ ए साथी ! देख्तामा ढङ्ग एउटै ।
पर्दा छुट्याँउनै गाह्रो म ता जिल्ल परें त्यसै ॥
साक्षात् तपाँईलाई नै न सक्ता चिह्न वस्तुतः ।
छोड्नै सकिन यो बाण वेगले शत्रुनाशन त ॥
डर्लाग्दो बाण यो मेरो हर्दथ्यो प्राण शत्रुको ।
सक्थें म कसरी छोड्न ?शङ्कै भो ! एकरूप थ्यो ॥
तसर्थ दुइटा मध्ये हान्दामा एउटाकन ।
भन्ठानें, भूलमै लाग्ला, यसैले पनि हानिन ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

जानेर होस् न जानी होस् तपाँईं यदि मासिए ।
हाम्रो वर्वाद भै हाल्थ्यो, मासिन्थ्यौं सब ए सखे ! ॥
त्यसो हुँदा यता मेरो बालकोचित मूर्खता ।
देखिन्थ्यो जगतै हाँस्थ्यो, ठमाएँ अनि यै कुरा ॥
जसलाइ दिएको छ स्वयं अभयदान ता ।
त्यसको वध गर्दामा महापातक लाग्छ हा ! ॥
सर्वाङ्ग-सुन्दरी सीता भाई लक्ष्मण वास्तव ।
म पनी छौं तपाँईकै अधीन अहिले सब ॥
शरणस्थल आधार हाम्रो यौटा तपाँईं नै ।
हुनुहुन्छ सखे ! यस्तो डलाग्दो वनबीचमै ॥
तसर्थ कपिका राजन् ! न हुनोस् अब शङ्कित ।
भै ढुक्क पाल्नुहोस् फेरि युद्ध गर्न तपाँई त ॥
लडाँईमा यसैवेला वालीलाई अवश्य म ।
एउटै वाणले हानी मारिछोड्छु गमीकन ॥
देख्नु होला त्यसैवेला भूमिमा छर्पटीवरी ।
लडेका कपिका राजा-वालीलाई मरीवरी ॥
पैह्रनोस् बरु क्वै चिह्न आफूलाइ चिह्नाँउन ।
द्वन्द्वयुद्ध गरी लड्दा 'जसले सकुँ चिह्न म' ॥

६९

७०

भनी सुग्रीवमा यत्ति भन्छन् लक्ष्मणमा पुनः ।
राजपुष्पी-लता बाबु ! फुलेको छ वहाँ चिन ! ॥
जाउ ल्याउ उखेलेर त्यसलाई यहाँ तिमी ।
सुग्रीवको गलाबीच पहिराउ छिटै अनि ॥
पाएर दाजुको आज्ञा गए तत्काल लक्ष्मण ।
त्यो ऋष्यमूक-डाँडाको तल्लो भाग तिरै पुनः ॥
गजपुष्पी-लता यौटा फुलेको झुम्म थ्यो वहीं ।
ल्याए टिपेर पैह्राए अनि त्यै, फर्किई यहीं ॥
नाम जस्तै थियो घाँटी त्यसै सुग्रीवको उवा ।
गजपुष्पी-लताले ता थप्यो शोभा निकै यता ॥
शोभिन्छ साँझमा जस्तो बाक्लो बादलको दल ।
अकाशमा बकुल्लाको उड्दा निर्मल भै दल ॥
अथवा शोभिए त्यस्तै शोभिन्छन् साँझ-साँझमा ।
जस्तो नक्षत्र-मालाले सूर्यदेव अकाशमा ॥
यसरी तेजिलो राम्रो देहले शोभिए उनी ।
रामको सान्त्वना पाई थिए ढुक्क त्यसै पनि ॥
मित्र श्रीरामको साथ गए मित्र प्रसन्न भै ।
अब सुग्रीव किष्किन्धापुरतर्फ, पुगे छिटै ॥

७८

इति बाह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेह्रौं सर्ग

बाटामा सप्तजनाश्रमको वर्णन गर्दै-गर्दै किष्किन्धामा पुग्नु

१

सारा वानरका राजा बालीको वल-वीर्यले ।
सुरक्षित भएकोथ्यो किष्किन्धापुर शान्तिले ॥
अनि लक्ष्मणका दाजु धर्मात्मा राम साथ ली ।
त्यो ऋष्यमूकको डाँडो काट्तै-काट्तै गए अघि ॥
शोभिन्थ्यो रामको बाहु महान् धनु हुँदा यता ।
जसमा जडिएकोथ्यो सुवर्ण, लिइ दिव्य ता ॥
तेजिला बाण थे साथ चम्किने सूर्य हुन् सरि ।
युद्धमा चाँहिने जत्ति थिए वस्तु थरी-थरी ॥
यसरी राम जाँदैथे परन्तु उनको अघि ।
दिलका देहका ठूला हिंड्दथे कपिराज ती ॥
महान् बल हुने अर्को भाई लक्ष्मण चाँहि ता ।
हिंड्थे सुग्रीवकै साथ शोभिन्थ्यो भव्य कण्ठ बा ! ॥
पछाडि थिनको हिंड्थे हनुमान् वीर थे जुन ।
थिए नल तथा नील हुने बल-पराक्रम ॥
कपिका फौज थे जत्ति तिनका पतिका पनि ।
पवि थे तार तेजस्वी हिंड्थे पछि स्वयं यिनी ॥
नर वानर यी सारा अ-आफैंमा मिलीजुली ।
हिंड्दथे जान किष्किन्धा हेर्दा-हेर्दै वनावलि ॥
भई फूल-फलै भारी झुक्थे वृक्ष वरी परी ।
नदी सिन्धु तिरै जान्थे सफा पानी लिईवरी ॥
कन्दरा र गुफा एवं शिला-विवर शैल ती ।
देखै राम्रा थिए सारा हेर्दै-हेर्दै बढे अघि ॥
उनले मार्गमा जाँदा देखे दह सरोवर ।
जहाँ जल थिए स्वच्छ परिपूर्ण मनोहर ॥
वैदूर्यमणिकै ठीक देखिन्थे यो मजा उति ।
पद्म थोरै फुलेकाथे शोभिन्थे कोपिलै अति ॥

१३

१४

तलाउ, पोखरी चाँहि हुनाले जल निर्मल ।
देख्नेको मन नै हर्षे हेर्दै-हेर्दै गए सब ॥
पशु-पक्षी थिए नाना जातिका भाँति-भाँतिका ।
पानीहाँस तथा हाँस खेल्दथे तिनमा सदा ॥
जलकुक्कुटकै साथ कारण्डव र सारस ।
थिए वञ्जुल इत्यादि चखेवातक शोभित ॥
यिनै चराचुरुङ्गीका मीठा च्याँईचुईं ! हुँदा ।
वन त्यो धन्किएकोथ्यो चरा अरु कराउँदा ॥
हरीया र नयाँ राम्रा कमला घाँस थे जहाँ ।
यिनैलाइ लुछी खाने अनेकौं पशु थे यहाँ ॥
यिनमा मृग थे मुख्य चर्थे, निर्भय भै सब ।
कुनै ठिङ्ग भई हेर्थे, वनै घर थियो जब ॥
सेता मोटा तथा लामा हुने दाँत मनोहर ।
जङ्गली गज घुम्दैथे एक्लै भइ भयङ्कर ॥
पोखरी-दहको राम्रा किनारा दाँतले पनि ।
विगार्दिन्थे त्यसै रोपी शत्रु तुल्य थिए अनि ॥
डर लाग्ने यसो देख्लै हात्ती जत्रा शरीरका ।
मत्त वानर देखिन्थे यहाँ फेरि जताततः ॥
भैंमै लडिबुडी गर्दा थियो धूलो शरीरमा ।
हिंड्ने पहाड हुन् जस्तै शोभिन्थे यी जहाँ-तहाँ ॥
पृथ्वीमा वनमा घुम्ने जङ्गली पशु थे सब ।
यता आकाशमा झुम्ने पक्षी पनि थिए सब ॥
हेर्दै सब कुरा यस्ता बढ्दै बढ्दै गए अघि ।
श्रीराम आदि ती सारा भइ सुग्रीवका वशी ॥
अब जानेहरू मध्ये रघुनन्दन रामले ।
बाक्ला वृक्ष वहाँ देखता सोधे सुग्रीवलाइ ए ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कपिराज सखे ! भन्नोस् मेघ जस्तै अकाशको ।
वृक्षको पंक्ति ऊ ! त्यस्तो शोभिन्छ कुन वस्तु हो ?।।
निकै विशाल देखिन्छ, छ यो विस्तृत त्यत्ति नै ।
केराका रुखका घेरा छ चारैतिर व्याप्त नै ॥
त्यो के हो जान्न चाहन्छु निकै चाख बढ्यो ममा ।
अब लौ भन्नुहोस् साथी ! एक एक गरी यहाँ ॥
कौतूहल बढेको यो छ ममा गाढ भै जुन ।
सखे ! तपाँइ बाटै त्यो नाश्न खोज्छु सुनेर म ॥
महान् आत्मा हुने त्यस्ता इच्वाकुमणि-रामका ।
कुरा सुग्रीवले यस्ता सुने प्रश्नस्वरूपका ॥
त्यस्तो विशाल गम्भीर वनको विषयै लिई ।
भन्न थाले उनी तस्मात् हिंड्दा-हिंड्दै खुशी भई ॥
विशाल अति नै ठूलो यो हो आश्रम एउटा ।
सबैको श्रम नाश्ने छ यसको गुण सर्वथा ॥
वन-काननकै साथ यहाँ उद्यान छन् निकै ।
फलफूल तथा पानी छन् धेरै स्वादिला निकै ॥
यस आश्रममा साथी ! थे सप्तजन नामका ।
महात्मा मुनि सातोटै पाल्दथे व्रत कष्टका ॥
घोप्ने मुन्टो लगाएर तप गर्थे र बस्तथे ।
कडा नियम थ्यो नित्य,-पानीमै मात्र सुत्तथे ॥
वित्तथ्यो जब त्यो काल सातोटै दिन-रातका ।
वायुको मात्र आहार गर्थे ती मुनि सात ता ॥
एउटै स्थानमा बस्थे सँधै निश्चल भावले ।
एवं प्रकारले राम ! ती सातै तप गर्दथे ॥
यसरी तप गर्दामा वर्ष सात-सयै वित्यो ।
पछि देह लिई साथ सबै स्वर्ग गए अहो ! ॥
यस्ता प्रभावका त्यस्ता महात्मा मुनिराजका ।
हो यो आश्रम, अत्यन्त पवित्र छ सखे ! सदा ॥
ए प्रभो ! यसको घेरा केराको भै दिंदा तथा ।
शोभिएको छ अत्यन्त अरु वृक्ष पनी हुँदा ॥

४१

४२

इन्द्रका साथका सारा आँउन् असुर वा सुर ।
केही लड्डार्न सक्तैनन् यहाँका वस्तुछन् स्थिर ॥
जङ्गली पशु वा पक्षी जीव-जन्तु पनी अरू ।
पस्तैनन् यसमा भित्र भाग्दछन् पर खुर्खुरु ॥
भुक्केर मोहमा पर्दा पस्तछन् भित्र जो त्यहाँ ।
ती पसेका-पस्यै हुन्छन् निस्कन्नन् फेरि क्वै यहाँ ॥
अत्यन्त मधुरो मीठो स्पष्ट अक्षरका स्वर ।
सुनिन्छन् गहना सम्म बजेका स्पष्ट छन् स्वर ॥
नाच-गाना-बजानाको सुनिन्छ मधुरो ध्वनि ।
ल्याँउदैछ प्रभो ! हावा दिव्य गन्ध यहाँ पनि ॥
यहाँ आहवनीयादि तीनै अग्नि निरन्तर ।
सखे ! बलि रहेकाछन् ऊ ! देख्छौं धूम सुन्दर ॥
अङ्ग जस्तो परेवाको त्यो धूँवा उठ्छ सुन्दर ।
यसले वृक्षका टुप्पा ढाकेर्मै छ निरन्तर ॥
ढाकेर वृक्षका टुप्पा त्यतैतिर रुमल्लिदा ।
यी वृक्ष पनि देखिन्छन् चम्किला अति शोभिंदा ॥
वैदूर्यमणिमैं राम्रा कुनै पर्वत हुन् सरि ।
देखिन्छन् मेघका माला पैहिंदा ढाकिए सरि ॥
भाइ लक्ष्मणकै साथ अत्र जोडेर बाहुली ।
ए सखे ! गरि बक्स्योस् लौ !प्रणाम ऋषिलाइ ती ॥
ढोग्दछन् जो पवित्रात्मा महात्मा ऋषिलाइ यी ।
तिनको देहमा छुन्न कुनै अशुभले पछि ॥
अब लक्ष्मणकै साथ रामले आफ्नु बाहुली ।
जोडेर ढोग्दिए श्रद्धा-भक्तिले ऋषिलाइ ती ॥
गरी प्रणाम भै दक्ष धर्मात्मा राम, भाइ ली ।
सारा वानर सुग्रीव साथ बढ्दै गए अघि ॥
जाँदा जाँदा पुगे टाढा पुण्य सप्तजनाश्रम ।
छोडेर अब यी सारा लिई उत्साह उत्तम ॥
टाढैबाट पर्‍यो आँखा किष्किन्धापुरमा अब ।
रक्षिन्थे जुन वालीले जित्न गाह्रै थियो तब ॥

५६

५७

यसो गरी राम र वीर लक्ष्मण सुग्रीव सारा कपि साथ लीकन ।
शस्त्रास्त्र बोकेर भएर फूर्तिला पसे पुरी भित्र वनेर वेगिला ॥

CC-0. In Public Domain. Digitization by eGangotri

५८
यही पुरीलाइ महेन्द्रका सुत वाली स्वयं रक्षण गर्दथे नित ।
पसे यहीं शत्रु हुने उनैकन मार्ने लिई आँट लडीवरीकन ॥

इति तेह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौधौं सर्ग

वानरराज वालीलाई सुग्रीवले लड्नको निम्ति हाँक दिनु

१

त्यो किष्किन्धा-पुरी बीच सवै अब छिटै पुगे ।
वसे क्वै वनमा बाक्लो वृक्षको आड ली लुके ॥
वन-काननका प्रेमी थिए सुग्रीव सुन्दर ।
ज्यादै बिशाल ग्रीवाका यसो हेर्थे सवैतिर ॥
कुरा संझेर बिर्सेका अघिका उनले अब ।
आफ्नो हृदयमा क्रोधै-क्रोध जम्वा गरे तव ॥
सहायक तथा मन्त्री आफ्ना जन लिई सव ।
सिंहनाद गरे, गर्जे वीर सुग्रीव यी तव ॥
चिर्छ आकाश जस्तै भो घन्किदा घोर शब्द यो ।
बालीलाइ दिए हाँक यसरी उनले अहो ! ॥
सहाय जोड हावाको पाँउदामा अकाशमा ।
भो महामेघ गर्जेझैं उनको उग्र गर्जना ॥
अव काम कुरा गर्न सिपालु चतुरा अति ।
श्रीराम साथ सुग्रीव भन्दछन् यसरी झुकी ॥
किष्किन्धापुर यो साथी ! वालीकै हो छ सुन्दर ।
नगरद्वार शोभिन्छ खारेको सुन भै स्थिर ॥
यसमा ध्वज-यन्त्रादि टन्न छन् छ सुशोभित ।
छन् वानर प्रभो ! ज्यादै तिनकै जाल ठीक छ ॥
हामीहरु यसै भित्र अब आइ पुगी सक्यौं ।
लड्नमा चाँहिने वस्तु साथ छन् सव, गम्म छौं ॥
तसर्थ अब ए साथी ! वालीको वध गर्नमा ।
प्रभुले गरिबक्सेको प्रतिज्ञा जो थियो वहाँ ॥
लौ पूर्ण गरिबक्स्योस् त्यो क्वै लता फल-फूलले ।
भरीलो पार्छ आएमा फुलाई ऋतुले सखे ! ॥
भन्दा सुग्रीवले त्यत्ति शत्रुनाशक राघव ।
भन्दछन् त्यै कुरा फेरि दोहोर्‍याएर वास्तव ॥

१३

१४

गजपुष्पी-लता पैन्ही वीर साथी ! तपाँईले ।
राम्ररी चिनिने पार्नु भएको छ अयत्नले ॥
सुमित्रासुत यी हाम्रा प्रिय लक्ष्मण भाइले ।
जो उखेलेर पैह्राए तपाँईलाइ प्रेमले ॥
लताको भव्य-मालाले कण्ठमा हल्लिँदो छ जो ।
तपाँई अति नै राम्रो अब शोभिनु भो अहो ! ॥
सूर्य नक्षत्र-मालाले उल्टो भइ अकाशमा ।
घेरिइन्छन् भने त्यस्तै शोभा देखिन्छ है यहाँ ॥
एउटै वाण छोडेर रणमा म तपाँईको ।
वालीबाट हुने त्रास-वैर नाश्तछु, सत्य भो ! ॥
ए मेरा प्रिय सुग्रीव ! तपाँई वरु लौ छिटै ।
देखाइ हाल्नुहोस् आफ्ना शत्रु ती दाजुरूपकै ॥
देखना साथ उनीलाई मारी छोड्छु म वास्तव ।
वनमा गाढ धूलोमा गर्लान् लडिबुडी तव ॥
मेरा आँखा उनी माथि राम्रै परि सके पछि ।
उम्किएर गए देखि त्यसै प्राण लिएर ती— ॥
दिनु होला ममा दोष अनिमात्र तपाँइ ता ।
गर्नु होला सके सम्म निन्दा पनि सखे ! तदा ॥
आँखा अघि तपाँईकै आज्ञाले सात साल ती ।
मैले छेडि दिएकै हूँ एउटै वाणले हकि ! ॥
त्यै मेरो बलले आज वालीलाइ पनी सखे ! ।
एउटै बाणले मर्ने स्वयं देख्नु हुनेछ ए ! ॥
निकै संकष्टको वेला बिताए ता पनी खपी ।
मैले बोलिन है साथी ! झूठ ता कहिल्यै अघि ॥
छ मेरो मनमा भित्र धर्मकै लोभ वस्तुतः ।
तस्मात् कुनै अवस्थामा झूठ बोल्दिन है म त ॥

२६

२७

सखे ! सफल पार्नेछु प्रतिज्ञा जो गरें अघि ।
तसर्थ छोडि हाल्नोस् लौ ! तपाँईं भय, हड़बडी ॥
जस्तो वर्षातमा वर्षा वर्षाएर सुरेन्द्रले ।
पकाई धानका खेत पहेंला पार्दछन् सखे ! ॥
त्यही ठीक त्यही जस्तो म पनी आफ्नु बाणले ।
मारी तपाँइका शत्रु त्यो धोको मेट्छु प्रेमले ॥
पैह्रेका सुनका माला वालीलाइ तसर्थ ल ! ।
हाक्न हाँक दिईं हाल्नोस् ! गर्जिएर फिकी बल ॥
सुन गर्ज्याइले गर्दा तपाँईं साथ लड्न ती ।
कसिएर यहाँ आउन् किष्किन्धापुर यो त्यजी ॥
अनेकौं युद्धमा लड्दा पाई बिजय वस्तुतः ।
छन् उनी विजय-श्रीले विभूषित यथार्थतः ॥
तस्मात् जित्न सबैलाई खोज्दछन् कपिराज ती ।
पराजय तथा हार भएन जसको अघि ॥
प्यारो मान्छन् उनी लड्न उनमा शोख यै त छ ।
कतैतिर न अल्भेर आँउछन् बाहिरै अतः ॥

३४

३५

जो जो छन् वीर हूँ भन्ने ती व्यक्ति कहिले पनि ।
सक्तैनन् खप्न वैरीको हेंला, निन्दा कसै पनि ॥
त्यसमा पनि स्त्रीजातिहरुको अघि ती भए ।
झन् के सक्थें, लडाँईमा निस्किहाल्छन् छिटै सखे ! ॥
खारेको सुनकै जस्तो पहेंलो अङ्ग-कान्तिका ।
सुग्रीवले सुने यस्ता कुरा श्रीरामभद्रका ॥
झिकेर शब्द डर्लाग्दो जोडले गर्जिए अनि ।
भयो आकाश नै फुट्छ भने जस्तो त्यसै पनि ॥
यो सिंहनाद सुन्दामा गलन सम्म गले सब ।
गाइ-गोरु डराएर भाग्न थाले त्यसै अत्र ॥
राजाको दोषले गर्दा नीच मार्दा पराइले ।
घिसारेको कुल-स्त्रीभैं भए व्याकुल व्यर्थ ए ! ॥
लाग्दा शस्त्रास्त्रले घाउ घोडा भैं भइ युद्धमा ।
सारा मृगहरू भागे वेपत्तै भइ अन्तमा ॥
खसेभैं ग्रह पृथ्वीमा सकिंदा पुण्यो फल ।
चरा आकाशका सारा डराएर खसे तल ॥

४२

४३

सुग्रीवको यो दृढ सिंहनाद गम्भीर थ्यो, हो सरि मेघनाद ।
शून्याँइले तेज बढेर त्यस्तो जो गर्जिएथे घन-घोर यस्तो ॥
आयो भने आँधि-हुरी जसोरी तरङ्ग फ्याँकि सब तर्फ घेरी ।
समुद्र उर्लन्छ त्यही समान कुर्ले उनी पाइ सहाय-मान ॥

४४

इति चौथौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्रौं सर्ग

वालीलाई ताराले संझाउनु

१

खोपीभित्र थिए वाली त्यै वेला उनले सुने ।
भाइ सुग्रीवको त्यस्तो गर्ज्याई भइ झोक्किने ॥
शब्द सुन्दा जगत् काँप्ने वालीको मद त्यो उड्यो ।
त्यसको ठाममा किन्तु चढ्यो क्रोध असह्य भो ॥
क्रोधले त्यो सकी हाल्यो सुवर्ण सरि वर्णका ।
वालीको तेज भो खालि रूप-रङ्ग उड्यो यता ॥
देखिए अब ती वीर औंसीमा सूर्य-देवता ।
राहुले गाँजिदा ठीक मलिना कान्तिहीन हा ! ॥
डर लाग्दा थिए दाह्रा वालीका मुखमा यता ।
बल्दैथे क्रोधले आँखा आगैतुल्य भई उता ॥
पद्मको पोखरी जस्तै देखिन्थे कान्ति-हीन ती ।
जहाँ पद्म छँदै छैनन् डाँठ ठिङ्ग्रिङ्ग छन् अवि ॥
त्यस्तो असह्य गर्ज्याई सुन्दा नै कपि हुत्तिए ।
पाउले पृथिवी सारा फोर्छन् जस्तो गरेर ए ! ॥
यैवेला उनकी पत्नी तारा आइन् अघिल्तिर ।
अगाँलिन् अनि ग्वाम्ल्वाङ्ग बढ्दा स्नेह भई स्थिर ॥
उनी काँपि रहेकीथिन् भित्र त्रास हुँदा पुरा ।
पति साथ भनिन् तस्मात् पछि श्रेय हुने कुरा ॥
लौन !वीर प्रभो ! सुन्नोस् म जावौका पनी कुरा ।
किन गर्नु भएको हँ ! क्रोध यस्तो विफ्वाँक हा ! ॥
ठाम पायो भने बढ्छ हो ! म मान्दछु क्रोध ता ।
नदीका भेलको झेल रोकेझैं रोक्नु पर्छ बा ! ॥
विछयौना बाट उठ्तामा विहानिपख्ख यस्तुतः ।
वासी माला त्यजे ठीक छोड्दिनोस् यसलाइ त ॥
ए मेरा वानरस्वामी ! न जानोस् अहिले भयो ! ।
लड्नु होला उनी साथ विहानिपख्ख भोलिको ॥

१३

१४

छैनन् तपाँइ भन्दा कै बलीया शत्रु युद्धमा ।
तपाँईं अरू भन्दा ता हुनुहुन्न कमै यहाँ ॥
तथापि यसरी भवाट्ट घर छोडेर जानु वा ।
परेन मन नै कत्ति प्राणनाथ ! मलाइ वा ॥
विशेष हेतु अर्को छ यसरी रोक्नुमा पनि ।
सुन्नुहोस् लौ ! तपाँईमा विन्ती गर्दीछु त्यो पनि ॥
आएकै हुन् यहाँ पैले पनि सुग्रीव भाइ ती ।
जल्ले लड्न तपाँईंमा दिएथे हाँक झोक्किई ॥
निस्की तपाँइ त्यो वेला जित्नु भो उनलाइ र ।
थिल्थिलो भइ भागेथे ती मतङ्गवनैतिर ॥
पारेर त्यसरी पीडा जितेका भाइ ती पुनः ।
हाँक दिन्छन् भने नाथ ! हुन्छ शङ्कित यो मन ॥
यसरी गर्जिएका छन् जुन शोच्यो भने प्रभो ! ।
ठूलै घमण्ड उद्योग देखिन्छ उनको अहो ! ॥
यी सबै हेतुले गर्दा उनको क्रोध संझिदा ।
'छ कारण कुनै ठूलो' भन्ठान्दीछु प्रभो ! म ता ॥
संझदीछु म ता नाथ ! कुनै ठूलो सहायता ।
लिएर नै उनी आए फेरि लड्न भनी यता ॥
त्यसैको बल पाएर बलीयो आड ली त्यही ।
यसरी गर्जिएका हुन् , हो पक्काको कुरो यही ॥
जानेकैछ तपाँईले छन् ती सुग्रीव वानर ।
बुद्धिमान् चतुरा ज्यादै छ बानी पनि सुन्दर ॥
तस्मात् चानेचुने साथ न शोची न बुझीकनै ।
कसरी लाँउलान् मैत्री तस्मात् त्यो छ महान् कुनै ॥
मेरा वीर प्रभो ! सुन्नोस भन्दा अङ्गद-बाबुले ।
मैले अघि सुनेकीथें, भन्छु त्यो हित-हेतुले ॥

२६

२७

कुनै दिन गएकाथे यी अङ्गद कुमार ता ।
वनमा घुम्न त्यैवेला भेटेछन् चरलाइ बा ! ॥
भनेछन् तिनले यौटा समाचार उनीकन ।
पछि आइ सुनाएथे मलाइ सव त्यो पुनः ॥
सुन्नुहोस् त्यो कुरा यै हो ! अयोध्याका नरेशका ।
छन् अरे दुइटा छोरा शौर्य, वीर्य हुने कडा ॥
इक्ष्वाकुवंशमा जन्म भएको यिनको छ रे ।
रणमा जित्न गाह्रो छ, छन् प्रसिद्ध दुवै अरे ! ॥
राम लक्ष्मण हो नाम उनको भन्दछन् उनी ।
सुग्रीवको भलो प्यारो खोज्छन् गर्न दुवै यिनी ॥
साक्षात् तपाँइका भाई कपि सुग्रीवको प्रभो ! ।
सहायक भएका छन् अहिले युद्धबीच यो ॥
राम चाँहि दुवैमा यी शत्रुका सैन्यलाइ ता ।
भुसुक पार्न सक्छन् रे ! अग्निझैं प्रलयान्तका ॥
साधु-सज्जनको निम्ति दाजु ती राम चाँहि ता ।
फल-फूल हुने गम्म छन् रुखैतुल्य एउटा ॥
परी ठूलो विपत्-आपत् काँपेका जीव-जन्तुका ।
शरणस्थान, आधार छन् अरे ! राम सर्वथा ॥
अनेकौंथर पीडाले भएका आर्त व्यक्तिको ।
मुख्य आश्रय नै छन् रे ! सत्पात्र यशका प्रभो ! ॥
सुन्नोस ए कपिका राजा ! ज्ञान-विज्ञान आदिमा ।
साह्रै माथि पुगेका छन् जान्ने छन् रे ! खुवै यहाँ ॥
नाघ्दैनन् बावुको आज्ञा पाल्दछन् रे सँधै उनी ।
हिमाल धातुका जस्तै गुणका निधि छन् उनी ॥
तसअर्थ हुँदैहुन्न दिलका देहका दरा ।
राम साथ गरी वैर लड्नु ता योग्य सर्वथा ॥
किन ? आज्ञा भए स्वामी ! जान्दछन् रणका कला ।
तस्मात दुर्जय छन् राम, शक्ति आँक्नै सकिन्न बा ! ॥

४०

४१

छैनन् तपाँइमा दोष खोतल्दिन म हेर्दिन ।
शूरा मेरा प्रभो ! किन्तु क्यै कुरा भनि छोड्छु म ॥
त्यैकुरा भन्छु छन् जो जो हित गर्ने तपाँइका ।
सुन्नुपर्दछ यै नाथ ! गर्नुपर्दछ यै कुरा ॥
अभिषेक दिई हाल्नोस् पदमा युवराजको ।
भाइ सुग्रीवलाई ती झै छिटो हुन्छ है ! भलो ॥
सुग्रीव भाइ हुन् आफ्ना कान्छा बुद्धि-उमेरका ।
तस्मात् लड्नु उनीसाथ योग्य छैन विफ्वाँक हा ! ॥
होला तपाँइको श्रेय बरु श्रीराम साथ ती ।
राख्ता सौहार्द-सम्बन्ध म त ठान्छु भलो यही ॥
छोडी चटक वैरत्व सुग्रीव संग जो छ यो ।
गर्दामै स्नेह वा प्रीति ए प्रभो ! हुन्छ है भलो ॥
हुन् ती वानर सुग्रीव कान्छा भाइ तपाँइका ।
प्रेम-स्नेह तपाँईले गर्नु नै पर्छ सर्वथा ॥
किष्किन्धामै वसुन् यद्वा वसुन् गै ऋष्यमूकमा ।
बन्धु ता हुन् उनी आफ्नै, अरु को छ र पो यहाँ ? ॥
म त देख्दिन है नाथ ! प्रभुका बन्धु भूमिमा ।
सर्वश्रेष्ठ उनी भन्दा योग्यका यस जातिमा ॥
तस्मात् सुग्रीवलाई ती पार्नुपर्दछ भित्रिया ।
दान मान र सत्कार जे गरी होस् प्रभो ! सदा ॥
चर्केको वैरता यस्तो छोडी अव उनी पनि ।
वसुन् तपाँइकै साथ पहिले ठीकका बनी ॥
छ है ! सुग्रीवको ग्रीवा बिशाल अतिसुन्दर ।
हुन् ती तपाँइका बन्धु छन् सर्वोच्च धुरन्धुर ॥
तसर्थ यस वेलामा भाइका प्रेम-स्नेहको ।
सहारा लिनु बाहेक गति क्यै छैन है प्रभो ! ॥
भैगो ! म यसको प्यारो गर्छु भन्ठान्नु हुन्छ ता ।
गर्न मेरै भलो प्यारो भनी यो ठान्नु हुन्छ वा ॥

५४

५५

प्रेमले प्रार्थना यस्तो म गर्दीछु प्रभो ! अतः ।
मान्नुहोस्, गर्नुहोस् मेरा यी कुरा सव वस्तुतः ॥
तपाँइको श्रेय तथा हुने हित मैले भनें यत्ति कुरा गमी अतः ।
सुनीदिनोस् लौ ! अव चर्किंदो रिस छोडी दिनोस् नाथ ! वसौं सुखैसित ॥

५६

CC-0. In Public Domain. Digitization by eGangotri

५७

श्रीराम हुन् कोशलराजका सुत छन् बुद्धिमान् , इन्द्र-समान शक्ति छ ।
गर्दा उनैसाथ विपक्षाँक वैरता हुँदैन है श्रेय अयोग्य हुन्छ हा !॥
वेलाविषे त्यो कपिराज साथ ती भनिन् उनीले हितका कुरा यति ।
जँचेन बालीकन किन्तु नाशको थ्यो काल, बाँध्थ्यो जव पाश कालको ॥

५८

इति पन्ध्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्रौं सर्ग

तारालाई हप्काएर बाली लड्न जानु र रामको बाण लाग्दा पृथ्वीमा पछारिनु

१

ताराको मुख भयो राम्रो ताराका पति ठीकको ।
भन्थिन् स्वपति-बालीमा उनी त्यस्तो भलो कुरो ॥
कुरा त सब बालीले सुने तर उनीकन ।
हप्काँउदै भने यस्तो छीः ! छीः ! दूर्-दूर् ! गरीकन ॥
ए राम्रो मुखकी तारे ! त्यो मेरो भाइ हो तर ।
विशेष अहिले मेरो शत्रु नै हुन गो स्थिर ॥
हेर ! गर्जि रहेकोछ खप्न गाह्रै हुने गरी ।
अनि त्यो कसरी मैले सहने शोच राम्ररी ! ॥
कैले हारेन जो व्यक्ति सुन ! लौ ए डराहिन्नी ! ।
भागेन फेरि जो व्यक्ति युद्धमा कहिले पनि ॥
त्यो शूर-वीरको निम्ति शत्रुको हाँक खप्नु ता ।
बुझ्यौ ! दुःखदिने हुन्छ ! मृत्यु भन्दा पनी कडा ॥
त्यस्तो घाँटी बसेको त्यो पाजी सुग्रीवको सुन ! ।
क्रोधले पूर्ण गर्ज्याई खप्नै सक्तिन कत्ति म ॥
लड्न खोज्दछ त्यो जावो डटेर रणभूमिमा ।
म साथ दाँजिई तारे ! म बसूँ कसरी यहाँ ?॥
तिमीले जो भन्यौ रानी ! मलाई रामका कुरा ।
त्यसबारे पनी केही मान्नु पर्दैन खिन्नता ॥
किन ? भन्छयौ भने तारे ! स्वयं राम कृतज्ञ छन् ।
जान्दछन् धर्म त्यस्तो भै कसरी पाप गर्दछन् ? ॥
भै गयो ! अब लौ जाऊ लिई स्त्रीहरु यी सब ।
टाढै आइसक्यौ रानी ! मेरो पछि यहाँतक ॥
थियो ममाथि जो जत्ति स्नेह-सौहार्द त्यो सब ।
लौ ! देखायौ यहाँ तारे ! गऱ्यौ भक्ति पनी दृढ ॥
तिमीले ठान्नु पर्दैन के होला नि ? भनी अब ।
सुग्रीव सँग गै जुध्छु, राम्रै लड्छु म वास्तव ॥

१३

१४

घमण्ड त्यसको शेखी चूर पार्दिन्छु जत्ति छ ।
संझी राख तिमी रानी ! प्राण ता लिन्न यत्ति त ॥
संग्रामस्थलमा डट्ने पाजी-सुग्रीवको सुन ! ।
इच्छा र अभिलाषा म पूर्ण पार्छु प्रतिक्षण ॥
बुझ्यौ ! वेसरि ठोक्दिन्छु म वहाँ मुक्किमुक्किले ।
रुखैले पनि, भाग्नेछ अनि त्यो टिक्न शक्ति के ? ॥
त्यो सुग्रीव दुरात्मै हो मेरो फूर्ति र वेगिलो ।
लड्ने कला र उद्योग देख्तै भाग्दछ, टिक्छ को ? ॥
तिमीले बुद्धिले आफ्नो भेटे सम्म ममा प्रिये ! ।
दियौ सहाय, यै ठूलो देखायौ प्रेम सम्म ए ! ॥
भैगो ! अब तिमी फर्क तारे ! स्वजन लीकन ।
किरिया प्राणको खवाई म भन्दोछु तिमीकन ॥
ढिलो गर्नु हुँदैहुन्न छिटै जाउ तिमी उता ।
सुग्रीव भाइलाई म युद्धमा जिति फर्कुंला ॥
सुनिन् स्वपति-बालीका कुरा त्यस्ता भने जति ।
अँगालिन् अनि ग्वाम्ल्वाङ्ग ! ताराले पतिलाइ ती ॥
साह्रै सोझी थिइन् तारा रुन लागिन् गरी त्यति ।
परिक्रमा गरिन् फेरि पतिको स्नेह भै अति ॥
उनी स्वपति-बालीको खोज्थिन् विजय जीत वा ।
तारालाइ थियो ज्ञान चाँहिने मन्त्रको थवा ॥
तसर्थ उनले आफ्ना पतिको श्रेय-हेतु ली ।
स्वस्तिवाचन इत्यादि गरिन् मङ्गल-कार्य ती ॥
बढ्दा नजानिंदो शोक त्यसैले भइ मोहित ।
खोपीतिर गइन् तारा साथका महिलासित ॥
भित्रिया स्त्रीलिई तारा खोपीभित्र पसे पछि ।
बाली निस्के पुरीबाट स्वाँ ! गर्ने सर्पझैं भई ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्यसै व झोक्किएका थे स्वाँ ! गर्थे त्यसमा उनी ।
निस्किए वेगले ज्यादै अत्यन्तै क्रोधिला बनी ॥
अब ठेगानमा आई लगे दृष्टि घुमाँउन ।
वैरी बन्ने छ सुग्रीव कहाँ,-देख्छु भनीकन ॥
यत्तिकैमा निकै तेजी वालीले सुन-रङ्गका ।
सुग्रीवलाइ नै देखे कसिएका वहीं खडा ॥
उनले त्यस वेलामा कसेकाथे कछाड बा ! ।
बलेका अग्नि हुन् जस्ता तेजिला अति फूर्तिला ॥
त्यसरी कसिई बस्ने देख्ता सुग्रीवलाइ ता ।
महान् बाहु हुने वाली झोक्किए बहुतै उता ॥
लगाएर दुवै हात तुरुन्त उनले पनि ।
कसे कछाड टन्काई आफ्नो पनि वहाँ अनि ॥
अव मुक्की उजाएर यी वाली वेगले बढे ।
छोड्नमा ठाम पाएमा भाइ सुग्रीवमाथि ए ! ॥
पैह्रेका सुनको माला वालीमा वेगले गरी ।
बढे सुग्रीव भै क्रुद्ध मुक्की कस्तै उनी सरी ॥
लड्नमा चतुरा एवं वेगिला भाइलाइ ती ।
राता आँखा बनाएर भन्छन् वाली वहाँ पछि ॥
सुग्रीव ! राम्ररी हेर् ! लौ ! मुक्की मेरो विशाल यो ।
परस्पर मिलेका छन् यी औंला कसिएर जो ॥
मैले तँ माथि छोड्दामा वेगले झोक्किएर यो ।
तेरो प्राण लिई छोड्छ अहिल्यै युद्धबीच जो ॥
वालीले यी कुरा भन्दा भन्छन् सुग्रीव झोक्किंदै ।
मेरो मुक्की पनी तिम्रो प्राण मारेर छोड्छ है ! ॥
यत्तिकैमा बढे वाली वेगले हुँत्तिंदै अनि ।
सुग्रीवमाथि हाने बा ! मुक्की त्यै क्रोधिला बनी ॥
डाँडाँ बाट खसे जस्तै झरना सर्र राम्ररी ।
सुग्रीवको मुखै बाट खस्यो रगत वेसरी ॥
खपे सुग्रीवले चोट भए निःशङ्क नै उनी ।
उखेले एउटा साल वेगले उनले पनि ॥
त्यसैले ठोक्दिई हाले वालीका अङ्गमाथि हा ! ।
इन्द्रले वज्र छोडेझैं ठूलो पर्वतलाइ ता ॥
सालको रुखले त्यत्रो चुटिंदा कपिराज ती ।
निकै ढुन्मुनिए ओहो ! बढ्यो व्याकुलता अति ॥

४३

४४

व्यापारीहरुको डूल चढनाले भार बढ्दिदा ।
सिन्धुमा डुब्न लागेको डुङ्गाझैं भैगए तदा ॥
वाली-सुग्रीव यी दोटै भाइको बल-विक्रम ।
डर लाग्दै थियो वेग हुँदा गरुडकै सम ॥
लिएर रूप डर्लाग्दो लड्दथे जोडले दुवै ।
बढेका बल पर्वैका चन्द्र-सूर्य समानभै ॥
पूरा शत्रु भएकाथे यी दुवै दाजु-भाइ ता ॥
मार्न खोज्थे अ-आफैंमा हेर्दथे ठाम, छिद्र हा! ॥
द्वन्द्व-युद्ध गरी लड्दा उनमा त्यसयुद्धमा ।
बल-विक्रम वालीको बढ्यो भाले भए वहाँ ॥
बल-वीर्य थियो ज्यादै यता सुग्रीवको पनि ।
तर गल्दै गए ओहो ! सूर्यपुत्र स्वयं उनी ॥
यसरी दाजु वालीले भाइ-सुग्रीवको यता ।
पानी झारिदिए सारा बल-बूता उड्यो उता ॥
यस्तो भए पनि खप्तै झिकि न्यारानको बल ।
सुग्रीव फूर्ति देखाई लडे झोक्किंदै तव ॥
लड्न लागे दुवै फेरि हाँगाकै साथका रुख ।
उखेले, टाकुरै बोके दुवैले छोड्दिए सव ॥
वज्रतुल्य र डर्लाग्दा नङ-मुक्का र लातले ।
घूँडाले हातले हाने दुवैले दुइलाइ ए ! ॥
यसरी लड्न लागे यी दुइ भाई घरी-घरी ।
डर्लाग्दो युद्ध भैहाल्यो इन्द्रको वृत्रको सरि ॥
सँधै जङ्गलमै बस्ने वीर वानर यी दुवै ।
रगताम्य थिए लड्थे झोक्किंदै भित्र चूर भै ॥
ठूल्ठूला मेघका टुक्रा लड्छन् झैं देखियो यता ।
तर्साउदै अ-आफैंमा लडे गर्जिइँदै उता ॥
यता श्रीरामले देखे मित्र सुग्रीवलाइ ता ।
भएका क्षीण अत्यन्त खस्केका बल-तेज हा ! ॥
देखे यो पनि झर्लङ्ग वानरेश्वर-मित्र ती ।
हेर्थे दशै-दिशा खोज्थे लगातार गल्ती अति ॥
सारा वानरका राजा प्रिय मित्र उनीकन ।
तेजिला रामले ताडे क्यै लागेन भनीकन ॥
हत्या नै गर्ने वालीको रामको दृष्टि त्यो अहो ! ।
त्यताबाट हटी बज्यो हातको बाणबीच पो ॥

६०

६१

हो फ्याँक्ने विषको मुरलो सरीको बाणलाइ त्यो ।
लगेर धनुमा राखे, ताँदोमा अब यो चढ्यो ॥
अनि टंकारियो टङ् टङ् सोभिभ्कयो ठीकभै उठ्यो ।
कालचक्र उठायो हा ! कालले सरि देखियो ॥
वेसरी तानियो ताँदो टङ्कार-ध्वनि भो जब ।
सम्पूर्ण वनका प्राणी त्यसै काँपिगए तब ॥
अतापायो छतै भागे पशु-पत्तीहरू सब ।
जस्तो प्रलयमा जीव हुन्छन् व्यामोह वास्तव ॥
ठूलो चट्याङ परे जस्तो शब्द भो घनघोरको ।
यसरी छोडदिई हाले रामले बाण त्यो अहो ! ॥

६५

६६

वलेको वज्र जस्तो भै ठूलो उल्का समान यो ।
रामको बाण गै ठ्याक्क वालीको छातिमै गड्यो ॥
थिए यद्यपि ती वाली स्वयं अत्यन्त तेजिला ।
महान् वीर्य हुने त्यस्तै राजा वानर जातिका ॥
परन्तु वेगले त्यत्रो रामले त्यसरी हरे ! ।
छोड्दिंदा बाण त्यो लागी वाली खुत्रुक्क भै लडे ॥
असौजको पूर्णिमामा हुँदा इन्द्रध्वजोत्सव ।
जस्तो मास्तिर फ्याँकेको खस्छ इन्द्रध्वजा तल ॥
भइ होश उडेजस्तो त्यही ठीक लडे उनी ।
झर्‍यो बरर भै आँसु घाँटी नै रोकियो अनि ॥

७०

७१

हुति-प्राण उड्यो सारा भित्र पीडा पर्‍यो निकै ।
निस्कियो शब्द विस्तारै मुखबाट असह्य भै ॥
सुवर्ण चाँदी जडिंदा ठ-ठाममा श्रीरामको उत्तम बाण त्यो वहाँ ।
हेर्दा भने सुन्दर नै थियो तर भो कालकै ठीक युगान्तको स्थिर ॥
छोडी दिए त्यै शर कालले सरि विनाशन बालीकन वेगिलो सरि ।
आगो निकाले सरि धूस साथको भो रुद्रले काम विनाशनलाइ पो ॥
पानी सरी रक्त बही दिंदा यता थिए डुबेका सुरराजपुत्र हा ! ।
फुली फुलेको रुख क्वै अशोकको लडे सरी हङ्ग पहाडबाट भो ॥
ती वीर वाली सुत देवराजका होशै उडे ठीक हुँदै पछारिए ।
आकाशबाटै सल इन्द्रको ध्वजा खसे सरी भै रणमा लतारिए ॥

७५

इति सोह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्रौं सर्ग

बालीले रामलाई भन्नु–नभन्नु भन्नु

१

रामको बाण लाग्दामा काटेको वृत्तझैं हरे ! ।
रणबीच कडै लड्ने वाली डङ्ग पछारिए ॥
अङ्ग–प्रत्यङ्ग वालीको थियो चीत धराभर ।
खारेका सुनका राम्रा गहना खुल्दथे तर ॥
देवेन्द्रको ध्वजा जस्तो खस्छ डोरी चुडाँल्दिदा ।
पृथ्वीबीच खसे त्यस्तै कपिराज उनी तदा ॥
महाधिपति थे वाली भालू–वानर–जातिका ।
ताँतिका पतिका सम्म ढले ओहो ! उनै यता ॥
साह्रै गजब भै हाल्यो भइन् शून्य धरा अति ।
नहुँदा चन्द्रमा हुन्छ जस्तो आकाशको गति ॥
तनका मनका ठूला वालीका त्यो शरीरको ।
शोभा आश्चर्य लाग्दै भो लडे पनी गरी त्यसो ॥
यसले क्यै बिगारेन, लछारेन, घटेन, क्यै ।
अड्यो तेज, बल, प्राण अघि जस्तै भई सबै ॥
परेछ त्यसमा हेतु यही नै — देवराजले ।
पहिऱ्याई दिएकाथे जो माला अघि प्रेमले ॥
सुनको झल्झलाकार मणि–रत्नादिभूषित ।
त्यै मालाले गऱ्यो त्यस्तो अड्यो श्री, प्राण, शक्ति त ॥
सन्ध्याको राग पाएको मेघ जस्तै भए उनी ।
त्यो वेला त्यसले गर्दा स्वयं त्यस्तो भए पनि ॥
पृथ्वीबीच लडेका ती वालीको देह त्यो तथा ।
पार्ने मर्णान्त त्यो बाण त्यो माला सुनको यता ॥
यी तीनै वस्तु भै भिन्न शोभिएका थिए वहाँ ।
तिनोटै अङ्ग–लक्ष्मी हुन् भने जस्तै स्वरूपमा ॥
वीरमा श्रेष्ठ हुन् राम उनैका धनुबाट त्यो ।
छुटेका बाणको शोभा वर्णनातीत यै भयो ॥

१४

यसैले वीर–वालीको स्वर्गको मार्ग झल्झल ।
पार्दियो, जसले पाए उनले पद निर्मल ॥
यसरी त्यो लडाँईंमा लडेका इन्द्रका सुत ।
ज्वाला रहित आगाको मुस्लोझैं देखिए स्वतः ॥
देखिन्थे त्यसवेला यी आफ्नु पुण्य जती सबै ।
सकिंदा पृथिवीबीच खसेका हुन् ययातिझैं ॥
महाप्रलयको वेला कालले आफ्नु शक्तिले ।
श्रीसूर्यलाई पृथ्वीमै खसाले ठीक भो हरे ! ॥
गलामा शोभिएकैथ्यो माला झन सुवर्णको ।
छाती चौडा थियो ज्यादै, बाहु लामा, थिए अहो ! ॥
मुख थ्यो तेजिलो बल्दो, अति राम्रो अझै पनि ।
कैला कैला दुवै आँखा शोभिइन्थे त्यसै पनि ॥
थिए दुर्जय यी वाली देवराज सुरेन्द्रझैं ।
थिए दुःसह अत्यन्त भगवान् विष्णुदेवझैं ॥
अब यस्तो अवस्थामा कपीश्वर उनीकन ।
देखे श्रीरामले आफ्ना भाइ साथ थिए जुन ॥
उनको गर्न सन्मान मर्यादा राख्न आखिर ।
भाई साथ लिंदै राम गए लम्की उतैतिर ॥
वाली हेर्दी रहेकाथे यिनैतिर मजासित ।
आगोझैं निम्न लागेका देखिन्थे तर जो स्वतः ॥
महान् बल हुने भाई साथका रामलाइ यी ।
देख्नासाथ भनी हाले वालीले कपिराज ती ॥
उनले त्यसवेलामा भनेका वाक्य राममा ।
थिए निकै कडा, नम्र, मिलेका तर धर्ममा ॥
अब थोरै थियो बाँकी उनमा तेज प्राण ता ।
धराबीच लडेकाथे त्यसरी बाण लागिंदा ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७

छोड्न इन्द्रियले लत्तो खोज्दैथे, शेष थ्यो तर ।
हाव-भाव तथा चेष्टा हुन्छन् जस्तै थियो स्थिर ॥
युद्धमा त्यसरी आफ्नो फूर्तिलो बल-विक्रम ।
देखाँउने रामसाथ उनी भन्छन् कडैसँग ॥
तिमी राम ! दशरथ-राजाका पुत्र हौ हकि ? ।
तिनमा पनि छौ ख्यात, देख्तै आनन्द लाग्छ यी ! ॥
स्वयं त्यस्तो भई यस्तो के गरेको ? हरेशिव ! ।
तिमी साथ म लड्थें के ? मभा भन यही अत्र ? ॥
अर्कैसाथ म लड्दैथें म त व्यस्त थिएँ उतै ।
मारी मलाई त्यै वेला शिर पाउ मिल्यो कि क्यै ? ॥
कमायौ कीर्ति के त्यस्तो भइहाल्यो भलो कुन ? ।
पराङ्मुख हुनेलाई जो मार्‍यौ रघुनन्दन ! ॥
भएको वल वा शक्ति लगाई लड्दथें म ता ।
छातीमै ठोक्दियौ बाण मार्दियौ हा ! मलाइ ता ॥
सुन ! पृथ्वीभरीमा यो प्राणीमात्र जहाँ-तहाँ ।
गाँउथे कीर्ति यै, तिम्रो-सुन्थें म पनि त्यो यहाँ ॥
उनीहरू यसै भन्थे-राम हुन् उच्च-वंशका ।
छन् सत्वगुणसम्पन्न राम्रो बुद्धि-विचारका ॥
तेजस्वी पनि छन् उस्तै, पाल्दछन् नियमव्रत ।
दया भित्र भएका छन्, प्राणीकै गर्दछन् हित ॥
छन् दयालु र उत्साही, अर्काको मर्म बुझ्दछन् ।
ठिक्क काम कुरा गर्छन् स्वयं दृढप्रतिज्ञ छन् ॥
सुन ! राजा हुँ भन्ठान्ने ए राम ! अव यी कुरा ।
राजामा हुनुपर्छन् जो गुण वास्तवमा पुरा ॥
भित्री-वाहिरिया दुष्ट दुवै इन्द्रिय-वेग यी ।
रोक्न सक्ने हुनैपर्छ, अड्नै पर्छ क्षमा-धृति ॥
बलीयो धर्म चाहिन्छ हुति-ह्याउ, पराक्रम ।
शोभियोस्, अपराधीमा टिकोस् दण्ड दिने गुण ॥
तिमीमा गुण यी सारा छन् भन्ने ठाद्थें म ता ।
विश्वास मान्दथें, शोच्थें तिम्रो उच्च-कुलीनता ॥
कुराले यी सवै गर्दा पर्दा म तिनकै भर ।
रोक्तैथिन् ता पनी तारा निस्किएँ लड्न बाहिर ॥
न देख्तैमा तिमीलाई सुन राम ! अगाडि म ।
तिम्रो विषयमा शोच्थें कुरा यस्तै मनै-मन ॥

४३

४४

लड्न लाग्दा म यौटाको साथमा झोक्किई अति ।
रामले बाणले रोप्नु मान्ने छैनन् भलो कति ॥
तर आजै भयो पत्तो रहेछौ यति सम्मका ।
लागेछ बुद्धिमा बिर्को ! बरवातै भएछ हा ! ॥
पाखण्डी हौ तिमी राम ! धर्मध्वज भनिन्छ जो ।
रहेछौ क्रूर पापी पो, जो गर्‍यौ स्वाँग धर्मको ॥
व्यवहार र आचार छन् तिम्रा पापपूर्ण यी ।
कूवा हौ घाँसले ढाक्तो ! यस्तो धोका दियौ लुकी ॥
साधु-सज्जनको जस्तो वेष ता यो धर्‍यौ तर ।
हौ वास्तव तिमी पापी हेर ए ! अनुहार ल ! ॥
सक्कली रूप ता तिम्रो लुक्यो त्यै साधुरूपमा ।
राम्रोस्वरूप आगाको जसरी लुक्छ भस्ममा ॥
निमुखा दुनियाँलाई ठग्नको निम्तिमात्र यो ।
गरेछौ धर्मको स्वाँग, था पाएँ बल्ल पो ! अहो ! ॥
भन ए राम ! मैले पो गरें कित विगार क्यै ।
पुरमा राज्यमा तिम्रो गएर मदमत्तभै ? ॥
कि त मैले गरें हेला तिम्रो केही वहाँ-यहाँ ।
विनापराधमा मार्‍यौ न भए किन व्यर्थमा ? ॥
सँधै वनवनै घुम्ने हुँ म बानर मामुली ।
कन्द-मूल फलै खान्छु वनमै बस्छु शान्ति ली ॥
तिम्रो साथ यहाँ राम ! म व लड्दिनथें हकि ? ।
अर्कैकै साथ लड्दैथें, मार्‍यौ किन यसो गरी ? ॥
राजा राम ! तिमी यौटा माननीय नरेशका ।
सुपुत्र हौ, यसैले नै थियौ विश्वास-योग्यका ॥
देख्तैमा लाग्दछौ प्यारो तिमीमा धर्मका सब ।
चिह्न वस्त्र-जटा आदि छन् सुशोभित वास्तव ॥
जानेका शास्त्र, जन्मेका उच्च क्षत्रिय-वंशमा ।
शङ्का तर्क-वितर्कादि छुटेका सब वस्तुमा ॥
यस्ता व्यक्ति तिमी भिन्न अर्को होला र को भन ? ।
गर्ला जो क्रूर यो कर्म धर्म-ढोंग रचीकन ॥
जन्मेका हौ तिमी राम ! श्रेष्ठ त्यो रघुवंशमा ।
थियौ प्रसिद्ध साह्रै नै धर्मात्मा छौ भनी यहाँ ॥
भव्यरूप लिई यस्तो भइ त्यस्तो अभव्य हा ! ।
घुम्दछौ किन पृथ्वीमा दिइ धोका जतातता ? ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सुन ! राजा हुँ भन्ठान्ने ए राम ! नृपमा यति ।
गुण ता हुनु नै पर्छन् क्षमा, सत्य तथा धृति ॥
साम-विक्रम-धर्मादि टिक्नु पर्छ यथार्थतः ।
दान, दण्ड दिने शक्ति पात्रमा हुनु पर्दछ ॥
यहीं बस्छौं, यहीं घुम्छौं हौं हामी वनका चरा ।
कन्द-मूल फलै खान्छौं निमुखा पशु हौं बरा ॥
हाम्रो स्वभाव यस्तैछ, हाम्रो प्रकृति हो यही ।
तिमी पुरुष हौ राम ! छौ स्वयं तिनका पति ॥
तस्मात् तिमी र हामीमा द्वेष वा वैरभावको ।
कुनै काम-कुरो सम्म पर्दै-पर्दैन शोच यो ! ॥
पृथ्वी-सुवर्ण-चाँदीको हेतुले निहुँ भै यही ।
काटमार अ-आफैंमा गर्छन् राजाहरू लडी ॥
युद्धको झगडाको वा छन् यिनै तीन हेतु नै ।
छ क्यै तिमी र हामीमा न त त्यस्तो कुरा कुनै ॥
यो भेगपट्टि वा घोर वनका यी पदार्थमा ।
अथवा फलमा हाम्रा तिमीमा छ र लोभ के ? ॥
हुन् राजधर्म ए राम ! नीतिं, विनय, दण्ड र ।
अनुग्रह, यिनै चार भिन्न छन् यी परस्पर ॥
मौका हेरेर यी चारै गरिन्छन् उपयोग त ।
हुन्न वेठाममा पार्नु यिनलाइ विशेषतः ॥
तसर्थ सुन ए राम ! पृथ्वीका यी नरेश्वर ।
हुँदैनन् मन लागेभैं गर्न सक्ने, र अस्थिर ॥
त्यस्तो हुँदा हुँदै किन्तु गर्‍यौ गर्नु नगर्नु हा ! ।
कामको वशमा पर्दा अन्ध पार्दा सताँइदा ॥
तिमीमा छ यता फेरि चर्किदो क्रोध यो पनि ।
लत्तो छोडिदियौ राम ! यसैले चञ्चले बनी ॥
राजाले कुन वेलामा गर्नु पर्दछ के कुरो ।
तिमीले खोइ जानेको ? गर्‍यौ यै मनको कुरो ॥
वेला-वखत हेरेर ठाम पर्ने गरेर जो ।
छोड्नु पर्थ्यो,त्यही बाण छोड्यौ भवाट्ट ममाथि पो ॥
देखिन्न धर्ममा तिम्रो श्रद्धा वा रुचि आदर ।
अर्थ-साधनमा बुद्धि भएकै छैन सुस्थिर ॥
मन लागे सरी गर्छौं, भन्ठान्छौ हूँ नरेश्वर ।
गाड्छन् इन्द्रिय खाल्डोमा तिमीलाइ लगी पर ॥

७७

७८

थिएँ निरपराधी म सोह्रै आना यथार्थमा ।
त्यस्तालाइ पनी मार्‍यौ बाण छोडेर व्यर्थमा ॥
गरी घृणित यो कर्म साधु-सज्जनको अघि ।
परेमा के भनौला हा ! ककुत्स्थश्रेष्ठ छौ हकि ? ॥
राजा-ब्राह्मण-गाईको हत्यारो क्रूर चोर र ।
प्राणीको वधमा मात्र रम्ने नित्य निरन्तर ॥
अघि आफ्नो विहा गर्ने नहुँदै दाजुको, छ जो ।
त्यो र नास्तिक यी सारा पुग्छन् नरकमै अहो ! ॥
कुरा लगाँउने छुस्के विश्वासी-मित्र-घातक ।
लोभी र गुरुपत्नीमा गर्ने संसर्ग यी सब ! ॥
जान्दछौ ! पुग्दछन् ठ्याक्क पापीकै लोकबीचमा ।
यसमा छैन क्यै शङ्का देखिन्छन् हेर ! शास्त्रमा ॥
यस हालतमा मार्‍यौ तिमीले किन व्यर्थमा ? ।
मलाई भन ए राम ! खोज्छौ पाँउन के ममा ? ॥
हामी वानरको छाला पैह्रन्नन् साधु-क्वै पनि ।
हाम्रा रुँ तथा हाड लाग्दैनन् काममा पनि ॥
धर्म गर्ने र धर्मैमा टिक्ने जो छन् तिमी सरी ।
व्यक्ति ती पनि खाँदैनन् हाम्रो मासु कसै गरी ॥
खण्डखाद्य परी त्यस्तै मासु खाने भए जन ।
विप्र-क्षत्रिय खान्छन् यी पाँच पञ्चनखीकन ॥
तिनमा मुख्य गैंडा छ गोही र कछुवा तथा ।
शश, श्वाविध हुन् यत्ति मार्‍यौ किन मलाइ ता? ॥
जो विद्वान् र मनीषी छन् तिनीहरू कसै गरे ।
हाम्रो छाला तथा हाड छुँदैछुन्नन् छ वर्ज्य रे ? ॥
मासु खाने कुरो होला कसरी अनि लौ भन ? ।
तै पनी मार्दिई हाल्यौ त्यै म पञ्चनखीकन ॥
सुन ए राम ? मेरी स्त्री तारा हुन्, जान्दछिन् सब ।
भन्दैथिन् ती ममा साँचा कुरा हित हुने तक ॥
पश्चात्ताप भयो अैले म परें मोहमा तव ।
आएँ यहाँ नटेरी जो, पाएँ फल, मरें अब ॥
गाह्रै पर्छ बुझ्यौ ! राम ! तिमी जस्ता कुनाथले ।
अनाथ यी बरालाई सनाथा पार्नु ता हरे ! ।
सच्चरित्रा सुशीला क्वै सुन्दरी युवतीकन ।
बचाई राख्न सक्ला के गुण्डो-दुर्जन, लौ भन? ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

६५

महान् आत्मा हुने त्यस्ता सच्चरित्र र धार्मिक ।
राजा-दशरथैबाट जन्मियौ जो तिमी तव ॥
यसैमा लाग्छ आश्चर्य देखौवा शान्तिका अनि ।
पापी, स्वाँठ तिमी जस्ता कसरी जन्मियौ भनी ॥
तिमी वास्तवमा राम ! अर्कालाइ विपत्ताँकमा ।
मर्के पार्ने रहेछौ हा ! चकैं क्षुद्र र तुच्छमा ॥
हौदा टन्काउने डोरी सदाचार-स्वरूपको ।
जुन हो त्यो छिनालेको स्वयं उत्मत्त भै अहो ! ॥
साधु-सज्जनको बाटो मर्यादा जुन हो स्थिर ।
नाघेको, धर्ममा सम्म वेवास्ताको र अस्थिर ॥
धर्म नै आड छोडेको जो हो अंकुशरूप त्यो ।
हात्तीले रामरुपी यो मार्दियौ बा ! मरें अहो ! ॥
यसो शोच त लौ राम ! नालायक अयोग्य यो ।
तिमीले जो गऱ्यौ काम हो त्यो योग्य हुने भलो ? ॥
नित्य सज्जनले निन्दा गरिने काम यै गरी ।
के भनौंला तिमी भेट्ता साधुका सामुमा परी ? ॥
वेवास्ताका उदासीन थियौं हामी तिमी प्रति ।
बल-विक्रम देखायौ यस्तैमा पनि ता हकि ? ॥
रहेछ यत्तिकै क्यारे तिम्रो हुति र ह्याउ ता ।
गाह्रै छ अपराधीमा तिमीले दिनु दण्ड ता ॥
यो युद्धस्थलमा राम मेरो अघि परी तव ।
म साथ लड्नको निम्ति आँउदा हौं त वास्तव ॥
के बुझ्यौ ! त्यस वेलामै मार्दिन्थें म तिमीकन ।
मनि देख्ने थियौ ठ्याक्कै सूर्यपुत्र-यमैकन ॥
मौका छोपी निदाएको जनलाई कुनै अहो ! ।
बस्तो लुसुक्क आएर सर्पले डस्छ, मर्छ त्यो ॥

१०७

१०८

त्यस्तै लुकेर माऱ्यौ हा ! युद्धमा जित्न मुस्किल ।
वीर मैलाइ, पापी हौ तिमी राम ! गऱ्यौ छल ॥
गर्न सुग्रीवको प्यारो लिई उद्देश्य लक्ष्य जो ।
तिमीले यो गऱ्यौ काम मेरो हत्यास्वरूपको ॥
त्यही उद्देश्य वा लक्ष्य सिद्ध गर्न तिमी यदि ।
भन्दा हौ त ममा आइ पहिले नै स्वयं त्यति ॥
म तिम्री धर्मपत्नी ती मिथिलेश-सुताकन ।
एउटै दिनमा खोजी ल्याई दिन्थें तिमीकन ॥
तिम्री पत्नी हरी लाने हो त्यो राक्षस रावण ।
छ दुष्ट त्यसको आत्मा छ स्वयं क्रूर दुर्जन ॥
न लडी जिउँदै पक्डी दुष्ट त्यो बजियाकन ।
डोरीले कण्ठमा बाँधी ल्याइदिन्थें यहीं, सुन ! ॥
मधु-कैटभले जस्तो त्यो श्वेताश्वतरी श्रुति ।
हर्दा भइ हयग्रीव ल्याएथे हरिले अघि ॥
स्वयं गइ त्यही ठीक तिम्रो आज्ञा मिले पछि ।
जानकी ल्याइ दिन्थें म, तिमी भेट्थ्यौ यहीं बसी ॥
समुद्रको जलै भित्र राखिएकी हुचन् न ती ।
पातालमै पुऱ्याएकी हुउन् वा, ल्याँउथें पुगी ॥
यो त ठिक्कै थियो राम ! म गए पछि स्वर्गमा ।
भाइ-सुग्रीव यो राज्य त्यसै भेट्ने थिए यहाँ ॥
यही वेठीक भो किन्तु यसरी रणभूमिमा ।
मारी दियौ तिमीले जो अधमैंले विपत्ताँकमा ॥
यो सारा जगतै राम ! कुनै दिन अवश्य नै ।
बन्दथ्यो कालको गाँस यसको छ स्वभाव नै ॥
मेरो मृत्यु भयो भन्ने छैन चिन्ता कुनै अतः ।
यसरी मार्नु नै योग्य हो त ? उत्तर देउ त ? ॥

१२०

१२१

आत्मा हुने उच्च, उदार वाली भनी कुरा त्यत्ति हिलो पखाली ।
लागी गए चूप यसो विचारी हुन् सूर्यझैं रामतिरै निहारी ॥
वेलाविषे त्यो अहहा ! उनीमा पीडा थियो गै शर रोपिंदामा ।
शोभा थियो किन्तु बडो अनौठो उडी सकेथ्यो मुखको बनौटो ॥

१२२

इति सत्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठारौं सर्ग

श्रीरामले वालीलाई उचित उत्तर दिनु र वालीले क्षमा प्रार्थना गर्नु

१

सुद्धि-बुद्धि हराएका लडेका डङ्ग भूमिमा ।
वालीले त्यसरी त्यस्तो भने बा ! रामभद्रमा ॥
उनको यो भनाईमा हित-अर्थ र धर्मका ।
कुरा मिल्दा थिए, भ्वास्स हेर्दा हुन् सरि ठीकका ॥
अल्लि चर्कै थिए फेरि नम्र जस्तै भई उता ।
गरे आक्षेप वालीले त्यसरी रामलाइ ता ॥
अब त्यत्ति कुरा पोखी चूप लाग्ने उनीकनै ।
भन्छन् श्रीराम धर्मार्थ मिल्दा श्रेष्ठ कुरा यिनै ॥
यसवेला थिए बाली साक्षात् निस्तेज सूर्यझैं ।
निभेका अग्नि जस्ता र पोखेको जल मेघझैं ॥
सुन ए कपिका राजा ! धर्म वा अर्थ, काम र ।
त्यो लौकिक सदाचार केहो ? कस्तो छ दुर्धर ? ॥
जान्दा रहेनछौ राम्रो तिमी नै यी कुरा अतः ।
आज मेरो गर्‍यौ निन्दा किन यो मूर्खतावश ॥
आचार्यले पनी मान्ने बूढा बुद्धि-उमेरका ।
विद्वान्सँग गई सोध तिनको के छ तत्त्व ता ? ॥
यो कुरा राम्ररी बुझ्नै पर्थ्यो कपि भए पनि ।
भन्नै हुँदैनथ्यो यस्तो भन्यौ ! मूर्ख भई अनि ॥
मेरो निन्दा, तिरस्कार गर्न नै खोज्दछौ किता ।
मलाइ कि त शिक्षा नै दिन खोज्छौ तिमी कि वा ?॥
सुन ! डाँडा र काँडाले ढाकेकी वन साथकी ।
पृथ्वी इक्ष्वाकुवंशीको वशमा छन् समस्त यी ॥
यहाँका पशु-पक्षीमा मनुष्यहरुमा पनि ।
दिन दण्ड दया गर्न सक्तछन् ती स्वयं अनि ॥
धर्मप्रकृतिका सोझा सत्य बोल्ने र सज्जन ।
राजा-भरत, पृथ्वीको गर्छन् शासन, पालन ॥

१३

१४

धर्मार्थकामको तत्त्व राम्ररी जान्दछन् उनी ।
दया सज्जनमा, दण्ड दुष्टमा गर्दछन् उनी ॥
सुन वानरका राजा ! जसमा नीति-नम्रता ।
बल-विक्रमता सत्य टिक्तछन् स्थिर भै सदा ॥
देश-कालादिको तत्त्व जानेको जो छ व्यक्ति त्यो ।
राजा हुन्छ, तिमी जान ! भरतै छन् अचेल जो ॥
उनै भरत-राजाले हामीलाइ र भूमिका ।
अरू राजाहरूलाई धर्मादेश दिए तदा ॥
सारा पृथ्वीभरी तस्मात् धर्मको वृद्धि-हेतु ली ।
घुम्छौं शिक्षा दिंदै हामी मर्यादा थाम्न, पाल्न यी! ॥
राजा भरत नै श्रेष्ठ छन् राजाहरुमा यहाँ ।
उनै सम्पूर्ण पृथ्वीको पालना गर्दछन् जहाँ ॥
तस्मात् उनै भए सम्म को प्राणी यस भूमिमा ।
सक्ला कुकर्म गर्नै पो पार्ने आघात धर्ममा ? ॥
हुँदा यस्तो कपिश्रेष्ठ ! हामीहरू पनी सब ।
आज्ञाझैं उनको खट्छौं, गर्छौं काम, लिइ हक ॥
त्यै आफ्नो धर्ममा खड्दै धर्म भ्रष्ट तथा च्युत ।
व्यक्तिको लाँउछौं पत्तो, दण्ड दिन्छौं विशेषतः ॥
कपिराज ! तिमीले ता आफ्नु जीवनमा सुन ! ।
दियौ प्रधानता ज्यादै काम-कामुकताकन ॥
राजाले हिंडिने राम्रो मार्गमा धर्म-नीतिको ।
हिंड्नेले, टिक्न गाह्रै भो, यै त भो हेतु दण्डको ॥
यता स्वधर्ममा सम्म मर्कै पार्‍यौ निरन्तर ।
उता सज्जन गर्दैछन् तिम्रो निन्दा बराबर ॥
तिमी यो जान्दछौ होला साख्ये दाजु तथा पिता ।
गुरु, विद्या दिने हो जो यी तीनै व्यक्ति ता सदा ॥

२६

२७
धर्म पाल्ने र थाम्ने क्वै महान् व्यक्ति छ ता भने ।
त्यसको निम्तिमा हुन्छन् अति मान्य र पूजिने ॥
सुन! त्यस्तै, त्यही ठीक साख्ये भाइ तथा सुत ।
गुणी चेलो पनी आफ्नो छोरो नै ठान्नु पर्दछ ॥
अन्यथा संझिनै हुन्न विद्वान्ले कहिल्यै पनि ।
मुख्य कारण धर्मै छ ! यस्तो संझिनुमा पनि ॥
बुझ्यौ ! सज्जनको धर्म अतिसूक्ष्म छ वास्तव ।
जसको तत्व बुझनामा अत्यन्तै कष्ट पर्दछ ॥
विश्वका सब प्राणीको अन्तःकरणमा सुन ! ।
बस्छ व्यापक जो आत्मा, परमात्मा त्यही गुन ! ॥
त्यही नै सब प्राणीको धर्माधर्म शुभाशुभ ।
जान्दोछ, जे छ, जस्तो छ, छ सर्वज्ञ, त्यही बुझ ! ॥
तिमी वानर हौ आफैं छौ चञ्चल विशेषतः ।
चञ्चले वानरै साथ बस्छौ, आत्मै अशान्त छ ॥
जन्मान्ध साथ जन्मान्ध के बाटो सोध्छ, भन्छ के ? ।
लिन्छौ सल्लाह यस्तैको, छन् त्यस्तै जो दिउन् त के ? ॥
अब यस्तो अवस्थामा धर्मको गुह्य-तत्व त्यो ।
तिमीले कसरी बुझ्ने, देख्ने यो कसरी ? अहो ! ॥
भनें जत्ति कुरा मैले तिमीलाइ यहाँ सुन ! ।
बुझेनौ कि कसो ?खोल्छु न बुझे अझ लौ सुन ! ॥
रिसले खप्न गाह्रो भै तिमीले तर व्यर्थमा ।
बुझ्यौ ! ए कपिका राजा ! मेरो निन्दा गर्‍यौ यहाँ ॥
मारें मैले तिमीलाई किन ? हेतु पर्‍यो कुन ? ।
त्यो कुरा म स्वयं भन्छु राम्रो ध्यान दिई सुन ! ॥
तिमीले भातृ-पत्नीमा सहवास गर्‍यौ कपे ! ।
छोड्यौ सनातनी बाटो लत्यायौ धर्म नै हरे ! ॥
मनस्वी वीर सुग्रीव-भाइ ज्यूँदो हुँदा-हुँदै ।
उनैकी प्रिय-पत्नी ती रुमामा गै फस्यौ त्यसै ॥
साक्षात् पुत्रवधू जस्तै तिम्रो निम्ति थिइन् उनी ।
कामले अन्ध भै हाल्यौ "पापी दण्डार्ह हौ अनि" ॥
धर्मबाट भयौ भ्रष्ट ए कपे ! यसरी तिमी ।
मन लागे सरी गर्ने तिम्रो बानी बस्यो पनि ॥
यही दोष भयो तिम्रो अपराध भयो यही ।
भातृपत्नीकनै भोग्दा दिनु दण्ड पर्‍यो यही ॥
४३

४४
सुन लौ ए कपिश्रेष्ठ ! लोकाचार-विरुद्ध भै ।
लत्तो छोडेर जो हिंड्छ स्वयं लोक-विरुद्ध भै ॥
त्यस्ता व्यक्तिकनै रोक्न, दुङ्गो लाउन वास्तव ।
अर्को उपाय नै छैन 'यस्तै दण्ड विना' बुझ ! ॥
म त क्षत्रिय हूँ यौटा जन्मेको उच्च-वंशमा ।
तस्मात् सक्तिनथें गर्न यो तिम्रो पापमा क्षमा ॥
नर जो भातृ-पत्नीमा बहिनीमा र औरस ।
छोरीमा गर्न संसर्ग जान्छ वा गर्न खोज्दछ ॥
बुझ्यौ ! वानरका राजा ! त्यस्ताको वध गर्नु नै ।
सुयोग्य दण्ड मानिन्छ, यो कुरा भन्छ शास्त्र नै ॥
राजा भरत हुन् हाम्रा हामी हौं उनका प्रजा ।
आदेश पाल्दछौं, खाली हुँदा आश्रित सर्वथा ॥
धर्म भ्रष्ट भएकाछौ तिमी जब कपे ! यहाँ ।
नीच मार्न सकिन्थ्यो के कसरी अनि ता त्यहाँ ? ॥
राजा भरत छन् विद्वान् , जान्दछन् तत्व धर्मको ।
धर्मभ्रष्ट हुनेलाई दिन्छन् दण्ड छ योग्य जो ॥
धर्मात्मा छन् माहात्मा जो उनको धर्मपूर्वक ।
देखरेख स्वयं गर्छन्, पाल्दछन् भइ सेवक ॥
सुन ए कपिका राजा ! यस्तो स्थिति लिई उनी ।
स्वेच्छाचारीहरूलाई दिन्छन् दण्ड कडै बनी ॥
उनै भरत-राजाको आज्ञा गरि शिरोपर ।
पाल्न त्यो ठाम खोजेर घुम्छौं हामी धराभर ॥
नाघ्दछन् धर्म-,मर्यादा जो तिमीसरिका जन ।
त्यस्तालाइ तिनै हामी दिन्छौं दण्ड दनादन ॥
मित्रता बाँधियो मेरो यता सुग्रीव साथमा ।
उहाँमा प्रेम त्यस्तैछ जो छ लक्ष्मण-भाइमा ॥
आफ्नी पत्नी र यो राज्य पाँउना निम्ति नै उहाँ ।
मेरो हित भलो गर्न तयारै हुनु भो यहाँ ॥
मैले पनि यता सारा मित्र वानरका अघि ।
गरें प्रण दिई छाड्ने पत्नी, राज्य पनी यही ॥
अब यस्तो अवस्थामा म जस्तो व्यक्तिले कपे ! ।
तिमी नै भन के गर्नु ? नीच मार्नु गरेर के ? ॥
मर्यादा-धर्मका गाँठा भरिएका निकै कडा ।
यस्तै यस्ता परे हेतु ठूल्ठूला अति चर्किला ॥
६०

६१

दिनै पर्ने भयो दण्ड तिमीमा यस कारण ।
मृत्यु नै त्यो थियो योग्य दिएँ विवश भैकन ।।
तिमीले पनि यल्लाई मान्नु नै पर्छ सर्वथा ।
ठीक हो ! भन्नु नै पर्छ धर्म मिल्दो हुँदा तथा ।।
सुन ! अर्को कुरा फेरि धर्म थाम्ने मनुष्यले ।
कुनै मित्र भए आफ्नो क्यै गर्नैं पर्छ है कपे ! ।।
धर्मको पछि लागेका स्वयं राजा भए तिमी ।
गर्ने थियौ यही काम गर्नैं पर्थ्यो त्यसै पनि ।।
विचार र सदाचार दृढ पार्ने बढाँउने ।
श्लोक छन् दुइ जल्लाई राजेन्द्र-मनुले भने ।।
पाल्छन् थाम्छन् यिनैलाई धर्मात्मा चतुरा जन ।
तिनैको पछि लागें म, बढ्ता के पो गरें भन ? ।।
सानो ठूलो हओस् जस्तो पाप गर्ने मनुष्य क्वै ।
पाँउछन् योग्यको दण्ड, राजा बाट यहाँ जसै- ।।
तसै विशुद्ध हुन्छन् ती अन्तमा स्वर्गलोकमा ।
सजीलो सँग नै पुग्छन् धर्मात्मा जनझैं वहाँ ।।
तुरुन्त छुट्छ त्यो चोर चोरीको दोषबाट त्यो ।
दण्ड देओस् , त्यसै छोडोस् राजाकै खुश हुन्छ त्यो ।।
यसो गर्दैन ता राजा योग्य दण्ड दिंदैन ता ।
त्यसैले भोग्छ त्यो पाप चोरमा जुन लाग्छ हा !
सुन ! यौटा कुरा पैले कुनै श्रमण-भिक्षुले ।
पाप यस्तै गरेकोथ्यो तिमीले जो गर्‍यौ कपे ! ।।
मान्धाता भइ बक्सिन्थ्यो मेरा पूर्खा वहाँ नृप ।
यै ठीक बक्सियो दण्ड त्यसमा शास्त्र-सम्मत ।।
यदि कोही भई राजा चुक्छ, दण्ड दिंदैन ता ।
त्यसले त्यसको साटो पाप त्यो भोग्नु पर्छ बा ! ।।
त्यसको निम्तिमा गर्छन् प्रायश्चित्त भने पछि ।
पापीका दोषको शान्ति हुन्छ, हुन्छन् विशुद्ध ती ।।
तसर्थ ए कपिश्रेष्ठ ! तिमी न गर शोक भो ! ।
तिम्रो मृत्यु भयो जो यो धर्मकै अनुकूल भो ।।
किन ? भन्छौ भने हेर ! विश्वका जीव-जन्तु यी ।
आफ्नो अधीनमा छैनन् , छ यस्तै शास्त्रको स्थिति ।।
यो तिम्रो बध गर्नामा छ अर्को हेतु यो पनि ।
गुन ! वानरका राजा ! रिस छोडी तिमी सुनी ।।

७७

७८

तिमीलाइ यहाँ मैले जो मारें त्यसमा ममा ।
पश्चात्ताप छँदैछैन न ता छ रिस क्यै ममा ।।
ठूल्ठूला नर वा राजा पाशो थापी कडा कडा ।
अथवा जाल फैलाई गरी नाना उपाय वा ।।
गुप्त खाल्डो खनी यद्वा लुकी अघि परेर वा ।
शिकार खेल्दछन् वीर! समात्छन् ;मार्दछन् कि ता ।।
ती वन्य-पशु यो वेला भागेका हुन् डराइ कि ।
विश्वास ली बसेका हुन् नजीकै, मार्दछन् हकि ? ।।
मासु खाने भए त्यस्ता व्यक्ति ए वानरेश्वर ! ।
असावधान होऊन् वा होऊन् वा सावधान त ।।
अवश्य मारिछोड्छन् ती जङ्गली पशुलाइ ता ।
भागेका हुन् , न हुन् यद्वा यसमा छैन दोष ता ।।
धर्मको तत्व जानेका राजर्षि पनि ता कपे ! ।
खेल्छन् शिकार पृथ्वीमा मार्दछन् पशुलाइ ए ! ।।
यसै कारणले मैले तिमीलाइ पनी यहाँ ।
गरी शिकार खेलेझैं छोड्दिएँ वाण युद्धमा ।।
लडेका हौ, न हौ तस्मात् तिमी मसित युद्धमा ।
फरकै छैन है ! जो छौ शाखामृग तिमी यहाँ ।।
सुन ! राजाहरू हुन्छन् धर्म, दुर्लभ-जीवन ।
महान् श्रेय दिने सम्म, क्यै शङ्का छैन लौ गुन ! ।।
तस्मात् राजाहरूलाई मार्नु नै हुन्न क्यै गरे ।
न ता हुन्छ तिरस्कार उनको गर्नु क्यै कपे ! ।।
निन्दा गर्ने सराप्ने वा गर्नु हुन्न कुनै कुरो ।
भए मन न पर्ने क्यै पनि भन्नु हुँदैन त्यो ।।
किन ? भन्छौ भने वीर ! पृथ्वीभर जतातै ।
मनुष्यको लिई रूप घुम्छन् देवहरू सवै ।।
तिमी ता धर्मको यस्तो जान्दैनौ तत्व, रूप वा ।
क्रोधको वशमा मात्र परेकाछौ त्यसै अहा ! ।।
यसैले नै गरेका हौ मेरो निन्दा न राम्ररी ।
म जो छु बावु-बाजेको धर्ममा स्थित राम्ररी ।।
यसरी राम्ररी भन्दा रामका यी कुरा मुनी ।
भित्र ठूलै पर्‍यो मर्का वालीलाइ वहाँ अनि ।।
भित्र ठूलै पर्‍यो मर्का वालीलाइ वहाँ अनि ।।

९५

ओढिए दुइटै हात अब वानरराजका ।
भन्छन् रामतिरै हेरी भइ ढुक्क उनी तदा ॥
नरश्रेष्ठ प्रभो ! राम ! जो आज्ञा भो हजूरले ।
सोह्रै आना छ त्यो पक्का, अब शङ्कै रह्यो र के ? ॥
म तल्लो खालको प्राणी माथिल्ला तहका हरे ! ।
ठूला हजूर जस्तामा दिन सक्थें जवाफ के ? ॥
प्रमादवश भै मैले भनें अप्रिय जो यहाँ ।
न जाओस् त्यसमा ध्यान, न लागोस् दोष, होस् क्षमा ॥
मैले जानिन है राम ! हजूर त यथार्थमा ।
भइ बक्सिन्छ आत्माको तत्व जान्ने स्वयं यहाँ ॥
यसको साथ-साथैमा मर्यादा लोक धर्मको ।
व्यवहारादिको सम्म ज्ञान राम्रै रहेछ जो ॥
विश्वका सब प्राणीको भलो र हित गर्नमा ।
यसरी लागिबक्सेको रहेछ हजुरै यहाँ ॥
यता हजूरको बुद्धि भै सकेको रहेछ बा ! ।
पर्दा काम-कुरो गर्दा न डग्ने, बहुतै सफा ॥
भैगो ! लौ अब श्रीराम ! म धर्मच्युत-व्यक्तिमा ।
सत्तो छाडि दिनेमा था भएँछु श्रेष्ठ जो यहाँ ॥
यस्तो भइकनै ओहो ! विश्व ख्यात भएँछु म ।
जे होस्, शरणमै आएँ, प्रभुको पाउमै छु म ॥
अब यस्तो अवस्थाको मलाइ रघुनन्दन ! ।
धर्मज्ञ ! धर्म क्यै खोली गरि बक्स्योस्न रक्षण ॥
यत्ति भन्दा न भन्दैमा वालीका नेत्र बाट हा ! ।
झरे बरर भै आँसु, रोकियो उनको गला ॥
क्वै हात्ती धापमा फस्ता चिच्याँएझैं दुखी बनी ।
विस्तारै भन्दछन् फेरि हेरी रामतिरै उनी ॥
प्रभो राम ! ममा छैनम् शोक-सुर्ता कुनै कुरा ।
न शोच्छु आफ्नु वारेमा के होला नि? भनी म ता ॥
ताराको निम्तिको एवं बन्धु-बान्धव सम्मको ।
विचार पीर वा सुर्ता ममा छैन कुनै प्रभो ! ॥
यौटै चिन्ता छ है मेरा छोरा हुन् गुणवान् अति ।
पेटका सुनका बाजू यी अङ्गद ! न हुन् दुखी ॥
यिनलाइ प्रभो ! मैले सानै देखि मजासित ।
हुर्काएँ स्नेहले पोसें न हुन् है ! अब दुःखित ॥

१११

११२

यी मलाइ न देख्तामा हुनेछन् बहुतै दुःखी ।
न पाँउन् सुक्न, क्वै पानी पिएको दहमैं भई ॥
रघुरत्न-प्रभो राम ! यिनी बालक छन् अझ ।
काला, काँचा-ठिटा हुन् जो बुद्धि पुग्दैन है अझ ॥
हुन् तारा पट्टिका छोरा मेरा यौटै यिनी अतः ।
यिनमा स्नेह बढ्तैछ मेरो पनि यथार्थतः ॥
यस्तो भए पनी किन्तु छन् अङ्गद महान् बली ।
विचार गरि बक्सेला यिनको प्रभु राम्ररी ॥
भाइ-सुग्रीवमा मेरा छोरा अङ्गदमा पनि ।
सद्भाव राख्नु पर्ला है ! न होस् फरक क्यै पनि ॥
हजूरै भइ बक्सिन्छ दुवैको अब रक्षक ।
शिक्षा गर्ने-नगर्नेमा बक्सेला राम्ररी सब ॥
नरेश्वर प्रभो राम ! भाई भरतमा तथा ।
प्रिय लक्ष्मणमा जो छ प्रभुको स्नेह, वृत्ति वा ॥
त्यही चाल, त्यही हाल रहोस् यी दुइमा पनि ।
फरकै न हओस् कत्ति 'विन्ती गर्छु म यो पनि' ॥
ती मेरी धर्मपत्नी हुन् हो तारा नाम राघव ! ।
भइन् तपस्विनी जस्ती बिचरी अब वास्तव ॥
यै मेरो अपराधैले भइन् यी अपराधिनी ।
भाइ सुग्रीव संमेलान् यै कुरो यिनमा पनि ॥
तसर्थ यिनको गर्लान् निन्दा, चर्चा सँधै उनी ।
व्यवस्था गरि बक्सेला राम्ररी यसको पनि ॥
यी मेरा भाइ सुग्रीव प्रभुको नै कृपा हुँदा ।
सक्छन् राम्रो गरी स्वामिन्! राज्य यो थाम्न पाल्न वा ॥
हजूरले भने जस्तो गर्दा, पर्दा अधीनमा ।
मेट्छ गर्ने र पर्नेले जे कुरो पनि ता यहाँ ॥
त्यसले स्वर्ग-पृथ्वीको राज्य पाँउन सक्तछ ।
सजीलै सँग त्यै व्यक्ति थाम्न वा पाल्न सक्तछ ॥
रघुरत्न प्रभो राम ! म चाहन्थें यही कुरो ।
मेरो धोको थियो मर्ने हात बाट हजूरको ॥
तारा न जाउ भन्दैथिन् ता पनी निस्किएँ म त ।
द्वन्द्वयुद्ध गरी लड्न यी सुग्रीव सँगै अतः ॥
रामलाइ भनी यत्ति भालू-वानर-जातिका ।
राजा वानर ती बाली चूप लागि गए तदा ॥

१२८

CC-0. In Public Domain. Digitization by eGangotri

१२९

उनमा ज्ञानको शक्ति अथवा तत्वका कुरा ।
यता बढिसकेकोथ्यो यसवेला त्यसो हुँदा ॥
तस्मात् संझाँउदै भन्छन् अब राम उनीकन ।
सन्तले मान्य वाणीमा धर्म खोल्दै मनोरम ॥
मान्नु पर्दैन धन्दा क्यै हाम्रो विषयमा अनि ।
गर्नु पर्दैन धन्दा क्यै आफ्नो विषयमा पनि ॥
भने किन ? कपिश्रेष्ठ ! तिमी भन्दा विशेषतः ।
छौं हामीहरु क्यै बढ़ता धर्समा स्थिर निश्चित ॥
हौं मनुष्य र छौं श्रेष्ठ तस्मात् हामीहरू यहाँ ।
धर्मानुकूल कर्तव्य गर्छौं निश्चित भै जहाँ ॥
सुन ! वानरका राजा ! अधिकारी हुने यहाँ ।
दण्ड दिन्छ भने देखि दण्डनीय-मनुष्यमा ॥
त्यो व्यक्ति र दण्ड भोग्न अधिकारी हुने जन ।
हुन्छन् कृतार्थ वा सिद्ध अन्तमा यी दुवै जन ॥
योग्य दण्ड दिंदा यौटा त्यसै धर्म-फराक ! भो ।
दण्ड भोग्दा उता अर्को धर्म धानेर शुद्ध भो ॥

१३६

१३७

कर्तव्य यसरी आफ्नो-आफ्नो पाल्दा दुवै जन ।
छुट्छन् स्वकर्म द्वारा त्यो दुःखी हुन्नन् कसै पुनः ॥
तिमीले दण्ड पायौ जो अधिको अपराध त्यो ।
यसैले नाशियो सारा अब क्यै छैन, शुद्ध भो ॥
भनेको शास्त्रले जो छ दण्ड भोगी सके पछि ।
पाँइने ठाम त्यो पायौ तिमीले पनि शुद्धि ली ॥
हिंडी अब यही बाटो आफ्नो धर्मानुकूलको ।
शुद्ध-स्वरूप त्यै धाम भेट्टायौ, अति वेस ! भो ॥
तिमी हृदयमा आफ्नो केही बाँकी छ ता अब ।
सबै फ्याँकि दिईहाल शोक मोह तथा भय ॥
सुन ! वानरका राजा ! यही विधि-विधान हो ।
तिमीले नाघ्नु यल्लाई क्यै गरेर सकिन्नथ्यो ॥
तिमी बाँच्ता थिए जस्ता यी तिम्रा सुत अङ्गद ।
तिम्रो पछि बनी त्यस्तै भइ बस्लान् छ निश्चित ॥
काका-सुग्रीवको साथ मेरै साथ पनी यिनी ।
आनन्द साथ बस्नेछन् सुर्ता नगर' क्यै तिमी ॥

१४४

१४५

उदार व्यादै दिल-देहका दरा श्रीराम हुन् धर्म र कर्ममा खरा ।
खोलेर गाँठो पर-धर्मको वहाँ भने उनीले यसरी सुवाक्यमा ॥
सुनेर त्यस्ता रणमा स्वशत्रुका शेखी विनाश्ने प्रभु-रामका कुरा ।
भालू-तथा वानर-जातिमात्रका राजा भए खिन्न भने यसो तदा ॥
हजूरको राम प्रभो ! पराक्रम रहेछ साक्षात् सुरराजकै सम ।
के पाँउ पत्तो म विभो ! यथार्थ त्यो थिएँ स्वयं वानर तुच्छजाति जो ॥
यो वाण बिभ्दा भइ पागलै सरि मैले भनें जो प्रभुमा न राम्ररी ।
ध्यानै न जाओस् त्यसमा प्रभो ! कति बक्स्योस् क्षमा पाँउ म अन्तमा यति ॥

१४८

इति अठारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उणडयिसौं सर्ग

बालीकी पत्नी तारा र छोरा अङ्गद

बाली भएठाउँमा आँउनु

१

भालू-वानरका राजा बाली त्यो राम-बाणले ।
भित्र पीडा परी ज्यादै पृथ्वीमा डङ्ग लड्दथे ॥
त्यसरी रामले योग्य युक्ति-युक्त कुरा भनी ।
दिंदा जवाफ क्यै बोल्नैं सकेनन् अनि ता उनी ॥
अङ्ग-प्रत्यङ्ग बालीका फुटेकाथे जताततता ।
हान्दा सुग्रीवले ढुङ्गा लड्दामा अघि झोक्किदा ॥
बडेमान उखेलेका वनका रुखले पनि ।
चुटिएका हुँदा सान्है अतिःदुखी थिए उनी ॥
त्यसमा रामको बाण थपिंदा रोपिंदा गई ।
अब मूर्च्छैं परे बाली यो वेला अन्तको भई ॥
सुनिन् यो हाल ताराले हाने रे ! बाण रामले ।
त्यसै बाट मरे भन्ने उनका पति जो थिए ॥
सुन्दा यो अति डर्लाग्दो पतिका मृत्युको कुरा ।
सान्है छर्पट भै हाल्यो तारामा पतिकी प्रिया ॥
छोरा अङ्गद साथै थे उनकै साथमा उनी ।
दौडिंदै उफ्रिंदै आइन्, छोडिन गिरि-गुफा पनि ॥
बस्थे अङ्गदको साथ आठै पहरिया भई ।
निकै वानर ठूल्ठूला बलका योग्यका भई ॥
अब देखे सबैले यी रामलाइ वहाँ खडा ।
धनु ताँदो चढाएको लिएका बाहुमा कडा ॥
ती महान् बलका त्यस्ता वीरै कपि भए पनि ।
सकेनन् डरले टिक्न भागे दश-दिशा अनि ॥
हूलका हूल भै भाग्दै आएका दौडि वेगले ।
देखिन् वानरलाई यी उनीले थर्र त्रासले ॥
यूथका पति मारेका यूथका पशु ठीक र ।
यूथभ्रष्ट हुने जस्ता देखिन्थे जो निरन्तर ॥

१३

१४

रामबाट डराएका थिए वानर यी निकै ।
यिनलाई लखेट्तो छ भनेर्मैं धाए रामकै ॥
अब यस्तो अवस्थामा यी भएमा पुगीकन ॥
भन्छिन् दुःखित भै तारा त्यस्ता दुःखी उनीकन ॥
सुन ए कपि हो ! के हो ? विमोहरू सँधै अहो ! ।
स्वयं अघिल्तिरै हिंड्थ्यौ वीर-वानरराजको ॥
छोडी अब उहाँलाई यो दुर्गति लिई हरे ! ।
भाग्छौ किन, कहाँ जान्छौ, काँप्तछौं किन त्रासले? ॥
सुन ए ! राज्यको निम्ति भाइ-सुग्रीव क्रूर भै ।
दाजु वालीकनै आफ्ना हो ! मराए सुनें सबै ॥
टाढैबाट लुकी मारे रामले त्यो कुरा सुनी ।
आफ्ना बाणहरू छोडी जो बिम्थे वेगिला वनी ॥
यस हालतमा भो के डरायौ किन व्यर्थमा ? ।
भाग्दछौ किन के भो र भन लौ क्यै भए ममा ? ॥
यी वानरहरू सक्थे भनेर्मैं रूप धर्न ता ।
वालीकी प्रिय-पत्नीको कुरा त्यत्ति सुने तदा ॥
भने अनि उनीलाई थिइन् जो सुन्दरी शुभा ।
वेलामा भन्नु पर्ने र मिलेका हितका कुरा ॥
लौ छिटो सुन ! ए रानी ! छोरा जीवित छन् अम्ब ।
फर्केर गर है ! रक्षा पुत्र अङ्गदको अब ॥
यमराज स्वयं आए स्वरूप लिइ रामको ।
लैजाँदैछन् कपिश्रेष्ठ वाली मारी सँगै अहो ! ॥
वालीबाट उखेलेर टिपेर जति जो वहाँ ।
हानिए वृक्ष वा ढुङ्गा मारिदए बाणले त्यहाँ ॥
कपिराजकनै रानी ! यसरी पछि रामले ।
लडाए बाणले रोपी गिरिमैं इन्द्र-वज्रले ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

जसको शक्ति थ्यो साह्रै-बेस हो सरि इन्द्रको ।
उनै वानरका राजा मारिए, बरबात भो !॥
यसैले सुन ए रानी! हाम्रो वानर-सैन्य यो ।
वहाँ टिक्न न सक्तामा हारेम्है भो र भागिगो॥
शूर-वीरहरूद्वारा किष्किन्धा-नगरीकन ।
गराई हाल लौ रक्षा यसमै छ भलो सुन !॥
किष्किन्धा-राज्यमा रानी! छोरा अङ्गदलाइ यी ।
अभिषेक दिई हाल गर आफैं छिटो यति॥
राजसिंहासनै बीच बसेका वालिपुत्र यी ।
वीर अङ्गदको सेवा गर्छन् कपि भए जति॥
राम्रो मुख हुने रानी! सुन लौ! कि यसो गर ।
तिमी अब यहाँ बस्न योग्य हुन्न, छ है डर॥
किन ? भन्छयौ भने देखि! अब सुग्रीव-पक्षका ।
यी वानर पुरी ढाक्छन् किल्ला-सिल्ला जता-तता॥
यहाँ जङ्गलमा बस्ने छन् धेरै श्रेष्ठ वानर ।
कसैका साथ छन् पत्नी, छन् नागा कति वानर॥
राज्यका सुखको लोभ तिनमध्ये छ कत्तिमा ।
हामीले नै निकालेका थियौं कत्तिकनै यहाँ॥
अब अैले यिनै बाट हामीहरुकनै सब ।
हुन सक्तछ है रानी! अत्यन्तै डर वास्तव॥
केही-पछि पछी आफ्नो आएका कपि आदिको ।
सुनिन् यस्ता कुरा सारा ताराले मार्गबीच त्यो॥
मनोहर हुने हाँसो कल्याणी उनले तव ।
आफ्नो लायकको यस्तो श्रेष्ठ वाक्य भनिन् अब॥
सुन ए! जब सौभाग्यशाली र कपि-केसरी ।
वाली पति स्वयं मेरा त्यसरी नाशिए पछि॥
मैले के गर्नु, के भो र मेरा अङ्गद पुत्रले ? ।
मेरो जोबनले यद्वा राज्यैले पनि गर्नु के !॥
म ठ्याक्क पाउमै पुग्छु महात्मा पतिको अब ।
जल्लाई बाणले हानी रामले ढाल्दिए तव॥
शोकले छटपटाएर भनी यत्ति कुरा उनी ।
दौड़दै अघि बढी हालिन् भएर अतिदुःखिनी॥
पीर ज्यादा हुँदा बढ्दा तारा बाटा भरी हरे !॥
शिर-छाति दुवै ठोक्तै गइन् वा! दुइ बाहुले॥

४३

४४

अब जाँदा वहाँ देखिन् उनले पर बाट नै ।
लडेका डङ्ग पृथ्वीमा आफ्ना पति उनीकनै॥
युद्धमा म हुँ भन्ने र कैले पीठ नफर्किने ।
दैत्य-दानवलाई जो मार्दथे भइ म्होकिने॥
इन्द्रले वज्रले जस्तो नाशतछन् गिरि-टाकुरा ।
त्यै ठीक देखिइन्थ्यो जो फ्याँकिदिन्थे त्यसै वरा !॥
जसको वेग देखिन्थ्यो भवास्स आँधि-हुरी सरी ।
जसको स्वर थ्यो ठूलो मेघ नै गर्जिए सरि॥
पराक्रम हुने साक्षात् इन्द्र जस्ता उनो हरे !।
पोखी पानी भए जत्ति शान्त मेघ सरी थिए॥
जो स्वयं गर्जिदा खेरि गर्जिने शत्रु-वीरको ।
मनमा भय उत्पन्न पार्न सक्ने थिए अहो !॥
यस्ता शूरा महान् वाली अर्को क्वै शूर-वीरले ।
मारेर त्यसरी डङ्ग पृथ्वीबीच लडाइए॥
मासु भेटन र खानाको निम्तिमा एक सिंहले ।
अर्को सिंहकनै मार्‍यो लतार्‍यो दृढ-शक्तिले॥
सम्पूर्ण जगतैद्वारा भएको मान्य पूजित ।
जहाँ ध्वजा-पताकादि सजिएको छ भूषित॥
जसका ठाम-ठामैमा वेदी छन् देवका स्वतः ।
त्यो चैत्य, वृक्षलाई वा देव-मन्दिरलाइ त॥
वहाँ गइ लुकी बस्ने समात्ने नाग सर्प वा ।
स्वयं गरुडले मासे विगारेम्है थिए अहा !॥
देखिन् अल्लि परै पुग्दा वहाँ रामकनै पनि ।
गाडेर धनु पृथ्वीमा अडेका ठिङ्ग भै अनि॥
भाइ-लक्ष्मण साथै थे नजीकै उनको यता ।
ती आफ्ना पतिका भाई देखिन् सुग्रीवलाइ वा॥
कसैको न गरी वास्ता नाघी यी सबलाइ ती ।
तारा रणस्थलैबीच पुगिन् लड्थे जहाँ पति॥
देख्ना साथ वहाँ त्यस्ता पतिलाइ असह्य भै ।
छर्पटाइन् निकै तारा लडिन् डङ्ग भई त्यसै॥
केही वेर पछी न्यूँ म्हे जस्तो गरि उठिन् उनी ।
हा आर्यपुत्र ! भन्दै ती रुन लागिगइन् अनि॥
त्यसरी मृत्यु-पाशोले टन्केका पति-देवता ।
बालीलाई वहाँ देख्ता ख्लप्न गाह्रै पर्‍यो अहा !॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
विलाप्छे पति छुट्तामा बिचरी कुररी चरी ।
जस्तो, त्यस्तै उनी लागिन् विलाप्न अब बेसरी ॥

६२
पुत्र अङ्गद साथैकी देख्ता भाउजुलाइ यी ।
पन्यो सुग्रीवमा मर्का भए दुखित खिन्न ती ॥

इति उणडयिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बीसौं सर्ग

ताराको अलाप–विलाप

१

ताराको मुख थ्यो तारा पतिकै ठीक बास्तव ।
देखिन् त्यस्तो अवस्थाका पतिलाइ वहाँ अब ॥
उनीले यो पनी देखिन् प्राणघातक-रामको ।
बाण लागेर पृथ्वीमा लडेका पतिलाइ पो ॥
अब यस्तो अवस्थाका पतिको नजिकै पुगी ।
जोल्टिइन् विचरी ग्वाम्म अँगाली पतिलाइ ती ॥
मत्ता दँवार जस्तै र पर्वतै तुल्यका पति ।
थिए वानरका राजा बाण लाग्दा लडे पछि ॥
देखदा सब कुरा यस्ता ताराको मन शोकले ।
साह्रै झर्पट भै हाल्यो असह्य भङ्ग दुःखले ॥
ठूलो आँधि–हुरी आई ढालेको वृक्ष ठीकका ।
पतिको पाउमा पर्दै अब लागिन् विलाप्न हा ! ॥
रणमा अति डर्लाग्दो बल, पौरख, वीर्य वा ।
देखाउने महान् वीर ! ए मेरा पति देवता ! ॥
अगाडि म छु आएकी न बोलेको हरे ! किन ? ।
भइसक्ता पनि यस्तो न हेरेको हरे ! किन ? ॥
ए मेरा कपिका राजा ! लौ छिटै उठिबक्सियोस् ।
हाम्रा बेस-विछ्यौना छन्, तिनैमा सुतिबक्सियोस् ॥
छन् सर्वश्रेष्ठ जो राजा तिनीहरू कसै गरे ।
खालि भैंको विछ्यौनामा सुत्तै नन् कहिल्यै हरे ! ॥
कस्ती प्यारी रहीछन् हा ! यी पृथ्वी प्रभुकी प्रभो ! ।
पृथ्वीपति भई होला भएको दृढ-प्रेम यो ॥
यसै भएर होला नि ! प्राण छोडे पछी पनी ।
सर्वाङ्गले अँगालेको न टेरी मकनै पनि ॥
मेरा वीरवर स्वामिन् ! युद्धमा धर्मले लडी ।
क्यै न क्यै गरिबक्सेछ स्वर्गमा पाँइने पछि ॥

१३

१४

यो किष्किन्धा-पुरी ठीक कुनै राम्रो पुरी वहाँ ।
बनाइ सकिबक्सेछ, अँ ! था पाए नि ! जो यहाँ ॥
हो पक्कै यो कुरो नाथ ! न भए कसरी त्यहाँ ।
हजूर सुकला हुन्थ्यो त्यो किष्किन्धा त्यजी यहाँ ॥
पहिले प्रभुका साथ मीठा बास्ना हुने सदा ।
वनमा पुग्दथ्यौं, गर्थ्यौं विहार भइ मग्न हा ! ॥
अब त्यस्ता कुरा सारा सँधैको निम्तिमा प्रभो ! ।
प्रभुले भई निर्मोही चटक्कै छोड्दि बक्सियो ॥
हजूर भई बक्सिन्थ्यो ती यूथपतिका पति ।
त्यै हजूर स्वयं आज मरिबक्स्यो यसो गरी ॥
अब बर्वात भो सारा, मेरो आनन्द मासियो ।
डुबें शोक-समुद्रैमा त्यस्तो धोको सबै गयो ॥
धन्य हो ! मन यो मेरो रहेछ बलियो कति ।
अझै अडेर देख्तो छ मरेको पनि जो पति ॥
शोकले यसरी पाक्ता पनि यस्तो हुँदा पनि ।
भई हजार टुक्रा यो किन फुट्तैन तै पनि ॥
अनर्थ गरी बक्स्यो त्यो मेरो नाथ ! हजूरले ।
जुन सुग्रीवकी-पत्नी हरिबक्स्यो घमण्डले ॥
निकाल्दि बक्सियो फेरि उनलाई त्यसै हरे ! ।
त्यसैको फल यो आज पाई बक्स्यो हजूरले ॥
सँधै हित भलो होओस् भन्ठान्थें म हजूरको ।
गर्थें काम पनी त्यस्तै मरिमेट्थें सँधै प्रभो ! ॥
भनेकी नै थिएँ मैले पैले हित हुने कुरो ।
मेरो निन्दा गरी उल्टै मोहले टार्दि बक्सियो ॥
अर्कोलाई दिने मान आर्यपुत्र प्रभो ! अब ।
स्वर्गबीच सवारी भो हजूर 'छ सुनिश्चय' ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

वहाँ पुगे पछी आफ्नो रूप-यौवन-मातले ।
स्वर्गका अप्सरा साथ हुने मस्त, छ ध्येय के ? ॥
अहो ! छन् कामक्रीडामा सब ती चतुरा, अब ।
तिनको मन मथ्ने के दिव्य-सौन्दर्यले निज ? ॥
यसमा छैन क्यै शङ्का कालै हो बलवान् अति ।
वशैले गर्दियो नाथ ! प्रभुका प्राणको क्षति ॥
कालैले प्रभुलाई ता कसैको नहुने वश ।
सुग्रीवको वशैमा पो पार्दियो बलपूर्वक ॥
श्रीरामपट्टि फर्केर भन्छिन् अब उनी यसो ।
इक्ष्वाकु-वंशमा पैदा भएका हुन् यिनी अहो ! ॥
यिनैले अरुकै साथ लड्न लाग्दा कपीन्द्रको ।
गरे बध स्वयं ओहो ! 'यही निन्दित-कर्म भो' ॥
साराले गरिने निन्दा 'यस्तो कर्म गरे पनि' ।
मान्दैनन् पछितो कत्ति अझ यी, हेर ! जीवनी ! ॥
अब वालीतिरै फर्की भन्दछिन् यसरी उनी ।
मेरो जीवन भै दुःखी बितेन कहिल्यै पनि ॥
यसरी मर्दिदा नाथ मेरा नाथ प्रभो ! अब ।
बाँचुँला लौ अनाथा भै कसरी म हरेशिव ! ॥
लिई दिनदिनै बढ्दो शोक-सन्ताप उग्र यो ।
विधवा-जीवनी मैले कसरी खेप्नु हे प्रभो ! ॥
प्रभुका पुत्र छन् नाथ ! यी यहाँ वीर अङ्गद ।
छन् सुखै भोग्नका योग्य पोसिबक्स्यो गरी प्रिय ॥
यिनको गति के होला अब हा ! यी त्यसै मरे ।
रिसले पागलै बन्ने काकाको वश जो परे ॥
अब अङ्गदमा भन्छिन्-बाबु अङ्गद ! लौ अब ।
धर्म-प्यारा पितालाई हेर राम्रो सँगै अझ ॥

३६

४०

तिम्रो निमित्तमा बाबु ! अब ता वीर-बाबुको ।
यस्तो दर्शन गाह्रै छ फेरि पाउन ता बडो ॥
पतिसाथ उनी भन्छिन् यति लामो प्रवासको ।
हुँदैछ प्रभुको यात्रा, भो यही नरमाइलो ॥
अब छोरा यिनीलाई शिरमा सुँघि बक्सियोस् ।
भन्नु पर्ने कुरा सारा भनी संझाइ बक्सियोस् ॥
मलाइ पनि क्यै बक्स्योस् म पनी हूँ हजूरकी ।
गर्नु पर्ने कुरा मैले भए सन्देश त्यै दिई ॥
ए मेरा कपिका राजा ! रघुनन्दन रामले ।
हजूरलाइ मारेर ठूलै कर्म गरे हरे ! ॥
जो प्रतिज्ञा गरेकाथे वहाँ सुग्रीवको अघि ।
यिनले त्यो गरे पूरा, तिरे ऋण, हुने त्यही ॥
सुग्रीवपट्टि फर्केर भन्न लागिन् उनी अब ।
सुन सुग्रीव ! लौ तिम्रो धोको सब पुगोस् अब ॥
जसलाइ तिमी ठान्थ्यौ आफ्नो शत्रु भनी हरे ! ।
कपिराज उनै दाजु यसरी अब जो मरे ॥
सजिलै सँग भेट्नेछौ रुमालाइ तिमी यता ।
किष्किन्धा राज्य यो सारा भोग्नेछौ सुखले उता ॥
फेरि वाली सँगै भन्छिन् ! विलाप्ता पनि ता मता ।
किन होला न बोलेको ? चित्तबाट हटें कि ता ? ॥
हेरिबक्स्योस् प्रभो ! चाँडै यिनै हुन् यी ! हजूरका ।
प्रिय-पत्नीहरू सारा आएका छन् र छन् खडा ॥
माया लाग्दा निकै चर्को यो अलाप-विलापले ।
पार्‍यो छर्पट सम्पूर्ण वानरीलाई शोकले ॥
सर्दामा दुःख ताराको वहाँका वानरी सब ।
च्यापी अङ्गदलाई नै थाले चिच्याउने अब ॥

५२

५६

तारा अझै ती कपिराज साथ भन्दै थिइन् हा ! प्रिय प्राणनाथ ! ।
शोभिन्छ बाजू दुइ बाहु साथ हजूरको भव्य भएर गाथ ॥
हजूर लामो परदेशमा यो भयो सवारी यसरी कसो ? हो ! ।
आफैं सरीका गुणवान् अनौठा हुँदैन है छोड्नु सुपुत्र यौटा ? ॥
छ है ! यिनीको सब थोक राम्रो हिंडाइ-बोलाइ असाध्य राम्रो ।
छ रूप राम्रो, छ लगाइ राम्रो, जो छोडिबक्स्यो, छ यही न राम्रो ॥

५८

CC-0. In Public Domain. Digitization by eGangotri

५९

मेरा महान् बाहु हुने हजूर ! क्यै देखि बक्स्यो कि क्षमा कसूर ? ।
गरें अप्यारो कि त क्यै कुरा पो रिसाइ बक्स्यो जसले क्षमा, हो ? ॥
त्यस्तो भए ता पनी होस क्षमा है ! ममाथि गर्ला अब को दया ख्वै ? ।
राखेर मैले शिर पाउमा यी पारें खुशी वीर ! —हजूरलाई ॥
यसो गरी घोर विलाप गर्थिन् तारा वहाँ छर्पटिएर रुन्थिन ।
त्यहाँ भएका सब वानरी ती बस्थे नजीकै लिइ दुःख ज्यादि ॥
जहाँ थिए वानरराज वाली लडीरहेका क्षितिबीच खाली ।
तारा वहीं नै अब क्यै न खाई मर्ने भइन्, देह त्यसै सुकाई ॥

६२

इति बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक्काईसौं सर्ग

हनुमान्‌ले तारालाई संझाँउनु

१

आकाशबाट पृथ्वीमा खस्ने तारा समानकी ।
तारा इङ्ग ! लडेकी लिन् पृथ्वीबीच भई दुखी ॥
देख्ता त्यस्ती यिनीलाई कपिका फौजका पति ।
हनुमान् भन्दछन् सुस्त-सँग संम्झाँउदै पछि ॥
यस्तै हो देवि ! यो सारा जगत्‌का जीव-जन्तुले ।
जो जस्तो गर्दछन् कर्म, गुण वा दोष-बुद्धिले ॥
त्यसको परिणामैमा आफ्ना कर्म तिनै यहाँ ।
फल भोगाउँछन् पुण्य-पाप दुःख-सुखादिमा ॥
मरेमा परलोकैमा पुगेपछि पनी तिनै ।
भोग गर्दछ यो जीव खपी, शान्त भईकनै ॥
हजूर भई बक्सिन्छ शोचनीया स्वयं हरे ! ।
किन हो फेरि यो शोक ? शोच्य पो को छ ? शोक के ? ॥
दीन-दुःखी भई यस्तो स्वयं रानी ! हजूर ता ।
यो दया गरी बक्सिन्छ कसको निम्ति व्यर्थ हा ! ॥
पानीका विन्दुकै ठीक देह यो छ, यहीं अडी ।
कुन पो कसको निम्ति शोक गर्छ ? छ के स्थिति ? ॥
प्रभुका पुत्र छन् सानै भएता पनि अङ्गद ।
जीवितै अम्म ए रानी ! यिनैको मुख हेर्नु छ ॥
यिनको निम्तिमा राम्रो हुने श्रेय भविष्यमा ।
हेर्नु उन्नतिको बाटो पनि पर्छ यथार्थमा ॥
हजूर भइ बक्सिन्छ विदुषी पनि ता निकै ।
तसर्थ शोच्नु पो पर्छ अब ता यी कुरा सवै ॥
हजूरलाई ज्ञानै छ ! प्राणीका जन्म-मृत्युको ।
कुनै निश्चित लोकेको काल हुन्न, छ सत्य यो ! ॥
तस्मात् श्रेय हुनेमात्र कर्म नै पर्छ गर्नु त ।
यी लौकिक-विलापादि धेरै गर्नु अयोग्य छ ॥

१३

१४

जहाँ शयौं हजारौं वा लाखौं वानर टिक्तथे ।
जसको आड पाएर आफ्नो जीवन धान्दथे- ॥
उनै वानरका राजा बाली आज यहाँ हरे ! ।
भोगेर विधिको लेख, अन्तमा यसरी मरे ॥
न्याय-शास्त्र बुझी सारा भनेझैं त्यसले गरी ।
बटुले यिनले अर्थ, राम्रै मार्ग लिईवरी ॥
के गर्नु पर्छ ? के वेस ? कुन वेला छ, यै गमी ।
साम, दान, क्षमा आदि प्रयोगै गर्दथे यिनी ॥
धर्मानुसारले प्राप्त गरिने लोकमा अतः ।
गए यी, यिनको निम्ति शोक नै गर्नु व्यर्थ छ ॥
ए चर्को क्रोधकी रानी ! यी सवै श्रेष्ठ वानर ।
तथा अङ्गद यी छोरा जो छन् वीर भयङ्कर ॥
भालू-वानरको राज्य यो पनी अव ता सव ।
हजूरकै भयो देवि ! अधीनैमा छ वास्तव ॥
ए राम्रा अङ्गकी रानी ! यी सुग्रीव र अङ्गद ।
छन् दुवै शोकले साह्रै पाकेका भित्र दुःखित ॥
गर्ने काम-कुरो पट्टि अब ध्यान दिइकन ।
गर्नु पर्दछ जे जस्तो आज्ञा दिनु छ उत्तम ॥
रानी वानरराजाकी हजूरैको अधीनभै ।
गरून् अङ्गद पृथ्वीको अब शासन यो सवै ॥
हुनाले शुभ सन्तान हुन्छ जो सिद्धि कार्यको ।
शास्त्रमा त्यो हेर्दा, जस्तो पाइन्छ भनियो भलो- ॥
त्यै कुरा गर्न बालीको शुभ संस्काररूपमा ।
छ लाग्नु, यै छ कर्तव्य, काल यै भन्छ है यहाँ ॥
तस्मात् छिटै गरी बक्स्योस् हाम्रा वानरराजको ।
सारा अन्त्येष्टिका काम लिएर विधि शास्त्रको ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पुत्र अङ्गदमा बक्स्योस् अनि राज्याभिषेक त्यो ।
शान्ति ता तव पो मिल्ला देख्तैमा स्थिति पुत्रको ॥
यतातिर थिइन् तारा आफ्ना त्यस्ता सुयोग्यका ।
पतिको पीरले भित्र पाकेकी भै वियुक्त हा ! ॥
सुन्दा माथि भने जस्ता हनुमान्का कुरा अब ।
भन्न लागिन् उनीलाई नजीकै जो थिए तब ॥
सुन ए हनुमान् ! मेरा छोरा अङ्गद-तुल्य यी ।
छोरा शयौं एक तर्फ अर्कोमा एउटै पति ॥
मेरो निम्ति दुवैमा यी मरेका पति नै अति ।
श्रेष्ठ मानिन्छ, यै मेरो धर्म हो ! 'छु म जो सती ॥

३१

३२

अँगाली वीर यी आफ्ना पतिको मृत-देह म ।
वल्दो हाव्हीर्ति आगोमा पस्नु नै ठान्छु उत्तम ॥
न त हूँ कपि-भालूका राज्यको स्वामिनी यहाँ ।
न ता अङ्गदको निम्ति क्यै गर्नें सक्छु मै यहाँ ॥
छन् ऊ ! अङ्गदका काका स्वयं सुग्रीव वास्तव ।
सबै काम-कुरो गर्नें म भन्दा प्रियका अब ॥
सुन ! अङ्गद-बारेको तिम्रो राय-विचार यो ।
मलाई ठीक लागेन न गर्ग्यौ ! अब भो पुग्यो ॥
तिमीले जान्नु पर्ने हो पुत्रका निम्तिमा हरे ! ।
बावु नै हो महान् बन्धु, आमा हुन्न कसै गरे ॥

३६

३७

कपिवर पतिको छ आसरा लिनु, अब श्रेय हुने छ यै कुरा ।
वरपर दुइ लोकमा पनि जुन सुख दिन्छ छ यै भलो पनि ॥
अघि परि निज शत्रुको लडी पति जसरी मरि बक्सियो लडी ।
अब म शयनमा सुती यही हित, सुख ठान्छु र छोड्छु प्राण यी ॥

३८

इति एकाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाइसौं सर्ग

वानरराज बालीको प्राणत्याग

१

प्राणको गति वालीको अब मन्द भयो निकै ।
ऊर्ध्व-श्वास चढी हाल्यो विस्तारै दमरूप भै ॥
यसो हेरी रहेकाथे उनी अझ यताउति ।
यसै वेला परे पैले भाई-सुग्रीव नै अघि ॥
उनै वानरका राजा अब थे, युद्धमा पनि ।
त्यसै विजय पाएथे, हुँदा उत्साहका धनी ॥
बोलाएर उनैलाई वालीले अति स्नेहले ।
विशुद्ध स्पष्ट-वाणीमा मजासित यसो भने ॥
बाबु, सुग्रीव ! यस्तै हो बुझ्यौ ! हो काल नै दृढ ।
भविष्य बन्छ यै बाबु ! गर्नु पर्ने गराँउछ ॥
यसैले बुद्धि नै मेरो खिच्यो, व्यामोह पार्दियो ।
त्यसैले म तिमीलाई शत्रु ठान्थें त्यसै अहो ! ॥
तस्मात् मैले तिमी साथि अपराध गरें जति ।
न हेर त्यसमा मेरो दोषै- हो यो ! भनी यति ॥
सुन ! अर्को कुरा हाम्री दाजु-भाइ मिली यहाँ ।
सुख भोग्नु सँगै बस्नु लेखेको नै रहेनछ ॥
यसैले दाजु-भाईमा हुनु पर्ने विशुद्ध त्यो ।
स्नेहै भएन, झन् उल्टो वैरभाव बढ्यो अहो ! ॥
अब बाबु ! तिमी आजै भालू-वानर-जातिको ।
राज्य यो गर स्वीकार ! पाल है धर्मले बडो ॥
भगवान् सूर्यका छोरा यमको महलैतिर ।
म हिंड्छु अब यी ! औले प्राण छोड्न छु तत्पर ॥
आफ्नु जीवन, यो राज्य, चञ्चलाश्री समेत त्यो ।
छोडी जान्छु म औले नै कीर्तिकै साथ शुद्ध यो ॥
भालू-वानरका राजा प्रिय भाई-तिमीकन ।
अब यस्तो अवस्थामा क्यै कुरा भन्छु लौ सुन ! ॥

१३

१४

तिमीले पनि ए बाबु ! होला कठिन धान्न जो ।
त्यस्तो भए पनी किन्तु अवश्य गर त्यो कुरो ॥
हेर ! अङ्गदलाई ऊ ! लडेको छ जमीनमा ।
हरे ! मुख सुकेकोछ, आँसु छन् टन्न नेत्रमा ॥
सुखमै हुर्किएको हो, छ योग्य सुख-भोग्नको ।
हो ! छ काँचो ठिटो किन्तु मूर्ख छैन, छ योग्य त्यो ॥
किन हो किन ? यो मेरो प्राण भन्दा छ है प्रिय ।
साखयै छोरो सरी संझ म मरे पछि है प्रिय ! ॥
यहाँ सुख-सुविस्ताको कुरा क्यै न हओस् कम ।
रक्षा गर्दै रह्यौ बाबु ! यसको अब हर्दम ॥
तिमी म-बाबुकै ठीक हौ पिता, यसको यहाँ ।
मागेको दिन सक्नेछौ, छौ जो रक्षक नै यहाँ ॥
प्रिय भाई ! म यल्लाई रक्षा गर्थें जहाँ पनि ।
डर पर्ने कुरा पर्दा रक्षा गर तिमी पनि ॥
सुन ! अर्को कुरा बाबु ! ताराको पुत्र अङ्गद ।
तेजिलो छ निकै फेरि शक्तिमा छ तिमो ठिक ॥
ती राक्षसहरूलाई पछि मार्नु परे पनि ।
पछि पर्दैन है भाई ! हुन्छ तिम्रै अघी पनि ॥
ताराको पुत्र यो तेजी छ है ! भर्खरको युवा ।
छ छीटो, छरितो फेरि गर्न सक्छ सबै कुरा ।
बलवान् छ, चमत्कार यो देखाँउछ, युद्धमा ।
कत्ति चुक्तैन है ! बाबु ! योग्यको काम गर्नमा ॥
सुन ! यौटा कुरा अर्को छोरी कपि-सुषेणकी ।
यी तारा सूक्ष्म ठूल्ठूला तत्वको तत्व जान्दछिन् ॥
यिनमा छ यही ठूलो गुण नाना प्रकारका ।
उत्पातहरु हुन्छन् ता जान्दछिन् यी अगाडि नै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

बावु सुग्रीव ! जो भन्लिन् गर्न योग्य भलो यिनी ।
शङ्कै न गरि त्यै काम, संधैं गर्ने गऱ्यौ तिमी ॥
अहिले सम्म ताराको कुनै सम्मति, राय वा ।
छैन झूठा भएको ता ! जान्दैछौ जो तिमी सदा ॥
सुन ! चुक्लाउ है बावु ! वीर थी रामभद्रको ।
गर काम-कुरो आफैं, भै निःशङ्क, छ गर्नु जो ॥
तिमीमा पाप लाग्नेछ न गर्दा काम त्यो यता ।
तिरस्कृत हुँदा राम ठोक्दिन्छन् के बुझ्यौ कुरा ? ॥
सुनको दिव्य-माला यो छ मेरो कण्ठबीच जो ।
छिटै अव झिकी हाल तिमी पहिर बावु ! यो ॥
छ है उदार-लक्ष्मीको यसमा वास सर्वदा ।
म मरे पछि छोड्दिन्छिन् यिनले, व्यर्थ हुन्छ बा ! ॥
वानरश्रेष्ठ वालीले भाइ सुग्रीवलाइ ती ।
बढेर भाइको माया प्रेमले भनियो यति ॥
दाजुका यी कुरा सुन्दा मर्दामा त्यसरी उनी ।
भएको भाइको हर्ष भो भुसुक्क त्यसै पनि ॥
लागी ग्रहण ढाकेको चन्द्रमाझैं भए उनी ।
छोप्यो सुग्रीवलाई हा ! दीनताले त्यसै अनि ॥
वालीका बचनैबाट भए सुग्रीव शान्त हा ! ।
हेरे आदर-श्रद्धाले दाजुलाई स्वयं तदा ॥
त्यो माला पैह्रने आज्ञा दाजुबाट मिले पछि ।
गलाबाट उतारे गै आफैंले क्यै बढी अघि ॥
दिए त्यो सुनको माला भाइमा कपिराजले ।
अब ढुक्क भए वीर, मर्ने निश्चय नै गरे ॥
यसैवेला परे ठ्याक्क उनको अघि अङ्गद ।
माया-मोह बढी हाल्यो भने यत्ति उनीसित ॥
प्रिय अङ्गद ए बावु ! देश, काल परिस्थिति ।
बुझ्ने बानी तिमी लेऊ, ! अब देखि गमी-गढी ॥
के गर्नु पर्छ, यो साथ को छ कस्तो, छ योग्य के ? ।
यही नै बुझ्नु है राम्रो ! गर्नु त्यै ठीकको छ जे ॥
कालानुसारका प्यारा-अप्यारा सुख-दुःखका ।
कुरा परे पनी सारा खप्ने गर तिमी सदा ॥
भित्र होस सहने शक्ति ख्याल राख्नु सँधै अनि ।
काका-सुग्रीवको आज्ञा न नाघ्नु कहिल्यै पनि ॥

४३

४४

ए लामा बाहुका मेरा प्रियपुत्र ! अझै सुन ! ।
स्नेह यत्रो हुँदा मेरो हुर्कियौ जसरी गुन ! ॥
त्यहीठीक गऱ्यौ बावु ! काकासित पनी यहाँ ।
मान्ने छैनन् निको नत्र यी काका भित्र चित्तमा ॥
शत्रु नाश्न समर्थैं छौ अझै सुन कुरा तिमी ।
काकाका शत्रुको साथ न लाग्यौ कहिल्यै पनि ॥
यिनका मित्र छैनन् जो उनका साथमा पनि ।
न हिड्नु कहिल्यै बावु ! मिल्ती-जुल्ती न गर्नु नि ! ॥
आफ्ना इन्द्रिय रोकेर स्वामी सुग्रीवको सँधै ।
बस्नु है वशमा मात्र कामैमा दिनु ध्यान है ! ॥
कसैको साथमा ज्यादा न गऱ्यौ प्रेम-स्रेम क्यै ।
न होस् स्नेह पनी मट्टै; गरी राख विचार यै ॥
किन ! भन्छौ भने बावु ! यी दुवै दोष हुन् महान् ।
यिनमा ठिकको बाटो लिनुमै छ भलो महान् ॥
यत्ति भन्दा न भन्दैमा बाण बिझदा असह्य भै ।
वालीका दुइटै आँखा पल्टिए हा ! पलट्ट भै ॥
देख्तै अत्यन्त डर्लाग्दो दाँतको मुख प्याक्क भो ।
त्यही बाटो गरी निस्क्यो वालीको हंस, प्राण गो ॥
अब बर्बात भै हाल्यो मर्दामा कपि फौजका ।
पति, श्रेष्ठ महान् बाली रोए कपि सबै अहा ! ॥
अरुको के कुरा भो र ठूल्ठूला कपिश्रेष्ठ ता ।
रुन थाले गरी ह्वाँ ! ह्वाँ !! पछि लागे विलाप्न हा ! ॥
भन्थे सब यसो ओहो ! हाम्रा वानरसिंह यी ।
बाली स्वर्ग्य हुँदा हाम्रो उड्यो तेज भए जति ॥
अब शून्य भई हालिन् यी किष्किन्धा पुरी पनि ।
रह्यो र के कुरा बाँकी शोभै छैन कहीं पनि ॥
बन-कानन उद्यान डाँडा-काँडा र पर्वत ।
अब फुङ्गा भए सारा, जो हुन्थे अघि शोभित ॥
फुल्दथे फल्दथे सारा जसका तेजले अघि ।
निस्कला अब को त्यस्तो काम गर्ने महान् कपि ॥
जसले पहिले ओहो ! महात्मा र महाभुज ।
नामी गोलभ-गन्धर्व साथ युद्ध गरे जब ॥
तव वर्ष वित्यो पन्ध्रौं लड्दा-लड्दै निरन्तर ।
थाकेनन् दुइटै वीर घोर त्यो युद्ध भो स्थिर ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

रातमा बन्द हुन्थ्यो त्यो, रोकिन्थ्यो दिउसो न त्यो ।
यसरी न भई शान्त दुइमा युद्ध भै रह्यो ॥
वर्ष सोरह लाग्दामा पछि त्यो युद्धमा वहाँ ।
थाके गोलभ गन्धर्व यिनैले मादिए त्यहाँ ॥

६२

६३

मारी दुष्ट उनीलाई हुने दाह्रा भयङ्कर !
दिने अभय हामीमा उनै हुन् यी कपीश्वर ॥
हाम्रा रक्षक यी स्वामी त्यस्ता वानरराज हा ! ।
आज आफैं मरे ओहो ! कसरी ? भो विचित्र वा ! ॥

६४

६५

ती वीर बाली कपिराज यो रित मरे पछी शान्त भई मजैसित ।
भालू तथा वानर जो थिए जति खिन्नै भए, शान्ति मिलेन क्यै कति ॥
साँढे मरेमा वनमा अघोर क्वै के हुन्छ चाला सब गाइको हरे ! ।
त्यस्तै भयो सिंह मरे त भन् वहाँ के भन्नु पर्लार वित्यासमा परे ॥
यता परी गो अब दृष्टि, मृत्युको बाटो लिएका पतिमाथि नै अहो ! ।
तारा डुबिन् शोक-समुद्रमा तब चुर्लुम्ब भै व्याकुलता बढ्यो जब ॥
ढङग्रङ्ग ढल्दो रुखलाइ भूमिमा गई अँगाल्छन् जसरी लता वहाँ ।
भई त्यहीठीक उनी पनी अब पछारिइन् ग्वाम्म अँगाली वास्तब ॥

६८

इति बाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेइसौं सर्ग

वानरराज-रानी ताराको शोक

१

तारा विख्यात थिन् सारा जगत्भर वहाँ अब ।
पैले भवाट्ट सुँघी हालिन् मरेका पतिको मुख ॥
उनी यत्ति गरी भन्छिन् मरेका पतिसाथ ती ।
दुःखले भित्र पाकेर भै असह्य र छर्पटी ॥
मेरा वीर प्रभो ! स्वामिन् ! छ यही दुःखको कुरो ।
मानि बक्सेन जो मैले भनेम्हैं अघिको कुरो ॥
यसैले अहिले यस्तो ढुङ्गा-गिर्खा हुने कडा ।
ऊँचो-नीचो धराबीच सुतिबक्स्यो, छ दुःख हा ! ॥
ए मेरा कपिका राजा ! म भन्दा पनी यी धरा ।
रहिछन् अति नै प्यारी प्रभुको निम्तिमा बरा ! ॥
यसैले त यिनीलाई अँगालेर सुखी बनी ।
हजूर सुति बक्सिन्छ न बोली मसँगै पनि ॥
ठूलै साहसले गर्ने काममा हुत्तिने प्रिय ! ।
रामरूप-विधाता यो भयो सुग्रीवको वश ॥
कुरो आश्चर्यको यै भो तस्मात् सुग्रीव नै अब ।
हुन्छन् पराक्रमी राजा राज्यमा यो छ निश्चय ॥
भालू-वानरमा श्रेष्ठ बलवान् वीर जत्ति थे ।
ती सबै पहिले सेवा प्रभुकैमात्र गर्दथे ॥
हेरि बक्स्योस् यहीं छन् यी! ती सबै अहिले प्रभो ! ।
रुन्छन्, कराँउछन्, सारा विलाप्छन् दुःखले बडो ॥
प्रिय अङ्गद छन् छोरा शोक गर्छन् असह्य ऊ ! ।
ज्यादै मुस्किल भो स्वामिन् ! म यता छर्पटाँउछु ॥
विलाप कपिको देख्ता भोग्दा शोक स्वपुत्रको ।
सुन्दा मेरो रुवाई यो जागिबक्सिन्न ? के भयो ॥
अँ ! यो त्यै वीर-शय्या हो मारिएका हजूरले ।
जहाँ शत्रु सुताइन्थे, आफैं सुत्ने त्यहीं त के ? ॥

१३

१४

विशुद्ध-वंशमा जन्म लिएका बलपूर्णका ।
युद्ध प्यारो हुने नाथ ! भै बक्सिन्थ्यो हजूर ता ॥
अर्कालाइ दिने मान मेरा प्राणप्रिय प्रभो ! ।
छोडी अनाथ मैलाई एक्लै जाने ? कता अहो ! ॥
बुद्धिमान् जनले पक्कै शूरो छानेर क्वै वर ।
न दिउन् छन् भने कन्या परेर त्यसकै भर ॥
म शूर-वीरकी पत्नी हुनाले नै तुरुन्त हा ! ।
मारिएँ यसरी व्यर्थै विधवा पारिएँ अहा ! ॥
म थिएँ कपिराजाकी रानी, सन्मान जो थियो ।
तुरुन्तै नाशिई हाल्यो विलायो के बच्यो र त्यो ? ॥
अखण्ड सुख भोग्ने जो ठूलो धोको थियो मम ।
हरायो, गाडिएँ ग्वाम्मै अब यो शोक-सिन्धुमा ॥
ओहो ! हृदय यो मेरो कति साऱ्हो रहेछ हा ! ।
पक्कै पनि बनेको हो ढुङ्गोले नै बडो कडा ॥
न भए फुट्नु पर्ने हो शयौं टुक्रा भएर यो ।
फुटेन किन त्यो फेरि मरेका पति देखि जो ॥
हरे ! मेरा सुहृत् स्वामी स्वयं वानरराज यी ।
भै बक्सिन्थ्यो स्वभावैले मेरो प्रिय पनी अति ॥
आफ्नो ठूलो शून्याँईले रणमा शत्रुलाइ ता ।
त्यसै ठोकेर नै सक्ने, मरिबक्स्यो स्वयं यता ॥
पतिहीन कुनै नारी धन-धान्य भईकन ।
सम्पन्न होस् न, छोरै होस् विधवै भन्दछन् जन ॥
स्वदेह बाट निस्केको खोलामै रक्तको अहो ! ।
हजूर सुति बक्सिन्छ यसरी आज के भयो ? ॥
इन्द्रगोप हुने नाम कीराको रंग ठीकको ।
विछ्यौनामा सुते जस्तै देखियो गजबै भयो ? ॥

२६

२७

मेरा बानरका राजा ! प्रभुको गाथ वास्तव ।
बहेको रक्त धूलोमा मुछिंदा व्याप्त भो सव ॥
यसैले प्रभुलाई म ग्वाम्ल्वाङ्ग दुइ हातले ।
अँगालो हाल्न ए स्वामिन्! सक्तै-सक्तिन है हरे! ॥
डराँदो दाजु भाईको वैरतापूर्ण युद्धमा ।
कृतकृत्य भई हाले भाइ सुग्रीव नै यहाँ ॥
रामले एउटै बाण छोड्दिंदा यिनको सव ।
डर त्रास उडी हाल्यो भए अतिसुखी अव ॥
प्रभुको छातिमा बाण रोपिएकै हुँदा हरे ! ।
अगाँल्न नाथलाई ता अप्ठ्यारो पाछं रोक्छ ए ॥
यसै कारणले गर्दा स्वामी मर्दा पनी म ता ।
त्यसै हेरिरहेकीछु अगाँल्नै न सकेर हा ! ॥
अव ठिक्क यसै वेला नीलले कपिराजको ।
छातीमा रोपिएको त्यो निकाले बाण च्वाट्ट पो ॥
गिरिको क्वै गुफाभित्र लुकेको अति भोकिदो ।
बल्दो मुख हुने सर्प निस्केझैं फुत्त निस्कियो ॥
झिक्तामा कपिका राजा वालीको देह बाट त्यो ।
बाणको पनि भो शोभा अनौठो र विचित्रको ॥
पुग्दा अस्ताँउने ठाम डाँडाले छेकिंदा वहाँ ।
चर्को किरणका सूर्य-कान्ति ठीक भयो यहाँ ॥
झिकिंदा च्वाट्ट त्यो बाण वालीका अङ्गका सव ।
घाउ बाट बह्यो खोलो ह्वाल्ह्वाल्ति रक्तकै अव ॥
देखियो त्यस वेलामा कुनै पर्वत शृङ्गको ।
रातो गेरु मिलेको पो जल-धारा बह्यो अहो ! ॥
अङ्ग-प्रत्यङ्ग वालीको टन्न भ्यो रणभूमिको ।
धूलोले त्यस वेलामा तारा देखिथन् सवै कुरो ॥
उनले वाणले मर्ने पतिको देह त्यो सव ।
पुछिन् र आँसु झारेर सिंच्न लागिन् स्वयं तव ॥
मारेका पतिका अङ्ग देख्ता चुर्लुम्ब रक्तले ।
भन्छिन् अङ्गदमा जो यी पहेंला नेत्रका थिए ॥
वावु अङ्गद !लौ हेर! पिताको आखिरी दशा ।
देख्यौ ! छ कति डराँदो,भाँचिन्छ मनसम्म हा ! ॥

४२

४३

यस वेला पिता तिम्रा पापले पूर्व-जन्मको ।
बढेको जोल्टिएको त्यो वैरले छुटिवक्सियो ॥
राता किरणका साक्षात् सूर्य जस्तै विहानका ।
तेजिलो कान्ति, यो गोरो शोभिन्थ्यो देहमा सदा ॥
स्वर्गैतिर सवारी भो उहाँ अव, तिमीकन ।
पिता भए पनि आफैं बक्सिन्थ्यो मान उत्तम ॥
अव लौ अन्तिमी वेला पिताको गर दर्शन ।
झुकेर पाउमा राम्रोसित श्रद्धा लिईकन ॥
भन्थिन् आफ्नी मुमा-तारा जव यस्तो उनीकन ।
सुने, सव उठी हाले अव अङ्गद तत्क्षण ॥
लामा मोटा दुवै वाहु पसारी अनि वावुको ।
समाते पाउ गै ग्वाम्म भने हूँ अङ्गदै म यो ॥
भन्नलागिन् यता तारा पतिसाथ वहाँ पुनः ।
ए प्रभो ! किन बक्सिन्न आशीर्वाद यिनीकन ? ॥
बक्सिन्थ्यो पहिले ढोग्दा चिरञ्जीवी भयौ भनी ।
किन आज न बक्सेको न बोल्ने किन हो त नि ? ॥
साँढेलाइ कुनै गाई-बाच्छाकै साथको हरे ! ।
मारेझैं सिंहले भैगो! अव झन् म यसै मरें ॥
सहायरूपका मेरा छोरा छन् म पनी छु हा ! ।
मरेका पनि स्वामीको सेवा गर्दीछु जो यता ॥
यज्ञस्वरूपको यत्रो यज्ञानुष्ठान नाथले ।
गरि बक्स्यो मजैं साथ कत्रो उत्साह-शक्तिले ॥
रामका बाणको रूप-जलले प्रभुले प्रभो ! ।
एक्लै अवभृथस्नान म विना गरि बक्सियो ? ॥
हजूर संग भै तुष्ट युद्धमा देवराजले ।
सुनको प्रिय त्यो माला अघि जो प्रभुमा दिए ॥
अहिले खोइ त्यो माला म देखिन कता गयो ? ।
प्रभुको कण्ठ रित्तोछ,बोली बक्स्योस् न क्यै?प्रभो! ॥
अर्कालाइ दिने मान ए प्रभो ! प्रभुलाइ ता ! ।
छोड्दिनन् राज्य-लक्ष्मी यी गै सक्ता पनि प्राण हा ॥
जस्तो चारतिरै घुम्ने सूर्यको कान्ति, मेरुको ।
डाँडा-काँडा सवै ढाक्छिन् छोड्दिनन्,ठीक त्यै भयो ॥

५८

CC-0. In Public Domain. Digitization by eGangotri

५९

मैले भनेंथें हिवकै कुरो अघि गएन ध्यानै त्यसपट्टि नाथको ।
सामर्थ्यशाली पति नाथलाइ ता मैले सकें रोक्न न ता अघी अहो ! ॥
भयो यही नै परिणाम अन्तमा मारि दिए हा ! रणमा विपक्षीकमा ।
हजूर मर्दा म र अङ्गदै पनि त्यसै मर्यौं, छोडि गइन् रमा पनि ॥

६०

इति तेइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौबीसौं सर्ग

सुग्रीव र ताराले प्राण छोड्न र मारी दिन प्रार्थना गर्नु एवं रामले दुवैलाई संझाउनु ।

१

छर्ली रहेको र असह्य त्यस्तो वियोगको दुःख बढेर यस्तो ।
तारा थिइन् शोक-समुद्रले हा ! लतारिएकी भइ पीर ज्यादा ॥
देखे थिनैलाइ वहाँ मनस्वी सुग्रीवले भाइ कपीन्द्रका ती ।
मर्कै पऱ्यो पीर बढ्यो उनीमा जो दाजुको ज्यान गयो त्यसोरी ॥
बलिन्द्रधारा भइ आँसु बर्र खसे उनीका मुखमा अकस्मात् ।
भो भित्र-भित्रै मन दीन, खिन्न देख्ता र शोच्ता अधिका कुरा ती ॥
बोकेर ठूलो पछितो मनैमा लिएर साथी प्रिय भृत्यवर्ग ।
बिस्तार बिस्तार गए अनी यी सोभयाइ श्रीराम-पदाब्ज तर्फ ॥
वहाँ पुगेमा अब मित्रलाई देखे उनीले अतियोग्य बेस ।
प्रत्यङ्ग सामुद्रिक-चिह्नद्वारा सुशोभिएका अतिचारु-वेष ॥
काव्यादिका लक्षणले भनेसैं उदात्त भै नायक धीर योग्य ।
टटीरहेका धनु बाहुमा ली थिए त्यहाँ शान्त प्रसन्न राम ॥
ठोक्राभरी बाण थिए अनेकौं हुन् सर्प जस्ता विष नित्य फ्याँक्ने ।
फैलिरहेथ्यो जश, पाउमा गै सुग्रीवले विन्ति गरे झुकेर ॥
जस्तो प्रतिज्ञा गरि बक्सिएथ्यो म साथ स्वामिन् ! प्रभुले अगाडि ।
भो पूर्ण त्यो, जो फल पाँइने हो त्यो कर्मको, राज्य छ यै अगाडि ॥
परन्तु ए राजकुमार साथी ! ठग्यो मलाई अब भाग्यले नै ।
विरक्त भैगो मन यो त्यसै हा ! यो कर्मले,-भोगिदिन भोग यी म ॥
राजा मरेमा प्रिय दाजु वाली मेरी प्रिया-भाउजु राज-रानी ।
विलाप गर्छिन् यसरी अघोर टिकोस् कसोरी अनि चित्त मेरो ? ॥
पुरीभरीका दुनियाँ समस्त रोई रहेछन्, छ असह्य कष्ट ।
कुमार यी अङ्गदको छ हाल बेहाल यस्तो, अब बाँच्न कुन्नि ! ॥
परेर यस्ता सब खण्डखाद्य डराठियो चित्त भरङ्ग भैगो ! ।
तसर्थ ए नाथ ! म राज्य यस्तो कसै गरे गर्दिन भो, पुग्यो लौ ! ॥
निन्दा तिरस्कार असह्य गर्दा खप्नै न सक्ता रिस द्वेष बढ्दा ।
मैले गरेंथें प्रिय दाजु वाली मार्ने कुरामा अघि प्रार्थना, हो ! ॥

CC-0. In Public Domain. Digitization by eGangotri

१४

परन्तु अैले कपियूथ-स्वामी वाली सरेका प्रिय-मित्र राम ! ।
चीसो पर्‍यो भित्र निकै कडा भो रहन्छ बाँचेतक ताप यो त ॥
म ठान्न थालें अब श्रेय मेरो यसै गरे हुन्छ भनेर नाथ ! ।
गै बस्नु डाँडोतिर शान्त भै भैं जो मिल्छ त्यै खानु र काल पर्खनु ॥
परन्तु यस्ता प्रिय दाजुलाई मराइ हा ! व्यर्थ त्यसो गरेर ।
पाए पनी ता सुरलोक-राज्य हुँदैन है भोग्नु, भलो हुँदैन ॥
थिए महात्मै अति बुद्धिमान् ती लड्दा पनी ओह ! मलाइ भन्थे ।
छोड्दिन्छु भैंगो ! म तँलाइ लौ जा ! चाँहन्न तेरो लिन प्राण जो म ॥
उनीसरीका जन बांट भन्ने कुरा थियो यो अतिलायकैको ।
मैले मराएँ जुन त्यो गुहारी त्यो वाक्य, यो काम म लायकै भो ॥
भाई हुओस् ता पनि नीच स्वार्थी विचार गर्ने छ भने यहाँ क्वै ।
स्वदाजुको मृत्यु रुचाउला को गुणी-विवेकी प्रिय थे अझै जो ॥
ए वीर मेरा प्रिय-मित्र राम ! यो राज्यको निम्ति असार जो छ ।
त्यो दुःख खप्ला कसरी विचार्ने जो दाजु मर्दा हुन गो असह्य ॥

२०

२१

हुन् वाली कपिका राजा मेरा पूज्य गुणी अति ।
मलाइ मारि हाल्ने ता लिएनन् कहिल्यै मति ॥
लाग्नाले बुद्धिमा बट्टा दुष्टता बढ्दिँदा मम ।
अपराध गरें यत्रो मैले प्राणै लिए यहाँ ॥
मलाई जब वालीले युद्धमा एक वृत्तको ।
हाँगाले ठोक्दिएकाथे म लडें चीत भै अहो ! ॥

२३

२४

प्रभो ! दुइ घडी सम्म म सुस्ताएँ वहाँ जब ।
मलाइ भन्थाट्ट त्यै वेला भनी हाले यसो तब ॥
जा ! भैगो छोड्दिएँ ! यस्तो न गरेस् अब देखि जा ।
हेरि बक्स्योस् ! बुझाएर भनेका प्रिय यी कुरा ? ॥
यसरी दाजु-वालीले त्यो आफ्नो भातृभाव र ।
आर्यभाव तथा धर्म थामे पारिगए स्थिर ॥

२६

२७

मैले चाँहि यत्ता स्वामिन् ! कामको क्रोधको तथा ।
कपिका ठीक बानीको दिएँ परिचयै अहा ! ॥
मारेर वृत्रासुरलाइ पैले पापी भएथे सुरराज इन्द्र ।
भएँ म त्यस्तै अब दाजुको ती गराँउदा मृत्यु अघोरपापी ॥
जल्लाइ गर्ने त कुरा परै होस् सक्दिन्न शोच्नै पनि, हो अयोग्य ।
ठूला बडाले सब त्यागदछन् यो सकिन्न हेर्नैं, छ अवाञ्छनीय ॥
ती वृत्र मार्दा जुन पाप लाग्यो सुरेन्द्रलाई प्रिय-मित्र राम ! ।
बाँडी लिए त्यो त सबै खुशीले स्त्रीजाति-पृथ्वी-जल-वृक्षले नै ।
जाबो म जस्तो कपि-जातिको ता यो पाप बोक्ला कुन व्यक्ति लेला ? ।
मेरा प्रभो ! ए रघुवंशनाथ ! लियो भने ता पनि खप्न सक्ला ? ॥

३१

CC-0. In Public Domain. Digitization by eGangotri

भुसुक्क पार्ने कुल पापपूर्ण गरेर हा! निन्दित यो कुकर्म ।
म हुन्न स्वामिन् ! निमुखा प्रजाको सन्मान भोग्ने पनि, तुच्छ हो जो ॥
राजा हुने राज्य समस्त गर्ने कुरा परै होस्, युवराज बन्ने ।
क्यै योग्यता सम्म मसा रहेन कुकृत्यले यो अब के हरेन ? ॥
मैले जगत्-निन्दित पापकर्म गरेंछु हा ! व्यर्थ भएन पत्तो ।
गर्छन् तिनै छन जुन नीच, यस्तो त्यही गरें, भाँड्छ जगत् पनी जो ॥
वर्षा हुँदामा लिइ वेग पानी बहे सरी भै तल ठाम छानी ।
लौ ! वैरियो पाप स्वदाजुलाई मराँउदा, जो हुन गो मलाई ॥
स्वदाजुको मृत्यु-स्वरूप त्यस्तो शरीर धर्ने गलिलै पछिल्लो ।
हुने त्यही पुच्छर, पीर ताप आँखा भएको शिर सूँड साथ- ॥
पापस्वरूपी मदमत्त ठूलो दँतार आयो गजराज ओहो ! ।
मासे सरी हा ! तट कै नदीको ममाथि झम्टेर विनाश लाग्यो ॥
यो पापले ए नरराज साथी ! गर्‍यो न राम्रो, खनियो ममाथि ।
थियो सदाचार ममा अघी जो स्वात्तै लग्यो क्यै पनि छैन ओहो! ॥
मैलो मिलेको सुन, अग्निबीच लगेर गाल्दा मल छोड्छ जस्तो ।
त्यस्तै भयो यो मनले पनी ता त्यागी सक्यो सत्य सुबुद्धि सारा ॥
गरेर मैले भइ मै निमित्त यस्तो न राम्रो घटना घट्यो जो ।
कुमार यी अङ्गदलाइ सम्म बाधा पर्‍यो शोक र पीर भो यो ॥
यता यसैले कपि फौजका यी स्वामी स्वयं वीर महान् बलीया ।
भए सबै वानर दीन, खिन्न आधा मरे ठीक प्रभो ! त्यसै हा ! ॥
हो ! मिलन सक्ला सुत साधु, वेस वस्ला वशैमा पनि बाबुको त्यो ।
गाह्रै छ है अङ्गद ठीक छारो भेट्टाउनालाइ त ? सत्य हो यो ॥
जस्तो, त्यही ठीक निमित्त मेरो होला र देशै अब त्यो कहाँ पो ? ।
जहाँ गएमा सजिलै म नाथ ! भेट्टाँउला दाजु कपीन्द्र जस्तो ॥
यस्तो परेमा अब वीर मेरा भतीज यी अङ्गद सम्म बाँच्न ।
गाह्रै पर्‍यो वास्तव कुन्नि कुन्नि ? शङ्का यही भन्दछ है मलाई ॥
बाँचे भने ता यिनलाइ पोस्न बाँच्ने थिइन् भाउजु सम्म मेरी ।
त्यसै त पाक्छिन्, दुखले मरे यी के बाँच्तथिन् ती अनि ? यै छ पक्का ॥
यसर्थ आफ्ना प्रिय दाजुको र भतीजको साथ दिनै पवित्र ।
स्नेहत्व देखाँउन अग्नि बाली दन्की रुकेमा म त पस्छु भित्र ॥
वैदेहपुत्री प्रभुकी प्रियाको छ खोज्नु पर्ने जुन काम बाँकी ।
मानेर आज्ञा प्रभुको घुमी त्यो गर्छन् यिनै वानरवीर पूर्ण ॥
तसर्थ ए राजकुमार साथी ! केही लछारिन्न मरे पनी म ।
हजूरको काम यहाँ छ जत्ति हुनेछ है पूर्ण त्यसै तमाम ॥

CC-0. In Public Domain. Digitization by eGangotri

४६
कुलै विनाश्ने म हुँ घोर पापी बाँच्नै पनी योग्य म हुन्न, छैन ।
तुरुन्त नै मर्छु यसर्थ साथी ! बक्स्योस्‌न आज्ञा, अनि लिन्छु चैन ॥
कपीन्द्रका भाइ सुयोग्य त्यस्ता सुग्रीवका दुःख प्रपूर्ण यस्ता ।
सुने कुरा यी सब रामले ती जहाँ थियो शोक र पीर ज्यादि ॥
मर्कै पऱ्यो बा ! यसले समर्थ श्रीराममा सम्म बढ्यो अनर्थ ।
मुखै भरी आँसु झरे तमाम परे निकै नै रनभुल्ल राम ॥
पृथ्वीभरीमा सहने र खप्ने यिनै थिए रक्षक त्यो तखतमा ।
टोलाइ हेर्थे तर चारतर्फ त्यस्तो भए ता पनि यो बखतमा ॥
हेर्दा वहाँ उत्सुकता लिएर तारा परिन् नेत्र अगाडि भवाट्ट ।
अझै रुँदैथिन् जुन दुःख बढ्दा मर्दा त्यसोरी पति आफ्नु च्वाट्ट ॥
थिइन् उनी वानरराज-रानी थियो यता नेत्र असाध्य राम्रो ।
उता अगाँली पतिलाइ मर्ने सुती रहीथिन् अझ, थ्यो न राम्रो ॥
आई रहेका अघि राम देख्ता मन्त्रीहरू वानरले बलीया ।
उठाइयिन् चित्त हुने उदार तारा बरा ! यत्न गरी अपार ॥
तानी बलैले पति बाट आफ्ना छुटाँइदामा बिचरी उनीमा ।
अत्यन्त नै कष्ट र छर्पटी भो जोल्ठीरहिन् ती पतिकै गलामा ॥
वित्ता न बित्ता अब अलि वेर अगाडि देखिन् प्रभु-रामलाई ।
धर्ने धनुर्वाण स्वबाहुबीच बल्छन् भनेझैं रबि,-तेज पाई ॥
राजाहरूमा जति चिन्ह हुन्छन् थिए उनीमा सब ती प्रशस्त ।
राम्रा थिए नेत्र दुवै विशाल थिए अनेकौं गुण अस्त-व्यस्त ॥
पैले न देखे पनि रामलाई देखेर त्यस्ता गुणवान् मनुष्य ।
सोझै ठमाइन् उनले, यिनै हुन् काकुत्स्थ श्रीराम भनी अवश्य ॥
आर्या थिइन् ती, पति-मृत्युको त्यो बढी दिंदा दुःख भई अतर्क्य ।
थिइन् निकै विह्वल तै पनी ता गइन् विलाप्तै प्रभु-राम तर्फ ॥
अत्यन्त सामर्थ्य हुने र साक्षात् इन्द्रै सरीका रणमा कसैले ।
आँट्नै न सक्ने उनको नजीक तारा पुगिन् घिस्रिइदै बलैले ॥
आत्मा थियो शुद्ध, उदार थिन् ती थिएन होशै पनि देहको ता ।
थ्यो पीर ज्यादै पतिदेव मर्दा पार्दा निकै व्याकुल शोकले हा ! ॥
संग्राममा ताक हुने अचूक श्रीराम हुन् वीर सिपालु खूब ।
भनिन् उनैलाइ यसो उनीले वहाँ पुगेमा अब धीरताले ॥
ए राम ! तिम्रो बल वीर्य सत्व आँक्नै नसक्ने मतिले रहेछ ।
पाल्दा रहेछौ निज धर्म राम्रो आँट्नै न पर्ने गति त्यो रहेछ ॥
राख्ता रहेछौ वश इन्द्रियादि रहेछ सत्कीर्ति विशुद्ध ज्यादि ।
खप्ता रहेछौ क्षितिझैं परे ता विद्वान् रहेछौ गतिले तिमी बा ! ॥

CC-0. In Public Domain. Digitization by eGangotri

६६

लिंदा धनुर्बाण स्वबाहुबीच रहेछ शोभा अति नै बढेको ।
महाबली ही दृढ देह कस्तो रहेछ ओहो! स्थिर भै अडेको ॥
भोगिन्छ जो मर्त्य-शरीरले यो छांडे पनी त्यो सुख लौकिकै हो ! ।
भोग्दा रहेछौ स्थिर भोग दिव्य तिमी यसैबाट अलौकिकै पो ॥
भैगो ! तिमी लौ अब ! वाक्य मेरो जो प्रार्थना हो, सुन राम! मान ! ।
जो बाण छोडी पतिलाई मार्‍यौ त्यल्ले मलाई पनि मार ! हान ! ॥
म जान्छु मर्दा पतिकै नजीक आनन्दले बस्छु उहाँसँगै म ।
तारा विना भै पतिदेव-वाली भै बक्सिने छैन सुखी ललाम ॥
गै स्वर्ग मेरा पति, दृष्टि छोड्दा न पाँउदा देख्न वहाँ मलाई ।
भै बक्सिने छैन प्रफुल्ल त्यस्तो हुनेछ खल्लो मन हाइ-हाई ! ॥
वहाँ जुराभा मृदु पुष्प नाना विशेष रातै जुन स्यूरिन्छन् ।
ती अप्सरामा पनि दिव्य राम्रा जाँदैन है वृत्ति-प्रसन्न हुन्नन् ॥
चाहिन्छु मै नै बुझ है ! उहाँको त्यो चित्तलाई स्थिर शान्त पार्न ।
म भैन कि स्वर्ग गए पनी हा ! सक्तैन कोही दुख शोक टार्न ॥
रमाइलो पर्वतराजको यो फेदी तथा सुन्दर टाकुरामा ।
घुम्दा तिमी के विनु-जानकीले छौ मग्न ! त्यस्तै छ हुने उहाँमा ॥
नागो भएमा तरुनो पनी क्वै पाँउन्न है शान्ति र भोग्छ दुःखै ।
भोगी रहेछौ जसरी तिमीले बुझ्छौ ! स्वयं यो अनि भन्नु नै के ? ॥
तसर्थ लौ संझ र तत्त्व, गाँठो तिमी मलाइ अब मारिहाल ।
हुने म छुट्ता दुःख पीर केही न होस् उहाँमा, सुख होस् निहाल ? ॥
हो ! छौ महात्मा, छ विचार ऊँचो कर्तव्य पाल्छौ स्थिर भै तिमी जो ।
मान्छौ कि ता हिच्किच दोष ठानी म स्त्री हुँदा मार्न अयोग्य मानी ॥
यै संझ ! वाली-पतिकी सुपत्नी हुन् यी छ आत्मा उनकै यिनीमा ।
यै ठान ! लौ मार ! छिटै मलाई लाग्दैन क्यै दोष भनी तिमीमा ॥
शास्त्रोक्त-सिद्धान्त छ राम ! यस्तै हुन् एक पत्नी-पति, हुन्न दोटै ।
यज्ञादिका कर्म हुँदा समेत समान यौटै अधिकार जो छ ॥
ऋचाहरूले पनि वेदका ती यसै भने,-हुन् दुइ एक अङ्ग ।
अन्यत्र देखिन्छ त्यसै भनेको छुट्तैन पत्नी-पतिको सुसङ्ग ॥
तसर्थ पत्नी पतिकै स्वरूप मानिन्छ आत्मातक हुन्छ एक ।
लाग्दैन स्त्रीको वध दोष तस्मात् भेट्छन् मलाई पति जो अकस्मात् ॥
ज्ञानीहरू छन् सुन ! शास्त्र बुझने जो जो अझै सम्म यहाँ टिकेका ।
भन्छन् यसै ती सब दान मध्ये स्त्रीदान ठूलो छ भनी बुझेका ॥
हेरी यसो धर्मतिरै तिमीले मारेर सुम्पे पति-देवलाई ।
त्यै दानको पुण्य-प्रतापले नै लाग्दैन है दोष ! भविष्यलाई ॥

CC-0. In Public Domain. Digitization by eGangotri

८३

छु आर्त दुःखी म अनाथ यस्ती छुटाइएँ हा ! पतिबाट सम्म ।
हुँदैन है छोडनु त्यसै सलाई तसर्थ लौ मार वजाउ डम्म ॥
भै बक्सिइन्थ्यो पतिदेव मेरा विद्वान् र राम्रा कपिबीच एक ।
हिंडाइ थ्यो मत्त गजेन्द्रकोझैं सुवर्ण-सालाहरु थे अनेक ॥
त्यस्ता उहाँबाट अलग्ग भै भै जलेर यस्तो विरहाग्निमा म ।
ठमाउ यै सक्तिन बाँच्न धेर त्यस्तो हुनाले पनि मार राम ! ॥
कपीन्द्र-पत्नी सुमुखी उनीले भनिन् यसोरी जब पीरले त्यो ।
श्रीराम लागे तव भै महात्मा संम्झाँउदै भन्न भलै कुरा यो ॥
ए वीर-बाले ! सुन मृत्युवारे उल्टो भएको छ विचार तिम्रो ।
भो छोड ! हो यो विधिले रचेको सारा जगत्, जो छ अगाडि तिम्रो ॥
तस्मात यहाँ छन् जति जीव-जन्तु उनीहरूलाइ पनी उनैले ।
भोगाँउछन् दुःख-सुखादि भोग क्यै नेठ्न सक्तैन जहाँ कसैले ॥
कुरा छ साधारण यो, सवैले छ जानिएकै बुझ ! वीर-भार्ये ।
सारा जगत्कै मुखमा कुरा यै खेली रहेको छ तसर्थ आर्ये ! ॥
त्रैलोक्यमा छन् जति जीव-प्राणी समर्थ छैनन् विधिको विधान ।
विनाश वा नाश्न सवै,-वशै छन् त्यही छ गाँठो सवको निदान ॥
न मान धन्दा अघिझैं तिमीमा हुनेछ आनन्द र प्रेमप्राप्ति ।
सुपुत्र तिम्रा युवराज हुन्छन् छन् वीर जो अङ्गद, वेस छन् ती ! ॥
समर्थ ज्यादै विधिको विधान रहेछ यस्तै, अनि के गरूँ म ? ।
ती वीर पत्नीहरू ता यसोरी चिच्याँउदैनन् अव भो ! विलाप्न ॥
वैरीहरूमा दुःख पीर पार्ने श्रीराममा शक्ति थियो अपार ।
संम्झाइन् वा ! त्यसरी उनीले आत्मा हुँदा उच्च तथा उदार ॥
ती वीर-पत्नी सुमुखी सुरूपा तारा रूँदै थिन् अझ कल्पिएर ।
सुने पछी त्यो शुभ राम-वाक्य भै चुप्प हेरिन् मुख, जिल्लिएर ॥

८४

इति चौबीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पच्चीसौं सर्ग

वानरराज बालीको दाह–संस्कार

१

भाइ-लक्ष्मण साथैका राम, सुग्रीव आदिको ।
दुःखले उनकै ठीक शोकका थे स्वयं अहो ! ॥
यस्तो भए पनि आफैं तारा, सुग्रीव, अङ्गद ।
यिनै तीन जनालाई भन्छन् संम्झाँउदै अब ॥
शोक वा ताप गर्नाले मरेका प्रिय–बन्धुको ।
कुनै श्रेय भलो हुन्न, नगर्नु बरु बेस हो ! ॥
तसमात् काम छ जो आफ्नो गर्नु पर्ने अगाडिको ।
त्यसैपट्टि दिई ध्यान विधिले सक्नुपर्छ त्यो ॥
रोई रोई सके सम्म आँसु ज्यादै चुहाइयो ।
छैन आवश्यकै कत्ति त्यसको अब भो ! पुग्यो ! ॥
शास्त्राचार कुलाचार लोकाचार समेतका ।
कर्मको पालना राम्रो गर्नु पर्दछ सर्वथा ॥
गर्नुपर्ने कुरो काम वेलामै गर्नु पर्दछ ।
बिते पछि गरे देखि पाइन्न त्यसको फल ॥
दृश्यमान जगत्मा यो छ कालै मुख्य कारण ।
त्यही मानिन्छ यो सारा कर्मको दृढ साधन ॥
काल नै सब प्राणीको खटनै गर्छ उत्तम ।
आफ्ना विभिन्न कर्मैमा त्यै लगाउँछ हर्दम ॥
भै स्वतन्त्र कुनै प्राणी न गर्नै सक्छ काम क्यै ।
न त अर्को कुनैलाई सक्छ गर्न लगाँउनै ॥
यो सम्पूर्ण जगत्मात्र छ अधीन स्वभावकै ।
छ यो स्वभावको हेतु, मुख्य आधार काल त्यै ॥
त्यो काल पनि कालैको–व्यवस्था, जुन आफ्नु हो ।
क्यै गरे नाँघ्न सक्तैन, कैल्यै नाशिन्न काल यो ॥
प्रारब्ध कर्म भो भन्दै जुन भन्छन् स्वभाव त्यो ।
त्यस्लाई अन्यथा पार्न प्राणी सक्तैन विश्वको ॥

१३

१४

नातो तेरो र मेरोको कालको छैन कै सँग ।
वश पार्न न कै सक्छ, न दैय्या चल्छ त्यो सँग ॥
बाबु–आमा न त्यो भन्छ, मित्र, बन्धु न भन्छ त्यो ।
आत्माकै वश पर्दैन, छ सर्वेश्वर काल यो ॥
यसर्थ राम्ररी शोच्ने विवेकी–जनले यहाँ ।
'जो गर्छ कालले गर्छ, भन्नैपर्दछ अन्तमा ॥
धर्म अर्थ तथा काम जो जो छन् पुरुषार्थ यी ।
त्यै काल–क्रमले गर्दा प्राप्त हुन्छन् त्यसै पछि ॥
हुन् कपिश्रेष्ठ यी बाली, भए मुक्त शरीरले ।
कर्मको फल भेट्टाए आत्मस्थिति मिल्यो, अडे ॥
भनेझैं नीतिमा ठीक गरेका साम दान र ।
अर्थले पाँइने कर्म–फल पाए सबै स्थिर ॥
महान् आत्मा हुने हुन् यी, उनले अघि जो जति ।
गरे सत्–धर्मका कर्म–त्यसको फलमा पछि— ॥
पाँइने जुन हो स्वर्ग, भेट्टाए उनले वहाँ ।
जुन तो वीरले वास्तै गरेनन् प्राण लड्नमा ॥
परं–पद यही नै हो भन्दछन्,–गति श्रेष्ठ यो ।
कपिका फौजका स्वामी उनमा जो मिल्यो अहो ! ॥
तसर्थ उनको निम्ति शोक नै गर्नु व्यर्थ छ ।
अब जो गर्नुपर्ने हो त्यै पूरा गर्नु श्रेय छ ॥
भनिसक्ता नसक्तामा रामले त्यत्ति वाक्य ता ।
भने संहार वैरीको गर्ने लक्ष्मणले तदा ॥
उनका त्यो भनाईको लक्ष्य सुग्रीव नै थिए ।
बढ्दिंदा शोक वा दुःख जुन व्यामोहमैं थिए ॥
ए मीतदाजु सुग्रीव ! तारा अङ्गद साथ लो ।
गर्नुहोस् दाजु–वालीको प्रेत–संस्कारका विधि ॥

२६

२७

लगी दाह्-क्रिया आदि गर्नुहोस् लौ ! छिटै अव ।
ढिलो गर्नु अयोग्यै हो यै कुरो काल सन्दर्भ ॥
लौ ! आज्ञा दिनुहोस् चाँडै आफ्ना सेवक भृत्यमा ।
जोर-जाम गरुन् सारा चाँहिने वस्तु जो यहाँ ॥
सुकेका दाउरा ल्याँउन् छिटै सब निकै अव ।
दिव्य-चन्दन हुन् घेरै गर्न संस्कार वास्तव ॥
यता अङ्गद छन् दुःखी भरङ्ग मनका अति ।
छिटै संम्झाँउनोस् तस्मात् न पाँउन् हुन खिन्न ती ॥
केटाकेटी सरी मूर्ख न हुनोस् हे ! तपाँइ ता ।
किष्किन्धा छ तपाँईकै वशमा हेर्नुहोस् यता ॥
ल्याँउन् अङ्गद गै आफैं चाँहिने जत्ति माल ता ।
कपडा पुष्प,-माला र सुगन्धी घिउ तेल वा ॥
जाउ तार ! तिमी चाँडै पालकी ल्याउ एउटा ।
छिटो गर नि ! यस्तैमा फूर्ति गर्दा छ बेस बा ! ॥
राम्ररी पालको बोक्ने जो छन् वानर योग्य यी ।
आफैं उनीहरूलाई छान, होऊन् तयार ती ॥
बलीया भै दिंदा साह्रै बोक्न सक्ने मजैसित ।
तिनै पुऱ्याँउछन् घाट वानरेश्वरलाइ त ॥
सुग्रीवमा भनी यत्ति सुमित्रा-सुत लक्ष्मण ।
गै वसे आफ्नु ठामैमा दाजुको नजिकै पुनः ॥
सुन्दा लक्ष्मणको आज्ञा तार-वानरको मन ।
निकै नै आत्तिई हाल्यो ढीलो होला भनीकन ॥
पालकी ल्याँउना निम्ति हुत्तिएर गए उनी ।
किष्किन्धा-नामको यौटा ठूलो गुफातिरै अनि ॥
पालकी बोक्नका योग्य बलीया कपिले त्यहाँ ।
स्वयं त्यल्लाइ बोकाई छिटै फर्के उनी यहाँ ॥
पालकी यो थियो दिव्य-रथै जस्तो र योग्यको ।
राजाले वसिने राम्रो थ्यो भद्रासन्न भित्र जो ॥
नाना प्रकारका राम्रा ठूल्ठूला वृक्ष सुन्दर ।
त्यसभित्र कुँदेका थे देखिइन्थे मनोहर ॥
यिनका बीच-वीचैमा अनेकन चरा पनि ।
शोभिइन्थे, थियो राम्रो बनावटी भए पनि ॥
निकै गजब देखिन्थ्यो भित्र यो पालकी वहाँ ।
थ्यो पैदल-सिपाहीले टन्न जो चारु-चित्रमा ॥

४३

४४

देखिन्थ्यो अति नै राम्रो बनावट, सजावट ।
लागेको सुनको जाली आँखिभयाल थिए सब ॥
कुशले यो सबै गर्दा त्यो विमान यथार्थमा ।
हो सिद्धहरूकै जस्तो देखिन्थ्यो दिव्य यो वहाँ ॥
कारीगर मिलो सारा पालकीलाइ त्यो पुनः ।
गरिएको थियो चेष्टा राम्रो पार्न, वनाँउन ॥
त्यसको अङ्ग प्रत्यङ्ग सफा सुन्दर थ्यो अति ।
यहीं पोखिदिएका थे शिल्पीले शिल्प थ्यो जति ॥
थियो लम्बाइ-चौडाइँ विशाल त्यसको यता ।
क्रीडा-गिरि बनेका थे काठमा भर्दिदा कला ॥
शिल्प-कर्मादिको सीमा थुप्रिएको थियो यहीं ।
यसो हेर्दा पनी अडथ्यो हेर्नेको मन नै यहीं ॥
नाना प्रकारका राम्रा दिव्य आभूषणादिले ।
शोभिएको थियो फेरि मालाले पुष्प आदिले ॥
बनाएका थिए भित्रै कारीगरहरू मिली ।
त्यहीं गुफा पनी नाना वन-पर्वत सम्म ती ॥
बडो गजब देखिन्थ्यो रातो श्रीखण्ड चन्दन ।
यहाँ राखिदिंदा लेप्ता थियो अति मनोरम ॥
नाना प्रकारका राम्रा सुगन्धी फूलले पुनः ।
ढपक्क ढाकिएको थ्यो यसैले हृदथ्यो मन ॥
विहानिपखका साक्षात् सूर्यकै ठीक रङ्गका ।
शोभिन्थ्यो-फूल-मालाले निकै उज्वल पद्मका ॥
देखतामा पालकी यस्तो अत्र श्रीरामभद्र यी ।
भन्दछन् भाइमा आफ्ना सुमित्रासुत वीर ती ॥
वालीलाइ यहाँ बाट बाबु लक्ष्मण ! लौ अब ।
मरेङ्घाटतिरै चाँडै लिइ जाऔं मिली सब ॥
प्रेतका कर्म छन् जत्ति गर्नु पर्ने वहाँ पुगी ।
चाँडै गरिनु पर्छन् ती, लिएरै शास्त्रको विधि ॥
लिई अङ्गद साथैमा वालीको मृत-देह त्यो ।
वीर सुग्रीवले आफैं उठाए धैर्यले बडो ॥
परन्तु खप्न गाह्रो भो दाजुको स्नेह उर्लिई ।
रुन-चिच्याँउनै लागे स्वयँ सुग्रीव कुर्लिई ॥
बल्ल-तल्ल लगी राखे पालकीबीच त्यो अनि ।
पवित्र वस्तु सम्पूर्ण त्यहाँ हाले दुखी बनी ॥

६०

६१

पैह्राए कपडा राम्रा सिंगारे गह्ना भरी ।
फूलले फूल-मालाले सजाए पछि राम्ररी ॥
अब वानरका स्वामी राजा सुग्रीव वीरले ।
भृत्य-वानरमा सारा दिए आज्ञा यसो भने ।।
मेरा पूज्य तथा दाजु-वालीको और्ध्वदेहिक ।
हुओस् काम-कुरो सारा शास्त्रीय-विधिले अव ॥
आँउन अगाडि धेरै नै उदार-मनका कपि ।
छरून् वैभव-रत्नादि राशि-राशि असंख्य ती ॥
दाजुको लास राखेको दिव्य सुन्दर पालकी ।
विस्तार अतिविस्तार हिंडाओ तिनको पछि ॥
और्ध्वदेहिक संस्कार राजाको यस भूमिमा ।
ठूलो समृद्धिको साथ गर्दछन, देख्तछौं यहाँ ॥
श्री-सम्पत्ति लगाएर त्यहीठीक तिमी सब ।
गर अन्त्येष्टि-संस्कार आफ्ना मालिकको अव ॥
तव सम्पूर्ण तारादि कपिले वानरेश्वर ।
वालीको दाह-कर्मादि त्यस्तै गर्ने गरे सुर ॥
वालीको लास बोकेर मिली वानर ती सब ।
च्यापे अङ्गदलाई र हिंडे चिच्याँउदै अव ॥
थिए जो जति बालीका वशका वानरीहरू ।
सब जम्मा भए सारा सोह्रिएर लुरुलुरु ॥
भनी हा वीर ! हा वीर ! थाले रुन-कराँउन ।
भैगो कोकोहलो ठूलो घेरे जब उनीकन ॥
गरेका बन्धु ती सारा कपिले तार आदिक ।
लास बोके हिंडी हाले मरेङ्घाटतिरै अव ॥
विस्तार अतिविस्तार अनि ती वानरी सबै ।
पछाडि उनको लागे माया लाग्दो गरी रुँदै ॥
रुँदा कोकोहलो छोडी पुग्दा वनभरी ध्वनि ।
वन-डाँडा भयो रोए जस्तै फर्की प्रतिध्वनि ॥
नजीकै तुङ्गभद्रा थिन् नदी तल पहाडको ।
शुद्ध एकान्त थ्यो ठाम तटमा जल स्वच्छ थ्यो ॥
यहीं पुगे पछी राखे लास थामे भई छिटो ।
मिले वानर, क्वै यौटा रची हाले चित्ता बडो ॥
बलीया कपिले वीर अब त्यो पालकीकन ।
ओह्राले काँधद्वारा र छेउ लागि बसे पुनः ॥

७०

७८

मरेङ्घाट गएका थे जत्ति वानर-वानरी ।
झोक्राएर बसे एकातिर शोक गरी-गरी ॥
यसै वेला पर्‍यो आँखा ताराको पालकीतिर ।
जहाँ भित्र थियो लास उनका पतिको स्थिर ॥
तारा वहीं पुगिन् ठ्याक्क उठाँइन् पतिको शिर ।
प्रेमले काखमा राखिन लागिन् रुन वढी फिर ॥
विलापिथिन् ती यसै भन्थिन्-हा मेरा वानरेश्वर ! ।
हजूर गरिबक्सिन्थ्यो ममा प्रेम महान् स्थिर ॥
ए प्रभो ! कपिका राजा ! ए मेरा पतिदेवता ! ।
मेरो ता प्राणकै स्वामी भै वक्सिन्थ्यो सुपूज्य हा ! ॥
ए महान् बाहुका नाथ ! म अगाडि छु नाथको ।
यसो दृष्टि उठाएर हेरि बक्स्योसन् लौ प्रभो ! ॥
म ऐंठिइ सकेकीछु शोकले यसरी हरे ! ।
हेरि बक्सिन्न के हो हँ ! दासीलाइ कसै गरे ? ॥
अर्काको मान-सम्मान गर्नमा चतुरा प्रभो ! ।
किन यस्तो गरी बक्स्यो?दासीमाथि अयोग्य भो ! ॥
निस्किए पनि ता स्वामिन् ! भित्रिया प्राण नाथको ।
मुख उज्ज्वल देखिन्छ अझै पनि विचित्र हो ! ॥
अस्ताचलतिरै जाने सूर्यका वर्ण ठीकको ।
त्यस्तै तेज हुने यो छ,-बाँच्ता थ्यो जति तेजिलो ॥
ए मेरा कपिका राजा ! अहो ! यो राम रूपको ।
कालले प्रभुलाई हा ! दौडायो जोडले वडो ॥
यसैले युद्धमा यौटै बाण छोडेर मारदियो ।
यता हामी सबैलाई विधवा पनि पारदियो ॥
प्रभो ! वानरका राजन् ! हुन् यिनै वानरी सब ।
जुन प्यारा थिए साह्रै प्रभुको निम्ति वास्तव ॥
हिंडन वा कुद्न सक्तैनन् अरु वानर ठीक यी ।
तस्मात पैदल नै आए यत्ति टाढा पनी हिंडी ॥
यिनको मुख राम्रो छ चन्द्रकै ठीक, यी सब ।
छन् प्यारी प्रभुका फेरि पत्तो छैन कसो अझ ? ॥
अहो ! किन न हेरेको हेरि बक्स्योस् न ! छन् उता ।
लौ ! छोडदि बक्स्योस् दृष्टि भाइ सुग्रीवमाथि ता ! ॥
यी मन्त्रीहरु हुन नाथ ! तार आदि हजूरका ।
पुरवासीहरू सारा दुःखी छन् घेर्दछन् यता ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

६५

आफ्ना शत्रु हुनेलाई त्यसै मार्ने प्रिय प्रभो ! ।
अघि जस्तै विदा बक्स्योस् यी मन्त्रीहरुलाइ, भो ! ॥
अनि ह्मामीहरू नाथ ! वन-काननमा गई ।
गर्नौला कामका क्रीडा अनेकौंथर मात्तिई ॥
पतिका मृत्युको शोक बर्जिदा अति चर्किंदो ।
विलाप गर्दथिन् तारा भै चुलुम्ब त्यहीं अहो ! ॥
मिलेर वानरी सारा उनकै ठीक शोकले ।
दुब्लाएका थिए जो ती उठाएर पर्रै लगे ॥
अक्ष इन्द्रियले लत्तो छोडेकै थे यतातिर ।
छोरा अङ्गदको चाँहि उनै आए अघिल्तिर ॥
अनि सुग्रीव-काकाको लिई मद्दत बाबुको ।
लास आफैं लगी राखे त्यै चितामा रुँदै अहो ! ॥

१००

१०१

शास्त्रीय विधिका कर्म गर्नुपर्ने सके यहाँ ।
दागवत्ती दिए पैले गरे अनि प्रदक्षिणा ॥
अब मेरा पिता छैनन् लामो यात्रातिरै गए ।
यो कुरा उब्जिदा भित्र उनका वृत्ति विक्षिप्त ॥
विधिले अब वालीको दाह-संस्कार यो सकी ।
जलाञ्जलि दिना निम्ति कसिए सब यी कपि ॥
ती नदी-तुङ्गभद्राको पवित्र जल ध्यो शुभ ।
तिनैको तटमा राम्रो आए चाँडै गरी सब ॥
छोरा अङ्गदले पैले जलाञ्जलि दिए यहाँ ।
पछि वानरले अर्पे तारा सुग्रीव साथमा ॥
भई सुग्रीवमैं दुःखी दीन-हीन महाबली ।
रामले प्रेत-वालीको गराए सब कर्म यी ॥

१०६

१०७

इक्ष्वाकुको त्यो कुलमा शिरोमणि श्रीराम हुन्, मानिसमा महान् गुणी ।
मरे उनैको गइ बाण एउटा ठक्क्कक लाग्दा कपिराज ती बरा ! ॥
हुन् वीर ठूला कपि यी पराक्रमी प्रसिद्ध ज्यादै बल-वेगमा पनि ।
थे अग्नि जस्तै जुन तेजिला तब डढाइ छोडे यिनलाइ नै अब ॥
गरी सकी यत्ति स्वभृत्य-सेवक लिएर मन्त्रीवर वानरादिक ।
भाई सँगैका प्रभु मित्र रामको नजीक आए कपिराज बल्ल पो ।

१४६

इति पच्चीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छब्बिसौं सर्ग

सुग्रीवको राज्याभिषेक र अङ्गदको यौवराज्याभिषेक

१

खिन्न, दिक्क भएकैथ्यो अझ सुग्रीवको मन ।
दाजुका मृत्युको त्यस्तो शोक बढ्दा पुनः पुनः ॥
लगाएका लुगा सम्म चीसै-गीलै थिए अझ ।
यता वानरले सारा घेरिएकै थिए तव ॥
प्रधान कपिका वीर हनुमान् आदि जो थिए ।
ढाकी चारतिरै बाट सेवामा रत नै थिए ॥
अव यस्तै अवस्थामा स्वामी सुग्रीव साथमा ।
गए राम भए तर्फ बढ्दै,—सर्दै सबै वहाँ ॥
सजीलै काम ठूल्ठूला गर्ने लामा पुने भुज ।
रामलाइ पुगी घेरे उनले प्रेमपूर्वक ॥
ठूल्ठूला ऋषिले सारा घेरिएझैं पितामह ।
भए राम यता जोड्दा हात वानरले सव ॥
आफ्ना हात दुवै जोडी रामसाथ वहाँ अव ।
भन्दछन् वायुका छोरा हनुमान् भक्तिपूर्वक ॥
देखिन्थे त्यसवेला यी सुनकै गिरि हुन् ठिक ।
विहानिपखका साक्षात् सूर्यजस्तै हुने मुख ॥
ककुत्स्थ-कुलका रत्न प्रभो राम ! हजूरको ।
कृपाले पाइ बक्स्यो यो राज्य सुग्रीवले अहो ! ॥
राम्रा विशाल दाह्राका बल-शक्ति-प्रपूर्णका ।
मनस्वी कपिको स्वामिन् ! हो यो राज्य अखण्ड ता ॥
पालिएको छ यल्लाई पति-सुग्रीवका पिता- ।
पुर्खाका वंशियारेले धर्मपूर्वक सर्वथा ॥
अव आज यसैलाई हुनाले प्रभुको दया ।
गाह्रै भए पनी प्राप्त गरिबक्स्यो, छ हर्ष बा ! ॥
अव आज्ञा भए देखि पुरीभित्र पसी त्यही ।
सारा सह्यालि बक्सिन्थ्यो राजकाज भए जति ॥

१३

१४

पति-सुग्रीवका स्वामिन् ! जो जो छन् प्रिय-मित्र ती ।
यहीं छन् सव, छन् साथ परिवार समेत यी ! ॥
शास्त्रको विधिले नाथ ! सुगन्धित-पदार्थले ।
नाना औषधिले पूर्ण पवित्र जल आदिले- ॥
अभिषिक्त भई आफ्नो राज्यमा कपिराजको ।
भित्र इच्छा उठेको छ पूजा गर्न हजूरको ॥
विशेष प्रभुको पूजा हुन सक्थ्यो र के गरी ? ।
माला अर्पनु-मात्रै हो मिलाई रत्न राम्ररी ॥
तस्मात् अतिशयै राम्रो छ त्यो पर्वतको गुफा ।
किष्किन्धा-राजधानी हो सवारी होस् प्रभो ! त्यता ॥
हाम्रो राजा बनाएर पति-सुग्रीवलाइ ता ।
अव लौ ! राखिदई बक्स्योस्, हुन प्रबन्ध सवै उता ॥
शत्रुका पक्षका वीर नाश गर्न समर्थका ।
श्रीरामले सुने त्यस्ता हनुमान्का सवै कुरा ॥
कुरा गर्न निकै बाठा चतुरा पनि त्यत्तिकै ।
श्रीराम हुन्,भनी हाले हनुमान्मा अनि यसै ॥
राम्रो स्वभावका वीर ! सुन मेरो कुरा छ यो ।
आज्ञा-वश भएको छु म पिताको र पाल्छु त्यो ॥
चौध वर्षभरी तस्मात् म कुनै पुर-गाँउमा ।
पस्तै पस्तिन, यै संझ ! बस्छु, घुम्छु अरण्यमा ॥
प्रियमित्र कपिश्रेष्ठ वीर सुग्रीव नै अव ।
हुन्छ पाल्नु भए वेस ! त्यो गुफाभित्र वास्तव ॥
म सुन्दछु गुफा त्यो छ ज्यादै वेस रमाइलो ।
सुसमृद्ध छ रे साह्रै, छन् रे स्वर्गीय-वस्तु पो ॥
शास्त्रको विधिले वीर ! चाँडै नै कपिराज्यमा ।
दिइयोस् अभिषेकादि उहाँलाइ लगी वहाँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भनेर यी कुरा वीर हनुमान् साथ रामले ।
यसो दृष्टि घुमाएर मित्र-सुग्रीवमा भने ॥
प्रिय-मित्र ! तपाँईं ता लोकका शास्त्रका तक ।
व्यवहार,-कुरा-कानी जान्नुहुन्छ स्वयं सब ॥
छन् सदाचार-सम्पन्न यी अङ्गद-कुमार ता ।
बल-विक्रम ज्यादै छ यिनमा वीरता छ वा ! ॥
यससमर्थ यिनैलाई पदमा युवराजको ।
अभिषेक दिई हाल्नोस् तुरुन्तै, हुन्छ है भलो ! ॥
सुन्नोस् ! तपाँईका दाजु-वालीका पुत्र हुन् यिनी ।
बल-शक्ति उनैसामैं देखिन्छ यिनमा पनि ॥
बडो उदार-आत्मा छ, यिनको यससमर्थ यी ।
गुन्नोस् है ! अधिकारी छन् गर्नु होला सँगै यति ॥
राम्रो स्वभावका मेरा प्रियमित्र ! अगाडिका ।
चारोटा महिना आए वर्षा-चौमास रूपका ।
तिनमा पहिलो चाँहि यही श्रावण-मास हो ।
वैरिन्छ जसमा पानी घनघोर भई बडो ॥
कसैमा हमला गर्न गई झम्टन- सम्मको ।
मानिन्न योग्यको वेला यो वेला-, खेप्नु वेस हो ! ॥
तपाँईं पाल्नुहोस् तस्मात् पुरमा आफ्नु सुन्दर ।
म भाइ साथ ली बस्छु यै डाँडोमा त्यतैतिर ॥
मेरा प्रिय-सखे ! हेर्नोस् ! ऊ त्यो पर्वतको गुफा ।
बडो राम्रो छ, ठूलो छ बस्न योग्य छ सर्वथा ॥
हावा चाहिन्छ जो जत्ति पाइन्छ त्यहिं, बस्छु म ।
त्यहीं प्रशस्त पानी छ, पद्म फुल्छन् छ उत्तम ॥
भैगो लौ ! अहिले सुन्नोस् ! पुरमै गइ बस्नुहोस् ।
पछि कार्तिक लाग्दैमा त्यो मेरो काम गर्नु होस् ॥
मार्नै पर्दछ त्यो दुष्ट पाजी रावणलाइ ता ।
दिनु पर्दछ है ध्यान यसमा मित्रले सदा ॥
भयो नि ? यै कुरा पक्का ! लौ पाल्नोस् महलैतिर ।
राज्याभिषेक ली हाल्नोस् राज्यमा आफ्नु सुन्दर ॥
वहाँ खुश हुउन् आफ्ना इष्ट-मित्र-सुहृतहरू ।
परिवार हुउन् दक्ष, स्थिर होस् आफ्नु आबरू ॥
पाई यो रामको आज्ञा कपिमा श्रेष्ठ वीर ती ।
पसे सुग्रीव किष्किन्धापुर - भित्र गरी यति ॥

४३

४४

वीर वानर-वालीले लगाइ मन राम्ररी ।
पुर यो रचिएको हो निकै वेस गरी-वरी ॥
त्यो किष्किन्धा-गुफा भित्र पस्न लाग्दा वहाँ अब ।
कपीश्वर उनीलाई घेरे वानरले सब ॥
थियो यी कपिको संख्या हजारौंको, सबै लिई ।
पसे पछि लगाएर त्यसैभित्र खुशी भई ॥
भित्र-बाहिर बस्ने ती प्रजा-प्रकृति थे जति ।
देखे वानरका राजा वीर सुग्रीवलाइ यी ॥
तुरुन्त उनले सारा बडो आदर-मानले ।
शिर टेकेर पृथ्वीमा ढोग्दिए, मान्यता दिए ॥
महान् बल हुने त्यस्ता वीर सुग्रीवले पनि ।
प्रजालाई गरी हाले आज्ञा उठ ! भनी अनि ॥
गरी भलो-कुसारीका मीठा मीठा कुरा पछि ।
खोपी भित्र पसे दाजु-वालीको झल्किंदो अति ॥
वीर-सुग्रीवमा ज्यादै छल्काग्दो बल शक्ति थ्यो ।
थिए वानरमा श्रेष्ठ अतिअद्भुत वीर्य थ्यो ॥
देख्ता अब यिनैलाई वहाँका मित्र-बन्धुले ।
अभिषेक दिई हाले इन्द्रमा सरी देवले ॥
उनको क्रम यस्तो भो पहिले भै छिटा अति ।
राज्याभिषेक - सामग्री जुटाए चाँहिने जति ॥
सेतो छाता त्यहीं ल्याए मोरको सुन शोभित ।
सुनकै डाँठका दोटा ल्याए चँवर भूषित ॥
मणि-माणिक्य-रत्नादि जम्बा पारे वहीं सब ।
बीज-औषधि जो जत्ति चाहिन्थ्यो ठीक भो तब ॥
काटतामा आँउने दूध वृक्षका झुण्डिने जरा ।
ल्याए थुप्रै, लुगा ल्याए सेतै पुष्पादि सम्म ता ॥
थलका जलका फूल ल्याए माला गुँथे पुनः ।
दिव्य चन्दनकै साथ जुटाए अनुलेपन ॥
नाना प्रकारका बाना भएका गन्ध-वस्तु र ।
सुवर्ण अक्षता आदि ल्याए गै भइ तत्पर ॥
तुरुन्त कागुनो ल्याए दही मह तथा घृत ।
जुटाए नै छिटा चाँडै मिलेर कपिले सब ॥
सग्लो कै बाघको छाला साथमै अतिसुन्दर ।
जुत्ता पनि वहीं ल्याए बहुमूल्य मनोहर ॥

५०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

त्याए मनःशिला साथ गोरोचन, शरीरमा ।
मलिने बुकुवा जस्तै अङ्गराग जुस्यो वहाँ ॥
यी सबै वस्तुका साथ सोह्रौटी अतिसुन्दरी ।
आए छिटी-छिटी कन्या भित्र दङ्ग परी-वरी ॥
अब यी सबले पैले छाने उत्तम ब्राह्मण ।
त्यलाई भक्ष्य खुशी पारे रत्न वस्त्र दिए पुनः ॥
अनिमात्र यता लागे पति सुग्रीव-वीरको ।
राज्याभिषेकको काम विधिपूर्वक थाल्न त्यो ॥
मन्त्र जान्ने थिए जो जो उनले पहिले वहाँ ।
बनाई राम्ररी वेदी अग्नि बाली दिए त्यहाँ ॥
अब त्यो अग्नि-वेदीको चारैपट्टि मजासित ।
कुशै-कुश बिछ्याए बा ! मन्त्रले विधिपूर्वक ॥
गरेर अग्नि-संस्कार मन्त्रपूत हविष्यले ।
दिए आहुति जो जत्ति दिनु पर्थ्यो विधानले ॥
राजप्रासादको राम्रो अग्लो अट्टालिबीच क्वै ।
राखिएको थियो यौटा सिंहासन सुवर्णकै ॥
रङ्गी-चङ्गी सुगन्धी ती पुष्पले पुष्पमाल्यले ।
थियो सिंगारिएको त्यो ढाकेको वेस वस्त्रले ॥
यसैमा राखियो वीर कपि-सुग्रीवलाइ ती ।
पूर्वपट्टि मुखै पारी पढी मन्त्र लिईं विधि ॥
यतापट्टि यसैवेला श्रेष्ठ वानरले सब ।
यौटै कलशमा हाले ल्याएको तीर्थको जल ॥
नदी र नदका सारा दिशाका तीर्थको तथा ।
सातै समुद्रका पानी ल्याइएको थियो तदा ॥

७२

७३

विद्वान् महर्षिले जो जो भने विधि लिए त्यही ।
अभिषेक दिनानिम्ति कसिए कपि-बीर यी ॥
गवाक्ष गज गवय हनुमान् गन्धमादन ।
मैन्द द्विविद शरभ छन् भालू-जाम्बवान् पुनः ॥
नल नील तथा तार तम्तयार भए उता ।
अघिको जलले पूर्ण उठाए सुनको घडा ॥
सुगन्धी-वस्तुकै साथ साँढेको सींगले तब ।
अभिषेक दिई हाले पति-सुग्रीवमा अब ॥
देखियो यसवेलामा वसु-देवहरू मिली ।
अभिषेक दिए ठीक इन्द्रलाइ महाबली ॥
आफ्ना सुग्रीव--राजाको अभिषेक भए पछि ।
जयकार मनाए बा ! दङ्गादङ्गी भई कपि ।
लाखौं जम्बा भएका थे भालू-वानर थे जति ।
ती सबै यसवेलामा सारा खुश भए अति ॥
यता भत्राट्ट यसै वेला शुभाज्ञा मित्र-रामको ।
राजा सुग्रीवले संझे जुन त्यो पाल्नु योग्य थ्यो ॥
अभिषेक दिए तस्मात् आफैंले प्रिय-अङ्गद ।
भतीजालाइ तत्काल पदमा युवराजको ॥
अँगाले अनि ग्वाम्ल्वाङ्ग आफैले स्नेहपूर्वक ।
यो वेला दाजु-वालीको स्मृति भो उनमा दृढ ॥
दया स्नेह हुने ठूला दिलका सब वानर ।
भए गद्गद त्यो देख्ता भने वेस ! निरन्तर ॥
गरे सुग्रीवको ठूलो प्रशंसा सबले पछि ।
राम-लक्ष्मणको सम्म गरे दङ्ग हुँदै स्तुति ॥

८४

८५

किष्किन्धा-राज्यका राजा भए सुग्रीव नै अब ।
युवराज-पदैबीच शोभिए वीर अङ्गद ॥
गिरिको क्वै गुफाभित्र किष्किन्धापुर जो थियो ।
वहाँका जनता सारा हृष्ट-पुष्ट भए बडो ॥
किष्किन्धा देखियो तस्मात् अति-सुन्दर दिव्य बा ! ।
देख्तै रमाइलो लाग्ने पताका-ध्वज शोभिंदा ॥
राजा तथा वानर-सैन्यका पति सुग्रीवले यत्ति गरी सके पछि ।
आत्मा हुने उच्च स्वमित्रमा पनि राजा भएँ ! भन्न पुगे स्वयं अनि ॥

CC-0. In Public Domain. Digitization by eGangotri

८६

पत्नी रुमा थिन् उनकी सुशीलकी पाए उनैलाइ पनी त्यसै पछि ।
त्रैलोक्यको राज्य सुरेन्द्रले वहाँ पाए सरी भो यिनलाइ यो त्यहाँ ॥

इति छब्बिसौं सर्ग

सत्ताइसौं सर्ग

त्यहीं प्रस्त्रवणको डाँडोमा श्रीराम र लक्ष्मणको कुराकानी

१

सुग्रीव बस्न लागें गै किष्किन्धाको गुफातिरै ।
कपिको राज्यमा त्यस्तो शुभ - राज्याभिषेक भै ॥
प्रभु-राम यतःपट्टि भाइ-लक्ष्मण साथमा ।
त्यो प्रस्त्रवण-डाँडोमा आए बस्छु भनी यहाँ ॥
त्यहाँ अवाज डर्लाग्ने सुनिन्थे वन-जन्तुका ।
चितुवा, मृग इत्यादि जहाँ चिच्याँउथे सदा ॥
मुटु नै हल्लिने काँप्ने गरी सिंह कराँउथे ।
त्यो डाँडै जेल्लिएको थ्यो झाडी-गुल्म-लतादिले ॥
ठूलठूला अति नै वाक्ला थिए वृक्ष अनेकन ।
तिनैले शोभिएको थ्यो भै मनोरम त्यो वन ॥
यता वन-विराला र भालू-वानर आदिका ।
वन-जन्तु थिए टन्न लङ्गूरहरु साथका ॥
देखिन्थ्यो भ्वाट्ट हेर्दा त्यो हौभैँ बादलको दल ।
पवित्र यो थियो साह्रै राम्रो सुखद, मङ्गल ॥
डाँडाको चुचुरैमा थ्यो मजाको एउटा गुफा ।
अग्लो फराकिलो ज्यादै फैलिएको निकै सफा ॥
भाइ-लक्ष्मण साथैका रघुनन्दन रामले ।
आफैं गै बस्नको निम्ति आधार यसकै लिए ॥
थियो समय तोकेकै यो वर्षा सकिए पछि ।
झम्टिने रावणै माथि साथी सुग्रीव साथ ली ॥
मित्र दुक्क थिए तस्मात् यता शुद्ध थियो मन ।
यो वर्षा पर्खनै पर्थ्यो हुँदा यी सब कारण ॥
यता भाइ थिए साथ विनम्र अति—उत्तम ।
जसको मुख देख्तैमा पर्थ्यो साइत हर्दम ॥
तसर्थ अब श्रीराम वेला-बखत योग्यको ।
गर्न लागे कुरा-कानी भाई साथ भनी यसो ॥

१४

शत्रु नाश्न तिमी सक्छौ सुमित्रापुत्र लक्ष्मण! ।
त्यो डाँडाको गुफा हेर! छ ठूलो कति शोभन! ॥
देख्तै रमाइलो लाग्यो हावा खेल्छ मजासित ।
वर्षाका रात यी सारा काटौं, यहीं बसौं अब ॥
छ यो पर्वतको डाँडो अतिवेस र सुन्दर ।
नृपपुत्र! बुझयौ बाबु! यहीं नै बस्नु योग्य छ ॥
यहाँ पर्वतका सेता काला राता अनेकन ।
ढुङ्गाहरू पनी भाई! छन् प्रशस्त, छ शोभन ॥
अहो! यहीं रहेछन् बा! धातु नाना प्रकारका ।
नदीका झरना छन् ऊ! उफ्रन्छन् हेर भ्यागुता ॥
नाना प्रकारका वृक्ष यहीं शोभा बढाउँछन् ।
डाँडै अत्यन्त राम्रो छ, लहराहरू टन्न छन् ॥
अनेकौं जातका पक्षी गर्छन् च्याँइँचुँइँ! यहीं ।
राम्रा मयूरका ङ्याँऊ सुनिन्छन् गुञ्जिदा यहीं ॥
यहीं नै शोभिएका छन् मालती आदि फूलका ।
झाडीहरू भई राम्रा देखिन्छन् गुल्म कुन्दका ॥
शिरीष - सिन्दुवारादि कदम्बार्जुन - सर्जका ।
फुलेका रुख देखिन्छन् कति राम्रो छ हेर बा! ॥
नरेन्द्र-सुत ए बाबु! यो तलाउ र त्यो दह ।
देखिन्छ कति राम्रो बा! फुलिंदा पद्म, उत्पल ॥
हामी बस्ने भनेको त्यो गुफाको नजिकै छ यो ।
यसैले पनि ए भाई! ठाम यो छ रमाइलो ॥
अल्लि होचो छ त्यो ठाम ऊ! ईशान-कुनानिर ।
यसैले पनि हामीले बस्न योग्य छ यो स्थिर ॥
पश्चिमी-दक्षिणी भाग छ अग्लो अल्लि बेस छ ।
वर्षा रोक्तछ यो ठ्याम्मै यसैले बस्न योग्य छ ॥

२७

हेर ! ढोका गुफाको त्यो कति राम्रो छ ठिक्कको ।
राम्रो विशाल ढुङ्गा छ जहाँ चिप्लो र सम्मको ॥
गुफा बाहिर निस्केर बस्न हुन्छ मजा जहाँ ।
होर्फैं गाजलको थुप्रो-ठीक देखिन्छ जो त्यहाँ ॥
विशेष हेर ! डाँडा यो छ है उत्तरपट्टि नै ।
देख्दै आनन्द लाग्ने र शोभिएको असाध्य नै ॥
ठूलो गाजलको थुप्रो काटेफैं देखिइन्छ यो ।
उठेको गड्गडाएको मेघफैं शोभिइन्छ यो ॥
यस्तै प्रकारले बाबु ! उता दक्षिणमा पनि ।
देखिन्छ अतिराम्रो यो डाँडो भल्किइदा पनि ॥
होर्फैं कैलासको डाँडो, होर्फैं बस्त्र सरी सफा ।
देखिन्छ अति नै सेतो देख्तैमा मन हर्छ बा ! ॥
नाना प्रकारका धातु सुन-गैरिक आदिक ।
टल्किन्छन् भल्किइन्छन् ऊ ! छन् शोभा यसका सब ॥
हेर ! हेर ! गुफाको यो अर्कोपट्टि उतातिर ।
नदी बहिरहेकी छन् तुङ्गभद्रा भई स्थिर ॥
त्रिकूट-पर्वतै माथि भरी मन्दाकिनी नदी ।
तलैतल बहे जस्तो देखिन्छिन् अतिभव्य यी ॥
पूर्व-पूर्वतिरै च्यापी बग्छिन् पश्चिम बाट यी ।
होलो-मैलो छुँदैछैन् यिनमा, स्वच्छ छन् अति ॥
यिनका तीरमा बाबु ! यता डाँडाभरी पनि ।
नाना प्रकारका वृक्ष शोभिइन्छन् त्यसै पनि ॥
तमाल साल तिलक अतिमुक्तक पद्मक ।
तथा अशोक सरल हेर ऊ ! वृक्ष छन् सब ॥
जल-वेत र विभिद तथा बकुल केतक ।
हिन्ताल नीप तिनिश स्थल-वेत छ वास्तव ॥
कृतमाल र धव छ अरु छन् भाँति-भाँतिका ।
तीरमा शोभिएका ऊ ! वृक्ष ता ताँति-ताँतिका ॥
पारी सिंगार-पट्टार लगाई गहना लुगा ।
ठाँटिएकी ठिटी ठीक देखिन्छिन् यी नदी अहा ! ॥
यता शयौं हजारौं ती पक्षीले टन्न छन् नदी ।
नाना प्रकारका बोली बोल्दा छन् सरि गुञ्जिदी ॥
अहा ! अन्योन्यमा मिल्दै ज्यादै प्रेम गरीकन ।
भुलेका ती चखेवा नै शोभा थप्छन् यहीं पुनः ॥

४३

४४

यता राम्रा किनाराले छन् शोभित त्यसै यिनी ।
उता सारस-हंसादि खेल्दछन्, खुल्दछिन् यिनी ॥
रत्नका गहना नाना पैन्हिएकी कुनै सती ।
शोभिए ठीक क्यै हाँस्ता देखिन्छिन् भव्य यी नदी ॥
ढपक्क ढाकिएकी छन् नीला कमलले कहीं ।
हेर ! ऊ ! शोभिएको छन् राता कमलले कहीं ॥
सेता कमल फक्रक्क फुल्दछन् यिनमा कहीं ।
छन् दिव्य कोपिला राम्रा यहाँ कुमुदका कहीं ॥
छन् यहीं जलका पक्षी मनोहर शयौंथर ॥
यहीं कौञ्च-मयूरादि बोल्छन् मीठो मिठो स्वर ॥
देखिन्छिन् यिनले गर्दा नदी ज्यादै रमाइली ।
मुनिका हूलका हूल सेब्दछन् जल शुद्धि ली ॥
हेर ! हेर ! यता बाबु लाम चन्दन-वृक्षका ।
यिनकै साथ शोभिन्छन् त्यता अर्जुन-वृक्ष वा ! ॥
मैले ता अब ठानें है चिताए सरि चित्तले ।
सब यी उब्जिए बाबु ! कति सुन्दर हेर ए ! ।
शत्रुसूदन ए भाई ! निकै राम्रो रमाइलो ।
लाग्यो मलाई यो ठाम, बसौं हुन्छ यहीं कसो ? ॥
यहीं मन गढ्यो ज्यादै घुमौंला गै यताउति ।
तसर्थ गै बसी हालौं भन है हुन्छ लौ ! यति ॥
नरेन्द्रपुत्र ए बाबु ! मित्र-सुग्रीवको पुर ।
किष्किन्धा पर्छ, त्यो फेरि यहाँ बाट निकै नर ॥
साह्रै रमाइलो त्यो छ भन्दछन्, सुन्दछौं कुरा ।
वन-कानन इत्यादि विचित्रै छन् अरे ! पुरा ॥
ए जित्ने वीरमा श्रेष्ठ ! त्यतै ध्यान दिई सुन ! ।
मृदङ्गादिक बाजाको ध्वनि हो मधुरो जुन ॥
मिली वानर गर्जेको गाएको गीतको तक ।
सुन ! नाचे-बजाएको स्पष्ट आवाज हो सब ॥
रुमा सुशील-पत्नी हुन पाए सुग्रीवले हकि ? ।
इष्ट-मित्र जुटे सारा अब आनन्द भो अति ॥
छ ठूलो चञ्चलाश्री त्यो, पाए वानर-राज्य जो ।
यसैले कपिका राजा मक्क पर्कै भए बडो ॥
भाई साथ भनी यत्ति रघुनन्दन राघव ।
त्यो प्रस्रवण-डाँडाको गुफाभित्र वसे तब ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

साह्रै गजब थ्यो डाँडो थहाँ बाट सबैतिर ।
सब झलंङ्ग देखिन्थ्यो गुफा, कुञ्ज मनोहर ॥
त्यहाँ सुख-सुविस्ताका थिए वस्तु अनेकन ।
फल-फूल थिए नाना चाँहिने जति शोभन ॥
यस्तो भए पनी किन्तु दुष्ट राक्षसले वहाँ ।
हडाएकी प्रियालाई संझन्थे राम झन् यहाँ ॥
जानकी प्राण प्यारी थिन् उनको निम्तिमा अनि ।
थडेन मन नै कत्ति त्यस्तो ठाम भए पनि ॥
राति ढङ्ग्रङ्ग लड्दामा पनि ओछ्यानमा वहाँ ।
परेन राममा निद्रा बढ्यो छर्पट चित्तमा ॥
उदयाचलको डाँडो पार्दथे चन्द्र उज्ज्वल ।
यता देख्थे जसै राम बढ्दथ्यो भित्र खल्बल ॥
सीता-विरह कुर्लेर भित्र शोक भएर त्यो ।
चित्त व्यामोह पार्दिन्थ्यो, झार्दिन्थ्यो बर्र आँसु पो ॥
श्रीराम त्यस वेलामा घोस्रे मुन्टो लगाँउदै ।
चिन्तामा मग्न भै हाल्थे देख्थे लक्ष्मण यो सबै ॥
यो दुःख उनमै सथ्यों भन्दथे अनि दाजुमा ।
संझाएर भई नम्र मीठा मधुर वाक्यमा ॥
वीर दाजु ! गरी चिन्ता यसरी लाभ के छ र ? ।
भो शोक न गरी बक्स्योस्, अडी बक्स्योस् भई स्थिर ।
आशा उद्योग नाशिन्छन् शोक गर्ने मनुष्यको ।
म के विन्ती गरूँ दाजु ! यादै छ प्रभुलाइ यो ॥
हजूर भइ वक्सिन्छ जगत्मा कर्म-वीर जो ।
दैवमा छ बडो आस्था यता फेरि हजूरको ॥
स्वयं उद्योग गर्ने र धर्म पाल्ने र आस्तिक ।
हजूरै भइ बक्सिन्छ देख्ने बुझ्ने पनी सब ॥
उद्योग छोडि बक्सेमा शोकको वशमा परी ।
समर्थ भइ बक्सिन्न शत्रु मार्न कसै गरी ॥
शत्रु राक्षस त्यो हाम्रो छ छली दुष्ट वस्तुतः ।
मार्नु पर्छ त्यसैलाई उद्योगैले विशेषतः ॥
यसर्थ अब यो शोक उखेली फ्याँक्दि बक्सियोस् ।
यसको ठाँउमा ठूलो उद्योगै राखि बक्सियोस् ॥

७६

७७

अनि पो परिवारैका साथका इष्ट-मित्रको ।
दुष्ट राक्षस त्यो मार्न बक्सेला भै समर्थको ॥
हजूर सक्नि बक्सिन्छ वन-पर्वत-सिन्धुका ।
साथकी पृथिवी सारा पनि उल्ट्याँउनै यता ॥
यस हालतमा दाजु ! पाजी-रावणलाइ ता ।
मार्नु को के कुरा भो र ? छोड्दि बक्स्योस् ल शोक ता !॥
मध्य वर्षादको वेला अहिले छ प्रभो ! यता ।
भनेर कहिले लाग्ला शरत् पर्खनु पर्छ वा ! ॥
अनि ता राष्ट्रकै साथ सेना-स्रेना भए सब ।
तिनकै साथ मासिन्छ दुष्ट रावण वास्तव ॥
मैले सुते-निदाएझैं भएको प्रभुको प्रभो ! ।
बल-वीर्य जगाएको सम्म हो ! छ अतुल्य जो ॥
ढाकिएको खरानीले अग्निलाई फुकी-फुकी ।
बालिन्छ होम गर्दामा विन्ती पारें, त्यहीसरी ॥
भन्दा लक्ष्मणले यत्ति भलो हित हुने कुरा ।
सुने श्रीरामले राम्रै प्रशंसै गर्दिए पुरा ॥
भने अनि उनी साथ रघुनन्दन रामले ।
मीठो मधुर वाणीमा अति-प्रेम र स्नेहले ॥
बाबु लक्ष्मण ! प्रेमीले अनुरागी-हितेच्छुले ।
भन्नु पर्ने कुरा यै हो भन्यौ जो अति-स्नेहले ॥
सत्य-पराक्रमी वीर तिमी हौ, बेस हो कुरा ।
काम भाँड्ने, सबै नाश्ने, छोड्दिएँ शोक लौ पुरा ॥
यसर्थ अब लागें म शक्ति, वीर्य तथा बल ।
तेजै बढाँउने मात्र गर्न काम कुरोतक ॥
मानें सब कुरा तिम्रा शरत् पर्खेर बस्छु म ।
त्यत्ति सम्म हुओस् जस्तो सुख-दुःखादि खप्छु म ॥
त्यो बेला सम्म ता होला नदीको जल निर्मल ।
यता सुग्रीव-साथीको चित्त होला सुनिश्चल ॥
छ ता उपकृतै कोही कसैको उपकारले ।
फेर्छ त्यो त्यसको साटो पक्कै ! प्रत्युपकारले ॥
बिर्सी वा न विरी पैंचो बस्छ ता तुच्छ व्यक्ति त्यो ।
ठूला उदार त्यस्ताका मनमा पार्छ चोट पो ॥

९२

६७

त्यस्तो भनाई प्रभु राम-दाजुको माने उनीले अतिश्रेष्ठ योग्यको ।
गरे प्रशंसा त्यसको मजासित भो हर्षले गद्‌गद चित्त त्यो स्वतः ॥
जोडेर आफ्ना दुइ बाहु भाइ यी भै नम्र सन्मान गरी निकै झुकी ।
स्वरूप देखाई निजी भलो हुने ललाम श्रीरामसँगै यसो भने ॥
नरेन्द्र ए दाजु ! हजूरले जति आज्ञा भयो त्यो सब ठीक हो अति ।
अवश्य गर्लान् कपिराज त्यो कुरा पुग्नेछ धोको प्रभुको भई पुरा ॥
तसर्थ वैरीकन नाश्न भै दृढ हजूर होस् राज यहाँ मजैसित ।
वर्षा हटोस्, होस् जलको गति स्थिर पर्खौं शरत् दाजु ! खपेर यो पिर ॥
यो क्रोध रोकौं र शरत् उदाउने बाटो नियालौं, अब जो भयो हुने ।
ए वीर ! लौ ! राज हओस् सबै सही वर्षादका मास विशेष चार यी ॥
भुसुक्क पारेर स्वशत्रु युद्धमा विनाश्न सक्ने प्रभुलाइ मान्दछु ।
तथापि यो सिंह हुने अरण्यमा बसे त्यहाँ सम्म छ श्रेय ठान्दछु ॥

६८

इति सत्ताइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अट्ठाइसौं सर्ग

श्रीरामद्वारा वर्षा–ऋतुको वर्णन

१

गरेर वध वालीको त्यसरी वीर रामले ।
राज्याभिषेक त्यो आफ्ना मित्र सुग्रीवमा दिए ॥
माल्यवान् गिरिमा आई त्यसकै पीठमा बसी ।
भन्दछन् धीर श्रीराम वीर लक्ष्मणमा पछि ॥
प्रशस्त जलको प्राप्ति गराँउन समर्थ यो ।
आयो वर्षातको वेला छ लक्ष्मण ! प्रसिद्ध जो ॥
हेर ! पर्वत हुन् जस्तै देखिने मेघले अब ।
देख्यौ ! राम्रै गरी ढाके सारा आकाश वास्तव ॥
आकाश-रूप नारीले सूर्यका कर-बाट ता ।
लिइन् नौ महिना सम्म सिन्धुको रस, वीर्य वा ! ॥
अब त्यो गर्भको आफ्नो रसायन–स्वरूपको ।
जल ती यसरी छोड्छिन् जो प्रसूतिस्वरूप हो ॥
सकिन्छ सजिलै चढ्न अब आकाशबीच त्यो ।
भन्याङ्का खुड्किलाद्वारा बाक्ला मेघस्वरूपको ॥
वहाँ गई यसैद्वारा सूर्यमा पहिन्याँउन ।
कुटजार्जुनको माला सकिने भो, छ शोभन ॥
लालिमा साँझको पर्दा सर्दा त्यै बीचमा वहाँ ।
भएका लाल,-सेताम्यै रहेका छेउ-छाउमा- ॥
मेघका खण्डले बाक्ला जो छन् चिल्ला पनी पुनः ।
ढाके ठपक्क आकाश बाँकि क्यै छैन लक्ष्मण ! ॥
रगताम्य हुने आफ्नो घाउमा पो अकाश यो ।
बाँध्छ झैं त्यसकै पट्टी देखिंदोछ, विचित्र हो ! ॥
विस्तारै बहने हावा छ निःश्वास-ससानको ।
सन्ध्याको लालिमा चढ्दा रक्तचन्दन-लिप्त भो ॥
मेघरूप यता गाला सेता भै फुस्रिदा सवै ।
हेर ! आकाश देखिन्छ कामातुर-मनुष्य झैं ॥

१३

१४

ग्रीष्म नै ऋतुको चर्को घामले पीडिता यता ।
पाई वर्षादको वर्षा भिजेकी जलले तथा- ॥
यी पृथ्वी छोड्दछिन् बाफ मेरो शोक बढी, जली ।
छोड्दी बररै आँसु साक्षात् हुन सरि मैथिली ॥
निक्लेका मेघका भित्री भाग बाट निरन्तर ।
कपूर-दलका ठीक अति शीतल सुन्दर- ॥
केतकी–गन्ध बोकेका यी हावा पनि लक्ष्मण ! ।
सकिन्छन् अँजुलीद्वारा सजिलै पिउँनाकन ॥
हेर ! पर्वत त्यो बावु ! जहाँ अर्जुनको रुख ।
फुलेकोछ भई राम्रो केतकीको सुगन्ध छ ॥
शत्रु शान्त हुने आफ्ना भई सुग्रीव ठीक यो ।
वर्षिंदा जलको धारा हुँदोछ अभिषिक्त पो ॥
मेघस्वरूपको कालो मृगचर्म धरी अहो ! ।
पैह्री वर्षातको धारारूप यज्ञोपवीत जो ॥
देख्यौ ! पर्वत त्यो आफ्ना गुफा-हृदयका सब ।
भै दिंदा वायुले पूर्ण थन्किदोछ त्यसै अब ॥
यस हालतमा भाई ! गिरि देखिन्छ ठीक-त्यै ।
ब्रह्मचारी मिली गर्छन् वेदाध्ययन हो कि झैं ॥
सुनले नै बनाएका कोर्रा जरता मनोहर ।
विजुलीहरू शोभिन्छन् चड्किन्छन् जो निरन्तर ॥
चुटाई यिनकै पाई मेघले आफ्नु भित्रको ।
गम्भीर गर्जना गर्दै पीर पोख्छ अकाश यो ॥
यता चम्कि रहेकीछ विजुली पनि हेर ती ! ।
निकै कालो तथा नीलो मेघको आश्रयै लिई ॥
दुष्ट रावणको पर्दा काखमा छट्पटाँवदी ।
साक्षात् जनककी छोरी सीता जस्तै छ वापसी ॥

२७

२८

यी बाक्ला मेघको लेप लाग्दामा जसमा, त्यसै ।
चन्द्रमा ग्रह नक्षत्र नष्ट झैं छन, अदृश्य भै ॥
विवेक लोपिएझैं भो पूर्व-पश्चिम-भेद क्यै ।
न हुँदा, छुट्टिनै गाह्रो देखिन्छन् यी दिशा सबै ॥
तस्मात् कामीहरूलाई प्रिया-संयोगको सुख ।
सजिलै दिन सक्ने र हितै गर्ने भए सब ॥

३०

३१

सुमित्रासुत ए बाबु ! यता कुटज-वृक्ष यी ।
गिरिका टाकुराबीच फुल्दा छन् शोभिने अति ॥
पहिलो पल्टको वर्षा हुँदामा भूमि बाट जो ।
निक्लिए बाफ ह्वास्ह्वास्ति तिनैले ढाक्दिए अहो ! ॥
वर्षात आँउदा यस्तो फुलेका छन् कहीं सब ।
अतिआनन्द दिन्छन् यी देख्तैमा हेर लौ ! अब ॥

३३

३४

मेरो निस्ति भने बाबु ! तर यी सब वास्तव ।
सीताका शोकले पिर्दा भए कामाग्नि—वर्धक ॥
धूलो भयो शान्त धराभरीको ठण्डा भयो बाबु ! छ बायु चीसो ।
ग्रीष्मर्तुका दुःख दिने अशान्त भए अनेकौंथर दोष शान्त ॥
राजाहरूको अब युद्ध यात्रा भो बन्द, गर्छन् सब प्राण—जात्रा ।
बिदेशिएका जन आफ्नु देश फर्की रहेछन , छ यही विशेष ॥
बस्ने गइ मानसरोवरैमा यै लोभ बढ्दा रजहाँस आदि ।
लागे उतै हेर ! यता चखेवा प्रिया चखेवी सँग मिल्दछन् ती ! ॥
साना र ठूला सब मार्ग बिग्रे वर्षा भयो उग्र निरन्तरै हा ! ।
उनीहरूमा रथ-यान आदि राम्रो गरी चल्न छ मुस्किलै बा ! ॥
आकाशमा मेघ छ टम्म बाबु ! देखिन्न केही पनि डम्म भो ऊ ! ।
देखिन्छ हट्ता नभ त्यो कहीं ता तुरुन्त ढाकिन्छ कहीं भने ता ॥
हुँदा स्वयं शान्त तरङ्ग हट्ता समुद्रको रूप सरी बन्यो त्यो ।
कहीं कहीं पर्वत-पंक्तिद्वारा खुल्ने र ढाक्ने सरि भो अहो ! त्यो ॥
नदीहरू हेर ! पहाडका ती बही रहेछन् लिइ वेग ज्यादि ।
वर्षातको नूतन पाइ पानी त्यसै बिगारे स्थिर आफ्नु बानी ॥
यिनीहरूको जलमा समस्त कदम्ब-सर्जादिक पुष्प मिल्छ ।
पहाडका गैरिक धातु आदि मिल्दा र-रातो जल जो छ ज्यादि ॥
गरेर ह्वाङ् ! ह्वाङ् ! जल यो बहन्छ अनेक आवाज दिई रहन्छ ।
मुजूर केका-ध्वनि बाट आफ्नो भर्दोछ नक्कल झैं छ मानो ॥
अत्यन्त काला भँवरा समान ज्यादै रसीला फल जामुनाका ।
अचेल खाइन्छ प्रशस्त बाबु ! मनुष्यले अमृत-तुल्य मीठा ॥
हल्लाइएका दृढ वायु बाट पाकी सकेका फल आँपका ती ।
लिएर नानाथर वर्ण हेर ! झर्छन् यता बाबु ! भरेर पृथ्वी ॥
डटेर राम्रै रणभूमिबीच कराँउने मत्त गजेन्द्र ठीक ।
गर्जी रहेछन् अब मेघ बेस चनै सरी देखिइदै विशेष ॥

CC-0. In Public Domain. Digitization by eGangotri

४७

छन् देखिएका गिरि-टाकुरामैं हल्लाँउछन् जो विजुली-पताका ।
छन् शोभिएका यसबाट राम्रै माला सरी छन् उनका बलाका ॥
भए पछी नै अपराह्न-वेला देखिन्छ बढ्दो यसबाट शोभा ।
वर्षातका यी जलबाट भिज्दा भए हरीया मृदु घाँस-शोभा ॥
मिली मयूरादि परस्परैमा नाची रहेछन् अति उत्सवैमा ।
यिनैहरू माथि प्रसन्न मानी वर्षाउँछन् मेघ प्रशस्त पानी ॥
छन् शोभिएका बक-पंक्ति द्वारा यो मेघ ज्यादै जल-भार बोक्छन् ।
गर्जी निकै पर्वत टाकुरामा विश्राम गर्छन् र अगाडि बढ्छन् ॥
होस् गर्भको धारण मेघबाट लिएर मित्री मनसाय साथ ।
आनन्द मानेर गरी हतार उड्छन् बलाकाहरुका कतार ॥
ठानिन्छ यस्तो यिनलाइ देख्ता पैह्रन्छ जस्तो नभ मेघ-माला ।
हल्लाँइदा वायु बढी हवाँ ती छन् शोभिएका सरि पद्म-पंक्ति ॥
कीराहरूले अति नै स-साना यी इन्द्रगोपादिक चारु नाना ।
भै बीचमा चित्रित शोभिएकी छन् ढाकिएकी क्षिति घाँसले यी ! ॥
छन् देखिएकी रमणी सरी यी ओढेर ओढ्ने रँगको-सुगाको ।
छर्की वहाँ माहुर बीच-बीच सुशोभिए ठीक निकै मजाको ॥
चौमास लाग्यो अब बाबु ! निद्रा विस्तार लागिन् हरितर्फ झुक्तै ।
नदी यता सागर तर्फ हेर ! दौडी रहीछन् दृढ वेग थप्तै ॥
उड्दै बलाका लिइ ज्यादि हर्ष जाँदैछ ऊ ! बादलतर्फ ताक्तै ।
प्रिया सकाश प्रियको सकाम नजीक पुग्नै तर धाउँछन् है ! ॥
मुजूरका सुन्दर नाचबाट छन् शोभिएका वन प्रान्त राम्रा ।
कदम्बका वृक्षहरू झुले ऊ ! हाँगा-बिंगाले भइ वृक्ष राम्रा ॥
गाईहरूमा सरि काम बढ्ने साँढेहरू यी पनि भै सकें हा ! ।
पृथ्वी हरीया वन खेतिपाती हुँदा भइन् शोभित ज्यादि नै बा ! ॥
नदी बहन्छन् भइ शीघ्रगामी वर्षाउँछन् बादल हेर ! पानी ।
गर्जी रहेछन् भइ मत्त हात्ती छन् शोभिएका वन-प्रान्त ज्यादि ॥
प्रेमी वियोगी-जन प्रेमिकाको छन् ध्यानमा मग्न वियोग पर्दा ।
नाची रहेछन् वनमा मयूर छन् उफ्रिँदै वानर मग्न पर्दा ॥
बसी बनैका झरना नजीक ती मत्त हात्तीहरु दङ्ग पर्छन् ।
सुगन्ध सुँघ्दै प्रिय-केतकीका आनन्द मान्छन्, अनि गर्जिइन्छन् ॥
आवाज सुन्दा झरना खसेको मयूर सारा जब बोल्न थाल्छन् ।
चढ्दा अनी मात यता गजेन्द्र उनी सँगै गर्जन थालि हाल्छन् ॥
वर्षेर धारा चुटिंदा त्यसैले कदम्ब शाखा भर झुण्डिएका ।
चुसी रहेका रस फूलका ती विस्तार त्याग्छन् मद आफ्नु भौंरा ॥

CC-0. In Public Domain. Digitization by eGangotri

६४
अँगारका चूर्ण समान काला यी जामुनाका फल छन् रसीला ।
छन् देखिएका भँवराहरूले हाँगाभरी भै रस मैं चुसेका ॥
ध्वजा-पताका विजुली बनाई ऊ! गर्जिने बादल हेर भाई ! ।
लडाँइमा उत्सुकता लिएका हात्ती सरी छन् सब देखिएका ॥
जोडा सँगै लड्न ठमाइ बाटो बढी सकेको बनको गजेन्द्र ।
गर्ज्याइ सुन्दा अब मेघको त्यो फर्क्यो छ अर्को भनि क्वै गजेन्द्र ॥
कहीं छ खुट्टे भँवराहरू नै गाई रहेछन् गरि गान भूँ! भूँ!! ।
घाँटी हुने नील कहीं मयूर नाची रहेछन् गरि ङ्याँउ ऊँ! ऊँ!! ॥
गजेन्द्र भै मत्त कहीं भने ती घुमीरहेछन् प्रिय बाबु ! हेर ! ।
नानाथरी आश्रय ली यसोरी छन् शोभिएका वनप्रान्त धेर ॥
यता कदम्बार्जुन सर्ज पुष्प बनैभरी छन् स्थल पद्म आदि ।
भरी भराऊ रस भै उनीमा छन् भूमि ओहो! रसपूर्ण ज्यादि ॥
छोडेर बोली मदमत्त आफ्नो मयूर नाच्छन् मन नेत्र हर्ने ।
यसर्थ शाला—मधुको समान भो ठाम नै यो मधुपान गर्ने ॥
आकाशद्वारा तल वर्षिएका मोती सरीका जल स्वच्छ ज्यादा ।
देखो दुनामा वन-पातका ती प्यूँछन् यता चातक आदि पक्षी ॥
वर्षा हुँदा देह समस्त भिज्दा छन् ती पखेटा उनका विचित्र ।
हटाँउछन् प्यास सुरेन्द्रद्वारा वर्षाइएको जलले छ चित्र !॥
यता छ खुट्टे भँवराहरू नै वीणा भए, झङ्कृत भो, बज्यो त्यो ।
अवाज ऊँचो सब भ्यागुताको भो कण्ठकै ताल सरी अनौठो ॥
यी मेघको गर्जनरूप यस्तो मृदङ्ग बज्छन्, छ बडो मजाको ।
सङ्गीतका उत्सवको महान् यो भयो शुभारम्भ वनैभरी पो॥
फिंजाइ राम्रा र विशाल पंख छन् जो निजी आभरणस्वरूप ।
नाची रहेछन् वनमा कहीं यी मयूर मीठो मृदु ङ्याउ बोली ॥
हाँगाविंगाबीच कहीं रुखैका बस्छन् थुपारी निज देह-भार ।
ए ! बाबु ! थाले यसरी उनीले संगीत-आयोजन एक सार ॥
सुती रहेका चिरकाल देखि छोडेर निद्रा सब भ्यागुता यी ।
गड्याङ् गुडुङ् बादलको सुनेर ब्यूँझे मजाले, छ विचित्र हेर !॥
आकार वर्णादि र रूप बोली यिनीहरूको छ अनेक खाले ।
प्रहार पर्दा नव-वृष्टिको यी निकै दुखे ठीक कराइ हाले ॥
कामातुरा भै रमणी सरीका नदीहरू यी अभिमानिनी छन् ।
कतै न हेरी पति-सिन्धु तर्फ भै वेगिला हेर ! बढेर जान्छन् ॥
नाघ्छन् र सीमा स्थिति तोडि आफ्नो बोक्छन् चखेवा, तट यी विगार्छन् ।
पुष्पादि सोर्छन् लिन पूर्ण भोग छीटा भई स्वप्रिय भेट्न पुग्छन् ॥

CC-0. In Public Domain. Digitization by eGangotri

८१

वर्षातको यो नव-वारिधारा बोकेर हिंड्छन् भइ पूर्ण मेघ ।
नीला र काला अरु आफु जस्ता खोज्छन् र मिल्छन् प्रिय मित्र मेघ ॥
लाग्दा डँढेलो वनमा डढेका आफैं सरीका गिरि साथ काला ।
गएर मिल्छन्, गिरि, स्नेहका थी गाड्छन् जरा मैं छ अ-आफुमा ती! ॥
अत्यन्त राम्रा वन-प्रान्त छन् यी घुमी रहेछन् सब तर्फ हात्ती ।
कराँउछन् मत्त भई मयूर घनक्क घन्किन्छ वनै ल हेर! ॥
नयाँ हरीया मृदु घाँसमा ती! छन् इन्द्रगोपादि सरीसृपादि ।
फुलेर नीपार्जुन वृक्ष ज्यादि सुगन्ध फ्याक्छन् फुलको मजा दी ॥
प्रहार पर्दा नव-वृष्टिका यी नाशै हुने केसर, पद्म त्यागी ।
कदम्बका केसरमा भएका थाले रसै चुस्न ल हेर! भौंरा ॥
छन् मग्न, भै मत्त यता गजेन्द्र छन् मस्त आनन्द बढी गवेन्द्र ।
भै श्रान्त बस्छन् बनमा मृगेन्द्र छन् ज्यादि राम्रा सब यी नगेन्द्र ॥
छाडेर उत्साह लडाँइ लड्ने बसे यता चूप भई नरेन्द्र ।
क्रीडा गरी बादल साथ राम्रो आनन्द मान्छन् अब यी सुरेन्द्र ॥
आकाश भर्दै सब झुण्डिएका यी मेघ छन् लक्ष्मण हेर! कस्ता? ।
कोकोहलो सम्म समुद्रको यी गराँउदाछन् अति तुच्छ गर्जी ॥
प्रवाह छोडी जलको महान् त्यो पारे धरा टम्म, भरे सबै यो ।
नदी, तलाऊ, दह-पोखरी यी बचेन केही पनि टन्न भो ती! ॥
हुँदोछ यस्तो घनघोर वर्षा बही रहेकोछ प्रचण्ड वायु ।
नदी बहन्छन् तट साशि छोटै देखिन्न बाटो जल बाट बावु! ॥
मनुष्य जस्तो जलका घडाले नरेन्द्रलाई अभिषेक गर्छन् ।
त्यही सरी पर्वतराजको यी सुरेन्द्र आफैं अभिषेक गर्छन् ॥
मेघस्वरूपी जलका घडाले जो ल्याइए बोकिइ वायुद्वारा ।
पाएर त्यस्तो अभिषेक बावु! देखाँउछन् पर्वतरुप शोभा ॥
आकाश सारा अब ढाकियो यो ल हेर ऊ! बादलका छटाले ।
देखिन्छ तारा न त रातबीच न सूर्य खुल्छन् दिनमा मजाले ॥
पाएर यस्तो नव-वारी वर्षा पृथ्वी भइन् डम्म अघाँउनाले ।
हुँदैन ज्ञानै पनि यी दिशाको वढी अँध्यारो सब ढाक्दिनाले ॥
पानी परी धेर बढेर धारा धोए सरी भो गिरि-टाकुरा त्यो ।
लामा र ठूला झरना झरेर हो! हार मोतीहरूकै सरी भो ॥
ढुङ्गाहरूमा दृढ पर्वतीय वज्रे र खस्ता कम वेग पार्ने ।
झर्नाहरु छन् गिरि बाट झर्दा विशाल भै भै मन मुग्ध पार्ने ॥
मयूरका सुन्दर शब्द बाट गुञ्जी रहेका गिरिका गुफामा ।
पस्ता भएका जल, देखिइन्छन् हुन् झैं चुँडेका मृदु-मोतिमाला ॥

CC-0. In Public Domain. Digitization by eGangotri

९८

छ वेग जस्को अतिशीघ्र दौड्ने संख्या छ जस्को अति घेर बेस ।
धोएर राम्रो जसले बनाए ती टाकुराका तलका प्रदेश ॥
हुन् मोति-माला सरि देखिएका पहाडका यी झरनाकनै ऊ ! ।
गुफाहरू काख भरेर आफ्नो छिपाँउछन्, यै छ विचित्र बाबु ! ॥

९९

१००

यसरी जलका धारा दिशा र विदिशाभर ।
तुलनै नहुने जस्तो भै वर्षिन्छन् निरन्तर ॥
गर्दामा सुरत-क्रीडा थिचिंदा आङ वेसरी ।
देखिन्छन् मोतिका माला देव-स्त्रीका चुँडेसरि ॥
पक्षीहरू पसे बाबु ! अ-आफ्ना गुँडमा अब ।
लागे कमला य धेरै जसो खुम्चिन वास्तव ॥
फुल्न लागिन् यतापट्टि मालती पनि यी पुनः ।
यसैले सूर्य अस्ताए भन्ने जानिन्छ लक्ष्मण ! ॥
रोकियो थामियो बाबु ! युद्ध-यात्रा नरेन्द्रको ।
अडियो बीच बाटैमा बढेको सैन्य सम्म त्यो ॥
राजाको वैर भो शान्त वर्षाका जसले गरी ।
रोकिए मार्ग यी सारा झरेर यसरी झरी ॥
यस्तो प्रकारले भाई ! अब वैर र मार्गको ।
सम, यौटै अवस्था भो, वर्षाको काल बाट यो ॥
भदौको महिना हो यो यसमा वेद पढ्न जो ।
खोज्दछन् उनको निम्ति यही प्रारम्भ-काल हो ॥
यही स्वाध्याय-वेला हो विप्रको, सामवेदको ।
गर्छन् अभ्यास जो गाई तिनले गर्न योग्यको ॥
राजा-भरतले बाबु ! योग्य कोसल-देशका ।
चौमास भरको लागि जोरे हुन् चाहिने कुरा ॥
असारे-पूर्णिमामा त्यो गएको उनले पनि ।
पक्कै पनि लिए होलान् होलान् व्रत-दीक्षा कुनै पनि ॥
मलाई वन लागेको देखतामा जसरी अघि ।
अयोध्यापुर-वासीको आर्तनाद बढ्यो अति ॥
वर्षाका जलले टन्न भएर सरयू पनि ।
होलिन् बढी रहेकी हा ! त्यैसरी दुःखिनी बनी ॥
यसरी फैलिएका छन् वर्षाका गुण यी सब ।
भोग्दा हुन् यसमा हाम्रा मित्र-सुग्रीव ता सुख ॥

११३

११४

शत्रु माशि सके सारा पत्नी छन् साथमा अब ।
त्यो त्यत्रो राज्य भेट्टाए उनमै छ सुखै सुख ॥
मेरो हाल छ यो बाबु ! राज्यै बाट भएँ च्युत ।
यतातिर लग्यो मेरी पत्नी पनि हरी अझ ॥
यसर्थ छु म पानीले गालेको दुइ तर्फको ।
नदीको तट जस्तै पो, दुःख भोग्दोछु झन् अहो ! ॥
वर्षाका दिन बित्ता छन् ज्यादै कठिन भै यता ।
उता यै पीर पिर्दोछ शोक साथ लिई सदा ॥
डराग्दो छ महान् शत्रु त्यत्रो रावण लक्ष्मण ! ।
खाएँ अब हरेसै हा ! अजेयै जुन ठान्छु म ॥
अहिले छैन यात्राको वेला नै एउटा कुरो ।
दोश्रो मार्ग पनी सारा छन् दुर्गम असाध्य जो ॥
मैले बाबु ! यही शोची झुकी आज्ञा दिउन् भनी ।
बस्ने सुग्रीवमा सम्म भन्दै भनिन क्यै पनि ॥
भोगेका हुन् निकै देखि कष्ट सुग्रीवले अति ।
पत्नीका साथमा पाए बल्ल बस्न भई सुखी ॥
ठूलो काम छ यो मेरो चाँडै सिद्धिन्न लक्ष्मण ! ।
यसर्थ पनि यो वेला क्यै पनी भन्न सक्तिन ॥
गरी विश्राम क्यै काल बुझी वेला भए पछि ।
उपकार स्वयं संझी गर्लान् प्रत्युकार ती ॥
बाटो हेरेर तस्मात् म पर्खि बस्छु शरत भरी ।
शुभ-लक्षणका बाबु ! दुःख पीर खपीवरी ॥
स्वच्छ निर्मल होस् राम्रो नदीको जल यो पनी ।
सुख भोगी खुशी होउन् उतातिर उनी पनि ॥
त्यो वीर नर हो बाबु ! कसैको उपकारले ।
स्वयं उपकृतै हुन्छ गुन मान्दछ चित्तले ॥
साटो फेर्छ अवश्यै त्यो आफ्नो प्रत्युपकारले ।
जसको निम्तिमा केही भन्नै पर्दैन वाक्यले ॥

१२७

CC-0. In Public Domain. Digitization by eGangotri

१२८

उपकार नमानेर विर्सी, प्रत्युपकार क्यै ।
नगर्ने चाँहि हो पक्का, धक्का त्यो श्रेष्ठ-व्यक्तिकै ॥

श्रीरामले यत्ति भने पछी अब शोचे स्वयं लक्ष्मणले यसो तव ।
गरे प्रशंसा प्रिय-दाजुको कुरा सुने पछी गद्‌गद् चित्त भो पुरा ॥

जोडे दुवै हात, विचार आफ्नु त्यो पोख्ने भए जो शुभ वेस यो थियो ।
भने यसोरी नयनाभिराम यी श्रीराममा लक्ष्मणले झुकी पछि ॥

आज्ञा भयो जो नरराज ! त्यो कुरो अवश्य गर्लान् कपिराज नै प्रभो ! ।
पुग्नेछ चाँडै प्रभुको मनोरथ साक्षात् उनैबाट मजासितै अव ॥

तस्मात् प्रभो ! शत्रु-विनाशको सब ली, बक्सिएरै दृढ पूर्ण निश्चय ।
वर्षात हट्‌ने र शरत् उदाँउने पर्खौं कि वेला अफ भै खपोरने ॥

१३२

इति अट्ठाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनन्तीसौं सर्ग

हनुमान्‌ले वानरराज सुग्रीवलाई प्रत्युपकार गर्न संकाउनु र उनले नीललाई वानर–सैन्य बटुल्न आदेश दिनु

१

वायुका पुत्र हनुमान् जान्दथे सव यो कुरा ।
शास्त्रका तत्वको सम्म उनमा ज्ञान थ्यो पुरा ॥
के के छ न हुने गर्न, गर्नु पर्दछ के कुरा ।
इत्यादि वस्तुको राम्रो थियो पत्तो यथार्थता ॥
कुन वेला कसो गर्दा ठीक पर्छ र गर्नु छ ? ।
विशेष धर्म के के हुन् ? जान्दथे यी कुरातक ॥
कुरा गर्न पनी साह्रै जान्दथे थे गुणी उनी ।
यसरी उनमा सारा वस्तु–ज्ञान थियो पनि ॥
बुद्धिमान् हनुमान्‌ले यी देखे अव यतातिर ।
खुल्यो आकाश सम्पूर्ण शरत लाग्यो भयो स्थिर ॥
देखिन्नन् त्यसमा कत्ति अव बादलका दल ।
बिजुली पनि चम्किन्न भयो आकाश निर्मल ॥
अन्तरीक्ष भरी सारा घुम्छन् अव चराहरू ।
सुनिन्छ उनको बोली हिंड्छन् सारस सुर्सुरू ॥
देखिन्छ सव आकाश चन्द्रोदय भयो कि ता ।
जूनका जूनले हो भैं पोतिएको गरी सफा ॥
यो पनी उनले देखे पति–सुग्रीव ता अव ।
धर्म–अर्थादि जोर्नामा भएका मन्द वास्तव ॥
असाधु नरले जस्तै सँधै कामतिरै मन ।
दिएका र त्यसैमा नै फँसेका मग्न भैकन ॥
भने जस्तो हुँदा आफ्नो चिताए सरि पुग्दिदा ।
सँधै एकान्तमै वस्ने, भुल्ने स्त्रीजातिमै सदा ॥
लिएर प्रमदा नारी युवती साथ हर्दम ।
वस्ने विषयमै फँस्ने काम–क्रीडा गरीकन ॥
मनभित्र थिए जत्ति इच्छा धोको मनोरथ ।
पुग्नाले ती सवै वस्तु भएका मग्न वास्तव ॥

१३

१४

पाई आफ्नी प्रिया पत्नी रुमालाई भने सरि ।
हुनाले साथमा तारा भुलेका तिनमै परी ॥
कृतकृत्य र निश्चिन्त भएर दिन–रात नै ।
भै मग्न–मस्त कामैले फस्ने भोग–विलासमै ॥
गन्धर्व अप्सरा साथ लिएर तिनमै भुली ।
फस्ने देवेन्द्रकै जस्तो लिने चाल भुली–भुली ॥
आफ्ना मन्त्रीहरू माथि कार्य–भार दिई सवै ।
क्रीडा–विहारमै भुल्ने नगर्ने ख्याल राज्यकै ॥
कस्ता छन् र कसो गर्छन् आफ्ना मन्त्रीहरू भनी ।
नदिने ध्यान नै कत्ति वस्ने मस्त बनी बनी ॥
हुँदा मन्त्रीहरु वेस राज्य राम्रै चले पनि ।
स्वेच्छाचारी भए जस्तै देखिने सरी वैगुनी ॥
देखी भोगी सवै यस्तो शोची राम्रो गरी स्थिर ।
वीर यी हनुमान् मन्त्री गए राजा भएतिर ॥
वरका परका वेस युक्ति मिल्दा कुरा भनी ।
आफ्ना सुग्रीव राजाको दङ्ग पारे मनै पनि ॥
कुरा गर्न निकै जान्ने ताड्ने भाव पनी निकै ।
थिए ती कपिका राजा भनाई बुझ्दथे सवै ॥
उनैसाथ तिनी भन्छन् वहाँ अव कुरा यिनै ।
तथ्य, पथ्य, भला, मीठा हुने हित र श्रेय नै ॥
उनको यो भनाईमा धर्म अर्थ र सामञ्जा ।
नीतिका शास्त्रका सम्म भरिएका थिए कुरा ॥
मान्ने शास्त्रीय विश्वास व्यक्तिका निम्तिमा दरा ।
प्रेम स्नेह हुने पूर्ण उनले यी भने कुरा ॥
कपिराज ! प्रभो ! यत्रो राज्य प्राप्त भयो यता ।
हुन सम्म भयो ! फैल्यो प्रभुको कीर्ति त्यो उता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पुर्खौंली राज्य-लक्ष्मी यो प्रभुद्वारै बढाइयो ।
इच्छा आशा पुग्यो सारा मनमा जति जो थियो ॥
अब यौटै रह्यो काम मित्र-मात्र बढाँउने ।
भएका मित्रको चाँहि इच्छा आशा पुऱ्याँउने ॥
यो काम गर्नमा स्वामिन् ! अब ढिच्चिच गर्नु ता ।
ठीक पर्दैन होला कि ? गरौं त्यै काम भै छिटा ॥
गुनको बदला तिर्नु गर्नु प्रत्युपकार वा ।
कहिले ठीक पर्ने हो ? जो राजा शोच्छ यो कुरा ॥
फेरि जो मित्रको साथ योग्यको व्यवहार ता ।
गर्छ ता योग्य त्यो राजा बेस मानिन्छ सर्वथा ॥
कल्याण त्यसकै हुन्छ राज्य टिक्तछ भै स्थिर ।
राम्ररी कीर्ति फैलिन्छ प्रतापै साथ दुर्धर ॥
पृथ्वीनाथ ! सुनी बक्स्योस यहाँ जुन नरेन्द्रको ।
दण्ड कोश तथा मित्र आफ्नो देह समेत यो ॥
वशमा छ भने यद्वा छन् बराबरका भने ।
ठूलो राज्य त्यही भोग्छ, छ त्यही योग्यको हुने ॥
हजूर भइ बक्सिन्छ वेस आचार-चालका ।
हिंड्ने सनातनी बाटो अड्ने स्थिर भई सदा ॥
तस्मात् स्वमित्रको काम गर्न स्वीकृति वा प्रण ।
जो बक्सियो त्यतैपट्टि लागौं अब छ उत्तम ॥
गर्नु पर्दछ जो जस्तो जसरी अब हे प्रभो ! ।
त्यै काम गर्नु पर्ला कि ? यसैमा छ भलै-भलो ॥
आफ्ना काम-कुरा छोडी मित्र ध्यान दिईकन ।
मित्रको काम गर्नामै लाग्दछन् नित्य सज्जन ॥
त्यसमा जुन लाग्दैन शीघ्र उत्साह ली दृढ ।
त्यस्तामा पछितो पर्छ अनर्थै भोग्नु पर्दछ ॥
अर्को यौटा कुरा यो छ काम गर्न सुयोग्यको ।
वेलै हो, त्यसमै गर्नु योग्य होला कि है ! प्रभो ? ॥
वेला विते पछी लाग्दा मित्रको काममा उता ।
गरे पनि हओस् जत्रो, जस पाइन्न कत्ति वा ! ॥
ठूलो उत्साहको साथ छिटै काम-कुरो सब ।
सक्ता, गर्दा पनी केही गरेझैं हुन्न वास्तव ॥
श्रीराम भइ बक्सिन्छ हाम्रा मित्र महान् अतः ।
उहाँको काम गर्नैं त्यो न पाओस् विल्न काल त ॥

४३

४४

विदेहराजकी छोरी सीताको खोज गर्नमा ।
तसर्थ लागि हालौं कि बन्दोबस्त गरी यहाँ ? ॥
अत्यन्त बुद्धिमान् राम वेला-बखत वास्तव ।
सम्पूर्ण जानि बक्सिन्छ, छ ज्ञान पनि यो सब ॥
उता हत्पत लागेकै छ आफ्नो काम गर्नमा ।
वशमा भइ बक्सिन्छ परन्तु प्रभुको यहाँ ॥
यसैले भनि बक्सिन्न स्वयं सङ्कोचले प्रभो ! ।
विल्न लागि सक्यो काल भनी त्यो काम गर्नको ॥
कपिराज ! सुनी बक्स्योस् ! ककुत्स्थ-मणि राघव ।
मित्र राख्ने तथा धान्ने भै बक्सिन्छ निकैतक ॥
उहाँ नै भइ बक्सिन्छ यो समृद्ध हजूरका ।
कुलको वृद्धिको हेतु हुने, धानिदिने तथा ॥
उहाँमा गुण छन् जत्ति छैनन् ती अरुमा कुनै ।
प्रभाव-शक्ति ठूलो छ प्रभो ! अतुलनीय नै ॥
तस्मात् श्रीरामको काम गरी बक्स्योस् छिटै अब ।
प्रभुको काम पैलेनै गरी बक्स्यो भने जब ॥
तसर्थ यसको निम्ति शूर-वीर बडे बडे ।
कपिलाइ हओस् आज्ञा, गरुन् ती गर्नु पर्छ जे ॥
अन्न लौ गर यो काम भन्नु भन्दा अगाडि नै ।
हामीले काम थालेमा वितेको हुन्न काल नै ॥
यदि लौ गर भन्ने यो वेला आइ गयो भने ।
हुन्छ वेला वितेको र न राम्रो पनि यै हुने ॥
उपकार न गर्ने क्वै भएमा त्यसको पनि ।
हजूर गर्दि बक्सिन्छ कार्य-सिद्धि त्यसै पनि ॥
भने के भन्नु पर्ला र रामको काम गर्न त्यो ।
यत्रो राज्य र सम्पत्ति जसले प्रभुमा दियो ॥
सारा वानर-भालूका गणका पति ए प्रभो ! ।
हजूर भइ बक्सिन्छ निकै वीर्य र शक्तिको ॥
तैपनी अति नै प्यारो रामको गर्न काम त्यो ।
वीर वानरमा आज्ञा बक्सिन्न किन भै छिटो ? ॥
हो ! म जान्दछु श्रीराम आफ्ना बाण-समूहले ।
यो सबै सजिलै गर्न सकि बक्सिन्छ पर्छ जे ॥
सारा असुर-नागादि सुरादि वश पार्नमा ।
गाह्रो पर्दैन है कत्ति उहाँलाइ स्वयं यहाँ ॥

६०

६१

यस्तो भए पनी किन्तु हेरी बक्सिन्छ राघव ।
हजूरका प्रतिज्ञाको बाटो, जो पूर्ण गर्नु छ ॥
शङ्कै न लिइ बालीको प्राण सम्म लिईकन ।
रामले गरि बक्सेथ्यो प्यारो हजुरको जुन ॥
तस्मात् अब छिटै हामी उहाँकी प्रिय-जानकी ।
वैदेहीको गरौं खोजी पृथ्वी-आकाशमा पुगी ॥
सुरासुर र गन्धर्व ती मरुद्‍गण दानव ।
छैन यक्षादिको सम्म राममा भय वास्तव ॥
यस हालतमा होला तुच्छ राक्षसजातिको ।
डर वा त्रास ता स्वामिन् ! कसरी राममा अहो ! ।
पहिले त्यसरी आफ्नो उपकार तथा भलो ।
गर्ने र शोभिने त्यस्तो शक्तिले वीर्यले प्रभो ! ॥
समर्थ रामको राजन् ! मर्न प्यारो हुने कुरो ।
किन हिच्किच गर्ने हो ? प्राणैले गर्नु पर्छ यो ॥
प्रभुले बक्सिए आज्ञा हामी जे पनि गर्दछौं ।
रोकिन्न गति नै हाम्रो जहाँ पनि त पुग्दछौं ॥
जलमा थलमा घुम्छौं तल पातालमातक ।
पुग्दछौं सजिलै हामी चढ्छौं नभमा सब ॥
विशुद्ध-दिलका स्वामिन् ! शुभाज्ञा बक्सियोस् अतः ।
कल्ले के काम गर्ने हो ? के गरोस् कुन निश्चित? ॥

७०

७१

प्रभुको वशमा छन् यी करोडौं कपि वास्तव ।
गाह्रै पर्दछ जल्लाई जित्न वीर हुँदा सब ॥
राम्ररी ठीक वेलामै संझाएको र योग्यको ।
हनुमान्को कुरो सारा सुने सुग्रीवले भलो ॥
साह्रै सत्वगुणी थे यी वीर सुग्रीव, अन्तमा ।
ठमाए, कसिए तस्मात् रामको काम गर्नमा ॥
हुनाले बुद्धिमान् ज्यादै उनले नील-नामका ।
कपिलाइ वहाँ डाके गर्थे उद्योग जो कडा ॥
घुमी दश-दिशा पैले सेना वानरका सब ।
बटोल्ने, ल्याँउने आज्ञा उनैलाइ दिए तब ॥
भने वानर-राजाले सुन ए नील ! गै विमी ।
सारा वानरका सेना जुटाई ल्याउ लौ ! यहीं ॥
सुन ! यत्न गरी हाल जो गर्दा कपि-सैन्यका ।
आँउन् स्वामीहरू सारा अ-आफ्ना सैन्य साथका ॥
यो हाम्रो राज्य-सिमाको रक्षा गर्ने पराक्रमी ।
उद्योगी कपि छन् जत्ति यहाँ आँउन् छिटा बनी ॥
मेरो सुनाउ आज्ञा यो स्वयं त्यसपछी यहाँ ।
गर्नु पर्दछ जो काम गर त्यो देख-रेखमा ॥
सुन ! पन्ध्र दिनै भित्र आइ पुग्दैन जो यहाँ ।
त्यसको प्राण जानेछ भो पक्कै, भन गै वहाँ ॥

८०

८१

आज्ञा छ मेरो दृढ निश्चितै त्यही भयो तिमीमा अधिकार नै यही ।
जाऊ स्वयं अङ्गदलाइ साथ लो बूढा र पाका कपिमा भए जति ॥
मिलाइ चाँजो यसरी सुयोग्यको श्रीरामको काम सपार्न, गर्न त्यो ।
भालू तथा वानर-सैन्यका पति सुग्रीव आफ्नो महलै पसे पछि ॥

८२

इति उनन्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तीसौं सर्ग

शरत्‌ऋतुका वर्णनको प्रसङ्गमा श्रीरामले लक्ष्मणलाई कपिराज–सुग्रीव भएमा जाने आदेश दिनु

१

दिई माथि भने जस्तो त्यो आदेश स्वयं पछि ।
पसें वानरका राजा सुग्रीव घरमा निजी ॥
वर्षाका रात ती त्यस्ता विताएर यतातिर ।
रामभद्र बसेकाथे गिरि-प्रस्रवणैतिर ॥
आकाश मेघले छोड्दा हुँदा निर्मल सुन्दर ।
पर्दा वियोग सीताको भित्र दुःख बढ्यो तर ॥
छुट्नाले साथ सीताको ठूलो शोक थियो यता ।
पिर्दथ्यो काम झन् ज्यादै अतिपीर थियो उता ॥
अब श्रीरामले देखे थियो आकाश निर्मल ।
सफा विशुद्ध शोभिन्थ्यो चन्द्रमण्डल झल्झल ॥
शरत्का ऋतुकी त्यस्ती रात्रीका अङ्गमा यता ।
जूनका ज्योतिको राम्रो लेपिन्थ्यो अनुराग ता ॥
अनि यी रामले शोचे-फँसे सुग्रीव काममा ।
अहिले सम्म सीताको पत्तो छैन कुनै यहाँ ॥
गई आक्रमणै गर्ने यता रावण माथि त्यो ।
विरत लागि सक्यो वेला शोच्ता यो 'भित्र दुःख भो' ॥
श्रीराम यसले गर्दा निकै छर्पटिए तव ।
पछि पीर यही पर्दा भए वेहोश नै अव ॥
वल्ल वल्ल भयो होश पछि वित्ता दुवै घडी ।
गर्ने स्वजनको रक्षा बुद्धिमान् रामलाइ यी ॥
विदेहराजकी पुत्री जानकी भित्र चित्तमा ।
रहेकी नै थिइन् किन्तु, गर्दछन् भित्र चिन्तना ॥
छ यो निर्मल आकाश कहीं देखिन्न बादल ।
पाँउन्न विजुली कत्ति चम्किने ठाम नै अब ॥
यता सारसको बोली गुञ्जिदो छ सर्वैतिर ।
लागे विलाप्न यो देख्ता राम आर्त फिकी स्वर ॥

१३

१४

सुशोभित हुने नाना सुन-गैरिक धातुले ।
गिरिका टाकुरा माथि वीर यी राम बस्तथे ॥
स्वच्छ आकाश देखेर शरत् ऋतु उदाँउदा ।
लागे संझन श्रीराम जानकीलाइ नै तदा ॥
थिइन् मेरी प्रिया सीता ज्यादै सीधा-स्वभावकी ।
हुने सारसकै जस्तो मीठो स्वर पनी अति ॥
अघि आश्रममा बस्ता बोली सारसकै सुनी ।
आनन्द मान्दथिन्, अैले टिक्ती हुन् कसरी उनी ? ॥
फुलेका झुप्प झल्केका हुन् कि जस्तै सुवर्णका ।
रुख ती हेर्दथिन् सीता राम्रा विजय-सालका ॥
स्वभाव-शीलकी राम्री जानकी अब छन् कता ? ।
कसरी मन थाम्दी हुन् न देख्तामा मलाइ हा ! ॥
गर्नै हुर्ने थिए राम्रा सीताका अङ्ग ती सब ।
स्वभावैले थियो मीठो उनको स्वर वास्तव ॥
पहिले स्वर जो मीठा सुनेर कलहंसका ।
ब्युँझन्थिन्, अब ती सीता थाम्छिन् के गरि चित्त बा ?।
फुलेका कमलै जस्ता अतिकोमल सुन्दर ।
ठूल्ठूला नेत्रकी थिन् ती जानकी गुणकै घर ॥
भाले-पोथी चखेवाका हिंड्छन् सँग-सँगै जुन ।
बोली सुने पछी मीठो होलिन् कस्ती उनी पुनः ? ॥
तलाउ पोखरी सारा नदी-नाला घुमें यता ।
वन-काननमा नाना डुल्न सम्म डुलें उता ॥
कहीं गए पनी किन्तु मृग-शावक-नेत्रकी ।
ती सीता न हुँदा साथ भएन सुख नै कति ॥
यो शरत् ऋतुका यस्ता गुणबाट निरन्तर ।
बढेर नित्य पिर्दो छ मलाई काम भै स्थिर ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यस हालतमा त्यस्ती सुन्दरी जानकीकन ।
अवश्य पनि पिर्दो हो नाना दुख दिईकन ॥
यसमा दुइ छन् हेतु-उनलाइ असह्य यो ।
मेरो वियोगको दुःख पीर पार्ला सँधै अहो ! ॥
अत्यन्त सुकुमारी छन् उतातिर उनी अतः ।
कामको वेग त्यो खप्न सक्तिनन् कि कहीं स्वतः ॥

२९

३०

पानी पाँउनको निम्ति देवेन्द्र सँग प्रेमले ।
गर्छ चातकले जस्तो त्यहीठीक भइन् कि के ? ॥
नृपपुत्र नरश्रेष्ठ वीर यी राम सम्म ता ।
विलाप गर्दथे नाना स्वयं यस्ता प्रकारका ॥
उता गइ रहेकाथे शोभा-सम्पन्न लक्ष्मण ।
गिरिको टाकुरा माथि फल खोजेर ल्याँउन ॥

३२

३३

राम्रा ठाम घुमी सारा फल ली फर्किए पछि ।
पऱ्यो लक्ष्मणको आँखा दाजुमा रामभद्र यी ॥
चिन्ता लिइ उग्र असह्य त्यस्तो एक्लै बसेका र विचेत जस्तो ।
एकान्तमा ती प्रिय दाजुलाई देखे अकस्मात् अब भाइ आई ॥
तुरुन्त देख्तै स्थिति दाजुको त्यो सऱ्यो उनीमा दुख पीर स्वात्तै ।
भएर दुःखी अब भन्दछन् यी श्रीरामलाई भइ नम्र झुक्तै ॥
ए पूज्य मेरा प्रिय दाजु ! के हो हजूरको चाल ? अयोग्य यै हो ? ।
लत्याँउदै पौरख, शक्ति सम्म भै बक्सियो काम-वशी ? अचम्म ॥
लाजै हुने शोक बढेर यस्तो एकाग्रता नाशिन गो मनैको ।
गऱ्यो भने योग हुँदैन व्यर्थ के चित्त थामिन्न र भै समर्थ ? ॥
तसर्थ आवश्यक काममा यी लौ लागि बक्स्योस् दिइ ध्यान ज्यादि ।
पार्नेछ यल्ले मन नै प्रसन्न एकाग्र पारी सब काल मग्न ॥
पन्छाइ सारा दुःख-दीनता यी बढाँउनै शक्ति सहाय आदि ।
उपाय होस् दाजु ! हजूरबाट स्वकर्म गर्दै लिइ हेतु साथ ॥
ती जानकी भाउजुका हजूर प्रेमी र स्वामी भइ बक्सिइन्छ ।
त्यस्ती उहाँलाइ अरू कसैले सक्तैन भेट्नै पनि, शक्ति नै के ? ॥
आगो नजीकै यदि जान्छ ता कै पोलेर नै छोड्छ, छ ता उ बल्दै ।
हजूरलाई मनुवंश-स्वामिन् ! ठूला-बडा वीर सहर्ष पूज्छन् ॥
हुने सबै लक्षण श्रेष्ठ श्रेष्ठ थिए स्वयं लक्ष्मण वीर श्रेष्ठ ।
गाह्रै थियो जित्न उनीकनै त ठूला-बडालाइ पनी समस्त ॥
श्रीराम भन्छन् अब भाइलाई अत्यन्त स्वाभाविक वाक्यमा यी ।
भन्यौ तिमीले प्रिय !,-वाक्य जो जो अैल्यै मलाई छ हितै हुने त्यो ॥
भविष्यमा यै सुख दिन्छ फेरि राम्रो भन्यो यो शुभ नीति हेरी ।
छ अर्थ-धर्मादि पनी मिलेको सामादिकै साथ छ शोभिएको ॥
परन्तु सीताकन खोज्न ध्यान अवश्य राम्रो दिनु पर्छ जान ! ।
विशेष कार्यादि-उपायसम्म पक्कै पनी पर्दछ गर्नु सम्म ॥

४६

ज्यादै बलीयो अतिदुर्लभै त्यो छ कर्म, त्यस्को फलबीच त्यस्तो ।
न राख आशा, तर कर्म त्यो त गरेर राम्रो गर, यत्न साथ ॥

४७

भने भन्न भने यत्ति तर रामकनै अव ।
मिथिलेश-कुमारीको संझना झन् बढ्यो दृढ ॥
पद्मका पात झैं राम्रा नेत्रकी जानकीकन ।
प्रति श्रीरामले संझे निकैवेर मनै-मन ॥
मुख ओठ सुकी हाल्यो यसले रामभद्रको ।
भए खिन्न,-उनी लागे भन्न लक्ष्मणमा यसो- ॥
फक्रेका पद्मका पात जस्तै नेत्र हुने उनै ।
जानकीलाइ संझेर भन्दछन् भाइमा तिनै ॥
मुख साह्रै सुकेकोथ्यो यो वेला प्रभु-रामको ।
निकै उदास देखिन्थ्यो वहाँ अनि भने यसो ॥
हुने नेत्र हजारौं यी इन्द्रले बावु लक्ष्मण ! ।
वर्षाई जल ज्यादै नै तृप्त पारे धराकन ॥
पृथिवी-भरका सारा पकाई अन्न-पात ती ।
यसै लक्ष्मण ! देवेन्द्र कृतकृत्य भई अति ॥
भएको आफुमा सारा वर्षाएर सकी जल ।
बल्ल शान्त भए बावु ! सब बादलका दल ॥

५४

५५

पार्थे घनक गम्भीर स्वरमा अघि गर्जिई ।
गिरिमा पुरमा घुम्थे, बस्थे वृक्षादिमा गई ॥
हुन् नील-पद्मकै पात भनेझैं श्यामवर्णका ।
यी मेघहरु नै पार्थे अघि श्याम दशै-दिशा ॥
देखिन्छन् अब ती मेघ गजराज समानका ।
मद जत्ति चुहाएर थाकेका शान्त वेगका ॥
अति चर्का थिए बावु ! अघिका वायु बाधक ।
बोकेका जलका भारी हुने आँधि—हुरीतक ॥
कुटजार्जुनका मीठा सुगन्ध लिइ राम्ररी ।
जल वर्षाँउदै हिड्थे थाके यी अब नेसरी ॥
ए शुद्ध चित्तका बावु ! गज-मेघ-मयूरको ।
झरनाको पनी शब्द भयो शान्त, मसाङ्गियो ॥
वर्षाई जल अत्यन्त बाक्ला बादलले यता ।
कव्वनै पार्दिए ओहो ! डाँडा-काँडा जतातता ॥
अब यी सब देखिन्छन् जूनका जूनले स्वतः ।
चून पोति दिए जस्ता लेपेझैं स्वेत शोभित ॥

६२

६३

शरत् बढ्यो यो अब सौम्य ! राम्रो बाँड्दोछ शोभा सबमा अडेर ।
तारा तथा सूर्य र चन्द्रमाको थप्यो प्रभामा छवि चम्किएर ॥
यी वृक्ष सप्तच्छदका फुलेका हाँगाविगा शोभित छन् झुलेर ।
शोभा भन्यो मत्त गजेन्द्रका ती लीलाहरूमा पनि झन् खुलेर ॥
लक्ष्मी शरत्का गुण बाट सारा झकीझकाऊ भइ शोभिंदी छन् ।
नाना थरी आश्रयमा अडेर खुली रही छन् र विचित्र यी छन् ॥
पर्दा गई सूर्य-कर-प्रकाश त्यस्तो भए ता पनि यी अशेष ।
फल्ने र फुल्ने मृदु पद्मका ती तलाउमा शोभित छन् विशेष ॥
सुगन्ध सप्तच्छद-पुष्पको यो बोकी शरत् हिंड्छ पछी हवाको ।
गाएर नाना गुण-गान ओहो ! पछाडि हिंड्छन् भँवरा त्यसैको ॥
मत्ताइ हिंड्ने गजराज छन् जो घमण्ड गर्छन् मद बाट चर्को ।
थपी उनैमा अझ दर्पसम्म शरत् छ बढ्दो, छ यही अचम्म ! ॥

६८

CC-0. In Public Domain. Digitization by eGangotri

६६
साथी भई मानसरोवरैका आए सँगै हाँस लिंदै चखेवा ।
प्यारो हुँदा अद्भुत आफ्नु क्रीडा गरी रहेछन् प्रिय-साथ क्रीडा ॥
छन् प्वाँख राम्रा यिनका अपार ढाक्तो छ सारा जिन्द पद्म-राग ।
ठूला नदीका नदका किनार भरी झरे यी सब छन् सराग ॥
नानाथरी रूप भरी यसोरी शोभा लिंदी छन् अति नै शरत्-श्री ।
छन् मत्त हात्तीहरूमा टिकेकी खेल्ने सिंगौरी-वृषमा अडेकी ॥
पवित्रता निर्मलता लिएकी शोभा शरत्को छ विशेष हेर ! ।
नदीहरूमा नदमा पनी जो खुली रही छन् अति शोभिएर ॥
वनै भरी प्वाँख-स्वरूप नाना छोडेर राम्रा गहना अ-आफ्ना ।
मेघादिले शून्य अकाश हेरी मयूर त्यागेर बसे मयूरी ॥
शोभा भएको यिनमा अघीको देखिन्न केही अब नाशियो त्यो ।
आनन्द वा उत्सव सिद्धिंदा यी भै खिन्न बस्छन् लिइ ध्यान ज्यादि ॥
वनै भरी जीवक-वृक्षका छन् हाँगा झुलेका भइ भार भारी ।
फुली रहेका झरि-झुप्प भै भै सुगन्ध फ्याँक्छन् मन मुग्ध पारी ॥
छन् यी पहेंला सुन ठीक वृक्ष हेर्दै यता नेत्र प्रसन्न हुन्छ ।
यिनैहरूबाट वनप्रदेश भई रहेको सरि जग्मगै छ ॥
गजेन्द्रको मात चढी बढेको हिंडाइ पैलो अब मन्द भैगो ।
भएर साथी प्रिय स्वप्रियाको घुमी रहन्थे मद-लुब्ध भै जो ॥
सुँघेर सप्तच्छद-पुष्प-गन्ध उन्मत्त हुन्छन् सब ठीक अन्ध ।
कामप्रिये छन्, वन-पद्मको र रुचाँउछन् फूल समेत घेर ॥
देखिन्छ आकाश निकै सफाको शानै चढाए सरि शस्त्रमा भो ।
नदीहरूका जलका प्रवाह भै मन्द बग्छन्, सरि हुन्न थाह ॥
ली श्वेत-पद्मादिकको सुगन्ध बहन्छ चीसो भइ वायु मन्द ।
हर्‍यो अँध्यारो सब यी दिशाको फैल्यो उज्यालो रमाइलो भो ॥
हीलो र मैलो अब यी धराका सुकी सके उज्ज्वल घाम लाग्दा ।
बित्ता यता काल निकै धराले धूलो निकाल्छिन् रज गाढताले ॥
अ-आफूमा द्वेष र वैर बढ्दा राजाहरू छन् जति ध्वंस गर्ने ।
वेला भयो यो उनको निमित्त अगाडि बढ्ने र लडाँइ गर्ने ॥
स्वरूप शोभा ऋतु यो शरत्ले बढाइएका वृषराज जो छन् ।
गाईहरू-बीच खडा भएर खुशी भई हेर ! रँमाँउदा छन् ॥
उनीहरूको सब अङ्गबीच छ दम्म धूलो, मुछिए सरी छन् ।
चढ्दा र बढ्दा मद मस्त भै भै जुध्नै र लड्नैतिर उत्सुकी छन् ॥
लस्केर हिंड्ने गति मन्द गर्ने ढोईहरू ली गज झन् नवीन ।
बढेर कामादि-विकार ओहो ! हुन्छन् खरी छन् अनुराग-लीन ॥

८६

यस्तो हुँदा ती मद-मत्त कामी गजेन्द्र आफ्ना प्रियलाइ घेरी ।
घुमी रहेछन् वन-बीच बाबु ! चली भनेझैं गरि चाल हेरी ॥
मुजूर आफ्ना गहनास्वरूप ऊ ! प्वाँख छोडी तटमा नदीका ।
आए, गए भै मद-हीन दीन हप्काइ सुन्दा अब सारसैका ॥
फूटेर गण्डस्थल मात चढ्दा कराइ उम्दा गज गर्जिंदाछन् ।
तर्साइ कारण्डव चक्रवाक पक्षीहरू व्यर्थ सताँइदाछन् ॥
फुलाइ राम्रा गहना सरीका पद्मादि शोभा बहुतै लिएका ।
तलाउमा भित्र पसेर हेर ! पानी हुँडोल्छन्, पिउँछन् झुकेर ॥
हीलो र मैलो सब यी हटेका ओर्लेर राम्रा तटमा नदीका ।
खेली रहेछन् कलहंस आदि सौन्दर्य थप्तै भइ हृष्ट ज्यादि ॥
अहो ! चन्द्र-कर-स्पर्श पाई तारा बढाँउने ।
भइन् राग चढी सन्ध्या आफैं अम्बर त्यागिदने ॥ ‡
पानी छ त्यो निर्मल यी नदीका छन् बालुवाले तट शोभिएका ।
पिई रहेछन् जल, गाइ आई छन् गुञ्जिदै सारस-शब्द भाई ! ॥
पर्कै भयो शान्त सबै अघीको सुनिन्न आवाज नदीहरूको ।
गड्याङ् गुडुङ् बादलको हस्यो त्यो झर् झर् छुस्यो यी झरनाहरूको ॥
यो वायुको वेग सबै हरायो मुजूरको ङ्याउ त्यसै बिलायो ।
भो नष्ट नै उत्सव भ्यागुताको छुस्यो सबै बाबु ! शरत् बस्यो जो ॥
उदाइ आकाश भरी नयाँ भै आए पछी मेघ यता डटेर ।
लुकेर बस्ने चिरकाल देखि सर्पादि निस्के बिल बाट हेर ! ॥
शरीर-यात्रा यिनको अगाडि थ्यो नाशिएझैं मृतझैं थिए यी ।
नानाथरी रूप र रङ्गका छन् विषालु छन् उग्र क्षुब्धार्दितै छन् ॥
ओढ्दी मजेत्रो मृदु जूनको यो रात्री शरत्की अति शोभिंदी छन् ।
सर्वाङ्ग ढाक्ती धरि श्वेत सारी नारी कुनै हुन् सरि देखिदी छन् ॥
बदाँउने उज्ज्वल चन्द्रमा यी हुन् है यिनीको मुख शान्तिदायी ।
ताराहरूका गण नै उनीका हुन् नेत्र राम्रा र खुली रहेका ॥
टिपेर खाई मृदु धान-बाला खुशी हुँदै सारसका कतार ।
माला बनी वायु-प्रकम्पिता कै उड्छन् लिंदै वेग गरी हतार ॥

६६

‡ यो श्लोकमा समासोक्ति अलङ्कार परेको छ र यसको अर्थ यस्तो हुन्छः—

श्रीराम भाई-लक्ष्मणसँग भनिरहेका छँदैछन्—आश्चर्यको कुरा हो कि लक्ष्मण ! यी शरद् ऋतुका पूर्ण चन्द्रमा (कुनै धीरोदात्त नायक) को सुकोमल बाहुलीको स्पर्श (छुवाई) पाएर तारा (आकाशका तारा अथवा आँखाको नानी) बढाँउने यी सन्ध्या (साँझको वेला अथवा कुनै धीरोदात्ता नायिका) राग (कामजनित विकार अथवा लालिमा) चढेर त्यसै अम्बर (आकाश अथवा पहिरेको सारी, त्याग दिने भइन् । इत्यादि

CC-0. In Public Domain. Digitization by eGangotri

१००

नानाथरी पद्म फुली रहेको गै एउटा हाँस सुती रहेको ।
विशाल अत्यन्त तलाउको त्यो देखिन्छ पानी अति शोभिएको ॥
मेघादिले छोडि सफा भएको ताराहरू शोभित भै फुलेको ।
भै चन्द्रमा पूर्ण सुशोभिएको देखिन्छ आकाश विचित्र कस्तो ? ॥
लौ ! हेर ! यी पुष्करिणी, यिनैमा जो हाँस खेल्छन्, सब मेखला हुन् ।
फुल्ने त्यहाँ उत्पलको शरत्-श्री पैन्हेर माला अतिशोभिंदी छन् ॥
मानों अलङ्कार सुशोभिएकी सर्वाङ्ग राम्री महिला कुनै हुन् ।
शोभा यिनीको छ अतुल्य ज्यादै तसर्थ यी लक्ष्मण ! सुन्दरी हुन् ॥
वाद्यादिका ठीक अवाज मिल्दा सुनिन्छ मीठो स्वर वेणु बज्दा ।
त्यल्लाइ फैलाँउछ फेरि बाबु ! बनै भरी सर्र प्रभात-वायु ॥
गुफा भरी भै ध्वनि गुञ्जिएको यता वनैया वृष गर्जिएको ।
अवाज मिल्दा त्यसमा गएर घनक्क घन्किन्छ वनै ल हेर ! ॥
नदीहरूका तटका प्रदेश छन् शोभिएका अब झन् विशेष ।
फुल्दा नयाँ काश निकै बढेर देखिन्छ राम्रो कति हेर ! हेर !! ॥
पुष्पस्वरूपी स्मित-हास्य साथ लिएर शोभा मृदु वायु-बाट ।
विस्तार विस्तार झुलाइएका छन् पट्ट-बस्त्रै सरि धोइएका ॥
डरै न मान्ने, बन आफ्नु ठान्ने, आनन्द मान्ने, रस चुस्न जान्ने ।
लिई प्रिया साथ, भएर मस्त घुमीरहेछन् भवँरा समस्त ॥
पद्मादिमा जीवक-पुष्पमा गै चुस्ता भएको रस मस्त भै भै ।
धूलो खसी आँग-भरी तिनैको भए पहेंला रगँका त्यसै पो ॥
सुगन्ध ल्याएर यता-उताको बही रहेका नरमी हवाको ।
पछी पछी भै अझ गन्ध-लोभी हिंडी रहेछन्, छ कुरा मजाको ॥
पानी भयो निर्मल स्वच्छ बाबु ! भई निकै मन्द बहन्छ वायु ।
पाकी सक्यो सुन्दर धान-बाली सुशोभिए चन्द्र प्रसन्नता ली ॥
वर्षा हट्यो हेर ! शरत् उदायो वेला बतायो सब लक्षणै हो ।
कन्याङ्कुरुङ्को स्वर बाट बोल्यो, हाँस्यो मजाले फुल जो फुलायो ॥
बधूहरू हेर ! नदीस्वरूपा मसाङ्ग्रिए हा ! गति मन्द भो बा ! ।
माछाहरूको कटिमा खुलेका छन् मेखलाझैं जसले धरेका ॥
प्रेमीहरूले भर रात भोग्दा इच्छा बढी उत्कट बल्छि लाग्दा ।
भए विहानीपख कामिनीका हिंढाइ जस्ता अति अल्छि लाग्दा ॥
नदीहरूका मुखका प्रभा त्यो नयाँ बधूका मुख-तुल्यको भो ।
हुन् है चखेवा तीनमा रहेका कोठीहरू रोचनले रचेका ॥
यता सिवालीहरू पत्र-भङ्गी हुन् है सजेका मुखमा बधूको ।
जो काश छन्, हुन् सब ती उनीको सफेद सारी मुखसम्म ढाक्दो ॥

११६

११७

ती बाण-वृन्तादि र जीवकादि फुली हुँदा चित्र-विचित्र ज्यादि ।
बसी तिनैमा भइ दङ्ग मस्त गुञ्जीरहेछन् भँवरा समस्त ॥
घेरेर यस्ता वन खण्ड खण्ड लिएर आफ्नो धनु त्यो प्रचण्ड ।
प्रिया-वियोगीहरूलाइ दण्ड छन् काम दिन्छन् सरि उग्र चण्ड ॥
सुवृष्टिले लोक प्रसन्न पारे नदी-तलाऊ जलले भरे ए ! ।
बाली पकाए पृथिवी भरीको आकाश छोडे घन तो हराए ॥

११९

१२०

विस्तारै जल सुक्नाले यी शरत् ऋतुका नदी ।
अब देखाँउनै लागे आफ्ना नाङ्गा किनार ती ॥
पैलो सङ्गमको वेला नारीले लाज भैं अति ।
देखाए सरि विस्तारै आफ्ना जघन-भाग ती ॥
भो जलाशयको बाबु ! जल स्वच्छ र निर्मल ।
यो शरत्ले थप्यो शोभा अब भो सब उज्ज्वल ॥
चखेवाहरूका ताँति छरिए यिनमा यता ।
मीठा कुरर-पक्षीका बोली छन् गुञ्जिदै उता ॥
बढ्दा अ-आफुमा वैर जित्न खोज्ने नरेन्द्रको ।
लड्ने उद्योग नै गर्ने वेला हो नृपपुत्र ! यो ॥
त्यस्ता नरेन्द्रको लागि पहिलो नृपनन्दन ! ।
यहीं विजय-यात्राको हो मुहूर्त मनोरम ॥
सुग्रीवलाइ नै बाबु ! म त देख्तिन है यहाँ ।
न त देख्छु कुनै त्यस्तो उद्योग उनको वहाँ ॥
ढाँडै ढाकी फुले सारा सप्तपर्णासनादिक ।
बन्धुजीवादि पुष्पादि कोविदार र श्यामक ॥
नदीका तट ती बाबु ! छरिएर सबै भरे ! ।
हाँस-उत्क्रोश-पक्षीले चखेवा-सारसादिले ॥
सीतालाइ न देख्तामा सुकें म दृढ-शोकले ।
साह्रै तताँइएँ फेरि स्वयं म अतितापले ॥
यसर्थ यस बर्षाका महिना सम्म चार यी ।
शयौं वर्ष बिताएझैं बिताएँ भित्र दुःख ली ॥
आफ्ना पति चखेवाको हिंड्छे पछि जसो गरी ।
चखेवी, त्यै सरी सीता लागिन् मेरै पछी पछी ॥
सबै अङ्ग हुने राम्रा जानकी अतिदुर्गम ।
दण्डकारण्यमा आइन् बगैंचै संझिईकन ॥

१३२

१३३

राज्य खोसि लिए मेरो देशैबाट निकाल्दिए ।
यता आएँ प्रिया साथ छुट्टिएँ प्रिय-बाबु ए ! ॥
ममा यस्तो अवस्थामा देखे-भोगे पनी सब ।
राजा-सुग्रीव गर्दैनन् दया अलिकती अझ ॥
हो ! अनाथ भएकोछु, छु राज्यच्युत फेरि म ।
गऱ्यो रावणले मेरो तिरस्कार यता पुनः ॥
मनमा कामना छन् यी भित्र दीन छु लक्ष्मण ! ।
घर टाढा भएकोछु यहाँबाट निकै पुनः ॥
यी सबै हेतुले गर्दा टेरिइन्न म ता कि त ? ।
पऱ्यो शरण यो, भन्दै हेपे सुग्रीवले कि त ? ॥
शत्रु नाश्ने हुँदै शक्ति तिरस्कार त्यसै गरे ।
त्यै मेरो कपिका राजा स्वयं सुग्रीवले हरे ! ॥
सीता खोज्न पनी बेला तोकेका उनले थिए ।
तर काम गराएर कृतकृत्य उनी भए ॥
गरेको आफुले त्यस्तो प्रतिज्ञा सम्म त्यो पनि ।
अब बिर्सि दिए बाबु ! तुच्छ वानर नै बनी ॥
अझै फँसि रहेका छन् उनी ग्राम्य-सुखादिमा ।
भए पनि कपिश्रेष्ठ बस्छन् मूर्खैं भई वहाँ ॥
अब लक्ष्मण ! गै हाल मेरो आज्ञा लिई तिमी ।
किष्किन्धापुरमा भित्रै भनी हाल यसो अनि ॥
प्रिय बाबु ! जगत्मा यो पुरुषाधम हुन् तिनै ।
दिन्छन् जो अरुमा धोका पैले गर्छु भनीकनै ॥
बल-वीर्य हुने फेरि उपकार गरी दिने ।
केही काम गरी माग्ने व्यक्तिलाइ फसाँउने ॥
निस्केको मुखले आफ्नो प्रतिज्ञा-रूपमा अघि ।
वाक्य राम्रो न राम्रो वा पाल्दछन् जो भने यदि ॥

१४५

CC-0. In Public Domain. Digitization by eGangotri

१४६

पार्दछन् त भने सत्य वीर व्यक्ति तिनै यहाँ ।
सारा पुरुषमा श्रेष्ठ मानिइन्छन् जहाँ-तहाँ ॥
स्वार्थ सिद्ध गरी आफ्नो मित्रको अकृतार्थ ती ।
जो सहायक बन्दैनन् काम केही न गर्दिई ॥
हुन् कृतघ्न तिनै व्यक्ति तिनीहरू मरे पनि ।
लुछ्तैनन् तिनको चौटा मासु खानेहरू पनि ॥
भन यो पनि गै बावु ! ए सुग्रीव ! तिमी कसो ।
खोज्दछौ हेर्न के मैले खिंचेको रूप बाणको ? ॥
जो युद्ध-भूमिमा तान्दा चम्किन्छ बिजुली सरि ।
सुनका पीठ छन् फेरि, अब पर्ने भयौ अघि ॥
रणमा म रिसाएर ताँदो तान्दा स्वयं अडी ।
अवाज अति डर्लाग्दो निस्कने छ घडी-घडी ॥
चर्को वज्र परे जस्तो शब्द त्यो उग्ररूपको ।
फेरि सुन्न भयो इच्छा तिमीलाइ सखे ! कसो ? ॥
बावु ! तो जान्दछन् राम्रै तिम्रो महत पाँउने ।
म छु कस्तो, ममा कस्ता बल-वीर्यादि छन् ? गुने ॥
ढुँढाहुँदै पनी यस्तो अहो ! बाली सरी गरी ।
मरुँला म पनी भन्ने शोच्तैनन् अझ कत्ति ती ॥
शत्रुको नगरी जित्ने बावु लक्ष्मण ! हेर त ।
बाँधियो त्यसरी मैत्री काम जो गर्न वस्तुतः ॥

१५५

१५६

सीता खोज्ने त्यही काम गर्नें वाचा गरे पनि ।
बिर्सिन्छन् कपिका राजा बस्छन् ढुक्क भई उनी ॥
गरेकाथे प्रतिज्ञा यो राम्रै सुग्रीवले अघि ।
सीता खोज्न म थाल्नेछु बर्षाकाल बिते पछि ॥
फँसे विहार-क्रीडामा अहिले यसरी पुनः ।
बितेका मास यी चार पत्तै छैन उनीकन ॥
मन्त्री साथ लिई आफ्ना परिवार सँगै सब ।
बस्छन् खाइ-पिई राम्रो गरी क्रीडा उनी अझ ॥
यता छौं शोकले हामी अति आकुल-व्याकुल ।
तर सुग्रीव गर्दैनन् हामीमाथि दयातक ॥
ए महान् बलका वीर ! तिमी जाउ तुरुन्त र ।
भन सुग्रीवलाई ती संझाएर भई स्थिर ॥
देखाउ राम्ररी मेरो रिसाएको स्वरूप यो ।
बुझाएर तिमी राम्रै पोख संदेशको कुरो ॥
ए सुग्रीव ! मरी बाली गए थे जुन मार्गले ।
त्यो मार्ग अहिले सम्म भएको छैन बन्द ए ? ॥
यसअर्थ तिमी आफ्नो प्रतिज्ञा गर पालन ।
बालीका मार्गमा त्यस्तो हिंड्ने न गर है मन ॥
संझ यो पनि, ती बाली म द्वारा रणभूमिमा ।
बाणले मारीएका हुन् यौटै व्यक्ति स्वयं वहाँ ॥

१६५

१६६

परन्तु म तिमीलाई डग्यौ जो सत्य बाट त्यो ।
बन्धु-बान्धवकै साथ मारी हाल्छु, ल संझ यो ॥
पुरुषश्रेष्ठ ए भाई ! लागेमा काम बिग्रन ।
भन्नु पर्दछ जो जस्तो त्यो पनी गै तिमी भन ॥
भन्दा हित हुने हाम्रो भन आफैं सबै कुरा ।
न बितोस् काल है बावु ! गर चाँडो गई पुरा ॥
यसै भन्यौ—वानरराज ! तौ अब आफ्नो प्रतिज्ञा गर पूर्ण त्यो सब ।
चली रहेको अघि देखि धर्म यो थामेर साँचो गर आफ्नु वाक्य त्यो ॥
यस्तो न होस् है ! बुझ यो पनी तिमी छुटेर मेरो शर प्रेरितै बनी ।
भै प्रेत आफैं यमलोकमा पुगी बालीकनै भेट्न न होउ उत्सुकी ॥
अत्यन्त-प्रेमी मनुवंशबर्धक थिए स्वयं लक्ष्मण वीर वास्तव ।
देखे उनैले अब दाजुलाइ यी विथोलिएका मन दुःखले अति ॥

CC-0. In Public Domain. Digitization by eGangotri

१७२
भनेर नानाथर पीरका कुरा रिसाँउथे राम भएर उग्र मन् ।
सुग्रीव साथी–कपिराजमा अतः अर्कै भए लक्ष्मण विग्रिएर मन् ॥

इति तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकतीसौं सर्ग

लक्ष्मण किष्किन्धापुरीमा जाँदा सुग्रीव आदि वानरहरूमा खैला–बैला हुनु

१

भए पनी उच्च उदार शक्ति कामी भएका प्रभु–राम थे ती ।
संम्झेर सीताकन भिन्न—भिन्न मै शोकले ग्रस्त असाध्य दुःखी ॥
देखेर त्यस्तो स्थिति, राजपुत्र ती भाइ भन्छन् मनका कुरा यी ।
झुकेर केही लिइ प्रेमभाव नरेन्द्रका पुत्र स्वदाजुलाई ॥
सुग्रीव हुन वानर, पूज्य दाजु ! हिंड्लान् कसोरी अनि मार्गमा ती ? ।
यो मार्ग ता हो बुध–साधु हिंड्ने हिंड्छन् सँधै जो दिइ प्राण–शक्ति ॥
न ता छ पत्तो उनलाइ मैत्री यस्तो छ भन्ने, न त जान्दछन् ती ।
निमित्त आफ्नो प्रिय मित्रले जो गरी दियो, भो फल के,–छ शक्ति ? ॥
ए दाजु !तस्मात् कपिराज्य–लक्ष्मी भोग्नै र थाम्नै पनी छन् अयोग्य ।
सद्बुद्धि बिग्र्यो, जब मित्र–धर्म पाल्नै सकेनन् गरी कर्म योग्य ॥
लागेर बट्टा शुभ—बुद्धिमा त्यो स्वयं फँसे हा ! विषयादिमा ती ।
राज्यादि पाए जसका कृपाले त्यल्लाइ हेर्नै म नछैन कत्ति ॥
तसर्थ सुग्रीव पनी मरून् र स्वदाजु बालीकन भेट्न जाँउन् ।
अयोग्य यस्ता गुणहीनलाई अयोग्य भो राज्य प्रभो ! न पाँउन् ॥
मेरो बढ्यो क्रोध, असह्य भैगो, रोक्नै पनी सक्तिन दाजु ! जो म ।
असत्य त्यस्ता कपिराजलाई मारेर नै छोड्दछु आज नै म ॥
सुयोग्य वालीसुत नै वहाँका राजा हुउन् अङ्गद, वीर हुन् ती ।
लिएर साथी कपिवीर वीर खोजी गरून् भाउजुको, छ शक्ति ॥
लिई धनुर्बाण स्वबाहुबीच घोखेर आफ्ना मनका कुरा यी ।
हिंडी गए लक्ष्मण लड्नमा झैं तम्सेर भै क्रुद्ध असह्यता ली ॥
हुन् राम नाश्ने निज शत्रु–वीर विचार गर्थे बहुतै गभीर ।
तसर्थ भाईकन आफ्नु त्यस्ता भने उनीले शुभ वाक्य यस्ता ॥

११

१२

सुन बाबु ! तिमी जस्ता वीर वा श्रेष्ठ व्यक्तिले ।
पाप यो मित्र–हत्याको गर्नै सक्तैन क्यै गरे ॥

१३

बढेको द्वेष वा क्रोध शुभ बुद्धि–विचार ली ।
मारन सक्तछ जो वीर पुरुषश्रेष्ठ हो त्यही ॥

१४

प्रिय भाई! सदाचारी विवेकी छौ तिमी सदा ।
सुग्रीवलाई मार्ने यो बुद्धि ता लिनु हुन्न वा! ॥
उनी साथ थियो तिम्रो अघि जो प्रेम, स्नेह वा ।
पछाडि त्यसकै लाग दृढता पार मित्रता ॥
सान्त्वनापूर्ण वाणीमा न भनी क्यै कडा कुरा ।
भन सुग्रीवमा बाबु! संझाएर तिनै कुरा ॥
"सीतालाई तपाँईंले खोज्ने काल सुनिश्चित ।
जुन गर्नु भएकोथ्यो अब त्यो बित्न खोज्दछ" ॥
भनिए राम्ररी आफ्ना पुरुषोत्तम दाजुले ।
शत्रुनाशक ती भाई किष्किन्धातिर लम्किए ॥
गर्न नै दाजुको प्यारो हुने हित भलो कुरो ।
यसरी कसिए वीर-भाई राम्रो विचार भो ॥
भित्र क्रोध उठेकैथ्यो परन्तु उनमा अझ ।
गए यस्तै अवस्थामा सुग्रीव-भवनैतिर ॥
विशाल बाहुमा आफ्ना डर्लाग्दो उग्ररूपको ।
धनुर्बाण लिएकाथे हो झैं पर्वत-टाकुरो ॥
देखिन्थ्यो भवाट्ट हेर्दा त्यो इन्द्रकै धनु ठीकको ।
भयङ्कर पनी ज्यादै हो जस्तै काल तुल्यको ॥
शोभिन्थे यसवेला यी मन्दराचल हुन् सरि ।
नाना प्रकारका अग्ला टाकुरा छरिने सरि ॥
बुद्धिमा रामका भाई थिए हुन् झैं बृहस्पति ।
मान्न त्यो दाजुको आज्ञा कसिएका थिए अति ॥
सुग्रीवसित के भन्ने, वहाँ गै, क्यै भने, भने ।
दिने जवाफ के कस्तो? पहिले सब यै गुने ॥
सीताको खोज गर्ने यै इच्छामा चोट पर्दिंदा ।
दाजु श्रीरामलाई जो उठेको क्रोध थ्यो तदा ॥
त्यही हेतु भई भित्र धीर लक्ष्मणमा तक ।
क्रोधाग्नि भई ह्वार्ह्वार्ति बलेकैथ्यो अझैतक ॥
यसैले रन्थनाएर वायु जस्तै छिटा भई ।
सुर्सुर्दै गए वीर किष्किन्धातिर हुत्तिई ॥
क्रोधले झोकिंदा साह्रै आँखै देख्तैनथे उनी ।
परेका मार्गका वस्तु नास्तै-मास्तै बढे अनि ॥
अश्वकर्ण तथा साल ताल आदिक वृक्ष ता ।
बाटामा हुँत्तिदैं जाँदा वेगैले पो ढले तदा ॥

३०

३१

बाटो छेक्ने र अप्ठ्यारा गिरिका टाकुरातक ।
ठूल्ठूला वृक्षकै साथ वेगैले मास्दिए सब ॥
हुत्तिदै गज झैं जाँदा ढुङ्गा धूलो भए सरि ।
टेक्तैमा गिरिमा ढुङ्गा भए धूला बलै परी ॥
चाँचाँडो पाइला सार्दै यस्तो वेग लिई वरी ।
गए लक्ष्मण भै क्रुद्ध कार्यका वशमा परी ॥
इक्ष्वाकुकुलका सिंह यी लक्ष्मण यहाँ पुगी ।
देखि हाले परैबाट त्यो किष्किन्धा महापुरी ॥
डाँडै-डाँडाहरू बीच त्यो बनेको थियो जहाँ ।
पुग्नै गाह्रो थियो, सेना कपिका व्याप्त थे वहाँ ॥
सुग्रीव सँगको क्रोध बढ्नाले उनको अझ ।
ओठ फर्फर गर्दैथ्यो तलको माथिकोतक ॥
किष्किन्धाको नजीकैमा डर्लाग्दा वीर बानर ।
बाहिरै पट्टि घुम्दैथे निकै घेर भई स्थिर ॥
परै बाट यसो हेर्दा देखिन्थे कपि वीर ती ।
विशाल गज हुन् जस्तै डर्लाग्दा देहका अति ॥
देखे वानरले सारा जब लक्ष्मणलाइ यी ।
ढुङ्गा मूढा लिई हाले ठूल्ठूला, भै छिटा अति ॥
शयौं वृक्ष उखेले वा! उठाए टाकुरै उता ।
परे ठोक्न भनी सारा तम्तयार भए यता ॥
जब लक्ष्मणले देखे हथियार लिई सब ।
कसिएका, अनी भैगो उनको क्रोध उत्कट ॥
बलेको अग्निमा जस्तो सुकेका काठ थप्दिए ।
के हुन्छ? भै गयो त्यस्तै तिनको चाल-मालले ॥
अब देखिन लागे यी अग्निझैं लयकालका ।
डर्लाग्दो मृत्यु जस्ता र संहार्ने काल ठीकका ॥
अनि के टिक्न सक्थे ती काँप्तै थर्थर त्रासले ।
शयौंका हूल भै भागे सारा दश-दिशा पुगे ॥
तिनमध्ये पुगे धेरै जसो ता श्रेष्ठ वानर ।
आफ्ना वानर-राजाको महलै भित्र सर्सर ॥
वहाँ लक्ष्मण आएका छन् है क्रुद्ध हुने उनी ।
एक एक गरी बिन्ती गरे सुग्रीवमा अनि ॥
यसवेला यतापट्टि कपिराज थिए अहो! ।
आसक्त भोगमा मस्त परेका वश कामको ॥

४७

CC-0. In Public Domain. Digitization by eGangotri

४८

साथ तारा बसेकी थिन् यसैले कपिराजले ।
सुनेनन् क्यै कुरा त्यस्ता जो भने कपि-वीरले ॥
वहाँ मन्त्रीहरू जो जो बस्तथे उनले पनि ।
जाओ बाहिर ठिक् होओ ! भन्ने आज्ञा दिए अनि ॥
सिरिङ्ग जिउ पार्ने र डर्लाग्दा देहका तथा ।
मेघ वा गज हुन् जस्ता निस्के ती पुरबाट बा ! ॥
थिए नङ्ग्रा र दाह्रा नै यिनका हथियार ता ।
शेखीमा सिंह हुन् जस्ता थिए यी घोंमुखे बडा ॥
कुनैमा दश हात्तीकै ठीकको बल-वीर्य थ्यो ।
कुनैमा शय हात्तीका ठीकको शक्ति सम्म थ्यो ॥
तिनमा पनि थे कोही-कोही ता बल-तेजमा ।
हजारौं गजकै ठीक शक्तिका योग्यका वहाँ ॥
ढुङ्गामूढा लिने हात कपिले बलवान् बडा ।
भएका व्याप्त देख्तामा उनमा क्रोध भो कडा ॥
लड्नै कपिहरू निस्के देखाई बल, वीर्य बा ! ।
किष्किन्धापुरका खाल्डा नाघी पर्खाल सम्म ता ॥
वीर लक्ष्मण देख्थे यो खप्तैथे तर धैर्यले ।
दाजुको काममा त्यस्तो बाधा पर्ला भनेर ए ! ॥
उता सुग्रीवको उल्टो घुर्की, गल्ती, प्रमाद यो ।
देख्ता भोग्दा भने, भैगो उनमा क्रोध झन् बडो ॥
र-राता भै गए आँखा स्वाँ!स्वाँ!! भो श्वास बढ्न गो ।
निस्कियो वाफ तात्तातो यसले उनमा अहो ! ॥
यसर्थ त्यस वेलामा देखिए वीर लक्ष्मण ।
धूँवाकै साथको आगो बले जस्तै अशोभन ॥

५६

६०

कुनै पाँच मुखे सर्प हुन् जस्तै देखिए उनी ।
देखिने बाणको टुप्पो जिब्रो नै त्यसको पनि ॥
त्यसको देह मानिन्थ्यो विशाल धनु त्यो उवा ।
यसरी सर्परूपी ती थे तेज-विष व्याप्त वा ! ॥
देखिन्थे धप्धपाएको प्रलयाग्नि सरी उनी ।
झोक्का नागका राजा शेष-ठीक थिए उनी ॥
अब यस्तो अवस्थामा काँप्तै अङ्गद थर्थर ।
गए भै खिन्न विस्तारै यी लक्ष्मण भएतिर ॥
देख्ता अघि उनीलाई महान् कीर्ति हुने यिनी ।
झोक्किए, नेत्र भो रातो भनी हाले यसो अनि ॥
बाबु अङ्गद ! लौ जाऊ ! तिम्रा राजा-पितासित ।
म आएको भनी हाले तुरुन्तै पार सूचित ॥
भन्नु यत्ति उनीलाई शत्रुनाश्ने कपीश्वर ! ।
दाजुको दुःखले साह्रै बढेको पीर दुर्धर ॥
यो सानो रामको भाई आयो लक्ष्मण नै यहाँ ।
तपाँईलाई भेट्नाको निम्ति ठिङ्ग छ द्वारमा" ॥
सुन्नोस् वानरका राजा ! मन लाग्छ भने यदि ।
रामाज्ञा पाल्नुहोस् राम्रो गर्नोस् काम छिटै त्यति ! ॥
सुन्यौ के शत्रु नाश्ने ए वीर अङ्गद बाबु ! यो ? ।
जाऊ यत्ति भनी आऊ म भएमा तिमी छिटो ॥
कुरा लक्ष्मणका सुन्दै शोकाकुल हुने उनी ।
हिंडि हाले पिता-राजा भएतिर छिटै अनि ॥
यसो भनी गरे विन्ती पसी भित्र झुकीकन ।
बुवा ! स्वयं सवारी भो सुमित्रासुत लक्ष्मण ॥

७१

७२

क्यै चर्किए ठीक कठोर ज्यादि सुने पछि लक्ष्मणका कुरा ती ।
सुकी गयो बा ! मुख-ओठ ख्याप्पै भरङ्ग भो अङ्गद-चित्त ठ्याप्पै ॥

७३

छुटी उनीबाट यिनी तुरुन्त आए भएमा कपिराज भित्र ।
झुकी गरे दर्शन पाउमा गै तारा-रुमामा पनि भै पवित्र ॥

७४

तेजी निकै अङ्गद हुन्, उनीले पैले पिताको पद पक्डिए ए ! ।
तारा मुमाको पछि ती रुमाको श्रीपाउ ढोगे अनि त्यो भने ए ! ॥

CC-0. In Public Domain. Digitization by eGangotri

७५

सुग्रीव यस बेलामा मद-मत्त थिए यता ।
मोह पार्दै थियो ज्यादै बढेको काम झन् उता ॥
अफ्यारो पर्न गो अर्को निद्राले चूर थे उनी ।
उठ्न गाह्रै परी हाल्यो, त्यो कुरा को सुनोस् अनि ॥
उता गाँठो पर्‍यो अर्को चर्केका क्रोधले अति ।
लक्ष्मणैलाई देख्दामा चिच्याए कपि-वीर ती ॥
चिच्याइको थियो हेतु खुश पार्नु उनीकन ।
कपिले डरले काँप्ता खैला-बैला गरे जुन ॥
यो गज्याइ बढ्यो, ठूलो पानीको भेल हो सरि ।
चकैं चट्याङ् परे जस्तै निस्कियो शब्द वेसरी ॥
यत्रो शब्द गई पर्दा कानमा बज्रिँदा यता ।
वानरेश्वर सुग्रीव बल्ल पो व्यूँझिए उता ॥
यो वेला पनि माला थ्यो दिव्य भूषित देहमा ।
र-राता नेत्र थे केही मद बाँकी हुँदा वहाँ ॥
यसैवेला भने फेरि भतीजा प्रिय-अङ्गद ।
बढेर त्यो कुरा सारा जो सुने उनले तब ॥
उनका पछि लागेर पसेका भित्र वानर ।
दुइटा अरु थे, मन्त्री वानरेश्वरका स्थिर ॥
प्लक्ष, प्रभाव यै नाम यी दुवैको थियो यता ।
थिए सुग्रीवका प्यारा देख्तै आँउदथ्यो मजा ॥
धर्म अर्थ दुवै राम्रो हेर्दथे, शोच्तथे सदा ।
यी दुवै कसिए भन्न आफ्ना स्वामीकनै तदा ॥
ठूला साना कुरा भन्न मनको दुःख पोख्न नै ।
आएका, उनको लागे प्रशंसा गर्न तत्क्षणै ॥
सान्त्वनापूर्णका राम्रा मीठा नरम वाक्यले ।
प्रसन्न मनमा पारे दुवैले उनलाइ ए ! ॥

८७

८८

गरे सेवा भए ठिङ्ग उभिएर मिले दुवै ।
गरेझैं देवले सेवा मरुत्पति सुरेन्द्रकै ॥
कपीश्वर प्रभो ! छन् ती राम, लक्ष्मण वास्तव ।
अत्यन्त सत्य बोलीका महान् सौभाग्यका तक ॥
राज्य भोग्न सँधै योग्य छन् दुवै, प्रभुमा पनि ।
यत्रो राज्य दिएकै हुन् मर्त्य भै ओर्लिए यिनी ॥
यी दुवै भाइ मध्येका कान्छा लक्ष्मण चाँहि ता ।
आई बाहिर ढोकामा बसेका छन् भई खडा ॥
प्रभो ! बोक्ता धनुर्बाण डर्लाग्दो रूप भै दिंदा ।
काँपेका कपि यी सारा देख्ता चिच्याँउछन् उता ॥
रामाज्ञा पाल्नु नै मुख्य बनाई दृढ सारथि ।
कर्तव्य-रथ पारेका स्वयं निश्चितरूप ली ॥
शुभ-सन्देश बोकेर आज्ञाले प्रिय-दाजुको ।
प्रभुलाई यहाँ भेट्न आएका छन् उनी प्रभो ! ॥
उनैले प्रिय ताराका पुत्र अङ्गदलाइ यी ।
छिटो जाउ भनी स्वामिन् ! पठाए प्रभुमा पछि ॥
वीर्य-शक्ति छ ज्यादै नै वीर लक्ष्मणमा अहो ! ।
क्रोधले नेत्र छन् राता द्वारमा ठिङ्ग छन् प्रभो ! ॥
कपीश्वर! सुनी बक्स्योस् ! नेत्रकै तेजले उनी ।
सारा वानर मारछन् झैं देखिइन्छन् त्यसै पनि ॥
तस्मात् अब महाराज ! बन्धु- बान्धव-पुत्रको ।
साथमा प्रभु आफैं नै सवारी होस् छिटै प्रभो ! ॥
पसेर शिर तेर्स्याई उनको पाउमा परी ।
बढ्दो र चर्किंदो क्रोध शान्त पारौं झुकी-वरी ॥
हाम्रो विन्ती छ यो अर्को धर्मात्मा प्रभु राम जो ।
आज्ञा हुन्छ, त्यसैलाई गरौं ध्यान दिई बडो ॥

१००

१०१

गरूँला म भनी स्वामिन् ! बक्सेथ्यो वचनै पनि ।
तस्मात् अब भई बक्स्योस् सत्य-वाक्य हुने पनि ॥

इति एकतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बत्तीसौं सर्ग

मन्त्री-हनुमान्ले कपिराज-सुग्रीवलाई संझाउनु

१

स्वयं वानरका राजा वीर सुग्रीवले वहाँ ।
कुरा-अङ्गदले भन्दा सुने सचिव साथमा ॥
वीर लक्ष्मण झोक्केको कुरा त्यस्तो त्यो सुने पछि ।
उभिए आसनै छोडे उनले अब धैर्य ली ॥
सल्लाह मन्त्रणा गर्न जान्दथे राम्ररी उनी ।
मन्त्र-प्रयोग गर्नामा थिए विद्वान् निकै यिनी ॥
उनले अब तत्काल रामको गुरुता तथा ।
त्यो आफ्नो लघुताबीच गरे ख्याल स्वयं तदा ॥
त्यत्तिले न पुगी फेरि मन्त्र जान्ने र उत्तम ।
मन्त्री साथ भने गर्दै मन्त्रणा यसरी पुनः ॥
ए मेरा प्रिय-मन्त्री हो ! मैले त्यस्तो कुनै कुरा ।
भनेंछु कि अयोग्यै हूँ ? म त संझिन्न क्यै कुरा ॥
न त मैले गरेकोछु नालायक कुरा कुनै ।
रिसाए रामका भाई नत्र ता किन व्यर्थमै ? ॥
यै कुरामा पर्‍यो पीर म शोच्तैछु निरन्तर ।
छ क्यै पर्‍यो तिमीलाई ? क्यै न क्यै त पर्‍यो तर ॥
खोज्ने छिद्र सँधै मेरा चिढिएका कुमित्रले ।
सुनाए छन् कि क्यै त्यस्तो नभएको कुरा ? हरे ! ॥
हुन् पक्कै शत्रु ती मेरा भाइ-लक्ष्मणलाइ यी ।
जसले भर्दिए कान लगाई दोष, पूठ दी ॥
भैगो लौ ! सुन मन्त्री हो ! तिमीहरू सबै अब ।
तुरुन्त यसमा लाग राम्ररी गर निश्चय ॥
किन लक्ष्मणमा क्रोध चढ्यो त्यस्तो विपक्षमा ? ।
हेतु के ? बुझ यै पैले ताड भाव सबै वहाँ ॥
मित्र-श्रीराम द्वारा वा भाइ-लक्ष्मण बाट यी ।
मलाइ डर नै छैन ठोकुवा छ कुरो यही ॥

१३

१४

विनापराधमा किन्तु रिसायो मित्र क्यै भने ।
पार्छ उद्विग्न अत्यन्त यर्कोमा मित्रता हुने ॥
मित्र पार्न सबै सक्छन् सजिलै बन्दछन् पनि ।
तर मित्रत्व त्यो पालन थाम्न यो कष्ट पर्छ नि ? ॥
एकै नासै हुँदै हुन्न मनको भाव जो सँधै ।
यसैले क्यै परे छेस्को प्रीति फाट्छ मजासँगै ॥
सुन ए वीर मन्त्री हो ! यसै कारणले म ता ।
भित्र केही डराएकै छु है वास्तव सर्वथा ॥
उपकार गरी बक्स्यो जो मेरो मित्र-रामले ।
त्यसको बदला तिर्नै म त सक्तिन क्यै गरे ॥
चूप लागे भनी यत्ति राजा वानरका जब ।
उठेर हनुमान्-मन्त्री भन्न लागे यसो तब ॥
वीर-वानरमा मन्त्रीहरु थे अरु जो वहाँ ॥
सब ती सुन्दथे, पोख्थे ती कुरा युक्तिका त्यहाँ ॥
भालू-वानरका स्वामिन् ! स्नेहपूर्वक मित्रले ।
त्यसरी गुन लाएको बिर्सिबक्सेन नाथले ॥
अझै छ दृढ विश्वास, यस्ता योग्य हजूरमा ।
छैन आश्चर्य नै कत्ति त्यो आज्ञा हुनुमा यहाँ ॥
रामले गरि बक्सेथ्यो ठूलै काम हजूरको ।
हिक्किचै मानि बक्सेन गर्दामा काम सम्म त्यो ॥
लोकापवादको केही ख्यालै भो न भयो भय ।
इन्द्रै-तुल्य मरे बाली गर्न नै प्रभुको प्रिय ॥
यस हालतमा स्वामिन् ! मत ठान्दछु यै कुरो ।
क्रोध कत्ति छँदै छैन रामको प्रभुमा प्रभो ! ॥
शोभाका-घर यी भाई वीर लक्ष्मणलाइ ता ।
प्रेमले नै पठाएको हुनुपर्दछ सर्वथा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

वेला-वखतको राम्रो ख्याल गर्ने कपीश्वर ! ।
थियो समय बक्सेको प्रभुले अघि निश्चित ॥
वहाँकी धर्मपत्नीको खोजी गर्ने सुयोग्यको ।
काल त्यो अब बित्ने भो ! प्रभुमा ज्ञान छैन जो ॥
हजूर यसरी आफ्नै इच्छाका काम-भोगमा ।
मग्न भै फँसि बक्स्यो र यो आपत् पर्न गो यहाँ ॥
हेरि बक्स्योस् उदाएको शरत् सुन्दर भै अहो ! ।
ऊ ! सप्तच्छदका फूल फुले श्याम भई प्रभो ! ॥
अब आकाशमा छैनन् कत्ति बादलका दल ।
ग्रह-नक्षत्र-तारादि उदाए भई निर्मल ॥
जवाततै उज्यालो भो दिशाहरू खुले उता ।
नदी र पोखरीका यी जल स्वच्छ भए यता ॥
लड्ने वा जानकी खोज्ने यै हो वखत उत्तम ।
भएन प्रभुमा ज्ञान यसको वानरोत्तम ! ॥
जानिन्छ यसले राम्रै परी बक्स्यो प्रमादमा ।
तसर्थ सवारी भो स्वयं लक्ष्मण नै यहाँ ॥
महात्मा रामकी पत्नी सीता हरिइँदा वहाँ ।
जुन दुःख बढेकोछ उहाँमा भित्र चित्तमा ॥
त्यसैले पीर बढ्नाले कडै केही भने पनि ।
ए प्रभो ! सहि बक्सेला कुरा लक्ष्मणका पनि ॥

३६

३७

अपराध भएकै हो प्रभुबाट त्यसो हुँदा ।
त्यस हालतमा हाम्रो गति क्यै छैन है यता ॥
तस्मात् जोडी दुवै बाहु गई लक्ष्मणको अघि ।
प्रसन्न पार्नु बाहेक छैन श्रेय हुने स्थिति ॥
राज्यको श्रेय गर्ने र गर्नै वृद्धि विकास वा ।
हुन्छन् मन्त्रीहरू स्वामिन् ! नियुक्त नृप-बाट ता ॥
उनले भन्नु नै पर्छ आफ्ना स्वामीकनै अतः ।
हुने हित भलो नित्य स्पष्ट सारा कुरा स्वतः ॥
यसै कारणले नाथ ! छोडी डर-भरै पनि ।
मैले विन्ती चढाएँ, यै ठमाएँ योग्य हो भनी ॥
देव दानव गन्धर्व साथको यो जगत् सब ।
श्रीराम झोकिंदा स्वामिन् ! हुन जान्छ त्यसै वश ॥
कसैई बक्सिए आफैं धनुर्बाण धरी अहो ! ।
जगतको चाल के होला ? शोचिबक्स्योस न यो कुरो ॥
हात जोडी पछी झुक्तै जल्लाइ खुश पार्नु छ ।
प्रभो ! यहाँ त्यसैलाई के झोक्याँउनु योग्य छ ? ॥
त्यस्तोले त हुँदैहुन्न यसो गर्नु कसै गरे ।
गुन सँझन्छ जो मित्र जसले अघि क्यै गरे ॥
तस्मात् अब गई राजन् ! पुत्र-मित्र सँगै लिई ।
परी लक्ष्मणको पाउ ढोगि बक्स्योस् छिटो भई ॥

४६

४७

प्रतिज्ञा अघिको आफ्नो पालि बक्स्योस् यसो गरी ।
पतिको योग्य-पत्नीझैं राज होस वशमा परी ॥

४८

श्रीरामको लक्ष्मणको पनि प्रभो ! आदेश जस्तो जुन हुन्छ त्यो कुरो ।
न टेर्नु वा हुन्न कसै गरे पनि हुँदैन है शोच्नु स्वचित्तले पनि ॥

४९

भाई सँगैका सुरराज ठीकका श्रीरामको ओह ! मनुष्यरूपका ।
जस्तो छ स्वामिन् ! बल, शक्ति, यो कुरो छ ताडिएकै मनले हजूरको ॥

इति बत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेत्तीसौं सर्ग

वानरराज-रानी ताराले लक्ष्मणलाई संझाएर अन्तःपुर भित्र-लिइ जानु

१

त्यो किष्किन्धा-गुफा भित्र-खोपीमा, कपिराजको ।
भयो अङ्गदमा आज्ञा लिइ आँउन भै छिटो ॥
रमणीय गुफामा त्यो आज्ञाले दाजु-रामको ।
पसे यी शत्रु संहार्ने वीर लक्ष्मण बल्ल पो ॥
त्यसको मूल-ढोकामै ठूला बल र देहका ।
कपिवीरहरू धेरै बसेका योग्य भै खडा ॥
वीर लक्ष्मण आएको देख्ना साथ तुरुन्त यी ।
भए अदवले ठिङ्ग जोडिए दुइ बाहुली ॥
केही झोक उठेकैथ्यो यता लक्ष्मणमा अझ ।
उनमा श्वास-प्रश्वास बढेकैथ्यो निकै अझ ॥
देख्ता अड्कल काट्ता यो वहाँका वीर वानर ।
उनको डरले गर्दा भै गए भित्र थर्थर ॥
घेरी चारतिरै बाट यसैले उनलाइ ता ।
सकेनन् साथमा जान सब लागे यताउता ॥
श्रीमान् लक्ष्मणले देखे अव भित्र पसे पछि ।
ज्यादै सुन्दर किष्किन्धा-गुफाका रूपकी पुरी ॥
नाना प्रकारका रत्न राखिएका थिए जहाँ ।
थिइन् रत्नमयी जस्ती यसैले यी पुरी वहाँ ॥
थियो स्वर्गीय शोभा नै फैलिएको सबैतिर ।
लाग्थ्यो हेरिरहौं जस्तो ज्यादै राम्रो हुँदा स्थिर ॥
यहीं वन-बगैंचा थे अतिसुन्दर उत्तम ।
फूलले फलले टन्न भएका र मनोरम ॥
सम्पन्न कपिका धेरै हर्म्य-अट्टालिका थिए ।
प्रासाद, गृह राजाका देव-मन्दिर खुल्दथे ॥
राख्ता ठ-ठाममा फेरि मणि, रत्न अनेकन ।
प्रकाश छरिएकोथ्यो, शोभिन्थ्यो यसले पुनः ॥

१३

१४

भने जस्ता दिने वस्तु वृक्षले पूर्ण थिन् पुरी ।
यिनैले शोभिएकी थिन् फुल्दा फल्दा मुलीसरी ॥
देव-गन्धर्वका छोरा वस्थे कपि यहीं सब ।
सक्तथे धर्न जो रूप चिताए ठीक वास्तव ॥
देख्तै आनन्द लाग्ने र राम्रा पनि हुने अति ।
कपि वीर यहीं बस्थे ठूलो आनन्द शान्ति लो ॥
यिनले पैह्रिएका थे दिव्य-माला तथा लुगा ।
यसैले शोभिएकी थिन् यो पुरी जुन हुन् गुफा ॥
सुगन्ध फैलिएकोथ्यो यहाँ कमलको तथा ।
चन्दनागुरुको सम्म बास्ना फैंक्थ्यो दिई मजा ॥
यता जगमगाएका ठूल्ठूला राजमार्गमा ।
मधु-मैरेयका गन्ध लट्ठ पार्थे जहाँ-वहाँ ॥
यो किष्किन्धा-पुरी भित्र मेरु-विन्ध्य पहाडमैं ।
अग्ला धेरै तले नाना थिए प्रासाद शोभिदै ॥
भित्र-भित्रै बहेकाथे यही गिरि-नदी पनि ।
अतिनिर्मल पानी थ्यो जो देखे यिनले पनि ॥
बढ्दै अगाडि जाँदामा वीर लक्ष्मणले यहाँ ।
घर अङ्गदको देखे शोभिंदो भव्यरूपमा ॥
त्यसको साथमै देखे छेउमा राजमार्गको ।
गवाक्ष-गज-गवय मैन्द द्विविद वीरको ॥
विद्युन्माली र शरभ-सूर्याक्ष-हनुमान् अनि ।
वीरबाहु र सम्पाति-महात्मा नलको पनि ॥
सुबाहु--जाम्बवान्--तार-सुषेण-कुमुदादिको ।
नील एवं दधिमुख-सुपाटल-सुनेत्रको ॥
ठूला वीर महात्मा यी कपिका घर सुन्दर ।
शोभिन्थ्यो राजमार्गैमा देखे अग्ला मनोहर ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

थिए भवन यी सेता मेघझैं अति उज्ज्वल ।
सुगन्ध-पुष्प-मालाले सिँगारेका थिए सब ॥
थिए सम्पन्न यी साह्रै धन-धान्यादि-वस्तुले ।
शोभिएका थिए भित्र रमणी-रत्न सम्मले ॥
यता वानर-राजाको प्रासाद अतिरम्य थ्यो ।
देखिन्थ्यो भ्वाट्ट हेर्दा जो होझैं महल इन्द्रको ॥
यता पहाडका अग्ला हुँदा पर्खाल झलझल ।
पस्न ता सहसा भित्र पर्दथ्यो अति मुस्किल ॥
राजप्रासादको यस्तो अग्ला राम्रा अटालिका ।
देखिन्थे चुचुरा सेता हुन् झैं कैलासका निका ॥
वहाँका वृक्ष थे सारा चिताएझैं दिने फल ।
फुलेका थे फलेका थे अतिशोभित भै सब ॥
साक्षात् देवेन्द्रले आफैं दिएका वृक्ष थे कहीं ।
देखिन्थे अति नै काला नीला मेघ सरी कहीं ॥
थिए यी स्वर्गकै वृक्ष राम्रा हेरीरहौं सरि ।
फलकै साथ शोभिन्थे फूल नानाथरी-थरी ॥
छायामा यिनको वस्ता ज्यादै आनन्द आँउथ्यो ।
अतिशीतल छाया भै शोभिन्थ्यो दिव्य, भव्य थ्यो ॥
ड्यौढीमा मूल-ढोकाको अनेकौं बलवान् कपि ।
हातमा लिइ शस्त्रास्त्र पहरा गर्दथे डटी ॥
थियो भवन यो दिव्य अति राम्रो यथार्थमा ।
फूलले दिव्य-मालाले सजिएको जहाँ-तहाँ ॥
त्यसको बाहिरी ढोका लम्बरी सुनमात्रले ।
बनेकोथ्यो र देखिन्थ्यो झलझलाकार भव्य ए ! ॥
महान् बल हुने वीर सुमित्रासुत लक्ष्मण ।
पसे सुग्रीवको त्यस्तो भवनैमा मनोरम ॥
रोक-टोक कहीं केही भएन उनमा अब ।
पसे स्वात्त पसे ठीक मेघभित्र रवि-ग्रह ॥
वीर लक्ष्मणले काटे सात ड्यौढी फटाफट ।
वहाँ ठिक्क थिए सारा सवारी रथ आदिक ॥
बिछ्यौना थे सजाएका बिछ्याएका वहाँ पुनः ।
अतिसुन्दर देखिन्थ्यो यिनैले पनि आँगन ॥
यसरी यी सबै नाघी छिचोली अब लक्ष्मण ।
पुगे सोपीनिरै देखे सुरक्षित थियो जुन ॥

४३

४४

वहाँ ठ-ठाममा नाना चाँदीका सुनका तथा ।
थिए पलँग राखेका सजिएका विचित्रका ॥
अरु आसन थे भव्य उत्तमोत्तम शोभित ।
बहुमूल्य बिछ्यौनाले खुलेका झन् मजासित ॥
यहाँ पस्ता न पस्तैमा वीर लक्ष्मणले सुने ।
ध्वनि संगीतको मीठो मनै मुग्ध गराँउने ॥
बीणाको शब्दमा मीठा लयमा सुर-तालमा !
कुनै गाइ रहेकोथ्यो जहाँ भै मग्न गानमा ॥
गीताक्षर थियो स्पष्ट आँउथ्यो ठिक्कमा सम ।
यसैको ध्वनि गुञ्जिन्थ्यो खोपीभर मनोरम ॥
उनले यो पनी देखे वहाँ अन्तःपुरै भर ।
सुन्दरी रमणी नाना रूप-आकारका स्थिर ॥
बढ्दो यौवनकै साथ त्यस्तो रूप हुँदा उनी ।
त्यसै मसक्क मस्किन्थे, हर्न खोज्थे मनै पनि ॥
उत्तमै कुलमा मात्र जन्मेका थे सबै यिनी ।
पुष्प वा पुष्पको माला पैह्रन्थे शिरमा पनि ॥
सुनका रत्नका राम्रा गहना खुल्दथ्यो यता ।
यसैले पनि यी नारी थिए झकिझकाउ वा ! ॥
वहींका फूलका त्यस्ता थुँगाले दिव्य उत्तम ।
माला गुँथ्न भनी सारा लागेकाथे दिई मन ॥
चाल स्त्रीजातिको यस्तो देख्ता लक्ष्मणले स्थिर ।
जान्नै पुरुषको हाल यसो हेरे सबैतिर ॥
थिए सेवक जो जत्ति घरमा कपिराजको ।
असन्तुष्ट थिएनन् क्वै न अतृप्तै थिए अहो ! ॥
देखिन्थे मरिभेट्ने ती आफ्ना स्वामी भने पछि ।
उनका गहना वस्त्र थिए वेस सफा अति ॥
सुनिन्थ्यो स्पष्ट आवाज नारीका पाउजेबको ।
मेखला पनि झन्किन्थ्यो उनका कटिभागको ॥
सुन्दा यी सब देख्तामा वीर सुन्दर लक्ष्मण ।
भए लज्जित साह्रै नै भित्र, अलि झुक्यो मन ॥
यता यस्तै थियो झन्क्यो उता झनन भै स्वन ।
नारीका गहना बज्दा कानैमा पर्न गो पुनः ॥
बढी गो क्रोधको वेग यसले उनमा अब ।
टङ्कारे धनु त्यो आफ्नो जोडले झोकिई तब ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

८१

वान्दामा धनुको ताँदो वीर लक्ष्मणले यता ।
घनघोर उठ्यो शब्द व्याप्त भैगो दशौं दिशा ॥
रघुका कुलको आफ्नो सदाचार र शीलको ।
तुरुन्त संम्फना भैगो तानिए त्यसले अहो ! ॥
यसर्थ छेउ लागेर महान् बाहु हुने उनी ।
बसे एकान्त खोजेर फोक्रिएर त्यसै अनि ॥
दाजु श्रीरामको काम हुने सिद्ध यहाँ कुनै ।
छाँटकाँटै न देख्तामा भए लक्ष्मण खिन्न नै ॥
सुने वानरराजाले टङ्कार्दा धनुशब्द त्यो ।
वीर लक्ष्मण लौ आए ! भन्ठाने आनमात्र पो ॥
डरले थर्र भै हाले यसअर्थ स्वयं उनी ।
राजसिंहासनै आफ्नो छोडी ठिङ्ग भए अनि ॥
सुग्रीव शोच्न लागे यो समा अङ्गदले अघि ।
भनेकै हुन् त्यहीठीक, आए लक्ष्मण वीर यो ॥
टङ्कार धनुको सुन्दा भन्दा अङ्गदले पनि ।
पत्तो लक्ष्मण आएको पाए, मुख सुक्यो अनि ॥
भए उद्विग्न ज्यादै ती काँपे थर्थर त्रासले ।
भएन साहसै कत्ति उनको अघि पर्न ए ! ॥
तैपनी धैर्यले अड्दै भने वानरराजले ।
साथकी सुन्दरी-तारा सँग यो हित प्रेमले ॥
तेर्सो नजरकी रानी ! के पर्‍यो बाबु-लक्ष्मण ।
रिसाँउने कुरो त्यस्तो जान्दछ्यौ क्यै भने, भन ? ॥

७१

७२

चर्किएफैं गरी आए रामका भाइ यी किन !
रानी ! बेस थियो बानी स्वभाव-कमलो सब ॥
निर्दोष अङ्गकी तारे ! यी लक्ष्मण कुमारले ।
पर्‍यो रिसाँउनै पर्ने कुन हेतु ? छ ज्ञान के ? ॥
यसो शोच्ता विचार्दा ता मनुष्यश्रेष्ठ भै दिए ।
विना कारणमा पक्कै गर्नु पर्दैन क्रोध ता ॥
मैले हामीहरूले वा हुने अहित अप्रिय ।
उनको क्यै कुरो त्यस्तो गरेछौं कि त वास्तव ॥
छिटै भन तिमी तारे ! बुझेकी छौ कि क्यै कुरा ।
अब के गर्नु पर्ने हो ! भन शोची सबै पुरा ॥
सुन ! फर्किइने बानी हुने रानी ! कि गै तिमी ।
बावु लक्ष्मणलाई ती भेटी हाल छिटो बनी ॥
सम्फाएर बुझाएर मीठा मधुर वाक्यमा ।
प्रसन्न पार लौ तारे ! तिमी आफैं गई वहाँ ॥
भाइ लक्ष्मणको आत्मा ज्यादै शुद्ध, पवित्र छ ।
देख्ना साथ तिमीलाई शान्त हुन्छन् उनी स्वतः ॥
सुन ! स्त्रीजातिमा त्यस्ता महात्मा जन वास्तव ।
कठोर कहिल्यै हुन्नन् खुश हुन्छन् छिटै तव ॥
मीठा वचनले आफ्ना जब क्रुद्ध उनीकन ।
तिमी प्रसन्न पारौली वहाँ गइ झुकीकन ॥
अनि पो वीर ती मेरा भाइ लक्ष्मणको प्रिय ।
हुनेछ मन त्यो शान्त हुन्छन् इन्द्रिय निर्मल ॥

८२

८३

भेट्नेछु म यसैवेला शत्रुनाशक सुन्दर ।
हुने कमलफैं आँखा उनलाइ भई स्थिर ॥
सुग्रीवले यत्ति भनी सकेमा तारा गइन् वीर उनी भएमा ।
स्त्रीमा हुने लक्षण बेस बेस थिए यिनीमा स्थित भै विशेष ॥
शरीर राम्रो पवलो थियो क्यै झुकी रहन्थ्यो भइ नम्र ज्यादै ।
हुँदा पिएको मद क्यै नशाले थे चञ्चले नेत्र दुवै मजाले ॥
वेलाविषे यो, अब लौ ! लडिन्फैं थिन् देखिएकी मदमत्त भै भै ।
सुवर्णका सुन्दर सूत्र साथै थ्यो मेखला फन् कटिमा खुलेकै ॥
अगाडि देख्ता कपिराज-रानी त्यस्ती उनीलाइ धर्कै त मानी ।
वास्तै गरेनन् उनले अपार आत्मा हुनाले, अति नै उदार ॥

८८

ती राजराजेश्वरका सुपुत्र यी वीरको चित्त थियो पवित्र ।
अगाडि पर्दा जब आइमाई झुकी गयो क्यै शिर हाइ-हाई ! ॥
पिएर रक्सी मद चढ्दिनाले तारा थिइन् मस्त यता नशाले ।
हेरिन् यसो लक्ष्मणको मुहार प्रसन्न थ्यो दृष्टि हुँदा उदार ॥
आफन्तको दृष्टि र स्नेह द्वारा भिज्दो र लिइ मिल्दो वाक्य-धारा ।
संम्झाँउदै भन्न तयार तारा भइन्, भनिन् वाक्य सुयोग्य सारा ॥
नरेन्द्रका पुत्र ! हजूरमा यो जो क्रोध देखिन्छ बढे सरीको ।
त्यो बढ्नु पर्ने कुन हेतु त्यस्तो पर्‍यो, सुनौं छैन त गुह्य जस्तो ॥
आज्ञा हुँदामा प्रभुको सुयोग्य संभयो ? कसैले कि त हा ! अयोग्य ।
टेरेन यद्वा अब हेतु के हो ? सुनौं न हामी पनि लौ ! प्रभो ! त्यो ॥
आश्चर्य यै हो! कुन व्यक्ति होला जो त्रास छोड्ला लिइ मर्त्य चोला ।
को गै डँढेलोबिच पस्न सक्ला जहाँ सुकेको रुखमात्र होला ? ॥

९३

९४

सान्त्वना भरिएको थ्यो ताराको वाक्य-भित्र यो ।
स्नेहले पोखिएकोथ्यो मनको भाव सम्म त्यो ॥
तस्मात् त्यस्ता कुरा मीठा सुन्दा लक्ष्मण वीर यी ।
स्वयं निःशङ्क भै हाले पछि बाट भने यही ।
पतिको हितमा मात्र लागेकी ए शुभे ! सुन ।
तिम्रा पति फँसे ज्यादै विषयी-भोगमा जुन ॥
यसैले यिनले आफ्नो अर्थको धर्मसम्मको ।
पत्तो छोड्दिइ वेपत्तो पारे संग्रहको कुरो ॥
यसको छैन क्यै पत्तो तिमीलाइ पनी कि के ? ।
पति-सुग्रीवलाई तो संम्झाँउनौ तिमी कि के ? ॥
ए तारे ! सुन ! लागेछन् धीँडो थाम्नेतिरै यिनी ।
रहन्छ कसरी राज्य यसैमा शोच्तछन् उनी ॥
शोकमा नै डुबेकाछौं यता हामीहरू भने ।
जाँदैन उनको ध्यान यसमा कत्ति, यै गुनें ॥
जो जो राज-सभाका छन् सदस्य, सचिवादिक ।
उनैलाइ लिई साथ भोग्छन् विषय यी सब ॥
तिम्रा वानरका राजा पति सुग्रीवले सुन ! ।
थिए अवधि राखेका महिना चारको जुन ॥

१०२

१०३

त्यो बित्यो उहिल्यै तारे ! पत्तै छैन यिनीकन ।
गर्छन् विहार स्त्रीसाथ बस्छन् मद पिईकन ॥
धर्म अर्थ दुवै जोर्ने सिद्ध पार्ने मनुष्यको ।
निम्तिमा धोक्नु ता रक्सी छ त्याज्य र अयोग्य पो ॥
पत्तौ होला तिमीलाई ए शुभे ! पिउँदा मद ।
धर्म अर्थ तथा काम यी तीनै छुट्छ, नष्ट छ ॥
उपकार भलो गर्ने मित्रको श्रेय वा हित ।
वेलामा न गरे तारे ! धर्म नाशिन्छ त्यो स्वतः ॥
गुणी स्वमित्रको साथ मित्रता छुट्छ यो जब ।
अर्थ सम्म पनी श्रेष्ठ त्यसै नाशिन्छ है तव ॥
मित्र हुन्छन् दुवै खाले-यौटा ता आफ्नु मित्रको ।
अर्थ-साधनमै लाग्ने, गर्दिने हित वा भलो ॥
हो अर्को चाँहि यो-टिक्छ जुन सत्य र धर्ममा ।
तिम्रा पति छँदैछैनन् यी दुवैमा कुनै यहाँ ॥
यिनले मित्रको काम न गरे क्यै यहाँ शुभे ! ।
राम्रो राखेर मर्यादा न आफ्नै-धर्ममा अडे ॥
स्थिति यस्तो पर्‍यो तारे ! अब यो कार्य-सिद्धिमा ।
हामीले गर्नु पर्ला के हुने राम्रो भविष्यमा ? ॥

१११

CC-0. In Public Domain. Digitization by eGangotri

११२
के के गर्दा भलो होला के हो कर्तव्य योग्यको ? ।
तिमी नै भन ! जान्नेछयौ जो तिमी कार्य–तत्त्व यो ॥
थ्यो वाक्य यो धर्म र अर्थद्वारा ज्यादै मिलेको उपयुक्त सारा ।
स्वभाव राम्रो उनको यसैले थ्यो देखिएको अति स्पष्टताले ॥
श्रीरामको काम कुरो न गर्दा यिनी रिसाए दृढ क्रोध मर्दा ।
यही गमी निश्चित–वाक्य द्वारा भन्दी भइन् फेरि झुकेर तारा ॥
नरेन्द्रका पुत्र ! न होस् झमेला यो झोक्किने होइन योग्य वेला ।
आफ्ना हितैषी जनमा यसोरी होला प्रभो ! झोक्किनु पो कसोरी ? ॥
श्रीरामको काम गरौं म सिद्ध कसो गरी ? यै मनमा छ, एक ।
तसर्थ छैनन् कपिराज दोषी भए क्षमा बक्सिनु पर्छ देव ! ॥
अर्को कुरो वीर–कुमार बावु ! महान् गुणी व्यक्ति छ ता भने ऊ ।
के झःक झिक्थ्यो ? बल–वीर्य–हीन कौ निर्गुणीमा जुन त्यो छ दीन ॥
थाम्ने र पाल्ने गुण सत्व धान्ने, मान्ने सदाचार बखान्न जान्ने ।
हजूर जस्ता जन कौ पनी वा हुन्नन् प्रभो ! है वश क्रोधको ता ॥
कपीश मेरा पतिका सुमित्र श्रीरामको काम छ त्यो पवित्र ।
ढीलो हुँदा त्यै नगरी दिनाले जान्दीछु यो क्रोध बढ्यो मजाले ॥
हजूरको नै वशमा अघी जो सुग्रीवको काम थियो, भयो त्यो ।
जो काम अैले कपिराट् सँगै छ जान्दीछु पक्कै ! अब गर्नु पर्छ ॥
छ कामको वेग असह्य भन्ने मलाई पत्तो छ कहीं नदेख्ने ।
परी त्यसैको बल–शक्ति–झेल सुग्रीव छन् मस्त प्रभो ! अचेल ॥
स्वयं म जान्दीछु सवै कुरा यो फस्ता त्यसैमा दिन–रात ओहो ! ।
सुग्रीवको चित्त कुनै कुरामा अचेल जाँदैन वशी हुँदामा ॥
हजूर जस्तो नर सद्गुणी ता भै बक्सियो वा ! वश क्रोधको हा ! ।
भएन पत्तो यसअर्थ कस्तो सुग्रीवको त्यो स्थिति भो छ जस्तो ॥
तसर्थ कामीजनमा विशेष धर्मार्थको ज्ञान र काल देश ।
रहन्न वोधै त्यसपट्टि कत्ति सुदृष्टि पर्दैन, हओस्न् जत्ति ॥
विनाश्न सक्ने सव शत्रु–वीर तसर्थ ए धीर कुमार वीर ! ।
लाजै पचाए कपिराजले ती फँसेर ज्यादै विषयादिमा यी ॥
थिए म साथै अहिले पनी ती बसी रहेका लिइ काम–वृत्ति ।
जे होस् ! प्रभो ! हुन् कपिश्रेष्ठ नै यी भैगो ! क्षमा होस् जव दाजु हुन् ती ॥
गरी तपस्या दृढ धर्म थामी मोहादि रोक्ने अविवेक मानी ।
ठूला बडा सिद्ध महर्षि सम्म यै काममा फस्न पुगे अचम्म ! ॥
स्वभाव नै चञ्चल हो यिनीको छ जाति नै वानर फेरि जस्को ।
तसर्थ राजा कपिका स्वयं यी कामादिमा त्यै न फँसुन् कसोरी ? ॥

१२९

आँट्नै न सक्ने बल-शक्तिका ती स्वयं महान् लक्ष्मण साथ यस्ति ।
भनिन् कुरा वानरराज-रानी यी वानरीले त धकै नमानी ॥
परन्तु भैगो ! मन खिन्न भित्र संम्झेर आफ्ना पतिको चरित्र ।
कुरा भनिन् श्रेय हुने, उनीको आँखा झुमेकै अफ्र मातले थ्यो ॥

१३०

१३१

हो नरश्रेष्ठ ! सुग्रीव कामकै वश छन् अफ्र ।
तैपनी उनले केही गरेकै छन् सकेतक ॥
प्रभुको गर्न यो काम सिद्ध पार्न स्वभृत्यमा ।
निकै अघि दिएका छन् आज्ञा उद्योग गर्नमा ॥
यसैको फलले गर्दा बस्ने यो जगतैभर ।
छन् प्रभो ! कपि जो जत्ति आँउदैछन् निरन्तर ॥
संख्या छ यिनको लाखौं-करोडौंको धनुर्धर ! ।
नाना पर्वतमा बस्छन्, व्याप्त छन् पृथिवीभर ॥
छ प्रभो ! यिनको शक्ति बल-वीर्य विचित्रको ।
छन सबै कामरूपी यी हुन्छन् चाहे ससानको ॥
परनारीहरू हेर्न अयोग्यै संम्झई यहाँ ।
राज भो नपसी भित्र सदाचार रह्यो जहाँ ॥
अब भो ! लौ सवारी होस् भित्र जाऔं, छ धर्म्य यो ।
मित्र-स्त्रीहरु हेरिन्छन् राम्रो भाव लिएर जो ॥
पर्दा आग्रह ताराको गर्नु पर्दा छिटो अति ।
सोपी भित्र पसे स्वात्त शत्रुनाशक वीर ती ॥

१३८

१३९

धीर लक्ष्मणले देखे वहाँ भित्र पसे पछि ।
सूर्यमैं अति तेजस्वी राजा-सुग्रीवलाइ यी ॥
बहुमूल्य बिछ्यौनाले सुशोभित र जगमग ।
सुवर्णासनमा ऊँचो बसेकाथे उनी तब ॥
पैह्रिएका थिए दिव्य गहना भव्य उत्तम ।
शरीर उनको सारा शोभिन्थ्यो भै मनोरम ॥
झल्किन्थ्यो दिव्य यो रूप यशस्वी कपिराज यी ।
वस्त्रले दिव्य-मालाले विभूषित थिए अति ॥
देख्ता भवाट्ट यिनीलाई पर्दथ्यो भान वास्तव ।
साक्षात् दुर्जय देवेन्द्र बसेका हुन् कि झैं तब ॥
भेषले दिव्य भूषाले माला-आभूषणादिले ।
हुने जगमग नारीले घेरिएका उनी थिए ॥
अब यस्तो अवस्थामा देख्ता सुग्रीवलाइ यी ।
भए लक्ष्मणका आँखा र-राता क्रोध झन् बढी ॥
देखिए यस वेलामा वीर लक्ष्मण वास्तव ।
सब यो विश्व संहार्ने यमै जस्ता भयानक ॥

१४६

१४७

सुग्रीवका नेत्र थिए विशाल सुनै सरी वर्ण थियो पहेंलो ।
बस्थे र सिंहासनबीच श्रेष्ठ हाल्थे रुमालाइ उनी अँगालो ॥
वेलाविषे यै, कपिराजले यी साक्षात् सुमित्रासुत वीरलाई ।
देखे वहाँ चित्त हुने उदार विशाल आँखे जुन थे अपार ॥

१४८

इति तेत्तिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौतिसौं सर्ग

वीर-लक्ष्मणले कपिराज-सुग्रीवलाई

भन्नु न भन्नु भन्नु

१

प्रिय छोरा सुमित्राका वीर लक्ष्मण वास्तव ।
आनन्द साथ वेरोक खोपी भित्र पसे तव ॥
देख्ता त्यस्तो रिसाएको उनलाइ यतातिर ।
छोडे इन्द्रियले लत्तो काँपे सुग्रीव थर्थर ॥
उता छोरा दशरथ-राजाका धीर लक्ष्मण ।
स्वाँ ! स्वाँ ! गरि रहेकाथे बढ्दामा क्रोध तत्क्षण ॥
शक्तिको तेजले आफ्नो बले जस्ता थिए उनी ।
दाजुको कष्ट त्यो सर्दा पिर्थ्यो सन्तापले पनि ॥
देख्ता अगाडि आएको यिनलाइ सुवर्णको ।
त्यो राज्यासन छोडेर दौडे सुग्रीव यी अहो! ॥
सजाएको सिंगारेको देवराज महेन्द्रको ।
महान् ध्वज खसे जस्तो लडे गै भूमिबीच पो ॥
उनका साथ-साथैमा रुमा आदिक जो थिए ।
सारा नारीहरू सम्म पतिको पछि गै लडे ॥
पूर्णचन्द्र उदाएमा स्वच्छ आकाशबीचमा ।
शोभिए ठीक भो तारा उदाएर जहाँ-तहाँ ॥
थिए सुग्रीवका आँखा र-राता मदले अझ ।
उठे, आए नजीकैमा यसो घुम्दै उनी अब ॥
जोडिएका थिए हात यिनका दुइटै यता ।
उता लक्ष्मण थे ठूला कल्पवृक्ष सरी खडा ॥
थिइन् साथ रुमा-रानी वीर यी कपिराजको ।
घेरिएका थिए सारा नारीले सब तर्फ जो ॥
देखिन्थे अब ताराले घेरिने चन्द्र झैं सरी ।
भने लक्ष्मणले देख्तै यिनमा क्रुद्ध भैंवरी ॥
बुझ्यौ ! वानरका राजा ! त्यो राजा हुन्छ विश्वमा ।
प्रसिद्ध अति नै पूज्य नित्य मान्य जहाँ तहाँ ॥

१३

१४

जितेन्द्रिय छ जो वीर धैर्यवान् र दयालु छ ।
सत्य बोल्ने छ जो फेरि जो कुलीन छ वास्तव ॥
सुन ए ! भइ जो राजा रम्छ नित्य अधर्ममा ।
गर्दैन आफ्नु बोलीको ख्याल जो भित्र चित्तमा ॥
उपकारी गुणी आफ्ना मित्रको अघि जो प्रण ।
गर्छ, त्यो पूर्ण पार्दैन भने को हुन्छ निर्घृण ? ॥
त्यस हालतमा होला त्यो भन्दा तुच्छ व्यक्ति को ? ।
क्षुद्र अत्यन्त नै क्रूर भन भो त्यस भित्र को ? ॥
प्रण घोडा दिने गर्दा नपार्दा सत्य त्यो सुन! ।
भो 'अश्वानृत' यो पाप हो अयोग्य निकै जुन ॥
यदि यो पाप भै हाल्यो भने, त्यस्ताकनै यहाँ ।
मारे ठीक शयौं घोडा पाप लाग्दछ अन्तमा ॥
यस्तै प्रकार गौदान बारेको भो 'गवानृत' ।
हजारौं गाइ-हत्याको यसमा पाप लाग्दछ ॥
दिन्छु ! गर्छु ! भनी केही कुनै व्यक्तिकनै यहाँ ।
दिंदैन पछि गर्दैन भने देखि त अन्तमा ॥
'पुरुषानृत' भो पाप त्यस्तामा परिणाममा ।
स्वबन्धु-आत्महत्याको पापलाग्दछ है यहाँ ॥
सुन ए कपिका राजा ! जसले मित्र बाट क्यै ।
गराइ पहिले आफ्नो काम, स्वार्थ सकी सबै ॥
गर्दैन त्यसको साटो मित्रको काम क्यै भने ।
त्यै हो कृतघ्न, साराको वध्य त्यै हुन्छ गुने ॥
सुन अर्को कुरो राजन् ! देख्ता व्यक्ति कृतघ्न क्वै ।
साह्रै रिस उठ्यो पैले ब्रह्मालाइ असह्य भै ॥
उहाँले त्यस वेलामा भन्नु भो श्लोक यो सुन ! ।
विश्वका सब यी प्राणी मान्छन् श्रद्धासँगै जुन ॥

२६

२७

गाई मार्ने सुरा धोक्ने व्रत नाश्ने र चोरको ।
प्रायश्चित्त छ भन्छन् वा ! सन्त-,छैन कृतघ्नको ॥
ए वानर ! तिमी तस्मात् झूठो बोल्ने, कृतघ्न हौ ।
तिमी अनार्य मानिन्छौ यसैले पनि तुच्छ हौ ॥
तिमीले पहिले काम गरायौ राम बाट यो ।
उहाँको अहिले पर्दा गर्दैनौ क्यै कुरै अहो ! ॥
दाजुको भो दया ठूलो कृतकृत्य भयौ तिमी ।
अब क्यै गर्नु पर्ने हो गुन देख्ने भए तिमी ॥
गर गर्ने भए तस्मात् रामकी रमणी प्रिया ।
सीताका खोजमा यत्न, गर्छौ प्रत्युपकार ता ॥
अँहँ ! गर्लाउ के खोई ? तिम्रै यो छ दशा यहाँ ।
पारी झूठो प्रतिज्ञा जो फस्यौ विषय-भोगमा ॥
सर्पले भ्यागुतो गाँज्दा मुखमा त्यसको बसी ।
बोल्छ त्यै भ्यागुतो मात्र ट्वाँ!ट्वाँ !!गर्दै भई वशी ॥

३३

३४

सुन्ने पनि यसै भन्छन् तर त्यै सर्प हो कपे ! ।
त्यही ठीक तिमी निस्क्यौ जानिबक्सेन दाजुले ॥
विश्वका सब प्राणीको गर्ने हित-भलो सदा ।
यस्तै छ दाजुको बानी भवाट्टै गरिदिने दया ॥
यसैले त तिमीलाई महात्मा राम-दाजुले ।
पार्दिई बक्सियो यत्रो कपिराज्य दिएर ए ! ॥
हौ दुरात्मा तिमी पक्कै ! हौ पापी पनि वास्तव ।
दाजुले लाइ बक्सेको संम्झन्नौ गुन त्यो जब ॥
शोच लौ ! अब के होला अँहँ ! कल्याण छैन है ! ।
के हुन्छ दाजु झोक्केमा ? म त सक्तिन भन्न क्यै ॥
उहाँका बाणले तीखा प्वाक्क ! लाग्दा सबै तिमी ।
भेट्न बालीकनै ट्वाक्क ! पुगौला आज यै तिमी ॥
सुन ए ! जुन बाटोले मर्दा बाली पुगे वहाँ ।
साँघुरो छैन त्यो बाटो, छ विशाल जहाँ-वहाँ ॥

४०

४१

तस्मात् सुग्रीव! त्यो आफ्नो प्रतिज्ञामा तिमी अड ।
वालीका मार्गको त्यस्तो न लाग पछि भो अब ! ॥
इक्ष्वाकुका सतकुलका शिरोमणि श्रीरामको त्यो धनुले छिटा बनी
वज्रै सरीका शर निस्कँदा पनि चिम्ली रहन्छौ दुइ नेत्र के तिमी ? ॥
यसर्थ यी ग्राम्य-सुखादि भोग्दछौ फसी रहेछौ कपिराज ! मस्त छौ ? ।
आत्मा हुने उच्च उदार रामको ध्यानै दिंदैनौ जब कामबीच त्यो ॥

४३

इति चौतिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैंतिसौं सर्ग

रानी–वानरी ताराले रिसाएका लक्ष्मणलाई शान्त पार्नु

१

शक्तिको बलले आफ्नो तेजले धप्धपाँउदा ।
वीर लक्ष्मण यी चूप भए यत्ति भनी तदा ॥
थ्यो तारापतिकै जस्तो ताराको मुख सुन्दर ।
उनै अघि बढी भन्छिन् उनमा अब भै स्थिर ॥
भो प्रभो! न भनी बक्स्योस् यस्तो निष्ठुर वाक्य त्यो ।
कपिराज छँदैछैनन् भन्न लायक यी कुरा ॥
विशेष प्रभु जस्ताको मुख बाट अयोग्यको ।
कुरो निस्कनु नै यस्तो भो प्रभो! नरमाइलो ॥
हाम्रा वानरका राजा सुग्रीव न कृतघ्न हुन् ।
न ता असत्य नै बोल्छन्, शठ छन्, न त क्रूर हुन् ॥
वीर बाबु ! सुनी बक्स्योस् यिनमा प्रभुरामले ।
उपकार गरी बक्स्यो जो यस्तो, दृढ-स्नेहले ॥
युद्धमा अरुले गर्नै न सक्ने त्यो कुरा यिनी ।
कहिल्यै पनि बिर्सन्नन्, छन् सँधै बहुतै ऋणी ॥
वैरीमा पीर नै पार्ने ए प्रभो ! प्रभु-रामको ।
कृपा-प्रसादले पाए यिनले यो सबै कुरो ॥
असंख्य कपिको यत्रो पाए अक्षय राज्य यो ।
फैल्यो सत्कीर्ति, भेट्टाए रुमासाथै मलाइ जो ॥
यिनले पहिले वीर ! पाएकाथे दुखै-दुख ।
अहिले मग्न छन् तस्मात् यसरी पाँउदा सुख ॥
यसैले कालको ज्ञान यिनलाइ भएन ए ! ।
जसरी जानि बक्सेन विश्वामित्र-महर्षिले ॥
घृताची-मेनका साथ दश वर्ष फँसे पनि ।
उहाँले संझि बक्सेथ्यो यौटै दिन वित्यो भनी ॥
विश्वामित्र सरी तेजी काल जान्ने महर्षिको ।
चाल हुन्छ भने त्यस्तो, के गर्नु अरुको कुरो ? ॥

१३

१४

हुन यिनी मामुली प्राणी यसैले कालको प्रभो ! ।
अहार्य चालको हाल के जाँनुन् ? जो फँसे अहो ! ॥
देहका धर्म हुन् निद्रा, भय, आहार, मैथुन ।
यिनैमा मस्त छन् अैले दुःख भोगे निकै जुन ॥
यसरी काम-भोगादि भोग्छन् ता पनि नित्य यी ।
अघाएनन् प्रभो ! कत्ति मग्न छन् अफ सम्म यी ॥
स्थिति-हेतु पऱ्यो यस्तो अब राघव-वीरले ।
बक्सनै पर्छ है माफी यिनलाई महत्त्वले ॥
वीर बाबु ! कुरो यै हो मैले विन्ती गरें जुन ।
कुराको मर्म वा गाँठो बुझि बक्स्योस् स्वयं पुनः ॥
मामुली व्यक्तिमा जस्तो बढेको भवाट्ट क्रोध यो ।
तुरुन्तै त्यागिदई बक्स्योस् नभै बक्स्योस् अधीन, भो! ॥
हजूर सरिका जो जो पुरुषोत्तम वीर छन् ।
तिनै सत्वगुणी व्यक्ति कहिन्छन्, नित्य धीर हुन् ॥
त्यस्ताले न बुझी भवाट्ट क्रोध यत्रो अनर्थको ।
गर्दैनन् कहिल्यै बाबु ! पर्दैनन् वश सम्म जो ॥
म यी सुग्रीवको निम्ति दिलै देखि स्वयं यहाँ ।
धर्मज्ञ-बाबुको साथ दयाको गर्छु याचना ॥
अहिले जो उठेकोछ महान् क्रोध हजूरमा ।
कम होस् यसको वेग, यिनमा बक्सियोस् क्षमा ॥
छ विश्वास ममा पूरा यी सुग्रीव यथार्थमा ।
गर्न श्रीरामको प्यारो गर्दछन् जे पनी यहाँ ॥
रुमा-अङ्गदलाई र मलाई पनि वास्तव ।
सक्तछन् छोड्न राज्यैको साथमा जो समृद्ध छ ॥
दुष्ट राक्षसलाई त्यो मारी ल्याएर जानकी ।
राममा सुम्पने छन् यी मिलाई पछि शान्ति ली ॥

२६

२७

वीर बाबु ! त्यसै वेला आँउनेछ मजा निकै ।
देखिनेछ मिले जस्तै चन्द्रमा रोहिणीसँगै ॥
प्रभो ! लङ्कापुरी भित्र बस्छन् राक्षस, छन् अति ।
सब ती कामरूपी छन्, बल शक्ति हुने अति ॥
भन्दछन् सय हज्जार करोड अनि छत्तिस ।
अयुतै, छत्तिसै एवं हजार, शय छत्तिस ॥
मानैं सकिन्न है बाबु ! दुष्ट रावणलाइ त्यो ।
न मारी ती सबैलाई, सीता हर्ने छ मुख्य जो ॥
छ यही यसमा गाँठो एक्लो जन कुनै पनि ।
गर्न सक्तैन यो काम चाँहिन्छ मद्दतै पनि ॥
दुष्ट राक्षस सारा ती न मारीकन क्यै गरे ।
मानैं सकिन्न डर्लाग्दो कर्मको रावणैकन ॥
तसअर्थ प्रभो ! राम्रो लिनै पर्छ सहायता ।
विशेष गरि छन् योग्य यी सुग्रीव, छ मित्रता ॥
जति राक्षस लङ्कामा बस्तछन् ठीक त्यो कुरो ।
जान्दथे कपिका राजा बाली एकेक नै प्रभो ! ॥
सुनने नै भनेकाथे मलाई सब यो कुरो ।
त्यसले कसरी जोन्यो अँहँ ! जान्दिन त्यो कुरो ॥

३५

३६

सहाय यसमा गर्न प्रभुको निम्तिमा यता ।
छन् है लिन पठाएका श्रेष्ठ वानरलाइ ता ॥
वीर वानर छन् जो जो युद्धमा लड्न खातिर ।
आँउने छन् यहीं सारा छिटै अब सरासर ॥
बाटो हेरि बसेका छन् तिनैको कपिराज यी ।
वीर्यवान् शक्तिका ठूला जुन छन् ती महाबली ॥
यसैले रामको काम सिद्ध गर्छु भनी यिनी ।
छैनन् बाहिर निस्केका पुर छोडी, गुनी बनी ॥
प्रिय छोरा सुमित्राका ए प्रभो ! कपिराजले ।
आइ पुग्ने सबैलाई तोक्दिएका थिए मिति ॥
हिसाब त्यसको गर्दा आजै सारा महाबली ।
ती वानरहरू आई पुग्नुपर्छ छ यै तिथि ॥
आज नै आई पुग्नेछ शत्रुनाशक-बाबुको ।
सेवामा वीर-भालूको संख्या कोटि-सहस्रको ॥
त्यसको साथ-साथैमा लंगूर-कपि वीरको ।
सयौं करोडको संख्या आइ पुग्नेछ है प्रभो ! ॥
वीर अत्यन्त तेजस्वी करोडौं अरु वानर ।
आज नै आइ पुग्नेछन्, भो छोडौं क्रोध दुर्धर ॥

४४

४५

अहह ! रिस बढी असह्य तातो अब हुन गो प्रभुको मुखै र-रातो ।
यस सँग-सँग नेत्र-पद्म सम्म रगत सरी भइगो, छ यै अचम्म ! ॥
कपिवर - महिला यही नियाली मन-मन दिक्क भइन् अशान्तिता ली ।
कपिपति अघि जो मरे त्यसोरी अनि सब शङ्कित भै गए यसोरी ॥

४६

इति पैतिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छत्तिसौं सर्ग

वानरराज–सुग्रीवले राजकुमार लक्ष्मणलाई संझाँउनु

१

तारा्ले धर्ममा मिल्दो योग्य लायक यो कुरो ।
भनिन् नम्र भई ज्यादै उनसाथ झुकी बडो ॥
कमलो मनका साह्रै थिए लक्ष्मण वीर यी ।
त्यागिदिए उनले तस्मात् आफ्नो क्रोध भए जति ॥
ताराको वाक्य मानेथे, खाएथे उनले जब ।
भिजेको वस्त्रमैं छोडे डर सुग्रीवले अब ॥
बिचित्र गुणको दिव्य सुगन्धित मनोहर ।
पुष्पमाला सुशोभिन्थ्यो घाँटीमा उनको तब ॥
चुँडाल्दिए यसैलाई अनि वानरराजले ।
मद–मान दुवैबाट यसरी रहितै भए ॥
अब पो भन्दछन् साग कपिमा श्रेष्ठ यी कपि ।
महाबली लक्ष्मणमा नम्र भै भर्दिदै खुशी ॥
प्रिय–बाबु ! यहाँ मेरो आफ्नु भन्ने थिएन क्वै ।
जो थियो नाशिएकोथ्यो, खोसिएको थियो सवै ॥
कपिको राज्य यो मेरो हो निकै अघि देखिको ।
कीर्ति, श्री हरिएकैथ्यो त्यसकै साथमा अहो ! ॥
सुमित्रासुत ए बाबु ! कृपाले मित्र-रामको ।
पहिलेकै सरी पाएँ 'हो यही भाग्यको कुरो' ॥
तेजस्वी भइ बक्सिन्छ मेरा मित्र उहाँ उति ।
सत्कर्म जसको सारा यो पृथ्वी ढाक्छ भै अति ॥
यस हालतमा बाबु ! उहाँका उपकारको ।
साटो क्यै अंशले सम्म तिर्न सक्ने छ व्यक्ति को ? ॥
धर्मात्मा प्रभु श्रीराम आफ्नै तेज र शक्तिले ।
पाजी रावणलाई त्यो मार्दिई बक्सिने छ ए ! ॥
सजीलै जानकी-देवी भेटि बक्सिन्छ है अनि ।
सहायरूपको पुच्छ्रे हूँ म ता, के भनौं ? अनि ॥

१३

१४

एउटै बाणले बाबु ! जसले अघि वास्तव ।
छेड्दिई बक्सिएकोथ्यो सातोटै सालका रुख ॥
तिनको साथ-साथैमा डाँडा-काँडा धरा तथा ।
पाताल सम्म छेडेथ्यो बाणले शक्ति भैदिदा ॥
अब त्यस्ता महावीर प्रभु-रामकनै अहो ! ।
किन पो चाहिएला हूँ ? सहाय अरु व्यक्तिको ॥
जसले धनु तानेर टंकार्दा त्यसलाइ ता ।
यी डाँडै साथकी पृथ्वी काँपिथिन् भइ थर्र वा ! ॥
तिमी नै भन लौ बाबु ! अत्र यस्ता उहाँकन ।
सहाय किन चाहिन्छ ? के लछार्छ भए भन ? ॥
पुरुषश्रेष्ठ ए भाई ! वैरी रावणलाइ त्यो ।
मार्नकै निम्ति जाँदामा अघि सैन्य लिएर यो ॥
नरेशश्रेष्ठ श्रीराम-प्रभुको पछुवा बनी ।
हिंड्ने सम्म म हूँ बाबु ! 'यै हो सत्य कुरो पनि' ॥
प्रेम वा दृढ-विश्वास बढ्नाले त्यसमै वही ।
मैले यदि कुनै त्यस्तो अपराध गरेंछु कि ? ॥
हुन सक्छ, ! भए बाबु ! त्यसमा प्रिय-भाइले ।
भुसुक्क बिर्सनै पर्छ, दिनै पर्दछ माफ ए ! ॥
म त आफ्नै हुँ है बाबु ! तुच्छ दास हुँ एउटा ।
"त्यस्तो दास हुँदैहुन्न जो बिराँउन्न सर्वथा" ॥
यत्ति सुग्रीवले भन्दा महात्मा नै थिए जुन ।
ज्यादै खुश भई भन्छन् प्रेमले अब लक्ष्मण ॥
मीत दाजु ! तपाँईं बा ! कति नम्र र योग्यका ।
यसैले हुनुभो ओहो ! नाथ वानर-वीरका ॥
तपाँईं सरिका श्रेष्ठ पाँउदा मित्र-नाथ बा ! ।
दाजु राम भई बक्स्यो सनाथ अब सर्वथा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

दाजु सुग्रीव ! जो यस्तो प्रभाव छ तपाँइमा ।
छ जो बाहिरकै जस्तो शुद्धता भित्र चित्तमा ॥
यसैले पनि सर्बोच्च लक्ष्मी यो कपिराज्य को ।
भोग्न, वेहोर्नका योग्य हुनुहुन्छ तपाँइ, हो ? ॥
सहायरूपमा पाई तपाँईंलाइ वास्तव ।
सफलै भइ बक्सिन्छ दाजु-राम सँधै अब ॥
उहाँले रणमा आफ्नो शत्रु रावणलाइ त्यो ।
पाँडै नै मारि बक्सिन्छ शङ्कै छैन कुनै ! पुग्यो ॥
हुनुहुन्छ यता फेरि धर्म जान्ने कृतज्ञ र ।
न भाग्ने पीठ देखाई परे रण, हुने स्थिर ॥
यस्तो तपाँइको त्यस्तो भयो भाषण जो यहाँ ।
मिल्दो जुल्दो भयो त्यो ता परेको ठीक ठाममा ॥
वानरेश्वर ए दाजु ! तपाँईं, मान्य-राघव ।
बाहेक यी दुवै व्यक्ति यहाँ होला र को बुध ? ॥

३३

३४

जुन, सामर्थ्य आफैंमा भए ता पनि शक्ति ता ।
यस्ता योग्य कुरा गर्ला ? को लेला दृढ नम्रता ? ॥
कपिदाजु ! म संम्फिन्छु, तपाँई बल—शक्तिमा ।
श्रीराम दाजुकै ठीक हुनुहुन्छ स्वयं यहाँ ॥
हामीलाइ मिली सारा देवले दीर्घकालको ।
निम्तिमा नै दिएछन् वा ! सहायक सुयोग्यको ॥
मीत दाजु ! ल भैगो ! त्यो, तपाँई अब ता छिटै ।
निस्कनोस् यो पुरी बाट मलाई लिइ बाहिरै ॥
वहाँ तपाँइका मित्र पत्नीहरण-दुःखमा ।
छ निकै पाकि बक्सेको, दिनोस् गै अब सान्त्वना ॥
मीत दाजु ! यहाँ मैले शोकमग्न र दुःखित ।
श्रीरामका कुरा सुन्दा स्वप्न मुश्किल भै स्वतः ॥
निकै कडा कुरा त्यस्ता भनें जो जो तपाँईमा ।
दिनुहोस् त्यसमा माफ, भुकी माग्दछु मै यहाँ ॥

४०

इति छत्तिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सैंतिसौं सर्ग

वानरराज–सुग्रीवले मन्त्री हनुमान्‌द्वारा वानरसैन्य ल्याँउन ताकिता गराँउनु र दूतहरूले फल–मूल महौषधिहरू ल्याएर कोशेली टक्र्याँउनु एवं वानरसैन्य आइपुग्नु

१

सहात्मा उनले यत्ति भने पछि कपीश्वर ।
भन्दछन् हनुमान् लाई नजीकै जो थिए स्थिर ॥
सुन ए हनुमान् वीर ! महेन्द्र, हिमवान् तथा ।
विन्ध्याचल र कैलास, मन्दराचल आदिका ॥
यी पाँचै गिरिका ठूला सेता छन् टाकुरा जति ।
तिनमा बस्तछन् वीर-श्रेष्ठ वानर धेर ती ॥
अँ ! पश्चिम-दिशापट्टि समुद्रैको किनारमा ।
डाँडा-काँडा सवै ढाकी बस्छन् कपि निकै वहाँ ॥
त्यता पर्वत देखिन्छन् प्रातःकालीन सूर्यझैं ।
अति झल्झल टल्केका, दिव्य-कान्ति हुँने सँधै ॥
निवासस्थानमा साक्षात् भगवान् सूर्यदेवको ।
सन्ध्याका कालको जस्तै वर्णका मेघतुल्यको ॥
उदयाचलमा एवं त्यो अस्ताचलमा पनि ।
बस्छन् वानर धेरै नै बलका शक्तिका धनी ॥
पद्माचल भरी सारा वनमा लिई आश्रय ।
बस्छन् कपिहरू धेरै बुझ्यौ ! छन् यी भयानक ॥
अञ्जनाचलमा बस्छन् कपि धेरै जसो सुन ! ।
हुने गाजलझैं काला डर्लाग्दा छन् सबै पुनः ॥
जल बर्षाउँनै लाग्ने मेघकै ठीक छन् सब ।
मत्ता गजेन्द्र जस्ता छन् बलीया पनि वास्तव ॥
डाँडाका अति ठूल्ठूला गुफामा बस्तछन् जति ।
उनको देहको कान्ति छ पग्लेको सुनै सरि ॥
सुमेरु-गिरिको आसपासमा बस्तछन् अरु ।
क्वै धूम्रगिरिमा बस्छन् 'बलवान् छन् यिनीहरू' ॥
पिएर मधु-मैरेय गिरिबीच महारुण ।
बस्छन् एकथरी अर्का कपि, छन् उत्तमोत्तम ॥

१३

१४

छ रातो यिनको वर्ण प्रातःकालीन सूर्यझैं ।
छन् सबै वेगशाली यी डर्लाग्दा पनी छन् निकै ॥
सुगन्धी-द्रव्यका वास्ना आँउने वनमा तथा ।
तपस्वीहरुका राम्रा पवित्राश्रममा उता ॥
तिनैका आसपासैका वनमा अतिसुन्दर ।
बस्छन् वानर धेरै नै, छन् सबै यी भयङ्कर ॥
यी पृथ्वीभरका सारा कपि वीरहरूकन ।
यहाँ लिइ तिमी आऊ छिटो गर ! कुरो सुन ! ॥
माथि मैले भनेका यी ठामबाट उनीकन ।
यहाँ ल्याँउनको निम्ति पठाउ अरुलाइ नै ॥
लिन जाने हुउन् सारा शक्तिशाली र वेगिला ।
साम-दानादि देखाई यहाँ ल्याँउन् भई छिटा ॥
बोलाइ ल्याउनालाई सबैलाई यहाँ छिटै ।
मैले अघि पठाँएथें कपिलाइ उता निकै ॥
पहिले ती सबैलाई छिटो गर्न छिटा भई ।
प्रेरणा गर्नकै निम्ति, पठाउ कपि वीर यी ॥
फँसेका काम-भोगैमा जो छन् कपिहरू वहाँ ।
जो जो छन् अति नै झुम्सा, दीर्घसूत्री स्वकार्यमा ॥
त्यस्ता कपिहरू सम्म जो जो छन् जत्ति छन् जहाँ ।
तिमी पनि गई आफैं लिइ आउ छिटै यहाँ ॥
मेरो आज्ञा भएको यो ठीक भित्र दशै दिन ।
यहाँ आइ पुगुन् मन्त्रिन् ! सम्पूर्ण कपिका गए ॥
कलङ्कित कुनै पार्छन् राजाज्ञालाइ यो भने ।
दुष्ट हुन् ती दुरात्मा हुन्, मार हुन् यी न चाँहिने ॥
मान्ने मेरो शुभाज्ञा यो श्रेष्ठ वानर छन् जति ।
जाँउन् शयौं हजारौं र करोडौं सव वीर ती ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मेघ था पर्वतै ठीक आफ्नो ठूलो शरीरले ।
ढपक ढाक्न सक्नेछन् सब यी कपि शक्तिले ॥
छ रूप यिनको साम्है डलाग्दो यस अर्थ यी ।
मेरो आज्ञा लिई जाँउन् ल्याँउन् गै सबलाइ ती ॥
बस्छन् जहाँ जहाँ जन्तु जो जो छन् यो सबै कुरा ।
जान्ने जति गई हालुन्, घुमुन् यी पृथिवी पुरा ॥
भै छिटा छरिता सारा पाल्न आदेश यो शुभ ।
सब ठाम घुमुन् चाँडै फर्कियुन लिइ ती सब ॥
यो आज्ञा कपिराजाको हनुमान्ले सुने पछि ।
दशै दिशा पठाए बा ! बलीया कपिलाइ ती ॥
पुगे तत्काल आकाश-पक्षीको मार्ग पक्डिए ।
राजाज्ञाले हुँदा शक्ति बाटो नक्षत्रकै लिए ॥
हुँदा आदेश त्यो दौडे वायु जस्तै भए कपि ।
पृथ्वीभर घुमे सारा बस्तथे ज-जहाँ कपि ॥
समुद्रका किनारामा पुगे गिरि-वनादिमा ।
तुरुन्त भै गए व्याप्त घुमे दह-तलाउमा ॥
भनी-सुग्रीव-राजाको शुभाज्ञा कपिलाइ ती ।
गर्न नै रामको काम हिंड ! जाऔं भने पछि ॥
दिने कालै सरी साक्षात् मृत्यु-दण्ड भयानक ।
आज्ञा कपीन्द्रको त्यस्तो सुने वानरले सब ॥
सुन्ना साथ पसी हाल्यो उनको चित्तमा अब ।
डर सुग्रीवको तस्मात् आए दौंडिइदै सब ॥
अञ्जनाचलमा बस्ने गाजलै ठीक देहका ।
बलवान् कपि ठूलठूला निस्के त्यो गिरिबाट ता ॥
थियो यी सबको संख्या जम्बा तीन करोडको ।
हिंडे राम भए तर्फ अब पुग्न गरी छिटो ॥
जहाँ अस्ताउँछन् सूर्य बस्ने त्यो गिरिश्रेष्ठमा ।
दशौं करोडको संख्या थियो यी कपिको वहाँ ॥
यवाका कपिको वर्ण थियो ठीक-सुवर्णको ।
सेवामा रामको पुग्न निस्के सब भई छिटो ॥
कैलास-पर्वतैबीच बस्तथे टाकुरा भरी ।
सिंहका जगरै जस्तो देह-वर्ण हुने कपि ॥
संख्या थ्यो यिनको सारा त्याक्ख्याकै दश अर्बको ।
यी पनी हुत्तिदै आए किष्किन्धातिर भै छिटो ॥

४३

४४

फल-मूलहरू खाने बस्ने गिरि हिमालका ।
कपिको एक नीलैको संख्या थ्यो दौडिए यता ॥
बस्थे विन्ध्याचलैबीच मङ्गलै-ग्रह तुल्यका ।
रङ्गका वर्णका राता डलाग्दा कपिवीर ता ॥
देख्तै अत्यन्त डलाग्दा कर्मका उग्रशक्तिका ।
कपिको दश अर्बैको संख्या नै दौडियो यता ॥
तमाल-वनमा बस्ने तटमा क्षीर-सिन्धुको ।
खाने नरिवलै मात्र आए कपि असंख्य पो ॥
वन बाट गुफा बाट नदीका तट बाट ता ।
बल शक्ति हुने ठूलो कपि-सैन्य हिंड्यो यता ॥
यत्रो वानरको सेना किष्किन्धा भित्र आइगो ।
साक्षात् श्रीसूर्यलाई नै ढाक्छ जस्तै भयो अहो ! ॥
अघि जानेहरूलाई छिटो गर्न, गराँउन ।
यताबाट गएकाथे जो जो आज्ञा लिईकन ॥
अब यी वीरले देखे गिरिराज हिमालमा ।
विशाल एउटा वृक्ष जो प्रसिद्ध थियो वहाँ ॥
त्यो पवित्र महान् श्रेष्ठ गिरिमा पूर्वकालमा ।
यौटा यज्ञ भएको थ्यो शिवको, विधिसाथमा ॥
यहाँ मन भएको थ्यो संतुष्ट, सब-देवको ।
थियो ठाम पनी शुद्ध अतिसुन्दररूपको ॥
होम्दा पायस इत्यादि हव्य अन्न-घृतादि ती ।
खसेका थे निकै द्रव्य छरिएर यताउति ॥
यिनै बाट भएकाथे वहाँ उत्पन्न वास्तव ।
सुधा झैं स्वादिला मीठा फल, मूल पनी सब ॥
यिनै माथि पऱ्यो आँखा ती सबै कपिवीरको ।
लिइ जाने तिनैलाई विचार मनमा उठ्यो ॥
त्यो अन्नबाट उम्रे र बढेका फलमूल यी ।
मनोहर थिए ज्यादै देखिन्थे दिव्य जो अति ॥
खान्थ्यो जुन यिनीलाई एकैपल्ट भने पनि ।
त्यो एक महिना ठ्याक्कै ! नृप हुन्थ्यो त्यसै पनि ॥
कपिले फल खाने यी दिव्य औषधि त्यो सब ।
फलमूल सँगै बोके थापाए यो कुरो जब ॥
त्यो यज्ञस्थलमा भित्रै पसे ल्याए मिली कपि ।
गर्न सुग्रीवको प्यारो, सुगन्धी फूल थे जति ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

यी सवै कपि थे श्रेष्ठ यसरी पृथिवी घुमी ।
छिटो हिंड्न दिए आज्ञा सारा वानरमा अनि ॥
ती सवै कपिको यूथ आइ पुग्नु अगाडि नै ।
आए यी दौडिंदै आफ्ना राजाको पाउ छेउमै ॥
हुँदा कपि छिटा ज्यादै मुहूर्तैमा गरी यति ।
किष्किन्धा भित्रिई हाले जहाँ सुग्रीव थे पति ॥
यिनले अव त्यो सारा फल-मूल र औषधि ।
टक्र्याए आफ्नु राजामा मिले सव भने पछि ॥

६४

६५

हामीहरू महाराज ! सारा पर्वतमा पुगी ।
सारा वन नदी-सिन्धु एक एक गरी घुमी ॥
पृथिवीभरमा जम्ति छन् वानरहरू प्रभो ! ।
आँउदैछन् यहाँ सारा पाइ आज्ञा हजूरको ॥
आफ्ना प्रिय हितैषी ती कपिका यी कुरा सुनी ।
भयो प्रसन्नता ज्यादै राजा-सुग्रीवमा अनि ॥
यसर्थ कपि-राजाले दिएको कपिले अव ।
कोशेली-वस्तु त्यो सारा गरे ग्रहण भै खुश ॥

६८

इति सैंतिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठतीसौं सर्ग

वानरराज–सुग्रीव भाई-लक्ष्मण साथ श्रीराम भएमा जानु

१

त्यसरी कपिले सारा ल्याएको उपहार त्यो ।
गरे ग्रहण सम्पूर्ण राजाले कपि आदिको ॥
मीठा वचनले आफ्ना प्यारा वानरलाइ ती ।
दिएर सान्त्वना राम्रो पठाए ठाममा पछि ॥
आफ्नो काम गरी पूरा फर्केका यी हजारन ।
कपिलाइ पठाएमा ढुक भो उनको मन ॥
अब सुग्रीवले संझे आफैंलाइ कृतार्थ र ।
"रामको काम भो" भन्ने ठाने बल्ल भए स्थिर ॥
यता अब यसैवेला श्रेष्ठ-वानर ती सबै ।
सुग्रीव संग यो भन्छन् वीर-लक्ष्मण साथकै ॥
ठीक लाग्छ भने सौम्य! अब भै नर-वानर ।
निस्कि हालौं! छिटै हामी किष्किन्धापुर बाहिर ॥
उनको यो भनाईमा लुकेकोथ्यो विनम्रता ।
सुन्दामा खुश भै हाले बलवान् कपिराज ता ॥
भने अनि उनी साथ बाबु! ठीक भन्यौ हिंड ! ।
मैले तिम्रो शुभाज्ञामा हिंड्नु नै पर्छ, बेस छ !॥
शुभ-लक्षणले युक्त भाइ लक्ष्मणमा यति ।
भनी, तारादि स्त्रीलाई भने "बस ! यहीं" पछि॥
अब सुग्रीवले बाँकी साथका कपिलाइ ती ।
ल आओ! साथमा मेरो भने चर्को स्वरै गरी॥
सुन्दैमा उनको आज्ञा खोपीका स्त्रीहरूकन ।
हेर्न सक्ने थिए जो जो कपि, आए छिटै पुनः ॥
उनले यस वेलामा दुइटै आफ्नु बाहुली ।
जोडेकाथे, थिए ठिङ्ग ! ठूलो आदर-भाव ली ॥
आएका नजिकै आफ्ना प्रिय वानरलाइ यी ।
देख्ता श्रीसूर्यझैं बल्दा उनी भन्छन् यसो पछि ॥

१३

१४

सुन ए कपि हो! जाओ त्यो मेरो शुभ पालकी ।
छिटै लिइ यहाँ आओ विलम्ब नहओस् कति ॥
सुन्नासाथ शुभाज्ञा यो तेजिला फूर्तिला अति ।
दौडे वानर, ल्याए बा! त्यही नै भव्य पालकी ॥
देखी त्यो पालकी ठिक भने वानर-राजले ।
महारानी सुमित्राका छोरा लक्ष्मणलाइ ए!॥
बाबु लक्ष्मण! लौ आउ! यसमा नै चढौं अब ।
छिटै चढ, भने यत्ति चढे आफैं पनी तब ॥
सूर्यझैं जगमगाएको सुवर्णमय पालकी ।
थियो बेस!, थिए ठिक यता बोक्ने निकै कपि ॥
ककुत्स्थकुलका रत्न भाई-लक्ष्मण साथ ली ।
त्यसैभित्र गई ठ्याक्क चढे वानरराज यी ॥
अब त्यो पालकी माथि उनको शिरमा शुभ ।
बडो गजबको सेतो छाता ओढाइयो तब ॥
बसे चारैतिरै प्यारा राजाका भृत्य, सेवक ।
स्वयं हम्कन लागे यी सेता चमर भै खुश ॥
पवित्र शङ्ख-भेरीको ध्वनिले गुञ्जियो दिशा ।
वन्दीजन यता लागे स्तुति गाँउन सम्म बा!॥
यसरी कपि-राज्यश्री पाएर अति उत्तम ।
किष्किन्धाबाट निस्के यी साथ ली भाइ लक्ष्मण ॥
धारिला लिइ डर्लाग्दा नाङ्गा शस्त्रास्त्र हातमा ।
हुँदै अघि-पछी लागे शयौं वानर साथमा ॥
बढ्यो सुग्रीव-राजाको सबारी यसरी वहाँ ।
बस्थे सब कुरा गर्न सक्ने राम स्वयं जहाँ ॥
पुगे राम बसेको त्यो ठाममा कपिराज यी ।
ओर्ले लक्ष्मणकै साथ छोडदिए अब पालकी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
आफ्नो शिर झुकाएर भई नम्र बढी अघि ।
पुगी राम भए ठाम उभिए बाँधि बाहुली ॥
हात जोडी भई ठिङ्ग! बसेका पतिलाइ यी ।
देख्ना साथ भए त्यस्तै गर्ने पो कपि-फौज ती ॥
कै ठूलो पद्म खुम्चेको हो तलाउ भने ठिक ।
विशाल कपिको सेना देखे श्रीरामले तब ॥
उनको मनमा भित्र अब ज्यादै खुशी भयो ।
विशेष प्रीति, ती आफ्ना मित्र सुग्रीवमा अहो ! ॥
यता वानरका राजा योबेला सम्ममा शिर ।
रामको पाउमा राखी लडेकाथे भई स्थिर ॥
अब देखे पछी यस्तो रामले आफ्नु बाहुले ।
प्रिय-मित्रकनै आफ्ना उठाए अतिप्रेमले ॥
साह्रै श्रद्धा बढी हाल्यो राममा मित्रको प्रति ।
अँगाले अनि ग्वाम्ल्वाङ्ग शुद्ध आत्मा हुँदा अति ॥
भने अनि उनी साथ अल्लिवेर विते पछि ।
भनेर "बस्नुहोस् साथी !" प्रेम-भाव बढी अति ॥
देखी थचक्क पृथ्वीमा बसेका मित्रलाइ यी ।
भन्दछन् अब श्रीराम साथी साथ कुरा झिकी ॥
कपिश्रेष्ठ सखे ! सुन्नोस् ! जो राजा धर्म अर्थ र ।
कामको गर्न नै भोग तोकेको काल राख्तछ ॥
त्यही ठीक चली गर्छ तिनको जुन सेवन ।
कैल्यै चुक्तैन वेलामा भने त्यै हुन्छ उत्तम ॥
धर्म अर्थ दुवै त्यागी सेब्छ ता काममात्र जो ।
त्यो ता बर्बाद नै हुन्छ "छ यही तथ्यको कुरो" ॥
त्यसको गति त्यै हुन्छ, टुप्पामा गइ वृक्षको ।
सुत्नेको हुन्छ जो साथी ! पछि लड्छ र चेत्छ त्यो ॥
गर्न संहार वैरीको मित्रको गर्न संग्रह ।
रम्ने र त्यसमै लाग्ने जो राजा स्थिर-बुद्धि छ ॥
त्यस्ताले योग्य वेलामा धर्म-अर्थ र कामको ।
योग्य सेवन गर्दामा फल भोग्छ स्वधर्मको ॥
शत्रु मार्शिदने साथी ! हाम्रो काम-कुरा अब ।
गर्न वेला भए जस्तो म त ठान्दछु वास्तव ॥
कपिराज सखे ! तस्मात् यसै विषयमा अब ।
गर्नोस् सल्लाह यी आफ्ना मन्त्री र कपि ली सब ॥
४३

४४
रघुका कुलका रत्न-रामले यो भने पछि ।
विन्ती गर्छन् उनी साथ सुग्रीव कपिका पति ॥
महान् बाहु हुने नाथ ! मेरो त अघि देखिको ।
कीर्ति, श्री, राज्य-सम्मै यो हरिएको थियो प्रभो ! ॥
भेटें सनातनी सारा वस्तु मैले यहाँ पुनः ।
यसमा प्रभुकै साथी ! भो कृपा मुख्य कारण ॥
विजयी-वीरमा श्रेष्ठ ए प्रभो ! प्रभुको तथा ।
भाइ-लक्ष्मणको ठूलो दया हो ! राज्य भेट्नु ता ॥
साटो तिर्दैन जो व्यक्ति गरेका उपकारको ।
त्यो त्यस्ता व्यक्ति मध्येको कलङ्कै हुन्छ धर्मको ॥
शत्रुनाशक ए स्वामिन ! बलवान् वीर वानर ।
यिनै हुन् , मुख्य छन् , मेरा, गर्छन् हित निरन्तर ॥
यिनीहरू घुमे सारा पृथ्वीभर र अन्तमा ।
बलीया कपि-वीरादि लिइ आए सबै यहाँ ॥
तिनमा छन् निकै भालू वीर वानर छन् अति ।
रघुनन्दन ! छन् शूरा लामा पुछ्रे निकै कपि ॥
देख्तैमा अति डर्लाग्दा छन् प्रभो ! सब यी पुनः ।
जान्दछन् दुर्गमस्थान झाडी गुल्म तथा वन ॥
देव-गन्धर्वका छोरा हुन् यी सब यथार्थमा ।
रूप धर्न पनी सक्छन् चाहे जस्तो स्वयं यहाँ ॥
हुन् यूथपति यी वीर अ-आफ्नो सैन्य साथ ली ।
यतै हिँडि सकेका छन् , आँउदैछन् प्रभो ! पछि ॥
छ सखे ! तिनमध्येमा कसैका साथ सैन्य त्यो ।
संख्यामा सयको मात्र कसैका साथ लाखको ॥
कसैका साथमा किन्तु छ त्यै एक करोडको ।
कसैको दश हज्जार कसैको एक शङ्कुको ॥
शत्रुनाशक ए नाथ ! कत्ति वानर-वीर ता ।
सैन्य अर्बुद साथै छन् , दशौं अर्बुद कत्तिका ॥
सैन्य छन् मध्य-संख्याका कसैका साथ अन्त्यको ।
कसैका साथ छन् नाथ ! समुद्र र परार्धको ॥
ए मेरा ठाकुरे-राजा ! भालू वानर सैन्य ती ।
छन् साक्षात् इन्द्रकै जस्ता शक्ति-सामर्थ्यवान् अति ॥
देखिन्छन् जो यसो हेर्दा हुन्मैं बादलका दल ।
ठूल्ठूला पनि छन् त्यस्तै हुन्मैं पर्वतका दल ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

यी विन्ध्याचलमा एवं मलयाचल-मेरुमा ।
बस्तछन्, वीर छन् साह्रै, छिटै पुग्छन् जहाँ-तहाँ ॥

६२

यिनैले युद्धमा मार्छन् पाजी-रावणलाइ त्यो ।
अनि ल्याएर सुम्पन्छन् देवी-सीताकनै प्रभो ! ॥

६३

तसर्थ युद्धमा लड्न स्वयं राक्षस साथ त्यो ।
सब यी आँउछन् पक्कै पाउमा पर्न नाथको ॥

आज्ञा सरी आफ्नु, भने सरी गरी हिंड्ने थिए मित्र कपीन्द्र-वीर यी ।
सुने उनैका मुखका कुरा यति श्रीरामले यी रघुवंशका पति ॥
देखे यता जो कपि-सैन्य शक्तिको प्रबन्ध त्यस्तो, दृढ-,जोरजामको ।
भयो यसैले पनि रामभद्रमा प्रसन्नता भित्र मनै भरी वहाँ ॥
सद्-वीर्यवान् राजकुमार-रामका फक्रे दुवै नेत्र बढेर हर्ष, बा ! ।
तलाउमा सुन्दर नील पद्म पो फक्रे सरी देखिन गो त्यसै अहो ! ॥

६६

इति अठतिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनन्चालिसौं सर्ग

श्रीरामले मित्र सुग्रीव संग आफ्नो कृतज्ञता देखाँउनु र वानर-भालूका सैन्यहरू आइपुग्नु

१

रघुका कुलका रत्न धर्मात्मा राम साथ ती।
भने वानरका राजा कपि सुग्रीवले यति।।
हात जोडी अघी वस्ने आफ्ना मित्र उनीकन।
भन्छन् ग्वाम्म अँगालेर राम थी प्रेमले पुनः।।
यसमा छैन आश्चर्य ए सखे! इन्द्रराज जो।
तृप्त पार्छन् धरालाई वर्षाई जल चाँहिदो।।
हजारौं करले आफ्ना सूर्यदेव पनी यता।
पार्दछन् मटियामेट अँध्यारो नभको सदा।।
अँधेरी रातको सारा अँध्यारो चन्द्रमा पनि।
कान्तिले आफ्नु माश्छन् र पार्छन् झलझल नै उनी।।
स्वभाविक-गुणै हो यो यिनको सब त्यो सखे!।
मित्रको निम्तिमा गर्नु-भन्नु जस्तै तपाँइले।।
तपाँईं सरिका व्यक्ति गुन तिर्ने भनी यसो।
भन्दछन् त भने केही छैन आश्चर्यको कुरो।।
तपाँईंमा छ है साथी! अति राम्रो यही गुण।
जो हो नित्य-प्रियै बोल्नु, साँचो बोल्नु पनी पुनः।।
सहयोग तपाँईंको पाई भइ सनाथ म।
युद्धमा अब मार्नेछु पक्कै शत्रुहरूकन।।
हुनुहुन्छ तपाँईं नै हितैषी मित्र एउटा।
मेरो मद्दत लौ गर्नोस्! सक्नुहुन्छ तपाँइ बा!।।
दुष्ट राक्षसले मेरी जानकीलाइ वास्तव।
आफ्नु नै नाश गर्नामा हऱ्यो, धोका दिई तव।।
मरेझैं अघि हेर्दामा पुलोमाकी सुता-शची।
त्यो अनुह्लाद, इन्द्रैका हात बाट सरी त्यही।।
पुलोमाका पिवालाई घमण्डी जुन थे अति।
युद्धमा मार्दिएका हुन् रिसाई इन्द्रले अघि।।

१३

१४

त्यहीठीक म मार्नेछु दुष्ट रावणलाइ त्यो।
चाँडै नै युद्धमा साथी! छन् मेरा तीक्ष्ण बाण जो।।
मीत-मीत दुवै राम-सुग्रीव नर-वानर।
वहाँ बसी कुरा गर्थे अ-आफैंमा भई स्थिर।।
यताठीक यसैवेला उठ्यो धूलो विशाल पो।
आकाशमा पुग्यो ढाक्यो तेजिलो-कान्ति सूर्यको।।
धूलै बाट उठेको र फैलेको अन्धकारले।
गऱ्यो गजब सम्पूर्ण दिशै ढाक्यो तुरुन्त ए!।।
डाँडा-काँडा गऱ्यो व्याप्त बन-पर्वत साथको।
पृथिवी पनि सम्पूर्ण हल्लिइन्, थर्किंदै पछि।।
केहीबेर पछी हेर्दा-हेर्दैमा पृथिवी अब।
ढपक्क ढाकिई हालिन् भालू-वानरले सब।।
हिमाल-टाकुरा जत्रा थिए यी बलवान् अति।
दाह्रा तीखा र डर्लाग्दा देखिन्थे, थे असंख्य यी।।
वहाँ अब छिनै भर्मा कपिका यूथका पति।
सारा जम्बा भई हाले सेना-मेना समेत ती।।
यी सबै कामरूपी थे रूप लिन्थे भने सरि।
पुग्यो बा! यिनको संख्या अरबौंको थरी-थरी।।
ठूलठूला नदमा एवं नदीमा वन-सिन्धुमा।
वस्थे वानर यी सारा उग्र थे बल-शक्तिमा।।
गतिलो मेघ गर्जेझैं गर्जन्थे घनघोरको।
गम्भीरस्वर भै ऊँचो सुन्दैमा डर लाग्दथ्यो।।
कसैको रङ्ग थ्यो रातो बाल-सूर्य समानको।
तिनमध्ये कसैको थ्यो सेतो चन्द्र समानको।।
पद्मको केसरै जस्ता पहेंला थे यता कुनै।
हिमाल-मेरुमा बस्ने थिए सेता उता कुनै।।

२६

२७

देखा परे यसैवेला तेजिला फूर्तिला अति ।
कपि-वीर शतबलि यी दुवै मित्रको अघि ॥
यिनको साथ त्यो वेला बलीया वीर वानर ।
दशौं अरब-संख्यामा घेरिएका थिए स्थिर ॥
अब देखा परी हाले ताराका वीर्यवान् पिता ।
सुषेण, जसको कान्ति थ्यो स्वर्णादि सरी अहा ! ॥
उनको साथ यो वेला वीर वानरको दल ।
दश हज्जार—कोटी नै थियो गुण तथा बल ॥
यस्तै प्रकारले आए ससुरा कपिराजका ।
रुमाका बाबु, जो साह्रै थिए वीर र योग्यका ॥
उनको साथमा त्यस्तै थिए वानरका गण ।
दशौं अरब संख्याका हुने बल महान् गुण ॥
आए यस पछी साक्षात् हनुमान्‌का पिता वहाँ ।
फूर्तिला तेजिला श्रेष्ठ थिए जो कपि-वीरमा ॥
पद्मको केसरै जस्तो देहको वर्ण थ्यो यता ।
बाल-सूर्य सरी रातो शोभिन्थ्यो मुखश्री उता ॥
बुद्धिमान् यी थिए ज्यादै केसरी शुभ नाम थ्यो ।
यिनको साथमा कैयौं-हजारौं कपि-फौज थ्यो ॥
ठ्याक्क देखा परी हाले यसैवेला यतातिर ।
गवाक्ष नामका लामा पुच्छ्रे हुन् जुन वानर ॥
हुन् त्यसै कपिका राजा यी भयङ्कर थे अति ।
दश अर्व थिए वीर यिनका साथमा कपि ॥
पति सम्पूर्ण भालूका शत्रु नाश्ने भयानक ।
बीसौं अर्व लिई आए-भालू धूम्र वहाँ अब ॥
कपिका यूथका स्वामी स्वयं पनस वानर ।
करोड तीन ली आए कपिका गण दुर्धर ॥
यिनका साथ आएको कपिको बल यो सब ।
थियो अत्यन्त डर्लाग्दो पर्वताकारको दृढ ॥
यूथ-स्वामी थिए अर्को नीलनामक वानर ।
विशाल देह थ्यो नीलो वहीं आइ पुगे तब ॥
देखिन्थे भवाट्ट हेर्दा यी नीलो गाजलकै गिरि ।
हुन् जस्ता, यिनका साथ करोड दश थे कपि ॥
यता गवय थे अर्को पति वानर-यूथका ।
हुन् मैं सुवर्णको डाँडो देखिन्थे कान्तिमान् तथा ॥

४३

४४

थियो वीर्य पनी ज्यादै यिनमा, कपिका गण ।
करोड पाँच थे साथ हुने बल महान् गुण ॥
यसैवेला यहाँ आए हुने नाम दरीमुख ।
कपिका फौजका स्वामी बलवान् शक्तिका दृढ ॥
दशौं अरब थे आफ्ना कपि-सेना उनीसँग ।
सेवा गर्न पुगे ठ्याक्क राजा-सुग्रीवको जुन ॥
मैन्द द्विविद छोरा यी थे अश्विनीकुमारका ।
बल-शक्ति थियो ज्यादै यिनमा वीर्य थ्यो कडा ॥
यिनको साथ त्यो वेला थियो द-दश अर्वको ।
वीर वानरको संख्या महान् शक्ति र वीर्यको ॥
बलीया तेजिला वीर कपि थे गज-नामका ।
आए पति भए ठाम लिइ तीन करोड वा ! ॥
राजा सम्पूर्ण भालूका वीर्य तेज हुने अति ।
फूर्तिला जाम्बवान् भालू वहीं आइ पुगे पछि ॥
यिनका साथ थे भालू ठ्याक्कै दश करोडका ।
आफ्ना सुग्रीव स्वामीको भै अधीन भए खडा ॥
रुमण्वान् नामका अर्का तेजस्वी कपि-वीर थे ।
छिटै देखा परी हाले त्यहीं नै सैन्य साथ ए ! ॥
यिनका साथ योवेला शूरा उद्दण्ड वानर ।
थिए अरब संख्याका बलवान् अतिदुर्धर ॥
साथ फौज लिई आए कपिको एक पद्मको ।
गन्धमादन त्यैवेला, थिए यूथप वीर जो ॥
अब देखा परी हाले युवराज स्वयं वहाँ ।
जुन अङ्गद हुन् वीर श्रेष्ठ वानर आदिमा ॥
यिनमा बाबु-बालीकै तुल्यको बल वीर्य थ्यो ।
साथ थ्यो वानरी-सेना दश शंख र पद्मको ॥
देखिए अब टाढैमा आँउदै पो यतैतिर ।
तारा सामान तेजस्वी तार नामक वानर ॥
बल वीर्य थियो सान्है डर्लादो यिनको यता ।
साथ थे कपिका सेना त्यस्तै पाँच करोड वा ! ॥
इन्द्रजानु हुने नाम अर्को वीर थिए कपि ।
आँउदैथे यतै, देखा परे भवाट्ट यिनै पछि ॥
यिनका साथ योवेला थ्यो एघार करोडको ।
वीर-वानरको संख्या घेरिन्थे पति भै अहो ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

अब आइ पुगी हाले रम्भनामक वानर ।
बाल-सूर्य सरी राता देखिन्थे जुन सुन्दर ॥
वीर-वानरको सेना यिनका साथमा भने ।
थियो एघार हज्जार एक सौ मात्र शोभिने ॥
कपिका फौजका स्वामी वीर दुर्मुख वानर ।
अब देखा परी हाले आँउथे जो यतैतिर ॥
देखिन्थे यसवेला यी आफ्ना वानर-सैन्यले ।
घेरिएका हुँदा स्वामी, ठिक्क दोटै करोडले ॥
देखिए यत्तिकैमा ती हनुमान् वीर वानर ।
सेवामा कपिराजाको आँउथे जो यतैतिर ॥
कैलास-चुचुरा जस्ता सेवा ठूला शरीरका ।
थिए वानर डर्लाग्दा दशौं अरब साथ बा ! ॥
एक अर्व र हज्जार एकै सय लिई कपि ।
यतै आइ रहेकाथे देखिए नल वीर ती ॥
अब श्रीमान् दधिमुख नामका कपि देखिए ।
साथ वानरका सेना ठ्याक्कै दश करोड थे ॥
सुग्रीव कपिराजाको महात्मा नै थिए जुन ।
थिए यिनी निकै प्यारा थियो शक्ति महान् गुण ॥
यिनका भिन्न शरभ तथा कुमुद, बह्नि र ।
रम्भ इत्यादि थे, आए कपि वीर भयङ्कर ॥
आफ्नो इच्छा सरी सारा धर्न सक्थे स्वरूप यी ।
ढाकी ढपक्क हिंड्थे जो वन, डाँडाँ तथा मही ॥

७१

७२

भालू-वानरका स्वामी यिनले सैन्यले पनि ।
भै गइन् पृथ्वी व्याप्त गर्न्नै मुस्किल भो अनि ।
यहाँ जो जत्ति आएथे वीर ती सब वानर ॥
थपाथप बसे सारा पृथ्वीबीच भई स्थिर ।
उफ्रन्थे, कुद्दथे, दौड्थे, गर्जिन्थे तिनमा कुनै ॥
यहीं जम्बा भए सारा घेरे सुग्रीवलाइ नै ।
देखियो यस वेलामा बडो गजब वास्तव ॥
मेघ आकाशको सूर्य ढाक्छ व्याप्त भई ठिक्क ।
थिए घेरै कपिश्रेष्ठ शोभिने वाहु-वीर्यले ॥
जुन सुग्रीवमा पुग्न हूल भै असमर्थ थे ।
तिनले आफ्नु राजमा नाना शब्द गरीकन ॥
पृथ्बीमा शिर टेकाई गरे दर्शन, सूचन ।
ठूल्ठूला कपिमा श्रेष्ठ वानर वीर जो थिए ॥
गै सुग्रीव भए ठाम भेटे ढोगेर फर्किए ।
तिनमध्ये पनी श्रेष्ठ यूथस्वामी बडा-वडा ॥
जो हुन् यिनीहरूचाँहिं हात जोड्दै भए खडा ।
धर्मको मर्म जानेका राजा सुग्रीवले अब ॥
दिए परिचयै राम्रा राममा उनको सब ।
सारालाई चिन्हाएर छिटो भइ छिटै तत्र ॥
हात जोडी भए ठिङ्ग रामको अघि यी अब ।
केही वेर पछी भन्छन् वीर वानर-राज ती ॥
प्रिय-सेवक सारामा जुन थे यूथका पति ॥

८२

८३

ए श्रेष्ठ मेरा कपि-सैन्य-वीर हो ! तिमी अ-आफ्ना कपिफौजलाइ यो ।
राम्रो गरी राख तुरुन्त लौ अब आनन्द मानेर बसुन् जहाँ सब ॥
डाँडाहरूमा वनमा मनोहर जहाँ अनेकौं झरना छ सुन्दर ।
त्यहीं लगी राख गराइ सुस्थिर कुनै कुरामा न हओस् असुन्दर ॥
पाएर आफ्ना पतिको निदेश यो ती यूथ-स्वामीहरुले गरे त्यसो ।
सुग्रीव आफ्ना कपि-सैन्यको गति जान्ने थिए, ढुक्क भए गरी यति ॥

८५

इति उनञ्चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चालिसौं सर्ग

सुग्रीवले श्रीरामको आज्ञा लिई सीतालाई खोज्न पूर्वतिर वानर–वीर विनतलाई पठाउँनु

१

बल–वैभवले त्यस्तो सम्पन्न अतिसुन्दर ।
सुग्रीव शोभिएकाथे हुनाले वानरेश्वर ॥
भन्छन् अब उनै आफ्ना मित्र—श्रीराम साथ, जो ।
थिए पुरुषमा श्रेष्ठ संहार्ने सैन्य शत्रुको ॥
प्रिय-मित्र प्रभो राम ! भालू वानर जो जाति ।
यहाँ आए जुटेका छन्, छन् मेरै राज्यभित्र ती ॥
साक्षात् देवेन्द्रकै जस्तो यिनको तेज, शक्ति छ ।
सक्छन् इच्छा सरी आफ्नो रूप धर्न पनी सब ॥
अ—आफ्ना फौजका सारा कपिका पति हुन् यिनो ।
दर्लागदा काम गर्नेछन् छन्, सबै बलवान् पनि ॥
सब ठिक्क तयारै छन् अब अइ पुगे यहाँ ।
बाटो हेरि रहेकाछन , बसेका छन् जहाँ तहाँ ॥
बलीया लड्न सक्ने र डर्लाग्दा उग्रकर्मका ।
शूरा वानर छन् साथ यिनका वीर्य साथका ॥
धेरै पल्ट गई लड्दा यिनले रणमा प्रभो ! ।
प्रदर्शित गरेका छन् आफ्नो बल छ शक्ति जो ॥
उपस्थित भएका छन् कपि यहाँ असंख्य ती ।
दैत्य-दानवकै जस्तो शक्तिशाली हुने गति ॥
छन् यिनै बलका खानी प्रसिद्ध गुण-कर्ममा ।
देखाएका कला खूबी लडेर रणक्षेत्रमा ॥
थाक्तैनन् कहित्यै, फेरि जितेका छन् श्रमै पनि ।
वीर्यमा ख्यात छन्, सक्छन् उद्योगै गर्नमा पनि ॥
करोडौं यूथ छन् नाथ ! आएका कपिका यहाँ ।
वन-पर्वतमा बस्छन् छन्, नाना जति जो जहाँ ॥
थलमा जलमा सम्म यिनको गति सम्म छ ।
प्रभुकै दास हुन् स्वामिन् ! आज्ञापालक छन् सब ॥

१३

१४

शत्रु मार्शि दिने साथी ! आज्ञा ठीक हजूरको ।
चल्दछन्, गर्दछन् ! त्यस्तै मान्दछन् गुरु, पूज्य जो ॥
सँधै हित भलो गर्दै आज्ञामा प्रभुको रही ।
हजूरको हुने प्यारो गर्न सक्छन् समस्त यी ॥
दैत्य-दानव जस्ता छन् डर्लाग्दा उग्ररूपका ।
यूथका पति यी सारा गर्न सक्छन् सबै कुरा ॥
बल शक्ति निकै उग्र भएका कपि-सैन्यका ।
अनेकौं वीर छन् त्यस्तै आएका भै सहस्रका ॥
लौ प्रभो ! यस वेलामा गर्नु पर्दछ जो कुरा ।
संम्झिबक्सन्छ जो योग्य,आज्ञा होस् !अब त्यै कुरा॥
रघुका रत्न ए नाथ ! सारा वानर-सैन्य यो ।
प्रभुकै हो, छ यो फेरि वशमा नै हजूरको ॥
ए मेरा ठाकुरे साथी ! यसर्थ यसलाइ ता ।
आज्ञा बक्सनु नै पर्छ जो गरोस् योग्य कार्य ता ॥
खोज्नु नै जानकी–देवी हो हाम्रो काम मुख्य यो ।
भन्ने ता राम्ररी मैले संम्झेको छु त्यसै प्रभो ! ॥
तथापि प्रभु जो जस्तो ठानिबक्सिन्छ योग्यको ।
त्यस्तै काम कुरो गर्न आज्ञा बक्स्योस् !छ वेस यो ॥
प्रिय दाशरथी-राम साथी साथ भनी यति ।
अब चूप भए वीर-सुग्रीव कपिका पति ॥
तव श्रीरामले आफ्ना बाहुले ग्वाम्म राम्ररी ।
अँगाली मित्रलाई ती भनि हाले यसो गरी ॥
ए महान् बुद्धिमान साथी ! पैले गर्नु यही पर्‍यो ।
सीता जीवित छन् छैनन राम्ररी बुझ्नु नै पर्‍यो ॥
भए छन् ती कहाँ !बस्छिन् कुन हो देश त्यो पुनः? ।
को हो रावण भन्ने त्यो ! छ कहाँ दुष्ट हो जुन ? ॥

२६

२७

सीता जीवित छन् भन्ने हुनेछ जब निश्चय ।
लाग्ला रावणको पत्तो यहीं बस्छ भनी जब ॥
समयोचित कर्तव्य तब जो हुन आँउला ।
तपाँई साथ सल्लाह लिइ त्यै गरुँला म ता ॥
यो काम सिद्ध गर्नामा हाम्रो पुग्दैन क्यै गति ।
ए कपीश्वर ! मै सक्छु, न सक्छन वीर-भाइ यी ॥
सुन्नोस् वानरका राजा ! तसर्थ यस काममा ।
हुनुहुन्छ तपाँई नै मुख्य, रुक्ने पनी यहाँ ॥
तपाँई नै ठमाएर यो मेरो काममा अब ।
योग्य आज्ञा दिनोस् साथी ! यहाँका कपिमा सब ॥
मेरो काम छ जो जस्तो तपाँईं जान्नु हुन्छ त्यो ।
यसमा छैन सन्देह ! गर्नुपर्छ यथार्थ जो ॥
हुनुहुन्छ तपाँईं नै मेरा दोस्रा सुहृत यहाँ ।
अरु यो छ र को ? साथी ! भलो गरिदिने यहाँ ॥
समयोचित कर्तव्य जान्ने स्थिर र बुद्धिमान् ।
शूरा पराक्रमी त्यस्तै बलका शक्तिका महान् ॥
सँधै मेरो हितै गर्ने विश्वासस्थान बन्धु र ।
मेरो भाव सबै बुझ्ने हुनुहुन्छ तपाँइ त ॥
अब श्रीरामले यत्ति भने पछि उनीसित ।
सुग्रीवले यसो हेरे दृष्टि छोडी मजैसित ॥
कपिका यूथका स्वामी थिए विनत-नामका ।
गम्भीर गर्जना गर्थे मेघ जस्तै उनी सदा ॥
यिनको देह थ्यो ठूलो डाँडाको ठाकुरै सरि ।
यिनै माथि पर्‍यो आँखा उनको भराट्ट त्यै घडी ॥
उनैलाई यसो भन्छन कपिराज वहाँ अब ।
राम लक्ष्मण सुन्थे जो नजीकै भै दिंदा सब ॥
वानर श्रेष्ठ ए वीर कपे ! विनत ! छौ तिमी ।
गर्न काम-कुरो जान्ने, बुझ्ने र चतुरा पनि ॥
देश काल तथा नीति जान्दछौ बुझ्दछौ यता ।
कपि छन् साथमा तिम्रा चन्द्रार्क सरि तेजिला ॥
तस्मात् सुन तिमी वीर ! संख्याको लाख दुर्धर ।
वेगिला सैन्य ली आफ्ना जाउ पूर्व दिशातिर ॥
डाँडा-काँडा भरी सारा घुम, काननमा पुग ।
चहार वन सम्पूर्ण एक एक गरी सब ॥

४३

४४

वहाँ पहाडका नाना दुर्गम स्थानमा पुग ।
घुम सारा नदी-नाला वन-पर्वतमा तक ॥
विदेह-राजकी छोरी सीताकन जहाँ-तहाँ ।
खोज जाऊ, बुझी आऊ ! बस्छ रावण त्यो कहाँ ? ॥
त्यतै भागीरथी गङ्गा सरयू रमणीय छन ।
कौशिकी रम्य-कालिन्दी यमुना पर्न आउँछिन् ॥
बाटो सुन ! त्यहीं पर्छ महापर्वत यामुन ।
सरस्वती नदी सिन्धु आउँछन, छन्, मनोरम ॥
मणि जस्तै हुने पानी शोणभद्र तथा मही ।
वन-पर्वत साथैकी छन है कालमही त्यहीं ॥
ब्रह्ममाल विदेहादि काशी कोसल मालव ।
ठूलठूला ग्राम छन राम्रा त्यतै मगधका तक ॥
पुण्ड्र अङ्ग तथा वङ्ग यी सबै देशमा पुगी ।
एक एक गरी खोज रामकी प्रिय जानकी ॥
त्यता रेशमका कीरा जन्मने ठाम छन् निकै ।
छन् त्यतै निधि चाँदीका खोज यी ठाममा सबै ॥
बुहारी श्रीदशरथ-राजाकी रामकी प्रिया ।
सीतालाई तिमी वीर ! खोज्दै घुम जतातता ॥
सिन्धु भित्रै पसेका छन् त्यताका घेर पर्वत ।
निस्केका छन् त्यहीं टापू पुर जस्ता भई स्वतः ॥
त्यहाँ पुग त्यहीं पर्छ मन्दराचल,-शृङ्गमा ।
छन् केही घर, गै खोज देवी सीताकनै वहाँ ॥
खुट्टा सम्म लुगा जस्तै पुगेका कान छन् जन ।
हुन् जो 'कर्ण-प्रावरण' भनिने व्यक्ति यी सुन ! ॥
कान ओठतकै पुग्ने 'ओष्ठकर्णक' हुन् पुनः ।
मुख लोह सरी काला भएका घोर छन् जन ॥
त्यहीं दगुर्न सक्ने छन यौटै खुट्टा हुने पनि ।
कैल्यै नमासिने वंश छन् त्यहीं व्यक्ति यी पनि ॥
मान्छे सलक्क नै निल्ने छन् राक्षस महाबली ।
ठाडा कपाल पालेका तीखा जूरा हुने छली ॥
अर्का एक थरी प्राणी छन् वहाँ प्रिय देखनमा ।
छ वर्ण सूर्यकै जस्तो, देखा पर्छन् जहाँ तहाँ ॥
त्यताका द्वीपमा बस्छन् किरातहरु नै अति ।
समात्छन् ट्याप्प माछा र निल्छन् काँचै सलक्क ती ॥

६०

६१

पानी भित्र पनी बस्छन् डलाग्दा व्यक्ति छन् वहाँ ।
'नरव्याघ्र' यिनैलाई भन्दछन्, ख्यात छन् जहाँ ॥
यिनका ठाँउमा एवं गाउँमा घरमा पुग ।
वन-काननमा खोज सीतालाई तिमी सब ॥
द्वीपमा जुन टापूमा पहिले गिरिमा चढी ।
पुग्नु पर्छ कि डुङ्गाले जानु पर्छ कि पौडिई ॥
त्यस्ता ठाम त्यता आए बुझ्यौ ! पुग्नु मजैसित ।
एक एक गरी खोज्नु दुष्ट रावणलाइ त ॥
यसभित्र वहाँ वीर ! सातोटा रम्य-राज्यले ।
शोभिएको यवद्वीप देखौला दृढ-यत्नले ॥
सुवर्णद्वीपको साथ वहीं रूप्यकद्वीप छ ।
यहीं छ सुनको खानी पुग्नु, खोज्नु त्यहाँ सब ॥
त्यो यवद्वीप नाघेर अघि बढ्दा वहाँतक ।
यौटा पर्वत देखौला ठूलो शिशिरनामक ॥
यसका टाकुरा सारा स्वर्ग पुग्छन् समान छ ।
यसको गर्दछन् सेवा देवता सब दानव ॥
त्यो यवद्वीपका सारा डाँडा-पर्वतमा पुग ।
स्वात्तै शिशिरको डाँडो घुम ! यद्यपि कष्ट छ ॥
झरना छन् त्यहाँ नाना त्यसका वनमा पनि ।
मिली खोज उहाँलाई रामपत्नी यशस्विनी ॥
आउँनेछ वहाँ सिन्धु, तर पारीतिरै पुग ।
सिद्ध चारण देखौला त्यहाँ अनि तिमी सब ॥
सारा रातो हुने पानी दौडिने वेगले अति ।
भेटौला नद त्यो शोण, जाओ पार सबै पछि ॥
त्यसका तटमा राम्रा तीर्थ छन् घाट छन् शुभ ।
वनोपवन भेटिन्छन् जो छन् सुन्दर वास्तव ॥
विदेहराजकी छोरी राम-पत्नी उहाँकन ।
एक एक गरी खोज छ कहाँ दुष्ट रावण ? ॥
छन् त्यता बहुतै डाँडा उन बाट निरन्तर ।
खस्तछन् निस्किएका छन् नदी र नद सुन्दर ॥
तिनका तटमा राम्रा डलाग्दा तर उत्तम ।
बगैंचा घरकै जस्ता बनेका छन् मनोरम ।
गुफाहरू हुने धेरै ठूल्ठूला भव्य पर्वत ।
भेटिन्छन् तिनकै साथ, त्यता खोज मजासित ॥

७७

६८

नाघी माथि भनेका यी प्रदेश सब अन्तमा ।
पुग्नेछौ उखुकै जस्तो हुने जल समुद्रमा ॥
त्यसका बीच-बीचैमा निस्केका द्वीप छन् निकै ।
देख्नेछौ सब यी किन्तु छन् है ! घोर भयानकै ॥
यो इक्षुरसको सिन्धु छ डलाग्दो पनी उति ।
जो छाल फ्याँकछ गर्जन्छ हावाले पिटिंदा अति ॥
सुन ! यो सिन्धुमा बस्छन् ठूला असुर हर्वडी ।
विशाल देहका छन् यी बलवान् पनि छन् अति ॥
केही खान न पाएर भोका छन वेर देखि यी ।
छाया देख्यो कि पक्डन्छन् खान्छन् प्राणीकनै पछि ॥
उनको नित्यको काम हो आहार पनी यही ।
ब्रह्माले बक्सिएको हो यै कुरा गर्न स्वीकृति ॥
त्यो इक्षुरसको सिन्धु छ कालो मेघ ठीकको ।
ज्यादै गर्जन्छ, छन् भित्र ठूल्ठूला नाग टम्म पो ॥
जुक्ति-बुद्धि गरी राम्रो महासागर त्यो तर ।
रातो पानी हुने अर्को भेट्छौ सिन्धु भयङ्कर ॥
डलाग्दो छ निकै, यै हो बुझ ! लोहित-सागर ।
देखौला वृक्ष कै कूट-शाल्मलीको बडो स्थिर ॥
छ त्यहीं विश्वकर्माले बनाएको मनोहर ।
बुझ्यौ ! गरुडको साक्षात् एउटा घर सुन्दर ॥
नानाप्रकारका रत्न—मणिले यो छ भूषित ।
हेर्दा कैलास जस्तै छ, विशाल अतिउज्ज्वल ॥
सुन ! त्यो द्वीपमा बस्छन् पर्वतै ठीक देहका ।
निकै राक्षस डलाग्दा सब मन्देह नामका ॥
सुराका सिन्धु को मध्यभागका शैल-शृङ्गमा ।
झुण्डिएर सँधै बस्छन् ती राक्षसहरू वहाँ ॥
डर लाग्दछ देख्तैमा यिनलाइ त्यसै वहाँ ।
छन् समर्थ पनी फेरि अनेकौं रूप धर्नमा ॥
सूर्योदय हुँदा खेरि यी राक्षस दिनैदिन ।
ठाडो मुख गरी जान्छन् जुध्न सूर्य सँगै सुन ! ॥
सूर्यको तापले तात्ता, पर्दामा तेज ब्रह्मको ।
खस्छन् भ्वाम्ल्वाम्म पानीमा सुरका सिन्धुबीचको ॥
केही वेर पछि फेरि बाँच्दछन्, सब उठ्तछन् ।
झुण्डिन्छन् फेरि डाँडोमा, नित्य यै काम गर्दछन ॥

६४

९५
शाल्मलीद्वीप काटेर सुरा-सिन्धु तरे पछि ।
दही र घिउका सिन्धु आउँछन्, नाघ भ्वाट्ट यी ॥
सीतालाइ वहाँ खोज्नु गै यताउति फट्पट ।
भेटौला क्षीरको सिन्धु अनि पो जो छ उज्ज्वल ॥
सेतो बादलको थुप्रो हो जस्तै देखिइन्छ त्यो ।
शोभिन्छ छालकै माला मोतीकै सरि भिर्छ जो ॥
त्यसको बीच-भागैमा यौटा ऋषभ नामको ।
निकै अग्लो महान् सेतो देख्नेछौ गिरि योग्यको ॥
वृक्षले भरिएका छन् यसका टाकुरा सब ।
फूलले फलले सारा छन् सुशोभित वास्तव ॥
साह्रै सुगन्ध फैलिन्छ तिनको बास दिव्य छ ।
यसको माथि डाँडोमा यौटा ठूलो तलाउ छ ॥
यो सरोवरको नाम हो 'सुदर्शन' लौ सुन ! ।
चाँदीका रङ्गकै जस्ता छन् त्यहाँ पद्म शोभन ॥
स्वर्गीय तेज पाएर बल्छन् यी नित्य धप्धप ।
राजहँसहरू खेल्छन् त्यसमा नित्य उज्ज्वल ॥
अप्सरागणकै साथ यक्ष किन्नर देवता ।
चारणादि यहाँ खेल्न आउँछन् दङ्ग भै सदा ॥
सुन ! वानर हो ! नाघी क्षीरसागरलाइ त्यो ।
बढ्दै अगाडि जाँदामा देखौला एक सागर ॥
त्यसको जल मीठो छ, अतिशीतल स्वच्छ छ ।
देख्तै सम्पूर्ण प्राणीमा यसले डर पार्दछ ॥
ब्रह्मर्षि और्वको क्रोधद्वारा प्रकट जो भयो ।
महान् तेज त्यहीं नै छ 'बडवामुख' नामको ॥
चराचर सबै प्राणी साथको वेगवान जल ।
आहार त्यस आगाको मानिएको छ वास्तव ॥
वहाँ जो तेज वा आगो बडवामुख-नामको ।
निस्किएको छ, त्यल्लाई देख्तछन् जीव सिन्धुको ॥
त्यो देख्ता त्यसमा खस्ने, पर्ने भै डर ती सब ।
हाहा ! गर्छन, सबै स्पष्ट सुनिन्छ, बुझ यो सब ! ॥
त्यो मीठो जलको पानी भएको सिन्धु देखि ता ।
उत्तरैपट्टि त्यो तेह्र योजनै पर एउटा ॥
सुवर्णमय ढुङ्गाले शोभिएको र भूषित ।
आउला धप्धपाएको ठूलो कनकपर्वत ॥
१११

११२
त्यसको टाकुरामा नै वीर वानर हो! सुन ।
अनन्त भगवान् साक्षात् राज हुन्छ, पुगे चिन ! ॥
पृथ्वीलाई उहाँले नै थामिएको छ वास्तव ।
हजारौं शिर शोभिन्छन् अतिउज्ज्वल छन् सब ॥
उहाँको जात हो सर्प, श्रीविग्रह छ झलमल ।
देहको वर्ण सेतो छ, चन्द्रमाठीक उज्ज्वल ॥
दुई हज्जार आँखा छन् उहाँका दिव्य सुन्दर ।
फक्रेका पद्मका पातै हुन् जस्ता सुन वानर ! ॥
शरीर शोभिएको छ नीलो सुन्दर वस्त्रले ।
धप्धपै भइ बक्सिन्छ भगवान् आफ्नु तेजले ॥
विश्वका देवता सारा उहाँलाई निरन्तर ।
गर्दछन् वन्दना नित्य स्तुति साथै मनोहर ॥
त्यस पर्वतको माथि प्रभुको ताल-चिह्नको ।
ध्वजा छ एउटा दिव्य सुनको फर्फराँउदो ॥
सुन ! त्यस्तो ध्वजालाई अड्याँउन उहाँ तल ।
छन् देवले बनाएका यौटा वेदी, छ झलमल ॥
छन् टुप्पा यसमा तीन, छ अग्लो पनि यो निकै ।
उनैले पूर्वमा राखे दिशासूचक चिन्ह यै ॥
बुझ्यौ ! त्यस अघी पर्छ उदयाचल पर्वत ।
विचित्र, दिव्य शोभा छ, छ सुनै-सुनको सब ॥
त्यसका चुचुरा सारा पुग्छन् आकाशमा सुन ! ।
विशाल पनि छन् त्यस्तै अग्ला छन् सय योजन ॥
आधार त्यसको जो हो वेदी जस्तै हुने गिरि ।
त्यस्तै छ त्यो पनि दिव्य, शोभा पाउँछ हर्घडी ॥
त्यताका ठाम छन् त्यस्तै सुवर्णमय उत्तम ।
शोभिन्छ यसले गर्दा त्यो डाँडै छ मनोरम ॥
सुन है ! छन् त्यहाँ वृक्ष साल-ताल-तमालका ।
बल्छन् धपक्क जस्तै छन फुलेका कर्णिकारका ॥
हुन् दिव्य वृक्ष यी सारा सुवर्णमय छन् जुन ।
शोभिन्छ यसले साह्रै सूर्य जस्ता हुँदा पुनः ॥
उदयाचलको त्यस्तो थाप्लोमा वीर हो ! सुन ! ।
विशाल ठाकुरा यौटा शोभिन्छ, छ सुनै-सुन ! ॥
दश योजन लम्बाई चौडाई एक योजन ।
त्यसको छ, सौमनस नाम, हो भन्दछन् जन ॥
१२८

CC-0. In Public Domain. Digitization by eGangotri

१२६

पुरुषश्रेष्ठ सर्वात्मा भगवान् विष्णुले अघि ।
बलि साथ धरा माग्दा पुड्के वामनरूप ली ॥
यौटा श्रीपाउ राखेथे यसैको शिरमा वहाँ ।
अर्को राख्न पुगेका हुन् मेरुको दिव्य शृङ्गमा ॥
यो जम्बूद्वीप घुम्दामा लिई उत्तरको क्रम ।
पुग्दछन् जब श्रीसूर्य त्यहाँ भइ मनोरम ॥
तब अग्लो हुँदा ज्यादै जम्बूद्वीप भरी स्थित ।
जनता राम्ररी स्पष्टै देख्तछन् उनलाइ त ॥
सुन ! यै ठाममा बस्छन् महात्मा बालखिल्य ती ।
वैखानस हुने नाम महर्षिगण शान्ति ली ॥
प्रकाश सूर्यको पर्दा हुन्छन् जगमग यी सब ।
तपस्या गर्दछन् आफैं छन् सूर्यैं सरि जगमग ॥
त्यो सौमनस डाँडाका टाकुराको अगाडिको ।
द्वीप यौटा छ, झल्किन्छ हो 'सुदर्शन' नाम यो ॥
यसैको चुचुरोबीच सूर्य नित्य उदाँउछन् ।
यसैले सब प्राणीको आँखा खुल्दछ, देख्तछन् ॥
बुझ्यौ के ? यस डाँडाको पछिल्लो भागमा तथा ।
गुफा र कन्दरा सारा वनमा युग सर्वथा ॥
विदेहराजकी छोरी सीताको साथ-साथमा ।
खोज रावणलाई त्यो घुम राम्रै गरी वहाँ ॥
सुवर्णमय डाँडाको उदयाचल हो जुन ।
महात्मा भगवान् साक्षात् सूर्यका तेजको पुनः ॥
प्रकाश त्यसमा पर्दा बुझ्यौ ! उदयकालको ।
प्रातःकालीन संध्या त्यो शोभिन्छे लाल भै बडो ॥
सूर्योदय हुने ठाम यही हो, यसलाइ ता ।
बनाई वक्सिएको हो ब्रह्माले सृष्टिको अघि ॥

१४१

१४२

सुन ए वीर हो ! तस्मात् यही नै मुख्य द्वार हो ।
जाने र आउँने गर्ने पृथ्वीको,-ब्रह्मलोकको ॥
पहिले यै दिशापट्टि बनेको द्वार यो हुँदा ।
यसअर्थ यसैलाई भन्दछन् पूर्वको दिशा ॥
वीर हो ! यस डाँडाको पछिल्लो भागमा तथा ।
गुफा र झरना सारा वनमा पुग सर्वथा ॥
राजा जनककी छोरी सीताको साथ-साथमा ।
खोज रावणलाई त्यो घुम राम्रै जहाँ-तहाँ ॥
सकिन्न जान यो पूर्व दिशामा यसको अघि ।
बस्तछन् देवतामात्र बुझ ए वीर हो ! यति ॥
सूर्यको चन्द्रको तेज-कान्ति पुग्दैन है त्यहाँ ।
अन्धकार हुँदा गाढा देखिन्नन् भूमि नै यहाँ ॥
उदयाचलमा जो छन् नदी पर्वत वा गुफा ।
एक एक गरी छान, घुम खोज जताततै ॥
न भनेको यहाँ मैले देखौला ठाम जो वहाँ ।
त्यहाँ पनि गई खोज जानकी, राख ध्यानमा ॥
उदयाचल सम्मै त्यो सक्तछन् पुग्न वानर ।
सक्तैनन् गति नै छैन त्यो भन्दा पुग्न ता पर ॥
वहाँ प्रकाश पुग्दैन भगवान् सूर्यको पनि ।
सीमा, टुङ्गो जहाँ छैन देश-कालादिको पनि ॥
सुन ए वीर हो ! तस्मात् त्यहाँ भन्दा अगाडिको ।
म जान्दिन छ के कस्तो पत्तै छैन कुनै कुरो ॥
सारा ठाम भरी खोज उदयाचल सम्म गै ।
सीताकै साथ त्यो पाजी-दुष्ट रावणलाइ है ! ॥
राम्ररी घरको पत्ता लगाई बस्छ त्यो कहाँ ? ।
यो एक महिना भित्र फर्कि आओ सबै यहाँ ॥

१५४

१५५

न बस्यौ महिना भन्दा बढ्ता, बस्नु हुँदैन है ! ।
सुन ! जो बस्छ त्यल्लाई प्राण-दण्ड हुनेछ है ! ॥
यसरी जानकीज्यूको गरी खोज निरन्तर ।
तिमीहरू भई सिद्ध यहीं आओ सरासर ॥
ए बाबु हो ! पूर्व-दिशा सुरेन्द्रको प्यारो छ ज्यादै र प्रचण्ड तेजको ।
छ है अनेकौं वनले सुशोभित पुगी वहाँ खोज घुमी मजासित ॥

१५७

CC-0. In Public Domain. Digitization by eGangotri

१५८

लगाउ पत्तो प्रभु-रामकी प्रिया श्रीजानकीको चतुरा भई छिटा ।
फर्क्यौं भने यत्ति गरेर खुर्खुरू सुखी हुनेछौ बहुतै तिमीहरू ॥

इति चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक चालिसौं सर्ग

दक्षिणतिर हनुमान् आदि वीर वानरहरूलाई सीताको खोजी गर्न पठाउनु

१
विशाल कपिको सैन्य त्यसरी कपिराजले ।
सीता खोज्न पठाए बा ! पूर्वपट्टि प्रयत्नले ॥
अब दक्षिणमा चाँहि पठाए योग्य-योग्यका ।
वीर वानरलाई यी जाँचेका प्रिय सर्वथा ॥
तिनमध्ये थिए नील अग्निका पुत्र हुन् जुन ।
कपिश्रेष्ठ थिए अर्का हनुमान् गुणवान् पुनः ॥
महान् बल हुने भालू जाम्बवान् ब्रह्मपुत्र थे ।
सुहोत्र, गज, गवय, शरगुल्म, शरारि थे ॥
थिए सुषेण, वृषभ, वीर मैन्द, गवाक्ष र ।
अर्का सुषेण, द्विविद, गन्धमादन वानर ॥
थे हुताशनका छोरा उल्कामुख अनङ्ग यी ।
वीर अङ्गद इत्यादि अरु थे शौर्यवान् कपि ॥
विशेषवस्तु वा वात जानेका कपिराजले ।
खोज्न दक्षिणमा जाने शुभाज्ञा उनमा दिए ॥
तिनमा बलवान् ज्यादै थिए अङ्गद जो त्यहाँ ।
तिनैलाई बनाए बा ! सबको नाइके वहाँ ॥
वीर वानर यी सारा साथ ली गइ दक्षिण ।
सीता खोज्ने दिए भार शुभाज्ञा यो दिई पुनः ॥
पुनै मुस्किलका ठाम त्यतापट्टि थिए जति ।
चिह्नाए सब आफैंले उनलाई भनी यति ॥
भने- तिमीहरू जाओ पहिले विन्ध्यपर्वत ।
टाकुरा जसका राम्रा हजारौं छन् विभूषित ॥
अनेकौं वृक्षका ताँति छन् त्यहाँ भाँति-भाँतिका ।
लम्बिता विस्तृता एवं छन् जहाँ शोभिता लता ॥
श्रीरामकी प्रिया पत्नी राजा जनककी सुता ।
सीतालाई वहाँ खोज बुझ्यौ ! पुग जता-तता ॥
१३

१४
भएका नाग ठूल्ठूला उनैले नित्य सेवित ।
छन् नदी नर्मदा राम्री खोजी गर वहीं पुग ॥
बढ्दै अगाडि जाँदामा राम्री गोदावरी नदी ।
आउँछिन्, कृष्णवेणी छन् त्यतै पर्छिन् महानदी ॥
महान् सौभाग्यशाली हुन् पवित्र वरदा नदी ।
छन् सर्प नाग ठूल्ठूला, सेविन्छिन् यिनबाट ती ॥
त्यता खोज्दै तिमी जाओ देश मेखल उत्कल ।
दशार्ण आश्ववन्ती र अवन्तीपुरमा पुग ॥
श्रीरामकी प्रिया पत्नी सीतालाई जहाँ-तहाँ ।
एक एक गरी खोज बाबु हो ! सब ठाममा ॥
यस्तै प्रकारले जाओ अघि बढ्दै विदर्भमा ।
देश ऋष्टिकमा रम्य त्यो माहिषक-देशमा ॥
वहाँ वङ्ग-कलिङ्गादि पुर छन् कौशिकादिक ।
देवी सीताकनै खोज घुम सारातिरै पुग ॥
आउला दण्डकारण्य अनि गै त्यसमा पनि ।
हेर खोज नदी-नाला गुफा-पर्वतमा पनि ॥
गोदावरी घुमेकी छन् त्यहाँ हेर घुमी सब ।
आन्ध्र पुण्ड्र तथा चोल पाण्ड्य-केरलमा पुग ॥
सुन ए वीर हो ! जातु त्यहाँबाट अघिल्तिर ।
ठूलो पर्वत भेट्नेछौ अयोमुख, छ सुन्दर ॥
यसका टाकुरा सारा धातुले परिपूर्ण छन् ।
विचित्रै छ, फुलेका छन्, वन-कानन गम्म छन् ॥
छ चन्दन-वनैमात्र यसका सब ठाममा ।
यो महागिरिमा खोज्नु सीताकन जहाँ-तहाँ ॥
हुन् नदी दिव्य कावेरी जल शीतलस्वच्छ छ ।
भेट्ने छौ ! अप्सरा आई क्रीडा गर्छन् जहाँ नित ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्यै अयोमुखको, जो हो मलयाचलको त्यही ।
टाकुरोमा राजछन्छ अगस्त्य भगवान् ऋषि ॥
सूर्यको तेज जस्तै छ उहाँको ब्रह्म-तेज त्यो ।
गर्नु दर्शन श्रद्धाले उहाँकन झुकी बडो ॥
प्रसन्न-चित्तका त्यस्ता महात्मा मुनिराजको ।
आज्ञा लिनु बुझ्यौ ! जानु बढेर अघि बाबु हो ! ॥
अनि टुप्लुक्क भेट्ने छौ ताम्रपर्णी महानदी ।
तिनमा ग्राह छन् धेरै कुरो बुझ ! भने जति ॥
त्यहाँ सुगन्ध फ्याँक्ने छन् नाना चन्दनका वन ।
ढाकेको छ जलद्वीप त्यसैबाट, तरी घुम ॥
सारीले आँङ ढाकेकी तरुणी युवती कुनै ।
गएझैं प्रियमा मिल्न, जान्छिन् यी, मिल्न सिन्धुमै ॥
यसरी अघि बढ्दामा तिमीहरू वहाँ अनि ।
पुग्नेछौ पाण्ड्य-वंशीका नगरद्वारमा पनि ॥
छ त्यो राम्रो निकै ठूलो मोती र मणिले तथा ।
सुनैले शोभिएको छ ठाम हो दिव्य एउटा ॥
अगाडि जब जाऔला त्यहाँबाट पनी अनि ।
पुगौला सिन्धुमै ठ्याक्क ! होऔला रनभुल्ल नि ? ॥
वहाँ मिलिजुली बस्नु गर्नु सल्लाह राम्ररी ।
कसरी सिन्धु यो तर्ने भन्नेमा निश्चयै गरी ॥
सुन ! त्यो सिन्धुको भित्र अगस्त्य-मुनिराजले ।
छ है गाड्दिइ बक्सेको यौटा पर्वत, शक्तिले ॥
महेन्द्राचल हो नाम यसको, यो छ जगमग ।
पर्वतश्रेष्ठ हो फेरि डाँडा-काँडा विचित्र छ ॥
गाडिएको छ यो ग्वाम्म तलैसम्म समुद्रको ।
वृक्ष छन् यसका राम्रा, छ स्वर्णमय बाबु हो ! ॥
लता छन् त्यसमा टम्म फुलेका छन् जताततै ।
झुलेका छन्, फलेका छन् त्यसका सब वृक्ष वा ! ॥
त्यहाँ ऋषि तथा देव-श्रेष्ठ यक्ष पनी सदा ।
अप्सरा साथमै आई सेव्दछन्-बस्तछन् तथा ॥
तिनका साथ साथैमा सिद्ध चारणका गण ।
निकै नै छरिएका छन् त्यसैले छ मनोरम ॥
पूर्णिमा र अमावास्या यी दुवै पर्वका दिन ।
देवेन्द्र आँउछन् नित्य वहाँ आफैं पनी सुन ! ॥

४३

४४

त्यो सिन्धुको उतापट्टि एउटा द्वीप पर्छ है ।
लम्बाई यसको ठ्याक्कै शयौं योजनको छ है ! ॥
छैन क्यै गति वा शक्ति वहाँ मानिस पुग्नमा ।
धपक्क तेजले आफ्नो जो बल्दछ जहाँ-तहाँ ॥
वहाँ यत्न गरी ठूलो खपी कष्ट निरन्तर ।
खोज्यौ है ! जानकीलाई घुमी प्राय सर्वतिर ॥
त्यै हो रावणको देश, त्यहीं बस्तछ त्यो सुन ।
मार्नु पर्नेछ त्यल्लाई त्यही नै शत्रु हो गुन ! ॥
सारा राक्षसको स्वामी हो त्यही, तर दुष्ट छ ।
आत्मा बिग्रिसकेकोछ, इन्द्रकै ठीक तेज छ ॥
त्यस दक्षिणमा पर्ने सिन्धुको बीच-भागमा ।
बस्तछे राक्षसी यौटी, कुरो बुझ सबै यहाँ ॥
बाबु हो ! त्यसको नाम भन्छन् 'अङ्गारका' भनी ।
छाया देख्यो कि प्राणीको समात्छे, घिच्तछे अनि ॥
त्यो लङ्का-द्वीपमा जो जो सन्दिग्ध-स्थान छन् जति ।
खोज ती ठाममा सारा घुमी यत्न गरी अति ॥
परेको मनको शङ्का हटेमा भै अशङ्कित ।
तेजस्वी-रामकी पत्नी-सीता खोज वहाँ स्वतः ॥
लङ्का नाघी अघी बढ्दा शयौं योजन-विस्तृत ।
देखौला सिन्धुमा यौटा त्यो पुष्पितक-पर्वत ॥
छ यो पर्वत अत्यन्तै शोभा-सम्पन्न वस्तुतः ।
गर्दछन् यसको सेवा सिद्ध चारण सम्म त ॥
श्रीसूर्य-चन्द्रमा ठीक छ त्यो उज्ज्वल तेजिलो ।
बाबु हो ! यो पुगेकोछ तलैसम्म समुद्रको ॥
यता अग्ल्याँइमा चाँहि आफ्ना उन्नत शृङ्गले ।
हाल्छ आकाशमा रेखा भने जस्तो छ भव्य ए ॥
यसको टाकुरा यौटा छ स्वर्णमय दिव्य वा ! ।
गर्छन् प्रतिदिनै सेवा भगवान् सूर्य सम्म ता ॥
त्यस्तै छ टाकुरा अर्को चाँदीको अतिउज्ज्वल ।
गर्दछन् जसको सेवा चन्द्र, पारेर झल्झल ॥
कृतघ्न, नास्तिक, क्रूर, नृशंस जति छन् जन ।
कहिल्यै देख्न सक्तैनन् यी दुवै चुचुराकन ॥
आफ्नो शिर झुकाएर सुन वानर बाबु हो ! ।
गर्नु प्रणाम श्रद्धाले पुगे, पर्वतलाइ त्यो ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

एक एक गरी खोज्नु वहाँ सवतिरै पुगी ।
दुष्ट रावणकै साथ रामकी प्रिय-जानकी ।।
नाघेर अघि बढ्दामा त्यस्तो कठिन पर्वत ।
भेट्नेछौ वीर हो ! अर्को सूर्यवान् नाम पर्वत ।।
वहाँ पुग्नै छ है गाह्रो बाटो मुस्किलकै छ यो ।
त्यहाँबाट यहाँ पर्छ चौध योजन दूर पो ।।
अनि त्यो सूर्यवान् नाघी जाँदामा अघि बावु हो ! ।
पर्छ है ठ्याक्क बाटैमा गिरि वैद्युतनामको ।।
वहाँका वृत्त सम्पूर्ण चिताए सरि वास्तव ।
फल-पुष्पादि दिन्छन् है, शोभिन्छन् ऋतुमा सब ।।
बसेर त्यस डाँडोमा पवित्र फल-मूल ती ।
खाएर मधुकै साथ जाओ ! फेरि बढी अघि ।।
बावु हो ! अनि पुग्नेछौ गिरिमा दिव्य कुञ्जर ।
मन-नेत्र दुवैलाई देख्तैमा मुग्ध पार्दछ ।।
यसकै माथि डाँडोमा यौटा भवन सुन्दर ।
बनाए विश्वकर्माले अगस्त्य-मुनिको स्थिर ।।
छ यो महल अग्लोमा दश योजनको सुन ! ।
चौडाई यसको चाँहि छ ठ्याक्कै एक योजन ।।
छ यो हेरिरहौं जस्तै सुवर्णमय सुन्दर ।
शोभिन्छन् यसमा नाना मणि रत्न मनोहर ।।
यस पर्वतमा यौटी छ अर्की सुन्दरी पुरी ।
सर्प-सर्प यहाँ बस्छन् , यै हो भोगवती पुरी ।।
छ यो दुर्जय साह्रै नै छ सुरक्षित यै पुनः ।
फैलिएका ल लामा छन् यसका मार्ग शोभन ।।
तीखा दाह्रा भएका र महान् विष हुने तथा ।
ढल्गिदा सर्प ठूल्ठूला रक्षिन्छन् यसलाइ ता ।।
ए बावु हो ! पुरीमा यै आफ्नो उग्रस्वरूप ली ।
राजहुन्छ बुझ्यौ ! साक्षात् सर्पराजेन्द्र वासुकि ।।
विशेष-गति ली सुस्तै पुरीमा पनि यै पस ।
खोज रावणकै साथ जानकीलाइ भै सब ।।
ठाम छर्लङ्ग देखिन्छन् त्यहाँका, तर भित्र ता ।
गुप्त ठाम निकै छन् है ! घुम खोज जताततता ।।
यसरी यो पुरी नाघी अघि बढ्दै गयौ भने ।
भेटौला गिरि ऋषभ छ महान् जुन शोभिने ।।

७७

७८

त्यस्तै छ त्यसको शोभा सँधै झल्किन्छ झल्झल ।
रत्नै-रत्न छ टल्किन्छ मन पार्दछ ढल्पल ।।
त्यहाँ श्रीखण्ड छन् दिव्य अग्निमैं चप्चपाँउदा ।
गोशीर्षक, पद्मक र हरिश्यामादि नामका ।।
मीठा सुगन्धका त्यस्ता देख्ता श्रीखण्ड-चन्दन ।
छोऔला नि ! हुँदैहुन्न छुनै पनि कुरो सुन ! ।।
त्यो घोर वनको रक्षा गर्न रोहित नामका ।
गन्धर्व खटिएका छन् पाँचोटा सूर्य ठीकका ।।
गन्धर्व-पति हुन् सारा कुरो बुझ ! छ नाम यो ।
शैलूष, ग्रामणी, शिग्रु, शुक्र, बभ्रु, छ ख्यात जो ।।
बुझ्यौ ! ऋषभ डाँडाको अघि सीमान्त-भूमिमा ।
तेजस्वी व्यक्तिमात्रै छन् हुन्मैं सूर्याग्निचन्द्रमा ।।
यी साह्रै पुण्यकर्मा हुन, यिनले स्वर्ग नै जिते ।
यिनै बस्छन् यहाँ तस्मात् पुग्नै मुस्किल पर्छ ए ! ।।
अगाडि त्यसको पर्छ पितृलोक भयानक ।
त्यता जाँदै न जाओ है ! सक्तैनौ लौ ! कुरो बुझ ! ।।
त्यो भूमि राजधानी हो भगवान् यमराजको ।
अँध्यारो छ वहाँ गाढा निकै कष्ट दिने अहो ! ।।
सुन ए वीर हो ! यत्ति हो दक्षिण-दिशातिर ।
तिमीले जाइने ठाम खोजिने पनि भै स्थिर ।।
सकिन्न जोड पुग्दैन त्यसको अघि पुग्न ता ।
बुझ्यौ ! जङ्गम-प्राणीको गति पुग्दैन है त्यता ।।
यहाँ मैले भनें जत्ति त्यत्ति ठाम भरी पुग ।
वहाँ जो जत्ति देखौला खोज, जाऊ त्यहाँ पुग ।।
विदेह-राजकी छोरी सीताको गति भेट बा ! ।
लगाउ राम्ररी पत्तो अनि फर्क छिटै यता ।।
जो एक महिना पूरा भएमा पहिले यहाँ ।
आएर म सँगै भन्ला सीता भेटें भनी वहाँ ! ।।
सुन ! त्यो वीर मेरोमैं श्री-सम्पत् सुख-भोगले ।
परिपूर्ण स्वयं होला गर्ला अनि विहार ए ! ।।
मेरो निम्ति हुने छैन त्यो भन्दा अरु क्वै प्रिय ।
मेरो लागि त्यही होला प्राण भन्दा पनी प्रिय ।।
अपराध गरेको होस् त्यल्ले जत्रो सुकै पनि ।
अवश्य हुन्छ त्यो मेरो प्रिय, बन्धु सँधै अनि ।।

९४

CC-0. In Public Domain. Digitization by eGangotri

६५

सुन ! कपिवर हो ! तिमीहरूको बल, गति, वीर्य, असीम नै छ ओहो ! ।
विपुल-गुण हुने सुवंशमा त्यो जनम पत्नी सबको छ जो भएको ॥
नृप-जनक-सुता नरेन्द्र-पत्नी अब जसरी हुन सक्छ जे गरेर ।
गइ सबतिर खोज, पाउ पत्तो गर पुरुषार्थ र ल्याउ त्यै गरेर ॥

६६

इति एक चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयालिसौं सर्ग

वानरराज सुग्रीवले पश्चिमतिर सुषेण आदि वीर वानरलाई पठाँउनु

१
पठाए कपिराजाले त्यो दक्षिण दिशातिर ।
अभिमारा दिई त्यस्तो माथिका वीर वानर ॥
गरेर यति सुग्रीव उठे अब बढे अघि ।
जहाँ सुषेण बस्थे ती उनका ससुरा कपि ॥
थिनै हुन् बाबु ताराका, काला थे मेघ ठीक यी ।
शक्ति थ्यो अति डलग्दो यिनमा वीर्य थ्यो उति ॥
दुइटै बाहुली बाँधी उनले प्रेमपूर्वक ।
ढोगिदए ससुरालाई भन्न लागे यसो तव ॥
उनका साथ-साथैमा श्रीमरीचि महर्षिका ।
अंशका पुत्र अर्चिष्मान् महाकपि थिए तथा ॥
साक्षात् देवेन्द्रकै जस्तो यिनमा तेज-कान्ति थ्यो ।
कपिश्रेष्ठ थिए ठूला साथमा बल-वीर्य थ्यो ॥
देखिन्थे भत्राट्ट हेर्दा यी कान्तिमा गरुडै सरि ।
बुद्धि-विक्रम थ्यो त्यस्तै बाबुका अंशकै सरि ॥
अरु थे यिन बाहेक छोराहरु मरीचिका ।
मारीच भनिइन्थे यी हुन् सवै कपिजातका ॥
बल-वीर्य थियो ज्यादै नामले अर्चिमाल्य यी ।
सुप्रसिद्ध थिए सारा बाबुको गुण जो थियो ॥
ऋषिपुत्र थिए धेरै यिनी भिन्न अरू पनि ।
जुन वानर भै बस्थे शक्तिशाली गुणी बनी ॥
सुषेण साथमा जान दिशा पश्चिम खोज्नमा ।
भने सुग्रीव-राजाले ती सवैमा यसो वहाँ ॥
मान्य एकपि हो ! सुन्नोस् दुइ लाख लिई कपि ।
तपाँईहरू लौ पाल्नोस् जानकी खोज्न रामकी ॥
जानोस् पश्चिम ताकेर खोज्नोस् सव दिशाभरी ।
सुषेणलाइ मान्नोस् है ! सवले नाइके सरि ॥
१३

१४
वहाँ सौराष्ट्र बाल्हीक चन्द्रचित्रादि देश छन् ।
सान्है समृद्धिशाली छन्, राम्रा नगर ग्राम छन् ॥
त्यहीं पर्दछ है सुन्नोस् ! कुक्षिदेश छ, रम्य यो ।
वृक्ष अत्यन्त राम्रा छन् पुन्नाग-वकुलादिको ॥
उद्दालक त्यहीं नै छ केतकी-वन छन् वहीं ।
खोज्नु होला सवै ठाम सीतालाइ घुमी-घुमी ॥
त्यता पश्चिम नै बग्ने छन् नदी प्राय निर्मल ।
पवित्र श्रेय गर्नेछन् जसका जल शीतल ॥
गिरि छन् जान नै गाह्रा छन् तपोवन शोभन ।
खोज्नु होस् जानकीलाई वहाँ ध्यान दिईकन ॥
त्यो पश्चिम दिशापट्टि विशेष मरुभूमि छ ।
ढुङ्गा छन् बहुतै ऊँचा बाक्ला छन् तर शीतल ॥
पैह्रो पर्वतको माला घेरिएको छ त्यो दिशा ।
यसैले घुम्न गाह्रो छ, छ दुर्गम निकै त्यता ॥
यी सवै गिरिमा खोज्दै पश्चिमी सिन्धु सम्म त्यो ।
पुग्नुहोस् तर गर्नोस् है ! खोज्न यत्न भने बडो ॥
विशाल सिन्धु भेटिन्छ गर्नोस् दर्शन गै अनि ।
तिमि-नक्रादि छन् घेर खोज्नु होला वहाँ पनि ॥
केतकी-कुञ्ज छन् राम्रा तमाल-वन छन् निकै ।
त्यता नरिवलै मात्र देखिन्छन् वन-ठीककै ॥
यी सवै ठाममा खोज्दै रामकी प्रिय-जानकी ।
स्वयं विहार गर्ने छन् वहीं नै कपि-वीर यी ॥
समुद्रका किनाराका वनमा गिरिमा सव ।
विशेष खोज्नु पर्ला है त्यता मिलि-जुली अब ॥
छोरी जनकराजाकी सीतालाई निरन्तर ।
खोज्नोस् रावणकै साथ, थाहा होस् छ कहाँ घर ॥
२६

२७

यसरी अघि बढ्दामा मुरचीपत्तनादिक ।
जटापुर पनी राम्रो बाटोमै पर्न आँउछ ।।
अवन्ती अङ्गलेपा छन् त्यतै यी नगरी, पनि ।
अलक्षित-वनै सम्म छ त्यहीं ख्याल राख्नु नि ! ।।
त्यतै बडे बडे राष्ट्र आँउछन् पुर छन् निकै ।
पर्छन् नगर ठूल्ठूला खोज्नोस, घुम्नोस् जताततै ।।
त्यहीं सागरमा मिल्छ गै सिन्धु-नद एकभै ।
यहाँ दोभानमै यौटा छ सोमगिरि-पर्वतै ।।
छ यो विशाल साह्रै नै छन् शयौं टाकुरा यहाँ ।
अग्ला बाक्ला र ठूल्ठूला वृक्ष छन् टन्न नै जहाँ ।।
छन् राम्रा चुचुरा सारा यिनै-माथि निरन्तर ।
सिंहनामक पक्षी छन् बसेका भइ सुस्थिर ।।
तिमिनाम हुने ठूला माछा र गजलाइ ता ।
लैजान्छन् गुँडमा आफ्नो त्यसै पार्छन् जुरुक्क वा ! ।।
सुन्नोस ! ती सिंह-पक्षीका पुगेका गुँडमा जहाँ ।
ठूल्ठूला जक्ति छन हात्ती बस्तछन् मस्त भै त्यहाँ ।।
यी सिंह पक्ष-धारी छन् यिनैले तिनको वहाँ ।
सन्मान गर्दछन् राम्रो राम्रा डाँडाभरी जहाँ ।।
यक्तिले दङ्ग पर्छन् ती हुन्छन् मग्न र फुल्दछन् ।
गर्दछन् गर्व जो किन्तु भित्र सन्तुष्ट बन्दछन् ।।
यसर्थ सव गर्जन्छन् मेघकै ठीक शब्दमा ।
घुम्छन् त्यो जलले पूर्ण डाँडाभर जहाँतहाँ ।।
यो सोमगिरिको यौटा टाकुरो छ अकाशमै ।
पुगेको ज्यादि नै अग्लो सुवर्णमय श्रेष्ठ नै ।।
त्यस पर्वतका सारा भागमा अतिसुन्दर ।
वृक्ष छन्, शोभिएका छन् नानाथर मनोहर ।।
इच्छानुसारको रूप लिन सक्ने सवै कपि ।
तपाँई गइ खोज्नोस् है ! छिटै सवतिरै पुगी ।।
अघिल्तिर त्यहाँ बाट सुन्नोस ! त्यो सिन्धु-मध्यमा
पारियात्र-गिरि छ है ! देख्नु होला पुगी वहाँ ।।
त्यसको चुचुरो यौटा छ स्वर्णमय सुन्दर ।
शयौं योजन विस्तार भएको र मनोहर ।।
दर्शनै गर्न पाँउन्नन् त्यसको अरु कै पनि ।
बुझ्नु भो ! खोज्नु होला है ! सीतालाइ त्यहाँ पनि ।।

४३

४४

त्यो पारियात्र-गिरिको टाकुराभर टन्न छन् ।
गन्धर्व-गण चौबीस करोड नित बस्तछन् ।।
बल्दो आगो सरी छन् ती वेगशाली भयङ्कर ।
आई सवतिरै बाट बस्छन् जम्बा भई स्थिर ।।
पार्छन् भुसुक्क यी सारा क्रूर पापी पुगे जन ।
राँको हुन् सरि आगाको देखिन्छन्, घुम्दछन् जुन ।।
बल-विक्रम डर्लाग्दै छ ता पनि तपाँइको ।
वहाँ न जानु होला है ! जोरी खोज्न कसै अहो ! ।।
कुरै न गर्नु होला क्यै अपराध हुँने वहाँ ।
टिप्नै न टिप्नु होला है ! कुनै फल पनी त्यहाँ ।।
किन ? भन्नु भए सुन्नोस् ! गर्छन् गन्धर्व ती सब ।
नित्य रक्षण त्यो डाँडैभरका वस्तुको सब ।।
बल-विक्रम ज्यादै छ तिनमा धीर छन् स्वतः ।
जोर चल्दैन है बुझ्नोस् ! फल-मूल छ रक्षित ।।
सके सम्म गरी यत्न सीतालाइ वहाँ पनि ।
खोज्न ता छोडनु नै हुन्न तर त्यस्तो भए पनि ।।
मामुली कपिकै जस्तो चाल-माल स्वभावकै ।
सेनालाइ तपाँईका उनको त्रास छैन क्यै ।।
छ है ! त्यै सिन्धुमा अर्को नजीकै पारियात्रको ।
यौटा पर्वत झन् अग्लो ख्यातिमान् वज्रनामको ।।
वृक्षका जातिका ताँति छन यहाँ भाँति-भाँतिका ।
अत्यन्त जेलिएको छ फैलिएका हुँदा लता ।।
यो वज्रगिरि नीलो छ वैदूर्य-मणि ठीकको ।
छ यो हीरा सरी साह्रो जो वज्रमणि श्रेष्ठ हो ।।
सेरो-फेरो सवै घेरो यसको सय योजन ।
मानिएको छ यो डाँडो साह्रै राम्रो छ है पुनः ।।
सुन्नोस् लम्बाइ-चौडाई छन् दुवै ठिक्क-ठिक्कका ।
नाना प्रकारका राम्रा यसमा छन् निकै गुफा ।।
वीर वानर हो ! तस्मात् यहाँ सवतिरै पुगी ।
यत्नपूर्वक खोज्नोस् है रामकी प्रिय-जानकी ।।
वहाँ समुद्रको चौथो भागमा अतिसुन्दर ।
चक्रवान् नामको अर्को छ ठूलो गिरि दुर्धर ।।
सिपालु विश्वकर्माले निकै अघि बसी यहाँ ।
यौटा चक्र बनाएथे, हजारौं थे अरा जहाँ ।।

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

विष्णुले मारि बक्सेथ्यो अघि आफैं यहाँ पुगी ।
हयग्रीव, पञ्चजन दुवै दानवलाइ यी ॥
त्यै सहस्रार हो चक्र 'सुदर्शन' भनिन्छ यो ।
साथैमा ल्याइ बक्सेथ्यो शंख हो 'पाञ्चजन्य' जो ॥
छन् ठूल्ठूला गुफा राम्रा चक्रवान् गिरिमा त्यस ।
तलका माथिका सारा भाग छन् रम्य विस्तृत ॥
यी सबै ठाममा पुग्नोस् रामकी प्रिय-जानकी ।
खोज्नोस् रावणकै साथ राम्ररी दृढ ध्यान दी ॥
आउला अघि जाँदामा त्यो अगाध-समुद्रमा ।
वराह नामको यौटा ठूलो पर्वत मार्गमा ॥
त्यसका टाकुरा छन् है ! सुवर्णमय सुन्दर ।
घेरो योजन चौसट्ठी भित्रको छ मनोहर ॥
छ सुनै-सुनले मात्र बनेको अतिसुन्दर ।
प्राग्ज्योतिष हुने नाम यौटा भव्य महान् पुर ॥
सुन्नुहोस्! यसमा बस्छ दुष्ट प्रकृतिको बडो ।
दानवश्रेष्ठ कै यौटा जो हो 'नरक' नामको ॥
रमणीय गुफा ठूला भएको पुरमा त्यस ।
तलका माथिका सारा भाग छन् भव्य विस्तृत ॥
पुग्नोस् यी ठाममा सारा राम्ररी दृढ ध्यान दी ।
खोज्नोस् रावणकै साथ रामकी प्रिय-जानकी ॥
नाघी फटक त्यो डाँडो बढ्दै अघि गए पछि ।
देखिनेछ सुनै भित्र फर्की हेर्नु भए पछी ॥
अँ! अनि आउला अर्को महान् पर्वत दिव्य कै ।
जहाँ सुवर्णकै मात्र देखिएलान् कुरा सबै ॥
दशौं हजार पानीका धारा छुट्छन् यहाँ सँधै ।
बुझ्नुहोस्! झरना हुन् यी ! प्यारा छन् मन-नेत्रकै ॥
बँदेल सिंह हात्ती छन्, छन् यहाँ बाघ टन्न है ! ।
गर्जन्छन्, घुर्दछन्, सारा वन थर्काउँछन् सबै ॥
यो घुराई र गर्जाई डाँडोमा लाग्छ जोडले ।
ध्वनि फर्यांक्छ त्यही, तस्मात् गर्जन्छन् फेरि दर्पले ॥
हो मेघगिरि यै सुन्नोस ! स्वर्गका देवले जहाँ ।
अभिषेक दिएका हुन् इन्द्रलाइ स्वराज्यमा ॥
हरीया रङ्गका राम्रा घोडा छन् उनका सब ।
पाकशासन थ्यो नाम तेजस्वी इन्द्रको तब ॥

७७

७८

देवेन्द्रको सुरक्षामा रहेको गिरि मेघ यो ।
नाघी अगाडि जाँदामा देख्नु होला विचित्र पो ! ॥
छन् त्यहाँ सुनकै मात्र साठी हजार पर्वत ।
देदीप्यमान छन् सारा सूर्यकै ठीक घप्घप ॥
सुवर्णमय छन् फेरि त्यहाँ वृक्ष लतातक ।
फुलेका छन् फलेका छन् शोभिइन्छन् झकाझक ॥
यिनका बीच-बीचैमा राजा पर्वतका सब ।
छन् सुमेरु गिरिश्रेष्ठ शोभिएका भई स्थित ॥
जसमा वर बक्सेथ्यो सूर्यले अघि भै खुश ।
उनमा भनि बक्सेथ्यो उहाँले यै कुरो तव ॥
तिम्रो आश्रय ली बस्लान् दिन रात यहाँ जति ।
होलान् मेरो कृपा द्वारा सुवर्णमय व्यक्ति ती ॥
देव दानव गन्धर्व जो सुकै हुन् यहाँ बसे ।
सुन झैं तेजिला होलान् मेरा भक्त पनी बुझे ! ॥
विश्वेदेव मरुत् एवं वसु अन्यान्य देवता ।
आउँछन् साँझमा नित्य यहाँ, बुझ्नोस् सबै कुरा ॥
गर्छन् र पश्चिमी सन्ध्या भगवान् सूर्यदेवको ।
उपस्थान गरी सक्छन् शुभोपासन-कर्म त्यो ॥
यसरी यी सबैद्वारा भइ पूजित भास्कर ।
सुलुक्क पसि बक्सिन्छ पछि अस्ताचलैतिर ॥
जगत्का सब प्राणीले हेर्छन् यो दृश्य तै पनि ।
अदृश्य भइ साराको सवारी हुन्छ सुक्क, नि ! ॥
सुमेरु-पर्वतै बाट त्यो अस्ताचल-पर्वत ।
कोश चालीस हज्जार टाढा पर्दछ वास्तव ॥
आधामुहूर्त बित्तैमा नबित्तैमा वहाँ तर ।
पुगि बक्सन्छ ठ्याक्क्याक्कै लोकभास्कर भास्कर ॥
त्यसकै टाकुरामाथि यौटा भवन दिव्य छ ।
ठूलो छ विश्वकर्माले बनाए यत्नपूर्वक ॥
तेजमा सूर्य जस्तो छ छ राम्रो घप्घपाउँदो ।
जहाँ छन घेर अट्टाली 'प्रासाद' भनिइन्छ जो ॥
त्यहीं विचित्र छन् वृक्ष तिनैले शोभिइन्छ त्यो ।
नाना प्रकारका पक्षी त्यहीं चिच्याउँछन् अहो ! ॥
महान् आत्मा हुने एवं लिने पाश स्वबाहुमा ।
साक्षात् वरुण-यौताको घर हो जो बन्यो त्यहाँ ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

त्यो अस्ताचल-डाँडाको मेरुको बीचभागमा ।
तालको वृक्ष यौटा छ संझनोस् ! शोभिंदो वहाँ ॥
अग्ला छन् यसका हाँगा दशोटा अतिविस्तृत ।
तेजिलो छ सुनै जस्तो, वेदी छ तल शोभित ॥
डाँडा-काँडा वहाँका छन् निकै दुर्गम, कष्ट छ ।
त्यहीं छन् है नदी-नाला, पोखरी छन् तलाउ छ ।
पुग्नोस् यी ठाममा सारा परे जत्ति दुखै खपी ।
खोज्नोस् रावणकै साथ रामकी प्रिय जानकी ॥
त्यो मेरु-गिरिमा सुन्नोस् ! धर्मतत्वज्ञ सुस्थिर ।
महर्षि मेरुसावर्णि राज हुन्छ निरन्तर ॥
पाइ बक्स्यो तपस्याले उहाँले उच्च यो स्थिति ।
भइ बक्सिन्छ जो साक्षात् ब्रह्मकै तुल्यका ऋषि ॥
सूर्यझैं तेजिला त्यस्ता महान् ऋषि उहाँसँग ।
अघि गै झुक्नु होला है ! श्रद्धा-भक्ति लिई सँग ॥
शिरले भुइँमा टेकी गर्नु दर्शन गै वहाँ ।
सीताको हालको बारे राख्नु प्रश्न महर्षिमा ॥
रात बित्ता न बित्तैमा उदाएर बिहानमा ।
पारि बक्सिन्छ श्रीसूर्य झलमल्ल जहाँतहाँ ॥
यो जीव-लोकको सारा ठामको अन्धकार त्यो ।
नाशी अस्ताचलैतर्फ सवारी हुन्छ सूर्यको ॥
ए कपिश्रेष्ठ हो ! सुन्नोस् यो पश्चिम दिशातिर ।
छ है गति यहीं सम्म,-सक्तछन् जान वानर ॥
प्रकाश सूर्यको सम्म पुग्दैन यसको अघि ।
छैन टुङ्गो तथा सीमा, देशको छ यही स्थिति ॥

१०६

१०७

सुन्नुहोस् वीर हो! तस्मात् त्यहाँ भन्दा अगाडिको ।
म जान्दिन छ के कस्तो ? पत्तै छैन कुनै कुरो ॥
पुगी अस्ताचलै सम्म दुष्ट रावणकै घर ।
पत्तो लगाइ सीताको हाल पाल्नोस् यतातिर ॥
एक मास हुँदा पूरा यता आँउनु पर्दछ ।
बढ्ता नबस्नु होला है! बसेमा प्राण-दण्ड छ ॥
तपाँईंहरुको साथ मेरा पूज्य र मान्य यी ।
सुषेण शशुरा आफैं पाल्नु हुन्छ, हुँदै अघि ॥
तपाँईंहरु सम्पूर्ण उहाँकै वशमा रही ।
आज्ञा मानी सबै सुन्ने गर्नु होला कुरो बुझी ॥
किन भन्नु भए देखि महाबाहु महाबली ।
हुनुहुन्छ उहाँ मेरा ससुरा पूज्य मान्य यी ॥
तपाँईं हुन ता सारा हुनुहुन्छ पराक्रमी ।
तथ्य छुट्याँउनै सक्ने प्रमाणै ठीकका गुणी ॥
यस्तो छ ता पनी मान्नोस् उहाँलाइ प्रमाण ता ।
नाइके तुल्यको आफ्नो, खोज्नोस् गै पश्चिमो दिशा ॥
अतुल्य-तेजका यस्ता वीर श्रीरामकी प्रिया ।
जानकीको मिले पत्तो हुन्थ्यौं हामी कृतार्थ वा ! ॥
उहाँले गरि बक्सेको उपकार छ जो ममा ।
क्यै न क्यै गुन त्यो तिर्थ्यौं भएमा काम त्यो यहाँ ॥
तस्मात् यो कामको निम्ति गर्नु पर्दछ जो जति ।
त्यसैको निम्तिमा गर्नोस गर्न लायक कार्य ती ॥
स्वार्थ सिद्ध हुने त्यस्तो देश-काल-परिस्थिति ।
मिल्दो जुल्दो सबै काम गर्नु होला परे मिली ॥

११८

११९

सुग्रीवका वात सुनेर भै स्थिर सुषेण इत्यादि समस्त बानर ।
लिएर आज्ञा उनको हिंडे तव ताकी दिशा पश्चिम पाशि-रक्षित ॥

इति बयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रितालिसौं सर्ग

कपिराजले देवी सीतालाई खोज्न उत्तरतिर वानरवीर शतबलिलाई पठाँउनु

१

सारा वानरगा श्रेष्ठ हुन सुग्रीव कपीश्वर ।
जान्दथे धर्मको मर्म कपिराज थिए स्थिर ॥
जानकी खोज्नको निम्ति सुषेण ससुराकन ।
दिशा पश्चिम जाने त्यो दिए आदेश उत्तम ॥
अब आफ्ना हितैषी र प्रिय वानर जो थिए ।
नामका यी शतबलि, उनैलाइ यसो भने ॥
उनको त्यो भनाईमा रघुका रत्न रामको ।
भलो हुने थियो गाँठो त्यसैमा आफ्नु छिप्तथ्यो ॥
सुन वीर ! तिमी जाउ दिशा उत्तरमा अब ।
एक लाख लिई सेना यमका पुत्र यी सब ॥
तिम्रा मन्त्रीहरू होउन् सल्लाह लिन साथमा ।
तिमीझैं वीर छन् , जान्छन साथै वनचरा वहाँ ॥
छ हिमै-हिमको खानी त्यही नै गहना हुँदा ।
त्यो हिमालय शोभिन्छ मनोहर भई अहा ! ॥
राम्ररी खोज है सारा ठाममा त्यो दिशाभरी ।
प्रख्यात रामकी पत्नी— सीतालाइ घुसीवरी ॥
तिमीहरू सबै आफ्नो मुख्य काम प्रयोजन ।
बुझेका छौ र सक्नेछौ सिद्ध पार्न पनी पुनः ॥
सके दाशरथी राम-मित्रको काम गर्न यो ।
क्यैन क्यै ऋण तिर्नेथ्यौं, ढुक्क हुन्थ्यौं, बुझथौं! कुरो? ॥
महान् आत्मा हुने यस्ता रघुका रत्न-रामले ।
हाम्रो गर्दिइ बक्सेथ्यो प्रिय यो काम, संझ ए ! ॥
गुन गर्न सके केही साटोमा त्यसको अब ।
हाम्रो जीवन साह्रै नै हुन्थ्यो सफल वास्तब ॥
जसले उपकारै क्यै गरेको छैन, त्यो पनि ।
यदि याचक भै आए यसो गरि दिनोस् भनी ॥

१३

१४

त्यसको काम क्यै त्यस्तो कुनै पुरुष गर्छ ता ।
भै हाल्छ त्यसको जन्म त्यसै सफल सर्वथा ॥
अनि ता भन्नु पर्ला के गर्दिनेको भलो हित ।
काम गर्दा न होला र ? तस्मात् गर, छ है हित ॥
विचार ध्येय यै राखी गर्ने मेरो भलो प्रिय ।
खोज है ! जानकीलाई भेटिन्छ जसरी अब ॥
जानेकै छौ सबैले यो पुरुषश्रेष्ठ राघव ।
भै बक्सन्छ भलै गर्ने जगत्का जीवको सब ॥
साराले मान्दछन् तस्मात् यता हामी सबैसित ।
गरि बक्सिन्छ ज्यादै नै प्रेम सद्भाव जो नित ॥
तसर्थ बल-बूताले बुद्धि-वर्गतले जति ।
भेट्तछौ गर है ! त्यत्ति जानकी खोज्न, ध्यान दी ॥
जाओ उत्तर ताकेर वहाँ दुर्गम ठाम छन् ।
खोज डाँडा र काँडामा नदीमा, जत्ति पर्दछन् ॥
पर्दछन् म्लेच्छका देश शूरसेन पुलिन्द छ ।
इन्द्रप्रस्थ नजीकैको छ है भरत प्रस्थल ॥
वहीं दक्षिण—कुरु छ मद्र काम्बोज देश छ ।
शकका देश छन् नाना वहीं यवनदेश छ ॥
यी सबै पुरमा एवं देशमा खोज राम्ररी ।
हिमालमा पुगी हाल हेरी दरदका पुरी ॥
लोध्र—पद्मकका झाडी ठूल्ठूला वन आँउछन् ।
वहाँ पनि गई हेर ! जो जो दुर्गम ठाम छन् ॥
अनि पो वन क्यै ठूलो भेटौला देवदारुको ।
वहाँ गै जानकी खोज दुष्ट-रावण साथ त्यो ॥
सोमाश्रम त्यहीं पर्छ देव-गन्धर्व छन् वहाँ ।
काल-पर्वतमा जाओ अग्ला छन् चुचुरा जहाँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

छन् छुट्टै सरि देखिन्छन् त्यसका शृङ्ग उच्च छन् ।
त्यसमा छन् गुफा राम्रा ठूलठूला अतिभव्य छन् ॥
सती-साध्वी महाभागा रामपत्नी उहाँकन ।
तो सबै ठाममा खोज एक एक गरीकन ॥
ठूला पर्वत हुन् काल छ भित्र सुनको निधि ।
छिचोली अघि बढ्दामा भेट्नेछौ एउटा गिरि ॥
सुन ! हो यसको नाम 'सुदर्शन' छ वेस यो ।
त्यहाँ पुग तिमी सारा अनि उत्साहले बडो ॥
त्यसलाइ पनी नाघी जाँदामा अघि वीर हो ! ।
भेट्नेछौ है देवसख-नामको गिरि श्रेष्ठ त्यो ॥
चराकै घर हो, बस्छन् यहीं नै भाँति-भाँतिका ।
यहीं नाना थरी वृक्ष शोभिन्छन् गतिलो छ वा ! ॥
सुनै जस्ता भरी डाँडा गुफा र झरना भरी ।
खोज रावणकै साथ जानकीलाइ राम्ररी ॥
अगाडि यसरी बढ्दा यौटा मैदान आउला ।
बडो विचित्रको यो छ शून्य-सान्य सबै सफा ॥
सय योजन लम्बाई-चौडाई यसको छ है ! ।
एक एक गरी हेर यी सबै ठाम खोज है ! ॥
छँदैछैन यहाँ केही नदी, पर्वत, वृक्ष ता ।
जीव-जन्तु पनी छैनन् तै पनी हेर है ! त्यता ॥
जुरुक्क आँग भै हाल्छ देख्तै त्यो ठाम दुर्गम ।
सके सम्म गरी चाँडो छिचोल पर गै घुम ॥
राम्रो र वर्णमा सेतो पुण्य कैलास पर्वत ।
भेट्नेछौ अनि पो हौला पुगेमा भित्र गद्‌गद ॥
छ वहाँ विश्वकर्माले बनाएको मनोहर ।
साक्षात् कुबेरको दिव्य यौटा महल सुन्दर ॥
सफा आकाशको सेतो होझैं बादलको दल ।
देखिन्छ त्यो सुनै मात्र झल्किन्छ भइ झलझल ॥
महलैनिर त्यो यौटा छ ठूलो भव्य पोखरी ।
पद्म उत्पल इत्यादि फुल्दछन् नित्य राम्ररी ॥
कारण्डव र हंसादि यहीं छन् जलका चरा ।
खेल्छन् आनन्दमा सारा हुन्छन् मग्न त्यसै वरा ! ॥
स्वर्गका अप्सरा सम्म यहीं आइ निरन्तर ।
गर्दछन् जलमा क्रीडा यसैले त्यो छ सुन्दर ॥

४३

४४

विश्रवा-मुनिका छोरा राजा यक्षादिका तथा ।
स्वयं कुबेर आएर यहाँ घुम्छन् जतातता ॥
हुन् यिनै धनका स्वामी छन् तेजस्वी पनी बुझ ! ।
उनका साथ त्यो वेला हुन्छन् सेवक गुह्यक ॥
त्यस कैलासका साना ठूला छन् टाकुरा जति ।
तिनमा चन्द्रको ज्योति पर्दा झल्किन्छ है अति ॥
यिनमा र वहाँका ती गुफामा पनि सुन्दर ।
खोज रावणकै साथ सीताकन सबैतिर ॥
सुन्यौ ! अनि त्यहाँ बाट गै क्रौञ्चगिरिमा पुग ।
छिद्र-स्वरूपका नाना गुफा छन् है ! त्यहाँ बुझ ! ॥
स्कन्दले क्रोधले आफ्नो शक्ति छोड्दा बने अघि ।
पस्नै मुस्किल पर्नेछन् तर खोज ! घुमी पसी ॥
हो ! म मान्दछु गाह्रै छ छिर्न भित्र पनी वहाँ ।
गाह्रो नमान है किन्तु छिर होश गरी त्यहाँ ॥
वहाँ गुफा भरी भित्र तेजिला सूर्य हुन् सरि ।
महात्माहरु छन् टन्न, बस्छन् एकत्वमा परी ॥
देवस्वरूप यी सारा महर्षिहरु हुन् चिन ।
यिनमा वन्दना गर्छन् यौता पनि दिनैदिन ॥
छन् क्रौञ्चगिरिमा त्यस्ता गुफा अरु पनी निकै ।
कन्दरा चुचुरा फेदी माझका भाग छन् निकै ॥
एक एक गरी सारा भनेका ठाम यी घुमी ।
खोज रावणकै साथ देवी जनकनन्दिनी ॥
बढ्दै गयौ त्यहाँ बाट अगाडि, अनि आँउछ ।
निर्वृक्ष टाकुरो यौटा जो हो मानसनामक ॥
वीर हो ! सुन यो ठाम शून्य-सान्य छ है अति ।
कहिल्यै पनि जाँदैनन् चराका जात सम्म ती ॥
यो क्रौञ्चगिरिको डाँडो नामले काम-शैलको ।
छ ख्यात, कामले पैले गरेथे तप वेस जो ॥
यहाँ कै पनि जाँदैनन् देव वा भूत राक्षस ।
उनको गति नै छैन यहाँ पुग्न, कुरो बुझ ! ॥
शाखा-पर्वतकै साथ क्रौञ्चपर्वतमा वहाँ ।
एक एक गरी खोज तल-माथि र माझमा ॥
न भेटे, गिरि त्यो नाघ भेट्छौ मैनाकपर्वत ।
मयदानवको यौटा देख्छौ महल दिव्य छ ॥

६०

६१

कुरा सुन ! बनाए यो आफैंले आफ्नु निम्तिमा ।
फला थुपन्याइएको छ जाने जो उनले त्यहाँ ॥
त्यस मैनाक-डाँडामा फेदीमा मास्मातक ।
वीर ए कपि हो ! खोज एक एक गरी सब ॥
त्यहाँ जहाँ-तहाँ छन् है घोडाकै मुख ठीकका ।
किन्नरीहरु नै व्याप्त बुझी राख सबै कुरा ॥
त्यहाँ पनि न भेटेमा छिटै आघ बढी घुस ।
बाबु हो ! अनि देखौला सिद्धसेवित आश्रम ॥
त्यसमा बरतछन् घेरै सिद्ध-वैखानसादि र ।
महात्मा बालखिल्यादि तपस्वीजन भै स्थिर ॥
तपयाले भए जत्ति उनको पाप साफ छ ।
यसैले सिद्ध छन् सारा पुगी ढोग झुकी सब ॥
श्रद्धा-भक्ति लिई साथ साह्रै नम्र भई अनि ।
सोध्नु है जानकीज्यूको हाल-चाल र जानु नि ! ॥
आदाँ अघि त्यहीं पर्छ वैखानस सरोवर ।
छन् है पद्म सुनै जस्ता ढाक्छिन्छ यिनले सर ॥
सेता केही र-राता छन् सूर्य जस्ता विहानका ।
वहाँका हाँस राम्रा हुन् गर्छन् नित्य विहार बा ! ॥
पूर्वोक्त यक्षराजाका सवारीको महान् गज ।
हो सार्वभौम जो, घुम्छ वहीं ढोई लिई सब ॥
यो तलाउ पनी नाघी आघ जाँदा वहाँ सुन ! ।
आँउनेछ विचित्रैको शून्य आकाश शोभन ॥
सूर्य चन्द्र र ताराको यहाँ पाइन्न दर्शन ।
न त बादल देखिन्छन्, सुनिन्छन् न त गर्जन ॥
प्रकाश छ वहाँ गाढा तर त्यस्तो भए पनि ।
सूर्यको किरणै बाट झल्केझैं देखिइन्छ नि ! ॥
आफ्नै दिव्य-प्रभा द्वारा प्रकाशित हुने सदा ।
छन् महर्षि तपःसिद्ध बसेका देव-ठीकका ॥
अङ्ग-प्रत्यङ्गको कान्ति छरिंदा उनकै वहाँ ।
बुझ्यौ ! ए बाबु हो ! त्यस्तो देखा पर्छ जहाँ-तहाँ ॥
यसो हेरी सबै तर्फ काट त्यो ठाम झटपट ।
भेटौला अनि शैलोदा नदी, छन् जुन निर्मल ॥
सुनी राख ! नदीको यी दुवैपट्टि किनारमा ।
कीचकैमात्र छन् बज्छन् वेणु जस्तै गरी वहाँ ॥

७७

७८

बन्छन् डुङ्गा यिनै बाँस वहाँका सिद्धलाइ ती ।
पारी पुर्याँउन् फेरि ल्याँउछन् वार सम्म ती ॥
हो शैलोदा-नदीको यै तटको कुहु उत्तर ।
जहाँ केवल पुण्यात्मा जन बस्छन् भई स्थिर ॥
हजारौं छन् नदी-नाला नीला वैदूर्य ठीकका ।
हरीया पातका राम्रा पद्मले शोभिने सदा ॥
तलाउ पोखरी नाना छन् यहीं अति,-निर्मल ।
पद्म छन् ती सुनै जस्ता मिसिन्छन् यिनमै जल ॥
जलाशय यहाँका छन् सुनौला-लाल रङ्गका ।
जहाँ कमल छन् त्यस्तै शोभिएका विचित्रका ॥
यिनमा गइ बस्नन्छ प्रातःकालीन सूर्यको !
र-रातो जब त्यो कान्ति शोभिन्छन् अनि ती अहो! ॥
नीला कमल छन् घेरै वहाँ चित्र-विचित्रका ।
सुनकै कान्तिका जस्ता हुने केसर सम्म बा ! ॥
देखिन्छ देश त्यो तस्मात् बहुमूल्य अनेकन ।
मणि-रत्नादिले स्वाच्चै बने जस्तो मनोरम ॥
नदीका तट ठूल्ठूला मोतीले बाटुला तथा ।
सुनले पनि छन् टन्न मणिले बहुमूल्यका ॥
समस्त रत्नले टम्म भएका छन् वहीं गिरि ।
जलभित्रै घुसेका छन्, छन् तटैका वरीपरी ॥
छन् सुनै-सुनका मात्र त्यता घेरै जसो गिरि ।
जहाँ प्रकाश फैलिन्छ राँको हो ! अगिनकै सरि ॥
वहाँका वृक्ष छन् सारा फुल्ने फल्ने सँधै भरी ।
यहीं चराचुरुङ्गी छन् बस्ने टन्न भईवरी ॥
आश्चर्यमय छन् सारा यहाँका वृक्ष बाबु हो ! ।
दिव्य गन्ध रस स्पर्श दिन्छन् जो चाहिए अहो ! ॥
वहाँ बस्नेहरू जो जो चाहन्छन्, खोज्दछन् कुरो ।
ती वस्तु उनमा दिन्छन् धाराझैं वर्षिएर पो ॥
यस बाहेक ठूल्ठूला श्रेष्ठ वृक्षहरू अरू ।
लुगा सम्म पनी दिन्छन् ओढ्ने-ओछ्याँउनेहरू ॥
पैह्रने नर-नारीले मोती-वैदूर्य-रत्नका ।
गहना पनि मागेमा दिन्छन् चित्र-विचित्रका ॥
वहाँ एक थरी अर्का वृक्ष छन् श्रेष्ठ उज्ज्वल ।
सुखैले सेविने दिन्छन् जो छवै ऋतुका फल ॥

६४

९५

आश्चर्यमय छन् वृक्ष वहाँ श्रेष्ठ निकै अरू ।
फलाँउछन् फलै जस्ता खोजेका वस्तु खुखुरु ॥
सुत्न शय्या उनै दिन्छन् , दिन्छन् ओढ्याँउने पनि ।
मन पर्ने कुरा दिन्छन् , दिन्छन् माला पनी उनी ॥
मूल्य धेरै परी बन्ने दिन्छन् पेय-पदार्थ ती ।
दिन्छन् खाने कुरा नाना जो भन्यो चाहिए जति ॥
रूप यौवन झल्केका युवती चतुरा अति ।
यिनै फलाँउछन् फेरि माग्नेमा बुझ है ! यति ॥
वसर्थ सूयझैं तेजी सिद्ध गन्धर्व किन्नर ।
विद्याधर र नागादि क्रीडा गर्छन् उनैसित ॥
सुन है ! छन् यहाँ जो जो पुण्यात्मा छन सबै उनी ।
रम्दछन् अर्थ-कामैमा, नारीमा, रतिमा पनि ॥
तिनैमा मस्तछन् सारा-काम-क्रीडा गरी गरी ।
बस्तछन् साथ नारीको सँधै मग्न भईवरी ॥
हाँस-ख्याल वहाँ ज्यादै हुन्छ, स्पष्ट सुनिन्छ त्यो ।
मधुरो स्वर घन्किन्छ वहीं नै गीत-वाद्यको ॥
बुझ्यौ ! ए वीर हो ! यल्ले जगत्का जीव-जन्तुको ।
पारी हाल्छ मनै मक्क ! सुन्ने पक्क ! भयो भयो ॥
अप्रसन्न छँदै छैनन् वहाँ बस्ने कुनै पनि ।
प्यारो मान्छन् न ता गर्छन् असत् काम कुनै पनि ॥
त्यहाँ अर्को कुरा यो छ बस्नाले त्यस ठाममा ।
बढ्छन् प्रतिदिनै राम्रा गुणमात्र स्वचित्तमा ॥
अँ ! जाँदा ठाम यों नाघी दिशा उत्तरतर्फको ।
भेट्ने छौ अनि ट्वाप्ल्वाक महासागर बावु हो ! ॥

१०६

१०७

त्यसको बीच-भागैमा छ सोमगिरिनामको ।
पहाड गतिलो अर्को सुवर्णमय वीर हो ! ॥
गए जो स्वर्गलोकैमा जो बस्छन् इन्द्र-ब्रह्मको ।
लोकमा, सव ती व्यक्ति गर्छन् दर्शन श्रृङ्गको ॥
सूर्य ता भइ बक्सिन्छ त्यताको देशमा वर ।
डाँडै झल्झल झल्किन्छ आफ्नु नै कान्तिले स्थिर ॥
प्रकाश सूर्यको पर्दा हुन्छन् जो देश झल्मल ।
त्यैठीक सूर्यकै श्रीले हुन्छ त्यो पनि झल्मल ॥
विश्वात्मा भगवान् विष्णु राजहुन्छ वहाँ सँधै ।
शिव राज्ज यहीं हुन्छ स्वयं एघार रुद्र भै ।
ब्रह्मर्षिहरु साराले घेरिएर निरन्तर ।
हुन्छ राज यहीं ब्रह्मा देवेश्वर जगद्गुर ॥
उत्तरैकुरुको बाटो ली सोमगिरिमा पुगी ।
सीमैबाट यता फर्क न जाओ क्यै गरे अघि ॥
तिमी बाहेक छन् जो जो प्राणीहरू उनी पनि ।
सक्तैनन् पुग्न त्यो भन्दा पर जस्तै भए पनि ॥
त्यो सोमगिरि चौताले पनि जान छ मुस्किल ।
गरेर दर्शनै मात्र यता फर्क छिटै सव ॥
सुन ए कपि हो ! तस्मात् यो उत्तर दिशातिर ।
छ है गति यहीं सम्म,- सक्तछन् जान वानर ॥
प्रकाश सूर्यको सम्म पुग्दैन यसको अघि ।
छैन टुङ्गो तथा सीमा देशको, छ यही स्थिति ॥
ए बावु हो ! हुँदा यस्तो त्यहाँ भन्दा अगाडिको ।
म जान्दिन, छ के कस्तो पत्तै छैन कुनै कुरो ॥

११८

११९

भने जत्ति सबै ठाम पुग खोज वहाँ सव ।
देखौला न भनेका जो त्यहाँ पनि तिमी पुग ॥
तिमीहरूको बल, तेज बावु हो ! छ वायुकै ठीक र ठीक अग्निको ।
सीताकनै भेट्न प्रयत्नपूर्वक जो कर्म गर्लाउ वहाँ मिली सव ॥
हुनेछ त्यल्ले प्रभु—रामको प्रिय मेरो पनी हुन्छ त्यही महान् प्रिय ।
शोची—विचारी सव यो कुरा वहाँ राम्रो गरी खोज पुगी जहाँ-तहाँ ॥
श्रीरामको त्यो प्रिय– कार्य वीर हो ! फर्क्यौं भने पूर्ण गरेर भै छिटो ।
तिमीहरूलाइ म राम्नरी स्वतः सत्कार गर्नेछु भएर गद्गद ॥

१२२

CC-0. In Public Domain. Digitization by eGangotri

१२६

दिनेछु नानाथर वस्तु विश्वका भनेसरीका गुणवान् र योग्यका ।
तिमीहरूका मनका सवै कुरा पुऱ्याँउला मै अनि ध्यान दी पुरा ॥
आधार भै जीव समस्तको यहाँ लिई प्रिया बान्धव—मित्र साथमा ।
तिमी घुमौला अनि भूमिबीच यो मासेर वैरी जति वीर वावु हो ! ॥

१२७

इति त्रितालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवालिसौं सर्ग

श्रीरामले हनुमान्लाई औंठी दिएर पठाँउनु

१

विशेषरूपले सीता खोज्नु नै मुख्य काम छ ।
भनेर हनुमानलाई भने सुग्रीवले तव ।।
ठान्द्थे कपिका राजा कपिमा श्रेष्ठ छन् यिनै ।
सक्छन् सफल यो काम पार्नसम्म भनी यिनै ।।
तसर्थ कपिका स्वामी उनले खुश भै अति ।
विद्वान् वीर उनीलाई भने बा ! यसरी पछि ।।
हनुमान् ! गति रोकिन्न तिम्रो,-पुग्छ जहाँ-तहाँ ।
अन्तरिक्ष र आकाश-जलमा भूमि-स्वर्गमा ।।
यता ज्ञान तिमीमा छ देवासुर-मनुष्यको ।
सिन्धुको नाग-गन्धर्व-लोकको पर्वतादिको ।।
महान् वानर ए वीर ! जत्ति सद्गुण छन् यहाँ ।
ती सबै छन् तिमी साथ टिकेका धैर्य साथमा ।।
महापराक्रमी तिम्रा पिता श्रीवायुमा सरि ।
तेज फूर्ती तथा वेग गति टिक्तछ राम्ररी ।।
म जान्दछु ! धरामा ये कुनै प्राणी र व्यक्ति ता ।
तिमी जस्तो छँदैछैन तेज वा शक्तिमा तथा ।।
तसर्थ जो कुरा गर्दा रामकी प्रिय-जानकी ।
भेटिन्छ, त्यो कुरा आफैं शोचेर गर है त्यही ।।
हनुमान् ! छौ तिमी फेरि पण्डितै नीतिमातक ।
तिमीमा छ त्यही खूबी विद्वानमा जुन टिक्तछ ।।
देश-काल सरी चल्ने बानी छ, स्थिर बुद्धि छ ।
पराक्रम तिमीमै छ, तिमीमै छ महान् बल ।।
हनुमान्मा भनेका यी कुरा सुग्रीवका सुनी ।
निकै बुद्धि लडाएर शोचे श्रीरामले पनि ।।
उनी मनमनै गम्छन्-यो मेरो कार्य-सिद्धिको ।
सम्बन्ध छ यिनै साथ पार्छन् सफलमैं छ जो ।।

१३

१४

यता म पनि ठान्दोछु हनुमान् नै विशेषले ।
हुन्छन् यो कामसा सिद्ध यसै भन्दोछु चित्तले ।।
उता वानरका राजा स्वयं सुग्रीव खी पनि ।
भरोसा यिनकै गर्छन्, भेट्छन् सीता यिनै भनी ।।
खोज्दा अवश्य मै भेट्छु सिद्ध पार्दछु काम यो ।
भन्ने छ हनुमान्लाई पनि विश्वास जो बढो ।।
यस्ता काम-कुरो पर्दा जाँचेका अघि राम्ररी ।
स्वयं पत्यार पारेका वेस काम गरी-गरी ।।
रहेछन् हनुमान् वीर स्वामी सुग्रीवले पनि ।
खाएका र ठमाएका हुन्छन् सफल यो भनी ।।
तस्मात् अव यिनैद्वारा फलमा यस कार्यको ।
सीता-दर्शनको प्राप्ति हुने भो, निश्चितै छ यो ।।
यत्ति शोचेर तेजस्वी बुद्धिमान् रामभद्रले ।
वीर ती हनुमान् माथि यसो नजर छोड्दिए ।।
खोजेर जानकीलाई ल्याउँने आँटमा उनी ।
थिए हिंड्न भनी ठिक्क भएका तेजिला बनी ।।
देख्ता त्यस्ता उनीलाई रामका मन इन्द्रिय ।
भए दङ्ग, बने आफैं कृतकृत्य सरी तव ।।
अनि शत्रु सबै मार्ने प्रसन्न प्रभु-रामले ।
झिकेर बाहुको औंठी हनुमान्लाइ नै दिए ।।
त्यसमा खोदिएको थ्यो 'राम' यो नाम सुन्दर ।
यसैले शोभिइन्थ्यो त्यो झल्किन्थ्यो दुइ अक्षर ।।
"चिह्नोको रूपमा हुन्छ यो औंठी-, देख्तछिन् जब ।
तब पत्याँउछिन् सीता" गमे यत्ति हिंडदा तव ।।
भन्दछन् अब श्रीराम हनुमान् सँग ए कपे ! ।
सीता विश्वास गर्नेछिन् दिएको यस चिह्नले ।।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ठाम्रे छिन् पछि मैबाट गएका हौ तिमी भनी ।
नडराई तिमी तर्फ हेर्नेछिन् ढुक्क भै अनि ॥

२८

तिम्रो उद्योग यो वीर ! शक्ति विक्रम त्यो बल ।
तथा सुग्रीव-सन्देश कार्य-सिद्धि छ, भन्दछ ॥

२९

हनुमान्ले लिए औंठी चढाए शिर, पाँउमा ।
ढोग्दिए हात जोडेर हिंडे अनि स्वकार्यमा ॥
तारा हुने निर्मल त्यो अकाशका जो हुन्छ शोभा शशिको हुँदा सफा ।
विशाल सेना लिइ वानरादिको जाने उनीको पनि ठीक त्यै भयो ॥
कपिवर-हनुमान् विदा भएर जब त्यसरी पर पुग्न, जान लागे ।
तब रघुवर-राम स्नेह साथ भइ खुश फेरि यसोरि भन्न लागे ॥
कपिवर हनुमन् ! छ है तिमीमा दृढ बल, शक्ति छ फेरि टम्म गम्म ।
म पनि भर परें अनी त्यसैको अब गर काम त्यही हुने अचम्म ॥
पवनसुत ! तसर्थ जो गरेमा जनकसुताकन भेटतछौ गएर ।
तन-मन-बलले भलो हुने त्यो गर शुभ-काम सबै स्वयं गमेर ॥

३३

इति चवालिसौं सर्ग

पैतालिसौं सर्ग

राजा-सुग्रीव सँग वानरहरूले अ-आफ्नो बल बखान्नु र बाटो लाग्नु

१

हुन् कपिश्रेष्ठ सुग्रीव राजै थे उनका सब ।
थिए बाँकी-बक्यौता जो कपि, डाके वहीं अब ॥
भने अनि उनैलाई हितैषी मित्र रामको ।
काम त्यो सिद्ध गर्नाको निम्ति ध्यान दिई यसो ॥
सुन्यौ ? ए कपि हो ? मैले भनें जो जो कुरा यहाँ ।
त्यही ठीक जगत् सारा घुम खोज जहाँ-तहाँ ॥
आफ्ना मालिकको त्यस्तो चर्को आज्ञा सुने पछि ।
ढाक्दिए कपिले जाँदा सलहै ठीक भै क्षिति ॥
त्यै प्रस्रवण डाँडोमा यता लक्ष्मण साथ ली ।
खपी बसि रहे राम दुःख पीर परे जति ॥
म्याद तोकि दिएकोथ्यो सीता खोजेर फर्कने ।
महिना एकको ठ्याक्कै भै हाले अनि पर्खिने ॥
दिशा उत्तर सोझ्याई वीर वानर,- यूथप ।
गए स्वयं 'शतबलि' मित्र दक्ष भई अब ॥
उनको लक्ष्य भै हाल्यो गिरिराज हिमालय ।
पुग्नु नै जानकी खोज्न जहाँ राम्रो थियो सब ॥
पूर्व ताके हिंडी हाले अर्का वीर यतातिर ।
थिए 'विनत' जो स्वामी कपिका फौजका स्थिर ॥
साथ अङ्गद-तारादि लिएर कपि-यूथप ।
दौडिए दक्षिणैपट्टि 'हनुमान्' वायुका सुत ॥
कपिका फौजका स्वामी ती 'सुषेण' उतातिर ।
साक्षात् वरुणको धाम हानिए पश्चिमैतिर ॥
राजा वानर-सेनाका स्वामी सुग्रीवले जब ।
पठाए वानरी-सेना दिशाभर सबै तब ॥
मित्र शान्ति मिल्यो केही उनमा बल्ल भो खुश ।
ढुक्क भो मनमा साह्रै माने अनि निकै सुख ॥

१३

१४

आज्ञा पाएर राजाको यता वानर-यूथप ।
आफ्नो आफ्नो दिशा ताकी हिंडि हाले छिटै सब ॥
त्यसै त कपि थ्यो सारा महान् बल हुने थिए ।
त्यसमा आफ्नु राजाको आज्ञाले प्रेरितै भए ॥
अनि के भन्नु पर्थ्यो र अरुकै साथ यूथप ।
कपि सम्म पनी लागे बल देखाँउनै सब ॥
अनेकौंथरका शब्द निकाल्थे यी निरन्तर ।
त्यसै बुर्लुक्क उफ्रन्थे भिक्थे कल्मलको स्वर ॥
गर्जन्थे जोडले ज्यादै कोलाहल मचाँउथे ।
दौडन्थे, कुद्दथे डङ् डङ्, आएर अनि भन्दथे ॥
ए सुग्रीव महाराज ! ल्याँउछौं साथ जानकी ।
मार्छौं रावणलाई त्यो हामी नै घरमा पुगी ॥
मेरो अघि परे देखि त्यो रावण लडाँइमा ।
खुत्रुक्क पारि छोड्नेछु म एक्लो नै लडी वहाँ ॥
जो जो छन् त्यसका सेना मासेर सबलाइ ती ।
भयले थर्थराएकी ल्याई छोड्छु म जानकी ॥
तपाँईहरु लौ बस्नोस् ! जानु पर्दैन क्वै वहाँ ।
सीता ल्याँउछु पाताल बाटै पनि पुगी त्यहाँ ॥
सारा वृक्षहरूलाई उखेल्दछु र फ्याँक्छु म ।
टुक्रा टुक्रा त पार्दिन्छु सारा पर्वतलाई म ॥
चिरिदिन्छु म थी पृथ्वी धूलो-पीठो बनाँउछु ।
समुद्रलाइ मै सारा छताछुल्ल गराँउछु ॥
सय योजन सम्मै म फटक्कै नाघ्न सक्तछु ।
शङ्कै छैन, म त्यो भन्दा झन् टाढा पुग्न सक्तछु ॥
समुद्र गिरि-पृथ्वीमा वन-पातालमा पनि ।
रोकिँदैन कहीं मेरो गति पुग्छु जहाँ-तहीं ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

एक एक गरी आई अगाडि कपिराजको ।
वीर वानर सम्पूर्ण भन्दथे वाक्य माथिको ॥
त्यसवेला थिए चूर आफ्नो बल-घमण्डले ।
त्यसरी मनको वेग पोखे पछि सबै गए ॥
२८

इति पैतालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयालिसौं सर्ग

सुग्रीवले श्रीरामलाई भूमण्डल-भरीका कुरा जान्नाको कारण बखान्नु

१

कपिका फौजका स्वामी वीर वानर ती सब ।
उता गए पछी भन्छन् राम सुग्रीवमा अब ॥
तपाँई भन्नुहोस् साथी ! यो भूमण्डलका कुरा ।
कसरी यसरी सारा जान्नुहुन्छ ? सुनौं पुरा ! ॥
भन्दछन् अनि सुग्रीव झुकी श्रीराममा यसो ।
गर्छु विस्तारले विन्ती सुनि बक्स्योस्‌ सबै प्रभो ! ॥
अघि विन्ती गरे ठीक जब दुन्दुभि— दानव ।
राँगो भै बालीलाई नै हाँक्दिन्थ्यो लड्न राघव ! ॥
खेद्थे कपीन्द्र त्यल्लाई लखेट्थे ठोक्न, मार्दिन ।
ताकी मलयकै डाँडो भाग्थ्यो त्यो रघुनन्दन ! ॥
वहाँ पुगे पछी सुत्तै गुफामा त्यसकै पस्यो ।
पसे बाली पनी भित्रै पछि मार्छु भनेर पो ॥
गएँथें म पनी साथ राखिदए तर दाजुले ।
मलाई बाहिरै नाथ ! मानें नम्र भएँ बसें ॥
एक वर्ष वित्यो ठ्याक्क तैपनी कपिराज ता ।
निस्कन्नन बा ! वहाँ बाट पर्‍यो पीर ममा यता ॥
भित्र बाट त्यसै वेला आयो रगत भलभल ।
गुफाभर भई टन्न हुत्यायो वेगले जब ॥
रनभुल्ल भई हालें यो देख्ता म प्रभो ! यता ।
दाजुको स्नेहले पोल्यो बढी गो शोक-खिन्नता ॥
बुद्धि नै बिग्रियो मेरो अनि ता, संझिएँ छु यो ।
मेरा दाजुकनै मार्‍यो त्यसले अब हो न हो ! ॥
यत्ति गर्न्दा न गर्न्दैमा गुफाको द्वारमा प्रभो ! ।
राखिदएँ एउटा ढुङ्गा जो डाँडै तुल्यको थियो ॥
बुद्धि भो-यस ढुङ्गाले ढोका बँद भए पछि ।
दुष्ट निस्कन सक्तैन मरी हाल्छ त्यसै पछि ॥

१३

१४

भएँ अनि निराशै म जीवनै बाट दाजुको ।
किष्किन्धापुरमै फर्कें झोक्रिएर त्यसो प्रभो ! ॥
विशाल राज्य यो पाएँ तारा साथै मिलिन् रुमा ।
भित्र ढुक्क भई हालें मित्र ली म बसें वहाँ ॥
यतापट्टि कपिश्रेष्ठ बाली दानवलाइ त्यो ।
मारेर फर्किएछन् बा ! बडो गलब जो भयो ॥
दाजुको त्यो प्रतापैले काँपें थर्र भई मता ।
राज्य-राजत्व नै फिर्ता टक्र्याँए दाजुलाइ ता ॥
बालीको दुष्ट भो बुद्धि तर यत्ति गरे पनि ।
रुमाथि झोक्किए साह्रै खोज्दथें मार्न नै पनि ॥
भो मेरो हाल वेहाल उनको चालले प्रभो ! ।
काँपे इन्द्रिय सम्पूर्ण शोचेंथे जब त्यो कुरो ॥
स्नेही मन्त्री लिई आफ्ना अनि भागें म राघव ! ।
छोडेनन् बा ! लखेटे हा ! मलाइ उनले तव ॥
समात्नै खोज्दथे, खेद्थे मलाई ती कपीश्वर ।
सकेसम्म गरी जोड भाग्दथें म यतातिर ॥
त्यसैवेला प्रभो ! मैले नदी-नद अनेकन ।
देखें पुर शयौं राष्ट्र, शैल, सिन्धु, तथा वन ॥
यो सारा पृथिवी नाथ ! गाईकै खुर ठीकको ।
संझिएँ छु र फन्रुन्ति चारैतिर घुमेछु पो ॥
देखेंछु त्यस वेलामा यो सारा जगतै प्रभो ! ।
अज्ञातचक्र जस्तै र अैनामैं झल्किदो अहो ! ॥
लागें पूर्वतिरै पैले दौडिंदै हुत्तिएर म ।
वहाँ नानाथरी देखें विचित्रै स्थितिका द्रुम ॥
गुफा र कन्दरा देखें भेटें पर्वत सुन्दर ।
निकै नै छिचलें राम्रा पोखरी र सरोवर ॥

२६

२७

सुन-गैरिक इत्यादि धातुले रम्य शोभित ।
भेटें प्रभो! वहीं मैले उदयाचल पर्वत ॥
अप्सराहरुको नित्य बस्ने ठाम मनोहर ।
म त देख्न पुगें स्वामिन् ! वहीं क्षीरोद-सागर ॥
यता वाली लखेट्तैथे उता भाग्दै थिएँ म ता ।
छोडेनन् उनले किन्तु यतै फर्के पनी मता ॥
भागें फेरि तुरुन्तै म भित्र ठूलै पऱ्यो डर ।
छोडी पूर्व दिशा साथी ! म दौडें दक्षिणैतिर ॥
विन्ध्याचल यहीं पर्छ, वृक्ष छन् टन्न सुन्दर ।
रुख चन्दनका राम्रा छन् यहीं छ मनोहर ॥
आड ढुङ्गा र मूढाको म लिन्थें बीच-बीचमा ।
फर्किएर यसो हेर्थें वालीतिर लुकी वहाँ ॥
लखेट्तै जब आएका देख्तथें म उनीकन ।
भाग्दथें फेरि चाँचचाँडो टिक्न नै न सकीकन ॥
दिशा दक्षिण त्यो सारा घुमेर पछि नाथ ! म ।
लखेट्ता उनले भागें दिशामा फेरि पश्चिम ॥
नाना देश तथा ठाम हेर्दै हेर्दै वहाँ पनि ।
पुगि हालें म छ्याकुऱ्याकै अस्ताचलतकै पनि ॥

३५

३६

वहाँ पनि पुगी हाले लखेट्तै कपिराज ती ।
फेरि दौड्दै गएँ स्वामिन् ! दिशा उत्तरमै पछि ॥
घुसें हिमाल-मेरुमा पुगें उत्तर सिन्धुमा ।
कहीं पाइन है किन्तु मैले शरण नै वहाँ ॥
अब ठीक यसैवेला मेरा स्नेही हितेच्छु ती ।
बुद्धिमान् हनुमान्‌ले पो भने सँम्झाँउदै यही ॥
ए कपीश्वर ! अैले पो सँम्झिएँ भ्वाट्ट त्यो कुरो ।
मतङ्गमुनिले पैले बक्सेथ्यो श्राप जो अहो ! ॥
मेरो आश्रममा वाली यदि पस्छ भने अब ।
त्यसको टाउको फुटला हजारौं खण्ड भै तब ॥
तसर्थ पस्न सक्तैनन् त्यहाँ वाली कसै गरे ।
हुन्छ निर्भय, लौ जाऔं ! बसौं वहीं, सुखै छ ए ! ॥
नृपपुत्र प्रभो ! ढुङ्गो लाग्यो त्यै अन्तमा अनि ।
यै ऋष्यमूक-डाँडोमा आयौं हामी बस्यौं पनि ॥
मतङ्ग-मुनिको त्यस्तो श्रापको डरले गरी ।
यहाँ पस्नै सकेनन् बा ! अनि वानरराज ती ॥
ए मेरा ठाकुरे साथी ! मैले अघि त्यसो हुँदा ।
पृथ्वी-मण्डल यो सारा देखेथें झल्झलै सफा ॥

४४

अन्तमा रघुका रत्न ए प्रभो ! ऋष्यमूकको ।
त्यै गुफाभित्र आएर बसेंथें ढुक्क भै अहो ! ॥

४५

इति छयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतचालिसौं सर्ग

पूर्व उत्तर पश्चिम गएका वीर वानरहरू निराश भएर फर्कनु र कपिराजमा खवर दिनु

१

उता वानर—राजाले जसलाइ जवातिर ।
जान आज्ञा दिएकाथे बखानेर सबैतिर ॥
त्यहीठीक गए सारा कपिश्रेष्ठ पनी त्यता ।
जानकी खोज्नको निम्ति हुत्तिदै भइ फूर्तिला ॥
खोज्न सम्म गरे खोज पोखरी दह आदिमा ।
पुरमा देशमा नाना गै खुला ठाम-सम्ममा ॥
कुना—काप्चा सबै खोजे घुमे नद—नदीतक ।
दुर्गमस्थानमा सम्म पुगे वानर ती सब ॥
सुग्रीवले भने जस्तो कपियूथप वीर यी ।
भए छ्याप्छ्याप्ति खोजे बा! रामकी प्रिय-जानकी ॥
पुगे ठाम भने जत्ति वन-कानन-शैलमा ।
खोजे मन लगाएर पुरमा ग्राम-राष्ट्रमा ॥
सबको लक्ष्य थ्यो यौटै खोज्नु नै जानकीकन ।
त्यसैमा अल्झिएकोथ्यो प्रत्येक कपिको मन ॥
खोज्थे दिन भए सम्म घुम्थे पुग्थे जहाँ-तहाँ ।
हुन्थे यी साँझमा भेला तोकेको एक ठाममा ॥
घुमी दिन भरी सारा ठाममा रातमा सब ।
विश्राम गर्दथे सुत्थे चढी रुख, हुने फल ॥
हिंडेको दिनलाई नै पहिलो दिन सँम्झिए ।
एक मास हुँदा ठ्याक्क निराशै भइ फर्किए ॥
भेटे सुग्रीवलाई ती आफ्नु राजा थिए जुन ।
त्यै प्रस्रवण-डाँडोमा बस्थे जो खिन्न ली मन ॥
महान् बल हुने वीर थिए विनत, यी अघि ।
पूर्वतर्फ गएका हुन् आफ्ना मन्त्रीहरू लिई ॥
खोज्न सम्म वहाँ खोजे पाएनन् तर जानकी ।
किष्किन्धातिर फर्के यी मास पूरा भए पछि ॥

१३

१४

कपिश्रेष्ठ शतबलि आफ्नु सैन्य लिएर जो ।
दिशा उत्तर लागेथे हार खाए त्यसै अहो ॥
खोज्दा पनी मरीमेटी सीतालाइ न पाँउदा ।
फर्के डराइ किष्किन्धा चहारी उत्तरै दिशा ॥
सेना-मेना लिई साथ कपिवीर सुषेण जो ।
दिशा पश्चिम लर्केथे फर्किए खिन्न भै पछो ॥
खोज्न सम्म वहाँ खोजे पाएनन् तर जानकी ।
फर्के सुग्रीवकै छेउ मास पूरा भए पछि ॥
त्यै प्रस्रवण डाँडोमा अब-भेला भए कपि ।
जहाँ श्रीरामकै साथ बस्थे सुग्रीव-वीर ती ॥
ढोग-भेट गरे आफ्ना राजाको उनले अनि ।
झुकेर यसरी लागे विन्ती गर्न वहाँ छनी ॥
ए महाराज ! हामीले एक एक गरीकन ।
खोज्यौं खोज्न सकेसम्म सारा ठाम घुमीकन ॥
पुग्यौं पर्वतमा सारा बाक्ला जङ्गलमा घुम्यौं ।
नदी-नाला चहार्‍यौं र सिन्धुसम्म पुग्यौं, घुम्यौं ॥
एक एक गरी खोज्यौं पुर-ग्रामादिमा तथा ।
गुफाभित्र पुग्यौं सारा चहार्‍यौं गै जताततै ॥
हजूरले यहाँ जो जो आज्ञा भो ठाम, ती सब ।
वहाँ हेर्न पुग्यौं हामी पार्‍यौं छर्लङ्ग वास्तव ॥
जानकीलाई भेटेनौं तर यत्ति गरे पनि ।
लता-जाल छिचोलेर झाडीभित्र पसे पनि ॥
दुर्गमस्थानमा एवं नाना देश-विदेशमा ।
गै बाक्ला वनमा खोज्यौं बारम्बार जहाँ-तहाँ ॥
देख्तै अजङ्गका ठूला प्राणीहरू मिले कहीं ।
तिनसाथ पनी खोज्यौं पछि मारि दियौं त्यहीं ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
स्वामिन् ! हनूमान् कपिवीर हुन् र कुलीन छन्, वीर्य छ शक्ति धेर ।
पत्तो उनै पाँउदछन् उहाँको त्यतै लगेथ्यो, र उतै गए जो ॥

इति सतचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठचालिसौं सर्ग

वीर हनुमान्हरूले देवी सीतालाई विन्ध्याचलका गुफा आदिमा खोज्नु

१

यता अधि बढी हाले भनेझैं कपिराजले ।
हनुमान् दक्षिणै ताकी तार अङ्गद साथ ए ! ॥
लिई श्रेष्ठ सबै आफ्ना साथका वीर-वानर ।
बाटो काटे निकै लामो पुगे अत्र निकै पर ॥
भेट्टाए विन्ध्यको डाँडो थाले खोज्न दनादन ।
गुफा भित्र पसे हेरे वहाँका वन-कानन ॥
उक्लिए चुचुरा माथि खोजे दुर्गम-ठाममा ।
तलाउ पोखरी नाला-नदी हेरे जहाँ-तहाँ ॥
ठूल्ठूला बृक्ष-झाडीमा शाखा-पर्वतमा पुगे ।
खोतले त्यो वनै सारा चहारे बृक्ष बृक्ष ए ! ॥
त्यो विन्ध्याचलका सारा ठाममा र दिशाभर ।
खोज्दा पनि कहीं सीता भेटेनन् कपिले तर ॥
कसैले हेर्न गाह्रै थ्यो थिए दुर्धर्ष यी सब ।
खोज्दथे जानकी देवी भई छ्याप्छ्याप्ति वास्तव ॥
फल-मूलादि खान्थे यी भेट्थे नाना प्रकारका ।
थाक्तथे जव ती सारा थचक्कै बस्तथे बरा ! ॥
यताको त्यसको भाग बडो गजबकै थियो ।
वन बाक्लो थियो साह्रै थिए घेर गुफा अहो ! ॥
यसैले जानकी देवी खोज्न निम्ति यतातिर ।
पर्दथ्यो अल्लि गाह्रो नै खोज्नु पर्थ्यो हुँदै स्थिर ॥
डर लाग्थ्यो त्यता देख्तै निकै शून्य थियो बन ।
न थियो पिउने पानी देखिन्थ्यो न कुनै जन ॥
यस्तो जङ्गलमा सम्म खोजे बा ! भइ सुस्थिर ।
बिचराहरुले पाए किन्तु कष्ट निरन्तर ॥
छोडदिए अनि त्यो ठामै पसे अर्को वनैतिर ।
वहाँ पनि थियो त्यस्तै मानेनन् तर क्यै डर ॥

१३

१४

वहाँका वृक्ष थे बाँझा कुनै फल दिदैंनथे ।
फूल पात पनि ओहो ! थिएन, सब ठिङ्ग थे ॥
थिए जत्ति नदी-नाला थिएन तिनमा जल ।
कन्द-मूलादि भन्ने ता होओस् नै कसरी तत्र ? ॥
अर्नो मृग तथा हात्ती बाघ-सिंह चराचक ।
थिएनन्, वनका प्राणी भनिने सम्म वास्तव ॥
थिएनन् बिरुवा-बृक्ष न औषधि लता थिए ।
शून्य-सान्य थियो सारा अरु वस्तु न क्यै थिए ॥
तलाउ-पोखरी सम्म थिएनन् क्यै पनी यहाँ ।
चिल्ला पात हुने गम्म फुल्थे कमल नै जहाँ ॥
यसैले हेर्नमा योग्य थिएनन् अरु वस्तु क्यै ।
सुगन्ध कसरी होओस्, होउन् भ्रमर के त्यसै ? ॥
निकै अघि वहाँ बस्थे एउटा कण्डु नामका ।
महान् भाग्य हुने ठूला महात्मा शान्तचित्तका ॥
सत्य बोल्थे उनी ठूलो तपस्या नै थियो धन ।
अल्लि चर्कै थियो बानी रिसाहा थे उनी जुन ॥
अर्कोले क्यै कुरा त्यस्तो अपराध हुने गरे ।
तुरुन्तै दिई हाल्थे ती दण्ड, जो भोग्दथ्यो भरे ॥
शौच-सन्तोष इत्यादि पाल्दा नियम राम्ररी ।
गर्न हेला तिरस्कार कुनै सक्तैनथ्यो वढी ॥
यौटा बालक छोरो थ्यो उनको दश वर्षको ।
खण्डखाद्य परी केही पछि त्यै वनमा मऱ्यो ॥
महामुनि रिसाए बा ! यसैले अन्तमा वहाँ ।
गर्न त्यो वनको नाश भए तत्पर झोकमा ॥
धर्मात्मा मुनिले तस्मात् त्यो सारा वनलाइ नै ।
ठूलो श्राप दिई हाले भयो पछि सखाप नै ॥

२६

२७

जान पुग्नै पनी गाह्रो भयो आश्रय-हीन त्यो ।
छोड़दिए पशु-पक्षीले अनि ता शून्य नै भयो ।।
पुगे महान् मनस्वी यी कपिश्रेष्ठ वहाँ पनि ।
गर्न सुग्रीवको प्यारो खोजौं सीता पुगी भनी ।।
वहाँरे वन त्यो सारा खोजे मन दिईकन ।
डाँडा-काँडा घुमे हेरे कन्दरा र गुफा वन ।।
कहीं क्यै बाँकी राखेनन् नदी-नाला र कानन ।
घुम्न सम्म घुमे सारा एक एक गरीकन ।।
भेटेनन् जानकीलाई तर यत्ति गरे पनि ।
न हर्ने रावणैलाई सके भेट्न वहाँ अनि ।।
वाक्ला लता र झाडीले भएको टन्न दुर्गम ।
डर्लाग्दो वनमा अर्को पसी हाले सवै पुनः ।।
पस्ना साथ वहाँ देखे यौटा असुरलाइ कै ।
डर्लाग्दो कर्म गर्ने र, नमान्ने डर देवकै ।।
डाँडै हो सरि डर्लाग्दो देख्ता असुरलाइ त्यो ।
कसे कम्मर साराले लड्न त्यो सँग भै छिटो ।।
यता त्यस्ले पनी देख्यो वीर-वानरलाइ ती ।
भन्यो अनि "मर्‍यौ सारा" बलवान् भैदिंदा यति ।।

३५

३६

अनि मुक्की उजाएर आइलागी गयो हरे! ।
झोक्किएको थियो साह्रै आँउथ्यो दृढ वेगले ।।
त्यसरी जाइ लागेको देख्तामा त्यसलाइ ता ।
यै हो रावण भन्ने पो संझे अङ्गदले यता ।।
युवराज थिए वीर के राख्थे, कसिए उनी ।
लपटैले बजाए वा! भयो खुत्रुक्क त्यो अनि ।।
छाद्यो रगत ह्वाल्ह्वाल्ति मुखबाट र अन्तमा ।
मरी गो, डङ्ग कै ठूलो लडेमैं गिरि भै वहाँ ।।
त्यो मरे पछि यी वीर विजयोल्लासमा परी ।
एक एक गरी खोजे फेरी सारा गुफा गिरि ।।
त्यहाँ पत्तो नपाएर सारा वनचरा बरा ।
अर्कै पर्वतमा लागे खोजे वा! वन-कन्दरा ।।
थियो अगाडिको भन्दा पनि यो वन घोर झन् ।
खोतले वस्तु प्रत्येक लिई उत्साह-शक्ति झन् ।।
साराको मन भो खिन्न खोज्दा पनि यसोगरी ।
सीता नपाँउदा खेरी भए सव निराश यी ।।
मन विह्वलिएकै थ्यो अनि जम्बा भए सव ।
बसे एकान्तमा यौटा वृक्षको फेदमा तव ।।

४४

इति अठचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

उनञ्चासौं सर्ग

हनुमान् आदिले रजत–पर्वतादिमा फेरि उत्साहपूर्वक सीतालाई खोज्नु

१

मरिमेटेर खोज्दामा परिश्रम परी अति ।
थिए थकाइले लस्त स्वयं अङ्गद वीर ती ॥
निकै बुद्धि हुँदा त्यस्तो भए पनि उनी अब ।
आस्वासन दिंदै भन्छन् विस्तारै कपिमा सब ॥
वीर हो ! कपि-हामीले खोज्यौं ठाम यहाँ सब ।
बाक्ला वन नदी-नाला दुर्गमस्थान पर्वत ॥
कन्दरा र गुफा सारा खोतल्यौं गै यहाँ सबै ।
एक एक गरी खोज्यौं हकि ? बाँकि रहेन क्यै ॥
जानकीलाइ भेटेर्नौं तर थी ठाममा कहीं ।
हर्ने रावणलाई नै न त भेट्यौं यता कहीं ॥
मिलेर यसरी खोज्दा पनि देवी उहाँकन ।
पाएनौं, न त भेट्टायौं पापी त्यो राक्षसैकन ॥
त्यसै समय गै हाल्यो निकै लामो यता उता ।
भइ बक्सिन्छ सुग्रीव राजा दण्ड दिने कडा ॥
तसअर्थ तपाँईं र हामी पनि मिलीजुली ।
फेरि खोजि गरौं राम्रै सित सारातिरै पुगी ॥
शोक छोडौं न भेटेको पीरको रूपमा छ जो ।
निद्रा तन्द्रा दुवै त्यागौं लाग्न ता लाग्छ नित्य जो ॥
जसरी जे गरी हुन्छ देवी जनककी सुता ।
मैथिली भेट्नु नै पर्छ लौ ! त्यै काम गरौं यता ॥
हुनु सामर्थ्य, उत्साह, मनले जित्नु, हिम्मत ।
न हार्नु, सद् गुणै हुन् यी कार्यसिद्धि हुने स्वतः ॥
यसअर्थ म भन्दोछु तपाँईंहरुमा सब ।
शोच्नोस् ! मेरा कुरामा र खोज्न लाग्नोस् छिटै अब ॥
लौ ! आज पनि गै खोजौं खेद छोडी मिली सब ।
दुर्गमस्थानमा सारा वनमा व्याप्त भै अब ॥

१३

१४

सँधै काम गरी बस्ने व्यक्तिको फलरूपमा ।
अवश्य क्यै न क्यै हुन्छ देख्तछौं जो सबै यहाँ ॥
तसर्थ खिन्न भै यस्तो झोक्राएर कसै गरे ।
वस्तु ता हुन्न है बेस ! खोजौं गै अझ यत्नले ॥
रिसाहा भइ बक्सिन्छ राजा-सुग्रीव वस्तुतः ।
यता दण्ड उहाँको छ अति चर्को यथार्थतः ॥
तस्मात् सुन्नोस् ! कुरा यत्ति महात्मा राम बाट र ।
राजा बाट पनी बुझनोस् ! मान्नु पर्दछ है डर ॥
तपाईंहरु साराको हओस् हित–भलो भनी ।
भनें यत्ति कुरा मैले यै हो तथ्य कुरो पनि ॥
गर्नोस् स्वीकार लौ ! खोज्नोस् बेस मान्नु भए अब ।
कि गर्नोस् काम त्यै जल्ले भलो होस् कपिको सब ॥
भलो हित हुने यस्ता कुरा अङ्गदका सुने ।
उठेर पहिले वीर गन्धमादनले भने ॥
पानी खान न पाएर सुक्थ्यो ख्याप्प थियो गला ।
थिए चूर थकाईले बोले लर्खरिंदै बरा ॥
सुन्नोस् ए कपि हो ! हाम्रा वीर यी युवराजले ।
जो भने त्यो कुरा हामी साराको हितकै छ ए ! ॥
अनुकूल पनी यै छ योग्यको यै छ वास्तव ।
यसर्थ गर्नु नै पर्छ सबैले ध्यान दी अब ॥
फेरि खोजौं गई हामी निर्जनै वनमा पनि ।
झरनामा र डाँडामा कन्दरा र गुफा पनि ॥
महान् आत्मा हुने हाम्रा राजा सुग्रीवले वहाँ ।
आज्ञा जहाँ जहाँ जान बक्सिएको थियो यहाँ ॥
ती सबै ठाममा जाऔं दुर्गम-स्थान–शैलमा ।
एक एक गरी खोजौं सबै मिलिजुली वहाँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

उनले यत्ति भन्दामा महान् बल हुने कपि ।
उठे जन्याक् जुरुक्कै बा ! खोज्न थालि गए पछि ॥
भै हाले सब छ्याप्छ्याप्ति फेरि विन्ध्याचले भरी ।
छरिए, त्यो दिशै ढाके खाम्थ्यो जो फैलिईवरी ॥
अगाडि पर्दथ्यो डाँडो सम्पन्न रजताद्रिको ।
हो शरत ऋतुको स्वच्छ मेघ जस्तो सफा बडो ॥
यसमा टाकुरा कैयौं थे गुफा कन्दरा वन ।
उक्किहाले त्यसैमाथि खोज्न थाले दनादन ॥
सीता–दर्शनको धोको बोकेका कपि वीर यी ।
खोजे लोध्र–वनैमा र सप्तपर्णवनै पुगी ॥
महान् पराक्रमी त्यस्ता थिए वानर तै पनि ।
खोज्दा खोज्दै भए लस्त ज्यादै थाकि गए अनि ॥
३२

३३

यत्ति गर्दा पनी किन्तु रानी श्रीरामकी प्रिया ।
जानकीलाइ भेटेनन्, देखेनन् उनले त्यता ॥
गुफा र कन्दरा धेरै भएको गिरिलाइ त्यो ।
गर्न सम्म गरी यत्न खोजे ध्यान दिई बडो ॥
सवैतिर घुमे फेरि खोतले अन्तमा सव ।
केही सीप न लागेर ओर्लिए तल्तिरै अव ॥
भुँइमा तल फेदीको आए पछि सवै कपि ।
भए विचेत जस्तै हा ! थकाई बढ्दिंदा अति ॥
पछि भेला भए सारा एउटा रुखको मनि ।
वहाँ दुइ घडी सम्म त्यसै लडि रहे अनि ॥
मुहूर्तभर सुस्ताई थकाई क्यै हटे पछि ।
त्यो दक्षिण–दिशा सारा खोज्नमै कसिए कपि ॥
३८

३९

हनुमान् आदिका मुख्य–मुख्य वानर ती हिंडे ।
पहिल्यै देखि त्यै विन्ध्य हेर्न चारतिरै पुगे ॥

इति उनञ्चासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचासौं सर्ग

हनुमान्‌हरूको ऋक्षविलमा सिद्धा स्वयंप्रभा सँग भेटघाट हुनु

१

तार अङ्गद ली साथ दुवै सँग मिलीजुली ।
सीता खोज्न हिंडे वीर शक्तिमान् हनुमान् कपि ॥
फेरि त्यै विन्ध्य-डाँडाको गुफाभर पुगे अनि ।
खोज्न थाले गरी यत्न घुमे बाक्ला वनै पनि ॥
सिंहले बाघले टन्न भएकाथे गुफा वहाँ ।
पसे भित्र सवै हेरे वरीपरी घुमे त्यहाँ ॥
दुर्गम-स्थान डर्लाग्दा ठूल्ठूला झरना नदी ।
थिए यै गिरिमा श्रेष्ठ विन्ध्यमा खोतले पुगी ॥
घुम्दा-घुम्दै पुगी हाले वहाँ दक्षिण-पश्चिम ।
दिशा नैर्ऋत्य-कोणौको चुचुरातिर उत्तम ॥
खोज्दा खोज्दै वहाँ वस्ता यी तीनै कपिवीरको ।
म्याद सुग्रीव-राजाले दिएको जुन थ्यो, वित्यो ॥
यता त्यो ठाम त्यस्तै थ्यो घेरै थे कन्दरा-गुफा ।
खोज्न गाह्रै थियो तस्मात् बाक्ला वन पनी हुँदा ॥
तै पनी वायुका छोरा हनुमान् नै बढी अधि ।
गर्न सम्म गरी यत्न खोजे डाँडो घुमी पुगी ॥
यतातिर यसै वेला केही टाढै भई तर ।
देखिने गरि खोज्थे यी तलका अरु वानर ॥
गवाक्ष गज गवय मैन्द द्विविद जाम्बवान् ।
गन्धमादन शरभ अरु थे कपि बुद्धिमान् ॥
कपिका युवराजा थे स्वयं अङ्गद वीर र ।
थिए तार पनी साथै हुन् जो यी वन-वानर ॥
मिलेर सव खोज्दैथे सारा दक्षिण-भेग त्यो ।
यसैवेला वहाँ देखे यौटा ठूलो खुलो दुलो ॥
थियो नाम ऋक्षबिल यसको जान भित्र ता ।
गाह्रै थियो, जहाँ यौटा बस्थ्यो वानर रक्षक ॥

१४

यता कपि थिए सारा थकाई-भोक-प्यासले ।
सताएका निकै दुःखी पानी पिउन खोज्थे ॥
लता-बृक्षादिले स्वात्तै छोपेको त्यो महान् दुलो ।
आँखा गाडेर हेरे बा ! भित्र आश लिई बढो ॥
भित्र बाट यसै वेला क्रौञ्च हंस र सारस ।
भिजेका आँग पानीले चखेवा निस्किए सव ॥
यिनका अङ्ग प्रत्यङ्ग पद्मका केसरै परी ।
भएकाथे र-राता क्यै झल्किन्थे सव राम्ररी ॥
भित्र पस्न निकै गाह्रो दुलाको मुखमा पुगे ।
भित्र बाट यसै वेला आयो हर सुगन्ध ए ! ॥
त्यसै छक्क थिए सारा अव पक्क पनी परे ।
मन मक्क भई हाल्यो जल-शङ्का गरे गरे ॥
नजीकै त्यै दुलोनेर आए दङ्ग हुँदै सव ।
थिए यी कपि तेजस्वी महान् बल हुने अव ॥
बाहिरै बाट हेर्दामा वीर दैत्येन्द्रको घर ।
थियो पाताल जस्तै त्यो लागि हाल्ने त्यसै डर ॥
नाना प्रकारका प्राणी भित्र छन् टन्न यो कुरो ।
बाहिरै बाट देख्तामा पर्दथ्यो मनमा अहो ! ॥
यो साह्रै डर लाग्दो थ्यो हेर्नै मुस्किल पर्दथ्यो ।
त्यसको भित्र पस्ने ता कुरो नै कष्ट-साध्य थ्यो ॥
छिचोल्न दुर्गम-स्थान जानेका वनका चरा ।
वायुका पुत्र यो बेला देखिन्थे गिरि-टाकुरा ॥
भन्छन् अव उनै वीर डर्लाग्दा कपिवीरमा ।
त्यताका यी कुरा सारा भित्र भित्र गमी वहाँ ॥
ए मेरा सहयोगी हो ! घुम्यौं दक्षिण यो दिशा ।
जहाँ विशेष देखिन्छन् माला यी गिरि नै अहा ! ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यिनैमा जानकी देवी खोज्दा खोज्दा निरन्तर ।
हामी थाकि सक्यौं सारा भेटिएन कहीं तर ॥
लौ हेर ! त्यो दुलौ बाट हाँस क्रौञ्च र सारस ।
आँउदैछन् चखेवा ऊ ! भै निथ्रुक्क यतै सब ॥
तस्मात् पक्कै पनी भित्र छ कूवा सर बा दह ।
हेर ! चिल्ला हरीया छन दुलोका मुखका रुख ॥
हनुमानले यसो भन्दा वीर वानर ती सब ।
अध्याँरोको घरै जस्तो त्यैं दुलोमा पसे अब ॥
थियो भित्र गुफा ठूलो जहाँ श्रीसूर्यचन्द्रको ।
थिएन ज्योति मट्टै नै, देखे, आँग जुरुङ्ग भो ॥
देखेर अघि सिंहादि-पशु-पक्षीहरू सब ।
निस्केका, यी पसेकाथे अँध्यारो बिलमा त्यस ॥
अब गाह्रो पर्‍यो किन्तु थिएनन् कम यी पनि ।
कहीं रोकिन्नथ्यो दृष्टि अघि बढदै गए अनि ॥
पराक्रम तथा तेज रोक्नै नसकिने थियो ।
गति थ्यो वायुकै जस्तो छिचोल्थे अन्धकार त्यो ॥
श्रेष्ठ वानरथे सारा यसैले वेगपूर्वक ।
भवाट्ट त्यस्तो दुलो भित्र पसेकाथे मिली सब ॥
देखे भित्र निकै टाढा पुगे पछि वहाँ अब ।
राम्रो ठाम उज्यालाकै साथता झल्किने सब ॥
नाना वृक्ष हुने टन्न त्यो दुलोमा भयानक ।
एक योजन सम्मै ता गए जोल्टिइदै सब ॥
यी सबै खोज्दथे पानी मूर्च्छै पर्छन् कि झैं थिए ।
तिर्खाले जोड गर्दामा हडबडाए पिरल्लिए ॥
केही वेरतकै किन्तु लड्दै-लड्दै पनी बरा ! ।
बढे आलस्य पन्छाई बिर्से बा ! दुखका कुरा ॥
निकै गलि सकेकाथे आफ्नो जीवनमा पनि ।
निराश भै सकेकाथे, सुकेकैथ्यो मुखै पनि ॥
थिए चूर थकाईले दुब्लाएका थिए सब ।
देखे यस्तै अवस्थामा उज्यालो भित्र झल्मल ॥
अँध्यारो बाट त्यो उम्की नित्य-निर्मल ज्योतिले ।
खुलेको ठाममा त्यस्तो बल्ल पो कपि यी पुगे ॥
यसो चारतिरै हेर्दा देखे सुन्दर जङ्गल ।
जहाँ वृक्ष सुनैकाथे झल्किन्थे सब झल्मल ॥

४३

४४

देख्ता भवाट्ट परै बाट त्यहाँका वृक्ष ता अहा ! ।
देखिन्थे अग्निको राँको हुन् जस्तै दिव्य, तेजिला ॥
थिए नानाथरी राम्रा साल-ताल-तमालका ।
नागकेसरका एवं कर्णिकार अशोकका ॥
नागवृक्ष र चाँपोका धवका पनि ती रुख ।
सबै फले-फुलेकाथे खिच्छन खोज्थे मनै तब ॥
विचित्र सुनका झुप्पा हुन् जस्ता कोपिला तथा ।
र-राता पालुवाद्वारा शोभिन्थे यी सबै त्यता ॥
देखिन्थ्यो यिनले गर्दा ती वृक्षहरू वास्तव ।
तिनकै पगरी गुत्छन् भनेझैं शिरमा सब ॥
जोल्टिएका थिए फेरि तिनमा सुनकै लता ।
थिए सिंगारिए ठीक सुनकै फल शोभिंदा ॥
देखिन्थे भवाट्ट हेर्दा यी प्रातः कालीन सूर्यको ।
र-राता कान्तिले राम्रा शोभिएका पनी बडो ॥
वैदूर्य-मणिको वेदी बनेकोथ्यो यता तल ।
शोभिन्थ्ये ज्योतिले आफ्नो सुनैका झैं हुँदा सब ॥
पद्मका लहरा राम्रा नीला वैदूर्य-वर्णका ।
देखिन्थे, शोभिइन्थे बा ! झुलेका बसिंदा चरा ॥
बाल-सूर्य सरी कान्ति भएका अति उज्ज्वल ।
सुवर्णमय-वृक्षैले जेलिएको थियो स्थल ॥
सुनौला रङ्गका ठूला ठूला माछा थिए वहाँ ।
कछुवाका थिए जात ठूल्ठूले गतिला त्यहाँ ॥
सुवर्णमय थे सारा जति थे दह-पोखरी ।
त्यस्तै कमल थे स्वच्छ,हुने जल पनी भरी ॥
सारा वानरले देखे वहाँ रजत-स्वर्णले ।
बनेका बहुतै अग्ला राम्रा घर अनेक थे ॥
जत्ति थे यिनमा भयाल यी सबै सुनकै थिए ।
मोतीका मसिना जाली लाग्दा झन् भव्य यी थिए ॥
नउ-सात तले त्यस्ता घरका साथ-साथमा ।
स-साना तर ठूल्ठूला अनेकौं घर थे वहाँ ॥
थिए सुवर्ण-चाँदीका त्यस्ता घर त्यहाँ निकै ।
देखे ईंट र माटाले बनेका पनि झन् निकै ॥
झरिझुप्प झुलेकाथे फलेका थे वहाँ रुख ।
देखिन्थे भवाट्ट हेर्दा जो मूगा र मणिकै ठिक ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

महका घार ठूल्ठूला सर्वैतिर त्यहाँ थिए ।
सुनौला रङ्गका राम्रा भँवरा भुन्भुनाँउथे ॥
जडेका मणि रत्नादि सुनैका थे मनोरम ।
सुत्ने पलँगका साथै बस्ने आसन शोभन ॥
नाना प्रकारका ज्यादै ठूल्ठूला सब वस्तु यी ।
त्यहाँ जताततै टम्म थिए, देखे पुगे पछि ॥
काँसो र सुन-चाँदीका भाँडाका राश टम्म थे ।
दिव्य चन्दनकै साथ अगरु-राश गम्म थे ।
थिए खाने कुरा नाना पवित्र अति उत्तम ।
फल-मूल थिए धेरै जसमा उत्तमोत्तम ॥
बहुमूल्य सवारी थे त्यहीं नाना प्रकारका ।
रसीला महका चाका देखिन्थे अति भव्य बा ! ॥
दिव्य वस्त्र थियो थुप्रै बहुमूल्य अमूल्यको ।
थियो कम्बलको राश विचित्रै मृगचर्मको ॥

६७

६८

यहाँका वस्तु आगाको राँकै जस्ता थिए सब ।
चम्कीला सुनका राशि यहीं देखे थिए जब ॥
खोज्न लागे बलीया यी गुफा भित्र विशाल यो ।
रामकी जानकीलाई जहाँ पायो वहीं अहो ! ॥
यी शूरा कपिले देखे नजीकैमा त्यहीं पुनः ।
एउटी दिव्य-स्त्रीलाई बल्दथिन् तेजले जुन ॥
पैह्रिएको थियो कालो मृगचर्म र बल्कल ।
उनले देहमा आफ्नो झल्किन्थ्यो भइ झलमल ॥
तपस्या नै थियो ठूलो उनको धन एउटा ।
खान्थिन् जो ठिक्क आहार तोकेको कालमा सदा ॥
उनलाइ वहाँ देख्ता अब वानर वीर ती ।
वाल्ल, ट्वाल्ल परे, हेरे ठिङ्ग भै ! जिल्लिदै अति ॥
हनुमान्ले बढी केही उनीसित भने अति ।
भन्नोस् ! तपाँइ को देवि! यो गुफा कसको ? भनी ॥

७४

७५

डाँडै सरी देह हुने विशाल थिए हनूमान् अति भव्य-भाल ।
जोडेर आफ्नो अँजुली ललाम बूढी उनीलाइ गरे प्रणाम ॥
सोधे अनी देवि ! हजूरको ? यो गुफा छ ठूलो, कुन व्यक्तिको हो ? ।
रत्नादि एवं भवनै पनी यो आज्ञा हुन्ओस् लौ ! कुन व्यक्तिको हो ? ॥

७६

इति पचासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकाउन्नौं सर्ग

सिद्धिनी स्वयंभप्राले त्यो ऋक्षबिलको वृत्तान्त बखान्नु

१

भनी त्यत्ति भने फेरि हनुमान्‌ले उनीसँग ।
रम्दथिन् जुन ती बूढी धर्मका नियमै सँग ।
मृग चर्म थियो कालो दिव्य बल्कल साथमा ।
शोभिएको बडो राम्रो उनको भव्य गाथमा ॥
बडी गजबकी थिन् यी महान्-सौभाग्य शालिनी ।
तपस्या गर्दथिन ठूलो थिइन् तस्मात् तपस्विनी ॥
देवि! हामीहरू सारा थकाई-भोक-प्यासले ।
मरण्डै मरि सकेकाथ्यौं खप्न नै नसकेर ए ! ॥
तसर्थ यो अँध्याराको घरै ठीक गुफाविषे ।
हामीहरू पस्यौं देवि ! यसरी भवाट्ट वेगले ॥
ठ्यक्कै भूतलमा पुग्ने यो रहेछ खुलो दुलो ।
पर्दा प्याक्प्याक्ति तिर्खाले पस्यौं, भूल भयो ठूलो ॥
यहाँका अद्‌भुतै जस्ता वस्तु देख्ता अनेकन ।
हामी ता जिल्लियौं देवि ! पर्‍यो अत्यासमा मन ॥
यै शोचेर पर्‍यो चिन्ता-यो माया हो कि दैत्यको ? ।
हड्‌बडायौं निकै जल्ले होशै गुम्दछ मैं भयो ॥
अब यै जान्न चाहन्छौं बाल-सूर्यसमानका ।
के हुन् यी सुनका वृत्त ? हुन् देवि ! कुन व्यक्तिका? ॥
शुद्ध भोजनका वस्तु पवित्र फल-मूल यी ।
विमान-घर स्वर्णका चाँदीका पनि छन् जति ॥
मोती र मणिका जाली लागेका झ्याल स्वर्णका ।
फुलेका र फलेका यी वृत्त पुण्य-सुगन्धका ॥
कसका तेजले देवि ! भए प्रकट ? यो कुरा ।
जान्न उत्सुक छौं हामी सुनौं अब सबै पुरा ॥
छन् जलाशयका पानी यहाँ निर्मल सुन्दर ।
सुनकै पद्म देखिन्छन् तिनमा छन् मनोहर ॥

१३

१४

माछा र कछुवा खेल्छन् यिनमा सुनकै अहो ! ।
आज्ञा होस् अब लौ देवि ! यो कुरा कसरी भयो ? ॥
तपाँईकै तपस्याको हो कि ता यो प्रताप पो ? ।
हो वा क्यै अरुकै ओहो ! तपस्याको प्रभाव यो ? ॥
हामी निष्पट्ट छौं देवि ! जान्दैनौं क्यै कुरातक ।
सोध्छौं यसर्थ आज्ञा होस् ! भए जति सबै अब ॥
हित सम्पूर्ण प्राणीको गर्ने,-धर्म, तपस्विनी ।
ती बूढी भन्नलागिन् वा ! हनुमान्‌का कुरा सुनी ॥
सुन लौ ए कपिश्रेष्ठ ! जान्ने माया,-भए जति ।
मय दानव थे यौटा बलीया तेजिला अति ॥
उनैले आफ्नु मायाले सुवर्णमय दिव्य यो ।
बनको साथ-साथैमा बनाए त्यो सबै कुरो ॥
दैत्य-दानव जो जत्ति थिए अघि जगत्‌भर ।
तिनमा विश्वकर्मै थे मय-दानव दुर्धर ॥
अति नै श्रेष्ठ यो दिव्य सारा भवन सुन्दर ।
बनाए जसले यस्तो सुनैको, सुन वानर । ॥
उनले एक हज्जार वर्ष सम्म वनै बसी ।
गरे तप निकै ठूलो पारे ब्रह्माकनै खुशी ॥
पछि बाट उहाँबाट उनले वरदानमा ।
पाए शिल्प कला सारा श्रीशुक्राचार्यको यहाँ ! ।
कामना-अभिलाषाका थिए मालिक नै उनी ।
बलीया पनि थे शारा बनाए यो सबै अनि ॥
यो महान्-वनमा धेरै काल सम्म बसे मय ।
सुन है ! वीर हो ! सारा भोगे भोग पनी तब ॥
थिन् हेमा नामकी यौटी अप्सरा, तिनमै पछि ।
भए आसक्त अत्यन्त बुझ्यौ ! दानवराज ती ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
यो थापाइ गरे युद्ध इन्द्रले वज्र बाहुमा ।
लिइ ठोके, छुटाए बा ! उनलाइ त्यसै वहाँ ॥
अनि यो वन ब्रह्माले मानिन्छ जुन उत्तम ।
ती हेमालाइ नै बक्स्यो स्वयं खुश भईकन ॥
यसरी उनले पाइन् सारा भवन, यो वन ।
कामका भोगका वस्तु सुनैका दिव्य साधन ॥
मेरु-सावर्णिकी छोरी हुँ म नै कपि हो ! यता ।
नाम राखी मलाई ता भन्छन् जन स्वयंप्रभा ॥
३०

३१
हेमाका घरको रक्षा गर्दीछु म यहाँ बसी ।
निकै मन मिलेकी हुन् उनी मेरी प्रिया सखी ॥
यहाँ त्यस्तो छ के काम तिम्रो ए कपि हो ! भन ? ।
कुन उद्देश्यले त्यस्तो घुम्छौ यस्तो वनैवन ? ॥
यहाँ थ्यो आँउनै गाह्रो पस्यौ भित्र कसो गरी ? ।
म न लौ ! कसरी देख्यौ आँउने मार्ग राम्ररी ? ॥
भैगो लौ! बाबु हो !खाओ शुद्ध भोजन छन् यहाँ ।
फल-मूलहरू हुन् यी ! छन् मीठा पनि स्वादमा ॥
३४

३५
अनि पानी पिई आफ्नो थकाई मेट शान्त भै ।
पछि आफ्ना भए जत्ति भन हाल पनी सबै ॥

इति एकाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाउन्नौं सर्ग

वानरवीरहरूले सिद्धिनी स्वयंप्रभा सित त्यो ऋक्षबिल भित्र पसेको कारण बताउनु र त्यहाँबाट निस्कनु

१

कपिका फौजका स्वामी वीर ती कपिले अब ।
फल-मूलादि खाए बा! पिए जल पनी तब ॥
थकाई पनि क्यै मेटे भए स्वस्थ सबै यता ।
बढिन् अघि यसै वेला स्वयं देवी स्वयंप्रभा ॥
भनिन् अनि उनी साथ थिइन् जो धर्मचारिणी ।
एकाग्र-मनकी एवं स्वयं सिद्धा तपस्विनी ॥
कपि हो ! फल खानाले थकाई, भोक प्यास क्यै ।
हटेको छ भने देखि छौ भने स्वस्थ-चित्त क्यै ॥
यदि तिम्रो कुरा-कन्थो मैले सुन्न हुने छ ता ।
भन है! सुन्न इच्छा छ, खोलेर सब त्यो कुरा ॥
उनका यी कुरा सुन्दा हनुमान् भन्दछन् अब ।
न छिपाइ कुरा कत्ति जस्ता-तस्तै गरी सब ॥
सुन्नुहोस् सिद्धिनी आमा! विन्ती गर्छु सबै कुरो ।
भै बक्सिन्थ्यो दशरथ-महाराज गुणी बडो ॥
उहाँका पुत्र श्रीराम राजा सम्पूर्ण लोकका ।
सुरेन्द्र-वरुणै ठीक फूर्तिला अतितेजका ॥
दण्डकारण्यमा आमा! भो सवारी निकै अघि ।
भाई लक्ष्मणकै साथ स्वपत्नी लिइ जानकी ॥
ठाम पारी यसैवेला त्यो जनस्थानमा हुँदा ।
हऱ्यो रावणले पत्नी जबर्जस्ती गरी अहा! ॥
अनि श्रीराम-राजाका मित्र भै बक्सियो कपि ।
वीर सुग्रीव, जल्लाई राजा मान्छौं सबै कपि ॥
उहाँले नै सबै हामी वीर वानरलाइ ता ।
यिनै अङ्गदको साथ पठाइ बक्सियो यता ॥
खोज्न आयौं उहाँलाई तसर्थ यम-रक्षित ।
अगस्त्य बसिबक्सेको यो दक्षिण दिशातिर ॥

१३

१४

राजा-सुग्रीवको आमा! आज्ञा छ कपिमा सब ।
"विदेहराजकी छोरी सीता खोज्नु मिली सब- ॥
रूप इच्छा सरी धर्ने छ त्यो राक्षस रावण !
खोज पत्ता लगाओ गै! खोज्छौं तस्मात् घुमी वन ॥
दक्षिणी-भेगका सारा चहाऱ्यौं वन यो अतः ।
सुन्नुहोस् सिद्धिनी आमा! थाक्यौं बा! पछि ता स्वतः ॥
भोक-प्यास पनी लाग्यो सकेनौं डेग चल्न नै ।
फेदमा गै बस्यौं तस्मात् वृक्षको क्वै थचक्क नै ॥
रङ्ग-ढङ्ग उड्यो आमा! यो हाम्रो सुखको अनि ।
भित्र-भित्र पऱ्यो चिन्ता हामीलाइ त्यसै पनि ॥
चिन्ताको सिन्धुमा ग्वाम्मै गाडिंदा त्यसरी वहाँ ।
देखेनौ उम्किने बाटो, घेरै वेर डुल्यौं त्यहाँ ॥
पछि आँखा घुम्यो हाम्रो यसो हेऱ्यौं वरीपरी ।
देख्यौं खुलो दुलो ठूलो जेलिलएको वरीपरी ॥
त्यसको बाहिरी भाग छोप्तथे लहरा-रुख ।
भित्रपट्टि थियो साह्रै अँध्यारो डम्म वास्तव ॥
त्यसैवेला यता वाट चरा बाहिर निस्किए ।
हाँस सारस क्रौञ्चादि कुररादि पनी थिए ॥
पानीले उनको सारा जिउ निथ्रुक्क नै थियो ।
आँगमा थुप्रिएकोथ्यो धूलो-केसर पद्मको ॥
देख्ता सब कुरा यस्ता मैले यी कपिमा भनें ।
लौ! पसौं भित्र पानी छ होला वेस यही गुनें ॥
समर्थन गरे सारा कपिले पनि त्यै कुरो ।
यिनले दिलमा सम्म जब अड्कल त्यै थियो ॥
अनि हामी सबै आमा! न हेरी क्यै कुरा पनि ।
सुत्त भित्र पसी हाल्यौं स्वामी-कार्य गरौं भनी ॥

२७

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हिंड्नै मुस्किल भो साह्रै समात्यौं हात-हातले ।
जो फस्यौं यसमा ओहो ! बढ्यौं अघि प्रयत्नले ॥
यस्तो प्रकारले आमै ! परी वेहोसमा सब ।
अँध्याराको घरै जस्तो यो गुफामा पस्यौं तब ॥
मुख्य काम त्यहीं नै हो हाम्रो यो वन घुम्नुको ।
यसै कारणले गर्दा यस भित्र पस्यौं अहो ! ॥
भोकले प्यासले गर्दा हुँदा दीन र दुर्बल ।
हामी सब तपाँईंकों पऱ्यौं शरणमा अब ॥
आतिथ्य-धर्म धानेर दिनु भो फलमूल जो ।
भोकाएका थियौं साह्रै खायौं त्यो स्वादले बडो ॥
बचाँउनु भयो आमै ! भोकले मर्न ठिक्क थ्यौं ।
यसको बदलामा लौ ! आज्ञा होस् ! अब के गरौं ? ॥
थिइन् सब कुरा जान्ने स्वयं देवी स्वयंप्रभा ।
त्यत्ति भन्दा भनिन् यत्ति पतिमा कपियूथका ॥
लौ ! भैगो ! वेगवान् वीर रहेछौ सब वानर ।
त्यसै तुष्ट भएँ बाबै ! मता तिमीहरूसित ॥
म आफ्नै काममा रम्छु, धर्मानुष्ठान गर्छु म ।
तस्मात् छैन कसैसाथ कुनै पनि प्रयोजन ॥
त्यस्ती तपस्विनी देवी उनका मुखका शुभ ।
धर्मयुक्त कुश वेस सुने वानरले सब ॥
भन्छन् अनि उनै साथ थिन् जो निर्दोष-दृष्टिकी ।
हनुमान् कपि नै आफैं नम्र भै क्यै बढी अघि ॥
गर्ने धर्म त्यतै रम्ने माइआमा ! तपाँइको ।
पऱ्यौं शरणमा हामी, जनि गर्नोस् ! हओस् भलो ॥
दिलका देहका ऊँचा राजा सुग्रीवले वहीं ।
हामीमा बक्सिएको थ्यो म्याद जो, त्यो वित्यो यहीं ॥
अब फेला पऱ्यौं हामी घुम्दा-घुम्दै यही गुफा ।
महिनाभरको त्यत्रो काल सुत्तै ! वित्यो अहा ! ॥
अब लौ ! सिद्धिनी आमा ! हामीमा गर्नु होस् कृपा ।
पुऱ्याइ दिनुहोस् झट्टै गुफा-बाहिर-पट्टि बा ! ॥
राजा-सुग्रीवले आज्ञा भएको काल सिद्धिंदा ।
हाम्रो नै सकियो काल, भयौं वेहालका अहा ! ॥

४३

४४

तस्मात् अब मऱ्यौं हामी ए आमै ! डर भित्र छ ।
ठोक्छन् सुग्रीवले भन्ने, गर्नोस् उद्धार लौ अतः ॥
हामीले गर्नु पर्नेथ्यो ठूलो काम अवश्य त्यो ।
यहाँ रिङ्दै वित्यो काल सकेनौं तर गर्न जो ॥
भएर नाइके यत्ति हनुमान्ले भने जब ।
हेर्दै वानरलाई ती भन्दछिन् तापसी अब ॥
सुन ए ! म त संम्झन्छु यहाँ भित्र पसे पछि ।
ज्यूँदै निस्कन सक्तैनन् जो सुकै हुन्, व्यक्ति ती ॥
त्यस्तै छ ता पनी किन्तु भैगो लौ ! म तिमीकन ।
बाहिरै यो गुफाबाट पुऱ्याइ दिउँला, सुन ! ॥
ममा शक्ति छ क्यै त्यस्तो, तपस्याको प्रभाव छ ।
सारा नियम पालें जो त्यसको क्यै प्रवाप छ ॥
श्रेष्ठ वानर हो ! तस्मात् आँखा चिम्ल तिमी सब ।
गाह्रै पर्छ न चिम्ले ता पुग्न बाहिर वास्तव ॥
उनले यत्ति भन्दामा स्वनेत्र कपिले सब ।
छोपे बा ! कमला औंला भएका हातले अब ॥
उत्कण्ठा खेल्दथ्यो ज्यादै सबको मनमा जब ।
'अब पुग्ने भयौं हामी गुफा बाहिर, यै तब ॥
दिलका देहका ठूला थिए वानर यी सब ।
हातले मुख छोपेर भए ठिङ्ग ! सबै तब ॥
यत्तिकैमा पुगी हाले गुफा बाहिर ती सब ।
कृपाले सिद्धिनीको यो झिम्किने काल गो जब ॥
अफ्ठ्यारो र विचित्रैको त्यो गुफा बाट बाहिर ।
बल्ल पो उम्किए सारा वीर-वानरका दल ॥
भन्छिन् फेरि यिनै साथ आश्वासन दिंदै यसो ।
त्यस्ती विचित्रकी देवी गर्दथिन् नित्य धर्म जो ॥
हेर ! ए कपि हो ! देख्यौ ! ऊ ! त्यै हो विन्ध्य-पर्वत ।
नाना वृक्ष-लता द्वारा जेल्लिएको र भूषित ॥
हो प्रस्रवण डाँडो त्यै ! महासागर हेर ऊ ! ।
फ्याँक्तो छ छाल ठूल्ठूला गर्जन्छ घनघोर ऊ ! ॥
तिम्रो कल्याण होस् बाबै ! म गएँ आफ्नु ठाममा ।
स्वयंप्रभा भनी यत्ति पसिन् त्यै दिव्य छेदमा ॥

६०

इति बाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपन्नौं सर्ग

फर्किने म्याद वितेकोमा अङ्गद आदिले खिन्नता प्रकट गर्नु र प्रायोपवेश बस्ने निश्चय गर्नु

१

देखे वनचराले यी महासागर बल्ल पो ।
साक्षात् वरुण-द्यौवाको निवासस्थान जो थियो ॥
यही हो यसको पार भन्ने टुङ्गो थिएन क्यै ।
ज्यादै गर्जि रहेकोथ्यो उर्लि-उर्ली वहाँ त्यसै ॥
फयाँक्तथ्यो छाल ठूल्ठूला डाँडै जत्रा निरन्तर ।
सफा आकाश जस्तै थ्यो देख्तैमा लाग्दथ्यो डर ॥
मय-दानवले माया-कला खर्च गरी गरी ।
बनाएका थिए त्यस्तो गुफा सुन्दर राम्ररी ॥
त्यसै भित्र पसी फस्ता, खोज्दा, घुम्दा वरीपरी ।
दिएको म्याद राजाले वितेथ्यो महिना, सरी ॥
यसैले दिक्क थे सारा कपि-वीर पिरै परी ।
यता आई पुगे ठ्याक्क त्यै विन्ध्य-गिरिमा झरी ॥
यहाँका वृक्ष थे राम्रा समृद्ध फल-फूलले ।
यौटाको फेदमा आए थपाथप त्यहीं बसे ॥
वसन्त ऋतु लागेमा फुल्ने-फल्ने सवै रूख ।
देखे फुले फलेकाथे टुप्पामा गम्म भै सब ॥
जेल्लिएका थिए फेरि लताद्वारा जतातता ।
विचार्दा सब यो देख्ता काँपे ती अब थर्र बा! ॥
शरत् ऋतु हुँदैमा यी हिंडेकाथे त्यजी त्यता ।
अब लागि सकेकोथ्यो वसन्त ऋतु त्यो यता ॥
वसन्त ऋतु लागेको कुरा अन्योन्यमा गरी ।
राजाको दण्ड संभेर भए चीत धरा भरी ॥
पुग्नु पर्ने थियो आज्ञा भित्र नै एक मासको ।
यसैले डर भो ठूलो, काल, काम दुवै वित्यो ॥
अब वानरमा श्रेष्ठ युवराज बढे अघि ।
मोटा थे जसका काँध साँढेका सिंहका सरि ॥

१३

१४

ल-लामा बाहु थे मोटा उनका, वीर थे पुनः ।
सारा वानरमध्येमा थे निकै बुद्धिमान् जुन ॥
बूढा-पाका थिए घेरै शिष्ट वानर जो वहाँ ।
उनको योग्य सन्मान गरे अङ्गदले त्यहाँ ॥
पछि बाट सवैलाई सम्बोधन गरीकन ।
भने मधुर-वाणीमा यसरी दिक्क भैकन ॥
सुन्नुहोस् कपि हो ! हामी आज्ञाले कपिराजको ।
असौज महिनै थ्यो र निस्किएका थियौं अहो ! ॥
तोकिएको थियो म्याद त्यै वेला एक मासको ।
परन्तु काल त्यो सारा गुफा घुम्दै वहीं वित्यो ॥
तपाँईहरु सारामा ज्ञानै होला यथार्थ यो ।
तस्मात् लौ ! भन्नुहोस् के हो अवका कामको कुरो? ॥
तपाँईहरु सारामा राजा पत्याँउछन् अति ।
स्वामीको हितमा लाग्दा नीति जान्ने हुँदा उति ॥
यथा समयमा तस्मात् तपाँईंहरु ता सब ।
पर्दा काम-कुरो प्राय खटिनु हुन्छ वास्तव ॥
गर्ने तपाँईले जस्तो सक्तैनन् अरु गर्न क्वै ।
त्यस्तो पौरखमा ख्यात हुनुहुन्छ तपाँई है ! ॥
पहिले कपि-राजाको आज्ञाले काम गर्न जो ।
मलाई अगुवा पारी तपाँईहरु पाल्नु भो ॥
भएनौं सफलै हामी त्यसमा कत्ति नै अब ।
हो पक्कै ! फलमा यस्को हामीले मर्नु पर्दछ ॥
भन्नोस् त ! कपि-राजाको शुभाज्ञा न गरी कुन ।
ज्यूँदो रहन सक्ला र ! हाम्रै होला भलो कुन ? ॥
स्वयं सुग्रीव राजाले तोकेको म्याद जो थियो ।
त्यसै विति सक्यो त्यो ता जानिएकैछ यो कुरो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हामी वानरको निम्ति छोडी पिउनु खानु नै ।
निठ्ठाराम भई बस्नु मान्छु तस्मात् छ योग्य नै ॥
स्वभाव छ निकै चर्को शोच्नोस् ! सुग्रीवको यता ।
त्यत्रा राजा भएका छन् ती स्वयं अहिले उता ॥
अब दोषी भई हामी अपराध गरी यही ।
गए राजा भए ठाम के सहन्थ्ये उनी हकि ? ॥
झन् उल्टै हाल सीताको न सक्ता भन्न वीर हो ! ।
के छोड्थे ? ठोक्तछन् पक्कै ! मर्नु पर्ने छ व्यर्थ पो ॥
तसर्थ घर-सम्पत्ति आफ्ना स्त्री-पुत्र सम्मको ।
माया-मोह सबै छाडी बसौं ! प्रायोपवेश पो ॥
यहाँ बाट वहाँ पुग्दा न पुग्दै कपिराजले ।
भुसुक्क पारी छोड्नेछन् हामीलाइ त्यसै हरे ! ॥
त्यसरी मर्नु भन्दा ता यहीं यै ठाममा बरू ।
मर्नु वेस ! भनी ठान्छु यै छ श्रेय दिने बरू ॥
मलाइ कपि-राजाले पदमा युवराजको ।
अभिषेक दिएको यो हुँदै होइन बुझ्नु भो ? ॥
सजिलै काम ठूल्ठूला गर्न सक्ने नरर्षभ ।
साक्षात् श्रीरामद्वारा नै अभिषिक्त भएँ म त ॥
सुन्नोस् ! सुग्रीव राजा त पहिले देखि नै मँमा ।
न राम्रो दृष्टिले हेर्थे, वैरै गर्थे विफ्वाँकमा ॥

३६

३७

पैलो निश्चयकै ठीक यो आज्ञा लङ्घनै हुँदा ।
लगाई दोष यै ठोक्छन् ! दिन्छन् है प्राण-दण्ड वा ॥
म मर्ने कालमा मेरो हेर्ने त्यस्तो कडा दुख ।
मित्र जस्ता सुकै हुन् ती के नेठछन्? हुन्छ के सुखी ॥
तपाँईहरु लौ जानोस् ! म त बस्छु यहीं अब ।
न खाई न पिईं मर्छु, भर्छु सागरको तट ॥
सुनी यस्ता कुरा सारा कुमार-युवराजको ।
लोली मिलाइ बोलीमा वीर ती भन्दछन् यसो ॥
कुमार बावु ! ठिक्कै हो ! भनाई युवराजको ।
स्वभाव छ निकै चर्को तो हाम्रा कपिराजको ॥
हुरुक्क भइ बक्सेको छ उता रामसम्म जो ।
त्यस्ती आफ्नी प्रिया पत्नी सीताको प्राप्तिमा अहो ! ॥
सीता खोज्ने थियो म्याद तोकेको, त्यो वित्यो त्यसै ।
अब फर्कि गए देखि न सकी गर्न काम क्यै ॥
मार्नै लगाँउछन् पक्कै ! वहाँ हामीहरूकन ।
गर्न श्रीरामको प्यारो मन राखि दिनाकन ॥
यसरी अपराधी भै भृत्यले कहिल्यै पनि ।
अगाडि पर्न स्वामीको उचितै हुन्न जानु नि ? ॥
प्रधान सहयोगी वा भइ सेवक लायक ।
पठाइयौं यता हामी राजा-सुग्रीवले तब ॥

४६

४७

न खोजी जानकीलाई न बोकी हाल सुन्दर ।
वहाँ गयौं भने हामी पुग्दछौं यमकै घर ॥
सुने पछी त्रास बढेर ज्यादि पिरल्लिएका कपिका कुरा ती ।
केही गमी थर्थर भै पछाडि भन्छन् यसो-तार सरी अगाडि ॥
न मान भो ! खेद, स्वयंप्रभाको त्यही गुफा भित्र पसौं, मजै हो ! ।
मेरो कुरा जँच्छ भने त हामी बसौं वहीं गै अब ढुक्क मानी ॥
माया-कलाले मयले बनाँउदा गाह्रै छ है मवाट्ट गएर पस्न ता ।
वहीं छ खाने-पिउने कुरा जति पानी छ, छन् मूल-फलादि सम्म ती ॥
वहाँ कसैको डर त्रास छैन क्यै लछार्न सक्छन् न त इन्द्रले कसै ।
न रामको नै डर हुन्छ क्यै वहाँ न नेठन सक्छन् कपिराज गै त्यहाँ ॥
भने कुरा जो कपि तारले यो थ्यो अङ्गदैको मनमा गढेको ।
सुने पछी वानरले सबै ती भने यसो दङ्ग भएर ज्यादि ॥

५२

CC-0. In Public Domain. Digitization by eGangotri

५६

ए बन्धु हो ! ठीक कुरा यही हो यसै गरे मात्र भलो हुने भो ।
हुँदैन हाम्रो वध जो गरी हा ! तुरुन्त आजै अब त्यै गरौं बा ! ॥

इति त्रिपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवन्नौं सर्ग

हनुमान्‌ले युवराज अङ्गदलाई राजनीतिद्वारा संझाउनु ।

१

तारका पति चन्द्रैको कान्तिका ठीक कान्तिका ।
कपि तार भनी त्यत्ति चूप लागि गए त्यता ॥
यता भित्र पर्‍यो गाँठो हनुमान्‌ले बुझे कुरो ।
संझे,-यो कपिको राज्य अब अङ्गदकै भयो ॥
यै थियो यसमा हेतु फूट यी कपिमा हुँदा ।
पत्त अङ्गदकै लिन्छन् उड्छ सुग्रीव-राज्य ता ॥
बुद्धिका गुणले आठ-इच्छा नै हुनु सुन्नको ।
सुन्नु, राख्नु सुनी भित्र, राखी धारण गर्नु त्यो ॥
गर्नु तर्क-वितर्कादि, सार वा अर्थ झिक्नु र ।
विज्ञान, तत्व-विज्ञान, आदि यी हुनु सुन्दर ॥
साम दान तथा भेद-दण्डले वा मनोबल ।
बाहुबल, बन्धुबल उपाय-बलले तक ॥
चौधोटा गुणले जो हुन्- देश-कालादि जान्नु र ।
दृढता, खप्नु कष्टादि, सर्वविज्ञानता हुनु ॥
मन्त्रगुप्ती र उत्साह दत्तता, एकवाक्यता ।
शरणागतरक्षित्व भक्ति-ज्ञान, कृतज्ञता ॥
शूरता र अमर्षित्व स्थिरता हुनु धीरता ।
यिनले पूर्ण पो ठाने अब अङ्गदलाइ ता ॥
उनले यो पनी माने अब यी युवराजको ।
बल शक्ति तथा वीर्य बढ्यो बा ! परिपूर्ण भो ! ॥
बढेझैं चन्द्रमाको श्री शुक्लपक्ष भए पछि ।
तेज—कान्त्यादि बढ्दोछ यिनको पनि हर्षडी ॥
बुद्धिमा युवराजा यी छन् बृहस्पति तुल्यका ।
बल—विक्रममा ओहो ! छन् आफ्ना बावु—ठीकका ॥
सुनेझैं अघि क्यै वेर इन्द्रले शुक्रको कुरा ।
यिनी सुनि रहेका छन् तारका भेदुवा कुरा ॥

१३

१४

स्वामी-सुग्रीवको त्यस्तो काम गर्न भने यिनी ।
थाकेझैं गर्दछन् यस्तो निकै सुस्त सरी बनी ॥
कला र शास्त्रका तत्व बुझ्ने अङ्गदमा अब ।
भन्न लागे उनी आफ्नै पत्तमा लिन वास्तव ॥
भेद-नीति लिई पार्छु तार बाट अलग्ग र ।
अब अङ्गदलाई म भन्ने बुद्धि लिए स्थिर ॥
उपाय चारमध्येको त्यसकै आसरा गरे ।
अनि वानरमा सारा फुटाल्ने बिउ यो छरे ॥
थियो वाक्पटुता साह्रै चनाखा थे उनी अति ।
युक्तिमा तर्कमा मिल्दा गरे नाना कुरा पछि ॥
पारे वानरलाई ती वेग्ला-वेग्लै विचारका ।
अनि तर्साउँदै थाले भन्न अङ्गदलाइ ता ॥
हनुमान्‌को भनाईमा थिए नानाप्रकारका ।
डराग्दा वाक्यका साथ क्रोध एवं उपाय बा ! ॥
युवराज ! तपाँईंमा छ आफ्ना बावुकै सरि ।
बल, वीर्य तथा शक्ति कला वा रण-चातुरी ॥
ताराकापुत्र ए वीर ! सक्नु हुन्छ तपाँइ ता ।
थाम्न यो कपिको राज्य पिताले ठीक सर्वथा ॥
तर ए कपिका रत्न ! शोच्नुहोस् अब यो कुरा ।
छन् है वानर यी नित्य चञ्चले चित्तका पुरा ॥
स्त्री,-पुत्र, घर छोडेर यसरी वनमै रही ।
कसरी अनि यी गर्लान् तपाँईंले भने सरी ॥
सुन्नोस् ! अर्को कुरा फेरि म भन्छु सबको अघि ।
तपाँईं तिर लाग्दैनन् छोडी सुग्रीवलाइ यी ॥
जस्तो यी जाम्बवान् नील महाकपि सुहोत्र छन् ।
छु त्यस्तै म पनी बुझ्नोस् ! उनमै मरिमेट्तछन् ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अलग्ग पार्न गाह्रै छ राजा-सुग्रीव बाट ए !
मलाई यिनलाई वा सामदानादि हेतुले ॥
भैगो लौ ! दण्डले पाछु, वश लिन्छु, भने पनि ।
शोच्नोस्!गाह्रै छ, को भन्दा कम को छ र!यो पनि ॥
यता विरोध पर्दामा साथ दुर्बल-व्यक्तिको ।
बलवान् चूप भै बस्ला, के लछार्छ भनेर त्यो ! ॥
यै हो शासन. शोच्नोस् लौ ! बलवान् सँग दुर्बल ।
वैर गर्छ भने किन्तु जहाँ होस् भेट्छ के सुख ? ॥
ज्यान जोगाँउनै खोज्ने दुब्लाले बलिया सँग ।
हुन्न विग्रह यो गर्नै, लौ गम्नोस् ! स्थिरता सँग ॥
आमा धाई सरी भै यो गुफा हाम्रो सबैकन ।
जोगाई काखमा राख्छे यो कुरा ठान्नुभो जुन ॥
सुन्नोस्! त्यो पनि व्यर्थैं हो सुन्नु भो तारका कुरा ? ।
क्वै सक्दैन त्यहाँ बस्ता नाश्न मास्न भनी पुरा ॥
म त मान्दिन त्यो सत्य फोर्नु यस्ता गुफा-सुफा ।
यो तुच्छ काम हो सानो निम्ति लक्ष्मण-बाणका ॥
मय साथ रिसाएर वज्र छोड्दा सुरेन्द्रले ।
अघि थोरै विगारेथे त्यो गुफालाइ झोकले ॥
तर लक्ष्मण ता शोच्नोस् ! तीखा बाण त्यजी यता ।
छियाछिया दुना जस्तै बनाई बक्सिइन्छ हा ! ॥
छन् है ! लक्ष्मणका बाण तीखा नाराचनामका ।
त्यस्ताले छ्वास्स छोएमा पनि नाशिन्छ त्यो गुफा ॥
कुरा के त्यस जावाको ? ठूल्ठूला गिरि सम्म ता ।
हुन्छन् तुरुन्त धूला नै भै स्पर्शैं ठीक वज्रका ॥
शत्रुनाशक ए वीर ! त्यो गुफाभित्र गै जब ।
तपाँई ढुक्क भै बस्न थाल्नु होला यता तब ॥
यी सबै कपिले छोड्छन् तपाँईंलाइ वास्तव ।
किन ? भन्नु भए सुन्नोस् ! यिनको यै छ निश्चय ॥

४०

४१

भैगो लौ ! यी गए साथै शोच्नोस् ! तर वहाँ पनि ।
आफ्ना स्त्री बाल-बच्चा ता बिर्सन्नन् कहिल्यै यिनी ॥
छर्पटिन्छन् त्यसैले यी संझी संझी वहाँ पनि ।
पछि कष्ट दिंदै जाला भोकले प्यासले पनि ॥
डङ्ग्रङ्ग लड्नु पर्दामा उता गै खालि भूमिमा ।
मनमा खेद मान्नेछन् अनि हिंड्लान् र साथमा ? ॥
लौ गम्नोस् ! तब के होला ? हितैषी-मित्र-बन्धुले ।
देलान् साथ तपाँईंको ? त्यसै त्यागिनु हुन्छ ए ! ॥
लौ शोच्नोस्! अनि के होला गति यस्ता तपाँइको? ।
तृणझैं हुनु होला है उड्दो उद्विग्न-चित्तको ॥
उता लक्ष्मणका बाण छन् तीखा उग्र-वेगका ।
घोर अत्यन्त डर्लाग्दा रोक्नै न सकिने कडा ॥
न गर्दा रामको काम बस्तामा यसरी यहाँ ।
छोड्लान् र अँहँ ! मार्नेछन् तिनै आइ पुगी त्यहाँ ॥
बरु गै साथमा हाम्रै युवराज ! वहाँ पुगी ।
सेवा गरेर राजाकै बस्ता नम्र भई झुकी ॥
क्रमैले राज्य गर्ने त्यो वेला आफ्नु वित्ते पछि ।
दिनेछन् है ! तपाँईंमा स्वयं यो कपि-राज्य ती ॥
काका तपाँईका राजा वीर सुग्रीव वास्तव ।
धर्मकै मार्गमा हिंड्छन्, पाल्दछन् धर्म नै सब ॥
हुन् ती सत्य-प्रतिज्ञाका शुद्ध छन् भित्र बाहिर ।
मर्छन् तपाँइ भन्दा ता गर्दछन् स्नेह सुन्दर ॥
दृढव्रत हुने त्यस्ता वीरले कहिल्यै पनि ।
मार्दैनन् बुझ्नु भो! तस्मात् छीः के यो शोच्नु भो अनि ॥
सुन्नोस् ! अर्को कुरा वीर ! उनको मनमा सदा ।
तारा तपाँइकी आमा रहेकी छन् भई प्रिया ॥
तसर्थ उनकै प्यारो गर्न कै निमित्तमा पनि ।
सुग्रीव मरिमेट्ता छन् के गर्थे काम त्यो अनि ? ॥

५७

५८

सन्तान उनका छैनन् अर्को, भिन्न तपाँईको ।
वीर अङ्गद ! लौ पाल्नोस् तस्मात् श्रेष्ठ छ जानु पो ॥

इति चवन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचपन्नौं सर्ग

युवराज अङ्गदले मनको मैलो फ्याँक्नु र सारा बानर सँगै प्रायोपवेश गर्नु

१

हनुमान्‌ले भनेका यी कुरा बेस थिए अति ।
धर्ममा नीतिमा मिल्दा भनेका नम्र भै छति ॥
श्रद्धा-सन्मान स्वामीमा देखिन्थे राम्ररी जहाँ ।
सुने अङ्गदले सारा भने अनि गमी वहाँ ॥
सुन ए हनुमान् वीर ! राजा सुग्रीवमा अँहँ ! ।
देखिन्न स्थिरता त्यस्तो ! छैन आत्मा दरो मन ॥
भित्र-बाहिरको शुद्धि पनि त्यस्तो म देख्तिन ।
ऋजुता, धीरता, वीर्य छैन, क्रूर छ है मन ॥
महारानी पनी ओहो ! जसले आफ्नु दाजुकी ।
ज्यूँदो हुँदाहुँदै दाजु , आफ्नी पारे त्यसै हकि ? ॥
धर्मले नीतिले हेर्दा साक्षात् आमै थिइन् उनी ।
त्यस्तीलाई पनी राखे जसले निन्दितै बनी ॥
जो भन्यौ ! जान्दछन् धर्म, कसरी भन्नु ठीक हो ! ।
जान्दा जान्दै पनी त्यस्तो यस्तो भन्नु अयोग्य हो ! ॥
जाँदा शत्रु सँगै लड्न त्यो गुफा कुर्न द्वारमा ।
राख्दिदा त्यसको ढोकै ढुङ्गाले छोप्दिए वहाँ ॥
तस्मात् हुन् ती दुरात्मा नै जान्दैनन् धर्म-सर्म क्यै ।
अत्याचार गरे त्यस्तो दाजु माथि पनी निकै ॥
समात्यो जसले हात साक्षी राखेर सत्यता ।
सिद्ध पारि दियो काम जसले पहिले तथा ॥
त्यस्ता कीर्ति हुने ठूला रामलाई पनी हरे ! ।
जल्ले भुसुक्क बिर्सेथ्यो जान्दैछौ हकि ? ए कपे ! ॥
कसरी अब त्यस्ताले अर्काका उपकारको ।
गर्ला ख्याल भनी शोच्नु? तिमीनै भन, योग्य हो ? ॥
सीता खोज्न यहाँ हामी यसरी जो पठाइयौं ।
त्यो ता होइन धर्मैले पठाएको, यही गम्यौं ॥

१४

हो त्यो लक्ष्मणका बाण बज्रन्छन् , ठोक्तछन् भनी ।
डरले नै पठाएका बुझ्यौ ! धर्म छ के अनि ! ॥
तस्मात् सुग्रीव पापी हुन् छैन है स्मृति-शक्ति क्यै ।
भएका चञ्चले चित्त कृतघ्न पनि हुन् निकै ॥
अब लौ भन ! त्यस्तामा कुलीन नरश्रेष्ठ को ।
गर्ला र कसरी भवाट्ट बिश्वास कहिले ? अहो ! ॥
छोरो छ त भने आफ्नो जस्तै होस् निर्गुणी, गुणी ।
राजा बनाइ राज्यैमा राख्नु पर्दछ त्यो पनि ॥
यस्तै विचारका हुन् ती म त हूँ शत्रुपुत्र पो ।
मलाइ अनि के छोड्थे जिउदै ता त्यसै अहो ! ॥
उनीबाट अलग्गै भै बस्ने मेरो विचार यो ।
भित्र भित्र थियो गुप्त, त्यै यहाँ आज पोखियो ॥
न मान्दा उनको आज्ञा अपराधी भएँ त्यसै ।
क्षीण-शक्ति भएकैछु बल-बर्गत छैन क्यै ॥
यस हालतमा ओहो ! अनाथ सरि दुर्बल ।
भै किष्किन्धा गए देखि कसरी बाँच्न सक्छु र ? ॥
कुराले यी सबै गर्दा बुझ्यौ ! ए हनुमान् ! सुन ! ।
सुग्रीव स्वाँठ हुन् पक्कै ! निर्दयी क्रूर हुन् पुनः ॥
तसर्थ राज्यको निम्ति मार्छन् वा ! गुप्त-दण्ड दी ।
हाल्छन् जन्म भरै सम्म कि त बन्धनमा लगी ॥
त्यसरी जेलमा पर्दै कष्ट भोग्दै अनेकन ।
वहाँ गै मर्नु भन्दा ता यही मर्नु छ उत्तम ॥
तसर्थ म यहीं मर्छु गर्छु प्रायोपवेशन ।
मैले ता यसमै ठानें आफ्नु कल्याण पावन ॥
मलाइ दिनु होस् आज्ञा तस्मात बस् ! तँ यहीं भनी ।
तपाँईहरु लौ पाल्नोस ! आफ्नो घरतिरै अनि ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७

तपाँईहरुको साथ किरिया खाइ भन्छु म ।
जे सुकै होस् र जस्तै होस् किष्किन्घा-पुर पस्तिन ॥
म यहीं न मरे सम्म गर्छु प्रायोपवेशन ।
निम्तिमा त म जस्ताको मर्नु नै श्रेय ठान्छु म ॥
वहाँ सुग्रीव-राजामा तपाँइहरु गै तब ।
मेरो प्रणाम सद्भाव टक्याइ दिनुहोस् सब ॥
भन्नु होला छ कल्याणै वहाँ अङ्गदमा भनी ।
भन्नुहोला त्यसै साक्षात् राम-लक्ष्मणमा पनि ॥
दाजु-भाइ दुवै हुन् ती सर्वोच्च रघुवंशमा ।
अत्यन्त-बलशाली छन् ढोग्थ्यो ! भन्नोस् पुगी वहाँ ॥
सारा वानरका राजा मेरा कान्छा बुवा तथा ।
रुमा कान्छी मुमालाई लैजानोस् ढोग-भेट ता ॥
वेसै छ ! भन्नु होला है सोधे कुशल-मङ्गल ।
तारा मेरी मुमालाई आश्वासन दिनोस् सब ॥
भइ वक्सिन्छ है साह्रै कमलो मनकी वहाँ ।
पुत्र प्यारो हुने ज्यादै स्नेह गर्नें पनी ममा ॥
म मर्ने हाल यो सुन्दा सुन्नोस् ! पक्कै पनी मुमा ।
प्राण नै छोड्दि बक्सेला बाँच्न गाह्रै हुँदा वहाँ ॥
पोखेर मनका पीर भनी अङ्गदले यति ।
कपिलाइ सबै ढोगे बूढा-मान्य थिए जति ॥

३६

३७

विछ्याए अनि पृथ्वीमा च्वाट्टचाट्ट चुँडी कुश ।
त्यसै माथि बसे, लागे न खाने लिन त्यै व्रत ॥
अब देख्ता बसेको यी अरू वानर-वीर ती ।
धर्धरै रुन पो लागे भइ दुःखित मन् अति ॥
झरे बररै आँसु तात्ताता भै ढिका ढिका ।
रनभुल्ल भए सारा सरी गो अब दुःख ता ॥
थाले सुग्रीवको निन्दा गर्न पो सब वानर ।
प्रशंसा हुन थालीगो वालीको अतिसुन्दर ॥
घेरे अङ्गदलाई यी अब ती कपि-वीरले ।
न खाई न पिई केही मर्ने निश्चय पो लिए ॥
वालीका पुत्रको त्यस्तो कुरा शोची-बुझीकन ।
उनले पनि ठाने बा ! मर्नु नै अति उत्तम ॥
पक्कै मर्ने भई तस्मात् अचाए जल सिन्धुको ।
उत्तरी तटमा त्यस्तो थपाथप बसे अहो ! ॥
टुप्पो दक्षिण फर्काई विछ्याएका थिए कुश ।
उनले त्यस वेलामा,-पारे पूर्वतिरै मुख ॥
रामका वनको वास, मृत्यु त्यस्ता नरेन्द्रको ।
संझे राक्षस-संहार जो जनस्थानमा भयो ॥
विदेहराजकी पुत्री सीताको हरणै पनि ।
हत्या जटायु-पक्षीको शोचे, चर्चा चल्यो अनि ॥

४६

४७

वालीको वध संझे वा ! रामको क्रोध साथ त्यो ।
सातो-पुत्लो उडी हाल्यो अनि ता यिनको अहो ! ॥
हुन् टाकुरा नै गिरिका भने सरि विशाल यस्ता जिउका थिए हरि ।
संख्या थियो घेर, यता निरन्तर गर्जी रहेथे स्वरमा भयङ्कर ॥
बस्ता वहाँ गर्जिइँदा त्यसो गरी त्यो विन्ध्य-डाँडो र गुफा पनी भरी ।
घनक्क घन्क्यो त्यसको प्रतिध्वनि जो मेघले ठीक अकाश भो अनि ॥

४६

इति पचपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छपन्नौं सर्ग

पक्षीश्रेष्ठ संपातिसँग अङ्गद आदिको भेटघाट र कुराकानी

१

उपवास बसेकाथे डाँडाको जुन भेगमा ।
आफैं आइ पुगे ठ्याक्क गृध्रराज कुनै त्यहाँ ॥
थियो यी गिद्धको आयु ज्यादै लामो विचित्रको ।
जातमा यी थिए पक्षी नाम संपाति यै थियो ॥
कन्दरा बाट निस्केर त्यो महागिरि-विन्ध्यको ।
डाँडा-काँडा भरी छोडे उनले आफ्नु दृष्टि यो ॥
पछि बाट पऱ्यो आँखा थुप्रेका उनमा सब ।
हर्ष गद्‌गद भै हाले भन्न लागे यसो तब ॥
जसरी पूर्व-जन्मैको कर्म ठीक यहाँ नर ।
प्रयत्नै न गरी केही त्यसको फल पाँउछ ॥
त्यहीठीक यहाँ आज धेरै दिन बिते पछि ।
मलाइ पनि भो प्राप्त भाग्यैले भक्ष्य-वस्तु यी ॥
अवश्य पनि यो मेरो हो कुनै कर्मको फल ।
मर्दछन् यिनमा जो जो खाँदै जान्छु भकाभक ॥
भने स्पष्ट कुरा यस्ता ती वानरहरूकन ।
देख्तै संपातिले त्यस्ता लिईई दङ्ग हुँदो मन ॥
भान्छा गर्न जिवै आफ्नो च्याल काट्ने र लोभिने ।
संपातिका कुरा सारा यताका कपिले सुने ॥
बढी गो यसले पीर दुःखी अङ्गदलाइ झन् ।
हनुमान्‌तिर फर्केर यसरी अब भन्दछन् ॥
मान्य ए हनुमान् ! हेर ! सीताको निहुँले यहाँ ।
पाल्नु भो लौ ! विपत् थप्न यम, हाम्रै अगाडिमा ॥
कामै गर्न सक्यौं केही हामीले न त रामको ।
हामीबाट न राजाको आज्ञा-पालन सम्म भो ॥
यत्तिकैमा परी हाल्यो हामी वानरमा सब ।
अनेकौं यो विपत् आपत् यसरी भवाट्ट वास्तव ॥

१३

१४

राजा जनककी छोरी सीताको गर्न नै प्रिय ।
गर्न सम्म गरे ओहो ! गै जटायु लडे जब ॥
हुन् तिनै गिद्धका राजा, धन्य हुन् जो मरे हरे ! ।
सबै सुन्नु भएको हो यो कुरा त तपाँइले ॥
बुझ्नु भो ! मान्य हो ! सारा पशु-पक्षी हुने जुनि ।
प्राणी पनि भलै गर्छन् 'रामको काम हो' भनी ॥
कसियौं जसरी हामी यहाँ प्राण पनी दिन ।
त्यही ठीक परे दिन्छन् उनीहरू पनी पुनः ॥
यता अर्कोथरी शिष्ठ करुणा-स्नेहमा परी ।
उपकार अ-आफैंमा गर्ने हुन्छन् घरी घरी ॥
तपाँइ पनि सम्पूर्ण तसर्थ प्रभु-रामको ।
उपकार भलो गर्न लौं ! छोड्नोस् देह आफ्नु यो ॥
धर्मका तत्व जानेका हुन् जटायु महान् गुणी ।
जसले रामको काम गर्न सम्म गरे पनि ॥
छोडी जीवनको आशा रामकै काम गर्न यो ।
हामीहरू यता आयौं घुम्न सम्म घुम्यौं अहो ! ॥
एक एक गरी खोज्यौं नाक्ला वन यहाँ पनी ।
भेट्टाएनौं कहीं किन्तु देवी जनकनन्दिनी ॥
हुन् उनै गिद्धका राजा जटायु अति नै सुखी ।
दुष्ट रावणले माऱ्यो जसलाई लडी लडी ॥
निर्वाण गति भेट्टाए अन्तमा उनले उता ।
डर सुग्रीव-राजाको छुट्यो, मुक्त भए यता ॥
धर्मात्मा ती दशरथ राजाको मृत्युले तथा ।
यस्ता जटायुको नाश हुनाले युद्ध पर्दिदा ॥
हुँदा हरण सीताको यी सबै घटना परी ।
सब वानर हामीमा पनि शंका गयो परी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

राम-लक्ष्मण सीताले पनि बस्नु पऱ्यो वन ।
मृत्यु भो वीर-बालीको रामको बाणले पुनः ॥

२८

धर्मात्मा रामको क्रोध जो बढेको छ त्यस्तरी ।
त्यसैले अब संहार्छ सब राक्षस राम्ररी ॥

२९

यो सबै बरबादी र जो भयो दुःखको कुरो ।
कैकेयीलाई राजाले बक्स्येको वर हो, फल्यो ॥

३०

अब कपिहरुले भने कुरा जो अति दुखकै त थियो, सुने, विचारे ।
पति-वर उनले सबै चराका कपितिर दृष्टि फिराइ फेरि हेरे ॥
क्षिति भर भइ ती थिए लडेका चकित भए अति, यी स्वयं पक्षी ता ।
हृदय हुन गयो दुखी अपार अब कसिए कपि साथ भन्न सार ॥

३२

वीर-अङ्गदका त्यस्ता निस्केका मुखका कुरा ।
एक एक गरी सारा सुने संपातिले तदा ॥
तीखा चुच्चा हुने साक्षात् गृध्रराज उनी अब ।
फर्की कपितिरै सारा भन्छन् ठूलो फिकी स्वर ॥
को हो त्यो ? भन्छ जो मेरो प्राण भन्दा पनी प्रिय ।
साक्षात् जटायु-भाइको मृत्युको हाल अप्रिय ? ॥
सुन्दैमा यी कुरा ओहो ! मेरो हृदय काँप्तछ ।
कँपायो त्यसले नै पो यी कुरा जुन भन्दछ ॥
त्यो जनस्थानमा युद्ध भयो हँ ? कसरी अहो ! ।
गिद्ध-राक्षसमा केको निहुँले ? हेतु के पऱ्यो ? ॥
म निकै दिनमा सुन्छु भाईको नाम आज यो ।
प्रशंसापात्र हुन् वीर गुण जान्ने थिए बडो ॥

३८

३६

अप्ल्यारो ठाम डाँडाको छ यहाँ, लौ ! मिली सब ।
झारी मलाइ लैजाऔ यहाँबाट तलै अब ॥
काल बित्ता निकै लामो भाईको नाम जो यहाँ ।
सुन्न पाएँ त्यसैले म भएँ सन्तुष्ट चित्तमा ॥
जनस्थानतिरै बस्थे मेरा भाइ जटायु ती ।
भए मित्र-दशरथ राजा फेरि कसो गरी ? ॥
जसका पुत्र हुन् जेठा राम, छन् गुणवान् अति ।
सन्मान गर्दछन् नित्य गुरुको मान्यको उति ॥
सूर्यको तेजले गर्दा मेरा पक्ष दुवै डढे ।
सुन ए बावु हो ! तस्मात उड्नै सक्तिन क्यै गरे ॥
आफ्ना शत्रु सबै मार्न सक्ने ए कपि हो ! तिमी ।
यो डाँडाबाट ओराल, खोज्छु ओर्लन मै पनि ॥

४५

इति छपन्नौं सर्ग

सन्ताउन्नौं सर्ग

अङ्गद र संपातिको कुराकानी

१

भाइको शोकले गर्दा स्वर संपाति-गिद्धको ।
साह्रै लर्खरिएको थ्यो भित्र पीर परी बडो ॥
कपि-यूथपले सारा सुने पनि कुरा तर ।
कासले नै हुँदा शङ्का पत्याएनन् परी डर ॥
उपवास बसेका थे न मरे सम्मको तब ।
डर्लाग्दो गिद्ध त्यो देख्ता झसङ्कै पो भए अब ॥
सब वानरमा शङ्का परी गो मनमा अनि ।
सक्छ खाएर यो गिद्ध हामीलाइ त्यसै भनी ॥
ठिकै भो ! आ ! सबै हामी शोक-भोकै भई यहाँ ।
मर्ने व्रत लिएकाछौं भने निश्चित रूपमा ॥
के भो र मारि खाए पो ? मारोस् लौ बरु बेस छ ।
हुन्छौं कृतार्थ चाँडै नै भेट्नेछौं सिद्धि वास्तव ॥
कपिका यूथका स्वामी सब वानरले अब ।
गमे निश्चय यै पक्का ! शोची यस्तै कुरा तब ॥
उक्लेर माथि डाँडामा चुचुरोबाट भै सब ।
बल्ल-तल्ल ! तलै झारे, भने अङ्गदले तब ॥
पक्षीप्रवर ! लौ सुन्नोस् ! वानरेन्द्र थिए अघि ।
वीर ऋक्षरजा नाम भएका बलवान् अति ॥
राजा ऋक्षरजा मेरा भै बक्सिन्थ्यो पितामह ।
उहाँका दुइटा छोरा भए वास्तव धार्मिक ॥
हो उहाँहरूको नाम वाली, सुग्रीव यै अनि ।
दुइटै भइ बक्सिन्थ्यो निकै नै बलवान् पनि ॥
भै बक्सिन्थ्यो पिता मेरा वाली चाँहि पराक्रम ।
शक्तिमा पृथिवीमा यो प्रसिद्ध,-अति उत्तम ॥
इक्ष्वाकु-कुलका रत्न स्वयं वीर महारथी ।
धर्मात्मा श्रीदशरथ-राजाका जेष्ठ पुत्र ती ॥

१३

१४

श्रीराम दण्डकारण्य सवारी भो निकै अघि ।
पित्राज्ञा पाल्नको निम्ति धर्मको आश्रयै लिई ॥
उहाँका साथ त्यो वेला धर्मपत्नी सती प्रिया ।
जानकी भइ बक्सिन्थ्यो थिए लक्ष्मण भाइ ता ॥
जनस्थानतिरै बस्ता गै वहीं दुष्ट रावण ।
सीतालाई हरी दौड्यो जवर्जस्ती गरीकन ॥
देखे ठ्याक्क यसै वेला गृध्रराज जटायुले ।
जो रामका बुवाज्यूका हितैषी, मित्र नै थिए ॥
सीतालाई लिई जान्थ्यो यता आकाशमार्गले ।
पऱ्यो आँखा त्यसैमाथि उनको, रुखमै थिए ॥
देख्नासाथ पुगी हाले झम्टिए ती जटायुले ।
चकैं युद्ध परी हाल्यो, पार्दिए रथ नष्ट ए ! ॥
राखे सुरक्षितै पारी जानकीलाइ भूमिमा ।
लड्न लागे त्यसैसाथ फेरि ती कसिई वहाँ ॥
बूढा भइ सकेकाथे बिचरा श्रान्त थे निकै ।
न लाग्दा अन्तमा केही माऱ्यो रावणले त्यसै ॥
यस्ता प्रकारले त्यस्ता मरे वीर जटायु ता ।
मार्दियो बलवान् त्यै थ्यो दुष्ट रावणले, अहा ! ॥
पछि श्रीरामले भेटी गर्दिई बक्सियो सब ।
उनको दाह-कर्मादि तस्मात पाए परंपद ॥
महान् आत्मा हुने मेरा काका-सुग्रीव साथमा ।
मितेरी लाइ बक्स्यो बा ! पछि भेट हुँदा वहाँ ॥
सुनी भनाइ काकाको प्रभु श्रीरामले पुनः ।
गर्दिई बक्सियो पक्षिन् ! वाली मेरा पिताकन ॥
अघि मेरा पिताज्यूले काका-सुग्रीवलाइ ता ।
च्युत पार्दिइ बक्सेको थियो त्यो राज्य बाट हा ! ।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यसैले रामले मारी पछि मेरा पिताकन ।
राखियो राज्यमा काका अभिषेक दिईकन ॥
अचेल भइ बक्सिन्छ पति वानरका यहाँ ।
ठूलूला कपिका सम्म राजा पनि स्वयं उहाँ ॥
त्यस्ता सुग्रीव-राजाले सुन्नोस्! हामीहरूकन ।
पठाइ बक्सिएको हो सीता खोज ! भनीकन ॥
रामको प्रेरणा पाई हामीहरू सबै यता ।
विदेहराजकी छोरी खोज्न घुम्छौं जताततो ॥
परन्तु अहिले सम्म खोजे पनि कहीं यहाँ ।
भेटेनौं सूर्यको ज्योति नभेटे ठीक रातमा ॥
दण्डकारण्यका भेग खोज्यौं एकाग्र लो मन ।
हामी पस्न पुग्यौं पछिन ! ठुलो भित्र खुलो पुनः ॥

३२

३३

मयले आफ्नु मायाले बनाएको रहेछ त्यो ।
त्यसैभित्र रिङ्यौ हामी न जान्दा व्यर्थमा अहो ! ॥
खोज्दा खोज्दै वित्यो काल त्यै दुलोमा जताततो ।
फर्किने म्याद राजाले बक्सेको गो कता कता ॥
हामी वानर हौं सारा वीर राजा हुने पति ।
उहाँकै मान्दछौं आज्ञा पाल्दछौं, छौं यहाँ जति ॥
परन्तु म्याद तोकेको जो वित्यो त्यसरी अतः ।
न खाइ न पिई मर्ने लियौं सुव्रत, त्रास छ ॥
ककुत्स्थ-कुलका रत्न प्रभु राम र लक्ष्मण ।
रिसाइ बक्सिए राजा-सुग्रीव पनि ता पुनः- ॥
गएमा पनि फर्केर हाम्रो जीवन वस्तुतः ।
बच्न ता कठिनै पर्ला हामीमा यै छ पीर छ ॥

३८

इति सन्तान्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अन्ठाउन्नौं सर्ग

संपातिले आफ्ना कुरा भन्नु र सीता एवं रावणको नाम–गाम बताउनु

१

छोडी जीवनकै आशा माया लाग्ने गरी तब ।
भने बा ! कपिले त्यस्तो सुने संपातिले सब ॥
आँखाभर भयो आँसु यिनको पनि त्यो सुनी ।
ठूलै स्वर झिकी गिद्ध भन्न लागे स्वयं ध्वनि ॥
सुन वानर हो ! भन्छौ जसलाइ यहाँ तिमी ।
बलवान् छ निकै नामी त्यो रावण भनी भनी ॥
त्यसैले युद्धमा मार्‍यो ती जटायुकनै भनी ।
जो सुनायौ, उनी मेरा हुन् कान्छा भाइ सद्‌गुणी ॥
भै सकें म निकै बूढो पखेटा पनि यी डढे ।
छैन शक्ति पनि त्यस्तो अघि जस्तो थियो हरे ! ॥
भाईका वैरको साटो फेर्न तागत छैन क्यै ।
सत्र त्यो मृत्युको हाल सुनें, खप्छु असक्त भै ॥
पहिलेकै कुरा हो यो सुन लौ ! जब इन्द्रले ।
वृत्रलाइ बजाएथे, मार्दिएथे स्ववज्रले ॥
संभयौं ! जटायुले मैले बलवान् इन्द्रलाइ र ।
झम्ट्यौं ! जित्न उनैलाई उड्यौं स्वर्गतिरै तब ॥
पुगी आकाश-मार्गैले वहाँ सफलता लिई ।
फर्कंदा बीच-बाटोमा परे सन्मुख सूर्य यी ॥
मध्यान्हको थियो वेला चर्का किरणले तब ।
तातेर पिरिए साह्रै मेरा भाइ जटायु त ॥
त्यस्ता भाइकनै देख्ता माया लाग्यो मलाइ ता ।
मैले आफ्ना पखेटाले छोपें वा ! उनलाइ ता ॥
वहाँ यस्तै अवस्थामा सूर्यका तीव्र-तेजले ।
मेरा दुवै पखेटा यी भुसुक्कै पार्दियो हरे ! ॥
वीर वानर हो ! तस्मात् लडें डङ्ग्रङ्ग भै म ता ।
पछि ता विन्ध्य-डाँडाको यही भेगतिरै त्यवा ॥

१३

१४

यहीं छु म त्यहाँ देखि आफ्ना भाइ जटायुको ।
पाएको छैन क्यै पत्तो, सुनें हा ! मृत्यु आज पो ॥
त्यस्ता जटायुका दाजु गिद्ध संपाति भै दरा ।
भनी यत्ति भए चूप भाइका स्नेहले वरा ! ॥
भन्छन् अब उनै साथ बुद्धिमान् युवराज ती ।
उनका यी कुरा सुन्दा भित्र श्रद्धा बढी अति ॥
जटायुका भए दाजु गृध्रराज ! तपाँइ वा ।
यदि मैले भनेको त्यो कुरा कान-भरी छ वा ॥
दुष्ट-राक्षसलाई त्यो जान्नु हुन्छ भने पुरा ।
लौ आज्ञा होस् ! कहाँ बस्छ नाम, गाम सबै कुरा ॥
पक्कै अदूरदर्शी हो नीच रावण राक्षस ।
टाढा होस् वा नजीकै होस्, भन्नोस्! जान्नु भए अब ॥
भन्छन् जटायुका दाजु अब जो तेजिला थिए ।
उनैका ठीकका वाक्य हर्षाई कपिलाइ ए ! ॥
सुन ए बावु हो ! मेरा पखेटा उहिल्यै डढे ।
यता शक्ति भयो क्षीण चल्नै सक्तिन देहले ॥
भैगो ! म तै पनी गर्छु वचनैमात्रले पनि ।
सहाय रामको त्यस्ता भइ बक्सिन्छ जो गुणी ॥
म जान्दछु बुझ्यौ ! हाल यो सारा जीव-लोकको ।
मलाई ज्ञान राम्रो छ साक्षात् वरुण-लोकको ॥
लिंदा वामनको रूप विष्णुले पाउ तीन ती ।
क-कहाँ राखि बक्सें थ्यो त्यो मै जान्दछु, भै स्मृति ॥
अझै छर्लङ्ग संझन्छु, जो भो अमृत-मन्थन ।
देव-दानवको युद्ध देख्तैछु, अरु गन्थन ॥
रामको काममा यस्तो गर्नु पर्थ्यो सहायता ।
मेरो नै काम थ्यो पैलो, न सक्ने भै गएँ म हा ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
बुढ्याँईले लगी हाल्यो तेज, शक्ति भए जति ।
यवा शिथिल भै हाल्यो प्राण-शक्ति पनी अति ॥
कुनै दिन यहीं बस्ता सुन ए वीर हो ! अब ।
देखेथें आफ्नु आँखैले एउटा घटनातक ॥
त्यही रावण हो दुष्ट एउटी तरुणीकन ।
हरेर लिइ जाँदैथ्यो, बल्दथ्यो रूप-यौवन ॥
उनका अङ्ग-प्रत्यङ्ग थिए अत्यन्त सुन्दर ।
आभूषण थिए नाना पैह्रिएका मनोहर ॥
रुन्थिन्, चिच्याँउथिन् देवी राम! राम! भनीकन ।
भन्दथिन् बीच-बीचैमा हा लक्ष्मण ! पनी पुनः ॥
हात-खुट्टा त्यसै पर्याँक्थिन् बिचरी थर्र काँप्तथिन् ।
देहका गहना आफ्ना झिकेर तल फ्याँक्तथिन् ॥
पहेलों रेशमी सारी उनको आँगमा थियो ।
देखिन्थ्यो पूर्व डाँडामा सूर्यको कान्तिझैं अहो ! ॥
तर राक्षसको कालो देहमा त्यो अजङ्गको ।
शोभिन्थन् विजुलीझैं ती कालो बादल बीचको ॥
वारम्वार लिंदा नाम राम ! राम !! भनी भनी ।
लौ ! संझे अहिले मैले उनै हुन् जानकी भनी ॥
अब भन्छु म ठेगाना त्यस राक्षसको सुन ! ।
जहाँ बस्तछ त्यो दुष्ट घर हो त्यसको जुन ॥
महर्षि विश्रवाकै हो छोरो राक्षस रावण ।
साक्षात् कुवेरकै भाई, त्यही हो कपि हो ! चिन ? ॥
लङ्का नाम हुने यौटा नगरी छ मनोरम ।
त्यहीं बस्तछ त्यो दुष्ट, छ त्यहीं घर उत्तम ॥
यहाँ बाट निकै टाढा कोश चार सए पर ।
सिन्धुको बीच-भागैमा यौटा टापू छ सुन्दर ॥
छ त्यहीं त्यो पुरी लङ्का रमणीय छ यै ज्याति ।
बनाए विश्वकर्माले यसलाइ निकै अघि ॥
त्यहाँका सब ढोका छन् विचित्र अतिसुन्दर ।
छन् सुनै-सुनलेमात्र बनेका घर-मन्दिर ॥
विमान-घरका साथै प्रासाद-घर छन् वहीं ।
सुनैका छन् र राम्रा छन् शोभिएका जहाँ-तहाँ ॥
विशाल अति नै ठूलो घेरो-पर्खाल सम्म त्यो ।
ऊँचो छ सुनकै फेरि सूर्य झैं झल्किने अहो ! ॥
४३

४४
त्यसै भित्र बसेकी छन् देवी-सीता दुखी बनी ।
पहेंलो रेशमी सारी शोभिन्छ जिउमा पनि ॥
बिचरी थुनिएकी छन् त्यस कारण दुष्टको ।
खोपी भित्र, रुँदैछन् ती, कुर्दछन् राक्षसी अहो ! ॥
वहाँ पुग्न सकेदेखि तिमीहरू पनी सुन ! ।
देखौला बावु हो ! सीता-मैथिली-जानकीकन ॥
छ सुरक्षित त्यो लङ्का चारैतिर समुद्रले ।
झ्याक्क चार सए कोश जानु पर्दछ वेगले ॥
पुगेर यसरी पारी दक्षिणी-तटमा तिमी ।
दुष्ट रावणलाई त्यो देखलौ लङ्कापुरी घुमी ॥
वीर बानर हो ! तस्मात् पार पुग्न समुद्रको ।
गर रत्न र देखाओ आफ्नो तागत जो छ त्यो ॥
यहाँ देखि रहेको छु म यसो ज्ञान दृष्टिले ।
फर्कनेछौ तिमी भेटी जानकीलाइ यत्नले ॥
कपि हो ! पहिलो बाटो सुन ! आकाश-मार्गको ।
कुलिङ्गको परेवाको हो, खान्छन् धान्य आदि जो ॥
त्यसका माथिको बाटो कौवाको फल वृक्षको ।
खाने पक्षीहरूको हो वहाँ पुग्ने सुयोग्यको ॥
कुरर-क्रौञ्च-भासादि पक्षीको मार्ग हो अनि ।
हो चौथौ मार्ग माथिल्लो श्रेष्ठको, बाजको पनि ॥
अनि गिद्धहरू उड्छन् पाँचौं आकाश मार्ग ली ।
बल वीर्य भएका छन् पुग्छन् पक्षी उनै उडी ॥
हंसादि मुख्य छन् अर्को रूपकै साथ यौवन ।
जसको छ, तिनैको हो यो छैटौं मार्ग शोभन ॥
यसभन्दा छ माथिल्लो बाटो गरुड-देवको ।
हामी सम्पूर्ण पक्षीको उत्पत्ति जसबाट भो ॥
पक्कै निन्दित क्यै कर्म गरेछौं पूर्व जन्ममा ।
मासु खाने भई जन्म्यौं तस्मात् हामीहरू यहाँ ॥
भैगो ! अब तिमीलाई गरी केही सहायता ।
छ फेर्नु भाइको साटो दुष्ट रावण बाट ता ॥
म यहीं वसि देख्तोछु जानकीलाइ बावु हो ! ।
दुष्ट-रावणकै साथ भएपनि वहाँ अहो ! ॥
छ टाढा देखनमा शक्ति हामीमा पनि दिव्य पो ।
सारा चराचुरुङ्गीका राजा गरुड-ठीकको ॥
६०

६१

सुन वानर हो ! हामी स्वाभाबिक-स्वरूपको ।
बलले वीर्यले सम्म आफ्नो आहाररूपको ॥
शयौं योजन पर्यन्त त्यस भन्दा पनि बढी ।
देखछौं छर्लङ्ग आँखाले निरन्तर, छ यै स्थिति ॥
यही जातीय-बानी हो नानी हो ! त्यस बाट नै ।
जीविका तोकियो हाम्रो देखिन्छ जुन दूर नै ॥
खुट्टाका भरले लड्ने कुखुरा आदिका चरा ।
वृत्तका फेदमै बस्छन् धान्छन् जीवन यी बरा ॥
उपाय शोच क्यै तस्मात् नाघ्न त्तार-समुद्र यो ।
वहाँ गै जानकी भेटी फर्कौला पुर फेरि जो ॥

६५

६६

समुद्र-तटमा पुग्न अब खोज्छु म बावु हो ! ।
तसर्थ गर लौ मेरो सहाय सब योग्यको ॥
दिलका देहका ठूला मेरा भाइ जटायुमा ।
जुन स्वर्ग गए, दिन्छु म जलाञ्जलि गै वहाँ ॥
सुने पछि कुरा यस्ता बलीया कपि-वीरले ।
संपातिलाइ बोके बा ! जुरुक्कै दृढ-स्नेहले ॥
डढेका दुइटै पत्त उनलाइ समुद्रको ।
किनारमा लगी राखे पछि बाट गरी त्यसो ॥
जलाञ्जलि दिए आफ्ना भाईलाई वहाँ अनि ।
निवास स्थानमा फेरि पुऱ्याए कपिले पनि ॥

७१

७२

संपाति-गिद्धले भन्दा सीताको हाल चाल त्यो ।
सुनेर सब जानेर भए वानर दङ्ग पो ॥

इति अन्ठाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्साठी सर्ग

संपातिले सुपार्श्वका मुखबाट सुनेको सीताको हाल सुनाँउनु

१

गर्दा गर्दै कुरा-कानी स्वयं संपाति गिद्धले ।
अमृतै तुल्यको त्यस्तो कुरा सब बखान्दिए ॥
सबै सुन्दा र गुन्दामा अब यी वीर वानर ।
दङ्गादङ्गी परी हाले भिन्न-भिन्न निरन्तर ॥
श्रेष्ठ थे जाम्बवान् भालू भालू-वानरमा सब ।
उठे अब उनै वीर छोडी आसन भूतल ॥
उनका साथ-साथैमा उठे कपि पनी अरू ।
अनि बिन्ती गरे त्यस्ता गिद्धस, राख्न आबरू ॥
लौ पक्षिराज ! आज्ञा होस् भइबक्सिन्छ जानकी ।
देवी सीता कहाँ? कल्ले देख्यो? त्यो पनि, हेतु दी ॥
मिथिलेश्वरकी छोरी उहाँलाइ हरी अहो ! ।
लैजाने दुष्ट को हो त्यो ? के गरेर कता लग्यो ? ॥
यो सबै सुन्न चाहन्छौं हामीहरू विशेषतः ।
कपि हौं, वनवासी छौं हुनोस् आधार लौ अतः ॥
त्यो धृष्ट व्यक्ति को होला? गर्छ साहसको अहो ! ।
राम-लक्ष्मणका बाण जुन ठान्दछ तुच्छ पा ? ॥
वज्रमैं वेगवान् छन् जो, उता शक्ति छ उत्तम ।
ती दुवै वीर-भाईको को मान्दैन पराक्रम ? ॥
खानै र पिउँनै छोडी व्रत बस्ने उनीकन ।
कपिग्का कुरा सुन्न देखे बा ! यिनले पुनः ॥
वीर-वानरलाई ती दङ्ग पारी, परीकन ।
आश्वासन दिंदै भन्छन् फेरि गिद्ध वहाँ, सुन ! ॥
ठूलठूला नेत्रकी देवी हरिइन् जसरी वहाँ ।
विदेह-नन्दिनी सीता अहिले बस्तछिन् जहाँ ॥
जसले त्यो सबै हाल आएर मसँगै भन्यो ।
सुनेथें, जसरी मैले म भन्छु सुन ! लौ कुरो ॥

१३

१४

यो विन्ध्य-गिरिको डाँडो छिचोल्नै पर्छ कष्ट पो ।
छ जो लम्बाइ-चौडाई भएको घेर कोशको ॥
घेरै काल वित्यो, डङ्ग खसेंथें म यहाँ जब ।
थिएँ बृद्ध, थियो क्षीण प्राण-शक्ति तथा बल ॥
सुपार्श्व नामका मेरा पक्षिश्रेष्ठ थिए सुत ।
देख-रेख उनै गर्थे मेरो नित्य विशेषतः ॥
ल्याई आहार दिन्थे ती यथासमयमा ममा ।
यसरी बावु-छोरा भै बस्तथ्यौं यस विन्ध्यमा ॥
जस्तो गन्धर्वमा हुन्छ कामभाव निकै बढी ।
छ जस्तो अरुमा भन्दा सर्पमा क्रोध क्यै बढी ॥
जस्तो छ मृगमा घेरै डर, त्रासादि सर्वथा ।
छ त्यही ठीक हामीमा भोक चर्किन्छ नित्य बा! ॥
कुनै दिन म ज्यादै नै भोकाएको थिएँ गुन ! ।
थिएन साथमा केही तब खाने कुरा सुन ! ॥
छोरा खोज्न गएकाथे बल्ल साँझ भए पछि ।
उनी आँउन ता आए मासु-आहार क्यै न लो ॥
मैले खान न पाएमा भनी अल्लि कडै कुरा ।
पीर पारें उनीलाई झुकाइ शिर थे खडा ॥
मलाइ खुश पारेर गरी सत्कार आदर ।
पछि बाट भने यस्तो उनले सुन वानर ! ॥
बुबा ! आकाशमा वेला छँदैमा खोज्न मांस म ।
उडें छिटै पुगी हाले महेन्द्र-गिरिमै पुनः ॥
त्यत्रो महेन्द्र-डाँडाको ढोकै बन्द गरी बसें ।
जलका थलका प्राणी पाए थुत्तछु, गम्दथें ॥
सिन्धुभित्र वहाँ घुम्ने हजारौं जल-जन्तुको ।
बाटो थुन्थे, म नै यौटा मुन्टो तलतिरै थियो ॥

२६

२७

देखें मैले त्यसै वेला कालो गाजल ठीकको ।
व्यक्तिलाइ कुनै नारी बोक्तथ्यो, तर उड्दथ्यो ॥
थिइन् ती सुन्दरी सान्है विहानीपख-सूर्यको ।
कान्ति ठीक हुने ज्योति, रूप-यौवन बल्दथ्यो ॥
देखतैमा यी दुवैलाई सिध्याएर दनादन ।
बुवा ! हजूरको निम्ति खोज्थें आहार ल्याँउन ॥
परन्तु त्यसले माग्यो बाटो म सँग वस्तुतः ।
ज्यादै मधुर-वाणीमा सामले नम्रतासित ॥
मीठो वचन बोलेर नम्र भै सामले बुवा ! ।
माग्छ केही भने कोही हान्ला को त्यसमा अहा ! ॥
छैनन् क्वै यस पृथ्वीमा त्यस्ता नीच जनै पनि ।
यस्तामा पनि ठोकुन् जो, म मात्रै किन हूँ अनि ॥
अनि त्यो सब आकाश पार्छ सानो-सरी गरी ।
उड्दै गयो बुवा ! आफ्नो तेजैले वेग ली वरी ॥
तब आकाशमा घुम्ने सिद्ध चारण आदिका ।
प्राणी सब वहीं आए मेरो मान गरे अहा ! ॥
महर्षिहरु भेला भै पछि बाट भने मसा ।
सौभाग्यको कुरो यै भो सीता छन् जीवितै यहाँ ॥
स्त्रीलिई साथ आएको त्यस्तो पुरुष सम्म जो ।
उम्क्यो दृष्टि परी तिम्रो जय होस् बावु! बेस भो ! ॥
झल्केका झल्झलै शोभा महापुरुष-सिद्धले ।
म त्यसो भनिएँ आर्य ! कुरा खोली पछी भने ॥
कालो पुरुष जो हो त्यो दुष्ट रावण हो सुन ! ।
सारा राक्षसको राजा छ महान् बलवान् पुनः ॥
तस्मात् बुवा ! दशरथ-राजाका पुत्र रामकी ।
पत्नी ती जानकीलाई हेर्न थालें म टक्टकी ॥
थिइन् थाकिसकेकी झैं शोक बढ्दा निरन्तर ।
देहका गहना सारा खस्तथे तल बर्बर ॥
लत्रन्थ्यो शिरको घुम्टो चिल्लो राम्रो जुरो पनि ।
त्यसै खुस्किसकेकोथ्यो, रुन्थिन्, चिच्याँउथिन् उनी ॥

४१

४२

हा राम ! हा प्रभो राम ! भन्थिन् हा प्रिय लक्ष्मण ! ।
लग्यो यस्तै अवस्थामा त्यसले पछि दक्षिण ॥
बुबा ! निकै अवेला भो हेर्न लाग्दा यही सबै ।
भने सुपार्श्वले यत्ति कुरा गर्न सिपालु भै ॥
सुन्दा पनि कुरा यस्ता मेरो हृदयमा तर ।
उब्जिएन हरे ! आफ्नो बीर्य देखाँउने सुर ॥
दुइटै पक्षले हीन बलको क्षीण-शक्तिको ।
बूढो चरो गरोस् पो के ! ठिक्कै हो त नि ! बावु हो ! ॥
तर यो बुद्धि-वाणीले गरिने उपकार ता ।
गर्ने मेरो छ है बानी नानी हो ! गर्छु सर्वथा ॥
म भन्छु अब त्यो काम ? त्यसमा तर वास्तव ।
भर मुख्य छ तिम्रो नै कसिई गर पौरख ॥
तिम्रो प्यारो हुने काम वाक्यले बुद्धिले तक ।
म गर्छु रामको काम मेरै हो, छैन संशय ॥
त्यसैले बुद्धिमान् श्रेष्ठ बलवान् कपि छन् भनी ।
तिम्रा सुग्रीव-राजाले खटाए यसमा पनि ॥
हो ! म मान्दछु त्यस्तै छौ, देवले पनि भवादृ ता ।
गाह्रै पर्दछ है जित्न तिमीहरूकनै यता ॥
राम-लक्ष्मणका बाण छन् तीखा र कडा उता ।
जसमा कङ्क-पक्षीको पक्ष-शोभित छन् तथा ॥
म ठान्छु बावु हो ! तस्मात् बाण ती वज्रतुल्यका ।
यी तीनै लोकको सक्छन् रक्षा संहार गर्न वा ! ॥
उता तिम्रो विपक्षी र जोरी रावण त्यो पनि ।
कम छैन, म जाँन्दैछु, छ तेजी बलवान् पनि ॥
परन्तु कपि हो ! तिम्रो निम्तिमा, जो समर्थ छौ ।
क्यै छैन जित्न त्यल्लाई सजिलैसित पेल्दछौ ॥
मास्नु हुन्न त्यसै काल, ढीलो नगर भो ! अब ।
यसै गर्ने भनी लाग काममा गर निश्चय ॥
बुद्धिमान् जन जो जो छन् तिमी ठीक हुने यहाँ ।
उनी विलम्ब गर्दैनन् कहिल्यै कार्य-सिद्धिमा ॥

४६

इति उनान्साठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

साठी सर्ग

संपातिले आत्मकथा भन्नु

१

गिद्ध संपातिले आफ्ना भाइलाई वहाँ गई ।
जलाञ्जलि दिए पैले नुहाई स्नेहमा बही ॥
स्नान-सन्ध्या सके आफ्नो पछि बाट उनीकन ।
वीर-वानरले सारा लगे बोकी वहीं पुनः ॥
घेरी चारतिरै बाट सब वानर-यूथप ।
थपाथप बसे फेरि अघि जस्तै गरी अब ॥
घेरिएका थिए सारा कपिले, वीर-अङ्गद ।
नजीकै उनको बस्थे थियो हृदय गद्गद ॥
श्रद्धा-विश्वास पारेकै थिए संपातिले यता ।
स्वयं हृष्ट थिए भित्र, भन्न लागे उनी तदा ॥
ए बाबु कपि हो ! सारा फिरिक्क न चली सुन ।
होउ चुप्प सबै फेरि पार एकाग्रको मन ॥
मिथिलेश्वरकी छोरी सीतालाइ जसो गरी ।
जानेको छु, स्वयं भन्छु, त्यो प्रसङ्ग म राम्ररी ॥
भने मैं अघि, डढ्दा म सूर्यका किरणै परी ।
विन्ध्यको टाकुराबीच लडेंथें डङ्ग बेसरी ॥
सुन है ! त्यस वेलामा मेरो सर्वाङ्ग यो स्वतः ।
सूर्यको रापले त्यस्तो पोल्थ्यो भतभत वस्तुतः ॥
छओटा रात ता सुत्तै बितेछन्, होश भो अनि ।
निकै विह्वल भै हालें म थिएँ विवशी पनि ॥
यसो सब दिशा हेर्दा वहाँका वस्तुलाइ नै ।
मैले सकिन है चिन्न, पऱ्यो गाह्रो ठमाँउनै ॥
फर्कियो होश विस्तारै देखें सागर, पर्वत ।
तलाउ र नदी-नाला वन सागरका तट ॥
ठमाएँ अनि पो मैले यै हो दक्षिण-सिन्धु त्यो ।
तटको विन्ध्यको डाँडो जुन सौन्दर्यपूर्ण थ्यो ॥

१३

१४

हर्षोत्फुल्ल चरा नाना खेल्दथे, व्याप्त थ्यो सत्र ।
टाकुरामा थिए राम्रा कन्दरा र गुफातक ॥
थ्यो यहाँ पहिले यौटा पुण्य आश्रम उत्तम ।
जसको देवता सम्म गर्थे सन्मान हर्दम ॥
राज हुन्थ्यो यहाँ यौटा महात्मा मुनि बाबु हो ! ।
निशाकर थियो नाम उहाँको तप उग्र थ्यो ॥
धर्मको मर्मको गाँठो बुझ्ने जान्ने स्वयं अवि ।
उहाँ स्वर्ग सबारी भो पछि चोला त्यसै त्यजी ॥
त्यस्ता महर्षिको पाउ छुटे ता पनि ता म ता ।
यहीं बसें, वित्यो ठ्याक्कै आठ हजार वर्ष ता ! ॥
अँ ! अनी होश आएमा यै डाँडामा जताउता ।
घुम्न थालें म, फेदीमा ओर्लिएँ कष्टले तदा ॥
पुगेंछु ठाममा त्यस्तो जहाँ तीखा थिए कुश ।
खोचे च्वास्च्वास्ति! त्यो खप्तै अघिल्तिर बढें अफ ॥
महान् ऋषि उहाँलाई गर्न खोज्थें म दर्शन ।
तस्मात् कष्ट खपी त्यस्तो गएँथें म वहाँ सुन ! ॥
धेरै पटक यो भन्दा अघि, भाइ जटायु र ।
मैले पनि गरेकाथ्यौं उहाँको शुभ—दर्शन ॥
पुण्य आश्रममा त्यस्तो बहन्थ्यो वायु शीतल ।
सुगन्ध ल्याँउथ्यो हर्र ! अतिस्वच्छ थियो जल ॥
बुझ्यौ ! बाँझा थिएनन् बा ! कुनै वृक्ष-लता त्यता ।
फुलेकाथे, झुलेकाथे, फलेकाथे, जताउता ॥
पुगीआश्रममा त्यस्तो म कुनै वृक्षको मनि ।
त्यसै बसि रहें ठिङ्ग ! सुस्ताएर निकै अनि ॥
भित्र इच्छा थियो यौटै कसरी मुनिराजको ।
दर्शनै पाँउला भन्ने, पर्खें ! बित्थ्यो र के कुरो ? ॥

२६

२७

केही वेर न वित्तैमा मुनीश्वर– निशाकर ।
त्यतैबाट सवारी भो टाढै देखें, भएँ स्थिर ॥
बल्दथ्यो तेज धप्धप्ति उहाँको पुण्य-गाथमा ।
सकेर फर्कि बक्सिन्थ्यो आफ्नु स्नान-क्रिया वहाँ ॥
सवारी भै रहेकोथ्यो मुख फर्काइ उत्तर ।
कसैले हेप्न गाह्रै थ्यो हुनाले शक्ति दुर्धर ॥
सम्पूर्ण वनका प्राणी अनेकौं बाघ सिंह र ।
भालू मृग तथा सर्प घेरि हिंड्थे सबैतिर ॥
उदारदिलको दानी-व्यक्तिलाई जसो गरी ।
हिंड्छन् माग्नेहरू घेर्दै, थिए सब तिनै सरि ॥
भित्रिबक्सिन लाग्दामा आफ्नु आश्रममा ऋषि ।
था पाएर सबै फर्के आएका पछि जन्तु ती ॥
राजा महलमा यस्ता मन्त्री इत्यादि सेवक ।
अ-आफ्नो ठाममा जान्छन् जस्तो, त्यस्तै भयो तव ॥
यसै वेला पऱ्यो दृष्टि म माथि मुनिराजको ।
तर भित्र सवारी भो सरासर उहाँ अहो ! ॥
मुहूर्तभरको वेला न वित्तैमा सुन्यौं कुरा ! ।
सवारी बाहिरी हाल्यो महात्मा मुनिराजको ॥

३५

३६

स्वयं म नजिकै आई किन आयौ ! भनीकन ।
मलाई सोधि बक्स्यो बा! अनि आज्ञा भयो सुन ॥
ए गिद्ध बावु ! देखें वा ! त्यो तिम्रो देहको स्थिति ।
विरूपै पो भएछौ हा ! देखिन्न रँउ नै कति ? ॥
पखेटा दुइटै छैनन् , डढेछन् अग्नि-तापले ।
तै पनी देहमा तिम्रो खेल्दैछन् अम्म प्राण ए ! ॥
भएका वायुझैं वेग शक्तिमान् बलवान् अति ।
मैले कता कता दोटा देखेंथें गिद्ध ता अघि ॥
इच्छानुसारको रूप धर्न सक्थे दुवै तिनी ।
दाजु-भाइ थिए दोटै राजा हुन् गिद्धका धनी ॥
लौ चिनें ! अव ता पक्कै तिमी संपाति दाजु हौ ।
भाई जटायु हुन् तिम्रा हो ! दुवै अघि आँउथ्यौ ॥
दुवै मनुष्यको रूप धर्दथ्यौ, आँउथ्यौ यहाँ ।
मेरा चरणमा पर्थ्यौं लुटपुटिन्थ्यौं दुवै त्यहाँ ॥
के भो यो? भन लौ चाँडै! कि छोयो रोगले? हरे! ।
पखेटा दुइटै तिम्रा कसरी यसरी झरे ? ॥
मलाइ भन सम्पाते ! कसैको दण्ड हो कि यो? ।
जवाफ देउ सोधेको कुराको, कुन तथ्य हो? ॥

४४

इति साठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकसट्ठी सर्ग

मुनिराज–निशाकरलाई संपातिले आफ्नु पखेटा डढेको कुरा भन्नु

१

सुन बानर हो ! साक्षात् महात्मा मुनिराजले ।
मलाइ सोधिबक्स्यो बा ! त्यसरी अतिस्नेहले ॥
न शोची भवाट्ट जो मैले सूर्यमा झम्टिदै गएँ ।
डर्लाग्दो काम त्यो आफ्नो उहाँमा अनि पोख्दिएँ ॥
भगवन् ! देहमा मेरो घावैघाउ छ, दुख्तछ ।
छन् यता लाजले गर्दा सब इन्द्रिय व्याकुल ॥
छु श्रान्त क्लान्त अत्यन्त यसैले पनि राम्ररी ।
बोल्न सक्तिन है स्वामिन् ! बोली निस्कन्छ लर्बरी ॥
दाजु-भाई दुवै हामी जटायु र म हे प्रभो ! ।
मैमत्ता पो भएकाथ्यौं, शेखीले चूर थ्यौं बडो ॥
तस्मात् छ कसमा कत्ति शक्ति जान्न भनेर यो ।
आकाशमा उड्यौं हामी दुवै टाढातकै प्रभो ! ॥
मुनिको अघि हामीले वसी कैलासमा अघि ।
यस्तो प्रण गरेकाथ्यौं बढ्दामा गर्व त्यो अति ॥
सूर्य अस्ताचलै पुग्दा न पुग्दा त्यसको अघि ।
हामीले पुग्नु पर्ने भो उडी पछि–पछी अघि ॥
यही निश्चय-टुङ्गो ली हामी आकाशमा उड्यौं ।
जटायु र म संपाति पछि सम्म सँगै थियौं ॥
हेर्थ्यौं तल वहाँ बाट देखिन्थे पुर, भूमिका ।
स-साना रथका पाङ्ग्रा ठीकका भिन्न-रूपका ॥
सबा आकाशमा चाँहि आँउथ्यो मधुरो ध्वनि ।
स्वर बाजा र गाजाका सुन्दथ्यौं, हेर्दथ्यौं पनि ॥
झनन्न गहना बज्थे, सारीले लाल रङ्गका ।
शोभिन्थे अङ्गना, देख्थ्यौं दुवै हामीहरू तदा ॥
त्यस भन्दा पनी माथि पुग्यौं हामी दुवै तब ।
तुरुन्त सूर्यकै बाटो समात्यौं थ्यौं छिटा जब ॥
१३

१४

आँखा गाडी यसो हेर्दा वहाँ बाट पनी तल ।
हरीया घाँस हुन् जस्ता देख्यौं यी वन–जङ्गल ॥
देखिन्थिन् पृथिवी स्वामिन् ! हुँदा डाँडा विचित्रकी ।
ढुङ्गा चउरमा राख्ता देखिए ठीक शोभिंदी ॥
नदी–नाला हुने व्याप्त शोभिन्थिन् यी बसुन्धरा ।
धागाले बेह्रिए ठीक देखिन्थिन् बिचरी बरा ! ॥
भगवन् ! यस पृथ्वीका मेरु विन्ध्य हिमालय ।
इत्यादि गिरि ठूलठूला स-साना देख्तथ्यौं सब ॥
शोभिन्थे तालमा एवं दहमा भित्र गैबरि ।
खेल्ने दँतार हात्ती हुन् भने जस्ता सबै गिरि ॥
त्यस वेला प्रभो ! हामी दुवैको देहबाट ता ।
खलखलित पसिना निस्क्यो, बढ्यो श्रम पनी तदा ॥
त्यत्तिकैमा बढी हाल्यो भय मोह पनी अहो ! ।
छोपि हाल्यो बढी मूर्च्छा थाम्न गाह्रै पऱ्यो प्रभोः ॥
दिशा छुट्टिन गाह्रै भो जानेनौं दक्षिणी दिशा ।
ज्ञानै भएन आग्नेय, चिनेनौं पश्चिमी दिशा ॥
जगत् स्थिर थियो किन्तु हामीमा भान पर्न गो ।
यै हो युगान्तको वेला भुसुक्कै पार्छ अग्नि पो ॥
लिदा आधार आँखाको त्यसकै गति साथमा ।
लत्तो छोडि दियो नाथ ! यो मेरो मनले वहाँ ॥
त्यत्तिकैमा गरें मैले ठूलो यत्न विशेषतः ।
हेरें सूर्यतिरै फेरि मनले नेत्रले स्वतः ॥
बडो मुस्किलले देखें भगवान् सूर्यलाइ वा ।
त्यहाँ पो भइ बक्सिन्थ्यो भूमि जत्रो उहाँ अहा ! ॥
जटायु भाइ थे साथै नसोधी म सँगै तर ।
पृथिवीतिर ताकेर झोर्लेछन् तल सर्सर ॥
२६

२७
देख्ता तल झरेको ती भगवन् ! म पनी यता ।
खसालें छोड्दिएँ लत्तो आफैंलाइ पनी तदा ॥
मैले दुइ पखेटाले त्यो वेला भाइलाइ वा ।
थिएँ ढपक्क ढाकेको डढेनन् यसले उनी ॥
तर फेला परें स्वामिन् ! तल झर्दा वहाँ म नै ।
डढें म अलि चुक्तामा यी पखेटा भुसुक्क नै ॥
२९

३०
वायुको मार्गले झर्दा भाइलाइ जटायु वो ।
खसे भनी म अड्कल्छु जनस्थानतिरै पछि ॥
म यहाँ विन्ध्य-डाँडोमा लडेंछु भगवन् ! खसी ।
पखेटा दुइटै डढ्दा जड जस्तै भई पछि ॥
राज्यबाट भएँ भ्रष्ट, छुट्टिएँ भाइ साथ हा ! ।
बल-शक्ति भयो नष्ट, डढे पंख दुवै यता ॥
३२

कुराले सब यी गर्दा मर्न खोज्छु तसर्थ म ।
विन्ध्यको चुचुरोबाट हाम्फाल्छु अनि मर्छु म ॥
३३

इति एकसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बासठ्ठी सर्ग

संपातिले निशाकर मुनिको आदेश सुनाँउनु

१

सुन वानर हो! यस्ता मुनिश्रेष्ठ उहाँसँग ।
भनी यत्ति विलापें बा! दुःखी भइ मजैसँग ॥
सुनी मेरा कुरा त्यस्ता मुहूर्तभर घोरिई ।
भनि बक्स्यो यसो साक्षात् भगवान् मुनिले पछि ॥
चिन्ता नगर संपाते! यस्तै हो! लौ कुरा सुन! ।
उम्रने छन् पखेटा र तिम्रा रउँ पनी पुनः ॥
विग्रेका दुइटै आँखा सप्रने छन् छिटै यता ।
बल-विक्रमकै साथ फर्कला प्राण-शक्ति ता ॥
बुझ्यौ! पुराणमा मैले हुने पछि, अनेकन ।
ठूल्ठूला कामका वात सुनें हुन्छन् भनीकन ॥
सुने पनि तपस्याले के हुन् त्यस्ता कुरा भनी ।
गरें प्रत्यक्ष ध्यानी भै, पछि जानें, बुझें पनि ॥
निकै पछि यहाँ होलान् कुनै इक्ष्वाकु-वंशका ।
महान् राजा-दशरथ नामका पुण्य-कीर्तिका ॥
हुनेछन् उनका छोरा एउटा राम-नामका ।
धर्मात्मा, अतितेजस्वी, महान्-बल र वीर्यका ॥
आँउनेछन् उनै राम बुझ्यौ के? यो अरण्यमा ।
पत्नीसँग लिई आफ्ना-भाई लक्ष्मण साथमा ॥
यहाँ आँउनको निम्ति सत्यशक्ति उनीकन ।
मिल्नेछ बावुको आज्ञा राज-राजेन्द्र हुन् जुन ॥
जनस्थानतिरै बस्ता उनकी गृहिणीकन ।
हर्ला राक्षसले आई होला जो दुष्ट रावण ॥
सारा राक्षसको राजा त्यसलाइ कुनै पनि ।
सक्ने छैनन् बुझ्यौ! मार्न देव-दानवसम्म नि! ॥
मिथिलेश्वरकी छोरी रामकी ती सती प्रिया ।
ठूलै कीर्ति हुने होलिन् महान् सौभाग्यकी तदा ॥

१३

१४

यहाँ राक्षस-राजाले भक्ष्य भोज्य र भोगका ।
दिएर सर-सामान निकै लोभ्याउला तदा ॥
अड्लिन् परन्तु ती देवी, लात मार्लिन् सवै कुरा ।
पतिको साथ छुट्तामा बस्लिन् दुःख खपी पुरा ॥
दिएको त्यसले केही खान्नन् सीता भनी बुझ्नी ।
टक्र्याउलान् महान् अन्न इन्द्र आफैं वहाँ पुगी ॥
संपाते! अन्न त्यो होला सुधा ठीक र स्वादिलो ।
देवले पनि गाह्रै छ बुझ्यौ! पाँउन भोग्न त्यो ॥
दिए मलाई यो अन्न इन्द्रले यै कुरो गमी ।
गर्लिन् भै खुश स्वीकार पछि ती जानकी पनि ॥
त्यस बाट झिकी केही पहिलो भाग भूमिमा ।
राखी टक्र्याउलिन् आफ्ना पति श्रीरामभद्रमा ॥
त्यस वेला उनी भन्लिन्-मेरा पति र देवर ।
राम-लक्ष्मण बाँचेकै भइ बक्से दुवै यहाँ ॥
अथवा देवतारूप भै बक्सेको भए पनि ।
टक्र्याँउदीछु यो अन्न हओस् स्वीकार प्रेमले ॥
रामले नै पठाएका प्रभुका दूत वानर ।
यहाँ तिमी भए ठाम आइ पुग्लान् सरासर ॥
ए गिद्ध बावु! त्यो वेला तिमीले भन्नु यो कुरा ।
हाल श्रीरामकी रानी-सीताको जो घट्यो पुरा ॥
तिमी यो ठाम छोडेर न गयौ है! जहाँ-तहाँ ।
हरे! यस्तो अवस्था छ सकौला जान पो कहाँ? ॥
देश काल दुवै हेर! पर्ख दुःख परे खप ।
पखेटा यी दुवै तिम्रा उम्रने छन् नयाँ तव ॥
हो! सक्तछु तिमीलाई म पार्न अघिकै सरि ।
अहिल्यै यो पखेटाले भएका पूर्ण राम्ररो ॥

२६

२७
तर चाहन्न, संपाते ! निकै सम्म बसी यहाँ ।
गर्नेछौ लोकको धेरै काम जो श्रेयरूपमा ॥
सुन ! अर्को कुरा पक्षिन् ! ती दुवै राजपुत्रको ।
तिमीले गर्नु है सक्तो सहाय पछि, संझ यो ॥
त्यो काम रामकोमात्र हुँदै होइन, विप्रको ।
मुनिको; गुरुको एवं इन्द्रको सम्म मुख्य हो ॥
२६

३०
राम-लक्ष्मण ती दोटै भाइको शुभ दर्शन ।
म पनी गर्न चाहन्छु उत्कण्ठित छ यो मन ॥
तर पर्खनु पर्ने भो लामो समय सम्म र ।
भैगो ! भन्दछु, छोड्दिन्छु प्राण साथै कलेवर ॥
भविष्यतत्त्व जानेका निशाकर-महर्षिले ।
यत्ति आज्ञा भएकोथ्यो मलाई दिव्य दृष्टिले ॥
३२

इति बासट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिसट्ठी सर्ग

देवी–सीताको हालखबर भन्दा–भन्दै संपातिको पखेटा उम्रनु

१

बुझ्यौ ! वानर हो यस्तै कुराले अरु हालले ।
संझाइ बक्सियो धेरै मलाई मुनिराजले ॥
कुरा गर्ने कला जान्ने हुनाले चतुरा उहाँ ।
प्रशंसा गर्दिई बक्स्यो यै मेरो राम–कार्यमा ॥
निकै बसी म जावाको लिई स्वीकृति जानमा ।
पछि आश्रममा सुत्त पसी बक्स्यो स्वयं उहाँ ॥
अनि त्यो कन्दरा बाट विस्तारै निस्किएर म ।
घिसँदै विन्ध्य–डाँडामा उक्लिएँ अतिदुर्गम ॥
आँउनेछौ तिमी कैले म कैले भेटुँला भनी ॥
बाटो हेरी त्यहाँ देखि पर्खी–धान्दछु जीवनी ॥
उहाँसँग कुराकानी भएको काल देखि त्यो ।
अहिलेसम्म शयौं वर्ष बढी आठ हजार भो ॥
राखी हृदयमा भित्र मुनिको शुभ–वाक्य त्यो ।
प्रतीक्षा गरि बस्तोछु म यहाँ देश–कालको ॥
महाप्रस्थानको बाटो गरी मुनि–निशाकर ।
जब स्वर्ग सवारी भो तपको शक्तिले स्थिर ॥
त्यहाँ देखि ममा ज्यादै बढ्यो नानाप्रकारको ।
वितर्क–तर्क इत्यादि पिन्यो संतापले बडो ॥
म मर्छु, प्राण छोड्दिन्छु, भन्ने यै बुद्धि आँउथ्यो ।
मुनिका ती कुरा भवाट्ट संम्झिन्थें, अड्दथें अहो ! ॥
विचार–बुद्धि जो बक्स्यो प्राण धान ! भनी ममा ।
त्यसैले पनि टिक्तोछु, दुःख माश्तछ त्यै यहाँ ॥
बल्दा ह्वाह्वीर्ति आगाको राँकोले बाबु हो ! सुन ! ।
अँध्यारो सब नाशे झैं दुःख नाश्तछ त्यै पुनः ॥
म जान्दछु बुझ्यौ ! दुष्ट त्यस रावणमा कति ।
बल, शक्ति छ जो सारा, ममा ज्ञान छ है ! यति ॥

१३

१४

मैले सुपार्श्वलाई ती यसैले क्यै कडै भनी ।
झपारेथें, त्यसै छोडी दियौ सीताकनै ? भनी ॥
अहो ! विलाप सीताको सुने पनि गरी त्यसो ।
सीता बाट छुटे राम श्रीलक्ष्मण गमी यसो ॥
उता मेरो दशरथ–राजामा जति स्नेह थ्यो ।
जान्दथे, तै पनी मेरो गरेनन् प्रिय–कार्य त्यो ॥
सारा वानरको साथ बसी मिलिजुली यहाँ ।
गर्थे यस्तै कुराकानी बहेर दृढ प्रेममा ॥
अकस्मात् यस वेलामै अगाडि कपिको सब ।
पखेटा उनका उम्रे नयाँ रूप लिंदै अब ॥
गिद्ध–संपातिले हेरे यसो आफ्नु शरीरमा ।
र–राता दुइटा पक्ष शोभिन्थे उम्रिई जहाँ ॥
अतुल्यसुख भै हाल्यो अनि ता उनमा अहो ! ।
निकै आनन्द मानेर भन्दछन् कपिमा यसो ॥
प्रिय वानर हो ! देख्यौ ? राजर्षि र महर्षि ती ।
निशाकर महात्माको कृपाको फल हो यही ! ॥
त्यस्ता अतुल्य–तेजस्वी मुनिका सत्य–वाक्यले ।
पखेटा फेरि उम्रे यी डढेका सूर्य–तेजले ॥
थियो ममा जवानीमा जत्ति शक्ति, पराक्रम ।
भरिपूर्ण भयो त्यत्ति बढ्यो पौरख त्यै पुनः ॥
लौ भैगो ! अब बेसै भो ! गर यत्न गरी श्रम ।
अवश्य भेटिछोड्नेछौ कपि हो ! जानकीकन ॥
मेरा जुन पखेटा यी उम्रे तिम्रै अघिल्तिर ।
कार्यसिद्ध हुने यै हो शुभ लक्षण सुन्दर ॥
सारा चराचुरूङ्गीमा श्रेष्ठ संपाति–गिद्ध ती ।
थिए गद्गद अत्यन्त भने यी कपिमा त्यति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
अनि आकाशमा उड्ने शक्ति कस्तो भयो भनी ।
डाँडाको चुचुरो बाट उडे फट् ! फट् !! गरी उनी ॥

२८
उनका यी कुरा सुन्दा, गुन्दा मन-मनै यता ।
कपिवीरहरू सारा भए गद्गद् मित्र था! ॥

२९
तस्मात् अब सबै लागे सीताको खोज गर्नमा ।
श्रम यत्न गरी ठूलो भेट्ने निश्चय ली वहाँ ॥

कपिवरहरु यी थिए बलीया पवन समान, महान् पराक्रमैका ।
जनकनृपसुता घुमेर खोज्नै सरर हिंडे अब दक्षिणी-दिशामै ॥
३०

इति त्रिसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौसट्ठी सर्ग

सागर देख्ता डरकेका वानरहरूलाई अङ्गदले आश्वासन दिंदै को नाघ्न सक्छौं ? भनेर सोध्नु

१
विद्वान् संपातिले भन्दा गृध्रराज थिए जुन ।
सुन्दा त्यस्ता कुरा, भैगो दङ्ग ! यी कपिको मन ॥
यिनमा शक्ति थ्यो ठ्याम्मै सहिंकै ठीकको अनि ।
परस्पर मिलेकाथे गर्जिए उफ्रँदै यिनी ॥
संपातिका कुरै बाट दुष्ट रावणको घर ।
पत्ता पाइसकेकाथे, जान्दथे दुष्ट मर्दछ ॥
तस्मात् दङ्ग परी सारा कपिवीरहरू सब ।
समुद्र-तटमा आए सीता भेट्छौं भनी अब ॥
हुने विक्रम डर्लाग्दो शक्तिका कपिले पछि ।
समुद्रलाइ देखे बा ! त्यहाँ आइ पुगे पछि ॥
विराट्-ब्रह्माण्डको सारा गतिलो प्रतिबिम्ब भै ।
विराजमान थ्यो जो त्यो देखे, छक्क ! परे सबै ॥
दक्षिणी-सिन्धुको त्यस्तो उत्तरी तटमा पुगी ।
बसे बा ! थपुँ गाडेर यी महान् बलका कपि ॥
कहीं शान्त थियो सिन्धु देखिन्थ्यो सुतछ मैं अतः ।
कहीं छाल स-साना भै देखिन्थ्यो खेल्छ मैं स्वतः ॥
ठूल्ठूला छाल फेंक्तैथ्यो यसैले त्यो कहीं भने ।
देखिन्थ्यो पर्वतैठीक जलले व्याप्त शोभिने ॥
थियो वास्तव यो सिन्धु टम्म दानवराजले ।
आफ्नो घर बनाएर, जुन पाताल बस्तथे ॥
सिरिङ्ग जिउ पार्ने यो महासागरलाइ ता ।
देख्तैमा, खिन्न भै हाले त्यस्ता वानर-वीर ता ॥
थियो आकाश जस्तै यो बेपत्ताको अपारको ।
पऱ्यो आँखा यता, किन्तु उता मन भरङ्ग भो ॥
थप्प थप्प बसे सारा झोक्काएर वहाँ अनि ।
सल्लाह गर्न यो लागे लौ ! तर्ने कसरी भनी ? ॥
१३

१४
महासागर त्यो देख्तै भएको खिन्न सैन्य यो ।
वीर अङ्गदले देखे, शोच भो ! उनमा बडो ॥
सैन्यलाइ डराएको उनले पछि यो भने ।
वीर हो ! खिन्नता यस्तो लिनु हुन्न कसै गरे ॥
मन खिन्न बनाएमा काम हुन्न कुनै पनि ।
ठूलो दोष यसैमा छ, त्यो विघ्नछ, हुने पनि ॥
अगाडि शिशु पर्दा क्वै क्रुद्ध भै सर्प नाश्तछ ।
त्यस्तै विषाद गर्दामा त्यै, गर्नेलाइ माश्तछ ॥
आँउदा बल-उद्योग गर्ने समय व्यक्ति जो ।
खिन्न भै बस्छ ता, हुन्छ त्यसको शक्ति नष्ट पो ॥
तेज-शक्ति हुने क्षीण त्यस्तै पुरुषले पछि ।
गरोस् पौरख जो जत्ति सफलै हुन्न त्यो त्यति ॥
यसै गरी वित्यो रात, भोलि पल्ट भए पछि ।
ठूल्ठूला कपि ली साथ गर्छन् सल्लाह फेरि ती ॥
युवराजकनै घेरी बसेको कपि-सैन्य त्यो ।
घेर्ने इन्द्रकनै साक्षात् देवको सैन्यमैं भयो ॥
अर्को को सक्तथ्यो थाम्न कपिको सैन्यलाइ यो ।
बाहेक हनुमान् यौटा अर्का अङ्गद वीरको ॥
शत्रुनाशन समर्थ थे युवराज स्वयं उनी ।
भाउ राखे, गरे मान बूढा वानरको अनि ॥
सारा सैन्यतिरै फर्के पछि बाट भने यसो ।
आफ्नो काम हुने सिद्ध राखी मतलबको कुरो ॥
लौ भन्नोस् ! अब को सक्छ तपाँईंहरुमा सब ? ।
फटक नाघ्न यो सिन्धु ? तेजस्वी को छ बास्तव ? ॥
पुगेर सिन्धुको पारी राजा सुग्रीवलाइ को ।
पारी सत्य-प्रतिज्ञाको छ सक्ने खुश पार्नको ? ॥
२६

२७

ठ्याक्क चार सए कोश भएको सिन्धु नाघ्छ को ? ।
यी सारा कपि-स्वामीको नाश्न सक्तछ त्रास को? ॥
यो कृपा कसको होला जल्ले गर्दा सबै कपि ।
भै कृतार्थ सुखी हौंला, बसौंला परिवार ली ॥
कसको त्यो दया होला जसले राम—पाउमा ।
लगी पुऱ्याइदेला बा ! सुमित्रासुत – पाउमा ॥
महान् बल हुने हाम्रा राजा सुग्रीवको अघि ।
हामी पर्न सकौंला गै लौ भन्नोस् ! कसले गरी ? ॥
तपाँईहरुमा कोही त्यस्तो वीर भए कपि ।
लौ भन्नोस्! को छ? को सक्छ पार पुग्न तरी बडी? ॥
सुने अङ्गदका यस्ता कुरा तर वहाँ अब ।
निस्केनन् बा ! कुनै वीर सक्छु भन्ने भई तव ॥

३३

३४

त्यत्रो वानरको सेना जडवत् स्थिर भै रह्यो ।
कुनै चुँइँक्क बोलेन, लागी गो मुखमा बुजो ॥
सारा वानरमा श्रेष्ठ हुनै अङ्गद-वीर पो ।
फेरि भन्छन् सबैलाई सम्बोधन गरी यसो ॥
बलवानहरुमा श्रेष्ठ कपि हो ! सुन्नुहोस् कुरा ! ।
तपाँईहरुमा नै छ बल-विक्रम तेज वा ॥
के हेर्नु हुन्छ यस्तो भै ? हेर्नोस् बरु स्ववंश यो ।
कहाँ जन्मनु भो, कस्तो छ त्यो उज्ज्वलरूपको ? ॥
तपाँईंहरुले सारा यसैका निहुँले अघि ।
प्रशंसा भोग्नु भो धेरै बारम्बार यहाँ हकि ? ॥
तपाँईंहरु मध्येमा कसैको वेग वा गति ।
अल्झिदैन कहीं कस्तै भए ता पनि वस्तुतः ॥

४०

४१

तस्मात् समुद्र नाघेर पार पुग्न यहाँ अब ।
अ-आफ्नो शक्ति कस्तो छ?के छ? भन्नोस्! स्वयं सब ॥

इति चौंसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैंसठ्ठी सर्ग

युवराज–अङ्गदको अगाडि सारा वानरहरूले अ–आफ्नो शक्ति बखान्नु

१

अब अङ्गदका त्यस्ता कुरा सब सुने पछि ।
मन्त्र लागे क्रमैसाथ एक एक गरेर ती ॥
अ-आफ्नो गति थ्यो कस्तो? कति थ्यो? उड्न उफ्रन ।
ती वीर कपिले बोल्नु, यही नै भन्नु थ्यो जुन ॥
गवाक्ष, गज, गवय, मैन्द, द्विविद, जाम्बवान् ।
गन्धमादन, शरभ, सुषेण,–कपि बुद्धिमान् ॥
नाइके कपिका सारा स्वयं अङ्गद सम्मले ।
अ-आफ्नो गति वा शक्ति बखाने क्रमरूपले ॥
गजले पहिले बोले तिनमध्ये भनी यसो ।
चालिस कोश बुर्लुङ्गै नाघ्न सक्छु म भै छिटो ॥
भने गवाक्षले चाँहि असी कोश म सक्तछु ।
कोश एक सए बीस भन्छन् गवय नाघ्दछु ॥
भने शरभले चाँहि सारा वानरलाइ ती ।
कोश एक सए साठी नाघ्न सक्छु म ता कुदी ॥
महान् तेज हुने वीर भन्दछन् गन्धमादन ।
सुन्नोस् ! दुइ सए कोश पक्कै सक्तछु नाघ्न म ॥
भन्दछन् कपिमा सारा मैन्द-वानर वीर-यी ।
म नाघ्छु कोश चालिस थपेर त्यससमा कुदी ॥
भन्दछन् अब तेजस्वी चर्का द्विविद ती कपि ।
नाघ्न सक्छु म ता कोश ठ्याक्कै दुइ सए असी ॥
धीर तेज हुने ठूला सुषेण कपिले भने ।
कोश तीन सए बीस नाघ्छु, भन्छु म सत्यले ॥
अ-आफ्नो शक्ति भन्ने यी कपिको आदरै गरी ।
बूढा-पाका सबै भन्दा जाम्बवान् भन्दछन् पछि ॥
पहिले त थियो हाम्रो पनि क्यै शक्ति बाबु हो ! ।
त्यस भन्दा पनी टाढै पुग्न सक्थ्यौं विचित्र थ्यो ॥

१३

१४

तिनै हामी भई त्यस्ता, भयौं यस्ता, हरेशिव ! ।
बृद्धताको हदैसम्म पुग्नसम्म पुग्यौं अब ॥
गर्नै सकिन्न बेवास्ता तर यस्तो भए पनि ।
गर्नै पर्दछ यो काम बुझयौ ! जस्तो भए पनि ॥
हाम्रा सुग्रीव राजा र श्रीराम पनि, यी दुवै ।
छ जो कसिइ बक्सेको यसमा गरि निश्चयै ॥
अचेल गति यो हाम्रो छ जस्तो, सुन त्यो सब ।
कोश तीन सए साठी नाघ्न सक्छु म निश्चित ॥
वहाँ जम्बा भएकाथे जत्ति वानर वीर ती ।
उनलाइ भनी यत्ति, भन्दछन् जाम्बवान् पछि ॥
सुन है ! बाबु हो ! मेरो पहिले शक्ति, विक्रम ।
त्यसभन्दा पनी ठूलो थियो उन्नत, उत्तम ॥
मजैको छ कुरा यौटा सुन है त, ! निकै अघि ।
गर्दथे यज्ञ दैत्येन्द्र उदार-दिलका बलि ॥
सक्ने सब कुरो गर्न सनातन स्वयं हरि ।
त्यसैवेला सवारी भो वहाँ वामनरूप ली ॥
तीन पाउ धरा मागी बलीलाइ त्यसै छली ।
ढपक्क ढाकिबक्स्यो बा ! विराट्रूप लिई पछि ॥
त्यसैवेला यही मैले प्रभुलाइ प्रदक्षिणा ।
गरें घुमेर फन्फन्ति छिनैमा, शक्ति थ्यो मभा ॥
अहिले बाबु हो ! त्यै म बूढो भइ सकें, गलें ।
कुद्ने वा फड्किने शक्ति छैन, साँचै कुरा भनें ॥
थियो मेरो जवानीमा बल, शक्ति, विचित्रको ।
यसो शोचेर हेर्दामा जोडै पोंउन कष्ट थ्यो ॥
आजकाल भने मेरो भित्रबाटै गरी बल ।
कुदे तापनि फड्के तापनि त्यत्ति छ है ! बल ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

के गर्नु त्यत्तिको मेरो गतिले हुति-ह्याउने ।
यत्रो समुद्र नाघ्ने यो काम हुन्न कसै गरे ! ॥
अब यत्ति कुरा भन्ने ऋक्षराज उनीकन ।
गरे आदर सन्मान स्वयं अङ्गदले पुनः ॥
पछि बाट भने यस्तो कुरा कि जसमा अहो ! ।
थियो उदारता साथ मिलेको कामको कुरो ॥
मान्य ए कपि हो ! सुन्नोस् ! यो चार सय कोशको ।
महासागरलाई म नाघ्न सक्छु, छ शक्ति त्यो ॥
पुगी पार त्यताबाट यता फर्केर आँउन ।
तर कुन्नि ! छ है शङ्का ! ठोकुवा भन्न सक्तिन ॥
कुरा गर्ने कला जान्ने जाम्बवान् ऋक्षराजले ।
भने फेरि उनी साथ यसो हेरेर प्रेमले ॥
भालू-वानरमा श्रेष्ठ युवराज ! विशेषतः ।
गति,-शक्ति दुवै तिम्रो मै त जान्दछु जत्ति छ ॥
तिमी फड्कन वा नाघ्न हो सक्छौ ! लाख योजन ।
होला के तर हामीले तिमीलाइ पठाँउन ? ॥
तिमी हामी सवैका हौ साक्षात् मालिक अङ्गद ! ।
लाखौं योजन फड्केर सक्छौ फर्कन जो स्वतः ॥
वानरश्रेष्ठ ए बावु ! जो स्वामी छ, खटाँउछ ।
त्यही खटाइएला के आफ्ना नोकर बाट त ? ॥
यहाँ जो जत्ति छौं हामी तिम्रै सेवक हौं अतः ।
यिनैमध्ये कुनैलाई लौ खटाउ तिमी स्वतः ॥
हाम्रा कलत्र हौ बावु ! तिमी स्त्री भनिइन्छ जो ।
जसलाई सँधै रक्षा गर्नु पर्छ गमी बडो ॥
मौरीले रानुको रक्षा गरेझैं पति ठीकका ।
हामीले त्यै तिमी स्त्रीको रक्षा गर्नु छ सर्वथा ॥
जस्तो स्त्री पतिको चित्तभित्र बस्छ मनै हरी ।
चित्तभित्र तिमी हाम्रो बसेकाछौ त्यहीसरी ॥
लोकको नियमै यै हो यही हो व्यवहार बा ! ।
तस्मात् स्त्रीलाइझैं रक्षा तिम्रो गर्नु छ सर्वथा ॥
शत्रुनाशक ए बावु ! तिमी नै यस कामको ।
जड हौ ! मूल हौ ! यौटै, पठाँइन्नौं यसर्थ पो ॥
कार्यको मूल गाँठो नै बलीयो पार्नु पर्दछ ।
कार्यको तत्व जानेका विद्वान्को नीति यै त छ ॥

४३

४४

बुझ्यौ ! मूलै भएमात्र फैलिइन्छन् जरा पनि ।
सवै गुण तथा कार्य हुन्छन् फल दिने अनि ॥
युवराज ! छ है तिम्रो सत्यको बल-विक्रम ।
तिमीमा नै टिकेका छन् बुद्धि-धैर्यादि सत्तम ॥
शत्रुनाशक ए वीर ! तिमी नै यस काममा ।
मुख्य साधन छौ हाम्रो बलीयो हेतु छौ यहाँ ॥
सुन ! अर्को कुरा फेरि हौ हाम्रा गुरु नै तिमी ।
के भो ? गुरु भएनौ लौ ! गुरुका पुत्र हौ तिमी ॥
बसेर छत्रछायामा तिम्रै आश्रय ली अतः ।
यो काम सिद्ध पार्नामा हुन्छौं हामी समर्थ त ॥
हुन् महान् बुद्धिमान् भालू जाम्बवान् कपि-वीरमा ।
भए यत्ति भनी चूप स्वयं अव उनी वहाँ ॥
कपिमा वीर ठावक्ष वालीका पुत्र अङ्गद ।
भन्छन् अनि उनीसाथ यो जवाफ दिंदै तब ॥
भैगो लौ ! न गएमा म जाँदैनन् अरु क्वै जब ।
भन्नोस् त काम यो होला सिद्ध पो कसरी तव ? ॥
पहिलेकै कुरा आयो, न खाई न पिईकन ।
यहीं व्रत बसी हामी गर्न थाले भयो पुनः ॥
बुद्धिमान् कपिका राजा काका-सुग्रीवको कुरो ।
न गरेर त्यसै फर्के जुन आदेश त्यो भयो ॥
के किष्किन्धा पुगी हामी बाचौंला त त्यसै वहाँ ? ।
लौ विचार गरौं, भेला भएकैछौं सवै यहाँ ॥
भइ बक्सिन्छ है हाम्रा राजा खुश भए पनि ।
दिन सम्म दिने, त्यस्तै ठोक्ने झोक्किइँदा पनि ॥
न टेरेर न पालेर त्यस्ताको यो निदेश हा ! ।
गए ता पनि हाम्रो छ अवश्य पनि नाश ता ॥
लौ ! पर्‍यो यसमै गाँठो तसर्थ अव जे गरी ।
पर्दैन यसमा विघ्न, त्यै शोचौं ! सव राम्ररी ॥
जान्ने बुझ्ने कुरा सारा हुनुहुन्छ तपाँइ ता ।
तसर्थ अव लौ भन्नोस् ! ऋक्षराज ! गमेर बा ! ॥
भालू-वानरमा श्रेष्ठ जाम्बवान् यसरी वहाँ ।
पाँघदा प्रेरणा त्यस्तो भन्दछन् युवराजमा ॥
यसले क्यै लछारिन्न हाम्रो विमन्न काम यो ।
घन्दै न मान भो बावु ! म गरौंला उपाय त्यो ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

म यस्तो वीरलाई क्वै प्रेरणा गर्छु, भन्दछु ।
जसले काम यो हाम्रो सिद्ध पार्नेछ, गन्दछु ॥

६२

भालू तथा वानर-फौज-स्वामी हुन् जाम्बवान् धीर र वीर नामी ।
गरे उनैले अब प्रेरणा गै साक्षात् हनूमान्‌कन नम्र भै भै ॥
एकान्त खोजेर बडो मजाले बसी रहेका सुखमा उनी थे ।
जो नाघ्न वा फड्कनमा समेत सक्थे निकै नै ! तर थे सचेत ॥

६३

इति पैंसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयसट्ठी सर्ग

ऋक्षराज-जाम्बवान्ले कपिवीर हनुमान्लाई समुद्रपार जान प्रेरणा गर्नु

१

लाखौंका कपिको सेना खिन्न देखी वहाँ सब ।
जाम्बवान् भन्दछन् वीर हनुमान्सित गै अब ॥
सारा वानर-लोकैमा श्रेष्ठ ए हनुमान्! तिमी ।
जान्दछौ शास्त्रको मर्म,-बुझनेमा श्रेष्ठ छौ तिमी ॥
किन हो ? यसरी बस्छौ तर त्यस्तो भए पनि ।
गर्छौ एकान्तमा के हँ ? बोल्दैनौ किन क्यै पनि ? ॥
म जान्दछु तिमीलाई हनुमन् ! कपिराजको ।
ठीकको, बल वा शक्ति तिमीमा छ सुयोग्यको ॥
बलमा तेजमा साक्षात् इक्ष्वाकु-कुलनन्दन ।
राम-लक्ष्मण जस्तै छौ तिमी नै हनुमन् ! सुन ! ॥
मुनि कश्यपका छोरा पक्षिश्रेष्ठ महाबली ।
विनता-पुत्र हुन् यौटा साक्षात् गरुड वीर ती ॥
उनी भन्दा तिमी कत्ति कम छैनौं म जान्दछु ।
बल-विक्रम त्यस्तै छ, यसअर्थ म भन्दछु ॥
पक्षिराज महाबाहु महाबली उनैकन ।
धेरै पटक आँखैले देखेकोछु बुझ्यौ! सुन ! ॥
पक्षी समुद्रमा भ्वाम्मै ठूल्ठूला नागलाइ ती ।
समातेर वहाँबाट ल्याँउथे बाहिरै पछि ॥
कुरो बुझ! कपिश्रेष्ठ ? उनका दुइ पक्षमा ।
बल, शक्ति छ जो जत्ति तिमीमा छ त्यही यहाँ ॥
दुत्ति-ह्यान्न त्यही टिक्छ यी तिम्रा दुइ बाहुमा ।
वेग, विक्रम त्यै देख्छु छैन केही कमै यहाँ ॥
पृथ्वीका सब प्राणीमा तेज बुद्धि तथा बल ।
धैर्य, सत्व छ जो, त्यो छ तिमीमा नै बढी अझ ॥
तिम्रो जन्म-कथा भन्छु म जान्दछु सबै कुरा ।
ए वीर हनुमान् बावु ! सुन एकाग्र भै पुरा ॥

१३

१४

अप्सराहरुमा श्रेष्ठ अप्सरा पुञ्जिकस्थला ।
वानरी जुनी ली ओर्लिन् अघि श्राप पऱ्यो कडा ॥
त्यो ताक कपिका राजा थिए कुञ्जर नामका ।
दिव्, देह थियो ठूलो भइन् यी उनकी सुता ॥
इच्छानुसारको रूप धर्न सक्थिन् उनी यता ।
त्रैलोक्य-सुन्दरी थिन् ती थियो रूप अतुल्य बा ! ॥
थिन् त्रैलोक्यभरी ख्यात अञ्जना नाम थ्यो यही ।
यिनै पछि भइन् पत्नी केसरी-कपिराजकी ॥
वानरी अञ्जना त्यस्ती, हो एक दिनको कुरो ।
रूप-यौवनले बल्दो मानुषी स्त्री भइन् अहो ! ॥
एक्लै विहार गर्दैथिन् त्यो वेला अञ्जना उनै ।
वर्षाको मेघझैं कालो डाँडोमा गिरिको कुनै ॥
सर्वाङ्ग उनको खुल्थ्यो सार्है राम्रो थियो यता ।
त्यसैमा पैन्हिएकी थिन् उनले रेशमी लुगा ॥
ठूल्ठूला नेत्र थे लामा अञ्जनाका मनोहर ।
पहेंलो झुल्दथ्यो सारी पारीको लाल सुन्दर ॥
घुम्दैथिन् साथि डाँडामा यै वेला वायु-देवले ।
हरे बा ! उनको सारी पुग्यो पारी उड्यो हरे ! ॥
उनका अङ्ग, प्रत्यङ्ग अब छर्लङ्ग ! भै गए ।
गाडे बा ! यिनमै आँखा अकस्मात् वायुदेवले ॥
परस्पर मिलेकाथे दुवै तिघ्रा मनोहर ।
पुष्ट-पुष्ट निकै मोटा थे दुवै अतिसुन्दर ॥
स्तन-युग्म थिए त्यस्तै बाटुला ठिक्क-ठिक्कका ।
राम्रा टुप्पा भएका र मिल्दा जुल्दा दुवै सफा ॥
नितम्ब अग्लिएकोथ्यो फैलिएको थियो यता ।
कटिभाग थियो सानो खसेको, पातलो उता ॥

२६

२७

यिनका साथ-साथैमा अरु अङ्ग पनी सब ।
मिलेकाथे, खुलेकाथे अति सुन्दर भै तव ॥
ख्यात रूप हुने यस्ती देखे सर्वाङ्ग-सुन्दरी ।
मानुषी-वानरीलाई वायुले जो अघी परी ॥
कामदेव चढी हाले उनका अङ्ग अङ्गमा ।
मन मथ्ने गरे काम उनले अब अन्तमा ॥
त्यतै लहसिंदा आत्मा फैलाई दुइ बाहुली ।
अगाँले वायुले ग्वाम्म ! थिइन् निर्दोष ती बरी ! ॥
अञ्जना थिन् सती नारी, पाल्दथिन् व्रत उत्तम ।
अप्स्यारोमा परी त्यस्तो भइन् भ्रान्त, भनिन् पुनः ॥
मेरो पतिव्रताधर्म नाश्न खोज्दछ को हुँ यो ? ।
अञ्जनाका कुरा सुन्दा भने ती वायुले यसो ॥
राम्रो नितम्बकी देवि ! एउटै पति साथमा ।
वस्ने धर्म छ जो तिम्रो म विगार्दिन क्यै यहाँ ॥
मनमा डर जो तिम्रो पर्न गो यस कार्यले ।
मान्नु पर्दैन भो छोड, भो यस्तै भवितव्यले ॥
सुन ! कीर्ति हुने देवि ! मैले अव्यक्तरूपले ।
तिमीलाइ अगाँलेर सम्भोग मनले गरें ॥
यसबाट तिमीलाई होला यौटा महान् सुत ।
जो होला बुद्धिमान् , विद्वान् , बलले बुद्धिले युत ॥
त्यो महान् धैर्यवान् होला तेजस्वी र पराक्रमी ।
होला त्यो सुन ! मै जस्तो नाघ्नमा, कुद्नमा पनि ॥
सुन ए हनुमान् ! यत्ति भन्दामा वायुदेवले ।
तिम्री आमा परिन् दङ्ग! जुन हुन् अञ्जना कपे ! ॥
महान् बाहु हुने बाबु ! त्यै डाँडाको गुफातिर ।
पसिन् अनि तिमीलाई जन्माइन् भइ सुस्थिर ॥
अनि के भो कपिश्रेष्ठ ! संझन्छौ ? अघिका कुरा ।
गै महान् वनमा खेल्थ्यौ तिमी बालक थ्यौ पुरा ॥
त्यसवेला विहानै थ्यो उता सूर्य उदाँउथे ।
यतातिर तिमी चाँहि शोच्थ्यौ ! हो फल यो त के? ॥
त्यही फल पुगी टिप्ने ठूलो इच्छा बढ्यो अनि ।
हुत्तिएर कुदी हाल्यौ सोझै आकाशमा तिमी ॥
पुग्यौ बान्ह सए कोश माथि माथि वहाँ पनि ।
लछारेन तिमीलाई सूर्यको तेजले पनि ॥

४३

४४

पुग्दा पछि निकै माथि तेजले क्यै पिरे पनि ।
भएन मनमा तिम्रो खेद, चिन्ता कुनै पनि ॥
अन्तरिक्षतिरै पुग्दा सूर्यको नजिकै हुँदा ।
इन्द्रको टाक्कै ताल्यो देख्तामा सब यौ कुरा ॥
देवेन्द्र झोक्किई हाले अनि ता आफ्नु हातको ।
बज्र पो छोड्दिए ओहो ! तिमीमाथि अमोघ थ्यो ॥
त्यो वेलामा पुगेकाथ्यौ उदयाचलगा तिमी ।
त्यहीं नै भाँच्चियो तिम्रो बाँया-च्यूँढो झन्यो अनि॥
भन्न लागे तिमीलाई त्यै वेला देखि लोकले ।
राखेर 'हनुमान्' नाम भाँच्चिदा हनु त्यो कपे ! ॥
प्रहार पर्न गो त्यत्रो तिमीमाथि सुरेन्द्रको ।
भन्ने कुरा सुने तिम्रा पिताले पछिमात्र पो ॥
सुगन्ध ल्याँउने हर्र वायु ता अनि ता उता ।
अत्यन्त झोक्किई हाले छोड्दिए बहनै तदा ॥
गाह्रो सान्हो परी हाल्यो त्रैलोक्यभरमा अब ।
न सक्ने भै गए प्राणी सासै फेर्न पनी जब ॥
हाहाकार बढी हाल्यो स्वर्ग-मर्त्य-पतालमा ।
लोकपाल मिले लागे वायुको गर्न प्रार्थना ॥
पछि वायु हुँदा तुष्ट तिमीमा ब्रह्मदेवले ।
बक्सियो वर ए सत्य-पराक्रम हुने कपे ! ॥
गै युद्ध-भूमिमा लड्दा कसैका अस्त्र-शस्त्रले ।
न लछार्ने तिमीलाई, न सक्ने मार्न क्यै गरे ॥
त्यसरी वज्र छोडेमा लागेमा पनि वास्तव ।
देखी केही ननेठेको पछि इन्द्र भए खुश ॥
हजारै नेत्रले हेरी अनि ता दङ्ग भैकन ।
दिए वर तिमीलाई उनले पनि लौ सुन ! ॥
स्वच्छन्द-मृत्युका होला आजदेखि तिमी कपे ! ।
सक्ने छैनन् कुनै मार्न तिम्रो इच्छा विना बुझे ! ॥
केसरी कपिका साक्षात् तिमी क्षेत्रज पुत्र हौ ।
यसरी वीर्य डर्लाग्दो भएका वेस ! वीर हौ ॥
साक्षात् औरस छोरा हौ तिमी ता वायुदेवका ।
तेजको दृष्टिले हेर्दा पनि छौ बाबु ठीकका ॥
तिमीमा शक्ति त्यस्तै छ, छ जस्तो बाबु-वायुमा ।
नाघ्नमा, कुद्नमा सम्म त्यस्तै छौ हनुमान् ! यहाँ ॥

६०

६१

हुनाले वायुका छोरा नाघ्न-फड्किनमा तिमी ।
छौ समर्थ पनी ज्यादै छौ महान् वेगका पनि ।।
छैन क्यै अब हामीमा प्राण-शक्ति तथा द्युति ।
अचेल छौ तिमी बाबु ! हामी भन्दा पनी बढी ।।
दोश्रा सुग्रीव जस्तै छौ, छ चातुर्य र पौरख ।
आजकाल तिमीमा नै अत्यन्तै बल, वीर्य छ ।।
अघि मैले पनी बाबु ! भगवान् हरि वामन ।
भएर नाप्न त्रैलोक्य कसिई बक्सिदा सुन ! ।।
सारा वन-नदी डाँडा साथकी पृथिवीकन ।
ठ्याक एक्काइसै पल्ट घुमेकोथें दनादन ।।
यता समुद्र मथ्नामा आज्ञाले देव आदिको ।
हामीले बटुलेका थ्यौं महौषधि बुझ्यौ ! कुरो ।।
यिनै औषधि हालेर मथ्ता अमृत आँउथ्यो ।
सुन्यौ ! त्यो ताक हामीमा अत्यन्त बल-शक्ति थ्यो ।।

६७

६८

त्यै भालु हुँ म ए बाबु ! भएँ बूढो अचेल त ।
बल, शक्ति हरायो बा ! उड्यो विक्रम वस्तुतः ।।
आजकाल तिमी नै छौ हामी भन्दा निकै बढी ।
तिमीमा छन् सबै वस्तु गुण टिक्छन् सबै थरी ।।
तस्मात् पराक्रमी वीर ! तिमी आफ्नो अतुल्यको ।
बल देखाउ लौ बाबु ! फिकी फूर्ति, छ वेस जो ।।
कुद्न-फड्कनमा सम्म सबैमा श्रेष्ठ छौ तिमी ।
हेर्न खोज्दछ है ! तिम्रो वीर्य यो कपि-वाहिनी ।।
अब भो वानरश्रेष्ठ हनुमान् बाबु ! लौ उठ ! ।
तिमी नाघ फटक्कै यो महासागर लौ उठ ! ।।
म जान्दछु तिमीमा जो गति शक्ति छ त्यो सब ।
विश्वका अरु प्राणीमा छैन लौ ! हनुमान् ! उठ ।।
यहाँ वानर छन् जत्ति छन् ती खिन्न विषण्ण बा ! ।
गर्दैनौ किन क्यै वास्ता देखे पनि सबै कुरा ? ।।

७४

७५

महान् वेग हुने वीर ! त्रैलोक्यै नाप्न विष्णुले ।
आफ्नो पाउ उठाएझैं उठाउ अब पाउ ए ! ।।
सम्पूर्ण भालू-कपिवीरमा पनि हुन् जाम्बवान् श्रेष्ठ र वीर्यवान् पनि ।
पाए यिनैबाट अतुल्य प्रेरणा स्वयं हनुमान् कपिवीरले वहाँ ।।
विश्वास पर्दो निज-शक्ति-वेगमा पारी खुशी वानर-वीर-सैन्यमा ।
वेलाविषे त्यो, बुध वायुपुत्रले ठूलो बनाए अब रूप आफ्नु ए ! ।।

७७

इति छयसठ्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतसट्ठी सर्ग

वीर हनुमान्ले महासागर नाघ्न महेन्द्र–पर्वतमा चढ्नु

१

ठ्याक्क चार सए कोश परको सिन्धु नाघ्न त्यो ।
कसिएका छिटै त्यस्तो लिई रूप विचित्रको ॥
देख्दामा हनुमान्लाई वेगिला, तेजिला अति ।
तुरुन्तै दङ्ग भै हाले ! सारा वानर–बीर ती ॥
शोक पीर उडी हाल्यो उनको अब तत्क्षण ।
प्रशंसा गर्न पो लागे हनुमान्को पुनः पुनः ॥
स्तुतिको रूप ली हाल्यो त्यसले पछि यी कपि ।
जोडले गर्जिनै लागे ! भित्र बढ्दा निकै खुशी ॥
घेरे अनि उनीलाई भए चारतिरै खडे ।
कुनै छक्क, कुनै पक्क परेकाथे बडे बडे ॥
लिने वामनको रूप नारायणकनै अघि ।
हेरेझैं लोकले हेर्थे घेर्थे जिल्ल परी कपि ॥
हुँदैथ्यो स्तुति, सुन्थे यो महान् बल हुने उनी ।
थिए बढाँउदै देह बढ्दा उत्साह झन् उनी ॥
थियो पुच्छर लामो र मोटो पनि निकै यता ।
त्यसैलाइ घुमाए बा ! हर्षले उनले तदा ॥
यसबाट उनीलाई आफ्नु त्यो बल–वीर्यको ।
संझना भै गयो राम्रो भन्दथे ऋक्षराज जो ॥
ठूलठूला वानरश्रेष्ठ वीरका पनी श्रीमुख ।
प्रशंसा उनको गर्थे, सुन्दथे हनुमान् सब ॥
बढ्द्थ्यो यसले गर्दा उनमा तेज–शक्ति झन् ।
सर्वश्रेष्ठ भयों रूप हेर्दा हेर्दै विचित्र झन ॥
डाँडाको क्वै गुफाभित्र आँग तानी निरन्तर ।
हाई हाई ! गरी सिंह फुल्छ जस्तो बराबर ॥
मिक्री बल यतापट्टि हनुमान् वायुपुत्र ती ।
आँग तानी गरी हाई ! बढ्न थाले त्यही सरि ॥

१३

१४

त्यसरी हाइ गर्दामा बुद्धिमान् उनको मुख ।
धूँवा रहित आगोझैं, सूर्यझैं शोभियो तब ॥
बीचमा नै परेकाथे सम्पूर्ण कपिवीरको ।
बढाई त्यसरी देह उठे अब जुरुक्क पो ॥
शरीरभर रोमाञ्च भै रहेको थियो यता ।
मन आत्मा थियो दङ्ग हनुमान् वीरको तदा ॥
बूढा मान्य थिए जो जो कपि–भालू उनीकन ।
ढोगे अब यिनीले बा ! पछि बाट भने सुन ॥
सारा आकाशमा घुम्ने बलवान् वायुदेव हुन् ।
अत्यन्त वेगवान् छन् ती डाँडा–काँडा उडाँउछन् ॥
उनैका मित्र हुँन् साक्षात् भगवान् अग्निदेवता ।
वेगिला वायुका त्यस्ता पुत्र औरस हूँ म ता ॥
म त्यस्ता बाबुको छोरो हुनाले गति–वेगमा ।
बुझ लौ ! छु स्वयं त्यस्तै कुद्ने शक्ति छ त्यै ममा ॥
हजारौं कोश फैलेको सुमेरु छ यथार्थमा ।
आकाशलाई जो यत्रो व्याप्त गर्छ जहाँ–तहाँ ॥
विश्राम न गरी कत्ति त्यसैलाई पनी म त ।
हजारौं पल्ट फन्फन्ति घुम्न सक्छु छिटै स्वतः ॥
मेरा बाहु यिनै हुन् यी ! यिनैका वेग–शक्तिले ।
महासागरलाई यो हल्लाँउन म सक्छु ए ! ॥
यसैको जलले फेरि डाँडा दह नदी वन ।
साथको यो जगत् सारा सक्छु चुलुम्ब पार्न म ॥
साक्षात् वरुणको धाम महासागर यो सुन ! ।
मेरा जाँघ–पिडौंलाले हुन्छ क्षुब्ध पुनः पुनः ॥
छवात्लाङ्–छुत्लुङ्ग यो होला यसका जीव–जन्तु ता ।
निस्कलान् अनि ता माथि के होला? शोच लौ त्यता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यता आकाशमा माथि पक्षीले सब सेवित ।
खाने नागकनै सारा भगवान् विनतासुत- ॥
साक्षात् गरुडलाई नै हजारौं पल्ट वास्तव ।
घुम्न सक्तछु फन्फन्ति मेरो शक्ति बढ्यो अब ॥
उदयाचल छोडेका बलेका तेज वस्तुतः ।
अस्ताचलतिरै पुग्ने न पुग्ने सूर्यलाइ त ॥
पहिल्यै भेट्न मै सक्छु छोडी उदय पर्वत ।
अस्ताचल पुगी ठ्याकै अघि हुन्छु म नै स्वतः ॥
पृथिवीतक ओर्ले र न छोई भूमिलाइ म ।
फेरि सक्छु वहीं पुग्न उर्लग्दो वेग लीकन ॥
जो जो आकाशचारी छन् ग्रह-नक्षत्र आदि ती ।
नाघ्न सक्छु सबैलाई ममा उत्साह भो यति ॥
यता यो सिन्धुलाई म सक्छु स्याप्पै सुकाँउन ।
सम्पूर्ण पृथिवीलाई फोर्न सक्छु दनादन ॥
स्वयं कुदेर उफ्रेर सारा पर्वत उत्तम ।
कपि हो ! सुन मै सक्छु धूलो-पीठो बनाँउन ॥
हुत्तिएर उता जाँदा महान् वेग लिई पुनः ।
लैजान्छु साथमा मेरै हुत्याई सिन्धुलाई म ॥
आकाश-मार्ग ली पारी पुग्न आज म हुत्तिँदा ।
फूल वृक्ष-लता आदि पुग्नेछन् साथ मै उता ॥
घोर आकाशमा कुदा नाना फूल हुँदा स्वतः ।
छाया-पथ सरी होला ग्रह-नक्षत्र-शोभित ॥
यो स्वातिमार्ग शोभिन्छ माथिका उनले सब ।
जसरी, त्यै सरी मेरो मार्ग-शोभा हुनेछ ल ! ॥
मलाई आज देख्नेछन् जगत्का जीव-जन्तु यी ।
तल माथि गरी उड्ने आश्चर्यमय वेग ली ॥
कपि हो ! अनि देखौला तिमीहरू पनी सुन ! ।
गिरि मेरु समानैको हुने देह महान् पुनः ॥
म जान्छु सिन्धुको पारी स्वर्ग व्याप्त गरी सब ।
अघि वढ्छु निले जस्तै गरी आकाश यो अब ॥
छिन्न-भिन्न म पार्दिन्छु सारा बादलका दल ।
थर्काई दिन्छु वेगैले सारा पर्वत जङ्गल ॥
पारी पुग्दा न पुग्दा म भई एकाग्र-चित्तको ।
महासागरलाई यो शुष्क पार्दछु वीर हो ! ॥

४३

४४

कि ता छ वायुमै शक्ति, साक्षात् गरुड मै छ कि ।
समुद्र नाघ्नलाई यो कि त सक्तछु मै कपि ॥
महान् शक्ति हुने त्यस्ता व्यक्ति छोडेर, विश्वका ।
प्राणी समर्थ नै छैनन् उड्दा म, पछि पुग्न ता ॥
बिजुली निस्किए जस्तै मेघबाट फिलिक्क भै ।
नभमा छिनमै कुद्छु म निरालम्ब भै त्यसै ॥
होला समुद्र नाघ्दामा मेरो रूप त्यही सुन ! ।
अघि त्रैलोक्य नाप्तामा भए थ्यो विष्णुको जुन ॥
म जस्तो देख्छु, जो शोच्छु, बुद्धिले जो ठमाँउछु ।
यो मेरो मनको चेष्टा हुन्छ त्यै ठीक,-गर्दछु ॥
सुन वानर हो ! तस्मात् अवश्य जनकात्मजा ।
सीतालाई म भेट्नेछु खुश भै मान लौ मजा ॥
मलाई अब लौ संम्झ ! वेगमा वायुदेव हूँ ।
शक्तिमा उड्नमा सम्म साक्षात् गरुडदेव हूँ ॥
हुने चार सए कोश सिन्धु नाघ्न छ के कुरो ? ।
कोश चालिस हज्जार नाघ्छु है, ठोकुवै भयो ! ॥
स्वयम्भू प्रभु ब्रह्माको वज्र धर्ने सुरेन्द्रको ।
हातबाट थुती ध्वाक्त ! सुधा ल्याँउन सक्छु पो ॥
अव चाहें भने मैले छोड भो सब यी कुरा ।
हिंड्न सक्छु म त्यो लङ्का उखेली, आँट भो पुरा ॥
यस्ता ती अतितेजस्वी वानरश्रेष्ठ, वायुका ।
सुपुत्र हनुमान् वीर भन्दैथे जब यी कुरा ॥
सुन्दथे कपिका फौज देख्तथे गर्जना पनि ।
पछिबाट भए सारा दङ्गादङ्गी वहाँ अनि ॥
मन मक्क भएकै थ्यो अब छक्क पनी भए ।
हेर्न लागे परी पक्क, छुट्यो थक्क ! खुशी भए ॥
वन्धु-बान्धव साराको शोक नाश्ने विचित्रको ।
हनुमान्को कुरो वीर-भालूका कानमा पर्‍यो ॥
अनि वानर-भालूका फौजका पति जाम्ववान् ।
भन्न लागे उनी साथमित्र हर्ष बढी महान् ॥
केसरीपुत्र ! ए वीर ! वेगवन् ! वायुका सुत ! ।
तिमीले नाश्दियौ आज शोक यी बन्धुको स्वतः ॥
यहाँ जम्बा भएका छन् जति यी श्रेष्ठ वानर ।
तिम्रो जय हओस् ! भन्छन्, गाँउछन् स्तुति सुन्दर ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

अब यो काम होस् सिद्ध भनेर स्थिर चित्त ली ।
गर्छन् मङ्गलका कृत्य स्वस्तिवाचन आदि यी ॥
कृपाले मुनिको एवं बुद्धिले कपि-मान्यको ।
दयाले गुरुको बावु ! तर लौ ! अब सिन्धु यो ॥
तिमी न फर्किए सम्म हामीहरू यता अब ।
टेकेर एउटै खुट्टा बाटो हेर्छौं वसी सब ॥
कपि हौं, बनवासी हौं हामीहरू सबै अतः ।
हाम्रो जीवन यो बावु ! छ तिम्रै वशमा अब ॥
यत्ति भन्दा न भन्दैमा जाम्बवान् वीरले वहाँ ।
हनुमान्ले भनी हाले फेरि ती कपिवीरमा ॥
यहाँबाट म उफ्रेर पारीतिर कुदे पछि ।
थाम्न सक्लान् र को मेरो वेग यो विश्व-जीव यी ? ॥
ढुङ्गा भएर ठूल्ठूला शोभिएका मनोहर ।
ऊ त्यो महेन्द्र-डाँडाका टाकुरा छन् निकै स्थिर ॥
नाना प्रकारका वृक्ष-धातुले गैरिकादि ती ।
टन्न छन्, गै त्यहीं अड्छु अनि कुद्छु म वेग ली ॥
जाँदा चार सए कोश पर उफ्री म ता उता ।
थाम्छन् महेन्द्रका डाँडा मेरो जोड परे यता ॥
भनी यत्ति चढी हाले गिरिश्रेष्ठ महेन्द्रमा ।
वायुका पुत्र ती वीर फड्केरै वायुवेगमा ॥
मनोहर थियो साह्रै महेन्द्र-गिरि त्यो अहो! ।
जहाँ फले-फुलेकाथे वृक्ष नाना प्रकारको ॥
वनका पशु चर्दथे हरीया कमला तृण ।
झुँडा टन्न लता पुष्प यहीं बाक्लो थियो वन ॥
फूलका फलका वृक्ष वहाँ थे जति ती सब ।
बेला होस् ऋतु होस् जस्तो फल्थे, फुल्थे स्वयं तब ॥
डाँडामा तल फेदीमा बाघ-सिंहादि रिङ्दथे ।
मत्ता दँतार ठूल्ठूला मस्त थे सब घुम्दथे ॥

७४

७५

वहाँ च्याँइँचुँइँ गर्थे चरा थे जाति-जातिका ।
झरना जलका सोता घेरै थे भाँति-भाँतिका ॥
ठूल्ठूला अग्लिएकाथे टाकुरा चुचुरा पनि ।
महेन्द्र-गिरि थ्यो यस्तो समृद्ध र महान् धनी ॥
यसैमाथि पुगे ठ्याक्क महान् बल हुने उनी ।
शक्तिमा इन्द्र जस्तै थे घुमे टहलिंदै अनि ॥
दिलका देहका ज्यादै विशाल र महाबली ।
उनका देहको भार पर्‍यो यो गिरिमा बढी ॥
दँतार गजलाई कै गाँज्दामा वनराजले ।
गरेझैं त्यसले क्वाँ! क्वाँ!! चिच्यायो त्यो महेन्द्र ए ॥
छरिए बा ! सबै ढुङ्गा टाकुरामा थिए जति ।
निकाल्यो जलका सोता भित्र मर्का परी अति ॥
पशुपच्छी थिए जो जो त्यसमा ती पनी सब ।
भागाभाग गरी हाले सकेनन् टिक्न क्वै तब ॥
साना-ठूला सबै प्राणी मृग-मातङ्ग सम्मका ।
भए तुरुन्त बेपत्ता लत्तो छोड्नु पर्‍यो बरा ! ॥
उनका वेगको हावा लाग्नाले मात्र वास्तव ।
ठूल्ठूला वृक्ष डाँडाका भए थर्र त्यसै सब ॥
मधुपान गरी झुल्ने हुने बेहोश चित्तका ।
थुप्रा गन्धर्वका जोडा भागे होश फिर्‍यो तदा ॥
उडे चरा सँगै सारा विद्याधर उतातिर ।
दौडे प्राणी सबै आफ्नो गाम-ठाम भएतिर ॥
लुके नाग तथा सर्प अ-आफ्नो बिलमा पसे ।
यसरी भयाङ्ग भो डाँडो सबैले जब छोड्दिए ॥
डाँडाका टाकुराका ती ढुङ्गा खस्ता जतातता ।
तिनैले देखियो डाँडो सास फेर्छ सरी तदा ॥
दुला भित्र यता आधा जिउ देखाइ त्रासले ।
अजिङ्गर र सर्पादि स्वाँ ! स्वाँ !! गर्दै थिए हरे ! ॥

८८

८९

महेन्द्राचलको डाँडो यिनले शोभिंदा उता ।
नाना ध्वजा-पताकाले सिंगारेझैं भयो अहा ! ॥
डरले आत्तिए सारा वहाँका ऋषिले तदा ।
छोड्दिए त्यस डाँडाको आफ्नो आश्रम सम्म बा ! ॥

९०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

डर्लाग्दो बनमा साथी छुटेको बटुवा सरि ।
साह्रै पिरल्लिएको भो त्यत्रो भार परी गिरि ॥
संहार्न सक्ने सब शत्रुवीर हुन् वेगवान् धीर हरि-प्रवीर ।
थिए मनस्वी हनुमान् उदार अगाध सामर्थ्य थियो अपार ॥
गै जानकीलाइ वहाँ घुमेर म भेट्छु भन्ने सुरले गमेर ।
लङ्का पुरीलाइ यसो उनीले संझे मनैले अब एकताले ॥

६२

इति सतसट्ठी सर्ग

इति किष्किन्धाकाण्ड समाप्त

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सुन्दरकाण्ड

पहिलो सर्ग

कपिवीर हनुमान्‌ले समुद्र नाघ्न प्रस्थान गर्नु तथा मैनाकले स्वागत गर्नु, सुरसालाई जित्नु र सिंहिकालाई मार्नु एवं त्रिकूटाचलमा उत्री लङ्कापुरीको शोभा हेर्नु

१

बुद्धिमान् हनुमान्‌ले यी सक्तथे शत्रु नाश्न जो ।
हेरे अब यसो बाटो सिद्ध-चारण आदिको ॥
जुन बाटो गरी सीता लग्यो रावणले अघि ।
त्यही बाटो ठमाए बा ! कसिए खोज्न जान यी ॥
न पुग्ने अरुको आँटै जुन वेजोडको थियो ।
अति गाह्रो त्यही काम गर्न खोज्थे यिनी अहो ! ॥
शिर घाँटी दुवै आफ्ना उठाए उनले अब ।
विशाल देहको साँढे ठीकका देखिए तब ॥
महान् बल हुने त्यस्ता वीर, धीर स्वभावका ।
घुम्न लागे मजै साथ यताउति यसो तदा ॥
त्यहाँको भूमि थ्यो राम्रो, हरीया घाँस थे तव ।
वैदूर्य-मणि हुन् जस्ता सिन्धुका जल भैं सब ॥
शोच्तैथे, तीक्ष्ण थ्यो बुद्धि, त्यहाँका बिचरा चरा ।
सारा डराँउथे, भाग्थे देख्तैमा यिनलाइ ता ॥
छातीले पेल्दथे ढाल्थे ठूल्ठूला रुख सम्म यी ।
मृगादि पशु मार्ने क्वै सिंह भैं शोभिए पछि ॥
त्यो गिरिश्रेष्ठको तल्लो भाग सुन्दर थ्यो अति ।
नाना प्रकारको राम्रो शोभिन्थ्यो धातुको स्थिति ॥
देखिन्थे धातुका खानी वहाँ नाना प्रकारका ।
काला नीला सुनौला र पहेंला पद्मवर्णका ॥

१०

११

सफा शुद्ध थिए त्यस्तै झल्केका भइ झलझल ।
यिनैले गिरि त्यो हुन्थ्यो नित्य निर्मल ढल्पल ॥
परिवार लिई साथ यहीं बस्थे निरन्तर ।
देवता तुल्यका यक्ष नाग गन्धर्व किन्नर ॥
यी सबै जुन वेलामा जस्तो इच्छा भयो कि त ।
रूप त्यस्तै लिनालाई थे समर्थ विशेषतः ॥
यस पर्वतको तल्लो भागमा सम्म थ्यो जहाँ ।
बस्तथे दश हज्जारौं मत्ता हात्तीहरू त्यहाँ ॥
यस ठामनिरै आई बसेका हनुमान् थिए ।
दहभित्र वसेको क्वै हात्तीभैं भइ शोभिए ॥
सूर्य इन्द्र तथा वायु ब्रह्मा-भूतादि-देवमा ।
हात जोडी गरे ढोग जान ठिक्क हुँदा वहाँ ॥
तुरुन्त पूर्व फर्केर वायु आफ्ना पिताकन ।
नमस्कार गरे फेरि हनुमान्‌ले झुकीकन ॥
सिपालु काम साध्नामा भएका चतुरा उनी ।
बढे छिन-छिनैबीच दिशामा जान दक्षिणी ॥
समुद्र जसरी बढ्छ पूर्णिमा-पर्वको दिन ।
त्यहीठीक बढी हाले हनुमान् यी पुनः पुनः ॥
रामका कामको निम्ति कसिने सिद्ध पार्न यी ।
वहाँका कपिले सारा देखिए अब हर्षिई ॥

२०

२१

समुद्र नाघ्नको इच्छा बढेका उनले पनि ।
बढाए आफ्नु त्यो देह हदै भन्दा बढी अनि ॥
अब यस्तै अवस्थामा उनले आफ्नु देहले ।
पाउले बाहुले सम्म थिचे त्यो गिरिलाइ ए ! ॥
थिचिंदा देहले त्यत्रो भारले कपिवीरको ।
काँप्यो दुइ घडी सम्म गिरि ता थरर भयो ॥
झरिझुप्प फुलेकाथे त्यहाँ वृक्ष थिए अति ।
टुप्पा बाट खसे सारा अब फूल फुलेे जति ॥
रुख बाट झरेका यी सुगन्धी-पुष्प-राशिले ।
यो डाँडै ढाकियो ओहो ! बनेझैं भइ फूलले ॥
त्यत्रा शक्ति हुने वीर उनले थिचिंदा यता ।
अनेकौं जलका सोता निकाल्यो गिरिले तदा ॥
देखियो त्यसवेलामा मदमत्त गजेन्द्र क्वै ।
आफ्नो गण्डस्थलै बाट चुहाँउदछझैं मदै ॥
बलीया उनले त्यत्रा थिचिंदा गिरि ता पुनः ।
फलाम-सुन-चाँदीको लाग्यो खोला बहाँउन ॥
भएको मध्यमै राँको अग्निले धूमराशिझैं ।
ढुङ्गा मनःशिला साथै फ्याँक्न थाल्यो जताततै ॥
थिचिंदा गिरिको साथै वहाँका जीब-जन्तु ती ।
सम्पूर्ण थिचिए ओहो ! भित्र पीडा पऱ्यो अति ॥
काँपे वा ! डर भो ठूलो गुफाभित्र पसे अब ।
स्वर विकृत पारेर लागे चिच्याँउनै सब ॥
ठूलो कोलाहलै भो यो जीव-जन्तु समस्तको ।
पृथ्वी उपवनै आदि दिशा व्याप्त गऱ्यो अहो ! ॥
ठूलठूला नागकै साथ सर्प सानातिना पनि ।
थियो स्वस्तिकको चिन्ह फणामा जसको अनि ॥
यी सारा विषको आगो ओकल्थे, भो भयानक ।
टोक्थे क्वाराम्म क्वाराम्म ढुङ्गा पर्वतकातक ॥
विषालु सर्पले त्यस्ता टोकिंदा गिरिका शिला ।
बले बा ! अब ह्वार्हर्ति फट्ट, फट्ट फुटे बता ॥
छन ता त्यस डाँडोमा विष नाश्ने अनेकन ।
थिए औषधि ता धेरै थरीका र मनोरम ॥
तर अत्यन्त नै चर्को विषका वेग नाश्न ता ।
सकेनन् तिनले सम्म बल्यो डाँडै जताततता ॥

३७

३८

विद्याधर यहीं वस्थे तपस्वीहरु थे अति ।
उनले अब यै संझे भित्र ताप परी बढी ॥
ब्रह्मराक्षस-भूतादि मिलेर गिरि यो सब ।
माश्न लागे फुटालेर भन्ने भित्र गर्‍यो तब ॥
अब बस्न यहाँ हुन्न भन्ठान्दा पछि बाट ती ।
लिई स्त्रीगण साथैमा भाग्न थाले यताउति ॥
मधु आसव पानादि गरिन्थ्यो जुन ठाममा ।
त्यहीं नै मधुशालामा राखिएका जहाँ-तहाँ ॥
सुनका पिउने भाँडा राखिने पात्र सम्म र ।
बहुमूल्य थिए जो जो सुराहीतक सुन्दर ॥
विशेष जातिका भाँति-भाँतिका वस्तु भक्ष्यका ।
चाटिने वस्तु, मांसादि अनेकौं परिकारका ॥
ठूलठूला श्रेष्ठ साँढेका छालाका ढाल सम्म र ।
जडेका मूठमा स्वर्ण तलवार मनोहर ॥
पदार्थ सब यी छोडी वास्ता नै नगरीकन ।
उक्ले सरर आकाश ती विद्याधरका गण ॥
माला झुलि रहेकोथ्यो उनको कण्ठमा तब ।
र-राता फूल शोभिन्थे उनका अङ्गमा सब ॥
सुगन्धी लेपको बास्ना आँउथ्यो अङ्गबाट र ।
र-राता नेत्र थे झुल्थे पद्म जस्ता मनोहर ॥
मदको मद चढ्नाले यी बेहोश भए पनि ।
ल्याँउदा त्यसले होश उडे हरर भै अनि ॥
यी विद्याधरका नारी शोभिन्थे बहुतै यहाँ ।
अ-आफ्ना पतिका साथ भाग्दामा अन्तरिक्षमा ॥
गलामा हार शोभिन्थ्यो बाजूले बाहुली उता ।
खुल्दथ्यो, पाउमा राम्रो झुल्दथ्यो पाउजेब वा ! ॥
पैहेका गहना नाना बाला आदि थिए जति ।
शोभिन्थे बहुतै राम्रो हाँस्थे जब मुसुक्क ती ॥
योगविद्या महाविद्या विद्याधर-महर्षिमा ।
जति थ्यो, त्यसकै शक्ति लिए यी सबले वहाँ ॥
यसकै भरले गर्दा उभिई अन्तरिक्षमा ।
महेन्द्र गिरिलाई यो हेरे जिल्ल परी त्यहाँ ॥
शुद्ध आत्मा हुने सिद्ध-ऋषि-चारण आदिको ।
कुरा हुन्थे बसी सुन्थे यस्ता उद्गाररूपका ॥

५४

CC-0. In Public Domain. Digitization by eGangotri

५५

अहो ! पर्वतकै जत्रो ठूलो देह हुने यिनी ।
धन्य हुन् वेगवान् छन् जो हुन् महान् वीर्यवान् पनि ॥
यस्ता यी हनुमान् वीर साक्षात् वरुणदेवको ।
आश्रयस्थान यो सिन्धु नाघ्न खोज्छन्, विचित्र हो ! ॥
गर्नमा रामको काम कपिको श्रेय होस् भनी ।
गर्न कठिन यो काम गर्न खोज्छन् स्वयं यिनी ॥
बढो गजब हो ! ओहो ! पल्लो पार समुद्रको ।
पुग्न खोज्नु, छ जो साह्रै गाऱ्हो तर्न समेत पो ॥
माथिका यी तपस्वी र महात्मा सिद्ध आदिले ।
भनेका ती कुरा सारा यी विद्याधरले सुने ॥
उनले बल्ल थापाए त्यो कुरो अनिमात्र पो ।
हेर्दा तल, वहाँ देखे वायुपुत्रकनै अहो ! ॥
महेन्द्र-गिरिमा त्यस्तो दोश्रा पर्वत हुन् सरि ।
आँक्नै न सकिने देह भएका देखिए कपि ॥
हनुमान् त्यस वेलामा बलेका अग्नि भैं थिए ।
झट्कारे आफ्नु सर्वाङ्ग अब क्यै रँउ फ्याँकिदए ॥
पानीको भार बोकेको मेघ गर्जे सरी बनी ॥
अत्यन्त जोडले गर्जे गरी यत्ति स्वयं उनी ।
रँवैरँउ थियो टन्न उनको पुच्छरै भरी ॥
निकै लामो निकै मोटो शोभिन्थ्यो अति राम्ररी ।
चक्का चक्का बनाए वा ! उनले त्यसलाइ ता ॥
उड्न निम्ति भए ठिक्क यसरी हनुमान् उता ।
केही जोड गरी फ्याँके त्यसैलाइ अकाशमा ।
लगेको गरुडैबाट सर्प जस्तै भयो जहाँ ॥
अब आफ्नु दुवै मोटा साक्षात् परिघ हुन्न सरि ।
बाहुलीलाइ डाँडोमा गाडे बा ! ठ्याप्प राम्ररी ॥
माथिका अङ्ग खुम्च्याए मिल्छन् भैं कटिमा गरी ।
पुग्याए दुइटै पाउ त्यसैमा जोर्न राम्ररी ॥
वीर्यवान् उनले आफ्ना दुइटै बाहुली पनी ।
घाँटीकै साथ खुम्च्याई जोरे बा! त्यसमै अनि ॥
उनमा यसवेलामा बल तेज पराक्रम ।
सत्व शक्ति पनी राम्रै सँग पूर्ण भयो पुनः ॥
आफूले जानु पर्ने त्यो बाटो हेरे यसो अनि ।
पुग्यापर परै सम्म आफ्नु दृष्टि उता पनि ॥

७१

७२

हेरे आकाशमा धेरै बेर सम्म र अन्तमा ।
प्राणको गति रोके वा! आफ्नो हृदयदेशमा ॥
यसरी उफ्रने ठिक्क भएका बलवान् कपि ।
हनुमान्ले दुवै पाउ अड्याए बलले पछि ॥
खुम्च्याए दुइटै कान वानरश्रेष्ठ वीरले ।
अब पो सहयोगी ती कपिमा यसरी भने ॥
मान्य ए कपि हो ! सुन्नोस् ! वायुकै वेग तुल्यको ।
म भएँ अब, रोकिन्न मेरो गति विचित्र भो ! ॥
रामले छोंडदिदा बाण जसरी जान्छ त्यो स्वतः ।
त्यैठीक जान्छु लङ्कामा जो छ रावण-पालित ॥
पुगेमा पनि लङ्कामा यसरी वेगपूर्वक ।
नदेखेमा न पाएमा सीताकन वहाँतव ॥
म सरासर जानेछु त्यहाँ बाट पनी वढी ।
स्वर्गलोकतिरै सुन्नोस्! हुत्तिई वेग ली यही ॥
श्रम गर्दा पनी यत्रो नभेटे स्वर्गमा पनि ।
यहीं ल्याउँछु बाँधी म रावणैकन त्यो अनि ॥
सबै प्रकारले हुन्छु कृतकृत्य मता अब ।
सीतालाइ लिई साथ फर्किनेछु म वास्तव ॥
कि त रावणसाथैको दिव्य लङ्कापुरीकन ।
उखेली सजिलै बोकी ल्याउँनेछु यहीं पुनः ॥
भनी यत्ति कपिश्रेष्ठ हनुमान् वीर उफ्रिए ।
वुद्र्ङ्ग माथितिरै फर्की कसिई दृढ वेगले ॥
योवेला उनले केही शोचेनन् विघ्न-सिघ्न क्यै ।
म भए गरुडै जस्तो भन्ने बुद्धि बढ्यो त्यसै ॥
हुत्तिए उफ्रिना साथ वेगले हनुमान् जब ।
तानिए त्यसले गर्दा त्यहाँका वृक्ष पो सब ॥
डाँडाभर थिए जत्ति ठूल्ठूला रुख ती सब ।
उखेल्लिई जरा साथै साथैमा हुत्तिए अब ॥
सारा फूल फुलेकाथे गम्म थे सब वृक्ष यी ।
थिए मत्त चरा सम्म त्यहाँका यष्टिभादि ती ॥
उनका वेगले सारा हुत्तिए साथ-साथमा ।
यसरी वेगले यस्तो गए स्वच्छ-अकाशमा ॥
वज्रिदा उनका तिघ्रा तिनैका भार-वेगले ।
उखेल्लिइ परै सम्म रुख ता हुत्तिदै गए ॥

८८

८९

परदेशतिरै जाँदा लामो यात्रा भयो भने ।
पुर्‍याँउन गए ठीक भो बन्धुकन बन्धुले ॥
तिम्राको वेगले सोर्दा श्रेष्ठ सालादि वृक्ष ता ।
गए पछाडि राजाको सैन्यका ठीक भै अहा ! ॥
सारा टुप्पा फुलेका यी वृक्ष बाट अनेकन ।
शोभिए पर्वतै जस्ता उनी अद्भुत भै पुनः ॥
गह्रौं, भार हुने ठूला वृक्ष जत्ति थिए वहाँ ।
पर पुग्दा नपुग्दामा खसे ती भवाम्म सिन्धुमा ॥
इन्द्रको डर पर्दामा भएका पक्ष पर्वत ।
अघि भवाम्म पसे ठीक देखिए सिन्धुमा तब ॥
नाना प्रकारका फूल कोपिला र टुसा थुँगा ।
राम्रा गुच्छा र झुप्पाले शोभिए साथमा हुँदा ॥
हनुमान् देखिई हाले मेघ जस्तै भई तब ।
रातको पर्वतै ठीक हुँदा जुनकिरी सब ॥
उनको वेग हट्तामा रुखले पनि अन्तमा ।
झारे फूल भए जत्ति खसे पछि समुद्रमा ॥
इष्ट मित्र सुहृत् बन्धु परदेशी हुने हुँदा ।
पुर्‍याई पर फर्केझैं देखिए सब ती तदा ॥
उनका वेगले गर्दा उठेको वायुले गरी ।
खसेका वृक्षका फूल शोभिए भै थरी थरी ॥
त्यत्रो सागरमा पर्दा भए तर, विचित्र भो ! ।
हलुका भै डुबेनन् ती भै रक्त श्वेत शोभियो ॥
जस्तो नौलाख ताराले नभ शोभिन्छ साँझमा ।
त्यही ठीक भई हाल्यो त्यो समुद्र जहाँ तहाँ ॥
पुष्पका राशले यस्तो नाना रङ्ग र ढङ्गका ।
मीठो सुगन्ध फ्याँक्थे जो, शोभिए कपिवीर बा ! ॥
डम्म आकाश ढाकेर उठ्ता बादलको दल ।
शोभिए ठीक चम्केमा विजुली भइ झल्झल ॥
उनका वेगले झर्ने फूलले सिन्धुको जल ।
राम्रा तारा उदाएको देखियो नभझैं तब ॥
फैलाएका थिए बाहु उनले जो अकाशमा ।
अर्कै भो तिनको शोभा उड्दामा वायु-वेगमा ॥
डाँडाको टाकुराबाट साक्षात् पाँच मुखे कडा ।
विष-ज्वाला हुने सर्प निस्के झैं शोभिए अहा ! ॥

१०५

१०६

देखिन्थे त्यस वेलामा हनुमान् यी महाकपि ।
ठूल्ठूला छाल फ्याँकेको सिन्धु निल्छन् कि झैं वढी ॥
हेर्दामा त्यस वेलामा त्यत्रो आकाशलाइ ता ।
सलक्क निल्दछन् जस्तो देखिए शोभिए अहा ! ॥
वायुको मार्ग ली हिंड्ने उनका दुइ नेत्र ता ।
देखिन्थे विजुली जस्ता डाँडाका अग्नि ठीकका ॥
राम्रा र बाटुला ठूला पहेंला सुमनोहर ।
हनुमान्का थिए आँखा चन्द्रार्क सरि सुन्दर ॥
उनका मुखको कान्ति शोभिन्थ्यो लाल वर्ण भै ।
यता नाक थियो त्यस्तै रातो सुन्दर-रूपकै ॥
साँझको लालिमा पर्दा सर्दा गै साँझ-साँझमा ।
सूर्यमण्डलमा शोभा भएझैं हुन गो वहाँ ॥
उड्दै आकाशमा जाँदा टेढो पुच्छर चाँहि त्यो ।
शोभियो इन्द्रको ऊँचो ध्वजा तुल्य भई अहो ! ॥
पर्दा पुच्छरमा चक्का सेता दाह्रा हुँदा अति ।
ठूलो मण्डल लागेका सूर्यझैं देखिए उनी ॥
ज्यादै रातो थियो पुट्ठा सुन-गैरिक-धातुले ।
सम्पन्न, खोतले ठीक गिरिझैं कपि शोभिए ॥
त्यसरी हुत्तिंदै जाँदा नाघ्न खोज्दा समुद्र त्यो ।
पर्दथ्यो वायुको झोक्का उनको देहमा अहो ! ॥
त्यसले कोखमा ज्यादा बल पर्थ्यो, कराँउथ्यो ।
ठूलै बादल गर्जेझैं गड्याङ्को शब्द आँउथ्यो ॥
उत्तरैबाट निस्केर जाँदा दक्षिण मार्ग ली ।
देखिन्छ नभमा उल्का पुच्छ्रे तारो, सरी त्यही ॥
देखिए हनुमान् वीर त्यत्रो पुच्छर शोभिंदा ।
त्यसरी वेगले उड्दै जाँदामा दक्षिणी दिशा ॥
अस्ताचलतिरै जाने सूर्यझैं शोभिए उनी ।
दिलको देहको ज्योति फैलिंदा नभमा पनि ॥
शोभिन्थे वीर यी फेरि त्यत्रो पुच्छरले गरी ।
हौदा कस्ने महान् डोरी बाँधेको गजकै सरि ॥
उनका देहको त्यत्रो छाँया जो सिन्धुमा तल ।
पर्दथ्यो उनकै साथ सर्दथ्यो भै परै पर ॥
यसले तल देखिन्थ्यो ठूलै डुङ्गा समुद्रमा ।
आधा डुब्छ, तथा आधा माथि हल्लिन्छ झैं वहाँ ॥

१२२

१२३

आकाश-मार्गले जाँदा पुग्थे माथि, जहाँ जहाँ ।
त्यसको वेगले उठ्थ्यो तल छाल समुद्रमा ॥
यसर्थ त्यस वेलामा महासागर सम्म त्यो ।
देखिन्थ्यो बा ! तरङ्गीकै लाग्दो उन्माद-रोग पो ॥
महासागर त्यो वेला ठूल्ठूला गिरि हुन्न सरि ।
त्याँउथ्यो छाल ग्वालम्म फ्याँक्थ्यो तट भरी भरी ॥
महान् वेग हुने त्यस्ता हनुमान् वीर जो थिए ।
त्यसै पेलेर छातीका वेगैले अघि बढ्दथे ॥
त्यत्रो शरीर उड्दामा उठेको वायुको गति ।
उता आकाशको मेघ भित्रका वायुको स्थिति ॥
यी दुवै सिन्धुमा पर्दा उठता छाल अजङ्गका ।
उर्लिंदो स्थिति भै हाल्यो गर्जियो घनघोर बा ! ॥
प्रचण्ड वेगले आफ्नो वीर यी कपिकेसरी ।
तान्दथें सिन्धुको छाल आफैंतिर घडी घडी ॥
देखिन्थे यसले गर्दा यो वेला कपिवीर ता ।
द्यावाभूमि दुवैलाई पार्छन् विक्षुब्ध ठीकका ॥
त्यो महासिन्धुमा भित्र उठथे छाल-तरङ्ग जो ।
देखिन्थे त्यस वेला ती मेरु मन्दर तुल्यको ॥
महान् वेग लिई यस्तो सर्र सर्र गरी गरी ।
अघि बढ्दै गए वीर गन्छन् छाल सरी गरी ॥
वडो गर्जब भै हाल्यो उनको वेगले तल ।
उर्ल्यो, पुग्यो अकाशैमा मेघैमा सिन्धुको जल ॥
त्यो वेला त्यसको शोभा भैगो फेरि विचित्रको ।
हो शरत्-ऋतुकै मेघ फैलिए ठीकको अहो ! ॥
त्यसरी सिन्धुको पानी उठ्ता माथितर वेगले ।
भै हाल्यो तल ता नाङ्गो देखिए जीव-जन्तु ए ! ॥
ठूला साना सवै माछा जो थिए तिमि ठीकका ।
कछुवा ग्राह-नक्रादि देखिए तल भै सफा ॥
जस्तो लुगा फुकाल्दामा देह नाङ्गो हुँदा यहाँ ।
अङ्ग देखिन्छ मान्छेको त्यही ठीक भयो वहाँ ॥
देख्तामा हनुमान्लाई जाँदा आकाशमा उता ।
तलका सर्पले ठाने साक्षात् गरुड नै तदा ॥
दश योजन चौडाई लम्बाई तीस योजन ।
भएकी उनको छाया तल पर्थ्यो मनोरम ॥

१३९

१४०

नुनीलो सिन्धुमा त्यत्रो परेको प्रतिमूर्ति त्यो ।
सेतो बादलको थुप्रो शोभिए ठीक भो अहो ! ॥
विशाल-देहका त्यस्ता तेजस्वी कपिवीर यी ।
शोभिए पक्षधारी क्यै गिरि जस्तो भई पछि ॥
त्यो निरालम्ब बाटोमा जाँदा हुत्तिइ वेगले ।
जान्थ्यो सोहोरिँदै साथ त्यो सिन्धु पनि वेगले ॥
छोडेको सिन्धुले ठाम देखिन्थ्यो झन् विचित्रको ।
आँक्नै नसकिने रित्तो कराही ठीकको अहो ! ॥
ठूल्ठूला वेगवान् पक्षीहरुकोमात्र मार्गमा ।
उड्थे यी, गरुडै जस्ता भएर अतिवेगमा ॥
जसरी वायु सोहोर्छ सारा बादलका दल ।
उडे त्यै ठीक सोहोर्दै सब बादलका दल ॥
काला सेता तथा नीला राता गेरु समानका ।
रङ्गका मेघ ठूल्ठूला शोभिए तानिदा अहा ! ॥
यिनै बादलका थुप्रा भित्र बस्थे कहीं उनी ।
कहीं सत्र छिचोलेर निस्कन्थे बाहिरै उनी ॥
कहीं बादलमा पस्ने निस्कने बाहिरै कहीं ।
पूर्णचन्द्र सरी साक्षात् देखिए यी जहाँ-तहीं ॥
महान् शक्ति हुने त्यस्ता वेगवान् हनुमान्कन ।
देखे बा ! त्यसरी जाँदा माथिका देवले पुनः ॥
देव-दानव गन्धर्व मिले अन्योन्यमा सब ।
गरे बा ! फूलको वर्षा हनुमान्माथि नै तव ॥
गर्न श्रीरामको काम सफलै पार्न हुत्तिई ।
वेगले गै रहेकाथे मार्ग आकाशको लिई ॥
त्यसवेला उनीलाई पारेनन् ताप सूर्यले ।
न पिरे वायुदेवैले तस्मात् ठिक्क भई बहे ॥
त्यसरी जान लागेको देख्ता आकाश-मार्गले ।
प्रशंसा उनको राम्रै गरे बा ! ऋषि आदिले ॥
वनचारी उनीलाई देख्ता जाँदा वहाँ पुनः ।
देव-गन्धर्वले गाए प्रशंसा-गीत तत्क्षण ॥
सहसा त्यसरी बढ्दा देख्ता अश्रान्त सुस्थिर ।
नाग-राक्षस-यक्षादि स्तुति गर्थे निरन्तर ॥
यसरी वानरश्रेष्ठ बुद्धिमान् हनुमान् तव ।
जाँदैथे सिन्धुको पारी उड्दै कुद्दै यता अब ॥

१५६

CC-0. In Public Domain. Digitization by eGangotri

१५७

महासागरले शोचे इक्ष्वाकुकुलमात्रको ।
सन्मान राख्नको निम्ति भलो गर्ने कुरो यसो ॥
कपीन्द्र हनुमान्को यी यदि केही सहायता ।
मैले गरिन ता पक्कै कुरा काट्छन् मनुष्य बा ! ॥
इक्ष्वाकुकुलका स्वामी राजा सगरबाट ता ।
मेरो वृद्धि भएको हो रहेको हो महान् कृपा ॥
यिनी मद्दत गर्दैछन् इक्ष्वाकु-कुल-रामको ।
कामबीच भने तस्मात् न पाँउन् कत्ति दुःख जो ॥
उपाय गर्नु नै पर्छ मैले त्यस्तो कुनै अब ।
यहाँ गर्न सकुन् जल्ले विश्राम सुखपूर्वक ॥
मेरो आश्रय लौ केहीबेर आनन्दले बसी ।
बाँकी यात्रा गरून् पूरा जसबाट भई खुशी ॥
अतिराम्रो यही शोची सुवर्णमय पर्वत ।
मैनाकलाइ भन्छन् ती लुक्थे जो जलभित्र त ॥
ए गिरिश्रेष्ठ ! सुन त ! महात्मा सुरराज वी ।
देवेन्द्रले तिमीलाई यहाँ राखि दिए अघि ॥
यही हो राख्नुको हेतु हुने पातालमा घर ।
दैत्यका दलको बाटो छेक्न आग्लै सरी स्थिर ॥
इन्द्रलाई थियो पत्तो उनका शक्ति-वीर्यको ।
खोज्थे आँउन जो माथि यही बाटो गरी अहो ! ॥
तस्मात् रोक्न तिनैलाई आँक्नै न सकिने तथा ।
महान् पातालको ढोका छेक्छौ, बस्छौ तिमी सदा ॥
तिमी बढ्न समर्थै छौ तल माथि यताउति ।
छड्के फड्के पनी शैल ! छ शक्ति ह्याउ वा द्युति ॥
हुँदा त्यस्तो गिरिश्रेष्ठ ! तिमीलाइ म भन्दछु ।
उठ मास्तिर लौ चाँडै प्रेरणा पनि गर्दछु ॥
तिम्रो माथि हुँदै हेर ! जाँदैछन् कपिश्रेष्ठ यी ।
जो हुन् पराक्रमी वीर बुद्धिमान् हनुमान् कपि ॥
सिद्ध पार्छु भनी काम धर्मात्मा प्रभु रामको ।
डर्लाग्दो काम गर्दै यी उड्छन् आकाशमा अहो ! ॥
हुन् यी इक्ष्वाकुका वंशी रामका प्रिय सेवक ।
सहाय यिनको मैले अवश्यै गर्नु पर्दछ ॥
छन् मेरा निम्तिमा पूज्य इक्ष्वाकुकुलका सब ।
झन् तिम्रो निम्ति ता शैल! छन् बढ्ता पूज्य वास्तव ॥

१७३

१७४

तस्मात् अब तिमी हाम्रो यही गर सहायता ।
सत्कार कपिको गर्ने नवितोस् योग्य काल बा! ॥
क्वै गर्दैन भने देखि आफ्नु कर्तव्य पालन ।
झोक्याँउदछ है त्यल्ले स्वयं सज्जनको मन ॥
तसर्थ उठ लौ ! चाँडै म—पानी देखि मास्तिर ।
तिमी माथि बसुन् थ्याच्च सुस्ताँउन् कपि हुन् स्थिर ॥
हुन् हाम्रा पाहुना राम्रा यिनी, सन्मान गर्नु छ ।
पूज्य छन्, सक्तछन् उड्न, कुद्दछन् यसरी जब ॥
माझको भाग तिम्रो छ सुवर्णमय सुन्दर ।
देव-गन्धर्व-यक्षादि सेवा गर्छन् निरन्तर ॥
लौ बा ! अब उठी हाल तिमी माथि बसुन् कपि ।
छुटोस् थकाइ सुस्ताउन् अनि जाँउन् बढी अघि ॥
मैनाक ! हेर काकुत्स्थ रामको त्यो दयालुता ।
मिथिलेश्वरकी छोरी सीताको परदेशिता ॥
बुद्धिमान् हनुमान्को यो श्रम उत्साह हेर ! त ।
तसर्थ पनि लौ बाबु ! उठी हाल तिमी स्वतः ॥
नुनीलो जलको राशि महासागरको कुरा ।
पेटमा सुन बोकेका सुने मैनाकले पुरा ॥
लता र रुखले टन्न लटरम्म हुने बनी ।
बढी सर्र उठी हाले जलबाट वहाँ अनि ॥
अगाध मेघको राशि छिचोली तेजिला रवि ।
जसरी उठ्तछन् माथि लिई त्यै ठीकको गवि ॥
अगाध जलको राशि छिचोली श्रेष्ठ यी गिरि ।
उठे हुँदाहुँदै अग्ला अतिसुन्दर -रूप ली ॥
दिलका देहका सम्म दरा र गतिला बनी ।
छिनैमा शोभिई हाले तल पानी भए पनि ॥
महासागरको आज्ञा गरी स्वीकार झट्पट ।
देखाए टाकुरा आफ्ना अगाडि कपिको तब ॥
टाकुरा यिनका अग्ला सुवर्णमय थे सब ।
बस्थे किन्नर-नागादि जहाँ मिलिजुली तब ॥
सूर्योदय हुँदा जस्तो तेज बल्दछ धप्धप ।
त्यै ठीक टाकुरा बल्थे रोक्थे आकाश नै सब ॥
यसरी अग्लिदा ओहो ! सुवर्णमय टाकुरा ।
स्थिति अकैं भई हाल्यो स्वयं आकाशको तदा ॥

१८०

CC-0. In Public Domain. Digitization by eGangotri

१९१
भयो शान चढाएको शस्त्रमैं, नीलवर्णको ।
त्यो आकाश, सुनौला यी टाकुरा झल्किँदा अहो ! ॥
अत्यन्त तेजिला आफ्ना सुनौला श्रृङ्ग चम्किँदा ।
सयौं सूर्य भए जस्ता देखिए गिरि ता तदा ॥
उठेका यसरी भ्वाट्ट मैनाक गिरिलाइ यी ।
सिन्धुको बीचमा देखे बढ्दामा कपिले अघि ॥
परी गो मनमा शङ्का ठह्राए यही पछि ।
लौ मान्यो ! अब यो डाँडो आयो विघ्न भई अघि ॥
तसर्थ यत्ति शोचेर ह्याकुलाले मिचीकन ।
थिचे मैनाकलाई यी उनले मार्गमै पुनः ॥
महान् वेग हुने त्यस्ता कपिको शक्तिले गरी ।
अग्ला मैनाकका डाँडा भए तल पुगे सरि ॥
वायुले मेघको थुप्रो छ्यान्न-व्यान्न गरे सरि ।
बुद्धिमान् उनले पारे झारे तल बलै गरी ॥
यसरी तल पर्दामा सम्झे मैनागले- अहो ! ।
रहेछ यिनको कत्रो अतुल्य बल शक्ति त्यो ? ॥
गमी यत्ति कुरा भित्र ज्यादै खुश भए उनी ।
उद्गाररूपमा निस्क्यो गर्जना उनमा पनि ॥
हनुमान् त्यस वेलामा थिए आकाशमा जहाँ ।
भै गद्गद पुगी हाले उनको अघि यी वहाँ ॥
राम्रो मनुष्यको रूप थियो मैनाकको तव ।
भन्दछन् हनुमान् साथ उनी दङ्ग परी अब ॥
वानरश्रेष्ठ ए वीर ! तपाँईंले विचित्रको ।
काम यो गर्नु भो ओहो ! गर्नै मुश्किल पर्छ जो ॥
भैगो लौ ! अब, यी मेरा डाँडामा ओर्लनोस् अनि ।
मार्नोस् थकाइ क्यै वेर पाल्नु होला सुखी बनी ॥
रामका कुलमा जो जो जन्मे पुर्खा, तिनै मिली ।
महासागरलाई यो बढाए स्नेहले पछि ॥
यसर्थ रामको काम गर्न खोज्ने तपाँइको ।
सत्कार गर्न खोज्छन् यी, छ श्रद्धा राममा बडो ॥
कसैबाट कुनै आफ्नो उपकार भयो भने ।
गुन तिर्नु, पनी धर्म हो सनातन, यै भने ॥
यसर्थ गुन तिर्छन् यी गरी सन्मान योग्यको ।
तसर्थ बस्नुहोस् पाल्नोस् !गर्नोस् स्वीकार यो कुरो ॥
२०७

२०८
यसकै निम्तिमा सुन्नोस् ! यी महासिन्धुले कपे ! ।
मलाई यसरी अैले उठाए मान-भाउले ॥
वानरश्रेष्ठ ए वीर ! तस्मात् अब तपाँइ ता ।
सुस्ताइ पाल्नुहोस् मेरा टाकुरामा बसी यता ॥
सुन्नोस् ! सिन्धु यसै भन्छन्-सय योजन सम्मको ।
यात्रा गर्न उडेका हुन् ढाकी आकाश यी अहो ! ॥
केहीवेर बसुन् तस्मात् यी तिम्रा चुचुरातिर ।
सुस्ताइ शेष यात्रा त्यो पारुन् सफल सुन्दर ॥
यसर्थ ए कपिश्रेष्ठ ! लौ पाल्नोस् बस्नुहोस् यहाँ ।
छन् मेरा टाकुरा राम्रा घुम्नोस् आनन्द साथमा ॥
सुगन्धी फल मीठा छन् स्वादिला कन्द मूल छन् ।
चाख्नोस् गर्नोस् र विश्राम पाल्नुहोस् पछि भन्दछन् ॥
सुन्नोस् यौटा कुरा अर्को ए वानरशिरोमणे ! ।
तपाँईसाथ सम्बन्ध हाम्रो पनि छ है, गुने ॥
महान् गुणहरूमात्र जोर्नु हुन्छ तपाँई ता ।
हुनुहुन्छ यसैबाट ख्यात त्रैलोक्यमा सदा ॥
कुद्ने र उफ्रने मध्ये जत्ति छन् वेगवान् कपि ।
हुनुहुन्छ तपाँई नै तिनमा गतिला कपि ॥
मेरो विचार यस्तै छ सर्वश्रेष्ठ म ठान्दछु ।
सत्कार गर्नको निम्ति यसैले योग्य मान्दछु ॥
धर्मको तत्व जानेका व्यक्तिका निम्तिमा कपे ! ।
मामुली पाहुना सम्म हुन्छ आतिथ्य-योग्य ए ! ॥
भने तपाँइ जस्ता, जो छन् महान् व्यक्ति सज्जन ।
तिनको मान सत्कार गर्नुमा भन्नु के पुनः ? ॥
हुनुहुन्छ तपाँईं ता देवताश्रेष्ठ वायुका ।
सुपुत्र कपिमा श्रेष्ठ उत्साही वीर योग्यका ॥
महात्मा वायुमा जस्तो छ वेग, बल, शक्ति वा ।
बावुकै तुल्य त्यै ठीक टिक्छन् ती सबै कुरा ॥
तस्मात् तपाँईको वीर मान सत्कार क्यै भए ।
हुनुहुन्थ्यो उता साक्षात् वायुदेव प्रसन्न ए ! ॥
हुनुहुन्छ तपाँई ता मेरो पूज्य विशेषतः ।
यसैले पनि, अर्को छ सुन्नुहोस् हेतु भन्नुछ ॥
ए वीर हनुमान् बावु ! हो सत्ययुगको कुरो ।
त्यसताक पखेटाथ्यो हाम्रो पर्वत-जातिको ॥
२२४

CC-0. In Public Domain. Digitization by eGangotri

२२५

त्यसका भरले उड्थे सारा पर्वत सर्सर ।
भै बायु, गरुडै जस्ता पुग्थे दशदिशाभर ॥
यसरी आँउदा जाँदा वेगले उडदिंदा उनी ।
ऋषिदेव सबै प्राणी काँपे खस्लान् भनी यिनी ॥
भएका नेत्र हज्जारौं गर्ने यज्ञ शयौं, कपे ! ।
देवेन्द्र झोकिई हाले उनको यस कर्मले ! ।
उठाए हातमा बज्र उनले सुन्नुहोस ! तब ।
पखेटा काटदिए चट्, चट् लाखौं पर्वतका सब ॥
आए बा ! देवका राजा उठाई बज्र हातमा ।
म तर्फ पनि झम्टेर त्यसवेला स्वयं वहाँ ॥
परन्तु ठ्याक्क त्यैवेला महात्मा बायुदेवले ।
मलाई सिन्धु भित्रै यो फ्याँक्नु भो आफ्नु वेगले ॥
यसरी ए कपिश्रेष्ठ ! खसाली क्षार-सिन्धुमा ।
जोगाई दिनु भो मेरा पखेटा शान्ति-साथमा ॥
तपाँईंका पिताज्यूले यस्तो गुन लगाँउदा ।
म सुरक्षित भै हालें त्योवेला, बुझ्नु भो कुरा ? ॥
वानरश्रेष्ठ ए वीर ! तपाँईं यस हेतुले ।
हुनुहुन्छ सँधै मेरो पूज्य, सम्माननीय ए ! ॥
तस्मात् आदर गर्दोछु मेरो साथ तपाँईंको ।
सम्बन्ध गुणको यस्तो छ दरो बलवान् बडो ॥
धेरै काल बित्यो बाबु ! काम प्रत्युपकारको ।
म बाट हुन क्यै त्यस्तो पाएको नै थिइन, हो ? ॥
आज मौका मिल्यो तस्मात् अब मेरो र सिन्धुको ।
यो धोको पार्नुहोस् पूर्ण, पाल्नोस् ! भै तुष्ट चित्तको ॥
श्रम ग्लानि भए केही लौ ! सुस्ताई छुटाँउनोस् ।
हाम्रो सत्कार यो पूजा सब स्वीकार गर्नुहोस् ॥
कपिमाश्रेष्ठ ए बाबु ! हओस् सफल स्नेह त्यो ।
दङ्गै छु म त पाएर भेट यो मान्य बाबुको ॥
मैनाक-गिरिले यस्तो भनेमा स्नेहपूर्वक ।
भन्छन् अब उनीलाई हनुमान् बानरर्षभ ॥
मैनाक ! म भएँ तुष्ट तपाँईंसँग भेट भै ।
यत्तिले नै पुग्यो, मेरो भो आतिथ्य पनी सबै ॥
यसले यत्ति भन्दामा पनि मानेर, पीर यो ।
भित्र पर्छ भने देखि छोडदिनोस् सानु त्यो कुरो ॥

२४१

२४२

काम ठूलै छ है मेरो गर्नु चाँडो भन्छु फेरि त्यो ।
दिन ढल्कन लाग्दोछ वेला बित्छ, भनेर भो ॥
प्रतिज्ञा पहिले मैले गरेंथें कपिको अघि ।
म कहीं बीचमा बस्ने छैन भन्ने कुरा कही ॥
भनी यत्ति उनीलाई यी महान् वीर्यका कपि ।
हनुमान्‌ले यसो छोए उनका अङ्गमा पछि ॥
अनि आकाश हेरेर उठदै मास्तिर वेगले ।
बढ्दै सर्सर गै हाले बाटो सोझ्याई लक्ष्यले ॥
यताबाट यसैवेला मैनाक र समुद्रले ।
उनलाई यसो हेरे श्रद्धा—आदरभावले ॥
आशीर्वाद दिए राम्रो दुवैले हनुमान्‌कन ।
यथोचित भयो पूजा, गरे बा ! अभिनन्दन ॥
छोडेर यसरी दोटै सिन्धु-मैनाकलाइ यी ।
गए आकाशको बाटो माथि-माथि हुँदै खुसी ॥
चक्रमन्न थियो शून्य थियो कञ्चन निर्मल ।
वायुमात्र वहाँ घुम्थे सुसाते बाबुकै पथ ॥
त्यहाँ बाट पनी माथि उक्लँदै गिरिलाइ त्यो ।
फेरि हेरे उहीं बाट तल फर्की यसो अहो ! ॥
कपिवीरहरू मध्येश्रेष्ठ यी पुत्र बायुका ।
निरालम्ब भई लागे जान आकाशमा उता ॥
यो दोश्रो काम हो, ठूलो हुनथ्यो अरु पाट जो ।
देखता देवर्षि-सिद्धादि भए खुश वहाँ बडो ॥
प्रशंसा गर्न पो लागे मिली अन्योन्यमा सब ।
विशेष देवता सारा भए खुश वहाँ जब ॥
उनको साथ-साथैमा भए इन्द्र पनी खुश ।
हनुमान् प्रतिको कर्म देख्ता मैनाकको सब ॥
शचीका पति हुन् विद्वान् भए गद्‌गद् ती अतः ।
भएका सुनको नाभि भने मैनाकमा तब ॥
सुन ! शैलेन्द्र मैनाक ! म तिम्रो यस कामले ।
अत्यन्त खुश भै हालें तिमीमा अभयै दिएँ ॥
नाभिको सुन झल्काई हिंड्न सक्छौ तिमी अब ।
जाउ इच्छा भए ठाम सुख साथ भई खुश ॥
सय योजनको सिन्धु नाघ्न खोज्दा पनी हुन ! ।
जसको मनमा केही भएन डर नै पुनः ॥

२५८

CC-0. In Public Domain. Digitization by eGangotri

२५६

भो उल्टो बरु हामीमा के होला नि ! भनी डर ।
यी त्यस्ता हनुमान्लाई तिमीले पर्वतेश्वर ? ॥
विश्राम गर्नको मौका दिई सक्तो सहायता ।
जो गऱ्यौ, काम यै ठूलो हुन गो धन्य छौ अहा ! ॥
धर्मात्मा श्रीदशरथ-राजाका पुत्र रामको ।
कामको सिद्धिकै निम्ति गै रहेछन् यिनी अहो ! ॥
जो गऱ्यौ यिनको सक्तो योग्य सत्कार पर्वत ! ।
पाऱ्यौ मलाइ सन्तुष्ट तिमीले त्यसले स्वतः ॥
यसरी देवका राजा इन्द्रलाई खुशी हुने ।
देखेर पछि मैनाक भए सन्तुष्ट झन् हुने ॥
त्यस्तो वर यता पाए उनले इन्द्रले दिंदा ।
आफ्नु ठेगानमा थ्याच्च बसे अनि उनी उता ॥
अघि बढ्दै गए वीर हनुमान् नभ मार्ग ली ।
वेग्ले अघिकै जस्तो सर्र सर्र गरी उडी ॥
देवता सिद्ध गन्धर्व महर्षिहरुले यता ।
तेजिली नागकी माता सुरसामा भने तदा ॥
जाँदैछन् वायुका छोरा हनुमान् सिन्धुमाथि ऊ ! ।
देख्यौ के ? पार लौ विघ्न छिनैभर भनुन् उहू ! ॥
लेउ लौ रूप डर्लाग्दो राक्षसीका समानको ।
हवोस् पर्वत जत्रै त्यो घोर दाह्रा सुशोभिंदो ॥
पहेंला नेत्र हुन् टिल्ल टल्केको उग्र होस् मुख ।
देखियोस् जो यसो हेर्दा आकाशै ठीकको बुझ ! ॥
हनुमान्को छ के कस्तो बल बुद्धि र शक्ति त्यो ।
हामीले बुझ्नु पर्ने भो गर लौ देवि ! काम यो ॥
परीक्षा लिउँ जो होला तिमीलाइ स्वयं यिनी ।
झने उपायले जित्लान् कि त झोक्राउलान् यिनी ॥
सत्कार साथ दौताले अब यत्ति भने पछि ।
राक्षसीको लिइन् रूप सुरसाले छिटै बढी ॥
सिन्धुको बीच भागैमा डर्लाग्दो उग्ररूपको ।
पऱ्यो विकृत त्यो रूप, जो देख्थ्यो थर्र काँप्थ्यो ॥
हुत्तिदै त्यसरी कुदै जाने आकाश-मार्ग ली ।
हनुमान्लाइ घेरेर भनिन् बा ! उनले पछि ॥
वानरश्रेष्ठ ए ढेडू ! कुरो सुन लौ ! तँलाइ ता ।
मेरो बनाइ आहारा पठाए देवले यता ॥

२७५

२७६

वेसै भो ! अब लौ पस् आ ! यो मेरो मुखभित्र तँ ।
आहारा पो भइस् बाबै ! तँलाई अब खान्छु म ॥
घेरै अगाडि ब्रह्माले दिएका थे ममा वर ।
भेट्टायो कि त क्यै प्राणी खानु भन्ने यही स्थिर ॥
विशाल मुख बाएर सुरसाले भनी त्यति ।
निल्न पो हनुमान्लाई आँटिन् ठिङ्ग भई अघि ॥
सुरसाका कुरा सुन्दा जोडेर दुइ बाहुली ।
प्रसन्न-मुख पारेर भने बा ! उनले पछि ॥
कुरा सुन्नोस् ! दशरथ राजाका जेष्ठ पुत्र ती ।
श्रीराम भइ बक्सिन्छ गुणवान् वीर्यवान् अति ॥
दण्डकारण्यमा बस्न सवारी भो उहाँ पछि ।
सीता आफ्नी प्रिया पत्नी भाइ लक्ष्मण साथ ली ॥
अर्कौकै हित गर्दामा फँसामा काममा वहाँ ।
विश्वाँक बढ्न गो वैर सारा राक्षस साथमा ॥
अनि श्रीरामकी पत्नी सुशीला जानकीकन ।
हऱ्यो रावणले आई त्यसअर्थ छलीकन ॥
बोकी श्रीरामको आज्ञा उहाँको दूत भै अतः ।
देवी सीता भए ठाम जाँदैछु यसरी म त ॥
तपाईं पनि ता सुन्नोस् ! रामकै राज्यभित्र यो ।
बस्नु हुन्छ, अनी गर्नोस् सहाय सक्नु हुन्छ जो ॥
भैगो ! मलाइ नै खान खोज्नु हुन्छ भने यहाँ ।
हुन्छ लौ ! खानु होला है! दिनोस् फुर्सद क्यै ममा ॥
मिथिलेश्वरकी छोरी सीता भेटेर आउँछु ।
गै श्रीराम भए ठाम सब सन्देश पोख्दछु ॥
अनि आइ तपाईंको मुखमा सुत्त पस्तछु ।
कुरा पत्याउनोस् मेरो प्रतिज्ञा गर्छु, भन्दछु ॥
हनुमान्-कपिका यस्ता साँचा साँचा कुरा सुनी ।
भन्दछिन सुरसा देवी जो थिइन् कामरूपिणी ॥
हुँदैन अँहँ ! ए ढेडू ! ब्रह्माको वर सुन् ! छ यै ।
सक्तैन जान क्यै प्राणी तँलाई छिचली कसै ॥
हनुमान्सँग भन्दैथिन् सुरसा यी कुरा, तर ।
नटेरी कपि ता कुदै पुग्न लागि गए पर ॥
बल-शक्ति छ के कस्तो ? यै बुझ्ने अभिलाष भै ।
नागमाता यिनी भन्छिन् उनलाइ वहाँ यसै ॥

२६२

CC-0. In Public Domain. Digitization by eGangotri

२९३

उम्केर जाउँला भन्दोस् तँ मेरो मुखभित्र यो ।
नपसी जान पाँउन्नस् ! सके निस्केर जा ! भयो ॥
मलाई पहिलै साक्षात् विधाताले बुझिस् ! कुरो ।
यही वर दिएका हुन् कसरी हुन्छ झूठ त्यो ? ॥
सुरसाले भनी यत्ति मुख आफ्नु अजङ्गको ।
वाएर ठिङ्ग भै हालिन् हनुमान्को अघी अहो ! ॥
उनका ती कुरा सुन्दा यता कपिशिरोमणि ।
हनुमान् भन्न लागे बा ! झोक्किई यसरी अनि ॥
लौ बना मुख त्यो बा ए ! सक्छेस कत्रो बनाँउन ।
पस्तामा जिउ यो मेरो सकोस् भित्र अटाँउन ॥
भनी यत्ति भए चूप धीर ती हनुमान् जब ।
सुरसाले बनाइन् बा ! दश योजनको मुख ॥
उनको मुख देख्तामा यत्रो चालीस-कोशको ।
बनाए कपिले त्यत्रै आफ्नु देह पनी अहो ! ॥
विशाल बादलै जस्तो ठ्याक्कै चालीस कोशको ।
देखिन् बा ! सुरसाले यी हनुमान्को शरीर त्यो ॥
असी कोश हुने लामो आँ ! गरेको र फैलिदो ।
मुख आफ्नो पनी पारिन् उनले निल्न ठिकको ॥
देख्ता यस्ती उनीलाई बुद्धिमान् बायुपुत्रले ।
पारे एक सए बीस कोशको जिउ झोकले ॥
पर्‍यो आँखा त्यसैमाथि सुरसाको पनी अतः ।
पारिन् एक सए साठी कोशको मुख विस्तृत ॥
बढेको मुख यो देख्ता हनुमान्ले स्वदेह त्यो ।
पारे दुइ सए कोश गम्मको फैलिदो बडो ॥
भो दुवै सय चालीस कोशको उनको मुख ।
दुवै सय असी कोश बढ्यो जिउ यता अब ॥
पारिन् तीन सए बीस कोशको मुख तत्क्षण ।
भयो तीन सए साठी कोशको देह त्यो पुनः ॥
देख्तामा त्यसरी बढ्दै गएको कपि-देह त्यो ।
मुख चार सए कोश बाएको पार्दिइन् अहो ! ॥
विशाल अति डर्लाग्दो साक्षात् नरक ठीकको ।
मुख त्यो अब देखे बा ! जिब्रो लप्लप गर्दथ्यो ॥
चतुरा र निकै बाठा हनुमान्ले छिटै अनि ।
खुम्च्याए आफ्नु त्यो देह स्वयं बादल झैं बनी ॥

३०९

३१०

तुरुन्त अब भै हाले साना औंला समानका ।
बुद्धिमान् हनुमान् विद्वान् जुन थे पुत्र वायुका ॥
बल-शक्ति हुँदा त्यस्तै राक्षसीरूपकी सती ।
सुरसाको मुखैभित्र पसे बा ! सुत्त यी कपि ॥
तुरुन्तै निस्किई हाले भए आकाशमा खडा ।
भन्दछन् सुरसालाई हनुमान् अब यी कुरा ॥
दक्षकी तनया-देवी ! छ प्रणाम तपाँईमा ।
पसेर मुखभित्रै म निस्कि आइसकें यहाँ ॥
ब्रह्माले बक्सिएको त्यो वर सत्य भयो शुभे ! ।
राज हुन्छ जहाँ सीता म ता अब उतै हिंडे ॥
देखिन् यी नागकी माता सुरसाले उनीकन ।
अब आफ्नु मुखै बाट निस्केका भित्र गैकन ॥
राहुले भ्वाट्ट गाँज्दामा त्यसको मुखबाट नै ।
उम्केका चन्द्रझैं ठानिन् उनले हनुमान्कनै ॥
उनले पहिलो आफ्नु धरिन् सुन्दर रूप र ।
वानरश्रेष्ठ यी वीर हनुमान्मा भनिन् तव ॥
वानरश्रेष्ठ ए बाबु ! रामको काम सक्न यो ।
आनन्द साथ लौ जाऊ पार पूर्ण भई छिटो ॥
महान् आत्मा हुने त्यस्ता रामसाथ तिमी अब ।
विदेहनन्दिनी देवी सीतालाई मिलाउ ल ! ॥
अरु संसारका प्राणी गर्नै सक्तैनथे जुन ।
हो तेश्रो यिनको काम सजीलै जो गरे पुनः ॥
जिल्लियो जगतै सारा उनका कर्मले अनि ।
प्रशंसा गर्न पो लाग्यो साधु ! साधु !! भनी भनी ॥
त्यो सिन्धु घर थ्यो मुख्य साक्षात् वरुणदेवको ।
पार भेट्टाँउना लाई गाह्रै पर्ने अजङ्गको ॥
नजीकै त्यसको पुग्दै माथि आकाशमा उडी ।
भएर गरुडै जस्तो बढ्दै बढ्दै गए अघि ॥
पुगे हुँदाहुँदै माथि वेगले हुत्तिए उनी ।
भनिन्छ जुन यो बाटो वायुको मार्ग हो भनी ॥
यहीं नै जलका धारा देखिन्थे भै मनोहर ।
नाना चराचुरुङ्गीले थियो सेवित सुन्दर ॥
आचार्य गानविद्याका जो हुन् तुम्बुरु आदिक ।
यहीं घुम्थे, यतै डुल्थ्यो ऐरावत पनी तव ॥

३२६

CC-0. In Public Domain. Digitization by eGangotri

३२७

सिंह हात्ती तथा बाघ पक्षी सर्पादि वाहन ।
भएका जोतिएका ती थे विमान यहीं पुनः ॥
तिनैले शोभिएको थ्यो दिव्य आकाशमार्ग यो ।
विमान टल्किंदा सारा थ्यो झकाझक फेरि यो ॥
छुवाइ जसको वज्र तथा अशनि-तुल्य थ्यो ।
असह्य तेजिलो थ्यो यो बल्दो अग्निसमानको ॥
पुण्यात्मा भाग्यवान् ठूला स्वर्ग जित्ने मनुष्य नै ।
घुम्दथे बस्तथे प्रायः यता भइ मनोरमै ॥
देवताहरुको निम्ति सके सम्म हविष्य नै ।
बोकी कुद्‌ने स्वयं अग्नि गर्दथे वायु—सेवनै ॥
सूर्य चन्द्र तथा तारा ग्रह नक्षत्र आदि वा ।
थिए आभूषणै जस्ता शोभिएका जहाँ सदा ॥
महर्षिगण गन्धर्व नाग यक्षादि सम्म ता ।
भै रहन्थे यहीं टन्न हुँदा एकान्तको सफा ॥
जगत्कै आश्रयस्थान यो थियो नित्य निर्मल ।
यहीं गन्धर्वका राजा विश्वावसु थिए स्थित ॥
यहीं देवेन्द्रको हात्ती घुम्थ्यो फिर्थ्यो यता उता ।
चन्द्रको सूर्यको सम्म यहीं बाटो थियो सफा ॥
थियो जीव-जगत्‌को यो चँदुवा एक निर्मल ।
परब्रह्म-परात्माले रचेथे जसलाइ त ॥
ठूलठूला वीर थे जत्ति पुग्दथे सब ती यहीं ।
विद्याधर थिए गम्म भरिएका जहाँतहीं ॥
वायुका पुत्र यी वीर हनुमान् शक्तिमान् हुँदा ।
यहीं बाटो लिई कुद्‌थे भई गरुडतुल्यका ॥
कालागुरु सरीका र पहेंला लाल रङ्गका ।
सेता बादल तान्दै यी बढे भै वायु-तुल्यका ॥
त्यस्ता बादलका थुप्रा बुद्धिमान् कपिवीरले ।
ताँनिदा त्यसरी ओहो ! देखिए दिव्य, शोभिए ॥
पस्तथे तिनमा भित्रै निस्कँन्थे कहिले उनी ।
शोभिए निस्कँदा पस्ता वर्षाका चन्द्रमैं उनी ॥
जता हेर्‍यो उनैमात्र देखिन्थे नभमा पनि ।
हलुका वायुका छोरा त्यत्रो देह हुने उनी ॥
त्यसरी यो निराधार वेढङ्गाको अकाशमा ।
पक्ष धर्ने पहाडैंमैं भइ बढ्दै गए वहाँ ॥

३४३

३४४

यसरी जान लागेका कपि यी हनुमान्‌कन ।
देखी बा ! राक्षसीले त्वै तलैबाट वहाँ पुनः ॥
जातकी राक्षसी हो यो सिंहिका नाम ठिक्क थ्यो ।
लिन्थी इच्छा गरे जस्तो रूप, देह विशाल थ्यो ॥
विचार गर्न लागी त्यो बसी तल यसो ! अब ।
धेरै काल वित्यो ओहो ! भेटें आहार यो अब ॥
छ यो छन पनी ठूलो प्राणी लौ ! वशमा पर्‍यो ।
धेरैको निम्ति पुग्ने भो भरिन्छ अब पेट यो ॥
शोचेर मनमा यत्ति राक्षसी त्यसले अहो ! ।
तलै बाट खिंची छाया हनुमान्-कपिवीरको ॥
त्यसरी खिंचिदा छाया शोच्न लागे उनी उता ।
अकस्मात् के भयो यस्तो अैंठ्यो कल्ले मलाइ ता ?॥
खिंच्छ, ऐठन्छ को, ओहो ! मलाई वश पार्छ है ! ।
जसको अघि भो मेरो वीर्य यो लँगडो त्यसै ॥
बँह्दा जोडले हावा भै उल्टो सिन्धुबीचमा ।
डुङ्गाकै गतिको ठीक मेरो गति भया यहाँ ॥
उनले यत्ति शोचेर तल, माथि यता-उता ।
पल्याक्-पुलुक हेरे बा ! पुग्यो दृष्टि जतातता ॥
यत्तिकैमा वहाँ देखे सिन्धुको जलमा तल ।
विशाल देहको प्राणी उठेका भै भयानक ॥
डर्लाग्दो मुखकी त्यस्ती कुरूपा राक्षसीकन ।
देखता यी वायुका छोरा हनुमान् शोच्तछन् पुनः ॥
सुग्रीव भनि बक्सिन्थ्यो छाया देख्यो कि पक्डने ।
अद्‌भुतै जीव छन् भन्दै, हो पक्कै त्यो यही, गुनें ॥
निकै नै चतुरा बाठा उनले तत्वको कुरो ।
राम्रै ठमाइ हाले बा ! तत्कालै त्यसरी अहो !॥
तुरुन्त अब यी लागे आफ्नो देह बढाँउन ।
जस्तो वर्षादको मेघ बढाँउछ पुनः पुनः ॥
सिंहिकाले यता देखी बढेको कपि-देह त्यो ।
आफ्नो मुख बढाएर पारी अनि अजङ्गको ॥
पाताल र अकाशैका माझको भाग हो जति ।
त्यहीं ठीक त्यही जस्तो भयो मुख बढ्यो अति ॥
अब त्यो गर्जिई घोर मेघको दल ठीक भै ।
कपिवीरतिरै आई सिंहिका पछि झम्टिंदै ॥

३६०

CC-0. In Public Domain. Digitization by eGangotri

३६१

हनुमान्को पर्‍यो आँखा त्यसको मुखमै अब ।
विशाल अति डर्लाग्दो फैलेको जो थियो तब ॥
देख्ता आफ्नु जिवै जत्रो मुख त्यो कपिवीरले ।
त्यसका मर्ममा मात्र आँखा गाडे सुबुद्धिले ॥
महान् बल भएकै थे वज्रतुल्य शरीर थ्यो ।
खुम्च्याएर बनाए बा ! अनि ता देह सानु पो ॥
अब भवाट्ट पसी हाले डर्लाग्दो उग्ररूपको ।
त्यसको मुखमा भित्रै कपिवीर स्वयं अहो ! ॥
वहाँ जो जो थिए प्राणी सिद्ध-चारण आदिका ।
देखे बा ! उनले सारा पसेको मुखभित्र हा ! ॥
जसरी राहुले गाँछ्छ पूर्णिमा-पर्वको दिन ।
चन्द्रलाइ, त्यही ठीक भो भन्ठाने मनैमन ॥
यता भित्र पुगेका यी स्वयं वानरवीरले ।
छेडे बा ! त्यसका मर्म तीखा नङ्ग्रा र दाँतले ॥
तुरुन्त मनकै जस्तो गति ली अतिवेगले ।
निस्किए हनुमान् फुत्त त्यसको देहबाट ए ! ॥
सहाय दैवको पाई आफ्नो धीर-स्वभावले ।
त्यस्तो बठ्याँइले ओहो ! राक्षसीलाइ मादिए ॥
कपिवीर स्वयं धीर बुद्धिमान् हनुमान् अनि ।
भै गए पहिले जस्ता देहका मनका धनी ॥
प्राणको आश्रय स्थान हृदयै फोर्दिंदा पछि ।
मरी बा ! सिंहिका, भवाम्म सिन्धुकै जलमा खसी ॥
त्यल्लाइ मार्नको निम्ति हनुमान्लाइ नै जब ।
थिए निहुँ बनाएका कालात्मा विधिले तब ॥
मारिई हनुमान्द्वारा खसेकी सिन्धुमा तल ।
सिंहिकालाइ देख्तामा परे जिल्ल सबै अब ॥
माथि आकाशमा घुम्ने तिनै प्राणी मिली पुनः ।
भन्न लागे यसैवेला कपिवीर यिनैकन ॥
कुद्ने र उड्न सक्नेमा श्रेष्ठ ए वीरवानर ।
धन्य हो ! यो तपाँईंले गर्नु भो काम दुष्कर ॥
विशाल-देहको प्राणी जो मर्‍यो यो भयङ्कर ।
यही नै हुन गो ठूलो काम भो अभयङ्कर ॥
विघ्न-वाधा कुनै छैन लौ पाल्नोस् ! सजिलै अब ।
मनले नै चिताए झैं काम पूर्ण हओस् सब ॥

३७७

३७८

वानरेन्द्र ! कुरा सुन्नोस् तपाँईंमा भए सरि ।
धैर्य दृष्टि र चातुर्य सद्बुद्धि वस्तु चार यी ॥
जुन सद्व्यक्तिमा हुन्छ त्यस्तो व्यक्ति कसै गरे ।
कैले असफलै हुन्न, सफलै हुन्छ त्यो भरे ॥
त्यसरी चाँहिंदो आफ्नो हुँदा सिद्ध प्रयोजन ।
गरे आकाशचारीले प्रशंसा उनको पुनः ॥
अनि उड्दै र कुद्दै यी हनुमान् माथि उक्लिए ।
वेगले गरुडै जस्ता भए अधि बढे गए ॥
काटी चार सए कोश लामो बाटो अकाशको ।
अब यी हनुमान् पारी पुगे ठीक भए अहो ! ॥
माथिबाट यसो हेरे उनले तल भूमिमा ।
वनश्रेणी थियो राम्रो शोभिएको जहाँ,-तहाँ ॥
उड्दा-उड्दै वहींबाट यी शाखामृग-वीरले ।
त्यो लङ्का-द्वीप देखे बा ! शोभिंदो वृक्ष आदिले ॥
वनोपवन शोभिन्थ्यो मलयाचलकै त्यहाँ ।
उत्तरी-तटकै जस्तो थ्यो दक्षिण-किनारमा ॥
यहीं समुद्र शोभिन्थ्यो समुद्र-तटका स्थल ।
जहाँ जल थियो घेर देखिन्थ्यो दिव्य निर्मल ॥
लटरम्म थिए वृक्ष यहीं नै फल-फूलले ।
सिन्धुपत्नी नदीलाई देखे, मिल्थे, मुहान थे ॥
सारा आकाश नै ढाक्ने, मेघ जस्तो विचित्रको ।
उनको देह थ्यो त्यत्रो अतिविस्तीर्णरूपको ॥
यसैमाथि पर्‍यो आँखा बुद्धिमान् उनको अब ।
विचार गर्न लागे ! बा धैर्यवान् भै दिंदा तव ॥
मेरो शरीर यत्रो छ बढेको छ विशाल भै ।
यता यो वेग त्यस्तै छ बल-शक्ति छ ठीक त्यै ॥
देख्ता यस्तो अवस्थाको मलाई सब राक्षस ।
होलान् उत्सुक ज्यादै नै बढ्ला कौतुक वास्तव ॥
अनि ती भेद जान्नामा गर्लान् यत्न विश्वाँकमा ।
हनुमान्ले गमे यत्ति आफ्नै हृदयमा वहाँ ॥
मनस्वी उनले तस्मात् आफ्नो पर्वत ठीकको ।
देह सानो बनाए बा ! भए अघि समानको ॥
माया-मोह छुटाएको क्वै विद्वान्ले जसो गरी ।
रूप चाहे सरी धर्छ त्यहीठीक गरी धरी ॥

३६४

३९५

महात्मा बलि राजाको हुनं ऐश्वर्य वीर्य त्यो ।
भै विराट् हरिले, पुड्के लिएथे अघि रूप जो ॥

३९६

उनले पनि त्यै ठीक त्यो समुद्र तरे पछि ।
लिए स्वरूप त्यै आफ्नो खुम्च्याई जुन थ्यो अघि ॥

३९७

हुन् यी हनुमान् अति योग्य चाम्रा धर्थे अनेकौंथर रूप राम्रा ।
पुगे गरी यत्ति समुद्र पार तरे भए तापनि त्यो अपार ॥

यो काम थ्यो मुस्किल, क्वै अरूले सक्तैन थ्यो गर्न गरे यिनैले ।
पारेर सानो निज देह हेरी कर्तव्य शोचे भइ धीर फेरि ॥

थ्यो देह ठूलै अफ मेघ जस्तो आत्मा थियो उच्च उदार त्यस्तो ।
थ्यो लम्ब नामी गिरि उच्च यौटा थे टाकुरा घेर जहाँ अनौठा ॥

उद्दाल थ्यो केतक नारिकेल सुशोभिइन्थे रुख ठेलमेल ।
विचित्र यौटा गिरि–टाकुरामा उत्रे हनुमान् अब शान्तितामा ॥

हेरे उनीले अनि सिन्धु–पारी पुगे पछी नेत्र घुमाइ वारी ।
टकक्क राम्रो गिरिशृङ्गमाथि लङ्का पुरी थिन् अति शोभिएकी ॥

छिपाइ आफ्नो अधिको स्वरूप त्यो चढे त्यसै पर्वतमाथि फुत्त पो ।
चराचुरुङ्गी पशु थे वहाँ जति पुग्दा उनी थर्थर भै गए अति ॥

बलै गरी दानव सर्प शोभिंदो नाघी तरङ्गाकुल सिन्धुलाइ त्यो ।
पुगेर पारी अमरावती सरि लङ्का पुरी यी कपिको अघी परी ॥

४०३

इति पहिलो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो सर्ग

लङ्कापुरीको वर्णन एवं कपिवर हनुमान्को पुर-प्रवेश तथा चन्द्रोदयवर्णन

१

तर्न आँट्नै पनी गाह्रो महासागर त्यो तरे ।
हनुमान् वीरले त्यस्ता जो महान् बलका थिए ॥
त्यसैका तटको रम्य लम्ब डाँडो त्रिकूटमा ।
शोभिएकी पुरी लङ्का हेरे अब बसी त्यहाँ ॥
उन माथि यसैवेला वहाँका वृक्षका सब ।
झरेका फूलको वर्षा हुन लागि गयो अब ॥
यसले उनको शोभा अनौठैको भयो वहाँ ।
फूलले नै बने जस्ता देखिए हनुमान् त्यहाँ ॥
कान्तिमान् बुद्धिमान् त्यस्ता सर्वश्रेष्ठ पराक्रमी ।
हनुमान् कत्ति थाकेका थिएनन् बा ! अझै पनि ॥
सयौं योजनको त्यत्रो सिन्धु नाघी सके पनि ।
लिन्नथे सास लामो ता थाक्ने ता के कुरा अनि ॥
अझ उल्टो उनी शोच्थे सयौं योजनका अरु ।
कैयौं सिन्धुहरू नाघ्न अझै सक्छु म खुर्खुरु ॥
अनि के भो र यो जावो गन्दामा सय योजन ।
भएको सिन्धु तर्नामा मेरो त्यस्तो पराक्रम ? ॥
महासागर त्यो नाघी वीर्यवान् र पराक्रमी ।
कपि, जो उडन थे श्रेष्ठ, लङ्का पुगिगए अनि ॥
हेर्दै हेर्दै सबै वस्तु वहाँ पनि बढे अघि ।
हरीया र निकै नीला दूवा पूर्ण हुने क्षिति ॥
पुष्पका रसले पूर्ण सुगन्धमय थे वन ।
डाँडा-काँडा थिए व्याप्त मनोरम थिए पुनः ॥
भएर बीचको बाटो जाँदैथे तेजिला यिनी ।
फुलेका र झुलेका थे वनश्रेणी यहाँ पनि ॥
टाकुरा चुचुरा सारा तिनैले टन्न थे यता ।
गाड्दै जताततै आँखा घुम्न लागे उनी त्यता ॥

१३

१४

बसी त्रिकूट-डाँडोमा वनोपवन सुन्दर ।
वहाँ जो जो थिए जत्ति हेर्न लागे भई स्थिर ॥
त्यसको चुचुरो माथि शोभिएकी मनोरम ।
हेरे लङ्कापुरीलाई राम्ररी उनले पुनः ॥
फुलेका र फलेका थे झुलेका थे निरन्तर ।
वहाँ वृक्ष थिए जत्ति शोभिन्थे भइ सुन्दर ॥
सल्लाका रुख थे राम्रा कर्णिकार खजूर र ।
मुचुकुन्द प्रियालादि तथा कुटज केतक ॥
प्रियङ्गु फ्याँक्त थे बास्ना सप्तच्छद र नीप थे ।
कोविदारादि शोभिन्थे करवीरासनादि थे ॥
पुष्पभार कुनै बोक्थे कोपिलामै थिए कुनै ।
टुप्पा झुलाँउथ्यो वायु थे चराहरु टन्न नै ॥
यहीं तलाउ थे नाना साना ठूला मनोरम ।
कारण्डवरि हंसादि भित्र खेल्थे अनेकन ॥
थिए कमलका ताँति फुलेका भाँति भाँतिका ।
थे जलाशयकै साथ क्रीडा स्थान रमाइला ॥
सम्पूर्ण ऋतुमा फुल्ने फल्ने नित्य मनोहर ।
वृक्ष थे व्याप्त, शोभिन्थे बगैंचा दिव्य सुन्दर ॥
हेर्दै सब कुरा यस्ता निकै नै ठाँटिई कपि ।
बढे लङ्कापुरीतर्फ भित्र पस्ने लिईं मति ॥
सारा राक्षसको राजा साक्षात् रावण बाट जो ।
सुरक्षित भएकी थिन् शोभिन्थन् दिव्य भै बडो ॥
गहीरा जलका खाल्डा थिए वरिपरी वहाँ ।
पुरीको बाहिरै पट्टि अतिराम्रो स्वरूपमा ॥
नाना प्रकारका पद्म फुलेका थे त्यहाँ पनि ।
अतिसुन्दर देखिन्थ्यो बाहिरी भाग यो पनि ॥

२६

२७
हेरेर जानकीलाई ल्याए देखि विशेषतः ।
देख-रेख निकै हुन्थ्यो गर्थ्यो रावण वस्तुतः ॥
घुम्दथे बाहिरै पट्टि चारैतिर अनेकन ।
डर्लाग्दा धनु बोकेका उग्र राक्षसका गण ॥
त्यस्ती महापुरी लङ्का सुनका रम्य उत्तम ।
हुँदा पर्खालको घेरा शोभिन्थन् भै मनोरम ॥
भित्र पर्वतमैं अग्ला शरत्का बादलै सरि ।
ठूलठूला घर थे सेता शोभिइन्थे थरी थरी ॥
स-साना मार्गका साथ ठूला मार्ग थिए वहाँ ।
देखिन्थे यी सबै सेता शोभिइन्थे जहाँ तहाँ ॥
शयौँथर अटाली थे घरै पिच्छे मनोहर ।
जहाँ ध्वजा-पताका भै देखिन्थ्यो अतिसुन्दर ॥
पुरीको बाहिरी ढोका सुनैका थे विभूषित ।
लताका पँक्ति शोभिन्थे दिव्य तोरण-चित्रित ॥
देवताकी पुरीलाई कुनै देवविशेषले ।
जसरी हेर्दछन्, त्यस्तै हेरे यी कपिवीरले ॥
गिरिको टाकुरामाथि लङ्का थिन् अतिसुन्दर ।
जहाँ अत्यन्त नै राम्रा सेता अग्ला थिए घर ॥
तेजस्वी हनुमान्ले यी देखे बा ! यै पुरीकन ।
कुनै आकाशमा घुम्ने पुरी ठीक थिइन् जुन ॥
आफैँले विश्वकर्माले बनाएकी थिइन् पुरी ।
यता राक्षसराजा नै गर्थे रक्षण हर्घडी ॥
स्वयं आकाशमा उड्छिन् भने जस्ती यिनीकन ।
गाडेर राम्ररी आँखा हेरे यी कपिले पुनः ॥
देखे बा ! सुन्दरी ठीक अतिराम्री यिनीकन ।
ठमाई विश्वकर्माले बनाएका गमीकन ॥
पर्खाल, भित्रको वेदी पुरीको जघनस्थल ।
शोभिन्थ्यो हो भने जस्तो देखिन्थ्यो दिव्य निर्मल ॥
विशाल-सिन्धुको त्यत्रो जलराशि तथा वन ।
उनका वस्त्र जस्ता थे देखिन्थ्यो अतिशोभन ॥
अस्त्र शस्त्र थिए जत्ति शतघ्नी शूल आदि यी ।
शुभ-लङ्कापुरीका ती शोभिन्थे केश हुन् सरि ॥
ठूलठूला सब अट्टाली पुरीले कर्णभूषण ।
पेहिए ठीक देखिन्थे शोभिन्थिन् यसरी जुन ॥
४३

४४
दिव्य लङ्कापुरीको यै पुगी उत्तर-द्वारमा ।
उनका मनमा खेल्ने कुरा नानाथरी वहाँ ॥
पुरीको उत्तरी ढोका कैलास-गिरि माथिको ।
अलकाको बहिर्द्वार ठीक अग्लो थियो अहो ! ॥
पुगी अकाशमै ठ्याक्क छेका हाल्छ भने सरि ।
देखिन्थ्यो बा ! अनौठाको भान पर्थ्यो सयौं थरी ॥
प्रासादहरुमा त्यस्ता अग्ला अग्ला मनोहर ।
आकाशलाइ बोकेर राखे जस्तै थियो स्थिर ॥
थे यहाँ उग्र डर्लाग्दा घोर राक्षसका गण ।
यिनैले रक्षिइन्थिन् यी लङ्कापुरी मनोरम ॥
ओकल्ने विषको मुस्लो सर्पले तलकी पुरी ।
सुरक्षित भए जस्तो गुफा तुल्य थिइन् पुरी ॥
शोच्नै न सकिने राम्रो थियो दिव्य बनावट ।
देखिन्थ्ये भित्रका वस्तु हुँदा राम्रो सजावट ॥
वस्तथे यस लङ्कामा निकै अघि धनेश्वर ।
साक्षात् कुबेर आफैं नै, हेरे कपि भई स्थिर ॥
शूल पट्टिश इत्यादि लिई शस्त्रास्त्र हातमा ।
पुरीको गर्दथे रक्षा ती राक्षस जहाँ तहाँ ॥
संख्या थ्यो थिनको ज्यादै शूर वीर थिए सब ।
लामा मोटा थिए दाह्रा घुम्थे लङ्काभरी सब ॥
गुफा वा बिलको रक्षा वस्तु पर्दा, निरन्तर ।
जसरी गर्दछन् सर्प गर्थे त्यैठीक भै स्थिर ॥
देखे शान्ति-सुरक्षा यो लङ्काको कपिले यता ।
त्यत्रो सागरको घेरा देखे व्याप्त जताततै ॥
शत्रु रावण शोच्ता त्यो बलीयो र महान् थियो ।
तस्मात् चिन्ता पर्यो ठूलो गम्न लागे उनी यसो ॥
यहाँ आए भने पो के लछार्लान् कपिले हरे ! ।
लडेर जितुँला लङ्का भन्नु पर्दैन क्यै गरे ॥
देवताहरुले सम्म जित्न गाह्रै छ यो पुरी ।
सफलै हुन सक्तैनन् सारा वानरवीर ती ॥
यता यो नगरीलाई स्वयं रावण राक्षस ।
रक्षा गर्छ, उता आफैं किल्ला यस्तो छ दुर्जय ॥
यस हालतमा साक्षात् महान् बाहु हुने प्रभु ।
श्रीराम आइ बक्से ता पनि हुन्छ र के ? उहू ! ॥
६०

६१

सामको काम क्यै छुन्न छन् यी राक्षस उद्धत ।
दान भेद हुँदैहुन्न दण्डले गर्छ क्यै न त ॥
बलीया र निकै शूरा वेगिला फूर्तिला अति ।
म त देख्छु यहाँ राम्रो चारोटै कपिको गति ॥
यहाँ आँउन सक्छन् हो ! वालीका पुत्र अङ्गद ।
म र नील तथा हाम्रा राजा सुग्रीव वस्तुतः ॥
भैगो लौ ! पहिले मैले यही बुझ्नु पर्‍यो यता ।
जिउदै भइ बक्सिन्छ छैन वा जनकात्मजा ॥
छोरी जनकराजाकी देवी सीता उहाँकन ।
देख्न पाएँ भने मात्र विचार गरूँला पुनः ॥
डाँडाको चुचुरो माथि बसेका कपिवीर यी ।
गर्न श्रीरामको काम शोच्न लागे यसो पछि ॥
लिए विषय सीताको गर्नु नै खोज मुख्य थ्यो ।
बसे दुइघडी सम्म शोच्तै मनभरी यसो ॥
स्वरूप लिइ यो लङ्काभित्र पस्न म सक्तिन ।
गर्दछन् यसको रक्षा क्रूर राक्षस यी जुन ॥
लङ्काभित्र पसी मैले खोज्दामा जानकीकन ।
सारा राक्षसको आँखा छल्नु पर्छ पुनःपुनः ॥
अत्यन्त तेजिला छन् यी छ महान् बल विक्रम ।
बच्नु पर्छ यिनैबाट फेला पर्दछु नत्र म ॥
तसर्थ रातकै वेला पसेमा ठीक पर्दछ ।
सीता खोज्ने महान् काम जुन यो सिद्ध गर्नु छ ॥
मैले रूप पनी यस्तो धर्नु पर्छ कि बास्तव ।
कहिले देखिने झ्वास्स कहिले लोपिनेतक ॥
पछि बाट यसो हेर्दा मेरो काम गमे पछि ।
"कुनै आएछ" भन्ने यी ठानुन् जिल्ल परून् पछि ॥
देव-दानवले सम्म जित्न गाऱ्है हुने पुरी ।
निकै वेर गरे शोच भित्र स्वाँ ! स्वाँ !! गरी गरी ॥
मिथिलेश-सुता सीता देवीलाइ कसो गरी ।
सजिलै सकुँला भेट्न पसी भित्र म के गरी ? ॥
सारा राक्षसको राजा त्यही रावण दुष्ट छ ।
आँखामा त्यसको छारो हाल्नैपर्दछ छल्नु छ ॥
जगत्मा कामले गर्दा फैलेका नाम रामको ।
काम यो सिद्ध होस् जल्ले न भाँडिइकनै अहो ! ॥

७७

७८

एकान्त-ठाममा राम्रो एक्लै, एक्ली उहाँ हुँदा ।
देवीकन सकूँ भेट्न न होस् विघ्न कुनै त्यता ॥
घेरैपटक देखिन्छ ! कातर्य-अविवेकले ।
काम गर्ने कुनै त्यस्तै दूतको हातमा परे- ॥
देश-काल न गिल्दामा उल्टो काम परीकन ।
भै सकेका पनी काम नाश्छन् सूर्य सरी तमः ॥
बसी राजा तथा मन्त्री गरेको निश्चितै कुरा ।
अविवेकी भए दूत पार्छन् बर्वाद नै पुरा ॥
आफैंलाइ बडो मान्ने जान्ने ठान्ने छ दूत ता ।
कर्तव्य र अकर्तव्य न बुझ्दा नाश्छ कार्य वा ! ॥
गरूँ उपाय कस्तो म आफ्ना मालिकको भलो ।
सकूँ म जसरी गर्न के कुरो गर्नु पर्छ त्यो ? ॥
मलाई कसरी छुन्न कातर्य-अविवेकले ।
यत्रो समुद्र नाघेको व्यर्थ हुन्न गरेर के ? ॥
कुनै राक्षसले ओहो ! देख्योकि त मलाइ ता ।
त्यसै बर्दाद भै हाल्छ मेरो काम सबै यता ॥
उता भाँडिन्छ त्यो काम त्यस रावण-दुष्टको ।
सर्वदा कुभलो शोच्ने प्रसिद्धिप्राप्त रामको ॥
यहाँ अरु कुनै रूप धरी बस्ने कुरा त के ।
राक्षसै भइ बस्तामा पनि चिन्छन् अवश्य ए ! ॥
तस्मात् कुनै पनी छैनन् समर्थ लुकि बस्नमा ।
लुकेर बस्न गाऱ्है छ वायुले पनि ता यहाँ ॥
डलाग्दा कर्म गर्ने यी दुष्ट राक्षसले जहाँ ।
नबुझेको न जानेको छैन केही कुरो यहाँ ॥
म यहाँ यदि यै आफ्नो रूपमा छोपिई लुकी ।
बसें भने पनी पक्कै मार्छन् राक्षसले बुझी ॥
म मरेंमा यता ओहो ! मेरा मालिक-रामको ।
काम बर्वाद नै हुन्छ यही हुन्छ अनर्थ पो ॥
लौ भैगो ! अब श्रीराम प्रभुको कार्य गर्न त्यो ।
रातमा पस्छु लङ्कामा ली आफ्नै रूप सानु यो ॥
अहो ! रावणकी लङ्का पुरी यो छ विचित्रकी ।
छ भित्र पस्ननै गाह्रो पस्छु रात भए पछि ॥
एक एक गरी खोज्छु यहाँका घर छन् जति ।
छिपेर चँख भै साह्रै देवी सीताकनै पछि ॥

८४

९५

सीता भेट्न लिई धोको यै कुरा ठोकुवा गरी ।
सूर्य अस्ताउने वेला लागे पर्खिन यी कपि ॥
यत्तैमा सूर्य अस्ताए सन्ध्या भो रात भो पछि ।
खुम्च्याए आफ्नु त्यो देह अनि साना भए कपि ॥
भए अब बिरालामैं हेर्दा हेर्दै महान् उनी ।
अतिअद्भुत-रूपैका देखिए बलवान् गुणी ॥
वीर्यवान् यो कपिश्रेष्ठ साँझमा सजिलैसित ।
पसे लङ्कापुरीभित्र फुत्त उफ्रेर वस्तुतः ॥
भित्री भाग थियो ठूलो ज्यादै राम्री थिइन् पुरी ।
लामा चौडा थिए सारा राजमार्ग थरी थरी ॥
अग्ला सात तले राम्रा एकनासे थिए घर ।
पैह्रन्थिन् यिनकै माला यी पुरी भै मनोहर ॥
खम्बा थे सुन-चाँदीका गाडिएका जहाँ-तहाँ ।
तिनमा सुनका जाली लाग्दा शोभित थे वहाँ ॥

१०१

१०२

यी सबै वस्तुले गर्दा यी लङ्का-नगरी अहो ! ।
देखिन्थिन् अति नै राम्री गन्धर्व-नगरै न हो ॥
यो विशाल-पुरी भित्र आँखा गाड्दा मजासित ।
हनुमान् बीरले देखे विचित्र घर विस्तृत ॥
थिए सात तले एवं अग्ला आठ-नवैतले ।
सुनै-सुन जडेका र हुने स्फटिक-भूमि ए ! ॥
जो हो नीलम, वैदूर्य जडेकाथे जहाँ तहाँ ।
बडो गजब देखिन्थ्यो यी सबै वस्तुले त्यहाँ ॥
जालीहरू थिए खाली मोतीका अतिसुन्दर ।
शोभिन्थे यिनले गर्दा सारा राक्षसका घर ॥
थिए महलका ढोका मूल ढोका पनी सब ।
सुनले नै बनेका भै अतिसुन्दर वास्तव ॥
सेरो-फेरो लिई आफ्नो यो लङ्का-नगरी अतः ।
शोभिएकी थिइन् राम्रै भइ झल्झल सर्वतः ॥

१०८

१०६

शोच्नै न सकिने राम्रो अद्भुतैरूपको अहो ! ।
देख्ता लङ्कापुरी त्यस्ती परे बा ! कपि जिल्ल पो ! ॥
मन खिन्न भई हाल्यो तर पक्क परे पनि ।
सीता भेट्छु भनी हर्ष लिए उत्साह भो अनि ॥
सातै तलाका अतिश्वेत सुन्दर लङ्का-पुरीका घर थे मनोहर ।
ध्वजा-पताका बहुमूल्य वस्त्रका जाली सँगै शोभित थे सुवर्णका ॥
ज्यादै बलीया अति उग्ररूपका जो जो थिए राक्षस वीर्यका कडा ।
घेरी पुरीलाई उनै निरन्तर गर्थे स्वयं रक्षण नित्य भै स्थिर ॥
आफैं पनी राक्षसराज रावण गर्थे सुरक्षा निज बाहुले पुनः ।
थिन् ख्यात तस्मात् नगरी जताततै यिनै पुरीभित्र पसे उनी तवै ॥
ताराहरूका गण साथमा लिई भैं बीचमा यी सबबाट शोभिई ।
वेलाविषे यै, लिइ दिव्य पूर्णता वहाँ उदाए अब चन्द्रदेवता ॥
आफ्ना हजारौं करले जताततै छरी उज्यालो जगतै भरी तदा ।
सुशोभिए बा ! चदुँवा सरी उनी सहाय गर्छन् कपिमा कि मैं बनी ॥
आँखा परीगो यिनमाथि नै अब यी बीरको जो कपिश्रेष्ठ थे तब ।
देखे मजाका दुदमैं सफेद र शङ्खै सरीका अति नै मनोहर ॥

CC-0. In Public Domain. Digitization by eGangotri

हुन् पद्मका तन्तु सरी थिए शशि प्रकाश छर्थे नभबीचमा वसी ।
तलाउमा वा दहमा पसी अहो ! पौडी रहेको भइ हाँस ठीकको ॥
११७

इति दोस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो सर्ग

लङ्कापुरीभित्र प्रवेश एवं लङ्काकी देवता लङ्किनीमाथि विजयप्राप्ति

१

त्रिकूटाचलको लामो लम्बनामक टाकुरो ।
लामै मेघ बसे ठीक देखिन्थ्यो थ्यो विचित्रको ॥
यसैमाथि बसेकी थिन् साक्षात रावणबाट नै ।
सुरक्षित भई लङ्का देख्तैमा हर्दथिन् मनै ॥
ती महान् शक्तिमान् विद्वान् हनुमान् तीक्ष्ण-बुद्धिका ।
हुनाले रातको वेला पारी भित्र पसे तदा ॥
अतिराम्री थिइन् लङ्का वहाँका वन रम्य थे ।
ठूला साना जहाँ नाना जलाशय अनेक थे ॥
शरत्का मेघझैं सेता हुने झल्झल सुन्दर ।
विचित्र घर नै शोभा भैरहेका थिए स्थिर ॥
महासागरमा जस्तै गम्भीर र भयङ्कर ।
भै रहन्थ्यो वहाँ ठूलो गर्जना घोर अस्थिर ॥
यता सागरको छाल बोकेका वायुदेवता ।
गर्थे लङ्का-पुरीको यी नित्य सेवा जतात्तता ॥
बल शक्ति हुने टम्म सैन्यबाट सुरक्षित ।
थिइन् यी अलका-ठीक अतिसुन्दर शोभित ॥
पुरीको मूल ढोकामा मत्ता हात्तीहरू निकै ।
सुरक्षा गर्दथे घुम्थे शोभिन्थ्यो यसले सबै ॥
भित्री र बाहिरी ढोका सफा सुन्दरथे सब ।
नाना-ध्वजा-पताकाले विभूषित हुँदा तब ॥
ठूलठूला नाग-सर्पादि सुरक्षा गर्न खातिर ।
सारा लङ्कापुरीभित्र घुम्थे भइ भयङ्कर ॥
यसैले देखिइन्थिन् यी नागद्वारा सुरक्षित ।
पुरी भोगवती जस्तै नित्य सुन्दर शोभित ॥
आवश्यक परे ठीक देवकी अमरावती ।
पुरीमा सरि गर्जिन्थे मेघ नै विजुली लिई ॥

१३

१४

ग्रह-नक्षत्र ताराको उज्यालो भइ जग्मग ।
यहाँ देखाँउथ्यो वस्तु हुन्थ्यो सव प्रकाशित ॥
प्रचण्ड वायुको झोक्का यहीं आँउदथ्यो सदा ।
यसैले पनि लङ्काको शोभा भथ्यों जतातता ॥
सुनका अति अग्ला र निकै लामा फराकिला ।
पर्खाल घेर्दथे लङ्का भइ शोभा रमाइला ॥
पताका टाँगिएकाथे तिनमा क्षुद्रघण्टिका ।
बज्थे टनन ! झुल्दामा मीठो स्वर झिकी अहा ! ॥
पुगी अब यसै ठाम हर्ष उत्साह ली कपि ।
मजाले फुत्त उफ्रेर चढे पर्खालमा त्यही ॥
त्यहाँ बाट उता हेर्दा भित्र दृष्टि पुगे पछि ।
वहाँका वस्तु देख्तामा छक् परे कपि-वीर यी ॥
थे सुनै-सुनका ढोका त्यो पुरीभर सुन्दर ।
थियो अपूर्व नै शोभा पार्दथ्यो मन अस्थिर ॥
जहाँ हरेक ढोकामा तलबस्न भनीकन ।
वैदूर्य-मणिका पेटी बनाएका थिए पुनः ॥
मोती-स्फटिक-हीराले यिनका बीच-बीचमा ।
जडिएको हुँदा हुन्थ्यो दिव्य शोभा जहाँ तहाँ ॥
बिछ्याएका थिए नाना मणि-रत्नादि भूमिमा ।
शोभिन्थे सुनका हात्ती वाम, दक्षिण, द्वारमा ॥
देखिन्थ्यो यिनको छाना दिव्य झल्झल वास्तव ।
सफा सुन्दर चाँदीका पाताले छाइँदा सव ॥
वैदूर्य-मणिका राम्रा खुड्किला माथि जानमा ।
बनेकाथे, सुशोभिन्थे जहाँ प्रत्येक द्वारमा ॥
यिनको भित्रिया भाग धूलोले नछुने सफा ।
स्फटिकै मणिलें मात्र बनेकाथे विचित्रका ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सभा-गृह थिए ठूला यहीं नै अतिसुन्दर ।
छुन्छन् आकाश जस्तै थे हुँदा अग्ला मनोहर ॥
कराङ्कुरुङ्का एवं मयूरहरुका तक ।
मीठा कलरवै मात्र गुञ्जिन्थे भइ मोहक ॥
रजहाँस तथा हाँस पक्षीहरू थिए पुनः ।
यिनले पनि लङ्काको थियो शोभा मनोरम ॥
नाच-गाना-बजानाको सुनिन्थ्यो मधुरो ध्वनि ।
स्त्रीजातिहरुका नाना बज्दथे गहना पनि ॥
थियो लङ्कापुरीको यी शोभा अतिविचित्रको ।
अलकाको सरी दिव्य धनाध्यक्ष कुवेरको ॥
त्रिकूटाचलको त्यत्रो चुचुरोमाथि भै स्थित ।
यी पुरी देखिइन्थिन् बा ! उठेझैं नभमा स्वतः ॥
देख्ता यस्ती यिनीलाई वानरश्रेष्ठ वीर यी ।
भित्र दङ्ग परे ज्यादै मन मक्क भयो अति ॥
समृद्धि-शालिनी त्यस्ती राक्षसेश्वरकी पुरी ।
देख्ता विचार गर्छन् यी वीर्यवान् हनुमान् कपि ॥
हातमा लिइ शस्त्रास्त्र ठिक्क भै कसिई वरी ।
लङ्काको गर्दछन् रक्षा सारा रावण-सैन्य यी ॥
यहाँ जुनसुकै होओस् जवर्जस्ती गरी अतः ।
हमला गर्न ता भत्राट्ट सक्तैसक्तैन निश्चित ॥
पस्नमा यस लङ्कामा सक्तछन् यत्ति केवल ।
हुन् सुषेण कपिश्रेष्ठ सक्छन् कुमुद अङ्गद ॥
सूर्यका पुत्र सुग्रीव मैन्द द्विविद वानर ।
कुशपर्वा पनी सक्छन् भित्र पस्न सरासर ॥
सक्तछन् जाम्बवान् भालू मुख्य हुन् कपि सैन्यका ।
उनको साथसाथैमा म पनी सक्छु एउटा ॥
महान् बाहु हुने साक्षात् राम-लक्ष्मणको पनि ।
संझिए वीर्य त्यो शौर्य अनि दङ्ग परे उनी ॥
फेरि आँखा परी हाल्थो यिनै लङ्कापुरीतिर ।
बलवान् वायुका छोरा उनको वीर वानर ॥
विभूषित भएकी थिन् यी लङ्का-नगरी तव ।
गहना-वस्त्रले नाना सजेकी सुन्दरी ठिक्क ॥
थे रत्नमय पर्खाल कपडा यिनका सफा ।
स-साना घर गौशाला ढुङ्ग्री सुन्द्री थिए अहा ! ॥

४३

४४

पर्खालमाथि टक्कक्क बनेका यन्त्रका घर ।
यी लङ्कारूप-नारीको थियो स्तन मनोहर ॥
समृद्धिशालिनी यस्ती थिइन् लङ्कापुरी अहो ! ।
बल्दथे दीप ठूल्ठूला अँध्यारो नाम नाशथ्यो ॥
सूर्यचन्द्रादि सम्पूर्ण महाग्रहहरू यहाँ ।
प्रकाश छर्दथे ओहो ! उज्यालो थ्यो जहाँ-तहाँ ॥
महावानर यी वीर हनुमान् तदनन्तर ।
यिनै लङ्का-पुरी भित्र विस्तारै ओर्लिए तल ॥
यिनको अघि यै वेला लङ्काकी दिव्य-देवता ।
लङ्किनी नै परिन् ठ्याक्क आफ्नो रूप धरेर बा ! ॥
कपिश्रेष्ठ यिनीलाई देख्ता रावणपालिता ।
स्वयं लङ्का उठी हालिन् डर्लाग्दो मुख ली तदा ॥
वायुका पुत्र यी वीर हनुमान्को अगाडि नै ।
गर्जिंदै उभिइन् ठिङ्ग भन्न लागिन् यसो उनै ॥
ए ढेडू ! वन यो घुम्ने तँ को होस् ? कुन कामले ।
यहाँ भित्र पसिस् भन् ए ! पस्नमा छ रहस्य के ? ॥
तेरा प्राण जहाँ सम्म टिक्छन् यो कपि-देहमा ।
त्यतिभित्र तँ भन् बावै ! खोली तत्व कुरो ममा ॥
ढेडू-वानर ! लौ सुन् ए ! साक्षात् रावण-सैन्य यी ।
गर्दछन् यसको रक्षा चारैतिर अडी, डटी ॥
यसर्थ मुस्किलै पर्छ यो पुरीभित्र पस्न ता ।
तँ जावा कपि जस्ताले भन् कुरो काम क्यै छ ता ? ॥
वीर यी हनुमान् भन्छन् अव ती लङ्किनीसित ।
डर्लाग्दो रूप ली त्यस्तो अगाडि जुन थिन् स्थित ॥
मलाई सोद्धछ्यौ जो जो भन्छु बाबा! म त्यो सब ।
मलाई भनि द्यौ यत्ति म पनी बुझुँ यो अब ! ॥
डर्लाग्दो नेत्र पल्टेका तँ को होस् भन् ? छिटै ममा ।
पुरको मूल-ढोकामै बसेकी छस् तँ जो यहाँ ॥
रिसले चूर भै ओहो ! यसरी व्यर्थमा किन ।
हप्काँउछेस् मलाई नै भई निष्ठुर दारुण ॥
लङ्काकी देवता त्यस्ती लङ्किनीले यहाँ अब ।
हनुमान्का कुरा त्यस्ता तीता, टर्रा सुनिन् सब ॥
झोक्किन् अनि उनी साह्रै जो थिइन् कामरूपिणी ।
भनिन् कठोर वाणीमा उनले तिनमा पनि ॥

६०

६१

बुझिस् ! राक्षसका राजा भइ बक्सिन्छ रावण ।
दिलका देहका ठूला उग्र शक्ति हुने पुनः ॥
सुन् ए ढेडू ! उहाँकी म आज्ञा पाल्ने हुँ सेविका ।
पुरीको गर्छु मै रक्षा छ गाह्रै भित्र पस्न ता ॥
अपमान गरी मेरो न टेरेर, त्यसै यहाँ ।
भित्र जान त गाह्रै छ के बुझिस् ! लौ त जा त्यहाँ ? ॥
अल्यै खुत्रुक्क पार्दिन्छु म द्वारा मारिई तँ ता ।
लड्ने छस् चीत भै भुँमा घट्टमा हाल् सवै कुरा ॥
कान खोलेर सुन् बावै ! हुँ लङ्का-नगरी म नै ।
तस्मात् सवतिरै बाट यसको गर्छु रक्षणै ॥
यसअर्थ भनेकी हुँ मैले त्यस्ता कडा कुरा ।
भैगो,ज्यान बचा,जाभाग् ! तुच्छ वानर होस् वरा ! ॥
लङ्काका यो कुरा सुन्दा तम्तयार भए कपि ।
ठोक्न, मौका परे जित्न भै दोश्रा गिरि-तुल्य यी ॥
डर्लाग्दो राक्षसी-रूप लिएकी लङ्किनीकन ।
देख्दामा वलवान् विद्वान् हनुमान् भन्दछन् पुनः ॥
सुन्नुहोस् लङ्किनी देवी ! हेर्छु लङ्का-पुरी म यो ।
नगरद्वार पर्खाल अटालीहरु शोभिंदो ॥
आएको हुँ यसैले म आँउनाको छ हेतु यै ।
सारा लङ्का-पुरी हेर्न ममा चाख छ है निकै ॥
यहाँ वन-बगैंचा र दिव्य कानन छन् जति ।
हेर्नै महलका साथ म आएँ मुख्य हेतु लौ ॥
इच्छानुसारको रूप धर्ने ती लङ्किनी पुनः ।
भन्छिन् कठोर वाणीमा त्यो सुनी हनुमान्कन ॥
बुद्धि बिग्रेछ लौ तेरो कुरो सुन् ! नीच वानर ! ।
मलाई रक्षि बक्सिन्छ आफै नै राक्षसेश्वर ॥
बुझिस् ! यस्वी मलाई तँ न जितीकन क्यै गरे ।
सक्तैनस यो पुरी भित्र पस्न वा हेर्न सम्म ए ! ॥
राक्षसीरूपकी लङ्काकन भन्छन् उनी अब ।
भित्र पस्छु पुरी हेर्छु कुद्छु आए सरी तब ॥
हनुमान्का कुरा यस्ता कान भित्र परे पछि ।
डर्लाग्दो गरि गर्जिन् बा ! लङ्किनी झोक्किई अति ॥
अनि ता वानरश्रेष्ठ हनुमान्लाइ जोडले ।
लङ्किनीले लपेटाले ठोक्दिइन् कसिएर ए ! ॥

७७

७८

त्यसरी लङ्किनी द्वारा पिटिए पछि जोडले ।
वीर्यवान् हनुमान् वीर गर्जिए अति जोडले ॥
पछाडि उनले औंला जो थिए वाम हातका ।
बङ्ग्याएर मुठी पारे भयो डल्लो विशाल बा ! ॥
त्यसैले लङ्किनीलाई बजाए कपिले तव ।
खप्न गाह्रै परी हाल्यो उठेको रिस त्यो जव ॥
चर्को क्रोध गरेनन् तै उनले यै गरे भलो ।
बल-शक्ति हओस् जत्रो "स्त्री जाती हो" यही पर्‍यो ॥
राक्षसी-लङ्किनीको यी त्यत्ति सानो प्रहारले ।
पनि ता जिउ ता सारा थिल्थिलो भइगो हरे ! ॥
अव काण्ड पुगी हाल्यो भै डङ्ग्रङ्ग लडिन् उनी ।
हुँदामा भूमिमा चीत डर्लाग्दी देखिइन् उनी ॥
हनुमान्ले यता देखे लडेकी उनलाइ हा ! ।
स्त्री भनेर गरे माया ठोकेनन् पछि फेरि ता ॥
लङ्काकी देवता त्यस्ती लङ्किनी ता उतातिर ।
त्यसै सातो गए जस्ती भइन् उद्विग्न, थर्थर ॥
अव पानी मरी हाल्यो वीर यी हनुमान्कन ।
भन्न लागिन् स्वयं लङ्का भै गद्गद झुकीकन ॥
वीर वानर ! लौ सुन्नोस् ! पुग्यो खुश हुनोस् अव ।
न मार्नोस् गर्नुहोस् रक्षा दोहोलो म भएँ अब ॥
ए महान् बाहुका सौम्य ! बलवान् सत्यवान् जन ।
पाल्छन् सीमा र मर्यादा छु अवध्या यसर्थ म ॥
सुन्नुहोस् ! यो पुरी लङ्का हुँ म नै ए महाबल ! ।
आफ्नो विक्रमले वीर ! जित्नु भो त्यै मलाइ त ॥
भन्छु सत्य कुरा अर्को सुन्नुहोस् वानरेश्वर ? ।
मलाई बक्सिएकोथ्यो ब्रह्माले अघि यै वर ॥
तँलाई जब ए लङ्के ! कुनै वानरले बुझिस ।
ठोकेर वशमा पार्ला यै कुरो अनि संझिएस् ॥
दुष्ट-प्रकृतिका जो जो जति राक्षस छन् यहाँ ।
उनको नाशको वेला आयो भन्ने गमेस् त्यहाँ ॥
पाएँ दर्शन जो आज यहाँ मैले तपाँइको ।
त्यसैले संझिए सौम्य ! त्यो वेला अब आइगो ॥
ब्रह्माले बाँधि बक्सेको सत्यको दृढ निश्चय ।
होला र कहिले अर्को मिथ्या हुन्न, छ निश्चय ॥

६४

६५
दुष्ट रावण-राजाको तथा राक्षसको सब ।
आयो विनाशको वेला सीताकै निहुँ ली अब ॥

६६
तसर्थ वानरश्रेष्ठ ! म त्यै रावण-रक्षित ।
पुरी भित्र पसी हाल्नोस् पाल्नुहोस् लौ मजासित ॥

६७
गर्नुपर्छ पसी भित्र जो जो काम कुरा वहाँ ।
आनन्द साथ त्यो सारा गर्नुहोला जहाँ-तहाँ ॥

लङ्का-पुरी मै हुँ, छु सुन्दरी पुनः गर्थे सदा राक्षसराज रक्षण ।
परन्तु औले अभिशाप त्यो परी ख्वात्तै गर्लें नष्ट भए सरी गरी ॥
तपाँइ पाल्नोस् तसअर्थ भित्र र घुम्नोस् मजाले सब तर्फ मै स्थिर ।
खोज्नोस् विदेहेश्वरकी सुताकन आनन्दले भित्र घुमीघुमीकन ॥
६८

इति तेस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो सर्ग

राक्षसराज रावणको राजमहलभित्र कपिवर हनुमान्‌को प्रवेश

१

अत्यन्त बलबान् वीर कपिमा पनि उत्तम ।
थिए यी हनुमान् ज्यादै तेजस्वी वीर्यवान् पुनः ॥
इच्छानुसारको रूप धर्ने लङ्कापुरीकन ।
उनले वीर्यले आफ्नो जिते बा ! श्रेष्ठ थिन् जुन ॥
पारेर रातको वेला छोड्दिई द्वार-स्वार त्यो ।
पर्खालै बाट हाम्फाली पुरीभित्र पसे अहो ! ॥
सम्पूर्ण कपिका राजा वीर सुग्रीवको नित ।
हओस् हित भलो भन्थे गर्थे त्यै ठीक वस्तुतः ॥
पसी लङ्कापुरी-भित्रै यसरी उनले स्वतः ।
थाप्लैमा शत्रुको राखे वाम-पाद मजैसित ॥
गुण-सत्व तथा वीर्य भएकाथे निकै उनी ।
रातमा फुत्त हाम्फाली पुगी भित्र पसे अनि ॥
राजमार्ग थियो सारा विछ्याएको मनोहर ।
सुगन्धी-फूलका बास्ना छरिएको र सुन्दर ॥
पुगेर त्यसमै पैले हेर्दै हेर्दै महाकपि ।
बढे लङ्कापुरीभित्र जुन राम्री थिइन् अति ॥
जस्तो आकाश शोभिन्छ सेता बादलले गरी ।
सेता घर हुँदा बाक्ला शोभिन्थिन् त्यै सरी पुरी ॥
चर्को हाँसो थियो भित्र छरिन्थ्यो स्वर उच्च भै ।
नाच-गाना-वजानाको चमत्कार थियो निकै ॥
पुरीका घरमा सारा वज्र अङ्कुश आदि थे ।
तस्वीर खोदिएकाथे झ्याल हीरा जडाउ थे ॥
सेता बादलका थुप्रा शोभिए ठीक थिन् पुरि ।
घर राक्षसका त्यस्ता शोभिंदा र टकै परी ॥
थिए लङ्का-पुरीमा त्यो जो जत्ति घर सुन्दर ।
तिनमध्ये थिए कैयौं कमलै ठीकका स्थिर ॥

१३

१४

कैयौं स्वस्तिक बान्कीमा बनेकाथे वहाँ घर ।
बर्धमान हुने छाँट थिए कैयौं मनोहर ॥
यी सबै छाँट-बान्कीका घर जग्मग भै दिंदा ।
यी पुरी शोभिएकी थिन् अतिराम्री भई अहा ! ॥
फूलले फूल-मालाले तिनलाइ जवातता ।
सिंगारेको थियो, बलिथन् भै धप्धप पुरी तदा ॥
यिनैका बीचको बाटो गरीकन गए उनी ।
सुग्रीवको भलो हुन्छ, रामको काम हो भनी ॥
घुम्दाघुम्दै वहाँ देख्ता महान् महल भव्य यी ।
भित्र दङ्ग भए ज्यादै वने गद्गद वीर ती ॥
अर्कोमा पुग्दथे यौटा घर हेरी मजासित ।
अनेकौं छाँट-बान्कीमा बनेका र विभूषित ॥
कण्ठ मूर्धा हृदय यी तिनोटै ठामका स्वर ।
सुने,-गीत वहाँ मीठा उच्च-मध्यम-मन्दका ॥
स्वर्गका अप्सरा जस्ता कामविह्वल कामिनी ।
नारीको स्वर्गमा जस्तै आँउथ्यो मधुरो ध्वनि ॥
कटिका मेखलाका र पाउका पाउजेबका ।
आवाज उनले मीठो सुने कान दिंदा त्यता ॥
भऱ्याङ्का खुड्किला चढ्दा तिनले ओर्लदा पनि ।
सुने बा ! गहना बज्दा छम् छम् छनन ! यै ध्वनि ॥
भित्रको स्थितिमा त्यस्तो मनस्वी राक्षसादिले ।
सुनिन्थ्यो ताल ठोकेको, गर्जेको पनि जोशले ॥
मन्त्र जप्तै थिए कैयौं अ-आफ्ना घरमा वसी ।
सुने यी कपिले स्पष्टै टाढै बाट वहाँ पुगी ॥
थिए राक्षस नै सारा परन्तु तिनमा कति ।
स्वाध्याय गर्न लागेका थिए, देखे, लुकी-छिपी ॥

२६

२७

राजा रावणको राम्रो स्तुति गर्थे वहाँ कति ।
कहीं गर्जिरहेकाथे यी राक्षस हुँदा अति ॥
दल राक्षसको यौटा लम्बा-चौडा विचित्रको ।
राजमार्ग पनि त्यत्रो देखे ढाकेर बस्तथ्यो ॥
पुरीको मध्यभागैमा अघि बढ्दै गए पछि ।
देखे रावणका कैयौं छिपुवा चरलाइ ती ॥
योग-संन्यासको दीक्षा लिएका थे वहाँ कति ।
थिए शिर मुडाएका कत्ति पाल्थे जटा अति ॥
गोचर्म-मृगचर्मादि पैह्रेकाथे वहाँ कति ।
नाङ्गैबुङ्गै पनी घुम्थे वहाँ चर हुँदा कति ॥
अस्त्रको रूपमा बोक्थे कुनै मुठ्ठीभरी कुश ।
अग्निको कुण्ड नै आफ्नो अस्त्र मान्थे कुनै तव ॥
बोकेकाथे कसैले ता हातमा कूट मुद्गर ।
लिएकाथे कसैले ता हातमा दण्ड दुर्धर ॥
तिनमध्ये कसैकोथ्यो यौटै आँखा भयङ्कर ।
थियो रूप कसैको ता बहुरङ्गी असुन्दर ॥
कत्तिको पेट थ्यो लामो ठूलो थ्यो कत्तिको स्तन ।
देख्नैमा अति डर्लाग्दा थिए राक्षस कै पुनः ॥
थिए घेरै जसो टेढा मुखका पनि राक्षस ।
थिए विकट घेरै नै थिए पुड्का निकै तव ॥
बढी अघिल्तिरै जाँदा हनुमान्ले वहाँ अव ।
नाङ्गा शस्त्रास्त्र बोकेका देखे राक्षका दल ॥
थिए क्वै धनु बोकेका शतघ्नी-मुसलादिक ।
खड्ग आयुध भिर्थे क्वै थिए सब भयानक ॥
कसैका हातमा चाँहि थिए परिघ उत्तम ।
विचित्र कवचै पैह्री थिए झल्झल क्वै पुनः ॥
ती निशाचर लङ्काका न त मोटा थिए अति ।
न त दुब्ला न लामा र न त छोटा थिए त्यति ॥
न गोरा थे न काला थे कुप्रिएका थिए न ता ।
न देखिन्थे यसो हेर्दा कुनै पुड्का पनी त्यता ॥
कुनै राक्षस देखिन्थे वहाँ ज्यादै कुरूपका ।
कुनै राक्षस ता सक्थे लिन रूप अनेक वा ! ॥
थिए अत्यन्त नै राम्रा रूपका पनि राक्षस ।
थिए अत्यन्त तेजस्वी कुनै ता वीर राक्षस ॥

४३

४४

वहाँ कुनै ध्वजा बोक्थे पताका साथ थे कुनै ।
अनेकौंथर शस्त्रास्त्र लिइ हिंड्थे वहाँ कुनै ॥
कुनै शक्ति भिरी हिंड्थे धर्थे क्वै वृक्ष आयुध ।
वज्र पट्टिश बोक्थे क्वै घुर्यैत्रो पाश आदिक ॥
नाना प्रकारका यस्ता ती निशाचरका गण ।
हनुमान् कपिले देखे घुम्थे लङ्काभरी जुन ॥
कसैका कण्ठमा राम्रा पुष्पका हार गम्म थे ।
कसैका अङ्गमा चाँहि सुगन्धीलेप सम्म थे ॥
प्रशस्त गहना पैह्री घुम्दथे श्रेष्ठ भै कुनै ।
भेष-भूषा हुँदा राम्रो शोभिइन्थ्ये वहाँ कुनै ॥
यस्ती लङ्कापुरी भित्र घुम्ने इच्छानुसारले ।
यसो टहलिने खाले पनि देखे अनेक ए ! ॥
यिनका साथ खाथैगा घुम्थे राक्षसका दल ।
तीखा शूल तथा वज्र लिने उग्र हुने बल ॥
एक लाख थिए सेना पहरामा कडा खडा ।
पुरीको बीचमा घुम्थे आज्ञा रावणको हुँदा ॥
आइपुग्दा न पुग्दामा माझको भागमा यहीं ।
अगाडिपट्टि खोपीको देखे यस्तो कडा स्थिति ॥
यिनै रक्षक-सेनाले बस्नको निम्तिमा वहाँ ।
थिए भवन जो भव्य बनेका दिव्यरूपमा ॥
तिनका मूल-ढोका थे सुनकै उच्च विस्तृत ।
यसैबीच पऱ्यो आँखा हनुमानको मजैसित ॥
सारा राक्षसको इन्द्र यस्तो रावण-वीरको ।
ज्यादै राम्रो निकै ख्यात महागृह यहीं थियो ॥
त्रिकूटाचलको त्यस्तो लम्बनामक टाकुरो ।
यसैले शोभिएको थ्यो त्यहीं भई दिंदा अहो ! ॥
पुरी चारतिरै बाट घेरिएकी थिइन् यहाँ ।
ठूल्ठूला जलका खाल्डा गहीरा जो थिए त्यहाँ ॥
फुलेका थे झुलेकाथे यहीं कमल सुन्दर ।
थिए पर्खाल ठूल्ठूला चारैतिर मनोहर ॥
स्वर्गै समानको दिव्य महान् महल यो थियो ।
दिव्य आवाज घन्किन्थ्यो जसभित्र विचित्रको ॥
घोडा हिनहिनाएको स्वर व्याप्त थियो वहाँ ।
बजेका गहना नाना सुनिन्थ्यो स्पष्ट भै जहाँ ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

त्यो राजमहलद्वारा देखिन्थ्यो अतिसुन्दर ।
नाना प्रकारका लाखौं भै सवारी मनोहर ॥
यहीं रथ थिए वेस हात्ती घोडा थिए सव ।
हुन् जस्तै मेघका थुप्रा चारदाँते थिए गज ॥

६२

६३

साना ठूला थिए नाना विमान पनि ता यहीं ।
पशुपक्षी थिए मत्त थियो भूषित झन् यहीं ॥
यसैभित्र थिए कैयौं हजारौं वीर राक्षस ।
पहरामा र पालोमा बसेका भै महान् बल ॥

६४

६५

राक्षसेश्वरको यस्तो भित्री महलमा पनि ।
जुन गुप्त थियो त्यस्तो पसे सुत्त छिटा उनी ॥
सुवर्ण जाम्बूनदनामको जो मानिन्छ सर्वोच्च, वहाँ त्यसैको ।
पर्खाल अग्लो अति नै विशाल थियो बनेको भइ भव्य भाल ॥
थियो यसैभित्र सिंगारिएको खोपी स्वयं राक्षसराजको त्यो ।
जहाँ अनेकौं बहुमूल्य मोती सुशोभिइन्थे मणि फ्याँकि ज्योति ॥
सुगन्ध कृष्णागुरु-धूप आदि छर्थे यहीं चन्दन वास ज्यादि ।
सौन्दर्यले पूर्ण अहो ! यसैमा सुत्तै पसे बा ! हनुमान् छिनैमा ॥

६८

इति चौथो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं सर्ग

कपिवर हनुमान्ले राजमहलका प्रत्येक कोठामा देवी सीतालाई खोज्नु

१

वहाँ पुगेमा अब बुद्धिमान् यी विद्वान् हनूमान् कपिको अगाडि।
देखा परे चन्द्र निकै खुलेर आकाशको बीच सुशोभिएर॥
बसी धरा साथि भई मजाका फ्याँक्तै थिए यी शशि जून गाढा।
थियो त्यसैको चदुँवा ललाम आकाशमा टाँगि दिए समान॥
क्वै गोठमा मत्त भएर साँढे गाईहरूबीच घुमे सरिका।
देखे उनीलाइ अनी यिनीले ताराहरूबीच झुलीरहेका॥
ठण्डा भएका कर चन्द्रमा ती नाश्ने जगत्का सब पाप जत्ति।
उता महासागरमा विशेष उठाँउथे छाल, तरङ्ग बेस॥
प्राणीहरूमा सब यो जगत्का प्रकाश छर्थे भइ जून गाढा।
आकाशमाथि क्रमले यसोरी बढ्दै थिए विश्व-प्रपञ्च हेरी॥
शोभा स्वयं श्री भइ दिव्य बेस बस्छिन् यहाँ मन्दरमा विशेष।
स-साँझमा सागरमा झुलेर टिक्छिन् मजाले सुषमा बनेर॥
जो नित्य बस्छिन् जलभित्रका ती पद्मादिमा झल्किइ टल्किएर।
त्यस्तै, त्यहीठीक मनै हरी यी सुशोभिइन्थिन् शशिमा खुलेर॥
बनाइ चाँदी-पिंजडा थुनेमा शोभिन्छ जस्तो त्यसबीच हंस।
स्वयं पसी मन्दरका गुफामा शोभिन्छ जस्तो मृगराज सिंह॥
दँतार मत्ता गज-पीठ माथि शोभिन्छ जस्तो नर-वीर एक।
त्यस्तै त्यहीठीक अकाशमाथि सुशोभिइन्थे शशिमात्र एक॥
सफेद साँढे दृढ सींग तीखा भए सरीका शशि थे खुलेका।
सेता उठेका चुचुरा बढेका हिमाल हुन् ठीक सुशोभिएका॥
दँतारलाई सुन दाँतबीच बाँढ्दा खुलेझैं भइ दिव्य शोभा।
सोन्है कलाले शश-चिन्ह धर्दा थिए स्वयं यी शशि शोभिएका॥
भै नष्ट आफ्नो जल-दोष चीसो हटी सकेका हिमरूप हीलो।
श्रीसूर्यको तेज-प्रकाश पाई छुटी सकेका तम-रूप गीलो॥
आधार पाएर प्रकाश-श्रीको हुँदा सफा अङ्ग समस्त कालो।
सुशोभिए वा! भगवान् शशाङ्क आकाशमाथी भइ निर्मलाङ्ग॥

CC-0. In Public Domain. Digitization by eGangotri

१४

निरखी गुफा बाट डटी शिलामा बस्ता कुनै सिंह सुशोभिएझैं ।
डटेर घुम्दा वनप्रान्तबीच गजेन्द्र आफैं पनि शोभिएझैं ॥
नरेन्द्रले राज्य कुनै मिलेमा शोभा भएझैं त्यसले उनीमा ।
सुशोभिए चन्द्र प्रकाश पाई बडो मजाले अब पूर्ण भै श्री ॥
उदाँउदा चन्द्र, प्रकाश बढ्दा हट्यो अँध्यारो-मलिनादि दोष ।
मारेर अर्काकन मासु घिच्ने बढ्यो यही राक्षसमाथि दोष ॥
प्रियाहरूमा प्रिय साथ आफ्ना विहार गर्ने मन-दोष जाग्यो ।
यसो गरी पूज्य प्रदोष-काल भो स्वर्गमाझैं र सुखी गरायो ॥
छरेर मीठो स्वर बीन बज्थ्यो हुन्थ्यो त्यसै लट्ठ सुनेर कान ।
सुती रहेथे पति साथ नारी मिलीजुली किन्तु झिकेर मान ॥
लाग्ने महान् त्रास, पर्‍यो कि दृष्टि प्रचण्ड यी राक्षस काम जाग्दा ।
विहारमा रम्न पुगे समस्त भोगादि भोग्नैतिर चित्त लाग्दा ॥
धीमान् हनूमान् कपिले पुरीमा देखे अनेकौं घर शोभिएका ।
थिए जहाँ राक्षस-वर्ग टन्न ऐश्वर्यको मात चढे-बढेका ॥
थिए कुनैमा मद-पान ज्यादि गरी लडेका पनि राक्षसादि ।
थिए कुनैमा रथ अश्व हात्ती अनेक भद्रासन-वाहनादि ॥
थिए अनेकौं घर वीर-लक्ष्मी सुशोभिएका तिनमा खुलेका ।
जो देखिइन्थे तर एकनासे अन्योन्यमा व्याप्त मिली रहेका ॥
अन्योन्यमा राक्षस कुर्ली-कुर्ली आक्षेप गर्थे अति पीर पारी ।
मोटा ल-लामा दुइ हात फ्याँकी तर्साउँथे ढ्वाक्क गरी बजारी ॥
भै पागलै तुल्य मद-प्रमत्त गर्थे कुरा सम्म पनी कुनै त ।
धोकेर रक्सी भइ मस्त कोही भन्थे न राम्रै कटु-वाक्य पोखी ॥
बौलाउथे राक्षस क्वै भने ता पिट्थे स्ववक्षःस्थल डम्म डम्म ।
भै मस्त आफ्नैं भुजले कुनै ता पार्थे प्रियाको जिउ गम्म गम्म ॥
वहाँ कुनै राक्षस ता र-राम्रा चित्रादि हेर्थे र बनाँउथे बा ! ।
अत्यन्त मोटा धनु कान सम्म खिच्तै थिए ओह ! कुनै भने ता ॥
देखे हनूमान् कपिले वहीं नै ती कामिनीलाइ पनी मजाका ।
जो लेप्तथे लेप शुभाङ्गबीच अर्काथरी साथ निकै सुताहा ॥
अत्यन्त राम्रा मुख, रूप धर्ने नारी वहीं हाँस र ख्याल गर्थे ।
अर्काथरी झोक्किइ मान साथ स्वाँ ! स्वाँ ! ! गरी स्वप्रियतर्फ हेर्थे ॥
दँतार देखे गजराज हुन् जो कराँउथे बा ! अति गर्जि खालि ।
बस्थे सभाबीच डटी सभासद् अत्यन्त सम्मानित व्यक्तिता ली ॥
वीरत्व झल्काँउन स्वाँ ! गरेर देखाँउथे फूर्ति अनेक वीर ।
लङ्का-पुरी शोभित थिन् यिनैले तलाउझैं सर्प सुसाँउनाले ॥

३०

CC-0. In Public Domain. Digitization by eGangotri

३१

त्यसै पुरीभित्र वहाँ उनीले अनेक रात्रिञ्चर-वीर देखे ।
वहीं थिए बुद्धि हुने प्रधान कुनै थिए नाम हुने प्रधान ॥
विभिन्न मीठा शुभ शब्द बोल्ने देखे अनेकौं थर यातुधान ।
श्रद्धा हुने सुन्दर,-रूप, नाम वहीं थिए ख्यात जगत्प्रधान ॥
अत्यन्त राम्रा गुणले अनेक तिनीहरू थे सब एक एक ।
गर्थे अ-आफ्ना गुण ठीक काम घपक्क बल्थे भइ तेज धाम ॥
देख्तै उनी दङ्ग भए न राम्रा राम्रा पनी राक्षस घेर चाम्रा ।
अयोग्य त्यस्ता र सुयोग्य यस्ता कस्ता न कस्ता अवितर्क्य जस्ता ॥
देखे यिनीले अब एक एक उनीहरूका रमणी हरेक ।
राम्रा लुगाले गहनाहरूले सुशोभिनै लायक श्रेष्ठ जो थे ॥
विचार वा भाव यिनीहरूको राम्रो थियो शुद्ध थियो अनौठो ।
सामर्थ्य वा शक्ति थियो अपार थिए सबै यी तरुणी उदार ॥
अर्कोथरीको मन-भाव चाँहीं रक्सी र आफ्ना प्रियमा खुलेर ।
लेपासिइन्थ्यो जसको प्रभाव ताराहरूकै सरि थ्यो फुलेर ॥
स्वरूप-सौन्दर्य बलेर धप्प बस्थे वहीं स्त्री कति थप्प, थप्प ।
तेजस्विनी रूपवती यिनैमा आँखा पर्‍यो बा ! उनको छिनैमा ॥
मान्थे निकै लाज यिनीहरू ता आधा बितेमा निशि,प्रेम बढ्दा ।
ग्वाम्ल्वाङ्ग आफ्ना प्रियबाट सारा अँगालिइन्थे मृदु बाहुद्वारा ॥
चराचुरुङ्गीहरुले अ-आफ्ना उठाँउदै पक्ष बढेर प्रेम ।
अन्योन्यमा एक भए समान देखे, हुँदैथे सब यी तमाम ॥
देखे अटाली-घरमा बसेका थिए अनेकौंथर राक्षसी ती ।
यिनीहरू चाँहि स्वधर्म ज्यादै पछ्याँउथे बा ! पति-अङ्कमा भै ॥
आनन्द मान्थे सुख थ्यो असाध्य प्रत्यङ्गमा काम थियो चढेको ।
तसर्थ ज्यादै पतिसाथ प्रेम गर्थे, हुँदा राग पनी बढेको ॥
अर्कोथरीको सुनको ललाम रेखा सरी वर्ण थियो तमाम ।
नाङ्गै थिए बा ! तर यी समस्त बढी दिंदा काम बढी प्रशस्त ॥
पगालिएको सुनकै समान थियो पहेँलो तन,-वर्ण बेस ।
यिनीहरूमा अरुमा पनी वा आँखा पर्‍यो बा ! कपिको विशेष ॥
यी राक्षसीका गणमा निकै ता एक्ला थिए हा ! पति-साथ छुट्ता ।
हो जूनको जूनसरी तमाम थ्यो अङ्गको कान्ति भने ललाम ॥
बढ्दै गएमा कपि-वीरले यी देखे अनेकौं घरमा अगाडि ।
भने सरीका पति पाइ प्यारो निशाचरीको गण दङ्ग पर्दो ॥
हुँदा गलामा शिरमा समेत पुष्पादिका हार, थिए खुलेका ।
अत्यन्त राम्रा रमणीहरू यी खुशी थिए मस्त भई झुलेका ॥

CC-0. In Public Domain. Digitization by eGangotri

४८

हुन् जूनका जून सरी खुलेका देखे मिलेका मुखका कतार ।
टेढा र राम्रा मृदु-नेत्र-पंक्ति सुशोभिइन्थे जसका अपार ।।
उनीहरूले निज देहबीच थे पैह्रिएका गहना विशेष ।
जो चम्किएका विजुली-प्रभा भैं प्रकाश छर्थे भलमल्ल बेस ।।
देखे पनी यी सब व्यक्ति, वस्तु भेट्नै सकेनन् कपिले परन्तु ।
ती जानकीलाइ, जहाँ गएर खोजी रहेथे त्यसरी घुमेर ।।
साक्षात् परब्रह्म परेशबाट इच्छा गरेभैं मनले बनेकी ।
स्वकर्म गर्ने शुभ-धर्म पाल्ने सद्वंशमा थिन् जुन जन्मिएकी ।।
ऐश्वर्य-संपत्ति दिलाँउने त्यो उत्पत्ति यस्तो गतिलो भएकी ।
राम्रै फुलेकी र निकै झुलेकी लता सरी थिन् कृश शोभिएकी ।।
स्त्री-धर्म थामेर परम्पराको स्वधर्ममा मात्र अडीरहेकी ।
कामादि बढ्दा पति-राममा नै लगी सबै इन्द्रिय सुम्पिएकी ।।
उदार आफ्ना पति-चित्त भित्र तेजी थियो जो, अति नै गढेकी ।
स्त्रीजाति मध्ये अतिउच्च वेस ऊँचै महान् ठाम लिई बढेकी ।।
सुयोग्य त्यस्ता पति साथ वस्ता अगाडि नाना मणि-स्वर्ण-हार ।
गला भरी पैह्रिइ शोभिएकी वियोग पर्दा अब त्यो छुटेकी ।।
झिम्क्याइका साथ मिही परेला राम्रै खुलेकी मसिनो स्वरैकी ।
भै मिष्ठ कण्ठध्वनि क्वै वनैमा नाच्ने मयूरी सरि शोभिएकी ।।
ढाक्ता गई बादलले अकस्मात् रेखा तथा जून नदेखिएकी ।
हुन् चन्द्रलेखा सरि शान्ति छर्ने थिइन् अहो ! जो छवि छोपिएकी ।।
सुवर्णको सुन्दर कान्ति जस्तो ढाकिन्छ धूलो परि फुस्रिएर ।
त्यस्तै थिइन् ती शरको प्रहार देखा परे भैं खत भैं गढेर ।।
आकाशमा डम्म भई रहेको क्वै मेघ-मालाकन वायु जस्तो ।
तुरुन्त नै पार्दछ छिन्न-भिन्न त्यस्तै थिइन् ती पतिबाट भिन्न ।।
बोल्नेहरूमा अति श्रेष्ठ,-ठूला नरेन्द्र श्रीराम-प्रियाकनै ती ।
खोजे निकै बेर वहाँ घुमेर भेट्नै सकेनन् तर वीरले यी ।।
मोक्राइ हाले अनि तत्क्षणैमा सेलाइ हाल्यो मन वेग सम्म ।
पिल्यो बढी दुःख त्यसै गलेर हरेश खाए कपिवीर सम्म ।।

६१

इति पाँचौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छैटौं सर्ग

हनुमान्‌ले देवी सीतालाई राक्षसराजको र अरु राक्षसहरूको घर–घरमा खोज्नु

१

इच्छानुसारको रूप धर्न सक्ने महाकपि ।
घुम्न लागे मजै साथ एक एक गरी पछि ॥
थिए लङ्का–पुरी भित्र विमान भनिने घर ।
जहाँ नउ तला हुन्छन्, घुमे खोजे निरन्तर ॥
लिएर लघुता शक्ति गरी फूर्ति भई छिटो ।
पैले रावण–राजाकै, घरबीच पुगे अहो ! ॥
थियो अत्यन्त नै शोभा यहीं लक्ष्मी थिइन् स्थित ।
यता खोज्ने थिए त्यस्तै बल–वैभव–शोभित ॥
अँ त ! राक्षस–राजाको घर सुन्दर थ्यो अति ।
थियो पर्खालको घेरा सूर्यझैं चम्किलो उति ॥
त्यसको बाहिरै पट्टि डर्लाग्दा धेर राक्षस ।
सिंहले वनको रक्षा गरेझैं गर्दथे तव ॥
आँखा गाडी यसो हेर्दा देख्ता त्यस्तो विचित्रको ।
मनैमन परे दङ्ग कपिश्रेष्ठ उनी अहो ! ॥
चाँदीका फ्रेम लागेका अतिसुन्दर सुन्दर ।
थिए तस्बीर टाँगेका तिनमा सब बाहिर ॥
जसका बाहिरी ढोका देखिन्थे अति जग्मग ।
सुनले नै बनाएका हुनाले मन–मोहक ॥
भित्र पस्ने थिए ड्यौढी जहाँ राम्रा अनेकन ।
जसका भित्रका ढोका देखिन्थे झन् मनोरम ॥
थालपोमा मत्त हात्तीको चढेका माहुते थिए ।
शूर वीर थिए टन्न न छोएका थकाइले ॥
वेगै न रोकिने कत्ति रथवाहक अश्वले ।
सारा पटाङ्गिनी सम्म थियो टम्म विचित्र ए ! ॥
वनेका भव्य छालाले बाघका सिंहसम्मका ।
राम्रा कवचले सारा मोरेका रथ थे तथा ॥

१३

१४

तिनमा राखिएकाथे र राम्रा प्रतिमा पनि ।
हस्तिदन्त तथा चाँदी–सुनले जो वने अनि ॥
भाग तल्लो र माथिल्लो रथका जो थिए सब ।
तिनमा क्षुद्रघण्टी थे बज्थे मधुर भै तव ॥
यस्ता प्रकारका राम्रा विचित्र रथ वास्तव ।
जाने र आँउने गर्थे थियो टन्न सँधै गृह ॥
थियो राक्षस–राजाको महान् महल भव्य यो ।
अनेकौं मणि रत्नादि शोभिएको विचित्रको ॥
थिए ठ–ठाममा राम्रा राखिएका अतुल्यका ।
शुभ आसन बस्नाको निम्तिमा बहुमूल्यका ॥
रथ–शाला बनेकाथे रथ राख्न वहाँ पुनः ।
वहीं महारथीका थे आवास–गृह उत्तम ॥
हेर्न लायकका राम्रा नानाथर हजारन ।
पशु–पंक्षी थिए टन्न चारैतिर यहाँ पुनः ॥
राजदर्वार– सीमाको रक्षा गर्नें अनेकन ।
नम्र–नम्र थिए धेरै यहीं राक्षसका गण ॥
अत्यन्त सुन्दरी नारी मुख्य–मुख्य थिए यहीं ।
यिनैले व्याप्त थ्यो सारा त्यस्तो दिव्य पटाङ्गिनी ॥
रत्नस्वरूपका राम्रा टल्किने अङ्ग रङ्गका ।
हँसीला युवती कैयौं यहीं घुम्थे जतावता ॥
अतिश्रेष्ठ निकै राम्रा गहनाका अवाजले ।
त्यो राजगृह घन्किन्थ्यो घन्किए ठीक सिन्धुले ॥
थ्यो राजोचित–सामग्री टन्न यो महलै भरी ।
श्रेष्ठ चन्दन छर्केर थ्यो मग्मग वरी–परी ॥
मुख्य मुख्य महान् व्यक्तिहरू पूर्ण थिए यहाँ ।
सिंह टन्न भए जस्तो महान् घोर अरण्यमा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भेरि-मृदङ्ग-वाद्यादी बज्दथे, आँउथ्यो ध्वनि ।
सुनिन्थ्यो शङ्खको शब्द घन्किइन्थ्यो त्यसै पनि ॥
सँधै सफा गराँइन्थ्यो पूजा हुन्थ्यो वहाँ तव ।
पर्वका दिनमा होमै गर्थे राक्षस ती सव ॥
गम्भीर सिन्धु जस्तै थ्यो घन्न घन्न अवाज भै ।
कोलाहल पनी गर्थ्यो कहिले भइ ठीक त्यै ॥
दिलका देहका ठूला राक्षसेश्वर वीरको ।
महान् महल यो रत्नै रत्नका वस्तु-पूर्ण थ्यो ॥
सवैतिर थिए टन्न हात्ती घोडा तथा रथ ।
महान् रत्न हुँदा पूर्ण थिए झल्झल वास्तव ॥
यो राजमहलै बल्थ्यो दिव्य यस्तो स्वरूपले ।
घुमी सवतिरै सारा देखे बा ! कपिवीरले ॥
राजदर्वारलाई यो लङ्काको दिव्य उत्तम ।
गह्नै हो ! भनी ठाने अन्तमा उनले पुनः ॥
त्यस्तो राक्षसराजाको यस्तो गृह वरीपरी ।
घुम्न लागे महावीर चारैतिर पुगीवरी ॥
यौटा घर घुमी हेरी अर्कोमा पुग्दथे उनी ।
खोज्थे वर-वर्घैचामा हेर्थे सवतिरै घुमी ॥
थिएन डर वा त्रास उनको मनमा पनि ।
पुग्थे जहाँ-तहाँ खोज्थे अटालीहरुमा पनि ॥
महान् वेग हुने त्यस्ता वीर्यवान् हनुमान् अव ।
प्रहस्तको घरै माथि उफ्रिएर पुगे तव ॥
वहाँ सवतिरै खोजी न देख्ता जानकीकन ।
त्यो महापार्श्वको भव्य घरबीच पुगे पुनः ॥
न पाएर त्यहाँ पत्तो फुत्त नाघेर नै अहो ! ।
पुगे वा ! कुम्भकर्णको घरमा मेघ ठीकको ॥
कुदे फेरि त्यहाँ बाट हनुमान् क्रम ली त्यही ।
श्रीविभीषणको भव्य-भवनैमा पनी पसी ॥
महोदर विरूपाक्ष विद्युन्माली निशाचर ।
अरूको वज्रदंष्ट्रैको चहारे छिनमै घर ॥
शुक-सारण विद्वान् थे उनका घरमै पुगे ।
इन्द्रजित् वीरको वेश्म हेरे भित्र गई पसे ॥
कपिका फौजका स्वामी कपिश्रेष्ठ स्वयं उनी ।
जम्बुमाली-सुमालीको पुगे घरतिरै अनि ॥

४३

४४

महाकपि पुगी हाले घरमा रश्मिकेतु र ।
सूर्यशत्रु तथा वज्रकायको पनि सर्सर ॥
अनि धूम्राक्ष सम्पत्ति विद्युद्रूप र भीमको ।
तथा विघन-घनको शुकनाभ र चक्रको ॥
घरभित्र पसे खोजे शठको कपटादिको ।
युद्धोन्मत्त तथा दंष्ट्र लोमश ह्रस्वकर्णको ॥
विद्युज्जिह्व ध्वजग्रीव तथा मत्त-द्विजिह्वको ।
कराल र हस्तिमुख शोणिताक्ष-पिशाचको ॥
बहुमूल्य महान् श्रेष्ठ यी भव्य-भवनै भरी ।
वायुका पुत्रले खोजे सीतालाई घुमीवरी ॥
देखे बा ! यसरी घुम्दा चहार्दा घर सर्सर ।
त्यस्तो राक्षसको ऋद्धि जो थिए ऋद्धिमान् स्थिर ॥
घुमेर घर साराको यसरी हनुमान् पुनः ।
फर्के राक्षस-राजाको घरैतिर मनोरम ॥
देखे पुग्दा न पुग्दैमा वहाँ यी कपिले तव ।
राक्षसीहरु नै घेर बस्तथे भइ रक्षक ॥
खोपीको बाहिरी भाग थियो राक्षसराजको ।
यही नै जसमा बस्थे डर्लाग्दा राक्षसी अहो ! ॥
हेर्नै न सकिने आँखा भएकाथे यिनीहरू ।
देखे बा ! कपिले सीता खोज्न जाँदा लुरुलुरु ॥
शूल मुद्गर शोभिन्थे कसैका हात-हातमा ।
शक्ति तोमर इत्यादि बोकी हिंड्थे कुनै वहाँ ॥
बाहिरी भाग खोपीको त्यस राक्षस-राजको ।
भरिएको थियो ड्यौढी-ढ्यौढीले भव्यरूपको ॥
थिए राक्षस रक्षामा ठूल्ठूला देहका यहीं ।
नाङ्गा शस्त्रास्त्र बोकेर घुम्थे सव जहाँ-तहीं ॥
अत्यन्त वेगिला घोडा सव ठिक थिए यहीं ।
सफेद रङ्गका काला राता पनि थिए यहीं ॥
सर्वोच्च जातिका राम्रा हात्ती पनि थिए यहीं ।
शत्रुका सैन्यका हात्ती मार्न सक्थे जहाँ-तहीं ॥
यी सवै गज-शिक्षामा थिए शिक्षित फूर्तिला ।
विनाश्ने शत्रुका फौज हुन् ऐरावतमैं कडा ॥
मेघले जल जस्तै र गिरिले झरना सरि ।
आफ्ना गण्डस्थलै बाट छोड्थे यी मदकै झरी ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

८१

गर्जन्थे मेघकै ठीक सब गम्भीर शब्दमा ।
शत्रुले जित्न ता गाह्रै पर्दथ्यो रणभूमिमा ॥
यो सबै वस्तुको साथ साक्षात् राक्षस-राजको ।
खोपीको नजिकै देखे हजारौं सैन्य ठिक थ्यो ॥
सेनाका व्यक्ति एकेक जाम्बूनद—सुवर्णको ।
गहना-वस्त्र पैन्हेर सुशोभित थिए अहो ! ॥
माथि देखि तलैसम्म स्वर्णाभूषण छापिंदा ।
हुन्थे झलझल शोभिन्थे बाल सूर्य सरी सफा ॥
देखे यो वायुका छोरा हनुमान्‌ले वहाँ पछि ।
नाना प्रकारका राम्रा वलिङ्काठ र पालकी ॥
खोपीको बाहिरै पट्टि लवागृह मनोरम ।
थिए बा ! शोभिइन्थे जो चित्रशालासँगै पुनः ॥
क्रीडा-गृह थिए नाना काष्ठ-पर्वत साथमा ।
देखे राक्षस-राजाको महान् महलमा वहाँ ॥
विलास गरिने ठाम दिवागृह थिए त्यहीं ।
काम-गृह थिए राम्रा अनेकन जहाँ-तहीं ॥
यो राजगृह थ्यो अग्लो मन्दराचल ठीकको ।
क्रीडा-मयूरले बस्न योग्यको व्याप्तको अहो ! ॥
अनन्त—रत्न भण्डार महान् महल यै थियो ।
चारैतिर थियो खानी धातुको रत्न आदिको ॥
यहीं ध्वजा-पताकाले शोभा भर्थे विशेषतः ।
यी सबै वस्तुको रक्षा गर्दथे धीर राक्षस ॥
गरिन्थे कर्म ठूलठूला धिनको गर्न रक्षण ।
भूतनाथ—गृहै जस्तो थियो यो गृह शोभन ॥

८२

८३

ती दिव्य रत्नका नाना ज्वालाले धपधपाउँदा ।
स्वयं राक्षस—राजाको तेजले झल्झलाउँदा ॥
बल्दा किरणले युक्त सूर्यमैं जगमगाउँदा ।
महान् महल त्यो ओहो ! शोभिइन्थ्यो जवाततां ॥
कपिका यूथका स्वामी हनुमान् वीरले पछि ।
एक एक गरी देखे वहाँ वस्तु थिए जति ॥
सुत्ने पलङ बा खाट जाम्बूनद-सुवर्णका ।
शोभिइन्थे वहाँ राम्रा थिए आसन सम्म वा ॥
खाने र पिउने भाँडा थिए अत्यन्त उज्ज्वल ।
सुखोपभोगका वस्तु शोभिन्थे भइ, झल्झल ॥
तला भुँइतलासम्म रक्सी वा मधु आसव ।
खाँदामा पोखिएबाट गीलो,-हीलो थियो तब ॥
मणिका रत्नका प्याला - भाँडाले भाग भित्रको ।
थियो छरिइदा साह्रै असरल्ल त्यसै अहो ! ॥
यस्तो भए पनी किन्तु थ्यो राजगृह भव्य यो ।
कुवेर-भवनै जस्तो अति सुन्दर दिव्य पो ॥
राक्षसी- रमणी जो थे उनका पाउजेवको ।
मेखलाको पनी शब्द सुनिन्थ्यो भित्र बन्दथ्यो ॥
आँउथ्यो ध्वनि भै स्पष्ट मृदङ्गादिक वाद्यको ।
तिनको साथ-साथैमा तालीकोसम्म हातको ॥
अरू गम्भीर बाजाका मीठो आवाज साथमा ।
घनक्क घन्किएको थ्यो सारा गृह जहाँ-वहाँ ॥
जहाँ अग्ला अटाली थे हजारन मनोरम ।
रमणीरूप-रत्नैले शोभिइन्थ्यो पुनः पुनः ॥

८४

भित्र लाखौं थिए ड्यौढी कहै थ्यो जान--आँउन ।
यै महागृहमा सुत्तै पसे बा ! हनुमान् पुनः ॥

८५

इति छैटौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सातौं सर्ग

राक्षसराज-भवन एवं पुष्पक-विमानको वर्णन

१

हुन् बा ! बलीया हनुमान् , यिनैले खोपीसँगैको गइ चोकभित्र ।
अत्यन्त राम्रा र विचित्र ज्यादै देखे अनेकौं घर भित्र-भित्र ॥
थिए जहाँ सुन्दर भयाल-ढोका वैदूर्य नै रत्न कुँदी बनेका ।
सुवर्णका तार भिकी जडेका जाली थिए बाहिर शोभिएका ॥
चराचुरुङ्गी यिनमा अनेक बस्थे र खेल्थे भइ जाल ठीक ।
जो देखिइन्थे विजुली सँगैका वर्षातका झल्झल मेघ ठीक ॥
यहीं थिए बैठक दिव्य नाना झकीझकाऊ उनमा विशेष ।
थिए यहीं नै धनु शङ्ख एवं शस्त्रास्त्र राख्ने घरसम्म बेस ॥
थिए वहाँ जो घर उच्च उच्च ती देखिइन्थे गिरि हुन् भनेझैं ।
तस्मात् यिनैमाथि हुने अटाली विशाल देखे मन हर्दछन्झैं ॥
ऐश्वर्य नाना धन-रत्न द्वारा सम्पन्न भै पूर्ण यहाँ गृहादि ।
गर्थे प्रशंसा जसको अतीव भै मुग्ध आफैं सुर दैत्य आदि ॥
निर्दोषका लक्षणले मिलेका ज्यादै खुलेका घर यी थिए बा ! ।
बलिष्ठ आफ्नै भुज-शक्ति द्वारा जो आर्जिएथे उनबाट सारा ॥
गरेर ठूलो मिहिनेत यत्न थिए बनेका घर यी तमाम ।
साक्षात् मयैले श्रम-यत्न द्वारा थिए बनाए सरिका ललाम ॥
तसर्थ पृथ्वीभरका समस्त गृहादिमा श्रेष्ठ गुणी प्रशस्त ।
थे दिव्य लङ्कापति-रावणैका देखे अनौठा घर यी बनेका ॥
आँखा पर्‍यो तत्क्षण फेरि अर्को अत्यन्त अग्लो घरमा विशाल ।
सुवर्णझैं सुन्दर रूप धर्ने जस्को थियो बादल-ठीक भाल ॥
स्वामी सबै राक्षसका उनीको थ्यो शक्तिकै ठीक सुयोग्य त्यस्तो ।
जो आर्जिएथे बलले, थियो जो बेजोडको उत्तम योग्य यस्तो ॥
यो देखिइन्थ्यो यस भूमिबीच ओर्ली बसेको स्थिर स्वर्ग हो झैं ।
धपक्क बल्थ्यो निज कान्तिद्वारा भै व्याप्त नाना मणि-रत्नले झैं ॥
नाना थरीका रुखका लताका पुष्पादिले, केसरले झरेका ।
ढाकी रहेको भइ यो अनौठा पहाडको शृङ्ग सरी थियो बा ! ॥

CC-0. In Public Domain. Digitization by eGangotri

१४

घरै थियो एक विमानरूप सुशोभिएको विजुलि-प्रभाले ।
हो मेघ जस्तै रमणीस्वरूप रत्नादिले धप्धप बल्दिनाले ॥
हंसादिले बोकिइँदै लगेको आकाशमा सुन्दरता लिएको ।
थियो विमानै सरि यो विमान यत्नै गरी निर्मित शोभमान ॥
हुँदा अनेकौं सुन आदि धातु शोभिन्छ राम्रै गिरि-शृङ्ग जस्तो ।
नक्षत्र-तारा शशिले प्रपूर्ण शोभिन्छ आकाश भएर जस्तो ॥
राम्रा अनेकौं थरी वर्ण मिल्दा आकाशमा बादल शोभिएझैं ।
हुँदा अनेकौं मणि-रत्न राम्रा विमान यो शोभित थ्यो तिनैझैं ॥
विमान नै यो घरमाथि जान थिए बनेका मणि-पाउदान ।
जो देखिइन्थे गिरि-पंक्ति तुल्य अत्यन्त राम्रा क्षितिमा अतुल्य ॥
त्यहाँ पनी बा ! तिनमा पनी बा ! थिए अनेकौं चुचुरा खुलेका ।
यिनीहरूमा चढुँवा समान थिए झुलेका रुख झन् ललाम ॥
यी वृक्षमा फूल निकै थरीका फुले सरीका झकमक थे बा ? ।
यी फूलमा सम्म थिए हरीया पराग राम्रा दल शोभिएका ॥
विमानमा भित्र जहाँ-तहाँ थे सेता अनेकौं घर उच्च वेस ।
तलाउ वा सुन्दर पोखरी थे पुष्पादि झुल्थे जसमा विशेष ॥
परागले केसरले प्रपूर्ण पद्मादि झुल्ने वन थे विचित्र ।
अत्यन्त राम्रा दह सम्म ठूला यहीं थिए निर्मित झन् बिचित्र ॥
देखे महावानरले वहाँ जो विमान, यो पुष्पकनामको थ्यो ।
त्यहाँ जडेका मणि-रत्न आदि धपक्क बल्थे भइ ज्योति ज्यादि ॥
तसर्थ यो दिव्य महाविमान पाथ्र्यो घुमेझैं मनभित्र भान ।
ती देवका जो गृह-ठोक श्रेष्ठ विमान छन्, थ्यो तिनबीच श्रेष्ठ ॥
चराचुरुङ्गीहरु थे अनेकौं वहाँ बनेका मणि-रत्नका नै ।
वैदूर्य-चाँदी र मुगाहरूका आकाशचारी पनि झुल्दथे नै ॥
नाना थरीका मणि-रत्न द्वारा हुने अनेकौंथर रूप-रङ्ग ।
विचित्रका सर्पहरू वहीं नै थिए वनेका लिइ सत्य-ढङ्ग ॥
ऊँचै भएका गुण जातपात त्यस्तै लिएका बल जन्म-थात ।
घोडा पनी उत्तम बेस बेस शुभाङ्गका निर्मित थे अशेष ॥
असाध्य राम्रा मुख-पक्ष धर्ने पक्षी पनी भित्र थिए बनेका ।
प्रवाल-स्वर्णादिमय-स्वरूप सुपुष्पका पक्ष लिने भएका ॥
टेढा पखेटा लिई दिव्य आफ्ना लीलादि गर्थे सब यी समेटी ।
हेर्दा यसो काम-सहाय गर्ने थे पक्षपाती सकली सरी यी ॥
थिए यसैमा दह-पोखरी जो पद्मादि फुल्थे तिनमा सजेका ।
हात्ती थिए घेर खटाइएका गर्थे रमाको अभिषेक जो बा ! ॥

३०

CC-0. In Public Domain. Digitization by eGangotri

३१

तिनीहरूको जिउ-सूँड सम्म थियो झरी पद्म-पराग टम्म ।
लामा र मोटा करमा रचेका त्यै पद्मको फूल थिए लिएका ॥
थियो रमाको प्रतिमा यहीं नै अत्यन्त राम्री जुन थिन् सजेकी ।
स्वबाहुमा सुन्दर पद्मपुष्प खेलाँउदा दिव्य बनी खुलेकी ॥
यसो गरी रुचिर-गुफा अनेकन हुने कुनै गिरिवर ठीक शोभन ।
विमानका अतुल मनै हरी लिने सबै कुरा कपिवरको अघी परे ॥
वसन्त नै शुभ ऋतुमा विभूषित छ टोडका जुन रुखमा सुगन्धित ।
त्यही सरी सुखद मनोहरै हुँदो विमानमा मन कपिको छ,- छक्क भो ॥
गरी त्यसो दशमुख-बाहु-पालिता पुरी घुमी सबतिर खोजदा पनि ।
न देखदा जनकसुताकनै हरे ! भरङ्ग भो मन उनको त्यसै पनि ॥
गुणादिले निज पति रामको सदा खिंची लिंदा विवश वशी हुने उनी ।
वियोगको दह मनमा छचल्किदा थिइन् बरा अतुलित नित्य दुःखिनी ॥
स्वयं थिए कपिवर शुद्ध-चित्तका थियो दरो मन-तनसम्म उच्च बा ! ।
न पाँउदा जनकसुताकनै अब भयो महान् दुख उनलाइ वास्तव ॥

३७

इति सातौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं सर्ग

फेरि पुष्पक-विमान मित्र राम्रोसंग हेर्नु र जानकीलाई खोज्नु

१

हुन् वायुका पुत्र महान् विचारवान् अत्यन्त धीमान् गुणवान् र बुद्धिमान्।
बसेर खोपीनिर बीचभागमा हेरी रहे बा ! अझ त्यै विमानमा ॥
विमान यो ओह ! विचित्रकै थियो सौन्दर्यले पूर्ण विशालरूपको ।
जहाँ जडेका मणि-रत्न आदि र सुवर्णका भयाल थिए मनोहर ॥
त्यहाँ बनेका रचना-कलादिको सक्छिन्न थ्यो वर्णन गर्न, व्यर्थ थ्यो ।
श्रीविश्वकर्मा जुन यो बने पछि भन्थे बन्यो वेस ! भनी भई खुशी ॥
विमान यो सर्र उडी अकाशमा टकक्क अड्थ्यो जब वायु-मार्गमा ।
सुशोभिइन्थ्यो तब सौर-मार्गको राम्रो कुनै चिन्ह समान भै अहो ! ॥
त्यहाँ कुनै वस्तु थिंदै थिएन, जो न होस् बनेको श्रम-यत्नले अहो ! ।
त्यस्तो थियो ठाम न ता जहाँ कुनै न होस् जडेको बहुमूल्य रत्न नै ॥
थ्यो जत्ति जो जो यसमा विशेषता त्यो देवकोमा पनि ता थिएन बा ! ।
थिएन त्यस्तो वर-वस्तु नै कुनै नहोस् यहाँ जो र ह्ओस् विशिष्ट नै ॥
खाई नख.ई तप राम्ररी गरी रोकी स्वयं इन्द्रिय-वर्ग बेसरी ।
जो शक्ति आर्जे त्यसकै प्रभावले यल्लाइ जोरे उनले प्रयत्नले ॥
स्वामी हुनेको मनले जहाँ-तहाँ म पुग्छु भन्ने गम गर्दथ्यो, वहाँ ।
उडेर पुग्थ्यो छिनमै विमान यो भई चिताए सरिको स्वयं अहो ! ॥
विशिष्ट नानाथरका बनाँउने कलाहरूले भइ मन् सुहाँउने ।
थियो बनेको गतिलो विमान यो भई मनै हर्छ कि मैं बनी अहो ! ॥
विमान यस्ता अतिउच्च योग्यका बनाँउदामा सब चाँहिने कला ।
थुप्याइ एकेक त्यहीं मजासित थियो सजेको जुन यो विशेषतः ॥
संकल्पमैं मालिकको जताउता उड्थ्यो र पुग्थ्यो लिइ वेग-शीघ्रता ।
थ्यो दुर्लभै यो अरुको निमित्तमा कुद्थ्यो भई वायु सरी जहाँ-तहाँ ॥
महान् तपस्वी शुभ-कर्म-धर्मका जो पुण्य गर्ने जन हुन् विशिष्ट बा ! ।
थियो उनैको फल ऋद्धि-सिद्धिको विमान यो आश्रय मुख्य योग्यको ॥
आकाश नै देश-विशेषमा सदा अड्थ्यो लिंदै यो गतिकै विशेषता ।
आश्चर्यका दिव्य विचित्र-वस्तुले थियो बनेको अति भव्यरूपले ॥

CC-0. In Public Domain. Digitization by eGangotri

१४

कोठा थिए वस्न वहाँ अनेकन बुर्जा थिए घेर निकै मनोरम ।
सिंगारिएका सब ती भई दिदा शोभा थियो अद्भुतरूप झल्किदा ॥
हो मैं शरत्को शशि पूर्णरूपको यो देखिइन्थ्यो मलहीन उज्ज्वल ।
देख्नेहरूको मन-नेत्रलाइ जो आनन्द पार्थ्यो भइ नित्य झल्मल ॥
हुँदा स-साना चुचुरा पहाडमा शोभिन्छ जस्तो अतिउच्च नै वहाँ ।
त्यस्तै त्यही ठीक विचित्र अद्भुत यो-शोभिइन्थ्यो चुचुरो हुँदा स्वतः ॥
झुण्ड्याँउने कुण्डल कानमा नित भई रहेका त्यसले विभूषित ।
असाध्य खाने अनि अन्तरिक्षमा विहार गर्ने दिनमा र रातमा ॥
विशाल आँखे र निमेष-हीनका पल्टाउने नेत्र, असाध्य वेगिला ।
थिए हजारौं गण भूत आदिका थल्लाइ बोक्ने र हिंडाँउने तथा ॥
पुष्पादिको राश वसन्तमा फुली सुशोभिए ठीक विमान यो झुली ।
अत्यन्त राम्रो र निकै मनोहर थ्यो देखिएको अतिदिव्य सुन्दर ॥
वसन्त साक्षात् ऋतुराज वेसरी फुल्दा अनेकौंथर फूल राम्ररी ।
देखिन्छ जस्तो लटरम्म गम्मको त्यै ठीक थ्यो यो पनि दिव्यरूपको ॥
विद्वान् महान् वानरवीर मध्यका साक्षात् हनुमान् कपिवीरले तदा ।
विमान यो पुष्पकनामको शुभ देखे वहाँ गद्गद भो मनै तव ॥

२१

इति आठौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

नवौं सर्ग

राक्षसराज रावणको खोपी भित्रका राक्षसी–रमणीहरूको दर्शन

१

थिए भवन जो जत्ति लङ्कामा श्रेष्ठ उत्तम ।
तिनमध्ये यहीं अर्को थियो बेस मनोरम ॥
हनुमान्‌को पऱ्यो आँखा यसैमाथि पनी अब ।
थियो झल्मल जो ज्यादै अतिविस्तृत वास्तव ॥
लम्बाई यसको ठ्याक्कै एक योजनको थियो ।
चौडाई यसको चाँहि आधा योजनको थियो ॥
साक्षात् राक्षस-राजाको महामहल थ्यो यही ।
जसमा शोभिइन्थे बा ! अटालीहरु भै अति ॥
ठूल्ठूला नेत्रकी देवी सीता खोज्न स्वयं उनी ।
पसे अब त्यसैभित्र हेर्न लागे सबै घुमी ॥
बल-वैभव-सम्पन्न हनुमान् कपिले वहाँ ।
देखे भवन थे भव्य सारा राक्षसका जहाँ ॥
घुम्दा घुम्दै पुगे वीर हनुमान् अन्तमा अहो ! ।
निवास-स्थानमै ठ्याक्क साक्षात् राक्षसराजको ॥
अति लामा तथा मोटा दाँतका चार-तीनका ।
हात्तीहरू यहीं बस्थे घेरी भवन यो सदा ॥
नाङ्गा शस्त्रास्त्र बोकेका वीर राक्षसका गण ।
वहाँ वरिपरी घुम्दै गर्दथे नित्य रक्षण ॥
यस्तो राक्षस-राजाको महामहल यो थियो ।
टन्न थ्यो राक्षसी रानीहरूबाट सँधै अहो ! ॥
यही रावणले आफ्नो बल-पौरखले हरी ।
ल्याएका राज-कन्याले शोभिइन्थ्यो भई भरी ॥
तिमिङ्गिलादि माछाले ठूला मकर-ग्राहले ।
जल-जीवादिले पूर्ण भएको नाग-सर्पले ॥
महासागर क्वै जस्तो ठूलो छाल बढ्यो भने ।
जस्तो हुन्छ त्यहीठीक थियो भवन शोभिने ॥

१३

१४

देवेश इन्द्रको एवं धनाध्यक्ष-कुबेरको ।
चन्द्रमाको प्रभाभित्र टिक्तछिन् जुन श्री अहो ! ॥
त्यसभन्दा पनी बढ्दा भई राम्री र निश्चल ।
लक्ष्मी राक्षस-राजाको घरमा नित थिन् स्थिर ॥
साक्षात् वरुणको त्यस्तै यम-राजा-कुबेरको ।
बस्छिन् भवनमा भव्य जुन ऋद्धि सँधै अहो ! ॥
त्यस भन्दा पनी बढ्दा अथवा त्यस ठीकको ।
बस्थिन् राक्षस साराको महामहलबीच यी ॥
त्यसैभित्र थियो अर्को महान् भवन एउटा ।
बीच पारी बनाएको खुल्थ्यो सौन्दर्य भै सफा ॥
भए जत्ति कला-सीप थुप्याई अतिराम्री ।
बनेको यसमा घुम्थे मत्ता हात्ती वरीपरी ॥
आँखा गाडी यसो हेरे वायुका पुत्र वानर ।
हनुमान् वीरले फेरि मनोहर त्यसैतिर ॥
त्यै पुष्पक-विमानैमा परी गो दृष्टि फर्किंदा ।
नव-रत्न हुँदा झल्झल् खिचिदा ध्यान ताँनिदा ॥
थल्लाइ विश्वकर्माले आफैंले स्वर्गमा बसी ।
बनाएका थिए साक्षात् ब्रह्माको निम्तिमा अघि ॥
ब्रह्मालाई खुशी पारी गरी तप प्रयत्नले ।
पाए पछि उहाँबाट त्यसलाइ कुबेरले ॥
कुबेरलाइ ठोकेर जबर्जस्ती गरी पछि ।
लिए राक्षस-राजाले यो विमान त्यसै जिती ॥
त्यसमा मूर्ति ब्वाँसाका खोदिएका मनोहर ।
खम्बा सुन र चाँदीका शोभिन्थे भइ सुन्दर ॥
देखिन्थ्यो यसले गर्दा महान् महल यो सब ।
अद्भुतै कान्तिले बल्दो रमणीय झकाझक ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यहाँ गजब थ्यो ज्यादै मन्दराचलमा तथा ।
सुमेरु-गिरिमा जस्तै थिए नाना गृहादि बा ! ।।
राम्रा अत्यन्त नै अग्ला छुन्छन् आकाश नै सरि ।
थिए गुप्त-गृहै साथ शुभागार थरी थरी ।।
यिनैले शोभिएको थ्यो विमान-गृह त्यो वहाँ ।
झल्किन्थे टल्किइन्थे यी वर्णनातीतरूपमा ।।
सूर्यको अग्निको जस्तो यसको तेज बल्दथ्यो ।
जल्लाइ विश्वकर्माले रचेथे सीपले बडो ।।
सुनका नै बनेकाथे खुड्किला माथि जानमा ।
वन वेदी बनेकाथे र-राम्रा सुनका वहाँ ।।
आँखीझ्याल तथा झ्याल साना ठूला मनोरम ।
स्वर्ण-स्फटिकका मात्र रचेकाथे जहाँ पुनः ।।
तिनका बाहिरी वेदी खापाकै साथ-साथमा ।
इन्द्रनील महानील मणि-शोभित थे वहाँ ।।
तला-भुइँतलाबीच मूगा-विद्रुम रत्न र ।
बहुमूल्य मणि थिए गाडेका अतिसुन्दर ।।
तिनका बीचबीचैमा जडेकाथे विशेषतः ।
अतुल्य वाटुला मोती थियो, झल्झल त्यो अतः ।।
झल्कने सुन झैं राता सुगन्धी चन्दनादिले ।
त्यो हुँदा पूर्ण देखिन्थ्यो बालसूर्य-समान ए ! ।।
दिव्य-पुष्पकमा यस्तो गै चढे अब ती कपि ।
यसो भित्र पसी हेर्दा विचित्रै जो थियो अति ।।
अग्ला र अति नै राम्रा बुर्जा अट्टालिका थिए ।
शोभिन्थे भित्रका कोठा जसले भव्यता लिए ।।
आयो सुगन्ध ह्वास्ह्वास्ति अब नाना प्रकारको ।
खानेर पिउने चुस्ने चाट्ने यी वस्तु आदिको ।।
त्यहीं बसी उनी लागे सुँघ्न दिव्य सुगन्ध यो ।
जुन यो मूर्तिमान् वायु हुन् भने झैं थियो अहो ! ।।
यही गन्ध उनीलाई डाक्थ्यो आफूतिरै तव ।
बन्धु-बान्धवले डाके-ठीक बन्धुकनै निज ।।
यता आउ यता आउ राक्षसेन्द्र छ त्यो यता ।
भने जस्तै गरी ओहो ! भान पर्थ्यो यहीकुरा ।।
बढ्दै अगाडि जाँदामा देखे भवन भव्य पो ।
जुन अत्यन्त राम्रो र साह्रै सुख दिने थियो ।।

४३

४४

राक्षसेश्वरको निम्ति यो शाला थी निकै प्रिया ।
भए झैं पतिको निम्ति बलेकी रूप क्वै प्रिया ।।
भरेङ्का खुड्किला सम्म जसमा मणिकै थिए ।
थिए सुवर्णका झ्याल शोभिएका विचित्र ए ! ।।
जसमा तलको भूमि, सफा स्फटिकको थियो ।
यसको बीच-बीचैमा जडेको हस्तिदन्त थ्यो ।।
हीरा मोती र मूँगाका चाँदी र सुनका जहाँ ।
नाना आकार शोभिन्थे जडिएका हुँदा वहाँ ।।
अनेकौं-मणिका खम्बा उस्तै उस्ता र सुन्दर ।
थिए चारतिरै टम्म अग्ला राम्रा तथा स्थिर ।।
यही विहार-शालाको गहना हुन् भने सरी ।
थिए वस्तु यिनै सारा शोभिएका वरीपरी ।।
अग्ला राम्रा तथा मोटा यिनै खाँवा स्वरूपका ।
पखेटा भै दिंदा शाला उड्छे जस्तै थिई तदा ।।
त्यसको भित्र थ्यो यौटा गलैंचा भव्य सुन्दर ।
जसमा वन-डाडाको पृथ्वीको चित्र थ्यो स्थित ।।
राष्ट्रका घरका सम्म त्यसमा चित्र भै दिंदा ।
देखिन्थ्यो भवाट्ट हेर्दा त्यो पृथिवी ठीकको अहा ! ।।
मत्त पक्षी थिए नाना गर्थे च्याँईचुँईं त्यहीं ।
यही सुगन्ध फ्याँक्तैथ्यो दिव्य गन्ध थियो त्यहीं ।।
बहुमूल्य विछ्यौना थे विछ्याएका जताततता ।
बस्थ्यो राक्षसको राजा जहाँ आफैं गई सदा ।।
धूँवै-धूँवा भएकोथ्यो बाल्दा अगुरु-धूप त्यो ।
परन्तु हाँस जस्तै यो शोभिन्थ्यो भै सफा बडो ।।
पत्र-पुष्पादिका नाना उपहार निकै हुँदा ।
यो शाला छिर्बिरे जस्तो देखिन्थ्यो भव्य भै दिंदा ।।
यसको ज्योति नै त्यस्तो देखिन्थ्यो दिव्य सुन्दर ।
दङ्ग हुन्थ्यो मनै देख्ता, शोभाकै ज्योति थ्यो स्थिर ।।
थियो बा ! दिव्य-शाला यो नाश्ने शोककनै पनि ।
श्रीसम्पत्ति यही दिन्छ भने जस्तो थियो अनि ।।
शब्द स्पर्श तथा रूप रस गन्धादि पाँचले ।
श्रोत्र-त्वक्-नेत्र-जिह्वा र घ्राण-इन्द्रियलाइ ए ! ।।
राम्रै प्रसन्न पारेझैं आमाले शिशुलाइ झैं ।
पार्‍यो बा ! हनुमान्‌लाई त्यसले दङ्ग, तृप्त नै ।।

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

स्वयं राक्षस-राजाले पालिएकी र रक्षित ।
यो शालालाइ देख्ता ती गर्दछन् तर्कना तव ॥
स्वर्गलोक यही होला कि त हो देवलोक यो ।
अथवा इन्द्र-राजाको पुरी हो गतिलो छ जो ॥
हुन सक्तछ ! यै हो कि परमा-सिद्धि वास्तव ।
भनिन्छ जुन त्यो धाम ब्रह्मरूप सुखात्मक ॥
थे सुनै सुनका बत्ती वहाँ फेरि जताततै ।
ज्यादै प्रकाश फ्याँकेर बल्थे एकोहरो सदा ॥
जित्ता ज्ञाली जुआडेले जुआडी सानु झोक्रिई ।
जस्तो एकोहरो शोच्छ देखे त्यस्तै वहाँ गई ॥
हुन सम्म उज्यालो थ्यो यहाँ अद्भुतरूपकै ।
रत्नको कान्ति, बत्तीको ज्योति, रावण तेज भै ॥
यी सबै वस्तुले गर्दा खोपो यो दरबारको ।
देखिन्थ्यो शोभिइन्थ्यो वा ! बले जस्तो विचित्रको ॥
हनुमानले वहीं देखे सुन्दरी रमणी-मणि ।
बस्थे तल गलैंचामा हजारौं थे यहाँ पनि ॥
यिनको भेषभूषा थ्यो निकै राम्रो विचित्रको ।
पैह्रिएका थिए माला वस्त्र नाना प्रकारका ॥
आधा रात बितेको थ्यो यसवेला यिनी सब ।
ज्यादै थाकी सुतेका थे खेल्दा-खेल्दा चढी मद ॥
लट्ठिएका थिए साह्रै बढ्दा निद्रा, नशा दुवै ।
असरल्ल भएका थे लडेका थे जताततै ॥
उनका कटिमा बज्ने मेखला चूप थ्यो अब ।
हाँस भौंरा हुने शान्त भइ पद्म-वनै ठीक ॥
यसरी वाङ्ग भै सारा सुत्नाले शान्ति थ्यो अति ।
राक्षसी-रमणी सारा शोभिन्थे जसले उति ॥
यिनका मुखमा आँखा पर्न गो उनको अब ।
फ्याँकिथ्यो सुगन्ध हास्हास्ति पद्म जस्तै भई तव ॥
दाँत देखिन्नथे कत्ति यिनका मुख बन्द भै ।
चिम्लिएका थिए आँखा यिनले अब लट्ठ भै ॥
बिहानीपख पक्रेर रात पर्दा त्यसै पुनः ।
खुम्चेका कमलै जस्ता देखिन्थे मुख शोभन ॥
अब यो सब देख्तामा श्रीमान यी हनुमान कपि ।
यसो मन-मनै गर्छन यस्तो तार्किक-बुद्धि ली ॥

७७

७८

मदमत्त हुने भौंरा फक्रेका कमलै सरी ।
मुखारविन्द यी भेटौं भन्दा हुन्न प्रार्थना गरी ॥
गुणको दृष्टिले हेर्दा हनुमान् मुखलाइ यी ।
पानीका कमलै ठीक संझदा गर्दथे यही ॥
यो अन्त:पुर थ्यो दिव्य साक्षात् राक्षस-राजको ।
त्यस्ता यी सुन्दरी-स्त्रीले खुल्दो झकिझकाउको ॥
जस्तो निर्मल आकाश शरत्मा हुन्छ शोभित ।
झुल्केका ग्रह-ताराले त्यहीठीक थियो स्वतः ॥
घेरिंदा सब यी स्त्रीले वहाँ राक्षसराज ता ।
देखिन्थ्यो चन्द्रमा जस्तो ताराको बीचको तदा ॥
स्वर्ग गै पुण्य गर्नाले भोगी सुख त्यहाँ निकै ।
खस्तछन् तल त्यो पुण्य सकिदा जसरी सबै ॥
खण्ड-खाद्य परी त्यस्तै तारा जत्ति खसे तल ।
ती सबै सुन्दरी स्त्री यी भएछन्, यै गमे तब ॥
त्यसको भित्र खोपीमा देखिन्थे जत्ति सुन्दरी ।
शोभिन्थे सब ती त्यस्तै तारामैं झल्किईंवरी ॥
बल्दो कान्ति थियो स्पष्टै झल्केको किरणै सरि ।
थियो प्रसन्नता, वर्ण टल्केको उनकै सरि ।
रक्सी वा मधु धं कनाले मत्त भै नाच-गानमा ।
तथा विभिन्न क्रीडामा लाग्नाले मस्त भै वहाँ ॥
खुलेर छरिएका थे बाटेका केशका जुरा ।
स्यूरेका ओइलाएका पुष्पमाला थिए तदा ॥
र-राम्रा गहना सारा हुँदा शिथिल वास्तव ।
केही सौन्दर्य खस्केका देखिन्थे सुन्दरी सब ॥
यिनै सब सुतेकाथे छरिएर वहीं अनि ।
विचेत पार्दिदा गाढा निद्राले श्रमले पनि ॥
त्यहाँका सुन्दरी मध्ये कसैका शिर आदिका ।
टीका-कोठीहरू स्वात्तै पुछिएका थिए तदा ॥
परैतिर पुगेकाथे कसैका पाउजेव ता ।
कसैका हार शोभिन्थे चुँडिई छेउमा यता ॥
चुँडिदा हार मोतीका दाना छरिइँदा उता ।
तिनैले शोभिएकाथे सुन्दरी ता कुनै त्यवा ॥
कसैका देहका वस्त्र खुस्किएका थिए त्यसैं ।
कसैका मेखला सम्म फुस्किएका थिए बसैं ॥

६४

९५

भार बोकेर थाकेका घोडीका सुन्दरी ठिटी ।
हुन् जस्तै देखिइन्थे बा! कुनै ता खस्किदा ढपी ॥
कसैका भाँच्चिएकाथे कानका दिव्य-कुण्डल ।
कसैका पुष्पका माला चुँडिएका थिए तब ॥
दँवार वनमा पस्ता भरिभुप्प हुँदी लता ।
भै सफ्मिएढी भने जस्तो देखिन्थ्यो बा! जताततः ॥
सूर्यका चन्द्रका जस्तै फ्याँक्ने किरण तेजिला ।
हार थे यिनका छाती भरी दाँत हुने सफा ॥
यिनैले देखिइन्थे यी शोभिएका यता उता ।
स्तन-मण्डलमा हाँसै खेल्छन् जस्ता विचित्रका ॥
यता अर्काथरी स्त्रीका ऊँचा स्तन-भरी भने ।
थिए नीलमका हार जल-काक सरी हुने ॥
स्तनमा सुन्दरीको क्वै सुनका हार थे जति ।
ती चक्रवाक पक्षीभैँ देखिन्थे दिव्य भै अति ॥
वहाँका सुन्दरी नारी त्यसरी वस्तुले सवै ।
शोभिन्थे बा! नदी जस्ता चखेवा हाँस काक भै ॥
देखिन्थे झल्ल झल्केका यिनका कटिका फिला ।
नदीका तट हुन् जस्ता सुकिला दुइपट्टिका ॥
लम्पसार परी सुत्ता वहाँका कामिनी सव ।
स-साना सरिता जस्ता भै शोभिन्थे निकै तव ॥
किङ्किणीहरु जो वज्थे गहनाभित्र भै दिंदा ।
तिनका मुकुलै जस्ता देखिन्थे अद्भुतै तदा ॥
सुनका गहना नानाथरीका छाँट-काँटका ।
सुनका कमलै जस्ता शोभिन्थे बा! जताततः ॥
जत्ति श्रृङ्गारका चेष्टा निद्राएमा पनी उनी ।
वासना-वश भै गर्थे तिनै ग्राह थिए अनि ॥
यस्ता प्रकारका नाना स्थितिले हाव-भावले ।
जो मजा आँउथ्यो, हुन्थ्यो कीर्ति नै तट यो अरे! ॥
यिनका अङ्गमा राम्रा सुकुमार र कोमल ।
स्तनमण्डलमा सम्म टल्किदा भइ झल्मल ॥
छातीका गहना आफ्नो कान्ति छोडेर राम्ररी ।
शोभिइन्थे, यसैबाट देखिन्थे हुन् नयाँ सरी ॥
कसैका रेशमी सारी उनका मुखमा परी ।
झोप्वथे, फर्र हुन्थे ती सास फेर्दा घरीघरी ॥

१११

११२

नाना प्रकारका राम्रा रूप-रङ्ग-स्वभावका ।
राजा—रावणका-पत्नी-कामिनीहरुको तदा ॥
मुखमा त्यसरी नाच्ने छेउ आँचलका तव ।
राम्रा ध्वजा-पताकाभैँ शोभिए बा! वहाँ सव ॥
टल्किने झल्किने आफ्नो देह-कान्ति झकाझक ।
फ्याँक्ने पनि थिए नारी यहीं मस्त हुनेतक ॥
यिनले पैन्हिएकाथे दिव्य कुण्डल कानमा ।
हल्लिन्थे सास फेर्दा ती मजासित यहाँ वहाँ ॥
यिनका मुखको सास थियो मीठो स्वभावतः ।
त्यसमा फ्याँक्तथ्यो वास मदिराको सुगन्धित ॥
मिलेर यी दुवै वस्तु निकै सुख दिने भई ।
राजा-रावणको सक्तो सेवा गर्थ्यो त्यही गई ॥
त्यसका तरुणी पत्नी कत्ति ता हो त्यही भनी ।
अँगाल्थे, म्वाईं खान्थे बा! सौताका मुखको पनि ॥
सुन्दरी-कामिनीको यी मन राक्षस राजमा ।
साह्रै लहसिएको थ्यो बढ्नाले कामवासना ॥
घोक्नाले वेस्करी रक्सी अस्वतन्त्र हुँदा पनि ।
सौताको गर्दथे प्यारी त्यसरी भ्रमले पनि ॥
मदमत्त भई सुत्थे कुनै युवति सुन्दरी ।
चुरा-बाला हुने टम्म हातको तकिया गरी ॥
वहुमूल्य तथा राम्रा रेशमी वस्त्र आदि नै ।
शिरको तल राखेर लडेकाथे वहाँ कुनै ॥
सुत्तथी तकिया पारी यौटीको हृदयस्थल ।
अर्की स्त्री हातकै माथि राख्तथी शिर निर्मल ॥
एवं प्रकार राख्थी कै अर्कीको काखमा शिर ।
स्तनकै तकिया पारी सुत्थी कै न हुँदा पिर ॥
सवै राक्षस-राजाको प्रेमले मदले पनि ।
भै सकेका थिए मत्त वशमा नै थिए यिनी ॥
यसर्थ यी सबै नारी मस्त भै आफु-आफुमा ।
तिघ्रा खापेर तिघ्रामा लडेकाथे जहाँतहाँ ॥
कसैको जोडिएको थ्यो आँङ-आङ पछाडिको ।
कसैको जोल्टिएको थ्यो आङ-आङ अगाडिको ॥
कटिप्रदेश राम्रा थे झल्किन्थे यिनका सव ।
अ-आफ्नो अङ्गको स्पर्श पाँउदा मस्त थे सव ॥

१२८

१२६

यसलाइ पनी ठान्थे मत्त-वेहोश भै यिनी ।
साक्षात् रावण-राजाको अङ्गकै स्पर्श हो भनी ॥
घेरैका हातमा हात मिलेकाथे मजास्खित ।
वेहोश भै लडेकाथे सुन्दरीहरु यी स्वतः ॥
एउटी सुन्दरी अर्की नारीको हातरूपको ।
धागोमा उनिएकाथे देखिन्थ्यो गजबै अहो ? ॥
यी कालाकेशका स्त्रीको माला जस्तै हुँदा जुरा ।
देखिन्थ्यो पुष्पमालाझैँ काला भ्रमर-युक्त बा ! ॥
मलयाचलको वायु चैतमा जब चल्दछ ।
झरिझुप्प फुलेका ती लताको वन काँप्दछ ॥
त्यस्तै राक्षस-राजाको नारीको वन यो पनि ।
काँप्थ्यो बा ! सास फेर्दामा हल्लेका वस्त्रले पनि ॥
लता अ-आफुमा मिल्दा माला भै गासिईवरी ।
मिल्छन् हाँगाबिंगा सम्म मजाले ठ्याप्प भैवरी ॥
यिनका पुष्पका ताँति जो हुन्छन् भाँति-भातिका ।
देखिन्छन् भँवरा साथै मिलेजस्ता त्यसै तदा ॥
त्यैठीक सुन्दरी नारी यिनीहरू पनी वहाँ ।
मालाकार भई ठ्याप्पै मिलेकाथे जहाँ तहाँ ॥

१३७

१३८

हात हात मिलेकाथे काँधकाँधसँगै यता ।
जुरा र फुल स्यूरेका पनि ठ्याप्पै थिए उता ॥
छन ता यिनका अङ्ग- प्रत्यङ्ग, गहना, लुगा ।
थिए ठेगानमा सारा पहिलेकै सरी सफा ॥
परन्तु त्यसरी मिल्दा यिनका वस्तु ती पनि ।
कसका कुन हुन् ? के हुन् ? गाह्रै थ्यो चिन्ह नै पनि ॥
स्वयं राक्षसको राजा सुत्तामा सुखपूर्वक ।
सुनझैं ज्योति फ्याँकेका बल्थे दीप वहाँ सब ॥
देहको चम्किलो कान्ति फ्याँक्ने ती सुन्दरीकन ।
ली एकटकको दृष्टि हेर्दथे बा ! तिनै पुनः ॥
कामको बशमा पर्दा मोहिदा गुण-रूपले ।
लठ्ठ लठ्ठ भएकाथे यी नारी त्यसमाथि ए ! ॥
छोरी राजर्षि-ब्रह्मर्षि-दैत्य-गन्धर्व आदिका ।
यहीं ओइरिएकाथे पत्नी भै त्यसका तदा ॥
स्वयं राक्षस-राजाले जित्न जाँदा दिशा सबै ।
हो ! थिए यिनमध्येका हरिएका पनी निकै ॥
परन्तु कामले ज्यादै पार्दा मोहित वास्तव ।
आफैं ओइरिएकाथे वहाँ घेरै जसो तव ॥

१४६

१४७

लङ्केश त्यो रावणले गएर गरी जवर्जस्ति स्वयं हरेर ।
थुपारिएका यिनमध्यका क्वै छँदै थिएनन् सब प्रेमीका भै ॥
थिए सबै यी तरुणी जुटेका लहस्सिएरै त्यसमा वहाँ बा ! ।
उदार आफ्नो बल-वीर्यद्वारा हुन् जोरिएका गुणबाट सारा ॥
छोडेर यौटी गतिलो सती ती श्रीजानकी मैथिलराज-पुत्री ।
कुनै थिएनन् अरु सुन्दरी यी न चाँहने रावणलाइ ज्यादि ॥
न ता थिए क्वै यसको अगाडि अर्कै लिएका पति स्नेहिता ली ।
न ता थिए रावण-भिन्नलाई चिताँउने नै पति पार्नलाई ॥
पत्नी थिएनन् त्यसका कुनै ती खराब त्यस्ता, कुलकै थिए यी ।
न ता कुरूपा अनुदार नै थे न वैगुनी कौशल-हीन क्वै थे ॥
न ता नराम्रा गहना-लुगा क्वै लगाँउने नै त थिए सफा भै ।
हुँदा सबै शक्तिप्रपूर्ण ज्यादै प्यारी थिए यी प्रियका असाध्यै ॥
यिनीहरूलाइ वहाँ अकस्मात् देख्ता त्यसोरी हनुमानकनै यी ।
भो खुल्दुली भित्र निकै तसर्थ लागे उनी गम्न स्वयं यसोरी ॥

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

१५४

शरीर आत्मा बलियो हुने यो लङ्केशका यी रमणी जसोरी ।
सुखी हुँदा छन् पतिसाथ आफ्नो बसेर उत्कण्ठित भै त्यसोरी ॥
श्रीराम-पत्नी पनि राजपुत्री जो जानकी हुन्, पतिसाथ आफ्नै ।
बस्ती हुँदो हुन् त अहा ! खुलेको शोभा हुँदो हो कति उच्चको नै ॥
लगेर सीताकन रामलाई सुम्पी दिएमा छ भलो ठमाई ।
त्यसो गरे राक्षस-राजले यो कस्तो हुँदो हो ? सबकै भलो थ्यो ॥
सोच्छन् उनी फेरि, अवश्य सीता छन् उच्च ज्यादै यिनमा पनी ता ।
पर्कै पनी छन् उनमा यहाँका स्त्रीमा बढी सद्गुण थुप्रिएका ॥
आत्मा तथा देह दुरो धरेर लङ्केशले ओह ! स्वयं गएर ।
सीता हरी ल्याँउनु नै कुकर्म गऱ्यो न रामै, अँहँ ! छैन शर्म ॥

१५८

इति नवौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दशौं सर्ग

राक्षसराज–रावणको साथै महारानी–मन्दोदरीलाई देख्ता कपिवर हनुमान्‌ले देवी–सीतै हुन् भन्ठान्नु र खुशी हुनु

१

हनुमान्‌ले यसो हेरे वहाँ चारतिरै अव ।
निर्धक्क भै रहेकैथे सीता खोज्नु थियो जव ॥
देखे वा ! उनले यौटा दिव्य वेदी त्यहीं निर ।
मनोहर हुँदा ज्यादै जो झल्किन्थ्यो सवैतिर ॥
स्फटिकै–मणिले मात्र बनेको यो थियो अहा ! ।
यसमा वस्तु थे त्यस्तै सजिएका जतातता ॥
राखिएको थियो यौटा यहीं पलँग सुन्दर ।
यसमा चाँहि झल्किन्थे नाना रत्न मनोहर ॥
यसैसँग मिलाएर राखिएका थिए सफा ।
त्यो भन्दा अल्लि साना हुन् जस्ता पलँग क्यै तदा ॥
यिनका साथ–साथैमा सुखासन थिए निकै ।
सजाएका र राखेका मणि–नीलमका सवै ॥
यिनका अङ्ग–प्रत्यङ्गहरूमा हस्ति–दन्त र ।
सुवर्ण जडिएकाले थिए यी सब सुन्दर ॥
त्यो महामूल्यवान् दिव्य ऊचो पलँगमा तव ।
बहुमूल्य विछ्यौना नै विछ्याएका थिए सव ।।
यी सबै वस्तुले गर्दा त्यो वेदीको विचित्रको ।
शोभा फैलिरहेको थ्यो मनै हर्ने भई अहो ! ॥
त्यही पलँगको यौटा भागमा अतिसुन्दर ।
श्वेतच्छत्र थियो राम्रो राखेको चन्द्र–सुन्दर ॥
सुशोभित भएकोथ्यो मालाले दिव्य–पुष्पको ।
राज–छत्र हुनाले यो थियो अद्‌भुतरूपको ॥
सुनै–सुन हुँदा टम्म यता पलँग यो पुनः ।
बलेको अग्निकै जस्तो ज्वाला फेंक्थ्यो पुनःपुनः ॥
सर्वश्रेष्ठ यसैलाई शोभिएर सवैतिर ।
पार्थे अशोकका माला दिव्य ज्यादै मनोहर ॥

१३

१४

पङ्खा चँवर बोकेका सुन्दरी कामिनी अरू ।
चारैतिर भई ठिङ्ग हम्किन्थे जो खुरू-खुरू ॥
सुगन्ध फैलिएको थ्यो यसै पलँगमा उता ।
आँउथ्यो धूपको वास्ना उत्तमोत्तम सर्वथा ॥
सर्वश्रेष्ठ बिछ्यौनाले यही शोभित थ्यो पुनः ।
छाला सुन्दर भेंडाको शोभिन्थ्यो भै मनोरम ॥
कोठैभर झुलेकाथे झुण्ड्याएका मनोहर ।
अनेकौं पुष्पका माला बनेका भइ सुन्दर ॥
यसै पलँगमा साक्षात् राक्षसेश्वर रावण ।
सुतेको थ्यो, पऱ्यो आँखा हनुमान्‌को घुम्यो जुन ॥
इच्छानुसारले आफ्नो रूप यो धर्न सक्तथ्यो ।
पैह्रिंदा गहना नाना निकै झकिझकाउ थ्यो ॥
ज्यादै सुन्दर देखिन्थ्यो पैह्रिंदा दिव्य–वस्तु ती ।
सुख दिन्थ्यो सँधै आफ्ना जाति राक्षसलाइ ती ॥
सारा राक्षस–कन्याको ज्यादै प्रिय थियो पुनः ।
यसैले मरिमेट्थे ती पाँउनाकन हर्दम ॥
त्यसका अङ्गमा सारा सुगन्धित मनोरम ।
रक्तचन्दनको लेप लेपिएको थियो पुनः ॥
यसैले देखिइन्थ्यो यो संध्याकालीन लालिमा ।
सरेको मेघ हो जस्तो विजुली साथको वहाँ ॥
त्यसका अङ्गको कान्ति मेघकै ठीकको थियो ।
बोक्ता पेट भरी पानी कालो–नीलो हुँदो बडो ॥
त्यसका कानमा राम्रा अतिनिर्मल उज्ज्वल ।
थिए कुण्डल झल्केका ज्योति फ्याँकेर टल्पल ॥
दुवै आँखा र–राता थे लामा मोटा थिए भुजा ।
सुनौलो रेशमी धोती पैह्रिएको थियो यता ॥

२६

२७

कामिनी सुन्दरी साथ भर्खरै मात्ररातमा ।
क्रीडा गरि सुतेकोथ्यो रक्सी धोकेर जो त्यहाँ ॥
त्यसलाइ त्यहाँ देख्ता भान हुन्थ्यो यही अहो ! ।
मन्दराचल नै सुत्छ वन-झाडी समेतको ॥
वान्दथ्यो फेर्दथ्यो सास जब राक्षसराज यो ।
त्यो वेला देखिइन्थ्यो बा ! स्वाँ ! गर्ने नाग ठीकको ॥
त्यसैतिर पुगेकाथे यो वेला हनुमान् कपि ।
देख्तामा भ्वास्स त्यल्लाई आत्तिए भित्र भित्र यी ॥
अड्न ता अडिए किन्तु राम्रै डर पसे सरी ।
गरेर यी त्यहाँ बाट हटे बा ! सुस्त चाल ली ॥
त्यहीं पर थियो अर्को अग्लो वेदी, त्यसैबिषे ।
वसेर हेर्नको लागि त्यसका खुड्किला चढे ॥
त्यहीं वसी मजैसाथ आँखा गाडी यताउता ।
हेर्न यी कसिए स्यस्तो मत्त रावणलाइ ता ॥
त्यसरी लस्त भै सुत्ता त्यसको शयनस्थल ।
त्यस्तो पलँगकै साथ शोभियो भई झल्झल ॥
मत्ता हात्ती गई सुत्ता विशाल गतिलो गिरि ।
त्यो प्रस्रवण शोभिन्छ जसरी भइ त्यै सरि ॥
हनुमान्ले वहाँ देखे अब राक्षसराजको ।
लामो मोटो निकै राम्रो बाहुयुग्म विचित्रको ॥
दुवैमा सुनका बाजू सुशोभित थिए अति ।
सुरेन्द्रका ध्वजा जस्ता देखिन्थे भइ भव्य यी ॥
युद्धमा जुध्न जाँदामा ऐरावत गजेन्द्रको ।
दाँतको चोट लाग्नाले ठेलै- ठेला थिए अहो ! ॥
यिनका फेदमा चाँहि मोटा काँध थिए जहाँ ।
वज्रको खत देखिन्थ्यो लागेको अघि युद्धमा ॥
भगवान् विष्णुको त्यस्तो चक्रले हानिंदा पनि ।
ठामैठाम भएकोथ्यो यी दुवैमा जहावहीं ॥
सवैतिर मिलेका र त्यस्ता सुन्दर काँधका ।
त्यसका दुइटै बाहु शोभिन्थे भै विचित्रका ॥
सम्पूर्ण यिनका जोर्नी बलिया गतिला थिए ।
औंला नख र हत्केला पनि सुन्दर नै थिए ॥
भै पुष्ट बलिया राम्रा देखिन्थे परिघै सरि ।
हात्तीकै सूँड हुन जस्ता मिलेका तल-माथि ती ॥

४३

४४

त्यही पलँगको माथि फैलिएका दुवै भुज ।
प-पाँच फणका दोटा सर्प जस्तै थिए तव ॥
रक्त जस्तै खरायोको रातो वेस र शीतल ।
शुभ चन्दन लेपेका थिए यी दुइटै तव ॥
सुगन्ध आउँथ्यो त्यस्कै दुवैवाट मनोरम ।
अलङ्कृत भएकाथे गहनाले अनुत्तम ॥
सुगन्धी द्रव्य छर्केको यी दुवैमा थियो वहाँ ।
मिच्तथे सुन्दरी नारी यिनैलाइ जहाँ—तहाँ ॥
देव—दानव—गन्धर्व यक्ष - नागकनै पनि ।
रुवाएका थिए ज्यादै यिनैले युद्धमा पनि ॥
देखे बा ! यी दुवैलाई त्यही पलँगवीचमा ।
त्यसै तेर्सिरहेका र शोभिएका निकै वहाँ ॥
मन्दराचलको ठूलो गुफामा झोक्किई त्यसै ।
सुतेका दुइटा ठूला सर्प जस्ता थिए दुवै ॥
ठूल्ठूला यी दुवैमोटा बाटुला बाहुले गरी ।
थियो बा ! पर्वतै जस्तो-राजा रावण त्यो घडी ॥
यसैले देखिइन्थ्यो त्यो दुइटा टाकुरा हुने ।
मन्दराचल हो जस्तो त्यै ठीक भइ शोभिने ॥
त्यहाँ त्यस अवस्थामा सुतेका राक्षसेशको ।
मुखको वायु निस्क्यो बा ! सुगन्ध भरिंदो अहो ! ॥
आँउथ्यो आँपको बास्ना नागकेसरको अनि ।
तथा मौलसिरीको र दिव्यान्न—रसको पनि ॥
नाना प्रकारका बेस मधु वा मदपानका ।
सुगन्ध पनि बोकेर निस्की त्यो व्याप्त थ्यो तदा ॥
थियो बा ! धप्धपाएको त्यसको मुखमण्डल ।
जसमा रत्नका राम्रा हल्लिन्थे दिव्य कुण्डल ॥
त्यसको शिरको भव्य मुक्ता—मणि—मनोहर ।
विचित्र ज्योति फ्याँकतैथ्यो त्यो किरीट पुगी पर ॥
शोभिन्थ्यो त्यसको छाती रक्तचन्दन-चर्चित ।
हारले शोभिएको र लामो चौडो विशेषतः ॥
विशेष यसले गर्दा त्यस राक्षसराजको ।
सम्पूर्ण देहको शोभा भैरहेको थियो अहो ! ॥
राता राता थिए आँखा तल्लो भाग शरीरको ।
रेशमी-वस्त्रले सेतो छोपिएको पनी थियो ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

पहेंलो मसिनो राम्रो रेशमी बहुमूल्यको ।
थियो च्यादर ओढेको त्यसले माथि देहको ॥
राख्तामा माषको राशि सफा सुन्दर ठाममा ।
कस्तो देखिन्छ त्यै ठीक देखिएको थियो त्यहाँ ॥
विशाल देहको सर्प जसरी सास फेर्दछ ।
त्यै ठीक सास फेर्थ्यो त्यो स्वाँ ! स्वाँ !! गर्दै निरन्तर ॥
त्यस्तो पलँगमा सुत्ता थियो जो दिव्य उज्ज्वल ।
गङ्गाको जलमा सुत्ने देखिन्थ्यो गजझैं तव ॥
त्यहीं चारै दिशातर्फ सुनका भव्यरूपका ।
बत्ती बलेर चारोट ज्योति फ्याँक्थे प्रशस्त बा ? ॥
देदीप्यमान हुन्थ्यो यो यसैले भइ झल्झल ।
प्रकाशित भएकाथे त्यसका अङ्ग निर्मल ॥
जस्तो बादल देखिन्छ बिजुलीहरुका दल ।
भैदिंदा घेरिंदा तिन्ले मनोहर र उज्ज्वल ॥
हुरुक्क हुन खोज्थ्यो यो सुन्दरी-स्त्री भने पछि ।
नजीकैमा सुतेकाथे तस्मात् त्यस्का प्रिया जति ॥
देखे बा ! यी सबैलाई हनुमान्‌ले पनी वहाँ ।
लम्पसार परेकाथे खुट्टै निर जहाँतहाँ ॥
यिनको मुख देखिन्थ्यो पूर्ण चन्द्र सरी सफा ।
राम्रा कुण्डल हल्लिन्थे यिनको मुखमा तदा ॥
यिनले पैह्रिएकाथे गजरा, हार पुष्पका ।
नओइलाँउने कैले जुन थे यी विचित्रका ॥
तिनैमाथि पर्‍यो आँखा हनुमान् कपिवीरको ।
थिए सिपालु गाएर बजाँउन र नाच्न जो ॥
साक्षात् राक्षस-राजाको बाहुमा अङ्कमा पनि ।
गर्दै ढलीमली गर्न नित्य योग्य थिए यिनी ॥
यिनका गहना वस्त्र थिए त्यस्तै मनोहर ।
देखे बा ! यी सबैलाई हनुमान्‌ले भई स्थिर ॥
सुतेका सुन्दरी-स्त्रीका कानमा भइ उज्ज्वल ।
सुन-नीलम-हीराका शोभिन्थे दिव्य कुण्डल ॥
बाहुमा झन् खुलेकाथे बाजू भइ विभूषित ।
यी सबै वस्तुले गर्दा थिए सब सुशोभित ॥
पूर्णचन्द्र सरी राम्रा यिनका मुख-पद्मले ।
झल्झलाकार वी दिव्य भव्य कुण्डल आदिले ॥

७७

७८

विमानाकारको त्यस्तो महामहल यो सब ।
आकाश ग्रह-ताराले शोभिएझैं थियो तव ॥
निकै राम्रा झिनो पेट भएका सुन्दरी यिनी ।
थिए राक्षसराजाका प्रिया पत्नी र कामिनी ॥
धोक्नाले वेस्करी रक्सी रतिक्रीडा हुँदा अति ।
सबै थाकिसकेका थे लडेका थे यतावति ॥
जो जो जस्तो अवस्थामा थिए यी कामिनी अघि ।
ती ती त्यस्तै अवस्थामा सुतेकाथे त्यहीं लडी ॥
विधिले जसको सारा अङ्ग-प्रत्यङ्ग सुन्दर ।
बनाएका थिए राम्रा तथा मृदु मनोहर ॥
ती त्यस्ता अङ्गका यस्ता सुन्दरी नखरा गरी ।
पहिले घायलै पार्थे छोडी भाव थरी-थरी ॥
अहिले मस्त भै सुत्ता पनि आफ्नो स्वभाव त्यो ।
अँहँ ! छोड्दैनथे कत्ति गर्दैथे तैपनी अहो ! ॥
विउँझैंमा गरे जस्तो आफ्ना अभिनयादि ती ।
सुतेमा पनि गर्दैथे हाव-भाव त्यजी त्यही ॥
बीणा टाँसेर छातीमा सुत्तथी सुन्दरी कुनै ।
त्यहाँ त्यस्तो अवस्थामा शोभिन्थी भै मनोरमै ॥
कुनै महानदीबीच फक्रेकी नलिनी कुनै ।
डुङ्गासँग गई मिल्छे भनेझैं देखिईकनै ॥
र-राता नेत्रकी अर्की भामिनी आफ्नु काखमा ।
राखी राम्रो कुनै बाजा सुत्तथी मस्त भै वहाँ ॥
देखिन्थी त्यस बेलामा त्यो पनी ठीक त्यै सरी ।
आमा छोरा लिई सुत्छे भनेझैं स्नेहले गरी ॥
दुवै स्तन हुने राम्रा कुनै सर्वाङ्ग-सुन्दरी ।
च्यापी पटह यो बाजा सुत्तथी मस्त भैवरी ॥
घेरैमा पति आएमा भै उत्कण्ठित कामिनी ।
अँगालो हालि ग्वाम्ल्वाङ्ग सुत्छेझैं थिइ त्यो पनि ॥
सितार काखमा राखी सुतेकी सुन्दरी उता ।
देखिन्थी पतिलाई नै राख्छेझैं काखमा तदा ॥
अर्कै प्रकारको वीणा राखेकी आफ्नु काखमा ।
शोभिन्थी नाच्न जान्ने यो राख्छेझैं पति काखमा ॥
मदमत्त दुवै आँखा पारेकी काम-भावले ।
सुकुमारी थिई अर्की शोभिन्थी भव्य गात्रले ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

सुनको ज्योतिझैं झल्झल् झल्कने मृदु अङ्गले ।
मृदङ्ग काखमा च्यापी सुत्थी त्यो पनि शान्तिले ॥
मजैले काखमा बस्थ्यो बाजा पणव नामको ।
अर्कीको, त्यो पनी त्यस्तै त्यसैमा लट्ठ थी अहो ! ॥
झीनो पेट हुने त्यस्ती खुल्दी सर्वाङ्ग-सुन्दरी ।
त्यहीं डङ्ग लडेकी थी पछि मात निकै चढी ॥
अर्की डिण्डिम बोकेर त्यसकै स्नेहमा परी ।
सुत्थी बालक बोकेकी आमाझैं देखिईवरी ॥
आडम्बर हुने नाम बाजा च्यापेर बाहुमा ।
अर्की लट्ठ भई सुत्थी निद्राले मस्त भै वहाँ ॥
अर्की क्वै युवती सुत्थी निद्राको वशमा परी ।
पानी पोखेर झारीको त्यसैले भिजिईवरी ॥
देखिन्थी यस वेलामा पनि त्यो शोभिदी निकै ।
वसन्त ऋतुकी माला भिजेझैं ओस-वृष्टि भै ॥
ठिक्का बाटुला ऊँचा मिल्दा राम्रा हुने स्तन ।
सुन्दरी पनि थे कैयौं वहाँ दिव्य मनोरम ॥
कसैले यिनमध्येकी आफ्ना त्यस्ता दुवै स्तन ।
समातेकी थिई ट्याप्प निद्रामै मस्त भैकन ॥
यौटी कमल-आँखे थी पूर्णचन्द्र-मुखी सुखी ।
त्यसैसाथ सुतेकी थी अर्की ऊँचो नितम्बकी ॥
निद्राको वशमा पर्दा मदमत्त हुँदा तथा ।
त्यो अघिल्ली पछिल्लीको अँगालो मार्दथी तदा ॥

१०५

१०६

अरु कैयौं थिए त्यस्ता रमणी-सुन्दरीहरू ।
त्यहाँ मस्त भई सुत्ने च्याप्ने बाजा निकै अरू ॥
देखिन्थे यस वेलामा यी नारी मस्त भै अति ।
पतिसाथ लिई सुत्छन् भनेझैं स्तनले थिची ॥
अलग्ग सव यी स्त्रीका विछ्यौना देखि क्यै पर ।
हनुमान्ले वहाँ देखे अर्को पलँग सुन्दर ॥
त्यसैमाथि सुतेकी थिन् यौटी रूपवती सती ।
यिनैमाथि पनी आँखा पर्न गो उनको पछि ॥
मणि-रत्नादिका ठूला मोतीका हार सुन्दर ।
यिनले पैह्रीएकी थिन्, देखिन्थिन् झन् मनोहर ॥
बल्दो शरीरको आफ्नो शोभाले कान्तिले पनि ।
त्यस्तो महल सम्पूर्ण पार्थिन् जगमग नै यिनी ॥
उनका देहको वर्ण गोरो थ्यो, झल्झलाँउथ्यो ।
पगालेको सुनै जस्तो देखिन्थ्यो जगमगाँउथ्यो ॥
साक्षात् राक्षस-राजाकी थिइन् प्रियतमा यिनी ।
थियो मन्दोदरी नाम थिन् अन्तःपुरस्वामिनी ॥
त्यसमाथि यिनै नारी सुतेकी थिन् मजासित ।
हनुमान्ले यिनैलाई देखे भ्वास्स वहाँ स्वतः ॥
रूप-यौवनले त्यस्तो बलेकी भइ धप्धप ।
उनलाइ त्यहाँ देख्ता गर्छन् अड्कल ती अत्र ॥
यिनै हाम्री महारानी सीता हुन् क्या र वास्तव ! ।
यत्ति गम्दा न गम्दैमा हर्ष-मग्न भए तत्र ॥

११६

११७

अत्यन्त आनन्द भयो उनीमा यो शोचलेमात्र पनी छिनैमा ।
तसर्थ त्यो पुच्छर स्वात्त तानी भैंमै बजारे अति दङ्ग मानी ॥
झिके उही वानरको स्वभाव गरेर त्यस्तै सव हाव-भाव ।
उफ्रे, कुदे, पुच्छरको ललाम खाए त्यसैको पछि म्वाँइ च्वाम्म ॥
आनन्दमा मग्न भएर गाए यताउता दौडिइँदै रमाए ।
खम्बाहरू माथि चढे छिटो भै ओर्ले तुरुन्तै पछि दङ्ग भै-भै ॥

११८

इति दशौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एघारौं सर्ग

तो सीता होइनन्, भन्ने ठमाए पछि हनुमान्ले पानभूमिमा देवी–सीतालाई खोज्नु

१

तुरुन्तै अनि त्यो बुद्धि यी सीता होइनन् गर्नी ।
छोडेर स्थिर भै आफ्नो स्थितिमा नै टिकें उनी ॥
अब अर्कैथरी शोच गर्न लागे महाकपि ।
लिई विषय सीताको बेलाका योग्यको यही ॥
भामिनी जानकी देवी छुट्तामा साथ रामको ।
कसरी सकि बक्सिन्थ्यो यसरी सुत्न नै अहो ! ॥
मीठो खान तथा राम्रो लगाँउन पनी वहाँ ।
कहिल्यै सकि बक्सिन्न पिउँने त कुरै कहाँ ? ॥
जो सुकै नर होस् अर्को देवराजै नहोस् किन ।
गर्न नै सकिबक्सिन्न त्यसको उपसेवन ? ॥
अर्को श्रीराम जस्तो क्वै छँदैछैन मनुष्य नै ।
देवताहरुमा सम्म होला को अनि भूमिमै ? ॥
यी सबै हेतुले गर्दा देवीको विपरीत यी ।
चाल–चेष्टा हुने नारी होइनन् अँहँ ! जानकी ? ॥
दृढ निश्चय ली यस्तो सीता खोज्न भनी पुनः ।
हनुमान् घुम्न लागे बा ! यताउति पुनः–पुनः ॥
अब राक्षस–राजाको मधुशाला थियो जहाँ ।
घुम्दै–घुम्दै पुगी हाले हनुमान् पानभूमिमा ॥
त्यहाँका स्त्री थिए त्यस्तै गर्दा क्रीडा–विहार जो ।
साह्रै थाकी सकेकाथे कुनै ता गाँउदा अहो ! ॥
नाच्ता बजाँउदा थाक्ने कामिनीहरु थे निकै ।
पिउँदा पिउँदा लड्ने पनि स्त्रीहरु थे निकै ॥
मृदङ्ग चेलिका एवं मुरजादिक बाद्यमा ।
देह आफ्नो अड्याएर लडेकाथे निकै त्यहाँ ॥
उपल्ला खालका केही सुन्दरी कामिनी भने ।
बिछ्यौनामा निकै वेस सुत्तथे भइ लट्ठिने ॥

१३

१४

कपिका यूथका स्वामी हनुमान्ले वहाँ पुगी ।
देखे बा ! गतिला नारीहरूलाइ पनी पछि ॥
हजारौंको थियो संख्या यी नारीको यहाँ पनि ।
जसले पैह्रिएकाथे र–राम्रा गहना पनि ॥
रूप–लावण्यको चर्चा चल्दथ्यो यिनमा अघि ।
कुन गीत छ के कस्तो त्यै संफाँउदथे पछि ॥
जान्दथे कालको चाल, बोल्थे ठिक्क कुरो यिनी ।
रति–क्रीडातिरै ज्यादा दिन्थे मन भने यिनी ॥
घुम्दै टहलिंदै जाँदा अर्कोतिर पुगे पछि ।
देखे मस्त भई सुत्ने हजारौं अरुलाइ यी ॥
देश–काल सबै बुझ्ने बोल्ने योग्य कुरा यिनी ।
गर्दा गर्दा रति–क्रीडा लडेकाथे त्यसै त्यहीं ॥
यी सबै सुन्दरी नारीहरुका बीचमा वहाँ ।
सुत्ता राक्षसको राजा शोभिन्थ्यो भव्यरूपमा ॥
गौशालामा कुनै श्रेष्ठ गाईका बीचमा पसी ।
सुत्तामा मस्त भै साँढे शोभिए ठीक थ्यो सुवी ॥
शोभिन्छ वनमा जस्तो ढोइले घेरिंदा गज ।
त्यो त्यस्तै शोभियो सारा नारीले घेरिंदा तब ॥
त्यस्तो राक्षस–राजाको यस्तो महलमा घुसी ।
पानभूमि पनी यौटा देखे यी कपिले पछि ॥
यसमा खान जो जस्तो इच्छा गर्थ्यो त्यही कुरो ।
तुरुन्त पाँउथ्यो खान तस्मात् यो दिव्य थ्यो बडो ॥
थियो यो पान–शालामा खान ठिक्क हुने गरी ।
राखेका पशु–पक्षीका मीठा मासु थरी थरी ॥
बदेंल–मृग–अर्नाका कुखुराका मयूरका ।
गैंडाका अनि राँगाका थिए नाना प्रकारका ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
झल्झली सुनका थालीहरुमा अरु पात्रका ।
बेग्ला बेग्लै सजाएर राखिएका थिए वहाँ ॥
देखे बा ! यी सबैलाई हनुमान्ले मजासित ।
मसला र दही नून साथैमा शोभिई स्थित ॥
त्यहीं कुकल-पक्षी र मत्स्यको एकशल्यको ।
खसी-बाखा-खरायोको भेंडाको मासु सम्म थ्यो ॥
थिए बा ! यी सबै मासु अनेकौं रङ्ग-ढङ्गले ।
पकाएका र सेकेका, भुटेका आफ्नु-ढङ्गले ॥
अचार चटनी आदि यिनका साथमा अरू ।
खाद्य वस्तु थिए नाना चाटिने चुसिनेहरू ॥
थिए बा ! पिइने बस्तु राग-खाण्डव आदिका ।
जिब्रो फटकारिने ट्वाक्क नुनीला अमिला कुरा ॥
अत्यन्त मूल्यवान् वस्तु बाला वाजू र नूपुर ।
छरिएका थिएं स्त्रात्तै खस्नाले भइ सुन्दर ॥
मदिरा पिउने भाँडा असरल्ल थिए त्यसै ।
छरिएका थिए नाना फल-फूल जतातत्तै ॥
यी सबै वस्तुले शोभा बढेकी पान-भूमि यी ।
मजैसित खुलेकी थिन् राखिंदा फूलले सजी ॥
मिलाएका सजाएका शय्या-आसनले तथा ।
शोभिन्थी मधुशाला यो यसो हेर्दा जतातता ॥
झल्झलाकार देखिन्थी जग्मगाँउदथी अनि ।
पानशाला यिनैद्वारा अग्नि नै न भए पनि ॥
अनेकौं मसला हाली सुगन्धित हुने गरी ।
परिकार बनेकाथे मासुका यी थरी-थरी ॥
निकै सिपालु भान्छेले पकाएर त्यहीं सब ।
थिए सजाइ राखेका ठिक्क पारी पृथक् पृथक् ॥
राखिएका थिए दिव्य सुरा पनि तिनैसँग ।
वृक्षबाट कदम्बादि निस्कन्छन् जो मजैसँग ॥
मनिन्छन् जो सुरा रक्सी, रक्सी पार्नेहरू मिली ।
बनाएका थिए टन्न त्यहीं नै भै झिलीमिली ॥
शर्करासव माध्वीक पुष्पासव फलासव ।
नाना प्रकारका रक्सी त्यहीं शोभित थे तव ॥
त्यहीं नै यी सबैलाई सुवासित गराँउन ।
नाना प्रकारका चूर्ण राखेकाथे सजीकन ॥
४३

४४
त्यहाँ ठ-ठाममा फेरि फूल माला थरी थरी ।
राखिएका थिए राम्रो गरी शोभा हुने गरी ॥
यहीं सुवर्णका भाँडा झारी, कलश नै थिए ।
स्फटिकै मणिका नाना अरु पात्र पनी थिए ॥
जाम्बूनद हुने नाम वेस उम्दा सुवर्णको ।
खाने र पिउँने भाडा असरल्ल थिए अहो ! ॥
साक्षात् राक्षस-राजाको पानभूमि विचित्र यो ।
चाँदीका भै घडा-घ्याम्पा शोभिन्थ्यो छक्क पार्दथ्यो ॥
यिनमा भित्र थे टम्म अनेकौं पिउँने कुरा ।
देखे सबतिरै घुम्दा हनुमान्ले सबै कुरा ॥
स-साना मणिका प्याला रिकापी सुन-रत्नका ।
आफूमाथि लिई नाना भक्ष्य शोभित थे तदा ॥
कुनै घडा-सुराहीमा आँधा बाँकी थिए सुरा ।
कुनै ता रित्तिएका थे भए जति पिई सुरा ॥
मजासित घुमी हेर्दा हनुमान्ले वहाँ अरू ।
देखे आसवले पूर्ण सुराही र घडाहरू ॥
भक्ष्य-वस्तु थिए वेग्लै राखिएका त्यहीं कहीं ।
पिउँने वस्तुकै साथ अरु वस्तु थिए त्यहीं ॥
खाने र पिउँने, चुस्ने, चाट्ने चार प्रकारका ।
वस्तु यी अघि खाएर छोडेकाथे जतातता ॥
शून्य-सान्य भएका यी ठाँममा भइ निर्डर ।
घुम्ने यी कपिले देखे त्यहीं यी वस्तु सुन्दर ॥
छताछुल्ल भएकाथे कहीं घ्याम्पा-घडातक ।
सुराही मणिका प्याला फुटेकाथे कहीं तव ॥
कहीं कहीं निकै राम्रा जलका फलका पनि ।
भाँडा-साँडा जुटेकाथे फूल-माला सँगै अनि ॥
यस्तो राक्षस-राजाको खोपीमा भित्र कामिनी ।
सुन्दरीहरुको शय्या देखे रित्तै हुने पनि ॥
कहीं देखे तिनै नारी जोल्ठिएर अ-आफुमा ।
भइ मस्त सुतेकाथे मदले लट्ठिंदा वहाँ ॥
यौटीको फरिया तानी ओढेर नजिकै गई ।
सुतेकीथी त्यहीं यौटी निद्राले पछि लट्ठिई ॥
थिए अरु पनी यस्ता नाङ्गा-वुङ्गा जहाँ तहाँ ।
छोप्ता निद्रा-नशा द्वारा लडेका वाङ्ग भै वहाँ ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

उनका देहका वस्त्र माला भूषण वस्त्र ता ।
उनले सास फेर्दामा हल्लिन्थे बा ! यताउता ॥
सुवास चिनकै बोकी हावा पनि त्यहीं निर ।
ससराएर चल्दैथ्यो मन्द मन्द निरन्तर ॥
ज्ञान भो हनुमान्लाई त्यै पुष्पक-विमानमा ।
चीसो चन्दनको बास्ना छरिएको जहाँ तहाँ ॥
त्यसको साथ साथैमा ती पुष्परस-मद्यको ।
मीठो बास हवा फ्याँक्थ्यो सुगन्ध अरु वस्तुको ॥
स्नानका चूर्णको एवं नाना धूपादिको पनि ।
त्यहीं सुवास फ्याँक्तैथ्यो भइ मन्द हवा पनि ॥
त्यस राक्षस-राजाको महामहल-भित्र यो ।
अनेकौं खालका नारी सुत्तथे मस्त भै बडो ॥
यसो हेर्दा थिए नारी श्यामला रङ्गका कुनै ।
कुनै निरपट्ट काला र थिए गोरा पनी कुनै ॥
थियो कुनै कुनैको ता देहको रङ्ग, वर्ण ता ।
पगालेको सुनै जस्तो झल्झलाकार सम्म बा ! ॥
निद्राले लट्ठिंदा साह्रै छोप्तामा कामले बढी ।
मुखको ज्योति खस्केका पद्मझैं यी थिए लडी ॥
खोजे राक्षस-राजाको त्यत्रो खोपी सबै घुमी ।
देखेनन् कपिले किन्तु जानकीकन ता कहीं ॥
देख्वा त्यस्तो अवस्थाका यी सारा सुन्दरीकन ।
धर्मको डर पस्ता भो उराठ उनको मन ॥
छोयो शङ्का-कुशङ्काले उनीलाई वहीं अव ।
पऱ्यो तोड निकै भित्र गम्न लागे उनी तव ॥
अँहँ ! होइन है राम्रो, सुतेको मस्त भैवरी ।
स्थिति यो पर-नारीको मैले हेर्नु यसो गरी ॥
लौ बर्वात भयो ओहो ! मेरो धर्म भए जति ।
यसैले अब सक्ने भो नराम्रै हुन गो यति ॥

७४

७५

अहिले सम्म ता मेरो सुदृष्टि यसरी अहो ! ।
कहिल्यै पर-पत्नीमा परेको नै थिएन पो ॥
पऱ्यो आज यहीं आई लौ वित्यास पऱ्यो हरे ।
पर-पत्नी पनी हर्ने देखें यल्लाइ, लौ मरें ॥
विशुद्ध-चित्तका त्यस्ता मनस्वी हनुमान् थिए ।
तुरुन्त उनमा तस्मात् उब्ज्यो अर्कै विचार ए ! ॥
उनको चित्त थ्यो आफ्नो लक्ष्यमा स्थिर निश्चित ।
त्यही विचारले भवाट्ट पाऱ्यो कर्तव्य निश्चित ॥
उनी मन-मनै शोच्छन् मैले राक्षस-राजका ।
देखें यी सुन्दरी-नारीहरूलाई निदाउँदा ॥
भो के र त्यसले ? मेरो मनभित्र अलीकति ।
विकारसम्म क्यै त्यस्तो उठेन जव भै त्यति ? ॥
शुभाशुभ-अवस्थामा लैजाने प्रेरणादिने ।
मन हो इन्द्रयाधीश नाना उत्तेजना दिने ॥
यही नै छ भने मेरो स्थिर शान्त अविकृत ।
के भो र अनि यी छौंडी देखेता पनि वस्तुवः ॥
मेरो अचाक्लि भो के र? अन्त गै खोज्न जानकी ।
मलाइ मुस्किलै पर्थ्यो ठिकै थ्यो अनि हेर्नु यी ॥
भने किन ? कुनै नारीलाइ खोज्नु परे पुनः ।
पस्नु नै पर्छ नारीको बीचमा, सफलै हुन ॥
यहाँ जो जीवको जस्तो देखिन्छ स्थिति वा गति ।
त्यस्तैमा गइ त्यल्लाई खोज्दा पाइन्छ त्यो पछि ॥
मृगिणीहरुका बीच खोजे युवतीलाइ कै ।
कसरी पाइएला र ! ठिकै भो अनि त्यो सबै ॥
सारा रावणको खोपी खोजें शुद्ध लिई मन ।
दोष लाग्दैन त्यो ! किन्तु, जानकीकन पाइन ॥
अन्तःपुरभरी घुम्दा खोज्दा हेर्दा अझै पनि ॥
देखेनन् मैथिलीलाई हनुमान्ले कतै पनि ।

८८

८६

देवता-यक्षका एवं नाग-गन्धर्व-दैत्यका ।
वहाँ छोरी-बुहारी थे निकै, देखे जतातता ॥
देखे अरुहरूलाई सुन्दरी त्यसकी प्रिया ।
गतिला कामिनीलाई, भेटेनन् रामकी प्रिया ॥

CC-0. In Public Domain. Digitization by eGangotri

६२
अब त्यो ठाम नै छोडी खोज्न देवी उनीकन ।
अन्यत्र जानको निम्ति हनुमान्ले गरे मन ॥
यो पानभूमि छोडेर गै अन्त सब ठाममा ।
खोज्न गर्ने भए यत्न हनुमान् कसिए वहाँ ॥
६३

इति एघारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रौं सर्ग

हनुमान् सीतालाई नपाउँदा खिन्न हुनु र फेरि उत्साह गरेर खोज्नु एवं न पाउँदा पुनः दिक्क हुनु

१

थिए पुगेका हनुमान् विचित्रको त्यस्तो अनौठो दरबारबीच यो ।
बसी त्यसैभित्र अझै पनी उनी खोज्दै थिए रामप्रियाकनै घुमी ॥
त्यहीं लताका घर धेर सुन्दर थे चित्रशाला पनि झन् मनोहर ।
गै रातमा बस्न हुने अनेकन यहीं थिए बा ! घर ती मनोरम ॥
पक्कै म भेट्टाँउछु जानकीकन भन्ने गमी उत्सुक भै मनैमन ।
खोजे पनी ओह ! वहाँ घुमीघुमी भेट्नै सकेनन् उनले कहीं पनि ॥
न पाउँदामा प्रभु–रामकी प्रिया ती मैथिलीलाइ स्वकार्य भाँडिदा ।
भै दिक्क साह्रै बलवान् महाकपि खेलाँउछन् चित्त भरी कुरा यही ॥
म ठान्छु पक्कै पनि जानकी सती भो स्वर्ग, आफ्नो जिउ सम्म त्यो त्यजी ।
यसोरि खोज्दा पनि ता तसर्थ पो भेट्नै पऱ्यो मुस्किल, लौ ! अनर्थ भो ! ॥
साध्वी उहाँ उत्तम आर्यमार्गमा टिक्ने हुँदा शील टिकाँउनै यहाँ ।
गाह्रै पऱ्यो, हो यसले पनी सती भो स्वर्ग पक्कै ! सब भन्छ यै स्थिति ॥
छ दुष्ट–कर्मी अतिदुष्ट रावण त्यल्ले अनेक्कैं न हुँदा पनी पुनः ।
माऱ्यो कि ता झोक्कि जानकीकन असंभवै के छ र ? जो म देख्तिन ॥
घरैभरी राक्षसराजका यहाँ छन् राक्षसी नोकरनी जहाँ–तहाँ ।
यी देखिइन्छन् विकृतस्वरूपका अत्यन्त नै क्रूर कराल–चित्तका ॥
छ तेज त्यस्तै यिनको भयङ्कर विशाल छन् घोरमुखा असुन्दर ।
देख्ता यिनैलाइ डराँउदा कहीं सीता त्यसै की मरिबक्सियो यहीं ? ॥
श्रीजानकीलाइ नभेटि फर्किदा जाने छ व्यर्थै बल–पौरुषादि ता ।
फर्केर जाने पनि काल जो थियो खेल्दै बित्यो त्यो कपिसाथ ती अहो ! ॥
सुग्रीव राजासँग भन्न यी कुरा म जाँउ फर्केर भने पनी उता ।
बाटै भयो बन्द, कपीन्द्र वीर ती दिन्छन् कडा दण्ड, बलिष्ठ छन् अति ॥

११

खोज्न सम्म गरें खोजी हेरें खोपी घुमी सब ।
देखें राक्षस–राजाका सुन्दरी कामिनी सब ॥

१२

अँहँ ! देखिन ती देवी–जानकीलाइ ता कहीं ।
परिश्रम गयो मेरो त्यसै व्यर्थ भई यहीं ॥

१३

१४

वहाँ म फर्कि जाँदामा भेला भै सब वानर ।
पर्कं मलाई सोध्ने छन् भै उत्सुक निरन्तर ॥
भन लौ हनुमान् ! के के गर्‍यौ लङ्का पुगी तिमी ।
देख्यौ के जानकीलाई भन्छन्, केराँउछन् अनि ॥
त्यो वेला भनुँला के पो न भेटी जानकीकन ।
त्यसै फर्केर जानै म तस्मात् सक्तिन, जान्न म ॥
म्याद तोकिदिएको थ्यो राजा-सुग्रीवले पनि ।
बित्यो त्यो पनि, लौ मर्छु न खाई अब क्यै पनि ॥
सिन्धु पार पुगेमा म यहाँ बाट भई छिटो ।
देख्ता मलाई के भन्लान् ती बूढा जाम्बवान् अहो ! ॥
वीर अङ्गदका साथै वहाँ भेला भई कपि ।
पछि के के कुरा सोध्लान् मलाई भइ उत्सुकी ? ॥
केहीवेरतकै त्यस्वा कुरा मनमनै गमी ।
हरेश खाइ शोच्छन् ती अब यस्ता कुरा पनि ॥
मूलकारण मानिन्छ कार्यसम्पत्ति-प्राप्तिमा ।
हताश न भई गर्नु काम उत्साहसाथमा ॥
सबैको श्रेष्ठ उत्साह सुखको हेतु हो यहाँ ।
जो दिन्छ जीवलाई यी कार्यमा नित्य प्रेरणा ॥
त्यही नै दिन्छ त्यल्लाई जो गर्छ जन जे कुरो ।
त्यसको फल तत्काल, विद्वान्कै छ भनाइ यो ॥
तस्मात् म पनि लौ फेरि खोज्न थाल्छु उहाँकन ।
उत्साह लिइ त्यै ठूलो हताश न भईकन ॥
यहीं रावणले रक्षा गरेका ठाम छन् अरू ।
तिनैमा म गई खोज्छु देवीलाई खुरूखुरू ॥
खोजें आपानशालामा चित्रशाला पनी घुमें ।
ती पुष्पगृहमा सम्म हेरें, सबतिरै पुगें ॥
क्रीडागृह घुमें खोजें गृहोद्यान पनी सब ।
राजमार्ग डुलें सारा खोजें पुष्पकमातक ॥
अब अन्त गई खोज्छु गमी यत्ति मनैमन ।
हनुमान् कसिए फेरि सीता खोज्न दनादन ॥
थिए घर त्यहीं घेर बनेका तल भूमिको ।
न देखेर त्यहीं खोज्दा फर्के अन्यत्र जान पो ॥
चौबाटाहरु थे घेरै थिए मण्डप-मन्दिर ।
त्यहीं महल थे नाना घुमे खोजे सबैतिर ॥

३०

३१

विलास-गृह शोभिन्थे त्यहीं पनि पुगे कपि ।
रामकी प्रिय-पत्नी ती सीता खोज्न लुकी-छिपी ॥
साना ठूला हुउँन् जस्वा घर देख्यो कि ता उनी ।
सुत्त भित्रै पसी हाल्थे, खोजि हाल्थे यसो घुमी ॥
न देखता फुत्त ओर्लन्थे उभिई गम्दथे अनि ।
हिंड्दा हिंड्दै पनी खोज्थे के थियो र थिए गुणी ॥
ढोकै खोली कहीं हेर्थे कहीं भत्काँउथे पनि ।
कसैभित्र पसी हेर्थे निस्कन्थे थे छिटा उनी ॥
कहिले लड्दथे आफै बिचरा ! उठ्दथे पछि ।
यसो गरि-गरी सारा खोजे लङ्कापुरी लुकी ॥
सारा रावणको खोपी खोजे बा ! गै जतातता ।
राखेनन् शेष क्यै ठाम चार अङ्गुल सम्म ता ॥
किल्ला पर्खाल ठूल्ठूला चौबाटा राजमार्गका ।
खोजे बा ! उनले सारा मार्ग, गल्ली पनी तदा ॥
हेरे खाल्डा र खोबिल्टा चौतारा चैत्य आदि ता ।
रहेन अब क्यै बाँकी त्यताका हेरिने कुरा ॥
हनुमान्ले वहाँ देखे अनेकौं ठाम-ठाममा ।
राक्षसीहरु डर्लाग्दा उग्र-रूप जहाँ-तहाँ ॥
देखेनन् अहँ ! यी वीर हनुमान्ले कहीं पनि ।
ती देवी रामकी पत्नी जानकीकन तै पनि ॥
तुलनै न हुने बल्दो रूप-सौन्दर्यका धनी ।
देखे विद्याधरी-नारीहरूलाई पनी उहीं ॥
तर देखा परीनन् ती सती राघवनन्दिनी ।
राजा जनककी छोरी सीता साध्वी-शिरोमणि ॥
पूर्णचन्द्र सरी राम्रा मुखका र नितम्बका ।
नागकन्या पनी देखे, देखेनन् उनलाइ हा ! ॥
नाग-सैन्य जिती सारा ल्याएका बलले हरी ।
देखे रावणका रानी— नागपुत्री थरी थरी ॥
त्यस्ती जनकराजाकी छोरी ती मैथिलीकन ।
देखेनन् उनले किन्तु यत्ति खोज्दा पनी पुनः ॥
सुन्दरी कामिनी नारी त्यस्ता देखे पनी तर ।
नदेख्ता जानकीलाई भए बा ! दिक्क अस्थिर ॥
वानर-श्रेष्ठको त्यस्तो महान् उद्योग साहस ।
तरेको आफुले यस्तो महासिन्धु पनी तब ॥

४०

CC-0. In Public Domain. Digitization by eGangotri

४८

गयो विफ्वाँक ! व्यर्थै भो, भन्ने यस्ता कुरा गर्दै ।
हतोत्साह भए फेरि वीर यी हनुमान् पनि ॥

४९

चिन्ताले छोपि हाल्यो बा ! कपिलाइ त्यसै अब ।
विमान-गृह त्यो छोडी ओर्लिए फुत्त यी वल ॥

५०

बढ्यो शोक दियो, धक्का चित्तमै उनलाइ हा ! ।
यसैले फन् भए दिक्क ठाम पाएर बढ्दिदा ॥

इति बाह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेह्रौं सर्ग

देवी-सीतालाई नदेख्ता हनुमान्‌लाई शङ्का बढ्नु र अशोक-वाटिकामा गई फेरि खोज्ने विचार गर्नु

१

कपिका यूथका स्वामी वीर यी हनुमान् अब ।
विमान-गृह त्यो छोडी आए पर्खालमा तब ॥
बिजुली मेघमालामा भएझैं वेगिली निकै ।
भए यी पनि अत्यन्त वेगवान् अघि ठीककै ॥
एकपल्ट सबै खोजे राजा-रावणका घर ।
सीता न पाउँदा फेरि भए चञ्चल अस्थिर ॥
यसअर्थ उनी लागे शोच्न आफ्नो मनै-मन ।
मैले सकिन देवीको पाउनै पनि दर्शन ॥
गर्न श्रीरामको प्यारो खोजें लङ्का-पुरी सब ।
घुम्न सम्म घुमें सारा यहाँका घर वास्तव ॥
सर्वाङ्ग सुन्दरी सीता देवीलाई कसै गरे ।
भेट्नै सकिन, व्यर्थै गो यत्रो भ्रमण लौ हरे ! ॥
तलाउ पोखरी हेरें सरोवर घुमें सब ।
चहारें गै नदी-नाला छेउ-छाउ पनी सब ॥
खोजें किल्ला पनी सारा ठूलठूला गिरिमा पुगें ।
वन-कानन सम्पूर्ण खोतलें आशले, घुमें ॥
लङ्काकी पृथिवी सारा बाँकी राखिन क्यै पनि ।
अँहँ ! देखिन तो देवी सीतालाइ कहीं पनि ॥
ती गृध्रराज-सम्पाति भन्थे जनकनन्दिनी ।
लङ्का राक्षस-राजाको पुरीमा छन यहीं भनी ॥
परन्तु फेरि के भो यो ? त्यस्ती देवी उहाँकन ।
यत्ति खोज्दा पनी ओहो ! भेट्नै सकिन, देखिन ? ॥
हो रावण दुराचारी त्यसकै वशमा परी ।
उहाँले बक्सियो होला गर्न सेवन मञ्जुरी ? ॥
अँहँ ! यस्तो कुरो हुन्न देवीबाट कसै गरी ।
त्यस्ती जनक-राजाकी छोरी भै दिव्य सुन्दरी ॥

१३

१४

म ठान्दछु यसो गम्दा बरु यो हुन सक्तछ ।
बोकी रावणले ल्यायो उहाँलाई यता जब ॥
त्यो वेला बीच-बाटोमा उड्दा आकाशमार्ग ली ।
रामका बाण सम्झेर काँप्यो त्यो डरले अति ॥
त्यसैवेला यतापट्टि त्यसका हात फुस्किदा ।
देवी समुद्रमै झवाम्म खसि बक्स्यो स्वयं किवा ? ॥
हरेर ल्याँइदा त्यस्तो बाटो ली तल सिन्धु त्यो ।
देखतामा कि त देवीको फुट्यो हृदय फट्ट पो ? ॥
दुष्टको वेगले त्यत्रो हातले च्यापिंदा कि ता ।
आफैंले छोड्दिई बक्स्यो सीताले आफ्नु प्राण हा ॥
हुत्तिई सिन्धुको माथि आँउदा छटपटाँउदा ।
खसिबक्स्यो तलै झवाम्म पक्कै यस्तै भयो कि क्या ? ॥
नीच रावणले यद्वा तान्न खोज्दा बलैसित ।
थाम्दा सतीत्व देवीले, घिच्यो मारेर पो कि त ? ॥
अथवा त्यसका रानीहरूले पो उहाँकन ।
घिचे कि त त्यसै मारी न राम्रै भावले पुनः ? ॥
पूर्णचन्द्र सरी राम्रो फक्रेको पद्म ठीकको ।
रामको मुख सम्झेर कि आफैं मरिबक्सियो ? ॥
प्रिय-राम ! कृपालो ! हा ! हा लक्ष्मण ! भनी भनी ।
रोएर गरि बक्स्यो वा विलाप भइ दुःखिनी ॥
कडै कष्ट हुदा खप्नै न सक्ता पछिबाट कि ।
मरि बक्स्यो स्वयं देवी अयोध्या पनि सम्झिई ॥
अँहँ ! होइन यो केही ठान्न थालें म ता यसो ।
क्यै गुप्त-गृहमा पक्कै राख्यो त्यो दुष्टले अहो ! ॥
पिंजडामा कुनै मैना थुनिए ठीककी भई ।
बसि बक्सिन्छ वा कल्पी थुनिई त्यसबाट कि ? ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
हुन सक्तैन त्यस्तो ता जन्मी जनकवंशमा ।
हुने श्रीरामकी पत्नी उहाँमा हुतु त्यो वहाँ ॥
नीला कमल मैं आँखा, फिनो पेट हुने उहाँ ।
कहिल्यै परिबक्सिन्न दुष्टको वशमा यहाँ ॥
देवी जनककी छोरी उहाँलाई लगी कहीं !
भए पनि लुकाएर राखेको त्यसले यहीं ॥
खसी समुद्रमै यद्वा प्राण छोडने भए पनि ।
पतिको कष्टले गर्दा स्वयं मर्ने भए पनि ॥
यदि यस्तौं अवस्था हो भने ता रामभद्रमा ।
त्यो कुरा भन्नु नै हुन्न मैले पछि पुगी वहाँ ॥
साह्रै वित्यास पर्नेछ त्यो भनें राममा भने ।
हुनाले राम पत्नीका प्रिय, आत्मा पनी दिने ॥
दोहोरै पर्छ अप्ठ्यारो, न भने पनि दोष छ ।
भन्नै पनि छ है गाह्रो, छ दुवै पक्ष दूषित ॥
अब यस्तो अवस्थामा मैले कुन उपायले ।
काम गर्नु ? छ के वेस ! गै भन्नु कि न भन्नु ए ! ॥
यता वित्यास पर्दोछ खोजें वेस्करी भेटिंन ।
मेरो निम्ति भलो होला के गर्दा अँहँ ! जान्दिन ॥
यस्तो प्रकारले नाना थरी शङ्का गरीगरी ।
हनुमान्‌ले गरे शोच बारम्बार गमीवरी ॥
न भेटेर न देखेर जानकीलाई क्यै गरी ।
किष्किन्धापुर फर्के स काम क्यै न गरीवरी ॥
मेरो पौरख के त्यस्तो देखिएला र है ! त्यता ।
महान्‌-सागर यो तर्नु पनि व्यर्थ हुनेछ बा ! ॥
पसी लङ्का-पुरी भित्र खोजेको घर्घरै घुमी ।
सारा राक्षस देखेको राक्षसीहरु यी पनि ॥
त्यसै विफ्वाँक भै हाल्छ आफैले आफुलाइ नै ।
छीः के गरें म गै ? भन्ने अवस्था पनि पर्छ नै ॥
राजा-सुग्रीव के भन्लान्‌ म पुगेमा त्यसै वहाँ ।
सारा वानर जम्मा भै सोध्छन्‌ केराँउदै ममा ॥
किष्किन्धापुरमा पुग्दा न पुग्दै म वहाँ हरे ! ।
सोधियूँला म श्रीराम तथा-लक्ष्मण वीरले ॥
वहाँ यदि गई मैले सीता देखिन, भेटिंन ।
भने ठर्रा कुरा यस्ता के हुनेछ म जान्दिन ॥
४३

४४
अवश्य पनि श्रीराम साह्रै तोड परी तब ।
प्राण नै छोड्दिबक्सेला छ यो निश्चित वास्तव ॥
लिई विषय सीताको भनेका यी कडा कुरा ।
पार्छन्‌ इन्द्रियमै धक्का हुँदा रूखा असह्यका ॥
अनि बर्वात भै हाल्छ रामले आफुलाइ ता ।
सम्हाल्न सकि बक्सिन्न छोड्दि बक्सिन्छ प्राण हा ! ॥
असह्य दुःखको त्यस्तो तोडले रामभद्रले ।
छोडेको प्राण देख्तामा भाइको गति हुन्छ के ? ॥
गर्दछन्‌ प्रेम अत्यन्त दाजुमा भाइ जो हरे ! ।
बुद्धिमान्‌ छन्‌ निकै किन्तु मर्छन्‌ ती पनि पीरले ॥
दाजु-भाई दुवै आफ्ना मरेको त्यसरी सुनी ।
अयोध्यामा उता मर्लान्‌ स्वयं भरत ती पनि ॥
देख्ता भरतलाई ती मरेको त्यसरी वहाँ ।
उनका भाइ शत्रुघ्न पनि मर्छन्‌ अत्यासमा ॥
चारै छोराहरू आफ्ना मरे भन्ने कुरा सुनी ।
तिनौटै उनका आमाहरू मर्छन्‌ त्यसै अनि ॥
कौसल्या कैकयी देवी सुमित्रा पनि अन्तमा ।
छोड्दछन्‌ प्राण यै तोड पर्दा निश्चित नै वहाँ ॥
यता वानरका राजा वीर सुग्रीव हुन गुणी ।
जो सँधै बोल्दछन्‌ सत्य छन्‌ कृतज्ञ पनी उनी ॥
देख्लान्‌ श्रीरामको मृत्यु भएको त्यसरी जब ।
अनि के बाँच्न सक्थे ती मर्छन्‌ आफैं पनी तब ॥
त्यसरी पति मर्दामा उनकी स्त्री रुमा पनि ।
स्वयं दिक्क भई मर्लिन्‌ बिचरी ! हुन्‌ तपस्विनी ॥
ती आफ्ना पति-वालीको शोकले भित्र दुःखितः ।
वञ्चिदा यो नयाँ दुःख मर्छिन्‌ तारा पनी स्वतः ॥
बावु आमा दुबै मर्दा, पर्दा यो घोर सङ्कट ।
पर्दा सुग्रीवको तोड मर्नेछन्‌ अनि अङ्गद ॥
आफ्ना सुयोग्य स्वामीको मृत्युले भइ दुःखित ।
सारा वानर पिट्नेछन्‌ हातले आफ्नु नै शिर ॥
मीठा वचनले नाना वस्तुका दान-मानले ।
राजाले खुश राखेका कपि मर्छन्‌ सबै हरे ! ॥
अरु बाँदर जो बाँच्लान्‌ ती पनी खिन्न भै सब ।
डाँडा-काडा-गुफामा गै खेल्ने छैनन्‌ लिई सुख ॥
६०

६१

पर्दा राजा र रानीको शोक दुःखित भै तव ।
मन्त्री र भृत्यकै साथ मर्लान् अरु भकाभक ॥
सक्तैनन् खप्न त्यो तोड गुणी छन् सब वानर ।
डाँडैबाट खसी मर्छन् अप्ठ्यारै-बाट खर्खर ॥
अथवा सब जम्वा भै पिउँछन् विष सर्दछन् ।
आगो बालेर ह्वार्ह्वोर्ति कि एकैपल्ट पस्तछन् ॥
उपवास बसी मर्छन् भोक-भोकै कि ता सब ।
कि ता शरीरमा रोप्छन् तीखा शस्त्रास्त्र ती सब ॥
भई विफल वेकामी म पुगेमा वहाँ हरे ! ।
होला ठूलै रुवावासी सारामा यस दुःखले ॥
उता इक्ष्वाकुको वंशै मासिएला भुसुक्क भै ।
मर्लान् वानर सम्पूर्ण पर्न जाला वित्यास है ! ॥
तसर्थ जान्न किष्किन्धा जेसुकै होस् म ता अब ।
यो लङ्का-नगरी छोडी, स्थिति यस्तो पऱ्यो जब ॥
न भेटी जानकीलाई न बोकीकन क्यै कुरा ।
म त भेट्तिन तो राजा-सुग्रीवकन गै त्यता ॥
कुरो अर्को छ यो फेरि म वहाँ न गई यदि ।
यहीं वसि रहे देखि वेसै हुन्छ सवै स्थिति ॥
हनुमान् कपि फर्केर आउँदैछ भनी गमी ।
श्रीराम हेरी बक्सेला मेरो बाटो त्यसै पनि ॥
उहाँकै साथ लाग्नेछन् वीर लक्ष्मण भाइ ती ।
आशाले पनि बाँच्नेछन् दुवै भाइ महारथी ॥
अनि यस्तो अवस्थामा राजा सुग्रीव साथका ।
सारा वानर बाँच्नेछन् भलै हुन्छ जतातता ॥
म चाँहि के कुरा भो र ! न भेटे रामकी प्रिया ।
वानप्रस्थी भई बस्छु धर्म पाल्छु निकै कडा ॥
यी मेरा हातमा आफैं आइ पर्छन् भने फल ।
काष्ठवाक्क खान्छु भै शान्त बस्छु मै नित्य निर्मल ॥
परेच्छाले कहींबाट कि मेरो मुखभित्र यो ।
खाद्य-वस्तु परे देखि त्यही खान्छु र बस्छु, भो ! ॥
अथवा म त्यहीं जान्छु छन् जहाँ फल-फूल ती ।
सिन्धुको तटमै वस्छु छ पवित्र त्यही अति ॥
पछाडि क्वै न लागेमा बाल्छु ह्वार्ह्वोर्ति मै चिता ।
अनि सुत्त त्यसैभित्र पसेरै प्राण छोड्छु बा ! ॥

७७

७८

अथवा नमरे सम्म न खाने व्रत यै गरी ।
पलेंटी कस्छु यो देह छोड्नमै कसिईवरी ॥
जीवात्मा छोड्न लागेको यो मेरो देहलाइ ता ।
त्यैवेला आइ खानेछन् कुत्ता ग्वाँसा र काक वा ॥
अझै खोज्दा पनी देवीलाइ भेटिंन ता यदि ।
रामै सँग डुबी मर्छु सुत्तै जल-समाधि ली ॥
क्यै न लाग्दा जलैभित्र पसी मर्नु भलो भनी ।
महात्मा ऋषि भन्छन् जो ठीक मान्छु म त्यो पनि ॥
हरे ! साह्रै न राम्रो भो ! राम्रो प्रारम्भकालकी ।
कीर्ति-माला थिई मेरी निकै मीठो सुगन्धकी ॥
अनेकौं रात पर्यन्त बढी त्यो यस रातमै ।
खोइलाइ त्यसै ओहो न देख्ता जानकीकनै ॥
अब मर्दिन लौ भैगो ! जोगी हुन्छु म जोगिई ।
वृक्षको फेदमै बस्छु कस्छु पट्टल ध्यान दी ॥
जान ता क्यै गरे जान्न किष्किन्धातिर फर्किई ।
नीला आँखा हुने देवी-सीता मैले न भेटिई ॥
सीताको सुँइको केही नपाई म गए वहाँ ।
सारा वानरकै साथ मर्छन् अङ्गद शोकमा ॥
हो बा ! पक्का कुरा यै हो ! मर्दामा भ्वाट्ट गै जन ।
अनेकौं दोष देखिन्छन् आई पर्छन् पुनः पुनः ॥
अँहँ ! मर्दिन तस्मात् म प्राण सम्म बचाँउछु ।
भेटिन्छन् चाँहिने वस्तु बाँचेमा सत्य मान्दछु ॥
दुःखका शोकका यस्ता अनेकौं खालका कुरा ।
खेलाए मनमा वीर हनुमान्ले वहाँ तदा ॥
परन्तु शोक-चिन्ताको पार पाँउन क्यै गरे ।
सकेनन् दुःख बढ्नाले रनभुल्ल परे परे ॥
हुँदा अति, फिके आँट कसिए धीरता धरे ।
तत्काल उनले फेरि विचार यसरी गरे ॥
ठोक्दिऊँ बजियालाई कि त, त्यो दशटाउके ।
जत्तिकै बलियो होस् न के लछार्छ मलाई ए ! ॥
हो ! हन्यो जानकीलाई त्यसले दुष्ट भै अति ।
फेरिन्छ त्यसको साटो केही ता त्यो मरे पछि ॥
कि त त्यल्लाई नै बोकी बाटो ली सिन्धुमाथिकै ।
लगेर राममा सुम्पुँ ? पशु भैरवलाइ मैं ॥

६४

९५

रामकी गृहिणी देवी सीता खोज्दा न पाउँदा ।
भए बा ! हनुमान् दिक्क यस्ता तर्क बढी तदा ॥
शोकले खिन्न भै साह्रै झोक्राएर बसे पुनः ।
क्यै ठमाँचन गाह्रो भो शोच्न थाले मनै-मन ॥
रामपत्नी वहाँलाई जहाँसम्म म भेटविन ।
त्यहाँसम्म म यो लङ्का छान्छु खोज्छु म छोड्दिन ॥
सम्पाति-गिद्धले त्यस्तो भनेमैं रामलाइ म ।
अैले गइ यहाँ ल्याँउ भने पनि उडीकन ॥
रामले पनि आएर न देखे जानकीकन ।
के होला ! मार्दि बक्सेला सारा कपिकनै पुनः ॥
झन् त्यसो गर्नु नै हुन्न लौ वित्यास पऱ्यो यही ! ।
ठिक्क आहार खाने भै रोकी इन्द्रिय बरछु, यी ! ॥

१००

१०१

म निसिन्त भई मेरै निहुले नर-वानर ।
सारा भुसुक्क भै मर्नु कहिल्यै हुन्न सुन्दर ॥
अशोक-वाटिका ओहो ! छ ठूलो ऊ ! अघिल्तिर ।
ठूल्ठूला वृक्ष शोभिन्छन् यसभित्र, छ सुन्दर ॥
यसमा भित्र गै मैले अहिले सम्म वास्तव ।
जानकीलाई खोजेकै छैन, जान्छु त्यहीं अब ॥
आदित्य अश्विनी एवं वसु रुद्र मरुत्कन ।
टक्थाई ढोग गै हाल्छु शोक राक्षसमा दिन ॥
जिती राक्षसलाई ती भेट्टाई जानकीकनै ।
सुम्पन्छु रामलाई गै सिद्धि तापसलाइ मैं ॥
गाँज्दा इन्द्रिय चिन्ताले भएका दिक्क ती कपि ।
शोची छिनभरी यत्ति कसिए अब जान यी ॥

१०६

१०७

श्रीराम श्रीलक्ष्मण जानकीमा मेरो नमस्कार सभक्ति यो हो ।
मरुत् तथा रुद्र र काल-इन्द्र श्रीवायु-चन्द्राग्निकनै पनी यो ॥

१०८

नमस्कार गरे वीर हनुमानले यसो गरी ।
माथिका देवका साथै राजा सुग्रीवमा झुकी ॥
यसो दशै-दिशापट्टि हेरे फर्किंदै तब ।
अशोकवाटिका भित्र पस्न ठीक भए अब ॥
पुगे मनममै पैले बढाए फेरि देह त्यो ।
अनि गर्ने कुरा तर्फ ध्यान दी गस्दछन् यसो ॥
अशोक-वाटिका होलिन् अतिराम्री पवित्र यी ।
सिंगारेकी सजाएकी होलिन् राक्षसले मिली ॥
घेरिएकी यिनी होलिन् वन-काननले अरू ।
पालेर पहरा होलान् रक्षा गर्ने तिनैहरू ॥
स—साना विरुवाको र ठूल्ठूला रुखको पनि ।
रक्षा गर्न खटाएका होलान् पाले अरू पनि ॥
प्राणरूप जगतका यी भगवान् वायुदेव ता ।
विस्तारै बहि बक्सिन्छन् यहाँ, अकैं छ ढङ्ग ता ॥

११४

११५

मैले श्रीरामको यस्तो कार्यसिद्धि गराँउन ।
सानै पार्नु पऱ्यो देह, यी पारें ! लौ छु सानु म ॥
बेसै भो ! यसले गर्दा भवाट्ट रावणले पनि ।
मलाइ देख्न सक्तैन, देखे चिन्दैन त्यो पनि ॥
मलाइ देवता सारा महात्मा ऋषि साथमा ।
दिउन् सफलता सिद्धि, खुश भै यस काममा ॥
स्वयम्भू भगवान् ब्रह्मा अरु ती देवका गण ।
तपोन्निष्ठ महायोगी ऋषिका मुनिका गण ॥
अग्निदेव तथा वायु वज्र धर्ने सुरेन्द्र र ।
पाश धारी—प्रचेता ती ममा सिद्धि दिउन् स्थिर ॥
चन्द्रमा भगवान् सूर्य महात्मा अश्विनी दुवै ।
वनञ्जास मरुत् सारा शेष सम्पूर्ण देवकै ॥
भूतका पतिकै साथ ती भूत पनि भै खुश ।
ममा सिद्धि दिउन् सारा छिटै नै काममा यस ॥

१२१

बाटामा देखिएका र लुकी बस्ने न देखिने ।
जो जो छन् ती पनी सिद्धि दिउन् भइ खुशी हुने ॥

१२२

१२३

अहो ! म कैले प्रभु रामकी प्रिया श्रीजानकीको मुखचन्द्र देखुँला ।
जहाँ छ ऊँचो अतिभव्य नाक त्यो ती दाँतका पंक्ति मिलीसुहाँउदो ॥
पवित्र हाँसो मधुरो हुँदा त्यहाँ खेली रहेको छ प्रसन्नता जहाँ ।
ठूला र राम्रा दुइ नेत्र भै दिदा जो धर्छ शोभा शुभ पद्मकै अहा ! ॥
हो नीच त्यो रावण क्षुद्र दुष्ट हो नृशंस हो क्रूर-स्वभावको बडो ।
विश्वासको योग्य धरी स्वरूप त्यो हरेर ल्यायो अघि जानकी अहो ! ॥
गरी जबर्जस्ति हरेर ल्याँइदी देवी उहाँलाइ तपस्विनी सती ।
म देखुँला ओह ! कसो गरी अब गरून् ममा मद्‌त देवता सब ॥

१२६

इति तेह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौधौं सर्ग

हनुमान्‌ले अशोक–वाटिका भित्र पसेर त्यहाँको शोभा हेर्दा–हेर्दै देवीलाई खोज्नु

१

महान् तेज भएका हुन् वीर यी हनुमान् कपि ।
ठमाएँ आफ्नु कर्तव्य दिई ध्यान त्यहीं बसी ॥
मनै-मन सती-साध्वी सीतालाई गरी नमः ।
फुत्त राक्षस-राजाको घरबाट कुदे पुनः ॥
अशोकवाटिकाको त्यो सीमा-पर्खाल मास्तिर ।
पुगेर शोभिई हाले हनुमान् कपि भै स्थिर ॥
त्यहीं बसेर हेर्दामा बाटिकाभित्र दृष्टि दी ।
सर्वाङ्ग जिउ हर्षेका भए बा ! कपि धीर यी ॥
वसन्त ऋतु लाग्नाले बाटिकाको विचित्रको ।
शोभा फैलिरहेको थ्यो अनेकौं वृक्षमा अहो ! ॥
देखे, सब फुलेकाथे विरुवा र लता रुख ।
अतिसुन्दर देखिन्थ्यो मनोहर झकाझक ॥
थिए वृक्ष त्यहीं सारा साल-निम्ब अशोकका ।
नागकेशर-चाँपाका फुलेका झरिभुप्य बा ! ॥
कपिकै मुख हुन् जस्ता राता राता दिने फल ।
आँपका वृक्ष थे साथै भै उद्दालक निर्मल ॥
लामा साना-ठुला मोटा लहरा शोभिएर ए ! ।
सारा अँगालिएका थे ग्वाम्ल्वाङ्ग अतिप्रेमले ॥
ताँदोबाट छुटेको क्वै बाण जस्तो भईकन ।
यिनैमाथि पुगी हाले हनुमान् उफ्रिई पुनः ॥
थियो दिव्य बर्गैचा यो साह्रै राम्रो विचित्रको ।
जहाँ थे सुन-चाँदीका वर्णझैं रुख ती अहो ! ॥
यहीं च्याँइँचुईं गर्थे बसी पक्षी अनेकन ।
यसैबाट बगैंचा त्यो गुन्जिथ्यो घन्न भैकन ॥
थिए अरु चरा फेरि अनेकौं रङ्ग-ढङ्गका ।
मृगादि पशुका लाखौं थिए टन्न बथान ता ॥

१३

१४

वन-कानन शोभिन्थे भै विचित्र जवावता ।
सूर्य जस्तै उताएकी देखिन्थी लाल बाटिका ॥
फूलले फलले टन्न हुने वृक्ष अनेकन ।
ढाकी ढपक्क गर्दैथे भौंरा कोकिल गुन्जन ॥
हप्पोस् जुनसुकै वेला यसभित्र परयो कि ता ।
ज्यादै प्रसन्न भै हाल्थ्यो पस्नेको मन सर्वथा ॥
पशु-पक्षी यहीं खेल्थे मदले मत्तभै सदा ।
ङ्याऊ! ङ्याऊ!! यहाँ आऊ! भन्दैथे बा! मुजूर ता ॥
सर्वाङ्ग सुन्दरी देवी सीताकन यहीं पुगी ।
बेसरी खोज्न लागे ती हनुमान् भित्र भै खुशी ॥
सुख साथ सुतेका थे त्यहाँका बिचरा चरा ।
कपि गै रुखमा नाच्ता व्यूँझिए डरले बरा ! ॥
एकै पल्ट चरा उड्दा पखेटाको हवा उठी ।
रुख माथि दियो धक्का झरे फूल फुले जति ॥
यसले गजवै भैगो पुष्पवृष्टि भयो जब ।
जमे बा ! वायुका छोरा तिनैले शोभिई तब ॥
अशोक-बाटिकाबीच फूलै फूल हुने कुनै ।
राम्रो पहाड हो यौटा भने झैं देखिए यिनै ॥
खोज्न श्रीजानकीलाई घुम्थे दश-दिशा उनी ।
कुद्थे हाँगाविंगा सम्म हेर्दथे रुखका यिनी ॥
अब यस्तो अवस्थामा त्यहाँका जीव-जन्तुले ।
देख्ता यीं हनुमान्‌लाई वसन्तै हुन् भनी गमे ॥
नाना प्रकारका फूल खस्नाले तिनले घरा ।
अलङ्कृत कुनै नारी जस्तै पो शोभिइन् वरा ! ॥
जोडले यिनले सारा रुख हल्लाँउदा तब ।
फुल पात तथा हाँगा झारे बा ! उनले सब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अब क्यै न हुदा बाँकी ठिङ्ग नाङ्गा हुने रुख ।
गहना वस्त्र हारेका जुवाडेझैं भए सब ॥
उनको वेगिलो स्पर्श पाँउना साथ वृक्ष थी ।
काँपेर झार्दथे आफ्ना फूल पात भए जति ॥
हाँगामात्र हुँदा बाँकी चराले पनि छोड्दिंदा ।
ठूलो आँधि चलेसाझैं भए सब अगम्य हा ! ॥
मत्त यौवनकी नारी वेस ओठ र दाँतकी ।
सर्वाङ्ग सुन्दरी मस्त भएकी वासना बढी ॥
कुनै भेट्न पुगे देखि त्यै ठीक नरले पछि ।
कसरी पार्छ चौपट्ट टोकेर चिमटी चुसी ॥
अशोकवाटिकालाई त्यै ठीक कपिले पनि ।
छिटै चौपट्ट पारे बा ! खुट्टाले हातले पनि ॥
पुच्छरैले पनी ध्वस्तै पार्दिए वन-कानन ।
पूर्वोक्त वृक्ष ठूल्ठूला भुसुक्कै पार्दिए पुनः ॥
मेघको दल मासेझैं वर्षामा वायु-वेगले ।
वनेका वृक्षका माला लता पनि उखेल्दिए ॥
देखे पछि घुमी हेर्दा त्यस्ता ठास पनी बहाँ ।
सुवर्ण-मणि-चाँदी नै छापिएका, थिए जहाँ ॥
अशोकवाटिकामा यै ठूला साना अनेकन ।
तलाउ पोखरी राम्रा देखे बा ! उनले पुनः ॥
यिनमा जल थे स्वच्छ मीठा शीतल कञ्चन ।
छापेका मणिका सींढी शोभिन्थे जान-आँउन ॥
जलभित्र थियो मोती-मूगाको बालुवा अहो ! ।
त्यसका तलको भूमि मणि-स्फटिककै थियो ॥
चारैतिर किनारामा यिनका पनि मास्तिर ।
विचित्र वृक्ष शोभिन्थे सुवर्णमय सुन्दर ॥
भइ गम्म फुलेकाथे यिनमा पद्मका वन ।
चक्रवाक यहीं खेल्थे भाले-पोथी मिलीकन ॥
जलकाक तथा पानीहाँस हाँस र सारस ।
मीठो स्वर यहीं छोड्थे देखिन्थे सब यी खुश ॥
तिनका नजिकै फेरि त्यहीं नै अतिनिर्मल ।
निकै राम्रा नदी-सोता बहन्थे गरि कल्कल ॥
दुवैपट्टि किनारामा यिनका पनि सुन्दर ।
सुनझैं वृक्ष शोभिन्थे अनेकौं भै मनोहर ॥

४३

४४

तलाउ-पोखरीलाई तिनै सोता नदी पक्षी ।
सफा निर्मल पार्थे बा ! लगी मैला भए कि ती ॥
यिनकै तटमा फेरि सयौं किसिमका लता ।
शोभिन्थे, जेल्लिएका थे कल्पवृक्ष सँगै हुँदा ॥
यिनको जल ढाकिन्थ्यो नाना झाडी बढी त्यता ।
बीचमा फूल शोभिन्थे र-राता करवीरका ॥
त्यहीं अब कपिश्रेष्ट हनुमान्ले विचित्रको ।
यौटा पहाड देखे बा ! शोभिने उच्च टाकुरो ॥
कालो मेघ अकाशैको हो भने ठीक थ्यो यता ।
यसका चुचुरा सारा थिए अतिविचित्रका ॥
डाँडा-काँडा थिए नाना त्यसका चारपट्टि नै ।
गुहा-गृह थिए फेरि यसभित्र अनेक नै ॥
अनेकौं खालका लाखौं थिए वृक्ष जतातता ।
संसारभरमा राम्रो यही पर्वत थ्यो अहा ! ॥
हनुमान्ले यहाँ देखे यौटी राम्री नदीकन ।
डाँडोको काखबाटै त्यो खस्केकी तल्तिरै पुनः ॥
क्वै आफ्नो प्रियको काखैबाट उन्मत्त भैकन ।
खस्केकी तल झर्केर प्रियाझैं पो थिइन् जुन ॥
त्यहाँका रुखका हाँगा निहुरेर झुकी तल ।
जलको स्वाँइ खान्थे बा ! नदी थिन् जब उज्ज्वल ॥
देखिन्थ्यो त्यस वेलामा नदीलाइ तिनै रुख ।
रोकछन्झैं जान अन्यत्र त्यसरी पार्दिदै खुश ॥
क्वै आफ्नो प्रियको साथ झोक्किई युवती कुनै ।
जाँदा अन्यत्र आफ्नाले रोकेझैं देखिइन् यिनै ॥
कपिले ती नदीलाई त्यहींनिर घुमीकन ।
पछाडितिर फर्केकी देखे ध्यान दिंदा पुनः ॥
पहिले झोक्किई जाने फर्किने पछि दङ्गभै ।
प्रियकी हुन् प्रिया कोही भनेझैं देखिइन् तवै ॥
यिनको नजिकै देखे सरोवर अनेकन ।
नाना कमलले पूर्ण पक्षीले घूर्ण शोभन ॥
त्यहींनिर थियो अर्को क्वै तलाउ बनावटी ।
मीठो शीतल पानीले भरिएको सफा अति ॥
मणिका रत्नका सींढी शोभिन्थे यसमा पनि ।
भित्रका बालुवा चाँहि मोतीकै थे यहाँ पनि ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

अशोक-बाटिकामा यो अनेकौं वस्तु राम्ररी ।
आफैनै विश्व-कर्माले बनाएका थिए अघि ॥
ठूला महल प्रासाद रचेकाथे यहीं पुनः ।
बनाएका थिए फेरि अनकौं बन-कानन ॥
स्वाभाविक थिए ठूला साना नाना निकै वन ।
यहीं कानन शोभिन्थे, खिच्न सक्थे त्यसै मन ॥
यी सबै वस्तुले गर्दा झलझलाकार भै सदा ।
अशोक-वाटिका साह्रै शोभिएकी थिइन् अहा ! ॥
भए जत्ति त्यहाँ वृक्ष फल-फूल दिने थिए ।
छाताले ठीक जो बाक्लो राम्रो छाया दिने थिए ॥
यिनमा तल चौतारा शोभिएका थिए निकै ।
थ्यो तल्लो भाग चाँदीको माथिल्लो चाँहि स्वर्णकै ॥
त्यहींनिर यिनैमध्ये शिंशपा-वृक्ष एउटा ।
सुवर्णमय थ्यो दिव्य शोभिन्थ्यो भई भव्य ना ! ॥
लता र वल्लरी नाना जेलिएका थिए यहीं ।
ढपक्क ढाकिएको थ्यो बाक्ला पात थिए यहीं ॥
शोभिन्थे सुनका वेदी चारैतिर फराकिला ।
यसैमाथि परे आँखा कपिका भ्वास्स तेजिला ॥
यसको साथ साथैमा देखे अरु पनी रुख ।
सुवर्णमय आगोमैं बलेका सब धपधप ॥
खुला फाँट थिए धेरै यतातिर मनोहर ।
पहाडी-झरना-सोता बहन्थे थे सरोवर ॥
सुमेरु-गिरिका जस्ता सुवर्णमय-वृक्षका ।
पहेंलो कान्तिले छोप्यो टक्क भै यिनलाइ ता ॥
हनुमान् यसले गर्दा दङ्ग भै आफुलाइ ता ।
सुनकै म भएँ भन्ने ठान्न थाले स्वयं तदा ॥
अलि धक्का दिई हावा चल्दा यी सुनका रुख ।
घुँघुरा नै बजे जस्तो छोड्थे ध्वनि त्यसै सब ॥
राम्रो सँग नियालेर सुनेर सब यो ध्वनि ।
छक्क ! पक्क ! परी हाले कपि यी हनुमान् पनि ॥

७५

७६

देखे फेरि यसो हेर्दा शिशौको रुखलाइ त्यो ।
लटरम्म फुलेको र पालुवा र मुना हुँदो ॥
यसैमाथि चढे फुत्त बुद्धिमान् वीर यी कपि ।
ठम्याइ मनले शोची तलका वेस वाक्य यी ॥
लुकेर म यहीं बस्छु अनि हेर्छु टिकीकन ।
राम-दर्शनको निम्ति लोभिने जानकीजन ॥
जो भित्र दुःख बढ्नाले स्वेच्छै बाट यताउता ।
गरि बक्सिन्छ पक्का नै देखि हाल्छु म आँउदा ॥
राक्षसेश्वर दुष्टै हो ! दुरात्मै हो ! परन्तु यो ।
अशोकवाटिका कस्ती रहिन्छन् त्यसकी अहो ! ॥
यहीं मौलसिरीका र चाँपा-चन्दनका रुख ।
श्रेष्ठ छन् शोभिइन्छन् बा! देखिन्छन् दिव्य वास्तव ॥
छ निकै गतिलो राम्रो पोखरी,-दह यो पनि ।
नाना चराचुरुङ्गी छन् शोभिन्छ यिनले पनि ॥
ती राज-महिषी देवी सीता जनकनन्दिनी ।
अवश्य आइ बक्सेला दुःख मेट्न यता पनि ॥
श्रीरामकी प्रिया सीता वन घुम्न यताउता ।
सिपालु भइ बक्सिन्छ आइ बक्सनु पर्छ वा ! ॥
यताका वनको भेउ पाउँनाले निकै बसो ।
अवश्य आइबक्सेला पति-दुःख हुँदा अति ॥
जानकी भइ बक्सेला पति-श्रीराम पाउको ।
बढ्दा वियोगको दुःख ज्यादै संतप्तचित्त पो ॥
उहाँ रमाइ बक्सिन्थ्यो वनमामात्र बस्नमा ।
तसर्थ आइ बक्सेला यसो घुम्दै पनी यहाँ ॥
पहिले वनमा बस्ता वनका जीव-जन्तुमा ।
स्नेह गर्ने हुँदा बानी आँउनै पर्छ बा ! यहाँ ॥
भो प्रातःकालको वेला सन्ध्या गर्न पनी अतः ।
सवारी हुनु पर्ने हो यै नदीमा छ निश्चित ॥
रामकी गृहिणी देवी-सीताका मन-तुल्यको ।
अशोक-बाटिका यो छ अतिराम्रो अतुल्यको ॥

९०

जानकी बाँचि बक्सेको छ भने त अवश्य नै ।
यै पवित्र नदीबीच छिटै आँउनु पर्छ नै ॥

९१

CC-0. In Public Domain. Digitization by eGangotri

शोची कुरा यी हनुमान् लुकेर हेरेर बाटो उनको गढेर ।
वसीरहे बा! लटरम्म फुल्दो बाक्लो शिशौको रुखबीच झुल्दो ॥
९२

इति चौधौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्रौं सर्ग

हनुमान्ले त्यहींबाट हेर्दा–हेर्दै यौटा देवमन्दिरमा देवी–सीताको दर्शन पाउँनु र चिन्नु

१

अब यो हनुमान् वीर टुक्रुक्क रुखमाथि त्यौ ।
बसेर हेर्न लागे बा! सारा वन जताततै ॥
सीतालाइ छनी खोज्थे भै उत्सुक निरन्तर ।
सम्पूर्ण पृथिवी छानी हेर्न थाले सबैतिर ॥
थिन् अघिल्तिरकी भूमि लताले कल्पवृक्षका ।
सुशोभित निकै राम्री रुख त्यस्तै थिए अहा !॥
दिव्य गन्ध थिए नाना थिए दिव्य यहीं रस ।
थियो बेस सजाएको सिंगारेको यहीं तब ॥
यहाँकी पृथिवी सारा नाना मृग–मयूरले ।
परिपूर्ण भएकी थिन् खेल्दथे सब प्रेमले ॥
त्यहाँकी पृथिवी तस्मात् यी सबै वस्तु भै दिंदा ।
सुशोभित भएकी थिन् शोभा नन्दनकै हुँदा ॥
राजप्रसाद शोभिन्थे देव–मन्दिर थे यता ।
मीठो कोकिलको बोली घन्किन्थ्यो दिव्य भै उता ॥
र–राम्रा सुन हुन् जस्ता नाना कमल शोभित ।
तलाउ–पोखरी साना देखिन्थे भव्य, भूषित ॥
भूमिगृह थिए कैयौं त्यहीं सुन्दर शोभित ।
बिछ्याएका थिए भित्र बेस आसन सज्जित ॥
छओटै ऋतुमा फुल्ने फल्ने सुन्दर वृक्षले ।
यो ठामलाइ अत्यन्त पार्थे शोभित, भव्य ए !॥
फुल्दा अशोकका फूल लटरम्म भई यता ।
मन्द पार्थे प्रभा सम्म प्रातःकालीन सूर्यका ॥
कपि हेरि रहेकाथे त्यसै माथि बसी वहाँ ।
बल्थ्यो सारा बगैंचा नै भै धपक्क जहाँतहाँ ॥
त्यहीं देखे ! चरा सारा पात हाँगाविंगातक ।
नाश्थे भाँचेर चुच्चाले नाङ्गै पार्थे त्यसै रुख ॥

१३

१४

त्यहाँकी भूमि थिन् तस्मात यसो हेर्दा विचित्रकी।
खसेका पुष्पका गुच्छा पैह्रिंदा अतिदिव्यकी॥
टुप्पा देखि तलै सम्म शोक नाश्ने अशोकले ।
हाँगा भूमिभरी झुल्ने फुलेका कर्णिकारले॥
राता सुन्दर देख्तैमा मन हर्ने पलाशले ।
फिंज्नाले आफ्नु त्यो कान्ति धरा बलिथन् धपक्क ए!॥
सप्तपर्ण र पुन्नाग उद्दालक र चम्पक ।
लटरम्म फुली झुल्थे यहीं हाँगाविंगातक॥
थिए अशोकका वृक्ष हजारौं दिव्य शोभित ।
पग्लेको सुनकै जस्तो ज्योति छोड्थे कुनै तब॥
ज्वालाझैं अग्निको बल्दो कान्ति फेंक्थे वहाँ कुनै ।
दिव्य कान्ति यहीं छोड्थे गाजलै ठीकको कुनै॥
देवताको बगैंचा जो कहिन्छ शुभ, नन्दन ।
अशोकवन यो त्यस्तै थ्यो आनन्द दिने पुनः॥
साक्षात् कुवेरको बल्दो जो चैत्ररथ हो वन ।
थियो विचित्र त्यौ ठीक दिव्य अद्भुत यो वन॥
थियो यो ती दुवै भन्दा पनि उत्तम सुन्दर ।
शोच्नै न सकिने राम्रो अतिभव्य मनोहर॥
फूल नै ग्रह–नक्षत्र शोभिएको र निर्मल ।
दोस्रो आकाश हो जस्तो यो थियो अति उज्ज्वल॥
फूलै फूल हुने लाखौं मोती र मणि–रत्नले ।
भइ शोभित देखिन्थ्यो पाँचौं सागर ठीक ए!॥
छओटै ऋतुका फूल दिने सुन्दर वृक्षले ।
तिनका वासले सम्म गम्केको थ्यो स्वरूपले॥
यहीं चराहरू बोल्थे मीठो बोली अनेकन ।
मृगादि पशु जम्मा भै खेल्थे भइ मनोरम॥

२६

२७

यी सवै वस्तुले गर्दा अशोकवन यो पुनः ।
थियो जगमगाएको सुगन्धित भईकन ॥
गन्धमादन हो दोस्रो गिरिराज भने सरि ।
देखिन्थ्यो वन यो तस्मात् तिनै वस्तु भईं भरी ॥
अशोक-वाटिकामा यै अब यी कपिवीरले ।
यौटा मन्दिर देखे बा ! अग्लो, गोल विशाल ए ! ॥
यसमा एक हज्जार खम्बा थे भव्य, सुन्दर ।
कैलासपर्वतै जस्तो थियो सेतो मनोहर ॥
मूँगाका खुड्किला राम्रा बनेकाथे जहाँ तहाँ ।
ठोकेका सुनका पाता थिए वेदी निकै वहाँ ॥
थियो यो दिव्य प्रासाद अतिनिर्मल उज्ज्वल ।
आफ्नु नै तेजले बल्दो त्यस्तै अद्भुत झल्झल ॥
निकै अग्लो हुँदा फेरि यता आकाशमा पनि ।
रेखा नै खिच्छ जस्तो पो देखिन्थ्यो फिंजिदा पनि ॥
त्यसैभित्र अकस्मात यी महात्मा-वायुपुत्रले ।
देखे बा ! एउटी नारी बसेकी शान्तभावले ॥
तिनका कपडा सारा मैलै-मैला थिए उता ।
अनेकौं राक्षसीद्वारा घेरिएकी थिइन् यता ॥
उपवास गरी बस्ता देखिन्थिन् दुःखिनी तिनी ।
सुइय्य!सुइय्य ! पनी गर्थिन् शोक बढ्दा निकै उनी ॥
हुन्छ चन्द्र-कला जस्तो शुरुमा शुल्कपक्षको ।
तिनी त्यै ठीक देखिन्थिन् झिनी,दुब्ली, विचित्र पो ॥
बडो मुस्किलले मात्र चिनिने रूप-रङ्गले ।
मधुरो ज्योति फ्याँकिथिन् ती फ्याँकेझैं कान्ति आगलले ॥
पहेंलो फाट्न लागेको रेशमी वस्त्र एउटा ।
उनको आँग ढाक्थ्यो बा ! तलमाथि पनी तदा ॥
थिएन कत्ति शृङ्गार मैली-थैली थिइन् अनि ।
न हुने कमलै कत्ति पोखरी ठीक थिन् उनी ॥
मङ्गलग्रहले छोप्नी रोहिणी सरिकी थिइन् ।
तापले शोकले पाक्ता दुब्ली झोक्राँउंदी थिइन् ॥
न खानाले निकै चिन्ता पर्नाले क्षीणदेहकी ।
सारा मुख भिजाएकी आँसुले बर्र बर्षिई ॥
चुर्लुम्ब शोक-चिन्तामै डुबेकी एकचित्तकी ।
आफ्नु भन्ने कसैलाई न देख्ती, छट्पटाँउदी ॥

४३

४४

राक्षसीहरुले मात्र घेरिएकी सवैतिर ।
कुत्ताले घेरिएकी झैं मृगिणी-ठीक अस्थिर ॥
कालो अजिङ्गरै जस्तो झुलेको कटिसम्म गै ।
यौटै चुल्ठो निकै मोटो शोभिएकी विचित्र भै ॥
वर्षाद रूकिंदा नीला काला कानन राजिले ।
सुशोभित धरा जस्ती देखिएकी स्वकान्तिले ॥
सुख भोग्न सँधै योग्य भएकी तर दुःखले ।
घिरिएकी, न जानेकी अघि यस्तो कसै गरे ॥
ठूलठूला नेत्रकी दुब्ली मैलो त्यस्ती उनीकन ।
हेरे राम्रै नियालेर हनुमानले पुनः पुनः ॥
पछि वाट ठमाए बा ! उनले जानकीकन ।
प्रमाण-युक्तिले मिल्दा सीता नै हुन् भनीकन ॥
इच्छानुसारको रूप धर्ने त्यो राक्षसेशले ।
सीता हरेर लैंजादा अघि आफ्नु प्रभावले ॥
जस्ती स्त्रीलाइ देखेथ्यौं हामी-वानरजातिले ।
देखिन्छिन् यी पनी त्यस्ती सारा लक्षण मिल्छ ए ! ॥
यिनको रूप त्यस्तै छ जस्तो थ्यो उनको अघि ।
हरिंदा देखिएकीको जस्तै छन् अङ्ग, अङ्ग यी ॥
पूर्णचन्द्र सरी राम्रो थियो मुख मनोहर ।
देखिन्थे आँखिभौं दोटै टेढा भैकन सुन्दर ॥
गोल गोल थिए मोटा दुइटै स्तन उच्च क्यै ।
पार्दथिन ज्योतिले राम्रै उज्यालो जो दिशा-दशै ॥
केश बाक्ला र काला थे मसीना स्निग्ध सुन्दर ।
गोलकाँक्री सरी राता थिए ओठ मनोहर ॥
कटिभाग थियो उच्च राम्रो वेस फराकिलो ।
अङ्ग-प्रत्यङ्ग सम्पूर्ण देखिन्थ्यो भव्यता लिंदो ॥
यी सवै वस्तुले गर्दा पद्मनेत्र हुने उनी ।
कामकी प्रिय-पत्नी ती रति जस्तै थिइन् अनि ॥
शरत्का जूनको जून फैलिई जगतैकन ।
जसरी पार्छ आह्लाद त्यस्तै पार्थिन् उनी पुनः ॥
राम्रो शरीरकी सीता कुनै व्रतपरायणा ।
थिइन् तपस्विनी ठीक बसेकी तल भूमिमा ॥
चिन्ताले सास फेरे ता पनि स्वाँ ! स्वाँ !! गरीकन ।
नागरानी सरी थिन् ती अरुको निम्तिमा पुनः ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

फैलेको शोकको जाल बढ्दिँदा जेलिंदी उनी ।
देखिन्थिन् कान्ति धूँवाले ढाकेको अग्निम्झैं अनि ॥
यसो हो कि? उसो हो कि? भन्ने स्मृति सरी थिइन् ।
खसेकी पृथिवीबीच साक्षात् ऋद्धि सरी थिइन् ॥
मेटिएकी भुसुक्कै भै श्रद्धा हुन् ठीककी थिइन् ।
निमिट्यान्न भएकी क्वै आशा जस्तै उनी थिइन् ॥
सिद्धि विघ्न परे जस्ती बुद्धि मैली भए सरि ।
झूठो कलङ्क लागेकी कीर्ति ठीक थिइन् बरी ! ॥
पति श्रीरामको सेवा गर्न कत्ति न पाँउदा ।
साह्रै दिक्क भएकी र बढेकी मनमा व्यथा ॥
राक्षसीहरुले घेर्दा सहाय न हुँदा कुनै ।
हेर्दी यताउती खोज्दी भएकी मृग नेत्र नै ॥
खसाल्दी मुखमा आँसु अप्रसन्न थियो जुन ।
काला पलक टल्केकी सुइय्य ! गर्दी पुनः पुनः ॥
शरीरभर सम्पूर्ण मैलो—हीलो सरी हुँदी ।
दुःखो मै थुप्रिई बस्ती पाकेकी तापले रुँदी ॥
छुटेकी स्नान-श्रृङ्गार नित्य नै हुन योग्यकी ।
कालो बादलले ढाक्ती चन्द्रको कान्तिम्झैं हुँदी ॥
अभ्यास न हुँदा छोड्दा विद्याको स्थितिम्झैं हुँदी ।
देखिइन् जानकी-देवी कपिले त्यसरी अघि ॥
देख्ता त्यस्तो अवस्थाकी राम-पत्नी उनीकन ।
हनुमान्लाइ भो शङ्का हो कि होइनमै पुनः ॥
स्नान-श्रृङ्गार इत्यादि नहुँदा भव्यात्र जानकी ।
यिनै हुन् भनि ठोकेर भन्न गाह्रै थियो अति ॥
जस्तो व्याकरण-ज्ञान नहुँदा अर्थ वाक्यको ।
बुझिन्न, स्पष्ट जानिन्न, थिइन् त्यै ठीक जो अहो ! ॥
ठम्याए उनले किन्तु बडो मुस्किलले गमी ।
बुद्धिले युक्तिलेमात्र सीता हुन् यी उनै भनी ॥
त्यो राम्रो चाल-चेष्टाले ठूल्ठूला नेत्रले पनि ।
ठह्र्याए उनीलाई हुन् पक्कै ! जानकी भनी ॥
अघि श्रीरामले आफैं सीताका अङ्ग-अङ्गमा ।
भएका गहना जत्ति भनेकाथे प्रसङ्गमा ॥
हनुमान्ले यसैवेला संझिए भवास्स त्यो कुरा ।
तिनमै सोझिझए आँखा देखिए गहना-चुरा ॥

७७

७८

दिव्य कुण्डल झल्किन्थे दुइटै कानमा तव ।
तिनैका साथि टल्किन्थे कुकुर्दाह्रे दुवै टप ॥
बाला बाजू थिए वेस सीताका दुइ बाहुमा ।
मणि मूँगा तथा रत्न जडेका चारु-रूपमा ॥
काला मैला भएकाथे धेरै देखि लगाँउदा ।
तैपनी पहिले जस्तै देखिन्थे भव्य नै हुँदा ॥
शोच्छन मन-मनै फेरि मलाई प्रभु रामले ।
जस्तो आज्ञा भएकोथ्यो गहना, देख्छु त्यै म ए! ॥
जानकीले खसालेका भनेका प्रभु-रामले ।
गहना जत्ति छैनन् बा ! अँहँ ! देख्तिन खोइ ए ! ॥
भनेका न खसालेका गहना जत्ति देख्छु म ।
देवीका अङ्गमै छन् ऊ ! क्यै शङ्कै छैन हुन् जुन ॥
अघि वानर—हामीले जानकी ल्याँउदा हरी ।
त्यो डाँडाबाट टट्काले देखेकाथ्यौं वरीपरी ॥
देवीबाट खसालेका गहना वेस मूल्यका ।
पहेंलो वस्त्रको पोको फुट्नाले असरल्ल वा ! ॥
हुन् पक्कै पनि ती सारा देवीकै वज्दथे जुन ।
यो धोती पनि त्यस्तै छ पहेंलो अतिउत्तम ॥
हुँदा तर पुरानो यो मैलो, फाट्छ सरी छ हा ! ।
तैपनी वर्ण छोड्दैन तेजिलै छ जवाववा ॥
सुवर्ण-वर्णकी देवी भै बक्सिन्छ यहाँ पर ।
परन्तु बसि बक्सिन्छ रामकै मनमै स्थिर ॥
पक्कै हुन् ती यिनै देवी जसको निम्ति राघव ।
भै बक्सिन्छ यिनै चार कुराले खिन्न वास्तव ॥
हुन् ती चार यिनै-प्रेम, शोक, काम, दया, पनि ।
यिनैले नित्य पिर्दाछन् त्यस्ता मानिसमा पनि ॥
मेरा स्त्री हरिई भन्ने प्रेम-पीर छ, पिर्दछ ।
मेरी आश्रित हुन् भन्ने दया छ, अनि खिच्दछ ॥
छुट्टिइन् धर्मपत्नी ती यही शोक छ, गाल्दछ ।
ती मेरो साथमा छैनन् भन्ठान्दा काम जाग्दछ ॥
जस्तो छ रामको रूप यी देवीको पनी अहो ! ।
त्यस्तै छन् अङ्ग-प्रत्यङ्ग लावण्यमय दिव्य पो ॥
नीला लाँखा भएकी यी जानकी यस कारण ।
त्यस्ता श्रीरामकी पत्नी भइ बक्सिन्छ उत्तम ॥

८४

९५

देवीको मन रम्दोछ राममै नित्य, गम्छु म ।
रामको मन रम्दोछ देवीमै नित्य देख्छु म ॥
यसैकारणले सीता यता राम स्वयं उता ।
बाँचि बक्सिन्छ स्नेहैले छुट्तैन छिन सम्म ता ॥
रामले गरी बक्स्यो बा ! ज्यादै दुष्कर काम त्यो ।
बाँचि बक्सिन्छ जो यस्ती पत्नी छुट्ता पनी अहो ! ॥

९७

९८

सुयोग्य धर्मपत्नी यो जानकीको वियोगले ।
शोकले गलि बक्सेन महान् आश्चर्य यै छ ए ! ॥
अब त्यस्तो अवस्थाकी जानकी देखिदा त्यहाँ ।
मनै-मन भए दङ्ग वायुपुत्र स्वयं वहाँ ॥
यस्ती योग्य सती सीता पत्नी पाँउनु रामले ।
छो महान् भाग्य भन्ठाने प्रशंसा यसरी गरे ॥

१००

इति पन्ध्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्रौं सर्ग

देवी-सीताको विषयमा अनेकौं कुरा खेलाई हनुमान्‌ले शोक गर्नु

१

प्रशंसा गर्न नै योग्य जानकीको मनैमन ।
गरे बा ! रामकै साथ प्रशंसा उनले पुनः ॥
रामका गुण साह्रै नै राम्रा थे तिनले पनि ।
हनुमान् तानिएकाथे गम्छन् फेरि यसो उनी ॥
बित्यो दुइ घडी काल शोच्तैमा अन्तमा हरे ! ।
उनका नेत्रबाटै पो आँसु बर्र ! भई झरे ॥
लिई विषय सीताको गतिला तेजिला उनी ।
विलाप गर्न लागे बा ! स्वयं मन-मनै गमी ॥
पाएकी योग्यको शिक्षा आफ्ना गुरुजनादिको ।
रामकी योग्यकी पत्नी धन्य हुन् जानकी अहो ! ॥
वीर-लक्ष्मण जस्ताकी मान्या भाउजु मैथिली ।
यस्तो दुःख परी पाक्छिन् सताइन्छिन् भने यदि ॥
अवश्य भन्नु नै पर्छ कसैको शक्ति छैन बा ! ।
कालको चाल टार्नामा त्यै रहेछ बलिष्ठ हा ! ॥
बुझिन्छ जानकीलाई भएको ज्ञान रामको ।
शक्तिको वीर्यको एवं द्युति देवर सम्मको ॥
यसैले न डगी कत्ति बसेकी देख्छु है म ता ।
गङ्गाझैं भइ वर्षाकी भेलले पनि छोपिंदा ॥
शील-स्वभाव आचार मिल्दो कुल—उमेरकी ।
धर्मप्रकृतिकी, यस्ती पत्नी हुन् योग्य रामकी ॥
नीला आँखा हुने देवी वैदेहीको निमित्तमा ।
श्रीराम पनि मर्न् योग्य भइ बक्सिन्छ बा ! यहाँ ॥
पगालेको सुनै जस्तो देहको ज्योति फैलिंदी ।
देखिन्थिन् जानकी साक्षात् लक्ष्मीझैं प्रिय लोककी ॥
फेरि हेरे उनैलाईं संझिए रामलाइ र ।
मन दौड्यो उतैपट्टि गम्न लागे भई स्थिर ॥

१३

१४

ठूलठूला नेत्रकी देवी यिनैको निम्तिमा हरे ! ।
वीर्यवान् रामले त्यस्ता राखि बक्स्यो र शेष के ? ॥
महान् बल हुने वाली कपीश्वर त्यसै मरे ।
वीर्यमा रावणै जस्तो त्यो कबन्ध मऱ्यो हरे ! ॥
यिनैको निम्तिमा ओहो ! साक्षात् श्रीरामले अघि ।
विराध मार्दिई बक्स्यो डर्लाग्दो जुन थ्यो अति ॥
शम्बरासुरलाई त्यो मारेझैं युद्धमा अघि ।
वनमा मारि बक्सेको हो त्यल्लाइ पनी लडी ॥
झुल्कै हुन् सरि आगाका बाण छोडेर तेजिला ।
चौध हजार डर्लाग्दा मरे राक्षस सम्म बा ! ॥
जनस्थान भयो शून्य त्रिशिरा, खर, दूषण ।
छिनमा नै भए स्वाहा यिनैका निम्तिमा पुनः ॥
ऐश्वर्य कपिको त्यत्रो वालीबाट सुरक्षित ।
पाए सुग्रीव-राजाले यिनैको निम्ति वस्तुतः ॥
यिनैको निम्तिमा मैले यत्रो नद-नदीपति ।
समुद्र पनि नाघें बा ! देखें लङ्का पुरी पछि ।
समुद्रसम्मकी सारा पृथिवी रामले यदि ।
उल्ट्याए पनि सीताको निम्ति योग्य छ त्यो अति ॥
यसको के कुरा भो र यो सारा जगतै पनि ।
मारिदए पनि बेसै छ ठिक्कै हो भन्छु मै पनि ॥
तुलामा जोखन राखेमा सारा त्रैलोक्य-राज्य यी ।
यी देवीलाइ, देवीको सोह्रौं भाग हुँदैन त्यो ॥
धर्मशील महान् आत्मा हुने जनकराजकी ।
छोरी हुन् ती सती सीता पाल्दछिन् पतिधर्म यी ॥
हलोले जोतिंदा भूमि निस्किइन् फुत्त यी सती ।
पद्मका केशरै जस्ता धूलाले देह छोपिंदी ॥

२६

२७

नहट्ने युद्धमा कैल्ले शूरा आचारवान् उनै ।
श्रीराजा-दशरथकी बुहारी जेठी हुन् यिनै ॥
आत्माको तत्त्व जानेका कृतज्ञ प्रभु--रामकी ।
यिनै हुन् वा ! प्रिया-पत्नी राक्षसी-वशमा हुँदी ॥
भोग-वैभव त्यागेर खिंचिदा पति--स्नेहले ।
त्यो घोर वनमा आइन् न मानी कष्ट कत्ति ए!॥
टिकेर पति-सेवामा तुष्ट भै फल--फूलमा ।
बसिन् वा ! घरमै जस्तो वनमा पनि यी वहाँ ॥
बोल्ने मुसुक्क हाँसेर सुनकै तुल्यकान्तिकी ।
यी देवी, यो कडा दुःख सहन्छिन् भै अयोग्यकी ॥
प्यासोले कूप खोजेझैं खोजिबक्सिन्छ राघव ।
दुष्ट रावणले गाँज्दी यिनैलाइ हरे शिव ! ॥
राज्यच्युत हुने राजा फेरि राज्य मिले पछि ।
भएझैं दक्ष श्रीराम भै बक्सेला प्रिया मिली ॥
छोडेकी बन्धुकै साथ संसारी काम-भोगले ।
यी देवी थान्दछिन् प्राण पतिको भेट-आशले ॥

३४

३५

घेरी अधि बसेका यी राक्षसीकन जानकी ।
देख्तिनन् अनि देख्थिन् के फल फूल र वृक्ष यी ॥
पारी एकोहरो आफ्नो मनलाइ भई स्थिर ।
रामकै चिन्तना गर्छिन्, देख्ती हुन् रूप सुन्दर ॥
पत्नीको निम्तिमा आफ्नो पति नै हो सबै कुरा ।
अलङ्कार त्यही नै हो अरु भन्दा बढी सदा ॥
यी देवी पतिले आफ्नो छुट्टिंदा भै वियोगिनी ।
शोभा पाँउन भै योग्य पाँउन्नन् तर क्यै पनि ॥
रामले गरि बक्स्यो बा ! ज्यादै मुस्किल काम त्यो ! ।
बाँचि बक्सिन्छ जो यस्ती पत्नी छुट्टता पनी अहो ! ॥
सुयोग्य धर्मपत्नी यी जानकीको वियोगले ।
दुःखले गलिबक्सेन महान् आश्चर्य यै छ ए ! ॥
घुङ्ग्रिएका निकै देढा हुने अलक भव्य ती ।
फक्रेका कमलै जस्ता नेत्रकी वेस जानकी ॥
यिनीलाई यहाँ देख्ता दुःखिनी र वियोगिनी ।
हरे ! म कपि-जावाको पनि दुख्वछ चित्त नि ! ॥

४२

४३

हुन् यी क्षमाशील धरा सरीकी छन् नेत्र राम्रा कमलै सरी ती ।
पैले स्वयं राम र लक्ष्मणैले रक्षा गरिन्थिन् सजिलै मजैले ॥
अैले हरे ! नेत्र हुने कराल यी राक्षसी बाट यहाँ यसोरि ।
त्यो वृक्षको फेद मुनी ढुकेर रक्षा गरीन्छिन् सब तर्फ घेरी ॥
वरिपरि हिंउले ढपक्क ढाकी कमल विनष्ट भए सरी छ शोभा ।
थपिइ थपिइ दुःखमाथि दुःख अतिशय पीडित छन् यिनी त्यसै हा ! ॥
सहचर न हुँदा विछोड पर्दा मन मन छर्पट गर्दछे चखेवी ।
रघुवर-पतिको वियोग पर्दा जनकसुता पनि छन् त्यही सरी यी ! ॥
हाँगा झुकेका भइ पुष्प-भार अशोक वृक्षादि पनी सबै यी ।
भई सके छन् यिनका निमित्त दिलाँउने शोक निकै कडा ती ! ॥
हिमर्तु छुट्ता र वसन्त लाग्दा उदाँउले शीतल चन्द्र त्यस्ता ।
भई रहेछन् यिनका निमित्त ताता अहो ! हुन सरि सूर्य जस्ता ॥
विचार गर्दै मनमा सबै यो यी वानरश्रेष्ठ त्यहीं लुकेर ।
वसी रहे बा ! मनले ठमाई सीता यिनै हुन् भनि खुम्चिएर ॥

४६

इति सोह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्रौं सर्ग

अनेकौं राक्षसीहरूको साथै देवी-सीतालाई ठमाउँदा हनुमान् प्रसन्न हुनु

१

सेता कलमका थुप्रा हुन् जस्ता चन्द्रमा यता ।
झल्झलाकार देखिन्थे स्वच्छ आकाशमा तदा ॥
तिनलाइ यसो हेर्दा भान पर्थ्यो यही त्यहाँ ।
हाँस पौडिरहे जस्तो कुनै नीलो तलाउमा ॥
ठण्डा किरणले त्यस्ता सफा उज्ज्वल चन्द्र यी ।
स्वयं सहायता गर्थे हनुमान्का सखा भई ॥
अब फेरि गयो आँखा हनुमान्को उतैतिर ।
जहाँ थिन् जानकी बस्ती झोक्रिएर निरन्तर ॥
पूर्णचन्द्र-समानै थ्यो उनको मुख सुन्दर ।
झल्झलाकारको ज्योति फ्याँक्तथ्यो भै मनोहर ॥
देखिन्थ्यो तर डुङ्गामा ठूलो भार हुँदा सरी ।
शोकको भारले पिर्दा डुब्छ औले भने सरी ॥
सीतालाइ नियालेर हेर्दामा कपिले तब ।
डर्लाग्दा राक्षसी कैयौं देखे बस्थे वहीं सब ॥
तिनमध्ये कसैको ता यौटै आँखा थियो अहो ! ।
थियो कसै-कसैको ता एउटै कानमात्र पो ॥
ज्यादै लामो थियो कान राक्षसीको कुनै पुनः ।
ओढ्ने ओढे सरी ओढ्थे त्यही वेन्हेर फन्फन ॥
कीलो गढे सरी कान भएकाथे कुनै भने ।
थिएन कत्तिको कानै थिए सानै पनी हुने ॥
नाक, सास लिने फेर्ने कसैका ठाममा न भै ।
टाउकैमा थियो टक, देखे यी राक्षसी सबै ॥
कसैको देह ठूलो थ्यो कसैको अतिउत्तम ।
कसैको कण्ठ थ्यो झीनो कसैको थ्यो महान् पुनः ॥
कसैको टाउकोबीच केश भन्ने थिएन क्यै ।
कसैको खुइलेकोथ्यो न उम्रेकै थिए निकै ॥
१३

१४

ललाटस्थल लामा थे कसैका कान चाँहि थे ।
कसैका पेट थे लामा कसैका स्तन चाँहि थे ॥
कसैका चाँहि थे ज्यादै लामा ओठ निकै पुनः ।
चिउँडामै मिलेकाथे राक्षसीका कुनै पुनः ॥
कसैका चाँहि अत्यन्तै लामो थ्यो मुख बाङ्गको ।
वहाँ कसै-कसैको ता घूँडै लामा थिए अहो ! ॥
कुनै होची कुनै अग्ली टेढी कुप्री पनी थिए ।
बाउन्ने अतिडर्लाग्दा मुख टेढा हुने थिए ॥
पहेंला टल्ल टल्केका कसैका नेत्र थे यता ।
भएका मुख अन्यत्र डर्लाग्दा घेर थे उता ॥
राक्षसीहरु थे घेर विग्रेका अङ्गका पनि ।
थिए क्यै झगडै गर्ने क्रोध गर्नेहरु पनि ॥
बोकेका थे सबैले यी ठूलो शूल फलामको ।
थिए कसै-कसैले ता कूट-मुद्‌गर आदि पो ॥
कत्तिको मुख देखिन्थ्यो बँदेल-मृग-सिंहको ।
श्याल-भैंसी र बाख्राको बोकाकै ठीकको अहो ! ॥
खुट्टा कसै-कसैका थे हात्तीका ऊँटका सरि ।
घोडाकै ठीक देखिन्थे कसैका चाँहि पाउ ती ॥
कसैको टाउको चाँहि मुर्कट्टाकै सरी थियो ।
छातिमा टाँसिएको गै खोविल्टै ठीकको अहो ! ॥
देखिन्थ्यो एउटै हात कसैको पाउ एक थ्यो ।
कान थ्यो गदहाकोमैं कसैको अश्व-ठीक थ्यो ॥
यता कसै-कसैको ता गाई-हात्ती र सिंहको ।
कान जस्तै थियो कान कस्तो कस्तो विचित्रको ॥
कसैका नाक थे लामा टेढा थे कत्तिका भने ।
तिनमध्ये थिए कैयौं नाकै पनि न देखिने ॥
२६

२७

कतिका नाक देखिन्थे हात्तीका सूँडझैं वहाँ ।
सास फेर्ने थिए नाक कसैका त निनारमा ॥
हात्तीकै ठीक खुट्टा थे कसैका गाइकै सरि ।
ज्यादै ठूला हुने खुट्टा थिए बा ! कत्ति राक्षसी ॥
घुल्ठोझैं रँउ खुट्टैमा हुने पनि थिए वहाँ ।
स्तन पेट तथा घाँटी हुने लामा थिए यहाँ ॥
हदै भन्दा पनी बढ्ता मुख आँखा हुने थिए ।
कसैको मुखमा जिब्रो लपलपाँउदथ्यो हरे ! ॥
हात्ती-घोडा तथा बोका-गाई-सूकर-ऊँटकै ।
गधाकै ठीक डर्लाग्दा मुखका पनि थे निकै ॥
शूल मुद्गर बोकेका थिए बा ! घेर राक्षसी ।
थिए रिसाँउने कैयौं गर्ने क्वै झगडै बसी ॥
हो मुस्लै ठीक धूँवाको हुने झाँक्रा थिएँ वहाँ ।
राक्षसीहरु थे कैयौं डर्लाग्दा मुखका जहाँ ॥
यी सबै घोक्तथे रक्सी काँचा मासु सँगै सदा ।
आँगमा रगतै लेप्थे कत्ति ता क्रूर भैदिंदा ॥
अशोक-वृक्षलाई त्यो घेरेर सवतर्फ यी ।
पालो र पहरा गर्दै बसेकाथे खडा भई ॥
फेदको तल-वेदीमा बस्तथिन् जानकी पुनः ।
आँखा गाडी नियाले बा ! हनुमान्ले उनैकन ॥
देवीका देहको तेज खस्किएको थियो निकै ।
तापको रापले पाक्थिन् बिचरी अतिदीन भै ॥
लट्टै-लट्टा परेको थ्यो मैलो चुल्ठो पनी हरे ! ।
वल तारा खसे जस्तो थिइन् छोड्दा स्वपुण्यले ॥
आफ्नो पतिव्रता-धर्म पाल्थिन् आदर्श थ्यो त्यही ।
पतिको दर्शनै गर्ने यौटै धोको थियो यही ॥
थिएनन् गहना बेस बेस अर्कै कुरो थियो ।
पाँउथिन् जो पति-प्रेम त्यही भूषित पार्दथ्यो ॥
धुनिएकी थिइन् देवी दुष्ट राक्षस-राजले ।
थिइन् ती बिचरी एक्ली छोडिएकी स्वबन्धुले ॥

४१

४२

छुट्ता जमातको साथ स्नेहले नै दँतारको ।
सिंहले थुनिएकी क्वै ढोईझैं थिन् उनी अहो ! ॥
छुट्ता वर्षाद झुल्केकी चन्द्र-ज्योति भईकन ।
शरद्का मेघ-मालाले ढाकिए ठीक थिन् पुनः ॥
कुनै वीणा स्वस्वामीको औंला बाट न छोइदा ।
जसरी चूप भै बस्छे बज्न-सज्न न पाँउदा ॥
त्यैठीक मैथिली सीता पति-संसर्ग बाट हा ! ।
त्यसरी पर पर्नाले भोग्दथिन् क्लेश, दुर्दशा ॥
पतिकै हितमै रम्ने भए ता पनि जानकी ।
यस्तो कष्ट त्यहाँ खप्थिन् भई राक्षसको वशी ॥
अशोक-बाटिका भित्र जहाँ शोक थिएन क्यै ।
बसे ता पनि यी देवी भोग्दथिन् कष्ट शोक भै ॥
ती दुष्ट ग्रह जस्तो कि घेर्दछन् रोहिणीकन ।
त्यैठीक घेरिइन्थिन् यी दुष्ट राक्षसले पुनः ॥
देखे यस्ती उनीलाई हनुमान्ले हरेशिव ! ।
भएकी कान्तिले हीन पुष्प-हीन लता ठिक ॥
मैलै मैलो जमेको थ्यो उनको आँगमा हरे ! ।
थिएन कत्ति सौन्दर्य अलङ्कार थियो र के ?
हीलोले खप्प खाएको कुनै कमल-नालकै ।
गति के हुन्छ? त्यस्तै थ्यो, शोभा के थ्यो? थिएन क्यै ॥
औले फाट्छ भरे फाट्छ भने जस्ता थिए लुगा ।
यिनैले बेह्रिएकी थिन् बिचरी जानकी तदा ॥
ठूला नीला तथा राम्रा मृगकै-तुल्य नेत्रकी ।
देवीलाइ यसो हेरे कपिले भइ उत्सुकी ॥
आफ्नो बगाल छुट्तामा डराएकी मृगी सरि ।
देखे बा ! जानकीलाई यसो हेर्ने वरीपरी ॥
जो आफ्ना सासले तावा वृक्षका पालुवा जति ।
स्वाहा पार्छिन् भने जस्ती देखिन्थिन् पिरिंदा अति ॥
दुःखकै छाल ठूल्ठूला उठे जस्ती थिइन् उनी ।
शोककै मूर्ति हुन् जस्ती देखिन्थिन् जो त्यसै पनि ॥

५६

५७

अङ्ग-प्रत्यङ्ग सम्पूर्ण थिए राम्रा थिइन् झिनी ।
आभूषण न पैह्रे ता पनि थिन् सुन्दरी उनी ॥

CC-0. In Public Domain. Digitization by eGangotri

५८

देख्ता त्यस्ती अवस्थाकी सीतालाइ वहाँ अब ।
हनुमान्लाइ भो ठूलो हर्ष आनन्द वास्तव ॥
छोडे बरर हर्षाश्रु सिरिङ्ग जिउ भो सब ।
श्रीरामलाइ संभेर नमस्कार गरे तब ॥
पाई दर्शन सीताको हर्षोल्लास बढी कपि ।
लुके त्यहीं बसे, ढोगी राम-लक्ष्मणलाइ तो ॥
६०

इति सत्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अट्ठारौं सर्ग

देवी–सीता भएमा राक्षसेश्वर रावणको आगमन

१

लटरम्म फुलेका ती वृक्षद्वारा सुशोभित ।
वनको दिव्य शोभा त्यो देखे यी कपिले तव ॥
विदेहनन्दिनीलाई खोज्दा खोज्दा त्यसो गरी ।
केही रात भयो बाँकी अरु स्वाक्तै विती बरी ॥
पछिल्लो प्रहरैमात्र रात बाँकी भए पछि ।
पवित्र ध्वनि आयो बा ! सुने यी कपिले बसी ॥
वेदको तत्त्व जानेका छऔ वेदाङ्ग साथमा ।
ब्रह्मराक्षस लङ्कामा बस्तथे श्रेष्ठ भै वहाँ ॥
ठूलठूला यज्ञ–यागादि गर्थे यिनीहरू पनि ।
यिनैले पाठ गर्दामा छरिन्थ्यो, त्यै सुने ध्वनि ॥
नाना मङ्गल बाजाका शब्द बाट मनोहर ।
जागा गराइयो बल्ल तिनैले राक्षसेश्वर ॥
ठूलो भाग्य हुने त्यस्तो प्रतापी वीर–रावण ।
ब्यूँझियो, पहिले त्यल्ले संभयो बा ! जानकीकन ॥
थिए शिथिल त्योवेला त्यसका अङ्ग–अङ्ग ती ।
पुष्पहार तथा वस्त्र खस्किएका थिए अति ॥
अझै मद चढेकैथ्यो कामले पिर्दथ्यो यता ।
आसक्त भै रहेकैथ्यो जानकीतिर तानिंदा ॥
बढेको कामको भाव त्यसले यस हेतुले ।
सकेन पार्न ढाकछोप देखिन्थ्यो अझ स्पष्ट ए ! ॥
तस्मात् छिटै लगायो बा ! आभूषण तथा लुगा ।
अशोक–वाटिका भित्र पसी हाल्यौ छिटै तदा ॥
विहानीपखको शोभा यिनको थ्यो विचित्रको ।
फल–फूल थिए गम्म अनेकौं वृक्षबीच जो ॥
तलाउ पोखरी नाना शोभिन्थे बा ! जताततता ।
हुँदा मत्त–चरा घेर थिइन् अद्भुत वाटिका ॥

१३

१४

क्रीडामृग थिए हेर्दा अति राम्रा अनेकन ।
वथानै मृगका खेल्थे भइ नित्य मनोरम ॥
त्यो पुष्प–वाटिका भित्र पस्नको निर्म्तिमा वहाँ ।
मणिका रत्नका ढोका बनेकाथे जहाँ–तहाँ ॥
ढपक्क ढाकिएकी थिन् अशोक–वनिका तव ।
खसेका फलले एवं फूलले पनि वास्तव ॥
नाना लहरमा मिल्दा राम्रा रुख थिए त्यहीं ।
पस्यो राक्षसको राजा यसो मार्ग घुमी यहीं ॥
देव–गन्धर्वका पत्नी हिंडेझैं इन्द्रको पछि ।
हिडें ठ्याक्कै सयौं नारी मस्किंदै त्यसको पछि ॥
कसैले तिनमध्येका सुवर्णमय दीपक ।
झुण्डयाएर हिडेंकाथे ज्योति फ्याँकी झकाझक ॥
कसैका हातमा चाँहि थिए चँवर सुन्दर ।
कसैले ताडको पङ्खा बोकेकाथे मनोहर ॥
कसैले सुनको झारी टक्र्याँउन परे जल ।
बोकेकाथे हिडेंकाथे वहाँ अघि पछी तव ॥
बाटुला र निकै राम्रा चकटी अनि लम्पट ।
लिएर पछि हिंड्थे कै त्यसमै भइ लम्पट ॥
अर्की चाँहि कुनै नारी निकै बाठी थिई जुन ।
दाहिने हातले आफ्नो बोक्तथी पात्र शोभन ॥
नाना प्रकारका रत्न जडेको पात्र यो थियो ।
रक्सीले भरिएको बा ! माग्दा जो दिनु पर्दथ्यो ॥
राजच्छत्र थियो राम्रो राक्षसेश्वरको अहो ।
पूर्णचन्द्र सरी कान्ति फ्याँक्ने र अतियोग्यको ॥
राजहंस सरी सेतो त्यसैलाइ मजासित ।
ओढाएर कुनै नारी हिंड्दथो पछि त्यैसित ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

जस्तो बादलको साथ हिंड्दछन् विजुली सँधै ।
त्यै ठीक यी पनी हिंड्थे यो वीर-पतिको सँगै ॥
यसवेला पनी किन्तु नशा निद्रा दुवै मिली ।
त्यसै लठ्याँउथे ओहो ! सुन्दरीहरुलाइ यी ॥
यिनका बाहुका बाजू गलाका हार सम्म ती ।
थिएनन् ठाममा कान्ति अघिकै ठीक भै अति ॥
अङ्गराग थिए स्वात्तै पुछिएका शरीरमा ।
मुखैभर पसीना थ्यो झाँक्रै हुन्थ्यो जुरो वहाँ ॥
हिजोको भै नशा बाँकी निद्राले पिरिंदा उनी ।
झुल्दै हिंडिरहेकाथे कामले मस्किंदा पनि ॥
पुष्पहार थिए जो जो पैह्रेका अङ्ग-अङ्गमा ।
स्वात्तै गलिसकेकाथे पसिना आँउदा त्यहाँ ॥
तर चुल्ठा-जुराबीच स्यूरिएका थिए जति ।
ती चाँहि अझ वेसै थे हल्लिंदैथे यताउति ॥
ठूल्ठूला नेत्रले हेर्दा कामको भावना त्यजी ।
खुत्रुक्क पारि हाल्थे बा ! त्यसका स्त्री भए जति ॥
अशोकवाटिका भित्र पस्ता स्वपति रावण ।
प्रेम-आदरले लागे पछि यी कामिनी-गण ॥
तिनको पति त्यो किन्तु महान् बल हुने भई ।
साह्रै भुटभुटिएकोथ्यो कामकै वशमा भई ॥
त्यसको मन सीतामै लहसिन्थ्यो त्यसै हरे ! ।
विस्वारै गैरहेकोथ्यो शोभिन्थ्यो तर वेस ए ! ॥
यता यस्तै अवस्थामा कपि यी वायुपुत्रले ।
सुने बा ! मधुरो शब्द त्यसै लठ्याँउने, सके ॥
त्यसका सुन्दरी-स्त्रीका मेखला-पाउजेबका ।
घुँघुरा जो बजेकाथे 'छम् छम् छनन' भै तदा ॥
द्वारप्रदेशमा देखे उनले राक्षसेश्वर ।
रावणैलाइ आएको बगैंचा भित्र सर्सर ॥
पुलस्त्य ऋषिको नाति यसका काम-काज ता ।
बडा अद्भुतका हुन्थे थियो बल अचिन्त्य बा ! ॥
अगाडि त्यसको हिंड्थे कामिनी-गण हातमा ।
बाँकी चिराँक ठूल्ठूला ज्योति छर्दै जहाँ तहाँ ॥
लट्ठिएको थियो राजा मदले दर्प-कामले ।
र-राता त्यसका आँखा भै टेढा अलि झुक्तथे ॥

४३

४४

देखिन्थ्यो त्यसवेलामा राक्षसेश्वर ता वहाँ ।
साक्षात् काम सरी राम्रो नहुने धनु हातमा ॥
त्यसका वस्त्र सेता थे दूधको फीँज झैं सफा ।
झल्झलाकार भै वेस अतिनिर्मल रूपका ॥
गग्र त्यसको छेउ बाजूमा बाहुको गई ।
अल्झिएको थियो तान्थ्यो त्यसतर्फ मनै दिई ॥
अशोक वृक्षको हाँगा-पात भित्र लुकी छिपी ।
बस्ने ती हनुमान् फेरि लुके बा ! तिनमै गई ॥
अब यस्तै अवस्थामा नजीकै आँउदा पनि ।
अझ राम्रो गरी हेर्ने चिन्ने बुझ्ने भए उनी ॥
स्वयं त्यल्लाइ हेर्दामा त्यसका महिषी पनि ।
देखिए सब्र भवारम्भवासित रूप-यौवनका धनी ॥
यशस्वी र महान् तेजी राक्षसेश्वर रावण ।
प्रमदावन—भित्रै यो पस्यो लिइ तिनैकन ॥
त्यसमा यसवेलामा पशु-पक्षी अनेकन ।
अ-आफ्ना बोली बोल्दैथे खेली खेल मनोरम ॥
अझै मद चढेकैथ्यो गहना थे विचित्रका ।
त्यसका कान देखिन्थे कीला जस्ता निकै तिखा ॥
यस्तो प्रकारको त्यस्ता विश्रवा-मुनिको सुत ।
महावली रावण ता देखियो कपिले तव ॥
सारा ताराहरूद्वारा घेरेको चन्द्रमा सरी ।
घेरिएको थियो राजा त्यस्ता स्त्रीले वरीपरी ॥
वीर वानर थे यस्ता यता तेज थियो निकै ।
गरे त्यल्लाइ देख्तामा उनले अब ठोकुवै ॥
महान् बाहु हुने यै हो राक्षसेश्वर रावण ।
अघि मैले यसैलाई देखेकै हुँ पुनः पुनः ॥
दिव्य लङ्कापुरीबीच महामहल जो थियो ।
त्यसैमा यो लडेकोथ्यो निद्रा-मद चढी अहो ! ॥
शोची यत्ति उनी फुत्त तल्लो हाँगातिरै झरे ।
नजिकै भइ त्यल्लाई अझ जो हेर्न खोज्दथे ॥
तेजस्वी गतिला त्यस्ता भए ता पनि यी कपि ।
तिरस्कृत भए ओहो तेज रावणकै बढी ॥
चिल्ला बाक्ला निकै राम्रा पात भित्र अशोकका ।
लुके बा ! सानु हाँगामा चढेर हनुमान् तदा ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

जब आइ पुगी हाल्यो नजिकै वीर रावण ।
निहुँ ली जानकी भेट्ने कुरा गर्न फकाँउन ॥
जानकीका थिए केश काला बाक्ला निकै सफा ।
कटिभाग थियो त्यस्तै उच्च, पुष्ट थिए फिला ॥

६२

६३

थिए गोल सफा राम्रा मिलेका आफु-आफुमा ।
दुइटै स्तन सीताका देखिन्थे गजबै वहाँ ॥
नीला कमल मैं आँखा भएकी मैथिलीकन ।
हेर्न, भेट्न भनी आयो त्यहीं नै अब रावण ॥

६४

इति अट्ठारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उणडयिसौं सर्ग

रावणलाई देख्ता दुःख भय र चिन्तामा डुबेकी सीताका अवस्थाको वर्णन

१

सर्वाङ्गसुन्दरी देवी जानकीले यतातिर ।
आएको दुष्टलाई त्यो देखिन् आफैं भएतिर ॥
पैह्रिएको थियो त्यल्ले गहना वेस उत्तम ।
म राम्रो छु भनी ठान्थ्यो चढ़नाले रूप यौवन ॥
राक्षसेश्वरलाई थो देख्ना साथ उनी अब ।
हुरीमा थाम केराको काँपे ठीक भइन् तब ॥
छोपिन् बा! पेट—तिघ्राले बाहुले दुइटै स्तन ।
बसी यस्तो अवस्थामा लागिन् ती बिचरी रुन ॥
यता आइ पुगी हाल्यो त्यहीं नै दुष्ट रावण ।
देख्यो बा! जानकीलाई घेर्दथे राक्षसीगण ॥
के टिक्थ्यो सिन्धुमा डुङ्गा जीर्ण-शीर्ण भयो भने ।
त्यैठीक यी डुबेकी थिन् दुःख-सागरबीच ए! ॥
खाली भुँमै बसेकी थिन् पाल्दथिन् उत्तम व्रत ।
काट्तामा वृक्षको हाँगा लडेझैं थिन् उनी स्वतः ॥
आँगमा हुनु पर्ने थ्यो अङ्गराग जताततता ।
थिएन तर त्यो कत्ति मैलै-मैलो थियो तदा ॥
गर्नै सिंगार-पट्टार साह्रै योग्य भए पनि ।
यिनले ठगिएकी थिन् त्यो थिएन कहीं पनि ॥
तलमाथि दुबैतर्फ हेरे कमलनाल ता ।
शोभिन्छ पनि शोभिन्न पनि त्यस्तै थिइन् तदा ॥
जोती संकल्पका घोडा मनकै रथमा चढी ।
पुग्छिन् राम भए ठाम भने जस्ती थिइन् बरी ॥
निकै सुकि सकेकोथ्यो शरीर उनको यता ।
शोकमा ध्यानमा मात्र डुब्थिन् रुन्थिन् उनी सदा ॥
उनी देख्तनथिन् छाँट दुःखको अन्त यो हुने ।
रामकी प्रिय-पत्नी भै थिइन् मन उतै दिने ॥

१३

१४

कुनै नागेन्द्रकी पत्नी हानिंदा मणि-मन्त्रले ।
छटपटाँउदछे जस्तो त्यस्तै थ्यो स्थिति शोकले ॥
धूपै जस्तो हुने वर्ण राहुले-धूमकेतुले ।
रोहिणी गाँजिए ठीक देखिन्थिन् जानकी हरे! ॥
सुशील र सदाचारी कुलमा जन्मिए पनि ।
धर्मात्मा सत्य आचारी व्यक्तिलाइ परे पनि ॥
न राम्रै कुलमा जन्मे जस्ती नारी सरी भई ।
अयोग्य दुःख भोग्दैथिन् जानकी विवशी भई ॥
झूठो कलङ्क लागेकी कीर्तिझैं च्युत यी थिइन् ।
शास्त्राभ्यास न गर्नाले विद्याझैं शिथिलै थिइन् ॥
विशाल कीर्ति जस्तै थिन् भएकी तर क्षीण यी ।
देखिन्थिन् गतिली श्रद्धा तिरस्कृत भए सरी ॥
सद्‌बुद्धि सरि देखिन्थिन् नाशिएकी कुनै त्यसै ।
थिइन् नष्ट भविष्यैझैं, आशाझैं लोपिंदी यसै ॥
अपमानित राजाज्ञा भए जस्तै थिइन् उनी ।
उत्पात-कालमा बल्दी दिशा ठीक थिइन् अनि ॥
गरिने देव-देवीको लुप्त पूजा सरी थिइन् ।
चन्द्रग्रहण लागेकी पूर्णिमा ठीक ती थिइन् ॥
थिइन् कमलिनी जस्ती खाएकी हिउँले खसी ।
सैन्यको पति मारेको सेना ठीक थिइन् सती ॥
प्रभा ठीक थिइन् देवी नाशेकी अन्धकारले ।
सुकेकी क्वै नदी जस्ती देखिन्थिन् बिचरी हरे! ॥
अपवित्र कुनै प्राणी आई छोइ दिए पछि ।
अपवित्रै भएकी क्वै वेदी ठीक थिइन् बरी ॥
अपवित्रै भएकी क्वै वेदी ठीक थिइन् बरी ॥
परबाट यसो हेर्दा निभेकी अग्निकी शिखा ।
जस्तै पो देखिइन्थिन् यी जानकी रामकी प्रिया ॥

२६

२७

हात्तीले सूँडले आफ्नो हुँडोलेर मजासितै ।
मस्मिएिढ पारिएकी र विगारेकी जतातते ॥
ढरले जलका पत्ती भागेका, पात-सात झ्यै ।
नहुँदी पोखरी जस्ती देखिन्थिन् कान्ति-हीन भै ॥
वियोग पतिको पर्दा त्यसकै दुःख-शोकले ।
साह्रै खिन्न भएकी थिन् मैथिली पीर-तापले ॥
कूलो, नहर खन्नाले पानी जाँदा यताउता ।
नदी स्वात्तै सुके जस्ती देखिन्थिन् बिचरी तदा ॥
अङ्ग-प्रत्यङ्गमा त्यस्ता नलाग्दा अङ्गराग क्यै ।
मैलो-थैली भएकी थिन् रात्रीझैं कृष्णपक्षकै ॥
उनका अङ्ग राम्रा थे सुकुमार सुकोमल ।
थिइन् वस्त्र पनी योग्य गृहमा रत्नमरिडत ॥

३२

३३

परन्तु देखिइन्थिन् ती चर्केको घामले अघि ।
खाएकी र उखेलेकी पद्मिनी ठीक देखिंदी ॥
कै यूथपतिको साथ छुटाएर थुनी पछि ।
राखेकी ढोइझैं दुःखी थिइन् स्वाँ ! गर्दथिन् सती ॥
त्यसै स्वात्त समातेर मुठो पारेर एउटा ।
राखेको केशको चुल्ठो हल्लिन्थ्यो कटिमा तदा ॥
वर्षाद सकिंदा जस्तो वनश्रेणी जहाँकहीं ।
कालो नीलो हुँदा पृथ्वी शोभिए ठीक थिन् उनी ॥
उपवास गरी बस्ता शोक चिन्ता र त्रासले ।
साह्रै दुब्ली भएकी थिन् तपले नियमादिले ॥
जो इष्टदेवका साथ हात जोडेर आर्त भै ।
प्रार्थना गर्दथिन् "दुष्ट मरोस्" स्वपति वाट यै ॥

३८

३९

राम्रा परेला भइ क्यै र-राता थिए उनीका दुइ नेत्र सेता ।
निर्दोष साध्वी सुदती सती ती रोई रही थिन् सब तर्फ हेरी ॥
यसै अवस्थाबिच राक्षसेश आई पुग्यो ठ्याक्क झुली त्यहीं नै ।
हेरी उनीलाइ फकाँउनै पो थाल्यो स्वयं तानिइ कालले नै ॥

४०

इति उराडयिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बीसौं सर्ग

राक्षसराज रावणले देवी–सीतालाई फकाँउनु

१
आनन्द भनिने वस्तु जानकीमा थिएन बा ! ।
थिइन् तपस्विनी जस्ती घेर्दथे राक्षसी तदा ॥
सम्बोधन गरी पैले जानकीकन रावण ।
भाव पोखी निकै मीठो थाल्यो अब फकाँउन ॥
हात्तीका सूँडकै जस्ता मिलेका गतिला सफा ।
दुवै तिघ्रा हुने सीते ! सुन मेरा कुरा यता ॥
के गरेकी तिमीले छि: ! बाहुले दुइटै स्तन ।
तिघ्राले पेट छोपेकी त्यसरी किन हो ? भन ? ।
म बाट डर भै सीते ! आफैंलाइ पनी तिमो ।
कि लुकाँउन चाहन्छयौ ? भन साँचा कुरा पनि ॥
ठूलठूला नेत्रकी देवि ! सुन तिम्रो निमित्त म ।
यसरी मरिमेट्तोछु प्रेम गर्दोछु उत्तम ॥
यी सारा लोकका व्यक्तिहरूको मन तान्नमा ।
छ समर्थ, निकै राम्रो तिम्रो रूप जहाँ तहाँ ।
लौ मैले मरिमेटेमैं तिमी पनि मलाइ ता ।
केही आदरले हेर ! प्रार्थना सुनिदेऊ बा ! ॥
तिमीले मान्नु पर्दैन यहाँ कत्ति पनी डर ।
कुनै आँउन सक्तैनन् जो सुकै हुन्न सर्सर ॥
इच्छानुसारको रूप धर्न सक्ने भए पनि ।
यहाँ आँउन सक्तैनन् मर्त्य राक्षस क्वै पनि ॥
म बाट पो डरायौ कि ? हो भने सत्य यो कुरो ।
भो ! डराँउनु पर्दैन संझ यल्लाइ दास हो ! ॥
डराहिनी रहीछयौ है ए प्रिये जानकी ! तिमी ।
अधर्म गर्छ भन्ठान्छयौ यसलाइ कि ता तिमी ॥
परस्त्री-गमनै गर्नु बलैले पनि हनु गै ।
यही राक्षसको धर्म मानिएको छ है सँधै ॥
१३

१४
त्यस्तो धर्म हुँदा हाम्रो यसलाइ पनी कि ता ।
त्यसै गर्छ भनी ठान्छयौ ? त्यस्तो गर्दिन है म ता ॥
सुन ए मैथिली ! तिम्रो इच्छा छैन भने अफ ।
छुन सम्म पनी छुन्न म तिमीलाइ वास्तव ॥
अनि यस्तो अवस्थामा कामदेव वढी ममा ।
जति गर्छ जसो गर्छ गरोस् खप्छु म ता यहाँ ॥
तिमीले त्यस बारेमा पर्दैन डर मान्नु क्यै ।
विश्वास गर लौ देवि ! स्नेहले अब हेर है ॥
प्रिये ! भित्री दिलै देखि मलाइ गर प्रेम लौ ।
तापको रापमा पाक्नु तिमीले हुन्न, मान लौ ॥
बाट्नु त्यो एउटै चुल्ठो सुत्नु खाली जमीनमा ।
सँधै मोक्राँउदै बस्नु भुत्रो लाँउनु आँगमा ॥
तिथि-पर्व विना बस्नु उपवास तथा व्रत ।
तिम्रो निम्ति छँदै छैनन् यी कुरा योग्य, संझ त ॥
मिथिलेश्वरकी छोरी ! ए प्रिये ! लौ तिमी अब ।
मलाइ पति रोजेर सुख भोग यहीं सब ॥
पुष्प हार तथा माला छन् है चित्र-विचित्रका ।
सुगन्धी-वस्तु छन् नाना अगुरू-चन्दनादिका ॥
सारी छन् रेशमी-सूती अनेकौं खालका प्रिये ! ।
छन् दिव्य गहना धेर लगाउ अब प्रेमले ॥
सुत्न उत्तम शय्या छन् बस्न छन् दिव्य आसन ।
पिउँने वस्तु छन् बेस लौ लगाउ यतै मन ॥
यहीं गाना-बजाना छन् नाच छन् दिव्य सुन्दर ।
यहीं गाना-बजाना छन् नाच छन् दिव्य सुन्दर ।
सुन्दरी ! यी सबै वस्तु छिटै भोग तिमी गर ॥
मलाइ गर स्वीकार भन हुन्छ ! भनी प्रिये ! ।
म तिम्रो दास भै हाल्छु, छ सबै पुग्छ यत्तिले ॥
२६

(१००७)

२७
तिमी यी विश्वका सारा स्त्रीमा छौ रत्नरूपकी ।
भो ! भो !! न बस मैली भै गहना पैन्ह जानकी ॥
अङ्ग-प्रत्यङ्ग छन् तिम्रा सान्है राम्रा मनोहर ।
वस्तु हुन्न त्यसै सीते ! म पाए भै असुन्दर ॥
अहा ! भर्खर फक्रेको छ तिम्रो दिव्य यौवन ।
हरे ! त्यै वित्न लाग्यो बा ! यसरी व्यर्थ भैकन ॥
लौ संझ राम्ररी देवी ! नदीको भेल ठीकको ।
तिम्रो जोवन बित्तोछ फेरि फर्कन्न, संझ यो ॥
रूपको रचना गर्ने त्यो विधाता पनी प्रिये ! ।
तिमीलाइ रचे देखि रच्न छोडेछ रूप ए ! ॥
यै पक्का ठान्न थालें म न भए यदि त्यो कुरो ।
तिमी जस्ती हुनै पर्थ्यो छैनन् क्वै पनि जो अहो ! ॥
रूप-यौवनले बल्दी-जल्दी यस्ती तिमीकन ।
पाएर भन सक्ला को मन थाम्न त्यसै पुनः ॥
कुरो हुन न सक्ने हो स्वयं ब्रह्मै भए पनि ।
सक्तैनन्, पर्छ अप्ठ्यारै भै विकारी उनी पनि ॥
ए पूर्णचन्द्रकै जस्तो मुख-शोभा हुने प्रिये ! ।
अङ्ग-प्रत्यङ्ग यी तिम्रा देख्तैमा म छु छक्क ए ! ॥
राम्रो नितम्बकी देवी ! मेरा आँखा जहाँ जहाँ ।
पर्छन् ती अङ्गमा तिम्रा टक्क हुन्छन् त्यहाँ त्यहाँ ॥
मेरी पत्नी बनी हाल लौ छिटै अब जानकी ! ।
पाल्ने पतिव्रता-धर्म मोह हो, छोड, भो ! यही ॥
मैले यताउता बाट जोरेका सुन्दरी यहाँ ।
निकै छन् वेस मानिन्छन्, देख्तैछयौ छन् जहाँ, तहाँ ॥
परन्तु सब ती मेरा रानीमा एउटी तिमी ।
पटरानी पनी हौली मान लौ ! श्रेष्ठ छयौ पनि ॥
लौ ! लौ !! डराहिनी देवि ! सुन ! मैले अनेकन ।
मथेर लोक ल्याएको छु रत्न, मणि उत्तम ॥
हुने छन् सब ती तिम्रै हुँनेछु म पनी स्वतः ।
यो राज्य पनि सम्पूर्ण तिम्रै हुन्छ यथार्थतः ॥
कैयौं नगरको माला पैन्हेकी पृथिवी सब ।
जिती तिम्रा पितालाई दिउँला, मान लौ अब ! ॥
सुन अर्को कुरो देवी ! चौधै भुवनबीच यी ।
जोढै छैन कुनै मेरो जो लडोस् युद्धमा डटी ॥
४३

४४
देखौली युद्ध पर्दामा तिमी मेरो पराक्रम ।
प्रतिद्वन्द्वी कुनै टिक्नै न सक्ने जो छ उत्तम ॥
म साथ रणमा लड्दा ध्वजा र रथ चूर्ण भै ।
भाग्ने टिक्न न सक्दामा देव-दानव छन् निकै ॥
हुनाले यी सबै हेतु मान-मेरो कुरा अब ।
यसैमा हुन्छ है देवि ! तिम्रो कल्याण वास्तव ॥
गर सिंगार-पट्टार आजै देखि तिमी अब ।
चम्किला गहना होउन् यी तिम्रा अङ्गमा सब ॥
राम्रोसित सिंगारेको त्यो तिम्रो रूपलाइ म ।
देख्तोछु अहिले देखि मान ! हुन्छ ! पनी भन ! ॥
आफ्नो सरलताले र यो सोझो हाव-भावले ।
पार सिंगार-पट्टार शोभियोस् रूप यो प्रिये ! ॥
भोग्न थाल अनी आफ्नो इच्छा ठीक अनेकन ।
दिव्य भोगकनै सारा विहार गर लौ पुनः ॥
जसमा जति जो वस्तु चाहन्छयौ दिन जे तिमी ।
देउ त्यो पनि पृथ्वी वा धन जत्ति भए पनि ॥
तिमीझैं पटरानीका बन्धु-बान्धव क्वै पनि ।
न हुन् दरिद्र वा दुःखी देउली तिनमा पनि ॥
गरी यत्ति मजा साथ मलाई अनि जानकी ! ।
मन लागे सरी आज्ञा दिन थाल बसी बसी ॥
काम नाम चलेकोछयौ तिमी शोचेर हेर त ! ।
छ मेरो कीर्ति-सम्पत्ति कति ऊँचो यथार्थतः ॥
भन ? यो सब छोडेर कन्था-बल्कल पैह्रने ।
त्यो रामे सँग के बस्छयौ ? भो यै त न सुहाँउने ॥
त्यो रामे वनमै घुम्छ श्री-सम्पत्ति गयो त्यसै ।
शत्रु जित्ने पनी आशा त्यसमा अब छैन क्यै ॥
जो खालि भुइँमै सुत्छ पाल्छ घेरै जसो व्रत ।
मलाइ अब शङ्कै छ त्यो छ वा छैन जीवित ॥
प्रिये ! अब तिमीलाई त्यो तिम्रो पति-रामले ।
भेट्नु ता के कुरा भो है देख्नै मुस्किल पर्छ ए ! ॥
बकुल्ला अघि लाग्दैमा ती काला-मेघले बढी ।
ढाकेकी चन्द्रको कान्ति देखिएली कसोगरी ? ॥
हिरण्यकशिपूले के पाएथ्यो कीर्ति इन्द्रको ।
त्यस्तै संझ तिमीलाई के भेट्थ्यो अब राम त्यो ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

त्यो तिम्रो मधुरो हाँसो ठूल्ठूला नेत्र दाँत ती ।
छन् प्रिये! अति नै राम्रा छन् त्यस्तै हावभाव यी ॥
यी सबै वस्तु ए सीते! यो मेरो मन हर्दछन् ।
त्यै ठीक नागलाई क्वै जस्तो गरुड हर्दछन् ॥
त्यो तिम्रो रेशमी सारी छ मैलो जीर्ण भै सक्यो ।
छैन सिंगार-पट्टार देह दुब्लो भई सक्यो ॥
देख्ता यस्ती तिमीलाई यो मेरो मन तै पनि ।
अड्दैन अँहँ! नारीमा रानीमा अरुमा पनि ॥

६४

६५

छन् अन्तःपुरमा मेरा जत्ति रानी र भोगिनी ।
ती सबैकी तिमी यौटी स्वामिनी होउ भामिनी! ॥
अप्सराहरु लक्ष्मीको सेवा गर्छन् जसो गरी ।
त्रैलोक्यभरका नारी तिम्रो गर्छन् त्यही सरी ॥
राम्रा कटाक्षकी देवी! सुन! जो छ कुवेरको ।
श्री-सम्पत्ति तथा रत्न-धन अक्षय्यरूपको ॥
म पार्दिन्छु सबै तिम्रो चौधै भुवन साथमा ।
तसर्थ मान, लौ भोग मेरो साथ तिमी यहाँ ॥

६८

६९

तिम्रो पति छँदै छैन मेरो जोडा कसै गरे ।
तेजले तपले कीर्ति-धनले बल-वीर्यले ॥
रमण गर म साथ भोग भोग अब पर फाल समस्त दुःख शोक ।
अतुल धन म दिन्छु भूमि साथ गर मन माफिक देवि! हात-पात ॥
तन मन अब ता तिमी मलाई जनि गर देउ हओस् सँधै भलाई ।
अब रम म सँगै ल फ्याँक झुम्रा त्यस पछि बन्धु रमुन् समस्त तिम्रा ॥
झटपट सुनका अनेक हार पहिर प्रिये! न हुने गरेर झार ।
अनि म सँग गई समुद्रका ती वरपरका घुम दिव्य काननादि ॥
सुन! जनकसुते! वहाँ अनेकौं रुख-सुख छन् गतिला फुले-फलेका ।
जसबिच भवँरा गरेर भूँ भूँ रस जति स्वात्त चुसेर छन् भुलेका ॥

७३

इति बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक्काइसौं सर्ग

देवी-सीताले रावणलाई राम्रोसँग संझाउनु र श्रीरामको अगाडि 'तँ तृण बराबर छस्' भन्नु

१

उग्र राक्षसको त्यस्तो डर्लाग्दो वाक्य यो सुन ।
भित्र तोड पर्‍यो ठूलो देवी सीताकनै अनि ॥
तसर्थ दीन वाणीमा दुःखपूर्वक अन्तमा ।
विस्तारै भन्न लागिन् ती त्यसलाईं जवाफमा ॥
सर्वाङ्ग-सुन्दरी सीता थिइन् नित्य पतिव्रता ।
कुनै तपस्विनी जस्ती देखिन्थिन् चर्किंदा व्यथा ॥
रुन्थिन् थर्थर काँप्तैथिन् संम्झिन्थिन् पतिलाइ नै ।
बीचमा तृण राखेर भनिन् पछि कुरा यिनै ॥
ए निशाचर ! सुन् बाबै ! नदे मन ममा हटा ।
आफ्नै पत्नीहरू साथ प्रेम गर ! वेस हुन्छ ! जा ! ॥
पाउला सिद्धि के भन् त पाप गर्ने मनुष्य क्वै ? ।
त्यस्तै पाँउन सक्तैनस् तँ मलाइ छ सत्य यै ॥
सुन ए। पतिव्रता स्त्रीको निम्ति निन्दित यो कुरो ।
गर्नें हुन्न म जस्तोले कहिल्यै पनि बुझ् कुरो ॥
बुझिस् ! म उच्चवंशैमा जन्मेकी हूँ सती सुता ।
पवित्र-वंशमा त्यस्तै आएकी हूँ गरी विहा ॥
त्यसलाइ भनी यत्ति फर्किइन् ती पछिल्तिर ।
त्यतैवाट भनिन् फेरि त्यससाथ भई स्थिर ॥
सुन् ए रावण ! अर्काकी नारी हूँ म सती शुभा ।
तेरी पत्नी हुनालाई योग्यकी छैन बुझ् ! कुरा ॥
धर्म नै श्रेष्ठ हो बाबै ! त्यतैपट्टि तँ दृष्टिले ।
सके सम्म गरी राम्रो साधुकै व्रत पाल्न ए ! ॥
तेरा पत्नीहरू जस्तो छन् तँ बाट सुरक्षित ।
पर-पत्नी पनी त्यस्तै हउँन् तैंबाट रक्षित ॥
बना आदर्श आफैंले आफैंलाइ तँ राम्ररी ।
हो तुष्ट अनि आफ्नैमा राम्रो स्नेह गरीवरी ॥
१३

१४

जो आफ्ना रमणीमा नै हुन्न संतुष्ट सर्वथा ।
त्यसको बुद्धि धिक्कारै दिन लायक हुन्छ बा ! ॥
चञ्चले मनको त्यस्तो मूर्ख मानिसलाइ ता ।
खाल्डैमा लगिहाल्दिन्छन् अर्काका स्त्रीहरू सदा ॥
ए रावण ! यहाँ छैनन् के त सन्त-मनुष्य क्वै ।
भए पनि तँ सुन्दैनस् कि त्यस्त का कुरातकै ॥
तेरो बुद्धि यसैले पो विपरीत भएछ हा ! ।
आचार धर्मको ज्ञानै भएन छ तसर्थ बा ! ॥
बुद्धिमान् व्यक्तिले त्यस्ता तेरो हित हुने कुरो ।
भने हुन्, तर त्यो तैंले संम्झिहोस् गफमात्र पो ॥
लाग्ने कुनीतिमामात्र न खाने हितको कुरो ।
चञ्चले मनको चर्को राजा हुन्छ भने अहो ! ॥
त्यस्ताको वशमा पर्ने प्रजा पनि स्वराष्ट्रका ।
साथै भुसुक हुन्छन् बा ! जस्तै हुन् ऋद्धिपूर्णका ॥
त्यस्तै छाँट म देखतीछु यो तेरो अपराधले ।
भुसुक हुन लागिन् यी लङ्का पनि समृद्ध ए ! ॥
सुन् ए ! अदूरदर्शी क्वै पापाचारी मनुष्य ता ।
बिग्रन्छ आफ्नु पापैले जो कुकर्म भनिन्छ वा ! ॥
अनि त्यस्तो अवस्थामा त्यसरी नष्ट त्यो हुँदा ।
साह्रै प्रसन्न पो हुन्छन् जगत्का जीव-जन्तु ता ॥
यो कुकर्म गरिस् बाबै ! तँलाइ जनता अब ।
भन्नेछन् उग्र पापी हो दुष्ट नै हो भनी सब ॥
डर्लाग्दो आततायी हो भाग्यैले त्यो मर्‍यो भनी ।
भन्नेछन् बुझि राख् बाबै ! हुनेछन् दक्ष ती अनि ॥
जसरी मिल्दछे कान्ति सूर्य साथ निरन्तर ।
बुझिस् ! छु म पनी त्यस्तै राममा ठ्याप्प सुस्थिर ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अब यस्तो अवस्थामा तेरो ऐश्वर्य यो धन ।
के लछार्ला त भन् बावै ! सक्तैन वशमा लिन ॥
जगदीश्वरको त्यस्तो बाहुमा अतिउच्चको ।
सुत्थें म शिर राखेर अगाडि बुझिराख् कुरो ॥
अब त्यस्ती म सन्नारी व्यक्तिको राम-भिन्न कै ।
हातमा शिर राखेर कसरी सुतुँला त्यसै ? ॥
सुन् तँ ! अर्को कुरो जस्तो आत्मज्ञानी र स्नातक ।
द्विजको हुन्छ सर्वस्व ब्रह्मविद्या हुँदा हक ॥
छु त्यस्तै म पनी बावै ! लोकेश रघुनाथकी ।
हककी, धर्मकी पत्नी सर्वथा पनि-योग्यकी ॥
बरु राम्रो भलो हुन्थ्यो लिइ जा तँ मलाइ र ।
पति-राम सँगै मेरा मिलाइ हाल् निशाचर ! ॥
पतिको कामना राख्ने मत्ता ढोइकनै कुनै ।
दँतार साथ वनमा मिलाए ठीक गर् तँ नै ॥
आफ्नी लङ्का-पुरीलाई खोज्छस् त तँ बचाँउन ।
डर्लाग्दो बन्धनैबाट बच्न खोज्छस् भने पुनः ॥
पुरुषोत्तम श्रीराम सँग तैंले अवश्य नै ।
आफैं गएर पस्रेर मित्यारी बाँध्नु पर्छ नै ॥
यसै गर्दा भलो हुन्छ छ लायक यही कुरो ।
दयालु भइ बक्सिन्छ धर्मात्मा प्रभुराम जो ॥
धर्मको मर्म जान्ने र शरणागतवत्सल ।
यौटै श्रीराम छन् भन्छन्, दुनियाँ सब बुझ् अब ! ॥
उहाँको साथ गर् बावै ! छिटै मैत्री तँ गै अतः ।
यदि आफ्नो भलो खोज्छस् बाँच्न खोज्छस्, भने स्वतः ॥
तँलाइ लिइ बक्सिन्छ आफ्नो शरणमा उहाँ ।
खुश पार्न तँ गर् चेष्टा भलो हुन्छ जहाँ-तहाँ ॥
मै शुद्ध, चित्त सुम्पेको मलाई साथमा लगी ।
जा! बावै! सुम्पिहाल् चाँडै छ भलो छोडि दे ढिपी ॥
छ कल्याण यसो गर्दा यदि उल्टो चलिस् कि त ।
ए निशाचरको राजा ! छिटै मर्छस् तँ वस्तुतः ॥

४१

४२

छोड्ला बरु त्यसै वज्र इन्द्रको हातले छुटी ।
पर्खेला कामले किन्तु पारेरै भित्र मुट्मुटी ॥
तँ जस्तोलाइ श्रीराम छोडिबक्सिन्न है तर ।
संझी यो पनि, भन्दीछु डर्लाग्दै रिस त्यो छ र ॥
निकाल्छ इन्द्रले छोड्दा वज्र कस्तो महान् ध्वनि ।
त्यस्तै त पनि सुन्नेछस् रामका बाणको ध्वनि ॥
यहाँ अब छिटै खस्छन् नलेका मुख सर्पमैं ।
डर्लाग्दा गाँठका बाण राम-लक्ष्मणका दुवै ॥
कङ्क-पत्त्र सरी तीखा बाण ती उग्ररूपकै ।
तिल राख्ने पनी ठाम नछोडी खस्तछन् जसै ॥
अनि थापाउलास् बावै ! यहाँका सब राक्षस ।
मर्लान् भुसुक्क भै स्वात्तै के बुझिस् !दुष्ट राक्षस! ॥
ठूल्ठूला नागलाई ए ! लगे ठीक गरुडले ।
लैजाला यमको धाम त्यही राम-गरुडले ॥
अनि पो विष्णुले आफ्ना पाउले तीन, दैत्यको ।
श्री-सम्पत्ति लगे जस्तो धरी वामनरूप त्यो ॥
मलाइ लगिबक्सेला रामले साथ प्रेमले ।
छुटाएर दुराचारी तँ बाट, बुझिराख् न ए! ॥
ए राक्षस ! बुझिस् ! तैंले त्यो जनस्थानमा अघि ।
चौध हज्जार ती आफ्ना भन्ने तेरा मरे पछि ॥
न सक्ता भिडिई लड्न दाजु-भाई सँगै तदा ।
जाल-झेल गरी त्यस्तो गरिस् यस्तो कुकर्म हा ! ॥
पुरुषश्रेष्ठ श्रीराम वीर लक्ष्मण सम्म ती ।
न भएको कुटीभित्र पसि ल्याइस् त्यसै हरी ॥
भन् ए ! कुकुर टिक्ला के दुइटा सिंहको अघि ।
ती दुवैको मिले गन्ध भाग्नेछस् तँ भई त्यही ॥
इन्द्रको साथ लड्दामा एउटा हात काटियो ।
वृत्रको हातले अर्को भार थाम्न सकेन थ्यो ॥
जस्तो, त्यस्तै ल सुन् दुष्ट ! ती दुवै भाइको अघि ।
युद्धको भार थाम्नै तँ सक्ने छैनस् कसै गरी ॥

५६

५७

प्राणनाथ स्वयं मेरा राम लक्ष्मण साथ ली ।
यहाँ आएर नै तेरो हरिबक्सिन्छ प्राण यी ॥

CC-0. In Public Domain. Digitization by eGangotri

५८

कसरी भगवान् सूर्य आफ्ना किरण छोड्दिई ।
पानी सुकाइ बक्सिन्छ त्यस्तै संम्फिन ! म्फोक्रिई ॥
कैलासमा दिव्य कुवेरको घर तँ पुग् न ! बाँच्ने सुर ली भई स्थिर ।
राजा वरुणकै गतिलो सभाविषे पुगी तँ लुक् वा कसिएर बाँच्न ए ! ॥
तेरो भलो छैन बुझिस् कसै गरे श्रीरामले छोड्दिइ बक्सिइन्न ए ! ।
वेला हुँदा नाशिइने महान् रुख वज्रै परी ढल्दछ, हुन्छ त्यै ठिक ॥

६०

इति एकाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाइसौं सर्ग

राक्षसराज रावणले–देवी सीतालाइ दुइ महिनाको म्याद दिनु र राक्षसीहरूको देखरेखमा राखी महलभित्र जानु

१

जानकीका कडा त्यस्ता कुरा सब सुने पछि ।
भन्यो रावणले फेरि नराम्रो उनमा यही ॥
अनौठो गजवै हो यो ! जगतमा जत्ति मानिस ।
सुन्दरीसँग पसन्छन् निहुरिन्छन् परी वश ॥
त्यत्ति त्यत्ति उनी हुन्छन् सुन्दरीका पनि प्रिय ।
हुँदैन कहिल्यै उल्टो यसको भइ अप्रिय ॥
यहाँ त गजवै भो बा ! पस्रिई भन्छु जत्ति म ।
त्यत्ति त्यत्ति तिमी मेरो गछ्यौं हेला हरे ! किन ?॥
जस्तो कुमार्गमा दौड्ने घोडालाइ मजाखित ।
वेस सारथिले रोक्छ त्यता लाग्न न दी स्वतः ॥
तिमीमाथि बढेको यो कामदेव म भित्रको ।
मलाइ रोक्छ त्यैठीक रिस उठ्नै दिंदैन जो ॥
बडो डेढो भई बस्छ काम यो व्यक्तिमात्रमा ।
गै यो जो साथ बाँधिन्छ त्यसैको फँस्छ स्नेहमा ॥
त्यसैसाथ लहस्सिन्छ त्यसैमा अरुमा बढी ।
दया स्नेह महान् प्रेम गर्न थाल्दछ हर्घडी ॥
ए राम्रो मुखकी सीते ! यिनै कारणले गरी ।
म मार्दिन तिमीलाई बाटो हेर्छु भलै गरी ॥
हो ! विरक्त भएकीछौ भूठो वैराग्यले तिमी ।
यसर्थ योग्यकी नै हौ हेंला वा वधकी पनि ॥
कुरा न चाँहिदा गर्दा खप्नै न सकिने कडा ।
शव्दैपिच्छे तिमीलाई थ्यो योग्य सकिहाल्नु ता ॥
रिसले चूर भै ज्यादै भन्यो रावणले यति ।
पछि बाट यसो भन्छ सीतासँग लहस्सिई ॥
सुन सुन्दरि ! लौ भैगो ! अघि मैले तिमीकन ।
दिएँथे महिना बाह्रै मात्रको म्याद त्यै गुन ! ॥

१३

१४

अब छन् त्यसमा बाँकी महिना दुइ मात्र यी ।
म हेर्छु तिनको बाटो अझै पनि सवै खपी ॥
आफ्नो वचन राखेर सकी अवधि त्यो पनि ।
मेरो शयनमा आउ महिषी हुन सुस्तनि ! ॥
मलाइ पति रोज्नामा त्यत्ति काल विते पछि ।
पनि स्वीकार-मञ्जूरी गरिनौ कि अनर्थ भो ! ॥
राम्ररी यो कुरा संझ मेरा भान्छेहरू अनि ।
मार्छेन् विहानको खाना पार्छेन् दिन्छन् मलाई नि ! ॥
त्यसले त्यसरी देवी सीता हप्काँइदा वहाँ ।
देव-गन्धर्वका कन्या परे जिल्ल विषादमा ॥
तिनमध्ये कसैले ता जानकीलाइ दुष्टले ।
तर्साएको वहाँ देख्ता सँम्झाए हाउ-भाउले ॥
न डराउ ! भने आफ्नो ओठैले पनि कत्तिले ।
छड्के हानेर आँखाले कसैले मुख-हावले ॥
दिंदामा तिनले आड केही धैर्य वढी अव ।
भन्छिन् राक्षस-राजामा शान्त भै जानकी तव ॥
भनाइ उनको यो थ्यो उनका हितको भलो ।
थाम्ने पतिव्रता-धर्म त्यसैको गर्व पूर्णको ॥
सुन् ए ! राक्षस ! यो लङ्का नगरीभर वास्तव ।
अँहँ ! तेरो भलो गर्ने व्यक्ति नै पो रहेन छ ॥
भए पक्कै पनी रोक्थ्यो यस्तो निन्दित काममा ।
तँ लाग्दामा न लाग् भन्दै हेर् ! न राम्रै पर्‍यो यहाँ ॥
इन्द्रकी धर्मकी पत्नी शची ठीक बुझिस ! छु म ।
धर्मात्मा रामकी पत्नी धर्म थाम्ने र उत्तम ॥
यस्ती मलाइ ए दुष्ट ! त्रैलोक्यभरमा पनि ।
तँ बाहेक त्यसो भन्न सक्ने छैन कुनै पनि ॥

२६

(१०१३)

२७

त्यस्ता अमित-तेजस्वी रामकी गृहिणीसित ।
जो पापको कुरा बोलिस् अयोग्य नम्रजासित ॥
फलस्वरूपमा सुन् ए ! त्यसको योग्य दण्डले ।
तँ अवश्य पनी मर्छस् उम्कलास् र त्यसै त के ? ॥
हरायो र कुनै मत्ता-हात्ती जङ्गलबीच क्वै ।
पुगे संयोगले लड्न अ-आफैबीच क्रुद्ध भै ॥
तौ शोच् राक्षस!को जित्ला?छस् तँता रामको अघि ।
हरायो ठिकको त्यस्तै मरी हाल्छस् परे अघि ॥
इक्ष्वाकु-वंशका नाथ श्रीराम-प्रभुको अहो ! ।
गर्दा हेला तिरस्कार मान्दैनस् लाज सम्म जो ॥
लौ ! हुन्छ, गरि राख् बाबै ! तँ मेरो पतिदेवको ।
अगाडि न परेसम्म गर्लास होइन ? संझि यो ॥
अनार्य भनिने तैं होस् आँखा गाडी निरन्तर ।
मलाइ यसरी जो तँ हेर्दछस् ए निशाचर ! ॥
तेरा काला पहेंला यी आँखा पनि हरेशिव ! ।
मलाई यसरी हेर्दा फुट्तैनन् किन वास्तव ॥
बुझिस् ! म धर्म पत्नी हूँ त्यस्ता धार्मिक-रामको ।
बुहारी हूँ दशरथ-राजाकी पाल्छु धर्म जो ॥
त्यस्ती पतिव्रता नारी मैसाथ यसरी हरे ! ।
कुरा गर्दा यता तेरो जीब्रो झर्दैन ? दुष्ट ए ! ॥
दश मोटा हुने घाँटी सुन् ए दुच्छर रावण ! ।
तँलाई नाश्न सक्नेछ भै मेरो तेज कारण ॥
नहुँदा रामको आज्ञा तपस्या साँच्न यो पनि ।
म भस्म पार्न चाँहन्न तँ जस्तोलाइ तै पनि ॥
विद्वान् श्रीरामकी यस्ती सती पत्नी मलाइ ता ।
कसरी हर्न सक्थिस् तँ ? खण्ड-खाद्य परेछ बा ! ॥
तँलाई मार्नकै निम्ति विधाताले मजासित ।
रचेछ घटना यस्तै जाल-पेच परेछ ल ! ॥
राम्रो जवाफ दे लौ त!मै हूँ भन्छस् तँता हकि ? ।
तँ जस्तो शूर वा वीर छँदैछैन कुनै हकि ? ॥
साक्षात् कुवेरको भाई तँ नै होस् योग्यको यता ।
छन् तेरै साथमा फेरि कैयौं राक्षस-सैन्य ता ॥
यस्तो भैकन चोरेर रामलाइ छलीवरी ।
वहाँकी गृहिणीलाई ल्याइस् किन यहाँ हरी ? ॥

४३

४४

सीताका यी कुरा सुन्दा राक्षसेश्वर रावण ।
झकमक्क पऱ्यो भित्र निकै तोड परीकन ॥
अनि आँखा उठाएर तेर्सो पारेर क्रोधले ।
घोल्लिई हेर्न लाग्यो बा ! जानकीलाइ दुष्ट ए ! ॥
देखियो त्यसवेलामा राक्षसेश्वर उग्र पो ।
नीलो मेघ सरी कालो डर्लाग्दो क्रूर देहको ॥
लामा मोटा थिए हात त्यसका कण्ठ साथका ।
गति वीर्य थियो त्यस्तै सिंहकै ठीकको कडा ॥
र-राता नेत्र थे धप्पै बल्छन् जस्ता भयङ्कर ।
जिब्रो निस्किरहेकोथ्यो ल-लामो भइ अस्थिर ॥
अतिचर्को हुँदा क्रोध किरीट शिरको उता ।
निकै हल्लिरहेकोथ्यो देखिन्थ्यो उच्च झन् यता ॥
अनुलेप लगाएको थियो देह भरी सत्र ।
अनेकौं हार शोभिन्थे गलामा झल्ल भै तव ॥
बाजूबन्द तथा बाला झुल्दथे बाहुमा यता ।
र-राता वस्त्र-माल्यादि शोभिन्थ्यो देहमा उता ॥
त्यसको कटिमा चारैतिर कालो र सुन्दर ।
मेखला शोभिइन्थ्यो बा ! त्यसवेला निरन्तर ॥
सुधा-मन्थन गर्दामा वासुकी-नागराजले ।
बेह्रेको मन्दरै जस्तो देखिन्थ्यो भव्यरूप ए ! ॥
टक्रक्क दुइटा अग्ला टाकुरा बाट शोभित ।
मन्दराचल जस्तै पो शोभिन्थ्यो बाहुले तव ॥
दुइ कुण्डल शोभिन्थे कानबीच, विहानको ।
सूर्यको ज्योतिझैं रातो-पहेंलो भव्यरूपको ॥
ठूला अशोकका वृक्ष दुइ पर्वतलाइ क्वै ।
पालुवा-फूलले शोभा थप्छन् जस्तै थियो निकै ॥
थपिएको नयाँ शोभा कल्पवृक्ष सरी थियो ।
साक्षात् वसन्त हो जस्तो देखिन्थ्यो गतिलो अहो ! ॥
गहना-वस्त्रले यस्ता सुशोभित भए पनि ।
श्मसान-मन्दिरै जस्तो डर्लाग्दैथ्यो अझै पनि ॥
अब रावणले हेऱ्यो जानकीतिर स्वाँ ! गरी ।
झोकिई सर्प जस्तै भै भन्यो आँखा तरी-वरी ॥
अन्यायी निर्धनी त्यस्ता जावा क्षुद्र-मनुष्यको ।
पछि लाग्ने तँ होस् नारी ! सुन् ! कुरो छ अझै मलो ॥

६०

६१

विहानीपखको सन्ध्या सूर्यले नाशिदिए सरी ।
जानकी ! सुन् तँलाई म नाशिदिन्छु यसै घडी ॥
लोकै रुवाँउने सारा राजा रावणले अब ।
भनी त्यत्ति भनी हेऱ्यो वहाँका राक्षसी सब ॥
नजीकैमा बसेकाथे घेरी सोताकनै उनी ।
एकाक्षी एककर्णा र कर्णप्रावरणा अनि ॥
गोकर्णी हस्तिकर्णी र लम्बकर्णी अकर्णिका ।
हस्तिपदी अश्वपदी गोपदी पादचूलिका ॥
एकाक्षी एकपादी र पृथुपादी अपादिका ।
अतिमात्रशिरोग्रीवा अतिमात्रकुचोदरा ॥
अतिमात्रास्यनेत्रा र दीर्घजिव्हा अजिव्हिका ।
गोमुखी क्रोडमुखी र सिंहमुखी अनासिका ॥
सुन ! राक्षसी मोरी हो ! तिमीहरू त्यसै गर ।
जसरी जानकी मेरो वश पर्छे भई स्थिर ॥
एकैपल्ट मिली सारा प्रयत्न गर अन्तमा ।
नमाने भन्न संम्झाओ बेग्ला-बेग्लै भई यहाँ ॥
उल्टो-पाल्टो पनी भन्नु देखाँउनु सबै कुरा ।
साम, दान तथा भेद बुझाँउनु गमी पुरा ॥
कुनै सीप नलागेमा दण्ड-नीति पनी बुझ !।
प्रयोग गर्नु यस्तीमा वश पार्नु मिली सब ॥
ती सारा राक्षसीलाई सम्झाई यसरी कुरा ।
तर्सायो जानकीलाई त्यसले काम चढ्दिंदा ॥

७१

७२

अघि आई यसैवेला राक्षसी धान्यमालिनी
राजालाइ अँगालेर प्रेम साथ यसो भनी ।
लौ महाराज ! मै साथ मजासित भने सरी
विहार गरिबक्स्योस् भो ! सीतालाई त्यजीवरी ।
हो यो मानिसकी छोरी कान्ति-हीन छ फेरि यो
यस्ती साथ फसे देखि के मजा आउला र ! भो ।
ब्रह्मादि-देवताले नै यसको भाग्यमा प्रभो !
लेखेके छैन यी भोग भोग्न यस्ता कमाइको ।
फेरि अर्को कुरो यो छ नारी साथ नचाहने
गर्दा संसर्ग गर्नेकै चित्त हुन्छ पिरलिने ।
आफूमा मरिमेट्छे जो छ मत्त जुन प्रेमले
त्यसैसाथ गरे प्रेम दीगो हुन्छ भलै छ ए !
भनेर त्यसले यत्ति राक्षसेश्वरलाइ त्यो
लगी पर हटाएर पछि मस्किइदै वढो ।
बाक्लो बादलझैं कालो राक्षसेश्वर त्यो पनि ।
दङ्गादङ्गी परी फर्क्यो घरतर्फ त्यसै अनि ।
फर्केर आँउदा ओहो ! त्यसका पाउले धरा ।
साह्रै भार भई काँपिन् थर्थराएर हा ! धरा ॥
गरी यत्ति पस्यो राजा महान् महलभित्र त्यो ।
मध्यान्हीपखको साक्षात्-सूर्यको तेजझैं हुँदो ॥
देव-गन्धर्वका छोरी नागकन्या पनी सब ।
घेरी रावणलाई यो पसे महलमा तब ॥

८२

८३

स्वधर्ममा तत्पर चित्तकी दरी यी जानकीलाइ हँकारि वेसरी ।
गै भित्र भै मोहित कामले पिरी ओछ्यानमा डङ्ग लड्यो जलीवरी ॥

इति बाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेइसौं सर्ग

राक्षसीहरूले सीतालाई सम्झाँउनु ।

१

आफ्ना शत्रु हुनेलाई नित्य पिर्ने रुवाँउने ।
त्यस रावणले सीता भनिइन् भइ झोक्किने ॥
पालो र पहरा बस्ने राक्षसीलाइ ती पनि ।
त्यसतो आज्ञा दिई फर्क्यो राक्षसेश्वर त्यो अनि ॥
निस्किएर त्यहाँबाट त्यो खोपीमा पसे पछि ।
घेरे बा ! जानकीलाई मिलेर अब राक्षसी ॥
रिसले चूर थे सारा राक्षसीहरु ती सब ।
निकालेर कडै बोली भन्छन् सीताकनै अब ॥
सुन ए मानुषी-सीता ! हाम्रा राजा यथार्थमा ।
पुलस्त्य-ऋषिका साक्षात् जन्मेका हुन् सुवंशमा ॥
दिलका देहका ठूला त्यस्ता राक्षसराजकी ।
पत्नी हुन पनी के हो, ? संम्झिन्नौ भाग्य ?जानकी !॥
अब एकजटा राता आँखा पारेर भन्दछे ।
झीनो पेट हुने देवी-सीतालाइ भनेर ए ! ॥
पुलस्त्य-ऋषि हुन् सीते ! छ प्रजापतिमध्यका ।
चारैं चाँहिं महान् तेजो जानेका तत्त्व विश्वका ॥
सृष्टिकर्ता महायोगी ब्रह्माका मनबाट जो ।
जन्मेका गतिला यौटा छोरा हुन् श्रेष्ठ एक पो ॥
उनैका विश्रवा भन्ने नामका मुनि हुन् सुत ।
जो प्रजापति जस्ता नै तेजिला छन् यथार्थतः ॥
ठूलठूला नेत्रकी सीते ! उनैका पुत्र हुन् यिनी ।
राक्षसेश्वर यी हाम्रा राजा छन् गुणवान् पनि ॥
जसका शत्रु सम्पूर्ण रुन्छन् घर्धर सर्वदा ।
अब होऊ तिमी पत्नी मान लौ अब मान बा ! ॥
सर्वाङ्गसुन्दरी छौ र भन्दीछु यसरी मता ।
हुन रावणकी पत्नी मान लौ अब मान बा ! ॥

१३

१४

थिई हरिजटा नाम भएकी राक्षसी वहाँ ।
बिरालाकै सरी आँखा शोभिन्थे दुइटा जहाँ ॥
अब पिर्लिक्क पल्टाई तिनैलाइ मजासित ।
भन्न लागी त्यही देवी-सीतालाइ यसो तब ॥
सुन ए जानकी ! जल्ले जितिए इन्द्र साथका ।
तेत्तीस देवता त्यस्ता स-साथै लोकपालका ॥
यस्ता राक्षसका राजा वीर रावणकी तिमी ।
छिटै पत्नी बनी हाल भो ! न हेर कतै पनि ॥
प्रघसा नामकी अर्की राक्षसी झोक्किंदै अब ।
भन्न लागी उनीलाई कुरा उग्र कडा तब ॥
हाम्रा राक्षस-राजामा छ आफ्नो बल-वीर्यको ।
महान् घमण्ड ए सीते ! हट्तैनन् युद्ध बाट जो ॥
शूर-वीर महान् यस्ता हाम्रा राजा सँगै पनि ।
न मान्ने छीः तिमी कस्ती ? होउ लौ !महिषी पनि ॥
महान् बल हुने राम्रा राजा आफ्नी निकै प्रिया ।
पत्नी मन्दोदरी जस्तालाई सम्म त्यजी उता ॥
लहस्सिई तिमी साथ आउँदैछन् भने अब ।
के खोज्छयौ ?ह्रो महारानी ठूलै भाग्य रहेछ ल ! ॥
हजारौं रमणी-नारी-रत्नले टन्न सुन्दर ।
हाम्रा राक्षस-राजाको छ खोपी मन् मनोहर ॥
यी सवैलाई लत्याई तिमीमै लट्ठिईकन ।
पसारो पर्दछन् राजा मान ! हुन्छ ! तिमी भन ॥
विकटा नामकी अर्की राक्षसी भन्दछे पुनः ।
संम्झाएर मजैसाथ उनीलाइ भनी सुन ! ॥
नाग-गन्धर्व-देवादि सारा दानव सम्म ती ।
अनेकौपल्ट युद्धैमा जितिए जसले लडी ॥

२६

२७

नीच नारी तँ होस पक्कै त्यस्ता व्यक्तिकनै पनि ।
हेर्ने, पत्नी हुनालाई न खोज्ने किन ? स्वाँठिनी ! ॥
चुप लागी भनी त्यत्ति जव त्यो अनि दुर्मुखी ।
नामकी राक्षसी अर्की भन्छे उनकनै बढी ॥
जसको डरले गर्दा चर्किन्नन् सूर्फ घाम भै ।
वहन्नन् बेस्करी वायु त्यल्लाई अब रोज है ! ॥
भनाइ तिनको मान हुन् तिनै राक्षसेश्वर ।
ठूल्ठूला नेत्र यी तिम्रा भोगुन् सौन्दर्य सुन्दर ॥

३०

३१

सुन्दरी भामिनी सीते ! परी रावणको घ
फुलेका वृक्ष यी सारा झार्दछन् फूल बेसर ।
खाश पर्वतकै साथ माथिका मेघ सम्म यो
सोता बहाँउनै थाल्छन् जल्ले इच्छा गरे पछि ।
त्यस्ता वैभव-सम्पन्न राक्षसेश्वरको तिमी
पत्नी हुन पनी ओहो ! गव्केकी किन व्यर्थ नि ! ॥
तिमीलाई भने मैले ए देवि ! हितका कुरा ।
यथार्थ-तत्त्व यै नै हो मान लौ ! हित हुन्छ वा ! ॥

३४

३५

साह्रै राम्रो हुने हाँसो हो तिमी दिव्य-सुन्दरी ।
मान लौ ! न भए देखि मर्नेछयौ शोच ! राम्ररी ॥

इति तेइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौबिसौं सर्ग

देवी-सीताले राक्षसीहरूको भनाई मान्दै मान्दिन भन्नु र राक्षसीहरूले डर-धाक देखाइ तर्साउनु

१

देख्नैमा अति डर्लाग्दा त्यहाँ जो राक्षसी थिए ।
तिनले जानकीलाई भने भन्नु न भन्नु ए ! ॥
राजा रावणको खोपी पृथ्वीका सब जीवको ।
निम्तिमा पनि सीते ! छ राम्रो सुख दिने भलो ॥
छन् बिछयौना बिछयाएका त्यहाँ नाना प्रकारका ॥
सँधै हेरिरहौं जस्ता बहुमूल्य अमूल्यका ॥
अब लौ भन ए लाटी ! त्यस्तोमा गइ बस्न र ।
आफैं हुन महारानी के मान्दिनौ ! छ के सुर ! ॥
तिमी हौ मानुषी सोझी तस्मात् पति-मनुष्यको ।
पछि लाग्छयौ मरी मेट्छयौ अझै पाउँनलाइ त्यो ॥
त्यो रामेलाइ भो देवि ! अब बिर्स, न संझ भो ! ।
न माने देखि ए सीते ! मर्दछयौं, ख्याल राख यो ॥
सुन ! त्रैलोक्यको सारा श्री-सम्पत्ति र वैभव ।
भोग्ने राक्षस-राजाकी पत्नी होउ छिटै अब ॥
अनि आनन्द मानेर भइ ढुक्क निरन्तर ।
विहार गर राजाको साथमा भइ निर्डर ॥
तिमी मानिस हौ रानी ! तस्मात् मानिस पोइको ।
मान्छयौ संसर्ग नै राम्रो बेसै हो ! तर शोच यो ! ॥
त्यो रामे पहिले जस्तो छैन है अब क्यै दरो ।
त्यसको राज्य गै हाल्यो दिन सक्तैन क्यै कुरो ॥
राक्षसीहरुका यस्ता कुरा सब सुने पछि ।
खसाली आँसु बर्वर्ती भन्दछिन् अब जानकी ॥
मिली तिमीहरू सारा भन्छौ लोक-विरुद्ध यो ।
नीच काम-कुरो गर्न म मान्दिन कसै अहो ! ॥
मेरो निमित्तमा यस्ता कुरा छन् पापपूर्णका ।
क्यै गरे पनि टिक्तैनन् बुझ्यौ ! हृदयभित्र ता ॥

१३

१४

म जस्वी मानुषी नारी क्रूर राक्षस-जातिको ।
पत्नी कसै गरे हुन्न, हुनै सक्तैन यो कुरो ॥
तिम्रा कुरा न मान्दा त्यो मलाइ सबले मिली ।
खान्छौ भने पनी खाओ हुन्छ ! हुन्छ भलो यही ॥
राज्यहीन तथा दीन क्षीण जस्तो भए पनि ।
श्रीराम भइ बक्सिन्छ मेरा पति तथा धनी ॥
गुरु मान्छु उहाँलाई म आफ्नो योग्यरूपको ।
मान्य पूज्य म संझन्छु उहाँकै व्रत धर्छु जो ॥
जस्तो सुवर्चला देवी लाग्दछिन् सूर्यको पछि ।
त्यस्तै लइस्सिई लाग्छु म पनी रामकै पछि ॥
सौभाग्यशालिनी देवी शची जस्तो सुरेन्द्रको ।
सेवामा रम्दछिन् नित्य त्यस्तै रम्छु म रामको ॥
सती अरुन्धती देवी श्रीवसिष्ठ-महर्षिमा ।
रोहिणी चन्द्रमामा र लोपामुद्रा अगस्त्यमा ॥
श्रीसुकन्या च्यवनमा सावित्री सत्यवान् सित ।
सौदासमा मदयन्ती केशिनी सगरैसित ॥
श्रीश्रीमती कपिलमा भैमी नल-नरेशमा ।
सँधै एक भए जस्तो छु मता पति-राममा ॥
सुन्दा जनकराजाकी छोरीका यी कुरा सब ।
झोक्किए अब ज्यादै नै त्यहाँका राक्षसी सब ॥
पाएका नै थिए आज्ञा त्यस्तो राक्षसराजको ।
कडै वाक्य भनी तस्मात् लागे हप्काँउनै अहो ! ॥
यता सीता बसेको त्यो शिशौको रुख मास्तिर ।
लुकी चुप्प बसेका थे हनुमान् भइ सुस्थिर ॥
दुष्ट यी राक्षसी सारा मिली ती जानकीकन ।
तर्साउँथे, हकार्थे जो सुन्दैथे कान दीकन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

झोक्किई राक्षसी सारा उता यी मैथिलीकन ।
जो काँप्थिन् डरले थर्र झम्टिए उग्र भैकन ॥
ल-लामा टिल्ल टल्केका ओठ चेप्र्याँउदै तथा ।
चाट्तै हात उच्याएर जाइलागे सबै तदा ॥
कैयौंले त लिएकाथे हातमा बञ्चरो पनि ।
साह्रै क्रुद्ध भएकाथे भन्न थाले यसो अनि ॥
सारा राक्षसका राजा हाम्रा रावणलाइ यो ।
पतिको रूपमा भेट्न योग्य छैन कसै अहो ! ॥
डर्लाग्दा राक्षसी द्वारा सीता हप्काइयिन् जब ।
हनुमान्‌को तलै पर्ने हुँदै टहलियिन् तब ॥
ठूल्ठूला नेत्रकी सीता शोकसागरमा डुबी ।
चुप्पचाप्प भई देवी त्यहींनिर वसिन् पछि ॥
यहाँ आएर बस्तामा पनि ती राक्षसी सब ।
घेरे आइ पुगीहाले पाइनन् क्यै गरे सुख ॥
मैली निन्याउरी त्यस्ती जानकीलाइ अन्तमा ।
मिलेर राक्षसी सारा लागे तर्साउँनै यहाँ ॥
विनता नामकी यौटी डर्लाग्दी राक्षसी थिईं ।
पेट स्याप्पै सुकेकोथ्यो भनी बा ! अतिझोकिईं ॥
सुन् सीते ! पतिमा आफ्नो तैंले जो स्नेह-प्रेम यो ।
देखाइस् ! भो त्यही ठूलो धन्य होस् ! अब छोडपुग्यो ॥
राम्रो बानी हुने नानी ! सुन् बावै ! अति गर्नु ता ।
क्यै कुरामा पनि हुन्न गरे त्यै दिन्छ दुःख बा ! ॥
मिथिलेश्वरकी छोरी ! तेरो कल्याण होस् सदा ।
चालमाल सबै तेरो देख्ता खुस छु है मता ॥
किन ? भन्छेस् मने नानी ! तैंले मानवजातीमा ।
गरिने व्यवहादि पालिस् जो राम्ररी यहाँ ॥
भैगो ! म पनि भन्दिन्छु अब यी हितका कुरा ।
तेरै निमित्तका हुन् है मान् ! राख् ! मेरा पनि कुरा ॥
स्वामी राक्षसका राजा वीर रावणलाइ ती ।
भज् बावै ! पति मान् चाँडै, भलो हुन्छ भरे अवि ॥
ठूला पराक्रमी हुन् है छन् भने ठीकका पुनः ।
इन्द्रझैं रूपवान् छन् ती छन् सम्पन्न र उत्तम ॥
प्रिय छन् सबका फेरि प्यारै बोल्छन् सबैसित ।
छन् उदार पनी त्यस्तै दिन सक्छन् मजासित ॥

४३

४४

अघिल्लो पोइ त्यो तेरो मान्छे हो कृपणी छ त्यो ।
भुसुक्क बिर्सिदे बावै ! पति मान् यिनलाइ भो ! ॥
अनि देख्लिस् तँ वैदेहि ! आजै देखि स्वयं तँ ता ।
त्रैलोक्यकै महारानी हुनेछस् भाग्य खुल्छ बा ! ॥
लत्ता र कपडा मिल्छन् बहुमूल्य-अमूल्यका ।
गहना-गुरिया हुन्छन् मणि-रत्न जडाउका ॥
यी राम्रा अङ्गमा तेरा लेपिन्छन् लेप उत्तम ।
अनि ठाँटिइदै हिंड्लिस् मस्किदै भै मनोरम ॥
देखिनेछस् तँ त्यैवेला स्वाहा झैं अग्निकी प्रिया ।
शची झैं इन्द्रकी देवी राम्री छस, वेस हुन्छ बा ! ॥
दीन-हीन भयो रामे कुन्नि है ? छ कि छैन त्यो ।
बाँचे पनि मरे जस्तै भै सक्यो शोच ! भलो कुरो ॥
यदि मैले भने जस्तो गर्दिनस तँ भने यदि ।
तँलाई अहिले मार्छौं खान्छौं सब मिली पछि ॥
विकटा नामकी अर्की डर्लाग्दी राक्षसी थिईं ।
जसको स्तन झोलिन्थ्यो अब आइ त्यही अघि ॥
क्रोधले गर्जिईं लागी भन्न त्यो जानकीकन ।
ताकेर बलीयो मुक्की हान्छु जस्तै गरीकन ॥
रहिछस् बुद्धि विग्रेकी मैथिली ! तँ यथार्थमा ।
हाम्रा राम्रा कुरा यस्ता मान्दिनस् तँ अझै यहाँ ॥
हामीलाइ भनिस् तैंले कस्ता अगतिला कुरा ।
हामीले त्यो सबै विर्स्यौं दया गरी भनी वरा ! ॥
हाम्रो स्वभाव त्यस्तै थ्यो सहथौं अनि सबै कुरो ।
मान्दिनस् तँ भने हाम्रो वेलाकै योग्यको कुरो ॥
हेर् बावै ! यत्तिको टाढा ल्याइथिस् सिन्धु-पार तँ ।
जहाँ आँउन सक्तैनन् अरु कै ज्यान ली संग ॥
यहाँ पनी तँ छस बावै ! साक्षात् राक्षसराजको ।
यो अन्तःपुरभित्रैको बगैंचाबीच गुप्त पो ॥
घट्टमा घाम लागोस् लौ कैदिनी होस् तँ सँझि यो ।
देखिस् ! हामीहरू सारा पहरा छौं, तयार जो ॥
तसर्थ मैथिली ! सुन् तँ आफैं आए पनी यहाँ ।
हुन्नन् सफल देवेन्द्र तेरो रक्षा गर्नमा ॥
यो सबै हेतुले गर्दा भनें मैले भलै कुरो ।
तसर्थ मानिहाल् सीते ! भो ! नरो ! शोक व्यर्थ हो ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

दङ्ग पर् दीनता छोड्यो प्रेम गर् हो तँ उत्सुक ।
राक्षसेश्वरको साथ क्रीडा गर् पा ! महान् सुख ॥
हराहिनी रहीछस् छीः ! स्त्रीको जोवन वास्तव ।
हो है कमलकै पानी सकिन्छ छिनमै सब ॥
बढ्दो छ अहिले तेरो फक्रिई दिव्य यौवन ।
तस्मात् नसिद्धिदै बावै ! त्यसको सुख भोग् पुनः ॥
रक्सी खाए सरी आँखा भएकी छस् तँ सुन्दरी !।
हाम्रा राजासँगै घुम् तँ गर् विहार थरी-थरी ॥
वनोपवनमा घुम् तँ पुग् नाना गिरिमा पनि ।
राक्षसेश्वरकै साथ गर् बिहार जहाँ-तहीं ॥
हाम्रा राजाकनै तैंले आफ्नो पति वरिस् भने ।
हजारौं सुन्दरी रानी छन् तेरै वशमा हुने ॥
यदि मैले भने जस्तो गर्दिनस् त भने पुनः ।
तेरो मुटु-कलेजो नै झिक्छु, निल्छु सलक्क म ॥
अब चण्डोदरी भन्ने राक्षसी अघि आइ र ।
तेर्स्याएर महान् शूल भन्न थाली यसो तव ॥
नव यल्लाइ राजाले ल्याएकाथे हरी यहाँ ।
त्योवेला यो निकै काँप्थी हल्लिन्थे स्तन त्रासमा ॥
ठूल्ठूला नेत्रकी राम्री देख्ता यो मानवीकन ।
यल्लाइ खान त्यैवेला खोज्दथ्यो लोभिई मन ॥
फोक्सो मुटु कलेजो र ह्याकुलो टाउको पनि ।
अरु अङ्ग सँगै यस्को खान खोज्छु अझै पनि ॥

७१

७२

प्रघसा नामकी अर्की राक्षसी भन्दछे अब ।
मारौं घाँटी अँठ्याएर, पर्खन्छौ किन हो सब ?॥
मारौं र पहिले हामी राजालाइ गई अनि ।
सरी मानव-कन्या त्यो भन्दिऔं सँाचिला बनी ॥
सुन्दा खवर त्यो राजा आज्ञा देलान् यसो भनी ।
खाओ तिमीहरू जाओ शङ्कै छैन कुनै पनि ॥
भन्छे अजामुखी भन्ने राक्षसी अब कुर्लिई ।
किन यस्ता कुरा गर्छौ झगडा-तगडा झिकी ॥
यल्लाई पहिले मारौं काटकूट गरौं पछि ।
बाँडौं बराबरी पारी खाऔं अनि सबै बसी ॥
त्यसको साथसाथैमा हुनुपर्छ अनेकन ।
खाने र पिउँने बस्तु मालाकै साथ उत्तम ॥
अब शूर्पणखा भन्ने राक्षसी भन्दछे यसो ।
कुरा अजामुखीको छ वडो वेस, म मान्छु त्यो ॥
मगाओ मदिरा चाँडो पीर—ताप हटाँउने ।
मान्छेको मासुकै साथ त्यो छ खाँदा मजा हुने ॥
अनि हामीहरू सारा इष्टदेवी—निकुम्भिला ।
माताको अघि आएर नाचन थालौं यताउता ॥
देवकन्या सरी सीता डलाग्दा राक्षसी मिली ।
यसरी पारिइन् खिन्न तर्साएर घडी घडी ॥
अब ज्यादै भएकोले ठूल्ठूला नेत्रकी उनी ।
घर्धरी रुन लागिन् बा ! उड्यो धैर्य त्यसै पनि ॥

८२

इति चौबीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पच्चिसौं सर्ग

राक्षसीहरूलाई मान्दिन भनेर देवी सीताले अलाप–विलाप गरेर रूनु

१

क्रूर अत्यन्त डर्लाग्दा राक्षसीहरु ती सब ।
भन्दथे यसरी नानाथरी उग्र कुरा तब ॥
सुनेर तिनका त्यस्ता कडा अगतिला कुरा ।
जानकी आत्तिइन् साह्रै रुन लागिन् त्यसै बरा ॥
उदार दिलकी त्यस्ती मैथिली थर्र भै अब ।
भन्न लागिन् उनीलाई रुँदै गद्गद भै तब ॥
तिमीले के भनेका छीः मानुषी महिला पनि ।
पत्नी राक्षसकी हुन्थी कसरी ! योग्य छैन नि ? ॥
जे सुकै गर खाओ कि, न खाओ कि ? मलाइ के ।
खान्न तिम्रा कुरा कत्ति, मान्दै–मान्दिन,होसन् जे ॥
भनिन् भन्न भने यत्ति सीताको मन त्यो तर ।
अशान्त भै रहेकोथ्यो रुँदैथिन् अफ्र धर्धर ॥
हकारेर गएकोथ्यो राक्षसेश्वरले उता ।
राक्षसीहरु सम्पूर्ण घेर्दथे क्रूर भै यता ॥
तस्मात् ती अङ्गमा आफ्नै आफैं खोज्थिन् विलाँउन ।
देवकन्या सरी थिन् बा ! काम्नथिन् डरले पुनः ॥
छुट्ता बगालको साथ ब्वाँसाले पछि लाँगिदा ।
वनमा थर्र कांपेकी मृगिणी ठीक थिन् बरा ॥
उनका मनका आशा नाशिएका थिए तब ।
मनमा खेल्दथ्यो खालि पति–श्रीरामकै पद ॥
अशोकवृक्षको हाँगो यौटा झुल्थ्यो तलै फुली ।
त्यसैलाइ समातेर शोच्तैथिन् शोकले जली ॥
आँखाबाट बहेकोथ्यो रुनाले आँसुकै नदी ।
थियो चुर्लुम्ब पारेको त्यसैले स्तनलाइ ती ॥
बस्ता पनि निकैबेर शोचेर त्यसरी उनी ।
शोकका सिन्धुको पारी सकिनन् पुग्न तैपनि ॥

१३

१४

हुरीले थाम केराको काँपेझैं काँप्तथिन् बरा ।
काली नीलि भएकी थिन् राक्षसीको डरै हुँदा ॥
त्यसरी डरले काँप्ता अकस्मात् उनले अब ।
देखिन् बा! आफ्नु चुल्ठो त्यो हल्लेको पनि वास्तव ॥
निकै लामो र राम्रो थ्यो त्यसमा रउँथे सफा ।
थियो बाल्लो लखाकीझैं, हल्लिन्थ्यो सर्प झैं तदा ॥
बढ्नाले शोकको पीडा गर्दथिन् सुइय्य! खुइय्य! ती ।
यता क्रोध बढेकैथ्यो मूर्च्छैंपाछ्रं सरी अति ॥
घुँक्क ! घुँक्क !! गरी रुन्थिन् झार्दथिन् आँसु बर्बर ।
विलाप गर्न लागिन् ती अन्तमा बढ्दिदा फिर ॥
पतिदेव ! प्रभो राम ! हा ! हा ! देवर लक्ष्मण ।
ए मेरी सासु कौसल्ये ! हा सुमित्रे ! मरें नि ! म ॥
सर्वाङ्गसुन्दरी देवी सीता यस्तो भनी भनी ।
विलाप गर्न लागिन् बा ! रुँदै दुःखित भै अनि ॥
हरे ! पण्डितले साँच्चै भनेछन् यो जनश्रुति ।
मर्दैन नर वा नारी न आए काल क्यै गरी ॥
यसैले त म बाँच्तीछु पति श्रीराम–पाउ त्यो ।
छुटेता पनी दुःखी भै अबकल्ची भई अहो ॥
अत्यन्त क्रूर डर्लाग्दा राक्षसीहरु यी सब ।
घेरी मलाइ बस्ताछन् म बाँच्ती छु हरे ! अफ्र ॥
अघिल्लो जन्ममा मैले धर्म–कर्मादिका कुरा ।
रहीन छु कि धेरै ता गरेकी मन दी पुरा ॥
त्यसैले अब भै दुःखी अनाथ कृपणी सरी ।
यहीं मर्ने भएँ पक्कै यसरी कल्पिईघरी ॥
महासागरमा जाँदा जस्तो ठूलो जहाज क्यै ।
वायुको वेगमा पर्दा माशिन्छ भइ ठीक त्यै ॥

२६

२७

नपाइ पतिको भेट राक्षसीको परी वश ।
भएँ म माशिने पक्कै पानीले तटमैं अब ॥
पतिदेव उहाँ मेरा भै बक्सिन्छ मनोहर ।
कृतज्ञ प्रिय बोल्ने र भलै गर्ने निरन्तर ॥
हिडाइ सिंहकै जस्तो छ उहाँको यतातिर ।
नेत्र छन् कमलै जस्ता फक्रेका भइ सुन्दर ॥
हुन् धन्य भाग्यमानी ती संसारी व्यक्ति वास्तव ।
सँधै दर्शन भेट्ता छन् जुन श्रीरामको शुभ ॥

३०

३१

आत्मज्ञानी उहाँ जस्तो पतिबाट बिछोड भै ।
बाँच्न सक्तिन मै पक्का,के बाँच्थ्यो विष खाई क्वै ? ॥
अघिल्लो जन्ममा मैले महान् पाप गरीछु हा ! ।
त्यसैले यो महान दुःख आज भोग्दी छु हो कडा ! ॥
राक्षसीहरु घेर्दाछन् मलाई यसरी यहाँ ।
पति-दर्शनको आशा गएमैं भै सक्यो जहाँ ॥
उक्त यस्तो अवस्थामा त्यै मैले बाँच्नु व्यर्थ छ ।
तसर्थ जीवनै छोड्छु यसरी शोक छोप्तछ ॥

३४

३५

मनुष्य-जीवनै हाम्रो परतन्त्र छ, धिक् ! छ यो ।
सक्दिन्न प्राण जो छोड्न इच्छा लागे पनी अहो ! ॥

इति पच्चिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छब्बिसौं सर्ग

देवी–सीताले अलाप–विलाप गरेर आत्महत्या गर्ने निश्चय गर्नु

१

थिए मुख भरी आँसु जानकीका अझै पनि ।
सुन्टो निहुरिएको थ्यो साऱ्है दिक्क थिइन् उनी ॥
भ्रान्तचित्त भए जस्ती देखिन्थिन् शोच्तथिन् अझै ।
हेर्दामा बहुलाए झैं देखिन्थिन् बिचरी त्यसै ॥
थिइन् वा ! कोरली बाच्छी ठीकको जानकी तव ।
गर्थिन् छर्पट पृथ्वीमा पीर ज्यादै हुँदा अब ॥
तस्मात् प्रमत्त हुन् जस्तै भएकी मैथिली बरी ।
विलाप गर्न पो लागिन् रुँदै घर्धर वेस्करी ॥
इच्छानुसारको रूप धर्ने मारीचले हरे ! ।
श्रीरामलाइ भुक्यायो त्योवेला छल बाट ए ! ॥
छली रावण यो आयो पुग्दा प्रभु निकै पर ।
जवर्जस्ती हरी ल्यायो मलाइ अनि सर्सर ॥
पाऱ्यो पछि यहाँ ल्याई राक्षसीहरुको वश ।
हप्कायो त्यसरी ओहो ! देखायो त्रास वास्तव ॥
सुन्दा उग्र दुराचारी कडा यस्ता कुरा अब ।
म बाँच्न पनि चाहन्न दुःखिनी भइ वास्तव ॥
बाँचेर पनि के गर्नु भएर धन द्रव्य पो ।
के लछार्छ र के काम गहना वाह्य बाट पो ॥
त्यस्ता महारथी मेरा पति राम विना भई ।
अँह ! सक्तिन बाँच्नै म राक्षसीबाट घेरिई ॥
अथवा हृदयै मेरो ढुङ्गाकै पो रहेछ कि ।
नभए फुट्नु पर्ने हो ? अजरामर पो छ कि ? ॥
अनार्या असती मै हूँ पापी जीवन धान्छु जो ।
श्रीराम-पतिको साथ छुट्तामा पनि बाँच्छु जो ॥
होस् के पो बाँच्नमा श्रद्धा सुखमा वा उहाँ विना ।
मै वक्सिन्छ प्रियै बोल्ने पृथ्वीकै पति जो उहाँ ॥

१४

मेरो देह छुटोस् छाती फुटेरै कि घिचुन् छुटोस् ।
स्वप्न सक्तिन यो दुःख आफैं छोड्छु कि ता छुटोस् ॥
तर रावणलाई त्यो वाँया चरणले पनि ।
छुँदै छुन्न म ता जेहोस् चाँहने के कुरा अनि ॥
त्यो राक्षस यता आफ्नो त्यस्तो क्रूर-स्वभावले ।
मैले नाँई ! भनेको त्यो पनि जान्दैन कत्ति ए ! ॥
त्यसलाइ छँदै छैन कत्ति ज्ञान महत्वको ।
कुलको ख्याल राख्तैन, मैलाइ पाउ भन्छ जो ॥
शोची यत्ति उनी भन्छिन् राक्षसीहरुमा तदा ।
मलाइ गर जे गर्छौ मान्दै-मान्दिन है म ता ॥
सुन ए ! जिउमा मेरो भिर रोप कि वा चिर ।
ठोक वा टोक आगैमा सेक मान्दिन क्यै पिर ॥
परन्तु दुष्ट त्यो क्रूर पाजी रावणलाइ ता ।
राम्रो दृष्टि लिई हेर्न पनि सक्तिन है म ता ॥
विश्वविख्यात ज्ञानी र सदाचारी र बुद्धिमान् ।
श्रीराम भइ वक्सिन्थ्यो कृतज्ञ अति नै महान् ॥
यस्तो हुँदा-हुँदै के ? भो कि मेरै भाग्यले गरी ।
निर्दयी भइ वक्स्यो हा ! मेरो मिति पुगे छ कि ? ॥
त्यो जनस्थानमा एक्लै चौध हजार राक्षस ।
भुसुक्क पारि वक्सेथ्यो, सवारी हुन्छ राघव ॥
उहाँको अघि यो तुच्छ वीर्यको शत्रु एक हो ।
समर्थ भइ वक्सिन्छ ठोक्न यल्लाइ सम्म जो ॥
दण्डकारण्यमा लड्दा विराधकन त्यो पनि ।
थियो मार्दिइ वक्सेकै सवारी, हुन्छ है ! अनि ॥
हो लङ्का छ समुद्रैको बीचमा छिर्न कष्ट छ ।
रामका बाणको निम्ति तर बेरोक-टोक छ ॥

२७

पर्न गो हेतु के त्यस्तो म प्यारी गृहिणीकन ।
हर्दा राक्षसले सम्म सवारी हुन्न है लिन ?॥
जानि बक्सिन्न वा राम म यहाँ छु भनीवरी ।
जानेता खपि बक्सिन्थ्यो यो तिरस्कार के गरी ?॥
हन्यो रावणले सीता भन्ने थे गृध्रराज ती ।
बिचरा जुध्न जाँदामा मार्दियो दुष्टले लडी ॥
महान् कर्म गरेका हुन् मेरो निम्ति जटायुले ।
बूढा भएर के भो र सकेसम्म लडे, मरे ॥
मेरी सीता छ लङ्कामा थापाए पति-रामले ।
भुसुक्कै पार्दि बक्सिन्थ्यो सारा राक्षस बागले ॥
हुन्थी लङ्का-पुरी भस्म, सुक्तथ्यो त्यो महोदधि ।
नीच रावणको कीर्ति नाशिन्थ्यो नाम साथ ली ॥
आफ्ना पति मरेका यी राक्षसी अनि घर्घर ।
मै सरी भइ रुन्थे बा ! बढ्नाले शोक धर्धर ॥
लङ्काको सुँईको पाई भाई ली आइ राघव ।
यी वैरीलाइ देख्नैमा मार्दि बक्सिन्छ वास्तव ॥
थोरै समयमा हुन्थ्यो सारा लङ्का चितै सरी ।
हुन्थ्यो मार्ग भरी धूँवा घुम्थे गिद्ध वरीपरी ॥
यो मेरो मनको धोको चाँडै पुग्छ कि क्या अव ।
राक्षसी हो ! बुझ्यौ तिम्रो यै अत्याचार भन्दछु ॥
लङ्कामा देखिएका छन् अरिष्ट अशुभादि जो ।
तिनले पनि भन्दैछन् चाँडै श्री स्वाक्त उड्छ यो ॥
राक्षसेश्वर यो पापी दुष्ट रावण मारिंदा ।
सुन्छे लङ्का-पुरी हुन्छे विधवा ठीक टकटका ॥
पति मर्दा सुरूपा स्त्री कुरूपा देखिए सरी ।
मर्दा रावण यी सारा राक्षसै साथ श्री उडी ॥
अब पक्कै पनी चाँडै म ता सुन्नेछु घर्घर ।
रुने राक्षस-पत्नीका न राम्रा शोकका स्वर ॥
बलेका रामका बाण बर्षिंदा डढ्दछे पुरी ।
मर्दन राक्षस सम्पूर्ण भै अँध्यारो प्रभा उडी ॥
बुझ्यौ !सीता छ लङ्कामा भन्ने पत्तो मिल्यो कि ता ।
माथि मैले भने जस्तो गर्दि बक्सिन्छ राम ता ॥
दुष्ट रावणले म्याद दिएको थ्यो मलाइ जो ।
अब त्यो नजिकै भैगो के गर्ने हो बुझिन्न त्यो ॥

४३

४४

अवश्य मार्छ होला त्यो पापाचारी छ राक्षस ।
के गर्नु हुन्न के हुन्छ? जान्दैनन्, दुष्टछन् सब ॥
अनि त्यस्तो अवस्थामा क्यै अधर्म भयो कि त ।
महान् उत्पात भै हाल्छ, त्यही पार्छ भुसुक्क त ॥
छैन क्यै धर्मको पत्तो दुष्ट राक्षस छन् सबै ।
राक्षसेश्वर त्यस्तै छ घिच्छन् मासु मनुष्यकै ॥
विहानीपखको खाना बनाँउछ मलाइ र ।
घिचिहाल्छ मजैसाथ के हुन्थ्यो त्यसलाइ र ?॥
त्योवेला गर्न के सक्थें अवला असहाय म ।
प्राण भन्दा पनी प्यारा रामले हीन भैकन ॥
यदि आज भए कोही दिने विष मलाइ ता ।
त्यहीं खान्थें र भेट्नेथें भगवान् यमलाइ हा !॥
पक्कै थापाइ बक्सेन प्रभुले 'त्यो यहाँ छ' यो ।
नभए आइ बक्सिन्थ्यो खोज्दै पृथ्वीभरी अहो! ॥
मेरै पीर परी के त दाजु लक्ष्मणका हरे ! ।
एक्लै स्वर्ग सवारी भो गरेरै देह त्याग ए ! ॥
महर्षि देव गन्धर्व सिद्ध हुन् सब धन्य ती ।
देख्ता मेरा उहाँलाई मान्छन् आनन्द भक्ति ली ॥
धर्ममै कामना राख्ने राजर्षि रामलाइ वा ।
पत्नी म जस्ती जावीले के कामै छ र?हो कि ता ?॥
आँखा अघि परी हाले कुनै स्वजन प्रेम भो ।
हुँदैन त्यक्तिको स्नेह टाढाकोमा, छ रीत यो ॥
तर श्रीराममा छैन कृतघ्न व्यवहार यो ।
तसर्थ आइ बक्सिन्छ पक्कै लिन मलाइ जो ॥
ममा दुर्गुण छन् के त मेरो भाग्य फुट्यो कि ता ? ।
बाँच्तीछु यसरी ओहो ! रामले हीन भै म ता ॥
मेरा पति उहाँको थ्यो सदाचार अखण्ड त्यो ।
भै बक्सिन्थ्यो महान् वीर शत्रुनाश्ने प्रयत्न थ्यो ॥
म छुटें अहिले त्यस्ता महात्मा पतिसाथ हा ! ।
बाँच्नु भन्दा छ मनैमा अब श्रेय मलाइ ता ॥
कि दुवै भाइले ओहो ! मेरा पति र देवर ।
शस्त्रास्त्र फ्याँक्दिए सारा लिए व्रत भई स्थिर ॥
खाएर फलमूलादि वनै-वन घुमी कि ता ।
धान्न जीवन लागे हा ! आँउथे नत्र ता यता ॥

६०

६१

दुष्ट-रावणले यद्वा जाल—पेच गरी कहीं ।
मरायो कि त ती दोटै दाजुभाइकनै त्यहीं ॥
स्थिति यस्तो हुनाले म मनैँ खोज्दछु वास्तव ।
काल आउन्न हा ! किन्तु लेखेकै पो रहेन छ ॥

६२

६३

घन्य हुन् ती महात्मा नै सत्यात्मा प्रभुलाइ त ।
आत्मा मानेर टिक्छन् जो लिन्नन् अप्रिय वा प्रिय ॥
जसलाइ हुँदै हुन्न दुःखै प्रिय-वियोगको ।
हुँदा अप्रिय-संयोग गर्दैनन् ख्याल सम्म जो ॥

६४

६५

तस्मात् म आत्मको तत्त्व जानेका प्रिय-रामले ।
छुट्टिई यस पापीको वश भै बाँच्तथें त के ! ॥

इति छब्बिसौँ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्ताइसौं सर्ग

त्रिजटाको स्वप्न–वर्णनमा राक्षसको विनाश र श्रीरामको विजयको सूचना

१

निकै कडा कुरा यस्ता सीताले भन्दिदा तब ।
क्रोधले बहुलाए झैं भए वा ! राक्षसी सब ॥
त्यो कुरा भन्न तत्काल साक्षात् राक्षसराजमा ।
गै हाले तिनमध्येका कुनै ता दरबारमा ॥
फेरि थुप्रे यतापट्टि डर्लाग्दा राक्षसी सब ।
कुरा अनर्थका त्यस्तै भन्न थाले कडै तब ॥
सुन ! सुन् ! ए पापिनी सीते ! तेरो मासु मजासित ।
काटेर अहिले खान्छौं सब हामी खुशीसित ॥
सीतालाई हकारेको देख्ता ती दुष्टले सब ।
त्रिजटा नामकी बूढी राक्षसी भन्दछे अब ॥
खाउला राँड हो ! भुत्रो ! घिच आफूकनै अब ।
छोरी जनक-राजाकी हुन् यी बुझ कुरो सब ॥
महान् वीर दशरथ-राजाकी योग्यकी सती ।
बुहारी हुन् यिनै आर्या, अनार्या हौ तिमी जति ॥
मैले आज यहाँ देखें डर्लाग्दो स्वप्न एउटा ।
सिरिङ्ग जिउ भै हाल्छ मोरी हो ! जुन संझदा ॥
यसो विचार गर्दामा छैन राक्षसको भलो ।
भलो छ रामको चाँहि भन्छ लक्षण यै कुरो ॥
रिसले फन्किएका ती राक्षसीहरु ता सब ।
त्रिजटाका कुरा सुन्दा त्यसै चाउरिए अब ॥
सोध्न थाले त्यसैसाथ डराएझैं भए अहो ! ।
लौ लौ! भन सबै सुन्छौं कस्तो देख्यौ त स्वप्न त्यो ॥
ती सबैका कुरा सुन्दा देखेका स्वप्नका कुरा ।
त्रिजटा भन्न लागिन् बा ! यसरी स्थिर भै तदा ॥
सुन लौ ! स्वप्नमा आज मैले देखें यिनै कुरा ।
विशाल पालकी यौटा घुम्थ्यो आकाशमा तदा ॥

१३

१४

थ्यो हस्तिदन्तले मात्र बनेको त्यो मनोहर ।
ठ्याक्कै हजार घोडाले तानिन्थ्यो दिव्य सुन्दर ॥
आँखा तानी यसो हेर्दा त्यसभित्र त लक्ष्मण ।
भाईका साथ श्री राम रहेछन् ध्यान दी सुन ! ॥
रामले पहिरेकाथे त्योवेला श्वेत सुन्दर ।
रेशमी कपडा सेतै माला झुल्थ्यो मनोहर ॥
त्यसरी ती यतै आए यता यी जानकी पनि ।
निकै राम्री भएकी थिन् खुलेकी थिन् त्यसै पनि ॥
देखे यो पनि स्वप्नैमा सफा सुन्दर वस्त्रमा ।
शोभिएकी थिइन् सीता लक्ष्मी-तुल्य भई यहाँ ॥
सेतो पहाडको अग्लो चुचुरामा थिइन् यिनी ।
चारैतिर थियो सिन्धु घेर्थ्यो त्यल्लाइ संझ नि ! ॥
सूर्य साथ गई मिल्छिन् जसरी उनको प्रभा ।
त्यही ठीक मिलिन् सीता रामसाथ गई तदा ॥
फेरि मैले त्यसैवेला देखें श्रीरामलाइ ती ।
चढेका गजमा ठूलो चार दाँत हुने पछि ॥
उनको साथ त्यो वेला पनि लक्ष्मण भाइ थे ।
शोभिएका थिए साह्रै जो मजैसँग घुम्दथे ॥
सेतो माला सफा वस्त्र पैह्रिएका दुवै उनी ।
सीता भएतिरै आए पछि झन् तेजिला बनी ॥
त्यै डाँडाबाट हात्तीमा चढेका त्यसमै पनि ।
तानेर जानकीलाई चढाए यसमै अनि ॥
पतिको काखमै बस्थिन् मृगाक्षी जानकी तब ।
उठिन् पछि जुरुक्कै यी काखैमा भइ उत्सुक ॥
भै अग्ली अनि मोरी हो ! यिनले आफ्नु हातले ।
चन्द्र-सूर्य दुवैलाई मुसारिन् दिव्य प्रेमले ॥

२६

२७

राम लक्ष्मण बोकेर भै सीता बाट शोभित ।
अनि ता गज त्यो आयो लङ्का माथि अड्यो तव ॥
त्यत्तिकैमा वहीं देखे मैले श्रीरामलाइ ता ।
आठोटा वृष जोतेका रथमा स्थित सर्वथा ॥
सेतै वस्त्र लगाएका सेता माला सुशोभित ।
साथ भाइ र पत्नीका रामलाइ त्यहीं स्थित ॥
हेर्दा हेर्दै यतै आए त्यही रथ चढी उनी ।
के बुझ्यौ ? सुन मोरी हो ! अझ भन्दैछु संझ नि ? ॥
फेरि तत्कालमा देखें अर्कोतिर त्यहींनिर ।
यिनका पतिलाई ती अतिराम्रा तथा स्थिर ॥
उनका साथ त्यो वेला पनि पत्नी र भाइ थे ।
बल-विक्रम शोभिन्थ्यो जगदीश्वर-तुल्य थे ॥
त्यो पुष्पक-विमानैमा चढेका थे उनी तव ।
जो मजा सँग झल्किन्थ्यो टल्किन्थ्यो वस्तुले सब ॥
चराचरजगत् एवं सारा ब्रह्माण्ड सम्म यो ।
रामले व्याप्त थ्यो देखें सजिलै सित ग्रस्त थ्यो ॥
त्यो क्षीरोदधिको माथि उठतथ्यो श्वेत शैल झैं ।
त्यसमाथि थियो सेतो चार दाँते महान् गजै ॥
त्यसकै पीठमा चढ्थे यिनका पति राम्र ती ।
भाइ लक्ष्मण साथै थे काखैमा थिन् यिनै सती ॥

३६

३७

अर्कोतिर त्यहीं मैले देखें श्रीरामलाइ तो ।
दिव्य आसनमा वस्थे शोभिई पूर्व फर्किई ।
गर्थे देव झुकी सेवा दिव्य ब्रह्मर्षिका गण ।
नाना तीर्थ— जलैद्वारा गर्दथे अभिषेचन ।
सेतो लेप लुगा माला गहना पैह्रिई यिनी ।
शोभिएकी थिइन् साह्रै मोरी हो ! सुन है ! अनि ।
सिद्ध देवर्षि ब्रह्मर्षि देव गन्धर्व आदि वा ।
ब्रह्मालाइ अघी सारी ढोग्थे श्रीरामलाइ वा ।
यसो हेरें ठमाएँ बा ! मैले ता रामलाइ ती ।
रहेछन् 'विष्णु' नै भन्ने देख्ता त्यस्तो भलो स्थिति ॥
दिव्य आसनमा त्यस्तो शोभिएका उनीकन ।
साराले विष्णु नै माने साक्षात् विष्णु भए पुनः ॥
परं ब्रह्म महान क्षेत्र तप ज्ञान र सत्य त्यो ।
कार्य—कारणका हेतु रहेछन् बीजसम्म पो ॥
त्योवेला उनका आँखा फुल्ने कमलठीक थे ।
चारोटै बाहुमा शङ्ख-चक्र-पद्म-गदादि थे ॥
श्रीवत्स चिन्ह शोभिन्थ्यो उनको छातिमा तब ।
लक्ष्मी स्थिर भइ सेव्थिन् थे सनातन यी प्रभु ॥
महान् तेज हुने त्यस्ता राम यस्ता भई वहाँ ।
शोभिएका थिए सारा लोकका पति भै त्यहाँ ॥

४६

४७

मुनीन्द्र राजर्षि नरेन्द्र पितृ गन्धर्व विद्याधर नाग धातृ ।
श्रीरामलाई अभिषेक अर्पी गर्थे झुकेरै स्तुति हृष्ट भै ती ॥
ती अप्सरा आइ खुशी भएर गाएर नाच्थे सब तर्फ फेर ।
बज्थे अनेकौं थर वाद्य आदि वीणा तथा शङ्ख र भेरी वंशी ॥

४८

४९

त्यत्तिकैमा वहाँ मैले देखे फेरि उनीकन ।
पत्नी र भाइकै साथ खुलेका झन् मनोरम ॥
सेतो माला तथा वस्त्र पैह्रिई पुष्पकै चढी ।
गएका उत्तरैपट्टि तेजिला सूर्य झन् सरी ॥
देखें बा ! यसरी मैले स्वप्नमा रामलाइ ता ।
साथ लक्ष्मण-सीताको बसेका विष्णु नै तदा ॥

५१

५२

सुन राक्षसी हो ! तस्मात् तेजस्वी वीर राम ता ।
जितिन्नन् विश्वका जावा-प्राणीले, हुन् अजेय बा ! ॥
क्यै गरे पनि पापीले न भेटे ठीक स्वर्ग त्यो ।
देव-राक्षस-दैत्यैले जितिने छैन तत्त्व यो ॥
सुन लौ ! फेरि भन्दीछु हाम्रा राजाकनै पनि ।
देखें बा ! स्वप्नमा मैले न राम्रै चालका अनि ॥

५४

(१०२७)

५५

थिए शिर मुडाएका राजा-रावणले तव ।
थिए तेल लगाएका आफ्नो आङ भरी सब ॥
ढुन्मुनाइ रहेकाथे रक्सी धोकेर बेस्करी ।
शरीरभर थ्यो रातो वस्त्र शोभित राम्ररी ॥
रातै माला थियो ओहो ! कण्ठमा करवीरको ।
लडे ती पुष्पकैबाट त्यैवेला तल डङ्ग पो ॥
यतातिर कुनै नारी मुडिएका उनीकन ।
जबर्जस्ती घिसार्दैथी लैजान्थी पर तत्क्षण ॥
गदहाहरु जोतेको न राम्रो रथमा चढी ।
जान्थे रावण-राजा ती वशी भै त्यसकै पछी ॥
देखें भवास्स त्यसैवेला फेरि मैले उनीकन ।
मैलो गाजलझैं कालो लुगा पैह्रिइने पुनः ॥
माला लेप भने रातै थियो देह भरी यता ।
पिउँथे घटघटी तेल, हाँस्थे, नाच्थे निकै उता ॥
चढी पछि गधैमाथि सोझै दक्षिण ती गए ।
चित्त इन्द्रिय सम्पूर्ण भ्रान्त थ्यो, विवशी थिए ॥
फेरि मैले बहाँ देखें राक्षसेश्वरलाइ ता ।
त्यै गधाबाट पृथ्वीमा लडेका घोप्टिई तदा ॥
आत्तिएर उठे राजा तुरुन्तै चर्किदा नशा ।
बौलाहा ठीक नाङ्गो भै बके दुर्वाच्य घेर बा ! ॥
त्यत्तिकैमा पसे राजा अँधेरो नर्क ठीकको ।
हीलोको घोर खाल्डोमा ज्यादै दुर्गन्ध आँउदो ॥
देखें भवास्स उनीलाई फेरि मैले लहै सुन ! ।
खुश भै गैरहेकाथे दक्षिणैतिर जो पुनः ॥
जाँदा जाँदा उनी भवास्सै पसे यौटा तलाउमा ।
हीलो भन्ने कुनै वस्तु थिएन जसमा वहाँ ॥
त्यहाँ यौटी थिई काली डलोंग्दी प्रमदा कुनै ।
हीलोमा मुछिएकी थी पैह्रेकी वस्त्र लाल नै ॥
हामी राक्षसका राजा साक्षात रावणलाइ ता ।
पाशो टन्काइ घाँटीमा लैजान्थी दक्षिणै दिशा ॥
महान् बल हुने त्यस्ता कुम्भकर्णकनै पनि ।
देखें त्यस्तै अवस्थाका मैले नै स्वप्नमा अनि ॥
हाम्रा-रावण राजाका छोराहरुकनै पनि ।
देखें शिर मुडाएका डुबेका तेलमै पनि ॥

७१

७२

चढी सुँगुर जाँदैथे देखें रावणलाइ ता ।
इन्द्रजित शिशुमारैमा ऊँटमा कुम्भकर्ण बा !॥
सारा राक्षस-मध्येमा यौटै मात्र विभीषण ।
ओढेका देखिएका छन् सेतो छाता मनोरम ॥
सेतो चन्दन लाएका सेतै माला र वस्त्रले ।
सुशोभित भएका ती एउटै वीर देखिए ॥
चारोटै उनका मन्त्री साथ थे गतिला सफा ।
मैले त्यस्तो अवस्थामा देखे आकाशमा खडा ॥
शंखध्वनि भएकैथ्यो बज्थे वाजा अनेकन ।
मृदङ्ग नगडा भेरी घन्किन्थ्यो घन्न भैकन ॥
विशाल देहको मेघै ठीक गम्भीर गर्जने ।
हात्ती माथि चढेकाथे चार दाँत सफा हुने ॥
त्यहीं नै यो पनी देखें रातै माला तथा लुगा ।
लगाएका पिएका ती राक्षसैको जमाव बा ! ॥
यस्ती लङ्का-पुरी राम्री हाम्री ता रथ अश्व र ।
हात्तीकै साथ भवास्लवाङ्ग सिन्धुमै पो खसी तल ॥
यसका बाहिरी ढोका किल्ला-सिल्ला तथा घर ।
भताभुङ्ग भई हाले देखें यस्तो भई स्थिर ॥
मैले यस्तो पनी देखे रामको दूत कै कपि ।
यहाँ आएर लङ्कै पो जलाँउदछ झोक्किई ॥
खरानीमात्र बाँकी यो लङ्कामा राक्षसी जति ।
मत्त भै तेल धोकेर हाँस्ने पनि लडीलडी ॥
राक्षसश्रेष्ट जो जो छन् कुम्भकर्णादि ता यहाँ ।
रातो लुगा लगाएर लड्थे गोवर-कुण्डमा ॥
तसर्थ हट मोरी हो ! अब हेर मजासित ।
कसरी रामले भेट्छन् यी सीतालाइ त्यै सब ॥
रामछन् अति नै झोक्की सारा राक्षस साथमा ।
राँड हो ! के बुझ्यौ ? मार्छन् तिनी सबकनै यहाँ ॥
त्यसरी वनमा बस्ता पनि साथ दिने सदा ।
साह्रै मन परेकी हुन् यी सीता रामकी प्रिया ॥
उनी मन पराउन्नन् यी आफ्नी गृहिणीकन ।
हप्काएको डराएको हकारेको पनी गुन ! ॥
तसर्थ छोड लौ यस्ता कुरा न गर है अब ।
राम्ररी वरु संझायो धराओ धैर्य योग्य छ ॥

८८

CC-0. In Public Domain. Digitization by eGangotri

८९

वरु मान्छौं भने देखि हामीहरू मिली सब ।
यिनी साथ क्षमा मागौं लौ गरौं प्रार्थनातक ॥
स्वप्न देखिन्छ ता यस्तो दुःखिनी यिनको भने ।
भेट्नेछन् प्रिय यी चाँडै दुःखले भइ छोडिने ॥
म जान्दछु तिमी सारा भन्न खोज्छौ म साथ क्यै ।
भन्नु पर्दैन मोरी हो ! कुराले हुन्न श्रेय क्यै ॥
कामले गर लौ मैगो ! हप्काएकी भए पनि ।
बिर्सिन्छिन् बेस छन् देवी खुश हुन्छिन् छिटै यिनी ॥
नत्र बर्वात होला है यिनका पति बाट नै ।
सारा राक्षस नाशिन्छन् छिटै हुन्छन् भुसुक्क नै ॥
झुक्दा शरणमा पर्दा हुन्छिन् खुश छिटै यिनी ।
बचाँउन यिनै सक्छिन् सारा राक्षसलाइ नि !॥
यिनका अङ्गमा सारा छदै छैनन् कुलक्षण ।
कहीं पनि यसैले यी पाँउनन् दुःख दुर्दम ॥
९५

९६

अहिले यिनमा यस्तो देखिंदो दुःख जो पर्यो ।
त्यो हो आकाशमा चन्द्र-छायामा ठीकको हुँदो ।
देखें जो स्वप्न मैले त्यो यिनलाइ विमानमा ।
चढेकी त्यसले ठान्छु पाँउनन् दुःख यी यहाँ ॥
यिनका मनको धोको छिटै पुग्दछ है अब ।
हुन्छ रावणको नाश भेट्छन् विजय राघव ॥
फर्केको कमलै जस्तो यिनको वाम नेत्र त्यो ।
कसरी फर्फराएको देख्यौ के ? हेर तो ! अहो !॥
मैले माथि भनेका ती कुरामा पुष्टि दिन्छ त्यो ।
छिटै नै अब यी देवी सुन्दछिन् प्रियको कुरो ॥
लौ हेर ! यिनको बाँया बाहु सुन्दर त्यो पनि ।
फर्फराउन थाल्यो बा ! भो दोश्रो शगुनै पनि ॥
हात्तीकै सूँड हो जस्तो बाँया तिघ्रा पनी यता ।
हल्लियो यिनको ओहो ! "लौ आए राम" भन्छ बा !॥
१०२

१०३

पक्षी उता हेर ! बसेर वृक्षको आफ्नो गुँडै माथि भएर दङ्ग पो ।
सुस्वागतम् भन्दछ मिष्ट-वाक्यमा गर्दोछ ऊ ! मङ्गलप्राप्ति सूचना ॥

त्रिजटा राक्षसीका यी कुरा अद्भुतका सुनी ।
दङ्गा-दङ्गी परिन् सीता रामको विजयै गमी ॥
फरक्क फर्किइन् देवी राक्षसीहरुपट्टि यी ।
भनिन् अनि उनीलाई भित्र गद्गद भै यति ॥
यदि तिम्रा कुरा सारा छिटै साँचा भए भने ।
छु म सारा तिमीलाई पक्कै पनि बचाँउने ॥
१०६

इति सत्ताइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अट्ठाइसौं सर्ग

अशोकको हाँगामा चुल्ठो बाँधेर देवी–
सीता प्राण छोड्न ठिक्क हुनु

१

यी जानकी रावणका कुराले दुःखी भइन् हा ! पतिसाथ छुट्ता ।
छावा कुनै जङ्गलबीच सिंह देख्ता डराए सरि त्रास बढ्दा ॥
अगाडि त्यो रावणले हकार्दा यी राक्षसीले पछि आइ घेर्दा ।
थिइन् बरी जङ्गलमा छुटेकी बाला सरी क्वै मन कल्पिएकी ॥
तसर्थ भै खिन्न बढेर त्रास दुःखी हुँदा आत्तिइ भै निराश ।
केही नलागे पछि जानकी ता विलाप्न लागिन् यसरी वहीं हा ! ॥
जो भन्दथे सन्त "नआइ काल मर्दैन कोही" भनि, सत्य हो त्यो ।
म पापिनी–सम्म पनी यसैले बाँच्तीछु हप्काइ खपेर यस्तो ॥
यस्ता अनेकौंथर दुःख खप्ने रहेछ कस्तो स्थिर छाति मेरो ।
टुक्रा हजारौं भइ यो फुटेन भै वज्रलेझैं गिरिको चुचूरो ॥
म मारिनै योग्य रहीछु ओहो ! यो दुष्टद्वारा जुन अप्रियै हो ।
मैले मरेमा पनि छैन दोषै लाग्दैन पापै पनि, ठोकुवा भै ॥
जस्तोसुकै होस् मन-पेट सम्म सुम्पन्न यल्लाइ कसै म दिन्न ।
मन्त्रज्ञ विद्वान् द्विज शूद्रलाई मन्त्रादि देला कसरी रमाई ॥
श्रीराम मेरा पति लोकनाथ स्वयं यहाँ आँउनुको अगाडि ।
अनार्यले यो तनलाइ मेरो, पार्नेछ टुक्रा निज बाण रोपी ॥
क्यै खण्डखाद्यादि परे जसोरी गर्भस्थप्राणीकन वैद्यलेझैं ।
गर्भस्थप्राणी दितिको अगाडि पारे सरी घेर सुरेन्द्रलेझैं ॥
त्यल्ले दिएको छ मलाइ म्याद् मैहा दुबैको जुन बित्छ चाँडै ।
भो राजबन्दी सरिको अवस्था जो भोलि मारिन्छ अवश्य चाँडै ॥
हा राम ! हा लक्ष्मण ! हा सुमित्रे ! हा राम–माता ! प्रिय हे मुमाज्यू ! ।
भएँ म डुङ्गा भुँवरी–भरीकी यसै मरें हाय ! नजर्हओस् यी ! ॥
त्यो दुष्टले ली मृगरूप त्यस्तो लग्यो दुवैलाइ परै छलेर ।
परी चक्र्याङ्ले दुइ सिंहलाई सके सरी भो कि कसो त ? हाई ! ॥
रहेछ त्यो काल, मृगै भएर अभागिनीलाइ छल्यो भुलाई ।
श्रीरामलाई निज आर्यपुत्र मानैं पठाएँ दिइ साथ भाई ॥

CC-0. In Public Domain. Digitization by eGangotri

१४

हा राम ! सत्यव्रत ! जीवलाई गर्ने सँधै योग्य दया ठमाई ।
लौ ! हेरि बक्स्योस् अब शीघ्र आई मार्ने भए राक्षसले मलाई ॥
हजूर आफ्ना प्रिय व्यक्तिमाथि भै बक्सिइन्थ्यो बहुतै हितैषी ।
थापाइ बक्सेन कसोरि फेरि यस्ती भएकी टुहुरी मलाई ॥
मान्दीछु नाथैकन इष्टदेव भैंमै म सुत्तीछु, छ ध्यान एक ।
पाल्दीछु राम्रो नियमै पनी म क्षमा छ साथी छु पतिव्रता म ॥
भए पनी यी सब श्रेष्ठ बेस भए सबै व्यर्थ भुसुक्क के त ? ।
कृतघ्न क्वै व्यक्तिकनै गरेको कुरा सरी भो कि त व्यर्थ ओहो !॥
हा राम ! मैंले यसरी बसेर जो धर्म धार्नें सब यो खपेर ।
के हो त त्यस्को फल यै विशेष भएँ म जो जीवनमै निराश ॥
आज्ञा बुवाको नियमादि साथ पालेर त्यो म्याद सकेर नाथ ! ।
पारेर आफ्नो व्रत पूर्ण सारा गै बक्सिएला प्रभु ता अयोध्या ॥
वहाँ पुगेमा कृतकृत्य-स्वामी भै ढुक्क राम्रै सित राज होला ।
कटाक्ष मार्दा अनि सुन्दरीले मलाई बिर्सी रमि बक्सिएला ॥
यहाँ म ता राम ! हजूरमा नै सुम्पेर यो देह र प्राण जम्मै ।
बसीरहेकी छु खपेर यस्तो नानाथरी कष्ट असह्य जस्तो ॥
गरें तपस्या नियमादि पालें पतिव्रता-धर्म समस्त धार्नें ।
रहीछु हा ! किन्तु अभागिनी म व्यर्थै भए ती सब, छोड्छु प्राण ॥
यी प्राण छोड्दिन्छु छिटै म मर्छु पाए विषै खान्छु कि शस्त्र रोप्छु ।
देला मलाइ विष को ? यहाँ र ला शस्त्र ! भन्ला घर दुष्टकै छ ॥
पाकिन् हरे ! पीर बढेर सीता भो खुल्दुली भित्र असह्य ज्यादा ।
बसिन् निकै बेर त्यहीं खडा भै कुतर्क-तर्कादि गरेर यस्तै ॥
पछाडि देखिन् अति लामु आफ्नो चुल्ठो मजाको गतिलो र बाक्लो ।
भो संझना भ्वास्स त्यही समातिन् खेलाँउदै त्यै अब शोच्न थालिन् ॥
लौ ठिक्क भो ! बेस छ लामु चुल्ठो बनाइ डोरी रुखमाथि बाँध्छु ।
भनी मजै साथ म झुण्डिएर गै भेट्छु साक्षात् यमलाइ, मर्छु ॥
गरेर नानाथर यी विलाप अनन्य भै रामकनै चिताई ।
अशोकको पुष्पित-स्कन्ध नेर आइन् बरी झुण्डिन काँपि हाई !॥
हाँगा समातिन् मृदु बाहुलीले चुल्ठो सम्हालिन् पछि ता उनीले ।
संझिन् अनी स्वप्रिय रामलाई ती लक्ष्मणै साथ स्ववंशलाई ॥
आश्चर्य नै भो अनि ता अकस्मात् देखा परे लक्षण धेर बेस ।
भविष्य राम्रो छ भनी यिनैले, भनिन्छ हुन् जो शकुनै विशेष ॥

CC-0. In Public Domain. Digitization by eGangotri

यी जानकीको पिर शोक नाश्न सक्ने थिए लक्ष्मण यी टुनाले ।
यस्ता कुरा ताड्न सिपालु थिन् ती भोगी सकेकी अघि नै हुनाले ॥
३०

इति अट्ठाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनन्तीसौं सर्ग

देवी–सीतालाई भएका शुभशकुन

१

पर्दा दयाको शुभ-दृष्टि श्रीको ऐश्वर्य-सम्पन्न मनुष्य भो भो ! ।
गर्छन् त्यसैको अनि चाकडी र सेवा पनि मानिस नित्य घेर ॥
त्यस्तै त्यहीठीक वहाँ अनेक देखा परी लक्षण एक एक ।
सेवा गरे बा ! अब जानकीको आई पुगेमा रुख-फेदमा त्यो ॥
वेलाविषे त्यो मनमा उनीको चिन्ता थियो शोक थियो बढेको ।
थ्यो घोस्रिएको मुख हर्ष-सर्ष थिएन, थ्यो खिन्न छुटेर तर्ष ॥
विशाल थे नेत्र दुवै उनीका असाध्य राम्रा कमलै सरीका ।
चिल्ला मसीना र सफा परेला सुशोभिएका बहुतै मिलेका ॥
वरीपरी सुन्दरता लिएका सफा भएका र निकै खुलेका ।
नानी भने स्निग्ध भएर काला भुलीरहेका बहुतै उज्याला ॥
यिनै दुवैमा तर एकमात्र बाँयाँ भने फर्र फुऱ्यो मजाले ।
माछो बढी सुन्दर-पोखरीको कै पद्म हल्लाँउछमैं भयो ए ! ॥
भो बाहु बाँया पनि फर्र त्यस्तै यी जानकीको अनि जो थियो यो ।
मोटो सफा चन्दन लेप्न योग्य पारी तकीया प्रभुले सुतेको ॥
फुऱ्यो यता फर्फर वाम तिघ्रा मिल्दो थियो जो गज-सूँड जस्तो ।
श्रीराम आई उनकै अगाडि बसे सरी भान दिलाइ यस्तो ॥
पगालिएको सुन हो कि जस्तो लागेर धूलो तर मैलिएको ।
त्यो पीत-सारी पनि खस्कियो बा ! शरीर छोडी शुभ-लक्षणै भो ॥
यस्ता अनेकौं शकुनादिले र चरा-कराई सुनि घेर फेर ।
सीता सुकेको विउ ग्रीष्मबीच भइन् पह्लाए सरि पो पछी त ॥
हुन् गोलकाँक्री सरि दिव्य राता थिए दुवै ओठ सफा उनीका ।
आँखा थिए सुन्दर-आँखिभौंले सुशोभिएका अतिभव्यताले ॥
थिए परेला मसिना कपाल सफा थिए दाँत निकै उज्याला ।
थियो खुलेको मुख यी सबैले भो राहुले मुक्त शशी सरी बा ! ॥
त्यस्तो थकाई भरिभङ्ग भैगो त्यो शोक त्यो पीर उडेर गैगो ।
तन्द्रा छुट्यो दुःख हट्यो समस्त भो जानकीको अनि कष्ट अस्त ॥

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्यो महान् हर्ष यता उनीमा उत्साह आयो मनमा छिनैमा ।
भइन् उनी झल्झल चन्द्रमाले रात्री सरी शोभित दिव्य पोए ! ॥
१४

इति उनन्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तीसौं सर्ग

देवी-सीता सँग कुराकानी गर्ने विषयमा हनुमान्को सद्विचार

१

हनुमान् हुन् निकै शूरा गतिलो वीरता हुने ।
त्यस्ता विलाप सीताका रुखमाथि थिए सुने ॥
देखे हप्काइ-दप्काई राक्षसीहरुको पनि ।
सुने बा ! त्रिजटाले जो भनी थी स्वप्न त्यो पनि ॥
आँखा गाडी यसो हेरे उनले जानकीकन ।
जो नन्दन-बगैंचाकी श्री हुन्झैं देखिइन् पुनः ॥
नाना प्रकारका चिन्ता-तर्कना मनमा अब ।
दनादन उठी हाले शोच्न थाले उनी तब ॥
जसलाइ हरे ! आज दिशा र विदिशा भरी ।
खोज्दाहुन् मरिमेटेर लाखौं-लाख मिली कपि ॥
भेटें बल्ल यहाँ मैले तो उनै जानकीकन ।
जसको चिन्तना गर्छ धर्मात्मा रामको मन ॥
आज्ञा लिएर स्वामीको आएँ दूत भई यहाँ ।
शत्रुका शक्तिको पत्तो लगाएँ गुप्तरूपमा ॥
तारतम्य बुझें सारा पुरी हेरें घुमी अति ।
देखें राक्षस-राजाको त्यो प्रभाव भए जति ॥
प्राणीमाथि दया गर्ने ठूला शक्ति-प्रभावका ।
वीर श्रीरामकी पत्नी हुन् यिनै जानकी अहा ! ॥
पति-दर्शनको निम्ति हुन खोज्छिन् हुरुक्क यी ।
मैले संझाउनै पर्छ यसअर्थ बढी अघि ॥
पूर्णचन्द्र सरी राम्रो झल्किन्छ यिनको मुख !
देवीले पहिले यस्तो भोगेकी थिइनन् दुख ॥
अहिले यिनले पाइन् यस्तो दुःख असह्यको ।
संझाई हाल्छु तस्मात् म आश्वासन दिई बडो ॥
यसरी शोकमा डुब्दी सती सीताकनै यदि ।
न संझाइ गएमा म दोषी हुन्छु महान् पछि ॥

१३

१४

म त्यसै फर्कि जाँदामा आधार न मिली कनै ।
तुरुन्तै प्राण छोड्दिन्छिन् यी देवीले अवश्य नै ॥
पूर्णचन्द्र सरी राम्रो मुखशोभित राघव ।
भइ बक्सिन्छ सीताको गर्न दर्शन उत्सुक ॥
वहाँ सुनाइ सन्देश सान्त्वना दिनु पर्दछ ।
यता त्यै ठीक देवीमा सान्त्वना दिनु योग्य छ ॥
तर छन् राक्षसी साथै यी सबैको अगाडि ता ।
अँहँ ! यस्ता कुरा भन्नु योग्य छैन कदापि हा ! ॥
अब यस्तो अवस्थामा मेरो निम्ति भलो छ के ? ।
हुनेछ के गरे राम्रो लौ मुश्किल परेछ ए ! ॥
संझाइन भने मैले यदि रात छँदाछँदै ॥
सर्वथा प्राण छोड्दिन्छिन् यी देवी ! यो छ ठोकुवै ॥
श्रीराम सोधि बक्सेला सीताले के भनिन् भनी ।
जवाफ दिउँला के म क्यै कुरै न गरी अनि ? ॥
न बोकी वाक्य देवीको म दुगुदैं गए उता ।
नेत्रैले क्रोधले बल्दो डढ्छु मै रामबाट हा ! ॥
म गै भनेर राजामा कपि-सैन्य लिई सब ।
यहाँ सुग्रीव आए तापनि व्यर्थ छ विचक्ष ॥
लौ भैगो ! हेर्छु मौका म राक्षसोहरुको सब ।
आँखा छल्छु अनी भन्छु भन्नु पर्ने कुरा सब ॥
आज ता चुक्नु नै हुन्न संझाउँछु म राम्ररी ।
देवीको मनमा पीर ऊ ! बढ्दोछ न राम्ररी ॥
मेरो शरीर सानै छ जातिको हुँ म वानर ।
मेरो शरीर सानै छ जातिको हुँ म वानर ।
बोल्छु संस्कृत-बोलीमा भए पनि म वानर ॥
शुद्ध संस्कृत-वाणीमा बोल्दा बाधा छ एउटा ।
संझिलिन् कि त यी देवी रावणै पो मलाइ हा ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अनि ता डरले काँप्लिन् बोली वानरको पनि ।
कहाँ हुन्छ र यस्तो ता भन्ठान्लिन् , वित्छ है अनि॥
तस्मात् यस्तो अवस्थामा शुद्ध वाक्य मनुष्यको ।
अयोध्यातिर बोलेझैं वोल्नु पर्छ म बोल्छु त्यो ॥
सकिन्न न भए यस्ती देवीलाई बुझाँउन ।
छन् जो पक्का सती नारी गाऱ्है छ सम्झाँउन ॥
पहिले राक्षसीद्वारा तर्साएकी सती यिनी ।
तर्सिन्छिन् भ्वास्स यो मेरो देख्ता रूपकनै पनि ॥
अनि चिच्याउलिन् सीता मैलाई कामरूपको ।
त्यही रावण भन्ठान्लिन् तव झन् बरबाद हो ॥
सुनी चिच्याइ सीताको साक्षात् कालसमान यो ।
राक्षसी-गण मैमाथि झम्टेला साथ शस्त्रको ॥
कसो रे ? अनि के होला ! अनि मैलाइ पक्डन ।
अथवा मार्न खोज्लान् यी घेर्लान् सबतिरै पुनः ॥
ठूलठूला रुखको हाँगा पक्डी अनि यताउता ।
जान-आँउन लागौंला गर्लान् शङ्का सबै तदा ॥
मेरो विशाल त्यो रूप देख्तामा सब राक्षसी ।
डरले अनि काँप्लान् बा ! बिगारी मुख झन् अति ॥
अनि यी राक्षसी डाक्लान् घरमा राक्षसेशको ।
पालो र पहरा गर्ने सारा राक्षसलाइ पो ॥
तव हाहा ! परी हाल्ला शूल भाला तथा शर ।
बोकेर आइलाग्लान् ती मैमाथि भइ निर्डर ॥
यसरी उनले घेर्दा म ता ठोक्दिउँला यता ।
सारा राक्षसको सैन्य अनि होला भुसुक्क बा ! ॥
यो सबै वेस हो किन्तु सिन्धुको पार पुग्न ता ।
कुदेर पहिले जस्तो थाक्ता गाऱ्है हुनेछ हा ! ॥
घेरी मलाइ पक्डेलान् त्यैवेला फूर्तिसाथ ती ।
अनि हुँला म नै कैदी आत्तिएलिन् यता सती ॥
हिंसामै रुचि राख्ने यी दुष्ट राक्षस छन् सब ।
सीताकन पनी मार्न के बेर अनि बास्तव ? ॥
यदि त्यस्तो भए देखि सुग्रीव—प्रभुरामको ।
यो सीता-प्राप्तिको कामै भताभुङ्ग भयो ! गयो ॥
गुप्त ठाम छ यो ओहो ! घेर्दछन् फेरि राक्षस ।
जान-आँउनको बाटो जान्दैनन् अरु वास्तव ॥

४३

४४

अनि यस्तो अवस्थामा चारैतिर समुद्रले ।
घेरेको ठाममा यस्तो बस्लिन् यी जानकी हरे ! ॥
लड्दा मलाई नै घेरी पक्डे वा मार्दिए भने ।
अँहँ ! देखितन ! क्वै छैन रामको काम गर्दिने ॥
यसो गमेर हेर्दामा पनि छन् कि कुनै भनी ।
छैनन् देखितन! जो सक्ला तर्न यो सिन्धु सम्म नि! ॥
हजारौं दश हज्जारौं हुन्न यी दुष्ट राक्षस ।
भुसुक्क पार्छु, मै मार्छु छु समर्थ म वास्तव ॥
त्यसरी युद्ध गर्दामा थाक्तामा पछिवाट म ।
पुग्न ता सिन्धुको पारी गाह्रै पर्दछ सक्तिन ॥
युद्ध त्यस्तै छ, शङ्कै छ जितिन्छ कि जितिन्न वा ।
त्यस्तो शङ्का हुने कामै गर्न चाँहन्न है म ता ॥
को त्यस्तो बुद्धिमान् होला गर्ला शङ्कित काम जो? ।
यस हालतमा मैले कसरी गर्नु काम त्यो ॥
भेट-घाट कुराकानी गर्न यी जानकीसित ।
यस्तै दोष र आपत्ति पर्लान् भन्ठान्छु वस्तुतः ॥
छिटै बर्वाद भै हाल्छ नगरे त कुरा अब ।
प्राण छोड्न तयारै छन् यी देवी-जानकी जव ॥
प्रमत्त अविवेकी क्वै दूत सन्देश-वाहक ।
भै सकेका पनी काम विगार्छन् बा ! यथार्थतः ॥
मैले त्यस्तो हुनैहुन्न वेला-बखत ठीकको ।
गर्नुपर्छ कुरा-कानी बुद्धिमानी यही त हो ॥
भएर यसको उल्टो देश-काल-विरुद्धको ।
नाश्छ वा ! काम, गर्नेले सूर्यले तमझैं अहो ! ॥
हो अकर्तव्य यो चाँहि हो कर्तव्य भनी गमी ।
स्वामीले ठह्ऱ्याएको काम नाश्छन् स्वयं यिनी ॥
त्यस्ता दूत घमण्डी हुन् बुद्धिमान् आफुलाइ नै ।
ठान्छन् र भाँड्दछन् काम गर्निन्नन् वेस झन् तिनै ॥
तसर्थ अब के गर्दा काम भाँडिन्न वास्तव ।
असावधानिता मेरो काममा हुन्न, बन्दछ ॥
त्यै कुरो गर्नु पर्ने भो अब मैले यथार्थमा ।
तरेको यो महासिन्धु न जाओस् खेर व्यर्थमा ॥
यी देवी कसरी सुन्लिन् कुरा मेरा मजासित ।
सुनेर कसरी खालिन् न आत्तिइ खुशीसित ॥

६०

६१

घेरै बेर गमी यस्तै कुरा शोची त्यहीं बसी ।
बुद्धिमान् हनुमान्ले यी गरे निश्चय यै पछि ॥
सजीलै काम ठूल्ठूला गर्न सक्ने निरन्तर ।
श्रीराम-प्रभुको थाल्छु गुण गाँउन सुन्दर ॥
यिनका एउटै बन्धु उनै हुन् बा ! यिनी पनि ।
छन् त्यतै चित्त सुम्पेकी एकाकार बनी-बनी ॥

६३

६४

देवी आत्तिइने छैनन् मैले यस्तै गरें भने ।
कुरा पनि सबै सुन्लिन् मइ ध्यान पनी दिने ॥
तत्त्व आत्मा-परात्माको जानेका प्रभु-राम छन् ।
इक्ष्वाकु-वंशमा श्रेष्ठ मानिन्छन् सब जान्दछन् ॥
जगत्का सब प्राणीमा दयालु रघुनायका ।
धर्मानुकूलका वाणी यहीं बाट म भन्छु बा ! ॥

६६

६७

बोलेर मधुरो बोली भन्छु जाने जती सब ।
जुन भन्दा सुनी देवी मान्लिन् पत्यार त्यो सब ॥
मन मन यसरी गमी हनूमान् रघुवरकी रमणीकनै नियाले ।
मधुर गहकिलो र सत्यवाक्य लुकि रुखमाथि बसेर भन्न थाले ॥

६८

इति तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकतीसौं सर्ग

कपिवर हनुमान्‌ले देवी--सीताले सुन्ने गरी श्रीराम–कथा गाँउनु

१

शोचि घेर कुरा यस्ता सीतालाइ सुनाँउदै ।
बुद्धिमान् हनुमान् भन्छन् अव रामकथा सबै ॥
इक्ष्वाकु वंशमा ज्यादै पवित्र र अनुत्तम ।
थिए राजा– दशरथ पुण्यात्मा वीर उत्तम ॥
अत्यन्त कीर्तिमान् धीमान् महान् विद्वान् थिए उनी ।
रथ हात्ती र घोडाले सम्पन्न धनले पनि ॥
राजर्षिहरुमा जस्ता देखिन्छन् गुण ती थिए ।
महर्षिठीक देखिन्थे तपस्या—नियमादिले ॥
चक्रवर्ती हुने राजाहरूका वंशमा उनी ।
जन्मिएका थिए साक्षात् इन्द्रझैं बलवान् पनि ॥
अहिंसा-धर्ममा ज्यादै उनको मन रम्दथ्यो ।
क्षुद्रता भनिने बस्तु थिएन उनमा अहो ! ॥
इक्ष्वाकुवंशको शोभा ठीकका मणि यी थिए ।
पराक्रम हुने सत्य दयालु र महान् थिए ॥
लक्ष्मीले अडिने ठाम कीर्तिमान् यी नरेशमा ।
सम्पूर्ण गुण राजाका थुप्रिएका थिए यहाँ ॥
चारै समुद्रको सीमा भएकी पृथिवीभरी ।
फैलिएको थियो कीर्ति, गाँउथे सब राम्ररी ॥
महासुखी थिए आफैं तर आफ्ना प्रजा पनि ।
सुखी र नित्य आनन्दी पार्न खोज्थे सँधै उनी ॥
उनका पुत्र हुन् जेठा हुने श्रीराम नाम यो ।
पिताका अति नै प्यारा प्राण जस्ता हुने अहो ! ॥
उनको मुख शोभिन्छ पूर्णचन्द्र-समान भै ।
धनुर्धारीहरू मध्ये श्रेष्ठ छन् जो विशेष भै ॥
सदाचार र मर्यादा पाल्दछन् बहुतै उनी ।
आत्मै सुम्पेर रक्षिन्छन् आफू भन्नेकनै उनी ।

१३

१४

जीव-जन्तुकनै सारा गर्दछन् नित्य रक्षण ।
मारतछन् शत्रु सम्पूर्ण गर्दछन धर्मरक्षण ॥
ज्यादै सत्य-प्रतिज्ञाका ती बूढा आफ्नु बाबुको ।
आज्ञाले वनमा आए तिनै राम पछी अहो ! ॥
उनको साथमै आए उनकी गृहिणी तथा ।
वीर भाइ पनी ल्याए खण्ड-खाद्य परी तदा ॥
त्यसरी वनमा आई खेल्न जाँदा शिकारमा ।
गरे बा ! दुष्ट संहार प्रभुले त्यै अरण्यमा ॥
इच्छानुसारको रूप धर्न सक्ने अनेकन ।
शूरा धेरै जसो बस्थे त्यहीं राक्षसका गण ॥
जनस्थान भनिन्थ्यो यो ठाम, दुष्टहरू थिए ।
खर-दूषण इत्यादि चौध हजार बस्तथे ॥
रामबाट यिनै सारा मारिए छिनमै वहाँ ।
त्यहाँको त्यो कुरा सारा सुन्यो रावणले यहाँ ॥
अनि खप्न न सक्तामा राक्षसेश्वरले अहो ! ।
हर्‍यो श्रीरामकी पत्नी सीतालाइ जसै छल्यो ॥
मारीच पहिले आफ्नो मायाले मृग भो उता !
भुलायो रामलाई र हर्‍यो रावणले यता ॥
आफ्नी पतिव्रता पत्नी सीता खोज्दै निरन्तर ।
मतङ्गवनमा आए प्रभु राम सरासर ॥
त्यहीं भेट भए यौटा कपि सुग्रीवनामक ।
रामले गरियो मैत्री तिनै साथ वहीं तत्र ॥
अनि बालीकनै मारी प्रभुले कपि-राज्य त्यो ।
मित्र सुग्रीवलाई नै दिइ राजा बनाइयो ॥
पाए सुग्रीव-राजाको शुभाज्ञा जानकीकन ।
तुरुन्त खोज्नको निम्ति पृथ्वीभर घुमीकन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
इच्छानुसारको रूप धर्न सक्ने असंख्य ती ।
कपिका गण खोज्दैछन् अहिलेचक जानकी ॥
तिनमध्ये हुँ मै यौटा कुरा सम्पातिका सुनी ।
त्यसैको भरमा आएँ खोज्दै जनकनन्दिनी ॥
शयौं योजनको लामो फैलिएको महोदधि ।
हुत्तिई वेगले नाघी यहाँ आइ पुगें पछि ॥
किष्किन्धापुरमा मैले साक्षात श्रीरामभद्रको ।
मुखबाट सुनेकोथें जस्तो लक्षण-वर्ण यो ॥
३०

३१
त्यस्तै रूप हुने त्यस्तै चिह्नकी जानकीकन ।
भेटें बल्ल यहाँ आई, भो मेरो धन्य जीवन !॥
बानरश्रेष्ठ ती विद्वान् हनुमान् यत्ति नै कुरा ।
मधुरो वाक्यमा पोखी! चुप्प लागे गमी तदा ॥
छोरी जनक-राजाकी यी सीता उनका कुरा ।
त्यस्ता विचित्रका सुन्दा छक्क, पक्क परिन् वरा ॥
टेढा वाक्ला हुने केश आफ्नो शिर उठाँउदै ।
हेरिन् बा ! पछि सीताले तर्सिदैं रुखमाथि त्यै ॥
३४

३५
सुनी हनुमान् कपिका कुरा यी सीता भइन् हर्षित भित्र ज्यादा ।
थालिन् यसो हेर्न दशै-दिशामा संम्केर श्रीरामकनै अनी ता ॥
गाडेर आँखा तल—माथि एवं तेस्रो र छड्के सब तर्फ हेरिन् ।
उदाँउने सूर्य समान राम्रा सुग्रीव-मन्त्री उनलाइ देखिन् ॥
३६

इति एकतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बत्तीसौं सर्ग

कपिवर हनुमान्‌लाई देख्ता देवी–सीताको तर्क--वितर्क

१

लुकेर माथि हाँगामा बसेका हनुमान्‌कन ।
देखिन् बा ! अब सीताले अड्यो दृष्टि घुमीकन ॥
बिजुली चम्किदा जस्तो देखिन्छ त्यस ठीकको ।
उनका देहको कान्ति पहेंलो शोभिंदो थियो ॥
सेतो धोति-उपर्नी थ्यो पैन्हिएको शरीरमा ।
देख्ता यस्तो अवस्थामा जानकी झस्किइन् वहाँ ॥
आँखा गाडी यसो हेरिन् फेरि देखिन् उनीकन ।
फुल्दो अशोकमैं रातो तेजिलो वर्णको पुनः ॥
झुकेर साथि हाँगोमा लुकेको सानु एउटा ।
तेजी वानर बस्तोछ भन्ने त्यस्ता महान् कुरा ॥

५

६

त्यसका दुइटै आँखा पगालेको सुनै सरी ।
पहेंलो तेजिलो थ्यो बा ! देख्ता छक्क परिन् बरी ॥
उनी मनमनै लागिन् अब शोच्न यसो गमी ।
कपिका जातिको जीव आमै नि ! डर लाग्छ नि ? ॥
समात्नु त परै जाओस् हेर्नैं पनि छ मुश्किल ।
भनेर डरले यत्ति भइन् मूर्च्छितमैं तब ॥
चाँडै नै बिउँ झिन् काँपिन् डरले अनि जानकी ।
विलाप गर्न पो लागिन् निकै विह्वल भै पछि ॥
हा राम !राम! भन्थिन् ती भन्थिन् लक्ष्मण बीचमा ।
घुँक्क ! घुँक्क !! गरी रुन्थिन् विस्तारै आर्तशब्दमा ॥

१०

११

देखी अघि परेको त्यो विनम्र कपिलाइ ता ।
विचार गर्न लागिन् ती स्वप्नै हो यो भनी तदा ॥
यसो दिंदा मास्तिर दृष्टि ओहो ! देखिन् बरीले कपिलाइ त्यस्तो ।
मन्त्री थिए वानर—राजका जो शरीरले शोभित नम्र झुक्तो ॥
थिए निकै आदरणीय वीर भै बुद्धिमान्‌मा अतिश्रेष्ठ धीर ।
परन्तु देख्ता उनलाइ यस्तो सीता भइन् ओह ! मरे सरी पो ॥
सातै गयो, काल निकै बितेमा ब्यूँ झिन् बरी होश खुल्यो छिनैमा ।
लौ आज बर्बात भएछ ओहो ! देखें न राम्रोसित स्वप्न यस्तो ॥
कै स्वप्नमा वानर देख्नुलाई शास्त्रादि भन्छन् कुभलै ठमाई ।
जो स्वप्नको लक्षण जान्दछन् ती भन्छन् यसै हुन्न भनेर सिद्धि ॥
श्रीरामको लक्ष्मणको र मेरा राजा-बुवाको जय होस् सँधै बा ! ।
उहाँहरूमा यसको प्रभाव केही लछानैं न सकोस् सदैव ॥
यो स्वप्न नै होइन क्या र ओहो ! पर्दैन निद्रा कहिल्यै मलाई ।
श्रीरामको पाउ छुटेर त्यस्तो दुःखी छु जो आर्त भएर हाई ! ॥

१८

लाग्दैन निद्रा त्यसलाइ कैले दुःखी छ जो छैन सुखी भने ता ।
त्यस्तै छु दुःखी प्रभु राम बाट छुट्ता अनी के सुख शान्ति होला ! ॥
श्रीराम ! हा राम ! भनी सँधै म बसी रहेकीछु भएर लीन ।
विचारकै ठीक वसर्थ त्यस्तै देख्तीछु सुन्दीछु तरङ्ग भै त्यै ॥
श्रीराममै चित्त रमी दिदा म छ टाँसिएको मन, पिर्छ काम ।
शोच्ता उहाँलाइ वसर्थ यस्तो देख्तीछु सुन्दीछु भएर त्यस्तो ॥
होला कुनै यो मनको तरङ्ग निस्कन्छ साँच्चै पनि दिन्छ सङ्ग ।
यता ठमाई म स्वबुद्धिद्वारा गर्दीछु तर्कादि दिई सहारा ॥
तरङ्ग यी तर्क मनै-भरी भै उठ्छन् यसोरी किन फेरि व्यर्थै ।
पर्कै छ क्यै कारण ! सुन्छु जो म अगाडि गर्दोछ कुरा ललाम ॥
म वाक्यका ईश्वर अग्निलाई ती श्रेष्ठ वाचस्पति देवलाई ।
तथा स्वयम्भू सुरराजलाई श्रद्धा सँगै ढोग्छु, हओस् भलाई ॥
यो जीव हो जङ्गलमा चहर्ने भन्दो छ त्यस्तो भइ चित्त हर्ने ।
यल्ले भनेका जति छन् कुरा ती सबै पुगुन, सत्य हऊन् भलो दी ॥

२४

इति बत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेत्तीसौं सर्ग

हनुमान् र सीताको संवादको प्रसङ्गमा श्रीरामको वनवास र सीताको अपहरण सुनाउँनु

१
अब फुत्रुक्क ओर्लेर अशोकतरु बाट त्यो ।
परे अगाडि सीताको हनुमान् भइ फूर्तिलो ॥
थियो बा ! त्यसवेलामा उनको मुख निर्मल ।
ठूलो मूँगा सरी रातो झल्केको भइ झल्झल ॥
बाँधेर अँजुली आफ्नो दीन हीन सरी बनी ।
झुकी प्रणाम टक्र्याए भन्न थाले यसो अनि ॥
पद्मकै पात हुन् जस्ता ठूल्ठूला दुइ नेत्रले ।
खुलेकी, भइ बक्सिन्छ को हजूर ? सुनौं शुभे ! ॥
पहेंलो रेशमी सारी मैलेको पैह्रियो किन ? ।
समाई रुखको हाँगा यसरी उभियो किन ? ॥
पद्मका पातमा पानी पर्दा तल झरे सरी ।
शोकका छर्दछन् आँसु किन हो अझ बर्वरी? ॥
सुरासुर र गन्धर्व वसु रुद्र मरुत् तथा ।
यक्ष-राक्षसमा कोही भै बक्सिन्छ कि देवि! ता ? ॥
अथवा यिनमध्येका कसैकी गृहिणी-सुता ।
को भै बक्सिन्छ होला हँ ?जान्न खोज्छु शुभे!म ता ॥
नक्षत्रहरुमा श्रेष्ठ गुणमा अति नै बढी ।
मानिन्छिन् रोहिणी-देवी सबमा अतियोग्यकी ॥
कि उनै भइ बक्सिन्छ पति-चन्द्र सँगै छुटी ।
तल्तिरै झरि बक्सेकी देवि ! आज्ञा हओस् यही ॥
नीला आँखा हुने देवि ! कि हजूर यथार्थमा ।
साक्षात् अरुन्धती देवी भइ बक्सिन्छ है यहाँ ॥
क्रोधले मोहले आफ्ना पतिदेव-वसिष्ठको ।
छोडेर साथ, झोक्याई सवारी भो यहाँ अहो ! ॥
पिता पुत्र तथा भाई पति जो छन् हजूरका ।
तिनमध्ये कुनै आफ्ना परलोक गए कि ता ? ॥
१३

१४
यसैले रोइ बक्स्यो के भित्र शोक पऱ्यो ? शुभे! ।
म सुन्न खोज्छु आज्ञा होस् ! किन पिर्दछ दुःखले? ॥
ल-लामो सास छोड्नाले छुनाले पृथिवी तथा ।
रुनाले प्रभुलाई म देवी ठान्दिन सर्वथा ॥
माथिबाट म सुन्दैथे बारम्बार हजूर ता ।
कुनै नरेशको नाम ली बक्सिन्थ्यो गुणी हुँदा ॥
यसले र सबै चिह्न-वर्णले प्रभुलाइ म ।
कुनै नरेशकी पत्नी-पुत्री ठान्दछु उत्तम ।
कि जनस्थानबाटै त्यो छली रावणले हरी ।
ल्याइएकी जबर्जस्ती भइ बक्सिन्छ जानकी ? ॥
मलाई जान्न इच्छा छ यथार्थ सब यो कुरो ।
तसर्थ अब आज्ञा होस्, प्रभुको नित्य होस् भलो ॥
दीनता पनि देख्तोछु प्रभुमा दुःखले हुँदो ।
वेष यो तापसीको झैं छ अलौकिक-रूप त्यो ॥
यी सबै वस्तुले गर्दा प्रभुलाइ म वास्तव ।
श्रीरामकी महारानी ठान्छु, आज्ञा हओस् अब ॥
सुन्नाले रामको चर्चा दङ्ग भै जानकी अब ।
भन्दछिन् हनुमान्लाई बस्थे जो फेदमा तब ॥
सुन वानर ! पृथ्वीमा थिए जति महान् नृप ।
प्रधान उनमा एवं महान् गुण हुने सब ॥
शत्रुको सैन्य नाश्ने र ख्याति प्राप्त पनी अति ।
बुहारी हुँ दशरथ-राजाकी एउटी सती ॥
राजा-जनककी छोरी हुँ म नै आर्य-रामकी ।
प्रिया-पत्नी हुँ मै सीता भन्दछन् सब जानकी ॥
अयोध्यापुरमा आफ्ना पति श्रीरामसाथ म ।
बाह्र वर्ष बसें ठ्याक्कै भोगी भोग अनेकन ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पृथिवी-तलमा भोग भोग्छन् जत्ति मनुष्य यी ।
मैले पनि सवै भोगें धोको मेटी उठे जति ॥
अँ ! तेह्रौं वर्ष लाग्दामा मेरा श्वशुर—भूपले ।
सल्लाह लिई बक्सेछ वसिष्ठ—ऋषिको कपे ! ॥
पछि निष्कर्ष निस्केछ दिन राज्याभिषेक त्यो ।
इक्ष्वाकु-कुलका रत्न सुत श्रीरामलाइ पो ॥
ठिक्क भो सब संभार जब राज्याभिषेकको ।
त्यैवेला पति-राजामा कैकेयीको कुरा पऱ्यो ॥
महाराज ! सुनी बक्स्योस मेरो निश्चय नै छ यो ।
क्यै खान्न अहिले देखि बस्छु प्रायोपवेश पो ॥
राज्याभिषेक यो जेठा छोरा रामकनै दिए ।
क्यै पिउन्न म क्यै खान्न, त्यसै छोड्दिन्छु प्राण ए! ॥
मलाई प्रभुले राजन् ! बक्स्यो बचन जो अघि ।
त्यो साँच्चै हो भने अैले जाँउन् जङ्गल राम यी ॥
ती पूज्य-शशुरा मेरा सत्य-प्रिय र धार्मिक ।
भै बक्सिन्थ्यो महान् व्यक्ति बोलेको वाक्यमा दृढ ॥
यसर्थ सासुज्यूलाई बक्सेको दुइटा वर ।
उहाँले सम्झिबक्स्यो बा ! जो अप्रिय थियो तर ॥
हुनसम्म भई हाल्यो अनि ता सुन है कपे ! ।
सासुज्यूको कुरोले यो मूर्च्छैं पारि दियो हरे ! ॥
भै बक्सिन्थ्यो महाराज साह्रै बृद्ध यतातिर ।
उता तोड पऱ्यो त्यत्रो सत्य,-धर्म हुँदा स्थिर ॥
छोरा भरतको निम्ति जेठा छोरा उहाँसँग ।
त्यो राज्य मागि बक्स्यो बा ! रुँदै संकष्ट ली सँग ॥
उदार दिलका ठूला जेठा छोरा उहाँ यता ।
भै बक्सिन्थ्यो स्वयं त्यस्तै लक्ष्मीवान् स्थिर चित्तका ॥
राज्याभिषेक भन्दा त्यो पित्राज्ञा लाइ नै बढी ।
उहाँले मानि बक्स्यो बा ! श्रद्धै साथ त्यही घडी ॥
तसर्थ पहिले आफ्नो मनले खाइ राम्ररी ।
वाणीले पछि स्वीकार गरि बक्स्यो भुकीबरी ॥

४१

४२

बल वीर्य हुने सत्य अखण्ड प्रभु राम ता ।
माग्नेमा दिइ बक्सिन्छ लिइ बक्सिन्न क्यै कुरा ॥
सत्य नै बोलि बक्सिन्छ प्राणै जान्छ भने पनि ।
बोलि बक्सिन्न है झूठो श्रीराम कहिल्यै पनि ॥
महान् यश हुने त्यस्ता रामले बुझ है ! कुरो ।
तुरुन्तै फ्याँक्दिई बक्स्यो पैह्रेको राजचिन्ह त्यो ॥
मणि-रत्नादिका नाना गहना उत्तरीय ती ।
राज्यको साथ-साथैमा त्यागिद बक्स्यो कपे ! पछि ॥
आफ्नी मुमा महारानी कौसल्या सँग ली बिदा ।
उहाँकै काख-पोल्टामा हाल्दि बक्स्यो मलाइ ता ॥
अँहँ ! मानिन मैले ता छुट्टिई बस्न क्यै गरे ।
साथमा वनमै जान अघि भै तम्सिएँ, हिंडें ॥
मेरो बानी छ है यस्तै छुट्टिई रामसाथ म ।
कहीं होस् सुख पाँउन्न स्वर्गमा पनि जान्न म ॥
पूज्य सासु-सुमित्राका ती प्यारा पुत्र लक्ष्मण ।
दाजुको साथमै जान कसिएकै थिए सुन ! ॥
तसर्थ पहिले देखि चीर-वस्त्र धरी उनी ।
तम्तयार भएकाथे, राख्छन् मित्र सुखी यिनी ॥
सुन ! तीन जना हामी आफ्ना रक्षक-भूपको ।
आज्ञा पालनको निम्ति त्यसरी कसियौं अहो ! ॥
गरी त्यत्ति हिंडी हाल्यौं घोर जङ्गल तर्फ जो ।
डलाग्दो पहिले कैल्यै न देखेको विचित्र थ्यो ॥
देखेकै छौ तिमीले त मेरा पति उहाँकन ।
कस्तो अमित-तेजस्वी भै बक्सिन्छ मनोरम ॥
दण्डकारण्यमा बस्ता त्यस्ताकी गृहिणी म हा ! ।
हरिएँ छलले ओहो ! दुष्ट-रावण बाट ता ॥
मैले जीवन धान्नाको निम्तिमा राक्षसेशले ।
म्याद लोक दिएको छ महिना दुइको कपे ! ॥
सकिए पछि त्यो म्याद असमर्थ भएर म ।
अवश्य पनी मर्नेछु, मर्नु मै श्रेय देख्छु म ॥

५६

इति तेत्तीसौं सर्ग

चौतीसौं सर्ग

देवी–सीताले हनुमान्माथि शङ्का गर्नु र हनुमान्ले त्यसको समाधान गर्दै श्रीरामगुण गाउँनु

१

दुःखमाथि महान् दुःख पर्दा दुःखित थिन् उनी ।
जानकी चुप्प लागिन् बा ! अनि त्यत्ति कुरा भनी ॥
दिई ध्यान सुने राम्रोसित यी कपिले अनि ।
सान्त्वना दिन सीतामा अब भन्छन् उनी पनि ।
श्रीरामभद्रको दूत हुँ म देवि ! यथार्थमा ।
प्रभुको निम्तिमा मैले ल्याएको छु कुरा यहाँ ॥
विदेहनन्दिनी देवि ! प्रभुका प्रिय राघव ।
आराम भइ बक्सिन्छ, छ है कुशल वास्तव ॥
छ देवि ! सोधि बक्सेको मर्यादानर—रामले ।
प्रभुका देहको क्षेम तथा कुशल स्नेहले ॥
सम्पूर्ण वेद-जान्नेमा श्रेष्ठ श्रीराम ए शुभे ! ।
स्वयं कुशल आराम सोधि बक्सिन्छ प्रेमले ॥
वेद–ब्रह्मास्त्र सम्पूर्ण जानेका प्रभु राघव ।
भलो चिताइ बक्सिन्छ प्रभुको नित्य वास्तव ॥
प्रभुका पतिका प्रेमी तथानुचर सेवक ।
भाइ-लक्ष्मण छन् साथै, बल्दो तेज छ धप्धप ॥
प्रभुका पाउमा झुक्तै राखी मस्तक आफ्नु ती ।
प्रणाम गर्दछन् देवी ! शोक-सन्तप्त भै अति ॥
नरमा सिंह श्रीराम तथा लक्ष्मणको पनि ।
सुनी श्रेय-समाचार सीता खुश भइन् अनि ॥
रुँउँ ठाडा भए सारा सिरिङ्ग जिउ भो अब ।
दङ्गादङ्ग परिन् देवी कपिसाथ भनिन् तब ॥
यदि बाँच्छ भने कोही मनुष्य दुःखले पनि ।
आनन्द भेट्छ त्यो व्यक्ति सयौं वर्ष पछी पनि ॥
दुनियाँभर चल्दोछ यो जनश्रुति जो कपे ! ।
त्यो रहेछ निकै सत्य भलो पनि दिने अये ! ॥

१३

१४

सीता र हनुमान्बीच एवंरीत कुरा हुँदा ।
राम्रै भो क्यै बढ्यो स्नेह, पर्‍यो विश्वास सर्वथा ॥
शोक-पीडित सीताका कुरा त्यस्ता सुने पछि ।
अब क्यै नजिकै आए हनुमान् वायुपुत्र यी ॥
जत्ति जात्त थिनी आए नजिकै त्यत्ति त्यत्ति तो ।
जानकीलाइ भो शङ्का भनी रावण हो यही ॥
यो कुरा उब्जना साथ गम्छिन् मनमनै उनी ।
हरे ! धिक्कार होस् ओहो ! मैले यो के गरें भनी ! ॥
मन-पेट दिएँ मैले यसको अघि व्यर्थमा ।
आयो वानरको रूप लिई रावण जो यहाँ ॥
निर्दोष अङ्गकी सीता अब हाँगा अशोकको ।
बसिन् समात्न छोडेर भुँइमा दिक्क भै बडो ॥
मोटा लामा हुने बाहु वीर यी कपिले पुनः ।
झुकेर जानकीलाई ढोगे श्रद्धा बढीकन ॥
परन्तु त्रासले गर्दा हुँदा शङ्कित त्यो मन ।
पुलुक्क पनि सीताले हेरिनन् हनुमान्कन ॥
पूर्णचन्द्रमुखी-देवी निकै बेर बिते पछि ।
लामो सास त्यजी भन्छिन् ढोग्ने वानरलाइ यी ॥
हुने वानर मायाले मायावी दुष्ट रावण ।
तँ त्यही होस् भने देखि अँहँ ! यो ठीक होइन ॥
बारम्बार यहाँ आई मलाई यसरी हरे ! ।
पिरोल्नु योग्य हो के त ? अब भन् तँ मलाइ ए ! ॥
तँ जनस्थानमा आइस् संन्यासीको स्वरूपमा ।
देखेकी थें वहीं मैले तँ त्यै होस् आँउने यहाँ ॥
इच्छानुसारको रूप धर्न सक्छस् तँ राक्षस ! ।
दुःखी छु उपवासैले व्यर्थमा न पिरोल् अब ॥

२६

२७

मलाइ दिई सन्ताप भ्वाक भ्वाक यसो गरी ।
दुःख दिन्छस् हरे ! व्यर्थ भलो हुन्न त्यसो गरी ॥
हुन सक्तछ शङ्का यो व्यर्थ हो कि त वास्तव ।
ममा तँलाई देख्तैमा स्नेह उठ्तछ जो अव ॥
रामका दूत साँच्चै नै तिमी हौ त भने कपे ! ।
तिम्रो भलो हओस् नित्य, व्यर्थै शङ्का गरी छु ए ! ॥
लौ तिमीसाथ मै सोध्छु भन श्रीरामका कुरा ।
मलाई सुन्न श्रद्धा छ प्यारो लाग्छ त्यही कुरा ॥
लौ लौ भन कपिश्रेष्ठ ! मेरा प्रिय तथा पति ।
श्रीराम-प्रभुको गाथा सारा गुण बुझे जति ॥
नदीको भेलले बढ्दा स्वात्तै तट हरे सरी ।
मेरो चित्त हऱ्यौ ओहो ! मीठा राम-कुरा गरी ॥
कति आनन्ददायी छ यो स्वप्नै हो भने पनि ।
पतिले नै पठाएको देख्छु जो कपिलाइ नि ! ॥
भाई लक्ष्मणका साथ पति श्रीरामलाइ म ।
देख्न पाएँ भने कत्ति दुःख मान्दिनथें पुनः ॥
परन्तु भाग्य त्यो मेरो छँदैछैन, छु दीन म ।
स्वप्न सम्म पनी तस्मात् डाह गर्दछ देखितन ॥
स्वप्न होइन यो पक्कै स्वप्नमा देखिए कपि ।
अँहँ ! श्रेय हुँदैहुन्न नाशिइन्छ भलो जति ॥
उल्टो म त भलो राम्रो सुन्दीछु प्रियका कुरा ।
भै रहेको छ मेरो त यही श्रेय हुने कुरा ॥
हो कि ता चित्तको मोह भै रहन्छ ममा जुन ।
यद्वा बात-विकारैले बढेको हो कि यो भ्रम ? ॥
उन्मादको विकारै पो बढ्यो कि त ममा हरे ! ।
अथवा मृगतृष्णा पो छोप्न थाल्यो मलाइ ए ! ॥
यद्वा होइन यो पक्कै उन्माद-भ्रम आदि क्यै ।
मिल्ने उन्मादको चिह्न न त हो मोह-सोह क्यै ॥
सब देख्तीछु चिन्दीछु आफैंलाइ म जान्दछु ।
मेरो अघि त्यसो भन्ने यसलाई म देख्तछु ॥
बल राक्षसको देख्ता गम्दा निर्बल वानर ।
सीताले ठहराइन बा ! हो भनी राक्षसेश्वर ॥
ठहँराउनु पर्ने भो अवस्था पनि वास्तव ।
धर्न इच्छा सरी रूप सक्थ्यो रावण जो तब ॥

४३

४४

अब निश्चय भै यस्तो झीनो पेट हुने घनी ।
वीर ती हनुमान्साथ बोल्दिनन् अँहँ ! क्यै पनि ॥
पक्का निश्चय सीताको ताडे बा ! कपिले अब ।
मीठो सुनिरहौं जस्तो वाक्य झिक्तै भने तब ॥
श्रीराम भइ बक्सिन्छ तेजस्वी सूर्य जत्तिकै ।
दुनियाँलाइ आनन्द दिनमा चन्द्र ठीक्कै ॥
विश्रवा-मुनिका छोरा श्रेष्ठ देव-कुवेरझैं ।
सम्पूर्ण जगतैलाई पारि बक्सिन्छ रञ्जनै ॥
महान् यश हुने साक्षात् बिष्णु-तुल्य पराक्रमी ।
मीठो र सत्य बोल्नेमा देवका गुरुझैं घनी ॥
महान् सौभाग्यशाली र कान्तिमान् रूपवान् तथा ।
मूर्तिमान् कामदेवैझैं भइ बक्सिन्छ राम वा ! ॥
क्रोध गर्ने परे ठाम त्यस्तै पात्र मिल्यो भने ।
बल-वीर्य हुदा योग्य महारथी पनी हुने ॥
जसको छत्र-छायामा आड पाएर बाहुको ।
टिक्तोछ ढुक्क भै लोक महात्मा भै दिंदा अहो ! ॥
मृग बन्न लगाएर गरी थो दुष्टले छल ।
आफ्नो आश्रम बाटै त्यो रामलाइ लग्यो पर ॥
शून्य आश्रम पारेर पछि आफैं पुगी वहाँ ।
प्रभुलाइ हरी ल्यायो जवर्जस्ती गरी यहाँ ॥
यल्लाई अब मिल्ला त्यो पापको फल जो जति ।
हजूर देखि बक्सेला मजैसाथ छिटै अति ॥
छोडेका रिसले बल्दा अग्नि हुन् ठीक बाणले ।
युद्धमा दुष्टलाई त्यो मार्दि बक्सिन्छ रामले ॥
उहाँले नै पठाएको दूत हुँ म हजूरमा ।
बोकी सन्देश टक्ऱ्याँऊ भनी आएँ शुभे ! यहाँ ॥
विछोड प्रभुको पर्दा दुःखले भइ पीडित ।
सोधि बक्सिन्छ श्रीराम प्रभुको क्षेम वस्तुतः ॥
यहाँ कुशल आराम छु म आनन्द सर्वथा ।
त्यहाँ कुशल चाहन्छु भलो होस् भन्छु पीडित ॥
महान् तेजी सुमित्राका छोरा लक्ष्मणज्यू पनि ।
प्रभुमा ढोग टक्ऱ्याई सोध्छन् क्षेम भलो पनि ॥
सारा वानरका राजा रामका प्रिय मित्र ती ।
सुग्रीव सोद्धछन् श्रेय प्रभुमा ढोग अर्पिई ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

भाइ लक्ष्मणका साथ मित्र-सुग्रीव आदि ली ।
श्रीराम संम्झिबक्सिन्छ प्रभुलाई सँधै अति ॥
डलांदा राक्षसोका यी वशमा नै परे पनि ।
प्रभु जो बाँचि बक्सिन्छ हो सौभाग्य यही त नि ! ॥
अब दुःख हरायो भो ! चाँडै नै प्रभु ता यहाँ ।
देखि बक्सिन्छ श्रीरामलाइ लक्ष्मण साथमा ॥
भालू-वानरका कैयौं-कोटिका बीच शोभिने ।
राजा सुग्रीवलाई ती छ चाँडै देखि बक्सिने ॥

६४

६५

तिनै वानरका राजा कपि-सुग्रीव-वीरको ।
हनुमान् नामको मन्त्री हुँ म नै, छु अगाडि जो ॥
कुदेर वेगले नाघी त्यो विशाल महोदधि ।
यो लङ्का-नगरीभित्र पसें देवि ! म क्यै अघि ॥
म बाहु-बलले आफ्नो दुरात्मा राक्षसेशको ।
थाप्लैमा पाउ राखेर आएँ दर्शन गर्न पो ॥
त्यस्तो हैन म है देवि ! जस्तो संम्झिई बक्सियो ।
शङ्का नगरी बक्स्योस् भो! गरि बक्स्योस् पत्यार पो ॥

६८

इति चौतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैतीसौं सर्ग

हनुमान्ले राम–लक्ष्मणको अङ्ग–प्रत्यङ्गको चिन्ह वर्णन गर्नु र नर–वानरका मित्रताका कुराले पत्यार पार्नु

१

कपिका मुखले यस्ता सुनी राम–कथा अब ।
सीता मधुर–वाणीमा भन्दछिन् शान्तिपूर्वक ॥
लौ लौ ! भन कपे ! तिम्रो श्रीराम सँग के गरी ।
भयो संगत–संसर्ग कहाँ, कारण के परी ? ॥
वीर लक्ष्मणलाई ती जान्दछौ कसरी तिमी ।
नर–वानरको मेल कसरी भो ? गर्मौ सुनी ॥
राम–लक्ष्मणका के के हुलिया, चिन्ह छन् भन ? ।
सुनेर त्यो भए साँचो मेरो ढुक हओस् मन ॥
अनुहार छ के कस्तो श्रीराम–प्रभुको भन ? ।
कस्तो आकार शोभिन्छ वीर लक्ष्मणको भन ? ॥
रूप–रङ्ग छ के कस्तो ती दुवै दाजु–भाइको ।
कस्ता छन् हात–गोडा ती जस्ता–तस्तै बताउ यो ॥
सीताले यसरी सोद्धा हनुमान् भन्दछन् अब ।
राम–लक्ष्मणको चिन्ह अनुहार पनी सब ॥
पद्मकै दल हुन् जस्ता नेत्रले शोभिने शुभे ! ।
निकै बुझ पचाएर सोधि बक्स्यो मलाइ ए ! ॥
हो मेरै भाग्य त्यो देवि ! हुन्छ लौ! बिन्ति गर्छु म ।
राम–लक्ष्मणका चिन्ह देखेका सब लक्षण ॥
श्रीराम–प्रभुको देवि ! मुख झल्किन्छ झल्मल ।
हो शरत् ऋतुको चन्द्र भनेझैं दिव्य निर्मल ॥
पद्मका पातझैं राम्रा शोभिन्छन् नेत्र शोभने ! ।
गुण छन् रूप औदार्य जन्मैदेखि सँगै हुने ।
भगवान् सूर्यकै जस्तो छ तेज प्रभु–राममा ।
क्षमामा पृथिवी–तुल्य भइ बक्सिन्छ जो यहाँ ॥
जो बृहस्पतिकै ठीक भइ बक्सिन्छ बुद्धिमा ।
देवताहरुका राजा इन्द्रकै ठीक कीर्तिमा ॥

१३

१४

भइ बक्सिन्छ जो फेरि चौधै भुवनका धनी ।
जगत्का जीवको साथै आफ्नाको रक्षकै पनि ॥
व्यवहार र मर्यादा सदाचार र धर्मको ।
मर्म बुझ्ने तथा पाल्ने भै बक्सिन्छ उहाँ अहो ! ॥
सुनि बक्स्योस्न कल्याणि ! बानी छ प्रभु–रामको ।
रक्षा गर्ने विना भेद जगत्का जीव–जन्तुको ॥
सम्पूर्ण लोक–मर्यादा पाल्ने थाम्ने सिकाँउने ।
भइ बक्सिन्छ श्रीराम स्वयं गर्नें गराँउने ॥
प्रकाशरूपका ज्यादै कान्तिमान् भै दिदा उहाँ ।
श्रद्धाले रामको हुन्छ नित्य–पूजा जहाँ–तहाँ ।
छ महाब्रह्मचारीको पालेको व्रत रामले ।
बुझि बक्सिन्छ अर्काको साधुको उपकार ए ! ॥
मर्यादा–धर्मको त्यस्तै कुनै सत्कर्मको पनि ।
प्रचार आदि गर्दामा न चुक्ने कहिल्यै पनि ॥
राजनीति सवै जान्ने विप्रको भक्त, सेवक ।
ज्ञान–विज्ञान–सम्पन्न शीलवान् दृढ भावुक ॥
सँधै नम्र हुने एवं आफ्ना शत्रु हुनेकन ।
विध्वंस पार्दिने स्वात्तै मान्ने मान्यहरूकन ॥
यजुर्वेद निकै जान्ने संहिता–मन्त्र–तत्त्व ती ।
बुझ्ने र मानिने नित्य वेदज्ञहरुले उति ॥
धनुर्वेद तथा वेदहरूका अङ्ग जान्न र ।
प्रयोग गर्न तत्काल सक्ने, पाल्ने निरन्तर ॥
त्यस्ता श्रीरामका काँध छन् मोटा दृढ सुन्दर ।
तेजिलो मुख झल्किन्छ कण्ठ ता शङ्ख–तुल्य छ ॥
काँधको हाड खोविल्टो पुरिएको छ पुष्ट भै ।
र–राता नेत्र शोभिन्छन् शुभ नाम छ राम यै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यत्तिले नै पुगेकोछ विश्वका जीव-जन्तु यी ।
जान्दछन् त्यत्तिले देवि! श्रद्धाले बढ्दिंदा रुचि ॥
बज्छ दुन्दुभि बाजा नै भनेझैं छ महान् स्वर ।
देहको कान्ति झल्किन्छ चिल्लो वर्ण छ सुन्दर ॥
प्रताप छ महान् देवि! रङ्ग राम्रो र श्याम छ ।
सबै अङ्ग मिलेका छन् भै राम्रा पुष्ट विस्तृत ॥
अङ्ग श्रीरामका तीन, मुटठीं, नारी र वक्ष यी ।
स्थिर छन् दृढ छन् राम्रा शोभिएका पनी अति ॥
आँखिभौं र भुजा, मेढ् लामा छन् तीन अङ्ग यी ।
अण्डकोष र केशाग्र घूँडा छन् सम्म जो मिली ॥
अग्लो छ नाभि खाल्डो भै छाती, उदर तीन यी ।
राम्रै सँग उठेकाछन् भइ सुन्दर शोभिई ॥
हत्केला दुइ पैताला नेत्र-कोण तथा नख ।
सुकुमार र राता छन् झल्किन्छन् दिव्य भै सब ॥
रामका पाउका रेखा शिरका रौँ सम्म ती ।
शिश्नाग्रभाग साथैमा चिल्ला छन् मृदु तीन यी ॥
गम्भीर स्वर मीठो छ नाभिकै साथ ठिक्कको ।
हिंडाइ पनि त्यस्तै छ यी तीनै अङ्ग रामको ॥
तीन रेखा सुशोभिन्छन् प्रभुका पेट-कण्ठमा ।
छन् तीन भुँवरी देवि! रामका शिरबीचमा ॥
पैताला पाउका रेखा स्तनका अग्रभाग यी ।
खाल्टै भित्र पसेका छन् दिव्य सुन्दरता लिई ॥
कण्ठ, पीठ तथा दोटै पिंडौंला प्रभु-रामका ।
यी चार अङ्ग ता केही छन् स-साना, छ भव्यता ॥
छन् त्यस्तै पाउका औंलाहरूमा र ललाटमा ।
राम्रा च-चार रेखा ती दिव्य भै शोभिने वहाँ ॥
घूँडा जाँघ तथा बाहु गाला यी अङ्ग चार ता ।
सम छन्, भइ बक्सिन्छ प्रभु ता चारहातका ॥
नरको अङ्गमा देवि! कर्ण-नेत्रादि अङ्ग-यी ।
चौधै द-दुइ संख्याका जो हुन्, छन् सब ठिक्क ती ॥
जो छन् चारै कुनापट्टि चारोटा दंष्ट्र रामका ।
ती सबै ठ्याक्क मिल्दाछन् भनेझैं शास्त्रमा तथा ॥
सिंह वाघ तथा हात्ती वृष यी चारकै सरि ।
चारोटै गतिमा राम हिंडी बक्सिन्छ सर्सरी ॥

४३

४४

शोभिन्छन् ओठ, राम्रो छ, च्यूँडो नाक सफा अति ।
चिल्ला छन् दाँत त्वक् नेत्र पैताला केश पाँच यी ॥
दुवै बाहु पिंडौंला र घूँडा बाहु र पाउका ।
औंला पनि यिनै आठ अङ्ग छन् उच्च वेस वा! ॥
मुखमण्डल-विवर जिह्वा नयन ओठ र ।
हात - पाउ स्तन नख तालु छन् दश पद्मझैं ॥
शिर छाती गला बाहु काँध पाउ ललाट र ।
पीठ कान तथा नाभि दश अङ्ग विशाल छन् ॥
भइ बक्सिन्छ श्रीराम कीर्ति-श्रीले प्रतापले ।
परिपूर्ण सँधै देवि! शोभिने वल-बुद्धिले ॥
उहाँका बाबु-आमाका दुइटै कुल शुद्ध छन् ।
निकै ख्याति छ फैलेको यी दुवै वंश उच्च छन् ॥
पार्श्वभाग दुवै कोखा पेट छाती र नासिका ।
भाल काँध छ ओटा यी अङ्ग छन् उच्च पुष्ट वा! ॥
छन् निकै मसिना राम्रा यी नवै अङ्ग रामका ।
नख त्वक् केश औंला र शिश्न रौं बुद्धि दृष्टि ता ॥
विहान दिउसो साँझ धर्म अर्थ र कामको ।
गर्ने काम-कुरो नित्य भै बक्सिन्छ उहाँ अहो! ॥
सत्यमा धर्ममा मात्र लाग्ने नित्य-निरन्तर ।
न्यायले पाइए देखि जोर्ने धन भई स्थिर ॥
आफ्ना हुनेहरू माथि दया गर्ने मर्जासित ।
देश काल निकै जान्ने प्रिय बोल्ने सबैसित ॥
श्रीराम भई बक्सिन्छ यस्ता गुण र रूपका ।
दुनियाँ जसले गर्दा लोभिदैं पछि लाग्छ वा! ॥
विमातृ-पट्टिका भाई उहाँका प्रिय-लक्ष्मण ।
पनि छन् दाजु जस्तै पो छ त्यही रूप लक्षण ॥
कल्याणि! उनको बानी दाजुमा अरुमा पनि ।
छ श्रद्धा-प्रेम गर्ने नै छ वैशिष्ट्य यही अनि ॥
पगालेको सुनै जस्तो रूप-रङ्ग छ भाइको ।
भिन्नता छ यही देवि! दाजुको श्यामलो छ त्यो ॥
अँ त! देवि! दुवै त्यस्ता दाजु-भाई हजूरको ।
भेट दर्शनको लागि हिंडे आश्रम बाट त्यो ॥
जता पायो उता खोज्दै हिंड्दथे नर-सिंह यी ।
यसरी पृथिवी घुम्दा भेटिए हामीसाथ ती ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

हाम्रा वानरका राजा सुग्रीवसँग भेट भो ।
लखेटेका थिए आफ्ना दाजुले राज्यबाट जो ॥
छ ऋष्यमूकको डाँडो अतिसुन्दर वास्तव ।
त्यसको तल फेदीमा छन् देवि ! बहुतै रुख ॥
बस्थे त्यो ताक सुग्रीव दाजुको डरले यहीं ।
प्रिय-दर्शन जो छन् ती ठ्याक्क भेट भयो त्यहीं ॥
राज्यैबाट निकालेका कपिराज उनीकन ।
गर्थ्यौं हामीहरु सेवा अड्दथे सत्यमा जुन ॥
चीर-वस्त्र लगाएर धनु बोकेर बाहुमा ।
सवारी भो दुवै भाई त्यै राम्रो ऋष्यमूकमा ॥
भवाम्भवास्ति यी दुवैलाई देख्तामा कपिराज ता ।
डरले चुचुरो माथि चढे उफ्रेर भै छिटा ॥
मलाइ अनि राजाले ती दुवै प्रभुको शुभे ! ।
कुरा बुझ्न पठाए वा ! आफू चाँहि त्यहीं बसे ॥
म गएँ अनि राजाको आज्ञा बोकेर सर्सर ।
महापुरुषको त्यस्ता अघि आइ भएँ स्थिर ॥
यसो हेर्दा दुवैलाई रूप-लक्षमण-तेजले ।
महान् पुरुष हुन् भन्ने ठमाए आफ्नु बुद्धिले ॥
हात जोडेर सेवाको निम्तिमा म बसें भुकी ! ।
पछि बिन्ति गरें सारा आफ्नो-सुग्रीवको स्थिति ॥
दाजु-भाइ दुवैलाई पारेछ त्यसले खुश ।
चढेर काँधमा मेरो सवारी भो वहीं तव ॥
दिलका देहका ठूला हाम्रा सुग्रीवलाइ तो ।
ती दुवै बन्धुको सारा भनें हाल परिस्थिति ॥
पछिबाट कुरा-कानी भयो सुग्रीव-राममा ।
यसैले प्रीति उब्जेछ नर—वानर—बीचमा ॥
आफ्नु दुःख अ-आफैंमा पोखे ती दुइले पछि ।
आश्वासन दिए देवि ! दुवैले दुइलाइ यी ॥
बलवान् र महान् तेजी वाली वानरराज जो ।
थिए सुग्रीवका दाजु बुद्धि-वैभव-पूर्ण पो ॥
भाई-सुग्रीवलाई ती पत्नीको निहुँले गरी ।
घरबाटै निकालेका थिए निर्दय भै अति ॥
त्यो दुःख उनले पोख्ता वीर-श्रीरामले पनि ।
सुग्रीवलाइ आज्ञा भो भलो म गरुँला भनी ॥

७७

७८

कुरोकानी हुँदै जाँदा पछि लक्ष्मणले पनि ।
श्रीराम-प्रभुको दुःख स्वात्तै भनि दिए अनि ॥
रहेछ दुःख त्यो देवि ! प्रभुको पाउ छुट्नु नै ।
भएर मुटुको काँडो पिर्ने श्रीरामलाइ नै ॥
सुनी सव कुरा त्यस्ता बिचरा कपिराज ता ।
खङ्ग्रङ्ग सुकि हाले हा ! उड्यो तेज-प्रताप ता ॥
जस्तो ग्रहण लाग्दामा छोप्तामा ग्रह-राहुले ।
सूर्यको कान्ति देखिन्छ त्यही ठीक भए शुभे ! ॥
कपिका यूथका स्वामी हामी थ्यौं त्यो सुन्यौं जव ।
दौडिएर गयौं देवि ! ल्यायौं ती गहना सव ॥
प्रभुका गाथमा यस्ता शोभिन्थे खुल्दथे जुन ।
देखायौं अघि राखेर श्रीराम-प्रभुमा पुनः ॥
जुन ती फ्याँकि बक्सेथ्यो माथिबाट हजूरले ।
प्रभुलाइ हरी लाग्दा दुष्ट यो राक्षसले ॥
गहना-गुरिया सारा देखायौं कपि भै सव ।
थिएन तर क्यै पत्तो प्रभुको हाल वास्तव ॥
प्रभुबाट खसाल्दा ती गहना झन्न वज्दथे ।
पोकै फुटेर डाँडामा छरिएका थिए शुभे ! ॥
बटुलेर सवैलाई खोज--मेल गरीवरी ।
मैले नै ल्याइ राखेका थिए यी अघि राम्ररी ॥
ए देवि ! सुनि बक्स्योस् है ! सव ती गहना जव ।
प्रभुको अघि ल्याएर राखेथ्यौं कपि गै सव ॥
अनि ता न मजै पो भो रामले सवलाइ ती ।
काखमा राखि बक्स्यो र भैबक्स्यो दिक्क झन् अति ॥
पछि टाँसेर छातीमै गहना ती हजूरका ।
साह्रै नै कल्पिबक्स्यो हा ! देवता ठीक राम ता ॥
अनि ओल्टाइ--पल्टाई हेरी-हेरी तिनैकन ।
साह्रै विह्वल भै बक्स्यो रोइ बक्स्यो निकै पुनः ॥
त्यस्ता वीर दशरथ-राजाका पुत्र रामको ।
शोकाग्नि दन्कियो भित्र पछि पत्नी-वियोगको ॥
खप्न गाऱ्है परी हाल्यो भइ आतुर अन्तमा ।
राम मूर्च्छै परी बक्स्यो घेरै सम्म स्वयं वहाँ ॥
मैले अनि यसैवेला सान्त्वनाका अनेकन ।
युक्तिपूर्ण कुरा राखें बिउँझाएँ उहाँकन ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

अनि लक्ष्मण साथैका रामले बहुमूल्य ती ।
गहना फेरि हेरेर स्वयं देखाइए पछि ॥
अनि ती गहना सारा संचिता गरि राख्नमा ।
अनि ती गहना सारा संचिता गरि राख्नमा ।
बक्सियो रामले देवि ! प्रिय वानरराजमा ॥
प्रभुको साथ छुट्नाले न देख्नाले पतिव्रते !
पिर्छ श्रीराममा ज्यादै शोकले दुःख तापले ॥
आफूमाथि सँधै बल्ने ज्वालाले अग्नि-रापले ।
पिरिन्छ नित्य नै जस्तो ज्वालामुखी पहाड ए ! ॥
त्यही ठीक त्यही जस्तो श्रीराम पनि वास्तव ।
नित्यै पिरिइ बक्सिन्छ प्रभुको पीर भै दृढ ॥
प्रभुकै निहुले गर्दा भेट्न देख्न न पाँउदा ।
सँधै पिर्छ अनिद्राले चिन्ताले शोकले तथा ॥
गार्हपत्य दक्षिणाग्नि तथा आह्वनीय यी ।
तिनले अग्निशालामा पिरेझैं छ परिस्थिति ॥
प्रभुलाइ न देख्नाको शोक नित्य कपाँउछ ।
भैंचालो गै दिंदा ठूलो जस्तो पर्वत काँप्तछ ॥
राजपुत्रि ! म के घेरै त्यस्तो विन्ती गरौं यहाँ ।
श्रीराम भइ बक्सिन्छ पाखाको मत्स्यझैं वहाँ ॥
छैन आनन्द भन्ने क्यै नदी र झरना वन ।
जहाँ गए पनी शान्ति पाँउन्न प्रभुको मन ॥
लौ भैगो ! अव कल्याणि ! पुरुषश्रेष्ठ राघव ।
चाँडै नै भेटी बक्सिन्छ प्रभुलाइ यहीं अव ॥
पाजी-रावण यो मर्छ रामबाट शुभे ! छिटै ।
बन्धु-बान्धवका साथै आफ्ना मित्र लिई सबै ॥
ल त ! देवि ! गरी त्यत्ति श्रीराम-कपिराजले ।
मैत्री-सम्बन्ध नै जोरे ब-आफ्नो हित-बुद्धिले ॥
भो प्रतिज्ञा ब-आफैंमा ती बाली मार्न रामको ।
सीतालाइ म खोज्ने छु भन्ने वानरराजको ॥
लिइ वीर दुवै साथ किष्किन्धा-पुरमा गई ।
मारे सुग्रीवले देवि ! वालीलाइ लडी पछि ॥
बलैले युद्धमा बाली मारेर प्रभु-रामले ।
सारा वानर-भालूका राजा मित्र बनाइए ॥
नर-वानरको गाँठो यसरी बाँधियो शुभे ! ।
मैत्री-सम्बन्ध भो गाढा स्नेहले काम-काजले ॥

१११

११२

ती दुवै वीरको देवि ! तुच्छ दूत भएर म ।
यहाँ आइ पुगें ठ्याक्कै जानियूँ हनुमान् हुँ म ॥
त्यो राज्य पाँउना साथ राजा-सुग्रीवले पनि ।
आफ्नु आश्रममा वस्ने डाके साराकनै अनि ॥
ठूलठूला बलिया भालू वीर-वानरलाइ नै ।
दशै-दिशा खटाए वा ! खोज सीता भनीकनै ॥
आज्ञा बोकेर राजाको पर्वतै ठीकका कपि ।
पृथ्वी ढपक्क ढाकेर प्रभु खोज्न हिंडे पछि ॥
त्यो आज्ञा पाल्न राजाको म र मै-ठीकका अरु ।
घुम्दछन् सब पृथ्वीमा भै छ्यापछ्यापति खुरुखुरु ॥
बालीका पुत्र छन् यौटै वेस, अङ्गद नाम छ ।
अत्यन्त बलवान् छन् ती कार्यमा श्रेष्ठ लायक ॥
आफ्ना त्रिखण्ड सेनाको साथमा निस्किए उनी ।
प्रभु खोज्न भनी देवि ! त्यसैभित्र छु मै पनि ॥
त्यो विन्ध्याचलमा आयौं हामीहरू सबै अनि ।
निकैसम्म हरायौं हा ! त्यहीं हामीहरू पनि ॥
ठूलै दुःख पनी पायौं भालू-वानरले वहाँ ।
सुत्त सुत्त अहोरात्र वित्नसम्म विते जहाँ ॥
कार्यसिद्धि हुने आशा नदेख्ता रनभुल्ल भै ।
भैसकेका थियौं हामी किंकर्तव्य-विमूढ नै ॥
फर्किने तोक्दिएको थ्यो यता समय जो अघि ।
त्यो पनी सकियो स्वात्तै भित्र पीर थियो अति ॥
हाम्रा सुग्रीव-राजाले ठोक्छन् भन्ने थियो डर ।
तसर्थ त्यागिदिनै प्राण मान्यौं वेस र सुन्दर ॥
हजूरलाइ हे देवि ! खोजेथ्यौं सब ठाममा ।
झरना-वन-डाँडामा गै नदीका किनारमा ॥
प्रभुको सुँइको सम्म न पाए पछि अन्तमा ।
भयौं विवश मर्ने नै ठहरायौं सबै वहाँ ॥
न मरे सम्म भोक्-भोकै वस्ने व्रत लियौं अनि ।
विन्ध्यको चुचुरो माथि कसियौं र बस्यौं पनि ॥
कपिका रत्न ठूलठूला धीर वीर थियौं सब ।
त्यसरी मर्न लागेका देखे अङ्गदले तब ॥
सकेनन् अनि त्यो हेर्नै डुबे ती शोक-सिन्धुमा ।
विलाप गर्न पो लागे ठूलै स्वर झिकी वहाँ ॥

१२८

१२६

विदेहनन्दिनी-देवि ! दुष्टले प्रभुलाइ ता ।
त्यसरी हरिल्याएको सुँइकै न दिई तथा ॥
अनि वाली मरेको र हामी खोज्न हजुर्कन ।
निस्केका सब पृथ्वीमा छरिएर दनादन ॥
उपवास बसेको त्यो हाम्रो आमरणान्तको ।
बके अङ्गदले एक्लै विलापेर कथा अहो ! ॥
भन्दा-भन्दै भने फेरि पक्षिराज—जटायुको ।
त्यस्तो मृत्यु पनी ओहो ! उनले दुःख भै बडो ॥
त्यस्ता वानरका राजा धीर-सुग्रीव-वीरको ।
अज्ञा पाल्न न सक्ता त्यो हामीमा भित्र पीर थ्यो ॥
यसैले मर्न थ्यौं ठिक भाग्यले कार्य-सिद्ध यो ।
पार्दिना निम्तिमा देवि ! पठायो एक हेतु पो ॥
यसैवेला त्यहाँ आए गृध्रराज जटायुका ।
ती जेठा दाजु-संपाति स्वयं राजेन्द्र गिद्धका ॥
उनको देह थ्यो ठूलो ती चरा नै भए पनि ।
भाइको मृत्यु सुन्दामा झोक्किए बा ! निकै उनी ॥
सोधे हामीहरूलाइ ए वीर-कपि हो ! भन ।
कुरो जटायुको के हो ? त्यो मेरो भाइ हो चिन ! ॥
मरे रे ? कसले माऱ्यो ? मेरो कान्छोकनै हरे ! ।
किन माऱ्यो ? कहाँ माऱ्यो ? म सुन्छु भन वीर ए ! ॥
जस्तातस्तै गरी सारा भने अङ्गदले अनि ।
जसो गरि मरेकाथे प्रभुको निम्तिमा उनी ॥
दुष्ट रावण आएर जोगीको रूप ली छली ।
प्रभुलाइ हरेको र गएको दक्षिणै उडी ॥
त्यो देख्ता प्रभुको त्यस्तो सुन्दा आर्तपुकार त्यो ।
खप्न गाह्रो भएको र लडेको फूर्तिले बडो ! ॥
अन्तमा क्यै नलाग्दामा डर्लाग्दो त्यस दुष्टले ।
मार्दिएको उनीलाई एक-एक गरी भने ॥
साक्षात् अरुणका छोरा गिद्ध संपातिले शुभे ! ।
भाई जटायुको मृत्यु यसरी दुःखले सुने ॥
पछिबाट बरारोहे! हामी कपि र ऋक्षमा ।
प्रभुको सुँइको पत्तो सारा भनिदिए वहाँ ॥
दुष्ट-रावणले देवी-सीतालाइ हरी लग्यो ।
राख्छ लङ्कापुरी-भित्र अचेल बुझ बावु हो! ॥

१४५

१४६

कुरा संपातिका यस्ता मीठा आनन्द...
सुन्यौं सम्पूर्ण हामीले अनि खोज्न हिंड्यौं ...
छोडयौं त्यो विन्ध्यको डाँडो उत्साहित भयौं ...
देवी भेट्ने भयौं भन्ने भित्र हर्ष भयो ...
समुद्र-तटमा आयौं हामीहरू छिटै ...
हृष्ट-पुष्ट भई हाल्यौं तुरुन्तै कसियौं ...
भेट-दर्शन देवीको पाइने भो मनोहर ...
हामी उत्सुक थ्यौं सारा भित्र हर्षित थ्यो ...
त्यस्तो अजङ्गको सिन्धु अघि पर्दा हरेशि...
हामी बिलखबन्दै पो भइ हाल्यौं त्यसै ...
वीर-अङ्गद साथैका फेरी हामी सबै ...
डुब्यौं चुर्लुम्ब चिन्तामा नसक्ता तर्न सिन्धु ...
अनि वानर-सेनाको त्यस्तो पीर हटोस्...
सय-योजनको सिन्धु तरें, आएँ मता ...
पसें लङ्का-पुरीभित्र मौका पारेर रात...
देखें सब घुमे देवी ! थिए राक्षसमात्र ...
यहीं देखें, चिनें मैले दुष्ट रावणलाइ ...
शोकले भित्र थाकेकी प्रभुलाइ पनी ...
हजूरलाइ यो सारा गरें वृत्तान्त वर्णन ...
हुँ म श्रीरामको दूत विन्ती गर्दोछु सत्य ...
तस्मात् पतिव्रते देवि ! अब ढुक्क भईक...
भनि बक्स्योस् कुरा आफ्ना सक्तो गर्दछु सेवा ...
गर्न श्रीरामको काम मैले उद्योग यो गरें ...
पाएँ दर्शन देवीको यसरी सफलै भएं ...
मलाइ संम्झिबक्से भो मन्त्री सुग्रीवको ...
सुपुत्र वायु-द्यौताको 'हनुमान् हो' भनी...
विन्ती गर्छु सुनी बक्स्योस् प्रभुका पवि-राघव ...
आराम भइ बक्सिन्छ सब वेस छ वात...
मैले ता ठहराएँ है ! ककुत्स्थकुलका मर्त्...
श्रीराम भइ बक्सिन्छ श्रेष्ठ शस्त्रज्ञमा पनि ...
आफ्ना पूज्य तथा दाजु रामको नित्य सेवा ...
गर्ने, छन् कुशलै भाई शुभ-लक्षण लक्ष्मण ...
त्यस्ता हजूरका स्वामी वीर श्रीराम-दाजुकै ...
हित प्यारो कुरा गर्न उनी तत्पर छन् ...

१६३

आज्ञा सुग्रीव-राजाको बोकी एक्लो म वास्तव ।
यहाँ आइ पुगें देवि ! भएँ सफल झन् अव ॥
गर्न नै प्रभुको खोजी राम्रो पत्तो लगाँउन ।
म आएँ हुत्तिदै एक्लै यो दिशातिर दक्षिण ॥
यस्तो छु ता पनी देवि ! भवास्स हेर्दा विकासको ।
सक्छु इच्छा सरी रूप धर्न, हुन्छु म कामको ॥
दुःखको नाश भो भन्ने तर्कनाले र त्रासले ।
काँपेका छन् सवै हाम्रा कपि-सैन्य पतिव्रते ! ॥
उनको त्रास त्यो ताप यहाँ बाट म गै अनि ।
मिटाउनेछु भाग्य हो मेरो भेट्टाएँ जानकी भनी ॥
सयौं योजनाको सिन्धु नाघेको श्रम, यत्न त्यो ।
मेरो भएन बा ! व्यर्थ पाएँ दर्शन आज जो ॥
यो सौभाग्य पनी मेरै रहेछ सवको अघि ।
मैले दर्शन पाएँ जो देवीको दिव्यरूपको ॥
महान् वीर्य हुने राम अव पक्कै पतिव्रते ! ।
सबीलै बहुतै चाँडो भेटि बक्सिन्छन् प्रेमले ॥
क्रूर राक्षसको राजा दुष्ट रावणलाइ यो ।
तुरुन्तै मार्दि बक्सिन्छन् साथै पुत्र र बन्धुको ॥
सुनि बक्स्योस् त वैदेहि! माल्यवान् नामको गिरि ।
मानिन्छ गिरिमा श्रेष्ठ छन् त्यहाँ कपि केसरी ॥
कुनै दिन उनी जान्थे त्यहाँ बाट सरासर ।
गोकर्णपर्वतै तर्फ श्रद्धा-भक्ति पुरःसर ॥
मेरा जनक हुन् साक्षात् उनै वीर महाकपि ।
दूलो काम गरे यौटा आज्ञाले देवको अघि ॥

१७४

१७५

क्रूर दैत्य थियो यौटा शम्बसादन नामको ।
त्यल्लाइ मार्दिए देवि ! जव त्रैलोक्य पिर्दथ्यो ॥
उहाँकै क्षेत्र थ्यो यौटा थिन्, स्त्री अञ्जनिनामकी ।
तिनैद्वारा म जन्मेथें वायुको वीर्यले अघि ॥
बल-पौरखले आफ्नै म शुभे ! यस लोकमा ।
भएँ प्रख्यात सर्वत्र हनुमान् भन्दछन् यहाँ ॥
यस्ता समर्थ स्वामीका भनें यस्ता महान् गुण ।
विश्वास प्रभुमा पार्नु भन्नुको लक्ष्य थ्यो जुन ॥
मुख्य गाँठो कुरो यै हो प्रभुलाइ छिटै अव ।
रघुनाथ स्वयं आइ लगिबक्सिन्छन् वास्तव ॥
विश्वास मान्नु नै पर्ने कुराले युक्ति-वुद्धिले ।
चिन्ह-लक्षणले यस्ता स्थिति-मिल्दा प्रसङ्गले ॥
कपिले जानकीलाई जो भने त्यसरी वहाँ ।
पत्याइन् बल्ल सीताले राम-दूत गमिन् त्यहाँ ॥
शोकले ओइलाएको उनको मुखपङ्कज ।
फक्र्यो बा ! अनि ता राम्रै भयो हृदय गद्गद ॥
साह्रै हर्ष हुँदा भित्र टेढा पक्ष्म र नेत्रकी ।
देवीले बर्र बर्षाइन् धारा हर्षाश्रुको अति ॥
र-राता र सफा नेत्र शोभिएको थियो मुख ।
चन्द्रझैं राहुले मुक्त भयो तत्कालमा अव ॥
बल्ल पो हनुमान्लाई पक्कै वानर हो भनी ।
मानिन् , रावण हो भन्ने शङ्का फ्याँकिदिइन् अनि ॥
अव त्यस्तै अवस्थामा भन्दछन् हनुमान् पुनः ।
मन मक्ख हुने देखी यी देवी-जानकीकन ॥

१८६

१८७

मिथिलेशसुते देवि ! मलाइ प्रभुले जति ।
सोधिबक्स्यो भनें मैले सब पूर्ण जवाफ दी ॥
अव धैर्य धरी बक्स्योस् मान्नु पर्दैन पीर क्यै ।
के गरुँ प्रभुको सेवा हुँ सेवक म गर्छु त्यै ॥
छ के त प्रभुको इच्छा, रुचि जान्छ शुभे ! कता ? ।
सुन्न पाँउ म त्यै गर्छु, फर्की जाँउ कि ता उता ? ॥
पाएर आज्ञा मुनिको महर्षिको लडाँइमा गै अघि वीर्यले बडो ।
वी केसरी वीर-कपीन्द्रले जुन त्यो दैत्य मारे खल शम्बसादन ॥

१६०

CC-0. In Public Domain. Digitization by eGangotri

१८७
म जन्मिएँ जानकि ! वायुदेवको सद्वीर्यद्वारा अनि पो, अघी छु जो ।
छन् वायुमा ठीक ममा सवै गुण तसर्थ हूँ वानर, गर्छु सेवन ॥

इति पैतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छत्तीसौं सर्ग

हनुमान्‌ले देवी-जानकीलाई श्रीरामले चिन्हो पठाएको औंठी टक्र्याउनु र अनेकौं युक्ति-बुद्धिले संझाउनु

१

तेजिला वायुका छोरा हनुमान् कपि यी पुनः ।
पत्यार पार्न भै नम्र भन्दछन् जानकीकन ॥
सौभाग्यशालिनी-देवि ! म विद्वान्-रामभद्रको ।
यौटा विश्वासिलो दूत वानरै हूँ छ सत्य यो ॥
अझ पत्यार पर्दैन भने देवि ! हजूरमा ।
म टक्र्याँउछु यो औंठी ल्याएको छु, छ साथमा ॥
छ यो श्रीराम त्यो नाम खोदिएको पतिव्रते ! ।
राम्ररी हेरि बक्स्योस् लौ चिह्नै छ हजूरले ॥
म यता आँउदा देवि ! महात्मा रघुनाथले ।
मलाइ बक्सिएको हो ल्याएँ विश्वास-हेतुले ॥
अब धैर्य घरी बक्स्योस्, जय होस् ! प्रभुको शुभे ! ।
जो दुःख पाइ बक्स्यो यो अब त्यो सकिएछ ए ! ॥
पतिका बाहुको शोभा दिव्य त्यो कर-मुद्रिका ।
लिएर अनि सीताले यसो हेरिन् यताउता ॥
अब दङ्ग परिन् देवी उनका पति-देवता ।
भए ठ्याक्कै मिले जस्ता त्यो वेला उनलाइ ता ॥
र-राता र सफा आँखा भएको उनको मुख ।
चन्द्रझैं राहुले मुक्त देखियो हर्षले तब ॥
केही लाज भए जस्तो भो बाला-जानकीकन ।
पतिको चिन्ह त्यो मिल्दा भित्र संतुष्ट भो मन ॥
अनि ता हेर्न लागिन् यी महान् वानरलाइ ती ।
लिइ आदरको दृष्टि प्रशंसैमा भनिन् पछि ॥
हनुमान् ! हौ तिमी यौटा वीर वानरमध्यमा ।
पराक्रम महाशक्ति भएका बुद्धिमान् यहाँ ॥
यो राक्षस-पुरीलाई थिई दुर्गम जो कपे ! ।
सजिलैसित यौटैले जित्यौ बा ! आफ्नु वीर्यले ॥

१३

१४

गाईको खुर गढ्दाको खोबिल्टोको जलै सरि ।
त्यो सिन्धुलाइ पार्‍यो बा ! जो फड्क्यौ मुक्त राम्ररी ॥
सयौं योजनको त्यस्तो लामो चौंडो महोदधि ।
नाघ्यौ बा ! कसरी ओहो ! यसैले धन्य छौ अति ॥
अब ता ठान्न थालें म तिमीलाइ यथार्थमा ।
कपिझैं अरु वेकम्मा होइनौ नै भनी यहाँ ॥
जो तिम्रो मनमा त्यस्तो क्रूर रावणको पनि ।
रहेनछ डरै कत्ति आत्तिइन्छौ न ता तिमी ॥
तिमीलाइ कपिश्रेष्ठ ! प्रिय आत्मज्ञ-रामले ।
पठाएको हुँदा हुन्छ ! म कुरा गर्छु शान्तिले ॥
मलाइ हुन्न आपत्ति यसमा कत्ति वानर ! ।
म मेरा पतिको बानी बुझ्न सक्छु छ सुन्दर ॥
भई बक्सिन्छ श्रीराम स्वयं दुर्घर्ष वीर र ।
परीक्षा अरुको राम्रै गर्न सक्ने धनुर्धर ॥
यस हालतमा राम्रै सँग जाँची-बुझीकन ।
पठाई बक्सिएको हो म भएमा तिमीकन ॥
छ यसर्थ उहाँलाई तिम्रो विक्रम-शक्तिको ।
स्वभाव-गतिको सम्म राम्रो ज्ञान यथार्थको ॥
लौ भैगो ! भाग्य हो हाम्रो धर्मात्मा सत्यवाक् हुने ।
श्रीराम कुशली भन्ने सुनायौ वेस भो सुनें ॥
सुमित्रा-महिषीलाई दिने आनन्द लक्ष्मण ।
छन् आनन्द भन्यौ फेरि पार्‍यौ सन्तुष्ट यो मन ॥
त्यस्तो कुशल आनन्द भइ बक्सिन्छ ता उहाँ ।
भुसुक्क पारि बक्सन्न किन हो ? भन लौ मसा ॥
सिन्धुको मेखला धर्ने पृथिवीलाइ यो सबै ।
भुसुक्क पार्नु पर्ने हो रिसैले प्रलयाग्नि भै ॥

२६

२७

कपे ! देवहरूलाई पनि ठोक्न र पिट्न त ।
परेमा सकि बक्सिन्छ, दुवैमा त्यत्ति शक्ति छ ॥
परन्तु भाग्यले मेरो उल्टो भो दुःख धेर भै ।
गरि बक्सेन वा त्यस्तो तस्मात् शक्ति हुँदाहुँदै ॥
भन लौ अब श्रीराम मानिबक्सिन्छ दुःख के? ।
उहाँको मनमा त्यस्तो व्यथा छ कि कसो कपे ! ॥
धर्मात्मा भइ बक्सिन्छ मर्यादापुरुषोत्तम ।
गर्नु पर्ने कुरो काम गरि बक्सिन्छ के भन ? ॥
भइ बक्सिन्छ वा दीन, हुन्छ वा भ्रान्त चित्त को ? ।
त्यस्तै काम कुरो गर्दा मोहले भवाट्ट छोप्छ कि ? ॥
राजाका पुत्र श्रीराम के त्यस्तै पुरुषार्थका ।
योग्य काम-कुरा सम्म गरि बक्सिन्छ सर्वथा ॥
आफ्ना शत्रु हुनेलाई पिर्ने श्रीराम के वहाँ ।
राम्ररी ल्याइ बक्सिन्छ उपायादि प्रयोगमा ? ॥
आफ्ना मित्रहरू साथ दृढ सम्बन्ध राख्नमा ।
प्रयोग गरि बक्सिन्छ साम-दान दुवै वहाँ ? ॥
जित्न शत्रुहरूलाई दान, भेद र दण्ड यी ।
उपाय तीन हुन्छन् के प्रभुबाट प्रयुक्त ती ? ॥
भन श्रीराम आफैं के विश्वासी मित्र जोर्नमा ।
उत्सुकै भइ बक्सिन्छ, जोरि बक्सिन्छ के वहाँ ? ॥
भन के प्रभुका शत्रु शरणागत भैकन ।
निम्तिमा आफ्नु रक्षाको आउँछन् पाउ पस्नन ! ॥
उपकार गरी आफ्ना मित्रको स्नेह पाँउन ।
प्रयत्न गरि बक्सिन्छ के आफैं रघुनन्दन ? ॥
त्यस्वा मित्रहरूबाट विशेष कहिले कहीं ।
भन के भइ बक्सिन्छ पुरस्कृत जहाँ-तहीं ॥
कृपा प्रसाद, धौताको पाँउनाकन राम के ।
प्रार्थना गरि बक्सिछ देवको भन ? ए कपे ! ॥

४०

४१

आफ्नो पौरखकै साथ दैवलाइ पनि सदा ।
राजपुत्र स्वयं राम पालि बक्सिन्छ सर्वथा ? ॥
छुटें दुर्भाग्यले गर्दा उहाँको पाउबाट म ।
मलाइ बिर्सि बक्स्यो कि, स्नेह-हीन भयो मन ? ॥
भन ए वानरश्रेष्ठ ! के मलाइ उहाँ अब ।
छुटाइ बक्सिएला त यो दुःखैबाट वास्तव ? ॥
श्रीराम भइ बक्सिन्छ योग्य नै सुख भोग्नको ।
भइ बक्सिन्न है योग्य क्यै गरे दुःख भोग्नको ॥
परन्तु दुःखमा दुःख पर्नाले के त राघव ।
भइ बक्सिन्छ वा खिन्न उदास भन यो सब ? ॥
कौशल्या र सुमित्राको श्रीमान् भरतको पनि ।
समाचार सुनिन्थ्यो के वहाँ आनन्द छन् भनी ? ॥
संमाननीय श्रीराम यो मेरो निहुँले हुँदो ।
पीरले शोकले ज्यादै गलि बक्स्यो कि ता ? अहो ! ॥
कि नीचै मारि बक्स्यो हा ! उहाँले दिक्क भै कपे ! ।
छिटै छुटाइ बक्सिन्छ कष्टबाट मलाइ के ? ॥
दाजु भन्ने महान् स्नेही श्रीमान् भरत-भूपति ।
धन्य हुन्, योग्य छन् साह्रै छन् आनन्द, सुनिन्छ कि ? ॥
आफ्नो अक्षौहिणी-सेना मन्त्रीको नायकत्वमा ।
के पठाँउन शोच्तैछन् ती मेरो निम्तिमा यहाँ ? ॥
के त वानरका राजा श्रीमान् सुग्रीव—वीर ती ।
यहाँ पठाँउलान् सैन्य मेरो निम्ति भए जति ? ॥
भालू—वानरका त्यत्रा छन् बगाल भने अहो! ।
ती आए नख-दाँतैले पार्छन् राक्षस नष्ट पो ॥
हुन् शूरा हनुमन् ! मेरा प्रिय-देवर लक्ष्मण ।
उनमा शक्ति ठूलै छ शोभिन्छन् वीर-लक्ष्मण ? ॥
शस्त्रास्त्र-तत्त्व जान्ने हुन्, उनै आएर के यहाँ ।
बाण बर्षाइ यी सारा दुष्ट मार्लान् त युद्धमा ? ॥

५४

५५

लडी श्रीरामले आफ्ना तीखा बाण त्यजेर के ।
यो दुष्ट मार्दि बक्सेला पुत्र-मित्र सँगै ? कपे ! ॥
स्वात्तै सुकेमा जल पोखरीको नाशिन्छ जस्तो कमलै त्यहाँको ।
त्यै ठीक मेरो दुख-पीर बढ्दा श्रीरामको श्रीमुख के सुक्यो ? हा ! ॥

५६

CC-0. In Public Domain. Digitization by eGangotri

५७

जस्तो पगाल्दा सुन देखिइन्छ त्यस्तै सफा उज्ज्वल शोभिइन्थ्यो ।
श्रीरामको त्यो मुख, के हनूमन् ! थ्यो पद्म जस्तै र सुगन्ध फर्यांक्थ्यो ?॥
आज्ञा पिताको शिर थाप्नु नै यो हो धर्म भन्ने व्यवहार हेरि ।
चटक्क छोडेर स्वराज्य त्यत्रो भयो सवारी वनमा त्यसोरी ॥
हिंडाँउदा पैदल यै मलाई त्यहाँ पनी त्यो दुख पाइ हाई ! ।
छोएनथ्यो शोक र त्रासले क्यै अैले पनी भित्र छ धैर्य त्यस्तै ?॥
ए दूत ! संम्भिन्छु म ता, उहाँका माता, पिता वा अरु नै हुउन् वा ।
श्रीरामको प्रेम-सुधा परेको स्नेही कुनै छैन म भिन्न अर्को ॥
म ता त्यहाँसम्म त बाँच्छु पक्कै श्री रामको स्नेह भने छ त्यस्तै ।
म सुन्छु जैलेतक साथ लान उद्योग आफ्ना पतिको ललाम ॥
भनी हनूमान्कन सारपूर्ण यस्ता कुरा सुन्दर-वाक्यमा ती ।
जवाफ त्यस्तै उनबाट सुन्न देवी भइन् चुप्प दिएर दृष्टि ॥

६२

६३

सीताका ती कुरा सुन्दा डर्लाग्दा वीर्यका कपि ।
विन्ति गर्छन् पुऱ्याएर शिरमा अँजुली झुकी ॥
पद्मलोचन श्रीराम जानि बक्सिन्न वस्तुतः ।
लङ्कामा जानकी बस्छिन् भन्नेसम्म विशेषतः ॥
यसैले लगि बक्सिन्न यहाँ आएर साथमा ।
शचीलाइ लगे जस्तो इन्द्रले आफ्नु साथमा ॥
भन्नासाथ म गै देवि ! सैन्य वानर ऋत्तको ।
लिएर आइ बक्सिन्छ धन्दै छैन ! छ सत्य यो ॥
अक्षोभ्य सिन्धुलाई यो अड्याई टक्क बाणले ।
पार्दि बक्सिन्छ लङ्काका यी राक्षस भुसुक्क ए ! ॥
त्यो वेला आफ्नु बाटोमा लक्ष्यमा विघ्न हाल्न क्वै ।
कसिए, निस्किए देखि ठोक्दि बक्सिन्छ निश्चितै ॥
देव, दानव जो हुन् ती साक्षात् कालै हउन् कि ता ।
दैय्या चल्दैन, तत्कालै माशिन्छन्, यै छ ठोकुवा ॥
प्रभुको साथ छुट्नाले आर्ये ! देख्न न पाँउदा ।
भित्र शोक छ पीरै छ श्रीराम-प्रभुलाइ ता ॥
सिंहले पिरिएको कै हात्ती जस्तो भई हरे ! ।
श्री राम पाइ बक्सिन्न सुख-शान्ति कसै गरे ॥
निवासस्थान हुन् हाम्रा सन्दरादिक पर्वत ।
शुभे ! खाने कुरा चाँहि हुन् मूल-फल वस्तुतः ॥

७२

७३

मन्दराचल मलय विन्ध्य मेरु र दर्दुर ।
तथा स्वजीविकाको त्यो किरिया खाइ भन्छु कि—॥
हजूर देखि बक्सिन्छ चाँडै नै अब रामको ।
पूर्णचन्द्र सरी राम्रो दिव्य आनन-पद्म त्यो ॥
जहाँ छन् नेत्र फक्रेका कमलै ठीक सुन्दर ।
ओठ छन् गोलकाँक्रीझैं अति राम्रा मनोहर ॥
मकराकारका राम्रा जहाँ छन् दिव्य कुण्डल ।
यी सबै वस्तुले गर्दा जुन नित्य छ झल्मल ॥
लौ ! छिटै देखि बक्सेला अब देखि ! हजूर ता ।
गिरि-प्रस्रवणैबीच बस्ने श्रीरामलाइ ता ॥
शोभिन्छन् जसरी इन्द्र त्यो ऐरावत-पीठमा ।
त्यैठीक देखि बक्सेला प्रभुलाइ स्वयं वहाँ ॥
श्रीराम गरि बक्सिन्न कहिल्यै मांसभक्षण ।
मधु झन, हेरि बक्सिन्न अरुको के कुरा पुनः ॥
पाचौं प्रहरमा वित्ता यो चार-प्रहरे दिन ।
गरि बक्सिन्छ श्रीराम जङ्गली-फल भक्षण ॥
साँवा-धानहरू पाए कन्द-मूल सँगै शुभे ! ।
त्यै बेला खाइ बक्सिन्छ प्राण धान्न भनेर ए ! ॥
सँधै श्रीरामको चित्त प्रभुमा नै लहरिंसदा ।
एकाकार भएकोछ, अघिमैं छैन शुद्धि हा ! ॥

८२

CC-0. In Public Domain. Digitization by eGangotri

८३

यसर्थ गाथमा आफ्नो डाँस कीरा र सर्प वा ।
चढे ता पनि श्रीराम धपाई बक्सिइन्न हा ! ॥
प्रभुको प्रेमले ज्यादै तानिंदा प्रभु-राघव ॥
तल्लीन भइ बक्सिन्छ प्रभुमै मात्र वास्तव ॥
ध्यानमै डुबि बक्सिन्छ प्रभुको शोकमा परी ।
आँउन्न प्रभु-बाहेक वस्तुको ध्यान क्यै गरी ॥

८५

८६

निद्रा भन्ने छुँदैछैन रामको निम्तिमा वहाँ ।
प्रभु नै भै दिंदा भित्र वसी बक्सिन्छ ध्यानमा ॥
लागि हाल्यो भने आँखा सीता ! सीता ! भनी भनी ।
तुरुन्तै व्यूँ झि बक्सिन्छ संझि बक्सिन्छ त्यै अनि ॥
त्यस्तै स्त्रीजातिको निम्ति मन पर्ने कुनै कुरो ।
परे अगाडि भेटे वा दङ्ग भै बक्सिन्छ पो ॥

८८

८९

लिई अनि त्यसैलाई खुइय्य ! खुइय्य !! गरी-गरी ।
हा प्रिये ! भनि बक्सिन्छ प्रभु राम घरी-घरी ॥
हजूरको निम्ति शुभे ! ललाम सर्वोच्च त्यस्ता नृपपुत्र राम ।
अत्यन्त दुःखी भई बक्सिइन्छ सीता ! प्रिये ! हा ! भनि बक्सिइन्छ ॥
छ फेरि त्यस्तै व्रत उच्च वेस पाली रहेको प्रभुले विशेष ।
त्यस्ता वहाँमा प्रभु-पाँउनामा ठूलो छ उद्योग, छ नित्य धामा ॥
श्रीरामका दिव्य-कथा र चर्चा सुनेर यस्ता अब जानकीका ।
उडे सबै शोक परन्तु त्यस्तो सुन्दा अवस्था पतिको गलिन् पो ॥
त्यस्तै भइन् ती विचरी अकस्मात् श्रीरामको दुःख गमेर तस्मात् ।
लाग्दा शरत् मेघ र चन्द्र साथ लिने निशा ठीक भइन् उदास ॥

९३

इति छत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सैंतीसौं सर्ग

देवी-सीताले श्रीरामलाई चाँडै ल्याँउनु भन्नु र हनुमान्‌ले आफ्नो विशाल-शरीर देखाँउदै बोको लैजान्छु भन्नु

१

निकै ध्यान दिई त्यस्ता हनुमान्‌का कुरा सव ।
विदेहराज-पुत्री यी जानकीले सुनिन् तव ॥
पूर्णचन्द्र सरी राम्रो मुख शोभा हुने उनी ।
धर्म अर्थ दुवै मिल्दा यी कुरा भन्दछिन् अनि ॥
तिमीले के भनेको रे चित्त श्रीरामभद्रको ।
हुन्छ एकहोरो नित्य शोकैमा हुन्छ मग्न त्यो ? ॥
सुन वानर ! यै अलिल न राम्रो लाग्न गो ममा ।
भयो विष मिले जस्तो अमृतै-तुल्य पो यहाँ ॥
बुझ्यौ ! समय यस्तै हो काल नै सर्वश्रेष्ठ छ ।
कसैको केही लाग्दैन त्यसको अघि वास्तव ॥
महान् ऐश्वर्य भोग्ने होस्,होस् साह्रै दुःखी वा जन ।
कालले अँहँ ! छोड्दैन बाँधे ठीक सबैकन ॥
के बुझ्यौ ? वानरश्रेष्ठ ! दैवको जो विधान छ ।
त्यल्लाइ रोक्न ता प्राणी जस्तै होस, असमर्थ छ ॥
अरुको के कुरा भो र हेर ! हामीकनै तिमी ।
छौं अगाडि स्वयं राम, वीर लक्ष्मण, मैं पनि ॥
त्यस्ता हामीहरू भै भै अघि देखि कसो गरी ।
क-कस्ता दुःख भोग्दैछौं कष्टको सिन्धुमा परी ? ॥
जहाज सिन्धुमा डुब्दा पौडी लाग्ने किनार क्वै ।
मर्त्य मैं तरि बक्सेला राम के शोक-सिन्धु यै ? ॥
लङ्का सारा हुँडोलेर मारी राक्षस--रावण ।
मलाइ भेटि बक्सेला श्रीराम कहिले भन ? ॥
तिमी गै राममा भन्नु गरि बक्स्योस् भनी छिटो ।
म बाँच्छु साल यो पूर्ण न हुञ्जेल, यै कुरो ॥
यो दशौं महिना हो है बुझ्यौ ! वर्ष पुरा हुन ।
महिना दुइटै मात्र बाँकी छन् राम्ररी गुन ! ॥

१३

१४

क्रूर-रावणले मेरो जीवनै अन्त पार्दिन ।
त्यत्ति म्याद दिएकोछ, अनि मर्छु म, गै भन ॥
रहेछन् त्यसका भाई निकै विद्वान् विभीषण ।
सम्झाएर भनेका हुन् उनले दाजुमा सुन ! ॥
यी सीतालाइ फर्काओ, रामैमा सुम्पिओं लगी ।
सुनेन त्यसले किन्तु लिएन अँहँ ! त्यो मति ॥
क्यै गरे पनि मान्दैन फर्काँउन मलाइ त ।
मृत्यु खोज्दछ, त्यल्लाई युद्धैमा गाँज्छ वस्तुतः ॥
ती विभीषणकी छोरी जेठी नाम हुने कला ।
आइन् भनिन् कुरा खोली आमाबाट पठाँइदा ॥
अविन्ध्यनामका अर्का रहेछन् वेस राक्षस ।
बूढा, रावणले सम्म मानेका धैर्यवान् स्वतः ॥
त्यस्ता सुशील विद्वानले फर्काउँन भने पनि ।
मानेन त्यसले किन्तु फर्काउँन मरे पनि ॥
रामका बाहुले बाबै ! सारा राक्षस मारिने ।
वेला आइ पुग्यो भन्दा पनि त्यो भो रिसाँउने ॥
हनुमन् ! म त ठान्दीछु मलाई पति राघव ।
लगिबक्सिन्छ चाँडै नै यहाँ बाट भनी अव ॥
छ यही यसमा हेतु मेरो आत्मा छ शुद्ध यो ।
उता श्रीराममा कैयौं सद्गुणैमात्र छन् अहो ! ॥
बल-पौरख टिक्ताछन्, छन् विक्रम दयालुता ।
छन् बा ! प्रभात्र उत्साह ठूलो त्यै छ कृतज्ञता ॥
त्यो जनस्थानमा वस्ता ती भाइ न लिई सँग ।
यौटैले मारिबक्सेथ्यो चौध हज्जार राक्षस ॥
बुझ्यौ त ? अब लौ शोच उहाँको अघि वास्तव ।
टिक्न सक्ला र को व्यक्ति रणमा शत्रु भै तव ॥

२६

२७

भै बक्सिन्छ उहाँ ज्यादै गतिला उच्च मानिस ।
छुँदैनन् कष्टले कत्ति सक्तैनन् पार्नमा वश ॥
शचीले इन्द्रको जाने जस्तो मन, म राम्ररी ।
उहाँको शक्ति जान्दीछु देख्ता, भोग्दा घरी-घरी ॥
रामरूप महान् सूर्य बाण नै किरणै त्यजी ।
राक्षसैरूपको पानी शोषि बक्सिन्छ राम्ररी ॥
यत्ति भन्दा न भन्दैमा सीताका मुखमा अव ।
बर्षे बलिन्द्रधारा भै आँसुका भल वास्तव ॥
तसर्थ जानकीलाई छोप्यो बा ! शोकले बढी ।
अनि यस्तै अवस्थामा भन्छन् संम्हाँउदै कपि ॥
भो भो न रोइबक्स्योस् भो! धैर्य धारण होस् शुभे ! ।
उपाय गरि हाल्नेछु म छिटै गर्नु पर्छ जे ॥
प्रभुका यी कुरा मेरा मुखबाट सुने पछि ।
तुरुन्तै ताति बक्सिन्छ श्रीराम स्थिर बुद्धि लौ ॥
अनि के चाहियो देवि ! भालू-वानर आदिको ।
विशाल-सैन्य ली राम सवारी हुन्छ है छिटो ॥
लौ भैगो ! प्रभुलाई कि दु:ख-संकष्ट बाट यो ।
छुटाँउछु म नै देवि ! चढि बक्स्योस् त पीठ यो ॥
म आफ्नो पीठमा राखी प्रभुलाइ मजासित ।
महासागर यो तर्छु पुग्छु पारी सुखैसित ॥
प्रभुको के कुरा भो छी: ! रावणै साथकी पुरी ।
सारा लङ्काकनै बोकी रुक्छु लैजान सर्सरी ॥
राम राज भएको छ गिरि-प्रस्रवणैविषे ।
वहीं पुर्‍याइ राख्नेछु प्रभुलाई म शक्तिले ॥
अग्निदेव मजै साथ होमेका हवि-द्रव्य ती ।
इन्द्रादि देवमा दिन्छन्‌लगी जस्तो त्यहीसरी ॥
हजूर देखि बक्सेला दाजुभाइ दुवैकन ।
प्रबन्ध बाँध्न लागेका मार्न राक्षसका गण ॥
पार्दा त्रैलोक्यमा त्रास दैत्य-दानवले मिली ।
ती दुष्ट मार्नको निम्ति कसिने विष्णुम्हैं अघि ।
प्रिय-दर्शनको निम्ति उत्साह मनमा लिई ।
राम राज भएकोछ उद्योगै साथ स्फूर्ति लौ ॥
छिटै नै देखि बक्सेला आफ्नु आश्रमबीचमैं ।
त्यो ऐरावतको माथि चढ्ने देवेन्द्रलाइम्हैं ॥

४३

४४

भनेको मानि बक्स्योस् लौ! पीठमा चढि बक्स्योस् ।
मेरो भनाइलाई यो नीचै न मारि बक्सियोस् ॥
चन्द्रमासित गै मिल्न खोज्ने भै रोहिणी सरि ।
श्रीराम साथ गै मिल्न खोजि बक्स्योस् यसै घडी ॥
रोहिणी चन्द्रमा साथ गै मिले ठीक वस्तुत: ।
हजूर मिलि बक्सिन्छ अव हुन्छ ! भन्यो कि त ॥
पीठमा चढि बक्स्योस् लौ ! अनि आकाशमार्गले ।
महासागर यो सुत्तै तरि बक्स्योस् पतिव्रते ! ॥
म यहाँ बाट कुद्दामा बोकेर प्रभुलाइ ता ।
सक्तैनन् क्यै गरे भेटन, लङ्कै पीछा गरोस् न बा ! ॥
जसरी म यता आएँ त्यही ठीक उता पनि ।
जान सक्छु छिटै देवि ! प्रभुलाइ लिए पनि ॥
यी मेरा वाक्यमा कत्ति शङ्कै छैन यथार्थत: ।
छ पराक्रम त्यो मेरो उडी पुग्छु मजासित ॥
ती वीर कपिका यस्ता कुरा अद्भुत नै सुनी ।
सिरिङ्ग जिउ पारिन् बा ! देवीले छक्क भै अनि ॥
भन्दछिन् अव ती देवी ! हनुमान् ! सुन वस्तुत: ।
कुरा गजबकै गर्छौ तिमी जिल्ल छु है म त ॥
बाटो छ त्यत्तिको लामो डर्लाग्दो अतिविस्तृत ।
तिमी मलाइ बोकेर लैजानै खोज्दछौ स्वत: ॥
तिमी आइ यहीं रड्क्यौ, गर्दा यत्रो कुसाहस ।
यही मूर्ख्याँईं हो बाबै ! बुद्धि हो वानरोचित ॥
छ तिम्रो देह त्यो सानो तिमी किन्तु मलाइ ता ।
बोकी लैजान चाहन्छौ रामका पाउमा उता ? ॥
भन लौ वानरश्रेष्ठ ! तिम्रो यो चाँहि ता कुरा ।
अलिल पत्यार पार्दैन, भन कारण क्यै छ ता ॥
सीताका यी कुरा सुन्दा ती श्रीमान् वीर्यवान् कपि ।
टोलिए बा ! नयाँ हेला यै मेरो भो गमे पछि ॥
उनी मन-मनै शोच्छन्-मेरो शक्ति-प्रभावको ।
कत्ति ज्ञान छँदैछैन, अनि ठिकै छ भन्नु यो ॥
लौ भैगो! आज देवीमा म देखाँउछु रूप त्यो ।
इच्छानुसारले जो म धर्न सक्तछु उग्रको ॥
हनुमान्‌ले गमी यत्ति जानकीलाइ आफ्नु त्यो ।
विशालरूप देखाए अतिअद्भुत जो थियो ॥

६०

६१

छोडी अशोकको हाँगा ओर्ली बुद्रुङ्ग तल्तिर ।
विश्वास पार्न देवीमा बढ्न थाले निरन्तर ॥
हेर्दा-हेर्दै बढ्यो ज्यादै उनको देह अद्भुत ।
मेरुपर्वत हो जस्तै भएर अतिविस्तृत ॥
दढेलो वनमा लाग्दा स्वात्तै डाँडा बले सरि ।
अत्यन्त तेजिला दिव्य देखिए कपि-वीर यी ॥
अब यस्तो अवस्थामा जानकीको अघी परी ।
यसरी विन्ति गर्छन् ती भइ नम्र निकै झुकी ।
उनको मुख त्यो वेला शोभिन्थ्यो रक्त भै अति ।
देखिन्थे उग्र डर्लाग्दा नङ्ग्रा दाह्रा भए जति ॥
लौ देवि ! हेरि बक्स्योस् त हनुमान् हुँ म त्यै कपि ।
छ ममा बल अत्यन्त शक्ति, विक्रम छन् उति ॥
वन पर्वत किल्ला र अटाली-पुर-द्वारकी ।
यो लङ्का रावणै साथ बोकेरै जान सक्छु लौ ॥
अर्थात गरि बक्स्योस् लौ अब मै साथ जानमा ।
शङ्का नगरि बक्स्योस् भो ! मेरो विषयमा यहाँ ॥
भाइ लक्ष्मणकै साथ प्रभु श्रीरामको मन ।
दुक्क पारि दिई बक्स्योस् होस् प्रसन्न सुखी पुनः ॥
पर्वतैठीकका देख्ता वायु-पुत्र उनीकन ।
आँखा पारेर ठूल्ठूला जानकी भन्दछिन् पुनः ॥
महावानर ! लौ मैले तिम्रो शक्ति र विक्रम ।
राम्ररी अब जानें बा ! मानें छ भनि उत्तम ॥
रहेछ वायुकै जस्तो तिम्रो गति तथा बल ।
शोभिन्छ अद्भुतै तेज अग्निकै ठीक निर्मल ॥
अपार यो पुरीभित्र साधारण अरू कपि ।
कुन आँउन सक्लान् र यसरी सिन्धु त्यो तरी ॥
तिमी सक्ता रहेछौ हो ! महासागर तर्न यो ।
बोकी मलाई लानामा पनि योग्य, समर्थ छौ ॥
यो कार्यसिद्धिको निम्ति तर यस्तो भए पनि ।
राम्ररी शोच्नु पर्ने भो मैले पनि निकै गमी ॥
म तिम्रो साथमा जान्न, लौ ठमाएँ यही कुरो ।
बुझ्यौ त ? साथमा जाँदा छन् आपत्ति निकै अहो ॥
वायुकै वेग हो जस्तो छ तिम्रो वेग त्यो अतः ।
मलाई मूर्छितै पार्छ जाँदैमा जान्न भो ! म त ॥

७७

७८

सिन्धुमाथि तिमी जाँदा हुत्तिँदै नभ-मार्ग लौ ।
म तिम्रो पीठबाटै त्यो खस्न सक्तछु आत्तिई ॥
ठूल्ठूला ग्राह माछा छन् सिन्धुमा म खसे तल ।
राम्रै आहार भै हाल्छु तिनैको, लौ त शोच त ? ॥
तस्मात् जान्न तिमी साथ जाँदा स्त्रीसाथमा लिई ।
गर्लान् शङ्का तिमीमाथि पक्कै ! राक्षस दुष्ट यी ॥
हरिएर लगेकी म देख्ता रावणका गण ।
डर्लाग्दा बलीया छन् जो, छोप्छन् पछि तिमीकन ॥
वीर-वानर ! लौ शोच ! के होला अनि ? वस्तुतः ।
म जस्ती अबला नारी तिम्रो पीठभरी छु त ? ॥
शूरा र अतिडर्लाग्दा क्रूर राक्षस हातमा ।
शूल मुद्गर लौ कुद्लान्, तिमीले गर्नु के वहाँ ? ॥
बोकी शस्त्रास्त्र आकाशै ढाकी राक्षसका गण ।
झम्टेलान् है तिमी माथि पर्ला आपत महान् पुनः ॥
तिमीले अनि के गर्नु हुन्न शस्त्रास्त्र साथमा ।
मेरो रक्षण गर्छौ कि लड्छौ दुष्टसँगै वहाँ ? ॥
सुन ! वीर कपिश्रेष्ठ ! लड्न लाग्छौ भने तिमी ।
त्यो तिम्रो पीठबाटै म झ्वाम्ल्वाङ्ग तल खस्नु नि ! ॥
शङ्कै छ युद्धमा फेरि जितिन्छ कि जितिन्न कि ? ।
भन लौ अनि के होला जिते राक्षसले यदि ? ॥
लौ भैगो ! लड्न लाग्नेछौ तिमी दुष्टसँगै वहाँ ।
तिम्रो ध्यान कमै होला मेरो रक्षण गर्नमा ॥
अवस्था क्यै गरे त्यस्तो परी हाल्यो भने कपे ! ।
म झ्वाम्म तल खस्नेछु समात्लान् अनि दुष्टले ॥
मलाई खोसि लैजालान् तिमीबाट कि दुष्ट ती ।
तुरुन्तै मारिदेलान् हा ! झोक्किई कि मलाइ ती ॥
जीत-हार कपिश्रेष्ठ ! छ वेठेगानको सँधै ।
लड्दामा हुन्छ ? के हुन्न? भन्न सक्छ र को त्यसै? ॥
यद्वा राक्षसले त्यस्ता हकार्दा र डराँउदा ।
म नै मरि गए देखि के होला भन लौ ! तदा ? ॥
अनि बर्वात भै हाल्ला तिम्रो उद्योग यत्न यो ।
खेर जाला त्यसै वीर ! तराई पनि सिन्धुको ॥
सुन ! अर्को कुरा यौटा हो तिमी सब राक्षस ।
मजैले मार्न सक्नेछौं, मार्नेछौ योग्य छौ जब ॥

९४

९५

अप्ठ्यारै छ त्यसो गर्दा पनि श्रीरामभद्रको ।
कीर्तिमा लाग्छ धक्कै पो, भन्नेछन् राम लाछि हो ॥
यद्वा राक्षसले त्यःप्वै समातेर मलाइ ता ।
थुनि देलान् लगी त्यस्तै ठाममा रिस चर्किंदा ॥
भन लौ अनि के होला ? राम-लक्ष्मण सम्मले ।
तिमीले पनि क्यै पत्तो न भेट्ने ठाम ओ भने ॥
होला अनि त्यसै व्यर्थ तिम्रो उद्योग यत्न-यो ।
तसर्थ राम लौ साथ तिमी आँउनु श्रेष्ठ हो ॥
अमेय-शक्तिका त्यस्ता ओजस्वी आर्य रामको ।
मुख्य जीवनको गाँठो छु मै नै संझ यो कुरो ॥
उहाँका साथ-साथैमा तीनोटै अरु भाइ र ।
राजा-सुग्रीवको तिम्रो जीवनधार मै छु त ॥

१००

१०१

शोक-संताप-ज्वालाले पाकेका दुइ भाइ वा ।
मेरो जीवन बाटै यो जब होलान् निराश हा ! ॥
अनि त्यस्तो अवस्थामा भालू-वानर साथमा ।
तत्कालै प्राण छोड्नेछन् हुन्छ स्वाहा ! सबै वहाँ ॥
तिम्रो साथ न जानामा छ अर्को हेतु एउटा ।
सब भन्दा यही ठूलो मेरो निम्ति छ संझ वा ! ॥
पतिभक्ति हुँदा ठूलो त्यसैको गर्न आदर ।
बुझ्यौ ! म आफ्नु इच्छाले छुन्न अर्को कुनै नर ॥
पऱ्यो रावणको साथ छुवाछूत अगाडि जो ।
थिएँ विवश, के लाग्यो, जबर्जस्ती गऱ्यो ? हऱ्यो ॥
आफैं राम यहाँ आई मारी रावणलाइ यो ।
लगि बक्सिन्छ ता साथ त्यै कर्म प्रभु-योग्य हो ॥

१०६

१०७

त्यस्ता महात्मा प्रभु रामभद्रका मलाइ पत्तो छ कपे ! सबै कुरा ।
छ वीर्य कस्तो बल शक्ति के छ त्यो जान्दोछु मै नै सब एक एक जो ॥
लडाँइमा राम अगाडि आँउदा को टिक्न सक्थे डरले कपाँउदा ।
ती देव गन्धर्व र नाग राक्षस भाग्छन् त्यसै, छैन समै हुनेतक ॥
विचित्र आफ्नो धनु बाहुमा लिई सुशोभिदा राम स्वयं महाबली ।
देख्ता बुझ्यौ! लक्ष्मण-भाइ साथमा भाग्छन् सबै युद्ध हुँदा जहाँ तहाँ ॥
आगो सहारा यदि वायुको मिले दन्कन्छ कस्तो भइ ठीक त्यै कपे ! ।
जाज्वल्यमानै भइ बक्सिदा उहाँ को टिक्न सक्ला भन युद्धभूमिमा ? ॥
मत्ता कुनै दिग्गज ठीक राघव भाई सँगै लक्ष्मण युद्धमा डटे ।
को बढ्न सक्ला अघि जुध्न तम्सिई त्यस्तो छ को वीर ल शोच ए कपे! ॥
चर्केर ज्यादै प्रलयान्तकालमा श्रीसूर्य नाश्छन् जगतै यहाँ, वहाँ ।
त्यस्तै उहाँले पनि बाण-तेजले भुसुक्क नै पार्दिइ बक्सिइन्छ ए ! ॥
तसर्थ मेरा प्रिय रामलाइ ती भाई सँगै ल्याउ तिमी छिटै गई ।
भालू तथा वानरको भए जति सेना पनी आँउनु पर्छ हर्षिई ॥
श्रीरामको दर्शन गर्न खातिर यहाँ छु उत्कण्ठित मै कपीश्वर ! ।
ल्याई उहाँलाई यहाँ छिटै अब मलाइ आनन्दित पार वास्तव ॥

११४

इति सैतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठतीसौं सर्ग

देवी-सीताले हनुमान्‌लाई संदेशवाक्यमा काकासुर-वृत्तान्त भन्नु र श्रीराममा टक्र्याउन आफ्नो चूडामणि दिनु

१

देवी जनक-राजाकी छोरीका यी कुरा सुनी ।
साह्रै दङ्ग भए भित्र हनुमान् कपिका मणि ॥
कुरा गर्न निकै जान्ने बाठा र चतुरा उनी ।
केही शिर झुकाएर भन्छन् सीताकनै अनि ॥
देवि ! जो जति आज्ञा भो यहाँ अैले हजूरले ।
युक्तिमा तर्कमा मिल्दो त्यो ज्यादै योग्य हो शुभे ! ॥
नारीको शीलकै ठीक स्त्रीको विनयता तथा ।
आफ्नो पतिव्रता-धर्म भरिएको छ योग्य बा ! ॥
ठिक्कै हो ! स्त्री हुँदा देवी यो मेरो पीठमा चढी ।
तर्न गाह्रै छ त्यो सिन्धु सयौं योजन भै बढी ॥
दोश्रो हेतु न जानामा आज्ञा भो जुन शोभने ! ।
त्यो पनी प्रभु जस्ताको निम्तिमा हो सुहाँउने ॥
त्यो के रे ! राम बाहेक अर्को नर कसैकन ।
स्वेच्छाले म छुँदैछुन्न ! यही नै हो अनुत्तम ॥
महात्मा रामकी पत्नी प्रभुकै मुखबाट पो ।
निस्कन्छन् यी कुरा अर्का को निकाल्छन् र ? सुन्नु पो ॥
सुनि बक्सिन्छ श्रीराम म बाट पछि यी कुरा ।
मेरो अगाडि जो जत्ति भनियो, गरियो कुरा ॥
मैले साथ लिई जान गरें आग्रह जो यहाँ ।
त्यसमा हेतु छन् धेरै, भनें अनि हजूरमा ॥
यही हो पहिलो देवि ! म छिटै प्रभु रामको ।
गर्न प्यारो हुने काम खोज्दथें र भनें त्यसो ॥
स्नेहले तानिएकोथ्यो मेरो मन निरन्तर ।
के गरौं भन्नु नै पर्थ्यो, भनें अनि भई स्थिर ॥
अर्को कारण थ्यो देवि ! लङ्कामा पस्न वास्तव ।
सबको निम्ति गाह्रै छ अँहँ ! पुग्दैन साहस ॥

१३

१४

तेश्रो कारण थ्यो देवि ! त्यसो भन्दा हजूरमा ।
महासागर यो लामो हुँदा दुष्कर तर्नमा ॥
यी सबै हेतुले गर्दा हुनाले शक्ति त्यो मसा ।
मैले प्रस्ताव राखेंथें देवीमा जान साथमा ॥
आजै श्रीरामको साथ प्रभुलाइ मिलाँउन ।
खोज्दथें काम क्यै आफ्नो देखाँउन पनी पुनः ॥
मैले छु गुरु मानेको प्रभुरामकनै शुभे ! ।
स्नेहले तानिएकोथें भक्तिसाथै त्यसो भनें ॥
अब यस्ता अवस्थामा मेरो त्यस्तो भनाइको ।
संझि बक्सनु नै हुन्न कुरो अर्को अनर्थको ॥
अझै म साथ जानामा मन छैन भने शुभे ! ।
बक्सियोस् क्यै चिह्नो त्यस्तो भनी श्रीरामलाइ दे ॥
गरी आकाशको बाटो म जान्छु र वहाँ पुगी ।
रामको पाउमा राख्छु, कुरा भन्छु भने जति ॥
हनुमान्‌ले यसो भन्दा आँसु झारेर बर्बर ।
भन्छिन् देवी सरी सीता सुस्त रोएर घर्घर ॥
हुन्छ लौ ! हनुमान् ! दिन्छु त्यो अभिज्ञानको कुरो ।
मलाई लाग्छ धेरै नै प्यारो यै भनिने कुरो ॥
मेरा प्रिय उहाँसाथ तिमीले भन्नु गै त्यहाँ ।
भन्थी हजूरकी दासी बिन्ती गर्नु यसो वहाँ ।
छ के त संझना नाथ ! गिरी त्यो चित्रकूटमा ।
पूर्व-उत्तर भागैमा बग्छिन् मन्दाकिनी जहाँ ॥
नजीकै तिनको स्वामिन् ! फल, मूल तथा जल ।
जहाँ ज्यादै थियो फेरि पवित्र अतिउज्ज्वल ॥
बस्थे महर्षि-सिद्धादि प्राणनाथ ! जहाँ पुनः ।
त्यहीं हामी बसेकाथ्यौं, थ्यो हाम्रो तापसाश्रम ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

नाना प्रकारका फूल-फलको गन्ध आँउदा ।
वनोपवनको स्वामिन् ! जहाँ थ्यो बेस दिव्यता ॥
त्यहीं आश्रममा भित्र म वसेकी थिएँ जब ।
त्यसैवेला सवारी भो त्यहीं नै प्रभु, राघव ! ॥
हुनाले गरि बक्सेको जलक्रीडा हजूरले ।
रहेछ लस्त पारेको प्रभुलाइ थकाइले ॥
तसर्थ आँउना साथ भिजेकै गाथले त्यसै ।
डङ्ग्रङ्ग तेर्सि बक्सेथ्यो स्नेहले काखबीच यै ॥
अकस्मात् त्यस वेलामा मांस-लोलुप एउटा ।
दुष्ट कौवा त्यहीं आयो, ठुङ्न लाग्यो मलाइ ता ॥
हानें ढुङ्गा र गिर्खाले मैले त्यल्लाइ राघव ! ।
त्यो बारम्बार आएर ठुङ्दथ्यो पुरुषर्षभ ! ॥
हान्दामा छल्दथ्यो लुक्थ्यो चौटै पो लुछ्न खोज्दथ्यो ।
दुष्ट थ्यो, मासु घिच्नामै लोभी थ्यो फेरि आँउथ्यो ॥
मलाइ त्यस पक्षीमा उठेकोथ्यो निकै रिस ।
यै वेला फुस्कियो सारी मेखला साथकै प्रिय ! ॥
त्यसलाइ समातेर बाँध्न खोज्थें म झट्पट ।
प्रभुको पर्न गो दृष्टि त्यै ममाथि प्रभो ! तव ॥
निकै खिसि गरि बक्स्यो अनि मेरो हजूरले ।
झोक्किएँ पहिले किन्तु गलें म पछि लाजले ॥
फेरि आयो त्यही कौवा चौटा लुछ्न ठुँग्यो पनि ।
आएथें म त्यसैवेला प्रभुको नजिकै अनि ॥
प्रभु राज भएकैथ्यो कौवासाथ रिसाँउदै ।
बसें प्रभु बसे जस्तै प्रभुकै काखमा त्यसै ॥
मलाइ रिस उठ्तैथ्यो देख्ता त्यस्तो मलाइ ता ।
प्रभुले सान्त्वना बक्स्यो आफू दङ्ग भई तदा ॥
त्यो कौवाको उपद्रोले मेरा आँखा निरन्तर ।
छोड्दथे आँसुका धारा विस्तारै पुछ्तथें म त ॥
फेरि यस्तै अवस्थामा प्रभुले देखि बक्सियो ।
छ के त संझना ? नाथ ! प्रभुमा पनि यो कुरो ॥
हनुमान् ! सुन है ! फेरि तिमीले भन्नु पर्छ गै ।
निदाइछु भुसुक्कै भै म त त्यै काखमा निकै ॥
पछि श्रीरामको पालो आयो र म उठें वहाँ ।
सुति बक्स्यो उहाँ फेरि शिर राखेर काखमा ॥

४३

४४

रामको काख छोडेर म उठेकी थिएँ वहाँ ।
आयो काक यसैवेला ठुङ्दियो स्तनबीचमा ॥
ठुँगेर भाग्दथ्यो फेरि आँउथ्यो ठुङ्दथ्यो पुनः ।
बारम्बार यसै गर्थ्यो हुन्थ्यो दुःखित यो मन ॥
बह्यो रगतको खोलो त्यो मेरो छाति बाट ता ।
निकै पछि उठी बक्स्यो श्रीराम प्रभु ब्यूँझिदा ॥
कौवाले त्यसरी ठुङ्दा म थिएँ खिन्न दुःखित ।
सुखले सुति बक्सन्थ्यो ब्यूँझाए प्रभुलाइ त ॥
प्रभुको दृष्टि त्यैवेला यै मेरो स्तनमा पर्‍यो ।
छियै-छिया भएको थ्यो ठुङ्दा त्यो दुष्टले अहो ! ॥
बुझ्यौ के ! झोक्किई बक्स्यो उठ्यो रिस अनी निकै ।
मलाइ सोधि बक्स्यो बा ! विषालु सर्प ठीकभै ॥
हात्तीकै सूँड हो जस्तो राम्रो तिम्रा हुने प्रिये ! ।
भन तौ के भयो त्यस्तो स्तनमा घाउ देख्छु ए ! ॥
स्वाँ ! गर्ने सर्पको साथ जुन हो पाँच टाउके ! ॥
भन को खेल्न चाहन्छ ? खोज्छ को आफ्नु नाश ए ! ॥
भनी यत्ति बुझ्यौ ! वीर ! दृष्टि बक्स्यो यता उता ।
तुरुन्तै देखि बक्स्यो हा ! प्रभुले त्यसलाइ ता ॥
अझै त्यो बजिया काक मुख फर्काइ मैतिर ।
त्यहीं बसिरहेकैथ्यो थियो रगतले तर ॥
मेरो रगत लाग्नाले चुच्चा-खुट्टाभरी पनि ।
रगताम्य भएकोथ्यो ठुङ्न खोज्थ्यो अझै पनि ॥
त्यो कौवा सब पक्षीमा श्रेष्ठ थ्यो, अति उड्दथ्यो ।
साक्षात् देवेन्द्रको छोरो थ्यो जयन्त, कुबुद्धि थ्यो ॥
गतिमा वेगमासम्म थियो यो वायु-तुल्यको ।
आएकोथ्यो स्वर्गबाट झर्दै भूमिबीच यो ॥
महान् बाहु हुने त्यस्ता प्रभुका दुइ-नेत्रले ।
तोरीकै फूल देखे बा ! अनि ता अतिक्रोधले ॥
बुद्धिमान्हरुमा श्रेष्ठ उहाँले त्यसलाइ ता ।
अथोट गरि बक्सेछ दिन दण्ड निकै कडा ॥
त्यहीं थ्यो कुशको गुन्द्री त्यसैको कुश एउटा ।
झिकी बक्स्यो थुती फुत्त मन्त्रिबक्स्यो यसो तदा ॥
त्यो ता ब्रह्मास्त्रकै मन्त्र परेछ सुन है कपे ! ।
अनि ता बल्न लाग्यो त्यो हाहार्ति भइ तेजले ॥

६०

६१

ज्वाज्वल्यमान भै हाल्यो छिनैमा प्रलयाग्निमैं ।
त्यसको लक्ष्य थ्यो यौटा त्यै कौवा दुष्टबुद्धिकै ॥
सुन ! त्यै कुशको त्यान्द्रो अनि ताकी त्यसैकन ।
प्रभुले छोड्दिई बक्स्यो लाग्यो अब डढाँउन ॥
भाग्यो बा ! डरले कौवा सारा आकाशमा उड्यो ।
त्यसले अँहँ ! छोडेन लखेट्यो जोडले बडो ॥
उड्यो कैयौं उडाई ली तल-माथि यता उता ।
त्यो प्राण राखनको निम्ति पुग्यो उड्दै जतातता ॥
त्यसको केहि लागेन ब्रह्मास्त्रमय-दर्भले ।
बुझ्यौ ! लखेट्न छोडेन, अनि त्यो आत्तियो कपे ! ॥
पछि आफ्नु पिता इन्द्र भएमा त्यो गए पनि ।
पाएन त्राण सम्पूर्ण ऋषिमा नै पुगे पनि ॥
पछाडि सबले छोड्दा नपाई शरणस्थल ।
रामकै पाउमा आई घोप्टियो भइ निश्चल ॥
के बुझ्यौ ! प्रभुको बानी छ त्यस्तै ! के भनूँ म त ।
जो होस् अँगालि बक्सिन्छ भो भने शरणागत ॥
पाउमा आइ घोप्टेको त्यसलाइ पनी अतः ।
शरणैमा लिई बक्स्यो दया उब्जेछ भित्र त ॥
तसर्थ मारि बक्सेन मार्नैं योग्य भए पनि ।
उद्धार गरि बक्स्यो बा ! त्यस्तो दुष्टकनै पनि ॥
शक्ति-क्षीण भइ डङ्ग लडेको थ्यो उदास त्यो ।
प्रभुले पछि त्यैवेला आज्ञा भो त्यसमा यसो ॥
यो ब्रह्मास्त्र छ अव्यर्थ सुन बाबै ! खेर जान्न गुन ! ।
कुन अङ्ग गरूँ भङ्ग म तेरो यसले ल भन ? ॥
अनि ब्रह्मास्त्रद्वारा त्यो त्यसकै लिइ सम्मति ।
त्यसको दाहिने आँखा नाशिदबक्स्यो स्वयं पछि ॥
यसरी त्यसले आफ्नो दाहिने नेत्र अर्पिई ।
आफ्नु प्राण बचायो बा ! झुकी शरणमा गई ॥
सुन ए वानरश्रेष्ठ ! अनि त्यै दिनदेखि ता ।
भए काकहरू संम एक आँखे जतातता ॥
पछि कौवा दशरथ-राजामा राममा पनि ।
नमस्कार गरी आफ्नो धाम तर्फ गयो अनि ॥
के बुझ्यौ हनुमान् ! जाउ भन मेरो उहाँसँग ।
यिनै सब कुरा राम्रै अर्थ्याएर मजासँग ॥

७७

७८

मेरा पृथ्वीपते ! स्वामिन् ! मेरा निम्ति हजूरले ।
ब्रह्मास्त्र छोड्दि बक्सेथ्यो जाबो कौवाकनै हरे ! ॥
प्रभुलाइ दिई धोका हर्ने मैलाइ दुष्ट यो ।
क्रूर रावणलाई किन छोड्ने ? गर्ने क्षमा? प्रभो ! ॥
लौ तस्मात् ए नरश्रेष्ठ ! ममाथि अब राम्ररी ।
कृपा गर्न झिकी बक्स्योस् शक्ति उत्साह वेस्करी ॥
हुनाले प्रभु नै नाथ म सनाथ थिएँ अघि ।
अनाथै सरि देखिन्छु अहिले म हुँदै पति ॥
दया गर्नु सबै माथि हो ठूलो धर्म, यो कुरो ।
प्रभु बाटै सुनेकी हूँ भन्दी छु म अनी यसो ॥
प्रभुलाइ म जान्दीछु राम्रै सँग रघूत्तम ! ।
प्रभुमा छ महान शक्ति उत्साह, बल, विक्रम ॥
वार पार छँदैछैन कहीं पनि हजूरको ।
असीम भइ बक्सिन्छ सक्तैनन चिन्ह कै प्रभो ! ॥
हुँडोल्न जित्न वा कोही सक्तैनन प्रभुलाइ ता ।
सिन्धुकै ठीक गाम्भीर्य शोभिन्छ प्रभुमा सदा ॥
भइ बक्सिन्छ है स्वामी पृथ्वीको सिन्धु सम्मकी ।
प्रभुलाइ म जान्दीछु तेजिलो इन्द्रमैं भई ॥
त्यस्तो अस्त्रज्ञ भै नाथ बल शक्ति छँदाछँदै ।
किन यी राक्षसै ताकी छोडि बक्सिन्न ती अझै ? ॥
बुझ्यौं त हनुमन् ! नाग मरुत् गन्धर्व देवता ।
जो हुन्न रामको वेग सक्तैनन खप्न सर्वथा ।
प्रचण्ड-वीर्यका यस्ता प्रभुको मनभित्र त्यो ।
देख्यौ ! व्याकुलता केही म छुट्ता स्नेहले हुँदो ? ॥
देख्यौ वा, छ भनेदेखि ती तीखा आफ्नु बाणले ।
भुसुक्क पारि बक्सिन्न किन यी राक्षसादि ए ! ॥
लिएर दाजुको आज्ञा अथवा भाइ लक्ष्मण ।
सक्ने हुँदाहुदै मेरो गर्दैनन् किन रक्षण ? ॥
दाजु-भाइ दुवै वीर नरमा सिंह ठीक छन् ।
वायु इन्द्र सरी साक्षात् छन सर्व्वोच्च समर्थ छन् ॥
देवताहरुले सम्म आँट्नै न सकिने भई ।
हनुमान् ! किन गर्दैनन मेरो वास्ता अलीकति ? ॥
पक्कै पनि कुनै मेरो त्यस्तै पाप रहेछ हा ? ।
भै समर्थ यसैले त दिंदैनन् ध्यान सम्म बा ! ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९४

माया लाग्दो गरी रोई घुँक्क ! घुँक्क !! गरी गरी ।
सीताले यी कुरा भन्दा सुनी भन्छन् महाकपि ॥
सत्यको किरिया खाई भन्दोछु म ! स्वयं शुभे ! ।
त्यस्तो के भनि बक्सेको कसरी हुन सक्छ ए ?॥
प्रभुको सङ्ग छुट्नाले शोकले भइ पीडित ।
झोक्राइ बसि बक्सिन्छ राम धेरै जसो स्वतः ॥
आफ्ना काम-कुरा सारा छोडिए रामबाट हा ! ।
चिन्तना गरि बक्सिन्छ प्रभुकै मात्र सर्वथा ॥
देख्तामा दाजुको चाला व्यथा-पीडित दुःखित ।
भाइ लक्ष्मण त्यस्तै छन् गर्दछन् नित्य छर्पट ॥
कुनै प्रकारले बल्ल प्रभुको सुँइको मिल्यो ।
अब भो ! शोक गर्ने यो बेला होइन है प्रभो ! ॥
शुभे ! यसै घडी देखि यैवेला देखि वास्तव ।
देख्न नै थालि बक्सेला दुःखको अन्त नै सव ॥
दाजु-भाई दुवै वीर बलवान नरसिंह हुन् ।
ठोक्तछन् दुष्टलाई यी, के राख्थे सब श्याल हुन् ॥
प्रभु पाँउनको निम्ति ठूलो उत्साह राख्तछन् ।
चाहेमा ती दुवै देवि ! यो लोकै नाश्न सक्तछन् ॥
हुने लडाँईमा क्रूर दुष्ट रावणलाइ यो ।
पुत्र-बान्धव साथैमा मार्दि बक्सिन्छ सत्य हो ! ॥
ठूलठूला नेत्रकी आफ्नी गृहिणी प्रभुलाइ ता ।
अनि पो लगि बक्सेला अयोध्यातिर राम ता ॥
अब लौ देवि ! आज्ञा होस् भन्नु पर्ने कुरा छ के ? ।
रामको पाउमा मैले गएर भनिने शुभे ! ॥
वीर देवर छन् त्यस्ता बलवान् उनमा पनि ।
भन्नु पर्दछ के मैले ? आज्ञा होस् सव त्यो पनि ॥
तेजस्वी कपिका राजा वीर सुग्रीवमा तथा ।
अरु वानरमा सारा के भनौं म पुगी उता ? ॥
वायुका पुत्र ती विद्वान् हनुमानले भने त्यसो ।
हेरिन् पुलुक्क सीताले कपिलाइ भनिन् यसो ॥
सुन भन्छु कपिश्रेष्ठ ! उदार दिलकी सती ।
कौसल्या सासुज्यू मेरी भै बक्सिन्छ महान् अति ॥
उहाँले जन्म बक्सेको हो बुझ्यौ त ? उहाँकन ।
जसमा छ जगत्‌को यो स्वामी बन्ने महान् गुण ॥

१११

११२

त्यस्ता हृदयका रत्न मेरा प्राणेश राममा ।
मेरो प्रणाम टक्र्याऊ राखेको शिर पाउमा ॥
बुझ्यौ ! अनि भई नम्र उभिएर बसी अघि ।
अनामय तिमी सोध मेरो वाक्य लिई मुखी ॥
गरी त्यत्ति कपिश्रेष्ठ ! गर्नु पर्ने कुरा सुन ! ।
तुरुन्त लक्ष्मणैपट्टि फर्की हाल तिमी पुनः ॥
कपे ! विशाल पृथ्वीमा पनि पाँउनलाइ जो ।
गाह्रै छ, दुर्लभै पर्छ त्यस्तो ऐश्वर्यसम्म पो ॥
सारा चटक्क नै छोडी पुष्प, माल्य तथा धन ।
मणि-रत्न सँगै त्यागी सुन्दरीहरुका गण ॥
बाबु-आमा दुवैलाई खुश पारेर भाइ जो ।
दाजु श्रीरामको साथ आएथ्यो वनबीच त्यो ॥
सुमित्रा-सासुज्यू मेरी जसका जन्मले गरी ।
वेस, पुत्र हुने भन्ने भै बक्स्यो ख्यात राम्ररी ॥
धर्ममै मात्र रम्दो छ जसको चित्त सर्वथा ।
सुख त्यागेर जो आयो दाजुको पछि भै सफा ॥
अनुकूल भई हिंडछ जो सँधै फेरि दाजुको ।
गर्छ सेवा र शुश्रूषा वेलाको भइ योग्यको ॥
शोभिन्छ सिंहकै जस्तो जसको काँध सुन्दर ।
लामा लामा हुँदा बाहु जो छ फेरि मनोहर ॥
संम्झन्छ फेरि जो साक्षात् बाबु नै दाजुलाइ ता ।
मलाई ठान्छ आमा नै प्रियदर्शन जो छ पाँ ॥
पाएन सुइँको जल्ले मलाई हरि ल्याँउदा ।
सेवामा लाग्छ जो नित्य बूढाको मान्यको तथा ॥
यसो हेर्दा बडो राम्रो शक्ति ऐश्वर्यको निधि ।
प्रिय व्यक्तिहरू मध्ये दाजुको प्रिय झन् अति ॥
थोरै बोल्ने र राजाका प्यारो छोरो महान् गुणी ।
जो मेरा शशुरा ठीक वीर्यवान् छ बली, धनी ॥
म भन्दा दाजुको निम्ति साह्रै प्यारो छ जो पुनः ।
जसमा भार सुम्पेमा पूर्ण हुन्छ, छ विक्रम ॥
जसलाइ यसो देख्ता मरेका आफ्नु बाबुको ।
झझल्को मेटि बक्सिन्छ श्रीराम पनि-वीर त्यो ॥
मेरा देवरमा विद्वन् ! हनुमन् ! गै तिमी वहाँ ।
शुभाशीर्वाद टक्र्याऊ सोधी कुशल गाथमा ॥

१२८

१२६

त्यसरी भन यो मेरो वाक्यले जसरी भने ।
कुरो खालान् र होलान् ती यो मेरो दुःख माश्दिने ॥
नित्य कोमलता एवं दक्षता र पवित्रता ।
प्रिय लक्ष्मणमा टिक्छन् महान् गुण यिनै सदा ॥
ए कपे ! भनुँ धेरै के काम बन्दछ जे गरे ।
त्यही उपाय वा ढङ्ग तिमीले गै वहाँ गरे ॥
तिमी नै यसवारेमा एउटा मुख्य हेतु छौ ।
तसर्थ गर्नु पर्ला जो गर्नेछौ सब बुझ्दछौ ॥
प्रोत्साहन दिए देखि तिमीले गै वहाँ कपे ! ।
श्रीराम तात्ति बक्सेला मेरो उद्धार गर्न ए ! ॥
शूर वीर महान् त्यस्ता मेरा नाथ उहाँकन ।
भनिदेउ कुरा साफै तलका यी पुनः पुनः ॥
मैले रावणको उक्ति नमाने दुइ मासमा ।
मलाइ त्यसले मार्छ, त्यति म्याद छ मात्रमा ॥
बाँचनेछु त्यत्ति सम्मै म अनि मर्दछु बाँच्तिन ।
सत्यको किरिया हो यो बुझि बक्स्योस्, ल गै भन ! ।
सुन ए हनुमान् ! पापी दुष्ट रावणले यहाँ ।
मलाई थुनि राखेको छ, देख्तैछौ तिमी जहाँ ॥

१३७

१३८

त्यत्तिले न पुगी यस्ता राक्षसीहरु बाट यो ।
दिंदोछ दुःख ज्यादै नै न हिंड्दा त्यसको पछि ॥
पाताल बाट लक्ष्मीको भगवान् विष्णुले सरि ।
उद्धार गरिबक्स्योस् लौ मेरो पनि स्वयं वढी ॥
भनी यत्ति सती-साध्वी सीताले आफ्नु वस्त्रमा ।
बाँधी लुकाइ राखेको चूडामणि झिकिन् वहाँ ॥
अनि त्यल्लाइ देवीले लगी श्रीराम-पाउमा ।
यो टक्र्याँउनु, हो मेरो चिह्नो भन्दै दिइन् त्यहाँ ॥
मणि-रत्न लिए त्यस्तो झल्झलाकार उत्तम ।
घुसारे कपिले आफ्नो औंलामा अनि तत्क्षण ॥
सानै भइ सकेकोथ्यो त्यो औंला उनको तर ।
छिरेन अझ त्यो मुद्रा सानै भो सूक्ष्म नै विल ॥
अनि यी हनुमान् वीर झुके सीताकनै पुनः ।
भै नम्र ढोग टक्र्याए गरे पछि प्रदक्षिण ॥
उभिए छेउ लागेर देवीको अनि सुस्तरी ।
त्यस्तो दर्शन मिल्नाले थिए हर्षित यी हरि ॥
शुभलक्षण सम्पन्न भाई-लक्ष्मणको तथा ।
दाजु श्रीरामको पाउ संझन्थे मनले यता ॥

१४६

१४७

जनकनृप-सुता स्वयं उनीले अतिशय यत्न गरेर राखिएको ।
शिर-मणि लिइ त्यो सुखी भए बा ! कपि-बिचराकन यी निकै खुशी भो ॥
कपि-मन अब फर्किनेतिरै गो गिरिशिखरस्थित त्रासयुक्त व्यक्ति ।
भइ थररर थामिंदा हुरी त्यो अतिशय ढुक भए सरी, भए यी ॥

१४८

इति अठतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनञ्चालिसौं सर्ग

कपिवर-हनुमान्‌ले देवी-सीतालाई रामरी संझाउनु

१

कपिमा भन्दछिन् सीता चूडामणि दिए पछि ।
हो मेरो यै चिह्नो, राम चिह्नि बक्सिन्छ जो, अति ॥
यो देख्नैविक्तिकै वीर ! मेरा प्राणेश राघव ।
ए कपे ! संझिबक्सिन्छ तीन व्यक्तिकनै तव ॥
साक्षात् मेरी मुमालाई यो दासीलाइ सम्म है ।
अर्को साक्षात् दशरथ-बुवालाइ झल्याँस्स भै ॥
भैगो ! अब तिमी वीर ! यै मेरो कार्य-सिद्धिमा ।
रामरी ध्यान दी लाग अझ शोच गमी यहाँ ॥
गर्नु पर्ने कुरा के हो ? ठमाउ अझ रामरी ।
यो काम फत्य पार्नामा तिमीनै छौ सबै थरी ॥
छौ प्रमाण पनी मुख्य त्यस्तो शोच गरे जसो ।
रिट्ठो मिर्दैन, भै हाल्छ सजीलै आफ्नु काम यो ॥
तसर्थ हनुमन् वीर ! गर यत्न विशेष त्यो ।
जो गर्दा रामरी छुट्ला मेरो दुःख र कष्ट यो ॥
देवीले यत्ति भन्दामा हज्रोस् गर्छु त्यसै भनी ।
हनुमान्‌ले गरे विन्ती प्रतिज्ञा साथमै अनि ॥
जाने सुर लिई तस्मात डर्लांग्दा बल-वीर्यका ।
उनले जानकीज्यूको पाउमा ढोग्दिए तदा ॥
देखेर जान तम्सेका हनुमान्‌कन जानकी ।
भन्छिन् गद्‌गद-वाणीमा आँसु झारेर बर्बरी ॥
हनुमान् ! सुन ! श्रीराम तथा देवर लक्ष्मण ।
दुवैसाथ सँगै पार मेरो बिन्ती पुनः पुनः ॥
सोध क्षेम—समाचार तिमी गै पहिले झुकी ।
भन मेरा कुरा सारा एक एक गरी पछि ॥
बुझ्यौ त वानरश्रेष्ठ ! राजा-सुग्रीवमा पनि ।
सारा मन्त्रीहरू साथै सोध क्षेम छ के ? भनी ॥

१३

१४

वहाँ जो जति छन् बूढा मान्य भालू र वानर ।
उनलाई पनी मेरो भन क्षेम निरन्तर ॥
उद्धार गरि बक्सिन्छ दुःख-सागर बाट यो ।
मलाइ जसरी राम तिमी गर उपाय त्यो ॥
यशस्वी पति श्रीराम म जीवित हुँदाहुँदै ।
म साथ मिलि बक्स्योस् है ! तिमी गर गई त्यसै ॥
यसो गर्दा तिमीलाई त्यो आफ्नो सत्य वाक्यको ।
कामको फल मिल्नेछ धर्माचरणरूपको ॥
छोरा त्यस्ता दशरथ-राजाका वीर राघव ।
उत्साह वीर्य आफैंमा राखि बक्सिन्छ वास्तव ॥
त्यसमा यी कुरा मेरा तिमीबाट परे पछि ।
दुगुना भइ बढ्‌ने छ भइ जागृत झन् पछि ॥
मेरा सन्देश भन्दा यी तिमीबाट सुनी वहाँ ।
विधिवत् तम्सि बक्सेला आफ्नो सद्वीर्य झिक्नमा ॥
सीताका यी कुरा सुन्दा वायुका पुत्रले पनि ।
शिरमा अँजुली जोडी भने उत्तरमा अनि ॥
भो देवि! ढुक्क भै बक्स्योस् नमानि बक्सियोस् दुःख ।
पुग्ना साथ म गर्नेछु गर्नु पर्ने कुरा सब ॥
सवारी हुन्छ श्रीराम भालू-वानर-सैन्य ली ।
मार्दि बक्सिन्छ यल्लाई फर्कि बक्सिन्छ साथ ली ॥
म देख्तिन कसैलाई सुरासुर-मनुष्यमा ।
बाण वर्षाउँदा टिक्न सक्ने को ? अघि युद्धमा ॥
देवीको निम्ति श्रीराम यम-इन्द्र र सूर्यको ।
पनि गै अघि लड्‌दामा ठोक्दि बक्सिन्छ, सत्य हो ॥
अरुको के कुरा भो र पृथिवी सिन्धुसम्मको ।
समर्थ भइ बक्सिन्छ जित्न राम स्वशक्ति ली ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
प्रभुको निम्ति लड्दामा जो सुकै सँग होस् शुभे ! ।
श्रीराम जिति बक्सिन्छ सर्वथा ठोकुवै छ ए ! ।।
हनुमान् कपिका यस्ता कुरा सत्य र सुन्दर ।
युक्तियुक्त थिए साह्रै उपयुक्त मनोहर ।।
सीताले ध्यानले सुन्दा ठमाँइन बा ! उनीकन ।
हुन् भनेर निकै विद्वान् पारिन् दङ्ग अनी मन ।।
निकै कुरि-कुरी लाग्दा अझै भनुँ भनूँ भई ।
भन्दछिन् जानकी फेरि स्नेहले भित्र तानिई ।।
शत्रु नाशन समर्थै छौ तिमी वीर ! यथार्थतः ।
अब यौटा कुरा भन्छु मान है ठीक लाग्छ त ? ।।
यहीं बस तिमी आज लुकी क्वै गुप्त ठाममा ।
विश्राम गर के भो र जाउला भोलि नै वहाँ ।।
मन्द भाग्य हुने यस्ती मलाई भै दिदा तिमी ।
पीर छुट्थ्यो हुँदा ढुक्क केही बेर भए पनि ।।
हुँदा आउनमा ढीलो गए पछि तिमी उता ।
शङ्का छ प्राण यो बच्न भन्न सक्तिन क्यै म ता ।।
म खप्छु दुःखमा दुःख यहाँ बाट हिड्यौ कि ता ।
तिमीलाइ न देख्ताको दुःख बढ्छ ममा यता ।।
सुन अर्को कुरा वीर ! ममा शङ्का छ है अझ ।
भालू-वानर ती तिम्रा साथीको विषयात्मक ।।
त्यो यै हो सुन ! भालू र कपिको सैन्य दुर्गम ।
सिन्धु त्यो कसरी तर्लान् राजपुत्र पनी भन ? ।।
सक्तछन् सिन्धु यो नाघ्न तिनौटै व्यक्तिमात्र यी ।
तिमी गरुड बा वायु हुनाले वेगवान् अति ।।
स्थिति यस्तो हुँदा वीर ! काम यो सिद्ध पार्नमा ।
तिम्रो विचार कस्तो छ छु उत्सुक म जान्नमा ।।
ठहराएँ तिमीलाई मैले ता कार्य साधन ता ।
साह्रै सिपालु छन् जत्ति तिनमा पनि श्रेष्ठका ।।
शत्रुवीर सबै नाशन सक्ने ए हनुमान् ! सुन ।
तिमी एक्लै पनी सक्छौ मेरो काम पटाँउन ।।
सारा राक्षसलाई यी भुसुक्कै पार्न सक्तछौ ।
मेरो उद्धार गर्नामा हो ! तिमी नै समर्थ छौ ।।
बुझ्यौ ! तर यसो गर्दा जयको फल त्यो कपे ! ।
तिमीमै सब शुम्भिन्छ राममा जस जान्न ए ! ।।
४३

४४
आफ्ना सैन्य सबै ल्याई युद्धमा दुष्ट यो जिती ।
गए राम अयोध्यामा हुन्थ्यो कीर्ति, भलो अति ।।
यो लङ्का बाणले ढाकी नाशी रावण-सैन्यको ।
मलाइ साथ ली जानु रामको निम्ति योग्य हो ।।
यस्ता शूरा महात्माको रणमा वीर-रामको ।
निम्ति लायकको काम के गरे हुन्छ ? शोच त्यो ।।
सीताका यी कुरा त्यस्तै स्नेहपूर्ण मनोहर ।
थिए बा ! युक्तिमा मिल्दा सार तथ्य हुने स्थिर ।।
उनका अब यी बाँकी कुरा सब सुने पछि ।
यसो शोची गरे विन्ति हनुमान्ले स्वयं झुकी ।।
भो ! पीर मान्नु पर्दैन यस बारे हजूरले ।
कसिएर बसेकाछन् ती हाम्रा कपिराज ए ! ।।
भालू-वानरका सेना सत्यवादी उनीसँग ।
छन् तयार, लिई दौडछन् सुन्नासाथ खुशी सँग ।।
छन् असंख्य शुभे! सैन्य करोडौं कति हो कति ।
प्रभुलाइ खुशी पार्छन् मार्छन् शत्रु भए जति ।।
महान् बल हुने वीर धैर्यशाली र विक्रमी ।
सारा वानर छन् शूरा आज्ञा मान्ने महान् गुणी ।।
जहाँ पुगूँ ! जहाँ जाऊँ भनी भित्र गम्यो कि ता ।
तुरुन्त नै त्यहीं पुग्न सक्ने छन् सब वीर बा ! ।।
यिनको गति रोकिन्न तलमाथि यता उता ।
पाल्छन् सुग्रीवको आज्ञा पुग्न सक्छन् जतातता ।।
ठूलठूला काम डर्लाग्दा पनि ती गर्न सक्तछन् ।
यसो हेर्दा सबै देवि ! तेजी छन् डर पार्दछन् ।।
वायुको वेगले कुद्दै वन-सागर साथकी ।
पृथ्वीलाइ निकै पल्ट घुमेका छन् सबै कपि ।।
हाम्रा सुग्रीव-राजाका सेनामा म समानका ।
छन् कैयौं कपि, छन् धेरै म भन्दा धेर वीर्यका ।।
मेरो भन्दा पनी धेरै भएका बल-विक्रम ।
असंख्य कपि छन् देवि ! छैनन् क्वै गुणमा कम ।।
यहाँ आएँ म जावो ता भने अब पतिव्रते ! ।
त्यस्ता महाबली वीर आँउनामा कुरा छ के ? ।।
सन्देश ल्याउने लाने काममा श्रेष्ठ व्यक्ति ता ।
पठाइन्नन्, पठाइन्छन् स-साने व्यक्तिमात्र बा ! ।।
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

तस्मात् शङ्का त्यजी बक्स्योस् मान्नु पर्दैन पीर क्यै ।
हुँदिदा एक पल्टैमा लङ्कामा आउँछन् सबै ॥
चढी पिठिङमा मेरो झुल्केका चन्द्रसूर्यझैं ।
आइ पुग्छन् छिटै ठ्याक्क दाजु-भाइ नृसिंहझैं ॥
लङ्कै उजाड पार्दिन्छन् ती दुवै नरवीरले ।
ढुक्क भै राजहोस् देवि ! तेजिला आफ्नु बाणले ।
पुत्र-बान्धवकै साथ मारी रावणलाइ यो ।
प्रभुलाइ लिई साथ सवारी फिर्छ रामको ॥
तस्मात् धैर्य धरी बक्सोस् भइ ढुक्क पतिव्रते ! ।
यहीं राज हओस् देवि ! काल पर्खेर शान्तिले ॥
चाँडै नै देखि बक्सेला बलेको अग्नितुल्यका ।
रामलाई यहीं आफ्नै आँखाले प्रभु सर्वथा ॥
पुत्र-बान्धवकै साथ यो रावण मरे पछि ।
ग्वाम्ल्वाङ्ग मिलि बक्सेला शशीमा रोहिणी सरी ॥
हजूर देखि बक्सेला अब चाँडै दुवै कुरा ।
शोकको अन्त, यो दुष्ट मरेको रामबाट बा ! ॥
ढुक्क पारेर संम्झाई यसरी जानकीकन ।
फर्किने सुर ली हाले हनुमान्ले भने पुनः ॥

६६

७०

हजूर देखि बक्सेला छिटै अब पतिव्रते ! ।
लङ्काको द्वारमा ठिङ्ग दाजु भाइकनै शुभे ! ॥
शस्त्रास्त्र नख दाह्रा नै भएका गज-सिंहझैं ।
थुप्रेका देखिबक्सेला भालू-बानरलाइ नै ॥
मेघ-पर्वत हुन् जस्ता देहका कपि-ऋक्षको ।
गर्ज्याई सुनि बक्सेला चाँडै मलयबीच यो ॥
गरे हुन्छ कुरा धेरै न गरौं रामको कुरो ।
विचेत भइ बक्सिन्छ प्रभुको पीर बाट त्यो ॥
कामको बाण गै लाग्दा हुदा चित्त छिया छिया ।
मत्ताझैं भइ बक्सिन्छ खेदेको सिंहले अहाँ ! ॥
शुभे ! न रोइ बक्स्योस् भो ! शोकले यसरी, हरे ! ।
मनको पीर सन्ताप हटोस् त्रास छ जत्ति नै ॥
इन्द्रसाथ मिले जस्तो शची-देवी पतिव्रते ! ।
हजूर मिलि बक्सेला राम साथ छ पीर के ? ॥
लौ यसो गमि बक्स्योस् त ! राम भन्दा महान् गुणी
विश्वमा कुन देखिन्छ ! अँहँ ! छैन कुनै पनि ॥
वीर लक्ष्मण त्यस्तै छन् प्रभुका भाइ सद्गुणी ।
छ को र विश्वमा देवि ! उनी जस्तो कहीं पनि ॥

७८

७६

हो दाजु चाँहि ता आगो वायु हो भाइ चाँहिता ।
स्वाहा हुन्छ सबै जुटता पीर के आउ त्यो छ ता ॥
यी दुष्टले सेवित घोर यस्तो कुठाममा बस्न हजूरलाई ।
पर्दैन है धेर छ निश्चयै यो न रोइ बक्स्योस् अब देवि ! हाई ! ॥
हुँदैन ढीलो पनि संम्झिबक्योस् यहाँ सवारी हुन रामलाइ ।
मेरो उहाँ साथ भयो कि भेट पुग्यो, क्षमा होस् त्यति सम्मलाई ॥

८१

इति उनञ्चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चालिसौं सर्ग
देवी–सीतासँग विदा भएर कपिवर–हनुमान् उत्तरतिर लाग्नु

१

दिलका देहका ठूला वायुका पुत्र वीर यी ।
हनुमान्‌का कुरा त्यस्ता जानकीले सुनिन् स्थति ॥
देवकन्या सरी राम्री तेजिली मैथिली पनि ।
आफ्नो हित हुने वाक्य भन्छिन् कपिकनै अनि ॥
कपिवीर ! सुनायौ बा ! साह्रै प्रिय कुरा ममा ।
देख्ता अब तिमीलाई हुन्छ रोमाञ्च आङमा ॥
आधा पाकेर गर्मीले सुक्तामा वर्षिंदा जल ।
खेतीबाली भए जस्तो भएँ बा ! म त है अब ॥
दया गर तिमी त्यस्तो ममा अब गई वहाँ ।
प्राणेश जसरी चाँडै सवारी हुन्छ है यहाँ ॥
सुकेका शोकले आफ्ना अङ्ग–प्रत्यङ्गले यिनै ।
छुन पाँउ म चाँडै है प्रभुका अङ्गमा तिनै ॥
कौवाको एउटा आँखा फोर्ने छेस्को स्वरूपको ।
वाण त्यो प्रभुले वीर ! छोडेको क्रोधपूर्णको ॥
जो भनें त्यै कुरा सारा पुग्नासाथ प्रसङ्गमा ।
विन्ती गर्नु उहाँलाई मेरो चिन्हो स्वरूपमा ॥
भन्नु अर्को कुरो यौटा कोठी मेरो कपोलको ।
मेटिएको थियो स्वाच्चै बस्ता जङ्गलबीच त्यो ॥
त्यै वेला प्रभुले आफ्नै बाहुले ली मनःशिला ।
कोठी पार्दिइबक्सेथ्यो गालामा, संम्झियोस् कुरा ॥
भै इन्द्र–वरुणै ठीक वीर्यवान् छौः ! हजूर ता ।
कसरी सहि बक्सिन्छ हरेकी गृहिणी म हा ! ॥
बस्छु राक्षसकै घर्मा घेर्दछन् राक्षसी सब ।
यो दुःख धर्म–पत्नीको के खप्ने त त्यसै अब ? ॥
मेरा निष्पाप प्राणेश ! हो चूडामणि दिव्य यो ।
छु जोगाएर राखेकी यल्लाई यत्नले बडो ॥

१३

१४

अैले काम दियो नाथ ! हेर्छु कष्ट बढ्यो कि त ।
हजूरलाइ देखेंभैं ठान्छु, हुन्छु म हर्षित ॥
समुद्रबाट निस्केको हो महान् मणि यो शुभ ।
यसलाइ पनी मैले फर्काएँ प्रभुमै अब ॥
मलाइ अब छोप्नेछ शोकले चर्किदा व्यथा ।
कुन्नि है ! टिक्न गाह्रै छ, छिटै मर्छु कि क्या म ता ॥
बसाई राक्षसी साथ, मर्म छेड्ने कुरा तथा ।
असह्य दुःख यो नाथ ! प्रभुकै निम्ति खप्छु बा ! ॥
हेरेर प्रभुको बाटो राजपुत्र प्रभो ! म ता ।
आफ्नो जीवन धान्ने छु बाँच्नेछु एक मास ता ॥
त्यसभन्दा बढी बाँच्न म सक्ने छैन क्यै गरे ।
वियोग पाउको पर्दा त्यो खपी बाँच्नु श्रेय के ? ॥
दुष्ट राक्षसको राजा ज्यादै क्रूर छ वस्तुतः ।
ममाथि यसको दृष्टि न राम्रो छ प्रभो ! स्वतः ॥
अब यस्तो अवस्थामा नाथलाई पनी त्यता ।
अलिक्कएको सुनेंकी म मर्छु, पुग्छु कता–कता ! ॥
रुँदै घर्धर सीताले भनेका यी कुरा सुनी ।
तेजस्वी हनुमान् भन्छन् यसो संम्झाँउदै अनि ॥
सत्यको किरिया खाई यो कुरा भन्छु देवि ! म ।
राज हुन्छ सँधै राम ज्यादै पिर लिईकन ॥
प्रभुको साथ छुट्नाले रामलाइ कसै गरे ।
सुख–शान्ति छँदैछैन सारा काम–कुरा छुटे ॥
दाजुको स्थिति त्यो देख्ता वीर ती भाइ–लक्ष्मण ।
त्यसै टोलाँउछन् देवि ! दुःख मान्छन् प्रतिक्षण ॥
भैगो लौ ! अब जो पाएँ प्रभुको शुभ–दर्शन ।
भो सौभाग्य यही ठूलो छैन वेला दुखी हुन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

म गएर छिटै देवि ! रामलाइ पनी यतै ।
लिइ आँउछु, यो दुःख छुटेको देखिने छ है ॥
हुने भो भेट सीताको भन्ने ठानेर वास्तव ।
राजपुत्र दुवै हुन्छन् यता आँउन उत्सुक ॥
अनि के चाहिएला हँ ? त्यस्तो दृष्टि पऱ्यो कि त ।
तुरुन्तै भस्म भै हाल्छ यो लङ्कापुर वस्तुतः ॥
बन्धु-बान्धवकै साथ मारी राक्षस रावण ।
अयोध्यातिर लाग्नेछन् प्रभुलाई लिइ पुनः ॥
अझै यौटा कुरा देवि ! विन्ती गर्छु म पाउमा ।
छ भने, गतिलो अर्को चिन्हो बक्स्योस् है ! ममा ॥
राख्ता जो अथवा भन्दा रामको भित्र चित्तमा ।
उब्ज्योस् स्नेह, दया ठूलो गृहिणी संझिदा वहाँ ॥
भन्दछिन् अनि ती सीता ! दिएँ मैले तिमीकन ।
गतिलो चिह्निने वस्तु छ त्यही श्रेष्ठ शोभन ॥

३३

३४

आँखा गाडी यसो हेर्दा यसलाई चिने पछि ।
राम पत्याइ बक्सिन्छ सारा विम्रा कुरा जति ॥
अब त्यो मणि बोकेर कपिले जानकीकन ।
श्रद्धाले पाउमा ढोगे, हिंडो हाल्न गरे मन ॥
बल, फूर्ति झिकी राम्रै आँट्ता उफ्रन, कुद्न तो ।
देखेर जानकी भन्छिन् रुँदै घर्घर भै अति ॥
घेरै-घेरै छ सोधेको भन्नु है ! हनुमान् ! वहाँ ।
सिंह जस्तै हुने वीर्य दुवै दाजु र भाइमा ॥
मन्त्रीका साथका राजा कपि-सुग्रीवमा तथा ।
अरु वानरमा सम्म सोध्थी ! भन्न न विर्स वा ! ॥
महान् बाहु हुने मेरा प्राणेश रघुनन्दन ।
उद्धार गरि बक्सेला जसो भन्दा त्यसै भन ॥
शोकको दुःखको यस्तो महासागरबीच, म ।
चुर्लुम्ब भै डुबेकी छु, खप्न गाह्रो छ है ! भन ! ॥

४०

४१

खप्ती छु हप्काइ र गालि-साली यी राक्षसीको अतिधीरता ली ।
यो शोकको वेग र तीव्र ताप सहन्छु बल्दो छ वियोग-राप ॥
सबै कुरा यी प्रभुमा गएर बिसाउ एकेक गरी झुकेर ।
ल ! जाउ है ! वीर-कपे ! समस्त बाटो हवोस् श्रेय दिने प्रशस्त ॥
साध्वी-सतीमा गतिली उनीको बुझे यिनीले सब भाव त्यस्तो ।
भए त्यसै मक्क उनी पछाडि आत्मा हुँदा गद्गद हृष्ट ज्यादि ॥
शोचे उनीले अब आफ्नु काम केही अझै शेष छ, यत्ति फेरि ।
तस्मात् त्यहाँ बाट उनी सहर्ष कुद्दै गए उत्तरतर्फ हेरी ॥

४४

इति चालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकचालीसौं सर्ग

अशोकवाटिका–विध्वंस

१

त्यसरी राजपुत्रीले कुरा मीठा र स्नेहका ।
भनी आदर सन्मान गरिए कपि-वीर बा ! ॥
अब छोडेर त्यो ठाम केही उत्तर गै उनी ।
विचार गर्न पो लागे यसो मन-मनै गमी ॥

२

३

पाएँ दर्शन देवीको हो मेरो भाग्य यै शुभ ।
शत्रुका शक्तिको पत्तो लाँउने कार्य शेष छ ॥
यसको निम्ति चारोटा छन् उपाय मनोरम ।
साम, दान तथा भेद, दण्ड हुन् चार यी जुन ॥

४

५

तिनमा काम लाग्दैनन् तिनोटा अघिका यहाँ ।
चारौं उपाय हो दण्ड त्यही ठीक छ दुष्टमा ॥
न जाति यी राक्षसजाति छन् सदा त्यो सामको नीति अनीति हुन्छ बा ! ।
धनाढ्य छन् यी सब दानले पनि केही लछाउँदैनँ हुँदैन त्यो पनि ॥
छन् यी घमण्डी बलवान् हुँदा स्वतः त्यो भेदले काम दिदैन क्यै अतः ।
यस्तो हुनाले स्थिति वेस जँच्छ यै डटेर देखाँउनु आफ्नु शक्ति क्यै ॥
यो कार्यको सिद्धि गराँउने छिटै त्यो दण्ड बाहेक उपाय छैन क्यै ।
लडाँईमा राक्षस मुख्य मुख्य ती मरे भने मात्र यि चेत्तछन् पछि ॥

८

९

प्रधान कार्य-सम्पन्न पारे पछि मनुष्यको ।
अरु कार्य पनी ढेरै सिद्ध पार्छ भने त त्यो ॥
पहिलो कामना बाधा न पारीकन अन्तमा ।
सतिन्छ काम गर्ने नै गविलो दूत—कार्यमा ॥

१०

११

स—साना पनि छन् काम सिद्ध पार्ने भने यहाँ ।
हुँदैनन् एउटै हेतु तिनमा सिद्ध पार्नमा ॥
जो व्यक्ति एउटा काम सिद्ध पार्न अनेकन ।
कला जान्दछ ता त्यै हो काम गर्ने अनुत्तम ॥

१२

१३

तसर्थ अैले म यहाँ हुँदाहुँदै जाँची बुझी फर्किनु पर्छ है सबै ।
लडाँइ पर्दा कपि—राक्षसादिमा जित्ला भरे को बल-वीर्य-बुद्धिमा ? ॥
भविष्यको कार्य ठमाँउदै पछि म जान्छु सुग्रीव भएतिरै बढी ।
यसै गरे मात्र हुनेछ राम्ररी मैले गरेको प्रभुले गमे सरि ॥

१४

१५

परन्तु होला कसरी यहाँतक आई सकेको म, भलो दिनेतक ।
म पाँउला राक्षस साथ लड्नको मौका कसोरी र ? उपाय के छ त्यो ? ॥
लडाँइमा रावणले मलाइ र आफ्नाहरूलाइ गमे भई स्थिर ।
देख्ला कसोरी बलवान् मलाइ नै आफ्नाहरूलाइ झिंगा समान नै ॥
मन्त्री तथा सैन्य-सहाय-बन्धुको दुर्बुद्धि यो रावणकै समेत पो ।
बुझी अभिप्राय र भित्रिया-बल म पुग्छु पारीतिर मुक्त भै तव ॥

१७

१८

क्रूर राक्षस-राजाको यो बगैंचा छ सुन्दर ।
नेत्र लोभिन्छ देख्तैमा ज्यादै बेस मनोहर ॥
नाना प्रकारका झाडी कुञ्ज वृक्ष लता हुँदा ।
यो नन्दन-बगैंचाझैं देखिंदो छ जतातता ॥

१९

२०

यही भुसुक्क पार्दिन्छु, बिगार्दिन्छु म झोक्किदै ।
डढेंलोले बिगारेझैं सुकेको वनलाइ क्वै ॥
नाशिंदा बिग्रंदा यस्तो बगैंचा प्रिय सुन्दर ।
म माथि झोक्किएला त्यो राक्षसेश्वर दुष्कर ॥

२१

२२

होला मजै पो अनि दुष्ट रावण छ आँउने लड्न म साथ तम्सिई ।
हात्ती तथा अश्व र शस्त्र—अस्त्रले तयार भै सैन्य पनी सँगै लिई ॥
म माथि छोड्लान् रथ आदिमा चढी शस्त्रास्त्र ती राक्षस झोक्किदै बढी ।
तुरुन्त नै मच्चिइनेछ अन्तमा यहीं लडाँईँ पनि उग्ररूपमा ॥
रोकिन्न मेरो गति युद्धमा कसै हुँदैन मेरो बल क्षीण यो त्यसै ।
देखाँउने आफ्नु प्रचण्ड विक्रम यी राक्षसै साथ डटेर लड्छु म ॥
घुमेर चारैतिर युद्धभूमिमा मारेर त्यो रावण-सैन्य अन्तमा ।
भै ढुक्क सुग्रीव-कपिशको घर म पुग्छु यो सिन्धु तरी भई स्थिर ॥

२५

२६

गयो मन-मनै यत्ति ठर्लाग्दा बल-शक्तिका ।
हनुमान् कसिई हाले बघैंचा मास्न त्यो तदा ॥
ठूलो आँधि-हुरी जस्तो भए बा ! झोक्किए उनी ।
बघैंचाका सबै वृक्ष उखेली फ्याँक्दिए अनि ॥
साक्षात् राक्षस-राजाको खोपीको नजिकै थियो ।
प्रमदावन यो दिव्य अतिराम्रो बिचित्रको ॥
लतागृह थिए नाना साना ठूला थिए रुख ।
हाँगामा फेदमा बस्थे पशु-पक्षी निकै तव ॥
पशु क्याँईं कुँईं गर्थे गर्थे च्याँईं चुँईं चरा ।
त्यसरी हनुमान्द्वारा वन यो मासियो बरा ! ॥

३०

३१

टुक्रा टुक्रा भए वृक्ष बिग्रिए बा ! जलाशय ।
भए बनावटी डाँडा भताभुङ्ग त्यसै अव ॥
त्यस्तो नन्दन हो जस्तो बघैंचा त हरेशिव ! ।
छिनमै भ्रष्ट भो सारा भैं हेर्नैं नहुने तव ॥
नाना प्रकारका पक्षी बस्तथे जो वहाँ अघि ।
अव बस्न न सक्ने भै लागे चिच्याँउनै अति ॥
जति घाट बनेकाथे पोखरीमा तलाउमा ।
छिनैमा बिग्रिए सारा भताभुङ्ग भई वहाँ ॥
तामा ठीक पगालेका वृक्षका पालुवा-मुना ।
सारा भसक भै हाले पर्दा वानरको ढुना ॥

३५

३६

मरिमएढी पारिए सारा लतागृह तथा लता ।
सुकेको बनमा आगो लागे जस्तै भयो तदा ॥
फरिया फुस्कँदा फ्वात्तै आत्तिएका कुलाङ्गना ।
देखिए ठीक पो भैगो देखिए ती लता वहाँ ॥

अनेकशाला र विचित्रका घर थिए यहीं निर्मित भव्य सुन्दर ।
भए भसक्कै अब ती सबै हरे ! शिलागृहै साथ दलाइमा परे ॥
अनेक पक्षी पशु हिंस्र जन्तु ती बस्थे यहीं शान्तिसँगै घुमी अघि ।
परन्तु औले बरबात यो हुँदा भागे बरा आत्तिइँदै जताततै ॥

अहा ! थियो यो वन त्यो दशास्यका स्त्रीको सुरक्षा गरिने सदा सफा ।
क्रीडाविहारार्थ अनेक योग्यको सामानले निर्मित भव्यरूपको ॥
फुल्थे जहाँ दिव्य लता अशोकका खुल्थ्यो जहाँ श्री अतिविस्तृतै हुँदा ।
त्यहाँ हरे ! यी कपिवीरले गरी बर्बात भैगो बल-वीर्यमा परी ॥

महामना रावणको विशेष यो थियो बघैंचा प्रिय योग्यको बडो ।
मासे त्यसै वानरले हरे ! अब उजाड भैगो छिनमै त्यसै सब ॥
महाबली राक्षस घेर साथमा म लड्छु योटै लिइ यै सुधारणा ।
फिकी निकै फूर्ति र तेज ती कपि डटी बसे तोरण-द्वारमा चढी ॥

४२

इति एकचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयालिसौं सर्ग

राक्षसराजले पठाएका राक्षसहरूलाई वीर-हनुमानले मारी दिनु

१

कोलाहल उठी हाल्यो हुँदा त्यत्ति वहाँ अव ।
गुञ्ज्यो चिच्याइ पत्तीको साशिए वृत्त ती जब ॥
लङ्काभित्र बसेका ती सारा राक्षस-राक्षसी ।
यो सुन्दा डरले काँप्तै व्यूँझिए बा! सवै पछि ॥
वहाँका पशु-पक्षी ता डराए आर्त भै अति ।
भागे यताउता सारा खैलाबैला भयो उति ॥
सारा राक्षसले देखे न राम्रा शकुनै पनि ।
डर्लाग्दा जो थिए साह्रै आत्तिए अनि ती पनि ॥
प्रमदावनमा पाले बसेका राक्षसी पनि ।
यसैले विउँझें सारा उठे पछि उनी पनि ॥
दिइ चारतिरै दृष्टि हेर्दा त वन त्यो सव ।
भताभुङ्ग भएको पो देखे बा! उनले तव ॥
त्यहीं नजिकमै देखे पछि वानरलाइ ती ।
पर्वतैठीक हुन् जस्ता देखिन्थ्ये जुन वीर यी ॥
यता यी राक्षसीलाई देख्तैमा कपिवीरले ।
बनाए आफ्नु त्यो रूप छन् भयङ्कर उग्र ए! ॥
देखेर पर्वतैठीक बलवान् कपिलाइ यी ।
सोद्धछन् राक्षसी सारा जानकीसँग गै पछि ।
ठूल्ठूला नेत्रकी सीते! त्यो को हो ? किन हो भन ॥
कहाँबाट यहाँ आयो किन आयो सवै भन? ॥
तिमी साथ कुरा-कानी जो गऱ्यो के भन्यो भन? ।
नडराउ तिमी कत्ति ठीकठीक सवै भन? ॥
सर्वाङ्गसुन्दरी साध्वी यी सीता राक्षसी मिली ।
सोधिइन् यसरी नाना शङ्का प्रश्न गरी गरी ॥
ओठेजवाफ दो हालिन् यिनले उनमा अनि ।
भएर साँचिलो जस्ती काण्डै पुग्ने गरी भनी ॥

१३

१४

इच्छानुसारको रूप लिने राक्षसको मति ।
कसरी जाँनु, के जाँनु ? मेरो पुग्दैन क्यै गति ॥
को हो त्यो? किन आयो त्यो? के गर्छ सव यो कुरो ।
आफैं तिमीहरू जान, बुझ्न सक्छौ समस्त त्यो ॥
कस्तो छ सर्पको खुट्टा सर्पै जान्दछ राम्ररी ।
मलाई अव के हेर्छौ नाना शङ्का गरी गरी? ॥
म पनी छु डराएकी यसबाट निकै यहाँ ।
यो को हो कसरी जाँनु, तिमी नै भन लौ यहाँ? ॥
इच्छानुसारको रूप धर्न सक्ने रहेछ यो ।
यसले म त ठान्दीछु यो कुनै राक्षसै त हो ॥
विदेहराजकी छोरी सीताका यी कुरा सुनी ।
भागे बा! राक्षसी सारा डरैलै हुत्तिंदै अनि ॥
सीता कुर्न बसे केही पालोमा तिनमध्यमा ।
गए कोही भने कुर्दै राजामा दिन सूचना ॥
गई राक्षस-राजामा विकराल मुखै हुने ।
भए ती राक्षसी चाँहि यसरी सूचना दिने ॥
महाराज! कुनै यौटा डर्लाग्दो रूपको कपि ।
प्रमदावनमा आयो भन्दै झुक्तै भने पछि ॥
अशोकवाटिका भित्र आयो वानर एउटा ।
त्यसको देह डर्लाग्दो देखिन्छ अति नै कडा ॥
सीता सँग गऱ्यो नाना कुराकानी मजासित ।
अहिले त्यो त्यहीं नै छ, छ ज्यादै शक्ति त्योसित ॥
कोट्याएर निकै सोध्यौं हामीले जानकीसित ।
अँहँ! क्यै भन्न चाहन्नन् यो वारेमा कसैसित ॥
हुन सक्छ त्यो हो कि दूत इन्द्र-कुवेरको ।
रामले नै पठायो कि सीता खोज्न भनेर पो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अद्भुतैरूपको त्यल्ले प्रभुको प्रमदावन ।
माश्यो, भुसुक्क नै पाऱ्यो त्यस्तो राम्रो थियो जुन ॥
पशु-पक्षी कुनै छैनन् भागे सब उजाड भो ।
नष्ट भ्रष्ट भयो सारा छ हेर्नैं न हुने प्रभो ! ॥
एउटै ठाम बाँकी छ अलिल राम्रो भनाँउदो ।
जहाँ त्यो जानकी बस्थी विगारेन छ वेस त्यो ॥
हुनाले जानकी बस्ने ठाम त्यो छोड्दियो कि त ।
अथवा अति नै थाक्ता छोड्दियो त्यसले कि त ? ॥
थकाई पनि के लाग्यो होला र त्यसलाइ ता ।
गर्न रक्षण सीताको त्यल्ले त्यस्तो गऱ्यो त्यता ॥
शिशौको कमला पात पालुवा शोभिंदो रुख ।
उखेलेन छ त्यै बाँकी सीता बस्छे जहाँ तल ॥
सीतासँग कुरा गर्ने बन मास्ने भयङ्कर ।
उल्लु वानरलाइ त्यो के गर्ने राक्षसेश्वर ! ॥
त्यस्तालाइ कडै दण्ड दिनु पर्दछ है प्रभो ! ।
तसर्थ बक्सियोस् आज्ञा तुरुन्तै नत्र भाग्छ त्यो ॥
प्रभुले मन सुम्पेकी त्यस्ती राम्री उनीसित ।
मजासँग कुरा गर्ने को हो त्यो ? छ कडै अतः ॥
माया-मोह छ छोडेको जसले आफ्नु प्राणको ।
त्यैमात्र जानकीसाथ गर्न सक्तछ क्यै कुरो ॥
राक्षसीका कुरा सुन्दा राक्षसेश्वर रावण ।
चिताको अग्निझैं दन्क्यो बढेर रिस तत्क्षण ॥
दुइ थोपा झरे आँसु त्यसका नेत्र बाट ता ।
झरेझैं तेलका थोपा बलेको दीप बाट हा ! ॥
महान् तेज हुने त्यस्तो वीर रावणले तब ।
हुने किङ्कर यो नाम हेऱ्यो राक्षसपङ्क्ति त ॥
आफ्नु जस्तै हुने वीर्य तिनैलाइ भन्यो तब ।
पक्डी वानरलाई त्यो यहाँ ल्याओ भनी अब ॥
आज्ञा पाएर राजाको असी-हज्जार किंकर ।
निक्ले त्यो भवनैबाट लिएरै शूल, मुग्दर ॥
ठूला पेट तथा दाह्रा भएका यी महाबली ।
तम्तयार हुँदै आए परे लड्न पनी बढी ॥
यिनको ध्येय भो मुख्य कपि यी हनुमान्कन ।
गै सरक्क समातेर ल्याँउने पो मजैसँग ॥

४२

४३

प्रमदावनमा पस्ने मूलढोका चढी उनी ।
बस्थे वरिपरी हेरी त्यसैवेला पुगे यिनी ॥
महान् वेग भएकै थे थियो शक्ति पनी निकै ।
पुतली अग्निमा जस्तो भइ यी होम्मिए सबै ॥
थिए शस्त्रास्त्र बोकेका यिनले हात-हातमा ।
गदा बाण घुयेंत्रा थे मोरेका सुन फेदमा ॥
चम्केका धारिला त्यस्ता भाला तोमर पट्टिश ।
तेर्स्याइ कपिलाई यी घेरे बा ! उनले अब ॥
यता पर्वतजस्ता भै तेजस्वी हनुमान् पनि ।
आफ्नो पुच्छर फट्कारी बसे बा ! कसिई अनि ॥
अब पुच्छर फट्कार्दा उठेको ध्वनिले तथा ।
गर्जेको ध्वनिलेसम्म लङ्का व्याप्त गऱ्यो तदा ॥
ठूलो वज्र परे जस्तै डर्लाग्दो ध्वनि निस्कँदा ।
तल-माथि सबै तर्फ गऱ्यो व्याप्त जतातता ॥
डराए यसले गर्दा लङ्काका जीव-जन्तु ती ।
फ्वात्त फ्वात्त खसे पक्षी तल आत्तिइँदा अति ॥
हनुमान्ले यसैवेला वीर्यले भइ गद्गद ।
घोषणै गर्दिए ओहो ! ऊँचो स्वर झिकी शुभ ॥
अत्यन्त बलबान् श्रीमान् मर्यादा-नर रामको ।
जय होस्, प्रभुका भाई धीमान् लक्ष्मण वीरको ॥
रामको आड पाएका भालू-वानरवीरका ।
हाम्रा सुग्रीव राजाको जय होस् ! जय होस्!! सदा ॥
सजीलै काम ठूल्ठूला गर्ने कोसल-देशका ।
राजा श्रीरामको दास हूँ म ता दूत एउटा ॥
हूँ वायुदेवको छोरो नाम हो हनुमान् यही ।
सजीलै शत्रुका सेना भुसुक्कै पार्न सक्छु यी ॥
उखेली वृक्ष हज्जारौं डाँडै बोकी म ता जब ।
युद्धमा लड्न थाल्नेछु कसिएर झिकी बल ॥
मसाथ लड्न त्योवेला हजारौं हुन्न रावण ।
पत्तो लाग्दैन, सक्तैनन्, मै मार्दिन्छु दनादन ॥
म छिटै अब यो लङ्कालाइ राक्षसकी पुरी ।
भुसुक पार्छु, मारिदन्छु, मार्दिन्छु सब दुष्ट यी ॥
अनि श्रीजानकीलाई ढोगी भेटी मजासित ।
हेर्दा-हेर्दै सबैले यी जान्छु काम सकी सब ॥

६०

६१

गर्जेर घोषणा यस्तो गर्दिंदा कपि-वीरले ।
फैल्यो आतङ्क लङ्कामा, सारा राक्षस आत्तिए ॥
वहाँ जत्ति गएकाथे लड्न राक्षसका गण ।
तिनले अब देखे बा ! आफ्नै अघि उनीकन ॥
हनुमान् देखिएकाथे त्योवेला अतिअद्‌भुत ।
हुन् संध्याकालका मेघै ठीकका लाल वस्तुतः ॥
सारालाइ चिन्हाएकै थिए यी कपिले तब ।
आफ्नो र आफ्नु स्वामीको नाम काम पनी सब ? ॥
तस्मात् राक्षसलाई यी शङ्का, तर्क भएन क्यै ।
शस्त्रास्त्र छोड्दिई हाले घेरेर सब तर्फ गै ॥
महान् बल हुने त्यस्ता कपि-वीर उनी अब ।
हानिए शत्रुले त्यस्ता घेरामा पारिए जब ॥
त्यै ढोका माथि राखेको यौटा परिघ शस्त्र थ्यो ।
त्यसैलाइ उठाए बा ! जब त्यस्तो विचार थ्यो ॥

६७

६८

डरले छर्पटाएको सर्पलाइ गरुड्ले ।
समाते ठीक भै हाल्यो शस्त्र त्यो बाहुबीच ए ! ॥
त्यसैलाइ घुमाएर पुऱ्याएर जबावबा ।
संहार गर्न थाले बा ! यी दुष्टहरुको तदा ॥
वज्रले इन्द्रले सारा दैत्य माशे सरी गरी ।
मारे राक्षसलाई यी अकाशैमा घुमीवरी ॥
हुने किंकर यै नाम असी हज्जार शत्रु यी ।
छिनैमा पार्दिए स्वाहा, पसारै पो भए मरी ॥
अब यत्ति गरी फेरि परेमा लड्न तम्सिई ।
आई त्यै मूल ढोकामा बसे माथि डटेर यी ॥
बचेका मरुँला भन्ने छुटेका डर राक्षस ।
गए आत्तिइँदै दौड्‌दै राजामा भन्न त्यो सब ॥
वीर-राक्षस-राजामा उनले गै भने यसो ।
महाराज ! भयो स्वाहा हाम्रो किंकर-सैन्य त्यो ॥

७४

७५

त्यत्रो महान् किंकर-सैन्य यो सब माऱ्यो त्यही वानरले भनी तब ।
सुने पछी राक्षसराजका हरे पिर्लिक्क पल्टे दुइ नेत्र क्रोधले ॥
पराक्रमी-जेष्ठ प्रहस्तको सुत त्यहीं थियो दुर्जय वीर उद्धत ।
त्यल्लाइ नै जा ! तँ लडेर सक् भनी आज्ञा दियो रावणले स्वयं अनि ॥

७६

इति बयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रितालिसौं सर्ग

वीर-हनुमान्ले चैत्य-प्रासाद ढाँढनु र त्यहाँका रक्षकहरू मारिदिनु

१

मारी किंकरलाई ती हनुमान् शोच्तछन् अव ।
अशोकवाटिका यस्तो मैले माशिसकें सव ॥
ऊ ! त्यो राक्षसका इष्टदेव वा कुलदेवको ।
चैत्य-मन्दिर बाँकी छ विगार्नु, म विगार्छु त्यो ॥
मनै-मन गमी यत्ति देखाँउन महान् बल ।
त्यसैमाथि चढे फुत्त उफ्रिई कसिए तव ॥
थियो मन्दिर यो ओहो ! ज्यादै अग्लो मनोरम ।
मेरु-पर्वत हो जस्तै अति राम्रो र उत्तम ॥
उदयाचल हो जस्तो त्यस मन्दिरमा चढी ।
भर्खरैका उदाएका सूर्यझैं शोभिए कपि ॥
त्यो अग्लो चैत्यको माथि चढ्दा दुर्धर वीर ती ।
देखिए अति नै राम्रो, भयो गजबको स्थिति ॥
आफ्नो सहज-शोभाले गिरि त्यो पारियात्र ता ।
जस्तो शोभिन्छ, त्यै ठीक शोभिए कपिवीर बा ! ॥
वायुका पुत्र तेजस्वी हनुमान्ले यहाँ पनि ।
वढाए आफ्नु यो देह, त्यो माश्न कसिए अनि ॥
प्रतिध्वनित पारेर सारा लङ्कापुरीकन ।
धृष्टता साथ त्यो चैत्य नाश्न थाले दनादन ॥
ठूलो शब्द विगार्दाको भत्किँदा चैत्य जोडले ।
सारा राक्षस यो सुन्दा आत्तिए, बाहिरै भए ॥
वहाँका पशु-पक्षी र पाले राक्षस जत्ति ता ।
त्रासले शब्द सुन्दा यो लडे, मूर्च्छै परे तदा ॥
अस्त्रज्ञ बलवान् श्रीमान् मर्यादा-नर रामको ।
जय होस् ! प्रभुका भाई धीमान् लक्ष्मण-वीरको ॥
रामको आड पाएका भालू-वानरवीरका ।
हाम्रा सुग्रीव-राजाको जय होस् ! जय होस्!! सदा ॥

१३

१४

सजिलै काम ठूल्ठूला गर्ने कोसलदेशका ।
राजा श्रीरामको दास हूँ म ता दूत एउटा ॥
हूँ वायुदेवको छोरो नाम हो हनुमान् यही ।
सजिलै शत्रुका सेना भुसुक्कै पार्न सक्छु यी ॥
उखेली वृक्ष हज्जारौं डाँडै बोकी म ता जव ।
युद्धमा लडन थाल्नेछु कसिएर झिकी बल ॥
म साथ लड्न त्योवेला हजारौं हुन्न रावण ।
पत्तो लाग्दैन, सक्तैनन् मै मार्दिन्छु दनादन ॥
म छिटै अब यो लङ्कालाइ राक्षसकी पुरी ।
भुसुक्क पार्छु, माशिदन्छु, मार्दिन्छु सव दुष्ट यी ॥
अनि श्रीजानकीलाई ढोगी भेटी मजासित ।
हेर्दा हेर्दै सबैले यी जान्छु काम सकी सव ॥
फेरि त्यै घोषणा गर्दै चैत्य-मन्दिर मास्तिर ।
बसेका हनुमान् कुर्लें, गर्जे ठूलो झिकी स्वर ॥
सारा राक्षस लङ्काका काँपे बा ! फेरि थर्थर ।
पाले खप्न नसक्ता यो आए लड्ने लिई सुर ॥
भाला-खड्गादि शस्त्रास्त्र बञ्चरा यिनले सव ।
लिएकाथे, सयौं संख्या यिनको थ्यो बढे तव ॥
ठूल्ठूला अति डर्लाग्दा देहका सव राक्षस ।
शस्त्रास्त्र छोड्न थाले बा ! घेरेर कपिमा अव ॥
विचित्र गतिला मोटा गदा थे यिनका यता ।
ठोकेका सुनका पाता राम्रा परिघ थे उता ॥
सूर्यका किरणै जस्ता चम्कने बाण थे पुनः ।
यिनैले हनुमानलाई ठोकिदिए क्रुद्ध भैकन ॥
हनुमान्लाइ घेरेर चारैतिर हुने खडा ।
त्यत्रो राक्षसको हूल देखियो गजबै तदा ॥

२६

२७

यिनका बीचमा पर्दा शोभिए हनुमान् पनि ।
गङ्गाका जलमा ठूलो भुँवरी नै उठे सरि ॥
दुष्टको हमला देख्ता अब त्यस्ता प्रकारको ।
आफ्नु देह तुल्याए बा ! डर्लाग्दो कपिले बडो ॥
त्यही मन्दिरमा यौटा खाँवो थ्यो शतधारको ।
त्यसैलाई थुते थ्वात्त सुनको जो महान् थियो ॥
घुमाए अनि त्यल्लाई जोडले उनले तव ।
निस्कियो अग्निको मुस्लो यसैबाट वहाँ अव ॥
अनर्थ गरि हाल्यो बा ! यसले त छिटै हरे ! ।
त्यहाँका वस्तु सम्पूर्ण त्यो मन्दिर सँगै जले ॥
ह्वार्हौर्ति बल्न लागेको देखे मन्दिर त्यो जव ।
सयौं राक्षसलाई ती ठोक्दिए कपिले तव ॥
हातको वज्रले आफ्नो इन्द्रले दैत्यलाइ ती ।
मारेफैं छिनमै मारे उनले सव दुष्ट यी ॥
अनि आकाशमा ठिङ्ग उभिई शत्रुले सव ।
सुन्ने गरी भने फेरि कड्किएर यसो तव ॥
सुन राक्षस हो ! हाम्रा राजा सुग्रीव-वीरका ।
वशमा बस्तछन् कैयौं म जस्ता कपि-वीर ता ॥

३५

३६

हजारौं तिनमा यौटा हुँ जावो कपि तुच्छ म ।
जो छ्याप्छ्याप्ति भएका छन् घुम्छन पृथ्वी दनादन ॥
दश हज्जार हात्तीको कसैमा बल, वीर्य छ ।
कसैमा त सयौं हात्तीमात्रको बल, वीर्य छ ॥
हामीमध्ये कसैको छ ठ्याक्क एक हजार ती ।
मत्ताकै ठीकको शक्ति, बलवान् छन् सबै अति ॥
जलका वेगकै ठीक कसैको बल-वीर्य छ ।
वायुकै शक्ति हो जस्तो कसैको छ महान् बल ॥
जत्ति वानरका यूथ छन् हाम्रा यूथमा वहाँ ।
तिनमा छन् अनेकौं ता अतुल्य बल-शक्तिमा ॥
ल-लामा दाँत नङ्ग्रा छन् शस्त्रास्त्र यिनका पनि ।
लाखौं शयौं हजारौं छन् संख्या यी कपिको पनि ॥
घेरिएर स्वयं यस्ता वीर बानरले सव ।
राजा सुग्रीव ठ्याक्क्याक्कै आइ पुग्छन् यहीं अव ॥
सारा तिमीहरूलाई दुष्ट-राक्षस हो सुन ! ।
उनै भुसुक्क पार्नेछन् बच्तै-बच्तैन क्यै पुनः ॥
न बच्ली यो पुरी लङ्का न बचौला तिमी सव ।
न यो रावण बच्नेछ, चाँडै नै हुन्छ यो सव ॥

४४

४५

शोच राक्षस हो ! आफैं व्यर्थ यो राक्षसेशले ।
जो बाँध्यो रामकै साथ वैर त्यस्तो कुकर्मले ॥

इति त्रितालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवालिसौं सर्ग
कपिवर–हनुमान्द्वारा प्रहस्त–पुत्र जम्बुमालीको वध

१

राक्षसेश्वरको आज्ञा शिरोपर गरी वहाँ ।
आयो प्रहस्तको छोरो जम्बुमाली बढी यहाँ ॥
दाह्रा निकै ल-लामा थे त्यसका मुखमा त्यहाँ ।
धनुर्बाण लिएको थ्यो त्यसले आफ्नु हातमा ॥
यसले पैह्रिएको थ्यो रातो वस्त्र जिवै भरी ।
माला पनि थियो रातै लाएको शोभिने गरी ॥
कण्ठमा हार शोभिन्थ्यो कानमा दिव्य कुण्डल ।
क्रोधले त्यसका आँखा घुम्दथे भइ टल्पल ॥
भयङ्कर तथा ज्यादै ठूलो थ्यो त्यसको जिउ ।
रिसाहा पनि थ्यो त्यस्तै जित्न गाह्रै हुने उहू ! ॥
इन्द्रको धनु हो जस्तै धनु सुन्दर थ्यो महान् ।
थिए बाण पनी त्यस्तै धारिला अतिकान्तिमान् ॥
जब त्यो धनु तान्थ्यो यो त्योवेला त्यसबाट ता ।
ठूलो चट्याङ् परे जस्तै निस्कँन्थ्यो ध्वनि भै कडा ॥
त्यसले धनु टङ्कार्‍यो त्यहाँ आइ पुगे पछि ।
जसले गुञ्जियो सारा आकाश र दिशा जति ॥
गदहा घेर जोतेका रथबीच चढेर त्यो ।
लड्न तम्सिइ आएथ्यो, डर्लाग्दो उग्ररूप थ्यो ॥
त्यसलाई वहाँ देख्ता वेगवान् कपिवीर यी ।
निकै प्रसन्न भै हाले कसिए गर्जिई अति ॥
परीगो त्यसको आँखा हनुमान्माथि जो यिनी ।
ढोकामाथि बसेकाथे भै तयार अझै पनि ॥
देख्नासाथ उनीलाई जम्बुमाली बढी अघि ।
फुर्तिसाथ निकै तीखा बाण छोड्यो रिसै फिकी ॥
उनको मुख ताकेर त्यसले छोड्दियो तब ।
अर्धचन्द्र हुने नाम धारिलो बाण वास्तव ? ॥

१३

१४

कर्णी नामक अर्को क्वै गतिलो बाण नै पुनः ।
छोड्दियो हनुमान्माथि भाला ताकेर उत्तम ॥
नाराच नामका बाण दश ओटा लिईकन ।
दुइटा बाहुमा हान्यो प-पाँचोटा दनादन ॥
यसरी जम्बुमालीले मजैले हनुमान्कन ।
पार्दियो बाण हानेर घाइते, थ्यो छिटो जुन ॥
रगताम्य भएकोथ्यो त्योवेला उनको मुख ।
जो स्वाभाविक रातै थ्यो शोभियो वा ! निकै तब ॥
त्यो रातो बाण लागेको मुख ता कपि-वीरको ।
सूर्यको तेजले छेड्दो शरत्‌को रक्त-पद्म भो ॥
आकाश-पोखरी बीच फुलेका रक्त-पद्म क्वै ।
पगाली सुनका थोपा सेंचे जस्तो भयो त्यसै ॥
ज्वाम्ज्वाम्ति जम्बुमालीको बाण ती रोपिंदा हरे ? ।
कपिमा वीर विद्वान् यी हनुमान् अब झोक्किए ॥
यताउति यसो हेर्दा देखे पर्वत-तुल्यको ।
ठूलो ढुङ्गो नजीकैमा उठाए अनि त्यै अहो ! ॥
बलवान् भै दिंदा त्यस्ता उनले त्यसलाइ ता ।
झटारो जम्बुमालीमा छोड्दिए जोडले तदा ॥
बीचमै जम्बुमालीले छोड्दियो दश बाण र ।
धूलो पीठो बनायो वा ! त्यल्लाइ झोक्किंदै तब ॥
देख्ता खेर गएको त्यो आफ्नो काम यतातिर ।
साल वृक्ष उखेले क्वै हनुमान्ले भई स्थिर ॥
थियो विशाल यो वृक्ष घुमाए अनि फन्फन ।
यैवेला त्यसको दृष्टि यिनमाथि पर्‍यो पुनः ॥
महान् बल भएकोथ्यो जम्बुमाली निशाचर ।
छोड्दियो बाणको पर्रा उनमाथि निरन्तर ॥

२६

२७

चारोटा बाण हानेर काट्दियो रुखलाइ त ।
उनको बाहुमै ठोक्यो पाँचोटा बाणले तव ॥
यत्तिले नपुगी फेरि छातीमा पनि एउटा तथा ।
दशोटा रतन-मध्येमा ठटायो जोडले तदा ॥
च्वाम्च्वाम्ति रोपिंदा बाण अब वानरको जिउ ।
छियै-छिया भई हाल्यो रगताम्य भयो उहू ! ॥
उठ्नसम्म चढ्यो क्रोध हनुमानलाइ ता अनि ।
निकै शक्ति भएकैथे फूर्तिला बलवान् पनि ॥
थियो परिघ पैलेको त्यहींनिर, त्यसैकन ।
उठाएर घुमाए बा ! उनले अव फन्फन ॥

३१

३२

ताकेर जम्बुमालीको छाती जोडसँगै तव ।
छोड्दिए डङ्ग गै लाग्यो त्यहीं नै बज्रियो भव ।
गजबै पो गऱ्यो यल्ले त्यस राक्षसको शिर ।
देखिएन कहीं ओहो ! देखिए जानु वा भुज ।
भएन रथको पत्तो न रह्यो धनु त्यो पनि ।
न कहीं देखिए घोडा न बचे बाण नै पनि ।
काटेको वृक्षझैं डङ्ग जम्बुमाली लड्यो हरे ! ।
धूलो-पीठो भई त्यस्तो लाग्दा परिघ जोडले ।
असी हज्जार संख्याका वीर किंकर साथमा ।
मरेको जम्बुमाली यो सुन्यो रावणले वहाँ ।

३६

३७

भयो घिउ थपे जस्तो बलेको अग्निमा तव ।
रिसले झोकियो साह्रै आँखै राता भए अव ॥
प्रहस्तको पुत्र स्वयं महाबली यो जम्बुमाली पनि मारिए पछि ।
भए दुवै नेत्र असाध्य चम्किला तथा र-राता अब राक्षसेशका ॥
मन्त्रीहरूका सुत सात विक्रमी यहीं थिए दृष्टि दिई त्यतै अनि ।
जाओ ! छिटै लड्न तिमीहरू भनी आज्ञा दियो राक्षसराजले पनि ॥

३८

इति चवालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैतालिसौं सर्ग
मन्त्रीका सात छोराहरूको संहार

१

मन्त्रीका पुत्रले सात अब राक्षसराजको ।
लड्न जाने शुभाज्ञाको पाए शिर धरे अहो ! ॥
त्यो राजमहलै बाट निस्के बाहिर ती अनि ।
बलेका अग्नि जस्तै पो देखिन्थे तेजिला यिनी ॥
थिए सातै धनुर्धारी अस्त्र–शस्त्रज्ञमा पनि ।
सिपालु र निकै श्रेष्ठ चनाखा लडनमा पनि ॥
शत्रु मै मार्छु, मै जित्छु भन्थे अन्योन्यबीच यी ।
यी सातै वीरको साथ थियो सैन्य पनी अति ॥
जोतेका गतिला घोडा उनका रथ सुन्दर ।
लाग्नाले सुनका जाली थिए राम्रा मनोहर ॥
शोभिन्थ्यो यिनको टुप्पो ध्वजा फर्फर गर्दथे ।
पताका हल्लिइन्थे बा ! मार्गमा कान्ति छर्दथे ॥
घुम्दामा रथका पाङ्ग्रा आँउथ्यो जो अवाज त्यो ।
गम्भीर मेघ गर्जेको ध्वनि जस्तै थियो अहो ! ॥
चढेर रथमा यस्तो बल–वीर्य हुने अति ।
आए बा ! धनु टङ्कार्दै सातोटै मन्त्रिपुत्र ती ॥
हर्ष, उत्साह ठूलो थ्यो यिनमा, सब यी पुनः ।
विजुली साथका मेघै हुन् जस्तै थे मनोरम ॥
अघि यी कपिले स्वात्तै असी हज्जार किंकर ।
मारिएका सुनी यिन्का आमा काँप्थे पसी डर ॥
तिनका साथ–साथैमा यिन्का बन्धु–सुहृत्तक ।
काँप्थे लङ्कापुरी भित्र होला ठानी अमङ्गल ॥
तँ छोड् ! म छोड् ! गरी आए जित्न वानरलाइ यी ।
लंवरी सुनका राम्रा गहना वेस पैह्रिई ॥
प्रवेशद्वारकै माथि देख्तैमा हनुमानकन ।
यी सबै वीरले झम्टे गरे बा ! बाण–वर्षण ॥

१३

१४

घुम्छन् बादल वर्षामा वर्षाई जसरी जल ।
त्यैठीक बाण वर्षाई घुमे राक्षस–बादल ॥
यिनको रथ कुद्दैमा निस्किइन्थ्यो अवाज जो ।
त्यो चाँहि त्यस वेलामा मेघ गर्जे सरी भयो ॥
तिनको बाण वर्षाले हनुमान् ढाकिए अब ।
जस्तो ढाकिन्छ वर्षाले गिरिराज त्यहीठिक ॥
स्वच्छ आकाशमा घुम्दै तल–माथि जवातता ।
पुगेर उनको बाण छले बा ! कपिले तदा ॥
त्यसको साथ–साथैमा रथको वेग त्यो पनि ।
छलेर पार्दिए व्यर्थ बचे आफू घुमी घुमी ॥
महान् सामर्थ्यका वायु जसरी मेघ साथमा ।
खेल्दछन् साथ इन्द्रेणी भए पनि अकाशमा ॥
खेल्न लागे त्यहीठीक वायुका पुत्र यी पनि ।
त्यस्ता राक्षसका साथ वायुझैं शोभिए पनि ॥
गर्जिए अब यी वीर सैन्य राक्षसको सब ।
आत्तिए जसले गर्दा काँपे डर पसी तब ॥
मौका छोपी यसैवेला झ्वाम गै हमला गरे ।
विशाल राक्षसी त्यस्तो सेनामा निज वीर्यले ॥
शत्रुका सैन्य पिर्नेमा वीर वानरले पछि ।
हातपात गरी हाले, मार्दिए दुष्टलाइ ती ॥
मारे थप्पड हानेर कसैलाइ त लातले ।
मुक्कीले नै कसैलाई नङ्ग्राले पनि मार्दिए ॥
छातीले नै थिची मारे निकैलाइ त जाँघले ।
कत्ति ता गर्जनै सुन्दा लडे सातो गई मरे ॥
मन्त्रीका पुत्र सातोटा यसरी छिनमै मरे ।
बचेको सैन्य त्यो देख्दा भाग्यो आत्तिइँदै हरे ! ॥

२६

२७

पर्दा भित्र निकै मर्का हात्ती कूँ ! कूँ !! गरी गरी ।
बच्ने जत्ति कराए बा ! घोडा स्वार्त्तौ मरे लडी ॥
बस्ने ठाम ध्वजा छाता विग्रेका उनका रथ ।
परिपूर्ण भएकाथे जता हेर्‍यो उतै तब ॥

२८

२९

अशोकवनका भित्री भागकी पृथिवी अब ।
भरिइन् गज घोडाका तिनैका लाशले सब ॥
बह्यो रगतको खोलो बाटाभर जताततै ।
त्यसैमा मुछिएकाथे केही बाँच्ने पनी तहाँ ॥

३०

३१

नाना प्रकारको बढ्दो आर्तशब्द बढी तब ।
आफैं लङ्का कराएमैं देखिइन् अति भो जब ॥
प्रचण्ड यस्ता बल-वीर्यका कपि मारे पछी राक्षसलाइ सात यी ।
आए अरू लड्न म मारुँला बढी भनी बसे त्यै पुरद्वारमा चढी ॥

३२

इति पैंतालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयालिसौं सर्ग

कपिवीर–हनुमान्‌द्वारा पाँचोटा सेनापतिहरूको वध

१

दिलका देहका ठूला हनुमान्-कपिवीरले ।
सातोटै सुत मन्त्रीका त्यसरी अब मार्दिए ॥
सुन्यो खवर तत्काल यता रावणले पनि ।
चाल चेष्टा छिपायो बा ! भित्र त्यो आत्तिए पनि ॥
अनि आश्रय ली हाल्यो त्यसले वेस बुद्धिको ।
ठमायो आफ्नु कर्तव्य गर्नु पर्ने अगाडिको ॥
सेनापति थिए वीर पाँचोटा त्यसका अघि ।
भासकर्ण र प्रघस विरूपाक्ष महाबली ॥
तथा दुर्धर यूपाक्ष नामका उग्ररूपका ।
युद्धमा वायु जस्तै भै लड्न सक्ने निकै कडा ॥
धैर्यधारी थिए पाँचै जान्दथे नीति युद्धको ।
समाती हनुमान्‌लाई ल्याओ भन्दै यसो भन्यो ॥
सेनाका अघि हिंड्ने ए वीर हो ! सुन राम्ररी ।
छिटै तिमीहरू जाओ लड्नमा कसिईवरी ॥
रथ घोडा तथा हात्ती साथको सैन्य मद्दत ।
लैजाओ चाँहिने जत्ति शस्त्रास्त्र पनि वस्तुतः ॥
पाजी वानरलाई त्यो तिमीहरु गई सब ।
समाती राम्ररी शिक्षा दिइ हाल छिटै अब ॥
बुझ्यौ ! वनचरो हो त्यो पुगे पछि त्यहाँ सुन ! ।
सावधान भयौ सारा प्रयत्नै गर्नु पक्डँन ॥
वेला-बखत हेरेर जो कुरो गर्नु पर्दछ ।
त्यै गर्‍यौ, नीतिमा कत्ति विरोध नपरोस् बुझ ! ॥
त्यसका काम सुन्दामा गम्दामा पनि वास्तव ।
कपि होइन त्यो भन्ने ठान्न थालें म ता अब ॥
रहेछ त्यो महान् प्राणी त्यस्तै बल र बुद्धिको ।
गर्न सक्दछ क्वै त्यस्तो न भए देखि त्यो कुरो ? ॥

१३

१४

मामूली कपि नै हो यो भन्ने ठान्दिन है म ता
हुँदैन कत्ति विश्वास, मन मान्दैन सर्वथा ॥
प्रसङ्ग नै पर्‍यो यस्तो जस्तो चल्छ कुरा त्यहाँ ।
त्यसले पनि त्यल्लाई अर्कै गम्नु पर्‍यो यहाँ ॥
हाम्रो विनाश गर्नाको हेतुले इन्द्रले कि ता ।
पठायो हा ! तपस्याको बलले सिर्जिई यता ॥
मेरो आज्ञा लिई सारा तिमीले म सँगै बसी ।
ठटाएथ्यौ निकैपल्ट इन्द्रादि सुरलाइ ती ॥
नाग यक्ष र गन्धर्व सुरासुर महर्षि वा ।
मजाले जितिएकै हुन् चिढिएकै थिए तदा ॥
तसर्थ अहिले मौका पर्‍यो भन्ने गमीकन ।
बुझ्यौ ! त्यसो गरे होलान् भित्र ईख धरीकन ॥
हो तसर्थ तिनैद्वारा सिर्जेको कपि त्यो पनि ।
जाओ सब गई पक्ड छिटै ल्यायो यहीं अनि ।
रथ घोडा तथा हात्ती साथको सैन्य मद्दत ।
लैजाओ चाहिने जत्ति शस्त्रास्त्र पनि वस्तुतः ॥
पाजी बानरलाई त्यो तिमीहरु गई सब ।
समाती राम्ररी शिक्षा दिइ हाल छिटै अब ॥
सुन ! हेला गरौला नि ! मामुली कपि हो भनी ।
छाँट-काट विचार्दामा त्यो हो धीर पराक्रमी ॥
यै मैले आफ्नु आँखाले देखेकोछु अनेकन ।
भालू वानर ठूलठूला हुने उत्तम विक्रम ॥
तिनको नाम संम्झन्छु वाली, सुग्रीव हुन् बली ।
छ यौटा जाम्बवान् भालू मुख्य यै हो महाबली ॥
सैन्यका पति छन् धेरै नील, द्विविद आदिक ।
तिनका साथ साथै छन् निकै अरु तिनैठिक ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

परन्तु तिनमा यस्तो डर्लाग्दो बल, वीर्य र ।
थिएन शक्ति क्यै त्यस्तो छ जस्तो यसमा स्थिर ॥
यो वानर निकैको छ बल बुद्धि पराक्रम ।
यसैमा पो भए जस्तो, देखिन्छ गति उत्तम ॥
मन लागे सरी रूप धर्न सक्ने रहेछ यो ।
लिइ वानरको रूप यो महान् जीव उब्जियो ॥
कुरा मैले भनेका यी राम्रोसँग बुझी गमी ।
जाओ वानरलाई त्यो पक्डी ल्याओ सबै तिमी ॥
देव-दैत्य-मनुष्यादि लिइ त्रैलोक्य साथमा ।
तिमी साथ लड्न् आई सक्तैनन् जित्न युद्धमा ॥
यस्तो भए पनि संझ युद्ध जित्ने हरेकले ।
चनाखो हुनु नै पर्छ नीतिले बल-बुद्धिले ॥
आफ्नु रक्षा यसैबाट हुन्छ राम्रो गरी बुझ ! ।
न गर्‍यौ हेलचेक्र्याइँ अनिश्चित छ है जय ॥
शुभाज्ञा आफ्नु स्वामीको गरी स्वीकार त्यो सब ।
हिंडे शिर झुकाएर सैन्यका पति यी तब ॥
अत्यन्त बलशाली थे सब यी वीर राक्षस ।
तेजिला अग्नि हुन् जस्तै देखिन्थे वेगवान्तक ॥
मत्ता-हात्ती तथा तेजी-घोडा र रथमा चढे ।
शस्त्रास्त्र राक्षसी-सेना लिए, लड्न हिंडी गए ॥
अशोक-वाटिकाको त्यो ढोकै मास्तिर भै स्थिर ।
बसेका हनुमान्लाई देखे यी सबले तक ॥
फ्याँकेर तेजको मुस्लो उदयाचल मास्तिर ।
चढेका सूर्य जस्तै पो देखिए वीर वानर ॥
बल शक्ति तथा वेग बुद्धि उत्साह विक्रम ।
हात पाउ थिए ठूला कपिका दिव्य उत्तम ॥
देख्नासाथ उनीलाई घेरे चारतिरै बढी ।
गरे दशै-दिशा व्याप्त बीचमै शोभिए कपि ॥
शस्त्रास्त्र आफ्नु जो जो थ्यो त्यसैले सबले मिली ।
एकैपल्ट उनीमाथि झटारो छोड्दिए पछि ॥
पहिले नजिकै आयो त्यो सेनापति दुर्धर ।
फलामे बाण पाँचोटा झिक्यो अनि भई स्थिर ॥
तिनैले ठोक्दियो त्यल्ले एकैपल्ट मजासित ।
हनुमान्को शिरैमाथि लाग्ने गरि रिसैसित ।

४३

४४

यी बाण गइ छेड्नामा सक्तथे धारिला थिए ।
पहेंला मुखका टुप्पा शोभिन्थे अद्‌भुतै थिए ॥
यिनै बाण गई लागे उनको शिरमा हरे ! ।
फुलेका कमलै जस्ता देखिए तर शोभिए ॥
त्वाम्त्वाम्ति शिरमा गढ्दा बाण यी कपि-वीर ती ।
गर्जे बा ! तोडले ज्यादै दिशा गुञ्ज्याँउदै अति ॥
गरी यत्ति उनी उफ्रे पुगे आकाशमा अनि ।
वहाँबाट पनी कुर्ले दुष्ट यी आत्तियुन् भनी ॥
गर्‍यो बा ! उनको पीछा त्यसले रथमै चढी ।
छोडी शर्यौं शर्यौं बाण न छोडी हमला गरी ॥
यता आकाशमै टक्क अडिई कपि-वीरले ।
रोके त्यल्लाइ बीचैमा गर्जी हुङ्कारमात्रले ।
जसरी वायुले रोक्छन् वर्षाको अन्तमा पनि ।
पानी वर्षाउने मेघलाइ ठीक तिनै धनी ॥
त्यल्ले तै पनि छोडेन तीखा बाण त्यजी त्यजी ।
साह्रै दुःख दियो ओहो ! अनि क्रुद्ध भए कपि ॥
गर्जिए फेरि डर्लाग्दो स्वरमा हनुमान् अब ।
बढाए आफ्नु त्यो देह भयो झन्झन् भयानक ॥
महान् वेग भएकैथे उफ्रे माथि पुगे निकै ।
त्यहींबाट खसे भवाम्म रथमा त्यस दुष्टकै ॥
देखियो त्यस बेलामा कुनै पर्वतबीचमा ।
विजुली वा चट्याङ् बज्र्यो भने जस्तो भयो वहाँ ॥
अनि ता गजबै पो भो उनको भारले गरी ।
आठोटै रथका घोडा मरे बा ! किचिईवरी ॥
रथको साथ-साथैमा धुरा पाङ्ग्रा सँगै हरे ! ।
त्यो दुर्धर मरी हाल्यो लड्यो डङ्ग धराविषे ॥
मरेको त्यसरी देख्ता वीर दुर्धरलाइ त्यो ।
विरूपाक्ष र यूपाक्ष कसिए क्रुद्ध भै बढो ॥
तुरून्त ती दुवै तस्मात् शत्रुमास्न झिकी मुर ।
उफ्रिएर पुगी हाले आकाशैमा उनीनिर ॥
महान् बाहु हुने त्यस्ता वीर यी हनुमान्कन ।
हाने मुग्दरले डङ्ग छातीमै दुइले पुनः ॥
यी दुवै वीरको वेग पारी विफल यी कपि ।
ओर्लिए तल पृथ्वीमा गरुडैठीक वेग ली ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

साल वृक्ष थियो ठूलो नजिकै थ्यात्त त्यै थुते ।
त्यसैले ती दुवैलाई ठोक्दिए यी मरे हरे ! ॥
वेगशाली महान् वीर उनले तीनलाइ ती ।
मारेको त्यसरी देखे बच्ने यी दुइले पछि ॥
अनि स्वप्न न सक्तामा हाँस्तै प्रघुस राक्षस ।
अगाडि कपिको आयो हुत्तिंदै झम्टिदै तब ॥
यता अर्को तिरै बाट भासकर्ण पनी बढ्यो ।
शूल हात लिएको थ्यो त्यसले क्रुद्ध जो थियो ॥
महान् कीर्ति हुने त्यस्ता कपिको नजीकै पुगी ।
केही बेर दुवै वीर अडिए एकतर्फ ली ॥
तीखो पट्टिशले हान्यो पछि प्रघसले अब ।
भासकर्ण बढी छोड्यो त्रिशूल उनमा तब ॥
कपिका जिउमा लागे शस्त्रास्त्र यिनका अब ।
घावै-घाउ भयो ओहो ! उनको अङ्गमा सब ॥
रुँका प्वाल एकेक फ्याँक्थे रगत तप्तप ।
देखिन्थे सूर्य जस्ता यी रक्त-कान्ति हुने तब ॥

६८

६६

अति भो झोक्किए फेरि ठूलै डाँडो थियो वहाँ ।
त्यसैलाइ उठाए बा ! सजीलै अनि झोकमा ॥
जीव-जन्तु थिए नाना मृग-सर्प यहीं थिए ।
ठोक्दिए ती दुवैलाई यसैले उनले हरे ! ॥
देहमा बज्रिदा डाँडो बिचरा ती दुवै अब ।
धूलो पीठो भई हाले मरे भै तिलमैं तब ॥
सेनाका पति यी पाँचै मरेका शेष सैन्य ती ।
त्यसै भुसुक्क भै हाले कपिका तेजमा जली ॥
मारेथे दैत्यका सेना जसरी देवराजले ।
त्यैठीक मार्दिए ओहो ! उनले बल-वीर्यले ॥
मारेर पहिले घोडा त्यसैका लाशले अरू ।
मार्दिए युद्धका घोडा हनुमान्‌ले खुरुखुरू ॥
गजले गज, योद्धाले योद्धा र रथले रथ ।
मारी भुसुक्क मारे बा ! वीर यी कपिले तब ॥
विग्रेका रथले एवं मरेका गज-अश्वले ।
तथा राक्षसले सारा छम्म भो राजमार्ग ए ! ॥

७६

७७

बन्दै भो आँउने-जाने बाटोसम्म पनी अब ।
अशोकबाटिका स्वात्तै भरियो लाश भै सब ॥

७८

यी पाँच सेनापति साथका सब यो राक्षसी-सैन्य सकी स्वयं तब ।
गई बसे त्यै पुरद्वारमा कपि प्रजा विनाश्ने प्रभु कालझैं भई ॥

इति छयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतचालिसौं सर्ग

राक्षसराजपुत्र अक्षकुमारको पराक्रम-वर्णन र मृत्यु

१

सुन्यो यता राक्षसराजले हरे ! ती पाँच सेनापति युद्धमा परे ।
जाने सँगै राक्षस-सैन्य त्यो पनि पाऱ्यो भुसुक्कै कपिले छिटै भनी ॥
हेऱ्यो यसो रावणले अघिल्तिर छोरो थियो अक्षकुमार सुन्दर ।
तयार हुन्थ्यो गइ लड्न-जुध्नमा हट्तैनथ्यो, तागत थ्यो शरीरमा ॥
पऱ्यो पिताको शुभदृष्टि जो ममा आज्ञा यही हो मनमा गम्यो वहाँ ।
तसर्थ आफैं अब लड्न जानमा तयार भैगो र उठ्यो स्वयं त्यहाँ ॥
महान् प्रतापी अतिवीर्यवान् थियो सुपुत्र यो राक्षसराजको अहो ! ।
सुनै जडेको धनु थ्यो मनोहर जाने भयो लड्न यही झिक्यो सुर ॥
द्विजातिले यज्ञविषे विधानले हविष्यको आहुति अग्निमा दिए ।
उठ्छन् कसीरी बलि ह्वार-ह्वार ती उठ्यो सभाबीच तिनै सरी भई ॥
त्यो वीरथ्यो राक्षसको शिरोमणि गई चढ्यो जो रथमा स्वयं अनि ।
थियो अहा ! सुन्दर बालसूर्यझैं निकै उज्यालो जुन कान्तिमान् सँधै ॥
जाली थियो बा ! सुनको जतातता लागी रहेको त्यसमा सफा हुँदा ।
बढ्यो त्यसैभित्र बसी कुमार त्यो लिएर इच्छा कपिलाइ जित्नको ॥
गरी तपस्या अति उग्ररूपको पारेर जम्बा फल जत्ति बेस त्यो ।
थियो मिलेको यसलाइ यो रथ राम्रो थियो हो सरि नै मनोरथ ॥
ध्वजा-पताका त्यसमा सबैतिर गरी रहन्थे भइ उच्च फर्फर ।
रत्नादि जड्दा अति नै मनोहर थ्यो बीचको दण्ड असाध्य सुन्दर ॥
थे आठ ओटा मन-वेग ठीकका घोडा जुतेका यसमा निकै सफा ।
यल्लाइ भत्काँउन नाश्न ता कसै सक्तैनथे देव र दैत्यसम्म भै ॥
रोकिन्नथ्यो बा ! यसको कहीं गति पुग्थ्यो चिताए सरि भै छिटो अति ।
यो देखिइन्थ्यो बिजुली समानको घुम्थ्यो अकाशैभर वेगले अहो ! ॥
थे राखिएका यसभित्र सुन्दर अनेक सामान लडाँइका स्थिर
ठोका थिए धेर थिए निकै शर तयार नानाथर भव्य सुन्दर ॥
थे आठ ओटा तलवार राम्ररी बाँधी यहीं स्थापित बा ! वरीपरी ।
थे राखिएका अरु तोमरादि र मिलाइ शक्त्यादिक सम्म सुन्दर ॥

CC-0. In Public Domain. Digitization by eGangotri

(१०८७)

१४

झल्की रहेको शशि-सूर्य झौ सरी बनाइ सिक्री सुनको कसीवरी ।
सामानले टम्म हुँदो त्यही रथ निस्क्यो चढी अक्षकुमार यो अब ॥
हात्ती र घोडा-रथ-सैन्यको स्वर उठेर चारैतिर घोर घर्घर ।
जतातत्तै व्याप्त गऱ्यो अकाश र पहाड-पृथ्वी भर भो असुन्दर ॥
यसै गरी अक्षकुमार सर्सर आई पुग्यो ठ्याक्क उनी भएनिर ।
जो शक्तिशाली भइ द्वार माथिर थिए बसेका अफ लड्न भै स्थिर ॥
वहाँ पुगी सिंहसमान उग्रको स्वदृष्टि फेंक्यो त्यसले सगर्व पो ।
हुन् अग्नि जस्ता लयका थिए उनी टोलाँउने संभ्रमले अझै पनि ॥
वैरी हुनेमा बल-वेग शत्रुको रहेछ चकैं कपिको गमेर यो ।
हेरेर आफ्नो बल फौजसम्म त्यो झिक्यो निकै फूर्ति लयार्क ठीक भो ॥
यसो गम्यो वानर-शक्ति अद्भुत रहेछ भन्ने भइ भित्र निश्चित ।
छोडी दियो अक्षकुमारले अनि तीखा तिनै बाण विचार होस् भनी ॥
उठी सकेको रिस थ्यो परन्तु त्यो खपी बस्यो भै स्थिर तम्तयार थ्यो ।
लिई धनुर्बाण स्वबाहुबीचमा डटेर हेऱ्यो उनलाइ अन्तमा ॥
देख्यो-परे शत्रु अगाडि क्वै अफ छ नास्न सक्ने म भने सरी तब ।
गरेर भै गर्वित जो अझै पनि थिए डटेका श्रम-हीनका बनी ॥
सुवर्णको निष्क लगाइ कण्ठमा पैह्रेर बाजू दुइ बाहुबीचमा ।
सुशोभिएको सुत राक्षसेशको बढेर आयो उनको अगाडि पो ॥
वेलाविषे यो दुइ वीरबीचमा भयो अनौठोसित भेट यो वहाँ ।
पछाडि जो युद्ध पऱ्यो दुवैविषे देखेर यो देव र दैत्य आत्तिए ॥
धीमान् हनूमान् कपिवीरको तथा संग्राम यो अक्षकुमारको तदा ।
देखेर पृथ्वीभरका सवै प्रजा काँपे डराए बहुतै जतातता ॥
भो तेज साह्रै कम सूर्यदेवको टक्कै भयो बा ! गति वायुसम्मको ।
पहाड काँपे सब सिन्धु हल्लियो आकाशमा उग्र अनर्थ शब्द भो ॥
जान्ने कला बाण झिकेर हान्नमा सोभयाइ वैरीतिर चट्ट छोड्नमा ।
सिपालु थ्यो अक्षकुमार युद्धमा स्वशत्रुमा टक्क लगाइ छेड्नमा ॥
विषालु सर्पै सरि हुन् भने सरि झिकेर तीखा शर तीन सर्सरी ।
सुवर्णका प्वाँख हुने थिए जुन ताकी उनीको शिर छोड्दियो पुनः ॥
गै एकपल्टै अब बाण तीन यी बिझे शिरैमा कपिको निकै गढी ।
भए नुहाए सरि रक्तले यिनी आँखा दुवै तिर्मिरिए घुमे पनि ॥
बेलाविषे यो, शर-रश्मियुक्त यी सुशोभिए बा ! बहुतै सफा भई ।
श्रीसूर्य जस्तै कमला हुने कर जो देखिए निर्मल शान्तिमान् स्थिर ॥
हेरे यसो दृष्टि उठाइ क्यै अब मन्त्री उनीले कपिराजका प्रिय ।
महामना राक्षसराजको सुत त्यो अक्षलाई रणबीच उद्धत ॥

CC-0. In Public Domain. Digitization by eGangotri

३१

विचित्र नानाथर शस्त्र-अस्त्रले सुशोभिएको धनुले र बाणले ।
देखे पछी वानर-वीरले अहो ! छिटै बढाए अत्र आफ्नु देह त्यो ।।
उत्साह भो हर्ष बढ्यो लडाँइमा मजै हुने भो अनि यै गमे वहाँ ।
झिकें निकै क्रोध थिए महाबली गाह्रै थियो के र बढे अगाडि यी ।।
सेना-सवारी लिइ साथ आँउदो महाबली रावणपुत्रलाइ यी ।
छोडेर नै आफ्नु सुदृष्टि तेजिलो पार्छन् मुसुक्कै सरि पार्दिए अहो ! ।।
जस्तो कुनै पर्वतबीच बादल गर्जेर वर्षाउँछ वेसरी जल ।
त्यही सरि अक्षकुमारले पनि छोड्यो उनीमा शर जोडले अनि ।।
भो बादलै ठीक पहाडमा जल वर्षाउने अक्षकुमार यो अब ।
विशाल त्यस्ता कपि नै पहाडमा गर्जेर बाणै-जल छोड्दिना वहाँ ।।
संग्राममा राक्षसराज--पुत्रको उग्रा दै बढेको बल, शक्ति, वीर्य थ्यो ।
त्यस्तै थियो तेज तथा पराक्रम थिए धनुर्बाण पनी अनुत्तम ।।
स्वदृष्टि फ्याँकी त्यसमाथि युद्धमा कुर्ले मजैले कपिवीर हर्षमा ।
उत्साह बढ्दा मनमा निकै अनि गर्जे सरी बादल गर्जिए उनी ।।
लडाँइमा अक्षकुमारलाइ यो घमण्ड थ्यो वीर्य र शक्तिको बडो ।
गर्जाइ सुन्दा अब झन उठ्यो रिस आँखा भए रक्त समान शोणित ।।
त्यो बालमूर्ख्याँइ बढी दिंदा हरे!छोडी अझै बाण बढ्यो अगाडि ए! ।
पत्तै नपाई गज कूपबीचमा पर्से सरी भो तृणको प्रपञ्चमा ।।
छोड्दै बढ्यो बाण मजासितै वहाँ गढ्दै गए यी कपिका शरीरमा ।
निकै हुँदा पाउ र बाहु फ्याँक्दिदै गर्जे बरा वानर भित्र झोक्किँदै ।।
थी देखिए उग्र स्वरूपका अब आकाशमा उफ्रिइदै पुगे जब ।
परन्तु त्यो अक्षकुमारले पनि छोडेन खेद्यो रथ साथमै अनि ।।
वहाँ पनी बाण त्यज्यो त्यसै गरी पर्रा छुटाई क्षत-विक्षतै गरी ।
जो देखियो बादलले पहाडमा छोडे सरी बा ! असिना जहाँतहाँ ।।
गरे चमत्कार अकाशमा पनि यी वीरले चंख हुँदा त्यसै पनि ।
मनै सरिको गति थ्यो भयङ्कर देखाँउथे युद्ध-कला निरन्तर ।।
आएर आफैंतिर सोभिझई शर गढ्ने हुँदा देहभरी भई स्थिर ।
लागेर एकातिर फुत्त छल्दथे जिल्याँउथे व्यर्थ प्रहार पार्दथे ।।
छोड्दैनथ्यो यो पनि वीर थ्यो अहो! जल्ले लिएको धनु बाहुबीच थ्यो ।
थियो निकै उत्सुक लड्न त्यो यता ढाकी दियो बा! शरले आकाशता ।।
देखेर यस्तो रण-कर्म योग्यको सर्वोच्च त्यो राक्षसवीर पुत्रको ।
यी वायुका पुत्र सुयोग्य वानर जिल्लै परे भित्र गमे भई स्थिर ।।
छोड्यो यता अक्षकुमारले शर वर्षाइ चारैतिर बाट सर्सर ।
विशेष लाग्यो स्तनमध्य-भागमा गढी निकै यी कपिलाइ अन्तमा ।।

CC-0. In Public Domain. Digitization by eGangotri

४८

समस्त कर्तव्य-विशेष जान्दथे यी वीर त्यस्तै अतिबुद्धिमान् थिए ।
गर्जेर लागे अब गर्न राम्ररी लिई त्यसैको बल वीर्य-चातुरी ॥
महान् बली अक्षकुमार वस्तुतः छ बालसूर्यै सरि तेजिलो स्वतः ।
आश्चर्य हो ! बालक नै भए पनि बूढाहरूझैं शुभ-कर्म गर्छ नि ! ॥
संग्रामका काम-कुरा पनी सब रहेछ वा ज्ञात विशेष वास्तव ।
यस्तो गुणी बालक अक्षलाइ ता अयोग्य नै मान्नछु त्राक मार्नु हा ! ॥
महान् मनस्वी छ कुमार यो अहो! देखिन्छ ठूलो बल-वीर्य सम्म पो ।
छ युद्धमा वेग स्वशत्रुको पनि यो खप्न सक्ने स्थिर चित्तको अनि ॥
सत्कर्म यस्ता गुण वेश भै दिंदा शोभिन्छ यो अक्षकुमार वेस वा ! ।
म ठान्नथालें मुनि-नाग-यक्षले गाए हुनन् गीत प्रशंसनीय ए ! ॥
छ वेस उत्साह महान् पराक्रम लिई रहेको मन भित्र त्यो पुनः ।
डटेर मेरै अघि युद्धबीच यो हेरी रहेकोछ अझै मलाइ पो ॥
ज्यादै छिटो लड्न सिपालु यो छ वा! देखेर यस्तो यसको विचित्रता ।
काँप्छन् सबैका मन भित्र थर्थर जो हुन्न ती दानव दैत्य वा सुर ॥
गरी उपेक्षा यसलाइ हेर्दिंदा मैलाइ यो सक्तछ शक्ति बढ्छ वा ! ।
भलो छ तस्मात् यसलाइ मार्नु नै आगो बढे हेर्नु हुँदै-हुँदैन नै ॥
स्वशत्रुको विक्रम वेग त्यो गमी कर्तव्य आफ्नो पनि यै भलो गुनी ।
मार्ने गरी निश्चय आफ्नु वेग त्यो बढाइ हाले कपि-वीरले अहो ! ॥
गरे विचित्रै अनि ता आकाशमा घुमे, बढे अक्षकुमार भयो जहाँ ।
आई त्यहीं नै त्यसका छिटा अति घोडाकनै थप्पड हान्दिए कसी ।
जताततै पुग्न समर्थ अश्व यी थे आठओटा गतिलो थियो गति ।
बोक्थे निकै भार पनि खपि हरे ! लाग्दा त्यही थप्पड किन्तु यी मरे ॥
त्यही लपेटा रथबीच हान्दिदा पाङ्ग्रा टुटे आसन भत्कियो तदा ।
मर्दा यता अश्वहरू पनी रथ तलै खस्यो भवाम्म अड्यो कुमार त ॥
हुँदा महान् शक्ति कुनै महर्षिले छोडेर आफ्नो तन योगशक्तिले ।
गए सरी माथ्तिर स्वर्गलोकमा भयो र त्यो अक्ष अड्यो अकाशमा ॥
त्यहाँ पनी वायु र वैनतेयको बाटो समाई धनु खड्ग साथ ली ।
उडी रहेको त्यसलाई अन्तमा ट्याप्पै समाते दुइ पाउमा बढी ॥
गरुडले सर्प समाइ वेसरी गरी घुमाए सरि झोक्किईवरी ।
ल्याइ धरामा तल अक्षलाइ त्यो बजार्दिए वा ! कपिवीरले अहो ! ॥
बजारिना साथ धराविषे हरे ! त्यो अक्षका अङ्ग हरेक छुट्टिए ।
भए अलग्गै दुइ हात पाउ र परै पुगे हा ! स्तन, काँध, कम्मर ॥
आँखा दुवै बाहिर निस्किए यता हाल्हालति छायो रगतै पनी उता ।
नाडी तथा सन्धि फुटे सबै अहो ! मऱ्यो यसोरी कपिबाट अक्ष यो ॥

६५

बजार्दिई भूतलमा त्यसोगरी मारेर त्यल्लाइ रिसाइ वेसरी ।
जो काम यस्तो कपिले गरे यहाँ त्यल्ले पर्‍यो त्रास निशाचरेशमा ॥
मरे पछी अक्षकुमार यो अव जम्बा भए माथि अकाशमा सब ।
इन्द्रादि द्यौता ऋषि नाग यक्ष र गरे प्रशंसा कपिको भई स्थिर ॥
हो इन्द्रकै पुत्र सरी पराक्रमी त्यल्लाइ मारी कपि वीर यी अनि ।
थिए प्रजानाशक कालझैं जुन गई डटे बा ! अघि झैं वहीं पुनः ॥

६७

इति सतचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठचालिसौं सर्ग

राक्षसराजपुत्र–इन्द्रजित्‌ले ब्रह्मास्त्रद्वारा हनुमान्‌लाई बाँध्नु

१

यसो गरी अक्षकुमारलाई मारी दिए यी कपिले रिसाई ।
सुन्यो पछी राक्षसराजले त्यो भए पनी उन्नत पीर भैगो ॥
जल्यो रिसैले मन त्यो सह्याल्यो क्यै घोरियो, पुत्रतिरै नियाल्यो ।
थ्यो इन्द्रजित् यो सुरतुल्य तेजी आज्ञा दियो बा ! त्यसमै यसोरी ॥

सुन् बाबु ! तैंले विधिलाई पैले प्रसन्न पारिस् दृढ यत्नद्वारा ।
दिए उनैले खुश भै तँलाई शस्त्रास्त्रको ज्ञान,-तँमा छ सारा ॥
सक्छस् तँ नै कायल पर्न फेरि सम्पूर्ण यी देव र दैत्यलाई ।
गर्छन् प्रशंसा सुर इन्द्र साथ विशेष तेरै गुण गाइ-गाई ॥

४

इन्द्रको आडमा टिक्ने मरुत् वा देव जत्ति छन् ।
शास्त्रास्त्र-बलमा तेरो सक्तैनन् टिक्न, भाग्दछन् ॥
तँ यौटामात्र छस् त्यस्तो सारा त्रैलोक्यबीच यो ।
न थाक्ने कहिल्यै लड्दा एउटै वीर योग्यको ॥

५

तँ बाहुबलले आफ्नै छस् सुरक्षित सर्वदा ।
तपोबल छ त्यो फेरि रक्षा गर्ने तँलाइ वा ॥
बेला-बखत हेरेर काम गर्न सिपालु छस् ।
बुद्धिको दृष्टिले हेर्दा सर्वश्रेष्ठ तँ नै त छस् ॥

६

७

८

९

सुन् बाबु ! वीरोचित कर्मले गरी आँटिस् भने गर्न तँ सक्तछस् सब ।
कुरा चलेमा पनि राजनीतिका दिन्छस् तँ सल्लाह भलो हुने सब ॥
त्रैलोक्यमा वीर हुनेहरू यता तँलाई राम्रै सित जान्दछस् सब ।
शरीरको शक्ति र अस्त्रको बल देखेर भोगेर डराउँछन् सब ॥

तेरो तपस्या बल शक्ति विक्रम छ अस्त्रको ज्ञान पनी महान् जुन ।
छ ठीक मेरै सरिको सुयोग्यको देखिन्छ बाबै ! रणभूमिबीच त्यो ॥
हुँदा तँ युद्ध स्थलमा मलाइ ता भै हाल्छ साह्रै मनभित्र ढुक्क बा ! ।
लडाँइ जित्छस् तँ भनी यथार्थमा छ निश्चितै सुन् अफ भन्छु क्यै तँ मा ॥

१३

बुझिस् ! मरि सके सारा हाम्रा किंकर राक्षस ।
जम्बुमाली थियो वीर मर्‍यो त्यो पनि वास्तव ॥
मन्त्रीका सुत सातोटा गए लड्न मरे सब ।
सैन्यका पति पाँचोटै भुसुक्कै पो भए तव ॥

१४

१५

तिनका साथ-साथैमा हात्ती घोडा तथा रथ ।
सँगैका सैन्य सम्पूर्ण गए जत्ति मरे तव ॥
प्रिय भाइ पनी तेरो कान्छो अक्षकुमार त्यो ।
कखिएर गएको हो मर्‍यो हा ! शूरवीर थ्यो ॥

१६

१७

शत्रु मार्न तँ छस् योग्य तँमा विजय टिक्तछ ।
हुति-ह्याउ मरेकामा थिएन छ तँ मा स्थित ॥

यस्तो, अवस्थाविच आफ्नु सैन्यको संहार शोचेर गमेर योग्यको ।
के गर्नु पर्ला हितको कुरो छ के लौ बावु ! गर् शीघ्र हुने भलो छ जे ॥
शोचेस् नि ! त्यो बानरको पनी बल-वीर्यादि कस्तो छ विशुद्ध निर्मल ।
छ आफ्नु कस्तो हुति-ह्याउ तागत थाल् गर्न उद्योग ठमाइ निश्चित ॥
तँ शस्त्रधारीहरुबीच श्रेष्ठ र छस् योग्यको लायकको धनुर्धर ।
तेरा सबै शत्रु हुनेहरू पनि गली सके चाउरिए त्यसै पनि ॥
तसर्थ आफ्नो र स्वशत्रुको पनि दाँजेर हेर् तागत, लड्न जा ! अनि ।
मेरो कुनै सैन्य न नाशियोस् बुझेस् ! पुगी तँ युद्धस्थलमा त्यसै गरेस् ॥
सुन् वीर ! तैंले अब आफ्नु सैन्य ता पर्दैन लानै पनि साथमा त्यता ।
जत्रो सुकै सैन्य लगे पनो हरे ! पुगे वहाँ केहि लडे त्यसै मरे ॥
लैजानु पर्दैन विशाल धारिलो वज्रादि शस्त्रास्त्र पनी छ व्यर्थ त्यो ।
भएन सीमै पनि शक्ति-वीर्यको त्यो वायुको पुत्र कपीन्द्र-वीरको ॥
रहेछ आगै सरिको विचित्रको अत्यन्त तेजो कपिवीर त्यो अहो ! ।
छुँदैन है साधनले कुनै पनि शस्त्रास्त्र लैजानु छ व्यर्थ नै अनि ॥
मैले भनेका सब वाक्यबीच यी शोचेर राम्रोसित तीव्र बुद्धि ली ।
छ शत्रु आफैं सरि वीर्यवान् बडो भन्ने ठमाएर तँ सावधान हो ! ॥
महान् छ आफ्नो धनु दिव्य शक्तिको प्रभाव ज्यादै यसको छशोच् र यो ।
अगाडि बढ् जा ! अनि लड् बुझिस् भरे उद्योग व्यर्थै नहओस् कसै गरे ॥

२६

२७

स्नेहको दृष्टिले बावु ! डर्लाग्दो युद्धबीच त्यो ।
पठाँउनु अयोग्यै हो ! बावुले पुत्रलाइ जो ॥
बुद्धिमान् वीर छस् शोच् त! यो त हो राजनीतिको ।
कुरो क्षत्रिय-धर्मैका योग्यको अनि वेस हो ! ॥

२८

२९

शत्रु-नाशक ए बावु ! युद्धमा वीर व्यक्तिले ।
नाना शस्त्रास्त्रको ज्ञान पाउँनै पर्छ नित्य ए ॥
त्यसको साथ-साथैमा निराश न भई लडी ।
राख्नु नै पर्छ छन् आश आफ्नै जीत हुने घडी ॥

३०

३१

थ्यो इन्द्रजित् देवसमान शक्तिको प्रभावशाली अति उग्ररूपको ।
आदेश त्यस्तो निज बाबुको सुन्यो तुरुन्त स्वीकार गरेर त्यो झुक्यो ॥
आफ्ना पिता मालिक राक्षसेशको प्रदक्षिणा नै त्यसैले पछी गऱ्यो ।
लडाँइमा जान ठमाइ राम्ररी तयार भैगो अनि ठाँटिईवरी ॥

३२

३३

इन्द्रजित अब तत्काल आफ्नाले प्रिय-मित्रले ।
सन्मान गरियो, भैगो युद्धमा जान ठिक्क ए ! ॥

३४

उत्साह-फूर्ति लड्नामा बढ्दैगो त्यसको यता ।
शोभिए त्यसका आँखा पद्मकै पात ठीकका ॥

३५

सुत राक्षस-राजाको पर्वको सिन्धुमैं भई ।
राजप्रासाद बाटै त्यो निस्कियो अब कुर्लिई ॥
दाह्रा हुने चार विशाल अद्भुत थ्यो सिंहले तानिइने महान् रथ ।
चढ्यो त्यसैभित्र सुरेन्द्र ठीककै यो देखियो बा ! भइ शक्ति त्यत्तिकै ॥

३६

३७

शस्त्र-अस्त्रादि छोड्नामा जान्दथ्यो मेघनाद यो ।
शस्त्र-अस्त्रादि जान्नेमा पनि यै गतिलो थियो ॥
थ्यो धनुर्धरमा श्रेष्ठ रथी थ्यो रथमा चढी ।
पुग्यो अब छिनैमा यो जहाँ थे ती महान् कपि ॥

३८

३९

टङ्कार धनुको बढ्दो अवाज रथको सुनी ।
भित्र-भित्र भए दङ्ग वीर वानर यी पनि ॥
सारा युद्ध-कला जान्ने वीर यो इन्द्रजित् यता ।
धनुर्बाण लिई तीखा पुग्यो कपिनिरै तदा ॥

४०

४१

उत्साह त्यो हर्ष लिएर चित्तमा बोकी धनुर्बाण स्वबाहुबीचमा ।
त्यो इन्द्रजित् लड्न भनेर निस्कंदा अनर्थ भैगो बहुतै जतातता ॥
भई गए बा ! मलिना दशै दिशा भो कान्ति मन्दै ग्रह-चन्द्र-सूर्यका ।
साह्रै न राम्रो सँग आर्त-शब्दमा रोए, कराए पशु ता जहाँ-तहाँ ॥
पर्दा न पर्दा रण यो अकाशमा जम्बा भए शक्ति हुने सबै यहाँ ।
महर्षि सिद्धादिक यक्ष पन्नग पक्षी संगै आइ भने हओस् शुभ ॥

४३

४४

ध्वजाले इन्द्रको जस्तै शोभिएको चढी रथ ।
आएको त्यसमा दृष्टि परी गो कपिको तव ॥

४५

हनुमान् कसिए तस्मात् पहिले आफ्नु देह त्यो ।
बढाए अनि गर्जे बा ! भइ अत्यन्त फूर्तिलो ॥

त्यो दिव्य रथमा चढ्ने विचित्र धनु यो हुने ।
त्यसले धनु टङ्कार्‍यो भो चट्याङ् सरि चड्किने ॥

४६

CC-0. In Public Domain. Digitization by eGangotri

४७

अत्यन्त नै दुसह वेगका दुवै यी वीर थे लड्न तयार उत्सुकै ।
यौटा थियो उद्धत दैत्यराजमैं अर्को थियो उन्नत देवराजमैं ॥
असीम सद्वीर्य र शक्तिका कपि बढाइ आफ्नो तन झन् अकाशिई ।
त्यो इन्द्रजित्‌को शर–वृष्टिलाइ ता पार्दै गए व्यर्थ छली यता उता ॥
देखेर यस्तो अब मेघनादले छोड्यो अनेकौं शर एकनासले ।
सुवर्णका प्वाँख हुने र धारिला वज्रै सरीका कपि वीरमाथि हा ! ॥
मृदङ्ग–भेरी–पटहादि बाद्यको आवाज दौड्दो रथको वहाँ हुँदो ।
टङ्कार त्यस्मा धनुको सुनी यता अकाशिए यी कपिवीर झन् तदा ॥

५०

५१

निशाना छेड्नमा साह्रै चनाखो इन्द्रजित् थियो ।
ठोक्दिन्थ्यो तल बाटै जो त्यत्ति माथि पनी अहो ! ॥
यता यी कपि थे चंख शत्रुको लक्ष्य छल्नमा ।
यसरी यी दुवै लागे युद्ध गर्न अ–आफुमा ॥

५२

५३

दुइटा बाण आए वा धेरै आए भने पनि ।
फुत्त फुत्त गरी छल्थे बीचैबाट छिरी यिनी ॥
आँउथे कहिले भवाम्मै त्यसका बाणको अघि ।
मजाले हात फैलाई छलेरै उड्दथे पछि ॥

५५ ५४

यी दुवै जान्दथे लड्न दुइटै वेगवान् थिए ।
हेर्नमा सब प्राणीको मन तानेर यी लडे ॥
पाएन मौकै अब मेघनादले हान्नै पनी बाण ठमाइ जोडले ।
मिलेन मौका हनुमान्‌कनै पुनः यो इन्द्रजित् माथि गएर झम्टन ॥
दुवै थिए देवसमान—विक्रमी अन्योन्यमा द्वेष बढी लडे पनि ।
असह्य भैगो दुइलाइ नै वहाँ भेट्नै न सक्ता निज लक्ष्य युद्धमा ॥
सिपालु त्यस्तो निज लक्ष्य छेड्नमा यो इन्द्रजित् व्यर्थ हुँदा स्वलक्ष्यमा ।
भयो निकै चिन्तित भित्र त्यो अनि अहो! भएँ व्यर्थ म के गरी भनी ? ॥
यो शोच्न लाग्यो अब झन् गमी गमी कुरा लिई यी कपिवीरकै अनि ।
झल्याँस्स संभ्यो अघिका कुरा सब मर्दैन ए ! वानर यो अवध्य छ ॥
भएन लौ ! पर्छ वित्यास नै चुके गाह्रै पऱ्यो मार्न अवध्य यो छ ए ! ।
तसर्थ यल्लाइ कुनै हिसावले समात्नु नै योग्य छ ओह ! गर्नु के ? ॥

६०

६१

अस्त्र जान्नेहरू मध्ये श्रेष्ठ यो इन्द्रजित्‌कन ।
अघि अस्त्र दिएको थ्यो ब्रह्माले खुश भैकन ॥
तेजस्वी वीरले तस्मात् ब्रह्मास्त्रकन त्यै अब ।
चढायो धनुमा आफ्नो कपिमा छोड्न वास्तव ॥

६२

६३

अनि ब्रह्मास्त्रद्वारा यो छन् अवध्य हनी गमी ।
अस्त्रज्ञ त्यसले बाँध्यो हनुमान्‌कन टन्टनी ॥
वीर वानर तत्काल बाँधिना साथ अस्त्रले ।
न पुग्दा त्यसमा जोड निर्विचेष्ट भई लडे ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

६५

ब्रह्मास्त्रद्वारा रणमा स्वशत्रुले म बाँधिएँ, यो उनलाइ ज्ञात भो ।
केही लड्डारेन परन्तु दुःख क्यै भएन तस्मात् विधिकै कृपा पऱ्यो ॥

६६

स्वयम्भू प्रभु-ब्रह्मा नै देवता जुन मन्त्रको ।
भई बक्सिन्छ, त्यै मन्त्रद्वारा मन्त्रित अस्त्र यो ॥

६७

भवास्स देखेर संझे बा ! हनुमान्‌ले पनी अब ।
आफैंले वर पाएको ब्रह्माबाट हुँदा खुश ॥

६८

उनलाइ भनेकोथ्यो ब्रह्माले वर यो दिंदै ।
मेरो ब्रह्मास्त्रले बाँधे छोड्‌देला छिनमै त्यसै ॥

शोच्छन् हनुमान् अरू मन्मनै यसो यो लोक रचने प्रभुकै प्रभाव हो ।
यल्लाइ टार्नै यसनाट उम्कनै सक्तैन ठान्यो यसले मलाइ नै ॥
बुझेर यो तत्त्व ठमाइ राम्ररी मलाइ बाँध्यो यसले त्यही त्यजी ।
ठिकै भयो लौ ! भगवान् विरिञ्चिको सन्मान मैले पनि गर्नु पर्छ जो ॥
ब्रह्मास्त्रको शक्ति अमोघ-रूपको कृपा भएको अनि आफुमाथि त्यो ।
सक्ने भएता पनि फुस्किनाकन शोची परे बन्धनबीच तत्क्षण ॥

७१

७२

ठाम्छन् ब्रह्मास्त्रद्वारा यो यसरी बाँधिए पनि ।
क्यै हुन्न, डर नै छैन मलाइ यिनको पनि ॥
सर्वात्मा भगवान् ब्रह्मा, वायुदेव, सुरेश्वर ।
यी तीनै गरि बक्सिन्छ मेरो रक्षा निरन्तर ॥

७४

दुष्ट राक्षसद्वारा यी पक्डिए ता पनी म त ।
अँहँ ! देखिन क्यै हानि, छ लाभै बरु वस्तुतः ॥
सारा राक्षसको राजा वीर रावण साथ त्यो ।
हुन्छन् चार कुरा मेरा लौ घिसारुन् ! म जान्छु भो ॥

७३ ७६ ७५

शोचेर राम्रोसँग ठोकुवा गरी यी शत्रु नाश्ने हनुमान् त्यही घडी ।
चेष्टा हराए सरि भै असक्तझैं लडी रहे भूतलमा त्यहीं अझै ।
आए नजीकै अनि शत्रु-राक्षस पक्डे उनीलाइ मजासितै तब ।
वेलाविषे यो हनुमान् पनि कनी कराउँथे गालि दिंदा पनी सुनी ॥

७७

७८

सारा राक्षसले देखे अब यी हनुमान्‌कन ।
हात खुट्टै न चल्ने र लड्ने डङ्ग्रङ्ग भैकन ॥

७९

अनि ता लहराले र डोरीले सन-पाटका ।
राम्रै टन्काइ बाँधे बा ! बिचरा कपिलाइ हा ! ॥

८०

बाँध्दा त्यसोरी निज शत्रु-वीरले हप्काउँदा गालि गरेर क्रोधले ।
सही रहे बा ! उनले पनी सब ठानी सकेथे जब बेस यो तब ॥
थ्यो ठोकुवै पो मनमा विचार त्यो मेरो अवस्था अब जो हुँदो भयो ।
हेर्ना निमित्तो पनि कौतुकादि यै अवश्य नै रावण डाक्छ, भेट्छु गै ॥

८१

८२

लहराले र डोरीले बाँधिनासाथ वीर यी ।
ब्रह्मास्त्र-बन्धनै नाट भए मुक्त छिटो अति ॥

८३

यसमा पर्न गो अर्को हेतु चर्कै रहस्यको ।
अरु बन्धनको साथ हुँदा ब्रह्मास्त्र छुट्दथ्यो ॥

८४

देख्यो र ताड्यो अब इन्द्रजितले छोपी सबै राक्षसले बलैले ।
गरे नराम्रो कपिवीरलाई बाँधे लता-रज्जु सँगै मिलाई ॥
फुस्क्यो यसैले बरबात नै भो सर्वोच्च ब्रह्मास्त्र पनी त्यसै गो ।
चिन्ता बढ्यो पीर सँगै लिएर त्यो शोच्न लाग्यो अब घोरिएर ॥
ब्रह्मास्त्रले मुक्त भई सक्यो यो पत्तोछ थल्लाइ पनी सबै त्यो ।
ब्रह्मास्त्रकै बन्धनमा परेझैं गर्दोछ यो किन्तु भएर त्यैझैं ॥
गरे न राम्रो सब दुष्टले यी बाँधी दिए प्वाट्ट लगेर डोरी ।
जो मन्त्रको शक्ति थियो हरे ! त्यो भएन पत्तै यिनमा त्यसै गो ॥
प्रयोगमा व्यर्थ भए पछी यो दिंदैन कामै पछिलाइ ओहो ! ।
जिते पनी हा ! रणबीच हामी शङ्कै बढ्यो फेरि भयौं विकासी ॥

८८

८९

अस्त्र-बन्धनले मुक्त भै सके पनि यी कपि ।
पत्तै केही नपाएका जस्ता भइ बसे पछि ॥

९०

मुक्काले वज्रझैं पिट्तै क्रूर-राक्षसले सब ।
कस्तै बन्धन त्यो फेरि उनलाइ लगे अब ॥

९१

घिसादैं यसरी ओहो ! बाटाभर सबै मिली ।
लगे राक्षस-राजाको अगाडि कपिलाइ यी ॥
त्यो इन्द्रजित्ले कपिलाइ देख्यो ब्रह्मास्त्रले मुक्त र रज्जु-बद्ध ।
लगी सभामा सबको अगाडि देखाँउदो भो नृप-बावुलाई ॥

९२

९३

मत्ता हात्ती कुनै बाँढ्दा जस्तो देखिन्छ सुन्दर ।
त्यैठीक बाँधिदा त्यस्तै देखिन्थे वीर वानर ॥
अब यस्तै अवस्थामा सब राक्षसले लगी ।
आफ्ना राक्षस-राजाको सेवामा राखिदए अघि ॥

९४

९५

देख्ता यी हनुमान्लाई त्यहाँका वीर-राक्षस ।
यो को हो, किन आयो यो, अब के गर्न खोज्दछ ! ।
पुत्र, सेवक हो कस्को ? आयो के कामले यहाँ ।
आयो कल्ले पठाएर ? भन्न लागे जहाँ तहाँ ॥

९६

९७

भन्न लागे अ-आफैंमा अर्का राक्षस चाँहि त ।
मार यो बजियालाई खाओ ! पार कि भस्म त ॥
यता महात्मा कपिवीरले यी काटेर बाटो दुःख साथ घिसी ।
पुगे पछी राक्षसराजको त्यो देखे सभा उन्नत भव्य जो थ्यो ॥

९८

CC-0. In Public Domain. Digitization by eGangotri

१६६

अत्यन्त राम्रो मणि-रत्न द्वारा झल्की रहेको झललल्ल सारा ।
थियो सभाको गृह यो अशेष नस्थे जहाँ वृद्ध डटी विशेष ॥

१०० १०१

महान् तेज हुने त्यस्तो वीर रावणले पनि । यिनैलाइ घिसार्दैथे डर्लाग्दा मुख-देहका ।
देख्यो वा ! हनुमान्‌लाई फूर्तिला, तेजिला पनि । भृत्य राक्षस जोडैले अझै पनि यताउता ॥

१०२

हनुमान्‌ले पनी देखे राक्षसेश्वरलाइ त्यो ।
तेजिला सूर्य हुन् जस्तै बलवान् अतियोग्यको ॥

देख्ता हनुमान्‌कन वीर त्यस्ता असह्य भो राक्षसराजलाई ।
राता भए नेत्र बढेर क्रोध हेर्‍यो यसो झोक्किइ ह्वाइह्वाई ! ॥

त्यहाँ बसेका कुल-शील वृद्ध मन्त्री थिए जो उनतर्फ हेरी ।
आज्ञा दियो राक्षसराजले यो सबै कुरा सोध भनेर फेरि ॥

सोधे उनीले अब एक-एक मिलाइ राम्रो क्रम सोध्नु पर्ने ।
को हौ तिमी वानर ! के छ काम, आयौ कसोरी भन के छ गर्ने ? ॥

भन्छन् हनुमान् अनि स्पष्ट साथ कुरा भएका जति एक-एक ।
म दूत हूँ वानरराज वीर सुग्रीवको वानर-जात एक ॥

१०६

इति अठचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनञ्चासौं सर्ग

राक्षसराज रावणको प्रभाव देखेर हनुमान्‌ले अनेकौं तर्क–वितर्क गर्नु

१

वीर त्यो इन्द्रजित्‌को थ्यो काम यो नीतिपूर्णको ।
त्यसैले जिल्किएकाथे यता यी हनुमान् अहो ! ॥
उता रावणको त्यस्तो सीताहरण—कर्मले ।
रिसाएका थिए साह्रै राता थे नेत्र क्रोधले ॥
हनुमान्‌ले यसैवेला सभामण्डपबीच त्यो ।
आँखा गाडी यसो हेरे राक्षसेश्वरलाइ यो ॥
प्रताप, तेज बल्दो थ्यो त्यसको भइ अद्‌भुत ।
थियो किरीट पैह्रेको झल्झलाकार वस्तुतः ॥
सुवर्णले बनेको यो बहुमूल्य थियो अति ।
थियो बा ! जग्मगाएको हल्लिन्थे मोतीका लडी ॥
माथिदेखि तलैसम्म यता प्रत्येक अङ्गमा ।
गहना पैह्रिएको थ्यो फ्याँकथे ज्योति जहाँ-तहाँ ॥
हरेक छाँट–बान्कीका सुनैका भै दिंदा सब ।
शोभिन्थे मनले ठ्याक्कै चिताए सरि पो तब ॥
मणि–रत्न जडेकाथे यिनमा बीच–बीचमा ।
यिनैले शोभिएको थ्यो राक्षसेश्वर त्यो वहाँ ॥
थियो शरीरमा वस्त्र रेशमी मूल्यवान् अति ।
रक्तचन्दन लेप्नाले शोभिथ्यो देहको स्थिति ॥
नाना प्रकारका बुट्टा, कोठी, तिलक आदिले ।
त्यसको गात्र झल्किथ्यो कलाले र बनाइले ॥
र–राता मणि हुन् जस्ता ज्योतिका नेत्र थे यता ।
हेर्न लायकका राम्रा ठूल्ठूला अति बेस बा ! ॥
तीखा र चम्किला ऊँचा थिए दाह्राहरू उता ।
डर्लाग्दा ओठ थे लामा शोभिन्थ्यो राक्षसेश बा ! ॥
थिए शिर दशै मोटा वीर राक्षसराजको ।
बल–वीर्य थियो त्यस्तै अतिअद्‌भुत रूपको ॥

१३

१४

देखिन्थ्यो भ्वाट्ट हेर्दा त्यो मन्दराचल-ठीकको ।
शृङ्गमा सिंह–नागादि शोभिएको विचित्रको ॥
कालो अङ्गारको राशि शोभिए तुल्यको वहो ।
त्यसका देहको वर्ण शोभिएको थियो अहो ! ॥
हृदयस्थलमा आफ्नो बहुमूल्य विचित्रको ।
हीराको हार पैह्रेको थियो बा ! जग्मगाउँदो ॥
त्यसको मुख शोभिन्थ्यो पूर्णचन्द्र समान भै ।
थियो बादल साथैको प्रातःकालीन सूर्यझैं ॥
शोभिएका थिए बाहु दिव्य चन्दन लेपिंदा ।
तिनमा झल्किएकाथे बाजू सुन र रत्नका ॥
हुने पाँच फणा आफ्ना तिनैले सर्प-तुल्यका ।
वीर यो शोभिएको थ्यो भइ सेवित सर्वथा ॥
विशाल अति नै राम्रो दिव्य स्फटिक-रत्नको ।
सिंहासनविषे भव्य बसेकोथ्यो स्वयं अहो ! ॥
थियो कारीगरी राम्रो यसमा मनमोहक ।
जो उत्तम बिछ्यौनाले शोभिएको थियो तब ॥
सुन्दरी रमणी नारी त्यसका छेउछाउमा ।
बस्थे चँवर—पङ्खा ली हम्किन्थे बा ? यहाँ-वहाँ ॥
झल्किने कान्तिले झल्‌झल् तिनका अङ्गमा सब ।
गहना वस्त्र टल्किन्थे ज्यादै असल भै तब ॥
जानेका मन्त्रको तत्त्व बेस राक्षस जातिका ।
चार मन्त्री थिए साथ बसेका राक्षसेशका ॥
प्रहस्त र महापार्श्व निकुम्भ अनि दुर्धर ।
यी मन्त्रीहरुद्वारा त्यो सेविन्थ्यो भै मनोहर ॥
बलमा वीर्यमा मै हूँ भन्ने राक्षसराज त्यो ।
चारोटा सिन्धु हुन् जस्ता यिनैले लोक-ठीक थ्यो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अरु मन्त्री थिए त्यस्तै मन्त्र-तन्त्रज्ञ योग्यका ।
धेरै अरु हितैषी थे बसेका साथमा तदा ॥
जसरी दुःख पर्दा क्यै देवता इन्द्रलाइ ती ।
राम्रै संभाँउछन् , त्यस्तै सारा संम्भाँउथे बसी ॥
अब यस्तै अवस्थामा तेजिलो दिव्यरूपको ।
राक्षसेश्वरलाई यो देखे यी कपिले अहो ! ॥
त्योवेला उनले संझे टाकुरोमा सुमेरूको ।
बसेको मेघ हो जस्तो देखियो यो विचित्र पो ॥
क्रूर राक्षसले त्यस्ता बाँधी दुःख दिए पनि ।
हनुमान्‌ले परी छक्क हेरे त्यसतिरै अनि ॥
प्रभाव यिनमा पान्यो अब त्यस्तो प्रतापले ।
वीर राक्षस-राजाको तेजले अनि जिल्लिए ॥
छक्क, पक्क परी तस्मात् वीर वानर यी तब ।
विचार गर्न लागे बा ! मनै-मन यसो अब ॥
देखिन्छ अद्भुतै रूप कस्तो यो राक्षसेशको ।
अहो ! धैर्य पनी कस्तो धन्य हो बा ! विचित्र हो ! ॥

३४

३५

प्रताप, तेज यो कस्तो वीर-रावणको अहो ! ।
धन्य हो ! यसमा टिक्छन् राजोचित-गुणादि जो ॥
परन्तु यसमा यौटा न राम्रो दोष यै टिक्यो ।
अधर्म भनिने वस्तु जुन हो, भो अयोग्य त्यो ॥
त्यो पनी न हुँदो हो ता राक्षसेश्वर वीर यो ।
इन्द्रादि-देवको सम्म संरक्षक हुने थियो ॥
परन्तु लोकले थुक्ने क्रूरतापूर्ण निष्ठुर ।
न राम्रो कामले गर्दा गर्दछन् सब दुर्दुर ॥
देव दानवका साथ सम्पूर्ण जगतै डरे ! ।
यसबाट सँधै काँप्छन् ठोकुदेला भनि त्रासले ॥
सम्पूर्ण जगतैलाई एकछत्र गराउँन ।
सक्छ बा ! प्रलयै पार्न झोक्कियो यो भने पुनः ॥
त्यस्तो अमेय-तेजस्वी वीर राक्षस-राजको ।
महान् प्रभाव यो देख्ता भए बा ! कपि जिल्ल पो ॥
तर्क गर्ने थियो शक्ति बुद्धिमान् थे निकै उनी ।
यस्तै तर्क गरी नाना शोच्दै गम्दै बसे अनि ॥

४२

इति उनञ्चासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचासौं सर्ग

राक्षसराजले मन्त्री प्रहस्तद्वारा हनुमान्‌लाई सोध-पुछ गर्नु र उनले म श्रीरामको दूत हूँ, भन्नु

१
पहेंला नेत्र टल्केका हनुमान् कपिलाइ यी ।
देख्यो राक्षस-राजाले उभिने आफ्नु नै अघि ॥
अनि ता झोक्कियो साह्रै लोक-रावण रावण ।
नाना तर्क र शङ्काले छोपियो तर तत्क्षण ॥
देख्तैमा तेजले बल्दा प्रतापी कपिलाइ यी ।
बिचार गर्न लाग्यो त्यो उनको विषयै लिई ॥
के त यो कपिकै रूप लिइ नन्दीश्वरै यहाँ ।
आफैं पाल्नु भयो ? ओहो ! लङ्का नाशन जहाँ तहाँ ॥
अघि कैलासमा मैले खिसी गर्दा उहाँकन ।
न राम्रै श्राप पाएँथें, पाल्नु भो कपि भैकन ? ॥
अँहँ ! होइन होला यो हुन सक्छ बरू यसो ।
यो बाणासुर नै हो कि आएको कपि भै ? अहो !
तर्क यो सोचले गर्दा राक्षसेश्वरको तदा ।
रातारात भए आँखा चर्किंदा क्रोध भै कडा ॥
मन्त्री प्रहस्त थ्यो मुख्य त्यसैलाई भन्यो यसो ।
वेला-वखत अनुसार भनिने सारको कुरो ॥
ए प्रहस्त ! तँ यसलाई सोध् त, यो दुष्ट बानर ।
किन आयो यहाँ, यस्ले कस्तो के काम गर्दछ ॥
अशोक-वाटिका हाम्रो नाश्नुमा हेतु के थियो ? ।
त्यत्रा राक्षसका सैन्य मार्नु कारण के पऱ्यो ? ॥
हाम्री लङ्का-पुरीभित्र पस्नै गाऱ्हो भए पनि ।
यो आयो कसरी फुत्त सोध् राम्रै संग त्यो पनि ॥
किंन आयो ? गऱ्यो युद्ध किन राक्षस साथ ती ।
उद्देश्य यसको के हो ? सोध् ! यो दुष्टसंगै यति ॥
वीर राक्षस - राजाको शुभ आदेश यो सुनी ।
मंन्त्री-प्रहस्तले सोध्यो कपिवीरकनै अनि ॥
१३

१४
कपे ! भन तिमी को हौ मान्नु पर्दैन क्यै डर ।
भन आफ्ना कुरा सारा सुरताऊ धीरता धर ॥
भन के त तिमीलाई इन्द्रले राक्षसेशको ।
यो पुरीमा पठायो हो ? भन सत्य कुरा छ जो ॥
साँचा साँचा कुरा आफ्ना भन्छौ सब भने अब ।
ए ! बानर तिमी चाँडै छोडिइन्छौ कुरा बुझ ! ॥
तिमीलाइ पठायो वा यहाँ राजा कुवेरले ।
यद्वा वरुणले साक्षात यमैले हो कि के ? कपे ! ॥
कसको दूत भै आयौ यस्तो सुन्दर-रूप ली ।
यो हाम्रो पुरमा भित्र कस्तो उद्देश्य हेतु ली ॥
अथवा विष्णुले आफैं जित्न हामीहरूकन ।
लिएर मनमा धोको पठायो वा तिमीकन ? ॥
प्रताप, तेज यो तिम्रो छैन वानरको सरि ।
रूपलेमात्र देखिन्छौ भयाङ्रे कपि हौ सरि ॥
तसर्थ अहिले बावै ! साँचा साँचा कुरा भन ।
छोडिनेछौ तिमी पक्कै यो पनी मनमा गुन ! ॥
ए वानर ! बुझ्यौ ! नत्र अवश्य अहिले तिमी ।
यहीं नै मरि हाल्ने छौ, बाँच्न गाह्रै छ संझ नि ! ॥
भन लौ यी कुरा छोडौं, हाम्रा राक्षसराजको ।
पुरमा आँउने मुख्य तिम्रो उद्देश्य के छ त्यो ? ॥
यसरी त्यसले सोद्धा कपिश्रेष्ठ उनी अब ।
भन्छन् राक्षसको स्वामी त्यससाथ यसो तब ॥
राक्षसेश्वर ! सुन्नोस् त इन्द्रको यमको तथा ।
राजा वरुणकोसम्म दूत होइन है म ता ॥
मेरो मैत्री छँदैछैन ती कुवेर सँगै पनि ।
म होइन पठाएको भगवान् विष्णुले पनि ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
वानरै हुँ म ता खास जन्मै देखि छ रूप यो ।
सब साँचा कुरा छन् यी भन्दैछु सुन्नुहोस् प्रभो !॥
सारा राक्षसका राजा तपाँईंलाइ हेर्न नै ।
हो! मैले वन त्यो मासें ठानी दुर्लभ दर्शनै ॥
त्यत्ति गर्दा न गर्दैमा ती राक्षस तपाँइका ।
मलाइ झम्टिदै आए जोधा भै लड्नमा कडा ॥
मैले सकिन त्यो खप्न आफ्नै रक्षण गर्नमा ।
ठोक्दिएँ रणमा तस्मात् मरे ती सब अन्तमा ॥
राक्षसेश्वर ! सुन्नोस् है देव दानव क्यै पनि ।
मलाई बाँध्न सक्तैनन् पाशोले अस्त्रले पनि ॥
मैले पनि थिएँ राजन् ! जगत् रच्ने विरिञ्चिको ।
कृपाले वर पाएको निकै अघि अहार्य त्यो ॥
३२

३३
तपाँइलाइ हेर्ने नै इच्छा उत्सुकता बढी ।
अस्त्र-बन्धन यो मैले गरें स्वीकार यै घडी ॥
अस्त्र-बन्धनले राजन् ! म छुटेकै छु ता पनि ।
सारा राक्षस यी ठान्छन् बाँधिएकै छ यो भनी ॥
यसैले यिनले ल्याए घिसारेर मलाइ ता ।
म पनि बाँधिए जस्तै भै आएँ हेर्न,-भेट्न वा !॥
अझ साँचा कुरा सुन्नोस् मर्यादा - पुरुषोत्तम ।
रामका काम छन् केही आँउने त्यै छ कारण ॥
आँक्नै न सकिने तेज-शक्तिका प्रभु-रामको ।
दूत हूँ म महाराज ! भन्छु क्यै सुन्नुहोस् कुरो ॥
राक्षसेश्वर ! यो मेरो भनाइ छ तपाँइको ।
निम्तिमा अति नै श्रेय हुने, गर्ने महान् भलो ॥
३८

इति पचासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकाउन्नौं सर्ग

कपिवर हनुमान्‌ले राक्षसराजलाई श्रीरामको प्रभाव–वर्णन गर्दै संझाँउनु

१

हेरी शक्ति हुने ठूलो साक्षात् दश-शिरेतिर।
सारयुक्त कुरा भन्छन् सत्यवान् कपि भै स्थिर॥
राक्षसेश्वर! लौ सुन्नोस् कपि-सुग्रीवको म ता।
सन्देश लिइ आएको दूत हूँ मुख्य एउटा॥
हामी वानरका राजा वीर सुग्रीव वस्तुतः।
राजन्! तपाँइका भाई हुनुहुन्छ र श्रेय छ॥
स्नेहबन्धन द्वारा यो नातो जोरी विशेषतः।
सोध्नु हुन्छ तपाँईमा भलो, क्षेम उहाँ स्वतः॥
महान् आत्मा हुने भाई कपि-सुग्रीव-वीरको।
सन्देशका कुरा हुन् यी सुन्नुहोस् ध्यान दी बडो॥
यिनमा धर्मका तत्त्व मिल्दछन् अर्थयुक्त छन्।
यो लोक-परलोकैमा पनि यी श्रेय गर्दछन्॥
कुरा हुन् हाल–सालैका पृथिवीतलबीच यो।
यौटा राजा-दशरथ थिए वीर सुयोग्य जो॥
आफ्ना रैती प्रजालाई पोस्थे भै बाबु-ठीकका।
थिए अत्यन्त तेजस्वी इन्द्रझैं वीर्यमा कडा॥
रथ घोडा तथा हात्ती अरु वाहनले उनी।
थिए सम्पन्न साह्रै नै धन-रत्नादिले पनि॥
यिनैका अति नै प्यारा जेठा छोरा महान् गुणी।
श्रीराम भइ बक्सन्छ तेजिला फूर्तिला पनि।
मानेर बाबुको आज्ञा धर्मको मार्ग आड ली।
दण्डकारण्यमा राम सवारी भो निकै अघि॥
उहाँको पछि लागेर आए वन दुबै जन।
सीता नाम हुने पत्नी अर्का अनुज लक्ष्मण॥
छोरी जनक राजाकी सीता सती-शिरोमणि।
दण्डकारण्यमा बस्ता हराइन् बा! त्यसै पनि॥

१३

१४

खोज्दा खोज्दै तिनैलाई भाइ लक्ष्मण साथका।
राजाका पुत्र श्रीराम घुमिबक्स्यो जताजता॥
ऋष्यमूक सवारी भो पछि ए राक्षसेश्वर!।
त्यहीं नै भेटिए हाम्रा राजा सुग्रीव वानर॥
अनि सुग्रीवले देवी सीता खोज्छु भनेर म।
प्रतिज्ञा गर्दिई हाले आश्वासन दिईकन॥
यता वानरको राज्य अवश्य म दिलाउँला।
भनेर बोल्दिई बक्स्यो रामले उनमा तदा॥
मारेर युद्धमा वाली किष्किन्धाराज्यमा तब।
सुग्रीवलाइ नै राजा पार्दि बक्स्यो भने ठिक॥
राक्षसेश्वर! सुन्नोस् त पृथिवीभर यो अब।
तिनै सुग्रीव छन् राजा भालू-वानरका सब॥
वानरश्रेष्ठ हुन् वाली अत्यन्त बलवान् गुणी।
भन्ने कुरो तपाँईमा ज्ञातै होला यथार्थ नि!॥
वीर–वानरलाई ती बुझ्नु भो! प्रभु-रामले।
युद्धमा मारिबक्सेथ्यो सजीलै एक बाणले॥
त्यस्ता सत्यप्रतिज्ञाका राजा सुग्रीव ती पनि।
छट्पटाए निकै भित्र जानकी खोज्नमा अनि॥
तस्मात् वानर—राजाले सुन्नोस् दश-दिशा भरी।
सीता खोज्न पठाए बा! भालू-वानरलाइ यी॥
औले शयौं हजारौं र लाखौं वानरका गण।
खोज्छन् आकाश-पाताल दिशा दश घुमीकन॥
तिनमा छन् कुनै सुन्नोस्! गरुडैतुल्य वेगका।
गतिका शक्तिका वीर छन् कुनै ठीक वायुका॥
उनको गति रोकिन्न कहीं होस् पुग्दछन् छिटै।
यी सबै शीघ्रगामी छन् बलवान् वीर छन् सबै॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

म ता औरस छोरो हूँ सर्वात्मा वायुदेवको ।
हनुमान् नाम हो मेरो रूप यो, कपि जात हो ॥
सीता खोज्दै यहाँ आएँ शयौं योजन विस्तृत ।
महासागर यो नाघें सजिलैसित वस्तुतः ॥
भित्र इच्छा थियो राजन् ! तपाँईसित मिल्नको ।
सीतालाई पनि भेटें बघैंचाभित्र दिव्य त्यो ॥
महान् बुद्धि हुने यस्ता तपाँई हुनुहुन्छ बा ! ।
तपाँईलाइ ज्ञातै छ धर्मका अर्थका कुरा ॥
त्यत्रो यत्न गरी ओहो ! तपाँईले यथार्थमा ।
तपस्या जोर्नु भो ठूलो छ प्रसिद्धि जहाँ तहाँ ॥
तस्मात् पराइकी पत्नी सीतालाई त्यसो गरी ।
थुनी स्वगृहमा राख्नु अझ्लि योग्य हुँदैन कि ? ॥
दोठ्याङ धर्ममा पर्ने काममा यै अनर्थ छ ।
गर्नेको मटियामेटै जसले पछि पार्दछ ॥
तस्मात् तपाँई जस्ता ती विद्वज्जन कसै गरे ।
त्यस्तो कुकर्म गर्दैनन् हट्तछन्, हेर्दछन् अरे ॥
यतातिर यसो गम्दा देव-दानवसातक ।
कुनै वीर छुँदैछैनन् दाँज्न योग्य र लायक ॥
राम-लक्ष्मण मात्रै छन् विश्वमा योग्यका नर ।
उनको अघि कै टिक्न सक्तैनन् ती सुरासुर ॥
झिक्ता श्रीरामले क्रोध छोड्दा लक्ष्मणले शर ।
सारा भुसुक्क भै हाल्छ को टिक्ने राक्षसेश्वर ! ॥
यस हालतमा भन्नोस् ? न राम्रो रामकै गरे ।
गर्नेको चाल के होला ? होला गर्ने मनुष्य के ? ॥
यसअर्थ महाराज ! मैले बिन्ति गरें यहाँ ।
यो धर्म-नीतिमा मिल्दो कुरा सत्यस्वरूपमा ॥
लगेर जानकीलाई रामको पाउमा अब ।
राखिदिए वेस होला कि ? त्रैकालिक भलोतक ॥
राक्षसेन्द्र ! त्यसै गर्नोस् मान्नुहोस् हितको कुरो ।
हुन्न झै-झगडा कत्ति हुन्छ आफ्नो सँधै भलो ॥
पाएँ मैले यहाँ आई सीताको भेट - दर्शन ।
राजन् दुर्लभ थ्यो साह्रै भाग्यले भेटियो जुन ॥
पारी जान्छु यता बाट बिन्ति पार्छु म रामसा ।
अनि जे गर्नु पर्ने हो गरि बक्सिन्छ त्यो उहाँ ॥

४३

४४

राक्षसेन्द्र ! यहाँ मैले आँखा गाडें मजैसित ।
जानकीको अवस्थामा जो थियो शोक-पीडित ॥
ती सीता होइनन् ! हुन् है सर्पिणी पाँच टाउके ।
लौ वित्यास पर्‍यो बुझ्नोस्! किन ख्याल भएन ए! ॥
चर्को विष मिलेको क्यै अन्न खायो भने यदि ।
के पचाँउन सक्ला त खानेले ? मर्छ त्यो पछि ॥
त्यस्तै हुन् जानकी देवी देव-दानव-दैत्य यी ।
सक्तैनन् शक्तिले आफ्नो पचाँउन कसै गरी ॥
महान् कष्ट खपी त्यत्रो गरी तप तपाँइले ।
ऐश्वर्य जोर्नु भो यत्रो धर्मको फलरूपले ॥
धेरै सम्म टिकाएर राख्ने प्राण तथा तन ।
धन हो यै तपाँइंको न मास्नोस् वीर रावण ! ॥
गहीरो छ कुरो बुझ्नोस् ! तपको यै प्रभावले ।
तपाँईंलाई कै मार्नै सक्तैनन् देव-दैत्य ए ! ॥
तपस्या बाट उब्जेको धर्म त्यै यसमा पनि ।
मुख्य कारण हो शोच्नोस्! त्यो चुक्यो कि वित्यो अनि॥
त्यस्तो अवध्यता राजन् ! भए पनि तपाँइमा ।
अब वध्य हुनै पर्ने हेतु होला नि ! यै यहाँ ॥
सुन्नोस् ! श्रीराम सुग्रीव यी दुवै व्यक्ति वास्तव ।
होइनन् यक्ष गन्धर्व नाग राक्षस दानव ॥
मर्यादा - नर हुन् यौटा हुन् अर्को वीर वानर ।
कसरी यी दुवै साथ अड्नु होला ? छ के सुर ? ॥
साह्रै अधर्म गर्नाले त्यसको फल पाँउन ।
ठिकको व्यक्ति नै भेट्छ फल त्यो प्रभु-रावण ! ॥
अधर्मफल त्यो नाश्न अर्कै धर्म कुनै गरे ।
पहिलो फल माशिन्छ प्रायश्चित भई भरे ॥
सुन्नोस् ! तपाँइले पैले जति जो धर्म गर्नु भो ।
त्यसका फलको साटो सुख यो पाइ सक्नु भो ॥
सीताहरण - रूपी यो अधर्म अब जो भयो ।
चाँडै पाँउनु होला है त्यसको फलसम्म पो ॥
अब तीन कुरा शोच्नोस् जो जनस्थानमा मरे ।
राम-सुग्रीवको मैत्री!, बालीको बध सम्म ए ! ॥
अनि आफूतिरै हेर्नोस् ! के गर्दा श्रेय-शान्ति छ? ।
पछि त्यै ठिकको काम गर्नुहोस् राक्षसेश्वर ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सुन्नोस् ! यद्यपि एक्लो मै हात्ती-घोडा-रथादिकी ।
स्वात्तै लङ्कापुरीलाई मास्न सक्छु है लडी ॥
अँहँ ! गर्दिन त्यस्तो म तर यस्तो भए पनि ।
विचार रामको छैन, न छ आज्ञा ममा पनि ॥
गर्दछन् जसले जस्तो तिनमा त्यसको फल ।
म त्यस्तै योग्यको दिन्छु भनि बक्सिन्छ राघव ॥
मेरो हेला गरे गर्नेलाई मार्छु म नै लडी ।
भन्ने छ गरि बक्सेको प्रतिज्ञा सबको अघि ॥
साक्षी छन् प्रण त्यो गर्दा माथिका सिद्ध आदि र ।
तलका कपि - भालूका गण ती राक्षसेश्वर ! ॥
अपराध तथा हेला गरे श्रीरामको भने ।
इन्द्रले पनि पाउन्नन् सुख केही गरे गुने ! ॥
अब यस्तो अवस्थामा तपाँईं सरिका जन ।
पाउँलान् कसरी शान्ति?लौ शोच्नोस् वीर रावण! ॥
सुन्नोस् ! तपाँइ जस्लाई सीता हुन् जानकी यिनी ।
भन्नु हुन्छ, तपाँईंको घरमै जुन छन् यिनी ॥
अँहँ ! यी होइनन् केही, हुन् साक्षात् कालरात्रि ती ।
सारा लङ्कापुरीलाई स्वाहै पार्ने स्वरूपकी ॥
सीताको नामले त्यस्तो धरी रूप मनोहर ।
शोच्नोस्! आइ पुग्यो बाबै! कालकै पाश भै स्थिर ॥
त्यसैमा यी दशै घाँटी लगेरै हाल्न लाग्नु भो ।
त्यसमा पनि आफैंले लौ भन्नोस्! हो त योग्य यो ?॥

७१

७२

घाँटी लगेर पाशोमा हाल्दिदा मरिकयो भने ।
के होला? शोच्नुहोस् राजन्! काम आफ्नो भलो हुने॥
पर्दा श्रीरामक्रोधाग्नि सीताको तेजले बढी ।
स्वात्तै लङ्का-पुरी जल्ली अटाली मार्ग साथ लौ ॥
लौ है ! बचाँउनोस् राजन् ! सक्नु हुन्छ भने अब ।
बेला-बखत घर्केको छैन है अफ वास्तव ॥
मित्र मन्त्री कुटुम्बी र भाइ छोरा सुहृत् तथा ।
पत्नीका साथ यी भोग न मास्नोस् योग्य हुन्न वा! ॥
सुन्नोस् ! राक्षसराजेन्द्र ! रामदास हुँ दूत म ।
जात वानर हो खास मान्नोस् ! भन्दछु सत्य म ॥
भइ बक्सिन्छ श्रीराम मर्यादा पुरुषोत्तम ।
जगतभर छ फैलेको प्रभुको कीर्ति पावन ॥
उहाँमा शक्ति त्यस्तो छ जगत् नाशेर यो सब ।
छ फेरि सिर्जिने शक्ति पहिले ठीक वास्तव ॥
भगवान् विष्णुकै जस्तो बल विक्रम शक्ति छ ।
कुनै छैनन् उहाँ जस्ता जगत्का व्यक्ति यी सब ॥
देव - दानव—गन्धर्व - विद्याधर र राक्षस ।
सिद्ध-किन्नर-पक्षीमा मृगादि पशुमा तक ॥
नाग-यक्षादिमा सम्म छैनन् जोडा कुनै पनि ।
राक्षसेश्वर!लौ भन्नोस्!लड्न सक्लान् त को अनि? ॥
सम्पूर्ण लोकमा सारा प्राणीमा सब कालमा ।
उहाँ जस्ता छँदै छैनन् लौ लागोस् ! घाम घट्टमा ॥

८२

८३

समस्त लोकका स्वामी राजामा सिंह रामको ।
अपराध गरी यत्रो धौ ! धौ !! पर्दछ बाँच्न पो ॥
त्रैलोक्यका मालिक रामभद्रको अगाडि टिक्ने रणमा छ व्यक्तिको ? ।
गन्धर्व विद्याधर यक्ष पन्नग भाग्छन् सबै राक्षसराज ! वास्तव ॥
ब्रह्मा स्वयम्भू मुख चार शोभिने ती तीन आँखे त्रिपुरै विनाशिदने ।
धौताहरूका पति इन्द्र सम्म ती अशक्त छन् टिक्न त रामको अघि ॥
वीरत्वले निर्भय भै डटी अघि भने हनुमान्-कपिले कुरा यति ।
असाध्य राम्रा सब तर्फ-युक्तिमा थिए मिलेका पनि जो यहाँ-वहाँ ॥

८६

८७
परन्तु त्यो राक्षसराजलाइ ता लाग्यो न राम्रो ननिको निकै तदा ।
आँखा तऱ्यो फ्न कि इ भृत्यमा अनि आज्ञा गऱ्यो ठोक्!बजियाकनै भनी ॥

इति एकाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाउन्नौं सर्ग

राक्षसराजका कान्छा भाइ विभीषणले दूतलाई न मारौं, अरू नै योग्य दण्ड दिऔं भन्नु र रावणले स्वीकार गर्नु

१

तनका मनका ठूला कपिका यी कुरा सुनी ।
रिसले फूल तोरीको देख्यो रावणले पनि ॥
राक्षसेश्वरका भृत्य थिए वरिपरी अनि ।
तिनैलाइ दियो आज्ञा मार वानर यो भनी ॥
त्यसरी बिग्रिई बुद्धि भन्दा रावणले त्यसो ।
विभीषण यहीं बस्थे उनैलाइ असह्य भो ॥
यो आज्ञा गर्न स्वीकार राक्षसेश्वर दाजुको ।
राम्रो लागेन ठाने बा ! उनले त अयोग्य पो ॥

४

५

पर्न गो यसमा हेतु हनुमान् कपिले तब ।
सुग्रीव-रामको दूत हूँ, भनेका थिए जब ॥
दाजु राक्षसका राजा क्रोधले फन्किए यता ।
दूत वानर मार्ने यो काम आइ पुग्यो यता ॥
शोची सब कुरा यस्ता काम गर्न सिपालु ती ।
धीरले आफ्नु कर्तव्य ठमाए योग्य बुद्धि ली ॥
अनि शत्रु सबै मार्ने पूज्य दाजु त्यसैखित ।
भन्दछन् हितको वाक्य शान्तिसाथ मजैखित ॥

८

९

क्षमा हओस् राक्षसराज दाजु ! भो ! छोड्दि बक्स्योस् अब क्रोध-सोध ।
म गर्छु विन्ती प्रभुसाथ केही लौ सुन्दिबक्स्योस् यदि योग्य हो त ॥
सानो-ठूलोको र हिताहितैको खप्ने सबै तत्त्व बुझे पनी त्यो ।
राजाहरू दूतहरूकनै यी अयोग्य मान्छन् वध गर्नलाई ॥

१०

११

सुनि बक्स्योस् महाराज ! दूत वानरलाइ यो ।
मार्नु धर्म-विरुद्धै हो भन्ने लाग्दछ है प्रभो ! ॥
यसो गमेर हेर्दामा लोकाचार समेतले ।
अयोग्य हुन्छ यो काम मारी हाल्नु हुँदैन ए ! ॥
मामूली दूतलाई यो वीरले प्रभु-ठीकका ।
मार्नु झन् कसरी होला हुन जान्छ अयोग्य बा ! ॥
प्रभुनै भइ बक्सिन्छ जानेका मर्म धर्मको ।
कसैले क्यै गरे देखि जान्ने त्यो पनि बेस पो ॥
राजधर्म - विशेषज्ञ बुझेका परमार्थ त्यो ।
कार्याकार्य हुने ज्ञान हिताहित समेतको ॥

१५

१६

हजूरसरिका विद्वान् क्रोधको वशमा परे ।
शास्त्र पढ्नु तथा बुझ्नु श्रमै भो, खेर गो, हरे ! ॥
यसर्थ शत्रु - संहार गर्ने ए राक्षसेश्वर ! ।
प्रसन्न भइ बक्स्योस् र शोचिबक्स्योस् निरन्तर ॥
अयोग्य योग्य शोचेर दूतमा दिन योग्यको ।
दिन दण्ड कुनै अर्को आज्ञा होस्, होस् भलो, प्रभो ! ॥
सुन्यो राक्षस-राजाले यी विभीषणका कुरा ।
रिसले झन्कियो ज्यादै भन्यो फेरि यिनै कुरा ॥
शत्रु नाश्ने बुझिस् कान्छा ! पापीको वध गर्नमा ।
त्यत्तिको पाप लाग्दैन के भन्छस् वँ त्यसो यहाँ ! ॥

२०

CC-0. In Public Domain. Digitization by eGangotri

२१

यो पाजी कपि हो पापी, बगैँचा मास्दियो सब।
नाशिदियो सैन्य त्यो सारा तस्मात् मार्दिन्छु है! अब॥
थिए कुरा राक्षस-राजका यी अनर्थका मूल अयोग्य ज्यादि।
थिएन जो योग्य महानहरूको हुँदा अनेकौथर दोष ओहो!॥
भए पनी राक्षस भाइ चाँहि थे बुद्धिमान्‌मा पनि श्रेष्ठ नै यी।
कर्तव्यको निश्चय पार्न सक्ने भने उनीले भइ तत्त्व बुझ्ने॥
म भन्छु लङ्केश्वर दाजु! केही भै बक्सियोस् शान्त प्रसन्न भो लौ!।
मेरा कुरा धर्म र अर्थ मिल्दा छन् बेस! तस्मात् सुनि बक्सियोस् लौ!॥
हामीहरू राक्षसराज! नित्य सुनीरहेछौं बुधले भनेको।
अवध्य छन् दूत सधैं जहाँ हुन् जस्तो सुकै हुन्, छ भलो पनी यो॥
हो शत्रु हाम्रो कपि यो बढेको पक्कै छ यो! पाप पनी गऱ्यो त्यो।
तथापि विद्वज्जन दूतलाई न मार्नु भन्छन् अनि भन्छु दाई!॥
सन्देश बोकी परपक्षका यी हुन् आँउने दूत लगेर भन्छन्।
तसर्थ यस्ताकन मृत्यु भिन्न अनेक छन् दण्ड, तिनै दिइन्छन्॥
यी दूतको पार्दिनु अङ्ग-भङ्ग कि ठोक्नु कोर्रा यिनमा छ दण्ड।
पारी चिह्नल छोड्नु, मुड्नु इत्यादि छन् राक्षसराज! दण्ड॥
हामीहरूले तर राक्षसेश! छैनौं सुनेका वध दूतको त।
अयोग्य होला कि तसर्थ ख्वाक्कै मारी दिंदामा यसलाई दूत॥
हजूरको बुद्धि छ उच्च त्यस्तो धर्मार्थको शिक्षणले विनीत।
ऊँचो छ नीचो कुन योग्यको हो ठमाँउने भन्नु पऱ्यो अनी त॥
नीतिज्ञ यस्ता जन राक्षसेन्द्र! हुँदै हुँदैनन् वश क्रोधको हा!।
छन् शक्तिशाली नर कै भने ती जित्छन् सँधै क्रोधकनै पनी ता॥
ए वीर लङ्केश! हजूर फेरि धर्मै बखान्ने भइ बक्सिइन्छ।
शास्त्रीय-सिद्धान्त समस्त बुझ्ने आचार पाल्ने भइ बक्सिइन्छ॥
हजूर नै देव र दैत्यमा यी सर्वोच्च भै शोभिइ बक्सिइन्छ।
हजूर बाहेक छ को र अर्को भलो कुरा जो सुनिबक्सिइन्छ॥
उत्साह-सम्पन्न पराक्रमी ती जो देवता छन् बलवान् मनस्वी।
उनीहरूको त हजूरमाथि चल्दैन दैत्या अरु को हुनन् यो?॥
हजूरको शक्ति छ आँक्न गाह्रो छ वीर्य त्यस्तै तन झन् छ साह्रो।
अनेकपल्टै प्रभुले लडेर द्यौता र राजा जितिए डटेर॥
द्यौता तथा दैत्य सँगै पनी ती हजूरको त्यै दृढ शत्रुता छ।
आँखा उठाई प्रभुलाइ हेर्न समर्थ छैनन् भ्रम बेस यै छ॥
जगत्भरीमा प्रभु शूर, वीर अजेय यौटै भइ बक्सिइन्छ।
विरोध गर्ने जन जत्ति निक्ले मरे सबै ठोक्दिइ बक्सिइन्छ॥

३८

तसर्थ लङ्केश्वर ! वीर दाजु ! हजूरको अप्रिय गर्न कोही ।
समर्थ हुन्नन् मनसम्मले त गर्छैनन् सबै आइ अगाडि हो ! ही !! ॥

३९

दूत वानरलाई यो मार्नमा तसअर्थ म ।
अँहँ ! देखितन क्यै त्यस्तो लाभ वा गुण उत्तम ॥
बरु यो असलै होला यसलाइ पठाँउने ।
व्यक्तिमा मृत्युको दण्ड दिनुमै छ भलो हुने ॥
खराव बेस जे होस् यो शत्रुबाटै पठाइयो ।
यसर्थ उनकै स्वार्थ-सिद्धिकै वाक्य भन्छ त्यो ॥
दूत जो होस् सँधै टिक्छ शत्रुकै वशमा प्रभो ! ।
यसर्थ कहिल्यै हुन्न वध्य त्यो, सत्य नै छ यो ॥

४२

४३

अर्को मुख्य कुरा दाजु ! हाम्रो नै हितको छ वो ।
यल्लाइ मारि हाल्दामा पाउन्नौं हाल शत्रुको ॥
आकाशमार्गले सुत्तै सिन्धु-पार गरी यता ।
सक्ने आँउन क्वै अर्को मत देख्तिन है त्यता ॥
रनभुल्ल हुने छौं है शत्रुको चालमाल क्यै ।
न जान्दा अनि हामी नै तस्मात् मार्नु हुँदैन है ॥
दूत वानर यो जावो मार्दा के हुन्छ पौरख ? ।
जसको इन्द्र साथैका इन्द्रमै चल्छ पौरख ॥

४६

४७

यो मारिएमा अरु छैन प्राणी गएर भन्ने पनि शत्रुलाई ।
हजूर जस्ताकन युद्धप्रेमी जल्ले लडाओस् पछि शत्रु ल्याई ॥
मार्‍यौं कि यो वानरदूतलाई सन्तादि हिंड्छन् अपवाद गाई ।
प्रसिद्ध यो कीर्ति गुणादि हाम्रो भुसुक्क नै हुन्छ छ यै न राम्रो ॥
हुन् शत्रु ती मूर्ख र धृष्ट ज्यादै जल्ले पठाए यस दूतलाई ।
गरौं तिनैलाइ भुसुक्क पार्न प्रयत्न हामी बरु लौन दाई ! ॥
प्रयत्न साथै तर धर्म कर्म अवश्य नै गर्नु छ यत्ति शोचौं ।
यो अग्निको दानव-दैत्य एवं देवेन्द्रको शक्ति समेत जोरौं ॥
मेरा कुरा यी मनले गमेर प्रयत्न गर्नैतिरै ध्यान बक्स्योस् ।
पैले दुवै राजकुमारलाई पक्डौं छिटै लौ जय पाइ बक्स्योस् ॥
हजूर यी राक्षसको मनैमा आनन्द भर्दै सुख बक्सिइन्छ ।
ती देवले दानव-दैत्यले वा आँट्नै न सक्ने भइ बक्सिइन्छ ॥
उत्साहवान् वीर महान् मनस्वी शूरो छ यो राक्षस-सैन्य हाम्रो ।
छन् उत्सुकै लड्न समेत सारा लडाँउनै पर्दछ यै छ राम्रो ॥
तयार छन्, छन् गुणवान् कुलीन यी सैन्य हाम्रा अति शूर वीर ।
शस्त्रास्त्रमा चंख र उग्र क्रोधी लड्छन् मजाले अनि के छ पीर ॥
यस्तो छ मेरो त विचार दाजु ! छन् ती दुवै दाजु र भाइ दुःखी ।
तिनीहरूलाइ थुनेर राख्नु हो योग्य ठानें म यसो भनौं कि ? ॥
हजूरको शक्ति प्रभाव यस्तो पार्न निमित्तै उनमा, यहाँका ।
जाँउन् लडाकाहरु केहि पैले बुझेर आऊन् स्थिति ती वहाँका ॥

५१

CC-0. In Public Domain. Digitization by eGangotri

५७

जानेहरू हुन् अतिशूर-वीर हाम्रा हितैषी गुणवान् कुलैका ।
दिई निकै वेतन पोषिएर आफ्नै भएका, स्थिति यो बुझेका ॥
कुरा सुनी भाइ विभीषणैको प्यारो तथा लायक, योग्य ठान्यो ।
त्यो देवको शत्रु निशाचरेन्द्र खुशी भयो शान्त भएर मान्यो ! ॥
परन्तु आँखा कपिवीर तर्फ थियो परेकै त्यसको गढेर ।
उब्जे अनेकौंथरका कुशङ्का त्यो शोच्न लाग्यो अनि झन् गमेर ॥
के हो त यो तेज ! जगत्-पिता ती विरिञ्चिकै जो छ विछट्ट चर्को ? ।
यद्वा जगत्-पालक विष्णुको हो ? यो आइ लाग्यो कि त केहि फर्को? ॥
हुन् देवका देव परात्म यौटै कि तेज हो यो उनकै अनन्त ? ।
लिएर यस्तो कपिको स्वरूप बस्तो छ मेरै अघि छैन अन्त ॥
यद्वा लिई वानररूप यस्तो त्यो विष्णुकै तेज भयो खडा कि ? ।
यस्ता अनेकौं थर तर्क गर्दै झोक्को गयो रावण फेरि ज्यादि ॥
परन्तु रोक्यो रिस भित्र भित्र-संभयो कुरा लायक भाइका ती ।
धर्मप्रियै वेस उदार भाई उनीकनै भन्छ पछी कुरा यी- ॥

६३

इति बाउन्नौं सर्ग

त्रिपन्नौं सर्ग

राक्षसहरूले राक्षसराजको आज्ञाले कपिवरहनुमान्‌लाई पुच्छरमा आगो सल्काएर लङ्कापुरी भरी घुमाँउनु

१

त्यस्तो राक्षस-राजाका कान्छा भाई विभीषण ।
महान् आत्मा भएकाथे धर्मात्मा गुणवान् पुनः॥
देश काल दुवै मिल्दो बेला-बखत ठीकको ।
त्यो कुरा उनको सारा खायो बा ! त्यसले अहो ! ॥
दशोटै टाउका आफ्ना शोभिने त्यस वीरले ।
भन्यो पछि उनीलाई हेरेर यस ढङ्गले ॥
कान्छा ! ठीक भनिस् बाबै ! कुरो तेरो छ योग्यको ।
न राम्रै गर्दछन् निन्दा दूत मार्दा, छ सत्य यो ॥
ठिकै भो ! लौ न मारौंला, त्यसै छोड्न त क्यै गरे ।
हुदै-हुँदैन है बाबु ! बरू भन् दण्ड के दिने ? ॥
हुन्छ पुच्छर साह्रै नै प्यारो वानर-जातिको ।
यिनको गहना यै हो बुझिस् ! मुख्य कुरा छ यो ॥
तस्मात् सल्काइ दे आगो त्यसैमा अब लौ छिटै ।
अनि यो बजिया जाओस् ठुटे पुच्छर त्यो लिंदै ॥
वहाँ यल्लाई देख्नेछन् यसका दाजुभाइ र ।
इष्ट मित्र सुहृत् बन्धु, सोध्ने छन् खोइ पुच्छर ? ॥
अङ्ग-भङ्ग भएको यो उल्लूले पछि हाल त्यो ।
भन्नेछ, अनि सुन्नेको सातो जाने छ, योग्य हो ॥
अब आज्ञा दिई हाल्यो त्यसले भृत्यमा अनि ।
छिटो गर भने जस्तो मेरो आज्ञा भयो भनी ॥
बुझ्यौ ! पुच्छरमा आगो झोस्‌देओ यसको अब ।
घुमाओ अनि यल्लाई चौबाटा-मार्गमा सब ॥
स्वामी राक्षस-राजाको त्यस्तो आज्ञा सुने पछि ।
जम्जमाए त्यसै गर्न दुष्ट राक्षस झोक्किई ॥
ल्याए सूती लुगा थोत्रा थाङ्ना घरघरै गई ।
देह पुच्छरमा बाँधे कपिलाइ खुशी भई ॥

१३

१४

हनुमान्‌ले यता देखे बाँधेको त्यसरी अनि ।
बढाए आफ्नु त्यो देह यसरी कसिए भनी ॥
डढेंलो वनमा बढ्छ जसरी वायुवेग ली ।
सुकेका वस्तुमा झारपातमा ठिक्क त्यै सरि ॥
यता बाँधि सकी सारा दुष्ट राक्षसले मिली ।
ख्वाल्-ख्वाल्ती हाल्दिए तेल आगो झोसिदिए पछि ॥
हनुमान्‌लाई यो देख्ता, भोग्दा झोक उठ्यो कडै ।
बाल-सूर्य सरी रातो मुखशोभा भयो त्यसै ॥
खप्ता—खप्तै पनी गाह्रो परी गो यिनले तदा ।
बल्दो पुच्छरले आफ्नो ठटाए दुष्टलाइ ता ॥
देख्ता पुच्छर ह्वार्ह्वार्ति बलेको कपिवीरको ।
स्त्री-बाल-बृद्ध साथैका भए राक्षस दङ्ग पो ॥
डोरीले अझ टन्काए बाँधे राक्षसले मिली ।
बेला-बखतको योग्य शोच्न लागे यता कपि ॥
यसरी बाँधिएको छु हो ! म किन्तु अझै पनि ।
मलाई हेर्न सक्तैनन् यी राक्षस मिले पनि ॥
जावो बन्धन फुस्काई फुत्त उफ्रेर मास्तिर ।
बजियाहरूलाई यी सक्छु ठोक्दिन भै स्थिर ॥
आफ्ना मालिक श्रीराम-प्रभुको निम्तिमा म यो ।
खपेर सब घुम्दोछु हेर्दोछु चाल-माल जो ॥
आदेश आफ्नु राजाको मानी राक्षस यी अब ।
मलाइ जति नाँध्दैछन् जो गर्दैछन् गरुँन् सब ॥
अहिले सम्ममा मैले जो जो जस्तो गरें यहाँ ।
त्यसको बदला होला यत्तिले कसरी ममा ? ॥
सारा राक्षस लङ्काका मार्न सक्छु परे रए ।
भए पनि म ता एक्लो के दुख्थें ? झिक्छु विक्रम ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

तर यस्तो अवस्थामा रामको प्रिय गर्न र ।
तथा प्रसन्नता निम्ति यो सबै खप्छु भै स्थिर ॥
लाभै हुन्छ त्यसो गर्दा सारा लङ्कापुरीकन ।
राम्ररी हेर्न वा घुम्न मौका पाउँछु उत्तम ॥
हिजो रात हुँदा घुम्दा हेर्न पाइन राम्ररी ।
कहाँ के, के छ ? लङ्कामा अब हेर्छु घुमीवरि ॥
कहाँ छन् छाउनी-किल्ला रक्षाका ठाम छन् कहाँ ।
के के छन् ? त्यो सबै हेर्छु उज्यालोमा जहाँ-तहाँ ॥
बाँधुन्न के लछार्छन् यी डढाँउन् हुन्छ ! पुच्छर ।
मलाई यसले कत्ति पीडा छैन, छु सुस्थिर ॥
हनुमान् यत्ति शोचेर वीर्य-शक्ति प्रपूर्णको ।
आफ्नो रूप छिपाएर घोत्लिएर बसे अहो ! ॥
यता अब भए ठिक्क दुष्ट राक्षसका गण ।
समाई हनुमान्लाई लगे देश घुमाउन ॥
बाजा—गाजा बजाए बा ! शङ्ख भेरी समेतका ।
द्रोही रावण राजाको यै हो हेर ! भने तदा ॥
डर्लाग्दा काममा यस्ता दुष्ट राक्षसले वहाँ ।
उनलाई घुमाए हा ! पुरीभर जहाँ--तहाँ ॥
मारन शत्रु सबै सक्ने बिचरा हनुमान् पनि ।
मजै साथ सही सारा अघि हिंड्दै गए अनि ॥
लागे राक्षसका हूल पछाडि उनको अब ।
दङ्ग पर्थे र उफ्रन्थे यो देखता दुष्ट थी सब ॥
त्यो विशाल पुरीभित्र घुम्दाघुम्दै त्यसो गरी ।
हनुमान् कपिले देखे दिव्य-वस्तु थरीथरी ॥
देखे विमान अत्यन्तै आश्चर्यमय सुन्दर ।
नव—साततले अग्ला ठूला घर मनोहर ॥
किल्लै-किल्ला भएकाथे यहीं भूभाग वास्तव ।
बस्ने ठाम थिए त्यस्तै चौतारा साथका सब ॥
राजमार्ग थिए राम्रा ठूलठूला गृह— शोभित ।
मार्ग, गल्ली र चौबाटा शोभिएका थिए स्वतः ॥
राजमार्ग र चौतारा-चौबाटामा पुग्यो कि ती ।
यो गुप्तचर हो भन्थे भयाली पिट्थे अडी पछि ॥
यो सुन्दा चाख बढ्नाले त्यो लङ्कापुरका सब !
स्त्री, वृद्ध शिशु ली साथ आउँथे हेर्न राक्षस ॥

४३

४४

आँखा गाडी यसो हेर्थे अनि ती कपिलाइ यी ।
देख्थे पुच्छर व्हार्व्हार्ति बलेको दङ्ग भै अति ॥
यता पुच्छरमा आगो लाग्नासाथ कुरो बुझी ।
दौडे त्यो हेर्न आएका राक्षसी भित्र ली खुशी ॥
अशोकबाटिकाभित्रै पुगेर उनले पछि ।
सीतालाई सुनाए बा ! सभाभित्र भए जति ॥
सीताको निम्तिमा साह्रै अप्यारो यो कुरो थियो ।
त्रास पार्न उनीलाई भने ती सबले यसो ॥
तिमीले के सुन्यौ सीते ! यहाँ आइ तिमीसंग ।
कुराकानी गरेकोथ्यो जसले ध्यान दी सुन ! ॥
त्यै रातो मुखको ढेडू पक्डिएछ बुझ्यौ कुरो ! ।
पछि पुच्छरमा आगो लाएछन् त्यसको अहो ! ॥
घिसारी अब त्यल्लाई सारा लङ्कापुरीभर ।
घुमाँउन हिंडेकाछन् फलाक्छन् हो भनी चर ॥
आफ्नै हरण हो जस्तो भित्र दुःख हुने कुरा ।
राक्षसीहरूले भन्दा जानकीले सुनिन् बरा ॥
शोकले छर्पटाइन् बा ! फेरि सीता हरेशित्र ! ।
लागिन् आराधना गर्न अग्निको ध्यान दी अब ॥
ठूलठूला नेत्रकी देवी कपिको होस् भलो भनी ।
अग्निको प्रार्थना गर्दै भन्न थालिन् यसो अनि ॥
अग्निदेव—प्रभो ! मैले यदि क्यै पति—देवको ।
योग्य सेवा र शुश्रूषा गरेकीछु भने विभो ! ॥
यदि केही तपस्या र छ पातिव्रत्य-धर्म ता ।
छिटै शीतल भै बक्स्योस् हनुमान्माथि होस् कृपा ॥
बुद्धिमान् भगवान् मेरा पतिको पनि मै प्रति ।
ढल्किएको छ ता चित्त छ त स्नेह भने यदि ॥
मेरो सौभाग्य क्यै त्यस्तो अझ शेष छँदैछ ता ।
छिटै शीतल भै बक्स्योस् हनुमान्माथि होस् कृपा ॥
धानी पतिव्रता-धर्म पाली आचार सर्वदा ।
बस्तछे जानकी भन्ने पतिलाई छ ज्ञान ता ॥
म साथ मिल्न नै बाँच्छे ठानि बक्सिन्छ राम ता ।
छिटै शीतल भै बक्स्योस् हनुमान्माथि होस् कृपा ॥
नित्य सत्य-प्रतिज्ञाका आर्य बानरका पति ।
धर्मात्मा वीर सुग्रीव दया गर्छन् भने यदि ॥

६०

६१

दुःख-सागरद्वारा यो तार्न सक्छन् मलाइ ता ।
छिटै शीतल भै बक्स्योस् हनुमान्माथि होस् कृपा ॥
प्रार्थना यसरी गर्दा नगर्दा उनले यता ।
बढेको अग्निको राँको स्वात्तै शान्त भयो उता ॥
अनि यी दाहिने पारी आफ्नो ज्वाला मजासित ।
बल्न लागे वहाँ फेरि भइ शीतल वस्तुतः ॥
यी दैवी जानकीलाई हनुमान्को भलै हुने ।
सूचना पनि दिन्छन् मैं देखिए भद्र शोभिने ॥
हनुमान्का पिता साक्षात् वायु-देव पनी उता ।
त्यस्तो पुच्छरको आगो संग ठ्याम्मै मिलो तदा ॥
थाले बहन ठण्डा भै हिंउ जस्तै स्वरूप ली ।
सीतामा पनि आनन्द दिएरै अति हर्षिई ॥
यता पुच्छरमा आगो बल्दा ह्वाह्वार्ति वेसरी ।
शोच्तछन् हनुमान् वीर घोत्लिएर यसो गरी ॥
ओहो ! पुच्छरमा मेरो बल्छ आगो बढी यति ।
पोल्दैन के पऱ्यो होला ? भोग्छु शीवलता म थी ! ॥
उठ्तोछ यसमा यत्रो राँको, मुस्लो बढी बढी ।
पोल्दैन तर यो आगो, पीडा दिन्न ममा त्यति ॥
के होला हिउँको थुप्रो मेरो पुच्छरमा लगी ।
राखिदए ठीक यो हुन्छ, आश्चर्यै पो भयो यही ॥
यो के आश्चर्य ?आः ! जावो कुरा हो यो त वास्तव ।
मैले भोगि सकेकैछु ठूलो आश्चर्य पो तव ॥
जब आकाशको बाटो गरी उड्दै म आँउथे ।
मैनाक-गिरि त्यै वेला सिन्धुको माथि जो उठे ॥
रामको काम गर्दामा उहाँको नै प्रभावले ।
यस्तो हुनु स्वभावै हो अनि शीतल यी भए ॥

७३

७४

श्रीरामको भलो गर्न सिन्धु, मैनाकसम्मको ।
भो भने हड्बडी त्यत्रो नहोओस् किन अग्निको ॥
दया हो जानकीको यो तेज हो प्रभु-रामको ।
मेरा बाबु र आगाको मैत्री हो, भस्म हुन्न जो ॥
शोची यत्ति हनी गम्छन् छिनसम्म वहाँ भ्रम ।
म त्यस्तो व्यक्ति भै यस्तो बन्नु के अब योग्य छ ? ॥
नीच राक्षसद्वारा यी बाँधिएर यसो गरी ।
हिंड्नु देश घुमी ओहो ! सुहाँउन्न कसै गरी ॥
बल, वीर्य तथा चर्को यस्तो शक्ति हुँदा-हुँदै ।
छीः ! के झोक्राँउदै हिंड्नु ठोक्दिन्छु बदला लिंदै ॥
गरी यत्ति छिनाले बा ! पाशो बन्धन देहका ।
क्षुद्र उङ्ग वेगले उफ्रे अनि यी कपि-वीर ! वा ॥
डाँडाको चुचुरा जस्तो अग्लो त्यो पुरद्वारमा ।
छिनैमा पो पुगी हाले, गर्जिए जोडले वहाँ ॥
यहाँ राक्षसको हूल थिएन त्यति, ठिक्क थ्यो ।
पुग्नासाथ बढाए बा ! उनले आफ्नु देह त्यो ॥
ज्यादै बढे पछी देह फेरि यी शक्तिमान् कपि ।
भए तुरुन्त नै साना सजीलै खुम्चिए अति ॥
यसरी उनका सारा पाशा-बन्धन आदि ता ।
धूलो पीठो भए स्वात्तै फुस्किए कपिवीर बा ! ॥
तुरुन्तै उनले फेरि बढाए आफ्नु देह त्यो ।
हेर्न लागे मजैसाथ यताउति अनी यसो ॥
यसैवेला वहाँ देखे त्यै पुरद्वार माश्तिर ।
राखिएको सजाएर ठूलो परिघ-मुद्गर ॥
कालो फलामको त्यस्तो हथियार मिले पछि ।
त्यसैलाइ उठाएर कसिए अब ठोक्न यी ॥

८६

८७

महान् बाहु हुने त्यस्ता बलवान् वीर थे कपि ।
मार्दिए, पार्दिए स्वाहा त्यहाँका रक्षकै जति ॥
मारेर यी रक्षक दुष्टलाई प्रचण्ड आफ्नो बल वीर्यता ली ।
लङ्कापुरीलाइ यसो गढेर यी हेर्न लागे अब क्यै गमेर ॥
ह्वाह्वार्ति भै पुच्छरबीच आगो बली रहेथ्यो झिकि तीव्र ज्वाला ।
यी शोभिइन्थे तव सूर्यठीक फेंकी रहेका निज तेज-माला ॥

इति त्रिपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवन्नौं सर्ग

कपिवर हनुमान्ले लङ्का डढाइदिनु र राक्षसहरूले अलाप-विलाप गर्नु

१

उनका मनको धोको जत्ति ध्यो यसरी पुग्यो ।
उत्साह भित्र बढ्दैथ्यो गरेका कामबाट त्यो ॥
तब लङ्कापुरी सारा हेर्दा--हेर्दै त्यहाँ बसी ।
काम बाँकी भए पट्टि शोच्छन् ध्यान दिएर यी ॥
अब लङ्का-पुरीमा यो तुरुन्तै गरिने कुरो ।
के के छ गतिलो कुन्नि ? रहेको शेष योग्यको ? ॥
राम्ररी जुन गर्दामा दुष्ट-राक्षसमा सब ।
मजासित परोस् पीडा भित्र संताप वास्तव ॥
अशोकवाटिका स्वात्तै आघबाटै बिगार्दिएँ ।
म साथ लड्न आएका सारा राक्षस मार्दिएँ ॥
दुष्ट-राक्षसको सेना नाश्दिएँ एक अंश ता ।
सारा दुर्ग-पुरी मास्नु अफ बाँकी छँदैछ बा ! ॥
अब दुर्ग विनास्ता यो तरेको त्यो महोदधि ।
काम लाग्छ, यता हुन्छ श्रम यो फलवान् अति ॥
जानकी खोजिने मेरो मुख्य यो काममा अब ।
त्यस्तै काम गरे केही पूर्ण हुन्छ श्रमै सब ॥
मेरो पुच्छरमा अैले भगवान् अग्नि - देवता ।
जाज्वलमान भै राँको फ्याँक्तै शोभिनु हुन्छ बा ! ॥
यहाँलाइ पनि मैले तृप्त पार्नु त पर्छ नि ! ।
लङ्काका घर छन् राम्रा तृप्त पार्छन्, छ के अनि ? ॥
यत्ति शोचेर ह्वाह्वीर्ति बल्ने पुच्छर यी कपि ।
लङ्काका घरमा त्यस्ता नाच्न लागे कुदी, पुगी ॥
हनुमान् कपि त्यो वेला बिजुली साथमा लिंदो ।
सफा वादल हुन् जस्तै देखिए शोभिए बढो ॥
पुगी राक्षसको यौटा घरमा नाच्तथे उनी ।
घुम्थे वर-बँचैचामा अर्कोमा पुग्दथे अनि ॥

१३

१४

जान्थ्यो ना ! उनको दृष्टि राजप्रासादमा पनि ।
थियो निर्भयता त्यस्तो, के मान्थे ! वीर थे यिनी ॥
घुम्दाघुम्दै पुगी हाले वेगले हनुमान् अब ।
साक्षात् प्रहस्त-मन्त्रीको घरमा उफ्रिदै तब ॥
त्यसैमा फोरिदिए राँको, त्यहीं अरु थिए घर ।
तिनमा पनि उफ्रे गै जोदिए अनि पुच्छर ॥
बावुको गुण पाएका बलवान् हनुमान् अब ।
त्यो महापार्श्व-मन्त्रीको पुगे महलमै तब ॥
त्यसैमा छोड्दिए राँको राँको फैं प्रलयाग्निको ।
यसो पछिल्तिरै फर्की हेरे व्हाव्हीर्ति बल्दथ्यो ॥
एवंरीत क्रमैसाथ बुद्धिमान् शुक-सारण ।
त्यो वज्रदंष्ट्रको घर्मा राँको फोसी दिए पुनः ॥
उफ्री गइ त्यहाँबाट इन्द्रजित् - मेघनादको ।
डढाए दिव्य प्रासाद छिटै स्वाहा भयो अहो ! ॥
जम्बुमाली-सुमालीको थियो भवन सुन्दर ।
त्यहींनिर त्यसैमाथि छुवाए आफ्नु पुच्छर ॥
ह्रस्वकर्ण तथा दंष्ट्र-सूर्यकेतु र रोमश ।
रश्मिकेतु-रणोन्मत्त-मत्त राक्षसको घर ॥
विद्युज्जिव्ह-ध्वजग्रीव-कराल र विशालको ।
निकुम्भ-कुम्भको एवं डलाग्दो कुम्भकर्णको ॥
शोणिताक्ष - हस्तिमुख - मकराक्ष - नरान्तक ।
यज्ञशत्रु दुरात्माको डढाए घर गै सब ॥
महान् तेज तथा वेग भएका कपिवीरले ।
यौटा घर वहाँ छोडे डढाएनन् स्वबुद्धिले ॥
वीर-राक्षसका सारा राम्रा प्रासाद वा घर ।
लङ्कामा जति थे स्वात्तै भए स्वाहा क्रमैसित ॥

२६

२७

ऋद्धि – सिद्धि हुने गम्म बहुमूल्य – अमूल्य यी ।
भए घर भुसुक्कै पो तिनै साथ हुँदा यति ॥
अब फुत्फुति नाघेर लङ्काका घर यी सब ।
पुगे राक्षस-राजाको महामहलमै तब ॥
शोभा-सिद्धि यहीं बस्थे, दिव्यता टिक्तथ्यो यहीं ।
थ्यो सौन्दर्य यहीं बेस शोभिन्थ्यो भव्यता यहीं ॥
मेरु-पर्वत हो जस्तै देखिन्थ्यो उच्च भै यही ।
मङ्गलोत्सवका वस्तुद्वारा भूषित थ्यो यही ॥
आफ्नो पुच्छरको आगो छ्वास्स छ्वाइ दिए यहाँ ।
छिटै अनर्थ भै हाल्यो दन्कियो बा ! जहाँ – तहाँ ॥
कपिमा श्रेष्ठ यी वीर गरी यत्ति त्यहीं बसी ।
जोडले गर्जिईहाले लयको मेघझैं भई ॥
सहाय वायुको पायो आगोले बढ्नगो बल ।
अनि कालाग्नि जस्तै भो बल्यो ह्वाह्वाँति भै तब ॥
यही महलको आगो राँको फेक्थ्यो यता-उता ।
त्यसैबाट भए स्वाहा बढ्दिए वायु-देवता ॥
सुनका झ्याल-ढोकाले सुशोभित र सुन्दर ।
बनेका मणि-मोतीले थिए प्रासाद यी घर ॥
नउ – साततले अग्ला तिनै घर हरेशिव ! ।
छिनमा नै भए स्वाहा, फुटे चूर्ण भए सब ॥
सिद्धका घर जो खस्छन सकिंदा पुण्य माथिका ।
त्यै ठीक पो भए ओहो ! बरबादै भयो तदा ॥
अ-आफ्नो झिक्न संपत्ति बल्दो आगो निभाँउन ।
लागे यता-उता दौड्दै अब राक्षसका गण ॥
ठूलै कोकोहलो भैगो श्री-सम्पत्ति डढ्यो जब ।
देख्ता निराश भै हाले दुष्ट राक्षस-यी सब ॥

३६

४०

विलाप्तै भन्दथे सारा हरे ! वानररूपमा ।
आएछन् अग्नि आफैं पो लङ्का मारन जहाँ-तहाँ ॥
लङ्काका राक्षसी कैयौं लिइ बालक काखमा ।
रुँदै-चिच्याँउदै उङ्ग लड्न लागे यहाँ-वहाँ ॥
निकै निशाचरीको ता राँकोले वस्त्रमा छुँदा ।
प्रत्यङ्ग बल्न लाग्यो बा ! ह्वार्र ह्वार्र !! गरी तदा ॥
फिंजियो शिरमा झाँक्रो अटालीहरुबाट नै ।
अनि हाम्फाल्न लागे ती, प्राण राख्न भनेर नै ॥
त्यसवेला पनी ओहो ! बहुतै शोभिए यिनी ।
माथिबाट तलै झर्ने विजुली ठीकका घनी ॥
हनुमान्‌ले यसो हेरे बलेका घरका अब ।
देखे बा ! धातु पग्लेका बहेका भै नदी सब ॥
हीरा मूँगा तथा मोती सुन चाँदी र नीलम ।
पग्लिएर विचित्रै थ्यो संयोग यिनको पुनः ॥
सुकेको दाउरा काठ झार-पात मिल्यो भने ।
तिनलाई डढाएर तृप्त हुन्थे र अग्नि के ? ॥
वीर राक्षस ठूल्ठूला मार्नमा हनुमान् पनि ।
अघाँउन्न थिए, कत्ति तिनै ठीक बनी-बनी ॥
मारेका यिनले त्यस्ता क्रूर राक्षसलाइ ता ।
राख्नमा काखमा आफ्नो हुन्नथिन् तृप्त मन् धरा ॥
शोभियो अग्निको राँको अब लङ्का-पुरी भरी ।
रोरी र ब्रुकुवा जस्तो देखिन्थ्यो जो थरी-थरी ॥
कहीं पलाँशका फूल शोभिए ठीक शोभियो ।
कहीं शाल्मलिको फूल देखिए ठीक देखियो ॥
डढाए ठीक त्रिपुर भगवान् रुद्रले अघि ।
सारा लङ्का डढाए बा ! हनुमान्‌ले घुमी, कुदी ॥

५२

५३

लङ्का भरी पर्वत-टाकुरामा पुगे डढेंलो भइ अग्नि बढ्दै ।
पछाडि देखाँउन आफ्नु वीर्य थाले अहो ! पर्वतमा पनी त्यै ॥
पराक्रमी यी हनुमान् रिसाई आगो लगाए जब यो पुरीमा ।
बढेर राँको सब तर्फ घेर्‍यो स्वाहा गरायो त्यसले छिनैमा ॥
कालाग्नि जस्तै भइ अग्निदेव झन् झन् बढे ओह ! आकाश छोई
गरे यता मद्दत चाहिएको ती वायुले सम्म मनै फुकाई ॥

५५

CC-0. In Public Domain. Digitization by eGangotri

५६

धूँवा भनेको त्यस अग्निबीच देखिन्नथ्यो कत्ति, निशाचरैको ।
शरीररूपी घिउ होमिनाले ज्वाला थियो झन् अति भै बढेको ॥
सम्पूर्ण लङ्कापुरलाइ घेरी बढी रहेथे प्रभु अग्निदेव ।
यी देखिइन्थे तसअर्थ साक्षात् हुन्छन् करोडौं प्रभु-सूर्यदेव ॥
पहाड अग्ला घर फट्ट फुट्ता जो शब्द हुन्थ्यो अति उग्र चर्को ।
त्यस्तै थियो त्यो लयकालबीच चट्याङ् परेझैं सब मास्न फर्को ॥
तलै धरा देखि अकाश सम्म फैली रहेको छवि, अग्नि-ज्वाला ।
पलाशको फूल सरी अनौठो भै शोभियो बा ! बनि दिव्य—माला ॥
सम्बन्ध छुट्ता बल माथि पुग्दा रुमल्लिएको पनि धूम-लेखा ।
नीला-कमलकै सरि वर्ण धर्ने ती मेघ जस्तै भई शोभियो बा ! ॥
प्राणीहरूका समुदाय, हूल जम्बा भए राक्षस सम्म त्यस्ता ।
लङ्का डढेको घर—वृक्ष साथै देख्ता गरे तर्क-वितर्क यस्ता ॥
के वज्र धर्ने सुरराज आफैं आए यहाँ वानर भै यसोरी ? ।
आए कि साक्षात् यम रूप ली यो संहार गर्छन् लयमा जसोरी ! ॥
कि हुन् प्रचेता, शिव, सूर्य, अग्नि आए कि ता चन्द्र कि हुन् कुबेर ? ।
पक्कै पनी हुन् प्रभु-काल आफैं संहार्न आए कपि भै डटेर ॥
के हो त यो लोकपितामहैको त्यो चर्किएको रिस लोकहारी ? ।
हामीहरूलाइ विनाश्न सारा आई पुगेको कपिरूप धारी ॥
के हो त साक्षात् प्रभु-विष्णु कै पो अचिन्त्य, अव्यक्त, अनन्त तेजै ।
अतर्क्य आफ्नो धरि दिव्य-माया संहार्न आयो कपिरूप ली यै ॥
घोडा र हात्ती रथ वृक्ष पक्षी तथा अनेकौं पशु सैन्य ली ली ।
लङ्का डढी राक्षससाथ सारा, रोए - कराए अब शेष सारा ॥
भन्थे विलाप्थे—प्रिय हा! मर्‍यौ नि! हा पुत्र ! आमा! कसरी गयौ नि? ।
बाबा! मर्‍यौ हा! गतिला थियौनि? नानी! तिमी हा! कसरी जल्यौ नि?॥
ज्यादै भयो राक्षस-राक्षसीले रुँदा, विलाप्ता अति कल्पिएर ।
बढ्दै गयो अग्नि यता हवाको सहाय पाई अझ उर्लिएर ।
रिसाँउदाभा कपि एकपल्ट लङ्का जल्यो भस्म भयो यसोरी ।
राँको बळ्यो ओह ! जताततै पो मरे डढे राक्षस-वीर फेरि ॥
लङ्का भइन् श्राप परे समान ज्यादै कुरूपा छिनमै अकस्मात् ।
फर्काइ आफ्नो शिर शान्ति साथ हेरे उनीले पुरतर्फ तस्मात् ॥
साक्षात् स्वयम्भू विधिको न राम्रो परेर नै श्राप विनाशिएकी ।
पृथ्वी सरीकी उनलाइ देखे ज्यादै न राम्री सब नाशिएकी ॥
अत्यन्त राम्रा अतिवेस त्यस्ता मासी बगैंचा, रुख, वीर मारी ।
जिती लडाइँ कपि बल्ल शान्त भए त्यसोरी पुर भस्म पारी ॥

७२

त्यही त्रिकूटाचल-टाकुरोमा आइ बसे वानरसिंह वीर ।
आगो हुँदा पुच्छरमा बलेको सूर्यै सरी शोभित भो शरीर ॥
नाशी बघैंचा वनसम्म त्यस्तै मारी निकै राक्षसवीर हाई !
फोसेर आगो तिनका चरैमा संभे उनीले प्रभु रामलाई ॥
देखेर सत्कर्म महान् उनीको आकाशचारी सुर-सिद्ध आदि ।
साह्रै खुशी भै स्तुति गर्न लागे प्रसन्नता भो उनलाइ ज्यादि ॥
हुन् बुद्धिमान् वानर यी हनूमान् अत्यन्त तेजी बल-वीर्य धर्ने ।
देख्ता नियाल्दा शुभ कर्म यस्तो सारा भए गद्गद दङ्ग पर्ने ॥

७५

७६

सुरासुर र गन्धर्व महर्षि मुनि नाग र ।
विद्याधर र साध्यादि भए दङ्ग छुटी डर ॥
प्रमदावन यो माशी नाशी राक्षस युद्धमा ।
भस्म पारी सबै लङ्का शोभिए कपि यी वहाँ ॥
बढ्दै पुच्छरको आगो ज्वाला फेंक्थ्यो जतातता ।
सूर्य भैं ज्योति फ्याँकेका देखिन्थे कपिवीर ता ॥

७८

७९

सारा लङ्कापुरीलाई पीडा पारी यसो गरी ।
अब पुच्छरको आगो निभाए सिन्धुमा पसी ॥
देख्ता लङ्का डढेकी यो ऋषि गन्धर्व देवता ।
ढुक्क, तुष्ट भए भित्र सारामा शान्ति भो तदा ॥
परन्तु त्यस वेलाका देख्ता यी हनुमान्‌कन ।
साक्षात् कालाग्नि हो भन्दै डराए जगतै पुनः ॥

८१

८२

महर्षि एवं सुर सिद्ध साध्य गन्धर्व विद्याधर नाग - जाति ।
भए निकै शान्त र तुष्ट भित्र त्यो कर्म देख्ता कपि—वीरको यी ॥

इति चवन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचपन्नौं सर्ग

देवी–सीताको विषयमा हनुमान्‌लाई पीर पर्नु र पछि निःशङ्क हुनु

१

अब राम्रै गरी हेरे हनुमान्‌ले पुरीतिर ।
देखे भस्म हुँदै थिन् ती बल्दा, जल्दा निरन्तर ॥
सारा लङ्कानिवासीमा भित्र त्रास थियो अति ।
यसैले काँप्तथे सारा भित्र पीर थियो उति ॥
झल्याँस्स संझना आयो उनको मनमा अनि ।
लिई विषय सीताको अब दुःखी भए उनी ॥
ठूलै डर परी हाल्यो त्यसको साथ-साथमा ।
आफैं माथि घृणा भैगो शोच्न लागे गमी त्यहाँ ॥
हरे ! वर्बात नै भो बा ! मैले के पो गरेंछु हा ! ।
लङ्का भुसुक्क पारेर डढाएर जतातता ॥
तिनै धन्य ! मनस्वी हुन्, महान् पुरुष हुन् तिनै ।
उठेको क्रोध जो रोक्न सक्तछन् भित्र-भित्र नै ॥
मामूली जनले जस्तो बलेको अग्निमा जल ।
हालेर पार्दछन् शान्त त्यस्तै जो पार्दछन् स्वतः ॥
क्रोधको वशमा पर्दा पाप गर्छन् सबै जन ।
कुन यो रोक्न सक्ला र महापुरुष होस् जुन ॥
रिसको झोकमा पर्दा संसारी व्यक्ति यी हरे ! ।
आफ्ना मान्यहरूलाई पनि मार्छन् विफ्वाँक ए ! ॥
क्रोधको वेगमा पर्दा महात्मा–साधुसम्मको ।
निन्दा, आक्षेप गर्छन् ती बकी नाना कुरा अहो ! ॥
क्रोधी मनुष्य जे होस् न शोच्तै-शोच्तैन यो कुरो ।
के भन्नु हुन्छ ? के हुन्न ? न भन्ने हुन्न क्यै कुरो ॥
न गर्ने काम नै छैन रिसाहाको निमित्तमा ।
न भन्ने वाक्य नै छैन क्रोधीको निम्तिमा यहाँ ॥
सर्पले काँचुली फेकें ठीक जो व्यक्ति शान्तिले ।
उठेको क्रोध फेंक्दिन्छ, हो त्यही धन्य व्यक्ति ए ! ॥

१३

१४

हरे ! धिक्कार होस् ! मेरो बुद्धि नै बिग्रियो तव ।
कस्तो कर्म गरें ! मै हूँ पापी निर्लज्ज वास्तव ॥
ती देवीका सुरक्षाको विचार न गरीकन ।
त्यसरी झोस्दिएँ आगो लङ्काभर दनादन ॥
महान् कुकर्म हो मेरो यही पैलो असह्यको ।
जसले आफ्नु स्वामीकै गर्‍यो हत्या, अनर्थ भो ! ॥
अहो ! लङ्का-पुरी स्वाक्षै यसरी जल्दछे भने ।
पक्कै पनि परी बक्स्यो जानकी त्यसमै हरे ! ॥
अब बर्बात भो ओहो ! मूर्ख भै भूलमा परी ।
आफ्नु मालिककै काम नासें मैले न राम्ररी ॥
यत्रो यत्न र उद्योग जुन त्यो कार्य-सिद्धिमा ।
अघि मैले गरेकोथें नाश्दिएँ सब अन्तमा ॥
ती देवी जानकीलाई राखी अजगमा लगी ।
लङ्का जलाँउथें ता म बेस हुन्थ्यो यही पछि ॥
सानु काम थियो बाँकी लङ्का-दहनरूप यो ।
वेसै थ्यो पूर्ण पारें त्यो सकियो सब भस्म भो ॥
परन्तु क्रोधले गर्दा त्यसैको वेगमा वही ।
काट्दिएँ मुख्य कामैको जरो मैले त्यसै हकि ? ॥
बाँकी छैन कुनै ठाम सारा लङ्कापुरीभर ।
जहाँ आगो न लागेको होस् बचेको र सुन्दर ॥
सारा लङ्का सखापै भो जानकी पनि वास्तव ।
त्यसैमा परि बक्स्यो बा ! लौ अनर्थ भयो अब ॥
सारा काम विगारें हा ! आफैंले बुद्धि बिग्रंदा ।
मैले बाँच्नु छ धिक्कारै यो प्राणै छोड्नु पर्छ बा ! ॥
ठीक हो ! बेस लाग्यो यै मरुँ त्यै अग्निमा डढी ।
बडवानलमा भ-ाम्मै हाम्फाली कि मरुँ डढी ? ॥

२६

२७

अथवा सिन्धुमा भित्र बसेका जीव-जन्तुको ।
आहार म बनूँ त्यत्तिकै होला श्रेय गरे कसो ? ॥
हुँ म त्यै बजिया धिक् छ ! जल्ले बनि-बनाउ यो ।
कामको जड नै मास्यो भाँड्भैलो पार्दियो अहो ! ॥
जिउँदै अब यस्ताले गइ वानरराजको ।
अगाडि कसरी पर्नु कालो मुख लिएर यो ? ॥
पुरुषश्रेष्ठ श्रीराम--वीर लक्ष्मणको अघि ।
कसरी जानु ? के भन्नु हाल यो पाउमा बसी ? ॥
रोषको दोषले मैले ख्यात त्रैलोक्यबीचमा ।
वानरोचित-चाञ्चल्य देखाएँ आफ्नु त्यो यहाँ ॥
राजसी चाल-चेष्टा यो गर्न काम-कुरो कुनै ।
छ चञ्चल र सक्तैन, धिक्कार छ यसैकनै ॥
उठ्ने रजोगुणैबाट क्रोधको वशमा परी ।
रक्षा गरिन सीताको सक्ने भैकन राम्ररी ॥
नाशिंदा जानकी देवी ती दुवै राम लक्ष्मण ।
आफैं भुसुक्क भै हाल्छन् अनि हुन्छ भलो कुन ? ॥
अवस्था उनको त्यस्तो भएमा नाशिंदा दुवै ।
बन्धु-बान्धव ली साथ मर्छन् सुग्रीव झन् त्यसै ॥
त्यो कुरा पछि पुग्नेछ अयोध्यामा रुमल्लिंदै ।
वहाँ भरत शत्रुघ्न सुन्नेछन् पछि यो सबै ॥
भ्रातृवत्सल छन् त्यस्ता धर्मात्मा छन् दुवै अनि ।
आंन के बाँच्न सक्थे ती, मरी हाल्छन् त्यसै पनि ॥
सर्वदा धर्म-मर्यादा पाल्ने इक्ष्वाकु-वंश त्यो ।
सखाप यसरी होला मूलैसाथ लिएर यो ॥
अयोध्यापुरका सारा प्रजाहरू पनी अनि ।
पाक्नेछन् पीरले भित्र शङ्कै छैन कुनै पनि ॥
जानकीका सुरक्षाको न गर्दा शोच वास्तव ।
मैले संग्रह यो नाशें धर्मको अर्थको सब ॥
यसर्थ म अभागी हूँ अविवेकी र मूर्ख हूँ ।
प्रायश्चित छँदैछैन क्यै गरे पनि, स्वाँठ हूँ ॥
रोषको दोषले गर्दा न शोच्तामा यताउता ।
मासें सम्पूर्ण लोकै पो, बितें अब त्यसै म हा ! ॥
यस्तै प्रकारले शोच्ता-शोच्तामा हनुमान्कन ।
भवाट्ट देखा परी हाले राम्रा शकुन, लक्षण ॥

४३

४४

जसका फल राम्रा थे भोगेथे उनले अघि ।
यसर्थ फेरि शोच्छन् ती यसरी अड्कलै गरी ॥
सर्वाङ्ग-सुन्दरी सीता अथवा आफ्नु तेजले ।
रक्षितै भइबक्सेला ? हो कि यो शोच व्यर्थ के ? ॥
कल्याणी जानकीज्यूको नाश हुन्न कदापि, हा ! ।
अग्निले अग्निलाई नै के सक्ला त, डढाउला ? ॥
सीता अमेय-तेजस्वी-धर्मात्मा रामभद्रकी ।
गृहिणी भइबक्सिन्छ नारीमा श्रेष्ठ योग्यकी ॥
चरित्र-बलले आफ्नो त्यो पातिव्रत्य-धर्मले ।
रक्षितै भइबक्सिन्छ छुनै सक्तैन अग्निले ? ॥
म जावोलाइ पोलेनन् यता दाहक अग्निले ।
यसमा पनि त्यै हेतु पर्न गो लौ ! अयत्नले ॥
विदेहनन्दिनी देवी-सीताका पुण्यको बल ।
प्रभाव रामको पर्दा हो ! भए अग्नि शीतल ॥
छोरी जनक-राजाकी सीता देवी यथार्थमा ।
आराध्या भइ बक्सिन्छ तीनै देवरकी यहाँ ॥
उहाँलाई सँधै पूज्छन् भाई भरत आदि ती ।
भइबक्सिन्छ प्राणै मैं यता श्रीरामको सती ॥
त्यस्ती देवी उहाँलाई अग्निले गर्नु के अनि ।
के लछ्रानु ! लछ्रार्ने के तेजले तेजमा पनि ? ॥
हो ! हुन् दाहक यी अग्नि अविनाशी र व्यापक ।
स्वाहा पार्छन् सबैलाई यिनमा दिव्य-शक्ति छ ॥
परन्तु जसको पर्दा त्यो प्रभाव मलाइ वा ।
डढाएनन् भने देखि के पोल्थे त्यसलाइ बा ! ॥
संझे झल्याँस्स यै वेला फेरि यी कपिले वहाँ ।
घटेको घटना आफ्नो अघिको सिन्धुबीचमा ॥
मलाइ दिन उत्साह सुस्ताँउन सुखैदिन ।
उठेथे सिन्धुकै माथि गिरि-मैनाक ! तत्क्षण ॥
त्यत्ति संझे पछी फेरि शोच्छन् कपि मनै-मन ।
जानकीमा छ बा ! ठूलो तपस्या, सत्यभाषण ॥
पतिमा भक्ति ज्यादै छ आर्या सीता स्वयं अतः ।
सकिबक्सिन्छ आफैं पो जे पनी गर्न वस्तुतः ॥
तसअर्थ उहाँलाई पोल्न सक्तैन अग्निले ।
उल्टो अग्निकनै पोल्छ उहाँकै दिव्य-तेजले ॥

६०

६१

सीताका धर्मको बारे सत्य-तत्परता दुवै ।
यस्तै विचार गर्दैथे हनुमान् खिन्नचित्त भै ॥
यसैवेला सुने माथि महात्मा चारणादिको ।
प्रशंसामय सद्वाक्य, भन्थे अन्योन्यमा यसो ॥
हनुमान् कपिले ओहो ! गरे अद्भुत काम यो ।
सारा राक्षसका घर्मा झोस्दिए तीव्र अग्नि जो ॥
दौडी घर-घरैबाट भागेका राक्षसादिका ।
वृद्ध-स्त्री-बाल-बच्चाले लङ्का पूर्ण भइन् अहा ! ॥
उठ्ता रुवाइ साराको कोलाहल बढ्यो अति ।
बडो गजब भो सारा रुन्छन् चिच्याँउछन् उति ॥
पहाडका कुनाकाप्चा कन्दरा र गुफातक ।
किल्ला पर्खाल अट्टाली पुरद्वार-भरी सब ॥
६६

६७

जल्नसम्म जल्यो सारा लङ्कै स्वाहा ! भयो तर ।
डढिनन् जानकी देवी, छन् उनी शान्त सुस्थिर ॥
महान् आश्चर्य हो ठूलो कुरो यै हुनगो अहो ! ।
हामी आकाशचारीको निम्तिमा पनि, धन्य हो ! ॥
हनुमानले सुने यस्ता सिद्ध-चारणका कुरा ।
हुन् मैं अमृतका थोपा जुन मीठा थिए अहा ! ॥
हर्षोल्लास बढ्यो ठूलो तत्काल उनमा अब ।
अनेकपल्ट भोगेका यस्ता शकुनले सब ॥
महान् गुण भएका ती नाना कारणले तथा ।
कुरा सुनाइले यस्ता ऋषि-चारण आदिका ॥
सीता जीवित छन् भन्ने हुँदा निश्चित चित्तमा ।
सुख शान्ति भई हाल्यो हनुमान्लाइ अन्तमा ॥
७२

७३

भएन केही पनि जानकीमा भन्ने ठमाए पछि भित्र मन्मा ।
धोको पुग्यो बा ! उनको समस्त उद्योगले पारिदियो प्रशस्त ॥
विचार उब्ज्यो कपिवीरको यी विशुद्ध त्यस्तो मनमा उदार ।
यी नेत्रले नै अब जानकीको ढोगेर श्रीपाउ म जान्छु पार ॥
७४

इति पचपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छपन्नौं सर्ग

देवी–सीतालाई भेटेर कपिवीर–हनुमान् समुद्रपार हुन कुद्नु

१

शोची यत्ति यहाँबाट कुदे फुत्त महाकपि ।
अशोकबाटिका भित्र अडिए बा ! त्यहीं पुगी ॥
जहाँ सीता बसेकी थिन्, शिशौको रुख थ्यो जहाँ ।
पसेर पाउमा ढोग्दै कपि भन्छन् यसो वहाँ ॥
सौभाग्यको कुरो यै भो आर्ये ! म प्रभुलाइ जो ।
देख्तो छु कुशलै साथ बसेकी, धन्य भाग्य हो ! ॥
त्यो वेला जानकी देवी पतिको स्नेहमा बही ।
झोक्रिएर बसेकी थिन् देखिन् वानरलाइ यी ॥
जान ठिक्क भए जस्ता देखिए कपि यी जब ।
हेरी–हेरी उनलाई भन्दछिन् जानकी तब ॥
निष्पाप ! कपि ए बाबु ! योग्य ठान्छौ भने तिमी ।
आजको दिन यो यौटा यहीं बस कहीं तिमी ॥
यहाँ लुकी छिपी बस्न योग्यका ठाम छन् निकै ।
थकाइ राम्ररी मार, जाऔला सुत्त भोलि है ? ॥
म अल्पभागिनी स्त्री हूँ बुझ्यौ ! आज बसे तिमी ।
अपारदुःख विर्सन्थे छिनकै निम्तिमा पनि ॥
गए पछि यहाँबाट आउञ्जेल यता तिमी ।
टिक्छन् यी प्राण टिक्तैनन्, भन्न सक्तिन क्यै पनि ॥
ममा परि रहेका छन् दुःखमा दुःख ए कपे ! ।
साह्रै दुब्ली भएकीछु म मानसिक शोकले ॥
तिमी पनि उता जाँदा यता यस्तो हुँदा स्थिति ।
हुनेछ के दशा मेरो संझिराख तिमी यति ? ॥
सुन मुख्य कुरा वीर ! मलाई अहिले पनि ।
निकै कुरि–कुरी पिर्छ ठूलै शङ्का बनी–बनी ॥
त्यो यै हो–कपि–भालूका स्वामी वीर महाबली ।
भए पनि त सुग्रीव तर्लान् सिन्धु कसो गरी ? ॥

१३

१४

तिनका सैन्य भालू र ती वानर पनी हरे ।
कसरी तर्न सक्लान् र भन्ने शङ्का छ है, कपे ! ॥
राजपुत्र दुवै भाई आर्य–राम र लक्ष्मण ।
कसरी आउलान् वीर ! यस पार तिमी भन ? ॥
यो महोदधि नाँघ्नामा तीनौटै छन् समर्थ ती ।
तिमी, गरुड हुन् वायु अर्को योग्य हुने अति ॥
साह्रै गाह्रो छ यो कार्य, वाधा छन् फेरि घेर यो ।
मेरो सन्देह लौ मास योग्य उत्तर क्यै दिई ॥
तिमी काम कुरो गर्न हो ! रहेछौ सिपालु, यो ।
मेरो कुरि–कुरी नाश भन उत्तर योग्यको ? ॥
यो कार्य–सिद्ध पार्नामा मार्नामा सब राक्षस ।
मानें मैले तिमी यौटै सक्नेछौ, योग्य छौ जब ॥
शत्रुसैन्य सबै नाश्ने सुन ए बाबु ! वानर ! ।
यसले कीर्ति तिम्रो नै बढ्छ देखिन्छ यो बल ।
तर देखिन्न है कत्ति शक्ति, सद्बल, विक्रम ।
मेरा पति उहाँको ता जुन यौटै छ उत्तम ॥
आफ्नो शत्रु भए देखि जो होस् जस्तो हवोस् कपे ! ।
मार्दिबक्सिन्छ सेनाकै साथ त्यल्लाइ रामले ॥
तस्मात् राम यहाँ आई जिती लङ्कापुरी सब ।
मलाई साथ ली जानु उहाँको निम्ति योग्य छ ॥
उपाय गर यस्तो कि शूरता देखियोस् सब ।
युद्धवीर महान् आत्मा उहाँकै जो छ वास्तव ।
विशेष अर्थले पूर्ण स्नेहयुक्त मनोहर ।
सीताका यी कुरा सुन्दा भन्दछन् वीर वानर ॥
ठीक आज्ञा भयो देवि ! भालू–वानरका पति ।
छन् कपिश्रेष्ठ सुग्रीव बलवान् वीर्यवान् अति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सत्यवाक्य हुने त्यस्ता उनले प्रभुलाइ ता ।
छुटाउँन गरेका छन् प्रतिज्ञा दृढ सर्वथा ॥
हजारौं र करोडौं छन् उनका भृत्य, सैनिक ।
घेरिएर तिनैद्वारा आइ पुग्छन् छिटै अब ॥
साथै वीर नरश्रेष्ठ दुवै श्रीराम लक्ष्मण ।
अवश्य आइ बक्सिन्छ म पुग्ना साथ तत्क्षण ॥
तीखा बाण त्यजी आफ्ना अनि लङ्कापुरीकन ।
भुसुक्कै पार्दि बक्सिन्छ, मार्दि बक्सिन्छ रावण ॥
बन्धु-पुत्रादि जो जो छन् लङ्कामा यसका सब ।
तुरुन्तै अनि मर्नेछन् चाँडै नै हुन्छ यो सब ॥
सुनि बक्स्योस् वरारोहे ! भनि ता प्रभुलाइ ली ।
सवारी रामको फिर्ला अयोध्यातिर हर्षिई ॥
तस्मात् धैर्य धरी बक्स्योस् जय, होस् प्रभुको शुभै! ।
यहीं पर्खेर क्यै काल राजहोस् अब शान्तिलै ॥
रामका बाहुद्वारा यो मर्छ राक्षस रावण ।
हजूर देखि बक्सेला आफ्नु नै नेत्रले पुनः ॥
पुत्र-बन्धु तथा मन्त्री साथको राक्षसेन्द्र यो ।
मरेमा मिलि बक्सेला अङ्कमा प्रभु-रामको ॥
बढ्ला अवश्य त्यो वेला दिव्य-श्री प्रभुको अहो ! ।
रोहिणी चन्द्रमा साथ मिल्दा जस्तो भएर पो ॥
भालु-वानर-सेना ली सवारी हुन्छ राघव ।
मारी रावण यो शोक नाशिदबक्सिन्छ वास्तव ॥
बँधाई यसरी धैर्य त्यहाँबाट बिदा हुन ।
अब यी कपिले ढोगे श्रद्धाले जानकीकन ॥
लङ्काका वीर ठूल्ठूला मारी राक्षसलाइ यी ।
यिनले ख्याति फैलाए आफ्नो परिचयै दिई ॥
सान्त्वना जानकीलाई दिए वा ! त्यसरी पछि ।
लङ्का भस्मै बनाए हा ! देखाए बल-शक्ति ती ॥
जिल्ल्याए त्यसरी ओहो ! राक्षसेन्द्रकनै पनि ।
कुराकानी गरे फेरि सीतासँग भलै गमी ॥
सकेर यी सबै काम त्यो महोदधिबीचको ।
गरी आकाशको बाटो लिए फर्किनु लक्ष्य पो ॥
गर्न दर्शन स्वामीको भइ उत्सुक यी कपि ।
उफ्रिएर चढे फुत्त अरिष्ट-गिरिमा पछि ॥

४२

४४

अग्ला नीला निकै बाक्ला पद्मकै वन ठीकका ।
त्यहाँका वृक्षका पंक्ति शोभिइन्थे जतातता ॥
त्यस पर्वतले ओहो ! यिनकै दिव्यरूपको ।
कपडा पैह्रिए जस्तो देखिइन्थ्यो विचित्र थ्यो ॥
यसका टाकुरामाथि झुण्डेका श्यामवर्णका ।
मेघ नै यसले ओढ्ने ओढे जस्तो थियो अहा ! ॥
सँधै शुभ दिने साक्षात् सूर्यका करवाट यो ।
न्यूँ झाए ठीक देखिन्थ्यो प्रेमले भव्यरूपको ॥
टल्किन्थे धातुका खानी त्यस पर्वतमा जति ।
तिनै नयन थे, देख्थ्यो जसले सब वस्तु ती ॥
उठ्ता गम्भीर आवाज नदीका जलराशिको ।
वेद-पाठ स्वयं गर्छ भनेझैं गिरि यो थियो ॥
अनेकौं झरना झर्दा हुँदा कल्कल यो ध्वनि ।
तिनैले गीत गाएझैं देखिन्थ्यो गिरि त्यो पनि ॥
ज्यादै अग्ला निकै मोटा वृक्ष भै देवदारुका ।
आफ्ना राम्रा तिनै हात उठाए ठीक थ्यो अहा ! ॥
जलका भेल खस्नाले गम्भीर ध्वनि निस्कँदा ।
गर्छ कोकोहलो ठूलो भने जस्तै थियो तदा ।
वायुले हल्लिंदा अग्ला काँसका शरका वन ।
अरिष्ट-गिरि देखिन्थ्यो काँपे जस्तै स्वयं पुनः ॥
बज्ने बाँस हुँदा घेर हावा लाग्दा बजेर ती ।
घन्किन्थ्यो गिरि आफैंले वजाए ठीक बाँसुरी ॥
विषालु अति डल्लिंदा हुँदा सर्प निकै अहो ! ।
तिनैद्वारा गरी स्वाँ ! स्वाँ !! सास फेर्छ सरी थियो ॥
कुहीरो भै दिंदा डम्म गहीरा कन्दरा गुफा ।
तिनैद्वारा महान् ध्यानी झैं देखिन्थ्यो जतातता ॥
उठेका मेघ हुन् जस्ता देखिने पार्श्वभागका ।
स-साना गिरिद्वारा यो हिंड्छ जस्तै थियो तदा ॥
टाकुरा मेघ-मालाले सुशोभित हुँदा यता ।
तिनैले हाई ! त्यो गर्छ भनेझैं पो थियो उता ॥
हजारौं टाकुराद्वारा यो शोभिन्थ्यो जतातता ।
अङ्ग-प्रत्यङ्ग शोभिन्थे हजारौं भैं दिंदा गुफा ॥
साल ताल तथा कर्ण बाँसका र तमालका ।
अनेकौं वृक्षले गर्दा थियो शोभित यो सदा ॥

६०

६१

लटरम्म भई फुल्दा झुलेका भार भै अति ।
लता-वितानद्वारा यो हुन्थ्यो भूषित झन् अति ॥
जङ्गली पशु थे घेर यिनैले परिपूर्ण थ्यो ।
अनेकौं धातुका सोता बग्दथे अतिदिव्य थ्यो ॥
साना ठूला हजारौं थे झरना बग्दथे यहीं ।
ज्यादै विचित्र ठूल्ठूला शिला शोभित थे यहीं ॥
महर्षि यक्ष गन्धर्व सिद्ध नाग र किन्नर ।
यहीं आइ सँधै बस्थे थियो झन् अतिसुन्दर ॥
सर्वैतिर थियो डम्म टम्म वृक्ष-लता हुँदा ।
गुफाभर थिए गम्म सिंहसम्म निकै हुँदा ॥
बाघ-भालू यहीं घुम्थे, थिए हिंसक जन्तु ती ।
स्वादिष्ट फलका वृक्ष लटरम्म थिए अति ॥
यहीं नै कन्द-मूलादि पाइन्थ्यो, रमणीय थ्यो ।
यसै पर्वतमा आए हनुमान् कपि यी अहो ! ॥
अब ढल्किसकेकोथ्यो यिनको मन वास्तव ।
राम-दर्शन गर्नाकै निम्ति भै अतिउत्सुक ॥
यस पर्वतका अग्ला चुचुराभरका शिला ।
उनका पाउ पर्दामा सारा चूर्ण भए तदा ॥
अरिष्ट-गिरिमा यस्तो चढे पछि महाकपि ।
बढ्नसम्म बढी हाले सकेसम्म बलै झिकी ॥
विशाल सिन्धुको त्यस्तो दक्षिणी-तटबाट यो ।
उत्तरी-तटमा पुग्न खोज्दथे लक्ष्य एक थ्यो ॥
हेरे अब त्यहाँबाट डर्लाग्दो सिन्धुलाइ त्यो ।
नाग-ग्राहादि ठूल्ठूला जन्तु थे जसमा अहो ! ॥
हिंड्छ आकाशमा जस्तो तीव्र भै हुत्तिई हुरी ।
त्यहीठीक कुदी हाले हनुमान् वायु-वेग ली ॥

७३

७४

उनका पाउले डाँडो छोड्दामा भार पर्न गै ।
आवाज निस्कियो ओहो ! डर्लाग्दो घनघोर भै ॥
त्यसका टाकुरा काँपे, भाँच्चिए रुख तत्क्षण ।
हल्लिइन् पृथिवी सारा जीव-जन्तुसँगै पुनः ॥
भयो वज्र परे जस्तै उनको उरु-वेगले ।
फुलेका वृक्ष सम्पूर्ण भाँच्चिए, भूमिमा लडे ॥
गुफाभर बसेका ती ओजस्वी सिंहको ध्वनि ।
आकाश छेड्छ झैं भैगो अत्यन्तै गर्जिए उनी ॥
यहीं आइ बसेकाथे विद्याधरी र किन्नरी ।
चुचुरो सब थ्यो पूर्ण विहार यिनले गरी ॥
आत्तिंदा डरले काँप्दा फरियै फुस्कियो हरे ! ।
उल्टिए गहना सारा भागे मास्तिर वेगले ॥
जिउ आकार ठूल्ठूला भएका सर्प थे यहीं ।
बल्दथ्यो यिनको जीब्रा विष-ज्वाला त्यजी यहीं ॥
परन्तु यस वेलामा खुम्च्याई आफ्नु आँङ ती ।
बसे भै कुण्डलाकार काँपेर डरले अति ॥
विद्याधर तथा यक्ष नाग गन्धर्व किन्नर ।
थिंच्चिदा गिरि त्यो भागे डरले सब मास्तिर ॥
अत्यन्त बलवान् त्यस्ता हनुमान् उफ्रिदा यता ।
अरिष्ट-गिरिको चाल अर्कै भो छिनमै तदा ॥
त्यस्तो शोभा हुने दिव्य गिरि यो थिचिंदा हरे ! ।
टाकुरा वृक्ष साथै ली भासियो कपि-वेगले ॥
तीस योजन अग्लो र चौडोमा दश योजन ।
भएको गिरि यो ठ्याप्पै पृथ्वीमै पो मिल्यो पुनः ॥
नुनीलो जलको सिन्धु ठूल्ठूला छाल वेस्करी ।
किनारभर फ्याँक्तैथ्यो कुर्लिएर घरी-घरी ॥

८६

८७

सयौं योजनको लामो डर्लाग्दो त्यै महोदधि ।
लीलैले तर्न इच्छा ली कुदे आकाशमा कपि ॥

इति छपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सन्ताउन्नौं सर्ग

कपीवर–हनुमान्‌ले महासागर–पार गरी जाम्बवान् र अङ्गद आदिसँग भेटघाट गर्नु

१

पखेटा शोभिएको क्वै पर्वतै-तुल्यका कपि ।
हुत्तिदै वेगले ज्यादै अब उड्दै बढे अघि ॥
तल यौटा थियो सिन्धु सयौं योजन विस्तृत ।
आकाशरूप अर्को थ्यो माथि त्यस्तो सुविस्तृत ॥
रमणीय महान् सिन्धुसम्मलाइ पनी उनी ।
छिनोल्न कसिएका थे बडो 'उत्साहवान् बनी ॥
माथिल्लो सिन्धुमा चाँहि नाग गन्धर्व यक्ष नै ।
भै पद्म, उत्पलै जस्तो शोभिन्थे, थ्यो मनोरमै ॥
जलकुक्कुट हुन् जस्ता देखिन्थे भगवान् रवि ।
चन्द्रमा चाँहि शोभिन्थे कुमुदै हुन् भने सरि ॥
पुष्य श्रवण नक्षत्र राजहाँस सरी थिए ।
सिंवाली घाँसकै ठीक शोभिन्थ्यो मेघ नै अरे ! ॥
त्यो पुनर्वसु देखिन्थ्यो ठूलो माछा समानको ।
मङ्गलग्रह शोभिन्थ्यो ठूलो ग्राह सरी अहो ! ॥
देखिन्थ्यो द्वीप हो जस्तै ऐरावत महागज ।
आकाश-सिन्धुमा स्वाती हंस ठीक थियो तब ॥
ठूल्ठूला वायुको झोक्का तरङ्ग यसका थिए ।
चन्द्रका किरणै ठण्डा यसमा जल जो थिए ॥
सारा आकाशलाई त्यो आफ्नो ग्रास बनाउँदै ।
चन्द्रमण्डललाई यो चिथोर्दै नङ्ले त्यसै ॥
सूर्यमण्डललाई त्यो ग्रहमण्डल साथको ।
अन्तरिक्षकनै सारा खिच्तथे आफुबीच यो ॥
परिश्रम कुनै त्यस्तो न परी सजिलैसित ।
अपार सिन्धु त्यो तर्दै छिचोल्दैथे मजासित ॥
आकाशभर यो बेला नाना रङ्ग र वर्णका ।
दल बादलका टम्म भएका थे जताततै ॥

१३

१४

नीला सेता हरीया थे कहीं मञ्जिष्ठवर्णका ।
कहीं राता पहेंला थे थियो डम्म अकाश बा ! ॥
शोभिएका यिनैलाई छिचोल्थे कपिवीर यी ।
भित्र पस्थे कहीं लुप्त निस्कन्थे फेरि फुत्त यी ॥
कहिले झल्ल देखिन्थे, ढाकिन्थे कहिले भने ।
चन्द्रमा ठीक भै हाले देखिने र न देखिने ॥
थियो बा ! मेघको माला अनेकौं रङ्गको वहाँ ।
त्यसैभित्र पसी उड्थे, पुग्दथे यी जहाँतहाँ ॥
सेतो वस्त्र लगाएका वीर यी चन्द्रठीक भै ।
लुकामारी गरी हिंड्थे उड्दै, लुक्तै र निस्कँदै ॥
दल बादलको सारा छिचोलेर यसो गरी ।
जाँदा यी गरुडै जस्ता भए ली वायुकै गति ॥
सिंहनाद गरी ठूलो मेघको गर्जना पनि ।
कहीं ता तुच्छ पार्दिन्थे गए यी यसरी अनि ॥
मारी राक्षस ठूल्ठूला सुनाई नाम आफ्नु त्यो ।
पारी लङ्कापुरी ध्वस्त हुँडोलेर सबै अहो ! ॥
सारा त्रैलोक्यलाई नै दिइ दुःख रुवाँउने ।
वीर रावणलाई त्यो पारेरै छट्पटाँउने ॥
गरी दर्शन सीताको लिई स्वीकृति, भै विदा ।
आए बीच अकाशैमा अब यी कपिवीर ता ॥
मैनाक गिरिका राजा यहाँ देखा परे पुनः ।
उडे हात पसारेर यसो छोइदिईकन ॥
यिनको गति बढ्दै गो वेगशाली थिए कपि ।
धनुषबाट छुटेको क्वै बाण जस्तै भए पछि ॥
उत्तरी-तटमा हेर्दा महेन्द्र-गिरिलाइ त्यो ।
देखे बा ! अब यी धीर हनुमान् वीरले अहो ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
मेघ गर्जे सरी ज्यादै जोडले गर्जिए अनि ।
ढाक्यो दशदिशा स्वात्तै उर्लिई यो महान् ध्वनि ॥
प्रिय साथीहरूलाई भेट्न उत्सुक थे उनी ।
त्यस ठाम्तिरै ताकी बढ्दै आइ पुगे अनि ॥
जोडले गर्जिए फेरि उनलाई भयो खुश ।
आफ्नो पुच्छर हल्लाए प्यारो अङ्ग हुँदा तव ॥
लिई गरुडकै बाटो आँउदा गर्जिंदा वहाँ ।
आकाश फुट्छ जस्तै भो सूर्यमण्डल साथमा ॥
हेरेर यिनको बाटो बसेका सिन्धु-तीरमा ।
थिए ती जाम्बवान् आदि हेर्थे अम्म आकाशमा ॥
वायुको शब्दमा मिल्दा गर्जना ठीक मेघको ।
गर्ज्याई हनुमान्‌को त्यो सुने ती सवले अहो ! ॥
शङ्काले विघ्न-बाधाको डराएका थिए सव ।
सुने बा ! मेघकै जस्तो गर्ज्याई उनको तव ॥
भेला भई बसे सारा आफ्ना प्रिय सुहृत् कपि ।
हनुमान्‌लाई देख्नामा सव उत्सुक भै पछि ॥
सारा वानर-भालूमा श्रेष्ठ ती जाम्बवान् थिए ।
भित्र प्रेम बढ्यो ज्यादै उनमा अनि हर्षिए ॥
बोलाएर सबैलाई नजीकै अब वीर ती ।
भन्नलागे उनी साथ यसरी दङ्ग भै पछि ॥
बावु हो ! सुन साथी हो ! हनुमान् कपिवीर यी ।
कार्य-सिद्धि गरी आए, शङ्कै छैन अलीकति ॥
गएको काम त्यो फत्ते न पारेको भए सुन ! ।
हुँदैहुन्न थियो यस्तो उनको उच्च गर्जन ॥
हनुमान्‌ले परै माथि आफ्नु बाहु र पाउ ती ।
फ्याँकेको देखियो स्पष्टै यी नजीकै भए पछि ॥
त्यो देखेर सुनी त्यस्तो उनको उच्च गर्जन ।
तलका कपि यी सारा उफ्रे दङ्ग परीकन ॥
हनुमान्‌लाइ हेर्नाको इच्छा उत्सुकता बढी ।
अ-अग्ला रुख-डाँडामा चढ्न लागे कुदी-कुदी ॥
त्यो भन्दा रुख वा डाँडा अर्को क्वै देखियो भने ।
त्यस माथि पुगी हाल्थे भइ उत्सुकता लिने ॥
फुलेका रुखका हाँगा हल्लाएर थरी थरी ।
दिन्थे चिह्न यी आफ्ना लुगै हल्लाँउछन् सरि ॥
४३

४४
यता गिरि-गुफाभित्र रोकिंदो वायु निस्किए ।
कस्तो आवाज निस्कन्छ त्यस्तै ती कपि गर्जिए ॥
तलका कपिले देखे माथिका कपिलाइ ती ।
क्वै बाक्लो मेघको थुप्रो आए मैं नजिकै बढी ॥
धकेल्दा स्नेह श्रद्धाले भालू-वानर यी सव ।
हात जोडी जुरुक्कै पो उठे अघि बढे तव ॥
अरिष्ट-पर्वतैबाट उडेका गिरितुल्यका ।
वेगवान् हनुमान् ओर्ले महेन्द्र-गिरिमा वहाँ ॥
पखेटा काटिएको क्वै गिरिमैं भइ अन्तमा ।
खसे दङ्ग भइ राम्रो झरनाको नजीकमा ॥
दङ्गादङ्गी परेका यी भालू-वानर वीरले ।
घेरे अव उनीलाई प्रेमसाथ मिली वसे ॥
घेरी त्यसो गरी बस्ता अव ज्यादै खुशी भए ।
वसे भर्खर ओर्लेका कपि झन् खुश नै थिए ॥
फल-फूल लिई आए अनेकौं भाँतिका अनि ।
टक्र्याए हनुमान्‌लाई ताँति लागी बसे उनी ॥
अव गर्जन लागे क्वै ज्यादै आनन्दमा परी ।
थाले कल्याङ्मल्याङ् गर्न कुनै ता हर्षमा परी ॥
ठूल्ठूला रुखका हाँगा फट्ट भाँचेर हर्षले ।
वस्नको निम्ति टक्र्याए कसैले उनलाइ ए ! ॥
ढोगे गै हनुमान्‌ले थी जाम्बवान् आदि वृद्ध र ।
कुमार अङ्गदैलाई मान्यलाई झुकी तव ॥
अनि ती जाम्बवान्‌ले र वीर अङ्गदले पनि ।
गरे स्वागत-सत्कार आफैंले उनको पनि ॥
अरु जो जो थिए वीर ठूल्ठूला वेस वानर ।
पारे वा ! हनुमान्‌लाई झन् तुष्ट यिनले तव ॥
थोरैमा हनुमान् भन्छन् अव यत्ति भए पछि ।
मैले दर्शन देवीको पाएँ लङ्का घुमी पछि ॥
उठी अव त्यहाँबाट समाए आफ्नु हातले ।
बीर अङ्गदको बाहु उनले अनि स्नेहले ॥
उनलाई लिई साथ त्यहाँबाट गए यिनी ।
त्यही महेन्द्र डाँडाको राम्रो ठामतिरै अनि ॥
त्यहाँ आरामले बस्ता सोद्धामा सवले अव ।
यसरी हनुमान् भन्छन् संक्षिप्तैमा स्वयं तव ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सुन्नुहोस् ! मान्य हो ! देवी सीता जनकनन्दिनी ।
अशोक-वाटिका भित्र राज हुन्छ सुदुःखिनी ।।
देख्तै अत्यन्त डर्लाग्दा रूप-रङ्ग र ढङ्गका ।
राक्षसीहरू छन् पालो-पहरामा वहाँ सदा ।।
सोझो स्वभावकी देवी भइ बक्सिन्छ वास्तव ।
यौटै चुल्ठो गरी राख्ने रहेछ नियम-व्रत ।।
राम-दर्शनमा मात्र भइ बक्सिन्छ उत्सुक ।
जटै भइ सकेका छन् देवीका केश वास्तव ।।
उपवास गरी बस्ता बस्ता क्षीण हुँदा तन ।
निकै दुब्लो भए जस्तो देखिन्छ मलिनो पुनः ।।
पाएँ दर्शन देवीको भनेको उनले सुनी ।
सुधा चाटे सरी भैगो भालू-वानरमा अनि ।।
पुग्ने जीवनको लक्ष्य उनले त्यो सुने पछि ।
ब्रह्मलोक पुगे जस्तै भयो अत्यन्त नै खुशी ।।
हर्षनाद गरे ठूलो सिंहनादै उठ्यो कहीं ।
महान् बल हुने गर्जे घनघोर जहाँत-हीं ।।
गरे कल्याङ-मल्याङ् धेरै जसोले त वहाँ अब ।
अर्काको गर्जना सुन्दा थाले गर्जन कै तव ।।
हात्ती जत्रै हुने देह ठूल्ठूला कपि ता वहाँ ।
ठाडो पुच्छर पारेर नाच्न लागे जहाँ-तहाँ ।।
आफ्नो राम्रो तथा मोटो लामो पुच्छर कत्तिले ।
हल्लाएर घुमाए बा ! हर्षले जोड-जोडले ।।
वृद्धङ्ग हर्षले कुदै डाँडाबाट त्यहीं पुगी ।
हनुमान्लाइ छोएर दङ्ग हुन्थे निकै कपि ।।

७२

७३

सब यी कपिकाबीच हनुमान्का कुरा सुनी ।
युवराज यसो भन्छन् जुन अङ्गद थे उनी ।।
हनुमन् ! ए कपिश्रेष्ठ ! वेगमा बल-वीर्यमा ।
तिमी तुल्य छँदै छैनन् कुनै व्यक्ति पनी यहाँ ।।
किन भन्छौ भने वीर ! यत्रो सिन्धुकनै पनि ।
नाघो पारी पुगी फर्क्यौ सजीलै र छिटै तिमी ।।
तिमी यौटै बन्यौ हाम्रो प्राण राख्ने बचाँउने ।
अब दर्शन गर्नेछौं रामको भै जसै लिने ।।
तिम्रो श्रीराम-स्वामीको पाउमा गाढ भक्ति पो ।
रहेछ, धन्य हौ वीर ! धन्य हो ! धैर्य शक्ति त्यो ।।
यो सौभाग्य पनी तिम्रै रहेछ, प्रभुरामकी ।
प्रिया-पत्नी उहाँलाई भेटि आयौ छिटो यति ।।
ककुत्स्थकुलका रत्न श्रीराम अब ता सखे ! ।
पत्नी-वियोगको शोक छोड्दिबक्सिन्छ भाग्यले ।।
अब सारा कपिश्रेष्ठ हनुमान् जाम्बवान् तथा ।
वीर अङ्गदलाई यी घेर्दै हिंड्दै गए तदा ।।
त्यही महेन्द्र डाँडाको ठूल्ठूला थे जहाँ शिला ।
त्यहीं बस्न पुगी हाले हर्ष मग्न थिए बरा ।।
कुरा समुद्र नाघेको दिव्य लङ्कापुरी पुगी ।
भेटेको जानकीलाई नाशेको बाटिका पछि ।।
अनि रावण भेटेको घटना सुन्न त्यो सब ।
हात जोडी उतै फर्की बसे उत्सुक भै सब ।।
बीचमा कपि-भालूका युवराज महाबली ।
वीर अङ्गद शोभिन्थे घेर्दथे सब वीर ती ।।

८४

८५

स्वर्गमा देवता द्वारा घेरिएका सुरेश्वर ।
शोभिए ठीक भै हाल्यो शोभिए वीर वानर ।।
त्यस्ता यशस्वी हनुमान् र अङ्गद पैह्रो डटेका कपि वीर अङ्गद ।
बस्ता बढ्यो श्री, गिरि यो महेन्द्रको भयो बलेमैं छवि फैलिएर त्यो ।।

८६

इति सन्ताउन्नौं सर्ग

अन्ठाउन्नौं सर्ग

कपिवर–हनुमान्ले लङ्कायात्राको सम्पूर्ण वृत्तान्त वर्णन गर्नु

१

महेन्द्र-गिरिको अग्लो टाकुरोमा त्यसो गरी ।
अब भेला हुँदा सारा भए दङ्ग मनै भरी ॥
उदार मनका सारा कपि भालू बसे पछि ।
बढे ती जाम्बवान् भालू सब यी वीरको अघि ॥
अब यी हनुमान्लाई सोध्छन् प्रेमपूर्वक ।
त्यहाँबाट गएदेखि फर्किए सम्मको सब ॥
भन लौ ए महावीर ! तिमीले जानकीकन ।
लङ्कामा कसरी देख्यौ ठमायौ के गरीकन ? ॥
मैथिली बसिबक्सिन्छ के गरेर वहाँ पुनः ? ।
व्यवहार छ के कस्तो उहाँमा दुष्टको भन ? ॥
अत्यन्त भयदायी हो क्रूरकर्मा दशानन ।
अब के गर्न चाहन्छौ एक एक गरी भन ? ॥
तिमीले जानकीलाई भन खोज्यौ कसो गरी ? ।
उहाँले भनि बक्स्यो के तिमीसाथ कुरा गरी ? ॥
सुने पछि तिमीबाट हाम्रा यी प्रश्नका कुरा ।
ठमाएर गरौंला है अगाडि गरिने कुरा ॥
किष्किन्धामा पुगी वीर ! हामीले भनिने तथा ।
गुप्त राख्ने कुरा सम्म पर्न आए भने यता ॥
स्वयं विचार गर्नेछौ बुद्धिमान् छौ तिमी जब ।
ठमाई यो सबै राम्रो भन्नेछौ भन लौ अब ? ॥
जाम्बवान्ले यसो भन्दा न भन्दा वायुपुत्र यी ।
वीरको देह सर्वाङ्ग रोमाञ्च हुनगो अति ॥
मनै-मन उनी तस्मात् झुकाई शिर आफ्नु त्यो ।
ढोगेर जानकीलाई भन्न थाले गरी त्यसो ॥
सुन्नुहोस् मान्य हो ! सारा तपाँईहरुकै अघि ।
दक्षिणी-तटमा पुग्ने सिन्धु नाघ्ने विचार ली ॥

१३

१४

यही पर्वतको अग्लो चुचुरो बाट त्यै मता ।
कुदी आकाशमा उफ्री गएकोथें हकी ! उता ॥
केही अगाडि बढ्दैमा बुझ्नोस् है ! नीच-सिन्धुमा ।
आफ्नै अगाडि देखें बा ! यौटा डाँडै खडा त्यहाँ ॥
त्यसको चुचुरो यौटा विशाल अतिसुन्दर ।
सुवर्णमय देखिन्थ्यो, झल्किन्थ्यो झल्ल थ्यो स्थिर ॥
पैले विघ्न परे जस्तो ठानें मैले हरेशिव ! ।
यो बाटो-छेकुवालाई डलग्दो जो थियो तव ॥
सुवर्णमय यो दिव्य गिरिको नजिकै पुगी ।
गर्न लागें म भाशिदन्छु यसलाइ त्यसै थिची ॥
पुगें त्यस भए ठाउ त्यत्तिकैमा उडी म ता ।
अनि पुच्छरले नै यो ठटाँएँ त्यसलाइ ता ॥
तेजिलो सूर्य हो जस्तो त्यसको टाउको थियो ।
प्रहार त्यसमै लाग्दा तुरुन्त सब चूर्ण भो ॥
ती महान् गिरिले ताडे मेरो बल र बुद्धि त्यो ।
पारी मलाई साह्लाद भने बाबु ! भनी यसो ॥
मलाइ आफ्नु हो भन्ने संझ बाबु ! तिमी छिटो ।
प्रिय मित्र म हूँ बावै ! ती तिम्रा बाबु-वायुको ॥
हो मेरो नाम मैनाक, गिरि हूँ जातको म ता ।
यै महासिन्धुभित्रै म बस्ने गर्दछु सर्वदा ॥
पहिले पहिले हुन्थ्यो श्रेष्ठ-पर्वतको सब ।
दिव्य राम्रो पखेटै पो उड्न सक्थे सबै तब ॥
इच्छानुसार घुम्थे ती त्यस्ता गिरि जतावता ।
यसबाट प्रजालाई मर्का पर्थ्यो त्यसै वदा ॥
पछि पर्वतको त्यस्तो चालमाल सुरेन्द्रले ।
सुने, यल्ले न राम्रो भो भन्ने ठानें महाकपे ! ॥

२६

२७

अनि बज्र उठाएर हजारौं गिरिका सुन ! ।
पखेटा काटिदिए चट् चट्, भलै हुन्छ गमीकन ॥
महान् आत्मा हुने तिम्रा बाबा ती वायुदेवले ।
परन्तु त्यस बेलामा मेरो रक्षा गरी दिए ॥
हेर ! मेरा पखेटा छन् त्यसैले अफ सम्म ता ।
उनैले सिन्धुमा ल्याई हालिदिए, म बचें तदा ॥
सक्तो सहाय गर्दोछु यस अर्थ तिमीकन ।
रामको काममा जान्छौ यता तिमी पनी जुन ॥
श्रीराम भइ बक्सिन्छ मर्यादा पुरुषोत्तम ।
इन्द्र-तुल्य हुने शक्ति छ पराक्रम उत्तम ॥
उदार-मनका त्यस्ता गिरि-मैनाकका कुरा ।
सुने पछि भनें मैले आफ्नो काम तथा कुरा ॥
बिदा मागी उनी साथ त्यता बाट हिंडे अनि ।
बढ्दैथ्यो जान उत्कण्ठा जा ! भने उनले पनि ॥
यी महान् गिरि त्यो आफ्नो देहले शोभिए पनि ।
पर्वतैरूपले ता त्यो सिन्धुभित्रै पसे अनि ॥
अनि वेग बढाएर त्यसैको भरमा परी ।
अघि बढ्दै गएँ बाँकी बाटो काट्तै म राम्ररी ॥
निकै लामो बित्यो काल वेगले म त्यसै गरी ।
छिचोल्दै अघिको बाटो गएँ आकाशमार्ग ली ॥
पछि बीच-समुद्रैमा जादैथें म उडीकन ।
भेटिइन् सुरसा देवी नागमाता थिइन् जुन ॥
मलाई उनले प्वाक्कै भनिन् यस्तो प्रकारले ।
पठाए देवले भक्ष्य तिमीलाई म खान्छु ए ! ॥
धेरै काल बितेको थ्यो बल्ल देवहरू मिली ।
पठाएछन् तिमीलाई मेरो आहार पार्दिई ॥
सुरसाले त्यसो भन्दा हात जोडी म खिन्न भै ।
अगाडि उनको बस्तै बिन्ती पारें भनी यसै ॥
सुन्नुहोस् देवि ! वैरीमा पार्ने सन्ताप सर्वथा ।
श्रीराम भइ बक्सिन्छ धर्मात्मा नियमी तथा ॥
उहाँ पिता दशरथ-राजाको वाक्य मान्न नै ।
दण्डकारण्यमा आई बक्सियो दक्ष भैकनै ॥
उहाँका साथ त्यो वेला उहाँकी गृहिणी शुभा ।
सीता-देवी थिए भाई प्रिय लक्ष्मण नामका ॥

४३

४४

दुरात्मा रावणैले त्यो त्यहीं आएर क्यै पछि ।
छल-छद्म गरी नाना सीतालाइ लग्यो हरी ॥
अहिले म उहाँलाई भेट्न भै दूत सर्सर ।
बोकेर रामको आज्ञा जान्छु लङ्कापुरीतिर ॥
तपाँईं पनि ए देवि ! रामकै राज्यभित्र यै ।
बस्नु हुन्छ र भन्दोछु गर्नो स् सक्तो सहाय क्यै ॥
गर्नु हुन्न भैगो ! कर छैन म जान्छु र ।
भेटेर जानकीलाई फर्किइन्छु सरासर ॥
सजीलै काम ठूलठूला गर्ने श्रीराममा गई ।
कुरा सन्देशका पोख्छु एक एक गरी पछि ॥
यत्ति नै काम हो मेरो फर्किन्छु म छिटै अनि ।
सुत्त त्यो मुखमा पस्छु, मान्नोस् सत्य भन्यो भनी ॥
आफ्नो इच्छा सरी रूप धर्न शक्ने थिइन् उनी ।
मैले त्यत्ति कुरा भन्दा भनिन् झोक्किंदै अनि ॥
छु मैले वर पाएकी जो होस् तेरो अघिल्तिर ।
प्राणी आइ परे देखि खाएस् ! खान्छु बुझ्यौ! अतः ॥
सुरसाले त्यसो भन्दा थियो मेरो शरीर यो ।
दशौं योजन विस्तार भएको अद्भुतै बडो ॥
कसिएकी उनीलाई देख्ता मैले छिटै तव ।
बढाएँ आफ्नु त्यो देह पन्ध्रौं योजनको शुभ ॥
सुरसाले पनी देखिन् जब त्यत्रो मलाइ त ।
त्यो भन्दा पनि झन् ठूलो पारिन्, बाइन् त्यही मुख ॥
उनले मुख बाएको देख्ना साथ म ता यता ।
निकै सानो भईहालें खुम्च्याएँ आफ्नु देह ता ॥
त्यसै वेला भएँ लाह्रै सानो अङ्गुष्ठसम्मको ।
अनि सुत्त पसी निक्लें तिनैका मुख बाट त्यो ॥
दिव्यरूप धरी आफ्नो सुरसाले भनिन् तव ।
लौ कार्य-सिद्धिको निम्ति अब जाऊ ! हओस् शुभ ॥
विदेहनन्दिनी देवी सीतालाई हरीश्वर ! ।
श्रीराम साथ चाँडै नै मिलाऊ यत्न त्यो गर ॥
महान् बाहु हुने बाबु ! तिमी सँग छु तुष्ट म ।
उनी तल यसो भन्थिन् भन्थे माथि यसो पुनः ॥
सारा आकाशचारी ती भन्दथे बेस ! धन्य हो ! ।
उडें अनि त्यहाँ बाट फेरि मार्ग गरेर त्यो ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

भएर गरुडै जस्तो म जाँदा वेगले उडी ।
मेरो छाया समातेछ कसैले तल्तिरै बसी ॥
यसो हेर्दा कहीं केही म देख्तिनथिएँ तर ।
मेरो वेग भयो टक्कै हेर्न लागें दिशा-दश ॥
सजिलै जसले मेरो गति रोक्यो त्यसो गरी ।
त्यसलाई भने किन्तु मैले देखिन क्यै गरी ॥
मलाइ अब भो पीर शोच्न लागें यसो गरी ।
यो मेरो शुभ-यात्रामा विघ्न आयो कसो गरी ? ॥
परन्तु रूप देखिन्न रोक्नेको किन हो यहाँ ? ।
हेरें तलतिरै मैले त्यत्तिकैमा यसो वहाँ ॥
त्यै वेला सिन्धुमा मैले जलमा तल एउटी ।
डर्लाग्दी राक्षसी देखें त्यो त्यहीं नित्य बस्तथी ॥
अट्टहास गरी कुर्लें जोडले गर्जिएँ म ता ।
त्यसै माथि अडेकोथें आँखा गाडी म माथि हा ! ॥
गर्जिई जोडले त्यो र अमङ्गल कुरा भनी ।
ए वानर ! कता जान्छस् हेर् ! यता छु म भोकिनी ॥
धेरै काल भएकोथ्यो निराहार थिएँ म ता ।
मन पर्दो अहारा पो भेटिइस् तृप्त पार् ल आ ! ॥
अनि मैले भनी हुन्छ ! मानें बा ! त्यसका कुरा ।
तर देह भने आफ्नो बढाएँ भैं छिटो तदा ॥
त्यसको मुख भन्दा त्यो भो मेरो देह नै बडो ।
त्यसले पनि यो देखी बढाई मुख आफ्नु त्यो ॥
विशाल अति डर्लाग्दो त्यसको मुख अन्तमा ।
मलाइ खानको निम्ति बढ्यो बेजोड भै वहाँ ॥
मेरो प्रभाव यो शक्ति त्यल्ले जानिन वस्तुतः ।
मैले छल गरेकोथें त्यो संभिन यथार्थतः ॥
छिनमै अनि ता मैले आफ्नो ठूलो शरीर त्यो ।
खुम्च्याएँ सानु पारें बा ! मुखभित्रै पसें छिटो ॥
झिकें मुटु-कलेजा र निस्कें बाहिर फुत्त म ।
अडिएँ अघिकै ठीक अनि आकाशबीच म ॥
कलेजा झिक्दिदा च्वाट्ट राक्षसी गिरि-ठीककी ।
हात-खुट्टा उफारेर भवाम्ल्वाङ्गै सिन्धुमा खसी ॥
फेरि आकाशचारी ती महात्मा सिद्ध आदिको ।
सुनें मैले भलो वाणी अघिकै आफुमा हुँदो ॥

७७

७८

सिंहिका नामकी हो यो राक्षसी क्रूररूपकी ।
अत्यन्त दुष्ट थी, प्वाक्कै हनुमानबाट यी मरी ॥
त्यल्लाइ त्यसरी मारी अत्यावश्यक कार्यमा ।
फेरि ध्यान दिई हालें भो बिलम्ब भनी वहीं ॥
विशाल मार्ग त्यो काटें सिन्धुको दक्षिणी-तट ।
देखें पर्वत-मालाले शोभिएकी पुरीतट ॥
सूर्य अस्ताँसनासाथ क्रूर राक्षसकी पुरी ।
लङ्काभित्र पसें सुत्त सुइँकै न हुने गरी ॥
भित्र पस्ता न पस्तामा मेघझैं लयकालकी ।
काली अत्यन्त डर्लाग्दी कुनै स्त्री अघि देखिई ॥
अट्टहास गरी ओहो ! त्यसले ठिङ्ग भै तव ।
जगल्टा बल्दथे त्यस्का आगो जस्ता भई सब ॥
मलाई मार्न खोज्थी त्यो ताडेर मनसाय त्यो ।
पैले नै वाम-मुक्कीले ठोक्दिएँ भोक्किदै वडो ॥
खुत्रुक्क भइ हाली छ त्यत्तिकैबाट त्यो पनि ।
साँझ साँझ हुँदा सुत्त पुरीभित्र पसें भनि ॥
त्यसैवेला भनी त्यल्ले ब्यूँतिएर मसा यसो ।
साक्षात् लङ्कापुरी मै हूँ सुन वीर ! भलो कुरो ॥
आफ्नु विक्रमले वीर ! त्यै मलाई जित्यौ अतः ।
सारा राक्षस जित्ने छौ पस भित्र भजासिव ॥
पसें लङ्कापुरीभित्र अनि रातभरी घुमें ।
हेरें रावणको खोपी सारा घर-घरै डुलें ॥
राम्रो कटि हुने देवी जानकीकन तैपनि ।
अँहँ ! देखिन मैले ता घुमे पनि जहाँ-वहीं ॥
शोकको सिन्धुमै भवाम्म म खसें त्यसले गरी ।
पछि मेरो घुम्थो आँखा लङ्कापुर-वरी-परी ॥
देखें राक्षस राजाको महामहल भित्र यो ।
बगैंचा एउटा दिव्य प्रमदावन नामको ॥
सुवर्णमय ठूलठूला अग्ला पर्खाल सुन्दर ।
शोभिएको भई भव्य त्यो थियो अतिसुन्दर ॥
फुत्त त्यल्लाइ नाघेर गै गृहोद्यानभित्र म ।
हेर्न लागें मजा साथ वरीपरी घुमी पुनः ॥
थिए नाना लता वृक्ष त्यहाँ राम्रा अनेकन ।
अशोक-वाटिका भन्छन् त्यसलाई सबै जन ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

यहीं अशोकको यौटा ठूलो राम्रो थियो रुख ।
चढें गई यसैमाथि हेर्न लागें सबै तत्र ॥
केराका वनकै साथ शिशौको रुख थ्यो यहीं ।
राज हुन्थ्यो यहीं देवी देखें मैले पछि त्यहीं ॥
अङ्ग-प्रत्यङ्ग देवीका रहेछन् अतिसुन्दर ।
अवस्था सोन्ह वर्षैको देखिन्थ्यो भै मनोहर ॥
फक्रेका कमलै जस्ता नेत्र राम्रा थिए अति ।
उपवास गरी बस्ता मुख दुब्लो थियो अति ॥
यौटै मात्र थियो सारी त्यस्तो सुन्दर देहमा ।
यौटै जूरो हुने केश धूलोले टम्म थ्यो वहाँ ॥
देवीका अङ्ग-प्रत्यङ्ग थिए संतप्त शोकले ।
स्वामीको होस् भलो भन्ने थियो एक विचार ए ! ॥
घिच्ने रक्त तथा मांस डलांग्दा उग्ररूपका ।
राक्षसीहरु थे टन्न घेर्थे चारतिरै तदा ॥
देखें मैले उहाँलाई बघिनीहरुले मिली ।
घेरेकी हरिणी ठीक दुःखिनी र निन्याउरी ॥
तलसम्म पुगेको थ्यो यौटै चुल्ठो मनोहर ।
जानकी भइ बक्सिन्थ्यो पति-चिन्तनमै स्थिर ॥
डर देखाँउथे सारा राक्षसीहरु ती मिली ।
कुरा नानाथरी गर्थे तर्साएर न राम्ररी ॥
जस्तो कमलिनी सुक्छे हेमन्त-ऋतु आँउदा ।
त्यही ठीक सुकेकाथे देवीका अङ्ग सर्वथा ॥
खाली भूमि थियो शय्या पाजी रावणमाथि ता ।
थिएन भाव वा स्वार्थ अलीकति पनी तदा ॥
मर्नु नै श्रेय हो भन्ने देवीको निश्चयै थियो ।
म पुगें ठ्याक यै वेला मेरो नेत्र परी गयो ॥
त्यस्तो कीर्तिमती देवी रामकी गृहिणी सती ।
शिशौको फेदमा राज भएकोथ्यो भई दुखी ॥
अशोकवृक्षको माथि म थिएँ त्यसको तल ।
देवी राज भएकोथ्यो पालेर नियम व्रत ॥
यसै समयमा मैले सुनें राक्षसराजको ।
महामहलमा भित्र मधुरो ध्वनि, जो बज्यो ॥
ध्वनि यो गहनाकै थ्यो मेखला-पाउजेबको ।
त्यसकै साथ गम्भीर कोलाहल पनि बढ्यो ॥

१११

११२

म भएँ अनि संभ्रान्त खुच्याँएँ आफ्नु देह यो ।
भई ठ्याक्क चरो जस्तै लुकें त्यै रुखभित्र पो ॥
यत्तिकैमा त्यहीं आयो राजा रावण राक्षस ।
आए बा! पछि लागेका त्यसका भोगिनीतक ॥
सारा राक्षसको स्वामी दुष्ट रावणलाइ ता ।
देखतैमा काँपि बक्स्यो बा ! केरामैं बायु आँउदा ॥
खुम्च्याइ दुइटै तिघ्रा राम्रो कटि हुने सती ।
राज भो बाहुले ढाकी ऊँचा स्तन दुवै पछि ॥
डरले हेरि बक्सिन्थ्यो भै उद्विग्न यताउति ।
रक्षा गर्ने कुनै आफ्नो निस्कन्छ कि गमी यही ॥
अब यस्तै अवस्थामा दुःखिनी र तपस्विनी ।
देवीको नजिकै आयो दुष्ट रावण त्यो पनि ॥
आँउना साथ त्यो घोप्ट्यो देवीका शुभ-पाउमा ।
घ्रोसे मुन्टो लगाएर पछिबाट भन्यो वहाँ ॥
मेरो आदर सन्मान गर सीते ! तिमी अब ।
यसैमा छ भलो तिम्रो, म हुन्छु अनि सेवक ॥
वतास सम्म लागेन देवीको कानमा तर ।
भन्यो रावणले फेरि कड्किँदै भई अस्थिर ॥
सुन् ए ! घमण्डिनी सीते ! भइ चूर घमण्डले ।
मलाइ हेर्दिनस् के तँ ? हेर् म कस्तो छु वीर ए ! ॥
महिना दुइ भो म्याद त्यत्तिमा मानिनस् कि त ।
म तेरो रगतै घोक्छु, मारी दिन्छु मजासित ॥
दुरात्मा त्यसका यस्ता कुरा दुर्वाच्य यी सुनी ।
रिसाइ बक्सियो देवी भनी बक्स्यो यसो अनि ॥
नीच राक्षस ! के संम्झिस् ? इक्ष्वाकुकुलभूषण ।
धर्मात्मा श्री दशरथ राजाको जो स्नुषा हुँ म ॥
अमेय-तेजका धीमान् श्रीमान् श्रीरामभद्रकी ।
गृहिणी हुँ म सन्नारी के बुझिस् ? सत्यता छ यी ! ॥
त्यै म साथ कुरा यस्ता भन्दा भन्नै अयोग्यका ।
फतक्क कुहिई तेरो जीब्रै किन झरेन हा ! ॥
तँ बडो वीर हुँ भन्छस् तेरो त्यस्तो छ वीर्य के ? ।
मौका छोपेर जो तैंले हरिल्याइस् मलाइ ए ! ॥
त्यस्ता अमित तेजस्वी महात्मा रामको अघि ।
हर्दो होस् त तँ देख्तो होस् जात्रा यमपुरी पुगी ॥

१२८

१२६

तँ जस्तो नीच ता सुन् ए ! त्यस्ता श्रीरामभद्रको ।
के सक्थिस् समता गर्न छोड् ! छैनस् दास योग्यको ॥
भइ बक्सिन्छ श्रीराम सर्वथा लड्न उत्सुक ।
जित्नै नसकिने शूर सत्यवाक् वीर वास्तव ॥
सुन्नोस् है ! मान्य हो ! यस्ता जानकीका कुरा सुनी ।
चिताको अग्नि मैं उर्ल्यो, कुर्ल्यो बा ! झोकले अनि ॥
त्यसका उल्टिए आँखा डर्लाग्दा उग्ररूपका ।
उठायो दाहिने हात मुक्की पार्‍यो निकै कडा ॥
हान्न ठिक्क भई हाल्यो मार्न नै जानकीकन ।
स्त्री-जातिले गरे हाहा ! त्यस साथ थिए जुन ॥
त्यै बेला तिनमध्येकी यौटी नारी अघी सरी ।
दुरात्मालाइ त्यो झम्टी रोकी हाली भनी पछि ॥
काम-पीडित त्यल्लाई यसको मिष्ट वाक्यले ।
मिलेछ सान्त्वना केही सुन्यो जो अति प्रेमले ॥
सारा राक्षसका राजा मेरा प्राण हजूर ता ।
विक्रमी भइ बक्सिन्छ साक्षात् देवेन्द्रतुल्यका ॥
सीताले अब के गर्छे ! भो ! राजन् ! आज मैसँग ।
बिहार गरि बक्स्योस् लौ मै राम्री छु हिंडें सँग ॥
यक्ष-गन्धर्व-यौताका कन्या छन् सुन्दरी निकै ।
होस् विहार तिनै साथ, यसमै किन मर्नु है ? ॥
अनि त्यत्ति हुनासाथ राक्षसी-स्त्री मिले सब ।
त्यसलाई त्यहाँबाट लगे महलमै तब ॥
त्यो पसे पछि खोपीमा डर्लाग्दा राक्षसी मिली ।
फेरि तर्साउनै थाले नराम्रा वाक्य नै बकी ॥
ध्यान नै दिइ बक्सेन तिनका सुन्न ती कुरा ।
पसेनन् कानमा सम्म तृण जस्तै भए पुरा ॥
डर्लाग्दा राक्षसीका यी सारा गर्जन-तर्जन ।
अन्तमा व्यर्थ भै हाले, भयो जङ्गल रोदन ॥
आफ्ना प्रयत्न ती चेष्टा सारा व्यर्थ भए पछि ।
भने निश्चय देवीको गई रावणमा पछि ॥
नाना कष्ट दिई आफ्ना आश उद्योग नाशिंदा ।
राक्षसी सब थाकेर क्यै न लाग्दा क्यै सुते तदा ॥
पतिको हित शोचेर देवी सारा सुते पछि ।
साह्रै दुःखी भई बक्स्यो, विलापै निस्कियो पछि ॥

४५

१४६

त्रिजटा नामकी यौटी राक्षसी थी त्यही उठी ।
अनि पिर्नेहरूलाई भनी रोकेर कड्किई ॥
मोरी हो ! अब लौ खाओ ! आफैंलाइ बरु छिटो ।
यी देवीलाई मारेर के खाऔला बुझ्यौ ! छुटो ॥
को हुन् यी?के चिनेकाछौ ? हुन् यी जनककी सुता ।
बुहारी हुन् दशरथ-राजाकी छन् पतिव्रता ॥
सिरिङ्ग जिउ नै पार्ने डर्लाग्दो स्वप्न एउटा ।
अहिले भर्खरैमात्र देखें अहित नै छ बा ! ॥
सारा राक्षसको नाश गर्नमा छ समर्थ त्यो ।
यिनका पतिकै जीत हुन्छ-भन्छ, छ सत्य यो ॥
लौ ! हामी राक्षसीलाई पतिको रिस देखि त्यो ।
सक्छिन् बचाँउनालाई यी सीता संझिराख यो ॥
तस्मात् हामीहरू सारा परो यी जानकीसित ।
आफ्नु यो पापको निम्ति क्षमा मागौं मजासित ॥
दुःखिनीको यिनै जस्ती बारेमा स्वप्न यो यदि ।
देखिन्छ त भने छुट्छ दुःख त्यो, बन्दछे सुखी ॥
परे र ढोग्दिदै खेरि हुन्छिन् तुष्ट सती यिनी ।
जत्रो डर परोस् हाम्रो गर्छिन् रक्षा पनी यिनी ॥
अनि लज्जावती बाला देवी स्वपतिको जब ।
सुनेर दङ्ग भै बक्स्यो भनी बक्स्यो यसो तब ॥
यदि तिम्रा कुरा सारा सत्य हो र पुग्यो भने ।
सारा तिनीहरूलाई म पक्कै छु बचाँउने ॥
यता थकाइ मार्दैथें रुखमाथि बसी म ता ।
देवीको त्यो दशा देख्ता अब छर्पटिएँ म हा ! ॥
थिएन मनमा शान्ति वात-मार्न उहाँसँग ।
राम्रो बाटो म शोच्तैथें भेटें पछि मजासँग ॥
प्रशंसा पहिले मैले गरें इक्ष्वाकुवंशको ।
सुनिबक्स्यो, भए ठाडा दुवै कान र ध्यान गो ॥
राजर्षिहरुको त्यस्ता सत्कर्म — स्तुतिपूर्णको ।
सुन्दा मेरा कुरा, आँसु झरे आज्ञा भयो यसो ॥
कपिश्रेष्ठ ! तिमी को हो ? पठायो कसले भन ? ।
यहाँ कसो गरी आयौ भन, उद्देश्य हो कुन ? ॥
मेरा पति तथा प्राण श्रीरामसँग के गरी ।
भो तिम्रो स्नेह-सम्बन्ध भन त्यो सब राम्ररी ॥

१६२

CC-0. In Public Domain. Digitization by eGangotri

१६३

देवीका यी कुरा सुन्दा आज्ञा पाएर त्यो शुभ ।
अनि विन्ती चढाएँ बा ! मैले पनि कुरा सब ॥
ए शुभे ! प्रभुका प्यारा पति श्री रामभद्रको ।
यौटा सहास छन् वेस, वेस विक्रम शक्तिको ॥
उनको नाम हो देवि ! शुभ-सुग्रीव यो, उनी ।
जातका कपि हुन्, छन् है बलवान् र पराक्रमी ॥
हूँ यौटा म पनी देवि ! उनकै भृत्य सेवक ।
हनुमान् नाम हो मेरो वानरै हूँ म वास्तव ॥
सजीलै काम ठूलठूला गर्ने पति हजूरका ।
श्रीराम भद्र बक्सिन्छ धर्मात्मा वीर योग्यका ॥
उहाँले नै पठाएको हुनाले म यहाँ शुभे ! ।
सोझै आइ पुगें सुत्तै तरी सागर वेगले ॥
नरश्रेष्ठ दशरथ - राजाका पुत्र रामले ।
यो औंठी छ पठाएको चिह्नो दिनु भनी शुभे !॥
आज्ञा हजूरको केही अब पाँउन खोज्छु म ।
के गरूँ प्रभुको सेवा आज्ञा होस्, गर्छु शीघ्र म ॥
छ ता हजूरको इच्छा अहिल्यै प्रभुलाइ म ।
पुऱ्याँउछु छिटै देवी भएमा राम लक्ष्मण ॥
आज्ञा होस् यस वारेमा के इच्छा छ हजूरको ।
तुरुन्त पालना गर्छु सके सम्म गरी भलो ॥
आज्ञा भो यी कुरा सुन्दा देवीले मकनै यसो ।
मारी रावण आफैंले रामले लानु वेस हो ! ॥
अनि दर्शन टक्ऱ्याएँ आर्या सती-शिरोमणि ।
देवीको पाउमा मैले गरें विन्ती यसो भनी ॥
प्रभुबाट कुनै त्यस्तै चिह्नो पाँउन देवि ! म ।
दक्ष होस् जुन देख्तामा श्रीराम प्रभुको मन ॥
जानकीबाट आज्ञा भो चिह्नो माग्दा ममा पुनः ।
हुन्छ ! दिन्छु ल लैजाऊ यै चूडामणि उत्तम ॥
महान् बाहु हुने राम यो देख्तैमा तिमीकन ।
गरिबक्सिन्छ सन्मान चिह्नो बक्सिन्छ तत्क्षण ।
भनि त्यति ममा बक्स्यो अत्यन्तै वेस त्यो मणि
आज्ञा भो भइ उद्विग्न केही भन्ने कुरा पनि ॥
गरें दर्शन देवीको घुमी पारेर दाँहिने ।
यता आँउन चाँडै नै भएँ उत्सुक नै हुने ॥

१७९

१८०

ठमाई मनले केही फेरि आज्ञा भयो ममा ।
मेरो हाल सबै भन्नु तिमीले हनुमन् ! वहाँ ॥
गर यत्न तिमी त्यस्तो जुन सारा सुने पछि ।
सुग्रीव साथ ली आँऊन् छिटै नै हुइ भाइ ती ॥
भो भने यसको उल्टो आजको महिना दुई ।
मेरो जीवन टिक्नेछ राखी छोड्छु म प्राण यी ।
मलाई देख्न गाह्रै छ रामले पनि त्यसपछि ।
म अनाथ सरी मर्छु संझी जाउ कुरा यति ।
माया लाग्दा कुरा त्यस्ता जानकीका सुने पछि ।
मलाइ रिस बढ्दै गो दुष्ट-राक्षसको प्रति ॥
अनि आफ्नो कुरो-कामपट्टि शोचें गमी यसो ।
त्यत्तिकैमा वढी हाल्यो देह भै भै विशाल पो ॥
पछि पर्वत जस्तै भो लड्न रावण साथ त्यो ।
अशोकवाटिका त्यस्को थालि हालें बिगार्न पो ॥
पशु-पक्षी डराए बा ! त्यहाँ जति थिए सब ।
विउझें त्यसले गर्दा सुतेका राक्षसीवक ॥
थिए अत्यन्त डलाग्दा मुखका क्रूर राक्षसी ।
देखे वन बिगारेको नाशेको सब त्यो पछि ॥
ममा पनि पऱ्यो दृष्टि, जो थिएँ मुख्य हेतु म ।
सारा जम्बा भए दौडे राजामा दिन सूचन ॥
ए महान् बलवान् राजन् ! एउटा दुष्ट वानर ।
आयो कुन्नि कहाँबाट रहेछ अतिदुष्कर ॥
प्रभुको बल यो वीर्य नटेरी न गनीकन ।
स्वात्तै नाशि सक्यो हाम्रो श्रेष्ठ त्यो प्रमदावन ॥
राक्षसेन्द्र ! गऱ्यो त्यल्ले अपराध हजूरको ।
अब दुर्बुद्धिले छोयो त्यसलाई अनर्थ भो ॥
लौ छिटै बक्सियोस् आज्ञा अब त्यो कपि मार्नको ।
न पाओस् जसले गर्दा लुक्तै भागेर जान त्यो ॥
मोकिएर पठायो बा ! त्यो सुनी राक्षसेन्द्रले ।
हुने किंकर यो नाम भृत्य जो प्रिय यो थिए ॥
शूल-मुद्गर बोकेका असी हज्जारलाइ यी ।
मैले मारि दिएँ स्वात्तै यौटै परिघले पछि ॥
मार्दा-मार्दै पनी केही बचेका गै छिटो अति ।
भनेछन् आफ्नु राजामा सारा माऱ्यो भनी पछि ॥

१९६

१६७

तिनका इष्टद्यौताको यौटा मन्दिर थ्यो त्यहीं ।
त्यसैलाई बिगार्नै गै बुद्धि उब्ज्यो ममा अनि ॥
सयौं खम्बा थिए वेस त्यहाँ, यौटा लिएर त्यो ।
ठोकें पालेहरूलाई, मरे सब त्यसै अहो ! ॥
लङ्काको मणि हो जस्तो चैत्य-प्रासाद थ्यो यही ।
मारिदिएँ त्यसरी मैले रिसको झोकमा वही ॥
आयो प्रहस्तको छोरो जम्बुमाली त्यहाँ पछि ।
डलग्दा राक्षसी सेना त्यसका साथ थे अति ॥
बलवान् जम्बुमाली थ्यो लड्न जान्ने स-सैन्यको ।
सैन्यकै साथमा ठोकें त्यही परिघले, मऱ्यो ॥
सुन्यो राक्षस-राजाले त्यो कुरा पनि अन्त्यमा ।
पठायो सात मन्त्रीका छोराहरुकनै वहाँ ॥
साथ पैदल सेना थे स्वयं थे बलवान् अति ।
त्यही परिघले मारें यमलोक पुगे पछि ॥
मन्त्रीका पुत्र यी सात फूर्तिला बलिया पनि ।
मरे भन्ने सुन्यो वीर-दुरात्मा त्यसले अनि ॥
पठायो झोकिँदै पाँच सेनाका पतिलाइ नै ।
स-सैन्य ती सबैलाई मार्दिएँ बा ! तुरुन्त नै ॥
पछि राक्षसको सेना दिइ साथ अनेकन ।
कान्छो पुत्रकनै आफ्नो पठायो त्यसले पुनः ॥
त्यो आयो म सँगै लड्न नाम अक्षकुमार थ्यो ।
रानी-मन्दोदरीको जो प्रीय कान्छो सुपुत्र थ्यो ॥
आकाशैबाट त्यस्लाइ उफ्रँदा-उफ्रँदै पुगी ।
समातें दुइ खुट्टामा घुमाए जोडले पछि ॥
अनि भैंमा बजार्दामा बिचरो सजिलै मऱ्यो ।
सुन्यो राक्षस-राजाले यो कुरो झोक्कियो बडो ॥
पठायो इन्द्रजित् भन्ने जेठो छोरोकनै तव ।
रहेछ लड्न जान्ने यो, आयो झोक्कि‌इ वास्तव ॥
सैन्यकै साथमा त्यस्तो इन्द्रजित्लाइ नै पनि ।
ठोक्दिएँ, झार्दिएँ पानी अनि दङ्ग परेंछ नि ! ॥
बाबु रावण-राजाले त्यस्रो भर गरीकन ।
थियो लड्न पठाएको यस्लाई सैन्य दीकन ॥
परन्तु त्यसरी सैन्य देख्ता मर्दा दनादन ।
भएछ सहनै गाह्रो यो कडै छ गमीकन ॥

२१३

२१४

तस्मात् झिकेर ब्रह्मास्त्र त्यसले मन्त्रले फुक्यो ।
छोडयो मलाई ताकेर झ किँदै अनि बाँदियो ॥
बाँधे पछि लखाकीले सारा राक्षसले पनि ।
लगे मलाइ डोऱ्याई राजाको नजिकै अनि ॥
सोध्यो मलाइ देख्तैमा दुरात्मा त्यसले पनि ।
लौ भन् ए ढेडु!को होस् तँ किन आइस् यहाँ भनी ॥
बघैंचा किन नाशिस् त्यो, मारिस् राक्षस यो किनी ।
गरें यो सब सीताका निम्ति मैले भनें पुनः ॥
इच्छाले जानकी भेट्ने तिम्रो महलमा प्रभो ! ।
आएको हूँ, पुग्यो धोको, गरें गर्नु पऱ्यो त्यसो ॥
म वायुदेवकै छोरो हूँ बुझ्यौ ! राक्षसेश्वर ! ।
हनुमान् नाम हो मेरो जातको हूँ म वानर ॥
चिन ! हूँ रामको दूत मन्त्री सुग्रीव-वीरको ।
आएँ तिमी भए ठास गर्न काम म रामको ॥
सुन ! भन्छु तिमीलाई मेरो मालिकको कुरो ।
राक्षसेन्द्र ! तिमी तस्मात् सुन ध्यान दिई बडो ॥
सुग्रीव सोधि बक्सिन्छ तिम्रो कुशल-मङ्गल ।
भलो नै भनि बक्सिन्छ, वेस हुन्छ सुन्यौ कि त ॥
धर्म अर्थ तथा काम तीनै विपयका कुरा ।
यसभित्र परेकाछन् सुन ध्यान दिई पुरा ॥
राक्षसेश्वर ! बस्थें म त्यो वेला ऋष्यमूकमा ।
फलफल थियो टम्म हरीया वन थे जहाँ ॥
यिनैताक सवारी भो रणशूर पराक्रमी ।
धर्मात्मा राम त्यै ठाम मित्रता भो वहीं अनि ॥
पछि बाट भनी बक्स्यो मलाई सब त्यो कुरा ।
लग्यो रावणले मेरी पत्नीलाई हरी तदा ॥
सहाय त्यसमा गर्न सके सम्म मरी-मरी ।
तिमी गर प्रतिज्ञा लौ अब सत्य हुने गरी ॥
मैले पनि उहाँसाथ बाली मार्ने कुरा लिई ।
प्रतिज्ञा गर्नको लागि अनुरोध गरें झुकी ॥
बालीले राज्य खोसेका सुग्रीव सँग रामले ।
मित्यारी लाइयो अग्नि साक्षी राखेर प्रेमले ॥
भाइ लक्ष्मण साथैका श्रीराम खुश भै अति ।
एउटै वाणले बाली मार्दि बक्स्यो लडी पछि ॥

२२०

२३१

भालू-वानरजातिका ।
अनि सुग्रीवलाई म भालू-वानरजातिका ।
राजा बनाइ दी बक्स्यो अभिषेक दिई तदा ॥
तस्मात् हामीहरूले ता दिई तन-मनै पनि ।
सहाय गर्नु नै पर्छ श्रीराम-प्रभुको पनि ॥
सुन ! राक्षसका राजा ! यै शोचेर मलाइ नै ।
पठाइ बक्सिएको हो तिमीमा यत्ति भन्न नै ॥
तिमीमा भनि बक्सिन्छ राजा सुग्रीव यै कुरो ।
टक्र्याऊ जानकी ल्याई रामको पाउबीच, भो ! ॥
मान्दैनौ त भने वीर ! भालू-वानर सैन्य यी ।
मार्छन् राक्षस ती सारा लङ्काभित्रै पसी पछि ॥
भालू-वानरको यस्तो चर्को तेज, प्रभाव यो ।
न जान्ने को छ पृथ्वीमा ? जान्दछन् सब वीर जो ॥
ठूल्ठूला युद्ध पर्दामा जल्लाइ प्रेमले सदा ।
देवता पनि ता डाक्छन् गर्न आफ्नो सहायता ॥
भालू-वानरका राजा स्वयं सुग्रीवले प्रभो ! ।
छ संदेश पठाएको तिमीलाइ, ल मान यो ॥
जब त्यत्ति भनें मैले अनि रावण झोक्कियो ।
हेर्‍यो मलाइ तेजैले भस्म पार्छ सरी गर्‍यो ॥
दर्लाग्दो काम गर्ने त्यो दुष्ट रावणले अहो ! ।
मेरो प्रभावको पत्तो न हुँदा मार पो भन्यो ॥
रहेछन् बुद्धिमान् भाई विभीषण, बढे अवि ।
भने राक्षस-राजामा मेरो निम्ति यसो झुकी ॥
राक्षसेन्द्र महाराज ! यसो गर्नु हुँदैन कि ? ।
बरु यो निश्चयैलाई छोडदिदा वेस हुन्छ कि ! ॥
प्रभुको दृष्टि यो राजन् ! यहीं रङ्किन खोज्दछ ।
राजनीति-विरुद्धैको बाटोमा हिंड्न खोज्दछ ॥
छन् राजनीतिका शास्त्र धेरै, तर कहीं पनि !
देखिन्न दाजु ! पक्कै छ दूत मार्ने कुरो त नि ? ॥
स्वामीले भन् ! भन्यो जस्तो त्यही भन्दछ दूतले ।
मन्नुपर्दछ ठिक्कै भो, त्यै भन्यो किन मार्नु ए ? ॥
अतुल्यवीर्यका दाजु ! दूतको अपराध ता ।
जत्रोसुकै हओस्, शास्त्र भन्दछन् मार्नु हुन्न बा ! ॥
अङ्ग भङ्ग गरी छोड्नु भन्ने ता छ जताततता ।
यसलाई पनि हामी बरु त्यस्तै गरौं कि ता ? ॥

२४६

२४७

ती विभीषणले यत्ति भन्दा रावण दङ्ग भो ! ।
आफना भृत्यहरूलाई भन्यो आज्ञा दिदैं यसो ॥
यी भाइले भने वेस ठिक्कै भो ! लौ त्यसो भए ।
डढाओ यस ढेड्को त्यो पुच्छर, हओस् ठुटे ॥
त्यो राजाज्ञा हुना साथ सारा राक्षसले मिली ।
थाङ्ना-थोत्रा सबै ल्याए कपडा रेशमी-सुती ॥
बाँधे पनि लखाकीले डोरीले सनपाटका ।
तम्तयार बनाए बा ! मेरो पुच्छर पोल्न ता ॥
लाठो-मुग्रो गरे ओहो ! मलाई सबले पछि ।
झोसे पुच्छरमा आगो केही रिस मरे पछि ॥
लङ्का हेर्न म खोज्दैथे दिनमा राम्ररी पुनः ।
भएन अनि क्यै पीडा त्यत्ति गर्दा खपें जुन ॥
त्यै मलाई घिसारेर आगो पुच्छरमा हुने ।
ती पुरद्वारमा आए पहिले भइ झोक्किने ॥
चर हो, अपराधी हो हेर ! यै घोषणा गरी ।
राजमार्ग र गल्लीमा घुमाए पछि वेस्करी ॥
मलाइ खप्न गाह्रै भो अनि ठूलो स्वरूप त्यो ।
मैले तुरुन्त खुम्च्याएँ डोरी पनि सबै खुल्यो ॥
अनि फुक्का हुना साथ स्वाभाविक स्वरूप ली ।
म पुरद्वारमै आएँ, देखें परिघ थ्यो त्यही ॥
त्यसैलाई उठाएर मार्दिए सब राक्षस ।
पुगें फेरि त्यसै माथि, गरें शोच निकै तब ॥
जस्तो प्रलयको आगो मारछ सारा जगत्कन ।
त्यहीठीक म भै हालें, थालें लङ्का डढाँउन ॥
गोपुरद्वारकै साथ ठूला साना सबै घर ।
वहाँ मैले डढाएँ बा ! न आत्तिई भई स्थिर ॥
झल्याँस्स ! बल्ल पो संझें लौ बित्यो जानकी पनि ।
त्यसैमा परिबक्स्यो कि ! भन्ने शङ्का पर्‍यो अनि ॥
यसो हेरें त्यहींबाट डढेकी थिन् पुरी वहाँ ।
थिएन ठाम क्यै बाँकी न डढेको हओस् जहाँ ॥
ठिक्कै थ्यो अनि त्यो शङ्का, सीतालाइ पनि हरे ! ।
म मूर्खले डढाएँ हा ! बितें बर्बाद नै गरें ॥
कसरी आफ्नु स्वामीको मर्यादा-नर रामको ।
त्यत्रो काम बिगारें हा ! पारें निष्फल नै अहो ! ॥

२६३

२६४

झोक्राएर बसेकोथें त्यस्तै चिन्ता परी म ता ।
सुनें प्वाक्क त्यही वेला सिद्ध-चारणका कुरा ॥
उनका यी कुरा साह्रै मीठा आश्चर्ययुक्त थे ।
डढ्यो लङ्का-पुरी सारा डढिनन् जानकी अरे ! ॥
अनि पो शुद्धि आएछ सुन्दा अद्भुत ती कुरा ।
हो ! पक्कै जानकी देवी डढिबक्सेन, धन्य बा ! ॥
निस्के शकुन त्यै वेला गर्ने कल्याण-सूचन ।
विशुद्ध-मनमा मेरा खेल्न लागे कुरा पुनः ॥
मूर्खँ-वानर हूँ साँच्चै सारा पुच्छर सल्किदा ।
जल्लाई अग्नि पोल्दैन बस्छ शीतल भै सदा ॥
यत्रो हर्ष लिएको छ जसले भित्र चित्तमा ।
सुगन्धी वायु भै मन्द दिन्छन् जल्लाइ सान्त्वना ॥
जस्को प्रभावले यस्तो म जावोमा भयो भने ।
त्यस्ती सती उहाँलाई के पोल्थे अनि अग्निले ? ॥
महान् गुण भएका यी नाना कारणले तथा ।
कुरा सुनाइले त्यस्ता सिद्ध-चारण आदिका ॥

२७१

२७२

अनेकपल्ट भोगेका यस्ता शकुनले पनि ।
हर्षोल्लास बढ्यो ठूलो यो मेरो मनमा अनि ॥
मानेन मनले यस्तो भए ता पनि गै उता ।
गरें दर्शन देवीको विदा पाएँ, हिडें त्यता ॥
अरिष्ट-गिरि थ्यो यौटा त्यहीं नै, त्यसमा चढी ।
दर्शनार्थ तपाँईको हुत्तिएँ वेगले झरी ॥
पुगें अनि निकै माथि सूर्य चन्द्र र वायुको ।
सिद्ध-गन्धर्वको बाटो समाते वेगले बढो ॥
मान्य हो पूज्य हो ! सुन्नोस् त्यसरी आउँदा यहाँ ।
तपाँईहरूको मैले पाएँ दर्शन अन्तमा ॥
तपाँईह . सारको सहयोग—प्रभावले ।
रामको र कृपाले मैले त्यत्ति कुरा गरें ॥
यसरी कपि राजा हाम्रा सुग्रीव-वीरको ।
गरें गर्न सके सम्म जाने जत्ति भलो कुरो ॥
लङ्कामा गै भलै संझी मैले काम गरें यति ।
भेटें बुद्धिले आफ्नो गर्नु पर्ने गमी त्यहीं ॥

२७९

अब जो गर्नु पर्ने हो मैले ग न जो जति ।
गर्नुहोस् पूज्य हो ! सारा त :रु नै त्यति ॥

२८०

इति अन्ठाउन्नौं

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्साठी सर्ग

कपिवर-हनुमान्‌ले देवी-सीताको र लङ्काको स्थिति वर्णन गर्नु

१

छोट्करीमा भनी सारा यी कुरा वायुपुत्र ती ।
यसरी भन्न थाले बा ! फेरि उत्तम-वाक्य यी ॥
ए कपिश्रेष्ठ हो ! सुन्नोस् उद्योग प्रभु-रामको ।
भयो सफल उत्साह वीर सुग्रीवको फल्यो ॥
पातिव्रत्य तथा शील स्वभाव अतिउत्तम ।
रहेछ जानकीज्यूको देखें संतुष्ट भो मन ॥
शील-स्वभाव जो स्त्रीको देवीकै ठीकको छ ता ।
सर्वश्रेष्ठ त्यही नारी भनिइन्छे जतातता ॥
सुन्नोस् ! आफ्नु तपस्याले त्यही त्रैलोक्यलाइ यो ।
धर्न, पाल्न पनी सक्छे रिसाए नाशिइन्छ जो ॥
मैले पक्कै पनी ठानें राक्षसेश्वर रावण ।
रहेछ सत्-तपस्याले परिपूर्ण र उत्तम ॥
न भए जानकीज्यूको छुना साथ शरीर त्यो ।
त्यल्ले भस्म हुनै पर्थ्यो जो भएन र भन्छु यो ॥
छोएमा अग्निज्वालाले बरु पोल्दैन त्यत्तिको ।
झोक्याएमा उहाँलाई भुसुक्कै पार्छ क्रोध पो ॥
पाएँ सफलता जत्ति मैले यो काममा बढी ।
एक एक गरी सारा सुनाएँ त्यो यहाँ हकि ? ॥
जाम्ववान् आदिका हामी भालू-कपि मिली सब ।
जानकीकन लङ्का गै ल्याऔं फर्काइ वास्तव ॥
उहाँको साथ-साथैमा राम-लक्ष्मण-वीरको ।
गर्न दर्शन जाऔंला म त मान्दछु बेस यो ॥
हो ! म एक्लै पनी सक्छु सारा राक्षस साथकी ।
लङ्का नाश्न र त्यो दुष्ट क्रूर रावण मार्न यी ! ॥
त्यसमा बलवान् वीर शस्त्रास्त्रज्ञ तपाँइंको ।
सहाय योग्यको पाए भन्नु के ? शीघ्र जीत भो ॥

१३

१४

युद्धमा अगुवा-सेना पुत्र-भाई र फौनको ।
साथै रावणलाई त्यो मार्न सक्छु म, सत्य हो ! ॥
त्यस रावणको छोरो इन्द्रजित् गतिलो छ हो ! ।
त्यसका साथ छन् नाना गतिलै शस्त्र-अस्त्र पो ॥
छन् बा ! ब्रह्मास्त्र रुद्रास्त्र तथा वायव्य, वारुण ।
पर्दछन् देखिनै गाह्रो जो युद्ध-स्थलमा पुनः ॥
ब्रह्माको वर पाएको भए ता पनि ती सब ।
व्यर्थ पार्न म सक्नेछु नाश्न सक्नेछु राक्षस ॥
तपाँईहरुको आज्ञा मैले पाएँ कि ता पुग्यो ।
सारा रावणको वीर्य चूर पार्छु म बुझ्नु भो ! ॥
युद्धबीच शिलावृष्टि गर्दा मैले निरन्तर ।
देवता टिक्न सक्तैनन्, मर्छन् राक्षस खर्खर ॥
तपाँईहरुको आज्ञा ममा न हुनुमात्र पो ।
मलाइ यसरी रोक्छ, नत्र पौरख झिक्छु त्यो ॥
यता अर्को कुरो यो छ मान्य हो ! सुन्नुहोस् अझ ! ।
जाम्बवान् वीर्यवान् ज्यादै हुनुहुन्छ यथार्थतः ॥
मर्यादा सिन्धुले छोडोस् डगोस्, त्यो मन्दराचल ।
शत्रु-सैन्य उहाँलाई पार्न सक्तैन कम्पित ॥
युवराज यता हाम्रा वीर अङ्गदको कुरा ।
के गर्नु ? बलवान् साह्रै हुनुहुन्छ यता तथा ॥
कपिश्रेष्ठ उहाँ एक्लै पुख राक्षसका पुनः ।
यमको घरमा ठ्याक्कै सक्नु हुन्छ पुऱ्याँउन ॥
हुनुहुन्छ यता त्यस्तै महात्मा वीर वानर ।
नील साथी पनी हाम्रा छ वेग अतिदुर्धर ॥
फोर्न सक्तछ त्यो वेग मन्दराचललाइ ता ।
के गाह्रो युद्धमा भन्नोस् ! अनि राक्षस मार्नु ता! ॥

२६

२७

अब यौटा कुरा भन्नोस्–दिनोस् ! उत्तर राम्ररी ।
छन् कुनै युद्धमा लड्ने मैन्द द्विविद साथ यी ॥
देव दानव गन्धर्व यक्ष पक्षी र नागमा ।
छन्? भन्नोस्? यिनका जोडा जो लड्ून् आइ युद्धमा ॥
यी दुवै छन् कपिश्रेष्ठ अश्विनीसुत योग्यका ।
यिनमा छ महान् वीर्य बल त्यस्तै छ सर्वथा ॥
समरस्थलमा आई अगाडि यिनको डटी ।
लड्न सक्ने कुनै वीर छैनन् देख्तिन क्वै म ती ॥
एक्लै पनि म जावाले लङ्का मासें सबैतिर ।
सारा राक्षस नासें र आगो फोसें पुरीभर ॥
राजमार्ग तथा मार्ग गल्ली–छेडा भरी पनि ।
"हनुमान्" नामको भयाली पिटाएँ बा ! घुमीघुमी ॥
अत्यन्त बलवान् वीर राजा श्रीरामचन्द्रको ।
महाबली लक्ष्मणको जय होस् ! जय होस् !! भनें ॥
त्यस्ता श्रीरामद्वारा नै पालिएका र रक्षित ।
हाम्रा सुग्रीव राजाको जय होस् ! जय होस् !! भनें ॥
खास श्रीरामको दास वायुको पुत्र हूँ म ता ।
हनुमान् नाम हो मेरो भन्दै दौडें जताततै ॥
दुष्ट रावणको यौटा छ राम्रो प्रमदावन ।
अशोक–वाटिका भन्छन् त्यसलाइ सबै जन ॥
त्यसैको बीचमा यौटा शिशौको नेस वृक्ष छ ।
त्यहीं राजभएको छ जानकी भूमिमै तल ॥
माया लाग्दछ देख्तैमा उहाँलाई हरेशिव ! ।
दयनीय अवस्था छ मुखमा ज्योति मन्द छ ॥
राक्षसीहरु घेर्दाछन् पहरा गर्दछन् सब ।
शोक–सन्ताप पीर्दोछ भइ बक्सिन्छ दुर्बल ॥
देखिन्छ चन्द्रको कान्ति गइ बादलका दल ।
छोप्ता कस्तो ! त्यही जस्तो मुख देखिन्छ निष्प्रभ ॥
विशाल कटीकी देवी छोरी जनक–भूपकी ।
भैबक्सिन्छ सती साध्वी प्रशंसै गर्न योग्यकी ॥
बल–वीर्य हुँदा फुल्ने पाजी रावणलाइ ता ।
टेरि बक्सिन्न रौं जत्ति थुनिएकी भए पनि ॥
उहाँको मन रम्दोछ सदा श्रीराम पाउमै ।
त्यसैमा गइ टिक्तोछ भइ एकोहरो सँधै ॥

४३

४४

जस्तो छोरी पुलोमाकी शची सती–शिरोमणि ।
इन्द्रमै रम्दछिन्, त्यस्तै भै बक्सिन्छ उहाँ पनि ॥
देहमा एउटै सारी हुन्छ शोभित हर्दम ।
धूलै–धूलो छ लागेको त्यसमा मैलिदा पुनः ॥
अङ्ग–प्रत्यङ्ग दुब्ला छन् शोक–सन्ताप भै भरी ।
स्वामीकै हित होस् भन्ने भावना छ घरी–घरी ॥
राक्षसीहरु घेर्दा छन् बीचमा पार्दछन् हरे !
गर्छन् घोचका–तवर्का र हकार्छन् नित्य क्रोधले ॥
मैले यस्तै अवस्थामा प्रमदावनमा त्यहीं ।
देखें राज भएकोथ्यो घेर्दथे क्रूर राक्षसी ॥
शोभिन्छ एउटै चुल्ठो उहाँको शिरमा हरे ! ।
पति श्रीरामको मात्र चिन्तना गर्छ चित्तले ॥
डङ्ग्रङ्ग लडि बक्सिन्छ खालि भुँमै वहाँ सदा !
मार्गकी पद्मिनी जस्ती भै बक्सिन्छ मिनी बरा ! ॥
अभिलाषा कुरो–कानी छैन रावण साथ क्यै ।
मर्छु भन्ने यही यौटा इच्छा, निश्चयनै छ त्यै ॥
मृगाक्षि जानकीलाई मैले मुस्किलले पछि ।
बल्ल विश्वास पारें बा ! जुक्ति–बुद्धि निकै भिकी ॥
अनि मौका पनी पाएँ कुरा गर्न मजासित ।
भन्नु पर्ने कुरा सारा संभी संभी भनें तब ॥
राम–सुग्रीवको मैत्री भयो भन्ने सुने पछि ।
परेछ भित्र विश्वास देवीमा हर्ष भो अति ॥
छ यौटै वस्तु देवीमा हो पातिव्रत्य–धर्म त्यो ।
पति श्रीराममा ठूलो श्रद्धा टिक्छ अनन्य जो ॥
देवी त्यस्ती सती सीता आफैं नै दुष्टलाइ त्यो ।
किन हो नाशिबक्सिन्न पारि बक्सिन्न भस्म पो ! ॥
यसले संझनै पर्छ दरो आत्मा हुने तथा ।
तपोबल हुने ठूलो छ रावण भनी अहा ! ॥
सीताहरणको पाप बढ्दामा मर्छ त्यो अब ।
निमित्त भइ बक्सिन्छ श्रीराम वधमा जब ॥
सानु गाँठी छ देवीको स्वाभाविक मनोहर ।
वियोग रामको पर्दा झन देखिन्छ असुन्दर ॥
प्रतिपद् तिथिमा पढ्ने, गर्ने स्वाध्याय व्यक्तिको ।
विद्या क्षीण भए जस्तो भै बक्सिन्छ उहाँ अहो ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सौभाग्यशालिनी देवी जानकी यसरी सदा ।
शोकमा डुबि बक्सिन्छ परी विलखबन्द हा ! ॥
अब यस्तो अवस्थामा तपाँईहरु नै सब ।
गर्नु पर्दछ जो जस्तो शोच्नुहोस् ! गर्नुहोस् तव ॥
६

इति उनान्साठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

साठी सर्ग

युवराज अङ्गदले सीतालाई लिन जाँउ भन्नु र ऋक्षराज जाम्बवान्‌ले रोक्नु

१
हनुमान्‌का कुरा त्यस्ता सुनी ध्यान दिई बडो ।
युवराज अङ्गदले पछि बाट भने यसो ॥
मैन्द द्विविद छोरा छन् यी अश्विनीकुमारका ।
अत्यन्त बलशाली छन् वेगवान् छन् महान् तथा ॥
ब्रह्माले बक्सिएको हो पहिले यिनमा वर ।
अभिमान बढेकोछ छन् दुवै अनि दुर्धर ॥
सम्पूर्ण लोकका बाजे उहाँले मान राख्दिन ।
ती दुवै अश्विनीलाई तुष्ट पार्न पनी पुनः ॥
यिनमा बक्सिएको थ्यो वर त्यस्तो अतुल्यको ।
कुनै मार्न तिमीलाई सकोइन भनी अहो ! ॥
अवध्य वर त्यो पाई मत्त भै अभिमानले ।
महाबली दुवैले यी देवीको सैन्य नै मथे ॥
हुँडोल्दा देवको सैन्य मथ्ता स्वबल-वीर्यले ।
त्यहाँ अमृत निस्क्यो जो त्यो स्वात्तै यिनले पिए ॥
तसर्थ यो दुवै सुन्नोस् ! मजाले मोकिए भने ।
विनाश्न सक्तछन् लङ्का सैन्य वाहन साथ ए ! ॥
अरुले जानु पर्दैन कपि भालू बसुन् यहीं ।
दुवैमात्र गए पुग्छन् छिटै नाश्छन् पुगी वहीं ॥
हो ! एक्लै म पनी सक्छु सारा राक्षस साथकी ।
लङ्का नाश्न र त्यो दुष्ट क्रूर रावण मार्न यी ! ॥
त्यसमा बलवान् वीर शस्त्रास्त्रज्ञ तपाइंको ।
सहाय योग्यको पाए भन्नु के ? शीघ्र जीत भो ! ॥
एक्लै यी वायुका छोरा हनुमान्‌ले वहाँ पुगी ।
सारा लङ्का डढाएछन् यो सुन्चौं सवले हकि ? ॥
तपाँईहरु सम्पूर्ण बल-पौरख-वीर्यमा ।
ज्यादै नै कहलाएका हुनुहुन्छ यथार्थमा ॥
१३

१४
अब भन्नोस् त ? यस्ता भै मर्यादा-पुरुषोत्तम ।
महात्मा राम-राजाको अघि जाने त्यसै किन ? ॥
लौ जाऔं ! गइ के भन्ने ? हामीले जानकीकन ।
भेट्यौं, परन्तु ल्याएनौं, भन्नु ता योग्य होइन ॥
देवता दैत्य साथैका चौधै भुवनमा पनि ।
तपाँईहरु जस्तो ता वीर्यवान् छैन क्वै पनि ॥
कुद्नमा नाघ्नमा एवं बल देखाँउनै पनि ।
दाँजोमा पुग्न सक्ने ता व्यक्ति छैन कुनै पनि ॥
तस्मात् राक्षस सेनाले पूर्ण लङ्का जिती सब ।
मारी राक्षसको राजा त्यो रावणकनै अब ॥
रामकी गृहिणी देवी सीतालाइ लिई सँगै ।
काम फत्य गरी फर्कौं हामीहरु खुशी सँग ॥
वीर राक्षस ठूल्ठूला हनुमान्‌ले गई वहाँ ।
स्वयं मारी सकेका छन् कामै सिद्धि सक्यो त्यहाँ ॥
अरु क्यै गर्नु नै छैन लङ्का गै चट्ट जानकी ।
देवीलाइ लिई साथ फर्किनै वेस हो हकि ? ॥
लौ फर्कौं ! अब हामी नै ल्याऔं गै जानकीकन ।
राम-लक्ष्मणमा सुम्पौं, जस आओस् झुकीकन ॥
किष्किन्धामा जुटेका ती भालू वानर वीर हुन् ।
न पाँउन् ती पनी दुःख भैगो ! आनन्दमै बसुन् ॥
मारी राक्षस सीता ली हामी फर्कौं र लक्ष्मण ।
सुग्रीव साथ ली बस्ने राममा अर्पिऔं पुनः ॥
दृढ-निश्चयका यस्ता कुरा अङ्गदका सुनी ।
खुश भै तत्व जानेका जाम्बवान् भन्दछन् अनि ॥
महान् वानर ए बाबु ! हौ तिमी बुद्धिमान् निकै ।
यसमा बुद्धिमानीको कुरो छैन परन्तु क्यै ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

बुद्धिमान् रामले एवं वीर ती कपिराजले ।
हामीलाइ भनेका छन् सीता खोज्नु प्रयत्नले ॥
यो दक्षिण दिशा सारा घुमी-घुमी जताततै ।
हो हाम्रो काम नै खोज्नु पत्ता लाँउनु यत्तिकै ॥
पत्ता पायौं भने देखि साथमा लिइ आउ है ।
भन्ने आज्ञा त हामीमा बक्सेको छैन, संम्झ यै ! ॥
देवीलाइ लिई साथ जिती राक्षसलाइ ती ।
हामी गए पनी कुन्नि ? न राम्रो पर्न जान्छ कि ? ॥

३०

३१

भइ बक्सिन्छ श्री राम कुलीन, निजवंशको ।
संम्झेर ख्याति, क्यै अर्कै संम्झिबक्से अयोग्य भो ॥
प्रतिज्ञै गरिबक्सेथ्यो भालू-बानरको अघि ।
म आफैं जानकीलाई ल्याउँनेछु लडी जिती ॥
हामीले गइ ल्याएमा प्रण त्यो रामभद्रको ।
त्यसै निष्फल भै हाल्ला के त्यस्तो पार्नु योग्य हो ? ॥
खेर जाला सबै हाम्रो बल-वीर्य यताउतिर ।
प्रभु श्रीराममा होला असन्तोष उताउतिर ॥

३४

३५

तस्मात् हामीहरू पैले भन्न काम-कुरा सब ।
राम-लक्ष्मण सुग्रीव भएसैं जाँउ लौ अब ॥
ए वीर प्यारा कपिराज पुत्र ! शोची भन्यौ जो जति त्यो छ वेस ।
सक्छौं त्यसो गर्न अवश्य हामी हाम्रो निमित्तै पनि त्यै छ वेस ॥
यस्तो भए ता पनि बीर बाबु ! श्री रामको निश्चय जो छ यस्मा ।
त्यही सरी चल्नु छ धेर बेस यै शोच बा ! काम हुनेछ जस्मा ॥

३७

इति साठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकसट्ठी सर्ग
कपिवर हनुमान् आदिले मधुबनमा प्रवेश गर्नु

१

जाम्ववान्का कुरा खाए अब अङ्गद आदि र ।
हनुमान् वीरले सम्म, भए खुश निरन्तर ॥
अगाडि हनुमान्लाई लगाई कपिवीर यी ।
हिडें अनि त्यहाँ बाट भित्र गद्गद भै अति ॥
महेन्द्र-गिरिको अग्लो टाकुरो बाट फुत्फुती ।
हिडें यी उफ्रँदै-कुद्दै ठूल्ठूला देहका कपि ॥
मत्ता गजेन्द्र हुन् जस्ता देखिन्थे बलवान् सब ।
आकाश पृथिवी सारा हिडें व्याप्त गरी तव ॥
सिद्धादि भूत त्यो वेला वेगवान् र महान् बली ।
हनुमान्को खुशी साथ प्रशंसा गर्दथे छिपी ॥
छोडी एकोहोरो दृष्टि हनुमान्कन हेर्दथे ।
आफ्नु नै दृष्टिले बोकी लैजान्छन् ठीक यी भए ॥
गरी श्रीरामको काम त्यसको जस पाँउदा ।
भालू-वानरको सारा मनोरथ पुग्यो तदा ॥
हुँदा त्यो कार्यको सिद्धि उत्साह उनको बढ्यो ।
राममा त्यो कुरा भन्न सब उत्सुक थे बडो ॥
लड्नै उत्सुक थे सारा रामकै बाहुबाट ती ।
मरोस् रावण भन्ठान्थे मनस्वी वीर थे कपि ॥
अब आकाश ढाकेर जादा कुद्दै र उफ्रँदै ।
रमणीय कुनै यौटा बघैंचामा पुगे सबै ॥
हजारौं वृक्ष थे टम्म ठूल्ठूला अतिसुन्दर ।
वन-नन्दन हो जस्तै थियो दिव्य, मनोहर ॥

११

१२

थियो नाम 'मधुवन' यसको कपिराज तो ।
स्वयं सुग्रीव नै रक्षा गर्दथे नित्य ध्यान दी ॥
विगार्न, पार्न वा हानि यसमा जो सुकै हओस् ।
अँहँ ! सक्तैन थ्यो, हेर्दा लोभिन्थ्यो मन जो हओस् ॥
वीर सुग्रीवका मामा यसको रक्षण गर्दथे ।
थियो नाम दधिमुख गै आफैं नित्य हेर्दथे ॥
भालू-वानरका स्वामी सुग्रीव कपिवीरको ।
साह्रै प्यारो, मनै गढ्ने बघैंचा दिव्य यो थियो ॥
यसैभित्र पसी सारा भालू वानर वीर यी ।
उत्कण्ठित भएकाथे यहाँका फल खान तो ॥
देख्ता त्यस्तो मधुवन महकैं देह-वर्णका ।
यी सबै जम्जमाए बा ! खानमा मधु आदि ता ॥
आफ्नो गति न पुग्दामा लोभिई सब वीर यी ।
युवराज अङ्गदमा गर्दछन् प्रार्थना मुक्की ॥
ठूल्ठूला जाम्बवान् आदि बूढाको लिई सम्मति ।
दिए अङ्गदले आज्ञा मधु खान त्यहाँ पसी ॥
लिई अङ्गदको आज्ञा भालू-वानर ती अब ।
चढे गै भँवरा मौरी भएका रुखमा सब ॥
त्यहाँका फल-मूलादि थे मीठा र सुगन्धित ।
खाँदा दङ्ग परे सारा, मह लाग्यो बढ्यो मद ॥
युवराज अङ्गदको आज्ञा पाई खुशी थिए ।
खाँदामा फल-मध्वादि मस्त भै अब नाच्दिए ॥

२२

क्वै गाँउथे क्वै कपि वीर नाच्थे क्वै हाँस्तथे क्वै त प्रणाम गर्थे ।
कुद्थे कुनै उफ्रिइ डङ्ग लड्थे, पढ्थे कुनै वीर प्रलाप गर्थे ॥

२३

२४

मार्थे अँगालो गइ क्वै अ-आफैं विवाद गर्थे कति ता अ-आफैं ।
हिंड्थे कुनै फुत्फुति वृक्ष-वृक्ष खस्थे कुनै ता तलबाट-वृक्ष ॥
क्वै गाँउन्ने साथ गएर अर्को मिल्थ्यो गई त्यै सरि गाँउदै पो ।
रुने कुनै साथ रुँदै गएर मिल्थ्यो कुनै त्यै सरिको भएर ॥
गै एकटा साथ कुनै मजाले दिन्थ्यो अनेकौं थर कष्ट च्वास्स ।
गर्जेर आएर कुनै अगाडि तर्साउथ्यो वानरलाइ भ्वास्स ॥
यसो गरी त्यो कपि सैन्य सारा प्रमत्त भैगो अति नै अकस्मात् ।
गरी त्यही ठीक अनेक चेष्टा उफ्र्थ्यो कुद्यो हर्ष बढेर तस्मात् ॥
थिएन कोही पनि सैन्यबीच जो होस् बचेको न भएर मत्त ।
निक्लेन यौटा पनि गर्वद्वारा न कुर्लिएको न हुने प्रमत्त ॥
सारा बिगारी वन, पत्र, पुष्प विध्वंस पारी रुख नै उखेली ।
फलादि खाई मह साथ—साथ नाशे बगैंचा कपिले सबै यी ॥
देखे पछी ती दधिवक्रनामा सुग्रीवका मातुलले रिसाई ।
रोके यिनीलाइ अयोग्य यस्तो के गर्दछौ ओह ! भनेर कड्की ।
खाएर चर्को मह लट्ठिएका झुलीरहेका कपिवीरले ती ।
गर्ने सँधै त्यो वनको सुरक्षा गालीं गरे बा ! दधिवक्रलाई ॥
तथापि तेजी दधिवक्रले यी संझाइ साराकन रोक्नलाई ।
ज्यादै गरे यत्न स्वयं बढेर रक्षार्थ त्यस्तो वनको झुकेर ॥
कसै—कसैलाइ भने मजाले कुरा नराम्रा पनि कड्किएर ।
कसै-कसैलाइ त थप्पडैले ठोकी दिए निर्भयता लिएर ॥
घेरै जसो साथ स्वयं भिडेर गरे उनीले झगडै डटेर ।
भै शान्त ठूलाहरुलाइ रोक्न चेष्टा गरे बा ! न चुकेर झुक्न ॥
चढी दिनाले महको नशा त्यो थ्यो वेग बढ्दो सबको त्यसै पो ।
यसर्थ रोक्ता दधिवक्रले यी के रोकिइन्थे सब मत्त थे ती ॥
उल्टो उनैमा सबले मिलेर हप्काइ दप्काइ पनी गरेर ।
पारी दिए ओह ! लछारपछार गरे न टेरेर घिसारपसार ॥
त्यस्तो बगैंचाकन देखरेख गर्ने उनीलाइ त्यसो गरेमा ।
जो दण्ड दिन्थे कपिराजले ती ध्यानै दिएनन् त्यसमा झुलेमा ।
तसर्थ चढ्दा मद वीरले ती ठोके उनीलाइ वहाँ त्यसोरी ।
टोके, चिथोरे पछि हात, लात गरी बनाए मृतवत् यसोरी ॥
विशाल त्यस्तो वन रम्य बेस सुग्रीवको जो प्रिय थ्यो अगम्य ।
उजाड पारे उनले खुशीले बचेन केही फल-फूल सम्म ॥

३६

इति एक सट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बासट्ठी सर्ग

वनरक्षक दधिमुख त्यो कुरो निवेदन गर्न राजा-- सुग्रीव भएमा जानु

१

सब वानरमा श्रेष्ठ बीर यी हनुमान् कपि ।
आफ्ना साथीहरूलाई भन्दछन् यसरी पछि ॥
साथी वानर हो ? खाओ तिमीहरु मजासित ।
यी मीठा फल-मूलादि चाकै चाका-महैसित ॥
त्यहाँ तिमीहरूलाई रोक्न आए भने कुनै ।
विरोधीहरुलाई ती म रोक्तछु मजासँगै ॥
हनुमान्का कुरा यस्तो सुनेमा युवराजले ।
जो थिए वानरश्रेष्ठ उनमा यी कुरा भने ॥
मन लागे सरी खाओ जो खान्छौ कपिवीर हो ! ।
आज्ञा दिन्छु म तुष्टै छु, ठाँउ भो, खानु वेस हो ॥
कार्य-सिद्ध गरी फर्के हनुमान् वीर यी अतः ।
कार्य हुन्थ्यो अकार्यै ता भने के भो त खानु त ? ॥
कुरा अङ्गदका यस्ता सुन्दा दङ्ग परे कपि ।
प्रशंसा गर्न लागे बा ! साधु ! साधु !! भनी पछि ॥
तीरको रुख ताकेर नदी-वेग बहे सरी ।
दौडे मधुवनैपट्टि हुत्तिँदै अनि वेसरी ॥
हनुमान् गै पुगी लङ्का सीता भेटेर फर्किए ।
यो कुरा अरु साराले उनैका मुखले सुने ॥
बढी गो अनि उत्साह त्यहाँका अरुमा पनि ।
यता पाइ सकेकैथे आज्ञा अङ्गद्को पनि ॥
थिए सामर्थ्यवान् वीर अनि ता वनरक्षक ।
ठोकिए, चुटिए साह्रै उननाट भकाभक ॥
पसे मधुवनैभित्र आफ्नो इच्छानुसारले ।
रसीला फल खाए बा ! झिके मह निकै पिए ॥
वनपालेहरू आए रोक्नलाई त्यहाँ जब ।
ठोक्दिए ती सबैलाई यी हजारौं मिली तब ॥

१३

१४

ठूल्ठूला महका चाका झिकी केलाँउदै अब ।
खान लागे फलै साथ भालू-वानर ती सब ॥
झिकेर महका चाका द्रोण—नाप हुनेतक ।
च्वाम्म च्वाम्म चपाएर खाए बा ! उनले सब ॥
झिक्तथे महका चाका महकै वर्णका कपि ।
त्यसैलाई कुनै चुस्थे फ्याँक्दिन्थे निखिए पछि ॥
मदमत्त भई हान्थे मैनले अरुलाइ क्वै ।
समाती वृक्षको हाँगा बस्तथे कत्ति मस्त भै ॥
शान्त क्लान्त भएकाथे मद चढ्दा निकै कपि ।
उनको वेग देखिन्थ्यो बौलाहा व्यक्तिकै सरि ॥
पिउँदा मह धेरै नै लाग्दा लाग्दा चढी मद ।
सुत्थे क्वै पात बिछ्याई हर्षले भइ गद्गद ॥
फेंक्थे क्वै महकै चाका, कुनै लड्थे भकाभक ।
क्वै गर्जन्थे हुँदा हर्ष बोल्दथे क्वै चरै ठिक ॥
खालि भैंमै लडेकाथे कैयौं वानर मस्त भै ।
कुनै धृष्ट भई हाँस्थें कुनै रुन्थे चढी मदै ॥
यौटा काम गरी अर्कै भन्दिन्थे अरुमा कुनै ।
कुनै यौटा कुरा भन्दा सँझन्थे अरुथोक नै ॥
वनपाले थिए भृत्य जति ती दधिवक्त्रका ।
ती सवै डरले भागे यिनले पिटिंदा तदा ॥
न भागेका निकैलाई वीर अङ्गदपट्टिका ।
कपिले ठोक्दिए फेरि पछारे भूमिमै बरा ॥
दलेर आफ्नु घूँडाले खुट्टामा पक्डिईकन ।
फ्याँके आकाशमै ओहो ! न राम्रै पर्न गो पुनः ॥
बनपालेहरू दौडे स्वामी दधिमुखैतिर ।
रुँदै विन्ती गरी हाले त्यो कुरा सब खबर ॥

२६

२७

उत्साह हनुमानद्वारा पाएका कपिले मिली ।
नाशे मधुवनै सारा पछारे ठोक्दिए पछि ॥
प्रधान वनपाले ती दधिवक्त्र सुनी कुरा ।
रिसले चूरिए साह्रै भने संझाँउदै तदा ॥
जो भन्यौ त्यो सुनें मैले लौ भैगो ! अब आज त ।
जाऔं सब भए ठाम, भए यी अब गर्वित ॥
नाशे मधुबनै सारा घिचे उत्तम त्यो मह ।
ठोक्दन्छु अब रोक्दिन्छु पानी झार्छु झिकी बल ॥
वनपाले सबै आए उनका यी कुरा सुनी ।
दधिवक्त्रकनै साथ लिई त्यै वनमा अनि ॥
उखेले उनले यौटा विशाल रुख चवाट्ट र ।
झम्टिए हनुमानका ती दलमाथि सरासर ॥
वनपाले पनी झम्टे उखेले रुख हात ली ।
मह धोक्नेहरू माथि घम्साघम्सी पर्‍यो पछि ॥
साना ठूला लिए ढुङ्गा उखेले वृक्ष हातमा ।
अरु वानर आए वा ! हनुमान् आदि थे जहाँ ॥
दाँतले ओठ टोकेर हकार्दै क्रोधले यता ।
बलै साथ वहाँ रोक्न थाले पाले पनी उता ॥
देखी दधिमुखैलाई आएका झोक्किईकन ।
हनुमान् आदिले झम्टे वेग साथ उनीकन ॥
वेगले रुख ली झम्टी आँउने उनलाइ ता ।
समाते दुइ हातैले त्याप्प अङ्गदले तदा ॥
लठ्ठलठ्ठ भएकाथे पिएर मह बेस्करी ।
क्यै गर्नु हुन्न "बाजे हुन्" भन्ने बिर्से रिसै उठी ॥
पछारे अनि पृथ्वीमा जोडले उनलाइ र ।
बल्न सम्म दले ओहो ! वीर थे जब दुर्धर ॥
हात खुट्टा तथा जङ्गा उनका थिल्थिला भए ।
शरीर रगताम्यै भो छर्पटाए उनी हरे ! ॥

४०

४१

कपिपुंगव यी वीर दधिवक्त्र यसो गरी ।
वहाँ दुइ घडी सम्म बसे मूर्च्छै परी, लडी ॥
मामा यी कपिराजाका ब्यूँझिए पछि झोक्किई ।
मह घिच्नेहरूलाई रोके तै पनि दण्ड दी ॥
हनुमान् पट्टिकाले ती पछि छोडि दिए पछि ।
आई एकान्तमा भन्छन् आएका भृत्य साथ ती ॥
आओ आओ ! वहीं जाऔं जहाँ श्रीराम साथमा ।
आज्ञा सुग्रीव राजा छन् बसेका, गै भनौं वहाँ ॥
हामी राजा भएमा गै उपधो अपराध यो ।
युवराज अङ्गदकै हो भनौं, सत्य यै त हो ॥
मेरा भानीज राजा छन् रिसाहा उग्ररूपका ।
अनि ठोक्दिनु भन्दिन्छन् सारा मेरा सुनी कुरा ॥
ती सुग्रीव महात्मा हुन् उनको निम्ति यो वन ।
अरू भन्दा छ अत्यन्त प्रिय भै ठीक नन्दन ॥
उनका बाबु-बाजेका पालाको दिव्य यो वन ।
देवले पनि सक्तैनन् छुन, खान घुमीकन ॥
निर्घृणी मधुमा लोभी यिनको आयु सिद्धियो ।
कठोर दण्ड भोगेर यी मर्छन् साथ बन्धुको ॥
नृपाज्ञा यसरी नाघ्ने दुष्टलाई मराइ यी ।
मर्नेछ रिस यो मेरो बल्ल शान्त भई पछि ॥
वनपालेहरू साथ भनी यत्ति महाकपि ।
उनकै साथमा उफ्री गए आकाशमार्ग ली ॥
छिनमै पो पुगी हाले जहाँ वानरराज ती ।
बस्तथे सूर्यका छोरा विद्वान् सुग्रीव शान्ति ली ॥
टाढैबाट वहाँ देखे राम-लक्ष्मण साथमा ।
बस्ने सुग्रीवलाई ती ओर्लिए सम्म भूमिमा ॥
वनरक्षकका स्वामी बुद्धिमान् यी महाकपि ।
वनपालेहरू द्वारा घेरिएर बढे अघि ॥

५४

५५

खिन्न भै अँजुली बाँधी भान्जा-राजाकनै अब ।
उनले पाउमै ढोगे श्रद्धासाथ झुकी तब ॥

इति बासट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिसट्ठी सर्ग

कपिराजले मामा दधिमुखबाट मधुवन विध्वंस गरेको कुरा सुन्दा कार्य--सिद्धिको अनुमान गर्नु

१

घोप्ट्याई शिर ढ्वाप्ल्वाक्कै ढोग्ने आफूकनै अब ।
देखे मामा उनीलाई भान्जा सुग्रीवले जब ॥
तब चीसो पऱ्यो भित्र राजा सुग्रीवलाइ ती ।
अनि हेरी उनीतर्फ हड्बडाई भने पछि ॥
उठ्नोस् उठ्नोस् भयो मामा! लड्नु भो किन पाउमा ।
भन्नोस् अभय नै भो लौ ! साँचा साँचा कुरा यहाँ ॥
कसको डरले मामा ! भन्नोस् पाल्नु भयो यहाँ ।
हित गर्ने कुरा केही छन् ता भन्नोस् छिटै ममा ? ॥
के त्यो मधुवनै-भित्र छ सवैतिर मङ्गल ।
देख्छु है हड्बडाएर्फैं भन्नोस् के छ कुरा सब ? ॥
महात्मा कपिराजाले आश्वासन दिए पछि ।
उभिएर यसो भन्छन् बुद्धिमान् दधिवक्त्र यी ॥
पिता हजूरका राजन्! वीर ऋक्षरजा तथा ।
बाली र प्रभुले सम्म पालेको ध्यान दी सदा ॥
न खाई आफूले सम्म साँचेको गतिलो भनी ।
न दिएको तथा आज्ञा खानको अरुमा पनि ॥
हाम्रो त्यस्तो मधुवन हनुमान् आदिका कपि ।
आई कहाँ-कहाँ बाट भ्रष्ट पारे सवै घिची ॥
वनपाले लिईं साथ म आफैं भित्र गैकन ।
गर्न सम्म गरें चेष्टा रोक्न, छेक्न पुनः पुनः ॥
टेरेनन् उनले किन्तु मलाई तृणर्फैं गरे ।
दङ्ग भै-भै महै साथ फल मूल सवै घिचे ॥
महाराज ! सुनी बक्स्योस् हनुमान् आदि वानर ।
पसे मधुवनै भित्र हल्ला गर्दै निरन्तर ॥
त्यो बेला रोक्नको निम्ति वनरक्षक यी गए ।
टेरेनन् उनले किन्तु सारा मह, फलै घिचे ॥

१३

१४

साथका अरु त्यस्तै छन् खान्छन् र पिउँछन् सब ।
बचेको न बुत्याएको फेंक्दिन्छन्, धृष्ट छन् सब ॥
यसो न गर भन्दामा रोक्ता हामीहरू गई ।
टेढो आँखा गरी हेर्छन्, सक्छन् जस्ता भई भई ॥
वनपालेहरू ज्यादै रिसाए उनमा जब ।
उपद्रो नै गरी हाले अनि ता यिनमा सब ॥
ट्याप्प ट्याप्प समातेर उनले पछि भोंकले ।
फुत्त फुत्त यिनीलाई वनै बाहिर फ्याँक्दिए ॥
त्यत्तिले न पुगी फेरि पुगी आफैं पनी वहाँ ।
चुट्न सम्म चुटे राजन् ! पालेलाइ जहाँ-तहाँ ॥
कसैमा थप्पडै हाने घूँडाले कत्तिलाइ ता ।
बिसारे बा ! कसैलाई फ्याँक्दिए नभमै तदा ॥
प्रभु जस्ता महाराज ! आफ्ना स्वामी हुँदाहुँदै ।
यी पाले बिचरा शूरा चुटिए यसरी त्यसै ॥
अपराधी तथा दोषी हुन् ती कपिहरू भने ।
फलादि महकै साथ कसरी घिच्न पाँउने ॥
सारा वानरका रत्न राजा सुग्रीवलाइ ती ।
दधिवक्त्र कुरो भन्थे लुटेको वन गै कपि ॥
यसैबेला महान् विद्वान् शत्रुवीर-विनाशक ।
वीर लक्ष्मणले सोधे सुग्रीवसँग यो तब ॥
नाइके वनपालेको यो वानर कपीश्वर ! ।
रहेछ किन आएको के कुरो भन्छ भै स्थिर ? ॥
गर्छ संकेत यो केमा के बारेको कुरा छ यो ।
देखिन्छ किन यो दुःखी, भन्छ-माग्छ कि क्यैं कुरो ? ॥
त्यसरी उनले सोद्धा कुरा गर्न सिपालु ती ।
कपिका पति सुग्रीव भन्दछन् यसरी पछि ॥

२६

२७

आर्य बावु ! महान् वीर कपि हुन् दधिवक्त्र यो ।
बस्छन् मधुवनैभित्र गर्छन् रक्षण ध्यान दी ॥
वीर अङ्गद इत्यादि आई त्यै वनमा पसी ।
खाए मधु, फलैसाथ भन्दछन् यत्ति बावु ! यी ॥
यिनका यी कुरा सुन्दा सजीलै अडकल्छु म ।
गरेछन् उनले काम गएथे गर्न ती जुन ॥
सीता खोज्न गएका हुन् ती दक्षिणदिशातिर ।
अवश्य पनि भेटेछन् गरेछन् काम सुन्दर ॥
तस्मात् मधुवनैभित्र सके पस्न तिनी स्वतः ।
नभए पस्न गाह्रै थ्यो, हुन्थ्यो यै अपराध त ॥
वन पालेहरू आए रोक्न छेक्न उनीकन ।
यिनलाई अनि ठोके हात-लात गरीकन ॥
यिनको के कुरा भो र दधिवक्त्रकनै पनि ।
टेरेनन् उनले कत्ति ठोक्दिए यिनमा पनि ॥
वनपालेहरूका यी नाइके हुन् प्रधान छन् ।
मैले भर्ना गरेका हुन् यो कुरो सब जान्दछन् ॥
यिनलाई पनी किन्तु गनेनन् उनले भने ।
गरेछन् काम, देवीको भए दर्शन पाँउने ॥
छैन क्यै यसमा शङ्का विशेष त्यसमा पनि ।
हनुमान् कपिकै काम हुनु पर्दछ त्यो पनि ॥
हनुमान् भिन्न क्वै अर्को काम यो फत्य पार्नमा ।
सक्ने त्यस्तो कुनै व्यक्ति म त देख्तिन है यहाँ ॥
हुन् तिनै कपिका रत्न शक्ति, बुद्धि छ सिद्धिको ।
शास्त्रको ज्ञान, उत्साह उनमा नै छ वीर्य त्यो ॥
जुन त्यो दलमा नेता जाम्बवान् छन् महाबली ।
शक्तिमान् युवराजै छन् अधिष्ठाता उनै कपि ॥
यस हालतमा त्यस्तो दलले बावु ! लक्ष्मण ।
यदि पाँउन्न साफल्य भने ता पाउला कुन ? ॥

४०

४१

पत्तो पाँउन सीताको गै दक्षिण-दिशातिर ।
फर्के अङ्गद इत्यादि वीर-पुंगव वानर ॥
उनै त्यो वनमा भित्र पसे ध्वस्त गरे सब ।
कार्य-सिद्धि गरे पक्कै नभए थ्यो असंभव ॥
गर्नु सम्म गरे फेरि उनले मनमाफिक ।
हातले लातले हाने पिट्दिए वनरक्षक ॥
कुरा मैले भनेका यी भन्न आए ममा यिनी ।
नाम हो यिनको बावु ! दधिवक्त्र, र छन् गुणी ॥
प्रिय लक्ष्मण ! लौ पत्ता लाग्यो अब छ निश्चित ।
ती आर्या-जानकीज्यूको कार्य-सिद्धि भयो स्वतः ॥
पसी मधुवनैभित्र फल-मध्वादि खान ता ।
गाह्रै थ्यो तिनले नत्र खान्छन् जो अब सर्वथा ॥
त्यो दिव्य वन हो बावु ! मेरा पुर्खाहरूकन ।
देवताहरु भै तुष्ट दिएथे वरमा जुन ॥
तस्मात् दर्शन देवीको न पाईकन क्यै गरे ।
पार्न सक्तैनथे भ्रष्ट त्यस्ता विख्यात वीरले ॥
वीर सुग्रीवका त्यस्ता निस्केका मुखपद्मका ।
कान तृप्त हुने यस्ता कुरा फैल्यो जतातता ॥
भाइ लक्ष्मणकै साथ बसेका रामभद्रले ।
सुने थे जब त्यो स्वात्तै, तब दङ्ग परे हरे ! ॥
चित्त गद्गद भै हाल्यो भए वा ! तुष्ट राम यी ।
भाइको चाल भो त्यस्तै जो यशस्वी थिए अति ॥
भए हर्षित सुग्रीव कुराले दधिवक्त्रका ।
भनिए उनले तस्मात् पालेका नाइके तदा ॥
मामा ! काम सकी आफ्नो फर्केका कपिले वहाँ ।
जो खाए जो गरे नाश त्यसले छु म हर्षमा ॥
तपाँईले पनी तस्मात् जो गरे उनले वहाँ !
त्यसमा न दिनोस् ध्यान विर्सनोस् भो! दिनोस् क्षमा॥

५४

५५

जानोस् मधुवनैलाई गर्नोस् रक्षा वहीं बसी ।
यहाँ पठाँउनोस् चाँडै हनुमान् आदिलाइ ती ॥
म सिंह जस्ता अतिदर्प गर्ने मामा ! हनूमान्हरुलाइ भेट्न ।
चाहन्छु चाँडै अब एक एक सोधेर घोको पनि स्वात्त मेट्न ॥

CC-0. In Public Domain. Digitization by eGangotri

५७

श्रीराम श्रीलक्ष्मण भाइ साथ बसेर मै सोध्छु सवै कुरा ती ।
के के गरे यत्न छिटै सजीलै श्रीजानकीको अब हुन्छ प्राप्ति ? ॥
साक्षात् श्रीरामै लक्ष्मणै ती पनी ता सुन्दा त्यस्ता यी वाक्य नै दङ्ग परे बा! ।
ठूला ठूला भै नेत्र थे फक्रिएका देहै भर्का रौं ठाडिए तेर्सिएका ॥
देख्ता त्यस्ता श्रीराम श्रीभाइलाई आफ्ना त्यस्तै भै हर्षिने अङ्ग पाई ।
पौडे आफ्नो 'भो काम यो' यै गमेर आनन्दैमा सुग्रीव पर्कँ परेर ॥

५८

इति त्रिसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौसट्ठी सर्ग

कपिवरहरू आँउनु र श्रीरामको पाउमा देवी--सीताको हाल--खवर विन्ती गर्नु

१

भन्दा सुग्रीवले यत्ति खुश भै दधिवक्त्रले ।
राम लक्ष्मण सुग्रीव यी तीनैलाइ ढोग्दिए ॥
राम सुग्रीवलाई यी ढोगेर त्यसरी उनी ।
शुरा पाले लिई आफ्ना उडे आकाशमै अनि ॥
आएथे जसरी पैले त्यही वेग लिई तव ।
वहाँ पुगेर ओर्लेर वनभित्र पसे अव ॥
पसी मधुवनैभित्र हेर्दामा दधिवक्त्रले ।
कपिका यूथका स्वामी वीर ती सव देखिए ॥
मद्को मद चढ्दामा पैले उद्धत जो थिए ।
अव त्यो मद सम्पूर्ण थिएन, शान्त नै थिए ॥
मद्को मद लाग्थ्यो जो अव त्यो सव वास्तव ।
पिसाव गर्दिदा स्वात्तै गै सकेको थियो तव ॥
गए उनी भए ठाम अनि अङ्गद साथ ती ।
भन्दछन् अँजुली जोडी दङ्ग भै यसरी झुकी ॥
सौम्य वावु ! न जानेर वनपाले मिली सव ।
जो रोके त्यसमा ध्यानै न जाओस् भूल भो तव ॥
यहाँका मधुको पान न दिई गर्ने क्रोधले ।
रोकेकोमा हुने क्रोध, अव छोड्दिनु वावुले ॥
टाढा देखि भयो पाल्नु थाक्नु भो गल्नु भो सव ।
अव खानोस् मजा साथ फल-मध्वादि यो सव ॥
महान् वल हुने हाम्रा युवराज ! सवै वन ।
वावुकै वेस वीर्ता हो, पृथ्वीमा छ महान् जुन ॥
महान् वाहु हुने वावु ! न जान्दा मूर्खतावश ।
अघि मैले गरेकोमा क्षमा नै दिनु योग्य छ ॥
पहिले वावुका वावु जस्ता नै अहिले पनि ।
वावु र वावुका काका छन् स्वामी यसका धनी ॥
१३

१४

हामी वानर-भालूका यी दुवै भिन्न छौ जन ।
स्वामी नै हुन सक्तैनन्, यिनै लायक छन् जुन ॥
मैले निष्पाप ए वावु ! यहाँ बाट गईकन ।
सव हाल भनें काका राजा-सुग्रीवमा पुनः ॥
यहाँ वानर आएको खाएको फल त्यो मद्द ।
गरें जाहेर सम्पूर्ण आफ्नै कर्तव्य थ्यो जव ॥
सुन्दामा वावु आएको सारा वानर साथ ली ।
मेरा भानिज ती राजा निकै खुश भए पछि ॥
नाशेको वन यो सारा भने पनि, सुने पनि ।
उठेन रिस नै कत्ति उल्टो दङ्ग परे उनी ॥
काका राजा उनी भन्छन् म द्वारा वावुमा अव ।
म भएमा छिटै आऊ आफ्ना साथी लिई सव ॥
उनका यी कुरा सुन्दा कुरा गर्न सिपालु तो ।
भन्छन् अङ्गद सारामा मीठो वाणी झिकी पछि ॥
ए यूथपति हो सुन्नोस् ! धर्मात्मा प्रभु-रामले ।
सुनि वक्सेछ लौ हाम्रो यो आगमन हाल ए ! ॥
नाइके खुश भै भित्र भन्तुहुन्छ यिनै कुरा ।
अड्कलेर त्यसैबाट म भन्दोछु यिनै कुरा ॥
शत्रुलाइ दिने पीर वीर हो ! कार्य-सिद्ध भो ।
अव हुन्न यहाँ वस्नु पाल्नोस् जाऔं उतै छिटो ॥
महान् पराक्रमी शूरा कपि यी मनमाफिक ।
मधु खाइ फलै साथ दङ्ग छन् तृप्त छन् सव ॥
अव काम पनी त्यस्तो वाँकी छैन कुनै अरू ।
कपिराज भए ठाम जाऔं पाल्नोस् छिटै वरु ॥
ए कपिश्रेष्ठ हो सुन्नोस् ! तपाँईहरुले मिली ।
भन्नुहुन्छ ममा जस्तो त्यस्तै गर्छु म ता झुकी ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सुन्नोस् ! किन भने देखि कर्तव्यात्मकदृष्टिले ।
वशमा म परेकैछु तपाँईहरुकै त ए !।।
हुन ता युवराजै हूँ स्वामी नै हूँ म तैपनि ।
तपाँईहरुमा मेरो आज्ञा चल्दैन क्यै पनि ।।
यसमा छ यही हेतु त्यत्रो काम गरीकन ।
तपाँईं पाल्नु भो, तस्मात् बल गर्दैन शासन ।।
सुनी अङ्गदका यस्ता मीठा वचन उत्तम ।
भित्र दङ्ग परे सारा भने ती सबले पुनः ।।
युवराज ! भई स्वामी आफ्ना वश-अधीनका ।
हामी सँग कुरा यस्ता को गर्ला प्रभु भिन्न ? बा ! ।।
ऐश्वर्य-मदले मत्त भै अहं-वशमा परी ।
आफैंलाइ छु सर्वोच्च भन्ठान्छन् प्राय व्यक्ति यी ।।
छन् यी तपाँईका योग्य मीठा लायकका कुरा ।
निक्लन्नन् कहिले यस्ता अरुका मुखबाट ता ।।
नम्रता शिष्टता यै हो, हो यही युवराजको ।
भविष्य सूचना गर्ने साह्रै बेस हुने कुरो ।।
हाम्रा सुग्रीव राजा छन् अविनाशी जहाँ वहीं ।
जान ठिक भएकाछौं पुग्न उत्सुक छौं त्यहीं ।।
तपाँईंको न भै आज्ञा सक्तैनौं एकपाइलो ।
चल्न सम्म पनी हामी छ हाम्रो सत्य यो कुरो ।।
कपिका गण भन्दैथे जब यस्ता कुरा त्यहाँ ।
भने अङ्गदले-राम्रो भन्नु भो लौ ! हिंडौं वहाँ ।।
भनी यत्ति हिंडी हाले सारा वानरका दल ।
महान् शक्ति भएकैथे ढाके आकाश निर्मल ।।
थिए अङ्गद साराको अगाडि, उनका पछि ।
वीर बानर ती उड्थे जो थिए यूथका पति ।।
ढाके ढपक्क आकाश यी चडे वेगले अति ।
हान्दा ढुंङ्गा गुलेलीले जसरी जान्छ त्यै सरि ।।
वीर अङ्गदकै साथ धीर यी हनुमान्कन ।
गए अघि लगाएर ती सबै कपिका गण ।।
ठूलो बादलको राशि उडाए ठीक वायुले ।
गर्जिए यी गए सारा किष्किन्धा नजिकै पुगे ।।
यता अङ्गद आएमा नजीकै कपिराजले ।
शोकले भित्र पाकेका रामसाथ यसो भने ।।

४३

४०

प्रभो ! धैर्य धरीबक्स्योस् जय होस् प्रभुको सदा ।
देवीको पाइयो पत्तो शङ्काको छैन क्यै कुरा ।।
किन ? आज्ञा भए साथी ! कृतकृत्य न भै यिनी ।
अहँ ! आँउन गाह्रै थ्यो नघाई म्याद त्यो पनि ।।
शुभदर्शन श्रीराम ! यता अङ्गदलाइ ती ।
म देख्तछु खुशी साह्रै अनि भन्दछु वाक्य यी ।।
न भए काम सप्रेको युवराज शुभाङ्गद ।
यी अङ्गद यहाँ फर्की आँउदैनथिए अब ।।
आफूले हात हालेको कार्य-सिद्धि विना पनि ।
आफ्नो नै घर फर्केका देखिन्छन् हो ! अरु पनि ।।
परन्तु त्यस वेलामा तिनको मुखमा प्रभो ! ।
हुन्छ है खिन्नता ग्लानि यिनमा छैन कत्ति त्यो ।।
अर्को कुरो छ यो साथी ! त्यो मेरो मधुको वन ।
अघिको बावु-बाजेका पालेको हो, छ उत्तम ।।
तसर्थ जानकीज्यूको नपाईकन दर्शन ।
सक्तैसक्तैन थे त्यस्तो वन मास्न कसै पुनः ।।
राम्रो व्रतो हुने साथी ! पाँउदा प्रभुम्हैं सुत ।
कौशल्या भइबक्स्यो बा ! बेस सन्तानकी तव ।।
तस्मात् धैर्य धरी बक्स्योस् छैन सन्देह क्यै अब ।
देवीको पाइयो पत्तो, ढुक्क भो सकियो दुख ।।
मुख्यकारण छन् राम ! यसमा पनि एउटै ।
जुन हुन् हनुमान् वीर तिनले नै गरे सबै ।।
प्रकाण्ड-बुद्धिमान् साथी ! काम यो सिद्ध पार्नमा ।
उनी भिन्न कुनै हेतु हुनैसक्तैन है यहाँ ।
हुन् तिनै कपिका रत्न शक्ति बुद्धि छ सिद्धिको ।
शास्त्रको ज्ञान, उत्साह उनमा नै छ वीर्य त्यो ।।
जुन त्यो दलमा नेता जाम्बवान् छन् महाबली ।
शक्तिमान् युवराजै छन् अधिष्ठाता उनै कपि ।।
अब यस्तो अवस्थामा बेस यै दलले पुनः ।
यदि साफल्य पाँउन्न भने ता पाउला कुनी ।।
प्रभुको शक्ति यो वीर्य छ अजेय अमेयको ।
अब भो नगरौं चिन्ता, गरीयो जत्ति गर्नु थ्यो ।।
जङ्गली कपि यी सारा हेरिबक्स्योसून् ! कत्तिको ।
अहंले चूर भै उड्छन् आँउदैछन् यतै प्रभो ! ।।

६०

६१

कार्य-सिद्ध न भै यस्तो हुन सक्तैनथे यिनी ।
पर्‍यो हेतु त्यही साथी ! वन त्यो मास्नमा पनि ॥
यता यस्तै कुरा हुन्थे माथि आकाशमा उता ।
नजीकै आँउनेको यी सुनियो कल्मलै कडा ॥
हनुमान्का सुकर्सैमा गर्व गर्ने र गर्जिने ।
कपिको झल्कियो सिद्धि किष्किन्धानिर आँउने ॥
सुनी यी कपि गर्जेको अव ती कपिराजको ।
हर्षले मन भो मक्क लामो पुच्छर ठाडियो ॥
कपि आइ पुगे ठ्याक्कै हनुमान्-अङ्गदैकन ।
आफ्नो अघि लगाएर रामको गर्न दर्शन ॥
लिइ आनन्द उत्साह अङ्गदादिक वीर यी ।
आकाशबाट ओर्ले बा ! राम-सुग्रीवकै अघि ॥

६६

६७

महान् बाहु हुने वीर हनुमान्ले बढी अघि ।
रामको पाउमा राखे आफ्नो शिर झुकी लडी ॥
अनि विन्ति गरे देवी-सीता व्रत र धर्ममा ।
अडेर बसिबक्सेको छ, वहाँ क्षेम गाथमा ॥
पाएँ दर्शन देवीको लङ्कामा नेत्रले यिनै ।
कुशलै भइ बक्सिन्छ तर पीर छ ज्यादि नै ॥
हनुमान्का कुरा यत्ति सुधा हुन् ठीकका सुनी ।
भाइ-लक्ष्मणकै साथ राम दङ्ग परे अनि ॥
हनुमान्लाइ नै ताकी राजा सुग्रीवले पनि ।
अघिबाटै भनेकाथे उनैको काम हो भनी ॥
हनुमान्को मुखैबाट त्यै कुरा अहिले सुनी ।
सुग्रीवलाइ टोलाई हेरे लक्ष्मणले अनि ॥

७२

७३

शत्रुवीर सबै मास्ने रामले पनि स्नेहले ।
हेरे बा ! हनुमान्लाई बल्ल आदरभावले ॥

इति चौसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैंसट्ठी सर्ग

कपिश्रेष्ठ--हनुमान्‌ले श्रीरामलाई देवी–सीताको हाल--खबर विन्ती गर्नु

१

उठे अव त्यहाँबाट मर्यादा-पुरुषोत्तम ।
श्रीराम भाइकै साथ पछि लागे सबै जन ॥
थ्यो प्रस्रवणको डाँडो नजीकैमा त्यहीं पुगी ।
बसे थ्याच्च डडिल्लोमा श्रीराम भइ उत्सुकी ॥
वन, कानन शोभिन्थे यो डाँडाको वरीपरी ।
मीठो स्वर सुनिन्थ्यो बा ! खोंचका झरना झरी ॥
यता अघि लगाएर युवराजकनै अब ।
यहीं वानर आए यी हनुमान् आदिका सब ॥
श्रीरामलाइ ढोगेर भाइ साथै महाबली ।
थ्याच थ्याच बसे सारा पाउ सुग्रीवको परी ॥
वीर वानर यी सारा मिली एकमुखै भई ।
भन्न लागे कुरा मीठा जो सुनें, जो गरे गई ॥
दुष्ट राक्षसको राजा त्यस रावणले प्रभो ! ।
खोपी भित्र छ राखेको सीतालाइ थुनी अहो ! ॥
डर्लाग्दा राक्षसी बस्छन् पालोमा घेर्दछन् सब ।
देवीको प्रभुमा नित्य अनन्य अनुराग छ ॥
म्याद तोकि दिएको छ महिना दुइ मात्रको ।
दुष्ट रावणले स्वामीन् ! देवीले अब बाँच्नुको ॥
अहिले सम्म सीताको शरीर छ भलो निको ।
आराम भइ बक्सिन्छ पीर घेर छ पाउको ॥
रामको पाउमा यत्ति कुरा विन्ती गरी अब ।
वीर वानर यी सारा चुप्प लागे झुकी तब ॥
विदेहराजकी छोरी सीता छन् कुशलै हुने ।
उनको व्रत राम्रो छ भन्ने श्रीरामले सुने ॥
उत्कण्ठा मनमा बढ्दा कुरा सुन्न अरू पनि ।
सोध्दछन् राम आफैं नै के के कस्तो छ ? त्यो भनी? ॥

१३

१४

भन वानर हो ! देवी सीता के कुशलै त छन्? ।
कहाँ छन्, भन कस्ती छन्, ममा के भाव राख्तछिन्? ॥
विदेहराजकी छोरी सीताको विषयै लिई ।
सोधेका यी कुरा मैले भन सम्पूर्ण ध्यान दी? ॥
डाँडाको यो सभाबीच मर्यादानर-रामका ।
सुने यस्ता कुरा भेला हुने वानरले तदा ॥
सीताको हाल सम्पूर्ण जानेका हनुमान्‌कन ।
प्रेरणा गर्न लागे ती अब भन्न वहाँ पुनः ॥
हनुमान् कपिका सारा कुरा अब सुने पछि ।
त्यै दक्षिण-दिशापट्टि फर्के शिर झुक्यो पछि ॥
यसको अर्थ स्पष्टै थ्यो सीतामा भाव-भक्ति र ।
श्रद्धा ज्यादै बढ्यो भन्ने उनको भाव सुन्दर ॥
कुरा गर्ने कला जान्ने वात मार्ने मजासित ।
हनुमान् भन्न लागे यी अब आदरतासित ॥
छोट्करीमा भने पैले जानकीको जसो गरी ।
शुभ-दर्शन पाएथे सारा वृत्तान्त सर्सरी ॥
आफ्नै तेज हुने झल्झल् चूडामणि झिकी त्यही ।
टक्र्याए आफ्नु हातैले रामको बाहुमा पछि ॥
अनि यी वायुका छोरा हात जोडेर भै खडा ।
यसरी बिन्ती गर्छन् बा ! जानकीका सबै कुरा ॥
पत्तो लाँउन देवीको गर्न दर्शन नै प्रभो ! ।
गएँ दक्षिण ताकेर महेन्द्र-गिरि देखि त्यो ॥
सयौं योजनको लामो महोदधि विशाल थ्यो ।
हुत्तिएर पुगें, पारी त्रिकूटाचल पर्दथ्यो ॥
त्यसमाथि पुरी लङ्का शोभिन्थी त्यस दुष्टकी ।
समुद्रको किनारैमा दक्षिणैमा छ त्यो पुरी ॥

२६

२७

मैले श्रीराम ! लङ्कामा खोपीमा राक्षसेशको ।
प्रमदावनमा भेटें देवीलाइ घुमी प्रभो ! ॥
वरीपरी वसेकाछन् घेर्दछन् राक्षसी सब ।
मैले यस्तै अवस्थामा पाएँ दर्शन राघव ! ॥
शोको र मनको आशा देवीको जो छ त्यो सब ।
टिक्दो छ प्रभुमामात्र पाउमा गाढ प्रेम छ ॥
गाली गर्छन् हकार्छन् ती राक्षसी डर पार्दछन् ।
त्रास गर्छन् अनै फेरि अत्यन्तै उग्ररूप छन् ॥
यस्तो हालतमा देवी जानकी रघुनन्दन ! ।
सम्झेर प्रभुलाई नै धानि—बक्सिन्छ जीवन ॥
शोक साह्रै अयोग्यै भो! भै सुखै भोग्न योग्यकी ।
दुःखका दिन देवीले काट्नु यस्ता हुँदै पति ॥
राक्षसेश्वरको भित्री खोपीमा भइ कैदिनी ।
सीता राज भएकोछ छन् पाले राक्षसी पनि ॥
चौटै छ शिरमा चुल्ठो, उपवास छ दिन्दिन ।
चिन्ता छ भित्र एकोरो मन पाक्तछ छिन्छिन ॥
जाडाका दिनमा बर्र वर्षँदा हिउँ ए प्रभो ! ।
पद्मिनीको भए जस्तो देवीको अङ्ग-कान्ति भो ॥
यहाँको छैन सम्बन्ध दुष्ट साथ कुनै पनि ।
हृदयाङ्ग सुकला हुन्छ खालि भैमैं वहाँ पनि ॥
यस विन्ती गरी हाल्छु पाउमा मुख्य यो कुरा ।
प्राण त्यागि दिनामा नै देवीको निश्चयै छ बा ! ॥
छ यता मन देवीको लागेको नित्य पाउमा ।
यो मुस्किलले पत्तो पाएँ मैले घुमी वहाँ ॥
विस्तारै पहिले मैले पुण्य ईक्ष्वाकुवंश यो ।
गरें वर्णन राजर्षिहरुकै कीर्ति साथको ॥
जगाएँ भित्र विश्वास देवीमा यसरी वहाँ ।
पछिपाट भनें स्वामिन् ! भन्नु पर्ने कुरा त्यहाँ ॥
जो भयो प्रभुको मैत्री राजा-सुग्रीव साथ त्यो ।
सुनी बक्स्यो मजै साथ सीतामा अनि हर्ष भो ॥

४१

४२

अनन्यप्रेम देखिन्छ देवीको प्रभुको प्रति ।
छ पातिव्रत्य आचार बढेको भक्तिसाथ ती ॥
उहाँ राज भएकोछ ठूलो तप गरी—गरी ।
ताडें सम्पूर्ण यो देखें मैले श्रीराम! हर्षडी ॥
अभिज्ञान चिन्हो बक्स्यो प्रभुमा भन्नु यो भनी ।
त्यो चित्रकूटमा बस्ता घटेका ती कुरा पनि ॥
महान् बुद्धि हुने स्वामिन् ! कौवाले जानकीकन ।
त्यहाँ राजहुँदा दुःख दिएको त्यो सुनें पुनः ॥
वायुपुत्र ! तिमी जाऊ भन श्रीरामसमा गई ।
आज्ञा भो-जो अवस्था छ मेरो, भन वहाँ पुगी ॥
गर्न सम्म गरी यत्न राखेको शिरको मणि ।
रामको पाउमा राख्न लिइ जाउ चिह्नो पनि ॥
बुझ्यौ ! टक्र्याउ त्यैवेला जब सुग्रीव साथमा ।
कुरा सुन्न बसेका हुन्, भन्नु, राख्दिनु पाउमा ॥
हो चूडामणि यो स्वामिन् ! बक्सेको प्रभुले समा ।
यो मैले फेरि फर्काएँ जो दुष्प्राप्य छ भूमिमा ॥
असह्य दुःखको वेला हेर्दथें यसलाइ म ।
लाग्थ्यो बा ! प्रभु देखेमैं पाँउथें सुख उत्तम ॥
श्रृङ्गार पुछिँदा मेरो भालमा प्रभुले अघि ।
टीका मनः शिलाको नै थोपर्दी बक्सियो हकि ! ॥
हाम्रा गुप्त कुरा हुन् यी बिन्ती गर्नु तिमी पुगी ।
भनेर जानकीज्यूले समा आज्ञा भयो यति ॥
पछिबाट भयो आज्ञा प्रभुमा भन्न यो पनि ।
म एकै महिनामात्र संम्भिबक्स्योस् नि ! बाँच्छु नि ! ॥
ठ्याक्क त्यो महिना बित्ता परी राक्षसको वश ।
बाँच्नै सक्तिन है स्वामिन् ! संम्भिबक्सनु पर्दछ ॥
देवीको देह दुब्लो छ सँधै व्रत लिंदा लिंदा ।
प्रभुमा प्रेम बढ्दो छ मन एकोहरो हुँदा ॥
कैदिनी भइबक्सिन्छ खोपीमा राक्षसेशको ।
छ पातिव्रत्य नै धर्म देवीको अविचलको ॥

५६

५७

सिंहबाट लखेटेकी मृगिणी ठीक भीत भै ।
जानकी हेरि बक्सिन्छ यताउति भनी छ क्वै? ॥

५८

रघुनन्दन श्रीराम ! वहाँको हाल त्यो स्थिति ।
भन्नु पर्ने भनें सारा पाउमा पर्खिई यति ॥
अब यस्तो अवस्थामा जरुरी होस् प्रयत्नले ।
महासागर त्यो तर्ने शोच होस् बल–बुद्धिले ॥

त्यो सुन्दा बाणी दाजुभाई दुवै ती ढुकै जस्ता नै देखिए बल्ल केही ।
टक्र्याए त्यो शीर्षको रत्न चिन्हो यल्ले पाऱ्यो झन् शान्त पो पीर फ्याँक्यो ॥
सीता–देवीले भन्नु आज्ञा भएको पोखे सारा वाक्यै उनीले झुकेर ।
आफ्नो बाणीले भन्नु पर्ने पछाडि चुप्पै लागे वी वायुका पुत्र वीर ॥

६१

इति पैंसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयसट्ठी सर्ग

श्रीरामले त्यो चूडामणि देखे पछि देवी सीतालाई संझेर अलाप-विलाप गर्नु र हनुमान्-सँग सीताका कुरा सोध्नु

१

हनुमान्ले यहाँ आई राम-लक्ष्मणको अघि ।
सुनाए सब सन्देश टक्र्याए मणि त्यो पछि ॥
चूडामणि लिए आफ्नै बाहुले रामले अनि ।
त्यल्लाइ टाँसि छातीमा रुन लागे स्वयं उनी ॥
हेरेर दाजु रोएको भक्तिले स्नेहले पिरी ।
भै असह्य महान् कष्ट रोए लक्ष्मण धर्धरी ॥
रामले अब त्यल्लाई बाहुमा लिइ राम्ररी ।
हेरे ओल्टाइ-पल्टाई घुमाएर घरीपरी ॥
लाग्न गाह्रै परी हाल्यो अब झन् शोक बढ्न गो ।
खसे वर्र भई आँसु भने सुग्रीवमा यसो ॥
प्रिय-साथी! यता सुन्नोस् ! बाच्छाको स्नेह बढ्नगै ।
फर्चौंढो बाट गाईले दुद फ्याँक्छ असह्य भै ॥
त्यै ठीक मणिमा श्रेष्ठ यो चूडामणिले पनि ।
यसा प्रभाव पार्‍यो बा ! पगाल्यो हृदयै पनि ॥
सुन्नु भो ! ससुरा मेरा राजा-जनकले बहाँ ।
त्यल्लाई बक्सिएको हो छोरीलाई विवाहमा ॥
त्यैवेला देखि सीताको पवित्र शिरमा गई ।
शोभा पाइ रहेकोथ्यो मणि यो अद्भुतै भई ॥
समुद्रबाट निस्केको मणि हो यो छ उत्तम ।
यसको देवतासम्म गर्दछन् नित्य पूजन ॥
त्यल्लाई यज्ञ गर्दामा भएका तुष्ट इन्द्रले ।
भाई जनक-राजामा टक्र्याएका थिए सखे ! ॥
अहिले मणि यो देख्ता संझना हुन्छ है पुनः ।
ख्य मेरा पिताज्यूको पाएझैं दिव्य-दर्शन ॥
यसैको साथ-साथैमा राजा जनकको पनि ।
झझल्को लाग्छ, देखेझैं संझन्छु सब त्यो पनि ॥

१३

१४

सीताको सिउँदोबीच शोभिन्थ्यो नित्य यै मणि ।
आज यल्लाई देख्तामा संझिएँ उनलाइ नि ! ॥
भो यसैले पनी साथी ! सीता पाए सरी ममा ।
बाटो भो सास फेर्ने यै, केही शान्ति भयो ममा ॥
भन लौ ! भद्र ए वीर ! मूर्च्छा पर्ने मनुष्यमा ।
छर्किन्छ जसरी पानी यहाँ ल्याँउन होशमा ॥
त्यैठीक वाक्य नै रूप पानी छर्केर मूर्च्छित ।
भए जस्तो ममा भन्छिन् सीता के के म? सुन्छु ल! ॥
भाइ-लक्ष्मणमा भन्छन् अब यी राम, लक्ष्मण ! ।
हेर ! यो मणि आयो हा ! नलिई जानकीकन ॥
यो सिन्धुबाट निस्केको मणि बस्थ्यो उनैसँग ।
अहिले छुट्टिई आयो यो भन्दा दुःख के भन ? ॥
जानकी प्रतिको माया प्रेम गाढा हुँदा बढी ।
हनुमान्‌तिर हेरेर भन्दछन् फेरि राम यी ॥
के भन्यौ हनुमान् ! बाँच्छिन् जानकी महिनौतक ।
लौ ! त्यसैहो भने देखि बेसै भो, ढुक भो अब ॥
ए वीर ! तर के गर्छौं हरे ! म उनले विना ।
छिनैभर पनी बाँच्न न सक्ने भै सकेँ यहाँ ॥
तिमीले जानकीलई देखेकाथ्यौ गई जहाँ ।
मलाई पनि लौ बाबु ! लगी हाल छिटै त्यहाँ ॥
सीताको हाल सन्देश त्यस्तो सुनि सके पछि ।
म त सक्तिन है टिक्न यहाँ अब छिनैभरी ॥
थिन् राम्रा कटिकी मेरी प्रिया ती जानकी सती ।
अत्यन्त डर मान्थिन् बा! काँप्थिन् त्यस्तै पर्‍यो कि ती ॥
बस्ती हुन् कसरी औले घेरिएर सबैतिर ।
डर्लाग्दा राक्षसीद्वारा तर्सिएर निरन्तर ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
अँध्यारो नाशिंदा खुल्दा शरद्का पूर्ण चन्द्रमा ।
ढाके बादलले आई के शोभिन्थे अकाशमा ॥
त्यहीठीक भयो होला सीताको मुखपद्म त्यो ।
मलीनो कान्तिले हीन छोप्ता राक्षसले अहो ! ॥
ए वीर ! भन के भन्थिन् ती मेरी जानकी वहाँ ? ।
मलाई भन्नको निम्ति के के भन्नु भनी यहाँ ? ॥
२९

३०
मिल्दो औषधि पाएमा रोगी बाँचे सरी गरी ।
म पनी बाँच्छु है बाबु ! त्यै सुनी भरमा परी ॥
म साथ छुट्टिएकी छन् राम्रो कटि हुने प्रिया ।
मीठो र मसिनो बोल्छिन् हुन्, राम्री जानकी अहा ! ॥
भन्दथिन् अरू के के ती भन लौ हनुमान् ! सब ।
दुःखमाथि खपी दुःख बाँच्छिन् ती कसरी अब ? ॥
३२

इति छयसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतसट्ठी सर्ग

हनुमान्‌ले श्रीरामलाई फेरि देवी–सीताको सन्देश सुनाँउनु

१

महात्मा रामले यत्ति भनिए हनुमान् जब ।
भनेका अघि सीताले कुरा भन्छन् सबै तब ॥
ए प्रभो ! भनि बक्सिन्थ्यो जानकी मुख्य यो कुरो ।
चिह्नोको रूपमा यौटा घटना अघि जो घट्यो ॥
त्यो चित्रकूटमा बस्ता हजूर पहिले प्रभो ! ।
प्रभुको साथ साथैमा जानकी सुकला भयो ॥
सुकला भै रहेकैथ्यो हजूर तर मैथिली ।
अल्लि पैले उठी बक्स्यो मन शान्त थियो अति ॥
यौटा कौवा वहाँ आयो यै बेला सहसा प्रभो ! ।
ठुङ्‌दियो जानकीज्यूको स्तनकै बीचमा अहो ! ॥
भरताग्रज श्रीराम ! पालो पालो गरी गरी ।
यौटाको काखमा सुत्थ्यो अर्को, यै क्रम चाल ली ॥
हजूर सुति बक्सिन्थ्यो देवीको काखमा तब ।
यै वेला फेरि आयो त्यो थाल्यो ठुङ्‌न दिई दुख ॥
आज्ञा हुन्थ्यो यसै देवी त्यसले स्तनबीचमै ।
आएर ठुङ्‌दियो फेरि भएँ म रगताम्य नै ॥
शत्रु मार्ने प्रभो ! राम व्यथा अति भए पछि ।
हजूरलाइ देवीले उठाई बक्सियो पछि ॥
देवीको बीच छातीमा घाउ देख्ता हजूर ता ।
सर्प जस्तै भई क्रुद्ध आज्ञा भो यसरी तदा ॥
उप्पाले नङ्का भीरु ! कसैले चिमट्यो प्रिये ! ।
मन लौ के भयो त्यस्तो स्तनमै घाउ देख्छु ए ! ॥
को ! गर्ने सर्पको साथ जुन हो पाँच टाउके ।
मनको खेल्न चाहन्छ ? खोज्छ को आफ्नु नाश ए! ॥
देवी साथ भनी त्यत्ति हेरि बक्स्यो यताउता ।
देखि बक्स्यो त्यसै बेला प्रभुले त्यसलाइ ता ॥

१३

१४

तीखा चुच्चा र खुट्टामा रक्तै-रक्त थियो अफ ।
जानकीतिर ताक्तैथ्यो दुष्ट ठुङ्ने लिई सुर ॥
त्यो कौवा सब पक्षीमा श्रेष्ठ थ्यो, अति चड्‌थ्यो ।
साक्षात् देवेन्द्रको छोरो थ्यो जयन्त, कुबुद्धि थ्यो ॥
गतिमा वेगमासम्म थियो यो वायु-तुल्यको ।
आएकोथ्यो स्वर्गबाट भर्खरै भूमिबीच यो ॥
महान् बाहु हुने यस्ता प्रभुका दुइ नेत्रले ।
तोरीकै फूल देखेछन् अनि ता अतिक्रोधले ॥
बुद्धिमान्‌हरुमा श्रेष्ठ प्रभुले त्यसलाइ ता ।
अथोट गरि बक्सेछ दिन दण्ड निकै कडा ॥
त्यहीं थ्यो कुशको गुन्द्री त्यसैको कुश एउटा ।
झिकी बक्सेछ त्यै फुत्त, मन्त्रि बक्सेछ है तदा ॥
त्यो ता ब्रह्मास्त्रकै मन्त्र परेछ फुकि बक्सिदा ।
बल्न लागेछ ह्वार्ह्वार्ति आफ्नु नै तेजले कडा ॥
भई प्रलयकालैको अग्निझैं अनि त्यो कुश ।
दन्केछ, लक्ष्य पारेछ त्यसले काकलाइ त ॥
प्रभुले छोड्‌दिबक्सेछ अनि ताकी त्यसैकन ।
पछाडि लागि हालेछ झम्टिएर पुनः पुनः ॥
प्रभुको डरले गर्दा काँपेका सब देवले ।
काखि च्यापेनछन् स्वामिन्! त्यो कौवालाइ क्यै गरे ॥
घुमे पनि तिनै लोक पुगे पनि जहाँ-तहाँ ।
पाएनछ कहीं त्यल्ले आफ्नो रक्षक अन्तमा ॥
पछाडि सबले छोड्दा न पाई शरणस्थल ।
प्रभुकै पाउमा आई लडेछ प्रभु-राघव ! ॥
पाउमा आइ घोप्टेको त्यसलाइ पनी तब ।
शरणै लिइ बक्सेछ दया उब्जेर भित्र त ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

तसर्थ मारि बक्सेन मार्नै योग्य भए पनि ।
उद्धार गरि बक्सेथ्यो त्यस्तो दुष्टकनै पनि ॥
दिव्य ब्रह्मास्त्र त्यो व्यर्थै पार्नु हुन्न भनेर नै ।
प्रभुले फोर्दिबक्सेथ्यो कौवाको नेत्र दक्षिणै ॥
विदा मागी गयो कौवा दयालु प्रभुलाइ र ।
राजा—दशरथैलाई ढोगी पछि निजी घर ॥
आज्ञा हुन्थ्यो यसै देवी अस्त्र-शस्त्रज्ञमा पनि ।
हजूरै भइ बक्सिन्छ श्रेष्ठ—आचारवान् पनि ॥
बल—शक्ति छ नाथैमा यस्तो भइकनै पुनः ।
शस्त्रास्त्र छोडि बक्सिन्न दुष्ट राक्षसमा किन ? ॥
सक्तैनन् रणमा नाथ ! लड्न साथ हजूरको ।
देव दानव गन्धर्व मरुत् यक्ष कुनै प्रभो ! ॥
प्राणनाथ ! हजूरैमा गतिलो बल, वीर्य छ ।
कसैमा छैन जो शक्ति सत्व त्यो प्रभुबीच छ ॥
ममा आदर सत्स्नेह छ भने अब लौ प्रभो ! ।
छिटै नै मार्दिई बक्स्योस् दुष्ट रावणलाइ यो ॥
लिएर दाजुको आज्ञा अथवा भाइ लक्ष्मण ।
सक्ने हुँदा—हुँदै मेरो गर्दैनन् किन रक्षण ? ॥
दाजु भाइ दुवै वीर नरमा सिंह ठीक छन् ।
वायु अग्नि सरी साक्षात् छन् सर्वोच्च समर्थ छन् ॥
देवताहरुलेसम्म आँट्नै न सकिने भई ।
ती दुवै किन गर्दैनन् मेरो वास्ता अलीकति ? ॥
पक्कै पनि कुनै मेरो त्यस्तै पाप रहेछ हा ! ।
भै समर्थ यसैले त दिंदैनन् ध्यानसम्म बा ! ॥
माया लाग्ने गरी साह्रै कलिपएर यिनै कुरा ।
देवीले भनि बक्सेथ्यो सुनें मैले भनें तदा ॥
प्रभुको सङ्ग छुट्नाले शोकले भइ पीडित ।
झोक्राइ बसि बक्सिन्छ राम घेरै जसो स्वतः ॥
आफ्ना काम-कुरा सारा छोडिए राम बाट हा ! ।
चिन्तना गरि बक्सिन्छ प्रभुकै मात्र सर्वथा ॥
देख्तामा दाजुको चाला व्यथा पीडित दुःखित ।
भाइ लक्ष्मण त्यस्तै छन्, गर्दछन् नित्य छर्पट ॥
कुनै प्रकारले बल्ल प्रभुको सुँइको मिल्यो ।
अब भो शोक गर्ने यो वेला होइन है प्रभो ! ॥

४२

४४

शुभे ! यसैघडी देखि यै वेला देखि वास्तव ।
देख्न नै थालि बक्सेला दुःखको अन्त नै सब ॥
दाजुभाई दुवै वीर बलवान् नरसिंह हुन ।
ठोकछन् दुष्टलाई यी के राख्थे सब श्याल हुन ॥
प्रभु पाँउनको निम्ति ठूलो उत्साह राख्तछन् ।
चाहेमा ती दुवै देवि ! यो लङ्कै भस्म पार्दछन् ॥
हुने लडाँइमा क्रूर दुष्ट रावणलाइ यो ।
पुत्र बान्धवको साथ मार्दि बक्सिन्छ, सत्य हो ! ॥
ठूलठूला नेत्रकी आफ्नी गृहिणी प्रभुलाइ वा ।
अनि पो लगि बक्सेला अयोध्यातिर राम ता ॥
तब मैले भनें स्वामिन् ! देवीसँग वहाँ यसो ।
मलाइ बक्सियोस् केही योग्यको चिह्न वा कुरो ॥
रामको पाउमा राख्ता भन्दा वा वस्तु वा कुरो ।
राम्रो पत्यार पारोस् है जसले गुप्त होस् कुरो ॥
महान् बल हुने स्वामिन् ! मैले त्यक्ति भने पछि ।
दौड्यो चारतिरै दृष्टि पल्याक्—पुलुक भै अति ॥
बाँधेर भित्र चुल्ठोमा राखेको दिव्य यै मणि ।
झुत्रो बाट फुकालेर मलाई बक्सियो अनि ॥
प्रभुको अति नै प्यारो चिन्ह हुन्छ यही मणि ।
भन्ने ठानेर नै मैले हात थापी लिएँ अनि ॥
गरें प्रणाम देवीमा म यतातिर आँउन ।
हत्पताइ सकेकोथें खोज्थें बुद्रुङ्ग उफ्रन ॥
त्यस्तो मलाइ देख्तामा ज्यादै उत्सुक फर्कन ।
देह बढ्दो नियाल्दामा लागि बक्स्यो उहाँ रुन ॥
झरी मुखभरी आँसु आज्ञा भो दुखिनी भई ।
आँसुले कण्ठ रोकिन्थ्यो ताप शोक बढी भई ॥
तिमी सौभाग्यशाली हौ महावानर ! वस्तुतः ।
जो देख्न पाँउछौं मेरा प्रिय श्रीरामलाइ त ॥
पद्मनेत्र महाबाहु उहाँकै साथ देवर ।
मेरा लक्ष्मणलाई ती देख्ने छौ वा ! निरन्तर ॥
ए प्रभो ! जानकीबाट त्यक्ति आज्ञा भए पछि ।
मैले पनि गरें विन्ती उहाँसँग यसो झुकी ॥
त्यस्तो लाग्छ भने देवि ! यो मेरो पीठबीचमा ।
हजूर चढि बक्स्योस् त पुर्‍याँउछु छिटै वहाँ ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

ए श्यामलोचने देवि! तुरुन्तै प्रभुलाइ म ।
भाइ-सुग्रीव साथैका रामको पाछुँ दर्शन ॥
सुनी मेरा कुरा त्यस्ता आज्ञा भो मकनै पुनः ।
यसो हेरेर देवीले हाँसे जस्तै गरीकन ॥
विभीले के भनेको छीः! यो मेरो धर्म होइन ।
म तिम्रो पीठमा चढ्न स्वेच्छाले अँहँ ! सक्तिन ॥
सुन ! वानर ! जो पैले दुष्ट रावणले छली ।
यी मेरा अङ्गको स्पर्श गऱ्यो वा हुनगो भुली ॥
त्यो वेला गर्न सक्थें के म थिए विवशो अति ।
यता काल थियो त्यस्तै घुमेको दुःख—चक्र ली ॥

६५

६६

यसर्थ अब लौ भैगो ! तिमी जाउ त्यहीं कपे ! ।
राजपुत्र दुवै भाई जहाँ छन् दृढवेगले ॥
भनी यत्ति ममा फेरि आज्ञा हुन्छ सती उहाँ ।
सोचेकीछु भनी मैले सबैलाई भन्यौ वहाँ ॥
सिंह जस्तै हुने शक्ति राम—लक्ष्मण वीरमा ।
राजा सुग्रीवमा भन्नु मेरो कुशल—कामना ॥
महान् बाहु हुने मेरा प्राणेश रघुनन्दन ।
उद्धार गरी बक्सेला जसो भन्दा त्यसै भन ॥
शोकको दुःखको यस्तो महासागरबीच म ।
चुर्लुम्ब भै डुबेकीछु, खप्न गाह्रो छ है ! भन ॥

७०

७१

खप्दीछु हप्काइ र गाली-साली ती राक्षसीको अतिधीरता ली ।
यो शोकको वेग र तीव्र ताप सहन्छु, बल्दोछ वियोग - राप ॥
सबै कुरा यी प्रभुमा गएर विसाउ एकेक गरी भुकेर ।
ल जाउ है ! वीर कपे ! समस्त बाटो हओस् श्रेय दिने प्रशस्त ॥
श्रीराम स्वामिन् ! प्रभुकी प्रिया ती यस्तै अनेकौं भनि बक्सिइन्छ ।
विषाद ज्यादै छ, छ उग्र चिन्ता, अत्यन्त दुःखी भइ बक्सिइन्छ ॥
मैले भनेको सब यी कुरामा विश्वास राखी गरि बक्सियोस् है ।
शोची गमी ए नरराज ! सीता आराम छन् यत्ति पत्याइयोस् है ॥

७४

इति सतसट्ठो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठसठ्ठी सर्ग

देवी–सीताले गरेको शङ्का आफूले हटाएको कुरा हनुमान्‌ले श्रीराम सँग वर्णन गर्नु

१

देवीमा पछि श्रीराम ! प्रभुको प्रति स्नेह र ।
बढ्यो आदर सौहार्द भै बक्स्यो तव सुस्थिर ॥
जान ठिक्क हुने देखी मलाई गरी स्नेह क्यै ।
फेरि आज्ञा भयो स्वामिन् ! देवीले शुभ वाक्य यै ॥
तिमीले गै वहाँ भन्नु रामका पाउमा कपे ! ।
मेरा यस्ता कुरा सारा संम्झिई दृढ ध्यानले ॥
तुरुन्त जुन सुन्दामा समराङ्गणमा डटी ।
मारी रावणलाई यो पाइयूँ म छिटै, यति ॥
शत्रु नाशन समर्थै छौ तिमी वीर ! यथार्थतः ।
अब यौटा कुरा भन्छु मान है ठीक लाग्छ त ॥
यहीं बस तिमी आज लुकी कै गुप्त ठाममा ।
विश्राम गर के भो र ? जाउला भोलि नै वहाँ ॥
मन्दभाग्य हुने यस्ती मलाई भै दिंदा तिमी ।
पीर छुट्‌थ्यो हुँदा टुक्क केही बेर भए पनि ॥
हुँदा आउँनमा ढीलो गए पछि तिमी उता ।
शङ्का छ प्राण यो बच्न, भन्न सक्तिन क्यै म ता ॥
म खप्छु दुःखमा दुःख यहाँ बाट हिंड्यौ किं ता ।
तिमीलाई न देख्नाको दुःख बढ्छ ममा यता ॥
सुन अर्को कुरा वीर ! ममा शङ्का छ है अफ ।
भालू–बानर ती तिम्रा साथीको विषयात्मक ॥
त्यो यै हो सुन ! भालू र कपिको सैन्य, दुर्गम ।
सिन्धु त्यो कसरी तर्लान् राजपुत्र पनी भन ? ॥
सक्तछन् सिन्धु यो नाघ्न तिनोटै व्यक्तिमात्र यी ।
तिमी, गरुड वा वायु हुनाले वेगवान् अति ॥
स्थिति यस्तो हुँदा वीर ! काम यो सिद्ध पार्नमा ।
तिम्रो विचार कस्तो छ ? छु उत्सुक म जान्नमा ॥

१३

१४

ठहराएँ तिमीलाई मैले ता कार्य साधन ता ।
साह्रै खिपालु छन् जचि तिनमा पनि श्रेष्ठका ॥
शत्रु-वीर सबै मार्न सक्ने ए हनुमान् ! सुन ! ।
तिमी एक्लै पनी सक्छौ मेरो काम पटाँउन ॥
सारा राक्षसलाई यी भुसुक्कै पार्न सक्तछौ ।
मेरो उद्धार गर्नामा हो ! तिमी नै समर्थ छौ ॥
बुझ्यौ ! तर यसो गर्दा जशको फल त्यो कपे ! ।
तिमीमै सब थुप्रिन्छ राममा जश जान्न ए ! ॥
आफ्ना सैन्य सबै ल्याई युद्धमा दुष्ट यो जिती ।
गए राम अयोध्यामा हुन्थ्यो कीर्ति, भलो अति ॥
यो लङ्का बाणले ढाकी नाशी रावण-सैन्य त्यो ।
मलाई साथ ली जानु रामको निम्ति योग्य हो ॥
त्यस्ता वीर महात्माको रणमा शूर रामको ।
निम्ति लायकको काम के गरे हुन्छ, शोच त्यो ॥
देवीका यी कुरा त्यस्तै स्नेहपूर्ण मनोहर ।
हुनाले युक्तिमा मिल्दा, सुनें मैले भई स्थिर ॥
पछिबाट गरें विन्ती यसो शोचो गमी बुझी ।
रघुनन्दन श्रीराम ! देवीका पाउमा झुकी ॥
भो ! पीर मान्नु पर्दैन यसबारे हजुरले ।
फसिएर बसेका छन् ती हाम्रा कपिराज ए ! ॥
भालू–वानरका सेना सत्यवादी उनीसँग ।
छन् तयार, लिई दौड्छन् सुन्नासाथ खुशीसँग ॥
छन् असंख्य शुभे ! सैन्य करोडौं कति हो कति ।
प्रभुलाई खुशी पार्छन् मार्छन्, शत्रु भए जति ॥
महान् बल हुने वीर धैर्यशाली र विक्रमी ।
सारा वानर छन् शूरा, आज्ञा मान्ने महान् गुणी ॥

२६

२७

जहाँ पुगूँ जहाँ जाऊँ भनी भित्र गम्यो कि वा ।
तुरुन्त नै त्यहीं पुग्न सक्ने छन् सब वीर बा ! ॥
जिनको गति रोकिन्न तल—माथि यता—उता ।
पाल्छन् सुग्रीवको आज्ञा पुग्न सक्छन् जतातता ॥
उल्लुना काम डर्लाग्दा पनि ती गर्न सक्तछन् ।
यसो हेर्दा सबै देवि ! तेजी छन्, डर पार्दछन् ॥
वायुको वेगले कुद्दै वन-पर्वत साथको ।
पृथ्वीलाइ निकै पल्ट घुमेकाछन् सबै कपि ॥
हाम्रा सुग्रीव राजाका सेनामा म समानका ।
छन् कैयौं कपि, छन् धेरै म भन्दा धेर वीर्यका ॥
मेरो भन्दा पनी धेरै भएका बल-विक्रम ।
असंख्य कपि छन् देवि ! छैनन् क्वै गुणमा कम ॥
यहाँ आएँ म जावो ता भने अब पतिव्रते ! ।
त्यस्ता महाबली वीर आँउनामा कुरा छ के ? ॥
सन्देश ल्याँउने-लाने काममा श्रेष्ठव्यक्ति वा ।
पठाइन्नन्, पठाइन्छन् स-साना व्यक्तिमात्र पा ! ॥
तस्मात् शङ्का त्यजी! बक्स्योस् मान्नु पर्दैन पीर क्यै ।
इच्छिदा एकपल्टैमा लङ्कामा आँउछन् सबै ॥

३५

३६

चढेर पीठमा मेरो झुल्केका चन्द्र-सूर्यझैं ।
आइ पुग्छन् छिटै ठ्याक्क दाजु-भाइ नृसिंहझैं ॥
चाँडै नै देखि बक्सेला अब देवी यहीं बसी ।
सवारी दाजु-भाईको भएको धनु हाव ली ॥
त्यो पुरद्वार लङ्काको शोभिनेछ मजासित ।
सिंह जस्तै हुने वीर्य ती दुवै भाइले तब ॥
भालू वानरलाई ती एकैपल्ट यहाँ छिटै ।
हजूर देखि बक्सेला आइ पुग्ने मजासँगै ॥
बढेका हातका नङ्ग्रा दाह्रा नै मुखका पनि ।
शस्त्रास्त्र उनका हुन्छन्, लड्छन् उग्र भै अनि ॥
देख्तैमा अति डर्लाग्दो मत्ता हात्ती समानको ।
छ देवि ! उनको देह भयङ्कर र उग्रको ॥
छन् शुभे ! अति डर्लाग्दो मेघ पर्वत हुन् सरि ।
देखिने देहका ठूला कपि भालू कुनै थरी ॥
लङ्काका नजिकैको यो मलयाचलमा बसी ।
गर्जन्छन् सुनि बक्सेला अब देवि ! यहीं बसी ॥
यो कुरो पनि चाँडै नै देखि बक्सिन्छ है अब ! ।
त्यो चौध वर्षको म्याद सकिएको पनी सब ॥

४४

४५

फर्की अनि अयोध्यामा प्रभुलाइ लिई सँगै ।
श्रीराम बसि बक्सेको राज्यमा अभिषिक्त भै ॥
हजूरको शोक बढी हुँदा अति कथा बढेमा पनि उच्च भै मति ।
श्रीजानकीको मन-वाक्यमातक निस्केन छोटोपन दीनतातक ॥
मैले उहाँलाइ अनेक युक्तिले बुझाइ सद्वाक्य भनेर यत्नले ।
प्रसन्न पारें दिइ सान्त्वना प्रभो ! पछाडि क्यै शान्ति मिलेर राज भो ॥

४७

इति अठसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

इति सुन्दरकाण्ड

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धकाण्ड

प्रथम सर्ग:

श्रीरामद्वारा हनुमान्‌को प्रशंसा र समुद्र-पार पुग्नमा चिन्ता

१

हनुमान्‌का कुरा जस्ता-तस्तैका ती सबै सुनी ।
साह्रै दङ्ग परे राम भने उत्तरमा अनि ॥
गर्न सम्म गरे ठूलो काम यी वायुपुत्रले ।
हुनु काम-कुरा यस्तो पृथ्वीमा कठिनै छ ए ! ॥
गर्नु ता के कुरा ओहो ! धराका अरु व्यक्तिले ।
मनले राम्ररी गम्न पनि गाह्रै कुरा छ ए ! ॥
छोडेर हनुमान्, वायु तथा गरुड तीन यी ।
छै देख्तिन म जो तर्न सकोस् त्यत्रो महोदधि ॥
देव दानव गन्धर्व यक्ष नाग र राक्षस ।
तिनमध्ये कसैले होस् लङ्कामा पस्नु कष्ट छ ॥
सुरक्षित भएकी छ नित्य रावण बाट त्यो ।
पसी भित्र त्यहाँ बाट ज्यूँदो निस्कनसक्छ को ? ॥
नित्य राक्षसले रक्षा गरिएकी र दुर्जय ।
लङ्कामा पस्न सक्ला को नहोस् ता हनुमान् ठिक ॥
बलमा जोडमा तस्मात् छन् बेजोड यिनी अहो ! ।
गरे वा ! हनुमान्‌ले यी. स्वामीका हितको कुरो ॥
बल-वीर्य भए ठीक त्यत्रो काम गरी यता ।
धन्य पारी दिए आफ्ना पति सुग्रीवलाइ ता ॥
जुन सेवक स्वामीले कुनै दुष्कर कार्यमा ।
लगाँइदा दिई ध्यान पूर्ण पारेर त्यो यहाँ ॥
त्यसैका योग्यको मिल्दो अर्को क्यै काम गर्छ ता ।
त्यो हुन्छ भृत्यमा श्रेष्ठ पुरुषोत्तम हो उ ता ॥

११

१२

खटिई काममा यौटा जुन सामर्थ्य योग्यता ।
भए पनि त्यहीमात्र गर्छ प्यारो त्यजी कुरा ॥
भने सेवक त्यस्ता ता भनिन्छन् ठिक्कका तथा ।
भृत्य मध्यम—श्रेणीका मानिन्छन् बुधले सदा ॥
योग्यता बल सामर्थ्य भएर पनि भृत्य जो ।
स्वामीको काम गर्दैन भने त्यो अधमै त हो ॥
स्वामीको काममा यौटा खटिई यिनले यहाँ ।
निकै नै गतिला कार्य गरे ध्यान दिई वहाँ ॥
दाग गौरवमा आफ्नो लगाएनन् वहाँ डटे ।
पति सुग्रीवलाई यी यहाँ सन्तुष्ट पार्दिए ॥
यी वीर हनुमान्‌ले बा ! राजा जनककी सुता ।
सीताको सजिलै पत्ता लगाए जो पुगी त्यता ॥
त्यत्तिले धर्मले मेरो तथा यो रघुवंशको ।
भाइ लक्ष्मणको सम्म आज रक्षा गरे अहो ! ॥
त्यस्तो म सँग क्यै छैन यस वापतमा दिने ।
मनमा दुःख लाग्दो छ यसैले भइ म्कोक्रिने ॥
मलाई जसले यस्तो सुनायो गतिलो कुरो ।
त्यल्लाई दिन त्यस्तै म सक्तै-- सक्तिन क्यै अहो ! ॥
महान् आत्मा हुने हुन् यी यिनलाई तसर्थ म ।
अँगालो मार्छु, सर्वस्व अहिले यै छ उत्तम ॥
यत्ति भन्दा न भन्दामा अङ्ग-प्रत्यङ्ग रामका ।
बढेको प्रेमले गाढा भए पुलकितै अहा ! ॥

२२

२३

गरी काम भने जस्तो भई सफल फर्किने ।
पवित्रात्मा उनीलाई अँगाले अब रामले ॥
केही बेर यसो शोची भन्दछन् फेरि राम यी ।
कपिराज सखालाई सुनाएर यसो पछि ॥
खोज्ने काम त सीताको भयो सम्पन्न राम्ररी ।
सिन्धु तर्ने कुरो शोच्दा मन गल्छ त्यसै मरी ॥
भरिपूर्ण भएको छ अगाध जलराशिले ।
सिन्धु यो, कसरी तर्ने ? छ यै कठिन काम ए ! ॥

२६

२७

यहाँ जम्बा भएका यी भालू वानर वास्तव ।
कसरी दक्षिणी पार पुग्दछन् कष्ट भो अब ॥
गर्थिन् रे यसमै शङ्का ती मेरी जानकी पनि ।
भर्खरै हनुमान्बाट यै सुने ! यिनले भनी ॥
अब यी कपिको हाम्रो सिन्धु तर्ने कुरा उठ्यो ।
कसरी यसको गाँठो फुक्न सक्ला ल शोच यो ॥
महान् बाहु हुने राम हनुमान्भा भनी यति ।
चुप्प लागे भई दिक्क शोक—भ्रान्त हुँदा मति ॥

३०

इति पहिलो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो सर्ग

बानरराज--सुग्रीवले श्रीरामलाई प्रोत्साहन दिनु

१

त्यसरी शोकले दुःखी भएका मित्र-राममा ।
भन्दछन् अब सुग्रीव शोक नाश्ने कुरा यहाँ ॥
के गरेको सखे! यस्तो साधारण--मनुष्य झैं ।
संताप लिनु ता त्यस्तो ठीक पर्दैन अल्लि है ॥
जस्तो सौहार्द विर्सन्छ कृतघ्न नर राघव! ।
त्यै ठीक विर्सि दीबक्स्योस् अब लौ शोक यो सब ॥
पीर मान्ने लिने ताप कुनै त्यस्तो कुरा पनि ।
अब देख्तिन है साथी! ठान्छु राम्रै भयो भनी ॥
समाचार भलो राम्रो जानकीको मिल्यो जब ।
भयो र अनि के गाह्रो पुग्नमा शत्रुको घर ? ॥
विद्वान् विचारका चर्का बुद्धिमान् बेस पण्डित ।
हजूरै भइ बक्सिन्छ गरौंला नि! सबै अतः ॥
कुनै निःसार आत्माको जन जस्तो भईकन ।
लिनु प्राकृत यो बुद्धि होला र कसरी पुनः ॥
लौ तस्मात् त्याग्दिई बक्स्योस् तर्छौं हामी समुद्र त्यो ।
नक्र ग्राह तथा माछा हऊन् जत्ति त्यहाँ प्रभो! ॥
सजीलै अनि लङ्कामा पसौंला पछि राघव! ।
प्रभुको शत्रलाई त्यो मारौंला छैन संशय ॥
शोकले भित्र पाकेर भई खिन्न मनैमन ।
जो निरुत्साह भै बस्छ ए सखे रघुनन्दन ॥
बिग्रन्छन् त्यसका सारा हुने काम-कुरा पनि ।
अन्तमा गइ त्यो फस्छ ठूलै आपत्तिमा अनि ॥
छन् समर्थ निकै शूरा यी मेरा कपियूथप ।
ठूलो उत्साह बोक्तैछन् गर्नमा प्रभुको प्रिय ॥
प्रभुको निम्तिमा साथी! यी सबै वीर वानर ।
बलेको अग्निमा सम्म हाम फाल्छन् निरन्तर ॥
१३

१४

यिनको हर्ष उत्साह देख्तामा भन्छु यो कुरा ।
सत्य निस्कन्छ यो मेरो दृढ-तर्क भई पुरा ॥
गरि बक्सनु पर्ने भो साथीले अब त्यै कुरो ।
वीर्य शौर्य बढोस् हाम्रो जसले भइ तीव्र यो ॥
पापी तथा दुराचारी शत्रु रावणलाइ त्यो ।
मारेर जानकीलाई सकौं ल्याँउन हे प्रभो! ॥
उपाय शोचि बक्स्योस् क्यै पहिले प्रिय राघव! ।
पुल हाल्न सकौं हामी महासागरमा अब ॥
वहाँ-त्रिकूट डाँडामा वस्ती लङ्का पुरीकन ।
देखौंला अनि पो साथी! मर्ला त्यो दुष्ट रावण ॥
संझी बक्स्योस् यही पक्का दुष्ट त्यो देखियो कि त ।
युद्धमा मारियो हामीहरूबाट यथार्थतः ॥
साक्षात् वरुणको वास भएको घोर सिन्धु छ ।
पहिले त्यसमा साथी! पुल नै हाल्नु पर्दछ ॥
न बाँधी पुल लङ्कामा पस्नु वा जित्न खोज्नु ता ।
छ सुरासुरले सम्म महान् गाह्रो, निकै कडा ॥
लङ्काको नजिकैसम्म हालिए सिन्धुमा पुल ।
हाम्रा यी वानरी-सेना पार पुग्छन् प्रभो! सब ॥
अनि ता संझि बक्स्योस् यै जीत हाम्रो भयो भनी ।
मानि बक्सनु पर्दैन पीर, चिन्ता कुनै अनि ॥
कपिका सैन्य यी मेरा आफ्नो इच्छानुसारको ।
रूप धर्न समर्थै छन्, युद्धमा लड्दछन् बडो ॥
लौ भैगो छोड्दिई बक्स्योस् यही विक्लव-बुद्धि हो ।
सब काम-कुरा नास्छ भाँड्छ यै अतितुच्छ हो ॥
शौर्य उत्साह यै सक्छ यो टिक्छ जुन मर्त्यमा ।
गर्न सक्तैन त्यो व्यक्ति राम्रो काम कुनै यहाँ ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

वीर मानिसले साथी ! लिन आश्रय योग्यको ।
शौर्यको वीर्यको मात्र भरमा बस्नु बेस हो ! ॥
तस्मात् यस अवस्थामा ए महान् बुद्धिका सखे ! ।
तेज-उत्साह-सत्वैमा अड्नु पो बेस मान्छु ए ! ॥
महान् आत्मा हुने शूरा प्रभु-ठीक मनुष्यले ।
हराए-नाशिएकोमा मान्दथे पीर, शोक के ? ॥
पीर माने लिए शोक यही नै रघुनन्दन ! ।
हुने काम पनी आफ्नो विगार्छ न दिई हुन ॥
सब शास्त्रार्थको पत्तो पाएका बुद्धिमान् अति ।
हजूर भइ बक्सिन्छ वीर्य धैर्य हुने जति ॥
यता हामीहरू जस्ता मन्त्री छौं, छौं सहायक ।
तसर्थ शत्रु त्यो साथी ! जिति बक्सिन्छ वास्तव ॥
त्रैलोक्यभरमा त्यस्तो म त देख्तिन वीर ती ।
धनुर्बाण लिई लड्दा जो टिकुन् प्रभुको अघि ॥
यी वानरहरूमाथि सुम्पेको कार्यभार यो ।
बिग्रन्न कहिल्यै साथी ! पूरा हुन्छ अवश्य त्यो ॥
हजूर अब चाँडै नै यै अक्षय-समुद्रको ।
पुगी पार नजर्होला देवी-सीताकनै प्रभो ! ॥
शोक राख्नु हुँदैहुन्न तस्मात हृदयमा अब ।
शत्रु त्यो नाश्न क्रोधै पो राखि बक्सनु श्रेय छ ॥

३६

३७

निरुत्साह तिनै हुन्छन् लिन्नन् जो क्रोध क्षत्रिय ।
सारा डराउँछन् शत्रु लिन्छन् जो क्रोध क्षत्रिय ॥
यी नदी-नदका स्वामी डर्लाग्दा सिन्धु तर्नमा ।
उपाय वरु के गर्ने ? यसमै शोच होस् यहाँ ॥
साथमै छौं सबै हामी अब शोच-विचार होस् ।
प्रभुको बुद्धि तीखो छ भनाई सुनि बक्सियोस् ! ॥
यो हाम्रो वानरी-सेना सिन्धु पार पुग्यो कि त ।
ठहरै गरि बक्स्योस् लौ ! छ हाम्रो जीत निश्चित ॥
हाम्रो यो कपिको सैन्य सिन्धुको पार पुग्नु नै ।
त्यो जीत हुनु हो राम! संझि बक्स्योस् छ सत्य नै ॥
सब यी कपि छन् शूरा लड्छन् संग्राममा अडी ।
इच्छानुसारको रूप धर्न सक्छन् यिनै कपि ॥
वर्षा ढुङ्गा र मूढाको गरेर यिनले वहाँ ।
त्यसै भुसुक्क पार्नेछन् हाम्रा शत्रु जहाँ-तहाँ ॥
सिन्धु पारी पुगेको यो सैन्य देखें कि ता प्रभो ! ।
मऱ्यो भन्ने म ठान्नेछु युद्धमा दुष्ट-शत्रु त्यो ॥
धेरै विन्ती चढाएर गर्नु के अब राघव ! ॥
जिति बक्सिन्छ है सोह्रै आना प्रभु त वास्तव ।
किन भन्छस् यसो ? भन्ने आज्ञा हुन्छ भने प्रभो ! ॥
शुभै शकुन देख्तोछु छ फेरि मन दङ्ग जो ।

४६

इति दोस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो सर्ग

वीर हनुमान्‌ले श्रीरामको अगाडि लङ्काको यावत् कुरा वर्णन गर्नु

१

हितैषी कपिका राजा प्रिय सुग्रीवका कुरा ।
थिए गूढार्थका बेस युक्तियुक्त पुरा—पुरा ॥
सुने ध्यान दिई राम्रा राम ले तसअर्थ ती ।
हनुमान् थे नजीकैमा प्रेमसाथ भने पछि ॥
तपले म पुलै बाँध्छु कि सुखाँउछु सिन्धु म ।
अवश्य सफलै हुन्छु, पारी पुग्दछु नाघि म ॥
वरु ए हनुमान् वीर ! मलाई भन यो कुरा ।
छन् त्यो दुर्गम लङ्कामा कति किल्ला यही पुरा ॥
देखेमैं आफ्नु आँखैले तिमीबाट सुनी सब ।
जान्न चाहन्छु एकेक त्यहाँका वस्तु वास्तव ॥
छौ वहाँ गइ देखेका तिमीले सब राम्ररी ।
सारा राक्षस—राजाकी लङ्कापुरी घुमीवरी ॥
भन कत्ति र कस्ता छन् सैन्य रावणका वहाँ ।
पुरीका मूलढोका छन् के कस्ता रूपका त्यहाँ ? ॥
कसरी छन् बनेका ती वैरीले सजिलैसित ।
भित्र पस्न सकिन्छन् वा ! सकिन्नन् गुप्त छन् कि त? ॥
गुप्त-तत्त्व ककस्ता छन् लङ्का रक्षिन खातिर ।
गरेका भन छन् कस्ता वहाँ राक्षसका घर ? ॥
सबै प्रकारले वीर ! तिमी कुशल छौ अतः ।
एक एक गरी सारा गर वर्णन वस्तुतः ॥
रामले यसरी सोद्धा बुझेका मर्म वाक्यको ।
ती विद्वान् हनुमान् भन्छन् मजासँग सबै कुरो ॥
प्रभो ! अब सुनी बक्स्योस् विन्ती गर्छु कुरा सब ।
कसरी दुर्ग लङ्कामा बनेका छन् रघूद्वह ! ।
वहाँ कस्तो व्यवस्था छ, लङ्काको गर्न रक्षण ।
सुसज्जित भएकाछन् सारा राक्षसका गण ॥
१३

१४

पर्दा रावणको तेज त्यसले भै प्रभावित ।
गर्छन् राक्षस ती स्नेह कसरी त्यसमा स्वतः ॥
श्री–समृद्धि छ लङ्काको कति उत्तम सुन्दर ।
महासागर त्यो फेरि डर्लाग्दो कति दुस्तर ? ॥
विभाग कति, कस्तो छ वहाँ पैदल सैन्यको ।
के प्रबन्ध छ, छन् कत्ति वहाँ वाहन–यानको ॥
विन्ती गर्छु सबै नाथ ! हनुमान्‌ले भने यति ।
विन्ती गर्न उनी लागे एक एक गरी पछि ॥
सुनी बक्स्योस् प्रभो ! पैले विचित्र नगरी छ त्यो ।
जहाँ हर्ष र आमोद नित्य बस्छ अतुल्यको ॥
विशाल छ पुरी लङ्का मत्ता हात्तीहरू वहाँ ।
असंख्य रथकै साथ क्रीडा गर्छन् जहाँ–तहाँ ॥
बस्तछन् त्यसमा नित्य डर्लाग्दा उग्र राक्षस ।
ठूल्ठूला चार छन् द्वार लम्बा चौडा रघूद्वह ! ॥
ठूल्ठूला बहुतै बाक्ला खापा छन् तिनमा पनि ।
मोटा र बलीया अग्ला ठोकेका छन् त्यहाँ पनि ॥
तिनमाथि प्रभो राम ! राखेका यन्त्र छन् निकै ।
जो बर्षाउदछन् बाण ढुङ्गा-मूढा विचित्र भै ॥
यिनैले शत्रुका सैन्य खोज्छन् ता भित्र पस्न त ।
ठोकिन्छन् बढ्न सक्तैनन् अघिल्तिर विशेषतः ॥
वीर राक्षसले मात्र बनाएका फलामका ।
शतघ्नि-नामका काँडै-काँडाका छन् वहाँ गदा ॥
छन् यी तीखा र डर्लाग्दा दृढ संस्कृत वस्तुतः ।
लिन्छन् काम यिनैबाट आवश्यक पर्‍यो कि त ॥
त्यस लङ्कापुरीमा छ चारैतिर विशालको ।
सुनको उच्च पर्खाल अति आक्लो विचित्रको ।
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यो फोर्न छ निकै गाह्रो मणि-मोती र रत्नले ।
शोभिएको छ जो स्वामिन्! मूगा-नीलम आदिले ॥
यस्ता पर्खालको तल्लो भाग चाँहि त बाहिरी ।
भरिपूर्ण छ खाल्डोले घेरिएको वरीपरी ॥
छ अत्यन्त गहीरो यो निकै नै छ फराकिलो ।
ग्राह सर्प तथा माछा टन्न छन् जसमा प्रभो! ॥
माथिल्लो भागमा स्वामिन्! ती चारै द्वारमा वहाँ ।
विशाल घर जस्ता छन् ठूला टाँड जहाँ—तहाँ ॥
यिनैमा राखिएका छन् पुल जान र आँउन ।
भन्छन् संक्रम जल्लाई' फिक्छन्, हाल्छन् पुनः पुनः ॥
यसको काम पर्दामा यन्त्रले नै चलाँउछन् ।
शत्रु—सैन्य वहाँ आए त्यसैले ध्वस्त पार्दछन् ॥
तिनका साथ-साथैमा ठूल्ठूला यन्त्र छन् अरु ।
शोभिन्छन् घर छन् नाना बनेका राम्न आबरु ॥
शत्रु-सेना पसे देखि पुल-संक्रमले तिनै ।
राम्ररी रक्षिइन्छन् जो खसालिन्छन् दनादनै ॥
यसरी दुर्दशा पार्छन् खाल्डोमा खस्तछन् कति ।
पुग्छन् छरिइँदै कैयौं वेपत्ता भै यताउति ॥
अनेकौंथरका त्यस्ता पुल—संक्रमबीच ती ।
छ यौटा गतिलो ज्यादै अभेद्य बलीयो अति ॥
त्यहीं राक्षसका सेना बस्छन् नित्य अनेकन ।
ठूल्ठूला चौतरा खंबा सुनैका छन् यहाँ पुनः ॥
वीर रावण त्यो नाथ छ सँधै लड्न उत्सुक ।
आत्तिइन्न न मात्तिन्छ धैर्य धर्दछ, स्वस्थ छ ॥
आफ्ना सैन्यहरूमाथि आँखा गाड्न निरन्तर ।
तयार भै रहेको छ सावधान भई स्थिर ॥
लङ्कामाथि गई भवाट्ट हमला गर्न ता प्रभो! ।
अवलम्ब कुनै त्यस्तो म त देख्तिन योग्यको ॥
छ त्यो अत्यन्त डर्लाग्दो देवताहरुले पनि ।
हमला गर्न ता भवास्स छ गाह्रो र कडा पनि ॥
त्यहाँ चार थरी किल्ला बनेका छन् भयङ्कर ।
वन—पर्वतका एवं नदीका कृत्रिम—स्थिर ॥
फैलिएको निकै लामो सिन्धुको दक्षिणी—तट ।
पारी शोभित त्यो लङ्का बसेकी छ रघूद्वह '॥

४३

४४

डुङ्गा—जहाजले पुग्न आँटौं, खोजौं भने पनि ।
अत्तो पत्तो छँदै—छैन लक्ष्यै छैन कहीं पनी ॥
अतिदुर्गम त्यो लङ्का देवकी अमरावती ।
ठीककी छ र शोभिन्छे डाँडाको चुचुरा भरी ॥
छन् वहाँ गतिला घेर घोडा-हात्तीहरू प्रभो! ।
भवास्स हेर्दा छ त्यो लङ्का जित्न गाह्रै सरी अहो! ॥
खाल्डा शतघ्नि इत्यादि यन्त्र नानाप्रकारका ।
लङ्कामा नित्य शोभिन्छन् त्यस रावण-दुष्टका ॥
पुरीको पूर्व ढोकामा दश हज्जार राक्षस ।
बस्तछन् हातमा भाला-शूल बोकी घुमी सब ॥
देखिन्छन् ती यसो हेर्दा अतिदुर्जय युद्धमा ।
जाने अगाडि नै लड्न खड्गकै भरका वहाँ ॥
दक्षिणी द्वारमा चाँहि सेना छ चतुरङ्गिणी ।
लडाका वीर छन् योद्धा छन् ठ्याक्कै लाख ती पनी ॥
उता पश्चिम ढोकामा डर्लाग्दा वीर राक्षस ।
दश लाख बसेका छन् लङ्काको भइ रक्षक ॥
घुम्छन् सम्पूर्ण यी नाङ्गा तलवार र ढाल ली ।
शस्त्रास्त्र छोड्न वा हान्न चंख छन् जान्दछन् अति ॥
यता उत्तर ढोकामा डर्लाग्दा वीर राक्षस ।
बस्छन् दश करोडैको संख्यामा शूर छन् सब ॥
यिनमा छन् निकै नाथ! रथी घोडचढीहरू ।
गतिलै कुलका हुन् यी मानिन्छन् वीरले अरू ॥
त्यो लङ्काभित्र माझैमा छाउनी छ विचित्रको ।
जहाँ शयौं हजारौं छन् दल राक्षसवीरको ॥
छ प्रभो! यिनको संख्या यहाँ त कति हो कति ।
सारा दुर्जय छन् दुष्ट गिन्तीमा कोटिमा वढी ॥
पुल, संक्रम जो जत्ति त्यहाँ थे सबलाइ ती ।
मैले विगार्दिएँ मार्शें खाल्डा पुरिदिएँ पछि ॥
भस्म पारें डढाएँ त्यो लङ्कालाई पनी प्रभो! ।
बाक्ला पर्खाल ठूल्ठूला भत्काएँ, भो भुसुक्क त्यो ॥
सकें सम्म गरें स्वामिन्! त्यत्रो राक्षस-सैन्यको ।
चतुर्थांश गरें नाश मार्दिएँ घोर युद्ध भो ॥
कुनै उपाय-बाटोले सिन्धु तर्न सके अहो! ।
मासे वानरले लङ्का भन्ने ठाने भयो प्रभो! ।

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

जाम्बवान् नल पनस मैन्द द्विविद अङ्गद ।
सैन्यका पति यी नील यत्ति छन् श्रेष्ठ अद्भुत ॥
लङ्का जित्न यिनै सक्छन् पुग्छ यत्ति भए भने ।
बाँकि वानर-सेना यी चाँहिन्नन् किन यी लिने ? ॥
वीर अङ्गद इत्यादि उड्छन् आकाशमा त्यसै ।
पुग्दछन् उफ्रँदै कुद्दै लङ्कामाथि प्रभो ! छिटै ॥

६३

६४

लङ्का भुसुक्क पार्दिन्छन् खाल्डा र वन पर्वत ।
पुरद्वार नदी-दुर्ग आदि मास्छन् विशेषतः ॥
गरी त्यत्ति तिनै स्वामिन् ! जानकीलाइ अन्तमा ।
सजीलै ल्याँउछन् राख्छन् प्रभुको पद-पद्ममा ॥
भन्यो बा ! यसले बेस भन्ने संझी प्रभो ! अव ।
आज्ञा बक्सिनु पर्ने भो जान सैन्य लिई सव ॥

६६

६७

आवश्यक कुरा सारा जोरजाम गरुन् यता ।
शुभ शाइतमा स्वामिन् ! हिंड्न इच्छा उठोस् उता ॥

इति तेस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो सर्ग

वानर--सैन्यको साथै र सुग्रीव श्रीरामको समुद्रको तटमा प्रस्थान

१

यथार्थ क्रम साथैका हनुमान्‌का कुरा सुनी ।
भन्दछन् अब श्रीराम तेजिला फूर्तिला बनी ॥
तिमीले हनुमान् ! यस्ता जो भन्यौ गतिला कुरा ।
एक एक गरी मैले सुनें ध्यान दिई पुरा ॥
डर्लाग्दो त्यसको लङ्कापुरी जो छ भनी भन्यौ ! ।
त्यसलाइ म चाँडै नै ध्वस्त पार्दछु, यै गुन्यौ ॥
तपाँई प्रिय-सुग्रीव ! अब लौ यै मुहूर्तमा ।
प्रबन्ध गर्नुहोस् चाँडै सैन्य-प्रस्थान गर्नमा ॥
छ सूर्य पुगि बक्सेको दिनको मध्यभागमा ।
यही विजय-वेला हो शुभ शाइतको यहाँ ॥
सीतालाइ हरी लाने दुष्ट रावण त्यो अब ।
यदि बाँच्छ भने देखि कहाँ जाला त वास्तव ? ॥
उता सिद्धादिले भन्दा उनका मुखले पनि ।
लङ्कामा हमला गर्न राम लागे यही सुनी ॥
सीतालाइ वहाँ होला आशा धैर्य पनी अनि ।
आई मलाई लैजालान् छुटाइ पतिले भनी ॥
जस्तो जीवनको अन्त हुन लाग्दा छुँदा सुधा ।
ब्यूँतन्छ मर्न लागेको भए पनी कुनै तथा ॥
उत्तराफाल्गुनी आज छ नक्षत्र यही शुभ ।
हस्त नक्षत्रमा पुग्छन् चन्द्रमा मिल्न भोलि त ॥
यसर्थ मित्र सुग्रीव ! हामीहरू सबै अतः ।
लौ प्रस्थान गरी हालौं सारा सैन्य लिई स्वतः ॥
जो जो शकुन देखिन्छन् हुँदैछन् अहिले जति ।
दिनले म त शोच्तोछु गर्छु विश्वास यै अति ॥
सजीलै म पुगी लङ्का सक्छु रावण मार्न र ।
ती मेरी जनकीलाई फर्काई छोड्छु भै स्थिर ॥

१३

१४

यस बाहेक यो मेरो दाहिने नेत्रको यता ।
माथिल्लो भाग फुर्दोछ शुभै शकुन देख्छु बा ! ॥
यसैले पनि ठान्दोछु मेरै विजय हुन्छ र ।
मनोरथ पनी मेरा पुग्दै जान्छन् निरन्तर ॥
रामका यी कुरा सुन्दा स्वयं वानरराज र ।
वीर लक्ष्मणले सम्म गरे सम्मान आदर ॥
अब यस्तो अवस्थामा अर्थ जान्ने सिपालु ती ।
धर्मात्मा नीतिमान् राम भन्दछन् यी कुरा पछि ॥
हाम्रो सम्पूर्ण सेनाको अघि लाख लिई कपि ।
बाटो हेर्दै हिंडी हालुन् भै सेनापति नील यी ॥
सैन्यका पति ए नील ! तिमी सुन कुरा यता ।
लाख सैन्य लिई जाउ राम्रो बाटो गरी त्यता ॥
बाटामा न परोस् धोका होस्रोस् शीतल मार्ग त्यो ।
फल-मूल हऊन् धेर जसले पुगियोस् छिटो ।
बाक्ला वृक्ष हऊन् फेरि चीसो मीठो हस्रोस् जल ।
जसमा ठाम-ठामैमा हऊन् मह निकै फल ।
हुन सक्तछ ! छन् दुष्ट ती राक्षसहरू अतः ।
हालेर विष इत्यादि न पारुन् जल दूषित ॥
तसर्थ अघि गै राम्रो सँग हेरी बुझी-घुमी ।
तिनबाट गर्‍यौ रक्षा आफैंले यिनको पनि ॥
वीर वानरले गर्ने मुख्यकर्तव्य यै छ है ।
सवैतिर पुगी हेर्नु घुम्नु बुझ्नु कुरा सबै ॥
वन-जंगल-खाल्डामा डाँडामा उफ्रि-उफ्रि गै ।
लुकेका शत्रुका सेना भए हेरुन् जताततै ॥
जाँदा अघि-अघी हामी बसी शत्रु पछिल्तिर ।
बुझ्यौ ! हामीहरू माथि हमला न गरून् कहीं ॥

२६

२७

असमर्थ हुने सेना बाल वृद्ध हुने जति ।
किष्किन्धापुरमै त्यस्ता बसुन्, वेस छ यै अति ।
हाम्रो काम छ यो ज्यादै डर्लाग्दो, यस हेतुले ।।
बल-विक्रम ली पूरा यो यात्रा गर्नु पर्छ ए ! ।।
वै महान् सिन्धुका ठूला छाल, वेगससमानका ।
रि वीरहरू जाँउन् सेनाको अघि सर्वथा ।।
अपार-वानरी-सेना छ हाम्रो तसअर्थ यो ।
सम्हालेर शयौं वीर जाँउन् अघि हओस् भलो ।
बलवान् देहका ठूला पर्वतै तुल्यका गज ।
तथा गवाक्ष गवय सेनाको अघि हुन् सब ।।
गाइको अघि लागेको शोभिन्छ जसरी वृष ।
ठीक अघि लागेका सब ती शोभियून् अब ।।
सँधै उफ्री कुद्दी हिंड्ने कपिका सैन्यका पति ।
न् यी ऋषभ, गै हालुन् आफ्नु सैन्य लिई अघि ।।
सब वानर-सेनाको दाहिने भाग-मात्रको ।
गर्नु रक्षण भै चंख यिनले ध्यान दी बडो ।।
गन्धहस्ती सरी तेजी गतिला गन्धमादन ।
पट्टि वसी रक्षा गरून् त्यो सैन्यको पुनः ।।
म ऐरावतको माथि चढेका इन्द्र—ठीक भै ।
हनुमान्को पिठिङ् माथि चढी जान्छु सज्जासितै ।।
बीचमै बस्छु सेनाको निरीक्षण-परीक्षण ।
गरी हिंड्छु सबैलाई हर्ष—वीर्य भरीकन ।।
ता लक्ष्मण चढ्नेछन् काल ठीक पराक्रमी ।
वीर अङ्गदको पीठ, जालान् अघि बढी अनि ।।
यिनको शोभा त्यो बेला सार्वभौम त्यो ।
हात्तीको पीठमा बस्ने धनाध्यक्ष-समानको ।।
ऋक्षराज महान् बाहु जाम्बवान् र सुषेण यी ।
वेगदर्शी पनी आँउन् सैन्यको पीठ रक्षिई ।।
श्रीराम-भद्रका यस्ता कुरा सब सुने पाछे ।
दिए सुग्रीवले आज्ञा गरी हाल्न भने सरी ।।
देहका बलका ठूला वीर वानर ती अब ।
डाँडाबाट गुफाबाट निस्की आए यहीं सब ।।
फुर्तिला तेजिला त्यस्ता कपिका दल उफ्रँदै ।
कुद्दै भए जम्मा हिंड्न लागे मिली सबै ।।

४३

४४

अब वानर-राजाले भाइ लक्ष्मणले पनि ।
श्रीराममा गरे विन्ती होस् सवारी भनी भनी ।।
सेना साथ लिई सारा अनि श्रीरामले पनि ।
गरे प्रस्थान तत्काल दिशा-दक्षिण तर्फ त्यो ।।
त्यसवेला विचित्रै भो हात्तीझैं गिरिझैं तथा ।
एकेक कपि देखिन्थे यिनले व्याप्त गर्दिंदा ।।
यिनको दल थे त्यस्तै सयौंका र हजारका ।
लाखौंका र करोडौंका घेर्दथे रामलाइ ता ।।
अघि बढ्दै गए राम यसरी अब रात्ररी ।
विशाल कपिको सैन्य गयो पछि थरी थरी ।।
एकेक कपि सेनाका हुँदा सुग्रीव—पालित ।
हृष्ट-पुष्ट थिए एवं प्रोत्साहित प्रहर्षित ।।
यिनमध्ये कुनै वीर श्रेष्ठ वानर वास्तव ।
हेर्दथे उफ्रँदै कुद्दै गर्जन्थे भइ रक्षक ।।
कुनै बाटो सफा गर्न राम्रो पार्न पुगी अघि ।
सबै काम—कुरा गर्थे गर्नु पर्ने गमी बुझी ।।
गर्जिएर कुनै हिंड्थे मेघ जस्ता भई कुनै ।
गर्थे सिंह सरी ङ्वार गर्थे कमल नै कुनै ।।
यसरी वानरी-सेना अब बढ्दै गयो अघि ।
त्यै दक्षिण-दिशा ताकी उत्साह लिइ भै खुशी ।।
बाटामा महका चाका सुगन्धित भिल्यो कि त ।
क्वै खान्थे फल भेट्टाए हसुर्थे दक्ष भै तव ।।
मुजुरा-पालुवा हाल्ने ठूल्ठूला वृक्षलाइ ती ।
उखेल्थे काँधमा हाल्थे अनि बढ्थे अगाडि यी ।।
कुनै मत्त भएकाथे जिस्की जिस्की कसैकन ।
बोक्थे जुरुक्क क्वै फ्याँक्थे चढ्नलाइ वहीं पुनः ।।
बुरुङ्ग उफ्रिइन्थे क्वै हिंड्दा हिंड्दै पनी वहाँ ।
क्वै खसाल्थे कसैलाई क्वै लडाँउदथे त्यहाँ ।।
रामको नजिकै हिंड्थे वहाँ जो वीर वानर ।
गर्जिंदै ती यसो भन्थे वीर्य देखाँउदै स्थिर ।।
मानौं पर्दछ हामीले दुष्ट रावणलाइ त्यो ।
संहार गर्नु नै पर्छ सारा राक्षसमात्रको ।।
बाटो सफा गरी हिंड्थे तीन वानर वीर यी ।
कुमुद, नील, ऋषभ निकै वानर—सैन्य ली ।।

६०

सेनाको मध्यभागैमा कपिराज महावली ।
हिंडे सुग्रीव श्रीराम भाइ लक्ष्मण साथ ली ॥
थिए बा ! यिनका साथ शत्रु नाश्ने भयङ्कर ।
महान् वल हुने वीर ठूल्ठूला अरु वानर ॥
थिए वीर शतबलि नामका एक वानर ।
करोड दश थे ठ्याक्कै जसका साथ वानर ॥
यी यौटैले वहाँ त्यत्रो विशाल कपि—सैन्यको ।
देखरेख गरेकाथे लिई वश भई छिटो ॥
शयैं करोड संख्याको कपि—सैन्य वशै गरी ।
हिंड्दथे दाहिने पट्टि स्वयं पनस केसरी ॥
वीर वानर सेनाको संख्या लिइ गरी वश ।
वाँया पट्टि गरी रक्षा हिंड्थे अर्क तथा गज ॥
बहु संख्यक भालूले घेरिएर मजासित ।
सुषेण जाम्बवान् भालू गै रहेका थिए तव ॥
यिनका अघि थे राजा स्वयं सुग्रीव वीर ती ।
पछिल्लो भागको रक्षा गर्थे हिंड्थे पछाडि यी ॥
कपिका मणि हुन् जस्ता यी सारा सैन्यका पति ।
कपिश्रेष्ठ थिए वीर शोभिएका वहाँ अति ॥
यिनै वीर सवै तर्फ घुमी हेरी बुझीकन ।
त्यत्रो विशाल—सेनाको गर्थे रक्षा—नियन्त्रण ॥
जम्भ प्रजङ्घ रभस दरीमुख महान् कपि ।
अगाडि बढ्न चाँच्चाँडो ! भन्थे सवतिरै पुगी ॥
यसरी यी बलोन्मत्त कपिवीरहरू सव ।
गर्जिंदै सिंह जस्ता झैं अघि बढ्दै गए अव ॥
जाँदामा यसरी देखे उनले सह्य पर्वत ।
शयौं पर्वत शोभिन्थे जसका पार्श्वमा तव ॥
हेर्दै—हेर्दै गएकाथे बाटाभर अनेकन ।
तलाउ पोखरी राम्रा फुलेका पुष्प शोभन ॥
यता आज्ञा भएकोथ्यो रामको मार्गमा कहीं ।
उपद्रो न गरुन् कोही भन्ने पनि जहाँ—तहीं ॥
डर्लाग्दा क्रोधका त्यस्ता रामको त्यो निदेशलें ।
थिए निकै डराएझैं हिंड्दथे शान्तभावले ॥
ठूल्ठूला पुरको एवं ग्रामको नजिकै पनि ।
न परी हिंड्दथे सारा शान्तिमान् हुन् सरी बनी ॥

जस्तो समुद्रको पानी झैं डर्लाग्दो अपारको ।
अघि बढ्दछ त्यैठीक, गयो वानर-सैन्य यो ॥
सुनिन्छ सिन्धुको जस्तो महाघोर आवाज त्यो ।
त्यैठीक भइ डर्लाग्दो सुनिन्थ्यो शब्द सैन्यको ॥
जस्तो सवारले हाँक्ता हाँकिन्छन् वेस अश्व ती ।
त्यस्तै उफ्री कुदी हिंड्थे रामाज्ञा पाइ वीर यी ॥
कहिले यी परैं पुग्थे आँउथे कहिले वर ।
दाँया वाँया दुवैपट्टि हिंड्दथे भइ सुस्थिर ॥
वीर अङ्गदले एवं हनुमान् कपिले पनि ।
बोकिएका दुवै भाई राम-लक्ष्मण यी अनि ॥
शोभिए बा ? मजासाथ दुवै शुक्र बृहस्पति ।
सँगैका चन्द्रमा—सूर्य हुन् भनेठीक देखिई ॥
भाई लक्ष्मणले एवं मित्र — वानरराजले ।
सम्मानित भई राम सैन्य ली दक्षिणै गए ॥
अर्न अङ्गदको काँध चढेका भाइ लक्ष्मण ।
भन्छन् मङ्गल-वाणीमा दाजु रामसँगै यसो ॥
राम्रा शकुन देख्यो कि कार्य-सिद्धि हुने कुरा ।
ज्ञात हुन्थ्यो उनीलाई त्यसले जो पुरा पुरा ॥
तल-माथि प्रभो दाजु ! पृथ्वीमा र आकाशमा ।
नाना शकुन देख्तोछु अहिले म त जहाँ-तहाँ ॥
यसैले म त शोच्तैछु अव पुग्छ हजूरको ।
सम्पूर्ण मनको धोको, भलो हुन्छ सवै कुरो ॥
मारी रावणलाई त्यो हरिएकी उहाँकन ।
भेट्टाई साथ ली फर्की बक्सिनेछ पुरी पुनः ॥
यता नजर होस् दाजु ! हाम्रो सैन्य पछिल्तिर ।
चल्दोछ वायु झैं मन्द अतिशीतल श्रेयद ॥
पशु-पक्षी पनी सारा मीठो मधुर-शब्दमा ।
आ-आफ्नो वाक्य बोल्दैछन् भइ मगन जहाँ-तहाँ ॥
यता दश दिशा राम्रा देखिन्छन्, छन् प्रसन्न यी ।
भइ निर्मल शोभिन्छन् भगवान् सूर्यदेव ती ! ॥
भृगुनन्दन श्रीशुक्र तेजिलो कान्तिले उता ।
निकै उज्ज्वल पार्दाछन् प्रभुका पछिको दिशा ॥
जहाँ सप्तर्षि बस्ता छन् शोभिएर निरन्तर ।
देखिन्छ ध्रुव-तारा त्यो साह्रै निर्मल सुन्दर ॥

प्रकाशमान भै शुद्ध सप्तर्षिगण वास्तव ।
घुम्दछन् ध्रुवलाई ती दाहिने बाँट राघव ! ॥
हामी इक्ष्वाकुवंशीका पितामह महामना ।
त्रिशंकु श्रेष्ठ राजर्षि हेरि बक्स्योस् प्रभो ! त्यहाँ ॥
वसिष्ठ-गुरुको साथ आफ्ना कुल पुरोहित ।
यसरी शोभिबक्सेको छ निर्मल भई स्वतः ॥
इक्ष्वाकुकुलका हामीहरूको गर्न नै भलो ।
विशाखानामको युग्म यो नक्षत्र पनी प्रभो ! ॥
भैरहेको छ है दाजु ! अतिनिर्मल, उज्ज्वल ।
दुष्ट-ग्रहादिको केही उपद्रव न भै अब ॥
मूलनक्षत्र जो यो हो सारा राक्षसमात्रको ।
जसका छन् अधिष्ठाता देव निर्ऋति नामको ॥
पिरिंदोछ तिनैद्वारा यतां साक्षात नियासक ।
धूमकेतु पनी पिर्छन् यसैले कष्ट भोग्दछ ॥
सब यस्ता कुरा दाजु ! राक्षसैका विनाशको ।
निम्तिका निस्किएका हुन् तिनैमा पिर्दछन् बडो ॥
गएर कालको पाशो टन्केका व्यक्तिमात्रकै ।
कुभलो गर्न नै पिर्छन् ग्रहले काल-ठीक भै ॥
रस-पूर्ण सफा मीठो जल देखिन्छ उत्तम ।
वनमा पनि छन् नाना फल टम्म अनुत्तम ॥
सुगन्धित भई वायु मन्द-मन्द बहन्छ यी ! ।
वृक्षमा ऋतुका पुष्प फुल्न थाले अनेक ती ! ॥
व्यूहबद्ध छ यो हाम्रो कपिको सैन्य राघव ! ।
शोभिन्छ जसको शोभा अतिराम्रो भई सब ॥
तारकासुर-संग्राम पर्दामा देव सैन्यको ।
भए झैं स्थिति उत्साह यसको छ त्यसै प्रभो ! ॥
अब यस्तो सबै देखी दाजुले पनि वास्तव ।
खुश भै बक्सिनै पर्छ शुभ-लक्षणले सब ॥
यसरी दाजुलाई ती भाई लक्ष्मण वीर यी ।
संझाएर बुझाएर भन्दथे भै निकै खुशी ॥
यता हिंडी रहेकैथ्यो सब वानर-सैन्य त्यो ।
त्यताको पृथिवी सारा घेरी अघि बढी अहो ! ॥
थिए वा ! यस सेनामा वीर-भालू निकै बढी ।
रुचि ता सिंहकै ठीक हुने वीर्य थिए कपि ॥

थिए नख तथा दाह्रा यिनका शस्त्र-अस्त्र ता ।
देहका हात-खुट्टाले धूलो फ्याँक्थे जतातता ॥
त्यो भयङ्कर धूलोले सूर्यको तेजलाइ नै ।
मारिदियो र जगत् सारा छोपिदियो त्यसभित्र नै ॥
अब यो वानरी-सेना आकाश वन पर्वत ।
ढाकेर अघि बढ्दै गो भै ढाक्ने नभ अम्बुद ॥
लाग्थ्यो कुनै नदी तर्न जब वानर-सैन्य यो ।
त्योवेला गजबै हुन्थ्यो निकै योजनसम्म पो ॥
नदीको अघिको धारा स्वाभाविक थियो जुन ।
उल्टिइन्थ्यो त्यसै स्वात्तै बग्थ्यो अर्कोतिर पुनः ॥
यत्रो विशाल सेना यो जान्थ्यो हाँकिदै तदा ।
कसिई सोभिझई राम्रै दक्षिणैतिर सर्वथा ॥
स्वच्छ निर्मल पानीका दहमा वा तलाउमा ।
बाक्ला वृक्ष तथा झाडी हुने जङ्गल आदिमा ॥
पृथ्वीका सम्म ठाउँमैमा वनमा फल-फूलका ।
यी सबै ठामका बीचै-बीचबाट बढ्यो तदा ॥
तल-माथि गरी हिंड्थ्यो तेर्सो-ठाडो यता उता ।
सम्पूर्ण पृथिवी ढाकी बढ्यो अघि त्यही दिशा ॥
प्रसन्न-मुख थे बेस यो सेनाका सबै कपि ।
यिनको वेग थ्यो फेरि वायु जस्तै छिटो अति ॥
रामको काम यो सिद्ध पार्न, गर्न भने पछि ।
थिए यी जम्जमाएका पराक्रम झिकी अति ॥
जवानी जोश-बढ्दामा हुर्केको अभिमानले ।
बाटाभर आ-आफैंमा वीर्य-उत्साह भर्दथे ॥
यिनमध्ये कुनै चाँहि फूर्तिले भइ तेजिला ।
पृथ्वीमै हिंड्दथे कोही उड्थे आकाशमै तदा ॥
कैयौं वनचरा त्यस्ता गर्दथे वा ! कल्याङ-मल्याङ ।
कुनै फट्कार्दथे खुट्टा पार्थे पुच्छर सल्याङ-मल्याङ ॥
फैलाएर यसो हात गिरिका ठाकुरा तथा ।
वृक्षलाइ पनी सोर्थे निकै नै बलवान् हुँदा ॥
गिरिका चुचुरा माथि घुम्ने बस्ने यिनै कपि ।
छिन्नै पुग्दथे माथि बुद्रुङ्ग वेगले बढी ॥
गर्जन्थे जोडले कोही गर्दथे सिंहनाद क्वै ।
गिज्जिन्थे आफ-आफैंमा जिस्कन्थे यिनबीच क्वै ॥

CC-0. In Public Domain. Digitization by eGangotri

१२६
अ-आफ्नो जाँघ-घूँडाको वेगले कत्ति ता वहाँ ।
मास्थे वृक्ष-लता-झाडी अनेकन जहाँतहाँ ॥
आङ तानी गरी हाई ! ठूल्ठूला वृक्ष साथ ती ।
पखेरा र पहाडैका साथ खेल्थे निकै कपि ॥
यिनका दलको संख्या अनेकौंको थियो अहो ! ।
कुनै शयौं-हजारौंको करोडौंको विचित्रको ॥
यत्रो वानर-सेनाले घेरिएकी जतातता ।
पृथिवी शोभिइन् ज्यादै लिइ दिव्य विचित्रता ॥
विशाल कपिको सैन्य निरन्तर यसो गरी ।
हिंडीमात्र रह्यो खाली दिन-रात गरी गरी ॥
थिए सुग्रीवद्वारा यी सुरक्षित जहाँ स्वतः ।
यसअर्थ थिए सारा हृष्ट-पुष्ट र हर्षित ॥
भै छिटा गै रहेकाथे गर्दै स्वागत युद्धको ।
खोज्दथे जानकीलाई छुटाउँन पुगी छिटो ॥
विशाल सैन्य यो तस्मात् बाटाभर कहीं पनि ।
न बस्यो नडियो यद्वा छिनको निम्तिमा पनि ॥
एवं प्रकार जाँदामा पुग्यो यो सैन्य अन्तमा ।
वन-काननले व्याप्त पर्वतश्रेष्ठ सह्यमा ॥
यहाँ वाक्ला थिए वृक्ष लता झाडी थिए अति ।
भित्र दङ्ग भए सारा त्यसैमाथि चढे कपि ॥
मलयाचल थ्यो अर्को नजीकै भव्य पर्वत ।
त्यो सह्य-गिरिमा जस्तै थियो शोभा विचित्रित ॥
नदी र झरना एवं वन-काननका सब ।
वस्तु शोभा नियालेर राम बढ्दै गए तव ॥
यता वानर ती सारा बाटामा पर्न आउँने ।
भाँच्दिन्थे रुख हुन् जत्रा बलले भइ मात्तिने ॥
चाँपो अशोक तिनिश तथा तिलक आँप र ।
सिन्दुवारादिका वृक्ष उखेल्थे सब वानर ॥
हिंड्थे यी उफ्रँदै कुर्दै बाटाका अरु वृक्ष यी ।
पाखी करंज अङ्कोल अमला जामुना जति ॥
नीपका वरका सम्म बाँकि राख्दैनथे कति ।
देख्यो कि भाँच्दिई हाल्थे मैमत्ता जुन थे अति ॥
त्यो सह्यका पखेरामा जुन राम्रा थिए निकै ।
नाना फूल फुलेकाथे जंगली वृक्षका सबै ॥
१४५

१४६
यिनमा वायुका झोक्का पर्नाले हल्लिद्दा पछि ।
खस्तथे यिनकै माथि शोभिए पुष्पवृष्टि दी ॥
सुगन्ध वनमा फ्याँक्थे चाक्रा जो महका थिए ।
तिनैमा लोभिई भौंरी भ्रमरा साथ घुम्दथे ॥
हवा बहिरहेको थ्यो श्रीखण्ड सरि शीतल ।
बोकी सुगन्ध त्यै मीठो भइ मन्द निकै तव ॥
सह्यपर्वत त्यो फेरि शैलराज सरी थियो ।
साह्रै शोभित देखिन्थ्यो धातुले गैरिकादि पो ॥
यिनैमा गइ लाग्नाले उठेको वायु वेगले ।
लिएर यिनकै धूलो ढाक्तथ्यो कपि सैन्य ए ! ॥
लताहरू फुलेकाथे डाँडाका टाकुराभर ।
झरिझुप्प भई सारा थियो राम्रो सबैतिर ॥
सिन्दुवार र वासन्ती केतकी आदिका लता ।
देख्दैमा मन हर्थे बा ! भइ मग्मग सर्वथा ॥
तिनका साथ साथैमा फुलेकी माधवी लता ।
कुन्दका गुल्मकै साथ थिइ मग्मग फुल्दिंदा ॥
मधूक चिरिबिल्वादि तथा बकुल बञ्जुल ।
फुलेकाथे झुलेकाथे अरू वृक्ष पनी सब ॥
नागकेसर तिलक मुचुलिन्द र पाटल ।
कोइरालो तथा काभ्रो थिए कुटज शिंशप ॥
खरी हिन्ताल तिनिश नीलाशोक कदम्ब र ।
थिए सरल अंकोल तथा चूर्णक पद्मक ॥
खुशीले मात्तिएका र पात्तिएका स्ववीर्यले ।
कपिका फौजले सारा पार्दिए ध्वस्त, जेलिए ॥
त्यही पर्वतमा फेरि साना-ठूला अनेकन ।
तलाउ पोखरी नाना थिए भव्य मनोरम ॥
जलकुक्कुट हंसादि चक्रवाक र सारस ।
यी सबै तिनमा खेल्थे सुख-आनन्दपूर्वक ॥
जलकाक तथा क्रौञ्च थिए व्याप्त त्यहीं सब ।
बदेल मृग इत्यादि पिउथे जल गै तव ॥
अनेकौं चितुवा भालू डलंगदा सिंह बाघ र ।
दुष्ट मत्ता तथा अर्ना यहीं घुम्थे निरन्तर ॥
ती जलाशयमा फेरि अनेकौं भाँति-भाँतिका ।
ताँति-ताँति मिली फुल्ने शोभिन्थे फूल घेर बा ! ॥
१६२

१६३

थिए कुमुद कमल तथा उत्पल पद्म यी ।
शोभिन्थे यिनले गर्दा ती जलाशय राम्ररी ॥
नाना प्रकारका पक्षी त्यसका टाकुराभर ।
सँधै च्याँई-चुईं गर्थे झिकेर मधुरो स्वर ॥
पसेर तिनमा भित्र गर्दथे स्नान वानर ।
पिउँथे जल भै मग्न क्रीडा गर्थे निरन्तर ।
यी वानर अ-आफैंमा पानी छ्याप्थे दनादन ।
यसरी यिनको क्रीडा देखिइन्थ्यो मनोरम ॥
अब यो कपिको सैन्य त्यै सह्यगिरिमा चढी ।
खान लाग्यो टिपी मीठा फल अमृत-तुल्य ती ॥
कन्द-मूल कुनै झिक्थे टिप्थे फूल कुनै भने ।
आफ्नो प्रकृतिकै ठीक भए चपलता लिने ॥
यिनका देहको वर्ण पहेंलो मधुठीक थ्यो ।
मदमत्त भएकैथे जोश थ्यो उग्रवीर्य थ्यो ।
हाँगामा झुम्मिएकाथे चाका एकेक द्रोणका ।
झिक्थे र मह त्यै खान्थे, बढ्दथे अघि फेरि ता ॥
ठूल्ठूला रुख ढाल्दिन्थे विगार्थे तान्दथे लता ।
डाँडै थर्काउदै बढ्दै जान्थे अघि हुँदै तदा ॥
वलको दर्प बढ्नाले यता अर्का थरी कपि ।
वृक्षका महको चाका थुत्तथे फुत्त उफ्रिई ॥
अनि वेसरि गर्जन्थे कुनै सुत्त रुखै चढी ।
चाकाको मह केलाई खान लान्थे छिटो झिकी ॥
पहेंला रङ्गका त्यस्ता यिनै वानर-रत्नले ।
ढाकिएकी धरा देवी देखिइन् अब बेस ए ! ॥
भयो वा यिनको शोभा कलमी धान पाक्दिँदा ।
पहेंली खेतकी पृथ्वी शोभिए ठीकको अहा ! ॥
महान् वाहु हुने राम बढी अघि गई तव ।
महेन्द्र-पर्वतैवीच पुगे बा ! तटको अब ॥
अनेक वृक्ष शोभिन्थे यसको चुचुरा भरी ।
हेर्दै-हेर्दै त्यसैमाथि चढि हाले सरासरी ॥
त्यहाँ बाट यसो हेर्दा देखे बा ! सिन्धुलाइ त्यो ।
जलजीव हुने ठूला माछा र कछुवा अहो ! ॥
यसरी सह्य, मलय यी दुवै गिरिलाइ ता ।
नाघेर वल्ल यो राम झरे तटतिरै तदा ॥

१७९

१८०

त्यो सिन्धुको किनारामा डर्लाग्दो घनघोरको ।
भैरहेको थियो शब्द सिन्धुको उग्ररूपको ॥
विश्वका सब प्राणीको मनलाइ रमाँउने ।
श्रीराम नजिकै पर्थ्यो वेला-वन त्यतै गए ॥
मित्र भाइ दुवै व्यक्ति कपिराज र लक्ष्मण ।
नजिकै थे, गए बढ्दै सिन्धुको तटमा पुनः ॥
वहाँ किनारका ढुङ्गा ठूल्ठूला छाल आँउदा ।
धोइन्थे नित्य राम्रा थे भन्छन् राम पुगी तदा ॥
मित्र सुग्रीव ! लौ आई पुग्यौं हामीहरू यहाँ ।
तर के गर्नु पैलेको त्यै चिन्ता बढ्न गो यहाँ ॥
कहाँ जाने र के गर्ने ? यो भन्दा अघि ता अब ।
यी नदी-नदका स्वामी छन् महासिन्धु शोभित ॥
देखिन्न यिनको पार त्यस्तै योग्य उपाय क्यै ।
नगरी जान ता पारी असम्भव छ शोच्छु यै ॥
यसर्थ वानरी सेना भइ शान्त बसोस् यहीं ।
हामीहरू पनी साथी ? शोच्न थालौं बसौं यहीं ।
हुनुपर्दछ यो हाम्रो शोच सल्लाह उत्तम ।
पल्लो पारतिरै पुग्ला कसरी सैन्य यो पुनः ॥
सीताहरणले साह्रै दुव्लाएका र पीडित ।
श्रीरामले गरे आज्ञा बास बस्न त्यहीं अब ।
भन्दछन् राम त्यो वेला सखे ! वानर-सैन्य त्यो ।
राख्नुहोस् लौ ! मजासाथ किनारभर सिन्धुको ॥
राम्रो विचार—सल्लाह गर्ने वेला भयो सखे ! ।
यहीं नै नाघ्न यो सिन्धु भन्नुहोस् अब गर्नु के ? ॥
सैन्यका पति जो जो छन् ती सबै आफ्नु सैन्य यो
छोडी अन्त न जाँउन् कै देखरेख गरुन् बडो ।
हउन् तैनाथ रक्षामा शूर-वीर सबै कपि ।
बुझुन् सबतिरै हेरुन् गुप्त-त्रास भए कपि ॥
शुभाज्ञा रामको यस्तो सुन्दा लक्ष्मण साथका ।
सुग्रीवले गरे त्यस्तै गै आफैं खटिई तदा ।
र-राम्रा वृक्षका ताँति शोभिने त्यस सिन्धुको ।
विशाल-तटमा त्यत्रो राख्दिए सैन्यलाइ त्यो ॥
पहेंलो वर्णको सैन्य बस्ता सिन्धु तटै भरी ।
पहेंलो मधु-पानीको भो अर्को सिन्धु हो सरि ॥

१९६

CC-0. In Public Domain. Digitization by eGangotri

१९७

कपिका सैन्यका वीर सिन्धुको तटमा बसे ।
पुग्ने हो कसरी पारी यै कुरा मनमा लिए ॥
विशाल सैन्य त्यो बस्ता घुम्दा छाप्रा बनाँउदा ।
कोलाहल उठ्यो ठूलो खैलाबैला बडो हुँदा ॥
महासागरकै जस्तो निस्क्यो गम्भीर-गर्जना ।
त्यो भन्दा यो बन्यो चर्को तर अस्पष्टरूपमा ॥
अब यो वानरी-सेना जो थ्यो सुग्रीव-रक्षित ।
गर्न श्रीरामको काम बाँडियो तीनभागमा ॥
एकातिर बसे भालू अर्कातिर बसे कपि ।
लंगूर-जातिका जत्ति बेग्लै भइ बसे मिली ॥
सिन्धुको तटमा बस्ता वायुको वेग-कम्पित ।
सिन्धुको स्थिति त्यो देख्ता भए सैन्य निकै खुश ॥
किनार यसको पल्लो वेपत्ताको थियो अहो ! ।
थिएन बीचमा केही त्यस्तो आश्रयको कुरो ॥
भित्र राक्षस थे टम्म साक्षात् वरुणदेवको ।
घर यो सिन्धु देखेर टोलायो सैन्य त्यो बस्यो ॥
झोक्किएका र डर्लाग्दा नक्र-ग्राहादियुक्त यो ।
थियो समुद्र डर्लाग्दो वेपत्ताको र उग्रको ॥
दिनको अन्तमा एवं हुँदा प्रारम्भ रातको ।
साँझमा चन्द्रमा उठ्ता कुर्लन्थ्यो छाल फ्याँक्तथ्यो ॥
त्यो वेला फींज उठ्नाले देखिन्थ्यो हाँस्छ ठीक थ्यो ।
ठूल्ठूला छाल फ्याँक्नाले देखिन्थ्यो नाच्छ ठीक यो ॥
जता हेर्‍यो वहीं भित्र देखिंदा पूर्ण चन्द्र ता ।
चन्द्रै-चन्द्र भए जस्तो देखिन्थ्यो त्यो विचित्र बा ! ॥
प्रचण्डवायुकै जस्ता वेगका ग्राह आदिले ।
तिमी जस्ता महामत्स्य निल्न सक्ने सलक्क ए ! ॥
यस्ता घोर र डर्लाग्दा जलका जीव-जन्तुले ।
भरिएको थियो टन्न शोभिई घोररूपले ॥
फणामा मणि टल्केका ठूल्ठूला देह झल्किने ।
सर्पले यो थियो पूर्ण नाना जलचरै हुने ॥
साना ठूला थिए नाना यसका भित्र बाहिर ।
डाँडा-पर्वत, शोभिन्थ्यो यिनैले भइ सुन्दर ॥
थियो राक्षसले टम्म जो बस्थे सिन्धुभित्र त्यो ।
तस्मात् दुर्जय थ्यो साह्रै वेपत्ताको अगाधको ॥

२१३

२१४

पुग्नमा यसको पार आँटै गर्न सकिन्न थ्यो ।
यी सबै हेतुले गर्दा यो दुर्जय र दुर्ग थ्यो ॥
लाग्दामा वायुको झोका ठूल्ठूला छाल उठ्तथे ।
विशाल देहका नक्र-ग्राह-सर्पादि ल्याँउथे ॥
ठूला पहाडका डाँडा हुन् जस्ता छाल ती वहाँ ।
आई सबतिरै छोपी फर्कन्थे छिनमै जहाँ ॥
एकेक जलका थोपा सिन्धुका जो थिए वहाँ ।
देखिन्थे चम्किला बल्दा जस्ता नित्य जहाँ-तहाँ ॥
यसैले देखिन्थ्यो त्यो कसैले सिन्धुबीच यो ।
फिलिङ्गा अग्निका फ्याँके ठीकको झर्किराँउदो ॥
ठूल्ठूला सर्प थे फेरि यसमा टम्म भै स्थित ।
पाताले ठीक डर्लाग्दो बस्थे राक्षस वस्तुतः ॥
आकाश पनि त्यस्तै थ्यो थिए नक्षत्र चम्किला ।
राहु आदि हुँदा दुष्ट सर्प जस्ता निकै कडा ॥
भएन फरकै कत्ति यसो हेर्दा यहाँ-वहाँ ।
एकाकार भई हाल्यो सिन्धुमा र आकाशमा ॥
भयो समुद्र आकाश भो समुद्र अकाश त्यो ।
तल-माथि दुवै यौटै देखियो साम्य जो भयो ॥
जल आकाश नै छुन्थ्यो आकाश जल भेट्तथ्यो ।
आकाशमा थिए तारा सिन्धुमा रत्न टम्म थ्यो ॥
यसैले पनि आकाश सिन्धु यी दुइटै वहाँ ।
यौटै रूप बनेकाथे समताले यहाँ-वहाँ ॥
आकाशमा थिए डम्म माथि बादलका दल ।
सिन्धुमा छालका जाल त्यही ठीक थिए तल ॥
यी सबै वस्तुले गर्दा तल-माथि दुवैतिर ।
सिन्धु-आकाशमा कत्ति भएन अब अन्तर ॥
लाग्दा ठक्कर आफैंमा छाल यी सिन्धुराजका ।
निस्कन्थे उग्र डर्लाग्दा स्वरमा गर्जना हुँदा ॥
यसले त्यस बेलामा स्वर त्यो पनि वास्तव ।
बजेझैं देवको भेरी सुनिन्थ्यो साम्य भै सब ॥
लाग्नाले वायुको झोका तलका रत्न वा मणि ।
लिएर सब उर्लन्थ्यो पानी छाल बनी-बनी ॥
यिनको उग्र डर्लाग्दो स्वरले जल-जीवले ।
महासागर त्यो टन्न भएकोथ्यो अतर्क्य ए ! ॥

२३०

(११७५)

२३१

यी सबै हेतु पर्नाले माथि फ्याँक्ता तरङ्ग ती ।
देखिएको थियो सिन्धु रिसाए झैं भई अति ॥
दिलका देहका ठूला सब यी कपिवीरले ।
देखे समुद्रलाई यो नाच्छ जस्तै विचित्र ए ! ॥

२३२

२३३

ठूलो आँधि-हुरी चल्दा तिनैको वेगमा परी ।
छाल आकाशमै पुग्थ्यो कुर्लिएर घरी-घरी ॥
छालको जाल उठ्नाले हुँदै बेहाल-चालको ।
देखिन्थ्यो सिन्धु यो फेरि अति चञ्चलता लिंदो ॥

२३४

अब यस्तो अवस्थामा वीर यी कपिले जब ।
त्यो सिन्धुलाई देखेथे परे आश्चर्यमा तव ॥

२३५

इति चौथो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं सर्ग

देवी--सीताको विरहमा श्रीरामको शोक--विलाप

१

कपिका-सैन्य-स्वामीका स्वामी ती नीलले तव ।
व्यवस्था राम्ररी बाँधी राखेथे सैन्य त्यो सव ॥
तसर्थ त्यसवेलामा त्यत्रो बाँदरको दल ।
बस्थ्यो भै शान्त, भथ्यों बा ! सिन्धुको उत्तरी तट ॥
गर्न रक्षण सेनाको खटिए दुइ वीर यी ।
यसो दश-दिशा पुग्थे गर्थे रक्षण राम्ररी ॥
यसरी वानरी-सेना राम्रो सँग बस्यो अव ।
भरेर उत्तरी तीर त्यो महासिन्धुको सव ॥
यसवेला नजीकैमा बसेका भाइ साथ ती ।
दाजु राम यसो भन्छन् मनमा खिन्न भै अति ॥
बावु लक्ष्मण ! क्यै शोक परेमा साथ कालकै ॥
त्यसै हराँउदै जान्छ भन्दछन् यो कुरा सवै ।
परन्तु किन हो कुन्नि ती मेरी प्राणवल्लभा
सीतालाइ नदेख्तामा यी ! प्रतिक्षण बढ्छ बा ! ॥
मलाइ यो कुराको क्यै दुःख लाग्दैन है कति ।
छन् प्रिया जानकी मेरी टाढा भन्ने गमी यति ॥
हरिइन् ती भनी यस्तो पनि दुःख म मान्दिन ।
एउटै छ महान् दुःख पीर पार्दछ जो सुन ! ।
उनमा बाँच्नको निम्ति काल जो राक्षसेशले ।
तोक्दिएको छ लङ्कामा त्यै विक्तो छ र पिर्छ ए ! ॥
लौ ! हवा ! बँहदै जा तँ वहीं पुग् छन् जहाँ उनी ।
प्रियाको अङ्ग छोएर ठण्डा पार् शान्ति दे अनि ॥
तुरुन्तै फर्कि आ ! मेरा अङ्गलाइ पनी तँ छो ।
यसले पनि क्यै पीर हट्छ शान्त भई अहो ! ॥
अव लौ जनि गर् बावै ! छुँदा त्यत्ति गरीकन ।
हुनेछ चन्द्र देख्ता झैं अतिशीतल यो मन ॥

१३

१४

चन्द्रमा दृष्टि पर्दामा सर्दामा उनका गुण ।
भएझैं शान्ति आह्लाद हुन्छ मैमा पनी पुनः ॥
उनी हरिन लाग्दामा ती मेरी प्राण-वल्लभा ।
सीताले जो भनिन् नाथ ! हरिएँ म ! भनी अहा ! ॥
यै कुरा संझिदा बावु ! तोड पर्छ ममा निकै ।
अङ्ग पोल्दछ खाएको विषले ठीक भत्भतै ॥
दन्किन्छ प्रेमको आगो भित्र-भित्रै कता कता ।
भुसुक्क पार्न लाग्यो बा ! जसले देहलाइ ता ॥
प्रिया-वियोग मानिन्छ जसको बेस दाउरा ।
प्रिया-स्मरण वा चिन्ता ज्वाला छ यसको यता ॥
बावु लक्ष्मण ! लौ भैगो ! तिमी अव यहीं बस ! ।
पस्छु यो सिन्धु-भित्रै म अनि सुत्तछु वास्तव ।
दन्केको कामको आगो यसले छ ममा जुन ।
हुनेछ अनि पो शान्त सक्ने छैन डढाँउन ।
म र ती जानकी मेरी वामोरु जुन छन् प्रिया ।
सुत्छौं भूतलमा योटै के हुन्छ र यसो छुँदा ॥
प्रिया-संयोग खोज्ने म विरहीको निमित्तमा ।
यही नै भै सक्यो ठूलो यत्तिले बाँच्छु जो यहाँ ।
माथिको खेत पानीले भए टन्न त्यसै पनि ।
तलको खेत मर्दैन विना जल सुके पनि ॥
त्यहीठीक म जो सुन्छु सीता जीवित छन् भनी ।
यसैलेमात्र बाँचतोछु यस्तो भइकनै पनि ॥
मेरो निमित्तमा बावु ! के त्यो समय आउला ? ।
जहिले म सवै आफ्ना शत्रु ती दुष्ट मारुँला ॥
समृद्धिशालिनी साक्षात् राज्यलक्ष्मी समानकी ।
सुश्रोणी जानकीलाई देखुँला पद्मनेत्रकी ? ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

(११७७)

२७

छन् सफा दाँत सीताका छन् दुवै ओठ कोमल ।
हेर्दा बिम्बफलै जस्ता र-राता बेस सुन्दर ॥
कहिले कमलै जस्तो उनको मुखलाइ म ।
पाउँला च्वाम्म रोगीले चुसे जस्तै रसायन ॥
परस्पर मिलेका छन् ताडका फल हुन् ठिक ।
दुइटै स्तन सीताका बाटुला पुष्ट वास्तव ॥
अँगालिदा उनीले म भई थर्र तिनै स्तन ।
मलाइ कहिले छोलान्, के मेरा फर्कलान् दिन ?॥
र-राता नेत्रका कोश शोभिएकी थिइन् उनी ।
थिइन् बानी हुने राम्रो सती-साध्वी-शिरोमणि ॥
थिएँ म उनको नाथ अहिले म हुँदाहुँदै ।
भइन् अनाथिनी दैव ! पाँउन्नन् अब रक्षकै ॥
छोरी जनक राजर्षि वीरकी हुन् प्रिया उनी ।
चक्रवर्ती दशरथ राजाकी हुन् स्नुषा उनी ॥
धर्मपत्नी म जस्ताकी ती प्रिया जानकी हरे ! ।
राक्षसीहरूकाबीच सुत्ती हुन् के गरेर ए ! ॥
त्यो बेला आउला कैले जब सीता म बाट ती ।
दुष्ट राक्षस मर्दामा गर्लिन् स्वोद्धार भै खुशी ॥
कालो बादल मासेर शरत्-ऋतु बढे पछि ।
चन्द्रलेखा खुले जस्तै खुल्नेछिन् कहिले छुटी ॥

३६

३७

त्यसै त पातली दुब्ली थिइन् ती विचरी हरे ! ।
अब कस्ती भई होलिन् पिर्दामा देश-कालले ? ॥
हावा-पानी नमिल्दामा शोकले उपवासले ।
स्वात्तै सुकि सकी होलिन् पक्कै पनि अत्यासले ॥
म आफ्ना बाण यी तीखा त्यस राक्षसराजको ।
छातीमा रोपि स्वाम्स्वाम्ति कहिले मारुँला अहो ! ॥
कहिले मनको आफ्नो शोक मासेर यो सब ।
सीताको पनि त्यो शोक सकुँला नाश्न वास्तव ॥
देवकन्या समानैकी राम्री छन् जानकी सती ।
हर्षाश्रु कहिले छोड्लिन् अँगालेर मलाइ ती ? ॥
त्यो बेला आउला कैले उनको त्यो वियोगले ।
हुने यो शोक डर्लाग्दो म नाश्न सकुँला हरे ! ॥
अनि यो छोडुँला बढ्दो पीर चिन्ता म यो सब ।
मनुष्य जसरी छोड्छन् मैलो वस्त्र, त्यही ठिक ॥
विलाप यसरी गर्थे राम विद्वान् भए पनि ।
यै बेला सूर्य भै मन्द डाँडा पारी गए अनि ॥
अब यस्तो अवस्थामा प्रिय लक्ष्मण भाइले ।
संम्झाए दाजुलाई ती अनेकौं जुक्ति-बुद्धिले ॥
भित्र झल्झलि संझेर तै पनी जानकीकन ।
सन्ध्या गर्न गए राम शोकाकुल लिई मन ॥

४६

इति पाँचौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छैटौं सर्ग

राक्षसराज रावणको आफ्ना मन्त्रीहरूसँग कर्तव्य–निर्णयको लागि सर–सल्लाह

१
यता लङ्कापुरीभित्र इन्द्र-तुल्य पराक्रमी ।
हनुमान्ले गरे जो जो उग्र-कर्म घुमी घुमी ॥
सव देख्ता र सुन्दा त्यो राक्षसेश्वरको मुख ।
खस्क्यो बा! अलि नीचो भो,गुप्त लाज बढ्यो अव ॥
तुरुन्त त्यसले तस्मात् सारा राक्षसलाइ ती ।
भन्यो जम्बा गराएर सभाबीच डटी बसी ॥
सुन राक्षस हो! यौटा जावो वानरमात्रले ।
यस्ती लङ्कापुरीलाई खल्वल्यायो विचित्र ए!॥
पुरीमा पस्न गाह्रै थ्यो कसरी भित्र त्यो पस्यो ? ।
सीतालाई पनी भेट्यो कुरा पो कसरी गऱ्यो ?॥
चैत्य-प्रासाद सम्पूर्ण भुसुक्कै पार्दियो यता ।
मुख्य राक्षस ठूल्ठूला मार्दियो युद्धमै उता ॥
यसरी यो पुरीलाई विगाऱ्यो बरबाद भो ।
यौटै वानरको काम हो यो जो हनुमान् थियो ॥
भलो होस् अव लौ! तिम्रो गरूँ प्रिय कुरो कुन ? ।
भलो राम्रो कुरा के हो अव शोच यसो गम ?॥
योग्य लायकको होस् जो गर्दामा सुन! अन्तमा ।
परिणाम हओस् राम्रो त्यही भन सवै ममा ॥
ए महान् बलका मेरा प्रिय राक्षस-वीर हो! ।
मनस्वी-जन जो भन्छन् सुन त्यो योग्यको कुरो ॥
मूल-कारण हो एक जयको निम्ति वस्तुत: ।
योग्यको राय-सल्लाह मन्त्रीको लिनु, देउ त!॥
तस्मात् म रामको वारे तिमीहरूसँगै सव ।
सल्लाह लिन चाहन्छु के गर्ने भन लौ अव ?॥
बुझ्यौ! मनुष्य देखिन्छन् विश्वमा तीन खालका ।
हुन् उत्तम मध्यम र अर्को अधमरूपका ॥
१३

१४
यी तीनै खालका व्यक्तिहरूको गुण-दोष म ।
एक एक बखानेर स्वयं भन्छु सवै सुन!॥
जसको मन्त्र सल्लाह भनिने पछि तीन यी ।
शुभ-लक्षणले युक्त हुन्छ पर्दा परिस्थिति ॥
फेरि जो व्यक्ति सल्लाह मन्त्र-निर्णय, गर्नमा ।
योग्यका मित्रको साथ वस्छ सल्लाह गर्नमा ॥
अथवा सुख-दु:खादि समका वन्धु-वान्धव ।
हितेच्छु ली उनी भन्दा गतिला बुद्धिका सव ॥
राय-सल्लाह ली राम्रो दैव मानेर उत्तम ।
गर्छ ता कार्य-प्रारम्भ त्यही हो पुरुषोत्तम ॥
यस्ता कर्तव्यमा एक्लै वसी गर्छ विचार जो ।
ठूल्ठूला धर्ममा सम्म एक्लै शोच्छ र थाल्छ जो ॥
सव काम-कुरो गर्छ एक्ला-एक्लै भने उ ता ।
कहिन्छ मध्यमै व्यक्ति बुझ राक्षस हो! कुरा ॥
गुण-दोषादिको कत्ति विचारै नगरीकन ।
दैवको सम्म वास्ता वा आश्रयै नलिईकन ॥
म गर्छु! बुद्धि ली यस्ता काम थाल्दछ जो अघि ।
पछि छोड्छ भने देखि व्यक्ति हो अधमै त्यही ॥
जस्तो उत्तम अधम तथा मध्यम खालका ।
तिनोटा व्यक्ति मानिन्छन् छन् त्यस्तै तीन मन्त्र ता ॥
जो उत्तम मध्यम र छ त्यो अधमरूपको ।
राम्ररी ठहराएर गरिएको हओस् न जो ॥
शास्त्रको दृष्टि ली आफ्ना-मन्त्री-जन वसी गमी ।
ठहराइन्छ जो मन्त्र बुझ्यौ! उत्तम हो त्यही ॥
जहाँ प्रारम्भमा नाना मत-भेद भए पनि ।
कर्तव्यविषयै वनी ॥
टिक्छ गै पछि यौटैमा
२६

२७

ती मन्त्रीहरुको यस्तो मन्त्रलाई यथार्थमा ।
मान्दछन् बुद्धिमान् व्यक्ति भनी मध्यम हो यहाँ ॥
सभासद्को र मन्त्रीको बुद्धि ली भिन्न-भिन्नकों ।
यौटै भए पनी राय दिंदैन पछि श्रेय जो ॥
स्पर्धा लिई अ-आफैंमा भनिएको छ मन्त्र जो ।
त्यसलाई बुझ्यौ ! विद्वान् भन्छन् अधम खालको ॥
तस्मात सब तिमी मेरा विद्वान् छौ योग्य छौ अति ।
गर लौ अव सल्लाह दिन राय ममा पछि ॥
तिमीले ठहराएको जो होला योग्यको कुरो ।
मानी वेस त्यही ठानी गरुँला म पछाडि जो ॥
यस्तो निर्णय वा राय भने लिनु पऱ्यो किन ? ।
आयो रे राम भन्ने त्यो कसिएर यतै सुन ! ॥

३२

३३

कपि वीरहरू लाखौं त्यसका साथ छन् अरे ।
निकै वीर छ त्यो रामे लङ्कामै भित्र पस्छ रे ॥
यस्तो गम्छु म संझन्छु हो जस्तै छ सबै कुरा ।
हाम्रो ता दुश्मनै भो त्यो, घेरामै हाल्छ पो कि ता ॥
रघुका कुलमा ठूलै व्यक्ति जन्मेछ एक त्यो ।
त्यस्तैछ त्यसको भाई बलवान् योग्यको वडो ॥
सैन्य-सेवक ली साथ म त संझन्छु है अब ।
यहीं आँउछ त्यो सिन्धु तरेर सुखपूर्वक ॥
छ पराक्रम रामेमा ज्यादै नै बुद्धिमान् छ त्यो ।
कि सुकाँउछ यो सिन्धु, कि क्यै गर्छ र तर्छ त्यो ॥
स्थिति आइ पऱ्यो यस्तो कपिसाथ विरोध भो ।
भविष्य अब के होला ? यसमै शोच पर्न गो ॥

३८

३९

हाम्रो लङ्कापुरीको र सैन्यको श्रेय खातिर ।
के गर्ने गर सल्लाह देउ राय ममा स्थिर ॥

इति छैटौं सर्ग

सातौं सर्ग

राक्षसवीरहरूले राक्षसराज रावणलाई रामलाई जित्न सकिने सल्लाह दिनु

१

यी राक्षसहरूलाई नीतिको ज्ञान थ्यो न ता ।
न शत्रु पक्षको कत्ति थ्यो बलाबलको पता ॥
मूढेबल थियो खालि वक्रस्वाँठ थिए यता ।
गएर रणमा जुध्नै खोज्दथे दुष्टता हुँदा ॥
जब राक्षस-राजाले उनीसँग भन्यो त्यसो ।
हात जोडी अनी सारा भन्न लागे वहाँ यसो ॥
महाराज प्रभो ! हाम्रो साथ नाना प्रकारका ।
शस्त्रास्त्र साथका सेना गतिला छन् निकै कडा ॥
शूल पट्टिश शक्त्यृष्टि भाला परिघ आदि छ ।
विषाद खिन्नता यस्तो किन पो लिनु पर्दछ ?॥
पुरी भोगवतीमा गै प्रभुले नागलाइ ती ।
परास्त पार्दि बक्सेथ्यो अघि संग्राममा डटी ॥
बस्थे कैलास-डाँडोमा अनेकौं यक्ष-आदिले ।
घेरिएका धनाध्यक्ष ती कुवेर महत्वले ॥
पछि गै प्रभुले राजन् ! खलबल्याइ सवैतिर ।
वशमा लिइ बक्सेथ्यो रणबीच भई स्थिर ॥
महेश-शिवको साथ तिनको मित्रता हुँदा ।
निकै घमण्ड गर्थे ती हेप्तथे प्रभुलाइ ता ॥
परन्तु प्रभुले स्वामिन् ! लोकपाल महाबली ।
उनीलाइ जिती बक्स्यो मजैले झोक्किई छली ॥
जितिए उनका सारा यक्ष-सैन्य विशाल त्यो ।
भागाभाग परी हाल्यो मरे कत्ति वहाँ प्रभो ! ॥
वश पारी उनीलाई पछि कैलास बाट त्यो ।
चिन्होको रूपमा स्वामिन् ! ल्याइएथ्यो विमान यो ॥
राक्षसश्रेष्ठ ए राजन् ! सारा दानवमात्रका ।
साक्षात् इन्द्र सरीका हुन् ! मय-दानव वीर बा ! ॥

१३

१४

ती पनी प्रभुको साथ डराएर निकै अघि ।
मैत्रित्व बाँध्नकै निम्ति भए उत्सुक नै अति ॥
यसैले त सुता आफ्नी देवी मन्दोदरीकन ।
ल्याएर सुम्पिएका हुन् प्रभुलाइ गरी गम ॥
महान् बाहु हुने स्वामिन् ! अर्को दानवराज ती ।
थिए मधु, थियो शेखी उनमा बलको अति ॥
तस्मात् दुर्जेय जस्तै थे युद्धको हाँकले पछि ।
प्रभुको वशमा आए हुन् जो कुम्भीनसी-पति ॥
विशाल बाहुका राजन् ! प्रभुले गै रसातल ।
मजैले जिति बक्सेथ्यो सर्पका नागका दल ॥
ठूल्ठूला सर्प हुन् शङ्ख जटी तक्षक वासुकी ।
सकेनन् युद्धमा टिक्न पर्दामा प्रभुको अघि ॥
शत्रु नाश्न हुने शक्ति ए प्रभो ! प्रभुले तव ।
अरु दानव ठूल्ठूला सजीलै गरियो वश ।
अत्यन्त बलका हुन् ती थिए दुर्जेय वास्तव ।
थियो वा ! अद्भुतै शक्ति पाएथे वर जो तब ॥
त्यस्तालाइ पनी ओहो ! बर्षौंभर पनी लडी ।
जितिएकै थियो स्वामिन् ! बलकै भरमा परी ॥
अनेकौं दानवी माया साटोमा त्यसको वहाँ ।
प्रभुले पाइ बक्सेथ्यो संझि बक्स्योस् न त्यो यहाँ ॥
महान् सौभाग्यवान् राजन् ! उता वरुण-लोकमा ।
गएर युद्ध गर्दामा जिति बक्स्यो स्वयं वहाँ ॥
सारा वरुणका छोरा उनका चतुरङ्गिणी ।
सैन्यकै साथ हारेथे बलवान् नै भए पनि ॥
जसमा मृत्युको दण्ड महान् ग्राह—समान छ ।
यमका यातनारूप शाल्मलीवृक्ष ठीक छ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कालका पाशको रूप छ तरङ्ग महान् जहाँ ।
वस्तछन् यमका दूतरूप सर्प जहाँ-तहाँ ॥
जो महान् ज्वरले गर्दा छ प्रभो ! नित्य दुर्जय ।
यमलोक-स्वरूपी त्यो महासागर थ्यो जव ॥
त्यसैभित्र पनी स्वामिन् ! पसेर प्रभुले अघि ।
आफैंले मथि वक्सेथ्यो यमका-सैन्य-सिन्धु ती ॥
रोकियो यसले मृत्यु महान् विजय प्राप्त भो ।
त्यहाँका जनता देखी लडेको प्रभु, दङ्ग भो ॥
निकै अगाडि यी पृथ्वी ठूल्ठूला वृक्षले सरि ।
पूर्ण थिन् वीर-क्षत्रीले निकै थे इन्द्रझैं बली ॥
अधिका वीरमा जत्ति गुण उत्साह वीर्य थ्यो ।
त्यसौकेत्यस रामेमा देखि वक्सिन्छ? ए प्रभो ! ॥
वीर दुर्जय ती सारा व्यक्ति ता बलपूर्वक ।
प्रभुआज्ञाबाट मरेकै हुन् भने के छ र त्यो अब ? ॥
तसर्थ जिति बक्सिन्छ सजीलै त्यसलाइ त ।
यसर्थ पनि हामीले लड्नै पर्छ विशेषतः ॥
अथवा प्रभुमा यस्तो दुःख टक्र्याउने किन ? ।
महाराज ! हओस् राज यहाँ प्रभु मजासँग ॥
इन्द्रजित् एउटै जान्छन् छन् , महान् बाहुका जुन ।
भुसुक्क छिनमै पार्छन् जावा कपिहरूकन ॥
छ महाराजमा ज्ञान- इन्द्रजित्‌ले निकै अघि ।
माहेश्वर-महान् यज्ञ गरेकाथे लिई विधि ॥
त्यसको फलमा पाएँ शिवबाट महान् वर ।
विश्वमा अरूले स्वामिन् ! पाँउने जो छ दुर्लभ ॥

३८

३९

देवताहरुको सैन्य कुर्लँदो सिन्धु ठीक थ्यो ।
शक्ति-तोमर इत्यादि जसमा मत्स्य थे अहो ! ॥
भिकेर फ्याँकिएका ती आन्द्रा दुइ किनारमा ।
उम्रने हुन् सिंवालीझैं देखिइन्थे जहाँ-तहाँ ॥
त्यो सैन्य-सिन्धुमा हात्ती कछुवा ठीक टन्न थे ।
घोडा ता भ्यागुतै जस्ता देखिन्थे भरिपूर्ण थे ॥
ठूल्ठूला ग्राह जस्ता थे रुद्र-आदित्यका गण ।
विशाल नाग जस्ता थे मरुत्का वसुका गण ॥
रथ हात्ती तथा घोडा जलका राशि ठीक थे ।
जहाँ पैदल सेना ता विशाल तट तुल्य थे ॥
हुन् यिनै इन्द्रजित् वीर देवको सैन्य-सिन्धुमा ।
पसेर इन्द्रलाई नै पारेथे आफ्नु कैदमा ॥
ल्याई आफ्नी पुरीमा यै राख्तामा राक्षसेश्वर ।
ब्रह्माले पछि थापाई आए माग्ने लिई सुर ॥
पछाडि उनले भन्दा शत्रु शम्बर-वृत्रको ।
इन्द्र त्यो छोडिएको हो, गएथ्यो तव स्वर्ग जो ॥
यसर्थ लौ महाराज ! फत्ते पार्न स्वकार्य यो ।
पठाइ बक्सियोस् हाम्रा युवराजकनै प्रभो ! ॥
जसले त्यस रामेका साथमै कपि-सैन्य ती ।
सारा सखाप पार्नेछन् यहाँ आँउनुको अघि ॥
नर-वानर हुन् जावा साधारण, छ के कुरा ? ।
यिनबाट हुने आपत परे टार्न छ के कुरा ? ॥
प्रभुले यस वारेमा चिन्ता लिनु अयोग्य छ ।
न मानि बक्सियोस् पीर राक्षसेश्वर ! लौ अब ॥

५०

५१

त्यो रामेलाइ ए स्वामिन् ! जो जन्म्यो रघुवंशमा ।
अवश्य जिति बक्सिन्छ प्रभु नै पछि युद्धमा ॥

इति सातौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं सर्ग

प्रहस्त आदि मन्त्रीहरूले राक्षसराजको अगाडि अ-आफ्नो पराक्रम बखान्नु

१

थियो राक्षस-सेनाको स्वामी र बलवान् बडो ।
प्रहस्त नामको मन्त्री कालो बादल ठीकको ॥
आफैं अघि बढ्यो त्यो र हात जोड्यो दुवै अनि ।
निकै झुक्यो र राजामा भन्न लाग्यो यसो गमी ॥
महाराज ! प्रभो ! हामी देव-गन्धर्व-दानव ।
पक्षी-पिशाच-सर्पादि जित्न सक्छौं सबै जब ॥
पर्ला र अनि के गाह्रो जाबा मानिस ती दुवै ।
दाजुभाइकनै जित्न म त ठान्दछु तुच्छ है ॥
असावधान थ्यौं हामी ए प्रभो ! मत्त थ्यौं यता ।
थिएन डर क्यै त्यस्तो हामीमा शत्रुको उता ॥
तस्मात् छोपेर यै मौका हामी ढुक्क थियौं जब ।
हनुमान्‌ले दियो धोका बर्बाते पार्दियो तब ॥
गाह्रै पो पर्दथ्यो नत्र ज्यूँदैको म हुँदाहुँदै ।
उम्की वनचरोले त्यो जानु ता न मरी त्यसै ॥
भएमा प्रभुको आज्ञा गर्न सक्छु म जे पनि ।
शून्यै पार्छु धरा सारा मार्छु बाँदर यी घुमी ॥
डाँडाकाँडा सबै घुम्छु वन-कानन पुग्छु म ।
खोजी खोजी सबै मार्छु चारोटै सिन्धु घुम्छु म ॥
गर्नेछु प्रभुको रक्षा सारा वानरबाट म ।
लिइ बक्सनु पर्दैन क्यै चिन्ता यसमा पुनः ॥
प्रभुबाट भएको यो सीताहरण-रूपको ।
पापका अपराधैको न परोस् पीर क्यै प्रभो ! ॥
अब राक्षस-राजामा भन्छ दुर्मुख राक्षस ।
मोकिएर निकै साह्रो त्यसको अघि वास्तव ॥
क्षमा गर्नु हुँदैहुन्न कपिको अपराध यो ।
यौटाको हैन, साराको हो तिरस्कार जो गर्‍यो ॥

१३

१४

यो तिरस्कार हेंला हो कपिले जो गर्‍यो यहाँ ।
सारा लङ्कापुरीको नै असह्य र अयोग्यको ॥
यही राक्षस-राजाका खोपीको अपराध हो ।
अरुको के कुरा हो यो श्री श्रीमान् राक्षसेन्द्रको ॥
म अैले यै मुहूर्तमा एक्लै गैकन भै छिटो ।
सारा वानरलाई ती सखापै पार्छु सक्छु पो ॥
उर्लाग्दो सिन्धुमा एवं पाताल र अकाशमा ।
जहाँ सुकै गएका हुन् सकी छोड्छु पुगी वहाँ ॥
वज्रदंष्ट्र हुने नाम थियो राक्षस जो वहाँ ।
यत्तिकैमा त्यही बोल्यो कड्किएर निकै त्यहाँ ॥
त्यसको हातमा यौटा थियो परिघ शस्त्र त्यो ।
जसमा मासुका चौटा ताजा रगतसम्म थ्यो ॥
छ ता दुर्जय त्यो रामे छन् ता सुग्रीव लक्ष्मण ।
के गर्ने हनुमान् मारी तुच्छ हो साधु हो जुन ? ॥
कपि-सैन्य म यौटै गै खलबल्याइ भई छिटो ।
मारी आँउछु सुग्रीव-राम-लक्ष्मणलाइ त्यो ॥
महाराज!सुनी बक्स्योस् यी कुरा चाख लाग्छ वा ।
छ मेरो गतिलो राम्रो यो विचार उपाय वा ! ॥
आलस्य च्वाट्ट छोडेर जान्ने कुशल व्यक्तिले ।
गै शत्रु साथ लड्दामा भेट्छ जीत अयत्नले ॥
राक्षसेश्वर ! यो मेरो अर्को सल्लाह, राय छ ।
तसर्थ सुनि बक्सेर यही नै गर्नु योग्य छ ॥
हाम्रा सैन्यहरू छन् यी अत्यन्तै क्रूर-दृष्टिका ।
संख्या छ यिनको फेरि हजारौंको निकै कडा ॥
धर्न सक्छन् भने जस्तो रूप यी जहिले पनि ।
यी शूर, वीर छन् फेरि सक्तछन् गर्न जे पनि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

राक्षसेश्वर ! तस्मात् यी योटै निश्चित बुद्धि ली ।
जाँउन् राम भए ठाम सारा मानिस-रूप ली ॥
त्यो रघुश्रेष्ठ रामेमा न आत्तिइ भनुन् यसो ।
हामी पठाइएका हौं भाई-भरतले प्रभो ॥
सुन्ना साथ कुरा यस्ता आफ्ना सैन्य लिएर त्यो ।
लङ्कामा हमला गर्न हिंडि हाल्छ छिटै प्रभो ! ॥
अनि हामी पनी स्वामिन् ! यहाँबाट भई छिटा ।
तुरुन्त हिंडि हालौंला उतातिर भई कडा !!
बाटैमा छोपि हालौंला उनलाइ अनी वहाँ ।
धनु शक्ति गदा शूल होला खड्गादि हातमा ॥
हामी हौंला अकाशैमा डफ्फा डफ्फा भई अनि ।
सारा शस्त्रास्त्र वर्षाई मार्सौंला तिनलाइ नि ! ॥
ढुङ्गा-मूढा परे देखि गरौंला यसरी प्रभो ! ।
घरमा यमराजैको पुऱ्याऔंला छ बेस यो ॥
सुनी हाम्रो भनाई त्यो गरेको त्यसरी वहाँ ।
यदि ती दुइ भाईले जान आज्ञा दिए यहाँ ॥
वेसै हुन्छ सवै सेना हिंडि हाल्छन् यतातिर ।
अनि ता बीच बाटोमै नाशिन्छन् राक्षसेश्वर ! ॥
आफ्नो अनीतिले, हाम्रो जालले छल-पूर्ण त्यो ।
भई पीडित ती सारा प्राण छोड्छन् त्यसै प्रभो ! ॥

३६

३७

अब यस्तै अवस्थामा अर्को राक्षस तम्सियो ।
जो कुम्भकर्णको छोरो थियो वीर निकुम्भ त्यो ॥
झोक्किएर भन्यो त्यल्ले सारा भुवनलाइ यी ।
निकै रुवाँउने राजा रावणैसाथ क्यै झुकी ॥
तपाँईहरू सम्पूर्ण यहाँ श्रीमहाराजको ।
साथ आनन्द मानेर बस्नुहोस् ढुक्क भै बडो ॥
म एक्लै गइ सुग्रीव हनुमान् भाइ साथको ।
त्यो रामेलाइ मार्दिन्छु कपिको अरु के कुरो ? ॥
देहले पर्वतै जस्तो डर्लाग्दो उग्ररूपको ।
अर्को राक्षस थ्यो यौटा, थ्यो वज्रहनु नाम यो ॥
अब त्यै कुर्लिंदै बोल्यो जिब्रोले ओठ लप्लप ।
चाटेर आफ्नु राजामा सुनाएर यसो तव ॥
भो ! भो !! तपाँइँ सम्पूर्ण बस्नोस् ढुक्क भई यहाँ ।
मन लागे सरी गर्नोस् आफ्नो काम भए यहाँ ॥
म एक्लै अहिल्यै जान्छु सारा वानर-सैन्य त्यो ।
भुसुक्क पार्छु खाएरै सकि दिन्छु हओस् भलो ॥
तपाँईहरु सम्पूर्ण स्वस्थ निश्चिन्त ढुक्क भै ।
बस्नुहोस् वारुणी रक्सी पिएर सुखपूर्वकै ॥
गई एक्लै म सुग्रीव तथा लक्ष्मण अङ्गद ।
हनुमान्लाई मार्नेछु कपिकै साथमा सब ॥

४६

इति आठौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

नवौं सर्ग

श्रीविभीषणले राक्षसेश्वर सँग सीता फर्काउन विन्ती चढाँउनु

१

महाबली सूर्यशत्रु निकुम्भ रभसादि र ।
यज्ञकोप र सुप्तघ्न महापार्श्व महोदर ॥
त्यो राक्षस रश्मिकेतु दुर्जय अग्निकेतु र ।
अनि रावणको छोरो इन्द्रजित् बलवान् स्थिर ॥
महाबली वज्रदंष्ट्र विरूपाक्ष प्रहस्त र ।
अतिकाय र धूम्राक्ष त्यो दुमुर्ख निशाचर ॥
अत्यन्त झोक्किए सारा अब यी दुष्ट राक्षस ।
आ-आफ्नो हातमा नाना शस्त्र-अस्त्र लिए तब ॥
लिए-परिघ-शूलादि प्रास पट्टिश शक्ति र ।
वञ्चरो धनु बाणादि ठूला खड्ग भयङ्कर ॥
आए फुत्फुत उफ्रेर अनि रावणको अघि ।
भन्न लागे यसो ज्यादै तेजिला फुर्तिला भई ॥
महाराज ! सबै हामी गै आजै रामलाइ त्यो ।
भाइ लक्ष्मण सुग्रीव साथैमा मार्दछौं प्रभो ! ॥
कृपणी तुच्छ त्यो जाबो हनुमान् कपिलाइ ता ।
के राख्थ्यौं ? जसले लङ्का भस्म पारि दियो तदा ॥
शस्त्र-अस्त्र उजाएर यसो भन्थें कुनै वहाँ ।
जान ठिक भएकाथे कुनै ता भै छिटो त्यहाँ ॥
रोकेर यी सबैलाई बसाएर विभीषण ।
दाजु रावणमा भन्छन् हात जोडी गमीकन ॥
मान्य दाजु ! जहाँ साम—दान-भेदादि तीनले ।
हुन्न आफ्नो भने जस्तो क्यै गरे यी उपायले ॥
त्यहाँ पाँउन त्यल्लाई विद्वान् नीतिज्ञ व्यक्तिले ।
वीर्य देखाँउने आफ्नो पालो आँउछ, यै भने ॥
राक्षसेन्द्र ! सुनी बक्स्योस् परीक्षा राम्ररी गरी ।
वीरले वीर्य देखाओस् तिनैमा हमला गरी ॥

१३

१४

दैवले ठगिएका र फिरेका अरु शत्रुले ।
आधि – व्याधि हुने एवं मत्त शत्रु भए भने ॥
अहँ ! श्रीराम ता छैनन् त्यस्ता बेहोश मत्त ता ।
जित्न इच्छा उनीमा छ सैन्य छन् साथमा उवा ॥
काम क्रोध जितेका छन् , छन् दुर्जय यसर्थ ती ।
यस्तालाइ पनी जित्नै खोज्छौ राक्षस हो लडी ? ॥
ए निशाचर हो शोच ! त्यत्रो नद-नदी पति ।
डर्लाग्दो सिन्धुलाई त्यो एकै फड्का गरी तरी ॥
जो यहाँ सम्म आएथ्यो हनुमान् कपिको त्यस ।
कस्तो छ गति वा शक्ति भन ए ! कुन जान्दछ ? ॥
यी हाम्रा शत्रुमा फेरि विशाल बल सैन्य छ ।
असीम शक्ति देखिन्छ शोच यो राम्ररी अक्ष ॥
शत्रुको गति वा शक्ति न जानी विर्सिएर वा ।
यस्तो हेंला तिरस्कार गर्नै हुन्न बुझ्यौ ! कुरा ? ॥
भन ! राक्षस-राजाको पहिले रामभद्रले ।
के गरे कुभलो एवं विगार अपराध ए ? ॥
भनि बक्स्योस् महाराज ! यशस्वी रामकी प्रिया ।
व्यर्थै किन हरी बक्स्यो त्यो जनस्थानबाट वा ! ॥
उनले खरलाई ती रणमा मार्दिए भने ।
रामको अपराधै पो यसमा छ र के गुने ? ॥
अत्याचारी थिए साह्रै खर, हाम्रै भए पनि ।
मार्न झम्टि गएकाथे मार्दिए रामले अनि ॥
सकेसम्म निजी प्राण सबैले धान्नु पर्दछ ।
उनको दोष के भो त प्राण राख्ता मरे जब ? ॥
लौ भैगो ! त्यत्तिले मात्र सीतालाइ हरी यहाँ ।
हो भने पनि ल्याएको बक्स्योस् फिर्ता, लगी वहाँ ॥

२६

२७

न भए सब हामीमा आइ हाल्यो महान् भय ।
काम यो झगडै पर्ने गर्नाले लाभ के छ र ? ॥
छन् दाजु ! राम धर्मात्मा उनमा वीर्य, शक्ति छ ।
विफ्वाँक उनको साथ वैर बाँध्नु अयोग्य छ ॥
मिथिलेश्वरकी छोरी सीतालाइ लगी अतः ।
सुम्पिंदा रामको पोल्टो भर्दिंदा अतिश्रेय छ ॥
हात्ती घोडा र रत्नादि भएकी भरिपूर्ण यी ।
हाम्री लङ्का-पुरी दाजु ! छन् समृद्ध पनी अति ॥
श्रीराम बाणले आफ्ना जब सम्म यिनीकन ।
मार्दैनन्, अघि त्यो भन्दा, बक्स्योस् सीता लगीकन॥

३१

३२

देख्तै अत्यन्त डर्लाग्दो जित्न गाह्रो विशाल त्यो ।
कपिको फौज आएर घुस्तैनन् पुर-भित्र यो ॥
लङ्का सखाप पार्दैनन् जहिलेतक ती कपि ।
त्यसको अघि गै बक्स्योस् जानकी रामलाइ ती ॥
रामकी धर्म-पत्नी हुन् ती सीता, छन् प्रिया सदा ।
लगी हामीहरू आफैं सुम्पन्नौं त भने उता ॥
यी लङ्का भन्न पाँउन्नौं भइ हाल्छिन् भुसुक्क हा ! ।
यता तत्क्षण मारिन्छन् शूरा राक्षस जत्ति ता ॥
हजूर भइ बक्सिन्छ मान्य, दाजु यसर्थ पो ।
मैले विन्ती गरें यस्तो खुश पार्न, हुने भलो ॥

३६

३७

हित तथ्य यही नै छ राक्षसेश्वर ! वस्तुतः ।
लगेर मैथिलीलाई बक्सियोस् राममा अतः ॥
छन् चक्रवर्ती-नृपपुत्र रामका अमोघ तीखा शर तेजिला कडा ।
हेर्दा शरत्का रविका करै सरि प्रकाशका सुन्दर झल्किने झरी ॥
विनाश साक्षात् प्रभुलाइ ती शर श्रीरामले छोड्नु अगाडि नै प्रभो ! ।
लगेर सीताकन राम-पाउमा बुझाइ बक्स्योस् ! यसमै छ है भलो ॥
ए दाजु ! यस्तो रिस त्यागिद बक्सियोस् विगार्छ, भै धीर ल ! शोचि बक्सियोस् ।
यहाँ भएको सुख शान्ति साथको स्वधर्म नै मारतछ जो अयोग्य हो ॥
स्वधर्मको सेवन राम्ररी गरी वढाइ बक्स्योस् सुख-कीर्ति वेसरी ।
हामी पनी बाँच्न सकौं स्वबन्धुको साथै यहाँ लौ! गरिबक्सियोस् त्यसो ॥
हामीहरूमाथि पनी प्रसन्न भै शोची भनेका जति यी कुरा सबै ।
लगेर सीताकन राम-पाउमा बुझाइ बक्स्योस् छ भलो यहाँ—वहाँ ॥

४२

सारा राक्षसको स्वामी त्यस रावणले तव ।
ती विभीषण-भाईका कुरा यस्ता सुन्यो सब ॥
पछिबाट सबैलाई घर जान दियो विदा ।
आनै आफैं पनी आफ्नो महलैमा पस्यो तदा ॥

४४

इति नवौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दशौं सर्ग

श्रीविभीषणले राक्षसराजलाई सीता फर्काउन विन्ती गर्नु एवं रावणले जा ! भनेर पठाँउनु

१

भोलिपल्ट उज्यालो भो झिस्मिसेमा यतातिर ।
विभीषण उठे आफ्नो घरमा जो थिए स्थिर ॥
अर्थको धर्मको सम्म मर्म बुझ्थे उनी छिटो ।
उनका काम थे त्यस्तै कुरामा अति उग्र पो ॥
विशाल तेज फैलाई प्रातःकर्म सकी उनी ।
सरासर गए जेठा दाजुको घरमा अनि ॥
त्यस राक्षस-राजाको घर यो भव्य थ्यो अति ।
अग्ला प्रासाद शोभिन्थे गिरिका टाकुरा सरि ॥
कक्षा-ड्यौढीहरू घेर यिनमा थे जहाँतहाँ ।
बनेका अति नै राम्रा ढङ्ग बाट स्वयं वहाँ ॥
जहाँ श्रेष्ठ निकै व्यक्ति जानु आउँनु गर्दथे ।
त्यस राक्षस-राजाका भित्रिया जन घुम्दथे ॥
बडा विद्वान् महामन्त्री जो मालिक भने पछि ।
परेमा जे पनी गर्थे वस्तथे चंख भै अति ॥
भित्रिया अति नै शूरा पार्श्वरक्षक राक्षस ।
रक्षागर्न त्यहीं बस्थे छरिई व्याघ्र भै सब ॥
थिए विश्वासका पात्र यहाँका जन जो पुनः ।
चंख थे काम गर्नामा गर्दथे नित्य रक्षण ॥
मत्ता हात्ती अनेकौं थे जसका श्वास-वायु ता ।
मिल्दा बाहिरिया साथ हुन्थ्यो आँधि समान बा ! ॥
शंखको ध्वनि आएझैं वहाँ राक्षसमात्रको ।
हो-हल्लाको महाघोष आँउथ्यो घोररूपको ॥
नाच-गाना-बजानाको मनोहर अवाज ता ।
त्यसै घन्काउथ्यो सारा महलैकन यो सदा ॥
रूप-यौवनले मत्त भएका युवतीजन ।
यहाँ मस्त भई घुम्थे घुइँचैथ्यो सँधै पुनः ॥

१३

१४

राजमार्ग थिए जो जो वहाँका मुख्य मुख्य ती ।
तिनमा भीड थ्यो सारा कुरा गर्थे त्यहीं वसी ॥
मुख्य मुख्य थिए ढोका पगालेका सुवर्णका ।
बाक्ला पाता र खापाले बनाएका विशाल बा ! ॥
सिंगारेका सजाएका वस्तुले राक्षसेन्द्रको ।
थियो महल यो ज्यादै राम्रो र गतिलो बडो ॥
यी सबै वस्तुले गर्दा साक्षात् गन्धर्व-देवको ।
निवासस्थान हो जस्तै देखिन्थ्यो जो विचित्र थ्यो ॥
मणि-रत्न हुँदा टन्न तिनका ज्योति टल्किंदा ।
हो नाग-भवनै जस्तो जो थियो अतिभव्य बा ! ॥
आफ्ना किरण फैलाई छेडी बादलका दल ।
जसरी तिनकै भित्र पस्तछन् सूर्य निर्मल ॥
त्यही ठीक महान् तेजी बिभीषण पनी अब ।
पसे राक्षस-राजाको त्यस्तो महलमा तब ॥
वेदको तत्त्व जानेका पुण्यात्मा शुद्ध ब्राह्मण ।
जहाँ स्वर झिकी मीठो गर्थे पुण्याहवाचन ॥
भित्र-भित्र हुदै जाँदा तेजस्वी उनले वहाँ ।
सुने त्यो दाजुको जीत निम्तिमा गरिने जहाँ ॥
महाबली र श्रद्धालु ती विभीषणले वहाँ ।
गरे दर्शन विद्वान्को वेदमन्त्रज्ञ थे जहाँ ॥
दहीका घिउका पात्र जसका हातमा थिए ।
गरिएको थियो पूजा जस्को पुष्पाक्षतादिले ॥
पुग्ना साथ त्यहाँ यस्ता शुद्धात्मा यी विभीषण ।
गरे स्वागत-सत्कार त्यहाँका सबले पुनः ॥
उनले भित्र गै देखे बलेका आफ्नु तेजले ।
साक्षात् कुवेरका भाई राक्षसेश्वरलाइ ए ! ॥

२६

(११५७)

२७

दिव्य-सिंहासनैवीच वसेका दाजुको अघि ।
पुगेर स्नेह-श्रद्धाले ढोग्दिए रामरी झुकी ॥
शिष्टाचारादि जानेका उनले जय होस् प्रभो ! ।
अघि देखि चले जस्तै भन्नु पर्थ्यो, भने त्यसो ॥
इशाराबाट आँखाको देखाएको शुभासन ।
नजिकै थ्यो, बसे थ्याम्र जसमा थ्यो सुनैसुन ॥
दिलको देहको ठूलो दाजु थ्यो राक्षसेश्वर ।
दुइ चार थिए मन्त्री साथमा दुष्ट दुर्धर ॥
यस्तै एकान्तको वेला पारी अब विभीषण ।
दाजुमा भन्न लागे बा ! भई नम्र झुकीकन ॥
उनको यो भनाई थ्यो देश काल प्रयोजन ।
मिल्दो जुल्दो निकै राम्रो श्रेयै-श्रेय दिने पुनः ॥
राम्रो हुन्छ यसो गर्दा न राम्रो हुन्छ यो गरे ।
भन्ने पनि थियो ज्ञान उनलाई स्वबुद्धिले ॥
कुरा झिकेर विस्तारै मीठा वचनमा उनी ।
दाजुलाई खुशी पारी भन्दछन् यसरी पनि ।
पीर पार्ने स्ववैरीमा राक्षसेश्वर ! जानकी ।
लङ्कामा जहिले देखिन् पसिथिन् खिन्नता लिई ॥
तैवेला देखि लङ्कामा हाम्रा अघि अनेकन ।
पर्छन् अशकुनैमात्र देखिइन्छन् पुनः पुनः ॥
विधिपूर्वक वाले ता पनि मन्त्र पढी पढी ।
बल्दैनन् त्यसरी अग्नि बल्नु पर्थ्यो जसो गरी ॥
फिलिङ्गामात्र निस्कन्छन् केही ज्वाला उठ्यो भने ।
पनि ती मलिनै हुन्छन् धूवैं-धूवाँ छ देखिने ॥
यता भान्छा-अगेनामा स्वाध्याय-गृहमा तथा ।
अग्निशाला-भरी दाजु ! देखिन्छन् सर्प सर्प वा ! ॥
होमिने हविमा सम्म ठिक्क पाऱ्यो कि शुद्ध ती ।
तिनमा भरिई हाल्छन् छिनमै कमिला अति ॥
ठूल्ठूला गाइका सम्म दुद स्याप्पै भए सुके ।
दँतार गजका सम्म चुहिन्नन् मद नै सुके ॥
ताजा र गतिला राम्रा घाँस हाल्दा पनी लगी ।
घोडा पटक्क खाँदैनन् हिन्हिनाँउदछन् अति ॥
न राम्रो छ महाराज ! गधा-खच्चर-ऊँटका ।
रुँ ठाडा भएकाछन्, झार्छन् बर्बर आँसु बा ! ॥

४३

४४

छुन्न औषधि-मूलोले विधिले क्यै गरे पनि ।
हुँदैनन् अधिका जस्ता पूर्ण स्वस्थ कसै उनी ॥
भएर छिनमै जम्बा क्रूर कौवाहरू यता ।
गर्छन् कल्याङ मल्याङ काँ ! काँ !! गर्दै गर्दै जताततै ॥
घर सातैतले घेरै जसो खोज्छन् र गै यहाँ ।
जम्वा भै थुप्रिई बस्छन् अनि चिच्याँउछन् त्यहाँ ॥
यी लङ्का-नगरी माथि गिद्ध जम्वा भई सब ।
घुम्छन् ढपक्क ढाक्छन् मैं भने जस्तो गरी अब ॥
यता साँझ-विहानैमा जम्वा भै श्याल-श्यालिनी ।
घेरेर नगरी सारा रुन थाल्छन् त्यसै पनि ॥
लङ्काका चार ढोकामै जम्वा भै हूल-हूल भै ।
सारा पशु महाराज ! दिक्क पार्छन् रुँदारुँदै ॥
यिनको त्यस वेलामा कराएको सुन्यो भने ।
ठूलै चट्याङ् परे जस्तो सुनिइन्छ डरै हुने ॥
स्थिति आइ सक्यो यस्तो यसमा अब वस्तुतः ।
वीर दाजु ! म ता भन्छु प्रायश्चित्त गरौं स्वतः ॥
प्रायश्चित्त कुनै त्यस्तो गर्नु पर्दैन कष्टको ।
लगी यी जानकीलाई बुझाऔं रामलाइ, भो ! ॥
मैले यदि महाराज ! यी कुरा लोभ-मोहले ।
भए विन्ति चढाएको पनि ता वीर-दाजुले ॥
म कान्छो भाइमा दाजु ! दोष-दृष्टि लिई कति ।
हेरि बक्सनु पर्दैन भलो गर्दछ यै अति ॥
छ दोष बरु यै ठूलो नराम्रो पार्छ यै पछि ।
नाना अशकुनै मात्र जो देखिन्छन् भए जति ॥
सारा राक्षसको एवं राक्षसीहरूको तथा ।
भित्र-बाहिरको गर्छ अहितैमात्र यो सदा ॥
शुभ यस्ता कुरा दाजु ! सुनाँउन र भन्न ता ।
विशेष सब यी मन्त्री सक्तैनन् काँप्तछन् सदा ॥
जति मैले सुनें देखें दाजुको अघि त्यो कुरा ।
मैले ता भन्नु नै पर्थ्यो भने तस्मात् भलै हुँदा ॥
तसर्थ यसमा जस्तो गर्नु पर्दछ जो कुरा ।
गरि बक्स्योस् त्यही दाजु ! यथोचित गरी पुरा ॥
जेठा दाजुकनै आफ्ना यी विभीषण-भाइले ।
भने हित कुरा त्यस्ता मन्त्रीका अघि प्रेमले ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

कुरा उनीका हितका थिए अति मीठा भला काम बनाँउने उति ।
भविष्यमा भूत र वर्तमानमा गर्ने निकै श्रेय-भलो यहाँ-वहाँ ॥
सुने पछी यी सब राक्षसेशमा ज्वरो चढ्यो रन्थनियो त्यसै वहाँ ।
श्रीराममा वैर बढाँउने जुन थ्यो उत्सुकी उग्र, भन्यो यसो पुनः ॥
सुन् ए ! मलाई डर छैन क्यै बुझिस् ! लछार्न सक्तैन कुनै पनी गमिस् ।
पाँउन रामे अब जानकीकन कसै गरे ता पनि ए विभीषण ! ॥
इन्द्रादि साथै सुरको सहायता पाओस्न् त्यो किन्तु मलाइ ता यता ।
सक्तैन कैल्यै पनि जित्न युद्धमा गाह्रै छ टिक्नै पनि के बुझिस् यहाँ ? ॥
हो दुष्ट यो रावण लोकरावण थियो महान् दुर्धर-वीर्यको पुनः ।
लडाँइमा जुध्न पुग्यो भने हरे ! भुसुक्क पार्थ्यो सुर-सैन्य सम्म ए ! ॥
खाएन तस्मात् त्यसले स्वभाइका त्यस्ता कुरा सम्म पनी भला तदा ।
जा ! जा !! घरै जा ! तँ भनी उनीकन लखेटि छोड्यो घर फर्किए उनी ॥

६६

इति दशौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एघारौं सर्ग

सभासद्हरूको साथै राक्षसराजको सभाभवनमा प्रवेश

१

यता राक्षसको राजा दुष्ट राक्षस रावण ।
सीतामा कामको दृष्टि बढ्दिंदा लट्ठ भ्यो पुनः ॥
त्यसका जो सुहृद्-भाई थे विभीषण ठीकका ।
ती सबै त्यसको हेला गर्दथे भित्र-भित्र ता ॥
सीताहरणको पाप लाग्नाले आफ्नु कामले ।
पापी भइसकेकैथ्यो दुब्लायो अनि पीरले ॥
उता पाकि रहेकैथ्यो कामदेव बढी-बढी ।
अब त्यो संझनै लाग्यो सीतालाइ घडी-घडी ॥
यसर्थ युद्धको वेला वित्ता आइ परे पछि ।
लड्ने नै ठहरायो बा ! सुहृत् मन्त्री सँगै बसी ॥
विशाल-रथमा यौटा अतिसुन्दर भ्यो जुन ।
चढि हाल्यो तुरुन्तै त्यो राक्षसेश्वर रावण ॥
थियो सुवर्णको जाली त्यसमा भव्य भूषित ।
मणि-मुगा जडेकाथे जोतेका अश्व शिक्षित ॥
त्यस राक्षस-राजाको जव त्यो रथ दौड्दथ्यो ।
हो ठूलो मेघ गर्जेको भनेझैं ध्वनि छोड्दथ्यो ॥
चढी अब यसैभित्र त्यो राक्षस-शिरोमणि ।
दशग्रीव हिंडी हाल्यो सभा-गृहतिरै अनि ॥
त्यस राक्षस-राजाको अघिल्तिर यता अब ।
हतियार लिई नाना हिंडे राक्षसका दल ॥
तलवार तथा ढाल नाङ्गा शस्त्रास्त्र थे अरु ।
उनका हात-हातैमा दौड्थे राक्षस खुर्खुरु ॥
यिनमा कत्ति ता राम्रा थिए उत्तम राक्षस ।
अमूल्य गहना वस्त्र पैह्रिएका थिए सब ॥
डर लाग्दा न राम्रा थे यिनमा फेरि कत्ति ता ।
दुवै बगलमा घेरी हिंड्थे राजाकनै तदा ॥

१३

१४

राक्षसेश्वर त्यो हिंड्दा न हिंड्दामा यतातिर ।
निकै अतिरथी वीर दौडे पछि चढी रथ ॥
हिंडे मत्ता चढी कोही, हिंड्ने चाल अनेकन ।
घोडामाथि चडी कैयौं दौडिए गर्न सेवन ॥
गदा परिघ शोभिन्थे कसैका हात-हातमा ।
शक्ति-तोमर बोकेका थिए कत्ति भने वहाँ ॥
धेरै ता वज्रै बोक्थे शूल बोक्थे निकै पुनः ।
यत्तिकैमा बज्यो बाजा घन्किएर पुनः पुनः ॥
सभा-भवनमा जाँदा यसरी राक्षसेश्वर ।
बजे बा शङ्ख-भेर्यादि मीठो ठूलो झिकी स्वर ॥
विशाल अति नै राम्रो त्यस राक्षसको रथ ।
हिंड्दामा ध्वनि ली त्यस्तो धन्किइन्थे दिशा दश ॥
राक्षसेश्वर त्यो ओहो ! सहसा त्यसरी अब ।
विशाल राजमार्गैमा पुगि हाल्यो छिटै तब ।
राजच्छत्र थियो ऊँचो अतिसुन्दर उज्ज्वल ।
त्यस राक्षस-राजामा त्यही ओढाइयो अब ॥
सफा निर्मल आकाश हुँदा चन्द्र उदाँउदा ।
भएझैं उनको शोभा देखियो यसको तदा ॥
दाँया बाँया दुवैपट्टि पङ्खा चँवर झुल्दथे ।
सफा स्फटिकका डण्डी भएका भव्य जो थिए ॥
दुवैका बीचका भाग सुनका मञ्जरी हुँदा ।
देखिन्थे बा ! निकै राम्रा बुट्टामा जडिंदा कला ॥
बाटामा हात जोडेका सारा राक्षस भै खडा ।
ढोग्दथे शिरले स्वामी रथस्थ त्यसलाइ ता ॥
सारा राक्षसले आफ्नो गरिएको सुनी स्तुति ।
आशीर्वाद जयःशब्द सबै गुनि-सुनी पछि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

शत्रु नाश्ने महान् तेजी राक्षसेश्वर रावण ।
पुग्यो अव सभाबीच विश्वकर्मा–विनिर्मित ॥
यो सभागृहको भूमि—भाग सुन्दर थ्यो अति ।
ठोकिएका थिए पाता चाँदीका सुनका उति ॥
तिनका बीच-बीचैमा सफा फटिक राखिंदा ।
जडिंदा झन् खुलेकोथ्यो देखिन्थ्यो भव्य यो सभा ॥
त्यस्तै सुन र चाँदीका तारले मसिना सफा ।
बनेका र जडेका थे विछयाएका वहाँ लुगा ॥
यी सबै वस्तुले गर्दा त्यो सभा आफ्नु कान्तिले ।
देखिन्थ्यो बा ! बले जस्तो छुनाले भव्यरूपले ॥
सिपालु विश्वकर्माले आफ्नु कारीगरी सव ।
थुप्र्याएर यसैलाई बनाएका थिए तव ॥
पिशाच छ सए ठ्याक्कै खटिएर निरन्तर ।
गर्दथे यसको रक्षा यो हुँदा अतिसुन्दर ॥
थियो राक्षसको राजा सुशोभित शरीरले ।
तेजले पनि ज्यादै नै पस्यो बा ! अव भित्र ए ! ॥
सिंहासन बनेको थ्यो वैदूर्यमणिको शुभ ।
जुन त्यो राखिएकोथ्यो सिंगारी बीचमै तव ॥
वहीं प्रियक—मृगको छाला नरम सुन्दर ।
राखेको त्यसको माथि तकिया थ्यो मनोहर ॥
वसेर त्यसमा थ्याच राक्षसेश्वरले अव ।
छीटा दूतहरुलाई भन्यो आज्ञा दिंदै तव ॥
सुन ए ! अव गै चाँडो लङ्काका वीर राक्षस ।
सारालाइ यहीं डाकी लिइ आओ तिमी सव ॥
शत्रुको साथमा गर्नै पर्ने काम निकै महान् ।
बुझ्यौ ! आइ परी हाल्यो म जान्दछु छ यै महान् ॥
स्वामी रावणको यस्तो शुभादेश सुने पछि ।
घुमे लङ्का-भरी दूत छरिएर वरीपरी ॥

४०

४१

पुगे घरघरैमा ती विहार-शयनस्थल ।
घुमें गए बर्घैंचामा शुभादेश भने तव ॥
अव सुन्नेहरू दौडे कुनै ता अश्वमा चढी ।
मत्तामाथि चढी दौडे कुनै ता रथमा चढी ॥
अ-आफ्नो ठाम छोडेर सभामा पुग्न भै छिटो ।
कत्ति ता पैदलै दौडे सुने जव निदेश त्यो ॥
भरिइन् बा ! पुरी लङ्का रथले गज-अश्वले ।
घेरै गरूड उड्दामा आकाश सरि भो हरे ! ॥
त्यो सभा—गृहमा पुग्दा न पुग्दा उनले पुनः ।
राखे ठाँउ लगाएर अ—आफ्नो यान—वाहन ॥
अनि हत्पतकै साथ सभाभित्र पसे सव ।
गुफा भित्र पसे जस्तै वनका सिंह वास्तव ॥
गई झट्पट राजाको समाते पाउ अन्तमा ।
राजाले हेर्दियो मान रही गो उनको वहीं ॥
अ-आफ्नो योग्यको ठाम हेरी अव वसे सव ।
भूमि साथै भए टन्न कुश—सिंहासनादिक ॥
स्वामी राक्षस-राजाको आज्ञाले सव राक्षस ।
वहाँ जम्बा भई हाले यसरी छिनमै अव ॥
वहाँ आइ पुगेकाथे विभिन्न विषयै लिई ।
कुनै काम कुरो पर्दा दिने सल्लाह व्यक्ति यी ॥
ठिक्क योग्य दिने राय मन्त्रीहरू थिए यहीं ।
राय टुङ्गो लगाएर दिने विद्वान् थिए यहीं ॥
सिपालु र निकै बाठा थिए सचिव झन् गुणी ।
जान्ने सव कुरा बुझ्ने थिए बा ! बुद्धिमान् पनि ॥
उपमन्त्री थिए त्यस्तै शूर वीर थिए अरु ।
अर्थको तत्व जानेका महान् र गतिलाहरू ॥
सुनले जगमगाएको सभाभित्र विशाल यो ।
शयौं राक्षसका संघ अव जम्बा भयो अहो ! ॥

५४

५५

थिए यशस्वी र उदार–चित्तका भाई यही रावणका विभीषण ।
चढेर राम्रो रथमा गए उनी महासभामा निज दाजुको पुनः ॥
काटेर आफ्नो शुभ—नाम दाजुको गरे अनी दर्शन पाउमा परे ।
यसै गरी ती शुकले प्रहस्तले ढोगे, भन्यो रावणले ल बस् ! बसे ॥

५६

CC-0. In Public Domain. Digitization by eGangotri

५७
सम्पूर्ण यी राक्षसले निकै सफा लगाइएका गहना लुगा थिए ।
माला तथा चन्दन अङ्गमा थियो सुशोभिएको र सुगन्ध फ्याँक्तथ्यो ॥
सारा सभासद्हरु शान्त थे अति थिएन हल्ला सब चूप थे उति ।
बोल्दैनथ्यो कत्ति असत्य क्वै पनि थे पूर्ण, ताक्थे मुख स्वामिकै अनि ॥
सभा बस्यो राक्षसको महान् यही शस्त्रास्त्र बोक्ने जुन वीरथे अति ।
बस्यो डटी रावण-बीचमा वहाँ भै इन्द्र जस्तो वसु-वीच स्वर्गमा ॥

इति एघारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाह्रौं सर्ग
राक्षसराज रावणको आदेश--उपदेश र कुम्भकर्णको भनाई

१

अब रावणले हेर्‍यो सभाकन यसो वहाँ ।
गर्‍यो पछाडि आदेश सेनापति प्रहस्तमा ॥
ए सेनापति सुन् ! हाम्रा सैन्यमा दे निदेश तँ ।
गर्न रक्षण लङ्काको हुन् तयार मजासित ॥
अस्त्र--शस्त्र सबै जान्ने रथी घोड-चढी सब ।
डटुन् पैदल यी चारै सैन्य हात्ती-चढीतक ॥
मन ठेगानमा राख्ने त्यस वीर प्रहस्तले ।
आज्ञाझैं आफ्नु राजाको गर्‍यो तत्काल यत्नले ॥
राख्यो वा ! राक्षसी-सेना लङ्काको भित्र-बाहिर ।
यथायोग्य मिलाएर खटाएर सबैतिर ॥
यसरी पुर—रक्षाको निम्तिमा सब सैन्य त्यो ।
ठिक्क पारेर यो फर्क्यो अनि रावणमा भन्यो ॥
आज्ञा ठीक महाराज ! महाबली हजूरको ।
राक्षसी-सैन्य त्यो राखें पुरीमा भित्र बाहिर ॥
हजूर अब भै ढुक्क आफ्नो इच्छा सरी प्रभो !
जति जो काम गर्ने हो गरी बक्स्योस् हुने भलो ॥
राज्यको हित खोज्ने यो आफ्नु मन्त्री प्रहस्तको ।
कुरा सब सुनी भन्छ राक्षसेश्वर त्यो यसो ॥
सुन लौ ए सभासद् हो ! धर्म— अर्थ र कामका ।
आइ पर्दा कुरा- कानी गाह्रा साह्रा यदा कदा ॥
लाभ - हानि तथा प्यारो-अप्यारो सुख--दुःखमा ।
के गर्नु पर्छ ? जान्नेछौ तिमीहरू स्वयं यहाँ ? ॥
गर्‍यौ काम--कुरा शोची जो तिमीले यहाँ अघि ।
मेरा निमित्तका सारा भए सफल कार्य ती ॥
चन्द्रमा ग्रह-नक्षत्र मरुद्गण लिई बसी ।
ऐश्वर्य स्वर्गको भोग्छ त्यो देवेन्द्र भई सुखी ॥

१३

१४

म पनी भइ त्यै ठीक तिमीले घेरिई यहाँ ।
ऐश्वर्य सब पृथ्वीको भोग्न खोज्छु यथार्थमा ॥
अघि काम गरें मैले जति जो त्यो कुरा सब ।
सुनाई म भलै भो यो भन्न खोजाँउथे तब ॥
कुम्भकर्ण सुतेकोथ्यो त्यस वेला हुँदा यसो ।
मैले गरिन क्यै चर्चा त्यसको पछि बिर्सियो ॥
छ श्रेष्ठ शस्त्र धर्नेमा बलवान् कुम्भकर्ण त्यो ।
छ मास देखि सुत्तोछ उठ्यो बल्ल अचेल पो ॥
सुन है ! दण्डकारण्य जनस्थान भनिन्छ जो ।
हाम्रा राक्षसको वास--विहारस्थल एक हो ! ॥
छोरी जनक राजाकी रामकी महिषी प्रिया ।
सीतालाइ टिपी टप्प लिइ आएँ यहाँ तदा ॥
निकै ढल्केर हिंड्ने त्यो जानकी तर संझए ! ।
मेरो ओछ्यानमै चढ्न मान्दै-मान्दिन क्यै गरे ॥
मेरो मन भने किन्तु मरिमेट्छ त्यही भनी ।
त्रैलोक्य-सुन्दरी त्यै छ छैनन् अरु कुनै पनि ॥
अहा ! मुठ्ठीभरीको छ त्यसको पेट सुन्दर ।
पछिल्लो भाग मोटो छ अतिपुष्ट मनोहर ॥
हो शरत्-कालको खुल्दो चन्द्रमा ठीक चम्किलो ।
त्यसको मुख शोभिन्छ भै जगमग, छ दिव्य यो ॥
रूप, स्वभाव राम्रो छ सुनकै मूर्तिझैं छ त्यो ।
मयले ,नै बनाएकी मायाझैं छ विचित्र पो ॥
पैताला त्यसका ओहो ! छन् र-राता र कोमल ।
पाउछन् दुइटै चिल्ला अतिसुन्दर निर्मल ॥
तिनका नङ्का कान्ति झल्किन्छन् भइ झल्मल ।
यिनै सब कुरा देख्ता भो मेरो मन ढल्पल ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

(११६३)

२७

बढेकी घिउ होम्दामा अग्नि-ज्वाला सरी छ त्यो ।
डाँडा बाट चियाएंकी सूर्य-कान्ति सरी छ त्यो ॥
अब यस्ती अवस्थाकी देख्दामा त्यसलाइ ता ।
मैले पो कसरी थाम्ने मन यो ! पिर्छ काम बा ! ॥
नाक राम्रो उठेको छ ठूल्ठूला नेत्र छन् अहा ! ।
मुख वेदागको राम्रो सुशोभित छ झन् सफा ॥
त्यसका यी सबै वस्तु देख्ता, झल्झल संझिदा ।
अब सम्हिन गाह्रो भो भएँ काम-वशी म ता ॥
मसा काम टिकेको छ क्रोधमा हर्षमा पनि ।
रङ्ग-ढङ्ग सबै माऱ्यो त्यसैले देहको पनि ॥
शोक पीर तथा ताप क्यै कुरामा गए मन ।
त्यहाँ पनि त्यही टिक्छ एकनास भईकन ॥
विशाल नेत्र की त्यल्ले जो रिसाही छ क्यै बढी !
छ एक वर्षको म्याद मागेकी म सँगै अघि ॥
त्यसको पति त्यो रामे आउला त्यति भित्रमा ।
भन्दी हो अनि लै जाला सजिलै आफ्नु साथमा ॥
मैले पनि निकै मीठा जानकीका कुरा सुनी ।
सभासद् हो! बुझ्यौ! हुन्छ! स्वीकार छ! भनें अनि ॥
जब यत्ति भएकोथ्यो चढेको काम त्यो मसा ।
अनि ता चुर्कियो, थाक्यो थाकेझैं अश्व मार्गमा ॥
हेरौंला ! कसरी तर्लान् ती दुवै राम-लक्ष्मण ।
पहिले पूर्ण यो सिन्धु छ दुर्लङ्घ्य महान् जुन ॥
अनि ती कपि जावाको जो हुन् वनचरा बरा ।
के कुरा? भो लछार्लान् के आए ता पनि भै पुरा ? ॥
ठीक छैन यसो भन्नु हेर्नु वास्तव हो त नि? ।
यौटै कपि यहाँ आई स्वाहै पाऱ्यो, पिऱ्यो पनि ॥

३९

४०

कसको काम कस्तो छ गति-शक्ति छ के कति ? ।
मन्न सक्तैन क्वै तस्मात् छ अज्ञेय त्यही अति ॥
अब व्यस्तो अवस्थामा सभासद् हो ! तिमी सब ।
अ—आफ्नो बुद्धिकै ठीक भन योग्य कुरा सब ॥
हामीलाइ कुनै त्यस्तो डर छैन मनुष्यको ।
यस्तो भए पनी किन्तु शोच लौ गम ! होस् भलो ॥
त्यो देवासुर-संग्राम हुँदामा पनि ता अघि ।
तिम्रै सहाय पाएर जितेंथें म गई लडी ॥
अहिले पनि त्यस्तै छ अवस्था जो पऱ्यो यहाँ ।
तिम्रै सहायता पाए म जित्नेछु जहाँ-तहाँ ॥
सीताको सुँइको पाई ती दुवै राम-लक्ष्मण ।
सिन्धुको तीरमा पल्लो आएरे कसिईकन ॥
उनका सहयोगी छन् कपि-सुग्रीव आदि ती ।
बीचमा सिन्धुमात्रै छ भन काम-कुरो बुझी ? ॥
यता लगेर यो सीता त्यल्लाइ नपरोस् दिन ।
उता मरुन् मजैसाथ ती दुवै राम—लक्ष्मण ॥
यो दुवै तहमा मिल्दो बलियो गुप्त—नीतिको ।
गर सल्लाह जो त्यस्तो निस्कन्छ भन त्यै छिटो ॥
यसो गर्दा म त्यो शक्ति अरुमा छैन देख्तिन ।
रामेमा छ कि जस्तो छ जगत्का जनमा पुनः ॥
भालू वानर ली साथ त्यो आओस् सिन्धु यो तरी ।
क्यै लछार्दैन ! मै जित्छु, भन्छु यै ठोकुवा गरी ॥
कामले वशमा पार्दा थियो विह्वल रावण ।
यसैले यी कुरा बक्थ्यो कल्पी-कल्पी पुनः पुनः ॥
सारा राक्षसको राजा दाजुका यी कुरा सुनी ।
कुम्भकर्ण उठ्यो कड्क्यो भन्यो झोक्किंदै अनि ॥

५२

५३

सुन्यौ महाराज ! तिमी गई अघि हरेर ल्यायौ हकि ? सुत्त जानकी ।
परै थिए राम र भाइ—लक्ष्मण गन्यौ जवर्जस्ति वहाँ छलीकन ॥
अगाडि ओर्लिन् यमुना यहाँ जब खाल्डा भरिन् ती नजिकै हुने सब ।
गइन् अनीमात्र उनी समुद्रमा सक्तैनथिन् भर्न पछाडि जो यहाँ ॥
यस्तै तिमीले पनि राक्षसेश्वर ! हामीसँगै राय लिई झिकी सुर ।
सीता हुँदी हुन् त हरेर ल्याँइदी सहाय दिन्थ्यौं अनि पो सबै मिली ॥

५५

५६

आफ्नो विचारले मात्र गऱ्यौ यस्तो कुकर्म जो ।
त्यो तिम्रो निम्तिमा राजन्!बुझ्यौ!तुच्छ अयोग्य हो!॥
सुन ! यो काममा झ्वाट्ट हात हाल्नु अगाडि नै ।
तिमीले लिनु पर्नेथ्यो राय हामीहरू सँगै ॥
मेरा दशशिरे दाजु ! जो राजा न्यायपूर्वक ।
हेरी सब तिरै शोची राज-काज चलाँउछ- ॥
भने त्यो नृप सद्बुद्धि भै दिंदा आफ्नु लक्ष्यमा ।
पछि पुग्छ र त्यो भेट्छ, पछितो हुन्न अन्तमा ॥
राम्रो उपाय वा बाटो न शोची न गमी भलो ।
कार्यमा हात जो हाल्छ लोक-शास्त्र विरुद्धको ॥
त्यस्ता कुकर्म गर्नेमा उल्टिन्छन् नाश्न अन्तमा ।
होमेका हवि जस्ता भै आभिचारिक-यज्ञमा ॥
सुन्न ! जो व्यक्ति ए दाजु ! पहिले गरिने कुरा ।
पछि गर्छ, गरी पैले पछाडि गरिने कुरा ॥
त्यो व्यक्ति पनि स्वाँठै हो, कुरा नीति-अनीतिका ।
कत्ति जान्दै-नजान्ने हो विग्रन्छ पछि जो सदा ॥
बुझ्यौ ! शत्रुहरू आफ्ना विपत्तीको वलोद्यम ।
आफ्नु भन्दा बढी देखे ता पनि धैर्य लीकन- ॥
हड्बडे छ भने शोची त्यसलाई दवाँउन ।
अथवा सक्न खोज्छन् ती छिद्र खोजी पुनः पुनः ॥
सक्तैनन् क्रौञ्च-डाँडाको पार पुग्ने चरा बरा ।
पुग्छन् ली छिद्रकै बाटो शक्तिको कार्तिकेयका ॥

६६

६७

लौ वित्यास पऱ्यो ! माऱ्यौ तिमीले दाजु ! वास्तव ।
न शोची हड्बडाएर जो कुकर्म गऱ्यौ तव ॥
जस्तो विषान्न खाँदामा त्यो, खानेलाइ मार्दछ ।
त्यस्तै अब तिमीलाई त्यै रामे आइ मार्दछ ॥
भलो संझ यही दाजु ! भाग्य तिम्रो रहेछ पो ।
रामले त्यसवेलामै जो मारेन वहीं अहो ! ॥
यसरी त्यो महान् वैरी रामेसँग अयोग्यको ।
गऱ्यौ काम-कुरो झ्वाट्ट तिमीले, यै फसाद भो ॥
लौ भैगो! अब जो भो भो! तिमी धन्दा न मान क्यै ।
म नै पार्दियुँला ठिक्क तिम्रा शत्रु सकी सबै ॥
जोसुकै हुन्न ती तिम्रा दुष्ट शत्रु हुने सब ।
एक्लै भुसुक्क पार्दिन्छु लौ भैगो ! अब वास्तव ॥
के कुरा त्यस रामेको ? इन्द्र सूर्य कुवेर वा ।
वरुणाग्नि तथा वायु जो हुन्, लड्दछु गै म ता ॥
सुन दाजु ! म डाँडै हो भने जस्तो अजङ्गको ।
शरीर लिइ यो आफ्नो तीखा दाह्रा हुने अहो ! ॥
गै रणस्थलमा बोकी महान् परिघ बाहुमा ।
डटुँला जब त्यो वेला काँप्ला इन्द्र पनी वहाँ ॥
बुझ्यौ त ! युद्धमा गै म बसुँला त्यसरी जब ।
ममाथि बाणले यौटा हान्ला त्यो रामले तब ॥
अर्कोले हान्न खोज्दामा न खोज्दामा म गै वहाँ ।
रामेको रगतै धोक्छु ढुक्क भै बस लौ ! यहाँ ॥

७७

७८

भैगो!बुझ्यौ दाजु ! गई लडाँइमा मार्दिन्छु रामेकन त्यो छिटै चहाँ ।
तिम्रो भलै गर्छु प्रयत्न यै गरी अर्की जयश्री पनि लेउ भै सुखी ॥
मारी दुवै लक्ष्मण रामलाइ ती लडाँइमा त्यो म गई घुमी डटी ।
भालू तथा वानर सैन्यका पति छन् जत्ति मै सक्छु चपाँउदै निली ॥
तिमी यहाँ दाजु ! बसेर मोजमा धोकेर रक्सी पर लठ्ठ काममा ।
धन्दा र सुर्ता मनको अफाल र भलो हुने काम छ क्यै भने गर ॥
लडाँइमा गै जब रामलाइ म लडाँउला लान्छ सँगै जसै यम ।
पर्नेछ तिम्रो अनि सत्र नै हकि ? वशी हुनेछिन् पछिसम्म जानकी ॥

८१

इति बाह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेह्रौं सर्ग

मन्त्री महापार्श्व र राक्षसराजको संवादमा रावणले आफूमा श्राप परेको कुरा भन्नु

१

आफ्नु त्यो माहिलो भाइ डर्लाग्दो कुम्भकर्णको ।
कुरा निकै कडा त्यस्ता सुन्दा रावण झोक्कियो ॥
महावली महापार्श्व उहीं थ्यो यसमा अव ।
यसो शोच्यो र क्यै वेर हात जोड्‌दै भन्यो तव ॥
डर्लाग्दा पशु-सर्पादि भएको वनमा पसी ।
भेटेको महको चाको छोड्छ को ? मूर्ख हो त्यही ॥
विन्ती गर्छु महाराज ! भै बक्सिन्छ हजूर ता ।
स्वयं ईश्वर, अर्को को प्रभुको ईश्वरै छ ? बा ! ॥
तसर्थ अव लौ स्वामिन् ! शत्रुका शिरबीचमा ।
लात राखेर सीता ली घुमि बक्स्योस् जहाँ--तहाँ ॥
भएर कुखुरो जस्तो जवर्जस्ती गरी छली ।
सीतासाथ रमीवक्स्योस् भै बक्सिन्छ महान् बली ॥
यसरी जानकी माथि सर्वथा हमला गरी ।
उपभोग गरी बक्स्योस् रमाएर घरी–घरी ॥
त्यो आफ्नो वासना तष्णा राम्रै पूर्ण भए पछि ।
प्रभुमा डर वा त्रास के कुराको हुने पछि ? ॥
कुनै डर परी हाले वर्तमान–भविष्यमा ।
के लड्दार्ला र ? छौं हामी त्यसै पन्छाँउला वहाँ ॥
हामी साथ भए राजन् ! इन्द्र जित् कुम्भकर्ण यी ।
सजिलै रोक्दिने छन् है इन्द्रलाइ सवज्र ती ॥
म त जान्दिन त्यस्तो क्यै साम, दान र भेद यी ।
दण्ड जान्दछु, जो जान्ने गर्छन् नित्य प्रयोग ती ॥
महान् वल हुने राजन् ! प्रभुका शत्रु छन् जति ।
यहाँ आए भने देखि लड्नमा कसिई अति ॥
हामी ठोकेर सक्नेछौं शस्त्रास्त्रैको प्रतापले ।
सारा भुसुक्क पार्नेछौं शङ्का नै यसमा छ के ? ॥

१३

१४

यसरी भनियो त्यल्ले त्यो लङ्कापति रावण ।
प्रशंसा त्यसको गर्दै भनी हाल्यो यसो पुनः ॥
यसै प्रसङ्गमा भन्छु ए महापार्श्व ! सुन् अव ।
जो भनिस् ! त्यसमा यौटा रहस्य छ ल सुन् सव! ॥
निकै वर्ष विते पैले मेरो जीवनमा यहाँ ।
घटना घट्न गो यौटा ममा श्राप पऱ्यो जहाँ ॥
ब्रह्मलोकतिरै जान्थी बाटो आकाशको गरी ।
बल्दी अग्नि--शिखा जस्ती अप्सरा पुञ्जिकस्थली ॥
मेरो आँखा परी हाल्यो त्यसमाथि त्यसै यता ।
देख्ता मलाइ जो साह्रै डराएकी थिई उता ॥
समातें पछि गै मैले नाङ्गी पारी दिएँ अनि ।
उपभोग गरी छोडें खस्किई त्यो त्यसै पनि ॥
मसमिंढी गरे जस्तो गजले पद्मिनीकन ।
यै म द्वारा भई त्यो, गै ब्रह्मलोकतिरै पुनः ॥
त्यसको दुर्दशा जो भो मैले गर्दा बुझिस् कुरो ! ।
त्यो कुरा पछि ब्रह्माले जानिबक्सेछ ! ठान्छु यो ॥
यसैबाट त होला नि उहाँले झोकिई पछि ।
मलाई नै सुनाएर भनिबक्स्यो कुरा यही ॥
अव देखि बुझिस् बावै ! जवर्जस्ती गरीकन ।
संसर्ग अरु नारीको न गरेस् कहिल्यै पुनः ॥
नाघी वचन यो मेरो गरि हालिस् भने तदा ।
फुट्ने छ शिर त्यो तेरो शयौं टुक्रा भई ल जा ! ॥
तसर्थ श्राप पर्दा त्यो डर भै जानकीकन ।
आफ्नु ओछयानमा ल्याई सुताँउन म सक्तिन ॥
बुझिस् ! छ वेग यो मेरो महासागरकै सरि ।
अहार्य-गति मेरो छ चर्को आँधि-हुरी सरि ॥

२६

२७

यो कुरा राम जान्दैन के गर्नु र विपद्वाँकमा ।
जाइ लाग्दछ मै साथ तम्तयार भई वहाँ ॥
त्यसो गर्नु न पर्ने हो नत्र ता त्यसले अहो ! ।
गुफाभित्र सुती बस्ने सिंह व्यूँझाँउला र को ? ॥
झोक्किएको महामृत्यु हो भने ठीकको छु म ।
मैलाई अझ त्यो रामे किन खोज्छ जगाउन ? ॥
डर्लाग्दा दुइटा जिब्रा भएका सर्प ठीकका ।
छन् मेरा धनुका बाण अति तीखा र वेगिला ॥

३०

३१

प्रभाव यिनको कत्ति जान्दै-जान्दो रहेन छ ।
त्यसैले जाइलाग्दो छ कसिई लड्न पो अझ ॥
जसरी दुनियाँ बल्दा अघुल्टा लिइ हातमा ।
हात्ती तर्सँदिउछन् घोच्छन्, देख्तैछौं व्यवहारमा ॥
बुझिस् त ! म पनी त्यस्तै त्यो रामेलाइ युद्धमा ।
छोडी वज्र सरी बाण भुसुक्कै पार्छु अन्तमा ।
जस्तो उदाँउदै सूर्य ग्रह—नक्षत्र आदिको ।
सोहोर्छन् तेज वा कान्ति आफ्नुमै हो अतुल्य जो ॥

३४

३५

के बुझिस् ? म पनी त्यस्तै त्यसका कपि-सैन्य ता ।
मिलाई छोड्छु आफ्नामै के छोड्थें र त्यसै म ता ? ॥
डटे पछी ता म त युद्धमा गईको टिक्न सक्ला र अघी खडा भई ।
हजार आँखे सुरराज होसून् त्यो हओस् प्रचेतै पनि भाग्छ सुत्त पो ॥
निकै अघी देखि कुबेरबाट यो लङ्का-पुरी रक्षित थ्यो भई भलो ।
परन्तु, मैले निज बाहुवीर्यले खोसेर छोडें उनबाट संझ ए ! ॥

३७

इति तेह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौथौं सर्ग

श्रीविभीषणले रामको महत्व देखाएर दाजु-रावणलाई सीता सुम्पन अनुरोध गर्नु

१

मुनी! कुरा यी सब राक्षसेन्द्रको यसो गमी गर्जन कुम्भकर्णको।
त्यो रावणै साथ यहाँ विभीषण भन्छन् यिनै वाक्य भलो हुने पुनः॥
यो जानकी नाम हुने विचित्रको अजिङ्गरै हो! छ विशालकाय जो।
अहो! यसैलाइ हजूरले प्रभो! अगाँलि बक्स्यो कसरी? अनर्थ भो!॥
त्यो जानकीको हृदय-प्रदेश नै शरीर हो है त्यसको छ उग्र नै।
गरिन्छ जो चिन्तन, हो त्यही विष भुसुक्क पार्दछ अन्तमा सब॥
देखिन्छ त्यसमा स्मित-हास्य जो जति भन्ठान्छु दाह्रा त्यसका सबै म ती।
प-पाँच औंला करपद्मका सफा हुन् टाउका पाँच तिनै विचित्रका॥
तसर्थ लौ दाजु! यसो गरौं अब हुनेछ हाम्रो जसले भलो सब।
यी जानकीलाइ लगेर रामको श्रीपाउमा सुम्पिदिऔं हजोस् भलो॥
गाह्रै छ है नत्र त टिक्न वास्तव भुसुक्क हुन्छौं सब छैन संशय।
भालू तथा वानर वैरिई यहाँ टोक्तै-चिथोर्दै पनि सक्तछन् जहाँ॥
श्री रामका बाण महान् विचित्रका छन् वज्र जस्ता सब वायुवेगका।
छुटे भने ती कर-पद्मबाट हा! लिएर जान्छन्, शिर राक्षसादिका।
तसर्थ त्यस्तो हुनुको अगाडि नै हामीहरू नै भइ चंख ज्यादि नै।
यी जानकीलाइ लगेर रामको श्रीपाउमा सुम्पिदिऔं हजोस् भलो॥
यी माहिला दाजु र इन्द्रजित् तथा मन्त्री महापार्श्व निकुम्भ कुम्भ वा।
महोदरै वा अतिकाय सम्म यो सक्तैन कोही अघि टिक्न रामको।
म विन्ति गर्दोछु हजूरमा अतः श्रीरामको साथ विरोध गर्नु त।
कसै गरे हुन्न, भलो हुँदैन है! लौ संझिबक्स्योस् अब यी कुरा सबै॥
विश्वास पर्लो गरि बक्सियो भने जाने छ है प्राण हजूरको, गुनें।
छोड्दैन बाँचेतक राम-बाणले भुसुक्क नै पार्दछ अन्तमा हरे?॥
हजूरलाई अनि को बचाँउने? श्री सूर्य वा वायु हउन् न तम्सिने।
चल्दैन दैत्या यम इन्द्र सम्मको आकाश पाताल पुगेर सक्छ त्यो॥
सुनेर यस्ता उनका कुरा सब प्रहस्तले कड्किइँदै भन्यो तव।
छी! के कुरा यो? छ बडो विचित्र जो हामीहरूमा डर पार्न सक्छ को?॥

CC-0. In Public Domain. Digitization by eGangotri

१४

ती देवता-दानव आदि ता हरे ! हुन् तुच्छ जावा सब भाग्दछन् परे ।
यस्तो हुँदामा डर-त्रासका कुरा के जाँनु हामीहरु, छोड यी कुरा ॥
तम्सेर हामी गइ युद्धभूमिमा लडी रहेछौं अघि देखि नै यहाँ ।
गन्धर्व-यक्षादि र नाग साथ ती सक्यो र को टिक्न परे पछी अघि? ॥
तसर्थ को हो भन राम त्यो ममा? जो टिक्न सक्ला अघि युद्धभूमिमा।
हो एक साधारण राजपुत्र जो डराँउने झन् त्यसबाट नै ? अहो ! ॥
प्रहस्तका वाक्य सुने पछी पुनः थियो न राम्रो अहितै हुने जुन ।
कुरी-कुरी लागि असह्य भै अनि भन्छन् मजैले अझ यी कुरा उनी ॥
हितेच्छु थे राक्षसराज-दाजुको खोज्थे सबैको हितमात्र फेरि जो ।
धर्मार्थकामादिकका कुरा सब थ्यो ज्ञात, पोखे अनि वाक्य सार्थक ॥
प्रहस्त ! लौ सुन् ! तँ र यो महोदर श्रीमाहिला दाजु र राक्षसेश्वर ।
भनी रहेछौ जनि रामका प्रति त्यो छैन त्यस्तो छ अयोग्यको अति ॥
लौ भन् त ! पापी जन क्वै छ ता यहाँ सक्ला र के त्यो गइ बस्न स्वर्गमा? ।
तिमीहरूका पनि यी कुरा सब त्यस्तै भए है ! अझ शोच ! काल छ ॥
श्रीराममा सुन ! दृढ अर्थ-नीति छ, छ सत्यता, धर्मप्रधान कर्म छ ।
इक्ष्वाकुवंशीय छ रक्त-वीर्य त्यो महारथीश्रेष्ठ कहिन्छ फेरि जो ॥
जहाज, डुङ्गा गतिलो नभैकन समुद्र मै तर्दछु भन्छ को जन ? ।
तेरो र मेरो तिनको पनी अरू चल्दैन दैय्या अँहँ ! जान्छ आबरू ॥
हामीहरुको अनि के कुरा हरे ! भुसुक्क हुन्छौं रणमा अघी परे ।
ठूला बडा दानव-देव सम्मको सातै पनी उड्दछ टिक्न सक्छ को ? ॥
श्रीरामका बाण निकै कडा स्वतः छन् कङ्कका पत्र समेत शोभित ।
न्वाम्न्वाम्ति तेरा जिउमा घुसे कि त था पाउलास् हुन्छ! प्रहस्त! वक् अझ॥
श्रीरामका श्रीकरबाट छोडिंदा आएर गड्दा जिउमा ज़तातता ।
प्राणै लिंदा भै दृढ वज्रवेगका था पाउलास् हुन्छ ! ल बक् अझै तँ ता ॥
महाबली त्यो त्रिशिरा निकुम्भ यो तँ इन्द्रजित् राक्षसराज सम्म पो ।
श्रीरामको त्यो दृढ-वीर्य खप्नमा समर्थ छैनौ रणमा परे यहाँ ॥
लौ सुन् तँ ! देवान्तक यो नरान्तक तथा महाकाय समेत उग्र त्यो ।
अकम्पनै सम्म पनी यथार्थमा समर्थ छैनन् अघि पर्न रामको ॥
अमित्र जस्ता प्रिय-मित्र तुल्यका तिमीहरु छौ जसले उचाँलिदा ।
यी पूज्य मेरा प्रिय दाजु सम्म ता भै बक्सियो सस्त फसी जताततता ॥
स्वभाव भैगो यसले अनर्थको कतै न हेरीकन उग्र-काम भो ।
हामीहरूले अनि गम्नु नै पऱ्यो नाश्ने भयो राक्षस-जाति स्वात्त यो ॥
लौ बाबु हो ! होश गरी मिली अब गमेग मेरा हितका कुरा सब ।
मेरा र तिम्रा पति राक्षसेश्वर श्रीदाजुको श्रेय गरौं निरन्तर ॥

३०

CC-0. In Public Domain. Digitization by eGangotri

(११६६)

३१

हुने हजारौं फण उग्र—सर्पले जेल्यो उहाँलाइ अवार्य-वीर्यले ।
तसर्थ हामीहरुले त्यसै गरी छुटाँउनै पर्दछ शोच राम्ररी ॥
बसेर छाया मनि राक्षसेन्द्रको हुर्क्यौं तथा पुष्ट भयौं सबै अहो ! ।
तिमीहरूका मनका कुरा पनि पुगे यतै बाट चिताँउदै पनि ॥
तस्मात् हितैषी र सुहृत् तिमीहरू भलो उहाँको गर राख आवरु ।
लौ रोक वा ! राक्षसराजलाइ यो कुकर्म द्वारा न दिएर गर्न त्यो ॥
क्वै भूतले घोर र उग्ररूपको आफ्नाकनै पक्डिइँदा यहाँ अहो ! ।
छुटाँउछन् गै जसरी स्वबान्धव लौ वा ! छुटाओ त्यसरी तिमी सव ॥
सर्वस्व हाम्रा पति राक्षसेश्वर श्रीदाजु यौटै भइ बक्सिइन्छ र ।
भन्दोछु यस्तो पनि ता म ता बुझ तसर्थ लौ शोच! छ काल है अझ ॥
श्रीराम यो नाम हुने छ सिन्धु त्यो सत्कर्ममात्रै जसको छ है जल !
श्रीदाजु हाम्रा डुबि बक्सियो त्यहाँ छिटै झिकी हाल न गै अझै तल ॥
बर्बात होला पछि नत्र शोच त्यो रहन्न केही पनि नाम, धाम यो ।
त्यसै गरे हुन्छ भलो समस्तको लङ्का तथा राक्षस-राक्षसेन्द्रको ॥
मलाइ लाग्यो मनमा यही कुरा भलो हुने शान्ति हुने पनी पुरा ।
तसर्थ लौ मान छ वेस है ! यहाँ सीता लगी सुम्पनु राम-पाउमा ॥
मन्त्री त्यही हुन्छ हितेच्छु योग्यको जो सक्छ पर्दा स्थिति बुझ्न तथ्यको ।
कस्तो छ के के छ विपक्ष-पक्षको सेना तथा बुद्धि अयोग्य-योग्यको ? ॥
छ आफ्नु कस्तो बल बुद्धि शक्ति वा कता हुने छाँट छ हार जीत ता ।
गमेर राम्रै दुइतर्फकै कुरा गढेर जो हेर्छ तटस्थ भै पुरा ॥
शोची बुझी यी सव वस्तु वा कुरा ठमाइ आफ्नो मनले पुरा पुरा ।
सल्लाह त्यै दिन्छ भने हुने भलो, मन्त्री त्यही हो गतिलो, ल शोच यो ! ॥

४१

इति चौधौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्रौं सर्ग

इन्द्रजित्‌ले विभीषणका कुरा उडाँउन खोज्नु र विभीषणले इन्द्रजित्‌लाई हप्काँउनु

१

हुन् देवताका गुरुकै सरीका सद्‌बुद्धि बोक्ने त विभीषणै बा ! ।
सुन्यो तिनैका हितका कुरा यी त्यो इन्द्रजित्‌ले खपि कष्ट ज्यादि ॥
थियो त्यही राक्षसयूथ-स्वामी अजङ्गको देह हुने र नामी ।
हेर्‍यो उनैतर्फ यसो गढेर भन्यो सभैमा अनि कड्किएर ॥
काका ! तपाँई किन व्यर्थमा यो नचाँहिंदो बक्‌बक गर्नु हुन्छ ? ।
पसी सक्यो के डर रामको त्यो गले सरी देखिन खोज्नु हुन्छ ? ।
यो वंशमा जन्म लिएन जल्ले भन्दैन त्यो राक्षससम्म यस्तो ।
गर्ने त टाढै छ, तपाँईले झन् उल्टो ल त्यस्तो गर ! भन्नु कस्तो ? ॥
बाबा महाराज ! विचित्र यै हो ! आश्चर्य हो ! राक्षस-वंशमा यो ।
हाम्रो भई ओह ! कनिष्ठ - काका यौटै यहाँ जन्मनु भो अनौठा ॥
छैनन् यहाँमा हुति-ह्याउ कत्ति खूबी छ केही न पराक्रमै छ ।
न वीर्य त्यस्तो छ, न ता प्रताप, न धैर्य देखिन्छ, न शौर्य टिक्छ ॥
काका ! ल भन्नोस् ! नृपराज-पुत्र को हुन् दुवै भाइ ? छ के विचित्र ।
साधारणै हुन् म त ठान्छु यस्तो तर्सा उने कारण के छ त्यस्तो ? ॥
यौटा कुनै राक्षस गै यहाँको तपाँईको लक्ष्मण-रामलाई ।
सलक्क पार्दिन्छ भने मजाले यस्तो भनेको किन हो डराई ? ॥
त्रैलोक्यको मालिक हो सुरेन्द्र मैले लडाएँ अघि भूमिमा यै ।
डराइ ती देव दशै-दिशामा शोच्नोस् त काका ! तब लुक्तथे गै ॥
गजेन्द्र ऐरावतका विशाल ती दाँत मैले बलले उखेलें ।
पछी त्यसैलाइ पनी धकेली छ ज्ञान काका ! क्षितिमा खसालें ॥
कराँउथ्यो बेस्करि त्यो गजेन्द्र सातै गएथ्यो त्यसको पनी ता ।
देखेर त्यस्तो हुत्ति-ह्याउ मेरो आत्ती सकेथे सुर स्वर्गका ता ॥
दैत्यन्द्रमा सम्म फसाद पार्ने त्यस्तो म काका ! सुर-शेखि झार्ने ।
भन्नोस् त ! के ती नृपपुत्रलाइ लडें भने सक्तिन मार्नलाई ? ॥
भन्नोस् त ! के ती नृपपुत्रलाइ लडें भने सक्तिन मार्नलाई ? ॥
इन्द्रै सरीको अति फूर्तिलो त्यो पराक्रमी दुर्जय इन्द्रजित्‌को ।
यरता सुनी वाक्य विभीषणैले भने कुरा सार्थक यी मजैले ॥

(१२०१)

२४

अझै पनी बालक छस् तँ बाबु ! देखिन्छ तेरो अझ बुद्धि काँचो ।
के गर्नु पर्ने छ, छ के नगर्ने ? लौ बुझ् ! तँमा यै त रहेछ खाँचो ? ॥
भनिस् यसैले अहिले सभामा कड्केर भन्नै न हुने कुरा यो ।
विन्यास पारिस् अहहा ! यसैले मुसुक्क आफ्नो कुल पार्छ ओहो ! ॥

सुन् ! इन्द्रजित् ! राक्षसराजको तँ छोरो भएरै पनि मित्र जस्तो ।
भई सकीछस् तर चालले ता साक्षात् उहाँकै तँ अमित्र यस्तो ॥
सम्झें ! यसैले रघुनाथ बाट सुनी पिताका वधको कुरा ती ।
हो ! हो ! भनी पूठ दिएर यस्तो बकी रहेछस् अझ जो न रोकी ॥

रहेछ तेरो अझ बुद्धि छोटो छस् मार्नकै लायकको तँ नै पो ।
तँलाइ ल्यायो जसले सभामा डाकेर त्यो झन् वध-योग्यकै हो ॥
दुःसाहसी मूर्ख तँ स्वाँठ जस्तो काँचो ठिटोलाइ अयोग्यकै हो ।
सुयोग्य मन्त्रीहरुको सभामा कल्ले छिरायो निज मूर्खतामा ? ॥

सुन् ए ! तँ मा छन् गतिला कुरा के ? छस् नेठिएको अविवेकिताले ।
स्वभाव तीखो छ,छ बुद्धि छोटो, के शोच्न सक्छस् ? मगजै छ मोटो ॥
तँ होस् दुरात्मा अत एव यस्तो न चाँहिदो बक्बक गर्दछस् हा! ।
यस्ता कुरामा अझ बालकै छस् , ठेट्नै तँ होस् सुन् ल!नजीकमै आ! ॥

श्रीरामका बाण विचित्रका छन् ,छन् तेजिला धप्धप कान्ति छोड्छन् ।
छन् ब्रह्मदण्डै सरिका विचार्दा छन् कालकै ठीक प्रहार गर्दा ॥
विपक्ष पर्दा अघि गै रणैमा छुटे भने बाण तिनै उनीमा ।
के चाल होला तिनको विझे ती को खप्न सक्ला अब शोच् ! कुरा यी ॥

तसर्थ मेरा प्रिय दाजु राजन् ! लौ ध्यान बक्स्योस् अब यी कुरामा ।
यसै गरेमात्र भलो छ हाम्रो बेसै छ शोचे अझ यै सभामा ।
सीता सँगै ली मणि-रत्न-द्रव्य-वस्त्रादि-आभूषण धेर दिव्य ।
श्रीरामका पाउ परी चढाई हामी बसौं फर्किइ शान्ति पाई ॥

२५

इति पन्ध्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्रौं सर्ग

राक्षसराज रावणले भाई विभीषणलाई नराम्रो सँग भन्नु र उनले पनि दाजुलाई त्याग दिएर हिड्नु

१

सारै सार भएका यी राम्रा हित हुने कुरा ।
भनी त्यति सभाबीच विभीषण बसे तदा ॥
शिरमा काल नाच्नाले धकेल्दा त्यसले अब ।
भन्छ राक्षसको राजा कडै वाक्य स्वयं तव ॥
बुझ्यौ भाई ! रिसाएको सर्पको साथमा तथा ।
शत्रुको साथमा सम्म बसोस् वस्तु परे सदा ॥
परन्तु मित्र हूँ भन्ने गर्ने सेवन शत्रुको ।
जो छ त्यो व्यक्तिको साथ न वसोस् हुन्न है भलो ॥
सुन् ए राक्षस ! जो हुन्छ आफ्ना जातीय-बन्धुको ।
स्वभाव, घटिया चाल राम्रै जान्दछु है म त्यो ॥
विश्वमा जति छन् आफ्नै जातका बन्धु-बान्धव ।
ती त्यस्तैमा विपत् पर्दा हाँस्छन् ,खिस्याँउछन् सब ॥
ए निशाचर ! सुन् ! जेठो हुनाले राज्य पाँउदा ।
जो प्रधान भएको छ, छ गर्दै राज्यका कुरा ॥
धर्मशील र शूरो छ जो छ विद्वान् त्यसैकन ।
बन्धु-बान्धव नै हेप्छन् छेड्छन् थाल्छन् खिस्याँउन ॥
यी बान्धव अ-आफैंमा दुःख-संकष्ट क्यै परे ।
ठूलै उत्सव हो जस्तो भन्ठान्छन् भित्र डाहले ॥
आततायी यिनै हुन्छन् झोस्दिन्छन् अग्नि ठोक्छन् ।
लुट्छन् धन विषै दिन्छन् क्षेत्र-स्त्री सम्म हर्दछन् ॥
मनको चाल-चेष्टा क्यै बुझ्न दिन्नन् अरूकन ।
डर्लाग्दा क्रूर हुन्छन् ती अत एव अकारण ॥
क्वै पद्म-वनमा पैले हात्तीहरू मिली सब ।
गाएथे श्लोक सुन्दैछौं अझ सम्म पनी सब ॥
लिएर हातमा पाशो आउँथे जो फसाँउन ।
उनैलाई वहाँ देख्ता गाँउथे ती यसो सुन ! ॥

१३

१४

सक्तैनन् पार्न हामीमा डर वा त्रास क्यै कुरा ।
यस्ता पाशो र आगोले शस्त्रास्त्रैले पनी तथा ॥
डर यौटै कुराको छ हामीलाई छ सत्य जुन् ।
बन्धु-बान्धव नै आफ्ना डर्लाग्दा हुन् , फसाँउछन् ॥
यिनै उपाय पोख्दिन्छन् हामीहरू समातिने ।
यसमा छैन सन्देह अनि हुन्छौं फसाँइने ॥
यसर्थ अरु सम्पूर्ण भय भन्दा पनी महान् ।
ज्ञाति बाट हुने त्रास हाम्रो निम्ति छ है महान् ॥
जस्तो छ दुद गाईमा सार ती हव्य-कव्यको ।
जस्तो चपलता टिक्छ स्त्रीजातिहरुमै वडो ॥
तपस्या विप्रमै हुन्छ जस्तो त्यस्तै प्रकारको ।
बन्धु-बान्धव बाटै ती न राम्रै भय हुन्छ पो ॥
राम्रो बानी हुने भाई ! शोची हेर त राम्ररी ।
मेरो सन्मान गर्दोछ सारा विश्व घरी-घरी ॥
आज ऐश्वर्यवान् मै छु, छु कुलीन र शत्रुको ।
शिरमाथि चढेकोछु तिमीमा यै असह्य भो ॥
जसरी जलको थोपा पद्मको पत्रमा परे ।
टाँसिन्न त्यसमा कैले मिल्दै मिल्दैन क्यै गरे ॥
त्यही ठीक त्यही जस्तो बुझ्यौ ! दुष्ट-अनार्यको ।
चित्तमा पनि टिक्तैन सौहार्द भनिने कुरो ॥
शरत् लागे पछी गर्जे-वर्षे ता पनि बादल ।
क्यै लछार्दैन, सक्तैन हिल्याँउन धरातल ॥
त्यही ठीक त्यही जस्तो बुझ्यौ ! दुष्ट-अनार्यको ।
चित्तमा पनि टिक्तैन आर्द्रता कत्ति स्नेहको ॥
टाँस्सिई भँवरा जस्तो पुष्पको रस चुस्तछ ।
परन्तु त्यसमा कैल्यै त्यो लेपासिन्न वखुतः ॥

२६

(१२०३)

२७

तिमी पनि त्यही ठीक भै सकेछौ अनार्य पो ।
ठिक्कै हो ! अनि के टिक्थ्यो त्यस्तामा उच्च स्नेह त्यो ?॥
रस चुस्ने महान् धोको भँवराले लिएर गै ।
काशको फूल चुस्तामा भेट्ला के रस नै न भै ? ॥
त्यस्तै प्रकार जो स्नेह टिक्छ दुष्ट-अनार्यमा ।
अरुको निम्ति के काम त्यो भए पनि ता वहाँ ? ॥
हात्ती पैले नुहाएर सूँडले रज ली पछि ।
जस्तो बिगार्छ त्यै ठीक हुन्छ साथी अनार्य ली ॥
कुलाङ्गार तँ होस् तस्मात् ए विभीषण राक्षस ! ।
हरे ! धिक्कार्नको लागि भइछस् योग्यकै तँ त ॥
गर्दो हो त कुरा यस्तो कुनै अरु तँ भिन्नको ।
त्यसको चाल के हुन्थ्यो बुझिस् ? मर्थ्यो ! ल जा भयो ॥
भन्दा भन्दै पनी त्यस्ता नीतिका योग्यका कुरा ।
ती विभीषणलाई ता भन्यो ज्यादै कडा कुरा ॥
तस्मात् अव उनी यौटा गदा लिइ स्वबाहुमा ।
चार राक्षसकै साथ गए फुत्त अकाशमा ॥
तेजस्वी गतिला भाई बिभीषण टिकी वहाँ ।
झोक्किएर यसो भन्छन् राक्षसेश्वर-दाजुमा ॥
राक्षसेश्वर ! लौ तिम्रो बुद्धि बिग्रेछ है अव ।
मन लागे सरी बक्छौ, भएछौ भ्रान्त वास्तव ॥
जेठो दाजु हुँदा मेरो बाबुझैं मान्य थ्यौ तिमी ।
भन्न सक्थ्यौ ! भन्यौ यस्तो छोड्यो त्यो धर्म नै पनि ॥
दाजु हौ ! तर के गर्नु भन्यौ ज्यादै कडा कुरा ।
खप्न सक्तिन गाह्रै भो, झूठा छन् जब ती पुरा ॥
लौ ए दशमुखे दाजु ! सुन ! राम्रो सँगै तिमी ।
जो खाँदैनौ कुरा मेरा यस्ता हित हुने पनि ॥

३६

४०

कालको वशमा पर्ने अजितेन्द्रिय मानिस ।
को सुन्छन् नीतिका मीठा कुरा हकि ? बुझ्यौ ! अव ॥
अझ लौ सुन ए राजन् ! मीठो लाग्ने हुने प्रिय ।
चापलूसी कुरा भन्ने पाइन्छन् धेर मानिस ॥
पाइन्नन् संझ ! छन् थोरै सुन्दा अप्रिय तुल्यका ।
गर्ने पछि भने श्रेय—कुरा भन्ने मनुष्यता ॥
संपूर्ण जगतै नाश्ने कालको पाशमा तिमी ।
लौ ! बाँधिइ सकेकाछौ अनि के सुन्दथ्यौ त नि ? ॥
आगो लागि सके जस्तो घरमा बस्तथ्यौ तिमी ।
म सक्थें कसरी खप्न ? भन्दिएँ ती कुरा अनि ? ॥
बाण छन् रामका बल्दा अग्नि जस्ता र तेजिला ।
जडेका सुन झल्झल्ति झल्किने अतितीक्ष्ण वा !॥
तिनै बैरिइ च्वाम्च्वाम्ति बिभदा तिम्रा शरीरमा ।
मरेको हेर्न चाहन्न म तिमीलाइ ता यहाँ ॥
सुन ए ! कालले गाँज्दा बालुवा-बाँध-ठीक भै ।
अस्त्रज्ञ बलवान् शूरा पनि ढल्छन् बुझ्यौ ! त्यसै ?॥
अब जो हुनु थ्यो भैगो ! हुँ म त्यै भाइ दाजुको ।
सँधै चिताँउथे श्रेय, गर्थे काम हुने भलो ॥
दाजुको पाउमा तस्मात् मैले विन्ती गरें त्यति ।
न राम्रो लाग्छ ता दाजु ! क्षमा बक्स्योस् समा यति ।
दाजु बाट सँधै पाएँ प्यार, माया भई प्रिय ।
यसमा पनि बक्स्योस् है, हुँ म जो भाइ त्यै प्रिय ॥
अब आफ्नो र यी आफ्ना सारा राक्षसको पुनः ।
आफ्नी लङ्का-पुरीको यी गरि बक्स्योस् सुरक्षण ॥
भलो होस् प्रभुको दाजु ! राज होला भई खुशी ।
गएँ लौ म यहाँ बाट भै बक्स्योस् म विना सुखी ॥

५२

लडाँउदै जुक्ति र बुद्धि राम्ररी विन्ती गरेंथें हकि ? पाउमा परी ।
लागेन केही सिप राक्षसेश्वर ! मेरा कुरा किन्तु त्यसै पुगे पर ॥
ठिक्कै त हो ! काल भई दिंदा वर कुरा भएता पनि श्रेयकै वर ।
जस्तो मुकै होस्‌न स्वमित्रको तर सुन्दैन कैले पनि क्यै गरे नर ॥

५३

५४

इति सोह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्रौं सर्ग

विभीषण श्रीरामको शरणमा पर्न आँउनु र शरण लिने नलिने विषयमा छलफल गर्नु

१

भनी रावणमा यस्ता कडा वाक्य विभीषण ।
छिटै आइ पुगी हाले भएमा राम-लक्ष्मण ॥
साक्षात् सुमेरु डाँडाको टाकुरै हो भने सरि ।
अग्लो थ्यो उनको देह मोटो राम्रो त्यही सरि ॥
जस्तो झिलिक्क चम्केमा देखिन्छ विजुली वहाँ ।
थियो शोभित देखिन्थ्यो त्यही ठीक अकाशमा ।
समुद्रतटमा वारी कपिका पति थे यहाँ ।
देखे अब यिनैलाई उनले राम्ररी वहाँ ॥
उनका साथ चारोटा भृत्य विश्वासिला थिए ।
डर्लाग्दो वीर्य झिक्छन्झैं देखिन्थे वीर नै थिए ॥
तिनका हातमा सम्म थे शस्त्रास्त्र अनेकन ।
थिए कवच पैह्रेका झल्किन्थे वेस भूषण ॥
त्यस्तै थे उनका स्वामी यता वीर विभीषण ।
वज्र धर्ने स्वयं इन्द्र हुन् जस्तै तेजिला पुनः ॥
थिए शस्त्रास्त्र बोकेका उनले वेस बाहुमा ।
पैह्रिएका थिए नाना दिव्य भूषण अङ्गमा ॥
चार राक्षसका साथ अब पाँचौं थिनीकन ।
देखे वानरका राजा वीर सुग्रीवले पुनः ॥
आँट्नै नसकिने भ्वास्स, जित्न गाह्रै हुने उनी ।
थिए वा ! नीतिमान् विद्वान् गम्न लागे यसो अनि ॥
निकै वेर यसो शोची माथि हेरेर अन्तमा ।
भने ती हनुमान् आदि आफ्ना वानर-वीरमा ॥
देख्यौ ! शस्त्रास्त्र बोकेर अरु राक्षस चार ली ।
त्यो राक्षस यतै आयो, सक्छ हामीकनै पछि ॥
सुनी सुग्रीवका यस्ता कुरा श्रेष्ठ सवै कपि ।
ढुङ्गा-मूढा उठाएर विन्ति गर्छन् यसो पछि ॥

१३

१४

आज्ञा वक्स्योस् महाराज ! हामीहरूकनै अब ।
ठोक्दिन्छौं ! हुन् दुरात्मा यी देखिन्छन् मार्न लायक ॥
भन्दै वुद्धि भए जस्ता देखिन्छन् फेरि यी सब ।
हान्छौं लागोस् झटारो गै खसुन् भुईंमा अब ॥
यता यस्तै कुरा गर्थे उता वीर विभीषण ।
उत्तरी तीरमा आई अकाशैमा डटे पुनः ॥
वहींबाट भनी हाले हेरी सुग्रीव आदि यी ।
कपिलाइ कराएर वुद्धिमान् भैदिंदा अति ॥
सुन्नुहोस् त कपिश्रेष्ठ वीर हो ! राक्षसेश्वर ।
दुष्ट रावणको कान्छो भाई हुँ म विभीषण ।
अँ त ! राक्षसका राजा उनैले जानकीकन ।
स्वयं हरि लगेका हुन् वहाँ गई छलीकन ॥
जनस्थान थियो शून्य त्यसवेला वहीं निर ।
जटायु आइ रोक्तैथे मार्दिए भइ दुर्धर ॥
असहाय अवस्थामा उनैले जानकीकन ।
थुनेकाछन् र राखेका छन् पाले राक्षसीगण ॥
आफ्ना दाजु उनीलाई मैले नाना प्रकारका ।
नीतिले युक्तिले राम्रै संझाँए यी कुरा तदा ॥
सीतालाई लगी दाजु ! अब श्रीराम-पाउमा ।
छिटै सुम्पौं स्वयं जाऔं यसैमा छ भलो यहाँ ॥
यी कुरा भन्नुमा मेरो अभिप्राय थियो यही ।
उनकै हित होस् भन्ने हो नै सत्य कुरो त्यही ॥
मेरो योग्य कुरा किन्तु खाएनन् उनले कति ।
कै औषधि न खाएझैं मर्नेले कालले खिंची ॥
त्यत्तिले न पुगी फेरि दास जस्तो गरी हरे ! ।
मलाई उनले हेपे अपमान पनी गरे ॥

२६

(१२०५)

२७

पुत्र-पत्नी सबैलाई वहीं छोडेर वस्तुतः ।
यहाँ शरणमा आएँ श्रीराम-प्रभुको म त ॥
दिलका देहका ठूला प्रभु-श्रीराम-पाउमा ।
यो कुरो अब गै सारा विन्ती पार्नोस् सबै वहाँ ॥
सम्पूर्ण जगतैलाई दिने शरण उत्तम ।
वहाँ नै भइ बक्सिन्छ, आयो भन्नोस् विभीषण ॥
राक्षसेश्वरका भाई यी विभीषणका कुरा ।
सुने वा ! कपिका राजा विद्वान् सुग्रीवले तदा ॥
छिटा गति भएकाथे गए श्रीराम—पाउमा ।
थिए लक्ष्मण साथैमा भने आवेशमा वहाँ ॥
प्रभो ! आज कुनै वैरी यो हाम्रो सैन्य साथमा ।
पस्नको निम्तिमा आयो मन्त्रीसित स्वयं यहाँ ॥
पहिले यो मिलेको थ्यो शत्रु-रावण सैन्यमा ।
इच्छा छ यसको अैले हाम्रोमा मिल्न नै यहाँ ॥
मौका पायो कि ता साथी ! हामीहरूकनै छली ।
सक्छ लाटोकोस्यारले कौवा मासे सरी गरी ॥
पार्दिने शत्रुमा ताप ए प्रभो ! प्रभुले अब ।
दया स्वसैन्यमा गर्न वैरीमा गर्न निग्रह ॥
गरेर मुख्य सल्लाह कार्याकार्य ठमाँउदै ।
आफ्ना सैन्यहरू राखी बनाई व्यूह यो सबै ॥
नीतियुक्त उपायैको प्रयोग गरि योग्य ती ।
राम्रो सित खटाएर आफ्ना गुप्तचरादि यी ॥
सावधान भई साथी ! चनाखो भइ बस्नुमा ।
अतिश्रेय छ भन्ठान्छु, विन्ती गर्दछु पाउमा ।
मनले नै चिताएझैं धर्न सक्छन् स्वरूप यी ।
अन्तर्धान हुने शक्ति यिनमा छ यता अति ।
राक्षसै हुन् न, शूरा छन् मायावी छन् यथार्थमा ।
विश्वास कसरी गर्ने यिनमा अनि अन्तमा ॥
हुन सक्तछ यो साथी सारा राक्षसमात्रको ।
राजा रावणकै साक्षात् कै गुप्तचर योग्य हो ॥
यदि त्यस्तो भए देखि त्यो हाम्रो सैन्यमा पसी ।
भेद्ला कि, फूट पार्ला कि, छैन सन्देह नै कति ॥
अथवा त्यो प्रभो राम ! यो हाम्रो सैन्यमा पसी ।
मौका खोजेर बस्ला कि छ हेर्दा बुद्धिमान् अति ॥

४३

४४

छिद्र पायो भने केही पर्दा विश्वासमा सब ।
गरी प्रहार हामीमा सक्ला कि हुन सक्तछ ! ॥
मित्रको जङ्गली—जातिहरूको सिद्ध-भृत्यको ।
सैन्न या बल ता साथी ! जोर्नु नै पर्छ योग्य हो ॥
परन्तु शत्रु-पक्षैका व्यक्तिका सैन्यको भने ।
जोरजाम त होला र गर्नु नै कसरी गुने ? ॥
प्रभो ! यो हो स्वभावैले जातिले पनि राक्षस ।
यता भन्दोछ यो फेरि शत्रुकै भाइ हूँ स्वतः ॥
हाम्रै शत्रु यहाँ आयो हेर्दा यो दृष्टिले पनि ।
यसर्थ कसरी गर्नु विश्वास यसमा अनि ॥
कान्छो रावणको भाई जो विभीषण ख्यात छ ।
प्रभो ! शरणमा आयो साथ ली चार राक्षस ॥
त्यसलाइ यहाँ साथी ! खास त्यो राक्षसेन्द्रले ।
पठाएको भनी यस्तो संझिबक्सनु पर्छ ए ! ॥
हजूर भइ बक्सिन्छ, खप्ने र सहने निकै ।
म त संझन्छु यस्लाई थुन्नुमा छ भलो हितै ॥
ए सोझो चित्तका साथी ! म त ठान्दछु यो कुरो ।
यो राक्षस यहाँ आयो आज्ञाले राक्षसेन्द्रको ॥
यसको बुद्धि छोटो छ, छ है ! कुटिल यो पुनः ।
छिद्र खोजेर नै बस्छ पस्न पाए पनि पुनः ॥
त्यै बेला छिद्र भेट्टाए अरुको के कुरा प्रभो ! ।
विश्वास गरि बस्तामा प्रभुमा सम्म ठोक्छ यो ॥
निर्घृणी र महान् क्रूर दुष्ट रावणको सखे ! ।
यो कान्छो भाइ हो प्यारो लिनुहुन्न कसै गरे ॥
यसर्थ अब यस्लाई मन्त्रीकै साथ चार ती ।
मार्नु नै पर्छ लौ मारौं यसैमा छ भलो पछि ॥
भालू - वानर - सेनाका सर्वोच्चपति योग्यका ।
सुग्रीव रामका साथी हुन् कुरा गर्न चंख बा ! ॥
उता श्रीराम त्यस्तै थे चतुरा वात मार्नमा ।
उनै साथ भनी त्यत्ति भए चूप उनी वहाँ ॥
महान् बल हुने राम उनका ती कुरा सुनी ।
हनुमान् आदिमा भन्छन् बस्थे जो नजिकै अनि ॥
सुन ए कपि हो ! साथी प्रिय-सुग्रीवले यहाँ ।
भन्नु भो जो कुरा यस्ता सुन्यौ त्यो सबले यहाँ ॥

६०

६१

त्यो थ्यो रावणका भाई विभीषणकनै लिई ।
भनिएको बडो राम्रो नीति मिल्दो भलो भई ॥
जो आफ्नो मित्रको स्थायी भलो उन्नति खोज्दछ ।
त्यहीमात्र कुरा यस्ता गर्छ, जो हित गर्दछ ॥
के गर्ने के न गर्ने हो ! कडै शङ्का पर्‍यो भने ।
दिनु सम्मति वा राय कर्तव्य जसले गुने ॥
तसर्थ भन लौ आफ्नो मत वा राय जो छ त्यो ।
तिमीहरू पनी सारा खाएको मनले छ जो ॥
यसरी राय-सल्लाह रामले मागिए पछि ।
मित्र उत्साह ली ठूलो भन्दछन् कपिवर्ग ती ॥
रघुनन्दन श्रीराम ! त्रैलोक्य भरका कुरा ।
ज्ञानै छ प्रभुसा सारा भन्नु पर्दैन सर्वथा ॥
यस्तो भए पनी किन्तु हाम्रो भाउ रहोस् भनी ।
जो सोधि बक्सियो यस्तो हुन्छ! टक्र्याँउछौं अनि ॥
आफैं जान्ने र मान्ने हूँ भन्ने यस्तो स्वभाव ता ।
प्रभुमा कत्ति नै छैन चाँहिने यै रहेछ बा ! ॥
हजूर भइ बक्सिन्छ सत्यव्रत हुने तथा ।
शूर वीर र धर्मात्मा महान् वीर्य र धैर्यका ॥
स्मृति-शक्ति हुने ज्यादै काम गर्ने बुझी गमी ।
विश्वासी-मित्रमा आत्मै सुम्पने शान्तिमान् गुणी ॥
यसर्थ प्रभुका मन्त्री बुद्धिमान योग्य छन् जति ।
अ-आफ्नो राय टक्र्याँउन् एक एक गरेर ती ॥
एव वानरले यत्ति भनेमा पहिले वहाँ ।
भन्छन् अङ्गद नै आफैं झुकी श्रीराम-पाउमा ॥
भनाई उनको मुख्य ती विभीषण-वीरको ।
परीक्षा गर्नु भन्ने नै देखिन्थ्यो अतियोग्यको ॥
यी विभीषण हुन् स्वामिन् ! शत्रुका व्यक्ति वस्तुतः ।
भर्खरैमात्र आएका छुट्टिई शत्रुबाट त ॥
तसर्थ थिनमा शङ्कै गर्नु पर्छ विशेषतः ।
विश्वास गर्नु ता भवाट्ट हुन्न होला प्रभो ! अतः ॥
स्वाँठ बुद्धि लिने हुन्छन् दुष्ट धेरै जसो जन ।
घुम्छन् भित्री अभिप्राय छिपाएर उनी पुनः ॥
मौका मिल्यो कि त्यस्ताले हात छोड्छन र सक्तछन् ।
यसर्थ जसले गर्दा ठूलठूला कष्ट पर्दछन् ॥

७७

७८

तसर्थ कससा कस्तो गुण वा दोष छन् कति ।
पहिले यी कुरा राम्रो बुझ्नुमै श्रेय हो अति ॥
तिनको साथ-साथैमा बुझ्नु यो पनि श्रेय छ ।
अनर्थ अर्थ के कस्तो त्यसले हुन्छ वास्तव? ॥
गुण धेरै भए देखि स्वीकारै गर्नु पर्दछ ।
दोष देखिन्छ ता धेरै छोड्नु मै आफ्नु श्रेय छ ॥
राजराजेन्द्र श्रीराम ! थिनमा पनि वास्तव ।
महान् दोष भए त्यस्ता त्याग्नु पर्छ असंशय ॥
गुणको दृष्टिले हेर्दा छन् भने धेर सद्गुण ।
छोड्नु हुन्न कसै स्वामिन् ! लिनुमै छ महान् गुण ॥
भन्दा अङ्गदले यत्ति भन्छन् शरभ वानर ।
अर्थपूर्ण कुरा वेस यसो शोची भई स्थिर ॥
पुरुषश्रेष्ठ श्रीराम ! विन्ती गर्छु म वास्तव ।
क्वै गुप्तचर छोडौं लौ ! यो विभीषणमा अब ॥
छोडेर गतिलो तीखो बुद्धिको चंख क्वै चर ।
त्यसको भित्रिया हाल जानौं के गर्न खोज्दछ? ॥
अनि जे गर्नु पर्ने हो त्याग्ने शरणमा लिने ।
ठमाएर गरौंला त्यो यसैमा छ भलो हुने ॥
चतुरा जाम्ववान् भन्छन् ऋक्षराज वहाँ अब ।
शास्त्रको बुद्धिले शोची गुण, दोष त्यजी सब ।
प्रभो ! राक्षसको राजा त्यो रावण छ निर्घृण ।
हो पापी शत्रु, भाई हुन् त्यसकै यी विभीषण ॥
आए यस्तो कुवेलामा हो अस्थान पनी यही ।
यसर्थ थिनमा शङ्का लिनुमै छ भलो अति ॥
अब मैन्द वहाँ भन्छन् जुन नीति-अनीतिको ।
छेउ-टुप्पो समातेर बोल्न सक्थे बडो भलो ॥
युक्तिमा जुक्तिमा मिल्दो भनाई उनको थियो ।
भनेको राम्ररी शोची अति लायक योग्यको ॥
नरश्रेष्ठ प्रभो राम ! क्रूर रावणको त्यही ।
हुन् विभीषण यी कान्छा भाई जस्तो भए पनि ॥
तसर्थ राम्ररी शोची अति लायक योग्यको ।
जसले चार वातैमा पत्तो पाइन्छ है स्थिति ।
बुझी सब कुरो-कन्थो ठमाई भाव निश्चित ।
पछाडि गरि बक्सेला गर्नु पर्ने मजासित ।

६४

६५

नरश्रेष्ठ प्रभो ! तस्मात् दुष्ट हुन् होइनन् यिनी ।
जो हुन्,त्यत्ति वुझी स्वामिन् !गरौं हित हुने अनि ॥
यी मन्त्रीहरुमा श्रेष्ठ जानेका मर्म शास्त्रको ।
हनुमान् नै थिए विद्वान् दृढ संस्कार-युक्तको ।
तसर्थ अव यी भन्छन् वाक्य संक्षिप्त, सार्थक ।
मधुरो भावमा सुन्दै मीठो लाग्ने गरी तव ॥
वक्तृश्रेष्ठ प्रभो ! विद्वान्हरुमा पनि उत्तम ।
हजूर भइ वक्सिन्छ वीर्यशाली महान् पुनः ॥
वसी विद्वत्सभावीच आफैं यदि बृहस्पति ।
वोल्छन् भने पनी हुन्छन् तुच्छ ती प्रभुको अघि ॥
राजराजेन्द्र श्रीराम ! विन्ती गर्छु म जो यहाँ ।
रहने छैन है मेरो सरोकार कुनै त्यहाँ ॥
विन्ती गर्दिन स्पर्धाको हेतुले तर्कले तथा ।
यद्वा वाद-विवादैको दृष्टिले तुच्छको म ता ॥
न त जान्ने म हूँ भन्ने अहंले विन्तिगर्छु म ।
न कुनै कामना त्यस्तो बोकी गर्छु निवेदन ॥
ठूलो छ काम यो भन्ने शोची यै हो महान् भनी ।
विन्ती गर्छु यथार्थैं म खाएको चित्तले गमी ॥
यी मन्त्रीहरुले स्वामिन् ! राम्रै अर्थ-अनर्थको ।
ठुङ्गो लगाँउनालाई जो जो विन्ती गरे प्रभो ! ॥
परीक्षा लिनु पर्ने भो तिनमा गुण-दोषको ।
यसर्थ मनले मेरो खाँदै-खाएन त्यो कुरो ॥
दोषै-दोष म देख्तोछु यिनमा भन् !भने किन ? ।
मौका भेट्किसकेको छ गर्नैहुन्न परीक्षण ।
छन् यी शरणमा आफ्नो लिन योग्य अयोग्य वा ? ।
जानिन्थ्यो यो कुरा राम्रै यिनमा काम क्यै दिंदा ॥
किन्तु भ्याट्ट यिनीलाई दिनु काम पनी कुनै ।
सकिन्न, दिन गाह्रै छ, दिए हुन्छ सदोष नै ॥
भने जो प्रभुका मन्त्री यिनले चर छोड्नमा ।
त्यसको मतलवै छैन किन छोड्नु त्यसै त्यहाँ ? ॥
जानिन्न जसको हाल जो टाढाको छ वास्तव ।
त्यसैको निम्ति छोडिन्छ चर ता प्रभु ! राघव ! ॥
छन् अगाडि यिनी हाम्रो भन्दैछन् स्पस्ट हाल यी ।
छ आवश्यकता के र चर छोड्न अनी पछि ? ॥

१११

११२

यस भिन्न प्रभो ! अर्को यहाँ जो भनियो कुरो ।
यिनी आँउनु यो वेला देश-काल विरुद्ध भो ॥
लिई विषयलाई त्यो पनि भन्छु म क्यै कुरो ।
भेट्ने छ बुद्धिले जस्तो ठमाएर त्यही प्रभो ! ॥
यहाँ आँउनको निम्ति यिनको निम्ति योग्यको ।
देश काल यही नै हो भन्ने मै सिद्ध गर्छु जो ॥
यी विभीषण राजेन्द्र ! नीच व्यक्ति त्यजी कुनै ।
आए शरणमा पर्न व्यक्तिको जो सुयोग्य नै ।
यिनले पनि पाएकै हुनुपर्छ रहस्य ती ।
दोष छन् कसमा धेर गुण छन् कसमा याते? ॥
दाजु रावणमा देख्ता दुष्टता धेर त्यसपछि ।
प्रभुको वीर्य यो शोच्ता यहाँ आए वहाँ त्यजी ॥
यसर्थ यिनले स्वामिन् ! यहाँ आँउनु योग्य छ ।
यिनका बुद्धिकै ठीक अनुरूप र श्रेष्ठ छ ॥
भने कुनै-कुनैले ता न जान्ने चर मानिस ।
पठाएर उनी साथ सोधौं सारा मजासित ॥
त्यसमा पनि मैले ता गमेको निश्चितै कुरो ।
छ यही योग्यको ठान्छु पाउमा राख्छु जो प्रभो ! ॥
न चिनेको कुनै व्यक्ति भ्वाट्ट गै सोध्छ ता यसो ।
तिमी को हौ कहाँबाट आएका किन ? यत्तिको ॥
बुद्धिमान् जो सुकै होस् त्यो सोध्नेसँग अवश्य नै ।
तुरुन्त चिढिई हाल्छ शङ्का गर्छ अनेक नै ॥
जानेर पनि यो सोध्छ भन्ने पत्ता भए उता ।
दुःख लाग्दछ त्यल्लाई कुरा हुन् यी यथार्थका ॥
शान्ति पाँउन आएको मित्रको मन दुख्तछ ।
हाम्रो पनि यता फेरि मित्र-प्राप्ति हराँउछ ॥
राजेन्द्र ! यस बाहेक अर्को गाह्रै कुरो छ त्यो ।
अर्काको मनको भाव उब्जन्छ जुन ताड्नु पो ॥
ध्वनिले स्वरले स्वामिन् ! बोल्दामा बीच-बीचमा ।
प्रभुले जान्दिए बेस ! तिनको के छ चित्तमा ॥
सकिन्छ त्यत्तिले जान्न यी विभीषण वास्तव ।
दुष्ट वा साधु जस्तो हुन् राम्रै ताडिन्छ राघव ! ॥
कुराको छाँटले गम्दा शोच्तामा यिनको अहो ! ।
त्यस्तो दुर्भाव देखिन्न देखिन्छन् बेस चित्तको ॥

१२८

CC-0. In Public Domain. Digitization by eGangotri

१२९

यता प्रसन्न देखिन्छ यिनको मुख सम्म त्यो ।
यसर्थ यिनमा मेरो छैन सन्देह सम्म पो ॥
भै निःशङ्क कुनै व्यक्ति छन् भने दुष्टचित्तका ।
क्यै गरे पनि सक्तैनन् यसरी अघि पर्न ता ।
कहीं दूषित देखिन्न यिनको बोलचाल त्यो ।
यसर्थ मनमा मेरो छैन सन्देहको कुरो ।
कसैले चाल आकार खोजे पनि छिपाँउन ।
सकिन्न ! अँहँ ! गाह्रै छ निस्की हाल्छ पुनः पुनः ।
बाहिरी चाल-चेष्टा नै भित्रिया मनको कुरो ।
छिपाओस्न्, जबर्जस्ती निस्किहाल्छ मनुष्यको ॥
कार्य जान्नेहरू मध्ये श्रेष्ठ नाथ ! तसर्थ पो ।
यिनको आँउने कार्य ठिक्क हो देश-कालको ।

१३४

१३५

यस्तो काम-कुरो स्वामिन् ! गर्दामा योग्य-व्यक्तिले ।
बडो भलो दिने हुन्छ अन्तमा शोच्नु नै छ के ? ॥
उद्योग प्रभुको यत्रो भिक्ष्याचार स्वदाजुको ।
बालीको बध सुग्रीव कपि-राज्याभिषेक त्यो ॥
यी सबै वस्तु एकेक गरेर यिनले गमे ।
अनि जानेर यी आए आशले राज्य पाँउने ॥
सँधै शरण बक्सिन्छ शरणागत-व्यक्तिमा ।
भन्ने मुख्य कुरो ठाने यिनले आफ्नु चित्तमा ॥
यिनै मुख्य कुरा स्वामिन् ! गमी ध्यान दिई अब ।
लिए शरणमा आफ्नो वेस हुन्छ, छ लायक ॥
बुद्धिमान्हरुमा श्रेष्ठ ए प्रभो ! यसरी यहाँ ।
भेटेको बुद्धिले आफ्नो राखें यी वाक्य पाउमा ॥

१४०

१४१

छन् प्रभो ! शुद्ध निर्दोष यी राक्षस भए पनि ।
अब जो गर्नु पर्ने हो गरि बक्स्योस् त्यहीं गमी ॥

इति सत्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठारौं सर्ग

श्रीरामले विभीषणलाई आफ्नो शरणमा लिनु

१

वायुका पुत्र विद्वान् ती हनुमान्का कुरा सब ।
रामकै मनमा खेली रहेकाथे स्वयं तव ॥
विन्ति पार्दा उनीबाट सुन्दा अब तिनै कुरा ।
भए दुर्जय श्रीराम निकै खुश, भने तदा ॥
सुन ए प्रिय साथी हो ! यिनको विषयै लिई ।
भन्न खोज्छु यहाँ केही तिमीमा गतिलो भई ॥
तिमीहरू सबै मेरो भलै खोज्छौ निरन्तर ।
यसैले सुन हैं भन्छु राम्रो सँग दिई सुर ॥
मित्रको चाल-चेष्टा ली ममा आँउछ जो जन ।
त्यसलाइ हओस् जस्तै क्यै गरे पनि त्याग्दिन ॥
हुन सक्तछ क्यै होला यिनमा पनि दोष ता ।
हुन्न सज्जनमा दोष त्यस्तालाइ पनी लिंदा ॥
सुन्नासाथ वहाँ यत्ति कुरा श्रीरामका अब ।
भन्दछन् कपिका राजा सुग्रीव भइ गद्गद ॥
आफैंले पहिले स्वात्तै दोहोऱ्याए त्यही कुरो ।
अनि श्रेय हुने शोचे सभाबीच भने यसो ॥
यी विभीषण जस्ता हुन् दुष्ट हुन् वा अदुष्ट हुन् ।
जो सुकै हुन् सखे ! किन्तु हुन ता राक्षसै त हुन् ॥
पुरुषोत्तम श्रीराम ! यस्तो गम्दा यथार्थमा ।
त्यागिदियो जसले स्वात्तै दाजुलाइ पनी वहाँ ॥
यस्तो संकष्ट पर्दामा छोड्ने त्यस्ताकनै पनि ।
यिनको निम्ति के भो र अरु क्यै त्याग्नुमा अनि ॥
त्यो भन्दा अरु के होला सम्बन्धी प्रिय वस्तु वा ।
यी विभीषणको साथी ! कुरा हुन् ती विचित्रका ॥
सारा वानरका राजा मित्र सुग्रीवका कुरा ।
सुनेर अब श्रीराम खिस्स हाँसि दिए तदा ॥

१३

१४

शुभ लक्षणका आफ्ना भाई लक्ष्मणलाइ यी ।
भन्छन् राम सभाका ती हेरी कपिकनै पछि ॥
सुमित्रासुत ए बाबु ! अहिले कपिराजले ।
भन्नु भो जो कुरा त्यो छ विचारै गर्न योग्य ए ! ॥
शास्त्राध्ययन साथैमा नगर्ने गुरु-सेवन ।
यो कुरा भन्न सक्ला र कसरी अब लौ भन ? ॥
सुन्नु होस् प्रिय-सुग्रीव ! भन्न भो जो तपाँइले ।
त्यसमा क्यै कुरा भन्न आँट गर्छु म है सखे ! ॥
यिनमा वात लाग्यो जो दाजु त्याग्ने भनीकन ।
सूक्ष्मबुद्धि ममा उब्ज्यो त्यसबारे यही पुनः ॥
यै कुरो अरु राजामा देख्छौं प्रत्यक्ष, सिद्ध छ ।
विश्वका जनमा सम्म प्रत्यक्षै छ र घट्तछ ॥
गमेर त्यसमा शोच्ता पृथ्वीका यी नरेन्द्रका ।
दुइटा छिद्र देखिन्छन्, व्याप्त छन् जो जताततै ॥
तिनमा पहिलो यै हो-- तिनकै कुल-गोत्रमा ।
जन्मेका व्यक्ति हुन् मुख्य गनिने दाजु-भाइमा ॥
अनि अर्को थरी चाँहि राज्यका छेउ-छाउका ।
छिमेकीहरु निस्कन्छन् उनका भै विरुद्धका ॥
यिनै संकटमा पर्दा राजा वा राजपुत्रमा ।
प्रहार गर्दछन् साथी ! तिनलाई पछी वहाँ ॥
मुख्य गाँठो यही नै हो यसैको डरमा परी ।
यी विभीषण आए लौ ! बन्धुकै डर त्यो सरी ॥
जसमा पाप क्यै छैन त्यही सद्वंशका जन ।
दाजु-भाईकनै आफ्ना हितैषी मान्दछन् पुनः ॥
परन्तु यै सजातीय वन्धु वेस भए पनि ।
दाजु-भाइ हुने राजा शङ्का गर्छन् त्यसै पनि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

शङ्काको दृष्टिले लाग्यो यिनमा हेर्न रावण ।
अनि छोड्न करै लाग्यो यतै आए विभीषण ॥
यिनको निम्ति यो बेला थियो यै काम योग्यको ।
बात लाग्नु अयोग्यै हो तस्मात् त्यो दाजु-त्यागको ॥
शत्रुको पक्ष हो हुन्न लिनु, दोष छ, ठोक्तछ ।
भन्नु भो जो त्यसैमा म भन्छु जो नीति-युक्त छ ।
कुटुम्बी होइनौं हामी यिनका वंशका अतः ।
हामीबाट यिनीलाई हुनै पर्दैन शङ्कित ॥
अर्को तत्त्व छिपेको छ यिनमा भित्र चित्तमा ।
राज्य पाँउनको धोको टिकेको छ भविष्यमा ।
राक्षसैमा पनी हुन्छन् कुनै विद्वान् महान् भला ।
वेसै हुन्छ भलै हुन्छ ! लिनै पर्छ त्यसो हुँदा ॥
भिल्दा हामीसँगै बस्ता पाँचै राक्षस यी पुनः ।
साह्रै प्रसन्न भै हाल्छन् चित्त ढुक्क भईकन ।
आयौं शरणमा भन्छन् चिच्याई जुन यी सब ।
ताडिन्छ यसले साथी ! यिनमा डर भित्र छ ॥
यिनका दाजु-भाईमा त्रास अन्योन्यको हुँदा ।
फूट पार्छ अ-आफैंमा भेद खुल्छ ! म लिन्छु वा ! ॥
को हुन्छन् र सबै भाई भाई-भरत ठीकका ।
म जस्ता बाबुका छोरा को छन् ? छन् विरलै तथा ॥
तपाँई-तुल्यका साथी ! साथी हुन्छन् यथार्थ को ? ।
एकनासे हुँदै हुन्नन् कुनै पनि छ सत्य यो ॥
यत्ति श्रीरामले भन्दा राम्रोसँग सुने पछि ।
उठे लक्ष्मणकै साथ जुरुक्कै कपिराज ती ॥
हुनाले बुद्धिमान् ज्यादै कुरा बुझ्दा गमी स्थिति ।
रामको पाउमा पस्रे झुकी विन्ती गरे पछि ॥
वेस काम-कुरो गर्नेहरूमा श्रेष्ठ राघव ! ।
म मान्दिन ! हज्रोस् जस्तो खाएन मनले अझ ॥
यिनलाई पठाएकै हो त्यो रावण-दुष्टले ।
किन सोझै कुरो यस्तो न बुझ्को हरे ! सखे ! ॥
म त थुन्छु यिनीलाई अँहँ ! छोड्दिन क्यै गरे ।
यसैमा छ भलो हाम्रो नत्र पर्छ वित्यास ए ! ॥
मानी रावणको आज्ञा लिई कुटिल बुद्धि त्यो ।
सक्न हामीहरूलाई आएका हुन् यहाँ प्रभो ! ॥

४३

४४

सब हामीहरू हौंला जब विश्वस्त-ढुक्कका ।
ठोक्ने छन् तब त्यै बेला हामीलाई यिनी यता ॥
के बेर ! हुन सक्नेछ ठोक्नेछन् प्रभुमा पनि ।
मसा लक्ष्मणमा यद्वा छिद्र पायो कि ता गमी ॥
महाम् बाहु हुने साथी ! मन्त्री साथ यिनीकन ।
क्रूर रावणका भाई हुन् जो मारौं थुनीकन ॥
बात मार्न निकै जान्ने कपिका सैन्यका पति ।
यी सुग्रीव भए चूप रामसाथ भनी यति ॥
यता श्रीरामले सारा उनका ती कुरा सुनी ।
भने फेरि उनीसाथ कुरा हित हुने गमी ॥
किन साथी ! डराएको ? जो होस् दुष्ट अदुष्ट यो ।
केही लछार्न सक्तैन हाम्रो विग्रन्न क्यै कुरो ।
सुन्नोस् ! कुनै अवस्थामा पनि यो रजनीचर ।
साह्रै सानो पनी हानि गर्न सक्तैन वास्तव ॥
कपिका सैन्यका स्वामीहरूका पनि मालिक ! ।
प्रिय सुग्रीव ! लौं बुझ्नोस् अब तथ्य कुरो सब ।
पृथ्वीमा जति छन् दुष्ट यक्ष राक्षस दानव ।
पिशाचादि म औंलाको टुप्पैले मार्छु, चाँहु त ॥
अघि यौटा परेवाले सुन्दछौं यो कुरो सखे ! ।
गर्न सम्म गरेकोथ्यो गर्नै नसकिने छ जे ॥
गरेथ्यो आफ्नु नै शत्रु क्वै व्याधाको यथोचित ।
त्यल्ले स्वागत-सत्कार पर्दा शरणमा उ त ॥
निमन्त्रण दिई त्यल्ले त्यसलाई वहाँ पछि ।
आफ्नु नै देहको मासु खिलाएथ्यो भई खुशी ॥
त्यसले त्यसकै पत्नी मार्दिएको थियो त्यता ।
खण्ड-खाद्य पर्‍यो त्यस्तै आयो शरणमा यता ।
अनि गर्नु पर्‍यो त्यस्तो गर्‍यो उच्च थियो अतः ।
मैले झन् कसरी छोड्नु शरणागतलाइ त ? ॥
अघि अर्को कुरा सुन्नोस् पुत्र थे मुनि कण्वका ।
सत्य बोल्ने महान् व्यक्ति महर्षि कण्डुनामका ॥
लिई विषय धर्मैको यो गाथा गाँउथे उनी ।
सुन्नुहोस् ! म त्यसैलाई अब भन्छु यहाँ पनि ॥
सुन्नुहोस् ! म त्यसैलाई अब भन्छु यहाँ पनि ।
शत्रु सासी दिने साथी ! निजी शत्रु पनी कुनै ।
आफ्नो शरणमा आई दया माग्छ भने यदि ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

त्यसलाइ हुँदैहुन्न मार्नु ता क्यै गरे पनि ।
यही नै धर्म हो मुख्य, थामोस् जस्तो भए पनि ॥
हुन्त्रोस् जस्तो सुकै शत्रु अभिमानी कि ता दुखी ।
आई शरणमा आफ्नो दया माग्छ भने यदि ॥
शुद्धात्मा र उदारात्मा व्यक्ति कै छ भने सखे ! ।
यस्ताले त्याग्नु नै हुन्न यस्तालाइ कसै गरे ॥
पर्छ संकष्ट प्राणैमा भने पनि यथार्थतः ।
त्यसको मोह छोडेर शरणै लिनु पर्दछ ॥
भयले मोहले यद्वा कामले तानिई यदि ।
त्यस्तोलाइ कुनै व्यक्ति छोड्छ ता शक्तिमान् भई ॥
न गर्दा त्यसको रक्षा नीति, शक्ति हुँदाहुँदै ।
त्यसका पापकर्मैको निन्दा गर्छ जगत् सवै ॥
आफ्नो शरण आएको व्यक्ति वा शत्रु छोड्दिंदा ।
नाशिए त्यसले हेर्दा हेर्दै आपत् परी कडा ॥
सुन्नुहोस् प्रिय ए साथी ! छोड्नेका पुण्य-कर्म ती ।
लैजान्छ आफ्नु साथैमा त्यसले बटुली पछि ॥
शरणागतको रक्षा न गर्दामा अनेकन ।
यस्ता प्रकारका दोष छन् भन्छन् बा ! सुधीजन ॥
स्वर्ग सत्कीर्ति साथैका त्यसका बल वीर्य वा ।
भुसुक्क पछि त्यै पार्छ हुन्न क्यै शेष सम्म हा ! ॥
कुरो बुझ्नु भयो साथी ! तस्मात् कण्व महर्षिको ।
म त्यै गाथ, सरी चल्छु मान्छु पाल्दछु धर्म त्यो ॥
यसैमा छ भलो हाम्रो छ राम्रो परिणाममा ।
कीर्ति राख्छ यही,-दिन्छ धर्म, स्वर्ग पनी वहाँ ॥

७२

७३

मेरो शरणमा आई जो सुकै होस् न त्यो जन ।
"म तिम्रै हूँ" भनी माग्छ भने शरण, रक्षण ॥
त्यसलाइ म जस्तै होस् जगत्का भयबाट ती ।
अभयै दिन्छु, रक्षिन्छु मेरो व्रत छ है यही ॥
वानरश्रेष्ठ ए साथी ! लौ तसर्थ यिनीकन ।
अगाडि ल्याउँनोस् मेरो दिएँ अभय शोभन ॥
साक्षात रावण नै होस् वा हुन् कि ता यी विभीषण ।
के भो र यसले साथी ! हानि छैन भने पुनः ? ॥
कुरा श्रीरामका यस्ता सुन्दा वानरराज ता ।
भए गद्गद सौहार्द देख्ता पछि भने तदा ॥
धर्मको मर्म जानेका धन्य साथी ! हजूर ता ।
शिखाका मणि जस्तै पो भै बक्स्यो लोकपालका ॥
धर्मको मर्म खोलेर जो कुरा भनि बक्सियो ।
ठिक्कै रहेछ त्यो साथी ! छैन आश्चर्य रत्ति पो ॥
भै बक्सिन्छ स्वयं आर्य अड्ने सन्मार्गमा सदा ।
हुने मित्र निकै खूबी शक्तिशाली महान् तथा ॥
अन्तरात्मा पनी मेरो यी विभीषणलाइ ता ।
भन्ठान्छ शुद्ध निर्दोष छन् भन्ने पनि सर्वथा ॥
हनुमान्ले यता फेरि अनुमान र भावले ।
राम्रै ताडि सकेकाछन् शुद्धछन् भन्दछन् सखे! ॥
लौ प्रभो ! अब यी आँउन् यहाँ हामीहरू सँग ।
बसुन् हामीहरू जस्तै भएर गतिला जन ॥
महान् बुद्धि हुने जस्ता देखिन्छन् यी विभीषण ।
लौ पाँउन् अब यी हाम्रो मित्रत्व दृढ रक्षण ॥

८४

८५

महान् हितैषी र विशुद्धचित्तका आफ्ना सखा वानरराजका कुरा ।
भविष्यमा श्रेय हुने हुँदा भला सुने मजाले प्रभु-रामले तदा ॥
बढेर आफैं अनि रामभद्रले मन्त्री सँगैका प्रिय यी विभीषण ।
समातिए लक्ष्मण साथ ल्याइए गरूडलाई सरि इन्द्रले पुनः ।

८६

इति अठारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उणडयिसौं सर्ग

विभीषणले श्रीरामलाई रावणका शक्तिको परिचय दिनु र श्रीरामले उनलाई लङ्काको राज्यमा अभिषेक दिनु

१

यसरी रघुका रत्न महात्मा प्रभु रामले ।
दिए अभय तत्काल यी विभीषणलाइ ए !॥
अव रावणका भाई विनयी उनले अहो ! ।
यसो तलतिरै हेरे ठाम ओर्लन योग्यको ॥
भक्त सेवक साथै ली बुद्धिमान् धीर वीर ती ।
आकाशबाट पृथ्वीमा ओर्लिए खुश भै अति ॥
चार राक्षस साथैका धर्मप्रिय उनी अव ।
लडे बा ! अति श्रद्धाले रामका पाउमा तव ॥
हात जोडी झुकी भन्छन् रामसाथ अनी यसों ।
खुश पार्ने कुरा मीठों धर्म युक्त हुने भलों ॥
प्रभों ! रावणको कान्छो भाइ मै हूँ विभीषण ।
अपमान गरे त्यागे उनले भइ भीषण ॥
आएँ शरणमा पर्न तसर्थ यसरी म त्यो ।
गर्ने उद्धार साराको लिने शरण नाथकों ॥
आफ्नु भन्ने सबै त्यागें धन मित्र तथा जन ।
छोडे लङ्का-पुरी सम्म त्यै मैले रघुनन्दन !॥
मेरा सव कुरा स्वामिन् ! राज्य जीवन वा सुख ।
प्रभुमा नै टिकेकाछन् छन् भने क्यै यथार्थतः ॥
ती विभीषणका यस्ता कुरा सव सुने पछि ।
दिए मधुर वाणीमा सान्त्वना रामले पछि ॥
हेरी श्रीनेत्रले आफ्ना सक्छन्, निल्छन् किमैं गरी ।
सोद्धछन् अव श्रीराम प्रेमपूर्वक राम्ररी ॥
विभीषण ! म क्यै सोंध्छु भन ठीक सवै ममा ।
वल शक्ति छ के कस्तो ती निशाचरको वहाँ ॥
सजीलै काम ठूल्ठूला गर्ने श्रीरामले तव ।
सोंधेमा यी झुकी भन्छन् शक्ति रावणको सब ॥

१३

१४

राजपुत्र प्रभो राम ! ती मेरा दश टाउके ।
दाजु ता छन् अवध्यै पो अरुकों निम्तिमा हरे !।
पाएर वर ब्रह्माकों निकै नै मात्तिए उनी ।
गन्धर्व-नाग-पक्षीले सक्तैनन् गर्न क्यै पनि ॥
उनका माहिला भाई छन् अर्का कुम्भकर्ण यो ।
नामका झन् जवर्जस्त मेरा दाजु वहाँ प्रभो !॥
उनमा तेज ज्यादै छ वल-वीर्य छ अद्भुत ।
देखिन्छ इन्द्रकै जस्तो निस्कन्छ रणमा स्वतः ॥
दुष्ट-रावणको मुख्य सेनापति प्रहस्त छ ।
प्रभुले सुनी बक्सेकै हुनुपर्दछ नाम त ॥
अघि कैलासमा लड्दा त्यसैले हो कुवेरको ।
सैन्यको पति सर्वोच्च मणिभद्रकनै जित्यो ॥
जेठो रावणको छोरो इन्द्रजित् नामको छ त्यो ।
गोहीका चर्मको पञ्जा लगाँउदछ है प्रभो !॥
अवध्य-वर्म पैह्रेर लिएर धनु हातमा ।
देखा पर्छ र त्यो ठोक्छ विलाई रणभूमिमा ।
ए प्रभो ! यसले पायो अति अद्भुत शक्ति त्यो ।
गरी आराधना ठूलो भगवान् अग्निदेवको ॥
यसैले छ निकै तेजी, चक्र्यों युद्ध भने प्रभो ! ।
छिपी हाल्छ र त्यो ठोक्छ गर्छ संहार शत्रुको ॥
महोदर महापार्श्व छन् अकम्पन तीन यी ।
मुख्य रावणका मन्त्री गतिला सैन्यका पति ॥
रघुनन्दन श्रीराम ! डट्ता यी रणभूमिमा ।
देखिन्छन् अद्भुतै जस्ता लोकपाल सरी वहाँ ॥
छ एक खर्वको संख्या सारा राक्षस-सैन्यको ।
इच्छानुसारको रूप धर्म सक्छन् सबै प्रभो !॥

२६

२७

त्यै लङ्का-नगरी भित्र बस्तछन् सव यी पुनः ।
प्राणीको मासु घिच्छन् यी तातो रक्त पिईकन ॥
यिनै सैन्य लिई साथ दुष्ट रावणले अघि ।
लोकपालहरू साथ लडेका हुन् वहीं पुगी ॥
सम्पूर्ण देवता स्वामिन् ! त्यो वेला लोकपालका ।
साथै टिक्न न सक्तामा भागेथे र जिते तदा ॥
यी विभीषणका वाक्य सुनेर सव रामले ।
भने फेरि उनीसाथ निकै शोचेर चित्तले ॥
विभीषण ! तिमीले जो त्यस रावणका कुरा ।
भन्यौ मसा सुने मैले पनि ती वीर्यका कुरा ॥
हो ! म जान्दछु त्यस्तै छ त्यसको शक्ति वस्तुतः ।
लडेर जित्न त्यल्लाई गाह्रै छ अरुले स्वतः ॥
म जित्छु तर मार्दिन्छु राक्षसेश्वरलाइ त्यो ।
सम्पूर्ण सैन्य साथैमा इन्द्रजित् र प्रहस्तको ।
विभीषण ! तिमीलाई अनि के गर्छु लौ भन ? ।
राजा पार्दिन्छु लङ्काको भों यही सत्य ! भन्छु म ॥
पुगोस् आकाश पाताल जाओस् रावण त्यो जहाँ ।
ज्यूँदो रहन सक्तैन, मारी छोड्छु पुगी त्यहाँ ॥
ब्रह्माको लोकमै पुग्छ भने ता पनि अन्तमा ।
अहँ ! वच्तैन त्यो मर्छ, बाण मार्छ पुगी त्यहाँ ॥
आफ्ना पुत्र तथा भृत्य बन्धु-सैन्यादि साथको ।
त्यस रावणलाई म मारी छोड्छु ल संम्झ यो ॥
न मारी म अयोध्यामा फर्कने छैन, सत्य भो ! ।
म आफ्ना भाइको तीन किरिया खाइ भन्छु जो ॥
सजीलै काम ठूल्ठूला गर्ने श्रीरामका कुरा ।
सुने पछि उनी लागे भन्न पाउ परी तदा ॥
प्रभो ! म अब गर्नेछु सकेको जिउ-बुद्धिले ।
लङ्कामा हमला गर्दा गर्नु पर्ने कुरो छ जे ॥
गर्न राक्षस-संहार पर्दा प्राण दिएर मै ।
सहाय प्रभुको गर्छु पस्छु राक्षस-सैन्यमै ॥
विभीषण यसो भन्दै थिए श्रीरामले तर ।
अँगाले ग्वाम्म आफैंले उनलाई भई स्थिर ।
साह्रै खुश भई भन्छन् भाइ लक्ष्मणमा तव ।
बाबु लक्ष्मण ! लौ जाउ ल्याउ सागरको जल ॥

४३

४४

त्यसैले यी महान् विद्वान् धीमान् राक्षसराजको ।
अभिषेक गरी हाल लङ्काको राज्यबीच त्यो ॥
यिनले पाँउनै पर्छ राक्षसेश्वरको पद ।
म प्रसन्न भएमा जो सजिलै हुन्छ मानद ! ॥
वीर छोरा सुमित्राका भनिंदा यत्ति रामले ।
कपिको मुख्य ठूल्ठूला सहयोग पनी लिए ॥
पाएर शुभ राजाज्ञा तत्काल उनले पनि ।
अभिषेक दिई हाले लङ्काको राज्यमा अनि ॥
देखता श्रीरामको यस्तो तात्कालिक अनुग्रह ।
जिल्लंजिल्ल परे सारा वीर वानर वास्तव ।
महात्मा राममा साक्षात् जयको साधुवादको ।
शब्द टक्न्याँउदै लागे चिच्याँउन मिली अहो ! ॥
सोद्धछन् अव सुग्रीव हनुमान् यी दुवै मिली ।
सारा राक्षसका राजा श्री विभीषणलाइ ती ॥
राक्षसेश्वर ! लौ भन्नोस् अव हामीहरू सव ।
तरौं सागरलाई यो जो छ अक्षोभ्य वास्तव ? ॥
सेना-मेना पनी हाम्रा छन् त्यस्तै वीर धेर यी ।
के गरे सजिलै तर्छन् भन्नुहोस् लौ गमी बुझी ? ॥
उपाय जुन गर्दामा वरुणालय सिन्धु यो ।
सकौंला सजिलै तर्न भन्नुहोस् अव शीघ्र त्यो ॥
दुवैले यसरी सोद्धा धर्मात्मा ती विभीषण ।
भन्छन् अव उनीलाई सुन्दथे यो सवै जन ॥
अर्को उपाय क्यै छैन छ यौटै कपिराज ! यो ।
स्वयं श्रीराम-राजाले लिने शरण सिन्धुको ॥
महासागरलाई यो छ अपार अगाध जो ।
खनाई बक्सिएको हो राजा सगरले अहो ! ॥
श्रीराम भइ बक्सिन्छ उहाँकै वंशका महान् ।
उहाँको काम गर्ने छन् तस्मात त्यै गुनले महान् ॥
विद्वान् राक्षसले यत्ति भन्दा वानरराज ती ।
आए राम भए ठाम जहाँ थे भइ साथ यी ॥
विशालग्रीव सुग्रीव राममा भन्दछन् अव ।
ती विभीषणले जस्तो भनेकाथे वहाँ सव ॥
अव गै प्रभुले साथी ! समुद्र-तटमा बसी ।
उनको शरणै पर्दा काम हुन्छ ! गरौं यति ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

धर्मशील थिए राम स्वभावै थ्यो बडो भलो।
उनको मनले खायो यो विभीषणको कुरो॥
महान् तेज हुने राम भाई लक्ष्मण साथका।
मित्र सुग्रीवलाई ती भन्दछन् अव यो कुरा॥
खेल्दथ्यो मधुरो हाँसो उनको मुखमा तव।
सुन्ने पनि थिए त्यस्तै चतुरा काममा सव॥
हुन्छ! वेसै भयो भाई त्यो विभीषणको कुरो।
लौ! खायो मनले मेरो गरौं अव त्यसै छिटो॥
सुन अर्को कुरो बाबु! राजनीतिज्ञ पण्डित।
हुनुहुन्छ यता हाम्रा मित्र वानरराज त॥
छौ है बाबु! तिमी त्यस्तै वेला-बखत ठीकको।
दिन सल्लाह वा राय अतियोग्य सिपालु पो॥
यों हाम्रो काममा तस्मात् बसी अब तिमी दुवै।
विचार गर! के गर्ने? अनी भन! म गर्छु त्यै॥
रामले यत्ति भन्दामा वीर सुग्रीव लक्ष्मण।
श्रद्धा-अदवले झुक्तै भन्दछन् उनमा पुनः॥
पुरुषश्रेष्ठ श्री राम! यी विभीषणका कुरा।
निकै वेस जँचेका छन् हामीलाई पनी पुरा॥

६९

७०

वेला-बखत हेरेर भनेका भै दिंदा प्रभो!।
छन् निकै योग्यका फेरि गर्न सक्छन् भलैभलो॥
साक्षात् वरुणले बस्ने सिन्धु यो घोर उग्र छ।
न बाँधी यसमा सेतु गाह्रै पर्दछ तर्न त॥
इन्द्रका साथका सारा देवले दैत्यले पनि।
तर्न ता कठिनै पनि पर्ला अरुको के कुरा अनि॥
यसर्थ अव श्रीराम! यी विभीषण-वीरको।
भनाई ठीकको काम गरौं! ठीक छ त्यै प्रभो!॥
विलम्ब यसमा कत्ति नगरौं अव वास्तव।
विपर्वांक नवितोस् काल गरौं शीघ्र रघूद्वह!।
अनुरोध गरौं धीमन्! महासागर साथ यी।
हाम्रो सहायता गर्न पस्निई धरना कसी॥
जसरी जे गरी हुन्छ हामीहरू मजासित।
सैन्य साथ पुगौं पारी लङ्का रावण-रक्षित॥
भाइ-लक्ष्मणले एवं मित्र वानरराजले।
यसरी गरिए विन्ती श्रीराम अव प्रेमले॥
अनि ता कुश बिछ्याई नदी र नदका पति।
सिन्धुको तटमा राम बसे श्रद्धालु भै अति।

७८

७९

शोभिए त्यसवेलामा अद्भुतै भइ राम यी।
यज्ञ-मण्डपमा जस्तो शोभिन्छन् अग्निदेव ती।

इति उगण्डयिसौं सर्ग

बीसौं सर्ग

रावणले शुक-राक्षसलाई दूत बनाएर श्रीराम भएमा पठाँउनु र वानरहरुले ठोक्ता श्रीरामले छोड्ने आदेश दिनु

१

छोपी अब यही मौका यौटा राक्षसराजको ।
चर आयो यता पट्टि यस्तो बुझ्न सबै कुरो ॥
निकै वीर्य भएकोथ्यो क्रूर राक्षस त्यो पनि ।
दुरात्मा मालिकै जस्तो नाम शार्दूलको अनि ॥
आँखा गाडी यसो हेर्‍यो देख्यो वानरराजले ।
थ्यो सुरक्षित यो सैन्य मजैसाथ अयत्नले ॥
विशाल सिन्धुको त्यत्रो तीर उत्तरतर्फको ।
ढाकी ढपक्क सर्वत्र बस्तथ्यो कपि-सैन्य त्यो ।
निकै स्थिर भई सारा हेरी शान्त भई बुझी ।
फर्क्यो त्यो चर शार्दूल लङ्कामै हुत्तिदै पछि ॥
सारा राक्षसको राजा त्यों रावण थियो जहाँ ।
वहीं पुग्यो र त्यों लाग्यो भन्न सारा कुरा वहाँ ॥
महाराज ! अनर्थै भो भालू-वानरको दल ।
लङ्का ताकेर बढ्दोछ असंख्य छ अगाध छ ॥
प्रवाह यसको स्वामिन् सिन्धुको छाल ठीक छ ।
अनुमान गरी शोच्ता दोश्रो सागर ठीक छ ॥
दुवै भाई दशरथ-राजाका पुत्र छन् वहाँ ।
राम लक्ष्मण हो नाम गनिन्छन् श्रेष्ठ वीरमा ॥
दुवै हेरिरहौं जस्ता राम्रा छन् तीरमै त छन् ।
उद्धार गर्न सीताको आँउदैछन् सुयोग्य छन् ॥

१०

११

त्यो भालू-कपिको सेना दश योजन सम्मको ।
सिन्धुको तट ढाकेर बसेको छ वहाँ प्रभो ! ॥
सोह्रै आना छ यो साँचो कुरो विन्ती गरें जुन ।
बुझिबक्स्योस् छिटै राम्रो यो कुरा हो कि होइन ? ॥
बाठा र चतुरा स्वामिन् ! जान्ने बुझ्ने सबै कुरा ।
प्रभुका दूत छन् सारा बुझुन् अब गई पुरा ॥
बुझी स्थिति भए जस्तो गर्नु पर्दछ जे कुरो ।
गरिबक्स्योस् हुने राम्रो गरी सल्लाह त्यै कुरो ॥
हाल्दिने कि लगी सीता पोल्टामा त्यस रामको ।
मीठा मिल्दा कुरा गर्ने कि त सुग्रीव साथ त्यो ॥
भालू र कपिको राजा सुग्रीवकन त्यो स्वतः ।
रामसाथ फुटाएर आफ्नु पार्ने प्रभो ! कि त ? ॥
त्यो आफ्नो चर शार्दूल भृत्यका यी कुरा सुनी ।
सारा राक्षसको राजा हड्बडायो निकै अनि ॥
घोत्लियो र निकै बेर गर्‍यो कर्तव्य निश्चित ।
शुक राक्षस थ्यो साथ त्यसैलाई भन्यो तव ॥
थियो बुज्रुक यो ज्यादै जान्दथ्यो अर्थ,-शास्त्रको ।
महत्व अरुले भन्दा निकै नै नीति बुझ्दथ्यो ॥
सुन् ए शुक ! तँ जा बाबै ! अब मेरो भनाइ ली ।
सरासर यहाँबाट त्यही सुग्रीवको अघि ॥

२०

२१

त्यसैसाथ भनेस् मेरो सन्देश भइ निर्डर ।
बडो मधुर-वाणीमा सुन् तँ त्यो अब भै स्थिर ॥
सुग्रीव ! सारा कपि-ऋक्ष-स्वामी स्वयं तिमी छौ अतियोग्य नामी ।
तिम्रा पिता ऋक्षरजा पनी ती राजा थिए वानरका सबै यी ॥

२२

CC-0. In Public Domain. Digitization by eGangotri

२३

तिमी उनैका कुलबीच त्यस्तो जन्म्यौ महान् वीर्य छ फेरि यस्तो ।
तसर्थ संम्फन्छु तिमीकनै म आफ्नो कुनै भाइ समान जान!॥
म बाट तिम्रो यदि लाभ त्यस्तो केही भएको न भए पनी तर ।
के भो र यल्ले ? न त क्यै बिगार मैले गरें ! शोच त यो पनी ता॥

२४

२५

सुन सुग्रीव ! हो मैले बुद्धिमान् राजपुत्रकी ।
यी प्रिया जानकीलाई हरिल्याएँ भने हकि ?॥
कपाल त्यसमा तिम्रो त्यसै किन दुख्यो भन ! ।
तसर्थ अब गै हाल किष्किन्धातिर लौ सुन !॥
मेरो लङ्कापुरीभित्र सक्तैनौ पस्न वानर ! ।
देव-गन्धर्व सक्तैनन् के सक्लान् नर-वानर ?॥
बोकी राक्षस-राजाको यत्ति सन्देशको कुरो ।
सुगाकै रूप ली राम्रो शुक राक्षस त्यो उड्यो॥
सिन्धुका माथिको त्यत्रो लामो मार्ग उडी सब ।
काट्यो र पछि सुग्रीव भए ठाम पुग्यो तव॥
टक्क आकाशमा अड्दै कपिराज उनीकन ।
भन्यो रावणले आज्ञा गरेझैं कसिईकन॥
सन्देशका कुरा भन्दै थियो यो शुक राक्षस ।
त्यो भएमा पुगी हाले यै वेला कपिका दल॥
पखेटा त्यसको स्वात्तै उखेल्नै खोज्दथे सब ।
माक्र-मुक्र गरी सक्नै खोज्दथे त्यसलाइ त॥
त्यही निश्चयले सारा कपिको दल त्यो बढी ।
त्यसलाइ समाते बा ! भइ चंख त्यहीं गढी॥

३३

३४

शुक-राक्षसलाई त्यो अनि ता बलपूर्वक ।
कपिले भुँइमा मारे पाट्ट-पिट्ट गरी तव॥
त्यसरी उनले ठोक्ता पारी हाल्दा थिचोमिचो ।
शुक राक्षस त्यो काँप्यो चिच्यायो वा भनी यसो॥
राजाहरु प्रभो राम ! मार्दैनन् दूतलाइ ता ।
यहाँका कपिले किन्तु सक्न लागे मलाइ ता॥
स्वामीको वाक्य सन्देश न भनी आफ्नु भन्छ जो ।
वध्य हुन्छ त्यही दूत, यहाँ त्यो विपरीत भो!॥
विलाप शुकका त्यस्ता सुनेर अब रामले ।
रोके पिट्नेहरूलाई भो भो न पिट भन्दिए॥
पखेटा त्यसको किन्तु रामले रोक्नुको अघि ।
निकै लुछि सकेकाथे मिली कपि थिची-मिची॥
हलुका भै सकेकोथ्यो यसरी बिचरो शुक ।
बसेर अन्तरिक्षैमा भनि हाल्यो यसो अक्ष॥
महान् बल तथा वीर्य हुने उग्र पराक्रम ।
प्रभो ! वानरका राजा ! पाँउ सन्देश क्यै त म॥
रुवाँउने जगत्लाई त्यो रावणकनै गई ।
मैले के भन्नु पर्ने हो ? आज्ञा होस् लो ममा यही॥

४२

४३

यसो गरी त्यो शुकबाट अन्तमा महाबली वानरराज सोधिए ।
उदारचेता उनले जवाफमा यिनै कुरा त्यो चरमा भनी दिए॥
को होस् र मेरो तँ निशाचरेश्वर ! तैंले भनेझैं गरि हालूँ भै स्थिर ।
न छस् दयापात्र, न मित्र होस् तँ ता, न ता प्रियै होस् ! छ गुनै कुनै न ता॥
श्रीरामको कट्टर शत्रु भै दिंदा लौ सुन् तँ ए रावण ! मुख्य यी कुरा ।
बाली सरी वध्य तँ छस् यथार्थमा मर्छस् छिटै बान्धव-बन्धु साथमा॥
तँलाइ मै मार्छु बुझिस् ! छिटै त तेरा भनेका सुत बन्धु साथ ।
विशाल आफ्ना कपि-सैन्य द्वारा लङ्का पनी पार्छु म भस्म सारा॥

४६

४७

सुन् मूर्ख ए रावण ! क्यै गरी तँ उम्किस् भने ता पनि ता मबाट ।
जहाँ सुकै जान ! हुनेछ व्यर्थ, अवश्य मर्छस् प्रभु रामबाट ॥
इन्द्रादि ती देव मिलुन् र सारा रक्षा गरून् ता पनि मर्दछस् तँ ।
आकाश पाताल जहाँ सुकै जा लुकेर बस ता पनि मर्दछस् तँ ॥
तेरो भलो छैन मरिस् तँ बाबै ! श्रीपाउमा शङ्करकै तँ जान ! ।
तेरा त्यहाँका सब भाइ-बन्धु सँगै तँ मर्छस् अब यै ठमा न ! ॥

४६

५०

सुन् ए राक्षसको राजा ! व्यक्ति त्रैलोक्यका सब ।
छैनन् समर्थ त्यो तेरो गर्न रक्षण वास्तव ॥
न पिशाच समर्थै छन् न गन्धर्व न राक्षस ।
न ता अरु कुनै त्यस्ता देखिन्छन् शोच् तँ नै अब ॥
जराजीर्ण निकै बूढा गृद्धराज—जटायुको ।
तैंले व्यर्थ गरिस् हत्या यही ठूलो अनर्थ हो ॥
तँमा बल भए त्यस्तो राम—लक्ष्मणको अघि ।
हर्दोहोस् जानकीलाई बेसै थ्यो ! शक्ति थ्यो यति ? ॥
अब उम्केर जाऔंला भन्दोहोस् दुष्ट राक्षस ! ।
भालूको कम्पटै पक्डिस् सक्छ तैंलाई त्यै अब ॥
तैंले क्यै बुझिनस् बाबै ! रामको बल पौरख ।
कस्तो छ ! के छ ? चाहेमा सक्छ के गर्न वास्तव ॥
उदारदिलका यस्ता महात्मा रामलाइ ता ।
देवता पनि ता आँट्नै सक्तैनन् जित्न के कुरा ? ॥
हरिस् तैंले छली सीता तेरै अघि परी अब ।
मार्दि बक्सिन्छ तैंलाई श्रीराम तर बुझ् ! सब ॥
अब वानरका रत्नै सरीका वीर अङ्गद ।
जो थिए बालिका छोरा भन्दछन् नम्र भै स्वतः ॥
कपिराज प्रभो ! यो ता दूत होइन वास्तव ।
हो गुप्तचर नै पक्का बुझें लक्ष्मणले सब ॥

५९

६०

उभिदैंमा यहाँ यल्ले हाम्रो शक्ति र सैन्यको ।
हालचाल बुझ्यो सारा गमी मनमनै प्रभो ! ॥
तस्मात् जान न पाओस् है ! अब फर्केर यो त्यता ।
लौ थुनौं बजियालाई ! ठान्छु राम्रो यही मता ॥
लौ समात ! भनी आज्ञा दिए वानरराजले ।
अनि उफ्रेर तत्काल समाते कपिवीरले ॥
शुक राक्षसलाई त्यो बाँद्धिए पछि टन्टन ।
अनाथ सरि भै हाल्यो लाग्यो रुन-कराँउन ॥
प्रचण्ड कपि थे सारा ठोक्दिए बेसरी पछि ।
रामलाई गुहार्‍यो बा ! अनाथ जतिका पति ॥
ए प्रभो राम ! लौ मारे ! मरें ! वानरले सके ।
आँखा फोरि दिनै लागे मेरा पक्ष लुछी सके ॥
विन्ती गर्छु सुनी बक्स्योस् ! यसरी प्रभुको अघि ।
मेरो प्राण गए देखि ठोकिंदा कपिबाट यी ॥
रात देखि म जन्मेका मरेका रात सम्मका ।
पाप मैले गरें जत्ति लाग्नेछन् प्रभुलाइ ता ॥
शुक-राक्षसका यस्ता सुन्दा करुणक्रन्दन ।
दिएनन् मार्न त्यल्लाई रामले भै महान् मन ॥
भने कपिहरूलाई छोडि देउ न मार भो ! ।
दूतसम्म भई आयो चर होइन मुख्य यो ॥

७९

इति बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक्काइसौं सर्ग

श्रीरामले समुद्र—किनारमा तीन रात सम्म उपवास बस्नु र पछि बाण छोडी त्यसलाई हुँडेली दिनु

१

पवित्र कुश बिछ्याई सिन्धुको तटमा अब ।
तेर्सिए अँजुली बाँधी पूर्व फर्केर राघव ॥
लङ्का पुग्न थियो बाटो खोजेको प्रभु-रामले ।
तस्मात् विनयले झुक्तै पसारो अघि गै परे ॥
पहिले रामको बाहु शोभिन्थ्यो भै मनोरम ।
सुनका रत्नका नाना गहना टन्न भैकन ॥
अहिले आफ्नु त्यै बाहु जो थियो नाग-देहझैं ।
लेटे बा ! तकिया पारी त्यसरी सिन्धु-तीरमै ॥
अयोध्यामा हुँदा खेरि जुन यो बाहुलाइ ता ।
सर्वोच्च-सुन्दरी नारी सिंगार्थे मातृकोटिका ॥
मणिका सुनका राम्रा बाजू-भूषण आदिले ।
लडीले पनि मोतीका शोभिन्थ्यो दिव्यरूपले ॥
प्रसन्न-रमणीले ती स्नान आदि गराँउदा ।
मुसारी सुम्सुम्याइन्थ्यो मल्दा, दल्दा जतातता ॥
यही श्रीरामको बाहु श्रीखण्डागुरु आदिक ।
दिव्य-चन्दनले नित्य लेपिन्थ्यो स्नेहपूर्वक ॥
प्रभातकालको उठ्तो सूर्यका ज्योति ठीकको ।
रक्तचन्दन लेप्नाले यो झल्किन्थ्यो सँधै अहो ! ॥
यता शयनवेलामा सीता हरिनुको अघि ।
सिरानी भइ सीताको शिरले खुल्दथ्यो अति ॥
उता सफेद शय्यामा रातो कोमल बाहु यो ।
देखिन्थ्यो भित्र गङ्गामा बस्ने तत्तक-देह हो ॥
क्वै रथैको जुवा जस्तो विशाल अतिसुन्दर ।
यै बाहु शत्रुको निम्ति पीर पार्थ्यो निरन्तर ॥
आफ्ना भन्ने थिए जो जो उनको निम्तिमा भने ।
नित्य आनन्द यै दिन्थ्यो भइ शान्ति गराँउने ॥

१३

१४

लिएको सिन्धुकों घेरो सारा भूतलको यही ।
शरणस्थान थ्यो एक स्वयं रत्तक भै पछि ॥
थ्यो वाँयापट्टिको छाला नित्य बाण चलाँउदा ।
केही खुइलिए जस्तो ताँदो तान्दा खतै हुँदा ॥
हो ठूलो मुसलै जस्तो थियो यो बलियो अति ।
जल्ले सहस्र-गौदान गरिएको थियो अघि ॥
दाहिने बाहु यै आफ्नो पारेर तकिया अब ।
तेर्सिएर सुते आँफै सिन्धुको तटमा तब ॥
भित्र निश्चय थ्यो ठूलो कुरा खेल्थ्यो मनैमन ।
कि त आज यहीं मर्छु, तरी छोड्छु कि सिन्धु म ॥
पसारै पो परे राम यसरी सिन्धुको अघि ।
संयमी मुनि जस्तो भै कसिई धरना कसी ॥
त्यस्तो कुश बिछ्याएको खालि भैंमा लडी सुती ।
तीन रात बिलाए बा ! रामले न चुकी कति ॥
नदीका नदका स्वामी सिन्धुको यसरी हरे ! ।
उपासना गरे साक्षात् रामले विनयादिले ॥
धर्मवत्सल हुन् राम नीति सम्पूर्ण जान्दथे ।
मान्यको मान गर्नामा अनि ती किन चुक्तथे ? ॥
भयो आदर-सत्कार यथोचित समुद्रको ।
रामबाट स्वयं त्यस्ता त्यस वेला सुयोग्यको ॥
दिएनन् त्यसमा ध्यान तर ती सिन्धुले कति ।
टेरेनन् अँहँ ! आएनन् अघि आफ्नो स्वरूप ली ॥
अति भो अब श्रीराम झोक्किए सिन्धुसाथ यी ।
राता कटाक्ष भै हाले खपुन् खप्न पनी कति ? ॥
शुभ-लक्षणका भाई थिए लक्ष्मण साथमा ।
भन्छन् अब उनै साथ कड्किएर यसो यहाँ ॥

२६

(१२१६)

२७

बुझ्यौ लक्ष्मण ! यो सिन्धु अहं बाट फुलेछ है ! ।
पर्दैन अघि जो मेरो यत्ति गर्दा पनी अझै ॥
क्षमा सरलता शान्ति तथा मधुर-भाषण ।
महापुरुषमै हुन्छन् संझ हुन् यी महान् गुण ॥
यिनै गुण बुझ्यौ बावु ! निर्गुणी तुच्छ व्यक्तिमा ।
पर्दा, प्रयोग गर्दामा काम दिन्नन् कुनै यहाँ ॥
अझ उल्टो गुनीलाई संझन्छन् वैगुनी उनी ।
यसैले हेप्तछन्, ठान्छन् असमर्थ छ यो भनी ॥
उल्टोछ जनता देख्यौ ! नित्य मान्छ त्यसैकन ।
यहाँ जुन छ उद्दण्ड दुष्ट-प्रकृतिको जन ॥
स्वार्थ-भिन्न न हेर्ने क्यै हात हाल्ने सवैतिर ।
सवैलाई दिने दण्ड धृष्ट एवं भयङ्कर ॥
गर्छ आदर सत्कार त्यस्तैको यस लोकमा ।
डराई भित्र काँपेर नत्र ठोक्छ भनी ममा ॥
सामनीति लिनेले ता भए पनि महान् गुणी ।
कीर्ति पाँउन गाह्रै छ बुझ ! लक्ष्मण ! यो पनि ॥
त्यसको यस फैलिन्छ यहाँ न त भए पनि ।
न ता विजय पाइन्छ त्यल्ले युद्ध गरे पनि ॥
देखाँउछु तमाशा म अव हेर तिमी बसी ।
मार्छु यो सिन्धुको बावु ! हुति-ह्याउ भए जति ॥
यसमा भित्र छन् जत्ति नक्र ग्राह र मत्स्य ती ।
मार्दिन्छु वाण छोडी म रोक्दिन्छु जलकै गति ॥
टुक्रा टुक्रा म पार्दिन्छु देह मत्स्य र नागको ।
यहाँका जल-हात्तीको अव लौ हेर दृश्य त्यो ॥
संझिन्छु म यसैलाई महान् युद्ध भनी अव ।
शङ्ख शुक्ति तथा माछा ग्राह सारा सुकाँउछु ॥
सप्न सक्ने निकै सोझो देखी यस्तो मलाइ ता ।
देख्यौ लक्ष्मण ! यो सिन्धु निकै हेप्तो रहेछ बा ! ॥
क्षमा भन्ने कुरा बावु ! यो जस्ता स्वाँठ व्यक्तिमा ।
हुँदैन कहिल्यै गर्नु गरियो हा ! विश्वाँकमा ॥
सामनीति लिई अड्दा हेप्छ, डग्दैन सिन्धु यो ।
तसर्थ यसले आफ्नो देखाएन स्वरूप त्यो ॥
पुन देउ त त्यो मेरो धनु वाण निकै झिक ।
सुन ! हुन विष ओकल्ने नाग जस्ता भयानक ॥

४३

४४

ठोक्दिन्छु बजियालाई अहिल्यै म सुकाँउछु ।
भालू-बाँदर यी जाँउन् पैदलै अनि हेर्दछु ॥
अक्षोभ्य छ बुझ्यौ ! सिन्धु हो ! म जान्दछु तैपनि ।
सुकाइ छोड्छु यल्लाई क्षुब्ध पार्दिन्छु मै पनि ॥
तरङ्ग यसमा उठ्छन् ठूल्ठूला त्यसरी संधै ।
छोड्दैन तर मर्यादा सीमा नाघ्दैन यो कसै ॥
परन्तु आज देखौला मर्यादा यसका सव ।
मासि दिन्छु र पार्दिन्छु मर्यादा-हीन वास्तव ॥
महादानव छन् भित्र यसमा मत्स्य साथका ।
हुँडोल्दछु यसैलाई क्षुब्ध पारेर है म ता ॥
कसिए अव श्रीराम रोक्न गाह्रै हुने बनी ।
लिन त्यो सिन्धुको सातो ती कुरा भाइसा भनी ॥
राता राता भए आँखा रिसले झोक्दिा अहो ! ।
यसो सिन्धुकनै हेरे भए बा ! प्रलयाग्नि पो ॥
डर्लाग्दो धनुसा आफ्नो झुकाएर मजैसित ।
चढाए रामले ताँदो जुन थ्यो वेस विस्तृत ॥
त्यल्लाइ अनि टङ्कारे चढाए बाण सर्सर ।
इन्द्रले वज्र छोडेझैं छोड्दिए पछि खर्खर ॥
असह्य तेजको मुस्लो छोड्ने यी वेगिला शर ।
पस्ता त्यो सिन्धुमा काँपे त्यहाँका जीव थर्थर ॥
यतातिर जगत् काँप्यो उता काँप्यो समुद्र त्यो ।
अकस्मात् त्यसले गर्दा भित्र सारा हुँडोलियो ॥
सर्प ग्राह र माछाका साथको सिन्धु ता अव ।
कुर्लियो, उर्लियो ज्यादै भई व्यथित वास्तव ॥
छोड्यो बा ! आफ्नु मर्यादा थर्पिदा वेग वायुको ।
भयो अत्यन्त डर्लाग्दो अवस्था अव सिन्धुको ॥
फ्याँक्यो तरङ्ग ठूल्ठूला छाल आँधि-हुरी उड्यो ।
शङ्ख सीपी तथा मोती तर भो माथि उत्रियो ।
बडो गजब भै हाल्यो धूँवा मुस्लो भई उठ्यो ।
ढाक्यो तरङ्ग-मालाले महासिन्धु हुँडोलियो ॥
फणाका मणि टल्केका झल्केका नेत्र झल्झल ।
त्यसका नाग पीडाले निस्किए अव सल्सल ॥
दैत्य-दानव जो जो थे बस्ने पातालमा तल ।
भए पनि महान् वीर्य पिरिए त्यस बाट त ॥

६०

६१
उठे बा ! सिन्धुमा छाल नक्र-मत्स्यादि साथ ली ।
विन्ध्यका मेरुका डाँडा हुन् जस्ता देखिंदै बढी ॥
वडो विचित्र भै हाल्यो छिनमै यसरी वहाँ ।
उठी तरङ्ग कुर्लेर घुम्न लागे जहाँ-तहाँ ॥
६२

६३
त्यो महासिन्धुमा भित्र बसेका नाग राक्षस ।
आत्तिए यसले गर्दा उड्यो होश पनी सब ॥
ठूल्ठूला नाग-मत्स्यादि उल्टिए, हुत्तिए त्यसै ।
यसरी त्यो महासिन्धु भो पीडित अशान्त भै ॥
६४

६५
फेरेर स्वाँ ! स्वाँ ! गरि सास लाम्मो ज्यादै रिसाई भइ उग्र राम ।
अत्यन्त वेगी धनुलाइ आफ्नो लागे अझै खिंच्न भएर वाम ॥
देखेर यस्ता प्रिय दाजुलाई पुगे वहीं उफ्रिइंदै र भाई ।
भो ! भो ! पुग्यो दाजु ! भनेर यत्ति रोकी दिए त्यो धनु नै समाती ॥
विन्ती गरे फेरि यसो भनेर भै नम्र श्रीपाउतिरै झुकेर ।
यी वीरमध्ये भइ बक्सिइन्छ हजूर सर्व्वोच्च र वीर एक ॥
तस्मात् न पारे पनि सिन्धु नष्ट हजूरको काम प्रशस्त चल्छ ।
सामर्थ्यशाली प्रभु-तुल्य व्यक्ति कैले हुँदैनन् वश क्रोधको ती ॥
तस्मात् हुने श्रेय पछाडि सम्म टिक्ने निकै काल हुने अचम्म ।
क्वै काम त्यस्तै गरि हाल्न योग्य उपाय शोचौं छ यही सुयोग्य !॥
वेलाविषे यै भरि अन्तरिक्ष जो बस्तथे देव महर्षि सिद्ध ।
तिनीहरुले पनि ता लुकेका भने यसै-लौ अब कष्ट भो बा !॥
भो भो ! प्रभो ! यत्ति भए पुग्यो भो ! झिकेर यस्तो स्वर आत्तिएको ।
मचाइ हाले अति जोड साथ कोलाहलै पो उनले पनी त ॥
७१

इति एकाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाइसौं सर्ग

समुद्र प्रकट हुनु र नलद्वारा सेतुबन्धन गर्नु एवं त्यसैबाट पारी पुग्नु

१

महासागरलाई त्यो हेरेर भइ क्रुद्ध छन् ।
रघुका कुलमा श्रेष्ठ श्रीराम अब भन्दछन् ।
ए महासिन्धु! लौ सुन् ए! बुझिस् , आज तँलाइ म ।
पाताल साथमा पक्कै सुकाँउछु र मारछु म ॥
त्यो तेरो जलको राशि यी मेरा बाण वस्तुतः ।
सबै साथ उमाल्नेछन् सुक्नेछस् अनिता तँ त ॥
बुझिस् ! त्यस अवस्थामा जल-जीव तँ भित्रका ।
मर्नेछन्, अनि उठ्नेछ खालि धूलो र बालुवा ॥
छुटेका धनुद्वारा यी बाणले बर्षिई तँमा ।
तुरुन्तै पारि हाल्नेछन् न राम्रै पो जहाँ-तहाँ ॥
भालु बानर यी सारा ए महासिन्धु ! सुन् अनि ।
पुग्नेछन् पैदलै पारी सजीलै दङ्ग भै घुमी ॥
सुन् ए ! दानवको बस्ने ठाम होस् मुख्यको तँ ता ।
जलका राशिका राशिमात्र थुप्न्याउछस् तँ ता ॥
तँलाई अनि के पत्तो मेरो विक्रम पौरख ।
कस्तो छ? गर्न के सक्छ? छ कस्तो शक्ति वा बल? ॥
भन्दिन्छु संझिराख् यत्ति टेरिनस् कि मलाइ ता ।
तँ पक्कै सकिनेछस् है ! पर्ला सन्ताप भित्र बा ! ॥
श्रीरामले भने यत्ति महाबली थिए जुन ।
उठाए धनु त्यो आफ्नो सरक्क कसिए पुनः ॥
ब्रह्मदण्ड समानैको झिकी ब्रह्मास्त्र जोडले ।
अभिमन्त्रित पारेर त्यसमा राखि जोड्दिए ॥
वेगपूर्वक खिच्तामा त्यसलाइ वहाँ अब ।
बडो गजब भै हाल्यो रिसाए राम जो तब ।
आकाश फुट्छ जस्तै भो त्यस्तै भो क्षितिको स्थिति ।
डाँडा काँडाहरू आफैं काँप्न थाले यताउति ॥

१३

१४

संसारभर भै हाल्यो अँध्यारो व्याप्त तत्क्षण ।
दिशा-ज्ञान हुनालाई पनि गाह्रो भयो पुनः ॥
नदी — नालाहरूमा र सरोवरतिरै पनि ।
अनर्थ हुन नै लाग्यो छ्वात्लाङ्-छुत्लुङ् भए उनी ॥
ग्रह - नक्षत्रकै साथ भगवान सूर्य - चन्द्र ता ।
बाङ्गो गति लिई लागे अब हिंड्न यताउता ॥
पर्दैमा सूर्यको तेज बल्दैमा पनि उग्र भै ।
आकाशभर भो डम्म अँध्यारो अब व्याप्त भै ॥
आकाश त्यस वेलामा शयौं उल्काहरू बढी ।
अब देखिन पो लाग्यो बले जस्तो हुँदा त्यति ॥
अन्तरिक्ष भरी सारा उपमै नहुने गरी ।
वज्रपात हुनै लाग्यो ज्यादै गड्गड् गरी गरी ।
स्वर्गमा वायु छन् जत्ति नामी परिवहादिक ।
एकै साथ बहे सारा अब ती पनि वास्तव ॥
तिनले नै उडाए बा ! ब-बाक्ला मेघका तह ।
जुद्धै पर्वतका डाँडा उडाए वृक्ष ता सब ॥
विशाल वज्र चर्केर खस्तथ्यो तल जोडले ।
चम्किन्थ्यो बिजुली चर्को त्यसको नै प्रभावले ॥
थिए जो विश्वमा प्राणी देखिने वा न देखिने ।
चर्को वज्र परे जस्तो भए सब कराँउने ॥
पसारो पर्न गै हाले कैयौं ता त्यसले गरी ।
साह्रै उद्विग्न भै हाले कैयौं ता डरमा परी ॥
त्यसका तोडले गर्दा भै व्याकुल निकै जन्त ।
लडे ओह ! कुनै चाँहि जड जस्तै भए पुनः ॥
प्रभाव त्यसको पर्दा महासागर चाँहि त्यो ।
डर्लाग्दो वेगले कुल्यों भित्र-भित्रै अनर्थ भो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्यसका भित्रका प्राणी जल-जीव थिए जति ।
सर्प राक्षसकै साथ काँपे बा ! डर भै अति ॥
फ्याँक्यो समुद्रले छाल ठूल्ठूला जोड जोडले ।
सहसा हुन गो यस्तो खिंच्दामा धनु रामले ॥
लयको काल आएको न भए पनि सिन्धुले ।
चारैतिर बढी छोप्यो एक योजन-भूमि ए ! ।
आफ्नु सीमा र मर्यादा नाघी सिन्धु बढे पनि ।
छोडेनन् ठाम त्यो आफ्नो रामले धैर्यवान् बनी ॥
अब यत्ति हुना साथ बीचबाट समुद्रको ।
महासागर निस्क्यो बा ! धरी आफ्नु स्वरूप त्यो ॥
देखियो सूर्य निस्के झैं महाशैल सुमेरुको ।
शुभाङ्ग-गिरि उदय बाट उज्ज्वल भै अहो ! ॥
बलेका मुख ह्वार्ह्वार्ति तेजिला सर्प साथमा ।
अब देखा पऱ्यो आफैं महासागर त्यो वहाँ ॥
श्यामलो वर्ण थ्यो राम्रो वैदूर्यमणि ठीकको ।
त्यसले पैह्रिएको थ्यो आभूषण सुवर्णको ॥
कै दिव्य फूलको माला बनेका सब फूलले ।
शिरमा पैह्रिएको थ्यो त्यसले भव्यरूपले ॥
पगालेर बनाएका तेजिला अति उत्तम ।
सुनका गहना नाना शोभिन्थे देहमा पुनः ॥
आफैंभित्र भएका ती मणि-रत्नादिका निकै ।
गहना पैह्रिएको थ्यो त्यसले अङ्गमा सबै ।
यी सबै वस्तुले गर्दा नाना-धातु-सुशोभित ।
हो हिमालय जस्तै त्यो देखिन्थ्यो भइ अद्भुत ॥
विशाल छातिमा आफ्नो पैह्रिएको थियो मणि ।
झल्झलाकारको रातो कान्तिको गतिलो पनि ॥
मणि-कौस्तुभको यौटै पेटको भइ थ्यो यही ।
मोतीका हारको बीच खुल्दथ्यो हल्लिई यही ॥
उठेका छाल ठूल्ठूला घेर्दथे यसलाइ ता ।
वायुले मेघ--मालाले स्वयं व्याप्त थियो यता ॥
गङ्गा र सिन्धु इत्यादि नदी-नाला अनेकन ।
महासागरलाई यो घेर्दथे ठिङ्ग भैकन ॥
त्यसका भित्र ठूल्ठूला ग्राह-नक्रादि जन्तु यी ।
उद्भ्रान्त भै रहेकाथे नाग-राक्षस सम्म ती ।

४३

४४

यसरी देवकै जस्तो नाना सुन्दर-रूपका ।
नदीका साथमा देखा परे सागर ता तदा ।
शक्तिशाली थिए आफैं आए नजिक रामको ।
भने बा ! हात जोडेर सम्बोधन गरी यसो ॥
सौम्य-स्वभावका राम ! अड्छन् सब स्वभावमै ।
पृथिवी वायु आकाश जल तेज पनी सँधै ॥
आफ्नों सनातनी बाटो छोड्दैनन् बुध क्वै प्रभो ! ।
अड्दछन् त्यसमै नित्य भइ आश्रितरूपको ॥
गर्नु पर्थ्यो यसै मैले पनि मेरो, स्वभाव हो ।
अथाह र अगाधै छु म पनी एकमात्र जो ॥
मेरो थाह तथा पत्तों पाइएमा विकार भो ।
अनि मेरो स्वभावैमा धक्का पर्छ अयोग्यको ॥
रघुनन्दन ! तस्मात् म पार पुग्ने म देखि यो ।
उपाय सजिलो यौटा विन्ती गर्छु छ योग्य जो ॥
राजपुत्र ! सुनी बक्स्योस् भयले काम-लोभले ।
अँहँ ! रोक्दिन यो मेरो जल क्वै अरु हेतुले ॥
जल-जीवहरू नाना बस्तछन्, टम्म छन् समा ।
ग्राह-नक्रादि छन् धेर हुन्न रोक्ने कुरै यहाँ ॥
राम्ररी सुनि बक्स्योस् है ! भन्छु यौटा उपाय म ।
प्रभुको काम चल्नेछ जसबाट मजासँग ॥
जसले पुगी बक्सेला पारीतिर हजूर ता ।
कपिमा कष्ट ग्राहादि दिने छैनन् कसै यता ॥
यसरी सब यो सेना पार पुग्ला मजैसित ।
मलाइ पनि क्यै पीर नपर्ला जसले स्वतः ॥
उपाय गरुँला त्यस्तो सहुँला क्यै परे पनि ।
जसरी पुल बन्नेछ गरुँला यत्न मै पनि ॥
महासागरका यस्ता कुरा बेस सुने पछि ।
श्रीराम उनमा भन्छन् संबोधन गरी पछि ।
वरुणालय ! लौ मेरो कुरा सुन ! तिमी अब ।
विशाल बाण यो मेरो अव्यर्थ छ, अमोघ छ ॥
तिमी नै भन यल्लाई म छोडुँ कुन ठाँउमा ।
रामका यी कुरा सुन्दा भने सागरले वहाँ ॥
भन्दा दृष्टि गएकैथ्यो उनको त्यस बाणमा ।
थिए जो यी महान् तेजी भने बा! शान्ति साथमा ॥

६०

६१

हजूर भइ बक्सिन्छ जस्तो त्रिभुवनै भरी ।
पुण्यात्माहरुमा श्रेष्ठ ख्याति-प्राप्त सँधै भरी ॥
द्रुमकुल्य कुनै यौटा त्यस्तै मेरो पनी प्रभो ! ।
प्रदेश छ निकै ख्यात पवित्र अतिपुण्यको ॥
उत्तरैतिर त्यो पर्छ यहाँ बाट रघूद्वह ! ।
आभीर-जातिका बस्छन् पापीहरू त्यहाँ सब ॥
न राम्रा रूपका छन् ती डर्लाग्दो कर्म गर्दछन् ।
पिउँछन् जल ती मेरो डाँकू हुन् दुष्ट चोर हुन् ॥
मलाइ मन पर्दैन छोएको तिनले पनि ।
गाह्रो परि रहेकोछ ठान्छु यै पाप भो भनी ॥
अमोघ प्रभुको त्यस्तो बाण यो अब राघव ! ।
त्यही नै छोड्दिई बक्सोस्, हओस् सफल वास्तव ॥
त्यस्ता उदार आत्माका महासागरका कुरा ।
अवि वेस सुने यस्ता रघुनन्दनले तदा ॥
त्यस ठामतिरै ताकी देखाएका थिएँ जहाँ ।
छोड्दिए रामले बाण बल्थ्यो धप्धप जो त्यहाँ ॥
तेजिलो वज्र हो जस्तो रामको बाण त्यो अब ।
गई सर्र खस्यो डङ्ग वज्र जस्तै भई तव ॥
जहाँ त्यो गै खसेकोथ्यो ठाम त्यो विश्वबीच यो ।
अतिदुर्गम भो ख्यात मरुभूमि भनेर पो ॥
वज्रिदा गइ त्यो बाण पीडाले त्यसको धरा ।
आर्तनाद गरिन् ज्यादै तोडले पछि ता बरा ! ॥
प्रहार त्यसको पर्दा धरामा प्वाल जो पऱ्यो ।
त्यसबाट वहाँ निस्क्यो पानी पातालकै अहो ! ॥
त्यो गहिरो थियो साह्रै ठूलो कूवा सरी बन्यो ।
पृथ्वीको व्रण जस्तै भो त्यसैबाट प्रसिद्ध पो ॥
तलको जल ह्वाल् ह्वाल् ति यहाँ निस्कन्छ सर्वदा ।
समुद्रको जलै जस्तो देखिन्छ पनि सर्वथा ॥
पृथिवी वाणले छेड्दा शब्द भो घनघोरको ।
उग्ररूप लिई हाल्यो त्यसले पनि झन् अहो ! ॥
रामले वाण छोडेर त्यहाँका जल जत्ति ता ।
तत्कालमै सुखाए वा ! ठूलो खाल्डो भयो तदा ॥
यै वेला देखि यो ठाम स्वर्ग-पृथ्वी-पतालमा ।
मरुकान्तार यो नाम लिई ख्यात भयो त्यहाँ ॥

७७

७८

यो थियो सिन्धुको कोखा, सुखाए पछि रामले ।
मरु-भूमिकनै त्यस्तो विद्वान् भै वर यो दिए ॥
पशुका हितको निम्ति हुनेछ मरुभूमि यो ।
हुनेछ फल-मूलादि-रसले परिपूर्ण यो ॥
यहाँ रोग कमै लाग्लान् घृतादि-स्नेह-वस्तु यी ।
होलान् प्रशस्त सुलभ दुग्धादि रस सम्म ती ॥
यहाँ सुगन्ध सर्वत्र होला मग्मग सर्वदा ।
मृत-सञ्जीवनी आदि होलान् औषधि सर्वथा ॥
रामको वर पाएमा यसरी मरुदेश त्यो ।
पूर्ण भो वस्तुले सारा राम्रो बाटो पनी बन्यो ॥
डढेमा यसरी कोखा अब भन्छन् समुद्र ती ।
सम्पूर्ण शास्त्रका तत्व जानेका राम साथ यी ॥
सौम्य-स्वभावका राम ! प्रभुका कपि-सैन्यमा ।
छोरा छन् विश्वकर्माका नल नामक ती ! वहाँ ॥
वरदान दिएका छन् बाबुले यिनमा पनि ।
तिमी सम्पूर्ण जान्नेछौ मैमैं शिल्पकला भनी ॥
हजूर भइ बक्सिन्छ विश्वकर्मा यथार्थतः ।
प्रभुमा गर्दछन् प्रेम यता नल पनी स्वतः ॥
उत्साह छ निकै ठूलो यिनमा वीर हुन् नल ।
जान्दछन् बाबुकै जस्तै वेस शिल्प-कला सब ॥
म माथि नल यी तस्मात् पुल बाँधुन् मजैसित ।
त्यसलाइ स्वयं राम ! धरुँला म सुखैसित ॥
रामलाई भनी यत्ति महासागर ता तव ।
हेर्दा-हेर्दै हराए बा ! शान्त भो स्थिति त्यों सब ॥
यता नल उठी आए अब श्रीरामको अघि ।
महान् शक्ति भएकाथे अनि विन्ती गरे झुकी ॥
लौ प्रभो ! म पिताद्वारा पाएको शक्तिबाट त्यो ।
पुल बाँध्दछु चाँडै नै सजीलै सिन्धुबीच यो ॥
महासागरले स्वामिन् ! अति वेस कुरो भने ।
म देख्तछु यसै गर्दा राम्रो हाम्रो भलो हुने ॥
अकृतज्ञहरूमाथि दण्डैमात्र दिए प्रभो ! ।
हुँदो रहेछ है पक्कै कार्यसिद्धि तथा भलो ॥
त्यस्तामा गर्नु नै हुन्न कहिल्यै सान्त्वना क्षमा ।
दान-साम पनी, गर्दा खेर जान्छ अकार्थमा ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

राजा सगरका छोराद्वारा सागर यो बन्यो ।
कृतज्ञ तर यो छैन डर्लाग्दो रूप जो धन्यो ॥
दण्डको डरले गर्दा बाँधेको पुल हेर्न यो ।
भै अथाह दिनै थाह् बल्ल आँट गऱ्यो प्रभो ! ॥
विश्वकर्मा पिता मेरा मन्दराचलमा तव ।
वस्नु हुन्थ्को मुमा मेरी हुनुहुन्थ्यो सँगै जव ॥
त्यसै वेला मुमालाई पिताले दिनु भो वर ।
मै जस्तो पुत्र जन्मेला देवि ! तिम्रो भनी तव ॥
तस्मात् म विश्वकर्माको हूँ औरस सुपुत्र त्यै ।
यसअर्थ छु जानेको मैले शिल्पकला सवै ॥
ठिकै भो! वेस भो! स्वामिन्! यो महासिन्धुले यहाँ ।
संझाए त्यसको ज्ञान अव राम्रै भयो ममा ॥
चुप्प लागि बसेको हूँ न सोधीकन क्यै कुरो ।
विन्ती पार्न न सक्तामा गुण भन्नु अयोग्य हो ।
यो महासिन्धुमा तस्मात् पुल हाल्दछु सक्छु म ।
वीर वानर यी लागुन् सहाय त्यसमा दिन ॥
नलका यी कुरा सुन्दा रामले खुश भै अति ।
त्यसै गर्न दिए आज्ञा वीर-वानरमा पछि ॥
पाँउदा रामको आज्ञा हर्ष-उत्साहले वडो ।
कपि-वीर गए लाखौं महारण्यतिरै अहो ! ॥
कुनै पर्वत हुन् जस्ता जिउका कपि-वीर यी ।
भाँच्दिन्थे वृक्ष ठूल्ठूला उखेल्थे शक्ति भै अति ॥
सजिलै सँग बोकेर घिसारेर मजैसित ।
समुद्र-तटमा ल्याए उनले सव ती रूख ॥
तिनमा मुख्य थे साल अश्वकर्ण तथा धव ।
कुटजार्जुन विल्वादि ताल आँप अशोक र ॥
तथा तिलक तिनिश ठूल्ठूला कर्णिकार र ।
सप्तपर्णादिका वृक्ष ल्याए बा ! गइ खर्वर ।
अनकन्टारका त्यस्ता ठूल्ठूला श्रेष्ठ वृक्ष यी ।
जडैवाट उखेलेर ल्याए भाँचेर कत्ति ती ॥
हुन् इन्द्रकै ध्वजा जस्ता अग्ला अग्ला मनोहर ।
लिएर आँउथे कोही हुनाले बलवान् स्थिर ।
तालका वृक्ष साथैमा झाडी दाडिमका तथा ।
ल्याँउथे वृक्ष वर्रोका हर्रोका वकुलादिका ॥

१११

११२

करीर निमका त्यस्तै ठूला वकुलका रूख ।
जहाँ पायो वहींबाट उखेल्दै ल्याँउथे सव ॥
विशाल देहका एवं महान् वल हुने कपि ।
कसिएका थिए यत्रो काममा जव वीर यी ॥
अनि ता गजवै भैगो ! हात्ती जत्रा अनेकन ।
ढुङ्गा बोकेर नै ल्याए पर्वतै साथमा पुनः ॥
यस्ता पर्वत बोकेर ल्याउना-निम्तिमा वहाँ ।
ठूलो यन्त्र वनाएका थिए साधन रूपमा ॥
ढुङ्गा-मूढा लगी हाल्दा यसरी कपिले सव ।
सिन्धुको जल त्यो माथि उठ्तथ्यो खस्तथ्यो तल ॥
कसिए भित्र भ्वाम्ल्याङ्ग पसे अनि निकै जसो ।
सिन्धुलाइ हुँडेले बा ! तिनले शक्तिले वडो ।
नापे धागो समातेर क्रमैसित वढी अघि ।
सय योजनको त्यत्रो लामो सिन्धु भरी भई ॥
भए वा यसरी ठिक्क धागो तानेर ठासली ।
तल माथि न पर्ने भो पुल वाध्दा भरे स्थिति ॥
शक्तिमान् विश्वकर्माका सुपुत्र नल नै अव ।
कसिए पुल बाध्ने यो काममा युक्ति पूर्वक ।
त्यस्ता अत्यन्त डर्लाग्दा काम गर्ने महाकपि ।
काममा पुल बाध्ने यो सहयोग दिए अति ॥
सारा नद-नदीका ती पति सागरबीच यी ।
थालियो सेतु हाल्ने यो काम वानरले मिलो ॥
ज्यादै लामा निकै मोटा रुख वोकी अनेकन ।
पुलको दुइ भागैमा बसे ठिङ्ग भईकन ॥
ढुङ्गा मूढाहरू ल्याई फ्याँक्ने काम छदै थियो ।
यता बनाउने काम चल्दैगो बुद्धिले वडो ॥
पाई श्रीरामको आज्ञा बढ्दा उत्साह यी कपि ।
मेघ पर्वत हुन् जस्ता भै सकेकाथिए वढी ॥
त्यसरी यिनले सारा भई संयुक्त रूपका ।
बाँधे ठ-ठाममा सेतु वार-पार भरी तदा ॥
ठूल्ठूला लहरा ल्याई बाँध्दथे दण्ड-काष्ठ ती ।
ल्याएर जाक्तथे फेरि फुलेका वृक्ष सम्म यी ॥
ठूला पहाडका ढुङ्गा पहाडै पनि वास्तव ।
जङ्गलै साथमा बोकी ल्याउँथे जाक्तथे सव ॥

१२८

१२६

देखिन्थे यस वेलामा यी वानर यथार्थमा ।
कुनै दानव हुन् जस्तै उग्ररूप लिने वहाँ ॥
यसरी सिन्धुमा फ्याँक्ता त्यस्ता वस्तु निरन्तर ।
हर्लाग्दो शब्द निस्क्यो बा ! हुन सम्म भयो जब ॥
देखिने गज हुन् जस्ता काम गर्ने भई छिटा ।
वीर वानर यी सारा देखिन्थे फूर्तिला कडा ॥
पहिलो दिनमै तस्मात यसरी उनले मिली ।
चौध-योजनको लामो पुल बाँधे त्यसो गरी ॥
फूर्ति साथ गरी काम दोश्रो दिन पनी वहाँ ।
वीस-योजनको लामो पुल हाले समुद्रमा ॥
तेश्रो दिन उदाएमा गरी काम त्यसै गरी ।
पुल योजन-एक्कीस लामो पारे मरी-मरी ॥
वेगिला र छिटा त्यस्ता कपिले दिन चारमा ।
वाईस योजनै लामो पुल बाँधे स्वयं वहाँ ॥
सुवेल-पर्वतैसम्म पाँचौं दिन भए पछि ।
पुगे वा ! पुल हालेर तेइसौं योजनै जति ॥
यसरी विश्वकर्माका सुपुत्र र महाकपि ।
नलले पुल त्यो बाँधे सिन्धुमा जुक्तिले अति ॥
यस्ता काम कुरा गर्न बाबु जस्तै थिए उनी ।
थिए मद्दत पाएका त्यस्ताको, सक्दिए अँनि ॥
सय-योजनको लामो दृढ सुन्दर सेतु यो- ।
शोभियो सिन्धुमा त्यत्रो कामले नल-वीरको ॥
स्वाती-पथ सुशोभिन्छ छायापथ भनिन्छ जो ।
जस्तो आकाशमा त्यस्तै सेतु यो पनि शोभियो ॥
हेर्न अद्भुत यो काम आए आकाशमा सव ।
देव गन्धर्व सिद्धादि महर्षि भइ उत्सुक ॥
सय-योजनको लामो नलद्वारा सुनिर्मित ।
दश-योजनको चौडा थियो यो पुल अद्भुत ॥
आँखा गाडेर हेरे बा ! उनले यसलाइ नै ।
गमे ! आश्चर्य नै हो बा ! बन्यो गाह्रो भईकनै ॥
पछिवाट यसो कुद्दै उफ्रँदै गर्जदै कपि ।
आफै पनि भई मक्क हेर्न लागे यताउति ॥
अनि ता ठहराए बा ! ज्यादै दुष्कर काम भो ।
संक्षिप्त रुँउ ठाडिन्छ अद्भुतै पो बनेछ यो ॥

१४५

१४६

वहाँका सब प्राणीले पनि यो पुललाइ ता ।
आँखा तन्काँउदै हेरे भन्दै आश्चर्य भो अहा ! ॥
थियो खरबको संख्या सारा वानरवीरको ।
त्यस्तो वल र उत्साह उनमा भित्र टिक्तथ्यो ॥
वारीबाट गरी यत्न पुल बाँध्दै त्यसो गरी ।
पुगे अब सबै पारी त्यत्रो सिन्धु पनी तरी ॥
थियो विशाल यो ज्यादै बलीयो अतिसुन्दर ।
मिलेको राम्ररी थ्याप्प यसो हेर्दै मनोहर ॥
महान् विशाल यो सेतु महासागर-माथि त्यो ।
शोभिएको थियो ज्यादै सिन्धु-सीमन्त हो न हो ! ॥
अब सेतु भयो ठीक, भो तयार समाप्त भो ।
यसैवेला पुगे पारी विभीषण स्वयं अहो ! ॥
गदा हात लिएकाथे मन्त्री थे उनका सँग ।
पुल नाश्न कुनै आए ठोक्दिन्थे यी मजै सँग ॥
भन्दछन् कपिका राजा सुग्रीव अब राममा ।
जसको शक्ति थ्यो त्यस्तो सत्यता थ्यो महान् वहाँ ॥
वीर मित्र प्रभो राम ! हनुमान् कपिवीरको ।
काँधमाथी चढी बक्स्योस् हजूर अब ठिक्क भो ! ॥
भाइ-लक्ष्मण यी चढ्छन् वीर अङ्गद-पीठमा ।
आकाश-मार्गले जान्छन् यी दुवै, वीर छन् यहाँ ॥
छ सागर निकै लामो ग्राह-नक्रादि घेर छन् ।
सजिलैसित बोकेर यी दुवै पार तार्दछन् ॥
मित्र सुग्रीवका यस्ता कुरा सुन्दा मनोरम ।
साह्रै खुश भए राम जो थिए पुरुषोत्तम ॥
बाहुमा धनु बोके बा ! प्रिय लक्ष्मण भाइ र ।
मित्र सुग्रीव ली लागे सैन्यको अघि भै स्थिर ॥
वीर वानर ठूल्ठूला रामको पार्श्वभागमा ।
डटेर हिंड्न नै लागे गए क्वै वीर माझमा ॥
कैयौं वानर ता भवाम्मै हाम्फाल्थे जलमै पनि ।
जान्थे अघि अघी बढ्दै पौडिंदै वेगिला बनी ॥
गए धेरै जसो सोझै बाटोले पुल बाट त्यै ।
कुद्दै गरुड जस्ता भै गए आकाश बाट क्वै ॥
विशाल कपिको त्यत्रो सैन्य सागर माथि त्यो ।
जान्थ्यो गडगडाएर तस्मात् कोकोहलै उड्यो ॥

१६२

CC-0. In Public Domain. Digitization by eGangotri

१६३

बढ्दो कोकोहलोमा यो त्यत्रो गर्जन सिन्धुको ।
दब्यो बा ! जुन यो चर्क्यो, भयो क्यै छैन ठीक त्यो ।
नलद्वारा बनाएको पुलले कपि-सैन्य यो ।
यसरी अब विस्तारै पुग्यो पार समुद्रको ॥

१६४

१६५

राजा सुग्रीवले हेरे यसो अब यता उता ।
देखे वा ! गतिलो ठाम फल-मूल जलै हुँदा ॥
तसर्थ आफ्नु सेनाको छाउनी पार्न योग्यको ।
त्यै ठामसा दिए आज्ञा तटमा बस्न सिन्धुको ।

१६६

१६७

श्रीरामको दुष्कर-कर्म अद्भुत देखेर यस्तो गतिलो महान् स्वतः ।
आए त्यहीं देव र सिद्ध चारण योगी महात्मा ऋषिका पनी गण ।
उनीहरूले अब रामभद्रमा भै प्रेमले गद्गद भित्र चित्तमा ।
पवित्र पानी लिइ बाहु-वाहुमा गरी दिए बा ! अभिषेक अन्तमा ॥
दिंदै शुभाशीष मिलाँउदै मुख भने यसो फेरि बढी रहोस् सुख ।
वैरीहरूमाथि हओस् सँधै जय ! छुटोस् धराका जनमा हुने भय ।
अनन्तकालैतक सिन्धु सम्मकी हउन् धरा पालित नाथबाट यी ।
भनेर यस्ता शुभ वाक्य रामको भलो चिताए सवले वहाँ अहो ! ॥
ठिक्कै थियो यो, गतिला र अद्भुत थिए स्वयं राम विचित्र-शक्तिका ।
बडे बडे भूप र विश्वका जन झुक्थे भने के छ र जिल्लिने कुरा ? ॥

१७१

इति बाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेइसौं सर्ग

श्रीरामले उत्पात—सूचक कुलक्षण बखान्नु र लङ्कातिर अभियान गर्नु

१

उत्पात-सूचना गर्ने नाना थरी कुलक्षण ।
हुन लागे वहाँ पुग्दा न पुग्दै अब तत्क्षण ॥
देख्ता साह्रा कुरा यस्ता जान्ने शकुन-लक्षण ।
श्रीराम भन्दछन् आफ्ना भाइमा--प्रिय लक्ष्मण ॥
केही त्रास परे जस्तो देखिन्थे रघुनन्दन ।
भाइलाइ अँगाँलेका थिए, भन्थे यसो पुनः ॥
बाबु लक्ष्मण ! छाया र छ शीतल जहाँ जल ।
त्यहीं गइ बसौं हामी छ जहाँ उत्तम-स्थल ॥
त्यहाँ बस्ता पनी हामी सुप्रबन्ध गरौं यही ।
छुट्टा छुट्टै गरी राखौं बाँडेर कपि-सैन्य यी ॥
यस्तो गम्दा म देख्तोछु अब सम्पूर्ण लोकको ।
नाश गर्ने दिने त्रास आयो काल कराल यो ॥
ठूल्ठूला वीर मासिन्छन् भालू वानर राक्षस ।
न राम्रो पों हुने भो ए! यस्तै लक्षण देख्छु त ॥
धूलो बोकी भई डम्म चर्कै वायु बहन्छ यो ।
पृथिवी थर्र काँप्ती छन्, हुन थाल्यो अनर्थ पो ॥
डाँडाका चुचुरा सारा हल्लन्छन् हेर बाबु यी ! ।
भकाभक त्यसै ढल्छन् त्यहाँका रुख सम्म ती ॥
आकाश भर छन् डम्म काला बादलका दल ।
डर्लाग्दा मासु खाने ती राक्षसै ठीक छन् सब ॥
देख्तैमा डर लाग्दा छन् यी सबै क्रूक छन् अनि ।
आवाज पनि त्यस्तै छ यिनको त्यसमा पनि ॥
लौ हेर ! वर्षिनै लागे जलका विन्दु साथमा ।
मिसाइ रक्तका विन्दु ऊ ! टप्टप जहाँ-तहाँ ॥
रक्तचन्दन हुन् जस्ती भइन् सन्ध्या पनी यता ।
डर्लाग्दो यिनको रूप देखिइन्छ जतातता ।
१३

१४

सूर्य धप्धप बल्दा छन् यिनबाट निरन्तर ।
बलेका अग्निका झिल्का खस्तछन् तल सर्सर ॥
पशु-पक्षी पनी देख्यौ ! भए कस्ता निन्याउरा ।
कराएका र बासेका देखिन्छन् क्रूर शब्द बा ! ॥
श्रीसूर्य पङ्क्ति हेर्दैछन् रुन्छन सारा न राम्ररी ।
यी सबै वस्तुले गर्दा डर पार्छन् घरी घरी ॥
रातमा पनि यी चन्द्र छैनन् सुन्दर त्यतिका ।
झन् उल्टो ताप दिन्छन् यी चम्किलो कान्ति छैन बा! ।
यता किरण देखिन्छ रातो कालो थरी थरी ।
लोक नाशन उदाएझैं देखिन्छन् हेर ! चन्द्र यी ॥
बाबु लक्ष्मण ? देखिन्छ सफा निर्मल-कान्तिको ।
सूर्य मण्डलमा सम्म नीलो चिन्ह छ हेर त्यो ॥
कस्तो मण्डल लागेको सानो रुखो छ हेर त ! ।
छ रातो, अशुभै हो यो, टाटो देखिन्छ वस्तुतः ॥
धूलोको थुम्रिंदा थुम्रो ग्रह नक्षत्र यी सब ।
छैनन् ज्योति भए जस्ता उज्याला पनि वास्तव ॥
शुभ लक्ष्मणका बाबु ! यी सबै वस्तु वस्तुतः ।
गर्दछन् सूचना सारा लोक-संहारको स्वतः ॥
काक गिद्ध तथा बाज उड्दछन् ऊ ! तलैतल ।
झ्यात्त झ्यात्त पछारिन्छन्, देखिन्छन् छैन झैं बल ॥
श्यालिनीहरु यी बाबु ! निकै अशुभ-सूचक ।
बोली बोली रहेका छन् भित्र पार्छन् महान् भय ॥
अब लौ ! ठान्न थालें म कपि-राक्षस-आदिले ।
छोडेका उग्र शस्त्रास्त्र सब पार्छन् भुसुक्क ए ! ॥
नाना ढुङ्गा र मूढाले खड्ग-पट्टिश-शूलले ।
ढाकिन्छिन् पृथिवी, हुन्छिन् हिली रगत-मासुले ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

लौ जे होस् ! अब ए बाबु! हामी यो कपि-सैन्य ली ।
छिटा भइ गई हालौं सर्र लङ्कातिरै बढी ॥
सारा राक्षसको राजा स्वयं रावण बाट यी ।
पुरी रक्षित छन् तस्मात् छ गाह्रै संझ है यति ॥
लडाँईं जित्न जानेका राम यत्ति भने पछि ।
बाहुमा धनु बोकेर लङ्कातिर हिंडे अघि ॥

२९

३०

भाइ लक्ष्मण सुग्रीव विभीषणहरू पनि ।
रामको पछि गै हाले अनि ता जोशिला बनी ॥
शत्रु-राक्षस सम्पूर्ण लड्नै खोज्थे यता यिनी ।
खोज्थे माश्न उनीलाई हिंडे बा ! गर्जिंदै अनि ॥
बल-वीर्य थियो साह्रै यिनमा शक्ति भैकन ।
लड्न खोज्थे तयारै थे रामका प्रिय थे पुनः ॥

३२

भालू-वानरका त्यस्ता चाल चेष्टा गमी बुझी ।
खुस थे यिनमा साह्रै धर्मपालक राम यी ॥

३३

इति तेइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौबीसौं सर्ग

लङ्काको शोभावर्णन, सेनाको तयारी र श्रीरामको आज्ञाले शुकलाई छोड्दिनु, त्यसले रावणसँग सबै कुरा बखान्नु

१

राजा सुग्रीवले आफ्ना सैन्यको स्थिति-छाउनी ।
पारेर बहुतै राम्रो राखिएको थियो अनि ॥
राजा सुग्रीवले गर्दा शोभिन्थ्यो कपि-सैन्य त्यो ।
चन्द्रले झल्किदी तारा शरत्‌को पूर्णिमा न हो ! ॥
हो दोस्रो सिन्धु जस्तै पो देखिन्थ्यो कपि-सैन्य यो ।
पृथिवी यसले गर्दा दबिन्थ्यो अतिभार भो ॥
यस्तो कारण पर्दामा त्यसका वेगले गरी ।
काँपिन् डगमग भै पृथ्वी परेर डर थर्थरी ॥
उता लङ्का-पुरी भित्र थियो कोकोहलो अति ।
भेरी मृदङ्ग इत्यादि बाजाको शब्द थ्यो उति ॥
त्यसकै स्वरमा मिल्दा त्यो शब्द पनि वास्तव ।
दर्लाग्दो भै रहेको थ्यो सुने यी कपिले तव ॥
सिरिङ्ग रँउ पार्ने यो कोलाहल सुने पछि ।
हर्ष, उत्साह झन् जाग्यो कपिका वीरलाइ यी ॥
तस्मात् खप्न न सक्तामा सब वानर तत्क्षण ।
यता आफैं पनी लागे चर्केरै गर्न गर्जन ॥
भित्र राक्षस थे जत्ति उनले पनि शब्द यो ।
सुन थ्यो कपि-गर्जेको सुने बा ! उग्ररूपको ॥
आकाशभर भै डम्म मेघले भइ उद्धत ।
गर्जिए ठीक पो संझे भित्र चीसो पऱ्यो स्वतः ॥
लङ्कातिर गयो आँखा अब श्रीरामभद्रको ।
नाना ध्वजा-पताकाले जो सुशोभित थिन् अहो ! ॥
अनि भ्वास्स यसै बेला दुखेको मनले पनि ।
रामले जानकीलाई संझिए बा ! गमी गमी ॥
हरे ! यै दुःख हो ठूलो शोच्छन् राम मनैमन ।
कमलदूला नेत्रकी सीता यहीं छन् ! थुन्छ रावण ॥

१३

१४

मङ्गल-ग्रहले छोप्ता दुःखी भै छटपटाँउने ।
रोहिणी-ठीक ती सीता भइ होलिन् निकै रुने ॥
मनैमन गमी यत्ति रामले दुःखमा परी ।
छोडे सास निकै लामों सुइय्य! खुइय्य! गरी-गरी ॥
पछि बाट यसो हेरे भाइ लक्ष्मण तर्फ र ।
भने हित कुरा यस्ता समयोचित सुन्दर ॥
बाबु लक्ष्मण ! देख्यौ के ऊ ! लङ्कातिर हेर त ! ।
खिंच्छिन् आकाशमा रेखा जस्ती छन् ती यथार्थतः ॥
पहिले विश्वकर्माले मनको कल्पना सरी ।
यी लङ्कालाई सिर्जेछन् डाँडाको टाकुरा भरी ॥
नउ सात तलाका छन् घर राम्रा यहाँ निकै ।
विमानाकार देखिन्छन् सब यी अति उज्वलै ॥
भगवान् विष्णुका पाउ राख्ने ठाम हुँदो नभः ।
विमानले हुँदा पूर्ण मेघले झैं छ यो शुभ ॥
हुन् चैत्ररथ-उद्यान पुष्पपूर्ण मनोरम ।
भने जस्ती पुरी लङ्का देखिन्छिन् अतिशोभन ॥
नाना बर-बगैंचा छन् यिनमा तिनमा बसी ।
ताना चराचुरुङ्गी यी छोड्छन् भित्र भै खुशी ॥
अनेकथरका फूल-फल उब्जाउछन् रुख ।
यी सबै वस्तुले गर्दा छन् लङ्का बेस शोभित ॥
मस्तछन् तिनमा पक्षी गर्छन् च्याँइंचुँईं पनि ।
भँवराहरु छन् लीन पातमा फूलमा पनि ॥
हेर ! प्रत्येक हाँगामा बसी कोकिल मस्त भै ! ।
गर्छन् कुहू ! कुहू ! मीठा शब्दमा भइ मोहकै ॥
यी सबै वस्तुमा आफ्नो सुखदायी र शीतल ।
प्रभाव पार्छ यो वायु देखिन्छन् सब चञ्चल ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

महान् वीर दशरथ-राजाका पुत्र रामले ।
भाइ साथ भने यस्ता कुरा अत्यन्त-स्नेहले ॥
नीति-नियम जानेका हुनाले युद्ध शास्त्रको ।
पछाडि उनले बाँडे यसरी कपि-सैन्य त्यो ॥
रामले त्यस वेलामा कपिका सैन्यका पति ।
जो थिए, उनमा यस्तो वेस आज्ञा दिए पछि ॥
यो महान् कपि-सेनामा आफ्ना जति लिई बढी ।
नील साथ महावीर यी अङ्गद डटुन् अघि ।
बनाँउन् पुरुष-व्यूह हृदयस्थानमा गई ।
बसुन् ती दुइटै वीर चनाखा धैर्यवान् भई ॥
यता ऋषभ यी वीर घेरिई कपि-सैन्यले ।
सेनाको दाहिने पट्टि वसुन् भै स्थिर वीर्यले ॥
हुन् गजेन्द्र सरी तेजी वेगिला गन्धमादन ।
देब्रे पट्टि बसुन् डटतै गरून् सैन्य-सुरक्षण ॥
भाइ लक्ष्मण साथै ली चनाखो भइ हर्दम ।
यूव्हमा कपि-सेनाको शिरैमा गइ बस्छु म ।
जाम्बवान् वेगदर्शी र सर्वश्रेष्ठ सुषेण यी ।
भालूमा मुख्य हुन् तीन वेग-शक्ति हुने अति ॥
यसर्थ कपि-सेनाको राम्ररी कुक्षि-भागको ।
देखरेख पुऱ्याएर गरून् रक्षा गरी भलो ॥
वीर वानरका राजा धीर सुग्रीवज्यू यहाँ ।
बस्नु हुन्छ गरी रक्षा स्वयं जघनभागमा ॥
पछिल्लो भाग यो सारा लोकको आफ्नु तेजले ।
स्वयं वरुण-यौताले गरेझैं गर्नु हुन्छ ए ! ॥
यसरी भाग लागेको विशाल कपि-सैन्य त्यो ।
व्यूह बाँधी डटी हाल्यो सिन्धुको तटबीच त्यो ।
गर्दथे यसको रक्षा ठूल्ठूला वीर वानर ।
मेघले डम्म ढाकेको आकाशै ठीक भो स्थिर ॥
सब वानर आएका थिए लड्न भनीकन ।
ठूल्ठूला गिरिका वृक्ष ढुङ्गा-मूढा लिईकन ।
सारा लङ्का-पुरीलाई व्याकुलाले मिचीकन ।
धूलै बनाँउछौं भन्ने आँट गर्थे सबै पुनः ॥
कपिका फौजका स्वामी शोच्तथे भित्र-भित्र यै ।
यो लङ्का पार्दछौं स्वाहा वर्षाई गिरिका शिलै ॥

४३

४४

बस्तछन् यसमा भित्र जति जो दुष्ट-राक्षस ।
ती सबैलाइ मुक्कीले सक्तछौं गम्दथे सब ॥
भई सके पछी यत्ति महान् तेज हुने तथा ।
वीर श्रीराम भन्छन् ती सुग्रीव सँग यो कुरा ॥
मित्रज्यू ! अब हामीले यो हाम्रो कपि-सैन्यको ।
व्यवस्था राम्ररी बाध्यौं भै सक्यो व्यूह-वद्ध जो ॥
हामीलाई कुनै त्यस्तो डर छैन यहाँ अब ।
यसर्थ शुकलाई यो छोड्दिनोस् फर्कियोस् घर ॥
श्रीरामको शुभाज्ञा यो पाएमा उनले पनि ।
थुनेको शुकलाई त्यो तुरुन्तै छोड्दिए अनि ॥
रामाज्ञा बाट छुट्तामा ठोक्तामा कपिले सब ।
थिल्थिलो भै सकेको थ्यो दूत त्यो शुक राक्षस ॥
तस्मात् निकै डराएर सातो-पुत्लो उडे सरी ।
भएर त्यो पुग्यो लङ्का पऱ्यो रावणको अघि ॥
शुकलाइ नियाल्दामा यस्तो त्यस्तो प्रकारको ।
हाँस्यो राक्षसको राजा पछि बाट भन्यो यसो ॥
ओहो! गजबको भै छस् तेरा प्वाँख दुवै शुक! ।
कसरी बाँधिएँ बाबै ! लुछिए ठीक छन् सब ॥
चञ्चले चित्तका त्यस्ता ढेडुवाहरुको तँ ता ।
कि त फेला परिस् बाबै! भन् भन् के के भयो उता? ॥
सोद्धा राक्षस-राजाले त्यसमा भन्छ त्यो शुक ।
भई सातै गए जस्तो डराएर निकै तत्र ॥
महाराज ! यहाँ बाट शुभाज्ञाले हजूरको ।
उडें छिटै पुगी हालें उत्तरी-तट सिन्धुको ॥
प्रभुको शुभ - संदेश स्पष्टै मधुर शब्दमा ।
भनें मैले उनीलाई राम्ररी दिइ सान्त्वना ॥
समाथि दृष्टि पर्दामै झोक्किए सब वानर ।
अनि ता झ्याप्प पारे बा ! उफ्री मैलाइ भै स्थिर ॥
त्यत्तिकैमा महाराज ! ती ढेडूहरुले मिली ।
हाने मुक्का र घुस्साले, लुछे प्वाँख पनी पछि ॥
स्वभावैले रिसाहा छन् रूखा छन् सब वानर ।
नजाति चञ्चले जाति छ त्यस्तै राक्षसेश्वर ! ॥
उनी साथ कुरा गर्नँ पनि गाह्रो थियो अति ।
किन पिट्छौ ? भनी सोध्नु गाह्रै पर्थ्यो हुँदा त्यति ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

खर मार्ने महान् शत्रु त्यो कबन्ध-विराधको ।
राम, सुग्रीव ली आयो सीता खोज्दै यहाँ प्रभो ! ।।
पुल हाल्यो महाराज ! त्यसले क्षार-सिन्धुमा ।
सजिलैसित आयो त्यो यसरी यस वारमा ।।
हामी राक्षस सम्पूर्णलाई गन्दैन त्यो कति ।
धनु हात लिएको छ, डटेको छ त्यहाँ बसी ।।
भालू र कपिका सेना छ विशाल विचित्रको ।
मेघ वा गिरिकै जस्तो छ देह उनको प्रभो ! ।।
उनका फौजले त्यस्तो छ असंख्य अजेय जो ।
यताको पृथिवी सारा ढाकेको छ विचित्र भो ।।
देव-दानवको सन्धि कुरा मेल-मिलापको ।
जस्तो कसै गरे हुन्न, त्यहीठीक छ है प्रभो ! ।।
हामी राक्षसको सैन्य तथा वानर-राजको ।
सैन्यका साथमा त्यस्तै कुरै छैन मिलापको ।
घेरो लङ्कापुरीको यो नाघेर जब सम्म ती ।
कसिई भित्र पस्तैनन् लौ गरौं त्यसको अघि ।।
दुइटा काम,- यौटा हो छिटै सुम्पनु जानकी ।
हो अर्को युद्धमा डट्नु परेर तिनको अघि ।।
कुरा त्यो शुकका यस्ता सुन्दैमा अब रावण ।
न राम्ररी रिसायो बा ! आँखा राता भए पुनः ।।
आँखा गाडेर त्यल्लाई डढाउँछ भने सरी ।
गरेर हेर्न पो लाग्यो पछि यस्तो भन्यों चढी ।।
सुन् ए ! म संग आएर देव गन्धर्व दानव ।
लड्छन् भने पनी लड्छु म तयार भई अब ।।
मलाई डर देखाओस्, लागोस् संसार यो सबै ।
तर दिन्न म ता सुन् ए ! सीतालाइ लगी त्यसै ।।

७३

७४

वसन्त-ऋतुमा जस्तो मत्त-भ्रमरका गण ।
फुलेका पुष्पमा पस्छन् जसरी सुत्त भुम्मिन ।।
त्यही ठीक त्यही जस्तो मेरा वाण पनी अब ।
रामेमा रघुवंशी त्यो पुग्नेछन् सक्न वास्तव ।।
सुन् ए ! म कहिले फेरि वलेका आफ्नु वाणले ।
त्यो रामेलाइ पारौंला रगताम्य स्वशक्तिले ? ।।
जङ्गली गजलाई क्वै अघुल्टा लिइ हातमा ।
जनले कायलै पार्छन् पारुँला ठीक त्यै वहाँ ।।
जस्तो उदाँउना साथ ग्रह-नक्षत्र-चन्द्रको ।
खिच्छन् ज्योति भए जत्ति सूर्य यी भइ तेजिलो ।।
म पनी भइ त्यै ठीक त्यसका कपि-सैन्यको ।
शक्ति स्वात्तै बुझिस्! खिच्छु सैन्यद्वारा विशाल यो ।।
महासागरकै ठीक वेग मेरो छ वस्तुतः ।
हुरी र आँधिकै जस्तो छ मेरो गति यो स्वतः ।।
त्यो रामे कत्ति जान्दैन मेरो त्यो शक्ति, यो गति ।
यसैले फूर्ति गर्दोछ लड्न खोज्छ गरी त्यति ।।
ठोक्राभर सुतेका छन् मेरा बाण विचित्रका ।
ओकल्ने विषको मुस्लो डर्लाग्दा सर्प ठीकका ।।
के बुझिस् ? त्यस रामेले कहिल्यै रण-भूमिमा ।
देखेको छैन तिन्लाई लड्न खोज्छ अनी यहाँ ।।
युद्धमा पहिले त्यल्ले मेरो बल-पराक्रम ।
जानेकै छैन कस्तो छ ? अनि त्यो टेर्दथ्यो किन ? ।।
यौटा सुन्दर वीणा हो यो मेरो धनु वास्तव ।
हालेमा बाणको नख्खी त्यो बज्छ भइ मोहक ।।
प्रत्यञ्चाबाट जो उठ्छ टङ्कार-ध्वनि उत्तम ।
त्यसको स्वर-डर्लाग्दो त्यही हो छ मनोरम ।।

८६

८६

अय्या ! आत्थु ! मरें बाबा ! भन्ने यो स्वर आर्त नै ।
त्यसमा गाइने गाना मानिन्छ, अब गुन् ! तँ नै ।।
उग्र ती बाण छोड्दामा शब्द निस्कन्छ टङ्ग जो ।
त्यही नै त्यस गानामा दिइने बेस ताल हो ।।
बग्दो बढ्दो नदी जस्तो छ सेना शत्रुको जुन ।
रङ्गभूमि महान् हो त्यै संगीतोत्सवको पुनः ।।

६१

CC-0. In Public Domain. Digitization by eGangotri

६२

त्यै रणस्थलको रङ्गभूमिमा भित्र पस्छु म ।
के बुझिस्? अनि यै वीणा बजाँउछु मजैसँग ॥
गाह्रै छ है जित्न मलाइ इन्द्रले कुवेरले वा यमराज सम्मले ।
बाणाग्निले पार्न भुसुक युद्धमा सक्लान् कसोरी ? अव भन् त नै ममा ? ॥

६३

इति चौबीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पच्चिसौं सर्ग

राक्षसराज रावणले मन्त्री शुक--सारण दुवैलाई कपि-सैन्यको चालमाल बुझ्न पठाँउनु र बिभीषणले पक्रडाँउनु एवं श्रीरामले संदेश दिएर फर्काउनु

१

वीर त्यस्ता दशरथ राजाका पुत्र राघव ।
सिन्धुं पार पुगेकाथे कपि-सैन्य लिई जव ॥
यता ठिक्क त्यसै वेला श्रीमान् राक्षस रावण ।
आफ्ना मन्त्रीकनै भन्छ जुन थे शुक, सारण ॥
अत्यन्त कठिनै पो थ्यो त्यत्रो सागर तर्नु ता ।
तन्यो त ? वानरी-सेना पार आइ सक्यो यता ? ॥
के त त्यो नर-रामेले लिई वानर सिन्धुमा ।
पुल हाल्यो ? यतै आयो ? भों आश्चर्य यही यहाँ ॥
अरुका मुखले सुन्दा पनि यस्ता कुरा म ता ।
पत्याँउन्न अझै कत्ति सिन्धुमा पुल बाँध्नु ता ॥
लौ!जो होस् !कपिको सैन्य छ कस्तो?कति छन् सव ।
यसको ज्ञान ता राम्रै मलाइ हुनु पर्दछ ॥
सुन ए! अव भै चंख तिमीहरु गई छिटो ।
पस वानर-सेनामा भई न चिनिने बडो ॥
लगाओ राम्ररी पत्तो छ संख्या कपिको कति ।
जान यो पनि कस्तो छ उनको ह्याउ वा हुति ? ॥
तिनमा कति को को छन् मुख्य मुख्य महान् कपि ?।
राम सुग्रीवका मन्त्री को को हुन् श्रेष्ठ छन् कति? ॥
सारा वानर-सेनाको अगाडि कति छन् कपि ।
कस्ता छन् ती ? उनीमा छ शौर्य, वीर्य पनी कति ?॥
दिलका देहका ठूला कपिका सैन्यको तक ।
छाउनी छ कहाँ ? कस्तो बास-गाँस छ यै बुझ ! ॥
कसरी उनले त्यत्रो महासागरमा पनि ।
सजिलैसित हालेछन् पुल उत्साहवान् बनी ? ॥
अब के गर्न चाहन्छन् राम-लक्ष्मण ती दुवै ।
हुति-ह्याउ छ के कस्तो तिनको ? बुझ यो सवै ॥
१३

१४
शस्त्रास्त्र उनका कत्ति क-कस्ता छन् सवै कुरा ।
बुझ राम्रो गरी जाओ ! फर्की आओ छिटै यता ॥
सुन ! अर्को कुरा बुझ्नु उनका सैन्यका पति ।
कोको छन्! मुख्य हुन् को को,को कस्ता छन् र छन् कति?॥
आज्ञा पाए पछी यस्तो स्वामी-राक्षसराजको ।
वीर राक्षस ती दौडे शिर थामी झुकी बडो ॥
वहाँ जाने भए पक्का ती दुवै शुक-सारण ।
गरे बा ! उनले तस्मात् कपिकै रूप धारण ॥
अनि ता गै मिले सुत्त वहाँका कपि सैन्यमा ।
कत्ति कस्तो थियो संख्या ? बुझ्न लागे सवै वहाँ ॥
एक एक गरी गन्ने कुरा ता हो कता कता ? ।
अन्दाज लाँउनै सम्म पनि गाह्रै थियो यता ॥
विशाल कपिको त्यस्तो देख्तैमा सैन्य अद्भुत ।
सिरिङ्ग रउँ भै हाल्यो पर्थ्यो टोलाँउनै स्वजः ॥
विशाल वानरी-सेना बसेको थ्यो जतातता ।
डाँडाभर थियो व्याप्त पार्दथ्यो टम्म टाकुरा ॥
वनोपवनमा एवं गुफामा झरनानिर ।
समुद्र-तटमा त्यस्तै थियो व्याप्त सवैतिर ॥
अझै त्यो सिन्धु तर्दैथ्यो अंश क्वै कपि-सैन्यको ।
निकै तरिसकेको थ्यो कुनै ता तर्न ठिक्क थ्यो ॥
त्यो महान् वानरी-सेना गर्थ्यो कोकोहलो यत्ता ।
देख्तैमा डर लाग्दोथ्यो भै विशाल स्वरूप बा ! ॥
छाउनी हाल्न लाग्दैथ्यो बस्नको निम्ति अंश क्वै ।
कहीं हालि सकेकोथ्यो हेर्थ्यो सुन्दर ठाम क्वै ॥
देखे राक्षस यी दोटै शुक-सारणले अव ।
समुद्रै ठीक अक्षोभ्य देखिन्थ्यो सैन्य त्यो सव ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
यसै वेला दुवैलाई जुन थे कपिरूपका ।
ती विभीषणले देखे चिने ठ्याक्कै वहाँ तदा ॥
गइ स्याप्प समातेर घिसार्दै ल्याइ अन्तमा ।
रामको पाउमा झुक्तै विन्ती गर्छन् स्वयं वहाँ ॥
प्रभो ! राम ! दुवै मन्त्री हुन् यी राक्षसराजका ।
शुक, सारण हो नाम चर हुन् कपिरूपका ॥
लंका बाट यहाँ आए हाम्रो हाल तथा स्थिति ।
के कस्तो छ? सवै बुझ्न, आज्ञा होस् के गरौं? यति ॥
श्रीरामलाइ देख्तामा शुक सारण ता यता ।
सान्है छर्पटिए भित्र काँपे बा ! दुष्टता हुँदा ॥
जोरियो अँजुली ह्याप्पै यी दुवैको हुँदा यति ।
विन्ती पो गर्न लागे यी राम साथ निकै झुकी ॥
राम्रो स्वभावका राम ! दुवै हामीहरूकन ।
सत्य हो ! हुन् पठाएका स्वामी-रावणले पुनः ॥
यहाँको सैन्य कस्तो छ बल, वर्गत कत्ति छ ? ।
हौं सवै बुझ्न आएका दुवै हामी यथार्थतः ॥
दुवैका यी कुरा सुन्दा सवै माथि दयालु ती ।
श्रीराम मुस्कुराए बा ! पछि बाट भने यति ॥
वेसै भएछ ! देख्यौ त हाम्रा सैन्यहरू सव ? ।
हाम्रो शक्ति छ के कस्तो, बुझ्यौ त सव वास्तव ? ॥
आफ्ना मालिकको आज्ञा ठीकको कामका कुरा ।
सारा गरि सक्यौ के त ? भो विचार सवै पुरा ? ॥
स्वार्थ-सिद्धि हुने काम सकिएका भए सव ।
आफ्नै इच्छा सरी फर्क खुश-सानन्द भै अव ॥
अझै काम कुरो बाँकी छ त्यस्तो क्यै भने गर ! ।
देखाँउछन् तिमीलाई गै विभीषण सर्सर ॥
यसरी पक्डियौं हाम्री भन्ने पीर तिमी दुवै ।
न मान ! यस वारेमा न लेउ डर सम्म क्यै ॥
शस्त्र-हीन अवस्थामा पक्डेका शत्रुलाइ क्वै ।
मार्दैनन् वीर यै संझ हुँदा दूत तिमी दुवै ॥
उनीलाइ भनी यत्ति ती विभीषणमा अव ।
भन्छन् श्रीराम तत्काल कुरा शोची-बुझी सव ॥
विभीषण ! सुन्यौ ! हुन् यी दुवै राक्षस-राजका ।
चर, वानरको रूप लिएका कूटनीतिका ॥
४३

४४
भेद हाम्रो सवै बुझ्न आएका कपि-सैन्यमा ।
फूट पार्ने न राम्रों यै बुद्धिका, पक्डिए यहाँ ॥
राक्षसश्रेष्ठ ! लौ भैगो ! यिनकै भेद खुल्न गो ।
तस्मात् फर्केर जाँउन् यी बुझ्यौ ! छोड्देउ भो पुग्यो ॥
भन्दछन् अव श्रीराम शुक-सारणलाइ ती ।
सुन ए ! लौ तिमी जाओ लंकामा खुश भै अति ॥
वहाँ पुगे पछी भन्नु तिम्रा राक्षस-राजमा ।
जो हुन् कुवेरका भाई मेरो सन्देश यो तहाँ ॥
ए रावण ! तिमीले जो बलको भरमा सुन ! ।
हर्‍यौ मेरी प्रिया सीता धर्मपत्नी उनीकन ॥
अव त्यो बल वा शक्ति तिम्रो जस्तो छ त्यो सव ।
लौ देखाउ ममा आई साथ ली सैन्य-वान्धव ॥
भोलिको झिस्मिसेमा नै मेरो शक्ति तथा वल ।
राक्षसेश्वर ! देखौला छ कस्तो अघि झल्झल ? ॥
गिर्दा पर्खाल लकाको मूल-ढोका र कोट त्यो ।
पार्छु राक्षस-सेनाकै साथैमा म भुसुक्क पो ॥
दैत्य-दानवको जस्तो वज्रले सुन ! इन्द्रले ।
गरेथे स्वात्त संहार गर्छु त्यै ठीक वाणले ॥
म आफ्नो क्रोध यो छोड्छु तिमीमा सैन्य साथका ।
यो सारा घटना घट्छ पक्कै भोलि विहानमा ॥
बोके संदेशका यस्ता कुरा श्री रामका तव ।
भित्र दङ्ग परे दोटै शुक सारण राक्षस ॥
निकै शिर झुकाएर धर्मवत्सल राममा ।
गरें दर्शन दोटैले जय होस् ! प्रभुको भनी ॥
सरासर त्यहाँबाट लङ्का आइ पुगे यिनी ।
गै रावण भए ठाम विन्ती गर्छन् यसो अनि ॥
महाराज ! अनर्थै भो त्यो विभीषणले प्रभो! ।
देख्ना साथ चिन्यो, पक्डयो, मार्ने सुर लियो अहो! ॥
रहेछ तर धर्मात्मा त्यो रामै तेजिलो अति ।
त्यसैले रोक्दियो राजन् ! बाँच्यौ बा!छोड्दियो पछि ॥
महान बीर दशरथ राजाका पुत्र राम र ।
त्यो लक्ष्मण र सुग्रीव यो विभीषण सुन्दर ॥
चारोटै व्यक्ति यी राजन् ! रहेछन् बा ! विचित्रका ।
तेजिला र महान् शूरा अस्त्र-शस्त्रज्ञ फूर्तिला ॥
६०

६१
एउटै ठाममा बस्ता रहेछन् चार व्यक्ति यी ।
हुन् चार लोकपालझैं देखिन्छन् नरवीर ती ॥
राक्षसेश्वर ! हामीले ठमायौं भित्र यै कुरा ।
लङ्का धूलो-पिठो पार्न सक्छन् भन्ने पनी पुरा ॥
मूलढोका तथा किल्ला अग्लो पर्खाल साथकी ।
यो लङ्का मास्न सक्छन् ती चाहिन्नन् अरु क्वै कपि ॥
६३

६४
योटै छ गतिलो वीर चारोटा यिनमा पनि ।
त्यसको नाम हो राम छ त्यही बलवान् पनि ॥
त्यसको रूप जस्तै छ शस्त्रास्त्र पनि सुन्दर ।
मास्न सक्छ त्यही लङ्का चाँहिन्नन् अरु तीन ती ॥
वीर सुग्रीवले एवं राम-लक्ष्मणले तथा ।
सुरक्षित भएको छ कपिको सैन्य त्यो सदा ॥
६६

६७
यस हालतमा सारा देव-दानव-दैत्यले ।
जित्न गाह्रै छ त्यल्लाई लडे ता पनि ऐक्यले ॥
भालू तथा वानर देहका दरा छन् लड्न नै उत्सुक उग्र छन् कडा ।
उनीहरूको छ विशाल-सैन्य त्यो प्रसन्न गम्भीर पराक्रमी बडो ॥
तस्मात् महाराज ! उनीहरूसँग गई गरौं सन्धि छिटै मजासँग ।
हुनेछ हाम्रो यसले भलो अति त्यो रामलाई दिउँ जानकी लगी ॥
६९

इति पच्चिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छब्बिसौं सर्ग

राक्षसराज रावणले एक एक गरेर वानर–सैन्यपतिहरूलाई हेर्नु

१

जोशका होशका साँचा शुक—सारणका कुरा ।
सुन्यो रावण—राजाले उनै साथ भन्यो तदा ॥
सुन ए ! के कुरा गर्छौं ? देव गन्धर्व दानव ।
भइ एक मिली आँउन् लड्नको निम्ति वास्तव ॥
अथवा सब यी लोक देखाँउन्न ममा डर ।
अँहँ ! दिन्न म ता सीता त्यो रामेलाइ दुच्छर ॥
सुन् ए सारण! बेसै थिस् , राम्रै थिस् तँ, परन्तु हा ! ।
परिस् वानरको फेला अनि सातो गएछ बा ! ॥
यसैले त त्यसो भन्छस् थर्र काँपेर भीत भै ।
लगी सुम्पि दिऔं सीता भलो हुन्छ गरे त्यसै ॥
लौ भन् ए ! कुन त्यो मेरो छ वैरी? निस्कला कुन ? ।
म साथ रणमा आई लड्ला अघि परी जुन ॥
सारा राक्षसको राजा त्यस रावणले स्वतः ।
कडै वाक्य भनी यत्ति हकार्‍यो त्यसलाइ त ॥
अनि त्यो वानरी—सेना हेर्न करतो छ ए ! भनी ।
अटाली माथि उक्ल्यो बा ! पछि लागे दुवै उनी ॥
निकै नै तालका वृक्ष जोर्दा अग्लो भए सरी ।
त्यसको त्यो अटाली थ्यो राम्रो सेतो हिंवै सरी ॥
रातो-तातो भएको थ्यो क्रोधले तब रावण ।
त्यहाँबाट यसो हेर्‍यो साथ ली शुक–सारण ॥
वन-पर्वतकै साथ समुद्रतिर दृष्टि गो ।
सारा पृथ्वी भए जत्ति देख्यो वानरमात्र पो ॥
विशाल-कपिको यत्रो अपार र असह्यको ।
सैन्य देखे पछी त्यल्ले सोध्यो सारण साथ यो ॥
भन् ए सारण ! यी सारा कपिका फौजमा कति ।
छन् मुख्य मुख्य को को हुन्, शूरा छन् बलवान् कति ?॥

१३

१४

महान वानर छन् को को ? उत्साह लिइ लड्नमा ।
अघि आइ रहेकाछन् सैन्यनायक भै त्यहाँ ?॥
त्यो सुग्रीव कुरा सुन्छ विशेष कसको ल भन् ! ।
स्वामी छन् सैन्य-स्वामीका पनि को को विशेष?गन्॥
सोधेका यी कुरा सारा भन् ममा अब सारण ! ।
प्रभाव कपिको कस्तो कसको छ बखान् पुनः ?॥
सोधाइका कुरा यस्ता सुनी राक्षसराजका ।
गर्‍यो सारणले विन्ती नाम ली मुख्य-मुख्यका ॥
महाराज ! उ ! त्यो चाँहि जो लंकैपट्टि हेर्दछ ।
गर्जन्छ फेरि जो चर्कै कपि हो नीलनामक ॥
कपिका सैन्यका स्वामी बलीया एक लाख छन् ।
त्यसका साथमा राजन् ! सब यी शूर-वीर छन् ॥
त्यसकै गर्जनाले यो लङ्काका वन-कानन ।
पृथ्वी कोट र पर्खाल थर्किन्छन् घन्न भैकन ॥
कपिका फौजका स्वामीहरूमा एक हो त्यही ।
कपिका सैन्यमा वीर मानिइन्छ महान् यही ॥
सारा वानरका राजा धीर-सुग्रीवको प्रभो ! ।
कपिका सैन्यमा आफैं स्वामी भै अघि बढ्छ यो ॥
ऊ ! त्यो पराक्रमी ठूलो वीर वानर चाँहि त ।
कपिका युवराजा हुन् बालीका पुत्र अङ्गद ॥
अभिषेक दिएका हुन् राजा-सुग्रीवले प्रभो ! ।
यिनैलाइ हुँदा प्यारो भतिजो वीर्यपूर्णको ॥
दुवै हात उठाएर शौर्य-मुद्रा गरी भली ।
दुइटै पाउले टेकी हिंड्दछन् रिसले जली ॥
यतै छ उनको दृष्टि आफ्नो जोडी न पाँउदा ।
देखिन्छन् अल्छि लागेझैं, लडन उत्सुक छन् सदा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

(१२२७)

२७
डाँडाको टाकुरै जस्तो अग्लो मोटो तथा दरो ।
जिनको देह देखिन्छ हेरि बक्स्योस् स्वयं प्रभो ! ॥
पद्मको केसरै जस्तो देखिन्छ त्यसमा पनि ।
टल्कन्छ सुन टल्केभैं निकै नै कान्तिमान् बनी ॥
रिसले चूर भै फेरि हेरि बक्स्योस् न जो पुनः ।
आफ्नो पुच्छर पृथ्वीमा बजार्दोछ दनादन ॥
यै पुच्छर बजार्दाको शब्द व्याप्त भईकन ।
दिशा र विदिशा सारा गुञ्जन्छन् भै मनोरम ॥
यिनै अङ्गद हुन् वीर तेजिला वानरेश्वर ।
स्वयं सुग्रीवको राजन् ! स्नेहपात्र निरन्तर ॥
पदमा युवराजाको उनैले अभिषेक दी ।
सारा वानर मध्येमा पारिए अतिधन्य यी ॥
हेरि बक्स्योस् महाराज ! प्रभुका साथ लड्न यी ।
दिंदैछन् हाँक तम्सेर बल वीर्य छ है अति ॥
यिनै हुन् पुत्र वालीका बली छन् बाबु--जत्तिकै ।
फेरि छन् यी महाराज ! प्रिय सुग्रीवका सँधै ॥
झिकेभैं इन्द्रको निम्ति साक्षात् वरुणले बल ।
यी पनी रामको निम्ति लड्छन् राम्रै झिकी बल ॥
हनुमान्ले यहाँ आई जो भेटे जानकीकन ।
यिनकै बुद्धि हो सारा त्यसमा पनि कारण ॥
महान् पराक्रमी छन् है यिनै अङ्गद वास्तव ।
कपिका फौजका स्वामी यिनका साथ छन् सब ॥
लिएर यी सबैलाई आफ्ना सैन्य सँगै पुनः ।
यतै आइ रहेकाछन् सकी हाल्न हजूरकन ॥
त्यो युद्धभूमिमा राजन् ! तिनै अङ्गदको पछि ।
जो वीर उभिएका छन् सेना लिइ विशाल ती ॥
नल हो तिनको नाम सिन्धुमा पुल हाल्नमा ।
तिनै कारण मुख्य उग्र छन् बल– वीर्यमा ॥
यो सारा कपिको सैन्य छ ज्यादै दृढ अङ्गको ।
गर्जन्छ जो मजे साथ सिंहनाद गरेर पो ॥
छरिएर टहल्दोछ हाई ! गर्छ निरन्तर ।
शौर्य वीर्य छ डर्लाग्दो यसको अति दुर्धर ॥
राक्षसेश्वर ! संख्या छ उग्र यो कपि सैन्यको ।
वेदको त्यसरी आठ लाखको दश अर्वको ॥
४३

४४
यी तिनै नलका साथ त्यो चन्दनवनै भरी ।
बस्ने वानरका वीर साथ हुन्छन् सँधै भरी ॥
यिनै नल महाराज ! यी सबै सैन्य लीकन ।
लङ्कामा आइ लाग्दाछन् धूलो पीठो बनाउन ॥
ऊ ! ती चाँदी सरी सेता रङ्गका अतिचञ्चल ।
देखिन्छन् कपि जो राजन् ! हुन् तिनै श्वेत नामक ॥
बुद्धिमान् छन् यिनी ज्यादै ख्यात छन् तीन लोकमा ।
यिनको वीर्य डर्लाग्दो देखिन्छ रणभूमिमा ॥
आउँदैछन् यिनी कुदै ऊ ! सुग्रीव भएतिर ।
फर्केर थेरि पार्दाछन् कपिसैन्य बराबर ॥
सैन्य भाग लगाएर राखेर यिनले प्रभो ! ।
सैन्यका कपिमा सारा भर्छन् उत्साह मन् अहो ! ॥
हेरि बक्स्योस् महाराज ! ऊ ! तिनी चाँहि वास्तव ।
कपिमा वीर हुन् ठूला साक्षात् कुमुद नामक ॥
नदी छन् गोमती राम्री उनैको तटमा प्रभो ! ।
संरोचन हुने नाम छ यौटा गिरि योग्यको ॥
त्यतैनिर यिनी घुम्छन् सारा वानर-फौजको ।
गर्छन् शासन यी वीर जान्दछन् धर्मनीति जो ॥
हेरि बक्स्योस् उता फेरि लाखौं वानर-सैनिक ।
आफ्ना पछि लगाएर हिंड्दछन् जो मजैसित ॥
लामो पुच्छरमा राजन् ! जसको रउँ घेर छ ।
सेतो रातो पहेंलो र बदामी रङ्गको स्वतः ॥
देख्तैमा जो छ डर्लाग्दो छरिएको सबैतिर ।
फूर्तिलो जोशिलो जो छ लड्न खोज्ने निरन्तर ॥
वीर त्यो कपिको नाम चण्ड हो राक्षसेश्वर ! ।
यो पनी सैन्य ली आफ्ना लङ्कै पो मास्न खोज्दछ ॥
महाराज ! ऊ ! त्यो चाँहि कपि हो रम्भनामको ।
वीर-वानरका सैन्य जसका साथ छन् अहो ! ॥
पराक्रम छ सिंहैका ठीकको यसको पनि ।
कैलो छ वर्ण घाँटीमा झुप्पा छन् रउँका पनि ॥
त्यो पनी मास्छु लङ्कामै भने जस्तो गरीकन ।
यतै ताक्तो छ है स्वामिन् ! यूथ-स्वामी हुँदा पुनः ॥
यो प्राय पहिले बस्थ्यो कृष्ण-विन्ध्य-सुदर्शन ।
सह्यादि-गिरिमा राजन् ! भई वीर अनुत्तम ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

युद्धार्थ जव जो हिंड्छ यसका साथमा तव ।
करोड एक, तीसोटा हींड्छन् वानर-सैनिक ॥
रूपका अति डर्लाग्दा महान् उग्र पराक्रमी ।
छानिएका संगै हिंड्छन् कपि ती क्रोधिला बनी ॥
बलैले सव यी राजन् ! लङ्का मास्ने झिकी सुर ।
घेरी रम्भ लिई सांथ आँउदैछन् यतैतिर ॥
हेरि बक्स्योस् उता अर्को कान फैलाँउने दुवै ।
त्यहाँ जो कपि देखिन्छ हाई ! गर्ने निरन्तरै ॥
युद्धमा होम्मिने आफैं न ताक्ने मुख सैन्यको ।
वीर्यले शौर्यले गर्दा न मान्ने डर मृत्युको ॥
काँप्दोछ रिसले कस्तो तेर्सो नजर फेंक्तछ ।
आफ्नो पुच्छर फट्कारी जो त्यतैतिर हेर्दछ ॥
अत्यन्त बलवान् यै छ गर्जन्छ कसरी अहो ! ।
त्यस्को शरभ हो नाम वीर वानर नै छ यो ॥
यसको वेग वेगै छ, डर मान्दैन यो कति ।
साल्वेय-गिरिमा नित्य यो बस्थ्यो यसको अधि ॥
यसका साथका सारा कपिका यूथका पति ।
विहारनामले राजन् ! ख्यात छन् वीर छन्, अति ॥
अत्यन्त बलवान् छन् ती संख्या छ यिनको सव ।
एक लाख र चालीस हजारौंको अजेय छ ॥
महाराज ! उता फेरि कपि जो छ विशाल त्यों ।
आकाशलाई घेरेको मेघ जस्तो अजङ्गको ॥
देवताहरुका बीच शोभिएका सुरेन्द्रझैं ।
देखिन्छ फेरि जो राजन् ! कपिकाबीच घेरिंदै ॥
लंड्न इच्छा हुने त्यस्ता कपिका बीचमा हुँदा ।
सुनिन्छ गर्जना चर्को जसको नित्य शोभिंदा ॥
एकैपल्ट शयौं भेरी बज्दामा घन्किए सरि ।
यसको गर्जना स्वामिन् ! सुनिन्छ जगतै भरी ॥

७४

७५

युद्धमा जसको वेग खप्न मुस्किल पर्दछ ।
हुन् ती पनस नामैका प्रसिद्ध कपि-यूथप ॥
पारियात्र हुने नाम गिरिमा जुन श्रेष्ठ छ ।
बस्छन् विशेष यी वीर गतिलो बल-वीर्य छ ॥
कपिका यूथका स्वामी जो जो छन् वीर लायक ।
तिनमध्ये यिनै राजन् ! मानिन्छन् श्रेष्ठ लायक ॥
गर्दछन् यिनको सेवा पचासौं लाख यूथप ।
जसका यूथ छन् वेग्ला-वेग्लै उग्र सुदुःसह ॥
उम्लिने उफ्रिने कुद्ने बस्ने, सिन्धुतटै भरी ।
डर्लाग्दो कपि-सेनामा मूर्तिमान् वीर हुन् सरि ॥
सुशोभित भएको त्यो हो झैं दर्दुर-पर्वत ।
विशाल-देहको त्यस्तो कपि देखिन्छ जो स्वतः ॥
हो त्यो चाँहि महाराज ! कपिका यूथको पति ।
हुने विनत यों नाम कपि तीखो लिने मति ॥
नदीमा श्रेष्ठ हुन वेणा, पिएर तिनकै जल ।
घुम्छ यो कपि डर्लाग्दो लिई रूप त्यतैतिर ॥
यसका साथका राजन् ! छन् साठी लाख सैनिक ।
वीर वानरका त्यस्ता पतिमा यै छ लायक ॥
हेरि बक्स्योंस् यतापट्टि युद्धमा जुध्न आँउन ।
प्रभुलाई दिने हाँक त्यो हों वानर उत्तम ॥
त्यसको नाम हो स्वामिन् ! शब्दकै ठीक अर्थको ।
पनि क्रोधन छन् साथ यूथका पति घेर पो ॥
बल-विक्रमशाली छन् श्रेष्ठ लायक वीर ती ।
तिनका साथ छन् फेरि त्यस्तै त्यस्ता सवै कपि ॥
यता नजर होस् राजन् ! त्यो आफ्नो गेरु-रङ्गको ।
शरीरलाई पोस्ने र देखिने अतियोग्यको ॥
शूर वीर र तेजस्वी साक्षात् गवय नामको ।
कपि हो, हेप्छ जो सारालाई वीर्य हुँदा वडो ॥

८८

८६

गर्दछन् यसको सेवा सत्तरी लाख वानर ।
हेरि बक्स्योस् यतै आयो झोक्किएर निरन्तर ॥
यो आफ्नो कपि-सेनाले हाम्री लङ्कापुरीकन ।
पार्न खोज्छ त्यसै धूलो-पीठो राक्षस-नन्दन ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

भनेको र चिताएको रूप धर्न पनी सब ।
सक्तछन् कपि यी राजन्! एक-से एक छन् सब ॥
यिनको वेग खप्नामा निकै मुस्किल पर्दछ ।
राम्ररी आँक्न वा गन्न पनि मुस्किल पर्दछ ॥
कपिका यूथका स्वामीहरूका पनि यूथका ।
पतिका यूथ छन् वेग्ला-वेग्लै लाखौं प्रभो! तथा ॥

६२

इति छब्बिसौं सर्ग

सताइसौं सर्ग

मन्त्री—सारणले राक्षसराज रावणलाई मुख्य-मुख्य वानर—यूथपतिको परिचय गराँउनु

१

कपिको सैन्य यो राजन्! प्रभुले हेरि बक्सिदा ।
म यूथ-पतिको सारा टक्र्याँउछु चिनाउ ता ॥
सारा वानर यी स्वामिन्! रामकै हित खातिर ।
गर्छन् उद्योग लड्नामै, होम्दछन् प्राण छन् स्थिर ॥
महाराज! ऊ! त्यै नै हो हर नामक वानर ।
देखिन्छ जसको लामो डर्लाग्दो दृढ पुच्छर ॥
राता कैला पहेंला र सेता चिल्ला र रङ्गिन ।
छन साढे तीन हातैका बाक्ला रँउ जहाँ पुनः ॥
जिङ्ग्रिङ्ग भइ उठ्तामा छरिंदामा यताउति ।
सूर्यका किरणै जस्ता टल्किंदैछन् प्रभो! अति ॥
वीर वानर त्यो हिंड्दा पृथ्वीभर लतारिंदा ।
रँउ ती शोभिएका छन् हेरि बक्स्योस्! अझै त्यता ॥
पछाडि कपि-राजाका प्रिय सेवकरूपका ।
हजारौं र शयौं वीर छन् यूथपति सर्वथा ॥
ठूल्ठूला हातमा आफ्नो उखेली वृक्ष वास्तव ।
लङ्कामा हमलै गर्न आँउदैछन् यतै अब ॥
यतातिर निकै नीला महामेघ समानका ।
काला गाजल हुन् जस्ता भालू छन् जति जो खडा ॥
यी सबै युद्धमा स्वामिन्! आफ्नो सत्य पराक्रम ।
प्रकटै गर्न चाहन्छन्, छन् चर्का वीर यी पुनः ॥
बालुवाको कणा गन्ने कसरी सिन्धु-पारको? ।
त्यै ठीक गन्न गाह्रै छ असंख्य छ विशाल त्यो ॥
बस्तछन् सब यी भालू नाना देश-प्रदेशमा ।
नदी-नाला र डाँडामा वन-पर्वत आदिमा ॥
हेरि बक्स्योस् महाराज! यी डर्लाग्दा स्वभावका ।
सारा भालूहरू आए झम्टिदै प्रभुलाइ ता ॥

१३

१४

राजा सम्पूर्ण भालूका धूम्र नामक हुन् तिनै ।
भालूका बीचमा बस्ता शोभिने भइ उत्तमै ॥
कसैले भत्राट्ट हेर्दामा डर्लाग्दा छन् स्वयं यता ।
छन् आँखै पनि डर्लाग्दा ठूल्ठूला उग्ररूपका ॥
कालो वादलले घेर्दा शोभिएझैं सुरेश्वर ।
यी पनि शोभिएकाछन् भालूबाट निरन्तर ॥
हुन् यूथपति यी बस्छन् ऋक्षवान् गिरिमा सदा ।
नर्मदाको जलैमात्र पिउँछन् वीर हुन् तथा ॥
हुन् यिनै धूम्रका कान्छा भाइ ती जाम्बवान् पनि ।
भालूका यूथका स्वामीहरूका पति हुन् यिनी ॥
देखिन्छन् पर्वतै जस्ता यी कस्ता देहका दृढ ।
रूपमा दाजु जस्तै छन् बढ्ता छन् वीर्यमा तर ॥
शान्तस्वभावका हुन् यी आफ्ना गुरु र मान्यको ।
आज्ञाको वशमा टिक्छन झोक्किन्छन् युद्धमा प्रभो!॥
निकै अघि महाराज! युद्धमा देव-दैत्यको ।
यिनले नै गरेका हुन् ठूलो मद्दत देवको॥
यिनले त्यस वारेमा देवबाट अनेकन ।
इच्छा मार्फिकका वस्तु पाएकाथे पुनः पुनः ॥
धेरै छन् यिनका सैन्य घुम्दछन् ती यताउति ।
बलको वीर्यको छैन सीमा नै जसको कति ॥
तिनका देह छन् राजन्! रँवैरँउ हुने अति ।
अत्यन्त बलिया मोटा साक्षात् पर्वत-ठीक ती!॥
हेर्दा पिशाच जस्तै छन् क्रूर राक्षस-तुल्यका ।
मृत्युको डर मान्दैनन् यी सबै कहिल्यै तथा॥
अग्ला डाँडा र काँडामा चढी बादल-ठीकका ।
शिलाखण्डहरू बोकी छोड्छन् यी शत्रुमा सदा॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

उ त्यो चांहि उफ्रिने उभिने गरी ।
महाराज! टिक्यो छ सैन्यको बीच जो भै नायक शोभिई ॥
जसलाइ यसो हेर्छन् उभिएका त्यहाँ कपि ।
हुन् यूथपतिका स्वामी दम्भनामक ती कपि ! ॥
यिनका दलमा जत्ति वीर-वानर छन् प्रभो ! ।
राजा हुन् ती सबैका यी, छन् सैन्य पनि धेर पो ॥
वीर यी कपिका राजा इन्द्रको गर्न सेवन ।
संधै पठाँउछन् आफ्ना सैन्य स्वर्गतिरै पुनः ॥
उता नजर होस् राजन् ! हुन् संनादन ती कपि ।
सारा वानरको मात्र छन् पितामह ठीक यी ॥
जो यताउति हिंड्दामा चार कोश परै हुँदो ।
गिरिलाई पनी ठ्याक्कै छोएरै हिंड्दछन् अहो ! ॥
चार कोश हुँदो माथि वस्तुलाई पनी यिनी ।
आफ्नो शरीरले ट्याप्पै समात्तै हिड्दछन् अनि ॥
चार खुट्टा हुने प्राणीहरूमा यिनको सरि ।
रूप वा देह ता राजन् ! छंदैछैन जगत्भरी ॥
यी विद्वान् कपिले स्वामिन् ! इन्द्रलाइ निकै अघि ।
लड्नमा साथमा आफ्नो दिए मौका हुँदा बली ॥
परन्तु इन्द्रले जित्नै सकेनन, हुन् तिनै यिनी ।
कपिका फौजका स्वामीहरूका पति हुन् उनी ॥
युद्धमा लड्न जाँदामा जसको बल-विक्रम ।
इन्द्रकै ठीकको राजन् ! देखा पर्छ मनोरम ॥
गर्न मद्दत यौताको युद्धमा देव-दैत्यको ।
यौटी गन्धर्व-कन्यामा जन्मिए अग्निबाट जो ॥
ती यिनै कपि हुन् वीर उता नजर होस् प्रभो ! ।
तिनको नाम हो स्वामिन् ! श्रीमान् क्रथन बेस यो ॥
सारा किन्नरले नित्य गरिने वेस सेवन ।
ठूलठूला गिरिका राजा मानिन्छन् श्रेष्ठ जो पुनः ॥
जसले प्रभुका दाजु कुवेरकन वास्तव ।
गई विहार गर्दामा दिइन्छ अति नै सुख ॥
जसमा उम्रिएको त्यो जामुनाको रूखैमनि ।
राजाधिराज गै बस्ता हुन्छन् शोभित झन् उनी ॥
कैलास-गिरिमा त्यस्तो श्रीमान् क्रथन यी पनि ।
स्वयं विहार गर्छन् गै भै वानर-शिरोमणि ॥

४३

४४

यिनमा गुण यस्तो छ युद्धमा कहिल्यै पनि ।
प्रशंसा आफ्नु गर्दैनन् हुन् यूथपति यी पनि ॥
यिनका साथ छन् राजन् ! दशौं अरब वानर ।
यी यौटै मास्न यो लङ्का आँट्तछन् सैन्य भै स्थिर ॥
हेरि बक्स्योस् ! यतापट्टि गज-वानरमात्रको ।
पुरानो वैर संझेर झोक्किएर निकै प्रभो ! ॥
हात्तीका यूथका स्वामीहरूलाइ पनी अहो ! ।
तर्साएर सँधै हिंड्ने त्यही वानरवीर हो ! ॥
गङ्गाको तटमा घुम्ने जङ्गली वृक्षलाइ ता ।
उखेल्ने र त्यसै फ्याँक्ने, खेद्ने हात्तीकनै सदा ॥
सुत्ने नित्य गुफामा गै गर्जिने अति जोडले ।
कपिका पनि स्वामीको हुने नेता स्ववीर्यले ॥
कपिका सैन्य सारामा मानिने वीर मुख्य र ।
गनिने अति नै योग्य महान् शौर्य हुने स्थिर ॥
उशीर बीज यो नाम हुने पर्वतमा तथा ।
मन्दराचलमा मात्र खेल्ने बस्ने स्वयं सदा ॥
स्वर्गका देवता मध्ये साक्षात् इन्द्र सरी हुने ।
कपिका सैन्यमा स्वामिन् ! सर्वथा श्रेष्ठ मानिने ॥
प्रमाथी नामका वीर हुन् यूथपति ती कपि ।
झ्वाट्ट जित्न यिनीलाई सक्तैनन् अरु वीर यी ॥
बलमा वीर्यमा आफ्नो गर्व गर्ने र गर्जने ।
सैन्य छन् यिनका साथ दशौं कोटि सुशोभिने ॥
दिलका देहका ठूला ती सबै कपि छन् प्रभो ! ।
तिनका नाइके चाँहि यिनै हुन् एक योग्यको ॥
वायुका वेगले उठ्तो होझैं बादलको दल ।
हजूर हेरि बक्सिन्छ जसलाइ निरन्तर ॥
सम्बन्ध यिनकै राख्ने वेगवान् कपिसैन्य त्यो ।
पनि हामीहरू पट्टि हेर्छ झोक्किँदै प्रभो ! ॥
त्यै सैन्यले उडाएको धूलोले फैलिईकन ।
यिनैको नजिकै खस्ता देखिन्छन् लाल जो पुनः ॥
अँ ! प्रभो ! ऊ ! त्यतापट्टि मुख काला हुने सब ।
लंगूर-जातिका ढेडू भनिन्छन्, ताँति छन् सब ॥
यिनमा छ महान् शक्ति बल-विक्रम वास्तव ।
डलांग्दो यिनको संख्या ठ्याक्क एक करोड छ ॥

६०

६१

सिन्धुमा पुल बाँध्नामा सहाय जसले गऱ्यो ।
लंगूर-जातिको जाति कपि त्यै त गवाक्ष हो ॥
त्यो आफ्ना यूथको स्वामी गवाक्षकन ती कपि ।
घेर्छन् सबतिरै बाट गर्छन् आज्ञा भए सरी ॥
ती सबै यस लङ्कामा हमला गर्न झोकिई ।
आँउदैछन् मजैसाथ आफ्ना जाति सबै लिई ॥
जुन पर्वतमा राजन् ! छओटै ऋतुमा फल ।
दिने वृक्षहरू हुन्छन् सँधै भ्रमर-गुञ्जित ॥
आफ्नु जस्तो हुने कान्ति जुन पर्वतलाइ त्यो ।
घुम्छन् प्रतिदिनै सूर्य दृढ-कर्तव्य भै प्रभो ! ॥
जसको कान्तिले त्यस्तो पशु-पक्षीहरू पनि ।
सुनौला रङ्गका राजन् ! शोभिन्छन् कान्तिमान् बनी ॥
छोड्दैनन् जसको डाँडा महात्मा र महर्षि ता ।
राम्रो र गतिलो एवं हुँदा नित्य पवित्र बा ! ॥
जहाँका वृक्ष सम्पूर्ण सबैका मनका कुरा ।
पुऱ्याउने गरी फूल्छन् नाना फल दिई सदा ॥
अनेकौं महका चाका बहुमूल्य अनुत्तम ।
कहिन्छन् जति ती सारा यहीं छन्, त्यै छ उत्तम ॥
सुवर्णमय यै श्रेष्ठ महान्-पर्वत मेरुमा ।
बस्छन् ती केसरी भन्ने कपि ! छन् श्रेष्ठ सैन्यमा ॥
यिनै प्रधान मानिन्छन् वीर-वानरमा सब ।
विहार त्यसमा गर्छन् नित्य आनन्दपूर्वक ॥
डाँडा र चुचुरा जस्ता स-साना अङ्गरूपका ।
साठी हज्जार छन् राम्रा सुनौला गिरि ता त्यता ॥
यिनका बीचमा यौटा सुवर्णमय छन् गिरि ।
सावर्णिमेरु हो नाम छन् शोभित सँधै भरी ॥
ए निशाचरका स्वामिन् ! सारा राक्षसबीचमा ।
भएझैं प्रभुको शोभा यिनको छ त्यसै त्यहाँ ॥

७४

७५

पल्लो भाग त्यहाँ यौटा छ तिनै गिरिको शुभ ।
अनेकौं वर्णका बस्छन् त्यहाँ कपि हुँदा सुख ॥
सेता कैला तथा राता मुखका मह-वर्णका ।
छिर्बिरे रङ्गका बस्छन् त्यहीं वानर सर्वथा ॥
यिनका दाँत छन् साह्रै तीखा र बलिया अति ।
छन् देहका दरा, धर्छन् नख नै हतियार ती ॥
यी सबै सिंह जस्तै छन् बाघझैं अतिदुर्जय ।
चारै दाँत हुने छन् है आगोझैं तेजिलातक ॥
ओकल्ने विषयको मुस्लो क्रोधी छन् सर्प-ठीकका ।
निकैमाथि उठेको र राम्रो पुच्छरका तथा ॥
देखिन्छन् यी यसो हेर्दा मत्ता हात्ती सरी प्रभो ! ।
पराक्रमी पनी त्यस्तै बलवान् गिरिझैं अहो ! ॥
शरीर यिनको ज्यादै ऊँचो र छ दरो पनि ।
महान् मेघ सरी सारा गर्दछन् गर्जना पनि ॥
छन् प्रभो ! यिनका आँखा बाटुला अतिसुन्दर ।
यसो यिनीहरू हिंड्दा शब्द हुन्छ भयङ्कर ॥
यी सबै कपि जम्बा भै त्यहीं बाट यतातिर ।
हेर्दै हजुरकी लङ्का मास्छन् झैं छन् भई स्थिर ॥
हेरि बक्स्योस् महाराज ! तिनका बीचभागमा ।
शोभिएको छ सेनाको पति चाँहि स्वयं त्यहाँ ॥
कपिवीर यही नै हो बुद्धिमान् छ महान् पुनः ।
सूर्योपासन यो गर्छ सँधै विजय पाँउन ॥
पृथिवी भरमा ज्यादै ख्यातिप्राप्त छ यो कपि ।
यही नै हो शतबलि भनिने नामको कपि ॥
लड्नमा अघि बढ्दोछ यो आफ्नो पुरुषार्थले ।
छ शूरो बलवान् तस्मात् के गन्ध्यो अरूलाइ ए ! ॥
यौटै वानर यो राजन् ! लङ्का हजुरकी पुरी ।
भुसुक्क पार्न खोज्दोछ लिइ सैन्य अघी सरी ॥

८८

८६

गर्न श्रीरामको प्यारो स्वयं वानरवीर यो ।
आफ्नु प्राण परे देखि छोड्छ! छोड्छ !! छ त्यत्तिको ॥
गवाक्ष गज गवय नल-नील सबै यिनी ।
स्वामी दशौं करोडौंका छन् प्रभो ! वीर्यवान् पनि ॥

९०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

विन्ध्य-पर्वतमा बस्ने त्यस्ता वानर ता अरू ।
कति हुन् कति वेगिन्ती छन्, महान् गविलाहरू ॥
छन् यी सबै वानर राक्षसेन्द्र ! डाँडै सरी देह हुने बलीया ।
प्रभाव त्यस्तै यिनको छ फेरि छन् शक्तिमान् वीर्य हुने गतीला ॥
आश्चर्य अर्को यिनमा छ राजन् ! चाहे भने वानर यी छिनैमा ।
धूलो-पिठो पार्न धरा समस्त सक्छन् प्रभो ! शक्ति छ त्यो यिनैमा ॥

६२

इति सत्ताइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठाइसौं सर्ग

मन्त्री–शुकले राक्षसराजलाई सुग्रीवका मन्त्रीहरूको र वानरहरूको संख्या विन्ती गर्नु

१

त्यो सारा कपि-सेनाको राम्रो परिचयै दिई ।
भयो सारण त्यो चूप त्यसरी धैर्यवान् भई ॥
यता अव यसै वेला मन्त्री शुक सऱ्यो अघि ।
भन्यो राक्षस-राजामा भनाई त्यसको बुझी ॥
हे प्रभो ! देखि बक्स्यो के ? मद-मत्त हुने सदा ।
महान् गज सरी छन् जो उभिएका निकै कडा ॥
ती सवै वीर छन् ज्यादै यिनको वेग वास्तव ।
छ उग्र, खप्न गाह्रै छ, भुसुक्कै पार्दछन् सव ॥
गङ्गाका तटका अग्ला वरका वृक्ष-तुल्य छन् ।
मोटा हिमालका ऊँचा सालका रुख-ठीक छन ॥
इच्छानुसारको रूप धर्न यी सव सक्तछन् ।
दैत्य-दानवकै ठीक बल-विक्रम-पूर्ण छन् ॥
देवझैं युद्धपर्दामा लड्दछन् , शक्ति राख्तछन् ।
छन् महान् वीर यी सारा शत्रुको शक्ति मास्तछन् ॥
छ प्रभो ! यिनको संख्या एक्काइस करोड र ।
हजारौं,-शङ्कुको एवं वृन्दको सय दुर्धर ॥
सारा वानर यी बस्छन् किष्किन्धामै निरन्तर ।
राजा-सुग्रीवका मन्त्री हुन् सवै यी सुदुर्धर ॥
सव यी जन्मिएका हुन् देव-गन्धर्व बाट नै ।
रूप यी धर्न सक्ने छन् आफ्नो इच्छानुसार नै ॥
यी सवै कपिमा स्वामिन् ! देवकै रूप ठीकका ।
देखि बक्सिन्छ ती दोटा खडा वानर जो कडा ॥
यिनै छन् तिनमा मुख्य मैन्द, द्विविद नाम हो ।
तिनीझैं युद्धमा लड्न सक्तैनन् अरु क्वै प्रभो ! ॥
निकै अघि महाराज ! आज्ञाले ब्रह्मदेवको ।
यी दुवैले सुधा खाए यसैले छन् अतुल्य पो ॥

१३

१४

तसर्थ यी दुवै वीर आफ्नु नै बल-वीर्यले ।
लङ्का विनाश्न चाहन्छन् हेलैले गन्दथे र के ॥
देखि बक्सिन्छ जल्लाई आफ्नो मद चुहाँउने ।
मत्ता हात्ती सरी ठिङ्ग उभिने तेजिलो हुने ॥
त्यो रिसायो भने राजन् ! महासिन्धुकनै पनि ।
बाँकि राख्तैन विक्षुब्धै पारिहाल्छ त्यसै पनि ॥
लङ्कामा अघि आएथ्यों यही वानर वास्तव ।
भेटेथ्यो जानकीलाई देखाई निज पौरुष ॥
त्यता नजर होस् पैले देखेको हो त्यही कपि ।
लङ्का उजाड्नको लागि फेरि आयो त्यही कपि ॥
केसरीको त्यही जेठो छोरो हो राक्षसेश्वर ! ।
भनिन्छ वायुको छोरो पनि यै त, छ दुर्धर ॥
हनुमान् भन्दछन् स्वामिन् ! यल्लाइ दुनियाँ सव ।
त्यो विशाल महासिन्धु नाघ्ने हो यै त वास्तव ॥
बलले रूपले त्यस्तो बलेको श्रेष्ठ यो कपि ।
आफ्नो इच्छा भए जस्तो रूप धर्न समर्थ छ ॥
यसको गति यस्तो छ भन्नै पनि छ मुस्किल ।
वायुकै गति जस्तो छ सर्वत्रै पुग्न सक्तछ ॥
कथा छ यसको लामो बालकै यो थियो जव ।
भोकाएको थियो केही नपाई खान वास्तव ॥
त्यसै समयमा देख्यो यसले सूर्यलाइ ता ।
उठेका भर्खरैमात्र उदयाचल बाट वा ! ॥
अकस्मात् फल संझेर उफ्रियो यो त्यतैतिर ।
बाह्र हज्जार कोशैको बाटो काटथ्यो थियो स्थिर ॥
मनैमन यही गम्थ्यों त्यो वेला यो त्यहाँ हुने ।
टिपी त्यै-फल खाँदा म हुन्छु तृप्त अघाँउने ॥

२६

२७

शोची यत्ति वलै साथ भगवान् सूर्यलाइ नै ।
ताकेर उफ्रिएको थ्यो त्यत्ति टाढा मजासँगै ॥
देव-राक्षसले सम्म आँक्न, ताक्न कसै गरे ।
साक्षात् न सकिने त्यस्ता सूर्यलाई त्यसै हरे ! ॥
भेट्टाइ टिप्न खोज्थ्यो यो के सक्थ्यो अन्तमा प्रभो! ।
न पुग्दा हुति वा ह्याउ उदयाचलमै खस्यो ॥
खस्ता डङ्ग्रङ्ग ढुङ्गामा यसको चिउँडो-हनु ।
ख्याप्पै भित्र पस्यो केही टेढियो अनि के भनुँ ? ॥
यसैले हनुमान् भन्छन् यसलाइ सबै जन ।
मैले सत्य कुरा जानें आप्त-वाक्य सुनीकन ॥
यसको रूप वा शक्ति प्रभाव वल भन्न त ।
सक्तैनन् अँहँ ! क्वै व्यक्ति वर्णनातीत भै स्वतः ॥
भुसुक्क पार्न खोज्दोछ यो यौटै हनुमान् कपि ।
हामी-लङ्कापुरीलाई आँउदैछ यतै वढी ॥
लङ्कामा थुनि वक्सेथ्यो यसैलाई हजूरले ।
कसरी विर्सि वक्सेको ? हो त्यै वानर यो त ए ! ॥
आगो लगाइ छोड्दामा यस्कै पुच्छरमा अघि ।
सारा लङ्का जलाएथ्यो धूमकेतु सरी भई ॥
नजीकै त्यसको वस्ने हेरि वक्स्योस् प्रभो ! त्यता ।
हुने कमलझैं आँखा श्यामलो रङ्गको तथा ॥
व्यक्ति देखिन्छ जो स्वामिन् ! त्यही इक्ष्वाकुवंशको ।
महान् अतिरथी व्यक्ति विश्व-विख्यात राम हो ॥
जान्दछन् विश्वका व्यक्ति त्यसको वल-पौरुष ।
ब्रह्मास्त्र वेदको तत्त्व जान्नेमा त्यै त मुख्य छ ॥
छोड्दैन कहिल्यै धर्म, यसैमा टिक्छ वस्तुतः ।
नाघ्दैन धर्म-मर्यादा कहिल्यै यो पनी स्वतः ॥
यो आफ्ना वाणले राजन् ! आकाशै छेड्न सक्तछ ।
के कुरा अनि पृथ्वीको धूलो-पीठो बनाउँछ ॥
अतुल्य त्यसको क्रोध छ प्रभो ! कालकै सरि ।
वल-विक्रम टिक्तोछ यसमा इन्द्रकै सरि ॥
जसकी धर्मपत्नी त्यो जानकी खास नाथले ।
जनस्थानतिरै बाट हरिएकी थिईं हरे ! ।
त्यो त्यही राम हो राजन् ! जो हजूरसँगै अव ।
लड्न आइ रहेको छ तम्सिई सक्न वास्तव ॥

४३

४४

यता नजर होस् स्वामिन् ! त्यसकै दाहिनेतिर ।
बसेको चाँहि हो भाई सुनकै वर्णको स्थिर ॥
झल्किन्छ त्यसको कान्ति पहेंलो सुनझैं सफा ।
विशाल छाति टल्किन्छ आँखा छन् लाल-लाल वा! ॥
नीला घुघुरिएका छन् त्यसका केश सुन्दर ।
दाजुको प्राण जस्तै छ भाई त्यस्तै छ सुन्दर ॥
नीतिमा रीतिमा एवं लड्नमा पनि चंख छ ।
सम्पूर्ण शास्त्रको तत्त्व त्यै जान्दछ छ पण्डित ॥
त्यल्लाइ जित्न गाह्रै छ, त्यही जित्तछ युद्धमा ।
खप्न सक्तैन वैरीको बल-विक्रम जो यहाँ ॥
छ शूरो बुद्धिमान् ज्यादै बलवान् त्यै छ वस्तुतः ।
रामको दाहिने हात यै मानिन्छ यथार्थतः ॥
रामको प्राण हो राजन् ! घुम्ने बाहिर-फेर यो ।
नाम लक्ष्मण हो, ज्यादै जोशिलो छ त्यही प्रभो ! ॥
दाजु श्रीरामको निम्ति परे गर्दछ जे पनि ।
आपनु प्राण पनी छोड्छ होम्मिइन्छ त्यसै पनि ॥
हेरि बक्स्योस् ! यतै आयो तम्सिई युद्ध गर्न त्यो ।
भुसुक्क पार्न चाहन्छ सारा राक्षसलाइ जो ॥
आफ्ना राक्षस-मन्त्रीले घेरिएका र भीषण ।
भै देब्रे रामको बस्ने राजा हुन् ती विभीषण ॥
राजाधिराज हुन् राम उनैले यिनलाइ ता ।
लङ्काको राज्यमा राज्याभिषेकै पो दिए अहा ! ॥
यसर्थ अव यी राजन् ! हजूरै माथि झोक्किई ।
यसरी आइ लाग्दाछन् लड्न, राक्षस सक्न यी ॥
ए प्रभो ! देखि वक्स्यो के सबैका बीचमा त्यहाँ ।
बसेका पर्वतै जस्ता भै अतुल्य स्वभावमा ॥
सारा वानरका स्वामी सर्वश्रेष्ठ महाकपि ।
विजयी बलवान् वीर हुन् सुग्रीव तिनै कपि ॥
कीर्तिले तेजले बढ्दो बुद्धिले बल-वीर्यले ।
सर्वोच्च कपिमा छन् यी गिरिमा हिमवान् सरि ॥
छ वाक्ला वृक्षले ढाक्तो किष्किन्धा-पुर दुर्गम ।
गुफामा त्यसकै बस्छन् यी सुग्रीव मनोरम ॥
गाह्रै पर्छ त्यहाँ पस्न ठाडा डाँडा हुँदा त्यहाँ ।
प्रधान यूथका स्वामी राख्तछन् साथ यी जहाँ ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
हेरि बक्स्योस् महाराज ! तिनका कण्ठबीचको ।
सयौं कमलको माला शोभिइन्छ सुवर्णको ॥
लक्ष्मीदेवी सँधै बस्छिन् भई स्थिर त्यहाँ प्रभो ! ।
त्यही पाँउन लोभिन्छन् देवता मर्त्य सम्म पो ॥
वालीलाइ वहाँ मारी सुग्रीवकन रामले ।
कपिको राज्य त्यो माला-तारा पनि दियो हरे ! ॥
मनीषी गणना जान्ने जति छन् ती सबै प्रभो ! ।
करोड एक भो भन्छन् संख्याका सय लाखको ॥
त्यो करोड हजारैको शंख वा एकनील भो ।
एक लाख पुगे शंख महाशंख भयो प्रभो ! ॥
एक लाख महाशंख पुगेमा एक वृन्द भो ।
एक लाख भए वृन्द त्यो महावृन्द मानियो ॥
एक लाख महावृन्द पुगेमा पद्म बोलियो ।
एक लाख भए पद्म महापद्म कहिन्छ त्यो ।
एक लाख महापद्म पुग्छ ता एक खर्व भो ।
एक लाख भए खर्व त्यो महाखर्व भो प्रभो ! ॥
६८

६६
हजारौं त्यो महाखर्व पुग्दा एक समुद्र भो ।
त्यो समुद्र भए लाख संख्यामा एक ओघ भो ॥
एकलाख पुगे ओघ संज्ञा हुन्छ महौघको ।
राक्षसेश्वर ! संख्याको यही नै पूर्ण अर्थ हो ॥
सय कोटि, सयै शंख, महाशंख सहस्र र ।
सय वृन्द, हजारौं त्यो महावृन्द सुदुर्धर ॥
सय पद्म, महापद्म सहस्र, सय खर्व र ।
समुद्र सय,-महौघ, त्यो जस्तै कोटिले स्थिर ॥
प्रपूर्ण बलवान् वीर त्यस्ता वानर-ऋक्षको ।
सारा सैन्य लिई यस्ता आए सुग्रीव यी ! प्रभो ! ॥
यिनका साथ छन् फेरि मन्त्री राक्षस साथका ।
विभीषण स्वयं वीर सर्वथा शुद्धचित्तका ॥
यसरी कपिका राजा सुग्रीव प्रभुलाइ ता ।
दिएर लड्नमा हाँक आँउदैछन् प्रभो ! यता ॥
बल विक्रम त्यस्तै छ यिनमा उग्र शक्ति छ ।
त्यत्रो विशाल सेना छ युक्ति-बुद्धि छ, तेज छ ॥
७६

७७
छ है महाराज ! विशाल-सैन्य यो धप्धप्ति बल्दो ग्रह-ठीकको अहो ! ।
हुनेछ हाम्रो जय यत्न जे गरे, त्यसै गरौं हार न होस् कसै गरे ॥

इति अठाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनन्तीसौं सर्ग

राक्षसराज रावणले मन्त्री शुक–सारण दुवैलाई निकाल्दिनु र शार्दूल आदिलाई गुप्तचर बनाई पठाँउनु

१

त्यो आफ्नो शुक मन्त्रीले बखाने ठीक राम्ररी ।
वहाँ रावणले देख्यो कपि-स्वामी शर्यौं थरी ॥
रामका दाहिने हात वीर लक्ष्मण साथमा ।
विभीषणकनै देख्यो जो बस्थे भव्य भै वहाँ ॥
सारा वानरका राजा डलाग्दो बल-वीर्यका ।
वीर सुग्रीवलाई ती देख्यो त्यस्ता प्रकारका ॥
इन्द्रका पुत्र वालीका छोरा अङ्गदमा पनि ।
जो थिए बलवान् वीर आँखा गाड्यो निकै गमी ॥
बल वीर्य र सद्बुद्धि भएका हनुमान्कन ।
जाम्बवान् साथमै देख्यो थिए दुर्जय जो पुनः ॥
सुषेण नील कुमुद देख्यो नलकनै पछि ।
गवाक्ष गज शरभ मैन्द द्विविदलाइ ती ॥
यसरी यी सबैलाई देख्तामा एक ठाममा ।
दुष्ट रावणको काँप्यो, आत्तिए ठीक भो वहाँ ॥
तुरुन्तै झोक्कियो तस्मात् शुक-सारणलाइ ती ।
हकार्दै भन्न लाग्यो बा ! कुरा सुनिसके पछि ॥
भइ नम्र थिए ठिङ्ग बिचरा शुक-सारण ।
रोष-गद्गद वाणीमा चर्कैरै भन्छ रावण ॥
सुन ए स्वाँठ हो राजा ! छ समर्थ सँधै यहाँ ।
तिमी - जस्ताहरूमाथि दया - दण्डविधानमा ॥
राजैको भरसा बस्ने मन्त्रीले कहिल्यै पनि ।
भन्नै हुन्न कुरा यस्ता 'छ यो अप्रिय' यै गमी ॥
विरोधी आफ्नु वैरीको आइ लाग्दैछ लड्न जो ।
दुवैले स्तुति यो गर्नु योग्य हो अप्रसङ्गको ? ॥
तिमीले आफ्नु आचार्य-गुरुको मान्य-वृद्धको ।
जत्ति सेवा गरेकाथ्यौ व्यर्थैं भो त्यो त मूर्ख हो ! ॥

१३

१४

जो राजनीतिको मुख्य थियो सार र तत्त्व त्यो ।
सकेनौ क्यै लिनै सम्म, जान्नु-सिक्नु विफ्वाँक भो ।
सुन ए ! क्यै लिएका नै भए पनि बुझे पनि ।
अहिले त्यसको ज्ञानै क्यै भएन उड्यो पनि ॥
बोकेछौ अहिले सम्म त्यसको भार व्यर्थको ।
मलाई यै कुराको पो अब दुःख हुने भयो ॥
सौभाग्यको कुरा यै भो यस्ता मन्त्रीहरू लिई ।
जो बज्रस्वाँठ छन्,थाम्छु राज्य आफ्नु म सम्हिई ॥
मै हुँ यो राज्यकों राजा मै हुँ शासक वास्तव ।
मेरो आज्ञा भने जस्तो दिन सक्छ शुभाशुभ ॥
सक्छु दण्ड दया गर्न तिमीमा म यथार्थमा ।
जान्दा जान्दै पनी यस्तो,त्यस्तो किन भन्यौ यहाँ? ॥
अप्यारो र न राम्रै हो त्यो कुरा त्यै भन्यौ हकि ? ।
मेरै अघि तिमीले हा ! मृत्युको डर नै नली ॥
डँढेंलो वनमा लाग्दा त्यल्ले भेट्टाँउदा तक ।
त्यहाँका वृक्ष जस्ताका तस्तै होलान् , छ संभव ॥
परन्तु राजनीतिका दोषले छोइए पछि ।
छोइने अपराधी ता टिक्तैनन् छ यही स्थिति ॥
ममा अघि गरेका थ्यौ तिमीले उपकार जो ।
मलाइ संझना हुन्छ अहिले एक एक त्यो ॥
उठेको रिस यो मर्छ त्यसैले शत्रुको स्तुति ।
गर्ने तिमी दुवै पापीलाइ मार्दिन त्यो खपी ॥
सुन ए स्वाँठ हो ! आजै देखि मेरो सभाविषे !
पस्नमा बस्नमा सम्म पाउन्नौं, हक छैन त्यो ॥
न पर्नु नजिकै मेरो गई हाल तिमी दुवै ।
न देखाँउनु त्यो आफ्नो कालो मुख पनी कसै ॥

२६

२७

दुवैलाई म मार्दिन्थे भैगो छोड्दिन्छु मार्दिन ।
मेरो निम्ति गरेकाथ्यौ जत्ति संझिन्छु ती गुन ॥
भयौ अब तिमी मेरो स्नेह बाट निकै पर ।
हौ कृतघ्न तिमी दोटै बन्यौ तस्मात् म रे सह ॥
यत्ति राक्षस-राजाले भनेमा शुक-सारण ।
भए निहुरमुन्टी न भए जस्ता गल्यो मन ॥
जय होस् ! जय होस् !! भन्दै टक्र्याइ अभिनन्दन ।
गए पछि पछी हट्तै ती दुवै शुक सारण ॥
यता त्यत्ति हुना साथ त्यो दशग्रीव रावण ।
मन्त्री महोदरैलाई भन्छ थ्यो नजिकै जुन ॥
छन् गुप्तचर जो मेरा ती सबैलाइ सर्सर ।
अघि पर्नु भनी मेरो आज्ञा दे तँ महोदर ! ॥
यो राजाज्ञा हुना साथ त्यो महोदरले पनि ।
त्यही ठीक दियो आज्ञा आए चरहरू अनि ॥
राक्षसेश्वरमा पैले टक्र्याए जयसूचक ।
शुभाशीर्वाद सारले हात जोडी झुके तव ॥
यी सबै चर थे धीर शूर वीर र निर्मम ।
विश्वासपात्र राजाको हित गर्ने र उत्तम ॥
यिनै साथ भन्यो वीर त्यस राक्षसराजले ।
भई शान्त दिंदै आज्ञा पारी निस्तेज तेजले ॥
सुन ए चर हो ! जाओ यहाँ बाट छिटै अब ।
सारा वानर सेनामा रामको बुझ्न निश्चय ॥
के गर्न खोज्छ त्यो रामे, मन्त्री छन् भित्रिया कति ।
मिलेका प्रेमले खिंच्ता मन्त्री छन् अरू को कति ॥
त्यसको त्यसका-कों र अरुको पनि निश्चित ।
विचार के छ, कस्तो छ ? बुझ जाओ यही अब ॥
त्यो र ती त्यसका सुत्छन् कुन वेला कसो गरी ? ।
व्यूँझन्छन् कुन वेलामा बुझ्नु ध्यान दिईघरी ॥
आजको दिन के गर्छन्, ढङ्गो के छ यथार्थ को ? ।
राम्रो सँग बुझी सारा फर्क, जाओ गरी छिटो ॥

४१

४२

के बुझ्यौ ? चरद्वारा नै शत्रुको हाल-चाल ता ।
बुझ्नु पर्दछ राजाले यसैमा छ भलो सदा ॥
अनि पो बुद्धिमान् राजा थोरै यत्न गरी स्वतः ।
शत्रुलाइ जिती छोड्छ, ठोक्न सक्छ, भगाँउछ ॥
राक्षसेश्वरको त्यस्तो यो आदेश सुने पछि ।
त्यसै गर्छौं भने सारा चरले नम्र भै झुकी ॥
शार्दूल नामको यौटा थियो राक्षस जो चर ।
त्यसैलाइ अघी सारे पछि सारा मिली चर ॥
अनि राक्षस-राजाको क्रमै सँग परिक्रमा ।
गरे बा ! उनले सारा श्रद्धा-आदरले वहाँ ॥
दिलको देहको ठूलो राक्षसेश्वरलाइ त्यो ।
प्रदक्षिणा गरी लागे आफ्नु कामतिरै अहो ! ॥
भाइ लक्ष्मणको साथ जहाँ श्रीराम बस्तथे ।
त्यही सुवेल-डाँडाको नजीकै चर यी पुगे ॥
आँखा गाडी यसो हेर्दा सुग्रीव र विभीषण ।
बसेका रामका साथै देखे बा ! यिनले पुनः ॥
त्यहीं बाट पर्‍यो आँखा उनको पछि बाट ता ।
विशाल कपिको त्यत्रो सैन्यमा आत्तिए वदा ॥
यत्तिकैमा यतापट्टि धर्मात्मा राक्षसेश्वर !
ती विभीषणले देखे, चिने हुन् यी भनी चर ॥
न राम्रै सित हप्काए उनले सबलाइ ती ।
यौटा शार्दूललाई ता पक्डाए दुष्ट भै बुझी ॥
यही राक्षस हो पापी भन्ठान्दैथे विभीषण ।
यता वानरले ठोके त्यसलाई पुनः पुनः ॥
यै वेलामा दया लाग्दा भै अहिंसक रामले ।
त्यसलाइ छुटाए बा ! अरु साथी सँगै हरे ! ॥
बल-विक्रमले युक्त त्यस्ता छीटा पराक्रमी ।
वीर वानरले ठोके भए पीडित ती पनि ॥
टिक्न गाह्रै परी हाल्यो वहाँ अब उनीकन ।
स्वाँ ! स्वाँ !! गर्दै पुगे लङ्का होश आफ्नो त्यजीकन ॥

५६

५७

घुम्ने सँधै बाहिर यी निशाचर भित्रै पुगे बा ! अहिले सरासर ।
सुवेल डाँडाभर सैन्य रामको आईपुग्यो रावणमा भने यसो ॥

इति उनन्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तीसौं सर्ग

राजा रावणको अगाडि शार्दूल आदि चरहरूले कपिसैन्यको साथै मुख्य-मुख्य वानरहरूको परिचय दिनु

१

लङ्काको एउटै स्वामी त्यस राक्षस-राजमा ।
बखाने चरले सारा भएको घटना वहाँ ॥
जित्न गाह्रै छ है राजन् ! कपिको सैन्य त्यो उता ।
भने-सुवेलमा बस्छन् राम, आइ पुगे यता ॥
महान् सैन्य लिई साथ आएका राम, यो कुरा ।
चरका मुखले स्पष्टै सुन्यो रावणले तदा ॥
अनि ता हड्बडायो क्यै भयो बा ! आत्तिए सरी ।
पछि शार्दूललाई त्यो सोध्न थाल्यो यसो गरी ॥
ए निशाचर शार्दूल ! तेरो तेज उडे सरि ।
म देख्छु, किन होला हँ ? लौ भन् बाबै ! भए सरि ॥
साह्रै निन्याउरो छस् तँ टूलै तोड परे सरि ।
देख्तोछु, कि त वैरीको परिस् तँ वश राम्ररी ॥
यस्तो प्रकारले आफ्नो स्वामीले सोधिए पछि ।
चर-शार्दूल त्यो भन्छ काँप्तै नम्र भई झुकी ॥
छन् महाराज ! ती सारा कपि श्रेष्ठ विशेषतः ।
चरले उनको पत्तो पाँउनै पर्छ मुस्किल ॥
साह्रै पराक्रमी छन् ती उनमा बल-वीर्य छ ।
त्यसमा पनि झन् राजन् ! छन् रामैबाट रक्षित ॥
कुराकानी चिनापर्ची गर्नु झन् छ असंभव ।
किन आयौ हँ ? के गर्छौ ? कसरी सोध्नु पो तव ? ॥
विशाल पर्वतै जस्ता देहका कपि नै सब ।
बाटोमा पहरा गर्छन् भित्र पस्नै छ मुस्किल ॥
बल्ल-तल्ल पसें भित्र वहाँ यौटा म नै प्रभो ! ।
शत्रुको स्थिति कस्तो छ बुझ्न थालें अनी यसो ! ॥
महाराज ! यसै बेला त्यै विभीषणले त हो ।
चिह्नी मलाइ पक्डायो आफ्ना राक्षसबाट पो ॥
१३

१४

जबर्जस्ती समातेर मलाइ उनले पछि ।
दोहोलै पार्दिए स्वामिन् ! दिई दुःख निकै पिटी ॥
अनि वानरले छोपे मुक्का-थप्पड-लातले ।
ठोके बेस्करि दाँतैले टोके बा ! चिथरे हरे ! ॥
त्यत्तिले नपुगी फेरि त्यै मेरो अपराधको ।
भ्याली पिटेर सर्सर्ति घुमाए कपिले प्रभो ! ॥
सेनाभर घुमाएर मलाइ पछि रामको ।
सभाबीच लगे स्वामिन् ! हुँमैतै पो लिए अहो ! ॥
रगताम्य भएको थें त्यसबेला म ता वहाँ ।
थियो शिथिलता ज्यादै यी मेरा अङ्ग-अङ्गमा ॥
छोड्थे इन्द्रियले लत्तो बाँधिएको थिएँ यता ।
पिट्तैथे कपि, भो बाबा ! छोड भो ! भन्दथें मता ॥
हात जोडि रहेकैथें यै बेला त्यस रामले ।
देख्यो र भन्दियो छोड ! अनि पो रक्षिएँ हरे ! ॥
त्यस्तो रहेछ त्यो रामे त्यही आइ सक्यो यहाँ ।
लङ्काको उत्तरी ढोका स्वात्तै ढाकी सक्यो वहाँ ॥
सारा पर्वतका ढुङ्गा थुपारेर पुरी प्रभो ! ॥
महासिन्धु तरी आयो उजाई हथियार त्यो ।
यसो हेर्दा छ त्यो रामे महान् तेज हुने अहो ! ॥
बनाई गरुड—व्यूह बीचैमा छ स्वसैन्यको ॥
भालू वानरका सेना घेर्दछन् त्यसलाइ ता ।
मलाई त्यसरी छोडी हिंड्यो त्यो कसिई यता ॥
पर्खालसम्म लङ्काको आइ पुग्नु अगाडि नै ।
दुइमा एउटा काम गरौं शीघ्र अवश्य नै ॥
कि त यी जानकीलाई लगी सुम्पौं त्यसैकन ।
कि त लड्न हिंडी हालौं युद्धमा अघि भैकन ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कुरा शार्दूलका सारा सुने पछि मनै—मन ।
गम्यो राक्षस-राजाले विचारी त्यसमा पुनः ॥
पछिबाट भन्यो आफ्नो चर शार्दूल साथ त्यो ।
उसको दृष्टिले हेर्दा योग्य लायक जो थियो ॥
अँहँ ! दिन्न म शार्दूल ! सीता लगि कसै गरे।
म झुक्तिन, जसो होला बेहोर्नेछु स्वयं भरे ॥
म साथ लड्न आँउन्न देव गन्धर्व दानव ।
लड्छु, दिन्न लगी सीता देखाँउन्न सबै भय ॥
त्यस साथ भनी यत्ति तेजस्वी राक्षसेश्वर ।
शार्दूल सँग त्यो फेरि सोध्न लाग्यो भई स्थिर ।।
घुमिस् तँ हकि ? शार्दूल ! सारा वानर-सैन्यमा ।
त्यो भन् त तिनमा को को छन् शूरा बलवान् वहाँ ?॥
जो जो दुर्जय ठानिन्छन् कस्ता छन् सौम्य!ती कपि ।
कस्तो छ तेज वा शक्ति राख्छन् कस्तो प्रभाव ती ?॥
ती वानरहरू छोरा—नाति हुन् कसका पुनः ।
सोधे जत्ति कुरा मैले भन् त राम्रो गरीकन ॥
पछि वानर-भालूको बुझी शक्ति अशक्ति म ।
ठमाई गरुँला जस्तो गर्नु पर्ला गमीकन ॥
बुझिस् के ? लड्न खोज्नेले आफ्नो र निजशत्रुको ।
पक्षका सैन्यको संख्या जानेरै लड्नु बेस हो ॥
त्यो श्रेष्ठ-चर शार्दूल त्यसरी सोधिए पछि ।
भन्छ राक्षस-राजामा यसरी क्यै गमी झुकी ॥
राजन् ! त्यो कपि-सेनामा जाम्बवान् नै छ है मणि ।
छोरो ऋक्षरजाको र जो हो गद्गदको पनि ॥
त्यल्लाइ युद्धमा जित्न निकै मुस्किल पर्दछ ।
ज्यादै ख्याति लिएकोछ जसले राक्षसेश्वर ! ॥
छोरो गद्गदको अर्को छ प्रभो ! धूम्र नामको ।
इन्द्रका गुरुको छोरो केसरी हो सुयोग्यको ॥
त्यसैको पुत्र हो राजन् ! हनुमान्, जसले अघि ।
यहाँ आइ गरेको थ्यो ध्वस्त राक्षसवीर ती ॥
सुषेण नामको अर्को छ वानर पराक्रमी ।
त्यही हो धर्मको छोरो धर्मात्मा छ महागुणी ॥
अर्को कपि दधिमुख भलो वानर-वीर छ ।
त्यल्लाइ चन्द्रको छोरो भन्दछन्, शौर्य-पूर्ण छ ॥

४३

४४

वेगदर्शी हुने नाम तथा सुमुख दुर्मुख ।
यी तीनै मृत्युका छोरा मानिन्छन् छन् सुदुर्जय ॥
जगत्कर्ता स्वयम्भूले साँच्चै यी तीनलाइ ता ।
कपिका रूपका सिर्जे काल राक्षस नाशन वा ! ॥
सेना-पति स्वयं नील अग्निका पुत्र हुन् प्रभो ! ।
ख्यातिप्राप्त महान् वीर हनुमान् चाँहि वायुको ॥
जित्नै न सकिने वीर वेगवान् बलवान् तथा ।
साक्षात् अङ्गद ता राजन् ! नाति हुन् इन्द्रका युवा ॥
मैन्द द्विविद यी दोटै बलवान् वीर्यवान् कडा ।
हुन् अश्विनीकुमारैका छोरा अद्भुतरूपका ॥
गवाक्ष गज गवय शरभ गन्धमादन ।
यमका पुत्र हुन् पाँचै काल जस्तै हुने गुण ॥
यी देवबाट जन्मेका तेजस्वी कपिवीरको ।
दशौं करोडको संख्या पुग्छ, छन् शूर-वीर जो ॥
यी सबै लड्न चाहन्छन्, चाहन्छन् मास्न राक्षस ।
गन्नै सकिन्न यी भिन्न छन् असंख्य अरू सब ॥
छोरो उता दशरथ-राजाको राम चाँहि ता ।
छ राम्रो सिंहकै जस्तो भएको काँध भै युवा ॥
अघि त्यै रामले एक्लै त्रिशिरा खर दूषण ।
तीनैलाइ सकेको हो त्यसमै छ महागुण ॥
पृथ्वीभर यसो गम्दा त्यो भन्दा अरु योग्यको ।
वीर्य शौर्य भएको क्वै योद्धा नै छैन है प्रभो ! ॥
दण्डकारण्यमा स्वामिन् ! डुल्दो त्यो कबन्ध र ।
विराधलाई नै मार्‍यो यसैले भइ दुर्धर ॥
अँहँ ! देखिन्न पृथ्वीमा कुनै व्यक्ति पनी अहो ! ।
त्यसका गुण यस्ता छन् यत्ति छन् भन्नता प्रभो! ॥
चौध हज्जार संख्याका वीर राक्षस ती सब ।
जो जनस्थानमै बस्थे यसैले मार्दियो तव ॥
त्यस्तै छ त्यसको भाई वीर लक्ष्मण जो छ त्यो ।
छ हात्तीहरुमा श्रेष्ठ दंतारै ठीकको अहो ! ॥
त्यसको वाण लागेमा जसको वेगमा परी ।
देवराज पनी स्वामिन् ! सक्तैनन् टिक्न क्यै गरी ॥
यी भिन्न त्यस सेनामा ज्योतिर्मुख र श्वेत यी ।
दुइ वानर अर्का छन् सूर्यपुत्र महान् बली ॥

६०

६१

साक्षात् वरुणको स्वामिन्! यौटा पुत्र छ उत्तम ।
यही हो त्यसको नाम हेमकूट मनोरम ॥
छोरो हो विश्वकर्माको नल वीर छ यो अति ।
मानिन्छ वसुको छोरो त्यो दुर्धर कडा उति ॥
साक्षात् हजूरका भाई महावीर विभीषण ।
मणि राक्षसको नै हुन् पूजिन्छन् भइ सद्गुण ॥

६३

६४

राज्य पाएर लङ्काको अभिषेक गरी दिंदा ।
रामकै हित गर्दाछन् लड्नमा कसिई सदा ॥
भरी सुवेलको डाँडो बसेको गै जतातता ।
कपिका सैन्यको मैले वखाने शक्ति सर्वथा ॥
अब जो गर्नु पर्ने हो राक्षसेश्वर! वास्तव ।
प्रमाण भइ बक्सिन्छ हजूरै त्यसमा सब ॥

६७

इति तीसौं सर्ग

एकतीसौं सर्ग

राक्षसराज रावणले देवी–सीतालाई मोह–भ्रममा पार्नु

१

लङ्कामा यसरी स्वामी त्यस राक्षस–राजमा ।
बखाने चरले सारा देखे जति कुरा वहाँ ॥
जित्न गाह्रै छ है राजन् ! कपिको सैन्य त्यो उता ।
भने—सुवेलमा बस्छन् राम आइ पुगे यता ॥
महान् सैन्य लिई साथ आएका राम, यो कुरा ।
चरका मुखले स्पष्टै सुन्यो रावणले तदा ॥
अनि ता हड्बडायो कयै भयो बा ! आत्तिए सरि ।
पछि मन्त्रीहरू साथ भन्न थाल्यो यसो गरी ॥
मेरा मन्त्रीहरू सारा जत्ति छन् ती सबै अब ।
मेरो अघि परून् आँउन्, एकाग्र भइ वास्तव ॥
ठिक्क वेला भएको छ प्रिय–राक्षस हो ! सुन ! ।
सल्लाह मन्त्रणा गर्न यै आवश्यकको पुनः ॥
सुनी राक्षस–राजाको यो आदेश तुरुन्त नै ।
आए, जम्बा भए सारा मन्त्रीहरु दनादनै ॥
अब रावण यो लाग्यो गर्न सल्लाह दुर्धर ।
ती आफ्नै जातका मन्त्रीहरू साथ लिई स्थिर ॥
सल्लाह गर्नु पर्ने थ्यो जस्तो विषयमा जति ।
चाँडै नै त्यो सक्यो सारा आवश्यक कुरा जति ॥
सकी विचार सम्पूर्ण मन्त्रीहरुकनै पनि ।
विदा दियो पस्यो एक्लै आफ्नो भवनमा अनि ॥
विद्यु ज्जिह्व हुने नाम थियो राक्षस एउटा ।
महान् बली महामाया जान्ने बुझ्ने पनी कडा ॥
त्यसैलाई लियो साथ त्यस राक्षस–राजले ।
अनि सीता बसे ठाम गइहाल्यो लुसुक्क ए ! ॥
विद्यु ज्जिह्वकनै भन्छ बाटामा अब रावण ।
हामी मोहित पारौं है मायाले जानकीकन ॥

१३

१४

ए विद्य ज्जिह्व ! सुन् बावै ! तँ मायाले छिटै अब ।
शिर कै रामकै जस्तो बना सुन्दर वास्तव ॥
त्यसको साथ–साथैमा धनुर्बाण पनी लिई ।
अघि पर् तँ छिटै मेरो भन्यो यत्ति खुशी भई ॥
यो शुभादेश राजाको पाए पछि निशाचर ।
त्यो विद्यु ज्जिह्वले विन्ती गऱ्यो गर्छु त्यसै भनी ॥
तुरुन्तै त्यसले तस्मात् ज्यादै कुशलतासित ।
माया तयार पारेको देखायो त्यसलाइ त ।
राजा रावण यो काम देख्तामा त्यसको तव ।
भयो खुश दियो तस्मात् फुकाली गह्नै सब ॥
ठिक्क–ठाक्क गरी यत्ति जानकी भेट्न लोभिई ।
अशोक—वाटिकाभित्र पसिहाल्यो छिटो भई ॥
झोक्राएर भई दुःखी त्यहाँ बस्न अयोग्यकी ।
थिइन् ती जानकी—देवी बस्तथिन् विवशी भई ॥
शोकभित्र डुबेकी थिन् नीचो शिर थियो यता ।
बसेर खालि पृथ्वीमा शोच्तथिन् पतिकै कुरा ॥
देख्तैमा अति डर्लाग्दा राक्षसीहरुले मिली ।
चाकडी गरिएकीथिन् घेरिएर यताउति ॥
पुगी सीता भए ठाम प्रसन्न मनको भई ।
अनि राक्षस–राजाले आफ्नो नाम भन्यो झुकी ॥
पछिबाट जिकै धृष्ट भएर त्यसले वहाँ ।
यसरी भन्न पो थाल्यो जानकीसित प्रेममा ॥
यसरी सुन कल्याणि ! निरन्तर म प्रार्थना ।
गर्दोछु पाउमा झुक्तै दिंदोछु दृढ सात्वना ॥
तिमी ता तैपनी देवि ! मान्दिनौ किन हो किन ? ।
विचार त्यस रामेको गर्दछयौ यसरी किन ? ॥

२६

२७

खर-दूषण मार्ने त्यो तिम्रो पति भनाउँदो ।
रामे ता मारियो भद्रे ! युद्धमा शत्रुबाट पो ॥
ढल्यो मुख्य जडै तिम्रो गयो अब सबै कुरा ।
भएको दर्प वा शेखी मै बाटै चूर्ण भो पुरा ॥
तिमी माथि पर्‍यो आपत् यसैले विवशी भई ।
अब हौली तिमी मेरी प्रिय-पत्नी खुशी भई ॥
कस्ती सोफी तिमी सीते ! मरेको पति गर्छे के ? ।
भन लौ ? त्यसकै बारे शोच्ता पो अनि हुन्छ के ? ॥
छन् शुभे! भित्र खोपीमा मेरा रानीहरू निकै ।
सबैकी स्वामिनी होऊ तिमी नै अब श्रेष्ठ भै ॥
आफूलाई तिमी ठान्थ्यौ छु मै बुद्धिमती भनी ।
त्यो शेखी तोडियो तिम्रो सकियो पुण्य नै पनि ॥
पतिका मृत्युका हाल सुन सीते ! तिमी अब ।
वृत्रासुर मरे जस्तो मर्‍यो त्यो पति-राघव ॥
हो! म सुन्दै थिएँ सीते ! त्यो तिम्रो पति वस्तुतः ।
मैलाई मार्न आएको थियो रे ! सिन्धु सम्म त ॥
थियो रे त्यसको साथ सुग्रीव-कपिराजले ।
ल्याएका कपिका सैन्य विशाल र असंख्य ए! ॥
त्यत्रो विशाल-सेनाले ढाकी स्वात्तै समुद्रको ।
उत्तरी-तीर बस्थ्यो रे ! म सुन्दैथें यही कुरो ॥
अँध्यारो भै सकेकोथ्यो त्यो वेलामा यतातिर ।
त्यत्रो सैन्य थियो साथ अस्ताएछन् दिवाकर ॥
आधारात हुंदा खेरि बाटाको श्रमले गरी ।
थाकेछन् सैन्य ती सारा सुतेछन् मस्त भैवरी ॥
उता त्यस्तै अवस्थामा मेरा चरहरू गई ।
स्थिति पत्तो लगाएछन् भइ चंख निकै अघि ॥
अनि ता सुन ! त्यो मेरो सेनापति प्रहस्तले ।
खटाएका पुगी सेना छोपेछन् आफ्नु वीर्यले ॥
त्यो वेला कपि-सेनामा तिम्रा पति र देवर ।
रहेछन् दुइटै साथ मारेछन् गई सर्सर ॥
नाना शस्त्रास्त्र छोडेछन् वहाँ राक्षसले मिली ।
दण्ड पट्टिश औ ऋष्टि तथा परिघ चक्र यी ॥
अरु आयुधले ठूला बाणका जाल-शूलले ।
प्रास-तोमरले एवं हानेछन् तीक्ष्ण-कूटले ॥

४३

४४

ठोक्ता मुसलले त्यस्तै हान्दा मुग्दर आदिले ।
कपिको सैन्य ता त्यत्रो पछि स्वाहा भएछ ए ! ॥
निकै सिपालु हो मेरो सेनापति प्रहस्त त्यो ।
बढेछ पछि त्यै आफ्नो महान् खड्ग लिएर पो ॥
अब लौ सुन ए सीते ! त्यो तिम्रो पति-रामको ।
शिर काटेछ यी ! च्वाट्टै त्यै वेला त्यसले अहो ! ॥
वहाँ गरि सकी यत्ति फुत्त उफ्रेर गै त्यही ।
स्वाप्प पारेछ आफैंले विभीषणकनै पछि ॥
यता लडाँई बढ्दैथ्यो तिम्रो देवरलाइ ता ।
कपिका सैन्य साथैमा भगाएछन् कता कता ! ॥
सुन ! सुग्रीवको ग्रीवै काटिदिएछन् मजैसित ।
हनुमान् हनुमै ठोक्का मारेछन् उनले स्वतः ॥
थिए उफ्रन लागेका जाम्बवान् अल्लि मास्तिर ।
त्यै वेला ठोक्दिएछन् बा ! सारा राक्षस भै स्थिर ॥
घूँडामै चोट लाग्दामा छिन्न-भिन्न भईकन ।
काटिएको रुखै जस्तो भै लडेछन् उनी पुनः ॥
मैन्द द्विविद यी दोटै श्रेष्ठ हुन् कपि किन्तु ती ।
रगताम्य भई सीते ! लडेछन् युद्धमा पछि ॥
यसैवेला वहाँ देवि ! स्वाँ ! स्वाँ !! गर्दै भई दुखी ।
लडेछन् डङ्ग पृथ्वीमा काट्दिदा खड्गले बढी ॥
चर्को कपि थियो अर्को वहाँ पनस नामको ।
पाकेको कटहरै जस्तो भै खस्यो त्यो पनी अहो ! ॥
नाराच-बाण लाग्दामा उता कपि दरीमुख ।
कुनै गिरिगुफाबीच सुस्ताँउछ गई अब ॥
थियो कुमुद जो अर्को तेजस्वी कपि वीर बा ! ।
बाण वर्षाइ ठोक्तामा चूप भै त्यो मरेछ हा ! ॥
उता अङ्गद लाएको त्यो अङ्गदकनै पनि ।
छोपेछन् बाणले हानी मेरा राक्षसले अनि ॥
छिन्न-भिन्न हुँदा केही न लाग्दा पछि त्यो पनि ।
लडेछ डङ्ग पृथ्वीमा रगताम्य भई मरी ॥
जसरी मेघ मासिन्छन लाग्दामा वेग वायुको ।
त्यै ठीक रथ-हात्तीका ताँतिले कुल्चिदा अहो ! ॥
सिचिंदा थिचिंदा सम्म वहाँका कपि-सैन्य ता ।
भुसुक्कै पो भएछन् हा ! वीर राक्षस बाट ता ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

लखेट्ता सिंहले जस्तो ठूल्ठूला गजराज ता ।
भाग्दछन् न सकी टिक्न त्यही ठीक भएछ हा ! ॥
वीर राक्षसले खेद्दा सारा वानर अन्तमा ।
भागेछन् बाणको चोट खाएर पनि पीठमा ॥
कुनै ता गइ भ्वाम्ल्वाङ्ग हाम्फालेछन् समुद्रमा ।
कुनै ता वेगले सीते ! उडेछन् बा ! अकाशमा ॥
यता धेरै जसो भालू वानरी-वृत्ति ली हरे ! ।
मजैसित चढेछन् बा ! रुखमा पनि शक्तिले ॥
डर्लाग्दा नेत्रमा मेरा वीर राक्षस-सैन्यले ।
ठोकेछन् ठोक्न सम्मै पो पहेंला कपिलाइ ए ! ॥
पछिबाट भगाएछन् बाँकीलाइ जताततै ।
समुद्र-गिरिमा एवं वनमा पनि सर्वथा ॥
यसरी जानकी ! तिम्रो लोग्ने त्यो रामलाइ ता ।
ती मेरा सैन्यले मारे सैन्यकै साथ साथ हा ! ॥
लौ हेर ! क्षितिको धूलो लागेको रगताम्य यो ।
रामको शिर हो, मैले ल्याएको छु यहाँ अहो ! ॥
सीता सुन्दै थिइन् यत्ति भने पछि सुदुर्जय ।
त्यस राक्षस-राजाले भन्यो क्वै राक्षसीसित ॥
ल जा ! तँ क्रूरकर्मा त्यो विद्यु ज्जिह्वकनै यहाँ ।
लिंदै आ ! बाणकै साथ आ भनी शिर ली यहाँ ॥

७०

७१

जुन त्यो दुष्टले सुन् ए ! चर्को संग्राम-भूमिमा
रामको टाउकै काटी लिइ आयो स्वयं यहाँ ॥
यत्ति आज्ञा हुना साथ त्यो विद्यु ज्जिह्व-राक्षस ।
गरी हत्पत आयो बा ! बाण साथ लिई शिर ॥
अनि राक्षस-राजाको अघि पर्दा झुक्यो निकै ।
टक्र्यायो ढोग त्यो बाण राख्दियो शिर साथकै ॥
ज्यादै लामो हुने जीभ्रो त्यो विद्यु ज्जिह्वमा पछि ।
भन्यो राक्षस-राजाले जो बस्थ्यो नजिकै मुकी ॥
अब सुन् ! तँ दशरथ-राजाका पुत्ररामको ।
शिर त्यो अघि राख् बाबै ! जानकीको भई छिटो ॥
जसले अब यी सीता त्यो आफ्नो पतिको मुख ।
हेरुन् अन्तिम—मौकामा मजै साथ हुओस् सुख ॥
भन्दा रावणले यत्ति त्यस राक्षसले पनि ।
ल्याएर शिर सीताको अघि राखिदियो अनि ॥
गरी यत्ति हरायो बा ! त्यो द्यु विज्जिह्व राक्षस ।
यता अघि बढ्यो फेरि स्वयं रावण-राक्षस ॥
विशाल रामकै जस्तो धनु क्वै धप्धपाँउदो ।
त्उचाली हातले आफ्नो भन्यो देखाउँदै यसो ॥
यो तिम्रो पतिको सीते ! त्रैलोक्यैमा प्रसिद्ध यो ।
धनु हो, चिन है राम्रो ताँदो चढ्दोछ हेर ! त्यो ॥

८०

८१

मारेर रातको वेला नर-रामकनै त्यस ।
प्रहस्तले यहाँ ल्यायो देखाँउन मलाइ त ॥

८२

ल्याएर त्यो राक्षसले वहाँ जब राखी दिएथ्यो शिर रामको तव ।
आफैं उचाली धनु चट्ट भूमिमा राखी दियो रावणले स्वयं वहाँ ॥
त्यो भन्न लाग्यो अनि मैथिलीसित जो यी थिइन् कीर्तिमती निकै स्वतः ।
लौ देवि सीते ! अब ता भई खुश मेरी भई हाल तिमी पर्‍यौ वश ॥

८४

इति एकतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बत्तीसौं सर्ग

देवी जानकीको अलाप–विलाप

१

रामको शिर साथैमा विशाल पतिको धनु ।
देखिन् वा ! अव सीताले पर्दामा त्यसरी अघि ॥
हनुमान्का कुरा संझिन् उता सुग्रीव साथमा ।
मैत्री-सम्बन्ध जोडेको स्वयं श्रीरामले वहाँ ॥
आँखा गाडी यसो हेरिन् शिरतर्फ पनी अनि ।
देखिन् वा ! रामकै जस्तो अङ्ग-प्रत्यङ्ग ती पनि ॥
मुखको वर्ण त्यस्तै थ्यो ठूल्ठूला नेत्र थे यता ।
थियो दुरुस्त आकार छाँट–काँट पनी तथा ॥
थिए केश ललाटादि अनुहार पनी उही ।
चूडामा धप्धपाएको चूडामणि थियो त्यही ॥
यी सवै चिह्नले गर्दा चिनिंदा पतिको शिर ।
ठूलै तोड पऱ्यो भित्र जानकीलाइ आखिर ॥
पतिको साथ छुट्तामा रोएझैं कुररी चरी ।
रोइन् वा ! कैकयीलाई भन्न थालिन् थरी–थरी ॥
तौ कैकेयि ! पुग्यो धोको अव सारा हजूरको ।
चिताएका कुरा सारा भए आजै प्रपूर्ण पो ॥
सारा रघुकुलैलाई आनन्दित बनाँउने ।
पतिदेवकनै मेरा मारे राक्षसले हरे ! ॥
हजूरको स्वभावै हो राडो मात्र मचाँउने ।
मुमुक्ष पारि वक्स्यो यी आफ्नै कुल हजूरले ॥
आर्य-श्रीरामले मेरा ए कैकयि ! हजूरको ।
न राम्रो गरिवक्स्यो के अपराध बिगार पो? ॥
जसरी जसले गर्दा मेरो साथ वहाँकन ।
चीर-वस्त्रादि ओढाई निकाली बक्सियौं वन ॥
विदेहराजकी छोरी सीता देवी यसो भनी ।
अव थर्थर काँपिन् वा ! थिइन् जुन तपस्विनी ॥
१३

१४

केराको थाम काटेमा जस्तो ढल्दछ अन्त्यमा ।
त्यही ठीक ढलिन् देवी पृथ्वीमा पछि ता वहाँ ॥
ठूलो पीर पऱ्यो तस्मात् सीता मूर्च्छै परिन् वहाँ ।
बित्यो दुइ घडी काल, फर्क्यो चैतन्य देहमा ॥
ठूल्ठूला कमलै जस्ता नेत्र राम्रा हुने उनी ।
शिर त्यो नजिकै राखी रुन थालिन् यसो भनी ॥
महान् बाहु हुने मेरा पतिदेव प्रभो ! म ता ।
त्यसै अत्र विती हालें राक्षसैले सके यता ॥
वीरव्रत लिएकोथ्यो प्रभुले नित्य वास्तव ।
बीचमै त्यो छुट्यो के भो ए प्रभो ! पति–राघव ॥
यो अवस्था पनी देखे यी मेरा नेत्रले हरे ! ।
विधवा पार्दिई बक्स्यो मलाइ प्रभुले मरें ॥
अहो ! स्त्रीजातिको निम्ति अगाडि पति मर्नु ता ।
ठूलो अनर्थ मानिन्छ पत्नीको निम्तिमा सदा ॥
हूँ सदाचारीणी नारी म, ज्यूँदै छु प्रभो ! तर ।
प्रभु स्वर्ग सवारी भो यही हो कष्ट दुर्धर ॥
डुबें म दुःखमा ठूलो यो यस्तो शोक–सिन्धुको ।
मलाई झिक्न खोज्थ्यो जो त्यो मऱ्यो शत्रुबाट पो ॥
रघुनन्दन ! जस्तो कि गाई, बाच्छो भनी भनी ।
मरिमेट्तछ मायाले स्नेहले सक्छ जीवनी ॥
अकस्मात् मर्दिए बाच्छो त्यसको हुन्छ के गति ।
भो त्यै ठीक उहाँ मेरी सासुज्यूको पनी स्थिति ॥
प्रभु जस्तो भई छोरो कौसल्या जननी पनि ।
भइ बक्सिनु ता त्यस्तो हो दुःखमय जीवनी ॥
ज्योतिषीहरु ता भन्थे आयु लामो छ नाथको ।
त्यो कुरा पनि भो भूठो अल्पायु भइ वक्सियो ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भै महान् बुद्धिमान् यद्वा प्रभुको बुद्धि नाशियो ।
त्यसैले सुति बक्सेकै वेलामा मरि बक्सियो ॥
अथवा बलियो काल जगत्का जीव- जन्तुको ।
जन्मको मृत्युकों सम्म मुख्य कारण एक हो ॥
हो ! पक्कै पनि त्यै काल सबलाइ पकाँउछ ।
जीव—जन्तुहरूलाई त्यही दिन्छ शुभाशुभ ॥
कुरो आश्चर्य लाग्दो यै घट्न गो नाथमा प्रभो ! ।
नीति--शास्त्र सबै जान्ने भै बक्सिन्थ्यो हजूर जो ।
चतुरो भइ बक्सिन्थ्यो दुःख-संकष्ट बाट ता ।
बच्नको निम्तिमा स्वामिन् ! शक्ति-बुद्धि दुवै हुँदा ॥
परन्तु कसरी त्यस्तो हुन गो न हुने कुरो ।
किन देख्नु पर्‍यो यस्तो मैले पनि अयोग्य हो ! ॥
कराल कालरात्रीले अगाँली प्रभुलाइ हा ! ।
छुटाई अनि मै बाट आफ्नु साथ लगी उता ॥
तपस्विनी भएकी म पत्नी छु प्रभुकी प्रिया ।
सर्वथा स्नेह गर्दीछु छोडी त्यस्ती मलाइ ता ॥
कहाँ प्रभु सवारी भो प्यारी नारी कसैसित ।
जोल्ठिएर बसे जस्तो सुकला भो धरासित ॥
मेरा वीरवर-स्वामिन् ! जसलाइ स्वयं म ता ।
धूप—चन्दन--मालाले गर्थें पूजन सर्वथा ॥
प्रभुको विश्वमा श्रेष्ठ हो धनुर्वाण त्यो यही ।
मलाई अति प्यारो छ जडेको सुन हो त्यही ॥
स्वर्गबीच सवारी भो मेरा प्रिय हजूर हा ! ।
आफ्ना भन्नेहरू साथ मिलि नै बक्सियो कि क्या?॥
बुवा हजूरका मेरा शशुर पूज्य भूपति ।
भै बक्सिन्छ वहीं ओहो! भेटि बक्स्यो कि क्या पुगी?॥
शुभ आज्ञा पिताज्यूको मान्नू सत्कर्म यै गरी ।
कमाई वक्सिएकै हो प्रभुले पुण्य राम्ररी ॥
साक्षात् हजूरका पुर्खा महाराज त्रिशङ्कुले ।
गर्दा भनिन्छ यो वंश नक्षत्रलोक-नामले ॥
प्रभुले त त्यसैलाई छोडेर अलपै भई ।
यसरी जानु होला के मलाई चट्ट त्यागिदई ? ॥
हजूर भइ बक्सिन्थ्यो निकै बालक सुन्दर ।
म पनी बालिका नै थें निकै सानी मनोहर ॥

४३

४४

प्रभो ! त्यसै अवस्थामा कुमार-ग्रह नाथको ।
हुँ मैले नै उतारेकी धर्मपत्नी भई अहो ! ॥
अब यस्तो अवस्थामा प्रिया त्यस्ती मलाइ हा ! ।
किन हो हेरि बक्सिन्न भनि बक्सिन्न क्यै कुरा ? ॥
प्रतिज्ञै गरि बक्सेथ्यो अघि मेरो विवाहमा ।
तिमी साथ म गर्नेछु धर्म-कर्म भनी वहाँ ॥
संझि बक्स्योस्न है नाथ ! अब सम्पूर्ण ती कुरा ।
मलाइ हेरि बक्स्योस् लौ भै सकें दुखिनी म ता ॥
गतिमान्हरुमा श्रेष्ठ बुद्धिमान् प्रिय हे प्रभो ! ।
मलाइ साथमै ल्याई एक्लै जानु अयोग्य भो ॥
त्यसमा पनि यो लोकै छोडेर परलोकमा ।
जानु ता झन् अयोग्यै हो आज्ञा होस् के भयो यहाँ? ॥
कल्याणमय लाखौं ती वस्तुले भव्य भै अति ।
प्रभुको देह शोभिन्थ्यो अँगाल्थें म पुगी पछि ॥
प्राणनाथ प्रभो ! आज त्यही देह हजूरको ।
लुछ्‌ता हुन् सासु घिच्ने, ती जीव-जन्तुहरू अहो ! ॥
दिइने दक्षिणा घेर अग्निष्टोमादि यज्ञ ती ।
निकै नै गरिं बक्सेथ्यो विधिले प्रभुले अघि ॥
फेरि के पर्न गो हेतु अग्निले अग्निहोत्रको ।
प्रभुले पाइ बक्सेन दाह-संस्कार देहको ! ॥
साथमै वन आएथ्यौं हामी तीन जना प्रभो! ।
कौसल्या सासुज्यू मेरी अब खिन्न भई अहो ॥
कसरी सोधि बक्सेला एकलै घर फर्कने ।
पुत्र लक्ष्मणलाई ती भित्र भै छट् पटाँउने ॥
वहाँले सोधि बक्सेला भाई-लक्ष्मणले पनि ।
रात्रिमा युद्ध भो भन्लान् छोंपे राक्षसले भनी ॥
त्यै वेला कपि—सेनाको सुतेका प्रभुको पनि ।
भएका मृत्युको हाल बखान्नेछन् स्वयं उनी ॥
उहाँले सुनी बक्सेला जब यो हाल रात्रिमा ।
प्रभुको मृत्यु भो भन्ने पुत्रका मुखले वहाँ ॥
यता हरेर ल्याएकी सुन्दा मेरो कुरा पनि ।
अवश्य पनि फुटनेछ उहाँको हृदयै पनि ॥
रहीछु म अनार्या नै त्यै मेरो निम्ति वस्तुतः ।
निष्पाप पुत्र राजाका प्रभु जस्ता महाव्रत ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

७७

तेजस्वी-वीरको स्वामिन् ! त्यत्रो सिन्धु तऱ्यो जुन ।
भो श्रैले मृत्यु गाईका खुरको जलमा डुबी ॥
हरे ! त्यत्रा दशरथ-राजाका पुत्र नाथले ।
म कुलाङ्गारनीलाई ल्याइ बक्स्यो विहा गरी ॥
बन्न गो यसमा हेतु मोह एक प्रकारको ।
मृत्युरुप भएँ मै नै आर्यपुत्र—हजूरको ॥
जसको घरमा सारा आउँथे भइ याचक ।
जसको निम्तिमा फेरि थिए बा ! पाहुना प्रिय ॥
सर्वोच्च पतिकी त्यस्ती भई पत्नी म ता हरे ! ।
यसरी शोक गर्दीछु आज अन्यायमा परें ॥
यसबाट म संझन्छु अघिल्लो जन्ममा म ता ।
ठूलठूला दान-यज्ञादि गर्दा विघ्नै भईछु हा ! ॥
रामका लाशको माथि राखी अब मलाइ त ।
लौ ए रावण ! मार् चाँडो यसैमा बरु श्रेय छ ॥
पति-पत्नी दुवैलाई यसै गरी मिलाइदे ।
गर् छिटो ! हो यही मेरो निम्ति श्रेय हुने भरे ॥
जोरीदे शिर यो मेरो पतिको शिरमा लगी ।
मिला शरीर यो मेरो उहाँकै देहमा लगी ॥
यस्ता प्रकारले मेरा महात्मा—पतिको गति ।
छिटै भेट्टाइ हाल्नेछु, हुन्छु भाग्यवती अति ॥
यसरी दुःखले पाकी विलाप्तै जानकी तदा ।
पतिका शिरको साथ हेर्दथिन् धनु सर्वथा ॥
यस्तै भइ रहेकोथ्यो यतातिर त्यहीं अब ।
आयो राक्षस—राजाको यौटा सैनिक राक्षस ॥
त्यसले आफ्नु राजामा हातजोडी भन्यो यसो ।
आर्यपुत्र ! महाराज प्रभुको जय होस् प्रभो ! ॥

८६

६०

अभिवादन टक्र्यायो गऱ्यो विन्ती झुकी पुनः ।
सेनापति सवारी भो प्रभुको गर्न दर्शन ॥
सारा मन्त्रीहरू साथ सेनाध्यक्ष प्रहस्तज्यू ।
उपस्थित भई बक्स्यो सेवामा प्रभुको प्रभो ! ॥
उहाँको दृढ इच्छा छ गर्न दर्शन नाथको ।
यसैले म यहाँ आएँ जा ! भन्दा भन्न त्यो कुरो ॥
विन्ती गर्नै पऱ्यो राजन् ! तस्मात् औसर माफ होस् ।
राजकाज पऱ्यो त्यस्तै छिटै दर्शन बक्सियोस् ॥
त्यस राक्षसले विन्ती गरेका यी कुरा सुनी ।
अशोक-बाटिका छोडी गयो रावण त्यो अनि ॥
दियो दर्शन भेटेर मन्त्रीलाइ वहाँ पुगी ।
समर्थन उनीबाट गरायो कृत्यको पछि ॥
पछि पत्ता लगाएर रामका बल—वीर्यको ।
गर्न त्यै ठीकको काम सभा-भवनमा पस्यो ॥
यता राक्षसको राजा निस्कनासाथ बाहिर ।
सीताको अघिबाटै पो हरायो धनु त्यो शिर ॥
राक्षसेश्वर त्यो लाग्यो सभामा लिन राय पो ।
डर्लाग्दा आफ्नु मन्त्रीको साथ बस्तै उता अहो ! ॥
अब के गर्नु पर्ने भो, हुन्थ्यो के के गरे भलो ? ।
लिई विषय रामैको भनायो त्यो सबै कुरो ॥
बस्थे मन्त्रीहरू सारा त्यसका नजिकै वहाँ ।
सेनापति थिए साथै हितैषी पनि थे जहाँ ॥
यसरी भन्न लाग्यो त्यो राक्षसेश्वर रावण ।
सारा वीर उनीसाथ बेलाको योग्य थ्यो जुन ॥
सुन ! भेरी-नगाडामा ठोकी दण्ड निरन्तर ।
अब भ्याली पिटी देओ सुनियोस् है पुरीभर ॥

१०२

१०३

हाम्रा सैन्यहरू सारा जम्बा पार यसो गरी ।
कुरो बुझ्नु छिटो गर्नु हेतु क्यै न भनीवरी ॥
आज्ञा भएझैं सब गर्दछौं प्रभो ! भने उनीले पछि क्यै झुकी अहो ! ।
विशाल त्यो राक्षस सैन्य अन्तमा जम्बा गराए उनले छिटै वहाँ ॥

१०४

CC-0. In Public Domain. Digitization by eGangotri

१०५
गरी सकी यत्ति लडाँइ लड्नमा हुने निकै उत्सुक उग्रभावमा ।
त्यल्लाइ जाहेर गरे यथार्थमा भेला भयो सैन्य सबै भनी वहाँ ॥

इति बत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेत्तीसौं सर्ग

राक्षसी-सरमाले देवी-सीतालाई सम्झाउनु-बुझाउनु

१

त्यसरी शोक बढ्नाले भइ मोहित वस्तुतः ।
त्यहाँ विलाप गर्दैथिन् बिचरी मैथिली स्वतः ॥
सरमा नामकी यौटी राक्षसी उनको अवि ।
यसै समयमा आई होझैं भइ प्रिया सखी ॥
राक्षसेश्वरको माया देख्ता त्यस्तो प्रकारको ।
ठूलै तोड परेकोथ्यो सीतालाई असह्यको ॥
ठीक यस्तै अवस्थामा मीठो र प्रिय वाक्यमा ।
भनी बा ! सरमाले त्यो संझाई, दिइ सान्त्वना ॥
हुँदा रावण-राजाको शुभाज्ञा सरमा वहाँ ।
देख-रेख स्वयं गर्थी सीताको शान्तरूपमा ॥
त्यसले जानकी साथ स्नेहले मित्रता गरी ।
तस्मात् माया पनी गर्थी, थी दयालु उनी सरि ॥
सीतातिर यसो हेर्दा देखी बा ! त्यसले वहाँ ।
उनीलाई निकै पीडा परेकी भित्र चित्तमा ॥
कुनै घोडी निकै ठूलो दुःखले भुइँमा लडी ।
छट्पटाइ उठे जस्ती थिइन् जो धूलले भरी ॥
सखीमा सान्त्वना दिन्छे जस्तो प्रिय-सखी कुनै ।
दिई आश्वासना त्यस्तै सरमाले भनी यसै ॥
विदेहराजकी छोरी देवि-सीते ! भयो अब ।
नरोऊ ! शान्त भै हाल धर लौ धैर्य वास्तव ॥
हुनुहुन्न तिमी जस्ती नारीले अब मोहित ।
न ता हुन्छ व्यथा पीर लिनु नै, यै त हो व्रत ॥
डराहिनी रहीछौ हे तिमी ता प्रिय जानकि ! ।
सुन साँचा कुरा मेरा राम्ररी अब ध्यान दी ॥
यहाँ रावण आएर तिमीलाई भन्यो जति
तिमीले त्यसमा फेरि प्रत्युत्तर दियौ जति ॥

१३

१४

एक एक गरी मैले ती कुरा सब राम्ररी ।
तिमीमा स्नेह बढ्नाले सुनें भइ सखी सरि ॥
ठूलठूला नेत्रकी सीते ! म त्यो रावणको डर ।
कत्ति मान्दिन, छोड्दिन्छु तिम्रो निम्ति भई स्थिर ॥
अशोकवाटिकाको यो बाक्लो झाडी तिरै पसी ।
सुनें मैले कुरा सारा एक एक गरी बुझी ॥
सुन ! राक्षसको राजा जुन कारणले गरी ।
भै उद्विग्न यहाँबाट निस्कियो हड्बडै गरी ॥
त्यो कुरा पनि ए सीते ! म भएर निकै छिटी ।
पुगी ठेगानमा सारा बुझें फर्कें यतै पछि ॥
आफ्नो स्वरूप जानेका छन् तिम्रा पति राम ती ।
कसैको डर मान्दैनन् छन्, तस्मात् बलिया अति ॥
भन ? यस्तो अवस्थामा सुतेका नै भए पनि ।
श्रीरामलाई मार्ने को, कुन पत्याउँलान् अनि ? ।
पुरुषश्रेष्ठ हुन राम उनैमा घट्नु यी कुरा ।
सत्य मानिन्न है सीते ! हुन् नमिल्दा यिनै कुरा ॥
लड्ने हुन् वृक्ष ट्याप्ट्याप्पि उखेली सब वानर ।
ती पनि मारिए होलान् त्यसरी के त खर्बर ? ।
स्वर्गका देवता जस्तो छन् सुरक्षित इन्द्रले ।
त्यही ठीक उनी सारा छन् सुरक्षित रामले ॥
सुन ए मैथिली-देवि ! ती तिम्रा पति राम त ।
लामा मोटा हुने बाहु छन् वा ! सुन्दर वस्तुतः ॥
चौडा विशाल छाती छ, छन् प्रतापी धनुर्धर ।
मोटो-घाटो निकै राम्रो छ देह पनि सुन्दर ॥
धर्मात्मा हुन् भनी ख्यात छन् उनी यो धराभरी ।
रक्षा आफ्नो र अर्काको गर्न सक्छन् सँधैंभरी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भाई लक्ष्मणकै साथ जान्दछन् नीतिशास्त्र ती ।
बल-पौरख ज्यादै छ गम्नै गाह्रो हुने अति ॥
जो आफ्ना शत्रुको फौज सत्यानाश गराउँछन् ।
हुँन् शूर वीर आफै ती, शत्रु नाश्न् समर्थ छन् ॥
त्यस्ता कुलीन श्रीराम तिम्रा पति त्यसो गरी ।
युद्धमा मारिइन्नन् है ! नपत्याउ कसै गरी ॥
रहीछौ बा ! निकै लाटी तिमी ता जानकी ! सुन ।
हो त्यो ता राक्षसी-माया लछ्याउँछ पुनः पुनः ॥
हाम्रो राजा छ मायावी त्यसका काम-काज ता ।
हुन्छन् धेरै जसो त्यस्तै, बुद्धि त्यस्तै छ सर्वथा ॥
ए नानी ! त्यसको बानी जगत्का जीव-जन्तुको ।
छ सँधै कुभलो गर्ने त्यसैबाट गन्यो त्यसो ॥
डर्लाग्दो सत्य हो जस्तो देखिने गरी वास्तव ।
तिमीमा राक्षसी-माया देखायो त्यसले तब ॥
सकिए अब ती तिम्रा शोकका दुःखका दिन ।
हुने भलै-भलो मात्र आएछन् अब लौ सुन ! ॥
लक्ष्मी अब तिमीलाई गर्छिन् सेवन भै स्थिर ।
भाग्योदय भयो लाटी ! हुन्छ प्यारो र सुन्दर ॥
के बुझ्यौ ! सुन ! ती तिम्रा पति श्रीराम वास्तव ।
लिई वानरका सेना यहीं आइसके अब ॥
सिन्धुमा पुल हालेर दक्षिणी-तीर सिन्धुको ।
ढाकी ढपक्क बस्ताछन् हिजो आज बुझ्यौ ! कुरो ? ॥
मैले लक्ष्मण साथैका तिम्रा पति उनीकन ।
यी आफ्नै नेत्रले देखें छन् राम्रा जो अनुत्तम ॥
सिन्धु-तीर भरी टिक्तो भालू-वानर-सैन्यले ।
छन् सुरक्षित श्रीराम स्वयं आफ्नै प्रभावले ॥
हाम्रो राक्षस—राजाले पठाएका वहाँ चर ।
पुगेर फर्किई पोखे वहाँको स्थिति खर्खर ॥
उनले आफ्नु राजामा भने पछि यसो पनि ।
तरी सिन्धु महाराज ! राम आए यतै भनी ॥
ए ठूला नेत्रकी सोझी ! राजाले यै कुरा सुन्यो ।
अनि मन्त्रीहरू साथ गर्न सल्लाह त्यो गयो ॥
सरमा राक्षसी भन्थी सीता सँग यिनै कुरा ।
यसै बेला सुनी हाली त्यसले युद्धका कुरा ॥

४३

४४

जम्जमाइ रहेकाथे यता राक्षस-सैनिक ।
झिकेर शब्द डर्लाग्दो गर्जन्थे जो स्वयं तब ॥
पिटिन्थे नगरा—भेरी दण्डले डम्म, डम्म वा ! ।
सुनी त्यै मधुरो बोल्ने सरमाले भनी तदा ॥
सुन्यौ के भीरु ए सीते ? यो डर्लाग्दो महान् स्वर ।
गर्छ सूचन लड्नैमा छन् तयार भनी सव ॥
गम्भीर रण-भेरीको डर्लाग्दो स्वर यो सुन ! ।
सुन्यौ ! आकाशमा मेघै गर्जे ठीक छ जो पुनः ॥
हात्तीहरू सिंगारिन्छन् ठूल्ठूला दाँतका यता ।
जोतिन्छन् रथमा घोडा अत्राजै भन्छ यो कुरा ॥
उता घोडचढी कुद्छन् भाला ली हात-हातमा ।
संख्या छ यिनको सीते हजारौंको जहाँ-तहाँ ॥
यता जतातत्तै बाट भेला भै भै भयानक ।
लड्नमा सोझिई दौड्छन् सारा राक्षस-सैनिक ॥
जस्तो जतातत्तै बाट असंख्य जल-वेग ती ।
कुद्दै ओइरिंदै जान्छन् सिन्धुमै मिल्न हुत्तिई ॥
राजमार्ग पनी सारा त्यस्तै अद्भुत-वेषका ।
त्यस्ता राक्षस-सेनाले भरिए टम्म भै अहा ! ॥
यहींबाट पनि स्पष्टै देखिन्छन् हेर जानकि ! ।
सैन्यका भव्य शस्त्रास्त्र चम्किएका प्रभा फिंजी ॥
यता कवचका एवं ढालका पनि कान्तिले ।
आँखाको टक खांदोछ कसरी ए पतिव्रते ! ॥
रथ-घोडा तथा हात्ती भै भूषित तयार छन् ।
सारा राक्षसका सैन्य लड्नमा तम्तयार छन् ॥
यिनले पैह्रिएका छन् गहना मणि-रत्नका ।
फैलिन्छ तिनको कान्ति हेर सीते ! जतातता ॥
डढेलो वनमा लाग्दा जस्तो जेठ-असारमा ।
अग्निको कान्ति फैलिन्छ ठीक त्यस्तै भयो यहाँ ॥
हात्तीका गहना बज्छन् घण्टाकै साथ टङ्टङ ।
घन्किन्छ रथको घोष हिंड्दैछन् सैन्य डङ्डङ ॥
हिनहिनाँउदछन् घोडा जाँदैछन् रणभूमिमा ।
कान दी सुन ए लाटी ! बाजा बज्छ शयौं वहाँ ॥
नाना शस्त्रास्त्र बोकेर उजाई जाइलाग्न यी ।
पछाडि आफ्नु राजाको गैरहेछन् ल हेर ती ! ॥

६०

६१

आत्तिए ठीक देखिन्छन् सारा राक्षस-सैनिक ।
आए जस्तो छ है सीते । उनमाथि महान् भय ॥
अव ता ठान्न थालें म यो तिम्रो पीर मास्दिने ।
साक्षात् विजय लक्ष्मीले छयौ तिमी शीघ्र सेविने ॥
फूल्हूला कमलै जस्ता नेत्र राम्रा र बाटुला ।
भएका पति छन् तिम्रा राम, राम्रा निकै भला ॥
कुनै वखान्न सक्तैनन् उनको बल-विक्रम ।
छन् यौटै क्रोध जित्नेमा उनैमा छन् महान् गुण ॥
सारा दैत्य जिते जस्तो युद्धमा सुरराजले ।
उनले पनि जित्नेछन् सारा राक्षस वीर्यले ॥
अन्तमा सुन ए लाटी ! ती तिम्रा पति-रामले ।
मारी रावणलाई यो आँउलान् भेट्न प्रेमले ॥
ए सोफि जानकि ! कत्ति पीर-धन्दा न मान भो ।
सारा राक्षस मार्नेछन् रामले, ठोकुवै छ यो ॥
भाई लक्ष्मण ली साथ विष्णुले इन्द्रसाथ ली ।
दैत्य नाशे सरी नाश्लान् राम राक्षसलाइ यी ॥
मेरो छ एउटै धोको अव ता सुन जानकि ! ।
छिटै त्यो पनि पुग्ने भो पक्कै ठान्छु यहीं वसी ॥
मारी रावण आएका रामको काखमा अनि ।
सानन्द मक्ख भै वस्ने तिमीलाइ म हेर्छु नि ? ॥

७०

७१

तव पो सुन गोज्याङ्यी ! तिम्रा सुन्दर नेत्र यी ।
झार्लान् बरर हर्षाश्रु स्वर्गीय सुखमा परी ॥
त्यो तिम्रो पतिको छाती छ विशाल त्यहीं तिमी !
मिल्नेछयौ छ्याप्प भै एक, चाहियों भन के अनि ? ॥
हो ! बिते महिना धेरै यो तिम्रो केशराशिमा ।
देखिन्छ एउटै चुल्ठो, लट्टैलट्टा छ है जहाँ ॥
तैपनी कटि सम्मै ता पुग्दो छ अफ यो शुभे ।
त्यैवेला खोल्दिने छन् है ती तिम्रा पति-रामले ॥
पूर्णचन्द्र उदाएझैं राम्रो त्यो पतिको मुख ।
देख्ना साथ छिः है! लाटी! छोड्नेछयौ सब यो दुख ॥
सर्पिणी काँचुली जस्तो फेंक्तछे त्यै सरी तिमी ।
फेंक्नेछयौ शोकका आँसु सुखमा मक्ख भै अनि ॥
मिथिलेश्वरकी छोरी ! ए सीते ! रणमा उता !
मार्नेछन् पतिले तिम्रा हाम्रा रावणलाइ हा ! ॥
त्यैवेला सुखका भोग भोग्नमा योग्यका उनी ।
कृतकृत्य हुनेछन् है मक्ख भै पाउँदा तिमी ॥
दिलका देहका ठूला ती तिम्रा पतिले पनि ।
तिम्रो कदर गर्नेछन्, हुनेछयौ सुखिनी अनि ॥
हुँदामा राम्ररी वर्षा उम्रंदा झारपात ती ।
खेतीपाति बढी छोप्ता कस्ती हुन्छिन् सुखी क्षिति ॥

८०

८१

तिमी पनि त्यही ठीक पतिका साथमा वसी ।
मक्ख ! पक्क ! हुनेछयौ बा ! सुखको सिन्धुमा पसी ॥
अव सुन ! हितको कुरो म भन्छु अतिशय श्रेय हुने उपाय दिन्छु ।
सवतिर गिरि-मेरुको घुमेका हयहरु ठीक भई छिटो वढेका ॥
दिनकर-प्रभु—सूर्यको सभक्ति पर शरणै अव स्वेष्टदेव हुन् ती ।
किन ? न भन शुभे ! उनै जगत्को दुख पिर हर्न समर्थ छन्, छ यस्तो ॥

८३

इति तेत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौतीसौं सर्ग

देवी सीताको भनाई सुनेर राक्षसी सरमाले रावणको गुप्त-विचार खोल्दिनु

१

त्यसरी शोकले पाक्ती ती देवी जानकीकन ।
सरमाले अड्याई बा ! त्यस्ता वाक्य भनीकन ॥
डढेकी ग्रीष्ममा पृथ्वीलाई वर्षातले सरी ।
आनन्दित बनाई दी त्यल्ले त्यस्ता कुरा गरी ॥
वेला-बखत अन्सार गर्न काम कुरो पनि ।
जान्दथी सरमा राम्रै थिई मधुरभाषिणी ॥
बंल्थी मुसुक हाँसेर सीताको निम्तिमा यता ।
थिई प्रिय-सखी जस्तै भै सकेकी स्वयं उता ।
यो सीता हो सखी मेरी भन्ठान्थी, उनको भलो ।
होस् भन्थी; गर्न चाहन्थी पर्दासा कामले भलो ॥
यो सबै हेतुले गर्दा यिनको प्रिय क्यै कुरो ।
गर्न खोजेर नै भन्छे बेलाकै योग्यको कुरो ॥
ए नीला नेत्रकी सीते ! ममा त्यो हुति-ह्याउ छ ।
दृढ साहसको साथै वेस उत्साह शक्ति छ ॥
भन लौ ! अब तिम्रो म के सेवा गरुँ योग्यको ।
कि गै म राममा पोखूँ तिम्रो संदेशको कुरो ? ॥
भन ! बोलन ! ए लाटी ! वहाँ पुगि भनी सब ।
तिमीमा भन्छु त्यो फेरि भनेको रामलेतब ॥
वेगले हुत्तिंदै जाँदा निराधार अकाशमा ।
म रोकिन्न कतै सीते ! पुग्छु श्रीराम-पाउमा ॥
मेरी प्रिय-सखी नै हौ लौ ! तिमी सुन जानकि ! ।
मलाई भेट्न सक्तैनन् हावा गरुड सम्म यी ॥
सरमा राक्षसी भन्थी ती कुरा स्नेहले यता ।
कान थापी भई लाटी सुन्दथिन् जानकी उता ॥
शोकले व्याप्त थिन् पैले रुन्चे स्वर थियो अति ।
अब त्यो क्यै छुटेको थ्यो भनिन् मीठो झिकी पछि ॥
१३

१४

सरमा ! यी कुरा तिम्रा साँचा मान्छु म ता यहाँ ।
तिमी आकाश-पाताल पुग्न सक्छचौ जहाँ तहाँ ॥
क्यै गर्दिन्छचौ भने देखि मेरो निम्ति सखी ! तिमी ।
म भन्छु ध्यान दी राम्रो सुन ! गर्दैउ त्यै अनि ॥
मसाथि छ भने स्नेह गर्छचौं मेरो भलो भने ।
मेरो विषयमा तिम्रो यस्तै बुद्धि छ ता भने- ॥
त्यो यही हो- यहाँबाट त्यो रावण गयो कहाँ ।
के गर्दैछ ? बुझी यत्ति तिमी फर्क छिटै यहाँ ॥
दुष्टात्मा बदमासै हो शत्रुलाइ रुवाँउने ।
त्यो रावण, छ मायाको बलले पूर्ण झोक्किने ॥
मलाइ सरमा ! त्यल्ले लठ्याँउछ त्यसै अब ।
वारुणी-मदिरालेझैं पिउनेलाइ वास्तव ॥
यी क्रूर राक्षसीद्वारा तर्साँउन हकार्न र ।
लगाँउछ थुनी राख्न दिनैदिन निरन्तर ॥
यसैले छु म उद्विग्न तथा शङ्कित-चित्तकी ।
मन शान्त छदैछैन अनि होस् धैर्य के गरी ? ॥
यिनै कारण पर्नाले न सक्ता भित्र बस्न म ।
अशोकबाटिकामै यो आएँथे बस्न भै मन ॥
बुझ्यौ ! ए सरमा ! तस्मात् सारा रावणका कुरा ।
भन्ने गर ममा आई एक एक गरी पुरा ॥
यस्तो भइ रहेको छ, यसो गर्ने भयो उता ।
यो सबै भन है आई यही हुन्छ ममा दया ॥
जानकी यत्ति भन्दैथिन् उनका नेत्रपद्म ता ।
भए बरर तत्काल चुहिंदा आँसुका ढिका ॥
पुछेर उनका आँसु स्नेह गर्दै निरन्तर ।
सरमा राक्षसी भन्छे निकै मीठो झिकी स्वर ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

आत्तिएकी तिमी सीते ! यसरी किन हो ? भन ? ।
त्यत्ति जावो कुरा ता म गरिहाल्छु छिटै सुन ? ॥
यही इच्छा छ ता तिम्रो शत्रु रावणको म ता ।
चाल-चेष्टा सबै बुझ्छु अनि फर्किन्छु लौ यता ॥
भनी यत्ति उनीसाथ सरमा त्यो भई छिटी ।
तुरुन्तै गइ हाली बा ! त्यहाँ बाट गमी उटी ॥
पुगी राक्षस-राजा त्यो जहाँ मन्त्रीहरू लिई ।
गुप्त-सल्लाह गर्दैथ्यो त्यहीं सारा कुरा सुनी ॥
दिलको देहको कालो त्यसको सब निश्चय ।
सुनी बुझी छिटै फर्की ठहऱ्याएर आशय ॥
अशोकवाटिका भित्र पसेकी त्यसले पुनः ।
देखी बा ! जानकीलाई बसेकी दिक्क भैकन ॥
लसेकी हातको पद्म लक्ष्मी नै हुन् भने सरि ।
जानकी देखियिन् त्यल्ले बसेकी पर्खिई वरी ॥
सीताले फर्कि आएकी सरमा राक्षसीकन ।
देख्ना साथ अँगालिन् बा ! प्यारो भन्छे भनीकन ॥
दिइन् आसन त्यल्लाई नजिकै बस्न स्नेहले ।
त्यससाथ उनी भन्छिन् यी कुरा पछि प्रेमले ॥
ए सखी ! लौ यहाँ आई बस आरामपूर्वक ।
अनी भन कुरा सारा मलाई ठीक वास्तव ॥
त्यस राक्षस-राजाको दुरात्मा क्रूर हो जुन ।
चाल-चेष्टा छ के कस्तो, गर्न के खोज्छ त्यो पुनः ? ॥
मुदु चीसो भएकोथ्यो पस्ता रावणको डर ।
त्यसैले विचरी सीता काँप्तैथिन् भइ थर्थर ॥
त्यसरी उनले सोध्दा भन्दछे सरमा पनि ।
लिइ सल्लाह मन्त्रीको खोज्थ्यो जे गर्न त्यो पनि ॥
विदेहराजकी छोरी ! सुन लौ अब ध्यान दी ।
यहाँ जो जो सुनें देखें भन्छु सारा कुरा त्यही ॥
राजा रावणकी आमा छन् बूढी कैकसी शुभे ।
सम्झाइन् पुत्रलाई त्यो लौ ! सीता रामलाइ दे ! ॥
बूढा-पाका थिए मन्त्री वहीं नै उनले पनि ।
भने वा ! स्नेहले तान्दा त्यै कुरा ठीक हो भनी ॥
मनुष्य-श्रेष्ठ हुन् राम भार्या हुन् तिनकै यिनी ।
भलो हुन्छ लगी सुम्प छिटै जनकनन्दिनी ॥

४३

४४

रामको बल कस्तो छ यो कुरो बुझ्नलाइ त ।
त्यो जनस्थानको हाल संक्षिप्त मात्र पुग्दछ ॥
खर-दूषणकै साथ चौध हज्जार राक्षस ।
भुसुक्क पार्नु ता राजन् ! ठूलै आश्चर्य हो बुझ! ॥
छन् ता राम भने त्यस्ता वीर छन् हनुमान् उनी ।
जसले सिन्धु नै नाघ्यो भेट्यो सीताकनै पनि ॥
पाऱ्यो राक्षस स्वाहा नै पर्दा युद्ध विपक्षाँकको ।
सजीलै गर्न यो काम मनुष्य अरु सक्छ को ? ॥
ती बूढा मान्य-मन्त्रीले आमाले पनि स्नेहले ।
भने सुम्पिदिनालाई तिमीलाइ पतिव्रते ! ॥
बारम्बार बुझाएर संझाएर भने पनि ।
अँहँ ! सुम्पन मान्दैनन् राजा ता क्यै गरे पनि ॥
हुने हुरुक्क पैसामा लोभी मानिस वास्तव ।
प्राणै गए पनी पैसा जस्तो सुम्पन्न त्यै ठिक ॥
हाम्रा राजा भए यस्तै युद्धमा नमरीकन ।
कत्ति साहस गर्दैनन् सुम्पी दिन तिमीकन ॥
बानी बिग्रीसकेको छ लाग्दछन् मार-काटमै ।
मन्त्री छन् गफका त्यस्तै, यै छ निश्चित राय नै ॥
काल नाची रहेको छ शिरैमा राक्षसेशको ।
गर्दछन् मर्नमै लोभ तस्मात् यै स्थिर-बुद्धि भो ॥
सारा राक्षसकै साथ युद्धमा नमरीकन ।
छोड्दैडन् है तिमीलाई हाम्रा राजा यही गुन ! ॥
डर देखाइले यस्ता त्यस्ता संझाइले पनि ।
राममा लगि सुम्पन्नन् तिमीलाइ कसै उनी ॥
लौ भैगो ! सुन ए सीते ! तिम्रा खसम राघव ।
यहाँ आइ पुगी हाले लड्नमै कसिई अब ॥
किन मान्छयौ तिमी धन्दा ठोक्छन् रावणलाइ त्यो ।
तीखा टुप्पा हुने आफ्ना बाणले सक्तछन् अहो ! ॥
अनि ता भन्नु पर्ला के ए मेरी प्रिय जानकि ! ।
तिमीलाइ लिई जालान् अयोध्यैतिर सर्र ती ॥
सरमा यत्ति भन्दैथी युद्ध-बाजा बजे यता ।
शङ्खकै ध्वनिका साथ भेरीनाद बढ्यो उता ॥
कपिका फौजका फौज हुर्रिए रणभूमिमा ।
यो पनी सुनियो स्पष्टै काँपिन् थर्र धरा जहाँ ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सुनेर यस्तो अति चर्किएको गर्ज्याइ सारा कपि-सैन्यको त्यो ।
भयो यता राक्षस-राजका ती सेनाहरूको मन खिन्न ज्यादी ॥
त्यसै गले इन्द्रिय ह्याउ गैगो उत्साह-वीर्यादि भुसुक्क भैगो ।
त्यो दोषले राक्षसराजको हा ! भलो न देख्ता मृतवत् भए वा ! ॥
६२

इति चौतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैंतीसौं सर्ग

रावणका आमा-पट्टिका बाजे माल्यवान्ले श्रीरामसँग सन्धि गर्न उसलाई संझाउनु

१

शत्रुको नगरी जित्ने महान् बाहु हुने तथा ।
श्रीराम तम्सिई हाले यसै शाइतमा यता ॥
शंखका ध्वनिकै साथ भेरीको शब्द गर्जिंदा ।
लङ्कामा हमला गर्न हिंडे बा ! प्रभु राम ता ॥
उता राक्षस-राजाले सिंहनाद सुनेर त्यो ।
गम्यो दुइ घडीसम्म हेऱ्यो मन्त्रीतिरै यसो ! ॥
ताप सारा जगत्लाई पार्थ्यो नित्य रुवाँउथ्यो ।
साह्रै क्रूर थियो फेरि बलियो थ्यो सताँउथ्यो ॥
संबोधन गरी आफ्ना सारा मन्त्रीहरूकन ।
सभा थर्काउँदै लाग्यो भन्न त्यो कड्किईकन ॥
मन्त्री हो ! ध्यान दी सुन्नोस् ! तपाँईहरुले सब ।
मलाइ रामको बारे भन्नु भो, जो सुनें सब ॥
महासागर रामेले तरेको पनि हो ! सुनें ।
बल, पौरख वा वीर्य त्यसको भन्नु भो गुनें ॥
के भो त त्यसले ? सुन्नोस् ! तपाँई सबलाइ म ।
एकेक गरि जान्दोछु, को छ कस्तो भनीकन ॥
अँ ! त्यस्तो रामको शक्ति छ चर्को र असह्यको ।
भन्ठानी सत्य मानेर के सबै चूप लाग्नु भो ? ॥
अ-आफ्नो मुख ताकेर बस्ने झोक्राँउदै यहाँ ।
तपाँईहरुलाइ ता वीरै ठान्छु म युद्धमा ॥
तिरस्कार र आक्षेप भरिएका अनर्थका ।
कुरा राक्षस-राजाका सभासद्ले सुने तदा ॥
अनि ता उनमा धीमान् माल्यवान् नाम राक्षस ।
जो थिए त्यसका बाजे भन्छन् झोक्किइँदै तव ॥
राक्षसेश्वर ! लौ सुन् ए ! जो राजा छ सुशिक्षित ।
जानेको चौध-विद्याकै राम्ररी मर्म वस्तुतः ॥

१३

१४

नीति मान्ने र त्यै ठीक चल्ने छ त भने यहाँ ।
दीगो राज्य त्यही भोग्छ शत्रु जित्छ जहाँ-तहाँ ॥
वेला-बखतकै ठीक चली त्यस्तै पऱ्यो भने ।
शत्रु साथ गई मिल्ने जुध्न सक्ने पऱ्यो भने ॥
न भए आफ्नु सेनाका पक्षको बृद्धि गर्नमा ।
लाग्ने नित्य छ जो राजा भेट्छ ऐश्वर्य त्यै यहाँ ॥
सुन् बाबै ! जुन राजाको शक्ति घट्तो छ न्यून छ ।
अथवा शत्रुकै जस्तो जसको बल-शक्ति छ ॥
बुझिस् त त्यस राजाले त्यस्ता शत्रुसँगै गई ।
मिल्नु संधि गरी बेस हुन्छ है नम्रता लिई ॥
आफूभन्दा निकै ठूलो यद्वा जो छ बराबर ।
त्यस्ता शत्रुहरू लाई पार्नै हुन्न तिरस्कृत ॥
निकै माथि भए आफू सैन्यले बल-बुद्धिले ।
खस्केको शत्रुको साथ गै लडोस् भन्छ नीतिले ॥
सुन् ए रावण ! तैंले ता श्रीराम सँग पस्निई ।
छ संधि गर्नु नै बेस, श्रेय ठान्छु मता यही ॥
हमला भै रहेकोछ तँमाथि जुन हेतु ली ।
झगडाको त्यही हेतु सीता सुम्पी छिटै लगी ॥
यसो गमेर हेर् बावै ! गन्धर्व ऋषि देवता ।
सबै श्रीरामको मात्र चाहन्छन् जीत सर्वथा ॥
तसर्थ उनको साथ तँ विरुद्ध न हो अव ।
बसौं मिलिजुली हामी छिटै गर् सन्धि वास्तव ॥
यो विश्वसृष्टि गर्दामा भगवान् ब्रह्मदेवले ।
सुरासुर दुवै पक्ष पहिले देखि नै रचे ॥
सुरमा धर्म टिक्तोछ असुरैमा अधर्म छ ।
छ स्वभाव पनी वेग्ला-वेग्लै नै दुइको स्वतः ॥

२६

२७

युग सत्य हुँदा सुन् है ! बलवान् हुन्छ धर्म त्यो ।
त्यही अधर्मलाई ता भुसुक्कै पार्छ, नाश्छ पो ॥
कलिको युग आएमा हुन्छ उल्टो त्यही कुरा ।
अधर्म धर्मलाई त्यो भुसुक्कै पार्छ, नाश्छ बा ! ॥
तैंले दिग्विजयै गर्दा पुग्दा भुवनमा सब ।
अत्याचार गरिस् बाबै ! नाश्दिइस् धर्म त्यो सब ॥
यस अर्थ पछ्यायो बा ! तँलाई त्यै अधर्मले ।
हामी भन्दा भए बढ्दा बलवान् शत्रु ती ह्रे ! ॥
भूलचूक हुँदा तेरो बढेको यै अधर्म ता ।
भै साँप डस्न खोज्दोछ अहिले हामीलाइ ता ॥
देवताहरू छन् सोझा पाल्दछन् धर्म नित्य ती ।
उनकै पक्ष पोस्तो छ यसैले यसरी बढी ॥
सुन् ! यतातिर ज्यादै तँ फसिस् विषय भोगमा ।
मन लागे सरी गर्न थालिस् बाबै ! जहाँ-तहाँ ॥
बलेको अग्नि हुन् जस्ता तेजिला ऋषि आदिमा ।
मर्कै पारिस्, पऱ्यो बाधा उनमा शान्ति भङ्गमा ॥
महात्मा मुनिको सुन् ए ! छ प्रताप प्रभाव ता ।
बलेको अग्निकै जस्तो सकिन्न जुन खप्न ता ॥
आत्मा शुद्ध तुल्याएर तपस्यामै दिई मन ।
धर्म जोर्नतिरै लाग्ने हुन् ती ऋषि तपोधन ॥
यी सबै ऋषि ठूल्ठूला यज्ञ गर्छन् सँधैभरी ।
विधिले अग्निमा होम्छन् फलाक्छन् वेद राम्ररी ॥
हामी राक्षसलाई नै ताकेर यिनले यता ।
दोहोलो पार्न त्यै वेद-मन्त्र छोडे फुके उता ॥
ग्रीष्मका मेघमालाको हुन्छ जो गति त्यै गति ।
भई राक्षस भाग्दैछन् न सक्ता टिक्न, बुझ् स्थिति ॥
सारा ऋषिहरू छन् ती तेजिला अग्नि ठीकका ।
सँधै गरिरहन्छन् यी अग्निहोत्रादिका क्रिया ॥
त्यसबाट उठी धूँवा व्याप्त गर्छ दशै-दिशा ।
हामी राक्षसको तेज त्यसैले नाश्छ सर्वथा ॥
विश्वमा जति छन् ठाम पवित्र अति उत्तम ।
त्यहीं बसी उनी गर्छन् नाना पुण्य अनुत्तम ॥
गरिएको तिनैद्वारा शक्तिशाली महान् तपः ।
पिर्छ हामीहरूलाई, पार्छ भतभत वास्तव ॥

४३

४४

तैंले वर लिएको छस् न मर्ने युक्ति-बुद्धिले ।
देव-दानव यक्षादिहरूबाट कसै गरे ॥
सुन् नाति बाबु ! ठिक्कै थ्यो यो कुरो तर हेर् ! यता ।
मान्छेबाट न मर्ने ता माग्नै पो बिर्सिइस् तदा ॥
अनि शोच्नै पऱ्यो बाबै ! मान्छे वानर ऋक्ष ती ।
यतै आइ रहेको छ, अब सक्छ छिटो अति ॥
छ निकै बलवान् आफैं उता वीर पराक्रमी ।
छ सेना त्यसको साथ असंख्यैको, ल गम् ! अनि ? ॥
यता उत्पात देखिन्छन् भै रहेका अनेकन ।
डर्लाग्दा यी सबै माथि आँखा पर्छ पुनः पुनः ॥
यी सबै हेतुले गर्दा सारा राक्षसको अब ।
नाशिने, मासिने वेला आयो भन्ठान्छु वास्तव ॥
हेर् ए ! बाक्ला र डर्लाग्दा मेघ गर्जेर बेस्करी ।
तातो रगतको वृष्टि गर्छन् लङ्कापुरी भरी ॥
घोडा-हात्तीहरु हाम्रा जो छन् बाहन यी पनि ।
देखिस् ? रोइरहेकाछन् आँसु झारी दुखी बनी ॥
धूलै-धूलो हुँदा टम्म दिशा र विदिशा पनि ।
अघि जस्ता छदैछैनन् खुलेका चम्किला पनि ॥
ऊ ! मासु घिचुवा श्याल गिद्ध आदि भयङ्कर ।
पशु जाति पनी हेर् त ! बोल्छन् भइ भयङ्कर ॥
बर्घैचैभित्र लङ्काको ठानी विर्ता सरी सब ।
मिली जमात भै बस्छन् सुन् ! चिच्याँउदछन् सब ॥
न राम्रा स्वप्न देखिन्छन् काला क्रूरस्वभावका ।
स्त्रीजाति अघि पर्छन् बा ! स्वप्नमा पनि सर्वथा ॥
पहेंला दाँत देखाई डिच्च हाँस्छन् न राम्ररी !
चोर्छन् माल र भाग्छन् ती प्रतिकूल कुरा गरी ॥
लङ्काका घरमा जो जो गरिन्छन् बलि-कर्म ती ।
तिनका शुद्ध सद्वस्तु खान्छन् हा ! कुकुरै अघि ॥
उल्टा भइसके बाबै ! हाम्रा सब कुरा यहाँ ।
सुन् ! अनर्थ यही नै हो गाई जन्माँउछिन् गधा ॥
यता न्याहुरी-मूसाले मूसै पाइ दियो हरे ! ।
नातिबाबु ! ल गम् तैं नै यो भन्दा हो अनर्थ के ? ॥
बाघ साथ बिराला र कुत्ता सूकर साथमा ।
समागमन गर्दैछन्, फल के हुन्छ शोच् ! यहाँ ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

हामी राक्षसको साथ साथैमा मर्त्यजातिको ।
रास्रै लस्पस गर्दाछन् ऊ ! किन्नरहरू, अहो ! ॥
लम्पूर्ण अङ्गका सेता राता खुट्टा हुने तर ।
परेवाहरु हेर् बावै ! उड्दछन् भइ निर्डर ॥
हामी राक्षसका निम्ति छ न राम्रो यही कुरो ।
भावी विनाश हाम्रो यी सूचना गर्दछन् अहो ! ॥
घरमा पालिएका छन् जो जो मैना-सुगा चरा ।
ती सबै निहुँ खोज्दैछन् बस्ता बाहिरिया चरा ॥
चीं-चीं गरी जथा भावी भन्दा जुद्धा गई पछि ।
ठोक्तामा लात-चुच्चाले रुन्छन् झोक्रोंउदै बसी ॥
कालो अत्यन्त डर्लाग्दो कलेजीरँगकों कुनै ।
स्वात्तै शिर मुडाएको भुस्तिग्रे उग्र व्यक्ति नै ॥
हामी लङ्का-निवासीको प्रत्येक घरमा यसो ।
आँखा गाड्छ चियाएर, कालै हो ठान्छु है म त्यो ॥

६७

६८

राक्षसेश्वर ए बावु ! न भए त्यसरी किन ।
वेला-वेला हुँदा हेर्ने आँखा गाड्ने पुनः पुनः ॥
दुर्निमित्तहरू हुन् यी हुन् न राम्रा कुलक्षण ।
भैरहेछन् र भोग्दैछौं शोच् ! भलो छैन रावण ! ॥
अव ता ठान्न थालें म साक्षात् त्यो विष्णुदेव नै ।
यहाँ राम भइ आयो मर्त्यदेह धरीकनै ॥
बुझिस् त! मामुली मान्छे त्यो होइन कसैगरी ।
रघुका कुलमा ओर्ल्यो महान् बल हुने हरि ॥
न भए तुच्छ मान्छेले त्यो महासिन्धुवीचमा ।
के पुलै हाल्न सक्थ्यो त छ जो आश्चर्य नै यहाँ ॥
राक्षसेश्वर ए मेरो प्रिय नाति ! तँ लौ अव ।
त्यो रामै साथ गै सन्धि गरी हाल् , अति श्रेय छ ॥
शोची श्रीरामका काम भोगी यस्ता कुलक्षण ।
भविष्यमा हुने राम्रो काम गर् अव रावण ! ॥

७४

७५

संझाँउदै सुन्दर यी कुरा भनी गरी परीक्षा मन बुझ्न नै अनि ।
भो माल्यवान् चूप दुवै स्वनेत्र ती छोडी यसो रावणमाथि ध्यान दी ॥

इति पैंतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छत्तीसौं सर्ग

राक्षसराज रावणले आफ्नी पुरीका सुरक्षाको प्रबन्ध गर्नु र खोपीभित्र पस्नु

१

दुष्टै आत्मा भएको हो राक्षसेश्वर रावण ।
यता परि सकेकोथ्यो कालको वशमा पुनः ॥
यस हालतमा मान्थ्यो माल्यवान्‌को कुरा किन ? ।
हित गर्ने हओस् जस्तो, चाहेन तर त्यो लिन ॥
अर्काका गुणको दोषै देख्ने क्रोध बढी दिंदा ।
खप्न गाह्रै परी हाल्यो, बौलाएझैं भयो तदा ॥
टेढा राता भए आँखा रिसले पुतली घुम्यो ।
त्यो बाजे माल्यवान्‌लाई झोक्किंदै पो यसो भन्यो ॥
शत्रुको पक्ष बोकेर सुन्नोस् बाजे ! तपाँइले ।
शोची हित हुने मेरो भन्नुभो अहितै हरे ! ॥
किन त्यस्तो भनेको हो खप्न गाह्रै हुने कडा ? ।
यी मेरा कानमा भित्र पसेनन् कत्ति ती कुरा ॥
बिचरो राम त्यो सुन्नोस् साधारण मनुष्य हो ।
सहारा जसले पायो भालू-वानरमात्रको ॥
बाबुले त्यसरी ओहो ! घरैबाट निकाल्दिए ।
छ के र शक्ति त्यस्तोमा छ सामर्थ्य भनी ? हरे ! ॥
छु म राक्षसको स्वामी, छ नाना बल-विक्रम ।
देवतालाई सम्पूर्ण पार्न सक्तछु थर्र म ॥
त्यो जाबो राम भन्दा म केमा छु कम? शोच्नुहोस् ! ।
किन त्यस्ता कुरा बाजे ! गर्नु भो अनि भन्नुहोस् ? ॥
कडा तीखा कुरा यस्ता भन्नु भो जो ममा यहाँ ।
दुइटै हेतु देखिन्छ तिनमा भित्र पेटमा ॥
म जस्तो वीरको साथ कि द्वेषै गर्न थाल्नु भो? ।
ए बाजे ! कित वैरीका पक्षमा गइ मिल्नु भो ? ॥
अथवा दुष्टले मेरा शत्रुले बहकाँउदा ।
त्यसो भन्नु भएको हो, यसै भन्न पठाँइदा ? ॥
१३

१४

शत्रुबाट भने जस्तो प्रोत्साहन प्रलोभन ।
मिलेको छैन ता केही, त्यस्तो भन्नु भयो किन ? ॥
म राजै छु अझैसम्म गर्न सक्तछु जे पनि ।
विद्वान् नीतिज्ञ को सक्ला न भए सत्य, त्यो अनि? ॥
लक्ष्मी जस्ती छ त्यो सीता कमलैमात्र हातमा ।
त्यसको छैन, ल्याएँथें वनबाट हरी यहाँ ॥
त्यसैलाई लगी औले सुम्पन्थें किन राममा ।
त्यसको डरले काँपी भन्दैमा यी कुरा यहाँ ॥
करोडौं कपिको घेरा भित्रको त्यसलाइ ता ।
भाई-लक्ष्मण सुग्रीव साथैमा पार्छु बेपता ॥
तपाँईं आफ्नु आँखैले देख्नु होला लडाँईमा ।
ठोकी छोड्छु, सकी हाल्छु म केही दिन भित्रमा ॥
द्वन्द्व-युद्ध परे देखि ठूल्ठूला देवता पनि ।
जसको अघि भै लड्न सक्तैनन् क्यै गरे पनि ॥
त्यही रावण हूँ बाजे ! बुझ्नु भो म यथार्थमा ।
त्यो मान्छे-रामको डर्ले किन काँप्थें म लड्नमा ॥
बीचमै भाँचियूँला म दुइ टुक्रा भई बरु ।
अरुको अघि लत्रन्न, बुझ्नु भो ? यै छ आवरु ॥
ममा खोट छ ता केही स्वाभाविक छ दोष यै ।
त्यो नानी देखिको बानी छोड्न सक्छ र को त्यसै? ॥
लौ भैगो ! त्यस रामेले हाल्योत पुल सिन्धुमा ।
त्यस्तै संयोगले हाल्यो, के लछार्ला भविष्यमा ॥
आश्चर्य त्यसमा यस्तो मान्नु पर्ने कुरा पनि ।
म त देख्तिन क्यै त्यस्तो, किन काप्नु भयो अनि? ॥
सुन्नोस् गर्छु प्रतिज्ञा म अघिल्तिर तपाँईंकै ।
फर्कने छैन त्यो ज्यूदो यता आयो कि मार्छु गै ॥
२६

२७

र्को यस्ता कुरा भन्ने राक्षसेश्वरलाइ त्यो ।
देल्यो बा ! माल्यवान्‌ले यो क्रोधले चुर्रिंदो अहो ! ॥
झन्है लाज भयो तस्मात् मुख पार्‍यो निन्याउरो ।
जवाफ दिन सक्थ्यो हो दिएन तर चुप्प भो ॥
पछिबाट स्वयं त्यल्ले सभाबीच बढी अनि ।
टक्र्यायो नाति राजामा शुभाशी जय होस् ! भनी ॥
लिई राक्षस - राजाको शुभ - स्वीकृति अन्तमा ।
माल्यवान् घर गै हाल्यो तुरुन्तै नबसी त्यहाँ ॥
गर्‍यो वा ! राय-सल्लाह अनि मन्त्री सँगै बसी ।
गर्न रक्षण लङ्काको खटायो यसरी पछि ॥
पुरीको पूर्व ढोकामा चंख भै गर्न रक्षण ।
प्रहस्तलाई नै पैले पठायो त्यसले पुनः ।
यता दक्षिण ढोकामा महापार्श्व, महोदर ।
दुवै मन्त्रीहरूलाई खटायो बस्न भै स्थिर ॥

३३

३४

उता पश्चिममा चाँहि आफ्नै छोरो महाबली ।
इन्द्रजित्‌लाई नै राख्यो परे लड्नु भनी छली ॥
ठूल्ठूला राक्षसी माया जान्दथ्यो यो, प्रचण्ड थ्यो ।
यसका साथ थे फेरि फौजै राक्षसका अहो ! ॥
यता उत्तर ढोकामा शुक - सारणलाइ नै ।
बस्न लड्न भई चंख दियो आदेश तत्क्षणै ॥
अनि मन्त्रीहरू साथ राक्षसेश्वरले भन्यो ।
बुझ्यौ ! जान्छु म आफैं नै उत्तरै तिर लड्न पो ॥
पुरीका बीचको भाग गर्न रक्षण राम्ररी ।
विरुपाक्ष कनै राख्यो भनी हेर्नु वरीपरी ।
छाउनी थ्यो यहीं ठूलो सारा राक्षस फौजको ।
भै सेनापति यो मुख्य परेको जति गर्दथ्यो ।
यस्तो प्रकारले आफ्नी पुरीको गर्न रक्षण ।
बन्दोबस्त मिलायो बा ! कसियो लड्न रावण ॥

४६

५०

निकै ढुक्क भई हाल्यो अब यत्ति गरे पछि ।
कालले कुत्कुत्याएको त्यसले भै छिटो अति ॥
लङ्कापुरी रक्षण गर्न खातिर बाँध्यो व्यवस्था यसरी सबैतिर ।
मन्त्रीहरूलाइ पछाडि लौ अब ! जाओ ! भन्यो गर्न त्यसै मिली सब ॥
जाँदै भने-होस् प्रभुको सँधै जय तिनीहरूले पनि भित्र भै भय ।
पस्यो अनी रावण आफ्नु दिव्य त्यो विशाल खोपीतिर ढुक्क भै बडो ॥

५२

इति छत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सैंतीसौं सर्ग

विभीषणको विन्ती चढाइले श्रीरामले वानरसैन्यको खटन पटन गर्नु

१

नर-वानरका राजा राम सुग्रीव वीर यी ।
धीर लक्ष्मण गम्भीर बुद्धिका हनुमान् कपि ॥
जाम्बवान् पति भालूका ती राक्षस विभीषण ।
तथा शरभ बालीका पुत्र अङ्गद उत्तम ।
बन्धु-बान्धव साथैका सुषेण कपि मैन्द र ।
नल द्विविद पनस गवाक्ष गज वानर ॥
तथा कुमुद यी सारा जम्बा भइ वहाँ बसी ।
गर्न सल्लाह लागे बा ! मिली सब यता पछि ॥
शत्रुका देशमा त्यस्तो डर्लाग्दो र विचित्रको ।
बल्लतल्ल पुगेकाथे, गर्नु पर्थ्यो गरे त्यसो ॥
कुरा उठ्यो अ-आफैंमा भन्न थाले उनीहरू ।
दिव्य लङ्का पुरी त्यै हो, छ जस्को बेस आबरू ॥
स्वयं राक्षसको राजा मायावी वीर रावण ।
तम्तयार भई नित्य जसको गर्छ रक्षण ॥
नाग गन्धर्व साथैका दैत्य वा देवले पनि ।
जित्न ता कठिनै पर्ने देखिन्छे यो पुरी पनि ॥
स्वयं राक्षसको राजा यै पुरी भित्र बस्तछ ।
त्यै लोकविजयीलाई हामीले अब जित्नु छ ॥
सर-सल्लाह लौ राम्रो गरौं हामीहरू अतः ।
के के गर्दा, कसो गर्दा जितिएला मजासित ॥
पूर्वोक्त व्यक्तिले राखे यिनै प्रस्तावका कुरा ।
सुनी रावणकै भाई भन्न थाले स्वयं तदा ॥
उनको त्यो भनाईका वाक्य शुद्ध, सफा थिए ।
अति मीठो थियो बोली सारै-सार जहाँ थिए ।
चारै सचिव यी मेरा भई नचिनिने चरा ।
गएछन् सुन्नुहोस् लङ्कापुरी भित्र उडी बरा ! ॥

१३

१४

हुन यी अनल पनस सम्पाति, प्रमति, यही ।
यिनको नाम हो, फर्के त्यहाँबाट छिटै बुझी ॥
पसेछन् शत्रुसेनामा वहाँ पनि यिनै सब ।
वहाँको स्थिति देखेछन् ! बुझेछन् तत्त्व वास्तव ॥
बन्दोवस्त गरेको छ जस्तो रावणले वहाँ ।
फर्किआई भनेकाछन् यिनैले त्यो सबै मसा ॥
तसर्थ म प्रभो राम ! प्रभुमा सत्य भन्छु त्यो ।
सुनिबक्स्योस् सुनें मैले यिनका मुखबाट जो ॥
पुरीको पूर्व ढोकामा सैन्य साथ प्रहस्त छ ।
महोदर, महापार्श्व बस्छन् दक्षिणमा स्वतः ॥
छोरो रावणको जेठो इन्द्रजित् चाँहि राघव ! ।
पुरीको पश्चिमी द्वार गर्छ रक्षण वास्तव ॥
त्यसका साथमा नाना गतिला हतियार छन् ।
तिनै बोक्ने र डर्लाग्दा शूरा राक्षस-सैन्य छन् ॥
सैन्यका हात छन् सारा शस्त्रास्त्र-परिपूर्ण ती ।
शूल-मुद्गर-खड्गादि धनु-पट्टिश आदि यी ॥
नाङ्गा शस्त्रास्त्र बोकेका अनेकन हजारन ।
सैन्य ली उत्तरी ढोका आफैं कुर्दछ रावण ॥
देखिन्छ आत्तिए जस्तो साथ छन् शुक, सारण ।
सल्लाह गर्न जान्ने हो, लिन्छ राय पुनः पुनः ॥
शूल खड्ग धनुर्बाण बोकेका सैन्य ली दृढ ।
विरुपाक्ष बसेको छ त्यो पुरीभित्र राघव ! ॥
छाउनी छ यहीं स्वामिन् ! सारा राक्षस फौजको ।
लड्नको निम्ति छन् सारा तम्तयार वहाँ प्रभो ॥
हो लङ्का-भित्रको हाल यो सबै ठाम-ठामको ।
प्रबन्ध यसरी बाँधी सेना ठिक्क भई बस्यो ॥

२६

२७

मेरा मन्त्रीहरू सारा गई सब कुरा यिनै ।
बुझेर फर्कि आएछन् छिटा चंख भईकनै ॥
त्यस राक्षस-राजाको सेना छ चतुरङ्गिणी ।
दश हज्जार छन् हात्ती दताँर त्यससमा पनि ॥
रथ छन् दश हज्जार घोडा बीस हजार छन् ।
एक कोटि बढी केही उग्र पैदल सैन्य छन् ॥
छन् शूर-वीर यी सारा जोधाहा, दुष्ट घातक ।
आइ लाग्छन् त्यसै लड्दा, बलिया छन् प्रभो! सब ॥
विशेष रातमै घुम्छन् राक्षसेश्वरका यिनै ।
इष्ट छन्, प्रिय छन् साह्रै मानिन्छन मुख्य अङ्ग नै ॥
एकेक वीरको साथ ठ्याक्कै द-दश लाखका ।
फौज तैनाथ छन् स्वामिन्! लड्नु पर्दा हुने खडा ॥
आफ्ना मन्त्रीहरू बाट सुनेका सत्य वाक्य ती ।
सुनाए राममा वीर यी विभीषणले पछि ॥
लगेर ती सबैलाई अघि राखि दिए पुनः ।
उनी बाट पनी सारा विन्ती पारे, भने जुन ॥
कान्छा रावणका भाई यिनले पछि रामको ।
प्रिय गर्न गरे विन्ती झुकी श्रीराममा यसो ॥
प्रभो! कुवेरको साथ लड्न जाँदा अगाडि त्यो ।
साठी लाख थियो सैन्य साथ राक्षस-राजको ॥
थिए रावणकै ठीक दुष्ट यी क्रूर बुद्धिका ।
युद्धमा अतिशूरा र हठीला उग्ररूपका ॥
राक्षसेश्वरमा जस्तै यिनमा बल-बुद्धि छ ।
तेजमा पनि छन् त्यस्तै पराक्रम र वीर्य छ ॥
रिसानी माफ होस् स्वामिन्! यल्ले यस्तो भन्यो भनी।
मैले रावणको ह्याउ भनेको मात्र हो गमी ॥
हुँदै होइन है नाथ ! अत्याएको यसो गरी ।
हो ख्यालि प्रभुको क्रोध बढोस् भन्ने गमीवरी ॥
म जान्दछु हजुर्लाई जो आफ्नो बल-वीर्यले ।
समर्थ भइ बक्सिन्छ जित्न देवकनै त ए ! ॥
तसर्थ अब यी हाम्रा भालू-वानर सैन्यको ।
रचेर व्यूह लड्दामा भलो हुन्छ भरे प्रभो ! ॥
चारै प्रकारको सेना भएको शत्रु-सैन्य यो ।
जितिएला त्यसै, मर्ला अनि रावण सम्म त्यो ॥

४३

४४

ती विभीषणले यत्ति भनेमा प्रभु राम यी ।
भन्दछन् शत्रुको सैन्य जित्ने जुक्ति गमी यही ॥
अनेकौं कपिको सैन्य लिएका वीर नील यी ।
जितुन् गै पूर्व ढोकामा प्रहस्तकन त्यो लडी ॥
जाँउन् दक्षिण ढोकामा यी अङ्गद स्वसैन्य ली ।
महोदर महापार्श्व दुवैलाइ सकुन् लडी ॥
जाँउन् पश्चिम ढोकामा हनुमान् र घुसुन् वहाँ ।
ठोकुन् त्यो इन्द्रजित्लाई छन् समर्थ यिनै त्यहाँ ॥
यता उत्तर ढोकामा साथ ली भाइ लक्ष्मण ।
कसिएर म नै जान्छु, भित्र पस्तछु तत्क्षण ॥
ऋषिको मुनिको सम्म अपकार अनादर ।
भएमा जो खुशी मान्छ, दक्ष पर्छ निरन्तर ॥
दैत्य-दानवको एवं महात्मा अरुको पनि ।
तिरस्कार तथा हेला गर्छ जो जोशिलो बनी ॥
चौधै भुवन जो घुम्छ प्रजालाई सताँउदै ।
जो पिरोल्छ जगत्लाई वर पाएँ भनी सँधै ॥
त्यही राक्षसको राजा दुष्ट रावणलाइ नै ।
म गै हाल्छु उहीं सक्न, बस्छ जो भै ससैन्य नै ॥
सारा राक्षस-सेनाको मुटु वा बीचभागमा ।
पाल्नु हुन्छ स्वयं लड्न मित्र सुग्रीव नै वहाँ ॥
राक्षसेश्वरका भाई यी विभीषण वीर र ।
राजा सम्पूर्ण भालूका साथ जान्छन् निरन्तर ॥
सुनुन् ! वानर यी हाम्रा युद्धमा कहिल्यै पनि ।
न लिउन् नरको रूप अब कस्तै परे पनि ॥
यही वानरको सेना आफ्नो पक्ष ठमाँउन ।
हुनेछ गतिलो चिन्ह युद्धमा चिह्न-कारण ॥
हामी सात जनामात्र लड्ने छौं नररूपमा ।
म र भाई तथा चार मन्त्री साथ विभीषण ॥
विजय-प्राप्तिका निम्ति कार्यसिद्धि गराँउन ।
भने श्रीरामले यत्ति ती विभीषणमा पुनः ॥
गरी यत्ति नजीकैको सुवेल-गिरिबीच त्यो ।
चढ्न इच्छा गरी हाले वीर श्रीरामले अहो ! ॥
यस सुन्दर डाँडाको थियो फेदी रमाइलो ।
यसो हेर्दा निकै राम्रो मनोहरस्वरूपको ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

ढपक्क ढाकी कपि-सैन्यद्वारा वरीपरीका सब भूमिसम्म ।
बढे महात्मा प्रभु राम आफैं लङ्कापुरी तर्फ स्वशत्रु नाशन ॥

इति सैतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठतीसौं सर्ग

श्रीरामले लङ्कापुरी देख्नु र सुवेल पर्वतमै त्यो रात बास बस्नु ।

१
लङ्कापुर नजीकैभा अर्को गिरि सुवेल यो ।
थियो, त्यै चढ्नको निम्ति विचार उनको भयो ॥
उठे अनि हिंडी हाले राम, भाइ पछाडि थे ।
विभीषण र सुग्रीव यी दुवै साथ साथ थे ॥
जान्दथे धर्मको मर्म ती राक्षस भए पनि ।
बुझी विधान सल्लाह राम्रो टक्र्याँउथे उनी ॥
यसो भित्रतिरै हेरी अव श्रीरामले वहाँ ।
ती राक्षससँगै भन्छन् मीठो मधुर वाक्यमा ॥
मित्र हो ! गिरिको राजा यो सुवेल यथार्थमा ।
हजारौं धातुका खानी हुने देख्छु जहाँ—तहाँ ॥
लौ ! चढौं यस डाँडोमा हामीहरू सबै अव ।
बिताऔं आजको रात यहीं बास बसी सब ॥
यहींबाट सबै हामी हेरौंला त्यस दुष्टको ।
दिव्य लङ्कापुरीलाई पारेर अधि नेत्रको ॥
राक्षसेश दुरात्मैले मेरी पत्नीकनै हरे ! ।
हर्‍यो वा ! जसले आफ्नो प्राणै दिन विफ्वाक ए ! ॥
धर्मको मर्म जानेन त्यस रावणले यता ।
सदाचार न क्यै जान्यो संझ्यो कुल महान् न ता ॥
दुःखको नै कुरा भो यो राक्षसोचित बुद्धिले ।
नीच काम गर्‍यो त्यस्तो थुक्छन् जल्लाइ लोकले ॥
त्यसको नाम संझ्यो कि मित्र हो ! किन हो किन ? ।
ठाडिन्छन् रउँ यी मेरा रिसले खप्न सक्तिन ॥
मस्किदा कालको पाशो कुलको व्यक्ति एक क्वै ।
अपराध महान् पाप गर्छ वास्तव हेतु भै ॥
अपराध महान् दोष त्यै यौटाको हुँदा त्यही ।
त्यसको कुल सम्पूर्ण भुसुक्कै हुन्छ, हो सही ॥
१३

१४
राय-सल्लाहका यस्ता कुरा गर्दै हिडे पछि ।
रिसले चूर भै हाले राम रावणको प्रति ॥
थियो सुवेलको डाँडो टाकुरैले विचित्रित ।
त्यसैमा बस्न भै इच्छा अव राम चढे स्वतः ॥
उनका पछि थे ठूला वीर्यका भाइ लक्ष्मण ।
चढे साथ धनुर्बाण बोकेर त्यसमा पुनः ॥
उक्ले पछाडि सुग्रीव मन्त्री साथ लिई अनि ।
विभीषण चढे फेरि जो थिए धैर्यवान् यिनी ॥
अनि सुत्त चढे वीर हनुमान् त्यस शैलमा ।
उक्लिए बालिका छोरा पछि अङ्गद नै वहाँ ॥
नील मैन्द चढे फेरि उक्ले द्विविद औ गज ।
गवाक्ष गवय तथा चढे शरभ वेगतः ॥
गन्धमादन पनस हर यूथप रम्भ र ।
तथा कुमुद ऋक्षेश जाम्बवान् वीर दुर्धर ॥
स्वयं सुषेण ऋषभ जो थिए यी महामति ।
कपीश्वर शतवलि ती दुर्मुख हुने छवि ॥
यिनका साथ-साथैमा चढे अरू पनी कपि ।
जो थिए बलवान् एवं तेजस्वी फूर्तिला अति ॥
वायु जस्तै भइ कुद्थे डाँडैमा घुम्दथे सव ।
मजै साथ चढे सारा सुवेल गिरिमा तव ॥
हेर्दा हेर्दै चढी हाले सव यी कपि अन्तमा ।
त्यही सुवेल डाँडोमा पुगे श्रीराम पाउमा ॥
टाकुरामा पुगी सारा हेर्न लागे यताउता ।
लङ्कालाई त्यहींबाट देखे बा ! सवले तदा ॥
देख्ता त्यस्ती पुरीलाई स्वयं आकाशवीच यो ।
झुण्डिएर बने जस्ती हो भन्ठाने त्यसै अहो ! ॥
२६

२७

ठूला ठूला थिए द्वार त्यसका अतिसुन्दर ।
देख्तै हृदय तानिन्थ्यो हुँदा भित्र मनोहर ।।
पुरीको बाहिरी भाग ठूला पर्खालले गरी ।
निकै चम्किरहेको थ्यो छरी शोभा थरी थरी ।।
भित्रपट्टि थिए टन्न डर्लाग्दा क्रूर राक्षस ।
चढी पर्खालमा गर्थे पहरा नील-राक्षस ।।
त्यस पर्खाल–किल्लामा नीला राक्षस यी हुँदा ।
अर्कै किल्ला बने जस्तो देखिन्थ्यो गजबै हुँदा ।।

३०

३१

भित्रपट्टि यसो हेर्दी देखे वानरले वहाँ ।
सारा राक्षसलाई ती कसिएका लडाँइमा ।।
अनि के खप्न सक्थे यी सारा वानर वास्तव ।
हेर्दथे राम, गर्जे बा ! सिंहनाद गरी तव ।।
यतातिर यसै वेला सन्ध्याको रागमा परी ।
गए लुसुक्क श्री सूर्य अस्ताचलतिरै झरी ।।
अनि सोह्रै कलाद्वारा परिपूर्ण भई शशी ।
आए बा ! प्रिय-रात्रीको मुख पोती दिई खुशी ।।

३४

३५

भई निकै सत्कृत राक्षसेशका यी भाइद्वारा अब राम ता यता ।
बसे वहाँ साथ लिएर लक्ष्मण सुग्रीव साथै खुश भै मनै - मन ।।
भालू तथा वानर—सैन्यका पति पुगी सकेथे सँगमै भए अति ।
श्रीरामलाई सब भै चरीपरी घेरी बसे फेरि ढलीमली गरी ।।

३६

इति अठतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनन्चालीसौं सर्ग

सारा वानरको साथै श्रीरामले लङ्कापुरीको दर्शन गर्नु

१

कपिका यूथका स्वामी वीर वानरले तव ।
यही सुवेल-डाँडोमा काटे रात बसी सव ॥
उज्यालो भो गयो आँखा अव लङ्कापुरीतिर ।
त्यहींबाट सबै देखे वहाँका वस्तु सुन्दर ॥
राम्रा वन-बघैंचा थे जहाँ भव्य मनोरम ।
सिंगारेका सजाएका देख्नेकै तान्दथे मन ।'
चार पाटा मिलेका थे ज्यादै नरम सुन्दर ।
साथै लम्वाइ चौंडाइ पुगेका भै मनोहर ॥
भालू-वानरका स्वामीहरू यी वीर वास्तव ।
भए बा ! यत्ति देख्तैमा निकै मक्क त्यसै तव ॥
यहीं वन थिए राम्रा शाल-ताल-तमालका ।
नागकेशर-चाँपोका अशोक-बकुलादिका ॥
यिनैले ढाकिएकी थिन् लङ्कापुरी वरीपरी ।
आँखा गाडी यसो हेर्दा हुन्भैं थिन् इन्द्रकी पुरी ॥
थिए कदम्ब हिंताल तथा तिलक पाटल ।
कर्णिकारादिका वृक्ष सप्तपर्णादिका तक ।
लटरम्म भई फुल्दा यी सबै वृक्ष सम्ममा ।
थियो अर्जुनको वृक्ष पनि शोभित झन् वहाँ ॥
झरिझुप्प भई टुप्पा फुलेका अतिसुन्दर ।
लताले रुख यी सारा अँगालिन्थे भइ स्थिर ॥
यी सबै वस्तुले गर्दा राक्षसेश्वरकी पुरी ।
धपक्क भै रहेकी थिन् देखिन्थिन् इन्द्रकै सरि ॥
रङ्गीचङ्गी थिए फूल राता कोमल पालुवा ।
तिनमा शोभिएका थे खुलेका र निकै सफा ॥
घाँस थे तल पृथ्वीमा हरीया अति सुन्दर ।
यो दिव्य वनको शोभा थियो नित्य मनोहर ॥

१३

१४

वनोपवनले यस्ता हुँदा भूषित यी पुरी ।
मसक्क मस्किएकी थिन् शोभा छरी थरीथरी ॥
वस्त्र-रत्नादिका राम्रा अलङ्कार अनेकन ।
मनुष्यहरू पैह्रन्छन् जसरी योग्यका हुन ॥
त्यही ठीक तिनै जस्ता वस्तुले यी पुरी पनि ।
झकाझक भएकी थिन् देखिन्थिन दिव्य मोहिनी ॥
बास्ना छर्ने र स्यूरेका ठीकका फल-फूलले ।
सुन्दरी शोभिए जस्तै शोभिन्थिन् यी अयत्नले ॥
कुवेरको बघैंचा जो छ चैत्ररथ उत्तम ।
इन्द्रको नन्दनै जस्तो यो थियो अति शोभन ॥
छ ओटै ऋतुमासम्म यहीं जम्बा भई सदा ।
भुन्भुनाँउदथे भौंरा थियो ज्यादै विचित्रता ॥
दात्यूह बक कोयष्टि यता गर्थे यताउता ।
उता नाचि रहेकाथे मुजूरहरु सर्वथा ॥
को हो ? र किन हो ? भन्थे बनका झरनातिर ।
बसेका कोयली आदि सुनिन्थ्यो यो सबैतिर ॥
नित्य मस्त भएका यी चराले पनि यी पुरी ।
सारै मस्त भएकी थिन् गम्किएर वरीपरी ॥
लताका वृक्षकासम्म हाँगाभर भई भई ।
भुन्भुनाइ रहेकाथे भ्रमराहरु झुम्मिई ॥
यिनका बीच बीचैमा बसेका कोयलीहरू ।
त्यसै कुहू—उहू गर्दै खोज्दथे हर्न आवरू ॥
अरू पक्षी पनी सारा थिए जो जो वहाँ जति ।
अ आफ्नो तान छोड्दैथे आफैमा मस्त भै अति ॥
भ्रमराहरुको राजा गाउंथ्यो गीत मस्त भै ।
यता कुरर पक्षीको सुनिन्थ्यो शब्द ठीक त्यै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कोणालक थियो अर्को चरो, बास्थ्यो यहीं पुनः ।
स्वर सारसका मीठा गुञ्जिन्थे भै मनोरम ॥
त्यस्ती लङ्कापुरीका यी बन–काननमा अब ।
ती वानरहरू मध्ये निकै भित्र पसे तब ॥
देख्ता बर–बगैंचा यो सारा खुश थिए कपि ।
इच्छानुसारको रूप धर्न सक्थे थियो गति ॥
तेजस्वी वीर यी पस्ता त्यहाँ गजब भो पुनः ।
सर्र सर्र बह्यो वायु मीठो बास्ना लिईकन ॥
सुगन्ध पुष्पको सुंघ्दा यिनको नाक भो खुश ।
मन मक्क भइहाल्यो भयो यस्तो अचानक ॥
अर्को एक थरी चाही स्वामी नै कपि-सैन्यका ।
लिई सुग्रीवको आज्ञा लङ्का भित्र पसे तदा ॥
पुरी ध्वजा पताकाले शोभिइन्थिन् विशेषत ।
पूर्वोक्त वस्तुले राम्रै भएकी थिन् अलङ्कृत ॥
गर्जिनेहरूमा श्रेष्ठ थिए यी कपि-वीर ता ।
अनि ता गर्जिनै थाले छरिएर यताउता ॥
अकस्मात् यसले गर्दा वहाँका जीव - जन्तु ता ।
निकैनै आत्तिई हाले पशु - पक्षी पनि तदा ॥
चराका साथ-साथैमा यता हात्ती तथा मृग ।
डराए त्यसले गर्दा काँपिन् थर्र धरा तव ॥
ज्यादै वेग भएकाथे यिनमा भार थ्यो निकै ।
त्यसरी उफ्रिदा कुद्दा उड्यो धुलो जताततै ॥
अर्ना सिंह तथा भालू हात्ती खग तथा मृग ।
भागाभाग गरी हाले डराएर दिशा दश ॥
त्रिकूटाचलको डाँडो जो लङ्का भित्रको थियो ।
अति राम्रो थियो अग्लो एउटा टाकुरा थियो ॥
भान पर्थ्यो यसो हेर्दा आकाशै छुन्छ यो भनी ।
पहेंला फूल थे राम्रा फुलेका त्यसमा पनि ॥
यी सबै हेतुले गर्दा त्रिकूटाचल यो सब ।
वल्थ्यो धप्धप देखिन्थ्यो सुनैको हो भने ठिक ॥
थियो त्यो टाकुरो मात्र शयौं योजन फैलिंदो ।
सधैं हेरिरहौं जस्तो निकै सुन्दर रूपको ॥
स्निग्ध स्वच्छ महान् तेजी अग्लो राम्रो र विस्तृत ।
यो थियो पुग्न टुप्पामा गाह्रै थ्यो पक्षीलाइ त ॥

४३

४४

पुग्न यो टाकुरा बीच मनुष्य मनले पनि ।
आंट्नै सक्तै नथ्यो तस्मात् चढ्न ता के कुरा अनि ॥
यसैमाथि बसेकी थिन् त्यस्ती लङ्कापुरीशुभा ।
स्वयं राक्षस-राजाले भै सुरक्षित सर्वथा ॥
लामो ठ्याक्क असी कोश चौंडा चालीस-कोशकी ।
लङ्कापुरी थिइन् यस्ती अति उन्नत भव्यकी ॥
सफा सुन्दर मेघै हुन् भने जस्ता र उन्नत ।
पुरका द्वार शोभिन्थे यिनमा भइ विस्तृत ॥
त्यत्रो सेरो र फेरोमा चारैतिर मनोहर ।
थिए ढोका र पर्खाल चाँदीका सुनका स्थिर ॥
वितेमा जेठ आषाढ ऋतु वर्षात आँउदा ।
जस्तो आकाश शोभिन्छ ब्राक्ला बादल छाँउदा ॥
त्यही ठीक पुरीमा यों प्रासाद र विमान यी ।
घर देव र राजाका शोभिन्थे भव्य भै अति ॥
चैत्य-प्रासाद थ्यो यौटा यहीं नै एक सुन्दर ।
जहाँ हजार खम्बा थे शोभिएका निरन्तर ॥
कैलास-गिरिको ठूलो डाँडै हो यो भने सरी ।
शोभिन्थ्यो भ्वास्स देखिन्थ्यो नाप्छ आकाश की सरी ॥
त्यही प्रासाद त्यो लङ्कापुरीको गहना थियो ।
देखरेख गरिन्थ्यो यो शयौं राक्षसबाट पो ॥
तम्तयार भई बस्थे सारा नित्य निरन्तर ।
यै पुरीको सुरक्षामा बोकी शस्त्रास्त्र भै स्थिर ॥
थिइन् लङ्कापुरी यस्ती दिव्य सुन्दर रूपकी ।
बनेकी सुनले राम्री चाँदीले झन् विचित्रकी ॥
साना ठूला तथा नाना गिरिले शोभिंदी तथा ।
त्यस्ता वर–बघैंचाले खुलेकी लिइ दिव्यता ॥
सुन-गैरिक इत्यादि धातुले नित्य भूषित ।
यिनैका गहना राम्रा पैह्रिएकी अलङ्कृत ॥
बनका पशु–पक्षीले सेविएकी जताततै ।
चरा बासिरहेकी र शोभिएकी विचित्रता ॥
नाना प्रकारका बेस सुयोग्य फल—फूलका ।
सम्पत्ति शोभिएकी बा ! खुलेकी भै दिदा सफा ॥
नाङ्गा शस्त्रास्त्र बोकेका नाना रङ्ग र ढङ्गका ।
राक्षसैहरूले मात्र सेविएकी स्वयं सदा ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
धन-धान्यादिले सारा भएकी टन्न वास्तव ।
दिने बोल्यो कि पोल्योझैं चिताएका कुरा सब ॥
यस्ती लङ्कापुरीलाई भाइ लक्ष्मण साथका ।
देखे श्रीरामले ओहो ! लक्ष्मीमान् जो थिए तदा ॥
६२

६३
उनका साथ—साथैका कपिका पतिले पनि ।
देखे बा ! अब छर्लङ्ग, सारा मक्क परे अनि ॥
अरूको के कुरा साक्षात् त्यस्ता राम पनी तव ।
देख्ता यस्ती पुरीलाई परे पक्क स्वयं अब ॥
६४

६५
विचित्र घर टूलटूला शोभिएका हुँदा पनि ।
स्वर्गै जस्तो थियो साँच्चै छक्कै पर्नु पर्‍यो अनि ॥
हुदा अनेकौं मणिरत्न आदि पुरी थिइन् धप्धप कान्ति छोड्दी ।
अग्ला र राम्रा घरले अनेक शोभा थियो बा ! जसमा हरेक ॥
निर्माणका शिल्प—कला भरेका थिए यहीं वस्तु सिंगारिएका ।
लाग्दा महान् यन्त्र यहीं अचम्म भै शोभिइन्थ्ये गृह द्वारसम्म ॥
लङ्कापुरीलाइ विचित्र यस्ती जो यी थिइन् नन्दन—स्वर्ग जस्ती ।
श्रीरामले ती कपि—सैन्य साथ देखे मजाले भइ भाइ साथ ॥
६८

इति उनञ्चालीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चालीसौं सर्ग

वानरराज सुग्रीवको र राक्षसराज रावणको मल्लयुद्ध

१

कपिका पतिका साथ मित्र सुग्रीव साथ ली ।
त्यही सुवेल डाँडोमा अब राम पुगे चढी ॥
दुइ योजन विस्तार थियो यो गिरिको पनि ।
सबैतिर थियो त्यस्तै सौन्दर्य यसको पनि ॥
त्यहीं टक्क अडे राम ठ्याक्कै दुइ घडीतक ।
यसो दशै दिशा हेरे आँखा गाडी मजासित ॥
पल्लो त्रिकूट- डाँडामा अग्लो राम्रो थियो जुन !
देखे लङ्कापुरीलाई आँखा पुग्दा घुमी पुनः ॥
आफैले विश्वकर्माले बनाएका थिए पुरी ।
त्यस्ता वर-बगैंचाले वरीपरी भरी भरी ॥
त्यही उत्तर ढोकाको माथिल्लो भागमा चढी ।
साक्षात् राक्षसको राजा बस्थ्यो देखे यही घडी ॥
सेता चँवर हम्किन्थे त्यसका दुइ पार्श्वमा ।
विजयच्छत्र शोभिन्थ्यो त्यसको उच्च भालमा ॥
त्यस राक्षस राजाको शरीरभर वास्तव ।
रक्तचन्दन शोभिन्थ्यो लेपिएको हुँदा तव ॥
त्यसका अङ्ग प्रत्यङ्ग राता कान्ति हुने सफा ।
रत्नका गहनाद्वारा शोभिएका थिए तदा ॥
नीलो बादलकै ठीक देहको वर्ण थ्यो यता ।
सुनका तार झल्केका टल्किन्थे देहका लुगा ॥
ऐरावत सँगै जुध्दा लाग्नाले चोट दाँतको ।
टल्किन्थ्यो छातिमाठेला झल्किन्थ्यो अझस्पष्ट त्यो ॥
रक्त जस्तो खरायोको रङ्गले लाल सुन्दर ।
रँगाएको थियो बस्त्र पैन्हेको राक्षसेश्वर ॥
देखिन्थ्यो यसले गर्दा यो बेला पनि रावण ।
सूर्यको कान्ति झल्केको साँझको मेघ - शोभन ॥

१३

१४

अ-आफ्ना सैन्यका स्वामी कपिको मित्र रामको ।
अगाडि अब त्यल्लाई देखे सुग्रीवले अहो ! ॥
जुरुक्कै पो उठी हाले कपिराज स्वयं अनि ।
परिपूर्ण भई हाले बलले सत्त्वले पनि ॥
रिसको वेग बढ्दामा नसक्ता खप्न अन्तमा ।
त्यसमा हमला गर्न कसिए अनि ती वहाँ ॥
तल्लो सुवेल डाँडाको टाकुराबाट हुत्तिई ।
पल्लो त्रिकूट - डाँडाको त्यसमा झम्टिए गई ॥
वहाँ पुगी निकैवेर त्यसको अघि ठिङ्ग भै ।
हेरे राक्षसको राजा त्यसलाई मजासँगै ॥
पछिबाट भई ढुक्क अति निर्भय - चित्तको ।
त्यल्लाइ तृणवत् संझी कडै वाक्य भने यसो ॥
सुन् ए राक्षस ! यी सारा लोकका पति रामको ।
प्यारो दास सखा मै हूँ लौ चिन् ए! के बुझिस् कुरो ? ॥
आज श्री रामको बल्दो प्रतापैका प्रभावले ।
अँहँ ! उम्कन सक्तैनस् तँ मबाट कसै गरे ॥
कपिराज भनी यत्ति अकस्मात् हमला गरी ।
त्यसैमाथि पुगी हाले झ्वाम्लाङ्गै उफ्रिईवरी ॥
त्यसका शिरको शोभा जो थ्यो श्रीपेच सुन्दर ।
त्यसैलाई खिची हाले फ्याक्दिए पृथिवीतिर ॥
त्यस्तो प्रकारले झ्वाम्म आइलाग्ने उनीकन ।
ठमाई राम्ररी भन्छ अब राक्षस रावण ॥
थिइनस् अघि आएको सुन् ! मेरो जवसम्म तँ ।
तवसम्म थिइस् बाबै ! बुझिस् ! सुग्रीव नै त तँ ॥
सुग्रीवत्व यहीं उड्छ अब तेरो यथार्थतः ।
ग्रीवाले रहितै हुन्छस् तुरुन्तै अब हेर् त तँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

(१२७६)

२७

भनी रावणले यत्ति त्यसले दुइ बाहुले ।
ठ्याप्प पारी उनीलाई बजाऱ्यो भुइँमा हरे ! ।
भकुण्डो ठीक भै उफ्रे कपिराज यता पुनः ।
त्यसै गरी बजारे बा ! बजियो डङ्ग रावण ।।
चक्रैं परी गो अब यी दुवैमा अ-आफुमा युद्ध वहाँ छिनैमा ।
लठारिए बा ! दुइ यी अ-आफैं आयो पसीना तर थे अ-आफैं ।।
ठोक्ता दुवैले दुइमै मजाले भए दुवै यी रगताम्य ओहो ! ।
अ-आफुमा ठ्याप्प हुँदै समात्ता मूर्च्छैं परे तुल्य भए दुवै पो ।।
पलाँशका किंशुकका रुखै हुन् भने सरी यी दुइ देखिइन्थे ।
भई र-रातै गिरिमा फुलेका चुहीदिंदा शोणित शोभिइन्थे ।।
यौटा थियो राक्षसराज वीर अर्को थियो वानरराज धीर ।
यसर्थ लागे दुइटै अ-आफैं लठारिंदै लड्न रिसाइ आफैं ।।
ठोके दुवैले दुइमै प्रशस्त भए दुवै यी क्षत अस्त व्यस्त ! ।
मुक्का तथा थप्पडका प्रहार छोड्दै अ-आफैंबिच पार्न हार ।।
लङ्कापुरीको दृढ द्वारमाथि थियो जहाँ विस्तृत त्यो अटाली ।
भयो त्यहीं यी दुइमा लडाँई हान्थे दुवै आफु बची सह्माली ।।
वहाँ दुवैले दुइलाई ओहो ठ्याप्पै उचाली भुँइमै बजार्थे ।
हुँदा बलीया दुइटै पछाडि अटालिमै झोकिइ खूब लड्थे ।।
गरी यसोरी दृढ मल्ल-युद्ध लडे दुवै यी चिरकाल सम्म ।
पुग्थे परै पो कहिले अकस्मात् मिल्थे दुवै यी कहिले त गम्म ।।
लठारिंदै आपसमा दुवै यी पछारिए बा ! पछि कोटमा गै ।
उठी त्यहाँबाट लडाँइ लड्दा क्वै खाइमा भवाम्म खसे पुरीकै ।।
उक्ली पछी मास्तिर भूमिबीच पैले लडेता पनि भै विचेत ।
स्वाँ ! स्वाँ !! गरी फेरि थकाइ मेटी जुध्नै भए तत्पर भै सचेत ।।
अन्योन्यमा जोल्टिइ फेरि ठ्याप्प लडे दुवै यी कर-पाश थापी ।
शिक्षा र अभ्यास थियो दुवैमा यसो गरी लड्न समर्थ थे यी ।।
शरीरमा थ्यो बल तेज धेर थिए दुवै यी अतियोग्य वीर ।
नाना थरी मल्ल-कला झिकेर लडे दुवै आपसमा जुधेर ।।
दाह्रा भएका दुइ सिंह जस्ता भएर ठूला दुइ बाघ जस्ता ।
छावा सरी भै गजका दुवै यी लडे तमाशा गरी जोल्ठि-जोल्ठी ।।
दुवै थिए वीर असाध्य चर्का पार्थे दुवैले दुइबीच मर्का ।
यसै गरी जोल्टिइ एक साथ लडे धरामा दुइ साथ-साथ ।।
व्यायाम गर्थे दुइटै असाध्य शिक्षा तथा थ्यो बल झन् असाध्य ।
लडाँइ जित्नै गरि बेस यत्न लडे दुवै वीर झिकी प्रयत्न ।।

४४

लडी रहेता पनि यी यसोरी गर्दै गलेनन् न त कत्ति फेरि ।
लडे निकै सम्म दँतार जस्ता भएर युद्धै दुइ वीर जोधा ॥
हुन् सूँड जस्ता गजका ल-लामा थिए दुवैका दुइ बाहु लामा ।
प्रहार रोकेर दुवै यिनैले ठोक्थे अ-आफैबिच यी बलैले ॥
बित्यो निकै काल यसै गरेर लडदै रहे यी अति घेर वेर ।
खेल्थे अनेकौं थर पेच दाउ देखाँउदै आपसबीच हाऊ ! ॥

४६

४७

जोल्ठिएर अ-आफैंमा लड्दथे दुइ वीर यी ।
मार्न खोज्थे अ-आफैंमा दाउ—पेच गरेर यी ॥
जस्तो खाने कुरो देख्ता बिराला-आफु-आफुमा ।
ङ्वार्र ङ्वार्र गरी लड्छन् त्यही ठीक लडे वहाँ ॥
नाना मण्डल पारेर स्थान ली भाँति-भाँतिको ।
लड्दथे यी अ-आफैंमा अनेकौं ढङ्गले अहो ! ॥
मुते समान गाईले रेखा पारी विचित्रका ।
दाउ पेच गरी नाना हट्थे अघि पछी तदा ॥
हुन्थे यी कहिले टेढा हिंड्थे तेर्सो भई पुनः ।
दाँया-बाँया पनी घुम्थे मौका खोजी पुनः पुनः ॥
प्रहार दुइले छल्थे हानेको दुइले दुवै ।
कहिले नजिकै हुन्थे कहिले पुग्दथे परै ॥
ठिङ्ग हुन्थ्यो जसै यौटा अर्को चाँहि स्वयं यता ।
चारैतिर घुमी हेर्थ्यो छिद्र खोज्न भनी तदा ॥
कहिले यी दुवै हेर्थे आँखा गाडेर आफुमा ।
दौडेर हमला गर्थे अनि यी आफु-आफुमा ॥
निहुरी भ्यागुतै जस्तो भई यी कहिले भने ।
हिंड्दथे कहिले लड्थे हुन्थे बा ! पछि झोक्किने ॥

५५

५६

कहिले यी पछि हट्थे हेर्दा हेर्दै अ-आफुमा ।
कहिले देह खुम्च्याई सरी मेट्थे समात्नमा ॥
कहिले एक अर्कोमा झम्टिन्थ्यो लात हान्न नै ।
समात्नै खोज्दथ्यो फेरि हात फेंकी अकाशमै ॥
कहिले त्यसको उल्टा समात्ला शत्रुले भनी ।
पछाडि सार्दथे आफैंलाई यी दुइटै पनि ॥
मल्ल युद्ध-कला जान्ने कपिराज र रावण ।
यसरी लड्न लागे बा ! पहल्मान बनीकन ॥
घुम्थे फनफन यी आफैं अ-आफैंमा निरन्तर ।
दाउ-पेच गरी नाना लिईं सिध्याँउने सुर ॥
माया-शक्ति लिई आफ्नो अत्र राक्षस-राजले ।
लड्ने विचार ली हाल्यो यै वेला युक्ति-बुद्धिले ॥
तुरुन्त यो कुरा ताडे यता ती कपिवीरले ।
अनि ता उफ्रिईं फुत्त सोझै आकाशमा पुगे ॥
बिजयी म भएँ भन्ने संम्झिन्थे कपिराज ता ।
अझै थकाइले कत्ति छोएको नै थिएन बा ! ॥
यसरी छक्क पारेर राक्षसेश्वरलाइ त्यो ।
छल्दिए उनले ओहो ! यो ता पक्क परी रह्यो ॥

६४

६५

यसरि रणविषे त्यो कीर्ति जोरी मजाले रवितनय उनी ता उफ्रिंदा शोभिए ए ! ।
निशिचरपतिलाई बेस्करी नै थकाई रघुतिलक भएमा मिल्न आए रमाई ॥
गति लिइ अति छीटो वायुकै तुल्यको यी प्रिय निज कपि फौजै साथमा मिल्न आई ।
रघुवर प्रभुलाई हर्ष पारी पछाडी कपिहरु सबद्वारा पूजिए शोभिए यी ॥

६६

इति चालीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकचालीसौं सर्ग

श्रीरामले वानरसेनाहरूको खटन-पटन गर्नु र युवराज अङ्गदलाई दूत बनाई राक्षसराजकहाँ पठाउनु

१

अब लक्ष्मणका दाजु रामले आफ्नु मित्र ती ।
कपि सुग्रीवको देह देखे चोट थियो अति ॥
माया लाग्यो उनीलाई अँगाले पछि ग्वाम्म र ।
उनीसाथ भने यस्तो सुस्ताए पछि भै स्थिर ॥
प्रिय-मित्र तपाँईले न सोधी म सँगै हरे ! ।
किन गर्नु भयो कुन्नि ! यो साहस स्ववीर्यले ॥
राजा विशेष ठूलठूला यस्तो आँट त क्यै गरे ।
कहिल्यै पनि गर्दैनन् गर्नु भो जो तपाँइले ॥
आँट प्यारो हुने साथी ! सुन्नुहोस् त ! तपाँइले ।
मलाई पनि भो हाल्नु शङ्कामा आफ्नु आँटले ॥
कपिका सब सेनामा यी विभीषणमा पनि ।
शङ्का तुल्वुल भो ठूलो क्यै होला ! रणमा भनी ॥
यत्रो पीर महान् शङ्का पारी हामीहरूकन ।
त्यस्तो गर्नु अयोग्यै थ्यो, जल्ले हाम्रो दुख्यो मन ॥
शत्रु माशि दिने मेरा प्रिय साथी ! कपीश्वर ! ।
कसै न गर्नु होला है यस्तो आँट छ दुर्धर ॥
तपाँइलाई क्यै त्यस्तो भै हालेको भए यता ।
हुनेथ्यो गति के मेरो भै ? हाल्थेँ म त वेपता ॥
सीता पाएर के हुन्थ्यो ? भाई भरत लक्ष्मण ।
तथा शत्रुघ्नले यद्वा के गर्थें भै विभीषण ॥
मेरो शरीर यो सग्लै भए ता पनि वास्तव ।
के लङ्काध्यों र है साथी ! तपाँइ न हुँदा तव ॥
हो ! म जान्दछु साथीको बल-शक्ति पराक्रम ।
छ भनी इन्द्रको एवं वरुणैको सरी सम ॥
यहाँ तपाँई फर्केर न आएसम्म तै पनि ।
मैले गरि सकेकोथें यै निश्चित कुरो पनि ॥

१३

१४

मार्छु, रावणलाई यो पुत्र-वाहन-सैन्यको ।
साथैमा अनि लङ्काको राज्यमा राक्षसेशको- ॥
यी विभीषणलाई नै राखिदन्छु अभिषेक दी ।
उता राज्य अयोध्याको भाई भरतलाइ दी ॥
सकेर यसरी चित्तो सारा काम म अन्तमा ।
आफ्नो शरीरलाई यो छोड्छु गर्थें स्वचित्तमा ॥
रामलाइ त्यसो भन्ने जुन आफ्ना थिए सखा ।
भन्दछन् अब सुग्रीव स्नेहले तानिएर वा ! ॥
मैले बुझिन क्यै साथी ! यस्तो आज्ञा भयो किन ? ।
झोक्राएर बसोस् भन्ने यो अभिप्राय भो किन ? ॥
प्रभुकी गृहिणी हर्ने दुष्ट देखी सके पछि ।
कसरी खप्न सक्थें म आफूमा शक्ति भै बढी ॥
मित्र-सुग्रीवका यस्ता प्यारा मीठा कुरा सुनी ।
अभिनन्दन टक्र्याए रामले उनमा अनि ॥
दिव्य-सौन्दर्यका खानी प्रिय लक्ष्मण भाइमा ।
पछिबाट उनी भन्छन् यी कुरा शान्तभावमा ॥
बाबु लक्ष्मण ! लौ हामी यौटा काम गरौं यहाँ ।
हुनेछ जुन गर्दामा हाम्रो राम्रो भलो जहाँ ।
ठाम खोजौं कुनै यस्तो जहाँ होस् जल शीतल ।
बसौं गइ त्यहीं नै हुन् अनेकौं जङ्गली फल ॥
विशाल कपि-सेना यो त्यहीं बसी मजासित ।
बाँडफाँट लगाऔं है ! रची व्यूह, हओस् हित ॥
यसो गर्दा म देख्तोछु निकै जन विनाशिने ।
आइलाग्छ भनी त्रास डर्लाग्दो रूप भै लिने ॥
छन् है ! कुलक्षणैमात्र आइलाग्दा जताततै ।
कपि-राक्षस-भालूको सत्यनाशै हुनेछ बा ! ॥

२६

२७
हेर ! आँधि-हुरी चल्छ न राम्रै सित जोडले ।
काँप्तछिन् पृथिवी ओहो ! छुन लाग्यो अनर्थले ॥
हल्लिए टाकुरा सारा हेर ! पर्वतका उता ।
न राम्रो गरि गर्जन्छन् काँप्छन् दिग्गजसम्म ता ॥
यता हिंसक-जीवै हुन् जस्ता छन् हेर ! मेघ यी ।
नराम्रो स्वरमा मात्र गर्जन्छन् क्रूर भै अति ॥
वर्षा छ यिनको त्यस्तो डर्लाग्दो घनघोरको ।
जसमा मिसिएका छन् थोपा रगतका अहो ! ॥
यता अत्यन्त डर्लाग्दो सन्ध्याकाल छ लक्ष्मण ! ।
रक्तचन्दनझैं रातो नराम्रो, हो कुलक्षण ॥
सूर्यमण्डल बल्दोछ जसबाट निरन्तर ।
मुस्लो खस्तो छ आगाको देख्यौ के ? छ भयङ्कर ॥
नराम्रै मानिएका जो पक्षी र पशु आदि छन् ।
हेर सूर्यतिरै हेरी रुँदै छन् ती कराँउछन् ॥
हामी देख्ने र सुन्नेमा यसैले डर पस्तछ ।
देखिन्छन् सब यी त्यस्तै महान् क्रूर भयङ्कर ॥
रातमा चन्द्रको कान्ति उज्यालो छैन, क्षीण छ ।
संताप पार्दछन् बावु ! छैन शीतलवा-तक ॥
चन्द्रमण्डलमा हेर्दा छेउमा छ असुन्दर ।
वर्ण कालो तथा रातो, यसैले पार्छ झन् डर ॥
हुँदा प्रलयको वेला चन्द्रमण्डलको स्थिति ।
जस्तो हुन्छ त्यही ठीक अहिलेको छ है स्थिति ॥
सूर्यमण्डलमा त्यस्तै रुखो सानो अमङ्गल ।
चिन्ह देखिन्छ क्वै यौटा रातो घेरा हुने स्वतः ॥
त्यसको साथ-साथैमा त्यसै भित्र पनी वहाँ ।
स्पष्टै छ चिन्ह कालो ऊ ! हेर बावु ! स्वयं त्यहाँ ॥
म त देख्तो छु है बावु ! देख्यौ नक्षत्र यी पनि ।
चम्किला अघिझैं छैनन् देखिन्छन् मलिना पनि ॥
के होला ? किन होला हँ ! यस्ता अशुभ लक्षण ।
मेरा अगाडि पर्दछन् लयमाझैं भईकन ॥
काक बाज तथा गिद्ध उड्दछन् माथि माथि जो ।
अचेल आइ बस्ता छन् पृथ्वीमै हुन्छ के त पो ? ॥
स्यालिनीहरु यी बाबु ! फिकेर बल जोडले ।
न राम्रै शब्दसा बोल्छन् हो कुलक्षण हुन्छ के ? ॥
४३

४४
म त ठान्दोछु मान्दोछु यी कुलक्षणबाट वा ।
कपि राक्षसको सारा न राम्रै हुन्छ सर्वथा ॥
उनले आफ-आफैंमा छोडेका शूलले तथा ।
शैलले खड्गलेसम्म हुन्छिन् यी भूमि टम्म वा ! ॥
बग्दा रगतको खोलो उनकै देहको तदा ।
हीलै-हीलो भएकी यी हुनेछिन् अन्तमा यता ॥
उता लङ्का-पुरी बावु ! छन् त्यै रावण-पालिता ।
तसर्थ शत्रुको निम्ति पस्न गाह्रै छ मित्र ता ॥
यस्तो भए पनी हामी जाऔं र हमला गरौं ।
जे होला ! साथमा सारा कपि जाँउन् यसै गरौं ॥
भाई लक्ष्मणमा यत्ति भनी वीर महाबली ।
श्रीराम ओर्लिई हाले त्यो डाँडोबाट सर्सरी ॥
तल ओर्ले पछी हेरे आफ्ना फौजतिरै यसो ! ।
गमे वा ! शत्रुले सोझै जित्न ता मुस्किलै छ यो ! ॥
रामले अनि तत्काल मित्रको सहयोगले ।
बनाए तम्तयारै पो कपिको फौज लड्न ए ! ॥
अब शाइतको वेला जानेका प्रभु-राम यी ।
हमला गर्न लङ्कामा जाऔ ! भन्दा भए पछि ॥
धनुर्बाण लिई आफैं त्यो सारा कपि-सैन्यको ।
हिंडे अघि बनी नेता लावा-लश्कर यो बल्यो ॥
उनको पछि यै वेला ती लक्ष्मण विभीषण ।
वीर सुग्रीव हनुमान् जाम्बवान् नै गए पुनः ॥
नल नील दुवै वीर हिंडे अनि वहाँ पछि ।
गयो विशाल त्यो सारा कपिको सैन्य त्यसपछि ॥
शत्रुलाइ त्यसै रोक्ने यी भालू—कपि-सैन्यले ।
ढाके ढपक्क त्यो वेला त्यहाँको भूमिलाइ ए ! ॥
त्यस्ता वेगिन्तिका वीर यिनले हात-हातमा ।
ठूल्ठूला वृक्ष डाँडा नै बोकेकाथे जहाँ-तहाँ ॥
सजीलै शत्रु मास्ने यी दुवै राम र लक्ष्मण ।
जाँदाजाँदै पुगी हाले लङ्का बाहिर तत्क्षण ॥
त्यसवेला थिइन् लङ्का बलेकी धपप उज्ज्वल ।
नाना ध्वजा-पताकाले शोभिएकी र निर्मल ॥
भित्रपट्टि थिए नाना उद्यान वन सुन्दर ।
घेरिएकी थिइन् अग्ला पर्खालैले सवैतिर ॥
६०

६१

किल्ला-पर्खाल साथै यो पुरद्वार थियो महान् ।
भित्र पस्न पनी गाह्रै पर्दथ्यो कष्ट थ्यो महान् ॥
देवताहरुलेसम्म यो लङ्कामा कसैगरी ।
हमला गर्न गाह्रै थ्यो यस्तै हेतु परी परी ।
परन्तु रामको आज्ञा पाँउना साथ वानर ।
भालू पनि भए ठीक हमला गर्न खर्खर ॥
अ-आफ्नो ठाममा बस्तै यी सवैले वहाँ अब ।
उपधो गर्न पो थाले मर्कै पर्ने गरी तव ॥
लङ्काको उत्तरी ढोका ज्यादै अग्लो र सुन्दर ।
डाँडाको टाकुरै जस्तो थियो दिव्य मनोहर ॥
भाइ-लक्ष्मण साथैमा हातमा धनु लीकन ।
यहीं आइ पुगे राम आफ्नाको गर्न रक्षण ॥
लङ्काको उत्तरी ढोका घेरी रोकेर वास्तव ।
अब राम बसी हाले भाइ साथ लिई तव ॥
सारा लङ्का-पुरीलाई राक्षसेश्वर रावण ।
यहीं बसि बसी गर्थ्यो पुग्याई दृष्टि रक्षण ॥
अँहँ ! श्रीराम वाहेक उत्तरी-द्वार रोक्न यो ।
सक्तै-सक्तैन थ्यो कोही स्वयं रावण रोक्तथ्यो ॥
वल-विक्रम थ्यो त्यस्तो डर्लाग्दो थ्यो स्वयं पुनः ।
छेक्थ्यो वरुणले सिन्धु रक्षिए ठीक रावण ॥
नाना शस्त्रास्त्र बोकेका थिए राक्षसका गण ।
यहीं नै पहरा गर्ने दिने मन तथा तन ॥
उत्तरद्वार लङ्काको दृष्टि पर्दा पनी यसो ।
त्यस्तैको मन ता काँप्थ्यो भइ थर्र त्यसै अहो ! ॥
जस्तो दानव बस्तामा निबातकबचादिक ।
वल पाताल डर्लाग्दो भै रहेको छ वास्तव ॥
हुँदा राक्षस डर्लाग्दा त्यही ठीक यहाँ पनि ।
थियो वा ! अति डर्लाग्दो मन काँप्थ्यो त्यसै अनि ॥
भित्रपट्टि थिए नाना थरीका शस्त्र अस्त्र ती ।
एक एक गरी देखे वीर श्रीरामले पछि ॥
यतातिर पुगी हाले लङ्काको पूर्वद्वारमा ।
स्वयं नील महावीर कपिका सैन्य साथमा ।
उनका साथ-साथैमा मैन्द द्विविद यी दुवै ।
जुन वीर थिए ठूला लिइ सैन्य गए सँगै ॥

७७

७८

उता दक्षिण-ढोकामा महान् वल र वीर्यका ।
स्वयं अङ्गद गै हाले रोके तत्काल मै कडा ॥
गवाक्ष गज गवय तथा ऋषभ यी पनि ।
उनका साथ साथैमा गए सैन्य लिई अनि ॥
छोपे पश्चिम ढोकामा पुगेर हनुमान् यता ।
प्रमाथि प्रघस कपि अरु वीरसँगै तदा ॥
वायव्यकोणमा चाँहि बीचमा छाउनी हुँदा ।
त्यहाँ झम्टन गै हाले वीर सुग्रीव नै तदा ॥
उनका साथमा कैयौं थिए वा ! वीर वानर ।
हावा गरुड हुन् जस्ता फूर्तिला र भयङ्कर ॥
जहाँ वानरका राजा स्वयं सुग्रीव थे वहाँ ।
थिए करोड छत्तीस बसेका कपि लड्नमा ॥
थिए यी सव विख्यात कपिका सैन्यका पति ।
पार्न राक्षसमा मर्का कसिएका थिए अति ॥
हुँदा श्रीरामको आज्ञा ली विभीषण साथमा ।
राखे लक्ष्मणले फौज करोडौं द्वार द्वारमा ॥
पछिल्तिर यता साक्षात् रामको गर्न मद्दत ।
बसे वा ! सैन्य ली साथ जाम्बवान् र सुषेण त ॥
छाउनी नै बनेको थ्यो बीचका भागमा वहाँ ।
देखरेख यिनै गर्थे बसी पश्चिमभागमा ॥
थिए वानरमा सिंह सरीका सव वीर यी ।
यिनको पनि दाह्रा थ्यो बाघकै हो भने सरी ॥
डाँडाका टाकुरै बोकी उखेली रुख ठुल्ठुला ।
तम्तयार भएका थे लड्नको निम्ति यी तदा ॥
थिए पुच्छर साराको डर्लाग्दा क्रोधले गरी ।
लामा नङ तथा दाह्रा भिर्थे वा ! हथियार यी ॥
अङ्ग प्रत्यङ्ग साराको थियो भीषण क्रोधले ।
अनुहार पनी त्यस्तै देखिन्थ्यो विकृतै हरे ! ॥
ती त्यस्ता कपि सेनामा कुनैमा बल शक्ति थ्यो ।
भएझैं दश-हात्तीमा अतिदुःसाह वीर्यको ।
थियो फेरि कुनैमा ता शयौंका ठीकको बल ।
कुनैमा त हजारौंमा भए जस्तो महान् बल ॥
दश हज्जार हात्तीमा भए जस्तै हुने बल ।
थिए वा ! तिनमा वीर कुनै ता दिव्य निश्चल ॥

८४

९५

थिए दशगुना बढ्ता बलका पनि क्वै कपि ।
कुनै सयगुना बढ्ता भएका पनि थे कपि ॥
अड्कलै गर्नमा गाह्रा बलका वीर्यका कपि ।
यहीं नै पो थिए कैयौं कपिका यूथका पति ॥
जस्तो बथान निस्कन्छन भैं विचित्र र अद्भुत ।
यहाँ सलहका बढ्दै, त्यही ठीक थियो तव ॥
यहीं भेला भएको थ्यो भालू र कपि –सैन्यको ।
मेलामा ठीक मान्छेको भैं अद्भुत विचित्रको ॥
अहो ! फुत्फुति उफ्रेर आएका कपिले थिनै ।
छोपे लङ्कापुरीलाई भरी स्वात्त अकाश नै ॥
यी बसे तल पृथ्वीमा ढाकिन्थिन् पृथिवी पनि ।
भए तुरुन्त छ्याप्छयाप्ति तल माथि सबै यिनी ।
भालू वानरका सेना ठ्याक्क एक करोड त ।
लङ्काका चार ढोकामै तम्तयार भए तव ॥
अवशेष थिए जत्ति ठूल्ठूला वीर चाँहि ती ।
मौका हेर्थे छिटै छोप्न घुमी घुमी यताउति ॥
त्रिकूट–गिरिलाई यो थिइन लङ्कापुरी जहाँ ।
ढाके चारतिरैबाट यसरी यिनले वहाँ ॥
घुमी लङ्कापुरी सारा युद्धको स्थिति वा गति ।
बुझ्नको निम्तिमा मात्र करोडौं खटिए कपि ॥
ढुङ्गा-मूढा लिएकाथे सवले हात-हातमा ।
त्यसरी छोपिएकाथे भैं महान् बलवीर्यका ॥
अब लङ्का-पुरीको यो स्थिति गम्दा यसो झुकी ।
पस्न हावा पनी भित्र नसक्ने हुन गो पछि ॥
ठूल्ठूला मेघभैं काला देहका र भयङ्कर ।
भालू वानर एकेक इन्द्रै ठीक थिए स्थिर ॥
अकस्मात् यिनले छोप्ता हुँदा व्याप्त जताततै ।
छक्क, पक्क परी हाले सारा राक्षस भित्रका ॥
छोडेर आफ्नु मर्यादा कुर्लिएर निरन्तर ।
सिन्धुको जल उर्लन्छ जस्तो त्यै ठीक भो स्वर ॥
ठूलो कोकोहलो भैगो विशाल-कपि सैन्यले ।
सहसा त्यसरी ढाक्ता पुरीलाइ स्ववीर्यले ॥
किल्ला पर्खाल ठूल्ठूला ढोका र वन-कानन ।
सारा डगमगाए वा ! काँपिन् थर्र पुरी पुनः ॥

१११

११२

राम--लक्ष्मणले आफैं राजा सुग्रीवले पनि ।
हाँकिएको थियो यत्रो ऋक्ष - वानर - वाहिनी ॥
अब यस्तो अवस्थामा देव-दानवले पनि ।
लड्न आँट्न त गार्‍हैं भो जित्नता के कुरा अनि ॥
यसरी रामले आफैं दुष्ट राक्षस मार्न ती ।
प्रबन्ध कपि-सेनाको बाँधे राम्रो सँगै यति ॥
अनि कर्तव्य आफ्नो के बाँकि भो बुझ्न, जान्न यो ।
बसे बा ! राम सल्लाह गर्न मन्त्रीसँगै अहो ! ॥
निकै वेर गमी शोची राम्रो निश्चयमा अडी ।
यौटै तथ्य लिई हाले मन्त्रीको हृदयै बुझी ॥
साम, दान तथा दण्ड, भेद आदि उपायको ।
प्रयोग गर्न जानेका हुन् यिनै राम धीर पो ॥
अर्थतत्व सबै बुझ्ने यिनले अन्तमा पुनः ।
लिए राक्षसको राय जो थिए ती विभीषण ।
"हो राजधर्म" यै शोची वालिका पुत्र अङ्गद ।
भनिए रामले डाकी यै सभामा यसो तव ॥
राम्रो स्वभावका वीर ! यतां सुन ! तिमी अब ।
त्यस राक्षस-राजाको सकियो आयु यै बुझ ! ॥
राज्यश्रीबाट लङ्काको त्यो भयो च्युत अङ्गद ! ।
सद्बुद्धि नाशियो सारा होशै उडि सक्यो अब ॥
तसर्थ फुत्त नाघेर लङ्काको परखाल त्यो ।
दुष्ट राक्षसको राजा भएमा जाउ लौ छिटो ॥
त्यसलाई भनी हाल मेरो वचनले अनि ।
यी कुरा संझिई राम्रो बुझाई शान्तिमान् बनी ॥
ए निशाचारको राजा ! तैंले वास्तवमा यहाँ ।
गरिस् कुकर्म धेरै नै घुमीघुमि जहाँतहाँ ॥
ठूलो अन्याय भो बाबै ! अपराध गरिस् सँधै ।
मोहको वशमा पर्दा भैं घमण्डी पनी निकै ॥
पृथ्वीका सब राजाको नाग-गन्धर्व-यक्षको ।
देवताको पनी तैंले गरिस् गर्नु न गर्नु पो ॥
पार्दिइस् अप्सरा भ्रष्ट मास्दिइस् ऋषिका स्थिति ।
ठूलो पाप गरिस् ओहो ! पारिस् वैथिलिका स्थिति ॥
ब्रह्माको वर पाएर बढेको जो घमण्ड थ्यो ।
चाँडै नै अब त्यो तेरो नाशिने भो अती भयो ॥

१२८

१२९

तेरा कुकर्मका त्यस्ता पापका फल दुःसह ।
उपस्थित हुने भैगो आजै नै बझिई सब ॥
अपराधीहरूलाई दिने दण्ड कुकर्मको ।
यहाँ शासक नै मैं हूँ ए बावै ! अब बुझ् कुरो ॥
धर्मपत्नीकनै मेरी तैंले हरि लगिस् त्यता ।
मलाइ पनि पिर्दोछ त्यसको शोक भै कडा ।
तसर्थ त्यसको दण्ड तँलाइ दिन योग्यको ।
लङ्काको द्वारमा आई पर्खदैछु यहाँ म त्यो ॥
सुन् राक्षस ! लडाँईमा अघि आइ टिकिस् भने ।
म द्वारा मारिए देखि गति राम्रै छ है हुने ॥
महर्षि देवले एवं राजर्षिहरूले जुन ।
पाँउछन् गति त्यै ठीक भेट्नेछस् गति उत्तम ॥
महान् भईकनै नीच बनेको ए निशाचर ! ।
मेरी पत्नी हरिस् तैंले परी जो बलको भर ॥
त्यो तेरो बल कस्तो छ देखा त अब त्यो यहाँ ।
मेरो अगाडि आएर कसिई लौ तँ लड्नमा ॥
त्यै वेला वाणले आफ्ना अतितीखा र तेजिला ।
पार्छु लोक म यी सारा राक्षसैले विहीनका ॥
यो कुरा सत्य ठानेर मेरी पत्नी लिई सँग ।
आइस् शरणमा पर्न भने छोड्दिन्छु जा ! अझ ॥
राक्षसश्रेष्ठ हुन् तेरा वीर भाई बिभीषण ।
रहेछ धर्ममा चेष्टा, छन् मेरै साथ यी पुनः ॥
युद्धमा सैन्यका साथै तँ मरे पछि सुन् कुरो ! ।
लङ्काको राज्य त्यो सारा पाउँछन् भै सुयोग्यको ॥
राम्ररी बुझ् कुरो बावै ! पापी होस् पहिले तँ ता ।
आफ्नो स्वरूपको ज्ञानै तँमा छैन अलीकता ॥
सहाय मूर्ख-मन्त्री छन् गर्छस् फेरि अधर्म तँ ।
त्यस्ताले राज्य यो भोग्नु हुदै हुन्न ल शोच् न तँ ॥
लौ त आ ! लिई शून्याँई म सँगै लड्न युद्धमा ।
यी मेरा वाण लाग्दामा शान्त होलास् त्यसै वहाँ ॥
म जान्दछु तँ टेर्दैनस् न भई त्यत्ति क्यै गरी ।
पवित्र अनि होलास् तँ हुति ह्याउ उडीवरी ॥
संग्रामभूमिमा मेरो आँखा अघि परे पछि ।
अहँ ! उम्कन सक्तैनस् तँ क्यै गरी छलीवरी ॥

१४५

१४६

चरै भइ कुनै त्यस्तो तीनै लोक घुमे पनि ।
छोड्ने छैन म मार्नेछु त्यो शक्ति छ ममा पनि ॥
ज्यूँदै फर्कन सक्तैनस् त्यो वेला क्यै गरे तँ ता ।
तस्मात् भन्दोछु है बावै ! तेरो हित हुने कुरा ॥
गरी हाल् श्राद्धकर्मादि ज्यूँदैमा बरु- आफ्नु तँ ।
परलोकतिरै होला जसले सुख, संझि तँ ॥
आफ्नी त्यस्ती पुरीलाई अघाउञ्जेल हेर् पुनः ।
भो मेरो वशमा तेरो सारा वस्तु र जीवन ॥
सजीलै काम ठूलठूला गर्ने श्रीरामले तव ।
भनिए बालिका छोरा दिई आदेश यो सब ॥
अब अङ्गद यी श्रीमान् मूर्तिमान् अग्नि ठीक भै ॥
कसिए जान लङ्कामा उडी आकाश-मार्ग भै ॥
ठिक्क ठाक भई सुत्तै उडे वा ! अनि ता उनी ।
नाघे पर्खाल लङ्काको पुगे वैठकमै अनि ॥
वहाँ बसि रहेकोथ्यो राक्षसेश्वर रावण ।
आफ्ना मन्त्रीहरू साथ शोभिई शान्त भैकन ॥
अब राक्षस-राजाको अघि गै उभिए उनी ।
थिए वा ! धप्धपाएका बल्दा अग्नि सरी उनी ॥
झल्किन्थे सुनका बाजू उनका बाहुमा तव ।
वानरश्रेष्ठ यी वीर डटेका थे वहाँ जब ॥
शान्त भै उनले पैले आफ्नो परिचयै दिए ।
अनि श्रीरामका वाक्य जस्तातस्तै गरी भने ।
दुइ अक्षर नै बढ्ता न भने उनले वहाँ ।
न ता कत्ति घटाए वा ! भन्दामा ती कुरा वहाँ ॥
बोले उनी यसो भन्दै म कोसल-नरेश्वर ! ।
साक्षात् श्रीराम-राजाको दूत हूँ राक्षसेश्वर ! ॥
सम्पूर्ण-कपिका स्वामी बालिको पुत्र हूँ पुनः ।
नाम अङ्गद हो मेरो सुनेकै छौ कि क्या गुन ? ॥
मनले तर्कना गर्नै गाह्रो पर्ने विचित्रका ।
छन् है श्री रामका काम राक्षसेश्वर ! संझ वा ! ॥
साक्षात् मुमा महारानी कौसल्यामा अतुल्यको ।
दिने आनन्द श्रीराम आज्ञा हुन्छ यही कुरो ॥
ए रावण ! तँ होस् क्रूर होस् नामर्द पनी तँ नै ।
यदि मर्द हुँ भन्छस् त निस्की आ ! लड्न युद्धमै ॥

१६२

CC-0. In Public Domain. Digitization by eGangotri

१६३

मन्त्री सेवक छोरा र वन्धु-वान्धव साथमा ।
तँलाई अव मै मार्छु तुरुन्तै रणभूमिमा ॥
तँलाई मार्दिंदा सुन् ए ! सारा त्रैलोक्यका प्रजा ।
तुरुन्त निर्भयै हुन्छन्, तस्मात् मार्छु म सर्वथा ॥
देव दानव—गन्धर्व—नाग -राक्षस यक्षको ।
तँ होस् बेजोडको शत्रु, काँडो होस् ऋषिको तँ जो ॥
यी सवै हेतुले गर्दा अव तेरो कुमर्म यो ।
संम्झि बावै ! तँलाई नै मारि छोड्छु अवश्य पो ॥
अझै मौका छ शोच् बावै ! मेरी पत्नीकनै लिई ।
आए शरणमा मेरो छोड्दिनेछु खुशी भई ॥
नत्र मर्छस् म बाटै तँ, तँ मरेपछि राज्य त्यो ।
विभीषण सम्हाल्ने छन् दिव्य ऐश्वर्य पाइ यो ॥
बुद्धिमान् र कपिश्रेष्ठ वीर अङ्गदले यसो ।
भने पछि सुनी सारा अव रावण कुर्लियो ॥
उनका मुखका त्यस्ता कडा उग्र असह्यको ।
कुरा कान भरी पर्दा राक्षसेश्वर चूर भो ॥
आफ्ना मन्त्रीहरूलाई भनि हाल्यो यसो अनि ।
कुवुद्धि कपिलाई यो पक्ड, मार छिटै अनि ॥
राक्षसेश्वरको आज्ञा सुन्दैमा चार राक्षस ।
बढे समात्नको निम्ति वीर अङ्गदलाइ त ।
वलेको अग्निको राँको ठीकका तेजिला उनी ।
वहाँ समातिई हाले तिनै राक्षसले अनि ॥
साँच्चै भनु भने देखि उनले आफुलाई ता ।
पक्डाएकै थिए ज्यादै आत्मवान् शक्तिमान् हुँदा ॥
यो लङ्काभरका सारा दुष्ट राक्षस वास्तव ।
मेरो वल पनी देखुन् भन्ने बुद्धि लिए जव ॥
भै चरा ठीक च्याप्च्याप्ति समात्ने आफ्नु हात ती ।
दुष्ट राक्षसलाई ता हेरे ! वा ! उनले पछि ॥
अनि ता ती सवैलाई झुण्ड्याई वीर अङ्गद ।
उफ्रिए सजिलै साथ हेर्दैथे अरु राक्षस ॥
अग्लो राक्षस-राजाको गिरिको टाकुरा सरि ।
चढे भवनमा फुत्त कपि अङ्गद त्यै घडी ॥
समातेकै कुरो फुत्तै वेगले उफ्रिँदा वहाँ ।
झुण्डिने वीर ता त्यस्ता खसे डङ्डङ भूमिमा ॥

१७९

१८०

तलको स्थिति त्यो देख्यो स्वयं राक्षस-राजले ।
पछिबाट यसो हेर्‍यो माथि के छ भनेर ए ।
प्रतापी बालिका छोरा वीर अङ्गद ता वहाँ ।
यसो घुम्फिर गर्दैथे छानाको सम्म भूमिमा ॥
उनको यो हिंडाँईले पर्दा आघात तोडले ।
डाँडाको टाकुरा जस्तो छानो ता भत्कियो हरे ! ॥
पहिले वज्र लाग्दामा टाकुरो क्वै हिमालको ।
धूलो-पीठो भए जस्तो छानाको गति भो अहो ! ॥
महामहलको त्यस्तो छाना भाँच्दि सके पछि ।
सुनाए उनले फेरि आफ्नो नाम र काम यो ॥
अनि अङ्गद गर्जे बा ! त्यहीं नै अति जोडले ।
सकी काम गरी यत्ति उडे आकाशमार्गले ॥
पारी राक्षसमा वीर सारी वानरमा सुख ।
रामको पाउमा फर्के कपिका सैन्यमा तव ॥
आफ्नो महल त्यो टुट्ता देखतामा आफ्नु नेत्रले ।
साह्रै रिस उठी हाल्यो स्वयं रावणलाइ ए ! ॥
अव नाश हुने वेला मेरो आइ पुग्यो भनी ।
खप्यो मुर्मुरियो किन्तु खुइय्य ! खुइय्य ! गरी अनि ॥
यता श्रीराम दङ्गै थे दङ्ग भै गर्जने सव ।
कपिका फौजमा वस्थे शत्रु मार्न डटी सव ॥
गिरिको टाकुरै जत्रा देहका र विचित्रका ।
महान् वीर्य हुने वीर थिए कपि सुषेण ता ॥
इच्छानुसारको रूप धर्न सक्ने असंख्य ती ।
कपि-फौज लिए साथ उनैले अव त्यसपछि ॥
तुरुन्तै अनि गै हाले पुरीको चारतर्फको ।
ढोका कब्जा गरी हाले आज्ञाझैं कपिराजको ॥
खटाएर सवैलाई चारैतिर उनी यता ।
घुम्न लागे सवैतर्फ कुरो बुझ्न छ के कता ! ॥
जसरी चन्द्रमा घुम्छन् तारा-नक्षत्र आदिमा ।
त्यै ठीक घुम्दथे आफैं चारैतिर जहाँ तहाँ ॥
घेरी लङ्का-पुरी सारा फैलेको सिन्धु ठीक ती ।
सयौं अक्षौहिणी सेना कपिको शोभियो अति ॥
लङ्काका महलैबाट देखे राक्षसले जब ।
अनि ता आत्तिए सारा छक्क ! पक्क !! परी तव ॥

१९६

१९७
निकै राक्षस ता काँपे कत्ति ता जोशमा परी ।
कुर्लिए लड्नकै निम्ति हर्ष उत्साह भै भरी ॥

१९८
सारा पर्खाल लङ्काका किल्ला-खाईहरू पनि ।
ढाके बा! कपिले ठ्याम्म बचेन अब क्यै पनि ॥

१९९
लङ्काको बाहिरी भाग भयो वानर—वानर ।
देखे राक्षसले सारा भित्रबाट निरन्तर ॥

२००
सातो-पुत्लो उडी हाल्यो दीन दुःखी भए अनि ।
हाहाकार परी हाल्यो लङ्कामा उनमा पनि ॥

२०१
अत्यन्त चर्को र असह्य त्यस्तो कोकोहलो मच्चिन गो गजबको ।
काँपे सबै राक्षस-जाति जत्ति घस्र्यो मजाले छिनबीच यत्ति ॥

२०२
के खप्न सक्थे तर क्रूर त्यस्ता विचित्रका राक्षस वीर जोधा ।
आँधी सरी भै हथियार बोकी लागे वहाँ घुम्न यताउता ती ॥

इति एकचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयालिसौं सर्ग

वानरहरूको र राक्षसहरूको
युद्ध-प्रारम्भ

१

सारा राक्षस जम्बा मै राजमन्दिर गै अब ।
देखेको घटना सारा भने रावणमा तब ॥
असंख्य कपिको सैन्य साथमा लिइ रामले ।
सारा लङ्कापुरीलाई घेरेको पनि त्यो भने ॥
लङ्का घेरी सकेको यो कुरा सब सुने पछि ।
सारा राक्षसको राजा रिसले चूर भो अति ॥
तुरुन्त त्यसले तस्मात् लङ्काको गर्न रक्षण ।
पाऱ्यो प्रबन्ध झन् राम्रो अघि भन्दा बढी पुनः ॥
अब यत्ति गरी आफ्नो सुरक्षा राक्षसेश्वर ।
चढ्यो फुत्त अटालीमा थियो जुन मनोहर ॥
वहाँबाट यसो हेर्दा लङ्का-बाहिर वास्तव ।
देख्यो वानर-भालूले ढाकेकी पृथिवी सब ॥
थियो बा ! साँचि नै सारा वन-कानन पर्वत ।
तिनैले मात्र छोपेको लड्न ठिक भई स्वतः ॥
यसरी कपिले स्वात्तै ढाकेकी पृथिवीकन ।
छिर्विरे रङ्गकी देख्ता घोरियो अब रावण ॥
विचार गर्न त्यो लाग्यो यता मन-मनै वहाँ ।
यी वानरहरूलाई मार्ने हो कसरी यहाँ ? ॥
आँखा फारेर हेर्दैथ्यो शोच्तैथ्यो अल्लिबेरमा ।
रामलाइ पनी देख्यो कपिवीरसँगै वहाँ ॥
यै बेला राम ती आफ्ना कपिका सैन्य साथमा ।
बढी लङ्कातिरै आए दङ्ग भै शान्त—भावमा ॥
अब श्रीरामले देखे दिव्य लङ्कापुरी यता ।
थिइन् राक्षसले सारा सुरक्षित जताततता ॥
रङ्गी-चङ्गी पताकाले ध्वजाले पनि राम्ररी ।
शोभिएकी थिइन् लङ्का भै मनोहररूपकी ॥
१३

१४

झल्याँस्स अब संझे बा ! जानकीलाइ रामले ।
भित्र खप्न पऱ्यो गाह्रो, छोड्दियो ठाम चित्तले ॥
कुरा खेलाँउनै लागे आफ्नो मनभरी उनी ।
हरे ! मेरी प्रिया सीता यहीं छन् भइ दुःखिनी ॥
ठूल्ठूला नेत्रकी देवी मेरै निम्ति हरे ! यहाँ ।
कसरी दुख खप्ती हुन् आएका बहुरूपमा ॥
बढेको पीरले पाक्का दुब्लाइन् रे ! उनी भनी ।
म सुन्दोछु, यता सुत्ता लड्दी हुन् भुइँमै उनी ॥
यसरी राक्षसीद्वारा पिरिएकी प्रियाकन ।
संझिए रामले तस्मात् भित्र छर्पटियो मन ॥
तुरुन्त अनि आफैंले सारा वानरवीरमा ।
शत्रु राक्षस सम्पूर्ण मार्न आज्ञा दिए वहाँ ॥
सजीलै काम ठूल्ठूला गर्ने श्रीरामभद्रको ।
त्यो आज्ञा पाउँना साथ कपि ता कसिए अहो ! ॥
तम्तयार भई लड्न गर्जिए जोडले तब ।
आकाश पृथिवी सारा गुञ्जियो जसले अब ॥
कपिका फौजका स्वामी ठूल्ठूला वीर वानर ।
त्यो बेला गर्न्न लागे बा ! मनैमन भई स्थिर ॥
गिरिका टाकुरा बोकी झटारै छोड्दिएर पो ।
लङ्का भुसुक्क पारौं कि मुक्कैले मास्दिऔं कसो ? ॥
गमी मन-मनै यत्ति कपिका सैन्यका पति ।
बोकेर ठिक्क भै हाले गिरिका टाकुरा जति ॥
यता धेरै जसो वीर ठूल्ठूला गिरिका रुख ।
ह्वाप्प ह्वाप्प उखेलेर बोकेर कसिए तब ॥
उता राक्षसको राजा स्वयं लङ्केश रावण ।
अटालीबाट हेर्दैथ्यो कपिको स्थिति भीषण ॥
२६

(१२८६)

२७

पाल्न श्रीरामको आज्ञा गर्न प्यारो भलो अब ।
उक्ले वानर लङ्कामा आफैंमा छाँटिई सब ॥
उनको देहको कान्ति पहेंलो सुनझैं थियो ।
मुखको चाँहि शोभिन्थ्यो तामोझैं लाल-लाल पो ॥
रामको निम्तिमा पर्दा छोड्दथे प्राणसम्म यी ।
जाइलागि गए तस्मात् ढुङ्गा-मूढा लिई बढी ॥
बोकेर वृक्षका साथ गिरिका टाकुरा पनि ।
लड्ने कपि थिए वीर त्यतै ओइरिए उनी ॥
सबै साधनले यस्ता मुक्कैले हातका पनि ।
ढोका, पर्खाल लङ्काका मार्न थालिगए अनि ॥
जति थे पोखरी- खाई किल्ला जस्ता हुने त्यहाँ ।
ती सबै पुर्न पो लागे ढुङ्गा-मूढा भरी वहाँ ॥
मीठा निर्मल पानीका जलाशय पनी सब ।
राखेनन् उनले बाँकी पुर्दिए वस्तुले सब ॥
कपिका फौजका फौज सयौं यूथ हजारको ।
कोटि-यूथ सयौं कोटि साथ साथै वहाँ चढ्यो ॥
मत्ता दँतारझैं ठूला मोटा र बलिया सब ।
थिए बा! कपि यी भालू साथका वीर वास्तव ॥
राख्तथे अनि के बाँकी ढोका पर्खालसम्म ता ।
चूर्ण पारेर भत्काए तुरुन्तै उनले तदा ॥
हुनझैं कैलासका डाँडा अग्ला सेता मनोहर ।
ती पुर-द्वार भत्काए कपिले अब खर्खर ॥
वुद्रुङ्ग उफ्रँदै कुद्दै गर्जिंदै अति जोडले ।
तुरुन्तै यिनले सारा-लङ्कामा हमला गरे ॥
जय होस् बलवान् धीर वीर श्रीराम-भद्रको ।
अत्यन्त बलवान् श्रीमान् साक्षात् लक्ष्मण-वीरको ।
रघुका वंशका रत्न रामबाट सुरक्षित ।
हाम्रा सुग्रीव राजाको जय होस्! भन्दथे सब ॥
नारा र घोषणा यै थ्यो उनका मुखको अब ।
गर्जन्थे यी कुरा भन्दै छोपी लङ्का-पुरी सब ॥
त्यत्रा पर्खाल लङ्काका किल्ला खाई र द्वार ती ।
छोप्दिए अब छ्याप्छ्याप्ति भएर उनले पछि ॥
इच्छानुसारको रूप लिन सक्ने थिए सब ।
यौटा रूप लिई पस्थे हुन्थे अर्कै वहाँ तव ॥

४३

४४

पर्खालमै चढी हाले वीरबाहु सुबाहु र ।
तथा नल र पनस यी चारै वीर वानर ॥
शत्रुको हमला रोक्न छेकाबार बने यिनी ।
यसैबीच वहाँ उक्ले कपि-सैन्यहरू पनि ॥
अग्लो फराकिलो त्यस्तो लङ्काको परखालमा ।
छाउनी नै तुल्याए बा! यसरी वात-वातमा ॥
लङ्काको पूर्व-ढोकामा आफैं कुमुद गै डटे ।
साथमा सैन्य ली आफ्ना ठ्याक्कै दश करोड ए! ॥
थिए कुमुद यी आफैं बलवान् उग्रतेजका ।
साथ सैन्य थिए त्यस्तै त्यसै सक्ने जतातता ॥
यता सहायको निम्ति वीर वानर साथमा ।
आए पनस प्रसभ भए झन् बलिया जहाँ ॥
उता दक्षिण-ढोकामा सैन्य बीस करोड ली ।
डटे वीर शतवलि बलवान् जो थिए अति ॥
पुगे पश्चिम ढोकामा ताराका बाबु वास्तव ।
स्वयं सुषेण ली सैन्य कोटि-कोटि, डटे अब ।
यता उत्तर ढोकामा सुमित्रासुत लक्ष्मण ।
भाइका साथमा आफैं डटे बा! रघुनन्दन ॥
रामको नजिकै सैन्य साथका कपिराज ती ।
बसे सहायको लागि वीर भै बलिया अति ॥
दिशा-द्वार सँगै चार विदिशा पनि चार यी ।
छिनमै ढाक्दिई हाले यिनले आफ्नु सैन्य ली ॥
लंगूर-जातिका ठूला देहका र पराक्रमी ।
गवाक्ष कपि हुन् वीर देख्तै त्रास दिने उनी ॥
वीर-वानरका सेना उनका साथमा पनि ।
ठ्याक्क एक करोडै थे, बसे रामनिरै उनी ॥
राजा धूम्र थिए वीर भालूका अग्रगण्य ती ।
उनमा बल थ्यो ज्यादै शत्रु मार्न्थे भए जति ॥
डर्लाग्दा र महान् क्रोधी आफ्ना सैन्य लिई उनी ।
डटे रामनिरै आई अर्कोतिर स्वयं अनि ॥
सुसज्जित भई ज्यादै किरीट-कवचादिले ।
रामको नजिकै आई विभीषण पनी डटे ॥
महान् बल भएकाथे यी स्वयं साथ थ्यो गदा ।
उनका साथ थे त्यस्तै मन्त्रीहरू पनी तदा ॥

६०

६१

गवाक्ष गज गवय शरभ गन्ध मादन ।
घुमी सबतिरै गर्थे यी पाँचै सैन्यरक्षण ॥
यता राक्षसको राजा रिसले चूर भो अब
सारा राक्षसको सेना छिटै बढनु भन्यो तब ।
सुनी रावणको आज्ञा सहसा ती निशाचर ।
न राम्रै सँग गर्जे बा ! कुर्ली कुर्ली भयङ्कर ॥
एकैपल्ट मिली सारा रण भेरी अनेकन
बजाए अनि तत्काल डर पर्ने गरीकन
डण्डा यी भेरीमा ठोक्ने सुनकै थे मनोहर ।
जसका मुखको भाग थ्यो चन्द्रै ठीक सुन्दर ॥
थिए नीला सुगा जस्ता लङ्काका यी निशाचर
शङ्कै हात लिई फुक्थे देखिन्थे झन् भयङ्कर ।
टल्किन्थे गहना काला देहका भइ झलझल ।
विजुली चम्किदा जस्तो देखिन्थ्यो मेघमा तब ॥
ती आभूषणका कान्ति यी नीला देहमा परी ।
मेघमा बकको पंक्ति भयो बा ! झल्किए सरी ॥
डर्लाग्दा उनका काला मुखका वायुले यता
भरिएर बजे शङ्ख गम्भीर स्वरमा तदा ॥
अब रावणको आज्ञा हुनाले सब सैनिक
निस्किए लड्नको निम्ति हर्षले भइ उत्सुक
देखियो त्यस भेलामा लयमा मेघको जल ।
भरिई सिन्धु कुर्लेझैं मर्यादाहीनझैं सब
बढेर जसरी ढाक्छ सिन्धुले छालले सब ।
त्यै ठीक यी बढे, छोपे भई आँधि—हुरी ठिक ।
देख्ना साथ उता यस्तो यता वानर—सैन्यले ।
झिक्यो शक्ति गऱ्यो फूर्ति गजियो घोर शब्दले ।
मलयाचल सम्पूर्ण जुन आश्रि परै थियो ।
थर्कियो जसले गर्दा गुफा वन सँगै अहो ! ॥
नगडा—शङ्ख—भेरीको घन्केको उग्र शब्दले ।
ती दुवैतिरका वीरहरूको सिंहनादले ।

७५

७६

घोडाका हिन्नहिन्याईले हात्तीको गूँ ! गराइले ।
रथ—वाहनको बढ्दो गड्गडाहट शब्दले ।
डर्लाग्दा देहका त्यस्ता क्रूर राक्षस सैन्यका ॥
प्रत्येकका हिडाँईले ग्वाराम् ! ग्वाराम्म रूपका ।
आकाश—पृथिवी सारा खुम्चियो अब तत्क्षण ॥
प्रतिध्वनि उठ्यो कुल्यो आयो संहारको क्षण ।
मारामार परी हाल्यो यत्तिकैमा वहाँ अब ॥
भो देवासुरमा जस्तो कपि—राक्षसमा सब ।
चम्किला बञ्चरा—शूल—गदा शक्त्यादि शस्त्रले ॥
हाने राक्षसले कुर्लीं भालू वानरलाइ ए ! ।
अनि के खप्न सक्थे यी महान कर्म हुने कपि ॥
ढूङ्गा—मूढा गरी हाले यिनले पनि झोकिई ।
ठूलठूला वृक्षको एवं टाकुराहरुको पनि ॥
झटारो छोड्दिए ठोके टोके वा चिथरे अनि ।
यता वानर सेनामा कुर्लियो गड्किलो ध्वनि ॥
जय होस् ! कपिका राजा वीर सुग्रीवको भनी ।
उता राक्षस सेनामा जय होस् राक्षसेश्वर ॥
वीर रावणको भन्ने डर्लाग्दो गुञ्जियो स्वर ।
अ आफ्ना पक्षको यस्तो गरेर जय घोषणा ॥
कपि—राक्षस भै क्रुद्ध लड्न थालिगए वहाँ ।
थिए एकथरी क्रूर डर्लाग्दा दुष्ट राक्षस ॥
क्लिाको परखालैमा चढेका गरी साहस ।
माथिका उनले तस्मात् तलका कपिलाइ ती ।
भिन्दिपाल तथा शूल झटारो हान्दिए बढी ।
यता तलतिरै बस्ने कपिले पनि माथिका ।
ती राक्षसहरूलाई बजाए बेस्करी तदा ॥
कुनै वीरहरू चाँहि उफ्री आकाशमै पुगी ।
पार्थे आघात मुक्कीले हानेर तल झार्दिई ॥
मच्चियो युद्ध भै उग्र कपि—राक्षसमा अब ।
मारामार परी हाल्यो ठोकाठोक पऱ्यो जब ॥

८०

६१

वीर वानरमा यस्ता त्यस्ता राक्षसमा वहाँ ।
उपमै न हुने युद्ध पऱ्यो अद्भुतरूपमा ॥

इति बयालिसौं सर्ग

त्रितालिसौं सर्ग

वानर र राक्षसहरूको

द्वन्द्वयुद्ध

१

दिलका देहका ठूला कपि - राक्षसमा तव ।
घनघोर लडाईं भो झोक्काझोक्कि पऱ्यो जव ॥
देख्ता विपक्षको सेना पक्षको वीर सैनिक ।
रिसले चूर भै हाल्थ्यो ठोक्थ्यो अघि बढी तव ॥
रत्नका सुनका नाना गहनाले विभूषित ।
थिए राक्षसका घोडा - हात्तीहरू सुशोभित ॥
थिए रथ पनी त्यस्तै चम्किला अग्नि ठीकका ।
तिनै माथि चढेकाथे क्रूर राक्षस यी तदा ॥
तिनले पैन्हिएकाथे राम्रा कवच स्वर्णका ।
हुन्थे दश दिशा सारा जल्ले झकिझकाउ बा !
अब त्यत्ति हुना साथ गर्जदैं अति जोडले ।
निस्किए लड्नको लागि भै उद्धत स्ववीर्यले ॥
डर्लाग्दा कर्म गर्ने यी निशाचरहरू सव ।
खोज्दथे आफ्नु राजाको राम्रै विजय वास्तव ।
दुनियाँकै भलो गर्ने धर्मात्मा प्रभु रामको ।
खोज्ने विजय सर्वत्र कपि झन् वीर थे अहो ! ।
तस्मात् विशाल त्यो आफ्नो सैन्यले उनले पनि
सारा राक्षस सेनामा हमलै गर्दिए अनि ॥
घम्साघम्सी परी हाल्यो कपि-राक्षसमा तव ।
जुध्यो गै एक अर्कोमा द्वन्द्वयुद्ध बढ्यो अव ॥
कपीन्द्र वालिका छोरा वीर अङ्गद साथमा ।
राक्षसेश्वरको छोरो इन्द्रजित् नै लड्यो वहाँ ।
देखियो त्यस बेलामा साक्षात् शङ्कर साथमा ।
अन्धकासुर गै लड्छ भने जस्तै हुँदो यहाँ ॥
प्रजङ्घ नामको क्रूर दुष्ट राक्षस साथमा
रणदुर्जय संपाति कपि आफैं लडे वहां ॥

१३

१४

जम्वुलाली थियो त्यस्तै क्रूर राक्षस जो त्यहाँ ।
लडे गै त्यसकै साथ हनुमान् वीर नै वहां ॥
स्वयं रावणका भाई विभीषण रिसाउँदै ।
शत्रुघ्न राक्षसै साथ पुगे जुध्न मजा सँगै ॥
महावली गज कपि लडे तपन साथमा ।
निकुम्भ साथमा नील स्वयं जुध्न पुगे वहाँ ॥
अग्निकेतु रश्मिकेतु सुप्तघ्न यज्ञकोप यी ।
आए दुधर्ष भै लड्न रामकै साथ झोक्किई ॥
मैन्दका साथमा लड्न आयो बा ! वज्रमुष्टि ता ।
अशनिप्रभ गै झम्ट्यो कपि द्विविदलाइ हा ! ॥
यसरी यी दुबै देख्तै क्रूर राक्षस साथमा !
भिडिएर लडाँईमा लड्नलागे स्वयं वहाँ ॥
थियो यौटा प्रतपन नामको घोर राक्षस ।
जसलाई लडी जित्न गाह्रै थ्यो युद्धमा तव ॥
राक्षस श्रेष्ठ त्यै वीर युद्धमा उग्रवेगका ।
नल वानरका साथ लड्न लाग्यो भई कडा ॥
धर्मका बलवान् छोरा महाकपि सुषेण ता ।
विद्युन्माली सँगै लागे लड्न भिड्न स्वयं तदा ॥
अरू वानर डर्लाग्दा जो थिए क्रूर राक्षस ।
लड्दा लड्दै उनी साथ जुध्न लागे अरू सँग ॥
अ-आफ्नो योग्यको जोडा हेरी ठिक छ यै गमी ।
त्यसैका साथमा द्वन्द्व-युद्ध लड्थे अरू पनि ॥
कपि-राक्षसका वीर अ-आफ्नो पक्षमात्रको ।
हओस् विजय भन्ठान्थे लड्थे लड्नसम्म पो ॥
लडाँई उनको यस्तो देख्ता दर्शकसम्मको ।
सिरिङ्ग रैँउ भै हाल्यो डर्लाग्दो भै दिँदा अहो ! ॥

२६

२७

कपि राक्षसका सारा देह बाट वहाँ अव ।
बहे बा ! रक्तका धारा चोट लाग्थ्यो त्यहाँ जव ॥
यसैबाट भयो खोलो त्यै बह्यो रणभूमिमा ।
शिरका रउँ सम्पूर्ण सिवाली नै बने वहाँ ॥
वेगिलो यस खोलामा सैन्यका लाशरूपको ।
मूढा पो बग्दथ्यो ओहो ! चर्कियो जव युद्ध यो ॥
इन्द्रले वज्र हानेझैं इन्द्रजित्‌ले पनी अव ।
गदा अङ्गदमा हान्यो शत्रु मास्थे उनी जव ॥
वेगशाली निकै छीटा श्रीमान् अङ्गद—वीरले ।
त्यो गदा पक्डिए ट्याप्पै बीचमै एक हातले ॥
छोडे बा त्यै गदा उल्टो इन्द्रजित् माथि नै तव ।
घोडा सारथि साथैको भाँच्दिए त्यसकै रथ ॥
यता प्रजङ्घले चाँहि कपि सम्पातिलाइ ता ।
तिनोटा बाण छोडेर पार्दियो घायलै तदा ॥
अश्वकर्ण हुने नाम रुख ट्याप्प टिपी पछि ।
वीर-सम्पातिले ठोके त्यसलाई छिटै बढी ॥
रथभित्र बसेको थ्यो जम्बुमाली यतातिर ।
झोक्कियो युद्धमा चर्क्यो चिरिक्क त्यसको शिर ॥
रथशक्ति थियो शस्त्र त्यसको साथमा तव ।
त्यै छोड्यो हनुमान् माथि छाती ताकेर वास्तव ॥
परन्तु वायुको छोरा हनुमान् उफ्रिईकन ।
आफैं वहीं पुगी हाले झम्टिए बा ! त्यसैकन ॥
हाने थप्पड मात्रै पो त्यत्तिले त्यो मऱ्यो बरो ! ।
यता रथ भयो धूलो—पीठो त्यत्ति हुँदा अहो ! ॥
डर्लाग्दो गर्जना गर्दै बढ्यो अब उतातिर ।
त्यो राक्षस प्रतपन नल मार्न भई स्थिर ॥
चलाएर छिटै हात बाण छोडी अनेकन ।
नललाई बनायो बा ! रगताम्य वहाँ पुनः ॥
नल वानरले किन्तु चनाखा जो थिए गढी ।
झिक्दिए त्यसका आँखा मऱ्यो त्यो यसरी पछि ॥
उता राक्षस प्रघस सारा वानर सैनिक ।
स्वयं भुसुक्क पार्दैथ्यो कालले झैं घिची सब ॥
त्यो देख्ना साथ कपिका राजा सुग्रीवले वढी ।
रुखले सप्तपर्णैको हानेरै मार्दिए पछि ॥

४३

४४

देख्तैमा डर लाग्दो थ्यो त्यो विरूपाक्ष राक्षस ।
वीर लक्ष्मणले हाने त्यसैमा बाण सर्सर ॥
लाग्दा देह छिया भैगो त्यसको अन्तमा पुनः ।
अर्को बाण त्यजी यौटा मार्दिए क्रुद्ध भैकन ॥
अग्निकेतु रश्मिकेतु सुप्तघ्न यज्ञकोपले ।
हाने श्रीराममा बाण पहिले ढाक्दिए हरे ! ॥
पछि श्री रामले चार बाणले अग्नि तुल्यका ।
तुरुन्तै काट्दिई हाले चारैको शिर च्वाट्ट वा ! ॥
यता अघि बढे मैन्द झोक्किई वज्रमुष्टिमा ।
कसेर एक मुक्का नै बजारे अन्तमा वहाँ ॥
त्यसले रथ घोडाकै साथ त्यो भूमिमा लड्यो ।
भयो तल खसे जस्तै देवताको विमान पो ।
काला गाजलका थुप्रा हुन् जस्ता नील वर्णका ।
कपिश्रेष्ठ थिए नील लड्दैथे युद्धमा तदा ॥
निकुम्भले उनीलाई यै वेला आफ्नु तीक्ष्ण ती ।
बाण छोडेर छोप्यो बा ! सूर्यले मेघमा सरि ॥
छिटो हाथ भएकैथ्यो त्यो राक्षस वहाँ पुनः ।
शयौं बाण त्यज्यो, कुल्यो हाँस्न थाल्यो दनादन ॥
अब यत्ति हुनासाथ कपि नील बढे अघि ।
त्यसकै रथको पाङ्ग्रा थुते ध्वात्त वहाँ पुगी ॥
त्यसैले अत्र त्यल्लाई वहाँ सारथि साथमै ।
तुरुन्त मार्दिई हाले विष्णुले दैत्यलाइझैं ॥
कपि द्विविदको स्पर्श थियो अशनि वज्रझैं ।
उचाली एउटा डाँडै छोड्दिए शत्रुमाथि नै ॥
अशनिप्रभ थ्यो शत्रु निकै चर्को यतातिर ।
सारा राक्षस हेर्दैथे लड्थ्यो त्यो पनि भै स्थिर ॥
मानेन किञ्चितै त्यल्ले वज्रै हुन् सरि तेजिला ।
बाणले ठोक्दिई हाल्यो उनैलाई स्वयं तदा ॥
यता द्विविदको देह बाणले थ्यो छिया छिया ।
उता रिस उठ्यो ज्यादै मजाले उनलाइ ता ॥
सालवृक्ष कुनै ठूलो उखेले छोड्दिए अनि ।
अशनिप्रभ घोडैका साथ साथै मऱ्यो पनि ॥
जडेका सुन टुप्पामा बाण छोडी चढी रथ ।
विद्युन्माली यतापट्टि सुषेणसित लड्दथ्यो ॥

४०

६१

पछि पार्‍यो निकै पीर कसियो अक्ष राक्षस ।
वाणले मर्म छेडेर गर्जियो कुर्लियो तव ॥
देखेर रथमा बस्ने त्यसलाई सुषेणले ।
विशाल एउटा डाँडो बोकी त्यै माथि छोड्दिए ॥
त्यसको रथ त्यो धूलो-पीठो भो, तर राक्षस ।
उम्कियो वाहिरै निस्क्यो फूर्ति साथ छिटै तव ॥
गदा हात लिई यौटा उभियो रणभूमिमा ।
यता सुषेणले देखे यो कुरो सव अन्तमा ॥
रिसले चूर भै तस्मात् ठूलै ढुङ्गा लिई पुनः ।
विद्युन्मालीकनै झम्टे उनले अव तत्क्षण ॥
विद्युन्माली तयारै थ्यो हेर्दैथ्यो सब यो कुरा
गदा लिई बढी हाल्यो झम्टिदै उनलाइ ता ॥
छोड्दियो त्यो गदा छाती ताकेर त्यसले तव ।
गई सुषेणमा लाग्यो मानेनन किञ्चितै तर ॥
छोडेको पहिले ढुङ्गा उठाए चुप्प गैकन ।
विद्युन्मालीकनै हाने त्यसैले उनले पुनः ॥

६८

६९

छातीमै वज्रिदा ढुङ्गो धूलो-पीठो भएर त्यो ।
लडेर डङ्ग पृथ्वीमा मरीगो विचरो बरो ! ॥
देवले दैत्यलाईझैं त्यसरी द्वन्द्वयुद्धमा ।
पिटे राक्षसलाई यी शूरा वानरले वहाँ ॥
त्यसरी चर्किदा युद्ध त्यहाँको रणभूमि ता ।
भयानक भयो ज्यादै अनेकौं वस्तु भै दिंदा ॥
नाना प्रकारका बाण भाला, शक्ति तथा गदा ।
विग्रेका रथले एवं शस्त्रले तोमरादिका ॥
फौजी घोडा र हात्तीले जो मरेका थिए वहाँ ।
सारा टम्म भई हाल्यो रणस्थल जहाँ-तहाँ ॥
यिनका बीचबोचैमा मरेका दुइ तर्फका
फौज राक्षसका एवं कपिका लाश थे तदा ॥
यसैले पनि डर्लाग्दो स्थिति भो रणभूमिको ।
घुम्थे जताततै सारा आएका श्याल गिद्ध पो ॥
देवासुररणै जस्तो युद्धमा यो भयङ्कर ।
मुर्कट्टा घुम्न पो लागे कपि-राक्षसका तव ॥

७६

७७

वेलाविषे यो, कपिवीर आदिले ठोक्ता मरेका जति राक्षसै थिए ।
तिनीहरू भै रगताम्य वास्तव गहाइ सार्थे अरुमा पनी भय ॥
बाच्ने पनी मत्त थिए यसर्थ झन् लडी रहेथे सव यी लगाइ मन् ।
अस्ताँउलान् सूर्य र ठोकुला भनी बाटो नियाल्थे अक्ष क्रूर भै उनी ॥

७८

इति त्रितालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवालीसौं सर्ग

रात्रिको युद्ध वर्णन

१

यसरी जव लड्‌दैथे वीर वानर राक्षस ।
अस्ताए सूर्य यै वेला कालरात्री बढिन् तब ।।
जित्न खोज्दा अ-आफैंमा वैर बाँध्ने दुवै थरी
यिनमा रातमै युद्ध हुन गो अव वेस्करी ॥
अन्धकार थियो गाढा के गरुन् कपि ती अनि ?
विपक्षीसँग नै सोध्थे के तँ राक्षस होस् भनी ? ॥
उता चाल थियो त्यस्तै सोध्थे कपिसँगै पनि ।
ती राक्षसहरू ओहो ! के तँ वानर होस् भनी ?
सोधा सोध गरी यस्तो प्रकारसँग युद्धमा ।
कपि राक्षस यी लागे ठोक्न मार्न अ-आफूमा ।
सुनिन्थ्यो शब्द डर्लाग्दो नराम्रो सैन्यमा सब ।
ठोक् ठोक्!मार् मार्!ल आ बावै!भाग्दछस् किन?आ अव
डर्लाग्दा अति नै काला थिए राक्षस ती सव ।
पैह्रिंदा सुनको वर्म देखिन्थे अद्भुतै तव ।
कालो पहाड जस्तो कि चम्किंदा दिव्य औषधि ।
शोभिन्छ भव्य देखिन्छ, शोभिन्थे सव त्यै सरि ।
अन्धकार थियो गाढा सूचिभेद्य भनिन्छ जो ।
देख्न चिन्ह पनी गाह्रै पर्दथ्यो क्यै कुरो अहो ! ।।
तर यस्तो अवस्थामा पनि ती क्रूर राक्षस ।
झम्टिन्थे रिसले गर्दा भालू-वानरमाथि त ।।
वेगशाली थिए ज्यादै भेट्यो कि त समाउँदै ।
निल्थे सलक्क झोकैले कपिवीरकनै त्यसै ।।
अव यी कपिमा क्रोध अति भो बेस्करी बढ्यो ।
उनले पनि तत्काल गरे गर्नु न गर्नु पो ।
उफ्री बुद्रुङ्ग बुद्रुङ्ग क्रूर राक्षस सैन्यका ।
घोडा सिंगारिएका ती टोक्ता टोक्ता सके तदा ।।

१३

१४

विषालु सर्प जस्ता थे उनका रथका ध्वजा ।
च्यातचूत बनाए वा ! के राख्थे कपि थे कडा ।
बलवान् कपिले त्यस्ता दुष्ट राक्षस सैन्यमा
हा हा ! मच्चाइ दी हाले यत्ति गर्दै पनी वहाँ ॥
हात्ती हात्तिचढीलाई घोडा घोडचढी सँगै ।
रुके वा ! कपिले टोक्तै चिथोर्दै बलले त्यसै ।
यता राक्षस ठूल्ठूला लड्थे शौर्य झिकी त्यहाँ
कहिले भ्वाम्म देखिन्थे लुक्थे कहिले यहाँ ।
विषालु सर्पझैं तीखा बाणले राम-लक्ष्मण ।
ठोक्तथे देखिने लुक्ने उनलाई पुनः पुनः ।
रथमा जोतिएका ती घोडाका टाप देखि त ।
उठेको रथका पाङ्ग्राहरूले फ्याकिंदो तथा ।
धूलाले पृथिवीबाट छरिएर सवैतिर ।
आँखा कान गर्‍यो बन्दै लड्ने यी वीरको तव
सिरिङ्ग जिउ पार्ने यो डर्लाग्दो युद्ध भै दिंदा ।
बह्यो रगतकै खोलो उर्लिएर जतावता ।
यता मृदङ्ग भेरीको नगडा—पणवादिको ।
रथका चक्रको शब्द गुञ्जियो अद्भुतै भयो ।
युद्धमा मर्न लागेका घोडाको आर्त-शब्द र
लाग्दा जिउ भरी चोट मरें ! ओह !बढ्यो स्वर ।
शस्त्रास्त्र देहमा बिझ्दा कराएका असह्य भै ।
कपिका सैन्यको साथ फैलियो भइ अद्भुतै ॥
शक्तिका शूलका एवं बज्चराका प्रहारले ।
डङ्ग डङ्ग लडेका ती प्रधान कपिवीरले ॥
ती वानरहरूबाट मारेका गिरि ठीकका ।
कामरूपी अनेकौं यी वीर राक्षसले तथा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

(१२६५)

२७

भै सम्पन्न लिई शोभा खुलेकी पृथिवी उता ।
बहँदा रक्तको खोला हीलोले मुछिइन् तदा ॥
अब चिह्न पनी गाह्रै पर्न गो उनलाइ ता ।
बस्न ता के कुरा भो र घीन लाग्दी भइन् बरा ! ॥
भूमिले पनि यी त्यस्ती पुष्पको शस्त्ररूपका ।
माला पहिरिइन् जस्ती देखिन्थिन् टम्म भै दिंदा ॥
कपि–राक्षस साराको गर्ने संहार रात्रि यो ।
कालरात्री सरी भैगो प्राणीले काट्न कष्टको ॥
अब राक्षस सम्पूर्ण त्यो चर्को अन्धमुष्टिमा ।
लगाइ रामको पत्तो सोझै ओइरिए वहाँ ॥
छोडे वा ! बाणको वृष्टि उनमा सबले मिली ।
दक्षादक्षी परेका थे जो थिए दुष्ट यी छली ॥
गर्जिंदै झोकिई ज्यादै जाइ-लाग्दा निशाचर ।
कुल्यो अवाज भै चर्को छरी सबतिरै स्वर ॥
सारा संसारकै नाश गर्ने प्रलयकालमा ।
सातै समुद्र उर्लेमा ठीककै शब्द भो वहाँ ॥
अब श्रीरामले छोडे तीखा अग्नि-शिखा सरि ।
छ ओटा बाण तलका छ औ राक्षसमाथि यी ॥
यिनै हुन् ती महाकाय महापार्श्व महोदर ।
यज्ञशत्रु वज्रदंष्ट्र शुक—सारण दुर्धर ॥
छोडेर बाणका थुप्रा हानिंदा मर्म-मर्ममा ।
बाँकी आयु लिई भागे ती छ औ वीर युद्धमा ॥
दिशा र विदिशा सारा रामले छिनमै अब ।
बाण छोडेर आगोझैं पारे निर्मल वास्तव ।
पुतली अग्निमा पर्दा मासिए सरि युद्धमा ।
रामको अघि पर्दामा मासिए अरु ता वहाँ ॥
शरत्की रात्री झल्किन्छे जस्तो जूनकीरी हुँदा ।
त्यस्तै देखिई यो रात्रि ती स्वर्णशर झल्किंदा ॥
डर्लाग्दो रात थ्यो त्यस्तो झन् भयङ्कर भो अब ।
बज्दा भेरी नगाडा र गर्जिंदा उग्र राक्षस ॥
छरिंदा व्याप्त भै सारा यो महान् शब्द अन्तमा ।
त्रिकूटाचल ता घन्क्यो भै विचित्र जहाँ तहाँ ॥
प्रतिध्वनि बढ्यो ज्यादै गुफामा बज्रिंदा यता ।
त्यो डाँडै बोल्छ जस्तो भो, दिन्छ ठीक जवाफ वा ! ॥

४३

४४

लंगूर जातिका ठूला देहका कपि जो थिए ।
ती सबै देख्नमा साक्षात् अन्धकार सरी थिए ॥
चमत्कार गरी हाले यिनले आफ्नु बाहुले ।
कसी निशाचरैलाई समाते अनि मार्दिए ।
बढे अब यतापट्टि वीर अङ्गद युद्धमा ।
शत्रु संहार्नको लागि भेट्टाएका जहाँ तहाँ ॥
साक्षात् रावणको छोरा इन्द्रजित् वीरलाइ ता ।
घाइते पार्दिए मारे घोडा सारथिसम्म वा ! ॥
घोडा सारथि मर्नाले इन्द्रजित् कष्टमा पऱ्यो ।
लुसुक्क रथ छोडेर ओर्लियो र त्यहीं छिप्यो ॥
कपिन्द्र-बालिका छोरा कपि अङ्गद-वीरको ।
त्यस्तो वीरत्वको कर्म प्रशंसा गर्न योग्य थ्यो ॥
तसर्थ ऋषिकै साथ माथिका सब देवले ।
तलका रामले एवं वीर लक्ष्मणले गरे ॥
जगतै भरका प्राणी इन्द्रजित्को पराक्रम ।
छ अद्भुत महान् भन्ने जान्दथे भै अनुत्तम ॥
त्यै व्यक्ति जितिंदा यस्ता वीर अङ्गदबाट ता ।
यिनमाथि पऱ्यो आँखा साराको भै प्रसन्नता ॥
देख्तामा शत्रु हारेको सुग्रीव र विभीषण ।
अरु साथै परे दङ्ग साधुवाद दिए पुनः ॥
डर्लाग्दो काम गर्ने त्यो इन्द्रजित् अब युद्धमा ।
न राम्रै सित पो झोक्यो हार्दामा त्यसरी वहाँ ॥
यो देख्नासाथ ताडेर भन्छन् राम स्वसैन्यमा ।
लौ है ! तिमीहरू अड्नु राजा-सुग्रीव साथमा ॥
यत्तिकैमा हराएको इन्द्रजित् त्यो अदृश्य भै ।
बाण वर्षाउँनै लाग्यो क्रोधले झोक्किई निकै ॥
थिए अशनि हुन् जस्ता त्यसका बाण वस्तुतः ।
निकै कडा उज्याला र वज्रै हुन् सरि अद्भुत ॥
हो ! अन्तर्धान-विद्या त्यो जान्दथ्यो यो पनी उता ।
त्यसरी अघि हारेमा गर्न खोज्थ्यो प्रतिक्रिया ॥
हुन् नागैनागका जस्ता बाणले त्यसले अब ।
बजायो वा ! निकै झोकी राम लक्ष्मणमा तक ॥
त्यसका बाण स्वाम्स्वाम्ति अङ्ग-प्रत्यङ्गमा बिझी ।
रघुवंशी दुवै भाई घाइते नै भए पछि ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

जान्दथ्यो आसुरी माया छोपिएको थियो अनि ।
अरु देख्तैनथे, देख्थ्यो त्यो भने तल जे पनि ॥
यसरी मोहमा पारी राम-लक्ष्मणलाइ यी ।
गर्नु सम्म गर्‍यो, बाँध्यो नागपाश त्यजी पछि ॥

६२

६३

पुरुष श्रेष्ठ यी वीर दुवै भाई हरे शिव ! ।
त्यसरी बाँधिई हाले फोकिई त्यसले तव ।
अकस्मात् भै दिंदा यस्तो बाँधिएका मजासित ।
देखे वानरले सारा यी दुवै भाइलाइ त ॥

६४

६५

देख्दा परी लड्न बढी न सक्ता यसो गर्‍यो बा ! त्यसले लुकेर ।
पछाडि बाँध्यो दुइ भाइलाई माया गरी गुप्त रही छलेर ॥

इति चवालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैंतालिसौं सर्ग

इन्द्रजित्‌को नागपाश–बन्धनमा परेर राम–लक्ष्मण मूर्छित हुनु र सारा वानर भेलाभै शोक गर्नु

१

अत्यन्त बलवान् वीर राजाका पुत्र रामले ।
छ कहाँ इन्द्रजित् जान्नु बुझ्नु यै योग्यको गमे ॥
त्यसको निम्तिमा तस्मात् दशोटा बुद्धिमान् कपि ।
खटाए उनले, जो थे सैन्यका यूथका पति ।
तिन मध्ये थिए दोटा वीर पुत्र सुषेणका ।
वीर वानरका राजा थिए नील पनी तथा ॥
थिए अङ्गद आफैं नै वेगवान् शरभै थिए ।
महाबली सानुप्रस्थ हनुमान् द्विविदै थिए ॥
थिए ऋषभ, ऋषभस्कन्ध यी दशजाइ ता ।
दिए श्रीरामले आज्ञा बुझ्न त्यो छ कहाँ तदा ॥
उर्लँदा वृक्ष ठूलठूला बोकी आकाशमार्ग ली ।
दौडिए त्यसको खोजी गर्न नै सब वीर यी ॥
इन्द्रजित् अस्त्र जान्नेथ्यो त्यल्ले दिव्यास्त्रले अनि ।
वेगिला कपिको वेग रोकिदियो बाणले पनि ॥
उर्लँदा बाण लाग्दामा कपि यी घाइते भए
देखिन्थ्यो अँध्यारोमा ढाकेझैं सूर्य मेघले ।
च्वाम्च्वाम्ति रोप्न लाग्यो बा! इन्द्रजित् आफ्नो बाण यी
घाइते नै बनायो हा ! राम–लक्ष्मणलाइ ती ।।
सर्पले बाणरूपैका बाँध्यो पछि दुवैकन ।
शरीर भर भो बाण रोप्यो सबतिरै पुनः ॥
फुल्दा पँलासको वृक्ष भए ठीक सुशोभित ।
रगताम्य भए त्यस्तै यी दुवैभाइ वस्तुतः ।।
कालो गाजलको थुप्रो हो जस्तै लालनेत्रको ।
उर्लँदै इन्द्रजीत्‌ले त्यो भन्यो ती दुइमा यसो ॥
युद्धमा म लुकी ठोक्ता देख्न सक्तैन इन्द्रता
के देखौला तिमी बाबै ! दैय्या चल्दैन देख्न ता ॥

१३

१४

बाणकै जालले जेलें देख्यौ ! मैले तिमीकन ।
यमकै घरमा पुग्छौ ठोक्दिदा झोकले पुनः ॥
राम–लक्ष्मण यी दोटै भाइलाई यसोभनी– ।
छोड्दियो बाण झन् तीखा कुर्ल्यो त्यो गर्जियो पनि ॥
थ्यो ठूलो धनु टङ्कार्‍यो समराङ्गणमा बढी ।
त्यसैमा बाण हालेर छोड्दियो दुइमाथि यी ॥
मर्म मर्म सबै ताकी हान्दथ्यो मर्म जान्दथ्यो ।
रोप्यो बा ! बाण च्वाम्च्वाम्ति राम लक्ष्मणमा अहो!॥
यसरी बाणले छोप्दा रोपिंदा यो लडाँइमा ।
छिनसम्म पनि हेर्न नसक्ने नै भए वहाँ ॥
यसरी रोपिंदा बाण यी दुवै घाइते हुँदा ।
भै इन्द्रका ध्वजा जस्ता शोभिए रणभूमिमा ॥
महान् धनु हुने वीर जगत्‌का पति यी दुवै ।
मर्ममा रोपिंदा बाण लडे बा ! डङ्ग क्षीण भै ॥
सुतेका वीर शय्यामा यी दुवै रगताम्य थे ।
बाणले रोपिएकैथे भए झन् पीडितै हरे ! ॥
रहेन देहमा ठाम एक अङ्गुलसम्म पो ।
नङ्देखि शिरैसम्म बाण थ्यो र विदीर्णथ्यो ।
त्यो क्रूर इन्द्रजीत्‌द्वारा भएका बिद्ध घाइते ।
यी दुवै रक्त छोड्थे बा ! झर्नाले जल ठीक ए ! ॥
इन्द्रलाइ पनी जित्ने त्यसले बाण रोप्दिदा ।
दाजु राम लडे पैले मर्म मर्म छिया हुँदा ॥
त्यसले फेरि हान्यो बा ! भल्ल अञ्जलिक क्षुर ।
नाराच अर्धनाराच आदि यी बाणले सब ॥
वत्सदन्त सिंहदंष्ट्र सुवर्णाग्र हुने सफा ।
रजोगति हुने तीखा छोड्दियो बाण वेगिला ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सुते हा ! वीर-शय्यामा अब राम त्यजी धनु ।
जो ताँदो विनुको राम्रो सुनौलो थ्यो महान् धनु ॥
हातले बाण फ्याँक्तामा पुगे जत्ति परैतिर ।
लडेका राम देख्तामा भए लक्ष्मण वेसुर ॥

२८

२९

शरणस्थान साराको आफ्ना दाजुकनै हरे ।
लडेको भवाट्ट देख्ता यी भाइ ता शोकमा परे ॥
भालू-वानर साथै थे देखे त्यो उनले पनि ।
शोकले आँसु झारेर कराए पीरले अनि ॥

३०

३१

घेरी अनी लक्ष्मण रामलाई त्यो वीर शय्यानिर आइ आई ।
यी वायुका पुत्र समेतका ती लागे रुनै ओह ! भएर दुःखी ॥

इति पैतालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयालिसौं सर्ग

सुग्रीव आदिले पीर मान्नु र विभीषणले संझाँउनु एवं रावणले छोराको प्रशंसा गर्नु

१

खोज्न त्यो इन्द्रजित्‌लाई गएका अधिका दश ।
ती वानर त्यसै फर्के न पाई सुइको तव ॥
यहाँ आएर हेर्छन् ता रामलक्ष्मण यी दुवै ।
लडेका भूमिमा देखे त्यसरी बाण–बिद्ध भै ॥
मेघले जल वर्षाई रोके शान्त भए सरि ।
इन्द्रजित् पनि थ्यो शान्त यो वेला बाण छोड्न ती ॥
यसैवेला त्यहाँ आए लिइ सुग्रीव साथमा ।
राक्षसश्रेष्ठ धर्मात्मा ती विभीषण अन्तमा ॥
आए अङ्गद कुमुद मैन्द द्विविद नील र ।
हनुमान् पनि साथैमा देख्तै दिक्क भए सव ॥
चल्दथ्यो श्वास विस्तार रगताम्य थिए दुवै ।
थियो बा ! बाणकै शय्या थिए वेहोश बिद्ध भै ॥
सर्पमै सास फेर्दैथे यी निश्चेष्ट भए पनि ।
थे सुनैका ध्वजा जस्ता रगताम्य भए पनि ॥
सुतेका वीर–शय्यामा आफ्नाले घेरिई सव ।
गरेका खिन्न भै शोक दुवै भाइ भए तव ॥
तिलसम्म पनी राख्ने न भै ठाम शरीरमा ।
बाण लाग्दा लडेका यी देखिए उनले वहाँ ॥
विभीषणादि यी वीर भालू र कपि ता अनि ।
भए वेहोश जस्ता पो त्यो देख्ता पीडितै बनी ॥
युद्धमा इन्द्रजित्‌लाई मायाले ढाकिंदा यता ।
देख्न सक्तैन थ्यो कोही पृथ्वी आकाशमा तथा ॥
मायाले त्यसरी लुक्ने भतीजो इन्द्रजित्‌कन ।
यसो हेर्दा त्यहाँ देखे काकाले यी विभीषण ॥
तेज कीर्ति तथा वीर्य थियो बा ! यिनमा निकै ।
यसर्थ उनले देखे लुकेको वरदान भै ॥

१३

१४

रामलक्ष्मणलाई यी लडेका युद्ध भूमिमा ।
देख्ता त्यो दङ्ग भै भन्छ सारा राक्षस आदिमा ॥
खर दूषण मार्ने हुन् यी दुवै भाइ छन् बली ।
मेरो बाण गई लाग्दा लडेका अव हेर ती ! ॥
सारा महर्षि साथैका देवासुर मिले पनि ।
छुटाँउन त गाह्रै छ बाण–बन्धनबाट नि ! ॥
यिनैको निम्तिले गर्दा बुभयौ ! मेरा बुवाकन ।
शय्या न छोइ शोकैले रात वित्थ्यो पिरीकन ॥
वर्षातकी नदी जस्तै लङ्का यी दुइले गरी ।
हुन्थिन् व्याकुल लौ हेर ! जरै काटें लडे मरी ॥
यत्न व्यर्थ भए जस्तो शरत्‌मा मेघको सव ।
भयो निष्फल त्यो यत्न यिनको कपिको तक ॥
भनी राक्षसमा यत्ति इन्द्रजित्‌ले वहाँ पुनः ।
कपिस्वामीकनैसम्म ठोक्यो बाण त्यजीकन ॥
नौ बाण नीलमा हान्यो घाइते पार्दियो यता ।
मैन्द–द्विविदमा छोड्यो ती—तीनै रोप्दियो तदा ॥
एउटा बाणले ठोक्यो छातीमै जाम्बवान् कन ।
दशोटा बाणले छेड्यो वेगवान् हनुमान कन ॥
ज्यादै वीर्य भएका ती गवाक्ष–शरभै कन ।
छोडेर दु–दुई बाण पार्‍यो पीडा निकै पुनः ॥
लाम्पुच्छे कपिका जाती गवाक्षकन फेरि ती ।
ठोक्यो अङ्गदकै साथ घाइते पार्दियो पछि ॥
छोडी अग्निशिखा जस्ता बाण यी कपीवीरमा ।
महान् वीर्य भएको थ्यो इन्द्रजित् गर्जियो वहाँ ॥
पारी त्रास निकै पीडा बाणका राशले तदा ।
अट्टहास गरी भन्छ आफ्ना राक्षसमा यदा ॥

२६

२७

देख्यौ राक्षस हो ! मैले राम-लक्ष्मणलाइ यी ।
बाणकै पाशले बाँधे मरे ती कसरी लडी ॥
जाल पेच गरी लड्ने क्रूर राक्षस ती स्वतः ।
इन्द्रजित्का कुराले यी भए जिल्ल र हर्षित ॥
मारियो राम भन्ठान्दा मेघझैं दुष्ट राक्षस ।
गर्जे बा ! कुर्लिए ज्यादै गरे ताडिफ वास्तव ॥
रोकिई श्वास पृथ्वीमा लडेका दुइलाइ यी ।
देखेर इन्द्रजित्ले त्यो ठान्यो लौ यी मरे लडी ॥
दङ्ग भै दङ्ग पारेर आफ्ना राक्षसलाइ ती ।
लङ्का भित्र पस्यो वीर त्यसरी युद्ध यो जिती ॥
यता सुग्रीवले देखे अङ्ग लक्ष्मण—रामका ।
भएका टम्म बाणैले डराए कपिराज ता ।
आँखाभर भए आँसु क्रोधले नेत्र उल्टिए ।
अघि आई यसैवेला ती विभीषणले भने ।
न रुनोस् वीर-सुग्रीव ! छोड्दिनोस् त्रास-सास हो ।
बुझ्नु भो ! युद्ध यस्तै हो एकोरो जय हुन्न जो ॥
हाम्रो भाग्य भए बाँकी महात्मा वीर यी दुवै ।
ब्यूँति बक्सिन्छ यो मूर्च्छा छोडेर अतिशीघ्र है ! ॥
सहाल्नोस् आफुलाई र म अनाथकनै पनि ।
यसरी भवादृ सर्दैनन् धर्मात्मा कहिले पनि ॥
भनी यत्ति लिई पानी वीर सुग्रीवको मुख ।
पुछ्दिए उनले आफैं स्नेह प्रेम बढी तब ॥
लिएर हातमा पानी अर्को पल्ट जपी जपी ।
महामन्त्र त्यही पानी उनले छ्याप्दिए पछि ।
धर्मात्मा वीर भन्छन् ती पुछेर मुख सर्सर ।
सुग्रीवसँग मौकाको योग्यको वाक्य भै स्थिर ॥

३६

४०

किन आत्तिनु भो साथी ! यसरी धैर्य धर्नुहोस् ।
धेरै माया पनि हुन्छ मृत्युको हेतु, बुझ्नुहोस् !॥
छोड्नोस् ! कातरता यस्तो काम भाँड्छ यही स्वतः ।
रामका प्रिय सेनाको शोच्नोस् ! बरू हुने हित ॥
गरौं श्रीरामको रक्षा न फिरेसम्म होश कि ।
नास्तछन् भय हाम्रो नै यी दुवै ब्यूँतिए पछि ॥
मरि बक्सिन्न श्रीराम केही होइन यो पनि ।
मर्नेको चाल यै हुन्छ ? हेर्नोस् ! शोभाछदैछ नि ! ॥
सहाल्नोस् आफुलाई र आफ्ना सेनाकनै पनि ।
दिन्छु आश्वासना राम्रै यी सेनालाइ मै पनि ॥
हेर्नोस् ऊ ! कपिमा सारा भय चिन्ता छ चित्तमा ।
आँखा तानेर हेर्दैछन् कुरा गर्छन् ब—आफुमा ।
वीर साथी ! ल सुन्नोस् त आश्वासन दिनाकन ।
म रणक्षेत्रमा दौड्छु खुश, दङ्ग, भईकन ॥
त्यस्तो मलाइ देख्तामा अपि यी कपिकागण ।
छोड्नेछन् पीर, पैह्रेको माला जस्तै गरीकन ।
यसरी कपि राजामा भनी धैर्य दिईकन ।
अड्याए कपिका सेना यी विभीषणले पुनः ॥
आफ्ना सैन्य लिई सारा महामायिक इन्द्रजित् ।
पुग्यो बाबु भए ठाम पुरी भित्र थियो हरिप ॥
अभिवादन टक्र्यायो हात जोडी बस्यो अघि ।
सुनायो ती दुवैभाई मारें भन्दै भई खुशी ।
बस्थ्यो रावण त्यो वेला सारा राक्षसबीचमा ।
दङ्ग भो त्यो कुरा सुन्दा उफ्रियो बा ! निकै वहाँ ॥
सुन्दा शत्रु मरे भन्ने त्यो कुरा इन्द्रजित्कन ।
अँगाल्यो ख्वाम्म ! भो तुष्ट सोध्यो शिर सुँघीकन ॥

५२

५३

बेली विस्तार लाएर इन्द्रजित्ले भन्यो अनि ।
भए ती दुइ निश्चेष्ट बाणैले बाद्धिएँ भनी ॥
महारथी त्यो सुतको कुरा यो सुन्दा भयो गद्गद चित्त त्यस्को ।
छोड्यो भएको डर रामबाट गर्‍यो प्रशंसा सुतको अथाह ।

५४

इति छयालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतचालिसौं सर्ग

राक्षसराजले देवी सीतालाई श्रीराम-लक्ष्मणको त्यस्तो अवस्था देखाँउने आज्ञा दिनु र राक्षसीहरूले देखाँउनु

१

छोरो राक्षस-राजाको लङ्काभित्र पसे पछि ।
गरे बा ! रामको रक्षा कपिले वीर वीर ती ॥
सुषेण कुमुद नल हनुमान् नील अङ्गद ।
गवाक्ष गज गवय जाम्बवान् शरभादिक ॥
स्कन्ध रम्भ शतबलि पृथु औ गन्धमादन
यी वीर कसिए सारा गर्न लागे सुरक्षण ।
कपिका व्यूहको राम्रो रचना पहिले गरे ।
ठूलठूला वृक्ष बोकेर घेरी चारतिरै बसे ॥
हेर्थे दशदिशा घुम्थे तलमाथि यताउता
आए राक्षस भन्ठान्थे झार हल्ले पनि तदा ॥
यता रावण थ्यो दङ्ग छोरोलाई बिदा दिई ।
राक्षसीलाइ बोलायो जो सीता कुर्दथे, पछि ॥
भन्यो अनि तिनैलाइ सुन ए राक्षसीहरू ! ।
भन गै जानकीलाई छिटै अब तिमीहरू ।
इन्द्रजितूले लडाँईंमा तिम्रा पति र देवर ।
राम-लक्ष्मणलाई ती मार्दिए भन खर्खर ॥
अनि पुष्पकमा मेरो चढाएर उनीकनै ।
मरेका ती दुवैलाई देखाओ युद्धभूमिमै ॥
तिनैको आड पाएर ठस्किन्थी म सँगै पनि ।
त्यो देखोस् आफ्नु आँखैले मरे भन्ने परोस् अनि ।
भाईकै साथ त्यो दाजु त्यसका पति देवर ।
मरेको जब त्यो देख्ली हुन्छे त्यो अनि निर्डर ॥
भय शङ्का हुदै हुन्न हुन्छे निश्चिन्त त्यो पनि ।
म साथ आउली सीता ठाँटिई मस्किदै अनि ॥
सहारा गति क्यै अर्को न हुँदा र नपाँउदा ।
त्यसले आँउने पर्छ मेरै पीछा परी तदा ॥

१३

१४

कुरा रावणका सुन्दा हओस् ! गर्छौं त्यसै भनी ।
राक्षसी ती गई हाले जहाँ पुष्पक थ्यो वहीं ॥
भनी रावणको आज्ञा त्यो पुष्पक विमान ली ।
अशोक-बाटिकामा यी आए बा ! उनकै अघि ॥
पतिको पीरले खिन्न भएकी जानकीकन ।
चढाए त्यो विमानैमा त्रिजटा साथ लीकन ॥
सीतालाइ लिई सारा राक्षसी रणभूमिमा ।
राम लक्ष्मणलाई ती देखाँउन हिंडे वहाँ ॥
यता रावणले आज्ञा दियो राक्षसमा पुनः ।
सारा लङ्कापुरीलाई सिंगार्न र सजाउन ॥
पिटायो देशमा भ्याली राम-लक्ष्मणलाइ ती ।
लडेर रणमा मार्‍यो इन्द्रजितूले भनी यति ॥
त्रिजटा साथ सीताले त्यै विमान चढी गई ।
देखिन् आकाश बाटै पो रणमा कपिलाइ यी ॥
लडेकाथे मरेकाथे सारा सैन्य जताउता ।
यता दङ्ग भएकाथे दुष्ट राक्षसवर्ग ता ॥
राम-लक्ष्मणलाई यी घेरी घेरी सवैतिर ।
देखिन् पीडित भै बस्थे ठूल्ठूला वीर वानर ॥
अब दृष्टि परी हाल्यो राम लक्ष्मणमा पनि ।
सुत्तथे शर शय्यामा भइ मूर्च्छित जो उनी ॥
धूलो पीठो भएकाथे वर्म यी दुइ भाइकै ।
धनुकै साथमा बाण मिल्किएका थिए त्यसै ॥
रोपिंदा बाण ज्वाम्ज्वाम्ति थ्यो घावैघाउ देहमा ।
बाणकै पुतला जस्ता देखिन्थे यी दुवै वहाँ ॥
नरश्रेष्ठ महान् वीर यी दुवै राम-लक्ष्मण ।
अग्निका पुत्र हुन् जस्तो देखिन्थे तेजिला पुनः ।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
सुतेका शर-शय्यामा देख्ता यस्ता दुवैकन ।
सीता विलाप्न लागिन् बा ! माया लाग्दो गरीकन ॥

२८
पति-देवरलाई यी लडेका धूलमा त्यसै ।
देखेर जानकी लागिन् रुन साह्रै असह्य भै ॥

२९
हुन् देवकै पुत्र भने सरीका देख्ता दुवैलाइ विचेत त्यस्ता ।
भै शोकले पीडित आँसु झारी ठानी मरे ! ओह ! विलाप्छिन् ती ॥

इति सतचालिसौं सर्ग

अठचालिसौं सर्ग

देवी सीताको विलाप र त्रिजटाको आश्वासन

१

महान् बल हुने त्यस्ता पति-देवरलाइ यी ।
मारेको त्यसरी देख्ता विलाप्छिन् शोकले सती ॥
चिह्न लक्षण जानेका सामुद्रिक महान् बुध ।
मलाई सधवै मछयौं भन्थे पुत्रवती तक ॥
मारिदा आज श्रीराम यसरी रणमा अव ।
भए ती लक्षण-ज्ञानी झूठै बोल्ने हरेशिव ! ॥
मलाई भन्दथे ओहो ! यज्ञ गर्ने अनेकन ।
साक्षात् श्रीराम-राजाकी पत्नी हुन्छयौ तिमी पुनः ॥
मारिदा यसरी आज मेरा पति उहाँ हरे ! ।
सारा लक्षण जान्ने ती जो-जो थे झूठ नै भए ॥
फेरि जल्ले भनेकाथे चिह्न लक्षण यी बुझी ।
हुनेछयौ वीर-राजाकी पत्नीमा पूज्य नै अति ॥
ती वीर पतिकी प्यारी हुन्छयौ भन्नेहरू पनि ।
खुत्तिए नहुँदा राम झूठै बोल्ने भए उनी ॥
जान्ने ज्योतिष-सिद्धान्त ठूल्ठूला व्यक्ति भन्दथे ।
मेरै अगाडि मैलाई छयौ है लक्षिनकी शुभे ! ॥
नित्य श्रेयमयी छयौ हौ ! भन्दथे सव वास्तव ।
लागे अव लछारपाटो जाँदामा स्वर्ग राघव ॥
चिह्न-लक्षण यी राम्रा हुँदा कमल पद्मका ।
पाउमा वाहुमासम्म स्त्री मानिन्छन् गुणी सदा ॥
त्यस्तै गुणवती स्त्रीका जो राजा पति साथमा ।
अभिषिक्त भई रानी हुन्छन्, छन् सव चिह्न ता ॥
परन्तु भइ के गर्नु मेरा व्यर्थ भए सव ।
यसरी मर्दिदा औलें त्यसकै पति राघव ॥
कुलक्षण हुँदा जो जो हुन्छ शौभाग्य दुर्लभ ।
जसले विधवा हुन्छन् अलच्छिनीहरू सव ॥

१३

१४

आँखा गाडी यसो हेर्दा पनि त्यस्ता कुलक्षण ।
अङ्ग प्रत्यङ्गमा मेरा कहीं पनि म देख्तिन ॥
यस हालतमा मेरा सुलक्षण र चिह्न यी ।
किन व्यर्थ भए ओहो ! भाग्य नै सकिए छ कि ? ॥
छन् काला मसिना नीला शिरका केश यी सव ।
आँखिभौं पनि टाढै छन् मिल्दा छन् भै मनोहर ॥
पिडौंला छन् सफा मोटा मिलेका रुँ छैन क्यै ? ।
यी मेरा दाँत राम्रा छन् मिलेका छिद्रहीन भै ॥
विशाल नेत्र छन् दोटै र-राता प्रान्तभागका ।
हात खुट्टा तथा तिघ्रा राम्रा छन् वेस छन् सफा ॥
यी औंला हात-खुट्टाका चिल्ला छन्, छन् बराबर ।
नङ छन् तल ओरालो परेका र मनोहर ॥
दुवै स्तन यता मेरा मिलेका छन् परस्पर ।
छन् राम्रा ठिक्का मोटा बाँन्कीका अति सुन्दर ॥
टुप्पा भित्र लुकेका छन् यता वेस छ नाइटो ।
तल खाल्टो परी माथि उठेको मासु ठिक्को ॥
छातीका दुइटै पट्टी मोटा छन् मासु कोमल ।
छ छाती पनि झन् राम्रो टल्किन्छ भइ झल्झल ॥
छ मेरो देहको वर्ण झल्किने मणि ठीकको ।
कमला मसिना राम्रा रुँ छन् वेस देहको ॥
खुट्टाका यी दशैं औंला पैताला पनि यी दुई ।
यी बाह्रोटै मिलेका छन् भन्थे लक्षिनकी छ ती ॥
हात- खुट्टा सबै मेरा राता छन् वेस कान्तिका ।
छन् जवै जउका चिह्न छिद्र देखिन्न जोडिंदा ॥
त्यही बेला भनेका हुन् ती लाक्षणिक-व्यक्तिले ।
स्मित हास्य हुने कन्या वेस यो छ भनेर ए ! ॥

२६

२७

राज्याभिषेक यो लिन्छे पतिको साथमा बसी ।
अब झूठा भए जान्ने खुत्तिए सब ज्योतिषी ॥
मेरो निम्ति जनस्थान पारे शुद्ध दुवै मिली ।
पाए यहाँ पनी पत्तो अनेकौं जुक्ति बुद्धि ली ॥
यत्रो सिन्धु तरी आए जावा राक्षसले तर ।
हारिए मारिए ओहो ! युद्धमा भइ अस्थिर ॥
यो ता भो यिनको निम्ति बडो आश्चर्यको कुरो ।
गाइका खुर खाल्डाको पानीमै डुब्नुभैं अहो ! ।
जान्दथे ती दुवै भाई दिव्य ब्रह्मास्त्र आदि र ।
ऐन्द्र वारुण आग्नेय वायव्यास्त्र पनी स्थिर ॥
कुन्नि के पर्न गो ओहो ! मर्नु भन्दा अगाडि नै ।
उनले किन छोडेनन् शस्त्र राक्षस मार्न मै ॥
यस्ती अनाथका नाथ राम-लक्ष्मणसम्म ती ।
थिए देवेन्द्रकै तुल्य भएका वीर्य सद्बली ॥
इन्द्रजित्‌ले गरी माया होला ! आफू लुकीकन ।
युद्धमा मार्दियो होला दुवैलाई छलीकन ।
रामको अघि पर्दामा रणमा नत्र कवै पनि ।
जान सक्तैन थ्यो बाँची मनै जस्तो भए पनि ।
परन्तु कालको निम्ति केही भारी रहेनछ ।
दैवलाइ पनि जित्ने त्यही नै पो रहेछ त ॥
त्यसकै वशमा पर्दा आज श्रीराम-भाइको ।
साथै मरेर डङ्ग्रङ्ग भूमिमा लडिबक्सियो ॥
मलाइ पीर लाग्दैन राम लक्ष्मणको तथा ।
आफ्नो आफ्नी मुमाज्यूको, सासुकै पीर पीर्छ बा ! ।
वन बस्ने सकी म्याद फर्केका राम-लक्ष्मण ।
सीतालाई म देख्ने छु कहिले जो छ चिन्तन ॥
विलाप यसरी गर्ने दुःखिनी जानकीकन ।
त्रिजटा राक्षसी भन्छे साथमा नै थिई जुन ॥
न मान पीर ए देवी ! ती तिम्रा पति राघव ।
हेर ऊ ! जिउँदै छन् ती शोक छोड ल भो अब ॥
सुन ध्यान दिई सीते ! जिँउदै हुनमा दुवै ।
ठूल्ठूला हेतु मै भन्छु तिम्रो चित्त बुझाउँदै ॥
युद्धमा मारिदा स्वामी सैन्यको मुख क्यै गरे ।
त्यस्तो उत्सुकता हर्ष हुन्न झोकिन्न क्रोधले ॥

४३

४४

सुन ! कारण त्यो अर्को यो पुष्पक विमान हो ।
दिव्य आचारवान् वेस सँधै नियम पाल्छ जो ॥
हुँदा हुन् त मरेका ती तिम्रा पति र देवर ।
बोक्तैनथ्यो तिमीलाई बिधवा हौ भनी बुझ ! ॥
नदीमा नहुँदा माझी डुङ्गा जस्तै भईकन ।
मारिएका भए स्वामी आत्तिन्थे सैन्य तत्क्षण ॥
लौ दृष्टि देउ ए सीते ! सेनातिर तिमी अब ।
देखिन्नन् आत्तिएका यी स्थिर छन् धीर छन् सब ॥
चनाखो भइ लौ हेर ! सबैतिर घुमी पुगी ।
दाजु भाइ दुवैलाई रछिन्छन् सब वीर ती ॥
तिमीसाथि हुँदा स्नेह मैले यस्ता कुरा भनें ।
भो ! भो !! आत्तिनु पर्दैन शान्त होउ पतिव्रते ! ॥
भविष्यमा हुने श्रेय तिमीले सुख पाँउने ।
यस्ता कारण छन् धेर भनें जो अनुमानले ॥
राजपुत्र दुवैलाई अब यैं रूपमा तिमी ।
छन् जीवित भनी ठान स्नेहले भन्दिई भनी ॥
आनिबानी छ है तिम्रो साह्रै राम्रो र निर्मल ।
मन भित्रै पसेकीछयौ तिमी मेरो यथार्थतः ॥
सच्चरित्र हुँदा यस्तो शीलले र स्वभावले ।
मलाई वशमै पार्‍यौ तिमीले ए पतिव्रते ! ॥
भनेथें कहिल्लै झूठा तिमी साथ न ता अघि ।
न पछाडि भनूँला म तस्मात् लौ संझ सत्य यी ॥
इन्द्रै का साथका सारा देवले दैत्यले पनि ।
जितिन्नन् यी दुवैभाई युद्धमा कहिल्यै पनि ॥
पति देवरका तिम्रा देख्ता लक्षण चिह्न ती ।
मायालाग्दा बुझ्यौ लाटी ! ठमाएर भनें यति ॥
हेर ! आश्चर्य नै यैं हो तिम्रा पति र देवर ।
बाण रोपिइ च्वाम्च्वाम्ति लड्दछन् भइ बेसुर ॥
परन्तु राम्ररी हेर ! मैथिली ! यी दुवैकन ।
छोड्दैन देहको कान्ति पहिले ठीक उत्तम ॥
विशेष प्राणले छोड्दा मरेका व्यक्तिमात्रको ।
देखिन्छ मुखमा हेर्दा उडेको रूप रङ्ग त्यो ॥
दाजु-भाई दुवैको यी मुख-शोभा छ त्यै शुभे ! ।
तसर्थ जिउँदै छन् यी भन्दीछु अनुमानले ॥

६०

६१

राम-लक्ष्मणको वारे गरेको पीर छोड यो ।
मर्दैनन् अव यी संझ शोक त्यो मोह त्याग भो ! ॥
त्रिजटा राक्षसीका यी मीठा लक्षणका कुरा ।
सुनिन् वा ! सब सीताले त्यतै ध्यान दिई पुरा ॥

६२

६३

हुन् द्यौताकी सुता जस्ती जानकीले भनिन् अनि ।
तिमीले नै भने जस्तो होस् दिदी ! सब यो भनी ॥
मनै जस्तो हुने वेग त्यो पुष्पककनै अव ।
त्रिजटाले पुरी भित्र फर्काएर लगी तब ॥

६४

६५

अघिकै ठाममा भित्र अशोक-वनमा पुगी ।
ओराली त्रिजटा साथै राखिदए राक्षसी मिली ॥
सुशोभिएको रुखले लताले भ्यो यो विहारस्थल रावणैको ।
देखी त्यसैलाई सती झल्याँस्स श्रीराम संझेर भइन् दुखी पो ॥

६६

इति अठचालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनन्चासौं सर्ग

श्रीराम बिउँझनु र लक्ष्मणको निम्ति विलाप गर्नु

१

शर-बन्धनले राम्रै बाँधिएका थिए दुवै ।
रक्तले मुछिएका थे सुत्तथे नाग ठीक भै ॥
महान् बल हुने वीर कपि सुग्रीव आदिका ।
घेरेर गर्दथे रक्षा शोकले व्याप्त भै तदा ॥
वीर्य ज्यादै हुने राम यै वेला ब्यूँझिए तदा ।
बाँधिएता पनी नागपाशले शक्तिमान् हुँदा ॥
भाई-लक्ष्मणमा आँखा पर्दामा बद्ध घाइते ।
विलाप गर्न पो लागे राम आतुर भै हरे ! ॥
हरे ! आज मिलिन् सीता भने ता पनि गर्नु के ।
आफ्नु जीवन यो मैले अब राखेर गर्नु के ॥
जो म देखिरहेको छु युद्धमा भाइलाइ ए ! ।
लडेका यसरी हारी पाशमा बद्ध भै हरे ! ॥
म भेट्छु जानकी जस्ती योग्य पत्नी जहाँ तहाँ ।
तर लक्ष्मण जस्ता क्वै भेटिन्नन् भाइ ता यहाँ ॥
मेरो निमित्त यी भाई छन मन्त्रीझैं सहायक ।
निकै सिपालु छन् लड्छन् युद्धमा वीर्यलेतक ॥
यदि लक्ष्मण ब्यूँतेनन् भने ता म पनी अव ।
सवैको अघि मर्दिन्छु प्राणै छोड्दिन्छु वास्तव ॥
न लिई भाइलाई म अयोध्या तिर फर्किए ।
श्री कौसल्या र कैकेयी मुमामा भनुला म के ? ॥
उत्कण्ठित हुने बाच्छो हेर्न गाई सरी हुने ।
सुमित्रा भइ बक्सेला कुररी झैं निकै रुने ॥
खोई ? लक्ष्मण भन्दा म दिउँला के जवाफ पो ।
दिउँला सान्त्वना मीठो बोलीमा कसरी अहो ? ॥
भाई भरत शत्रुघ्न छन दुवै कीर्तिमान् अति ।
ती दुवै पनि सोध्नेछन् भनी लक्ष्मण खोई ? ती ॥

१३

१४

साथै वन लगेको हूँ तर छोडी उनीकन ।
म एक्लो फर्किएँ भन्न कसरी सकुँलाँ पुनः ॥
सुमित्रा गरिबक्सेला लिइ साथ दुवै मुमा ।
उपालम्भ अनी मेरो कसरी सहुँला वहाँ ? ॥
यसर्थ अव त्याग्दिन्छु म मेरो देहलाइ यो ।
छैन बाँच्न मनै सम्म देख्ता यो स्थिति भाइको ॥
धिक् ! छ मैलाइ दुष्कर्मी हूँ म त्यों जसले गरी ।
सुत्तछन् शरशय्यामा मरेझैं भइ भाइ यी ॥
वाबु लक्ष्मण ! जैले म बस्थें खिन्न भई अति ।
त्यही वेला तिभी आई दिन्थ्यौ वा ! सान्त्वना वसी ॥
हेर ! आज पनी मेरो त्यही चाल छ बोल लौ ! ।
म दुःखीलाई संझाऊ ! लौ वितें असमर्थ छौ ॥
प्रिय बाबु ! तिमीले यो संग्राम स्थलमा अघि ।
सुतायौ घेर यी वैरी दुष्ट राक्षसलाइ ती ॥
परन्तु अहिले आफैं त्यही संग्राम भूमिमा ।
तिनैले बाणले मारे सुत्यौ हा ! बीर भै यहाँ ॥
सुत्तछौ शर—शय्यामा रगताम्य भई तिमी ।
बाणले व्याप्तछौ किन्तु देखिन्छौ साँझकै रवि ॥
बाणले छेडिदा मर्म सक्तैनौ बोल्न हो तिमी ।
र--राता नेत्र बोल्दैछन् किन्तु पीडा छ है भनी ॥
जसरी सुन ए बाबु ! म यता वन आँउदा ।
आएथ्यौ पछि लागेर तिमी प्रेम बढी तदा ॥
त्यही ठीक तिमी औले जाँदामा यमको घर ।
म पनी जान्छु है तिम्रो पछि लागी त्यतैतिर ॥
तिमी सर्वस्व थ्यौ मेरो सुहृत् भाइ तथा प्रिय ।
म भन्दा मरि नै मेट्थ्यौ अनुराग थियो दृढ ॥

२६

(१३०७)

२७

त्यस्ता प्रिय तिमी मेरो अन्यायी हूँ अनार्य जो ।
पुग्यौ यस्तो अवस्थामा यै ठूलो दुःख वज्रियो ॥
मलाइ ज्ञान नै छैन था पाउन्न गमे पनि ।
मलाइ क्यै कुरा त्यस्तो भनेको झोक्किदा पनि ॥
भनेनौ अहिले सम्म तिमीले क्यै कडा कुरा ।
न त अप्रिय क्यै बोल्यौ मन दुख्ने गरेर बा ! ॥
छोड्थ्यौ पाँच शय बाण एकैपल्ट तिमी अहो ! ।
कार्तवीर्यार्जुनै भन्दा बढ्तैथ्यो वीर थ्यो बडो ॥
जो आफ्ना अस्त्रले ओहो साक्षात् देवेन्द्रको पनि ।
अस्त्र-शस्त्रादि काट्दिन्थ्यौ अरूको के कुरा अनि ॥
त्यही त्यस्ता तिमी आज सुत्तछौ मारिई यहाँ ।
बहुमूल्य विछ्यौनामा सुत्नका योग्य थ्यौ जहाँ ॥
सारा राक्षसका राजा ती विभीषणलाइ नै ।
भन्थें बनाइ छाडौंला थ्यो धोको एक चित्तमै ॥
अव त्यो पुग्न गाह्रै भो झूठा बोल्ने भएँ त्यसै ।
यही प्रलापले पिर्छ बाँचे सम्म छ निश्चितै ।
कपिराज सखे ! सुन्नोस् ! यहाँ बाट छिटै अव ।
लौ तपाँई गई हाल्नोस् यसै शाइतमा शुभ ॥
नत्र ता पिर्छ है पिर्छ हेंला गर्छ तपाँइको ।
दुष्ट रावणले साथी ! म बिना थें सहाय जो ॥
साथ ली सैन्य सामग्री नल नील र अङ्गद ।
छिटै सागर यो तर्नोस् लगाई ऋघि ती सव ॥

३७

३८

लाम्पुच्छे कपिका स्वामी गवाक्ष र महाबली ।
जाम्बवान् सँग ऋक्षेश प्रसन्न छु म है अति ॥
तपाँईहरू साराले महान् पौरख गर्नु भो ।
युद्धमा त्यो स्वयं देखें सक्तैनन् अरू गर्न जो ॥
मैन्द द्विविदले एवं धीर अङ्गदवीरले ।
सम्पति—केसरीले यी देखें त्यो सव जो गरे ॥
गवाक्ष गज गवय तथा शरभ आदि यी ।
वीर वानरले ओहो ! लडे मर्ने डरै त्यजी ॥
सुन्नोस् ! प्रिय-सखे ! किन्तु दैवको छ विधान जो ।
त्यो नाघ्न मर्त्य जावा यी के सक्थ्यौं छ अहार्य,हो! ॥
मेरो मित्र तथा प्यारो सुहृत्को भावले सखे ! ।
धर्मभीरू तपांइले गर्नु भो अति नै हरे ! ॥
मिली तिमीहरू सारा ए कपिश्रेष्ठ वीर हो ! ।
जो गर्‍यौ काम यो आफ्नो मित्र हो भनि धन्य हौं! ।
कृतज्ञै छु भनूँ के म आज्ञा दिन्छु पुग्यो अव
ठाममा मन लागेको जाओ, फुक्का भयौ सव ।
पहेंला नेत्रका सारा कपिले अव रामको ।
यो विलाप सुने ओहो ! झारे आँसु अनर्थ भो ॥
यता सैन्य अड्याएर शान्त पारेर सर्वथा ।
आए राम भए ठाम ती विभीषण ली गदा ॥
देख्ना साथ उनीलाई काला गाजल वर्णका ।
कपि ता आत्तिए स्वात्तै इन्द्रजित् संझिई तदा ॥

४८

४६

भागाभाग परी हाल्यो उनका फौजमा अव ।
डरत्रास पर्‍यो फेरि भालू—वानरमा सव ॥

इति उनन्चासौं सर्ग

पचासौं सर्ग

विभीषण आदिको विलाप र गरूडको आगमन एवं नागपाशबाट श्रीराम–लक्ष्मणको मुक्ति

१

जो थिए नजिकै बस्ने ठूलठूला वीर वानर ।
अब सोध्छन् उनै साथ महातेजी कपीश्वर ॥
हुरीको भइ डुङ्गाझैं अकस्मात् सैन्य यो सब ।
आत्तियो फेरि के हेतु पर्न गो भन लौ अब ॥
काका सुग्रीव—राजाको प्रश्नका यी कुरा सुनी ।
खोलेर मुख्यको हेतु भने अङ्गदले अनि ॥
हजूर देखि बक्सिन्न के श्रीराम महारथी ।
वीर लक्ष्मणको त्यस्तो अवस्था जो भयो अघि ॥
महात्मा यी दुवै भाई रक्तले मुछिईकन ।
सुत्तछन् शर-शय्यामा बाणैले व्याप्त भै जुन ॥
कुरा अङ्गदको यस्तो सुनी ओठे जवाफको ।
सुग्रीव उनमा भन्छन् सुन बावु ! भनी यसो ॥
था पाएकै कुरा हो यो यत्तिले बावु ! सैन्य यो ।
अँहँ ! भाग्दैन आत्तिन्न हेतु अर्कै पर्‍यो कसो ? ॥
उदास मुख देखिन्छन् भालू—वानर हेर ! ती ।
शस्त्रास्त्र छोड्दिएकाछन् भाग्दैछन् त्रास भै अति ॥
आँखा च्यातेर हेर्दैछन् सुइँकुचा टोक्तछन् सब ।
कसैको लाज मान्दैनन् हेर्दैनन् पछि यी अब ॥
लैजान्छन् एकले अर्कोलाइ तानेर वेगले ।
लड्नेलाई उठाँउन्नन् जान्छन् नाघेर हेर ए ! ॥
विभीषण यहीं आए यत्तैमा उनले पछि ।
अभिनन्दन टक्र्याए वीर सुग्रीवलाइ ती ॥
रामको जय होस् भन्ने निकाली शुभ—वाक्य यो ।
बसे अनि वहीं ध्याच गाथ हेरेर रामको ॥
कपिमा त्रास पार्ने यी विभीषणकनै वहाँ ।
देख्ता सुग्रीव भन्छन् यो जाम्बवान् ऋक्षराजमा ॥

१३

१४

लौ ऋक्षराज! हेर्नोस् यी हाम्रा साथी विभीषण ।
यहाँ पाल्नु भयो किन्तु डराए कपिका गण ॥
के गरुन् बिचरा सातै गएथ्यो यिनको अघि ।
अहिले अनि भन्ठाने हो इन्द्रै जित् भनी हकि ? ॥
यसै कारणले गर्दा यिनमा त्रास बढ्न गै ।
देख्नु भो ? त्यसरी ओहो ! भाग्दैछन् अफ ती सबै ॥
पाल्नोस् दुःख न मान्नोस् है आफै गइ उनीकन ।
भन्नोस्-त्यो इन्द्रजित् हैन आएका हुन् विभीषण ॥
भनी यत्ति डराएका भागेका यी सबैकन ।
पाल्नोस् अड्याउनोस् रोक्नोस् नपाँउन् भाग्न यीपुनः ॥
भन्दा सुग्रीवले यत्ति जाम्बवान् ऋक्षराजले ।
त्यसै भनेर थामे बा ! फर्काए जुक्ति—बुद्धिले ॥
बिभीषणकनै देख्ता जाम्बवान्का कुरा सुनी ।
फर्किए छोड्दिए त्रास भालू-वानरले पनि ॥
यी विभीषणले देखे राम-लक्ष्मणको पनि ।
शरीर बाणले व्याप्त साह्रै दुःखी भए उनी ॥
लिएर हातमा पानी दुवैको नेत्र पुछ्दिए ।
बिलाप्न रुन लागे ती दुःखी भै अनि शोकले ॥
युद्ध प्यारा हुने यस्ता भएका वीर्य सद्बल ।
दाजु-भाइ दुवैको भो यो अवस्था हरेशिव ! ॥
सारा राक्षस हुन् क्रूर लड्छन् माया गरी गरी ।
घाइते पार्दिए ओहो ! दुष्टले ती न राम्ररी ॥
लड्दथे यी दुवै भाई सोझो चाल लिई हरे ! ।
दुष्ट त्यो भतिजो मेरो लड्दथ्यो जाल-पेचले ॥
त्यसको राक्षसी बुद्धि थियो साह्रै अयोग्यको ।
भएन ख्याल नै कत्ति यी दुवै भाइलाई जो ॥

२६

२७

रगताम्य भएका छन् बाणै बाण छ देहमा ।
दुस्सीमैं देखिइन्छन् जो लड्दामा अव भूमिमा ॥
लङ्काको राज्य भेट्नेछु भन्ठाथें जसबाट म ।
ठिक्क छन् यी दुवै मर्न नाशिई बल विक्रम ॥
लौ बर्वात भयो आज हरे ! म जिउँदै मरें ।
मेरो त्यो राज्यको धोको खुत्तियो अव लौ बितें ॥
शत्रु-रावण जो भन्थ्यो फर्काउँन्न म जानकी ।
त्यो प्रतिज्ञा भयो पूरा छोरैले पार्दियो लडी ॥
विलाप यसरी गर्ने ती बिभीषणलाई ता ।
अँगालो मारि ग्वाम्ल्वाङ्ग भने सुग्रीवले तदा ॥
धर्मप्रिय हुने साथी ! लङ्काको राज्य वास्तव ।
भेट्नु हुन्छ तपाँईं नै न मान्नोस् पीर भो अव ॥
त्यो मेघनाद छोराकै साथको दुष्ट रावण ।
सक्तैन बुझ्नु भो ! आफ्नो धोको कत्ति पुऱ्याँउन ॥
छैन क्यै रोगलागेको राम-लक्ष्मणलाइ यी ।
मूर्च्छासम्म परेका हुन् भित्र मर्का परी अति ॥
चाँडै नै खुल्छ यो मूर्च्छा देख्नु होला पछाडि त्यो ।
सारा राक्षसकै साथ मार्छन् रावणलाइ जो ।
साथी राक्षसलाई यी संझाएर यसो गरी ।
सुषेण शशुरालाई नजीकैथे भने पछि ॥
ए पूज्य शशुरा सुन्नोस् ! राम्रै होश फिरे पछि ।
जानोस् तपाँइ किष्किन्धा यी दुवै दाजु-भाइ ली ॥
लै जानोस् साथमै आफ्नो भालू-वानर यी सव ।
हो ! शूर वीर छन् मान्छु चाँहिन्नन् यी पनी अव ॥
बुझ्नु भो ! लड्छु एक्लै म पाजी रावणलाइ यो ।
ठोक्दिन्छु सक्छु छोरा र वन्धु-बान्धव साथको ॥
दैत्यका घरकी लक्ष्मी ल्याएझैं इन्द्रले हरी ।
म पनी जानकीलाई लिइ आँउछु सर्सरी ॥
यस्ता वानर-राजाका कुरा सव सुने पछि ।
ज्वाँईलाइ यसो हेरी भन्छन् अव सुषेण यी ॥
देवासुर महायुद्ध भएको थ्यो निकै अघि ।
त्यसमा सव हामीले देखेकाथ्यौं कुरा यही ॥
शस्त्रास्त्र छोड्न जानेका लक्ष्य भेद्ना सिपालु ती ।
देवताहरु ता हारे दैत्य—दानवले चुटी ॥

४३

४४

ढाक्दिए डम्म पारेर छोडी शस्त्रास्त्र भो अति ।
ठोक्दिए कत्तिलाई ता मरे मूर्च्छै परे कति ॥
बृहस्पति वने वैद्य मन्त्र विद्या र औषधि ।
अनेकौं थर ल्याएर गर्थे तत्क्षण औषधि ॥
तिनै औषधि ल्याऔं लौ ! संपाति-पनसादि यी ।
वीर वानर दौडी गै ल्याँउन् वेस छ यै अति ॥
त्यस्ता औषधि पाइन्छन् तटमा क्षीर-सिन्धुको ।
जान सक्ने छँदैछन् यी ल्याँउछन् हुन्छ त्यै छिटो ॥
छन् त्यहाँ तटमा डाँडा ख्यात छन् दुइ औषधि ।
यौटा बचाँउने अर्को घाउ पूर्ने भए जति ॥
यिनको नाम हो यौटा संजीवकरणी तथा ।
विशल्यकरणी अर्को चिन्दछन् कपि यी सदा ॥
दिव्य औषधि यी दोटै भगवान् विधिले पनि ।
हो सृष्टि गरिबक्सेको जान्ने काम लिउन भनी ॥
सागरश्रेष्ठ त्यो क्षीर-सिन्धुको तटबीच त्यै ।
चन्द्रद्रोण हुने नाम श्रेष्ठ पर्वत छन् दुवै ॥
देव-दैत्य भई सारा यहीं ल्याएर मन्दर ।
मथी सिन्धु झिकेका हुन् अघि अमृत सर्सर ॥
दुवै पर्वतलाई ती जहाँ औषधि छन् दुवै ।
सिन्धुको तटमा राखे देवले पूज्य संझिदै ॥
विश्वास अरुमा त्यस्तो नभए वायुपुत्र यी ।
दौड्दै जाँउन् महाराज ! ल्याँउन् भै फूर्तिला अति ॥
कुरा हुँदा हुँदै यस्ता आयो आँधि-हुरी वहाँ ।
मेघ आकाशमा गर्जे विजुली चम्कियो त्यहाँ ॥
खैलाबैला भयो ठूलो सिन्धुमा छाल कुर्लियो ।
काँपे पर्वत सम्पूर्ण अकस्मात् सव यो भयो ॥
थिए गरूड आएका उनैका पक्षबाट जो ।
निस्कन्थ्यो उग्र त्यो बायु यसैले भो अनर्थ यो ॥
ठूल्ठूला द्वीपका सारा वृक्षका स्कन्ध आदि ता ।
भाँच्चिए बा ! तिनै भ्वाम्म खसे त्यै सिन्धुमा तदा ॥
ठूल्ठूला सर्प लङ्काका डराए सव आन्तिए ।
त्यै क्षार-सिन्धुमा स्वात्तै जलजन्तु पसे लुके ॥
अव एक मुहुर्तैमा त्यहीं वानरवीरले ।
देखे गरुडलाई ती बलेका अग्निठीक ए ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

देख्ना साथ उनीलाई राम-लक्ष्मणलाइ ती ।
बाँध्ने पाशो बनी त्यस्ता सर्प भागेयताउति ॥
दाजु-भाइ दुवैलाई आई गरूडले वहाँ ।
अभिनन्दन टक्न्याए देह छोए जहाँतहाँ ॥
पूर्णचन्द्र सरी खुल्दो दुवैको मुखमा पछि ।
यसो छोइदिए फेरि मुसारे स्नेहले अति ॥
पुरिए जिउका घाउ त्यसै गरूडले छुँदा ।
चड्कियो देहको कान्ति अघिभन्दा भई सफा ॥
ओज सत्व र उत्साह तेजबीर्य तथा बल ।
बुद्धि स्मृति बढ्यो धेरै पैले भन्दा त्यसै अब ॥
इन्द्र-तुल्य दुवैलाई तेजस्वी उनले अव ।
उठाएर अगाँले बा ! बढेको प्रेमले दृढ ॥
उठे अब दुवै भाई भयो ज्यादै प्रसन्नता ।
भन्छन राम यसै बेला त्यस्ता गरुडलाइ ता ॥
काम हो इन्द्रजित्को यो निकै सकष्ट पार्दियो ।
लौ वेसै भो तपाँईंले नष्ट पार्दिनु भो गयो ।
रहेछन् बा ! तपाईंमा तन्त्र मन्त्र उपाय यी ।
तुरून्तै भैगयौं हामी अघि जस्तै महाबली ॥
जस्तो बुवा दशरथ ब्रह्मालाइ त पाँउदा ।
खुश हुन्थ्यो भयो त्यस्तो तपाँईलाइ पाँउदा ॥
पैह्रेका दिव्य यो माला अङ्गराग-सुशोभित ।
यस्ता राम्रा तपाँईको ? लौ चिह्नाउनु होस्न त ॥
म देख्छु गहना सारा दिव्य छन अति सुन्दर ।
वस्त्र धूलो न आड्ने छ भन्नु होस् को हुनुन्छ ल ? ॥
महान्तेज भएकाथे पक्षीराज गरूड यी ।
भन्दछन् रामले सोद्धा हर्ष गद्गद भै पछि ॥
हू म काकुत्स्थ श्रीराम ? प्रिय मित्र हजूरको ।
मेरो गरूड हो नाम बाहिरी प्राण नाथ को ॥
देख्ना यस्ता अवस्थाका दाजुभाइ दुवैकन ।
सक्तो सहायता गर्न यहाँ आएँ कुदी पुनः ॥
देव दैत्य र गन्धर्व ठूल्ठूला बल-वीर्यका ।
साथै इन्द्र लिई आउँन् गरुन् यन्त्र पनी कड़ा ॥
ता पनि मुस्किलै पर्थ्यो डर्लाग्दो बाण रूपको ।
यो नाग पाश तोड्नामा अँहँ ! सक्तैनथे प्रभो ! ॥

७७

७८

त्यो इन्द्रजित् छ मायावी डर्लाग्दै काम गर्दछ ।
त्यसैले हो बनाएको मायाले यो छ अद्भुत ॥
नाग यी अहिले भाग्ने कद्रूका पुत्र हुन् सब ।
ओकल्छन् विषको मुस्लो छन् दाह्रा भन्न भयानक ॥
पर्नाले राक्षसी-माया यिनै पाशो बनी यहाँ ।
हजूरलाई बाँधेका थिए टन्टन देहमा ॥
रणमा शत्रु नाश्ने यी भाईकै साथमा प्रभो ! ।
हजूर भइ बक्सिन्छ साह्रै सौभाग्यवान् अहो ! ॥
सुन्दा हाल यहँको म हड्वडाइ भई छिटो ।
स्नेहले हुत्तिदै आएँ पुन्याएँ धर्म मित्रको ॥
छुटाएँ दुइटैलाई बाण-बन्धनबाट यो ।
भै बक्सेला सावधान हजूर दुइटै प्रभो ! ॥
मायाले लड्दछन् नित्य क्रूर छन् सब राक्षस ।
शूरा हजूर जस्ताको छ यै सरलता बल ॥
विश्वास नगरी बक्स्योस् रणमा यिनको अत ।
उदाहरण यै भो हैं छन् यी कुटिल वस्तुतः ॥
आफूमा स्नेह गर्ने यी रामलाइ भनी यति ।
विदा गरूडले मागे अगाँली जानमा पछि ॥
वैरीमा पनि यै स्नेह भवास्स देखाँउने सखे ! ।
आज्ञा पाँऊ विदा हुन्छु आएझैं जान्छु वेगले ।
मैले जो प्रभुको मित्र आफैंलाइ भनें यहाँ ।
त्यसमा न बढोस् चाख कसरी किन आदिमा ॥
वीर्य शौर्य हुने यस्ता हजूर जब युद्धमा ।
साफल्य भेटि बक्सेला जानिएला त्यसै वहाँ ॥
सिन्धुका छाल हुन् जस्ता बाण छोडेर युद्धमा ।
दुष्ट रावणलाई यो मारि बक्सिन्छ अन्तमा ॥
बच्ने छन् अनि लङ्कामा वृद्ध स्त्री शिशु मात्र ती ।
सजीलै भेटि बक्सेला जानकीलाइ त्यस्पछि ॥
राम-लक्ष्मणलाई यी पारी स्वस्थ त्यसो गरी ।
प्रदक्षिणा गरी ढोगी अँगाली प्रेमले पछि ॥
गए गरुड यी कुदै हुत्तिदै वायुझैं भई ।
आकाश मार्ग ली आफ्नो ठेगानतिर त्यस्पछि ॥
दाजु-भाइ दुवैलाई देख्ता नीरोग सुन्दर ।
दङ्ग परे कपिका स्वामी हल्लाए आफ्नु पुच्छर ॥

६४

९५
अब वानर साराले भेरी शङ्ख मृदङ्ग र । शूरा वानर ठूल्ठूला ढुङ्गा मूढा लिई अब ।
ठोके नाना थरी बाजा हर्षिए अघिकैं सब ॥ तम्तयार भए फेरि लड्नमै भई उत्सुक ॥ ९६

९७
जोडले गर्जिए सारा तर्साए दुष्ट राक्षस ।
लङ्काको मूल ढोकामा भै तयार बसे सब ॥
कोकोहलो थी कपिले मचाए अवाज चर्क्यो अति उग्र भो ए ! ।
वर्षात लाग्दा गडरङ्ग राति चर्के सरी बादल भों नजाति ॥
९८

इति पचासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकाउन्नौं सर्ग

राक्षसराजले धूम्राक्षलाई लड्न पठाँउनु

१

तेजस्वी कपिको त्यस्तो कोलाहल र गर्जना ।
सुन्यो रावणले स्पष्टै बस्ता राक्षस साथमा ॥
गाढा गम्भीर गर्ज्याई सुन्दामा उनको अब ।
मन्त्रीको बीचमा लाग्यो भन्न यस्ता कुरा तब ॥
मेघ गर्जे सरी चर्कै गर्जन्छन् कपि ती सब ।
के हो त उनको निम्ति हर्षिने काल यो शुभ ? ॥
यिनमा हर्ष ठूलै भो हो! पक्कै छैन संशय ।
क्षारसिन्धु यसैले पो पानी फ्याँक्तो रहेछ त ॥
छन् तीखा बाणले बद्ध भएका दुइ भाइ ती ।
सुनिन्छ तर गर्ज्याई के हो ? शङ्का छ है अति ॥
यत्ति मन्त्रीहरू साथ भनी रावण त्यो पुनः ।
भृत्य राक्षसमा भन्छ नजीकै बस्तथे जुन ॥
शोक गर्ने हुँदै वेला भालू वानर यी सुन ! ।
हर्षिन्छन् किन गर्जिन्छन् लौ जाओ बुझ कारण ॥
सुन्दा आदेश राजाको आत्तिए सब राक्षस ।
चढे पर्खालमा दौड्दै हेर्न लागे वहाँ अब ॥
दरो आत्मा हुने धीर वीर वानरराजले ।
सम्पूर्ण कपिको सेना थ्यो रक्षेको स्ववीर्यले ॥
राम लक्ष्मण यी दोटै डर्लादो बाण-पाशले ।
छुटेका पनि देखे बा ! अनि राक्षस आत्तिए ॥
मुख ओठ सुकी हाल्यो यी सबैको त्यसै पनि ।
फर्किए दौडिदै आए राजा-रावणमै अनि ॥
अप्यारो र नराम्रो यो कुरा ती सबले वहाँ ।
गरे जाहेर राजामा झोक्राई दीनभावमा ॥
त्यो रणस्थलमा राजन् ! इन्द्रजित् युवराजले ।
फ्याँकेर शरको पाशो जो दुवै भाइ बाँधिए ॥

१३

१४

अहिले फुस्किएछन् ती हुने वीर्य गजेन्द्रझैं ।
साङ्ला तोड्ने उनै जस्ता भै घुम्छन् दुइ भाइ है ! ॥
भृत्यका यी कुरा सुन्दा मुख रावणको त्यसै ।
फुस्रियो बा ! उठ्यो क्रोध चिन्ताले पिरियो निकै ॥
मनैमन अनी शोच्यो लौ मान्यो ! के भयो हरे ! ॥
ती दुवै बाँधिएका हुन् डर्लाग्दा बाण-पाशले ॥
अव्यर्थ सूर्यझैं तेजी पाएका वरमा अघि ।
थिए ती बलवान् ज्यादै इन्द्रजित् भन्दथ्यो यही ॥
त्यो नागपाशलेसम्म बाँधिएका पनी तिनी ।
उम्किए त भने ओहो ! कुन्नि है ! सैन्य यो पनि ! ॥
युद्धमा अघि वैरीको लिएका प्राण बाण ती ।
भए व्यर्थ त्यसै औले जो बल्थे अग्निझैं अति ॥
यत्ति शोची भइ क्रुद्ध स्वाँ ! गर्ने सर्वझैं हुँदो ।
त्यस रावणले आज्ञा दियो धूम्राक्षलाई यो ॥
सुन् ए धूम्राक्ष ! डर्लाग्दो तेरो वीर्य छ जा ! अतः ।
त्यो रामेलाई मार् लौ जा! चाहिने सैन्य ली स्वतः ॥
बुद्धिमान् आफ्नु स्वामीको त्यों आदेश सुने पछि ।
परिक्रमा गरी आयो त्यो राजमहलै त्यजी ॥
थ्यो सेनापति ढोकैमा त्यसैमा यसले भन्यो ।
लड्न जान्छु म आज्ञा छ लौ सेना देउ चाहिदो ॥
सुन्दा आदेश राजाको त्यो सेनापतिले पनि ।
दियो बा ! चाहिदो सैन्य जुटाएर छिटै अनि ॥
शक्ति-भाला-घुयेँत्रोमा घण्टा बाँधेर सैन्य ती ।
तम्तयार भई आए कसिई उग्ररूप ली ॥
शूल मुदगरका साथै उनका हातहातमा ।
थिए अनेक शस्त्रास्त्र तेजिला धारका वहाँ ॥

२६

२७

गदा परिघ मुसल तथा पट्टिश बज्चरा ।
थिए बा ! भिन्दिपालादि ठूल्ठूला दण्ड लोहका ॥
गर्जिए मेघ गर्जेझैं जम्जमाए त्यसै पनि ।
संग्राम स्थलमा आए पुरी छोडी छिटै अनि ।
पैह्रिएका थिए सारा यिनले वर्म सुन्दर ।
आभूषण थियो दिव्य देहमा झन् मनोहर ॥
यिनका रथ थे राम्रा सजिएका हुँदा ध्वजा ।
थिए सुवर्णका जाली लागेका शोभिने सदा ॥
यिनलाइ गधा तान्थे डर्लाग्दा मुख – रूपका ।
तान्थे बा ! तेजिला घोडा कसैलाइ भने तदा ॥
थे कुनै मत्त हात्तीमा चढेका पनि वीर यी ।
अजेय वाघ जस्ता झै निस्किए कसिई पछि ॥
जडेका सुनका माला रथ धूम्राक्षको थियो ।
ठाँट वाँट थियो वेस यसमा दिव्यरूपको ॥
यसलाइ गधै तान्थे सिंह व्वाँसा समानका ।
भएका मुख डर्लाग्दा बेगिला तेजिला तथा ॥
यो धूम्राक्ष थियो आफैं डर्लाग्दो उग्ररूपको ।
जो गधा नै कराए झै चर्किएर कराउँथ्यो ॥
त्यसै भित्र चढी निस्क्यो धूम्राक्ष कसिई अब ।
महान् वीर्य भएकै थ्यो पछि सैन्य हिंड्यो सब ॥

३६

३७

पुग्यो पश्चिम ढोकामा जहाँ थे हनुमान् कपि ।
देख्यो बा ! तर बाटामा कुलक्षिन भए जति ॥
भए अशकुनै नाना तल माथि यताउता ।
न जा लड्न भनी रोक्छन् यिनै जस्तो भयो तदा ॥
यसका रथको माथि जाँदैमा बीचमार्गमा ।
ठूलो गिद्ध बस्यो ओहो ! चीसो पारेर चित्तमा ॥
मुर्दाका चउटै लुछ्ने न राम्रै खालका चरा ।
झण्डामाथि बसे आई एकै पल्ट बथान हा ! ॥
निख्रा सेतो र डर्लाग्दो मुर्कट्टा एउटा बढी ।
आएर डङ्ग पृथ्वीमा लड्यो बा ! रथकै अघि ॥
रगताम्य भएकोथ्यो यो मुर्कट्टा पनी तव ।
झिकेर स्वर डर्लाग्दो कुर्लन्थ्यो छेक्तथ्यो रथ ॥
वर्षाए रक्तकै धारा पृथ्वीमा तव मेघले ।
हल्लिइन् पृथिवी देवी छोपिहाल्यो अनर्थले ॥
प्रतिकूल दिक्षापट्टि लाग्यो बहन वायुता ।
वज्रपात भए जस्तो सुनियो उग्र शब्द बा ! ॥
यता छोप्यो अँध्यारोले उड्यो धूलो न राम्ररी ।
पार्‍यो दशै दिशा व्याप्त ढाकी सब वरीपरी ॥
पार्ने राक्षसमै त्रास डर्लाग्दा उग्ररूपका ।
यस्ता उत्पात देख्तामा काँप्यो धूम्राक्ष ता यता ॥

४६

४७

भित्र पीडा पर्‍यो ठूलो त्यसलाइ यतातिर ।
त्यसका अगुवा सेना झै गए सब वेसुर ॥
त्यो भीम धूम्राक्ष लिई स्वसैन्य यी पुग्यो वहाँ लड्न भएर उत्सुकी ।
देख्यो त्यहाँ राघव-बाहु-रक्षित त्यो वानरी-सैन्य विशाल अद्भुत ॥

४८

इति एकाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाउन्नौं सर्ग

राक्षसवीर धूम्राक्षलाई कपिवीर हनुमान्ले युद्धमा मारिदिनु

१

अब वानरले देखे क्रूर धूम्राक्षलाइ त्यो ।
त्यसरी लड्न आएको जो थियो उग्रवीर्यको ॥
थिए उत्सुक नै लड्न यसर्थ सब यी कपि ।
गर्जिए जोडले तस्मात् हर्षले कुर्लिई पछि ॥
अब युद्ध परी हाल्यो कपि—राक्षसबीचमै ।
हान्थे ढुङ्गा र मूढाले शूल—मुद्गरले कुनै ॥
छोपे राक्षसले स्वात्तै वीर वानरलाइ यी ।
छोडी शस्त्रास्त्र डलाँग्दा काट्न थाले बढी लडी ॥
यता राक्षसलाई ती वीर यी कपिले पनि ।
हाने ढुङ्गा र मूढाले सुताए भुइँमै अनि ॥
उता राक्षसले ठोके कङ्कपत्र समानका ।
सोझै गएर च्वाम्च्वाम्ति रोपिने बाणले कडा ॥
शूल-मुद्गरले एवं गदा पट्टिशप्रासले ।
घुयेंत्रा तीक्ष्ण-भालाले रोप्दिए कपिलाइ ए ! ॥
महान् वीर्य भएकै थे त्यसैले के डराउँथे ।
रिसले चूर भै तस्मात् ठूलै उत्साहले लडे ॥
उनका देह भालाले बाणले थ्यो छिया छिया ।
तै पनी कपिले ठोके ढुङ्गा मूढा गरी तदा ॥
डलाँग्दा वेगका वीर गर्जन्थे जोडले वहाँ ।
अ-आफ्नो नाम भन्दिन्थे ठोक्दिन्थे पछि झोकमा ॥
डाँडै जत्रा शिलाले र धेरै हाँगाविंगा हुने ।
अनेकौं रुखले ठोके कपिले पनि गर्जिने ॥
वीर वाँनरमा एवं दुष्ट राक्षसमा अब ।
घनघोर भयो युद्ध थियो अद्भुत वास्तव ॥
बढेका विजयोल्लास; कपिले यस युद्धमा ।
धूलो पीठो बनाए बा ! निकैलाइ थिची वहाँ ॥

१३

१४

यी कैयौं रगतै धोक्ने दुष्ट राक्षसका गए ।
ह्वाल्ह्वालित्त रगतै छादी लडे डङ्ग्रङ्ग भैकन ॥
अनेकौंको फुस्यो कोखै कैयौं थुप्रा भए मरी ।
डाँडै लाग्दा मरे कैयौं कैयौं टोक्ता गए मरी ॥
ध्वजा चुडाँल्दिए च्वाट्टै कैयौंको कपिले यता ।
थुतेर थ्वात्त शस्त्रास्त्र कैयौंको फ्याँक्दिए उता ॥
कैयौंको रथमा झम्टी ध्वस्त पारिदिए त्यसै ।
दुष्ट राक्षसलाई यी पारे मर्का लडी निकै ॥
बोकी पर्वतका डाँडा हान्दिदा वृक्ष फेक्दिदा ।
मरे बा ! तिनले लाग्दा सारा प्राणी जतावता ॥
ठूल्ठूला राक्षसै साथ उनका गज अश्व ती ।
मरे सवार ती सारा लाशैले भरिइन् क्षिति ॥
डलाँग्दा देहका शूरा वीर वानर फुत्त गै ।
नङ्ग्राले नै चिथोर्थे बा ! तिनका मुख मोक्दै ॥
मुख राक्षसको हुन्थ्यो दिक्कको कपिवीर्यले ।
छरिन्थे उनका झाँक्रा लड्थे मूर्च्छै परी हरे ! ॥
यता राक्षस ठूल्ठूला वीर्य यी जो थिए वहाँ ।
ठोक्दिन्थे वज्रझैं मुक्का भालू-वानर आदिमा ॥
लात हात तथा मुक्का ढुङ्गा मूढा गरी गरी ।
कपिले कायलै पारे दुष्ट राक्षसलाइ यी ॥
जोर राक्षसको त्यस्तो चलेन अब आत्तिए ।
न सक्ता अन्तमा टिक्न भागाभाग गरे कुदे ॥
वीर धूम्राक्षले देख्यो जो सेनापति थ्यो तब ।
भागेको आफ्नु त्यो सैन्य, कसियो लड्न थै अब ॥
कसिई लड्न आएका थिए जो जो अघिल्तिर ।
ती वानरहरूलाई थाल्यो मार्न झिक्यो धुर ॥

२६

(१३१५)

३७

तीखो भाला लिई त्यल्ले कैयौं वानरलाइ ता ।
स्वाम् ! स्वाम् ! रोपेर नै पार्‍यो रक्त वग्ने मुहान बा ॥
हानी मुद्गरले कैयौं वीर वानरलाइ ता ।
पृथिवीभर डङ्ग्रङ्ग लडायो गै जताततता ॥
विरिए भिन्दिपालैले कैयौं परिधले वहाँ ।
मध्यो पट्टिशले कैयौं मरे धेर जहाँतहाँ ॥
ठोक्दा राक्षसले ओहो ! कैयौं ता रगताम्य गै ।
लडे डङ्ग्रङ्ग डङ्ग्रङ्ग पृथ्वीभर जताततै ॥
दुष्ट राक्षसले ठोक्ता रिसले चूर भैकन ।
भागे वानरका सेना टिक्न गाह्रै परीकन ॥
कैयौंको फुट्न गो छाती कैयौं कोल्टे लडेमरे ।
हानी त्रिशूल कैयौंका आन्द्रा नै झिकिए हरे ! ॥
कपि राक्षसले गर्दा भरियो यो रणस्थल ।
अब झन् अति डर्लाग्दो भयो कैयौं मरे जब ॥
ढुङ्गा मूढा भए टम्म अनेकौं हथियारले ।
पूर्ण भो शोभियो ज्यादै उनका लाश सम्मले ॥
युद्धरूपी अनौठो यो भो संगीत महोत्सव ।
टङ्कार धनुको मीठो वीणा-स्वर हुने तव ॥
निस्कन्छ मर्न लाग्दा जो त्यो हिक्का ! ठीक ताल भो ।
अय्या ! अय्या !! भनाई नै मधुरो एक गीत भो ॥
यसरी कपिको सैन्य धनुका बाण वृष्टिले ।
धूम्राक्षले भगायो बा ! रणमा सब तर्फ ए ! ॥
देख्दा सैन्य भगाएको नाशेको हनुमान् अब ।
रिसले चूर भै हाले ठूलै ढुङ्गा लिए तब ॥

३८

३९

आँखा राता भएकै थ्यो बलवान् बावुझैं थिए ।
धूम्राक्षको रथै माथि छोड्दिए त्यसलाइ ए ! ॥
ढुङ्गो वज्रन लागेको देख्ना साथ लिई गदा ।
हाम्फाल्यो रथबाटै त्यो भै अलग्ग बस्यो तदा ॥
यता अब अनर्थै भो धूलोपीठो भयो रथ ।
सारा घोडा मरे विग्र्यो धनुर्बाण धुरा ध्वज ॥
ठूला साना हुने हाँगा उखेले वृक्ष क्वै पुनः ।
त्यसैले ठोक्दिदै मारे सारा राक्षसका गण ॥
लडे बा ! शिर फुट्तासा रगताम्य भई निकै ।
धूलो पीठो भए धेरै जसो राक्षस प्राण गै ॥
भागे राक्षसका सैन्य हनुमान्ले यता अब ।
उठाए एउटा डाँडै हान्न धूम्राक्षमा तव ॥
आफूमा छोड्न लाग्दा त्यो उल्टो यी हनुमान्कन ।
गर्जिदै जाइलाग्यो बा! गदा लिइ स्वयं पुनः ॥
काँडैकाँडा भएकोथ्यो डर्लाग्दो त्यसको गदा ।
हनुमान्को शिरै माथि बजार्‍यो जोडले तदा ॥
तर किञ्चित मानेनन् त्यो गदा वज्रिदा पनि ।
वावु जस्तै हुने वीर्य जो थिए बलवान् यिनी ॥
अब त्यै हातको डाँडो त्यसका शिर बीचमा ।
हनुमान्ले भई क्रुद्ध छोड्दिए जोडले वहाँ ॥
त्यो लाग्ना साथ धूम्राक्ष धूलो पीठो भयो हरे ! ।
क्वै डाँडै छरिएझैं भो मर्‍यो भ्याक्क लडेर ए ! ॥
देखेर मारिएको त्यो बचेका अरु राक्षस ।
पिटुता वानरले भागे पसे लङ्कातिरै अब ॥

५०

५१

पवनसुत स्वयं रिसाइ ज्यादै यसरि सबै निज शत्रु मारिछाडे ।
अनि रगत बह्यो भएर खोला पछि तिनले रणभूमि ढाकि छाडे ॥
तन मन गतिला हुने महात्मा थकित भए अब क्लान्त देह भैगो ।
प्रिय कपिगणले गरे प्रशंसा मनमन दङ्ग परे थकाइ गैगो ॥

५२

इति बाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपन्नौं सर्ग

राक्षसवीर वज्रदंष्ट्र र वानरवीर अङ्गदको लडाँई

१

धूम्राक्ष मारिएको त्यो समाचार सुने पछि ।
वीर राक्षसको राजा झोक्कियो क्रोधले अति ॥
स्वाँ ! स्वाँ ! पो गर्न लाग्यो बा ! सर्प जस्तै भई तव ।
वोरीको फूल नै देख्यो तातो सास त्यज्यो जव ॥
महान् बल हुने क्रुर वज्रदंष्ट्र थियो अघि ।
भन्छ राक्षसको राजा यसै सँग यसो पछि ॥
जा बावै ! छस् तँ नै वीर आफ्ना राक्षस-सैन्यली ।
मार्दै वानरका साथै राम-सुग्रीवलाई ती ॥
सुन्दा आदेश राजाको त्यो मायावी हओस् ! भनी ।
निकै सैन्य लिई साथ हिंडिहाल्यो छिटै अनि ॥
थियो बा ! यसको साथ हात्ती घोडा तथा रथ ।
गधा ऊँट सवारी यी नानाथर मनोहर ॥
आफैं सोभिम्फ सकेको ध्यो पताका ध्वज आदिले ।
शोभिएका थिए सैन्य त्यसका साथ फेरि ए ! ॥
थिए विचित्रका बाजू घुसाऱ्यो स्वात्त हातमा ।
किरीट शिरमा हाल्यो पैह्रियो वर्म छातिमा ॥
चाँच्चाँडै यी सवै काम गऱ्यो बा ! वज्रदंष्ट्रले ।
अनि निक्ल्यो पुरी बाट घनुली लड्न वेगले ॥
नाना ध्वजा-पताकाले शोभिएको र तेजिलो ।
सुनका सर-सामान सजिएको विचित्रको ॥
आफ्नो रथ मजा साथ गऱ्यो पैले प्रदक्षिणा ।
पति राक्षस-सेनाको यो चढ्यो पछि गै त्यहाँ ।
हिंडे राक्षसका सैन्य यस साथ अनेकन ।
वेस शस्त्रास्त्र बोकेर तेजिला धारिला पुनः ॥
क्रोष्टि पट्टिश मुसल भिन्दिपाल र तोमर ।
खड्ग चक्रगदा शक्ति धनु भाला र मुद्गर ॥

१३

१४

विचित्र खालको आफ्नै तेजले दीप्यमान यी ।
स्वयं विचित्र देख्रिन्थे विचित्रैका लुगाभई ॥
शौर्य सम्पन्न कै मत्ता गजराज हिंडे सरि ।
देखिन्थे ढल्किदै हिंड्थे पहाडै हिंड्दछन् सरि ॥
माहुते काँधमा वोक्थे तोमराङ्कुश हातमा ।
जान्दथे लड्न जो राम्रै कसिएर बढे तदा ॥
वेस लक्षणका ज्यादै बलवान् अश्व फूर्तिला ।
शूरा सवार बोकेर निस्किए ठाँटिएर बा ! ॥
बिजुली लिइ गर्जेझैं मेघ वर्षात-कालमा ।
आयो राक्षस-सेना त्यो कुर्लंदै कसिई वहाँ ॥
ताकेर दक्षिणी ढोकातिर आयो समस्त यो ।
युवराज बसेकाथे जहाँ अङ्गद नै अहो ! ॥
पुरीबाट यता हिंड्दा न हिंड्दा यस सैन्यले ।
नाना अशकुनै देख्यो हुने अशुभमात्र ए ! ॥
मेघ-सेघ न भै कत्ति अव आकाश देखि ता ।
खसे उल्का अनेकौं हा ! त्यसको अघि नै तदा ॥
घोर्सु खा श्याल डलाँग्दा बल्दो ह्वाह्वाँति अग्निको ।
चर्को मुस्लो निकालेर लागे चिच्याँउनै अहो ! ॥
सम्पूर्ण पशु डलाँग्दा मिली अन्योन्यमा अहो ! ।
न राम्रो बोल्दथे बोली सूचना दिई नाशको ॥
यसरी लड्न आएका यस राक्षस सैन्यका ।
लडाका बीच बाटैमा लड्नलागे जतातता ॥
वज्रदंष्ट्र थियो तेजी उत्पात-अशुभादि यी ।
देखे पनि हिंड्यो लड्न कसिई भइ उत्सुकी ॥
जितुवा कपिले देखे आएको सैन्य यो सव ।
गर्जिए जोखले तस्मात् थर्काएरै दिशा दश ॥

२६

२७

कपि-राक्षसका बीच भयो युद्ध भयङ्कर ।
दुवै पक्ष थियो वेस मार्न खोज्थ्यो परस्पर ॥
ठूलो उत्साहकै साथ लड्थे यी दुइपक्षकै ।
देह गर्दन काटिन्थ्यो मर्दथे दुइ पक्षकै ॥
न हट्ने युद्धमा कैले परिघै ठीक वाहुका ।
शूर यी छोड्दथे शस्त्र आफैंमा कसिई तदा ॥
शस्त्रास्त्रको र ढुङ्गाको मूढाको फ्याँकिदा अहो ! ।
निस्क्यो हृदय नै काँप्ने वहाँ ध्वनि विचित्रको ॥
त्यसका साथ साथैमा धनुष्टंकारको तथा ।
रथको घर्घरै शब्द मिसियो झन् कडा तदा ॥
शंख भेरी नगाडा र मृदङ्गादि अनेकन ।
वजे वा ! युद्धका बाजा घन्कियो त्यसले पुनः ॥
अव यस्तो अवस्थामा वीर यी दुइ पक्षकै ।
लड्न लागे त्यजी अस्त्र कुस्ताकुस्ती गरी निकै ॥
वढेका युद्धको जोश वीर वानरले तव ।
ठटाए राक्षसी सेना युद्धमा चर्कियो जव ॥

३४

३५

हातले लातले एवं मुक्का थप्पडले अनि ।
ढुङ्गा-मूढा र तिघ्राले ठोकिए कपिले पनि ॥
लिएको हातमा पाशो काललेझैं गरी गरी ।
त्यो वज्रदंष्ट्रले हाहा ! पार्‍यो वाण त्यजी त्यजी ॥
रिसले झोकिए साह्रै यता राक्षस सैन्य यी ।
शस्त्रास्त्र जान्दथे राम्रै ठोक्दिए कपि-सैन्य ती ॥
अव अङ्गद यो देखता अग्निझैं लयकालको ।
सारा राक्षसको सेना माश्न लागे निकै छिटो ॥
उखेले वृक्ष ठूल्ठूला इन्द्रकै ठीक शक्ति भै ।
सिंहले मृग मारेझैं मारे राक्षस झोक्दिदै ॥
फेद काटिदिदा डङ्ग लडेका वृक्ष ठीक भै ।
मरे राक्षस वेगिन्ती शिर फुट्ता भुसुक्क भै ।
भो युद्धस्थल डर्लाग्दो रङ्गी-चङ्गी ध्वजादिले ।
कपि-राक्षस-घोडा र हात्तीको रक्त भेलले ॥
शरत्को रात जस्तै भो बाजू हार र वस्त्रले ।
छत्रले शोभिदा भूमि भै दिदा टम्म लाशले ॥

४२

४३

मथेझैं वायुले मेघ सारा राक्षस-सैन्य यों ।
वीर अङ्गदले मथ्ता काँप्यो भाग्यो निकै मर्‍यो ॥

इति त्रिपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

चवन्नौं सर्ग

वज्रदंष्ट्रको र अङ्गदको युद्धमा वज्रदंष्ट्रको मृत्यु

१

वीर अङ्गदले आफ्नो वीर्यले आफ्नु सैन्य त्यो ।
देख्ता भुसुक्क पारेको क्रुद्ध भो वज्रदंष्ट्र यो ॥
इन्द्रकै वज्र ही जस्तो डलीग्दो धनु हात ली ।
टङ्कार्‍यो, बाण वर्षायो कपिका सैन्यमाथि यी
चढेका रथमा आफ्नो शूरा राक्षस ती पनि ।
शस्त्रास्त्र छोड्न लागे बा ! झोक्किंदै कपिमा यिनी ।
मिले अ-आफुमा शूरा वीर वानर यी पनि ।
बिचरा ! लड्न लागे वा ! ढुङ्गा-मूढा गरी अनि ।
हजारौं उच्च शस्त्रास्त्र चर्केको युद्धबीच यो ।
छोडे राक्षसले ओहो ! कपिको सैन्यमाथि पो
उखेली रुख ठूल्ठूला डाँडै बोकेर जोडले ।
ती राक्षसहरूमाथि फ्याँक्दिए कपि-वीरले ॥
पछि हट्तैनथे लड्न कपि राक्षस सम्म ती ।
शूर वीर थिए फेरि कसिए मन् दुवै थरी ॥
कसैका काटिए खुट्टा कसैका शिर हात र ।
छिन्न-भिन्नै भए घेर चुह्यो रगत सर्सर ॥
वीर राक्षसका एवं भालु-वानर आदिका ।
लाशले भरियो भूमि यसो हेर्दा जताततै ॥
कङ्क गिद्ध त्यहीं आए चौटा लुछ्न वथानभै ।
श्यालका हूलका हूल थुम्रिए पछि लोभिंदै ॥
तिनमा बीचबीचैमा मुर्कट्टा निस्किए निकै ।
तिनै पो नाच्न लागे बा ! डर्पारी सैन्यमा सबै ॥
कपि-राक्षस धेरैका काटेका हात-पाउले ।
शिरले अङ्गको सम्म टम्म भो रणभूमि ए ! ॥
सारा राक्षसको सैन्य नाशे बा ! कपि सैन्यले ।
त्यो वज्रदंष्ट्र हेर्दैथ्यो झोकियो अब क्रोधले ॥

१३

१४

त्यसरी कपिले ठोक्ता आफ्ना मर्दा डराँउदा ।
तोरीको फूल देख्यो हा ! प्रतापी त्यसले तदा ॥
कपिको सैन्य भित्रै पो पस्यो त्यो धनुली अब ।
सोझै जाने झिक्यो बाण वर्षायो मार्दियो सब ॥
बडो वीर थियो ओहो ! छोड्दिदा बाण एउटा ।
नौ पाँच-सात-आठोटा मार्दिन्थ्यो कपिलाइता ॥
काटिए अङ्ग प्रत्यङ्ग डराए कपिका गण ।
युवराजै भएतर्फ दौडे शरण पाँउन ॥
देखी वानर भागेका यता अङ्गदले पनि ! ।
हेरे आफूतिरै हेर्ने वज्रदंष्ट्रकनै अनि ॥
बल्ल पो लड्न लागे यी वज्रदंष्ट्र र अङ्गद ।
मत्ता हात्ती तथा बाघ हुन जस्ता भइ ली रिस ॥
चल्दा अग्नि शिखा जस्ता एक लाख शरैशर ।
छोड्यो अङ्गदमा त्यल्ले मर्म ताकी निरन्तर ॥
उनको देह रक्तैले नुहाए ठीक भो अब ।
उनले वृक्ष क्वै ठूलो उखेले ठोक्दिए तब ॥
देख्यो बा ! वज्रिनै लाग्दा आत्तिएन झिक्यो शर ।
पार्दियो रुख त्यो धूलो भइ व्यर्थ खस्यो तल ॥
त्यसको वीर्य यो देख्ता गर्जे वानर-वीर यी ।
यौटा डाँडै उचाले र पछि फ्याँकिदिए त्यही ॥
देखी त्यो खस्न लागेको गदा हात लिएर यो ।
हाम्फाल्यो रथ बाटै र पृथ्वमा पर गै डर्‍यो ॥
रथमाथि गई बज्र्यो त्यो डाँडो ड्वाङ्ग जोडले ।
धूलो पीठो भई हाल्यो घोडा पनि त्यसै मरे ॥
ठूल्ठूला रुख साथैको अर्को डाँडो लिई पुनः ।
त्यसको शिरकै माथि छोड्दिए झोक्किईकन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

छायो रगत ह्वालह्वालित लड्यो मूर्च्छैं पर्‍यो तर ।
उठ्यो फेरि छिनैभर्मा गदा बोक्यो झिक्यो सुर ॥
केही वेर गरी स्वाँ! स्वाँ!! गदाले युवराजको ।
ठोक्दियो बीच छातीमा क्रु द्ध थ्यो वज्रदंष्ट्र जो ॥
त्यो गदा पनि फ्याँकेर मुक्की कस्तै अघी बढ्यो ।
वी अङ्गद पनी आए ठोका ठोक पर्‍यो बडो ॥
दुवै वीर थिए त्यस्ता बुध मङ्गल हुन् सरि ।
लडे बा! रगतै छादी खपी उग्र प्रहार यी ॥
अव अंङ्गदले फेरि उखेले वृक्ष एउटा ।
जुन झम्म फुलेको र फलले गम्म थ्यो अहा! ॥
यता ढाल तथा खड्ग लियो त्यो वज्रदंष्ट्रले ।
म्यान भित्रै थियो जो यो घुघुरा भित्र बज्दथे ॥
मौका खोज्दै यसो घुम्न लागे अनि दुवै यिनी ।
दुवैले दुइमा हेर्दै पाए सिध्याँउला भनी ॥

३३

३४

दुवैले दुइमै ठोके रगताम्य भए दुवै ।
फुल्दा पलाँसका वृक्ष शोभिए मैं भए दुवै ॥
अन्तमा केहि लागेन निकै थाके दुवै बरा! ।
घूँडा टेकेर पृथ्वीमा सुस्ताए छिन सम्म ता ॥
उठे अङ्गद तत्काल बले बा! नेत्र क्रोधले ।
उत्ते जित भए लठ्ठी लागेको सर्प-ठीक ए! ॥
थियो वेस सफा खड्ग धारिलो युवराजको ।
त्यसैले काट्दिए च्वाट्ट शिर त्यो वज्रदंष्ट्रको ॥
खड्गले शिर काटेको निस्केको नेत्र बाहिर ।
मुछेको रक्तले त्यस्को देह डङ्ग लड्यो तव ॥
वज्रदंष्ट्रकनै देख्ता मारिएको त्यसो गरी ।
बाँकी राक्षस सम्पूर्ण कांपे अत्यासमा परी ॥
अव टिक्न नसक्तामा चुटिदा कपिले सव ।
लाज मानी भई खिन्न लङ्का भित्रै पसे सव ॥

४०

४१

त्यल्लाइ मारी अव बालिपुत्र यी परे निकै दङ्ग थिए महाबली ।
भै इन्द्र जस्ता सुर वाट घेरिने सुशोभिए भै कपिबाट पूजिने ॥

इति चवन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचपन्नौं सर्ग

राक्षसवीर अकम्पनको र वानरहरूको घनघोरको लडाँई

१

अब राक्षस-राजाले वीर अङ्गदले वहाँ ।
वज्रदंष्ट्रकनै माऱ्यो भन्ने हाल सुन्यो यहाँ ॥
अगाडि हात जोडेर बसेकोथ्यो प्रहस्त त्यो ।
सेनापति त्यसैलाई भन्यो कड्किइंदै यसो ॥
सुन् ए ! शस्त्रास्त्र जानेको छ अकम्पन वीर यो ।
त्यसैलाई पठा चाँडो सैन्य दी लड्न चाँहिदो ॥
त्यसका साथमा जाँउन् वीर दुधर्ष राक्षस ।
डर्लाग्दो कर्म गर्ने हुन् रणमा जुन वास्तव ॥
त्यो अकम्पन वेसैछ लड्नै मन पराँउछ ।
मेरै उन्नति होस् भन्छ सर्वदा जय गाँउछ ॥
मानिएको छ त्यै योद्धा गतिलो वेश लड्दछ ।
गर्छ रक्षण आफ्नाको वैरीमा दण्ड ठोक्तछ ॥
त्यै अकम्पन गै मार्छ राम लक्ष्मणलाइ र ।
सुग्रीवलाइ पक्रैछ ! साथका लिइ वानर ॥
राक्षसेश्वरको आज्ञा सेनापति प्रहस्तले ।
गऱ्यो स्वीकार तत्काल प्रसन्न भइ फूर्तिले ॥
छानी छानी सबै वीर त्यस्तै त्यस्ता अनेकन ।
त्यसलाइ बुझाएर लड्न जाओ भन्यो पुनः ॥
यो सेनापतिको आज्ञा हुँदा झन् पाइ प्रेरणा ।
निस्के राक्षस डर्लाग्दा नाना शस्त्रास्त्र साथमा ॥
विशाल रथमा राम्रो पगालेका सुवर्णकै ।
चढ्यो गइ यसै वेला त्यो अकम्पन क्रुद्ध भै ॥
विशाल मेघ जस्तै थ्यो गर्जिन्थ्यो मेघझैं पुनः ।
तुरुन्तै घेरिई निस्क्यो सूर्यझैं चम्किईकन ॥
देवताहरूले सम्म युद्धमा त्यसलाइ ता ।
पर्थ्यो कँपाउनै गाह्रो नाम जस्तै हुँदा कडा ॥

१३

१४

यसरी निस्कँदा लड्न रथका अश्वको मन ।
अकस्मात् दीन भै हाल्यो झोक्रयाएर हिंडे जुन ॥
लड्न उत्सुक नै थ्यो ता पनि यो लड्न निस्कँदा ।
उड्यो बा ! मुखको वर्ण स्वर लर्बरियो तथा ॥
वाँयाँ नेत्र फुऱ्यो फर्र राम्रै दिन भए पनि ।
बह्यो वायु भई रुखो नराम्रो भै गयो अनि ॥
लङ्का वरीपरी बस्ने पशु-पक्षी थिए जति ।
बोली अत्यन्त डर्लाग्दो बोल्न लागे समस्त ती ॥
थे अकम्पनका काँध मोटा सिंह समानका ।
बल-वीर्य थियो वेश बाघकै ठीकको अहा! ॥
यसर्थ माथिका त्यस्ता क्रूर उत्पातको कति ।
वास्तै गरेन बा ! त्यल्ले निस्कियो लड्न जोश ली ॥
अरु राक्षस ली साथ यो राक्षस हिंडे पछि ।
कोलाहल उठ्यो ठूलो सिन्धु-विक्षुब्ध पार्छ झैं ॥
यो सुन्दा कापिका फौज निकै अत्यासमा परे ।
ढुङ्गा-मूढा लिई हान्न अब ठिक्क भई वसे ॥
राम-रावणको निम्ति कसिने प्राण त्यागनमा ।
कपि-राक्षसको चर्क्यो अब युद्ध त्यसै वहाँ ॥
थिए शूर सबै वीर बलिया पर्वतै सरि ।
खोज्थे मार्न अ-आफैंमा लड्न लागे यसो गरी ॥
यी दुवै पक्षका वीर गर्जन्थे उग्रशब्दले ।
शत्रुलाइ त्यसै हेपी खोज्दथे सक्न फुर्तिले ॥
कपि-राक्षस यी क्रुद्ध रेशमीवस्त्र-वर्णका ।
धूलो उड्यो लडाँईंमा ढाक्यो पछि जतावता ॥
अन्धमुष्टी भई हाल्यो युद्धका जीव-जन्तु वा ।
पऱ्यो ठम्याँउनै गाह्रो कपि-वानरबीच ! बा ! ॥

२६

२७

देखिएन कुनै वस्तु पताका ध्वज चर्म र ।
रथ घोडा मनुष्यादि त्यै धूलो भै दिंदा स्थिर ॥
धूलो कोकोहलोसम्म सुनिन्थ्यो रणभूमिमा ।
ती दौड्दा गर्जिंदा एवं रूप देखिन्नथ्यो जहाँ ॥
कपिले कपिलाई नै राक्षसैलाइ राक्षस ।
झोकले ठोक्न लाग्यो बा ! अन्धमुष्टी हुँदा तव ॥
यसरी साथ आफ्नाकै अर्कालाई बजाँउदा ।
पारे रगत मांसैले हीलो हीलो जतातता ॥
अव धूलो भयो हीलो मुछिइन् त्यसमै धरा ।
भएन यिनको शोभा लाशै लाश भइन् बरा ! ॥
ढुङ्गा मूढा गदा शक्ति भाला परिध तोमर ।
छोड्न लागे अ-आफैंमा वहाँ राक्षस वानर ॥

३२

३३

मोटा मुग्दर हुन् जस्ता बाहुले पर्वते सरि ।
देहका राक्षसैलाई मार्न लागे लडी कपि ॥
भाला-तोमर-बाणादि लिएका सव राक्षस ।
झोक्किदै हान्न लागे बा ! कपिलाइ पनी अव ॥
अकम्पन थियो सेनापति क्रुद्ध निकै उता ।
सैन्यमा हर्ष उत्साह दिन लाग्यो डटी तदा ॥
खोसी राक्षसका अस्त्र ढुङ्गा मूडा लिई लिई ।
यता वानर यी ठोक्थे क्रूर राक्षसलाइ ती ॥
अव यी कुमुद नल मैन्द द्विविद वानर ।
झोक्किएर झिके आफ्नो बल वेग भई स्थिर ॥
महान् वीर्य भएका यी कपिमा मुख्य मुख्य थे ।
के राख्थे खेल-खेलैमा मारे राक्षस क्रोधले ॥

३८

३९

कसिएर सबै लड्दा यो रणस्थलमा अव ।
न राम्रो सँग गोदे बा ! नाना शस्त्रास्त्रले तव ॥

इति पचपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छपन्नौं सर्ग

कपिवीर हनुमान्‌द्वारा अकम्पनको बध

१

देखी वानरका यस्ता अद्भुत कर्म यी सव ।
न राम्रैसँग भो क्रुद्ध त्यो अकम्पन राक्षस ।
शत्रुको काम शोच्ता त्यो आफैं ढुन्मुनियो पनि ।
धनु हल्लाँउदै त्यल्ले भन्यो सारथीमा पनि ॥
सुन ए सारथि ! यी वीर बलवान् कपि झोक्किदै ।
जहाँ राक्षस मार्दैछन् रथ लैजा ! त्यहाँ छिटै ॥
डर्लाग्दा रिसका एवं बलवान् कपिछन् सव ।
गर्छन् ढुङ्गा र मूढा यी छन् मेरै अघि वास्तव ॥
यी सलै लड्न चाहन्छन् मपनी यी सवैकन ।
के बुझिस्? मार्न चाहन्छु सक्न खोज्छन् सवै जुन ॥
अव घोडा बढीहाले फूर्तिले रणभूमिमा ।
त्यो पनी बाण छोड्दैगो टाढै देखि छिटै वहाँ ॥
लाग्दाले त्यसका बाण घाइते नै भए सव ।
टिक्नै गाह्रो पर्‍यो भागे लड्नेता के कुरा अव ॥
लखेट्‌थे त्यसका बाण मर्दथे कपि भाग्दथे ।
यो दशा दाजु-भाईको देखेर हनुमान् बढे ॥
हनुमान्‌लाइ देख्तामा अरू वानरवीरमा ।
निकै उत्साह आयो र पाए आड लडे वहाँ ॥
बलवान् वीरको त्यस्तो पाउँदा आड यी पनि ।
बलवान् भै गए तस्मात् लडे बा ! कसिई अनि ॥
त्यो अकम्पनले डाँडै ठीकका हनुमान्‌कन ।
वर्षायो बाणको धारा इन्द्रले जलझैं पुनः ! ॥
नगरी त्यसको वास्ता त्यो अकम्पनलाइ नै ।
मार्ने सुर गरीहाले उनले अव तत्क्षणै ॥
अट्टहास गरी तस्मात् अकम्पन भएतिर ।
क्रुद्ध भै हनुमान् दौडे काँपिन् बा ! भूमि थर्थर ॥

१३

१४

गर्जिदा तेजले बल्दो उनको रूप वास्तव ।
हेर्न गाह्रै हुने भैगो बल्दामा अग्निकै ठिक ॥
निरस्त्र म छु. ठान्दा यो उनले झोक्किंदै अव ।
फुत्त यौटा महान् डाँडो उठाए भै महाबल ॥
त्यल्लाइ हातले यौटै घुमाए गर्जिदै पछि ।
झम्टे नमुचिमा जस्तो झम्टेथे इन्द्रले अघि ॥
डाँडै हो ठीकको त्यत्रो डाँडो बोकेर झम्टिदा ।
त्यता आँखा परीहाल्यो त्यो अकम्पनको तदा ॥
अर्धचन्द्र सरी राम्रा झिकी बाण त्यजी तिनै ।
धूलोपीठो बनायो बा ! त्यसलाई त तत्क्षणै ॥
त्यसै आकाशबीचैमा धूलोपीठो भई हरे ! ।
देख्ता डाँडो खसेको त्यो हनुमान् अति झोक्किए ॥
अग्नोमा टाकुरै जस्तो वृक्षक्वै अश्वकर्णको ।
उखेले उनले फेरि गाह्रै भो रिस रोक्न जो ॥
धेरै हाँगा हुने त्यस्तो रूख वोकेर हातमा ।
तेजस्वी हनुमान् गर्जे जोडले युद्धभूमिमा ॥
दौड्दा दौड्दै बढी क्रोध अनेकौं वृक्ष भाँच्दिए ।
कँपाए पृथिवीलाई उनले आफ्नु वेगले ॥
रथ चढ्नेहरूलाई हात्ती चढ्ने सँगै अव ।
रथ हात्ती सँगै मारे मारे पैदल राक्षस ॥
झोक्किएका यमै जस्ता लिएका वृक्ष हातमा ।
हनुमान्‌लाइ देख्तामा भागे राक्षस त्रासमा ॥
सारा राक्षस तर्साई झोक्किई शत्रु सैन्यमा ।
हनुमान् हमला गर्थे फूर्ति साथ जहाँ तहाँ ॥
देख्यो यसै अवस्थामा त्यो अकम्पन-वीरले ।
डगेन तर त्यो कत्ति गर्जियो दृढ दर्पले ॥

२६

२७

देह छेड्ने निकै तीखा चौधोटा बाण छोड्दियो ।
त्यसैले हनुमानलाई घाइते पार्दियो अहो !॥
तीखा शक्ति र नाराच रोपिदा देहमा उनी ।
वृक्षकै साथको डाँडो जस्तै पो शोभिए अनि ॥
रगताम्य भएकाले बल्ने धप्धप अग्निझैं ।
देखिए शोभिए राम्रै फुलेको क्वै अशोकझैं ॥
अर्को वृक्ष उखेलेर ताकेर त्यसको शिर ।
छोड्दिए जोडले ढङ्ग हनुमान्ले भई स्थिर ।
उनले छोड्दिएको त्यै वृक्ष लाग्दा अकम्पन ।
लड्यो खप्न न सक्तामा छर्पटायो सऱ्यो पुनः ॥
देख्नामा त्यसरी मर्ने स्वामी आफ्नो अकम्पन ।
वृक्षझैं भुइँचालोमा काँपे अत्यास भो जुन ॥
पीट्ता वानरले ठोक्ता अव शस्त्रास्त्र छोड्दिई ।
लङ्का भित्रै पुगीहाले भागे, हारे भयो क्षति !॥

३३

३४

फिजियो उनको झाँक्रो डराए आत्तिए सव
अहंकार भए जत्ति सकियो त्रासले अव ।
उनका अङ्ग प्रत्यङ्ग पसीना नै चुहाउँथे ।
सारा यस्तो अवस्थामा न सक्ता टिक्न भाग्दथे ॥
पस्ता लङ्कापुरी भित्र घुइँचो भै अ-आफुमा ।
हुन्थ्यो तँ छोड् म छोड् सम्म थिच्तै मिच्तै गए वहाँ ॥
भाग्दा डर परी भित्र फर्किदै पछि आत्तिई ।
हेर्दा हेर्दै पुगे भित्र दुष्ट राक्षसवर्ग यी ॥
भागे पछि सवै शत्रु यता जम्बा भए कपि ।
टकऱ्याए हनुमानलाई अभिनन्दन हर्षिई ॥
योग्य आदर सत्कार उनको यिनले पनि
गरे अव महान् वीर्य हुँदा यी शोभिए अनि ॥
गर्जे कपि सके सम्म युद्ध जित्ता भए खुश ।
बच्ने राक्षस क्वै भेटे ठोक्दिए मार्दिए सव ॥

४०

४१

श्रीविष्णुले कैटभ आदि दैत्यको संहार गर्दा अघि ठीक भै अहो ! ।
मारी सवै राक्षसलाइ अन्तमा सुशोभिए वानर वीर यी वहाँ॥
गरे उनीको अनि योग्य आदर देवादिले लक्ष्मण-रामले तथा ।
ती वीर सुग्रीव—विभीषणादिले बधाइ अर्पी अभिनन्दनादिका॥

४२

इति छपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सन्ताउन्नौं सर्ग

राक्षसराजको आज्ञाले सेनापति प्रहस्तको युद्धार्थ आगमन

१

अकम्पन मर्‍यो भन्ने सुन्दामा राक्षसेशले ।
हेर्‍यो मन्त्रीहरू पट्टि खस्केको मुखले हरे !॥
शोच्यो दुइ घडी सम्म मन्त्रीहरूसँगै बसी ।
गर्‍यो छलफल "के गर्ने अब" भन्ने कुरा भिकी ॥
त्यहाँबाट उठी राजा दिनको पूर्वभागमा ।
गयो आफ्नो पुरी घुम्न मोर्चा हेर्न जहाँ–तहाँ ॥
हेर्‍यो राक्षस-सेनाका छाउनी राक्षसेशले ।
पुरी थिन् अति नै भव्य पताका ध्वज आदिले ।
देख्यो चारतिरैबाट शत्रुले स्वपुरीकन ।
स्वात्तै घेरिसकेकोथ्यो निकै छट्टु भईकन ॥
अनि युद्ध-कला जान्ने सेनापति प्रहस्तको ।
मुख ताकी भन्यो त्यल्ले समयोचित वाक्य यो ॥
ए प्रहस्त ! तँ जान्नेछस् रणको चाल वा कला ।
देखिस् त शत्रुले स्वात्तै छोपेछन् पुरलाइ ता ॥
यहाँका जनता हाम्रा सहसा यसबाट नै ।
साह्रै दुःखी भए छन् हा ! पर्न लाग्यो विरयास नै ॥
यस हालतमा अर्को म कुनैलाइ देखितन ।
यो कष्टबाट छुट्कारा दिन सक्ने हओस् जुन ॥
ठूलै छ युद्धको भार बोक्न यल्लाइ ता अब ।
दुइ चार जनामात्र सक्नेछन्, शोच्छु वास्तव ॥
कि मै सक्छु बुझिस् ! भाई कुम्भकर्णँ कि सक्तछ ।
निकुम्भ इन्द्रजित् यद्वा कि तैं सक्छस् यथार्थतः ॥
यसर्थ अब तैं जा लौ चाहिने सैन्य ली छिटै ।
जहाँ वानर छन्, लड् र जयश्री लिइ आ यतै ॥
ए प्रहस्त ! तँ निक्लिस कि सेना वानरका अब ।
सुनी राक्षस गर्जेको भाग्नेछन् त्रासले सब ॥

१३

१४

धृष्ट चञ्चल डर्पोक हुन्छन् वानर-जाति ती ।
भाग्दछन् डरले काँप्तै गर्जिदा तँ सुने पछि ॥
वनमा गर्जिंदा सिंह मत्तै हात्ती भए पनि ।
भन् बाबै!टिक्न सक्छन् र हुन्छ त्यस्तै त्यहाँ पनि ॥
कुरो बुझ् ! अनि के होला भाग्दा वानर-सैन्य ती ।
तेरो नै वसमा पर्छन् राम-लक्ष्मण ता पछि ॥
हो ! युद्धक्षेत्रमा मृत्यु संदिग्धै छ यथार्थतः ।
कहिले प्वाक्क भै हाल्छ कहिले हुन्न जीत छ ।
श्रेष्ठ हुन्छ त्यही मृत्यु, उल्टो संशय-सिन्धुमा ।
न डुबेर हुने मृत्यु श्रेष्ठ मानिन्न है यहाँ।
मेरो विचार ता यै हो लौ शोच् ! अब यसो त्यसो ।
कसो गर्दा भलो हुन्छ त्यसै गर् अनि वेस भो !॥
भन्दा रावणले यत्ति पोख्छ आफ्नो विचार त्यो ।
शुक्रले बलि-राजामा पोखे जस्तै गरी यसो॥
सुनिबक्स्योस् महाराज ! राखी मन्त्रीहरू सब ।
हामीले यस बारेमा शोचेथ्यौं पहिलेतक॥
हुँदा सल्लाःह त्यो वेला हामीमा मत भेद भै ।
झगडा नै भएको हो याद होस् राक्षसेश ! है॥
सर्व सम्मतिले त्यस्तो न हुँदा एक निर्णय ।
हामीले छोड्दिएकाथ्यौं त्यसै विषय त्यो नव॥
मेरो निश्चय थ्यो राजन् ! त्यसमा पहिले पनि ।
लगेर जानकीलाई रामलाइ दिने भनी॥
लगी सुम्पीदिदां सीता हाम्रो हुन्छ सँधै भलो ।
न दिदा पर्छ संग्राम भने जस्तै भयो प्रभो !॥
न दिदा पर्छ संग्राम भने जस्तै भयो प्रभो !॥
मेरो निश्चय कै ठीक काम काज न भै दिदा ।
आज आपत् पर्‍यो यस्तो महाभारत भो खडा॥

२६

२७

जो भयो सो भयो राजन् ! मेरो नित्य हजूरले ।
छभनै गरिबक्सेको दान—मानादि भावले ॥
सँधै वेला कुवेलामा राम्रो हेर विचार र ।
सान्त्वना पनि बक्सिन्छ पाउँदैछु म आदर ॥
अब यस्तो अवस्थामा पर्दामा प्रभुमा पनि ।
दिन प्राण पनी सक्छु आज्ञा होस् गर्छु जे पनि ॥
मेरो जीवनको एवं स्त्री-पुत्र धन आदिको ।
छैन चिन्ता ममा कत्ति प्रभुको निम्ति गर्छु त्यो ॥
लौ हेरिबक्सियोस् स्वामी! ज्वालामा युद्ध- अग्निको ।
आफ्नो जीवन होम्दिन्छु ढुक्क भै बक्सियोस् प्रभो ॥
स्वामी राक्षस-राजामा निवेदन गरी यति !
प्रधान सेनापतिले यसो हेर्‍यो यताउति ॥
सेनापति थिए ठिङ्ग तिनै साथ भन्यो यसो ।
ल्याओ राक्षसको सेना म आफै जान्छु लड्न पो ॥
रोपिंदा बाणगै मेरा मरेका कपि आदिको ।
मासुले मासु खाने ती चरा तृप्त हउन् बडो ॥
कुरा प्रहस्तका सुन्दा यी सेनापतिले पनि ।
सेना तुरुन्त ल्याएर ठिक्क पारिदिए अनि ॥
मुहूर्तभरमा फेरि राजदर्वार टन्न भो ।
जोधा राक्षस-सेनाले नाना शस्त्रास्त्र साथ थ्यो ॥
मत्ता हात्ती सरी ठूला देखिन्थे ती भयानक ।
अग्निमा घिउ होमेर खुश पार्थे सबै तव ॥
लङ्कामा जतिथे विप्र ब्रह्म राक्षस आदिका ।
पारे तुष्ट उनीलाई ढोग भेट गरी तदा ॥
अग्निमा घिउ होमेको सुगन्ध छरिई अब ।
सारा सुगन्धितै पार्‍यो वायुसाथ बह्यो जब ॥
पैह्रे राक्षसले माला मन्त्रले अभिमन्त्रित ।
युद्धको भेष-भूषाले शोभिए भइ हर्षित ॥
थिए कवच पैरेर धनुर्बाण लिने निकै ।
तिनै अगाडि आए बा! फूर्तिले फुत्त उफ्रँदै ॥
राजातिर यसो हेरी सेनापति प्रहस्तको ।
बसे वगलमा घेरी अब पंक्ति मिली अहो! ॥
आज्ञा लिएर राजाको सेनापति प्रहस्त त्यो ।
युद्धमा जानको निम्ति कसियो ठिक्क-ठाक्क भो ॥

४३

४४

लगायो युद्धका बाजा बजाउँन अनेकन ।
भेरी र नगरा आदि भयो बा! स्थिति भीषण ॥
अनेकौंथर शस्त्रास्त्र भरिएको र भूषित ।
रथबीच चढी हाल्यो प्रहस्त भइ हर्षित ॥
त्यसका रथमा घोडा थिए वेस र फूर्तिला ।
थियो सारथि झन् त्यस्तै फूर्तिलो चतुरो तथा ॥
श्रीसूर्य चन्द्रमा जस्तै थियो यो रथ चम्किलो ।
यो हिंड्दा मेघ गर्जेका ठीकको स्वर आँउथ्यो ॥
झण्डामा सर्पको चिह्न थियो दुर्धर्षथ्यो अतः ।
ढपक्क ढाकिएको थ्यो रक्षा-कवचले स्वतः ॥
यसका अङ्ग प्रत्यङ्ग अतिराम्रा थिए सब ।
युद्धका सर-सामग्री शोभिन्थे भित्र वास्तव ॥
यसमा सुनका जाली थिए सुन्दर सज्जित ।
यसर्थ आफ्नु शोभाले देखिन्थ्यो युक्त हर्षित ॥
वेस यै रथमा आफ्नो चढ्यो त्यो भइ उत्सुक ।
आज्ञा राक्षस-राजाको शिरोपर गरी तव ॥
घेरे चारतिरै बाट सारा राक्षस-सैन्यले ।
राजदर्वार छोडेर निस्कियो अब फूर्तिले ॥
नगरा दुन्दुभी भेरी आदि बाजा बजे तव ।
भो मेघै गर्जिए जस्तो डर्लाग्दो ध्वनि वास्तव ॥
निस्कदा त्यसरी वीर सेनापति प्रहस्त त्यो ।
भो मङ्गल पनी नाना बज्यो शङ्ख र घन्कियो ॥
डर्लाग्दा देहका एवं रूपका वीर राक्षस ।
त्यसको अघि लागे बा! गर्जिएर निकै तव ॥
नरान्तक कुम्भहनु महानाद समुन्नत ।
यी चार त्यसका मन्त्री गए घेर्दै बढी अब ॥
समूह ठीक हात्तीको दल राक्षस-सैन्यको ।
थियो विशाल अत्यन्त डर्लाग्दो उग्ररूप यो ॥
पहिले व्यूह बाँधेर आफ्ना सैन्य लिएर यों ।
निक्ल्यो प्रहस्त लङ्काको पूर्वको द्वार बाट पो ॥
महासागर हो जस्तो सैन्यले घेरिएर त्यो ।
निक्लदा देखियो ओहो ! यमले लयकालको ॥
प्रस्थान-कालको त्यस्तो बाजाको शब्दले तथा ।
गर्ज्याईले पनी यस्तो क्रूर-राक्षसवीरका ॥

६०

६१

काँपे बा ! अब लङ्काका सारा प्राणीहरू यहाँ ।
न राम्रो स्वरमा कुर्ले चिच्याए त्रास भो वहाँ ॥
सफा आकाशमा टन्न भए अब चरा पनि ।
लुछ्थे जो मासुका चौटा पिउँथे रगतै पनि ॥
घुम्न लागे मजा साथ सेनापति प्रहस्तको ।
रथ त्यो दाहिने पारी यिनै सब अनर्थ भो ॥
निकाली मुखको आगो डलाँग्दा श्याल-श्यालिनी ।
अब चिच्याँउनै लागे छ है अशकुनै भनी ॥
आकाश बाट डलाँग्दा खसे उल्का दनादन ।
रुखो पोल्ने गरी वायु लाग्यो वहन सन्सन ॥
जुध्न अन्योन्यमा लागे माथि आकाशमा ग्रह ।
यसैले तिनको कान्ति भयो मन्द पनी तव ॥
यता मेघहरू गर्जे रथ माथि प्रहस्तको ।
भिक्री गधा कराएको स्वर साह्रै अयोग्यको ॥
वर्षाए रक्तको धारा जसले अगुवा जति ।
वीर राक्षसका सेंना सँचिए सर्र सर्र ती ॥
उता प्रहस्तको त्यस्तो रथको ध्वजमा पुनः ।
गिद्ध आइ बस्यो ठ्याक्क मुख पारेर दक्षिण ॥

६९

७०

बोली अशुभ बोलेर त्यसले दुइ पट्टिका ।
सारा राक्षस सेनाको शोभा नै हर्दियो तदा ॥
रणभूमितिरै पुग्दा न पुग्दा बीचमै यता ।
खस्यो सारथिको हातै बाट कोर्रा पनि तदा ॥
युद्धार्थ निस्कना साथ जो शोभा थ्यो प्रहस्तको ।
नाशियो त्यो त्यसै ओहो ! मुहूर्तैमा सबै उड्यो ॥
त्यसका रथका घोडा जो थिए वेस फूर्तिला ।
लडे डङ्ग्रङ्ग डङ्ग्रङ्ग सम्म भैंना पनी तदा ॥
थियो प्रहस्त यो ख्यात गुण पौरखमा अति ।
छोपे अब यसैलाई कपिका सैन्यले बढी ॥
ठूलो कोकोहलो भैगो भालु वानरले गरी ।
ठूला मूढा तथा ढुङ्गा लिइ ठिक्क भएर ती ॥
क्रूर राक्षस गर्जन्थे एकातिर निरन्तर ।
वीर वानर कुर्लन्थे अर्कोतिर बराबर ॥
कपि राक्षस यी दोटै सैन्यका बीचमा अब ।
छरियो हर्ष उल्लास लड्न उत्सुक भै सब ॥
अत्यन्त शक्तिशाली र वेगशाली थिए सब ।
राख्थे विजयको आशा थिएन कम क्वै तव ॥

७८

७९

हाँक्दिन्थ्यो आ ! लडौं भन्दै एक अर्कोकनै वहाँ ।
उठ्यो कोकोहलो ठूलो यसैले रणभूमिमा ॥
वेला विषे यै, मति विग्रँदा हरे ! प्रहस्त यो हुत्तिइदै गयो अघि ।
सुग्रीवको त्यो कपि सैन्य बीचमा संग्राम जित्ने सुरले त्यसै बढी ॥
ह्वार्ह्वार्ति बल्दो दृढ अग्नि राशिमा के हुन्छ चाला पुतली पर्‍यो भने ।
भयो त्यही ठीक प्रहस्तको पनि वहाँ पुगेमा भइ लड्न तम्सिने ॥

८१

इति सन्ताउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अन्ठाउन्नौं सर्ग

कपिवीर नीलद्वारा प्रहस्तको र त्यसका सैन्यहरूको संहार

१

अघि आँउनु भन्दा यो यता श्रीरामभद्रले ।
देखी आउनलागेको ती विभीषणमा भने ॥
राक्षसश्रेष्ठ ए वीर ! प्रचण्ड गति-वेगको ।
विशाल देहको वीर आयो, लौ भन हो त को ? ॥
सैन्यले घेरिएको छ गतिलै देखिइन्छ यो !
चिह्नाउ अब यल्लाई भन लौ कुन वीर हो ! ॥
सुनी श्रीरामका यस्ता कुरा भन्छन् विभीषण ।
प्रहस्त नामको स्वामिन् ! यो हो राक्षस भीषण ॥
यै हो राक्षस-राजाको सेनाको पति मुख्यको ।
त्रिखण्डी-सैन्य लङ्काका यसका साथ छन् प्रभो ! ॥
छ ख्यात यसको वीर्य शस्त्रास्त्र सब जान्दछ ।
बल-विक्रम ज्यादैछ यसमा, शूर वीर छ ॥
त्यै वेला बलवान् त्यस्ता कपिका सैन्यले पनि ।
देखे प्रहस्तलाई यो निस्कँदा निस्कँदै अनि ॥
विशाल देहको त्यस्तो डर्लाग्दो बल-वीर्यको ।
घेरिई राक्षसैद्वारा निस्कन्थ्यो गर्जिएर जो ॥
अनि ता खप्न गाह्रै भो भालू-वानर यी पनि ।
जोडले गर्जिनै लागे तँ भन्दा कम के भनी ? ॥
युद्ध जित्न लिने इच्छा क्रूर राक्षस-जाति ती ।
झम्टिए लिइ शस्त्रास्त्र भालू-वानर माथि यी ॥
खड्ग शक्ति तथा बाण गदा परिघ शूल र ।
भाला ऋष्टि र मुसल धनु बोक्थे थिए स्थिर ॥
लड्नै इच्छा भएका यी भालू-वानरले पनि ।
उखेले वृक्ष ठूल्ठूला डाँडै बोके डटे अनि ॥
अब यी दुई पक्षैका वीरमा आफु-आफुमा ।
घम्साघम्सी पर्‍यो ढुङ्गा-बाण घर्षा भयो वहाँ ॥

१३

१४

धेरै राक्षसले मारे निकै वानरलाइ ती ।
निकै वानरले मारे धेरै राक्षसलाइ यी ॥
मरे वानर मध्येमा निकैता शूल लाग्न गै ।
चक्रैले पार्दियो चट्चट् धेरैलाइ मरे त्यसै ।
पार्‍यो परिघले तोड निकै ता घाइते भए !
मरे वनचरा धेरै वज्चरा लाग्न गै हरे ! ॥
लडे डङ्ग्रङ्ग पृथ्वीमा निकै सास विहीन भै ।
फुट्यो हृदय भै फट्ट निकैको बाण लाग्न गै ॥
खड्गले काटिए धेरै जसो छर्पटिदै लडे ।
निकै वानरका कोखा फोरे राक्षसले हरे ! ॥
कपिले पनि त्यै ठीक यता राक्षस यी पनि ।
मारिए हूलका हूल झोक्किदै वीर्यवान् बनी ॥
ठोक्ता ढुङ्गा र मूढाले त्यसैले पिनिंदा हरे ! ।
धूलोपीठो भए कैयौं वीर राक्षस ती मरे ॥
वज्र तुल्य हुने ज्यादै कडा यी कपि वीरका ।
मुक्की-थप्पड लाग्नाले मरे राक्षस घेर ञा ! ॥
ह्वाल्ह्वाल्ति रगतै छादे उनका दाँत निस्किए ।
त्यसै उखलिए आँखा लडे डङ्ग्रङ्ग भै हरे ! ॥
वहाँ अय्या ! मरें बाबा ! भन्ने पनि थिए निकै ।
देखिए गर्जिने वीर सिंह ठीक पनी निकै ॥
यस्ता प्रकारका नाना आर्तस्वर र गर्जन ।
डर्लाग्दो रूप ली गर्ज्यो कपि-राक्षसमा पुनः ॥
पछि हट्तैनथ्यो कोही वीर वानर राक्षस ।
मारी छोड्थ्यो मरी छोड्थ्यो चर्केको युद्धमा यस ॥
अ-आफ्नो मुख आँ गर्दै ठूलो पारेर वाँउदै ।
भइ निर्भय अत्यन्त गर्दथे कर्म ठीक त्यै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

नरान्तक कुम्भहनु महानाद समुन्नत ।
मन्त्री प्रहस्तका लागे गर्न वानरको वध ॥
यौटा ती चार मध्येको नरान्तककनै वहाँ ।
भेटे द्विविदले डाँडै छोड्दिए शिरबीचमा ॥
यता दुर्मुखले ठूलो वृक्षले त्यो समुन्नत ।
हानियो मारियो ओहो ! चाँचाँडो मार्दथ्यो जब ॥
झोकिए जाम्बवान् भालू बोके ठूलो शिला अनि ।
त्यो महानादको छाती ताके छोडे मऱ्यो पनि ॥
भो कुम्भहनु त्यो बाँकी तार वानर साथ जो ।
लड्दथ्यो वृक्षले ठोके अन्तमा विचरो मऱ्यो ॥
रथभित्र बसेको थ्यो यता स्वामी प्रहस्त त्यो ।
देख्यो वानरको यस्तो चर्को कर्म असह्य भो ॥
धनु स्याप्प समात्यो बा ! हाल्यो बाण दनादन ।
झोकिदै मार्न थाल्यो हा ! भुस्याहा कपिका गण ॥
यी दुवै पङ्क्तिका सेना जलका भुंवरी सरि ।
त्यो रणक्षेत्रमा लागे अब घुम्न लडी मरी ॥
अपार सिन्धु विक्षुब्ध भो भने कुर्लिई अहो ! ।
गर्जन्छ कसरी त्यस्तै चर्को गर्ज्याइ घन्कियो ॥
युद्ध-दुर्मद त्यो क्रुद्ध क्रूर वीर प्रहस्तले ।
कपिलाइ निकै मर्का पाऱ्यो हिर्काइ बाणले ॥
रणस्थल भयो पूर्ण कपि-राक्षस—सैन्यका ।
लडेका लाशले गर्दा मर्दा थुप्रा हुँदा हुँदा ॥
ढपक्क ढाकिएकी ती पृथिवी देखिइन् तव ।
डर्लाग्दा पर्वतै बाट ढाकिए ठीककी अब ॥
पलाँस वनमा फुल्दा ढाकिन्छिन् जसरी क्षिति ।
रक्तप्रवाहले गर्दा ढाकिइन् त्यैसरी क्षिति ॥
मारेका वीरको लाश भएको दुइटा तट ।
रक्तप्रवाह नै बढ्दो जलराशि हुने दृढ ॥
भाँचिएका र बिग्रेका शस्त्रास्त्र जसका यता ।
ठूलठूला वृक्ष जस्तैथे तटका दुइ पङ्क्तिका ॥
पछि गै जुन ह्याकुऱ्याक यमलोकस्वरूपको ।
ठूलो समुद्रमा मिल्छ महान् भय दिने अहो ! ॥
जसमा वीर योद्धाका कलेजो मुटु आदि नै ।
थिए बा ! दब्दबे हीलो बनेको उग्ररूपमै ॥

४२

४४

निक्लेका तिनका आन्द्रा दुइटै तटदेशमा ।
थिए उम्रिइ सप्रेका सींबाली ठीकका वहाँ ॥
शरीर शिर काटेका लडेका रणभूमिमा ।
माछा हुन् सरि देखिन्थे छरिएका जहाँ तहाँ ॥
कपाल जसमा लामा स-साना अङ्ग देहका ।
घाँसकै भ्रम पार्दिन्थे उम्रेका दुई तर्फ बा ! ॥
बसेकाथे जहाँ गिद्ध राम्रा हंस सरी बनी ।
कङ्क-पक्षी पनी बस्थे जहाँ सारस नै बनी ॥
चारैतिर थियो टन्न बोसोको फीँज नै अनि ।
घाइतेको मरें ! अय्या !! थियो कलकल ध्वनि ॥
लाक्षी काथर जल्लाई तर्न वा पार गर्न ता ।
सक्तै सक्तैनथे कैले त्यही नदी बहिन् त्यता ॥
कपि राक्षस ठूलठूला श्रेष्ठ वीर विशेषतः ।
हाँस सारस जस्ता भै तर्दथे यो मजैसित ॥
मत्ता हात्तीहरू जस्तो नदी कमलिनी हुँदी ।
तर्छन्, त्यस्तै तरे वीर ती दुवै पङ्क्तिका लडी ॥
नील वानरले देखे अब वीर प्रहस्त त्यो ।
बसेर रथमा आफ्नो वर्षा छोड्दछ बाणको ॥
त्यसको वेगमा पर्दा चर्को उग्र प्रहारले ।
निकै सरिसकेका छन् आफ्ना वानर-वीर ए ! ॥
भो असह्य उनीलाई नाश्न बादलका दल ।
ठूलै हावा उठे जस्तो भए अब झिके बल ॥
जबर्जस्ती गरी नाशे अनि राक्षसका दल ।
सकेनन् युद्धमा टिक्न भागे यी दुष्टका दल ॥
सैन्यको दुर्दशा यस्तो देखे पछि प्रहस्त त्यो ।
झोकियो झम्टियो तस्मात् नीललाई बढी अहो ! ॥
त्यसको सूर्यझैं बल्दो तेजिलो रथ जो थियो !
त्यसैलाइ लिई दौड्दै अघि यी नीलकै पुग्यो ॥
हालेर धनुमा बाण नीलमा युद्ध भूमिमा ।
त्यो सेनापतिले छोड्यो लाग्ने गरि जहाँ तहाँ ॥
क्रुद्ध सर्प सरीका यी वेगिला बाण तोडले ।
नीलका अङ्गमा सारा ज्वाम्ज्वाम्ति सब गाडिए ॥
ज्वालै ज्वाल बनाएर उनका अङ्गलाइ यी ।
पृथ्वीमा रोपिए फेरि सावधान भई अति ॥

६०

६१

बलेका अग्निका ज्वाला हुन् जस्ता तीक्ष्ण बाणले ।
चाल्नो बनाँउदा देह नील तुल्बुलिए हरे ! ॥
आफैमाथि अझै झम्टी आँउदो त्यो प्रहस्तमा ।
उखेली वृक्ष क्वै यौटा ठोक्दिए नीलले वहाँ ॥
त्यस्तो प्रहार लाग्नाले झोक्कियो बा ! प्रहस्त र ।
वर्षायो बाणको वर्षा नीलमाथि निरन्तर ॥
त्यसका बाणको वर्षा न सक्ता रोक्न छेक्न ती ।
सहे वा ! आङ थापेर आफूमा रोपिए जति ॥
मदमत्त कुनै साँढे शरत्को जल-वर्षण ।
आङ थापेर नै खप्छ सहे त्यै ठीक भैकन ॥
साह्रै तीखा थिए बाण दुरात्मा त्यो प्रहस्तका ।
आँखा चिम्ली खपे सारा नीलले रोपिंदा तदा ॥
महान् बल भएकैथे अन्तमा सालको रूख ।
उखेले उनले फुत्त क्रुद्ध भै फूर्तिले तव ॥
त्यसका रथका घोडा त्यसैले मार्दिए अनि ।
धनु भाँचिदिए फेरि गर्जिए जोडले उनी ॥
लिई मुसल डर्लाग्दो ओर्लियो रथबाट त्यो ।
शोभिए यसरी दोटै रगताम्य भई अहो ! ॥
यौटा राक्षस-सेनाको स्वामी थ्यो योग्य थ्यो अति ।
अर्को वानर-सेनाको पति थ्यो वीर थ्यो उति ॥
दुवै कम थिएनन् क्यै वैरी थे वेगवान् दुवै ।
रगताम्य भएकै थ्यो मत्ता झैं लड्दथे दुवै ॥
आफ्ना अत्यन्त नै तीखा दाह्राले दुइ वीर यी ।
दुवैको अङ्गमा रोप्थे गाड्दथे क्रुद्ध भै अति ॥
यी दुवै वीर देखिन्थे सिंह बाघ समानका ।
लड्दथे वा ! तिनै ठीक जित्ने चेष्टा गरी तदा ॥

७३

७४

पछि हट्तैनथे फेरि लड्नमा भाग्दथे न ता ।
कीर्ति पाँउन खोज्थे यी इन्द्र-वृत्र समानका ॥
त्यसैमा अति उद्योगी त्यो राक्षस प्रहस्तले ।
नीललाइ निधारैमा हान्यो मुसल वेगले ॥
बह्यो रगतको खोलो त्यहाँबाट निरन्तर ।
जसले उनको देह पार्यो रगतले तर ॥
उखेले वृक्ष क्वै ठूलो झोक्किए बा ! महाकपि ।
ताकी प्रहस्तको छाती ठोक्दिए उनले पछि ॥
जावो प्रहार भन्ठान्यो त्यल्ले वास्तै गरेन हा ! ।
लिई मुसल त्यै आफ्नो झम्ट्यो नीलकनै तदा ॥
आफूमा हमला गर्ने वेगवान् र भयङ्कर ।
त्यल्लाइ नीलले देखे धरे धैर्य भए स्थिर ॥
ठूलो ढुङ्गो थियो यौटा नजीकै उनले अनि ।
त्यसैलाइ उठाए बा ! जोखे जस्तो गरे पनि ॥
छोड्दिए पछि डङ्ग्रङ्ग शिरमाथि प्रहस्तको ।
यो रणस्थलमा गर्जे सिंहनाद गरी बडो ॥
लड्दै मुसलले हान्ने त्यसको शिर ता अब ।
धूलो-पीठो बनायो बा ! वृक्षले वज्रिदा तव ॥
तुरुन्त प्राण गै हाल्यो बल शक्ति उड्यो त्यसै ।
लड्यो डङ्ग्रङ्ग पृथ्वीमा काटेको वृक्ष ठीक भै ॥
शरीर टाउकोबाट शतचूर्ण भए पछि ।
बह्यो रगतको धारा गिरिको झरनै सरि ॥
अब राक्षसका सेना सेनापति मरे पछि ।
त्यहाँ टिक्न न सक्तामा भाग्यो लङ्कातिरै बडी ॥
जसरी भत्किंदा बाँध पानी पुग्छ जताततता ।
त्यही ठीक भई हाल्यो भागे सैन्य पनी तदा ॥

८६

८७

सैन्यको पति त्यो मर्दा सारा राक्षस-सैन्यको ।
उत्साह शक्ति भो क्षीण भित्र तोड पर्यो बडो ॥
पुगे राक्षस-राजाको महामहलमा सब ।
झोक्राएर भए ठिङ्ग ठूलै चिन्ता बढ्यो अब ॥
शोकको सिन्धुमा चर्को डुब्दा चुर्लुम्ब भै सब ।
भए मूर्च्छै परे जस्ता टोलाएका हरेशिव ! ॥

८९

CC-0. In Public Domain. Digitization by eGangotri

९०

सत्कर्मले आफ्नु महाबली जयी भए यता नील प्रशंसितै अति ।
गई पछी लक्ष्मण राम साथमा मिले भए दङ्ग अनी सबै वहाँ ॥

इति अन्ठाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्साठी सर्ग

राक्षसराज रावण आफैं युद्धार्थ जानु र श्रीरामबाट हार खाई फर्कनु

१

संग्राममा वानर-नील बाट मरे पछि राक्षस—सैन्य—स्वामी ।
त्यो कुर्लने सागर-वेग जस्तो भाग्यो हरे! राक्षस—सैन्य नामी ॥
पुगी वहाँ राक्षस—सैन्यले ती विन्ती गरे राक्षसराजलाई ।
प्रहस्तलाई कपि नीलले नै मारी दियो यत्ति, सुन्यो रिसाई ॥
भै शोकले पीडित क्रोध बढ्दा हेर्‍यो यसो रावणले अगाडि ।
सुरेन्द्रले देवकनै समान मन्त्रीहरूलाइ भन्यो पछाडि ॥

३

४

सुन ए! शत्रु जस्तै होस् न हेप्नु कहिल्यै पनि ।
हेपेको फल पायौ कि मार्दिए वीर त्यो पनि ॥
जसले इन्द्रको सारा सैन्य ध्वस्त गर्‍यो अघि ।
हात्ती सैन्य सँगै आफ्ना सेनापति मर्‍यो त्यही ॥

५

६

लौ भैगो! अब आफैं म शत्रुका सैन्य ती सब ।
भुसुक्क पार्नको निम्ति युद्धमा जान्छु वास्तव ॥
अनौठो अद्भुतै जस्तो छ क्या रे त्यो रणस्थल ।
विचार न गरी केही जान्छु ल्याउँछु मै जय ॥

७

८

सारा वन डढाएझैं डढेंलोले गएर म ।
बाणैले भस्म पार्दिन्छु सैन्य, राम र लक्ष्मण ॥
सुरेन्द्रको शत्रु र राक्षसेश भने पछी यत्ति तयार भो र ।
प्रकाशिलो अग्नि समान राम्रो आफ्नो रथै भित्र बस्यो गएर ॥
घोडा थिए यौं रथमा अनेकौं राम्रा निकै उत्तम जोतिएका ।
शरीरका अङ्ग हरेक यस्का त्यस्तै थिए अग्नि समान बल्दा ॥
प्रस्थान गर्दा अब राक्षसेश बजें अनेकौं थरं भव्य बाजा ।
भेरी नगारा पणवादि शङ्ख घनक्क घन्के झिकी शब्द तजा ॥
योध्दा लडाकाहरू ताल ठोकी गर्जे मजाले गरि सिंहनाद ।
गरे अनेकौं स्तुति भाटले ती बढ्यो यसोरी अघि दुष्ट-राज ॥
डाँडा तथा मेघ समान काला स्वरूपका क्रूर र मासु घिच्ने ।
आफैं सरी राक्षसवर्गले जो थ्यो घेरिएको भइ धप्प बल्ने ॥

CC-0. In Public Domain. Digitization by eGangotri

१४

आफ्ना अनेकौं गण भूत-प्रेत भृङ्गी रिटी साथ लिएर बस्ने ।
सर्वेश श्रीशङ्कर तुल्य भो यो श्रीरामका साथ गएर लड्ने ॥
निक्लेर आफ्नो पुरबाट त्यल्ले वहाँ पुगी वानर-सैन्य देख्यो ।
ढुङ्गा र मूढा लिइ हातबीच जो गर्जिइन्थ्यो भइ मेघ जस्तो ॥
देखेर यो राक्षस-राज-सैन्य श्रीराम सोध्छन् ति विभीषणैमा ।
जो शस्त्र धर्नेहरूबीच श्रेष्ठ थिए बसेका उनका सँगैमा ।
ध्वजा पताका शुभ छत्रयुक्त भाला गदा शूल हुने प्रशस्त ।
पहाड जत्रा गज शोभिएको यो सैन्य आयो भन वीर ! कस्को ? ॥
श्रीरामको वाक्य सुने पछी यो भन्छन उनी राक्षसराजको त्यो ।
सैन्यादिको शक्ति सबै बखानी चिह्नाउँदै राक्षसवीर नामी ॥
प्रभो ! मनस्वी जुन वीर त्यो छ विहानको सूर्य समान रातो ।
कपाँउने त्यो गजकण्ठ सम्म अकम्पनै हो, चिह्निबक्सिए भो ॥
ऊ ! त्यो प्रभो ! जो छ रथै चढेको छ सिंह जस्को रथको ध्वजामा
हो इन्द्रजित्, नाम छ मेघनाद छ गर्व ज्यादै वर पाउँदामा ॥
छ हातमा ऊ ! त्यसले लिएको सुरेन्द्रको भैं धनु दिव्य-तेजी ।
छन् निक्लिएका गजराजकाभैं दान्हा ल-लासा पनि स्पष्ट छन् ती ॥
महेन्द्र - अस्ताचल - विन्ध्य - डाँडो जत्रै हुने देह बिसाल ज्यादै ।
रथै चढेको धनु हात धर्ने प्रभो ! घमण्डी अतिकाय हो त्यै ॥
विहानको सूर्य समान रातो आँखा हुने क्रूर, छ गर्जिने जो ।
हात्ती चढेको दिलको दरो त्यो प्रसिद्ध यै वीर महोदरै हो ॥
स-साँझको मेघ समान तेजी घोडा चढेको सुन छोपिएको ।
तेर्स्याइ भाला जुन आउँदैछ पिशाच हो वज्रसरी छ चर्को ॥
साँढे चढी चन्द्र समान सेतो त्रिशूल बोकी बिजुली सरीको ।
छ आँउदै जो रण भूमिमा यो नामी छ स्वामिन् त्रिशिरा त्यही हो ॥
छाती फुकेको रथमा चढेको राख्ने ध्वजामा भुजगेन्द्र कालो ।
टङ्कार गर्ने धनुको अनौठो हो कुम्भ त्यों राक्षस याद होस् यो ॥
हीरा तथा नीलम स्वर्णलेनै सिंगारिएको परिघै उचाली ।
झण्डा सरी राक्षस-सैन्यको भै हो आउने त्यै त निकुम्भ जाली ॥
शस्त्रास्त्र साथै धनु बाण-युक्त झण्डा भुलेको रथमा चढेको ।
डाँडै उठाई रणबीच लड्ने यही प्रभो दुष्ट नरान्तकै हो ॥
हात्ती र घोडा मृग ऊँट एवं व्याघ्रादिका भैं मुखका नराम्रा ।
पल्टाउने नेत्र अनेक त्यस्ता भूतादिद्वारा प्रिय घेरिएका ॥
जो देवताको पनि गर्व नास्न छ योग्य एव दृढ शक्तिशाली ।
छ पूर्णचन्द्रै सरि श्वेत छाता ओढी रहेको जसको सम्हाली ॥

३१

भूतादिद्वारा नित घेरिएका सर्वेश श्रीशङ्कर हो कि जस्तो ।
देखिन्छ स्वामिन् ! जुन उग्ररूपी महामना राक्षसराज त्यै हों ॥
विशाल आफ्नो शिर बीच भव्य पैन्ही रहेको छ किरीट जल्ले ।
ऊ ! कानका कुण्डल हल्लिएर शोभा छ जस्का मुखको अपार ॥
हिमाल विन्ध्याचल हो कि जस्तो शरीरको उग्र विशाल त्यस्तो ।
श्रीसूर्यको ज्योति बले समान बल्ने तिनै रावण हुन् ललाम ॥

३३

३४

आफ्ना शत्रु सबै मार्ने ककुत्स्थ कुलका मणि ।
श्रीराम भन्दछन् फेरि उनका यी कुरा सुनी ॥
यो निशाचरको राजा वीर रावणको ओहो ! ।
विचित्र तेज देखिन्छ बल्छ धप्धप नित्य जो ॥
त्यो आफ्नो कान्तिले गर्दा सूर्यझैं चम्किइन्छ यो ।
तस्मात् यस तिरै हेर्न गाऱ्है पर्दो रहेछ पो ॥
घेर्दा चारतिरैबाट तेजोमण्डलले बढी ।
राम्ररी यसको रूप ठमाँउन्न म क्यै गरी ॥
देह राक्षस - राजाको जस्तो शोभिन्छ, वेस छ ।
यौताको पनि ता त्यस्तो हुनु गाऱ्हैछ, दिव्य छ ॥
दिलको देहको ऊँचो वीर राक्षसराजका ।
अगुवा पछुवा सम्म त्यस्तै छन् वीर उच्च बा ! ॥

३६

४०

देखिन्छन् पर्वतै जस्ता ठूल्ठूला देहका दरा ।
लड्ने डाँडै उचालेर धर्ने शस्त्रास्त्र तेजिला ॥
चम्किला तेजले बल्ने डर्लाग्दा उग्ररूपका ।
भृत्यले घेरिएकोछ स्वयं राक्षसराज बा ! ॥
यस हालतमा आफ्ना गण भूत र प्रेतले ।
शोभिने काल जस्तै यो देखिदो छ विचित्र ए ! ॥
सौभाग्यको कुरा भो त्यै यो पापी दुष्ट रावण ।
मेरो अगाडि टुप्लुक्क आजै पर्न गयो जुन ॥
जो मेरो मनमा क्रोध छ सीता हर्दिंदा अघि ।
अब त्यो यसमा पोख्छु म छिनैमा यहीं लडी ॥
बल — विक्रम सम्पन्न उदार प्रभुरामले ।
भनी यत्ति उनीसाथ उठाए धनु जोशले ॥

४५

४६

दाजुको चाल यो देख्दा भाइ लक्ष्मण यी पनि ।
धनु ली कसिए लड्न तम्तयार भई अनि ॥
महामना राक्षसराजले त्यो भन्यो यता राक्षसवीरलाई ।
तिमीहरू गै गर देखरेख लङ्का पुरीको पछिसम्मलाई ॥
न मान्नु शङ्का पनि क्यै पुरीमा गै गर्नु पालो—पहरा डटेर ॥
घुमी पुरद्वार र राजमार्ग राम्रो गरी बस्नु न आत्तिएर ।
तिमीहरूलाइ लिएर साथ यहाँ म आएँ, पछि यो ठमाई ।
भालू तथा वानर— दुष्ट जाति न जाति गर्लान् पुरभित्र आई ॥
तस्मात् चनाखो भइ बस्नु घुम्नु सारा पुरीमा सबले रमाई ।
मौका न पाँउन् यिनले कदापि घुस्नै न पाँउन् पछि छिद्र पाई ॥
मन्त्रीहरू राक्षसराजको यो आदेश बोकेर बिदा भए बा ! ।
ठ—ठाममा गै निज काम—काज गरे भनेझैं भइ चंख ज्यादा ॥

५१

CC-0. In Public Domain. Digitization by eGangotri

५२

बढ्यो यता राक्षसराज आफैं दिएर लड्नै तिर मात्र ध्यान ।
मथ्यो तुरुन्तै कपि-सैन्य-सिन्धु तिमिङ्गिलैबाट मथे समान ॥
बल्दो धनुर्बाण लिई अगाडि आई पुगेको यसलाई देखी ।
डाँडै उचाले त्यसमाथि हान्न सुग्रीवले झट्पट झार्न शेखी ॥
ढुङ्गा तथा वृक्ष थिए अनेकौं डाँडा भरी यो जुन त्यो उचाले ।
ताकी पछी राक्षसराजलाई ती वीरले छोडिदिए मजाले ॥
देख्यो यता रावणले पहाड आई रहेको अब आफुमाथि ।
छोड्यो निकै बाण सुनै जडेका काट्यो खसाल्यो तल भो नजाति ॥
खसे पछी त्यो तल टुक्रियो जो तुरुन्तनै राक्षसराजले यो ।
झिकेर आफ्नो धनुमा चढायो कालै सरीको शर सर्प जस्तो ॥
यो बाणको वेग थियो हुरी झैं आगो सरी धप्धप बल्दथ्यो यो ।
थ्यो इन्द्र-वज्रै सरि वेगवान् यै सुग्रीव मार्नाकन छोड्दियो त्यै ॥
छुटे पछी रावणबाहुबाट लाग्यो हरे! वानरराजलाई ।
कुमारको शक्ति गएर लाग्दा भो क्रौञ्चको हाल समान हाई !॥
त्यो बाण लाग्दा कपिवीर त्यस्ता टिक्नै सकेनन् भुइँमै लडे हा ! ।
निस्क्यो अनेकौं थर आर्त शब्द तुरुन्त यी मूर्च्छित भै गए बा !॥
देखे पछी वानरराजलाई विचेत त्यस्ता भुइँमा लडेका ।
विपक्षका राक्षस सैन्य सारा भै दङ्ग गर्जे रणभूमिमा हा !॥
यता भई खिन्न सुषेण एवं गवाक्ष ज्योतिर्मुख धीर वीर ।
जम्बा भए बा ! गवयर्षभादि त्यल्लाइ ठोक्नाकन भै अधीर ॥
थिए पहाडै सरि देहले यी बोके सजीलै अनि ता पहाड ।
झम्टे पछी राक्षसराज माथि छोडी दिए दङ्ग तिनै पहाड ॥
परन्तु भो व्यर्थ निशाचरेश थ्यो शक्तिशाली अरु वीर भन्दा ।
छोड्यो हजारौं शर तीक्ष्ण तीक्ष्ण टुक्रा भए हा ! अघि लाग्नु भन्दा ॥
उल्टो यिनै वानरवीरलाई ठोकी दियो बा ! शरले अनेक ।
ती बाण लाग्दा सुन सोरिएका लडे त्यसै ढुन्मुनिई हरेक ॥
दरा महान् देह हुने अनेकौं लडे बरा यी कपि-सैन्य-स्वामी ।
द्यौताकनै कायम पार्न सक्ने थ्यो शत्रु त्यस्तो जब वीर नामी ॥
विशाल त्यस्तो कपि सैन्य माथि गाडेर आँखा अब सर्र हेर्‍यो ।
भुसुक्क पार्ने सुरले पछाडि छिटै अनेकौं शर बर्र पार्‍यो ॥
गएर गड्दा शर अङ्ग बीच मर्कै पर्‍यो वानर सैन्यलाई ।
केही नलाग्दा तर तोड पर्दा लडे धरामा बहुतै कराई ॥
अत्यास भो त्रास बढ्यो अकस्मात् प्रहारले रावणको डराई ।
शरण्य श्रीराम नजीक आए परे शरणमा पछि आत्तिई यीं ॥

CC-0. In Public Domain. Digitization by eGangotri

६९

देखेर यस्तो स्थिति राम आफै बढे धनुर्बाण लिई अगाडि ।
जोडी दुबै बाहु सुयोग्य यस्तो विन्ती गरे लक्ष्मणले पछाडि ॥

७०

आर्य दाजु ! दुरात्मा यो राक्षसेश्वरलाइ ता ।
म नै सक्छु समर्थैछु दाजु राज हओस् त्यता ॥
मलाई वरू बक्स्योस् लौ ! शुभ आदेश सार् भनी ।
सकि हाल्दछु यल्लाई आज्ञा होस् म छँदैछु नि ! ॥
सत्यसंकल्प सद्वीर्य भएका प्रभुरामले ।
भाइका यी कुरा मीठा सुनेर उनमा भने ॥
बाबु लक्ष्मण ! वेसै हो ! हुन्छ जाउ तिमी लड ।
बुझ्यौ ! संग्राम यो जित्न यत्नवान् हुनु है तर ॥
किन ? भन्छौ भने बाबु ! राक्षसेश्वर रावण ।
महान् वीर्य भएकोछ यसमा छन् निकै गुण ॥

७४

७५

त्यो रणक्षेत्रमा फेरि आफ्नो अद्भुतरूपको ।
बल—विक्रम फिक्नेछ बुझी राख सबै कुरो ॥
जब यो झोकिंदै लड्छ तब यो पनि संझ नि ! ।
सकिन्न रोक्न यल्लाई तीनै लोक मिले पनि ॥
खोतल्नु यसका छिद्र तिमीले सब युद्धमा ।
न पाओस् आफ्नु क्यै पत्तो लिई छिद्र लड्यौ वहाँ ॥
एकाग्र चित्तले लड्नु हुनु चंख छिटो सदा ।
धनुले दृष्टिले आफ्नो आफ्नै रक्षण गर्नु बा ! ॥
भाइ लक्ष्मणले आफ्ना दाजुका ती कुरा सुने ।
ग्वाम्ल्वाङ्ग यी दुवै भाई गासिएँ पछि स्नेहले ॥

७९

८०

अभिनन्दन टक्र्याए गरे दर्शन दाजुको ।
सुमित्रासुत यी वीर अनि लड्न हिंडे अहो ! ॥

८१

पुगेर युद्धस्थलमा उनीले प्रचण्ड त्यो राक्षसराजलाई ।
सोटा ल—लामा गज—सूँड जस्तो ती बाहुले सुन्दर शोभिएको ॥
धपक्क बल्दो धनु हातमा ली छोडी हजारौं शरवृष्टि धारा ।
ढपक्क ढाकी कपिसैन्य सारा पारी रहेथ्यो जुन घाइते हा ! ॥

८२

८३

हनुमान्ले यता देखे वीर्य राक्षसराजको ।
अनि झम्टे त्यसैलाई पन्छाई शरजाल त्यो ॥
उठाइ दाहिने मुक्की पुगेर रथको अघि ।
निकै तर्साइ त्यल्लाई भन्दछन् बुद्धिमान् कपि ॥
न मर्ने वर पाएथ्यौ तिमीले राक्षसेश्वर ! ।
यसैले मार्न सक्तैनन् यक्ष गन्धर्व किन्नर ॥
देव-दानवका निम्ति हो ! तिमी छौ अवध्य नै ।
तर संझ तिमी मर्छौ नर-वानरबाट नै ॥
पाँच औंले उठ्यो मेरो दाहिने हात हेर यो ! ।
त्यो तिम्रो देहमा वस्ने आत्मा पार्छ अलग्ग जो ॥

८७

८८

डर्लाग्दो वीर्यको त्यस्तो राक्षसेश्वरले अब
हनुमान्को कुरा त्यस्तो सुन्यो झोक्की भन्यो तब ॥
ठिक्कै हो ! ए कपे ! लौ त अब निःशङ्क भै समा ।
छिटै प्रहार गर् बाबै ! राम्रै कीर्ति कमा यहाँ ॥
छ तँमा वीर्य के कस्तो कत्ति शक्ति छ ? त्यो पनि ।
राम्रै जाने पछी मात्र संझी ए ढेडु ! मार्छु नि ॥
भन्दछन् वायुका छोरा सुनी रावणका कुरा ।
संझ त्यो अघि जो मारे छोरा अक्षकुमार बा ! ॥
कपिले भनियो यत्ति तेजस्वी वीर रावण ।
छातीमै ठोक्दियो मुक्की त्यसले क्रुद्ध भैकन ॥

९२

९३

प्रहार त्यसको लाग्दा वीर वानर यी बरा ।
निकै ढुन्मुनिए ओहो ! हुँदा राक्षस यो कडा ॥
परन्तु तेजिला विद्वान् हुनाले कपि-वीर यी ।
उठे दुइ घडी वित्ता न वित्तै त्यो सबै खपी ॥
तोरीको फूल देखे हा ! रिसले अनि मुर्रिई ।
मुक्कीलेनै बजाए बा ! त्यसैलाई कुदी पुगी ॥
लाग्दा वानरको मुक्की वीर त्यो दशटाउके ।
काँप्यो बा ! भुइँचालोमा काँपेझैं गिरि थर्र ए ! ॥
देखी दनक पाएको त्यसले रणभूमिमा !
सुरासुर र सिद्धादि ऋषि दङ्ग परे वहाँ ॥
भन्छ रावण सुस्ताई अब स्याबास वानर ! ।
रहिछस् योग्यको मेरो शत्रु तैं वेस वीर्य छ ॥
कुरा रावणका सुन्दा हनुमान्ले भने यसो ।
धिक्कार वीर्य यो मेरो ज्यूंदै छौ अझ शत्रु जो ॥
सुन ए बुद्धि बिग्रेका निशाचर ! तिमी अब ।
मलाई फेरि लौ हान एक पल्ट झिकी बल ॥
कुरा नगर भो यस्तो गन्थने क्षुद्र बुद्धिका ।
अनि ठोक्छु म मुक्काले पुग्ने छौ यमलोक हा ! ॥
हनुमान्का कुराले यी क्रोध रावणको बढ्यो ।
र-राता भै गए आँखा खप्न गाह्रै परी गयो ॥
अनि राक्षसराजाले खुम्च्यायो दाहिने मुठी ।
त्यसैले हान्दियो डङ्ग छातीमै उनको कसी ॥
छातीमै तोड पर्नाले वीर यी हनुमान् पुनः ।
भए सातो गए जस्ता लडे डङ्ग्रङ्ग भैकन ॥
महाबली यिनीलाई देख्ता विह्वल रावण ।
बढ्यो नीलकनै झम्ट्यो चढेर रथ तत्क्षण ॥
चर्को प्रतापले बल्दो राक्षसेश्वरका शर ।
ओकल्ने विषका मुस्ला सर्पैझैं थे भयङ्कर ॥
च्वाम्च्वाम्ति शत्रुको मर्म छेड्दथे गइ वेगले ।
तिनैले ठोक्दियो नील घाइते नै भए हरे ! ॥
बाणले ढाकिए नील यसरी उनले अनि ।
उचाले एउटा डाँडो ठोक्दिए त्यसमा पनि ॥
मनस्वी हनुमान् ब्यूँते यै वेला उनले अब ।
देखे यी लड्न लागेका भने रावणमा तव ॥

१०६

११०

राक्षसेश ! तिमी लाग्यौ लड्न नीलसँगै अतः ।
तिमीमा हमला गर्नु योग्य ठान्दिन है म त ॥
त्यो डाँडोलाइ सातोटा बाणले राक्षसेशले ।
काट्दियो चट्ट बीचैमा खस्यो धूलो भई हरे ! ॥
नील वानर त्यो देख्ता नाश्तथे शत्रुवीर जो ।
कालाग्नि ठीक भै हाले क्रोधले झोक्किए बडो ॥
फुलेका र फलेका ती वृक्ष थे जो नजीकमा ।
उखेले बा ! तिनैलाई उनले फूर्ति साथमा ॥
अश्वकर्ण तथा साल-आँपका वृक्ष ती सब ।
छोडे राक्षस-राजामा झटारै ठोक्दिई तव ॥
तिनलाई पनी चट् चट् काट्दियो अघि आँउदा ।
वर्षायो बाणको वृष्टि नीलमाथि पनी तदा ॥
कुनै पहाडमा पानी पारेझैं मेघले गरी ।
जब राक्षस-राजाले ढाक्दियो नीललाइ यी ॥
यी वीर नील त्यै वेला निकै साना भए अहो ! ।
झण्डामाथि चढे फुत्त त्यसैका रथबीचको ॥
झण्डामाथि बसेको के देखेथ्यो नीललाइ यी ।
क्रोधले चूर भो राजा गर्जिन्थे वीर नील ती ॥
आश्चर्यै पो गरी हाले त्यो वेला उनले पनि ।
बस्थे धनु र झण्डामा मुकुटैमा पनी उनी ॥
उनको चाल यो देख्ता हनुमान्-राम-लक्ष्मण ।
पनि जिल्ल परे ओहो ! टोलाए अरु ता पुनः ॥
महान् तेज हुने त्यस्तो वीर राक्षसराज ता ।
छक्क पक्क पर्‍यो आफै नीलको गतिबाट बा ! ॥
उनको लघुता त्यस्तो न सक्ता खप्न झट्पट ।
आग्नेयास्त्र झिक्यो बल्दो राक्षसेश्वरले अब ॥
आच्छु आच्छु परी हाल्यो जब रावणलाइ त्यो ।
त्यो देखेर यता सारा कुर्लन्थे कपिवर्ग जो ॥
त्यसले पनि झन् तोडै पार्‍यो तुल्बुलियो अनि ।
के गर्ने के न गर्ने भो आत्तियो त्यो त्यसै पनि ॥
अभिमन्त्रित अग्न्यास्त्र ठिक्क थ्यो हातमा वहाँ ।
नीलपट्टि यसो हेर्‍यो बस्थे जो ध्वजबीचमा ॥
भन्यो अनि उनीलाई तेजस्वी राक्षसेशले ।
ए ढेडू ! होस तँ मायावी छल्न ठग्न सिपालु ए ! ॥

१२६

१२७

आफ्नो बर्गतले भेट्तो कर्म गर्छस् अनेकन ।
यसरी खोज्दछस् बच्न भुक्याएर छलीकन !
तँमा शक्ति छ ता त्यस्तो हुन्छ ! बच् त तँ लौ अब ।
छोडें कि बाण यो मैले जत्ति गर् मारि छोड्दछ ॥
अन्यास्त्रयुक्त त्यो बाण चढाई धनुमा तव ।
छोड्दियो त्यसले ओहो ! भनी त्यत्ति कुरा अव ॥
त्यो बाण बज्रियो ड्याङ्गै छातीमै कपि-नीलको ।
लाग्यो पोल्न उनीलाई लडे डङ्ग असह्य भो ॥

१३०

१३१

घूँडा टेकेर पृथ्वीमा भै अशक्त लडे उनी ।
निस्केन उनको प्राण तर यस्तो भए पनि ॥
यसमा दुइ भो-हेतु भो कृपा अग्नि—वावुको ।
अर्को भो उनकै तेज वावुकै वीर्य-ठीकको ॥
देखेर भइ वेहोश लडेका नीललाइ यी ।
बड्यो लक्ष्मणमा झस्ट्यो त्यसले रथमै चढी ॥
अगाडि बढ्न रोकेर कपिसैन्यकनै सब ।
अघि गै धनु टङ्कार्‍यो भै बल्दो अग्निझैं तव ॥

१३४

१३५

देखेर आफ्नो अघि राक्षसेश त्यल्लाइ चर्को गतिलो विशेष ।
भन्छन् सुमित्रासुत शक्तिशाली तयार थ्यो जो शर छोड्न खाली ॥
ए वीर ! ए राक्षसराज ! हेर आएँ म तिम्रो अघि भै तयार ।
तिमी र हामी रणमा डटेर लडौं ल ! भो वानर यी न मार ॥
टङ्कार साथै धनुको विशेष गर्ज्याइले पूर्ण कुरा अशेष ।
सुनेर देखेर तयार लड्न त्यो भन्न लाग्यो भइ क्रुद्ध झन्न ॥
सौभाग्य यै भो, रघुवंश वीर ! पर्‍यौ तिमी जो अघि आज मेरो ।
पुगेछ तिम्रो मिति आज पक्कै लौ बुद्धि विग्रेछ समस्त तिम्रो ॥
छोडेर चाँडै अव बाण-जाल ढपक्क ढाक्दिन्छु तिमीकनै म ।
अनी छिटै त्यो यमलोकतर्फ पुग्छौ तिमी सत्य यही छ जान ॥
ठाडा र तीखा सब दाँत डिच्च देखाँउदै रावण गर्जिंदै थ्यो ।
सुने उनीले त्यसका कुरा यी लागेन आश्चर्य कुनै भलै थ्यो ॥
भन्छन् अनी लक्ष्मण, वीर राजन् ! सामर्थ्यशाली जन गर्जिंदैनन् ।
बक्छौ तिमी केवल छैन शक्ति देखाँउछन् वीर गरेर छाड्छन् ॥
साँच्चै भनौं ता सुन राक्षसेश ! सर्बोच्च पापी पनि हौ तिमी हा ! ।
लुकी हर्‍यौं जो गृहिणी अरूकी जान्यौं त्यसैले सब शक्ति—बूता ॥
प्रताप तिम्रो बल-वीर्य त्यस्तो मलाइ पत्तो छ तसर्थ भो ल ! ।
म लड्न ठिक्कै छु लडौं ल आऊ देख्यौ धनुर्बाण ! प्रलाप छोड ॥
सुने पछी लक्ष्मणका कुरा यी भोक्रुद्ध त्यो राक्षसराज ज्यादि ।
टुप्पा हुने सुन्दर बाण सात झिक्यो र छोड्यो अव फूर्ति साथ ॥
तयार थे लक्ष्मण त्यो नियाल्दा टुप्पा हुने सुन्दर, स्वर्ण जड्दा ।
झिकेर आफ्ना अति तीक्ष्ण बाण काटी दिए चट्चट ती तमाम ॥
काटे सरी सर्प शरीर आफ्ना ती बाण काट्ता र हुँदा विकम्बै ।
तीखा निकै बाण अरू झिकेर ठोकी दियो हा ! उनमाथि जम्बै ॥

१४६

परन्तु यी लक्ष्मण आत्तिएनन् देखे पनी त्यो सब झोक्रिएनन् ।
झिके अनेकौं थर बाण सर्र छोडी दिए बा ! उनमाथि बर्र ॥
कर्णी तथा भल्ल क्षुरार्धचन्द्र यी बाणले नाम हुने अनेक ।
काटी दिए राक्षसराजका ती आई रहेका शर एक एक ॥
देखेर आफ्ना शर-जाललाई खेरै गएका सब राक्षसेश ।
छक्कै पऱ्यो लक्ष्मणका कलाले देखी अनौठो लघुता विशेष ॥
अडेन त्यो किन्तु थियो महान् जो गरी छिटो बाण झिकेर सर्र ।
चढाइ आफ्नो धनुबीच फेरि छोडी दियो लक्ष्मणमाथि बर्र ॥
देवेन्द्रझैं वीर्य हुने उनीले झिके अनेकौं शर वज्र जस्ता ।
छोडे अनी रावण मार्न निम्ति तीखा बलेका सब अग्नि जस्ता ॥
तीखा उनीका सब बाण त्यस्ता काटी दियो राक्षसराजले र ।
कालाग्नि जस्तो विधिले दिएको हानी दियो बाण फुत्त्यो निनार ॥
मर्कै पऱ्यो लक्ष्मणलाइ यल्ले निकै दुख्यो दुन्मुनिए उनी हा ! ।
खस्यो लिएको धनु हात बाट गले सबै इन्द्रिय आत्तिए बा ! ॥
थिए निकै वीर र धीर तस्मात् यी सम्हिए भित्र खपेर कष्ट ।
ली बाण यौटा अति शीघ्र छोडी काटे त्यसैको धनुलाई चट्ट ।
तीखा तिनोटा शरले तुरुन्तै हाने उनीले त्यसलाइ हेरी ।
लाग्यो मजाले अब राक्षसेश बेहोश भो, भो स्थिर शीघ्र फेरि ॥
टुक्रै भयो त्यो धनु काटिएर निकै दुख्यो ती शर रोपिएर ।
बोसो सँगै भलभल देह बाट रक्तै बह्यो हा ! अनि कष्ट साथ ॥
जस्तै भए ता पनि क्यै न मान्ने थ्यो शक्तिशाली सुरशत्रु त्यो ता ।
तसर्थ त्यल्ले विधिले दिएको थ्यो शक्ति यौटा अब त्यै लियो बा ! ॥
आगो सरी धूम सँगै भएको यो शक्ति चर्कै भइ धप्प बल्थ्यो ।
जल्लाइ देख्तै रणभूमिका ती काँप्थे सबै वानर-ऋक्ष-जाति ॥
लङ्काभरीका सब राक्षसैको स्वामी त्यसैले रिसबाट पाकी ।
बल्दो त्यही शक्ति कसेर प्याक्क हान्यो सुमित्रासुतलाइ ताकी ॥
त्यो शक्ति आयो अब झम्टिएर देखे यता लक्ष्मणले डटेर ।
झिके अनेकौं शर अग्नि जस्ता त्यल्लाइ नाश्नाकन ठोक्दिए बा ! ॥
चलेन दैय्या तर कत्ति यिनको छोएन त्यल्लाइ गरेन नष्ट ।
विशाल छातीबिच लक्ष्मणैको उल्टो घुस्यो स्वात्त दिलाइ कष्ट ॥
हुन् शक्तिशाली रघुवंशदीप प्रधान यी लक्ष्मण वीर तेजी ।
तथापि त्यो शक्ति घुसी दिनाले लडे धराबीच असह्य भै ती ॥
देख्ता लडेको अति छट्पटाई यी वीरलाई रणबीच हाई ! ।
राजा स्वयं रावण दौडिदै गो लाग्यो उनीलाइ उठाउँनै पो ॥

१६४

जसका हातमा ओहो ! हिमवान् मेरु मन्दर ।
उचाल्ने शक्ति थ्यो सारा त्रैलोक्यै साथ ली सुर ॥
त्यसका हातमा आज शक्ति क्षीण भएछ हा ! ।
उठाँउन यिनीलाई अँहँ ! सक्तैसकेन बा ! ॥
ब्रह्माको शक्ति छातीमा वज्रेका उनले पनि ।
अचिन्त्य विष्णुको अंश हूँ भन्ने संझिए अनि ॥
सम्पूर्ण देवको शत्रु यस राक्षसराजले ।
उठाँउन उनीलाई निकै यत्न गर्‍यो हरे ! ॥
दैत्य-दानवको शेखी चूर पार्ने उनीकन ।
सकेन त्यसले तस्मात् पछि डेग चलाँउन ॥
अनन्त-कोटि-ब्रह्माण्ड-पति सर्वेश विष्णुको ।
अंशले जुन जन्मेथे के सक्थ्यो अनि तुच्छ त्यो ॥
झोक्किए वायुका छोरा यै वेला दौडिदै पुगी ।
ठोक्दिए वज्रझैं मुक्की छातीमा त्यसको कसी ॥
अब राक्षसको राजा त्यै मुक्कीको प्रहारले ।
थचक्क भो घुँडै टेक्यो काँप्यो थर्र लड्यो हरे ! ॥
छाद्यो रगत ह्वाल्ह्वाल्ति मुख बाट असह्य भै ।
निस्क्यो रगत आँखा र कान बाट पनी निकै ॥
दुन्मुनायो निकै बेर अन्तमा राक्षसेश्वर ।
रथको नजिकै आई बस्यो अनि पछिल्तिर ॥
भित्र पीडा हुँदा घेर छर्पटायो त्यहाँ पनि ।
पछि खप्न न सक्तामा राजा मूर्च्छै पर्‍यो अनि ॥
डर्लाग्दो वीर्यको क्रूर राक्षसेश्वरलाइ त्यो ।
देख्ता मूर्छित सम्पूर्ण जगतै दङ्ग भो अहो ! ॥
अरुको के कुरा भो र भए असुर नै खुश ।
ऋषि-वानर-देवादि न हुन् किन अनी खुश ॥
यता लक्ष्मणलाई ती हनुमान्ले स्वबाहुले ।
उठाएर त्यहीं ल्याए रामभद्र जहाँ थिए ॥

१७७

१७८

भित्र सौहार्दथ्यो ठूलो भक्तिभाव थियो दृढ ।
यसर्थ उनको निम्ति हलुका नै भए तव ॥
वीर लक्ष्मण थी किन्तु शत्रुको निम्तिमा अफ ।
हल्लाँउन पनी गाह्रो हुने नै पो थिए दृढ ॥
त्यसरी युद्ध हारेका छोडी लक्ष्मणलाइ यी ।
गयो रावणको शक्ति त्यसकै रथमा पछि ॥
त्यै वेला ब्यूँ झियो राजा तेजस्वी थ्यो उठ्यो अनि ।
विशाल धनु बोक्यो बा ! हाल्यो बाण त्यहाँ पनि ॥
अचिन्त्य अंश सर्वोत्मा विष्णुको छ ममा गमी ।
भए लक्ष्मण तत्काल स्वस्थ नीरोगवान् अनि ॥
ठूल्ठूला वीर मारेको देखेमा कपि-सैन्यका ।
गरे रावणमा आफैं रामले हमला तदा ॥
यै वेला नजिकै आई हनुमान्ले भने यसो ।
चढेर पीठमा मेरो लड्नु वेस छ है प्रभो ! ॥
चढेर लडीबक्सिन्छ श्रीविष्णु गरुडैविषे ।
जसरी दैत्यका साथ हजुरओस् त्यै ठीक फूर्तिले ॥
हनुमान्का कुरा सुन्दा भए राम निकै खुश ।
तुरुन्त चढी हाले बा ! उनको पीठमा तव ॥
देखी रावणलाई त्यो बसेको रथबीचमा ।
तेजस्वी रामले झम्टे अब त्यै माथि युद्धमा ॥
झोक्किई भगवान् विष्णु आफ्नो चक्र लिईकन ।
झम्टेझैं बलिमा भैगो रामले झम्टिदा पुनः ॥
टङ्कारे धनु त्यो आफ्नो अब श्रीरामले वहाँ ।
भयो चर्स्याङ् परे जस्तो चर्को शब्द जहातहाँ ॥
अब गम्भीर वाणीमा स्वयं श्रीरामभद्रले ।
भने राक्षस—राजामा यसरी दृढ शान्तिले ॥
पख ! राक्षसका राजा ! अब जान्छौ कहाँ तिमी ।
अपराध गर्‍यौ मेरो अब गाह्रै छ बाँच्नु नि ! ॥

१९१

१९२

सारा राक्षसमा वीर हौ ! छौ ! सिंह सरी तिमी ।
त्राण पाँउन गाह्रै छ सक्छौ अब छिटै तिमी ॥
ब्रह्मा तथा इन्द्र र सूर्य-अग्नि दशै दिशामा यम-शम्भुमा बा ! ।
जहाँ लुकै जाउ मबाट बच्न समर्थ हुन्नौ अब संझ राजा ! ॥

१९३

१९४

छोड्यौ अहो ! लक्ष्मणमा तिमीले जो शक्ति, पार्‍यौ पछि मूर्च्छितै पो ।
म फेर्छु साटो त्यसको ल हेर ! छिटै तिमीलाई यहीं सकेर ॥
छोरा र नाती प्रिय बन्धु साथ मार्ने तिमीलाई लडेर आज ।
छु है म तिम्रै अघि राक्षसेश ! तिम्रो भलो छैन मिती पुगेछ ॥
बुझ्यौ ! यिनै लक्ष्मणले अगाडि बस्ता जनस्थानतिरै डटेर ।
मारी दिएथे सब बन्धु तिम्रा चौधै हजारौं रणमा लडेर ॥

१९६

१९७

कुरा श्रीरामका यस्ता सुनेपछि महाबली ।
वीर राक्षसको राजा बौलायो क्रोधले जली ॥
संम्झियो अघिको वैर बोकेका रामलाइ ती ।
देखेर हनुमान्‌लाई भो असह्य त्यसै पछि ॥

१९८

१९९

कालाग्नि ठीकका बाण तीनोटा छोडदियो तब ।
वायुका पुत्रमा ताकी लागे सर्र गई सब ॥
परन्तु बाण गै रोप्ता झन् उल्टो उनको हरे ! ।
बढ्यो तेज तथा शौर्य स्वाभाविक भएर ए ! ॥

२००

२०१

बाणले पार्दियो घाउ जत्र त्यो राक्षसेशले ।
श्रीराम अब त्यो देखि जले बा ! भित्र क्रोधले ॥
छोडेर पर्रा अब बाण आफ्ना तीखा र अव्यर्थ थिए सँधै जो ।
श्रीरामले राक्षसराजको हा ! पारी दिए बा ! रथ चूर्ण धूलो ॥
पाङ्ग्रा खस्यो, अश्व मरे, पताका झण्डा ढल्यो, सारथि खुस्कियो हा ! ।
थे राखिएका जति वस्तु भित्र विग्रे सबै खड्ग र शूल वज्र ॥
देवेन्द्रले बज्र सुमेरु माथि छोडे सरी राघव-वीरले यी ।
बज्रै सरीको शर आफ्नु तीखो हाने छिटै रावण वक्षमा त्यो ॥
लाग्दा पनी वज्र फिसै न मान्ने केही नठान्ने दृढ वीर राजा ।
त्यो रामको बाण गएर लाग्दा त्यहीं लड्यो बा ! धनु नै खस्यो हा ! ॥
गर्थ्यो यता छट्पट राक्षसेश देखे पछी राघवले विशेष ।
हानेर अर्को शर च्वाट्ट त्यस्को कीरीट काटे शिरको बलेको ॥
राजा भयो निर्विष सर्प जस्तो हो साँझको सूर्य समान शान्त ।
किरीटले हीन निशाचरेश श्रीराम द्वारा भनियो अनी त ॥
ठूलै गर्‍यौ काम अनेक वीर मार्‍यौ तिमीले रणबीच थाक्यौ ।
ठानेर यस्तो म तिमीकनै त भो आज लौ मार्दिन जाउ संझ्यौ ! ॥
गई पुरी भित्र थकाइ मारी शस्त्रास्त्र हाली रथमा चढेर ।
फर्की तिमी आउ पछी म राजन् ! मार्नेछु मेरो बल शक्ति हेर ! ॥
घोडा मरेको रथ भाँच्चिएको टुक्रा भएको धनु वीर राजा ।
श्रीरामले त्यत्ति भनी दिंदामा छोडी सबै वस्तु पस्यो पुरीमा ॥

२१०

CC-0. In Public Domain. Digitization by eGangotri

(१३४१)

लङ्कापुरी भित्र पसे पछि त्यो यी रामले वानर– सैन्यलाई ।
पारे छिटै स्वस्थ फिकेर बाण आफैं घुमी लक्ष्मण साथ भाई ॥
भागे पछी त्यो सुर-शत्रु सारा भए यता दङ्ग सुरासुरादि ।
दिशा खुले सिन्धु भुले महर्षि खुशी भए स्थावर—जङ्गमादि ॥
२१२

इति उनान्साठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

साठी सर्ग

राक्षसराज–रावणको आज्ञाले कुम्भकर्णलाई विउँझाँउनु

१

रामका बाण विभ्नाले पुरीभित्र पुगे पनि ।
निकै तर्सि सकेकोथ्यो राजा वीर भए पनि ॥
साह्रै दुखि रहेकोथ्यो थिए शिथिल इन्द्रिय ।
शेखी तुजुक भन्ने क्यै थिएन त्यसमा अब ॥
जस्तो गजेन्द्रलाई क्वै दोहोलो पार्छ सिंहले ।
जस्तो गरुडले पार्छन् दोहोलो नागलाइ ए ! ॥
त्यही ठीक त्यही जस्तो महात्मा रामभद्रले ।
त्यल्लाई पार्दिएका थे कायलै आफ्नु बाणले ॥
ब्रह्माकै दण्ड हुन् जस्ता रामका बाण थे सब ।
चम्किन्थे विजुली जस्तै झल्याक् झुलुक भै तव ॥
एक एक गरी संझ्यो राक्षसेश्वरले अब ।
बसी बैठकमा सोच्यो भित्र तोड पर्‍यो जब ॥
सिंहासन थियो दिव्य सुनको त्यसमै बसी ।
भृत्य राक्षसना हेर्‍यो त्यसले र भन्यो पछि ॥
सुन ए ! मूर्ख हो ! मैले त्यत्रो तप गरें अघि ।
अवश्य पनि त्यो सारा आज व्यर्थै भयो हकि ? ॥
थिएँ देवेन्द्र जस्तै म शक्तिमान् र पराक्रमी ।
त्यै मलाइ जित्यो आज तुच्छ मानिसले पनि ॥
भन्थे मलाई ब्रह्माजी यै कुरो अघि स्नेहले ।
तँलाई डर पर्नेछ मर्त्यकैमात्र संझि ए ! ॥
उनले जो भनेकाथे भयङ्कर कडा कुरा ।
आज त्यो मिल्न गो ठ्याक्क भोगें बा ! सब त्यो पुरा ॥
देव – दानव – गन्धर्व – यक्ष – राक्षस – सर्पले ।
न सक्ने मार्न यै मैले मागेथें बरदान ए ! ॥
रहेंछु बज्रमूर्खै म तर मानिसबाट यी ।
न मर्ने वर ता मैले माग्नै बिर्सेछु हा ! अघि ॥

१३

१४

राजा इक्ष्वाकुवंशी थे अनरण्य कुनै अघि ।
उनी पनि यसै भन्थे ममा श्राप दिदै पछि ॥
ए कुलाङ्गार ! सुन् मेरो वंशमा पछि एउटा ।
त्यस्तै पुरुष जन्मेला होला जो योग्य सर्वथा ॥
त्यसैले तँ र यो तेरो सैन्य अश्व र सारथि ।
तेरा मन्त्री तथा छोरा सारा मार्नेछ है लडी ॥
यस भित्र कुनै अर्की सती वेदवती थिई ।
गर्दा मैले बलात्कार झोक्किदै श्राप त्यै दिई ॥
सौभाग्यशालिनी देवी जानकी भई आज त्यै ।
यहाँ आइपुगी जस्तो लाग्न थाल्यो मलाइ है ! ॥
त्यो पुञ्जिकस्थला-रम्भा - उमा - नन्दीश्वरादिले ।
जस्तो जस्तो भनेकाथे कष्ट पाइ मलाइ ए ! ॥
त्यस्तै त्यस्तै भयो सारा अब पुग्ने पुग्यो हरे ! ।
किन हुन्थ्यो त्यसै झूठो ऋषिले जों भने भने ॥
यस्तै श्राप मिले सारा ममाथि हमला गरे ।
डर संकष्ट पार्नामा दृढ हेतु बने बने ॥
सुन राक्षस हो ! भैगो मुख्य हेतु त्यही बुझ ।
सके सम्म मिली सारा बच्ने यत्न पनी गर ॥
किल्लामा द्वारमा एवं राजमार्ग र मार्गमा ।
बसुन् राक्षस सम्पूर्ण देखरेख गरून् वहाँ ॥
जसमा टिक्छ गाम्भीर्य कसैमा न हुदो अहो ! ।
देव-दानवको पानी झार्न सक्तछ फेरि जो ॥
निद्राले छोप्छ जल्लाई ब्रह्माको शापले सधैं ।
छिटै जाओ उठाओ लौ ! त्यो कुम्भकर्णलाइ गै ॥
त्यस्तो प्रहस्त मारेको देख्तामा रणभूमिमा ।
हारेको त्यसरी आफैं भोग्दामा भरखरै यहाँ ॥

२६

२७

महान् बल हुने त्यस्तो वीर रावणले वहाँ ।
कडै आज्ञा दियो यस्तो उग्र राक्षस सैन्यमा ॥
जाओ तिमीहरू सारा पुरको द्वारमा बस ।
गर यत्न गरी, रक्षा राम्रो सँग डटी सव ॥
चढ्नु पर्खाल-किल्लामा बस्नु चंख भई बडो ।
विउँझाउँनु गै आई कुम्भकर्णकनै छिटो ॥
दुःखी चिन्तित भै बस्छु म यहाँ छर्पटाँउदै ।
त्यो निश्चिन्त भई सुत्छ घिच्नसम्म घिची सँधै ॥
महिना आठ त्यो सुत्छ कहिले दश सात बा ।
व्यूफन्छ कहिले स्वाँठ ठ्याक्क नौ महिना हुदा ॥
हो ! सल्लाह लिएको थ्यो त्यल्ले नौ महिना अघि ।
गई अनि सुतेको हो अब वेला पुग्यो त्यति ॥
महान् बल हुने भाई हो मेरो कुम्भकर्ण त्यो ।
जाओ तुरून्त त्यल्लाई उठाओ उठ्नु पर्छ त्यो ।
हामी राक्षस सारामा त्यही मुख्य छ वीर छ ।
राजपुत्र दुवैलाई जो छिटै मार्न सक्तछ ॥
हामी राक्षसको निम्ति जयध्वज सरी छ त्यो ।
सुत्छ मूढ भई नित्य गाउँले सुखमै फस्यो ॥
व्यूझिए पछि त्यो भाई डर्लाग्दो युद्ध वीच यो ।
दुःख लाग्दैन रामेले जितेता पनि युद्ध यो ॥
काम लाग्दैन ता यस्तो बेलामा पनि त्यो भने ।
सहाय दिन्न ता यस्तो दुःख पर्दा पनि भने ॥
बल वीर्य छ लौ मानौं त्यसको इन्द्र-ठीकको ।
भएर तर के गर्नु काम लाग्दैन व्यर्थ हो ॥
राक्षसेश्वरका यस्ता कुरा सुन्दा निशाचर ।
घरमा कुम्भकर्णैको पुगि हाले सरासर ॥
रक्त मासु सँधै घिच्ने यी निशाचरले सबै ।
खाने र पिउने वस्तु अव जम्वा गरे छिटै ॥
गन्ध-माल्यादि साथैमा चाहिने जत्ति वस्तु ली ।
दौडिएर पुगी हाले त्यसको घरबीच यी ॥
थियो एकान्त ठामैमा सुतेको कुम्भकर्ण यो ।
त्यो ठाम थ्यो गुफा यौटा गिरिको क्वै अजङ्गको ॥
थियो लम्बाइ-चौंडाई त्यसको एकेक-योजन ।
पस्ने ढोका थियो ठूलो आँउथ्यो गन्ध शोभन ॥

४३

४४

त्यहाँ राक्षस यी पस्ता न पस्ता कुम्भकर्णले ।
फेरेको सासले गर्दा मजैले पछि ठेलिए ॥
भित्र पस्ने भयो गाह्रो यिनलाइ वहाँ अव ।
बडो मुस्किलले अड्दै गुफाभित्र पसे तव ॥
गुफाका भित्रको भूमि रमणीय थियो सफा ।
ठोकेर सुनको पाता जडेको रत्न भै दिंदा ॥
यसै भित्र पसी देखे जाने राक्षस-वीरले ।
त्यहीं सुति रहेकोछ डर्लाग्दो कुम्भकर्ण ए ! ॥
अत्यन्त गाढ निद्रामा सुतेको कुम्भकर्ण थ्यो ।
देखिन्थ्यो छरिएको क्वै महान् पर्वतठीक त्यो ॥
लागे अव यसैलाई उठाँउन जगाँउन ।
गएका जति सम्पूर्ण उनीहरू मिलीकन ॥
त्यसका देहका सारा रुँका पंक्ति वास्तव ।
ठाडा भइ उठेकाथे देखिन्थ्यो उग्र पो तव ॥
महान् अजिङ्गरै जस्तो शोभिन्थ्यो स्वाँ ! गरी गरी ।
त्यसैले भुमरीलेझैं घुस्थे यी तानिई वरी ॥
त्यसका नाकका प्वाल थे ठूलठूला भयङ्कर ।
मुख पाताल हो जस्तो देखिन्थ्यो भै असुन्दर ॥
सर्वाङ्ग त्यसको ढल्थ्यो ठूलो ओछ्यानमा तव ।
दुर्गन्ध फैलिएको थ्यो बोसोको रक्तको सव ॥
शोभिन्थे बाहुमा बाजू किरीट शिरमा थियो ।
देखिन्थ्यो यसले गर्दा सूर्य जस्तो विचित्र पो ॥
बिउँझाउन जानेले अगाडि त्यसको अव ।
अनेकौंथर प्राणीको राखिदिए भक्ष्य वास्तव ॥
सुमेरु पर्वतै जत्रो थुप्रो खानेकुरा भयो ।
बदेल-मृग-राँगाको अरुको अन्न-सन्नको ॥
अनेकौं थर प्राणीका मासुका परिकार र ।
ताता रगतका घ्याम्पा राखिदिए बा ! अघिल्तिर ॥
देवका शत्रु भै सारा त्यसको देहमा तव ।
शुभ चन्दन पैह्राए जो फेंक्थ्यो वास मग्मग ॥
मालाकै साथ पैह्राए सुगन्धी पुष्प सुन्दर ।
बाले अगुरु इत्यादि वेस धूप मनोहर ॥
वीरको शत्रु नाश्ने त्यो गरे स्तुति मिली सव ।
अव गर्जन लागे यी भइ वादलकै ठिक ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

फुके शङ्ख लिई ठूला पूर्णचन्द्र सरी सफा ।
एकपल्ट मिली गर्जे विउँभाउन यी तदा॥
अनेकन गरे यत्न ठोके ताल पनी निकै ।
हल्लाए त्यसको आङ सवले पछि गर्जिदै॥

भेरी नगाडा पणवादि शंख बाजा बजाए उनले मिलेर ।
गरे अनेकौंथर यत्न चर्को कुर्लेर गर्जे दिइ ताल घेर॥

उनीहरूको अति चर्किएको यो शब्द सुन्दा अति नै डराई ।
चरा उडे व्याप्त गरी अकाश तलै खसे फुत्फुत किन्तु हाई !॥

हुँदा पनी त्यत्ति न व्यूँ भिदा त्यो डेगै न चल्दा र न हल्लिदा यो ।
जाने भए दिक्क अनी उनीले ठोके गदा-मुद्गर-बन्दुकैले॥

बतास लागेन परन्तु कत्ति त्यो वीर व्यूँभेन गरुन् न जत्ति ।
हाने तिनैले पछि छातिमाथि डाँडै बजारे अति भो नजाति॥

छोएन, व्यूँभेन र कुम्भकर्ण गरे अनेकौंथर यत्न फेरि ।
मुक्की तथा लात कसेर हाने पहाड राखे तनमाथि फेरि॥

तलै धरामा अति मस्त भै यो थियो सुतेको अति ढुक्क मानी ।
जाने थिए राक्षस वीर जत्ति भए सवै दुःखित दिक्क मानी॥

६८

६९

तान्दामा सास फेर्दामा निस्केको वायुले पनि ।
तानिन्थे पर्तिरै पुग्थे टिक्नै सक्तैनथे यिनी॥
यी निशाचरको संख्या दश-हज्जारको थियो ।
कसे कम्मर साराले अव व्यूँभाउनै अहो !॥
कालो गाजलको डाँडो हो जस्तै कुम्भकर्ण थ्यो ।
घेरे वा सवले फेरि गरे वेजोड यत्न पो॥
भेरी-मृदङ्ग-पणव-कुम्भ-शङ्खादि वाद्य यी ।
बजाए सवले ओहो अगाडि त्यसको बसी॥
बजाई यसरी बाजा बसे तापनि यी अघि ।
अँहँ ! व्यूँभेन त्यो वीर गर्जे तापनि उग्रती॥
अन्तमा क्यै न लाग्दामा फेरि यी सवले मिली ।
गर्न सम्म गरे यत्न अघि भन्दा पनी बढी ।
घोडा र गदहा ऊँट हिंडाए आङमा लगी ।
कोर्रा अङ्कुशले हाने त्यसलाई सवै मिली॥
मृदङ्ग नगडा भेरी बजाए शङ्ख फेरि र ।
महान् यत्न गरे ओहो ! ठोके मुसल मुद्गर॥

७६

७७

ठूलो कोकोहलो भैगो ढाक्यो लङ्कापुरी सब ।
अँहँ ! व्यूँभेन त्यो किन्तु डाँडै थर्के पनी सब॥
एकै पल्ट बजाए बा ! भेरी एक हजार ती ।
जस्का बजाँउने डण्डा राम्रा थे सुनका, पछि॥
शापको वशमा पर्दा यति गर्दा पनी जब ।
त्यो कुम्भकर्ण व्यूँभेन रिसाए अनि ता सब॥
डर्लाग्दा काम गर्ने ती क्रूर राक्षस अन्तमा ।
भोकिँदै गर्न लागे बा ! यत्न व्यूँभाउने वहाँ॥
भेरी ठोक्न कुनै लागे कुनै गर्जन जोडले ।
लुछ्छे केश कसैले ता कानै टोकिदिए हरे !॥
पानी ल्याइ सयौं घ्याम्पा कानैमा हाल्दिए तर ।
त्यो कुम्भकर्ण व्यूँभेन मोह निन्द्रा हुँदा दृढ॥
लामा ठूला हुने काँडा लिइ मुद्गर हातमा ।
ठोके बा ! अव साराले त्यसलाइ जहाँ तहाँ॥
बाँधे डोरी लखाकिले शतघ्नीहरू घेर र ।
हिंडाए त्यसको माथि व्यूँभिएन कसै तर॥

८४

CC-0. In Public Domain. Digitization by eGangotri

८५

मत्ता हात्तीहरू ल्याए दश हज्जार अन्तमा ।
दौडाए त्यसको माथि उनले अब झोकमा ॥

८६

दौडंदा आङमा हात्ती बल्ल पो कुम्भकर्णले ।
तिनको स्पर्श थापायो होश भो ब्यूझियो हरे ॥

८७

डाँडा खसाल्थे रूख साथ ठूला अझै पनि राक्षस झोकमा ती ।
चिलाइ मारे सरि भै दिनाले थिएन वास्तै त्यसलाइ कत्ति ॥
हात्ती हिंडाए पछि आङ माथि हज्जार ठ्याक्कै दश साथ साथ ।
निद्रा खुल्यो बल्ल र ब्यूझियो त्यो उठी बस्यो झट्पट शान्ति साथ ॥
तिर्खा तथा भोक बढी निकै त्यो उद्विग्न जस्तो पनि देखिइन्थ्यो ।
शरीर थ्यो सुस्त र हाइ–हाइ ! गर्थ्यो अझै त्यो अति अल्छि आई ॥
डाँडै सरीका दुई बाहु ठिक्क अजिङ्गरै झुन् सरि देखिइन्थे ।
जो ;बज्रको शक्ति समेत खात्तै त्यसै धकेलेर विनाशिदिन्थे ॥
तिनै दुवै बाहु उठाइ तानी त्यो हाइ गर्थ्यो जब सुस्त मानी ।
वेलाविषे त्यो मुख वीरको यो धपक्क बल्थ्यो बडवाग्नि जस्तो ॥

९१

९२

त्यसले हाइ गर्दामा त्यसको मुख वास्तव ।
ठ्याक्कै पाताल हो जस्तो देखिन्थ्यो भयदायक ॥
मेरूको टाकुरो माथि पुगेका सूर्यदेवको ।
तेजझैं तेजिलो दिव्य देखिन्थ्यो मुख यो अहो ॥
गरेर त्यसरी हाई ब्यूझियो कुम्भकर्ण यो ।
वहेझैं वायु डाँडामा सास फेर्‍यो विचित्र भो ॥
छोडेको भखरै निद्रा यसको रूप वास्तव ।
देखियो जगतै नास्ने लयका कालकै ठिक ॥
बिजुली सरि देखिन्थे अग्निझैं नेत्र ती दुई ।
उदाए ठीक शोभिन्थे ग्रह आकाशमा दुई ॥
अब ब्यूझाउनेले ती त्यसका अघिका सबै ।
खाने र पिउँने वस्तु देखाए जो थिए निकै ॥
छिटै भन्छा गरी हाल्यो त्यसले पनि त्यो सब ।
बदेल-मृग-राँगाका मासु अन्न सँगै तव ॥
सान्है भोक बढेकोले खायो मासु भए जति ।
निकै तिर्खा बढेकाले धोक्यो रगत थ्यो जति ॥
कैयौं घ्याम्पा थियो बोसो बुत्यायो सव त्यो पनि ।
नाना प्रकारका रक्सी पियो जाँडसँगै अनि ॥

१००

१०१

अघायो अव भन्ठाने जाने राक्षसले तव ।
उफ्रिदै अघि आए ती ढोगे घेरि बसे सव ॥
त्यो कुम्भकर्णका आँखा निद्राले लट्ठथे अझ ।
आधामात्र खुलेकाथे कान्तिहीन भए ठिक ॥
अव यस्तै अवस्थामा वीर त्यो कुम्भकर्णले ।
आँखा गाडी यसो हेर्‍यो सव राक्षस–भृत्यथे ॥
नडराओ ! भन्यो पैले सबैमा सान्त्वना दियो ।
पछि ब्यूझाउने हेतु सोध्यो जिल्ल परेर पो ॥
तिमीले किन हो ? यत्रो गरी आदर - भाउ यो ।
मलाई ब्रिउँझायौ वा ! भन लौ हेतु के पर्‍यो ॥
दाजु राक्षसका राजा छन् के कुशल रावण ? ।
पर्‍यो वा डर क्यै त्यस्तो यहाँ वा उनमा भन ? ॥
हो पक्कै पनि हो क्यारे अरूबाट हुने डर ।
यहाँ परेछ क्यै ठूलो जल्ले पारेछ थर्थर ॥
त्यही त्रास बिनास्नाको निम्तिमा हड्बडै गरी ।
मलाई बिउँझाएछौ गरी यत्न थरी थरी ॥
लौ भैगो ! आज मास्दिन्छु डर राक्षसराजको ।
आगो शीतल पार्दिन्छु ठोक्दिन्छु इन्द्रलाइ त्यो ॥

१०६

११०

पर्दा साना तिना हेतु म जस्तोलाइ भवाट्ट ता ।
बिउँझाउँन्नथे दाजु आफै भइ महान् कडा ॥
भन राक्षस हो ! तस्मात् त्यै मलाइ जगाँउन ।
पर्ने कारण के त्यस्तो पर्‍यो चर्कै भयो जुन ॥
यसरी झोक्किई सोध्यो जब त्यो कुम्भकर्णले ।
यूपाक्ष राजमन्त्री थ्यो हात जोडी भन्यो यसो ।
महाराज ! कुनै त्यस्तो दैवको डर त्रास ता ।
हामीलाइ छदैछैन पर्नै सक्तैन सर्वथा ॥
पर्‍यो सानै कुरा यौटा जावो मानिस एउटा ।
हामीलाइ पिरोल्दोछ हिजो आज भइ कडा ॥
डर त्यै मर्त्यको राजन् ! छ जस्तो अहिले प्रभो ! ।
थिएन अघि त्यस्तो ता देव-दानव-सम्मको ॥
पर्वतै ठीकका मोटा बलीया ऋक्ष वानर ।
आई घेरि रहेका छन् सारा लङ्का भइ स्थिर ॥
हर्दिदा त्यसकी पत्नी बढेको पीर रामले ।
गर्‍यो सव कुरा यस्तो डर पार्‍यो निकै हरे ! ॥
हजूरलाइ थाहैछ यौटा वानरले अघि ।
पसी लङ्कापुरी भित्र जलाएथ्यो सबै हकि ? ॥

११८

११९

त्यसैले पछि मारेथ्यो हाम्रा राजकुमार ती ।
अक्षलाइ पनी हात्ती साथीहरू सँगै लडी ॥
त्यै रामसँग राजाको पर्‍यो संग्राम अन्तमा ।
राजालाइ हरायो र ज्यूँदै छाडिदियो यहाँ ॥
भन्नु सम्म भन्यो फेरि सुस्ताँउन तँ राक्षस ! ।
जा बाबै ! भित्र लङ्कामा लडौंला पछि आ ! तव ॥
देव-दानवले स्वामिन् दैत्यले पनि जो दशा ।
पार्न सक्तैनथे, पार्‍यो रामेले अब त्यै दशा ॥
किन हामीहरू व्यर्थ झिंजो विन्ती गरौं अति ।
बडो मुस्किलले बाँच्यो राजाको प्राण त्यस्‌बछि ॥
युद्धमा दाजु राजाको हारको नमजा कुरा ।
त्यो कुम्भकर्णले स्वात्तै सुन्यो यूपाक्ष बाट हा ! ॥
आँखा पारेर ठूल्ठूला छक्क पक्क पर्‍यो अनि ।
मन्त्री यूपाक्षलाई त्यो भन्यो बा ! त्यसले पनि ॥
बुझिस् यूपाक्ष ! लौ भैगो ! म अैले कपिका गण ।
राम लक्ष्मण मार्दिन्छु अनि गै दाजु भेट्छु म ॥
भालू-वानरको मासु-रक्तले पोस्छु राक्षस ।
राम-लक्ष्मणको तातो रक्त धोक्तछु मै सव ॥

१२७

१२८

घमण्डले पूर्ण र झोक्किएको कुरा सुनी दुच्छर वीर त्यस्को ।
भन्यो पछी राक्षसवीर मुख्य महोदरैले कर जोडी ठ्याप्प ॥

१२९

महान् बाहु हुने राजन् ! पैले राक्षसराजको ।
कुरा के छ सुनी बक्से वेस हुन्थ्यो कि है प्रभो ! ॥
त्यसमा छन् गुण के के दोष छन् कत्ति यो सव ।
शोची गएर लड्दामा जितिन्छन् शत्रु ती सव ॥
त्यसका यी कुरा सुन्दा कुम्भकर्ण उठ्यो तव ।
जान दाजु भए ठाम घेरे राक्षसले सव ॥
त्यसलाइ उठाएर डर्लाग्दो रूप-नेत्रको ।
यता अघि गए केही राजामा भन्न त्यो कुरो ॥
राजसिंहासनैवीच बसेको भव्यरूपको ।
राजामा हात जोडेर भने राक्षसले यसो ॥

१३३

१३४

महाराज ! उठी बक्स्यो वीर भाइ हजूरका ।
अव आज्ञा हओस् स्वामिन् ! उहाँले गर्नु के कुरा ? ॥
कि सोभिझइ त्यतै बाट जानु संग्रामभूमिमा ।
हजूर हेरि बक्सिन्छ कि आएको उहाँ यहाँ ॥
तिनमा खुश भै भन्छ अव राक्षसराज त्यो ।
त्यसरी भन्न आएका भृत्य राक्षसमा यसो ॥
पहिले हेर्न चाइन्छु म यहाँ भाइलाइ त्यो ।
उनको गर सत्कार यथोचित सुयोग्यको ।
भनेर अव जो आज्ञा राजाज्ञा लिइ ती सव ।
कुम्भकर्ण भए ठाम आइ भन्छन् यसो तव ॥

१३८

CC-0. In Public Domain. Digitization by eGangotri

१३९

सारा राक्षसका रत्न राजा रावण वास्तव ।
हजूरलाइ भेट्नामा भइ बक्सिन्छ उत्सुक ॥
लौ! तसर्थ सवारी होस् राजदर्वारमा प्रभो! ।
बढाइ बक्सियोस् आफ्ना दाजुमा हर्ष योग्यको ॥
सुनी यो दाजुको आज्ञा हुन्छ जान्छु वहीं भनी ।
शय्या बाट उठ्यो ठ्याक्क बडो मुस्किलले अनि ॥
पहिले मुख धोएर नुहायो पछि हर्षले ।
ल्याओ पेय पिओैं केही भन्यो बल बढाँउने ॥

१४२

१४३

भयो रावणको आज्ञा ल्याए राक्षस गै छिटो ।
अनेकौं थरका भक्ष्य मद्य-मांसादि सम्म पों ॥
पिएर दुइ हज्जार घ्याम्पा रक्सी थरीथरी ।
अव जान भयो ठिक्क कुम्भकर्ण उठीवरी ॥
स्वस्थ ताजा भई हाल्यो केही मद पनी चढ्यो ।
बढ्यो फूर्ति चढ्यो तेज झोक्केको कालझैं भयो ॥
राजदर्वारमा जाँदा त्यसका पद-भारले ।
भइन् बा! पृथिवी थर्र धम्म! धम्म!! हुँदा हरे! ॥

१४६

१४७

पाथ्र्यो उज्यालो सव राजमार्ग त्यो विचित्रको आफ्नु शरीर-तेजले ।
पार्छन जसोरी झलमल्ल यो जगत् श्रीसूर्य नारायण आफ्नुतेजले ॥
जोडी दुवै हात निशाचरेशको दर्वारमा गो अव कुम्भकर्ण यो ।
लिएर द्यौताहरू साथ इन्द्र पो ब्रह्मा भए ठाम गए सरी भयो ॥
यो देखियो बा! अव राजमार्गमा क्वै टाकुरो पर्वतकै हिंडे सरी ।
यल्लाइ देखे कपिले मजासित जाँदा वहाँ बाहिरबाट राम्ररी ॥
भालू तथा वानर सैन्यका पति जो जो थिए वीर र बुद्धिमान् अति ।
तिनीहरूसम्म पनी हरे शिव! यल्लाई देखे पछि आत्तिए सव ॥
निकै जसो वानर त्रास बढ्न गै शरण्य श्रीराम भए तिरै गए ।
भागे निकै ता भइ भित्र पीडित कुनै लडे तत्क्षण आत्तिई हरे! ॥
अग्लो थियो त्यो गिरि-टाकुरो सरि कीरीट थ्यो शोभित टाउको भरी ।
प्रकाशले आफ्नु प्रशस्त तेजले यो देखिइन्थ्यो रविझैं विचित्र ए! ॥
त्यस्तो बढेका जिउको र अद्भुत यल्लाइ देख्ता कपि-यूथ वस्तुतः ।
सातो गएझैं हुन गो सवै अनि यता उता भाग्न पुग्यो त्यसै पनि ॥

१५२

इति साठी सर्ग

एकसट्ठी सर्ग

विभीषणले श्रीरामलाई कुम्भकर्णको परिचय दिनु

१

धनु हात लिने एवं तेजस्वी वीर्यवान् अति ।
रामले पनि देखे बा ! कुम्भकर्णकनै पछि ॥
थियो किरीट पैह्रेको झल्झलाकार रूपको ।
महान् देह हुने त्यस्तो कुम्भकर्ण विचित्रको ॥
देखिन्थ्यो पर्वतै जत्रो भगवान् विष्णुले अघि ।
बढेझैं नाप्न आकाश त्यो नाप्तै हिड्दथ्यो अघि ॥
देखिन्थ्यो जल बोकेको कालो बादल ठीक त्यो ।
झल्किन्थ्यो सुनका बाजू टल्किंदा दिव्यझैं बडो ॥
आँखा गाडी यसो हेर्दा देख्ता त्यस्तो अजङ्गको ।
ठोके बा ! फेरि कुर्कुचा भालू–वानरले अहो ! ॥
बढ्दो राक्षसलाई त्यो भागेको आफ्नु सैन्य यो ।
देख्ता श्रीरामले सोधे ती विभीषणमा यसो ॥
भन ? लङ्कापुरीमा क्वै ठूलो पर्वत हो सरी ।
देखिने वीर त्यो को हो लौ चिह्नाउ त राम्ररी ॥

७

८

शोभिन्छ शिरमा ओहो ! किरीट भइ तेजिलो ।
पहेंला नेत्र छन् मेघ जस्तै छ बिजुली लिंदो ॥
देखिन्छ फेरि यो सारा पृथ्वीको ध्वज ठीकको ।
भाग्छन् जल्लाइ देख्तामा ठूल्ठूला कपि-सम्म पो ॥
मोटो अग्लो तथा ठूलो को हो यो हो त राक्षस ? ।
कि ता असुर हो कोही भन के हो कुरा सब ? ॥
यस्तो अद्भुतको प्राणी मैले ता ए विभीषण ! ।
थिएन पहिले कैले देखेको पनि, हो कुन ? ॥
सञ्जीलै जे पनी गर्ने राजाका पुत्र रामले ।
सोधिएका महान् विद्वान् ती विभीषणले भने ॥
ए प्रभो ! यिनले पैले युद्धमा भगवान् यम ।
जितिए इन्द्रकै साथ लडेर भइ विक्रम ॥
विश्रवा मुनिका साक्षात् प्रतापी पुत्र यी तिनै ।
हुन् राक्षस कुम्भकर्ण छैन यी तुल्यको कुनै ॥

१४

१५

यी वीरले दानव यक्ष देव भुजङ्ग एवं अरू राक्षसादि ।
जिते मजै साथ हजार पल्ट गन्धर्व विद्याधरपन्नगादि ॥

१६

महान बल हुने क्रूर डर्लाग्दा नेत्रका यिनी ।
जब लड्न भनी आफैं शूल ली कसिए अनि ॥
देख्तैमा त्यस वेलामा ठमाए मार्न मुस्किल ।
कालै भनी यिनीलाई भागे देव अनी सब ॥
कुम्भकर्ण स्वभावैले छन् तेजस्वी महाबली ।
अरु राक्षसका स्वामी वरलेमात्र छन् बली ॥

१८

१६

महान् देह हुने वीर यिनले जन्मदै प्रभो ! ।
खाए अनेक हज्जार प्राणी भोकाँउदा अहो ! ॥
आहार यिनका बन्दा हजारौं जीव-जन्तु ती ।
इन्द्रको शरणै पर्न गए बच्ने प्रजा जति ॥
देवता साथका सारा उनले अन्तमा प्रभो ! ।
इन्द्रमा आफ्नु त्यो कष्ट बिसाए दुःखले बडो ॥

२१

२२

देवेन्द्रले वज्र लिएर तीखो छोडे यिनीमाथि रिसाइ ज्यादै ।
प्रहार लाग्दा त्यसको पछाडि गर्जे यिनी क्षुब्ध र क्रुद्ध भै भै ॥

२३

वीर राक्षस यी स्वामिन् ! त्यसरी गर्जिदा वहाँ ।
आत्तिए विश्वका प्राणी सारा फेरि जहाँतहाँ ॥
महान् बल हुने वीर यिनले पछि इन्द्रका ।
हात्ती ऐरावतैको त्यो उखेले दाँत एउटा ॥
कसेर ठोक्दिई हाले त्यसैले इन्द्रलाइ ता ।
भयो हृदय नै फुट्न लागेझैं इन्द्रको तदा ॥
यो देखे पछि सम्पूर्ण देव ब्रह्मर्षि दानव ।
डराए सहसा स्वामिन् ! आत्तिए त्रासले सब ॥
अनि इन्द्र प्रजा साथै ब्रह्मको धाममा गए ।
दुष्टयाइँ यिनको सारा सुनाए पछि दुःखले ॥
भने-खायो प्रजा सारा देवतालाइ ठोक्दियो ।
ऋषिको आश्रमै मास्यो परस्त्री पनि हर्दियो ॥
भने देवेन्द्रले फेरि यो यसै गरि दिन्दिन ।
खान्छ ता सब यी प्राणी शून्य हुन्छ जगत् पुनः ॥
इन्द्रका यी कुरा सुन्दा भगवान् विधिले पछि ।
साराराक्षस डाकेर भनिए कुम्भकर्ण यी ॥
भयाद्द देख्ता यिनीलाई ब्रह्मालाई पनी प्रभो ! ।
पऱ्यो अत्यास पैले ता धैर्य ली पछि भन्नु भो ॥
ए कुम्भकर्ण ! पक्कै हो यो जगत् नाश्न निम्तिमा ।
तँलाई विश्रवाले त्यो जन्माएछ बुझिस् ! यहाँ ॥
जगत् बचाँउनानिम्ति श्राप दिन्छु तँमा अतः ।
आजदेखि तँ सुत्नेछस् मुर्दै जस्तो भई स्वतः ॥
पर्दा त्यो श्राप ब्रम्हाको दाजु रावणकै अघि ।
लडे डङ्ग्रङ्ग यी वीर भइ सातै गए सरि ॥
दाजु रावणमा यल्ले भित्र दुःख भयो निकै ।
उनीले आत्तिदै तस्मात् ब्रह्माकन भने यसै ॥
ब्रह्मन् ! रोपेर आफैंले बढाएको महान् रुख ।
कैले काटिन्न आफैंले दिने वेला हुँदा फल ॥
हो यो हजूरको नाती यसैलाई विफ्वाँकमा ।
यस्तो श्राप दिई हाल्नु योग्य हो त प्रभो ! यहाँ ? ॥

३७

३८

भैगो ! हजूरको बोली हुन्न भूठो त्यसै अतः ।
सुत्ने छ हुन्छ ! यो भाई आजदेखि मजैसित ॥
परन्तु यसको निम्ति सुत्नु व्यूझनु योग्यको ।
काल तोकिनु पर्ने भो तोकियोस् अव त्यो प्रभो ॥
आज्ञाभो अनि ब्रह्माले सुनी रावणको कुरो ।
सुत्ला छ महिनासम्म व्यूझला दिन एक यो ॥
यो भोकाइ त्यही यौटैदिनमा पृथिवी घुमी ।
बढेको अग्निले जस्तै खाला प्राणी निकै अनि ॥
तिनै रावण राजाले प्रभुको डर पर्न गै ।
व्यूँझाए अहिले स्वामिन् ! यिनलाइ झसङ्ग भै ॥
अहिले वीर यी निस्के आफ्नो शिविरबाट त्यो ।
हिंड्छन् बानर खाँदै जो क्रुद्ध छन् अति नै प्रभो ! ॥
देख्ना साथ यिनीलाई भाग्दछन् कपि यी सव ।
कसरी रोक्न सक्थे यी युद्धमा क्रुद्धछन् जव ॥
आज्ञा भइ दिए वेस हुन्थ्यो कि वरु वाक्य यै ।
मायाको यन्त्र हो अग्लो यो यौटा अरू हैन क्वै ॥
त्यो कुरो भन्दिना साथ सत्र वानर ढुक भै ।
बुझी तथ्य कुरा बस्थे डर मान्दैनथ्ये कसै ॥
युक्तियुक्त बडो वेश यी विभीषणका कुरा ।
सुने श्रीरामले डाके अनि नीलकनै तदा ॥
भने पछि उनैलाई सेनापति थिए जुन ।
वीर ए अग्निका छोरा ! अब ध्यान दिईसुन ! ॥
तयार होउ है लड्न क्वै व्यूह रचना गरी ।
आफ्ना सैन्यहरूलाई ठिक्क पार तिमी बढी ॥
लङ्काका सव ढोकामा राजमार्ग र मार्गमा ।
गरेर पहरा पालो बस्नु भन्नु जहाँ तहाँ ॥
साना ठूला हऊन् ढुङ्गा जम्बा पार सवै रुख ।
यसरी ठिक्क भै बस्नु तिमीहरू सवै अव ॥
पाइ यो रामको आज्ञा सैन्यका पति नीलले ।
भने जस्तै गरे आज्ञा भालू—बानरलाइ ए ! ॥

५२

CC-0. In Public Domain. Digitization by eGangotri

५३
गवाक्ष शरभ तथा हनुमान् अङ्गदादिता । विजयोल्लासले फुल्ने वीर यी कपि रामको ।
डाँडै बोकी बसी हाले लङ्काका द्वारमा तदा ॥ आज्ञा सुनेर ढुङ्गा र मूढा लिई बसे अहो !॥
५४
५५
शत्रु राक्षसका सेना देखेकि त्यसलाइ ता ।
ठोक्दिन्थे यी मजैसाथ भै निर्डर जताततता ॥
ह-हातमा पर्वत-टाकुरो र मूढा लिएका कपि सैन्य वीर ।
मेघै सरी पर्वतको नजीकै आई पुगेको ठिक देखियो है ॥
५६

इति एकसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बासट्ठी सर्ग

रावणले कुम्भकर्णलाई लड्नको निम्ति पुठ दिनु

१

महान् वीर्य हुने शुरो यो राक्षसशिरोमणि ।
निद्रा मद चढी लठ्ठ भैरहेथ्यो अझै पनि ॥
बढेकोथ्यो निकै शोभा आज त्यो राजमार्गको ।
तुच्छ पारेर त्यल्लाई जाँदैथ्यो राज-सद्न यो ॥
त्यसका साथ त्यो वेला हजारौं वीर राक्षस ।
थिए वरीपरी घेर्थे त्यो जान्थ्यो यसरी तव ॥

३

४

जाँदा बगलमा पर्थे घर जो राजमार्गको ।
तिनबाट छरिन्थ्यो बा ! यसमा पुष्प वृष्टि पो ॥
अव राक्षस-राजाको रमणीय विशाल त्यो ।
दरवार भए ठाम पुग्यो देख्यो सवै कुरो ॥
लाग्नाले सुनका जाली अतिसुन्दर थ्यो जुन ।
सूर्यको तेज झल्केझैं झल्किन्थ्यो थ्यो मनोरम ॥

६

७

श्रीसूर्यनारायण मेघ भित्र पसे सरी सुत्त पसेर भित्र ।
देख्यो परैबाट स्वदाजुलाई बसीरहेको अति हड्बडाई ।
देवेन्द्र देवादि लिएर साथ देख्छन् जसोरी विधिदेवलाई ।
त्यै ठीक देख्यो शुभ आसनैमा बस्ने वहाँ रावण-वीरलाई ॥

८

९

साथ राक्षस ली सारा जाँदामा घर दाजुको ।
थर्काँ उथ्यो धरालाई कुट्टैले कुम्भकर्ण त्यो ॥
पस्यो महल-ड्यौढीमा र पुष्पक-विमानमा ।
बस्ने दाजुकनै देख्यो पर्ने आतुस चित्तमा ॥
देखी नजिक आएको भाइलाई यता अव ।
छोडी आसन त्यो आयो नजीकै यसको तव ॥
राक्षसेश बस्यो आई स्वसिंहासनमा अनि ।
दाजुको पाउमा ढोग्यो भाइले भक्तिमान् बनी ॥
महान् बल हुने त्यस्तो भाईले पछि दाजुमा ।
प्रेम साथ झुकी सोध्यो-कुन काम पर्‍यो यहाँ ! ॥
दाजु रावण उफ्रेर भाइ साथ भई खुश ।
मार्‍यो ग्वाम्म अँगालो बा ! लाम्टाको स्नेह भो दृढ ॥

१४

१५

पाएर यसरी आफ्ना दाजुको अभिनन्दन ।
नजिकैमा बस्यो भाई दिव्य आसनमा पुनः ॥
अव राता भए आँखा भाई यो कुम्भकर्णको ।
दाजुलाइ भनी हाल्यो प्रश्नका रूपमा यसो ॥
राक्षसेश्वर ए दाजु ! मलाई यसरी किन ।
गरी आदर व्यूँझायौ हेतु के पर्न गो भन ? ॥
कसैको डर आयो कि तिमीलाइ यहाँ पनि ।
जान खोज्छ कि क्वै व्यक्ति परलोकतिरै पनि ॥
अव रावण झोक्क्यो बा! झोकिने भाइ साथ त्यो ।
पिर्लिक्क नेत्र पल्टायो भन्यो पछि यिनै कुरो ॥
महान् बल हुने बाबु ! तँ सुतेको निकै भयो ।
जान्दैनस मस्त भै सुत्ता रामको डर पर्न गो ॥

२०

२१

थिए राजा दशरथ तिनैको पुत्र राम हो ।
त्यसकै साथ सुग्रीव छ वानर बली बडो ॥
त्यसले सिन्धु त्यो नाघ्यो हाम्रो राक्षस-वंश यो ।
समूलै नाश्न त्यो खोज्छ डरको हेतु यै त हो ॥
आँखा गाडी यसो हेर् त ! तरी त्यो सिन्धु सेतुले ।
आए वानरका फौज लङ्कामा व्याप्त भै सके ॥
वन-कानन सम्पूर्ण छोपे एकार्णवै भयो ।
मुख्य राक्षस ठूल्ठूला मार्दिए घोर युद्ध भो ॥
अँहँ ! वानर मर्दैनन् युद्धमा क्यै गरे पनि ।
जितेनौं अघि हामीले तिनलाई पनी कहीं ॥
महान् बल हुने वीर ! कुरो बुझ् ! डर हो यही ।
हाम्रो रक्षा तँ गर् बावै ! अब गै युद्धमा लडी ॥
यसै कारणले बाबु ! मैले नै भवाट्ट संझिई ।
छिटै तँलाइ ब्यूझाएँ आफ्नो कर्तव्य संझिई ॥

२७

२८

सकियो ढुकुटी हाम्रो खर्च गर्दा लडाँइमा ।
बचा लङ्कापुरीलाई लौ छिटै जनि गर्‌मसा ॥
छैनन् लायकका व्यक्ति जवान पुरमा अब ।
बूढा बालक छन् बाँकी युद्धमा गै मरे सब ॥
महान् बाहु हुने बाबु ! दाजुको निम्तिमा तँ गै ।
न सक्ने अरूले गर्ने काम गर् बल झिक् सबै ॥
शत्रु नाशिदिने भाई ! मैले ता आजसम्म त ।
बुझिस् ! थिइन यसरी भनेको भाइलाइ त ॥
मेरो स्नेह छ तैं साथ आशा राख्छु म तैं सँग ।
शत्रु नाश्न तँ नै सक्छस् बल वीर्य छ तैंसँग ॥
अनेकौं पल्ट तैंले नै युद्धमा देव दैत्यको ।
जितेकों छस् मजैसाथ सबैलाइ लडी अहो ! ॥
डर्लाग्दो वीर्यको मेरो प्यारो भाइ ! तँ नै अब ।
गर् बावै ! काम यो वीर्य-शौर्य, पूर्ण झिकी सब ॥

३४

३५

किन ? भन्छस् भने बाबु ! यी सारा जीव-जन्तुमा ।
तँ भन्दा बलवान् प्राणी छैनन्, देखिन जो यहाँ ॥
छिटै तँ गर् अब सब यो भलो हुने तँ छस् यता अतिशय लड्न तम्सिने ।
भुसुक्क पार् अरि कपि-सैन्य वीर्यले गई शरद्घनकन ठीक वायुले ॥

३६

इति बासट्ठी सर्ग

—

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिसट्ठी सर्ग

भाई कुम्भकर्णले दाजु–रावणलाई नचाँहिने काम गऱ्यौ भन्नु र म लडेर सबैलाई सिध्याईदिन्छु भन्नु

१

दाजु-राक्षस-राजाको सुने पछि विलाप यो ।
कुम्भकर्ण निकै हाँस्यो पछिबाट भन्यो यसो ॥
पहिले के बुझ्यौ दाजु ! ती विभीषण आदिको ।
साथै बसेर हामीले गरेथ्यौं जो विचार त्यो ॥
ठिक्कै थ्यो ! त्यै सरी अैले हुन गो कि गएन हा ! ।
सारा दोष तिमीमाथि थुप्रियो कष्ट भै यता ॥
तिमीलाई भनेकै हुन् हितैषी व्यक्तिले हित ।
तिमीले क्यै सुनेनौ त्यो पायौ संकट यो अतः ॥
खुच्चिङ् दाजु ! तिमीलाई त्यै आफ्नो पापकर्मले ।
अहिल्ये यसरी गाल्यो के गर्छौं अब वीर्यले ॥
पापकर्म गरी पापी नर्कै पर्छ छ निश्चित ।
त्यै पाप-कर्मले सक्छ तिमीलाई पनि अतः ॥
तिमीले अघि ए दाजु ! आफ्नु त्यो बल-वीर्यको ।
बढ्दो के बल शेखीले त्यो कुकर्म गऱ्यौ अहो ! ॥
अयोग्य कर्म हो भन्ने ठानेनौ अघि वास्तव ।
शोचेनौ पछि के होला भन्ने पनि गमी तव ॥
सुन ! राक्षसका स्वामिन् ! चढ्दा ऐश्वर्यको मद ।
अकर्तव्य डटी गर्छन् विश्वका व्यक्ति वस्तुतः ॥
बिर्सन्छन् पहिले गर्ने योग्य काम कुरा उनी ।
पछि गर्ने कुरा गर्छन् पहिले मत्त भै अनि ॥
त्यस्तालाई बुझ्यौ दाजु ! हुन्न नीति-अनीतिको ।
ज्ञान भन्ने कुरा कत्ति हुन्छन् मूढ—समान जो ॥
स्थिति ठाम तथा योग्य वेला-बखत ठीकका ।
यदि काम-कुरा हुन्नन् भने पिर्छन् तिनै सदा ॥
संस्कार-हीन आगोमा होमेता पनि शुद्ध र ।
पवित्र हवि, देलान् के तिनले फल सुन्दर ? ॥

१३

१४

त्यही ठीक भए दाजु ! तिम्रा काम-कुरा सब ।
परिश्रम दिने एवं पछि कष्ट दिनेतक ॥
राखी मन्त्रीहरू साथ राम्रो शोच-विचारले ।
क्षय—वृद्धि तथा स्थान रूप यी वस्तुमात्रले ॥
भएको युक्त आदर्श साम दान र दण्ड यी ।
कर्मका तत्त्व ती पाँच एक एक गरी बुझी ॥
प्रयोग गर्छ जो राजा त्यही नै राजनीतिको ।
बाटोमा टिक्छ, त्यै मात्र कहिन्छ अति योग्यको ॥
जो राजा फेरि ए दाजु ! नीतिशास्त्र बमोजिम ।
आफ्ना मन्त्रीहरू राखी गरी सल्लाह उत्तम ॥
वेला-बखतको ठिक शत्रुका क्षय-वृद्धिको ।
तथा आफ्नो पनि शोची काम गर्दछ योग्य जो ॥
फेरि जो बुद्धिले आफ्नो मित्रको आफ्नु पक्षको ।
भलो हित हुने काम गर्छ त्यै योग्य व्यक्ति हो ॥
धर्म अर्थ तथा काम यी तीनै एकपल्ट वा ।
पृथक् पृथक् गरी यद्वा गर्छ सेवन जो सदा ॥
धर्म-अर्थ, अर्थ-धर्म काम-अर्थादि-युग्म यी ।
गर्छ सेवन वेलामा भने त्यै वेस हो अति ॥
धर्म अर्थ तथा काम यी तीनै वस्तुमा पनि ।
धर्म नै मुख्य मानिन्छ शोच्नु पर्दछ यो पनि ॥
त्यस्तै विशेष मौकामा अर्थ-काम दुवैकन ।
पन्छाई धर्म यौटाकै गर्नु पर्दछ सेवन ॥
हितैषी गुरु वा मित्र-द्वारा राम्रो सुनी बुझी ।
यो कुरा खान्न ता कत्ति के बुझ्यौ ! मूर्ख हो त्यही ॥
त्यो राजै होस्न, राजाको व्यक्ति होस् योग्यको कि ता ।
मूर्खै मानिन्छ है दाजु ! खेर फ्याँक्यो बढाइ हा ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

उदार छ भने राजा राखी मन्त्रीहरू प्रभो ! ।
गरेर सर-सल्लाह बेला-बखत ठीकको ॥
दान-भेद र वीर्यैका माथिका पाँच योग र ।
नयानय दुवैको यी ख्याल राखेर सुन्दर ॥
धर्म अर्थ तथा काम जो राजा गर्छ सेवन ।
बुझ्यौ ! त्यल्लाइ आपत्ति त्यहाँ पर्दैन क्यै पुनः ॥
शास्त्रको मर्म जानेका गर्न सक्ने भलो हुने ।
मन्त्रीहरू लिई साथ ठमाएर हितै हुने ॥
जो राजा ठिक्क वेलाको काम गर्छ भने त्यही ।
स्थिर हो धीर हो दाजु ! नाशिन्न कहिले यही ॥
अयोग्य पशुकै जस्ता भएका मति वा गति ।
व्यक्तिलाई त्यसै आफ्नो मन्त्रीमण्डलमा लिई-॥
सल्लाह लिन खोज्दा ती जान्दैनन् अर्थ, शास्त्र जो ।
के दिन्छन् ? के भलो हुन्छ? कुरै गर्छन् न चाँहिदो ॥
जाँन्दैनन् अर्थशास्त्रादि शास्त्रको ज्ञान शून्य छ ।
सम्पत्ति जोर्नकै मात्र त्यस्ताको जान्छ ध्यान त ॥
स्वाँठ हुन् लठुवा हुन् ती मन्त्रीमा छन् अयोग्य यी ।
त्यस्ताको क्यै कुरा सुन्न हुदै हुन्न छ यो स्थिति ॥
उनमा धृष्टता हुन्छ त्यसैको भरमा परी ।
कुरा हित हुने जस्तो गर्छन् दुष्ट थरीथरी ॥
त्यस्ताको ती कुरा सुन्छ गर्छ राजा भने यदि ।
त्यसको जान्छ राजश्री झटी झाम्टा सँगै लिई ॥
मन्त्रीमा लिनु नै हुन्न त्यस्तालाइ कसै गरे ।
लिए भुसुक्क पार्दिन्छन् काम धाम सबै भरे ॥
दुष्ट अर्कोथरी मन्त्री साम-आदि उपाय ती ।
जानेका शत्रुकै साथ मिल्ने हुन्छन् लुकी छिपी ॥
पछि ती आफ्नु राजाको राज्यश्री नष्ट पार्दिन ।
सँधै गराँउछन् उल्टै उल्टो काम दनादन ।
कुनै काम कुरो गर्न लिंदा निश्चय राय वा ।
कस्ता काम कुरा गर्छन् त्यस्ता मन्त्रीहरू सदा ॥
दिनु पर्दछ राजाले त्यसैमा ध्यान राम्ररी ।
त्यसैबाट मजासाथ चिन्नु पर्दछ दुष्ट ती ॥
भनाई घूस इत्यादि शत्रुबाट लिएर ती ।
उनकै काम गर्दिन्छन् आफ्नो मित्र भई, पछि ॥

४३

४४

बुझ्यौ ! दाजु ! छ जो राजा अति चञ्चल चित्तको ।
दङ्ग पर्छ कुरै सुन्दा आपातरमणीय त्यो ॥
न शोची न बुझी भवाट्ट जेसुकै काममा पनि ।
हात हाल्छ भने ताड्छन् त्यसका शत्रुले पनि ॥
त्यसको छिद्र त्यै हुन्छ क्रौञ्च-पर्वतको सरी ।
चरा टीक भई शत्रु पार पुग्छन्, लडीवरी ॥
सुन ए दाजु ! जो राजा जस्तो होस् आफ्नु शत्रुको ।
न बुझी गति वा शक्ति हेप्छ ता भो अयोग्य त्यो ॥
त्यो राजा अन्तमा राजन् ! दुःख पाउँछ वेसरी ।
राज्यच्युत पनि हुन्छ त्यही पछि न राम्ररी ॥
बुझ्यौ ! तिम्री महारानी मेरी भाउजु हुन् सती ।
उनले के भनेकी थिन् संझाई यसमा अघि ॥
कान्छा भाई उता हाम्रा ती विभीषण के कुरो ।
भन्दथे, राय के दिन्थे के गर्ने ? संझ त्यै कुरो ॥
मेरो पनि छ यै राय हित हुन्थ्यो त्यसै गरे ।
टेरेनौ अघि, जे गर्छौ गर लौ अब गर्नु के ? ॥
सुन्ना साथ कुरा यस्तो भाई त्यो कुम्भकर्णको ।
झोक्यो दशमुखे राजा आँखा टेढो गरी भन्यो ॥
तँ मेरो गुरु जस्तो भै मान्य आचार्य झैं बनी ।
उपदेश दिंदो छस् के ? यसो गरि समा पनि ॥
तेरो शासन चल्दैन काम लाग्दैन भाषण ।
बुझिस् ! केही लछार्दैन यै हो व्यर्थ परिश्रम ॥
ती कुरा छोडिदे बाबै ! यो वेला योग्य के छ त्यो ।
बरु शोच् ! हित होस् हाम्रो त्यै गरौं, जो गरोस् भलो ॥
चित्तको मोहले यद्वा भ्रमले बल-वीर्यको ।
भरले अघि मैले जो गरें त्यो सब ठीकथ्यो ॥
भनेका पनि हौ सारा तिमीले त्यो कुरा समा ।
मैले मानिन साँच्चै हो ! संझदैछु सबै यहाँ ॥
के गर्छस् अब यो वेला ती कुरा संझिई पुनः ।
जो वित्यो सो वित्यो बाबै ! शोच्दैनन् बुद्धिमान् जन ॥
लौ भन् त अब के गर्ने यसैमा गर् विचार तँ ।
मेरो अनीतिको दुःख शान्त पार् वीर्य झिक्न तँ ॥
आफूमा बल सद्वीर्य छ भन्ठान्छस् भने तँ ता ।
म दाजुमाथि वा तेरो स्नेह सम्बन्ध क्यै छ ता ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

यद्धा हृदयमा तैँले मेरो यो काम गर्नु नै ।
मुख्य कर्तव्य ठानेको छस् भने जा तँ लड्न नै ॥
बुझिस् ? मित्र सुहृत् त्यै हो थालेको काम नष्ट भै ।
हुने दुःखित आफ्नामा गर्छ मद्दत जो सँधै ॥
त्यही हो बन्धु सुन् नाथे ! बाटो हिंड्दा कुरीतिको ।
खाल्डोमा भ्वाम्म खस्नेको गर्छ मद्दत योग्य जो ॥
धीर भै न डगी कत्ति यस्ता चर्का र दारुण ।
कुरा राक्षस-राजाका सुन्यो बा ! भाइले पुनः ॥
भ्वास्स भित्र परी हाल्यो भाइको मनसा अव ।
रिसायो दाजु यो मेरो भन्ने पनि कुरा तव ॥
तस्मात् मधुरबाणीमा विस्तारै भइ नम्र त्यो ।
दाजु राक्षस-राजामा भन्न लाग्यो अनी यसो ॥
दाजुको देहमा आँखा यै वेला यसको पऱ्यो ।
देख्यो-इन्द्रिय तातेका थिए बा ! वीर दाजुको ॥
त्यो कुम्भकर्णले तस्मात् दाजुलाइ रिझाँउन ।
भन्यो चित्तबुझाएर यसरी शान्त भै पुनः ॥
शत्रु नाश्ने महाराज ! सावधान भई अव ।
सुनिवक्स्योस् कुरा मेरा मान्नु पर्दैन भो दुख ॥
संताप छोड्दिबक्स्योस् भो! न रहोस् रिस-राग त्यो ।
शान्त स्वस्थ भई बक्स्योस् माशिछोड्छु म पीर यो ॥
पृथ्वीनाथ ! सुनी वक्स्योस् यस्तो भाइ छँदाछँदै ।
तर्कना मनमा यस्तो लिइ बक्सनु हुन्न है ! ॥
दाजुमा जसले गर्दा पीर ताप छ यो हुँदो ।
पार्दिन्छु निमिट्यान्नै म सव त्यो गै छिटै प्रभो ! ॥
सुनिवक्स्योस् महाराज ! मैले जैलेसुकै पनि ।
दाजुको हित कल्याण हुने नै शोच्नु पर्छ नि ! ॥
अनि त्यै ठीकका काम कुरा नै गर्नु पर्दछ ।
तस्मात् त्यस्तो भनेको हूँ दाजुको स्नेह भै दृढ ॥
लौ भैगो! अव जो होला आज्ञाले भातृस्नेहले ।
जसो गर्दा भलो हुन्छ त्यसै गर्छु छ योग्य जे ॥
भैगो ! नजर होस् राजन् ! दाजु राज भई यहाँ ।
कसरी शत्रु माश्दिन्छु म गई रणभूमिमा ॥
हजूर देखिबक्सेला आजै दाजु ! मजासित ।
मैले लक्ष्मणकै साथ मारेको रामलाइ त ॥

७७

७८

भालू-वानरका सेना डराइ अनि थर्थर ।
आजै नजर होला है भागेको पनि पर्तिर ॥
महान् बाहु हुने दाजु ! रणबाट म गै लडी ।
रामेको शिर काटेर ल्याँउनेछु यसै घडी ॥
प्रसन्न भइबक्सेला त्यो देख्ता दाजु वास्तव ।
रुन थाल्ली उता सीता यो देख्ता पीर भै दृढ ॥
आजै यो पनि देख्नेछन् लङ्काका सव राक्षस ।
रामेको मृत्यु, छन् दुःखी मार्दिदा बन्धु जो अव ॥
बन्धु मर्दा हुने दुःखी उनको शोक त्यो सव ।
मारी शत्रु सवै माश्छु पुच्छु आँसु पनी अव ॥
लौ ! आजै गिरि हो जस्तो सूर्यझैं मेघभित्रको ।
मरेको देखिबक्सेला ढेडू सुग्रीवलाई त्यो ॥
राक्षसेश ! सुनी बक्स्योस् म र यी सव राक्षस ।
त्यो रामेलाई नै मार्न इच्छा राख्छौं छ निश्चय ॥
आश्वासन पनी दिन्छौं काम त्यो पूर्ण गर्नमा ।
तैपनी किन हो ? दाजु ! हुने दुःखित झन् यहाँ ?॥
सुनी बक्स्योस् ! कुरा साँचो पैले मेरै गरी वध ।
त्यल्ले सक्यो भने देखि गर्नेछ प्रभुको वध ॥
यस हालतमा राजन् ! त्यो रामेसँगता मता ।
कत्ति छैन डराएको लिन्न संताप क्यै मता ॥
अतुल्य वीर्यले आफ्ना शत्रु पिर्ने प्रभो ! स्वतः ।
मलाइ बक्सियोस् आज्ञा लौ!जा लड् !यत्ति मात्र त॥
यी जावा शत्रुको साथ लड्नमा प्रभुले अव ।
मुख ताक्नु अयोग्यै छ अरूको म छु वास्तव ॥
प्रभुको शत्रु जो होस्न कुवेर-वरुणादि र ।
यमाग्नि वायु देवेन्द्र मै सक्दिन्छु लडी सव ॥
ठूलो पर्वत हो जस्तो छ विशाल शरीर यो ।
त्रिशूल हातमा लिन्छु तीखा दाह्रा झिकी प्रभो! ॥
अनि गै युद्धमा दाजु ! म गर्जन्छु मजासित ।
त्यो वेला काँप्छ देवेन्द्र पनि त्रास बढी स्वतः॥
शस्त्रास्त्र न लिई केही त्यसै पिंढ्यै हिंडे पनि ।
बाँच्न खोज्ने कुनै व्यक्ति अघि पर्दैन क्वै पनि ॥
लौ भैगो लिन्न शस्त्रास्त्र खड्ग शक्ति गदा शर ।
मस्मिएढी पाछुं हातैले इन्द्रकै साथका सुर ॥

९४

CC-0. In Public Domain. Digitization by eGangotri

९९

न मानिबक्सियोस् ताप लिनु पर्दैन पीर भो ।
म छंदैछु नि है दाजु ! प्यारो भाइ हजूरको ॥
प्रभुका शत्रु ती मारन म हिंडे राक्षसेश्वर ! ।
त्यो रामेलाइ मार्दिन्छु राजहोस् भइ निर्डर ॥
राम-लक्ष्मण कै साथ सुग्रीव-कपिलाइ त्यो ।
सजीलै सित मार्दिन्छु पीर यो छोड्नु वेस हो ॥
लङ्का जलाउने पैले मार्ने राक्षस-वीर ती ।
छ क्या रे हनुमान् ढेडू सक्छु त्यल्लाइ मै मिची ॥
म साथ रणमा लड्न तम्सिई आउलान् जति ।
म सुलुक्कै निली सक्छु भालू वानरलाइ ती ॥
राक्षसेश्वर ! ए दाजु ! आज ता प्रभुलाइ म ।
अलौकिक महान् कीर्ति दिन चाहन्छु उत्तम ॥

१००

१०१

प्रभुलाइ छ ता केही ब्रह्माको इन्द्रको भय ।
त्यो पनी पार्छु निर्मूलै अँधेरो सूर्यले ठिक ॥
फोक्किएँ म भने दाजु ! काँप्तछन् देवता पनि ।
अरुको के कुरा भो र हुन् यी ता मानिसै अति ॥
म राम्रै शान्त पार्दिन्छु यमलाइ पनी प्रभो ! ।
त्यो अग्नि सर्वभक्षी हो त्यल्लाइ पनि खान्छु पो ॥
तारा नक्षत्र साथैको सूर्य झार्छु म भूमिमा ।
मार्दिन्छु इन्द्रलाई त्यो सक्छु सिन्धु पिई यहाँ ॥
सारा पर्वतलाई म धूलो पीठो बनाउछु ।
भूमण्डलकनै सारा माशीदिन्छु म छेड्दछु ॥
निकै सम्म सुती बल्ल उठेको कुम्भकर्णको ।
खाइने आज यी प्राणी हेरुन् शक्ति छ कत्तिको ॥

१०६

१०७

रक्षसेश्वर ए दाजु ! आज त्रैलोक्य नै सब ।
खाए पनि अघाँउन्न यो मेरो पेट वास्तव ॥
म दाजु ! रामेकन युद्धभूमिमा गएर मार्दिन्छु छिटै पुगी वहाँ ।
न मानिबक्स्योस् अब पीरसीर भो लौ राज होस् ढुक्क भई यहीं प्रभो! ॥
छ भाइ जो लक्ष्मण साथमा वहाँ मार्दिन्छु त्यल्लाइ पनी म युद्धमा ।
भालू तथा वानरका बडेबडे ती नाइकेलाई म खाइ सक्छु ए ! ॥
ए दाजु! आजै गरिबक्सियोस् मजा लौ धोकबक्स्योस् मदिरा हओस् मजा ।
जो दुःख छन् त्यो मनमा हजूरको ती फ्याँकिबक्स्योस् अब ढुक्क भै प्रभो! ॥
आजै म रामेकन पार वेसुर पठाइ दिन्छू यमराज कै घर ।
केही नलाग्दा वशमा हजूरकी होली अनी पो पछिसम्म जानकी ॥

१११

इति त्रिसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौसट्ठी सर्ग

महामन्त्री महोदरले कुम्भकर्णलाई हप्काँउनु र राक्षसराजलाई नलडीकन इच्छापूर्ति हुने कुरो भन्नु

१

विशाल देहको त्यस्तो डर्लाग्दो बलवान् तथा ।
बढेको बाहुको शोभा उग्रै हो कुम्भकर्ण ता ॥
त्यसका मुखका त्यस्ता कुरा सब सुने पछि ।
महोदर महामन्त्री भन्नथाल्यो यसो गरी ॥
कुम्भकर्ण ! तिमी यत्रो कुलमा जन्मियौ हकि ? ।
परन्तु बुद्धि तिम्रो छ मूर्ख मानिसकै सरि ॥
निकै धृष्ट घमण्डी छौ यसै कारणले तिमी
कर्तव्य कत्ति जान्दैनौ सबै विषयको तिमी ॥
जानिबक्सिन्छ है राम्रो हाम्रा राजा यथार्थतः ।
अनीति कुन हो नीति के कुरा गर्नु योग्य छ ॥
छौ अल्लारे ठिटा जस्तै कुम्भकर्ण ! तिमी अतः ।
राजाकै अघि गर्दा छौ धृष्ट भै यी कुरातक ॥
हामी राक्षसका रत्न राजा साँच्चै भने अहो ।
कर्तव्य जानिबक्सिन्छ बेला- बखत ठीकको ॥
शत्रुका पक्षको कस्तो क्षय वृद्धि र स्थान छ ।
आफ्नु कस्तो छ राजामा यो सबै दृढ ज्ञान छ ॥
जसले वृद्धको सेवा सत्सङ्ग र उपासना ।
इत्यादि कर्म क्यै त्यस्तो गरेको छैन ता यहाँ ॥
सद्‌बुद्धि जसको फेरि छ मूर्खै व्यक्तिको सरि ।
बलवान् व्यक्ति जो कर्म गर्नै सक्तैन क्यै गरी ॥
अर्थात् अनुचितै हो यो भन्ने ठान्छ भने पुन ।
कसरी गर्नु त्यै काम बुद्धिमान् जनले भन ? ॥
सुख-साधन हुन् धर्म अर्थ काम त्रिवर्ग यी ।
यिनका सिद्धिको हेतु यौटै सत्कर्म हो त्यही ॥
किन ? भन्छौ भने देखि न गरीकन कर्म क्यै ।
गर्नेले पनि पाउन्न त्यो त्रिवर्ग यहाँ कसै ॥

१३

१४

यौटाले कर्म जो गर्छ गर्दैनन् अरु ता भने ।
फल भोग्दछ त्यै गर्ने शुभाशुभ छ जो हुने ॥
हो विरुद्ध सरी छन् यी ता पनी धर्म-कामको ।
सेवा सँगसँगै हुन्छ यौटैले गर्न सक्छ जो ॥
यो कुरा देखिएकै छ भन्छौ धर्म ! तिमी भने ।
किन धर्म-विरोधी त्यो काम चाँहि न सेविने ? ॥
जप-ध्यानादि यी धर्म यज्ञ दानादि अर्थ ती ।
निष्काम भावले बावु ! गरिन्छन् ता भने यदि ॥
यिनले चित्तको शुद्धि गराई मोक्षरूपको ।
फल भोगाँउछन् पक्कै गर्नेलाइ, छ सत्य यो ॥
परन्तु कासनामा क्यै तल-माथि पर्‍यो भने ।
हुन्छन् अभ्युदय स्वर्गफल सम्म तिनै दिने ॥
माथिका धर्म वा अर्थ जो हुन् ध्यान-क्रियात्मक ।
नित्य-कर्मस्वरूपी छन् सर्वथा गर्नु पर्दछ ॥
यी नित्य कर्मका धर्म बिग्र्यो गर्न छुट्यो कि त ।
त्यसै अनर्थ भै हाल्छ अधर्मै लाग्छ वस्तुतः ॥
प्रत्यवाय यिनै हुन्छन् छुट्‌तैनन् यी कसै पछि ।
तसर्थ यिनको गाँठो छ काम्यै-कर्मबीच ती ॥
यी काम्य-कर्म ता बावु ! न गरे पनि वस्तुतः ।
क्यै लछारिन्न, लाग्दैन प्रत्यवाय समेत त ॥
के बुझ्यौ ? यो अवस्थामा माथिका धर्म-अर्थको ।
अपेक्षा, यी दुवै भन्दा 'काम' नै सेव्नु वेस हो ॥
विश्वका व्यक्तिले बावै ! आफ्ना धर्म-अधर्मका ।
फलता भोग्नु नै पर्छ यो लोक-परलोकमा ॥
विशेष कामना राखी गरेको कर्मको फल ।
यहीँ पाँउछ गर्नेले थोको पुग्ने गरी सब ॥

२६

२७

धर्मादि फल पाए भैं गरेका कर्मको फल ।
यहीं पाँउछ तत्काल तसर्थ बुझ यो सव ॥
यसै कारणले मैले आफ्नै सिद्धान्त यो भनें ।
त्यो धर्म अर्थ भन्दा ता 'हो कामै श्रेष्ठ' यै गुनें ॥
राजाको निम्तिमा तस्मात् यो काम पुरुषार्थको ।
गर्नु राम्रो गरी सेवा उचितै छ र वेस भो ॥
राक्षसेश्वर यी हाम्रा राजाको मनमा पनि ।
यै अठोट छ, राम्रो छ गर्नु पर्छ त्यही अनि ॥
राजाका मनको भाव बुझी त्यै ठीक चल्नु नै ।
मन्त्रीको पनि हो काम छ मेरो पनि राय नै ॥
के बुझ्यौ ? आफ्नु वैरीमा गर्नु उत्साह लड्नको ।
कुनै अनीति होला र ? तस्मात् त्यो सव वेस हो ॥
कुम्भकर्ण ! तिमीले जो भन्यौ-एक्लै म लडन गैं ।
रामेका फौज ती सक्छु, त्यो पनी छैन ठीक है ! ॥
घमण्ड छ तिमीलाई यो आफ्नो बल-वीर्यको ।
त्यसकै भरमा कड्क्यौ तर होइन योग्य यो ॥
कुरो दोठ्याङ खायो बा ! न भिल्दो भो यहीं सुन! ।
म दिन्छु यसमा हेतु किन ? भन्छौ भने पुनः ॥
त्यै रामेले बुझ्यौ ! बावु !त्यो जन स्थानमा अघि ।
चौध हज्जार ती हाम्रा बन्धु मार्‍यो छिटै लडी ॥
बलशाली थिए कस्ता वीर राक्षस ती सव ।
यो पनी सम्झ है बावु ! के चाला पार्दियो तव ॥
रघुवंशी त्यही वीर रामेको अघि गै तिमी ।
म एक्लै सक्छु भन्दाछौ पत्याऔं कसरी अनि ? ॥
त्यै जनस्थानमा पैले बलवान वीर दुर्जय ।
शूरा राक्षसलाई यी पार्‍यो कायल वास्तव ।
त्यसको डरले काँप्नै भागेर रणबाट त्यो ।
यहीं आइ बसेका छन् कैयौं राक्षस ती अहो ! ॥
छन् लङ्काभर छ्यापछ्याप्ति छ अझै उनमा डर ।
के देख्तैनौ उनीलाई हेर ती ! छोड वेसुर ॥
थिए राजा दशरथ उनैको जेष्ठ-पुत्र त्यो ।
बलीयो वीर रामे हो छ भयङ्कर वीर्यको ॥
त्यसको वेग त्यस्तै छ हुन्छ जो क्रुद्ध सिंहको ।
के तिमी भिड्न सक्छौ त त्यसै संग गई अहो ! ॥

४३

४४

के न्यूँ झाउन खोज्दा छौ सुतेको सर्पलाई क्वै ।
तिम्रो यो मूर्खता देख्दा भै सकें म त जिल्ल है ! ॥
सुन ! फेरि छ रामेमा अनौठो तेज वास्तव ।
वैरी माश्न त्यही सक्छ जुन बल्दछ धप्धप ॥
झोक्कियो त्यो भनेदेखि हुन्छ दुर्जय मृत्युझैं ।
अब को वीर होला त्यो जो जित्ला त्यसलाइ गै ॥
चर्को शत्रु छ त्यो रामे तेजस्वी दृढ दुर्जय ।
जाओस् सैन्य सबै हाम्रो कुन्नि है जित्न, कष्ट छ ॥
यस हालतमा बावु ! एक्लै गै लड्न त्यै सँग ।
तिमीले आँट्नु ता अल्लि सुहँउन्न म मान्दिन ॥
भालू वानरका सेना त्यसका छन् सहायक ।
प्राणको आश छोडेर जो आफै नित्य लड्दछ ।
अठोट गर्छ जो फेरि शत्रु माश्न भई स्थिर ।
अरूको मुख ताक्तैन गर्छ जो बाहुकै भर ॥
भन वैरीकनै त्यस्तो संझिई तुच्छ शत्रु क्वै ।
वशमा लिन सक्ला को योद्धा भै असहाय गै ? ॥
सुन राक्षसका रत्न ! दाँजोमा त्यसको कुनै ।
पुग्न सक्तैन, क्वै व्यक्ति छैनन् मानिस—जातिमै ॥
वीर्यमा इन्द्र जस्तै र तेजमा सूर्यझैं छ जो ।
त्यै रामे सँग गै एक्लै लड्छु भन्छौं तिमी अहो ! ॥
यै हो अयोग्यको आँट पत्याँइन्न कसै गरे ।
अव यस्ता कुरा छोड भलो हुन्न त्यसो गरे ॥
त्यो महोदर मन्त्रीले कुम्भकर्णकनै हरे ! ।
भन्यो त्यत्ति मजा साथ निकै रन्किइ क्रोधले ॥
बस्ने राक्षसका बीच सारालोक रुवाँउने ।
राजा रावणमा भन्छ फेरो भै नम्रता लिने ॥
हजूर पनि त्यस्तै हो महाराज ! यथार्थमा ।
अव के खोजिबक्सिन्छ सीता छ जव हातमा ॥
विलम्ब किन गर्ने हँ ? भद्रो हेर्ने कुरो छ कि ? ।
प्रभुले आँटिबक्स्यो कि जानकी वशकी भई ? ॥
राक्षसेश्वर ! यल्लाई फुर्‍यो यौटा उपाय यो ।
लत्रन्छे जसले सीता गर्छे सेवन नाथको ॥
हुने भो सजिलै काम धोको पुग्छ हजूरको ।
यसै गर्दा भलो हुन्छ सुनिवक्स्योस् म भन्छु त्यो ॥

६०

६१

सुनी ध्यान दिई राम्रो प्रभुको बुद्धिले पनि ।
ठीक माने जँचे देखि त्यही काम गरौं अनि ॥
घोषणा गरिबक्स्योस् यो अब लङ्कापुरी भर ।
जान्छन् राक्षस पाँचोटा वीर यी लड्न भै स्थिर ॥
कुम्भकर्ण र संह्रादी वितर्दन महोदर ।
द्विजिह्व, यिनले मार्छन् त्यो रामेलाइ खर्खर ॥
अनि हामीहरू जान्छौं रणमा लड्दछौं पनि ।
बल फूर्ति पनी झिक्छौं सकेको यत्नवान् बनी ॥
त्यस्ता शत्रुहरूलाई सक्यौं ता जित्न वेस भो ।
त्यसै वश परी सीता चाहिएन उपाय त्यो ॥
बाँचिहाले भने शत्रु युद्ध हार्‍यौं भने प्रभो ! ।
उपाय अनि त्यै राम्रो गरौंला जुन उब्जियो ॥
रामका नाम खोदेका रामेका तीक्ष्ण बाणले ।
रोपाई देह यो हामी फर्कन्छौं नत्र वेगले ॥
अनि लङ्कापुरी घुम्छौं हामीले सजिलैसित ।
राम-लक्ष्मणलाई ती खायौं भन्छौं सवैसित ॥
त्यै वेला भन्दछौं हामी प्रभुका पाउमा लडी ।
हामीले प्रभुका शत्रु मार्‍यौं स्वामिन् निकै लडी ॥
तस्मात् अव महाराज ! हाम्रो इच्छा भए जति ।
छिटै पूर्ण गरी बक्स्योस् पुगोस् धोको भए जति ॥
अनि पृथ्वीपते ! स्वामिन् ! हात्तीमाथि कसैकन ।
चढाई राम्ररी भयाली पिटाई बक्सियोस् पुनः ॥
ती पाँच व्यक्तिले आज युद्धमा राम लक्ष्मण ।
दुवैलाई सके मारे खाए ती कपिका गण ॥
त्यत्तिले पनि पुग्दैन राक्षसेश्वर ! अन्तमा ।
साह्रै खुश भई बक्स्योस् प्रभुचाँहि स्वयं यहाँ ॥
वीर ती भृत्यमा आफ्ना उनका मनका कुरा ।
सवै पुग्ने गरी बक्स्योस् धोको मेटिदिदै पुरा ।

७४

७५

विलास-भोगका वस्तु दास-दासी अनेकन ।
ती आफ्ना भृत्यले पाँउन् गहना कपडा धन ॥
अनुलेपन-माल्यादि भोगुन् राम्रै गरी उनी ।
राज होस् प्रभु भै दङ्ग मद्य-पान गरी अनि ॥
फिजिन्छ अनि यो हल्ला सवैतिर त्यसै पनि ।
खाए राक्षसले राम सुहृत् साथ सवै भनी ॥
सुन्दछे अनि त्यो हल्ला जानकीले पनी वहाँ ।
पछि नाथ सवारी होस् स्वयं एकान्त ठाममा ॥
संझाएर मजा साथ पछि त्यल्लाइ नाथले ।
बक्सियोस् चाहिने वस्तु फकाएर प्रयत्नले ॥
धन-धान्य तथा रत्न गहना कपडा सव ।
त्यसलाइ दिइबक्स्योस् पारी वक्स्योस् छिटै खुश ॥
छल यो जाल हो वेस धोको पुग्छ हजूरको ।
सीता अनाथिनी ठान्छे आफैंलाइ अनी प्रभो ! ॥
हो ! बढ्छ त्यसको शोक न हुँदा तर क्यै गति ।
प्रभुकै वशकी हुन्छे लत्रन्छे जो त्यसै पछि ॥
त्यसको पति हो राम्रो त्यै मर्‍यो, यो सुने पछि ।
त्यसै अत्यासमा पर्छे वशमा पर्दछे पछि ॥
नारी हो त्यो पनी राजन् ! नारीमा दोष छन् सव ।
त्यसमा पनि ता होलान् पारौं यै छिद्रले वश ॥
यही उपाय गर्दामा सजीलैसित जानकी ।
प्रभुको वशमा पर्छे इच्छा पुग्दछ जो पछि ॥
पहिले सुख भोगेकी हो नारी रत्न जानकी ।
अहिले पनि योग्यै छ सुख भोग्न अनेक यी ॥
हिजो आज महाराज ! दुःख पर्दा असह्य हा ! ।
झिनै भइ सकेकीछ दुब्लाएर त्यसै बरा ! ॥
अनि त्यस्तो अवस्थामा छ त्यो सुख हजूरकै ।
खुशीमामात्र भन्ठानी वश पर्छे छ योग्य यै ॥

८८

८९

मेरो छ यै राय विचार राजन् ! गमेर हेर्दा छ भलो हुने यै ।
हजूर रामे संग लड्न जाँदा अनर्थ होला बुझिबक्सियोस् है ॥
तस्मात् नभै उत्सुक युद्ध गर्न यसै गरौं पुग्छ सवै कुरा त्यो ।
लौ शोचिबक्स्योस् नगरी लडाईं हजूरको पुग्दछ शीघ्र धोको ॥

९०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

राजा भई उद्धत शत्रुलाइ ती जो जित्छ राजन् ! न लडी उपाय ली ।
नाशिन्न सेना त्यसको कसैगरे रहन्न शङ्का पनि मृत्युको भरे ॥
पवित्र एवं अति उच्च रूपको सत्कीर्ति भेट्टाँउछ त्यै यहाँ प्रभो ! ।
त्यै राज्यलक्ष्मी चिरकाल सम्मकी बसी बसी भोग्छ लिई जसै जति ॥
६२

इति चौसट्ठो सर्ग

पैसट्ठी सर्ग

युद्धको निमित्त कुम्भकर्णको प्रस्थान

१

त्यो महोदरले त्यत्ति के भनेथ्यो वहाँ हरे ! ।
हप्कायो पछि त्यल्लाई वीर यो कुम्भकर्णले ॥
अनि शान्त भई आफ्नो दाजु राक्षसराजमा ।
यसरी भन्न लाग्यो त्यो जोशले दिइ सान्त्वना ॥
महाराज ! म गै आज दुरात्मा रामलाइ त्यो ।
छिटै भुसुक्क पार्दिन्छु मारिदिन्छु छ सत्य यो ॥
हजूर अनि ए दाजु ! त्यसको वैरभावले ।
छुट्कारा पाइ भै मुक्त राजहोस् सुख-शान्तिले ॥
पानी कत्ति नबोकेको मेघले गर्जिए सरि ।
शूर-वीर महाराज ! गर्जिन्नन् व्यर्थ वेस्करी ॥
हजूर हेरिबक्सेला म युद्धस्थलमा गई ।
कामले वीर्यले आफ्नो गर्जिनेछु कडा भई ॥
छन् शूर वीर जो साँचा ती आफ्नो मुखले प्रभो ! ।
प्रशंसा आफ्नु गर्दैनन् भन्ठान्छन् गर्नु हुन्न त्यो ॥
नवकी मुखले तस्मात् चूपचाप खटी डटी ।
नसक्नेअरुले गर्न कर्म गर्छन् स्वयं लडी ॥
दाजुप्राथ भनी यत्ति झोक्किंदै कुम्भकर्ण त्यो ।
फर्क्यो महोदरैपट्टि फरक्कै र भन्यो यसो ॥
सुन् ! महोदर ! इस् ! तेरा कुरा यस्ता नचाँहिने ।
कल्ले सुन्छ र जो बक्छस् चाँहिने र ः चाहिने ।
सुन् ए ! जो मूर्ख राजा छन् काप्छन् जो भित्र भै डर ।
छु मै पण्डित भन्ठान्छन् स्वांठ छन् बुद्धिका तर ॥
त्यस्तै राजाहरू सुन्छन् तेरा यस्ता कुरा जति ।
तिनैलाइ मजा लाग्छ वेस मान्छन् तिनै पछि ॥
नसक्ने लड्न, डर्मान्ने तँ जस्ता बेवकूफ नै ।
यस्ता चिप्ला कुरा गर्छन् राजालाइ रिझाउने ॥

१३

१४

तैं जस्ता भै दिंदा मन्त्री हो ! हो ! प्रभु भनी भनी ।
राजालाई विगार्‍यौ हा ! सत्यानाश गर्‍यौ पनि ॥
लङ्कामा छैन क्वै बाँकी मरेछन् सैन्य हा ! सव ।
राक्षसेश्वर यी दाजु मात्र छन् शेष वास्तव ॥
गएछ सर-सम्पत्ति ढुकुटी रित्तियो सव ।
गरेछौ काम वैरीको तिमीले मित्र भै सव ॥
न भेट्ता बुद्धिले आफ्नो त्यस्ताले जे भन्यो त्यही ।
गर्ने, ठीक त्यही मान्ने राजा पायौ भयो अति ॥
लौ भैगो ! अव हेर् जान्छु शत्रु जित्न म युद्धमा ।
सछिटै सव माशिदन्छु पार्‍यौ आपत्ति जो यहाँ ॥
आफ्नो दुर्नीतिले गर्दा तैँ जस्ताले न राम्ररी ।
भाँड्भैलो पार्दियौ सारा मै सम्हाल्दछु राम्ररी ॥
वीरोचित झिक्यो वाणी बुद्धिमान् कुम्भकर्णले ।
सुन्यो हाँस्तै भन्यो तस्मात् पछि राक्षसराजले ॥
सारा रण कला जान्ने वीर बावु ! यता सुन ।
त्यो रामेबाट काँप्तोछ यो महोदर छिन्छिन ॥
यसमा छैन क्यै शङ्का यसैले लड्न-सड्न यो ।
बुझ्यौ ! मन पराँउन्न काँप्छ युद्ध भन्यो कि यो ॥
आत्मीय-जनमा मेरा सौहार्द वल-बुद्धिमा ।
तिम्रो बराबरी गर्ने छैन व्यक्ति कुनै यहाँ ॥
भैगो ! अव तिमी जाऊ युद्धमा शत्रुलाइ ती ।
भुसुक्क पार्न वा नाश्न जयश्री लिन तम्सिई ॥
तिमी सुतिरहेकाथ्यौ शत्रुनाश्न समथ थ्यौ ।
अनि व्यूंझाइयौ बाबु ! मै द्वारा नै कुरा बुझ्यौ ? ॥
हामी राक्षसको निम्ति युद्धमा लड्न जानमा ।
यही उत्तम वेला र शुभ शाइत हो यहाँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
लिएको हातमा पाशो यमराज सरी भई ।
तिमी अब गइहाल हातमा शूल त्यै लिई ॥
देखिने सूर्य झैं तेजी राम-लक्ष्मणलाइ ती ।
भालू वानर कै साथ खाई सक थिची मिची ॥
तिम्रो यो रूप देख्तैमा भालू-वानर भाग्दछन् ।
राम-लक्ष्मणको चाँहि हृदयै फूट्छ मर्दछन् ॥
भाइ साथ भनी यत्ति तेजस्वी राक्षसेशले ।
ठान्यो आफ्नो पुनर्जन्म भएकै ठीक पो हरे ! ॥
सारा राक्षसको राजा भाइ यो कुम्भकर्णको ।
बल वीर्य छ के कस्तो राम्ररी सब जान्दथ्यो ॥
त्यत्तिकैले भयो ढुक्क सफा चन्द्र समान भै ।
बन्यो आह्लादलेयुक्त पीर-सीर गयो सबै ॥
दाजु रावणले यत्ति भन्दा फुर्क्याँउदा अब ।
आइ त्यो कसिई हाल्यो युद्धमा जान भै खुश ॥
महान् बल भएकैथ्यो छोड्यो महल निस्कियो ।
शत्रु संहार्न सक्नेथ्यो कसियो लड्न वीर त्यो ॥
तीखो शूल उठायो बा ! त्यसले फूर्तिले पुनः ।
सुनै-सुन जडेकोथ्यो फलामे ढालुवा जुन ॥
इन्द्रका वज्रकै जस्तो कान्तिथ्यो यसको पनि ।
गह्रौं पनि थियो त्यस्तै त्यत्तिकै गतिलो पनि ॥
देव दानव गन्धर्व यक्ष नाग अनेकन ।
यल्ले सकिसकेकैथ्यो सक्न सक्थ्यो स्वयं पुनः ॥
र-राता फूलका माला शोभिन्थे यसमा निकै ।
फ्याँक्थ्यो यो अग्निका झिल्का बल्दथ्यो भइ धप्धपै ॥
वैरीको रक्त लागेको त्यै शूल लिइ हातमा ।
त्यो कुम्भकर्णले कड्की भन्यो रावण-दाजुमा ॥
म एक्लै युद्धमा जान्छु लैंजान्न अरु कै पनि ।
सेना यहीं बसुन् दाजु ! सकी हाल्छु गई अनि ॥
४०

४१
छ भोक अझ लागेकै रिस उठ्तीछ वेसरी ।
भालू-वानरलाई म निलिसक्छु राम्ररी ॥
सारा राक्षसको राजा वीर रावणले अब ।
सुन्यो बा ! वीर भाईका यी कुरा र भन्यो तब ॥
एक्लै न जाउ भो बाबु ! शूल-मुद्गर हातमा ।
लिएका सैन्य ली आफ्ना जाउ बा ! युद्ध गर्नमा ॥
किन ? भन्छौ भने देखि मनस्वी ऋक्ष वानर ।
वीर छन् व्यवसायी छन् शूरा छन् अतिदुर्धर ॥
असावधान देख्दा र एक्लै देख्दा मिली सब ।
चिथोरी र लुछी टोकी सक्छन् संझ यो सब ॥
तस्मात् आँट्नै नसक्ने भै सैन्य ली जानु वेस छ ।
त्यो हाम्रो कुभलो गर्ने शत्रुको दल मास्नु छ ॥
भाइलाइ भनी यत्ति उठ्यो आसनबाट त्यो ।
लियो बा ! सुनको माला मणि-रत्न जडाउ पो ॥
भाइको कण्ठमा आफैं गएर नजिकै अनि ।
पहिराइ दिई हाल्यो शुभ शाइत होस् भनी ॥
बाजू बाला तथा औंठी गहना अरु उत्तम ।
चन्द्रझैं झल्किने हार पहिराइ दियो पुनः ॥
सुगन्ध आँउने दिव्य मालाकै साथ कुण्डल ।
आफैंले पहिरायो बा ! अङ्गमा कानमातक ॥
पैह्रिदा सुनका बाजू केयूर-पदकादि ती ।
भो कुम्भको अति शोभा हारले पनि झन् बढी ॥
बलेको अग्नि जस्तै भो घिउको पाइ आहुति ।
विशाल कान झल्केको यसको अबको स्थिति ॥
कटिप्रदेशमा कालो जडेको मणि टल्किदो ।
मेखला शोभिइन्थ्यो बा ! झल्झलाकार रूपको ॥
सिन्धु मथ्ता सुधाझिक्न वासुकी नाग बेह्रिंदा ।
शोभिने मेरुझैं भैगो ! कुम्भकर्ण पनी तदा ॥
५४

५५
गरी सकी यत्ति पछाडि दाजु त्यो रावणैले निज भाइलाई ।
सुवर्णको वर्म बडो मजाको लाईदियो दङ्ग परी रमाई ॥
शस्त्रास्त्रको घात प्रहार सारा यो खप्न सक्थ्यो अति वेस थ्यो त्यो ।
राता हुँदा बादल साँझबीच अस्ताचलै ठीक सुशोभियो यो ॥
५६

५७

अङ्गमा चाँहिने जत्ति पैह्रिई गहना-लुगा ।
त्यी कुम्भकर्ण निस्क्यो बा ! हातमा शूल ली तदा ॥
त्रैलोक्य नाप्नको निम्ति आपनो पद उठाँउने ।
भगवान् वामनै जस्तो देखियो भइ शोभिने ॥
यो कुम्भकर्ण भाईले दाजु रावणलाइ यो ।
अङ्कमाल गर्‍यो ग्वाम्म ! छातीमै टासिई अहो ॥
परिक्रमा गर्‍यो फेरि ढोग्दियो पछिबाट र ।
शत्रु जित्न लडाँईंमा हिंड्यो अनि सरासर ॥

६०

६१

जोडले गर्जिने एवं बलवान् उग्रदेहको ।
भाइ त्यो युद्धमा हिंड्दा दाजुले आशिषै दियो ॥
नाना शस्त्रास्त्र साथैका दिई सैन्य अनेकन ।
बिदा गरि दियो राम्रै भाइलाइ खुशी मन ॥
अब बाजा बजे नाना यात्रामा कुम्भकर्णको ।
नगरा दुन्दुभी शङ्ख निकाल्थे वेस शब्द जो ॥
वेस हात्ती र घोडामा चढेका रथमा पनि ।
गए वीरहरू घेर पछाडि त्यसको अनि ॥

६४

६५

पशु-पक्षी तथा सिंह-हात्ती-घोडा र ऊँटमा ।
चढी पछी गए कैयौं वीर राक्षस युद्धमा ॥
विशाल सेतो शुभ छत्र ओढी ली हातमा तीक्ष्ण त्रिशूल त्यस्तो ।
जाँदा त्यसोरी अब कुम्भकर्ण भो पुष्पको वृष्टि पुरीभरी त्यो ॥
थ्यो देवको दानवको समेत अजेय यो शत्रु अनर्थकारी ।
गह्राँउथ्यो जुङ्डुङ रक्तले नै भैमत्त कुर्लेर हिंड्यो यसोरी ॥

६७

६८

नाना शस्त्रास्त्र बोकेका क्रूर राक्षस पैदल ।
गए सैन्य बनी कैयौं पछाडी दलका दल ॥
डर्लाग्दा नेत्रका एवं रूपका सब यी थिए ।
अत्यन्त बलवान् क्रूर शूर वीर यिनै थिए ॥
अनेकौं व्यामका ऊँचा थिए यी सब राक्षस ।
आँखा पल्टाँउथे राता काला थे गाजलै ठिक ॥
स्व-आफ्नो हातमा तीखा बञ्चरा खड्ग शूल र ।
भिन्दिपाल लिएकाथे गर्जन्थे जो निरन्तर ॥
गदा मुसल परिध ताडका लहरातक ।
बोकेकाथे गुलेलीकै साथमा यिनले तब ॥
अब ठिक्क यसैवेला बलवान् कुम्भकर्णले ।
अर्कै रूप लिईहाल्यो डर्लाग्दो अति उग्र ए ! ॥
भो सयौं धनु झैं अग्लो चौंडो भो छ सयौं धनु ।
गाडाका दुइ पाङ्ग्राझैं देखिन्थे नेत्र के भनुँ ? ॥
विशाल पर्वतै जत्रो देखिन्थ्यो यो भयङ्कर ।
अब व्यूह बनायो बा ! यसले अति दुर्धर ॥

७५

७६

डढेंलोले डढेको क्वै पर्वतै ठीक देहको ।
त्यल्ले अनि भन्यो यस्तो अट्टहास गरी अहो ! ॥
सुन ! राक्षस हो । आज पुतली ठीक अग्निले ।
प्रधान कपिलाई यी म स्वाहा पार्छु वीर्यले ॥
अपराध कुनै छैन हो ता नि कपिको बरा ! ।
यी हुन् हाम्रा बघैंचाका आभूषण, म मान्छु बा ! ॥
घेरा हालेर लङ्कामा यो उत्पात मचाँउने ।
राम-लक्ष्मण हुन् मुख्य हामीमा त्रास पार्दिने ॥
यसर्थ म दुवैलाई पहिले सक्छु युद्धमा ।
यी मर्दा कपिका सैन्य हुन्छन् मृत सरी यहाँ ॥
त्यसले यत्ति भन्दामा कुलिए सब राक्षस ।
हुँडोल्छन् ठीक भै हाल्यो सिन्धुलाइ पनी तब ॥
युद्धमा अघि जाँदामा बुद्धिमान् कुम्भकर्ण त्यो ।
भयो अशकुनै मात्र चारैतिर अयोग्यको ॥
गधाका रङ्गका जस्ता फुस्रा बादलका दल ।
आई आकाश छोपे बा! देखाएर अमङ्गल ॥

८३

CC-0. In Public Domain. Digitization by eGangotri

८४

उल्कापात भयो ओहो ! चट्याङ् पनि पऱ्यो यता ।
समुद्र वन साथैको काँप्न थालिन् धरा उता ॥
निकाली अग्निको राँको मुखबाट वहाँ तव ।
कराए श्यालिनी सारा भै अमङ्गल सूचक ॥
न राम्रा खालका पन्नी कुम्भकर्णकनै यता ।
मिलेर दाहिने पारी घुम्नथाले त्यसै तदा ॥
त्यो युद्धस्थलमा जाँदा हातका तीक्ष्ण शूलको ।
टुप्पैमा गिद्ध आएर बस्यो टक्रक्क नै अहो ! ॥
त्यसका दुइटै बाँया आँखा फर्र फुरे यता ।
बाँया बाहु मजै साथ काँप्यो थर्थर भै उता ॥

८८

८६

खस्यो उल्का यसै वेला डर्लाग्दो शब्दमा त्यहीं ।
मन्द भो सूर्यको कान्ति रूखो हावा बह्यो यहीं ।
भए उत्पात ठूल्ठूला यस्ता रोमाञ्चकारक ।
गरेन तर क्यै वास्ता धकेल्दा मृत्युले तव ॥
त्यो थियो गिरिझैं अग्लो यसथ त्यसले तदा ।
नाघ्यो लङ्का-पुरीको त्यो अग्लो पर्खाल फुत्त वा! ॥
गै रणस्थलमा टक्क अडिई हेर्छ वा यसो ।
देख्यो वानरको सैन्य बाक्लो बादल ठीक पो ॥
यता पर्वत हो जस्तै देख्ता राक्षसलाइ यो ।
हावाले वादलै जस्तो भयो वानर—सैन्य त्यो ॥

६३

६४

भाग्ने दश-दिशा ताकी देख्ता सैन्य स्वशत्रुकै ।
गर्जियो मेघ गर्जेझैं कालो राक्षस दङ्ग भै ॥
प्रचण्ड त्यस्तो कपि-सैन्य सारा भै वायुले मेघ समान भाग्दा ।
मेघै सरीको अति कृष्ण वर्ण गर्ज्यो निकै कड्किइ कुम्भकर्ण ॥
चट्याङ् परेझैं अति उग्र शब्द त्यो गर्जिएको कपिले सुनेमा ।
भै काटिएका रुख ठीक सेना लड्यो त्यसै ओह! डरै पसेमा ॥
परिध पनि विशाल एक अर्को जन त्यसको दृढ बाम—बाहुमा थ्यो ।
सब रिपुदल सक्न युद्धमा यै अतिशय योग्य थियो निकै कडा भै ॥
सब कपिगणलाई त्रास पार्न अब अघि गो रणबीच कुम्भकर्ण ।
त्यस समय बन्यो सबै विनाशने हर सरि भृत्य लिई जगत् चहार्ने ॥

६८

इति पैसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयसट्ठी सर्ग

युवराज अङ्गदले भागेका कपि-सेनालाई फर्काउनु र कुम्भकर्ण वानर-सैन्य संहार गर्नु

१

गिरिको टाकुरै जस्तो देहको कुम्भकर्ण यो ।
नाघी पर्खाल लङ्काको पुरी बाहिर निक्लियो ॥
गुञ्जाँउदै सिन्धुलाई गिरिलाई कपाँउदै ।
अब गर्जिन लाग्यो त्यो चट्याङ साथ गराँउदै ॥
त्यल्लाइ मार्न गह्रै थ्यो प्रचेता-यम-इन्द्रले ।
भागे वा! अब देखेर भालू वानर त्रासले ॥
नल नील कुमुद र गवाक्षकन भै बली ।
भागेका सब देख्तामा भन्छन् अङ्गद कुर्लिई ॥
फर्क ए वीर हो! आओ आफ्नु वीर्य र वंश त्यो ।
बिर्सेर किन भाग्दाछौ चाहन्छौ प्राण राख्न जो ॥
साधारण अरू भालू तथा वानर ठीक भै ।
भाग्यौ के युद्ध बाटै यो साह्रै अबुझ ठीक भै ॥
लड्न सक्तैन यो हामीहरू साथ कसै गरे ।
डर पार्दछ यो व्यर्थ मायाको आफ्नु रूपले ॥
होयो तर्साँउने बाटो दुष्ट राक्षसको बुझ ।
सौ आओ फर्क थल्लाई नाशौं हामी मिली सब ॥
धरी मुस्किले धैर्य पछि जम्बा भए सब ।
ढुङ्गा मूढा लिए ठिक्क भए लड्न पनी सब ॥
परी गो अब संग्राम मत्ता हात्ती सरी भई ।
ठोके ढुङ्गा र मूढाले त्यसलाइ सबै मिली ॥
ठूल्ठूला वृक्षले एवं डाँडैले हानिंदा पनि ।
क्यै लक्षारेन त्यल्लाई डेगसम्म चलेन नि ? ॥
त्यसका अङ्गमा लाग्दा ढुङ्गा ता फट्ट फुटतथे ।
ठूल्ठूला रुख भाँच्चिन्थे धूलो भै खस्तथे हरे ! ॥
सावधान भयो ज्यादै झोकियो कुम्भकर्ण यो ।
अनि वानरको सेना मास्न थाल्यो बढी अहो ! ॥

१३

१४

डँढेलो वनमा पस्ता कसरी सक्छ त्यो वन ।
त्यै ठीक यसले माश्यो नाश्यो वानरका गण ॥
रगताम्य भई धेरै वीर वानर ती लडे ।
कैयौं मास्तिर फ्याँकेका राता वृक्ष सरी खसे ॥
वीर वानर कैयौं ता अग्लो होचो धरा पनि ।
न हेरी भाग्न पो लागे टिक्न गाह्रै भयो अनि ॥
कुनै ता त्यस वेलामा खसे भत्राम्ल्वाङ्ग सिन्धुमा ।
उड्दै रहे कुनै चाँहि कुनै भागे जहाँ तहाँ ॥
लीलैले त्यसले ठोक्ता जाँदाको मार्ग ली निकै ।
समुद्र पार भै हाले भए बा! कपि कायलै ॥
मुख-ओठ सुकेकोथ्यो यी भालू-कपिको सब ।
भाग्दथे लुक्तथे सारा खोजी होचो मिले स्थल ॥
यता भालूहरू चाँहि ठूल्ठूला रुखमा चढे ।
नभ्याए चढ्न भै त्रास डाँडैमाथि पुगेलुके ॥
भालू वानर कैयौं ता सिन्धुमा गै डुबे लुके ।
कैयौं ता त्रास बढ्दामा गुफाभित्र गई बसे ॥
सास रोकेर मुर्दा भै लडे धेरै जसो वहाँ ।
भागे अड्न नसक्तामा लडे कैयौं जहाँ तहाँ ॥
देख्दा यस्तो अवस्थामा भालू-वानरलाइ ती ।
सम्झाँउन स्वयं लागे युवराज बढी अघि ॥
वीर वानर हो फर्क ! आओ ! आओ न भाग भो! ।
मिली हामीहरू सारा लडौं राक्षस साथ यो ॥
राजाको न हुँदा आज्ञा बुझ्यौ ! भाग्यौ भने पनि ।
पृथ्वीभर जहाँ जाओ बाँच्तैनौ संझ यो पनि ॥
यसर्थ अब लौ आओ फर्क ! फर्क !! यतै सब ।
प्राण जोगाँउनेमात्र इच्छा नगर भो अब ॥

२६

२७

बलवीर्य छ त्यो तिम्रो असह्य अति उत्तम ।
भइ यस्ता महान् वीर व्यर्थैमा भाग्दछौ किन ! ॥
के भन्लान् यसरी भाग्दा गृहिणीहरुले पछि ।
छीः लाची ! यत्तिले हुन्छ मर्नु भन्दा पनी बढी ॥
छौ तिमी योग्यका ख्याति लिएका वंशका सब ।
मामूली कपि जस्ता भै भाग्दाछौ किन लौ अब ॥
न गरी वीर्यको वास्ता शस्त्रास्त्र सब छोड्दिई ।
भागेमा सब भन्नेछन् हुन् अनार्य भनेर यी ॥
संझ ए ! अघि के भन्थ्यौ सभाका बीचमा बसी ।
ठूला हौं वीर हौं हामी हो त त्यो गफमात्र कि ? ॥
हौं हामी आफ्नु स्वामीका हित गर्ने सुहृत् प्रिय ।
कहाँ गो त्यो कुरो अैले फर्क ! संझेर त्यै सब ।
धिक्कार गरिइन्छन् जो वीर सज्जनले सदा ।
त्यस्ताले बाँच्नु व्यर्थै हो भै यस्ता डरछेरुवा ।
यसर्थ अब लौ फर्क त्रास छोड लडौं सब
वीर–सज्जनको बाटो समातौं पछि श्रेय छ ॥
अल्पजीवी भई हामी यदि लड्दा मर्‍यौं भने ।
न भेटिने कुयोगीले भेट्नेछौ ब्रह्म संझ ए ! ॥

३५

३६

मार्‍यौं ता युद्धमा शत्रु पाऔंला कीर्ति उत्तम ।
मर्‍यौं ता वीरले भेट्ने भेट्नेछौ भोग उत्तम ॥
पसेमा पुतली बल्दो आगोमा बच्छ के ? सुन ! ।
अघि श्रीरामको पुग्दा न पुग्दै मर्छ यो गुन ! ॥
भागी प्राण बचाएमा धेरै भै एउटा सँगै ।
नसक्ता लड्न के होला हाम्रो कीर्ति हिँड्यो त्यसै ॥
झल्केका सुनका बाजू वीर अङ्गदले तदा ।
भने भाग्नेहरूलाई संझाएर यिनै कुरा ॥
भाग्दा भाग्दै भने भाग्नेहरूले उनमा पछि ।
जुन भन्न अयोग्यै थ्यो धिक्कार्थे शूरले अति ॥
यो कुम्भकर्णले हाम्रो नराम्रो वध जो गर्‍यो ।
तसर्थ टिक्न सक्तैनौ भाग्यौं भाग्यौं भलै छ यो ॥
पर्खने फर्कने वेला अँहँ ! होइन योग्य यो ।
सबैको प्राण प्यारो छ भाग्दछौ यस अर्थ जो ।
भागे यत्ति भनी सारा आँखा पल्टाउँदै त्यतै ।
देख्दा राक्षस आएको ताकी दश दिशा सबै ॥
धीमान् अङ्गदले किन्तु भाग्ने ती कपिलाई ता ।
गरी आदर फर्काए संझाई जुक्तिले तदा ॥

४४

४५

कपिका यूथका स्वामी भए खुश सबै पछि ।
पाए सुग्रीवको आज्ञा कसिए लड्न फेरि यी ॥
ऋषभ शरभ मैन्द धूम्र नील कुमुद सुषेण गवाक्ष रम्भ तार ।
द्विविद पनस वायुपुत्र आदि सरर बढे अघि युद्धभूमि ताकी ॥

४६

इति छयसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतसट्ठी सर्ग

कुम्भकर्णको युद्ध र श्रीरामद्वारा त्यसको मृत्यु

१

भालू वानर यी फर्के सुनी अङ्गदका कुरा ।
माछौं वा मर्दछौं भन्दै लड्नमा कसिई पुरा ॥
बल-विक्रम संझाई प्रशंसा उनको गरी ।
फेरि ठेगानमा राखे उनले सबलाइ यी ॥
अब मर्नु परे मर्छौं लड्छौं मार्छौं कि ता भनी ।
भालू-वानर यी सारा बढे अघि मिली अनि ॥
ठूल्ठूला देहका वीर भालू-वानरले तब ।
ढुङ्गा मूढा लिए फेरि झम्टिए त्यसमा अब ॥
बल-वीर्य भएकैथ्यो क्रुद्ध भो कुम्भकर्ण त्यो ।
गदा हात लिई दौड्यो ठोक्यो सोत्तर पार्दियो ॥
प्रहार त्यसको लाग्दा तुरुन्तै कपि-वीर ती ।
सात सौ आठ हज्जार पसारै पो परे लडी ॥
दश आठ तथा सोन्ह बीस तीस उनीकन ।
एकै पल्ट समात्यो वा ! हातैले क्रुद्ध भैकन ।
समात्नो सर्पका ताँति स्वयं गरुडदेवले ।
खाएझैं त्यो पनी खान्थ्यो भेट्टायो कि त झोकले ।

८

९

भै एकै ठाममा भेला टिक्थे मुश्किलले कपि ।
अडे बा ! तर भागेनन् ढुङ्गा मूढाहरू लिई ॥
मेघ जस्तै हुने देह कपि द्विविदले अब ।
उठाए एउटा डाँडो झम्टे त्यल्लाइ वास्तव ॥
फेक्दिए त्यो परैबाट ताकी यो कुम्भकर्णमा ।
तर त्यल्लाई लागेन खस्यो राक्षस-सैन्यमा ॥
त्यल्ले राक्षस-सेनाका वीर-घोडा तथा गज ।
रथ-घोडाकनै पार्‍यो धूलोपीठो निकै तब ॥
रणस्थल भयो हीलो यिनका रक्तले गरी ।
भएथे जुन ती स्वाहा त्यसरी टाकुरो झरी ॥
कपिका यूथ-स्वामीको गर्जिने शिर चट्चट ।
रथी राक्षसले काटे तीखा वाण त्यजी अब ॥
उखेली रुख ठूल्ठूला मनस्वी कपिले पनि ।
मारे राक्षस घोडा र ऊँट हात्ती रथै पनि ॥
ढुङ्गा मूढा लिएकैथे हनुमान् थे अकाशमा ।
वर्षाए अब त्यै सारा दुष्ट यो कुम्भकर्णमा ।

१६

१७

यता त्यो किन आत्तिन्थ्यो ढुङ्गा-मूढाकनै सब ।
हातको शूलले नाश्यो धूलोपीठो भयो तब ।
त्यै शूल बोकी कपि सैन्य माथि झम्ट्यो मजाले अब वीरले यो ।
डाँडै उचालेर यता हनुमान् अगाडि आए रण चर्कियो यो ॥
भै क्रुद्ध छोडे उनले कसेर गै प्वाङ्ग लाग्यो पछि बज्रिएर ।
बोसै निकाल्यो रगतै छदार्‍यो न्वार्‍यो त्यसैले अनि वीरले यो ॥
झिलिक्क गर्ने बिजुली सरीको धपक्क बल्ने भई अग्नि जस्तो ।
त्यै शूल आफ्नो हनुमान्कनै ती छोडी दियो राक्षसले न जाती ॥

२०

२१

हान्दा स्वयं कार्तिकले अगाडि त्यो क्रौञ्च-डाँडोकन आफ्नु शक्ति ।
जस्तो भयो भो हनुमान्‌कनै यी त्यही सरी बज्रिइ बीच-छाती ॥
टूलै पऱ्यो प्वाल हरे ! उनीको विशाल वक्षःस्थलबीच ओहो ! ।
ह्वाल्ह्वाल्ति छादे रगतै पछाडि कुर्ले र गर्जे भइ मेघझैं यी ॥
त्यस्तो भएका उनलाई देख्ता गर्जे निकै राक्षस हर्ष बढ्दा ।
यता डराए कपि ऋक्ष आदि भागे बरा त्यो रण-भूमि त्यागी ॥

२३

२४

बढे अघि छिटै नील कपिको सैन्य थाम्न त्यो ।
हाने डाँडै लिई यौटा कुम्भकर्णकनै अहो ! ।
त्यो डाँडो खस्न लागेको देखेमा त्यस वीरले ।
मुक्कीले नै बजायो बा ! स्थिर भै आफ्नु वीर्यले ॥
प्रहार त्यसमा पर्दा आगै निस्क्यो झिलिक्क र ।
धूलोपिठो भई हाल्यो खस्यो तल धराभर ॥
यता ऋषभ शरभ गन्धमादन नील ती ।
गवाक्ष-कपिले झम्टे त्यसमाथि छिटै बढी ॥
यी पाँचै कपिले घेरे तुरुन्तै त्यसलाई र ।
हाने बा ! हात-खुट्टाले ढुङ्गा मूढा गरे तव ॥
पर्त्तै भएन यल्लाइ तिनको स्पर्शसम्म ता ।
त्यसले ऋषभैलाई समात्यो पछि च्याप्प हा ! ॥
समात्तैमा पऱ्यो मर्का डर्लाग्दा कपि यी पनि ।
लडे बा ! भूमिमा डङ्ग छादे रगत नै अनि ॥
अब भो रिसले चूर रणमा कुम्भकर्ण यो ।
ठोक्दियो शरभैलाई एक मुक्की कसी अहो ! ॥
बजायो थप्पडैमात्र गवाक्षकन अन्तमा ।
गन्धमादनलाई ता खुट्टैले ठोक्दियो वहाँ ॥
भइ किंशुककावृक्ष ठीक यी पाँच वानर ।
ह्वाल्ह्वाल्ति रगतै छादी लडे मूर्छै परे तव ।
वीर वानर यी पाँच के लडेथे त्यसो गरी ।
हजारौं वैरिए वीर कपि त्यसमाथि सर्सरी ॥
डाँडै ठीक थिए सारा गिरिको टाकुरो सरि ।
त्यसमाथि चढे सारा थाले ठोक्न न राम्ररी ॥
हाने बा ! हात-मुक्काले चिथोरे नङले उति ।
त्यसलाई दिए शास्ति शासना उनले अति ॥

३६

३७

हजारौं कपि यी चढ्दा आफूमा कुम्भकर्ण ता ।
शोभियो पर्वतै जस्तो हुने गम्म रुखै हुँदा ॥
खान्छन् गरुड-चौताले सर्पलाइ जसो गरी ।
समात्तै कपिलाई यी खायो भइ उनै सरि ॥
मुख पाताल जस्तै थ्यो त्यसैमा जाक्तथ्यो सब ।
भित्र गै सब निस्के तै ! नाकले-कानलेतक ॥
विशाल पर्वतै जस्तो डर्लाग्दो त्यसले हरे ! ।
घेरैको भाँच्दियो अङ्ग भेट्टायो कि त झोक्ले ॥
भइ कालाग्नि जस्तै त्यो हीलोमा रक्त-मांसको ।
घुम्नलाग्यो मजै साथ मार्त्तै वानर-सैन्य त्यो ॥
शूल हात लिई घुम्दा वज्र धर्ने सुरेन्द्र र ।
पाश धर्ने यमै जस्तो देखिन्थ्यो त्यो भयङ्कर ॥
सक्छ जस्तो डँढेलोले सुकेको वन ग्रीष्ममा ।
सक्यो वानरको सैन्य त्यै ठीक त्यसले यहाँ ॥
यूथका पति मर्दामा लाग्दामा चोट शस्त्रको ।
कपि सैन्य-डरायो बा ! कराायो आर्त भै अहो ! ॥
अन्तमा क्यै न लाग्दामा मारिंदा ठोकिंदा सब ।
गए उद्विग्न भै ज्यादै शरण्मा रामकै अब ॥
हुर्रिंदै त्यसरी जाँदा भागेका संम्झिई पछि ।
कुम्भकर्णकनै झम्टे वीर अङ्गदले बढी ॥
गिरिको टाकुरै बोके गर्जिए जोडले थिनी ।
काँपे राक्षस जो सुन्दा त्यसका पछुवा बनी ॥
त्यल्लाइ इन्द्रको वैरी क्रूर त्यो कुम्भकर्णको ।
थाप्लैमा छोड्दिए ड्याङ्ग लाग्यो गै जोडले अहो ! ॥
तोरीको फूल देख्य बा ! रिसले कुम्भकर्णले ।
खप्न गाह्रै पऱ्यो तस्मात् झम्ट्यो अङ्गदलाई ए ! ॥

४८

५०

सबमा त्रास पारेर अन्तमा त्यसले पनि ।
छोड्दियो हातको शूल वीर अङ्गदमा पनि ॥
युद्धको चाल जानेका उनले शूललाइ त्यो ।
छले टेढो भई केही यसरी शूल व्यर्थ गो ॥
उफ्री अब वहीं पुग्दै छातीमा कुम्भकर्णका ।
एक थप्पड हाने बा ! उनले जोडले बडो ॥
ढ्वाङ्ग थप्पड लाग्नाले त्यहीं ढुन्मुनियो अनि ।
वीर राक्षस मूर्च्छै भो गिरि जस्तै भए पनि ॥
उठ्यो बा ! छिनमै ब्यूझो बलवान् थ्यो भयङ्कर ।
बांया मुक्की कस्यो ठोक्यो भए अङ्गद वेसुर ॥
देख्यो मूर्च्छा परेको यी छोड्दियो शूल ली पछि ।
गयो बा ! उफ्रिदै झम्ट्यो वीर सुग्रीवलाई ती ॥
महान् बल हुने त्यस्तो क्रूर राक्षसलाइ ता ।
देख्ता झम्टिइ आएको हटे पर उनी तदा ॥
उठाए उनले डाँडो यसो जोखे थिए बली ।
दुष्ट राक्षसलाई त्यो ताके ठिङ्ग भए अघि ॥

५७

५८

यता यो पनि के हट्थ्यो फुलाइ जिउ झन् सब ।
उनकै अघि भो ठिङ्ग हेराहेर पर्‍यो अब ॥
वीर सुग्रीवले देखे भालू कपि चपाउँदै ।
आफ्नै अघि बसेकोछ दुष्ट त्यो रगताम्य भै ॥
यसैवेला उनी भन्छन् त्यस साथ यिनै कुरा ।
तिमीले मार्दियौ ओहो ! हाम्रा वीर निकै कडा ॥
गर्‍यौ दुष्कर यी कर्म भालू र कपि-सैन्यका ।
गणका गण क्वाप्ल्याक्कै खायौ मार्‍यौ निकै तथा ॥
यत्तिले नै पुग्यो, तिम्रो ठूलो कीर्ति रह्यो यहाँ ।
छोड भो कपिको सैन्य किन सक्छौ विफ्वाँकमा ।
छोडी हाल यिनीलाई हुन् साधारण यी कपि ।
लड मै साथ लौ आऊ ! डाँडो फेक्दिन्छु है म यी ! ॥
सत्त्वले धैर्यले पूर्ण यी कुरा कपिराजका ।
सुनेर राक्षस श्रेष्ठ वीर त्यो अब भन्छ बा ! ॥
छोरो ऋक्षरजाको होस् नाती होस् तँ विरिञ्चिको ।
छ पौरख तथा धैर्य कड्कन्छस् यस अर्थ पो ॥

६५

६६

ठिक्कै छ गर्जिई बाबै ! तेरो चुरिफुरी सब ।
छिनमा नै म झार्दिन्छु होश उड्नेछ है तव ॥
कुरा सुनेमा त्यसले भनेका छोडे उनीले अब टाकुरो हा ! ।
वज्रै सरीको गतिलो गह्रौं त्यो गएर वक्षःस्थलबीच लाग्यो ॥
केही लछारेन परन्तु ओहो ! भयो छिटै ठक्कर खाइ धूलो ।
देखेर यो राक्षस हर्षिए ती भए यता वानर खिन्न ज्यादि ॥
आएर लागे पछि टाकुरो त्यो ज्यादै रिसायो मुख वाइ गर्ज्यो ।
वज्राङ् सरीको दृढ शूल बोक्यो सुग्रीव मार्नै अनि छोड्दिदो भो ।
डण्डी भएको सुनको त्रिशूल थ्यो आँउदै गै हनुमान् कुदेर
च्याप्पै समातेर बडो मजाले भाँचे पुग्यो पतिर टुक्रिएर ॥

७०

७१

यो त्रिशूल थियो ठूलो हजारौं भार लौहको ।
भाँचे मिलिक्क गर्दामै उनले जानुले अहो ! ॥
भाँचेको त्यसरी देख्ता सारा वानर सैन्य त्यो ।
गर्जियो हर्षले ज्यादै चारै तिर कुद्यो पुग्यो ॥

७२

७३

अब चीसो पर्‍यो भित्र कुम्भकर्णकनै पनि ।
काले नीलो भई हाल्यो काँप्यो बा ! थर्थरै अनि ॥
बल्ल दङ्ग परी गर्जे सारा बनचरा बरा ।
प्रशंसा गर्न लागे ती हनुमान् वीरको तदा ॥

७४

CC-0. In Public Domain. Digitization by eGangotri

७५

टुक्रा भएको निज शूल देख्ता बौला सरी भो अब कुम्भकर्ण ।
ली श्रृङ्ग लङ्का-मलयाद्रिबाट सुग्रीवमा छोड्दिइ भो विवर्ण ॥
आएर लागे पछि टाकुरो त्यो सुग्रीवको होश उड्यो लडे हा ! ।
गर्जे यता राक्षस सैन्य फेरि देख्ता उनीलाइ वहाँ लडेका ॥
गयो नजीकै अब कुम्भकर्ण सुग्रीवको अद्भुत-वीर्यशाली ।
उठी हुरी मेघ हरे समान लग्यो उनीलाइ जुरुक्क पारी ॥
सुमेरु जत्रै जिउको थियो त्यो मेघै सरी वानरराज थे यी ।
भों टाकुरै ठीक सुमेरुको त्यै लिएर जाँदा उनलाइ बोकी ॥
लङ्कातिरै गो अब राक्षसेन्द्र बा ! बा ! गरे राक्षसले खुशीले ।
बोकी लगेको उनलाइ देख्ता हा ! हा ! गरे विस्मित-देवताले ॥
बोकेर लाँदा उनलाइ ठान्यो रहेछ यो वानर इन्द्र जस्तो ।
यल्लाइ मार्दा कपि-सैन्य सारा रामै सँगै मर्छ, गमेर यस्तो ॥

८०

८१

हनुमान्‌ले यता देखे भागेको कपि-सैन्य त्यो ।
सुग्रीवलाइ बोकेर लगेको त्यसले अहो ! ।

८२

बुद्धिमान् वायुका छोरा गम्न लागे यसो तब ।
राजालाइ लग्यो त्यल्ले मेरो कर्तव्य के अब ? ॥

८३

जे होला गरूँला त्यै म चुक्ने छैन कसै गरे ।
ठोक्दिन्छु बजियालाई पर्वतै ठीक भै परे ॥
संग्राममा गै यसलाइ मार्दा धूलो हुँदा मुष्टि-प्रहार पर्दा ।
सुग्रीव छुट्ता कपिराज हाम्रा होऊन् खुशी वानर-सैन्य चाम्रा ॥

८४

८५

के पीर ? वीर सुग्रीव आफैं यसबाट छुट्तछन् ।
सुरासुर र नागैले समातुन् छुट्न सक्तछन् ॥
ड डोले ठोक्दिदा त्यत्रो दुष्ट यो कुम्भकर्णले ।
अझ वेहोश छन् राजा, ब्यूँझन्छन्, सत्य लाग्छ ए ! ॥
छिनैमा होश आएमा आफ्नो यी आफ्नु-सैन्यको ।
भलो हित हुने चाल चल्नेछन्, चंख छन् बडो ॥

८७

८८

मैले औले छुटाएमा न मान्लान् यी निको पनि ।
खिन्न होलान् यता उड्ला उनको कीर्ति त्यो पनि ॥
तस्मात् पर्खन्छु क्यै वेर यी छुटे हेर्छु विक्रम ।
त्यो वेलासम्म भागेका सैन्य थाम्छु र रोक्छु म ॥
यत्ति वेस कुरा शोची भागेको कपि-सैन्य त्यो ।
संझाएर बुझाएर रोके बा ! उनले अहो ! ! ॥

९०

९१

चलाँउने बाहु र पाउ वीर सुग्रीवलाइ लिइ कुम्भकर्ण ।
पस्यो पुरीभित्र यता मजाले पारी नराम्रो मुख चाल धर्ण ॥

CC-0. In Public Domain. Digitization by eGangotri

९२

अग्ला पुरीका घरका अटाली ढोका र कोठा तल माथि बस्ने ।
गर्थे नर-स्त्रीहरू पुष्पवृष्टि त्यल्लाइ ओहो ! पुर भित्र पस्ने ॥
सुगन्धी-जलले एवं लावाले अभिषिक्त भै ।
राजमार्ग हुँदा चीसो व्यूँझे सुग्रीव होश भै ॥

मूर्च्छा खुलेमा त्यसका भुजाले समातिएका कपिराज वीर ।
हेरी पुरीका सब राजमार्ग गम्छन कुरा यी न भई अधीर ॥
हरे ! यसोरी थुनुवा परें म के पो गरौंला र भई विकाम ।
गरे कसो यी कपिको र आफ्नो भलो हुने हो ! म त गर्छु त्यस्तो ॥
शोची उनीले अब एक पल्टै त्यल्लाइ ठोके हमला गरे बा! ।
टोकेचिथोरे दुइ हात पाउ मुखै चलाए पछि फेरि कोखा ॥
नाकै निकाले दुइ कान ताने निकै चिथोरे सब घाउ पारे ।
झोक्यो अनी ता रगताम्यभो त्यो भैंमै पछारेर दल्यो बलैले ॥
पिंध्यो पछाडी ससला पिंधेझैं पिटे अरू राक्षसले मिलेर ।
भए भकुण्डै सरि फुत्त उफ्री यी राममा मिल्न पुगे उडेर ॥

९८

९९

कान नाक उड्यो ख्वात्तै यता त्यो कुम्भकर्णको ।
कर्णले गिरिझैं भैगो नुहायो रक्तले अहो !॥
निकाल्यो रक्तको खोलो विशाल तनबाट हा ! ।
तै पनी शोभियो वीर डर्लाग्दो भैकनै कडा।

१००

१०१

सन्ध्याको बादलै ठीक र-रातो गाजलै सरि ।
बन्यो रावणको भाई अब अद्भुत गम्भरी।
त्यत्तिले तर के मान्थ्यो गै युद्धस्थलमा पुनः ।
गर्‍यो विचार लड्ने नै शत्रुसाथ जुधीकन॥

१०२

१०३

सुग्रीव उम्के पछि कुम्भकर्ण भै क्रुद्ध दौड्यो रणबीच लड्न ।
निरस्त्र थ्यो मुद्गर घोर यौटा लिंदै गयो टोक्न र शत्रु सक्न ॥
निक्ली पुरीबाट त्यहीं पुग्यो र कालाग्नि जस्तै भइ झोक्किएर ।
विशाल त्यो वानर सैन्यलाई लाग्यो त्यसै नित्न हरे ! समाई ॥
भोको थियो त्यो रणमा पुगेमा धोक्यो अनी रक्त र मासु घेर ।
व्यामोह भो वानर ऋक्ष साथ खायो निकै राक्षसलाइ फेर ॥
जगत् विनाशता लयकालबीच माश्छन जसोरी जन कालले ती ।
भई उनै ठीक लडाँईमा त्यो माश्यो त्यसोरी कपि ऋक्ष जाति ॥

१०६

१०७

पक्री एक दुई तीन भालू वानर राक्षस ।
हाल्थ्यो मुखमा आफ्नो त्यो भयङ्कर राक्षस॥

१०८

ढुङ्गा मूढा गरी ठोक्थे भालू वानर तै पनि ।
खान्थ्यो त्यो तिनकै बोसो चुहाई रक्त नै पनि॥

CC-0. In Public Domain. Digitization by eGangotri

१०९
अब टिक्न पर्‍यो गाह्रै भालू-वानरलाई यी । गए शरणमा पर्न रामको थर्थरै भई ॥

११०
कुम्भकर्ण थियो क्रुद्ध खान्थ्यो भेट्यो कि होस् न जो। कपि राक्षस बा भालू जहाँ देख्यो कि पुग्दथ्यो॥

१११
सात आठ बीस तीस शयौं वानरलाइ ता ।
समात्थ्यो एकपल्टै र हाल्दथ्यो मुखमा तदा ॥
थ्यो रक्त बोसो त्यसको विशाल शरीरमा टम्म मिलीरहेको ।
दाह्रा थिए तीक्ष्ण यता कराल आन्द्रा थियो कानभरी झुलेको ॥
त्रिशूल भालू-कपि वीरमाथि ज्वालाग्नि रोप्तै अघि बढ्दथ्यो त्यो ।
कालै सरी भो लयकाल आए जगत् विनाश्ने अति उग्र त्यस्तो ॥
११३

११४
शत्रु-सैन्य सबै मार्ने वीर लक्ष्मण तम्सिई । क्रुद्ध भै लड्न आए बा ! यै बेला त्यसको अघि ॥
त्यसको देहमा रोपे सातोटा बाण छोड्दिई हान्दिए फोक्दै फेरि तीखा शर अरू झिकी ॥
रोपिएका सबै बाण फेंकिद्यो त्यसले झिकी । अरु बाण झिकी हाने क्रुद्ध भै यिनले पछि ॥
थियो कवच अत्यन्त राम्रो त्यो कुम्भकर्णको । त्यसैमा रोप्दिए बाण अत्र लक्ष्मणले अहो ! ॥
ढाकियो ढप्प तत्काल अदृश्यै पो भयो हरे ! । वायुले मेघको जाल उडाए ठीक वेगले ॥
कालो गाजलको थुप्रो सुनौला बाण रोपिदा । देखियो सूर्य जस्तै पो मेघले ढ्याप्प ढाकिंदा ॥
यैबेला मेघझैं तीखो स्वरमा गर्जिएर त्यो । लाग्यो हेंला गरी भन्न वीर लक्ष्मणमा यसो ॥
ए ! सुनिस् ! म लडाँईमा यमराजकनै पनि । लडी जित्छु, मलाई त्यै जितिस् तैंले त्यसै पनि ॥
देखाइस् वीरता आफ्नो लडेर यसरी यहाँ । मेरो अगाडि को टिक्ने सातै जान्छ त्यसै जहाँ ॥
युद्धमा लिइ शस्त्रास्त्र म लड्दा मृत्यु ठीक भै । अड्न सक्ने पनि हुन्छ प्रशंसापात्र योग्य कै ॥
भने देखि तँता बाबै ! मै साथ यसरी लडी । जो टिकिस् धन्यवादै छ तँलाई त्यसमै अति ।
१२४

१२५
त्यो ऐरावतमा चढ्ने घेरिने सब देवले । इन्द्र सक्तै नथ्यो टिक्न अघि मेरो टिकिस् तँ ए ! ॥
राम्रै गरी लडिस् बाबै ! पारिस् खुश मलाइ ता । अब रामै सँगै लड्छु म सोद्धोछु तँ दे विदा ।
बल वीर्य र उत्साह देख्ता तेरो भएँ खुश । सार्छु त्यै एउटा रामै जो मारे मारिए सब ॥
मैले त्यल्लाई मारेमा जो टिक्लान युद्धमा अरू । तिनलाइ म सेनाले मार्न लाँछु खुर्खुरु ॥
त्यसका यी कुरा सुन्दा हाँसे मरिमरी उनी । गर्दै फोस्रो प्रशंसा यो भन्न लागे यसो अनि ॥
हो ! कुम्भकर्ण ! साच्चै हो तिम्रो पौरख देखियो । धौताका साथका इन्द्र टिक्न गाह्रै छ मान्छु यो ॥
महान् वीर दशरथ राजाका पुत्र राघव । राज हुन्छ त्यहाँ जाऊ ! तर सम्झनि ! पर्वत ।
कुरा सुनी उनीलाई न टेरेर सरासर । कुम्भकर्ण हिंडी हाल्यो अब राम भएतिर ॥
हिंड्दै कपाँउथ्यो पृथ्वी नजीकै जब त्यो पुग्यो । अनि श्रीरामले देखे सोभयाए धनु आफ्नु त्यो ॥
हाले झकेर रौद्रास्त्र दुष्ट त्यो कुम्भकर्णको ताके हृदय सोभयाई छोडे वायु सरी गयो ॥
रामका बाण बिभ्दामा त्यसका मुखबाट ता । निस्किए अग्निका मुस्ला निकै अङ्गार साथका ॥
१३५

CC-0. In Public Domain. Digitization by eGangotri

१३६

ठोरीको फूल नै देख्यो रिसले गर्जियो पछि ।
भम्ट्यो बा ! रामलाई नै भगायो कपिलाइ ती ॥
थिए मुजूरका प्वाँख रामका बाणमा सब ।
छातीभर बिझेकैथे खस्यो दुख्ता गदातक ॥
झरिए अरू शस्त्रास्त्र संभयो छु स निरस्त्र नै ।
मुड्कीले हातले थाल्यो कपि नाश्न दनादनै ॥
छियै छिया भएकाथे सर्वाङ्ग शरले तव ।
गिरिले झरना जस्तो फ्याँकथ्यो रगत जो सब ॥
मुछिई रक्तले लठ्ठ भई क्रोध बढी निकै ।
कपि-राक्षस खादै त्यो दौड्न लाग्यो जतासुकै ॥
उचाल्यो एउटा डाँडो कालझैं बलवान् थियो ।
ताक्यो श्रीरामलाई र घुमायो अनि छोड्दियो ॥
बीचमै आँउदै थ्यो यो रामले सात बाणले ।
धूलोपीठो बनाए बा ! हिर्काई अति जोडले ।
हुने मुजूरका प्वाँख सुवर्णमय बाण ती ।
लाग्दा धूलो हुने डाँडो खस्यो हा ! सैन्यमा पछि ॥
न राम्रै हुन गो ओहो ! ठ्याक्कै दुइ सए जति ।
भालू वानरका फौज मान्यो आफ्नै पनी खसी ॥

१४४

१४५

थिए त्यल्लाइ मार्नेमा नियुक्त वीर लक्ष्मण ।
निकै उपाय शोच्तैथे भन्दछन् राममा पुनः ।
दाजु ! राक्षस यो लठ्ठ भै रहेकोछ रक्तले ।
कपि राक्षस चिन्नोछ तसर्थ न चिनेर ए ॥
ठूल्ठूला यूथका स्वामी भालू-वानर जत्ति छन् ।
ती चढ्न यसको माथि भइ भार बसीरहुन् ॥
आफूमाथि हुँदा भारी न सक्ता हिड्न डुल्न यो ।
सक्ने छैन अनी मार्न कपि-भालूकनै प्रभो ! ॥
राजपुत्र महान् विद्वान् उनका यी कुरा सुनी ।
कपि भालू चढे सारा त्यसको आँङमा अनि ॥
झोक्कियो अत्र झन् त्यो ता हल्लायो आँङ जोडले ।
मत्ताले माहुतेलाई फ्याँकेझैं फ्याँक्दियो हरे ! ॥
देखेर सब फ्याँकेको भन्ठानी अब क्रुद्ध भो ।
रामले झम्टिई हाले बाहुमा धनु वेग थ्यो ॥
आँखा रातै भएकाथे हेर्दै सक्छन् किझैं भए ।
निकै वेग लिई राम अगाडि त्यसको गए ॥
आफ्ना सैन्य थिए दुःखी त्यसको बलवीर्यले ।
आश्वासन तिनैलाई दिए आफू अघी बढे ॥

१५३

१५४

ठोक्का भरी बाण थिए अनेक सर्पैं सरीका सुनले जडेका ।
ताँद्रो कसे ती धनुमा चढाए संभाइ आफ्नाकन यी बढे बा ! ॥

१५५

भालू-वानरले घेरे थिए दुर्जय वीर जो ।
हिंडे महान्-बली राम गए भाइ पछी अहो ! ॥
पुगी नजिक हेर्दामा देखियो कुम्भकर्ण त्यो ।
सफा किरीट झल्केको दिलको देहको दरो ॥
घेर्थे राक्षसले सारा रुष्ट दिग्गजझैं थियो ।
जतापायो उतै कुद्थ्यो भालू-वानर खोज्दथ्यो ॥
पैह्रेको सुनको बाजू विन्ध्य-मन्दर ठीक त्यो ।
वर्षाको मेघले पानी झारेझैं रक्त छाद्दथ्यो ॥
दुइटै रक्त लागेका ओठका छेउ चाट्तथ्यो ।
गर्थ्यो वानर संहार लयको कालठीक थ्यो ॥

१५९

१६०

बलेको अग्निझैं तेजी देख्ता त्यल्लाइ रामले ।
सोभ्याए धनु त्यो आफ्नो टङ्कारे अति जोडले ॥
टङ्कार धनुको सुन्दा झोक्कियो कुम्भकर्ण त्यो ।
कुल्यों अघि बढ्यो झम्ट्यो अब रामकनै अहो ! ॥
रामको अघि आए बा ! यै वेला ती विभीषण ।
भाइले दाजुमा झम्ट्यो नामल्दा नीतिमा मन ॥
कुम्भकर्ण यसो भन्छ देख्दा अघि उनीकन ।
लौ तँ अड् क्षत्रधर्मैमा हान्! ममा हान्!! विभीषण ॥
छोडिदे दाजुको स्नेह गर् तँ राघवकै प्रिय ।
हाम्रै काम गरिस् बाबु ! त्यसै सँग मिलिस् तँ व ॥

१६४

१६५

हामी राक्षसमा तैं होस् सत्य-धर्म बचाँउने ।
पाँउन्न कहिले दुःख सत्य थाम्ने छ क्वै भने ।
हामी राक्षसको वंश हुन्छस् तैं नै बढाँउने ।
त्यै रामेको कृपा बाट छस् तँ यो राज्य पाँउने ॥
छु म दुर्धर्ष ज्ञानै छ ठोक्किदन्छु, परहट् अव ।
मोहले होश क्यै छैन मेरो अघि न बस् अतः ॥
जाँदोछ मार्नमैध्यान जो होस् मार्छु दनादन ।
तँ पनि तिनमै पर्लास् सत्य हो ! हट् विभीषण! ॥

१६८

१६९

भनिए यसरी भाई बुद्धिमान् कुम्भकर्णले ।
दाजुलाइ भने तस्मात् यी विभीषणभाइले ॥
दाजु ! मैले भनेकै हूँ आफ्नो वंश बचाँउन ।
कसैले त्यो सुनेन र आएँ श्रीराममा पुनः ॥
मेरा सौभाग्यवान् दाजु ! जो भयो सो भयो अव ।
पुण्य पाप स्वयं भोग्छु गति यै पाउमात्र छ ॥
आँखाभर गरी आँसु फ्याँक्दिई हातको गदा ।
गै एकान्ततिरै लागे ती विभीषण शोच्न हा ! ॥

१७२

१७३

यता बढेको अघि पर्वतै हो भने सरीको त्यसलाइ देख्दा ।
श्रीराम भन्छन् यसरी थिए जो अजिङ्गरै तुल्य भुजा भएका ॥
लौ आउ ए राक्षसराज ! भो भो ! न होउ बा! खिन्न विषण्ण त्यस्तो ।
अगाडि तिम्रै छु ल संझ यत्ति छु है लिएको धनु हातमा यी ! ॥
तिमी मलाई चिन राक्षसेश ! भनी यही राक्षसवंश माश्छ ।
तिमी पनि यो रणमा टिक्यौ कि बुझ्यौ ! छिटै यै शरले विनाश्छ ॥

१७५

१७६

यही रहेछ त्यो रामै भन्ने ज्ञान भए पछि ।
कुम्भकर्ण निकै गर्ज्यो अट्टहास गरी अति ॥
झोक्कियो फेरि त्यो वीर दौडियो रणक्षेत्रमा ।
काँपे वानर भागे बा ! पुग्यो राम नजीकमा ॥
डर्लाग्दो मेघ गर्जे झैं स्वरमा गर्जिई पुन ।
तेजस्वी रामलाई ती भन्यो बा ! कड्किईकन ।
म होइन बुझ्यौ ! राम ! त्यो विराध कबन्ध बा
न ता खर न मारीच बाली नै हूँ म ता न ता ॥

१७९

१८०

म कुम्भकर्ण हूँ वीर लड्न आएँ तिमी सित ।
फलामे लोहको मेरो यो मुग्दर छ, हेर त! ॥
यसैले युद्धमा पैले मैले मारें अनेकन ।
देव दानव नागादि मजैसाथ जितें सुन ! ॥
नाक कान उडे यस्का भन्ठानेर न हेप भो ।
नाशिंदा पनि यी अङ्ग पीडा छैन मलाइ जो ।
इक्ष्वाकु वंशका वीर योग्यका व्यक्ति हौ तिमी ।
लौ हान अङ्गमा मेरा रोप बाण सके तिमी ॥

१८३

१८४

बल पौरख हेर्नेछु तिम्रो जस्तो छ त्यो सव ।
अनिमात्र तिमीलाई निल्नेछु बुझ ! राघव ! ॥
सुनी मजाका त्यसका कुरा यी श्रीरामले बाण त्यजे अनेकै ।
लागे पनी ती सव कुम्भकर्ण भएन विक्षुब्ध डग्यो न ता क्यै ॥
थिए यिनैले अघि सात साल छेडेर वाली पनि मार्दिएका ।
वज्रै सरीका सव बाण अैले व्यर्थै भए हा ! न भनाइ अघ्या ।

१८६

CC-0. In Public Domain. Digitization by eGangotri

(१३७५)

१८७

खायो पचायो सब बाणवृष्टि शरीरले आफ्नु खपेर त्यल्ले ।
घुमाई त्यै मुद्गर वेग साथ नाशी दियो व्यर्थ गराइ बल्ले ॥
बाँदरहरूको दृढ सैन्यसम्म कपाँउने मुद्गर त्यै घुमाई ।
दौडी रणक्षेत्र भरी समस्त सेना भगायो भइ त्रासदायी ।
वायव्य थ्यो अस्त्र महान् भजाले छोडे पछी राम रिसाउनाले ।
लिने त्यही मुद्गर हात त्यस्को काटी दिए राक्षस त्यो करायो ॥
त्यो हात ठूलै चुचुरो सरी थ्यो जो काटियो मुद्गर साथ त्यस्को ।
सुग्रीवका ती कपिसैन्यमा त्यै खस्यो र नाश्यो सबलाइ थिच्तै ॥
भागी तथा भै निज अङ्ग भङ्ग बच्ने थिए वानर ऋक्ष – जाति ।
श्रीरामको राक्षसको लडाईं नियाल्न लागे पर गै खपी ती ॥
बायाँ थियो हात न काटिएको त्यल्ले उठायो रुख ताडको क्वै ।
जोख्यो यसो त्यै पछि फूर्तिसाथ श्रीरामलाई अब ठोक्छु गर्दै ॥
ऐन्द्रास्त्रले मन्त्रित दिव्य बाण श्रीरामले छोड्नु अगाडि त्यल्ले ।
छोडी दिए बा ! जसले तुरुन्तै काटी दियो त्यो रुख साथ चट्टै ॥
थ्यो हात त्यो पर्वत ठीक खस्ता धेरै लताऱ्यो गिरी वृक्ष सम्म ।
बर्बाद पाऱ्यो पछि छटपटाई मरे हरे ! राक्षस ऋक्षसम्म ॥
गर्जेर आयो तर झम्टिएर श्रीरामलाई अफ्न सक्छु भन्दै ।
झिकेर हान्दा शर अर्धचन्द्र खुट्टा दुवै चट्ट छिनाल्दिए गै ॥
खस्ता दुवै यी विदिशा-दिशा र पहाड लङ्का र गुफा समुद्र ।
काँप्यो यता राक्षस-ऋक्ष सैन्य गुञ्जाइ सम्पूर्ण भई अभद्र ॥
काटी सकेमा पनि हात खुट्टा हरेस खाएन र झम्टियो गै ।
त्यो वक्त्र बायो वडवाग्नि जस्तो ती चन्द्रलाई ग्रह राहुलेझैं ॥
छोडे अनेकौं शर बर्र पारी श्रीरामले त्यो मुख छोपियो हा ! ।
सकेन बोल्नै अब कुम्भकर्ण ऊँ ! ऊँ !! गऱ्यो मूर्च्छित भो पछी ता ॥
झिके अनौठो अनि बाण यौटा जो कालकै ठीक भयङ्करै थ्यो ।
हो ब्रह्मको दण्ड सरी विशाल श्रीसूर्यको तेज समान बल्थ्यो ॥
ऐन्द्रास्त्रले मन्त्रित शत्रु नाश्ने सूर्याग्नि जस्तो अति दिप्यमान ।
सुवर्ण हीराहरूले जडेको देवेन्द्रको वज्र सरी ललाम ॥
श्रीरामले त्यै धनुमा चढाए ताकी मजाले त्यसमाथि छोडे ।
गयो हवाझैं अब सर्र बाण पाऱ्यो उज्यालो सब तर्फ जल्ले ॥
दशै दिशा झल्ल भयो अकस्मात् जो इन्द्रको वज्र समान चम्क्यो ।
धूँवाविनाको भइ अग्नि ठीक अगाडि आयो त्यसको र बम्क्यो ॥
त्यल्ले छिनाल्यो शिर कुम्भकर्णको जस्मा थियोकुण्डल दिव्य हल्लिँदो ।
देवेन्द्रलेझैं शिर वृत्रको अघि भो चवाट्ट दाह्राहरू शोभिने अति ॥

२०४

ज्यादै विशाल डलंग्दो शिर थ्यो कुम्भकर्णको ।
दिव्य कुण्डल शोभिन्थ्यो झलमलाकार भै अहो! ॥

२०५

बिहानीपख श्रीसूर्य उदाएमा अकाशमा ।
चन्द्रमा देखिए जस्तो भयो निस्तेज जो वहाँ ॥

२०६

गएर लागेपछि रामबाण त्यो टाउको राक्षसको खस्यो बा ! ।
खस्ता विगाऱ्यो गिरिझैं हुनाले पर्खाल ठूला घर त्यो पुरीका ॥
लागी त्यहाँ ठक्कर उफ्रिएर खस्यो गई भ्वाम्म समुद्रमै त्यो ।
त्यहाँ पनी ती जलजन्तु साथै माछा तथा ग्राहकनै विनाश्यो ॥
मर्दा त्यसोरी द्विज देव शत्रु काँपिन् धरा थर्थर जोडले हा ! ।
हल्ले सबै पर्वत देव विप्र सारा जगत् साथ खुशी भए बा ! ॥
श्रीरामको त्यो बल वीर्य देख्ता आकाशमा ओइरिए सबै ती ।
इन्द्रादि गन्धर्व र यक्ष सिद्ध महर्षि सर्पादि खुशी भए यी ॥
मर्दा वहाँ रावण-बन्धु साह्रै कल्पेर रोए अब नैऋतादि ।
गजेन्द्र रोए सरि सिंह देख्ता भयो हरे ! राम हुँदा अगाडि ॥
संग्राममा राक्षसलाइ त्यस्तो मारे पछी राम सुशोभिए यी ।
त्यो राहुको आननबाट छुट्ता भए सरी शोभित सूर्य ज्यादि ॥
हुने विचित्रै बल वीर्य शत्रु मरे पछी भो कपि-सैन्य दङ्ग ।
धोको पुगेका प्रभु रामलाई पारे प्रशंसा झिकि त्यै प्रसङ्ग ॥
देवेन्द्र वृत्रासुरलाई मार्दा भएसरी पूजित देवबाट ।
त्यल्लाई मार्दा अब रामभद्र भए निकै पूजित सैन्यबाट ॥
अजेय थ्यो शत्रु विशाल त्यस्तो सक्तैनथे जित्न सुरादिसम्म ।
मारी त्यसैलाइ पछाडि राम सुशोभिए, भो जगतै अचम्म ॥

२१४

इति सतसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठसट्ठी सर्ग

कुम्भकर्णको मृत्युमा राक्षसराज रावणको शोक

१

सारा राक्षसले देखे महात्मा वीर रामले ।
मारेको युद्धमा फ्यास्सै ! कुम्भकर्णकनै हरे ! ।
अनि टिक्न भयो गाह्रो भागे राक्षस सर्सर ।
भने राक्षस-राजामा त्यो कुरा पछि खर्खर ॥
महाराज ! सवारी भो स्वर्गमा कुम्भकर्ण ता ।
कालझैं भइ बक्सिन्थ्यो टुहुरा नै भयौं यता ॥
उहाँले खाइबक्स्यो बा ! भालू-वानरका गण ।
भगाई बक्सियो वैरीहरूको सैन्य त्यो पुनः ॥
आफ्नो प्रतापले आफैं बल्दै दुइ घडीतक ।
पार्दियो पछि निस्तेज राम-तेज बढ्यो जब ॥
राक्षसेश्वर ! डर्लाग्दो आधा भाग शरीरको !
खस्यो समुद्रमै भ्वाम्म छर्पटाइ निकै प्रभो ! ॥
अर्कोभाग छ लङ्काको ढोका छेकेर तेर्सिई ।
त्यो रण क्षेत्रमा स्वामिन् ! रहेको अझ शोभिई ॥
फ्याँक्यो रगतको खोलो नाक-कान बिना पनि
रामको बाणले राजन् ! मार्दियो छैन जीवनी ॥
ठूलो रुख डढेझैं डँढेलो वनमा पसी ।
शिरले हातखुट्टाले हीनको धड शेष छ ॥
महान् बल हुने भाई कुम्भकर्ण गरी त्यसो ।
रणबीच मर्‍यो भन्ने कुरा रावणले सुन्यो ।
त्यसको पीरले गर्दा शोक बढ्दा निरन्तर ।
भयो मूर्छित तत्काल लड्यो हा ! राक्षसेश्वर ॥
त्यस्ता काका मरे भन्ने सुनेपछि वहाँ अब ।
त्यसका भतीजा साथै रोए अरू पनी सब ॥
त्रिशिरा-अतिकायादि देवान्तक नरान्तक
दुखले शोकले पाक्कै रुन लागे सबै तब ।

१३

१४

सजीलै काम ठूलठूला गर्ने श्रीरामले हरे ! ।
सौतेनी पट्टीको भाई मार्दियो त्यसरी अरे ! ॥
भन्ने यत्ति कुरा सुन्दा महापार्श्व महोदर ।
दाजु भाई दुवै वीर रोए बा ! भइ वेसुर ॥
निकै बेर पछी केही होश आयो र रावण ।
भाइको मृत्युमा त्यस्तो लाग्यो रुन-कराउँन ॥
निकै खल्बलिएकाथे त्यसका दश इन्द्रिय ।
धुँक्क-धुँक्क ! गरी लाग्यो यी कुरा भन्न त्यो तब ॥
के मरिस् त त्यसै बाबु ! त्यस्तो बल र वीर्य भै ।
झार्नेथिस् शत्रुको पानी के गइस् ? म मरें त्यसै ॥
बज्रियो दैवको लाठो एक्लो छोडी मलाइ हा ! ।
गइस् यमपुरीतर्फ म भएँ टुहुरो यता ॥
प्रिय भाई ! यहींनै छौं हेर् ! तेरा बन्धु बान्धव ।
बिझेको झिकिनस् काँडो हाम्रा हृदयकोतक ।
शत्रुका सैन्यलाई ता पिरिस् मारिस् निरन्तर
एक्लो छ डिगइस् किन्तु यो मलाइ छ यै पिर ॥
लौ चिर्ते म त्यसै बाबु मेरो दक्षिण बाहु तँ ।
यसरी जो मरिस् ओहो ! यै अनर्थ भयो स्वत ॥
जसको आसरा पाई सुरासुर कसैसँग ।
म डराउन्नथें कैले लौ मरें भनुँ को सँग ? ॥
देव दानवका शेखी तोड्ने कालाग्निठीकको ।
तँलाई त्यस रामेले मार्‍यो नै कसरी अहो ! ॥
तँलाई वज्रलेसम्म क्यै लछार्दैनथ्यो हरे ! ।
मरिस् कसरी त्यै वीर आज हा ! राम-बाणले ॥
हेर् त ! आकाशमा सारा जम्मा भै देवता ऋषि ।
देखत तँलाई मारेको गर्जन्छन् मान्दछन् खुशी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

आज पाएर यै मौका पक्कै भो कपि ती सब ।
चढी पर्खाल यो लङ्का ढाक्तछन् खुश छन् जब ॥
अब यो राज्य चाँहिन्न के गर्नु यसले पनि ।
सीता पनि छुटोस् जाओस् तँ मरिस् मछु मै पनि ॥
गै आफैं भाइ मार्ने त्यो रामेलाई म युद्धमा ।
मार्न सक्तिन ता धिक् छ ! श्रेयै बरु मर्नुमा ।
गयो भाइ जहाँ मेरो म पनी जान्छु लौ त्यहाँ ।
भाइ-बन्धु सबै त्यागी बाँच्नै सक्तिन मै यहाँ ।
मैले खेदो खनेकोयैं धौताको पहिले अति
मलाई अब देख्ता ती खिसी गर्छन् भई खुशी ॥

३१

३२

हा कुम्भकर्ण ! हा भाई ! म मरें नि ! त्यसै पुनः ।
तँ मर्दा जितुँला एक्लो कसरी इन्द्रलाइ म ॥
कान्छो भ इ महात्मै हो बुद्धिमान् थ्यो विभीषण ।
अघि त्यो भन्दथ्यो कस्तो मैले टेरिन सम्मिन ॥
घट्टमा घाम लाग्यो हा ! अहिले गरुँ के तर ।
भने जस्तो पुग्यो सारा अरु पुग्छ सरासर ।
मर्दा मेरा महान् वीर कुम्भकर्ण प्रहस्त ती ।
कान्छोका ती कुरा संम्झी हुन्छु लज्जित मै अति ।
अरु होइन यो केही निकालें भाइलाइ ओ ।
करायो त्यसकै पाप अब वर्तात भो वित्यो ॥

३६

३७

अतिशय प्रिय भाइ कुम्भकर्ण त्यसरी मरे पछि त्यो सबै सुनेर ।
यसरी गरि विलाप राक्षसेश क्षितितलबीच लड्यो व्यथा बढेर ॥

इति अठसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्सत्तरी सर्ग

राक्षसराजका भाई–छोराहरू युद्धमा जानु र नरान्तकलाई युवराज अङ्गदले मार्नु

१

विलाप त्यसरी गर्थ्यो दुरात्मा राक्षसेश त्यो ।
त्रिशिराले व्यथा रोकन त्यससाथ यसो भन्यो ॥
ठीक आज्ञा भएकों हो बुवा राजा ! हजूरले ।
बेजोड भइ बक्सिन्थ्यो हाम्रा काका उहाँ हरे ! ॥
त्यस्ता पराक्रमी वीर महान् व्यक्ति पनी बुवा! ।
युद्धमा मारिई बक्स्यो के लाग्यों? दैब हो कडा ॥
परन्तु प्रभुले ठीक यसरी रोइ कलिपई
कसैको निम्ति क्वै रून्नन् कलिपन्नन शक्तिमान् भई ।
हजूर भइ बक्सिन्छ जित्ने त्रैलोक्य यो सब
यस्तो भै किन पाकेको स धारणजनैठिक ॥
ब्रह्माले नै दिएका छन् बुवालाई सबै कुरा ।
महान् धनु तथा शक्ति छ वर्म पनि ता कडा ॥
हजारौं गदहा जोत्ता तानिने दौडिने रथ
मेघमैं स्वर डर्लाग्दो झिक्ने पनि त वेस छ ।
यक्ष दानव देवादि शस्त्रास्त्र न लिई लडी ।
बुवाले जितिएका छन् निकै पल्ट त्यसै डटी ॥
यस हालतमा यस्ता शस्त्र अस्त्र लिई लडें ।
त्यो जावो राम के हो र सोझै पाउँछ दण्ड ए ! ॥
यहीं राज हुने इच्छा छ भने राज होस् बुवा ! ।
मैं जान्छु लड्नको निम्ति मेरो शक्ति छ झन कडा ॥
जस्तो गरुडले सर्प सोहोर्छन माश्तछन सब ।
त्यै ठीक म पनि नाश्छु प्रभुका शत्रु ती सब

११

१२

शम्बरासुरलाई र नरकासुरलाई त्यो ।
इन्द्रले विष्णुले मारे अगाडि जसर प्रभो ! ॥
त्यै ठीक म गई मार्छु संग्राम स्थलमा अब ।
त्यो रामेलाई. जो सुत्ला सँधैको निम्तिमा तव ॥
त्रिशिराका कुरा यस्ता सुन्दा राक्षसराजमा
ठूलो सन्तोष भो भित्र भो प्रसन्न पनी वहाँ ॥
पुनर्जन्म भए जस्तो ठान्यो बा ! त्यसले तदा ।
हुनु यस्तो थियो ठिक कालले कुत्कुत्याँउदा ।
त्रिशिराका कुरा सुन्दा देवन्तक नरान्तक ।
अतिकाय पनी ज्यादै दङ्ग भो लड्नमै अब ॥
म जान्छु लड्न, मै जान्छु भन्दै यी तीन गर्जिदै ।
कसिए जानको निम्ति छोरा रावणका सबै
जान्दथे यी सबै माया उड्थे आकाशमा पनि ।
युद्ध-मत्त थिए पानी फाद्थे देवको पनि ।
बल-वीर्य थियो वेस थियो त्रैलोक्यमै यश
हारेको यिनले कैले सुनिएकै थिएन त ॥
देव — दानव — गन्धर्व - नाग — किन्नर — यक्षले ।
जितिएका थिएनन् यी थियो उत्कट वीर्य ए ! ॥
शस्त्रास्त्र जान्दथे सारा वीर धीर पनी थिए ।
कस्तोमा कसरी लड्ने जानेका सब त्यो थिए ॥
रहस्य शास्त्रको तत्त्व-ज्ञान थ्यो यिनमा पनि ।
वर पाइ रुकेवाथे तपले यिनले पनि

२२

२३

तेजी थिए यी सब सूर्यमैं अहो ! श्री-सैन्य नाश्थे सब आफ्नु शत्रुको ।
बलिष्ठ यस्ता सुतले अनेकन त्यो घेरियो राक्षसवीर रावण ॥

२४

शेखी सबै दानव दैत्यवीरको नाश्ने अनेकौं सुरवर्गले अहो! ।
घेर्दा हुने शोभित इन्द्रकै सरी शोभा भयो रावणको यसै घडी ॥

२५

अब राक्षसराजाले आफ्ना छोराहरूकन ।
अँगाल्यो स्नेहले ग्वाम्म एक एक गरीकन ॥
नाना प्रकारका राम्रा गहना मणि-रत्नका ।
पहिराइ दियो आफैं दियो आशिष वेश बा! ।
गरी यत्ति उनीलाई पठायो रणभूमिमा ।
नर-वानर सम्पूर्ण सक मार भनी वहाँ ।
युद्धोन्मत्त तथा मत्त महापार्श्व महोदर ।
पठायो यी दुवैलाई रक्षा गर्न निरन्तर ॥
अब यी वीरले ढोगे सारा लोक रुवाँउने ।
बावु-रावणलाई त्यो भै बिदा हुन तम्सिने ॥
डर्लाग्दा जिउका क्रूर वीर राजकुमार यी ।
परिक्रमा गरे आफ्नो बावुलाई हिंडे पछि ॥
सुगन्धी-द्रव्यकै साथ वेस माङ्गल्य औषधी ।
छोए बा! यिनले सारा पछि बाट गरी त्यति ॥
छ ओटा वीर निस्के यी- त्रिशिरा, अतिकाय र ।
देवान्तक, महापार्श्व, नरान्तक, महोदर ॥
ठूलो मेघ सरी कालो थियो हात्ती सुदर्शन ।
महापार्श्व चढ्यो त्यस्मै थ्यो ऐरावत वंश यो ॥
हथियार तथा ठोक्रा थुप्र्यायो त्यसमै सब ।
भो अस्ताचलको माथि शोभिने सूर्यझैं तव ॥
राजाको पुत्र त्रिसिरा गै वेस रथमा चढ्यो ।
तानिन्थ्यो श्रेष्ठ घोडाले सारा शस्त्रास्त्र टम्म थ्यो ॥
उल्का ज्वाला र विजुली इन्द्रको धनु साथको ।
मेघकै सरि भो शोभा त्यसको रथबीच त्यो ॥
शोभियो त्रिसिरा राम्रै त्यहाँ तीन किरीटले ।
भै दिंदा टाकुरा तीन शोभिएझैं हिमाल ए! ॥
अर्को रावणको छोरो तेजस्वी अतिकाय थ्यो ।
चढ्यो धनु लिई हात एउटा रथमै अहो! ॥
थिए यो रथका पाङ्ग्रा धुरा अत्यन्त सुन्दर ।
घोडा थे वेस थ्यो श्रेष्ठ अनुकर्ष र कूवर ॥

४०

धनु बाण हुँदा ठोक्रा बले जस्तै थियो रथ ।
खड्ग प्रास र परिघ भित्र टम्म थिए सब ॥
विचित्र सुनका राम्रा गहना र किरीटले ।
प्रभाले तिनकै गर्दा शोभिन्थ्यो मेरुझैं अरे! ॥
वस्ता राक्षसले घेरी भित्र राजकुमार त्यो ।
देवले घेरिने वज्र लिने इन्द्र सरी भयो ॥
यौटा उच्चै श्रवा ठीक घोडाथ्यो तेजिलो सफा ।
त्यसैमाथि चढ्यो फुत्त नरान्तक गई तहा ॥
त्यल्ले उल्का सरी बल्दो प्रास यौटा लियो तव ।
चढ्ने मुजूरमा शक्ति लिनें स्कन्दै बन्यो अव ॥
भो देवान्तकको शोभा लिंदा परीघ बाहुमा ।
सिन्धु मथ्ता लिने डाँडो बाहुमा विष्णुकै वहाँ ॥
गदा लिइ महापार्श्व गदा धर्ने कुवेरझैं ।
शोभियो रणमा ओहो! तेजस्वी भइ अग्निझैं ॥
यसरी कसिई सारा गए जम्बा भई डटी ।
देवता सरि भै निस्के बाट त्यो अमरावती ॥
यिनको पछि लागे बा! अरु राक्षस सैन्य भै ।
चढी गज तथा घोडा रथमा पनि गर्जंदै ।
सफा र धारिला वेस शस्त्र अस्त्र अनेकन ।
ती सवैले लिएकाथे गए उत्सुक भैकन ॥
मनस्वी सूर्यझैं तेजी छोरा राक्षसराजका ।
सवैले पैह्रिएकाथे किरीट शिरमा तदा ।
शोभा-सम्पत्तिले युक्त हुँदा यी सव वास्तव ।
सारा आकाशका तारा ग्रहझैं शोभिए तव ॥
सफा शस्त्रास्त्रका पङ्क्ति हंशश्रेणी समानभै ।
शोभिन्थे बादलै जम्तो मेघझैं नभबीचकै ॥
कि मार्छौं आज यी वैरी कि आफैं मर्दछौं सव ।
यै निश्चय लिएकाथे गए लड्न अनी सव ॥
लड्न जोरी न पाएका दुष्ट राक्षस वीर यी ।
बाण लिन्थे र वैरीमा छोड्दिन्थे गर्जिंदै अति ॥

५५

यिनले गर्जिदा एवं ताल ठोक्ता र हाँक्दिदा ।
आकाश फुट्छ जस्तै भो काँपिन् पृथ्वी जताततै ॥
निस्केमा यिनले देखे सैन्य त्यो कपि-ऋत्तको ।
ठूलठूला रुख ढुङ्गा ली वैरीमा छोड्न ठिक्क थ्यो ॥
यता वानर सेनाले देख्यो रात्तस सैन्यको ।
त्यसरी लड्न आएको हात्ती-घोडा चढी अहो ! ॥

५७

५६

रथभित्र चढेका थे निकै शस्त्रास्त्र साथ थ्यो ।
मेघको दल हो जस्तो देखिन्थ्यो त्रास पार्दथ्यो ।
बलेका अग्निझैं तेजी चम्किला सूर्यझैं सफा ।
वीर रात्तसले घेरे अब त्यो सैन्यलाइ हा ! ॥
यता ठिक्क भएकैथ्ये भालू-वानर ती पनि ।
ढुङ्गा मूढा लिई लागे अब गर्जिन यी अनि ॥

६०

६१

क्रूर रात्तसको त्यस्तो जोशिलो सिंहनाद के ।
खप्न सक्थे र यी वीर अनि ती पनि गर्जिए ॥
भालू तथा वानर-सैन्यको त्यो गर्ज्याइ सुन्दा अति उग्र त्यस्तो ।
गाह्रै पऱ्यो रात्तसलाइ खप्न गर्जे कडै रात्तस वीर सम्म ॥

६२

६३

कपिका यूथका स्वामी अब सुत्तै पसे वहाँ ।
त्यत्रा-रात्तस- सेनाको भित्रभित्र जहाँतहाँ ॥
गिरिका चुचुरा बोक्ता पस्ता त्यो सैन्यबीचमा ।
भएका चुचुरा अग्ला गिरिझैं देखिए वहाँ ॥
शिला-वृत्तादि शस्त्रास्त्र बोकेका ऋत्त-वानर ।
भइ रात्तसमा क्रुद्ध उड्थे आकाशमा तव ॥
रुख हाँगो हुने ठूला बोकेका कत्ति वानर ।
घुम्दथे तल पृथ्वीमा ठिक्क भै मार्न रात्तस ॥
लियो बा ! रूप डर्लाग्दो अब यो युद्धले वहाँ ।
रोके रात्तसले बढ्नै न दिई बाणले जहाँ ॥
अब यस्तो अवस्थामा भालू—वानरले पनि ।
ढुङ्गा-मूढा गरी हाले सारा रात्तसमा अनि ॥
तँ छोड् म छोड् गरी गर्जे युद्धमा कपि रात्तस ।
सिंह जस्तै बनेकाथे गर्जिंदा वीर ती सव ॥
र-राम्रा गहना वर्म पैह्रेका वीर रात्तस ।
हानिए कपि-भालूले चर्कियो युद्ध यो जव ॥
ढुङ्गा मूढा गई लाग्दा थिचिंदा किचिंदा सव ।
त्यहीं सोत्तर भैहाले बरबातै भयो तव ॥
रथ ! हात्ती र घोडामा चढेका वीरलाइ ती ।
बजाए कपि भालूले ढुङ्गा मूढा गरी अति ॥

७२

७३

मुख्य मुख्य थिए जो जो वहाँ रात्तस वीर यी ।
गिरिका टाकुरा खस्ता ढाकिए सव हा ! पछि ॥
निकैका निक्लिए आँखा मुकाले कपिवीरका ।
लड्दै कराउँदै भाग्दै गर्थे रात्तस जत्ति ता ॥
गर्नुसम्म गरे फेरि यता रात्तसले पनि ।
दोहोलो पार्दिए छेडे बाणले कपिलाइ नि ! ॥
शूल-मुद्गरले एवं प्रासले खड्ग शक्तिले ।
भालू वानरलाई यी हाने बा ! घेर मार्दिए ॥
शत्रुको रक्त लागेका भालू-वानर रात्तस ।
जित्ने इच्छा लिई लड्थे मर्थे माथे पनी तव ॥
अब यो युद्धको भूमि थोरै समयमा हरे ! ।
भरियो यिनले छोड्दा ढुङ्गा-मूढा र खड्गले ।
छिनैमा रगताम्यै भो धेरै रात्तस नै मरे ।
उनले छरिई मर्दा युद्धस्थल भरे भरे ॥
हानेका कपि भालूले ढुङ्गा मूढा थिए जति ।
तुरुन्तै पार्दिए धूलो वीर रात्तसले डटी ॥
यिनले पनि हानेका चोटले शस्त्र—अस्त्रका ।
भए तत्कालमा धेरै जसो ता घाइते तदा ॥
अन्तमा क्यै न पाएर रात्तसैका नजीक गै ।
बजाए कपि भालूले हातले लातले निकै ॥

८२

CC-0. In Public Domain. Digitization by eGangotri

८३

वीर राक्षस थे जति ती सबै अब क्रुद्ध भै ।
यौटा कपि समात्थे ठोक्दिन्थे अरुमाथि त्यै ॥
भालू वानर ती वीर पनि त्यस्तै प्रकारले ।
यौटा राक्षस पक्डन्थे हान्दिन्थे अरुलाइ ए ॥
शस्त्रास्त्र कपिको खोस्थे यता राक्षस भवाट्ट गै ।
त्यसैले तिनलाई नै हान्दिन्थे अति क्रुद्ध भै ॥
त्यै ठीक कपि गै खोस्थे यता राक्षसको पनि ।
त्यसैले उनमा हान्थे रिसले जोशिला बनी ॥
गर्जागर्जी पऱ्यो ठूलो कपि राक्षसमध्यमा ।
अ–आफ्नो वीरता शक्ति देखाई गद्थे जहाँ ॥

८७

८८

कवचादि फुटे स्वात्तै बिग्रे राक्षस-वीरका ।
फ्याँक्तथे वृक्षले खोटो फ्याँकेझैं रक्त पो तदा ॥
अद्भुतै कर्म गर्थे बा ! विशेष कपि युद्धमा ।
लिई रथ विगारेको भाँच्थे अर्को त्यजी वहाँ ॥
मारेर पहिले हात्ती अर्को मार्थे लिई त्यही ।
घोडा लिएर मारेको मार्थे घोडा त्यजी त्यही ॥
ढुङ्गा मूढा लिएकाथे छोड्दथे दङ्गथे कपि ।
शस्त्रास्त्र छोड्दथे मास्थे यता राक्षस-वीर यी ॥
अर्ध चन्द्र तथा भल्ल क्षुरप्रादिक वाणले ।
अरू शस्त्रास्त्रले हान्थे क्रूर राक्षस जोशले ॥

९२

९३

काटिंदा टुक्रिंदा मूढा ढुङ्गा शस्त्रास्त्र सम्म ती ।
त्यहाँकी भूमि सम्पूर्ण भइन दुर्गम झन् अति ।
झिकेर उत्साह र हर्ष जोश भालू तथा वानर यी लडे बा ! ।
मर्ने कुरा वा भय सम्म छोडी मारे निकै राक्षस, पागि हा ! हा !! ।
चर्क्यो न राम्रैसँग यो लडाँई सर्दै गए राक्षस वीर जत्ति ।
थिए सबै वानर दङ्ग तस्मात् गर्जेर हेर्थे ऋषिदेव जत्ति
हावा सरी वेग हुने अनौठो चढेर घोडा लिइ शक्ति तीखो
समुद्रमा मत्स्य सरी घुसेर आयो त्यहाँ लड्न नरान्तकै पो ।
लिएर त्यल्ले अब तीक्ष्ण भाला सातै सए वानरवीर माऱ्यो ।
संहार भालु कपिको यसोरी गऱ्यो छिनैमा अब पीर पाऱ्यो ॥

९७

९८

घोडाको पीठमा चढ्दै घुम्थ्यो त्यो नरान्तक ।
हेर्दथे सब यौता र ऋषि विद्याधरादिक ।
जुन बाटो गरी जान्थ्यो त्यो बाटो जति स्वात्त ए ! ।
हीलै हीलो भइहाल्थो कपिका रक्त मासुले ॥
झम्टन्छु सक्छु भन्ठान्थे भालू वानर ती जब
त्यसको अघि नै पुग्थ्यो ठोक्दिन्थ्यो त्यो नरान्तक ।
अग्निले वन नाशेझैं बल्दो भाला लिएर त्यो ।
घुमेर रणमा माश्थ्यो भालू वानर सैन्य यो ।
जब ढुङ्गा तथा मूढा उखेल्न र उठाँउन ।
लाग्थे वानर त्यै वेला भाला रोप्थ्यो दनादन

१०२

१०३

घुमझैं वायु बर्षामा घुम्थ्यो पुग्थ्यो सबैतिर
गर्जन्थ्यो मारिहाल्थ्यो बा ! वीर ती ऋक्ष वानर ॥
यो नरान्तकले ओहो ! टिक्नै पनि दिएन हा ! ।
हिंड्न डुल्न तथा बोल्न पाएनन बस्न सम्म बा ! ॥
हिडने बस्ने कुरा गर्ने क्यै गर्ने सम्मलाइ ता ।
छोडेन रोप्दियो भाला पाऱ्यो हहा ! छिटो हुँदा
चर्केको घामझैं तेजी यौटै भाला लिएर हा ! ।
माश्यो वानरको सैन्य लडे सारा जतातता ॥
प्रहार वज्रको जस्तो भालाको लाग्न गो हरे ! ।
सकेनन् टिक्न क्वै वीर भो असह्य र गर्जिए ॥

१०७

CC-0. In Public Domain. Digitization by eGangotri

१०८

घुचुरा वज्र लाग्दामा फुटेका गिरि हुन् सरि ।
लड्ने यी कपि- भालूको रूप त्यो भो तिनैसरी ॥
घाइते पार्दिएका थे अघि जो कुम्भकर्णले ।
ती वीर कपिराजाको छेउमा आइबस्तथे ।
हेर्दैथे वीर सुग्रीव भै नरान्तकको डर ।
देखे वानरका सैन्य भाग्दैछन् आत्तिई पर ॥
घोडाको पीठमा चढ्दै भाला ली आफ्नु हातमा ।
नरान्तक त्यहीं आयो देखे त्यल्लाइ नै वहाँ ॥
इन्द्र तुल्य हुने शक्ति थिए अङ्गद साथमा ।
उनैलाइ भने तस्मात् राजा सुग्रीवले वहाँ ॥
देख्यौ अङ्गद ! त्यल्लाई छिटै मार गई तिमी ।
सक्न लाग्यो सबै सैन्य घोडा चढी घुमीघुमी ॥

११३

११४

आज्ञा पाएर स्वामीको फोरी बादलका दल ।
सूर्य निस्के सरी निस्के छोडी वानरका दल ॥
पर्वतै तुल्य थ्यो देह बाजू थे बाहुबीचमा ।
धातुले गिरिकै जस्तो शोभा भो उनको वहाँ ॥
शस्त्रास्त्र नख दाह्राथे वीर्य थ्यो उनमा अति ।
नरान्तक भए ठाम पुगे झम्टे भने पछि ॥
ए निशाचर ! पख् बावै ! न मार् भो ! कपिलाइ यी ।
बिचरा मामुली छन् यी हेर्‌त आएँ छु मै अघि ॥
असह्य बज्रकै जस्तो भालाको छ प्रहार त्यो ।
यो मेरो बीच छातीमा तँ छोड् अब भई छिटो ॥
उनका यी कुरा सुन्दा त्यो नरान्तक झोक्कियो ।
स्वाँ ! गर्‍यो सर्प जस्तै भो ओठ टोक्यो अघी बढ्यो ॥

११९

१२०

जाज्वल्य भाला अब छोड्दियं त्यो थ्यो वज्र छाती गइ डङ्ग लाग्यो ।
केही लछारेन परन्तु उल्टै भएर टुक्रा भुइँमा खस्यो त्यै ॥
गरूडले खण्डित सर्प ठीक टुक्रा भएको त्यसलाइ देखी ।
घोडाकनै पो त्यसले चढेको कसी दिए थप्पड वीरले यी ॥
घोडा थियो पर्वत ठीक त्यस्को निस्के दुवै नेत्र शिरै फुट्यो हा ! ।
खुट्टा गढे ढुन्मुनियो त्यसै र जिब्रो निकालेर मर्‍यो अनी ता ॥
भो क्रुद्ध घोडा त्यसरी मरेमा कसेर मुक्की उनलाइ झम्स्यो ।
थ्यो शक्तिमान्, अङ्गदको शिरैमा ठोकी दियो बा ! अनि ोडले पो ।
फट्टै फुट्यो हा ! शिर चोट लाग्यो तातो बह्यो रक्त भएर खोलो ।
मूर्च्छै परे ती जब होश आयो भए निकै विस्मित वीर्यले त्यो ।
मुक्कै कसे अङ्गदले पनी यी हाने मजाले पछि छाती ताकी ।
फट्टै फुटायो त्यसको पनी त्यो लड्यो पहाडै सरि रक्त छाद्यो ॥
मारी दिदा अङ्गदले त्यसोरी यो दुष्टलाई भुइँमा पछार्दै ।
वहा जुटेका ऋषि देव आदि गर्जे निकै वानर ऋक्ष साथै ॥
श्रीरामलाइ पनि दङ्ग पार्ने गरे उनीले शुभ कर्म त्यस्तै ।
छक्कै परे राम पनी यता यी लड्दै गए तुष्ट भएर यस्तै ॥

१२७

इति उनान्सत्तरी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्तरी सर्ग

देवान्तक त्रिशिरा र महोदर आदिको वध

१

त्यो नरान्तक मारेको देखे पछि लडाँइमा ।
निकै हाहा परी हाल्यो क्रूर राक्षसवर्गमा ।
महोदर महापार्श्व पुलस्त्यकुलनन्दन ।
देवान्तक त्रिशीर्षामा अव पीर पऱ्यो पुनः ॥
त्यो महोदर हात्तीमै चढेको थ्यो बढ्यो अनि ।
झम्ट्यो अङ्गदलाईं नै थियो वीर पराक्रमी ॥
देवान्तक थियो दुःखी भाइ मर्दा यतातिर ।
गयो परिघ बोकेर झम्ट्यो बा ! अङ्गदैतिर ।
त्रिशिरा सूर्यझैं तेजी निजी रथ चढी तव ।
अघि अङ्गदको आयो झम्टिदै वेगली दृढ ॥
देवताहरूकै पानी झार्ने राक्षस—तीनले ।
हमला गरिए वीर यी अङ्गद वहाँ हरे ! ॥
ठूलठूला स्कन्धको वृक्ष उखेले उनले पनि ।
दुष्ट देवान्तकै माथि छोड्दिए जोडले अनि ॥
काट्दियो त्रिशिराले हा ! सर्पैं जस्ता त्यजी शर
खस्यो डङ्ग्रङ्ग पृथ्वीमा टक्रै टुक्रा भईतर ॥
ढुङ्गा मूढा लिई उफ्रे अव आकाशमा उनी ।
वर्षाए त्यसमा वर्र माश्दियो सव त्यो पनि ॥
महोदर नजीकैथ्यो नाश्यो परिघले यता ।
त्रिशिराले त्यज्यो वाण अव अङ्गदमा उता ।
हात्तीले हमला गर्दै उनको बीच छातिमा ।
त्यो महोदरले हान्यो वज्र तोमरले अहाँ ॥
यता परिघले हान्यो देवान्तक पनी पुग्यो ।
झोकिएकै थियो हानी स्वयं परतिरै हट्यो ॥
निकै प्रतापवान् तेजी बालि पुत्र थिए अतः ।
तीनैले झम्टिदा सम्म भएनन् कत्ति पीडित ॥
१३

१४

बलवान् थे झिके फूर्ति त्यसको गजलाइ व ।
झम्टे अङ्गदले दौड्दै हाने थप्पड भै छिटा ।
निस्किए गजका आँखा लाग्दा थप्पड हावको ।
फतऱ्याक् फतऱ्याक् परी हाल्यो करायो जोडले वडो॥
त्यसका दाँत ठूलठूला मजै साथ झिके अनि ।
तिनैले ठोक्दिए ओहो ! देवान्तककनै पनि॥
भयो विह्वल हावाले ढालेको रूखझैं तव ।
लाहा जस्तो पगालेको छाद्यो रगतको भल॥
बडो कष्टसँगै व्यूझी देवान्तक बढ्यो अघि ।
लियो परिघ डङ्ग्रङ्ग हान्यो अङ्गदमाथि ती॥
गई परिघ लाग्दा त्यो त्यस्ता अङ्गद वीर ता ।
घूँडै टेके लडे डङ्ग बल्ल बल्ल उठे तदा॥
यत्तिकैका त्रिशीर्षाले तिनोटा बाण छोड्दियो ।
गढे निनारमा टक्टक् न राम्रै पर्न गो अहो ! ॥
हनुमान् नीलले देखे यसै वेला उनीकन ।
तीन राक्षसले त्यस्ता छोपेका क्रूर भैकन ।
यौटा डाँडै लिई ठोके त्रिशिरालाइ नीलले ।
तर धूलै बनायो बा ! त्यसले तीक्ष्ण बाणले ।
शयौं बाण त्यजी धूलो भएको शैलले अव ।
निकाली अग्निको मुस्लो खस्यो डङ्ग्रङ्ग भै तल ॥
दाजुको वीर्य देख्ता यो त्रिशिरा दङ्ग भो वहाँ ।
हनुमान्माथि नै झम्ट्यो लिई परिघ हातमा ॥
आफैमा लाग्न आएको देख्ता त्यो हनुमान् वढे ।
त्यसको शिरमा डङ्ग हान्दिए वज्र मुष्टिले ।
हिर्काइ त्यसरी वीर वायुपुत्र महाकपि ।
कँपाए जोडले गर्जी सारा राक्षसलाइ ती ॥
२६

२७

त्यो मुष्टि लाग्दा शिर चूर्ण भैगो निस्के दुवै नेत्र लिएर जिब्रो ।
झरे सबै दाँत मऱ्यो यसोरी त्यो दुष्ट देवान्तक युद्ध हारी ॥
त्यो वीर देवान्तक देवशत्रु मरे पछी यो रणमा त्रिशीर्षा ।
अगाडि आयो शरवृष्टि छोड्यो ताकेर छाती कपि-नीलको हा ! ॥

२८

२९

महोदर चढ्यो अकैं हात्तीमा गिरीठीकको !
मन्दराचलको माथि चढेझैं सूर्यदेव भो ॥

३०

नील माथि गऱ्यो वर्षा बाणको त्यसले पनि ।
विजुली र चट्याङ् बोक्ने मेघले जलझैं अनि ॥

३१

शरीरमा वर्षिइँदा यसोरी असंख्य तीखा शर शत्रुका ती ।
भए बरा नील छिया छिया र मूर्च्छै परे होश उडेर फेर ॥
व्यूँझे छिटै किन्तु अनी उनीले डाँडै उठाए रुख साथको क्वै ।
हाने त्यसैले गइ फुत्त उफ्री महोदरैको शिरमाथि प्वाक्कै ॥
डाँडो खसेमा शिरमाथि त्यत्रो हात्ती सँगै त्यो अब चूर्ण भैगो ।
चट्याङ् परेमा चुचुरो ढलेझैं त्यसै लड्यो हा ! न भनेर ऐय्यै ॥

३३

३४

देखी काका मरेको त्यो त्रिशिरा अति झोक्कियो ।
धनुले बाण वर्षायो हनुमान्माथि नै अहो ! ॥
उठाए एउटा डाँडो हिर्काए त्यससा पनि ।
त्रिशिराले त्यज्यो बाण धूलै पारिदियो अनि ॥
डाँडो विफ्वाँक पारेको देखेमा कपिवीरले ।
मूढै मूढा लिए हाने त्रिशिरालाइ जोडले ॥
आँउंदा आँउदैको त्यो वृक्षवर्षाकनै हरे ।
तीखाबाण त्यजी कास्यो त्रिशिरा गर्जिएर ए ! ॥
यै वेला त्यसको घोडालाइ ता उनले पनि ।
सिंहले गजलाइझैं नङ्ग्रैले चिर्दिए अनि ॥
यमले साथमा आफ्नो कालरात्रि लिए सरि ।
हान्दियो शक्ति ली यौटा त्यसले पनि राम्ररी ॥
खस्यो आकाशको उल्का भनेझैं शक्तिलाइ त्यो ।
कपिले पक्डिए ट्याप्पै समाते भाँच्दिए अहो ! ॥

४०

४१

भाँचेको उनले देख्ता यसरी शक्तिलाइ त्यो ।
अरू वानर गर्जे बा ! मेघ गर्जे सरी भयो ॥
त्रिशिराले यता बोक्यो तीखो खड्ग छिटै अब ।
ताकेर उनको छाती हान्दियो लागिगो तब ॥
यता रन्थनिए वीर कसे मुड्की खपी सब ।
छातीमा त्रिशिरालाई हान्दिए एक थप्पड ॥
खस्यो त्यो हातको खड्ग उड्यो चैतन्य सुत्त र ।
तेजस्वी त्रिशिरा त्यस्तो लड्यो डङ्ग्रङ्ग भै तल ॥
खोसे लड्दा न लड्दै त्यो हातको खड्ग फुत्त गै ।
गर्जिए गिरी जस्ताथे शत्रुलाई कपाँउदै ॥
उड्यो मुड्की कस्यो त्यल्ले त्यो गर्ज्याई असह्य भै ।
ठोक्दियो हनुमानलाई उफ्रिएर पुगी त्यतै ॥
अब यी हनुमान् कुर्ले तीनै मुकुट साथको ।
त्यसको शिर गै पक्डे क्रुद्ध भै उनले अहो ! ॥

४७

४८

अगाडि त्वष्टा-सुतको जसोरी काटी दिएथे शिर इन्द्रले ती ।
यी तीन ओटै शिर खड्ग हानी काटी दिए बा ! अनि हर्ष मानी ॥

CC-0. In Public Domain. Digitization by eGangotri

४९

आँखा थियो अग्नि समान बल्दो ठूला थिए इन्द्रियवर्ग त्यस्को ।
खसे धराबीच अकाशबाट तारा खसे ठीक झिलिक्क साथ ॥
देवेन्द्र झैं वीर्य हुने उनीले मार्दा त्रिशीर्षाकन यो त्यसोरी ।
काँपिन् धरा, वानर वर्ग गर्जे भागे यता राक्षस, वीर तर्से ॥

५०

५१

यता अघि बढ्यो मत्त त्रिशिरा र महोदर ।
मारेको यी दुवैलाई देख्तामा भै भयङ्कर ॥
उता मरिसकेकै थे देवान्तक नरान्तक ।
लियो फलामको ठूलो गदा क्रुद्ध हुँदा तव ॥
यसमा सुनका पाता ठोकेका थे विशाल थ्यो ।
शत्रुको रक्त-मांसादि खान पाए अघाउँथ्यो ॥
त्यहाँ कट्कटिएको थ्यो रक्तको फींज शत्रुको ।
सिंगारेको थियो रातो मालाले धप्प बल्दथ्यो ॥
ऐरावत महापद्म सार्व भौम दिशा-गज ।
त्यो पुण्डरीकमा सम्म पार्थ्यो यो भय वास्तव ॥

५५

५६

शोभिई तेजले आफ्नो लयको अग्निठीक भै ।
त्यो मत्त थ्यो महापार्श्व लखेट्यो कपिलाइ गै ॥
उफ्रिई फुत्त त्यै वेला अघि रावण-भाइको ।
बलवान् कपि ऋषभ आए झम्टिइदै अहो ! ॥
गिरिझैं त्यसले देख्यो उनलाइ वहाँ जब ।
वज्र तुल्य गदा हान्यो छातीमा उनको तव ॥
फुटायो उनको छाती त्यो गदा बज्रिई हरे ! ।
निस्क्यो रगत ह्वालह्वालि काँपे बा ! कपिवीर ए ! ॥
पछि मूर्च्छैं परे, आयो धेरैमा होश ती उठे ।
रिसले ओठ फुर्दैथ्यो हेरे त्यल्लाइ जोशले ॥

६०

६१

स्वरूप डाँडै सरिको हुने यी हुन् वीर तेजी कपि वेगशाली ।
गई नजीकै अब छातिबीच मुक्कै बजाए त्यसलाइ नीच ॥
भै वृक्ष जस्तो जड काटिएको लड्यो धरामा रगताम्य नै भो ।
गदा लिए गै यमदण्ड जस्तो गर्जे अनी ती गरि कर्म यस्तो ॥
मुर्दै सरी भो छिनकै निमित्त ब्यूँझयो पछी क्रुद्ध भएर उफ्री ।
थ्यो साँझको बादल ठीक रातो हान्यो उनीलाइ कसेर कुप्री ॥
मूर्च्छैं परे ती, पछि बाट ब्यूँझी कुदेर आई त्यसकै अगाडि ।
त्यही गदाले चुचुरै सरीको हानी दिए हा ! त्यसमा पछाडि ॥
थियो महापार्श्व असाध्य द्वेषी यज्ञादिको ब्राह्मण-देवताको ।
त्यही गदाले यस नेर आई छाती फुटाल्यो पछि हाई ! हाई ! ॥
वर्षादमा बादल वर्षिएमा हिमालले गैरिक-धातु आदि ।
स्वात्तै बहाए सरि रक्त धारा त्यल्ले बहायो भइ कष्ट ज्यादि ॥

६६

६७

महामना ऋषभको हातको खोस्न त्यो गदा ।
महापार्श्व गयो झम्टी अघि यो आफ्नु भै दिदा ॥

६८

त्यसै के लिन सक्थ्यो त्यो घुमाए उनले गदा ।
पछि जोड गरी ज्यादै छोडदिए त्यसमाथि हा ॥

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी वीरले क्रूर संग्रामस्थलमा मारे

६९
त्यो महापार्श्वलाइ ता ।
मर्‍यो ढुन्मुनिदै तदा ॥

७०
भाँच्चिए दाँत सम्पूर्ण निक्ले आँखा दुवै यता ।
ढल्यो तत्काल पृथ्वीमा गिरिझैं वज्र वज्रिदा ॥

७१
त्यसको मिति पुग्दामा लड्दा हंश उडेर त्यो ।
अब हाहा ! पर्‍यो भाग्यो सारा राक्षस-सैन्य यो ॥
समुद्र उर्ली तट फोर्दिएमा के हुन्छ चाला जलको ? भयो त्यै ।
मर्दा महापार्श्व वहाँ त्यसोरी भागे सबै प्राण बचाउने भै ॥
७२

इति सत्तरी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकहत्तरौं सर्ग

वीर लक्ष्मणद्वारा राक्षस राजकुमार अतिकायको मृत्यु

१

यता अब यसो हेर्‍यो देख्यो त्यो अतिकायले ।
त्यसरी युद्ध चर्केको रणस्थलविषे हरे ! ।।
देख्यो कि शत्रु सम्पूर्ण थर्र पार्ने कँपाउने ।
मेरो सैन्य सबै भाग्यो भन्ठान्यो भइ घोरिने ।।
दाजुभाइ निकै मेरा इन्द्रझैं वीर्य शक्तिका ।
यहीं मरि सके भन्ने शोक भो त्यसमा तदा ।।
युद्धोन्मत्त तथा मत्त महापार्श्व महोदर ।
दुवै काका पनी मेरा मारिए रणमा तब ।।
स्वप्न गाह्रै परी हाल्यो अनि ता यसलाइ हा ! ।
ब्रह्माको वर पाएर स्वाँठिएकै थियो तदा ।।
देखिन्थ्यो पर्वतै जत्रो रूपको त्यो भयङ्कर ।
देव-दानवको पानी झारेकै थ्यो निरन्तर ।।
हजारौं सूर्य झैं तेजी रथ थ्यो त्यसमै चढ्यो ।
इन्द्रको शत्रु त्यो कुल्र्यो अनि गै हमला गर्‍यो ।।
किरीट शरमा त्यस्को झल्किन्थ्यो भइ झल्झल ।
लंबरी सुनको राम्रो टल्किन्थ्यो दिव्य कुण्डल ।।
पैले धनुष टङ्कार्‍यो आफ्नो नाम भन्यो अनि ।
निकै कुर्लेर गर्ज्यो बा ! कँपायो कपि-सैन्य नि ! ।।
विशाल त्यसको रूप देख्नामा अति अद्भुत ।
ब्यूँति कुम्भयै आएछ भन्ठाने कपिले स्वतः ।।
डराए अनि ता साह्रै भालू वानर ती सब ।
गाँसिए आफ-आफैंमा भई थर्थर वास्तब ।
बलीराजाकनै ठग्दा विष्णुले भइ वामन ।
लिएको रूप जस्तैथ्यो आत्तिए कपि यी पुनः ।।
भयो सातो गए जस्तै गए शरणमा अनि ।
वीर्यवान् रामको त्यस्ता लिन्छन् शरण यी भनी ।।

१३

१४

कालो मेघ सरी गर्जी आँउदो रथमा चढी ।
त्यल्लाइ रामले देखे पर्वतैठीक रूप ली ।।
स्वयं जिल्ल परे राम कपिमा सान्त्वना दिए ।
पछिबाट यसो हेरी ती विभीषणमा भने ।।
हजारौं अश्व जोतेको विशाल रथमा चढी ।
आँउने धनु टङ्कार्दै को आयो सिंहझैं छ ती ? ।।
भूतले घेरिने साक्षात् भूतनाथ सरी छ त्यो ।
शूल-तोमर-भालाले कसिएको पनी छ जो ।।
हुन् जस्ता कालका जीब्रा बिजुलीबाट घेरिदो ।
देखिन्छ मेघ जस्तै पो रथका शक्तिबाट जो ।
पछाडि सुन मोरेका धनु नै रथलाइ त्यो ।
इन्द्राणीले नभैठीक शोभा छ त्यसको अहो ! ।।
को आयो सूर्यझैं तेजी विशाल रथमा चढी ।
रणभूमिकनै सारा पार्छ जगमग जो बढी ।।
झण्डामा राहुको चिन्ह देखिन्छ अति शोभित ।
बाणले किरणै जस्ता छ जगमग दिशा दश ।।
त्यस्तो धनु झुकेको छ फेद टुप्पो र माझमा ।
देखिन्छ इन्द्रकै जस्तो मोर्नाले सुन पीठमा ।।
रथ झण्डा पताका र काठले तलमाथिका ।
शोभिन्छ, मेघ गर्जेझैं छ, छन् सारथि चार वा ! ।।
ठोक्रा छन् रथमा बीस डलाग्दा धनु छन् दश ।
सुनौंला र पहेंला छन् ताँदा आठ सुशोभित ।।
दुवै बगलमा दोटा खड्ग छन् जसका अहो ! ।
छ चार हात चौडाई लम्बाई दश हातको ।।
रातो माला लगाएको कालो पवतझैं छ त्यो ।
कालको मुख जस्तै छ सूर्यझैं मेघ माथिको ।।

२६

२७

बाहुका सुनका बाजू हुनाले दुइ टाकुरा ।
शोभिएको हिमालेझैं देखिन्छ अति भव्य बा ! ॥
ती पुनर्वसु नक्षत्र बीचका चन्द्रमा सरि ।
यसको मुख शोभिन्छ दुवै कुण्डलले गरी ॥
भनली ए महाबाहु ! को हो यो राक्षसोत्तम ।
भाग्छन् जसलाइ देख्तामा भालु-वानरका गण ॥
त्यस्ता अतुल्य तेजस्वी रामले सोधिए पछि ।
बिभीषण स्वयं तेजी विन्ती गर्छन् यसो झुकी ॥
ए प्रभो ! हुन् महातेजी डर्लाग्दा देहका दरा ।
राजा कुवेरका भाई वीर रावण सर्वथा ॥
उनैको सुत हो स्वामिन् ! यो वीर पनि वास्तव ।
वीर्यमा बाबु जस्तै छ बूढाको मान गर्दछ ॥
वेदशास्त्र र शस्त्रास्त्र जान्नेमा पनि श्रेष्ठ छ ।
कला पनि छ जानेको यसले प्रभु राघव ! ॥
घोडा हात्ती सवारीमा धनु-खड्गादि हान्नमा ।
जान्ने छ दिन क्यै राय भेद-साम र दानमा ॥
छन् प्रभो राक्षसी यौटा नामकी धान्यमालिनी ।
हो तिनै पट्टिको छोरो छ महान् वीर यो पनि ॥
लङ्का निर्भय छन् स्वामिन् ! यसैको आड पाँउदा ।
अतिकाम छ यै नाम छ शक्ति यसको कडा ॥
ब्रह्मालाइ खुशी पार्‍यो यसले तपले अघि ।
पायो शस्त्रास्त्र धेरै नै सार्‍यो शत्रु हुने जति ॥

३७

३८

त्यों दिव्य कवचै साथ सूर्यझैं तेजिलो रथ ।
पायो वर र मर्दैन देव—दानवले तक ॥
देव-दानव -यक्षादि मार्‍यो यस्ले निकै अघि ।
हुर्कायो र बचायो बा ! आफ्ना राक्षसलाई ती ॥
यसले इन्द्रको वज्र ट्याक्कै रोकिदियो प्रभो !
उता वरुणको पाश त्यसै खण्डित पार्दियो ॥
छोरा राक्षस-राजाको त्यही हो अतिकाय यो ।
देव-दानवको शेखी तोड्न सक्छ छ वीर यो ॥
यसले बाण छोडेर कपि-सैन्य विनाश्नुको ।
अघि नै यत्नले स्वामिन् ! विनाशौं नत्र सक्छ यो ॥
कपिको सैन्यमा सुत्तै पस्यो त्यो अतिकाय ता ।
गर्जियो धनु टङ्कारी फूर्ति साथ छिटै यता ॥
देख्ता त्यसलाइ आएको तेजिलो रथमा चढी ।
दिलका देहका तेजी तम्सिए कपिवीर यी ॥
नील द्विविद—शरभ तथा कुमुद मैन्दले ।
ढुङ्गा मूढा लिई हाले एकैपल्ट बजार्दिए ॥
पीठमा सुन मोरेका झिक्यो बाण थियो छिटो ।
ती सबै पार्दियो चट् चट् के मार्‍यो अतिकाय त्यो ॥
डर्लाग्दो देहको त्यस्ले फलामे बाण सर्सर ।
छोडेर सबलाई यी रोप्दियो अब भै स्थिर ॥
भालू-वानर सम्पूर्ण परे बा ! बाणवृष्टिमा ।
चलेन यिनको दैय्या त्यसको अघि युद्धमा ॥

४८

४९

जोश बढ्दा जवानीको सिंहले मृग यूथको ।
बिचल्ली पार्दिए जस्तो पार्‍यो काँपे सबै अहो ! ॥
आश्चर्य नै भो अतिकायले त्यो जोरी नखोज्ने निज शत्रुलाई ।
हानेन बा ! बाण गर्‍यो प्रहार जो हान्दथ्यो आफुकनै, ठमाई ॥
बोकेर ठोक्रो धनु वेग साथ आइपुग्यो राम-नजीक त्यो र ।
भन्यो उनैसाथ पछाडि त्यस्ले कुर्लेर राम्रै संग कड्किएर ॥
देख्यौ ! मलाई रथमा चढेको छु जो धनुर्बाण कडै लिएको ।
हुन् माःुली यी सब कष्ट दिन्न लड्ने यिनी साथ विचार लिन्न ।
सद्वीर्य उत्साह छ शक्ति जस्मा त्यै व्यक्ति आएर अगाडि मेरो
लडोस् म साथै, हुंत्तिह्यांउ केही छ ता भने शोच भनाइ मेरो ॥

५३

CC-0. In Public Domain. Digitization by eGangotri

५४

त्यल्ले बकेको सब यो सुनेर साह्रै भयो लक्ष्मण मोकिए ए ! ।
बोकेर आफ्नो धनु बाण हाली मुसुक्क हाँसेर अगाडि आए ॥

५५

ठोक्रा बाट झिके बाण चढाए धनुमा अनि ।
अगाडि त्यसको आए मोकिएर स्वयं उनी ॥
मजाले धनु टङ्कारे आकाश पृथिवी दिशा ।
सिन्धु सम्म पुग्यो शब्द काँपे राक्षस जत्ति ता ॥
टङ्कार्दा धनु निस्केको शब्द सुन्दा भयङ्कर ।
अतिकाय भन्यो छक्कै त्यो भए पनि दुर्धर ॥
देख्ता लक्ष्मण आएको लड्न आफूसंगै तब ।
हातमा बाण ली तीखा भन्यो त्यल्ले यसो अब ॥
सौमित्रे ! बालकै छस् तँ सक्तैनस् लडन फर्कि जा ।
हेर् म काल-समानै छु लड्ने आँटै न गर् तँ बा ! ॥

५८

६०

यी मेरा हातका बाण छोडिए कि प्रहार ता ।
सक्तैनन् खप्न आकाश हिमालय धरा तथा ॥
के व्यूँझाँउन खोज्छस् तँ सुतेको सर्पलाइ ता ।
भो जा लौ ! धनु फ्याँकेर प्राण धान् भइ वेपता ॥
हो क्या रे तँ घमण्डी छस् फर्किन्नस् तँ त्यसै भने ।
लौ भैगो ! पख् त होस् तैं नै यमको पाँउने भए ॥
झार्दछन् शत्रुको पानी यी मेरा स्वर्णभूषित ।
बाण छन् रुद्रकै जस्ता कस्ता तीखा ल हेर तँ त ॥
तेरो रगत धोक्नेछ बाणले सर्प ठीक यो ।
हात्तीको रक्त धोकेझैं सिंहले के बुझिस् कुरो ? ॥

६४

६५

भनी यत्ति निकै झोक्यो अतिकाय वहाँ अनि ।
चढायो धनुमा बाण फन्फनाई त्यसै पनि ।
सुनी कुरा राक्षसका अनौठा झोकै उठ्यो लक्ष्मण-वीरलाई ।
भने उनीले त्यसलाई यस्तो कुरा महान् सार हुँदो ठमाई ॥
बकी कुरा तुच्छ नचाँहिदा यो हुँदैन कोही पनि व्यक्ति ठूलो ।
छु मै धनुर्बाण लिइ अगाडि ए दुष्ट ! देखा बल-शक्ति तेरो ॥

६७

६८

लौ बाबै ! कामले देखा न गर् बकबक व्यर्थको ।
जो गर्छ कामले काम शूर व्यक्ति कहिन्छ त्यो ॥
रथ भित्र बसेकोछस् नाना शस्त्रास्त्र ली तँ त ।
बाणले अस्त्रले यद्वा लौ देखा आफ्नु वीर्य तँ ॥
भेट्ना बाट खसाले झैं ताडको फल वायुले ।
तेरो शिर खसाल्दिन्छु अनिमात्र म बाणले ॥
जडेका सुन यी मेरा वाण गै रोपिए पछि ।
त्यै प्वालबाट निस्केका पिउँछन् रक्त जत्ति ती ॥
शिशु हूँ कि म बूढो हूँ न हेप् बाबै ! मलाइ तँ ।
यो रणस्थलमा संझी आफ्नो काल भनेर तँ ॥
बुझिस् ! वामन बन्दामा विष्णु बालक नै थिए
पछि त्रैलोक्य नापेथे उनैले आफ्नु पाउले ।

७३

७४

युक्तियुक्त तथा सत्य यस्ता लक्ष्मणका कुरा ।
सुने पछि रिसायो त्यो झिक्यो बाण लियो तदा ॥
विद्याधर तथा भूत देव दैत्य महर्षि र ।
गुह्यकादि पनी आए हेर्न त्यो युद्ध सर्सर ॥
धनु ‌थि त्यही राख्यो क्रुद्ध भै अतिकायले ।
आकाशै सानु पारेर छोड्यो लक्ष्मण माथि ए ! ॥
सर्पझैं सर्र आएको तीखो त्यो बाणलाइ ता ।
अर्धचन्द्र त्यजी बाण काटे लक्ष्मणले तदा ॥
बीचमै काटियो देख्य, काटेझैं सर्पको फणा ।
अतिकाय भयो क्रुद्ध पाँच बाण झिक्यो वहाँ ॥
वीर लक्ष्मणमा छोड्यो ती पाँचै त्यसले तब ! ।
बीचमै काट्दिए किन्तु उनले बाणले अब ॥

७६

(१३५१)

८०

धपक्क तेजले आफ्ना बलेको बाण एउटा ।
झिकेर अनि ताँदोमा चढाए उनले तदा ॥
डर्लागदो र निकै तीखो बाण त्यै अतिकायमा ।
तानेर छोड्दिई हाले बढेको दृढ झोकमा ।
मुक्तध्यो यसको गाँठो थ्यो तीखो र विशाल यो ।
लाग्यो निनारमा डङ्ग गै यही अतिकायको ॥
भिज्दा रगतले सर्प देखिएठीक भो तव ।
रोपिंदा ज्वाम्म त्यो बाण भिज्दा रगतले सव ॥
रुद्रको शर लाग्दामा अघि त्रिपुर-गोपुर ।
काँपेथ्यो क्सरी त्यस्तै काँप्यो राक्षस थर्थर ॥
घोरिथो अनि क्वै वेर पछि शोचेर धैर्यले ।
प्रशंसा शत्रुको गर्दै भन्यो त्यो अतिकायले ॥
वीर लक्ष्मण ! श्यावास ! मसा बाण लगाउदा ।
प्रशंसा गर्नको योग्य मेरो बैरी भयौ अहा ! ॥
वायो मुख भनी यत्ति उठायो दुइ हात ती ।
रणस्थल घुम्यो वीर रथ बाटै यताउति ॥
एक तीन तथा पाँच सात बाण लिई पछि ।
ताँदोमा चट्ट राखेरै छोडदियो वेगले अति ॥
चम्किला सूर्यझैं तेजी टुप्पामा स्वर्णभूषित ।
डर्लागदा कालकै जस्ता बाणथे त्यसका स्वतः ॥
यिनै छुटेर जाँदामा भयो आकाश झल्झल ।
पुगे वा हुन्तिदै सारा ताकी लक्ष्मणलाइ त ॥
त्यसरी आँउदा बाण देखे लक्ष्मणले अनि ।
आफ्नु बाण पनी छोडे नष्ठ भ्रष्ट भए तिनी ।
काटेका त्यसरी देख्ता आफ्ना बाणकनै हरे ! ।
झोक्कियो इन्द्रको शत्रु यौटा बाण लिएर ए ! ॥
ताँदोमाथि चढाएर फूर्तिले त्यसले तदा ।
आफ्नै अगाडि आएका छोड्यो लक्ष्मणलाइ हा ! ॥
हात्तीले मद झारेझैं लाग्दा त्यो बाण छातिमा ।
उनले रक्तकै खोलो बहाए रणभूमिमा ॥
रोपिएको झिके बाण उनले स्वस्थ भै पछि ।
तीखो बाण झिके यौटा फुके मन्त्र पनी पढी ॥
परेछ अग्निको मन्त्र त्यसैले बाण त्यो वल्यो ।
चढाए अव ताँदोमा उनले क्रुद्ध भै बडो ॥

६६

८७

उता ठिक्क थियो तेजी डर्लाग्दो अतिकाय त्यो ।
डर्लाग्दो सर्प हो जस्तो बाण क्नै हातमा लियो ॥
यमले कालको दण्ड छोडेझैं उनले अव ।
दिव्यास्त्र शक्तिले बल्दो बाण त्यै छोड्दिए तव ॥
देखी त्यो बाण आएको आग्नेयास्त्राभिमन्त्रित ।
यसले छोड्दियो जोडी श्रीसूर्यास्त्राभिमन्त्रित ॥
यी दुवै बाणका टुप्पा तेजले बल्दथे निकै ।
डढाएर भए भ्रष्ट जुधी आकाशमा दुवै ॥
दुइटा सर्प हुन् जस्ता देखिन्थे बाण यी दुवै ।
जुधेर अव पृथ्वीमा खसे भस्म भई दुवै ॥
अतिकाय रिसायो बा! यो देख्ता त्यसले अव ।
यौटा छेस्का लिई मन्त्र्यो त्वष्टाको मन्त्रले तव ॥
जाँदैथ्यो बीचबाटोमा वीर लक्ष्मणले तर ।
छिटै इन्द्रास्त्र छोडेर काट्दिए त्यो खस्यो तल ॥
अव यो झोक्कियो फेरि नाँशिदा बाण त्यो पनि ।
लियो बा ! पछि याम्यास्त्र छोड्दियो उनमा अनि ॥
वायव्यास्त्र लिई हाने नाशिदए त्यसलाइ र ।
मेघले जल-धाराझैं वर्षाए त्यसमा शर ॥
थियो हीरा जडाएको त्यस्को कवच सुन्दर ।
लागे यी त्यसमै टक् टक् टुक्रिएर झरे तर ॥
भएका यसरी व्यर्थ देख्ता यी बाणलाइ ता ।
हजारौं बाणको वर्षा गरे बा ! उनले तदा ॥
यसरी बर्षिंदा बाण लागे ता पनि वीर त्यो ।
न फुट्ता बर्भ त्यो दिव्य भएन व्यथितै अहो ! ॥
डर्लाग्दा सर्प हुन् जस्ता बाणली अतिकायले ।
छोड्दियो मर्ममै लागे वीर यी घाइते भए ॥
शत्रुलाइ दिने ताप सुमित्रासुत-लक्ष्मण ।
लडे डङ्ग्रङ्ग पृथ्वीमा परे मूर्च्छै उनी पुनः ॥
व्यूँझे दुइ घडी बित्ता न वित्ता यिनले अव ।
छोड्दिए बाणको पर्गा काट्दिए रथकै ध्वज ॥
चारोटा बाण छोडेर घोडा सारथिलाइ ता ।
तत्काल मादिई हाले फूर्तिले शक्तिमान् हुँदा ॥
अमोघ बाण जो जो थे स्थिर भै उनले सव ।
त्यसमा यिनले हाने तर खेर गए सव ॥

११३

CC-0. In Public Domain. Digitization by eGangotri

११४

घाइते पार्न बा पीडा त्यसमा पार्न वस्तुतः।
सकेनन् उनले किन्तु ऐय्या ! आत्थू ! भन्यो न त ॥
अब यस्तै अवस्थामा भएमा वीर लक्ष्मण।
वायुदेव स्वयं आए भने हित भनी सुन ! ॥

११५

बाबु लक्ष्मण ! ब्रह्माको यसमा वरदान छ।
अभेद्य कवचै यल्ले पैह्रेको छ अवध्य छ ॥
पहिले कवचैलाई फोर्नै सुर तिमी गर।
सर्ला यो अनिमात्रै पो यही युक्ति छ सुन्दर ॥

११६

११७

११८

अरू शस्त्रास्त्रले छुन्न मर्दै मर्दैन क्यै गरे।
ब्रह्मास्त्र छोड त्यो फुट्छ अनि मर्दछ अस्त्रले ॥

श्रीवायुका वाक्य सुनेर यस्ता खुशी भए लक्ष्मण इन्द्रजस्ता।
झिके तुरुन्तै अनि बाण, यौटा ब्रह्मास्त्रले मन्त्रित पार्दिए बा ! ॥

ब्रह्मास्त्रले मन्त्रित बाण यस्तो चढाँउदामा धनुबीच त्यस्तो।
अकाश पृथ्वी ग्रह चन्द्र सूर्य काँपे दिशासम्म भयो अनर्थ ॥

टुप्पो भएको सुनको र तीखो यो बाण मन्त्रे र छिटै खुशीले।
जो कालको दूत समानकै थ्यो छोडी दिए हा ! त्यसमा उनीले ॥

हीरा तथा स्वर्ण हुँदा जडाउ थ्यो बाण यो झल्झल वायु जस्तो।
छोडी दिंदा लक्ष्मणले अकस्मात् देख्यो यता राक्षस वीरले त्यो ॥

झिकेर हान्यो अब बाण आफ्नो त्यल्लाई त्यो राक्षसले पनी बा !।
केही लछारेन गयो बढेर यल्लाइ सक्नै गरुडै बनी हा ! ॥

अगाडि बढ्दै अझ हुरियो त्यो भै काल जस्तो अति उग्र त्यस्तो।
हान्यो अनेकौं शर शक्तिले र त्यल्ले पनी कत्ति न आत्तिएर ॥

गदा तथा ऋष्टि कुठार छोडी गर्‍यो निकै यत्न स्वयं अडेर।
पारी सबै व्यर्थ गयो हावाझैं ब्रह्मास्त्र यो किन्तु न रोकिएर ॥

ह्वाह्वाति बल्दो भइ अग्नि जस्तो वहाँ पुगी यो अतिकायको त्यो।
च्वाट्टै छिनाल्यो भइ शक्तिमान् यो कीरीटले शोभित शीर्ष त्यस्तो ॥

१२६

१२७

लाग्दा लक्ष्मणको बाण त्यस्को शिर किरीट ली।
खस्यो डङ्ग्रङ्ग पृथ्वीमा गिरिको शृङ्गझैं भई ॥
गहना वस्त्र फ्याँकेर देख्तामा त्यो लडे पछि।
भागे मार्न बचेका ती क्रूर राक्षस आत्तिई ॥

१२८

घाउै वाउ भएकाथे थिए दुःखित पीडित।
आर्त शब्द झिकी भागे ती सबै न मजासित ॥
त्यो वीर नाइके मर्दा भागे चारतिरै सब।
लङ्काभित्र पसी हाले निकै ता त्रासले अब ॥

१२९

१३०

१३१

भए फुलेका कमलै सरी मुख हुने यता वानर वीर यी अब।
त्यो वीर वैरी त्यसरी मरे पछि गरे प्रशंसा उनको सबै मिली ॥

CC-0. In Public Domain. Digitization by eGangotri

१३२
महाबली मेघसमान देहको त्यल्लाइ मारे पछि वीर लक्ष्मण ।
भै दङ्ग भै वानरबाट पूजित गए स्वयं राम भएतिरै पुनः ॥

इति एकहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बहत्तरौं सर्ग

राक्षसराज रावणको चिन्ता र पुरीको देखरेख गर्न आदेश प्रदान

१

महात्मा लक्ष्मणैबाट अतिकाय मऱ्यो भनी ।
सुन्यो राक्षस-राजाले आत्तिएर भन्यो अनि ॥
रिसाहा वीर धूम्राक्ष कुम्भकर्ण अकम्पन ।
महान् बल भएका हुन् प्रहस्त पनि भीषण ॥
लड्ने हुन वीर यी सारा शत्रुका-सैन्य जित्तथे ।
अँहँ ! हार्दैनथे कैले शत्रुबाट प्रचण्डथे ॥
सजीलै काम ठूल्ठूला गर्ने रामे रहेछ त्यो ।
त्यसैले पो सक्यो औले हाम्रो सैन्य सबै अहो ! ॥
नाना शस्त्रास्त्र जानेका दिलका देहका दरा ।
त्यसैबाट मरे हाम्रा वीर राक्षस ती बरा ! ॥
हो मेरो इन्द्रजित् छोरो प्रख्यात बल-वीर्यमा ।
त्यसले बाँधिएकाथ्यो ती दुवैलाइ युद्धमा ।
नागै जस्ता थिए बाण डर्लाग्दा रज्जु ठीकका ।
पाएथ्यो बर-दानैको रूपमा त्यसले तदा ॥
सम्पूर्ण देवताले र बली असुरले पनि ।
खोल्न त्यल्लाइ गाऱ्है थ्यो हुन्न जस्तासुकै उनी ॥
तोड्न सक्तैनथे फेरि यक्ष-गन्धर्व नागले ।
कसरी उम्किए दोटै राम लक्ष्मण ती हरे ! ॥
के प्रभाव पऱ्यो कुन्नि ? त्यस्बाट कसरी छुटे ।
के त ती मोहिनी-माया जान्दछन् ? जसले छुटे ॥
शूर वीर गए लड्न मेरो आज्ञा लिई जति ।
ती कस्ता बलिया ढेडू मार्दिए सबलाई ती ॥
अँहँ ! देख्दिन क्वै वीर सकोस् लड्न अडेर जो ।
राम लक्ष्मण सुग्रीव त्यो विभीषण मार्छ को ॥

१२

१३

लौ माऱ्यो ! साँच्चि नै रामे रहेछ बलवान् बडो ।
जससाथ गई लड्दा सैन्य सोत्तर नै भयो ॥
अब ता ठान्न थालें म त्यो रामेलाइ वास्तव ।
साक्षात् नारायणै भन्ने जो हो ईश्वर अव्यय ॥
त्यसैको डरले गर्दा लङ्काका सब द्वार यी ।
थुनेकोछु सँधै मैले गम्यो यत्ति भन्यो पछि ॥
सुन ! राक्षस हो ! सारा तिमीहरू सँधै अब ।
सावधान भई राम्रो पालो र पहरा गर ॥
सैन्य ली चाँहिने जत्ति पुरी घेर र हेर गै ।
जहाँ सीता बसेकी छ हेर्नु घुम्नु त्यहाँ सँधै ॥
तलमाथि न होस् कत्ति अशोक वनिका सदा ।
सुरक्षित रहोस् संझ बस्नु ध्यान दिई त्यता ॥
कुन वेला त्यहाँ बाट को निस्कन्छ र पस्छ यो ।
यो कुरा अब हामीले बुझ्नु पर्छ, बुझ्यौ कुरो ! ॥
छन् जहाँ छाउनी हाम्रा त्यतै घुम्नु निरन्तर ।
अ-आफ्नो सैन्य ली साथ गस्ती गर्नु सबैतिर ॥
भालू-वानरमा ज्यादै रात सांझ-विहानमा ।
आँखा गाड्नु मजा साथ घुम्यौ दिनभरी त्यहाँ ॥
भालू वानर हुन् भन्दै न हेर्नु कहिल्यै पनि ।
शत्रुको सैन्य के गर्छ चंख भै बुझ्नु यो पनि ॥
सुनी राक्षस-राजाको यो आज्ञा भृत्य राक्षस ।
गइ आज्ञा भए जस्तो गरे सैन्य मिली सब ॥
भित्री हृदयको काँडो झिक्यो आज्ञा दिई यसो ।
अनि रावण झोक्काइ आफ्नो महलमा पस्यो ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

२५
क्रोधाग्नि दन्क्यो अब राक्षसेशको केही गन्यो शान्त दिई निदेश त्यो ।
स्वपुत्रको मृत्यु भएर संझना लामो त्यज्यो सास लड्यो पुगी वहाँ ॥

इति बहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिहत्तरौं सर्ग

इन्द्रजित्को ब्रह्मास्त्रले श्रीराम र लक्ष्मण घाइते भै मूर्च्छा पर्नु

१

थिए बचेका जति ती गएर भने यसो राक्षसराजनेर ।
मरे त्रिशीर्षा अतिकाय लड्दै त्यो वीर देवान्तक आदि स्वात्तै ॥
सुनी कुरा राक्षसवीर त्यस्तो रोयो निकै हा ! सुत भाइ मर्दा ।
चिन्ता पर्‍यो घोर भयो अनर्थ बस्यो निकैबेर गमेर व्यर्थ ॥
राजा बुवालाई भएर दीन देखेर डुब्ने दुख-सिन्धुमा त्यो ।
अगाडि आई अब राजपुत्र त्यो इन्द्रजित् भन्दछ वाक्य यस्तो ॥
छु इन्द्रजित् पुत्र बुबा ! म ज्यूँदै यो मोह चिन्ता अब छोडिबक्स्योस् ।
गै रोपिएमा अति तीक्ष्ण बाण छ बाँच्न सक्ने कुन शोचिबक्स्योस् ॥
त्यो रामको लक्ष्मणको शरीर छोडेर तीखा शर छेड्छु आज ।
गतायु भै ती दुइ भाइ राजन् ! सुत्छन् सँधैलाइ अवश्य आज ॥
मेरो प्रतिज्ञा छ सुनिश्चितै यो पुग्नेछ जो पौरख दैव द्वारा ।
म तृप्त पार्दिन्छु बडो मजाले तिनी दुवैलाइ म बाणद्वारा ॥
देखुन्न आजै यम विष्णु इन्द्र साध्यादि श्रीसूर्य र रुद्र चन्द्र ।
त्यो विष्णुकोझैं बलि यज्ञबीच सद्वीर्य मेरो गति शक्ति कै छ ॥
कड्की भन्यो राक्षसराज साथ लियो अनी स्वीकृति लड्न जान ।
शस्त्रास्त्रले पूर्ण गधा भएको चढ्यो स्वयं गै रथमा ललाम ॥

८

९

इन्द्रकै रथ हो जस्तो रथबीच चढेर त्यो ।
कसिएर पुगी हाल्यो जहाँ युद्ध हुँदै थियो ॥
त्यसको पछि लागे बा ! बलवान् वीर राक्षस ।
दङ्गादङ्गी परी बोकी शस्त्रास्त्र धनु आदिक ॥
हात्ती चढी गए कैयौं गए घोडै चढी निकै ।
गए अरू पनी वीर सवारी साथ ली त्यसै ॥
बाघ बिच्छी बिराला र गधा सर्प बँदेल र ।
अरू हिंसक जीवादि साथ ली भइ दुर्धर ॥

१२

१३

गिरि जत्रा लिए श्याल सिंह काक मयूर र ।
हाँस इत्यादिमा चढ्दै लड्नमा भै भयङ्कर ॥
यी सबैले लिएकाथे शस्त्रअस्त्र अनेकन ।
प्रास पट्टिश खड्गादि भुसुण्डी बञ्चरा पुनः ॥
गदा परिध निंस्त्रिश ठूल्ठूला दृढ मुद्गर ।
भइ जोरी न पाएका गए अघि भई स्थिर ॥
अब वेस बजे बाजा भेरा शङ्खादि खालका ।
दिक् दिगन्त गर्‍यो व्याप्त त्यै मीठो ध्वनिले तदा ॥

१६

CC-0. In Public Domain. Digitization by eGangotri

१७

त्यही शाइत पारेर इन्द्रको शत्रु दुर्जय ।
इन्द्रजित् युद्धमा जान निस्कियो छोड्दियो भय ॥
शङ्खझैं चन्द्रझैं सेतो ओढ्दामा श्वेत छत्र त्यो ।
सुशोभित भयो ज्यादै नभझैं चन्द्रले अहो ! ॥
त्यो ताकका धनुर्धारीहरूमा पनि श्रेष्ठ यो ।
सुनका गहनाले नै निकै झकिझकाउथ्यो ॥
यो निशाचर हम्किन्थ्यो वीर राक्षस भृत्यले ।
राम्रा चँवर-पङ्खाले रथभित्र प्रयत्नले ॥
त्यत्रो विशाल—सेनाले घेरिई पुत्रलाइ त्यो ।
देखेर हिड्न लाग्दामा श्रीमान् रावणले भन्यो ॥
बुझिस् बाबु ! कुनै छैन तेरो जोडा रथी त्यहाँ ।
इन्द्रले हार खाएथ्यो अघि पर्दा तँ युद्धमा ॥
सजीलै जितिने नै हो यौटा जावो मनुष्य त्यो ।
अवश्य रघुवंशी त्यो रामे सक्छस् तँ जा भयो ! ॥
आशीर्वाद दियो यत्ति बाबु राक्षसराजले ।
लियो शिर झुकाएर त्यो छोरो मेघनादले ॥
अनि ता सूर्यझैं तेजी त्यसले त्यो पुरी सव ।
आकाश सरि सूर्यैले शोभियो चम्कियो तव ॥
तेजस्वी इन्द्रजित् दौड्यो पुग्यो बा ! रणभूमिमा ।
हाल्यो राक्षसको घेरा बस्यो गै आफु बीचमा ॥
ठिक्क पारेर सामग्री त्यहीं नै त्यसले अनि ।
पढेर विधिवत् मन्त्र बाल्यो अग्निकनै पनि ॥
पछि पूजा गरी हाल्यो लावा चन्दन अक्षता ।
पुष्पादि वस्तुले वेस अरु सद्द्रव्यले तथा ॥

२८

२६

प्रतापी अग्निझैं तेजी त्यसले त्यस अग्निमा ।
पढ्यो मन्त्र र टक्र्यायो हविष्याहुति यो वहाँ ॥
त्यो वेला अग्नि वेदीको चारैतिर बिछ्याइने ।
कुश काश वनेकाथे त्यसका शस्त्र चम्किने ॥
हर्राका वृक्षका काठ समिधा यसमा बने ।
र—राता वस्त्रथे राम्रा यसमा पनि चाँहिने ॥
आभिचारिक यो यज्ञ त्यसले जो गर्‍यो यहाँ ।
त्यसमा लोहको सूरों वनेकोथ्यो कडै त्यहाँ ॥
तोमरै साथका शस्त्र रूपका कुश काशले ।
चारैतिर गर्‍यो व्याप्त अग्निको विधिसाथ ए ! ॥
पछिबाट सकी होम पूर्णाहुति स्वरूपको ।
कालो बोको घिसारेर गला रेटिदियो अहो ! ॥
पर्दा आहुति यो अग्नि बले ह्वार्ह्वार्ति भै अब ।
मुस्लो माथितिरै जान्थ्यो धूँवा देखिन्नथ्यो तव ॥
अग्निमा देखिए चिह्न अघि जस्ता अनेकन ।
जुन ती सूचना गर्थे त्यस्कै जय प्रतिक्षण ॥
दक्षिणावर्त भै घुम्थ्यो ज्वाला यी अग्निदेवको ।
पग्लेको सुनझैं वर्ण देखिन्थ्यो दिव्य तेजिलो ॥
उठेर अग्निको कुण्डबाट त्यो अग्निदेवता ।
गरे ग्रहण आफैंले हविष्याहुति त्यो तदा ॥
सिपालु अस्त्र -विद्यामा इन्द्रजित् थ्यो स्वयं यता ।
आवाहन गरी हाल्यो ब्रह्मास्त्र त्यसले तदा ॥
शस्त्र अस्त्र तथा आफ्नो रथ त्यो धनु साथमा ।
ब्रह्मास्त्र-मन्त्रले मन्त्र्यो सिद्ध पारी स्वयं त्यहाँ ॥

४०

४१

जव ब्रह्मास्त्र बोलायो दिइ आहुति अग्निमा ।
काँप्यो आकाश नक्षत्र साथमै सूर्यचन्द्रमा ॥
बली रहेका प्रभु अग्नि जस्तै भो तेजिलो उद्धत इन्द्रजित् यो ।
जो देखियो इन्द्र-समान वीर आँक्नै नसक्ने बल वीरको पो ॥
गरी सकी त्यत्ति लिएर आफ्नो शस्त्रास्त्र एवं रथ आदि वस्तु ।
घोडा तथा सारथि साथ साथै अदृश्य भैगो अव इन्द्रजित् यो ॥
लड्न जोरी नपाएर गर्जने आफ्नु सैन्यमा ।
त्यो गयो पहिले टन्न रथ घोडा थिए जहाँ ॥

४४

CC-0. In Public Domain. Digitization by eGangotri

४५

भालू वानर मार्दैथे सारा राक्षस सैन्य ती ।
तोमराङ्कुश इत्यादि तीखा बाण त्यजी त्यजी ॥
वहाँ गै सैन्यमा हेरी इन्द्रजित्‌ले भन्यो यसो ।
खुश भै मार यै ठीक भालू-वानर सैन्य हो ! ॥
लिएर जयको इच्छा त्यसको आड पाँउदा ।
सैन्यले बाणको वृष्टि छोड्यो झन् कपि-माथि हा! ॥
अरु राक्षस साथैमा छोड्दियो त्यसले पनि ।
गदा मुसल नाराच शस्त्रास्त्र उनमा अनि ॥
ठोकिंदा हानिदा आफैं भालू-वानर-सैन्य त्यो ।
ढुङ्गा मूढा लिई कुल्यों ठोकियो मेघनाद यो ॥
बल शक्ति हुने त्यस्तो इन्द्रजित् हानिए पछि ।
भालू-वानरका सेना माश्न थाल्यो स्वयं लडी ॥
एउटै बाण हानेर रोप्दियो एकपल्ट बा ! ।
नउ-सात तथा पाँच भालू-वानरलाइ ता ॥
चम्किला सूर्य झैं तीखा मोरेका सुन बाण ती ।
छोडेर माश्न लाग्यो त्यो भालू बानरलाइ यी ॥
सुरले असुरैलाई ठीक राक्षसले पनि ।
कपि यी छेडिए ओहो ! बाणले युद्धमा अनि ॥
कर झैं शर छोडेको सूर्य झैं इन्द्रजित्‌कन ।
झम्टिए कपि-भालूले युद्धमा वेगले पुनः ॥
तर जोड न चल्दामा हुँदा देह छिया छिया ।
रगताम्य भए सारा भाग्न थाले यताउता ॥

५५

५६

परन्तु रामको निम्ति आफ्नु त्यो ज्यान अर्पिई ।
फर्केर लड्न लागे ती ढुङ्गा-मूढा लिई लिई ॥
अब त्यो इन्द्रजित्‌माथि गिरिका टाकुरा रुख ।
उठाई छोड्न लागे यी होम्मिए युद्धमा सब ॥
वर्षा ढुङ्गा र मूढाको जो प्राणै हर्ने खोज्दथ्यो ।
इन्द्रजित्‌ले सबै नाश्यो के राख्थ्यो उग्र वीरथ्यो ॥
तेजिला अग्नि हुन् जस्ता बाणले सर्प ठीकका ।
सारा वानरका सेना माश्न थाल्यो स्वयं वदा ॥
अठार बाणले रोप्यो गन्धमादनलाइ र ।
छेडिए बा ! नओटाले नल थे ता पनी पर ॥
सातोटा बाणले छेड्यो मर्म ती मैन्दको अनि ।
पाँचोट छोड्दियो रोप्यो गजको देहमा पनि ॥
दश तीस त्यज्यो बाण जाम्बवान् नीलमाथि ती ।
हान्यो द्विविद ऋषभ सुग्रीवाङ्गदमा पछि ॥
वरको रूपमा प्राप्त भएका शर यी सब ।
गएर उनमा लाग्दा मरेतुल्य भए सब ॥
फैलेको सब ढाकेर बढ्दो कालाग्निठीक भै ।
अरूलाइ पनी हान्यो त्यसले मुख्य मुख्यकै ॥
सूर्यझैं चम्किला तीखा बाणले वायुवेगका ।
भालू-वानरका सैन्य सक्न थाल्यो लडी तदा ॥
लाग्नाले बाण पीडाले हुने व्याकुल सैन्य यो ।
यसो हेरी पऱ्यो दङ्ग इन्द्रजित् रगताम्य थ्यो ॥

६६

६७

इन्द्रजित्ने थियो वीर इन्द्रजित् बलवान् अति ।
नाना शस्त्रास्त्र वर्षायो भालू-वानरमाथि यी ॥
स्व सैन्य छोडी अब इन्द्रजित् यो न देखिनें भै कपि-सैन्य माथि ।
पानी सरी बादलले अनेकौं शस्त्रास्त्र छोड्यो भइ क्रूद्ध ज्यादि ॥
सुरेन्द्रको बज्र गएर लाग्दा ढले सरी पर्वत सम्म ठूला ।
पहाड जस्ता कपि वीर त्यस्ता लडे धरामा छलबाट सक्ता ॥
ती बाण तीखा जब आइ लाग्थे देख्थे वहाँ यी कपिवीर त्यत्ति ।
देख्नैनथे हा ! त्यो छलले छिपेको त्यो इन्द्रजित्‌लाइ गरुन् न जत्ति ॥
छोडेर तीखा शर सूर्य जस्ता त्यो रोप्तथ्यो बा ! कपिलाइ यस्ता ।
सारा दिशा व्याप्त गऱ्यो यसोरी भालू तथा वानर जिल्ल पारी ॥

७२

भाला तथा शूल र बज्रराले फ्याँक्थे फुलिङ्गै सरि अग्निका जो ।
हानेर रोपी कपि-सैन्य सारा यो इन्द्रजित्‌ले अब नाश्न थाल्यो ॥

७३

रोपिदा अग्नि हुन् जस्ता त्यसका बाण ती सब ।
पलाँशका रुखै जस्ता देखिए कपि ता अत्र ॥
लाग्दथ्यो बाण आँखामै हेर्थे यी जब मास्तिर ।
लड्दथे तब पृथ्वीमा मिली सब परस्पर ॥
राक्षसश्रेष्ठ त्यो वीर इन्द्रजित्‌ले वहाँ अब ।
लुकेर त्यसरी हान्यो बाण ती कपिमा सब ॥

७५

७६

ठोक्दियो हनुमान्‌लाई राजा सुग्रीव साथमा ।
गन्धमादनमा एवं जाम्बवान् युवराजमा ॥
सुषेण वेगदर्शी र मैन्द-द्विविद-नीलमा ।
केसरी हरिलोमामा विद्युद्दंष्ट्र-गवाक्षमा ॥
सूर्यानन र गवय ज्योतिर्मुख तथा नल
पाठकाक्ष दधिमुख कुमुदादिकमातक ॥

७८

७९

सुनका कान्तिझैं राम्रा तीखा भाला र बाणले ।
हान्यो मन्त्र फुकी त्यल्ले उनमा शूल सम्मले ॥
सुवर्णझैं सुन्दर बाणद्वारा हानी यसोरी कपिलाइ सारा ।
श्रीराममा लक्ष्मणमा समेत कसेर हान्यो शरले पछी त ॥
आकाशद्वारा जलझैं खसेको त्यो बाणको वृष्टि सहेर त्यस्तो ।
भई निकै शोभित राम भन्छन् वहाँ अनि लक्ष्मणलाई यस्तो ॥
ए बाबु ! देख्यौ त सुरेन्द्रशत्रु यो इन्द्रजित्‌ले अति नै गरेको ।
पार्‍यो सबै सोत्तर सैन्य हाम्रा ब्रह्मास्त्रद्वारा वरले मिलेको ॥
हामीहरू माथि पनी यसोरी लौ छोड्न थाल्यो अब बाण वर्षा ।
विरिञ्चिबाटै वरदान पाई भइ रहेको छ अदृश्य यो ता ॥
देखिन्न यल्लाई कसै गरेर शस्त्रास्त्र छोड्दोछ स्वयं लुकेर ।
यस्तो अवस्था छ ल बाबु हेर यल्लाई मार्ने अब के गरेर ? ॥
विरिञ्चि साक्षात् विभु हुन् स्वयम्भू हुन् मुख्य नै कारण यो जगत्‌को ।
समर्थ छन् गर्न सबै कुरा ती अचिन्त्य नै शक्ति छ है उनीको ॥
ब्रह्मास्त्र त्यै प्राप्त गरेर आज छोड्दोछ हामीहरू माथि सम्म ।
भै चुप्प तस्मात् खप वेग सारा उपाय क्यै छैन न भै अचम्म ॥
ढाकी दियो बाण-समूह छोडी दशै दिशा राक्षस वीरले यो ।
सुग्रीवको सैन्य ल हेर बाबु ! शोभिन्न तस्मात् व्यथितै भयो जो ॥
हामी दुवै भाइ बुझ्यौ ! छिनैमा चुरीफुरी नाशिइ डङ्ग लड्छौं ।
यो हर्ष वा क्रोध समेत हाम्रो उड्नेछ स्वात्तै अनि मूढ हुन्छौं ॥
देखेर हामी दुइलाइ त्यस्तो लिई जयश्री अनि दङ्ग पर्दै ।
जानेछ लङ्का तिर इन्द्रजित् यो बुझ्यौ सुमित्रा-सुत बाबु पक्कै ॥

८६

CC-0. In Public Domain. Digitization by eGangotri

६०

भन्दा नभन्दै यति रामले यी छोड्यो अनेकौं शर इन्द्रजित्ले ।
पाऱ्यो हरे ! लक्ष्मण – रामलाई तुरून्त नै मूर्च्छित वीर त्यल्ले ॥
पारेर मर्का दुइ भाइलाइ असह्य बाधा र व्यथा दिलाई ।
लिई जयश्री अब राक्षसेश कुल्यौं रणक्षेत्र विषे विशेष ॥
भालू तथा वानर-सैन्य साथ पारेर मूर्च्छा दुइभाइलाई ।
लङ्कापुरी भित्र पस्यो अनि त्यो थिन् तुष्ट जो राक्षस राज पाई ॥
लागे पछी राक्षस – सैन्य जक्ति गर्दै प्रशंसा घरमा पुग्यो र ।
आफ्नो पिता राक्षस राजलाई भन्यो सबै पौरख कुर्लिएर ॥

६३

इति त्रिहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौहत्तरौं सर्ग

ऋक्षराज जाम्बवान्‌को सल्लाहले हनुमान्‌ले हिमालयबाट दिव्यौषधिको पहाड बोकी ल्याँउनु र त्यसबाट श्रीराम-लक्ष्मणको मूर्छा खुल्नु

१

यो युद्धमा लक्ष्मण वीर राम मूर्छा परी डङ्ग लडे-पछी हा ! ।
परे अकस्मात् रनभुल्ल सारा सुग्रीव नीलाङ्गद जाम्बवान् ता ॥
कर्तव्यमा मूढ र जिल्ल पर्ने देखेर त्यस्ता सवलाइ विद्वान् ।
विभीषणैले कपिराज सैन्य संझाइए शान्ति दिइ भनिन्छन् ॥
ए मान्य हो ! ए कपि हो ! तपाँईं भनाइ मेरो अब सुन्नुहोस् बा ! ।
न आत्तिनोस् भो ! डर छैन कत्ति भै दिक्क बस्ने पनि छैन वेला ॥
यी मान्य हाम्रा दुइ आर्य-पुत्र विरिञ्चिको वाक्य पुऱ्याउनामा ।
हुँदा स्वयं तत्पर बुझ्नु भो के ? लडी रहेछन् यसरी धरामा ॥
त्यो इन्द्रजित्‌ले शरजाल छोडी पारिदियो घायल झोक्किएर ।
तस्मात् दुवै भाइ यहाँ यसोरी निश्चेष्ट छन् मूर्च्छित भै लडेर ॥
विरिञ्चिले उत्तम अस्त्र त्यस्तो त्यो इन्द्रजित्‌मा अघि बक्सिएथ्यो ।
यो अस्त्र ब्रह्मास्त्र भनिन्छ तस्मात् अमोघ अव्यर्थ छ शक्ति यस्को ॥
सम्मान राख्नाकन अस्त्रको त्यो लडे यसोरी दुइ भाइ सुन्नोस् !
यै हो कुरा मुख्य तसर्थ सारा न आत्तिनोस् शान्त भएर बस्नोस् ॥

७

८

बुद्धिमान् उनका यस्ता कुरा मारुतिले सुने ।
राखी ब्रह्मास्त्रको मान पछाडि यसरी भने ॥
रोपिदा त्यसका अस्त्र छन् सारा कपि घाइते ।
लौ हामी गइ संझाऔं बाँच्नेलाइ गई सखे ! ॥
अँध्यारो भै सकेको थ्यो हनुमान् र विभीषण ।
दुवै जानेभए तस्मात् सँझाउन उनीकन ॥
बाले चिराक ह्वाह्वाति दुवैले हातमा लिए ।
यसरी ती दुवै वीर आश्वासन दिनै गए ॥
पर्वताकार ठूल्ठूला भालू कपि जहाँ तहाँ ।
अङ्गभङ्ग भई डङ्ग लडेकाथे मरी वहाँ ।

१२

१३

यिनका देहको रक्त तथा त्यो देहले गरी ।
रणभूमि थिइन् टन्न भरिएर त्वरीपरी ॥
खसेका झल्झलाकार शस्त्रअस्त्र थिए पुनः ।
हेर्दै हेर्दै घुमे सारा हनुमान् र विभीषण ।
सुग्रीव नील शरभ जाम्बवान् गन्धमादन ।
सुषेण वेगदर्शी र नल द्विविद शोभन ॥
ज्योतिर्मुख तथा मैन्द युवराजाङ्गदैकन ।
देखे त्यस्तै अवस्थामा घाइते नै थिए जुन ॥
ब्रह्माको प्रिय त्यो अस्त्र छुटेर रणभूमिमा ।
सारा नाशिसकेकोथ्यो शक्तिमान् भै दिंदा वहाँ ॥

१७

१८

आजका दिनको चारौं भाग बाँकी हुँदातक ।
भालू-कपि मरेकाथे सतसट्ठी करोड त ॥
विशाल-सिन्धुझैं ठूलो डलग्दो कपि--सैन्य यो ।
देखे खोजे दुवैले यी जाम्बवान्लाई नै अहो ! ॥
ब्रह्माका पुत्र यी वीर जाम्बवान् ऋक्षराज ता ।
बिभी बाण लडेकाथे निकै बूढा थिए उता ॥
दाउरा सकिंदा निभ्नै लागेका आगनकै सरि ।
निस्तेज भैसकेकाथ शक्तिक्षीण भइवरी ॥
देख्नासाथ दुवैले यी अघि गै उनसा भने ।
भन्नोस् आर्य ! तपाईंको प्राण छन् देहमा त के ॥
उनका यी कुरा सुन्दा बडो मुस्किल साथ ती ।
यसरी भन्न लागे बा ! मीना स्वर झिका पछि ॥
राक्षसेन्द्र ! तिमीलाई म तिम्रो स्वर मात्रल ।
चिन्दोछु छैन हेर्नाको शक्तिसम्म ममा हरे ! ॥
मेरा अङ्गभरी हेर ! छन् बाणै बाण विद्ध यी ।
भित्र मर्का परेकोछु यिनैबाट ममा अति ॥
छ राम्रो व्रत पालेको तिमीलेनै विभीषण ! ।
हनुमान् जीवितै छन् के वानरश्रेष्ठ हुन् सुन ॥
तिनैले अञ्जनादेवी कहिइन् बेस पुत्रकी ।
वायुदेव भए ख्यात जन्माई वीर पुत्र ती ! ॥
जाम्बवान्का कुरा सुन्दा भन्दछन् यी विभीषण ।
गयो ध्यान तपाईंका हनुमान्तिर नै किन ? ॥
आर्यपुत्र दुवै वीर राम-लक्ष्मणको भने ।
भएन सम्झना कत्ति किन हो ? किन यो सुनें ॥
राजा सुग्रीवमा एवं वीर अङ्गदमा तथा ।
राम-लक्ष्मणमा सम्म स्नेह त्यो देखिएन हा ! ॥
जाम्बवान् भन्दछन् फेरि सुनेर उनका कुरा ।
हनुमान्लाई सोध्नामा सुन ! हेतु छ एउटा ।
यदि ती हनुमान् वीर बाँचेका छन् भने बुझ ! ।
भालू र कपिको सैन्य छन् मरे पनि जीवित ॥
भएमा यसको उल्टो छैनन् उनी, मरे भने ।
हामी बाँचे पनि वीर ! छौं है मृत सरी हुने ॥
हनुमान् वायु जस्तै छन् अग्निझैं छन् पराक्रमी ।
छन् ज्यूदै ती भने भैगो बाच्यौं हामीहरू पनि ॥

३४

३५

ती बूढा ऋक्षका राजा जाम्बवान् यत्ति भन्दथे ।
त्यै वेला हनुमान्ले गै उनका पाउ पक्डिए ॥
शुभाशीर्वादले ज्यूदो म यहाँ छु भनीकन ।
उनले ढोग्दिदा भन्छन् जाम्बवान् दङ्ग भैकन ।
थिए यद्यपि त्यो वेला उनका सब इन्द्रिय ।
अति व्याकुल उद्विग्न ता पनी भो निकै प्रिय ॥
पुनर्जन्म भए जस्तो मानेर उनले भने ।
लौ आऊ ! हनुमान् ! होऊ कपि-सैन्य बचाउने ॥
सुन यौटा कुरा बावु ! तिमी भिन्न कुनै जन ।
छैन है वीर्यवान होस् जो योग्य आँट हुने पुनः ॥
भालू-वानर-सेनाका छौ सखा र सहायक ।
तिमीले गर्नु पर्ने भो यौटा काम महान् अब ॥
तिमी हर्ष छरी हाल भालू र कपि-सैन्यमा ।
झिक बाण गढेका छन् राम-लक्ष्मण अङ्गमा ॥
तस्मात् अब हिंडीहाल सिन्धु माथि भई उडी ।
छिटै पुग हिमालैमा मानिन्छन् गिरिराज ती ॥
शत्रु नाशि दिने बावु ! पुगे पछि त्यहाँ तिमी ।
सुवर्णमय देखौला कैलास गिरिलाइ नि ! ॥
त्यहीं नै पर्वत श्रेष्ठ अर्को ऋषभ छन् गिरि ।
छन् चिन्तामणि जस्ता यी हुँदा निधि थरीथरी ॥
लौ कुरो बुझ है बावु ! दुइटै यी पहाडका ।
बीचमा टाकुरा छन् जो चम्किन्छन् ती दुवै सदा ॥
यिनका टाकुरै बल्छन् दिव्य औषधि छन् त्यहाँ ।
छरिन्छ यिनको कान्ति धपधपाई जहाँ तहाँ ॥
ती अग्ला टाकुराबीच तिनमा पनि मारुते ! ।
चार औषधि छन मुख्य बलेका आफ्नु तेजले ॥
मृत-संजीवनी एवं विशल्यकरणी तथा ।
सुवर्णकरणी नाम संधानी हुन् महौषधि ॥
अब लौ हनुमान् जाऊ ! लिइ यी सब औषधि ।
बचाऊ फर्किई चाँडै भालू-वानरलाइ यी ॥
जाम्बवान्का कुरा सुन्दै हनुमान् कसिए अब ।
वायुले सिन्धुउर्लेझैं उर्लिए पूर्ण भै बल ॥
डाँडाको चुचुरामा गै थिचे त्यल्लाइ पाउले ।
त्यो वेला देखिए वीर अर्को पर्वत ठीक ए ! ॥

५१

५२

पाउको भार पर्दामा पर्वतै तल भासियो ।
ज्याद्दै बोझा हुँदा भार खप्नै मुस्किल पर्न गो ॥
बढेको भारले गर्दा त्यसका रुख भाँचिए ।
ढले वा ! निस्कँदा आगो ठूल्ठूला टाकुरा ढले ॥
हुँदा पीडित थिच्तामा ढुङ्गामूढा ढले खसे ।
काँप्यो पहाड भागे बा ! त्यहाँका कपि-ऋक्ष ए ! ॥
लङ्काका गोपुर-द्वार भत्किए त्यसले गरी ।
नाच्छिन् जस्ता भइन् लङ्का रातमा चाल यो परी ॥
गिरिलाइ थिची आफैं गिरि जस्ता हुने उनी ।
सिन्धुकै साथकी पृथ्वी कँपाए कसिई अनि ॥
उफ्रेर अव त्रुद्रुङ्ग मेरु-मन्दर-ठीकको ।
मलयाचल-डाँडामा पुगे झर्ना झरीरँदो ॥

५७

५८

नाना प्रकारका वृक्ष लताहरू थिए यहाँ ।
साठी योजन अग्लोथ्यो देव-गन्धर्व थे जहाँ ॥
विद्याधर तथा यक्ष वस्तथे ऋषि अप्सरा ।
बथान मृगका घुम्थे थिए नाना थरी चरा ॥
अनेकौं खालका राम्रा कन्दरा र गुफा थिए ।
मलयाचलको शोभा यी सबै वस्तु नै थिए ॥
हनुमान्ले त्यहाँ बस्ने यक्ष गन्धर्व किन्नर ।
सारालाइ अत्याएर बढे अझ भई स्थिर ॥
डाँडो थिचेर खुट्टाले वडवाग्नि सरी मुख ।
फैलाई गर्जिए ओहो ! काँपे बा ! सब राक्षस ॥
यी महान् हनुमान्ज्यूको सिंहनाद सुने पछि ।
हल्न चल्न पनि गाह्रै पर्‍यो राक्षसलाइ ती ॥

६३

६४

नमस्कार गरे पैले उनले सिन्धुलाइ र ।
रामका कामको निम्ति कसिए पछि भै स्थिर ॥
ठाडो गरे पुच्छर सर्प जस्तो खुम्च्याइ आफ्नो जिउ कान दोटा ।
वाए मुखैथ्यो वडवाग्नि जस्तो उडे अनी सुक्त भएर छीटा ॥
लगे उनीले अव साथ आफ्नो हुर्‍याँउदै वृक्ष लता र डाँडा ।
गए सँगै वानर आत्तिएर सँगै उडे सामुलि ऋक्ष-साँढा ॥
तिघ्रा-भुजाको भइ वेग चर्को साथै लगेका सब वस्तु यस्ता ।
घटे पछी वेग अकाशबाट भवाम्मै भए सागरबीच खस्ता ॥
हुन् सर्पका देह समान मोटा फ्याँकी दुवै बाहु आकासतर्फ ।
सा॰ा दिशालाइ बनाइ छोटा गए उडी वीर हिमाल तर्फ ॥
यता उठे छाल समुद्रबीच काँपे वहाँका जल-जन्तु स्वात्तै ।
हेरे उनीले र बढे अगाडि भै विष्णुको चक्रसमान कुदै ॥
नदी र खोला दह पोखरी र चराचुरुङ्गी गिरि आदि घेर ।
हेरी अनेकौं पुर गाउँ आदि भै वायुकै ठीक बढे अगाडि ॥

७०

७१

समाती सूर्यको बाटो बाबुझैं वेग ली उनी ।
अघि बढ्दै गए वीर मानेनन् श्रम क्यै पनि ॥
महान् वेग भएकैथे कत्ति कष्ट नभैकन ।
गुञ्जाएर दिशा सारा हुत्तिएर गए पुनः ॥

७२

७३

थिए संम्झिइ राखेका जाम्बवान्का कुरा सब ।
घेरै वेर उडी देखे हिमाल उनले अब ॥
अनेकौं झरना सोता देखिन्थे परबाट नै ।
गुफा र कन्दरा नाना शोभिन्थे भव्य भैकनै ॥

७४

७५ ७६

सेता बादलका थुम्रा थुम्रिए ठीक उज्ज्वल । दिव्य वृक्ष थिए नाना साना ठूला यहीं सब ।
टाकुरा जसका राम्रा झल्किन्थे भई झल्झल ॥ सोभिझएर त्यतैपट्टि झानिदै यी गए तब ॥

७७

देखे पुगेमा अब वीरले यी हिमालको उत्तम शृङ्ग यौटा ।
सुवर्णझैं झल्झल झल्किएको ज्यादै बलेको बहुतै अनौठा ॥
यहीं थिए आश्रम घेर वेस देवर्षिकै सङ्ग जहाँ विशेष ।
बस्थ्यो थियो जो अति पुण्यशाली देखे थियो शोभित भव्यता ली ॥
हिरण्य गर्भे भगवान् स्वयम्भू विरिञ्चिको स्थान थियो यहीं नै ।
थ्यो रूप्यनाभिस्थल एक अर्को स्वरूप साक्षात् उनको यहीं नै ॥
श्रीरुद्रले त्यो त्रिपुरासुरैमा अमोघ आफ्नो शर छोड्दिएको ।
स्थानै यहाँ थ्यो सुरराज धाम तथा हयग्रीव निवास ठाम ॥
ब्रह्मास्त्रको उद्भव ठाम यै थ्यो प्रत्येक यो ठाम धपक्क बल्थ्यो ।
भृत्यादि देखे यमका यहीं नै वहाँ पुगेगा उनले त्यहीं नै ॥
ती द्वादशादित्य-कुवेर-अग्नि तथा अरूको शुभ धाम देखे ।
ब्रह्मानिवासंस्थल सम्म दिव्य श्रीरुद्रको धाम समेत देखे ॥
पाए वहीं दर्शन वीरले ती सर्व्वोच्च नाभिस्थल यी धराको ।
कैलास त्यो पर्वतराज साथ श्रीरुद्रका वाहनको वहीं पो ॥
हिमालको दिव्य शिलासंगै त्यो देखे बलेको ऋषभै पहाड ।
हेरी यिनै वस्तु अगाडि बढ्दा विशाल देखे अब त्यै पहाड ॥
बली रहेका निज ज्योतिद्वारा जहाँ थिए औषधि दिव्य त्यस्ता ।
सारा दिशा जग्मगथे यिनैले प्रकाश फ्याँक्ता भइ अग्नि जस्ता ॥
देखेर यस्तो गिरिराजलाई स्वयं हनुमान् अब जिल्लिए ए ! ।
ओर्ले त्यसैमाथि थपक्क वीर हेरी यसो औषधि खोज्न थाले ॥

८६

८७ ८८

हजारौं योजनै टाढा पुगेर हनुमान् अब । दिव्यौषधि थिए जत्ति त्यहाँ ती सबले पनि ।
त्यो दिव्यौषधिको डाँडो घुम्नलागे यसो तब ॥ लिन आयो भनि ठाने लुक्दिए सब ती अनि ॥

८९

हेर्दा पनि औषधि यी न देख्दा निकै उठ्यो क्रोध र गर्जिए ती ।
आगै सरिका दुइ नेत्र पारी हिमाललाई अब भन्दछन् यी ॥
श्रीराममा सम्म पनी तिमीले दया गरेनौ गिरिराज ओहो ! ।
धूलो तिमीलाई बनाइ छोड्छु यी बाहुमा हेर छ शक्ति कस्तो ? ॥
हिमाललाई अब यत्ति भन्दै डाँडै उचाले त्यसको त्यहीं नै ।
जहाँ थिए धातु सहस्र हात्ती बली रहेका चुचुरा तिनै नै ॥

९१

CC-0. In Public Domain. Digitization by eGangotri

९८

यो चाल देखेर सुरासुरादि काँपे सबै थर्थर त्रासले वा! ।
बोकी मजाले गरुडै समान उडे उनी भै स्तुतिपात्र त्यस्ता ।।
श्रीसूर्यकों मार्ग लिए उनीले बोकेर डाँडो अब सूर्य जस्तो ।
आफै थिए सूर्य समान तेजी बने हनुमान् अब सूर्य दोस्रो ।।
हुन् पर्वतै ठीक थिए यता यी उता थियो पर्वत-श्रृङ्ग त्यस्तो ।
सहस्रधारे शुभ चक्र साथ जो देखिए शोभित विष्णु जस्तो ।।
डाँडो लिई आइपुगे यता यी देखेर सारा कपि गर्जिए ती ।
गरे यिनीले पनि गर्जना जो सुनेर काँपे अब राक्षसै पो ।।
ओर्ले यहाँ आइ पुगे पछी यी थपक्क राखे अनि टाकुरो ए! ।
भालू र बूढा कपिलाइ ढोगी विभीषणैलाइ गई अँगाले ।।
त्यो भव्य दिव्यौषधिको सुगन्ध ह्वासह्वास्ति आयो सब तर्फ फैल्यो ।
भए यसैले दुइ राजपुत्र अत्यन्त नै स्वस्थ अगाडि जस्तो ।।
शरीरमा बाण थिए गढेका झरे सबै फुत्फुत त्यत्तिले नै ।
जो क्षीणता थ्यो सब त्यो हरायो जो घाउ थे ती पुरिए त्यसै नै ।।
साथै यता राम र लक्ष्मणैको मरे लडेका कपि ऋक्षसम्म ।
झै स्वस्थ ब्यूँझे भै ब्यूझिएझैं छ शक्ति दिव्यौषधिको अचम्म ।।

९९

१००

कपि-राक्षसको युद्ध लङ्काको रणभूमिमा ।
भएथ्यो जहिलेदेखि अहिलेसम्ममा वहाँ ।।

१०१

साना ठूला थिए जत्ति मृत राक्षस-जाति ती ।
उठाई यी सबैलाई फ्याँकिन्थ्यो सिन्धुमा लगी ।।

१०२

साक्षात् राक्षसराजाको शुभाज्ञा नै थियो यही ।
भएको सुइको कत्ति न पाउन् शत्रुले भनी ।।
भई सकेमा शुभ काम यत्ति बोके उनीले गिरि—श्रृङ्ग फेरि ।
वहीं पुऱ्याएर अगाडि जस्तै राखे र फर्के कपि राम तर्फ ।।

इति चौहत्तरौं सर्ग

पचहत्तरौं सर्ग

लङ्का–दहन एवं वानर–राक्षसको भयङ्कर–युद्ध

१

अव वानरका राजा सुग्रीव हनुमान् कन ।
भन्छन् कर्तव्य देखाई सारयुक्त कुरा पुनः ॥
हनुमान् ! सुन हामीले मारियो कुम्भकर्ण त्यो ।
गरियो बध ठूल्ठूला वीरको राजपुत्रको ॥
कुन्नि हैं अव त्यो राजा वीर राक्षस रावण ।
सक्छ सक्तैन लङ्काको राम्ररी गर्न रक्षण ॥
तसर्थ सुन ! यी हाम्रा सैन्यमा वीर छन् जति ।
ती सबै छान ! हुन् छीटा छरीता र महान् बली ॥
बालुन् चिराँक ठूल्ठूला कसिएर उनी छिटै ।
पसुन् लङ्का पुरी भित्र फोसुन् अग्नि जताततै ॥
यस्तैमा सूर्य अस्ताए डर्लाग्दो साँझ भो अव ।
बाले चिराक ठूल्ठूला लङ्काभित्र पसे सब ॥
चिराँक हातमा बोकी लखेट्ता कपिले अव ।
लङ्काका पहरा पाले भागाभाग गरे सब ॥
पुर-द्वार र अट्टाली चौतारा र सभागृह ।
ठूल्ठूला घरमासम्म आगो फोसिदिए तव ॥
दङ्ग भै कपि–भालूले फोसेका अग्निदेवता ।
दन्किए अव ह्वार्ह्वार्ति सल्किए बा ! जताततो ॥
कपिका हातको आगो लङ्काका घर सुन्दर ।
सखाप पार्न पो लाग्यो हजारौतिर भैस्थिर ॥
ठूल्ठूला पर्वतै जस्ता राजदर्वारसम्म ती ।
ह्वार्ह्वार्ति बल्न लागे बा ! खसे तल फुटी पछि ॥
कहीं अगुरु दन्किन्थ्यो कहीं श्रीखण्ड चन्दन ।
हीरा मूगा तथा मोती मणि बल्थे कहीं पुनः ॥
डढे बा ! रेशमी सूती बहुमूल्य लुगा पनि ।
सुनका गहना साथै ऊनका कपडा पनि ॥

१३

१४

चाँदीका सुनका भाँडा भए स्वाहा जताततै ।
मूल्यवान् गजका हौदा साथ काठी जले सबै ॥
रथका मूल्यवान् वस्तु गहना गज अश्वका ।
गतिला वर्म इत्यादि भए स्वाहा भटादिका ॥
धनुर्बाण डढे स्वात्तै शक्ति तोमर अङ्कुश ।
व्याघ्रचर्म र कस्तूरी पङ्खा चँवर कम्बल ॥
मोती माणिक रत्नादि जडेका घर साथमा ।
नाना शस्त्रास्त्र स्वाहा भो लाग्दामा अग्नि रातमा ॥
विचित्र अति नै राम्रा लङ्काका घर ती डढे ।
गृहमा ज्यादि आसक्त जहाँ राक्षस बस्तथे ॥
सुनका वर्म पैह्रेका हार-भूषण वस्त्रले ।
शोभिएका थिए जत्ति गृह राक्षसका जले ॥
कसैका नेत्र थे लट्ठ रक्सी धोकेर वेस्करी ।
हिड्थे ज्यादि नशा लाग्दा जोती ढुन्मुनिईवरी ॥
शत्रुको रिस बढ्दैथ्यो उनमा अफ राम्ररी ।
प्रियाले कपडा तानी रोक्तथे प्रेमले गरी ॥
गदाशूल र खड्गादि लिइ ठिक्क थिए कुनै ।
आफ्नै मोजमजा गर्थे खाँदैथे पिउँथे कुनै ॥
लिई प्रिय प्रिया साथ सुत्थे प्रिय प्रिया कहीं ।
बहुमूल्य बिछ्यौनामा थिए मग्न जहाँ तहीं ॥
अव यस्तै अवस्थामा घरमा अग्नि दन्किदा ।
छोराछोरी लिई भागे सारा राक्षस ता वहाँ ॥
त्यस्ता लङ्का-निवासीका लाखौं घर विचित्रका ।
छिनैमा पो भए स्वाहा बल्दा ह्वार्ह्वार्ति अग्नि हा ! ॥
गाम्भीर्य गुणले युक्त बलिया बहुमूल्यका ।
राम्रा ड्योढी र पर्खाल द्वार गुप्त-गृहादि ता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

नाना साधनकै साथ बनेका सुन-रत्नका ।
पूर्णचन्द्र तथा अर्ध चन्द्रमा ठीक छाँटका ॥
ठूलठूला राज प्रासाद अग्ला अट्टालिका सँगै ।
जले बा ! सब द्वार्द्वार्ति ढोका झ्याल सँगैसँगै ॥
थिए सुत्ने तथा बस्ने शय्या आसन सुन्दर ।
जडेका मणि रत्नादि भए स्वाहा ! निरन्तर ॥
थिए सूर्य छुने जस्ता अग्ला र अति तेजिला ।
ढले बा ! भइ के गर्नु सल्किंदा अग्नि फूर्तिला ॥
मैना-मयूर-क्रौञ्चादि भर्थे कलरवस्वर ।
वीणाको सुनिइन्थ्यो बा ! यिनैमा मधुरो सुर ॥
बज्दथे गहना छम् ! छम् !! सुनिन्थ्यो अधि राम्ररी ।
अब ताल पर्‍यो अर्कै बले घर न राम्ररी ॥
लङ्काका बाहिरी ढोका शोभिए अग्नि साथ ली ।
ग्रीष्ममा विजुली साथ लिने बादलझैं भई ॥
इन्द्रले बज्रले हान्दा खसेझैं गिरी-टाकुरा ।
ठूलठूला गृहका भाग आगो लाग्दा खसे तदा ॥
सुतेका घरमा अग्ला थिए साततले जुन ।
सुन्दरी सल्किंदा आगो आत्तिए बिउँझीकन ॥
गहना-सहना सारा फ्याक्दिए रत्न-सत्नका ।
रुँदै चिच्याउँदै भागे पर्‍यो ब्यादै अत्यास हा ! ॥
अग्ला आकाश छुन्छन्झैं बलेका घर यी स्वतः ।
हिम-शृङ्ग सरी बल्दा देखिए परबाट त ॥
बल्दा द्वार्द्वार्ति अट्टाली ज्वाला पुग्दा जताततै ।
रातमा देखिइन् लङ्का फुलेका हुन् पलासझैं ॥
छोड्दिए गज-अश्वादि माहुते र सवारले ।
फुक्ता जताततै दौडे सबै अब अत्त्यासले ॥
महासागर उर्लेमा जस्तो प्रलयकालमा ।
ठूलठूला ग्राह-मत्स्यादि घुमे जस्तै भयो वहाँ ॥
फुकेको अश्व देख्तामा भाग्थ्यो हात्ती डराउँदै ।
फुकेको गज देख्तामा घोडा भाग्थ्यो अत्याँसिंदै ॥
बल्दामा रातमा लङ्का छाया पर्दा समुद्रमा ।
देखियो जल भै रातो लालसागर पो वहाँ ॥
झोस्ता वानरले आगो यो लङ्का छिनमै अब ।
देखिइन् भूमि जस्तै पो डढ्दी प्रलयमा सब ॥

४३

४४

धूवाँले ढप्प ढाकेका पाकेका अग्नि-तापले ।
राक्षसीहरूको आर्तध्वनी झन् फिंजियो हरे ! ॥
करुणध्वनी चिच्याई यो रुवाइ बढी तव ।
दशौंयोजनसम्मै गो सुनियो व्याप्त भै सब ॥
डढेको जिउ ली आफ्नो निस्कन्थे जब राक्षस ।
उनमा लड्न तम्सेका कपि गै ठोक्तथे तब ॥
यी राक्षस कराएको गर्जेको कपिको ध्वनि ।
फैल्यो दशै दिशासम्म गुञ्ज्यो सिन्धु धरा पनि ॥
अब यस्तै अवस्थामा रामलक्ष्मणले पनि ।
अ-आफ्नो धनु बोके बा ! स्वस्थ भै आचझैं बनी ॥
धनु उत्तम त्यो आफ्नो टङ्कारे रामले यता ।
चर्कियो उग्र भो शब्द काँपे राक्षस झन् उता ॥
त्रिपुरासुरमा क्रुद्ध रुद्रले बेदनै धनु ।
टङ्कार्दा ठीक शोभा भो रामको पनि के भनूँ ॥
गर्ज्याई कपिको त्यस्तो चिच्याई राक्षसादिको ।
तुच्छै भो धनु टङ्कार्दा जो भयो रामबाट त्यो ॥
गर्ज्याई कपिको एवं चिच्याई राक्षसादिको ।
ताँदो खिचाइको शब्द गुञ्ज्यो दश दिशा पुग्यो ॥
रामका धनुका बाण छुटे बा ! अब सर्सर ।
कैलास-शृङ्ग झैं अग्लो भत्क्यो गोपुर खर्खर ॥
रामका बाण देख्तामा खसेका तीव्र रूप ली ।
पर्‍यो राक्षसमा हा ! हा ! कसिए फेरि लड्न यी
तम्तयार भए वर्म पैन्हिए सबले अहो !
उनको निम्ति यो रात्रि कालरात्रि सरी भयो ॥
प्रधान कपि सेनाका वीरलाई यता पनि ।
वीर सुग्रीव-राजाले दिए आज्ञा यसै भनी ।
वीर वानर हो ! जाओ लङ्काको द्वार द्वारमा ।
डटी बस त्यहींबाट ठोक राक्षस वर्गमा ।
सुन्यौ के ! युद्धमा आफू भए पनि डटे पनि ।
मेरो आदेश मान्दैनन् भने जो जो हुन् तिनी
तुरुन्तै ठोक्दिदई हाल तिमीहरू मिली सब ।
यो राजाज्ञा नटेर्ने ती दुष्ट हुन् दण्ड्य छन् सब ॥
यता चिराँक बोकेका भालू-वानरलाई ती ।
देख्तामा द्वारमा टन्न झोक्यो रावण झन् अति ॥

६०

६१

आङ तान्यो गर्‍यो हाई अनि राक्षसराजले ।
यत्तिले नै पुग्यो माम्लो काँपे दश दिशा हरे ! ॥
जस्तो प्रलयको वेला अङ्गमा कालरुद्रको ।
क्रोध त्यो मूर्तिमान् हुन्छ भयो त्यस्तै अनर्थ भो ॥
निकुम्भ कुम्भ यो नाम भएका कुम्भकर्णका ।
दुइ छोरा कनै त्यल्ले पठायो लड्नलाई बा ! ॥
शोणिताक्ष र यूपाक्ष प्रजङ्घ अनि कम्पन ।
गए यी चार साथैमा आज्ञाले सैन्य लीकन ॥
गर्ज्यो राक्षसको राजा अनि आज्ञा दिदै भन्यो ।
वीर राक्षस हो ! जाओ लड गै रातवीच यो ॥
त्यो आज्ञा पाउना साथ तेजिला हथियार ली ।
निस्के फेरि पुरीबाट गर्जी राक्षस - वीर यी ॥
त्यहाँको सव आकाश वीर राक्षस - वर्गले ।
झलमल्ल बनाए बा ! गहनाले र तेजले ॥
यता वानरले चाँहि तेजबाटै चिराँकको ।
बनाए झल्ल आकाश उज्यालो अब फैलियो ॥
यी दुबै सैन्यका वेस गहनाका प्रकाशले ।
चम्कियो सव आकाश चन्द्र—नक्षत्र—तेजले ॥
जूनको जूनले एवं दिव्य - भूषण - कान्तिले ।
ज्योतिले ग्रह-ताराको झल्क्यो दिव्य प्रकाशले ॥
ती दुवै पट्टिका सैन्य यी सबै बस्तुले गरी ।
झल्किए टल्किए राम्रै रातमा पनि बेस्करी ॥
आधा आधा डढेका ती लङ्काका घरले गरी ।
पर्दा समुद्रमा छाया शोभियो छाल छल्किई ॥
डर्लाग्दो राक्षसी सेना पताका र ध्वजा हुँदा ।
सुशोभित भएकोथ्यो सर्वत्रै फर्फराँउदा ॥
सैन्यका हातहातैमा थिए खड्ग र बञ्चरा ।
रथ हात्ती तथा घोडा थिए पैदल सैन्य ता ॥
तलवार गदा शूल धनु भाला र तोमर ।
आदिले युक्त यो सेना झिक्यो वीर्य भयङ्कर ॥
भाला नै चम्किइन्थे बा ! यो सेनामा विशेषतः ।
घुँघुरू किङ्किणी आदि बज्दथे जसमा स्वतः ।
सेनाका हात-हातैमा बाला बाजू थिए भरी ।
ठूलठूला शस्त्र हान्थे यी छोड्दथे बाणकै झरी ॥

७७

७८

देख्तैमा अति डर्लाग्दो महान् बादल हो सरि ।
आयो यो राक्षसी-सेना गर्जिएर न राम्ररी ॥
बडो मुस्किलले नाश्न सकिने सैन्यलाइ यो ।
आएको त्यसरी देख्ता कपिको सैन्य आत्तियो ॥
जवर्जस्ती गरी उफ्री अब राक्षस सैन्य त्यो ।
पर्‍यो बा ! कपि-सेनामा आगोमा सलहै न हो ॥
थिए परिघ अशनि यिनका हात-हातमा ।
यो वेश राक्षसी-सेना शोभियो अत्र झन् वहाँ ॥
हात गोडा कसी मुक्की ढुङ्गामूढा लिइ यता ।
कसियो वानरी - सेना लड्नमै मत्त भै तदा ॥
यसरी आइलाग्ने यी भालू-वानरको शिर ।
पारे राक्षसले चट् चट् छोडी तीखा निकै शर ॥
उनले पनि क्यै बाँकी राखेनन् कान टोक्दिए ।
मुक्कीले टाउको फोरे ढुङ्गा मूढा पनी गरे ॥
सब राक्षसका अङ्ग भाँचिए यसले गरी ।
अब यस्तो अवस्थामा घुमे राक्षस सर्सरी ॥
हाने तीखा झिकी बाण यता राक्षसले पनि ।
कपि-भालूकनै हाने पार्दिए घाइते अनि ॥
यौटा वीर कुनै अर्कोलाई हान्थ्यो वहाँ जब ।
त्यै वेला आउथ्यो अर्को ठोक्दिन्थ्यो त्यसमै तब ॥
यस्तै प्रकार यौटाले अर्को योद्धाकनै जब ।
ढाल्न खोज्थ्यो त्यही बेला अर्कै आएर ढाल्दथ्यो ॥
हकार्थ्यो एउटा अर्कोलाइ निन्दा गरी गरी ।
टोक्तै हुन्थ्यो वहाँ यौटा अर्को टोक्थ्यो त्यसैगरी ॥
लौ! आ! म सँग लड्! भन्थ्यो लड्थ्यो अर्को सुनेर त्यो ।
न गर् कष्ट तँ! मै लड्छु भन्थ्यो हुन्थ्यो कुरा यसो ॥
कपि-राक्षसका बीच यसरी युद्धभो वहाँ
हथियार पनी फुट्थे टुट्थे वर्मादि नै जहाँ ॥
शस्त्रास्त्र बर्षिइन्थे बा ! ढुङ्गामूढा सँगै सँगै ।
भाला खड्ग र बाणादि मुक्का लात लिई सँगै ॥
भयो युद्ध विचित्रै यो भालू-वानरलाइ ता ।
पार्थे राक्षस खुत्रुक्कै वहाँ द-दश सात बा ! ॥
त्यही ठीक यहाँ मार्थे भालू वानर भै कडा
एकै पल्ट उनीलाई ठ्याकै द दश सात हा ! ॥

९४

CC-0. In Public Domain. Digitization by eGangotri

९५
फुके राक्षसका वस्त्र फुटे वर्म टुटे ध्वजा ।
रोके राक्षसको सेना यसरी कपिले तदा ॥

इति पचहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयहत्तरौं सर्ग

संकीर्णयुद्धमा अङ्गदादिद्वारा कम्पन प्रजङ्घ आदिको मृत्यु

१

शूर वीर सवै माश्ने हुदैथ्यो घोर युद्ध यो ।
लड्न कम्पनको साथ आए अङ्गद वीर पो ॥
भो कम्पन निकै क्रुद्ध पैले हाँकदियो बढी ।
पछि चर्को गदा छोड्यो उनमा जोडले अति ॥
गइ त्यो डङ्ग लाग्दामा काँपे बा ! थर्र अङ्गद ।
टिक्न गाह्रै परी हाल्यो लडे मूर्च्छित भै तव ॥
निकै वेर पछी आयो उनमा होश फेरि ता ।
उखेले एउटा ठूलो पहाडै उनले तदा ॥
अनि ताकेर त्यै डाँडो छोड्दिए त्यसमाथि ए ! ।
विचरो त्यो मरी हाल्यो त्यसै प्राण उड्यो हरे ! ॥
त्यो देखेर यता कुर्ल्यो शोणिताक्ष चढी रथ ।
उनकै अघि आयो बा ! तुरुन्तै भइ निर्भय ॥
शर कालाग्निकै जस्ता पार्ने मर्म छिया छिया ।
छोड्यो अङ्गदमा त्यल्ले घाइते पार्दियो तदा ॥
क्षुर—क्षुरप्र——नाराच——वत्सदन्त——शिलीमुख ।
शल्य-कर्णी-विपाठादि छोड्यो बाण फिकी बल ॥
लाग्दा यी उनका अङ्ग भए अव सबै छिया ।
मस्मिएढी पार्दिए सारा त्यसका वस्तु फेरि ता ॥
नाश्दिए धनु डर्लाग्दो भाँच्दिए बाण चट्चट ।
शोणिताक्ष भयो क्रुद्ध छोड्दियो रथ फट्पट ॥
तलवार तथा ढाल त्यसले हातमा लियो ।
अनि ता हानिदै आयो वीर अङ्गदतर्फ पो ॥
आँउदा आँउदै त्याप्प समाते उनले पनि ।
तलवार उठाएमा खोस्दिए गर्जिए अनि ॥
त्यसैले काँधमा टक्क हान्दिए उनले यता ।
भयो जनै लगाए झैं चिरिदा काँध त्यो उता ॥

१३

१४

तलवार त्यही बोंकी गर्जिएर उनी पुनः ।
रणमा अरु वैरीमा हान्न थाले दनादन ॥
आयो वा ! अव यूपाक्ष प्रजङ्घ लिइ साथमा ।
महाबली उनी माथि हमलै गर्दियो वहाँ ॥
पैह्रेको सुनको बाजू शोणिताक्ष गदा लिई ।
आफूलाई बचाएर आयो अङ्गदको अघि ॥
यता यूपाक्ष साथैको प्रजङ्घ पनि ली गदा ।
कसिई हमला गर्दै यै वेला आइगो त्यता ॥
परे अङ्गद बीचैमा शोणिताक्ष-प्रजङ्घको ।
विशाखाबीचका पूर्ण चन्द्रझैं शोभिए अहो ! ॥
गर्न अङ्गदको रक्षा आए द्विविद मैन्द यी ।
बसे नजिकमा आफ्नो जोडी खोजेर झोक्किई ॥
अव राक्षस कुर्लेर झम्टे वानरमाथि हा ! ।
गदा बाण तथा खड्ग लिएका क्रुद्ध भै तदा ॥
राक्षसश्रेष्ठ थे तीन तीन वानरवीर थे ।
डर्लाग्दो युद्ध भै हाल्यो यिनमा जव यी जुधे ॥
तीनै वानरले हाने ती तीनैकन वृक्षले ।
काट्दियो खड्गले किन्तु तर वीर प्रजङ्घले ॥
उनका रथ-घोडामा अव यी कपिले सव ।
ढुङ्गा मूढा गरे चकैं चर्केकै रिसले तव ॥
थ्यो निशाचर यूपाक्ष फूर्तिलो र निकै कडा ।
के राख्थ्यो नाश्दियो सारा बाण वर्षाउदै तदा ॥
जत्ति वृक्ष उखेलेर हाने द्विविद-मैन्दले ।
गदाले काट्दियो चट्चट् ती सवै शोणिताक्षले ॥
छेड्दिने शत्रुको मर्म तलवार लिई कडा ।
प्रजङ्घ अघि आयो बा ! झम्ट्यो अङ्गदमाथि हा ! ॥

२६

२७

देखी त्यो अघि आएको रूख क्वै अश्वकर्णको ।
उखेली उनले पैले हानिदिए त्यसमाथि पो ॥
छिटै अनि कसी मुक्की हात निस्त्रिंश साथको ।
लाग्यो प्रहार डङ्ग्रङ्ग खस्यो निस्त्रिंश खड्ग त्यो ॥
मुसलै हो भने जस्तो त्यस्तो खड्ग खसे पछि ।
वज्रमुक्की कसी हान्यो त्यसले उनमा पछि ॥
लाग्यो निनारमा डङ्ग मुक्की त्यो जोडले बडो ।
छ्याक्कै दुईघडी सम्म उनी दुन्मुनिए अहो ॥
कसिए होश आएमा अनि ता उनले पनि ।
त्यल्लाइ ठोक्दिए मुक्की उड्यो हा टाउकै अनि ॥
काका प्रजङ्घ त्यो आफ्नो मारिदा रणभूमिमा ।
रोयो धर्धर यूपाक्ष आत्तियो भित्र चित्तमा ।
थिएनन् रथमा बाण सकिएका थिए सब ।
नाङ्गो खड्ग लियो यौटा रथ छोडी बढ्यो तब ॥
त्यसरी जाइ लागेको देखे द्विविदले यता ।
छातीमै ठोक्दिए मुक्की समाते पछिबाट ता ॥
भाइलाई समातेको देख्तामा शोणिताक्षले ।
झोक्किएर गदा हान्यो छातीमा उनको हरे ! ॥
अब दुन्मुनिए वीर हान्यो त्यल्ले गदा पुनः ।
समाते तर बीचैमा उनले चंख भैकन ॥
यै बेला मैन्द आएर छातीमा त्यस दुष्टको ।
कस्दिए वज्रझैं मुक्का यी थिए अति वीर जो ॥
शोणिताक्ष र यूपाक्ष मैन्द द्विविद साथमा ।
हानाहान गरी चर्कै लडे यो रणभूमिमा ॥
झिके द्विविदले नङ्ग्रा मुख त्यो शोणिताक्षको ।
चियोरे पहिले ख्वाप्पै लडाए र पिंधे पछि ॥
यूपाक्षलाइ हातैले पछारे मैन्दले यता ।
पछाडि मार्दिइहाले लड्यो डङ्ग्रङ्ग भै तदा ॥
ठूलठूला वीर यी मर्दा काँप्यो राक्षस सैन्य त्यो ।
त्यतै गयो जहाँ छोरो लड्दैथ्यो कुम्भकर्णको ॥
त्यसरी आत्तिई दौड्दै आएको सैन्यलाइ यो ।
राक्षसश्रेष्ठ त्यो वीर कुम्भले सान्त्वना दियो ॥
शत्रुका सैन्यको चाल देख्तामा कपि – सैन्यका ।
ठूलठूला वीर गर्जे बा ! निकै विजय पाँउदा ॥

४३

४४

ठूलठूला वीर मारेको देख्ता राक्षस सैन्यको ।
तेजस्वी कुम्भले थाल्यो डर्लाग्दो कर्म गर्न पो ॥
थियो वेस धनुर्धारी उठायो धनु चट्ट र ।
वर्षायो बाणको वर्षा सर्प जस्ता निरन्तर ॥
शोभियो धनु बाणैका साथमा त्यसको अब ।
ऐरावत र विद्युतले युक्त देवेन्द्रकै ठिक ॥
सुनका प्वाँख झल्केका बाणले पत्रयुक्त ती ।
हानेर द्विविदैलाइ पार्दियो घायलै पछि ॥
बाण यी रोपिदा टक् टक् त्रिकुटाचल ठीकका ।
उनी पछारिए भैंमा हात खुट्टै त्यजी बरा ॥
भएर घाइते त्यस्तो अब भाइ पछारिदा ।
ठूलो ढुङ्गा उठाएर दाजु मैन्द बढे तदा ॥
आफूमा आउनै लाग्दा यता देख्यो र कुम्भले ।
चम्किला बाण पाँचोटा छोडी काटि दियो हरे ! ॥
टुप्पो राम्रो हुने अर्को सर्प जस्तो झिकी शर ।
ताकेर मैन्दको छाती छोड्दियो अब भै स्थिर ॥
आएर मर्ममै लाग्दा त्यो प्रहार असह्यको ।
मैन्दलाइ पर्‍यो गाह्रो अनि डङ्ग लडे अहो ॥
थिए अङ्गदका मामा मैन्द द्विविदका दुवै ।
लडेका यिनले देखे उनलाई वहाँ जसै ॥
भो असह्य उनीलाई अनि त्यो कुम्भ माथि नै !
डट्थ्यो धनु ठड्याई जो झम्टिए क्रुद्ध भैकनै ॥
देखेर झम्टिआएको फलामे पाँच बाणले ।
ठोक्यो अङ्गदलाई यी तुरुन्त फेरि तीनले ॥
तीखो अङ्कुशले रोप्छ माहुते जसरी कुनै ।
मत्ता हात्ती हुँदा मत्त रोप्यो त्यै ठीक झोक्किँदै ॥
सुनौला धारिला तीखा अनेकौं बाणले अहो ! ।
देखाइ हातको फूर्ति छोप्यो रोप्यो छिटो छिटो ॥
खपे अङ्गदले कत्ति डगेनन् गिरि झैं भए ।
ढुङ्गा मूढा गरी हाले उनले अब जोडले ॥
आएर शिरमा आफ्नो लाग्न खोज्दा शिला रुख ।
काट्दियो कुम्भले चट् चट् महान् वीर थियो जब ॥
अब झम्टन लाग्दामा देखी अङ्गदलाइ यी ।
आँखिभौंमै बजायो हा ! हुन् उल्का ठीक बाण ती ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

फुटेन भाग्यले आँखा चिम्ले अङ्गदले अनि ।
बह्यो रगतको धारा खपे कष्ट पुछे पनि ॥
नजीकै एउटा ठूलो सालको वृक्ष देखियो ।
एउटा हातले त्यास्पै समाते त्यसलाइ पो ॥
अर्कोले आफ्नु आँखाको गरी रक्षण राम्ररी ।
छातीले रुखलाई त्यो होच्च्याए क्यै बलै गरी ॥
अनि फट्ट उखेले बा ! उनले वृक्षलाइ यो ।
इन्द्रध्वज सरी अग्लो जुन मन्दर ठीक थ्यो ॥
सारा राक्षस हेर्दैथे वीर अङ्गदले अव ।
जोडले छोड्दिईहाले कुम्भको आङमा तव ॥
देख्यो त्यो रुख आएको धूलोपीठो बनाँउन ।
कुम्भले बाण सातोटा छोड्दियो झोकले पुनः ॥
धूलोपीठो भयो उल्टै वृक्ष त्यो, युवराजले ।
यो देखे छक्‌परे वीर घाइते नै थिए लडे ॥
लडे मूर्च्छा परेको यी देखेर अरु वानर ।
त्यो हाल गै गरे विन्ती रामलाइ भएभर ॥
सुनी सव कुरा आज्ञा दिए श्रीरामले पनि ।
कपिमा जाम्बवान् आदि लड्न जाओ भनी अनि ॥
धनु हात लिइ डट्ने कुम्भलाइ विनाशन यी ।
भालू-वानर दौडे बा ! शुभाज्ञा रामको भई ।
गर्न अङ्गदको रक्षा ढुङ्गामूढा लिई सव ।
कुम्भमाथि गए झम्टे राता आँखा गरी तव ॥
विशेष जाम्बवान् वीर वेगदर्शी सुषेणले ।
त्यो कुम्भकर्णको छोरो कुम्भमा हमला गरे ॥
जसरी जलको वेग रोक्छ डाँडो हुँदा अघि ।
त्यैसरी त्यसले रोक्यो उनलाइ शरै त्यजी ॥
तट छोडी अघि बढ्न सिन्धुले न सके सरी ।
सकेनन अघि बढ्नै यी बाण भै जिउमा भरी ॥
देखेमा बाण-वर्षाले भित्र पीडित यी कपि ।
बढे वानरका राजा सुग्रीवै लड्नमा अघि ॥
भतीजा स्नेहका पात्र युवराज उनी अव ।
युद्धमा मान्य काकाले सुरक्षित भए तव ॥
वनमा सिंहले खेद्छ जसरी गज देखिए ।
त्यै ठीक कुम्भलाई त्यो झम्टे वानरराजले ॥

७७

७८

उखेले अश्वकर्णादि ठूल्ठूला वृक्ष घेर र ।
ठोक्दिए तिनले डङ्डङ् कुम्भलाइ निरन्तर ॥
आँउदा बीच बाटोमा शरवृष्टिकनै हरे ! ।
थियो कुम्भ निकै वीर काट्दियो आफ्नु बाणले ॥
भए शोभित यी वृक्ष लक्ष्य वेध्न सिपालु त्यो ।
कुम्भका बाण लाग्दामा शतघ्नी ठीक पो अहो ! ॥
देखे टुक्रै भएको यो वृक्ष-वृष्टि यतातिर ।
वीर सुग्रीव ती किन्तु आक्षिप्तन भए स्थिर ॥
रोपिए त्यसका बाण खपे सब हुँदा यति ।
उफ्रिएर पुगे राजा त्यसको रथमै पछि ॥
इन्द्रको धनु जस्तै थ्यो कुम्भको धनु उत्तम ।
फुत्त खोसे त्यसैलाई भाँच्दिए सजिलै पुनः ॥
छिटै यस्तो कडा काम गरेर कपिराजले ।
भने दाँत उखेलेको गजझैं त्यसलाइ ए ! ॥
सुन् ए निकुम्भको दाजु ! तेरो विक्रम वीर्य यो ।
देखें रहेछ लौ वेस ! छ राम्रो वेग बाणको ॥
देखें राक्षसमा तेरो नम्रता विनयादिक ।
तथा प्रभाव तैं मा छ कि त्यै रावणमै त छ ॥
प्रह्लाद बलि देवेन्द्र कुवेर वरुणै सरि ।
भएको वीर्य वा शक्ति रहिछस् तँ महावली ॥
थामिस् लौ बावुको बींडो तैंले नै बल-वीर्यले ।
अझै म हेर्छु देखा लौ बत्र विक्रम जो छ ए ! ॥
जितेन्द्रिय कुनै व्यक्ति छ भने त्यसलाइ के ।
मनका पीर-वाधाले के लछार्छन् महामते ! ॥
तँ योटैलाइ ली शूल रणमा आँउदा अघि ।
देवताहरूले जित्न गाह्रै पर्दछ है लडी ॥
सारा राक्षसका राजा तेरा काका यथार्थमा ।
देव-दानवको वेग खप्छन् बा ! वरले यहाँ ॥
तेरा बावु भने वीर ! थिए जो कुम्भकर्ण ती ।
खप्तथे बलले आफ्नो छन तैंमा दुइ शक्ति यी ॥
लौ बावु ! रहिछस् धन्य ! मजै भो ! अव सुन् कुरो ! ।
अगाडि म छु ठोकीहाल् हेर् तँ मेरो छ के कसो ? ॥
रहेछस् तँ धनुर्विद्या जान्ने मा इन्द्रजित् सरि ।
देखें प्रतापमा चाँहि तँ छस् रावणकै सरि ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

इन्द्र शम्बरको जस्तो तेरो मेरो लडाइँ यो ।
देखुन यी विश्वका प्राणी आ लडौं वीर्यभिक् बडो ॥
जसको तुलनै छैन त्यस्तो काम गरिस् यहाँ ।
अस्त्र--कौशल देखाई तैंले नै यस युद्धमा ॥
मार्दिइस् कपि-भालूका ठूल्ठूला वीर वास्तव ।
डर्लाग्दो वीर्यले तेरो म प्रसन्न भएँ अब ॥
तँलाई अहिले सम्म मैले मारिन जो यहाँ ।
पर्न गो यसमा हेतु एउटा गतिलै जहाँ ॥
त्यो यै हो दुनियाँ भन्छन्-थाकेको कुम्भलाइ हा ! ।
मार्‍यो सुग्रीवले भन्लान् भन्ने डर, बुझिस कुरा ! ॥
वीर राक्षस!तस्मात् तँ गर् बा! विश्राम क्यै छिन ।
अनि पो बल देख्ने छस् मेरो कस्तो छ त्यो पुनः ॥
अपमान मिलेका यी कुराको मान पाउँदा ।
चर्केझैं घिउले आगो जाग्यो कुम्भ निकै तदा ॥
फूर्ति-स्फुर्ति झिक्यो तस्मात् त्यसले दौडिदै गई ।
सुग्रीवलाइ नै झ्याप्प समात्यो हातले दुई ॥
घम्साघम्सी परी हाल्यो दुवैमा अत्र अद्भुत ।
लामो सास लिंदै फेर्दै लड्न लागे दुवै तब ॥
देखिए दुइटा मत्ता लड्छन् झैं दुइटै वहाँ ।
मिलाए देहमा देह लडे दुइ अ-आफुमा ॥
रिसले जोशले गर्दा दुवैले मुखबाट ता ।
निर्धूम अग्निको ज्वाला निकाले वीर्य भै कडा ॥
बजार्दा यिनले खुट्टा भार भै धँसिदन धरा ।
ठूल्ठूला छाल फ्याँक्यो बा ! सिन्धुले डरले बरा ! ॥
यस्तैमा कुम्भलाई त्यो वीर ती कपिराजले ।
मजै साथ उचालेर फ्याँक्दिए सिन्धुबीच ए ! ॥

१०७

१०८

जोडले फ्याँक्दिदा ओहो ! वीर राक्षस-कुम्भले ।
समुद्रभित्रकै पृथ्वी देख्यो बा ! आत्तिंदै हरे ! ॥
भयो गजब त्यो वेला खस्तामा कुम्भ सिन्धुमा ।
अगाध-जलको राशि उठ्यो माथि जहाँतहाँ ॥
फ्याँक्यो बा! छाल ठूल्ठूला विन्ध्य-मन्दर हुन् सरि ।
यिनैले पछि ढाके हा ! त्यतातिर वरीपरी ॥
यना त्यो कुम्भ के दब्थ्यो उफ्रियो फुत्त मास्तिर ।
फेरि जुध्न त्यहीं आयो जहाँ सुग्रीव थे स्थिर ॥
बनायो वज्रझैं मुक्की कुम्भले अनि जोशले ।
ठोक्दियो बीच छातीमा वीर सुग्रीवको हरे ! ॥
थिए कवच पैह्रेका उनले जुन त्यो फुट्यो ।
बह्यो रगतको खोलो त्यसबाट वहाँ अहो !॥
थियो यो कुम्भको मुक्की वेगवान र निकै कडा ।
छातीका हाडका टुक्रा निस्किए उनका बरा ! ॥
मेरुको चूचुरो माथि चटयाङ्ग खस्ता भए सरि ।
निस्क्यो बा ! अग्निको मुस्लो त्यसका तोडले गरी ॥
महान् बल भएकाथे वीर सुग्रीव यी पनि ।
वज्र जस्तो झिके मुक्की आफैंले उनले अनि ॥
लागेमा कुम्भको मुक्की झोक्किंदै कपिराजले ।
त्यसको बीच छातीमा त्यै मुक्की अब ठोक्दिए ॥
लाग्दा प्रहार त्यो वेला मुक्कीको शक्ति तेज त्यो ।
सूर्य-मण्डल जस्तै भो हजारौं कर शोभिंदो ॥
आघात त्यसको लाग्दा कुम्भ छर्पटियो हरे ! ।
निभेको अग्निझैं भैगो लड्यो डङ्ग्रङ्ग कष्टले ॥
आकाशबाट खस्तामा अकस्मात् मङ्गलग्रह ।
कस्तो हुन्छ ? भयो त्यस्तै पृथ्वीबीच लड्यो तब ॥

१२०

१२१

झोक्किंदा भगवान् रुद्र भएको सूर्य-रूप झैं ।
शोभियो कुम्भको रूप लड्दा छाती फुटी अब ॥
भयङ्करै वीर्य हुने उनीले मारे पछि कुम्भ भयो अचम्म ।
काँपिन् धरा पर्वत सिन्धु साथ काँपे यता राक्षसवर्ग सम्म ॥

१२२

इति छयहत्तरौं सर्ग

सतहत्तरौं सर्ग

कपिवीर हनुमान्‌ले राक्षसवीर निकुम्भलाई मार्नु

१

देख्यो निकुम्भले आफ्नो दाजुलाइ त्यसो गरी ।
मारेको युद्धमा वीर कपि सुग्रीवले लडी ॥
अनि आँखा ठड्याएर हेर्‍यो सुग्रीवलाइ यी ।
भस्म पार्छु भने जस्तो गरेरै क्रोधले पछि ॥
चुप्प लागेर के बस्थ्यो थियो धीर र वीर जो ।
लियो परिघ क्वै यौटा चुचुरोझैं महेन्द्रको ॥
टाढा प-पाँच औंलामा हुने चुच्चा फलामको ।
त्यो थियो फूलका माला शोभिएको विचित्रको ॥
थिए बा ! सुनका पाता ठोकेका त्यसमा पनि ।
हीरा मूगा जडेकोले झल्किन्थ्यो साथ भै मणि ॥
थियो परिघ यो साक्षात् कालदण्ड समानको ।
भय माश्न समर्थैथ्यो सारा राक्षसवर्गको ॥
तेजी इन्द्रध्वजा जस्तो त्यसैलाई घुमाँउदै ।
अब गर्जन लाग्यो त्यो डर्लाग्दो मुख बाँउदै ॥
तक्माझैं सुनको पट्टि छातीमा त्यसको थियो ।
शोभिन्थ्यो बाहुमा बाजू दिव्य कुण्डल झुल्दथ्यो ॥
गलामा बहुतै राम्रो माला झन् जगमगाँउथ्यो ।
भैदिंदा गहना भव्य सर्वाङ्ग अझ खुल्दथ्यो ॥
इन्द्राणी विजुली साथ गर्जिने मेघ हो सरि ।
शोभियो तिनले गर्दा निकुम्भ पनि राम्ररी ॥
दिलको देहको ठूलो त्यल्ले परिघ त्यो लिई ।
घुमायो वायुका गाँठा फुटे बा ! सब हल्लिई ॥
धूँवा रहित आगोझैं बल्यो परिघ त्यो पुनः ।
निस्कियो उग्र आवाज चट्याङ्‌झैं सुनियो जुन ॥
ठूल्ठूला यक्ष-गन्धर्वहरूका घर साथकी ।
धन—पर्वतले युक्त काँपिन् बा ! अलकावती ॥

१३

१४

देवका घरका साथै सुन्दरी अमरापुरी ।
थर्थराइन् सजै साथ प्रभाव त्यसको परी ॥
ग्रहनक्षत्र-तारा र चन्द्र सूर्यादि साथको ।
अकाशमण्डलै काँप्यो बडो गजब पो भयो ॥
बल्यो निकुम्भ नै आगो क्रोधको दाउरा मिली ।
अस्त्राभरणको कान्ति फैलाई भै झिलीमिली ॥
त्यसको अघि को टिक्ने अब यस्तो हुँदा हरे ! ।
हल्न-चल्न सकेनन् क्वै कपि राक्षस त्रासले ॥
तर त्यस्तो अवस्थामा पनि आइ बढी अघि ।
टिके बा ! हनुमान् वीर छाती फर्काइ भै बली ॥
हान्यो परिघ त्यै त्यल्ले परिघै तुल्य बाहुले ।
उनको बीच छातीमा बलवान् थ्यो थियो र के ? ॥
त्यत्रो विशाल छातीमा लाग्दा परिघ त्यो तर ।
फुट्यो सहस्र टुक्रा भो सयौं उल्का बले सह ॥
भुइचालो गएदेखि लच्काउँछ गिरिलाइ के ? ।
त्यही ठीक भयो ओहो ! डगेनन् वीर कत्ति ए ! ॥
त्यत्रो परिघको चोट खपेर अब राम्ररी ।
हनुमान्‌ले पनी आफ्नो कसे मुक्की त्यही सरी ॥
त्यसैलाइ मचाएर छातीमा त्यो निकुम्भको ।
ठोक्दिए वायुकै जस्तो शक्ति भै उनले अहो ! ॥
छातीमा बज्रिदा मुक्की फुट्यो कवच फट्ट र ।
निस्क्यो रगत ब्हाल्ब्हालितभै चट्याङ् निस्किए सह ॥
अब ढुन्मुनियो काँप्यो चोटले त्यो निकुम्भ यो ।
छिनैमा स्वस्थ भो पक्ड्यो त्यसले उनलाइ पो ॥
देखे लङ्कानिवासीले समातेको उनीकन ।
अनि राक्षसले थाले दङ्ग भै फेरि गर्जन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

लैजादा हरिई आफैं पनि यी कपिवीरले । त्यसलाइ कसे मुक्की मजैले अझ जोडले ॥ आफूलाइ छुटाएर ताक हेरे पुगी पर । पछारे अनि त्यल्लाइ भूमिबीच झिकी बल ॥

२८

२९

लोहोरोमैं बनाएर पिंधे त्यल्लाइ फेरि ता । उफ्रिई फुत्त छातीमा दिए सास्ती अनेक हा ! ॥ दुइटै हातले आफ्ना त्यस्को गर्धन पक्डिई । अन्तमा शिर छुट्याए त्यो चिच्यायो व्यथा बढी ॥

३०

३१

अब समरविषे कराँउने त्यो कपिवरबाट त्यसोरि मारिएमा ।
दश रथसुत राक्षसेन्द्र पुत्र दुइबिच युद्ध भयो अघि परेमा ॥
हुने शक्ति एवं महान् वीर्य त्यस्तो अनौठो भतीजो स्वयं रावणैको ।
परे दङ्ग सारा कपिश्रेष्ठवीर तथा ऋक्षवर्गादिता हर्षिएर ॥
दिशा कुलिए वा ! त्यसै त्रास छुट्दा खुशीले धरा थर्र काँपिन् बरा हा !
फुटे ठीक आकाश भो लक्ष्मणैसा पर्‍यो त्रास ठूलो वहाँ राक्षसैमा ॥

३२

इति सतहत्तरौं सर्ग

अठहत्तरौं सर्ग

राक्षसराजको शुभाज्ञाले युद्धार्थ मकराक्षको आगमन

१

निकुम्भ कुम्भ ती दोटै मरे भन्ने सुने पछि ।
अब राक्षसको राजा दन्क्यो क्रोधाग्निमा अति ॥
क्रोध शोक दुवै बढ्दा तिनैले भइ व्याकुल ।
भन्यो बा ! खरको छोरो मकराक्ष कनै तब ॥
मेरो आज्ञा छ जा बाबु ! आफ्ना राक्षस-सैन्यली ।
राम-लक्ष्मणकै साथ मार् ऋक्ष कपि छन् जति ॥
कसियो खरको छोरो आज्ञा रावणको सुनी ।
हस्ओस् ! मार्छु भनिहाल्यो भन्ठान्थ्यो वीर हुँ भनी ॥
पिताराजाकनै ढोग्यो प्रदक्षिण गऱ्यो अनि ।
निस्क्यो महलबाटै त्यो भित्र दङ्ग बनी बनी ॥
भन्यो बाहिर आएर सेनाध्यक्ष सँगै थियो ।
लौ छिटै रथले मेरो ठिक पार् सैन्य चाँहिदो ॥
त्यसका यी कुरा सुन्दा सेनाध्यक्ष छिटै गयो ।
राखिदियो नजिकै ल्याई रथ-सैनिक चाँहिदो ॥
रथलाइ घुम्यो पैले मकराक्ष चढ्यो अनि ।
भन्यो सारथिमा लैजा ! लौ छिटै रथ यो भनी ॥
त्यसैवेला दियो आज्ञा आफ्ना सैनिकमा तब ।
मेरो अगाडि गै लड्नु तिमीहरू सबै अब ॥
मलाइ बक्सियो आज्ञा बुवा राक्षस-राजले ।
मार्नु गै युद्धमा तैले राम-लक्ष्मणलाइ ए ! ॥
बुझ्यौ ! आजै म मार्दिन्छु राम-लक्ष्मणलाइ ती ।
तीखा बाण त्यजी सक्छु कपि सुग्रीव आदि यी ॥
सुकेका दाउरा स्वाक्तै सकेझैं अग्निदेवले ।
भालु र कपिका सेना भुसुक्कै पार्छु वीर्यले ॥

१२

१३

त्यसको यो सुनी आज्ञा बलीया वीर राक्षस ।
शस्त्रास्त्र लिइ तम्से बा ! लड्नमा भइ उत्सुक ॥
पहेंला नेत्र पल्टेका तीखा दाह्रा हुने तथा ।
थिए स्वभावका क्रूर डर्लाग्दा कामरूपका ॥
फुस्रा काला र डर्लाग्दा जगल्टा यिनका थिए ।
मत्ता हात्ती सरी कुर्ली गर्जन्थे अति जोडले ॥
विशालदेहको वीर मकराक्षकनै अब ।
घेरे बा ! तिनले सारा अघि बढ्दै गए तब ॥
समरस्थलमा जाँदा यसरी दुष्ट यी सब ।
काँपिन् थरर भै पृथ्वी यता दङ्ग थिए सब ॥
शंख-भेरी-मृदङ्गादि बजे बाजा हजारन ।
ताल ठोक्थे र गर्जन्थे दुष्ट राक्षस यी पुनः ॥
आवाज सब यो मिल्दा चर्किंदा फिजिदा ध्वनि ।
ठूलो कोकोहलो भैगो डर्लाग्दो रूपको बनी ॥
यसरी रथमा चढ्दै मकराक्ष बढ्यो अघि ।
खस्यो सारथिको हात बाट कोर्रा न राम्ररी ॥
यता अशकुनै भैगो यै वेला मकराक्षको ।
रथको उच्च झण्डा ता भाँच्चियो सहसा खस्यो ॥
उता त्यै रथका घोडा त्यसै भयाउरिए हरे ! ।
भयो लऱ्याङ् मऱ्याङ् खुट्टा रुँदै मुस्किलले बढे ॥
थियो प्रस्थानको वेला डर्लाग्दो मकराक्षको ।
तर धूलै उडाएर चर्को वायु बह्यो अहो ! ॥
सारा राक्षसले देखे भोगे यस्ता कुलक्षण ।
दिएनन् ध्यान गैहाले जहाँ थे रामलक्ष्मण ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

२५

महिष गज र मेघ ठीक काला अघि जुधि घायल घेर भै सकेका ।
म अधि म अघि जान्छु जुध्न भन्दै निशिचर तम्सिइ फन्फनी घुमे बा ! ॥

इति अठहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनासी सर्ग

श्रीरामबाट मकराक्षको वध

१

भालू-वानरले देखे आएको मकराक्ष त्यो ।
लड्नमा जम्जमाएर सब ठिक्क भए अहो ! ।
चर्कै युद्ध परी हाल्यो कपि राक्षसमा अब ।
भयो रोमाञ्चकारी जो देव-दानवकै ठिक ॥
ढुङ्गा-मूढा गरी ठोके यता वानर-ऋक्षले ।
उता राक्षसले ठोके गदा-परिघ-शूलले ॥
यसरी चर्कियो युद्ध यी दुवै थरमा वहाँ ।
ठोकाठोक परी हाल्यो अकस्मात् फेरि युद्धमा ॥
शक्ति खड्ग गदा भाला पास पट्टिस तोमर ।
भिन्दिपाल तथा बाण दण्ड आदिक मुद्गर ॥
अरू शस्त्रास्त्रलेसम्म वीर राक्षसवर्गले ।
भालू-वानरलाई, यी हाने संहार नै गरे ॥
बाणको वृष्टि छोडेर ठोक्दिदा मकराक्षले ।
घाइते कपि ता काँपे भागाभाग गरे हरे ! ॥
त्यत्तिले लौ जित्यौं युद्ध भन्ठान्ने क्रूर राक्षस ।
अब कुर्लन लागे बा ! सिंहझैं गर्जिदै सब ॥
यता वानर भागेका देखेमा रघुवीरले ।
रोके राक्षसलाई ती आफैंले शरवृष्टिले ॥
झोकियो यो सबै देख्ता मकराक्ष निशाचर ।
भन्यो श्रीराममा यस्तो कड्किएर भई स्थिर ॥
पख राम ! तिमी साथ द्वन्दयुद्ध म गर्दछु ।
छोडेर बाणको वृष्टि तिम्रो प्राण म हर्दछु ॥
दण्डकारण्यमा वस्ता तिमीले अघि राघव ! ।
मार्‍यौ मेरा पितालाई नराम्रैसित वास्तव ॥
काम राक्षस मार्ने यो त्यै वेला देखि नै लियौ ! ।
संझ्यौ कि त्यो मेरो कुरा रउँ तात्तछ के बुझ्यौ ? ॥

१३

१४

दुरात्मै हौ तिमी राम ! त्यो जनस्थानमा अघि ।
अँहँ ! देखिन जो त्यल्ले पोल्छ भतभत अङ्ग यो ॥
कुरो सौभाग्यको यै भो ! तिमी मेरो पर्‍यौ अघि ।
सिंहले मृग भेटेझैं भेटें बल्ल निकै पछि ॥
तिम्रीले अघि मारेका वीर राक्षससाथमा ।
बस्नेछौ यमको घर्मा मार्दा यी बाणले यहाँ ॥
किन धेरै कुरा गर्नु सुन मेरा कुरा अब ।
तिम्रो मेरो लडाँई यो हेरुन् यी दुनियाँ सब ॥
गदाले अस्त्रले यद्वा बाहुले लड्न जो तिमी ।
जान्दछौ राम्ररी राम ! त्यसैले लड लौ तिमी ॥
दुष्ट यस्तै कुरा भन्थ्यो लगातार न चाँहिदा ।
सुनी राम यता हाँस्तै त्यससाथ भने तदा ॥
अयोग्य यी कुरा गर्छौ मकराक्ष ! तिमी वृथा ।
नलडी गफलेमात्र के जितिन्थ्यो र युद्ध ता ? ॥
दण्डकारण्यमा वस्ता हो ! मैले आफ्नु हातले ।
मारेथें चौध हज्जार दुष्ट राक्षस वीर्यले ॥
त्यसैभित्र परेका हुन खर तिम्रा पिता पनि ।
दूषण त्रिशिरा आदि लगे साथ अरू पनि ॥
गिद्ध श्याल तथा काक उनका मासुले तब ।
थिए निकै अघाएका पारेथें तृप्त वास्तव ॥
मकराक्ष बुझ्यौ आज ! तृप्त पार्छु उनीकन ।
तीखा नङ्ग्रा र चुच्चाले खाँउन् चौटा लुछीकन ॥
भन्दा श्रीरामले यत्ति युद्धमा मकराक्षले ।
छोड्दियो बाणको पर्रा राममा कसिएर ए ! ॥
छोड्दिए शरको वृष्टि रामले त्यसका जति ।
काट्दिए सुनका प्वाँख भएका बाण ती पछि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यो युद्ध भो दशरथ राजाका पुत्रको तथा ।
त्यो वीर खरको छोरो त्यसको घनघोर बा ! ॥
दुवैले धनु फट्कार्दा ताँदो तान्दा र छोड्दिदा ।
निस्केको शब्द भो व्याप्त मेघ गर्जे सरी कडा ॥
ऋषि किन्नर नागादि देव गन्धर्व दानव ।
यो युद्ध हेर्नको निम्ति आए आकाशमा तव ॥
शरीर छेडिएकै थ्यो बाणले दुइ वीरकै
हर लड्थे अ-आफैँमा बल वीर्य भिकी दुवै ॥
छोड्दथे राम जो बाण काट्दिन्थ्यो मकराक्ष त्यो ।
काट्दिन्थे राम त्यै ठीक छोड्यो क त्यसले अहो ! ॥
भयो दश दिशा व्याप्त हुँदा बाण जतातता ।
तिनैले ढाकिइन् पृथ्वी केही देखिन्नथ्यो तदा ॥
अब राम भए क्रुद्ध त्यसको धनु काट्दिए ।
छोडेर बाण आठोटा रथको सूत मारिदिए ॥
रथ फोरि दिए स्वात्तै घोडा मारिदिए हरे ! ।
चिम्रेको रथ छोडेर ओर्लियो तल वीर ए ! ॥
लियो यौटा निकै ठूलो अग्निझैं लयकालको ।
जगत् डराउने देख्तै शूल पो त्यसले अहो ! ॥

३५

३६

थियो यो पाँउनै गाह्रो पाएथ्यो तर रुद्रको ।
कृपाले वरमा यल्ले संहारै गर्छ्झैं भयो ॥
अकस्मात् बल्न लाग्यो बा! भै धपधप अकाशमा ।
भगे ती हेर्न आएका देवता त्रासले वहाँ ॥
घुमायो र यही शूल त्यो रणस्थलमा हरे! ।
छोड्यो श्रीरामकै माथि क्रोधले मकराक्षले ॥
हुर्रिई आँउदै थ्यो त्यो बीच आकाशमा तर ।
काट्दिए रामले चट्चट् छिटा भई त्यजी शर ॥
रामको बाण लाग्नाले सुवर्णमणिमण्डित ।
शूल त्यो टुक्रियो स्वात्तै उल्का झर्तै खस्यो तल ॥
रामले काटिएको यो शूल देख्ता अकाशका ।
सब प्राणी प्रशंसा पो गर्न लागे निकै तदा ॥
मकराक्ष यता कुल्र्यो शूल त्यो टुक्रिए पछि ।
आयो बा ! मुष्ठि उज्जाई पख राम ! भनी यति ॥
जाइ लागेर आएको देख्ता त्यल्लाइ रामले ।
चढाए धनुमा आफ्नो पावकास्त्रकनै हरे ! ॥
ताकेर त्यसको छाती छोड्दिए वज्रियो तदा ।
फुट्यो हृदय भै फट्ट मर्‍यो त्यो मकराक्ष ता ॥

४४

४५

यता राक्षसले देखे मरेको वीर त्यो पनि ।
टिक्न गाह्रै भयो भागे लङ्कातिर सबै अनि ॥
दशरथ-नृपपुत्रको गतीलो शर गइ सर्र त्यसोरि मारिएको ।
खरसुतकन देखदा सुरादि खुश भइ गाइ दिए निकै गुणादि ॥

४६

इति उनासी सर्ग

असी सर्ग

राक्षसराजको आज्ञाले इन्द्रजित्‌को युद्धार्थ आगमन र श्रीराम–लक्ष्मणको संवाद

१

मकराक्ष मऱ्यो भन्ने सुनैमा राक्षसेशले ।
रिसायो बहुलै भैगो कट् कट् दाह्रै किट्यो हरे ! ॥
शोच्यो-अव गरूँ के म ? घेरै वेर गमी यसो ।
झोक्किदै इन्द्रजित्‌लाई पछि बाट भन्यो यसो ॥
ए वीर ! अव लौ तैं जा ! रामलक्ष्मणलाई ती ।
लुकेर देखिएरै बा ठोकिदे तैं त छस् बली ॥
अतुल्यकर्म गर्ने त्यो इन्द्रलाइ तँ जित्तछस् ।
भने ती नर जावा ता के टिक्थे मार्न सक्तछस् ॥
बावु राक्षस–राजाले शुभाज्ञा दिंइदा यति ।
गऱ्यो स्वीकार त्यो वीर इन्द्रजित्‌ले झुकी अति ॥
त्यहाँ बाट हिंडी हाल्यो इन्द्रजित् यज्ञभूमिमा ।
वहाँ गै त्यसले होम्यो विधिले अग्निकुण्डमा ॥
त्यहाँ होम्दा न होम्दैमा अग्निको कुण्डबाट त्यो ।
र-रा ता बस्त्र पैह्रे का सुन्दरी निस्किए अहो ! ॥
साह्रै हडबड एम्फैं देखिन्थे राक्षसी थिनी ।
अघि आइ भए ठिङ्ग इन्द्रजित्‌को सबै अनि ॥
यो अग्निकुण्डको चारैतिर विछ्याँइने कुश ।
शस्त्रास्त्र नै बनेकाथे अनेकौं थरका तव ॥
समिधा भैरहेकाथे भलायोका वहाँ सबै ।
वस्त्र रातै थियो सारा थियो सूरो फलामकै ॥
तोमरै साथका आफ्ना शस्त्रास्त्र शरपत्र ता ।
चारैतिर विछ्याएको थियो त्यल्ले जताततै ॥
गर्नु पर्ने सक्यो काम इन्द्रजित्‌ले वहाँ सब ।
कालो बोके समात्यो र त्यसैमा होम्दियो अव ॥
दिंदा आहुति शो यौटै बढे बा ! अग्नि देवता ।
थिएन जसमा धूँवा फैल्यो ज्वाला जताततै ॥

१३

१४

अब यो अग्निमा स्पष्टै देखियो वेस लक्षण ।
गर्नेको निम्तिमा जो त्यो गथ्यों विजय सूचन ॥
ज्वाला दक्षिण फर्केको घुमेको तेजिलो भयो ।
निस्किए अग्नि त्यै वेला रूप ली सुनम्फैं अहो ! ॥
इन्द्रजित्‌ले दिएको त्यो हविष्य बलि आदि ता ।
लिए बा ! उब्जिजई आफैं अग्निले यसरी तदा ॥
दिइ आहुति आगोमा देव–दानव राक्षस ।
सवैलाइ खुशी पाऱ्यो यज्ञमा आभिचारिक ॥
गरी यति सवैलाई तुष्ट पारेर दुष्ट यो ।
अन्तर्धान हुने शक्ति पाँउदा मन् खुशी भयो ॥
अव त्यै रथमा आफ्नो विशाल जुन थ्यो अति ।
चढ्यो बा ! चार घोडाले शोभिएको छिटो अति ॥
शस्त्रास्त्र यस भित्रैथे विशाल धनु बाणको ।
साथमा राखिएको थ्यो इन्द्रजित् अव शोभियो ॥
वस्तुथे रथमा जत्ति ती सवै सुनकै थिए ।
आफ्नै स्वरूपले दिव्य बल्दथ्यो दिव्यरूपले ॥
अर्ध पूर्ण दुवै चन्द्र मृगका दिव्य-चिन्ह ती ।
सुशोभित भएकाथे यसैमा झल्किदा अति ॥
यता झण्डा थियो त्यस्तै मुस्लोम्फैं अग्निदेवको ।
सुन–नीलमका डण्डा शोभिएको विचित्रको ॥
रथले सूर्य हो जस्तो त्यस्तो व्रह्मास्त्रले पनि ।
सुरक्षित भएको त्यो भयो दुर्जय नै अनि ॥
आसुरी मन्त्रले त्यस्तो अग्निमा दिइ आहुति ।
लङ्का बाहिर निस्क्यो बा ! युद्धमा जित्न शत्रु यी ॥
लुक्न सक्ने थियो शक्ति त्यसैले भो न देखिने ।
कड्किएर भनी हाल्यो यसरी भै न देखिने ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्यत्तैं भइ तपस्वी झैं आएका वनबीच ती ।
दाजु भाइ दुवैलाई म सकी छोडछु आज यो ! ॥
देखिने वीर हुन् जस्ता राम लक्ष्मण मार्छु र ।
जय दिन्छु पितालाई म औले हेर ! भै स्थिर ॥
अनि पृथ्वीभरीका यी भालू वानर मार्छु म ।
पार्छु तुष्ट पितालाई भनी यत्ति छिप्यो पुनः ॥
अब त्यो युद्धमा आयो आज्ञाले राक्षसेशको ।
हातमा थ्यो धनुर्बाण आसुरी शक्तिपूर्ण भो ॥
त्यसले फेरि देख्यो बा ! राम लक्ष्मणलाइ यी ।
हुने तीन फणा नागै हुन् जस्ता काँध अग्लिई ॥
घेरिएका थिए प्यारा भालूवानरवीरले ।
बाण वर्षाउँदैथे जो शत्रुमा अझ क्रोधले ॥
हुन् तिनै यी दुवै यत्ति ठमाई मेघनादले ।
छोड्दियो बाणको पर्रा मेघले जल ठीक ए ॥
त्यसको रथ थ्यो माथि राम-लक्ष्मण थे तल ।
यता देखिन्नथ्यो छोड्थ्यो बाणवृष्टि निरन्तर ॥
गढेका त्यसका बाण राम-लक्ष्मणले अत्र ।
अ-आफ्नो धनुमा बाण चढाए कसिई तव ॥
तीखा र तेजिला बाण छोडे आकाश ढाकियो ।
छोएनन् यिनले किन्तु इन्द्रजित्‌कन त्यो अहो ! ॥
थियो राक्षस तेजस्वी मायाले त्यसले अहो ! ।
ढाकिदयो सब आकाश धूँवाले अन्धकार भो ॥
त्यसको साथ-साथैमा तुवाँलो कुहिरो पनि ।
त्यल्ले सृष्टि गरी हाल्यो ढाक्यो दश दिशा पनि ॥
बडो विचित्र भै हाल्यो त्यसको चाल-ढाल ता ।
देख्नु सुन्नु पनी सट्टै थियो माया हुँदा कता ॥
निस्कने धनु टङ्कार्दा शब्दसम्म सुनिन्न थ्यो ।
घोडाका टापको शब्द हुन्नथ्यो आँउदैनथ्यो ॥
इच्छा लागे सरी घुम्थ्यो त्यो चारैतिर पुग्दथ्यो ।
देख्लै देखिन्नथ्यो त्यो ता त्यसको रूप लुक्तथ्यो ॥
गाढा त्यस्तो अँध्यारोमा पनि नाराचनामका ।
बाणको वृष्टि गर्थ्यो त्यो शिलावृष्टि सरी तदा ॥
पाएका वरले त्यस्ता बाणले सूर्यहुन् सरि ।
त्यो युद्धस्थलमा त्यल्ले वर्षायो राममा झरी ॥

४३

४४

यसरी रामका साथै भाइ लक्ष्मणसम्म ती ।
हानिए रोपिए बाण घावैघाउ भयो अति ॥
मेघले जल-धाराले हानिए ठीक पर्वत ।
हानिए यी दुवैभाई पारिए अति पीडित ॥
जडेका सुनका प्वाँख तीखा बाण त्यजी अव ।
हान्न लागे दुवैभाई झोक्किएर निकै तव ॥
यी कङ्कपत्र लागेका बाण आकाशवीच गै ।
छेडेर इन्द्रजित्‌लाई झर्दथे रगताम्य भै ॥
यता रोपिन आएका त्यसको बाणलाइ ती ।
राम-लक्ष्मण काट्दिन्थे भालैभाला घुमाइ दी ॥
आँउथे सोभिझई बाण जता बाट त्यतै तिर ।
छोड्दिन्थे शरको वृष्टि तीखा उत्तम भै स्थिर ॥
थियो अतिरथी वीर इन्द्रजित् रथमा चढी ।
लुकी जताततै पुग्थ्यो छोड्दिन्थ्यो बाणकै झरी ॥
थिए बाण पनी तीखा रोपिन्थे दुइ भाइमा ।
छिटो त्यस्तै थियो वीर न राम्रै पो गर्‍यो वहाँ ॥
जडेका सुन टुप्पामा त्यसका बाण रोपिदा ।
फुल्दो पलाँश जस्तै पो देखिए दुइ भाइ ता ॥
गति रूप धनुर्बाण इन्द्रजित्‌को कुनै कुरा ।
देखिन्नथ्यो अनौठै भो मेघका सूर्यझैं पुरा ॥
भालू-वानर मार्‍यो त्रा ! त्यसले बाणले अति ।
पृथ्वीभर भए टम्म हजारौं कपिऋक्ष यी ॥
भाइ लक्ष्मण यो देख्ता अव क्रुद्ध भए निकै ।
दाजुरामकनै भन्छन् यसरी पछि झोक्दिँदै ॥
मान्य दाजु ! म यी सारा दुष्ट राक्षस मार्नमा ।
समर्थ छोड्छु ब्रह्मास्त्र भुसुक्कै पार्छु अन्तमा ॥
सुमित्रासुत यी वीर शुभ-लक्षण लक्ष्मण ।
भाइका ती कुरा सुन्दा भन्छन् राम उनीकन ॥
अहँ ! यस्तो कुरा हुन्न यौटाको दोषले गरी ।
सारा राक्षस पृथ्वीका मार्नु होला कसो गरी ॥
संझ बाबु ! कुरा मेरा तिमीले क्यै गरे पनि ।
मार्नै हुन्न उनीलाई कहिल्यै सुन यो पनि ॥
जो छन् लुक्ने, न लड्ने र हाम्रो शरण आँउने ।
हात जोड्ने, तथा भाग्ने, न सक्ने बहुलाँउने ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
यस्ता प्रकारका व्यक्तिलाइ मार्ने कुरै पनि ।
नगर्नु कहिल्यै बाबु! यसलाइ म मार्छु नि!॥
लौ आउ कसिऔं हामी तीखा सर्प समानका ।
डर्लाग्दा वेगिला बाण छोड्न थालौं भई छिटा॥
६२

६३
छ यो राक्षस मायावी छ अन्तर्धान शक्ति र ।
लुक्तोछ रथकै साथ बाण छोड्छ निरन्तर॥
देख्न पाए भने देखि यसलाइ बढी त्यसै ।
भालू-वानरका स्वामीहरूले मार्दछन् छिटै॥
६४

६५
जाओस् न पानी मुनि स्वर्गमा वा टिकोस् धरामै कि घुमोस् अकाश ।
बिझेर मेरा शर यो डढेर मरेर खस्नेछ यहीं अवश्य॥
श्रीरामले यत्ति महत्त्वपूर्ण कुरा भनी वानर-वीर साथ ।
त्यो इन्द्रजित्को बध गर्न निम्ति आँखा घुमाए अब युक्तिसाथ॥
६६

इति असी सर्ग

एकासी सर्ग

इन्द्रजित्‌द्वारा मायानिर्मित सीताको वध

१

इन्द्रजित्‌ले सुन्यो स्वात्तै महात्मा रामका कुरा ।
ताड्यो भाव र फर्क्यो त्यो लङ्कातिर त्यसै तदा ॥
राता राता भए आँखा संभी राक्षसको वध ।
निस्कि हाल्यो तुरुन्तै त्यो फेरि लड्छु भनी तव ॥
पुलस्त्य-वंशको वीर देवशत्रु थियो बली ।
निस्क्यो राक्षस-सेना ली पश्चिमी-द्वार भै पछि ॥
लड्न ठिक्क भएकाथे रामलक्ष्मण ती दुवै ।
त्यो देखेर गर्‍यो माया अकर्तव्य गरी यसै ॥
यौटा मायामयी सीता बनायो त्यसले वहाँ ।
तिनैलाइ लगी राख्यो रथमा आफ्नु साथमा ॥
राक्षसी-सैन्यले आफ्ना घेरिएर सबैतिर ।
सबैको अघि सीताको वध गर्ने भिक्यो सुर ॥
थियो तुच्छ विचारैको मोह पार्न सबैकन ।
त्यसो गर्ने लियो बुद्धि फर्कियो युद्धमा जुन ॥
भालू-वानरले देखे इन्द्रजित् निस्कँदा अब ।
ढुङ्गा मूढा लिए झम्टे लड्नमा कसिई सब ॥
अगाडि हनुमान् नै थे डाँडै बोकेर एउटा ।
आएका, अरुले बोक्नै जुन सक्तैन थ्यो तदा ॥
पर्न गो उनको आँखा रथमा मेघनादको ।
देखे भित्र सती सीतालाइ नै झोक्रिंदी अहो ! ॥
उपवास गरी बस्ता दुब्लाएकी थिइन् उनी ।
थियो बा एउटै चुल्ठो थिइन् दीन तपस्विनी ॥
थियो त्यै अघि देखेको मलिनो बस्त्र देहमा ।
धूलै धूलो थियो सारा तापनि वेस थिन् वहाँ ॥
निकै वेर गमे हेरे ठमाए उनले पछि ।
हुन पक्कै पनि यी देवी छोरी जनककी सती ॥

१३

१४

रथभित्र बसेकी यी मैली झोक्राँउदी रुँदी ।
देवीलाइ त्यहाँ देख्ता रोए यी हनुमान् कपि ॥
भित्र तोड पर्‍यो ठूलो दीन हीन तपस्विनी ।
देवीले त्यसरी बस्नु भो अयोग्य ! गमे पनि ॥
दुष्ट राक्षस-राजाका छोराको लिनु आश्रय ।
देवीको निम्ति के होला ? यसको के छ आशय ॥
शोची मनभरी यक्ति मुख्य मुख्य लिई कपि ।
तुरुन्तै झम्टिई हाले मेघनादकनै पछि ॥
कपिको सैन्य आएको देखेमा इन्द्रजित् उता ।
झोक्कियो र झिकी हाल्यो म्यानको तलवार ता ॥
समात्यो अनि सीताका शिरका केशमा पछि ।
छिनाल्न ठिक्क भै हाल्यो देवीको शिर झोक्किई ॥
माया-सीता हुने नारी पिटिंदा त्यसले यता ।
रुन्थी चिच्याँउथी भन्थी राम ! राम !! पनी तदा ॥
भालू-वानरले देखे यो कुरा सब अन्तमा ।
रोए बा ! हनुमान् चाँहि चुहाई आँसु दैन्यमा ॥
सर्वाङ्ग सुन्दरी देवी रामकी महिषी कन ।
देख्ता त्यस्तो अवस्थामा भने त्यो इन्द्रजित्‌कन ॥
उनको स्वर चर्क्यो बा ! दुरात्मन् ! काल खोज्दछस् ? ।
के आफ्नै नाशको निम्ति यो कुकर्म तँ गर्दछस् ? ॥
ब्रह्मर्षि-वंशमा जन्मिस् वैसै थ्यो तर राक्षसी ।
बानी गएन यो तेरो छोड् देवीका कपाल ती ॥
यो कुबुद्धि तँ जस्ताको हुनु धिक्कार हो बुझिस् ।
दुराचारी तँ पापी होस् अघि नै छु म के बुझिस् ॥
ए अनार्य ! दुराचार ! ए पापी ! पापकर्म यी ।
गरिस् अघि पनी तैंले कैयौं पल्ट बढी अघि ॥

२६

२७
लाज लाग्दैन ए नीच त्यसो गर्दा विश्वाँकमा ।
दया जाग्दैन वा कत्ति रहिछस् क्रूर जो यहाँ ॥
यी सती मैथिली सीता च्युत भै बक्सियो अघि ।
घर राज्य तथा आफ्नो पतिका बाहु देखि ती ॥
अब त्यस्तो अवस्थामा बस्तामा अपराध के ।
भेट्टाइस् र त्यसो गर्छस् निर्घृणी भै ल भन् त ए! ॥
मारी यी जानकीलाई भन्ठान्छस् के त बाँचुला ? ।
अगाडि छु म हेर् पाजी ! ठोक्दिन्छु मर्दछस् तँता ॥
आफ्ना कुकर्मले गर्दा भएका मार्न योग्यका ।
चोरले दुष्टलेसम्म निन्दा गर्ने स्वयं सदा ॥
तिनले पाइने एवं स्त्रीहत्याराहरूकन ।
दिइने, ठाममा पुग्छस् छिटै अब म·ीकन ॥
भनी यत्ति कुदे वीर हनुमान त्यससाथि नै ।
लिइ शस्त्रास्त्र बोकेका कपि-ऋक्षहरूकनै ॥
भालू-वानरका सेना झम्टदै आउँदा अघि ।
रोक्दियो इन्द्रजित्ले त्यो बढाई आफ्नु सैन्य ती ॥
हजारौं वाण छोडेर कँपाई कपि-सैन्य यो ।
ती वीर हनुमान्लाई इन्द्रजित्ले भन्यो यसो ॥
लौ हेर् ए वजिया ढडू ! तँ र सुग्रीव राम त्यो ।
जसको निम्तिमा आयौ यहाँसम्म गरी त्यसो ॥
३६

३७
त्यो तिम्री जानकी यै हो यसैलाइ यहीं अब ।
तेरै अघि म अैले नै मारी छोड्दछु वास्तव ॥
क्रमैले अनि मार्दिन्छु राम-लक्ष्मणलाइ र ।
सुग्रीव तँ र त्यो दुष्ट विभीषणकनै पनि ॥
जो भानिस् ढेडुवा ! तैंले स्त्रीलाई मार्नु हुन्न त्यो ।
ठीक होइन, वैरीमा कष्ट पार्छ र योग्य हो ! ॥
भनी यत्ति उनीलाई मायाकी जानकीकन ।
रुन्थिन् जो धर्धरी त्यल्लै काट्दियो खड्गले पुनः ॥
यज्ञोपवीत पैह्रिन्छ जसरी त्यै सरी गरी ।
इन्द्रजित्ले छिनाल्यो बा ! त्यो स्त्रीलाई नकच्चरी ॥
ठूलै नितम्बकी नारी थिई त्यो प्रिय दर्शना ।
अब गर्धन् छिन्दामा लडी डङ्ग्रङ्ग भूमिमा ॥
गरी यत्ति भन्यो फेरि त्यसले हनुमान्कन ।
देखिस् के रामकी पत्नी मार्दिएँ खड्गले जुन ॥
लौ हेर् ए ढेडुवा ! तेरी देवीको लास हो यही ।
यत्रो कष्ट गरेकाथ्यौ जसको निम्ति गो त्यही ॥
काटी मायामयी नारी विशाल-तलवारले ।
कुर्लियो रथबाटै त्यो गर्जिंदै जोड-जोडले ॥
मुख बाएर गर्जेको त्यो दुर्ग रथमा चढी ।
सुने बा ! कपि-भालूले परे बिलखमन्द यी ॥
४६

४७
मायामयी स्त्रीकन आसुरी छल गरेर मार्‍यो त्यसले वहाँ तव ।
वीरै थियो रावण-पुत्र यो तर दुर्बुद्धि ली दङ्ग पर्‍यो निरन्तर ॥

इति एकासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयासी सर्ग

वानरवीर र राक्षसहरूको युद्ध एवं निकुम्भिला मन्दिरमा इन्द्रजित्ले हवन गर्न थाल्नु

१

इन्द्रका वज्रकै जस्तो डर्लाग्दो सिंहनाद त्यो ।
हुँदैं दश दिशा भागे भालू-कपि सबै अहो ॥
दीन हीन तथा खिन्न भै भाग्ने यी सबै कन ।
देखेर हनुमान् लागे संझाउन वहाँ पुनः ॥
खिन्न दीन भई भाग्यौ किन वानर वीर हो ।
लड्ने उत्साह छोड्यौ के तिम्रो शौर्य कहाँ गयो ? ॥
म लड्छु अघि गै आओ मेरो पछि बसी लड ।
कुलीन वीरले शूरा भाग्नु हुन्न अयोग्य छ ॥
उनले यत्ति भन्दामा भागेका कपि ऋक्ष ती ।
खुश भै लड्न आए वा ! ढुङ्गामूढा लिई पछि ॥
घेरेर हनुमान्लाई चारैतिर डटे उनी ।
गर्जी गर्जी झिकी वीर्य झम्टे राक्षसमा अनि ॥
यिनले घेरिएका ती बलेका अग्निझैं भए ।
शत्रु-राक्षसका सेना उढाए आफ्नु वीर्यले ॥
गरे संहार आफैंले घेरिई कपि-सैन्यले ।
भए वा ! लयका साक्षात् यमराज समान ए ! ॥
थिए यी तुल्बुलाएका शोकले कोपले पनि ।
रथमा इन्द्रजित्को त्यो ढुङ्गाले हान्दिए अनि ॥
त्यो ढुङ्गा खस्न लाग्दामा देख्यो सारथिले अहो ! ।
सजिएका हुँदा घोडा हाँक्यो रथ परै लग्यो ॥
ठूलो ढुङ्गा गयो व्यर्थ इन्द्रजित् रथ सारथि ।
त्यसरी पर पुग्दामा भाग्दामा खेर गै खसी ॥
परन्तु पृथिवी बीच जो खस्यो त्यत्तिले पनि ।
मास्यो राक्षस घेरैनै छेड्यो हा ! पृथिवी पनि ॥
मसिएढी पारिए सारा दुष्ट राक्षस अन्तमा ।
ढुङ्गा मूढा गरी झम्टे साथैमा कपिले वहाँ ॥

१३

१४

झिकेर वीर्य डर्लाग्दो त्यसरी मेघनादमा ।
भालू—वानरले ठोके मसे राक्षस युद्धमा ॥
रूपका कर्मका त्यस्ता डर्लाग्दा वीर राक्षस ।
भए सोत्तर पृथ्वीमा हाहाकार बढ्यो तत्र ॥
यो देखता इन्द्रजित्लाई भो असह्य र झोकले ।
वर्षायो वाणको वर्षा यी भालू-कपिमाथि ए ! ॥
शूल वज्र तथा खड्ग प्रास मुद्गर पट्टिश ।
छोड्दियो कसिए हाने भृत्य-राक्षसले तक ॥
हागविंगा हुने घेर रुख साथै त्यजी शिला ।
हनुमान्ले पनी मासे क्रूर राक्षस सैन्य वा ! ।
शत्रुको सैन्य यो रोकी आफ्नामा भन्दछन् उनि ।
लौ फर्कौं अब भो छोड लड्ने कामै भएन नि ! ॥
श्रीराम-प्रभुको प्यारो गर्न प्राणै त्यजी अहो ! ।
लड्दथ्यौं जसको निम्ति ती सीता मरि बक्सियो ॥
राम—सुग्रीवमा हामी गै भनौं यो कुरा सब ।
भन्लान् अनि जसो गर्नु गरौंला त्यै कुरा सब ॥
भनी वानर-सेनामा यो कुरा हनुमान् अब ।
भई निर्भय फर्के वा ! आफ्ना सैन्य लिई सब ॥
फर्केका हनुमान्लाई देखेमा इन्द्रजित् यता ।
फर्क्यो होम-क्रिया गर्ने इच्छाले शक्ति थप्न हा ! ॥
यिनकी इवीष्टदे थिन् लङ्काभित्र निकुम्भिला ।
त्यसै मन्दिरमा आयो बाल्यो ह्वाह्वार्ति अग्नि वा ! ॥
त्यै यज्ञकुण्डमा त्यस्ले काँचो मासु र रक्तको ।
दियो आहुति श्रद्धाले मन्त्र—तन्त्र गरी अहो ! ॥
अब आहुति पर्दामा आभिचारिक अग्नि ता ।
भए वा ! तृप्त अत्यन्त झिके ज्वाला बले वदा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सन्ध्याकाल हुँदा सूय सफा राता भए सरि ।
रूप ली निस्किए अग्नि त्यसको अघि राम्ररी ॥
जान्ने थियो यज्ञ—विधान इन्द्रजित् तसर्थ होम्यो त्यसले वहाँ पुगी ।
हओस् भलो राक्षसवर्गको भनी हविष्य अर्प्यो प्रभु अग्निमा पछि ॥
त्यो इन्द्रजित्को हवनक्रियादिक देखेर त्यस्तो दृढ युद्धमा पनि ॥
अन्याय बा न्याय, अयोग्य योग्य, यो जान्ने उठे राक्षसवीर ती अहो ! ॥

२८

इति बयासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रियासी सर्ग

श्रीरामले सीताका वधको कुरा सुनेर मूर्च्छित हुनु र लक्ष्मणले संझाउनु

(यो सर्गको कुरामा पछिल्लो श्लोकको तत्त्वमा विशेष ध्यान दिइयोस्)

१

फरि– राक्षसको चर्को युद्धको घोषणा सुनी
भन्दछन् जाम्बवानसाथ रामभद्र वहाँ अनि ॥
हनुमानले बुझ्यौ ! सौम्य ! डर्लाग्दै कर्मगर्न पो ।
थालेछन् क्या र यो चर्को अवाज सुनिइन्छ जो ॥
तसर्थ अव लौ जाऊ लिई सैन्य भई स्थिर ।
सकेसम्म वहाँ लड्दा सहाय उनको गर ॥
झुकाई शिर जो आज्ञा भनी सैन्य लिई यिनी ।
गए पश्चिम ढोकामा जहाँ लड्दै थिए उनी ॥
वहाँ लडेर फर्केका सुग्रीव! गर्ने स्वसैन्यले ।
घेरिने हनुमानलाई देखे जो फर्कि आउँथे ॥
नीला मेघ सरी काला भालूका सैन्य साथ ली
आएका जाम्बवानलाई रोके बा! उनले बढी ।
फर्के अनि त्यहाँबाट त्यो दुवै सैन्य साथ ली ।
छिटै राम भए ठाम आइ भन्छन यसो झुकी ॥
लड्दैथ्यौं युद्धमा हामी हेर्दैथ्यौं, मेघनादले ।
देवी सीताकनै ल्यायो काटदियो त्वरात्र खड्गले ॥
प्रभो! यो घटना देख्दा भएँ उद्भ्रान्तचित्त म ।
विषाद सिन्धुमा धेरै वेरसम्म डुबेंछु म ॥
पछि होश हुँदा केही त्यो समाचार नाथमा ।
सुनाउन भनी आएँ सैन्यकै साथमा यहाँ ॥
हनुमान्का कुरा सुन्दा शोकले भइ मूर्च्छित ।
लडे श्रीराम तत्काल काटेको वृक्षझैं स्वतः ॥
लडेका त्यसरी देख्दा देवतुल्य उनीकन ।
ठूलूला कपि दौडेर आए जम्बा भईकन ॥

१२

१३

सुगन्धी जल ल्याएर पद्ममिश्रित शीतल ।
उपचार गरे राम्रो वीर वानरले तव ॥
राँको ह्वार्ह्वानि छोडेको भस्म पार्ने सबै कुरा ।
निभाउन भने गह्रै पर्ने अग्नि बने पुरा ॥
दाजुको त्यो अवस्थामा देख्दा दुःखित लक्ष्मण ।
उठे र दाजुको देह सह्माले वाहुले पुनः ॥
अस्वस्थ दाजुलाई यी अँगाली स्नेहले तव ।
अर्थयुक्त कुरा भन्छन त्यस्तो दुःख खपी सव ॥
हजुर भइ बक्सिन्छ आर्य दाजु ! जितेन्द्रिय ।
शुभमा सत्यमा टिक्ने धीर वीर यथार्थतः ॥
यस्तो भए पनि दाजु ! पालेको सत्य धर्म त्यो ।
अनर्थबाट यी रोक्न सक्तै सक्तैन, व्यर्थ हो ॥
नहिड्ने वृक्ष इत्यादि प्राणी स्थावर हुन सव ।
हिंड्ने जङ्गम प्राणी हुन् यी सारा पशु आदिक ॥
यी दुवैथर प्राणीमा प्रत्यक्ष छ सुखैसुख ।
त्यसमा यिनको धर्म छैन कारण वास्तव ॥
धर्माचरणको शक्ति यिनमा छैन क्यै यता ।
छ ! भने पनि ता छैन गर्नको अधिकार ता ॥
तसर्थ यस बारेमा पालेको धर्म त्यो प्रभो ! ।
सुख साधन हो भन्ने हुन्न मेरो विचार यो ॥
प्राणी छन् जो न हिड्ने यी तिनमा छ सुखै सुख ।
हिड्नेमा पनि त्यस्तैत्र देख छौं स्पष्ट यो सव ॥
हुन्छ धर्म भएमात्र सुख-प्राप्ति, भने पनि ।
आपत् किन पर्‍यो यस्तो धर्मात्मा दाजुमा, अनि? ॥

२४

CC-0. In Public Domain. Digitization by eGangotri

२५

त्यस्तै अधर्मको सत्ता भए दाजु ! अधर्म त्यो ।
दुःखको प्राप्तिमा हेतु मानिए पनि ता प्रभो ! ॥
पाजी रावण यो फेरि किन पर्दैन नर्कमा ।
किन आँउछ धर्मात्मा दाजुमा कष्ट यो यहाँ ॥
दुख संकट क्यै छैन पापी-रावणमा भने ।
यस्तो आपत्ति पर्दोछ धर्मात्मा दाजुमा भने ॥
परस्पर विरोधी हुन तस्मात् धर्म अधर्म यी ।
पाँउछन् सुख यी पापी धर्मात्मा जत्ति दुःख यी ! ॥
धर्मको फल पाइन्छ गर्नेले सुखरूपको ।
अधर्म-फल पाइन्छ गर्नेले दुःखरूपको ॥
यही नियम हो भन्ने मानौं ता पनि वास्तव ।
अँहँ ! देखिन्न त्यस्तो क्यै उल्टै उल्टो छ यो सव ।
लाग्छन् अधर्ममा नित्य गर्छन पाप अनेकन ।
दुष्ट रावण जस्ता यी पाउछन् सुख त्यो किन ? ॥
यता हजूर जस्ता छन् धर्मात्मा जति सज्जन ।
दुःखमा दुःख भोग्दाछन फेरि त्यस्तो भए किन? ॥
भोग्छन् पापी अधर्मी नै विशेष सुख वा धन ।
धर्मात्मा र सदाचारी कष्ट भोग्छन् सँधै किन? ।
सार मेरो भनाईको छ यही मुख्य तत्त्व त्यो ।
अधर्म धर्म क्यै छैनन् छन् तस्मात् व्यर्थ यी प्रभो! ॥
यदि पापी-दुराचारी धर्मात्मा यी दुवै थरी ।
कर्मका फलका भागी हुन्छन् ता पनि राम्ररी ॥
हुनाले गरिने वस्तु ती अधर्म र धर्म ता ।
आदि मध्य र अन्तैमासम्म टिक्छन् यहाँ सदा ॥
हुन् तस्मात् नाशवान् दोटै छन् आफैं मृतवत् दुवै ।
अनि हाम्रो लछार्छन् के त्यस्ताले हेतुरूप भै ॥
विधि साथ कुनै व्यक्ति गर्छ कर्म-विशेष ता ।
त्यसले अरूलाई र आफैंलाई विनाशछ ता ॥
के भो र यसमा दाजु ! गरेका कर्मको फल ।
आफैं आफूकनै सक्छ, गर्ने चाँहि तटस्थ छ ॥
धर्माधर्म हुओस् जस्तो त्यस हालतमा प्रभो ! ।
आफैं निमित्त हुन्छन् र गर्ने चाँहि पृथक् भयो ॥
दाजुका पाउमा पोख्छु यी मेरा मनका कुरा ।
धर्माधर्म दुवै दाजु ! छन् है चैतन्यहीनका ॥

४१

४२

अव्यक्त र असत् जस्ता देखिन्छन् ती दुवै अतः ।
यिनले प्रनिकरै के गर्न सक्छन् र वस्तुतः ॥
शत्रु माशिदिने दाजु ! तस्मात् त्यो धर्मले पनि ।
पाल्नेलाई लछार्यो के स्वयं त्यस्तो बनी बनी? ॥
सज्जनश्रेष्ठ ! ए दाजु ! सत्कर्मैबाट उब्जने ।
अदृष्ट-तत्त्व त्यो सत् वा शुभ मात्र दिने भए ॥
प्रभुलाई लछार्यो के ? गर्ने सत्, धर्म, - पालन ।
व्यक्तिमा हुनु यस्तो ता अयोग्यै हो र मान्दिन ॥
फेरि अर्को कुरा दाजु ! यदि दुर्बल कातर ।
धर्म त्यो पुरुषार्थैको पछि लाग्छ छ अस्थिर ॥
भनें दुर्वल त्यो धर्म नसक्ता दिनमा फल ।
मर्यादा-हीन भो दाजु ! किन पाल्ने ? छ निस्फल ॥
भयो सिद्धान्त यै मेरो, त्यस्तै हो मन् अधर्म त्यो ।
दुःखको प्राप्तिमा हेतु हुन सक्तैन कत्ति जो ।
हुन्थ्यो वा हुन सक्थ्यो ता किन रावण आदिमा ।
सुखै सुख भयो त्यस्तो ? यस्तो भो किन दाजुमा ।
यदि धर्म सुनिश्चक्स्योस् ! बल वा पुरुषार्थको ।
उपाङ्ग अङ्ग मात्रै हो भने मन् वेस भो प्रभो! ॥
न हओस् यसरी राज धर्म सर्म त्यजेर यो ।
युद्धमा लडिसक्स्योस् लौ पुरुषार्थ फिकेर त्यो ॥
सत्य बोल्नु तथा पाल्नु-थाम्नु नै धर्म हो भने ।
के भो र? दाजुलेसम्म मैले देखिन पालिने ॥
भनेर राज्य यो दिन्छु सत्य बोली पछाडि जो ।
गरी बक्स्यो बुवाज्यूले झूटो उल्टो अनर्थ हो ॥
उहाँको निम्ति जो होस् भो त्यो कुरो तर दाजुको ।
निम्ति के भो ? असत्यै भो नपाल्दा यै अनर्थ भो ॥
प्रधानरूपले दाजु ! यदि धर्म अधर्म वा ।
गरिन्छ, गर्न योग्यै छ भने पनि विशेष ता ॥
त्रिशिरूपकनै मारी इन्द्रले बज्रले अघि ।
पछि यज्ञ गरे त्यत्रो किन के हेतुले गरी ॥
रघुवंशमणे ! दाजु ? छोडेको धर्म - सर्म त्यो ।
अधर्म बलवान हुन्छ त्यही पार्छ भुसुक्क पो ॥
बेला बखतकै ठीक आफ्नु इच्छानुसारले ।
बेला बखतकै ठीक आफ्नु इच्छानुसारले ।
प्रत्येक व्यक्ति ती पाल्छन् जानिएकै छ भन्नु के ! ॥

४८

CC-0. In Public Domain. Digitization by eGangotri

६९

अब यस्तो अवस्थामा उपरोक्त प्रकारको ।
धर्मनै योग्य हो भन्ने ठान्न थालें म योग्यको ।
धर्मकोनै जरा हाल्ने त्यो हाम्रो राज्य सार्थको ।
दाजुले नाशिदई बक्स्यो त्याग्दिदा अ घनै प्रभो ! ॥
नाना प्रकारका अर्थ सार साधन आदि ता ।
हुन्छन् यता उताबाट जम्बा पारिइने सदा ॥
जस्तो पर्वतका सोता भए ठीक नदी प्रभो ! ।
योग भोग दुवै दिन्छन् गर्नेमा फलरूपको ॥
नदी ग्रीष्मर्तुमा दाजु ! सुके जस्तो कुबुद्धिको ।
अथ वञ्चित बन्दामा नाशिन्छ शुभ – कर्म त्यो ॥
पहिलें सुख पाएको व्यक्तीले सुख पाइने ।
त्याग्दा विषय वा वस्तु भोग्न के पछि खोजिने ॥
फेरि त्यै वस्तु खोजन्छ भने अन्यायनै गरी ।
अघि बढ्छ र त्यै पाप लाग्छ दोष हुँदा भरी ॥
हुन्छन् मित्र निकै त्यस्का छ जस्को साथमा धन ।
भाइ-बन्धु पनी बन्छन छ भने बहुतै धन ॥
पैसा भए पछी धेरै श्रेष्ठ व्यक्ति कहिन्छ त्यो ।
भन्दछन दुनियाँ विद्वान् त्यसैलाइ छ रीत यो ॥
धनराशि छ ता जो होस् शूरो भो वीर भो त्यही ।
धेरै द्रव्य भए दाजु ! हुन्छ है बुद्धिमान् त्यही ॥
जसको साथ पैसा छ भाग्यशाली कहिन्छ त्यो ।
धन-सम्पत्तिले गर्दा निर्गुणी गुणवान् बन्यो ॥

७०

द्रव्य वा अर्थ त्यो त्याग्दा आउँछन जति दोष ती ।
मैले बिन्ती गरेको हूँ जो भोग्यौं एक एक यी ॥
दाजुले राज्य त्यो छोड्दा लाभ शोचेर के कति ।
छोड्दिई बक्सियो कुन्नि ? म त संभ्रम्न है रति ॥
जसको साथ पैसा छ त्यसको निम्ति वास्तव ।
धर्म-कामादिका वस्तु पुग्दछन् सब राघव ! ॥
पैसा छैन भने दाजु ! त्यसले अर्थ खोज्छ ता ।
पनि पाँउन्न सत् कार्य पौरखै नगरी कदा ॥
हुन्छन् पैसै भए मात्र हर्ष काम तथा शम ।
सुख शान्ति दम क्रोध दर्पादिक रघुत्तम ! ॥
धर्म भन्ने तपै तप्ने व्यक्तिका निम्ति लोक यो ।
हुन्छ है न भए जस्तो त्यै द्रव्य नहुँदा प्रभो ! ॥
त्यै अर्थ प्रभुको साथ देखिन्नन अँहँ ! कत्ति नै ।
लाग्दा व दल देखिन्नन् तारा जस्तो अकाशमै ॥
प्रभुले वीर ए दाजु ! बुवाको वाक्य राख्दिन ।
वनैतिर सवारी भो आफ्नो राज्य त्यजीकन ॥
सत्य हो पालिबक्सेथ्यो ठिक्कै थ्यो वनबीच त्या ।
हर्दियो प्रभुकी पत्नी दुष्टले यै अनर्थ भो ।
आज यो इन्द्रजितले ता गऱ्यो गर्नु न गर्नु पो ।
लौ! छोड्दिबक्सियोस् चिन्ता ठोक्छु यल्लाइ नाश्छु त्यो॥
अब लौ उठि बक्स्योस् भो ! संयमी नियमी व्रती ।
हजूर भइबक्सिन्छ नरश्रेष्ठ हुने धृति ॥

८०

८१

महान आत्मा हुने विद्वान् धर्मात्मा चित्सुखी भई ।
चिनिबक्सिपन्न के आफैंलाइसम्म महान् भई ? ॥
रघुवर जति यो भनें सबै त्यो मन प्रभुको दृढ पार्न हो भनेको ।
प्रिय धन प्रभुकी प्रिया उहाँको निधन हुँदा भइ रुष्ट निस्किएको ॥
अब म समरमा गएर आफैं दृढ शर वृष्टि गरी विनाशछु लङ्का ।
रथ-गज-हय-राक्षसादि सारा खतम बनाँउछु छैन कत्ति शङ्का ॥

८३

इति त्रियासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौरासी सर्ग

राक्षसश्रेष्ठ विभीषणले देवी सीता मरेकी छैनन् भनी श्रीरामलाई आश्वासन दिनु

१

दाजु श्रीरामलाई यो भ्रातृवत्सल लक्ष्मण ।
त्यस्तै भनि रहेकाथे संम्झाउन बुझाँउन ॥
यसै वेला वहाँ आए राक्षसेश विभीषण ।
भालू – वानरका सेना ठठामैमा सजीकन ॥
नाना शस्त्रास्त्र बोकेका चार वीर निशाचर ।
हुनन्कैं गाजलका थुप्रा थिनका साथ थे स्थिर ॥
चार यी उनका मन्त्री देखिन्थे गज तुल्यका ।
यिनैले घेरिएका थे गजेन्द्र सरि भै तदा ॥
वहाँ आई यसो हेर्दा महात्मा वीर लक्ष्मण ।
शोक-खिन्न भएकाछन स्वयं निस्तेज भैकन ॥
उनकै साथमा देखे भालू वानरका गण ।
भै दिक्क थुप्रिएकाछन आँसु झारी पुनः पुनः ॥
इक्ष्वाकु कुलका रत्न दिलका देहका दरा ।
श्रीराममा पऱ्यो दृष्टि बुद्धिमान् उनकी तदा ॥
भइ व्याकुल अत्यन्त स्वयं मूर्च्छैं परीकन ।
भाईका काखमा ओहो ! तेर्सिएका थिए जुन ॥
श्रीरामलाइ देखतामा शोकसंतप्त लज्जित ।
पग्ल्यो हृदय भै आर्त उनको नमजासित ॥
सोधिहाले यसै वेला यिनले-के कुरो पऱ्यो ? ।
अनि लक्ष्मणले हेरे उनको मुखमा यसो ॥
अरु वानरका साथै हेरी सुग्रीवको मुख ।
आँसु झारी यिनी भन्छन ती विभीषणमा तव ॥
कुरा यस्तो पऱ्यो सौम्य ! वीर यी वायुपुत्रको ।
मुखबाट सुनी बक्स्यो दाजुले न मजा अहो ! ॥
जो यै हो इन्द्रजित्‌ले त्यो मारदियो जानकीकन ।
अनि मूर्च्छैं परी बक्स्यो भित्र तोड परीकन ॥

१३

१४

धीर लक्ष्मणले यत्ति भन्दा वीर विभीषण ।
भन्छन् रोकी उनीलाई आफैं अघि बढीकन ॥
उनको दृष्टि यै वेला पऱ्यो मूर्च्छित राममा ।
उनैलाई गरे लक्ष्य भने निश्चित वाक्यमा ॥
आर्य राम ! भई दुःखी हनुमान्‌ले भने प्रभो ! ।
हुनै सक्तैन भन्ठान्छु म त मान्दिन सत्य त्यो ॥
सिन्धुलाइ सुकायो रे भन्दा पत्याँउने सरि ।
यो कुरा हुन गो स्वामिन् ! अनि मान्नु कसो गरी ॥
राक्षसेश दुरात्मा हो त्यसको जानकी प्रति ।
कस्तो भाव छ त्यो राम्रो म जान्दछु स्वयं यति ॥
राक्षसेश्वर त्यो तस्मात् जानकीको कसै गरे ।
वध गर् भन्न सक्तैन रोक्छ त्यल्लाइ मोहले ॥
निकै पल्ट प्रभो ! मैले त्यसैको हित होस् भनी ।
भने गै जानकी सुम्प ! खाएन तर त्यो पनि ॥
हेर्नैं सक्तैन क्वै व्यक्ति सामले दान-भेदले ।
सत्यमा मैथिलीलाई हेर्ने को अनि दण्डले ? ॥
महान् बाहु हुने नाथ ! इन्द्रजित् दुष्ट राक्षस ।
भुलाएर गएको हो भालू र कपिलाइ त ॥
जल्लाई त्यसले माऱ्यो सबैको अघि वास्तव ।
ती हुन् मायामयी सीता यही निश्चित सत्य छ ॥
भित्रै निकुम्भिलाको छ यौटा मन्दिर सुन्दर ।
त्यहीँ गएर त्यो गर्छ अब होम निरन्तर ॥
सक्न पायो भने होम अनि त्यो फर्कि आउदा ।
अजेय हुन्छ है स्वामिन् ! सबैको निम्ति फेरि ता ॥
अनि संग्राममा जित्न सक्तैनन् त्यसलाई क्वै ।
इन्द्रका साथका सारा देवता पनि सक्छ है ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्यल्ले हामी सबैलाई मोहमा पार्ने वास्तत्र ।
त्यस्तो माया गरेको हो भनी भुलिरहुन् सब ॥
छल्यो त्यल्ले प्रभो ! पक्कै भालू-वानरको बल ।
बढे, यस्तै गरे यत्न बिघ्न पार्छन् भनी तव ॥
त्यसका होमको काम समाप्त नहुदै सत्र ।
पर्सौं निकुम्भिला भित्रै विघ्न पारौं छिटै अव ॥
मैले विन्ती चढाएको यो कुरा सत्य हो प्रभो !
सन्ताप छोड्दिबक्सोस् यो सत्य जस्तो असत्य हो ॥
यसरी पीरले पाक्ने देखतामा प्रभुलाइ ता ।
हाम्रा वानरका सेना सारा गलिसके यता ॥

३१

३२

प्रभु राज हुओस् तस्मात् स्वस्थ चित्त भई यहाँ ।
यल्ले सत्य भन्यो भन्ने संम्झिई भित्र चित्तमा ॥
बरू हामीहरू सारा जाँदा सैन्य लिई वहाँ ।
पठाइ बक्सियोस् भाइ प्रिय लक्ष्मण साथमा ॥
वीर लक्ष्मणले छोड्दा तीखा बाण वहाँ पुगी ।
त्यसले होम त्यो छोड्छ अनि मारिन्छ त्यो पछि ॥
चराका प्वाँख टासेका तीखा बाण गई विझी ।
पिउँछन् त्यसका रक्त कंक-पक्षी सरी भई ॥
शुभ-लक्षण सम्पन्न वीर लक्ष्मण लाइ त ।
पठाई बक्सियोस् स्वामिन् !लड्न जाउ भनी स्वतः ॥

३६

३७

लिएर हातमा वज्र जस्तो देवेन्द्रले अघि ।
गरेथे दैत्यको नाश त्यस्तै होस् दुष्टको क्षति ॥
अब समय त्यसै न खेर जाओस् रिपुबल नाश्न छ योग्य, ज्ञान होओस् ।
प्रिय अनुजकनै पठाइ बक्स्योस् सुरपतिले सरि वज्र शोचि बक्स्योस् ॥
आफ्नो अनुष्ठान सक्यो भने प्रभो त्यो इन्द्रजित हुन्छ अजेय नै अहो ! ।
त्यल्लाइ देखनै पनि यी सुरासुर समर्थ हुन्नन् रणमा, छ दुर्धर ॥
यस्तो भएमा जत्र युद्धभूमिमा त्यो आइ घुम्ला मद चढ्न गै वहाँ ।
वेलाविषे त्यो त्यसलाइ जित्न ता सक्तैन कोही पनि होस् न देवता ॥

४०

इति चौरासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचासी सर्ग

सैन्य साथै श्रीरामको आज्ञाले वीर लक्ष्मण निकुम्भिला–मन्दिरमा जानु

१

सीताको शोकले सकैं परेका प्रभु-रामले ।
जो भने उनले माथि सुनेनन् त्यत्ति ध्यानले ॥
कुरा वेस थिए किन्तु सुने पनि यथार्थतः ।
बुझेनन् रामले त्यस्तो दुःखले भइ पीडित ॥
शत्रुको नगरी जित्ने रामले धैर्य क्यै धरे ।
हनुमान्को सँगै बस्ने यी विभीषणमा भने ॥
राक्षसेश्वर ए वीर ! तिमीले जो कुरा भन्यौ ।
कसो रे ? भन त्यो फेरि के रे अघि कसो भन्यौं? ॥
कुरा श्रीरामका सुन्दा कुरा गर्न सिपालु ती ।
फेरि अर्थ्याउनै लागे भनेको आफुले अघि ॥
महान् बाहु हुने स्वामिन् ! लगी सैन्य ठ-ठाममा ।
राख्न आज्ञा भएकोथ्यो अगाडि प्रभुको समा ॥
मैले त्यो काम ता नाथ ! सजिलै सित सर्सर ।
गरें आज्ञा हुना साथ छन् सबै लड्न तत्पर ॥
छुट्याएँ सैन्य त्यो पैले एक एक गरी पछि ।
लङ्काका द्वारमा चारै राखिदिए सबलाइ ती ॥
गर्नु पर्थ्यो जहाँ जस्तो त्यस्तै गरि त्यहाँ प्रभो ! ।
राखिदिएँ यूथका स्वामी वीरलाई समेत पो ॥
विन्ती गर्ने कुरा मेरो अब मुख्य छ यो यहाँ ।
ध्यान दी सुनि बक्सेमा हुन्थ्यो श्रेय जहाँ तहाँ ॥
यसरी पाकी बक्सेमा विना हेतु हजूर ता ।
हामीलाइ पनी स्वामिन् ! भित्र पीर पर्‍यो कडा ॥
व्यर्थैको पीर हो झूठो तापको राप हो यही ।
लौ छोड्दि बक्सियोस् नाथ ! शोकको हेतु भो यही ॥
यो चिन्ता त्याग्दिई बक्से भलो हुन्थ्यो यथार्थमा ।
यही बढाँउने हुन्छ हर्ष ती शत्रुपक्षमा ॥

१३

१४

दुष्ट राक्षस यी मार्नु जानकी भेट्नु हो भने ।
हर्ष उत्साह लौ बक्स्योस् ठूलो उद्योग होस् हुने ॥
आवश्यक कुरो यौटा विन्ती गर्छु म राघव ! ।
ध्यानदी बक्सिनै पर्छ हित गर्ने छ वास्तव ॥
भित्रै निकुम्भिलाको छ यौटा मन्दिर सुन्दर ।
गयो राक्षसराजाको छोरो सुत्त त्यतैतिर ॥
वीर लक्ष्मणले तस्मात् गई सैन्य लिई सब ।
हमला इन्द्रजित् माथि गर्नु पर्दछ मार्न त ॥
मण्डलाकार पारेर आफ्नो धनु निरन्तर ।
छोडेर बाणका पर्रा मार्नु पर्छ भई स्थिर ॥
वीर हो इन्द्रजित्, पैले त्यसले ब्रह्मदेवको ।
गर्‍यो तप खुशी पार्न पार्‍यो पछि प्रसन्न पो ॥
अस्त्र पायो उहाँबाट त्यो ब्रह्मशिर-नामको ।
भनेको गतिले हड्ने घोडा रथसँगै मिल्यो ॥
अहिले इन्द्रजित् पक्कै आफ्ना सैन्य लिई सब ।
गयो निकुम्भिलामा त्यै सत्य हुन् यी कुरा सब ॥
आफ्नो हवन-कर्मादि सक्न पायो भने वहाँ !
त्यसको हातले हामी संझि बक्स्योस् मर्‍यौं यहाँ ॥
सम्पूर्ण लोकका स्वामी भगवान् ब्रह्मदेवले ।
वरदान दिँदै आज्ञा भयो त्यल्लाई स्नेहले ॥
लौ सुन् ए इन्द्रको शत्रु ! गएर तँ निकुम्भिला ।
निरको बटको वृक्ष-मुनि बस्तु अगाडि वा ॥
आफ्नो होमादिको कार्य गरी सक्नु अगाडि जो ।
शत्रु आएर हमला गर्ला त्यसबाट मर्दछस् ॥
इन्द्रजित् दुष्टको मृत्यु यसरी ब्रह्मदेवले ।
बनाइ बक्सिएकोछ बुझि बक्स्योस् विचारले ॥

२६

२७

यसर्थ अव श्रीराम ! इन्द्रजित्लाइ मार्न त ।
वक्स्योस् लक्ष्मणमा आज्ञा यसै गर्दा छ है हित ॥
मरेसा इन्द्रजित् दुष्ट राक्षसेश्वरलाइ त्यो ।
संझि वक्स्योस् मऱ्यो भन्ने अरू मित्र सँगै प्रभो ! ॥
सुने श्रीरामले यस्ता यी विभीषणका कुरा ।
अनि ढुक्क भई भन्छन् शोक छोडी यसो तदा ॥
सत्य-पराक्रमी वीर ! डर्लाग्दो मेघनादको ।
लौ बुझें छल त्यो माया जो गऱ्यो त्यसले अहो ! ॥
मायावी त्यो छ ज्यादै नै बलवान् बुद्धिमान् छ त्यो ।
ब्रह्मास्त्र आदिको तत्त्व सारा जान्दछ फेरि त्यो ॥
समरस्थलमा त्यल्ले सारा वरुण साथका ।
देवलाइ पनी सक्छ बिचेतै पार्छ सर्वथा ॥
चढी रथ अकाशैमा जब त्यो घुम्न थाल्दछ ।
छोप्ने वादलले साक्षात् सूर्यझैं भइहाल्दछ ॥
विभीषणसँगै यत्ति भनी श्रीरामले अनि ।
माया बुझी दुरात्माको भने लक्ष्मणसा पनि ॥
प्रिय वावु ! तिमी जाउ सुग्रीव कपिराजका ।
यी सेना लिइ सम्पूर्ण इन्द्रजित्लाइ मार्न ता ॥
तिनका साथमा होऊन् विभीषण स्वयं यिनी ।
जाम्ववान् हनुमान् आदि जाउन् तिम्रो सँगै अनी ॥
जान्दछन् त्यसको माया मनस्वी छन् विभीषण ।
तस्मात् मन्त्रीहरू साथै लग साथ यिनीकन ॥
घेरिई सव आफ्नाले मायावी राक्षसेशको ।
त्यो छोरो इन्द्रजित्लाई जाउ मार त्यहीं छिटो ॥
सुन्दा श्रीरामको आफ्ना विभीषण सँगै हुने ।
वीर लक्ष्मणले आफ्नो उठाए धनु शोभिने ॥

३९

४०

युद्धमा चाहिने वस्तु लिए साथ र तम्सिए[२] ।
पैह्रे कवच तत्काल तलवार पनी कसे ॥
लिए उत्तम बाणादि धनु त्यो वामवाहुले ।
छोए श्रीरामका पाउ हर्षले उनले भने ॥
पूज्य दाजु ! नजर्होला यो मेरो धनुका शर ।
आज त्यो इन्द्रजित्लाई पार्छन् खतम वेसुर ॥
फोरेर त्यसको छाती लङ्कामा घुस्तछन् अव ।
हाँस पद्म हुने टम्म दहभित्र पसे ठिक ॥
डर्लाग्दो त्यसको देह छेडेर सव बाण यी ।
पुऱ्याइ छोड्दछन् दाजु ! यमको घरमै पछि ॥
इन्द्रजित् मार्नको इच्छा लिई लक्ष्मण फूर्तिले ।
रामसाथ भनी यत्ति त्यहाँवाट हिंडी गए ॥
उनले अनि त्यै वेला ढोगे श्रीरामलाइ र ।
प्रदक्षिणा गरे फेरि लागे निकुम्भिलातिर ॥
स्वस्तिवाचन-कर्मादि गर्दिए दाजु-रामले ।
अनि हर्षित भै वीर विभीषण सँगै गए ॥
आफ्ना मन्त्री लिई चारै पछी पछि गए उनी ।
सेनामेना लिईं लागे पछाडि हनुमान् अनि ॥
विशाल कपिको सेना लिइ जाँदा उनीकन ।
अघि देखा परे फेरि जाम्बवान् सैन्य लीकन ॥
पुगेपछि निकै टाढा वीर लक्ष्मणले अव ।
देखे रावणको सेना व्यूह बाँधी खडा सव ॥
मायावी इन्द्रजित्लाई जित्न ब्रह्म-विधानले ।
खोजे यी वीरले तस्मात् धनुर्वाण कसे बसे ॥
त्यो वेला उनको साथ हनुमान् र विभीषण ।
वीर अङ्गद इत्यादि थिए ठिक्क भईकन ॥

५२

५३

झललल गतिला अनेक शस्त्र चमकिई धप्धप शत्रु सैन्य बरुथ्यो ।
ध्वजरथहरूले महारथीले जुन बहुतै भइ पूर्ण त्रास फेंक्थ्यो ॥
विविध गति हुँदा अनेक भूषा झललल झल्किइ ताड्न कष्ट हुन्थ्यो ।
निज जनहरू ली पसे त्यसैमा रघुवर यी अब जो थियो अँध्यारो ॥

५४

इति पचासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयासी सर्ग

वानर-राक्षसको युद्ध र इन्द्रजित्‌लाई द्वन्द्वयुद्ध गर्न हाँक दिनु

१

अव त्यस्तो अवस्थामा वीर राक्षसराजका ।
कान्छा भाइ उनीले नै भने लक्ष्मणलाइ ता ॥
थिए लक्ष्मणको निम्ति यी कुरा इष्ट-साधक ।
शत्रु-राक्षसको निम्ति थिए अहितकारक ॥
बावु-लक्ष्मण ! हेर्नोस् त अगाडि मेघ-ठीक यो
शत्रुको सैन्य देखिन्छ डर्लाग्दो उग्ररूपको ॥
ढुङ्गा-मूढा लिई लड्ने भालू-वानरलाइ यी ।
लडाऔं लौ यिनै साथ आफैंले युद्ध छेड्दिइ ॥
यो महान् राक्षसी सैन्य तोड्न फोर्न छिटै अब ।
अघि गै कसिई हाल्नोस् भागाभाग गरुन् सब ॥
अनि त्यस्तो हुँदा खेरि व्यूह टुट्ता सबैतिर ।
इन्द्रजित्‌लाइ देख्नेछौं हामी तब अघिल्तिर ॥
तस्मात् होम-क्रिया यस्को सक्तुको अघि सर्रर ।
सत्रुमा हमला गर्नोस् छोडा वज्र सरी शर ॥
सुन्नुहोस् वीर ए बावु ! छोरो राक्षसराजको ।
यो दुरात्मा छ मायावी कुकर्मी अतिक्रूर पो ॥
पिरेको छ जगत् सारा यसले छ भयङ्कर ।
तसर्थ मारि हाल्नोस् लौ यसलाइ त्यजी शर ॥
शुभलक्षण सम्पन्न वीर लक्ष्मणले अब ।
उनका यी कुरा सुन्दा बाण-वर्षा गरे तब ॥
वहाँ होम-क्रिया गर्ने इन्द्रजित्‌माथि सर्रर ।
गई ती बाण लागे बा ! पर्‍यो विघ्न निरन्तर ॥
ढुङ्गा-मूढा गरी लड्ने भालू-वानरले पनि ।
हमला गर्दिईहाल्ने राक्षसी-सैन्यमा अनि ॥
काट मार परी हाल्यो कपि राक्षस-सैन्यमा ।
अकस्मात् यसरी ओहो ! फेरि त्यो युद्धभूमिमा ॥

१३

१४

भालू-वानर यी मार्न अब राक्षस-वीरले ।
खड्ग शक्ति तथा बाण घुर्येत्रा छोड्दिए हरे ! ॥
यी दुवै पक्षमा चर्क्यो फेरि युद्ध भयानक ।
कोलाहल उठ्यो ठूलो गुञ्ज्यो लङ्कापुरी सब ॥
नाना शस्त्रास्त्रले एवं ढुङ्गा-मूढा र बाणले ।
त्यहाँको सब आकाश भरियो सब तर्फ ए ! ॥
थिए राक्षस डर्लाग्दा मुखका हातका पनि ।
तिनैले पारिदिए त्रास भालू-वानरमा अनि ॥
ढुङ्गा मूढा गरी हाले भालू-वानरले पनि ।
त्यसै यी पनि के दब्थे पादिए घाइते पनि ॥
ठूलठूला देहका त्यस्ता भालु र कपि साथ यी ।
लड्दा भित्र पस्यो चीसो आत्तिए राक्षसै जति ॥
छोरो राक्षस-राजाको इन्द्रजित् वीरथ्यो अनि ।
सुन्यो खबर वैरीले हमला गर्दिए भनी ॥
सैन्य पीडित छन् हाम्रा भन्ने पत्तो भए पछि ।
उठ्यो आफ्नो अनुष्ठान सक्तु भन्दा निकै अघि ॥
भित्र क्रोधित थ्यो साह्रै अँध्यारोबाट वृक्षको ।
निस्किई इन्द्रजित् आयो उज्यालोतिर भव्द्द पो ॥
त्यहींनिर थियो त्यस्को तम्तयार महान् रथ ।
पैल्यै सिगारिएको थ्यो गतिलो, गै चढ्यो तब ॥
धनुर्बाण लिएका थ्यो त्यसले आफ्नु हातमा ।
थियो अङ्गारको थुप्रो जस्तै कालो स्वयं वहाँ ॥
राता राता थिए आँखा मुख त्यस्तै थियो पुनः ।
देखिन्थ्यो जगतै नाश्ने काल जस्तै सुदारुण ॥
रथभित्र चढेको त्यो देख्ता राक्षस-सैन्य यो ।
तम्सियो उग्र भै चर्क्यो घेरी वरिपरी वस्यो ॥

२६

२७

विशाल देहका तेजी हनुमान्ले यतातिर ।
महान् वृक्ष कुनै यौटा उखेले र भए स्थिर ॥
त्यसैले लयकौं अग्नि जस्ता भै उनले पनि ।
मासे राक्षस घेरै नै मूर्च्छै पारिदिए अनि ॥
अरु वृक्ष उखेलेर दुष्ट राक्षस-सैन्य त्यो ।
पारे भुसुक्क तत्काल उनले क्रुद्ध भै बडो ॥
यसरी सैन्य मासेको देख्ना साथ उनीकन ।
वीर राक्षसले झम्टे हजारौं भै पुनः पुनः ॥
तीखा शूल हुने हान्थे त्यसैले उनलाइ हा ! ।
हान्थे खड्ग हुने चाँहि खड्गैले झोकले तदा ॥
छोड्थे शक्ति हुने शक्ति हुने पट्टिश पट्टिश ।
गदा-परिघले ठोक्थे भालाले पनि क्वै तव ॥
हाने शयौं शतघ्नीले फलामे मुद्गरादिले ।
कसैले ठोक्दिए ओहो ! उनलाइ वहाँ हरे ! ॥
डलोंदा बञ्चराले र भिन्दिपालादि शस्त्रले ।
मुक्काले वज्र हुन जस्ता हाने थप्पड-लातले ॥
छोपी चारतिरैबाट हान्थे राक्षस तैपनि ।
भुसुक्क यिनले पारे उनैलाइ अझै पनि ॥
हनुमान्लाइ यै वेला देख्यो बा ! मेघनादले ।
भुसुक्कै पार्न लागेको त्यसरी आफ्नो सैन्य ए ! ॥
अब सारथिमा भन्छ सुन ए ! ढेडू छ त्यो जहाँ ।
जहाँ संहार गर्दैछ रथ लैजा छिटो त्यहाँ ॥
के बुझिस् ? त्यसको वास्ता न गरे छिनमै अब ।
सारा राक्षसको जाति त्यसले ध्वंस पार्दछ ॥

३८

३६

भन्दामा त्यसले यत्ति हाँक्यो सारथिले रथ ।
त्यसलाइ पुऱ्यायो बा ! हनुमाननिर सर्सर ॥
पुग्ना साथ त्यहाँ त्यल्ले ताकेर उनलाइ ता ।
तीखा शस्त्रास्त्र वर्षायो मेघले जल ठीक हा ! ॥
तलवार तथा बाण भाला पट्टिश बञ्चरा ।
एक एक गरी छोड्यो छोपी आकाश औ धरा ॥
शस्त्रास्त्र सब यी लागे हनुमान्का शरीरमा ।
खपेर अब ती भन्छन् त्यसलाइ यसो वहाँ ॥
बुद्धि अझि न राम्रै हो तिम्रो ए इन्द्रजित्! सुन! ।
शूर वीर भए आउ एक्ला एक्लै लडौं पुनः ॥
तर यत्ति तिमी संझ वायुका पुत्र साथमा ।
लडेर पार पाउन्नौ मरी हाल्छौ तिमी यहाँ ॥
भिडाई दुइटै बाहु मल्ल युद्ध लड्यौ भने ।
कुन्नि हैं ! त्यो सहे देखि छौ तिमी वीर मानिने ॥
हनुमान्का कुरा सुन्दा क्रुद्ध भो इन्द्रजित् पुनः ।
झिकेर बाण तत्काल मार्न खोज्यो उनीकन ॥
यतातिर यसै वेला यी विभीषण-वीरले ।
त्यसलाई चिह्नाए बा ! धीर-लक्ष्मणलाइ ए ! ॥
बावु लक्ष्मण ! ऊ ! त्यै हो छोरो राक्षसराजको ।
इन्द्रलाइ जितेकाले इन्द्रजित् नै भनिन्छ त्यो ॥
रथ भित्र बसी औले हनुमानकन दुष्ट यो ।
मार्न खोज्दछ है बावु ! लड्नु पर्दछ भै छिटो ॥
तस्मात् तपाँइ वैरीको छाती छेड्ने अनेकन ।
तीखा बाण झिकी मार्नोस् यसलाइ लडीकन ॥

५०

५१

वैरीहरूमा डर भित्र पार्ने विभीषणैका गतिला कुरा यी ।
सुनेर हेर्दा रथबीच देखे त्यो इन्द्रजित्लाइ स्वयं उनीले ॥

इति छयासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतासी सर्ग

इन्द्रजित्को र विभीषणको भनावैरी

१

भनी त्यत्ति कुरा हृष्ट तुष्ट वीर विभीषण ।
अघि बढ्दै गए साथ ली धनुर्धर लक्ष्मण ॥
निकै पर थियो यौटा वरको रुख झाँगिदो ।
अग्लो बाक्लो पनी त्यस्तै कालो बादलझैं हुँदो ॥
वीर रावणका भाई तेजस्वी उनले अब ।
त्यहाँका वस्तु देखाई भने लक्ष्मणमा तब ॥
छोरो राक्षस–राजाको इन्द्रजित बाबु लक्ष्मण ! ।
यहाँ प्रतिदिनै आई बलिदिन्छ पुनः पुनः ॥
भूत–प्रेतादिमा सारा बलि टक्र्याइ अन्तमा ।
बल पाई त्यतैबाट लड्न जान्छ जहाँतहाँ ॥
संग्रामस्थलमा जान्छ जब यत्ति गरे पछि ।
अदृश्य अनि त्यो हुन्छ देख्तैनन् व्यक्ति जत्ति यी ॥
अनि शस्त्रास्त्र ठूल्ठूला झिक्छ ठोक्दिन्छ युद्धमा ।
त्यसको अघि को टिक्ने बाँध्छ बा मार्छ अन्तमा ॥
बाबु लक्ष्मण ! लौ तस्मात् वरका रुखको मुनि ।
अघि आँट्नु भन्दा त्यो विघ्न नै पार्नु पर्छ नि ! ॥
तेजिला धारिला आफ्ना बाण छोडी छिटै अब ।
त्यसका रथ घोडा र मार्नोस् सारथि यी सब ॥
भन्दामा उनले यत्ति बडो बेस ! भन्यौ भनी ।
वीर लक्ष्मण तम्से बा ! त्यसै गर्न कडै बनी ॥
प्रिय छोरा सुमित्राका वीर्यवान् उनले अब ।
विशाल धनु टङ्कारे त्यो युद्धस्थलमा तब ॥
इन्द्रजित् अग्नि हुन् जस्तो तेजिलो रथमा चढी ।
यत्तिकैमा पर्‍यो देखा पैह्री कवच खड्ग ली ॥
अरूले जित्न गाह्रैको पुलस्त्य कुल–नन्दन ।
इन्द्रजित् संग त्यो भन्छन् देख्तैमा अब लक्ष्मण ॥

१३

१४

राक्षसेश्वरका पुत्र ! हाँक दिन्छु म लड्नमा ।
राम्ररी लड लौ आउ अड राम्रो गरी यहाँ ॥
यत्ति लक्ष्मणले भन्दा इन्द्रजित्ले त्यहींनिर ।
विभीषणकनै देख्यो भन्यो बा ! भइ अस्थिर ॥
ए राक्षस ! तिमी जन्म्यौ यहीं नै सत्य हो हगि ? ।
यहीं बढयौ भयौ यत्रा छ नाता बलियो अति ॥
तिमी मेरा पिताज्यूका हौ सहोदर भाइ नै ।
यो नाताले भयौ मेरा काका पनि त मान्य नै ॥
यस हालतमा आफ्नो भनीजो म संगै हरे ! ।
किन द्रोह तिमी गर्छौ एवं रीत अयोग्य ए ! ॥
लौ तिम्रो बुद्धि बिग्रेछ कुटुम्बी–जनमा पनि ।
तिम्रो आत्मीयता छैन छैन स्नेह पनी अनि ॥
छैन जातित्वको गर्व तिमीमा कत्ति वास्तव ।
हो कर्तव्य अकर्तव्य कुन ? त्यो बिर्सियौ सब ॥
उड्यो धर्म गयो प्रेम उच्च भ्रातृत्वको पनि ।
यस्तो राक्षस–धर्मैको हौ कलङ्क महान् तिमी ॥
तिमी दुर्बुद्धि हौ पक्कै गर्‍यौ स्वजन त्याग जो ।
यसरी अरूको दास बन्यौ यै नै अयोग्य भो ॥
यस अर्थ तिमी विद्वान्–साधु–सज्जनको पनि ।
निन्दनीय भयौ सार्है शोच्य छौ यसले तिमी ॥
नीच राक्षस हौ तस्मात् छोटो बुद्धि हुँदा हरे ! ।
सकेनौ संझिनै कत्ति त्यत्रो भेद समेत ए ! ॥
बसी स्वजनका साथ भै स्वतन्त्र सुखी हुनु ।
कहाँ ? कहाँ त्यो दासत्व गरी स्वीकार बाँचनु ? ॥
परचक्री गुणी होओस् होओस् स्वजन निर्गुणी ।
अर्को ता वैगुनी हुन्छ जस्तै होस् आफ्नु हो गुनी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

जो आफ्नो पक्ष छोडेर शत्रुको पक्ष सेव्दछ ।
नाशिंदा आफ्नु त्यो पक्ष माशिन्छ तिन बाट त ॥
सुन ! मेरा पिताज्यूका कान्छा भाइ निशाचर ! ।
क्रूर कर्म पनी यस्तो गर्न थाल्यौ निरन्तर ॥
ल्यायौ लक्ष्मणलाई यो यहाँसम्म पनी हरे ! ।
मलाई मार्नको निम्ति गर्‍यौ निर्घृण-कर्म ए ! ॥
तिमी जस्ता महान् व्यक्ति स्नेही स्वजन वास्तव ।
को होला ? जसले गर्ला यस्तो उत्तम पौरख ॥
यस्तो आफ्नु भतीजाको मुटुछेड्ने कुरा सुनी ।
ती विभीषणले थाले भन्न योग्य कुरा अनि ॥
घमण्ड गर्दछस् यस्तो किन व्यर्थ तँ राक्षस ! ।
मेरो स्वभावको कत्ति तँमा पत्तो रहेनछ ॥
असाधु बुद्धिको तैं होस् कुरो सुन्न त हुने हित ।
छोड् लौ कठोरता यस्तो मान्न मान्यक नै स्वतः ॥
म जन्में क्रूरकर्मा यी राक्षसैको कुवंशमा ।
तथापि शील मेरो छ तिनका भिन्नको यहाँ ॥
साधु-सज्जनको जो हो गुण सत्व प्रधान त्यो ।
त्यसैलाइ लिएँ मैले बुझिनस् कत्ति यो कुरो ॥
यी क्रूर-कर्ममा मेरो लाग्दै लाग्दैन यो मन ।
अधर्ममा यता श्रद्धा बढ्दै बढ्दैन है पुनः ॥
शील स्वभावमा ज्यादै भए पनि त भिन्नता ।
निकाल्ने कसरी भन् त ? दाजुले भाइलाइ ता ॥
बुझेकै छस् कुरोकानी दाजुले नै निकाल्दिए ।
यस्ता सज्जनको आस्रा अनि मैले पनी लिएँ ॥
धर्मभ्रष्ट भएकोछ जसको शील वास्तव ।
जस्को छ पाप-कर्मादि गर्नैमा दृढ निश्चय ॥
त्यस्ता पुरुष त्याग्दामा त्याग्ने हुन्छ महान् सुखी ।
हातको सर्प फेक्तामा भएझैं ढुक्क व्यक्ति ती ॥
धन सर्वस्व अर्काको जुन लुट्तछ वास्तव ।
जुन राम्री छ रे भन्दै परस्त्रीकन हर्दछ ॥

४१

४२

त्यस्ता व्यक्ति बुझिस् बावै! दुरात्मा हुन् यथार्थमा ।
सर्वथा त्याज्य छन् आगो लागेको घरझैं यहाँ ॥
परस्त्री साथ संसर्ग, हर्नु गै परद्रव्य ता ।
हितैषी मित्रमा शङ्का गर्नु, तीन यिनै कुरा ॥
महान् दोष भनेकाछन् ठूल्ठूला शास्त्रकारले ।
गर्दछन् नाश गर्नेको अवश्य पनि दुष्ट ए ! ॥
देवतासँग वैरत्व वध विप्र-महर्षिको ।
संसर्ग पर-नारीको प्रातिकूल्य स्वधर्मको ॥
अभिमान तथा क्रोध वैरता आदि दोष यी ।
ती तेरा बावुमा बावै ! वस्छन् पूर्णस्वरूप ली ॥
तिनका प्राणका साथै धन ऐश्वर्य नाश्न जो ।
छन समर्थ तिनै तस्मात् यो अनर्थ भयो अहो ! ॥
छोप्छन बादलले जस्तो सारा पर्वतलाइ नै ।
त्यस्तै ती दोषले ढाके दाजुका गुणलाइ नै ॥
थुप्रिदा दोष यी सारा ती मेरा मान्य दाजुमा ।
तेरा बावुकनै मैले त्याग्दिएँ जा ! यथार्थमा ॥
तर यत्ति बुझेस् बावै ! तेरी लङ्का रहन्न त्यो ।
न तैं बाँच्छस् न ती तेरा बावु बाँच्छन् ? छ सत्य यो ॥
धृष्ट होस्, होस् घमण्डी तँ मूर्ख बालक छस् यता ।
टन्किइस् काल-पाशोले जे भन्छस् भन् मलाइ ता ॥
नीच राक्षस ! जो तैंले भनिस् अघि पनी ममा ।
न राम्रा वाक्य ती ओहो ! फल भोग् त्यसकै यहाँ ॥
के बुझिस् ? पहिले जस्तो फेदमा वट-वृक्षको ।
गई आफ्नु क्रिया गर्न अब तागत छैन गो ॥
ककुत्स्थकुलका रत्न वीर लक्ष्मणको पनि ।
गरिस् हेला तिरस्कार बाँच्तैनस् यसले पनि ॥
यसर्थ अब लौ बावै ! नर-रत्न यहाँसित ।
यो संग्रामस्थलमा डट्तै लड्न थाल् लौ मजासित ॥
मारिनेछस् यहाँ पक्कै जानेछस् यमलोकमा ।
तँ स्वयं देवतालाई पार्नेछस् खुश गै वहाँ ॥

५६

५७

ए इन्द्रजित् ! लौ अब आफ्नु त्यो सब देखा बढेको बल शक्ति वास्तव ।
छन् जत्ति आफ्ना हथियार ती पनि सक् व्यर्थमा बाण सँगै सँगै अनि ॥

CC-0. In Public Domain. Digitization by eGangotri

५८
लौ संम्झिराख् ! यत्ति भने अझै तँ ता लाग्दा छिटै लक्ष्मण-बाण सर्वथा ।
आफ्ना भएका बल-सैन्य साथमा मर्छस् तुरुन्तै अब अन्त्य भो यहाँ ॥

इति सतासी सर्ग

अठासी सर्ग

लक्ष्मण र इन्द्रजित्‌मा भनाबैरी

१

श्रीविभीषणका त्यस्ता कुरा सब सुनेपछि ।
भयो मूर्च्छा परे जस्तै इन्द्रजित् क्रोधले पछि ॥
भन्यो दुच्छर अत्यन्त न राम्रा भावका कुरा ।
झ्याक्झ्याक अघि आयो बा ! उफ्रिएर स्वयं तदा ॥
हल्लाँदो बलवान् त्यस्तो इन्द्रजित् थ्यो निशाचर ।
हातमा धनु थ्यो त्यस्तै विशाल र भयङ्कर ॥
शत्रुको नाश गर्नामा समर्थ र सिपालु ती ।
निकै बाण लिएको थ्यो लड्न ठिक्क भयो पछि ॥
वस्त्राभूषणले नाना शोभिई रथमा चढी ।
धनुर्बाण लिने त्यल्ले यसो हेऱ्यो यताउति ॥
परी गो त्यसको दृष्टि वीर लक्ष्मणमाथि, जो ।
काँधमाथि हनूमान्‌को चढी लड्न तयार थे ॥
फैलिएको हुँदा तेज उनका देहको वहाँ ।
उदयाचलमा चढ्ने सूर्य जस्तै थिए जहाँ ॥
देख्नासाथ बली हाल्यो इन्द्रजित् क्रोधले अनि ।
भन्यो लक्ष्मण-काका र अरू वानरमा पनि ॥
ए जाबा शत्रु हो ! हेर ! आज मेरो पराक्रम ।
तथा शक्ति छ के कस्तो ? भोग्नेछौ जो पुनः पुनः ॥
सहन्छन् जसरी प्राणी वर्षाका जल वर्षिंदा ।
त्यै ठीक खप बाबै हो ! यी मेरा बाण वर्षिंदा ॥
डढाउँदछ आगोले थुप्रो जस्तो कपासको ।
भुसुक्क पार्छ त्यै ठीक मेरो बाणाग्नि संझ यो ॥
चौटा चौटा झिकी छोड्छ सारा तिम्रो शरीरको ।
शूल शक्ति गदा ऋष्टि, तोमरादिक शस्त्र यो ॥
कै बुझ्यौ ? बाण यी तीखा गढ्छन् तिम्रा शरीरमा ।
पुऱ्याइ छोड्दछन् चाँडै सजीलै यमलोकमा ॥

१३

१४

छोडेर बाणको वृष्टि युद्धमा भै बडो छिटो ।
कुर्लंदा मेघझैं भै म को टिक्ने अघि दुष्ट हो ! ॥
बिर्सिस् लक्ष्मण ! के तैंले अघि त्यो रात्रियुद्धमा ।
तेजी बज्र सरी बाण छोड्दा मैले जहाँ तहाँ ॥
दाजु-भाई तिमीलाई ढाल्दिएँथे अगाडिका ।
सैन्यका साथमै मूर्च्छा परेकाथ्यौ दुवै तदा ॥
म त संझन्छु है त्यस्तो भखरैको कुरा पनि ।
दाजु-भाई दुवैले नै संझेनौ बिर्सियौ ? भनी ॥
विषधारी महान् सर्प जस्तै क्रुद्ध हुँदो छु म ।
त्यै म साथ तँ लड्छस् के? भेट्न खोज्छस् कि ता यम॥
त्यसका गर्जना ! यस्ता सुनेर सब लक्ष्मण ।
त्यसलाइ यसो भन्छन् दीनता क्यै नलीकन ॥
ए राक्षस ! तिमी आफ्नो वाक्यैले मात्र शत्रुको ।
वध इत्यादिको काम सक्न खोज्छौ, वक्यौ अहो !॥
परन्तु कामले पूरा गर्नु ता छ कता कता ।
लौ देखाउ सकेदेखि गरी काम तिमी यता ॥
कामले आफ्नु कर्तव्य पूर्ण गर्ने मनुष्य नै ।
बुद्धिमान् श्रेष्ठ मानन्छि तिमीलाइ छ ज्ञात नै ॥
तिम्रो बुद्धि सडेको छ आफ्नो काम-कुरा कुनै ।
जुन प्यारो छ अत्यन्त सक्तैनौ गर्न कत्ति नै ॥
कसैबाट हुँदै हुन्न सिद्ध जो काम, त्यो पनि ।
कुराले नै तिमी सक्छौ ठान्छौ सिद्ध छु मै भनी ॥
आफूलाइ लुकाएर सुन ! त्यो दिन युद्धमा ।
तिमीले जो गऱ्यौ, जस्को लियौ आश्रय गै वहाँ ॥
हो त्यो ता चोरको बाटो महापुरुष वीर ता ।
हिंड्दैनन् त्यसमा कैल्यै तिम्रो त्यै हो त वीरता ? ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

राक्षसेश्वर ! यो वेला तिम्रो अघि छु हेर ! म ।
लौ आफ्नो वीर्य देखाऊ ! तिमी न बक भो ! पुनः॥
भन्दा लक्ष्मणले यत्ति बलवान् मेघनादले ।
तीखा बाण चढाएर वर्षायो उनमा हरे !॥
सर्पझैं विषका मुस्ला ओकल्ने तीक्ष्ण ती शर ।
आई लक्ष्मणमा लागे रोपिए ऱ्वाम्म सर्सर॥
जोशिलो फूर्तिलो त्यस्तो इन्द्रजित्‌ले त्यसो गरी ।
घाइते पार्दिई हाल्यो उनलाइ त्यसै घडी॥
घावैघाउ भयो ओहो ! उनको देह बाणले ।
बग्यो रगतको खोलो नुहाए त्यसमै हरे !॥
तर यस्तो अवस्थामा पनि ती वीर लक्ष्मण ।
धूँवा रहित आगोझैं शोभिए वा ! पुनः पुनः॥
इन्द्रजित् अवि बढ्दै गो देख्तामा आफ्नु वीर्य यो ।
जोडले गर्जिंदै थाल्यो भन्न लक्ष्मणमा यसो॥
छुटेका धनुका मेरा तीजिला धारका शर ।
तेरो प्राण लिई छोड्छन् देखिस् छन् कत्ति दुधर॥
मद्वारा मारिई तेरो प्राण निस्के पछी यहाँ ।
श्याल गिद्धहरू आई चौटा लुच्छन् मिली जहाँ॥
दुष्ट-दुर्बुद्धि त्यो रामे तँ जस्तो क्षत्रियाधम ।
भाइलाइ त आजै नै मरेको देख्छ निर्घृण !॥
फुटी कवच त्यो तेरो खस्नेछ भुइँमा तव ।
देहबाट पृथक् होला तेरो मस्तक वास्तव॥
धनु चाँहि परै पुग्ला स्थिति यस्तो भए पछि ।
देख्ला आएर त्यो रामे तँलाई मार्दिए पछि॥
आफ्नो काम-कुरै गर्ने वीर लक्ष्मण त्यो सुनी ।
झोक्किएर यसो भन्छन् युक्तियुक्त कुरा अनि॥
कुरैको बल हो तिम्रो ए दुर्बुद्धि निशाचर ! ।
गफ गर्दा रहेछौ है देखाऊ ! कामले गर॥
वक्तछौ यसरी व्यर्थ सक्तैनौ काम गर्न क्यै ।
गर काम र देखाऊ पत्याउँनु परोस् सबै॥
न भनेर कडा वाक्य क्यै हेला नगरीकन ।
बरू मार्छु तिमीलाई न बकी कामबाट म॥
भनी यत्ति झिके बाण पाँच नाराच नामका ।
ताकेर त्यसको छाति छोड्दिए उनले तदा॥

४३

४४

बलेका सर्प हुन् जस्ता वेगिला वेस पंखका ।
लागे ती बाण छातीमा सूर्यका रश्मि भै तदा॥
यसरी बाण लाग्दामा इन्द्रजित् व्यथितै भयो ।
तीन बाण त्यजो त्यल्ले साटो फेऱ्यो र झोक्कियो॥
नर-सिंह थिए यौटा अर्को राक्षससिंह थ्यो ।
दुवै विजय खोज्थे यी घनघोर लडाँइ भो॥
दुवै दुर्जय थे वीर बल–विक्रम–शक्तिमा ।
तेजमा पनि थे त्यस्तै उस्ता उस्तै दुवै यहाँ॥
जस्तो आकाशमा जुध्छन् ठूलठूला दुइटा ग्रह ।
त्यही ठीक लडे दौटै जित्नमै लिई आग्रह॥
यी दुवै वीर देखिन्थे त्यो युद्धस्थलमा तव ।
वृत्र–इन्द्र समानैका अति दुर्धर्ष वास्तव॥
इन्द्रजित् राक्षसश्रेष्ठ पुरुषश्रेष्ठ लक्ष्मण ।
दुवै लडिरहेकाथे दोटा सिंह सरी पुनः॥
हर्ष उत्साह ली ठूलो यी दुवै जुद्धथे यहाँ ।
हान्थे बाण अ–आफैंमा झोक्किंदै रणभूमिमा॥
झोक्किने सर्प जस्तै भै अब लक्ष्मणवीरले ।
रवाँ ! गर्दै धनुमा बाण चढाए घेर, छोड्दिए॥
टङ्कार–ध्वनि सुन्दामै इन्द्रजित् त उदास भो ।
झोकाई हेर्न पो लाग्यो मुख लक्ष्मण–वीरको॥
यी विभीषणले देखे त्यस्तो त्यल्लाई ता जब ।
भन्दछन् लड्नमै व्यस्त धीर लक्ष्मणमा तव॥
महान बाहु हुने बाबु ! राक्षसेश्वर–पुत्रमा ।
न राम्रो लक्षणै देखें होश गर्नु पऱ्यो यहाँ॥
यसको धैर्य उत्साह भङ्ग भो क्षीण भो सब ।
कसिई लड्नुहोस् बाबु ! चाँडै मार्नु पऱ्यो अब॥
ओकल्ने विषका मुस्ला सर्प जस्ता झिकी शर ।
उनले धनुमा राखे त्यो सुनी गरि तर्खर॥
ताकेर इन्द्रजित्‌लाई अब ती सब छोड्दिए ।
इन्द्रका बज्र हुन् जस्ता छुवाई जसका थिए॥
गए ती बाण ऱ्वाम्ऱ्वाम्ती त्यसका देहमा गढे ।
भए इन्द्रिय विक्षुब्ध त्यो त मूर्च्छै पऱ्यो हरे !॥
निकैमा होश आएमा भएमा स्थिर इन्द्रिय ।
उभिएका उनीलाई देख्यो त्यल्ले त्यहीं तव॥

६०

देख्ना साथ बढ्यो क्रोध आँखा राता भए त्यसै ।
अघि लक्ष्मणको दौड्दै पुग्यो त्यो फेरि झम्टदै ॥
पुग्ना साथ त्यहाँ त्यल्ले भन्यो पुरुष—वाक्यमा ।
अघिको वीर्य त्यो मेरो बिर्सिस् के त सबै यहाँ ? ॥
दाजुभाई दुवैलाई मैले त्यो दिन युद्धमा ।
कसरी बाँधिएकोथें छर्पटिन्थ्यौ दुवै जहाँ ॥
त्यो महायुद्धमा मैले दुवै भाइ तिमीकन ।
भूमिमै ढालिदिएकोथें लड्यौ मूर्च्छित भैकन ॥
अथवा म त संझन्छु बिर्सिस् तैंले सबै कुरा ।
मर्न खोज्छस् तँ पक्कै वा जित्न खोज्छस् मलाइ हा! ॥
लौ भैगा ! पहिले तैंले मेरो देखिनछस् बल ।
देखाइदिन्छु त्यो फेरि लौ त टिक् युद्धमा अब ॥
भनी यत्ति निकै तीखा धरका सात बाणले ।
हान्यो लक्ष्मणमा त्यल्ले पार्दियो पछि घाइते ॥
दश बाण झिक्यो फेरि तेजिला अति उत्तम ।
तिनैले हनुमानलाई ठोक्दयो बा ! पुनः पुनः ॥
गरी यत्ति झिक्यो फूर्ति दुगुना झोक्कियो पछि ।
शयौं बाण झिक्यो फेरि चढायो धनुबीच ता ॥
काक तिर यसो हेरी छोड्दियो क्रोधपूर्वक ।
विभीषण पनी ओहो ! रोपिए तिनले अब ॥
त्यसको वीर्य यो देखे तर लक्ष्मणले अहा ! ।
गरेनन् कत्ति नै वास्ता भने हाँसेर तुच्छ हो ॥
दैन्य वा भयको चिह्न उनको मुखमा रति ।
थिएन त्यसवेलामा आफ्ना बाण झिके पछि ॥
चढाई धनुमा छोडे ताकी राक्षसलाइ त्यो ।
गरी यत्ति उनी भन्छन् मेघनादकनै यसो ॥
युद्धमा लड्न आएका शूर वीर निशाचर ! ।
यसरी बाण हान्दैनन् हानेको कसरी शर ! ॥
फितला र निकै हल्का छन् तिम्रा बाण यी सब ।
यिनले पीर पार्दैनन् बरू दिन्छन् निकै सुख ॥
युयुत्सु वीर लड्दैनन् यसरी कहिल्यै पनि ।
छोड्दिए उनले बाण त्यसमा यी कुरा भनी ॥
इन्द्रजित्‌को थियो दिव्य महान् कवच स्वर्णको ।
त्यसैमा बाण गै लाग्दा फुट्यो फट्ट भई अहो ! ॥

आकाशबाट क्वै तारा खसेझैं तल सर्सर्ग ।
फुटेको त्यो खस्यो त्यस्तै रथमा भइ झल्झल ॥
फुट्ता कवच नाराच छातीमै गइ रोपदा ।
इन्द्रजित्‌को सबै अङ्ग घाउ भै भो छिया छिया ॥
बह्यो रगतको खोलै त्यसको देहबाट त ।
प्रातःकालीन श्रीसूर्य जस्तै पो शोभियो तर ॥
डर्लाग्दो कर्मको वीर झोक्कियो यसले गरी ।
बाणले घाइते पार्‍यो हजारौं छोड्दिई वरी ॥
महान् कवच थ्यो दिव्य फुट्यो लक्ष्मणको पनि ।
हानाहान गरी लागे यसरी लड्न यी अनि ॥
दुवैका बाण लाग्दा गै यी दुवै घाइते भए ।
रगताम्य भई दोटै डर्लाग्दो युद्ध गर्दथे ॥
यी दुवै वीर आफैंमा निकैवैरतकै लडे ।
दुवै महान् मनस्वी थे रणमा लड्न जान्दथे ॥
दुवै आपसमा झिक्थे डर्लाग्दो बल-विक्रम ।
मरै जीत हओस् भन्थे वीर्य देखाँउथे पुनः ॥
ध्वजा कवच इत्यादि दुइकै नष्ट भ्रष्ट थे ।
दुवैका देहमा बाण टम्म थे रगताम्य थे ॥
ठूलठूला झरना दोटा जल झार्छन् जसोगरी ।
तात्तातो देहको रक्त दुवै झार्थे त्यसै गरी ॥
यी दुवै उग्र गर्जेर बाणको वृष्टि गर्दथे ।
छोड्छन्झैं लयमा मेघ पृथ्वीमा जलवृष्टि ए ! ॥
यसै गरी दुवै लड्दा लामो काल वित्यो वहाँ ।
थाकेनन् तर यी दोटा लड्दा त्यो रणभूमिमा ॥
श्रेष्ठ थे अस्त्र जान्नेमा कला देखाँउथे दुवै ।
बाँधे आकाशमा सेतु यिनले आफ्नु बाणकै ॥
नर-राक्षस यी वीर बाण छोड्थे मजासित ।
कला देखाँउदै नाना फूर्तिले अद्भुतैसित ॥
दोष देखिन्नथ्यो कन्ति दुवैमा बाण छोड्नमा ।
यसरी यी दुवै वीर लड्न सम्म लडे वहाँ ॥
ताँदो तान्दा तथा बाण छोड्दामा दुइ वीरले ।
निस्किइन्थ्यो महान् शब्द ली भयङ्कर रूप ए ! ॥
वेग्ला वेग्लै लिने रूप यसले वज्रपातको ।
भ्रम पो पार्न लाग्यो बा ! पृथिवीभरमा अहो ! ॥

९५

रणोन्मत्त दुवैको त्यो शब्द आकाशमा पुगी ।
जुद्धा झन् मेघ गर्जे झैं शोभिन्थ्यो अति चड्किई ॥
यी दुवै बलवान् योद्धा लाग्दा नाराच बाण ती ।
झार्थे रगतको खोलो जित्न खोज्थे लडी लडी ॥
जडेका सुनका प्वाँख दुवैका बाण सर्सर ।
दुवैका देहमा गड्दै रोपिन्थे भूमिमा तर ॥
दुइकै बाण हजारौं गई आकाशमा जुधी ।
खस्तथे भूमिमा बर्र काटी टुक्राभई पछि ।
नर-राक्षसमा श्रेष्ठ यी दुवै धीर-वीरको ।
यो युद्ध अति डर्लाग्दो हुन गो उग्ररूपको ॥
गार्हपत्य तथा आहवनीय दुइ नाम यो ।
भएका अग्निको बीच भएको राशि दर्भको ॥
जस्तो शोभिन्छ त्यै ठीक दुवैको बाण-राशि त्यो !
शोभियो बा! बडो राम्रो भइ आकाशमा अहो ! ॥

१०१

१०२

रगताम्य हुने त्यस्तो लिएका देह वीर यी ।
शिशौ पलाशका वृक्ष जस्तै पो देखिए पछि ॥
जित्न खोजी अ आफैमा मेघनाद र लक्ष्मण ।
लड्न सम्म लडे धेरै बेर झोक झिकीकन ॥
इन्द्रजित्लाइ ठोक्थे बा ! झोक्किंदै वीर लक्ष्मण ।
ठोक्तथ्यो लक्ष्मणैलाई इन्द्रजित् झोक्किंदै पुनः ॥
ठोक्थे आपसमा चर्की यसरी यी दुवै जन ।
पत्तो पाउन्नथे किन्तु थकाई र परिश्रम ॥
शरीर भरमा बाण रोपिएका हुँदा दुवै ।
शोभिए रुख उम्रेका दुवै पर्वत हुन् ठिकै ॥
भिजेका रक्त बग्नाले ढाकेका अङ्ग बाणले ।
यी दुवै शोभिए बल्दा अग्नि हुन् ठीक रूपले ॥
यसरी यी दुवै वीर लड्दा लड्दा भयो अति ।
अब काल वित्यो लामो थाकेनन् तर कत्ति ती ॥

१०८

१०९

नर-राक्षसमा श्रेष्ठ यी दुवै वीरले न ता ।
लडाँई गर्न छोडे वा कुनै पछि हटे न ता ॥
अब रणमुखमा त्यसै न हट्ने रघुवरको श्रम मेट्न गर्न प्यारो ।
सररर अवि आइ रोक्न युद्ध अडित विभीषण नै बने तगारो ॥

११०

इति अठासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्नब्बे सर्ग

राक्षसवीर विभीषणले राक्षसहरू माथि शरवृष्टि गर्नु र लक्ष्मणले इन्द्रजित्‌को रथ भताभुङ्ग पारीदिनु

१

युद्धै थे आफ-आफैंमा मेघनाद र लक्ष्मण ।
मदमत्त दुवै हात्ती लडे जस्ता गरीकन ॥
यै वेला यिनको युद्ध हेर्न इच्छा लिईकन ।
धनुर्बाण धरी आए त्यहाँ वीर विभीषण ।
केही वेर पछी आफ्नो विशाल धनुबाट त्यो ।
छोड्न राक्षसमा बाण थाले बा ! क्रोधले बडो ॥
स्पर्शफैं अग्नि ज्वालाका स्पर्शका बाण बाट ती ।
दुष्ट-राक्षस छेडे बा ! वज्रलेफैं महागिरि ।
उनका भृत्य-मन्त्रीले पनि राक्षसका गण ।
स्वात्तै सखाप पारे हा ! शूल-खड्गादिले पुनः ॥
छावाका बीचको हात्ती शोभिए ठीक वास्तव ।
शोभिए भृत्य-मन्त्रीले घेरिंदा वीर ती अब ॥
वध राक्षसको गर्न तम्सेका कपिलाइ ती ।
तब यी भन्न लागे बा ! हेरी वेला परिस्थिति ॥
किन टोलाउँदै हेर्छौ सुन वानर-वीर हो ! ।
राक्षसेश्वरको यौटै गति यै इन्द्रजित् त हो ॥
यसैलाइ सकेदेखि सारा राक्षस सैन्य यो ।
जो यत्तिमात्र हो, स्वात्तै नाशिइन्छ र जीत भो ॥
प्रहस्त मारिईहाल्यो कुम्भकर्ण निकुम्भ र ।
मर्‍यो कुम्भसँगै वीर त्यो धूम्राक्ष निशाचर ॥
जम्बुमाली महामाली सुप्तघ्न अशनिप्रभ ।
यज्ञकोप वज्रदंष्ट्र तीक्ष्णवेग मरे सब ॥
संह्रादी मन्द तपन प्रजङ्घ विकटस्तथा ।
प्रघास प्रघस अनि मरे जङ्घ अरिघ्न बा ! ॥
रश्मिकेतु महान् वीर अग्निकेतु र दुर्जय ।
विद्युज्जिह्व द्विजिह्वादि सूर्यको शत्रु राक्षस ॥

१३

१४

अकम्पन सुपार्श्वादि चक्रमाली मरे सब ।
कम्पन शक्तिशाली ती देवान्तक नरान्तक ॥
अत्यन्त य बलवान् वीर यी राक्षस-शिरोमणि ।
दुष्टलाई तिमीले नै मार्‍यौ बा ! धैर्यवान् बनी ॥
धन्य हौ ! वीर हौ तस्मात् तर्‍यौ पौडेर सागर ।
अब सैन्य छ है यत्ति खाल्डोफैं खुरको तर ॥
सखाप पार लौ चाँडै यसलाइ पनी अब ।
जित्नु पर्ने यही नै हो जित राम्रो गरी, सक ॥
शक्तिमा बलमा आफ्नो गर्व गर्ने थिए जति ।
मरे राक्षस ती सारा तिमीसँग लडी भिडी ॥
यसका बावुको भाई म हुँ है सुन वीर हो ।
यसर्थ यसको काका म हुँ, हो मम पुत्र यो ॥
यस्तो कारण पर्दामा मैले नै यसलाइ ता ।
मारि हाल्नु अयोग्यै हो स्नेहको घात हुन्छ हा ! ॥
तिलाञ्जलि दिएँ मैले यो दयालाइ तैपनि ।
मार्ने श्रीरामको निम्ति छु तत्पर म नै पनि ॥
उठाउँछु म शस्त्रास्त्र आफैं मार्छु भनी जब ।
आँसु झर्दछ त्यै वेला आँखै देख्तिन वास्तव ॥
महान् बाहु हुने हाम्रा वीर लक्ष्मण नै अब ।
यल्लाइ मारिबक्सिन्छ युद्ध यो जीत भो तब ॥
भालू-वानर हो ! तस्मात् तिमीहरू मिली सब ।
यसका सैन्यमा झम्ट मार ठोक सबै सक ॥
यसरी प्रेरणा पाए यशस्वी वीर राक्षस ।
ती विभीषणद्वारा यी भालू-वानरले सब ॥
अनि ता हर्ष उत्साह बढ्न गो उनमा अति ।
आफ्नो पुच्छर फट्कारे लड्नैमा तम्सिए पछि ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भालू-वानर यी सारा थिए सिंहै समानका ।
गर्जे बादल देख्नामा गर्जिएर्भैं मुजूर बा ! ॥
आफ्ना सजाति वीरैका साथमा गर्जिई महान् ।
जोडले लड्न लागे बा ! भालूका पति जाम्बवान् ॥
उनका साथ-साथैमा अरू वानरका गण ।
तम्सिई मार्न लागे हा ! सारा राक्षसका गण ॥
टोकेरै मारिदिए कैयौं चिथोरेरै सके निकै ।
ढुङ्गा—मूढा गरी मारे कैयौं राक्षसलाइ गै ॥
यै वेला जाम्बवान् माथि शस्त्र अस्त्र अनेकन ।
छोडे राक्षसले ओहो ! मर्ने डर त्यजीकन ॥
मार्दैथे राक्षसी- सेना जाम्बवान उनमाथि नै ।
फन उल्टो राक्षसैले पो गर्नुसम्म गरे निकै ॥
छोडे बा ! बज्रा बाण तीखा पट्टिश तोमर ।
घुयेंत्रा यष्टि इत्यादि युद्धमा यो भई स्थिर ॥
कपि—राक्षस-भालूको युद्धको यो प्रहार भो ।
डर्लाग्दो,-स्वरको ओहो ! हो जस्तै देव-दैत्यको ॥
चढेका पीठमा आफ्नो वीर लक्ष्मणलाइ ती ।
हनुमानले यसै वेला ओराले तल सुस्तरी ॥
अनि ती कसिए आफैं सालको रूख एउटा ।
डाँडाबाट उखेले बा ! छोडे राक्षसमाथि हा ! ॥
दुष्ट राक्षस हज्जारौं त्यसैले उनले सके ।
शत्रुको निम्ति जित्नामा ज्यादै कठिन जो थिए ॥
यता थ्यो इन्द्रजित् वीर संहार्थ्यो शत्रु-सैन्य जो ।
काकालाइ पनी आफ्नो लड्न मौका निकै दियो ॥
छोडी पछि उनीलाई आयो लक्ष्मणपट्टि र ।
लड्न लाग्यो उनैलाई छोडी शस्त्रास्त्र सर्सर ॥
अब यो युद्धमा दोटै वीर लक्ष्मण इन्द्रजित् ।
लड्न लागे भई क्रुद्ध शत्रु पार्छु भनेर चित् ॥
छोड्दामा बाणको परी दुवैले दुइमाथि यी ।
त्यसैले छोपिए दोटै भै ढपक्क न देखिई ॥
सकिदा ऋतु गर्मीको वर्षामा सूर्य—चन्द्र ती ।
ढाकिन्छन् जल-धाराले जसरी ठीक त्यै सरि ।
यी दुवै लड्न लाग्दामा दुवैको हस्तलाघव ।
बडो विचित्रको भैगो वर्णनातीत वास्तव ॥

४२

४४

भिक्तछन कुन वेलामा ठोक्राबाट यिनी शर ।
राख्तछन धनुमा कैले हात फेर्छन भई स्थिर ॥
समात्छन कहिले बाण मुठ्ठी बाँध्छन कसो गरी ।
कानसम्म लगी खिच्छन छीटो फुर्ती भिक्तीकरी ॥
त्यहाँ छुट्याउछन कैले हेर्दछन लक्ष्य छेड्दछन ।
यो कुरो ताड्न गाह्रै भो देख्नेमा छक्क पार्दछन ॥
छुटेका धनुका बाण गई आकाश ढाक्दिदा ।
त्यहाँका देखिने वस्तु अहँ ! देखिन्नथे तदा ॥
यता लक्ष्मण झम्टेर पुग्दथे इन्द्रजित् तिर ।
इन्द्रजित् झम्टिदै पुग्थ्यो छिनैमा लक्ष्मणैतिर ।
अब यस्तो अवस्थामा टुङ्गो लाग्दैनथ्यो कति ।
हुने हो कसको जीत भन्न सक्थ्यो र को यति ? ॥
यिनले वेगले छोड्दा अकाशभर भै शर ।
रहेन तिलको गेडो अड्ने ठाम पनी तब ॥
हुँदामा बाणले व्याप्त दिशा र विदिशा पनि ।
डम्म टम्म भई हाले बाणै बाण भई अनि ॥
उज्यालो भनिने वस्तु देखिएन वहाँ रति ।
भगवान् सूर्य अस्ताए के होला विश्वको स्थति ? ।
सबैतिर अँध्यारै भो डर्लाग्दो भो परिस्थिति ।
वहे अब वहाँ ओहो ! हजारौं रक्तका नदी ॥
मासु खाने थिए जत्ति डर्लाग्दा जीव-जन्तु ती ।
भिकेर शब्द डर्लाग्दो कुलिए जोडले अति ॥
वायुको गति भो ठ्याप्पै भो सासै फेर्न मुस्किल ।
बले पनि भए मन्द अग्निदेव त्यसै तव ॥
महर्षिहरू कुर्ले बा ! विश्व कल्याण होस् भनी ।
गन्धर्व आदि सारा भागे चारण ली अनि ॥
यता अब यसै वेला वीर लक्ष्मणले बढी ।
गरे बा ! इन्द्रजित् माथि हमला भै छिटा अति ।
सुनका गहना राम्रा झल्केका कृष्ण-वर्णका ।
त्यसका रथका घोडा चारोटा थे अतुल्य बा ! ।
चारोटा बाणले तीखा टोकिदए तिनलाइ नै ।
रोपिए बाण ज्वामुज्वाम्ति सर्र सर्र गईकनै ॥
श्रीमान् लक्ष्मणले यत्ति गरे पछि तुरुन्त नै ।
यौटा भाला भिकै आफ्नो चम्किलो मोक्किईकनै ॥

६०

६९

सुनको प्वाँख जोडेको पहेंलो अति तीक्ष्ण यो ।
इन्द्रको वज्र जस्तै थ्यो सोभयाए ताक ठीक भो ।
छोड्दिए पछि यल्लाई दुष्ट त्यो मेघनादको ।
सारथि माथि जो घुम्थ्यो युद्धमा पुतिले बडो ॥
हत्केलाको लिई शब्द त्यो गयो हुरिई वहाँ
ख्याट्टै पारि दिई हाल्यो त्यसको शिर अन्तमा ॥
इन्द्रजित् आत्तियो केही त्यो सारथि मरे पछि ।
घोडालाइ सम्हाल्यो बा ! आफुले नै लगामली ॥
भयो सारथि आफै र उठाई धनु अन्तमा
राखेर त्यसमा बाण छोड्न लाग्यो स्वयं वहाँ ।
यस्तो अद्भुतको काम इन्द्रजित्‌बाट भै दिदा
त्यसै छक्क परिहाले देख्नेहरू सबै वहाँ ॥
जब घोडाहरू रोक्न इन्द्रजित् लाग्दथ्यो यता ।
मौका लक्ष्मणमा मिल्थ्यो ठोक्दिन्थे त्यसलाइ ता ।
जब त्यो लड्नको निम्ति धनुर्बाण उठाउँथ्यो ।
ठोक्थे घोडाहरूलाई वीर लक्ष्मण भै छिटो ॥
यस्ता छिद्रहरू भेट्ने छिटा निर्भय लक्ष्मण ।
त्यल्लाइ बाणले ठोक्थे आत्तियो जसले पुनः ॥

६६

७०

कम भो अत्र उत्साह त्यसको बल्ल युद्धमा ।
मर्दा सारथि त्यो आफ्नो पर्‍यो ठूलै विषादमा ॥
देख्ता निन्याउरो त्यस्तो इन्द्रजित्‌लाई ती कपि ।
दङ्गादङ्ग परी हाले गरे लक्ष्मणको स्तुति ॥
यत्तिकैमा वढे वीर प्रमाथी गन्धमादन ।
तथा शरभ रभस चार वानर यी पुनः ॥
चारै वीर थिए ठूला मोक्किएकै थिए अति ।
बल न्वारानको आफ्नो झिक्नसम्म झिके पछि ॥
डर्लाग्दा वीर्यका तेजी यी चारै मेघनादको ।
चारै घोडाहरू माथि उफ्रिएरै चढे अहो ।
पर्वतै तुल्यका त्यस्ता चढ्दा वानर पीठमा ।
घोडाले रगतै छादे भारको कष्टले वहाँ ॥
सकेनन् विचरा अड्न अङ्गभङ्ग भई सब ।
प्राण छोडेर पृथ्वीमा लडे डङ्ग्रङ्ग भै तत्र ॥
मासेर यसरी घोडा रथ भाँचेर त्यो सब
यी लक्ष्मण भए ठाम आए वानर ती अब ॥
यता सारथि घोडा ती मरेको रथबाट यो ।
ओर्लिई इन्द्रजित् आयो अघि लक्ष्मणको अहो ।

७८

७९

छोड्यो बा ! बाणको वर्षा उनमाथि निरन्तर ।
किन दब्थ्यो त्यसै त्यस्तो वीर थ्यो जब दुर्धर ॥
यता थिए लक्ष्मण इन्द्र तुल्यका झम्टेर छोड्दै शर दुष्ट आउँदा ।
पदाति त्यल्लाइ स्वबाण-वृष्टिले छोपेर छेडे सब मर्म मर्म ए ॥

८०

इति उनान्सब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

नब्बे सर्ग

इन्द्रजित् र लक्ष्मणको युद्धमा लक्ष्मणद्वारा इन्द्रजित्को वध

१

अब घोडा मरेको त्यो महातेजी निशाचर ।
इन्द्रजित् झोक्कियो ज्यादै भुइँमा ठिङ्ग भै स्थिर ।
धनुर्बाण लिएकाथे दुवैले दुइमै तदा ।
निकै क्रोध झिकेकाथे सक्न खोज्थे छिटै यता ॥
वनमा लडन लागेका दँतार सरिथे दुवै ।
बाण—वर्षा उदै लागे लड्न यो युद्धमा दुवै ॥
आफ्नो विजयको इच्छा लिएका वीर यी दुवै ।
कसिएर लडे ओहो ! हानाहान गरी निकै ॥
लड्न लागे यता फेरि सारा राक्षस वानर ।
सक्तो गरेर संहार न छोडी पक्ष भै स्थिर ॥
छरी राक्षस-सेनामा महान् हर्ष यता अब ।
प्रशंसा उनको गर्दै इन्द्रजित् वीर भन्दछ ॥
चारैतिर अँध्यारो छ सुन राक्षसवीर हो ! ।
देखिन्न क्यै कुरो राम्रो परिन्छ रनभुल्ल पो ॥
यस हालतमा आफ्नो अर्काकोसम्म सैन्यको ।
पत्तो लाग्दैन ज्यादै नै अन्धकार बढ्यो अहो ! ॥
तसर्थ सुन है ! जान्छु म अर्को रथ ल्याँउन ।
चढेर त्यसमा फिर्छु छिटै लड्न भनी पुनः ॥
त्यहाँरुम्म तिमी सारा भालू-वानरलाइ यी ।
भुल्याउन लडी राख धृष्ट भै फूर्तिले अति ॥
म भित्र पुरमा जाँदा नआँउन् लड्न यी सब ।
उपाय गर त्यस्तो क्यै सक रोक्न त्यहाँतक ॥
इन्द्रजित्ले भन्यो यत्ति छकायो कपिलाइ र ।
पुरभित्र पसीहाल्यो रथ ल्याउन भै स्थिर ॥
सुनले मोरिएको क्यै राम्रो रथ वहाँ पुगी ।
झिक्यो बा ! त्यसले चाँडै ठिक्क पार्‍यो यथा विधि ॥

१३

१४

त्यस भित्र लगी राख्यो प्रास खड्ग तथा शर ।
आवश्यक थिए जो जो युद्धका वस्तु सुन्दर ॥
राम्रा घोडा जुतायो र हितैषी र सिपालु क्यै ।
जान्ने सारथिलाई नै बसायो हाँक्न त्यो रथै ॥
गरी यत्ति महातेजी राक्षसेश्वरको सुत ।
इन्द्रजित् गै चढ्यो भित्र लिइ उत्साह वस्तुतः ॥
मुख्य मुख्य तथा वीर निशाचर लिई अति ।
निस्कियो पुरबाटै त्यो ठेलियो कालले पनि ॥
वेगशाली थिए घोडा तुरुन्तै इन्द्रजित् अब ।
पुग्यो काका सँगै बस्ने लक्ष्मणैनिर वास्तव ॥
चढेर रथ आएको देख्ता त्यल्लाइ ता यता ।
सबै छक्क परी हाले त्यस्तो गर्दा छिटै तदा ॥
स्वयं जिल्ल परे वीर सुमित्रा-प्रिय लक्ष्मण ।
अरु वानरकै साथ परे छक्क विभीषण ।
इन्द्रजित् झोक्किएकैथ्यो आफ्ना बाणसमूहले ॥
संहार गर्न लाग्यो बा ! भालू-वानरलाइ ए ! ॥
मण्डलाकार भै हाल्यो खिच्तामा त्यसले धनु ।
मार्‍यो सयौं हजारौं हा ! भालु वानर के भनुँ ? ॥
त्राम्त्राम्ति रोपिंदा बाण डराँग्दा वीर्यका कपि ।
गए शरणमा सारा वीर लक्ष्मणको अघि ॥
शत्रुका युद्धले त्यस्तो रघुका कुल नन्दन ।
वीर लक्ष्मण यी साह्रै झोक्किए धीर थे जुन ॥
हातको लघुता आफ्नो देखाई उनले अब ।
धनु काटि दिए च्वाट्टै इन्द्रजितको त्यजी शर ॥
अर्को धनु लिई हाल्यो इन्द्रजित्ले पनी अति ।
ताँदो कस्न त्यहाँ लाग्यो निकै नै फूर्तिलो बनी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यसै वेला मिल्यो छिद्र फेरि लक्ष्मणलाइ र ।
तीन बाण चलाएर काट्दिए क्वाट्ट त्योतक ॥
यसरी धनु काटेको त्यसलाई उनले पुनः ।
पाँचोटा बाणले हाने छातीमै रोपिए जुन ॥
छेडेर त्यसको छाती र-राता सर्प हुन् सरि ।
उनका बाण पाँचोटै गाडिए भूमिमा झरी ॥
छायो रगत ह्वालह्वाल्ति इन्द्रजित्ले वहाँ अब ।
अर्को धनु लियो किन्तु ताँदो दृढ हुने तव ॥
गरेझैं इन्द्रले वर्षा अनि ता त्यसले पनि ।
गर्‍यो लक्ष्मणमा वर्षा बाणकै जोडले अनि ॥
त्यसको बाणको वृष्टि रोक्न गाह्रै थियो तर ।
रोके लक्ष्मणले स्वात्तै फूर्ति साथ भई स्थिर ॥
आत्तिएका थिएनन् ती त्यसले कत्ति वास्तव ।
आफ्नो पौरख देखाए उनले अद्भुतै तव ॥
अस्त्र हान्ने कला आफ्नो देखाई क्रुद्ध भै पुनः ।
अरू राक्षस—सारामा हाने बाण दनादन ॥
लाग्यो प्रत्येकमा बाण तीन तीन गई तव ।
छोड्दिए इन्द्रजित्माथि बाण—वृष्टि छिटै अब ॥
बलवान् शत्रु नाश्ने यी वीर लक्ष्मणबाट त्यो ।
भयो विद्ध लड्यो किन्तु कसिएर निकै अहो ! ॥
छोड्यो लक्ष्मणमा आफ्नो शरवृष्टि दनादन ।
यता लक्ष्मणले काटे ती सबैलाइ तत्क्षण ॥
त्यसको रथहाँक्ने त्यो मुख्य सारथिलाइ ता ।
भालाले शिर काटेर ढाल्दिए उनले तदा ॥
त्यसका रथका घोडा न हुँदा पनि सारथि ।
न आत्तिई गरे काम यताउति घुमी पुगी ॥
शान्त भै पहिले जस्तो मण्डलाकारको गत ।
लिएर दौड्न लागे बा ! यही आश्चर्य भो अति ॥
यो देख्ता चर्कियो क्रोध वीर लक्ष्मणमा अनि ।
डर देखाँउनै हाने बाणले तिनमा पनि ॥
यस्तो लक्ष्मणको वीर्य देखे पछि असह्य भै ।
इन्द्रजित्ले त्यज्यो बाण दशोटा उनमा तवै ॥
वज्रझैं सप हुन् जस्ता त्यसका बाण ती दश ।
उनका कवचैबीच जुधी नष्ट भए सब ॥

४३

४४

इन्द्रजित्ले यता ठान्यो अभेद्यकवची छ यो ।
तसर्थ भालमा ठोक्यो तिनोटा तीक्ष्ण बाण पो ॥
गडे निधारमा ज्याम्मै ती तीनै बाण अन्तमा ।
वीर लक्ष्मणको शोभा यिनैले भर्दिए जहाँ ॥
भएको चुचुरा तीन कुनै पर्वत हुन् सरि ।
देखिए रामका भाई शोभिई तिनले गरी ॥
युद्धमा यसरी बाण लाग्दा कष्ट परे पनि ।
डगेनन् कत्ति ती वीर तम्सिए लड्नमै अनि ॥
झिके तुरुन्त पाँचोटा तीखा बाण छिटो भई ।
छोड्दिए धनुमा राखी त्यसमा अति झोक्किई ॥
राम्रो कुण्डल झल्केको त्यसको मुखमण्डल ।
यिनले नै बिगारे हा ! क्षत-विक्षत भो सब ॥
दुवै वीर थिए चर्का दुवैको धनुथ्यो दृढ ।
बाण छोडी अ-आफैमा लड्न लागे दुवै अब ॥
यौटाको बाण लाग्दामा अर्को पीडित बन्दथ्यो ।
यसरी यी दुवै वीर रगताम्य भए अहो ! ॥
त्यो रणस्थलमा दोटै झरिझुप्प पलाशका ।
दुइटा रूख जस्तै पो देखिए सबले तदा ॥
दुवै विजय भेट्नामै मरिमेट्थे थिए दृढ ।
हान्थे बाण जुधी दोटै दुवैका अङ्गमा तव ॥
इन्द्रजित् झोक्कियो ज्यादै युद्धमा तीन बाणले ।
काका-विभीषणैलाई हान्यो बा मुखमै हरे ! ॥
घाइते पार्दिई हाल्यो त्यसरी उनलाइ र ।
एकेक बाणले ठोक्यो कपि-यूथपलाइ त ॥
विभीषण थिए तेजी झोक्किए अब राम्ररी ।
घोडा चार गदा हानी मार्दिए त्यसका बढी ॥
त्यो सारथि मरेकैथ्यो अब घोडा पनि मरे ।
काकामा शक्ति ली झम्ट्यो त्यसले ओर्लिई हरे ! ॥
शक्ति आइ न पुग्दैमा वीर लक्ष्मणले बढी ।
दशौं टुक्रा गराए बा ! तीखा बाण त्यजी त्यजी ॥
यता धनुष बोकेका ती विभीषणले पनि ।
ताकेर त्यसको छाती छोडे बाण छिटा बनी ॥
पाँचथ्यो यिनको सङ्ख्या वज्र जस्ता थिए सब ।
रोपिए गइ ग्वाम्ग्वाम्ति छातीमै त्यसका तव ॥

६०

६१

निस्किए पछि ठूलठूला राता सर्प समान भै ।
छातीको रक्तमा सारा मुछिएर जतातत्तै ॥
काकारुंग निकै मोक्यो त्यसले फूर्तिले अब ।
दिएको यमराजैले बाण थ्यो त्यै झिक्यो तब ॥
त्यसैमा पर्न गो आँखा वीर लक्ष्मणको अनि ।
महान् तेजी थिए बाण झिके बा ! उनले पनि ॥
साक्षात् कुवेरले आफैं स्वप्नमा उब्जिईकन ।
यही बाण दिएका हुन् उनमा स्नेह भैकन ॥
इन्द्रादि देवले एवं दैत्य-दानवले तक ।
यो लाग्दा चोट त्यो खप्न गाह्रै थ्यो भइ दुर्जय ॥
यी दुवै वीरले आफ्नो मोटा परिघ-तुल्यको ।
बाहुले बाण त्यो बोके चढाए धनुमा अहो ॥
तदो साथ लिई खिच्ता दुवैका धनुबाट यी ।
निस्कियो अद्भुतै शब्द कराए क्रौञ्चझैं भई ॥
सवश्रेष्ठ माहान् त्यस्ता बाण ती तानिए जव ।
आफ्नो प्रकाशले गर्दा बले धप्धप भै तव ॥
जाज्वल्यमान पारेर सव आकाशलाइ यी ।
दुवैले छोड्दिदा दौडे जुधे मुखमुखै मिली ॥
त्यसरी यी दुवै बाण जुद्धामा घोररूपका ।
धूँवा साथ स्फुलिङ्गा नै निस्किए अग्निका तदा ॥
हुन् महाग्रह जस्ता यी दुइटै आफ्नु वेगले ।
जुध्नाले शय टुक्रा भै जोडले भुईमा खसे ॥
त्यसरी दुइटै बाण आफैंमा नाशए पछि ।
देखेर ती दुवै वीर भए लज्जित झन् अति ॥
अव जोश बढी हाल्यो सुमित्रासुतलाइ र ।
लिए वारुण दिव्यास्त्र छोड्दिए पछि भै स्थिर ॥
इन्द्रजित्ले पनी छोड्यो रौद्रास्त्र रणमा अनि ।
वारुणास्त्रकनै मार्यो त्यसैले फूर्तिलो बनी ॥
आग्नेय अस्त्र ली हान्यो बल्थ्यो धप्धप जो तव ।
युद्ध जित्ने थियो तेजी इन्द्रजित् क्रुद्ध थ्यो जव ॥
त्यो देखेर महान् वीर धीर लक्ष्मणले पनि ।
सूर्यास्त्र छोड्दिई रोके शान्त पारिदिए अनि ॥
त्यो देख्ने बित्तिकै वीर राक्षसेश्वर पुत्र ता ।
क्रोधले चीत भै हाल्यो हड्वडाई निकै तदा ॥

७७

७८

आसुरास्त्र थियो यौटा बडो गजबको हरे ।
छोड्दियो बा ! त्यसैलाइ शत्रुनाशन समर्थ ए ! ॥
भुशुण्डि र गदा खड्ग कूट शूल र मुद्गर ।
त्यसैबाट सबै निस्के बञ्चरासम्म सर्सर ॥
यता लक्ष्मणले देखे डर्लाग्दो आसुरास्त्र यो ।
माहेश्वरास्त्र छोडे बा ! तेजस्वी घोररूपको ॥
सारा शस्त्रास्त्रको शक्ति मास्तथ्यो श्रेष्ठ बाण यो ।
यसले त्यसको शक्ति मास्दियो जव गै जुध्यो ॥
यसरी यी दुवै अस्त्र लडे अद्भुत रूपले ।
सिरिङ्ग रउँ भै हाल्यो देख्नेको अति त्रासले ॥
सारा आकाशका प्राणी डराए आत्तिए अव ।
घेरी लक्ष्मणलाई ती बसे आकाशमै सव ॥
डर्लाग्दो गर्जना गर्दै सारा वानर राक्षस ।
लड्न लाग्दा वहाँ वीर काँपे थर्थर भै तव ॥
सारा जम्बा भईहाले वहीं चकित भैवरी ।
बड्यो आकाशको शोभा यिनले भै दिंदा भरी ॥
गन्धर्व नाग गरुड ऋषि पितृ र देवता ।
इन्द्र साथ गरे आई रक्षा लक्ष्मणको तदा ॥
यत्तिकैमा झिके यौटा बाण लक्ष्मणले पुनः ।
मार्न रावणको छोरो स्पर्शैले सक्तथ्यो जुन ॥
असह्य अग्नि ज्वालाझैं यो थियो दृढ ग्रन्थिको ।
यसका पक्ष थे राम्रा सर्वाङ्ग अति गोल थ्यो ॥
सुनले मोरिएकोथ्यो चीर्न सक्थ्यो शरीर यो ।
यसको स्पश वा चोट खप्न कत्ति सकिन्नथ्यो ॥
ओकल्ने विषको मुस्लो सर्प जस्तो थियो पुनः ।
सारा राक्षसलाई नै डराथ्यो रूपले जुन ॥
लिनमा शत्रुको प्राण बाण यो नित्य सक्तथ्यो ।
सम्पूर्ण देवताद्वारा पूजिन्थ्यो फेरि नित्य जो ।
जोतेका हरिया घोडा रथ चढ्ने सुरेन्द्रले ।
अघि दैत्य जितेका हुन् यसैको दृढ शक्तिले ।
यसको नाम ऐन्द्रास्त्र यै थियो युद्धमा जुन ।
विफलै हुन्नथ्यो कैले अतिश्रेष्ठ थियो पुनः ॥
राखेर धनुमा आफ्नो बाणलाइ त्यही अव ।
खिच्दै धनु भनी हाले यी कुरा उनले तव ॥

६४

९५
श्रीराम भइ बक्सिनन्छ यदि सत्यप्रतिज्ञ र ।
धर्मप्राण सदाचारी स्नेहप्रिय धनुर्धर ॥
भइ बक्सिनन्छ ता यौटै व्यक्ति पौरखमा तक ।
भने यै बाणले मारोस् इन्द्रजित्‌लाई यो अब ॥
भनी लक्ष्मणले यत्ति कानसम्म खिचेर त्यो ।
छोड्दिए बाण इन्द्रास्त्र ताकी त्यल्लाइ नै अहो ! ॥
गयो सोभिमझँदै बल्दै बाण त्यो हुत्तिएर र ।
छुनासाथ छिनाल्यो बा ! इन्द्रजित्-दुष्टको शिर ॥
लिई किरीटको ज्योति बल्दैथे दुइ कुण्डल ।
सुनौलो वर्ण चम्किन्थ्यो रगताम्यै थियो तब ॥
सारा शरीरथ्यो उस्तै शिरमात्र पृथक् थियो ।
यस हालतमा देखे साराले भूमिबीच त्यो ॥
फल्किन्थ्यो देहमा वर्म शिरबीच किरीटथ्यो ।
शिर देह लडेकाथे भूमिमा भै पृथक् अहो ! ॥
मरी यसो गरी लड्ने इन्द्रजित् लाइ देखदा ।
खुश दङ्ग भए सारा विभीषण समेतका ॥
वृत्रासुरकनै मार्दा इन्द्रले युद्धमा अघि ।
जस्तो देव भएकाथे त्यस्तै भो यिनमा खुशी ॥
आकाश भर भै बस्ने प्राणीको ऋषि देवको ।
गन्धर्व-अप्सराको ता जयको शब्द गुञ्जियो ॥
"लौ मरे ! इन्द्रजित्" भन्ने था पाए पछि ता यता ।
राक्षसी-सैन्य भाग्यो बा ! ठोक्किँदा कपिले तदा ॥
शस्त्रास्त्र सब छोडेर भाग्यो राक्षसको गण ।
सातो-पुत्लो उडेकोले लङ्कै भित्र पस्यो पुनः ॥
हतियार सबै छोडे खड्ग पट्टिश वञ्चरो ।
सरा दश दिशा लागे नहुदा आडको कुरो ॥
लङ्क भित्र पसे कोही ठोक्दा बानरले हरे ! ।
सिन्धुभित्रै खसे कोही कुनै पर्वतमै चढे ॥
मारिएर लडेको त्यो इन्द्रजित् देखिए पछि ।
देखिएन त्यहाँ यौटा पनि राक्षस—मध्य ती ॥
१०६

११०
सूर्य अस्त उदं टिक्थ्यो उज्यालो कसरी यहाँ ।
त्यस्तै भो इन्द्रजित् मर्दा टिक्थ्यो राक्षस को वहाँ ॥
निभेको अग्नि जस्तै र सूर्यझैं लुप्ततेजका ।
भयो हा ! त्यो महाबाहु इन्द्रजित् प्राण उड्दिंदा ॥
मर्दा राक्षसराजको पुत्र, लोक भयो खुश ।
पीडा बाधा भयो नष्ट मर्‍यो जो शत्रु दुर्जय ॥
पापी राक्षस त्यो मर्दा इन्द्र सिद्ध-महर्षिकै ।
साथमा दङ्ग भै हाले भित्र आनन्द भो निकै ॥
बजे आकाशमा बाजा सुनियो दुन्दुभिध्वनि ।
गन्धर्व अप्सरा नाचे महात्मा हर्षिए अनि ॥
पुष्प वृष्टि भई हाल्यो अद्भुतै रूपको त्यहाँ ।
मर्दामा क्रूर त्यो दुष्ट सब शान्त भयो यहाँ ॥
सफा निर्मल भै हाल्यो जल मैलोपना त्यजी ।
देव दैत्य भए तुष्ट भो आकाश सफा अति ॥
चौधै भुवनमा नित्य त्रास पार्ने भयङ्कर ।
इन्द्रजित् त्यसरी मर्दा शान्ति भैगो सबैतिर ॥
देव—दानव गन्धर्व मिली भन्छन् यसो अब ।
भै निश्चित घुमुन् विप्र विना क्लेश भई खुश ॥
कपिका यूथका स्वामी अतुल्यबलवान् रिपु ।
त्यो मर्दा दङ्ग भै लागे गर्न लक्ष्मणको स्तुति ॥
ऋक्षेश जाम्बवान् एवं हनुमान् र विभीषण ।
तुष्ट भै गर्नथाले बा ! उनको अभिनन्दन ॥
उफ्री कल्याङ् मल्याङ् गर्दै कुद्दै गर्जिँदै स्वतः ॥
भालू वानरले घेरे वीर लक्ष्मणलाइ त ॥
आफ्नो पुच्छर फटकारी जोडले ऋक्ष वानर ।
दङ्ग भै भन्न लागे बा ! वीर लक्ष्मणकी जय ॥
हृष्ट तुष्ट भएकोथ्यो भालू—वानरको मन ।
अन्योन्यमा अंगाल्थे यी जसमाथे सबै गुण ॥
रघुका कुलका रत्न धर्मात्मा प्रभु रामका ।
पुण्य-गाथा कथा गाए उनले दङ्ग भै तदा ॥
१२४

१२५
रघुकुलमणि वीर लक्ष्मणैका प्रियवर मित्रहरू त्यहाँ भएका ।
अरु जनहरूबाट दुक्करै त्यो शुभद सुकर्म हुँदा खुशीभए जो ॥

CC-0. In Public Domain. Digitization by eGangotri

१२६
प्रिय जन यिनको संगै सुरादि जति नभबीच थिए त्यहाँ बसेका ।
त्यसरि समरमा मरे पछि त्यो अतिशय दङ्ग परेर उफ्रिए बा ! ॥

इति नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकान्नब्बे सर्ग

वीर लक्ष्मण र विभीषण आदिले श्रीरामलाई त्यो खवर सुनाँउनु र लक्ष्मणको प्रशंसाको साथै उनको उपचार गर्नु

१

संग्राम—भूमिमा त्यस्तो शत्रुजित् इन्द्रजितकन ।
मारेर दङ्ग भै ह्ाले शुभलक्षण लक्ष्मण ॥
घावै—घाउ भएकोथ्यो शरीर उनको तत्र ।
रगताम्य भएकाथे रघुरत्न हरेशिव ! ॥
वल-विक्रल सम्पन्न तेजस्वी वीर लक्ष्मण ।
मिले बा ! अव दौड्दै गै जाम्बवान् हनुमान् सँग ॥
सारा वानर ली साथ त्यहाँबाट स्वयं उनी ।
आए श्रीराम सुग्रीव भए ठाम छिटै अनि ॥
साह्रै पीडा भएकोथ्यो उनको देहमा सव ।
विभीषण-हनूमान्को आड ली हिंड्दथे तव ॥
अभिवादन टक्र्याए रामको पाउमा पुगी ।
वसे अनि बसे जस्तो उपेन्द्र इन्द्रको अघि ॥
विभीषण यसै वेला सरी श्रीरामको अघि ।
शत्रुका जीतको हाल विन्ती गर्छन् यसो झुकी ॥
विन्ती गर्छु प्रभो राम ! शत्रुजित् इन्द्रजित् पनि ।
अव यो विश्वमा छैन मारियो दुष्ट त्यो पनि ॥
दिलका देहका ठूला वीर लक्ष्मणले विभो ! ।
नाशियो दुष्ट त्यो शत्रु सजीलै शिर काटियो ॥
भाइले इन्द्रजित मारे भन्ने वाक्य सुने पछि ।
ज्यादै दङ्ग परे राम भने भाइस.गै पछि ॥
वीर लक्ष्मण ! श्यावास ! ठूलो कम गर्‍यौ हगि ।
यो तिम्रो कामले गर्दा छुट्यो ताप बढ्यो खुशी ॥
शत्रुजित् इन्द्रजित् त्यस्तो राक्षसेश्वरको सुत ।
मारदा युद्ध यो संझ जितियो लौ ! छ निश्चित ।
सुन्दा आफ्नु प्रशंसा त्यो सुलज्जित उनीकन ।
रामले काखमा राखे बलै साथ खिंचीकन ॥

१३

१४

सुँघेर शिरमा पैले अँगाले स्नेहले पछि ।
घावै घाउ भएकोले हेरे स्नेह बढी बढी ॥
थिए बा ! बाण विम्मदामा प्वालै प्वाल शरीरमा ।
सास फेर्थे उनी लामो थियो पीडा जहाँ तहाँ ॥
यसो शिर सुँघे फेरि रामले प्रिय-भाइको ।
मुसारे आफ्नु हातैले सर्वाङ्ग उनको अहो ! ॥
आश्वासना दिदै भन्छन् पुरुषर्षभ राम यी ।
प्रिय-भाइ सँगै आफ्ना अव यत्ति भए पछि ॥
प्रिय बावु ! तिमीले यो विश्वको हितकारक ।
गर्‍यौ सत्कर्म जो ज्यादै गर्न गाह्रो थियो तव ॥
अव संझन लागें म त्यस्तो छोरो मरे पछि ।
मर्‍यो रावण त्यो पक्कै शङ्कै छैन जहाँ कति ॥
जाली झेली महान दुष्ट इन्द्रजित् त्यो मर्‍यो जसै ।
बुझ्यौ बावु ! यसैले नै म भएँ विजयी त्यसै ॥
दुष्ट रावणको मुख्य दाहिने हात त्यो थियो ।
तिमीले मारि त्यल्लाई सहारा मास्दियौ अहो ! ॥
विभीषण हनूमान्ले गर्नुसम्म गरे हरे ! ।
आफ्नु वीर्य भएसम्म देखाए अति नै लडे ॥
मिली सव तिमी तीन दिन-रात भरी लडी ।
दुष्ट राक्षस त्यल्लाई मार्‍यौ यत्न गरी गरी ॥
पुत्र मित्र मरे सारा दुष्ट रावण त्यो अव ।
लड्न आँउछ आफै नै शत्रुहीन भएँ म त ॥
राक्षसी सैन्यको साथै पुत्र मृत्यु सुने पछि ।
स्वयं विशाल सेना ली लड्न आँउँछ त्यो हगि ? ॥
पुत्रको पीरले पाक्तो राक्षसेश्वरलाइ त्यो ।
घेरी म आफ्नु सेनाले मारी छोड्दछु, जान यो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

इन्द्रलाइ पनी जित्ने मेघनादकनै त्यस ।
तिमीले मारदियौ बाबु ! युद्धमा वीर्यले निज ॥
प्यारो भाई तिमी जस्तो सहायक हुँदा सुन ! ।
त्रैलोक्यभरकी पृथ्वी सीताकै साथ भेट्छु म ॥
भाइलाई भनी यत्ति अगाली फेरि स्नेहले ।
सुषेणलाइ बोलाई भने बा ! प्रभु—रामले ॥
ए सुषेण ! तिमी नै छौ बुद्धिमान् यस काममा ।
घाउँघाउ भएको छ हेर ! लक्ष्मण-देहमा ॥
गर औषधि—मूलो क्यै गर्नु पर्छ जसो जसो ।
मित्रवत्सल यी भाई स्वस्थ हुन्छन् गरे जसो ॥
तुरुन्तै निक्लियुन् सारा यिनका देहका शर ।
निको होस् घाउ सम्पूर्ण छुटोस् पीडा हउन् स्थिर ॥

३२

३३

विभीषण—हनूमानको छ शरीर छिया छिया ।
पुरियोस् घाउ, यी बाण छिटै झिक, गरी दया ॥
भालू वानरका सेना मध्यका शूरवीर जो ।
लड्छन ढुङ्गा र मूढाले त्यस्तै छन् ती सबै अहो ! ॥
अरुको पनि जो जो छन् घाइते ती सबैकन ।
छिटो गर निको पार हउन् स्वस्थ छिटै पुनः ॥
महात्मा रामको यस्तो कुरा सुन्दा सुषेणले ।
सुँघाए लक्ष्मणैलाई दिव्य औषधि एक ए ! ॥
त्यसको गन्ध सुँघ्दैमा गडेका देहका शर ।
झरे फुत्फुति सम्पूर्ण पुरियो घाउ सर्सर ॥
पाउँदा रामको आज्ञा ती विभीषण आदिका ।
मित्रको पनि तत्काल गरे औषधि भो सफा ॥

३८

३६

निक्लदा छिनमै बाण छुट्ताम्मा कष्ट लक्ष्मण ।
तुरुन्तै स्वस्थ भैहाले भए दङ्ग मनैमन ॥
श्रीराम सुग्रीव विभीषणादि र ती जाम्बवान् आदिक वानरेश्वर ।
देखी सुमित्रासुतलाइ सुस्थिर जिल्लै परे दङ्ग भए निरन्तर ॥
गरे प्रशंसा प्रभु—रामले पनि सुनी गुनी लक्ष्मण कम यो अनि ।
भन्दा त्यसोरी रिपु त्यो मऱ्यो भनी सुग्रीव ता दङ्ग परे कुरो सुनी ॥

४१

इति एकान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयान्नब्बे सर्ग

राक्षसराजको शोक र सीतावधमा प्रवृत्त हुँदा सुपार्श्वले सम्झाई रोक्नु

१

अब रावण—मन्त्रीले इन्द्रजित्को सुने वध ।
आँखैले पछि त्यो देख भने दौडेर गै तव ॥
इन्द्रजित् प्रभुका छोरा मार्‍यो लक्ष्मणले प्रभो ! ।
हामी हुँदैंथियौं राजन् ! विभीषण सहाय भो ॥
शूरो लक्ष्मणको साथ शूरा उनी लडे निकै ।
मरे हा ! इन्द्रजितले ती अन्तमा न डगी त्यसै ॥
युद्धमा बाणले आफ्ना छोपी लक्ष्मणलाइ त्यो ।
दिव्य—धाम गए राजन ! क्यै न लागे पछी अहो ! ॥
डर्लाग्दो पुत्रको मृत्यु भो भन्ने यो सुनी कुरो ।
छोप्यो तुरुन्त मूर्च्छाले राक्षसेश्वरलाइ त्यो ॥
निकैमा होश आएमा पुत्रको शोकले गरी ।
स्वयं विलाप्न लाग्यो बा ! राक्षसेश्वर त्यै घरी ॥
सारा राक्षस सेनाका नाइके बाबु ! ए प्रिय ! ।
इन्द्रलाइ जिती ओहो ! पर्‍यौ लक्ष्मको वश ॥
हरे ! वीर तिमी बाबु ! काल अन्तकलाइ ता ।
मार्न सक्थ्यौ रिसाएमा फोर्थ्यौं मन्दरसम्म ता ।
वीर त्यस्ता तिमी अैले जावो लक्ष्मण साथ त्यो ।
युद्धमा कसरी हार्‍यौ ? तुच्छ थ्यो के थियो र त्यो ।
लौ आजै ठान्न थालें म सूर्यको पुत्र त्यो यम ।
रहेछ बलवान् भन्ने शक्तिशाली निकै पुनः ।
तिमी जस्ता महाशक्ति भएका वीरलाइ ता ।
जसले यसरी मार्‍यो आज पार्‍यो अनर्थ हा ! ॥
अरूको के कुरा सारा देवताहरूमा पनि ।
श्रेष्ठ योद्धाहरूको लौ ! बाटो यस्तै रहेछ नि ! ॥
जो योद्धा आफ्नु स्वामीको निम्तिमा मर्छ युद्धमा ।
त्यही हो योग्यको योद्धा जान्छ त्यै पछि स्वर्गमा ॥

१३

१४

मरेको इन्द्रजित् देखी ढुक भै सुख-चैनले ।
लौ ! आजै देवता सुत्छन् ऋषि-सिद्धादि साथ ए! ॥
नहुदा इन्द्रजित् यौटा यो त्रैलोक्य भए पनि ।
शून्य नै हुन लाग्यो हा ! मेरो निम्ति त्यसै पनि ॥
हो ! देख्छु पृथिवी छन यी नदी पर्वत साथकी ।
परन्तु शून्य जस्तै छन् अँहँ ! देखितन कत्ति यी ।
आजै राक्षस-कन्याको भित्र खोपीभरी हुँदो ।
रुवावासी म सुन्नेछु तिम्रो त्यो मृत्युमा हुँदो ॥
गजराज कुनै मर्दा ढोईहरू वनैभरी ।
रूँदै विलप्तै दौडेझैं दौडन्छन् आर्त भैवरी ॥
यौवराज्य तथा लङ्का भृत्य राक्षस यी अनि ।
आमा बाबु सबैलाई गयौ छोडी कहाँ तिमी ।
सार्‍है उल्टो भयो बबु! पहिले यमलोक म ।
जानु पर्थ्यो तिमी गर्थ्यौ मेरो काज क्रिया पुनः ॥
परन्तु के गर्‍यौ कुन्नि ? अघि आफैं गएर हा ! ।
मलाइ पो क्रिया गर्न लगायौ भो अयोग्य बा ! ॥
हरे ! ज्यूँदै छ त्यो रामे साथ सुग्रीव लक्ष्मण ।
त्यो काँडो नझिकी मेरो गयौ तिमी कहाँ पुनः ॥
पुत्रका मृत्युको शोक बढ्दा यस्ता अनेकन ।
गर्ने विलाप त्यल्लाई छोप्यो बा ! क्रोधले पुनः ॥
स्वभावैले रिसाहा थ्यो त्यसमा पुत्र-मृत्युले ।
मन झोक्यायो बली हाल्यो सूर्यझैं भइ तेजले ॥
त्यसले हाइ ! गर्दामा क्रोधावेश बढी तव ।
निस्कियो अग्निको राँको त्यसका मुखबाट त ॥
अघि यस्तै भएको थ्यो त्यो देवासुर युद्धमा ।
वृत्रको पनि निस्केथ्यो त्यस्तै पो हुन गो यहाँ ॥

२६

२७

त्यसरी क्रोधले छोप्ता पुत्रका मृत्युले गरी ।
सीता मार्ने लियो बुद्धि यसो क्यै झोक्रिईवरी ॥
त्यसै राता थिए आँखा रातै क्रोधाग्निले भए ।
डर्लाग्दा देखिए ज्यादै बल्नसम्म दुवै बले ॥
रूद्रको झोक्किदो रूप भए जस्तै भयो हरे ! ।
त्यसको पनि त्यो रूप बल्दा क्रोधाग्निबाट ए ! ॥
झोक्किंदा त्यसका आँखाबाट आँसु झरे निकै ।
खस्तछन जसरी तेल बलेका दीपका त्यसै ॥
त्यसले दांत किट्दामा सुनिन्थ्यो जो अवाज त्यो ।
देव दानवले सिन्धु मथ्दाको गिरि - शब्द भो ॥
चराचर जगत् निल्न खोज्ने काल समानको ।
त्यसको रूप भै हाल्यो तत्काले अति उग्रको ॥
को सक्ने अव त्यो हेर्न त्यहाँका भृत्य राक्षस ।
सारा दश दिशा ताकी हटे पर लुके सव ॥
वीर राक्षस ठूल्ठूला युद्धबीच अड्याँउन ।
अव त्यस्तो अवस्थामा यसरी भन्छ रावण ॥
सुन ! राक्षस हो ! मैले हजारौं वर्षसम्म ता ।
तपें तप निकै चर्को खपें दुःख पनि कडा ॥
त्यसको साङ्ग्यमा साक्षात् स्वयम्भू भगवान् कन ।
पारें प्रशन्न ज्यादैनै अनेकौं कृत्यले पुनः ॥
के बुझ्यौ ? त्यसको साटो कृपाले ब्रह्म देवको ।
देव- दैत्य कसैबाट भएँ निर्भयको म यो ! ॥
उहाँले नै दिएको हो महान् कवच यो ममा ।
के हेर्छौं ? जुन चम्किन्छ सूर्य जस्तै जहाँ तहाँ ॥
देवता दैत्यको साथ लड्दा म रणमा अघि ।
यसमा वज्र लाग्दामा पनि विग्रे न जो कति ॥
पैन्ही कवच त्यै आज चढी रथ म युद्धमा ।
गएर लड्न लाग्दामा को टिक्ने अघि ए ! त्यहाँ ॥
त्यै वेला तुष्ट ब्रह्माले रणमा देव-दैत्यको ।
दिएथे बाणकै साथ विशाल धनुसम्म यो ॥
सुन राक्षस हो ! आज त्यै मेरो धनु वास्तव ।
नाना बाजा बजाएर उठाओ अव गै सव ॥
डर्लाग्दो धनु त्यै बोकी हिडी हाल्छु म युद्धमा ।
त्यो रामेलाई ठोक्दिन्छु दुष्ट लक्ष्मण साथमा ॥

४३

४४

पुत्रका वधको शोक बढ्दा क्रोध वशी भई ।
शोचेर जानकी मार्ने गर्‍यो निश्चय नै पछि ॥
राता आँखा घुमायो र डर्लाग्दै त्यो भयो अझ ।
भन्यो अनि भई दुःखी दीन ती राक्षसैसित ॥
के बुझयौ ? पुत्रले मेरो भालू वानर छल्न नै ।
माया-सीता बनाएर भन्दिए मार्दिएँ भनी ॥
भएन त्यत्तिले मात्र त्यो सीतालाइ आज म ।
साँच्चिनै अहिले मार्छु तुष्ट पार्दछु यो मन ॥
नीच क्षत्रिय त्यो रामे जात्राकै पछि लाग्दछ ।
त्यो सीता पनि त्यस्तै छ लौ लागोस् ! चोट पाउँछे ॥
मन्त्री साथ भनी यत्ति राक्षसेश्वरले अव ।
तलवार समात्यो बा ! धरी रूप भयानक ॥
म्यानबाट झिकी हाल्यो त्यसलाइ थियो जुन ।
सफा आकाशझैं वेस धारिलो चम्किलो पुनः ॥
पुत्रको शोकले गर्दा बौलाहा ठीक भै अति ।
घेरिई - स्त्री र मन्त्रीले हुत्तिएर हिंड्यो पनि ॥
जहाँ थिन् मैथिली देवी लागिहाल्यो उनैतिर ।
त्यो देख्ता गर्जिए सारा दुष्ट राक्षस आखिर ॥
अन्योन्यमा अँगालेर दङ्गादङ्गी परी परी ।
कुरा गर्न यता थाले मन्त्री हिडी वरीपरी ।
बल्ल ठिक पर्‍यो बाबै ? आज यल्लाई देखदा ।
रामलक्ष्मण काँप्नेछन भोग्नेछन् सहती व्यथा ।
ती लोकपाल इन्द्रादि झोक्किंदा यसले अघि ।
सजैसाथ जितेकोथ्यो अरू शत्रु मरे अति ॥
त्रैलोक्यभरमा जो जो रत्नभूत पदार्थ छन् ।
भोगिन्छन् सब ती यल्ले पाउमै आइ लोट्तछन् ॥
बल-विक्रममा एवं शौर्यमा वीर्यमा पनि ।
यसका तुल्यको अर्को छैन यो विश्वमा पनि ॥
यता यस्तै कुरा गर्थे त्यसका पछुवाहरू ।
उता राक्षसको राजा गयो दौड्दै खुरुखुरु ॥
अशोक-वाटिका भित्रै पुगी गो जानकी जहाँ ।
झोक्राएर बसेकी थिन् झम्ट्यो मार्छु भनी वहाँ ॥
विवेक-बुद्धिका वेस मित्रले रोक्दिए तर ।
रोकिएन रिसाहैथ्यो मार्ने बुद्धि थियो सिर ॥

६०

६१

जस्तो आकाशको सोझ्की रोहिणीलाइ वास्तव ।
क्वै दुष्ट ग्रहले खेद्छ त्यस्तै झम्ट्यो बढी तव ॥
यता त्यस अवस्थामा साह्रै शुद्ध चरित्रकी ।
सीता थिन् राक्षसीद्वारा रक्षिएकी भई वशी ॥
देखिन् त्यस्तो अवस्थाको दुष्ट रावणलाइ त्यो ।
हातको अस्त्रमा आँखा परी गो, मुटु थर्र भो ॥
रोक्तैथे त्यसका मित्र त्यसलाइ प्रयत्नले ।
कुकर्मबाट त्यो, किन्तु रोक्तै रोकिन्नथ्यो हरे ! ॥
यता त्यो सव देखेर ताडेर भइ व्याकुलै ।
विलाप गर्न लागिन् हा ! जानकी छट्पटाँउदै ॥
झोक्किई मतिरै आयो यसरी दुष्ट रावण ।
छु सनाथ अनाथैझैं पारी मार्दछ के पुनः ॥
राक्षसीछु पतिमै प्रेम भन्छ यो तर छोडिदे ।
मेरी हो ! भन्दिएँ मैले न गर् यस्ता कुरा तँ ए ! ॥
तिरस्कार गरें मैले त्यसरी, यो निराश भो ।
अव यो मोहमा पर्दा मार्न आयो, अवश्य हो ! ॥
अथवा पुरुषश्रेष्ठ राम-लक्ष्मणलाइ पो ।
सक्यो कि बजियाले यो मेरो निम्ति लडी अहो ! ॥
डर्लाग्दो गर्जना मैले सुनें राक्षसको अघि ।
साह्रै दङ्ग परे जस्तो लाग्दथ्यो क्रूर दुष्ट ती ॥
मेरै निमित्तमा ओहो ! ती दुवै राजपुत्रको ।
विनाश हुन गो यद्वा अभागिनी रहीछु हो ! ॥
अथवा इन्द्रजित् मर्दा यो पापी राक्षसेश्वर ।
त्यसकै पीरले पाक्यो बौलायो भइ अस्थिर ? ॥
यता मार्न नसक्दामा राजपुत्र दुवैकन ।
रिस पोख्न भनी आयो मार्न मैलाइ नै पुनः ॥
रहीछु म पनि साह्रै मूर्ख नारी हरेशिव ! ।
हनुमान्‌को कुरा त्यस्तो जो खाइन त्यसै तव ॥
पति श्रीरामले मेरा जितेर नलगे पनि ।
के हुन्थ्यो र ? गई बस्थें काखैमा सुखिनी बनी ॥
गएकी म भएदेखि कपिको पीठमा चढी ।
वेसै हुन्थ्यो सधैं यस्तो खप्नु पर्दैनथ्यो हगि ? ॥
कौसल्या सासुज्यू मेरी संझिदा मन रून्छ यो ।
बोटै पुत्र हुँने सोझ्की भइबक्सिन्छ सत्य हो ! ॥

७७

७८

उहाँले सुनिबक्सेमा युद्धमा मृत्यु पुत्रको ।
के होला नि ! हरे पक्कै फुट्ला हृदय फट्ट त्यो ॥
जन्म–बाल्य युवावस्था महात्मा आफ्नु पुत्रको ।
संझेर रोइबक्सेला धर्मकर्म र रूप त्यो ।
आफ्नो पुत्र मर्‍यो भन्ने सुने पछि निराशभै ।
आफैंले गरिबक्सेला पछि श्राद्ध विचेत भै ॥
न सक्ता खप्न त्यो पीडा चिता दन्काउदै पछि ।
कि त्यहीं पसिबक्सेला मरीबक्सिन्छ वा डुबी ॥
मन्थरा पनि दुष्टै हो त्यस्ती कुप्री भए पनि ।
भएकी पापीनी कस्ती धिक्कार ! त्यसमा पनि ॥
जसले सासुज्यूलाई पुत्रको शोकसम्म यो ।
भोग्नु पर्ने भयो ओहो ! जरै हो त्यो अनर्थको ॥
दुष्ट क्वै ग्रहले गाँज्दा छुट्दामा साथ चन्द्रको ।
विलाप्छिन् रोहिणी जस्तो त्यही ठीक हुँदै अहो ! ॥
विलाप्थिन् जानकी देवी जुन थिन् यी पतीव्रता ।
पर्‍यो सुपार्श्वको दृष्टि यै वेला उनमाथि वा ! ॥
त्यसको शील आचार राम्रो वेस थियो निकै ।
थियो राक्षस—राजाको मन्त्री यो वुद्धिमान् निकै ॥
भन्यो राक्षस राजामा त्यसैले यसरी तव ।
रोक्तैथे अरू मन्त्री ता भनी नभन भो अव ॥
दशग्रीव महाराज ! सुनिवक्स्योस् भनाउ यो ।
हजूर भइबक्सिन्छ साक्षात् भाइ कुवेरको ।
रिसको वेगमा पर्दै छोडी धर्म पनि हरे ! ।
किन हो मार्न खाजेका जानकीलाई व्यर्थ ए ! ॥
राक्षसेश ! सुनिबक्स्योस् प्रभुले विधिले अघि ।
वेद-विद्या पढी बक्स्यो ब्रह्मचर्य धरी धरी ॥
सारा व्रत लिई बक्स्यो भई स्नातक अन्तमा ।
आई गुरु कुलै छोडी पसि बक्स्यो गृहस्थमा ॥
कर्तव्य पालनमै आफ्नो रमिबक्स्यो त्यसोगरी ।
कसरी मारिबक्सिन्छ स्त्रीलाई अव यो घरी ॥
पृथ्वीनाथ ! नजर्होस् त जानकीको स्वरूप त्यो ।
आकर्षक छ जो दिव्य न मारौं यस अर्थ भो ! ॥
वरू हामीहरूलाई साथली युद्धमा गई ।
त्यै रामे माथि यो क्रोध पोखौं वीर्य झिकी लडी ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५
वेस शाइत आजै छ कृष्णपक्ष चतुर्दशी ।
युद्धको निम्तिमा आजै तयारी गर्नु पर्छ कि ? ॥
भोलिको दिन औंसी हो आफ्नु सैन्य लिई सब ।
हामी विजयको निम्ति गरौं प्रस्थान वास्तव ॥
९६

९७
हजूर भइ बक्सिन्छ बुद्धिमान् शूर औ रथी ।
खड्ग यौटा लिई बक्स्योस् लडी बक्स्योस् स्वयं वडी ॥
महान् वीर दशरथ—राजाको पुत्र राम हो ।
मारी त्यल्लाई यो सीता भेटी बक्स्योस्, छ वेस यो ॥
९८

९९
स्वमित्र त्यल्ले अति योग्यको कुरो भ्यो धर्म मिल्दो जुन भन्दिदा त्यसो ।
खायो मजाले पछि राक्षसेशले शोच्यो र फर्क्यो घरतर्फ शान्तिले ॥
वहाँ पुगेमा बल—वीर्य-मत्त त्यो घमण्डले चूर हुँदो भयो वडो ।
लिएर आफ्ना प्रिय भृत्य मित्र ती पुग्यो सभामा लिन राय त्यसपछि ॥
१००

इति बयान्नब्बे सर्ग

त्रियानब्बे सर्ग
श्रीरामद्वारा राक्षससैन्यको विशेष संहार

१

अब राक्षसको राजा सभा-गृह पुगे पछि ।
श्रेष्ठ सिंहासनैबीच बस्यो बा झोक्किई अति ॥
साह्रै दुःखी भएकोथ्यो झोक्किएको थियो मुख ।
क्रुद्ध क्वै सिंहको जस्तो फेर्दथ्यो सास वास्तव ॥
पुत्रको पीरले पाक्ता भन्यो बा ! आफ्नु सैन्यका ।
मुख्य योद्धाहरू साथ हात जोडी यसो तदा ॥
वीर हो ! अब लौ जाओ सब लड्न तिमीहरू ।
रथ घोडा तथा हात्ती लिइ सैन्य सबै अरू ॥
जाओ लङ्का—पुरीबाट भै तयार सबै अब ।
त्यो रामे एउटैलाई ठोक मार त्यसै सक ॥
वर्षामा जलको धारा छोडेझैं मेघले गरी ।
त्यो रामे माथि वर्षाओ बाण वर्षा मिलीत्ररी ॥
तिमी सब लिई साथ म नै भोलि गई कि त ।
त्यल्लाई बाणले छेडी मारी छोड्छु छ निश्चित ॥
यस्तो राक्षस-राजाको आज्ञा पाए पछी सब ।
क्रूर राक्षस दौडे बा ! लड्नको निम्ति वास्तव ॥
रथ घोडा तथा हात्ती चाहिन्थ्यो सैन्य जो लिए ।
बोके शस्त्रास्त्र सम्पूर्ण तत्कालै कसिए गए ॥
बज्रा र धनुर्बाण तथा परिघ पट्टिश ।
प्राणघातक खड्गादि लगे बा ! साथमा सब ॥
वहाँ पुग्दा न पुग्दैमा उनले शस्त्र छोड्दिए ।
ढुङ्गा मूढा गरीहाले अनि वानर-ऋक्षले ॥
यसरी चम्कियो युद्ध सूर्योदयभए पछि ।
न राम्रो रूप लीहाल्यो काटमार परी बढी ॥
विचित्रका गदा एवं बज्रा-प्रास-खड्गले ।
हानाहान गरे ओहो ! कपि—राक्षस-ऋक्षले ॥

१३

१४

चर्किंदा यसरी युद्ध ज्यादै धूलो उड्यो अहो ! ।
शान्त भो किन्तु रक्तैले भो यै आश्चर्यको कुरो ॥
अब यो युद्धमा मर्दा भालू वानर राक्षस ।
बहे बा ! रक्तका खोला ठूल्ठूला भै भयानक ॥
मरेका लाशका थुप्रा ढुङ्गा-मूढा सरी भए ।
तिनै बहाइ लैजान्थे ती खोला सर्र सर्र ए ? ॥
रथ हात्ती तथा घोडा लडेका घाइते भई ।
ती खोलाका किनारा झैं देखिन्थे उच्चता लिई ॥
माछा जस्तै भए बाण तिनमा बहँदा तदा ।
ठूल्ठूला रुख हुन् जस्ता देखिए रथका ध्वजा ॥
रगताम्य भएकाथे भालू-वानर ती सब ।
तैपनी लड्दथे साह्रै फूर्तिसाथ झिकी बल ॥
समरस्थलमा कुद्दै उफ्रँदै राक्षसादि को ।
रथ घोडा ध्वजा नाश्थे भाँच्दिन्थे शस्त्र-अस्त्र पो ॥
तीखा नङ्ग्रा र दाह्राले दुष्ट राक्षसका सब ।
नाक कान ललाटादि चिथोर्थे लुछ्तथे तब ॥
दौडिएझैं चरा झुप्प भएको फल वृक्षमा ।
सयौं वानर झम्टन्थे यौटा राक्षसमा वहाँ ॥
ठूल्ठूला गिरि हुन् जस्ता क्रूर राक्षस ती पनि ।
भालू-वानरलाई यी ठोक्थे शस्त्रादिले अनि ॥
ठूला ठूला गदाले र बज्रा खड्गप्रासले ।
ठोक्दिन्थे चीत पार्थे बा ! बढेको क्रोधले हरे! ॥
त्यसरी उनले ठोक्ता विशाल कपि—सैन्य त्यो ।
गयो शरणमा साक्षात् रामको जो शरण्य थ्यो ॥
अब राम पनी आफै धनुर्बाण लिईकन ।
राक्षसी-सैन्यमा घुस्तै गरे बा ! शर—वर्षण ॥

२६

२७
सूर्यमा हमला गर्ने मेघले न सके सरी ।
राममा हमला गर्न सकेनन् उनले बढी ॥
यता त्यो बाणको आगो दन्काई रामभद्रले ।
स्वाहा पारिदिए सारा दुष्ट राक्षस वीर्यले ॥
गर्नु सम्म गरे ओहो ! डर्लाग्दो कर्म रामले ।
मारे लाखौं, सबै देख्थे लाशै लाश अगाडि ए! ॥
वनका वृक्ष ठूल्ठूला हुरी ठूलो चल्यो भने ।
हल्लिन्छन् कसरी ढल्छन् न सक्ता टिक्न शक्तिले ॥
त्यहाँ ठीक महासेना त्यसको रथ-अश्व ती ।
छिनमै रामले मारे हेर्थे जिल्ल परेर यी ॥
रामले आफ्नु त्यो सेना छिनमै बल-वीर्यले ।
मासेको सब नाशेको शेष राक्षस देख्तथे ॥
तर देख्तैनथे कत्ति रामलाइ वहाँ उनी ।
साह्रै छीटो हुँदा काम जिल्ल पर्थे त्यसै यिनी ॥
देख्तैनन् जनता आफ्नो पाञ्चभौतिक-पिण्डको ।
आत्मालाइ यहाँ जस्तो त्यस्तै देख्तैनथे अहो ! ॥
ऊ ! त्यै हो राम, लौ मार्‍यो हात्तीको फौज हेर ! ती ।
ठूल्ठूला रथ चढ्नेको गर्‍यो संहार भो क्षति ॥
आफ्नु तीखा त्यजी बाण घोडा घोडचढीसितै ।
सेना सखाप पार्‍यो हा ! भन्न लागे जतातत्तै ॥
न देख्ता रामलाई ती रामको भ्रम भै बढी ।
देख्न लागे सबैलाई रामैराम त्यसै घडी ॥
अनि आपसमै ठोक्थे यै हो रामे भनी उनी ।
लौ आयो राम भन्ठानी काँपी त्रास बढी अनि ॥
यता राम थिए रामै महात्मा बुद्धिमान् दरा ।
उनलाइ थियो ज्ञात विश्वका यी सबै कुरा ॥
गान्धर्वास्त्र थियो दिव्य पार्थ्यो मोहित विश्व जो ।
त्यही छोडिदिएकाथे सारा राक्षस मोहियो ॥
गरे राक्षसको सेना सारा ध्वंस यसर्थ हा ! ।
रामलाई उनी देख्न सक्तै सक्तैनथे तदा ॥
तसर्थ कहिले देख्थे हजारौं राम ती सब ।
कहिले एउटै राम देख्थे बा ! मूढ भै तब ॥
रामका धनुको टुप्पो सुनौलो मात्र देख्तथे ।
अलातचक्रमैं नित्य जो घुम्थ्यो एकनासले ॥
४३

४४
त्यत्रो राक्षसको सेना मध्यको एउटा पनि ।
युद्धमा रामलाई यी देख्नै सक्तैनथ्यो तर ॥
दुष्ट राक्षस मार्दा ती युद्धमा रामभद्र यी ।
चक्र जस्तै भएकाथे विचित्रैको थियो गति ॥
नाभि बा देहको मध्य नाभि त्यो चक्रको थियो ।
थियो बा ! त्यसको ज्वाला निस्कन्थ्यो बल-वेग जो ॥
बाणथे त्यसका चक्का धनु नै नेमि बन्न गो ।
तल ध्वनि र टङ्कार हुन गो शब्द चक्रको ॥
तेज बुद्धि तथा कान्ति— गुण भो चक्रको प्रभा ।
प्रान्तभाग भए धार दिव्यास्त्र—गुणका प्रभा ॥
कालचक्रकनै देख्छन् जस्तो प्रलय—कालमा ।
प्राणीले , त्यै सरी देखे अब रामकनै वहाँ ॥
छिनमै डेढ—घण्टामै एक्ला श्रीरामले तदा ।
पारे भुसुक्क सम्पूर्ण दुष्टका सब वस्तु हा! ॥
इच्छानुसारका रूप धर्ने राक्षसका तब ।
मासे वायु सरी तेजी दश हज्जार ती रथ ॥
नाशे अठ्ठार हज्जार फूर्तिला उनका गज ।
सवार चौध हज्जार साथै घोडा पनी तब ॥
दुइलाख मरे ठ्याक्कै उनका सैन्य पैदल ।
त्यो रामचक्रले पेल्दा भुसुक्कै पो भए सब ॥
घोडा रथ तथा हात्ती सारा नष्ट भए पछि ।
बाँकी राक्षस भागे बा ! लङ्काभित्र डरै पसी ॥
हात्ती घोडा र सेनाका लाशले पूर्ण ती क्षिति ।
भगवान् रुद्रको क्रीडा—भूमि जस्तै भइन् पछि ॥
अब भेला भई सारा सिद्ध गन्धर्व देवता ।
महर्षिहरूले गाए रामको गुण—गान बा! ॥
प्रशंसनीय भो ज्यादै रामको काम यो भनी ।
साधु ! साधु भने फेरि गुणग्राही बनी बनी ॥
यता अब यसै वेला बसेका आफुनेर ती ।
सुग्रीवादिहरूसाथ भने यत्ति कुरा पछि ॥
सुन्दथे कपिका राजा सुग्रीव र विभीषण ।
हनुमान् जाम्बवान् एवं मैन्द द्विविद थे पुनः ॥
दिव्यास्त्र-बल यो देख्यौ तिमीले अहिले जुन ।
त्यो मभा भगवान् साक्षात् शिवमै छ अनुत्तम ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

ठूला भएका दिल इन्द्रतुल्यका श्रीरामले राक्षस-सैन्य त्यो सके ।
शस्त्रास्त्र छोड्दा अतिशक्तिमान् हुँदा थाक्तैन थे जो कहिल्यै, अतुल्य थे ॥
यस्ता महात्मा उनको सुकर्मले त्रैलोक्य नै दङ्ग पर्‍यो प्रभावले ।
भै तुष्ट साह्रै सब देवले तब गाए उनीको शुभ-कीर्ति-गौरव ॥

६२

इति त्रियानब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौरान्नब्बे सर्ग

राक्षसीहरूको विलाप

१

सजीलै काम ठूल्ठूला गर्न सक्ने पराक्रमी ।
रामले त्यसरी ओहो ! चमत्कार गरे अनि ॥
राक्षसेश्वरले साक्षात् पठाएका हजारन ।
हात्ती-घोडा सँगै मारे चढ्नेहरूकनै पुनः ॥
पग्लिएको सुनै जस्ता वर्णका चम्किला सफा ।
बाणले पादिए सारा त्यसको सैन्य त्यो सफा ॥
अग्निझैं तेजिला बल्दा ध्वजा-भूषित सुन्दर ।
हजारौं रथ मासे बा ! यौटैले भइ सुस्थिर ॥
इच्छानुसारका रूप धर्न सक्ने विचित्रका ।
मारे राक्षसका सेना गदा-परिघ साथका ॥
यो कुरा आफ्नु आँखैले देखी केही सुने पछि ।
आत्तिई दौडिदै भागे मर्न बाँकी भए जति ॥
लङ्काभित्र पसे सारा अ-आफ्नो घरमा गई ।
त्यो कुरा राक्षसीलाई भने झोक्रिइदै पछि ॥
नराम्रो त्यो कुरा सुन्दा देख्ता राक्षसलाइ यी ।
अब भेला भए सारा राक्षसी दुःख चर्किई ॥
पति-पुत्र तथा आफ्ना सम्बन्धी-दाजुभाइको ।
मृत्युले दुःख बढ्दा ती थाले अब विलाप्न पो ॥
हरे ! शूर्पणखा मोरी यसको मुख्य-हेतु हो ।
जुन त्यस्ती कुरूपा र ज्यादै बूढी थिई अहो ! ॥
ल्याप्पै पेट बसेको छ डर्लाग्दी छ त्यसै पनि ।
त्यो पुगीछ जनस्थान कसरी पहिले पनि ॥
कामदेव सरी साक्षात् सुकुमार सुकोमल ।
रामलाइ वहाँ त्यल्ले देखीछ कसरी तव ? ॥
सबको हित गर्छन रे महान् शक्ति हुने उनी ।
तिनैमा कामको भाव लिएकी कसरी अनि ? ॥

१३

१४

जगल्टा सब सेतै छ मोरीको शक्ति क्षीण छ ।
नाठो खेलाँउनै खोज्थी तैपनी जो अयोग्य छ ॥
दुःसाहस हरे ! कस्तो त्यसको, दुष्ट राँड हो ।
जगत्‌ले मानु पर्ने हो ज्यूँदै छे अझ, के भयो ? ॥
कहाँ ती गुणका खानी शक्तिमान् बुद्धिमान् उनी ।
कहाँ यो दुर्मुखी राँड कुरूपा दुष्ट वैगुनी ॥
यस्तो आकाश-पातालसम्मको फरकै हुँदा ।
पनि श्री रामलाई त्यो रोज्थी रे पति पार्न हा ! ॥
छाला चाउरिएका छन् फुलेकी छ मजासित ।
त्यस्तीको निम्ति श्रीराम थिएनन् योग्य वस्तुतः ॥
तैपनी वासना कस्तो राँडको रामलाइ ती ।
अशुद्ध पार्न स्पर्शैले खोजेकी कसरी हगि ? ॥
नाशको हेतु भै हाली खर-दूषणको पनि ।
हामीमा पनि यो आपत् त्यसैले पार्दिई अनि ॥
कुरा त्यै राँडको सुन्दा राजा-रावणले पनि ।
रामसाथ निकै चर्को वैर बाँधे त्यसै पनि ॥
त्यो आफ्नो वंशको एवं हामी राक्षसजातिको ।
विउ माश्नै हरे सीता राजाले, यै अयोग्य भो ॥
राजाले भेट्न सक्तैनन् सीतालाइ कसै गरे ।
तर वैर भने चर्को रामसाथ गरे गरे ॥
विराध नामको यौटा थियो राक्षस दुष्ट क्वै ।
जानकी पाँउना लागि यत्न गर्थ्यो हुरुक्क भै ॥
परन्तु रामले यौटै बाणले मार्दिए हरे ! ।
उनको शक्ति त्यै संझी ताडेनन् राक्षसेशले ॥
डर्लाग्दा कर्म गर्ने ती चौध हज्जार राक्षस ।
त्यो जनस्थानमा मारे उनैले बाणले तव ॥

२६

२७

खर दूषण थे त्यस्ता चर्कै थ्यो त्रिशिरा पनि ।
पारे भुसुक, संभ्केनन् राजाले त्यो कुरा पनि ॥
रक्तभोजी थियो अर्को जो राक्षस कबन्ध त्यो ।
एकेक योजनै लामो जसको दुइ हात थ्यो ॥
त्यस्तोलाइ पनी मारे रामले आफ्नु बाहुले ।
दृष्टान्त त्यै थियो पक्का राजा अन्धै भए हरे! ॥
भै निराश बसेका थे झोंक्राई ऋष्यमूकमा ।
सुग्रीव कपिका राजा त्यै वेला यी पुगे वहाँ ॥
दया गरी उनीलाई कपिराज्य दिए तव ।
यो सुनी बुझ्नु पर्नेथ्यो रामको शक्ति त्यो सव ॥
हुने राक्षसको श्रेय त्यस्ता धर्मार्थका कुरा ।
ती विभीषणले भन्दा खाएनन् उनले तदा ॥
त्यो कुरामात्र खाएको भए पनि मनोहरा ।
लङ्का मसान जस्ती ता हुन्नथिन् यसरी बरा! ॥
कुम्भकर्णकनै मारे उनैले यो सुने हगि? ।
रामको बल त्यो किन्तु ताडेनन् यिनले पछि ॥
अतिकाय थियो त्यस्तो इन्द्रजित् इन्द्रजित थियो ।
भाइ लक्ष्मणले मारे बुझेनन् बुद्धि बिग्रियो ॥
हरे! मेरो मर्‍यो छोरो मेरा लोग्ने अरे हरे! ।
भाइ-बन्धु मरे हाम्रा भो विचल्ली हरे! हरे!! ॥
सारा घरघरै भित्र राक्षसीका असह्य यी ।
विलाप र रुवावासी मच्चियो सुनियो पछि ॥
तिनै यसो पनी भन्थे ती शूरा रामले हरे! ।
रथ घोडा तथा हात्ती असंख्यौं सैन्य मार्दिए ॥
रामको रूप ली आए रुद्र विष्णु महेन्द्र बा ।
साक्षात काल सके तस्मात् यसरी सैन्यलाइ हा! ॥
ठूल्ठूला सैन्यका वीर मारिए तिनले अतः ।
हामी जीवनमा आफ्नो निराशै भै गयौं स्वतः ॥
हाम्रा नाथ मरेकाले भै अनाथ यसो गरी ।
नदेख्ता भयको अन्त विलाप्छौं अब हर्घडी ॥
छु भनी वर पाएको शूरिन्छन् राक्षसेश्वर ।
रामको हातले मर्छु भन्ठान्दैनन्, उड्यो सुर ॥
युद्धमा रामले बाण छोड्दा रक्षिन सक्छ को? ।
पिशाच देव गन्धर्व तुच्छ राक्षस हुन् र को? ॥

४३

४४

नाना उत्पात देखिन्छन् छैन रावणको भलो ।
यिनैले सूचना दिन्छ मर्छ श्रीरामबाट यो ॥
खुश भै बक्सिएको हो ब्रह्माले यसमा वर ।
देव-दानव साराले न सक्ने मार्न सुस्थिर ॥
यसले पनि मागेन उहाँले बक्सिएन त्यो ।
मनुष्यबाट नै मर्ने यौटा छिद्र रही रह्यो ॥
त्यही मानिस हो राम, डर भो निश्चितै छ यो ।
आफै साथ सबै हाम्रो राख्तैन विउसम्म जो ॥
बलवान् यसले आफ्नो तपस्याको प्रभावले ।
पिर्‍यो देवहरूलाई अनेकन कुकृत्यले ॥
त्यो वेला देवता सारा ब्रह्माको शरणै परे ।
विश्वरच्ने महात्मा ती सन्तुष्ट जसले भए ॥
आज्ञा भो पछि ब्रह्माले उनको हित होस् भनी ।
महत्वपूर्ण साह्रै नै गतिलो यो कुरा अनि ॥
आजदेखि बुझी राख सारा दानव 'राक्षस ।
सँधै त्रैलोक्य घुम्नेछन् भित्र बोकी' महाभय ॥
मिले त्यस पछी सारा देवता इन्द्र आदि र ।
वृषध्वज महादेव भएमा स्तुति गर्ने त ॥
उहाँलाइ खुशी पारे आज्ञा भो प्रभुले तव ।
जन्मेली एउटी नारी गर्ली तिम्रो त्यही हित ॥
पहिले देवताद्वारा सिर्जिएकी स्वयं क्षुधा ।
पसी दानवमा सारा विनाशी तिनलाइ हा! ॥
त्यही ठीक यहाँ हुन्छ त्यो स्त्री हो जानकी यही ।
त्यही रावणकैसाथ मार्छे राक्षस जत्ति यी ॥
उद्दण्ड अतिदुर्बुद्धि यस्कै अन्यायले गरी ।
हाम्रो विनाशको वेला आयो हा! उग्ररूप ली ॥
कालले हात छोड्दामा महाप्रलयकालमा ।
निस्कला कुन रोक्ने पो आयो चाल त्यही यहाँ ॥
यो राम-नामको कालबाट संकष्टबाट यो ।
हाम्रो रक्षण गर्ने को कसैमा छैन शक्ति त्यो ॥
घेरिएका डँढेलोले ढोईहरू मरे सरी ।
हाम्रो चाल हुने भो हा! रक्षा गर्ने सबै मरी ॥
विभीषण महात्मै हुन् वेलैमा त्यो कुरा गरे ।
जसबाट थियो त्रास गै उस्को शरणै परे ॥

६०

९१
थी राक्षसीले यसरी अ– आफुमा ह्याली ॲँगालो अति तीव्र दुःखमा ।
रोई कराएर विलाप जो गरे त्यो शब्द घन्क्यो अति भो अनी हरे ! ॥

इति चौरान्नब्बे सर्ग

पञ्चान्नब्बे सर्ग

राक्षसराजले मन्त्रीहरूसँग सल्लाह गरी रणभूमिमा आउँनु र आफ्नुशक्ति देखाउँनु

१

अब राक्षस—राजाले लङ्काका घर्घरै भरी ।
सुन्यो बा ! राक्षसीका ती शोकपूर्ण विलाप यी ॥
साह्रै पीर पर्‍यो भित्र लामो सास खिच्यो हरे ! ।
शोच्यो दुइ घडीसम्म ध्यानमग्न भएर ए ! ॥
त्यत्तिकैमा न राम्रै पो हुन गो क्रोध बढ्न गो ।
हेर्नै न सकिने भैगो डर्लाग्दो उग्ररूपको ॥
दाँतले ओठ टोक्यो बा ! तत्काल त्यसले अनि ।
आँखाहरू भए राता गोलकाँक्री सरी बनी ॥
तुरुन्तै देखिई हाल्यो मूर्तिमान् प्रलयाग्निझैं ।
अब को हेर्न सक्थ्यो र काँपे राक्षससम्म है ॥
हेर्दथ्यो त्यसवेला त्यो नेत्रकै तेजले सब ।
भुसुक्क पार्छझैं गर्दै ज्यादै चर्किइ वास्तव ॥
वसेका नजिकै आफ्नो केही राक्षस जो थिए ।
तिनैसाथ भन्यो त्यल्ले अस्पष्टाक्षर बीच ए ! ॥
सुन ! राक्षस हो ! जाओ महापार्श्व महोदर ।
विरूपाक्षकनै मेरो आज्ञा भन ! छिटो गर ॥
तिमीहरू सबै अैले मेरो आदेशले यही ।
बाँका सैन्य सबैलाई पठाओ लड्न हो यति ॥
सुन्दा रावणको आज्ञा डरले थर्थराँउदै ।
दौडिदै ती गए सारा शिरोपर गरी छिटै ॥
जस्ता तस्तै गरी सारा राजाज्ञा उनले भने ।
पुर्वोक्त काम गर्नामा प्रेरणा पनि थप्दिए ॥
हुन्छ ! हुन्छ !! गरी हालौं भने बा ! घोररूपका ।
उनले पनि तत्काल कसिए लड्न जान ता ॥
स्वस्तिवाचन इत्यादि गराए उनले पनि ।
लड्नको निम्ति प्रस्थान गरी हाले छिटै अनि ॥

१३

१४

सबै विजय चाहन्थे स्वामी-राक्षसराजको ।
सबै महारथी वीर थिए यी शौर्य वीर्य थ्यो ॥
गरे आदर सन्मान यिनले राक्षसेशको ।
उभिए अनि भै ठिङ्ग हात जोडी अगाडि पो ॥
रिसले झन्कियो पैले राक्षसेश उनीसित ।
हाँस्यो पछाडि साह्रै नै भै गद्गद मजासित ॥
महोदर महापार्श्व विरूपाक्षकनै अनि ।
यसरी भन्न लाग्यो त्यो निकै नै फूर्तिलो बनी ॥
लयका सूर्य हुन् जस्ता धनुका वाण यी त्यजी ।
यमको घरमै भेज्छु म आजै दुइलाइ ती ॥
प्रहस्त-इन्द्रजित्को र खरको कुम्भकर्णको ।
आज साटो म फेर्नेछु शत्रु मारेर वीर हो ! ॥
यो मेरो बाण वर्षाले ढाकिएका धरा दिशा ।
आकाश सिन्धु देखिन्नन् केही पनि बुझ्यौ ' कुरा ॥
छोडी प्वाँख भएका यी बाणका जाल आज म ।
प्रधान कपिका यूथ वेग्लावेग्लै विनाश्छु म ॥
चढी रथ हवा जस्तो धनु सागरबाट यो ।
उठेको छालले मथ्छु कपि सैन्य गई म त्यो ॥
पद्मका केसरै जस्तो कान्तिका कपि-यूथ त्यो ।
ठूलो तलाउ जस्तै छ मुख पद्म समान हो ! ॥
त्यसैलाइ हुँडोलेर हात्ती सरि भएर म ।
त्यो सरोवर सम्पूर्ण मथीछाड्छु पुनः पुनः ॥
विझेका मुखमा बाण पद्मझैं नाल साथका ।
उनका मुखले होला पूर्ण युद्धस्थलै तदा ॥
छुटेका धनुले आफ्ना तीखा एकेक बाणले ।
ढुङ्गा-मूढा लिई लड्ने शयौं ती कपि मार्छु ए ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

जसका भाइ-छोरा र मारिए उनका पति ।
म पुछ्छु तिनको आँसु मारेर कपि शत्रु ती ॥
बाण थी लाग्न गै मेरा पसारो पर्न गै लडी ।
मर्ने ती कपिले ढाक्वा न देख्ने पार्छु यी क्षिति ॥
शरले मारिएका ती शत्रुका मासु सुम्पिई ।
मांसाशी काक-गृद्धादि तृप्त पार्दछु हर्षिई ॥
मेरो रथ ल ठिक् पार धनु ल्याओ छिटो गरी ।
हिंड बांकी भए जत्ति निशाचर वरीपरी ॥
अब भन्छ महापार्श्व आज्ञा यस्तो सुने पछि ।
सेनापतिकनै चाँडो सैन्य ठिक् पार् भनी यति ॥
सेनापति पनी दौडे लङ्काका घर्घरै तव ।
जम्बा पारे भए जत्ति वीर राक्षस सैनिक ॥
हथियारहरू नाना बोकेका उग्ररूपका ।
घोर्मुखा राक्षसै निस्के लड्नमा कसिई तदा ॥
गदा पट्टिश शूलादि हलो मुसल खड्ग र ।
धारिला शक्तिका साथै बोके बा ! कूट मुद्गर ॥
ठूल्ठूला चक्र-यष्ट्यादि शतघ्नी भिन्दिपाल र ।
बञ्चरा पनि भुण्याए चाहिने वस्तु सर्सर ॥
सेनापति गए दौड्दै राजाज्ञा पाउँदा यता ।
लाखभन्दा बढी केही ल्यायो सैन्य छिटै तदा ॥
हात्ती लाख तिनै ल्यायो घोडा साठी करोड र ।
गधा ऊँट पनी त्यत्ति असंख्यौं वीर पैदल ॥
हुँदा आदेश राजाको आए यी त्यसको अघि ।
यसरी काम देखाए ती सेनाध्यक्षले पछि ॥
यसैबीच यतापट्टि त्यस्को सारथिले पनि ।
विशाल रथ ल्याएर अघि राखि दियो अनि ॥
अनेकौं गहनाद्वारा सजाएको थियो रथ ।
वेस दिव्यास्त्र राखेका थिए भित्रभने तव ॥
हतियार थिए नाना त्यसमा अति दिव्य थ्यो ।
सुनका क्षुद्र-घण्टीले शोभिन्थ्यो झन्न बज्दथ्यो ॥
थिए बा ! रत्नकै खामा जडिएका थिए मणि ।
हजारौं सुनका थैला राखिएका थिए वहीं ॥
यस्तो राक्षस-राजाको रथ देखे पछि सब ।
जिल्लिए बा ! त्यसै नै ती प्रतापैले पनी तव ॥

४३

४४

देख्ता त्यो रथ ल्याएको उठ्यो तत्क्षण रावण ।
दौड्दै गइ चढी हाल्यो हड्बडाई निकै पुनः ॥
करोडौं सूर्यकै जस्तो रथको तेज झल्झल ।
झल्कन्थ्यो अग्निको राँको जस्तै थ्यो दिव्य निर्मल ॥
जोतेका त्यसमा घोडा आठोटा फूर्तिला थिए ।
बल्थ्यो धप्धप त्यो आफैं थियो सारथि भित्र ए! ॥
अब सारथिले हाँक्यो भित्र स्वामी चढे पछि ।
धेरै राक्षस-साराले दौड्दै दौड्दै गए पछि ॥
बल वीर्य हुँदा ज्यादा यसरी राक्षसेश्वर ।
चिर्छझैं पृथ्वी सारा गरी अघि बढ्यो तव ॥
मृदङ्ग शङ्ख पटह आदि बाजा बजे अनि ।
यै महान् नाद गुञ्ज्यो बा ! मिल्यो राक्षसको ध्वनि ॥
सीता हर्ने दुराचारी मार्ने ब्राह्मण दुष्कर ।
सम्पूर्ण देवको शत्रु उग्र पापी सुदुर्धर ॥
छाता चँवर हल्लाई सुशोभित भइ निकै ।
आयो राक्षसको राजा लड्न श्रीरामसाथ है! ॥
यस्ता प्रकारको चर्को बढ्दो अन्योन्यको ध्वनि ।
सँग्रामस्थलमा फैल्यो सुनियो स्पष्ट भै अनि ॥
चर्केको ध्वानले यस्तो काँपिन् बा ! पृथ्वी सब ।
भागाभाग पऱ्यो सुन्दा भालू वानरमा तव ॥
युद्ध यो जित्नको निम्ति तेजस्वी राक्षसेश्वर ।
मन्त्रीहरू लिई आयो घेरिई भइ दुर्धर ॥
पाई रावणको आज्ञा महापार्श्व महोदर ।
विरूपाक्ष पनी आफ्नो रथबीच चढे तव ॥
लिएर जीतको इच्छा चिर्छन् भूमि सरी गरी ।
आए यी दङ्ग पर्दै बा ! गर्जी गर्जी घरी घरी ॥
लयको काल हो जस्तो यमझैं राक्षसेश्वर ।
दौड्यो धनु उठाएर लिइ राक्षस दुर्धर ॥
दौड्ने घोडा जुताएको रथले फूर्तिलो भई ।
निस्के त्यै द्वारले बस्थे जहाँ दाजु र भाइ यी ॥
अकस्मात् सूर्यको कान्ति भयो मलिन तत्क्षण ।
बढ्यो दशदिशा ढाक्यो अँध्यारो फैलिईकन ॥
न राम्रो शब्दमा बोले डर्लाग्दा रूपली घरा ।
राक्षसेश्वरको त्रास बढदा काँपिन् धरा वरा! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

भयो वा ! रक्तकै वर्षा कड्के बादल तत्क्षण ।
त्यसका रथका घोडा लर्खराए पुनः पुनः ॥
ध्वजामा रथको त्यस्कौ आई गिद्ध बस्यो तव ।
बोले अमङ्गलै बोली श्यालिनीहरूले सब ॥
फुऱ्यो फरर भै आँखा त्यसको वामभागको ।
बाँया हात पनी काँप्यो अकस्मात् राक्षसेशको ॥
त्यसका मुखको कान्ति त्यसै मलिन भै गयो ।
बोली लर्खरिने भैगो आयो भिन्नत्वमा अहो ! ॥
निस्कदा युद्धको निम्ति त्यो राजा दशकण्ठके ।
मृत्युको सूचना गर्ने यस्ता लक्षण उब्जिए ॥
आकाशबाट तत्काल उल्कापात भयो त्यहाँ ।
निस्क्यो चस्र्याङ् परे जस्तो उग्र शब्द जहाँ तहाँ ॥
मिली कौवाहरू साथ अमङ्गल-स्वरूपका ।
लागे गिद्धहरू बोल्न न राम्रै शब्द सम्म हा ! ॥

६७

६८

यी अमङ्गल उत्पात हुँदा देखे पनी सब ।
धकेल्दा कालले राजा शत्रुजित्न गयो तव ॥
रथका शब्दको साथै शूरा राक्षसको तथा ।
भालू-वानरको सैन्य लड्नमै तम्सियो तदा ॥
झोक्किई जय-इच्छाली हाँक अन्योन्यमा दिई ।
कपि राक्षस यी लागे अब लड्न कडै भई ॥
चर्का चर्की परी हाल्यो यता रावणले पनि ।
सुवर्ण भूषितै आफ्नो उठायो धनु त्यो अनि ॥
छोड्दियो बाणको पर्रा भालू-वानर-सैन्यमा ।
मार काट मचायो वा ! हाहाकार पऱ्यो वहाँ ॥
काट्दियो शिर धेरैको कैयौंको छाति छेड्दियो ।
कान नाकै उडायो हा ! कैयौंको उग्र झोक्कियो ॥
अय्या ! आत्थू ! पनी भन्नै न सक्ने गरि कत्ति ता ।
मारिए वीरले ओहों ! कैयौं वानर ऋक्ष ता ॥

७४

भाँच्दियो हाडखोरै पो कैयौंको त्यसले वहाँ ।
फोर्दियो शिर आँखा नै चौपट्टै हुन गो जहाँ ॥
पल्टाइ आँखा रथमा चढेर पुग्थ्यो जहाँ बाण त्यजेर त्यस्तो ।
त्यहाँ त्यहाँका कपियूथ-स्वामी सक्तैनथे खप्न प्रहार त्यस्को ॥

७६

इति पञ्चान्नब्बे सर्ग

छयान्नब्बे सर्ग

वानरराज सुग्रीवद्वारा राक्षस–सैन्य संहार र विरूपाक्षको वध

१

तीखा बाण त्यजी आफ्ना यसरी राक्षसेशले ।
अङ्ग भङ्ग बनायो हा ! भालू–वानरलाइ ए ! ॥
पसारो नै परे सारा यिनैले रणभूमि त्यो ।
तत्काल ढाकिई हाल्यो न राखी शेष क्यै कुरो ॥
सकेनन् उनले खप्न त्यसका बाण–वेग त्यो ।
पुतलीहरू सक्तैनन् आगो छोएर बाँच्न जो ॥
तीखा बाण गई बिभ्दा वीर राक्षस–राजका ।
भए पीडित साह्रै नै भागे वानर–ऋक्ष ता ॥
डँढेलो आइ घेर्दामा राँकोले छोइयो भने ।
भाग्छन् हात्तीहरू जस्तो भए त्यै ठीकका हुने ॥
हावाले मेघ नाशेझैं ती तीखा बाण–वृष्टिले ।
भालू–वानर मासेर त्यो घुम्थ्यो अब फूर्तिले ॥
कपि–सैन्य सकी वीर राक्षसेश्वर रावण ।
रामभद्र भए तर्फ आयो बा ! लड्न तत्क्षण ॥
अब सुग्रीवको आँखा यतैतिर परी गयो ।
भाग्थ्यो रावणले खेद्दा सैन्य वानर—ऋक्षको ॥
भागेको सैन्य त्यो रोक्न थाम्न त्यो रणभूमिमा ।
दिए सुषेणमा आज्ञा उनले छिनमै वहाँ ॥
कसिए कपिका राजा वीर सुग्रीव वास्तव ।
अब त्यो युद्धमा लड्न आफैं अघि बढी तव ॥
मै जस्ता वीर छन् शूरा यी सुषेण भनी गमी ।
उनले काम त्यो सुम्पे तिनमा त्यसरी अनि ॥
उखेले ग्वाट्ट क्वै यौटा विशाल रूख भूमिको ।
अब बोकी त्यसैलाई गए यी अघि शत्रुको ॥
कपिका यूथका स्वामी अरु वानरले पनि ।
ढुङ्गा मूढा लिई हाले हिंडे पछि पछी अनि ॥

१३

१४

गै युद्धस्थलमा पैले राजा सुग्रीव गर्जिए ।
उखेल्ने लयमा वृक्ष हवा ठीक उनी भए ॥
विशाल–देहका राजा नाना आकार–देहका ।
दुष्ट राक्षसलाई ती मार्स्तै दौडे जतातता ॥
जस्तो पक्षीहरू माथि असिना हान्छ मेघले ।
त्यै ठीक यिनले हाने ढुङ्गा राक्षसमाथि ए ! ॥
लाग्दा सुग्रीवका ढुङ्गा त्यस्ता राक्षसका शिर ।
लड्थे पैह्रो गए जस्तै देहबाट निरन्तर ॥
यसरी नाशिए जस्तै भए राक्षस–सैन्य ती ।
भाग्न लाग्दा सबै एवं गर्जिदा कपि ऋक्ष यी ॥
विरूपाक्ष उठ्यो कुर्ल्यो भै असह्य स्वयं तव ।
आफ्नु नाम सुनायो र उठायो धनु वास्तव ॥
आँट्न गाह्रै थियो वीर उफ्रियो रथबाट र ।
चढ्यो फुत्त गई यौटा हात्तीको पीठमा तव ॥
चढेर त्यस हात्तीमा गर्जियो जोडले पछि ।
भालू–वानरलाई ती अकस्मात् झम्टियो बढी ॥
त्यसले कपिराजामा शरवृष्टि गर्‍यो निकै ।
सैन्यको वीचमा पस्तै रोक्यो वा ! भगुवा सबै ॥
यता सुग्रीवले यौटा उखेले रूख च्वाट्ट र ।
त्यसैले ठोकिदए त्यस्को हत्तीलाई भई स्थिर ॥
ढुन्मुनायो निकै हात्ती चार हात पछी हट्यो ।
बस्यो थचक्क पीडाले करायो ड्वाँ ! गरी अहो ! ॥
विरूपाक्ष थियो वीर घाइते गज छोड्दियो ।
तलवार तथा ढाल बोकी शत्रुतिरै बढ्यो ॥
त्यहीं सुग्रीव थे ठिङ्ग गाली गर्दै उनीकन ।
झन्टिदै अघिनै आयो झोकिदै रिसले पुनः ॥

२६

२७

कालो टुक्का लिए यौटा अब सुग्रीवले पनि ।
छोडे ताकी त्यसैमाथि लाग्यो वज्रिन त्यो अनि ॥
त्यो देखेर विरूपाक्ष छुट्यो पर छलीदियो ।
तलवार उठाएर सुग्रीवकन हान्दियो ॥
प्रहार त्यसको लाग्दा अब वानरराज ता ।
लडे तत्कालमा डङ्ग भैँमै मूर्छा परेर हा !॥
उठे तत्क्षणमै किन्तु उफ्रिएर त्यहीं पुगी ।
छातीमा त्यसको हाने मुक्कैले जोडले पछि ॥
लाग्दामा त्यसरी मुक्का झोक्कियो झन् निशाचर ।
तलवार चलाएर कवचै फोर्दियो तब ॥
त्यत्तिले न पुगी फेरि ठोक्दियो लातले पनि ।
पर्‍यो भित्र निकै सर्का कपिराज उठे अनि ॥
लपेटा अब उब्जाए वज्र जस्तै कठोरको ।
हान्न खोज्दा छल्यो किन्तु त्यो विरूपाक्ष चङ्ख भो ॥

३३

३४

अनि यस्तै अवस्थामा मुक्काले त्यसले पनि ।
हान्यो वानर—राजामा झोक्किए बहुतै उनी ॥
छलेको त्यसरी देख्ता मुक्का लाग्न न पाउँदा ।
मौका हेर्न उनी लागे हान्नमा त्यसलाइ ता ॥
छिद्र पाएर तत्काल त्यसको भाल-देशमा ।
यौटा मुक्का कसे ओहो ! क्रोधले जङ्गिदै वहाँ ॥
इन्द्रको वज्र जस्तै थ्यो यो मुक्का कपिराजको ।
लाग्यो गइ मजासाथ जोडले वज्रिदै अहो !॥
झरना झर्छ डाँडाको जसरी ठीक त्यै सरी ।
त्यहींबाट झर्‍यो खोला रक्तको अब वेसरी ॥
पल्टिए दुइटै आँखा ह्वाल्ह्वाल्ती फींज रक्तकै ।
मुखबाट पनी छाद्यो विरूपाक्ष मर्‍यो त्यसै ॥
विरूपाक्षै भएकोथ्यो रगताम्य थियो यता ।
घुम्दैथे क्रोधले आँखा छट्पटाउदथ्यो उता ॥

४०

४१

मरें बावा ! मरें बावा ! भन्दैथ्यो अफ दुष्टता ।
देखे यस्तै अवस्थाको त्यल्लाइ कपिले तदा ॥
नाघेर सीमा बहने समुद्र हुन् ठीकका यी दुइ सैन्य यस्ता ।
अन्योन्यमा क्रुद्ध भई जुधेर लडे कराई भइ उग्र त्यस्ता ॥
देखी मरेको कपिराज द्वारा त्यस्तो विरूपाक्ष विना सहारा ।
भए सबै वानर दङ्ग किन्तु बने यता राक्षस इन्तु-चिन्तु ॥
भेला भए आपसबीच सारा दुवैथरीका सब वीर वीर ।
महानदीको जलझैं भए यी सुखी र दुःखी लिइ हर्ष पीर ॥

४४

इति छयान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तानब्बे सर्ग

सुग्रीवद्वारा महोदरको वध

१

महासंग्राममा त्यस्तो सैन्य ती दुइ पक्षका ।
मारकाट अ-आफैंमा गर्दैथे झोक्किदै तदा ॥
बढे ग्रीष्मर्तुमा गर्मी ठूलठूला दहको जल ।
कसरी घट्छ त्यै ठीक घटे यी दुइकै बल ॥
विरूपाक्ष यता मर्दा सैन्य नाशिइदा निकै ।
अब राक्षस-राजाको बढ्यो क्रोध असह्य भै ॥
घटेका सैन्य देख्ता र शोच्ता वानरको जय ।
दैव उल्टो भयो भन्ने संभयो रावणले तब ॥
महोदर महामन्त्री नजीकै त्यसको थियो ।
भन्न लाग्यो त्यसै साथ अब राक्षसराज त्यो ॥
महोदर महाबाहो! सुन् त जस्तो भए पनि ।
तँमै छ जीतको आशा मेरो एक अझै पनि ॥
बल वीर्य तँ गै आफ्नो अब देखा भए जति ।
सक् सबै शत्रु-सेनाका भलू कपि भए जति ॥
अहिलेसम्म स्वामीको खाएका अन्नको ऋण ।
गुणले तिर् तँ जा बाबै !लड् राम्रो हो त निर्ऋण ॥
भन्दा रावणले यत्ति त्यो महोदरले पनि ।
जो आज्ञा ! म त्यसै गर्छु भनी हाल्यो छिटै अनि ॥
थियो राक्षसको स्वामी यो पनी हिंडिगो तब ।
पुतली मर्न आगामा हुत्तिएर गए ठिक ॥
आज्ञाले आफ्नु स्वामीको तेजस्वी त्यसले पनि ।
वीर्यले कपिको सैन्य नाशन थाल्यो वहाँ पनि ॥
भालू-वानर त्यस्तै थे शूरा र बलवान् अति ।
के छोड्थे र त्यसै ठोके ढुङ्गा-मूढा गरी पछि ॥
शत्रुको सैन्यमा स्वात्तै पसे भित्र मजासित ।
ठोके राक्षसलाई यी मार्न थाले रिसैसित ॥

१३

१४

त्यो महोदर क्रुद्धै थ्यो स्वर्णभूषित बाणले ।
युद्धमा हात खुट्टा नै माशिदियो तिनको हरे ! ॥
पिट्ता राक्षसले भागे सारा कपि दशै दिशा ।
आए वानर-राजाको शरणैमा कुनै तदा ॥
कपिको सैन्य भागेको देख्ता समरमा अब ।
आए महोदरै साथ लड्न सुग्रीव नै तब ॥
उठाए पर्वतै जस्तो यौटा ढुङ्गा अनी त्यही ।
छोड्दिए कपिराजाले मार्न त्यल्लाइ नै पछि ॥
आफैमा लाग्न आएमा त्यसले त्यसलाइ हा ! ।
तीखा बाण झिकी हान्यो त्यसै नाशिदियो तदा ॥
खसेझैं गिद्धको हूल हजारौं खण्ड खण्ड भै ।
भूमिबीच खस्यो ढुङ्गा लाग्दा ती बाण सर्र गै ॥
ढुङ्गा धूलो भयो देखे जब सुग्रीवले यहाँ ।
चढी गो क्रोध अत्यन्त उनमा तब युद्धमा ॥
उखेले सालको यौटा महान् वृक्ष मजैसित ।
त्यसैको टाउको ताकी छोडे सुग्रीवले तब ॥
महोदर थियो शूरो शत्रुको सैन्य मास्तथ्यो ।
छोड्यो बा ! बाणका पर्रा रुख त्यो पनि काट्दियो ॥
गरी त्यत्ति झिक्यो अर्को यौटा बाण र छोड्दियो ।
कपिराजकनै त्यल्ले घाइते पनि पार्दियो ॥
झोक्केका कपिराजाले देखे परिघ एउटा ।
यै वेला भूमिमा जो यो फ्याँकिएको थियो तदा ॥
त्यसैलाइ टिपे ट्याप्प घुमाए जोडले अनि ।
त्यस्का घोडाकनै हाने मार्दिए ती सबै पनि ॥
घोडा मरे पछी ओर्ल्यो बुद्रुक्कै रथबाट रे ।
यौटा ठूलो गदा बोक्यो कुर्लियो त्यो महोदर ॥

२६

२७

गदा परिघ बोकेका दुइ वीर जुधे तव ।
विजुली साथका मेघ हुन् जस्ता दुइटा वृष ॥
अव राक्षस झोक्यो बा ! तेजिलो हातको गदा ।
सुग्रीवमाथि डङ्ग्रङ्ङै फेंक्दियो जोडले तदा ॥
देखी वज्रिन लागेको डर्लाग्दो त्यो गदाकन ।
आफ्नो परिघले रोके वीर सुग्रीवले पुनः ॥
गदा परिघ आफैमा जुधे अव वहाँ पनि ।
तर चूर्ण भए दोटै अ-आफ्नै जोडले अनि ॥
थियो फलामको यौटा महान् मुसल भूमिमा ।
त्यसैलाई टिपे टयाप्प अव सुग्रीवले वहाँ ॥
हाने महोदरैमाथि त्यसैले उनले तदा ।
त्यसले पनि छोड्यो बा ! यिनमाथि त्यही गदा ॥
गदा मुसल यी दोटै अव आपसमा जुधे ।
जुद्धाजुद्धै भई टुक्रा भाँच्चिए भूमिमा खसे ॥
दुवै वीर थिए तेजी बल-सम्पन्न थे दुवै ।
देखिन्थे अग्निका राँका जस्तै यी अति उग्र भै ॥
हथियार अ-आफ्नो त्यो भाँच्चिएमा दुवै यिनी ।
मुक्का मुक्की गरी थाले लड्न झन् झोंक्किँदै अनि ॥
गर्जन्थे यी दुवै वीर मुक्का हान्थे निरन्तर ।
कैले थप्पडले हान्थे लड्दथे भइ अस्थिर ॥
तुरुन्तै उठ्तथे फेरि उफ्री उफ्री अ-आफुमा ।
हान्दथे जोडले फेरि हार मान्दैनथे वहाँ ॥
यी दुवैले दुवैलाई जोडले जोशले पनि ।
हान्थे थप्पड मुक्काले थाके ना ! दुइटै अनि ॥

३८

३९

तलवार थियो ढाल साथैको नजिकै तव ।
त्यसैलाइ टिप्यो ट्याप्प त्यो महोदरले अव ॥
वेगशाली कपिश्रेष्ठ वीर सुग्रीवले पनि ।
क्वै ढालै साथको खड्ग उठाए भत्पट्ट गै अनि ॥
महोदर र सुग्रीव यी दुवै युद्धभूमिमा ।
त्यही शस्त्र उठाएर कसिए लड्न झोकमा ॥
दुवै खुश भएका थे गर्जन्थे जोड-जोडले ।
जान्दथे राम्ररी लड्न दुइटै छिद्र खोज्दथे ॥
दाँया वाँया दुवैपट्टि पुग्दथे वीर यी दुवै ।
प्रहार छोड्नको निम्ति मौका खोज्थे वहाँ दुवै ॥
आफ्नु नै जय होस् भन्ने ठान्दथे दुइटै पुनः ।
निकै क्रुद्ध भएकाथे भिडिए यसरी जुन ॥
हातको त्यो महान् खड्ग त्यो महोदरले अव ।
ताकी सुग्रीवको छाती छोड्दियो जोडले तव ॥
छातीमै टाँसियो खड्ग तान्न लाग्यो महोदर ।
यै वेला कपिराजाले मौका पाए मनोहर ॥
हातको खड्गले आफ्नो त्यो किरीट र कुण्डल ।
साथैका टाउको त्यसको च्वाट्टै पारिदिए तव ॥
त्यो महोदर पृथ्वीमा लड्यो डङ्ग्रङ्ग भै अव ।
त्यसका राक्षसी सेना देखिएनन् कुनै तव ॥
त्यल्लाइ त्यसरी मारी गर्जिए कपिराज यी ।
भालू वानर साराले दिए साथ त्यसै घरी ॥
यो देखे पछि अत्यन्तै झोक्कियो फेरि रावण ।
यता दङ्ग परे राम जुन थे रघुनन्दन ॥

५०

५१

मुढ राक्षसको काँप्यो भए झोकाउने सव ।
भागाभाग परी हाल्यो भागे दशदिशा तव ॥
पहाडको भाग समान देहको मारेर त्यल्लाई कपीन्द्र यी अहो ! ।
भए जयश्री भइ साथ शोभित श्रीसूर्य जस्तै निज रश्मिले स्वतः ॥
यसरि समरमा मिली जयश्री अतिशय शोभित भै गए स्वयं ती ।
भइ खुश तलका जनादिले र सुरहरूले पनि हेरिए झुकेर ॥

५२

इति सन्तान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अन्ठान्नब्बे सर्ग

युवराज अङ्गदद्वारा राक्षसवीर महापार्श्वको वध

१

वीर सुग्रीवले मार्दा यो महोदरलाइ ता ।
उनीतिर यसो हेर्‍यो त्यो महापार्श्वले तदा ॥
त्यसका दुइटै आँखा क्रोधले लाल लाल भो ।
छोड्दियो बाणको पर्रा सैन्यमा युवराजको ॥
शिर पो काट्न थाल्यो हा ! कपिमा मुख्य मुख्यको ।
डाँठबाट फलै झार्ने वायु ठीक भयो अहो ! ॥
बाणले काट्दियो हातै कसैको त्यसले तव ।
कोखै फुटाल्दियो ओहो ! कसैको झोक्किई अब ॥
त्यो महापार्श्वको बाण-वृष्टिले भइ पीडित ।
भागे वानर ता धेरै निकै मूर्च्छै परे तव ॥
पिर्दामा त्यसले ज्यादै अब अङ्गद झोक्किए ।
पुर्णेमा सिन्धु उर्लेझैं आफ्नो वेग-बलै झिके ॥
सूर्यको रश्मिझैं तेजी यौटा परिघ लोहको ।
लिएर उनले हाने थाप्लोमा त्यस दुष्टको ॥
लाग्दा मूर्च्छै परी हाल्यो आफ्नो सारथि साथमै ।
रथबाट खस्यो डङ्ग लड्यो बा ! तल भूमिमै ॥
यै वेला कुर्लिंदै आए जाम्बवान् ऋक्षराज जो ।
थिए अङ्गारझैं काला अद्भुतै बलवान् अहो ! ॥
होझैं पर्वतकै खण्ड ठूलो ढुङ्गा लिईकन ।
मार्दिए त्यसका घोडा रथ भाँचिदिए पुनः ॥
बलवान् त्यो महापार्श्व ब्यूझयो दुइ घडी पछि ।
बाणले घाइते पार्‍यो वीर अङ्गदलाइ यी ॥
छातीमा जाम्बवान्लाई ठोक्दिए तीन बाण हा ! ।
गवाक्षलाइ धेरै नै बाणले पार्दियो छिया ॥
गवाक्ष-जाम्बवान्लाई देख्ता पीडित बाणले ।
वीर अङ्गद भै क्रुद्ध महान् परिघ नै लिए ॥

१३

१४

त्यसलाइ घुमाए वा ! दुइटै बाहुले अनि ।
छोड्दिए जोडले सार्न गयो त्यो सूर्यझैं बनी ॥
हातका बाणकै साथ धनु टोपी दुवै कुरा ।
उडायो त्यसको ओहो ! यही परिघले तदा ।
त्यसको नजिकै दौड्दै गए अङ्गद यी अनि ।
एक थप्पड हाने बा ! कञ्चटैमा वहाँ पनि ॥
झोक्कियो त्यो महापार्श्व उठाए एक हातले ।
एउटा बञ्चरो ठूलो वेगशाली थियो हरे ! ॥
तेल-सेल लगाएर टल्काएको थियो अघि ।
यसलाइ थियो फेरि इस्पातैको सफा उति ॥
झोक्किई क्रोधले ताकी वीर यी वालिपुत्रको ।
शिर फुट्ने गरी छोड्यो त्यो महापार्श्वले अहो ! ॥
परन्तु गइ त्यो लाग्यो उनको बाम काँधमा ।
त्यसमा उनले फेरि छल्दिए व्यर्थ गो जहाँ ॥
अब झन् यी रिसाए वा थिए जो बाबुझैं बली ।
वज्र जस्तो कसे मुक्का वहाँ यत्ति भए पछि ॥
यिनले मर्म जानेका त्यसको स्तनबीचमा ।
त्यो मुक्का जोडले हाने वज्र जस्तै भयो वहाँ ॥
मुक्का गै बीच छातीमा बज्रिदा दुष्ट राक्षस ।
मर्‍यो छाती फुटी फट्टै लड्यो डङ्ग्रङ्ग भै तल ॥
त्यो मरी तल लड्दामा काँप्यो राक्षस-सैन्य त्यो ।
रहेन क्रोधको सीमा अब राक्षसराजको ॥
सिंहनाद गरी गर्जे भालू वानर दङ्ग भै ।
लङ्काका द्वार अट्टाली गरी फोर्छन्कि झैं सबै ॥
इन्द्रै सहितका सारा देवता गर्जिए सरि ।
गुञ्ज्यो अङ्गद साथैका कपिको शब्द वेसरी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

द्यौता तथा वानरले गरेको त्यो शब्द सुन्दा रणबीच त्यस्तो ।
झन् झोकियो रावण लड्न आफैं अगाडि आयो अब उत्सुकी भै ॥

इति अन्ठान्नब्बे सर्ग

उनान्सयौँ सर्ग

श्रीरामको र रावणको युद्ध–प्रारम्भ

१

बलवान् त्यो विरूपाक्ष मारिएको थियो जसै ।
महोदर महापार्श्व यी दुवै मारिए त्यसै ।।
अब संग्राममा देख्ता आफैँले सब वास्तव ।
वीर राक्षस–राजामा असह्यै हुन गो तव ।।
त्यल्ले सारथिमा तस्मात् बढा रथ अवी भन्यो ।
अनि बौलाँउदै लाग्यो भन्न राक्षस-वीर त्यो ।।
के बुझिस् ? सूत ! ती मेरा वीर मन्त्री मरे हगि ? ।
लङ्का चारतिरैबाट घेरिएकी छ फेरि यो ! ।।
मलाई दुःख लाग्दोछ यै कुराको बुझिस् कुरो ? ।
राम-लक्ष्मण यी मारी अब मास्तछु दुःख त्यो ।।
म रणस्थलमा आजै के बुझिस् ? रामरूपको ।
वृक्षलाइ उखेलेर फ्याँक्दिन्छु अतिदूर त्यो ।।
जो सीतारूपको फूल फुलाई त्यसको फल ।
दिनेछ, जसका शाखा—प्रशाखा छन् सुनिर्मल ।।
के बुझिस् त ? यिनै हुन् ती ढेडू सुग्रीव एक हो ।
जाम्बवान् हनुमान् अर्को नल द्विविद नील हो ।।
मैन्द अङ्गद कुमुद सुषेण गन्धमादन ।
अरु वानरका स्वामीहरू छन् सक्छु गैकन ।।
महारथी महावीर त्यो रावण भनी यति ।
चढेर रथ दौड्दै गो दिशा गुञ्जाँउदै पछि ।।
रथको शब्दले चर्को नदी पर्वत जङ्गल ।
सा थकी पृथिवी काँपिन् डराए वा ! चरातक ।।
वीर राक्षसको राजा बढ्दैजाँदा यसो गरी ।
पुग्यो राम भए ठाम तर्खराएर सर्सरी ।।
त्यसले अब तत्काल झिक्यो तामस नामको ।
डर्लाग्दो अस्त्र क्यै यौटा चढायो धनुमा अहो ! ।।

१३

१४

छोड्दियो वा ! त्यसैलाई भालू · वानरलाइ ती ।
भुसुक्क पार्न नै लाग्यो लडे हा ! डङ्ग डङ्ग ती ।।
अब धूलो उठ्यो ठूलो भाग्दा लड्दा वहाँ कपि ।
सकेनन् सहनैलाई ब्रह्म निर्मित अस्त्र ती ।।
वीर राक्षस—राजाको वेस उत्तम बाणले ।
भागाभाग गरी हाले सवले भइ घाइते ।।
त्यो रणस्थलमा यस्तो देख्तामा अब राम यी ।
स्थिर धीर भई ठिङ्ग उभिए वेस बाण ली ।।
यता रावणले देख्यो इन्द्र भाइ उपेन्द्रको ।
बसेझैं साथ श्रीराम बस्छन् लक्ष्मण साथ यो ।।
विशाल धनु त्यो आफ्नो उठाएर अकाशमा ।
रेखा खिंच्छन् सरी देखा पर्थे जो युद्धभूमिमा ।।
उनका नेत्र फक्रेका पद्मका दल ठीक छन् ।
ल—लामा छन् दुवै बाहु शत्रुनाशन समर्थ छन् ।।
अब लक्ष्मण साथैका तेजस्वी र महाबली ।
श्रीरामले पनी देखे भागेका कपिलाइ ती ।।
आफ्नै अघि बढी सर्र आँउथ्यो राक्षसेश्वर ।
अनि राम भए दङ्ग समाते बीचमा धनु ।।
झिक्न सक्थ्यो महान् नाद विशाल धनु त्यो अतः ।
त्यसैलाइ समातेर लागे टङ्कार्न वस्तुतः ।।
निस्कियो त्यसको शब्द पृथिवी चिर्छझैं गरी ।
भकाभक लडे जल्ले शयौं राक्षस—वीर ती ।।
रामले धनु टङ्कार्दा छोड्दा रावणले सर ।
निस्केको शब्दले पार्‍यों यस्तो स्थिति निरन्तर ।।
ती दुवै दाजु-भाईका बाणको मार्गमा परी ।
वीर रावणको शोभा भो अनौठो यसै घडी ।।

२६

२७
सूर्य-चन्द्र दुवैको यी पर्दामा अघि वास्तव ।
राहुको हुन्छ जो चाला त्यही ठीक भयो तव ॥
छाडी तीखा निजी बाण त्यस रावण साथमा ।
अगाडि लड्न खोज्दैथे भाइ-लक्ष्मण नै वहाँ ॥
उठाए उनले तस्मात् आफ्नो धनु र सर्सर ।
छोड्दिए बाणका पर्रा, ज्वालाझैँ अग्निका स्थिर ॥
यता आकाशमा पुग्दा न पुग्दै उनका शर ।
तेजस्वी त्यसले ओहो ! काट्दियो छोड्दिई शर ॥
सफाई हातको आफ्नो देखाई त्यसले अब ।
काट्यो लक्ष्मणको बाण यौटैले एउटा तव ॥
तिनोटा बाण छोडेमा तीनै छोड्थ्यो र काट्तथ्यो ।
दशोटा उनले छोड्दा दशै छोडेर नाश्तथ्यो ।
लड्न लक्ष्मणको साथ छोड्दिएर त्यसै अब ।
दोस्रो डाँडो बनी बस्ने रामतर्फ बढ्यो तव ॥
पुगी अब वहाँ पार्‍यो र—राता नेत्र क्रोधले ।
छोड्दियो बाणको पर्रा ताकी श्रीरामलाइ ए ! ॥
त्यसका धनुले छुट्ने बाणमा आफ्नु दृष्टि दी ।
उठाए रामले भाला अनेकौं भै छिटो अति ॥
चलाएर तिनै तीखा भाला चट्चट बाण ती ।
जो थिए विष ओकल्ने सर्पझैँ नाशिदए पछि ॥
अब श्रीरामले पारे लक्ष्य रावणलाइ ता ।
यता रावणले पार्‍यो लक्ष्य श्रीरामलाइ हा ! ॥
यसरी यी दुवै वीर लडे अन्योन्यमा वहाँ ।
यौटाको लक्ष्य भो अर्को तीखा बाण चले जहाँ ॥
राम रावण यी दाँया-बाँयातिर घुमीघुमी ।
बाण छोड्थे अ—आफैँमा निकै वेर वित्यो अनि ॥
हगेनन् यी दुवै वीर हार्‍यो थाक्यो न ता कुनै ।
यिनको युद्ध त्यो देख्ता डराए सब व्यक्ति नै ॥
एकैपल्ट दुवै जुध्थे बाण छोड्थे दनादन ।
राम रावण देखिन्थे हुन्झैँ काल तथा यम ॥
वर्षामा बिजुली साथ ढाक्छ आकाश मेघले ।
यिनका बाणले ढाक्यो त्यस्तै आकाशलाइ ए ? ॥
जडेका गिद्धका प्वाँख धारिला वेगिला बडो ।
वर्षँदा शर आकाश आँखीझ्याल हुने भयो ॥
४३

४४
ठूल्ठूला मेघ हुन् जस्ता राम - रावणका शर ।
अब टन्न भई हाले ढाके आकाश सर्सर ॥
भगवान् सूर्य अस्ताए-उदाएमा पनी तव ।
अँध्यारो बढ्न गो ठूलो बाणैले पारिए अब ॥
मार्न खोज्थे अ-आफैँमा यी दुवै इन्द्र-वृत्रझैँ ।
लड्दथे बाण हानेर भयो यो युद्ध अद्भुतै ॥
थिए महान् धनुर्धारी जान्दथे युद्धका कला ।
दुवै शस्त्रास्त्र जान्ने थे घुम्थे उत्साह साथ बा ! ॥
जुन बाटो गरी जान्थे दुवै वीर जहाँ जहाँ ।
तरङ्ग बाणको उठ्थ्यो कुलिएर त्यहाँ त्यहाँ ॥
लाग्दामा वायुको झोक्का जस्तो दुइ समुद्रमा ।
ठूल्ठूला उठ्तछन् छाल ठीक त्यस्तै भयो वहाँ ॥
यत्तिकैमा थियो व्यग्र राक्षसेश्वर रावण ।
बाण श्रीराममै छोड्न सिद्धहस्त बनीकन ॥
ललाट रामको ताकी बाण नाराच नामका ।
छोड्दियो अब त्यल्ले हा ! लागे माला बने यता ॥
डर्लाग्दो धनुले त्यस्तो छोडेको नील-पद्मको ।
कान्तिझैँ बाणको माला पैह्रे बा ! रामले अहो ! ॥
माला पैह्रिइँदा त्यस्तो अतिसुन्दर चम्किलो ।
होला पीडित को व्यक्ति हुन्थे झन् किन राम पो ? ॥
झोक्किए अनि श्रीराम निकै बाण झिकीकन ।
जपे मन्त्र र रौद्रास्त्र पारी छोडिदिए पुनः ॥
अभेद्य वर्म थ्यो त्यस्को कालो मेघ सरी यता ।
त्यसैमा बाण यी लागे सकेनन् पार्न क्यै व्यथा ॥
शस्त्रास्त्र छोड्न जानेका रामले उत्तमास्त्रले ।
हाने ललाटमा त्यस्को तुरुन्तै फेरि फूर्तिले ॥
ती बाणरूपका पाँच टाउके सर्पले हरे ! ।
हुत्तिएर गई छुट्ता गढे, त्यै ठाँउमा डसे ॥
झिकेर आफ्नु हातैले फेंक्दियो राक्षसेशले ।
ती बाणरूपका सर्प अब गै भूमिमा गढे ॥
क्रोधले मुर्रियो ज्यादै अनि आसुर नामक ।
डर्लाग्दो अस्त्र क्यै यौटा झिक्यो बा ! त्यसले तव ॥
छोड्दिंदा पछि त्यो अस्त्र त्यसबाट अनेकन ।
डर्लाग्दा जन्तु पो निस्के सर्छन् जस्तै गरीकन ॥
६०

६१

सिंह बाघ तथा कङ्क चखेवा गिद्ध बाज र ।
गदहा कुखुरा कुत्ता श्याल ब्वाँसा र सूकर ॥
विषालु सर्प ठूल्ठूला ओठ चाट्ने भयङ्कर ।
थे पाँच टाउके जो, ती आए बा ! अब सर्सर ॥
झोक्किदो सर्प जस्तो भै स्वाँ ! गर्दै त्यसले वहाँ ।
अरु बाण पनी सिर्ज्यो मायाले छोप्न राममा ॥
यो आसुरास्त्रले छोप्ता अग्निझैं रामले पनि ।
आग्नेयास्त्र वहाँ छोडे मार्दिन्छु यी सबै भनी ॥

६४

६५

निस्किए बा ! त्यसैबाट अग्नि सूर्य र चन्द्रको ।
अर्धचन्द्र र नक्षत्र–ग्रहको धूमकेतुको–॥
विजुलीको र उल्काको तेजको ठीक धप्धप ।
बलेका मुख बाणादि अनेकौं रूपकातक ॥
अब रावणका बाण रामका अस्त्रबाट यी ।
नष्ट भ्रष्ट भई हाले मारे तैपनि हा ! कपि ॥
सजिलै काम ठूल्ठूला गर्ने श्रीरामभद्रले ।
देखे रावणका बाण मासेका कपि-ऋक्षले ॥

६८

६९

इच्छानुसारको रूप धर्ने सुग्रीव आदि ती ।
अनि दङ्ग भई घेरे रामको गै वरीपरी ॥
नाशी यसोरी असुरास्त्रलाइ त्यो जो छोडियो रावण-बाहुले अहो ! ।
प्रसन्नता भो प्रभु राममा यता गर्जे निकै वानर-वीर ती उता ॥

७०

इति उनान्सयौं सर्ग

सर्यौं सर्ग

राम–रावणको युद्धमा रावणको शक्तिले लक्ष्मण मूर्छित हुनु र रावण भाग्नु

१

असुरास्त्र महान् त्यस्तो त्यसरी नाशियो जब ।
लियो बा! दुगुना चर्को क्रोध रावणले तब ॥
मयले नै बनाएको डर्लाग्दो अस्त्र एक थ्यो ।
त्यसैलाइ उठाएर राममा छोड्न ठिक्क भो ॥
झोक्किई पछि त्यो छोड्दा त्यसबाट पनी अहो ! ।
अनेकौं थर शस्त्रास्त्र निस्किए गजबै भयो ॥
चम्किला वज्र हुन् जस्ता गदा मुसल शूल र ।
कूट पाश र अशनि निस्के मुद्गर सर्सर ॥
लयको कालमा सारा जगतै नाश्न वायुले ।
नाना रूप झिके जस्तो झिक्यो बा ! त्यस अस्त्रले ॥
थिए शस्त्रास्त्र जान्नेमा श्रेष्ठ श्रीराम यी पनि ।
गान्धर्वास्त्र झिके तस्मात् तुरुन्तै उनले अनि ॥
धनुबीच त्यही राखी पढी मन्त्र मनैमन ।
मास्न रावणको अस्त्र छोडे शान्त भयो पुनः ॥
नाशिंदा अस्त्रको शक्ति आँखा राता गरी तब ।
गर्‍यो प्रयोग सूर्यास्त्र त्यसले झोक्किंदै अब ॥
बुद्धिमान् अति डर्लाग्दो त्यसको धनुबाट ता ।
तेजिला चक्रका चक्र निस्किए पछिबाट बा ! ॥
चन्द्र-सूर्यादि ठूल्ठूला ग्रह हुन् ठीक रूपका ।
शस्त्रास्त्र सब यी बल्थे फैलिन्थे, खस्तथे तथा ॥
आकाश यिनले गर्दा भयो झलल अद्भुत ।
उद्भासित भई हाले तिनले नै दिशा दश ॥
शस्त्रास्त्र रूपका चक्र जुन थे यी विचित्रका ।
काट्दिए रामले आफ्ना बाणले अघि सैन्यका ॥
मार्दा विफल त्यो अस्त्र देख्ता राक्षसराजले ।
रामको मर्म ताकेर छोड्दियो दश बाण ए ! ॥

१३

१४

यी दशै बाण ग्वाम्म्वाम्ति रामका देहमा गढे ।
राम रामै थिए तस्मात् डगेनन्, तुच्छ संझिए ॥
झोक्किए अब श्रीराम त्यसका सब अङ्गमा ।
तीखा बाण त्यजी पारे घावै-घाउ जहाँतहाँ ॥
यता यस्तै भएकोथ्यो उता लक्ष्मण झोक्किए ।
महान् बल भएकैथे सात बाण झिके, लिए ॥
थियो राक्षस-राजाको रथको गतिलो ध्वजा ।
त्यसमा चिन्ह शोभिन्थ्यो नर-खप्परको तदा ॥
वीर-लक्ष्मणले आफ्ना ती सातै बाणले तब ।
टुक्रै टुक्रा बनाए बा ! त्यसैको क्रोधले अब ॥
यौटा बाण झिके, हाने जल्ले कुण्डल शोभित ।
शिर सारथिको त्यस्को काट्दिए फूर्तिले स्वतः ॥
गरी त्यत्ति छिटै फेरि पाँच बाण त्यजीकन ।
धनु रावणको काटे थ्यो मोटो सूँडझैं जुन ॥
ती विभीषण उफ्री गै गदाले राक्षसेशको ।
काला पर्वत हुन् जस्ता घोडा मारिदिए अहो ! ॥
घोडा मरे पछि ओर्ल्यो बुद्रुङ्गै रथबाट त्यो ।
झिक्यो झोक निकै चर्को त्यसले भाइमाथि पो ॥
अब भाइकनै मार्न त्यल्ले वज्र समानको ।
बल्दो शक्ति लियो यौटा, हान्दियो उनमै अहो ! ॥
बाटोमा आउँदैथ्यो यो तीन बाण त्यजी तर ।
स्वयं लक्ष्मणले काटी दिए गइ अघिल्तिर ॥
भालू-बानरले देखे जब यो घटना वहाँ ।
अनि ता हर्ष भो ठूलो गर्जिए जोडले तहाँ ॥
यता सुवर्णमालाले हुने झल्झल शक्ति त्यो ।
काटिंदा त्यसरी च्वाट्ट तीन टुक्रा भई खस्यो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

आकाशबाट पृथ्वीमा झिल्का छोडेर ज्योतिको ।
ठूलो उल्का खसे जस्तो देखियो सबले अहो !॥

अब रावणले भाई—विभीषणकनै पनि ।
मार्नको निम्तिमा अर्को लियो शक्ति वहाँ अनि ॥

थियो यो शक्ति डर्लाग्दो कैल्यै विफल हुन्नथ्यो ।
जो आफ्नै ज्योतिले बल्थ्यो कालैको गर्व तोड्दथ्यो ॥

दुरात्मा बलवान् त्यस्को हातको शक्ति यो हरे !।
कडा थ्यो वज्रकै ठीक बल्थ्यो धपधप तेजले ॥

यता यसै अवस्थामा ती विभीषणलाइ ता ।
प्राण-संकटमै पर्ने देखे लक्ष्मणले तदा ॥

बचाँउन उनीलाई गर्न त्यस्बाट रक्षण ।
सुत्त आफ्नो पछी सारी बढे बा ! अघि लक्ष्मण ॥

छोड्दिए बाणका पर्रा अनि शक्ति लिई खडा ।
दुष्ट रावण-राजामा झोक्किएर भई कडा ॥

वीर लक्ष्मणका बाण रोपिंदा अब रावण ।
त्यसै विमुख भै हाल्यो भाइ मार्न विभीषण ॥

भाइमा शक्ति त्यो छोड्न चाहेन, मन नै मर्‍यो ।
यसैले अघि आएर बचायो छेकी, यै पर्‍यो ॥

अब लक्ष्मणलाई नै हेर्‍यो राक्षस-राजले ।
पछि बाट उनीसाथ झोक्किएर भन्यो हरे !॥

ए आफ्नो बलमा गर्व गर्ने लक्ष्मण ! सुन् कुरो ।
तैंले छेकी बचाइस् हा ! जो विभीषणलाइ त्यो ॥

अब हेर् ! त्यसको साटो छोडी त्यस्लाइ शक्ति त्यो ।
तँमै छोड्दिन्छु, लौ बचत ? लिन्छ प्राण अवश्य यो ॥

शत्रुको रक्तले स्नान गर्छ यो शक्ति वास्तव ।
तेरो प्राण लिई साथै जाला यो छोडुँला जब ॥

भनी यत्ति भई क्रुद्ध त्यस राक्षसराजले ।
छोड्यो लक्ष्मणमै ताकी गर्जियो अनि जोडले ॥

त्यसमा आठ घण्टा थे बज्दथे भै भयङ्कर ।
मयले यो बनाएथ्यो शत्रु-नाशक थ्यो स्थिर ॥

गर्दै चट्याङ् परे जस्तो शक्ति यो युद्ध भूमिमा ।
डर्लाग्दो वेगले छोड्दा लाग्यो लक्ष्मणमा वहाँ ॥

ताकी लक्ष्मणलाई नै आएको शक्तिलाइ त्यो ।
देख्तामा स्नेहले गर्दा भने श्रीरामले यसो ॥

४३

४४

हुओस् लक्ष्मणको श्रेय प्राण-घातक यत्न यो ।
तेरो विफल होस् अैले छिटै तँ अब व्यर्थ हो !॥

विषालु सर्प हो जस्तो छोडेथ्यो जब शक्ति यो ।
गई डङ्ग्रङ्ग छातीमै बज्यो लक्ष्मण-वीरको ॥

वासुकी-नागको जीब्रो हो जस्तै दीप्यमान यो ।
शक्ति गै धसियो बीच छातीमै गहिरी अहो !॥

फुट्यो लक्ष्मणको छाती यसले फट्ट तत्क्षण ।
सकेनन् खप्न गाह्रै भो लडे भै चीत लक्ष्मण ॥

अब यस्तो अवस्थामा नजीकैका उनीकन ।
दाजु-श्रीरामले देखे साह्रै छर्पटियो मन ॥

झर्‍यो बरर भै आँसु केही बेर यसो गमे ।
असह्य क्रोध उब्ज्यो हा ! लयका अग्नि झैं बने ॥

रुने-कराउने बेला यो होइन, गमी यति ।
झिकेर झोक अत्यन्त लड्न लागे उनी अति ॥

लड्दैथे यसरी राम उनको मन त्यो भने ।
भाईमै गैरहेकोथ्यो हेर्दथ्यो भइ कल्पिने ॥

अब राम्रो गरी हेरे रामले भाइलाइ यी ।
फुटेर जसको छाती लड्थे बेहोश नै भई ॥

माथिदेखि तलैसम्म थिए चुर्लुम्ब रक्तमा ।
देखिन्थे पर्वतै ठीक सर्पयुक्त हुने वहाँ ॥

गढेको बीच छातीमा शक्ति झिक्छौं भनेर ए !।
ठूल्ठूला कपि लागे बा ! सकेनन् तर क्यै गरे ॥

त्यस्तै पर्न गयो सारा भालू वानर यी पनि ।
लाग्दा रावणको बाण सकेनन् घाइते बनी ॥

यता लक्ष्मणको छाती छेडेर दृढ-शक्ति त्यो ।
भैंमा पनि गढेकैथ्यो लामो तेर्सो परी अहो !॥

बलवान् रामले तस्मात आफैंले दुइ बाहुले ।
झिकेर च्वाट्ट त्यसलाई भाँच्दिए पछि फेंक्दिए ॥

उता राम यता लाग्दा बलवान् राक्षसेश्वले ।
ठाम पाएर बर्षायो राममा शर-वृष्टि ए !॥

अबका त्यसका बाण मर्म-छेड्ने भए कडा ।
लागे सर्वाङ्गमा ओहो ! राममा ठाम पाँउदा ॥

गरेनन् तिनको वास्ता अँगाले भाइलाइ यी ।
सुग्रीव हनुमान् आदि नजीकै थे, भने पछि ॥

६०

६१

वीर-वानर हो ! सुन्नोस् ! तपाईंहरु यैरित ।
घेरी लक्ष्मणलाई यी बस्नुहोस् है मजासित ॥
यस्तै मौका परोस भन्थें म धेरै काल देखि ता ।
पर्‍यो त्यो अहिले बल्ल तस्मात् लाग्छु म ता यता ॥
बल-वीर्य झिकी आफ्नो पापी रावणलाइ त्यो ।
यै वेला मारिहालेमा वेस हुन्छ, म शोच्छु यो ॥
मेघ दर्शनको इच्छा लिन्छ चातक ग्रीष्ममा ।
त्यस्तै यल्लाइ भेट्नै म खोज्थें, मार्छु छिटै यहाँ ॥
तपाँईंहरु लौ सुन्नोस् ! प्रतिज्ञै गरि भन्छु म ।
छिनैमा विश्वमा हुन्न दुष्ट-रावण यो, कि म ॥
त्यो मेरो राज्यको नाश वनवास निरन्तर ।
दण्डकारण्यमा घुम्नु सर्वथा भइ अस्थिर ॥
पत्नी राक्षसले हर्नु लड्नु राक्षस साथ यी ।
यस्ता कारणले गर्दा दुःख भोगिसकें अति ॥
यही नरकको भन्दा हो ठूलो कष्ट वास्तव ।
म आजै दुःख यी नाश्छु गरेर यसको वध ॥
यसको निम्तिमा मैले विशाल कपि-ऋक्षको ।
यो सेना साथमा ल्याएँ आए यो बिचरा अहो ! ॥
मार्दिएँ युद्धमा वाली राज्य सुग्रीवमा दिएँ ।
यसको लक्ष्यले बाँधे पुल, सिन्धु पनी तरें ॥
पापी रावण त्यै आज छ मेरो अघि युद्धमा ।
परे पछि अघी मेरो अब बाँच्तैन यो यहाँ ॥
देख्नैमा नाश्न सक्ने क्वै विष फेक्ने भुजङ्गको ।
चक्षु को अघि पर्दामा विश्वको व्यक्ति होस्न जो ॥
बच्ला गरुडले देख्दा कुन सर्प त्यही सरी ।
म आजै सक्छु यल्लाई बची फर्कन्न क्यै गरी ॥

७३

७४

तपाँईहरु सम्पूर्ण डाँडामा रुखमा चढी ।
हेर्नोस् टुक्र भई युद्ध मेरो यस्को यसै घडी ॥
देखुन् यी विश्वका प्राणी सिद्ध गन्धर्व देवता ।
ऋषि चारणका साथै रामको अब रामता ॥
बल-वीर्य सबै आफ्नो आजै प्रकट गर्छु म ।
रहे सम्म धरा-माता जो होला स्थिर कायम ॥
चराचर जगत् साथै देवता पनि विश्वमा ।
गर्नेछन् जसको चर्चा प्रेम बढ्दा जहाँ-तहाँ ॥
सावधान भए राम भनी यत्ति, झिके शर ।
मोरेका सुन, अत्यन्त तीखा-तीखा भयङ्कर ॥
लगेर धनुमा राखी तिनैलाई सुदुर्धर ।
दुष्ट-राक्षस-राजामा छोड्न लागे निरन्तर ॥
लागे लाग्न त के मान्थ्यो त्यत्तिले राक्षसेश्वर ।
रामैमा हान्न पो लाग्यो आफ्ना तीखा झिकी शर ॥
ठोक्यो नाराचले एवं प्रासले मुसलादिले ।
मेघले जलको धारा छोडेझैं जोड-जोडले ॥
यसरी लड्न लागे वा ! आफैंमा राम-रावण ।
नाना शस्त्रास्त्र छोडेर वर्षाएर दनादन ॥
अब शस्त्रास्त्रको शब्द धन्कियो उग्ररूपले ।
राम-रावणमा वर्षे राम्रा वर-शरादि ए ! ॥
टुक्रा टुक्रा भई जुद्धा राम - रावणका शर ।
आकाशबाट पृथ्वीमा झरे वा ! पछि सर्सर ॥
राम — रावणले ताँदो तान्दा टङ्कारको ध्वनि ।
विश्वका सब प्राणीको डरको हेतु भो अनि ॥
राम-रावणको युद्ध राम-रावण युद्ध भो ।
हुँदा आश्चर्यकारी थो उपमा नै भएन पो ॥

८६

लाग्दा हवा बादल नाशिए सरी श्रीरामको बाण गढेर वेसरी ।
सकेन टिक्नै अब राक्षसेश्वर भाग्यो डराएर पुग्यो निकै पर ॥

८७

इति सर्यौं सर्ग

एक सय एक सर्ग

श्रीरामको विलाप र हनुमान्‌ले ल्याएको औषधिले सुषेणले लक्ष्मणलाई बचाँउनु ।

१

दुरात्मा निर्दयी त्यस्तो बलवान् राक्षसेशले ।
त्यसरी शक्तिले हानी ती लक्ष्मण लडाइए॥
चुर्लुम्म भै सकेकाथे खोलामा रक्तको उनी ।
युद्धमा त्यत्तिका शूरा धैर्य धर्ने भए पनि॥
यो देखे रामले किन्तु छोडेनन् लड्न त्यो सित ।
भने सुषेणमा यत्ति लड्दा-लड्दै मजासित॥
बुझ्यौ सुषेण ! यी भाई वीर्यले राक्षसेशको ।
घाइते भै लडेका छन् पृथ्वीमा यै त दुःख भो॥
सर्पझैं चोट लागेको छटपटाउँदछन् अतः ।
देख्ता यस्ता यिनीलाई यो मेरो शोक बढ्दछ॥
प्राण भन्दा पनी प्यारा रगताम्य यिनीकन ।
देख्ता यस्ता कसोरी म लडुँला काँप्छ यो मन॥
तम्सिने लड्नमा प्यारा भाई लक्ष्मण यी मरे ।
मैले यो प्राण राखेर सुख भोगेर गर्नु के ?॥
हुन्छ लज्जितझैं वीर्य, हातको धनु खस्तछ ।
हुन्छन् शिथिल यी बाण, दृष्टि यो आँसु झार्दछ॥
शरीर शिथिलै हुन्छ स्वप्न देख्ता मनुष्यले ।
ब त्यस्तै अङ्गको चाला चिन्ता बढ्दछ तीव्र ए !॥
दुष्ट-रावणले पार्दा घाइते वीर भाइ यी ।
देख्ता छटपटिएको म मर्न खोज्दछु पीर ली॥
आफ्ना बाहिरिया प्राण प्रिय भाइ उनीकन ।
देख्ता त्यस्तो अवस्थाका राम छटपटिए पुनः॥
ध्यानले शोकले छोप्यो भए इन्द्रिय व्याकुल ।
अझै विलाप्न लागे ती साह्रै खिन्न भई तब॥
रणको उग्र धूलोमा लडेका घाइते भई ।
देख्ता भाइ उनीलाइ अलाप्छन् फेरि राम यी॥

१३

१४

लडेर हुन्छ के मैले ! सीता पाएर हुन्छ के ? ।
के गर्नु प्राण यो धानी यस्ता भाइ मरे भने॥
हर्ष हुन्न मभा शूर ! अब युद्ध जितेर यो ।
अन्धामा प्रीति के होला लागेता पनि जून पो॥
मेरो प्रयोजनै भो के राख्नाले प्राण, युद्धले ।
मारिई भाइ यी लड्छन् भने लौ भन वीर ए !॥
आएथे जसरी मेरो पछि यी आउँदा वन ।
यमको घर जाँदा थी त्यैठीक पछि लाग्छु म॥
मसा स्नेह सँधै गर्ने मेरा बन्धु तथा प्रिय ।
यिनीलाइ छली यस्तो पार्दिए दुष्टले अब॥
मिल्छन् प्रत्येक देशैमा सुन्दरी-स्त्री अनेकन ।
प्रत्येक देशमा हुन्छन् ज्ञाति-बन्धु पनी पुनः॥
बुझ्यौ ! सुषेण ! त्यो देश म त देखितन है कहीं ।
एउटै पेटको जस्तो यस्तो भाइ हओस् जहीं॥
राज्य पाएर के गर्नु न भै दुर्धर्ष भाइ यी ।
पूज्य माता सुमित्रामा हरे ! के भनुँला पछि ?॥
होला मेरो उपालम्भ कसरी सहुँला वहाँ ।
श्री कौसल्या र कैकेयी साथ के भनुँला वहाँ॥
सोध्लान् भरत शत्रुघ्न, गएथे साथ लक्ष्मण ।
खोई ? एक्लै सवारी भो ? भन्दा के भनुँला पुनः॥
तस्मात् मैले यहीं मर्नु बेस शोचें बुझ्यौ कुरो ? ।
वाक्बाण उनको खप्नु भन्दा ता मर्नु बेस हो !॥
अघिल्लो जन्ममा मैले त्यो दुष्कर्म गरेंछु के ? ।
धर्मात्मा भाइ यी जल्ले मेरै अघि मरे हरे !॥
नरश्रेष्ठ हरे ! बाबु ! हा शूरश्रेष्ठ ! लक्ष्मण ! ।
दाजुकनै किन ?॥
परलोक गयौ एक्लै छोडी

२६

२७

म तिम्रो दाजु ए बावु ! रुँदोछु यसरी यहाँ ।
हा ! तिमी किन बोल्दैनौ उठ ! बोल स्वयं यहाँ ।।
आँखा खोल ! यता हेर ! यसरी सुत्तछौ किन ? ।
ज्यादै दुःखी भएकोछु हेर ! दाजुकनै पुनः ।।
वन-पर्वतमा बावु ! शोकले भइ पीडित ।
मत्त खिन्न भई रुन्थे छर्पटाँउदथें म त ।।
प्रिय भाई ! त्यसैवेला तिमी आइ मलाइ ता ।
संम्झाई धैर्य धान्दिन्थ्यौ, छु त्यस्तै भन क्यै कुरा ।।
शोकले छट्पटाएर पारी व्याकुल इन्द्रिय ।
विलाप्थे रघुका-रत्न राम यी भइ दुःखित ।।
आश्वासन दिंदै भन्छन् यसै वेला उनीकन ।
बुद्धिमान् वानरश्रेष्ठ सुषेण यसरी पुनः ।।
नरश्रेष्ठ प्रभो ! राम ! पार्ने विक्लव व्याकुल ।
यो बुद्धि छोड्दिईबक्स्योस् चिन्तै छ जसमा दृढ ।।
संग्राम भूमिको चिन्ता हुन्छ बाण बिझे सरि ।
शोकै बढाउँने हो यो, यल्ले पिर्दछ हर्घडी ।।
ए प्रभो ! प्रभुका भाई शोभाका धाम लक्ष्मण ।
मरेका त छँदै छैनन् हेरिबक्स्योस्न् लक्षण ।।
चम्किलो मुख त्यस्तैछ, छैन विकृत क्यै कति ।
छैन कालोपना सम्म तेजिलो छ अझै त्यति ।।
प्रसन्न तेजिलो त्यस्तो छ पद्ममुख सुन्दर ।
आँखा छन् चम्किला चल्दा हत्केला अझ लाल छ ।।
मरेका व्यक्तिको यस्तो रूप हुन्छ कसोगरी ।
लौ प्रजानाथ!यो चिन्ता छोड्दिबक्स्योस् यसै वडी ।।
कहिन्छन् दीर्घजीवी जो वीर मर्त्य यहाँ प्रभो ! ।
उनका मुखमा यस्तै टिक्छन् लक्षण ठीक हो ! ।।
लौ छुटोस् ! खिन्नता पीर, प्राण छन् देहमा अझ ।
तस्मात् लक्ष्मण यी वीर छैनन् मृत यथार्थतः ।।
सुईंसाथि सुतेका छन् निकै शिथिल देह छ ।
यिनै लक्षण हुन् राम्रा मुटु चल्दैछ, सास छ ।।
विद्वान् सुषेणले यत्ति भने श्रीराममा तव ।
हनुमान् थे नजीकैमा उनैमा भन्दछन् अब ।।
सुन है ! हनुमान् बावु ! यहाँबाट तिमी अब ।
जाम्बवान्ले भनेको त्यै डाँडामा पुग वास्तव ।।

४३

४५

वहाँ औषधि छन् नाना त्यै हो गिरि महोदय ।
म भन्छु चाँहिने जत्ति लिइ आउ छिटै अब ।।
विशल्यकरणी एवं सावर्ण्य-करणी तथा ।
संजीवकरणी त्यस्तै संधानी छ महौषधि ।।
ल्याउ औषधि यी चार सिद्ध औषधि हुन् चिनै ।
वीर-लक्ष्मणलाई जो पार्दिन्छन् स्वस्थ तत्क्षणै ।।
उनले यत्ति भन्दामा हनुमान् वेगले कुदे ।
वहाँ पुगेर हेर्दामा चिह्नेनन् तिनलाइ ए ! ।।
अब चिन्ता परी हाल्यो फुर्तिला हनुमान्कन ।
के गरूँ ? के गरूँ-भैगो भित्र तुल्बुलियो मन ।।
विचार उनमा उब्ज्यो गिरिको टाकुरैकन ।
बोकेर अब लैजान्छु ती औषधि म चिन्दिन ।।
अवश्य यस डाँडोमै उम्रन्छन् ती महौषधि ।
मैले अड्कलले ताडें यसै भन्थे सुषेण ती ।।
त्रिशल्यकरणी नै हो तिनमा मुख्य औषधि ।
पुरिन्छ जसले घाउ झर्दछन् बाण फुत्फुति ।।
त्यसै फर्की गए देखि निकै ढीलो हुँदा वहाँ ।
काम बित्ला यही दोष होला वर्वात झन् वहाँ ।।
गमी मनमनै यत्ति बलवान् हनुमान् कपि ।
त्यो महोदय-डाँडोमै पुगे बा ! कसिई पछि ।।
तीन पल्ट मजैसाथ हल्लाए कपि-वीरले ।
लटरम्म लता-वृक्ष फुलेका जसमा थिए ।।
अत्यन्त बलवान् थे यी अनि ता दुइ बाहुले ।
उचाले बा ! जुरुक्कै पो तौलिए पछि जोडले ।।
मेघझैं जल बोकेको कालो पर्वतलाइ त्यो ।
पछि ता हातमै राखी कुदे बा ! गिरिबाट यो ।।
उनले ल्याइ यो डाँडो राखे अघि सुषेणको ।
गरी विश्राम क्यै वेर पछिवाट भने यसो ।।
मेरा मान्य कपिश्रेष्ठ ! मैले चिनिन औषधि ।
बोकी यो त्यसको डाँडै ल्याएँ, छान्नोस् जडी-बुटी ।।
गरे सुषेणले ज्यादै प्रशंसा उनको तव ।
आफैं औषधि छानेर उखेलेर लिए अब ।।
हनुमानले गरे जस्तो कर्म गर्न सुरादि ता ।
सक्तैनथे परे जिल्ल देखी वानर आदि ता ।।

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

यता सुषेणले आफैं कुटे औषधि त्यो पिंधे ।
लगी लक्ष्मण-वीरैको नाकमा पछि राखिदए ॥
भित्रिया सासले तान्दा सुँघ्दा यी दिव्य औषधि ।
उठे त्यस्तो अवस्थाका धीर लक्ष्मण ता पछि ॥
उनका अङ्गमा सारा रोपिएका थिए शर ।
झरे फुत्फुति, त्यो घाउ पुरियो सब सर्सर ॥
त्यसरी पृथिवीबाट उठी बस्ने यिनीकन ।
देखे वानरले सारा दङ्गादङ्गी भए पुनः ॥
साधु ! साधु !! भने फेरि त्यस्ता लक्ष्मण-वीरको ।
प्रशंसा राम्ररी गर्दै लागे उफ्रन ती अहो ! !!
सम्पूर्ण शत्रु संहार्ने वीर्यवान् रामले पनि ।
उठेका भाइ देखेर भनी हाले यसो अनि ॥
आउ बावु ! यता आउ भनेरै दुइ बाहुले ।
अँगाले स्नेहले ग्वाम्म ! कृतज्ञ प्रभु-रामले ॥
झारे वरर स्नेहाश्रु रामका नेत्रले तव ।
भाइ लक्ष्मणमा भन्छन् यी कुरा अब राघव ॥
सौभाग्यको कुरा यै हो जो म बावु ! तिमीकन ।
मृत्युका मुख बाटै पो फर्केको देख्छु लक्ष्मण ! ॥

६९

७०

तिम्रो मृत्यु हुँदो होस् ता म पनी मर्दथें त्यसै ।
के हुन्थ्यो ? युद्ध-जित्नाले सीता पाएर पो तसै ॥
महात्मा राम भन्दैथे यस्तै-यस्ता कुरा वहाँ ।
भन्छन् शिथिल वाणीमा अब लक्ष्मण राममा ॥
दाजु ! के भनिबक्सेको भइ सत्य पराक्रमी ।
त्यो सुहाएन है आल्ल हओस् काम कुरा पनि ॥
प्रतिज्ञा गरिबक्सेथ्यो अघि, मार्छु र रावण ।
लङ्काको राज्य सुम्पन्छु हुन्छन् राजा विभीषण ॥
गरी उच्च प्रतिज्ञा त्यो अहिले कसरी हरे ! ।
यी कुरा भनिबक्सेको भन्नेमैं तुच्छ व्यक्तिले ॥
गर्दैनन् सत्यवादी कै अयोग्य प्रण राघव ! ।
बोलेको गर्नु नै पूर्ण ठूलाको चिन्ह एक छ ॥
निराश हुनु पर्दैन मेरो निम्ति यसो गरी ।
प्रतिज्ञा पालिबक्स्योस् लौ! मारी रावण यै घडी ॥
प्रभुका बाणको लक्ष्य हुन गो कि त शत्रु ता ।
कहिल्यै बाँच्न सक्तैन जाने उम्केर पो कता ? ॥
तीखो दाह्रा भएको क्वै सिंह गर्जा परे अघि ।
महान् गजेन्द्र नै होस् न सक्थ्यो उम्कन के छली? ॥

७८

८९

अस्ताचल न पुग्दैमा श्रीसूर्य पृथिवी घुमी ।
यो दुरात्मा मरोस् दाजु! मेरो विन्ती छ यो पनि ॥
अब प्रभुलाइ लडेर युद्धमा यो यदि वध रावणको छ गर्न इच्छा ।
रघुवर दाजु ! हजूरले गरेको छ त प्रण त्यो परिपूर्ण पार्न इच्छा- ॥
यदि प्रभुलाइ छ भित्र जानकीको अफ्त सहवास गरौं भनेर इच्छा ।
तब मम त्यो कुरा पनी तुरुन्त गरिदिइयोस् र पुगोस् मदीय-इच्छा ॥

८१

इति एक सय एक सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय दुई सर्ग

देवराज इन्द्रले श्रीरामको निम्ति आफ्नो रथ पठाउँनु र श्रीरामले त्यसैमा चढी युद्ध गर्नु

१

आफ्ना प्राण सरी प्यारा भाइ-लक्ष्मणका कुरा ।
श्रीरामले सुने सारा लड्न थी कसिए पुरा ।।
विशाल धनु त्यो आफ्नो तुरुन्त उनले लिए ।
ठोक्राबाट झिके बाण चढाए त्यसबीच ए ! ।।
सारा राक्षस-सेनाको बीचमा राक्षसेश्वर ।
बसेकोथ्यो त्यसैमाथि छोड्दिए अनि सर्सर ।।
अर्को रथ चढी आयो फेरि त्यो वीर राक्षस ।
राहुले सूर्य झम्टेझैं झम्टियो रामलाइ त ।।
बसेर रथमा आफ्नो मेघले गिरिलाइ ता ।
हानेझैं जल-धाराले हान्थो बा ? रामलाइ हा ! ।।
बलेका अग्नि हुन् जस्ता तेजिला बाणले यता ।
रामले पनि वर्षाए त्यसमा बृष्टि सर्वथा ।।
रथबीच चढेकोछ राक्षसेश्वर रावण ।
राम छन् भुईँमै ठिङ्ग, भएन सम यो रण ।।
माथि आकाशमा हेर्ने देव गन्धर्व किन्नर ।
यी कुरा गर्न लागे बा ! अ-आफैंमा निरन्तर ।।
उनका अमृतै जस्ता यी कुरा इन्द्रले सुने ।
तेजस्वी उनले डाकी अनि मातलिमा भने ।।
मेरो रथ लिई जाऊ तिमी तल छिटै अति ।
श्रीराम भइ बक्सिन्छ पृथ्वीमै ठिङ्ग हेर ! ती ।।
बिन्ती गर उहाँसाथ प्रभुको निम्तिमा प्रभो ! ।
पठाए इन्द्रले आफ्नो रथ यो उपयोग होस् ।।
इन्द्रले यत्ति भन्दामा देव-सारथि मातलि ।
आफ्नो शिर झुकाएर ठोगी भन्छ यसो पछि ।।
देवराज ! म चाँडै नै प्रभुको श्रेष्ठ यो रथ ।
जोतेर हरिया घोडा लिई जान्छु स्वयं तल ।।

१३

१४

भने जस्तो गरी बिन्ती पार्छु श्रीराम-पाउमा ।
योग्य-सारथिको काम आफैँ गर्छु म युद्धमा ।।
उनी साथ भनी यत्ति इन्द्र-सारथि मातलि ।
कसिए गर्न त्यो काम सब ठिक्क गरी पछि ।।
थियो अत्यन्त नै राम्रो रथ यो देवराजको ।
सुनै-सुन थिए सारा अङ्गमा थ्यो विचित्र जो ।।
थे स-साना शयौं घण्टी प्रातःकालीन सूर्यको ।
कान्तिझैं यसको ज्योति देखिन्थ्यो अतिभव्यको ।।
थियो कूबरमा चाँहि वैदूर्यमणि भूषित ।
ध्वजाको दण्ड थ्यो राम्रो सुवर्णमय शोभित ।।
हरीया रङ्गका घोडा जोतिएका थिए यहाँ ।
सुनैका गहना द्वारा सजिएका जहाँ-तहाँ ।।
थिए ती सूर्यझैं तेजी सेता चँवर आदिले ।
अलङ्कृत बडा राम्रा शोभिन्थे भव्य-रूपले ।।
सन्देश इन्द्रको बोकी हाँकी त्यै रथमा चढी ।
स्वर्ग बाट उनी ओर्ले पृथ्वीमा रामकै अघि ।।
अनि त्यो रथमा बस्तै कोर्रा हात लिई उनी ।
गर्छन् श्रीराममा बिन्ती हात जोडी यसो भनी ।।
शत्रुनाशक श्रीराम ! प्रभुको जीत होस् भनी ।
पठाए रथ टक्याई म द्वारा प्रभुमा पनि ।।
विशाल-धनु हो स्वामिन् ! यो आफ्नै देवराजको ।
यो हो कवच तेजस्वी बलेको अग्नि-तुल्यको ।।
तेजिला सूर्य हुन् जस्ता चम्किला बाण छन् यता ।
छ कल्याणमयी शक्ति अतिनिर्मल ऊ ! त्यता ।।
मेरो सहायता पाई अब यो रथमा चढी ।
यल्लाई मार्दिई बक्स्योस् इन्द्रले दानवै सरी ।।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

३७

भन्दा मातलिले यत्ति अव श्रीरामले पनि ।
उनीतिर यसो हेरे स्नेहले भै दिंदा गुनी ॥
ढोग्दिए रथलाई त्यो गरे पछि पारक्रमा ।
त्यसमाथि चढे राम शोभा क्याँकेर लोकमा ॥
बढ्यो द्वैरथ यो युद्ध अव रावण-राममा ।
सिरिङ्ग रउँ पार्थ्यो जो देख्नेमा अद्भुतै वहाँ ॥
थिए शस्त्रास्त्रका तत्त्व जानेका राम वास्तव ।
नाशे राक्षस-राजाले हानेका बाण ती सव ॥
गान्धर्व अस्त्र छोड्दामा नाशे गान्धर्व-अस्त्रले ।
त्यल्ले दैवास्त्र छोड्दामा नाशे दैवास्त्र-सम्मले ॥
जाज्वल्यमान भै हाल्यो क्रोधले अव रावण ।
राक्षसास्त्र चलायो बा ! थ्यो डर्लाग्दो महान् जुन ॥
त्यसका धनुले छोड्दा न छोड्दै सव बाण यी ।
डर्लाग्दा सर्प भै आए राममा सकन हुत्तिई ॥
ओकल्दै विषको राँको मुख वाई भयानक ।
झम्टे यी सर्पले सारा रामलाइ त्यसै तव ॥
यिनको स्पर्श डर्लाग्दो थियो वासुकिकै सरी ।
भए बा ! तिनले गर्दा दिशा र विदिशा भरी ॥
आफैंमा झम्टि आएका देख्ता त्यस्ता उनीकन ।
गारुडास्त्र झिकी हाने रामले तिनमा पुनः ॥
रामको धनुले छोड्दा न छोड्दा गारुडास्त्रले ।
लाखौं गरुड जन्मायो तमाशै गर्दियो हरे ! ॥
त्यसका सर्पलाई ता यस्ता गरुडले अव ।
भुसुक्क पार्दिई हाले सर्प—शत्रु हुँदा सव ॥
यसरी आफ्नु त्यो अस्त्र नाशिदा त्यसले तदा ।
डर्लाग्दा बाणका बृष्टि वर्षायो राममाथि हा ! ॥
हजारौं शस्त्र छोडेर पीर पारेर राममा ।
उन्को सारथि भै बस्ने हान्यो मातलि-सम्ममा ॥
त्यत्तिले न पुगी फेरि इन्द्रका रथको ध्वजा ।
तुरुन्तै काट्दिई हाल्यो यौटै वाण त्यजी तदा ॥
ती आफ्ना बाणका पर्रा छोड्दिदा त्यसले अव ।
इन्द्रका रथका घोडा घाइते पार्दियो सव ॥
देख्ता रावणको त्यस्तो अद्भुतै कर्म युद्धमा ।
देव दानव गन्धर्व सारा खिन्न भए वहाँ ॥

४३

४४

राममा पनि पीडा भो भन्ने ठान्दा यतातिर ।
महर्षि-मुनि-सिद्धादि भए दिक्क निरन्तर ॥
उता विभीषणै जस्ता सुग्रीवादि सुहृत् पनि ।
भालू-वानरकै साथ परे आतसमा अनि ॥
राम-चन्द्रकनै गाँज्दा त्यस्तो रावण-राहुले ।
प्राजापत्य हुने देव बुध त्यो ग्रह-सामले ॥
रोहिणी-नामकी प्यारी नक्षत्रकन चन्द्रकी ।
छिटै छोप्न पुगी हाल्यो प्रजाको अहितै भई ॥
उमालेझैं भई हाल्यो यता सिन्धु बल्यो त्यसै ।
त्यसका छालमा धूवाँ उठ्न लागे अनर्थ भै ॥
कुर्लियो बहुतै साथि उठ्यो आकाशमा अनि ।
छुन्छ जस्तै गरी हाल्यो श्री सूर्यकन नै पनि ॥
सूर्यको ज्योति त्यो भन्दा भो कालो कान्ति खड्गझैं ।
धूमकेतु-कवन्धादि उत्पातादिक मिल्न गै ॥
ग्रह इक्ष्वाकुवंशीका विशाखामा यता पनि ।
इन्द्राग्नि देव छन् जस्को झम्ट्यो मंगलले अनि ॥
विसोटा हात फैलेको भएका दश टाउका ।
त्यो रावण पर्‍यो देखा मैनाक गिरि ठाक बा ! ॥
त्यल्ले निरन्तरै वाण छोड्दा ठोक्ता त्यसो गरी ।
आच्छू ! आच्छू !! परी हाल्यो रामलाइ पनी अति ॥
रनभुल्ल भए राम निकै वेर लडाँइमा ।
धनुमा बाण हालेर सकेनन् छोड्न नै वहाँ ॥
न राम्रो उब्जियो क्रोध अव श्रीराममा हरे !
आँखिभौं उनका दाँटै भए टेढा असाध्य ए ! ॥
राता राता भए आँखा सव राक्षसलाइ जो ।
भस्म पारी त्यसै सक्छन् भनेझैं देखिए अहो ! ॥
बुद्धिमान् रामको यस्तो क्रुद्ध श्रीमुख देखिदा ।
डराए विश्वका प्राणी काँपिन् थर्र भई धरा ॥
डाँडा-काँडा सवै काँपे साथ व्याघ्रादि-जीवकै ।
त्यहाँका वृक्ष सम्पूर्ण हल्लिए बा ! जतातते ॥
सारा नद-नदी साथ तिनको पति सागर ।
कुल्र्यो न राम्ररी ओहो ! क्याँकी छाल निरन्तर ॥
गर्जे आकाशमा चर्को गधा जस्तै स्वरूपका ।
स्वरका मेघ भै रूखा मडराई यताउता ॥

५०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

डर्लाग्दा उग्र उत्पात हुन थाले वहाँ हरे! ।
श्रीरामलाइ देखेमा त्यस्ता क्रुद्ध र रुष्ट ए!॥
सम्पूर्ण विश्वका प्राणी काँपे थर्थर त्रासले ।
पर्‍यो रावणमा चीसो भयले वल्ल त्यत्तिले॥
विमानमा चढी आई बसी आकाशमा तत्र ।
देव दानव गन्धर्व ठूल्ठूला दैत्य नाग र—॥
महर्षि—मुनि—सिद्धादि लड्दा श्रीराम—रावण ।
यो युद्ध हेर्न लागे बा ! जुन भो अतिभीषण॥
प्रलयैकालमा जस्तो नानाथर भयानक ।
शस्त्रास्त्र छोड्दथे दोटै, देख्थे काँप्थे सबै तत्र॥
यो युद्ध हेर्न आएका माथिका जन यी सब ।
कुरा गर्थे अ—आफैंमा श्रद्धाले भइ गद्‌गद॥
जय होस्! जय होस्!!तिम्रो भन्थे असुर जत्ति यो ।
लिई रावणको पक्ष सम्बोधन गरी गरी॥
भन्दथे सुर सम्पूर्ण पक्ष ली रघुनाथको ।
जय होस्! जय होस्!! स्वामिन्! प्रभुको युद्धबीच यो॥
दुष्ट-रावण यै वेला झोक्कियो रामचन्द्रमा ।
हथियार लियो यौटा हान्नमा अब हातमा॥
शक्तिशाली थियो ज्यादै डर्लाग्दो हथियार त्यो ।
शत्रु सहार्न सक्थ्यो जो झिक्तथ्यो उग्र शब्द पो॥
फ्याँक्तथ्यो तेजको मुस्लो टुप्पो झन् धारिलो थियो ।
मन—नेत्र दुवैलाई देख्तैमा त्रास पार्दथ्यो॥
लयको अग्नि हो जस्तो बल्दथ्यो धूमयुक्त थ्यो ।
कालले पनि यल्लाई नाश्न ता कष्ट पर्दथ्यो॥
यसको नाम थ्यो शूल विश्वका जीव-जन्तुमा ।
पार्दथ्यो त्रास यो ज्यादै, त्यै लियो अब हातमा॥
अनेक भागमा बस्ने सैन्यले घेरिईकन ।
त्यसले त्यो लिएको थ्यो हातमा झोक्किईकन॥
उठाइ माथि त्यल्लाइ संग्रामस्थलमा अहो! ।
त्यो महान् देहको दुष्ट डर्लाग्दै गर्दि गर्जियो॥
राता राता भएकाथे त्यो वेला नेत्र दुष्टका ।
दङ्गै पारिरहेकोथ्यो आफ्नु सैन्यकनै तदा॥
त्यस-राक्षस-राजाको डर्लाग्दो सिंहनादले ।
पृथ्वी-आकाशकै सारा दिशा सम्पूर्ण गुञ्जिए॥

७७

७८

फैलिंदा यसको शब्द विश्वका जीव—जन्तु बा ।
काँपे थरर भै ओहो कुल्यो भै उग्र! सिन्धु बा!॥
त्यो शूल त्यसरी बोकी उज्जाई हान्न ठीक भै ।
गर्जी राक्षस त्यो भन्छ रामलाइ कडा निकै॥
ए रामे! शूल देखिस् यो वज्र जस्तो छ उग्र जो ।
उजाएँ क्रुद्ध भै मैले छोड्छु तै माथि हेर् त यो॥
त्यो तेरो प्राणको साथ भाइको प्राण सम्म जो ।
अवश्य लिइ छोड्नेछ रोकिन्न अब बुझ् कुरो॥
लड्न इच्छा लिने तैंले मारिस् जो शूर राक्षस ।
तिनको बदला लिन्छु म मारेर तँलाइ त॥
ए रामे! पख् !ल हेर् मैले छोड्दिएँ शूल यो भनी ।
हान्यो राक्षस—राजाले जोडले राममा अनि॥
अब रावणको त्यस्तो हातबाट छुटे पछि ।
आयो हरर त्यो शूल चम्क्यो आकाशमा अति॥
भयो झलल ज्यादै यो विजुली पहिरे सरि ।
आठ घण्टा थिए वज्थे चर्कै स्वर झिकीवरी॥
थिए राम पनी ज्यादै बलवान् र पराक्रमी ।
नाङ्लो ठटाँउदैमा के तर्सन्थे हात्ती भै उनी ?॥
हेरेर सक्न आएको बलेको शूललाइ त्यो ।
ठोक्दिए बाणको पर्रा छोडेर उनले अहो!॥
उठ्ता प्रलयको आगो सक्न ती लोक माथिका ।
बर्षाई लयकै मेघ पार्दछन् शान्त इन्द्र ता॥
त्यही ठीक गरी त्यस्तो आफ्ना बाण-समूहले ।
ढाकी ढपक्क त्यो शूल सुर्गरे रोक्न रामले॥
रामका धनुका बाण त्यस्मा ओइरिई पछि ।
क्यै लछार्न सकेनन् हा! आगोमा पुतली भई॥
अब श्रीरामले देखे छुँदैमा शूललाइ त्यो ।
भएका भस्म ती बाण अनि झन् क्रोध बढ्न गो॥
जुन मातलिले ल्याए पठाएको सुरेन्द्रले ।
त्यही शक्ति, उठाए बा! त्यसमा छोड्न रामले॥
उठाए जब त्यो शक्ति बलवान् वीर-रामले ।
उल्काभैं लयमा बल्ने भै त्यो झल्झल ज्योतिले॥
आकाश-पृथिवी सारा उज्यालो पार्दिई तब ।
थिए जो त्यसमा घण्टा बज्न लागे तिनै सब॥

८४

९५

अनि छोडे त्यसैलाई रामले राक्षसेशको ।
त्यै शूललाई ताकेर बज्रिई त्यसमै अहो ! ॥
यो दिव्य शक्तिको शक्ति अधि त्यो शूल-शक्ति ता ।
त्यसै क्षीण भई हाल्यो टुक्रै भई खस्यो तदा ॥
अब श्रीरामले सोझै हुर्रिने वज्रझैं शर ।
छोड्दिई त्यसका घोडा घाइते पार्दिए सब ॥

९७

९८

सावधान भई तीन तीखा बाण त्यजी पुनः ।
छेडे रावणको छाती ललाट पनि तत्क्षण ॥
यसरी बाणका पर्दा लाग्नाले राक्षसेशका ।
सर्वाङ्ग छेडिए ऱ्वाम्म्वाम् रगताम्यै भयो तदा ॥
सारा राक्षस—सेनाको अधि ठिङ्ग हुने उता ।
लटरम्म फुलेको क्वै अशोकै ठीक भो अहा ! ॥

१००

श्रीरामका बाण शरीरमा गढी भो घाइते त्यो रगताम्य त्यै घडी ।
भए पछी यत्ति निशाचरेशमा भो खिन्नता क्रोध पनी बढ्यो वहाँ ॥

१०१

इति एक सय दुई सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय तीन सर्ग

श्रीरामले रावणलाई हकार्नु र घाइते देखी सारथिले उसलाई रणभूमिबाट बाहिर लैजानु

१

रामले क्रोधले चुट्ता त्यसरी भइ पीडित ।
लड्न उत्सुक त्यो वीर युद्धमा झोक्कियो स्वतः ॥
बले बा ! क्रोधले आँखा वीर्यवान् त्यसको तव ।
पार्ने सुर गऱ्यो मर्का उठायो धनु वास्तव ॥
ढपक्क ढाक्दिई हाल्यो पोखरीलाइ मेघले ।
ढाकेझैं जल-धाराले रामलाइ त बाणले ॥
छोडेका धनुले त्यस्का बाणले पुरिए पनि ।
पहाड ठीक थे राम, के डग्थे त्यत्तिले अनि ॥
त्यसका बाण रोके बा ! हेलैले आफ्नु बाणले ।
महासमरमा राम यसरी ठिङ्ग भै रहे ॥
त्यसका बाण आएमा छिचोली आफ्नु बाण ती ।
जाडोमा घाम तापेझैं थापे सूर्यकरै सरि ॥
चढायो धनुमा बाण हजारौं त्यसले अव ।
छोड्दियो रामको छाती ताकी सर्सर ती सव ॥
त्यसका तेजिला बाण गढ्दा ऱ्वाम्ऱ्वाम्ति देहमा ॥
डुवे रगतमै राम रगताम्य भई वहाँ ॥
लटरम्म फुलेको क्वै ठूलो वृक्ष पलाशको ।
शोभिन्छ वनमा कस्तो ? त्यस्तै पो देखिए अहो! ॥
यिनका चोट लाग्दामा तेजस्वी रामले पनि ।
लयका सूर्यझैं तेजी आफ्ना बाण झिके अनि ॥
अनि ता यी दुबै वीर युद्धमा चूर भैकन ।
अ-आफ्ना तेजिला बाण छोड्न लागे दनादन ॥
अब घोर अँध्यारो भो समरस्थलमा वहाँ ।
देखेनन् एकले अर्को बाणै-बाण भयो जहाँ ॥
यै वेला प्रभु श्रीराम नराम्रो सँग झोक्किए ।
भने कठोर-वाणीमा हाँस्तै रावणलाइ ए ! ॥
१३

१४
सुन ! राक्षसका राजा ! मलाइ तिमिले अघि ।
नमजैसित झुक्यायौ त्यो जनस्थानमा हकि ? ॥
मेरी पत्नी हरी ल्यायौ त्यहींवाट छली छिपी ।
तस्मात् पराक्रमी वीर होइनै है तिमी त्यही ॥
थिइन दीन अवस्थामा विशाल-वनमा उनी ।
त्यस्तीलाइ पनी हर्ने विक्रमी कसरी तिमी ? ॥
असहाय अवस्थाका अवला--जनमा तिमी ।
वीर्य देखाँउने त्यस्ता कस्ता वीर महान् तिमी ? ॥
परस्त्रीहरणै जस्तो कर्म कापुरुपोचित ।
गरेमा पनि भन्ठान्छौ म शूरो वीर हूँ स्वतः ॥
राक्षसाधम हौ तस्मात् तिमी तुच्छ निशाचर ।
सदाचार-विहीनै छौ पापी निर्लज्ज दुच्छर ॥
तिमीले काल ल्याएछौ सीताका रूपको गुन ! ।
शूर वीर म हूँ भन्छौ तैपनी गर्वले पुनः ॥
साक्षात् कुवेरका भाई शूर वीर महाबली ।
महान् पुरुषले यस्तै काम गर्छन् लुकी छली ? ॥
सुन ! राक्षसका राजा ! तिमीले आफ्नु कर्म त्यो ।
प्रशंसनीय सत्कीर्ति दिने हो यै भनी गऱ्यौ ? ॥
घमण्डले गरेको त्यो साह्रै अहित, निन्दित ।
पापको फल लौ बाबै ! अब भोग तिमी स्वतः ॥
लौ शोच ! बुद्धि बिग्रे को तिम्रो कस्तो हरे शिव ! ।
आफैंलाइ तिमी ठान्छौ हैपनी शूर वास्तव ॥
ती मेरी गृहिणीलाई चोरलेझैं छली हरी ।
लैजाँदा बुद्धि त्यो तिम्रो कहाँ गो ? लाज छैन कि ? ॥
मेरो अघि जवर्जस्ती हर्दा हौ व उनीकन ।
ठोक्किदन्थें अनि देख्नेथ्यौ खरलाइ मरीकन ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

३७

मेरो अगाडि आएछौ भाग्यै हो ! आज राक्षस ! ।
यसको घरमा ठ्याक्कै म पुऱ्याँउछु लौ अब ॥
मेरा यी बाणले काट्दा तिम्रो कुण्डल साथको ।
शिर त्यो भूमिमा खस्ला छिटै अब बुझ्यौ कुरो ? ॥
आई चारतिरै बाट मासु खाने अनेकन ।
जीव–जन्तुहरू लुछ्लान्, खालान् चौटा फिक्रीकन ॥
सुन! रावण ! त्यो वेला पृथ्वीमा लाश चाँहि त्यो ।
होला छर्पटिएको र आँउलान् गिद्ध आदि पो ॥
पारेका बाणले प्वाल जो होलान् तिनवाट नै ।
निस्केको रक्त घोक्लान् ती तिर्खा मेट्लान् मजासँगै ॥
यी मेरा बाणले छेड्दा प्राण जाने शरीरको ।
आन्द्रा त्यस्तै चरा तान्लान् गरुड्ले सर्प–ठीक पो ॥
शत्रु संहार्न सक्ने ती रामले यी कुरा भनी ।
छोड्दिए बाणको पर्रा त्यस राक्षसमा अनि ॥
शत्रु मार्न लिने इच्छा रामको अब युद्धमा ।
बल विक्रम उत्साह हर्ष भो दुगुना वहाँ ॥
आत्मज्ञानी थिए राम उनका अघि वास्तव ।
आफैं उब्जिइँदै आए शस्त्रास्त्रहरू ता सब ॥

३५

३६

हर्ष उत्साह बढ्दामा तेजस्वी रामको यता ।
लागे चल्न पनी बाहु फूर्ति साथ निकै तदा ॥
शुभ लक्षण आफैंमा थुप्रिएको गमे पछी ।
श्रीराम पार्न लागे वा ! पीडा रावणमा अति ॥
भालू -- वानरले ठोके ढुङ्गा -- मूढा यतातिर ।
रामका बाणको बर्षा बर्षियो मन उतातिर ॥
अब यस्तो अवस्थामा राक्षसेश्वरको मुटु ।
भयो व्याकुल पीरैले दुख्न थाल्यो कुट्कुटु ॥
मुटुमै तोड पर्नाले बढ्नाले भित्र खिन्नता ।
रामको साथमा लड्नै न सक्ने हुन गो तदा ॥
शक्ति शस्त्रास्त्र झिक्ने र हान्ने, धनु उठाँउने ।
त्यसमा बाण राख्ने नै भएन भइ झोक्रिने ॥
रामले शीघ्रता साथ छोडेका भाँति - भाँतिका ।
तीखा शस्त्रास्त्रका ताँत देहमा वज्रिए तदा ॥
मृत्युका दूत जस्ता भै रोपिन्थे ग्वाम्म ग्वाम्म ती ।
आएछ मृत्युको वेला अब भै नजिकै अति ॥
यता यस्ता अवस्थाको आफ्नो मालिकलाइ त्यो ।
देख्यो सारथिले त्यस्तो बुद्धिमान् योग्य जो थियो ॥

४४

४५

अब यस्तो अवस्थामा राख्नु हुन्न यहाँ, गम्यो ।
रण बाट लग्यो टाढै राक्षसेश्वरलाइ त्यो ।
देखेर राजाकन शक्तिहीनका लडी रहेका रणबीचमा तदा ।
कराँउने मेघ समान त्यो रथ फर्काउदै सारथिले लग्यो पर ॥

४६

इति एक सय तीन सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय चार सर्ग

राक्षसराज रावणले सारथिलाइ हकार्नु र सारथिले रथलाइ फेरि युद्धभूमिमा ल्याँउनु

१

अब राक्षसको राजा दुष्ट राक्षस रावण ।
कालको शक्तिले राम्रै ठेलियो वा ! पुन : पुन : ॥
यसर्थ मोहले ज्यादै भइ क्रुद्ध असाध्य त्यो ।
आफ्नु सारथिमा भन्छ राता आँखा गरी यसो ॥
तैंले मलाइ के संझिस् ? दुर्बुद्धे ! मूर्ख ! सारथे ! ।
पुरुषार्थ विनाको र संझिस् के असमर्थ ए ! ॥
मायारहित निस्तेज धैर्यहीन र निबल ।
त्यस्तै डराँउने लाछिः ठानिस् बा ! मूर्ख केवल ? ॥
अस्त्रज्ञान विनाकोझैं मानी हेंला गरीकन ।
गरिस् स्वबुद्धिलेमात्र मन लागे सरी किन ? ॥
के कुरा गर्न खोज्थें म अभिप्राय थियो कुन ।
न बुझी त्यो कुरा कत्ति भन् ए ! यस्तो गरिस् किन ?॥
पऱ्यो कारण त्यस्तो के ? शत्रुको अघि बाट हा ! ।
मलाई यसरी ल्याइस् भगाई किन व्यर्थ बा ! ॥
तस्मात् अनार्य तैंनै होस् तैंले मेरो सबै कुरा ।
मुसुक्क पार्दिइस् ओहो ! बरबादै भयो अहा ! ॥
धेरै देखि कमाएको कीर्ति तेज पराक्रम ।
आत्म-विश्वासमा सम्म थोपर्दिस् दाग दुर्जन ! ॥
मेरो शत्रु थियो पाजी ! विख्यात बल-वीर्यमा ।
त्यल्लाई वीर्यले मैले तुष्ट पार्नु थियो वहाँ ॥
म थिएँ युद्धको लोभी विचारै नगरेर यो ।
मलाई कायरै पारी भगाइस् युद्ध बाट त्यो ॥
यो मेरो रथ सुन् मूर्ख ! क्यै मोहवशमा परी ।
शत्रुको अघि लैजान्नस् भने बुझ् ! भन्छु राम्ररी ॥
तँलाई शत्रुले मेरा लिएछन् हात, क्यै दिई ।
अनुमान यही मेरो सत्य हुन्छ यसै वडी ॥
१३

१४

हित होस् यसको भन्ने मित्रको काम होइन यो ।
अहिले जो गरिस् तैंले शत्रुले गर्नु ठीक, हो ! ॥
अघि देखि बसेको होस् तँ मेरो साथमा भने ।
मेरो गुन कुनै त्यस्ता संझिन्छस् तँ यहाँ भने ॥
यो मेरो रथ लौ लैजा छिटै नै रणभूमिमा ।
त्यस्तो हुन न पाओस् नि ? शत्रु भागी सकोस् जहाँ ॥
थियो सारथिको बुद्धि सँधै मालिकमा रत ।
मनले-देह-वाणीले गर्थ्यो रावणकै हित ॥
परन्तु दुष्ट दुर्बुद्धि त्यसले व्यर्थमा हरे ! ।
भन्न सम्म भन्यो चर्को त्यस्तो सारथिलाइ ए ! ॥
अनि सारथिले ज्यादै नम्रता साथ क्यै झुकी ।
भन्यो भलो कुरा यस्तो दुष्ट स्वामीकनै पछि ॥
डराएको छँदैछैन राक्षसेश्वर ! दास यो ।
भेदेका छन् न वैरीले न त मूढै छ यो प्रभो ! ॥
न ता असावधानै छु आहिलेतक वास्तव ।
प्रभुका प्रतिको स्नेह अघि जस्तै छ है अझ ॥
मेरो सत्कार सन्मान अघि जो गर्दिबक्सियो ।
अहिले सम्म त्यो स्वामिन् ! बिर्सेको छैन सत्य हो ! ॥
म सधैं प्रभुको श्रेय होस् भन्ठान्छु चिताँउछु ।
प्रभुको कीर्ति राख्नामै सर्वथा यत्नशील छु ॥
मेरो हृदय यो राजन् ! स्नेहले नित्य आर्द्र छ ।
प्रभुको गुनले एवं नूनले नित्यबद्ध छ ॥
भन्ठाने त्यसबेलामा त्यही वेस, गरें तब ।
यदि अप्रिय जस्तो त्यै जो लाग्यो प्रभुमा अब ॥
श्रेयमा प्रेयमा नित्य लाग्ने दास म हूँ प्रभो ! ।
मेरो त्यो काममा तस्मात् त्यसो भन्नु अयोग्य हो ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कुनै अनार्य वा लाछी--व्यक्तिले झैं यसो गरी ।
मभा थुपार्नु यो दोष हुँदैहुन्न कसै गरी ॥
सिन्धुको जल उर्लेर चन्द्रोदय भए पछि ।
फर्काउँछ नदीलाई, पछी हट्छिन् त्यसै नदी ॥
मैले पछि हटाँए जो हेतुले प्रभुको रथ ।
सुनि बक्स्योस् महाराज ! भन्छु त्यो सब लौ अब ॥
राक्षसेश्वर ! त्यो वेला मैले संझे यही कुरो ।
लड्दा हजूर अत्यन्तै युद्धमा थाकी बक्सियो ॥
बलवान् शत्रु भो ज्यादै त्यो भन्दा प्रभुलाइ ता ।
मैले अतिकमै देखें शक्ति क्षीण हुँदा तदा ॥
पऱ्यो अर्को कुरा यस्तो घोडा यो रथका प्रभो ! ।
तान्दा तान्दा निकै थाके भए सुस्त त्यसै अहो ! ॥
यी घोडा त्यस वेलामा पसिनाले भए तर ।
वर्षाले चुटिंदा गाई-साढें दुःखी भए सह ॥
अगाडि अहिले मेरा उब्जे यी जति लक्षण ।
भए सफल ती राजन् ! हुन्छ हाम्रै कुलक्षण ॥
हुन् यी सारथिका काम बुझ्न त्यो देश काल र ।
रथीका बालचेष्टादि ती लक्षण शुभाशुभ ॥
छ उत्साह अनुत्साह खिन्नता र बलाबल ।
शत्रुको आफ्नु स्वामीको के कस्तो हुन् यिनै सब ॥
कहाँ छ पृथिवी अग्लो होचो विषम वा सम ।
यो पनी बुझ्नु नै पर्थ्यो त्यस्तो सारथिले पुनः ॥
कुन वेला लडे वेस हुन्छ, यो पनि जान्नु र ।
शत्रुको शक्तिमा आँखा गाड्नै पर्थ्यो भई स्थिर ॥
शत्रुको नजिकै जाने टाढै बस्ने र युद्धमा ।
अड्ने हट्ने पनी वेला हेर्नु पर्छ गमी वहाँ ॥

३९

४०

आफैंले सब शोचेर बुझेर पछि ती कुरा ।
राम्रो संझाउनै पर्छ रथीमा त्यसले पुरा ॥
अवस्था प्रभुको राजन् ! न राम्रो थ्यो यतातिर ।
घोडा थाकि सकेकाथे तान्दा रथ उतातिर ॥
प्रभुमा दिन विश्राम घोडाकै साथमा तव ।
मैले त्यस्तो गरेकोहुँ वेलाकै योग्य थ्यो तब ॥
मनमानी गरेको क्यै यसमा छैन है प्रभो ! ।
स्वामीको स्नेहले गर्दा हटाएँ रथ योग्य थ्यो ॥
शत्रुनाशक ए स्वामिन् ! ठिक्क संझेर जो कुरो ।
यसो गर् भनि बक्सेला त्यसै गर्छु अझै प्रभो ! ॥
नूनको गुनको सोझो गरी निर्ऋण हुन्छु म ।
लौ बक्सियोस् मभा आज्ञा तुरुन्तै पाल्छु त्यो पुनः ॥
सुन्दा सारथिका यस्ता कुरा त्यो राक्षसेश ता ।
दङ्गादङ्गी परी हाल्यो योग्य लायकका हुँदा ॥
गऱ्यो सारथिको साह्रै सह्रानी त्यसले अनि ।
लड्नमा लोभ बढ्दामा भन्यो अब यसो पनि ॥
बुझिस् ! सारथि ! यो मेरो रथ लैजा छिटै अब ।
जहाँ छ रघुवंशी त्यो दुष्ट रामे खडै अझ ॥
संग्रामस्थलमा शत्रु न मारी कहिले त्यसै ।
वीर-रावण फर्किन्न यो कुरो संझिराख् सबै ॥
रथ भित्र बसी यत्ति भनेर त्यसले अनि ।
फुकाल्यो आफ्नु हातैको एउटा गहना पनि ॥
साह्रै खुस भई त्यल्ले दियो सारथिलाइ त्यो ।
पुरस्कार—स्वरूपैमा दङ्ग भो यसले लियो ॥
अब राक्षस-राजाको त्यस्तो आज्ञा सुने पछि ।
रथ सारथिले हाँक्यो दौडे घोडा छिटो अति ॥

५२

आदेशले राक्षस-राजको अब घोडा कुदायो त्यसले पनी तव ।
ल्यायो छिनैमा रथ त्यो विचित्रको संग्राममा ठ्याक्क अगाडि रामको ॥

५३

इति एक सय चार सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय पाँच सर्ग

महर्षि–अगस्त्यद्वारा श्रीरामलाई आदित्य–हृदय पाठ गर्ने उपदेश दिनु

१

लड्दा लड्दा निकै थाकी यसो शोचेर क्यै कुरा ।
प्रभु राम बसेकाथे त्यो युद्धस्थलमै तदा ॥
यता यस्तै अवस्थामा राक्षसेश्वर रावण ।
रामको अघि भै आयो लड्नको निम्तिमा पुनः ॥
युद्ध हेर्छु भनी साक्षात् अगस्त्य भगवान् मुनि ।
वहाँ पाल्नु भएकोथ्यो देवता साथमै अनि ॥
त्यत्तिकैमा उहाँ आफैं ओर्लिइ तल भूमिमा ।
त्यस्ता श्रीराममा आज्ञा गर्नु हुन्छ यही वहाँ ॥
राम बाबु ! तिमीलाई लौ ! यौटा गुह्य भन्छु म ।
स्तोत्र हो, त्यो छिपेको थ्यो भए पनि सनातन ॥
महान् बाहु हुने राम ! यसको जप–पाठले ।
तिमी विजय भेट्नेछौ युद्धमा शत्रु–जीतले ॥
त्यो हो आदित्य हृदय–स्तोत्र साह्रै पवित्र छ ।
यसको पाठ गर्नाले नाशिन्छन् शत्रु यी सब ।
छ स्तोत्र नित्य यो बाबु ! कल्याणमय अक्षय ।
बुझ्यौ ! मङ्गलको सम्म मङ्गलै गर्छ वास्तव ॥
पाप नाश्तछ यै सारा चिन्ता शोक हटाउछ ।
भज्नेलाइ दिई शान्ति बेस आयु बढाउछ ॥
भगवान् सूर्य ती आफ्ना अनन्त-किरणादिले ।
सम्पन्न भइ बक्सिन्छ सर्वथा एकरूपले ॥
रश्मिमान् भन्दछन् तस्मात् उहाँ नित्य उदाँउदा ।
समुद्यन् भइबक्सिन्छ पूज्दछन् देव–दैत्य बा ! ॥
विवस्वान् नाम ख्याते छ, भइ बक्सिन्छ भास्कर ।
सारा भुवनका स्वामी हुनाले भुवनेश्वर ॥
नामका अर्थ संझेर अब श्रद्धा र भक्तिले ।
गर लौ प्रभुको पूजा तिमी शीघ्र महामते ! ॥

१३

१४

सम्पूर्ण देवता राम ! हुन् उहाँकै स्वरूप यी ।
उहाँ नै भइ बक्सिन्छ तेजको राशि हेर ! ती ! ॥
आफ्ना किरणले सारा प्राणीमा चेतना तथा ।
बक्सिन्छ स्फूर्ति शक्त्यादि उहाँकै हो सबै कृपा ॥
आफ्ना किरण फ्याँकेर पुऱ्याएर जगत्भर ।
पालि बक्सिन्छ यी लोक साथ-साथै सुरासुर ॥
उहाँ नै भइ बक्सिन्छ ब्रह्मा विष्णु तथा शिव ।
इन्द्र प्रजापति स्कन्द यम काल कुवेर त ॥
चन्द्रमा पितृ वरुण ती अश्विनीकुमार र ।
वसु साध्य मरुत् वायु मनु अग्नि प्रजादिक ॥
प्राण–शक्ति छ जो बाबु ! यिनमा त्यो पनी उहाँ ।
ऋतुको गतिमा आफ्नो ज्योति फेंक्ने पनी उहाँ ॥
उहाँका नाम छन् राम ! पापनाशक यी सुन ! ।
जप–पाठ गरी राम्रो मनमा नित्य नै गुन ।
आदित्य सविता सूर्य खग पूषा गभस्तिमान् ।
सुवर्णसदृशै भानु स्वर्णरेता दिवाकर ॥
हरिदश्व सहस्रार्चि सप्तसप्ति मरीचिमान् ।
तिमिरोन्मथनै शंभु त्वष्टा मार्तण्ड अंशुमान् ॥
हिरण्यगर्भ शिशिर रवि तपन अहस्कर ।
अग्निगर्भ र आदित्य शङ्ख शिशिरनाशन ॥
व्योमनाथ तमोभेदा ऋग्–यजुः–सामपारग ।
घनवृष्टि अपांमित्र विन्ध्यवीथीप्लवङ्गम ॥
आतपी मण्डली मृत्यु पिङ्गल सर्वतापन ।
कवि विश्व महातेजा रक्त सर्वभवोद्भव ॥
नक्षत्र-ग्रह-तारेश सविता विश्वभावन ।
तेजस्विषु महातेजा द्वादशात्मा नमोनमः ॥

२६

२७

पूर्वी-उदयको डाँडो पश्चिमी अस्तको छ जो ।
यी दुवै रूपमा बस्ने प्रभुमा छ प्रणाम यो ॥
यी ज्योतिर्गणका स्वामी दिनका पति नाथमा ।
प्राणीका आत्मका तत्व प्रणाम छ हजूरमा ॥
हजूर जयका हेतु जय श्रेय दिने सदा ।
भइ बक्सिन्छ हे स्वामिन् ! नमस्कार छ सर्वथा ॥
घोडा छन् हरिया एवं हजारौं कर सुन्दर ।
आदित्य प्रभुकै नाथ ! प्रभुमै यो प्रणाम छ ॥
उग्र वीर र सारङ्ग प्रभुमा छ नमोनमः ।
पद्म फक्राउँने एवं शान्त मार्तण्डमा नमः ॥
ब्रह्मा विष्णु तथा रुद्रसम्मका आत्मरूपका ।
हो सूर प्रभुकै नाम प्रणाम प्रभुमा सदा ॥
प्रभुकै तेज हो स्वामिन् ! सूर्यमण्डल त्यो नमः ।
स्वाहा पर्ने सबै अग्नि भई भास्वन् नमोनमः ॥
रौद्ररूप स्वयं धर्ने प्रभुलाइ प्रणाम छ ।
अन्धकार र अज्ञान शत्रुनाश्ने ! प्रणाम छ ॥
अप्रमेय लिने रूप हर्ने शैत्य र जाड्य त्यो ।
मास्ने कृतघ्न देवात्मा तेजःस्वामिन् ! प्रणाम यो ॥
पगालेको सुनै जस्तो रूप धर्ने तथा हरि ।
रच्ने संसारको सृष्टि छ प्रणाम सँधैभरी ॥
प्रकाशरूप सर्वात्मा जगत्साक्षी सुखावह ।
तमोगुण सबै नाश्ने प्रभुलाइ प्रणाम छ ॥
रघुनन्दन श्रीराम ! भगवान् सूर्य नै सुन ।
जगत्को सृष्टि संहार गरि बक्सिन्छ पालन ॥
आफ्ना किरण द्वारा यी विश्वमा नित्य राघव! ।
गरि बक्सिन्छ वृष्ट्यादि दिँदै उष्णत्व वास्तव ॥
जगत्का सब प्राणीमा अन्तर्यामीस्वरूप ली ।
जागि बक्सिन्छ सुत्तामा पनि सम्पूर्ण भूत ती ॥

४०

४१

भइ बक्सिन्छ आफैं नै अग्निहोत्र पनी पुनः ।
फल त्यो अग्निहोत्रीले पाँउने पनि उत्तम ॥
यज्ञमा भाग भोग्ने ती देवता द्रव्य वस्तु र ।
यज्ञको फल यज्ञादि भइ बक्सिन्छ वस्तुतः ॥
सम्पूर्ण लोकमा राम! जो जो छन् कर्म वा क्रिया ।
तिनको फल सम्पूर्ण बक्सिन्छ फल सूर्य वा ॥
रामबाबु ! विपत्-आपत् पर्दा वा कष्ट आउँदा ।
त्यस्तै दुर्गम बाटोमा पर्दामा त्रास आउँदा ॥
जो सुकै व्यक्तिहोस् वीर ! यदि यो सूर्यदेवको ।
गर्छ ता स्तुति-पाठादि त्यसको छुट्छ दुःख त्यो ॥
तसर्थ भइ एकाग्र-चित्तको लौ ! तिमी पनि ।
जगत्पति उहाँलाई भज स्तोत्र पठी यही ॥
देवाधिदेवको दिव्य स्तोत्रको जप-भक्तिले ।
तीनपल्ट गरे देखि भेट्छौ विजय युद्धमा ॥
यत्तिले नै यहाँ राम ! त्यसको फलले तिमी ।
छिटै रावण मार्नेछौ छिनमै संझ यो पनि ॥
धर्मात्मा राममा यत्ति अगस्त्य-ऋषिराजले ।
वहाँ आज्ञा भयो गुह्य पाल्नु भो अनि शान्तिले ॥
आत्मवान् धीर श्रीराम त्यस्तो गुह्य सुने पछि ।
शोक पीर सबै फ्याँकी शान्त स्वस्थ भए अति ॥
अनि पानी अचाएर तीनपल्ट विशुद्ध भै ।
जपे आदित्य-हृदय हेरी श्री सूर्यलाइ नै ॥
प्रसन्न-चित्त भो ज्यादै यसबाट उनीकन ।
यसो दृष्टि उठाएर हेरे रावणमा पुनः ॥
उठाए धनु त्यो आफ्नो अनि उत्साहपूर्वक ।
उनले जयको निम्ति कसे कम्मर वास्तव ॥
अब मार्दछु यल्लाई सजीलै यत्नसाथ म ।
उठ्यो भित्र कुरा यत्ति बढे खुश भईकन ॥

५४

५५

प्रिय रघुवर रामलाइ हेरी निशिचर नाश हुँने ठमाइ फेरि ।
खुशभइ रविले भने कुरा यी गइ नजिकै "लड राम ! शीघ्र" यत्ति ॥

इति एक सय पाँच सर्ग

एक सय छ सर्ग

श्री रामले मातलिलाई सावधान गराँउनु र रावणको कुलक्षण र रामको सुलक्षण–वर्णन

१

अब राक्षस-राजाको विद्वान् सारथिले पनि ।
त्यसको रथ हाँक्यो बा ! हर्ष-उत्साहवान् बनी ॥
गन्धर्वनगरै जस्तो देखिन्थ्यो यो विचित्रको ।
शत्रु-सैन्यकनै सारा किच्न, मिच्न समर्थ थ्यो ॥
राम्रो अग्लो थियो झण्डा पताका फहराँउथ्यो ।
जोतिएका थिए यस्ता घोडा पनि सुयोग्य पो ॥
तिनले पहिरेकाथे सुनका गहना निकै ।
वेस फूर्ति भएका र थिए बा ! तेजिला सबै ॥
युद्धमा चाँहिने वस्तु रथभित्रै थिए सब ।
नाना ध्वजा-पताकाले थियो शोभित झन् तब ॥
आकाशलाइ नै स्वात्तै निल्छ जस्तै थियो रथ ।
गड़गडाहटले आफ्नो पृथ्वी गुञ्जाँउथ्यो तब ॥
भुसुक्क पार्न यो सक्थ्यो शत्रुका सैन्यलाइ ता ।
योद्धामा आफ्नु सेनाका हर्ष छर्थ्यो जतातता ॥
गड्गडाहट छोड्ने र ध्वजा त्यस्तो सुशोभिने ।
रथ राक्षस-राजाको देखे बा ! अब रामले ॥
काला वर्ण हुने घोडा जोतिएका थिए त्यहाँ ।
फैंक्तथ्यो कान्ति डर्लाग्दो त्यो स्यन्दन जहाँ-तहाँ ॥
सूर्यको ज्योतिझैं बल्दो हुने आकाशमा खडा ।
कुनै विमान हो जस्तो देखे श्री रामले कडा ॥
त्यसमा फहराएका जो पताका-ध्वजा थिए ।
ती सबै देखिइन्थे बा ! विजुली हुन् समान ए ! ॥
त्यहाँ जो धनु थ्यो त्यस्को त्यसद्वारा यही रथ ।
इन्द्रका धनुकै जस्तो कान्ति फ्याँक्थ्यो मजासित ॥
यता राक्षसको राजा आफ्नु त्यै धनु बाट ता ।
छोड्थ्यो बाणको वर्षा मेघले जलझैं तदा ॥

१३

१४

महामेघ सरी कालो डर्लाग्दो राक्षसेश्वर ।
त्यस्तो रथ चढी बढ्दै आँउथ्यो अघि सर्सर ॥
त्यसका रथको शब्द चट्याङ् पर्दा कुनै गिरि ।
फुटे जस्तै सुनिन्थ्यो बा ! आँउदा त्यसरी बढी ॥
यता देखे पछी त्यस्तो रामले पनि आफ्नु त्यो ।
महान् धनु उठाए बा ! बालचन्द्र सरी हुँदो ॥
जोडले अनि टङ्कारे पछि सारथि इन्द्रका ।
विद्वान् मातलिका साथ भन्न थाले यसो तदा ॥
हेर ! मातलि ! त्यो मेरो शत्रु-रावणको रथ ।
यतै आइरहेकोछ शब्द छोडी भयानक ॥
लिई प्रदक्षिणी-चाला हुँत्तिदै वेगसाथ त्यो ।
जो आयो लड्नको निम्ति त्यसको अर्थ यै त हो ॥
कालले कुत्कुत्याएछ त्यसलाई यथार्थमा ।
मर्नमै वेस ठानेछ फर्क्यो जो फेरि युद्धमा ॥
सावधान भई हाल सारथे ! अब लौ तिमी ।
लैजाउ रथ यो चाँडै बढ ! शत्रुतिरै तिमी ॥
हुरीले जसरी नाश्छ बढ्दो बादलको दल ।
शत्रुको रथ त्यै ठीक नाश्न खोज्छु म गै अब ॥
तिमीले हुनु पर्ने भो अनुद्विग्न र निर्भय ।
स्थिर राख तिमी आफ्ना मन-नेत्रादि इन्द्रिय ॥
लगाम राम्ररी थाम वशमा अश्व हुन् सबै ।
यसरी रथ यो हाँक फूर्तिसाथ भई छिटै ॥
तिमीमा हुन ता होला ज्ञान त्यो रथ-हाँक्नुको ।
सँधै हाँकि रहेकाछौ रथ जो देवराजको ॥
एकाग्र-चित्तले लड्ने ठूलै इच्छा बढी ममा ।
यो तिम्रो काम संझाएँ सिकायो न भने यहाँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
त्यस्ता श्रीरामका यस्ता मीठा राम्रा कुरा सुनी ।
देव-सारथिमा श्रेष्ठ यिनी मक्क परे अनि ॥
ठूलोपन यही नै हो ठूलाको यै कुरो गुनी ।
अब मातलिले हाँके रथ त्यो धन्य हो ! भनी ॥
राक्षसेश्वरको त्यस्तो विशाल रथलाइ ता ।
फनक्क दाहिने पारे अघि भै ननले तदा ॥
यत्तिकैमा उठ्यो धूलो पाङ्ग्राको गति बढ्न गै ।
काँप्यो रावण त्यो देख्ता अत्यन्त विकराल भै ॥
दश कण्ठ हुने राजा यत्तिले पनि झोक्कियो ।
राता–राता भए आँखा डर्लाग्दो रूप देखियो ॥
आइ पुग्दा न पुग्दैमा त्यो आफ्नो रथको अघि ।
छोड्दियो बाणको पर्रा त्यसले राममाथि यी ॥
यो आक्रमणले गर्दा श्रीराम पनि झोक्किए ।
स्थिर धीर थिए रोके यो क्रोध पछि धैर्यले ॥
रघुका कुलका रत्न उनले अब युद्धमा ।
लिए बा ! वेगशाली त्यै इन्द्रको धनु हातमा ॥
सूर्यका किरणै जस्ता अति जगमग कान्तिका ।
चढाए त्यसमा बाण अनि अत्यन्त वेगिला ॥
जित्न खोजेर यौटाले अर्कोलाई निरन्तर ।
हानाहान गरी हाले भयो युद्ध भयङ्कर ॥
घमण्डी दुइटा सिंह वनमा भेटिए भने ।
कसरी लड्दछन् त्यस्तै युद्ध भो दुइबीच ए ! ।
यता आकाशमा शुभ्रे यै वेला हेर्न द्वै रथ ।
युद्ध यो देव गन्धर्व सिद्ध ब्रह्मर्षि आदिक ॥
भित्र थ्यो यिनको इच्छा लोकरावण रावण ।
रामबाट मरी हालोस् भन्ने नै भइ भीषण ॥
उता उत्पात डर्लाग्दा हुन लागे वहाँ अब ।
सिरिङ्ग रौँ नै हुन्थ्यो देख्नेको भयले तब ॥
दुष्ट रावणको नाश जीत श्री रामचन्द्रको ।
हुन्छ भन्ने बडो राम्रो सूचना यिनको थियो ॥
दुष्ट राक्षस-राजाको रथ मास्तिर जोडले ।
वर्षाए रक्तको वर्षा यै वेला अब मेघले ॥
गर्जेको मडराएको तिनको जलले बिना ।
हुँकि–धाक मची क्याकै वामावर्त-परिक्रमा ॥
४३

४४
रथ रावणको जान्थ्यो जुन बाटो गरी जहाँ ।
गिद्धका ताँतिका ताँति पुग्थे माथि उडी त्यहाँ ॥
यतातिर कुवेलामै सन्ध्या आइन् न राम्ररी ।
जपाकुसुमकै जस्तो रूपमा ठाँटिईवरी ॥
जसले क्षिति लङ्काकी दिनमा पनि वास्तव ।
देखिन्थिन् भई ह्वाह्वार्ति बल्छिन् जस्ती वहाँ अब ॥
ठूलो चट्याङ् परे जस्तो डर्लाग्दो उग्रशब्दमा ।
उल्का खस्न पनी लागे अगाडि त्यसकै वहाँ ॥
यी सबै सूचना दिन्थे छैन तेरो भलो भनी ।
यस्ता उत्पात देख्तामा खिन्न भो त्यो त्यसै पनि ॥
स्वयं जहाँ–जहाँ जान्थ्यो त्यहाँकी पृथिवी सब ।
हल्लिन्थिन वेस्करी ओहो ! जो न राम्रै थियो तब ॥
गर्दा प्रहार शस्त्रास्त्र हात रावणका उता ।
कसैले पक्डिए जस्तै वेकम्बा बन्दथे तदा ॥
यसो रावणले हेर्दा सूर्यका किरणै पनि ।
राता नीला पहेंला र सेता काला भए अनि ॥
त्यसको मुख त्यो क्रुद्ध हेरेरै श्यालिनीहरू ।
न राम्रै रुन लागे बा ! कराएर खुरु-खुरु ॥
बढ्थे राक्षस--राजाको अगाडि सब यी तब ।
यिनको पछि लाग्दैथे गिद्धका ताँति वास्तव ॥
छोपेर त्यसको आँखा उडाई धूल युद्धमा ।
प्रतिकूल दिशापट्टि बह्यो वायु पनी वहाँ ॥
त्यसका सैन्यमा फेरि बादलै न भए पनि ।
न राम्रो स्वर ली चर्को पऱ्यो वज्र पनी अनि ॥
अंध्यारो बढ्न गै छोप्यों समस्त विदिशा-दिशा ।
आकाश देखिनै गाह्रो हुन गो धूल बढ्दिदा ॥
न राम्रो झगडा झिक्तै सारिका नामका चरा ।
त्यसको रथमै आई डर्लाग्दा भै खसे बरा ! ॥
त्यसका रथका घोडा जघनस्थल बाट ता ।
फ्याँक्तैथे अग्निको झिल्का झार्दथे आँसु नेत्र हा ! ॥
एकैपल्ट उनी तस्मात् यसै गरि निरन्तर ।
आगो–पानी दुवै झार्थे देखिन्थे अति कातर ॥
निस्किए त्यसका उल्टा रामका अघि लक्षण ।
जय मङ्गल होस् भन्ने अतिराम्रा थिए जुन ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
सूचना जीतको गर्ने देखे शकुन रामले ।
संझे दुष्ट मऱ्यो भन्ने अनि मन्मन हर्षिए ॥
निमित्त जान्ने प्रभु-राम युद्धमा देखेर यस्ता शकुनादि आफुमा ।
भए निकै दङ्ग झिके पराक्रम थाले अनी लड्न मजासितै पुनः ॥
६२

इति एक सय छ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय सात सर्ग

श्री राम र रावणको युद्धमा रामद्वारा राक्षस-राजको शिरच्छेद

१

अ-आफ्नो रथमा चढ्ने राम-रावणमा पुनः ।
चर्को द्वैरथ यो युद्ध त्रास पार्दै जगत्कन ॥
बढो विचित्र भै हाल्यो यो वेला दुइ-पक्षका ।
राम-रावण-सेनामा चित्र जस्तै भए अहा ! ॥
यी दुवै पक्षका योद्धाहरूका हात-हातमा ।
हतियार थिए नाना तर ठिङ्ग थिए वहाँ ॥
अब यस्तो अवस्थामा नर-राक्षस वीर थी ।
दुइटै लड्न लागे बा ! बल-वीर्य झिकी-झिकी ॥
देख्दा त्यस्ता अवस्थाका यी दुवै वीरलाइ ता ।
परे आश्चर्यमा ठूलो सारा दर्शकवृन्द बा ! ॥
ती दुवै पक्षका वीरहरूले हथियार ता ।
लिएकैथे थिए पर्दा हान्न ठिक्क पनी तदा ॥
वर आश्चर्यकारी यो युद्ध देखे पछी सव ।
टोलाई हेर्न पो लागे बिर्से लड्न पनी तव ॥
वहाँ हेरि रहेकाथे रावणैतिर राक्षस ।
प्रभु-रामतिरै हेर्थे भालू-वानर वास्तव ॥
रनभुल्ल भई ट्वाल्ल युद्ध ती सव हेर्दथे ।
ती दुवै पक्षका सेना तस्मात् तस्वीर ठीक थे ॥
राम-रावणले देखे सुलक्षिन कुलक्षिन ।
स्थिर-बुद्धि भए आफ्नै पक्षमा यी दुवै जन ॥
अब लड्न दुवै लागे क्रोधको वेगमा वही ।
भइ निर्भय अत्यन्तै कसिई एकता झिकी ॥
विश्वास रामलाई थ्यो जीत मेरो अवश्य छ ।
थियो रावणमा चाँहि मेरो मृत्यु अवश्य छ ॥
विश्वासमा अ-आफ्नो त्यो दुवै पक्का थिए तब ।
बल-वीर्य झिकी आफ्नो लड्न थाले दुवै अतः ॥

१३

१४

त्यो दशग्रीव-राजाले उठायो धनु आफ्नु र ।
त्यसबीच चढायो बा ! अनि तीखा झिकी शर ॥
रामका रथको राम्रो ध्वजा उन्नत जो थियो ।
त्यसैलाई गऱ्यो लक्ष्य त्यसले अब छोड्दियो ॥
सकेनन् त्यसका बाण इन्द्रका रथको ध्वजा ।
सम्म पुग्न पनी, छोई रथ-शक्ति खसे तदा ॥
झोक्किए अब श्रीराम ताने धनु, मनैमन ।
गमे म यसको साटो फेर्छु हेर् त भनीकन ॥
त्यसका रथको झण्डा ताकेर अनि रामले ।
छोड्दिए सर्पझैं झोक्की बलेको बाण तेजले ॥
हुर्रिएर गई च्वाट्टै पादिई रथको ध्वजा ।
रामको बाण त्यों ख्वाप्पै गाडियो भूमिमै तदा ॥
काटिएको ध्वजा देख्ता जल्यो रावण क्रोधले ।
देखियो त्यसबाटै त्यो सक्छ शत्रु समान ए ! ॥
रिसको झोकमा छोड्यो शरको वृष्टि वस्तुतः ।
घाइते पार्न पो लाग्यो रामका अश्वलाइ त ॥
दिव्य घोडा थिए तस्मात् डगेनन् कत्ति ती सव ।
पद्मको डाँठले लागेझैं भों स्वस्थै भए सव ॥
न डग्दा कत्ति ती घोडा झन् त्यो राक्षस झोक्कियो ।
ज्यादै क्रुद्ध भई त्यल्ले बर्षायो वृष्टि बाणको ॥
गदा-परिघ-चक्रादि गिरिश्रृङ्ग र बज्चरा ।
माया-निर्मित शस्त्रास्त्र साथै मुसल आदिका ॥
वृक्षादि पनि छोड्यो बा ! न मानी श्रम कत्ति नै ।
त्यस राक्षस- राजाले गऱ्यो गर्नु न गर्नु नै ॥
हजारौं थर शस्त्रास्त्र यसरी वर्षिदा अब ।
संग्रामस्थल यो भैगो ज्यादै उग्र भयानक ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कोलाहल उठ्यो ठूलो वहाँ पछि सबैतिर ।
न राम्रै हुन गो चाला गुञ्जियो उग्र भै स्वर ॥
राममा रथमा कत्ति न लागी बाण-वृष्टि थो ।
गई वानर-सेनामा वर्षियो बर्ष भै अहो ! ॥
प्राणको मोह छोडेर बाण छोड्दा यसो गरी ।
वीर-रावणले पाऱ्यो अब आकाश त्यो भरी ॥
देखेर युद्धमा यस्तो गरेको त्यस-वीरले ।
हाँसेर रामले बाण चढाए धनुबीच ए ! ॥
संख्या सयौं हजारौंका गराई बाण छोड्दिए ।
त्यो देखी ढाक्दियो फेरि आकाशै आफ्नु बाणले ॥
यी दुवै वीरको बाण-वर्षाले ढाकिंदा यता ।
बाणैले बाँधिए जस्तो भयो आकाश नै तदा ॥
लक्ष्यमा पुग्दथे ठ्याक्कै दुवैका बाण यी सब ।
लक्ष्य छेडीकनै छोड्थे हुन्नथे कत्ति निष्फल ॥
राम-रावणका बाण जुध्थे अन्योन्यमा वहाँ ।
नष्ट भ्रष्ट भई पश्चात् खस्तथे सब भूमिमा ॥
दाँयाँ-बाँयाँ दुवैपट्टि छोडी बाण निरन्तर ।
अन्योन्यमा दुवै वीर लडे धेर भई स्थिर ॥
दर्लागदा बाण छोडेर सारा आकाश भर्दिए ।
त्यहाँ सास लिने सम्म ठामै पनि भएन ए ! ॥
घाइते रामले पारे घोडा रावणका यता ।
पाऱ्यो रावणले घोडा रामका घाइते उता ॥
यसरी यी दुवै वीर साटो फेरेर शत्रुको ।
गर्न लागे महान् युद्ध अब अन्योन्यमा अहो ! ॥
झोकिई यी दुवै लड्दा भो भयङ्कर यो रण ।
चल्यो दुइ घडी सम्म भएरै रोमहर्षण ॥
यसरी युद्धमा लड्दा राम-रावण यी दुवै ।
जिल्ल ! छक्क ! परी हेर्थे प्राणी यो विश्वका सबै ॥
आ-आफ्नो रथमा श्रेष्ठ चढेका वीर यी रथी ।
खोज्दथे एक-अर्कोमा पीडा बाधा दिनै अति ॥
यौटाको वधमा अर्को लाग्दथ्यो भै भयानक ।
यसरी लड्न लाग्दा यी थिए चकित दर्शक ॥
राम-रावणका दौटै योग्य सारथि ती दुवै ।
आ-आफ्नो गर्दथे काम बडो राम्रो सिपालु भै ॥

४३

४४

सोझै दौडाँउथे घोडा कहिले ती घुमाँउथे ।
पछि फर्काँउथे कैले कैले अघि बढाँउथे ॥
रथ हाँक्ने कला आफ्नो राम्रै देखाँउथे दुवै ।
थिए निर्भय अव्यग्र यो युद्धस्थलमा दुवै ॥
राम रावणमा पीडा पार्न लागे यतातिर ।
पीडा रावण रामैमा पार्न लाग्यो उतातिर ॥
हान्नु , हानिनु इत्यादि प्रवृत्ति र निवृत्तिमा ।
यी दुवैविर त्यै ठीक लिन्थे गति स्वयं वहाँ ॥
बाण बर्षाउने दोटै वीरका श्रेष्ठ ती रथ ।
भए बा ! जलको धारा छोड्ने मेघ सरी तब ॥
विभिन्न-गति देखाई युद्धमा ती दुवै रथ ।
पछाडि अघि आएर जुधे गर्दै मुखामुख ॥
यी दुवैथरका सारा कुरा मिल्छन् सरी भए ।
युगन्धर ध्वजा घोडा पताका सम्म ठ्याक्क ए ॥
रामले बाणले तीखा घोडा रावणका सब ।
हटाए पछि चारोटै पारी विवश वास्तव ॥
यो देखे पछि त्यो राजा क्रोधले भई व्याकुल ।
राममा बाण झन् तीखा छोड्न थाल्यो स्वयं तव ॥
बेसरी घाइते पाऱ्यो यसरी रामलाइ हा ! ।
न ता विकार क्यै उब्ज्यो उनमा न त भो व्यथा ॥
बाण हानी दिखो फेरि तुरुन्तै त्यसले यता ।
ताकी मातलिलाई ती वज्र जस्ता कडा—कडा ॥
उनका देहमा आई रोपिए ग्वाम्म ग्वाम्म ती ।
पारेनन् तिनले किन्तु व्यथा वा मोह क्यै कति ॥
उनमा हमला गर्दा झोकिए वीर राघव ।
पारे विमुख त्यल्लाई तीखा बाण त्यजी तव ॥
शत्रुको रथमा बीस तीस साठी तथा सय ।
छोड्दिए बाण हज्जारौं रामले क्रुद्ध भै अव ॥
यता राक्षसको राजा रन्कियो रथमै बसी ।
गदा—मुसल वर्षायो त्यसले राममा पछि ॥
यसरी यी दुवै वीर लडे अन्योयमा तव ।
घनघोर भयो युद्ध फेरि भै भै भयानक ॥
गदा मुसल परिघ छोड्दा उठ्ने अवाजले ।
बाणका प्वाँखले उठ्ने हुरी हो ठीक वायुले ॥

६०

६१

सातै सागर हल्लायो भए क्षुब्ध सबै उनी ।
जीव—जन्तु त्यहाँ बस्ने डराए बा ! त्यसै पनि ॥
प्रभाव त्यसको पर्दा पातालस्थित दानव ।
हजारौं नागकै साथ भए पीडित वास्तव ॥
वन—पर्वत साथैकी काँपिन् बा ! थर्र भै क्षिति ।
सूर्यको कान्ति भो लुप्त टक्क भो वायुकै गति ॥
अब गन्धर्व सिद्धादि परमर्षि र देवता ।
नाग किन्नरकै साथ आत्तिए भित्र भो व्यथा ॥
निस्कियो अनि साराको मुखबाट यही कुरो ।
भलो कल्याण होस् नित्य गाई ब्राह्मण-जातिको ॥
प्रवाहरूपले चल्ने लोकका जन हुन् सुखी ।
मारुन् श्रीरामले दुष्ट राक्षसेश्वर यै घडी ॥
कुरा अन्योन्यमा यस्ता गर्दै ऋषि र देवता ।
राम-रावणको युद्ध हेर्न लागे वहाँ तदा ॥
उपमै नहुने यस्तो युद्ध देखेर चर्किंदो ।
सिरिङ्ग जिउ पारेर मग्न लागे वहाँ यसो ॥
छ अकाश अकाशैझैं सिन्धु त्यो सिन्धुठीक छ ।
राम-रावणको युद्ध राम रावण-तुल्य छ ॥
अनन्वय तुल्याएर सब त्यस्तो भनी भनी ।
राम-रावणको युद्ध हेर्न लागे छझै उनी ॥
महान् बाहु हुने एवं रघुका-कीर्ति-बर्धक ।
रामले धनुमा यौटा चढाए वेस सायक ॥
छोड्दिए अब त्यल्लाई ताकी रावणको शिर ।
काट्दियो चत्राट्ट, झल्किन्थ्यो जहाँ कुण्डल सुन्दर ॥
काट्नासाथ खसी हाल्यो भुइँमै त्यसको शिर ।
देखे त्रैलोक्यका सारा प्राणीले छुट्न गो पिर ॥

७३

७४

परन्तु छिनमै ओहो ! त्यसको ठाममा त्यहाँ ।
हेर्दा-हेर्दै सबैले ती शिर उब्ज्यो भई नयाँ ॥
फूर्तिसाथ निकै छीटो-बाहुका रामले अनि ।
तुरुन्तै बाणले काटे त्यो दोश्रो टाउको पनी ॥
यो पनी काटिनासाथ अर्कै उब्ज्यो त्यहाँ पुनः ।
वज्र जस्ता त्यजी बाण काट्दिए त्यो पनी पुनः ॥
एवं रीत अघिल्लाझैं कान्तिका तुल्यरूपका ।
सयौं शिर वहाँ उब्जे काट्दिए रामले तदा ॥
यत्ति गर्दा पनी ओहो ! वीर राक्षस-राजको ।
भएन प्राणको नाश पुरानो गो नयाँ रह्यो ॥
अब सर्वास्त्र जानेका कौसल्यामा दिने सुख ।
राम चिन्तित भै हाले भए पनि निकै शर ॥
बडो गजब भो ओहा ! मैले अघि यिनै शर ।
छोडेर दुष्ट मारेथें छली-मारीच त्यो खर ॥
त्यो दूषण मरेकै हो त्यो क्रौञ्चवनमा उता ।
खसी विराध खाल्डोमा मरेकैथ्यो फिसिक्क बा ! ॥
कबन्ध मारिएकै हो दण्डकारण्यमा पनि ।
छेडेथें यिनले साल—वृक्ष डाँडासँगै अनि ॥
मारें वीर महान् बाली क्षुब्ध पारें समुद्र त्यो ।
यी मेरा बाणको ठूलो विश्वास रणमा थियो ॥
पर्न गो आज के हेतु छोड्दा रावणमा तिनै ।
किन व्यर्थ भए ओहो ! सक्तैनन् कत्ति नाश्न नै ॥
यस्तै यस्ता गरी चिन्ता रामले सावधान भै ।
ताकी रावणको छाती छोड्दिए वृष्टि बाणकै ॥
रथभित्र बसेकोथ्यो वीर त्यो अब झाक्कियो ।
गदा मुसल वर्षाई राममा पीर पार्दियो ॥

८६

८७

भयङ्कर लियो रूप यो महायुद्धले पुनः ।
पार्दथे रँउ ठाठ्ठाडा देख्ने दर्शकका गण ॥
यो युद्ध कहिले हुन्थ्यो पृथ्वीमै दुइ वीरमा ।
कहिले गिरिमा हुन्थ्यो कहिले त अकाशमा ॥
पिशाच नाग यक्षादि देव दानव राक्षस ।
हेर्दथे उग्र यो युद्ध भै रह्यो बा ! अहर्निश ॥

८६

CC-0. In Public Domain. Digitization by eGangotri

९०

राम-रावणको युद्ध दिनमा रातमा पनि ।
थामिएन, भयो चर्कै चल्यो छिन-घडी पनि ॥

दशरथ-सुत रामको र त्यस्तो निशिचर-राज सुयोग्य-वीरको त्यो ।
समरबिच महान् यहाँ भएको अति गजबै हुनगो लडाँइ चर्को ॥
जब रघुवरको भएन जीत अनि रणमा रत राममा झुकेर ।
सुरवर-रथ-सारथी उनीले प्रिय हित वाक्य भने यसो गमेर ॥

९२

इति एक सय सात सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय आठ सर्ग

मातलिले श्रीरामलाई संझाँउनु र श्रीरामले रावणलाई मार्नु

१

इन्द्रका रथका योग्य थिए सारथि मातलि ।
उनै श्रीराममा भन्छन् क्यै संझाए सरी गरी ॥
भई केही न जान्नेझैं हजूर यसरी किन ? ।
यसको पछि लागेको ? रोक्नमात्र बलै किन ? ॥
यसका वधको निम्ति ए प्रभो ! गरि तर्खर ।
प्रयोग गरि बक्स्योस् लौ ब्रह्माको अस्त्र दुर्धर ॥
यसका नाशको वेला ठमाए जो सुरादिले ।
त्यो यै समय हो वीर ! यो मरोस् अब सन्मते ! ॥
भए झल्यांस्स श्रीराम सुन्दा मातलिका कुरा ।
ब्रह्मास्त्र संझिए बल्ल अनि पो कसिए पुरा ॥
स्वाँ ! स्वाँ !! गर्ने कुनै सर्प हो जस्तो दिव्य एउटा ।
बाण श्रीरामले आफ्नो ठोक्रा बाट झिके तदा ॥
यो त्यही बाण थ्यो दिव्य जल्लाइ अघि राममा ।
अगस्त्य-ऋषिले साक्षात् बक्सेथ्यो वनबीचमा ॥
निकै नै अघि यो विश्व रच्ने लोक-पितामह ।
ब्रह्माले बक्सिएकोथ्यो ऋषिमा भै अमोघ त ॥
साक्षात् अतुल्य-तेजस्वी ब्रह्माले यसलाइ ता ।
बनाइ बक्सिएकोथ्यो इन्द्रकै निम्तिमा तदा ॥
त्रैलोक्य-विजयै गर्न इच्छा राख्ने उनीकन ।
उहाँले बक्सिएकोथ्यो अघि नै खुश भैकन ॥
प्रतिष्ठा गरिएकोथ्यो यसको वेगमा अहो ! ।
वायुको, धारमा चाँहि अग्निको सूर्यदेवको ॥
देहमा नभको एवं गहुँगोपनमा भने ।
मेरु-मन्दर-गिरिको, थ्यो तस्मात् नित्य शोभिने ॥
तेजले सब प्राणीको बनाएको थियो यही ।
निस्कन्थ्यो जसको ज्योति सूर्यकै ठीक धप्धपी ॥

१३

१४

राम्रा थे यसका पंख थ्यो सुवर्ण-विभूषित ।
जाज्वल्यमान थ्यो फेरि स्वरूपैले यथार्थतः ॥
लयको अग्निझैं धूमयुक्त यो थ्यो भयानक ।
विषालु सर्प जस्तैथ्यो ओकल्ने विष वास्तव ॥
तुरुन्तै लक्ष्य छेड्थ्यो यो घोडा-हात्ती-मनुष्यको ।
बगुन्द्रै नाश्तथ्यो यल्ले छुन पायो कि सक्तथ्यो ॥
ठूलठूला गोपुर-द्वार तथा परिघ पर्वत ।
धूलो बनाँउने शक्ति यसभित्र थियो स्वतः ॥
शरीर त्यसको सारा नाना जीव र जन्तुको ।
रक्तमै मुछिएकोथ्यो बोसो भै डर फैंक्तथ्यो ॥
कठोर वज्र जस्तैथ्यो डर्लाग्दो शब्द गर्दथ्यो ।
अनेकौं युद्धमा यल्ले नाशेथ्यो सैन्य शत्रुको ॥
सारालाइ डरै पार्थ्यो स्वाँ ! गर्ने सर्पठीक थ्यो ।
युद्धमा यमकै जस्तो डर्लाग्दो रूप धर्दथ्यो ॥
कौवा गिद्ध-बकुल्ला र श्याल-ब्वाँसा-पिशाचको ।
पार्थ्यो आहार सम्पन्न सर्वदा युद्धबीच यो ॥
कपिका यूथका स्वामीहरूमा सुखदायक ।
थियो, राक्षसमा चाँहि पार्दथ्यो यो दुखैदुख ॥
यसमा टाँसिएकाथे राम्रा प्वाँख गरुडका ।
जरूका पनि थ्यो तस्मात् पंखयुक्त सफा तथा ॥
सम्पूर्ण लोकलाई र इक्ष्वाकु-कुललाइ ता ।
दिन्थ्यो आनन्द यो अस्त्र भय नाशेर सर्वथा ॥
शत्रुका कीर्तिको नाशै गर्दथ्यो फेरि यो शर ।
आफ्नु हर्ष भने राम्रै बढाई पार्दथ्यो स्थिर ॥
वेदोक्त-विधिले मन्त्री बलवान् रामभद्रले ।
बढाए धनुमा आफ्नो त्यै बाणकन क्रोधले ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
रामले बाण त्यो राख्ता न राख्ता धनुमा यता ।
काँपे सम्पूर्ण यी प्राणी, काँपिन् पृथ्वी पनी उता ॥
यत्न साथ खिंची राम्रै धनु त्यो रामले तदा ।
छोड्दिए मर्म छेड्ने यो बाण रावणमाथि हा ! ॥
इन्द्रको हातले छुट्तो वज्रठीक असह्य यो ।
छातीमा त्यसको वज्र्यो कालझैं भै अवार्य पो ॥
पार्ने शरीरको अन्त वेगवान् श्रेष्ठ बाण यो ।
छुट्तैमा फोर्दियो छाती दुष्ट रावणको अहो ! ॥
पारी शरीरको अन्त प्राण ली अब यो शर ।
मुछिई रक्तमा त्यसको गाडियो भूमिमा तब ॥
मारी रावणलाई त्यो रगताम्य भएर यो ।
आफ्नु काम सकी आई ठोक्रामा रामकै पस्यो ॥
रामको बाण लागेर त्यो रावण मरे पछि ।
धनु ता बाणकै साथ हातबाटै खस्यो पछि ॥
डर्लाग्दो वेगको त्यस्तो तेजिलो राक्षसेश्वर ।
रथबाट खस्यो डङ्ग वज्रले वृक्षकै ठिक ॥
मरी भैंमा लडेको त्यो आफ्नु मालिक देखिंदा ।
मर्न बाँकी हुने शत्रु भागाभाग गरे तदा ॥
अनाथ भै सकेकाथे मारिदा नाथ राक्षस ।
टिक्न गाह्रै परी हाल्यो भागाभाग गरे सब ॥
३६

३७
ढुङ्गा-मूढा गरी झम्टे यता कपि र ऋक्षले ।
देख्ता दुष्ट मरेको त्यो जित्यौं युद्ध भनेर ए ! ॥
अब यी कपिले चुट्ता लखेट्ता अरु राक्षस ।
लङ्काभित्र पसी हाले रुँदै झोक्राँउदै सब ॥
युद्ध यो जितियो भन्दै खुश भै ऋक्ष वानर ।
कराए सब हो-हल्ला मचाएर निरन्तर ॥
साह्रै खुश भई गाए उनले रामको जय ।
घोषणा गर्दिए सारातिर रावणको वध ॥
आकाशमा यही वेला मीठो मधुर शब्दमा ।
देव-दुन्दुभि घन्क्यो बा ! व्याप्त भो जो जहाँ-तहाँ ॥
वायुदेव यता लागे आफ्नो दिव्य सुगन्ध त्यो ।
बहाँउन भई मन्द सवैतिर पुगी अहो ! ॥
आकाशबाट बर्स्यो बा ! पुष्प-वृष्टि मनोहर ।
रामको रथको माथि भएर अतिसुन्दर ॥
सिद्ध—देव-महात्माका मुखबाट अकाशमा ।
सुनियो स्तुतिको वाणी साधु ! साधु !! जहाँ-तहाँ ॥
सम्पूर्ण लोक पिर्ने त्यो डर्लाग्दो दुष्ट राक्षस ।
मरेमा भो महान् हर्ष देव-चारणमा सब ॥
राक्षसश्रेष्ठ त्यल्लाई मारेर प्रभु रामले ।
दङ्ग पारी दिए सारा लोकलाइ स्ववीर्यले ॥
४६

४७
यता अङ्गद सुग्रीव ती विभीषणको पनि ।
धोकी पुऱ्याए सम्पूर्ण दङ्ग पारि दिए अनि ॥
भो बल्ल पो शान्ति खुशी सुरादिमा दिशा भए निर्मलका जहाँ-तहाँ ।
आकाश भो शान्त धरा पनी बरा छोडी दिइन् काँप्न भइन् निकै स्थिरा ॥
सुगन्ध बोकेर हवा जतातता बह्यो मरेमा सुरशत्रु त्यो यता ।
भए मजाका भगवान् दिवाकर भो तेजिलो तेज पनी मनोहर ॥
भेला भए लक्ष्मण वानरेश्वर विभीषणै साथ लिएर अङ्गद ।
श्रीरामको यो जयले खुशी हुँदै गाए सबैले जयकार रामकै ॥
अब निज रिपुलाइ मारि यस्तो प्रण-सण पूर्ण गराइ आफ्नु त्यस्तो ।
रघुकुलमणि राम आफ्नु प्यारा स्वजन सुहृत्हरूबाट घेरिए बा ! ॥
५१

CC-0. In Public Domain. Digitization by eGangotri

५२
असुर सब सकेर देवसाथ सुरपति शोभित जो अघी भएथे ।
रघुकुलनृप-पुत्र राम त्यस्तै अतिशय शोभित बल्ल पो भए ए ! ॥

इति एक सय आठ सर्ग

एक सय नौ सर्ग

राक्षसवीर विभीषणको विलाप र श्रीरामले उनलाई संझाई "दाजुको अन्त्येष्टि गर" भन्नु

१

पराजित भई डङ्कै लडेर रणभूमिमा ।
देखे दाजु मरेको त्यो यी विभीषणले वहाँ ॥
उनको हृदयै पग्ल्यो दाजुको स्नेह—शोकले ।
सकेनन् खप्न लागे यी विलाप्न अनि दुःखले ॥
विख्यात-विक्रमी दाजु ! हजूर सब नीतिमा ।
कुशलै भइ बक्सिन्थ्यो गइ बक्स्यो हरे ! कहाँ ॥
हजूर सुकला हुन्थ्यो शय्यामा बहुमूल्य ती ।
भुँइमै सुतिबक्स्यो हा ! यसरी अब मारिई ? ॥
दाजु ! बाजू र बालाले सुशोभित हजूरका ।
तेर्सिए बाहु यी दोटै भए निश्चेष्ट आज हा ! ॥
मध्याह्न-कालको सूर्य जस्तै सुन्दर तेजिलो ।
प्रभुका शिरको दाजु ! फ्याँकियो हा ! किरीट त्यो ॥
पर्‍यो हजूरमा आपत् आज यस्तो अनर्थको ।
मैले विन्ती चढाएकै थिएँ यस्मा अगाडि जो ॥
परन्तु ध्यान बक्सेन त्यसमा प्रभुले कति ।
हजूर भइ बक्स्यो हा ! काम-मोहवशी अति ॥
अहङ्कार थियो चर्कै सभामा ती सदस्यमा ।
कसैले पनि खाएनन् कुरा मेरा भनें जहाँ ॥

९

१०

न त्यो प्रहस्तले खायो इन्द्रजित्‌ले सुन्यो न ता ।
न गुन्यो अतिकायैले न नरान्तकले अहा ! ॥
न सुने माहिला दाजु वीर ती कुम्भकर्णले ।
हजूरैले सुनी बक्स्यो न त कत्ति विचारले ॥
न खाँदा र न सुन्दामा ती मेरा योग्यका कुरा ।
त्यसको फल यो दाजु ! फल्यो आज अगाडि हा ! ॥
सम्पूर्ण शस्त्रधारीमा श्रेष्ठ, वीर यसो गरी ।
धराशायी हुँदा आज भो अनर्थ थरीथरी ॥
राम्रो लायक नीतिमा चल्ने योग्य मनुष्यको ।
मर्यादा आज भो भङ्ग बलीयो सेतुरूपको ॥
धर्मको मूर्तिमान् मूर्ति आज गो विश्वबाट यो ।
बल-सत्वादि थुप्रेको ठाम नै आज लोपियो ॥
छरिता र निकै छीटा हुने हात मनुष्यको ।
चौपट्ट हुनसम्मै भो गति—शक्ति समेत गो ॥
भगवान् सूर्य पृथ्वीमा खसे ठीक अनर्थ भो ।
डुबे चन्द्र अँध्यारामा बल्दो आगो निभ्यो, निभ्यो ॥
वीरका वीर्यको बल्दो उत्साह बल—विक्रम ।
स्वात्तै समाप्त भो आज मारिंदा राक्षसोत्तम ॥

१८

१९

हजूर यसरी लड्दा धूलोमा रणभूमिको ।
गैगो आधार यी सारा लोकको, बरबाद भो ॥
श्रीराम नै रूप लिएर वायु हुरी बनी यो रणबीच आई ।
ढालीदियो राक्षस—राजरूप विशाल त्यस्तो रुख, हाई ! हाई ! ॥
जस्का थिए पात विवेक धैर्य थियो अहं वा हठमात्र फूल ।
थिए तपस्या बल वीर्य आदि जस्को अनौठो दृढ दिव्य मूल ॥

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

२२

दँतार यो रावणरूप हात्ती इक्ष्वाकुवंशी नर—सिंह भाई ।
फोरेर छाती बल साथ मारी दियो हरे! यो रणमा सुताई ॥
जस्को थियो दाँत अवार्य तेज कुलीनता थ्यो दृढ पृष्ठभाग ।
क्रोधादि नै अङ्ग थिए पछिल्ला थ्यो हर्ष नै सूँड अगाडि भाग ॥
प्रतापले धप्धप नित्य बल्दो हरे! महान् रावण-अग्नि त्यस्तो ।
वर्षेर यो रामस्वरूप मेघ छिटै निभायो दिइ कष्ट यस्तो ॥
उत्साह वा वीर्य बलीरहेको ज्वाला थियो ओह! प्रचण्ड जस्को ।
महान् वलैमात्र प्रताप बन्दो निःश्वास नै धूस थियो अनौठो ॥
जूरो तथा पुच्छर सींग तीखा जस्का थिए राक्षस-सैन्य त्यस्ता ।
उत्साह-वीर्यादि निकाल्नमा जो थ्यो बायु जस्तो बलवान् र चर्को ॥
चापल्य नै नेत्र र कर्णयुक्त साँढे महान् राक्षसरूपलाई ।
श्रीरामरूपी दृढ बाघले त्यो मारी दियो यो रणवीच हाई ! ॥
२७

२८

अर्थनिश्चित पक्का यी हेतुयुक्त कुरा भनी ।
शोकमग्न उनीलाई भने श्रीरामले अनि ॥
विभीषण ! महान् वीर यी तिम्रा दाजु रावण ।
होइनन् मारिएका है असमर्थ भईकन ॥
बल वीर्य झिके आफ्नो जो प्रचण्ड थियो अति ।
देखिन्थ्यो त्यस वेलामा उत्साह उनमा उति ॥
यिनमा मृत्युको सम्म थिएन भय वास्तव ।
के लाग्यो, दैव भो त्यस्तै धराशायी भए अब ॥
आफ्नो उन्नतिको इच्छा लिइ क्षत्रिय-धर्ममा ।
अडेर युद्धमा आफ्नो प्राण छोड्छन् महान् यहाँ ॥
त्यस्ताको निम्तिमा वीर ! दुःख वा शोक मान्नु ता ।
पर्दैपर्दैन है कत्ति हुन् तिनै योग्य वीर बा ! ॥
इन्द्रको साथ त्रैलोक्य जसले युद्धमा जित्यो ।
कँपायो जसले फेरि बुद्धिमान् वीर त्यै त हो ॥
३४

३५

लिई विषय त्यस्ताको शोक गर्नु त फेरि यो ।
म त भन्छु अयोग्यै हो, वेला भो कालले लग्यो ॥
विदितै छ तिमीलाई कसैको पनि युद्धमा ।
जीतै-जीत हुँदैहुन्न सुनियो न अघी यहाँ ॥
शत्रुलाइ कि ता मार्छ रणमा वीर मानिस ।
शत्रुबाटै कि ता मर्छ हुन् कुरा यो सुनिश्चित ॥
तिम्रा दाजुकनै आज यहाँ जो गति प्राप्त भो ।
अधिका ती महात्माले भनेको त्यै त श्रेष्ठ हो ! ॥
यहाँ आश्रय लिन्छन् जो वीर यो क्षात्रवृत्तिको ।
तिनको निम्तिमा यस्तो मृत्यु ता झन् प्रशस्य हो ॥
लिई क्षत्रियको वृत्ति मरेका वीर युद्धमा ।
कहिल्यै शोच्य हुन्नन् है शास्त्र भन्छन् यसै यहाँ ॥
शास्त्र-सिद्धान्तमा यस्तो अडी सात्त्विक-बुद्धिले ।
अब कर्तव्यमा लाग गर्नु पर्छ अगाडि के ? ॥
४१

४२

रामले यत्ति भन्दामा यी विभीषणले भने ।
पिरिई रामसा फेरि दाजुकै हित - बुद्धिले ॥
न हारिएका अघि इन्द्र आदि द्यौताहरूबाट पनि रणैमा ।
यी दाजु मेरा प्रभुसाथ लड्दा पछारिए हा ! यसरी छिनैमा ॥

४३

CC-0. In Public Domain. Digitization by eGangotri

४४

समुद्र जस्तो अति उर्लिएको भै हाल्छ स्याम्राङ्ग पुगी तटैमा ।
त्यस्तै भए आज हजूर साथ जुद्धा लडे राक्षसराज भैंमा ॥
थी दाजुले याचक - वृन्दलाई दिए अनेकौं थर वस्तु दान ।
भोगे निकै भोग जगत्भरीका भृत्यादि पारे खुश सुम्पि मान ॥
आफ्नाहरूमा र स्वमित्रमा ती दिए अनेकौं धन द्रव्य आदि ।
टेढा थिए जो जन शत्रुरूप सातै लिए बा ! पछि बाट खूब ॥
मेरा महान् वीर र शूर दाजु थे अग्निहोत्री र महान् तपस्वी ।
वेदान्त जान्ने र गृहस्थ—कर्म सह्मालि गर्थे शुभ–यज्ञ आदि ॥
प्रेतत्वमा प्राप्त भए प्रभो ! यी मरेर औले प्रभुबाट राम ! ।
म गर्न खोज्दोछु कृपा भएमा छिटै यिनीको अब प्रेत–काम ॥
लाग्ने कृपा वीर—विभीषणैका यी वाक्य सुन्दा बुझि रामले यी ।
आज्ञा दिए रावणप्रेत—कर्म गर्नै उनीलाइ भई हितैषी ॥

४६

५०

त्यसवेला भने यत्ति रामले उनमा वहाँ ।
ए विभीषण ! वैरत्व हुन्छ बाँचेतकै यहाँ ॥
वैरीको अन्तको साथ वैरत्व पनि छुट्छ त्यो ।
प्रयोजन पनी मेरो अब सिद्ध भई सक्यो ॥

५१

५२

तस्मात् अब तिमी तिम्रा दाजु-राक्षसराजको ।
गर अन्त्येष्टि–कर्मादि गर्नु पर्ने गरी कु[illegible] ।
छन् जस्ता स्नेहका पात्र तिम्रा यी राक्षसेश्वर ।
छन् मेरा पनि त्यैठीक स्नेहपात्र निरन्तर ॥

५३

इति एक सय नौ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय दश सर्ग

राक्षसराजका खोपीभित्रका राक्षसी—
रानीहरूको अलाप—विलाप

१

सारा राक्षसको राजा वीर रावणलाइ त्यो ।
मारेको रामले हल्ला तुरुन्तै फिंजियो अहो !॥
लङ्काका भित्र खोपीका राक्षसी— महिषी सव ।
भई व्याकुल शोकैले दोड्दै आए त्यहीं अव॥
रोक्ता-रोक्तै पनी सारा जनले राक्षसी वहाँ ।
लडे डङ्ग्रङ्ग डङ्ग्रङ्ग युद्धको धूल राशिमा॥
जगल्टा छरिएकाथे त्यो वेला उनका सव ।
बाच्छा मर्दा भए जस्तो गाईकै स्थिति भो तव॥
लङ्काको उत्तरद्वार बाट निस्केर यी सव ।
त्यो रणस्थलमा आए साथ राक्षस ली तव॥
अव यी राक्षसी - रानीहरू सारा वहाँ पुगी ।
खोज्न लागे अ—आफ्ना ती मरेका पतिलाइ यी॥
हा आर्यपुत्र ! हा नाथ ! भन्दै चिच्याँउदै रुँदै ।
संग्राम भूमिमा लागे पति खोज्न जतातते॥
यहाँ रक्त जमेकोले हीलै-हीलो थियो सव ।
शिर-हीन थिए लाश जहाँ टम्म हरेशिव !॥
धारा ठीक वहेकोथ्यो नेत्रको आँसु वास्तव ।
पतिका शोक बढ्दामा थिए व्याकुल यी सव॥
वनमा यूथको स्थामी गजराज मऱ्यो भने ।
भएझैं चाल ढोईको भै हाल्यो यिनको रुने॥
भेटे अव वहाँ ठ्याक्क पति रावणलाइ त्यो ।
जो महान् वीर्यको एवं महान् देह हुने थियो॥
नीलो गाजलको थुम्रो तुल्यको राक्षसेश्वर ।
मरी लडीरहेकोथ्यो चम्किई भै अझै स्थिर॥
अकस्मात उनको दृष्टि मरेको पतिमाथि त्यो ।
पर्ना साथ लडी हाले त्यसैमाथि सवै अहो !॥

१३

१४

कसैले काट्दिंदा च्वाट्ट फुलेकी वनकी लता ।
कसरी लड्दछे ओहो ! त्यस्तै सव भए तदा॥
अव ती महिषीमध्ये कुनैले राक्षसेशको ।
मरेको लाश ग्वाम्लम्वाङ्ग अगाँले स्नेहले बडो॥
कसैले कण्ठ बोकेर रुन लागे असह्य भै ।
कसैले त्यसका खुट्टा समाते प्रेम वढ्न गै॥
तिनमध्ये कुनै रानी उठाई दुइटै कर ।
लडे डङ्ग्रङ्ग पृथ्वीमा पीरले भइ अस्थिर॥
कुनै ता मृत - स्वामीको मुख देख्ता असह्य भै ।
मूर्च्छा परि लडी हाले पर्दामा पिर, तोड त्यै॥
रुन लागे वहाँ कोही शिर राखेर काखमा ।
ओसले पद्मलाईझैं पारे चुर्लुम्ब आँसुमा॥
यस्ता प्रकारले आफ्नो पति रावणलाइ त्यो ।
देख्ता मरेर पृथ्वीमा लडेको शोक वढ्न गो॥
अव यी राक्षसी-रानीहरू अत्यन्त आर्त भै ।
विलाप्न रुन लागे बा ! भित्र मर्का परी निकै॥
हरे ! इन्द्रकनै जल्ले साथमा यमराजको ।
भय—भीत बनाएथ्यो वीर्यले बलले अहो !॥
राजाधिराज हुन् त्यत्रा कुवेर उनको पनि ।
खोस्दिएथ्यो विमानै त्यो जसले शक्तिमान् बनी॥
महात्मा ऋषि - गन्धर्व - देवतालाइ युद्धमा ।
जसले गै कपाँएथ्यो आफ्नु त्यै वीर्यले वहाँ॥
उनै त्यस्ता महान् वीर यी हाम्रा प्राणनाथ ता ।
मारिई रणमा लड्छन् सँधैको निम्ति आज हा !॥
डर भन्ने कुरो कत्ति जो जान्दैन थियो हरे ! ।
सुरासुर र नागादिहरूबाट कसै गरे॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

आज त्यस्ता महान वीर हाम्रा पति यसो गरी ।
यौटा मानिस जावाले मार्दियो ह ! कसो गरी ? ॥
मार्न सक्तैनथे ओहो ! देव दानव राक्षस ।
जसलाई, त्यसैलाई मार्‍यो मानिसले अब ॥
अवध्य भै सकेकोथ्यो जो सुरासुर-यक्षको ।
त्यै व्यक्ति मार्‍यो आज यौटा मानिसबाट पो ॥
बलवान् व्यक्तिले कोही व्यक्ति मारिन्छ दुर्बल ।
त्यै ठीक पो भई हाल्यो मारिए आज यी प्रिय ॥
भन्दै यस्ता कुरा नाना ह्वाँ! ह्वाँ!! घूँ! हूँ!! गरीकन ।
राक्षसेश्वरका रानीहरू लागे सबै रुन ॥
पाग्यो छर्पट अत्यन्त दुःखले यी सबैकन ।
विलाप्न फेरि लागे ती नसक्ता थाम्न त्यो मन ॥
प्राणनाथ ! अनेकौं थे प्रभुका हितचिन्तक ।
कुरा श्रेय हुने भन्थे सुनिबक्सेन क्यै तव ॥
आफ्नु नै मृत्युको निम्ति गै आफैं जानकीकन !
हरेर ल्याइबक्स्यो हा ! भो अनर्थ दिने जुन ॥
त्यसको फल निस्क्यो यै आफ्नै साथ हजूरले ।
यी राक्षस तथा हामी मारियौं यसरी हरे ! ।
प्रभुका भाइ हुन् कान्छा ती विभीषण योग्यका ।
उनले त भनेकै हुन् प्रभुलाई हितै कुरा ॥
परन्तु मानिबक्सेन अझ उल्टो उनैकन ।
निकाल्दि बक्सियो स्वामिन् ! करायो पाप यै पुनः ।
यदि त्यो जानकीलाई प्रभुले राममा लगी ।
भए तापनि सुम्पेका हुन्थ्यो हाम्रो भलो हकि ? ॥

३८

३९

भयो त्यत्ति न गर्दामा आज यत्ति हरेशिव ! ।
कष्ट पर्दैनथ्या यस्तो मूलै मासिदिने सब ॥
यता फर्काउँदा सीता ती विभीषण—भाइको ।
मन अड्थ्यो, भने जस्तो हुन्थ्यो सब भलै भलो ॥
त्यो रामे आँउथ्यो हाम्रै पक्षमा मित्र भै निजी ।
विधवा हुन्नथ्यौं हामी हुन्नथे शत्रु दुक्क ती ॥
न राम्रै गरि बक्स्यो हा ! निष्ठुरो भइ नाथले ।
सीतालाइ न फर्काई जबर्जस्ती गरेर ए ! ॥
हामी पत्नीहरूलाई सारा राक्षस-साथका ।
आफैंलाइ पनी नाथ ! पारिबक्स्यो भुसुक्क हा ! ॥
राक्षसश्रेष्ठ ए स्वामिन् ! स्वेच्छाचार हजूरको ।
हाम्रो विपत्ति पर्ने यो मूलकारण नै भयो ॥
भन्ने पनि कुरा हाम्रो यसमा छैन वास्तव ।
त्यसमा दैव भो मुख्य, जुन मार्छ मराँउछ ॥
युद्धमा यो महाबाहो ! भालू-वानर—राक्षस- ।
हजूरैको पनी नाश गरायो दैवले सब ॥
विश्वका सब प्राणीले गरेका कर्मको फल ।
दिने त्यै दैव हो स्वामिन् ! त्यै महान् छ अवार्य छ ॥
आज्ञाले शक्तिले यद्वा वीर्य इच्छा र द्रव्यले ।
त्यल्लाइ टार्न क्वै व्यक्ति सक्तैसक्तैन क्यै गरे ॥
राक्षसेश्वरका सारा प्रिय ती महिषीहरू ।
यसो भनि-भनी लागे वहाँ रुन धुरूधुरू ॥
आँखाको आँसु वर्षाझैं झदथ्यो भइ दुःखित ।
कुररी-ठीक भै रुन्थे भित्र सकैं परी स्वतः ॥

५०

इति एक सय दश सर्ग

एक सय एघारौं सर्ग

राक्षसराज–रानी मन्दोदरीको विलाप र रावणका शवको संस्कार

१

विलाप त्यसरी गर्ने राक्षसी–महिषीविषे ।
थिइन् राक्षस—राजाकी ज्येष्ठपत्नी पनी हरे !॥
यिनी अत्यन्त प्यारी थिन् नाम मन्दोदरी थियो ।
मरेका पतिमा आफ्ना यिनकै दृष्टि पर्न गो॥
शोच्नै न सकिने काम गर्ने राघव-रामले ।
मारेकाथे यिनीलाई शोचिन् त्यै उनले हरे !॥
अवस्था पतिको त्यस्तो देख्ता दुःखी भइन् अनि ।
विलाप गर्न लागिन् हा! पटरानी स्वयं उनी॥
महान् बाहु हुने स्वामिन्! राक्षसेश्वर! नाथ! हा! ।
हजूर भइबक्सिन्थ्यो कान्छो भाइ कुवेरका॥
त्यै हजूर रिसाएमा त्यो देवेन्द्र पनी अहो! ।
अघि पर्न थियो गाह्रै डरले थर्र काँप्नथ्यो॥
सिद्ध चारण गन्धर्व ठूलठूला ऋषि सम्म ता ।
भाग्दथे डरले काँप्तै भै उद्विग्न दशै दिशा॥
संग्रामभूमिमा आज त्यस्ता वीर हजूर ता ।
राम–मानिस द्वारा त्यो हारिबक्स्यो कसोरि हा !॥
यो हार प्रभुको निम्ति राक्षसेश्वर! वास्तव ।
हुन गो लाज लाग्ने पो आज्ञा होस्! लौ मला अब॥
प्रभुले जिति बक्सेथ्यो यो त्रैलोक्य पनी सब ।
वीर्य ऐश्वर्यवान् त्यस्तो भै बक्सेथ्यो स्वयं तव॥
प्रभुको वेग वा वीर्य सक्ने सहन को थियो? ।
त्यस्तो भै वनमा घुम्ने नरले आज मार्दियो॥
हजूर पुगिबक्सिन्थ्यो जहाँ मानिसको गति ।
पुग्नै सक्तैनथ्यो नाथ! त्यहाँ पनि छिटै अति॥
इच्छानुसारको रूप धर्न सक्ने भईकन ।
त्यस्तो के पर्न गो स्वामिन्! रामेले मार्दियो पुनः॥

१३

१४

युद्धमा यसरी मार्नु त्यस्ता मानिसले हरे! ।
विश्वास हुन्न है कत्ति पत्याँउन्न म सन्मते!॥
जो पराजय भो यस्तो रामेको काम हो त्यही ।
भन्ने विश्वास नै हुन्न मलाइ यसमा कति॥
आफ्नो अतर्कितै माया रची साक्षात् कि काल त्यो ।
यो रामरूप ली आयो नाश गर्न हजूरको॥
महान् बल हुने स्वामिन्! अथवा हुन सक्छ यो ।
प्रभुमा हमला गर्न कि आयो हा! सुरेन्द्र त्यो॥
अँहँ! होइन! के शक्ति त्यसले रणमा प्रभो! ।
प्रभुलाइ त हेर्नै पो सक्तै-सक्तैनथ्यो यसो॥
महान् बल महान् वीर्य महातेजी र फूर्तिला ।
हजूर देवका शत्रु भै बक्सिन्थ्यो स्वयं सदा॥
अब ता ठान्न थालें म रामै गरि यही कुरा ।
त्यो रामे नै महायोगी परमात्मा रहेछ वा!॥
सनातन परं ब्रह्म मूलकारण विश्वको ।
आदि मध्य तथा अन्त हीन तत्व रहेछ त्यो॥
पक्कै महामहान् त्यै हो यो अज्ञानान्धकारको ।
परको, विश्व यो सारा छ जस्ले नित्य धारिँदो॥
शङ्ख चक्र गदा धर्ने लिने कमल बाहुमा ।
श्रीवत्सचिन्ह, छातीमा हुने तत्सम विश्वमा॥
श्रीले निरन्तरै सेवा गरिने स्थिर नित्य त्यो ।
अजेय लोकको स्वामी शक्तिशाली छ एक जो॥
सत्य–वीर्य हुने साक्षात् विष्णु त्यै नररूप ली ।
स्वयं वानर–चौताले घेरिई यसरी छली॥
सारा राक्षसकै साथ मार्दियो प्रभुलाइ नि! ।
पिरोल्ने विश्व यो सारा देवको शत्रु हो भनी॥

२६

३७

ए स्वामी ! प्रभुले पैले आफ्ना इन्द्रियलाइ ती ।
जितेर पाइ बक्सेथ्यो पद यो विश्वबीच यी ॥
त्यसैको झोकले यद्वा साटो फेर्छौं भनी कि स ।
मिली इन्द्रिय ती सारा प्रभुलाइ सके स्वतः ॥
जब मैले सुनेकीथें त्यो जनस्थानमा अघि ।
मार्‍यो रे त्यसले भन्ने प्रभुका भाइलाइ ती ॥
तब विस्वास मानेंथें मार्ने खरकनै पनि ।
त्यो रामे मामुली मर्त्य हुनै सक्तैन है भनी ॥
यो लङ्का-नगरी भित्र गाह्रै थ्यो पस्न देवता ।
त्यसैमा हनुमान् ढेडू पसेथ्यो जुन शूल हो ।
त्यसै वेला प्रभो ! मैले ठानेंकीथें यहाँ अब ।
हुन्छन् अनिष्ट, उत्पात भन्ने शङ्कै गरी सब ॥
बारम्बार भनेकी हूँ प्राणनाथ ! हजूरमा ।
त्यो रामेसंग वैरत्व छोड्दिहालौं भनी वहाँ ॥
परन्तु मानिबक्सेन प्रभुले क्यै गरे पनि ।
त्यसैको फल यो नाथ ! फल्यो तत्कालमा पनि ॥
यता आफ्नो र आफ्नाको ऐश्वर्य र शरीरको ।
नाशकै निम्ति त्यो सीता ल्याइ बक्सेछ सत्य हो ! ॥
ए प्रभो ! बुद्धि बिग्रे छ त्यो सीता छ पतिव्रता ।
साक्षात् अरुन्धती जस्ती रोहिणी ठीकको सदा ॥
पृथिवित्व छ पृथ्वीको श्रीको श्री हो त्यही सती ।
प्रभुलाइ भनेकै हूँ बारम्बार कुरा यति ॥
त्यो लोग्नेमा हुरुक्कै नै हुने पूज्य सतीकन ।
गर्दा हेला-तिरस्कार भो अयोग्य महान् पुनः ॥
सर्वाङ्गसुन्दरी सीता शुभ-कर्म गरीकन ।
बस्थी निर्जन डर्लाग्दो दण्डकारण्यमा जुन ॥
त्यसैलाइ हरे ! स्वामिन् ! प्रभुले छलले त्यहाँ ।
हरेर ल्याइ बक्स्यो बा ! जो कलङ्कै भयो यहाँ ॥
सीता-संगमको इच्छा थियो भित्र हजूरमा ।
पुगेन कहिल्यै त्यस्तो कदिच्छा प्रभुको यहाँ ॥
तर उल्टै सतीको त्यो तपको दिव्य-तेजले ।
हजूर भस्म भै बक्स्यो, हो यै सत्य कुरा हरे ! ॥
बल्कती त्यस सीताको गर्दा हरण वस्तुतः ।
जलेर भस्म तत्कालै हुनु पर्थ्यो हजूर त ॥

४३

४४

प्रभुको महिमा देख्ता इन्द्राग्नि सुरसम्म ता ।
जो काँप्थे त्यसले नाथ ! बचाएथ्यो स्वयं तदा ॥
यसमा छैन क्यै शङ्का वेला-बखत आँउदा ।
अवश्य भेटछ कर्ताले गरेका कर्मको फल ॥
शुभ गर्ने शुभै भेट्छ छ निश्चित प्रभो ! यहाँ ।
पापको फल नै भेट्छ पापी चाँहि जहाँतहाँ ॥
ती विभीषणले पाए सुख आफ्नै सुकर्मले ।
मिल्यो हजूरमा यस्तो फल आफ्नै कुकर्मले ॥
थिए घरभरी राम्रा त्यो भन्दा पनि सुन्दरी ।
यो कुरो बुझिबक्सेन कामको वशमा परी ॥
कुलमा रूपमा यद्वा दाक्षिण्यादि—गुणादिमा ।
जानकी त्यो छ के मेरो तुल्यकी र प्रभो ! यहाँ ! ॥
बढ्ता हुने कुरै के भो ? अनि ता तै पनी हरे ! ।
त्यसमै लट्ठिबक्स्यो हा ! बुझिबक्सेन क्यै गरे ॥
जो हुनन् विश्वका प्राणी मर्दैनन् हेतु क्यै न भै ।
प्रभुका मृत्युको हेतु पनि सीतै भईछ है ! ॥
टाढाबाट गई आफैं त्यै आफ्नो मृत्युरूपकी ।
जानकीलाइ त्यो नाथ ! ल्याइ बक्सेछ है अघि ॥
राजा मैथिलकी छोरी त्यो सीता अब हे प्रभो ! ।
त्यो रामे पतिका साथ मस्किन्छे भइ ढुक पो ॥
हरे ! मत मरें स्वामिन् ! अभागिनी रहीछु हा ! ।
शोकको सिन्धुमा यस्तो डुबें चुर्लुम्म भै यता ॥
पैह्रे र गहना वस्त्र दिव्य—दिव्य र सुन्दर ।
ठाँटिई मन लागेझैं सजिएर निरन्तर ॥
प्रभुको साथमा स्वामिन् ! त्यो पुष्पक—विमानमा ।
मन्दराचल--कैलास--त्यो चैत्ररथ—मेरुमा ॥
देवको अरु उद्यानहरूमा अरू ठाममा ।
घुमी प्रदेश ती हेर्ने इच्छा लागे सरी वहाँ ॥
त्यही मन्दोदरी मै हूँ आज यो प्रभुको वध ।
हुनाले अब भो नष्ट मेरो इच्छा पनी सब ॥
त्यस्ती राक्षस-राजाकी पटरानी भई म हा ! ।
अब झैले भएँ यस्ती मामुली स्त्री समान बा ! ।
पृथ्वीका सब राजाको र ज्यलक्ष्मी विचित्रकी ।
रहीछन् हा ! छिनै भर्की धिक्कार ! यिनमा अति ।

६०

६१

ए प्रभो ! प्रभुको त्यस्तो सुकुमार र कोमल ।
छालाले आँखिभौंले जो शोभिन्थ्यो मुखमण्डल ॥
तेज-कान्ति र शोभाले चन्द्र सूर्य र पद्मको ।
सौन्दर्य नास्तथ्यो सारा यसो हेर्दा विचित्र थ्यो ॥
फ्याँक्थ्यो किरीटको ज्योति जग्मगाँउद्थ्यो जुनः ।
जसमा ओठ पग्लेको ताँमै ठीक थियो पुनः ॥
शोभिन्थे जसमा फेरि झल्झलाकार कुण्डल ।
नशाले जसका आँखा देखिन्थे मस्त चञ्चल ॥
नाना प्रकारका माला - गजरा पैह्रिई जुन ।
साह्रै सुन्दर देखिन्थ्यो गर्थ्यो मीठो कुरा पुनः ॥
त्यही हजुरको स्वामिन् ! मुखपद्म विचित्रको ।
शोभा पाँउन्न है आज के भयो हा ! अनर्थ भो ? ॥
यही अभागिनीले म न शोच्नेको कुरा थियो ।
पाएँ वैधव्यको दुःख प्रभुको मृत्युबाट जो ॥
पिता दानवका राजा मय छन् जसको यता ।
पति छन् जसका यस्ता साक्षात् राक्षसराज बा ! ॥
इन्द्रलाइ पनी जित्ने छ छोरो मेघनाद त्यो
यस्तै गर्व लिई भित्र मैले देखिन क्यै कुरा ॥
मेरा रक्षक छन् यस्ता भन्ने भो दृढ-धारणा ।
झार्दछन शत्रुको पानी भन्ठानें युद्धले विना ॥
थिए छन पनी त्यस्तै ती सबै बलवान् अति ।
वीर्य-पौरुष-सम्पन्न सक्ने शत्रु थिची मिची ॥
राक्षसश्रेष्ठ ए स्वामिन् ! यस्ता त्यस्ता हजुरमा ।
मनुष्यबाट के यस्तो त्रास आयो महान् यहाँ ? ॥
हो ! इन्द्रनील - मणिझैं चिल्लो श्यामल वर्णको ।
थियो हजुरको देह ऊँचो पर्वत ठीकको ॥
नित्य बाजू र बालाले शोभिन्थ्यो भइ झल्झल ।
जहाँ वैदूर्य मोतीका झुल्दथे हार निर्मल ॥
त्यसमा फूल-मालाले थप्थ्यो शोभा निरन्तर ।
क्रीडा-विहारमा स्वामिन् ! जुन हुन्थ्यो मनोहर ॥
संग्रामस्थलमा फेरि यही देह हजूरको ।
शत्रुका अघि अत्यन्तै बल्दथ्यो धप्धपाँउथ्यो ॥
ती आभूषणका कान्ति फैलिंदा सबतर्फ जो ।
हुन्थ्यो धा ! बिजुली-माला पैह्रेको मेघ ठीक पो ॥

७७

७८

त्यही हजूरको देह आज तीखा गढी शर ।
ढपक्क ढाकिएको छ पीर पार्छ निरन्तर ॥
हो ! आज देखि यस्लाई पाँउन्न म छुनै पनि ।
अँगाल्न पनि गाह्रै भो भै बाणैबाण तै पनि ॥
दुम्सीको देहमा जस्तो हुन्छ काँडा जहाँ तहाँ ।
प्रभुको देह त्यै ठीक बाण-पूर्ण छ है यहाँ ॥
गाडिंदा सब यी बाण गै मर्मस्थलमा प्रभो ! ।
स्नायु-बन्धन सम्पूर्ण छिन्न-भिन्न भए अहो ! ॥
पृथ्वीमा यसरी लड्दा प्रभुको देह श्यामलो ।
बज्रको घात पर्दामा टुक्रेको गिरिझैं भयो ॥
स्वप्न देखेंकि ता मैले कि यो प्रत्यक्ष सत्य हो ? ।
रामेको हातले ओहो ! कसरी मरिबक्सियो ? ॥
हजूर भइ बक्सिन्थ्यो मृत्युको पनि मृत्यु नै ।
मृत्युकै वशमा आज परीबक्स्यो हजूर नै ॥
ऐश्वर्य तीन लोकैको भोगिबक्स्यो हजूरले ।
त्रैलोक्यभरका प्राणी पिरिबक्स्यो हजूरले ॥
लोकपाल सबै हारे प्रभुका बलको अघि ।
शिवकै साथ कैलास उठाई बक्सियो अघि ॥
ठूल्ठूला वीरलाई ता प्रभुले युद्ध—क्षेत्रमा ।
हराइ बक्सिएकोथ्यो झिकी वीर्य जहाँ-तहाँ ॥
प्रभुले सब संसार क्षुब्ध पारेर वास्तव ।
हिंसा नै गरि बक्सेथ्यो साधु-सज्जनको तक ॥
विरोधी अघि पर्दामा बलपूर्वक नाथले ।
कुरैले तिनको पानी बक्सियो झार्दिई, हरे! ॥
डर्लाग्दो वीर्यले आफ्ना विपक्षीको गरी वध ।
संरक्षण गरी बक्स्यो भृत्य—सेवकको सब ॥
दानवेन्द्रकनै सारा प्रभुले ठोक्दि बक्सियो ।
वशमा पारि बक्सेथ्यो निवात-कवचादि जो ॥
अनेकौं यज्ञ- यागादि भुसुक्कै पार्दि बक्सियो ।
आत्मीय-जनका निम्त रक्षकै भइ बक्सियो ॥
धर्म-कर्मादिको सारा व्यवस्था तोड्दिबक्सियो ।
युद्धमा प्रभुले माया अनेकौं सिर्जिबक्सियो ॥
गई यता उता बाट देवासुर-मनुष्यका ।
कन्या हरेर आफैंले ल्याइ बक्स्यो निकै तथा ॥

६४

(१५०६)

९५

शत्रुका स्त्रीहरूलाई शोक-दुःखादि बक्सियो ।
यी आफ्ना जातिको नेता प्रभुनै भइ बक्सियो ॥
दुर्लाग्दो कर्म गर्ने र लङ्काको नित्य रक्षक ।
कामोपभोगका वस्तु हामीमा बक्सियो सब ॥
यस्ता प्रभावशाली र रथीमा श्रेष्ठ, लायक ।
आफ्ना पति तथा प्यारा प्रभुलाइ यहाँ अब ॥
मार्दियो त्यस रामेले रणमा यसरी लडी ।
यो देखे पनि बाँच्तीछु हरे शिव ! म यस्तरी ॥
हजूर सुकला हुन्थ्यो राक्षसेश्वर ! हर्दम ।
बहुमूल्य बिछ्यौनामा आफ्नाले सेविईकन ॥
यो युद्धस्थलमा उठ्तो धूलोमा अहिले प्रभो ! ।
यसरी सुतबक्सेको किन हो ? यै अयोग्य भो ॥
अघि लक्ष्मणले छोरा इन्द्रजित्‌लाइ मार्दिदा ।
परेथ्यो मुटुमा मेरो ठूलै घाउ जतातता ॥
रामेले मार्दिदा अैले प्रभुलाइ यसो गरी ।
भएँ आफैं मरे जस्ती अब झन् शोकले पिरी ।
प्रभु जस्ता महान् यस्ता पति-हीन भएँ म हा ! ।
आफ्ना भन्ने मरे सारा बन्धु-बान्धव आदि ता ॥
कामोपभोगका वस्तु भए जति छुटे अब ।
अनन्तवर्ष सम्मै म शोकमै हुन्छु वास्तव ॥
प्रभु आज सवारी भो अतिदुर्गम मार्गमा ।
प्रभो ! म दुःखिनीलाई छोडेर कसरी यहाँ ॥
कृपा होस् लौ महाराज! लगि बक्स्योस् न साथमा ।
म एक्ली कसरी बाँचूँ भएर प्रभुले विना ? ॥
दुःखिनी असहाया छु छोडी प्वाक्क मलाइ ता ।
हजूर जान अन्यत्र खोजी बक्सिन्छ, मर्छु हा ! ॥
हेरि बक्स्योस् अनाथा छु प्रभुकै निम्ति रुन्छु म ।
हजूर बोलि बक्सिन्न तै पनी किन हो किन ? ॥
ए प्रभो! हेरि बक्स्योस् त उधाङ्गै छु म आज ता ।
घुम्टो सुम्टो पनि छैन मुख यो ढाक्न सम्म हा! ॥
त्यो पुरद्वारबाटै म आएँ पैदल नै हिंडी ।
किन हो? झोक्कि बक्सिन्न देख्ता पनि मलाइ यी? ॥
थियो हजूरको प्रेम आफ्ना स्त्रीहरुमा निक्कै ।
सारा प्यारा थियौं हामी प्रभुको निम्ति यी सबै ॥

१११

११२

तिनै हजूरका पत्नीहरू आज यसो गरी ।
छन् है बाहिर आएका घुम्टो-सुम्टो त्यजीवरी ॥
यस्ता हामीहरूलाई देख्तामा पनि आज ता ।
उठ्तैन किन हो कुन्नि ? प्रभुमा क्रोध सम्म हा! ॥
क्रीडा-सहचरी आफ्नी पत्नी मन्दोदरी हूँ म ।
लौ हेरि बक्सियोस् नाथ ! छु अनाथ, विलाप्छु म ॥
आज आश्वासना कत्ति बक्सिन्न किन हो? प्रभो! ।
किन आदर पाउँन्न प्रभुबाट म फेरि त्यो ? ॥
प्रभुले अघि ए स्वामिन् ! असँख्यौं ती कुलाङ्गना ।
जो गर्थे मान्यको सेवा थिए धर्मपरायणा ॥
जो चल्थे पतिको इच्छा सरी भई पतिव्रता ।
विधवा पार्दिई बक्स्यो त्यस्तालाई पनी अहा! ॥
अपमान भयो फेरि तिनैले प्रभुमा अघि ।
शोकले पिरिंदा ज्यादै दिएथे शाप झोक्किई ॥
त्यसैको फल हो नाथ ! यसरी प्रभुले पनि ।
शत्रुको मृत्युको यद्वा वश पर्नु पर्‍यो अनि ॥
आँसु पतिव्रता-स्त्रीको त्यसै खस्तैन भूमिमा ।
जो भन्छन् सब त्यो स्वामिन ! सत्य भो है हजूरमा ॥
बढ्दो प्रतापले राजन् ! जिती त्रैलोक्य यो सब ।
प्रभुले भनि बक्सेथ्यो शूर-वीर हुँ वास्तव ॥
त्यस्ता भइकनै फेरि पर-स्त्री हरिल्याँउन ।
लाज कत्ति न लागेको प्रभुलाई हरे ! किन ! ॥
माया-मृग बनाएर भुलाई जानकीकन ।
रामेलाई लगी टाढा पन्छाई लक्ष्मणैकन ॥
आफैं गै त्यसकी पत्नी त्यो सीतालाइ नाथले ।
चोरेरै ल्याइ बक्सेको कत्रो शौर्यत्व हो ! हरे ! ॥
म मान्छु ! युद्धमा चाँहि प्रभुले कहिल्यै पनि ।
आफ्नो कातर्य कयै त्यस्तो देखाएको त छैन नि ! ॥
भाग्य उल्टो हुँदा किन्तु त्यो यौटै दिन नाथले ।
त्यसलाइ गई हर्दा कातर्य लिइयो हरे ! ॥
मेरा देवर हुन् स्वामिन् ! सत्यबादी विभीषण ।
बर्तमान तथा भूत-भविष्यै जान्दथे जुन ॥
त्यसरी हरि ल्याएकी देख्तामा जानकीकन ।
उनले त भनेका हुन् मनैमन गमीकन ॥

१२८

१२६

आयो विनाशको वेला ठूल्ठूला राक्षसादिको ।
अहिले त्यै कुरा नाथ ! निस्कियो सत्य भै अहो ! ॥
आसक्ति-दोषले गर्दा काम क्रोधादिले हुँदो ।
यो बर्बाद भयो अैले ऐश्वर्य सब त्यो छुम्यो ॥
अनाथ पार्दिई बक्स्यो सारा राक्षस-वंश यो ।
महान् अनर्थ भो आज नाशिंदा प्रभु नै जरो ॥
बल-विक्रममा ख्यात प्रभुको निम्ति शोक ता ।
गर्नु पर्दैनथ्यो किन्तु गर्दीछु महिला हुँदा ॥
रुञ्चे स्वभावका हुन्छन् स्त्रीजातिहरु वास्तव ।
यसैले दीनता आयो ममा पनि हरेशिव ! ॥
पुण्य पाप लिई आफ्नो प्रभु ता परलोकमा ।
गइबक्स्यो महाराज ! तिनको फल भोगनमा ॥
राक्षसेश्वर ! यो दासी प्रभुको यो विनाशले ।
छटपटाँउदछे यस्तो आफ्नो निम्ति यहाँ हरे ! ॥
हितैषी बन्धुले आफ्ना मित्रले हित खातिर ।
भने हजूरमा राम्रै मानिबक्सेन त्यो तर ॥
सद्बुद्धि प्रभुका भाई ती बिभीषणले पनि ।
भनेकै हुन् कुरा राम्रै हाम्रै कल्याण होस् भनी ॥
अतिराम्रो तरीकाले भनेका हेतु-युक्त ती ।
कुरा पनि रुचेनन् हा ! प्रभुलाइ अलीकति ॥
वीर्य-ऐश्वर्यले मत्त भै बक्सिन्थ्यो हजूर ता ।
त्यसैले खाइ बक्सेन प्रभुले अरुका कुरा ॥
साक्षात् मेरा पिताले र मारीचा—कुम्भकर्णले ।
संम्झाई त्यसरी भन्दा मानि बक्सेन कत्ति ए ! ॥
गरी बक्स्यो लिंडेढीपी त्यसको फल अन्तमा ।
वज्र्यो हजुरमै नाथ ! यसरी अन्त भो जहाँ ॥
प्राणनाथ ! छ यो देह प्रभुको अति श्यामलो ।
बोकेको जल डल्गिदो बाक्लो मेघ-समानको ॥
पहेंलो वस्त्र शोभिन्छ खुल्दोछ त्यसमा पनि ।
बाजू, बाला छ पैह्रेको प्रभुले बाहुमा पनि ।
प्रभुको देह त्यै आज रगताम्य भई हरे ! ।
यसरी नेर्सिएको छ पर्याँकेर सब अङ्ग ए ! ॥
म यस्तो शोक खप्दीछु रुँदीछु प्रभुता यता ।
सुतेझैं गाढ निद्रामा बोलि बक्सन्न के छ बा ? ॥

१४५

१४६

महान् पराक्रमी लड्न जान्ने समर-भूमिमा ।
न हट्ने वीर हुन् ठूला सुमाली पनि ता यहाँ ॥
नातिनी म उनैकी हूँ शूर राक्षस हुन् जुन ।
प्रभुकी हूँ प्रिया पत्नी बोलि बक्सिन्न है किन ? ॥
उठि बक्स्योस् न हे नाथ ! त्यै रामेबाट नाथको ।
तिरस्कार भयो आज यसरी जो अनर्थको ॥
खपेको कसरी त्यस्तो उठि बक्स्योस् छिटै प्रभो ! ।
ढुक्क भै आज लङ्कामा पसे किरण सूर्यको ॥
मेरा वीरवर-स्वामिन् ! युद्धमा प्रभु सर्वदा ।
सूर्यतुल्य महातेजी लिई परिघ सर्वथा ॥
आफ्ना शत्रु हुनेलाई ठोक्दिएर निरन्तर ।
संहार गरी बक्सिन्थ्यो वीर्य-शौर्य हुँदा स्थिर ॥
फेरि जो वज्रधारी त्यो इन्द्रकै वज्र ठीकको ।
शक्तिशाली थियो नाथ ! हुन्थ्यो पूजित नित्य जो ॥
आफ्ना असंख्य वैरीको लिने प्राण सुदुःसह ।
लागेको सुनको जाली शोभिने भइ झल्झल ॥
त्यही परिघ हो स्वामिन् ! प्रभुको प्रिय यो अति ।
रामेको बाणले फोर्‍यो टुक्रै—टुक्रा भयो, छ ती ! ॥
हजूर प्रिय-पत्नी हुन् भने सरि गरी गरी ।
अँगाली क्षितिलाई यी सुतिबक्सिन्छ के गरी ? ॥
कति कारणले स्वामिन् ! म भन्दा यी रणक्षिति ।
भईन् प्यारी, अप्यारी म कसरी सुन्छु लौ यति ? ॥
परलोक गई बक्स्यो छोडी नाथ मलाइ हा ! ।
यो देखेर भएँ साह्रै म प्रभो ! शोकपीडिता ॥
मेरो हृदय ढुङ्गैको रहेछ यस कारण ।
फुट्तैन अहिलेसम्म टुक्रा भइ हजारन ॥
भए गहभरी आँसु गर्दा-गर्दा विलाप यी ।
मन्दोदरी महारानी स्नेहले पग्लिइन् अति ॥
रुँद-रुँदै परी हालिन् मूर्च्छा पनि त्यहीं पछि ।
पतिको मृत-छातीमा ढलिन् डङ्ग्रङ्ग भै सुती ॥
सन्ध्याको लालिमा सर्दा मेघमा विजुली सरि ।
ध्रुव रावण-छातीमा देखिइन् यी सती वरी ॥
थिए यी पटरानीका सौताहरू अरु पनि ।
पतिका शोकले गर्दा पीर बढ्ने र दुःखिनी ॥

१६२

१६३

देख्ता यस्तो अवस्थाकी जेठी रानीकनै तर ।
संम्फाएर उठाए वा ! भए ता पनि अस्थिर ॥
अत्यन्त जोडले रोई विलाप्तै उनले पछि ।
भने मन्दोदरीलाई यसरी अन्तमा मिली ॥
सुनि बक्स्योस् महारानी ! सब यो लोकको गति ।
ज्ञानै छ प्रभुलाई ता छ अस्थिर भनी अति ॥
तल–माथि परे केही यी राजाहरुको स्थिति ।
अर्कै हुन्छ र हिंड्छिन् ती ठिटी लक्ष्मी भई छिटी ॥
ती सौताहरुले यत्ति भने पछि सुनेर त्यो ।
लागिन् रुन महारानी डाँको छोडी निकै अहो ! ॥
झर्दा झरी सरी आँसु उनका दुइटै स्तन ।
भिजे निथ्रुक्क भै ओहो ! नुहायो मुखले पुनः ॥
अब यस्तै अवस्थामा रघुनन्दन रामले ।
दिइ कर्तव्यमा दृष्टि ती विभीषणमा भने ॥
राक्षसश्रेष्ठ ! के हेर्छौं महिलावर्गलाइ ती ।
तुरुन्तै सान्त्वना देउ, लौ बुझाउ छिटै अति ॥
सुन अर्को कुरा फेरि राक्षसेश्वर–दाजुको ।
गर लौ दाह–संस्कार गर्नु पर्ने गरी कुरो ॥
श्रीरामका कुरा सुन्दा बुद्धिमान् यी विभीषण ।
शोची मनमनै भन्छन् भाव बुझ्न यसो पुनः ॥
थियो विनयले पूर्ण मिलेको अर्थ–धर्ममा ।
मनाई यस वेलाको उनको ठिक्क नीतिमा ॥
ए प्रभो ! विश्वकै सारा प्राणीको कुभलो हुने ।
कामैमा नित्य लागेका हुन् मेरा दाजु झोक्किने ॥
सदाचार पनी त्यागे यिनले धर्म साथमा ।
भए असत्यवादी र क्रूर झन् निर्दयी यहाँ ॥
परस्त्रीस्पर्श गर्ने हुन् मेरा दाजु भए पनि ।
यिनको दाह–संस्कार अँहँ ! गर्दिन क्यै पनि ॥
दाजुका रूपका मेरा यौटा शत्रु थिए उनी ।
तस्मात् गर्दिन संस्कार मेरा मान्यै भए पनि ॥
मेरा दाजु हुँदा मान्य पूज्य हुन् सर्वदा उनी ।
तर त्यस्ता कुकर्मैले पूज्य छैनन् कसै उनी ॥
मेरा यस्ता कुरा सुन्दा विश्वका सब मानिस ।
मलाइ क्रूर भन्नेछन् अवश्य पनि राघव ! ॥

१७६

१८०

तर रावणका त्यस्ता क्रूर दुर्गुण ती सुने ।
मेरै विचारलाई यो भन्ठान्लान् बेस हो, गुने ॥
धर्मात्माहरुमा बेस मर्यादापुरुषोत्तम ।
श्रीराम त्यो कुरा सुन्दा भए दङ्ग मनैमन ॥
कुरा गर्न निकै जान्ने बाठा श्रीरामभद्र यी ।
संम्फने भाव ऑं ! गर्दा उनमा भन्दछन् पछि ॥
सुन राक्षसका राजा ! तिम्रो प्यारो कुरा पनि ।
अवश्य गर्नु नै पर्छ मैले पनि, छ यो पनि ॥
सुन अर्को कुरा फेरि तिम्रा यस्तै प्रतापले ।
मैले रण जितें यत्रो भन्छु तस्मात् छ योग्य जे ॥
मानें मैले कुरा तिम्रा तर राक्षस रावण ।
हुन् तेजी बलवान् शूरा त्यस्ता पापी भईकन ॥
बुझ्यौ ! वीर ! सुनेकोछु इन्द्रादि सुरले पनि ।
सकेनन् जित्न जल्लाई युद्धमा कहिल्यै, भनी ॥
सम्पूर्ण लोकलाई यी पिर्ने नित्य रुवाँउने ।
बुझ्यौ रावण हुन् वीर ! बल आत्मा दरा हुने ॥
राक्षसेश्वर ! वैरत्व हुन्छ बाँचेतकै यहाँ ।
यसको नीति यस्तै छ टिक्छन् विद्वान्हरू जहाँ ॥
वैरीको अन्तका साथ वैरत्व पनि छुट्छ त्यो ।
प्रयोजन पनी मेरो अब सिद्ध भई सक्यो ॥
तस्मात् अब तिमी तिम्रा दाजु राक्षसराजको ।
गर अन्त्येष्टि कर्मादि गर्नु पर्ने गरी कुरो ॥
छन् जस्ता स्नेहका पात्र जस्ता यी राक्षसेश्वर ।
छन् मेरा पनि त्यै ठीक स्नेहपात्र निरन्तर ॥
धर्मकै ठीक संस्कार होस् तिम्रा दाजुको छिटै ।
कीर्ति भेट्छौ तिमी यसमा छन् उनी दाह–योग्यकै ॥
श्रीरामका कुरा यस्ता सुने पछि विभीषण ।
दाजुको दाह–संस्कार गर्न ताते छिटै पुनः ॥
लङ्काभित्र पसे पैले अनि राक्षसराजको ।
अग्निहोत्रादिको कर्म सके बा ! विधिले छिटो ॥
त्यहाँबाट उठी फेरि आफैं नै अगुवा बनी ।
चाँहिने माल–सामान छिटै जोरे घुमी–घुमी ॥
गाडा र दाउरा साथ अग्निहोत्राग्नि ल्याइए ।
पुरोहित त्यहीं आए श्रीखण्डहरु जोरिए ॥

१९६

१९७
नाना प्रकारका काष्ठ सुगन्धी द्रव्य सुन्दर ।
मणि मोती तथा मूगा झिके धूपादि सर्सर ॥
भृत्य—राक्षसले आफ्ना घेरिएर उनी पनि ।
त्यहीं आए सकी काम मुहूर्तभरमै अनि ॥
साथ ली माल्यवान्लाई दाजु राक्षस-राजको ।
दाह-संस्कारको काम ठिक्क पारे स्वयं अहो ! ॥
नाना प्रकारका बाजा बजे भइ असुन्दर ।
सूत-मागधले गाए स्तुति—गीत मनोहर ॥
अभिनन्दन टक्र्याए अनि राक्षसका द्विज ।
गुरु इत्यादिले त्यस्ता राक्षसेश्वरमा तब ॥
अनि राक्षस—राजाको लाशलाई सिंगारियो ।
रेशमी—वस्त्र ओढाई दर्शनीय बनाइयो ॥
ल्याइयो एउटा पाल्की सुनको दिव्य सुन्दर ।
राखियो त्यसमै लाश मिली सब निशाचर ॥
राम्रा ध्वजा-पताकाले मालाले फूलले पनि ।
त्यो पाल्की सजियों सारा रुन थाले हुँदा गुणी ॥
हिंडे अगाडि विप्रादि संझी गुण रुँदै—रुँदै ।
विभीषणादिले बोके लाशलाई उठाँउदै ॥
बोकी श्रीखण्ड-काष्ठादि गए पछि सबै अरू ।
श्मशानभूमि ताकेर दक्षिणैतिर खुर्खुरु ॥
यजुर्वेदज्ञ-विप्रादिहरुका स्कन्धमा स्थित ।
तीनै प्रकारको अग्नि बल्न लाग्यो वहाँ स्वत: ॥
कुण्डमै राखिएकोथ्यो जसलाई पुरोहित ।
बोकी अघि हिंडेकाथे गर्न रावणको हित ॥
अनि राक्षस-राजाका खोपीका महिलागण ।
रुँदै ओइरिए सारा हिंडे पछि—पछी पुन: ॥
राक्षसीका महारानी-रानी-नानीहरू पनि ।
हिंड्दथे धर्मराएर पिरिएका हुँदा उनी ॥
सारा दु:खी भएकैथे पुगे पछि श्मशानमा ।
राखे राक्षस-राजाको शवको शिविका वहाँ ॥
मिलेर सब तत्काल वेस श्रीखण्ड—काष्ठले ।
चिता-निर्माण-कार्यादि सके राक्षस-वीरले ॥
उशीर-पद्म इत्यादि हालेर त्यसमा पछि ।
सुगन्धी-द्रव्यले पारे परिपूर्ण सबै विधि ॥
२१३

२१४
रङ्कु नाम हुने यौटा मृगको चर्म सुन्दर ।
चितामाथि बिछ्याए बा ! गरी त्यत्ति भए स्थिर ॥
अनि राक्षस-राजाको लाशलाइ लगीकन ।
विभीषणादिले राखे स्नेह-श्रद्धा लिईकन ॥
शास्त्रका विधिकै साथ पितृमेध-विधानले ।
दाह-संस्कारको कर्म राजाको सबले गरे ॥
चितैनेर बन्यो यौटा वेदी दक्षिण-पूर्वमा ।
राखिए त्यसमा अग्नि भनेमैं गरि शास्त्रमा ॥
गरी त्यत्ति स्रुवा यौटा मिलाइ दधिमा घृत ।
लाशको काँधमा राखे पछाडि विधिपूर्वक ॥
अनि राक्षस-राजाका लाशको तल पाउमा ।
यौटा शकट राखे बा ! यौटा ओखल जाँघमा ॥
काष्ठका पात्र अरणि उत्तरारणि आदि र ।
तथा मुसल इत्यादि राख्दिए वस्तु सुन्दर ॥
कल्पसूत्रादिमा जो जो भने हाम्रा महर्षिले ।
वेदोक्त कर्म त्यै ठीक गर्नु पर्ने सबै गरे ॥
पछि राक्षसले आफ्ना राजाको श्रेय होस् भनी ।
पवित्र पशु-हनन—कर्मसम्म गरे अनि ॥
पछाडि आफ्नु राजाका चिताको मृगचर्ममा ।
गरे बा ! घिउको वर्षा चुर्लुम्मै पार्दिए वहाँ ॥
फूल—चन्दन मालाले लाश पारी अलङ्कृत ।
सब राक्षसका जाति भए अब सुदु:खित ॥
ती विभीषण-साथैका अरु राक्षसले पनि ।
चढाए वस्त्र-माल्यादि फूल-लावा छरे अनि ॥
रुवावासी उठी हाल्यो अब यत्ति हुँदा वहाँ ।
गुञ्जायो सब आकाश फैलिएर जहाँतहाँ ॥
अनि यस्तै अवस्थामा विद्वान् धीर विभीषण ।
उठेर अग्नि टक्र्याए आफैंले विधिले पुन: ॥
सकेर सब यी काम नुहाए उनले गई ।
जलाञ्जलि दिई हाले त्यै चीसो वस्त्र पैहिई ॥
समाई कुश पानीमा मिलाई तिल ली विधि ।
दाजुको गुन संझेर दिए तीन जलाञ्जलि ॥
आफ्नु काम सकी यत्ति अन्तमा राक्षसेश्वर ।
दाजु-रावणमा ढोगे झुकाई स्नेहले शिर ॥
२३०

CC-0. In Public Domain. Digitization by eGangotri

२३१

अब भाउजु-रानीमा संम्झाई स्नेहपूर्वक ।
घर जान गरे बिन्ती यी विभीषणले तव ॥
आफ्नो महलमा पाल्नोस्! भनेको उनका कुरा ।
सुग्रासाथ उठे सारा गए घरघरै तदा ॥

२३२

२३३

अनि राक्षसका राजा धीर वीर विभीषण ।
आए राम भए ठाम भै विनीत बसे पुनः ॥
भाई लक्ष्मण सुग्रीव भालु-वानर-सैन्यका ।
साथै राम थिए दङ्ग शत्रुको वधले यता ॥

२३४

वृत्रासुरकनै मार्दा वज्रधर्ने सुरेश्वर ।
जस्तो दङ्ग परेकाथे थिए त्यै ठीक राघव ॥

२३५

देवेन्द्रले जो प्रभु-राममा अघि थिए दिएका कवचादि वस्तु ती ।
श्रीरामले बल्ल फुकाल्दिए सब त्यागे धनुर्वाण पनी त्यहीं अब ॥
जिते पछी दुर्जय शत्रुलाइ त्यो श्रीरामको क्रोध पनी त्यसै गयो ।
भै ढुक्क आफ्ना सँग साथ लक्ष्मण गरे अनी शान्त स्वरूप-धारण ॥

२३७

इति एक सय एघार सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय बाह्रौं सर्ग

राक्षसश्रेष्ठ विभीषणलाई राज्याभिषेक दिनु र श्रीरामले हनुमान्‌लाई सीता भएमा पठाउनु

१

माथि आकाशमा बस्ने, देव-गन्धर्व दानव ।
दङ्गादङ्गी परे सारा देखी रावणको वध ॥
गरेर त्यसकै चर्चा "भलो भो सबको" भनी ।
यथास्थान हिंडें आफ्ना विमानैमा चढी अनि ॥
बाटैमा पनि चर्चा भो डर्लाग्दो राक्षसेशको ।
वधको, रामको त्यस्तो बल-विक्रम आदिको ॥
भालू वानरको त्यस्तो युद्धको गति-शक्तिको ।
वीर-सुग्रीव-राजाको मन्त्रणाको र बुद्धिको ॥
धरी लक्ष्मणको एवं त्यस्ता पवन पुत्रको ।
श्रीराम-प्रतिको श्रद्धा-स्नेहको उच्च-वीर्यको ॥
पातिव्रत्य महान् त्यस्तो सीताको जुन पालियो ।
पुरुषार्थ हनूमान्‌को अति अद्भुत जो भयो ॥
लिई विषय यी सारा भाग्यशाली सुरादि ती ।
आए जस्तै गरी आफ्ना ठाम धाम गए पछि ॥
यता अब महान् बाहु हुने श्रीरामभद्रले ।
यसो मातलिमा हेरी सन्मान उनको गरे ॥
इन्द्रको रथ त्यो दिव्य अग्निझैं बल्दथ्यो जुन ।
फर्काई लानको निम्ति दिए आज्ञा उनीकन ॥
अनि मातलि त्यो आज्ञा शिरोपर गरीकन ।
चढेर रथमा त्यस्तो दिव्य-लोक गए पुनः ॥
उनी मास्तिर लागेमा रथीमा श्रेष्ठ रामले ।
मित्र सुग्रीवलाई ती अँगाले ग्वाम्म ! हर्षले ।
अनि लक्ष्मणमा हेरे उनी बाट छुटे पछि ।
दाजुको पाउमा घोप्टे सुमित्रासुत भाइ यी ॥
पछिबाट गरे बिन्ती भालू-वानर-सैन्यको ।
सैन्यावासतिरै जान तव राम गए अहो ! ॥

१३

१४

भन्दछन् अब श्रीराम यहाँ आइ पुगे पछि ।
बलले तेजले पूर्ण भएका भाइलाइ ती ॥
बाबु लक्ष्मण ! लङ्कामा गएर पहिले अब ।
यी विभीषणको राज्याभिषेक गर वास्तव ॥
किन ? भन्छौ भने बाबु ! यी विभीषणले यहाँ ।
उपकार गरे ज्यादै प्रेमी छन्, रक्त छन् समा ॥
कान्छा रावणका भाई यी विभीषणलाइ ता ।
लङ्काको राज्यमा राख्ने मेरो धोको यही छ बा ! ॥
महात्मा रामका यस्ता कुरा सुन्दा सुयोग्यका ।
दङ्गादङ्गी परी हाले वीर लक्ष्मण ता तदा ॥
जो आज्ञा ! म त्यसै गर्छु भनेर उनले पनि ।
सुनका गतिला घैला लिए बा ! हातमा अनि ॥
कपिका-यूथका स्वामीहरूका हात-हातमा ।
दिई ती अनि भन्छन् यी उनमा प्रेमले यहाँ ॥
मनका वेगकै जस्तो हुने वेग तथा बल ।
तपाईहरू गै चाँडो ल्याउनोस् सिन्धुका जल ॥
मनै जस्ता हुने वेग यी बानर कुदे अनि ।
सातै समुद्रको पानी ल्याए बा ! फूर्तिला बनी ॥
अनि लक्ष्मणले यौटा वेस ठूलो घडा लिई ।
श्रेष्ठ आसनमा राखे विधिपूर्वक हर्षिई ॥
त्यसैको जलले स्नेही ती विभीषणलाइ ता ।
अभिषेक दिई हाले लङ्काको राज्यमा तदा ॥
श्रीरामको शुभाज्ञाले सारा राक्षस जातिका ।
राजामा वीरलाई यी अभिषेक दिए अहा ! ॥
यसरी मित्रका साथ भृत्य-राक्षस वर्गले ।
घेरिएका उनीको भो शोभा सिंहासनैविषे ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

शुद्धचित्त हुने त्यस्ता धर्मात्मा यी विभीषण ।
पारिए त्यसरी राजा वेदोक्त-विधिले पुनः ॥
खुश भै गर्न लागे ती अब श्रीरामकै स्तुति ।
प्यारा-प्रकृतिले सारा अभिषेक दिए पछि ॥
यी विभीषणका मन्त्री प्रेमी राक्षस दङ्ग परे ।
भाई लक्ष्मणकै साथ अब राम खुसी भए ॥
दिएको रामले त्यस्यो लङ्काको राज्य पाउँदा ।
भो विभीषणमा ठूलो सुख-शान्ति र हर्ष बा ! ॥
आफ्ना प्रिय प्रजालाई सम्झाई राम्ररी उनी ।
गर्नु पर्ने गरी काम आए श्रीराममै अनि ॥
यता आउँन लाग्दामा सारा राक्षस-वर्गले ।
छोपिए मार्गमै ओहो ! बढ्दो श्रद्धा र स्नेहले ।
त्यहीं नगरवासीले फूल लावा र अक्षता
दही लड्डु र मिठ्ठाई टक्र्याए उनलाइ बा ! ॥

३३

३४

लिएर ती सबै वस्तु शुभ—मङ्गलका कुरा ।
यी विभीषणले अर्पे पाउमा दाजु भाइका ॥
कृतकृत्य उनीलाई देख्ता पूर्ण—मनोरथ ।
मन राख्दिन त्यो साग लिए श्रीरामले तब ॥
अनि पर्वत हुन जस्ता कर जोडी वहाँ स्थित ।
विनम्र हनुमान्लाई भन्दछन् राम स्नेहतः ॥
हनुमन् ! यी महाराज—विभीषण सँगै तिमी ।
आज्ञा माग र लङ्कामा पसी हाल छिटै अनि ॥
अशोक-वाटिका भित्र गई जनककी सुता ।
सीताको बुझ वृत्तान्त सोध मङ्गलका कुरा ॥
भन सन्चै छ, सुग्रीव-भाई लक्ष्मण साथको ।
मलाई पनि देवीमा सुनाएर सबै कुरो ॥
कपिश्रेष्ठ ! यसो राम्रो कुरा गर्न सिपालु छौ ।
म बाट युद्धमा दुष्ट त्यो रावण मऱ्यो भन्यौ ॥

४०

४१

सीताको निम्तिमा वीर ! छ समाचार यो प्रिय ।
भनी यत्ति तिमी आउ, के भन्छन् ! त्यो लिई सब ॥

इति एक सय बाह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय तेह्रौं सर्ग

कपिवर हनुमान्ले देवी सीतालाई श्रीरामको संदेश विन्ती गर्नु र सीताको समाचार लिएर फर्कनु एवं श्रीराममा त्यो विन्ती गर्नु

१
अब राक्षस साराले सम्मानित भईकन।
पसे लङ्का—पुरीभित्र हनुमान् हुत्तिईकन॥
लिएर उनले आज्ञा बिभीषण सँगै पछि।
अशोक—बाटिकाभित्र पसियो भेटन् जानकी॥
न्यायानुसार सीतामा हनुमान्ले वहाँ पुगी।
पठाए राक्षसीद्वारा आएको सूचना दिई॥
पसे त्यो बाटिकाभित्र हनुमान् शान्त भैकन।
गरे जनक—राजाकी छोरीको शुभदर्शन॥
जानकी त्यस बेलामा स्नान-शृङ्गार-हीन भै।
झोक्राएर बसेकीथिन् रोहिणीझैं सशङ्क भै॥
आनन्दशून्य-थिन् देवी फेदमा त्यै अशोकको।
घेरिएर बसेकीथिन् राक्षसीहरुले अहो!॥
शान्त नम्र भई ढोगे श्रद्धाले मैथिलीकन।
अगाडि अनि भै ठिङ्ग बसे चुप्प भईकन॥
आफ्नो अगाडि आएको महाबली उनीकन।
चिन्हिन्, दङ्ग परिन् किन्तु सकिनन् बोल्न क्यै पुनः॥
राम्रो स्वभाव झल्केको सीताको मुखमा थियो।
हनुमानले भने ताडी यै वेला रामको कुरो॥
विदेह-नन्दिनी-देवी! राम सुग्रीव-लक्ष्मण!
साथैमा भइ बक्सिन्छ आनन्द, कुशली पुनः॥
सम्पूर्ण शत्रु मारेर आफ्नो धोको पुगी सब।
श्रीराम सोधि बक्सिन्छ प्रभुको क्षेम-मङ्गल॥
भालू-वानर ली साथ लक्ष्मणैका सुनीतिले।
त्यो रावण मारिबक्स्यो विभीषण-सहायले॥
धर्मको तत्व जानेकी पूज्यदेवी! हजूरमा।
यो यौटा प्रिय-संवाद बिन्ती गर्छु म पाउमा॥
१३

१४
म शुभे! देख्न चाहन्छु प्रभुलाइ खुशी अब।
लौ छिटै स्वस्थ भै बक्स्योस्, पीर-बाधा छुटोस् सब॥
पूज्ये! पतिव्रता-धर्म प्रभुको जो छ यो हुँदो।
त्यसकै शक्तिले युद्ध रामले जितिबक्सियो॥
हाम्रो शत्रु मऱ्यो देवी! वीर राक्षस रावण।
लङ्कापुर भयो स्वात्तै वशमा अनि तत्क्षण॥
छ यो संदेश देवीमा बक्सेको प्रभु-रामले।
प्रतिज्ञा पूर्ण भो मेरो तिम्रो उद्धारको प्रिये!॥
निद्रै त्यागि दिएँ मैले त्यसको निम्ति यत्नले।
सिन्धुमा पुल बाँधे त्यो मारें रावण वीर्यले॥
म छु रावणको घर्मा भन्ठानेर तिमी अब।
न मान डर क्यै देवी! पीर-बाधा छुट्यो सब॥
किन? भन्छ्यौ? भने सीते! लङ्काको धन-वैभव।
वशमा पार्दिए मैले यी विभीषणकै अब॥
म आफ्नै घरमा बस्छु यस्तो संझ तिमी प्रिये!।
भइ ढुक्क र निश्चिन्त बस क्यै काल धैर्यले॥
विभीषण पनी देवी! खुश भै गर्न दर्शन।
यतै आइ रहेकाछन् उत्कण्ठित भईकन॥
पूर्णचन्द्रमुखी सीता हनुमानका कुरा सब।
सुने पछि भई हालिन् भित्र दङ्ग तथा खुश॥
बढेको हर्षले गर्दा रोकियो उनको गला।
सकिनन् अनि क्यै बोल्न भित्र ढुक्क भइन् तदा॥
चुप्प देख्ता उनीलाई भन्दछन् कपिवीर यी।
देवी! के शोचिबक्सेको न बोल्ने म सँगै कति?॥
यसरी उनले सोध्दा अडेकी आफ्नु धर्ममा।
निकै खुश भई भन्छिन् वाष्प-गद्गद वाक्यमा॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

६७

हनुमन्! आफ्नु स्वामीको त्यस्तो विजयको कुरा ।
सुन्दा म हर्ष बढ्नाले बोल्नै सक्तिन क्यै कुरा ॥
यस्तो प्रिय-समाचार मसा भन्ने तिमीकन ।
त्यस्तै प्रिय-पुरस्कार अहिल्यै दिन खोज्छु म ॥
जचि शोचे पनी किन्तु यसका योग्यको कुनै ।
वस्तु देखिन्न है वीर ! जो हवोस् दिन योग्य नै ॥
पृथ्वीमण्डलमा सम्म गर्दा लायकको कुरो ।
अँहँ ! देखिन्न जो अर्पी पारुँ सन्तुष्ट चित्त यो ॥
नाना रत्न सुना चाँदी यद्वा त्रैलोक्य-राज्य यो ।
दिए पनि पुरस्कार त्यसको योग्य हुन्न, हो ! ॥
सीताले भन्दिदा यत्ति पुग्यो ! दङ्ग भए उनी ।
अगाडि ठिङ्ग भै भन्छन् हात जोडी यसो अनि ॥
पतिको हित खोज्ने र पतिकै जय चाँहने ।
हजुर भइ बक्सिन्छ प्रिय गर्ने भलो हुने ॥
तसर्थ प्रभु जस्ताकै मुखबाट पतिव्रते ! ।
स्नेह-पूर्ण कुरा यस्ता निस्कन्छन् सत्यरूपले ॥
प्रभुका यी कुरा छन् है ! सारपूर्ण र स्नेहका ।
देवराज्य तथा रत्नराशि भन्दा महान् सदा ॥
मलाई भो ! पुग्यो देवी ! पाएँ मैले महान कुरा ।
जब श्रीराम भै बक्स्यो विजयी रणमा पुरा ॥
प्रयोजन भयो मेरो त्यत्तिले सिद्ध वास्तव ।
प्रभुको पाउ जो पाएँ सर्वोत्कृष्ट छ त्यै जब ॥
हनुमान्का कुरा त्यस्ता सुनेमा दङ्ग भैकन ।
यिनीसाथ भनिन् फेरि जानकीले यसो पुनः ॥
कपिवीर !! भन्यौ ओहो ! अति उत्तम-वाक्य यो ।
वेस लक्षण-सम्पन्न माधुर्य गुणयुक्त पो ॥
बुद्धिका आठ छन् अङ्ग शुश्रूषा-श्रवणादि जो ।
त्यसैमा मिल्छ यो ठ्याप्पै तिमी बाहेक भन्छ को? ॥
प्रशंसा गर्नमा योग्य छोरा हौ वायुदेवका ।
छ प्रीति धर्ममा तिम्रो टिक्छौ कर्तव्यमै सदा ॥
तिमीमै थुप्रिएका छन् ठूल्ठूला गुण दुर्लभ ।
शास्त्रज्ञान तिमीमै छ शूरता छ विवेक छ ॥
शरीर-मनको शक्ति तिमीमा छ यथार्थतः ।
स्थैर्य धैर्य क्षमा तेज वेस दाक्ष्य छ वस्तुतः ॥

४३

४४

तिमीमै टिक्तछन् राम्रो कपे ! विनय, विक्रम ।
छैन है यसमा शङ्का, छ तिम्रै धन्य जीवन ॥
हात जोडी भई नम्र बसेका अघि शान्त भै ।
हनुमान् भन्दछन् फेरि सीतामा झुकि दङ्ग भै ॥
विन्ती गर्छु म देवीमा यो यौटा मनको कुरो ।
आज्ञा पाएँ भने देखि म आफैं गर्छु शीघ्र जो ॥
त्यो यै हो-राक्षसीले यी अगाडि प्रभुलाइ ता ।
गर्न सम्म गरे ओहो ! मार्छौं काट्छौं भनी कडा ।
साह्रै हप्काइ-दप्काई गर्ने यीं बजिनीकन ।
मसा आज्ञा भए देवि ! ठोक्तथें अहिल्यै पुनः ॥
अशोक--वाटिकामा यो वसेकी प्रभु--तुल्यकी ।
देवी--पतिव्रता साथि गर्दथे हा ! अनर्थ यी ॥
प्रभुलाइ थियो चिन्ता—पीडा पतिवियोगको ।
क्रूर यी राक्षसी सारा सर्वदा पिर्दथे अहो ! ॥
देख्तैमा अति डर्लाग्दा दृष्टिका मुखका तथा ।
सँधै हप्काउँथे देवी ! क्रूर आचार-रूपका ॥
हुँदा रावणको आज्ञा जो जो भन्थे यिनी सब ।
सुनेकै हूँ स्वयं मैले थिएँ म रुखमा जब ॥
देखिन्छन् कति डर्लाग्दा हेरि बक्स्योस् पतिव्रते ! ।
छाँट-काँट छ डर्लाग्दो, छ त्यस्तै चित्तसम्म ए ! ॥
जगल्टा यिनका आँखा छन् त्यस्तै क्रूर, दारुण ।
अब आज्ञा भए देखि ठोक्दिन्थें म त तत्क्षण ॥
गरेर मन लागे झैं घातले प्रतिघातले ।
यी सारा राक्षसीलाई मार्दिन्थें अहिल्यै म ए ! ॥
विशाल-हात-खुट्टाले मुक्का-थप्पडले तथा ।
सक्थें लिघ्रा-घुँडाले नै हानेर अहिल्यै म ता ॥
कसैको दाँत भाँच्दिन्थे कसैको नाक-कान नै ।
काट्दिन्थें, लुछ्तथें रौं म कसैको सुत्त-सुत्त नै ॥
दिएर सासना-शास्ती यसरी यी सबैकन ।
सातो लिएर नै छोड्थें अघि हप्काँउनेकन ॥
डर्लाग्दो रूपका यस्ता राक्षसीलाइ यी शुभे ! ।
ठोक्न,चुट्न मसा आज्ञा बक्सियोस् रिस फेर्छु ए ! ॥
उनले यत्ति भन्दामा करुणामय जानकी ।
दीनवत्सल थिन्, पग्लिन् हुँदा वेस स्वभावकी ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

यसो मनमनै शोचिन् केहीबेर गमी अनि ।
भन्दछिन् हनुमान्लाई संम्झाएर यसो उनी ॥
वानरश्रेष्ठ ए वीर ! बिचरी यी निशाचरी ।
आज्ञा पालन राजाको गर्दथे वशमा परी ॥
आज्ञा लिएर अर्काको गर्थे सब कुरो यिनी ।
यी दासीहरुमा तस्मात् के गर्ने रिस त्यो अनि ? ॥
मेरो भाग्य थियो त्यस्तै कर्म ती पूर्वजन्मका ।
त्यही फल ममा दिन्थे त्यो वेला बुझ ! यो कुरा ॥
तसर्थ कष्ट त्यो भोगें विश्वका सब जीव यी ।
आ-आफ्नै कर्मको भोग भोग्दछन् सुख--दुःख ती ॥
ठोक्ने मार्ने कुरा तस्मात् भैगो ! नगर है कपे ! ।
मेरो निम्ति थियो यस्तै दैवको विधि गर्नु के ? ॥
पैलेका कर्मका मेरा दशाले फलरूपका ।
त्यो वेला भोग्नु नै पर्थ्यो मैले त्यस्ता पनी कुरा ॥
मेरो निश्चय यस्तै छ त्यो बेला दुर्बला हुँदा ।
खप्नैथे ती कुरा अैले खप्छु झन् सबला हुँदा ॥
थिए रावणका दासी राक्षसीहरू यी सब ।
गर्नैं पर्थ्यो गरे त्यस्तो गर्दैनन् त्यो मर्‍यो अब ॥
तस्मात् यस्ता कुरा-कानी संम्झनै पनि हुन्न है ! ।
वीर ! वानरमा श्रेष्ठ ! छोड पिट्ने कुरातकै ॥
हनुमन् ! यस वारेमा पुरानो धर्मसम्म त ।
यौटा गीत छ श्लोकामा मात्र लायक वस्तुतः ।
बाघलाई भनेको हो भालूले एउटा अघि ।
सुनाउँछु तिमीलाई सुन त्यो वीर ! हो यही ॥
अर्काको कुभलो गर्ने पापीका पापकर्मको ।
वदला लिन चाहन्नन् श्रेष्ठ व्यक्ति कसै अहो ! ॥
तस्मात् आफ्नु प्रतिज्ञा र सदाचार पनी स्वतः ।
राख्नु पर्दछ त्यस्ताले गहनै जो छ वस्तुतः ॥

७४

७५

साधु-सज्जन-धर्मात्मा व्यक्तिको गहना-धन ।
हो त्यही नै सदाचार त्यै बचाउँदछन् जुन ॥
पापी होस् कि त पुण्यात्मा वध्य होस् वा अवध्य होस् ।
सबमा सम भै हेर्छन् त्यस्ता व्यक्ति ल ! संम्झियोस् ! ॥
त्यस्तो व्यक्ति छँदैछैन विश्वमा यो विशेषतः ।
जसबाट न होस् पाप-अपराध पनी स्वतः ॥
विशेष विश्वका प्राणी हिंसामै रम्दछन् सब ।
गर्छन् धेरै जसो वीर ! पाप--कर्मादि वास्तव ॥
ती पापीहरुमा सम्म जो छन् क्रूर-स्वभावका ।
गर्नैं पर्छ दया तस्मात् छोडी अहितका कुरा ॥
सीताले यत्ति भन्दामा कुरा गर्न सिपालु ती ।
हनुमान्ले सती-साध्वी देवीसँग भने पछि ॥
हजूर रामकी साक्षात् धर्मपत्नी हुँदा शुभे ! ।
यस्ता सद्गुण--सम्पन्न हुनु योग्यै छ, भन्नु के ? ॥
लौ भैगो ! अब, बक्स्योस् त शुभ-संदेश आफ्नु क्यै ।
त्यही बोकी हिंडीहाल्छु भएमा राम, पोल्छु गै ॥
भन्दामा कपिले त्यत्ति भन्दछिन् जानकी पुनः ।
बुझ्यौ ! म आफ्नु-स्वामीको गर्न चाहन्छु दर्शन ॥
देवीका यी कुरा सुन्दा पारी खुश उनीकन ।
हनुमान् भन्दछन् फेरि विद्वान् वीर थिए जुन ॥
सुनिबक्स्योस् शुभे ! जस्तो शची-देवी सुरेन्द्रको ।
त्यै ठीक गरिबक्सेला आजै दर्शन नाथको ॥
पूर्णचन्द्र सरी राम्रो मनोहर हुने मुख ।
रामको पाउ बक्सेला शुभ दर्शन वास्तव ॥
आफ्ना शत्रु सबै मारी मित्रसाथ लिई सब ।
बसेका भाइको साथ भइ बक्सिनन्छ राघव ॥
बल्दो सौन्दर्य--शोभाले साक्षात् लक्ष्मी समानकी ।
देवीलाई भनी त्यत्ति रोकिए धीर यी कपि ॥

८६   ८८

महान् तेज भएकाथे बल्थ्यो रूप र वीरता ।
सरासर कुदी आए अनि श्रीराममा यता ॥
अनि सरर आइ इन्द्र जस्तै रघुवर रामकनै भने ,दुरुस्तै ।
जनकनृपतिकी सुता यिनीले उनकन जत्ति भनिन् बढौं खुशीले ॥

इति एक सय तेर्‍हौं सर्ग

एक सय चौधौं सर्ग

श्रीरामको आज्ञाले राक्षसराज विभीषणले देवी सीतालाई ल्याउनु र देवीले श्रीरामको दर्शन गर्नु

१

धनुर्धारीहरू मध्ये श्रेष्ठ श्रीरामसमा तव ।
भन्छन् प्रणाम टक्र्याई बुद्धिमान् हनुमान् अव ॥
जसको निम्तिमा स्वामिन् ! गर्‍यौं उद्योग यो सव ।
परिपूर्ण पनी पार्‍यौं थालेको काम वास्तव ॥
ती उहाँ जानकीलाई शोकसंतप्तचित्तकी ।
अव दर्शन बक्स्योस् लौ ! कृपा होस् प्रभुको यति ॥
ह प्रभो डुबिबक्सेको शोकसामात्र जानकी ।
झर्छन् बररै आँसु दुइटै नेत्रबाट ती ॥
प्रभुको जय भो भन्ने समाचार सुने पछि ।
उत्कण्ठित भई बक्स्यो पतिदर्शनमा अति ॥
पहिले आँउदामा नै बोकेर प्रभुका कुरा ।
विश्वास गरिबक्सेथ्यो चिनाजानी हुँदा पुरा ॥
झारी बररै आँसु पत्याई त्यस हेतुले ।
ममा आज्ञा भयो स्वामिन् ! यी कुरा दृढ प्रेमले ॥
मै कृतार्थ सवै आफ्ना शत्रु मारेर लक्ष्मण ।
साथ ली वसि बक्सेका पतिको गर्छु दर्शन ॥
विन्ती पार्दा कुरा त्यत्ति त्यसरी कपिवीरले ।
धर्मात्माहरुमा श्रेष्ठ राम ता झोक्किए हरे ! ॥
विचार गर्न पो लागे भई ध्यानस्थझैं उनी ।
आँखाभर भए आँसु झर्लान् झर्लान् सरी बनी ॥
लामो लामो खिंचे सास सुइय्य! खुइय्य!! गरे हरे! ।
विभीषण थिए ठिङ्ग नजीकै, उनमा भने ॥
विभीषण ! तिमी जाऊ ती मेरी जानकीकन ।
गराउ स्नान इत्यादि हुन् सवै अङ्ग कञ्चन ॥
दिव्याङ्गरागकै साथ भेष-भूषा सजी सवै ।
उनीकन यहाँ ल्याऊ मेरो अघि गई छिटै ॥

१३

१४

रामको यो शुभाज्ञाले हड्बडाई विभीषण ।
उठिनखेरै पसी हाले खोपीतिर कुदीकन ॥
उनले पहिले आफ्ना वेस शील-स्वभावका ।
राक्षसी-स्त्री पठाएर आफू आएँ भने तदा ॥
गरी त्यत्ति महान् श्रीमान् राक्षसेश विभीषण ।
पसे भित्र र टक्र्याए जानकीलाइ दर्शन ॥
यसो शिर उठाएर पछि बाँधेर अञ्जलि ।
पुर्‍याइ शिरमै आफ्नो यस्तो विन्ती गरे झुकी ॥
हजूर अव हे पूज्ये ! नुहाई बक्सियोस् छिटै ।
यी दिव्य गहना-वस्त्र पैह्रिबक्स्योस् अनी सवै ॥
गरी त्यत्ति चढी बक्स्योस् सवारीमा हजूर गै ।
प्रभुलाइ छिटै भेट्ने इच्छा छ पति-रामकै ॥
वीर राक्षसका राजा यी विभीषणले यति ।
भन्दामा भन्दछिन् देवी राक्षसेश्वरलाइ ती ॥
राक्षसेश्वर ! के भो र म स्नानै नगरीकन ।
अहिल्यै गर्न चाहन्छु पतिको शुभ-दर्शन ॥
फेरि विन्ती गरी हाले उनले त्यो कुरा सुनी ।
आज्ञा छ रामको त्यस्तै, त्यै ठीकै चल्नु पर्छ नि ! ॥
थिइन् सीता सती-साध्वी पतिको भक्ति नै व्रत ।
दृढ थ्यो उनमा मान्थिन् देवतै पतिलाइ त ॥
उनका ती कुरा सुन्दा त्यो हड्बड भए पनि ।
गरिन् तुरुन्त स्वीकार नुहाइन् उनले अनि ॥
अनि ता जानकीले यी शिरदेखि मजासित ।
गरिन् स्नान-क्रिया राम्रै भइन् पछि विभूषित ॥
पैह्रिइन् अङ्गरागादि वस्त्राभूषण सुन्दर ।
हिंड्न् ठिक्क भई हालिन् यसरी जानकी तव ॥

२६

२७

अङ्गराग तथा दिव्य गहना-वस्त्र आदिले ।
सुशोभित उनीलाई देखे राक्षसराजले ॥
पाल्की ठिक्क भएकैथ्यो चढाई त्यसमै अब ।
लगे राम भए ठाम उनले ढुक्क भै तब ॥
त्यो वेला जानकीलाई रक्षा गर्ने अनेकन ।
थिए वरीपरी हिंड्ने वीर-राक्षसका गण ॥
आए राम भएमा यी महात्मा रामलाइ ती ।
देखे ध्यान गरी चर्को बसेका उनले पछि ॥
झुकी प्रणाम टक्र्याई त्यस्तो स्थिति बुझे पनि ।
भने दङ्ग परी "देवी सवारी भो" प्रभो! भनी ॥
दुष्ट राक्षसका घर्मा निकै दिन बसीकन ।
सीता आज यहाँ आइन्, गमे यत्ति मनैमन ॥
त्यत्तिले नै पुग्यो काण्ड शत्रुसूदन राममा ।
एकैपल्ट बहे राम दुःख-हर्ष र क्रोधमा ॥
आइन् सीता सवारीमा शोच्तामा यसमा पनि ।
बुझेन रामको चित्त ठीक होइन यो गमी ॥
अनि आफ्नो नजीकैमा बसेका राक्षसेश्वर ।
ती विभीषणमा भन्छन् राम मीठो झिकी स्वर ॥
मेरो विजयको निम्ति मरिमेट्ने सँधै तथा ।
राम्रो स्वभावका राजन्! सुन! मेरा कुरा यता ॥
विदेहराजकी छोरी सीतासित तिमी भन ।
मेरो अगाडि आउन् ती अहिल्यै नै विभीषण! ॥
सुन्दा यो रामको आज्ञा तुरुन्तै उनले पनि ।
स्वयं हटाँउनै लागे अरुलाई परै अनि ॥
राजाको चाल यो देख्ता सिपाही पार्श्वरक्षक ।
हटाँउन वहाँ लागे घुँइचो भै दिंदा तब ॥
ठूलठूला पगडी राम्रा उनका शिरमा थिए ।
शोभिन्थे देहमा वेस लहँगा भव्यरूपले ॥
भयालीमैं झन्झनाएर बज्ने सुन्दर वेतका ।
छडी—लठ्ठी लिएकाथे हातमा उनले तदा ॥
त्यहाँ नजिक आएका भालू वानर राक्षस ।
साना ठूला सबैलाई हटाए बा! घुमी तब ॥
जस्तो आँधि-हुरी ठूलो आउँदा सिन्धु जोडले ।
कुर्लन्छ भो त्यही ठीक, होइल्लै मच्चियो हरे! ॥

४३

४४

तानियो रामको ध्यान त्यता पट्टि हुँदा यति ।
उठाई दृष्टि हेरे बा! भै उत्सुक यवाउति ॥
पर जाओ! अझै जाओ! भन्थे रक्षक पिर्दथे ।
यता हट्नेहरू चाँहि पिरिन्थे भित्र खिन्न थे ॥
देखे बा! सब उद्विग्न भएका प्रभु-रामले ।
रोक्तै हटाँउनेलाई अनि औदार्यले भने ॥
त्यो वेला रामको दृष्टि ऊनलाई हटाँउने ।
पार्छमैं क्रोधले भस्म देखियो भई झोक्किने ॥
उनले बुद्धिमान् वीर ती विभीषणलाइ वा ।
छड्के हानेर भै क्रुद्ध यी कुरा भन्दिए तदा ॥
तिमी हेला गरी मेरो भालू वानर राक्षस ।
यी सवैलाई खेद्दाछौ यसरी किन वास्तव? ॥
उद्वेग खिन्नता पार्ने काम हो रोक यो सब ।
आत्मीय—जन हुन् मेरा सब यी संझ यो अब ॥
घर वा वस्त्र पर्खाल बुझयौ! अरु कुरा तथा ।
हुन्नन् स्त्री—जातिका पर्दा राजसत्कार सम्म ता ॥
यसरी जनतालाई भै निष्ठुर हटाँउनु ।
पनि पर्दा हुँदै हुन्न नारीको यत्ति जानुनु ॥
सुन अर्को कुरा फेरि पर्दा आपत्-विपत् यहाँ ।
मनको देहको पीडा परेमा अनि युद्धमा ॥
विवाह—यज्ञमा एवं त्यो स्वयंम्वरमा पनि ।
स्त्रीले देखिनुमा दोष हुन्न क्यै! बुझ यो पनि ॥
त्यस्तै छ यिनको निम्ति यो वेला पनि वास्तव ।
सीता छन् घोर आपत्मा छ कष्ट यिनमा अझ ॥
विशेष अहिले फेरि छन् यिनी म संगै अतः ।
त्यो आवरण वा पर्दा केही चाँहिन्न वस्तुतः ॥
पाल्कीबाट यिनी ओर्लुन्, आँउन् पैदल नै हिंडी ।
कपि राक्षस यी भालू हेरुन् सब मिलीजुली ॥
रामले यत्ति भन्दामा झोक्रिए ती विभीषण ।
रामको नजिकै ल्याए सीतालाई झुकीकन ॥
रामका त्यसवेलाको कुरा सब सुनी-गुनी ।
भए लक्ष्मण सुग्रीव हनुमान् खिन्न नै अनि ॥
डलाग्दा रामका चेष्टा भावभङ्गी भए जति ।
ती सवै सूचना गर्थे "सीता त्याग्ने लिए मति" ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

गरे अङ्कुल यी तीनै व्यक्तिले आफ्नु चित्तमा ।
अप्रसन्न भई बक्स्यो सीतामा प्रभु जो यहाँ ॥
थिइन् अधि-अघी सीता थे पछाडि विभीषण ।
लाजले अङ्गमा खुम्ची मिल्लिन् जस्ती थिइन् जुन ॥
अधि बढ्दै हुँदै यस्ती टिकेकी आफ्नु धर्ममा ।
सीता, राम भए ठाम आइन् जनसमूहमा ॥

६३

६४

घुँक! घुँक!! पनी निस्क्यो झरे हर्षाश्रु क्यै अनि ।
आर्यपुत्र ! भनिन्, हेरिन् यसो श्रीमुखमा पनि ॥
पति नै देवता मान्ने थिइन् यी जानकी सती ।
त्यसवेला खुलेकोथ्यो उनको मुख झन् अति ॥
ठूलो विस्मयले एवं हर्षले स्नेहले दृढ ।
पतिको मुख हेरिन् बा ! धोको पुग्ने गरी तव ॥

६६

६७

दिव्य सौन्दर्यका खानी पतिको मुख सौम्य थ्यो ।
आफू त्यस्तै थिइन् देवी उदार मुख सौम्य थ्यो ॥
उदय-समयका शशी सरिको प्रियतमको मुख सौम्य भव्य त्यस्तो ।
जसकन चिरकाल देखि देख्न छटपट गर्दथिइन् भई अनन्य ॥
तन-मन त्यसमै गराइ हेरिन् अनि उनले अभिलाष आफ्नु मेटिन् ।
अब कलुष छुटे सबै अघीका मुख लिइ पूर्ण-शशी सरी बसिन् बा! ॥

६८

इति एक सय चौधौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय पन्ध्रौं सर्ग

देवी–सीताको चरित्रमा शङ्का गरेर रामले उनलाई मनपर्दो भन्नु

१

मिथिलेश्वरकी छोरी सीतालाई त्यसो गरी ।
बसेकी नजीकै आई देखे बा ! अब राम्ररी ॥
कुतर्क मनमा उब्ज्यो रामलाइ यसै घडी ।
आफ्नो हृदयको भाव पोख्न थाले न राम्ररी ॥
भद्रे ! मैले तिमीलाई समरस्थलमा लडी ।
शत्रुलाइ जिती भेटें छुटाएँ यसरी हकि ? ॥
बल-पौरखले मैले सकिन्थ्यो गर्न जो जति ।
ती कुरा गर्नमा सम्म बाँकी राखिन क्यै कति ॥
बुझ्यौ ! रिस मर्‍यो मेरो लागेको जो कलङ्क थ्यो ।
मैले सब पखालें त्यो, जो राख्नै पनि हुन्नथ्यो ॥
शत्रुबाट भएको यो अपमान र शत्रु त्यो ।
एकैपल्ट दुवै थोक मासें मैले गरी यसो ॥
आजै यी सवले देखे मेरो बल-पराक्रम ।
परिपूर्ण भयो मेरो आजै यत्रो परिश्रम ॥
प्रतिज्ञा अघि जो मैले गरेंथें भो प्रपूर्ण त्यो ।
त्यसको भारले मुक्त भएँ स्वातन्त्र्य मिल्न गो ॥
तिमी आश्रममा एक्ली हुँदा चञ्चल-चित्तको ।
राक्षसेश्वर आएर तिमीलाइ हरी लग्यो ॥
यो दोष वज्रियो मेरै थाप्लोमा दैवयोगले ।
हटाएँ बल्ल मैले त्यो मर्त्यकै पुरुषार्थले ॥
लागेको आफुमा दोष जो हटाँउन्न शक्तिले ।
त्यो मन्दबुद्धिको ठूलो पुरुषार्थ भएर के ? ॥
हनुमानले तरे सिन्धु लङ्का-विध्वंस जो गरे ।
प्रशस्य उनको कर्म आजै सफल भो हरे ! ॥
मित्र-सुग्रीबले आफ्ना सैन्य साथ लिई अहो !
देखाँउनु भयो आफ्नो बल-वीर्य समेत त्यो ॥
१३

१४
यता वेला-कुवेलामा दिनु भो राय जो समा ।
त्यत्तिले नै भयो पूर्ण उहाँको श्रम त्यो यहाँ ॥
यी विभीषण हुन् धन्य ! वैगुनी दाजुलाइ त्यो ।
छोडी च्वाट्ट स्वयं आए मेरै शरणमा अहो ! ॥
यिनले अहिले सम्म गरेका कामको पनि ।
फल्यो फल, भयो धन्य श्रम त्यो, हुन् गुणी यिनी ॥
स्वयं यस्ता कुरा बक्ने रामका ती कुरा सुनी ।
पारिन् गद्गद्भरी आँसु देवीले पीरले अनि ॥
प्राणप्यारी थिइन् आफ्ना स्वामीको जानकी सती ।
हेर्दै थिए उनीलाई उनका प्रिय ती पति ॥
तर यस्तै अवस्थामा डर लोकापवादको ।
पसीगो राम-राजाको मनमा च्वास्स भै अहो ! ॥
कपि-राक्षस साराको सभामा अनि रामले ।
टेढा अलककी त्यस्ती सीतालाइ यसो भने ॥
अपमान तिरस्कार मेरो भो यसमा जुन ।
फेर्न नै त्यसको साटो थाम्न कर्तव्य पावन ॥
निम्तिमा मान रक्षाको मैले संग्रामबाच यो ।
मारी रावणलाई त्यो पारें पूर्ण सबै कुरो ॥
आफ्नो तीव्र तपस्याले शुद्धान्तकरणै हुने ।
स्वरूप परमात्माको आफूमै नित्य संझिने ॥
अगस्त्य-ऋषिले साक्षात् क्रूर वातापि इल्वल ।
दुष्टका डरले गर्दा लोकले जान मुस्किल ॥
त्यो दक्षिण-दिशालाई जितेझैं मात्र वास्तव ।
तिमीलाइ जितें मैले गरी रावणको वध ॥
तिम्रो भलै हओस् सीते ! मैले यो युद्ध जित्नमा ।
गरें जो श्रम जो पाएँ त्यसको फल अन्तमा ॥
२६

२७

यत्नी उत्साह उद्योग जो गरें त्यो सबै कुरा ।
तिमी पाँउनको लागि मैले गरिन, संम्फ बा ! ॥
आफ्नो विचार आचार रक्षा गर्न यथार्थमा ।
लोकापवाद फैलेको हटाँउन गरें यहाँ ॥
विख्यात वंशमा मेरो लाग्यो क्रूर कलङ्क जो ।
त्यल्लाइ मेट्नकै निम्ति गर्नु पर्थ्यो, गरें त्यसो ॥
तिम्रो चरित्रमै सीते ! बुझ्यौ ! शङ्का उठी सक्यो ।
तैपनी यसरी टिक्छ्यौ अफ मेरो अघी अहो ! ॥
दीप-ज्योति रुचाँउन्न नेत्र-रोगी जसो गरी ।
तिसी अप्रिय भै हाल्यौ आजदेखि त्यही सरी ॥
तस्मात् जनककी छोरी ! तिम्रो इच्छानुसारले ।
ठाममा मन लागेको जान सक्छयौ ल ! जाउ ए ! ॥
बुझ्यौ! दशै दिशा छन् यी खुला तिम्रा निमित्तमा ।
अब सम्बन्ध क्यै छैन मेरो-तिम्रो छुट्यो यहाँ ॥
लेला कुलीन को व्यक्ति अर्काको घरमा बसी ।
फर्केकी पछि स्त्रीलाई लोभले स्नेहमा फसी ? ॥
उठाई काखमै राखी ल्यायो रावणले अघि ।
न राम्रै दृष्टिले हेर्‍यो तिमीमाथि पछी-पछि ॥

३५

३६

आफ्नो कुल महान् ठान्ने म छु, यस्तो हुँदाहुँदै ।
तिमी नै भन ए सीते ! गरुँ स्वीकार के त्यसै ? ॥
जुन उद्देश्यले मैले गरें प्राप्त तिमीकन ।
सिद्ध भो त्यो कुरा मेरो, भयो यो कुल कञ्चन ॥
अब छैन तिमीमाथि मेरो स्नेह ममत्व त्यो ।
जे गर्छ्यौ गर लौ तस्मात् जाउ इच्छानुसार, भो ! ॥
ठमाएँ बुद्धिले मैले यै कुरो, सत्य हो यही ।
अैले मैले भनें भद्रे ! तिम्रो अघि कुरा यति ॥
गई भरतको साथ बस्न खोज्छ्यौ भने पनि ।
हुन्छ ! लक्ष्मणकै साथ टिक्न रोज्छ्यौ भने पनि ॥
तिम्रो इच्छा छ ता सीते ! बस ! शत्रुघ्न साथमा ।
अथवा कपिका राजा सुग्रीव सँग गै यहाँ ॥
सारा राक्षसका राजा विभीषणसंगै कि ता ।
बस बा ! मन लागे भैं गर, होस् सुख सर्वथा ॥
सुन ! गाँठो कुरा सीते ! छौ तिमी दिव्य सुन्दरी ।
मन फस्तछ देख्तैमा देख्नेको मक्ष भैंवरी ॥
यस्ती नारी हुँदा आफ्नै घरमा नित्य देखिंदा ।
त्यो रावण अड्यो भन्न सक्तै-सक्तिन है म ता ॥

४४

४५

प्यारो र मीठो हितको भलो कुरा थिन् सुन्नकी योग्य सती यिनी 'बरा ।
प्राणै सरीका पति—रामका कुरा सुनिन् निकैमा तर हुन् सरी छुरा ॥
सुनी गुनी अप्रिय वाक्य तीं सब यी मानिनी थर्र भइन् निकै तव ।
भई लताभैं गजशुण्ड-भञ्जिता आँसू चुहाएर रुँदी भइन् तदा ॥

४६

इति एक सय पन्ध्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय सोह्रौं सर्ग

श्रीरामलाई उचित उत्तर दिएर देवी सीताले अग्नि--प्रवेश गर्नु

१

बढ्दामा क्रोधको रन्को खिरिङ्ग रुँउँ ठाडिने ।
निकै कडा र डर्लाग्दा यी कुरा रामले भने ॥
विदेहराजकी पुत्री सीताले त्यो सुनिन् जब ।
भित्र मर्का पर्‍यो ठूलो भइन् व्यथित झन् तब ॥
विशाल त्यो सभाबीच कपि-राक्षस-ऋक्षको ।
रामले त्यसरी प्वाक्कै भन्दिए बा ! कडै कुरो ॥
असह्य उग्र डर्लाग्दा पतिका यी कुरा सुनी ।
भइन् हा ! बिचरी सीता भुतुक्कै लाजले अनि ॥
त्यस्ता वाग्बाण ज्वाम्ज्वाम्ति देहमै रोपिंदासब ।
जानकी अङ्गमै आफ्ना मिल्छिन् जस्ती भइन् तब ॥
खसे बलिन्द्रधारा भै गहका आँसु बर्बर ।
तानी आँचलको टुप्पो पुछिन् बा ! तर सर्सर ॥
अनि विस्तार-विस्तार साह्रै गद्गद-वाक्यमा ।
भन्न लागिन् यसो देवी ती आफ्ना पतिदेवमा ॥
सुन्नै न सकिने यस्ता रुखा वाक्य अयोग्य यी ।
ममा सुनाइ बक्सिन्छ किन भो ? वीर ! यो स्थिति ॥
छोटो व्यक्ति कुनै जस्तो त्यस्तै स्त्रीलाइ भन्दछ ।
त्यही ठीक भयो यस्तो भन्नु ता प्रभुले तक ॥
सुनि बक्स्योस्! महाबाहो! त्यस्ती तुच्छा म होइन ।
प्रभुले संझिबक्सेकी स्त्री-जस्ती क्षुद्र हो जुन ॥
यै सदाचारको आफ्नो किरिया खाइ भन्छु म ।
विश्वास गरिबक्स्योस् लौ ! क्यै शङ्कै न गरीकन ॥
छोटा र भँडुई स्त्रीको देखी चाल-चरित्र त्यो ।
सारा स्त्रीजातिमा यस्तो शङ्का गर्नु अयोग्य हो ॥
परीक्षा राम्ररी मेरो गरेको प्रभुले छ त ।
त्यी आफ्नो मनको शङ्का फ्याँक्दिबक्स्योस् यथार्थतः ॥

१३

१४

हो ! भयो अङ्गको स्पर्श पाजी-रावण साथ त्यो ।
के लाग्थ्यो त्यसमा मेरो यही विवशता थियो ॥
मैले थिइन स्वेच्छाले छोएकी त्यसलाइ ता ।
मेरो दुर्भाग्यकै दोष हुन गो यसमा तदा ॥
सुनि बक्स्योस् ! छ यो मेरो चित्त मेरै अधीनमा ।
तसर्थ त्यो छ लागेकै सर्वदा पति-पाउमा ॥
पराधीन भएका यी अङ्गमा देहमा भने ।
थिएँ विवश, के लाग्थ्यो ? हुनगो अनि छोइने ॥
अर्काको मान राख्नामा चतुरा वीर राघव ! ।
हामी दुइ सँगै खेल्थ्यौं बढ्यौं सँग-सँगै तव ॥
यस्तो भए पनी किन्तु मलाइ प्रभुले पनि ।
चिनिबक्सेन्न ता राम्रो को चिन्ने ? म मरे अनि ? ॥
पठाइ बक्सियो राजन् ! मलाई खोज्न भेट्न जो ।
यो लङ्कापुरमा साक्षात् आफैंले हनुमान् अहो ! ॥
त्यसो किन गरीबक्स्यो ? त्यै वेला यी कुरा भनी ।
त्यागिदिएको भए हुन्थ्यो, गर्थें आफू-खुशी अनि ॥
मर्दिन्थें अरु के गर्थें त्यै वेला यिनकै अघि ।
सुन्नासाथ कुरा त्यस्ता टिक्थें र कसरी खपी ? ॥
गर्नु पर्दैन थ्यो यस्तो कष्ट ता आफ्नु जीवन ।
यसरी कष्टमा राखी प्रभुले रण-भीषण ॥
यता हजूरका यस्ता प्रिय - मित्रहरूकन ।
न ता कष्ट दिनै पर्थ्यो लड्ना निम्ति अकारण ॥
नृपश्रेष्ठ झिकी बक्स्यो व्यर्थको उग्र क्रोध यो ।
छोटो मनुष्यले जस्तो स्त्रीत्व देखाइयो अहो ! ॥
सुनिबक्स्योस् ! सदाचार जान्ने नाथ ! मलाइ ता ।
भन्दछन् जानकी सारा उद्यौंले पालि बक्सिदा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

राजा-जनकको यज्ञ-भूमिबाट म निस्किएँ ।
उहाँबाट म जन्मेकी तर होइन, संम्झिएँ !॥
मेरो विचार-आचार तथा शील-स्वभावमा ।
प्रभुले ध्यान नै कत्ति नदिसएन हरे ! यहाँ ॥
बाल्यावस्था थियो मेरो त्यसैवेला हजूरले ।
विवाह गरि बक्सेथ्यो अैले के सब बिर्सिए ? ॥
प्रभुका पाउमा मेरो जुन भक्ति र प्रेम छ ।
जुन मेरो छ यो शील भो भुसुक्क सबै अब ? ॥
यत्ति भन्दा न भन्दैमा रोकियो उनको गला ।
आँसुको भल छोडेर रुन थालिन् उनी तदा ॥
केही बेर बितेकोथ्यो यत्तिकैमा अघिल्तिर ।
थिए लक्ष्मण झोक्राई ध्यानमग्न भई स्थित ॥
उनैतिर यसो हेरिन् जानकीले स्वयं अनि ।
हुँदा सिद्धान्तमा अड्ने भनी हालिन् यसो पनि ॥
बाबु लक्ष्मण ! के हेर्छौ ! अब मेरो निमित्तमा ।
चिता ठिक्क गरी हाल, चाँडो गर तिमी यहाँ ॥
बढेका दुःखको यौटा त्यही औषधि बेस हो ।
झूठो कलङ्क बोकेर बाँच्न चाहन्न मै अहो !॥
समा छन् गुण-शीलादि जति जो तिनले हरे ! ।
प्रसन्न भइ बक्सिन्न मेरा पति कसै गरे ॥
यत्रो जन-सभाबीच आफ्नै श्रीमुख-पद्मले ।
झूठो दोष थुपारेर त्यागिदिबक्स्यो मलाइ ए !॥
अब यस्तो अवस्थामा मैले उचित-मार्गमा ।
हिड्नु नै पर्छ, त्यो बाटो भेट्न पस्छु म अग्निमा ॥
देवी-भाउजुले यत्ति भन्दामा वीर लक्ष्मण ।
असह्य रिसले ताते हेरे दाजुतिरै पुनः ॥
आँट-काँट इशाराले बुझे आशय रामको ।
चिता ठिक्क बनाए बा ! पाए सम्मति दाजुको ॥
श्रीराम त्यस बेलामा साक्षात् प्रलयकालका ।
काल जस्तै भएकाथे उर्लागदा उग्ररूपका ॥
उनका मित्र के सक्थे संम्झाउन उनीकन ।
न हेर्नैं पुग्दथ्यो आँट, क्यै भन्ने कसरी पुनः ॥
भई निहुरमुन्टी न बसेका राम यी थिए ।
परिक्रमा यसैवेला गरिन् नै उनले हरे ! ॥

४३

४४

सरासर उनी आइन् ह्वार्ह्वार्ति त्यसरी वहाँ ।
बल्दो अग्नि नजिकैमा जानकी शान्तभावमा ॥
देव - विप्रहरूलाई श्रद्धाले ढोग्दिइन् पछि ।
अग्निदेवतिरै फर्कि भन्दछिन् यी कुरा सती ॥
छिनको निम्तिमा सम्म मेरो हृदय यो यदि ।
पति - श्रीरामको पाउबाट छैन पृथक् भने ॥
सम्पूर्ण - लोकका साक्षी भगवान् अग्निदेवता ।
मेरो निम्ति हउन् चीसा गरुन् रक्षण सर्वथा ॥
शील - स्वभावकी वेस म छु शुद्ध - चरित्रकी ।
परन्तु पति - श्रीराम संम्झी बक्सिन्छ भ्रष्टकी ॥
सबै प्रकारले वेस निष्कलङ्क म ता छु ता ।
जगतसाक्षी यिनै अग्नि मेरो रक्षा गरुन् सदा ॥
मन - वाणी - क्रियाद्वारा धर्मज्ञ - पति रामको ।
गरेकी छैन ता हेला अग्नि मेरो गरुन् भलो ॥
दिन रात दुवै सन्ध्या चन्द्रादित्य र वायु ती ।
मलाइ शुद्ध भन्छन् ता गरुन् रक्षण अग्नि यी ॥
भनी यत्ति गरी हालिन् अग्निलाइ प्रदक्षिणा ।
बलेको त्यसमै देवी पसिन् निःशङ्कभावमा ॥
थियो जन - सभा ठूलो सारा बालक - बृद्धको ।
अग्निमा जानकी पस्ता देखे यी सबले अहो ! ॥
पग्लेको सुन झैं अङ्ग भएकी गहनातक ।
तिनैका शोभिने देवी अग्निबीच पसिन् तब ॥
ज्वाला ह्वार्ह्वार्ति फ्याँकेर बलेको अग्निकुण्डमा ।
पस्तामा त्यसरी सीता देख्यो जगतले वहाँ ॥
हुन् जस्ती सुनकी देवी चम्किली मृगनेत्रकी ।
यी देवी अग्निमा पस्ता हेर्थे सम्पूर्ण भूत ती ॥
गन्धर्व - ऋषि - यौताले देखे बा ! सुरले पनि ।
सच्चरित्रा यिनीलाई पसेकी अग्निमा अनि ॥
त्यो वेला उनले संम्झे क्यै ठूलो यज्ञकुण्डमा ।
पूर्णाहुति पसे जस्तो भो माने रण-यज्ञमा ॥
ठूल्ठूला यज्ञमा जस्तो पारी संस्कृत मर्त्यले ।
दिइन्छ घिउको धारा अनवच्छिन्नरूपले ॥
त्यही ठीक उनीलाई गहना-वस्त्र पैह्रिई ।
पसेकी अग्निमा देख्दा चिच्याए महिला जति ॥

६०

६१

दिव्य त्रैलोक्यका प्राणी गन्धर्व-ऋषि-देवता ।
सिद्ध-दानवले सम्म देखे पस्ता उनी तदा ॥
स्वर्गबाट कुनै देवी शापग्रस्त भईकन ।
नर्कभित्रै खसे जस्तो ठाने वा ! उनले पुनः ॥

६२

६३

सती-साध्वी उनीबाट हुँदा अग्नि-प्रवेश यो।
कपि-राक्षस-भालूमा कोहोलो मच्चियो बडो॥
यसरी सब प्राणीको त्यस्तो अद्भुतरूपको ।
आर्तनाद सबै तर्फ गुञ्जियो हा ! अनर्थ भो !॥

६४

इति एक सय सोह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय सत्रौं सर्ग

श्री राम भएमा देवताहरू आँउनु र स्वयं ब्रह्माले रामलाई हजूर साक्षात् परं ब्रह्म भइबक्सिन्छ भनी स्तुति गर्नु

१

मर्यादा थाम्न जानेका धर्मात्मा वीर-रामले ।
कपि राक्षसको त्यस्तो आर्तनाद सबै सुने ॥
मन पाकि रहेकैथ्यो दुःखले उनको तब ।
आँसु झार्दै थिए आँखा शोचे दुइ घडीतक ॥
यसै वेला वहाँ आए विश्रवा-मुनिका सुत ।
राजा कुवेर सर्वात्मा यम पितृ लिई सब ॥
देवताहरुका स्वामी सहस्राक्ष सुरेश्वर ।
जलका जीवका स्वामी ती प्रचेता जलेश्वर ॥
तीन आँखा हुने श्रीमान् महादेव वृषध्वज ।
लोक-कर्ता र ब्रह्मज्ञ-श्रेष्ठ ब्रह्मा पनी तब ॥
चढेर सूर्य हुन् जस्ता तेजिला स्वविमानमा ।
आए यी सब लङ्कामा गए राम थिए जहाँ ॥
अब श्रीरामले देखे आएका यी सबैकन ।
उनको अघि श्रद्धाले हात जोडे झुकीकन ॥
पैह्रेका गहना राम्रा विशाल शुभ बाहु ली ।
रामतर्फ उठाएर भन्दछन् श्रेष्ठ देव ती ॥
श्रीराम ! प्रभु यो सारा विश्वको सृष्टिकारक ।
भइ बक्सिन्छ ज्ञानीमा सर्वोच्च सर्वव्यापक ॥
गरि बक्सिन्न क्यै वास्ता स्वयं त्यस्तो भई किन ? ।
अग्निमा यसरी पस्ता पनी यी जानकीकन ॥
सम्पूर्ण देवमा श्रेष्ठ साक्षात् विष्णु सनातन ।
हजुर भइ बक्सिन्छ संझि बक्सिन्न यो किन ? ॥
पहिले वसुमा श्रेष्ठ ऋतधामा थिए जुन ।
हजूर भइ बक्सिन्छ ती प्रजापति उत्तम ॥
स्वयं समर्थ सर्वात्मा सारा त्रैलोक्य—कारक ।
हजूरै भइ बक्सिन्छ स्वयं पालक रक्षक ॥

१३

१४

रुद्रमा भइ बक्सिन्छ आठौं रुद्र हजूर नै ।
ती साध्यवर्गमा चाँहि पाँचौं साध्य हजूर नै ॥
प्रभुका कान हुन् दोटा श्रीअश्विनीकुमार ती ।
प्रभुका दुइटा आँखा मानिन्छन् सूर्य-चन्द्र यी ॥
सृष्टिको आदिमा एवं मध्यमा अनि अन्तमा ।
प्रभु देखिइ बक्सिन्छ सनातन—स्वरूपमा ॥
साधारण कुनै मर्त्य जस्तो भइ प्रभो ! किन ।
वेवास्ता गरिबक्सेको पर्न गो कुन कारण ? ॥
ती लोकपालले यत्ति भनेमा लोकनाथ यी ।
रघुनाथ यस्तो भन्छन् देवश्रेष्ठ सँगै पछि ॥
म आफुलाइ चौता हो ! मामुली मर्त्य मान्दछु ।
रघुवंशी दशरथ—राजाको पुत्र ठान्दछु ॥
तपाँईं हरू नै भन्नोस् म को हूँ कुन हेतुले ।
कसरी म कहाँबाट यहाँ आएँ छ तत्त्व के ? ॥
रघुवंशी परात्मा यी रामले सोद्धिदा यति ।
ब्रह्मज्ञहरुमा श्रेष्ठ ब्रह्मा भन्छन् झुकी पछि ॥
सत्यपराक्रमी नाथ ! विन्ती गर्छु म सत्य यो ।
हजूर भइ बक्सिन्छ विश्वको आदितत्त्व त्यो ॥
हजूरै भइ बक्सिन्छ श्रीमान् नारायण प्रभु ।
चक्रधारी महान् देव परात्मा सबमा विभु ॥
हुने र भै रहेका यी भएका देव-शत्रु ती ।
नाश्ने, दाह्रा हुने यौटा भै बक्सिन्छ वराह ती ॥
अविनाशी परं ब्रह्म हजूरै हो यथार्थमा ।
आदिमध्यान्तमा टिक्ने सृष्टिको सत्यरूपमा ॥
लोकको धर्म-कर्मादि भइ बक्सिन्छ नाथ नै ।
विश्वक्सेन तथा चार बाहुका हरि नाथ नै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

शार्ङ्गधन्वा हृशीकेश पुरुषोत्तम नाथ नै ।
स्वयं अजित सर्वात्मा परात्मा विष्णु नाथ नै ॥
धर्ने नन्दक त्यो खड्ग महान् बल हुने प्रभु ।
श्रीकृष्ण भइ बक्सिन्छ जगन्नाथ स्वयं विभु ॥
हजूरै भइ बक्सिन्छ सेनापति सुरादिका ।
सम्पूर्ण गाँउका स्वामी नेता पनि हजूर ता ॥
हजूरै भइ बक्सिन्छ सत्त्व बुद्धि क्षमा दम ।
सृष्टि प्रलयको हेतु मधुसूदन वामन ॥
महेन्द्र भइ बक्सिन्छ इन्द्र रच्ने हजूर नै ॥
शान्तिरूपी पद्मनाभ युद्ध नाश्ने हजूर नै ॥
सदा शरणदाता र शरणागतवत्सल ।
हजूरैलाइ मान्दाछन् महर्षिगण वास्तब ॥
हजारौं थरका शाखारूप-सींग सुशोभित ।
विधिवाक्यस्वरूपी ती शार्यौं मस्तक भूषित ॥
वेदरूप महान् साँढे भइ बक्सिन्छ नाथ नै ।
त्रैलोक्यका आदिकर्ता त्यो स्वयंप्रभु नाथ नै ॥
हजूरै भइ बक्सिन्छ सिद्ध-सिद्धादिका पनि ।
यौटै पूर्वज सद्धेतु आधार उनका पनि ॥
वषट्कार र ॐकार यज्ञ-सत्कर्म सम्म ती ।
हजूरै भइ बक्सिन्छ श्रेष्ठमा श्रेष्ठ झन् अति ॥
आविर्भाव तिरोभाव प्रभुको हुन्छ के गरी ।
जान्दैनन् यो कुरा कोही छ यस्तै यो भनीवरी ॥
स्वयं देखिइ बक्सिन्छ गाई-ब्राह्मणमा तथा ।
हजूर सब प्राणीमा भै व्यापक जताततै ॥
देखिन्छ प्रभुको सत्ता दिशा-आकाशमा तथा ।
नदी—पर्वतमा सम्म सदा एकरसी हुँदा ॥
हजारौं पाउ छन् स्वामिन्! छन् शार्यौं शिर नाथका ।
आँखा पनि हजारौं छन् सहस्रतिर सर्वथा ॥
जगत्का सब प्राणी र पृथ्वी-पर्वतलाइ यी ।
प्रभुले धारिएको छ परा-शक्ति लिई त्यही ॥
यो पृथ्वीको हुँदा अन्त खाली शेष हुँदा जल ।
हजूर शेष भै शेष देखि बक्सिन्छ केवल ॥
हजूरै भइ बक्सिन्छ विराट्पुरुष वास्तव ।
जसमा दिक्छ त्रैलोक्य, देव, गन्धर्व, दानव ॥

५३

४४

योगीहरू हजूरैमा गर्छन् रमण नाथमा ।
यो राम हैन त्यै राम भइ बक्सिन्छ विश्वमा ॥
लोक रच्ने म ब्रह्मा हूँ साक्षात् हृदय नाथको ।
हुन् यी सरस्वती देवी जिह्वा नै प्रभुकी प्रभो! ॥
मै ब्रह्मावाट सिर्जेका देवताहरू यी सब ।
र उँ हुन् विश्व नै व्याप्ने त्यै विराटरूपका सब ॥
दिन मानिन्छ है स्वामिन्! प्रभुका नेत्र खुल्नु ता ।
चिम्लिबक्सनु ता रात्रि हो भन्छन् बुध - वेद ता ॥
वेद संस्कार मानिन्छन् प्रभुका स्वासरूपका ।
हुन्न त्रैलोक्यकै सत्ता प्रभुले हीन भै दिंदा ॥
सम्पूर्ण विश्व यो नाथ! प्रभुको नै शरीर हो ।
मानिन्छन् पृथिवी देवी प्रभुकी स्थिरता अहो! ॥
प्रभुको क्रोध मानिन्छन् भगवान् अग्निदेवता ।
मानिन्छिन् चन्द्रमा चाँहि प्रभुको नै प्रसन्नता ॥
श्रीवत्स-चिह्न छातीमा सर्वदा धरिबक्सने ।
हजूर भइ बक्सिन्छ परात्मा विष्णु शोभिने ॥
पहिले प्रभुले नै हो लिंदा वामनरूप त्यो ।
त्रैलोक्यै नापि बक्सेको तिनोटै पाउले प्रभो! ॥
थिए त्यो ताक डर्लाग्दा बलि राजा महान् बली ।
बाँधेर बक्सियो राज्य इन्द्रमा उनको छली ॥
आफैंलाई चिनी बस्योस् हजूर अब राघव ।
प्रभु विष्णु र यी सीता लक्ष्मी हुन्, युग्म अक्षय ॥
हजूर भइ बक्सिन्छ प्रजाका पतिका पति ।
लीलापुरुष सर्वात्मा साक्षात् कृष्ण जगत्पति ॥
दुष्ट रावण यो मार्न पृथ्वीमा प्रभुले प्रभो! ।
यस्तो मनुष्य - चोलामा आफूलाइ पसाइयो ॥
यसरी काम यो हाम्रो गदिबक्स्यो सबै यहाँ ।
मऱ्यो रावण त्यो राम! सबारी होस् स्वधाममा ॥
भगवन्! प्रभुको वीर्य छ अमोघ महान् बल ।
छन् पराक्रम झन् त्यस्तै अन्यर्थ अतिनिश्छल ॥
कैले व्यर्थ हुँदैहुन्न प्रभुको शुभ-दर्शन ।
अमोघ-फलदायी छ प्रभुको स्तुति-पावन ॥
प्रभुको पाउमा राम! श्रद्धाभक्ति हुने जन ।
भूमण्डल भरी स्वामिन्! घसोचैं पन्दछन् पुनः ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
हजूर भइबक्सिन्छ पुराण-पुरुषोत्तम ।
परमात्मा परंब्रह्म देवदेव सनातन ॥
जो भक्त प्रभुमा नाथ ! गर्दछन् भक्ति-भावना ।
पुग्ने छ तिनको धोको लोकमा परलोकमा ॥
६२

६३
यो दिव्य-स्तोत्र हो स्वामिन् ! कथेको परमर्षिले ।
पुरानो इतिहासै हो पढ्नेमा दिन्छ, खोज्छ जे ॥
नर वा विश्वका प्राणी पढ्छन् सुन्छन् भने त यो ।
पराभव हुँदै हुन्न तिनको, ब्रह्मवाक्य भो ॥
६४

इति एक सय सत्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय अठारौं सर्ग

भगवान् अग्निदेवले सीतालाई लिएर आई श्रीराममा टक्र्याँउनु र रामले स्वीकार गर्नु

१

सम्पूर्ण लोकका बाजे ब्रह्माका मुखबाट यी ।
तत्त्वपूर्ण महान् त्यस्ता गुह्य-वाक्य सुने पछि ॥
त्यो कुण्डबाट तत्काल मूर्तिमान् अग्निदेवता ।
भए प्रकट ती साध्वी सीतालाइ लिएर बा ! ॥
उनले त्यो चितालाई हल्लाएर यताउता ।
पारे कञ्चन निर्धूम बनाए पछि त्यो चिता ॥
होमेको हवि खाने यी मूर्तिमान् अग्निदेवता ।
त्यसैमाथि उठे ठिङ्ग सीतालाइ लिंई तदा ॥
जानकी त्यस वेलामा प्रातः कालीन सूर्यको ।
पहेंलो र र-रातो क्यै कान्ति भै खुल्दथिन् बडो ॥
पगालेर बनाएका सुनका गहना यता ।
उनका देहमा त्यस्तो शोभा भर्थे जतातता ॥
शोभिन्थ्यो रेशमी रातो सारी श्रीअङ्गमा उता ।
शिरमा केश शोभिन्थे काला टेढा घना तदा ॥
अवस्था अति नै राम्रो देखिन्थ्यो दिव्य भै पुनः ।
थिएन ओइलाएको माला त्यो पैह्रियो जुन ॥
दोष, खोट बिनाकी यी जानकीको अगाडिको
रूप जस्तो थियो त्यस्तै शोभिन्थ्यो झल्किई बडो ॥
रूप सौन्दर्यले यस्तै शोभिएकी उनीकन ।
लिएर अग्निले आफैं सुम्पिए राममा पुनः ॥
यै वेला लोकका साक्षी उनले राममा भने ! ।
श्रीराम ! धर्मपत्नी हुन् प्रभुकी यी सुशोभिने ॥
लौ स्वीकार गरी बक्स्योस् यिनमा दोष पाप क्यै ।
छँदैछैन, छ आचार पातिव्रत्य अतुल्यकै ॥
मन-बुद्धि र घ्राणीले यिनले नेत्रले पनि ।
प्रभुबाहेक अर्काको गरिनन् चिन्तनै पनि ॥

१३

१४

यस हालतमा स्वामिन् ! लिनु आश्रय अन्यको ।
कसरी हुन सक्ला र ? छन् देवी अतिशुद्ध जो ॥
यसरी यिनले आफ्नो पातिव्रत्य स्वधर्मको ।
सँधै रक्षा गरेकीछन् गर्न सम्म गरी प्रभो ! ॥
बल विक्रमले मत्त राक्षसेश्वर-रावण ।
छली आश्रममा आई लगेको हो यिनीकन ॥
थिइन् आश्रममा एक्ली यी देवी शून्य थ्यो वन ।
त्यो वेला विवशी पारी लग्यो त्यल्ले हरीकन ॥
ल्याएर आफ्नु खोपीमा थुन्यो त्यो दुष्टले पछि ।
पाले र पहरा राख्यो न भागुन् भनि यी सती ॥
रूपका अति डर्लाग्दा राक्षसीहरु घेर्दथे ।
त्यहाँ पनि यिनीलाई बुद्धिका क्रूर ती थिए ॥
त्यस वेला पनी स्वामिन् ! यिनको चित्त वास्तव ।
हजूरलाइ नै ठान्थ्यो आफ्नो आश्रय रक्षक ॥
नाना तरहका लोभ देखाएर वहाँ अनि ।
हप्काए मात्र तर्साए सकेको उनले पनि ॥
त्यो वेला पनि देवीले आफ्नो आत्मा लगी प्रभो! ।
हजूरमै मिलाएको थियो तल्लीन भै बडो ॥
दुष्ट रावणको बारे एक पल्ट पनी अहो ! ।
शोचिनन् यिनले कत्ति नराम्रो, छ महत्व यो ॥
विशुद्ध भावकी देवी तस्मात् निष्पाप छन् यिनी ।
स्वीकार गरि बक्स्योस् लौ न संझी अब क्यै पनि ॥
यिनमा न भनी बक्स्योस् क्यै कठोर कुरा अब ।
मेरो आज्ञा छ यो स्वामिन् ! मानिबक्स्योस् यथार्थतः ॥
अग्निका यी कुरा सुन्न, कुरा गर्न सिपालु ती ।
रामको मन भो दङ्ग विशुद्ध जुन थ्यो अति ॥

२६

२७

आँसु तर्र चुही हाल्यो दुइटै नेत्रबाट हा ! ।
केही बेर भए राम ध्यान-मग्न वहाँ तदा ॥
तेजस्वी धैर्यवान् वीर धर्मात्मा उनले अनि ।
त्यस्को उत्तर टक्र्याई भने बा ! अग्निमा पनि ॥
भगवन् ! दुनियाँलाई सीताको शुद्धताविषे ।
पत्यार पार्न यो सारा गर्नु थ्यो, विप्रियो र के ? ॥
वेस लक्षणकी देवी यी सीता विवशी भई ।
निकैसम्म बसेकी हुन् दुष्टको घरमा गई ॥
परीक्षा, यिनको शुद्धि न गरेको भए प्रभो ! ।
भन्थ्यो मलाई त्रैलोक्यै "कामी हो, मूर्ख राम हो" ॥
मलाइ पनि पत्तो छ यिनको चित्त सर्वथा ।
मै यौटा पतिमामात्र नित्य लागिरहन्छ बा ! ॥
यस्तो भए पनी देव ! सब थापाँउदै पनि ।
त्यस्तो गर्नु पर्‍यो मैले टिक्तामा सत्यमा पनि ॥
त्रैलोक्य भरका प्राणीहरूको भित्र चित्तमा ।
विश्वास पार्नकै निम्ति पस्ता रोकिन अग्निमा ॥

३४

३५

सीता छन् आफ्नु तेजैले स्वयं रक्षित सर्वदा ।
पातिव्रत्य यिनीमा छ टिकेको मै निकै कडा ॥
जसरी नाँघ्न सक्तैन सिन्धु सीमा तटस्थ त्यो ।
त्यो दुष्ट यिनमा त्यस्तै क्यै गर्न असमर्थ थ्यो ॥
बलेको अग्निको ज्वाला छुन गाह्रै भए सरि ।
जानकी अरुको निम्ति छन् दुर्धर्ष सँधै भरी ॥
अत्याचार कुकृत्यादि यिनमा गर्न ता प्रभो ! ।
मनले पनि सक्तैन त्यो रावण, छ तथ्य यो ॥
त्यसको भित्र खोपीमा बस्तामा पनि यी सती ।
कैले व्याकुल उद्विग्न भइनन् भन्छु मै यति ॥
किन ! आज्ञा भए देव ! छन् अनन्या यिनी ममा ।
छुट्टिनन् सूर्यकी कान्ति कहिल्यै सूर्य साथमा ॥
मनस्वी व्यक्ति सक्तैन कीर्ति छोड्न जसो गरी ।
त्यस्तै सक्तिन मै त्याग्न छन् जो त्रैलोक्यशुद्ध यी ॥
तपाँई लोकपालादि यहाँ भेला भई अहो ! ।
मेरै हित हुने त्यस्ता कुरा गर्नु भयो प्रभो ! ॥

४२

४३

तस्मात् योग्य कुरा यस्ता भनेका स्नेहपूर्वक ।
अवश्य गर्छु स्वीकार म स्वयं ढुक्क भै अब ॥
भनी कुरा त्यत्ति महाबली जयी स्वकर्मशाली प्रभु वीर राम यी ।
मिले स्वपत्नी संग ग्वाम्म ! भै सुखी थे योग्य भोग्नै सुख यी भए सुखी ॥

४४

इति एक सय अठारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय उणडयिसौं सर्ग

महाराज दशरथको आगमन र दुई छोराकै साथ बुहारीलाई आशीर्वाद दिई इन्द्रलोक गमन

१
श्रीरामले भनेका यी शुभ मीठा कुरा सुनी ।
माथि बाटै भयो आज्ञा भगवान् शिवले पनि ॥
शत्रुलाइ दिने ताप महान् बाहु र वक्षका ।
हजूरै होइ बक्सिन्छ धर्मज्ञाता महान् सदा ॥
दुष्ट रावण त्यो मार्ने कार्य सम्पन्न भो जुन ।
कुरो सौभाग्यको यै भो सर्वात्मन् ! रघुनन्दन ! ॥
यसबाट भएकोथ्यो भय दुःख विशेषतः ।
काँप्तथ्यो सब त्रैलोक्य यै हो ठूलो यथार्थतः ॥
डर्लाग्दो रूप ली त्यल्ले फैलिई अन्धकारझैं ॥
त्रैलोक्यै ढाक्दिएको थ्यो भाग्यैले त्यो छुट्यो सबै ॥
मेरो बिन्ती सुनिबक्स्योस् ! प्रभुले अब ता उता ।
दुःखी भरतलाई ती दिनु पर्दछ धीरता ॥
तथा यशस्विनी माता कौसल्या-कैकयी पुनः ।
सुमित्रालाइ विश्वात्मन् ! दिनु पर्दछ दर्शन ॥
अयोध्या-राज्य पाएर आनन्द दिइ मित्रमा ।
इक्ष्वाकु-कुलमा आफ्नो वंश राखेर भूमिमा ॥
गरेर अश्वमेधादि पवित्र यश यो छरी ।
ऐश्वर्य विप्रमा सुम्पी सवारी धाममा हओस् ॥
यता नजर होस् नाथ ! विमान-स्थित, दिव्यता ।
लिएका श्रीदशरथ-राजा ऊ ! प्रभुका पिता ॥
यो मर्त्यलोकमा बस्ता नातामा प्रभुका यिनी ।
कहिन्छन् गुरु सम्मान्य हुन् महान् कीर्तिमान् गुणी ॥
इन्द्रलोक पुगेका छन् अहिले यी जगत्प्रभो ! ।
भै सुपुत्र यिनीलाई प्रभुले तारिबक्सियो ॥
भाइ-लक्ष्मणकै साथ अब आफ्ना पिताकन ।
हजूर ढोगिबक्स्योस् लौ ! स्नेह-श्रद्धा दिईकन ॥
१३

१४
परमेश्वर-सर्वात्मा शिवका यी कुरा सुनी ।
विमानमा यसो हेरे श्रद्धाले रामले अनि ॥
भाइ लक्ष्मणको साथै देखि आफ्ना पिताकन ।
गरे झुकी नमस्कार सर्वात्मा प्रभुले पुनः ॥
त्यस बेला थिए राजा सफा निर्मल-वस्त्रमा ।
सुशोभित थियो शोभा बढेको तेजले वहाँ ॥
विमानमा बसेका यी राजाले आफ्नु पुत्र यी ।
प्राण भन्दा पनी प्यारा देखे रामकनै पछि ॥
भित्र हर्ष बढ्यो ज्यादै अनि फुत्रुक्क ओर्लिई ।
राजाले काखमा राखे स्नेहले रामलाइ यी ॥
दुइटै बाहुले ग्वाम्म अँगालेर नरेशले ।
भै गद्गद पछी बाट उनमा यसरी भने ॥
राम बाबु ! तिमीलाई सत्य ! सत्य !! म भन्छु यो ।
न हुँनाले तिमी साथ खल्लो भो स्वर्ग सम्म त्यो ॥
वहाँ बेस छ सर्वत्र गर्छन् सम्मान देवता ।
मिल्छ भोग विलासादि तर यो सुख छैन वा ! ॥
शत्रु मारी तिमी आज भयौ पूर्ण मनोरथ ।
वनका वासको म्याद पूर्ण पार्‍यौ यता सब ॥
राम बाबु ! तिमीले जो मर्यादा-सच्चरित्रता ।
थाम्यौ, पाल्यौ यही देख्ता ज्यादै खुश भएँ म ता ॥
वन भेज्न तिमीलाई कैकेयीले भनी जति ।
मेरा हृदयमै छन् है ! अहिले सम्म वाक्य ती ॥
देख्ता आज तिमीलाई कुशली भाइसाथ यी ।
अगाल्न पाँउदा मेरो छुट्यो दुःख भए जति ॥
कहोल विप्र धर्मात्मा ती अष्टावक्रले अघि ।
तारेझैं हुन गो बाबु ! तिमीले तारिएँ हकि ? ॥
२६

२७

सौम्यस्वभावका राम ! आज मैले यथार्थमा ।
तिमीलाइ चिने सुन्दा देवताका कुरा यहाँ ॥
पुरुषोत्तम सर्वात्मा भगवान् नै सनातन ।
ओर्लि बक्सेछ यो तिम्रो रूपमा मार्न रावण ॥
तिमी जस्तो हुँदा छोरो कौसल्या महिषी पनि ।
साहै धन्य भइन् बाबु ! धन्य भो अव जीवनी ॥
जो उनी घरमै देखिलन् वनबाट फिरे पछि ।
तिमीलाई वहाँ राम ! मान्नेछिन् अति नै खुशी ॥
अयोध्या-पुरका सारा नर-नारी पनी अहो ! ।
हुनेछन् धन्य देखेर राज्यमा अभिषिक्त त्यो ॥
भाई भरत ती तिम्रा धर्मात्मा, शुद्धचित्त छन् ।
तिमीमा सत्यता साथ श्रद्धा-स्नेहादि गर्दछन् ॥
तस्मात् अब तिमी बाबु यहाँबाट वहाँ गई ।
मिलेको देखन चाहन्छु उनीसाथ खुशी भई ॥
भाई लक्ष्मणको साथ सीता पत्नी सँगै लिई ।
चौधै वर्ष बितायौ हा ! वनमा नै घुमी-डुली ॥
वन बस्ने पुग्यो म्याद प्रतिज्ञा पूर्ण भो सब ।
दुष्ट रावण मारेर पार्दियौ देवता खुश ॥
गर्नु पर्ने गऱ्यौ काम महान् यश यहाँ मिल्यो ।
हौ दीर्घायु, गई भाई साथ सम्हाल राज्य त्यो ॥
भने यति दशरथ-राजाले पुत्र रामसा ।
हात जोडी अनी राम भन्दछन् पूज्य-बाबुसा ॥
बुवा ! हजूरले माता-कैकेयी सँग जो अघि ।
तँलाई पुत्रकै साथ त्याग्दिएँ जा ! भनी यति ॥
कुरा आज्ञा भएकोथ्यो प्रभुको घोर शाप त्यो ।
न लागोस् है उहाँलाई पुत्रकै साथमा प्रभो ! ॥
हुन्छ ! वेस ! भन्यौ बाबु ! भनी श्रीरामसा तव ।
अगाँली लक्ष्मणै साथ भन्दछन् नृप यी अव ॥

४०

४१

बाबु लक्ष्मण ! हौ धन्य ! सीताकै साथ रामको ।
तिमीले जो गऱ्यौ सेवा भो त्यही अति उच्चको ॥
म भएँ खुश साहै नै पायौ बा ! धर्मको फल ।
भविष्यमा पनी बाबु ! भोगौला त्यसको फल ॥
सत्कीर्ति रहला तिम्रो भूमण्डलभरी अव ।
महत्त्व स्वर्ग भेटौला दाजु राम हुँदा खुश ॥
सुमित्रालाइ आनन्द दिने धर्मज्ञ ! लक्ष्मण ! ।
तिम्रो कल्याण होस् नित्य बढोस् सत्कीर्ति पावन ॥
यसै गरी तिमी नित्य गर सेवन रामको ।
विश्वकै हितमा लाग्ने छन् तिम्रा दाजु राम जो ॥
देख्यौ ! यी इन्द्र साथैका देव-सिद्ध-महर्षि ता ।
पूजा श्रीरामको गर्छन् ढोग्छन् मुक्छन् सबै सदा ॥
राम्रो स्वभावका बाबु ! शत्रुनाशक राम यी ।
देवका हृदयै हुन् बा ! मानिन्छन् गुह्यतत्त्व यी ॥
वेदले खोलिने गाँठो एक तत्त्व छ सत्त्य जो ।
त्यो पनि हुन् यिनै राम अव्यक्त पर ब्रह्म त्यो ॥
तिनको साथ-सीताकै गर्दा सेवन शान्त भै ।
धर्मको फलकै साथ भेट्यौ कीर्ति अतुल्यकै ॥
भने यति दशरथ-राजाले पुत्रलाइ ती ।
भने अनि बुहारीमा हेरी पुत्रि ! भनी यति ॥
भनेको अति विस्तारै उनको स्नेहपूर्णको ।
ज्यादै मधुर थ्यो वाक्य जो सुन्थ्यो मक्क पर्दथ्यो ॥
नरिसाउ तिमी सीते ! लिइ विषय त्यागको ।
यी आफ्ना पति धर्मात्मा राम साथ, भलै छ यो ॥
तिम्रै हित र राम्रो होस् पछी सम्म पनी भनी ।
शुद्धि देखाँउना निम्ति गरे, संझ त्यसो पनि ॥
आफ्नो चरित्रको शुद्धि देखाँउन यता पुनः ।
तिमीले जो गऱ्यौ कर्म त्यही भो झन् अनुत्तम ॥

५४

५५

तिमी भिन्न अरु नारी सक्तैनन् कर्म गर्न त्यो ।
यै काम अरु नारीको कीर्ति छोप्नछ, बेस भो ! ॥
तिमीमा पति-सेवाको वारेमा उपदेश क्यै ।
दिनु पर्दैन, हो ! मान्छु तै पनी भन्छु यत्ति क्यै ॥

५६

CC-0. In Public Domain. Digitization by eGangotri

५७

समचित्त हुने वीर धर्मात्मा पति राम नै ।
तिम्रो निमित्तमा सीते ! देवता हुन् अवश्य नै ॥
दुवै छोरा बुहारीमा यस्तो शिक्षा दिई नृप ।
इन्द्रलोकतिरै लागे विमानैमा चढी तव ।
अतुल्य शोभामय शक्तिमान् नृप ठाडा गराइ रँउ हर्षले तव ।
छोरा-बुहारी सँगमा गएँ भनी सुरेन्द्रको लोकतिरै हिंडे अनि ॥

५८

इति एक सय उराडयिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय बीसौं सर्ग

श्रीरामको आज्ञाले देवराज इन्द्रले मरेका भालू-वानरहरूलाई बचाँउनु

१

महाराज दशरथ गए पछि सुरेन्द्रले ।
हात जोडी बसेका ती रामलाइ यसो भने ।।
पुरुषश्रेष्ठ श्रीराम ! हाम्रो दर्शन जो भयो ।
हुँदैन व्यर्थ त्यो, माग के माग्छौ ? खुश छौं बडो ।।
महात्मा इन्द्रले भन्दा यसरी दङ्ग भै वहाँ ।
भए गद्गद श्रीराम भने अनि सुरेन्द्रमा ।।
मम खुश भए देखि बोल्नेमा श्रेष्ठ हे प्रभो! ।
म गर्छु प्रार्थना यौटा पार्नोस् पूर्ण सगाइ त्यो ।।
मेरो निमित्तमा मर्ने युद्धमा वीर्यले लडी ।
भालू-वानर यी सारा बाँचुन् फेरि अघी सरि ।।
मेरै निमित्त यिनको पुत्र-पत्नी वियोग भो ।
म फेरि देख्न चाहन्छु बाँचेका खुश चित्तको ।।
डर मान्दैनथे कत्ति मृत्युको, शूर-वीर थे ।
मेरै निम्ति मरे सारा बाँचुन् लौ अब सन्मते ! ।।
मेरो प्रिय हुओस् भन्थे होम्मिन्थे मृत्युमा पनि ।
कृपा होस् अब यी बाँचुन् यही माग्छु वरै पनि ।।
गोलाङ्गूल तथा भालू-कपिलाइ म ती सब ।
हेर्न चाहन्छु नीरोग भएका बल, पौरख ।।
भालू वानर यी मेरा जहाँ बस्छन् वहाँ सँधै ।
फल-मूल तथा पानी टन्न होस्, वर पाँउ यै ।।
तनका मनका ठूला रामका यी कुरा सुनी ।
दिन्छन् उत्तर देवेन्द्र यसरी दङ्ग भै अनि ।।
रामबाबु ! महावीर ! रघुवंश विभूषण ! ।
तिमीले वर जो माग्यौ त्यो दुष्प्राप्य छ उत्तम ।।
तथापि दिन्छु लौ होला ! दुइपल्ट कुनै कुरा ।
आज सम्म कहीं मैले बुझ्यौ ! गरिन, होस् पुरा ।।
१३

१४

युद्धमा मारिएका र हात खुट्टा तथा शिर ।
काटिएका पनी सारा बाँच्लान् भालु र वानर ।।
उठ्लान् सुति उठे जस्तो भइ नीरोग निर्व्रण ।
बल-पौरुष-वीर्यादि युक्त तिम्रा सबै गण ।।
आफ्ना जाति-सुहृत्-बन्धु-पुत्र-पत्नी सँगै गई ।
हुन्छ लौ ! सब मिल्नेछन् भित्र ज्यादै सुखी भई ।।
जहाँ गइ यिनी बस्लान् कुवेलामा पनी त्यहाँ ।
फल-फूल नदी-नाला टम्म होला जहाँ--तहाँ ।।
इन्द्रले यत्ति भन्दैमा मरेका कपि-ऋक्ष ता ।
सुते जस्ता उठे सारा पुरिए घाउ--साउ ता ।।
त्यसरी सब बाँचेर उठेका देखिए पछी ।
बाँच्ने झन् छक्क भै हाले गरे चर्चा पनी त्यही ।।
सब धोको पुगेका यी रामलाइ वहाँ अब ।
भाइकै साथमा भन्छन् स्तुति गर्दै सबै सुर ।।
महाराज ! सवारी होस् अयोध्यातिर नै अब ।
भालु-वानरलाई यी विदा बक्स्योस् रघुद्वह ! ।।
देवी यशस्विनी सीता मरिमेट्छिन् हजूरमा ।
यिनभा सान्त्वना बक्स्योस् बुझाई स्नेह साथमा ।।
छन् उता प्रभुका भाई स्नेही भरत बास्तव ।
प्रभुको व्रत ली बस्ने भेटिबक्स्योस् पुगी अब ।।
महात्मा भाई शत्रुघ्न तथा माताहरूकन ।
गई आनन्द बक्स्योस् लौ दिएर शुभदर्शन ।।
अयोध्या--राज्यमा आफ्नो अभिषेक गराँउदै ।
बक्स्योस् अनि प्रजालाई सुख-शान्ति, छ बेस यै ।।
इन्द्रादि देवले सारा भाइ लक्ष्मण साथका ।
शक्तिमान् राममा यत्ति भने श्रद्धा बढी तदा ।।
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अनि ती देवता सारा तेजिला स्वबिमानमा ।
चढेर दङ्ग भै भित्र गए बा ! धाम-धाममा ॥
रामले भाइकै साथ यी देवकन ढोग्दिए ।
गर्न विश्राम सारामा पछि आज्ञा पनी दिए ॥
श्रीरामले लक्ष्मणले सुरक्षित विशाल-सेना कपि-ऋक्षको स्वतः ।
सुशोभियो बा ! भइ रात्रिमै अब जो जूनको जून मिलेर खुल्दछ ॥

२८

इति एक सय बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय एकाइसौं सर्ग

श्रीराम अयोध्या हिंड्न ठीक हुनु र विभीषणले पुष्पक-विमान ल्याँउनु

१

विश्राम गरि त्यो रात शत्रुनाशक राम यी ।
भोलिपल्ट अँध्यारैमा सुखसाथ उठे पछि ॥
विभीषण वहाँ आए रामका पाउमा झुकी ।
गरे कुशल-प्रश्नादि हात जोडी भने पछि ॥
रघुनाथ ! प्रभो ! मैले प्रभुको स्नान निम्तिमा ।
छ सारा ठिक पारेको चाँहिने वस्तु ती यहाँ ॥
पवित्र जलकै साथ अङ्गराग छ उत्तम ।
वस्त्र, चन्दन छन् स्वामिन् ! गहना छ अनुत्तम ॥
छन् पद्म-नयनी नारी जान्ने शृङ्गारका कला ।
सेवामा प्रभुको ठिक रूपका पनि निर्मला ॥
छिटै गराँउछन् स्नान प्रभुलाई यिनै सब ।
विधिपूर्वक श्री राम ! स्नान होस् शीघ्र नै अब ॥
ती विभीषणले यत्ति भनेमा रामले भने ।
सुग्रीव आदिलाई नै गराऊ स्नान प्रेमले ॥
छैन है ! स्नानको बेला मेरो निम्ति विभीषण ! ।
भाई भरत छन् दुःखी हुन् है सत्याश्रयी जुन ॥
सुख पाँउनका योग्य वीर ती सुकुमार छन् ।
छटपटाँउदछन् भाई मेरो निम्ति अनन्य छन् ॥
धर्म धर्ने महान् त्यस्ता कैकेयी-सुत साथमा ।
न मिलीकन ता केही गर्दै-गर्दिन है यहाँ ॥
तसर्थ स्नान वा तिम्रा गहना-गुरिया पनि ।
बेस लाग्दैन है राजन् ! बुझ्यौ ! खिन्न न हौ तिमी ॥
बरु ध्यान दिई हाल हामीहरू कसो गरी ।
पुगौंला अति नै चाँडो अयोध्या ! यसमै गढी ॥
त्यहाँ सम्म हिंडी जाने व्यक्तिको निम्ति मार्ग यो ।
अतिदुर्गम देखिन्छ पुग्न गाह्रै छ है छिटो ॥

१३

१४

रामले यत्ति भन्दामा भन्छन् यी वीर दक्ष भै ।
म एकै दिनमा स्वामिन् ! पुऱ्याँउछु वहाँ छिटै ॥
प्रभुको जय होस् ! मेरा जेठा दाजु-कुवेरको ।
वेगवान् सूर्यझैं तेजी छ पुष्पक-विमान त्यो ॥
दाजु-रावणले पैले उहाँलाई जितीकन ।
ल्याएको, अहिले सम्म म कहाँ छ मनोरम ॥
इच्छानुसार दौडन्छ यै विमान छ उत्तम ।
छ अैले सम्म राखेको प्रभुकै निहुँ लीकन ॥
मेघ जस्तै सफा अग्लो त्यो विमान त्यहीं छ ती ! ।
सवारी भइ बक्सेला अयोध्या, त्यसमै बसी ॥
छ मेरो पाउमा बिन्ती नाथ ! यौटा कुरा अब ।
म अनुग्रहको पात्र छु भने सुन्नु पर्दछ ॥
मेरा गुन भए केही ममा सौहार्द क्यै छ त ।
यहीं क्यै दिन होस् राज-भाई पत्नी सँगै अझ ॥
सत्कार प्रभुको गर्छु मनोवाञ्छित-वस्तुले ।
अयोध्या गइ बक्सेला अनिमात्र महामते ! ॥
स्वामिन् ! दिल फुकाएर खोज्छु सत्कार गर्न म ।
हओस् स्वीकृत यो आफ्ना मित्र सैन्यसँगै पुनः ॥
सम्मान-प्रेम-सौहार्द मिलेको प्रार्थना छ यो ।
हुने पर्दछ है नाथ ! स्वीकार प्रभुबाट जो ॥
प्रभुको दास हूँ यौटा तस्मात् बिन्ती छ योग्य यो ।
यल्ले आज्ञा गऱ्यो भन्ने न ठानी बक्सियोस् प्रभो ! ॥
इनले यत्ति भन्दामा कपि-राक्षस-ऋक्षको ।
अघि नै भन्दछन् राम स्नेहले उनमा यसो ॥
गर्नु सम्म गऱ्यौ वीर ! मेरो सत्कार पूजन ।
तिमीले अघि नै त्यस्तो, तिर्नु पर्नेछ त्यो गुन ॥

२६

२७

भयौ मित्र सुहृत् मेरो गर्‍यौ सचिव कर्म ती ।
सारा वेला-कुवेलाका काम धान्यौ परे जति ॥
राक्षसेश्वर ! यी तिम्रा कुरा नाघ्न म सक्तिन ।
तर वेला पर्‍यो त्यस्तै मान्दैन अहिले मन ॥
धर्मात्मा प्रिय ती मेरा भाई भरतलाइ नै ।
भेट्नको निम्ति साह्रै नै उत्सुकी छु म छिन्छिनै ॥
बुझ्यौ ! मलाई फर्काई लैजाने निम्ति जो उनी ।
चित्रकूटतकै आए त्यसरी, हुन् महान गुनी ॥
यो मेरो पाउमा आफ्नो शिर राखेर प्रार्थना ।
गर्थे भरत त्यो वेला मैले मानिन किन्तु हा ! ॥
त्यस भिन्न कुरा अर्को छ चर्को भित्र पिदछ ।
जो कौसल्या-मुमाज्यूको गर्न दर्शन खोज्दछ ॥
साथै मुमा सुमित्रा र कैकयीको यशस्विनी ।
शुभ-दर्शन कैले म पाँउला पिर्छे यो पनि ॥
मेरा मित्र तथा प्रेमी गुह छन् एउटा उता ।
भेट्न खोज्छु उनीसाथै प्यारा नगरका प्रजा ॥
विभीषण-सखे ! तस्मात् विदा देउ मलाइ ता ।
तिमीद्वारा भएकैछु सम्मानित म ता सदा ॥
मैले यो जो गरें जिद्दी त्यसमा न रिसाउ है ! ।
यसको लागि ए वीर ! सुन यो प्रार्थना छ है ! ॥
मेरो निमित्तमा तस्मात् त्यो पुष्पक-विमान ता ।
मगाई हाल लौ राजन् ! यसैमा छ भलो सदा ॥
मेरो काम थियो जत्ति त्यो सबै सकियो यहाँ ।
तस्मात् मैले हुँदैहुन्न यसरी बस्नु नै यहाँ ॥

३८

३९

भन्दा श्रीरामले यत्ति ती विभीषणले पनि ।
आवाहन गरे तेजी त्यो विमानकनै अनि ॥
प्रत्येक त्यसका अङ्ग मोरिएका थिए सुन ।
चाँदी-चाँदी भए जस्तो झल्किन्थ्यो भै मनोरम ॥
वैदूर्य-मणिका वेदी थिए भित्र जहाँ-तहाँ ।
शोभिन्थ्यो यसले गर्दा त्यो गुप्त-गृह साथमा ॥
पहेंला वर्णका सेता पताकाले ध्वजादिले ।
सुसज्जित भएकोथ्यो जो स्वर्णकमलादिले ॥
अटालीहरु शोभिन्थे स्वर्णनिमित सुन्दर ।
थियो विमान यी सारा वस्तुले झन् मनोहर ॥
माथि झालरमा राम्रा साना घण्टी थिए यता ।
शोभिन्थे मणि-मोतीका आँखीझ्याल र झ्याल ता ॥
चारैपट्टि थिए ठूला घण्टा सुन्दर उन्नत ।
आवाज मधुरो फ्याँक्थे बज्दथे यी विशेषतः ॥
सुमेरु-गिरिको अग्लो चुचुरो ठीक देंखिदो ।
यो थियो विश्वकर्माले बनाएको विचित्रको ॥
भित्र मोती र चाँदीका अतिसुन्दर, सुन्दर ।
कोठाहरू बनेकाथे ठूलठूला सुमनोहर ॥
तल्लो भाग थियो यस्को जडेको स्फटिकै मणि ।
त्यसमा पनि गाडेर जडिएका थिए मणि ॥
वैदूर्य-मणिका राम्रा सिंहासन थिए त्यहीं ।
बहुमूल्य बिछ्यौनाले सजिएको थियो यहीं ॥
मनकै वेग हो जस्तो यसको वेग थ्यो अहो ! ।
कहीं रोकिन्नथ्यो फेरि यसको गति दिव्य थ्यो ॥

५०

५१

त्यो विमान यहीं आयो सेवामा रामको अब ।
गरी श्रीराममा विन्ती विभीषण बसे तब ॥
कुद्ने चिताए सरि यो विमान पहाड हो ठीक थियो ललाम ।
तुरुन्त आयो, अब भाइ साथ देख्ता परे राम पनी छ-छक ॥

५२

इति एक सय एकाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय बाइसौं सर्ग

राक्षसराज विभीषणद्वारा वानर–वीरहरूको सन्मान र सबैलाइ लिई श्रीरामको अयोध्या - प्रस्थान

१

पुष्पले सजिएकै थ्यो यो पुष्पक–विमान त ।
ठिक्क पारे त्यसैलाई यी विभीषणले तव ॥
निकै कुरिकुरी लाग्यो उनको मनमा अनि ।
श्रीराम साथ क्यै विन्ति गर्न लागे स्वयं उनी ॥
जोडिए दुइटै बाहु भइ नम्र ससंभ्रम ।
भने श्रीराममा स्वामिन्! के गरूँ अव सेवन ? ॥
भाइ लक्ष्मण सुन्दैथे तेजस्वी रामले तव ।
उनीसँग भनी हाले यी कुरा स्नेहपूर्वक ॥
विभीषण! यता हेर! यी सारा कपि–ऋक्षले ।
गर्नु सम्म गरे यत्न, लड्न सम्म लडे हरे! ॥
तस्मात् अव तिमी वीर! नाना धन र रत्नले ।
यिनको गर सम्मान सकेको दृढ स्नेहले ॥
भालू-वानर यी कैले हट्तैनन् पछि युद्धमा ।
सँधै हर्ष र उत्साह यिनमा छ जहाँ–तहाँ ॥
प्राणको डर छोडेर लड्ने यी कपि-ऋक्षको ।
पाई सहाय यो लङ्का तिमीले जितियो अहो! ॥
यिनले अव त्यो आफ्नो काम पूर्ण गरे सव ।
तसर्थ गर सन्मान धन - रत्नादिले अव ॥
कृतज्ञ भइ गर्नेछौ सम्मान यिनको जब ।
होलान् अनि यिनी सारा तुष्ट हर्षित वास्तव ॥
चिन्दछन् यी तिमीलाई त्यसो गर्दा भरे सुन! ।
भन्लान् यी दिन द्रव्यादि छन् उदार विभीषण ॥
धन-रत्न पनी जोर्छन वेलामा न्यायले यिनी ।
जितेन्द्रिय तथा विद्वान् छन् दयालु पनी भनी ॥
यसर्थ म तिमीलाई यिनको गर्न आदर ।
तथा सन्मान भन्दोछु गर लौ! राक्षसेश्वर! ॥

१३

१४

सुन फेरि महाराज! जो राजा सेवकादिमा ।
दान – मानादि गर्दैन भने ता प्रेमले यहाँ ॥
त्यल्लाई त्यसका सेना मौका पर्दा त्यसै पनि ।
छोड्दिन्छन् चिढिई भित्र दिन्न क्यै, मार्छ यै गमी ॥
श्रीरामका कुरा यस्ता सुन्दैमा उनले अब ।
भालू–वानर साराको गरे सत्कार वास्तव ॥
चाहिने वस्तुकै साथ धन–रत्न दिए निकै ।
गरे आदर सन्मान यसरी सव व्यक्तिकै ॥
देखे पछि उनीद्वारा भएका सब पूजित ।
चढे विमानमा राम थियो जुन विभूषित ॥
लाज मान्दै थिइन् देवी-जानकी किन्तु रामले ।
समाइ आफ्नु काखैमा राखे बा! दृढ–प्रेमले ॥
धनुर्धर महान् वीर भाइ लक्ष्मण साथमा ।
चढे गै त्यसरी राम त्यो पुष्पक-विमानमा ॥
भालू-वानर साराको गरी सन्मान आदर ।
ती विभीषण साथैका भन्छन् सुग्रीवमा तव ॥
ए कपिश्रेष्ठ हो! सुन्नोस्! तपाँइहरुले सव ।
गर्नु भो मित्रको काम न चुकी धैर्यपूर्वक ॥
तपाँइहरु सारामा अव भन्छु म यो कुरो ।
अभीष्ट-स्थानमा पाल्नोस् धन्यवाद! विदा भयो ॥
कपीश मित्र सुग्रीव! हितैषी प्रिय-मित्रले ।
गरिने काम सम्पूर्ण गर्नु भो बा! तपाँइले ॥
धर्म-कर्तव्यको दृष्टि छ राम्रो जो तपाँइमा ।
त्यसैको फलले साथी! हाम्रो जीत भयो यहाँ ॥
तपाँइ अव यी आफ्ना सेना-मेना लिई सव ।
किष्किन्धापुरमै पाल्नोस् बस्नुहोस् शान्तिपूर्वक ॥

२६

२७

विभीषण ! तिमीलाई लङ्काको यो स्वराज्यमा ।
जुन मैले दिएँ वीर ! बस आनन्द साथमा ॥
यहाँ बस्ता तिमीलाई इन्द्रादि देवता पनि ।
केही लड्नै सक्तैनन् बुझयौ ! लौ संझ यो पनि ॥
पिताको राजधानी त्यो अयोध्या म छिंडे अब ।
यसको निम्ति सारामा विदा माग्छु म पाँउ ल ! ॥
भन्दा श्रीरामले यत्ति कपिका यूथका पति ।
विभीषण पनी भन्छन् हात जोडी यसो पछि ॥
अयोध्यापुरमै जान्छौ साथै हामीहरू सब ।
वनोपवनमै घुम्छौ जान पाऔं प्रभो ! अब ॥
नृपश्रेष्ठ प्रभो ! राम ! शुभ--राज्याभिषेकको ।
वेलामा प्रभुको हेर्छौं श्रीविग्रह अतुल्य त्यो ॥
प्रभुकी जननी--देवी कौसल्याको सुपाउमा ।
अनि यो शिर घोप्ट्याई हामी जान्छौं जहाँ-तहाँ ॥
यसरी उनले भन्दा भने श्रीरामले पुनः ॥
विभीषण र सुग्रीव आदिमा खुस भैकन ॥
मित्र हो! यो कुरा ता झन् मेरो निम्ति महान् भयो ।
प्रिय भन्दा पनी प्यारो वस्तुको लाभ यै त हो ॥

३५

३६

अयोध्या जान पाएमा तपाँइहरु साथ म ।
कृत-कृत्य बढी हुन्छु हर्ष हुन्छ अनुत्तम ॥
लौ कपीश्वर ए साथी ! लौ आफ्ना सैन्य साथमा ।
चढनुहोस् बस्नुहोस् चाँडो मेरो साथ विमानमा ॥
चारै मन्त्री लिई आफ्ना विभीषण ! तिमी पनि ।
आऊ विमानमा चाँडै चढी हाल हिंडौं अनि ॥
अनि वानर-भालूका साथै सुग्रीव गै चढे ।
विभीषण पनी आफ्ना मन्त्री लिइ त्यहीं बसे ॥
चढेमा सब यी श्रेष्ठ त्यो आसन कुवेरको ।
पाई श्रीरामको आज्ञा सर्र आकाशमा उड्यो ॥
हंसशोभित तेजस्वी त्यो विमान अकाशमा ।
उड्दामा त्यससमा बस्ने राम दङ्ग परे वहाँ ॥
सिरिङ्ग रुँउँ ठाडो भो त्यो वेला रघुनन्दन ।
साक्षात् कुवेर हुन् जस्तो शोभिए भै मनोरम ॥
थियो विमान यो दिव्य ज्यादै ठूलो फराकिलो ।
कपि-राक्षस-ऋक्षादि यसै भित्र बसे अहो ! ॥
कसैलाइ कहीं कत्ति धक्का लाग्दैनथ्यो यहाँ ।
सुखसाथ बसेकाथे सारा व्यक्ति जहाँ-तहाँ ॥

४४

इति एक सय बाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय तेइसौं सर्ग

श्रीरामले अयोध्या फर्कंदा देवी-सीतालाई बाटाका तत्तत्-स्थल देखाँउनु

१

रामले हिंड! भन्दामा हंसयुक्त विमान त्यो ।
ठूलो शब्द त्यजी गर्र ! अब आकाशमा उड्यो ।।
पूर्णचन्द्रमुखी देवी-सीता थिन् साथ रामकी ।
अब भन्छन् तिनैसाथ दृष्टि छोडी यताउति ।।
हेर! लङ्कापुरीलाई एकपल्ट तिमी प्रिये! ।
कति राम्रो खुलेकी छन् त्यो आफ्नो दिव्य तेजले ।।
बनाए विश्वकर्माले यिनीलाई निकै छवि ।
यहीं नै थुप्रिएका छन कला निर्माणका हकि? ।।
होमैं कैलासको डाँडो चुचुरामा त्रिकूटको ।
लङ्कापुरी बसेकी छन् शोभिइन्छिन् निकै अहो! ।।
हो युद्धस्थल त्यो हेर! छ हीलो रक्त-मासुको ।
यहीं संहार भो सीते! कपि-राक्षस-वीरको ।।
ठूल्ठूला नेत्रकी देवी! राक्षसेश्वर-रावण ।
त्यहीं ढङ्ग लडेकोथ्यो युद्धमा मारिईकन ।।
त्यसमा बक्सिएकोथ्यो ब्रह्माले वर जो अघि ।
त्यो उद्दण्ड भएकोथ्यो त्यसैले पार्दथ्यो क्षति ।।
त्यस्तालाइ पनी मारें मैले तिम्रै निमित्तमा ।
हो कुम्भकर्ण मारेको ठाम त्यो हेर! लौ त्यहाँ ।।
ऊ! त्यहीं मारिएको हो निशाचर प्रहस्त त्यो ।
हनुमान्ले यहीं मारे धूम्राक्ष जुन दुष्ट थ्यो ।।
विद्युन्माली थियो देवी! डर्लाग्दो क्रूर राक्षस ।
सुषेण कपिले मारे त्यसलाइ त्यहीं तब ।।
तिम्रा देवर यी मेरा प्यारा लक्ष्मण-भाइले ।
मार्दिए इन्द्रजित्‌लाई त्यहीं नै हेर! ए प्रिये! ।।
हेर्नै न सकिने क्रूर थियो विकट राक्षस ।
मारे अङ्गदले रानी! त्यसलाइ यहीं तब ।।

१३

१४

विरूपाक्ष महापार्श्व महोदर अकम्पन ।
यहीं नै मारिएका हुन् सारा दुष्ट दन्तादन ।।
अतिकाय र त्रिशिरा देवान्तक नरान्तक ।
वीर राक्षस डर्लाग्दा त्यहीं नै मारिए सब ।।
युद्धोन्मत्त तथा मत्त श्रेष्ठ राक्षस थे प्रिये! ।
मरे कुम्भ-निकुम्भादि कुम्भकर्णसुतादि ए! ।।
वज्रदंष्ट्र तथा दंष्ट्र ठूल्ठूला अरु राक्षस ।
बुझ्यौ! यहीं मरेका हुन् सैन्य साथ लिई सब ।।
मकराक्ष थियो रानी! यौटा दुर्धर्ष राक्षस ।
मारें त्यसलाई मैले नै लडेर रणमा तब ।।
अकम्पन मऱ्यो देवी! शोणिताक्ष र कम्पन ।
प्रजङ्घ वीर यूपाक्ष मरेका हुन् यहीं सुन! ।।
देख्तैमा अति डर्लाग्दो विद्युज्जिव्ह यहीं मऱ्यो ।
यज्ञशत्रु र शत्रुघ्न पनी वीर थियो, मऱ्यो ।।
यहीं घुप्लुक्क भो रानी! ब्रह्मशत्रु पनी अनि ।
सूर्यशत्रु थियो अर्को मऱ्यो राक्षस त्यो पनि ।।
यहीं पटमहारानी राक्षसेश्वरकी प्रिया ।
आएर पतिको निम्ति गरेकी थिन् विलाप हा! ।।
त्यो वेला उनका साथ सौता हज्जारमा बढी ।
थिए बा! घेर्दथे सीते! वरीपरी लडी—लडी ।।
देख्यौ सुमुखि! हो तीर्थ त्यो पश्चिम समुद्रको ।
त्यहीं सिन्धु तरी हामी बस्यौं बास बुझ्यौ! कुरो ।।
नुनीलो जलको त्यत्रो सिन्धुमा पुल हेर! त्यो ।
तिम्रै निम्ति बधाँएँथे नलसेतु कहिन्छ यो ।।
वरुणालय अक्षोभ्य हेर! कस्तो छ सिन्धु यो ।
गर्जदों छ, अपारै छ शङ्ख-सीपी छ घेर पो ।।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हिरण्यनाभ ती सीते ! सुवर्णमय हुन् गिरि ।
हनुमान्लाइ विश्राम यिनले नै दिए उठी ॥
त्यो सिन्धु-भित्रकै यौटा टापू हो उच्च विस्तृत ।
राखेंथें त्यसमै मैले आफ्ना सैन्य मजासित ॥
थ्यो कृपा गरी बक्सेको भगवान् शिवले ममा ।
भै स्थापित मद्वारा जो राज हुन्छ सधैं यहाँ ॥
त्यो पुण्यस्थलमा सीते ! यो विशाल समुद्रको ।
पवित्र तीर्थ देखिन्छ 'सेतुबन्ध' कहिन्छ जो ॥
जस हाल्न लगाएथें पुल बाँध्नु अघी यहाँ ।
तस्मात् नाम रह्यो त्यस्तो पूज्छन् त्रैलोक्य नै यहाँ ॥
महारानी ! बुझी राख पवित्र र महान् अति ।
यो तीर्थ, सब प्राणीको पाप नाश्छ भए जति ॥
यहीं राक्षसका राजा पुण्यात्मा ती विभीषण ।
मेरो शरण आएथे आफ्ना मन्त्री लिईकन ॥
हेर ! हेर !! यता सीते ! विचित्र वनप्रान्तले ।
किष्किन्धा-नगरी कस्ती खुलेकी सौम्यरूपले ? ॥
हुन् यिनै कपिका राजा मित्र-सुग्रीवकी पुरी ।
बालिलाइ यहीं मैले मार्दिएँथें लडीवरी ॥
बालिपालित किष्किन्धा-पुरी देखे पछी अब ।
जानकी राममा भन्छिन् नम्र भै स्नेहले तव ॥
प्राणनाथ ! महाराज ! म ता यी कपिराजका ।
तारादि-गृहिणी साथ भेट्न चाहन्छु है यता ॥
कपिमा वीर छन् जत्ति उनका स्त्रीहरू पनि ।
हेरेर आफ्नु साथै ली जान खोज्छु, पुगोस पनि ॥
पुऱ्याइ बक्सियोस् इच्छा मेरो यो पनि राघव ! ।
अयोध्या-राजधानीमा अनि जान्छु म वास्तव ॥
जानकीले यसो भन्दा उनमा रामले भने ।
प्रिये ! हुन्छ ! त्यसै गर्छु, छु म इच्छा पुऱ्याँउने ॥
विमान रामले रोके किष्किन्धापुरमा पुगी ।
अनि सुग्रीवमा हेरी भन्दछन् रघुनाथ यों ॥
वानरश्रेष्ठ ए साथी ! तपाँईं कपिमा सब ।
आज्ञा दिनोस् म-आफ्ना स्त्री लिइ आँउन् भनी अब ॥
सीताकै साथमा जान्छन् अयोध्यापुरमा सब ।
तपाँई पनि लौ ! चाँडो ल्याँउनोस् स्त्रीकनै अब ॥

४३

४४

तेजस्वी - रामको यस्तो आज्ञा सुन्दा कपीश्वर ।
कपिबीर लिई साथ पुरभित्र पसे तव ॥
खोपीभित्र पसी सुत्तै भेटी ताराकनै भने ।
तिमीले गर्नु पर्ने भो यौटा काम भलै हुने ॥
जानकीको हुने प्यारो काम गर्न प्रिये ! सुन ।
मित्र श्री रामले बक्स्यो आज्ञा यस्तो ममा पुनः ॥
तसर्थ लौ छिटै तारे ! भालूका-मुख्य मुख्य यी ।
कपिका स्त्री लिई साथ हिंड मेरो पछी-पछि ॥
पवित्रात्मा दशरथ-राजाका स्त्रीसँगै सब ।
अयोध्या-पुर हेरेर फर्कौंला घरमा सब ॥
पति- सुग्रीवका यस्ता कुरा सर्वाङ्गसुन्दरी ।
ताराले के सुनेकी थिन् बटुलिन् सब वानरी ॥
सखी हो ! सुन लौ भन्छिन् उनी, वानरराजको ।
आज्ञा ठीक म भन्दीछु तिमी-सबकनै यसो- ॥
तिमीहरु छिटै आफ्ना पति-वानर साथ ली ।
अयोध्या जानको निम्ति ठिक्क होओ सिंगारिई ॥
अयोध्या-नगरी देख्ता दङ्ग हौला तिमी सब ।
यता मेरो पनी होला यसले प्रिय वास्तव ॥
गाँउले पुरवासीका साथमा वीर-रामको ।
पुरप्रवेशमा होला महान् उत्सव फेरि त्यो ॥
साथैमा श्रीदशरथ राजाकी महिषी पनि ।
हामीले देख्न पाऔंला हुन्छ लौ धन्य जीवनी ॥
आज्ञा सुनेर ताराको ठाँटिए सब वानरी ।
निस्किए वा ! बगुन्द्रो भै किष्किन्धा बाट सर्सरी ॥
प्रदक्षिणा गरे पैले ढोगे यानकनै अनि ।
सीतादर्शनको लागि चढे पछि वहाँ पनि ॥
बोकेर यी सबैलाई त्यो विमान उड्यो जब ।
ऋष्यमूक नजीकैमा भन्छन् राम यसो अब ॥
अगाडि हेर ! ए सीते ! महान् पर्वत जो छ त्यो ।
बिजुली साथको मेघै हो जस्तो ऋष्यमूक हो ! ॥
सुन गेरु तथा चाँदी आदि छन् धातु जो जति ।
यसमै टन्न छन् रानी ! बुझ्यौ ! राम्रो छ है अति ॥
यहीं वानरका राजा सुग्रीव सँग गै मि-लें ।
बाली मार्ने पनी मैले प्रतिज्ञा त्यो यहीं गरें ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

हुन् ती ! पुष्करिणी-पम्पा, तटका बेस सुन्दर ।
वन-काननले छन् यी निकै राम्री मनोहर ॥
हरे ! मैले तिमी छुट्ता भई दुःखी वियोगले ।
निकै रोए-कराएको ठाम हो त्यै बुझ्यौ ! प्रिये ! ॥
थिनै निर्मल-पम्पाको पवित्र-तटमा त्यता ।
शबरी माइआमा ती भेटें, हुन् धर्ममा रता ॥
यता हेर ! त्यहीं नै हो एक योजन हातको ।
कबन्धासुरलाई त्यो मारेको, अतिदुष्ट थ्यो ॥
प्रिये ! अब तिमी हेर ! यो जनस्थानबीचको ।
शोभाधाम महान् वृक्ष देखिन्छ कति भव्य त्यो ॥
त्यहीं नै वस्तथे तिम्रो रक्षा गर्ने जटायु ती ।
पक्षी-श्रेष्ठ उनै हुन् बा ! तेजस्वी बलवान् अति ॥
विलासशालिनी रानी ! तिमीलाइ छुटाँउन ।
लड्दा रावणले मार्‍यो उनीलाइ त्यहीं सुन ! ॥
यो त्यही ठाम हो सीते ! त्रिशिरा खर दूषण ।
चौध हज्जार सेनाकै साथ मारें गरी रण ॥
सर्वाङ्गसुन्दरी देवी ! ऊ ! हाम्रो हेर आश्रम ।
विचित्र-पर्णशाला छ जहाँ अझ सुशोभन ॥
यहीं आएर त्यो दुष्ट राक्षसेश्वर रावण ।
तिमीलाइ हरी दौड्यो हामीलाइ छलीकन ॥
हेर ! निर्मल पानीले शोभिएकी सफा अति ।
पाप नाशि दिने देवी-पुण्या गोदावरी-नदी ॥
देख्यौ के ? कुञ्ज केराको शोभिएको पवित्र त्यो ।
शुभाश्रम त्यही नै हो श्रीअगस्त्य-महर्षिको ॥

७२

७३

दीप्त आश्रम त्यो चाँहि हो महात्मा सुतीक्ष्णको ।
महान् आश्रम यो चाँहि परात्मा शरभङ्गको ॥
माथिदेखि तलै सम्म हुने आँखा हजारन ।
देवराज यहीं रानी ! पाल्नु भाको थियो सुन ! ॥
विशाल-देहको यौटा दुष्ट क्रूर विराध थ्यो ।
त्यसलाइ त्यहीं मैले मारेंथें हेर ! ठाम त्यो ॥
झिनो कटि हुने सीते ! तापसाश्रम हेर ती! ।
तपस्वीसँग गै भेट्ता देखेथ्यौं हामिले अघि ॥
पुण्यात्मा अत्रि ब्रह्मर्षि तापसाश्रममा यही ।
राज हुन्थ्यो थियो तेज सूर्याग्नि सरिको हकि ? ॥
धर्म धान्ने सँधै आफ्नो तप गर्ने महासती ।
अनुसूयाकनै भेट्यौ तिमीले ऊ ! त्यहीं पछि ॥
छन् प्रकाशित ऊ ! हेर चित्रकूट गिरीन्द्र ती ।
जहाँ भरत आएथे फर्काउन ममा झुकी ॥
नाना प्रकारका राम्रा वनोपवन शोभित ।
हुन् नदी-यमुना सीते ! तिनै रम्य स्वरूपतः ॥
शुभ आश्रम ऊ त्यै हो भरद्वाज—महर्षिको ।
देख्यौ ! आश्रमको शोभा कति राम्रो छ, धन्य हो ! ॥
स्वर्ग मर्त्य र पाताल घुम्ने पुण्यजला नदी ।
गङ्गा हेर ! यता देवी ! पापनाशक छन् अति ॥
यिनका तटका पक्षी गर्छन् च्याँईं चुईं सदा ।
फलका फूलका वृक्ष छन् सँधै लटरम्म बा ! ॥
शृङ्गवेरपुरी त्यै हो! त्यहीं नै बस्तछन् गुह ।
हुन् मेरा मित्र जो सीते ! जसको लक्ष्य बेस छ ॥

८४

८५

सरयू हुन् तिनै हेर ! मौलैमौला यहाँ छ ती ! ।
राजधानी बुबाज्यूको देख्यौ के तटमै छ ती ! ॥
घेरैमा फर्किई आयौ अयोध्यामा तिमी अतः ।
प्रणाम गर लौ रानी ! यी पुरीलाइ प्रेमतः ॥
रामका मुखका यस्ता कुरा स्पष्ट सुने पछि ।
ढोग्न लागे पुरीलाई कपि-राक्षस-ऋक्ष ती ॥
अट्टालिकाले अतिश्वेत सुन्दर सुशोभिएकी सबकी मनोहर ।
पुरी अयोध्या गज अश्व आदिले प्रपूर्ण थिन् उज्ज्वल आफ्नु रूपले ॥

८६

CC-0. In Public Domain. Digitization by eGangotri

५७

आकाश छुन्छन सरिका अनेकन गृहादिले सुन्दर भन् मनोरम ।
सुरेन्द्रकी हुन् अमरावती सरी देखे उनीले अब मक्क भै पुरी ॥

इति एक सय तेइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय चौबीसौं सर्ग

श्रीरामले महर्षि–भरद्वाजको आश्रममा ओर्लेर वास बस्नु र वर पाँउनु

१

चौध वर्ष हुँदा पूर्ण पञ्चमी तिथिको दिन ।
भाइ-पत्नी लिई फर्के श्रीराम-रघुनन्दन ॥
पुण्य आश्रममा आए भरद्वाज महर्षिको ।
पाउमा घोप्टिए राम भाई-पत्नी सँगै अहो ! ॥
विशुद्ध तप नै आफ्नो हुने धन महर्षिमा ।
त्यसरी दण्डवत् अर्पी भन्दछन् राम शान्तिमा ॥
भगवन् ! प्रभुले हाम्रो अयोध्यापुरतर्फको ।
क्यै कुरा सुनी बक्सेको छ कि? आज्ञा हवोस् प्रभो ! ॥
वहाँ के त सुकालै छ छन् सबै क्षेम-मङ्गल ।
भाई-भरतको हाल के कस्तो छ सुनें ! अब ? ॥
कौसल्या साथ कैकेयी सुमित्रा जननीहरू ।
वहाँ आनन्दमा छन् के ? छन् के जीवित नै अरु ? ॥
रामले यसरी सोद्धा भरद्वाज महामुनि ।
रामसाथ यसो भन्छन् क्यै हाँसी दङ्ग भै अनि ॥
भलै-भलो छ श्रीराम ! तिम्रा भरत भाइ ती ।
विचित्रका रहेछन् बा ! आज्ञा मान्छन् अझै झुकी ॥
शुभागमनको तिम्रो बाटो हेर्छन् निरन्तर ।
उनले छ जटा राम ! पालेको शिरमातक ॥
राखी अगाडि यी तिम्रा पाउका पादुका उनी ।
राज्य-शासन गर्दाछन् आफ्ना नित्यक्रिया पनि ॥
अरु सम्पूर्ण बेसै छ, छ माताहरुको भलो ।
अयोध्या-पुरका सारा कुशलै छन् ! ल बेस भो ॥
वन-यात्रा गर्‍यौ राम ! तिमीले पहिले हकि ? ।
ध्यौ चीर-वस्त्र पैह्रेका ढाकिन्थे कोमलाङ्ग यी ॥
थिए साथ थिनै भाई दुबैको बीचमा यता ।
हिंड्थिन् जानकी देवी स्वयं तेस्री भई तदा ॥

१३

१४

त्यो राज्य बाटनै आफ्नो पारिएका थियौ च्युत ।
धर्मपालनको इच्छा राख्तथ्यौ मनमा स्वतः ॥
सर्वस्व यसरी छोडी पैदलै हिंड्दथ्यौ तिमी ।
मान्नु नै बाबुको आज्ञा ठान्थ्यौ "कर्तव्य हो" भनी ॥
सुख-भोगादि लत्याई हिंड्दामा भइ अच्युत ।
देखिन्थ्यौ देवता जस्तै स्वर्गबाट यहाँ च्युत ॥
कैकेयीको शुभाज्ञा त्यो पाल्नै तत्पर थ्यौ तिमी ।
जङ्गली फल मूलादि खान्थ्यौ बा ! त्यसमा पनि ॥
बुझ्यौ ? त्यस्तो अवस्थाका देख्ता राम ! तिमीकन ।
मेरो हृदय पग्लेथ्यो मायाले दुख्तथ्यो मन ॥
अधिको स्थिति त्यो राम ! अब अझै भए छ बा! ।
पुगेछ मनको धोको, जितेछौ शत्रु गै उता ॥
बन्धु-मित्रादिका साथै यहाँ फर्केर आउँदा ।
यस्तो स्वरूपमा देख्ता साह्रै खुश भएँ म ता ॥
गै जनस्थानमा बस्ता जो खप्यौ सुख-दुःख त्यो ।
सबै मलाइ ज्ञानै छ रघुनन्दन ! धन्य हो ! ॥
राम-बाबु ! वहाँ बस्ता विप्रका हित निम्तिमा ।
लागी मुनि-तपस्वीको गर्‍यौ रक्षा जहाँ तहाँ ॥
त्यसैबेला सती-साध्वी तिम्री पत्नी थिनीकन ।
दुष्ट-रावणले ओहो ! हर्‍यो हकि ? छलीकन ॥
पर्‍यो दुःख निकै ठूलो तिमीमा रघुनन्दन ! ।
मारीच मृग भै आयो दौडायो जानकीकन ॥
तिमी खोज्न थिनीलाइ जाँदामा पनि मार्गमा ।
कबन्ध भेटियो ओहो ! मार्दियौ वीर्यले वहाँ ॥
पम्पा पुष्करिणी तर्फ गयौ तिमी गरी त्यति ।
सुग्रीव साथ मैत्री भो सम्प्रियो अनि क्यै स्थिति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
अनि वालिकनै मार्‍यौ, सीता खोज्न प्रबन्ध भो ।
हनुमान्‌ले गरे काम पछि अद्‌भुतरूपको ॥
पत्तो पाएर सीताको नलद्वारा समुद्रमा ।
सेतु-निर्माणको काम राम ! पूर्ण गर्‍यौ वहाँ ॥
हर्ष उत्साह बढ्दामा भालू-वानर-वीरले ।
लङ्का स्त्रात्तै जलाए बा ! गरी अति स्ववीर्यले ॥
अनि सेना-सवारी र मन्त्री पुत्र र बन्धुकै ।
साथ रावणलाइ त्यो युद्धमा मार्दियौ छिटै ॥
मरेमा देवद्रोही त्यो आई सम्पूर्ण देवता ।
अनि भेट्‌नु तिमीलाई मागेको गर्नु पूर्णता ॥
राम बाबु ! भने जत्ति ती सारा वस्तु वा कुरा ।
यहींबाट तपस्याले देख्तथें म पुरा पुरा ॥
प्रवृत्ति-नामका मेरा छन् निकै शिष्य मुख्य यी ।
गै रहन्छन् अयोध्यामा माग्न, बुझ्न परिस्थिति ॥
माथिका जो कुरा मैले भनें बाबु ! तिमीकन ।
त्यो चाँहि यिनले भन्दा था पाएँ र भनें सुन ! ॥
छौ तिमी धर्मका प्रेमी यसर्थ म तिमीकन ।
वर दिन्छु कुनै यौटा माग राम ! गमीकन ॥
गर आतिथ्य-सत्कार दिन्छु अर्घ्यादि लेउ त्यो ।
आज चाँहि यहीं राम ! बस मान भनाइ यो ॥
३६

३७
अनि भोलि तिमी बाबु ! सेना-मेना लिईकन ।
अयोध्यातिर जाऔला हुन्छ वा हुन्न लौ भन ? ॥
स्नेहका प्रेमका यस्ता भरद्वाज महर्षिका ।
कुरा, सुने दशरथ-राजाका पुत्रले तदा ॥
झुकाइ शिर श्रद्धाले जो आज्ञा ! प्रभुको भनी ।
दङ्ग भै नम्र वाणीमा माग्दछन् वर यो उनी ॥
अयोध्यातिर जाँदा म बाटाका वृक्षमा पनि ।
मीठा फल फलुन् टम्म यस्ता वेऋतुमा पनि ॥
भगवन् ! वृक्ष बर्षाउन् मधुधारा जतातता ।
फल हुन् अमृतै जस्ता, म यही वर पाँउ वा ! ॥
तपः-स्वध्याय-सम्पन्न भरद्वाज महर्षिले ।
हुन्छ ! राम ! हओस् त्यस्तै भन्दिए स्नेह-प्रेमले ॥
उनले त्यत्ति बोल्दामै त्यहाँका लहरा-रुख ।
स्वर्गीय-वृक्ष जस्ता भै लटरम्म फले सब ॥
तिनैमा फल लागे वा ! थिएनन् जसमा फल ।
थिएनन् जसमा फूल फुले फूल त्यहीं अब ॥
सुकेका वृक्षमा सम्म हरीया पात निस्किए ।
चुहाए मधुको धारा तुरुन्तै अरु वृक्षले ॥
त्यहाँबाट अयोध्यामा जाने बाटो वरी परी ।
तीन-योजन सम्मैका वृक्षको यै भयो स्थिति ॥
४६

४७
त्यस्तो भएमा कपि ऋक्ष आदि भए अहो ! हर्षित भित्र ज्यादि ।
ती स्वर्ग भेट्‌ने सुरकै समान भयो सबैको स्थिति झन् ललाम ॥
खाए हजारौं उनले अनेक मीठा सुधाझैं फल एक एक ।
जस्तो अ-आफ्नो रुचि खानमा थ्यो पूरा गरे त्यो भइ दिव्य यस्तो ॥
४८

इति एक सय चौबीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय पच्चीसौं सर्ग

श्रीरामले परिस्थितिबुझ्न हनुमान्लाई अयोध्या पठाँउनु

१

अयोध्या-नगरी देख्ता विमानै बाट रामले ।
यसो मनमनै शोचे पहिले एकचित्तले ॥
अयोध्या-पुरवासीका साथै सुग्रीव आदिको ।
प्रिय गर्ने कुरापट्टि के गरूँ म त्यहाँ ? अहो ! ॥
गमी यत्ति महान् विद्वान् तेजस्वी रामभद्रले ।
आफ्नो दृष्टि फिराएर हनुमान्मा यसो भने ॥
कपिश्रेष्ठ ! अयोध्यामा तिमी जाउ छिटै अब ।
राजदर्वारका सारा छन् के कुशल ? यै बुझ ॥
यहाँबाट तिमी पैले शृङ्गवेरपुरी पुग ।
वहाँ निषादका राजा छन् मेरा मित्र ती गुह ॥
पहिले गै उनैलाई भेट है वायुनन्दन ! ।
अनि मेरो भलो साथै घटेका घटना भन ॥
बुझ्यौ ! नीरोग निश्चिन्त छु म भन्ने सुने पछि ।
साह्रै दङ्ग हुनेछन् है ! हुन् मेरा मित्र, प्राण ती ॥
बाटो पनि अयोध्याको स्वयं देखाउलान् उनी ।
भाई भरतको हाल भन्लान् कस्तो छ ? त्यो पनि ॥
गयौ अनि त्यहाँबाट अयोध्यामै सरासर ।
भाई भरतलाई नै भेट्यौ राखेर आदर ॥
मेरो सञ्चो-विसञ्चोको कुरा सब भन्यौ अनि ।
सीता-लक्ष्मण-मित्रादि साथै फर्के भन्यौ पनि ॥
क्रमैसित सबै भन्नु बलवान् राक्षसेशले ।
हरेको जानकीलाई कुरा भन्नु पछी कपे ! ॥
मित्र सुग्रीव भेटेको मारेको बाली युद्धमा ।
जानकी खोज्न थालेको सारा भन्नु कुरा वहाँ ॥
त्यो अपार-महासिन्धु तरेको, राक्षसी-पुरी ।
लङ्कामित्र पसी सीता भेटेको भन्नु राम्ररी ॥

१३

१४

तिमीबाट मिली पत्तो म सिन्धुतटमा पुगी ।
सिन्धु-दर्शन पाएको बाँधेको पुल त्यसपछि ॥
दुष्ट-रावण मारेको ब्रह्मा-वरुण-इन्द्रको ।
वहीं दर्शन पाएको पाएको वर आदि त्यो ॥
महादेव हुँदा तुष्ट उहाँको भै दिंदा कृपा ।
सुदर्शन बुवाज्यूको पाएको भन्नु है कुरा ॥
भाई भरतमा फेरि भनी हाल्नु यसो पनि ।
आए फर्की यहीं राम आफ्ना शत्रु जिती भनी ॥
कसाए उनले कीर्ति पुऱ्याए मनका कुरा ।
कपि-राक्षसका राजा साथै छन् भन्नु यी कुरा ॥
ती विभीषण-सुग्रीव-राजाका सैन्य छन् बली ।
प्रयाग सम्म आए ती भाई पत्नी र मित्र ली ॥
सुन गाँठो कुरा अर्को हनुमन् ! यी कुरा सुनी ।
भाई भरत के गर्छन् त्यो सारा बुझ है ! गमी ॥
उनका मुखका मुद्रा चाल-चेष्टा र आकृति ।
कस्तो हुन्छ ? कसो भन्छन् ? बुझ्नु एकेक त्यै अति ॥
कर्तव्य उनको कस्तो छ मेरो प्रति त्यो अनि ।
मलाइ ठान्दछन् कस्तो, मान्दछन् बुझ्नु यो पनि ॥
वहाँको सब वृत्तान्त हाव-भाव सबै बुझ ।
मुखको वर्ण, हेराई, कुरा, के हुन्छ यै बुझ ॥
रथ, घोडा तथा हात्ती भएको टम्म सुन्दर ।
सबै प्रकारका भोग-सम्पन्न र मनोहर ॥
राज्य त्यो बाबु-बाजेका पालाको पाउँदा त्यही ।
कसको मन अड्ला र लोभले तान्छ है यही ॥
चिरकालतकै भोग्दा राज्यवैभव पाउँदा ।
भाई-भरतको चित्त त्यसमा लुटपुटिन्छ ता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

श्रीकैकेयी मुमाज्यूको इच्छा, सम्मति क्यै छ ता ।
उनै पृथ्वीभरीको यो गरुन् राज्य, छ बेस बा ! ॥
तिमी भरत-भाइको यो विचार सबै बुझ ।
हुँदै आश्रममा हामी आई पुग छिटै अब ॥
त्यो आज्ञा पाउँना साथ लिई रूप मनुष्यको ।
हनुमान् हुत्तिई हाले अयोध्या बुझ्न त्यो कुरो ॥
जस्तो गरुड झम्टिन्छन् ठूलो सर्प समाँउन ।
चर्को वेग लिई त्यस्तै कुदे यी हनुमान् पुनः ॥
नाघे बा ! वायुको मार्ग, राम्रो गरुडको घर ।
गङ्गा र यमुना तर्दै हुत्तिएर पुगे पर ॥
श्रृङ्गवेर-पुरी आए गुह साथ मिले अनि ।
भने सुन्दर-वाणीमा दक्ष भै यी कुरा पनि ॥
सुन्नोस् ! निषादका राजा ! प्रिय मित्र तपाँइका ।
वीर राम सवारी भो पत्नी-भाई सँगै यता ॥
आफ्नो कुशल-सन्देश म द्वारा प्रभु-रामले ।
पठाई बक्सिएको हो यसरी भन्न प्रेमले ॥
भोले राज भएकोछ भरद्वाज-महर्षिको ।
शुभ-आश्रममा राजन् ! आज्ञाले ऋषिराजको ॥
पञ्चमी-तिथि हो आज एक रात प्रयागमा ।
बसेर भोलि श्रीराम सवारी हुन्छ है ! यहाँ ॥
गुह साथ भनी यत्ति वेगवान् अति तेजिला ।
कुदे बा ! हनुमान् फेरि क्यै न शोची अघी तदा ॥
बाटामा पर्दथ्यो तीर्थ साक्षात् परशुरामको ।
गरे दर्शन, थिन् पुण्या नदी बालुकिनी अहो ! ॥
हर्षले रँउँ ठाडो भो बरूथी—गोमती नदी ।
डर्लाग्दो सालवन थ्यो हेर्दै-देख्दै कुदे अघि ॥
बाटामा देखिए नाना हजारौं जनता हुने ।
सम्पन्न पुर-ग्रामादि भए यी सब नाघिने ॥
नन्दिग्राम पुगे वीर जहाँ वृक्ष अनेकन ।
लटरम्म फुलेकाथे फलेकाथे मनोरम ॥
साह्रै राम्रा थिए वृक्ष इन्द्रको र कुवेरको ।
बर्धैंचाका सरी शोभा थियो बा ! यिनको बडो ॥
यिनका पार्श्वभागैमा सती स्त्रीहरु थे अति ।
साथै छोरा र नातीको खेल्दथे ठाँटिई उति ॥

४३

४४

दिव्य त्यस्ती अयोध्याको एक कोश वरैतिर ।
देखे भरतलाई ती यौटा आश्रममा स्थित ॥
चीर-वस्त्र तथा कालो मृगचर्म शरीरमा ।
उनले पैह्रिएकाथे दीन दुःखी थिए वहाँ ॥
लट्टै लट्टा परेकोथ्यो जटा शिरभरी सब ।
मैलैमैलो जमेकोथ्यो उनको देहमा तव ॥
वनबास हुँदा आफ्नो-दाजुको, दुःख त्यै बढी ।
साह्रै दुब्ला थिए, खान्थे फल-मूलादिमात्र ती ॥
रोकी इन्द्रिय सम्पूर्ण तपस्या गर्दथे उनी ।
महान् धर्म धरेकाथे साह्रै नै संयमी बनी ॥
जटाको भार शोभिन्थ्यो उनको शिरमा तव ।
शरीर उनको ढाक्थ्यो मृग चर्म र वल्कल ॥
अन्तःकरण थ्यो शुद्ध कुनै ब्रह्मर्षि हुन् सरि ।
देखिन्थे अतितेजस्वी दाजुको स्नेहमा परी ॥
दाजुका पाउका चिह्न दुई सुन्दर पादुका ।
राखी अगाडि पृथ्वीको गर्थे शासन सर्वदा ॥
गर्दथे राम्ररी रक्षा प्रजाको चारवर्णका ।
प्रजामा हुन्नथ्यो कत्ति पीर, बाधा तथा व्यथा ॥
गेरुवा वस्त्र पैह्रेका शुद्ध चित्त र देहका ।
पुरोहित तथा मन्त्री सेनापति थिए तथा ॥
यिनैले घेरिएकाथे त्यस्ता भरत यी तव ।
पुरवासी पनि त्यस्तै भैसकेका थिए सब ॥
चीरवस्त्र तथा कालो मृग-चर्म लगाँउने ।
उनले त्यागिंदा भोग प्रजा त्यस्तै थिए हुने ॥
लिने मनुष्यको चोला हुन् दोस्रा धर्ममै उनी ।
थिए धर्मज्ञ साह्रै नै देखे यी कपिले अनि ॥
उनैतिर बढी हाले अब गै हनुमान् अघि ।
भन्दछन् हात जोडेर प्रेमले यी कुरा झुकी ॥
दण्डकारण्यमा देव ! चीर-वस्त्र जटा धरी ।
बसेका जसको निम्ति गरी बक्सिन्छ शोच यी ! ॥
त्यै व्यक्ति प्रभु-श्रीराम मद्वारा प्रभुमा प्रभो ! ।
यहाँ पठाइ बक्सिन्छ सब आफ्नो भलो कुरो ॥
यहाँ पठाइ बक्सेको क्षेमादि प्रभुको पनि ।
छ फेरि सोधि बक्सेको छ तिम्रो के-कसो भनी ? ॥
यहाँ मलाइ सञ्चैछ, छ तिम्रो के-कसो भनी ? ॥

६०

६१

हर्लांदो पीर यो चिन्ता लिनु पर्दैन भो अब ।
लौ छोड्दिवक्सियोस् स्वामिन्! भन्छु प्यारो कुरा अब ॥
प्रभुको निम्ति यो साह्रै प्रिय लाग्नेछ, ठान्छु म ।
हजूर मिलि बक्सिन्छ दाजु साथ छिटै जुन ॥
शत्रु रावण मारेर निष्कण्टक भई पुरा ।
राम फिर्ती सवारी भो पुऱ्याई मनका कुरा ॥
जानकी भइ बक्सिन्छ सँगै छन् भाइ लक्ष्मण ।
बलवान् वीर छन् मित्र सैन्य साथै अनेकन ॥
जस्तो पाँउदछिन् शोभा शची साथ सुरेन्द्रको ।
त्यस्तै शोभा छ देवीको रामका साथमा प्रभो ! ॥
उनले यी कुरा भन्दा, सुन्दा भरत प्रेमले ।
हर्ष-गद्गद भै ढङ्ग लडे, मूर्च्छैं परे हरे ! ॥
बित्यो दुइ घडी ब्याक्कै अक्षि होश फिऱ्यो पछि ।
कैकेयी-सुत यी वीर महात्मै थे बसे उठी ॥
त्यस्तो प्रिय कुरा भन्ने हनुमान्लाइ जोडले ।
अँगाले अनि ग्वाम्ल्वाङ्ग उनले प्रेम-भावले ॥

६८

६९

झारी बरर हर्षाश्रु उनलाइ नुहाइ दी ।
ज्यादै आनन्द मानेर छोडी पीर भने पछि ॥
भन को हौ ! तिमी साक्षात् देवता हौ कि मानिस ।
मभा यत्रो कृपा गर्न जो आयौ यसरी अहो ! ॥
भन सौम्य ! मभा यस्तो प्यारो हाल सुनाँउने ।
तिमीमा त्यसको साटो के टक्ऱ्याँउ म ! के लिने ? ॥
म त देखितन क्यै त्यस्तो योग्यको उपहार ता ।
टक्ऱ्याँउन छ है इच्छा क्यै न क्यै त अमूल्य बा ! ॥
यसको निम्ति अर्पन्छु म गाई एक लाख ती ।
सयौं गाँउ म सुम्पन्छु जुन सम्पन्न छन् अति ॥
राम्रा विचार-आचार भएका सोह्र सुन्दरी ।
कुमारी पनि अर्पन्छु सेव्नेछन् स्त्री भईवरी ॥
उनका कानमा होलान् राम्रा कुण्डल झल्झल ।
सुन झैं चम्किने होलान् उनका वर्ण निर्मल ॥
होलान् सफेद तिघ्राका नाकका मुखका सफा ।
सारा चन्द्रमुखी कन्या साभूषण कुलीन बा ! ॥

७६

७७

भयो सवारी प्रभु-रामको भनी आश्चर्य लाग्दा कपिका कुरा सुनी ।
श्रीरामको दर्शन गर्नमा उनी भै उत्सुकी हर्षित भन्दछन् अनि ॥

इति एक सय पचीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय छब्बीसौं सर्ग
कपिवीर हनुमान्‌ले रघुवीर भरतलाई श्रीरामको सम्पूर्ण वृत्तान्त भन्नु

१

मेरा मालिक श्रीराम विशाल वनबीच त्यो ।
पत्नी-भाइ लिई साथ गएको धेर वर्ष भो ॥
चौधौं वर्ष पछी आज मेरो भाग्य खुलेछ र ।
सुनें आनन्ददायी यो रामचर्चा मनोहर ॥
बाँची रहन्छ ता मर्त्य खपी दुःख परे पनि ।
भेट्छ त्यै सुख-आनन्द शयौं वर्ष पछी पनि ॥
गाँउथे दुनियाँ सारा यो गाथा, यो जनश्रुति ।
म त होइन भन्ठान्थें लौ ! साँचै पो रहेछ ती ! ॥
भन लौ अब यो सौम्य ! सुग्रीव-प्रभु-रामको ।
कसरी भो कहाँ भेट जान्न खोज्दछु ठीक यो ॥
पूज्य विद्वान् दशरथ-राजाका पुत्र योग्यका ।
धीमान् भरतले यस्तो सोधिए हनुमान् तथा ॥
कुशासन दिई बेस बसाएका उनी अब ।
भन्दछन् रामका काम वनमा जो भए सब ॥
महान् बाहु हुने देव ! धर्मात्मा रघुनाथमा ।
दिइयो वनको बास पहिले जसरी यहाँ ॥
जसरी प्रभुकी पूज्या माता कैकेयीमा अघि ।
दिइयो दुइटा त्यस्ता सुयोग्य वर सत्य ती ॥
पुत्रको शोकले गर्दा रघुवंश-प्रदीप ती ।
पूज्य विद्वान् दशरथ-राजाको मृत्यु भो अघि ॥
हजूर-जसरी फेरि त्यो राजगृहमा छँदा ।
दूतले गै यहाँ डाकी ल्याएथे काम रोकिंदा ॥
अयोध्यापुरमा आए ता पनि प्रभुले प्रभो ! ।
जसरी-राज्य यो गर्न मानि बक्सेनथ्यो अहो ! ॥
धानी सज्जनको धर्म गै स्वयं चित्रकूटमा ।
राममा पारियो विन्ती राज्य सह्माल्न त्यो त्यहाँ ॥

१३

१४

दाजु-श्रीरामले आफ्ना पिताको वाक्य राख्न त्यो ।
राज्य-त्याग गरी बक्स्यो जसरी दृढ भै प्रभो ! ॥
रामका पादुका ल्याई प्रभु फर्केर अन्तमा ।
नियम-व्रत पालेर यसरी राज भो यहाँ ॥
भनेका यी कुरा जत्ति ज्ञानै छ प्रभुमा सब ।
प्रभु फर्के पछी के के भो ? सबै भन्छु त्यो अब ॥
हजूर फर्कना साथ वन त्यो चित्रकूट ता ।
उजाडै पो भई हाल्यो छिनमा नै जताततै ॥
पशु-पंछी पनी सारा भए भ्रान्त र विह्वल ।
रामले पनि त्यल्लाई छोड्दिबक्स्यो छिटै सब ॥
त्यहाँ बाट सवारी भो शून्य निर्जन त्यो वन ।
छोडेर राम तत्काल दण्डकारण्यमा पुनः ॥
दण्डकारण्य त्यस्तै थ्यो डर्लाग्दो उग्ररूपको ।
मृग बाघ र हात्तीले मस्मिएढी पारिंदो बढो ॥
डर्लाग्दो वनमा त्यस्तो जाँदैथे तीन व्यक्ति यी ।
घटना वट्न गो यौटा न राम्रो तिनकै अघि ॥
विराध नामको दुष्ट थियो राक्षस क्वै प्रभो ! ।
गर्जिंदै त्यै अघी आयो डर्लाग्दो रूपले अहो ! ॥
फैलाएको थियो हात त्यसले मास्तिरै यता ।
घोस्रो मुन्टो लगाएको थियो क्रूर भई कहा ॥
हात्तीझैं गर्जना गर्थ्यो यी तीनै जनले अब ।
मारी समाइ त्यल्लाई खाल्डोमै फ्याँक्दिए तव ॥
गरी दुष्कर यो कर्म देवी श्रीराम लक्ष्मण ।
त्यहाँबाट सवारी भो अघिल्तिर बढीकन ॥
शरभङ्ग महात्माको रम्य आश्रममा अति ।
पुगि बक्स्यो स-साँझैमा शक्तिमान् धैर्यवान् बनी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

रामकै अघि त्यै वेला शरभङ्ग महर्षि ता ।
पाल्नु भो दिव्य-धामैमा गरी अग्नि-प्रवेश बा ! ॥
वहाँका मुनिमा सारा श्रद्धाले ढोग्दिई पछि ।
तीनै जन सवारी भो जनस्थान तिरै बढी ॥
यै जनस्थानमा बस्ता नाम शूर्पणखा हुने ।
एउटी राक्षसी आई राममा भई मोहिने ॥
त्यसले अति गर्दामा भाइ लक्ष्मणमा वहाँ ।
त्यसमा दिनमा दण्ड आज्ञा भो प्रभुको जहाँ ॥
अनि लक्ष्मणले आफ्नो झिकी खड्ग तुरुन्त नै ।
काट्दिई बक्सियो स्वामिन् त्यसका नाक कान नै ॥
त्यो जनस्थानमा बस्थे चौध हज्जार राक्षस ।
नाता-गोता सबै त्यस्का रहेछन् यी यथार्थतः ॥
त्यसकै प्रेरणा पाई ती सबै आँउदा पुनः ।
लडी श्रीरामले आफैं मार्दिबक्स्यो बनीकन ॥
साह्रै गजब भो यौटा प्रभुले युद्धबीच त्यो ।
एकै प्रहरमा स्वात्तै ती सबैलाइ मार्नु पो ॥
महान् बल भएकाथे यी सबै वीर थे अति ।
दण्डकारण्यमै बस्थे तपस्या मारथे उति ॥
त्यो रणस्थलमा स्वामिन् ! चौध हज्जार राक्षस ।
खर त्यो नाइके साथै मारिए प्रभुले तब ॥
त्यसको भाइ थ्यो अर्को चर्को चण्डाल दूषण ।
त्रिशिरा साथमै प्वाक्क मरी गो त्यो पनी पुनः ॥
यता यो घटना देख्ता दुष्टा शूर्पणखाकन ।
साह्रै तोड पर्‍यो भित्र पुगी लङ्कापुरी पुनः ॥
वहाँ दाजु थियो त्यस्को राक्षसेश्वर रावण ।
रुँदै सब कुरा पोखी एक एक गरीकन ॥
वहाँ रावणको दास थियो मारीच राक्षस ।
महान् जाल रच्यो त्यल्ले भयो बा ! रत्नकै मृग ॥
अनि आश्रममा आयो देवी सीताकनै हरे ! ।
लोभ्यायो बहुतै त्यल्ले त्यै आफ्नो स्वर्णरूपले ॥
लोभिई अनि देवीले आज्ञा भो राममा यसो ।
समाती बक्सियोस् नाथ! ल्यौन! त्यल्लाइ यत्नले ॥
हाम्रो आश्रममा खेल्दा उफ्रँदा मृग त्यो प्रभो ! ।
हुनेछ अति नै राम्रो शोभा खुल्नेछ फेरि यो ॥

४३

४४

मानी भनाइ देवीको लिएर धनु बाहुमा ।
त्यसको पछी श्रीराम गइ बक्स्यो अरण्यमा ॥
यता समात्न गाह्रो भै झुकेको ग्रन्थिशोभित ।
बाणले मार्दिई बक्स्यो प्रभुले त्यसलाइ त ॥
मौका छोपी यसै वेला उता राक्षस रावण ।
त्यहीं आइ पुग्यो ठ्याक्कै न हुँदा वीर लक्ष्मण ॥
त्यो शुभाश्रममा भित्रै पसी जोगी भईकन ।
सीतालाइ हरी दौड्यो लङ्कैलान भनीकन ॥
झस्टेर्झैं रोहिणीलाइ क्वै दुष्ट-ग्रहले प्रभो ।
देवीलाइ हरी लाँदा देखेछन् गिद्धले अहो! ॥
पक्षिराज रहेछन् यी जटायु शुभ-नामका ।
छुटाउन उहाँलाई उनले झम्टिए तदा ॥
गिद्ध-राक्षसमा ठूलो युद्ध भो अन्तमा प्रभो ! ।
जटायुलाइ मारेर जानकी लिइ दौडियो ॥
अनि आकाशको बाटो लङ्का जाँदा उडेर त्यो ।
बसेका तल डाँडामा देखे बानरले प्रभो ! ॥
विशाल देहका एवं निकै अद्भुत-वीर्यका ।
ती वानर थिए स्वामिन् ! सारा छक्क परे तदा ॥
क्रूर राक्षसको राजा दुष्ट रावण यो अहो ! ।
कुदाई कुन स्त्रीलाई लैजाँदो छ ! गमे यसो ॥
यता सीतालिई दौड्यो थ्यो पुष्पक-विमान त्यो ।
त्यसै भित्र लगी राखी कुद्यो लङ्का पुरी पुग्यो ! ॥
वहाँ भवनमा आफ्नो स्वर्ण-भूषित जो थियो ।
देवीलाइ लगी राख्यो पछी क्यै सान्त्वना दियो ॥
त्यसका वाक्यका भाव थिए साह्रै अयोग्यका ।
संझेर पछी देवीले धिक्कारे बक्सियो तदा ॥
अशोक-बाटीकाबीच सवारी भो उहाँ पछि ।
कुरा कत्ति न खाएर त्यल्लाई तृण संझिई ॥
फर्केर आँउदा स्वामिन् ! बाटामा दुइभाइले ।
मारेको गिद्ध देख्ता त्यो लिइयो पीर झन् हरे ! ॥
आफ्ना पिता दशरथ-राजाका प्रिय गिद्ध ती ।
रहेछन्, पछि थापाई बडी बक्स्यो अझै अघि ॥
भाई साथ लिई राम खोज्दै खोज्दै प्रियाकन ।
गोदावरी घुमी सारा चहारी बक्सियो वन ॥

६०

६१

फुलेका र फलेकाथे त्यो महारण्यका रूख ।
त्यहींनिर भयो भेट कबन्ध सँग राक्षस ॥
उद्धार गर्दिई बक्स्यो रामले त्यसलाई र ।
त्यसले नै भनेकोले गै बक्स्यो अघि सर्सर ॥
ऋष्यमूक थियो यौटा महान पर्वत सुन्दर ।
सुग्रीव सँग भो भेट थिए जुन कपीश्वर ॥
कुरा-कानी हुँदा स्वामिन् ! राम-सुग्रीवमा पछि ।
वहाँ प्रगाढ-मैत्री भो नर-वानरबीच यी ॥
वाली हुन् उनका दाजु उनैले भाइलाइ यी ।
घरबाटै निकालेका थिए झोक्किइदै अघि ॥
त्यसरी यी दुवैबीच अ-आफ्ना सुख-दुःखका ।
कुरा-कानी हुँदा भैगो गतिलो दृढ मित्रता ॥
पछि श्रीरामले आफ्ना बाहुका वीर्यले वहाँ ।
मार्दिई बक्सियो बीर वालीलाइ लडाँइमा ॥
उनको राज्यमा देव ! प्रिय-मित्र उनीकन ।
रामले राख्दिई बक्स्यो कपि साथ वहाँ पुनः ॥
गरे त्यत्ति हुनासाथ प्रतिज्ञा कपिराजले ।
राजपुत्री उहाँलाई म खोजी छोड्छु यत्नले ॥
दिलका देहका ठूला वीर वानरराजले ।
पछि खोज्न उहाँलाई पठाए कपि-वीर ए ! ॥
दशौं करोडको संख्या उनको थ्यो यथार्थमा ।
घुमे दश दिशा सारा देवी खोज्न जहाँ तहाँ ॥
तिनै वानरमध्येमा थियौं हामीहरू पनि ।
गै विन्ध्याचलमा स्वामिन् ! गुफा भित्र पस्यौं अनि ॥
खोज्दा खोज्दै वहाँ हामी घुमेछौं रणभुल्ल भै ।
फर्किने म्याद यस्तैमा वितिहालेछ मुक्त भै ॥
ज्ञानै भएन हामीमा क्यै कुराको विलम्ब भै ।
निकै लामो वित्यो काल शोकले छट्पटाँउदै ॥
अकस्मात् त्यसवेलामा अधिका गिद्धराजका ।
दाजु-सम्पातिले देखे हामीलाइ प्रभो ! तदा ॥
ठूलो दया गरी स्वामिन् ! उनैले भन्दिए यसो ।
“सीता रावणको घर्मा लङ्कामा छन्” बुझ्यौं कुरो ॥
त्यो सुन्दै आत्तिने सारा भाईको-बन्धुको दुःख ।
त्यो शोक नाश्नको इच्छा ममा उब्ज्यो भई दृढ ॥

७७

७८

सयौं योजनको सिन्धु आत्मशक्ति फिकी तरें ।
अशोक बाटिका भित्र जानकी संग गै मिले ॥
देवी राज भएकोथ्यो एक्लै झोक्राँउदै त्यसै ।
पहिरी एउटै सारी मैली र अतिदीन भै ॥
पातिव्रत्य थियो धर्म जानकीमा महान् वहाँ ।
भनें सब कुरा मैले मौका पाएर पाउमा ॥
औंठी श्रीराम यो नाम लेखेको साथथ्यो दिएँ ।
ली चूडामणी-देवीको भै कृतार्थ म फर्किएँ ॥
तेजिलो मणि त्यो ल्याई ठक्र्याएँ राम-बाहुमा ।
भो मर्नेले सुधा भेटे ठीक को वल्ल राममा ॥
हुरुक्क भइ बक्सिन्छ भनेझैं स्थिति रामको ।
सुधार्‍यो त्यसले धेरै भित्र उत्साह बढ्न गो ॥
लयमा सब यी लोक नाश्ने अग्नि-समान भै ।
अनि पो कसिई बक्स्यो राम लङ्का विनाश्न गै ॥
सिन्धुको तटमा आई प्रभुले नल नामक ।
कपिद्वारा वहाँ सेतु बँधाई बक्सियो तव ॥
थिए वानरका सेना असँख्यौ ऋक्ष थे अति ।
तरे त्यै पुलको बाटो गरी लङ्का पुगे पछी ॥
तुरुन्तै मच्चियो युद्ध प्रहस्तकन नीलले ।
मार्दिए इन्द्रजित्लाई जहाँ लक्ष्मण-वीरले ॥
मार्दिई बक्सियो साक्षात् धर्मात्मा रामले तदा ।
त्यो कुम्भकर्णलाई र दुष्ट-रावणलाइ ता ॥
त्यत्तिकैमा त्यहाँ आए देवता सब भै खुश ।
भगवान् शिव इन्द्राग्नि ब्रह्मा वरुण अन्तक ॥
सवारी भो दशरथ-राजा पूज्य पिता पनि ।
कुराकानी भए धेरै दिए वर पनि अनि ॥
साक्षात् देवर्षि - ब्रह्मर्षि - सिद्धादिहरूले पनि ।
अशीर्वाद दिए नाना पुण्यात्मा राममा अनि ॥
वर पाएर भै तुष्ट त्यों पुष्पक विमानमा ।
किष्किन्धामा सवारी भो पछि वानर साथमा ॥
गङ्गाका तटमा आई त्यहाँबाट प्रयागमा ।
औले राज भएकोछ भरद्वाज-समीपमा ॥
पुण्य-नक्षत्रमा भोलि प्रभु निर्विघ्नपूर्वक ।
मान्य दाजुसँगै आफ्ना मिलि बक्सिन्छ है अब ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५
सुनेर यस्ता गतिला मनोहर कुरा हनूमान्-कपिका भई स्थिर ।
भने उनीले कर जोडि अन्तमा धोको पुग्यो बल्ल! यसै भनी वहाँ ॥

इति एक सय छब्बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय सत्ताइसौं सर्ग

पुण्यात्मा रघुकुलरत्न भरतले श्रीरामको स्वागत गर्न तयारी गर्नु एवं श्रीरामको आगमन र भेट–घाट

१

ठूलो आनन्ददायी त्यो समाचार सुने पछि ।
सत्यपराक्रमी वीर भित्र दक्ष परे अति ।।
तस्मात् शत्रुघ्नै मार्ने त्यस्ता भरतले अव ।
भाई शत्रुघ्नमा यस्तो गरे आज्ञा स्वयं तव ।।
बावु शत्रुघ्न ! लौ चाँडै आफैं नै कसिइ अव ।
गर्नु पर्ने कुरा सारा गर ! गर्न लगाउ ल ! ।।
दिलका देहका शुद्ध पुरवासी मिली सब ।
गरून् पूजन सर्वत्र चैत्य–मन्दिरमा अब ।।
बाजा–साजा बजुन् सारा सुगन्धी–वस्तु आदिले ।
परिमार्जित हुन् स्थान पुष्पले धूप–दीपले ।।
जाँउन् अघि पुराणज्ञ सूतादि स्तुतिगायक ।
श्रीराम दाजुको लागि गर्न स्वागत वास्तव ।।
वैतालिकहरू जाँउन् भाट हुन् जो बजाँउदै ।
पुरका गणिका लाँगुन् उनको पछि नाँचदै ।।
राजरानीहरू जाँउन, जाँउन् मन्त्रीहरू पछि ।
सेना, सैनिकका नारी हिंडुन् अनि भई खुशी ।।
विप्र–क्षत्रिय–वैश्यादि व्यवसायी हिंडुन् पुनः ।
जाँउन् शूद्रादि सम्पूर्ण दाजुको गर्न दर्शन ।।
पूज्य दाजु–भरतको शुभाज्ञा यो मिले पछि ।
शत्रुनाशक शत्रुघ्न कसिए गर्न काम ती ।।
ज्याला–बनी गरी खाने असंख्यौं व्यक्ति तत्क्षण ।
अनेकौं भागमा बाँडे उनलाइ भने पुनः ।।
अग्लो होचो जहाँ जत्ति न राम्रो भूमि पर्दछ ।
सम्याओ अब त्यो सारा हेर्दै होस् अति सुन्दर ।।
यहाँ देखि लिईस्वात्तै त्यो नन्दिग्राम–सम्मको ।
बाटो सफा गरी हाल सक यत्ति गरी छिटो ।।

१३

१४

गै तिमीहरुले चाँहि त्यहाँका मार्गमा सुन! ।
सुगन्धी र निकै चीसो पानी छर्क दनादन ।।
अनि अर्का थरी जानु फूल–लावा जतातता ।
छर्नु, झुण्डाँउने गर्नु, यसो हेर्दा खुलोस् त्यता ।।
हाम्रो श्रेष्ठ–पुरीका यी मार्गमा, राजमार्गमा ।
झण्डा–ध्वजा–पताकादि झुण्डँयाउनु जहाँ तहाँ ।।
त्यहाँका घरमा सारा सुनौला पुष्प–माल्यले ।
गजराहरुले मोटा सुगन्धी अरु पुष्पले ।।
सुन ! धागा न हालेका पद्मका फूल आदिले ।
पञ्चरङ्गी अरू त्यस्तै वस्तुले, वेस द्रव्यले ।।
झुण्डयाएर सजाएर भोलि सूर्योदयै अघि ।
सबै काम गरी सक्नु हेर्दा राम्रो हओस् अति ।।
मुख्य अर्को कुरा संझ सवारी दाजुको हुँदा ।
न हओस् मार्गमा हूल ! खटाओ व्यक्ति योग्यका ।।
यस्तो शत्रुघ्नको आज्ञा सुन्नासाथ भई खुश ।
त्यो आज्ञा पाल्नमै लागे खटिएर सबै अब ।।
जयन्त धृष्टि विजय सिद्धार्थ अर्थसाधक ।
अशोक मन्त्रपालादि सुमन्त्र कसिए तब ।।
आठोटै योग्य यी मन्त्री आभूषण–ध्वजादिले ।
शोभिएका आ–आफ्ना ती हात्तीमाथि चढे हिंडे ।।
तम्तयार भई हाले महारथीहरू यता ।
कसेका सुनका साङ्ला ढोईमाथि चढी तदा ।।
हात्तीमाथि चढे वीर धेरै ता अश्वमै चढे ।
कसिएर हिंढीं हाले कैयौं ता रथमै गए ।।
झण्डा–ध्वजा–पताकाले शोभिएका हजारन ।
बेस घोडा चढी दौडे वीर अर्काथरी पुनः ।।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

शक्ति ऋष्टि तथा पाश बोकेका वीर सैनिक ।
हजारौंथर गै हाले रामको गर्न स्वागत ॥
सवारीमा दशरथ–राजाका महिषी सब ।
कौसल्या र सुमित्रा ली पछि आफैं गए तब ॥
नन्दिग्राम पुगी हाले कैकेयी–महिषी लिई ।
त्यादै आनन्द मानेर भित्र अत्यन्त हर्षिई ॥
सदाचारी र धर्मज्ञ स्वयं भरत वीर ता ।
पुरोहित तथा विप्र-मन्त्रीले घेरिए तथा ॥
मुख्य मुख्य थिए विप्र ऋषि–विप्रादि ख्यालका ।
उनका साथ त्यो वेला वीर क्षत्रीय –जातिका ॥
वैश्यवर्ग थिए सारा थिए साहू–महाजन ।
थिए शूद्रादि सम्पूर्ण थिए अन्त्यज सज्जन ॥
माला–मोदक इत्यादि आ–आफ्ना हात–हातमा ।
ती सबैले लिएकाथे टक्र्याँउन भनी यहाँ ॥
यिनैले घेरिएकाथे स्वयं भरत–वीर ती ।
रामको पादुका हाली शिरमा बढ्दथे अघि ॥
ध्वनि गुञ्जिरहेकोथ्यो बाजा बज्दा अनेकन ।
उनका कर्मको पाठ गर्थे बन्दीहरू पुनः ॥
सफेद वेस मालाले सुशोभित र उज्ज्वल ।
सेतै छाता लगेकाथे उनले साथमा तब ॥
लागेका सुनका दण्डा दुइटा श्वेत चामर ।
राजयोग्य थिए जो ती थिए साथै मनोहर ॥
थिए भरत त्यो वेला व्रतले उपवासले ।
दुब्लाएका तथा साह्रै दीन, क्षीण पनी हरे ! ॥
पैह्रिएका थिए कालो–मृगचर्म शरीरमा ।
चीर-वस्त्र थियो फेरि झुण्डिएको जहाँ– तहाँ ॥
अकस्मात् राम आएको सुन्दामा उनको मन ।
घेरैमा पहिले आजै दङ्ग भो, उफ्रियो पुनः ॥
लिई मन्त्रीहरू साथ रामको गर्न स्वागत ।
महान् आत्मा हुने वीर गै रहेका थिए स्वतः ॥
घोडाका टापको एवं रथका चक्रको तथा ।
नगाडा–शङ्खको शब्द गुञ्ज्यो गम्भीर भै तदा ॥
यिनका साथमा मिल्दा कराई गजको पनि ।
काँप्छिन् जस्तो भइन् पृथ्वी हल्लिएर त्यसै पनि ॥

४३

४४

यता भरतले देखे अयोध्या–पुरका सब ।
वासिन्दा नन्दिग्रामैमा स्वयं ओइरिए अब ॥
अनि यस्तो अवस्थामा रघुका रत्न वीरले ।
ती विद्वान् वायुका छोरा हनुमान्मा यसो भने ॥
विशेष कपिको चित्त चञ्चलै हुन्छ है कपे ! ।
त्यै सऱ्यो वा तपाँईमा झूठो खबर हो कि के ? ॥
न भए अहिलेसम्म शत्रुनाशक दाजुको ।
सवारी हुनु पर्ने हो भएन किन ? के भयो ? ॥
इच्छानुसारका रूप धर्ने वानर ती पनि ।
देखिन्नन अहिलेसम्म अँहँ ! छैनन् वतै पनि ॥
भन्दा भरतले यत्ति हनुमान् भन्दछन् यसो ।
उनमा पार्न विश्वास कुरा सार्थक सत्यको ॥
कृपा श्रीराममा बज्ऱ्यो भरद्वाज–महर्षिको ।
जसले मार्गका वृक्ष फुल्ने–फल्ने भए प्रभो ! ॥
चुहुन्छन् मधुको धारा तिनबाट निरन्तर ।
नित्य गुञ्जन गर्दा छन् तिनमा भँवरातक ॥
बाटामा आँउदा स्वामिन् ! कपि ती दङ्ग भैकन ।
तिनमै लठ्ठिई लागे भोक–तीर्खा हटाँउन ॥
शत्रुनाशक ए देव ! इन्द्रले पनि राममा ।
त्यस्तै वर दिएका हुन् लङ्कामै खुश पार्नमा ॥
तस्मात् आतिथ्य–सत्कार भरद्वाज महर्षिले ।
श्रीरामको गरी बक्स्यो युक्त सर्वगुणादिले ॥
सुनि बक्स्योस् ! प्रभो ! किन्तु सारा वानर-वीरको ।
कोलाहल छ चर्कौ नै भएको र सुनिन्छ त्यो ॥
पत्तो हुन्छ यसैबाट सैन्य–वानर--ऋक्षको ।
अहिले गोमती पुण्या नदी तर्दैछ है प्रभो ! ॥
उता नजर होस् स्वामिन् ! त्यो सालवन पट्टि ता ।
धूलो उठि रहेको छ कपि आइ पुगे त्यता ॥
ऊ ! लौ नजर होस् नाथ ! हो पुष्पक-विमान त्यो ।
देखिन्छ चन्द्रमा जस्तो टाढैबाट प्रकाशिलो ॥
यस्लाइ विश्व--कर्माले निकै अघि रघूद्वह ! ।
मनले नै रचेका हुन् थुप्प्याएर कला सब ॥
बन्धु–बान्धव साथैमा मारी रावणलाइ त्यो ।
हो प्राप्त गरि बक्सेको रामले वीर्यले प्रभो ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
ऐले चम्किरहेकोछ रामको भइ वाहन ।
बिहानी पखको सूर्य हो जस्तै झल्किईकन ॥
मनकै वेगको जस्तो छ वेग यसको पुनः ।
पाए कुवेरले साक्षात् ब्रह्माको भै कृपा जुन ॥
त्यसमै जानकी साथ भाइ ली वीर लक्ष्मण ।
राम राज भएको छ छन् सुग्रीव, विभीषण ॥
श्रीमान् भरतमा यस्तै विन्ती गर्दै थिए उनी ।
वहाँ गुञ्ज्यो यसै वेला हर्ष-गद्‌गदको ध्वनि ॥
शिशु-स्त्री र युवा-वृद्ध-साराको मुखबाट त्यो ।
निस्किएको थियो जो यो-राम ऊ ! आइ बक्सियो ॥
रथ हात्ती तथा घोडा यान छोडी तथा अरू ।
ओर्लिएर बसे भुँमा जाने जति खुरुखुरु ॥
देखे विमानमा बस्ने रामलाई समस्तले ।
ठीक आकाशका चन्द्र हुन् जस्ता भव्य रूपले ॥
श्रीरामपट्टि हेरेर स्वयं भरत वीर ता ।
दुइटै बाहु जोडेर उभिए दक्ष भै तदा ॥
गरे बा ! पाद्य-अर्घ्यादि प्रेम साथ मनैमन ।
श्रद्धाले यस वेलामै उनले रामको पुनः ॥
चढेर विश्वकर्माले रचेको त्यो विमानमा ।
इन्द्रझैं शोभिएकाथे प्रभु राम पनी वहाँ ॥
मेरु माथि उदाएका सूर्यलाइ सरी गरी ।
ढोगे भरतले आफ्ना दाजुलाइ झुकीवरी ॥
पाएर रामको आज्ञा यत्तिकैमा विमान त्यो ।
बस्यो आएर पृथ्वीमा जुन थ्यो दृढ वेगिलो ॥
त्यस्तैमा रामले आफैं आफ्ना वीर पराक्रमी ।
भाई भरतलाई ती चढाए त्यै विमानमा ॥
रघुनाथ भए ठाम पुगेमा उनले पनि ।
ढोग्दिए स्नेह-श्रद्धाले हर्ष-गद्‌गद भै अनि ॥
धेरैमा देखिएका यी भाई भरतलाइ ता ।
रामले काखमा राखे अँगाले स्नेह बढ्‌दिंदा ॥
उठी पछि त्यहाँबाट सती भाउजु जानकी ।
तथा लक्ष्मणमा ढोगे आफ्नो नाम भनी झुकी ॥
सुग्रीव-जाम्बवान् एवं मैन्द-द्विविद-अङ्गद ।
सुषेण-नील-ऋषभ-गवाक्ष--नल आदिक ॥
७७

७८
गन्धमादन--- शरभ- --पनसादिकमा पनि ।
अँगाले, स्नेह देखाए क्रमैले उनले अनि ॥
इच्छानुसारका रूप धर्ने यी कपिले पनि ।
उनलाइ वहाँ भेटे त्यो वेला मानिसै बनी ॥
हर्ष-गद्‌गदथे सारा हुँदा आनन्दमग्न ती ।
सोधे भरतको क्षेम भलो यी सबले पछि ॥
तेजस्वी अति धर्मात्मा स्वयं भरतले अब ।
भने सुग्रीवलाई ती अगाँली स्नेहले दृढ ॥
कपिराज ! थियौं हामी चार भाइ यथार्थमा ।
तपाँई थपिंदा यौटा पाँच भाइ भयौं यहाँ ॥
स्नेहले उपकारादि गर्ने नै मित्र बन्दछ ।
गर्छ ता अपकारादि जो होस् त्यै शत्रु बन्दछ ॥
भनी यत्ति उनीलाई भन्छन् भरत वीर ती ।
सारा राक्षसका राजा बिभीषणकनै पछी ॥
सौभाग्यको कुरा यै हो तपाँइकै सहायले ।
दाजुले गरिबक्सेछ अतिदुष्कर-कर्म ए ! ॥
गए शत्रुघ्न यै वेला ढोगे लक्ष्मण-राममा ।
झुकी विनयले ढोगे सीताका पनि पाउमा ॥
यता मुमा-महारानी कौसल्या पुत्र-स्नेहले ।
साह्रै दुब्ली भएकीथिन्, दीन थिन् मुखवर्णले ॥
उनैनिर पुगी राम आमाको पाउमा परे ।
स्नेहले पग्लियो चित्त झुके आँसु निकै झरे ॥
मुमालाई खुशी पारी यसरी पछि रामले ।
सुमित्रा अनि कैकेयी दुबैमा दण्डवत् गरे ॥
राजा-रानी अनी जो जो थिए ती सबमा पनि ।
ढोग्दिए र उनी आए नजीकै गुरुको अनि ॥
वसिष्ठ मुनिकै साथ पुरोहितकनै सब ।
अभिवादन टक्र्याए श्रद्धाले रामले तब ॥
यसै वेला अयोध्याका सारा नागरिकादिले ।
हर्ष गद्‌गद वाणीमा हात जोडी यसो भने ॥
कौसल्या-महिषीलाई दिने आनन्द राघव ! ।
प्रभुको जय होस्, नित्य छ स्वागत ! छ स्वागत !! ॥
अब श्रीरामले देखे फक्रेका कमलै सरी ।
ती नागरिक-साराको जोडिएको छ अञ्जलि ॥
६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

भता भरतले आफ्ना शिरको राम-पादुका ।
दाजुको पाउमा सुत्तै पहिराइ दिए तदा ॥
हात जोडी उनी भन्छन् यै वेला दाजु-राममा ।
दाजु ! नासो लिएको यो बुझाएँ अब पाउमा ॥
पृथ्वीमण्डलको सारा राज्य यो दाजुकै त हो ।
रह्यो म सँग क्यै काल, टक्र्याएँ बल्ल शान्ति भो ॥
भयो सफल यो जन्म मेरो धोको पनी पुग्यो ।
राजालाइ अयोध्याको फर्केको आज देख्छु जो ॥
तस्मात् नजर होस् दाजु ! राज्यका वस्तु यी अब ॥
भँडार ढुकुटी सेना घरबार पनी सब ॥
प्रताप प्रभुको तेजद्वारा मैले सबै कुरा ।
ब्याक्कै दश गुना बढ्दा गराएँ धर्मले पुरा ॥
भातृवत्सल धर्मात्मा ज्ञानी भरत श्री कुरा ।
भन्दैथे दाजुमा आफ्ना बढेको स्नेहले पुरा ॥

१०१

१०२

चाल यी दाजु-भाईको देख्दा भालू-र वानर ।
अरुले आँसु झारे बा ! विभीषण भए तर ॥
हर्षले काखमा राखे रामले भाइलाइ ती ।
गए पछि विमानैले आश्रमैतिर सैन्य ली ॥
सेनामेना सँगै ओर्ले भरताश्रममा पुगी ।
सबैको अघि पृथ्वीमा राम यी उभिए पछि ॥
भने अनि यसैवेला सर्वोत्तम विमानमा ।
यानराज ! तिमीलाई धन्यवाद छ है यहाँ ॥
तिमी अब गईहाल यक्षराज-कुवेरको ।
सान्निध्यमा, उहाँलाई वोक्ने गर ! हओस् भलो ॥
रामले यत्ति भन्दामा आज्ञा पाइ विमान त्यो ।
गै हाल्यो उत्तरै ताकी धामबीच कुवेरको ॥
पैले रावणले दिव्य यो पुष्पक-विमानमा ।
अधिकार गरेकोथ्यो ठोकठाक गरी वहाँ ॥

१०८

१०९

अब श्रीरामको आज्ञा पाँउदा भइ प्रेरित ।
गयो कुवेरकै सेवा गर्नमै यो विमान त ॥
श्रीरामले आफ्नु सखा पुरोहित वसिष्ठका पुत्र सुयज्ञको तब ।
श्रीपाउ छोए अघि देवराजले छोए सरी गै गुरु-पाउ भक्तिले ॥
राखी उनीलाइ अनी मनोहर छुट्टै कुनै आसनमा निकै पर ।
तानेर अर्को शुभ भव्य आसन आफैं बसे राम नजीक गै पुनः ॥

१११

इति एक सय सत्ताइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय अठ्ठाइसौं सर्ग

श्रीरामको शुभ–राज्याभिषेक

१

शिरमा अँजुली बाँधी कैकेयीसुत राघव ।
सत्य-पराक्रमी दाजु रामसा भन्दछन् अब ॥
ककुत्स्थकुलका रत्न मान्य दाजु ! हजूरले ।
राखिदई बक्सियो मेरी आमाको भाउ स्नेहले ॥
सन्मान त्यत्तिले भैगो ! पुर्खौली राज्य त्यो पनि ।
मलाइ बक्सियो दाजु ! हो ठूलो भाग्य यो पनि ॥
मलाई बक्सिएको थ्यो जसरी अघि दाजुले ।
म पनी अब त्यै ठीक राज्य सुम्पन्छु प्रेमले ॥
मोटो र बलियो गोरू हो ! ठूलै भार बोक्तछ ।
सक्ला बह्र त्यै भार कसरी बोक्न राघव ! ॥
विशाल राज्यको भार अँहँ ! बोक्न कसै गरी ।
म त सक्तिन है दाजु ! सञ्चालन पनि त्यै सरि ॥
जलको वेग बढ्नाले बाँध फट्ट फुट्यो भने ।
त्यसमा फेरि तत्काल कसरी बाँध बाँधिने ? ॥
त्यही ठीक, त्यही जस्तो राज्यका बहु छिद्र ती ।
रोक्न सञ्चाल्न ता दाजु ! म त सक्तिन है कति ॥
घोडाको चाल हिंड्ला र कसरी क्वै गधा प्रभो! ।
हाँसको गति लेला के कौवा जस्तै गरोस्‌न त्यो ॥
म सक्तिन त्यही ठीक प्रभुको गति भेट्‌न त्यो ।
राज्य-सञ्चालना गर्ने शक्ति छैन मसा प्रभो ! ॥
महान् बाहु हुने दाजु ! विन्ती गर्दछु क्यै कुरो ।
नरेश्वर ! सुनी बक्स्योस् जुन दृष्टान्तसम्म हो ॥
घरभित्र बर्घैंचामा कसैले एउटा रुख ।
बडो जतनले रोप्यो गर्‍यो मल—जलादिक ॥
पछि हाँगाबिंगा फैल्यो बढ्नै मुस्किलको भयो ।
त्यसमा फूल लाग्दै गो निकै भरिभराउ भो ॥

११

१४

फल लाग्ने हुँदा वेला तर त्यो ढल्न गो भने ।
के होला मन रोप्नेको हुँदा भोग्न न पाँउने ? ॥
त्यस्तै गति भई हाल्छ त्यो राजाको पनी प्रभो ! ।
प्रजाले जसको रक्षा गर्‍यो ज्यान दिई अहो ! ॥
त्यही राजा पछी आफ्नो गति पुग्दा प्रजाकन ।
कत्ति हेर्दैन गर्दैन भने रक्षण, पालन ॥
तिनको स्थितिके होला मन मर्ला कसो गरी ? ।
मेरो भनाइको अर्थ बुझि बक्स्योस् त्यही सरी ॥
हौं हामी प्रभुका भृत्य भर्ता भै प्रभुले अब ।
हामीलाइ त्यसै छोड्ने ? कि हुने अब त्यै रुख? ॥
तस्मात् हाम्रो छ यै इच्छा लौ पुगोस् अब त्यो छिटै ।
राज्याभिषेक प्रभुको देखोस् यो दुनियाँ सबै ॥
मध्याह्न-कालका सूर्य चम्के जस्तो भई प्रभो ! ।
प्रताप प्रभुको चम्क्योस् तेज साथ लिएर यो ॥
बजुन् नानाथरी बाजा निकालुन् मधुरध्वनि ।
पाउजेब हउन् छम् छम् झन्कियुन् मेखला पनि ॥
गुञ्जियुन् मधुरा गीता त्यसै वेला हजूरको ।
हओस् जागा हुने वेला सुत्ने वेला पनी प्रभो! ॥
जबसम्म यहाँ घुम्छ दिव्य नक्षत्रमण्डल ।
जबसम्म यहाँ टिक्छ यो सारा भूमिमण्डल ॥
रघुका वंशका रत्न हजूर तबसम्म त ।
भैबक्स्योस् विश्वका स्वामी हाम्रो इच्छा पुगोस् स्वतः ॥
भाई भरतका यस्ता कुरा सब सुने पछि ।
भन्दिए हुन्छ ! होस् त्यस्तै खुश भै प्रभु-राम यो ॥
उठी अनि त्यहाँबाट अर्को सुन्दर एउटा ।
वेस आसनमा राम बसे शान्त भई तदा ॥

२६

२७

पाई शत्रुघ्नको आज्ञा नाउ डाक्न कुनै गए ।
हलुका हातले चाँडो जो दाह्री-केश काट्थे ॥
पैले भरतले स्नान गरे लक्ष्मणले अनि ।
राजा सुग्रीवले एवं ती विभीषणले पनि ॥
अनि बाक्ला जटा आफ्ना गरी शोधन राम्ररी ।
नुहाए वीर धर्मात्मा रामले पनि सर्सरी ॥
पहेंलो रेशमी धोती उपर्ना साथ पैह्रिई ।
शोभिए अब श्रीराम सुगन्धी वस्तु लेपिई ॥
विचित्र गहनाले र हारले पुष्प-माल्यले ।
विभूषित भए राम गै सिंहासनमा चढे ॥
वीर शत्रुघ्नले आफैं राम-लक्ष्मण-दाजुको ।
गरे शृङ्गार यै वेला थिए इक्ष्वाकु रत्न जो ॥
यसै वेला दशरथ--राजाका महिषी मिली ।
सीतालाइ सिंगारेर पादिए बा! झिलीमिली ॥
लिएर हर्ष उत्साह कौसल्याले स्वयं अनि ।
भालू-वानरका पत्नी सिंगार्दिन् उत्सुकी बनी ॥
हुँदा शत्रुघ्नको आज्ञा ती सारथि--सुमन्त्रले ।
विशाल रथ तत्काल ल्याए सुन्दर रूपले ॥
सूर्यको अग्निको तेज हो जस्तो तेजिलो रथ ।
देखी अगाडि आएको चढे श्रीराम गै तब ॥
सुग्रीव हनुमान् दोटै देखिन्थे इन्द्र हुन् सरि ।
तेजमा बलमा सम्म अति सुन्दर भैवरी ॥
नुहाई दिव्य वस्त्रादि पैह्रिई भव्य कुण्डल ।
गए नगरको शोभा हेर्न शोभिइ झल्झल ॥
गए सुग्रीवका पत्नी भै झकाझक शोभिई ।
सीता पनि गइन् हेर्न पुर--शोभा खुशी भई ॥
दिव्य-कुण्डलका साथै गहना वेस पैह्रिई ।
सीता साथ गएका यी शोभिए भव्यता लिई ॥
पुण्यात्मा श्रीदशरथ-राजाका सचिवादिक ।
अयोध्यामा यतापट्टि बसे सल्लाहमा सब ॥
वसिष्ठ-वामदेवादि पुरोहित त्यहीं थिए ।
राजाको राष्ट्रको निम्ति विचार स्थिर भै गरे ॥
मन्त्री अशोक सिद्धार्थ तथा विजय यी थिए ।
उङ्गो लगाइ सल्लाह, पछि सेवकमा भने ॥

४३

४४

सुन्नोस्! विजयका योग्य महात्मा रामभद्रको ।
राज्याभिषेकको निम्ति हामीले ताल्लु नै पर्‍यो ॥
तसर्थ जे जहाँ जस्तो गर्नु पर्दछ त्यो सब ।
ध्यान दी खटिई आफैं गर्नोस् मङ्गलपूर्वक ॥
यस्तो दिएर आदेश ती मन्त्री र पुरोहित ।
राम-दर्शनको लागि गए शहरमै तब ॥
हरीया रङ्गका घोडा जोतेको रथमा चढी ।
साक्षात् इन्द्र घुमे जस्तै घुम्थे शहर राम यी ॥
त्यस वेला भएकाथे आफैं भरत सारथि ।
छाता ओढाँउने चाँहि थिए शत्रुघ्न वीर ती ॥
देश--घुम्न भनी जाँदा रामको शिरमा तदा ।
पङ्खा चँवर हम्किन्थे भाइ लक्ष्मण नै यता ॥
अर्कोतिर थिए साक्षात् राक्षसेश विभीषण ।
डुलाँउथे चन्द्र जस्ता सेतो चवँर जो पुनः ॥
ऋषि देव मरुत् आदि त्यसवेला आकाशमा ।
स्तुति गर्थे भई तुष्ट गुञ्जिन्थ्यो ध्वनि यो त्यहाँ ॥
शत्रुञ्जय हुने नाम हात्तीमा गिरिठीकको ।
सुग्रीव कपिका राजा चढेकाथे सुहाँउथ्यो ॥
धरी मनुष्यको देह गहना वस्त्र पैह्रिई ।
नौ हज्जार चढी हात्ती गए वानर ठाँटिई ॥
नगाडा-शङ्ख भेरीको मधुरो शब्द गुञ्जियो ।
श्रीरामको सवारी भो यसरी पुरभित्र त्यो ॥
राजमार्ग भरी सारा अग्ला-अग्ला थिए घर ।
अटाली शोभिइन्थे बा! देख्नेको भै मनोहर ॥
साक्षात् अतिरथी त्यस्ता धर्मात्मा राम आँउदा ।
देखे नगरबासीले रथमा शोभिने तदा ॥
रामका देहको शोभा यस वेला विशेषतः ।
सुशोभित थियो ज्यादै हुँदा दिव्य यथार्थतः ॥
रामका अघि त्यो वेला हिंड्दथे वीर सैनिक ।
भर्दथे जसले शोभा राजमार्ग भरी सब ॥
अभिनन्दन टक्र्याए ती नागरिकले अब ।
देख्ना साथ उनीलाई श्रद्धाले प्रेमपूर्वक ॥
रामले पनि तत्काल यी सारा जनताकन ।
प्रेमले स्नेहले हाँसी दिए प्रत्यभिनन्दन ॥

६०

६१

पुरवासी पनी लागे अव श्रीरामको पछि ।
भाइ-मित्र प्रजाद्वारा जो हिड्थे घेरिई अघि ॥
ग्रह-नक्षत्र-ताराले चन्द्रमा शोभिए सरि ।
भयो श्रीरामको शोभा तिनले घेरिई वरी ॥
प्रजाले मित्र-मन्त्रीले पुरोहित र विप्रले ।
त्यसरी घेरिई राम अयोध्यापुर त्यो घुमे ॥
बाजा बजाँउथे बाजे करताल र स्वस्तिक ।
ओस्ताद गाँउदै हिंड्थे गीत माङ्गलिकादिक ॥
सुवर्णपात्रमा राखी शुभ—दध्यक्षतादिक ।
गाई-ब्राह्मण-कन्यादि हिंड्थे अघि-अघी तव ॥
आफ्ना मन्त्रीहरू साथ रामभद्र स्वयं यता ।
अरण्यवासको चर्चा गर्दै गर्दै गए त्यता ॥
हनुमान् सँगको भेट कपि-सुग्रीव-मित्रता ।
अरु वानरको वीर्य बखान्थे एक-एक बा ! ॥
बल राक्षसको एवं कपिको पुरुषार्थ त्यो ।
सुनेर पुरवासी ता सारा जिल्ल परे अहो ! ॥
श्रीरामले सुनाए बा ! यसै वेला विभीषण ।
आएका आफुमा मिल्न मन्त्रीलाइ पुनः पुनः ॥
यस्तै त्यस्तै कुरा गर्दै तेजस्वी प्रभु राम यी ।
हृष्ट-पुष्ट-प्रजायुक्त पुरमा भित्रिए पछि ॥
त्यो बेला पुरवासीले अ-आफ्ना घरका ध्वजा ।
झण्डा पनि उठाए बा ! हुँदा उत्सव हर्षिदा ॥
पुर्खा इक्ष्वाकुवंशीले बसेको अघि देखिको ।
पिताको घरमा त्यस्तो राम यी भित्रिए अहो ! ॥
वहाँ सती महारानी कौसल्या जननीकन ।
कैकेयी र सुमित्राकै साथमा ढोग्दिए पुनः ॥
यसै वेला भने आफ्ना भाई भरतलाइ ती ।
सारयुक्त बडो मीठो वाणीमा यी कुरा पछि ॥
बुझ्यौ ! भरत ! त्यो मेरो छ जो भवन उत्तम ।
कपिराजकनै बस्न ठिक्क पार तिमी, सुन ! ॥
अशोक-वाटिका आदि त्यसमा छन् मनोरम ।
मोती नीलम इत्यादि जडेका छन् अनुत्तम ॥
सुन्दा यो दाजुको आज्ञा सुग्रीव-कपिराजको ।
समाती हात भरत त्यस भित्र पसे अहो ! ॥

७७

७८

पाई शत्रुघ्नको आज्ञा खटिए घेर सेवक ।
तिलको तेलले बल्ने बत्ती ठिक्क गरे तव ॥
हाले पलङ तत्काल अति राम्रो हुने गरी ।
बहुमूल्य बिछ्यौनाले सजाए बा ! वरीपरी ॥
अव श्रीरामका भाई महान् तेजी थिए जुन ।
भन्दछन् कपिका राजा वीर-सुग्रीवमा पुनः ॥
भनाई सुन्नुहोस् मेरो कपिराज ! यहाँ अव ।
रामराज्याभिषेकार्थ आज्ञा होस् कपिमा सव ॥
श्रेष्ठ वानरमा चार चारोटै सुन-रत्नका ।
घडा दिएर सुग्रीव भन्दछन् उनमा तदा ॥
बावु हो ! अव लौ जाओ तिमीहरू छिटै सव ।
चारोटै सिन्धुको पानी लिइ आओ, कुरो बुझ ॥
शुभ-शाइत भोलीको विहानै छ तिमी अतः ।
जलपूर्ण घडा बोकी त्यसमा ठिक्क भै बस ॥
राजाज्ञा पाँउदा यस्तो हात्ती हुन् ठीकका कपि ।
कुदे गरुड जस्तै भै तुरुन्तै नभ-मार्ग ली ॥
जाम्बवान् हनुमान् एवं वेगदर्शी महाकपि ।
तथा ऋषभले ल्याए जलपूर्ण-घडा पछि ॥
चारोटै सिन्धुका पानी साथमा उनले तव ।
ल्याए पाँच सए ठ्याक्कै नदीको जल वास्तव ॥
अनेकौं वीर-भालूका हुने सुन्दर सैनिक ।
शक्तिमान् जाम्बवान् हुन् बा ! जसमा छ महाबल ॥
सुवर्णमय रत्नादि जडिएको घडा लिई ।
पूर्वका सिन्धुको पानी लिइ आए उनै गई ॥
यता ऋषभले ल्याए पानी दक्षिण-सिन्धुको ।
रक्त चन्दन—कर्पूर आदिले परिपूर्णको ॥
गई गवयले ल्याए जल पश्चिम—सिन्धुको ।
जो थिए बायुझैं वेगी कलशैभर रत्नको ॥
हनुमान्ले यता ल्याए जल उत्तर-सिन्धुको ।
गुणी, गरुड-हावाझैं जो थिए वेगवान् बडो ॥
अव शत्रुघ्नले देखे वानरश्रेष्ठ—वीरले ।
यसरी जल ल्याएको भए गद्गद हर्षले ॥
अनि श्रीरामको निम्ति शुभ-राज्याभिषेकमा ।
प्रयोग गर्ने त्यल्लाई उत्कण्ठित भए वहाँ ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

(१५६१)

६५

तुरुन्त उनले तस्मात् आफ्ना कुलपुरोहित ।
वसिष्ठमा र मन्त्रीमा मित्रमा सुम्पिए सब ॥
बूढा उमेर विद्याका वसिष्ठ--ऋषि ता अनि ।
आफैं नै कसिई हाले लिए विप्र अरू पनि ॥
शुद्ध--चित्त हुने त्यस्ता मुनिले रामलाइ र ।
सीतालाइ लगी राखे सुखासनविषे तब ॥
आठोटा वसुले पैले देवराज महेन्द्रको ।
गराएका थिए जस्तो शुभ--राज्याभिषेक त्यो ॥
त्यही ठीक, त्यही जस्तो महात्मा उनले अहो ! ।
विप्रर्षि लिइ आठोटै गराए अभिषेक यो ॥
वामदेव र जाबालि कात्यायन र काश्यप ।
सुयज्ञ विजय लिए सात यी गौतमादिक ॥
सिन्धुका जलले शुद्ध पढेरै मन्त्र वेदको ।
गरे श्रीराम--सीताको शुभ--राज्याभिषेक त्यो ॥
गराए उनले पैले ऋत्विग् विप्रादिबाट नै ।
रस-औषधि-सम्पन्न विशुद्ध जलले तिनै ॥
सोह्र-कन्या-कुमारीले गराए ऋषिले पछि ।
अनि मन्त्रीहरूद्वारा गराए स्नेहले अति ॥
पुरका वीर योद्धाले तथा नागरिकादिले ।
व्यवसायीहरूले र गराए पछि पौरले ॥
हेर्ने आकाशमा आई देवले लोकपालले ।
पनि श्रीरामको राज्याभिषेकोत्सव त्यो गरे ॥
यता हुँदा—हुँदै यत्ति यौटा मुकुट ल्याइयो ।
अनेकौं थरका रत्न जडिएको जहाँ थियो ॥
महान् वैभव--सम्पन्न यो किरीट थियो अहो ! ।
सूर्यको अग्निको जस्तो कान्तिले जग्मगाँउदो ॥
सभा-भवनको बीच रत्ननिर्मित--पीठमा ।
राखियो पछि यल्लाई वेदका विधिले वहाँ ॥
ब्रह्माले आफ्नु हातैले बनाएको किरीट यो ।
मनुको शिरमा पैले शोभिएको थियो अहो ! ।
उनका वंशका राजाहरूको शिरमा बसी ।
अभिषेक लिएकोथ्यो यसले मनुको पछि ॥
गरी त्यत्ति महान् आत्मा भएका ती वसिष्ठले ।
त्यही किरीट पैह्राए रामलाई विधानले ॥

१११

११२

त्यसको साथ-साथैमा दिव्य-आभूषणादिले ।
सुशोभित गराए बा ! शुभाशीर्वाद आदिले ॥
भाइ--शत्रुघ्नले आफैं त्यो वेला दाजु रामको ।
गर्न सेवन ओढाए श्वेतच्छत्र वहाँ अहो ! ॥
सेतो चँवर ली ठूलो हम्के सुग्रीवले यता ।
हम्के चँवर ली अर्को ती विभीषणले उता ॥
माथि आकाशमा बस्ने देवराज महेन्द्रले ।
यसैवेला महान् वेगी वायुमा प्रेरणा गरे ॥
ती वायुदेवले तस्मात् महात्मा रामलाइ यी ।
सुनका पद्मको माला पैह्राए गद्गदै भई ॥
जडेका दिव्य रत्नादि मोतीको हार एउटा ।
भेट टक्र्याइ पैह्राए राममा उनले तदा ॥
बुद्धिमान् रामको त्यस्तो शुभराज्याभिषेकको ।
यो महोत्सवमा गाए देव-गन्धर्वले अहो ॥
अप्सराहरुले नाचे देव-स्त्री साथमै तब ।
सम्मान योग्यका राम हुनाले यो भयो सब ॥
विद्वान् श्रीरामको राज्याभिषेकोत्सव यो हुँदा ।
पृथ्वी सम्पूर्ण खेतीले परिपूर्ण भइन् यता ॥
उता वृक्षहरू सारा भए फल दिने तब ।
सुगन्ध भरिई आयो फूलमा पनि वास्तव ॥
रामले त्यस वेलामा गरे दान पनी निकै ।
एक लाख दिए घोडा सत्पात्र—द्विजमा सबै ॥
दिए बा ! त्यत्ति नै गाई सयौं साँढे दिए पुनः ।
दिए त्यसपछी नाना वस्त्र द्रव्य तथा धन ॥
त्यसको साथ-साथैमा बहुमूल्य अनेकन ।
वस्तु तीस करोडै ता असर्फी नै दिए पुनः ॥
गरी यत्ति उदारात्मा महाराजाधिराज ती ।
रामले मित्रमा हेरे जो थिए कपिराज यी ॥
अनि यौटा लिए माला सुनको भव्यरूपको ।
सूर्यको कान्ति झल्केझैं झल्किदो मणि शोभिंदो ॥
पहराइ दिए आफ्नै बाहुले उनमा अनि ।
दिए बा ! दुइटा बाजू बीर अङ्गदमा पनि ॥
जूनका जून हुन् जस्ता वैदूर्य-मणि शोभित ।
बालिका पुत्रले पाए यी दुवै, पहिरे सब ॥

१२८

१२९

अधिको हार मोतीको चन्द्ररश्मि—सरी हुँदो ।
जडेको मणि जो थ्यो त्यो सीतालाइ दिए अहो ! ॥
न हुने कहिले मैलो दुइटा दिव्य वस्त्र र ।
सर्वोच्च गहना राम्रा पहिराइ दिए तब ॥
जानकीले यसो हेरिन् पति श्रीराम तर्फ र ।
हनुमान्लाइ क्यै वस्तु दिने अब गरिन् सुर ॥
झिकी आफ्नु गलाको त्यै मोतीको हार सुन्दर ।
हेरिन् सबतिरै फेरि देखिए सब वानर ॥
संझिए राम-राजाले जानकीको शुभाशय ।
भने अनि उनीलाई भएर यसरी खुश ॥
सौभाग्य-शालिनी-देवी ! छौ तिमी जसमा खुश ।
हुन्छ ! देउ त्यसैलाई दिव्य यो हार वास्तव ॥
ती नीला-नेत्रकी देवी सीताले हनुमान्कन ।
दिइन् त्यो हार मोतीको हुनाले सब सद्गुण ॥
थियो चातुर्य सन्नीति पुरुषार्थ पराक्रम ।
धृति तेज तथा कीर्ति नम्रता शक्ति उत्तम ।
शोभिए कपिमा श्रेष्ठ हनुमान् यस हारले ।
गिरिझैं जूनको जून झल्केको श्वेत मेघले ॥
यस्तै प्रकारले जो जो मुख्य श्रेष्ठ थिए कपि ।
ती सबैको गरे राजा-रामले अब सत्कृति ॥
बहुमूल्य लुगाले र गहना आदि द्रव्यले ।
गरे आदर सम्मान सबैको पछि रामले ॥

१३९

१४०

सजीलै काम ठूल्ठूला गर्न सक्ने नरेशले ।
भेद-भाव न राखेर योग्य सत्कार नै गरे ॥
विभीषण र सुग्रीव हनुमान् जाम्बवान् तथा ।
अरूको पनि सम्पूर्ण पुऱ्याए मनका कुरा ॥
बहुमूल्य-अमूल्यादि नाना रत्न तथा धन ।
वस्त्रले वस्तुले सम्म राखे बा ! सबको मन ॥
दङ्गादङ्गी परे सारा आएथे जसरी यहाँ ।
त्यसै गरी गए फेरि आफ्नो ईप्सित ठाममा ॥
राजाधिराज श्रीराम प्रभुले अब अन्तमा ।
नील द्विविद् मैन्दादि हेरे यी कपिवीरमा ॥
भेटदिए उनको धोको अमूल्य मणि-द्रव्यले ।
गरे सम्मान आफैंले स्नेहका बातचीतले ॥
महात्मा रामको यस्तो हेरी राज्याभिषेक यो ।
किष्किन्धातिर लागे यी बिदा पाइ नरेशको ॥
राज्याभिषेक हेरेर मित्र श्रीरामको अब ।
किष्किन्धापुरमै आए सुग्रीव भइ पूजित ॥
पुर्खौंली राज्य लङ्काको थाम्न राक्षस जति ली ।
विभीषण पनी लागे लङ्कैतिर भई खुशी ॥
यसरी शत्रु सम्पूर्ण मासेर प्रभु-राम यी ।
राज्य सह्माल्न त्यो लागे पारी विप्र-प्रजा खुशी ॥
उदारात्मा थिए साह्रै लाग्दथ्यो धर्ममै मन ।
उनले यसरी बस्ता भनिए भाइ लक्ष्मण ॥

१५०

१५१

धर्मज्ञ ए बाबु ! समस्त हाम्रा पुर्खाहरूले जसलाइ पाले ।
त्यै राज्य हो यो, अब साथ मेरो बसेर सह्माल ल योग्यताले ॥
उहाँहरुले बल-सैन्य द्वारा हो थामिएको दृढ राज्य हाम्रो ।
तिमी यसैमा युवराज होउ जो गर्नु पर्ने गर, पार राम्रो ॥

श्रीरामले लक्ष्मण—भाइलाई संझाँउदामा पनि बार—बार ।
नियुक्त गर्दा पनि भाइले ती क्यै संझिएनन्, न भए तयार ॥
केही न लाग्दा पछि रामले यी यो राज्यको त्यो युवराज-भार ।
सुम्पे पछाडी भरतैकनै ती थामे उनीले पछि भै तयार ॥

१५४

CC-0. In Public Domain. Digitization by eGangotri

१५५

राम्ररी राज्य चल्दै गों महाराजाधिराज यी ।
रामले राज्य गर्दामा सुख-शान्ति बढ्यो अति ॥
पौण्डरीक अश्वमेध बाजपेयादि यज्ञ ता ।
गरे श्रीराम-राजाले नाना यज्ञ सँगै तदा ॥
वर्ष एघार हज्जार सम्म त्यो राज्यपालन ।
गरे धर्म र न्यायैले प्रजामा सुख दीकन ॥
अश्वमेध गरे यज्ञ सर्योपल्ट नरेशले ।
जसमा श्यामकर्णादि घोडा उत्तम छोडिए ॥
हरेक यज्ञको साङ्ग हुँदा आचार्य आदिमा ।
दिइएका थिए धेरै धन द्रव्यादि दक्षिणा ॥
राजा-राम थिए साह्रै राम्रा शील-स्वभावका ।
घुँडासम्म दुवै बाहु पुग्दथे उनका उता ॥
विशाल उनको छाती शोभिन्थ्यो भै मनोहर ।
राम ज्यादै प्रतापी थे प्रजाका प्रिय सुन्दर ॥
भाई लक्ष्मण साथैमा राखेर प्रभु रामले ।
पुर्खौली राज्य पृथ्वीको धर्मले नीतिले गरे ॥
मित्र-बान्धव-भाईका-छोराका साथमा बसी ।
गरे नाना थरी यज्ञ राज्यमा रामले पछी ॥
पुण्यात्मा रामराजाको राज्य-शासनकालमा ।
विलाप विधवा-स्त्रीको सुनिएन कहीं यहाँ ॥
भएन डर-आतङ्क सर्पादि क्रूर-जन्तुको ।
रोगको त्रास आशङ्का देखिएन कहीं अहो ! ॥
भएन चोर-डाँकाको डर सम्म जगत्भरी ।
न राम्रो काममा कोही हातै हाल्दैनथ्यो बढी ॥
बूढाले अल्लि पाकाले आफ्ना कम उमेरका ।
व्यक्तिको बालबच्चाको गरेनन् कहिल्यै क्रिया ॥
थिए खुश प्रजा सारा लाग्दथे धर्ममा सब ।
रामको मुख हेरेर ईर्ष्यै गर्दैनथे तब ॥
धर्मात्मा राम-राजाको शुभ-शासनकालमा ।
हजार वर्ष पर्यन्त प्रजा बाँच्थे जहाँ-तहाँ ॥
हुन्थे विशेष सम्पूर्ण हजारौं पुत्रका पिता ।
कसैमा रोग-शोकादि पर्दै पर्दैनथ्यो तदा ॥
हुन्थ्यो अन्योन्यमा चर्चा प्रजामा खालि रामको ।
राम ! राम ! यही जप्थ्यो जगत् राममयै भयो ॥

१७१

१७२

दरा र बलिया हुन्थे त्यो वेला वृक्षका जरा ।
फलले फूलले टम्म हुन्थे वृक्ष पनी तदा ॥
प्रजाको मुख ताकेर आवश्यक पर्‍यो कि ता ।
जल वर्षाउँथे मेघ दिन्थ्यो सुख छुँदै हवा ॥
आ-आफ्नै कर्ममा मात्र लाग्दथे जनता तब ।
त्यसैमा तुष्ट हुन्थे ती स्वधर्मै पाल्दथे सब ॥
रामले राज्य गर्दामा पृथ्वीका जनमा कहीं ।
थिएन छल वा झूठो थियो सत्य जहाँ कहीं ॥
विप्र क्षत्रिय सद्वैश्य शूद्र यी चारवर्णका ।
प्रजामा लोभ भन्ने ता उब्जेन कहिल्यै तदा ॥
वर्ण-आश्रमको धर्म धान्थे लक्षण-ठीकको ।
तुष्ट भै त्यसमै अड्थे मान्थे आधार धर्मको ॥
यसरी भाइकै साथ यी राजेश्वर-रामले ।
वर्ष एघार हज्जार गरे राज्य स्वधर्मले ॥
यो ऋषिप्रोक्त हो आदिकाव्य रामायणात्मक ।
वाल्मीकि-ऋषिले पैले बनाएको शुभात्मक ॥
धर्म कीर्ति तथा आयु यसले नै बढाँउछ ।
त्यस्तै राजाहरूलाई यही जय दिलाँउछ ॥
श्रद्धा भक्ति लिई भित्र पढ्छ वा सुन्छ काव्य यो ।
भने पढ्ने र सुन्नेको पाप नाश्तछ फेरि यो ॥
यो पृथ्वीतलमा सुन्दा रामराज्याभिषेक त्यो ।
धनार्थी धन, पुत्रार्थी पुत्र पाँउछ "सत्य हो" ॥
सुन्नाले मात्र यो काव्य राजा दिग्जय गर्दछ ।
कुनै शत्रु भए त्यस्ता आफ्तु नै वश पार्दछ ॥
जस्तो सुमा महारानी कौसल्या रामले तथा ।
सुमित्रा-महिषी वीर पुत्र लक्ष्मणले यता ॥
हुँदा भरत कैकेयी माता जीवित-पुत्रकी ।
कहिइन् यस पृथ्वीमा सुखिनी, वेस कीर्तिकी ॥
यिनै ठीक यिनै जस्तो हुनेछन अरू स्त्री पनि ।
यो आदिकाव्य सुन्दामा पुत्र-पौत्र हुने पनि ॥
न पर्ने अरुमा क्लेश काम गर्ने नरेन्द्र यी ।
रामका जीतको गाथा गाइने हो कथा यही ॥
रामायण महाकाव्य यो पढे, प्रेमले सुने ।
निरन्तर हुने श्रेय लामो आयु छ पाइने ॥

१८८

१८९

त्यों त्रेतायुगमै पैले ती वाल्मीकि-महर्षिले ।
देखेर आफ्नु आँखैले यसको रचना गरे ॥
श्रद्धापूर्वक यो काव्य काम--क्रोध दुवै जिती ।
जो सुन्छ, पढ्छ, त्यो व्यक्ति कष्ट नाश्छ परे जति॥
यसको फलले गर्दा प्रवासी स्वजनादिको ।
भेट-घाट छिटै भेट्छन्, सुख भोग्छन् पछाडि जो ॥
वाल्मीकि--कृत यो काव्य रामायण सुने भने ।
सुन्नेका मनको धोको छन् श्रीराम पुऱ्याँउने ॥
गर्दा श्रवण यो काव्य भन्ने सुन्ने दुवै प्रति ।
देव--सिद्ध-महात्मादि खुश हुन्छन् सबै पछि ॥
विनायकादि जो जो छन् दुष्ट ग्रह तिनै सब ।
नाशिन्छन् , छ भनेमात्र घरमा काव्य यो शुभ ॥
सुनी यो काव्य जो राजा पृथ्वी-विजय गर्नमा ।
जान्छ ता विजयै हुन्छ त्यसको सब ठाममा ॥
परदेश गएको छ कुनै जन भने, सुने ।
पढे वा यो महाकाव्य त्यसको छ भलो हुने ॥
त्यस्तै धोको हुने नारी सुन्छन् ता भै रजस्वला ।
पुत्र जन्माँउलान् वेस यसको शक्तिले सदा ॥
रामको जीवनी-गाथामय हो इतिहास यो ।
जो पढ्छ नित्य श्रद्धाले नित्य पूजन गर्छ जो ॥
त्यस्ता व्यक्तिहरू छुट्छन् पाप देखि अगाडिका ।
लामो आयु तिनै भेट्छन् नित्य कल्याण हुन्छ बा! ॥
विद्वान् विप्रहरू बाट सुने क्षत्रिय-जातिले ।
पुत्र-ऐश्वर्यलाभादि हुनेछ तिनमा भरे ॥

२००

२०१

काव्य यो रामको गाथा पढ्छन् सुन्छन् भने सब ।
पढ्ने सुन्ने दुवैमाथि हुन्छन् राम सँधै खुश ॥
ऋषिप्रणीत यो आदिकाव्यका मूलनायक ।
श्रीराम परमात्मा हुन् सर्वात्मा विष्णु व्यापक ॥
आदिदेव महाबाहु हरि नारायण प्रभु ।
सनातन जगन्नाथ ब्रह्म हुन् राम यी विभु ॥
सुन्नोस् ! पाठक-श्रोता हो ! प्रसङ्ग अघिको सब ।
जो बालकाण्डको चौथो सर्गमा गो, यहाँ अब ॥
श्रीराम-परमात्माको त्यत्रो राजसभाविषे ।
लवले कुशले गाए जुन यो भावभक्तिले ॥
यहाँ सम्म बडो मीठो स्वरमा आदिकाव्य यो ।
ती दुवै भाइले गाई सभामा भन्दछन् यसो ॥
मान्य-सज्जन श्रोता हो ! तपाँईंहरुको सदा ।
जय होस् ! होस् भलो नित्य काव्य श्रवण यो हुँदा ॥
हामीले जो यहाँ गायौं घटना त्यो कथा सब ।
यो रामायण-काव्यैको रूपमा नै भन्यौं सब ॥
तपाँईहरु यस्लाई श्रद्धा-विश्वासले अब ।
गाँउनोस् पढ्नुहोस् नित्य सुन्नुहोस् प्रेमपूर्वक ॥
मिल्नेछ यसको साटो फलको रूपमा पछि ।
भगवान्-विष्णुकै जस्तो बल, शक्ति, समृद्धि ती ॥
रामायण-महाकाव्य यो राख्ता भित्र चित्तमा ।
तथा सुन्दा सबै देव खुश हुन्छन् सँधै यहाँ ॥
यो आदिकाव्य सुन्नाले आफ्ना पितृहरू पनि ।
हुनेछन् खुश अत्यन्त भलो हुन्छ त्यसै पनि ॥

२१२

२१३

गरी श्रीराममा भक्ति जुन यो ऋषि-निर्मित ।
रामजीवन लेख्नेछन् भेटनेछन् ती त्रिविष्टप ॥
गम्भीर यो अर्थ र भावपूर्ण हो रामगाथामय-काव्य पैलो ।
सुन्नेहरूको धन-धान्य वृद्धि गराँउने तत्त्व छ, दिन्छ थैलो ॥
संसारका भोग र सुन्दरी स्त्री खोज्छन् भनेता पनि पाँउछन् ती ।
पढे-सुनेमा शुभ राम-गाथा अवश्य पुग्ला अभिलाष-आशा ॥
छ दिव्य यो काव्य पवित्र ज्यादै आरोग्य सत्कीर्ति र आयु दिन्छ ।
भाईहरूमा पनि ती फुटेमा बढाइ भ्रातृत्व सुबुद्धि दिन्छ ॥

२१६

CC-0. In Public Domain. Digitization by eGangotri

२१७
शरीरमा ओज र शक्ति भर्ने यै काव्य हो ऋद्धि विशेष गर्ने ।
भलो हुओस् भन्दछु जो मनुष्य पढोस् सुनोस् त्यै नित यो अवश्य ॥

इति एक सय अट्ठाइसौं सर्ग

इति युद्धकाण्ड समाप्त

CC-0. In Public Domain. Digitization by eGangotri

अथ उत्तरकाण्ड

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरकाण्ड

पहिलो सर्ग

राजराजेन्द्र श्रीरामको दरवारमा अगस्त्य--आदि ऋषि--मुनिको आगमन र कुराकानी

१

सारा राक्षस संहार भै सके पछि राम यी ।
गरी स्वराज्य यो प्राप्त त्यसरी शोभिए पछि ।।
यसै वेला वहाँ आए रामको गर्न दर्शन ।
तलका मुनि भै तुष्ट अभिनन्दन अर्पन ।।
बस्थे पूर्व दिशापट्टि मुनि वा ऋषि जो जति ।
मुख्य-मुख्य सबै आए तिनमा हुन् प्रधान यी ।।
मेधातिथि यवक्रीत गार्ग्य गालव कौशिक ।
ती मेधातिथिका छोरा आए कण्व पनी तव ।।
स्वस्त्यात्रेय र भगवान् नमुचि प्रमुचि प्रभु ।
साक्षात् सुमुख विमुख अगस्त्य अत्रि यी प्रभु ।।
बस्तथे दक्षिणैपट्टि विशेष सब यी ऋषि ।
आए अगस्त्यकै साथ लगाएर उनै अघि ।।
नृषङ्गु धौम्य कवष श्रीकौशेय महर्षि यी ।
पश्चिमैपट्टी बस्थे जो आए शिष्य लिई पछि ।।
सँधै उत्तरमा बस्ने सातोटा मुनि वा ऋषि ।
भनिन्छन् जुन सप्तर्षि, आए यी पनि हर्षिई ।।
विश्वामित्र तथा अत्रि जमदग्नि र कश्यप ।
वसिष्ठ र भरद्वाज थिए गौतम यी सब ।।
यी सबै ऋषि तेजस्वी अग्निझैं थे प्रकाशिला ।
वेद—वेदाङ्ग सम्पूर्ण जानेका तत्त्व शास्त्रका ।।

१०

११

अडिई अनि ढोकैमा धर्मात्मा श्रीअगस्त्यले ।
राजप्रासाद ड्योढीको ढोकेमा यसरी भने ।।
लौ बाबै ! अब जा ! भित्र राज-राजेन्द्र राममा ।
विन्ती गर् ! मुनि छौं हामी आएका भनि द्वारमा ।।
त्यो ढोके दौडिई हाल्यो श्रीअगस्त्य-महर्षिको ।
यो आज्ञा पाउँना साथ पाउमा पुग्न रामको ।।
साह्रै बेस थियो ढोके चतुरो धैर्यवान् बडो ।
नीति जान्ने सदाचारी बुझ्ने सब कुरो, खरो ।।
पूर्ण चन्द्र सरी खुल्दो मुखका राममा पुगी ।
देख्नासाथ गऱ्यो विन्ती गरी दर्शन क्यै झुकी ।।
राजेन्द्र ! भगवान् साक्षात् अगस्त्य मुनि साथमा ।
ऋषि पाल्नु भएको छ धेरै, बाहिर द्वारमा ।।
बिहानिपखका सूर्य जस्ता दिव्य प्रकाशिला ।
मुनीश्वर सबै त्यस्ता आएका यी सुनी कुरा ।।
ढोकेलाई भनी हाले अब राजेन्द्र रामले ।
गई सब उहाँलाई लौ यहाँ ल्याउ शान्तिले ।।
देखी यी मुनि आएका उठे राम स्वयं अब ।
जोडिए उनका बाहु दुइटै प्रेमपूर्वक ।।
गरे आदरले पूजा पाद्य—अर्घ्यादिले अनि ।
विधिले रामले पैले टक्र्याए गाइ नै पनि ।।

२०

२१

अभिवादन टक्र्याए यथाक्रम सबैकन ।
पछि श्रीरामले आफैं अर्पिए बस्न आसन ॥
थिए आसन यी सारा बनेका सुनकै तर ।
बडा विचित्र देखिन्थे ठूला थे भव्य सुन्दर ॥
बीचमा कुश हालेर सिंगारेर सजासित ।
राखिएका थिए माथि मृगचर्म सुशोभित ॥
अ-आफ्नो योग्यको ठाम रोजेर सब यी मुनि ।
शोभिए बा ! तिनैमाथि, जम्यो अब सभा पनि ॥
अ-आफ्ना शिष्यका साथ बसेमा सब यी ऋषि ।
सोधे कुशल-क्षेमादि राम-राजेन्द्रले झुकी ॥
वेदको तत्त्व जानेका सारा मुनि-महर्षि ती ।
अब श्रीराममा भन्छन् भित्र गद्गद भै अति ॥
राज—राजेन्द्र श्रीराम ! अब हाम्रो निमित्तमा ।
छ है भलै-भलो मात्र छौं जो खुश जहाँ-तहाँ ॥
शत्रु सम्पूर्ण मारेका शोभिएका यसो गरी ।
कुशली प्रभुलाई जो देख्छौं सौभाग्य हो यही ॥
प्रभुले मारि बक्स्यो जो सारा लोक रुवाँउने ।
दुष्ट रावणलाई त्यो यही नै भो भलो हुने ॥
पुत्र-पौत्रादि साथैको त्यो रावण पनी तर ।
भएन प्रभुमा भार मार्नमा क्यै धनुर्धर ! ॥
धनु हात लिई वीर ! प्रभु राज भयो भने ।
त्रैलोक्यै जिति बक्सिन्थ्यो छैन सन्देह क्यै हुने ॥
सारा राक्षसको स्वामी दुष्ट रावण जो प्रभो ! ।
मारि बक्स्यो त्यही नै भो ठूलो सौभाग्यको कुरो ॥
लिइ सीता महारानी साथमा विजयी भई ।
बसेको यसरी वीर ! देख्छौं जो भाग्य हो यही ॥
धर्मात्मन् ! प्रभुका भाई वीर लक्ष्मण यी पनि ।
हुन् साँच्चै प्रभुका भक्त गर्थे सेवा सँधै यिनी ॥
यिनकै साथ शत्रुघ्न प्यारा भरत भाइ ली ।
बसेको पनि देख्यौं बा ! मुमा रानी सँगै मिली ॥
मरे प्रहस्त विकट विरूपाक्ष महोदर ।
अकम्पन महान् हो त्यो मऱ्यो दुष्ट निशाचर ॥
थियो मोटाइ-अग्ल्याई दुवैमा जो विचित्रको ।
दाँजी हेरौं भने जस्को जोडै पाइन्नथ्यो अहो ॥

३७

३८

कुम्भकर्ण पनि त्यस्तो प्रभुले मार्दि बक्सियो ।
युद्धमा सजिलै ओहो ! यै त हो भाग्यको कुरो ॥
त्रिशिरा अतिकायादि देवान्तक नरान्तक ।
हुन् ठूला वीर्यवान् राम ! जो मरे भो भलो तव ॥
देख्तैमा अति डर्लाग्ने पुत्र ती कुम्भकर्णका ।
हाम्रो नै भाग्यले गर्दा मरे कुम्भ निकुम्भ बा ! ॥
नाश्ने प्रलयमा जस्तै साक्षात् यम समानका ।
युद्धोन्मत्त तथा मत्त मरे बा ! युद्धमा अहा ! ॥
यज्ञकोप र धूम्राक्ष बलवान् दुइ राक्षस ।
यमलोकतिरै लागे यै हो भाग्य रघूद्वह ! ॥
सब राक्षस यी राम ! अस्त्र-शस्त्रादि जान्दथे ।
जगत्को अति डर्लाग्दो उग्र संहार गर्दथे ॥
परन्तु प्रभुले ओहो ! काल हुन् ठीक बाणले ।
मार्दि बक्स्यो सबैलाई यो भन्दा अरु हर्ष के ? ॥
सम्पूर्ण देवलेसम्म मार्न गाह्रै थियो अहो ! ।
सारा राक्षसको राजा त्यो रावण स्वयं प्रभो ! ॥
त्यस्ताकन पनी वीर ! प्रभुले द्वन्द्वयुद्धमा ।
सजिलै सँग मारेर ली बक्स्यो विजयै यहाँ ॥
त्यो द्वन्द्वयुद्धमा राजन् ! प्रभुबाट निशाचर ।
त्यो रावण मऱ्यो भन्ने छैन आश्चर्य क्यै, तर ॥
जो मऱ्यो त्यसको छोरो मेघनाद लडी-भिडी ।
वीर लक्ष्मणद्वारा यी त्यही आश्चर्य हो बढी ॥
कालले झम्टिए जस्तै झम्टिने त्यस दुष्टको ।
थियो बेजोडको ओहो ! साथमा नागपाश जो ॥
त्यसबाट भई मुक्त देवद्रोही त्यसैकन ।
प्रभुले मार्दि बक्स्यो जो भाग्य यै भो महान् पुनः ॥
इन्द्रजित् वधको हाल सुन्दा हामी भयौं खुश ।
अभिनन्दन अर्पन्छौं यसमा प्रभुमा अब ॥
जान्दथ्यो त्यो महामाया कसैले पनि युद्धमा ।
जित्न सक्तैनथ्यो राजन् ! यसैले छक्क छौं यहाँ ॥
त्यसलाई र त्यै जस्ता रूप धर्ने भने सरि ।
अरुलाइ पनी मार्दि बक्स्यो जो भाग्य हो यही ॥
यसरी प्रभुले राम ! सारा संसारलाइ यो ।
अभयै-दक्षिणा बक्स्यो हुनसम्म भयो प्रभो ! ॥

५४

CC-0. In Public Domain. Digitization by eGangotri

५५

ककुत्स्थ-कुलका रत्न शत्रुनाशक भूपते ! ।
अर्पन्छौं धन्यवादादि प्रभुमा यस कामले ॥
यसै गरी हजुरको वृद्धि निरन्तर हजुरको ।
बढि बक्स्योस् सँधै राम! धन्य हो! जय होस् प्रभो! ॥
यस्ता पवित्र-आत्माका मुनिका यी कुरा सुनी ।
भन्दछन् अब श्रीराम जोडी हात यसो अनि ॥
प्रशंसा गरि बक्स्यो जो पूज्यपाद-महर्षि हो ! ।
हजुरहरुले त्यस्तो इन्द्रजित्को छ वेस जो ॥
परन्तु वीर्यवान् साह्रै कुम्भकर्ण र रावण ।
छोडेर त्यसको गर्नु हेतु के ? सुन्न पाँउ म ॥
महोदर विरूपाक्ष प्रहस्त पनि हो कडा ।
मत्त उन्मत्त यी दोटै बलवान् हुन् निकै तथा ॥
आँट्न गाह्रै हुने हुन् ती देवान्तक, नरान्तक ।
महान् वीर्य भएका यी बलवान् पनि हुन् सब ॥

६१

६२

छोडेर यी सबैलाई मेघनादकनै अहो ! ।
प्रशंसा गरि बक्स्यो जो हेतु के छ? म सुन्छु त्यो ॥
अतिकाय र धूम्राक्ष त्रिशिरा पनि राक्षस ।
हुन् निकै वीर्यवान् किन्तु भएनन् यी प्रशंसित ॥
त्यो मात्र किन भो त्यस्तो प्रशंसा गर्न योग्यको ।
प्रभाव त्यसको कस्तो बल विक्रम शक्ति थ्यो ॥
कुन कारणले गर्दा बावु - रावण नाट त्यो ।
बढी भो इन्द्रजित् - छोरो सुन्न पाँउ महर्षि हो ! ॥
सुन्न योग्य भए मैले गोप्य छैन भने अहो ! ।
आज्ञा होस् सुन्छु यो सारा आज्ञा होइन है प्रभो ! ॥
त्यसले कसरी कस्तो वर पायो महर्षि हो ! ।
जित्यो बा ! जसले गर्दा इन्द्रलाइ पनी अहो ! ॥
अत्यन्त बलवान् भो त्यो छोरो चाँहि कसो गरी ।
बावु-रावण त्यो चाँहि त्यो भन्दा कम के गरी? ॥

६८

६९

त्यो इन्द्रजित् राक्षस युद्धमा अहो ! भो बावु भन्दा बलमा निकै बडो ।
कसो गरी शक्ति हुने विचित्रको सुरेन्द्रलाई पनि अन्तमा जित्यो? ॥
गरेर के के वर ती अनेकन त्यो इन्द्रजित्ले लिइयो तपोधन ! ।
निरन्तरै सोद्धछु सुन्न चाख भै आज्ञा हजोस् लौ ! अब त्यो कुरा सबै ॥

७०

इति पहिलो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो सर्ग

महर्षि आगस्त्य द्वारा राजा--रामलाई राक्षसहरूको उत्पत्तिक्रम बताँउदा विश्रवा–मुनिको जन्म–वर्णन गर्नु

१

रामको प्रश्न यो सुन्दा कुम्भयोनि र तेजिला ।
अगस्त्य–मुनि ती भन्छन् क्रम साथ यिनै कुरा ॥
सुन राजेन्द्र श्रीराम ! त्यसको बल-तेजले ।
जो जस्तो घटना भो त्यो म भन्छु अब प्रेमले ॥
यही आश्चर्य थ्यो राम ! जसले मेघनाद त्यो ।
शत्रु जत्ति सबै मार्थ्यो तर मारिन्नथ्यो प्रभो ! ॥
यो प्रसङ्ग बखान्नाको निम्तिमा म तिमीकन ।
कुरा खोलेर सम्पूर्ण भन्छु रावण-जीवन ॥
कुल-जन्मादि साथैमा त्यसले जसरी वर ।
अघि प्राप्त गर्‍यो राजन्! भन्छु त्यै म, छ सुन्दर ॥
प्रजाका पति ब्रह्माको हो सत्य युगको कुरा ।
जन्मिए एउटा पुत्र थियो नाम पुलस्त्य ता ॥
बल-तेज-तपस्यामा शक्ति-सामर्थ्यमा पनि ।
साक्षात् पितामहै जस्ता थिए लौ बुझ यो पनि ॥
उनको गुणको एवं दिव्य शील-स्वभावको ।
सकिन्न वर्णनै गर्न यो त संक्षेपमात्र हो ॥
ठीक पर्ला बुझ्यौ ! राम ! यत्तिमात्र भने पनि ।
हुन् प्रजापतिका छोरा यी पुलस्त्य महामुनि ॥
प्रजाका पति ब्रह्माका हुनाले पुत्र यी मुनि ।
अत्यन्त प्रिय थे राजन् ! देवताहरुका पनि ॥
थे महान् बुद्धिमान् फेरि गुण भै अति उज्ज्वल ।
विश्वका सब प्राणीका प्रिय थे यसरी तब ॥
धर्माचरण गर्नाको हेतुले एकपल्ट ती ।
गए पर्वतका राजा मेरुमा चुचुरो चढी ॥
त्यहीं आश्रम थ्यो दिव्य राजर्षि–तृणबिन्दुको ।
निकै रमाइलो लाग्यो बसे पछि वहीं प्रभो ! ॥

१३

१४

थिए इन्द्रिय रोकेका धर्म प्रकृतिका उनी ।
गरेर वेदपाठादि बसे तप गरी अनि ॥
काल बित्तै गयो किन्तु पछि आश्रमभित्र त्यो ।
केही कन्याहरू आए थाले बा ! विघ्न पार्न पो ॥
यिनमा मुख्य थे कन्या ऋषि-राजर्षि-नागका ।
यिनका साथ साथैमा थिए छ्यास्मिस अप्सरा ॥
अनेकथरका खेल खेली क्रीडा गरी-गरी ।
घुम्थे विहार गर्थे यी त्यै आश्रम वरीपरी ॥
त्यहाँको बन त्यस्तै थ्यो जो छवै ऋतुमा पनि ।
गर्न सेवन थ्यो योग्य रमणीय पनी अनि ॥
यसर्थ सब यी कन्या त्यहीं आइ दिनैदिन ।
गिज्जिन्थे मस्किइन्थे र क्रीडा गर्थे अनेकन ॥
बस्थे पुलस्त्य ब्रह्मर्षि जहाँ त्यो ठाम ता अहो! ।
थियो अत्यन्त नै राम्रो मन नै मक्क पार्दथ्यो ॥
तसर्थ यी सती-साध्वी कन्याहरू दिनैदिन ।
यहीं थुप्रिइ नाच्थे बा ! गाँउथे र बजाँउथे ॥
पुलस्त्य-मुनिको त्यस्तो तपः स्वाध्याय आदिमा ।
यसरी पार्दथे विघ्न पुगी घुमी जहाँ-वहाँ ॥
यसले तेजिला त्यस्ता यी पुलस्त्य महामुनि ।
केही रुष्ट भए जस्ता भै हाले र भने अनि ॥
भोलि देखि यहाँ आई मेरो अघि पर्‍यौ कि त ।
जो सुकै होस्‌न् त्यो कन्या पेट बोक्ली यथार्थतः ॥
महात्मा-मुनिको यस्तो श्रापका तुल्यको कुरा ।
सुने बा ! सब कन्याले दोहोलो भै गए बरा ॥
सुने बा ! सब कन्याले दोहोलो भै गए बरा ॥
डराई त्यसले गर्दा आएनन् क्वै पनी त्यहाँ ।
सुनेकी थिइनन् यौटी कन्याले मात्र यो जहाँ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

थिइन् यिनी सुता साक्षात् राजर्षि तृणबिन्दुकी ।
घुम्न लागिन् भई ढुक्क आई आश्रममा त्यहीं ॥
वहाँ वरीपरी खोजिन् देखिनन् क्वै पनी सखी ।
प्रजाका पतिका पुत्र थिए एक्ला पुलस्त्य यी ॥
सुन राजेन्द्र ! यो वेला तपको तेज धप्धप ।
मुनिको देहमा खुल्थ्यो वेद – स्वाध्याय थ्यो तब ॥
वेदको ध्वनि सुन्दा जो सुरीलो मधुरो थियो ।
तानिइन् बिचरी कन्या त्यतैतिर बढिन् अहो ! ॥
तपस्याका महान् खानी यी मुनीन्द्र – पुलस्त्यमा ।
झुकेर उनले राम ! टक्र्याइन् ढोग अन्तमा ॥
पऱ्यो मुनीन्द्रको दृष्टि यिनैमाथि वहाँ अब ।
अकस्मात् यिनको देह पहेँलो भै गयो तब ॥
आफूले पेट बोकेको रहेको गर्भ सम्म पो ।
उनलाइ भयो ज्ञात देखिए लक्षणै अहो ! ॥
छिनैमा दोष उब्जेको देख्ता आफ्नु शरीरमा ।
के भयो लौननी ! यस्तो ममा? भन्ने गमिन् वहाँ ॥
यस्तै विचार बोकेर सरासर अनी उनी ।
आइन् आश्रममा आफ्ना पिताको दुःखिनी बनी ॥
अब त्यस्तो अवस्थाकी देख्ता आफ्नी सुताकन ।
तृणबिन्दु - महाराज सोद्धछन् यसरी सुन ! ॥
के हो ? शरीरको यस्तो अवस्था कसरी भयो ।
तिम्रो निमित्तमा छोरी ! यस्तो हुनु अयोग्य हो ! ॥
महान् धन तपस्या नै हुने आफ्ना पिताकन ।
हात जोडी झुकी राम ! भन्छिन् अनि उनी सुन ! ॥
बुवा ! मलाइ क्यै पत्तो छैन, जान्दिन हेतु क्यै ।
मेरो रूप भयो यस्तो जसले सत्य भन्छु यै ॥
एक्लै सखीहरू खोज्न केही बेर अगाडि म ।
गएकीथें पसेकीथें पुलस्त्याश्रम पावन ॥
वहाँ राज भएकोथ्यो पवित्रात्मा महामुनि ।
खोजें घुमेर सर्वत्र मैले देखिन क्वै पनि ॥
यत्तिकैमा भयो मेरो देह यस्तो त्यसै बुवा ! ।
डराएर अनी फर्कें सरासर यतै म ता ॥
तपको तेज शोभिन्थ्यो राजर्षि—तृणबिन्दुको ।
छोरीका यी कुरा सुन्दा उनको मन खिन्न भो ॥

४३

४४

ध्यानको दृष्टिले हेरे उनले तत्त्व बुझ्न त्यो ।
पछि ज्ञान भयो राम ! काम त्यस्तो महर्षिको ॥
महात्मा र पवित्रात्मा पुलस्त्य मुनिराजको ।
शाप-प्रभावले गर्दा भयो भन्ने बुझे कुरो ॥
अनि छोरी लिई साथ स्वयं आश्रममा गए ।
मुनि साथ गरे विन्ती राजर्षि तृणबिन्दुले ॥
भगवन् ! छन् यिनी मेरी प्रिय पुत्री तपोधन ! ।
बेस लक्षण छन् ब्रह्मन् ! यिनमा छन् गुणैगुण ॥
योग्य लायकको भिक्षा आफैं आइ पुगेसरि ।
लौ ! ली बक्स्योस् यिनीलाई स्वयं आइ पुगिन् वरी ॥
प्रभु ता थाकि बक्सिन्छ तपस्या नै गरी गरी ।
त्यस वेला यिनी गर्लिन् सेवा बसि वरीपरी ॥
सुने सब कुरा यस्ता राजर्षि तृणबिन्दुको ।
मुनिलाइ लिने इच्छा भयो पछि भने यसो ॥
बेस हो ! हुन्छ, राजर्षे ! अनि राम ! कुरा सुन ! ।
फर्के आश्रममा राजा छोरी सुम्पी उनीकन ॥
अब यी राजपुत्रीले आफ्ना पति यिनीकन ।
त्यहाँ बसी खुशी पारिन् गुणैले गरि सेवन ॥
शीलले चाल-चेष्टाले उनमा मुनिराज ता ।
साह्रै तुष्ट भए राम ! भने पछि यसो तदा ॥
गुण-सम्पत्तिले तिम्रो प्रिये ! खुश भएँ म ता ।
तस्मात् दिन्छु तिमीलाई म उस्तै पुत्र एउटा
बुझ्यौ ! सुन्दरि ! यो छोरो आमाको बाबुको पनि ।
वंशको मान-मर्यादा थाम्ने हुन्छ, ल सम्झ नि ! ॥
वेद-पाठ म गर्दैथें तिमी आयौ यहाँ प्रिये ! ।
त्यसै वेला सुन्यौ सारा तिमीले जब ध्यानले ॥
तसर्थ सुत त्यो तिम्रो विश्रवा यस नामले ।
प्रसिद्ध विश्वमा होला महान् होला स्वकर्मले ॥
परात्मा तुल्यका आफ्ना महात्मा पति बाट ती ।
यी कुरा राजपुत्रीले सुनिन् दक्ष परिन् अति ॥
यथासमयमा राम ! उनले पुत्र एउटा ।
जन्माइन् गतिलो राम्रो विश्रवा नाम भो तदा ॥
आफ्नु सद्धर्मले एवं फैलेको कीर्तिले गरी ।
त्रैलोक्यभरमा राम्रै भए विख्यात यी पछि ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

विश्रवा मुनि यी राम! वेद-पारङ्गतै थिए।
पाल्दथे व्रत-आचार समदर्शी पनी थिए॥

६२

शुद्धशील सदाचार शोभिन्थ्यो यिनमा सदा।
विद्वत्ता र तपस्यामा बाबु जस्तै थिए अहा!॥

इति दोस्रो सर्ग

तेस्रो सर्ग

मुनि विश्रवाबाट कुवेरको जन्म हुनु र उनले तप गर्नु एवं लङ्कापुरीमा गई बस्नु

१

पुलस्त्य-मुनिका छोरा विश्रवा अब राघव ! ।
तपमा रत भै हाले बाबु जस्तै भई तव ॥
सत्यवादी थिए ज्यादै शीलवान् र जितेन्द्रिय ।
नित्य स्वाध्यायमा रम्ने नित्य-शुद्ध मनोमय ॥
विश्वका भोगका सारा वस्तुबाट थिए पर ।
धर्म-कर्मादि नै गर्थे भएर नित तत्पर ॥
यिनै माथि पऱ्यो आँखा भरद्वाज महर्षिको ।
बाल-चेष्टा हुँदा राम ! त्यस्तो उज्ज्वलरूपको ॥
छोरी थिन् यिनकी यौटी देवकन्या समानकी ।
यिनैलाइ लगी सुम्पे गरी वैवाहिकी विधि ॥
धर्मज्ञ विश्रवाले यी भरद्वाज-सुताकन ।
विवाह-विधिले पत्नी गराए धर्मले सुन ! ॥
सन्तानको भलो गर्ने सद्बुद्धि उनमा थियो ।
त्यसैद्वारा यसो शोचे लोककल्याण निम्ति पो ॥
अनि ता उनले राम ! यिनका गर्भबाट त्यो ।
यौटा पराक्रमी छोरो जन्माए अद्भुतै हुँदो ॥
शुद्ध ब्राह्मणका सारा गुण यो शिशुमा थिए ।
पुलस्त्य-मुनिमा ज्यादै हर्ष भो पौत्र-जन्मले ॥
आँखा गाडी यसो हेरे दिव्य दृष्टि हुँदा अब ।
ज्ञात भो लोकको श्रेय गर्न सक्छ भनी तव ॥
यसको बुद्धि यस्तै छ शिशु यो गै भविष्यमा ।
धनाध्यक्ष पनी होला पाल्ला नियम जो यहाँ ॥
उनले अनि श्रीराम ! देवर्षि लिइ साथमा ।
गरेर नाम संस्कार भने यत्ति कुरा वहाँ ॥
भने-यो विश्रवाको हो सुत, भो विश्रवा सरि ।
अनुहार सदाचार गुण छन् त्यसकै सरि ॥

१३

१४

तसर्थ कहिएला यो यै वैश्रवण नामले ।
शिशु यी पछि श्रीराम ! त्यै तपोवनमा बढे ॥
हाल्दा आहुति आगोमा जस्तो बल्दछ, बढ्दछ ।
विश्रवा-पुत्र भै तेजी त्यही ठीक बढे तव ॥
त्यस्तो आश्रममा बस्ता महात्मा उनमा अब ।
विचार मनमा उठ्यो धर्म नै गर्नु श्रेय छ ॥
सर्वश्रेष्ठ छ जो धर्म त्यही गर्छु म वास्तव ।
धर्म नै विश्वमा ठूलो गति हो, पाल्छु त्यै अब ॥
तप गर्ने लिई यस्तो दृढ निश्चय अन्तमा ।
हजारौं वर्ष पर्यन्त गरे तप पनी वहाँ ॥
कठोर अति नै चर्का राखे नियम राघव ।
उनले तप गर्दामा पाले राम्रै गरी सब ॥
वर्ष एकेक हज्जार अब पूर्ण भए पछि ।
लिन लागे तपस्याको नयाँ विधि अनेक ती ॥
पहिले उनले खालि गरे जल पिई तप ।
हावामात्र पिई लागे पछि गर्न महान् तप ॥
यो पनी छोड्दिए अर्को वर्ष-हज्जार आँउदा ।
यौटै वर्ष सरी कैयौं वर्ष हज्जार गो तदा ॥
उनका तपले यस्तो वल्ल लोकपितामह ।
ब्रह्माजी खुश भै वक्स्यो सुन राजन् रघूद्वह ! ॥
इन्द्रादि देवता सारा साथमा लिइ अन्तमा ।
स्वयं आश्रमम आई आज्ञा भो यसरी वहाँ ॥
राम्रो नियम पालेका ए बाबु ! सुन भो अब ।
यस्तो तिम्रो तपस्याले भएँ म त निकै खुश ॥
महान् बुद्धि हुने बाबु ! तिम्रो कल्याण होस् अब ।
वर माग तिमी आफ्नो इच्छामै योग्य छौ जब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
नजिकै आइ बक्सेको देखी साक्षात् उहाँकन ।
विश्रवा-पुत्र यी भन्छन् ब्रह्मा सँग यसो सुन ! ॥
विचार भगवन् ! मेरो लोकरक्षार्थको छ यो ।
म पाँउ लोकपालत्व गर्छु रक्षण वित्तको ॥
यी वैश्रवणका यस्ता कुराले झन् उहाँकन ।
सन्तुष्ट मनको पाऱ्यो, भै बक्स्यो खुश झन् पुनः ॥
उनमा पछि आज्ञा भो साथमा सब देवको ।
प्रसन्नचित्तले राजन् ! हुन्छ ! त्यस्तै हुने भयो ॥
लोकपाल कुनै चौथो सृष्टि गर्ने विचार थ्यो ।
रोकिएँ अब भो बावु ! तिमी भन्छौ भने यसो ॥
यम-इन्द्र-प्रचेतामा जुन ठाम छ प्राप्त त्यो ।
प्राप्त हुन्छ तिमीलाई ठाम त्यै लोकपालको ॥
तिमीलाइ पनी यस्तै तीव्र इच्छा रहेछ ता ।
वेसै भो पद त्यो लेउ अब दङ्ग परेर बा ! ॥
सम्पूर्ण निधिका स्वामी भयौ अब दिंदोछु मै ।
यम-इन्द्र-प्रचेताझैं कहिन्छौ लोकपाल नै ॥
तेजिलो सूर्य हो जस्तो हो पुष्पकविमान यो ।
दिन्छु चढ्न तिमीलाई घुम भै देव-तुल्यको ॥
अब कल्याण होस् तिम्रो हामी आए सरी गरी ।
अ-आफ्नो ठाममा जान्छौं दुवै प्रिय कुरा दिई ॥
यत्ति आज्ञा भई ब्रह्मा देवताहरु साथ ली ।
ब्रह्मलोक सवारी भो कृतकृत्य भई पछि ॥
ब्रह्मादि देव सम्पूर्ण गएमा त्यसरी यता ।
यिनी आश्रममा आए जहाँ थे उनका पिता ॥
मन इन्द्रिय रोकेका धनाध्यक्ष उनी अब ।
विन्ती गर्छन् पिता साथ हात जोडी स्वयं तव ॥
भगवन् ! लोकका कर्ता ब्रह्मा बाट भने सरि ।
वर प्राप्त गरें मैले बक्सियो खुश भै वरी ॥
प्रजाका पतिले किन्तु तँ गै बस्नु भनी यहाँ ।
ठाम देखाइ बक्सेन अब गै म बसौं कहाँ ? ॥
तसर्थ भगवन् ! मैले बस्नको निम्ति योग्यको ।
हेरि दी वक्सियोस् ठाम जहाँ बस्ता हओस् भलो ॥
जुन ठाम हओस् फेरि योग्यको सब दृष्टिले ।
जीव-जन्तु कसैलाई न पिरोस काम-काजले ॥
४३

४४
भनेमा पुत्रले यत्ति भन्दछन् विश्रवा मुनि ।
वडो वेस ! भन्यौ बावु ! जानेछौ धर्म यो पनि ॥
हुन्छ लौ! सुन ! जो भन्छु,-त्यो दक्षिण-समुद्रको ।
तटमा गिरि यौटा छ त्रिकूटाचल नामको ॥
त्यसको टाकुरामाथि छ यौटी गतिली पुरी ।
देवेन्द्रको पुरी जस्तै देखिन्छे अतिसुन्दरी ॥
त्यसको नाम हो लङ्का फैलिएकी छ त्यो अति ।
आफैंले विश्वकर्माले बनाए अघि ध्यान दी ॥
सारा राक्षसको निम्ति बस्न खातिर यो बन्यो ।
अमरावतीकै ठीक बस्न लायककै छ यो ॥
तिम्रो श्रेय हओस् बावु ! अब जाउ वहीं बस ।
बेस लङ्कापुरी हो त्यो छैन सन्देह क्यै बुझ ॥
छन् वहाँ अति नै अग्ला सुनका दिव्य सुन्दर ।
दृढ पर्खाल लागेका चारैपट्टि मनोहर ॥
गहीरा जलका खाल्डा शोभिइन्छन् अघिल्तिर ।
शस्त्रास्त्र शोभिएका छन् यन्त्र छन् घेर सुन्दर ॥
साह्रै राम्रो छ त्यो लङ्का बाहिरी द्वार छन् वहाँ ।
वैदूर्य-मणि लागेका सुनका भव्य छन् जहाँ ॥
परात्मा विष्णुको साक्षात् डरले भइ पीडित ।
अघि राक्षसले सारा त्यागिदिए त्यसलाइ त ॥
सब राक्षस भाग्नाले पुग्दा तल रसातल ।
बुझ्यौ ! लङ्कापुरी त्यस्ती भइन् शून्य यथार्थतः ॥
अहिले पनि शून्यै छन् स्वामी छैन कुनै पनि ।
अब जाउ तिमी बावु ! वहीं बस सुखी बनी ॥
वहाँ बस्ता तिमीलाई दोष लाग्दैन क्यै पनि ।
न ता क्यै विघ्न-बाधा छ न पिरिन्छन् कुनै पनि ॥
धर्मयुक्त कुरा यस्तो पिता बाट सुने पछि ।
निकै खुश भए राम ! विश्रवा-मुनि-पुत्र यी ॥
त्रिकूटाचलको अग्लो टाकुरा साथि निर्मित ।
गए लङ्का-पुरी तर्फ उनी बस्न भनी अब ॥
गै वहाँ उनले बस्ता थोरै नै दिनमा सुन ! ।
यी पुरी टन्न भै हालिन् आए राक्षसका गण ॥
सब राक्षस यी राम ! हृष्ट-पुष्ट थिए अति ।
पाएर उनको आज्ञा बसे दङ्ग परी पछि ॥
६०

६१
जसको सिन्धु थ्यो यौटा दुर्ग खाई समानको ।
त्यस्ती लङ्का-पुरी थिन् यी अतिदुर्गम-रूप थ्यो ॥
अब यस्ती पुरीबीच विश्रवा-मुनिका सुत ।
भए राक्षसका राजा बसे खुस भई तब ॥
६२

६३
ब्रह्माले बक्सिएकोथ्यो जो पुष्पक-विमान त्यो ।
त्यसैमाथि चढी घुम्थे यताउति उनी प्रभो ! ॥
आँउथे कहिले काँहिं आफ्नु मातापिताकन ।
गर्न दर्शन साह्रै नै नम्र थे रघुनन्दन ! ॥
६४

६४
गन्धर्व आएर वहाँ सुरादि ली गर्थे प्रशंसा उनकै गरी स्तुति ।
हुन्थ्यो यसैले घर दिव्य भूषित आएर नाच्थे सब अप्सरा स्वतः ॥
स्वयं धनाध्यक्ष कुबेर यी तब भोगेर यस्ता सुखका कुरा सब ।
प्रकाश फेंकी सबतर्फ सूर्यझैं गए बुबाका पदमा विनम्र भै ॥
६६

इति तेस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौथो सर्ग

राक्षस--वंशको वर्णनमा हेति--विद्युत्केश र सुकेशको उत्पत्ति

१

सुने यस्ता कुरा सारा अगस्त्य-मुनि बाट जो ।
भनिए, राममा तस्मात् निकै विस्मय पो भयो ।।
मनैमन उनी शोच्छन्-अहो ! राक्षस-वंश यो ।
विश्रवा-मुनि बाटै पो भएको मानिइन्छ जो ।।
यसभन्दा पनी पैले त्यस लङ्कापुरीविषे ।
थिए राक्षस ता, के भै कसरी अघि उब्जिए ? ।।
यस्तो आश्चर्य लाग्दामा हल्लाइ शिर राम्ररी ।
अगस्त्यतिर हेरे बा ! रामले अब घोरिई ।।
तीनै अग्नि सरी बल्दा तेजिला मुनिमा पछि ।
विन्ती गर्दै उनी सोध्छन् मन्दहास्य गरी झुकी ।।
भगवन् ! मासुखाने यी राक्षसैको अधीनमा ।
पहिले पनि लङ्का के थिइन् शोभित नै वहाँ ? ।।
प्रभुका वाक्य यी सुन्दा म त छक्क परें बडो ।
मैले ता सुनि राखेको थिएँ अर्कै कुरा प्रभो ! ।।
पुलस्त्य - मुनिको वंश बाट नै सब राक्षस ।
फैलिए विश्वमा भन्ने ठान्दथें अहिलेतक ।।
भर्खरै प्रभुले किन्तु अरुकै कुल बाट ता ।
आज्ञा भो जन्मिए भन्ने कसो हो ? सुन्छु यो कुरा ।।
के व राक्षस पैलेका अैलेका वीर रावण ।
कुम्भकर्ण विकट र प्रहस्त इन्द्रजित् पुनः ।।
अरु राक्षस भन्दा ती थिए त बलिया प्रभो ! ।
अब सत्य कुरा सारा सुन्न चाहन्छु चाख भो ।।
कुन हुन् यिनका पुर्खा उनको नाम हो कुन ।
बलथ्यो शक्तिथ्यो कस्तो आज्ञा होस् सुन्छु यो पुनः ।।
भगवन् विष्णुले ब्रह्मन् ! ती राक्षसहरू सब ।
के दोष, निहुँ के पाई लखेटी बक्सियो तब ।।

१३

१४

सुन्न सारा कुरा यस्ता छ चाख मनमा अति ।
महर्षे ! अब आज्ञा होस् मभा विस्तारले अति ।।
भगवान् सूर्यले स्त्राप्तै अँध्यारो मास्दिए सरि ।
शङ्का चाख सबै मेरो मास्दिबक्स्योस् कृपा गरी ।।
प्रश्नका वाक्य यी मीठा राजराजेन्द्र रामका ।
सुशोभित थिए साह्रै अलङ्कृत हुँदा सफा ।।
अब छक्क परे सुन्दा मुनिराज अगस्त्य ता ।
सोध्छन् सर्वज्ञ भै, भन्ने पर्‍यो भित्र भने तदा ।।
रघुनन्दन श्रीराम ! निस्केका जलमा अघि ।
ब्रह्माले सिर्जिई बक्स्यो पहिले जल नै अति ।।
गर्न त्यै जलको रक्षा त्यहाँ नाना प्रकारका ।
जलजन्तुहरुलाई सिर्जि बक्स्यो असंख्य बा ! ।।
पछि यी जलका जीव भोकले प्यासले पनि ।
भए पीडित अत्यन्त छट्पटाए सबै यिनी ।।
के गरौं अब लौ हामी भन्ने यस्तै कुरा गरी ।
गए ब्रह्मा भए ठाम निकै नम्र भई वरी ।।
अर्काको मान गर्ने ए रामबाबु ! अनी सुन ! ।
ब्रह्माले हेरी बक्स्यो बा ! यिनीहरु सबैकन ।।
उनीहरूकनै सारा मीठो वाक्य गरी अति ।
स्वयं मुसुक्क हाँसेर आज्ञा भो यसरी पछि ।।
जल-जन्तुहरू ! सारा तिमी हौ यस हेतुले ।
अब यै जलको रक्षा गर सम्पूर्ण यत्नले ।।
सब यी जलका जन्तु भोका प्यासा थिए अति ।
बुद्धिमा भिन्नता आयो दुइ खाले भए पछि ।।
भने एकथरीले ता गर्दछौं जल रक्षण ।
भने अर्काथरीले ता गर्दछौं जल यक्षण ।।

२६

२७

अब यी दुइटै खाले जलका जीवलाइ ता ।
आज्ञा भयो विधाताले विश्व रच्ने हुँदा तदा ॥
रक्षा गर्छौं भन्यौ जल्ले तिमीमध्ये तिनी अब ।
भयौ 'राक्षस' यै नामद्वारा ख्यात जगत्भर ॥
गर्छौं यक्षण-पूजादि भन्ने छौ जति ती सब ।
भयौ यक्ष, बुझ्यौ राम ! भए दुइथरी अब ॥
थिनै राक्षसमा चाँहि नाम हेति, प्रहेति यो ।
हुने राक्षस निस्के बा ! दुइटै भाइ-भाइ पो ॥
शत्रु निस्क्यो कि क्वै मार्थे थी दुवै वीर योग्य थे ।
सब राक्षसका स्वामी मधु-कैटभ तुल्य थे ॥
यी दुवै भाइमा राम ! त्यो राक्षस-प्रहेति ता ।
पस्यो वन, तपै गर्न धर्मात्मा भै दिंदा तदा ॥
घरबारतिरै लाग्यो हेति चाँहि तसर्थ त्यो ।
विवाह गर्न पत्नीको खोजीमा यत्न गर्दथ्यो ॥
शक्ति-साहस आत्मामा यसमा थ्यो विचित्रको ।
बुद्धिमान् पनि थ्यो ज्यादै हेति राक्षस चाँहि त्यो ॥
कुमारी कालकी यौटी बहिनी थिन् भया सुन ! ।
स्वयं अत्यन्त डर्लाग्दी गइ माग्यो उनैकन ॥
भयो पछि विहाबारी तिनमा त्यसले पनि ।
जन्मायो एउटा छोरो आसुरी-गुणको धनी ॥
विद्युत्केश रह्यो नाम यसको जसले गरी ।
हेति छोरा हुने मध्ये श्रेष्ठ भैगो जगत् भरी ॥
तेजिलो सूर्यकै ठीक विद्युत्केश थियो अहो ! ।
पानीमा कमलै जस्तो भई छिनछिनै बढ्यो ॥
अब यौवन चढ्दामा बढ्दामा भइ सुन्दर ।
शोभियो चम्कियो ज्यादै विद्युत्केश निशाचर ॥
पिता राक्षसको राजा हेति चाँहि यता अब ।
विवाह गर्छु छोराको भनेर कसियो तब ॥
सन्ध्याकी दुहिता राम ! थिइन् जो रङ्ग-ढङ्गले ।
आमा ठीक उनैलाई ताक्यो बा ! पछि हेतिले ॥
त्यसरी आफ्नु छोराको निम्ति पत्नी हुनाकन ।
मागेका यी कुरा आमा-सन्ध्यामा पर्न गो पुनः ॥
तसर्थ उनले शोचिन् जो सुकैलाइ होस् न यी ।
छोरी ता दिनु नै पर्छ तस्मात् दिन्छु लगुत्र यी ॥

४३

४४

यत्ति शोचिन् र सन्ध्याले विद्युत्केशकनै त्यही ।
सुम्पिइन् बा ! मजै साथ विवाह-विधिले पछि ॥
त्यो विद्युत्केश सन्ध्याकी छोरी पत्नी मिले पछि ।
लाग्यो विहारमा इन्द्र लागे जस्तो लिई शची ॥
त्यसको नाम थ्यो राम ! सुन सालकटङ्कटा ।
पछि पेट पनी बोकी त्यो विद्युत्केशबाट ता ॥
दल बादलको जस्तो जल बोक्छ शरीरको ।
गर्भ बोकी त्यही ठीक त्यो विद्युत्केश-वीर्यको ॥
पछि बढ्दै गयो गर्भ मन्दराचलमा गई ।
जन्माई एउटा छोरो, राक्षसी फूर्तिली थिई ॥
छोडेको अग्निले राम ! शिवको वीर्य-तेज त्यों ।
जन्माए ठीक गङ्गाले स्कन्दलाइ समान भो ॥
शिशु भर्खर जन्मेको मात्र थ्यो तर छोड्दिई ।
पति साथ रतिक्रीडा गर्न उत्सुक भै हिंडी ॥
ध्यान छोडेर छोराको बुझ्यौ ! सालकटङ्कटा ।
विहार गर्न पो लागि फेरि गै पति साथ ता ॥
गर्भ जो फ्याँकिएको थ्यो बाबु राम ! यतातिर ।
अब त्यो रुन लाग्यो बा ! मेघ जस्तो झिकी स्वर ॥
त्यसका अङ्गको कान्ति शरत्‌को सूर्य ठीक थ्यो ।
हालेर मुखमा मुट्ठी रुन लाग्यो त्यहीं थियो ॥
यसैबेला त्यही बाटो भगवान् शिव राघव ! ।
गौरी साथ सवारी भो नन्दी माथि चढी तब ॥
जाँदा आकाशको बाटो उहाँले सुनि बक्सियो ।
त्यस राक्षस-केटाले रोएको अब भत्राट्ट पो ॥
गौरीका साथ-साथैका शिवले त्यसरी रुने ।
त्यसमा हेरि बक्स्यो बा ! मायाले भइ तानिने ॥
प्रेरणा पाइ गौरीको करुणावश भै अब ।
त्यस बालकमा राम ! गर्दि बक्स्यो कृपा तब ॥
त्यस बालककी आमाको अवस्था थियो जुन ।
त्यै ठीक पार्दिई बक्स्यो चढ्दो बढ्दो मनोरम ॥
प्यारो गर्दिन गौरीको त्यसलाइ दिई वर ।
अमरै पार्दि बक्स्यो बा ! प्रभुले जगदीश्वर ॥
अबिनाशी परात्मा ती शिवले त्यसलाइ ता ।
बक्स्यो सनै सरी हिंड्ने क्वै विमान पनी तदा ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
यो विमान थियो राम! ठूलै शहर हो सरि । पार्वतीले पनी बक्स्यो वर यस्तो त्यही घडी ॥

६२
गर्भधारण गर्ने छन् पति-संसर्ग भो कि ता । चाँडै नै राक्षसी सारा, यस्तै होस् आजदेखि ता ॥

६३
हुनेछन् शीघ्र सुत्केरी ती, बालक पनी छिटै ।
आमाकै वयको ठीक हुनेछन् सम्झिई निकै ॥

राजेन्द्र श्रीराम ! सुकेश नाम यो तिनीहरूका शिशुको पछी रह्यो ।
पाएर त्यस्तो प्रभुको महान् वर घमण्ड भो बा ! त्यसमा निरन्तर ॥
घुम्ने मनै ठीक विमान त्यो हुँदा ऐश्वर्य मिल्दा पछि बुद्धिमान् हुँदा ।
वेरोकटोकै भइ इन्द्रतुल्य झैं त्यो घुम्न लाग्यो अब शोभिई निकै ॥
६५

इति चौथो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पाँचौं सर्ग

सुकेशका छोरा माल्यवान् र सुमाली एवं मालीका सन्तानको वर्णन

१

सुकेश यसरी राम ! पाएर वर वैभव ।
भयो सम्पन्न अत्यन्त थियो धार्मिक नै जब ॥
यसै माथि पर्‍यो आँखा पछि गन्धर्व ग्रामणी ।
यिनैको जो थिए तेजी विश्वावसु समानका ॥
उनकी थिन् सुता यौटी नाम देववती थियो ।
आसुर-श्री सरी सुम्पे त्यसैमा अतियोग्य भो ॥
बढ्दो यौवनको साथ उनको रूप बल्दथ्यो ।
यसो हेर्दा स्वयं लक्ष्मी हुन् सरी भान पर्दथ्यो ॥
ऐश्वर्य पाँउदा त्यस्तो अतुल्य वर-दानले ।
यता सुकेशको, यस्ती पत्नी थिन् मग्न हर्षले ॥
धन पायो भने हुन्छ अवस्था जो गरीबको ।
अब देववतीको भो अवस्था त्यस ठीकको ॥
जन्मेको दिग्गजै बाट जुन अञ्जन-नाम हो ।
कुनै हात्ती सरी राजन्! सुकेश अब शोभियो ॥
पत्नी देववती पाई तिनैका साथमा बसी ।
विहार गर्न त्यो लाग्यो ढोई जस्ती हुँदा त्यही ॥
यसै गरी वित्यो काल तिनको गर्भले पछि ।
जन्मायो त्यसले छोरा तीन ओटा सुयोग्य यी ॥
तिनको नाम हो राम ! क्रमले माल्यवान् तथा ।
सुमाली पछिको माली यी थिए अतियोग्यका ॥
यिनमा माल्यवान् चाँहि निकै नै बलवान् थियो ।
तीन अग्नि सरी थे यी तेजिला फूर्तिला बडो ॥
भगवान् त्र्यम्बकै जस्ता शक्तिशाली थिए सब ।
साक्षात् त्रैलोक्य हुन जस्ता निकै स्थिर तथा दृढ ॥
गार्हपत्य दक्षिणाग्नि अग्नि आहवनीय यी ।
हुन जस्ता देखिइन्थे बा ! तिनैदै मन्त्र-शक्ति ती ॥

१३

१४

कफ पित्त तथा वात यी तीनै रोग हुन् सरी ।
तिनोटै शोभिइन्थे यी डलाग्दो रूपले गरी ॥
तिनोटै अग्निझैं तेजी छोरा तीन सुकेशका ।
रोगझैं नीच मार्दामा बढी हाले तुरुन्त बा ! ॥
ज्ञान भो यी तिनैलाई हाम्रा बाबु सुकेशले ।
पाए ऐश्वर्य यो भन्ने तपको दिव्य-शक्तिले ॥
तसर्थ यी तिनैभाई मिलेर रघुनन्दन ! ।
अठोट तप गर्ने ली गए मेरुतिरै सुन ! ॥
कडा अत्यन्त डलाग्दा पाली नियम संयम ।
यी तिनै भाइले राम ! वहाँ तप गरे पुनः ॥
गएथ्यो जब त्यो बढ्दै पछि ता त्यसले गरी ।
त्रैलोक्यभरका प्राणी लागे पिरिन राम्ररी ॥
ऋजुता समता मिल्दो सत्य त्यस्तो महान् तप ।
पृथ्वीमा देखिनै गाह्रो पर्ने त्यस्तो गरे तप ॥
चौधै भुवन त्रैलोक्यभरका देव दानव ।
मनुष्यतकका सारा पिर्‍यो बा ! यसले अब ॥
अब चार मुखे ब्रह्मा भै व्यापक जहाँ-तहाँ ।
आफैं वहाँ सवारी भो चढी श्रेष्ठ विमानमा ॥
सम्बोधन गरी तीनै छोराकन सुकेशका ।
वर माग भनी बक्स्यो छु अगाडि भनी तदा ॥
इन्द्रादि देवले सारा घेरिई वर नै दिन ।
ब्रह्मा स्वयं सवारी भो भन्ने ज्ञान भईकन ॥
उनले तप छोडेर काँपी थर्थर वृक्ष झैं ।
अ-आफ्ना दुइटै हात जोडी बिन्ती गरे यसै ॥
हजूर यदि हामीमा भै बक्सिन्छ भने खुश ।
भै बक्सेको छ ता तुष्ट वर बक्सिन्छ ता अब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

लौ पाऔं वर यै देव ! हामीलाई कसै गरी ।
भगवन् ! न सकोस् जित्न कसैले पनि क्यै गरी ॥
सकौं शत्रु सबै मार्न चिरञ्जीवी हऔं तथा ।
हामीमा प्रेम होस् यस्तै टिकोस् शक्ति-समर्थता ॥
ब्रह्माले यो कुरा सुन्दा अब छोरा सुकेशका ।
भनिए हुन्छ ! लौ त्यस्तै हुनेछौ ! यी कुरा तदा ॥
ब्रह्मदेव सवारी भो हुँदा ब्राह्मणवत्सल ।
ब्रह्मलोकतिरै आफ्नो गरी यत्ति रघूद्वह ॥
यसरी वर पाएर ती तीनै भाइले तव ।
पिरे सुरासुरैलाई वरले भइ निर्भय ॥
उनले पिरिएका ती ऋषि—चारण–देवले ।
कहीं सहाय पाएनन् त्राहि-त्राहि ! भए हरे ! ॥
जस्तो नरकमा पर्ने पापी प्राणीहरू वहाँ ।
कोही रक्षक पाँउन्नन् त्यही ठीक भयो यहाँ ॥
यी तीनै राक्षसश्रेष्ठ कुनै दिन गए सुन ! ।
विश्वकर्मा भए ठाम देवशिल्पी थिए जुन ॥
प्रसन्नमुख भै तीनै भाइले उनमा भने ।
हुनु हुन्छ तपाँईं नै शिल्पीमा अतिश्रेष्ठ ए ! ॥
देवताहरुको सारा तपाँईले भने सरी ।
गर्नु भो गृह-निर्माण निकै ध्यान दिई वरी ॥
बल ओज तथा तेज प्रशस्त छ तपाँईंमा ।
आत्मशक्ति हुँदा यस्तो महत्व छ जहाँ—तहाँ ॥
बनाइ दिनुहोस् यौटा घर हाम्रो निमित्तमा ।
आनन्दसाथमा बस्न सकौं हामीहरू जहाँ ॥
मेरु-मन्दरमा यद्वा होस् हिमालयमै कि त्यो ।
जहाँ भए पनी हुन्छ तर राम्रो हओस् बढो ॥
भगवान् शिवकै जस्तो हुनु पर्दछ सुन्दर ।
फराकिलो महान् त्यस्तै यसो हेर्दै मनोहर ॥
अब यी विश्वकर्माले भने राक्षसलाइ ती ।
तिनले बस्नको योग्य ठाम देखाँउदै पछि ॥
यो ठाम पनि थ्यो त्यस्तै इन्द्रको अमरावती ।
हो भने ठीकको राम ! जहाँ सौन्दर्य थ्यो अति ॥
राक्षसश्रेष्ठ हो ! भन्छु बस्न उत्तम ठाम म ।
त्रिकूट नामको यौटा छ पर्वत मनोरम ॥

४३

४४

दक्षिणी- सिन्धुको ठ्याक्कै किनारैमा छ त्यो पनि
सुवेल नामको अर्को छ डाँडो त्यसमा पनि ॥
बीचको चुचुरो चाँहि त्रिकूटाचलको त्यस ।
अत्यन्त श्रेष्ठ मानिन्छ मेघ जस्तो छ है बुझ ! ॥
चारैतिर छिनो खोपी काटेर त्यसले त्यहाँ ।
चारैदिशा बडो राम्रो पारेको छ जहाँ-तहाँ ॥
तीस योजन चौडा छ छ लामो सय योजन ।
अग्ला पर्खाल छन् ढोका छ सुनै-सुनको सुन ! ॥
अघि मैले बनाएँ यो आज्ञाले सुरराजको ।
नाम त्यो नगरीको हो लङ्का राक्षसवीर हो ! ॥
त्यहीं गई तिमी बस्नु बुझ्यौ त ! अनि क्यै गरे ।
तिमी लछारिने छैनौ कसैबाट कहीं भरे ॥
इन्द्रका साथका सारा देवता अमरावती ।
पुरीभित्र बसे ठीक हुनेछौ शोभिने अति ॥
तसर्थ त्यस लङ्काको दुर्गमा गै बसे पछि ।
सारा राक्षस लौ साथ घेरिई शोभिए पछि ॥
तिम्रा शत्रुहरूले ता आँट्नु नै पर्छ मुस्किल ।
सजिलै जित्न सक्नेछौ तिमीहरू भने तव ॥
श्रीराम ! विश्वकर्माको सुनी यस्ता भला कुरा ।
वहाँ गइ बसे तीनै यी राक्षसहरू तदा ॥
सारा सैन्य पछी लागे उनका भृत्य सेवक ।
संख्यामा जो हजारौं थे उग्र राक्षस राघव ! ॥
थिए अग्ला निकै बाक्ला पर्खाल सुनका वहाँ ।
सुनकै घर थे ठूला साना पनि जहाँ-तहाँ ॥
सुन्दरी नगरी यस्तो लङ्का पाएर गै बसी ।
दङ्गादङ्ग परी हाले यी राक्षस त्यसै पछि ॥
त्यसै ताक यता राम ! नर्मदा नामकी शुभा ।
एउटी बेस गन्धर्वी थिइन्, श्रेष्ठ थियो कला ॥
तीन ओटी थिए छोरी यिनका अतियोग्यका ।
ह्री, श्री, कीर्ति सरी राम्रा तेजिला पनि त्यत्तिका ॥
दिइन् राक्षसलाई ती थिइनन् राक्षसी यिनी ।
ता पनि राम ! जेठाको क्रमले योग्य हो भनी ॥
तीनै गन्धर्वका छोरी पूर्णिमा—चन्द्र ठीकका ।
राम्रा मुख भएकाथे दङ्ग थे पति पाँउदा ॥

६०

६१

यसरी यिनले राजन् ! वीर छोरा सुकेशका ।
भेट्टाए तीन यी पत्नी गन्धर्वीहरू योग्यका ॥
शुभ शाइत नक्षत्र उत्तराफाल्गुनी थियो ।
यसैमा दिइए छोरी भए भाग्यवती अहो ॥
विहावारी गरी राम ! छोरा अव सुकेशका ।
पत्नी लिइ भए मस्त लागे गर्न विहार वा ! ॥
स्वर्गका अप्सरा साथ जसरी देवता सब ।
विहार गर्दछन् त्यस्तै गर्न लागे भई खुश ॥
माल्यवान्‌की थिईं पत्नी सुन्दरी नाम सुन्दरी ।
जन्मायो त्यसले राजन् ! तिनका पछि पुत्र यी ॥
वज्रमुष्टि विरूपाक्ष उग्र-राक्षस दुर्मुख ।
यज्ञकोप र सुप्तघ्न मत्त उन्मत्त सात त ॥
गर्भले सुन्दरीको त्यो यौटी छोरी पनी पुनः ।
अनला नामकी राम ! जन्मिएकी थिईं सुन ! ॥
पत्नी थिइ सुमालीकी पूर्णचन्द्रसरी मुख ।
भएकी अतिनै राम्री झल्झलाकारकी तव ॥

६८

६९

प्राणभन्दा पनी प्यारो ठान्दथ्यो त्यसलाई त्यो ।
थियो केतुमती नाम यसको जाति ठीकको ॥
यस बाट सुमालीले छोरा छोरी अनेकन ।
जन्मायो पछि राजेन्द्र ! क्रमैले भन्छु लौ सुन ! ॥
प्रहस्त दण्ड धूम्राक्ष अकम्पन महावली ।
कालिकामुख विकट संह्रादि र सुपार्श्व यी ॥
भासकर्ण र प्रघस हुन् यत्ति सुत राक्षस ।
छोरी पनि भए चार राम्रो स्मित हुने सब ॥
नाम हो तिनको चाँहि राका पुष्पोत्कटा तथा ।
कुम्भीनसी र कैकेसी हुन् सन्तान यिनै कडा ॥
मालीकी सुन्दरी पत्नी वसुदा नामकी थिईं ।
खुल्दथ्यो यसको रूप यक्षिणी टीककी थिईं ॥
फक्रेका कमलै जत्रा दुइ आँखा थिए पछि ।
जन्मायो यसमा राम ! सन्तान त्यसले यति ॥
संपाति हर अनिल तथा अनल चार यी ।
त्यसैका पुत्र हुन्, मन्त्री छन् विभीषणका अफ ।

७६

७७

त्यो राक्षसश्रेष्ठ—सुकेशका सुत बुझ्यौ ! यिनै हुन् अतिउग्र वस्तुतः ।
छोरा र छोरी अरु राक्षसादिले भए सुसम्पन्न प्रचण्ड—वीर्यले ॥
घमण्ड बढ्दा बल वीर्य धेर भै कुकर्ममै रम्न पुगे पछी सबै ।
पिरे सबैलाई सुरेन्द्र साथका सताइ हा! ऋषि नाग देवता ॥
संग्राममा यी सब मृत्यु ठीकका भएर घुम्थे अति तेजिला हुँदा ।
रोकिन्नथ्यो विश्वभरी कहीं गति थे वायु जस्ता बलवान् पनी अति ॥
गरी तपस्या वरदान पाँउदा घमण्ड बढ्दा बलवीर्य शोभिंदा ।
गरे उछित्तो सबको घुमीघुमी सत्कर्म नाशे मख मासिदिए अनि ॥

८०

इति पाचौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छैटौं सर्ग

माल्यवान्‌हरूको देव ऋषिहरू माथिको आक्रमणले हाहा र भगवान् विष्णुले उनमा सहायता दिनु

१

ती राक्षसहरू बाट भए पीडित सर्वथा ।
तपोधन हुने राम ! ऋषि सम्पूर्ण देवता ॥
अब टिक्न न सक्तामा डरले भइ थर्थर ।
गए शरणमा सारा शिवको लोकशङ्कर ॥
परात्मा देवका देव भै बक्सिन्थ्यो स्वयं वहाँ ।
जगत्‌को सृष्टि गर्ने र नाश्ने पाल्ने पनी यहाँ ॥
विश्वका एक आधार अज अव्यक्तरूपका
आराध्य देव साराका जगत्‌का गुरु देवता ॥
साक्षात् त्रिपुरका शत्रु काम नाश्ने र त्र्यम्बक ।
प्रभुको पाउमा पर्दै विन्ती गर्छन् यसो अब ॥
सारा काँपि रहेकैथे जोडेकाथे दुवै कर ।
बोली लर्बरिएकैथ्यो भयले भइ थर्थर ॥
भगवन् ! प्रभु-ब्रह्माले बक्सेको पाउँदा वर ।
पिरे सुकेशका छोराहरूले दुष्ट दुर्धर ॥
शत्रुलाइ हुने पीडा ठूल्ठूलै साधना गरे ।
त्यसैले जनता मासे अलपत्र परे हरे ! ॥
दिने शरण सारामा हाम्रा आश्रम थे जति ।
तिनले पार्दिए नष्ट बस्न नै नहुने गरी ॥
सारा देवहरूलाई स्वर्ग बाट खसाल्दिए ।
बस्छन् खेल्छन् मजासाथ तिनै देव सरी भए ॥
म विष्णु हूँ म हूँ रुद्र ब्रह्मा हूँ इन्द्र नै म हूँ ।
यम हूँ वरुणै मै हूँ म नै चन्द्र र सूर्य हूँ ॥
छोरा सुकेशका स्वामिन् ! दुष्ट राक्षस माल्यवान् ।
तथा माली सुमाली यी तीनै संकष्ट पार्दछन् ॥
जुध्न भिड्न सँधै खोज्छन् नित्य विध्वंस गर्दछन् ।
तिनका अगुवा फेरि त्यस्तै छन् पीर पार्दछन् ॥

१३

१४

तसर्थ भगवन् ! हामी भय-पीडित छौं सब ।
प्रभुले बक्सिनै पर्छ हामीमा अभयै अब ॥
धरेर रूप डर्लाग्दो देवकण्टक राक्षस ।
तिनोटैलाइ देवेश ! मास्दि बक्स्योस् सदाशिव ! ॥
सम्पूर्ण देवले राम ! विन्ती पार्दा यसो भनी ।
नीला राता जटा धर्ने शोच्यो त्यो प्रभुले पनि ॥
सुकेश सँग त्यो केही स्नेह थ्यो थ्यो निकै कृपा ।
ऋषि देवहरूलाई यसो आज्ञा भयो तदा ॥
सुन ए देव हो ! मैले सुकेशकन त्यो अघि !
बचाएँथें, तिनैका हुन् तिनोटै सुत वीर ती ॥
यसर्थ अब मै द्वारा तिनी मारिन योग्यका ।
छदैछैनन् हुँदा यस्तो अँहँ मार्दिन है म ता ॥
म दिन्छु बरू सल्लाह तिमीहरूकनै अब ।
जल्ले तिनीहरूलाई मारी दिन्छ मजा सँग ॥
महर्षिहरू यी सारा लगाइ अघि यै ठिक ।
जाओ विष्णु भए ठाम विन्ती गर सबै दुख ॥
लिने शरणमा आफ्नो भगवान् विष्णु नै स्वतः ।
अवश्य मारी बक्सेला ती दुष्टहरूलाई त ॥
लिई यो शिवको आज्ञा टक्रयाइ जय अन्तमा ।
आए विष्णु भए ठाम देवता ऋषि साथमा ॥
शङ्ख चक्र गदा धर्ने भगवान् विष्णुमा तब ।
पसे र पाउमा ढोगे भने स्तुति गरी अब ॥
तिनका डरले गर्दा काँप्तथे सब राघव ।
उपध्रो तिनको सारा विन्ती पारे झुकी सब ॥
प्रभो ! सुकेशका छोरा छन् तीनै अग्नि ठीक जो ।
गर्नु सम्म गरे हाम्रो घरबार सबै गयो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्रिकूटाचलको अग्लो डाँडामा बस्तछन् विभो ! ।
लङ्कापुरी त्यहीं नै छ किल्ला ठीक हुँदी अहो ! ॥
त्यहीं बस्छन् र हामीमा विश्वका जनमा पनि ।
दुःख दिन्छन् सँधै पिर्छन् आयौं शरणमा अनि ॥
हाम्रो हित भलो गर्न तसर्थ मधुसूदन ? ।
मार्दि बक्स्योस् तिनीलाई गति छैन कुनै पुनः ॥
चक्रले शिर काटेर उनको पद्मतुल्यको ।
यमराजकनै बक्स्योस् उपहार सरी प्रभो ! ॥
प्रभुभिन्न भलो गर्ने हाम्रो छैन कुनै जन ।
बक्स्योस् अभय देवेश ! भय मासेर यो पुनः ॥
तीनै राक्षस यी स्वामिन् ! हर्षले र घमण्डले ।
निकै चूर भएका छन् रास्तथे ऋषि–देव के ? ॥
तसर्थ युद्धमा मारी बन्धु–बान्धव साथमा ।
भय यो नाशिदई बक्स्योस् सूर्यले तम झैं यहाँ ॥
यसरी देवले सारा दुःख बिन्ती गरी वरी ।
खुश पारे उहाँलाई राम राजेन्द्र ! त्यै घडी ॥
हरिले अनि आज्ञा भो उनमा अभयै दिई ।
बडो स्नेह गरी आफैं गर्ने हित भलो भई ॥
सुकेश–राक्षसै हो त्यो म जान्दछु मजासित ।
तीन आँखे परात्माको वर पायो छ उद्धत ॥
त्यसका पुत्रलाई ती छ जेठो माल्यवान् जहाँ ।
म जान्दछु तिनै ओटा ध्वंस पार्छन् जहाँ तहाँ ॥
मर्यादा सब यो मासे नाशे सद्धर्म कर्म जो ।
हुन्छ मार्दियुँलामै नै लौ लौ डर न मान भो ! ॥
हरिलाइ खुशी पारी पाइ वचन यो अब ।
अ–आफ्नो ठाममा लागे दङ्ग भै देवता तब ॥
यो कुरा सुँइको पायो माल्यबान्ले उता जब ।
वीर भाइ दुवैलाई भन्न लाग्यो यसो तब ॥
सुन्यौ ए बाबु हो ! सारा ऋषिदेव मिले गए ।
शिव साथ गरे बिन्ती मार्न हामीकनै हरे ! ॥
प्रभो ! सुकेशका छोरा वरको बलले गरी ।
भए उद्धत विश्वेश ! पीर पार्छन् मिली वरी ॥
ढलॉग्दा उनले गर्दा खेदियौं सब शङ्कर ! ।
परवार सबै खोसे सक्तैनौं बस्न भो डर ॥

४३

४४

हाम्रो हित भलो गर्न तस्मात् राक्षसलाइ ती ।
भस्म पारि दिई बक्स्योस् हामीमा होस् कृपा यति ॥
यसरी देवले भन्दा हल्लाइ शिर बाहुली ।
भनेछन् शिवले चाँहि हामी माथि कृपै गरी ॥
हुन् ती सुकेशका छोरा मेरा निम्ति अबध्य छन् ।
राय दिन्छु तिमीलाई त्यसै गर, छ वेस मन् ॥
जो छन् चक्र–गदाधारी पहेंलें वस्त्रका हरि ।
गईहाल उनैमा लौ छिटै शरणमा परी ॥
लिइ यो शिवको राय टक्र्याई ढोग देवता ।
नारायण भएमा गै भने पस्री सबै कुरा ॥
भनिएछन् वहाँ सारा देवता हरिले पछि ।
हुन्छ ! मार्दियुँला भैगो देव हो ! दुष्टलाइ ती ॥
हाम्रो डर परी काँप्ने देवता–ऋषिको अघि ।
प्रतिज्ञा गरि हालेछन् हामी मार्ने पनी पछि ॥
राक्षस श्रेष्ठ ए मेरा भाई हो ! सुन लौ अब ।
कसो गरे भलो होला विचार गर वास्तव ॥
हिरण्यकशिपुः साक्षात् त्यसकै हातले मरे ।
ठूलठूला अरू जो जो थे देवशत्रु पनी मरे ॥
अरुको के कुरा भो र स्वयं वीर शिरोमणि ।
मरे सैह्लाद नमुचि कालनेमि मरे अनि ॥
मायावीहरूमा श्रेष्ठ हुन् राधे मरे उनै ।
धर्मनिष्ठ थिए अर्का लोकपाल मरे तिनै ॥
यमलार्जुन हार्दिक्य वीर शुम्भ निशुम्भ र ।
महान् बल तथा शक्ति भएका दैत्य दानव ॥
भए भुसुक्क सम्पूर्ण त्यसैका हातमा परी ।
जित्न सक्ने कुनै व्यक्ति निस्किएन कुनै घडी ॥
सयौं यज्ञ गरेकाथे यिनले पनि भाइ हो ! ।
सम्पूर्ण आसुरी माया जान्दथे यी पनी अहो ! ॥
प्रयोग गर्न शस्त्रास्त्र चतुरा थे यिनी सब ।
यिनलाइ पनी देख्तै भाग्थे शत्रु हुने सब ॥
त्यै नारायणले किन्तु मार्दियो सबलाइ यी ।
संख्यै छैन यिनीको क्वै हजारौं कति हो कति ॥
कुरा मैले भनेका यी विचार गर राम्ररी ।
गरी हाल त्यही काम भलो हुन्छ जसो गरी ॥

६०

६१

तर यो संझ है ! जित्न त्यो नारायणलाइ ता ।
गाह्रै छ, मार्न नै खोज्छ जो हामीहरूलाइ ता ॥
भन्छन् माली सुमाली त्यो माल्यवान्को कुरा सुनी ।
अश्विनीले भने ठीक इन्द्रमा सुन ! त्यो पनि ॥
राक्षस श्रेष्ठ ए दाजु ! हामीले पनि राम्ररी ।
स्वाध्यायादि गरेकाछौं गरी दान थरी-थरी ॥
ठूलठूला यज्ञ-यागादि गर्‍यौं कूवा खन्यौं कति ।
जोर्‍यौं सम्पत्ति-ऐश्वर्य उपभोग गर्‍यौं अति ॥
छौं यहाँ आयु पाएका न छुने रोगव्याधले ।
कर्तव्य मार्गमा टिक्तै धर्म धान्यौं स्वधर्मले ॥
बनायौं शस्त्रको डुङ्गा हुत्तियौं दैव-सिन्धुमा ।
हुडेंल्यौं र पुग्यौं पारी जित्यौं डुब्न पुग्यौं वहाँ ॥
अतुल्य नहुने जोरी जोरीपारी कनै पनि ।
मजे साथ जितेका हौं मृत्युको डर के अनि ? ॥
नारायण तथा रुद्र यम इन्द्र पनी सब ।
अँहँ ! हाम्रो अघी पर्न सक्तैनन् काँप्तछन् सब ॥
हामी ता दोष देख्तैनौं विष्णुको यसमा कति ।
उल्क्याए दैवले सारा सोभिम्फयो अनि त्यो त्यति ॥
तस्मात् अब सबै हामी मिलेर कसिई छिटै ।
ठोकौं ती दैवतैलाई यिनैको दोष हो सबै ॥
गरेर सर-सल्लाह राम बाबु ! त्यसो गरी ।
भए लडाँइ गर्ने पो उल्टो आपसमा मिली ॥
तुरुन्त उनको सेना तम्तयार भई गयो ।
युद्धको घोषणासम्म राक्षसैबाट भो अहो ! ॥
अ-आफ्ना सैन्य ली निस्के अब यी सब राघव ! ।
अघिका जम्भ-वृत्रादि जस्ता भै क्रुद्ध वास्तव ॥
महान् बल भएकाथे जिउ त्यस्तै थियो यता ।
रणक्षेत्र भरी हाले मर्न मार्न भनी तदा ॥
रथ चढ्ने थिए धेरै हात्ती चढ्थे निकै जन ।
घोडा साँढे गधा ऊँट चढ्थे जान्थे निकै जन ॥
शिशुमार तथा सर्प-मत्स्य-नक्र र कच्छप ।
गरुडै ठीक पक्षीमा चढेका पनि थे तब ॥
वँदेल-सिंह-व्याघ्रादि नीलगाई तथा मृग ।
जे पायो त्यसमा चढ्दै निस्के राक्षस ती सब ॥

७७

७८

दैवताहरूका शत्रु घमण्डी क्रूर राक्षस ।
लङ्का छोडी हिंडी हाले लड्न स्वर्गतिरै अब ॥
लङ्कामा जो बसेकाथे प्राणी वा ग्रामदेवता ।
सब खिन्न भई हाले शोची नाश हुने कुरा ॥
दल राक्षसको राम ! त्यस्तो यान चढी चढी ।
अब स्वर्गतिरै लम्क्यो अस्त्र साथ बढी बढी ॥
यताका दैवले देखे सब यो घटना जब ।
अनि टिक्न सकेनन् ती भागे त्यै मार्गले तब ॥
भगवान् कालको आज्ञा यै वेलामा भयो सुनः ! ।
उत्पातका अधिष्ठाता दैवमा सूचना दिन ॥
तसर्थ स्वर्ग — पाताल — पृथ्वीमा पनि तत्क्षण ।
भए अशकुनैमात्र मर्ने राक्षसका गण ॥
वर्षाए मेघले राजन् ! यिनैमाथि दनादन ।
तातो रगतको साथ हाडखोर अनेकन ॥
मर्यादा सिन्धुले तोड्यो ढाक्दियो तट नै अनि ।
कापें थर्थर भै राम ! ठूलठूला पर्वतै पनि ॥
मेघझैं गर्जिदै बोल्ने जीवजन्तु थिए जति ।
अब ती हाँस्न पो लागे अट्टहास जरी अति ॥
अगाडि देखिनै लागे भूत-प्रेतादि सम्म ता ।
भूम्यादि पञ्चभूतादि छिप्छन् भैं देखिए तदा ॥
थुप्रिए गिद्धका थुप्रा यिनै राक्षस माथिर ।
निकाल्थे अग्निको राँको देख्तै लाग्ने गरी डर ॥
बडो गजब भो राम ! छोडी लङ्कापुरी उता ।
परेवा र सुगा मैना उड्दै भागे भई छिटा ॥
वहाँ काक भए जक्ति लागे काँ ! काँ !! कराँउन ।
बिराला ङ्यार्र गर्नै र हात्ती ङ्वां ! गर्न मात्तिन ॥
यी उत्पात सबै देखे-भोगे ता पनि दुष्ट ती ।
रोकिएनन् कहीं राम ! बल शेखी हुँदा अति ॥
परेर कालको पाशो तानिएका थिए सब ।
अनि यी किन फर्कन्थे हुत्तिदै पो गए तब ॥
बलेका अग्नि हुन् जस्ता थे तीनै आई यी अघि ।
सारा राक्षस-सेनाको नाइके भै महाबली ॥
माल्यबान् दाजु जेठो थ्यो सुमाली माहिलो तथा ।
माली चाँहि थियो कान्छो कसिएका निकै कडा ॥

६४

९५

माल्यवान्कै थियो ठूलो भर आड सबैकन ।
विधातालाइ धौताले मानेझैं मान्दथे पुनः ॥
वर्षाको मेघ गर्जेझैं गर्जन्थ्यो राक्षसी—दल ।
मालीको वशमा टिक्थ्यो बढ्थ्यो स्वर्गतिरै तव ॥
उद्योग युद्धको त्यस्तो मुखले देवदूतको ।
मुनि बक्स्यो उता राम ! विष्णुले जो गई भन्यो ॥
गएर रणमा आफैं लड्नु पर्ने हुँदा स्थिति ।
तसर्थ कसिई बक्स्यो स्वयं गरुडमा चढी ॥

९८

९६

हजारौं सूर्य झैं तेजी पैह्री कवच दिव्य त्यो ।
दुइटा बाणले पूर्ण ठोक्रा थे भिरि नक्सियो ॥
पद्म जस्ता हुने आँखा हरिले कटिभागमा ।
थियो बा ! भिरि बक्सेको खड्ग बाँधेर सूत्रमा ॥
कुनै पर्वत हुन् जस्ता तिनै गरुडमा चढी ।
तुरुन्त नै उडी बक्स्यो मार्न राक्षस दुष्ट ती ॥
पहेंलो वस्त्र पैह्रेका श्यामवर्ण हुने हरि ।
देखिई बक्सियो राम ! वडो गजव त्यो घडी ॥

१०२

१०३

सुवर्णगिरिको अग्लो चुचुरो माथिको अब ।
विजुली साथको मेघ हो भनेझैं भयो तव ॥
बुझ्यौ त ! यी राक्षसका अनेक बेजोडका शत्रु भएर एक ।
भयो सवारी हरिको मजाले संग्रामका वस्तु लिई भुजाले ॥
थिए गदा शङ्ख र चक्र खड्ग सुशोभिइन्थे धनु शार्ङ्ग सम्म ।
लडाँइ गर्दा जति चाहिइन्थ्यो थिए सबै ती हतियार गम्म ॥
पछाडि लागे अब देवता र गन्धर्व सिद्धर्षि अहीन्द्र घेर ।
सुकर्म गाई प्रभुका अनेक रमाँउथे यी सब भित्र फेर ॥
वहाँ पुगेमा हरि, भो अनौठो गरूडका ती दुइटा पखेटा ।
जो वायु फ्याँक्थे त्यसले गरेर त्यो सैन्यमा पर्न गयो बखेडा ॥
जो जो थिए राक्षसवीरका ती त्यस्ता सवारी तिनमा भएका ।
ध्वजाहरू आंगिलइदै मजाले अकाशिए भै अब च्यातिएका ॥
शस्त्रास्त्र नाना जति हातबीच थिए लिएका उनले अहोहो ! ।
तिनीहरू ता गजबै भयो बा ! बतासिंदै पुग्न पुगे परै पो ! ॥
यसो गरी राक्षस-राजको त्यो सेना त्यसै थर्थर भै गयो र ।
नीलो कुनै पर्वत-टाकुराको ढुङ्गा झरे तुल्य भयो उडेर ॥
श्रीराम ! यी राक्षसका मनोरम शस्त्रास्त्र थे हात भरी अनेकन ।
युगान्तका अग्नि समान तेजिला जो देखिइन्थे अति अद्भुतै तदा ॥
लाग्दा छुरा रक्त र मासु थुप्रिंदा थिए निकै कट्कटिंदा विचित्रका ।
हाने यिनैले तिनले वहाँ अब साक्षात् परात्मा हरिलाइ राघव ! ॥

११२

इति छैटौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सातौं सर्ग

भगवान् विष्णुद्वारा सेनापति-मालीको वध

१

चर्काचर्की परी हाल्यो संग्राम अव ता वहाँ ।
छोडे राक्षसले अस्त्र विष्णुलाइ जहाँ-तहाँ ॥
वर्षाका मेघ जस्ता ती काला नीला थिए सब ।
हतियार उनीको भो वर्षा जस्तो रघूद्वह ! ॥
राम राजेन्द्र ! त्यो वेला नारायण-पहाड त्यो ।
त्यो राक्षसास्त्रको वर्षा पर्नाले ढाकिंदो भयो ॥
भगवान् विष्णुको देह उज्यालो अति चम्किलो ।
थ्यो श्याम-वर्णको भव्य मनोहर स्वरूपको ॥
यता शस्त्रास्त्र छोड्दामा काला-नीला स्वरूपका ।
त्यस्ता राक्षसले घेरी पार्न खोज्थे मुसुक्क बा ! ॥
यसैले देखियो त्यस्तो गिरिमाथि निरन्तर ।
जल वर्षाँउछन् जस्तो मेघ धारा त्यजी स्थिर ॥
बालीमा सलहै ठीक आगोमा पुतली सरि ।
मौरी मह भएमाझैं सिन्धुमा मकरै सरि ॥
वहाँ राक्षसले सारा छोडेका धनु बाट ती ।
वज्र-वायु-मनै ठीक भएका वेग अस्त्र यी ॥
विष्णुका देहमा राम ! पस्तै लीन हुँदै गए ।
जसरी लयमा लोक पस्छन् त्यै देहबीच ए ॥
रथबीच चढेकाथे योद्धा जो रथ साथमा ।
अश्वसाथ चढेकाथे योद्धा जो अश्वसाथमा ॥
हात्तीमाथि चढी लड्ने साथ सैन्य पदातिको ।
थिए आकाशमा ठिङ्ग बडो अद्भुत पो भयो ॥
थिए राक्षस यी राम ! डाँडै जत्रा शरीरका ।
विष्णुमा छोड्दथे बाण शक्ति तोमर ऋष्टि बा ! ॥
सास फेर्न पनी गाह्रै पार्दिए विष्णुलाइ ता ।
प्राणायाम जसो रोक्छन् द्विजको सासलाइ ता ॥

१३

१४

मत्स्य-नक्रादिले पूर्ण महोदधि भए सरि ।
भै बक्स्यो भगवान् विष्णु ढाकिंदा बाणले गरी ॥
धनु शार्ङ्ग उठाएर अव श्रीहरिले पनि ।
उनमा छोडि बक्स्यो बा ! अव बाण दनादनी ॥
तानी धनु मजै साथ छोडेका विष्णुका शर ।
वज्रठीक थिए राजन् ! मनका वेगझैं स्थिर ॥
तिनैले मासिए लाग्दा हजारौं र शयौं थर ।
दल राक्षसका राम ! भागे धेरै जसो पर ॥
वायुले जसरी माश्छ छिटै बादलको दल ।
त्यै ठीक बाण-वर्षाई मास्दि बक्स्यो सबै बल ॥
महाशङ्ख थियो साथ प्रभुको पाञ्चजन्य जो ।
बजाई बक्सियो राजन् ! विष्णुले त्यसलाइ पो ॥
प्राणशक्ति भरी राम्रै गरी शङ्ख बजाँउदा ।
आवाज गुञ्जियो ठूलो त्रैलोक्यै व्याप्त भो तदा ॥
त्यसको डर पस्नाले काँप्यो थर्थर भै सब ।
त्यसैभित्र परे सारा दल राक्षसका अब ॥
मत्ता हात्तीहरूलाई जसरी वनबीचमा ।
पार्छ कायल क्वै सिंह जस्तो, त्यस्तै भयो वहाँ ॥
अव त्यो युद्धमा घोडा सकेनन् टिक्न वास्तव ।
राम्रै पानी झरी हाल्यो ठूलठूला गज कोतक ॥
शब्दले शङ्खको त्यस्तो सुन्दैमा भइ काँथर ।
रथै बाट खसे योद्धा भुईंमा भइ थर्थर ॥
थे शार्ङ्ग धनुका बाण कडा वज्र समानका ।
प्वाँख टुप्पा थिए राम्रा यिनका अति तेजिला ॥
छुट्ना साथ गई सर्र देह राक्षसका सब ।
फोरी छिया छिया पारी पृथ्वीमा परतथे तव ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

विष्णुबाट छुटेका यी बाणले छेडिंदा तन ।
गिरिझैं वज्रले ढाल्दो निशाचर लडे पुनः ॥
तिनका घाउ लागेका देहबाट थरी थरी ।
झर्थे रगतका धारा गिरिका झरना सरि ॥
त्यो शार्ङ्ग धनु टंकार्दा आएको ध्वनि बाट र ।
त्यो पाञ्चजन्य-शङ्खैको गुञ्जिंदो ध्वनिले स्थिर ॥
भगवान् विष्णुको त्यस्तो गर्जनाले पनी त्यहाँ ।
मार्‍यो कोकोहलो सारा गर्थे राक्षस जो वहाँ ॥
विष्णुले अब श्रीराम ! काँपेका उनका शिर ।
काट्‌दिई बक्सियो बाण ध्वजा धनु तथा रथ ॥
बडो गजब भै हाल्यो छुटेका शार्ङ्गका शर ।
असंख्य भइ दौडे बा ! यताउति निरन्तर ॥
देखियो त्यस वेलामा भगवान् सूर्य बाट ता ।
किरणै निस्किए ठीक छाप्छाप्ति भइ सर्वथा ॥
जल-प्रवाह निस्केझैं सिन्धुबाट भयो त्यहाँ ।
ठूलठूला सर्प निस्केझैं डाँडा बाट भयो यहाँ ॥
वर्षामा जसरी राम ! मेघ बाट निरन्तर ।
वर्षिन्छन् जलका धारा निस्किए त्यै सरी शर ॥
जस्तो शरभ देख्तामा सिंह भाग्दछ त्रासले ।
जस्तो मृगेन्द्र देख्दामा भाग्नै पर्छ गजेन्द्रले ॥
हात्ती बाट डराएर जसरी बाघ भाग्दछ ।
बाघबाट डराएर चितुवा पनि भाग्दछ ॥
जसरी चितुवा देख्ता काँप्तै कुकुर भाग्दछ ।
जस्तो कुकुर देख्तामा विरालो पनि भाग्दछ ॥
विरालो अघि पर्दामा सर्प भाग्दछ भै छिटो ।
सर्पको अघि पर्दामा मूसा भाग्छन् गरी जसो ॥
त्यही ठीक भई हाल्यो महान् शक्ति हुने हरि ।
युद्धमा अघि पर्दामा भागे राक्षस सर्सरी ॥
भाग्दा भाग्दै तमाशा भो बाण लागेर विष्णुका ।
लडे राक्षस पृथ्वीमा पसारै भो जतातता ॥
मरे राक्षस हज्जारौं शयौं थर लिई दल ।
अब फेरि बज्यो शङ्ख पाञ्चजन्य सुनिर्मल ॥
जसरी देवका राजा इन्द्रले मेघलाइ ता ।
जलले पार्दछन् पूर्ण भयो त्यै ठीक पूर्ण बा ! ॥

४३

४५

त्यसरी बाण लाग्नाले नमरिने पनि भै डर ।
शङ्खको स्वर सुन्नाले भएका भित्र थर्थर ॥
रणमा जति थ्यो बांकी राम ! राक्षस-सैन्य त्यो ।
अब टिक्न नसक्तामा भाग्दै लङ्कातिरै पुग्यो ॥
भगवान् विष्णुका बाण लाग्दा पीडित भै अति ।
त्यसरी भाग्न लागेका सैन्यमा दृष्टि गै पछि ॥
रोक्तै अघि बढ्यो आफैं सुमाली रणभूमिमा ।
छोड्‌दियो बाणको पर्रा रोक्दियो अघि बढ्नमा ॥
सूर्यलाइ तुवाँलोले ढाके जस्तै भयो हरे ! ।
त्यसरी भगवान्‌लाई ढाक्दिंदा बाण-जालले ॥
अब राक्षसले यस्तो देखेकामात्र के थिए ।
सारा ओइरिई हाले त्यो रणक्षेत्रबीच ए ! ॥
बलको जोशमा पर्दा होश राखेर राक्षस ।
हरिको अघि नै आयो लड्न क्रुद्ध भई तव ॥
भारीका चोट लागेका जो थे असक्त राक्षस ।
नयाँ जीवन पाए झैं भइ जम्बा भए सब ॥
हात्तीले सूँड हल्लाए ठीक त्यल्ले गरी तब ।
गहना हल्लिने आफ्नो हल्लायो हात पो अब ॥
महानाद गरी गर्ज्यो हर्षले अनि राक्षस ।
मेघ गर्जे सरी भैगो विजुली साथको तब ॥
सुमाली रथमा राम ! बस्तथ्यो गर्जिदै थियो ।
अब सारथिलाई नै हरिले काट्‌दि बक्सियो ॥
त्यसको शिर हल्लिन्थ्यो अझै पनि रघूत्तम ! ।
दिव्य कुण्डल पैह्रेको हुँदा अझ मनोरम ॥
यता सारथि मर्नाले घोडा सब घुमे अब ।
भै स्वतन्त्र यता स्वामी घुम्न सम्म घुम्यो तब ।
निकै भ्रान्त भई घुम्दा घोडा इन्द्रियरूप यी ।
भाँडिंदा धैर्य छोड्नेको गति जो हुन्छ, भो त्यही ॥
जब राम ! सुमालीले त्यसरी रणमा तदा ।
ती आफ्ना रथका घोडा देख्यो घुम्ने यता-उता ॥
धनुर्बाण लिई सर्र तल ओर्ल्यो र राक्षस ।
गरुडैलाइ झम्टेर बढ्यो अघि वहाँ अब ॥
छोड्यो बाण सुमालीले दनादन त्यतै अनि ।
थिए सुन जडेका यी मजाका झल्किने पनि ॥

६०

६१

हरिको देहमा लागे घुसे श्री सब बाण गै ।
क्रौञ्च-पर्वतमा पक्षी पसेझैं साँझमा सबै ॥
जितेन्द्रिय कुनै व्यक्ति मनका पीर-तापले ।
जस्तो अक्षिप्त, त्यै ठीक हरिको भो महीपते ! ॥
मालीका धनुका बाण बिझ्दामा पनि त्यत्तिका ।
मानिबक्सेन श्रीराम ! फींज जस्तो पनी तदा ॥
अब श्रीहरिले आफ्नो धनु टङ्कारि बक्सियो ।
यसो सुनी त्यसैबीच बाण घेर चढाइयो ॥
मालीमाथि यसो हेरी चटयाङ् जस्ता र तेजिला ।
छोड्दि बक्स्यो तिनै बाण विष्णुले अब भै छिटा ॥
पिए रगत तात्तातो मालीका देहको सब ।
देखियो पिउछन् सर्प सुधाको रसझैं तब ॥
विष्णुले बाण छोडेर मालीलाइ वहाँ अब ।
पीठ देखाँउनै पर्ने पार्दि बक्स्यो रघूद्वह ! ॥
शङ्ख चक्र गदा धर्ने प्रभुले त्यसका अहो ! ।
काट्दिबक्स्यो ध्वजा बाण घोडा मुकुट सम्म पो ॥
गिरिका टाकुरा बाट कुनै सिंह कुदे सरी ।
कुद्यो त्यो रथ छोडेर गदा हात लिई वरी ॥
त्यै गदाले बजायो बा! प्रभुका वाहनोत्तम ।
साक्षात् गरुडलाई पो त्यसले राक्षसोत्तम ॥
गदाले यमले राम ! हानेझैं शिरमा भयो ।
डाँडोमा इन्द्रले वज्र छोडेकै सरि देखियो ॥
गई ललाटमा ठ्याक्कै बज्रिँदा त्यसको गदा ।
बुझ्यौ ! ढुन्मुनिई हाले स्वयं गरुड ता तदा ॥
सकेनन् बिचरा टिक्न ज्यादै तोड पऱ्यो अतः ।
पीठ फर्काउने पारे आफ्ना मालिकलाइ त ॥
हरिले पीठ फर्केको देखे राक्षसले जब ।
वहाँ बसि न सक्नै भो कोलाहल बढ्यो अब ॥

७४

७५

सारा राक्षसको सुन्दा सिंहनाद र गर्जन ।
उपेन्द्र-प्रभुमा केही उठ्यो क्रोध वहाँ सुन ! ॥
पछाडि देखिने सारा गरी तेर्सो परीकन ।
बसी गरुडमा राम ! हेरि बक्स्यो सुदर्शन ॥
अनि छोड्दिइ बक्स्यो त्यो हातको चक्र राघव ! ।
त्यस मालीकनै ताकी गर्न नै त्यसको वध ॥
सूर्यमण्डलले जस्तो सारा आकाश लाइ ता ।
पार्छ जग्मग त्यै ठीक पाऱ्यो यल्ले पनी तदा ॥
कालकै चक्र हो जस्तो देखिन्थ्यो त्यो यथार्थतः ।
त्यसले शिर मालीको ड्याक्लाक्कै पार्दियो तव ॥
चक्रले काटिँदा च्वाट्ट डलग्दो त्यसको शिर ।
खस्यो वा रगतै छादी भै होझैं राहुको शिर ॥
यसले देवतालाई ठूलो हर्ष भयो वहाँ ।
भगवन् ! भो बडो वेस साधु ! साधु!! भने वहाँ ॥
थियो ज--जसको जस्तो प्राणशक्ति लगाइ त्यै ।
सिंहनाद गरे राम ! अनि यी देवले सबै ॥
देख्ता माली मरेको त्यो सुमाली माल्यवान् दुवै ।
भागे लङ्कातिरै शोक बढ्दामा सैन्य ली सबै ॥
अब यस्तै अवस्थामा भए गरुड स्वस्थ क्यै ।
त्यै रणक्षेत्रमा फर्के पहिले ठीक ढुक्क भै ॥
अनि ता उनले राम ! निकै क्रोध बढो तव ।
हावाले नै पखेटाका भगाए सब राक्षस ॥
चक्रले काटिए च्वाट्टै धेरैका मुख-पद्म त ।
फुटाइए गदा हानी निकैका हृदयस्थल ॥
वहाँ छिनाइए घाँटी हलोले नै चटाचट ।
मुसलैले पनी पाऱ्यो धेरैका टाउका चट ॥
मरे राक्षस धेरै नै खड्गको धारमा परी ।
रामबाबु ! मरे कैयौं बाण-वर्षा झरी परी ॥

८८

८९

यसरी मारिएका यी सारा राक्षस अन्तमा ।
आकाश बाट तत्काल खसे भयाम्लाङ्ग सिन्धुमा ॥
श्री विष्णुका त्यो धनुका छुटेका थे बाण तीखा अशनी सरीका ।
हानी यिनैले प्रभुले सबै यी भगाइए शेष प्रशस्त मारी ॥

९०

CC-0. In Public Domain. Digitization by eGangotri

९१

वेलाविषे त्यो उनका कपाल उड्थे हवामा भइ छ्याल्ल-ब्याल्ल ।
हो मेघ-माला विजुली सँगैको भने सरी नाथ सुशोभियो त्यो ॥
वौला सरीको अब देखिंदो भो अतासिंदो राक्षस-सैन्य त्यस्तो ।
छाता उड्योश स्त्र गुड्यो समस्त भो राम! परता डर अस्त-व्यस्त ॥
शरीरमा वाण बिझेर गड्दा जतातत्तै दङ्ग भएर लड्दा ।
निस्केर आन्द्रा शिर ढाकियो जो पैह्रन्छ माला सरी देखियो यो ॥
लघारिंदा सिंह भएर क्रुद्ध हात्तीहरू टिक्न परेर गाह्रो ।
भाग्छन् जसोरी अतिवेग साथ अत्यास पर्दा गरि जोड साह्रो ॥
साक्षात् पुरानो नरसिंह बाट ठोक्ता लघार्दा दृढ वीर्य साथ ।
यी राक्षसैरूप गजेन्द्र राम ! भागे रणक्षेत्र त्यजी तमाम ॥
भाग्दा उठेको र कराँउनाले निस्की रहेको स्वर बढ्दिंदामा ।
हाहा बढ्यो त्यो रणभूमिबीच सँगै-सँगै व्याप्त गरीदिंदामा ॥
श्रीविष्णुका बाणसमूह द्वारा चुर्लुम्ब पार्दा अब सैन्य सारा ।
छोडेर आफ्ना हतियार नाना भागे छिटै राम ! बडा र साना ॥
धम्मर्धुसे सण्ड-मुसण्ड काला थिए सबै राक्षस, भो कुचाला ।
आकाशको बादललाई कालो विनाशछ हावा सरि देखिंदो भो ॥
छिनालिएका शिर चक्रद्वारा झरेर पृथ्वीभर शोभिइन्थे ।
ठोकाइ पर्दा गतिलो गदाको थे थिल्थिला अङ्ग फुटालिइन्थे ॥
प्रहार लाग्दा तलवार द्वारा थिए दुवै फ्याँक शरीर सारा ।
भई यसोरी सब अङ्ग भङ्ग लडे लडेर्झै गिरि डङ्ग, डङ्ग ॥
झुण्डी रहेका मणि-रत्न-हारले तथा अनेकौं थर कुण्डलादिले ।
प्रपूर्ण ती राक्षसका अनेकन शरीरका लाश ढले दनादन ॥
काला र नीला सब राक्षसादिका यी लाश मेघै सरिका हुँदा तथा ।
नीला महान् पर्वत नै लडे सरि शोभा भयो छापिइँदा वरीपरी ॥

१०२

इति सातौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं सर्ग

भगवान् विष्णुको माल्यवान् र सुमालीसँग युद्ध एवं उनीहरूको भागाभाग

१

सुन राजेन्द्र श्रीराम ! भगवान् पद्मनाभले ।
अब ठोक्दिइ बक्स्यो बा ! भाग्ने राक्षसलाइ ए ! ॥
यो देखे पछि फर्क्योहै माल्यवान् भगवान् तिर ।
फर्कन्छ जसरी सिन्धु भित्रैतिर पुगी तट ॥
क्रोधले त्यसका आँखा राता राता थिए तव ।
हल्लिन्थ्यो शिरमा राम्रै अभै मुकुट राघव ! ॥
नजीकै आइ भन्दो भो पद्मनाभ नरोत्तम ।
भगवान् सँग श्रीराम ! माल्यवान् यसरी सुन ! ॥
नारायण ! तिमीलाई पुरानो क्षात्र-धर्म त्यो ।
लौ रहेनछ क्यै पत्तो, राम्ररी पाल्नु पर्छ जो ॥
लड्नै न चाँहने हामी डराएकाहरूकन ।
साधारण मनुष्यैले ठीक मार्छौं दनादन ॥
पीठ फर्केर भाग्नेको गर्छ जो वध ए ! सुन ! ।
त्यो कैले स्वर्ग भेट्तैन पुण्यात्माहरुको गुन ! ॥
शङ्ख चक्र गदा धर्ने ए विष्णु ! सुन लौ अब ।
लड्न इच्छा भए देखि तिमीमा अफ्न वास्तव ॥
म सँगै लड लौ आऊ ! भै अडेग यहाँ छु म ।
लौ देखाउ तिमी साथ बल शक्ति छ जो पुनः ॥
रणमा माल्यवान्लाई माल्यवान् गिरि ठीकको ।
देखेर यसरी राम ! विष्णुले भनि बक्सियो ॥
तिमी राक्षसले गर्दा माल्यवान् सुन ! सबै सुर ।
डरले भै रहेकाछन् नित्य उद्विग्न थर्थर ॥
तसर्थ ती सबैलाई मैलै शरणमा लिएँ ।
भनें राक्षस मार्दिन्छु अनि यै ठीक थ्यो, गरें ॥
देवताको भलो प्यारो प्राणैले पनि गर्छु म ।
तस्मात् रसातलै जाओ मारी छोड्छु तिमीकन ॥

१३

१४

पद्मझैं नेत्रका राता विष्णु आज्ञा हुँदै थियो ।
छातीमा शक्तिले हान्यो त्यसले झोकिई बडो ॥
मेघमा बिजुली जस्ती देखिई शक्ति त्यो अब ।
छातीमा हरिको लाग्दा बज्थी घण्टा सरी तब ॥
श्रेष्ठ हुन् शक्ति धर्नेमा भगवान् स्कन्द राघव ।
उनी प्रिय थिए तस्मात् भगवान् विष्णुका तव ॥
तसर्थ आफ्नु छातीमा लागेको शक्तिलाइ त्यो ।
झिकेर हरिले राम ! त्यसैमा ठोक्दि बक्सियो ॥
स्कन्दले शक्ति छोडेझैं भै गयो अब विष्णुको ।
बाहुबाट छुटेकी त्यो गर्थी राक्षस-प्रेम पो ॥
गै सर्र माल्यवान्को त्यो छातीमै टाँसिई अतः ।
कालो गाजल-डाँडामा भै उल्का सरि शोभित ॥
मणिका रत्नका नाना हार–भूषण आदिले ।
सुशोभित भएको थ्यो त्यसको वक्ष भूपते ! ॥
निकै चौडा त्यसैमाथि बज्री डङ्ग्रङ्ग शक्ति त्यो ।
गिरिको टाकुरा माथि वज्र बज्रे सरी भयो ॥
थियो कवच पैह्रेको त्यसले गतिलो तब ।
त्यै फुटाई दिई, मूर्च्छै पर्‍यो त्यो माल्यवान् अब ॥
परन्तु छिनमै राम ! भयो आश्वस्त ब्यूँझियो ।
क्यै लछारेन बा ! त्यल्ले डाँडै जस्तो अडेग भो ॥
भएको अति नै काँडा कालो ठूलो फलामको ।
उठायो शूल पो यौटा त्यसले क्रोधले अहो ! ॥
त्यसैले ठोक्दियो राजन् ! भगवान् विष्णुलाइ ता ।
ताकेर बीच छातीमै कसिएर निकै तदा ॥
त्यत्तिले न पुगी फेरि लड्नमा जोसिलो बनी ।
मुक्किले पनि बैठ्यायो चार हात हन्यो अति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यता यसै अवस्थामा माथि आकाशमा सुन! ।
बडो वेस गर्‍यौ भन्ने गुञ्ज्यो शब्द दनादन ॥
बडो गजव भै हाल्यो विष्णुका प्रिय वाहन ।
हान्यो गरुडमा सम्म माल्यवान्‌ले पुनः पुनः ॥
उठ्यो गरुडमा क्रोध अव ज्यादै असह्य भै ।
पखेटा फट्फटाए बा! उनले आफ्नु ती दुवै ॥
पुगेछ यत्तिले काण्ड चल्यो आँधि-हुरी वहाँ ।
उडाए यी सवैलाई उडे झारै सरी जहाँ ॥
उडेको त्यसरी देख्ता माल्यवान् दाजुलाइ ता ।
सुमाली पनि ली सैन्य उड्यो लङ्कै पुग्यो तदा ॥
यसरी विष्णुले राम! धेरै पटक राक्षस ।
भगाई बक्सियो मारी नाइकेलाइ नै सव ॥
त्यसरी हरिको साथ न सक्ता लड्न टिक्न यी ।
बसे गइ पतालैमा पछि लङ्का पनी त्यजी ॥
निकै पराक्रमी हुन् यी ख्यात राक्षस राघव! ।
यिनैले शोभिएको हो वंश सालकटङ्कट ॥

३४

३५

तिमीले सुन राजेन्द्र! मार्‍यौ जो जति राक्षस ।
पौलस्त्य-वंशका हुन् ती यिनी बाहेकका सव ॥
सुमाली माल्यवान् माली यिनका मुख्य सेवक ।
ती रावणहरू भन्दा भाग्यवान् हुन् कडातक ॥
देवद्रोही तथा वैरी यी राक्षसहरूकन ।
मार्नै सक्तैनथ्यो अर्को विष्णु भिन्न कुनै जन ॥
विन्ती गर्छु म राजेन्द्र! म हजूर सँगै अव ।
नारायण त्यही साक्षात् भै वक्सिन्छ रघूद्वह! ॥
शङ्ख चक्र गदा धर्ने चार वाहु हुने पुनः ।
हजूरै भइ बक्सिन्छ नरोत्तम सनातन ॥
अजन्मा अविनाशी भै मार्न नै सव राक्षस ।
हजूर ओर्लि बक्सेको हो प्रभो! त्यसरी तव ॥
विश्वमा धर्म-मर्यादा नाशिंदा भाँडिंदा सव ।
व्यवस्था तिनको वाँध्न गर्न कायम त्यै सव ॥
प्रभु नै ओर्लि बक्सिन्छ शरणागत रक्षिन ।
दुष्ट मार्न यिनै जस्ता यथा समयमा पुनः ॥

४२

४३

विन्ती गरें नरपते! प्रभु-पाउमा यो उत्पत्ति यी सकल राक्षसको भएको ।
विन्ती म गर्दछु अझै सुनि बक्सियोस् त्यो पौलस्त्यवंशबिच रावण जन्मिएको ॥
त्यो राक्षसेन्द्र कसरी कसबाट जन्म्यो, के के गर्‍यो अतुल-कर्म प्रभाव के थ्यो? ।
करता भए सुत पनी त्यसका समस्त विन्ती म गर्दछु विभो? सुनि बक्सियोस् त ॥
श्रीविष्णुको त्रास बढेर चित्तमा त्यसो गरी भाग्न पुगी पतालमा ।
बस्यो सुमाली भइ ढुक्क राघव! छोरा र छोरी लिइ साथमा सव ॥
लङ्का पुरी खालि हुँदा यतातिर गै बस्न आज्ञा लिइ योग्य भै स्थिर ।
स्वयं धनाध्यक्ष कुवेर गै वहाँ बसे मजाले पछि भृत्य साथमा ॥

४६

इति आठौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

नवौं सर्ग

रावणहरूको जन्म र उनीहरूले गोकर्णाश्रममा तप गर्नु

१

काल बित्तै गयो राम ! यसै गरी निकै पछि ।
सुमाली घुम्न निस्क्यो बा! माथि, पाताल त्यो त्यजी ॥
एक एक गरी सारा पृथ्वीलोक दनादन ।
घुम्न लाग्यो सुमाली यो मजाले रघुनन्दन ! ॥
कालो नीलो थियो वर्ण त्यसको मेघकै सरि ।
हल्लिन्थे कानमा खुल्थे स्वर्ण-कुण्डल लम्बरी ॥
साथमा त्यसकी यौटी छोरी थिइ रघूद्वह ! ।
साक्षात् लक्ष्मी सरी राम्री बिना कमलकी तब ॥
यसरी त्यस बेलामा घुम्दाघुम्दै धरातल ।
देख्यो कुवेरलाई नै त्यसले एक पल्ट त ॥
उनको देहको वर्ण बल्दो अग्नि सरी थियो ।
कुनै देव सरी ठूला देखिन्थे योग्यको बडो ॥
पुलस्त्य- मुनिका छोरा साक्षात् आफ्ना पिताकन ।
गर्न दर्शन यी जान्थे विश्रवा मुनि हुन् जुन ॥
मनझैं वेगिलो तेजी त्यै पुष्पक- विमानमा ।
चढेर राम राजेन्द्र ! जान्थे आकाश- मार्गमा ॥
वहाँ देख्ता सुमालीले अब यस्ता उनीकन ।
मर्त्यमण्डल बाटै त्यो रसातल पस्यो पुनः ॥
निकै बुद्धि भएको हो सुमाली रघुनन्दन ! ।
पुगी निवासमा आफ्नो शोच्न लाग्यो गमीकन ॥
भलो कसो गरी होला हामी राक्षसको अब ।
सकौंला कसरी हामी गर्न उन्नति वास्तव ॥
शोची यत्ति त्यही आफ्नी छोरी सँग यसो भन्यो ।
जसको नाम थ्यो राम ! कैकसी योग्य यो बडो ॥
सुन मेरी प्रिये छोरी ! अब तिम्रो विबाहको ।
वेला भो ठीकको बाबा ! बित्छ यौवन व्यर्थ जो ॥

१३

१४

तिमी नाईं ! भनौली कि भन्ने भित्र परी डर ।
माग्न, आँट्न तिमीलाई सक्तैनन् श्रेष्ठ क्वै वर ॥
तिमी लायकको राम्रो वर प्राप्त हवोस् भनी ।
मरिमेटी रहेकैछौं यता हामीहरू पनि ॥
किन भन्छ्यौ भने नानी ! कन्याको दान गर्नेमा ।
धर्म बुद्धि लिएकाछौं हामीले पनि जो यहाँ ॥
साक्षात् लक्ष्मी सरी बाबा ! छौ तिमी, गुण छन् सब ।
तिम्रो वर पनी त्यस्तै हुनु पर्दछ वास्तव ॥
आत्म- गौरवको इच्छा राख्ने सम्पूर्ण व्यक्तिमा ।
सम्बन्ध बाबु- छोरीको पीर पार्छ जहाँ-तहाँ ॥
कसरी किन यो शङ्का गर्छ्यौ ता लौ तिमी सुन! ।
कन्या- लायक को होला को, बर्ला गर्छ जो मन ॥
आफ्ना बाबु र आमाको दिनेको कुल सम्म पो ।
पार्छे धक्चकमा कन्या, क्यै होला कि भनी अहो ! ॥
तस्मात् अब तिमी बाबा ! पुलस्त्य-मुनिका सुत ।
महात्मा विश्रवालाई पतिको रूपमा वर ॥
प्रजाका पतिका त्यत्रो वंशमा जन्मिने उनी ।
पति लायक छन् तिम्रा सर्वश्रेष्ठ गुणी मुनि ॥
गर्नाले उनको सेवा मेरी छोरी तिमीकन ।
बुझ्यौ ! नित्य भलो होला, धोको पुग्ला सबै पुनः ॥
तिमीले यत्ति गर्नाले तिम्रा सुत-सुता पनि ।
जन्मने छन् महावीर गतिला गम ! यो पनि ॥
देख्यौ कुवेरलाई ती धनाध्यक्ष भए जुन ।
तेजिला गर्विला त्यस्तै हुनेछन् सूर्यझैं पुनः ॥
सुनेर बाबुका यस्ता कुरा गौरवले तदा ।
कैकसी त्यो गई राम ! जहाँ थे मुनि विश्रवा ॥

२६

२७

तपस्यामा थिए मग्न आफ्नो आश्रममा उनी ।
पुगी राक्षसकी कन्या अघिल्तिर बसी अनि ।।
यस वेला वहाँ राजन् ! पुलस्त्यसुत—विश्रवा ।
अग्निहोत्रादि गर्दैथे साँझको विधिसाथ बा ! ।।
तेजस्वी मुनि ती तीनै अग्निका साथ-साथमा ।
चतुर्थ अग्नि हुन् जस्ता शोभिन्थे भव्यरूपमा ।।
डर्लाग्दो साँझ-वेलाको विचारै नगरी तव ।
त्यो कैकेसी गएकीथी पितृ-गौरवले दृढ ।।
पुगी नजीक मुनिको घोस्रे मुन्टो गरीकन ।
बसी अघि परी ठिङ्ग पाउ हेरेर पावन ।।
भामिनी कामिनी थी त्यो भुईं कोर्थी निरन्तर ।
खुट्टाको बुढि औंलाले, भित्र आदर थ्यो स्थिर ।।
त्यसको मुख थ्यो राम ! पूर्णचन्द्र समानको ।
कटि-प्रदेश त्यस्तै थ्यो मस्केको, अति खुल्दथ्यो ।।
अब यस्तो अवस्थाकी तेजिली त्यसलाइ ता ।
देखतामा ती उदारात्मा मुनि भन्छन् यसो तदा ।।
भन ए सुन्दरी ! को हौ, छोरी हौ कसकी तिमी ? ।
कता बाट यहाँ आयौ, भन काम मसा तिमी ? ।।
कुन हेतु परी तिम्रो यो आगमन भो शुभे ! ।
भन आफ्नो कुरा सारा तिम्रो प्यारो गरूँ म के ? ।।
यसरी राक्षसी-कन्या मुनिले सोधिए पछि ।
कैकसीले भनी राम ! हात जोडेर क्यै झुकी ।।
भगवन् ! मनमा मेरो जो छ इच्छा र भाव जे ।
बुझि बक्सयोस् मुने! सारा आफैं, आफ्नो प्रभावले ।।
ब्रह्मर्षे ! जानि बक्सेला मलाई, तर यो पनि ।
लिएर बाबुको आज्ञा आएकी हो भनी, गमी ।।
कैकसी नाम हो मेरो अब सक्तिन भन्न म ।
जानि बक्सयोस् कुरा बाँकि अरू आफैं तपोधन ! ।।
त्यसका यी कुरा सुन्दा केही ध्यान गरी यसो ।
विश्रवा-मुनिले राम ! त्यससाथ भने यसो ।।
लौ तिम्रो मनको भाव बुझें मैले सबै शुभे ! ।
छोरा पाँउनको इच्छा राख्छ्यौ ह्वैन मबाट के ? ।।
मत्ता ढोईं सरी मस्की हिंड्ने ए सुन्दरी ! तिमी ।
आयौ बा ! साँझको वेला डर्लाग्दो छ नि, हेर नि ? ।।

४३

४४

हुँदा संगम यो वेला यो पनी सुनि राख लौ ! ।
तिमी जन्माउँली छोराहरू जस्ता म भन्छु लौ ! ।।
सुश्रोणि ! सुन ती तिम्रा छोराहरू स्वभावतः ।
हुनेछन् क्रूर, डर्लाग्दा, डर्लाग्दै रूपका स्वतः ।।
आफैं ठीक हुने क्रूर वंशका वृत्तिका पनि ।
जो जो छन् उनकै साथ प्रेम गर्लान् सँधै उनी ।।
सँधै कुकर्म नै गर्ने क्रूर, क्रूर स्वभावले ।
दुष्ट राक्षसलाई नै तिमी जन्माउँली शुभे ! ।।
मुनिका यी कुरा सुन्दा कैकसी खिन्न भैकन ।
उनको पाउमा पस्री विन्ती गर्छे यसो पुनः ।।
हजूर भइ बक्सिन्छ ब्रह्मतत्त्वज्ञ वस्तुतः ।
यस्ता बाट अहो ! त्यस्ता पुत्र पाँउन्न भौं म त ।।
कुकर्मी र दुराचारी छोरा राक्षस ता अहो ! ।
प्रभुबाट न हुन् मेरा यसमा होस् कृपा प्रभो ! ।।
मुनिश्रेष्ठ महात्मा ती विश्रवा रघुनन्दन । ।
यसरी कैकसीबाट भनिए नम्र भैकन ।।
भनेझैं रोहिणीलाई भगवान् पूर्णचन्द्रले ।
फेरि ती कैकसीलाई भने बा ! मुनिराजले ।।
ए राम्रो मुखकी देवी ! तिम्रो सन्तान अन्तिम ।
जन्मला जुन भै छोरो त्यै हुनेछ अनुत्तम ।।
मेरो लायकको छोरो वंशको वीर्यकोतक ।
धर्मात्मा पनि त्यै होला शङ्कै छैन भयो अब ।।
काल वित्तै गयो राम ! यथा समयमा अनि ।
उनले पुत्र जन्माइन् अतिअद्भुत त्यो पनि ।।
थियो राक्षस यो राम ! देख्तैमा डर लाग्दथ्यो ।
स्वभाव यसको ज्यादै क्रूर थ्यो उग्ररूप थ्यो ।।
टाउकै दश ओटा थे, बीस हात थिए यता ।
लामा लामा थिए दाह्रा विशाल मुख थ्यो उता ।।
ताँमो ठीक पगालेको थिए ओठ दुवै तथा ।
तेजिला र बले जस्ता थिए रँउ कपालका ।।
थियो लम्बाइ-चौडाइँ मिलेको उग्र देह त्यो ।
कालो अङ्गार वा नीलो गाजलै ठीक वर्ण थ्यो ।।
जन्मना साथ यो राम ! भए नाना कुलक्षिन ।
तत्काल देखिए धेरै थरीका अशुभै पुनः ।।

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

निकाली अग्निको मुस्लो पारी ह्वाहार्ति तत्क्षण ।
स्यालिनीहरु त्यों वेला रुन लागे दनादन ॥
मासु खाने थिए पक्षी जति जो गिद्ध आदि ती ।
मण्डलाकार भै दाँया पारी–पारी घुमे पछि ॥
लागे रगतकै वर्षा गर्न इन्द्र स्वयं वहाँ ।
गर्जे बा ! मेघ अत्यन्तै डर्लाग्दो स्वरमा जहाँ ।
तत्काल मलिनो भैगो सूर्यको कान्ति सम्म पो ।
पृथ्वीभर खसे उल्का नराम्रो रूप ली अहो ! ॥
भुइँचालो गयो ठूलो भो द्यावाभूमि थर्थर ।
ठूलो आँधि–हुरी आयो भई अतिभयङ्कर ॥
न डग्ने कहिले कस्तै भए ता पनि सिन्धु हो ।
अब त्यो पनि श्रीराम ! भयो क्षुब्ध त्यसै डग्यो ॥
विधाता हुन् भने जस्ता विश्रवा मुनि-बाबुले ।
राखिदिए यसरी नाम विधिले पुत्र-स्नेहले ॥
दश ओटा लिई ग्रीवा जन्म्यो बालक यो भने ।
दशग्रीव यही नाम रहोस्, होस् रूयात यो हुने ॥
जन्म्यो यस पछी अर्को अत्यन्त बलवान् सुत ।
उनको कैकसी बाट जुन हो कुम्भकर्ण त ॥
जसका देहको दाँजो गरी हेर्‍यो भने अहो ! ।
यो पृथ्वीभरमा कोही छैनन् बा ! गजबै थियो ॥
यौटी छोरी पनि जन्मी नाम शूर्पणखा रह्यो ।
निकै नै चतुरी एवं न राम्रो मुखकी बडो ॥
सन्तान कैकसी बाट पछिल्लो जुन जन्मियो ।
हो विभीषण त्यै राजन् ! धर्मात्मा अतियोग्यको ॥
महान् सत्त्व हुने यस्ता धर्मात्मा जन्मदा उनी ।
आकाश बाट पृथ्वीमा पुष्पकै वृष्टि भो अनि ॥
बजे आकाशमा बाजा देवका नगरातक ।
साधु ! साधु !! यही वाक्य गुञ्जियो जगतैभर ॥
तत्काल ती दुवै भाई कुम्भकर्ण र रावण ।
पिर्ने हुन् जगतैलाई, बढ्न लागे दनादन ॥
त्यो महारण्यमै राम ! महान् बल र शक्तिले ।
बढ्न लागे अनौठै भो भरिँदै पूर्णवीर्यले ॥
बडो उन्मत्त भै निस्क्यो कुम्भकर्ण भने प्रभो ! ।
अघाँउदैन थ्यो कैले जत्ति खाए पनी अहो ! ॥

७७

७८

यसर्थ सब त्रैलोक्य घुम्थ्यो पुग्थ्यो जतातता ।
खान्थ्यो दुःख दिई मारी धर्मात्मा ऋषि सम्म ता ॥
लाग्दथे धर्ममा मात्र विभीषण भने यता ।
त्यसैमा रम्दथे, टिक्थे शान्त थे वेस थे उता ॥
आफ्ना इन्द्रिय रोक्थे ती गर्थे स्वाध्याय आदि र ।
पाल्थे नियम, आहार गर्दथे ठिक्क भै स्थिर ॥
काल वित्तै गयो राम ! एकपल्ट पिताकन ।
गर्न दर्शन लोकेश वहाँ आए रघूत्तम ! ॥
यी कुबेर थिए, छोरा विश्रवाका सुयोग्यका ।
धनाध्यक्ष थिए, चढ्थे त्यै पुष्पक विमान ता ॥
धपक्क बल्दथे आफ्नो तेजले ती विशेषतः ।
यिनैमाथि पर्‍यो आँखा कैकसीको वहाँ अब ॥
त्यो दशग्रीव छोराको नजिकै आइ त्यै सँग ।
यसरी भन्न ती लागिन् उद्विग्न मनले तव ॥
हेर बाबु दशग्रीव ! हेर लौ आफ्नु दाजु ती ।
विश्रवै-मुनिका छोरा जुन हुन्, छन् महान् कति ॥
देखिन्छन् कत्तिका तेजी, कस्तो छ बल शक्ति त्यो ।
विचर गर यो सारा उनमा कसरी भयो ? ॥
एउटै बाबुका छोरा हौ तिमी दुइटै सुन ! ।
हौ भाइ-भाइ, छौ किन्तु यस्ता झोक्रे तिमी किन ? ॥
बुझ्यौ ! तिम्रो पनी शक्ति अतुल्य छ, छ वीर्य त्यै ।
अब लौ गर क्यै काम, जल्ले उन्नत पार्छ है ! ॥
तिमीमा जसले गर्दा विश्रवा–मुनि ठीकको ।
बल वीर्य हओस् प्राप्त मेरा छोरा सुहाँउदो ॥
दशग्रीव प्रतापी थ्यो आमाका यी कुरा सुनी ।
निकै डाह लिई हाल्यो प्रतिज्ञा नै गर्‍यो अनि ॥
भो ! आमै ! छोड यो पीर प्रतिज्ञा गरी भन्छु म ।
कुबेर दाजु भन्दा त्यो अब हुन्न कसै कम ॥
यिनी भन्दा पनी बढ्ता मै हुनेछु सकें भने ।
कम ता म हुँदैहुन्न तेजले बल-वीर्यले ॥
आमालाइ भनी यत्ति साथ भाइहरू लिई ।
तप गर्न गई हाल्यो त्यो दशग्रीव हुत्तिई ॥
कसैले अहिले सम्म न गरेको महान् कडा ।
काम गर्छु तपस्या यो पूर्ण पार्छु, गर्‍यो तदा ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

६५

त्यसै बाट भने जस्तो गर्छु सारा जगत् भरी ।
मनोरथ सबै मेरा पूर्ण होल न् त्यसै घडी ॥

६६

ठहराई यही राम ! इष्ट त्यै वस्तु प्राप्तिमा ।
दशग्रीव गई हाल्यो गोकर्णाश्रममा वहाँ ॥

६७

थियो दशग्रीव महान् पराक्रमी बेजोडको शक्ति पनी थियो अनि ।
पुगी वहाँ भाइ लिएर साथमा गऱ्यो तपस्या अति नै कडा यहाँ ॥
श्रीराम राजेन्द्र ! वहाँ गरी तप प्रसन्न पाऱ्यो विधिलाइ नै तव ।
पायो भनेझैं वर अन्तमा शुभ स्वयं उहाँबाट हुने जयै-जय ॥

६८

इति नवौं सर्गं

CC-0. In Public Domain. Digitization by eGangotri

दशौं सर्ग
रावणादिको तपस्या र वरप्राप्ति

१

सुनी यत्ति कथा सोध्छन् स्वयं राजेन्द्र-राघव ।
ब्रह्मरूप उदारात्मा अगस्त्य-मुनिमा अब ॥
भगवन्! बलवान् त्यस्ता ती तीनै भाइले तव ।
वनमा कसरी कस्तो तपे तप? सुनौं अफ ॥
राजेन्द्र र प्रसन्नात्मा रामका यी कुरा सुनी ।
भित्र-भित्र परी दङ्ग अनि भन्छन् महामुनि ॥
बिन्ती गर्छु महाराज! ती तीनै भाइले वहाँ ।
वेग्ला-वेग्लै लिए बाटो टिक्नमा दृढ धर्ममा ॥
रोक्यो इन्द्रियको वेग तिनमा कुम्भकर्णले ।
धर्मको मार्गमा राम्रै अड्यो त्यो दृढ धैर्यले ॥
गर्मीको दिन आएमा लाग्दा जेठ-असार त्यो ।
बाली चारैतिरै आगो बस्थ्यो र तप गर्दथ्यो ॥
पछि वर्षात लाग्दामा बस्थ्यो खालि जमीनमा ।
स्वयं वीरासनै बाँधि जल-धारा खपी वहाँ ॥
लाग्दा हिउँद जाडोमा जलभित्र पसी, बसी ।
गर्थ्यो बा! यसरी उग्र तपस्या त्यो सबै सही ॥
अडी सन्मार्गमा यस्तो धर्म गर्दा निरन्तर ।
त्यसले दश हजार वितायो वर्ष सर्सर ॥
धर्ममै रम्दथे नित्य ती विभीषण चाँहि ता ।
भित्र-बाहिर थे शुद्ध, धर्म-प्रकृति थ्यो सदा ॥
पृथ्वीमा एक खुट्टाले टेकेरै धैर्यवान् बनी ।
विताए पाँच हजार वर्ष ता उनले पनि ॥
थियो नियम नै यस्तो उनको सकिंदा पछि ।
बडो गजब भो राम! त्रैलोक्य भर भो खुशी ॥
अप्सरा नाच्न लागे बा! पुष्पवृष्टि भयो वहाँ ।
देवताहरु नै लागे उनको स्तुति गर्नमा ॥

१३

१४

शिर बाहु उठाएर सूर्यलाइ चढाँउदै ।
बसे यी पाँच हज्जार वर्ष अर्को खडा हुँदै ॥
गर्थे वेदादिको पाठ त्यस वेला पनी यिनी ।
यसरी दश हज्जार वर्ष ठ्याक विते अनि ॥
रोकिएको थियो आत्मा मन-इन्द्रिय साथमा ।
स्वर्गको नन्दनैबीच बसे ठीक भयो जहाँ ॥
यतापट्टि दशग्रीव गर्न लाग्यो महान् तप ।
निराहारै बस्यो राम! दश हज्जार वर्ष त ॥
हज्जार वर्ष पुग्दामा त्यसले आफ्नु एउटा ।
शिर काट्यो र त्यै होम्यो अग्निमा तपले कडा ॥
त्यसका नउ हज्जार विते वर्ष यसै गरी ।
अग्निमा होमिए आफ्ना नवै शिर त्यसै गरी ॥
दशौं हज्जार यो वर्ष अब पूर्ण भयो जब ।
यौटा शिर पनी बाँकी काट्न ठिक भयो तव ॥
वित्यास पर्न लाग्दामा यसै समयमा अहो! ।
सवारी भो जगत् रच्ने पितामह वहाँ प्रभो! ॥
उहाँका साथमा सारा थिए ऋषि र देवता ।
तपले त्यसका त्यस्तो सबै खुश थिए तदा ॥
वहाँ पुगेर आज्ञा भो ब्रह्माले त्यसमा यसो ।
तिमी बाट दशग्रीव! म ता खुश भएँ बडो ॥
भन लौ! अब के माग्छौ? वर के दिउँ वास्तव ।
इच्छा गरे सरी दिन्छु, तिमी धर्मज्ञ छौ जब ॥
धोको पुग्ने गरी माग वर जे माग्दछौ तिमी ।
श्रम खेर न जाओस् है, अब सिद्ध भयौ तिमी ॥
ब्रह्माले यसरी भन्दा दशग्रीव भयो खुश ।
ब्रह्माले यसरी भन्दा दशग्रीव भयो खुश ।
आत्मा छचल्किई हाल्यो, भन्यो ढोगी यसो तव ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भगवन् ! देह धर्ने यी प्राणीलाइ निरन्तर ।
विशेष मृत्यु बाटै पो भै रहेछ सँधै डर ॥
यसर्थ म यसैबाट वचन खोज्छु यहाँ प्रभो ! ।
अमरै हुन चाहन्छु, शत्रु त्यै हो अतुल्यको ॥
भनेमा त्यसले यत्ति जगत्स्रष्टा विरिञ्चिले ।
आज्ञा भो त्यसमा फेरि यसरी ए महीपते ! ॥
बुझ्यौ ! बाबु दशग्रीव ! सर्वथा अमरत्व ता ।
हुन सक्तैन, पाउन्नौ तस्मात् लौ अरु माग बा ! ॥
लोककर्ता उहाँबाट भनेमा यसरी पुनः ।
फेरि विन्ती गर्‍यो राम ! हात जोडी झुकीकन ॥
सनातन प्रभो ! भैगो त्यसो हो त भने अब ।
द्यौता गरुड नागादि दैत्य यक्ष र दानव ॥
यी सबै व्यक्तिको निम्ति हुँ म नित्य अवध्यको ।
अरू व्यक्तिहरूलाई फिसै मान्दिन त्यत्तिको ॥
मनुष्य आदि जो जो छन् अरू प्राणीहरू वहाँ ।
सम्झन्छु म उनीलाई तृण - ठीक जहाँ यहाँ ॥
त्यो दशग्रीवले यत्ति भनेमा प्रभुले अब ।
सम्पूर्ण देवकै साथ आज्ञा भो फेरि राघव ! ॥
सुन ए राक्षसश्रेष्ठ ! तिम्रो वचन यो अब ।
हुनेछ सत्य सम्पूर्ण दिन्छु अर्को पनी वर ॥
तिमीले अघि आगोमा होमेका ती नवै शिर ।
उम्रलान पहिले जस्तै भएर अतिसुन्दर ॥
यस भिन्न तिमीलाई वर दुर्लभ एउटा ।
अर्को दिन्छु बुझ्यौ ! बाबु ! निकै खुश भएँ म ता ॥
तिमी इच्छा गरे जस्तो आफ्नो रूप बनाँउन ।
सजीलै सँग सक्नेछौ चिताए ठीकको हुन ॥
ब्रह्माले यत्ति भन्दैमा होमेका अग्निमा अघि ।
नवोटै टाउका राम ! जोडिए आइ सर्र ती ॥
दशग्रीव सँगै यस्ता कुरा गरि सके पछि ।
विभीषणकनै हेरी आज्ञा भो प्रभुले यही ॥
विभीषण ! छ है तिम्रो बुद्धि ता धर्ममै स्थित ।
यसैले म तिमी साथ छु है बाबु ! निकै खुश ॥
माग लौ ! अब धर्मात्मन् ! राम्रो व्रत हुने तिमी ।
वर इच्छा भए जस्तो तिमीमा दिन्छु जे पनि ॥

४३

४४

चन्द्रमा रश्मिको माला हुनाले शोभिए सरि ।
थिए सद्गुण सम्पूर्ण शोभिन्थे यिनले सरी ॥
तसर्थ धर्ममा टिक्ने यी विभीषणले अब ।
हात जोडी गरे विन्ती ब्रह्मासाथ रघूद्वह ! ॥
भगवन् ! प्रभु नै साक्षात् जगत्का सृष्टिकारक ।
परात्मा खुश भै बक्स्यो, यत्तिले नै पुग्यो अब ॥
म कृतार्थ भएँ स्वामिन् ! हुन्छ ! आज्ञा भयो भने ।
शिर थाप्छु यही माग्छु हूँ म त्यो सब पाँउने ॥
परोस् जस्तो सुकै आपत् ठूलै कष्ट परोस् तर ।
म अडूँ धर्ममै नित्य, मेरो बुद्धि हओस् स्थिर ॥
अर्को यौटा कुरा नाथ ! विन्ती गर्छु म पाउमा ।
हओस् ब्रह्मास्त्रको ज्ञान मलाई न सिकी यहाँ ॥
यता आश्रमको बारे जस्तो बुद्धि विचार जो ।
उब्जिनेछ ममा स्वामिन्! उब्ज्योस् त्यो धर्म योग्यको ॥
त्यस आश्रमकै योग्य धर्म पाल्न सकूँ म ता ।
मेरो निम्ति यही नै होस् सर्वोच्च वरदान ता ॥
धर्ममा नित्य टिक्नेको रम्नेको निम्तिमा प्रभो ! ।
त्रैलोक्य भरमा केही छैन दुर्लभ, ठान्छु यो ॥
यो विभीषणले भन्दा आज्ञा हुन्छ प्रजापति ।
छौ धर्मिष्ठ भन्यौ जो जो भएँ खुश हओस् त्यति ॥
हुन ता जन्मिएका हौ तिमी राक्षस-योनिमा ।
परन्तु बुद्धि ता तिम्रो लाग्ने छैन अधर्ममा ॥
सुन अर्को कुरा फेरि तिमीमा दिन्छु मै जुन ।
तिमी अमर नै हौला, लौ दिएँ राक्षसोत्तम ! ॥
भनी यत्ति उनीलाई पछि त्यो कुम्भकर्णमा ।
विधाता लागि बक्स्यो बा ! वर दिन्छु भनी वहाँ ॥
यसैबेला महाराज ! प्रजापति उहाँकन ।
देवताले गरे विन्ती हात जोडी झुकीकन ॥
भगवन् ! प्रभुले यस्तो वर यो कुम्भकर्णमा ।
दिनु ता हुन्न होला कि होस् विचार विभो ! यहाँ ॥
ज्ञानै छ प्रभुमा नाथ ! यो दुर्बुद्धि निशाचर ।
पिर्छ त्रैलोक्य नै सारा त्रास पार्छ निरन्तर ॥
भगवन् ! यसले खास नन्दनैवनमा पसी ।
वहाँका अप्सरा सात मारी घिचि दियो अघि ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

दशोटा अनुयायी थे देवराज सुरेन्द्रका ।
बुत्यायो ऋषिकै साथ, खायो मानिस धेर हा ! ॥
वर केही न पाएमा पनि ता यसले अहो ! ।
क्रूर काम गऱ्यो सारा प्राणी मार्ने भने प्रभो ! ॥
वर पायो भने फेरि त्रैलोक्यकन यो सब ।
बाँकी राख्तैन हे स्वामिन् ! मार्छ, खिच्छ र सक्तछ ॥
वरको छलले तस्मात् यसलाइ यथार्थमा ।
मोह नै बक्सिए हुन्छ ! यसैमा छ भलो यहाँ ॥
यसले हुन्छ कल्याण चौधै भुवनको उता ।
यसको पनि क्यै मान भै हाल्दछ प्रभो ! यता ॥
देवले यत्ति भन्दामा विधाताले मनैमन ।
सरस्वतीकनै संझी बक्सियो रघुनन्दन ! ॥
वहाँ आएर तत्काल प्रभुको पार्श्वमा वसी ।
दुइटै हात जोडेर विन्ती गर्छिन् सरस्वती ॥
देवदेव ! म आएँ यी ! के आज्ञा छ ममा प्रभो ! ।
कुन लायकको काम गरूँ आज्ञा हओस् विभो ! ॥
यसरी अघि आएकी सरस्वतीकनै अव ।
आज्ञा हुन्छ जगत् रच्ने विधाता सुन राघव ! ॥
सुन वाणि ! राक्षसेन्द्र दुष्ट यो कुम्भकर्णको ।
मुखमा गै बसी हाल, गर काम म भन्छु जो ।
यसले वर माग्दामा देवताको हुने भलो ।
निकाली देउ सद्वाक्य तुरुन्तै गर काम यो ॥

७१

७२

जो आज्ञा ! होस् त्यसै गर्छु भनी अनि सरस्वती ।
त्यो कुम्भकर्णको जिब्रोभित्र वस्ती भइन् पसी ॥
यस्तैमा अव आज्ञा भो प्रजापति विरिञ्चिले ।
वर माग्ने छ ता इच्छा दिन्छु माग् कुम्भकर्ण ए ! ॥
ब्रह्माको वाक्य सुन्दा यो भन्यो वा ! कुम्भकर्णले ।
अनेकौं वर्ष पर्यन्त सुत्न खोज्छु म पाँउ यै ॥
त्यसका मुखले भवाट्ट निस्केका वाक्य यी सुनी ।
हुन्छ ! त्यस्तै हओस् यत्ति आज्ञा भो प्रभुले पनि ॥
सकेर यसरी काम अव राम ! प्रजापति ।
धाममा पाल्नु भो आफ्नो गए देवहरू पछि ॥
छोडिन् सरस्वती देवी दुष्ट यो कुम्भकर्णको ।
मुखमा बस्न तत्काल, आइन् अनि स्वधाम पो ॥
सृष्टिकर्ता विधाताको सवारी साथ-साथमा ।
सारा देवहरू राजन् ! गएमा आफ्नु धाममा ॥
वाक्देवीले पनी छोड्दा त्यसरी कुम्भकर्ण ता ।
थक्क, थक्क पऱ्यो साह्रै पछि पो होश आँउदा ॥
स्वयं अत्यन्त दुःखी भो पिरियो त्यो मनैमन ।
विचार गर्न लाग्यो वा ! यसरी रघुनन्दन ! ॥
बडो गजव भो आज यो मेरो मुखवाट ता ।
किन त्यस्तो कुरा निस्क्यो? लौ विलास पऱ्यो अहा ! ॥
ब्रह्माका साथ आएका देवले नै यथार्थमा ।
मेरो विगार्दिए बुद्धि मोहमा पार्दिए यहाँ ॥

८२

८३

यसरी वर पाएर तेजिला भाइ तीन यी ।
बस्न लागे सुखैसाथ श्लेष्मान्तक-वनै पुगी ॥

इति दशौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एघारौं सर्ग

लङ्कामा राक्षसेश्वरको पदमा रावणको राज्याभिषेक

१

यी निशाचरले राम! जो थिए रावणादिक ।
मागेमैं वर पाए रे भन्ने फैल्यो कुरा सब ॥
तल बस्ने सुमालीले सुन्यो निर्डर, ढुक्क भो ।
साथ सेना लिई आयो त्यो रसातल बाट पो ॥
त्यसका चार थे मन्त्री विरूपाक्ष, महोदर ।
प्रहस्त अनि मारीच, उग्ररूप निशाचर ॥
यी पनी त्यसकै साथ आए मास्तिर हुत्तिँदै ।
अघिको चोट संझेर रिसले चूर थे सबै ॥
राक्षस-श्रेष्ठ यी मन्त्री द्वारा घेरिँदै अत्र ।
पुगी हाल्यो सुमाली त्यो दशग्रीव भएनिर ॥
त्यसले अनि त्यो आफ्नो नातिलाई मजासित ।
अङ्कमाल गर्‍यो पैले सुस्ताएर भन्यो तब ॥
नाति बाबु! तिमीले जो त्रैलोक्य-श्रेष्ठ देवको ।
वर पायौ भने जस्तो, भो यै सौभाग्यको कुरो ॥
यसबाट तिमीलाई निकै नै अघि देखिको ।
चिताएको कुरा सारा पुग्ने भो, अब वेस भो ॥
महान् बाहु हुने बाबु! जसको डरले गरी ।
रसातल पुगेकाथ्यौं हामी लङ्का पुरी त्यजी ॥
भगवान् विष्णु द्वारा त्यो हुने डर निरन्तर ।
सँधैको निम्ति गो बाबै! लौ भयौं अब निर्डर ॥
हामीहरू वहाँ बस्ता विष्णुकै त्रास बढ्न गै ।
रसातल गएका हौं घरबार त्यजी सबै ॥
सुन! लङ्कापुरी हो त्यो हामीले, बस्न लायक ।
तिम्रा दाजु धनाध्यक्ष छन् अचेल कुवेर त ॥
साम ले दानले यद्वा बलैले पनि त्यो पुरी ।
सकेमा लिन हामीले बन्दथ्यो काम राम्ररी ।
१३

१४

नातिबाबु! हुनेछौ है लङ्काका पति नै तिमी ।
यसैमा छ भलो हाम्रो छैन सन्देह क्यै पनि ॥
किन? भन्छौ भने देखि हाम्रो राक्षसवंश यो ।
गै रसातलमा डुब्थ्यो जो उद्धार गर्‍यौ अहो! ॥
महान् वल भएकैछौ अनि यत्ति गरे पछि ।
हामी राक्षसको राजा हुनेछौ बाबु नै पछि ॥
सुनी यस्ताकुरा राम! अनि त्यो दशग्रीवले ।
मामा-बाजे सँगै आफ्ना भन्यो राम्रै विचारले ॥
सुन्नुहोस् ए बुढा बाजे! धनाध्यक्ष कुवेर ता ।
हुन् मेरा दाजु नै साक्षात्, शोच्नु नै हुन्न यो कुरा ॥
तसर्थ उनको बारे तपाँईले कसै गरी ।
हुन्न यस्ता कुरा गर्न भाई म सँग यो घडी ॥
श्रेष्ठ राक्षसको राजा त्यो दशग्रीवले जब ।
मामा-बाजे सुमालीमा राम्रै मुख गरी नृप! ॥
त्यो जवाफ दिएकोथ्यो सुमाली त त्यसै तव ।
चुर्किना सम्म चुक्यों बा! त्यसै चाउरियो अब ॥
अभिप्राय बुझ्यो राम! नाति के गर्न खोज्दछ ।
फेरि केही कुरा भन्नै सकेन र भयो चुप ॥
यसै गरी गरी काल बित्न लाग्यो त्यहीं बसी ।
आफ्नु बाजे सुमालीमा त्यो जवाफ दिए पछि ॥
कुनै सक्तैनथे बोल्न त्यससाथ महीपते! ।
कुनै दिन भई नम्र भन्यो मन्त्री प्रहस्तले ॥
महाबाहो दशग्रीव! आज्ञा भो प्रभुले जसो ।
मामा-बाजे सँगै आफ्ना भन्नु हुन्न थियो त्यसो ॥
शूर वा वीरको निम्ति भाइको स्नेह प्रेम ता ।
हुँदैहुन्न उडी हाल्छ लौ मेरा सुन्नुहोस् कुरा ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

दिदी र बहिनी यौटै पेटका थे निकै अघि ।
दिदी अदिति हुन् सुन्नोस् ! अर्की हुन् बहिनी दिति ॥
प्रजापति थिए साक्षात् महात्मा ऋषि-कश्यप ।
ती दुवै थिनका पत्नी भए, राम्रा थिए तव ॥
दिदी अदितिले पाइन् उनको वीर्यबाट ता ।
देषतै—देवता मात्र दितिले दैत्य-दैत्य बा ! ॥
सुन्नुहोस् वीर ए स्वामिन् ! वन सिन्धु र पर्वत ।
साथकी पृथिवी सारा पहिले दैत्यकै थिइन् ॥
देवताहरु भन्दा ती दैत्य नै बलवान् थिए ।
यसैले सव त्रैलोक्य यिनकै वशमा थिए ॥
पछि खप्न न सक्तामा स्वयं सर्वसमर्थ ती ।
विष्णुले उनको खोसे ठोक—ठाक गरी पछि ॥
यसरी दैत्य मारेर युद्धमा देवलाइ यी ।
दिए त्रैलोक्यको राज्य, अहिले उनकै छ ती ! ॥
यस्तो प्रकारको उल्टो कुनै काम कुरो नयाँ ।
सुन्नोस् ! तपाँइ नै मात्र गर्नु हुन्न भई नयाँ ॥
तसर्थ सुन्नुहोस् ! स्वामिन् ! ती सुरासुरले पनि ।
यस्तै काम गरेकाछन् लौ मान्नोस् यो कुरा अनि ॥
भन्दा प्रहस्त-मन्त्रीले दशग्रीव खुशी भयो ।
निकै वेर गरी शोच पछिबाट भन्यो यसो ॥
लौ ! लौ!! वेस भनिस् बावै! हुन्छ! तैंले भने सरि ।
गरुँला, बोल्दियो यत्ति भित्र दङ्ग परीवरी ॥
पछि त्यै दिन गै हाल्यो ली निशाचर साथ ती ।
लङ्काको नजिकै पर्ने वनमा भित्र ली खुशी ॥
पुगी त्रिकूट-डाँडामा दशग्रीव बस्यो तदा ।
भित्र दूत बनाएर पठायो त्यसलाइ ता ॥
कुरा गर्न निकै बाठो चतुरो यो प्रहस्त थ्यो ।
दशग्रीव थियो त्यस्तो सिकायो यो कुरा भन्यो ॥
ए प्रहस्त ! तँ जा बावै ! यहाँ बाट छिटै अव ।
भनेस् मैले भने जस्तों ती कुवेर सँगै सव ॥
धन—रत्नादिका एवं यक्ष-राक्षसका पति ।
कुवेर सँग गै भन्नु यी कुरा राम्ररी झुकी ॥
राजन् ! लङ्कापुरी हो यो दिलका देहका दरा ।
सारा राक्षसको जरमा राजहुन्छ हजूर वा ! ॥

४३

४४

राम्रो बानी हुने एवं शुद्ध-निष्पाप चित्तको ।
प्रभुको निम्तिमा यो ता सुहाँउन्न अयोग्य भो ॥
अतुल्य-वीर्यका राजन् ! तस्मात् यदि हजूरले ।
लङ्कापुरी दिए फिर्ता भलो हुन्थ्यो अयत्नले ॥
यता हामीहरू सारा खुश हुन्थ्यौं यतातिर ।
प्रभुले धर्म धानेको ठहरिन्थ्यो निरन्तर ॥
हिंड्यो प्रहस्त बोकेर यो दशग्रीवको कुरा ।
लङ्का भित्र पसी हाल्यो कुवेरै बाट रक्षिता ॥
वहाँ पुगे पछी राम ! वित्तपाल उनीकन ।
बडो उदार वाणीमा भन्यो नम्र भईकन ॥
सम्पूर्ण शस्त्र धर्नेमा श्रेष्ठ वेस हुने व्रत ! ।
ए महान् बुद्धिमान् ! राजन् !सर्वशास्त्रविशारद ! ॥
महाबाहो ! धनाध्यक्ष ! दशग्रीव हजूरका ।
भाइको दूत हूँ आएँ जा ! भन्दा म प्रभो ! यता ॥
वहाँको जो छ सन्देश विन्ती गर्छु सवै म त्यो ।
अव लौ सुन्दिई बक्स्योस् ,बक्स्योस् उत्तर योग्यको ॥
पुत्र मेरा पिताज्यूका मान्य दाजु हजूरले ।
भोग लङ्कापुरीको यो गरि बक्सिन्छ शान्तिले ॥
अति राम्री पुरी हुन् यी पहिले वीर्यवान् कडा ।
सुमाली आदिले भोगे जो थे राक्षस उग्र बा ! ॥
उनको अधिकारैमा थिइन् यी यस हेतुले ।
राक्षसैको हुनै पर्छ अहिले पनि शान्तिले ॥
आज्ञा हुन्छ दशग्रीव तस्मात् लङ्कापुरी अव ।
जसको हो उनैलाई दिनमै शान्ति, श्रेय छ ॥
विश्रवा-मुनिका छोरा वाक्यको मर्म बुझ्दथे ।
प्रहस्त बाट त्यो सुन्दा पछि बाट यसो भने ॥
सुन राक्षस ! यो लङ्का ती निशाचरले अघि ।
शून्य थ्यो, सव थ्यो खालि यत्तिकैमा निकै पछि ॥
मलाई तँ त्यहीं बस्नु भन्ने आज्ञा भए पछि ।
आज्ञा मान्न पिताज्यूको म आएर बसे यहीं ॥
आज्ञा मान्न पिताज्यूको म आएर बसे यहीं ॥
बुझ्यौ ! अनि यहाँ मैले दानले मान-भाउले ।
प्रजा ल्याइ यहाँ नाना बसाएँ गुण-द्रव्यले ॥
प्रजा ल्याइ यहाँ नाना बसाएँ गुण-द्रव्यले ॥
सुन ए दूत ! भैगो लौ ! गई भाइ सँगै भन ।
महान् बाहु हुने भाई ! अव जो भन्छु त्यो सुन ! ॥

६०

७१

यो लङ्का-नगरी एवं मेरा राज्य पदार्थ यी ।
हुन् है तिम्रा पनी बाबु ! आउ भोग भए जति ॥
अकण्टकै छ यो राज्य धन-सम्पत्ति यो सब ।
बाँडिएको पनी छैन, भोगौं बाँडिचुँडी सब ॥
भनी यत्ति कुरा राम ! दूतलाइ प्रहस्त त्यो ।
धनाध्यक्ष हिंडी हाले गर्न दर्शन बाबुको ॥
वहाँ प्रणाम टक्र्याई बाबु साथ भने यसो ।
जुन रावणको इच्छा थियो पोख्तै यसोरि त्यो ॥
बुवा ! आज दशग्रीव-भाइले दूत एउटा ।
म भएमा पठाएछन्, भन्यो त्यल्ले यिनै कुरा ॥
पहिले देखि यो हाम्री लङ्कापुरी भरी-भरी ।
बस्थे राक्षस सम्पूर्ण, देउ फिर्ता यसै घरी ॥
अब पूज्य बुवा ! यस्तो स्थिति पर्न गयो भने ।
आज्ञा होस् के गरूँ, मेरो के गर्दा छ भलो हुने? ॥
हात जोडी भनी यत्ति बस्ने अघि उनीकन ।
ब्रह्मर्षि विश्रवा भन्छन् बाबु ! मेरा कुरा सुन ! ॥
महाबाहु दशग्रीव आएथ्यो म कहाँ पनि ।
यिनै कुरा लिई गर्थ्यो निकै गन्थन त्यो पनि ॥
यसर्थ यस बारेमा त्यस दुर्बुद्धिलाइ ता ।
गाली गरेर हप्काएँ बारम्बार भनी कडा ॥
कहिल्यै नगरेस् यस्तो बुझिस् ! यस्तो गरिस् भने ।
आफैं भुसुक्क होलास् है ! मैले यत्ति पनी भनें ॥
अँह ! मानेन, टेरेन ! भैगो बाबु ! तिमी अब ।
सुन ध्यान दिई मेरो कुरा धर्म्य र लायक ॥
त्यसको बुद्धि बिग्र्यो है ! भै सक्यो दुष्ट त्यो अति ।
त्यस्तो वर मिले देखि उद्दण्ड पनि भो अति ॥
विवेक भनिने वस्तु त्यसमा छैन है ! अब ।
भयो स्वभाव डर्लाग्दो मैले गाली दिंदातक ॥
महान् बाहु हुने बाबु ! भैगो सुन कुरा अब ।
छोड्देउ त्यो पुरी लङ्का गई अन्त कहीं बस ॥

७५

७६

कैलास-गिरिमा जाऊ सेना-मेना लिई सब ।
पुरी नयाँ बसाएर वहीं आनन्दमा बस ॥
साह्रै राम्री नदी यौटी बहन्छिन् अति उत्तम ।
नाम मन्दाकिनी यै छ सर्वश्रेष्ठ मनोरम ॥
चम्किलो सूर्य हो जस्तो छ दिव्य उनको जल ।
छन् सुगन्धित पद्मादि जहाँ कुमुद, उत्पल ॥
अरु नानाथरी पुष्प शोभिइन्छन् त्यहीं पुनः ।
सुगन्ध फ्याँक्तछन् मीठो छ, ठाम अतिपावन ॥
छन् त्यहीं देव गन्धर्व नाग किन्नर अप्सरा ।
विद्याधर र सिद्धादि दिव्य प्राणीहरू तथा ॥
स्वभाव भै सकेको छ यिनको घुम्नु-डुल्नु ता ।
दिव्य आनन्दमात्रै पो गर्छन अनुभवै सदा ॥
यो हो राक्षस है बाबु ! तिमीले यस साथमा ।
लड्नु वा झगडा गर्नु ठीक पर्दैन है यहाँ ॥
ज्ञानै छ है तिमीलाई जसरी यसले अघि ।
पाएथ्यो वर ब्रह्माको अतुल्य र महान् अति ॥
ठान्ने पूज्य तथा मान्ने नित्य आफ्ना पिताकन ।
त्यस्ता कुवेरले राम ! पित्राज्ञा यो लिईकन ॥
पुत्र पत्नी तथा भृत्य सैन्य वाहन आदि ली ।
कैलासतिर लागे ती लगे धन भए जति ॥
यता भाई लिई बस्ने दशग्रीव भएतिर ।
आयो प्रहस्त मन्त्री त्यो, थियो दङ्ग निरन्तर ॥
अनि बिन्ती गर्‍यो स्वामिन्! लङ्का रित्तो भयो सब ।
धनाध्यक्ष हिंडे, छैनन् आफ्ना वस्तु लिई अब ॥
त्यसले यत्ति भन्दामा दङ्ग भो दशटाउके ।
भृत्य भाइ लियो साथ उसलाइ थियो र के ? ॥
अब लङ्का पुरी भित्र पसीकन मजासित ।
हामी साथ सबै आफ्नो धर्म थाम्नोस् सुखैसित ॥
सेना-मेना सँगै सारा वाहनादि भए जति ।
बोकाएर लग्यो राम ! लङ्काभित्र पस्यो पछि ॥

८०

सारा लङ्का थियो खालि थिएनन् पति योग्य ती ।
तर भित्र थियो राम्रो झकाझक पनी अति ॥

८१

CC-0. In Public Domain. Digitization by eGangotri

६२

थिए सडक ज्यादै नै लामा चौडा जताततै ।
नाना वर-बगैंचाका वस्तु राम्रा थिए सबै ॥
स्वर्गबीच पसे जस्तो देवराज सुरेन्द्रले ।
पस्यो लङ्कापुरी भित्र त्यो दशग्रीव भूपते ! ॥

वहाँ पुगेमा त्यसलाइ नै अव राज्याभिषेकै सबले दिए तव ।
लङ्का पुरीलाइ पछाडि सुन्दर बनाँउदै गो अब राक्षसेश्वर ॥
काला र नीला गिरि हुन् भने सरी थिए सबै राक्षस क्रूररूप यी ।
भइन् थिनैले अब टन्न ती पुरी जताततै सुन्दरता लिईवरी ॥
उता धनेश्वर पितृवाक्य गौरव बुझी त्यही सरह पुरी बसाँउन ।
हिमाल गै सुविमल टाकुरातिर रची बसे भवन वहीं भई स्थिर ॥
छ इन्द्रको जुन अमरावती पुरी बन्यो त्यही सरि अलकावती पुरी ।
त्यहाँ गई सुरपति ठीकका भई बसे स्वयं धनद सुखी खुशी भई ॥

६७

इति एघारौं सर्ग

बाह्रौं सर्ग

राक्षसराज रावणको र भाईहरूको बिहावारी

१

अब राक्षसको राजा भएमा अभिषेक गै ।
दुवै भाइ लिई साथ बस्यो आनन्दमग्न भै ॥
त्यसकी बहिनी यौटी थिई शूर्पणखा जुन ।
शोच्न लाग्यो त्यसै बारे विहा गर्न र सुम्पन ॥
कालकाको थियो छोरो राजा दानवको सब ।
विद्युज्जिह्व हुने नाम त्यसैलाइ दियो तव ॥
यसरी बहिनीलाई सुम्पिए पछि ढुक्क भै ।
राक्षसेश्वर त्यो राम ! घुम्न लाग्यो जताततै ॥
शिकार खेल्नको निम्ति निस्कियो त्यो कुनै दिन ।
भेटथ्यो बा ! दितिका छोरा वहीं मयकनै पुनः ॥
कन्या थिन सुन्दरी यौटी तिनको साथमा तव ।
देख्ता त्यस्तो अवस्थामा सोध्छ राक्षस यो अब ॥
तपाँईं हुनुहोला को ? मनुष्य पशु आदिले ।
निमिटयान्न भएको यों वनमा घुम्नु हेतु के ? ॥
मृगका शिशुकै आँखा ठीक आँखा हुने यिनी ।
को होलिन् ? यिनकै साथ बस्नु हुन्छ कसो त नि? ॥
त्यो निशाचरका यस्ता कुरा सब सुने पछि ।
त्यससाथ यसो भन्छन् मय दानव श्रेष्ठ यी ॥
म आफ्नो सब वृत्तान्त सुन बाबु ! मजासँग ।
यथार्थरूपले भन्छु एक एक तिमी सँग ॥
तिमीले यो कुरा बाबु ! सुनेकै हुनु पर्दछ ।
स्वर्गकी अप्सरा यौटी जुन साह्रै प्रसिद्ध छ ॥
त्यसको नाम हो हेमा तिनैलाइ ममा पछि ।
पत्नीको रूपमा सुम्पे देवताहरुले मिली ॥
पुलोमा नामका ठूला थिए दानव जो अघि ।
शची हुन् उनकी छोरी दिएमैं इन्द्रमा लगी ॥

१३

१४

सुन लौ ! अनि हेमाको साथमा मस्त भै म ता ।
बसें विहारमै लागी वर्ष हज्जार सम्म ता ॥
देवताहरुको काम पर्दा हेमा कुनै दिन ।
स्वर्गलोक गइन् बाबु ! चौध वर्ष विते पुनः ॥
हेमाकै निम्तिमा मैले मायाको शक्तिले सुन ! ।
यौटा नगर निर्माण गरेंथें छ सुनै-सुन ॥
हीरा नीलम रत्नादि जडिएका हुँदा वहाँ ।
पुर त्यो अतिराम्रो छ, शोभा भर्छ जहाँ-तहाँ ॥
त्यसैमा अहिले सम्म म बसेकैछु, दीन छु ।
वियोग तिनको पर्दा दुःखी छु, अतिहीन छु ॥
यी कन्यालाइ ली साथ अैले म पुरबाट त्यै ।
यता आइ रहेको हूँ वन घुम्न भनी त्यसै ॥
राक्षसेश्वर ! यी मेरी पुत्री हुन्, छन् सुशीलकी ।
हुर्केकी हुन्, बढेकी छन् हेमाकै गर्भमा बसी ॥
यिनलाइ लिई साथ यिनका योग्यको पति ।
खोज्ननिम्ति हिंडेको हूँ, अफ घुम्दैछु है म यी! ॥
मान गौरव राख्ने क्वै व्यक्ति छन् ता उनीकन ।
सम्बन्ध बाबु-छोरीको पिर्न थाल्छ छिनै-छिन ॥
किन ? भन्छौ भने बाबु ! बाबुले अरुको अघि ।
झुक्नु पर्दछ छोरीको निम्तिमा व्यर्थमा अति ॥
छोरी चाँहि यता फेरि दुइटै कुललाइ ता ।
पार्छे संशयमा नित्य, विगार्ली कि भनी सदा ॥
मेरी पत्नी सुशीला ती हेमाका गर्भबाट नै ।
पछाडि दुइटा छोरा जन्मिए छन् सुयोग्य नै ॥
यिनमा पुत्र हो जेठो मायावी नामको सुन ! ।
कान्छोको नाम हो बाबु ! शुभ दुन्दुभि यै गुन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मलाइ बावुले सोध्यौ बेली-विस्तार पूर्वक ।
लेभै पनि भने सारा घटना आफ्नु वास्तव ॥
जान्न खोज्छु तिमी को हौ ? यो कुरा अब मै पनि ।
फलानो हौं भनी जान्नु कसरी ? भन त्यो पनि ॥
मय—दानवले सोद्धा यसरी रघुनन्दन ! ।
दशग्रीव वहाँ भन्छ अब नम्र भईकन ॥
पुलस्त्य-ऋषिको नाति विश्रवा मुनिको सुत ।
दशग्रीव म हूँ वीर ! यही नाम प्रसिद्ध छ ॥
लोक रच्ने विधाताको तीन पुस्ता पछाडिका ।
सुयोग्य—मुनिको छोरो हूँ म वास्तव एउटा ॥
राक्षसेश्वरले यत्ति भन्दामा मय दानव ।
त्यल्लाइ मुनिको पुत्र जान्दा खुश भए तब ॥
तसर्थ अब त्यै वेला त्यहीं नै प्रिय ती सुता ।
त्यसलाइ दिनानिम्ति गरे इच्छा खुशी हुँदा ॥
मयले अनि छोरीको समाते च्याप्प हात र ।
त्यसको हातमा राम ! हाल्दिए अब भै स्थिर ॥
मन गद्‌गद भो तस्मात् दैत्येन्द्र उनले अनि ।
त्यो राक्षसेन्द्रको साथ भनी हाले यस्तो पनि ॥
सुन राक्षसका राजा ! हुन् मेरी तनया यिनी ।
ती हेमा अप्सराले जो गर्भमै पालिइन् पनि ॥
यिनको नाम हो बावु ! मन्दोदरी, भयौ धनी ।
गर लौ अब स्त्रीकार पत्नीको रूपमा तिमी ॥
राक्षसेश्वरले राम ! बडो बेस ! भन्यो अनि ।
अग्नि बालेर तत्काल गरी हाल्यो विहा पनि ॥
तपोधन हुने त्यस्ता विश्रवा मुनिराजको ।
हुने स्वभाव डर्लाग्दो त्यसमा श्राप जो पऱ्यो ॥
त्यो कुरा जान्दथे राम्रै मय दानव यी तर ।
ब्रह्माको कुल संभेर दिए छोरी भई स्थिर ॥
छोरीको साथमा राम ! उनले त्यसलाइ ता ।
न जाने कहिल्यै खेर, दिए अद्‌भुतशक्ति बा ! ॥

४१

४२

उनले तपले ठूलो पाएथे यसलाइ ता ।
परेथे जसले हान्दा मूर्च्छा लक्ष्मण सम्म ता ॥
विहावारी गरी राम ! यसरी शक्तिमान् बडो ।
सारा राक्षसको राजा लङ्कापति भयो वस्यो ॥
पछि भाइ कुम्भकर्ण विभीषणकनै पनि ।
विहा गरी दुवै पत्नी ल्याइ सुम्पि दियो अनि ॥
जो विरोचनका छोरा बलि थे, उनकै सुन ! ।
दौहित्री वज्रज्वाला यो नामकी थिन् अनुत्तम ।
विहा गरि दियो राम ! माहिलो भाइ साथ त्यो ।
यिनैलाइ, महान् शक्ति भएको जब त्यो थियो ॥
गन्धर्वराज शैलूष महात्मा नै थिए जुन ।
छोरी थिन् उनकी यौटी सरमा नाम थ्यो सुन ! ॥
धर्मको मर्म बुझिथिन् यी, यिनैलाइ शुभा अति ।
कान्छा विभीषणै साथ विहा गरि दियो पछि ॥
प्रसिद्ध दह हो ठूलो जुन मानसरोवर ।
त्यसैको तटमा कन्या जन्मिइन् एक सुन्दर ॥
थियो वर्षात त्यो वेला बढ्‌दैथ्यो दह वेसरी ।
चिच्याइन् तिनकी आमा स्नेहले थर्र भैवरी ॥
सर मा ! सर मा ! भन्दै भो ! भो न बढ ! है दह ! ।
यसरी उनले भन्दा सरमा नाम भो तव ॥
विहावारी गरी राम ! यसरी भाइ तीन यी ।
जोडा-जोडी भई लागे अब गर्न विहार यी ॥
पछि मन्दोदरीले ती जन्माइन् एउटा सुत ।
हो मेघनाद त्यों, भन्छौं इन्द्रजित् जसलाइ त ॥
जेठो रावणको छोरो यसले जन्मदै रुँदा ।
झिकेथ्यो नाद मेघैको ठीक गर्जिइदै तदा ॥
त्यसको नादले त्यस्तो सारा लङ्का पुरी तव ।
जड जस्तै भएकोथ्यो उडेथ्यो होश नै सब ॥
यसै कारणले गर्दा त्यसको बावुले पनि ।
राख्दियो त्यसको नाम मेघनाद भनी अनि ॥

५६

श्रीराम ! अब त्यो वेला राक्षसेश्वरको सुत ।
खोपीमा अति नै राम्रो बढ्न लाग्यो मजासित ॥

५७

CC-0. In Public Domain. Digitization by eGangotri

५८

बाबु-आमाहरूलाई दिन्थ्यो आनन्द यो अति ।
राम्रा नारीहरूद्वारा थ्यो सुरक्षित यो उति ॥
काठले ढाकिएको क्यै अग्नि जस्तो भईकन ।
शोभिन्थ्यो, बढ्न यो लाग्यो यसरी रघुनन्दन ! ॥

५९

इति बाह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेह्रौं सर्ग

धनाध्यक्ष कुवेरले पठाएको दूतलाई राक्षसेश्वर रावणले मारि दिनु

१

काल वित्तै गयो राम, अब लोकेश देवले ।
पठाएकी महानिद्रा आइ बा ! अतिवेगले ॥
त्यो कुम्भकर्णको देह भित्र स्वात्त पसेर यो ।
साक्षात् रूपधरी हाली हाई ! हाई !! भएर पो ।
आफ्नु दाजु थियो राजा नजीकै र त्यसैसित ।
यसरी भन्न लाग्यो त्यो निद्रा लाग्दा मजैसित ॥
मलाइ सुन ए राजा ! निद्रा, लाग्यो निकै बढ्यो ।
लौ चाँडै सुत्नको निम्ति बनाउ घर योग्यको ॥
त्यसका यी कुरा सुन्दा त्यो राजा दाजु चाँहिले ।
दियो आज्ञा महान् योग्य यौटा घर बनाँउने ॥
तुरुन्त खटिई हाले विश्वकर्मा समानका ।
शिल्पीहरू अनी राम ! बनाए घर एउटा ॥
दुइ योजन लम्बाई चौडाई एक योजन ।
भएको घर त्यो साह्रै राम्रो चिल्लो बन्यो सुन ! ॥
थियो हेरि रहौं जस्तो, विघ्न-बाधा थिएन क्यै ।
थिए चारतिरै खम्बा स्वर्ण-स्फटिकका सबै ॥
भरेङ्का खुट्किला सारा वैदूर्य-मणिकै थिए ।
छुन्द्रु ङ् छुन्द्रु ङ भै बज्ने जहाँ घण्टीहरू थिए ॥
त्यसको मूलढोका थ्यो बनेको हस्ति-दन्तले ।
हीरा-स्फटिकका वेदी, चौतारा, भव्यरूप थे ॥
सँधै सुख हुने राम्रो थियो भवन फेरि यो ।
सुमेरुको गुफा जस्तो पुण्य एवं सुखै दिंदो ॥
यसैभित्र पस्यो सुत्त अनि ता कुम्भकर्ण त्यो ।
सुत्यों सुत्न सके सम्म हजारौं वर्ष सम्म पो ॥
निद्रामा मस्त भै राम ! सुतेमा कुम्भकर्ण यो ।
गर्न थाल्यो दशग्रीव यता धेर विगार पो ॥

१३

१४

उच्छृङ्खल भयो साह्रै देवता ऋषि यक्ष र ।
गन्धर्वहरुलाई ता ठोक्यो बा ! भइ दुर्धर ॥
राम्रा वर-बगैंचा थे जति नन्दन आदिक ।
त्यहीं जान्थ्यो, विगार्दिन्थ्यो, उजाड्थ्यो झोक्किई सब ॥
त्यो नदीभित्र पस्थ्यो र खेल्दै हात्ती सरी भई ।
सम्पूर्ण जलको धारा पार्थ्यो छिन्न विगार्दिई ॥
ठूल्ठूला वृक्षलाई त्यो उखेल्थ्यो वायुझैं भई ।
ठूल्ठूला गिरिलाई ता मास्तथ्यो वज्रझैं भई ॥
त्यो दशग्रीवको यस्तो हाल-चाल सुनी सब ।
कुवेर त्यसका दाजु ! भए खिन्न स्वयं तव ॥
धर्मज्ञ धनका स्वामी उनले आफ्नु वंशको ।
व्यवहार र आचार शोचे, योग्य भएन यो ॥
तसर्थ भाइको नातों हुनाले स्नेह वढ्दिंदा ।
पठाए एउटा दूत लङ्कामा भन्न त्यो कुरा ॥
उद्देश्य त्यसको यै थ्यौ राक्षसेश्वरलाइ त्यो ।
भनी योग्य कुरा केही त्यसकै हित गर्नु जो ॥
लङ्काभित्र पस्यो दूत पहिले गै संरासर ।
विभीषणकनै भेटचों टक्र्याइ ढोग भै स्थिर ॥
गरे स्वागत-सत्कार उनले धर्म ठीकको ।
लङ्कामा आँउने हेतु सोधे कुशल सम्म पो ॥
बन्धु-बान्धवका आफ्ना जो बस्थे अलकातिर ।
सोधे कुशल-क्षेमादि एक एक सवैतिर ॥
सकी सब कुरा-कानी आफैं ले दूतलाइ त्यो ।
लगी भेट गराए बा ! राक्षसेश्वर साथ यो ॥
दूतले गै वहाँ देख्यो भव्य राजसभाविषे ।
घपक तेजले बल्दै बस्थ्यो रावण भूपते ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भनी जय महाराज! गरी सत्कार वाक्यले ।
निकै बेर भयो चूप बडो आदर-भावले ॥
यौटा पलङ्गमा ऊँचो भव्य ओछ्यानबीचमा ।
बस्ने शोभिइ त्यल्लाई भन्यो त्यो दूतले वहाँ ॥
विन्ती गर्छु महाराज! प्रभुका योग्य दाजु ती ।
कुवेरले पठाएका कुरा हुन् प्रभुमा यति ॥
जुन माता-पिता दोटै वंशको अनुरूप छ ।
छ सदाचारले पूर्ण फेरि जो पाल्नु योग्य छ ॥
जो गर्‍यौ अहिले सम्म त्यत्ति नै हुन गो अति ।
अब राम्रो गरी पाल सदाचार भए जति ॥
सके सम्म गरी राम्रो धर्मको मार्गमै टिक ।
तिम्रो निम्ति यही बाबु! राम्रो गर्छ पछीतक ॥
तिमीले नै उजाडेछौ त्यत्रो उद्यान नन्दन ।
म स्वर्गतिर जाँदामा देखें, खिन्न भयो मन ॥
गर्‍यौ वर्वाद! धेरै नै मार्‍यौ ऋषि तथा मुनी ।
राक्षसेश्वर ए भाई! सुनें यस्ता कुरा पनि ॥
यसले देवता सारा चिढिएछन् तिमीसित ।
यसैले लड्न खोज्छौ रे तिमी अब उनीसित ॥
मेरो पनि निकैपल्ट तिरस्कार गर्‍यौ अहो! ।
तर बिर्सिदिएँ मैले विचार गर बाबु यो! ॥
साना बालकले केही अपराध गरे भने ।
गर्नु पर्छ दया स्नेह ठूला-बान्धवले गुनें ॥
सब इन्द्रिय रोकेर पाली नियम, संयम ।
म हिमालयमा बस्थें त्यो वेला अब लौ सुन! ॥
त्यो रौद्रव्रत पाल्थें म धर्मानुष्ठानमा अडी ।
वहाँ दर्शन पाएँ बा! शिवको साथ पार्वती ॥
त्यो वेला जान्नको निम्ति शोची को रहिछन् भनी ।
बाँयाँ दृष्टि यसो गाडें उमामा दैवले गरी ॥
देवी राज भएकीथ्यो दिव्यरूप धरी निज ।
साह्रै अतुल्यको ओहो! देखिन्थ्यो तेजिलो स्वतः ॥
यो बाँयाँपट्टिको आँखो त्यस्तो दिव्य-प्रभावले ।
त्यसैवेला डढ्यो बाबै! देवीको दृष्टिपातले ॥
यो अर्को दाँहिने आँखो पनि धूलो परे सरी ।
पहेंलो हुन गै हाल्यो उहाँकै झोकमा परी ॥

४३

४४

उठें अनि त्यहाँ बाट अर्को डाँडातिरै पुगें ।
ठ्याक्क आठ सए वर्ष महाव्रत त्यहीं लिएँ ॥
मेरो नियम त्यो बाबु! सकिए पछि शङ्कर ।
स्वयं वहाँ सवारी भो आज्ञा भो खुश भै स्थिर ॥
गौरीको रूप हेर्दामा तिम्रो आँखा डढेछ हा! ।
अर्को पनि पहेंलो पो भै सकेछ भने यता ॥
भएँ अब तिमी साथ म निकै खुश वास्तव ।
कडा व्रत लियौ यस्तो बुझ्छौ धर्म पनी सब ॥
मैले पनि लिएकोछु यही व्रत निकै अघि ।
तिमीले पनि ता पाल्यौ अहिले व्रत त्यै हकि? ॥
तेस्रो व्यक्ति छँदैछैन लिने यो व्रत वस्तुतः ।
व्रत मध्ये कडा यै छ, यै कहिन्छ महाव्रत ॥
पाल्न पर्ने निकै गाह्रो यो महाव्रतलाइ ता ।
मैले नै हो निकालेको, मैले पनि गरें तदा ॥
तिमीले व्रत यै गर्दा म भएँ अति नै खुश ।
मीत लाउ धनाध्यक्ष! लौ म साथ तिमी अतः ॥
मञ्जूर गर है बाबु! जोर्न सम्बन्ध यो अब ।
मीत-मीत भई हामी बसौंला भै दुवै खुश ॥
तिमीले तपले यस्तो मलाइ पनि वास्तव ।
जित्यौ बा! शुद्ध छौ तस्मात् लौ मितेरी बढोस् अब ॥
देवीको रूपमा तिम्रो दृष्टि पर्दा अचानक ।
उनको तेजले तिम्रो बाँयाँ दृष्टि गयो तब ॥
दाँयाँ पनि त्यसै वेला पहेंलो भो र फुस्रियो ।
एकाक्ष-पिङ्गली भन्ने स्थायी भो अब नाम यो ॥
मैत्री-सम्बन्ध जोरेर भगवान् शिव साथमा ।
उहाँसँग विदा मागी म आएँ पछि ता यहाँ ॥
सुनें अनि त्यसैवेला ए भाई राक्षसेश्वर! ।
उपद्रोको कुरा तिम्रो हुन्छ यै पाप दुर्धर ॥
तसर्थ मान लौ बाबु! पाप-निश्चयबाट यो ।
हट है, कुलमा सम्म लगाउँछ कलङ्क यो ॥
किन? भन्छौ भने भाई! ऋषि सङ्घ र देवता ।
हेर्छन् सिध्याउने बाटो अब फेरि चुक्यौ कि ता ॥
दूतका मुखले यत्ति सुन्दैमा दशटाउके ।
क्रोधले चूर भै हाल्यो र-राता नेत्र भै गए ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

मोल्यो बा ! दुइटै हात वेस्करी राक्षसेन्द्रले ।
कट् कट् गरी किट्यो दाह्रा भन्यो फोक्केर भूपते ॥
ए दूत ! भन्दछस् जो तँ त्यसको भाव, मतलब ।
एक एक बुझें मैले बुझिस् ! मर्ने भइस् अब ॥
मर्दैनस् बरु तैंमात्र यो सन्देश पठाँउने ।
त्यो कुवेर पनी मर्छ, यही नै छ भलो हुने ॥
धनरक्षकले यस्तो भन्नु योग्य हुँदैनथ्यो ।
जुन सन्देशमा कत्ति मेरो हित हुँदैन थ्यो ॥
तेरो मालिक हो मूर्ख, ममा डर पसोस् भनी ।
शिव साथ मितेरीको सुनायो ती कुरा पनि ॥
दूत ! तैंले यहाँ आई कुरा जो जो भनिस् ममा ।
बुझिस् त्यो सहनै सम्म नसक्ने भै सक्यो यहाँ ॥

६६

६७

जेठा कुवेर हुन् दाजु ए सैले मार्नु हुन्न है ! ।
यसैले अहिलेसम्म बचे, मैले सहें सबै ॥
अब ता ठान्न पो लागें सुन्दा यस्ता कुरा म ता ।
यै बाहु–बलले आफ्नो पार्छु त्रैलोक्य, जित्छु बा! ॥
लौ यै शाइतमा तस्मात् यौटाको अपराधले ।
लोकपालकनै चार यमलोक पठाँउछु ॥
राम बाबु ! भन्यो यत्ति त्यस राक्षसले अनि ।
खड्गले पार्दियो च्वाट्ट, मन्यो दूत त्यसै पनि ॥
साथ राक्षस थे धेर दुष्टचित्त हुनेहरू ।
घिच, यल्लाइ लैजाओ ! भन्यो तान्दै गए अरु ॥
अब राजेन्द्र श्रीराम ! त्यस राक्षस-राजले ।
स्वस्तिवाचन इत्यादि गर्‍यो आफ्नु विधानले ॥

७२

७३

त्रैलोक्य जित्नको इच्छा लिएर रथमा चढी ।
जहाँ बस्थे धनाध्यक्ष त्यतैतिर गयो बढी ॥

इति तेह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौधौं सर्ग

यक्ष--राक्षसको युद्धमा राक्षसराज रावणको जीत

१
मैमत्ता भै सकेकोथ्यो बलको अभिमानले ।
अब राक्षसको राजा त्यो रावण महीपते ! ॥
छवै ओटा थिए मन्त्री त्यसका साथमा तव ।
शुक सारण मारीच प्रहस्त र महोदर ॥
अर्को धूम्राक्ष थ्यो किन्तु अरुमा वीर थ्यो यही ।
सँधै लड्न र जुध्नैमा मन गर्थ्यो कडा अति ॥
लिएर यी सबैलाई लङ्का बाट हिंड्यो तव ।
क्रोधले पार्छ त्रैलोक्य भुसुक्कै सरि भो अब ॥
निकै पुर, नदी काट्यो छिचल्यो वन, पर्वत ।
पुग्यो दुवै घडीमा पो कैलासतिर त्यो तव ॥
सुने अब त्यहाँ बस्ने सारा यक्षादिले यसो ।
दुष्ट रावण आयो रे लड्न खोज्छ, अनर्थ भो ॥
त्यसका साथमै छन् रे! मन्त्रीहरू भए जति ।
कैलासमा छ रे डेरा झोक्किएको छ रे अति ॥
सकेनन् अघि पनैं यी त्यस राक्षसको अब ।
भागाभाग परी हाल्यो गए राजा भएतिर ॥
राजाका भाइ हुन् भन्ने पर्‍यो अर्कोथरीकन ।
धनाध्यक्ष भए ठाम पुगे यी रघुनन्दन ! ॥
वहाँ पुगेर राजामा उनका भाइको कुरो ।
त्यो अभिप्राय सम्पूर्ण विन्ती पारे झुकी बडो ॥
पछि आज्ञा दिए राम ! लड्न जान कुवेरले ।
परे दङ्ग सबै यक्ष, अनि लड्न भनी हिंडे ॥
यो यक्षराजको सैन्य उर्लंदो सिन्धु ठीक भो ।
अकस्मात् राम राजेन्द्र ! सारा कैलास नै डग्यो ॥
घनघोर लडाँई भो यक्ष—राक्षसमा अब ।
छवै रावणका मन्त्री भए व्यथित वास्तव ॥
१३

१४
दश ओटा हुने घाँटी त्यो निशाचरले अब ।
सकेन खप्न यो देख्ता रिसले चूर भो तब ॥
सिंहनाद गर्‍यो त्यल्ले हर्षवर्धक जोडले ।
गयो यक्षहरू तर्फ झम्टिंदै अनि वेगले ॥
त्यसका जो थिए मन्त्री थिए वास्तव वीर ती ।
पराक्रम थियो त्यस्तै डर्लाग्दा पनि थे अति ॥
कसिए तिनमध्येका एकेक त्यस युद्धमा ।
हजारौं यक्षका साथ लड्न लागे स्वयं वहाँ ॥
सम्पूर्ण यक्षको सैन्य तिनमाथि रघूद्वह ! ।
छोड्थ्यो शस्त्रास्त्रको वर्षा छोडेझैं मेघले जल ॥
गदा—मुसलले एवं तरवार र शक्तिले ।
घुर्येत्राले पनी ठोके यिनमा सब यक्षले ॥
प्रहार तिनको चोट सहंदै दशटाउके ।
त्यो रावण बढ्यो राम ! युद्धमा अब वेगले ॥
पर्न सम्म पर्‍यो चोट सास फेर्ने पनी वहाँ ।
पाएन त्यसले मौका, बडो गजब भो जहाँ ॥
वर्षन्छन् जलका धारा निरन्तर धराभरी ।
जसरी मेघले छोड्दा ढाकिथ्यो ठीक त्यै सरि ॥
यसरी यक्षले चुट्ता ठोक्ता पनि अलीकता ।
दुःख मानेन श्रीराम ! आत्तिएन, डगेन बा ! ॥
मेघले जलधाराले चुटे ता पनि बेस्करी ।
भन पर्वत के मान्थ्यो, के डग्थ्यो ठीक त्यै सरी ॥
महान् देह हुने त्यस्तो रजनीचरले अब ।
भयङ्कर गदा बोक्यो कालको दण्ड हो ठिक ॥
यक्षका सैन्यको बीच घुस्यो बा ! अनि रावण ।
यमका घरतर्फै पो थालि हाल्यो पठाँउन ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
वायुको बल पाएर बलेको अग्नि ठीक थ्यो ।
उता थ्यो यक्षको सैन्य सुकेकै झार ठीकको ॥
के राख्थ्यो अनि ता राम! सैन्य त्यो सब यक्षको ।
भुसुक्क पार्दिई हाल्यो छिनमै त्यसले अहो ! ॥
वायुले मेघको थुप्रो उडाए ठीक सर्सर ।
ती मन्त्रीहरुले सारा पार्दिए यक्ष थर्थर ॥
प्रहार थिनमा छोडे महोदर-शुकादिले ।
पारे भुसुक्क यी यक्ष थोरैमात्र वहाँ बचे ॥
पर्दा शस्त्रास्त्रको चोट अङ्ग भङ्ग भई हरे ! ।
समरस्थलमा यक्ष लड्न सम्म लडे, मरे ॥
अघिको रिस संझेर लडेता पनि युद्धमा ।
दाँतले ओठ टोक्तैथे अझै लड्नेहरू वहाँ ॥
कुनै ता श्रान्त भै थाक्ता लडेता पनि वास्तव ।
अँगाल्थे आफ-आफैमा जोल्ठिएर रघूद्वह ! ॥
नदीको तट मासेझैं गालेझैं जल वेगले ।
सारा गलेर लड्थे ती फ्याँकेका शस्त्र-अस्त्रले ॥
मरेर स्वर्गमा जाँदा जुध्ने बाटा भरी हुने ।
घुँइचो भै गयो राम ! यक्षको अब दौडिने ॥
यो सबै हेर्न आएका ऋषिको सङ्घले पनि ।
आकाश भरियो ह्याम्म वहाँ अब त्यसै पनि ॥
यसरी यक्ष भागेका देखे पछि महाबली ।
कुबेरले वहाँ डाके लड्न यक्ष निकै बली ॥
यत्तिकैमा वहाँ आयो पठाएको कुबेरले ।
संयोधकण्टकै नाम भएको यक्ष भूपते ! ॥
त्यसको साथमा घेर सवारी सैन्य आदि थे ।
त्यसले आँउना साथ बजायो भत्राट्ट चक्रले ॥
विष्णुले दैत्यमा जस्तो ताकी मारीचलाइ नै ।
प्रहार गर्दिएको थ्यो रिसले भइ चूर नै ॥
४०

४१
स्वर्गको ग्रह क्यै आफ्नो पुण्य क्षीण हुँदा तल ।
खसेझैं त्यो खस्यो भत्राम्म अब कैलासको तल ॥
विउँझयो पछि मारीच वित्ता दुइ घडी वहाँ ।
सुस्तायो अनि क्यै वेर फर्कियो रणभूमिमा ॥
अब त्यै यक्षको साथ लड्न लाग्यो भई स्थिर ।
सकेन यक्ष त्यो टिक्न भाग्यो अनि घरैतिर ॥
त्यो कुवेर-पुरीभित्र यो निशाचार रावण ।
हेपेरै पस्न लाग्यो बा ! मूलढोका पुग्यो सुन! ॥
त्यसका अङ्ग—प्रत्यङ्ग थ्यो सुनैसुन भूषित ।
कहीं-कहीं थियो चाँदी वैदूर्य—मणि अङ्कित ॥
यहीं ढोके थिए टन्न, पहरा थ्यो निकै कडा ।
सजैसित पस्यो भित्र रोकन सक्थ्यो र को तदा? ॥
सूर्यभानु थियो ढोके पस्न लाग्दा निशाचर ।
त्यसले रोक्न ता रोक्यो, किन टेर्थ्यो र त्यो तर ॥
रिसायो अब त्यो ढोके रोक्ता पनि न रोकिंदा ।
उखेल्यो एउटा खम्बा ठोक्दियो त्यसले तदा ॥
बह्यो रगतको खोलो त्यसको देहबाट त्यो ।
गेरु मिश्रित क्यै झर्ना झरेझैं गिरिबाट भो ॥
गिरिको टाकुरा जस्तै खम्बाले हानिंदा पनि ।
त्यसले क्यै लछारेन ब्रह्माको वरले पनि ॥
त्यही खम्बा समात्यो बा ! त्यस रावणले अनि ।
ठोक्दियो त्यसलाई नै बिलायो भस्म नै बनी ॥
राक्षसेश्वरको त्यस्तो देखे पछि पराक्रम ।
वहाँका यक्ष सम्पूर्ण भागाभाग गरे पुनः ॥
हाम्फाले बा ! नदीभित्रै कुनै ता भयले गरी ।
कैलासका गुफाभित्र पसे क्यै आत्तिईवरी ॥
त्यो यक्षलोकका यक्ष थिए थकित फेरि यी ।
मुख-कान्ति थियो फुस्रो फेंक्तैथे हतियार ती ॥
५४

इति चौधौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पन्ध्रौं सर्ग

माणिभद्र एवं कुवेरको पराजय र पुष्पक—विमान खोस्नु

१

देखे अब यता राम ! धनाध्यक्ष कुवेरले ।
हजारौं यक्षलाई ती भागेका घोर त्रासले ॥
उनले अनि तत्काल नामको माणिभद्र यो ।
महायक्षकनै डाकी स्नेह साथ भने यसो ॥
सुन्! यक्ष श्रेष्ठ ! जा चाँडै दुराचारी अयोग्यको ।
पापी रावणलाई त्यो मारीहाल् ! सावधान हो ॥
डटेर युद्धमा शोभा लिने छन् जति यक्ष ती ।
उनको शरणस्थान तँ हो बाबै ! ल गर् यति ॥
माणिभद्र महान् बाहु हुने हुन् वीर यक्ष ती ।
शिरथापे शुभाज्ञा यो स्वामीको उनले पछि ॥
तुरुन्त चार हज्जार यक्ष-सैन्य लिई उनी ।
गए लड्न पनी लागे जित्न गाह्रै हुने बनी ॥
यक्ष-वीरहरू सारा अब यी राक्षसैतिर ।
झम्टिदै रणमा राम ! लडे वा ! भइ निर्डर ॥
गदा-मुसल-प्रासादि शक्ति तोमर मुग्दर ।
नाना शस्त्रास्त्रले हाने उनमाथि निरन्तर ॥
अब युद्ध गरे घोर बाज जस्तै छिटा भई ।
ढाकी ढपक्क सर्वत्र शस्त्र- अस्त्र सबै त्यजी ॥
त्यो रणस्थलमा राम ! भन्दथे यक्ष कवै यसो ।
म लड्छु यिनको साथ मौका देउ सुयोग्यको ॥
म हट्तिन यहाँ बाट भन्थे यक्ष कुनै यसो ।
मलाइ देउ शस्त्रास्त्र कुनै ता भन्दथे त्यसो ॥
यो घोर-युद्ध देखतामा ब्रह्मवेत्ता महामुनि ।
गन्धर्व-देव-सिद्धादि परे आश्चर्यमै पनि ॥
लडाँईं मच्चियो राम ! युद्धमा यो प्रहस्तले ।
मार्दियो एक हज्जार यक्षको फौज वीर्यले ॥

१३

१४

निकै वीर्य भएको त्यो अर्को हज्जार यक्षको ।
सखाप पार्दियो किन्तु त्यो महोदरले अहो ! ॥
शेष भो यक्षको सैन्य दुइ हज्जार जो अब ।
छिनैमा पार्दियो स्वाहा , वीर मारीचले तब ॥
कहाँ यी यक्षको युद्ध त्यस्तो सरल धर्मको ।
कहाँ राक्षसको युद्ध मायाको त्यो अधर्मको ॥
अन्तमा केही लागेन यक्ष भन्दा त राक्षस ।
युद्धमा बलवान् निस्के त्यसरी सुन राघव ! ॥
छातीमै त्यो लडाँईंमा बढी धूम्राक्षले अब ।
माणिभद्रकनै ठोक्यो थौटा मुसलले तब ॥
डगेनन् तर ती कत्ति उनले पनि अन्तमा ।
गदाले ठोक्दिए राम ! त्यसलाई छली वहाँ ॥
धूम्राक्ष चीत भै हाल्यो लाग्यो गै शिरमा जब ।
लड्यो डङ्ग्रङ्ग पृथ्वीमा न सक्ता खप्न वास्तव ॥
देख्यो दशशिरेले त्यो जब धूम्राक्षलाइ यो ।
लडेको त्यसरी डङ्ग रगताम्य पनी हुँदो ॥
रिसले चूर भै हाल्यो आफैं नै अनि रावण ।
माणिभद्रतिरै झम्टी आयो लड्न भनीकन ॥
आएको झोक्किंदै लड्न देखता रावणलाइ त्यो ।
तिनोटा शक्तिले हाने जोडले उनले अहो ! ॥
प्रहार त्यसमा लाग्यो अनि रावणले पनि ।
हान्दियो मुकुटै ताकी माणिभद्रकनै अनि ॥
खस्यो मुकुट त्यो चोट लाग्नाले गै नजीकमा ।
भए प्रसिद्ध ती यक्ष पार्श्वमौली भनी वहाँ ॥
दिलका देहका ठूला माणिभद्र थिए तर
सकेनन् युद्धमा टिक्न तस्मात् भागि गए पर ॥

२६

२७

देख्तामा यक्ष भागेको डाँडा कैलासको सब ।
उचाले बा ! निकै गर्जी सारा राक्षसले तब ॥
यसैबेला धनाध्यक्ष यक्षराज कुबेर ती ।
वहाँ देखा परी हाले आएका थे गदा लिई ॥
उनको साथ त्यो वेला दुइ मन्त्री पनी थिए ।
शुक्र एवं प्रौष्ठपद जसका नाम यी थिए ॥
दुइ व्यक्ति थिए अर्का नामका शङ्ख, पद्म यी ।
धनका हुन् अधिष्ठाता देवता मुख्यतत्त्व ती ॥
विश्रवा मुनिको श्राप पर्नाले क्रूर भै अति ।
जुन ढोग्दैनथ्यो आफ्ना गुरु वा मान्यलाइ यी ॥
त्यस्तै उद्दण्ड त्यो आफ्नो भाइ रावणलाइ ता ।
देखे कुबेरले लड्न लागेको रणमा तदा ॥
ब्रह्माको कुलमा त्यत्रो भएको जन्म ठीकको ।
व्यवहार गरी राम्रो भन्छन् ती योग्य यो कुरो ॥
लौ तेरो बुद्धि बिग्रे छ! मैले सम्झाउँदा पनि ।
मानिनस् टेरिनस् बाबै ! लड्दैछस् तँ अझै पनि ॥
यसको फल पाएमा परी नरकमा पछि ।
चेत्नेछस् अनिमात्रै तँ संझनेछस् भई दुखी ॥
मोहको वशमा पर्दा सुन् ए ! दुर्बुद्धि व्यक्ति जो ।
विष खान्छ मजा मानी संझिन्न तर मार्छ यो ॥
त्यसको फल पाएमा भोगेमा पछि व्यक्ति त्यै ।
पछुताउँछ है बाबै ! यो पनी सुनि राख् सबै ॥
ठानेझैं मनले तेरो धर्मयुक्त भए पनि ।
व्यवहार गरिस् यस्तो रुचाउँनन् कुनै पनि ॥
तँ साथ खुश क्वै छैनन् चिढिए देवता सब ।
तँलाई यो कुरा कत्ति पत्तै छैन अझैतक ॥
बाबु-आमा र आचार्य-विप्रको अपमान जो ।
गर्छ, त्यो यमको दण्ड भोग्छ बा फल पापको ॥
क्षणभङ्गुर यो देह पाएर पनि जो जन ।
तप गर्दैन, जोर्दैन पुण्य-सद्धर्म साधन ॥
भने त्यो व्यक्ति ता बाबै ! मरे पछि कुकर्मको ।
फल भोगेर नै चेत्छ, पछुताउँछ व्यर्थ पो ॥
पाइन्छ धर्मले मात्र सुख राज्य तथा धन ।
बुझिस् ! अधर्मले खालि दुःखै हुन्छ पुनः पुनः ॥

४३

४४

गर्नु पर्दछ है धर्म राम्ररी सुख पाँउन ।
कुकर्म गर्नु नै हुन्न भन्दछन् पाप हो जुन ॥
पापको फल हो बाबै ! दुःख भोगिन्छ जो यहाँ ।
तसर्थ गर्छ जो पाप त्यो आफ्नै वध गर्दछ ॥
जो सुकै होस् न दुर्बुद्धि व्यक्तिलाई कसै गरे ।
सुख मिल्दैन सद्धर्म न गरीकन क्यै गरे ॥
यसर्थ गर्नु नै पर्छ शुभकर्म र धर्मको ।
राम्ररी पालना बाबै ! मान्य सेवनसम्म पो ॥
सुख सद्बुद्धि पाइन्न चिताएर त्यसै यहाँ ।
जस्तो गर्दछ जो व्यक्ति त्यस्तै पाँउछ त्यो त्यहाँ ॥
विश्वमा जति छन् व्यक्ति तिनको सुख-साधन ।
त्यसैबाट भएको हो पुण्यले प्राप्त भो जुन ॥
समृद्धि वीरता रूप बल वैभव वा सुख ।
जति छन् पुण्यद्वारा नै भएका प्राप्त हुन् सब ॥
यस्ता प्रकारका आफ्ना पाप-दुष्कर्मले गरी ।
भोग्नेछस् अब पक्कै तँ त्यसको फल यहाँ मरी ॥
किन ? भन्छस् भने बाबै ! तेरो बुद्धि निरन्तर ।
छ पापै-पापमा मात्र रमेको भइ अस्थिर ॥
होस् तँ पापी दुराचारी तँ जस्ता सँग क्यै कुरा ।
गर्नैं पनि हुँदैहुन्न, शास्त्र भन्दछ यै कुरा ॥
राम बाबु ! भनी यत्ति धनाध्यक्ष कुबेरले ।
त्यसका ती छअै ओटा मन्त्री पनि बुझाइले ॥
टेरेनन् उनले किन्तु ठोक्दिए यिनले अनि ।
भागे टिक्न नसक्तामा ती मारीचहरू पनि ॥
अब यस्तै अवस्थामा महात्मा यी कुबेरले ।
गदाले शिरमा हाने त्यस रावणलाइ ए ! ॥
लागेन तर क्यै पत्तो लागे तापनि त्यो गदा ।
डेगै चलेन त्यो वीर राक्षसेन्द्र हुँदा कदा ॥
अब ती दुइटै भाई यक्ष राक्षस जो थिए ।
लड्न लागे अ-आफैंमा रिसले मुर्रिएर ए ! ॥
परन्तु राम राजेन्द्र ! यी दुवैमा कुनै पनि ।
न आत्तिन्थ्यो नमात्तिन्थ्यो न त थाक्थ्यो कुनै पनि ॥
राक्षसेश्वरलाई त्यो यक्षेश्वर कुबेरले ।
आग्नेयास्त्र वहाँ छोडे अब मन्त्र-प्रयोगले ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

७१

देख्यो राक्षस-राजाले वारुणास्त्र त्यजी दियो ।
अग्निको वेग भो शान्त चौपट्टै जल वर्षियो ॥
अनि ता राक्षसी-माया झिक्न थाल्यो अनेकन ।
कुवेरलाई नै सक्ने धऱ्यो सुर रघूत्तम ! ॥
लियो लाखौं थरी रुप कहिले त्यो दशानन ।
हुन्थ्यो बाघ तथा क्रोड, मेघ, पर्वत तत्क्षण ॥
कहिले सिन्धु नै हुन्थ्यो कहिले बन्दथ्यो रुख ।
यक्ष दैत्य पनी बन्थ्यो छिनमै पो रघूद्वह ! ॥
यसरी रूप धर्थ्यो यो अनेकन भयङ्कर ।
देखिन्थ्यो रूपमात्रै त्यो आफू देखिन्नथ्यो तर ॥
लियो पछि गदा अस्त्र महान् थ्यो जुन हातमा ।
ठोक्दियो त्यसले राम! उनको शिरमा वहाँ ॥
त्यसरी जोडले ठोक्ता शिरमा बज्रिंदा गदा ।
रगताम्य भई हाले धनाध्यक्ष कुवेर ता ॥
काटिएको जडै बाट वृक्ष जस्तो अशोकको ।
लड्छ डङ्ग्रङ्ग त्यै ठीक लडे विह्वल भै अहो ! ॥
तुरुन्त पद्म-शङ्खादि निधिका ती अधिष्ठित ।
देवताले उनीलाई घेरे पारे सुरक्षित ॥
स्वर्गको दिव्य उद्यान नन्दनैमा लगे अनि ।
उपचार गरे राम्रो बल्ल ठीक भए उनी ॥
जित्यो वा ! यसरी राम ! धनाध्यक्षकनै हरे ! !
दुष्ट राक्षस-राजाले गर्जियो अनि हर्षले ॥
गरेन अरु दुष्टयाँई जो पुष्पक-विमान थ्यो ।
उनको त्यै लियो यौटा भो भनी, चिन्ह, जीतको ॥

७२

७३

बडो विचित्र थ्यो राम ! अति राम्रो विमान यो ।
वैदूर्य- मणिका ढोका थिए वा ! जसमा अहो ! ॥
थे सुनै-सुनका खम्बा भित्रिया भागमा पनि ।
राम्रा झालर मोतीका शोभिइन्थे वहाँ पनि ॥
वृक्ष थे फल थे टन्न हरेक ऋतुका वहाँ ।
चितायो कि त त्यो हिंड्थ्यो मनै जस्तो जहाँ-तहाँ ॥
भनेझैं आफ्नु स्वामीले सक्तथ्यो रूप धर्न त्यो ।
उड्थ्यो आकाशमा राम्रै ढीलो चाँडो पनी अहो! ॥
माथि उक्लन वा जान भरेङ्का खुड्किला थिए ।
ठोकेका सुनका पाता जडेका मणि-रत्नले ॥
वहाँ वेदी बनेका थे बस्त आसन साथका ।
सुनका अति नै राम्रा झल्केका अति तेजिला ॥
विघ्नने नाशिने वस्तु थिएन यसमा कुनै ।
देवताहरुले मात्र चढिन्थ्यो, खिच्तथ्यो मनै ॥
देख्तैमा दृष्टिकै साथ मान्दथ्यो मनले सुख ।
थियो आश्चर्यकै ठाम, थिए चित्र कला सब ॥
यसका सृष्टि-कर्ता थे विश्वकर्मा रघूत्तम ! ।
चितायो कि भने जस्तो उडिजइन्थ्यो मनोरम ॥
सबै काल र वेलामा सुख हुन्थ्यो यहाँ पुनः ।
न चीसो थ्यो न तातो थ्यो दिन्थ्यो आनन्द यो सुन! ॥
जितेको वीर्यले आफ्नो हिंडने इच्छानुसार यो ।
विमानमा चढ्यो राम! अब राक्षस-राज त्यो ॥
बढ्यो घमण्ड ज्यादै भो त्यसको बुद्धि बिग्रियो ।
जितें त्रैलोक्य नै मैले भन्ने ठान्यो विचित्र भो ॥

८४

८५

विश्रवा मुनिका छोरा कुवेरकन यी जिती ।
कैलासबाट ओर्ल्यो त्यो अब पुष्पकमै चढी ॥
त्यो शीर्षको विमल किरीटले तथा प्रतापले झकमक तेज शोभिंदा ।
विमानमा चढि जय पाँउदा अहो ! सुशोभियो अनल समान यज्ञको ॥

८६

इति पन्ध्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सोह्रौं सर्ग

नन्दीश्वर बाट रावणलाई श्राप र भगवान् शङ्करबाट रावणनामको साथै खड्गप्राप्त हुनु ।

१

जिती दाजु धनाध्यक्ष कुवेरकन राघव ! ।
महारण्यतिरै लाग्यो जो हो शरवणै शुभ ॥
स्वामी-कार्तिकको जन्म भएको थ्यो यहीं अघि ।
थियो शरवणैमात्र देख्यो रावणले पुगी ॥
पगालेको सुनै जस्तो तेज धप्धप बल्दथ्यो ।
सूर्य-मण्डल हो जस्तो रश्मिले झल्झलाँउदो ॥
त्यसको नगिचै यौटा थियो पर्वत विस्तृत ।
जहाँ वनस्थली राम्रो थियो अर्को विभूषित ॥
वहाँ पुगेर श्रीराम ! लागेथ्यो जव चढ्न त्यो ॥
रोकियो, गति भो बन्द त्यो पुष्पक-विमानको ॥
आफ्ना मन्त्रीहरू साथ अव सल्लाह गर्छ त्यो ।
किन इच्छा सरी हिड्ने रोकियो हँ ? विमान यो ॥
के कारण पन्यो होला, किन चल्दैन पुष्पक ।
डाँडा माथि छ क्वै पक्कै त्यसैको काम हो कि त? ॥
मारीच त्यसको मन्त्री विद्वान् चंख थियो बडो ।
अव भन्दछ श्रीराम ? त्यही भयाट्ट वहाँ यसो ॥
विना कारणले यस्तो हुनु पर्दैन वास्तव ।
छ तसर्थ महाराज! यसमा हेतु क्यै अव ॥
हुन् मुख्य यसका स्वामी धनाध्यक्ष कुवेर ती ।
अरुलाई उनी भिन्न बोक्तैन हुन सक्छ कि! ॥
मारीच यत्ति भन्दैथ्यो त्यही नै अव राघव ! ।
भए प्रकट नन्दी नै जो थिए शिव-पार्षद ॥
उनको रूप डर्लाग्दै देखिन्थ्यो विकराल थ्यो ।
जसका अङ्गको कान्ति कृष्ण-पिङ्गल वर्ण थ्यो ॥
जिउ पुड्के थियो राम ! साना—साना थिए भुज ।
थिए शिर मुडाएका थियो बा ! अति नै बल ॥

१३

१४

अव राक्षस-राजाको अघिल्तिर परीकन ।
यसरी भन्दछन् नन्दी ढुक्क निःशङ्क भैकन ॥
फर्की जा ए दशग्रीव ! भगवान् शिव शङ्कर ।
विहार गरि बक्सिन्छ डाँडा माथि निरन्तर ॥
सुवर्ण यक्ष गन्धर्व देव राक्षस सुन् ! पुनः ।
वहाँ अरु कुनै प्राणी पाँउन्नन् जान-आँउन ॥
नन्दीका यी कुरा सुन्दा झोक्कियो दशटाउके ।
त्यसका नेत्र बीसोटै रिसले लाल भै गए ॥
ओर्ल्यो पुष्पक बाटै र भन्यो नन्दीसँगै यसो ।
को हो शङ्कर भन्ने त्यो? भन्दै मास्तिर उक्लियो ॥
डाँडाको छेउमा पुग्दा न पुग्दा त्यसले सुन! ।
देख्यो भयाट्ट तिनै नन्दीकन ठिङ्ग हुने पुनः ॥
भगवान् शिवका मुख्य थिए पार्षद नै यिनी ।
प्रभुको नजिकै थे ती यस अर्थ वहाँ पनि ॥
उनको बाहुमा यौटा बल्दो दिव्य त्रिशूल थ्यो ।
दोश्रा शङ्कर जस्तै थे रूप त्यस्तै विशाल थ्यो ॥
मुख चाँहि थियो राम ! ठीक वानरकै सरी ।
देख्ना साथ खिस्याएर हाँस्यो दुष्ट मरी-मरी ॥
जसरी जल बोकेको मेघ गर्जन्छ वेसरी ।
त्यही ठीक वहाँ गर्‍यो अट्टहास गरी-गरी ॥
भगवान् शिवका दोश्रा रूप नन्दी रघूद्वह ! ।
त्यो देखेर रिसाए बा ! भन्छन् त्यस सँगै अव ॥
ए दशानन ! सुन् ! तैंले देख्ता वानररूपको ।
मलाइ यसरी हेंला जो गरिस् अहिले अहो ! ॥
वज्रपात भए जस्तो अट्टहास गरेर यो ।
तिरस्कार गरेकोमा फल भोग्ने भइस् छिटो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

तसर्थ वंश यो तेरो भुसुक्कै पार्न खातिर ।
जन्मनेछन् बुझिस् बाबै ! म जस्ता अब वानर ॥
मेरो रूप तथा वीर्य गुण जस्तो छ ठीक त्यै ।
भएका कपिले सारा मास्लान् तेरो कुलै सबै ॥
तीखा नङ तथा दाँत हतियार हुने उनी ।
हुनेछन् मनकै जस्तो गति वेग हुने पनि ॥
युद्धको निम्ति उन्मत्त भएका बलवान् अति ।
देहका पर्वतै ठीक हुनेछन् सब वीर ती ॥
मिलेर सब ती सुन् ए ! छोरा मन्त्री सँगै-सँगै ।
स्वयं तँलाइ मार्नेछन्, तोड्नेछन् यो अहं सबै ॥
तँलाइ अहिल्यै मार्ने ममा शक्ति छ किन्तु म ।
भो ! मार्दिन ! मरेकै छस् यी आफ्ना कर्मबाट तँ ॥
नन्दीले शक्ति भन्दामा माथि आकाशमा अब ।
बजे बा ! नगरा ढम् ! ढम्!! पुष्पवृष्टि भयो तब ॥
ज्यादै बल भएकोथ्यो त्यो रावण तसर्थ यो ।
नन्दीका वाक्यमा ध्यानै दिएन त्यसले अहो ! ॥
अझ उल्टो चढ्यो माथि मजा सँग भन्यो यसो ।
भन्नोस् पशुपते ! मेरो विमान किन रोकियो ?
भैगो लौ ! त्यसको साटो यो पर्वत तपाँइको ।
उखेल्छु, फ्याँक्छु औंले म बल हेर्नोस् ! छ कत्तिको ॥
को हो शङ्कर भन्ने यो कस्तो शक्ति प्रभाव छ ।
स्वयं भएर राजाझैं नित्य क्रीडादि गर्दछ ॥
डर आइसकेको छ नजीकै रसरी यहाँ ।
परन्तु ज्ञान क्यै छैन मस्त हुन्छ विहारमा ॥
अब यत्ति भनी राम ! त्यसले गिरिराजको ।
तल्लो भागतिरै आफ्ना बीसौटै हात पो लग्यो ॥
अनिता सजिलै साथ त्यो कैलास उठाँउन ।
प्रयत्न गर्न पो लाग्यो जोखे ठीक गरीकन ॥
हल्लियो थर्र भै डाँडो त्यसका बलले गरी ।
भगवान् शिवका सारा गण काँपे डरै परी ॥
काँपी बक्स्यो स्वयं राम ! पार्वती पनि त्रासले ।
अँगाली टासिई बक्स्यो पतिको देहमा हरे ! ॥
पाप नाशी दिने त्यस्ता प्रभुले गिरिलाइ त्यो ।
पाउको बुढि औंलाले हेंलैले थिच्दि बक्सियो ॥

४३

४५

अब रावणका हात डाँडाका स्तम्भ ठीकका ।
जो थिए त्यसले गर्दा थिचिए जोडले तदा ।
यो देखे पछि ता मन्त्री जो थिए त्यसका वहाँ ।
जिल्लं जिल्ल भए सारा रनभुल्ल बने त्यहाँ ॥
थिचिंदा त्यसरी हात अब राक्षस रावण ।
रिसले चूर भो साह्रै निकै पीडा परीकन ॥
पर्‍यो छुटाँउनै गाह्रो खप्न मुश्किल भो जब ।
झिक्यो विंराव चिच्यायो अति जोड गरी तब ॥
यो आर्तनादले एवं दुःखपूर्ण रुवाइले ।
त्रैलोक्यभरका प्राणी भए थर्थर त्रासले ॥
त्यसका सब मन्त्रीले ठाने अब यही कुरो ।
लौ वित्यास पर्‍यो ओहो ! लय भो ! वज्र पर्न गो ॥
त्यो वेला माथिका सारा देवले इन्द्र आदिक ।
अ-आफ्नो मार्ग नै छोडे भए बिचलितै सब ॥
ज्वारभाटा बढ्यो राम ! कुर्लियो बा ! समुद्र ता ।
काँप्न लागि गए सारा डाँडा-काँडा जताततै ॥
विद्याधर तथा यक्ष सिद्ध चारण आदिक ।
सोध्न लागे अ-आफैंमा के भो यस्तो ? भनी तब ॥
रुँदै-कराँउदै थ्यो त्यो रजनीचर रावण ।
भन्दछन् त्यसका मन्त्री त्यसलाइ यसो सुन ! ॥
राक्षसेन्द्र दशग्रीव ! अब के हेर्नुहुन्छ हँ ? ।
महान् देव उहाँलाइ खुश पार्नोस् मजा सँग ॥
यसो विचार गर्दामा नीलकण्ठ उमाप्रिय ।
उहाँभिन्न कुनै अर्को देख्तैनौ अब रक्षक ॥
झुक्नोस् प्रणाम टक्र्याई स्तुति गर्नोस् निरन्तर ।
पर्नोस् शरणमा चाँडै उँहाकै रजनीचर ! ॥
उहाँ नै भइ बक्सिन्छ दयालु भगवान् शिव ।
खुश भै गर्दि बक्सिन्छ उद्धार र भलोतक ॥
ती मन्त्रीहरुले राम ! अब यत्ति भने पछि ।
प्रसन्न पार्न लाग्यो बा ! प्रभुलाइ रुँदै अति ॥
पढ्यो स्तोत्रहरू नाना सामवेदोक्त सुन्दर ।
पृथ्वीमा शिर राखेर ढोग्न थाल्यो निरन्तर ॥
यसरी स्तुति गर्दा र दुख्ता हात कराँउदा ।
वितायो त्यसले ठ्याक्क एक हज्जार वर्ष बा ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

डाँडाको टाकुरा माथि नित्य राज हुने शिव । प्रसन्न बन्न भै बक्स्यो त्यसमाथि रघूद्वह ! ॥
छुटाई त्यसका हात च्यापिएका सबै अब । त्यसमाथि गरी माया आज्ञा हुन्छ सदाशिव ।
वीर होस् तँ दशग्रीव ! तेरो शौर्य र वीर्य हो! । रहेछ गतिलो बाबै ! म प्रसन्न भएँ बडो ॥
डाँडाले थिचिदा हात तैंले पीडा परी यहाँ । जो रोइस्, जो कराइस् बा! डरलाग्दो घोर शब्दमा ॥
सारा त्रैलोक्यका प्राणी डराएर हुँदा भय । जो रोए त्यसले तेरो नाम "रावण" भो अब ॥
देवता-यक्ष-मर्त्यादि जगत्मा जति छन् जन । तँलाई अब भन्नेछन् लोकरावण रावण ॥
पुलस्त्य ऋषिको नाति राक्षसेन्द्र ! तँ लौ अब । जुन बाटो गरी जान्छस् जा ! भई ढुक्क निर्भय ॥
जान आज्ञा दिएँ मैले तँलाई अब लौ त जा! । बिन्ती गर्दछ त्यो राम ! सुनेर प्रभुको कुरा ॥
ममा यदि महादेव! भई बक्स्यो भने खुश । वर यौटा पनी बक्स्योस् माग्छु है पाउँ त्यो म त ॥
देव दानव गन्धर्व नाग राक्षस गुह्यक । अरूबाट पनी छन् जो बलवान् वीर्यवान्तक ॥
अवध्य वर पाएको छु प्रभो ! अवि नै यता । मनुष्यलाइ ता जाबा गिन्दै-गिन्दिन है म ता ॥
त्रिपुरान्तक देवेश ! ब्रह्माबाट ममा पुनः । दीर्घ आयु मिलेको छ खुश भै बक्सियो जुन ॥

८२

७३

उहाँले बक्सिएकोमा सकिएको छ जो जति । त्यो पनी पूर्ण होस् फेरि मेरो धोको पुगोस् यति ॥
कुरा छ एउटा अर्को बिन्ती गर्छु म पाउमा । पाउँ लौ प्रभुद्वारा म यौटा शस्त्र पनी यहाँ ॥
विश्वका सब प्राणीका पति यौटै गति स्थिर । परात्मा खुश भै बक्स्यो त्यससाथि निरन्तर ॥
अत्यन्त चम्किलो खड्ग भनिन्थ्यो चन्द्रहास जो । बक्सियो, आयु भोगेको पनि तत्काल पूर्ण भो ॥
पछिबाट भयो आज्ञा त्यसमा प्रभुले यसो । न गरेस् खड्गको हेला कहिल्यै सम्झिराख् कुरो ॥
तँ बाट यदि क्यै हेला तिरस्कार भयो कि ता! । आउला मै भएमा यो, पक्कै सम्झी ! भयो ल जा ॥
सम्पूर्ण जगतैलाई राम्रैसित रुवाँउने । यो रावण नयाँ नाम हुन गो अब पाँउने ।
प्रभुमा ढोग टक्र्यायो गै पुष्पक-विमानमा । चढ्यो राक्षसको राजा उड्यो आकाश-मार्गमा ॥
अब रावण श्रीराम ! सम्पूर्ण पृथिवी भरी । घुम्यो दिग्विजयै गर्ने अभिलाष लिईकरी ॥
जता पायो उतै जान्थ्यो शूर वीर महाबली । राजा क्षत्रिय जो भेट्थ्यो, चुट्थ्यो, पार्थ्यो त्यसै वशी ॥
रणोन्मत्त थिए जो जो तेजी क्षत्रिय शूर ती । न मान्दा त्यसको आज्ञा भुसुक्कै पो भए पछि ॥
बुद्धिमान् अरु जो जो थे तिनले जितियौं भने । बलवान् अति नै चर्को त्यसको अघि भै रुने ॥

८४

इति सोह्रौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्रौं सर्ग

राक्षसराज रावणलाई ब्रह्मर्षि--कन्या वेदवतीको श्राप

१

अब राम ! महाबाहु त्यो निशाचर रावण ।
सारा पृथ्वी घुमी फर्क्यो त्यै हिमालयमा पुनः ॥
त्यहाँ वर-बघैंचा थ्यो अति राम्रो नरेश्वर ! ।
घुम्न, डुल्न त्यहीं लाग्यो मजा सँग निशाचर ॥
यौटी तपस्विनी कन्या अकस्मात् त्यसले वहाँ ।
देख्यो बा ! जो थिइन् साह्रै खुलेकी दिव्यरूपमा ॥
थ्यो कालो मृगको छाला उनको तनमा शुभ ।
शिरमा शोभिएको थ्यो जटाभार रघूद्वह ! ॥
ऋषिद्वारा भने जस्तो विधिले गर्दथिन् तप ।
धपक्क रूप बल्दामा देखिन्थिन् देवता ठिक ॥
नियम व्रत पाल्थिन् ती अति उत्तम ढङ्गले ।
बढ्दो यौवनकै साथ शोभिन्थिन् दिव्यरूपले ॥
अब यस्ती उनीमाथिं आँखा पर्दा अचानक ।
भयो रावण ता लट्ठ कामले पिरिंदा तब ॥
मुस्कुराएर हाँसेर अनि सोध्यो यसो भनी ।
लौ विरयास पर्‍यो नानी ! के गरेकी अयोग्य नि ? ॥
अवस्था छ जवानीको चढ्दो बढ्दो सुहाँउदो ।
यसमा गर्नु ता यस्तो यसको विपरीत भो ॥
त्यस्तो विचार आचार यो तिम्रो दिव्यरूपको ।
निम्तिमा त अयोग्यै भो, गर्नु छैन ल छोड भो ! ॥
केही डराँउने बानी हुने नानी ! यता सुन ! ।
रूप यो दाँज्नको लागि तुलनै छैन है ! पुनः ॥
सारा पुरुषको चित्त देख्ना सौन्दर्य भवादृ यो ।
हुन्छ विकृत, उन्मत्त पारी हाल्दछ काम पो ॥
यसरी तपमा लाग्नु तिम्रो निम्ति अयोग्य छ ।
तिम्रो विषयमा नानी ! मेरो निर्णय यै त छ ॥

१३

१४

हौ तिमी कसकी छोरी लौ बा ! अब समा भन ? ।
विवाह भै सकेकोछ भने, हो पति को भन ? ॥
तिम्रो संसर्ग गर्ने त्यो धन्य हो भूमिको नर ।
लौ सबै भन बा नानी ! गर्दछयौ किन यो तप ? ॥
यसरी त्यसले सोध्दा तपोधन हुने उनी ।
भन्छिन् आतिथ्य-सत्कार गरेर त्यसको अनि ॥
अतुल्य-तेजका मेरा पिता श्रीमान् कुशध्वज ।
ब्रह्मर्षि भइ बक्सिन्थ्यो सुन्नोस् ! गुण थिए सब ॥
भै बक्सिन्थ्यो उहाँ साक्षात् श्रीबृहस्पतिका सुत ।
वायु जस्तै थियो फेरि उहाँको बुद्धि वस्तुतः ॥
महान् आत्मा हुने मेरा पिता नित्य-निरन्तर ।
स्वाध्याय गरि बक्सिन्थ्यो वेदको भइ सुस्थिर ॥
त्यसैताक वहाँबाट म जन्में वाङ्मयी सुता ।
नाम वेदवती यै छ, कन्यै छु अफ्र सम्म ता ॥
पछि बढ्दै गएमा म यक्ष-राक्षस-देवता ।
नाग-गन्धर्व-साराले माग्न थाले मलाइ ता ॥
पिताजी सँग माग्थे ती कसैलाइ पनी तर ।
बक्सिएन्न बुबाज्यूले न खाँदा मनले वर ॥
लामा लामा हुने बाहु सुन ए राक्षसेश्वर ! ।
यसमा के थियो हेतु त्यो पनी भन्छु खर्खर ॥
भगवान् विष्णु नै मेरा हुन् जो त्रैलोक्यका पति ।
ज्वाँईं हुन्, यै पिताजीको भित्र इच्छा थियो अति ॥
तस्मात् अरु कसैलाई मलाई सुम्पनाकन ।
खोजि बक्सिन्नथ्यो, इच्छै गरि बक्सिन्नथ्यो पुनः ॥
बुबाको यो अभिप्राय शम्भुनामक दैत्यले ।
ताडेछ, पछि जो साह्रै चूर थ्यो बल-दर्पले ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पछि त्यै दैत्यको राजा दुष्टले क्रोधमा परी ।
पितालाई विछ्याौनामै मार्दियो पापले गरी ॥
भै बक्सिन्थ्यो मुमा मेरी महान् सौभाग्यशालिनी ।
उहाँलाई भयो पत्नी पछाडि सब यो पनि ॥
तसर्थ टिक्न गाह्रै भो बुबाको लाशलाइ त्यो ।
अँगालेर चिताबीच भवाम्ल्वाङ्ग पसि बक्सियो ॥
सुन राक्षसका राजा ! भगवान् विष्णुको प्रति ।
जो इच्छा थ्यो बुबाज्यूको पूर्ण गर्छु भनी यति ॥
मैले पनि प्रतिज्ञा नै गरेकीछु तसर्थ पो ।
यसरी म बसेकी छु तप गर्दछु उग्र यो ॥
तस्मात् हृदयमा मेरो भै बक्सिन्छ उनै हरि ।
यत्ति नै हुन् कुरा मेरा भनें एकेक नै गरी ॥
पुरुषोत्तम सर्वात्मा नारायण विना म ता ।
बुझ्यौ ! अरू कसैलाई पति वर्दिन सर्वथा ॥
भेट्टाँउन वहाँलाई तसर्थ म निरन्तर ।
कठोर व्रत पाल्दीछु तपस्यामै भई स्थिर ॥
पुलस्त्य ऋषिका नाती जाती राक्षस ! लौ सुन ! ।
आफ्नो कामतिरै जाऊ, म जाँन्दछु तिमीकन ॥
त्रैलोक्य भरका सारा वस्तु वा व्यक्ति छन् जति ।
म जान्दछु सबैलाई, छ तपस्या ममा यति ॥
अब वेदवतीका यी कुरा सब सुने पछि ।
ओर्ल्यो विमान बाटै त्यो कामबाण चढी अति ॥
महान् व्रत लिने त्यस्ती देवी सँग निशाचर ।
भन्यो रावणले फेरि रामबाबु ! भई स्थिर ॥
सुने सब कुरा मैले सुश्रोणि ! सुन लौ अब ! ।
रहीछयौ बा ! घमण्डी पो गर्छयौ यस्ता कुरा जब ॥
पुण्य जोर्ने कुरा यस्ता बूढीले गर्नु योग्य छ ।
युवतीले तिमी जस्ता गर्नु ता ठीक छैन त ॥
मृगनेत्र हुने नानी ! सुन बा ! विश्वसुन्दरी ।
रहीछयौ जो तिमी यस्तो दुःख भोग्छयौ कसो गरी? ॥
गुण, लक्षण सम्पूर्ण तिमीमै देख्छु छन् सब ।
कुरा नगर भो यस्ता जवानी बित्छ है अब ॥
राम्रो बानी हुने नानी ! मलाई चिन, हेर त ! ।
हुँ लङ्काको म नै राजा, एउटै छु म अद्भुत ॥

४३

४४

नाम मेरो दशग्रीव हो बुझ्यौ ! बलवान् छु म ।
मेरो साथ बसे देखि पाँउछयौ सुख उत्तम ॥
तसर्थ लौ तिमी मेरी पत्नी बन प्रिये ! अब ।
भोग संसारका भोग अनि आनन्दपूर्वक ।
राम्रा अङ्ग हुने बाबा ! पहिले यै ममा भन ।
कों हो विष्णु भनेको त्यो ? चिनाऊ सक्नै सुन ! ॥
बल-विक्रमले एवं तप-वैभव-भोगले ।
मेरो बराबरी गर्न सक्तै-सक्तैन त्यो प्रिये ! ॥
त्यसले यत्ति भन्दामा भन्छिन् वेदवती पुनः ।
यस्तो भन्नु हुँदैहुन्न सुहाँउन्न यता सुन ! ॥
उहाँ त्रैलोक्यका स्वामी भइ बक्सिन्छ वास्तव ।
त्रैलोक्य भरका प्राणी ढोग्दछन्, भुक्तछन् सब ॥
राक्षसेन्द्र ! तिमी भिन्न अर्को पुरुष जै छ को ।
जो गर्छ यसरी निन्दा प्रभुको हा ! अयोग्य भो ॥
गर्थिन् वेदवती यस्तै कुरा रावणले तर ।
बढेर उनको चुल्ठो समात्यो भइ दुच्छर ॥
बढी गो यत्तिले क्रोध उनले आफ्नु केश ती ।
हातले प्याट्ट हानेर काट्दिइन् सजिलै पछि ॥
तलवार भयो बाहु गुजुल्टा रउँका सब ।
शिरबाट भए भिन्न काटिएका जती तब ॥
अब वेदवती राम ! रिसले मुर्दिइन् अति ।
देखिइन् बा ! बले जस्ती शुद्ध-अग्नि शिखा सरि ॥
ह्वार्ह्वार्ति अग्नि बालिन् र जली मर्ने भइन् अनि ।
भनिन् डढाँउछिन् जस्तै गरी त्यो दुष्टमा पनि ॥
तँ होस् अनार्य ए दुष्ट ! गरिस् जो हमला ममा ।
अपमान भयो मेरो हेंला ठूलो भयो यहाँ ॥
तस्मात् जीवन यो मैले राख्नु नै ठीक छैन र ।
तेरै अगाडि आगोमा पसी मर्छु निशाचर ! ॥
तँ जस्तो उग्रपापीले मलाई वनमा हरे ! ।
अपमान गरिस् यस्तो, बदला लिन्छु त्यो भरे ॥
मदिन्छु अनि जन्मन्छु, तेरो नै वध गर्न म ।
अर्को देखितन ए नीच ! उपाय यसभित्र म ॥
कुकर्मी र महान् पापी तँ जस्तालाइ मार्न ता ।
स्त्रीजातिहरुले झ्याट्ट गाह्रै पर्छ, छ कष्ट बा ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

८१

यता श्राप दिई मारूँ नाशिदऊँ त भने पनि ।
आफ्नो महान् तपस्या यो नाश हुन्छ त्यसै पनि ॥
यदि मैले कुनै त्यस्तो होम, सत्कर्म, दान वा ।
गरेकीछु भने केही त्यसले होस् यही कुरा ॥
अर्को जन्ममा जन्मूँ भै कन्या म अयोनिजा ।
कुनै सुयोग्य धर्मात्मा पिताको भइ क्यै सुता ॥
राम बाबु ! भनी यत्ति बलेको अग्निकुण्डमा ।
पसिन् वेदवती देवी अगाडि त्यसकै वहाँ ॥
अकस्मात् यस वेलामा उनको चारतर्फ नै ।
पुष्पवृष्टि भयो दिव्य वहाँ आकाशबाट नै ॥
अर्को जन्म लिंदा खेरि तिनै वेदवती पुनः ।
थौटा कमल बाटै पो जन्मिइन् शक्ति भै सुन ! ॥
त्यस वेला पनी राम ! उनको देहकान्ति ता ।
थियो कमलकै जस्तो सुकोमल निकै सफा ॥
दैवसंयोगले भेट्यो जन्मेको ठाममा पुगी ।
तिनलाई पनी त्यल्ले आफ्नै घर लग्यो पछि ॥
कमलो कमलै जस्तो दिव्य अङ्ग हुने उनी ।
वहाँ देखाइइन् त्यल्ले, मन्त्रीलाइ सबै भनी ॥
मन्त्री केटा र केटीको सारा लक्षण जान्दथ्यो ।
तिनलाइ यसो हेर्‍यो पछि रावणमा भन्यो ॥
राक्षसेन्द्र ! छ यो कन्या राम्री नै घरमा भने ।
राख्नै हुन्न नराम्रै पो गर्छे है यो बसी भने ॥
यसो लक्षण जाँचतामा राक्षसेन्द्र ! तपाँइको ।
वध गर्छे, पिराही छ न राखौं ! राख्नु हुन्न यो ॥

८२

८३

मन्त्रीका यी कुरा सुन्दा ती कन्यालाइ राघव ! ।
लगी रावणले फेंक्यो पवात्त सागरमै तव ॥
सिन्धुको छालले पर्याँक्यो किनारामा थिनै पुनः ।
पुगिन् जनकराजाको यज्ञमण्डपमा सुन ! ॥
यज्ञ गर्न वहाँ जोत्थे आफैं जनक-भूपति ।
सियो बाट हलाको यी निस्किइन् जुन थिन् सती ॥
तिनै वेदवती देवी भई जनककी सुता ।
प्रादुर्भाव भएकी हुन्, लक्ष्मी नै हुन् पतिव्रता ॥
महान् बाहु हुने राजन् ! हजूर पनि वास्तव ।
भई बक्सिनछ सर्वात्मा विष्णु नै विश्वरक्षक ॥
तस्मात् वेदवतीले ती श्रापले क्रोधपूर्ण त्यो ।
स्वयं मारि सकेकी थिन् दुष्ट रावणलाइ यो ॥
यसैलाइ प्रभो राम ! पछाडि हमला गरी ।
प्रभुले मार्दिई बक्स्यो स्वयं लङ्का पुगीवरी ॥
तसर्थ प्रभुको विष्णो ! शक्ति यो, बल-वीर्य यो ।
छ अलौकिक अत्यन्त अतुल्य र अचिन्त्य पो ॥
यसरी यी महाभागा देवी नै कल्प-कल्पमा ।
ओर्लन्छिन् दुष्टसंहार गर्ने उद्देश्यले यहाँ ॥
यज्ञ-मण्डपमा जस्तो ज्वाला निस्कन्छ अग्निको ।
खेत बाट हलो जोत्ता निस्किन् त्यै ठीक भै प्रभो ! ॥
भगवान् ! राम यी देवी सती वेदवती अघि ।
निस्किन् सत्ययुगैबीच दुष्टसंहार गर्न ती ॥
दुष्ट रावणलाई यो मार्नकै निम्ति वास्तव ।
यो त्रेतायुगमा औले निस्किइन् ती रघूद्वह ! ॥

८४

महात्मा मिथिलावर्ती राजा जनककी सुता ।
सीता भएर निस्किन् यी सियो बाट प्रभो ! तदा ॥

८५

इति सत्रौं सर्ग

अठारौं सर्ग

राक्षसराज-रावणले मरुत्त आदि राजाहरूलाई जित्नु

१

त्यसरी ती सती देवी अग्निभित्र पसे पछि ।
त्यो रावण जगत् घुम्न हिंड्यो पुष्पकमा चढी ॥
उशीरबीज थ्यो देश घुम्दा-घुम्दै वहीं पुग्यो ।
अब राक्षसको आँखा त्यहीं पर्न गयो प्रभो ! ॥
वहाँ मरुत्त राजा थे देवका साथमा बसी ।
स्वयं गरि रहेकाथे महायज्ञ लिई विधि ॥
राम राजेन्द्र ! त्यो बेला साक्षात् संवर्तनामका ।
थे बृहस्पतिका भाई मुख्य आचार्य यज्ञका ॥
धर्मको मर्म जानेका महान् ब्रह्मर्षि थे उनी ।
घेरिएका थिए सारा देवका गणले पनि ॥
वर पाएर मैमत्त भएको अति दुर्जय ।
त्यसलाइ वहाँ देख्ता डराए देवता सब ॥
आई आक्रमणै गर्ला, ठोक्ला भन्ने हुँदा भय ।
पसे ती देवता राम ! तिर्यक्योनिविषे तब ॥
भए मुजूर देवेन्द्र, बने वरुण हाँस बा ! ।
धर्मराज भए कौवा, छेपारो भो कुवेर हा ! ॥
यस्तै प्रकारले भिन्न-भिन्न रूप लिई सब ।
विभिन्न पशु-पक्षीका योनिमा गै लुके तब ॥
अब ठीक यसै वेला यज्ञमण्डप बाट त्यो ।
अपवित्र कुनै कुत्तो पसेझैं सुत्त पो पस्यो ॥
पुग्यो मरुत्त-राजाको अगाडि र भन्यो यसो ।
ए राजा ! लौ लडौं आऊ, कि हारें भन ! भै गयो ॥
भने मरुत्त-राजाले तिमी को हौ ? भनी त्यसै ।
उनको प्रश्न सुन्दा त्यो खूब हाँस्यो भन्यो यसै ॥
सुन पृथ्वीपते राजन ! हूँ म भाई कुवेरको ।
यस्तो मलाइ चिन्दैनौ साँच्चि नै के तिमी ? अहो ! ॥

१३

१४

यहाँ मलाइ देख्तामा तिमीमा न कुतूहल ।
न ता डर पर्‍यो कत्ति यसैले म भएँ खुश ॥
तिमी भिन्न छ अर्को को जुन त्रैलोक्यबीच यो ।
मलाइ न चिनोस् ओहो ! न जानोस् बल-वीर्य यो ॥
म त्यो रावण हूँ राजन् ! जसले आफ्नु दाजु ती ।
कुवेरलाइ ठोकेर यो विमान लियो जिती ॥
भन्छन् मरुत्त राजा ती अब रावणलाइ त्यो ।
लौ चिनें ! जसले आफ्ना पूज्य दाजु पनी जित्यो ॥
धन्य हौ ! लौ तिमी ठूलै रहेछौ ? तीन लोकमा ।
तिमी जस्तो कुनै अर्को रहेनछ प्रशस्यमा ॥
तिमीले पहिले कस्तो शुद्ध धर्म गर्‍यौ अहो ! ।
जसको भरमा पायौ यस्तो वर सुयोग्यको ॥
आफ्नु नै मुखले यस्तो बक्तैछौ जो तिमी यहाँ ।
रहेनछु सुनेकै पो पैले यस्ता कुरा यहाँ ॥
हुन्छ लड्छु ! खडा हो तँ मूर्ख रावण ! लौ अब ।
कहां जालास् र बाँचेर उम्कनै पर्छ मुस्किल ॥
तँलाई हेर् त आजै म यी आफ्ना तीक्ष्ण बाणले ।
मारेर यमलोकैमा पठाई दिन्छु वीर्यले ॥
त्यसलाइ भनी यत्ति धनुर्बाण लिईकन ।
निस्के मरुत्त ती राजा लड्न क्रुद्ध भईकन ॥
ठीक यस्तै अवस्थामा ती संवर्त-महर्षिले ।
छेकेर उनको बाटो भने बा ! दृढ स्नेहले ॥
महाराज ! कुरा मेरा सुन्नु ध्यान पनी दिनु ।
योग्य ठान्छौं भने, हुन्न तिमीले लड्नु, झोकिनु ॥
थालेको यज्ञ हामीले यो माहेश्वर हो ! अतः ।
पूर्ण गर्नुछ राजेन्द्र ! न गरे कुल मास्तछ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यज्ञ दीक्षा लिनेले ता लड्नु होला र के गरी ? ।
क्रोध गर्नु पनी हुन्न झोक्किएर यसो गरी ॥
युद्धमा पनि शङ्कै छ, कसले जित्छ, हार्छ को ।
उता शत्रु पनी तिम्रो छ दुर्जय र दुष्ट पो ॥
आफ्ना गुरु र आचार्य यी संवर्त-महर्षिको ।
कुरा सुनेर राजाको नलड्ने शुभ-बुद्धि भो ॥
बोकिएका धनुर्बाण फ्याँकिदिए अब भूपले ।
मन यज्ञतिरै फर्क्यो, स्वस्थ शान्त पनी भए ॥
राजालाइ यसै वेला हारेको संम्झिईकन ।
घोषणा गर्दिई हाल्यो शुकले रघुनन्दन ! ॥
जीत भो ! हेर यी हाम्रा राजा रावण-वीरको ।
सिंहनाद गरी कुर्ल्यो कराएर भनी त्यसो ॥
त्यहाँ साना-तिना खाले जो थिए मुनि वा ऋषि ।
मारे, घिचे तिनैलाई अघाए पछि दुष्ट ती ॥
अनि यत्ति गरी राम ! सेना-मेना लिई सब ।
त्यो रावण हिंडी हाल्यो घुम्न शेष जगत् सब ॥
इन्द्रादि जो थिए देव लुकेका अघिका अब ।
अ-आफ्नो रूप ली निस्कै फेरि जम्बा भए सब ॥
जसको रूपमा पैले लुकेका थे उनीकन ।
क्रमैले भन्न लागे यी वर दी दङ्ग भैकन ।
भन्छन् मुजूरमा इन्द्र जो थियो नील पंखको ।
लौ धर्मज्ञ ! तिमी साथ म प्रसन्न भएँ बडो ॥
वर दिन्छु तिमीलाई म यस्तो अब लौ सुन ! ।
सर्पबाट हुने छैन कैल्यै डर तिमीकन ॥
मेरा हजार आँखा छन् यिनैका ठीकका सब ।
यी तिम्रा प्वाँखमा चिन्ह रहनेछन् सँधै अब ॥
म मेघरूपले फेरि जब वर्षाउँला जल ।
त्यसवेला तिमीलाई होला खुश निरन्तर ॥
त्यही हर्ष म पाएको होला संम्झाउनेतक ।
यसरी इन्द्रले राम ! दिए बा ! त्यसमा वर ॥
अगाडि यसको प्वाँख नीलो थ्यो तिनको सब ।
मुजूरहरु गै हाले वर पाई सबै अब ॥
यज्ञमा यज्ञ-कर्ताका दम्पती बसिने घर ।
बनेकोथ्यो त्यहीं बस्थ्यो यौटा कौवा टुडाँलमा ॥

४३

४४

त्यसै साथ यसो भन्छन् धर्मराज वहाँ पुनः ।
तिमी साथ भएँ पक्षिन् ! खुश, मेरा कुरा सुन ! ॥
नाना प्रकारका रोग उब्जाई निहुँले त्यही ।
म पिर्दोछु जगत्का यी प्राणीलाइ जहाँ-तहीं ॥
ती रोग म हुँदा तुष्ट अब देखि तिमीकन ।
न सकुन् क्यै गरे पिर्न, छैन संशय क्यै पुनः ॥
सुन वायस ! यो मेरो वरदान-प्रभावले ।
छुने छैन तिमीलाई मृत्युले पनि क्यै गरे ॥
मनुष्य आदिले फेरि जहाँसम्म तिमीकन ।
मार्ने छैनन् त्यहाँसम्म बाँच्ने छौ है तिमी पुनः ॥
यमको लोकमा बस्ने मेरो हो जुन राज्य त्यो ।
जति छन् व्यक्ति ती सारा तड्पिन्छन् भोकले बडो ॥
सन्तान उनका जो छन् यहाँका तिनले यदि ।
ख्वाए तिमीहरूलाई होउन् तृप्त उनी पछि ॥
गङ्गाका जलमा घुम्ने हाँसलाइ वहाँ अब ।
भने वरुणले राम ! यी कुरा प्रेमपूर्वक ॥
पक्षिराज ! म क्यै भन्छु सुन ! तिम्रो शरीरको ।
वर्ण, कान्ति हओस् सेतो शुद्ध फींज समानको ॥
चन्द्रमण्डल झैं राम्रो सुकिलो र मनोहर ।
देखियोस् नित्य त्यै फेरि तिमीमा दिन्छु यै वर ॥
लिंदा आश्रय पानीको जो मेरो अङ्गरूप हो ।
खुलौला है तिमी ज्यादा भइ उज्ज्वल-कान्तिको ॥
तिमीमा त्यस वेलामा होला ज्यादै प्रसन्नता ।
त्यै मेरो प्रेमको चिह्न संम्झिनेछौ तिमी तदा ॥
यसको अघि श्रीराम ! हाँसको अङ्ग, वर्ण ता ।
उज्यालो त्यत्तिको राम्रो सफा सम्म थिएन बा ! ।
उनका प्वाँखको टुप्पो नीलो थ्यो दुइ कोख त्यो ।
दूबोझैं हरियो कालो देखिन्थ्यो कमलो थियो ॥
अब ती विश्रवा-पुत्र धनाध्यक्ष-कुवेरले ।
डाँडामाथि बसेको त्यो छेपारोमा यसो भने ॥
भएँ दङ्ग म छेपारा ! तिमीमा वर दिन्छु यो ।
आजदेखि हओस् तिम्रो वर्ण ठीक सुवर्णको ॥
तिम्रो शिर हओस् नित्य चम्किलो सुन-तुल्यको ।
सद्रव्य भरिएको र नित्य अक्षयरूपको ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

मेरो प्रसन्नताले यो तिम्रो कालो छ जो रँग ।
सुनौलो रँगमा राम्रो परिवर्तित होस् अब ॥
ती चारै देवले राम ! चारोटै व्यक्तिलाइ यी ।
राम्रो वर दिए यस्तो तिनमा खुश भै अति ॥
यज्ञोत्सव भयो पूर्ण अनि राजा मरुत्तको ।
स्वर्गलोकतिरै लागे देवता पनि यी प्रभो ! ॥
६३

इति अठारौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उणडायिसौं सर्ग

रावणले महाराज अनरण्यलाइ मार्नु र राजाले त्यसलाई श्राप दिनु

१

राजा मरुत्तलाई यी जितेर त्यसरी अब ।
सारा राक्षसको राजा त्यहाँ बाट हिंड्यो तब ॥
लडेर जित्नको इच्छा राख्थ्यो त्यो भूमिका सब ।
राजाको राज्यमा घुम्थ्यो सारा नगरमा तक ॥
महेन्द्र-वरुणै जस्ता विक्रमी र महाबली ।
राजाहरु भएमा गै भन्थ्यो सब सँगै पछि ॥
राजा हो! लड लौ आओ ! लड्न चाहन्छु है म त ।
हार्‍यौं भो ! लड्न सक्तैनौं भनी हाल छिटै कि त ॥
बुझ्यौ ! दुइ कुरामा यी लौ यौटा गर नत्र त ।
ठोक्दि हाल्छु, धरै छैन, मेरो निश्चय यै छ त ॥
श्रीराम ! त्यो यसै भन्थ्यो यता राजाहरू सब ।
भेला भए अ-आफैंमा सारा निर्डर थे जब ॥
बुद्धिमान् पनि थे त्यस्तै धर्ममा अड्दथ्यो मन ।
बल-वीर्य थियो पूरा सबमा रघुनन्दन ! ॥
गरे सल्लाह आफैंमा बलवान् शत्रु त्यो हुँदा ।
यौटै मुख गरी बोले राजाले त्यसमा तदा ॥
लौ लौ ! हामीहरू सारा राक्षसेन्द्र ! तिमीसित ।
डरायौं, लड्न सक्तैनौं, जितियौं बा ! मजासित ॥
दुष्यन्त गाधि सुरथ गय राजा पुरूरवा ।
यी सबै नृपले राम ! त्यसको अघि सर्वथा ॥
गरे बा ! हार स्वीकार अ-आफ्नो राज्यकालमा ।
त्यस्तो उद्दण्डको शत्रु अघि पर्दा त्यसै वहाँ ॥
अयोध्यापुरमा आयो त्यो रावण गरी यति ।
अनरण्य महाराज त्यस ताक थिए पति ॥
जिनैले रक्षिइन्थिन् ती इन्द्रले अमरावती ।
पुरी ठीक थिइन् बेस राम्री यी नगरी अति ॥

१३

१४

इन्द्र जस्ता महाराज अनरण्य सँगै गई ।
अब राक्षसको राजा भन्छ यी वाक्य कड्किई ॥
लौ देउ युद्ध ए राजा ! डटेर मसँगै लड ! ।
अथवा भन, भो हारें ! मान आदेश यो अब ॥
अयोध्यापुरका स्वामी अनरण्य नरेन्द्रले ।
यी कुरा त्यस पापीका एक एक गरी सुने ॥
चर्कै रिस उठी हाल्यो अनि ता रघुनन्दन ! ।
कड्किएर भने तस्मात् त्यसलाई यसो सुन ! ॥
राक्षसाधिपते ! हुन्छ ! दिन्छु लौ द्वन्द्वयुद्ध म ।
लौ त लड्न तँ हो ठिक्क म पनी हुन्छु रावण ! ॥
निस्क्यो दिग्विजयै गर्न भन्ने रावणको कुरो ।
चाल पाइ सकेकाथे राजाले अघि नै प्रभो ! ॥
लड्न नै त्यसको साथ यसर्थ उनले पनि ।
सेना जम्बा गरेकाथे निकै नै गतिला अनि ॥
उनको सब यो सेवा गर्न राक्षसको वध ।
कसिई लड्नको निम्ति निस्कियो पुरबाट त ॥
दश हजार हात्तीमा चढेका वीर, सैन्य थे ।
एक लाख थिए घोडा तिनमा त्यत्ति वीर थे ॥
थिए अनेक हजार रथ, भित्र थिए रथी ।
थिए पैदल सेना ता अनगिन्ती कती कति ॥
सवारी साथका सारा वीर पैदल सैनिक ।
कसिई लड्नको निम्ति पुगी हाले रणस्थल ॥
युद्धको तत्त्व जानेका लडाका वीर राघव ! ।
लडाँई मच्चिई हाल्यो चर्काचर्की पर्‍यो अब ॥
त्यो निशाचर राजा र यी राजा अनरण्यको ।
सैन्यमा भो भिडाभीड डर्लाग्दो, अद्भुतै बडो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

जुध्यो गै सैन्य राजाको साथ राक्षस सैन्यको ।
दिंदा आहुति आगोमा भएझैं भस्म पो भयो ॥
राजाको सैन्य यो धेरै वेरसम्म लड्यो वहाँ ।
वीर्य शौर्य पनी ठूलै देखायो युद्धभूमिमा ॥
परन्तु अतितेजस्वी त्यस्तो राक्षसराजको ।
पर्दामा अघि त्यो सैन्य थोरैमात्र बच्यो अहो ! ॥
अन्तमा केहि लागेन बत्तीमा पुतली सरि ।
तुरुन्तै भै गए स्वाहा तेजमा त्यसकै परी ॥
राजाले सब यो देखे शोच्न लागे उनी यसो ।
मेरो सैन्य भयो स्वाहा कत्ति चाँडै, विचित्र भो ॥
जसो गरी नदी-नाला शयौं लाखौं भए पनि ।
गै सिन्धुमा मिले ठीक हुन गो छैन क्यै पनि ॥
शोची यत्ति लिए आफ्नो धनुर्बाण नरेन्द्रले ।
जो थियो इन्द्रकै जस्तो कसिए लड्न क्रोधले ॥
टंकादैं धनु आए ती अब रावणको अघि ।
छोडे बाण त्यसैबाट झरी ठीक गरी अति ॥
थिए रावणका मन्त्री वहाँ जो शुक, सारण ।
तथा प्रहस्त मारीच भए विह्वल तत्क्षण ॥
अब टिक्न नसक्दामा झम्टेका मृग सिंहले ।
जसरी भाग्दछन्, भागे त्यही ठीक हुँदै हरे ! ॥
अब राक्षस-राजाको शिर ताकी दनादन ।
हाने आठ सए बाण राजाले रघुनन्दन ! ॥
थिनले क्यै लछारेनन् त्यस राक्षसराजको ।
आँङमा गइ लागेता पनि खोस्नन सम्म पो ॥
हउन् लौ जलका धारा हात्तीकै सूँड ठीकको ।
वर्षाउन् मेघले किन्तु डाँडाको जान्छ के कुरो ? ॥
अब क्रुद्ध भयो राम ! स्वयं राक्षसराज त्यो ।
बजायो बा ! लपेटाले राजालाइ अनर्थ भों ॥
राजा ढुन्मुनिई ढाले सकेनन् खप्न अन्तमा ।
रथबाटै लडे ढङ्ग चीत भै रणभूमिमा ॥
वनमा वज्र लाग्दामा लडेझैं सालको रुख ।
लडेका उनमा हाँस्तै अब रावण भन्दछ ॥

४२

४३

देख्यौ म सँग लड्दामा के पायौ फल ? के भयो ? ।
छैन जोडा कुनै मेरो लड्न त्रैलोक्यबीच यो ॥
था पाएँ बल्ल पो मैले भोगैमा मस्त थ्यौ तिमी ।
मेरो सुनेनछौ वीर्य यसैले अँहँ ! क्यै पनि ॥
यसो भन्दै थियो राम ! राक्षसेश्वर दुष्ट त्यो ।
प्राण जाने अवस्थामा अनरण्य थिए अहो ! ॥
भने बा ! उनले यत्ति सुन ! यता राक्षसेश्वर ! ।
अब यस्तो अवस्थामा गर्न ता के सकिन्छ र ? ॥
बुझिस् ! छ बलबान् काल त्यसको शक्ति वा गति ।
कसैले रोक्न सक्तैन, शक्तिमान् छैन क्यै त्यति ।
तँ आफ्नै मुखले आफ्नो प्रशंसा गर्दछस् यहाँ ।
मलाई के त त्यै तैंले जितिस्? लौ भन् तँ नै ममा? ॥
यस्तै हो कालको चाल त्यसैले जितिएँ म ता ।
भो घमण्ड नगर् बाबै ! निहुँ सम्म भइस् तँ ता ॥
प्राण जाने भयो वेला भन् तँ नै गर्न सक्छु के ? ।
म भागिन, छु सन्तुष्ट मारिस् तैंले म लड्दथें ॥
तर सुन् ! जो गरिस् तैंले इक्ष्वाकुकुललाइ यो ।
तिरस्कार महान् निन्दा त्यही नै भो असह्यको ॥
राक्षसेश्वर सुन् ! तस्मात् श्राप दिन्छु तँलाइ म ।
सत्कर्म यदि क्यै मेरो भए लाग्छ तँमा जुन ॥
दान होम महान् पुण्य प्रजापालन सत्तप ।
क्यै गरेको भए मैले होला सत्य कुरा सब ॥
इक्ष्वाकुकुलका नामी महात्मा नृप-वंशमा ।
पछि राजा दशरथ जन्मलान् यस भूमिमा ॥
सुपुत्र उनका होलान् राम ! यो नामका गुणी ।
जसले प्राण यी तेरा हर्नेछन् बलवान् बनी ॥
भनेर यत्ति राजाले छोड्दामा श्राप यो वहाँ ।
देवका नगरा गर्जे मेघै ठीक अकाशमा ॥
भए प्रसन्न तत्काल देवता सिद्ध आदि र ।
हर्षाए पुष्पको वृष्टि राजामाथि निरन्तर ॥
अब यत्ति हुना साथ अनरण्य नरेन्द्र ती ।
स्वर्गलोकतिरै लागे, हिंड्यो रावण यसपछि ॥

५८

इति उण्डायिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बीसौं सर्ग

राक्षसराज रावणको देवर्षि नारदसंग भेटघाट र कुराकानी

१

राक्षसेश्वर त्यो राम! अब सम्पूर्ण भूमिका ।
मर्त्यलाई दिईं त्रास घुम्न लाग्यो जतातता ॥
घुम्थ्यो पुष्पकमा चढ्दै कुनै दिन अकाशमा ।
मुनि नारदलाई नै भेट्यो बादलबीचमा ॥
निशाचर दशग्रीव झुक्यो र मुनि-पाउमा ।
अभिवादन टक्र्यायो, सोध्यो कुशल गाथमा ॥
मुने! किन कहाँबाट सवारी भो भनी पुनः ।
नानाप्रश्न उनी साथ गर्‍यो बा! रघुनन्दन ॥
अब पुष्पकमा चढ्ने त्यसलाइ अतुल्यको ।
हुने कान्ति उनी भन्छन् मेघकै पीठबाट पो ॥
विश्रवा-मुनिका छोरा पख लौ राक्षसेश्वर! ।
हुन्छ! भन्छु म सम्पूर्ण सोधेका प्रश्न, भै स्थिर ॥
कुलकै साथको उँचो बढ्दो तिम्रो पराक्रम ।
देख्ता साहस यो खूबी, छु है भित्र प्रसन्न म ।
दुइटै व्यक्तिले पारे मलाइ खुश! बेस छ! ।
हुन् यौटा तिनमा विष्णु त्यो अर्को हौ तिमी बुझ! ।
दुष्ट दैत्य थिए जो जो मार्दिंदा विष्णुले यता ।
नाग गन्धर्व दोहोलो पर्दिंदा तिमिले तथा ॥
हुन्छ! सुन्छौ भने देखि अहिले भन्छु क्यै कुरो ।
तिमीले सुन्न जो होला अतिलायक योग्यको ॥
बाबु रावण! लौ मैले भनेका बेस यी कुरा ।
सुन्नको निम्तिमा ध्यान देउ कान लगाउ बा! ॥
देवता आदिलेसम्म छौ अवध्य तिमी तर ।
मार्छौ विफ्वाँकमा सारा पृथ्वीका किन यी नर ॥
मरेकै छन् त्यसै यी ता मृत्युका छन् अधीन जो ।
मरेकालाई मार्दामा तिमीमा हुन्छ के भलो? ॥

१३

१४

देव दानव गन्धर्व यक्ष राक्षस दैत्य यी ।
जल्लाई मार्न सक्तैनन् यस्ता वीर तिमी भई ॥
क्यै न पाएर त्यो मर्त्यलोकका व्यक्तिलाइ यी ।
पिरोल्दै यसरी हिंड्नु लौ सुहाएन है कति ॥
आफ्नु नै गर्न कल्याण सक्तैनन् मूढ छन् सब ।
आइ पर्छन् जहाँ फेरि ठूलठूला दुःख वास्तव ॥
चिन्ता-रोगादिले पिर्छन् तिनलाइ यता पुनः ।
को मार्ला वीर भै त्यस्ता व्यक्तिलाइ स्वयं भन? ॥
अनिष्ट आइ पर्दामा नाना कष्टस्वरूपका ।
यी मर्त्यलोकका प्राणी नित्य दुःखित छन् तथा ॥
वीर को बुद्धिमान् होला त्यस्ता मानिस मार्नमा ।
तम्सेला रणमा झम्टी के ठान्ला फाइदा यहाँ? ॥
भोक-प्यास-बुढ्याँईले थकिए ठीक छन् यिनी ।
विवेक-शक्ति क्यै छैन, जान्दैनन् श्रेय क्यै पनि ॥
ती सँधै लोपिएकैछन् नाना शोक-विषादले ।
यस्तालाइ तिमी व्यर्थै भो भो! न सक वीर्यले ॥
मनुष्यलोक यो साह्रै ज्ञानशून्य छ, मूढ छ ।
के के न गरुला भन्छ, भोगमै मर्छ, मस्त छ ॥
कहिले सुख वा दुःख भोग्नु पर्दछ यो पनि ।
जान्दैन ए महाबाहो! यी सबै जान्दछौ तिमी ॥
त्यहाँ हेर! कुनै व्यक्ति अनेकौं नाच-गानमा ।
मस्तछन्, सुख भोग्दैछौं ठान्दछन् भित्र चित्तमा ॥
त्यहीं छन् दुःखले गर्दा पाकेका पनि मानिस ।
छोड्दछन् शोकको आँसु, देख्तैछौ सब राक्षस! ॥
आमा-बाबु र छोराको प्रिय पत्नी र बन्धुको ।
स्नेहले मरिमेट्ताछन् सुखै पाँउन नित्य जो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

खेलाइ मनमा नाना इच्छा र अभिलाष ती ।
मोहले ग्रस्त छन्, भेट्थे किन श्रेय-सुखादि ती ॥
यी सबै हेतुले गर्दा आफैं बन्धनमा परी ।
पाएको क्लेश वा कष्ट भोग्दैछन्, ठान्दछन् सुखी ॥
यसरी मोहमा पर्दा छोप्ता अज्ञानले अति ।
व्यर्थमा ठगिएकाछन् श्रेयबाट समस्त यी ॥
मनुष्यलोकका यस्ता दुःखी प्राणीहरूकन ।
पिरोल्दा अथवा मार्दा तिमीमा हुन्छ के भन? ॥
राम्रो बानी हुने बाबु ! साँचै भनुँ भने सुन ! ।
तिमीले मर्त्य यो लोक जितेकैछौ पुनः पुनः ॥
मरे पछि यिनि सारा पुग्दछन् यमकै घर ।
शत्रुको नगरी जित्ने हौ तिमी राक्षसेश्वर ! ॥
तिमीमा लड्नकै इच्छा छ भने बल-शक्ति क्यै ।
जाउ त्यै यमलाई नै वश पार, ल ! ठोक गै ॥
यमराजकनै यौटा जितेमा सजिलै तिमी ।
सब व्यक्तिकनै जित्ने ठहरिन्छौ त्यसै पनि ॥
भन्दा देवर्षिले यत्ति त्यो लङ्कापति रावण ।
हाँस्यो अत्र मजैसाथ सुन है रघुनन्दन ! ॥
अभिवादन टक्र्यायो ऋषिलाइ र अन्तमा ।
यसरी भन्न लाग्यो त्यो बस्थ्यो जुन विमानमा ॥
महर्षे ! देव-गन्धर्वहरूको लोकमा पुगी ।
घुम्नु हुन्छ तपाईं ता मजासँग कुरो बुझी ॥
अर्काले झगडा गर्दा खैला-वैला पर्‍यो कि ता ।
पुगी हेर्ने पनी सौख तपाईंमा निकै छ बा ! ॥
औले दिग्विजयै गर्न म जाँदैछु रसातल ।
जित्छु त्रैलोक्यका सारा व्यक्तिलाइ, छ त्यो बल ॥
वश पारे पछी आफ्नो नाग यी देवताकन ।
रसको निधि त्यो सिन्धु मथ्छु अमृत झिक्न म ॥
त्यसका यी कुरा सुन्दा भगवान् ऋषि नारद ।
भन्दछन् त्यसमा फेरि यी कुरा सुन राघव ! ॥
शत्रुनाशक ए बाबु ! ठिकै भो ! झन् त्यसो भए ।
तिमी खोज्दा रहेछौ जो त्यो रसातल नै त ए ! ॥
त्यो रसातलको बाटो छोडेर अहिले पुनः ।
कहाँ जान्छौ त यो बाटो राक्षसेश्वर ! लौ सुन ! ॥

४३

४४

अप्ठ्यारो र निकै गाह्रो छ बाटो जान मा त्यहाँ ।
जाँदा यमपुरीबाट ठ्याक्क पुग्छौ तिमी त्यहाँ ॥
यत्ति देवर्षिले भन्दा त्यो शरत्-ऋतु ठीकको ।
हाँसो छोडी मजासाथ भन्न लाग्यो यही कुरो ॥
भन्नु भो ठीक देवर्षे ! मानें मैले तपाँइका ।
लौ ! यी कुरा, भनी यत्ति फेरि रावण,भन्छ बा ! ॥
कसिएर हिडें ब्रह्मन् ! यमको वध गर्न म ।
यै दक्षिण दिशा ताकी छन् जहाँ सूर्यनन्दन ॥
भगवन् ! लड्नको धोको हुनाले झोक्किई अति ।
लोकपालकनै चार जित्नें प्रण गरें अघि ॥
तसर्थ अब ठिकै भो यहाँबाट सरासर ।
पहिले म त्यतै लाग्छु हिडें यमपुरी तिर ॥
विश्वका सब प्राणीमा मृत्युको कष्ट-दायक ।
यमलाइ म गै आफैं मृत्यु दिन्छु गरी वध ॥
राम बाबु ! भनी यत्ति अब त्यो दशटाउके ।
दुष्ट राक्षसले ढोग्यो देवर्षि-मुनिलाइ ए ! ॥
आफ्ना प्रहस्त इत्यादि मन्त्रीकै साथ-साथमा ।
उड्यो दक्षिण ताकेर चढी आफ्नो विमानमा ॥
धूँवा रहित आगोझैं चम्केका अतितेजिला ।
विप्रेन्द्र मुनि तत्काल ध्यान मग्न भए यता ॥
वित्यो दुइ घडी काल त्यो गएको पनी त्यता ।
मुनिको मनमा राम ! खेल्न लागे यिनै कुरा ॥
सकिंदा काल वा आयु जसले तीन लोकका ।
इन्द्रकै साथका प्राणी पारिन्छन् वश सर्वथा ॥
धर्मराज उनै साक्षात् कालरूप उनै यम ।
कसरी जितिएलान् वा ! यसबाट अहो! पुनः ? ॥
जो दिन्छन् विश्वका प्राणी जो गर्छन् कर्म त्यो सब ।
जो जान्दछ भई साक्षी न चुकीकन वास्तव ॥
कृपा जुन महात्माको हुँदा चैतन्य प्राप्त भै ।
जीव बाँची रहेकाछन् लोक चेष्टित छन् सबै ॥
विश्वका सब यी प्राणी जसबाट डराँछन् ।
भाग्न खोज्छन् र जो फेरि दोश्रा अग्नि समान छन् ॥
ती महाङ्काल सर्वात्मा बलवान् यमको अघि ।
जान्छ राक्षसको राजा यो स्वयं कसरी बढी ? ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
जुन त्रैलोक्यलाई यो गर्छन् धारण, पोषण ।
पुण्य पाप छ जे जस्तो दिन्छन् फल स्वयं जुन ॥
जल्ले विजय पाएको छ यो त्रैलोक्यमा पुनः ।
कसरी जितुँला भन्छ यो राक्षस उनैकन ? ॥
६२

६३
काल भिन्न कुनै अर्को न भई दिव्य साधन ।
जित्ला ती काललाई यो मूर्ख राक्षस रावण ? ॥
यी सबै हेतुले गर्दा लाग्यो कुरीकुरी ममा ।
बढेको मनको चाख मेट्ने पर्छ सबै यहाँ ॥
६४

यम-राक्षसराजाको युद्ध हेर्न तसर्थ म ।
यमलोकतिरै जान्छु छेउ लाग्छु र हेर्छु म ॥
६५

इति बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक्काइसौं सर्ग

राक्षसराज रावणको यमराजका किंकर-हरुसँग लडाँई-जुधाई

१

ऋषि नारदले राम! विप्रेन्द्र जुन यी थिए ।
यसरी मनमा आफ्नो शोचे, उत्सुकता लिए ॥
मनको वेगकै ठीक भएका गति ती मुनि ।
पुगे भन्न कुरा त्यस्तो यमकै घरमा अनि ॥
वहाँ पुगेर देखे बा! भगवान् यमलाइ यी ।
बसेका अग्नि राखेर साक्षीको रूपमा अघि ॥
जसको कर्म जस्तो छ त्यसमा त्यस ठीकको ।
फलादि दिन लागेका विश्वका जीवमा प्रभो! ॥
देखी महर्षिलाई यी आएका आफ्नु धाममा ।
उठे यम जुरुक्कै पो टक्र्याए अर्घ्य पाउमा ॥
आतिथ्य-धर्म धानेर यसरी धर्मराजले ।
मुनि साथ भने राम! यी कुरा नम्रभावले ॥
देव-गन्धर्व साराले पूजिएका मुनीश्वर! ।
प्रभुलाइ छ आराम? छ बा क्षेम निरन्तर ॥
प्रभुको धर्म सत्कर्म चल्छ राम्रै न विग्रिई ।
किन आज सवारी भो म कहाँ कुन लक्ष्य ली? ॥
भन्दछन् अब श्रीराम! भगवान् ऋषि नारद ।
सुन्नुहोस्! जरुरी यौटा कुरा भन्छु म वास्तव ॥
सुन्ना साथ छिटै फेरि प्रतीकार निमित्तको ।
प्रबन्ध गर्नुहोस् राम्रो पितृराज! हओस् भलो ॥
यौटा राक्षस डर्लाग्दो छ दशग्रीव नामको ।
तपाँइलाइ नै जित्न यतै पो आँउदै छ त्यो ॥
हो म जान्दछु गाह्रै छ तपाँइकन जित्नु ता ।
तैपनी सूचनासम्म दिन आएँ म ता यता ॥
मुख्य आँउनुको हेतु यही हो, कालदण्ड त्यो ।
धर्नेमा के लछार्ला र लडेर त्यसले प्रभो! ॥

१३

१४

कुरा हुँदाहुँदै यस्तो त्यस राक्षसराजको ।
विमान देखिई हाल्यो आँउदैथ्यो यतै अहो! ॥
मध्यान्हकालको सूर्य हो जस्तै तेजिलो थियो ।
त्यसभित्र चढेकोथ्यो त्यही राक्षस वीर पो ॥
अन्धकार सबै मासी दिशा पारी झकाझक ।
दुष्ट आइ पुगी हाल्यो नजीकै यमको अब ॥
महान् बाहु हुने थ्यो त्यो अनि यो यमलोकमा ।
आँउना साथ हेऱ्यो बा! आँखा गाडी जहाँतहाँ ॥
मरेका विश्वका प्राणी अ-आफ्नो कर्मको फल ।
सारा भोगिरहेकाछन् जुन हुन् ती शुभाशुभ ॥
त्यहीं नै त्यसले देख्यो यम-सेवक साथका ।
सारा सैन्यहरूलाई जुन दूत थिए तदा ॥
त्यसका दृष्टिमा सारा यमका यातना पनि ।
पऱ्यो झल्झल श्रीराम! एक एक गरी अनि ॥
उग्र अत्यन्त डर्लाग्दा दूत ती यमराजका ।
वहाँका सब प्राणीमा दुःख दिन्थे कडा-कडा ॥
त्यसले खप्न गाह्रो भै वहाँका सब जीव ती ।
रुन्थे, कराँउथे राम! भित्र पीडा हुँदा अति ॥
कैयौंका मासु नै खान्थे कीरा भै स्याँउ स्याँउ हा! ।
कैयौंका मासुका चौटा लुछ्थे कुकुर उग्र बा! ॥
सुन्दैमा पर्दथ्यो पीडा दुःखी भै आर्त भै अति ।
डर्लाग्दो शब्दमा रुन्थे, विलाप्थे कति जीव ती ॥
रक्तै—रक्त भएकी थिन् वहाँ वैतरणी नदी ।
विवशै पारिइन्थे बा! पुग्नमा पार जीव ती ॥
थे बालुका तताएका वहीं नै यमदूतले ।
कैयौं प्राणी हिंडाइन्थे भई विवश हिंड्दथे ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कैयौं पापीहरूलाई असिपत्र-वनैविषे ।
दौडाई छिन्न-भिन्नै पो पार्दथे, चट्ट काट्तथे ।
कैयौंलाई लगी जाक्थे वहाँ रौरव-नर्कमा ।
वहीं कैयौं खसालिन्थे तुनीलो जलराशिमा ॥
तीखा अत्यन्त डर्लाग्दा खड्गका धारमा लगी ।
पापीहरू हिंडाइन्थे देख्यो बा ! त्यसले पुगी ॥
तीर्खाले भोकले कैयौं मरे तुल्य थिए वहाँ ।
एक गाँस एक घुड्को माग्थे अन्न जलै जहाँ ॥
कुनै मुर्दै सरी थे बा ! अतिदुर्बल दीन र ।
कङ्कालमात्रका, झाँक्रो फिंजेका झन् भयङ्कर ॥
लाग्दा आङ्भरी हीलो—मैलो थे दयनीय ती ।
देह रूखो र डर्लाग्दो लिइ घुम्थे यताउति ॥
यस्ता प्रकारका लाखौं-हजारौं जीवलाइ यी ।
देख्यो बा ! यातना भोग्ने वहाँ रावणले पुगी ॥
अर्कोतिर वहीं देख्यो पुण्यात्मा जीवलाइ ता ।
सुख भोगिरहेकाथे जुन नानाथरी तदा ॥
र·राम्रा घरमा बस्थे नृत्य—गीत र वाद्यको ।
मीठो अवाज सुन्थे यी, मान्थे आनन्द, ढुक्क थ्यो ॥
पैले गोदान गर्नेले भेट्तथ्यो गाइकै रस ।
यहाँ अन्न दिने जो थ्यो त्यो भेट्थ्यो अन्नकै रस ॥
गृह आवास जो दिन्थे भेट्थे ती गृह सुन्दर ।
पाँउथे, भोग्दथे आफ्नो आफ्नो सत्कर्मको फल ॥
अर्को एक थरी व्यक्ति धर्मात्मा जो थिए यहाँ ।
रङ्ग-ढङ्ग थियो अर्कै उनका पुण्यको वहाँ ॥
सुवर्ण मणि-मोतीले ठाँटिएका छिटी, ठिटी ।
मस्त भै गर्दथे सेवा, जोल्ठिई बस्तथे कति ॥
महान् बाहु हुने राम ! बलवान् दशटाउके ।
वीर रावणले देख्यो वहाँ यी सबलाइ ए ! ॥
बलैले पार्दियो मुक्त अनि ती पाप-कर्मको ।
फल भोग्ने सबै प्राणीहरूलाई वहाँ अहो ! ॥
ती पापीहरुमा राम ! यसले अल्लिबेर ता ।
सुखै भो, तर त्यो हुन्थ्यो पछाडि किन शोच बा ! ॥
सम्भावनै थियो केही न त्यस्तो सुख प्राप्तिको ।
न त केही विचारै पो गरेको उनले थियो ? ॥

४३

४४

बल शक्ति हुने ठूलो वीर राक्षसराजले ।
जब मुक्त गराएथ्यो प्रेत संकष्टसम्म ए ! ॥
अनि ता यमका दूत जो गर्थे पहरा वहाँ ।
झोक्किए वा ! तमाशै भो ! झम्टे राक्षस-राजमा ॥
वहाँ दश दिशाबाट थुप्रिई झम्टिंदा अत्र ।
कोलाहल उठ्यो ठूलो यमका दूतको सब ॥
शूर वीर लडाका थे बलवान् दूत यी सब ।
दौडा दौड परी हाल्यो, भयो गजब राघव ! ॥
थुगाँमा फूलको जस्तो थुप्रिन्छन् भँवराहरू ।
त्यही ठीक विमानैमा चढे दूत खुरुखुरु ॥
चढ्दा शयौं हजारौं ती भरियो त्यो विमान ता ।
अब हात पनी छोडे सबले त्यसमा तदा ॥
भाँडभैलो भई हाल्यो छोडे मुसल, तोमर ।
शक्ति प्रास तथा शूल वर्षाए परिघैतक ॥
विमानभित्रका वस्तु यसले सब विग्रिए ।
वेदी आसन प्रासाद झ्याल ढोका सबै उडे ॥
देवताहरुले चढ्ने हुँदा दिव्य विमान त्यो ।
त्यत्ति गर्दा पनी राम ! अहँ बिग्रेन, पूर्ण भो ॥
यसमा हेतु भो ठूलो ब्रह्माजीको प्रभाव नै ।
विग्रन्थ्यो जत्ति त्यो त्यत्ति पूर्ण हुन्थ्यो विचित्र भै ॥
दिलका देहका ठूला परात्मा यमका यता ।
थिए सैन्य पनी राम ! त्यस्तै त्यस्ता असंख्य वा ! ॥
तिनका अगुवा चाँहि थिए वीर महान् कडा ।
सबमा अघि भै पुग्दै गर्ने संग्राम भै खडा ॥
त्यसरी यम-दूतैले हमला गरिंदा वहाँ ।
लड्यो रावण मन्त्रीकै साथमा त्यै विमानमा ॥
वहाँ वृक्ष थिए लाखौं गिरिकै टाकुरा थिए ।
अटाली गृहका बुर्जा शोभिन्थे मूर्तिमान् थिए ॥
यिनैलाइ उखेले बा ! अब राक्षसले सब ।
तिनैले ठोकिदिए राम ! लड्नसम्म लडे तव ॥
आफ्नो धोको पुऱ्याएको मनमाफिक युद्ध भो ।
उता ती यमका दूत पनि उग्र लडे अहो ! ॥
अब राक्षस-राजाका मन्त्रीका अङ्ग अङ्ग ती ।
रगताम्य भएकाथे शस्त्रले हानिंदा अति ॥

६०

६१

लड्न सम्म लडे सारा तर त्यस्तो भए पनि ।
पर्नसम्म पऱ्यो ठूलो डलाग्दो युद्ध भो अनि ॥
महान् बाहु हुने राजन् ! यस-राक्षसराजका ।
मन्त्रीहरू अ-आफैंमा हान्थे शस्त्रास्त्रले तदा ॥
अब मन्त्रीहरूलाई छोडी रावण पट्टि नै ।
हाने बा ! यमका दूतहरुले झम्टिईकनै ॥
गरे त्रिशूलको वर्षा उनले त्यसमा अब ।
ट्वाम्म, ट्वाम्म गई लागे बिझे बा ! देहमा सब ॥
त्यसको देह सम्पूर्ण भयो शिथिल जर्जर ।
बह्यो रगतको धारा जिउबाट निरन्तर ॥
लटरम्म फुलेकों क्वै अशोकै वृक्ष हो सरि ।
देखियो अब त्यो राम ! शोभियो झन् त्यसो गरी ॥
महान बल हुने वीर त्यो निशाचर-राजमा ।
अस्त्र-ज्ञान थियो राम्रो लड्दामा रणभूमिमा ॥
यमका दूत-सेनामा तसर्थ त्यसले अनि ।
गऱ्यो ढुङ्गा र मूढा पो, वर्षायो अस्त्र जे पनि ॥
शक्ति-प्रास तथा शूल-बाण-तोमर शूलले ।
हिर्कायो तिनमा सारा त्यसले निज वीर्यले ॥
ढुङ्गा-मूढा र शस्त्रास्त्र वर्षे, वर्षे सरी जल ।
यमका दूत चुर्लुम्ब भै गए यसरी तब ॥
यी थिए तल पृथ्वीमा एकैमुख भए अनि ।
नाशिदिए त्यसका अस्त्र एक एक गरी अनि ॥
हजारौं र शयौं संख्या पुगेका दूतका दल ।
हान्न लागे त्यसैमाथि नाना अस्त्र गरी बल ॥

७२

७३

मेघका जलको धारा डाँडामा वर्षिए सरी ।
वर्षे शस्त्रास्त्रका वर्षा त्यसमाथि घरी-घरी ॥
त्यस राक्षस-राजामा सास फेर्न पनी हरे ! ।
न दिई उनले हाने शूलले भिन्दिपालले ॥
फुस्यो कवच पैह्रेको त्यसको अब राघव ! ।
छिया-छिया भयो अङ्ग रगताम्य भयो सब ॥
बढ्नसम्म बढ्यो क्रोध त्यसलाइ र अन्तमा ।
ओर्लियो पुष्पकै बाट झऱ्यो त्यो तल भूमिमा ॥
वहाँ दुइ घडीसम्म सुस्तायो स्वस्थ भो अनि ।
धनुर्बाण लियो फेरि कसियो लड्नमा पनि ॥
देखिन्थ्यो त्यो यसो हेर्दा मोक्केको काल हो सरी ।
लियो पाशुपतास्त्रै पो चढायो धनुमा लगी ॥
यमका दूतलाई ती भनेर पख ! लौ अब ।
खिच्नसम्म खिच्यो आफ्नो धनु त्यो त्यसले तब ॥
कानसम्म पुऱ्याएर छोड्दियो तिनमै पछि ।
त्रिपुरासुरमा छोडे ठीक शङ्करले अघि ॥
अब धूँवा र ज्वालाले भएको टन्न ग्रीष्मको ।
डँढेलो हो वनै मास्ने भनेझैं रूप देखियो ॥
माला पैह्रिइ ज्वालाको बाण त्यो अब छुत्तियो ।
त्यसका साथमा सारा मासु घिच्ने गए अहो ! ॥
जाँदैमा बाणले राम ! झाडी गुल्म तथा रुख ।
डढायो सब तत्काल महान् तेज थियो जब ॥
लडे इन्द्रध्वजा ठीक यमका दूत ती अब ।
त्यो पाशुपत-दिव्यास्त्र-तेजले दग्ध भै सब ॥

८४

अनि मन्त्रीहरू साथ सारा पृथ्वी कँपाउदै ।
क्रूर रावण चिच्यायो सिंहनाद गरी निकै ॥

८५

इति एकाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाइसौं सर्ग

वीर रावणले यमलोक जित्नु

१

त्यो सिंहनाद सुन्दामा भगवान् यमराजले ।
भएछ विजयी वैरी, हारेछन् दूत, संक्षिप्त ॥
आफ्ना दूत सबै सैन्य मारेको यो कुरो बुझी ।
साह्रै क्रोध बढी हाल्यो उनलाइ पनी पछि ।
हडबडाइ उनी तस्मात् भन्छन् सारथिमा यसो ।
लड्न जान्छु म लौ मेरो रथ ल्याउ ! यहाँ छिटो ॥
त्यसले अनि तत्काल दिव्य यौटा विशाल पो ।
रथ ल्याएर श्रीराम ! यमको अघि राख्दियो ॥
महान् तेज हुने त्यस्ता सूर्यका पुत्र श्रीयम ।
गइ त्यै रथमा आफ्नो चढी हाले रघूत्तम ! ॥
उनको अघि त्यों वेला हातमा प्राप्त मुद्गर ।
लिएका भयका मूर्ति मृत्यु-देव थिए स्थिर ॥
प्रवाहरूप-ली चल्ने हुने यस्तै निरन्तर ।
सारा त्रैलोक्यलाई जो भस्म पार्छन् बराबर ॥
कालदण्ड धरी आफ्नो मूर्ति नै पार्श्वभागमा ।
वहाँ बसि रहेकोथ्यो ठिक्क भै प्रिय गर्नमा ॥
हो राम ! यमको यौटा दिव्य आयुध मुख्य यो ।
जो बल्थ्यो आफ्नु तेजैले भई अग्नि-समानको ॥
दुवै बगलमा भित्र यमको रथमा वहाँ ।
कालपाश बसेकाथे परे सेवन गर्नमा ॥
थिएन यिनमा छिद्र मूर्तिमान् भई मुद्गर ।
अग्निझैं स्पर्श थ्यो जस्को थिए ठिङ्ग त्यहीं निर ॥
सम्पूर्ण लोककै निम्ति डलोंग्दा काललाइ यी ।
यसो गरी रिसाएको देखे बा ! सबले पछि ॥
अनि ता भन्नु पर्ला के सातै गो सबको वहाँ ।
काँपे त्रैलोक्यका व्यक्ति साथका देवता जहाँ ॥

१३

१४

अब सारथिले हाँके राम्रा घोडा हुने रथ ।
बढ्दै गो अघि त्यो राम ! शब्द गर्दै भयानक ॥
छिनमै यो पुगी हाल्यो जहाँ राक्षसराज त्यो ।
बसेको थ्यो, डटेकोथ्यो युद्धमा त्यसरी प्रभो ! ॥
थिए घोडा पनी त्यस्तै हुन् जस्तै देवराजका ।
पुगे ठेगानमै ट्याक्क मनझैं वेगका हुँदा ।
डलोंग्दो रथ आएको देख्ता मृत्यु लिई वहाँ ।
भागे रावणका मन्त्री सहसा डर पस्दिदा ॥
हुति, ह्याउ थियो थोरै के गरून् बिचराहरू ।
सातो-पुत्लो उडी हाल्यो भागे अनि खुरुखुरु ॥
सारा राक्षसको स्वामी राजा रावणमा भने ।
अब हामी यहाँ लड्न सक्तैनौं अनि ती गए ।
सारा संसारलाई नै त्रास पार्ने भयानक ।
त्यस्ता कालकनै देख्ता पनि रावणलाइ त ॥
कत्ति नै डर लागेन मनमा न त क्षोभ भो ।
भएर अघिकै ठीक त्यो रणक्षेत्रमा अड्यो ॥
पुगेर त्यो भए ठाम क्रोधले मुरिई निकै ।
हाने बा ! त्यसमा राम ! यमले अस्त्रले सबै ॥
शक्ति तोमर इत्यादि ग्वाम्म ग्वाम्म बिझे गढी ।
त्यसका देहमा सारा मर्मस्थान छिया गरी ॥
मेघले जल झारेझैं झाऱ्यो रावणले पनि ।
यमको रथमा बाण छोड्दियो बा ! छिटो बनी ॥
महान् शक्ति र शस्त्रास्त्र छातीमै त्यसको अब ।
छोडे लाग्ने गरी राम ! यमले पनि वास्तव ॥
हतियार गई लाग्दा यसरी पीडितै हुँदा ।
बदला लिन ता त्यस्को गाह्रै भो त्यसलाइ ता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

नाना प्रकारका उग्र शस्त्रले अस्त्रले पनि ।
यमले शत्रुमा हाने सात राततकै अनि ॥
लगातार हुँदा यस्तो शत्रु-रावणको गति ।
क्षीण भो टिक्न, गाह्रै भो बेहोशै पो भयो पछि ॥
राम बाबु! महान् वीर लडाका यी दुवै थिए ।
हट्न खोज्दैन थ्यो कोही यिनमा योग्य जो थिए ॥
जित्न खोज्थे अ-आफैंमा यम-राक्षस वीर यी ।
तसर्थ यो लडाँईं भो डर्लाग्दो उग्ररूप ली ॥
हेर्न निम्ति भए भेला वहाँ अब प्रजापति ।
साथका देव गन्धर्व, आए सिद्ध महान् ऋषि ॥
प्रेत राक्षसका राजा लड्दामा त्यसरी वहाँ ।
भयो त्रैलोक्य मासिन्छ भनेझैं लयकालमा ।
इन्द्रको वज्र हो जस्तो आफ्नो धनु खिंची अब ।
बाण वर्षाँउनै लाग्यो त्यो राक्षस पनी तब ॥
भो राम! यसले गर्दा सब आकाश टन्न पो ।
भएन तिलको गेडो अड्ने ठाम पनी अहो! ॥
चारोटा बाण छोडेर ठोक्दियो मृत्युलाइ ता ।
सातोटा बाणले पाऱ्यो चोट सारथिलाइ हा! ॥
बडो गजब भो राम! लाखोटा बाण छोड्दियो ।
यिनैले छेडिए मर्म भगवान् यमको अहो! ॥
रहेन क्रोधको सीमा यमको पनि ता अब ।
निस्कियो मुखद्वारा जो आगो भइ रघूद्वह! ॥
ज्वालाको पैहिंदा माला सासको वायु-युक्त यो ।
धूवाँले मुछिएको थ्यो डर्लाग्दो उग्ररूप त्यो ॥
मृत्यु काल दुवैले ती देव-दानवको अघि ।
जब यस्तो कुरा देखे तब दङ्ग परे अति ॥
तर यो घटनाले ता जागे बा! मृत्यु ता पछि ।
भनिए उनले तस्मात् भगवान् यमराज यी ॥
मलाइ छोड्दिई बक्सयोस् आज्ञा पाँउ प्रभो! म ता ।
यै रणस्थलमा मार्छु पापी राक्षसलाइ ता ॥
स्वभाव-सिद्ध मर्यादा मेरो हो यै-म साथ जो ।
लड्छ, त्यो मर्छ तत्काल अनि यो किन टिक्तथ्यो ॥
मारें अघि पनी मैले ठूलठूला व्यक्ति विश्वका ।
मेरो अघि टिकेनन् क्वै म भन्ने जति थे तदा ॥

४३

४४

श्रीमान् हिरण्यकशिपु महान् नमुची शम्बर ।
विरोचन-पुत्र बलि निसन्दि धूमकेतु र ॥
कैयौं शस्त्रज्ञ राजर्षि गन्धर्वादिहरू पनि ।
ठूल्ठूला नाग-सर्पादि दैत्य यक्ष महान् ऋषि ॥
अप्सराहरुका थुप्रा सिद्ध विद्याधरादि ती ।
युगान्त-कालमा सारा नदी-सागर-पर्वत- ॥
वृक्षादि साथकी पृथ्वी मारें मैले मजासित ॥
माथिका वीरका साथ अरू दुर्जय जो थिए ।
ती सबै मारिए मैले यसको भो कुरा र के? ॥
धर्मज्ञ भगवन्! तस्मात् छोड्दिबक्सयोस् मलाइ ता ।
ठोक्छु गै बजियालाईं अहिले नै छिनाल्छु बा! ॥
जो सुकै होस् न मैले ता देख्यो कि बलियैत होस् ।
तुरुन्तै मर्छ त्यो स्वामिन्! लौ आज्ञामात्र बक्सियोस् ॥
कालका पनि हे काल! मेरो दृष्टि पऱ्यो भने ।
आफ्नु जीवन राख्नै यो सक्तै-सक्तैन क्यै गरे ॥
बल देखाँउनेमात्र ह्वैन विन्तीचढाउ यो ।
स्वभावसिद्ध मर्यादा हो मेरो दृढ योग्यको ॥
मृत्युका यी कुरा सुन्दा प्रतापी धर्मराजले ।
मृत्युलाइ भने भो! भो!! पख! मै मार्छु यत्नले ॥
आँखा पारी निकै राता झोक्किए धर्मराज र ।
काल दण्ड उठाए बा! हातमा अब भै स्थिर ॥
यो कालदण्डको पार्श्व भागमा कालपाश थ्यो ।
वज्र अग्नि सरी तेजी त्यहीं मुद्गर बस्तथ्यो ॥
यो कालदण्ड श्रीराम! भवादृ देखा परे पनि ।
देख्नेको प्राण ली हाल्थ्यो जो सुकै हुन्न ती पनि ॥
जसलाइ गई छुन्थ्यो वक्रिन्थ्यो जसमा गई ।
तिनको प्राण संहार्ने नाश्न ता भन्नु पर्छ के? ॥
ज्वालाले घेरिएको त्यो कालदण्ड रघूत्तम! ।
त्यो राक्षसकनै स्वाहा पार्न ठिक्क थियो सुन! ॥
लिएको बाहुमा साक्षात् भगवान् यमराजले ।
महान् आयुध कालास्त्र बल्थ्यो धपधप तेजले ॥
देख्ना साथ त्यसैलाई उठेको यम-बाहुमा ।
डराए सैन्य भागे बा! समरस्थलमा वहाँ ॥

६०

६१

कालदण्ड लिई आफ्नो बाहुमा छोड्न ठिक्कका ।
यमराजकनै देख्ता भै गए क्षुब्ध देवता ॥
यै कालदण्डले राम ! अब ती यमराज ता ।
हान्न छोड्न थिए ठिक्क त्यस रावणलाइ ता ॥
यै बेला भगवान् ब्रह्मा साक्षात् लोकपितामह ।
वहाँ आई उनीलाई भनी बक्स्यो यसो तब ॥
अतुल्यशक्तिका बाबु ! तिमी यो कालदण्डले ।
भो ! भो !! न मार यल्लाई, सुन! मेरो कुरो छ के ? ॥
मैले रावणलाई यो दिएकोछु महान् वर ।
न मर्ने देवताद्वारा जुन हो, त्यै छ सुन्दर ॥
सूर्यपुत्र ! सुरश्रेष्ठ छौ तिमी यस हेतुले ।
भूठो न पार है बाबु ! मेरो वाक्य कसै गरे ।
मनुष्य अथवा देव बुझ बाबु ! यथार्थमा ! ।
भूठो बोल्ने मलाई जो पार्न खोज्छ भने यहाँ ॥
सारा त्रैलोक्यलाई नै भूठो बोल्ने बनाँउन ।
गरेको दोष लाग्नेछ त्यसलाई यहाँ यम ! ॥
कालदण्ड छ त्यो बाबु ! निम्ति यो तीन लोकको ।
डर्लाग्दो अति नै रौद्र, बाँकी राख्तैन क्यै कुरो ॥
प्रिय, अप्रिय भन्दैन क्रुद्ध भै छोड्दियौ कि ता ।
भस्म पार्दछ है सारा, भो तसर्थ नछोड बा ! ॥
बेजोड तेजको यो छ बुझ है ! यो कुरा पनि ।
सिर्जेथें पहिले मैले निकै नै ध्यानवान् बनी ॥
जो सुकै होस् न प्राणीमा छोड्दिँदा व्यर्थ हुन्न यो ।
प्रहार यसको पर्दा साराको मृत्यु हुन्छ, भो ! ॥

७२

७३

राम्रो बानी हुने बाबु ! यसलाइ तिमी अतः ।
न छोड शिर ताकेर त्यस रावणलाइ त ॥
प्रहार त्यसको लाग्दा जो सुकै होस् न व्यक्ति त्यो ।
छिनै भर पनी बाबु ! बाँच्तै-बाँच्तैन सत्य हो ! ॥
त्यो कालदण्ड लाग्दामा यो रावण मरे पनि ।
न मरे पनि ता मेरो वाक्य भूठै त हुन्छ नि ? ॥
छोड्न लङ्केशमा ठिक्क पारेको दण्डलाइ यो ।
भो न छोड तिमी बाबु ! तसर्थ ल राख भो ! ॥
यसलाइ बचाएर लोक हेर्छौ भने तिमी ।
मलाइ पनि लौ पार ! सत्य बोल्ने महान् गुणी ॥
राम बाबु ! विधाताले यसरी भनिए पछि ।
विन्ती गर्छन् उहाँसाथ यमराज यसो झुकी ॥
आज्ञा हुन्छ भने त्यस्तो लौ मैले कालदण्ड यो ।
थन्क्याएँ, प्रभु नै हाम्रो भइबक्सिन्छ नाथ जो ॥
मर्दैन त म द्वारा यो यदि त्यस्तो छ ता वर ।
मलाइ फाइदै के भो यससाथ लडी अब ? ॥
यसको दृष्टि बाटै म बिलाँउछु त्यसो हुँदा ।
भनी यत्ति बिलाए ती रथ घोडा सँगै तदा ॥
यस्ता प्रकारले राम ! जितेर यमलाइ ती ।
पिटायो जीतको भ्याली त्यस राक्षसले पछि ॥
दङ्ग भो त्यो दशग्रीव त्यै विमान चढी अब ।
छोडेर यमको लोक निस्क्यो बाहिर राघव ! ॥
ब्रह्माजी अघि लागेका देव देवर्षि नारद ।
साथ ली सूर्यका छोरा यम स्वर्ग गए तब ॥

८४

इति बाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

तेइसौं सर्ग

राक्षसराजद्वारा निवातकवचसँग मैत्री कालकेयहरूको वध र वरुणका छोराहरूको हार

१

जित्तामा यसरी राम ! भगवान् यमलाइ ता ।
भैगो भैंमा न भाँडामा अव राक्षस वीर ता ।।
आफ्ना सहाय जो मन्त्री भागेका अघिका थिए ।
उनै साथ पुग्यो मिल्न, सब यी अव हर्षिए ।।
त्यसका अङ्ग प्रत्यङ्ग रगताम्य थिए यता ।
थिल्थिला भै सकेकाथे पर्दा चोट जतातता ।।
अव यस्तो अवस्थाको स्वामी राक्षसजातिको ।
त्यल्लाइ ठ्याक्क देख्तामा मन्त्री छक्क परे वडो ।।
जय होस् ! जय होस् ! हाम्रा राक्षसेश्वरको भनी ।
मन्त्री मारीच इत्यादि गै त्यै पुष्पकमा चढे ।।
यता राक्षस-राजाले पनि ती सबलाइ ता ।
ढुक्क पारी दियो राम ! आश्वासन दिई तदा ।।
त्यस राक्षस राजाको अव इच्छा भयो सुन ! ।
रसातलतिरै जाने हुँडोल्ने सब त्यो पुनः ।।
हो यही पश्चिमी सिन्धु स्वयं वरुणदेवले ।
सुरक्षित भएकोथ्यो बसिन्थ्यो दैत्य-नागले ।।
वहीं वासुकिले रक्षा गरिएकी महापुरी ।
थिइन् भोगवती राम ! पुग्यो अनि सरासरी ।।
सब नागहरूलाई वहाँ वश गऱ्यो छिटै ।
पुरी मणिमयी अर्की थिइन् अनि गयो त्यतै ।।
यहाँ निवातकवच नामका दैत्य बस्तथे ।
गतिलो वर ब्रह्माको पाएका जसले थिए ।।
वहाँ पुगेर श्रीराम ! त्यस राक्षस-राजले ।
भन्यो तिनीहरुलाई आओ म सँग लड्न ए ! ।।
ती पनी खाइहाल्दा थे पराक्रम, थियो निकै ।।
बल--शक्ति थियो त्यस्तै लड्न खोज्थे सिपालु भै ।

१३

१४

यी शस्त्रास्त्र-कला सारा जान्दथे, मत्त थे त्यसै ।
तस्मात् रावणको साथ तम्सिए लड्न यी सबै ।।
अव युद्ध परी हाल्यो दैत्य-राक्षसको वहाँ ।
यौटाले शत्रु अर्कोमा छोड्यो अस्त्रादि युद्धमा ।।
त्रिशूल बञ्चरो खड्ग शूल पट्टिश वज्रको ।
हानाहान भई हाल्यो उनमा, रण मच्चियो ।।
यसरी युद्ध गर्दामा वहाँ राक्षस दानव ।
थाकेनन् बा ! वित्यो काल एक वर्ष बढी तव ।।
परन्तु यिनमध्येमा कसैको हार जीत क्यै ।
हुँदै भएन, यी दोटै पक्ष लड्थे वहाँ अझै ।।
अव यस्तै अवस्थामा चढी दिव्य विमानमा ।
अविनाशी स्वयं ब्रह्मा सवारी भो छिटै वहाँ ।।
सम्पूर्ण लोकका बूढा-बाजे साक्षात् विरिञ्चिले ।
युद्ध त्यो रोकिदिई बक्स्यो आँउना साथ भूपते ! ।।
निवातकवचैलाई आज्ञा भो स्पष्टशब्दमा ।
भनी यत्ति कुरा राम ! प्रभुले रणभूमिमा ।।
सुन दानव हो ! सारा देवासुर मिले पनि ।
लडी रावणलाई यो जित्न ता मुस्किलै छ नि ? ।।
यस्तै प्रकार सम्पूर्ण देव-दानव भै लडी ।
तिमीहरूलाइ पनि सक्तैनन् जित्न क्यै गरी ।।
वरको शक्ति यस्तै छ तिमीहरू दुवै थरी ।
बलमा वीर्यमा सम्म छौ बराबर हर्घडी ।।
तिमीहरू दुवैबीच तसर्थ अव खोज्छु म ।
मेल-जोल हओस् भन्ने दृढ-मैत्रीत्व भैकन ।।
किन ? भन्छौ भने यौटै धर्मका मित्र-मित्रको ।
यौटै समानको ।।
अर्थका कामका वस्तु हुन्छन्

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

बाबु हो! सुन यौटै छौ मेरो निम्ति दुवै थरी ।
कुरा पनि छ यो यस्तै मान पर्छ दुवै थरी ॥
अग्नि साक्षी बनाएर वहाँ रावणले अब ।
निवातकवचै साथ गर्‍यो मैत्रीत्व राघव ! ॥
यसले त्यसमा ज्यादै हर्ष भो यस हेतुले ।
अर्को वर्ष दिनै सम्म बस्यो आदर पाइ ए ! ॥
यो ठाम गतिलो ठान्यो, मान्यो पछि रमाइलो ।
भैगो आफ्नु पुरीठीक भोग्यो भोग अनेक जो ॥
सिक्यो यिनीहरू बाट अब राक्षसराजले ।
सम्पूर्ण दानवी-माया जो ती सयथरी थिए ॥
अनि पत्ता लगाएर साक्षात् वरुणको पुरी ।
रसातलतिरै ओर्ल्यो, घुम्यो मन्त्रीहरू लिई ॥
घुम्दा-घुम्दै पुग्यो राम ! पुरमा अश्मनामको ।
जहाँ दानव नै बस्थे नामका कालकेय यी ॥
थिए चर्का र डलाग्दा सब यी बलवान् अति ।
यिनैलाइ घुम्यो फेरि भसक्कै पार्दियो पछि ॥
त्यसको बहिनी राम ! थिइ शूर्पणखा जुन ।
यहीं नै बस्तथी आफ्ना पतिको साथमा सुन ! ॥
विद्युज्जिह्व थियो नाम त्यसको, थ्यो भयानक ।
अब युद्ध परी हाल्यो ज्वाँई-जेठानमातक ॥
आफ्नु जेठानलाई त्यो चाटेरै सक्न खोज्दथ्यो ।
बल शक्ति थियो ज्यादै त्यसमा अनि लड्दथ्यो ॥
यसर्थ युद्ध पर्दामा ज्वाँईलाई पनी त्यस ।
यस राक्षस-राजाले खड्गले पार्दियो चट ॥
ज्वाँईलाई जिती राम ! अब रावणले यहाँ ।
दैत्य चार सए ठ्याक्क मार्‍यो एक मुहूर्तमा ॥
अब यत्ति गरी सक्ता न सक्ता त्यसले वहाँ ।
देख्यो वरुणको धाम थियो सुन्दर जो त्यहाँ ॥
कैलास गिरि हो जस्तो सेतो बादल ठीकको ।
थियो भवन यो दिव्य, सफा उज्ज्वल रूपको ॥
यहीं गाई थिइन् राम ! यौटी सुरभि नामकी ।
ठूलठूला थूनले चार झार्दथिन् दुद यी अति ॥
यिनै सुरभिको दूध चुहिँदा अति भै पछि ।
क्षीर-सागर भो भन्ने सुन्दछौं, छ जनश्रुति ॥

४३

४४

भगवान् शिवका साक्षात् हुन् जो उत्तम वाहन ।
ती महावृषकी आमा हुने सुरभि चिन्कन ॥
देख्ता रावणले ढोग्यो जसबाट यथाक्रम ।
भयो क्षीरोद, यस्बाट निस्के चन्द्र रघूत्तम ! ॥
त्यसकै लिइ आधार बसेका परमर्षि ती ।
पिएर जसको फीँज बाँच्छन् नित्य तपै गरी ॥
यसैबाट सुधा निस्क्यो स्वधाभोजी अनुत्तम ! !
पितृको पनि सर्वोच्च स्वधा उब्ज्यो रघूत्तम ! ॥
लोकमा जनता भन्छन् सदा सुरभिनामले ।
उनैलाइ, घुम्यो राम ! त्यसले अब भक्तिले ॥
अनि राक्षसको राजा नाना सैन्य-सुरक्षित ।
पस्यो वरुणलोकैमा डलाग्दो दिव्य वस्तुतः ॥
वहाँ भित्र गई हेर्दा अति झल्झल, जगमग ।
देख्यो भवन झन् दिव्य मनोहर रघूद्वह ! ॥
सुख आनन्द उत्साह यहीं बस्थे विचित्र थ्यो ।
जलधारा थिए लाखौं शरत्को मेघ ठीक थ्यो ।
अब राक्षसलाई त्यो देख्नासाथ वहाँ सुन ! ।
ठोके वरुणका सेनापतिले रघुनन्दन ! ॥
ठोक्दियो तिनलाई नै के राख्थ्यो त्यसले अनि ।
पछिबाट भनी हाल्यो तिनै साथ यसो पनि ॥
सुन ए ! छोड्दिएँ भैगो ! तिमीहरू छिटै अब ।
तिम्रा वरुण-राजामा जाओ भन कुरा सब ॥
राजन् ! राक्षसको राजा आयो लड्न निमित्त ली ।
लौ हजूर सवारी होस् लड्नको निम्ति तम्सिई ॥
अथवा हात जोड्नोस् कि हारें सक्किन भन्नुहोस् ।
डर छैन गरे यत्ति, दुइमा एक गर्नु होस् ॥
यैबेला सूचना पाई साक्षात् वरुण-देवका ।
छोरा-नातीहरू आए वहीं नै युद्ध गर्न बा ! ॥
सेनाध्यक्ष थिए दोटा उनका साथमा तब ।
हुने पुष्कर, गौ नाम वीर उत्तम वास्तव ॥
सम्पूर्ण गुण थुप्रेका थिए यी सब सैन्य ता ।
तेजिला पनि त्यस्तै थे बाल-सूर्य सरी कडा ॥
भने जस्तो गरी हिंड्ने रथ चढ्थे सबै यिनी ।
सेनामेना थिए साथ लड्न आए वहाँ अनि ॥

६०

६१

अब युद्ध परी हाल्यो त्यस्ता वरुण-देवका ।
छोरा-नातिहरू साथ यस्ता राक्षस वीरका ॥
देख्तैमा पनि यो युद्ध देख्नेको मनमा अहो ! ।
निकै डर पसी हाल्थ्यो, हुन्थ्यो आँङ सिरिङ्ग पो ॥
त्यो दशग्रीव-राजाका वीर उग्र पराक्रमी ।
मन्त्रीले नै गरे काम युद्धमा यो घुमी घुमी ॥
सारा वरुणका सेना आएका जति थे वहाँ ।
भसक्कै पार्दिए ओहो ! अब एकै मुहूर्तमा ॥
अवस्था आफ्नु सेनाको देख्तामा युद्धमा अब ।
टिक्न गाह्रै परी हाल्यो उनलाइ रघूद्वह ! ॥
तिनको बाण बिभ्नाले स्वयं पीडित थे उनी ।
तस्मात् वरुणका छोरा युद्ध बाट हटे अनि ॥
थिए क्वै तल पृथ्वीमा माथि पुष्पकमा चढी ।
लड्ने रावण देख्तामा भए क्रुद्ध तिनै बढी ॥
उनले पनि तत्काल आफ्नो इच्छानुसारले ।
चल्ने र हुत्तिने ज्यादै रथ दिव्य थिए, चढे ॥
बल्ल आकाशमा पुग्दा जुद्धा अब मजासित ।
पाँउदा गतिलो ठाम मजै भो उनमा सब ॥
यी दुवैथरको युद्ध जुन आकाशबीच भो ।
देव-दानवकै जस्तो देखियो अति उग्र पो ॥
त्यो युद्धस्थलमा राम ! अब रावणमाथि त्यो ।
उनले तेजिला बाण छोडे वा ! अग्नि-ठीकको ॥
यिनले तोड पार्नाले भयो विमुख रावण ।
सिंहनाद गरे ठूलो यै वेला उनले पुनः ॥
जब राक्षसको राजा तिरस्कृत भयो वहाँ ।
यो महोदरले देख्यो मन्त्री थ्यो जुन साथमा ॥
तोरीको फूल देख्यो बा ! क्रोधले त्यसले अनि ।
हेर्‍यो लड्न उनीसाथ छोडी मर्ने डरै पनि ॥
थिए वरुणका घोडा हिंड्ने इच्छा गरे सरी ।
उड्ने आकाशमा सम्म वायु जस्तै भईवरी ॥
त्यो महोदरले ठोक्यो गदाले तिनमै अब ॥
आघात त्यसको लाग्दा घोडा भैंमै लडे सब ॥
त्यस्ता वरुणका छोराहरूको सैन्यको सब ।
घोडा जत्ति सबै मारी जिल्ल पारी दिभो तब ॥

७७

७८

देख्ता यस्ता उनीलाई त्यो महोदर राक्षस ।
गर्जिना सम्म गर्‍यो बा ! समरस्थलमा त्यस ॥
सब सारथिकै साथ घोडाहरू मरे पछि ।
पसारो पो भए राम ! उनका रथ सम्म ती ॥
थिए वरुणका छोरा शूर, वीर निकै कडा ।
आफ्नै प्रभावले उठ्तै भए आकाशमा खडा ॥
भएन यसले गर्दा उनलाइ व्यथातक ।
चढाए धनुमा ताँदो कसिए फेरि ती सब ॥
छोडे बाण निकै तीखा त्यो महोदरलाइ त ।
घावैघाउ बनाएर घेरे रावणलाइ त ॥
छोड्दिए बाणको पर्रा वज्रतुल्य भयङ्कर ।
डाँडामा मेघले वर्षा छोडेमैं भइ निर्डर ॥
छिन्न-भिन्न गराए बा ! यसरी त्यसलाइ ता ।
अब क्रुद्ध भई हाल्यो स्वयं राक्षसराज ता ॥
रिसले लयकालीन बल्दो अग्नि सरी भयो ।
तिनको मर्म ताकेर वर्षायो वृष्टि बाणको ॥
माथि पुष्पकमा चढ्ने त्यसले यिनमा अब ।
शस्त्रास्त्र छोड्दियो नाना शतघ्नि-मुसलादिक ॥
हजारौं शक्ति-भालाले त्यस दुर्धर्ष-वीरले ।
हान्यो पट्टिशले सम्म तिनले अब जोडले ॥
यत्रा शस्त्रास्त्रले ओहो ! भई घायल सैनिक ।
पैदलै लड्न लागे बा ! थिएनन् कम यी जब ॥
साठी वर्षे कुनै हात्ती हीलोमा फस्न गो भने ।
के दशा हुन्छ ? त्यै ठीक यी भए दुःख पाँउने ॥
छोप्दियो बाण वर्षाले के लाग्थ्यो बिचरा बरा ! ।
आत्तिए, मारमा पर्दा भए पनि कडा खरा ॥
देख्ता त्यस्ता उनीलाई दुःखी विह्वल आतुर ।
गर्‍यो राक्षसको राजा मेघ जस्तै भई स्थिर ॥
यत्तिले न पुगी फेरि गर्जिंदै उग्ररूप ती ।
मेघले जलमैं छोड्यो शस्त्रास्त्र उनमा अति ॥
अब क्यै जोड लागेन भए सोत्तर भूमिमा ।
आफ्ना सेवकले बोकी पुर्‍याए घर अन्तमा ॥
ती सबै जान लाग्दामा भन्यो रावणले पछि ।
जाओ वरुण-राजामा भन आँउन् ल लड्न ती ! ॥

८४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

थिए वरुणका मन्त्री प्रभास गतिला वहाँ ।
उनले भन्दिए राम ! त्यसमा यति अन्तमा ॥
सुन ! राक्षसका राजा ! युद्ध गर्न तिमी यहाँ ।
दिंदाछौ हाँक जल्लाई भई चूर घमण्डमा ॥
भइ बक्सिसन्न ती हाम्रा राजा वरुण नै यहाँ ।
गै बक्सेको छ है वीर ! ब्रह्मलोकतिरै उहाँ ॥
नाचगाना बजाना छ वहाँ गन्धर्व आदिको ।
लडेर अब के गर्छौ ? भइ बक्सिसन्न मुख्य जो ॥

९८

९६

उहाँका पुत्र जो जो थे यी वीर सबलाइ ता ।
तिमीले ठोक्दिई हाल्यौ मजैले जितिए तथा ॥
मन्त्रीका यी कुरा सुन्दा अब राक्षस रावण ।
दङ्ग भो, जय भो ! भन्दै गर्ज्यो नाम भनीकन ॥
सिंहनाद गरी तस्मात् वरुणालय बाट त्यो ।
बाहिरै निस्कियो राम ! राक्षसेश्वर वीर यो ॥
आएथ्यो जुन बाटोले त्यही आकाश-मार्ग ली ।
फर्की लङ्का पुरीतर्फ गयो पुष्पकमा चढी ॥

१००

इति तेइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्षिप्त प्रथम सर्ग

(यसपछि यो सर्ग समेतका तलका यी पाँच सर्गहरू मूलका धेरै जसो प्रतिहरूमा प्रक्षिप्त मानिएका छन् ता पनि कुनै - कुनैमा उपयोगी मानिएकाले यहाँ पनि उचित ठहऱ्याई राखिएका छन्)

राक्षसराज रावणले बलिका लोकमा पुग्नु र वहाँ विजय पाँउनु

१

निस्कँदा त्यसरी राम ! वरुणालय बाट त्यो ।
साह्रै दङ्ग थियो राजा सारा, राक्षसमात्रको ॥
महोदरादि थे साथी त्यसका साथमा अब ।
हर्ष-गद्गद थे सारा गर्जन्थ्यो जोडले तब ॥
थिए जोरी नपाएका यी सबै लड्न तम्सिने ।
बाटामा अश्मनगर पर्थ्यो, भो यै त झल्किने ॥
माथि आकाश बाटै पो देख्यो राक्षसराजले ।
रामबाबु ! यसैलाई जो थियो दशटाउके ॥
अत्यन्त तेजिलो यौटा थियो गृह त्यहाँ सुन ! ।
देखिन्थ्यो जो परैबाट अतिभव्य र उत्तम ॥
पुरका बाहिरी ढोका वैदूर्यमणिमात्रले ।
बनेकाथे जडेकाथे अति राम्रा बनोटले ॥
यिनमा दिव्य मोतीका जाली लाग्दा निरन्तर ।
शोभिएका थिए राम ! भइ अत्यन्त सुन्दर ॥
गृह-प्राङ्गणमा भित्र खम्बा थे सुनका निकै ।
यसो हेर्दा भई राम्रा शोभिएका जताततै ॥
यिनका बीच-बीचैमा वेदी आसन साथमा ।
शोभिएका थिए फेरि बनेका दिव्यरूपमा ॥
त्यहाँ भवनमा माथि जान नौरत्न मध्यका ।
थिए स्फटिक-हीराका भरेङ्का खुड्किला सफा ॥
तिनमा पनि घन्टी थे स-साना लहरैसित ।
मिलाएर सजाएर राखिएका मजासित ॥

११

१२

भित्रिया भाग झन् राम्रो देखिन्थ्यो दिव्य भै दिंदा ।
बस्न आसन राखेका थिए नाना प्रकारका ॥
यस्तो घर वहाँ देख्ता त्यस्तो उग्र प्रतापको ।
त्यो राक्षसेन्द्र ता राम ! अडियो, घोरियो यसो ॥
सुमेरु-मन्दरै जस्तो अति अग्लो र सुन्दर ।
घर यो कसको होला? सोच्यो यत्ति, भयो स्थिर ॥
साथै प्रहस्त मन्त्री थ्यो त्यसै साथ भन्यो तब ।
जा ए प्रहस्त ! बुझ् के हो ? कसको घर हो सब ? ॥
पाई राक्षस-राजाको शुभाज्ञा यो प्रहस्त गो ।
त्यो दिव्य-भवनै भित्र सरासर पसी गयो ॥
यसो भित्र पसो हेर्दा देख्यो शून्य जताततै ।
कोठाभित्र चहाऱ्यो बा ! भित्र--भित्र पसी सबै ॥
सात कोठा तथा ड्यौढी काट्तै गो जब त्यो त्यहाँ ।
बलेको अग्निको ज्वाला देख्यो बा ! त्यसले यहाँ ॥
बीचमा त्यस ज्वालाको यौटा पुरुष देखियो ।
प्रहस्तलाइ देख्ता त्यो हाँस्यो भै दङ्गदास पो ॥
यो अट्टहास सुन्दा र यस्तो देख्ता प्रहस्त ता ।
काँप्यो बा ! डरले गर्दा, सिरिङ्ग जिउ भो तदा ॥
थियो विचित्रको दृश्य ज्वालाको बीचमा अहो ! ।
त्यो मानिस बसेकोथ्यो माला पैह्रिई स्वर्णको ॥
देखिन्थ्यो सूर्य हो ठीक हो साक्षात् यमराजमैं ।
दिव्य मानिस यो राम ! थियो हेर्नै सकिन्नमैं ॥

२२

२३
अकस्मात् त्यसरी देख्ता भयो व्यामोह त्यो पछि ।
फरक्क फर्किई दौड्दै पुग्यो रावणकै अघि ॥
सब विन्ती गरी हाल्यो देखे जस्तो गरी अनि ।
विमानबाट ओर्ल्यो बा ! त्यो रावण कुरा सुनी ॥
कालो गाजलको थुप्रो हो जस्तो राक्षसेश्वर ।
त्यो दिव्य-भवनै भित्र पस्न लाग्यो सरासर ॥
त्यसको अघि श्रीराम ! यसै समयमा सुन ! ।
मूलढोका सबै छेकी उभियो एउटा जन ॥
धप्धपाँउदथ्यो राजन् ! त्यसको देह तेजले ।
शिरमा चन्द्रको लेखा शोभिन्थ्यो भव्यरूपले ॥
बलेझैं अग्निको राँको बल्थ्यो जिब्रो निरन्तर ।
यसैले देखिइन्थ्यो त्यो डर्लाग्दो उग्र अस्थिर ॥
र-राम्रा र मिलेका थे दाँतका पंक्ति निर्मल ।
र-राता ओठकै साथ शोभिन्थे नेत्र झल्झल ॥
च्यूँडो तल पुगेकोथ्यो डर्लाग्दो नाक थ्यो उता ।
शंख जस्तै थियो घाँटी थियो दाह्रा निकै कडा ॥
बसेका भर्खरै रेखी दाह्री-जूँघा थिए सफा ।
कहीं शरीरमा हाड देखिंदैन थियो यता ॥
यी सबै वस्तुले गर्दा राम बाबु ! मनुष्य त्यो ।
ज्यादै विचित्र देखिन्थ्यो डरलाग्दो र उग्र पो ॥
लिई फलामको यौटा महान् मुसल बाहुमा ।
थियो बसिरहेको यो बाटो छेकेर द्वारमा ॥
अब यस्तो अवस्थाको देख्तामा त्यसलाइ ता ।
काँप्यो राक्षसको राजा सिरिङ्ग जिउ भै तदा ॥
सारा शरीर काँप्नाले मुटुले ठाम छोड्दिंदा ।
न राम्रै छाँटका देख्ता कुलक्षिन निकै यता ॥
आत्तियो अब त्यो राम ! मनैमन गम्यो अनि ।
के होला यो, कसो होला, किन होला? भनी-भनी ॥
यो यतातिर शोच्तैथ्यो यस्तैमा त्यस व्यक्तिले ।
भन्यो बा ! नजिकै आई राक्षसेश्वरलाइ ए ! ॥
केशोच्छस् केविचार्छस् ए! लौ भन् राक्षस! त्यो समा ।
मान्नु पर्दैन संकोच कुरा गर्! ढुक्क भै यहाँ ॥
मैले स्वागत-सत्कार तेरो गर्नु कसो गरी ।
लड्न इच्छा छ के वीर ! पानी झारूँ लडीवरी ॥
३६

४०
त्यो निशाचर-राजामा भनी यत्ति रघूद्वह ! ।
त्यसले फेरि त्यल्लाई यसो पनि भन्यो तब ॥
बलीयाहरूकै साथ लड्दछन् वीर वास्तव ।
भन् बाबै!तँ कसो ठान्छस् के विचार छ भन् सत्र? ॥
त्यसले यत्ति भन्दामा त्यो निशाचर रावण ।
रँउ ठाडा भएको भो डरले रघुनन्दन ! ॥
पछि धैर्य धऱ्यो केही भन्यो अनि त्यसैसित ।
भन्नोस् यो घरमा भित्र कुन बस्छ मजासित ? ॥
जान्छु, लड्छु त्यसैसाथ जित्नु होला तपाँइ ता ।
जो छ इच्छा त्यही गर्नोस् म त लड्नुछ, लड्छु बा! ॥
भन्यो त्यो व्यक्तिले फेरि राक्षसेश्वरसाथ त्यो ।
बलि दानवका राजा वस्तछन् घरभित्र यो ॥
ए बाबै ! छन् उनी शूरा, उदार दिलका अति ।
सत्य-पराक्रमी हुन् ती वीरता छ भए जति ॥
दया-दाक्षिण्य इत्यादि गुण छन् थिनमा निकै ।
लिएका हातमा पाशो छन् उनी कालठीक हैं ॥
उठेका भर्खरैमात्र तेजस्वी सूर्य ठीक छन् ।
रणक्षेत्र विषे पुग्दा न हट्ने वीर एक हुन् ॥
अचाक्ली खप्न अर्काको सक्तैनन् कहिल्यै उनी ।
जित्तछन्, जित्न ता गाह्रै पर्दछन्, धीर छन् उनी ॥
गुणका सिन्धु जस्तै छन् बलवान् छन् उनी निकै ।
दिन्छन् बा ! सबमा भाग बोल्दछन् मधुरो निकै ॥
गुरुका विप्रका सम्म प्रिय छन, प्रिय गर्दछन् ।
महान् सत्त्व भएका छन् , देख्तैमा प्रिय लाग्दछन् ॥
हेर्छन् समयको बाटो सत्य बोल्छन् उनी सदा ।
चतुरा छन् र शूरा छन् सम्पूर्ण गुण थुप्रिदा ॥
सँधै स्वाध्यायमा रम्छन् वायुझैं सूर्य-अग्निझैं ।
बहन्छन् , पार्दछन् ताप बल्दछन् नित्य, संझि हैं! ॥
पशु-पक्षी तथा नाग देवता भूत प्रेत वा ।
कसैसँग पनी कैल्यै डराँउन्नन् उनी ल जा ! ॥
के त यस्ता उनी साथ बलीया छन् अघोर जो ।
लड्न खोज्छस् भने बाबै! जा तँ भित्र! हओस् भलो ॥
हो बा! तँ पनि त्यस्तै छस् महान् वीर्य र सत्व छ ।
तँमा पनि, त्यसैले पो जोरी खोज्छस् , ल लड् अब ॥
५६

५७

त्यसले भन्दिदा यत्ति राम बावु ! बुझ्यौ कुरो ।
त्यो रावण पस्यो भित्र जहाँ बलि थिए अहो ! ॥
परी गो बलिको दृष्टि भित्र पस्ता यसैतिर ।
हाँस्न सम्म उनी हाँसे थिए जो वीर दुर्धर ॥
मध्यान्हकालका तेजी सूर्य जस्ता थिए बलि ।
हेर्न गाह्रो थियो भयास्स धर्छन्झैं विश्वरूप यी ॥
उनले अब त्यल्लाई समाते व्याप्प हातले ।
मजाले काखमा राखे पछिबाट यसो भने ॥
ए दशैशिरका बावु ! के गरौं म तिमी भन ।
महान् बाहु हुने हौ बा ! गर्छु इच्छानुसार म ॥
भन काम पऱ्यो कस्तो, किन आयौ तिमी यहाँ ? ।
बलिले यत्ति भन्दामा भन्यो रावणले वहाँ ॥
महान् सौभाग्यवान् वीर ! सुनें मैले निकै अघि ।
बाँधेरे विष्णुले भन्ने निकै जाल गरी छिपी ॥
तस्मात् अब तिमीलाई उनी बाट फुकाँउन ।
म नै सक्तछु है पक्का भन हुन्छ ! भनीकन ॥
कुरा रावणका सुन्दा दानवेश्वर ती बलि ।
हाँसे निकै मजासाथ भने अनि यसो पछि ॥
सुन रावण ! मायाले जो मलाइ भन्यौ त्यहाँ ।
बेसै भो, त्यो कुरा सारा म भन्छु सुन लौ ! यहाँ ॥
तिमी यो घरमा पस्ता परै बाहिर द्वारमा ।
देख्यौ हौला कसैलाई द्वारपाल हुने वहाँ ॥
त्यही धम्मर्घुसे कालो व्यक्तिमात्र छ एउटा ।
बलीयाहरूमा सारा बलीयो अति नै कडा ॥
त्यसैले अघिका सारा हूँ भन्ने बलवान् जन ।
बुझ्यौ ! भुसुक्क पाऱ्यो बा ! दैत्य-दानवका गण ॥
त्यसैले बाँधिएको हूँ, म पनी वशमा परें ।
रहेछ बलवान् काल टार्नै न सकिने हरे ! ॥
विधिका सृष्टिका व्यक्ति त्यसलाइ कसै गरे ।
छल्न, टार्न जगत्मा यो असमर्थ भए, भए ॥
यही नै विश्वका सारा चराचर-जगत्कन ।
रहेछ स्वात्त पार्ने पो छ त्यही बलवान् पुनः ॥
गर्ने-गराँउने त्यै हो चौधै भुवनको धनी ।
विधाताको पनी धाता हो त्यही सिर्जिने पनि ॥

७३

७४

द्वारपाल बनी मेरो त्यसरी पुरद्वारमा ।
राक्षसेन्द्र! त्यही बस्छ, कृपा गर्छ यही ममा ॥
वर्तमान त्यही नै हो वितेको काल हो त्यही ।
हो त्यही आँउने काल, कालात्मा प्रभु हो त्यही ॥
विश्वका सब प्राणीको गर्न संहार कारण ।
हो त्यही कलि वा काल संझ यो पनि रावण ! ॥
यसलाई तिमी कत्ति जान्दैनौ न म जान्दछु ।
चौधै भुवन त्रैलोक्य सृष्टि गर्ने यही त हो ॥
यही पाल्छ जगत् सारा अन्तमा मार्छ यै सब ।
सारा हिंड्ने न हिंड्ने यी प्राणी मारतछ वास्तव ॥
यथा समयमा रच्छ विश्व यो फेरि त्यै सब ।
आदि अन्त छँदैछैन त्यसको नित्य-सत्य छ ॥
महान् ईश्वर नै त्यै हो कर्ता, करण, कारण ।
त्यही हो पुरुषश्रेष्ठ, बुझ यो सब रावण ! ॥
प्रिय-वस्तु पनी त्यै हो इष्टापूर्तादिरूपको ।
होमिने वस्तु वा होम महादान त्यही त हो ॥
सम्पूर्ण विश्वको स्वामी सृष्टि रच्ने र पालक ।
संहारक पनी त्यै हो, यै महान् तत्त्व हो बुझ ! ॥
चौधै भुवनमा एवं त्रैलोक्यभरमा पनि ।
यस भन्दा छँदैछैन ठूलो भूत कुनै पनि ॥
पुलस्त्य-वंशका वीर ! म तिमी र अरू पनि ।
त्यसकै वश छौं बाबै ! थिए ती अघिका पनि ॥
यै महान् भूत वा तत्त्व छ नेता सबको यहाँ ।
बाँधेझैं पशु डोरीले विधिले बाँध्छ जो यहाँ ॥
दनुका पुत्र दनु र कालनेमि तथा शुक ।
निशुम्भ शुम्भ कूटादि साक्षात् प्रह्लादका सुत ॥
म विरोचनका छोरा यमलार्जुन शम्भु र ।
कंस कैटभ मधु र जो जो छन् अरु दुर्धर ॥
यी सबै बलवान् हुन् बा ! सूर्याग्निवायुमेघझैं ।
वर्षन्छन् बल्दछन् जल्छन् बहन्छन् स्थिर छन् सँधै ॥
शयौं यज्ञ गरेका छन्, सबैले इष्टवस्तु त्यो ।
भेटेकाछन्, गरेका छन् तपस्या पनि उग्र पो ॥
दिलका देहका ठूला हुन् सबै यी यथार्थतः ।
सबैले योगको बाटो लिएकै छन् विशेषतः ॥

६०

९१

सर-सम्पत्ति भेट्टाए सबैले विश्वको सब ।
भोग्न सम्म गरे भोग ठूलठूला जति छन् सब ॥
गरे बा ! यज्ञ-यागादि दिए दान पनि निकै ।
स्वाध्यायादि गरे धेर, पाले आफ्ना प्रजा सबै ॥
शत्रुपक्ष सबै मासे, पोसे आफ्नाहरूकन ।
सारा यस्तै थिए वीर वश पारे सबै जन ॥
देवका लोक सम्मैका लोकमा पनि उत्तम ।
निस्केन यिनको जोडी जोरी खोज्ने भई सम ॥
शास्त्रको तत्व सम्पूर्ण जान्दथे फेरि यी सब ।
कुलीन र थिए शूर न हट्ने युद्धमा तक ॥
थिए विद्या पनी सारा जानेका यिनले स्वतः ।
देवको राज्य साराले गरेकै हुन् विशेषतः ॥
धेरै पल्ट जितेका हुन् समस्त सुरका गण ।
दिलका देहका ठूला थिए यी सब रावण ! ॥
अप्यारो कुभलोमात्र देवको गर्दथे यिनी ।
आफ्नाको निम्तिमा नित्य गर्दथे प्रिय जे पनि ॥
यी सबै वस्तुले गर्दा थिए मत्त सबै तथा ।
स्वार्थसिद्धितिरैमात्र लाग्थे यी कसिई सदा ॥
राक्षसेन्द्र ! बुझ्यौ साक्षात् बाल सूर्य समानका ।
तेजका वीर्यका उग्र थिए यी सब व्यक्ति बा ! ॥
यिनले तर व्यर्थैमा वेद देव र विप्रमा ।
पिरेथे जब दी दुःख अनि उब्ज्यो त्यही यहाँ ॥
त्यै विष्णु भनिने वस्तु विश्वमा टम्म, गम्म छ ।
कसरी कसको नाश गर्नुपर्दछ ? जान्दछ ॥
कहिले के गरे कस्तो हुन्छ, के हो उपाय त्यो ।
त्यसमा छ सबै ज्ञान, भगवान् हरि त्यै त हो ॥
त्यो आफैंलाई सिर्जन्छ अवतार भनिन्छ यो ।
मास्नु पर्नेकनै मारछ, यसैले छ समर्थ त्यो ॥
वेदको देवको एवं गाई-ब्राह्मण आदिको ।
सँधै हित भलो गर्छ, स्थिति थाम्दछ विश्वको ॥
दिलको देहको ठूलो आँक्नै गाह्रै हुने छ यो ।
मन लागे सरी रूप धर्न सक्तछ फेरि यो ॥
राक्षसेन्द्र ! यही नै हो दैत्य-दानवको पति ।
ती सबैलाइ नै स्वाहा पार्ने हो विश्वको पति ॥

१०७

१०८

हो ! सुनिन्थ्यो लडाँईमा जित्न गाह्रै हुने पनि ।
थिए भन्ने तथा लड्न आँट्नै न सकिने पनि ॥
देख्तै अजङ्गका ठूला प्राणीलाइ पनी सुन ! ।
भों त्यही कालरूपी र भुसुक्कै पार्दियो पुनः ॥
राक्षसेश्वरलाई त्यो दानवेश्वरले यति ।
भनेर वेस संझाए भन्दछन् पछि फेरि ती ॥
वीर रावण ! ऊ हेर ! देख्यौ के चक्रलाइ त्यो ।
बलेको अग्निको मुस्लो ठीकको देखिंदो छ जो ॥
लौ ! त्यहाँसम्म गै आउ त्यसलाइ लिई यहाँ ।
महान् बल भएकैछौ, कष्ट पर्ला र के त्यहाँ ॥
भनौंला म तिमीलाई जानेको अनिमात्र पो ।
पाँइने सजिलै मुक्ति गांठो अव्यय-तत्त्व त्यो ॥
महान् बाहु हुने बाबु ! लौ यत्ति गर बा ! छिटै ।
वीर राक्षस-राजा हौ बलवान् पनि छौ निकै ॥
त्यस्ता दानवराजाका कुरा यस्ता सुने पछि ।
हाँस्यो राक्षसको राजा मजैसाथ गयो पछि ॥
सुन राम ! त्यहाँ यौटा थियो कुण्डल उज्ज्वल ।
त्यही बलि रहेको थ्यो ज्योति फर्याँकेर झलझल ॥
महान् दिव्य त्यसैलाई राखेको ठाममा पुगी ।
सरक्क झिक्न लाग्यो त्यो घमण्ड बलको लिई ॥
तर कुण्डल त्यो राम ! अँहँ, डेग चलेन बा ! ।
गर्‍यो रावणले यत्न सकेन तर झिक्न ता ॥
अब लाज भए जस्तो गर्‍यो र त्यसले पुनः ।
गर्‍यो प्रयत्न त्यल्लाइ लिन जोडै गरीकन ॥
रामबाबु ! अनी त्यल्ले झिक्यो न्वारानको बल ।
तान्यो, उखेलियो आयो त्यो महादिव्य कुण्डल ॥
छिनी मूल जरा च्वाट्ट शाल-वृक्ष लडे सरी ।
लड्यो रावण भैंमा पो रगताम्य भई वरी ॥
माथि पुष्पकमा बस्ने त्यस्का सचिव-भृत्यले ।
लडेको त्यसरी देखे त्यसलाइ वहाँ हरे ! ॥
अनि ता मन खल्लो भो, भित्र पीर पर्‍यो निकै ।
गरे बा ! सबले हाहा ! कोलाहल बढ्यो निकै ॥
फिर्‍यो रावणमा होश झम्डै दुइ घडी पछि ।
लाजले घोस्रियो मुन्टो भन्छन् अनि यसो बलि ॥

१२४

१२५

लौ आउ राक्षसश्रेष्ठ ! सुन मेरो कुरा अब ।
मणि-रत्न जडेको छ राम्ररी हेर कुण्डल ॥
तिमीले हो यसैलाई उठाएको त्यहाँ हकि ! ।
मेरा पुर्खाहरूको हो कानको गहना यही ॥
महान् बल हुने वीर ! यो खसेथ्यो यहीं अघि ।
डाँडाको बीच-भागैमा अर्को खस्न पुग्यो पछि ॥
ठूलै लडाँइ लड्दामा लक्षारोमा परे पछि ।
शिरको मुकुटैसम्म खस्यो बेदी नजीक ती ! ॥
पुर्खा हिरण्यकशिपु बाजेका चिह्न हुन् सब ।
लक्षार्न जसलाई क्वै सक्तै-सक्तैनथ्यो तब ॥
उहाँमा पर्दथ्यो गाह्रै कालले फाल हाल्न ता ।
रोग-सोग परै पर्थे, को सक्ने अनि मार्न ता ? ॥
उहाँको हुन्न थ्यो मृत्यु दिनमा रात-साँझमा ।
काँचोले र सुकेकोले शस्त्रले छुन्न थ्यो यहाँ ॥
अस्त्रले हुन्नथ्यो मृत्यु उहाँको सुन है ! वहाँ ।
झगडा पर्न गो छोरा प्रल्हाद सँग अन्तमा ॥
पछि यो झगडा बढ्दा न राम्रै हुन गो अति ।
काँपे त्रैलोक्यका प्राणी यसकै डर भै अति ॥
ज्यादै उदार आत्माका भक्तप्रवर वीर ती ।
शिशु प्रल्हादको भक्ति देख्ता गर्दा परिस्थिति ॥
बुझ्यौ ! राक्षस ! जो मेरो ढोके भै बस्छ बाहिर ।
त्यही नृसिंह भै निस्क्यो, लिइ रूप भयङ्कर ॥
रौद्रस्वरूपको जल्ले यसो हेर्दा सबैतिर ।
भयो त्रैलोक्य यो सारा डरले क्षुब्ध थर्थर ॥
अनि ट्याप्प समातेर मेरा पुर्खा उहाँकन ।
चिऱ्यो बा ! नङले पेट, मार्दियो छिनमै पुनः ॥
अचेल बस्छ त्यो मेरो ढोकामा द्वारपाल भै ।
वासुदेव त्यही नै हो, छ निरालम्ब संझ है ! ॥
देवका देवता बन्ने जति छन् देवता यहाँ ।
तिनको देवता त्यै हो बुझ, यत्ति तिमी यहाँ ॥
भनें गुह्य कुरा खोली तिमीलाइ रहस्य यो ।
योग्य ठान्छौ भने वीर ! राख है मनभित्र यो ॥
हजारौं इन्द्रकै साथ लाखौं देवहरूकन ।
यसले नै नचायो बा ! खेल हो यसकै गुन ! ॥

१४१

१४२

महात्मा ऋषि देवर्षि अनन्त कति हुन कति ।
यसकै वश छन् किन्तु औले ढोके छ हेर ती ! ।
दानवेश्वरका यस्ता कुरा सब सुनी-गुनी ।
राक्षसेश्वर त्यो राम ! भन्न थाल्यो यसो अनि ॥
दानवेश्वर ! के भन्छौ तिमी यस्ता कुरा यहाँ ।
थिएँ मैले त देखेको प्रेतराजकनै वहाँ ॥
थियो अन्तक जस्तो त्यो त्यसको साथ मृत्यु थ्यो ।
पाशो हात लिएको थ्यो अग्निझैं धपधपाँउथ्यो ॥
शिरका आँङका सारा रुँ ठाडा थिए अहो ! ।
डर्लाग्दो देखिइन्थ्यो त्यो दाह्रा थ्यो उग्ररूपको ॥
बिजुली चम्किए जस्तो जिब्रो थ्यो तेजिलो अति ।
ठान्दथे झुण्डिए जस्तो सर्प बिच्छी रुवैं भरी ॥
विश्वका सब प्राणीमा जो हेर्थ्यो सबलाइ ता ।
डरै लाग्ने थियो त्यो ता आँखै राता थिए अहा ! ॥
न हट्ने रणमा कैले हेर्न गाह्रै हुने अति ।
मध्यान्हकालका सूर्य हुन् जस्तै चम्किलो अति ॥
हो! हो! त्यो लड्छ ता सक्छ जित्न विश्व पनी सब ।
विशेष सब पापीमा दण्ड त्यै दिन सक्तछ ॥
सुन दानवका राजा ! मलाइ यस बाट ता ।
डर लाग्दैन है कत्ति, बरु सोध्छु म यो कुरा ॥
भन त्यो चाँहि को हो हँ ? यै कुरो जान्न खोज्छु म ।
भन्दा रावणले यत्ति भन्दछन् बलि ती पुनः ॥
सुन राक्षसका राजा ! तिनै हुन् मुख्य-तत्त्व ता ।
तिनै धाता-विधाता हुन् पाल्छन् त्रैलोक्य यो सदा ॥
हुन् ती कपिल साङ्ख्यात्मा छन् अनन्त जगत्पति ।
जिष्णु विष्णु उनै हुन् बा ! नरसिंह महाद्युति ॥
पाशो हात लिएका छन् डर्लाग्दा छन् स्वयं उनी ।
यज्ञमा निस्किने ज्योति, उनै हुन् तेजिला पनि ॥
नीला बादल जस्तै छन् द्वादशादित्य ठीक छन् ।
पुराणपुरुष-श्रेष्ठ तिनै हुन्, सुरनाथ हुन् ॥
ज्वालाले घेरिएका छन् देवमा श्रेष्ठ हुन् उनी ।
भक्तका प्रिय छन् साह्रै महायोगी पनी उनी ॥
सुन रावण ! यै तत्त्व काल हुन्छ महान् बनी ।
सिर्जिइन्छ जगत्, पाल्छ, गर्छ संहार यै छली ॥

१५८

CC-0. In Public Domain. Digitization by eGangotri

१५९

यही नै यज्ञ हो बाबै ! हो गर्ने गरिने यही ।
हतियार हुने चक्र हरि हो, चिन है त्यही ॥
सम्पूर्ण देवतामा जो बल सत्व छ त्यो पनि ।
त्यही हो सब प्राणीको आत्मा हो शक्ति नै पनि ॥
यसैमा टम्म छन् सारा चौधै भुवन सम्म यी ।
यसैको पाइ आधार बढ्दछन् ज्ञान-शक्ति ती ॥
महान् बाहु यसैका छन् बलको देव हो यही ।
सर्वरूपी महारूपी हो महान् तत्त्व नै यही ॥
वीरको दृष्टिले हेर्ने वीर मार्ने यही त हो ।
नहुने घट्बढै कत्ति त्रैलोक्य-गुरु नै त हो ॥
बुझ्यौ ! राक्षसका राजा ! यसरी तत्त्वलाइ यो ।
भज्छन् मुनि पनी नित्य, चाहन्छन् हुन मुक्त जो ॥
राम्ररी तत्त्वलाई यो जसले जान्न सक्तछ ।
राक्षसेश्वर ! त्यल्लाई छुने सक्तैन पाप त ॥
यिनैलाइ भजे वीर ! सम्झे, स्तुति गरे पनि ।
पाइन्छ है सबै वस्तु मिल्छ यज्ञ गरे पनि ॥

१६६

१६७

बलि बाट कुरा सारा यस्ता सुनि सके पछि ।
राम बाबु ! फरकै पो फर्क्यो राक्षसको पति ॥
राता-राता भएकाथे त्यसका नेत्र निस्कँदा ।
थियो बा ! हातमा अस्त्र फूर्ति गर्थ्यो निकै कडा ॥
ढोकामा आइ पुग्दामा देख्यो त्यो विश्वनाथले ।
जुन ढोके भई बस्थ्यो लिई मुसल बाहुले ॥
धर्ने पाल्ने जगत्-सारा प्रभुले त्यसलाइ ता ।
देख्ना साथ यसो शोच्यो जो लिन्थ्यो उग्र रूप बा? ।
दुष्ट राक्षसलाई यो पापी हो जुन वास्तव ।
भो! मार्दिन, म छोड्दिन्छु जे जे गर्छ गरोस् अब ॥
प्रभुले यत्ति शोचेर बिलाये हरि ता त्यहीं ।
पूर्ण पारी दिनै पर्थ्यो ब्रह्माको वाक्य त्यो यहीं ॥
ढोकामा आइ पुग्दामा हेर्‍यो रावणले यसो ।
देखेन पहिलेको त्यो ढोकेलाइ अजङ्गको ॥
उफ्रियो अनि ता राम ! त्यो निशाचर राम्ररी ।
हर्षनाद गर्‍यो ठूलो भित्र दङ्ग परीबरी ॥

१७४

१७५

वरुणालय छोडेर जुन बाटो गरी पस्यो ।
त्यही बाटो गरी निस्क्यो अब राक्षस-वीर त्यो ॥

इति प्रक्षिप्त पहिलो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्षिप्त द्वितीय सर्ग

राक्षसराज–रावणको सूर्यलोकगमन एवं विजय–घोषणा

१

अब राक्षसको राजा लङ्काको पति रावण ।
मेरुको रम्य डाँडामा बस्यो थ्याक्क रघूतम !॥
बिताई यसरी रात विहानै भोलिपल्टको ।
सूर्यपट्टि यसो हेऱ्यो गयों बा ! सूर्यलोक पो ॥
साक्षात् श्रीसूर्यकै घोडा जत्तिकै अतितेजिलो ।
त्यसले चढिएकोथ्यो त्यो पुष्पक विमान जो ॥
लिई नाना थरी चाल ढीलो चाँडो हुने गरी ।
हिंड्थ्यो विमान त्यो दिव्य आकाशस्थल नै भरी ॥
बढ्दै अब उता जाँदा त्यस रावणले सुन ! ।
देख्यो बा ! तेजिला ज्यादै सूर्यनारायणैकन ॥
चम्किलो रूप थ्यो राम ! उहाँको अति श्रेयद ।
शोभिन्थ्यो सुनको बाजू दुइटै बाहुमा तव ॥
कानमा अति नै राम्रा थिए कुण्डल शोभित ।
मणि रत्न जडेकोथ्यो पैह्नेको वस्त्र भूषित ॥
यी सवै वस्तुले गर्दा शोभिन्थ्यो मुख झलझल ।
कण्ठमा सुनको सिक्री रक्तमाला थियो तव ॥
रक्त श्रीखण्ड खस्नाले थियो मगमग देह त्यो ।
अनन्त किरणै फ्याँक्ता थियो उज्ज्वलता बडो ॥
आदिदेव महान् देव यी आदित्य यथार्थमा ।
हुने उच्चैःश्रवा घोडा रथ चढ्थे अकाशमा ॥
आदि मध्य तथा अन्त थिएन यिनको कहीं ।
लोकसाक्षी यिनैमाथि त्यसको दृष्टि गो त्यहीं ॥
सारा राक्षसको राजा त्यसले सुन है! कुरो ।
भन्यो प्रहस्त–मन्त्रीमा न सक्ता खप्न तेज त्यो ॥

१२

१३

सुन् ए मन्त्री ! गई हाल् तँ मेरो आज्ञा लिई अव ।
सरासर यिनै सूर्य भए ठाम र भन् सव ॥
हुन् यी मार्तण्ड, ब्रह्माण्ड घुम्दछन् ज्योतिफ्याँक्तछन् ।
राम्रो सँग कुरा मेरा संझाई भन् सवै बुझुन् ॥
तैंले यत्ति कुरा भन्नु आए राक्षस रावण ।
लड्न खोज्छन् तिमीसाथ लौ देउ युद्ध तत्क्षण ॥
कि त सक्तिन हारें म भन यौटा कुरा तिमी ।
गयो यत्ति कुरा बोकी त्यो प्रहस्त पनी अनि ॥
सूर्यका दुइ थे ढोके दण्डी, पिङ्गल–नामका ।
सुनायो यी दुवैलाई कुरा राक्षसराजका ॥
सूर्यको तापले पिर्दा न सक्ता खप्न त्यो अव ।
भनी त्यत्ति भयो चूप जवाफ लिन राघव !॥
यतातिर गयो दण्डी प्रभु सूर्यभएतिर ।
विन्ती पाऱ्यो कुरा सारा झुकी ढोगी भई स्थिर ॥
दण्डीका मुखका त्यस्ता कुरा रावणका सुनी ।
बडो बुद्धि पुऱ्याएर भने श्रीसूर्यले पनि ॥
जा ए दण्डी! तँ नै लड् र जित् त्यो रावणलाइ ता ।
कि ता सक्तिन भन् हारें भो तेरै खुश, हट् तँ जा !॥
मन लाग्दछ जे जस्तो उपथ्रो गर्न त्यै कुरा ।
गर्दै गर् भन्नु लौ बावै ! केही काल अझै विता ॥
दिलको देहको ठूलो त्यो रावण भएतिर ।
फर्कियो अव त्यो दण्डी भन्यो सव कुरा तव ॥
दण्डीका ती कुरा सुन्दा मेरै जीत भयो भनी ।
राक्षसेश्वर त्यो गर्ज्यो त्यहाँबाट हिड्यो अनि ॥

२४

इति प्रक्षिप्त द्वितीय सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्षिप्त तृतीय सर्ग

राक्षसेश्वर रावणको चन्द्रलोकगमन तथा महाराज—मान्धातासंग संग्राम

१

राजेन्द्र राम ! लङ्केश चढ्नाले मद वीर्यको ।
मैमत्ता नै भएकोथ्यो यता रात पनी पर्‍यो ॥
तसर्थ मेरुको राम्रो डाँडामा रात त्यो बस्यो ।
भोलिपल्ट यसो गर्दै हिंडीं गो चन्द्रलोक पो ॥
त्यो वेला चन्द्रमा राम ! जाँदैथे रथमा चढी ।
अप्सराहरु थे साथ सेवा गर्थे सबै थरी ॥
उनले पैह्रिएकाथे अनुलेपन देहमा ।
शोभिएको थियो माला भई दिव्य शरीरमा ॥
रतिक्रीडा हुँदा गर्दा पिर्दथ्यो श्रमले बढी ।
खान्थे प्रत्यङ्गमा म्वाईं अप्सराहरु हर्षडी ॥
देख्तामा चन्द्रलाई यी राक्षसेश्वर रावण ।
छक्क पक्क पर्‍यो राम ! कौतूहल बढ्यो पुनः ॥
यै वेला त्यसले देख्यो मुनि पर्वतलाइ ता ।
सम्पूर्ण ऋषिमा श्रेष्ठ जो थिए भव्यरूप बा ! ॥
महात्मा र उदारात्मा देख्ता मुनिकनै उनी ।
गै रावण नजीकैमा भन्न लाग्यो यसो अनि ॥
छ है स्वागत देवर्षे ! वेलैमा भेटियौ हकि ? ।
भन लौ अब त्यो को हो जान्छ जो रथमा चढी ? ॥
अप्सराहरु छन् सारा तिनैले घेरिइन्छ त्यो ।
कस्तो लाज पचाहा हो! मस्त भै घुम्छ, जान्छ त्यो ॥
त्यसलाइ डरै छैन कसैको पनि के ऋषे ! ।
सोद्धा रावणले यत्ति मुनि-पर्वतले भने ॥
बाबु रावण ! लौ भन्छु सुन साँचा कुरा तव ।
बुद्धिमान् छौ तिमी आफैं शोच्न सक्छौ स्वयंजव ॥
हो त्यो रथ चढी जाने ठूलो व्यक्ति कुरा सुन ! ।
जित्यो बा ! त्यसले सारा चौधै भुवन तत्क्षण ॥

१३

१४

विधाता लोकका कर्ता ब्रह्मालाई पनी अहो ! ।
यल्ले प्रसन्न पार्‍यो बा ! छिनमै, गजबै भयो ॥
अहिले जान्छ त्यो बाबु ! मोक्ष पाँउन खातिर ।
सुखको अक्षयस्थान जुन हो दिव्य सुन्दर ॥
तिमीले जसरी सारा ब्रह्माण्डैकन यो जित्यौ ।
यल्ले पनि तपस्याले सारा लोक जित्यो बुझ्यौ ! ॥
महान् सत्-पुण्य गर्ने यो अैले जान्छ त्यतैतिर ।
सोम-पान गरेकोछ यसले छैन संशय ॥
हौ तिमी राक्षसश्रेष्ठ शूरा छौ व्रत सत्य छ ।
तिमी जस्ता रिसाँउन्नन् गर्दैनन् क्रोध वास्तव ॥
छौ तिमी बलवान् फेरि सदाचार र धर्ममा ।
टिक्ने पालन गर्नेमा झोक्किन्नन् कहिले यहाँ ॥
राम बाबु ! यसै वेला त्यस राक्षसराजले ।
देख्यो रथ कुनै यौटा गतिलो र विशाल ए ! ॥
तेजले देहले आफ्नो बल्थ्यो धप्धप त्यो यता ।
नाच-गाना-बजानाको सुनिन्थ्यो स्वर भित्र बा ! ॥
बढ्यो रावणमा चाख देख्तामा यसलाइ ता ।
मुनि-पर्वतमा फेरि सोध्यो भन्दै यसो तदा ।
देवर्षे ! भन त्यो को हो ? निकै जाज्वल्यमान छ ।
सेव्छन् किन्नर गाएर नाचेर कसलाइ त ? ॥
कुरा रावणका सुन्दा भन्दछन् फेरि पर्वत ।
राक्षसेश्वर ! ती व्यक्ति छन् शूरा वीर्यवान् स्वतः ॥
लड्दछन् लड्नु पर्दामा हट्तैनन् कहिल्यै यिनी ।
थिल्थिला अङ्ग छन् सारा खप्छन् चोट परे पनि ॥
आफ्ना मालिकको निम्ति परेमा प्राण छोड्दछन् ।
लडे सँग्राममा जित्छन् शूरा छन् यी सिपालु छन् ॥

२६

२७
यिनै साथ गरे युद्ध शत्रुले पहिले निकै ।
थिल्थिलो पार्दिए, किन्तु यिनले मार्दिए निकै ॥
पाहुना यी भएका थे अहिले सुरराजको ।
अब यी गै रहेका छन् मनमाफिक घुम्न पो ॥
देख्यौ यस अवस्थामा पनि यी नरसिंहता ।
नृत्यगीतादिले सेवा गरिन्छन् जनले सदा ॥
येत्तिकैमा वहाँ देख्यो राक्षसेश्वरले पुनः ।
चम्किंदै सूर्य जस्तो भै गै रहेको कुनै जन ॥
सोध्यो फेरि उनीसाथ सूर्य जस्तै छ त्यो मुने ! ।
को हो चिनाउ के गर्छ ? अनि पर्वतले भने ॥
सुन राक्षसका राजा ! देखिन्छ जुन त्यो छवि ।
दिव्य यौटा विमानै हो झल्किन्छ सुनकै भई ॥
भित्र छन् अप्सरा सारा छन् किन्नर पनी त्यहाँ ।
तिनैले घेरिएका छन शोभिन्छन् पनि बीचमा ॥
यिनै हुन् सुनका स्वामी दिन्छन् खुश भए भने ।
विचित्र गहना वस्त्र पैह्रन्छन्, छन् सुशोभिने ॥
तेजिला फुर्तिला छन् यी दौडने मनमाफिक ।
चढी विमान जाँदैछन् यसो टहलिनै अब ॥
मुनि पर्वतका यस्ता कुरा सब सुने पछि ।
फेरि चाख बढी राम ! सोध्छ राक्षसको पति ॥
देखिन्छन् यी यसो हेर्दा राजाहरु समानका ।
को को हुन् भन लौ ब्रह्मन् ! जांदैछन् यी सबै कहाँ ? ॥
यिनमध्ये गई मैले लडौं आओ भनें भने ।
युद्धातिथ्य दिने होला कुन चाँहि त्यहाँ मुने ! ॥
धर्मका मर्म जान्ने छौ बूढा छौ बाबु-तुल्य छौ ।
सोधें मैले यहाँ जस्तो त्यो सबै भन्न योग्य छौ ॥
भन्दा रावणले यत्ति भन्दछन् ऋषि पर्वत ।
सुन राक्षसका राजा ! सोधेझैं ध्यान देउ त ॥
जसलाइ तिमी सोध्छौ यी राजाहरु ता सुन ! ।
स्वर्गै पाँउन खोज्ने हुन्, खोज्दैनन् लड्न रावण! ॥
तिमी सँग मजै साथ लड्न सक्नेछ एउटा ।
हुन्छ ! भन्छु त्यसैलाई मान्धाता हुन् उनी कडा ॥
सात द्वीप भएकी यी पृथ्वीका पति छन् उनी ।
महान् तेजी उनी छन् नि!यो पनि बुझि राख नि ! ॥
४३

४४
मुनि पर्वतका यस्ता कुरा सुन्दा रघूद्वह ! ।
निकै चाख लिई फेरि राक्षसेश्वर सोद्धछ ॥
भन लौ अब ती राजा कहाँ बस्छन् र हुन् कुन? ।
म उतैतिर गै हाल्छु पुग्छु लड्छु तपोधन ! ॥
कुरा रावणका सुन्दा भन्दछन् मुनि पर्वत ।
युवनाश्व-महाराजाका छोरा हुन् उनी बुझ ! ॥
जितेर द्वीप सातोटै सिन्धुले घेरिंदो छ जो ।
यतै आइ रहेकाछन् ऊ ! तिनै हुन् उनी अहो ! ॥
त्रैलोक्यभरमा जोरी न पाएको हुँदा वर ।
त्यस रावणले देख्यो मान्धातालाइ ती अब ॥
अयोध्या राजधानी थ्यो राजामा श्रेष्ठ थे उनी ।
सातै द्वीप भएकी यी पृथ्वीका पति थे उनी ॥
चढेर रथमा त्यस्तै गै रहेका थिए कतै ।
देखिन्थे इन्द्र हुन् ठीक सुवर्णमय तेज भै ॥
जाज्वल्यमान थ्यो रूप दिव्य-भव्य स्वरूपको ।
थियो चन्दनको लेप लगाएको शरीर त्यो ॥
देख्ना साथ यिनीलाई भन्यो रावणले यसो ।
ए ! लड्छु म तिमीसाथ देउ माग्छु लडाँइ पो ॥
यो निशाचरको वाक्य मान्धाता नृपले सुने ।
उनलाई उठ्यो हाँसो त्यस साथ यसो भने ॥
हुन्छ ! दिन्छु म बाँच्नाको आश छैन भने लड ।
राजाका यी कुरा सुन्दा फेरि रावण भन्दछ ॥
कुवेर-वरुणैबाट यमबाट पनी म ता ।
डराइन भने देखि के डर्थें नर बाट ता ॥
भन्यो यत्ति अनी राम ! क्रोधले बल्छ झैं भयो ।
आफ्ना जोरी नपाएका भृत्यमा लड लौ ! भन्यो ॥
दुष्ट रावणका मन्त्री आज्ञा मालिकको सुनी ।
झोक्किए लड्न जान्नेथे बाण-वृष्टि त्यजे अति ॥
टुप्पामा कङ्कपक्षीका जडेका प्वाँख सुन्दर ।
शिलाझैं धारिला किन्तु छोडे बाण निरन्तर ॥
काँपे बा ! यसले लाग्दा प्रहस्त शुक सारण ।
महोदर विरूपाक्ष अकम्पन पनी सुन ! ॥
प्रहस्त कसियो राम ! अब बाण लियो निकै ।
वर्षायो त्यसकै वर्षा मान्धातामाथि क्रुद्ध भै ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

आफैंमा आइपुग्दामा न पुग्दैमा यतातिर ।
काटिदिए नृपले चट् चट् त्यसका सब ती शर ॥
भिन्दिपाल भुसुण्डीले भालाले तोमरादिले ।
ठोकेर ताप पारे बा! राजाले तिनलाइ ए! ॥
अग्निले तृणको राश नाशे जस्तै भयो तदा ।
ठोके प्रहस्तलाई नै पाँचोटा बाणले कडा ॥
पछि तोमरले ठोके थिए बेजोडका जुन ।
जसरी अघि छोडेथे स्कन्दले क्रौञ्चमा सुन! ॥
तुरुन्त नृपले फेरि लिए मुद्गर बाहुमा ।
बज्र जस्तै थियो जो त्यो घुमाए छोड्दिए वहाँ ॥
हुरिँएर गयो लाग्यो त्यो महान् वेगले पुनः ।
त्यस राक्षस-राजाको रथमा दिव्य उत्तम ॥
तीनचीत भई हाल्यो रथमै अत्र रावण ।
भै इन्द्रको ध्वजा जस्तै लड्यो मूर्छैं परीकन ॥
यता देखि रहेकाथे मान्धाता नृपले सब ।
बढी गो उनको फूर्ति निकै दङ्ग परे अब ॥
पूर्णिमा-दिनमा राम! पूर्ण सोह्र कला हुने ।
चन्द्रमालाइ देख्तामा सिन्धु जस्तै भए हुने ॥
यता पट्टि पर्‍यो हाहा! सारा राक्षस-सैन्यमा ।
घेरे रावणलाइ त्यो वरीपरि बसी वहाँ ॥
निकै बेर पछी राम! होश रावणमा फिर्‍यो ।
खोज्यो राजाकनै पिर्न त्रैलोक्यै जो रुवाँउथ्यो ॥
छोडी अनेक शस्त्रास्त्र मान्धाताकन वास्तव ।
देहमा दबलै पार्‍यो पिर्नसम्म पिर्‍यो तव ॥
विशाल गतिला घोडा जोतेका रथ भाँच्दियो ।
मूर्छैं पारि दिई हाल्यो मान्धातालाइ नै अहो ॥
युद्ध जोरी न पाएका बलिया सब राक्षस ।
अब दङ्ग परी हाले सिंहनाद गरे तव ॥
छिनैमा होश भै हाल्यो अयोध्यापति भूपमा ।
पर्‍यो त्यै शत्रुमा आँखा पूछ्थे सचिव नै वहाँ ॥
चन्द्र सूर्य सरी तेजी आँट्न गाह्रै हुने नृप! ।
क्रोधले चूर भै हाले त्यस रावणमा अब ॥
शर-वर्षा गरे ठूलो अनि राक्षस-सैन्यको ।
सातोपुत्लो लिई हाले भगाए मार्दिए अहो! ॥

७७

७८

उनले धनु टङ्कार्दा बाण छोड्दा हुने स्वर ।
गुञ्जियो घनघोरै भो भयो व्याप्त दिशाभर ॥
महासागर कुर्लेझैं हुन गो रघुनन्दन! ।
सारा राक्षसको सेना भयो पीडित तत्क्षण ॥
नर-राक्षसका सेना भिडेको युद्ध यो अब ।
विकराल भई हाल्यो हाहाकार उठ्यो तव ॥
निकै जोश चढी हाल्यो नर-राक्षस-वीरमा ।
दिलका देहका ठूला जो थिए ती दुवै वहाँ ॥
वीरासन जमाएर बसे थी दुइटै अब ।
धनु खड्ग लिए हात कसिए लड्न राघव! ॥
उनका साथ थे जत्ति नर-राक्षस-सैन्य ती ।
लड्न लागे अ-आफैंमा कसिई सब वीर थी ॥
दुवै रावण मान्धाता दुवैमा छोड्थे शर ।
दुवैमा दुइकै लाग्थ्यो चोट लाग्थ्यो निरन्तर ॥
घावैघाउ भयो सारा अङ्गमा दुइकै वहाँ ।
अति नै रन्किएका थे क्रोधले युद्ध गर्नमा ॥
यै वेला धनुमा आफ्नो त्यस राक्षस-राजले ।
रौद्रास्त्र नामको बाण चढाए अति क्रोधले ॥
छोड्दियो अनि त्यल्लाई मान्धाता नृपले पनि ।
आग्नेयास्त्र त्यजी शान्त बनाए भै छिटा अनि ॥
गान्धर्वास्त्र त्यजी हाल्यो फेरि रावणले वहाँ ।
मान्धाताले पनी छोडे वारुणास्त्र स्वयं वहाँ ॥
फिक्यो रावणले राम! अब ब्रह्मास्त्र उत्तम ।
लिए पाशुपतास्त्रै पो मान्धाताले पनी पुनः ॥
डर्लाग्दो अस्त्र त्यो देख्ता काँप्यो त्रैलोक्य नै सब ।
भए हिड्ने न हिड्ने यी प्राणी थरर राघव! ॥
उनलाई मिलेको हो यो अस्त्र पहिले सुन! ।
भगवान् शङ्करैबाट गर्दिदा तप उत्तम ॥
यो चराचर त्रैलोक्य हल्लिँदा उग्र त्रासले ।
सारा देव पनी काँपे ठाने भो लय नागले ॥
सुन राम! यसै वेला पुलस्त्य-मुनि गालव ।
दुवैको पर्न गो आँखा यी दुवै माथि वास्तव ॥
ध्यानको दृष्टिले हेर्दा देख्ता विध्वंस यो सब ।
तल आइ पुगी हाले यी दुवै मुनि ता तव ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५
हप्काए बा ! दुवैले ती राक्षसेश्वरलाइ त्यो ।
बुझाए पछि संझाए भनी नानाथरी कुरो ॥

९६
नर-राक्षसका राजा मान्धाता वीर रावण ।
मिलाए ठ्याम्म मैत्रीले बढाए प्रेम तत्क्षण ॥

९७
अनि यी दुइटै योगी पुलस्त्य मुनी गालव ।
आएथे जुन बाटोले त्यही बाटो लिए गए ॥

इति प्रक्षिप्त तृतीय सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्षिप्त चतुर्थ सर्ग

रावणको चन्द्रलोक-गमन एवं ब्रह्माबाट मन्त्रप्राप्ति

१

गए पछि त्यतापट्टि पुलस्त्य मुनि गालव ।
राक्षसेश्वरले शोच्यो यतापट्टि रघूद्वह ! ॥
अनि पुष्पकमा चढ्दै दश हज्जार योजन ।
माथिको वायुको बाटो पहिलो पक्डियो पुनः ।
अब बढ्दै छिचोल्दै गो, तेजिलो बलवान् थियो ।
जहाँ हाँसहरू बस्छन् सर्वश्रेष्ठ गुणी अहो ! ॥
यस भन्दा पनी माथि उक्लियो फेरि रावण ।
हो दोस्रो वायुको बाटो यो अर्को छ अनुत्तम ॥
त्यो पैलो मार्ग भन्दा यो दश हज्जार योजन ।
माथि पर्दछ श्रीराम ! गयो राक्षसनन्दन ॥
यहाँ तीन थरी मेघ रहन्थे नित्य भै स्थिर ।
ब्राह्म आग्नेय पक्षी थे यहीं तीन थरी स्थिर ॥
त्यहाँ बाट पनी माथि दश हज्जार योजन ।
बाटो पर्दछ, त्यो उक्ल्यो मजैले रघुनन्दन ! ॥
हो वायुमार्ग यो तेस्रो बस्छन् सिद्ध र चारण ।
वायुमार्गतिरै लाग्यो जुन चौथो थियो पुनः ॥
छन् विनायक साथैका भूत नित्य यहाँ स्थित ।
त्यसलाइ पनी काट्यो पाँचौं मार्ग लियो तब ॥
त्यहाँबाट यहाँ पर्छ दशै हज्जार योजन ।
गङ्गा देवी यहीं बस्छिन् जुन हुन् नित्य पावन ॥
यिनको जल बोकेका हात्ती छन् कुमुदादिक ।
खेल्दछन् जलमा नित्य फ्याँक्दछन् सूँडको जल ॥
सूर्यको करले फार्छ वायुले पार्छ सुन्दर ।
त्यो पुण्य जल बर्षन्छ भई हिम धनुर्धर ! ॥
वायु-मार्ग लिई छैटौं उक्ल्यो मास्तिर त्यो पुनः ।
टाढा ध्यो ठाम यो राम ! दशै हज्जार योजन ॥

१३

१४

बन्धु-बान्धवका साथ यहीं गरुड बस्तछन् ।
कोश चालीस हज्जार टाढामा यो छ भन्दछन् ॥
उक्लियो त्यत्तिकै टाढा माथिको वायु-मार्ग ली ।
बस्तछन् जसमा राजन् ! स तोटा दिव्य ती ऋषि ॥
आठौं मार्ग लियो फेरि यहाँ आदित्य-मार्गमा ।
देवी आकाश-गङ्गा छन् पार्छिन् शुद्ध जहाँ-तहाँ ॥
थाम्दछन् वायु नै वेग छन् महान् वेग-शब्दकी ।
यस भन्दा पनी माथि बस्तछन् चन्द्रदेव ती ॥
त्यहाँ बाट यहाँ पर्छ असी हज्जार योजन ।
ग्रह-नक्षत्र सारा ली छन् यहाँ चन्द्रमा सुन ! ॥
उनको मण्डलै बाट अनन्त कति हो कति ।
सँधै निस्कि रहेकाछन् कान्ति वा कर शान्ति दी ॥
चौधै भुवनमा पुग्छन् यिनै किरण वास्तव ।
सारा त्रैलोक्यमा शान्ति सुख दिन्छन् यिनै सब ॥
पुग्यो राक्षसको राजा यहीं नै जब राघव ! ।
चन्द्रमाको पऱ्यो दृष्टि मजाले त्यसमा तब ॥
चन्द्रले पनि त्यो बेला झोक्किएझैं गरीकन ।
हेर्दिए किरणैबाट सक्छन जस्तै गरीकन ॥
बढ्यो शीताग्निको ताप राक्षसेश्वरमा पनि ।
आच्छू! आच्छू!! भई हाले मन्त्री ता त्यसका अनि ॥
पिरिंदा त्यसले ज्यादै न सक्ता स्वप्न भै कडा ।
भनी जय ! महाराज ! अब भन्छ प्रहस्त ता ॥
सारा कठाङ्ग्रियौं हामी शीतले नै पिरी सक्यो ।
भो भो अब महाराज ! फर्कौं यो ठामबाट भो ॥
चन्द्रका किरणैको हो यो प्रताप असह्य छ ।
यसर्थ सब हामीले अब फर्कनु बेस छ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

स्वभाव चन्द्रको यस्तै हो कि क्या राक्षसेश्वर! ।
चीसा किरणले भेटे भलो हुन्न, छ दुर्धर ॥
यस्ता प्रहस्त-मन्त्रीका कुरा सब सुने पछि ।
तोरीको फूल देख्यो बा! त्यसले क्रोध भै अति ॥
तुरुन्त धनु ली हाल्यो चढायो बाण राघव! ।
टङ्कार्‍यो धनु त्यो टङ्-टङ् छोड्यो! चन्द्रकनै अब ॥
यसै वेला सवारी भो ब्रह्मदेव स्वयं वहाँ ।
त्यो ब्रह्मलोक छोडेर तलको चन्द्रलोकमा ॥
अनि रावणमा आज्ञा भयो शान्ति सँगै यसो ।
विश्रवा-मुनिका छोरा हौ तिमी योग्यका बडो ॥
महान् बाहु हुने बाबु! भो! यहाँबाट फर्क भो! ।
व्यर्थ यी चन्द्रमालाई न सताउ हओस् भलो! ॥
महान् तेज हुने हुन् यी वेस छन् द्विजराज हुन् ।
सम्पूर्ण लोकको नित्य गर्छन् कल्याण, धन्य छन् ॥
बरु बाबु! तिमीलाई मन्त्र दिन्छु म एउटा ।
जसले अन्त्य पर्दामा तिम्रो कल्याण गर्छ बा! ॥
यसलाई कुनै जप्छ सिद्ध गर्छ भने सुन! ।
हुन्छ त्यस्को भलो मात्र अमरै हुन्छ त्यो पुनः ॥
ब्रह्माले यत्ति भन्दैमा दङ्ग भो दशटाउके ।
अनि विन्ती गर्‍यो राम! हात जोडेर प्रेमले ॥
प्रसन्न भइ बक्सेको छ समाधि भने प्रभो! ।
हुन्छ लौ! बक्सियोस् मन्त्र प्रभुबाट म लिन्छु त्यो ॥
भइहालुँ म हे नाथ! जसलाइ जपे पछि ।
अजेय सबको निम्ति, गरी दी बक्सियोस् यति ॥
त्यसकै डरले फेरि हुँ म निर्भय वास्तव ।
देव-दानव-पक्षीले न सकुँन् जित्न है अब ॥
ब्रह्माबाट भयो आज्ञा त्यसका यी कुरा सुनी ।
प्राण जाने अवस्थामामात्र यो मन्त्र जप्नु नि? ॥
सँधै हुन्न नि! है बाबु! जप्तामा शुभ-मन्त्र यो ।
अक्षसूत्र समातेर जप्नु पर्दछ संझ यो ॥
यो मन्त्र सिद्ध पार्‍यौ नि! न जपी सिद्ध हुन्न यो ।
म भन्छु सुन त्यो मन्त्र सावधान भई बडो ॥
यो मन्त्र सँझदा पढ्दा भक्तिले ध्यान दीकन ।
युद्धमा शत्रु जित्नेछौ तिमी तत्क्षण रावण! ॥

४३

४४

देवाधिदेव! विश्वेश! सुरासुर—नमस्कृत ।
हजूर भइ बक्सिन्छ भूतभव्य भवत् सब ॥
पैह्रेका बाघको छाला हरि पिङ्गललोचन ।
महान् देव महान् बूढा शिशुरूप लिने पुनः ॥
भै बक्सिन्छ महान् पूज्य त्रैलोक्य पति ईश्वर ।
सुसुक्क लयमा पार्ने महान् अग्नि भयङ्कर ॥
लोकको श्रेय गर्ने र गणनाथ महाभुज ।
महान् शूली महान् दंष्ट्री महेश्वर तथा हर ॥
व्याप्त गर्ने दिशा सारा चौधै भुवन-पालक ।
कालरूप लिने साक्षात् महान् बल हुनेतक ॥
हजूरै भइ बक्सिन्छ नीलग्रीव महोदर ।
घुसेका देवमा सारा तपले पाइने वर ॥
शूलपाणि तथा मुण्डी पशुका पति अव्यय ।
वृष केतु हरि—हर शिखण्डी र महायश ॥
जटी र लकुटी नेता सर्वात्मा सर्व भावन ।
भूतेश्वर गणाध्यक्ष सर्वहारी र सर्वग ॥
गुरु अव्यय स्रष्टा र कमण्डलु लिने तथा ।
पिनाकी धूर्जटी देव गाँउने साम नै सदा ॥
माननीय तथा पूज्य सबमा श्रेष्ठ मृत्यु र ।
मृत्युका हेतु सर्वात्मा पारियात्र र सुव्रत ॥
वीणा-पणव तूणादि लिने वैरी-विनाशक ।
ब्रह्मचारी गुहाबासी उमापति सदाशिव ॥
सदा श्मसानमा बस्ने बालसूर्य समानका ।
दर्शनीय र अमर भगवान् दिव्यरूपका ॥
फुटाल्ने भगको आँखै पूषाको दाँत भाँच्दिने ।
ज्वर हर्ने लिने पाशो स्वयं काल लयै हुने ॥
उल्कामुख अग्निकेतु मुनि दीप्त विशांपति ।
उन्माद वेपनकर समर्थ लोकश्रेष्ठ यी ॥
वासदेव वामन र प्राक्प्रदक्षिण वामन ।
भिक्षुरूपी तथा भिक्षु त्रिजटी कुटिलः पुनः ॥
रोक्दिने शक्रको हात बसुलाइ अड्याँउने ।
स्वयं काल ऋतु तथा ऋतुलाइ बनाँउने ॥
मधुकनेत्र मधु र आश्रमीबाट पूजित ।
वानस्पत्य वाजसन नित्य आश्रम शोभित ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

जगद्धाता जगत् रच्ने ध्रुवः पुरुष शाश्वत ।
धर्माध्यक्ष विरूपाक्ष त्रिधामा भूतभावन ॥
हजारौं सूर्यका जस्ता हुने कान्ति त्रिनेत्र र ।
बहुरूप स्वयं देव देव–देव महेश्वर ॥
सम्पूर्ण देवमा श्रेष्ठ चन्द्रशेखर-शोभित ।
जटामा चन्द्रमा राख्ने हुने पूर्णेन्दुझैं मुख ॥
हाव-भाव हुने एवं नाच्ने नित्य मनोहर ।
साक्षात् शरण्य ब्रह्मण्य सर्वजीवाभयङ्कर ॥
सबै प्रकारका बाजा सुन्ने आफैं बजाँउने ।
नाना प्रकारका कष्ट सब—बन्ध छुटाँउने ॥
स्वयं बन्धनमा पार्ने गर्ने स्तम्भन, मोहन ।
सबै हर्ने तथा मुख्य पुष्पदन्त अनुत्तम ॥

६६

६७

लगाँउने दिने भाग भीम भीमपराक्रम ।
धनुर्धारी हरिश्मश्रु परमात्मा सनातन ॥
भक्तमा मन लागेको दिने स्थाणु हुने तथा ।
रुने–कराँउनेलाई दिने वर सहायता ॥
भने एक सय आठ यो महामन्त्र नाथको ।
दिन्छ शान्ति यही फेरि छ अनुत्तम, दिव्य हो ॥
पाप-ताप यही नाश्छ छ पवित्र र पुण्य यो ।
यही शरण पर्नेमा शरणै दिन्छ बाबु ! यो ॥
बुझ्यौ ! दशशिरे बाबु ! यसलाइ तिमी यदि ।
जप्छौ भने सबै तिम्रा शत्रु मर्छन् भए जति ॥
सुन ! राजेन्द्र ! श्रीराम ! त्यस रावणलाइ यो ।
बक्स्यों वर विधाताले मन्त्ररूप अतुल्यको ॥

७२

७३

ब्रह्मलोक सवारी भो गरी यत्ति उहाँ पनि ।
फर्कियो वर पाएर त्यो रावण पनी अनि ॥

इति प्रक्षिप्त चतुर्थ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्षिप्त पञ्चम सर्ग

राक्षसराज–रावणको पश्चिम–समुद्रको यात्रा र भगवान् कपिलको दर्शन–प्राप्तिवर्णन

१

अव वित्तै गयो काल लोकरावण रावण ।
गयो राक्षस-मन्त्री ली पश्चिमी सिन्धुमा पुनः ॥
बावु राम ! त्यहाँ देख्यो त्यसले माभ्क द्वीपमा ।
यौटा पुरुषलाई क्वै, जो एक्लै बस्तथ्यो त्यहाँ ॥
जाम्बूनद-सुनै जस्तो थियो त्यो तेजिलो अति ।
हो धूँवा न हुने आगो भने जस्तै हुने छवि ॥
देखिन्थ्यो फेरि त्यो राम ! अग्निझैं लयकालको ।
रूपले चाँहि अत्यन्तै डर लाग्दो अजङ्गको ।
सम्पूर्ण देवको देव थियो यै देवतत्व त्यो ।
चम्किलो सूर्य जस्तै थ्यो ग्रह नक्षत्रबीचको ॥
त्यस्तै मृगहरूमध्ये शोभिने सिंह तुल्य थ्यो ।
सारा हात्तीहरू मध्ये यो ऐरावत ठीक थ्यो ॥
थियो पर्वतमा चाँहि यै सुमेरु भने सरि ।
पारीजात ससानै थ्यो वृक्षबीच थरी थरी ॥
देख्यो राक्षसले राम ! यस्तो पुरुषलाइ पो ।
जो थियो कुण्डमध्येको बलेको अग्नि तुल्यको ॥
अकस्मात् तत्त्व यो देख्ता त्यसको दृष्टि ता यता ।
भयो तुलबुलिए ठीक ग्रहनक्षत्र देखिदा ॥
आँखा गाडी त्यतै हेऱ्यो त्यस राक्षसले पुनः ।
दाह्रा किटि रहेकोथ्यो यन्त्र तुल्य बनी सुन ! ॥
लामा–लामा थिए बाहु देख्तैमा डर लाग्दथ्यो ।
सिंहनाद गरी नाना गर्जन्थ्यो त्रास पार्दथ्यो ॥
शङ्ख जस्तै थियो घाँटी मुख थ्यो सिंहकै सरि ।
निकै विशाल थ्यो छाती थिए दाह्रा थरी-थरी ॥
पेट चाँहि छिनेको थ्यो भिनो थ्यो अतिसुन्दर ।
साक्षात् कैलासको डाँडो हो जस्तै थ्यो मनोहर ॥

१३

१४

र-राता पद्मझैं राम्रा पैताला शोभिए पनि ।
देख्तै अत्यन्त डलाग्दा देखिन्थे यी त्यसै पनि ॥
तालुको भाग माथिल्लो हत्केला पनि वास्तव ।
अति राम्रा थिए राता कमला, कमलै ठिक ॥
देखिन्थ्यो गर्जिने त्यस्तो साह्रै ठूलो शरीरको ।
मनको वायुकै ठीक भएको वेग वीर्यको ॥
ठोक्रा थे बलिया राम्रा भिरेका डर लाग्दथ्यो ।
घण्टा चामर इत्यादि शोभिन्थे अतिदिव्य थ्यो ॥
स-साना घण्टको जाल शोभिन्थ्यो बज्दथ्यो अहो ! ।
फैलिन्थ्यो तेज वा ज्वाला चारैतिर शरीरको ॥
सुनको पद्मको माला खुल्दथ्यो कण्ठमा यता ।
ऋग्वेद सरि शोभिन्थ्यो पद्ममाला हुँदा उता ॥
भन्यो काजलको थुप्रो जस्तो राक्षसले अव ।
चम्किलो सुनको डल्लो जस्तो त्यससँगै तव ॥
लौ आ ! लड्छु म, दे युद्ध भन्यो यत्ति र रावण ।
आफ्ना मन्त्रीहरू साथ गर्जियो जोडले पुनः ॥
शूल शक्ति लियो हात उचाल्यो ऋष्टि पट्टिश ।
कसियो यसरी राम ! लड्न थ्यो बलवान् जव ॥
लड्न खोजे सरी भैंगो बाघले सिंह साथमा ।
महान् ऋषभको साथ हात्तीले ठीक भो वहाँ ॥
साक्षात् सुमेरुको साथ नागेन्द्रहरुले सरी ।
महासागरको साथ नदीको वेगले सरी ॥
अँ तँ ! राजेन्द्र श्रीराम ! भन्दा रावणले त्यसो ।
डगेन कत्ति त्यो व्यक्ति पछि राक्षसमा भन्यो ॥
भएछ विश्रिए जस्तो तेरो बुद्धि बुझिस् ! अब ।
लौ तेरो लड्नको श्रद्धा छ भने भारछु मै सब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सम्पूर्ण लोकमा त्रास पार्ने थ्यो वेग, शक्ति वा ।
त्यस रावणको राम ! पिरिन्थे त्यसबाट ता ॥
त्यसमा यसका जस्ता वेग वा शक्ति ता सुन! ।
हजारौं भाग बढ्ता थ्यो, थ्यो महान्को महान् जुन ॥
जगत्मा सिद्धिका हेतु भएका तप धर्म यी ।
त्यसका दुइ तिघ्रामा टिक्तथे भइ आश्चर्यी ॥
वस्तथ्यो लिङ्गमा राजन् ! कामदेव निरन्तर ।
कटिभाग भरी बस्थे विश्वेदेव धनुर्धर ! ॥
उनञ्चास मरुत् चाँहि दुइटै वस्तिमा थिए ।
बीचमा वसु आठौटा कोखामा सिन्धु नै थिए ॥
त्यसका पार्श्वभागैमा थिए टम्म दिशा दश ।
एकेक जोर्नि-जोर्नीमा बस्तथे नित्य मारुत ॥
स्वयं राज भएकोथ्यो विधाता हृदयैविषे ।
पीठमा त्यसको राम ! स्थिर भै पितृ बस्तथे ॥
पवित्र दान गोदान दान ती स्वर्ण-भूमिको ।
काखीका रउँमा सारा त्यसका बस्तथे अहो ! ॥
वडो गजब थ्यो राजन् ! अङ्गका हाड भै स्थिर ।
बस्थे गिरि हेमकूट हिमवान् मेरु मन्दर ॥
देहका संधिमा सन्ध्या मेघ मेहनमा तथा ।
शिरमा द्यौ थिइन् पृथ्वी छातीमा टिक्तथिन् सदा ॥
थिए धाता विधाता यी बाहुका दुइ भागमा ।
विद्याधर त्यहीं बस्थे शेष वासुकि साथमा ॥
विशालाक्ष इरावान् थे, थे अश्वतर कम्बल ।
उपतक्षक साथैका बस्तथे नाग तक्षक ॥
सम्पूर्ण नङमा थे यी कर्कोटक धनञ्जन ।
ओकल्थे विष नै वीर्य मुखमा अग्नि थे सुन ! ॥
एघारै रुद्रले टन्न थियो स्कन्ध–प्रदेश त्यो ।
पक्ष मास ऋतु थिए दाह्राभर दुवै अहो ! ॥
सिनीवाली कुहूँ राम ! नाकका छिद्रमा थिए ।
वायुका तत्त्व सम्पूर्ण तिनैका तत्त्वमा थिए ॥
वीणा लिइ बसेकी थिन् ग्रीवामा गै सरस्वती ।
चन्द्र सूर्य दुवै बस्थे दुइटै नेत्रमा अडी ॥
दुइटै स्वर्गका वैद्य बस्थे कानभरी भई ।
वेद-वेदाङ्ग यज्ञादि बस्थे देह भरी भई ॥

४३

४४

सद्वाक्यादि महावाक्य सदाचार तथा तप ।
तेजिला वस्तु तारादि थिए आँङ भरी सब ॥
भनेका वस्तु यी सारा नररूप लिने त्यही ।
महान्को देहमा राम ! टिकेकाथे, थिए खुशी ॥
अँतँ ! रावणलाई यो त्यसले अत्र राघव ! ।
हातको वज्रले हान्यो खेलवाड गरे ठिक ॥
त्यसको आँङमा लाग्दा हातको साथ वज्र त्यो ।
लड्यो रावण पृथ्वीमा तीनचीत भयो अहो ! ॥
देख्नासाथ लडेको त्यो लम्की-झम्की गरीकन ।
त्यस्का मन्त्रीहरू सारा भगायो यसले पुनः ॥
गरी यत्ति त्यहाँबाट त्यों महान् व्यक्ति वास्तव ।
तुरुन्त पसि हाल्यो बा ! तल पातालमा अव ॥
छिटै नै बिउँभयो राजन् ! यता दशशिरे अनि ।
शुक सारण इत्यादि डाक्यो मन्त्रीहरू पनि ॥
आए प्रहस्तकै साथ अनि सोध्छ उनीकन ।
हान्यो मलाइ त्यल्ले र त्यो कतातिर गो भन ? ॥
स्वामीले यसरी सोद्धा भन्छन् भृत्य हुने अब ।
त्यो सुरासुरको शेखी मास्ने नै पो रहेछ त ॥
पाएनौं राम्ररी चाल पसेको छ यहीं तर ।
भन्दामा उनले यत्ति झोक्कियो त्यो निशाचर ॥
जस्तो गरुड झम्टेर नाग टिप्छ र उड्दछ ।
त्यही ठीक गरी जाने त्यसमाथि गर्‍यो रिस ॥
पस्यो बुद्धि न पुग्दामा तुरुन्तै अब रावण ।
नजिकै प्वाल थ्यो यौटा त्यसैभित्र रघूत्तम ! ॥
डरै मान्दैनथ्यो राम ! त्यो राक्षस वहाँ पुग्यो ।
हेर्‍यो आँखा नचाएर देख्यो यस्तो कुरा अहो ! ॥
नीला गाजलका थुप्रा थुप्रिए ठीक मानिस ।
वहाँ धेर थिए राम्रा पैह्रेका बाजु झम्झम ।
रक्त—चन्दन मालाले शोभिएका थिए सब ।
मणिका रत्नका हार पैह्रेका गहना तक ॥
शूर वीर थिए नारी सारा राम्रा थिए पुनः ।
महान् आत्मा हुने थे यी नृत्य-मग्न थिए जुन ॥
पुग्दथ्यो यिनको संख्या ठिक तीन करोडको ।
डर मान्दैनथे केही आगोझैं बल्दथे अहो ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
यता रावण यस्तै थ्यो डरै मान्दैनथ्यो कति ।
ढोकामा अडिई भित्र हेर्दथ्यो ढुक्क भै अति ॥
त्यसले पहिले जस्तो देखेको नर त्यो थियो ।
त्यही ठीक थिए सारा व्यक्ति तीन करोड पो ॥
रूप वर्ण थियो यौटै छाँटकाँट त्यही थियो ।
अघिकैमा भए ठीक यिनमा शक्ति थ्यो वडो ॥
उत्साह बल थ्यो त्यस्तै चार हाते थिए सब ।
कपडा एकनासे थ्यो सबको देहमा तब ॥
अँ तँ ! यस्ता यिनीलाइ देख्तामा अब रावण ।
झस्कियो जिह्व भो राम ! सिग्ङ्ग जिउ भो पुनः ॥
ब्रह्माको वर पाएर डरै मान्दैन थ्यो कति ।
अब एकातिरै लाग्यो त्यहाँबाट छिटै अति ॥
अर्कोतिर पुगी हेर्दा यौटा ओछ्यानमा वहाँ ।
सुतेको नरलाई क्यै देख्यो शान्ति थियो जहाँ ॥
थियो महल यो त्यस्तै बस्ने सुत्ने अनेकन ।
सामग्रीहरु थे टन्न यहाँ अति मनोरम ॥
दिव्य ओछ्यानमा यौटा सुत्तथ्यो नर त्यो तब ।
निर्धूम अग्नि जस्तै थ्यो बल्दथ्यो तेज धप्धप ॥
पाउनेर बसेकी थी एउटी दिव्य सुन्दरी ।
माला लेपन वस्त्रादि शोभिन्थे दिव्यता सरी ॥
मणि-रत्नादिका नाना गहना अङ्गमा थिए ।
हुँदा निर्मल झल्किन्थे वस्त्र भै दिव्य, खुल्दथे ॥
त्रैलोक्यभरकी राम्री सुन्दरी दिव्य यो थिई ।
स्वयं चँवर पङ्खा ली हम्किन्थी अति ध्यान दी ॥
लीलाकमल शोभिन्थ्यो बाहुमा त्यसको उता ।
भै बक्सिन्थ्यो स्वयं लक्ष्मी बुझ्यौ! राम! सबै कुरा? ॥
सिंहासन नजीकै थ्यो त्यसकै आडमा बसी ।
मुसुक्क हाँसी बक्सिन्थ्यो देख्यो रावणले पछि ॥
थिएनन् त्यसका मन्त्री साथमा तै पनी उता ।
लाग्यो न चाँहिने काम गर्न पो बुद्धि बिग्रँदा ॥
देख्ना साथ रमालाई कामले वश पाँरिदा ।
गई समात्न पो लाग्यो उहाँलाइ स्वयं तदा ॥
सुतेको सर्पलाई क्यै कालले कुत्कुत्याँउदा ।
समात्न जसरी पुग्छ भो त्यही ठीक पो त्यता ॥
७७

७८
तेजले धप्धपाएको महान् बाहु हुने प्रभु ।
हरिले देखि बक्स्यो यो सुते ता पनि भै विभु ॥
अनि ता भन्दछौ राम! जब खोज्थ्यो समात्न त्यो ।
भगवान्ले यसो हेरी मजाले हाँसि बक्सियो ॥
ओढ्ने क्यै फ्याँकिदी बक्स्यो आङको तेज त्यो सब ।
त्यसको देहमा बज्र्यो पोल्यो भत्भत भै अब ॥
खप्न गाह्रै परी हाल्यो राप त्यो, अनि रावण ।
तीनचीत भई डङ्ग पृथ्वीबीच लड्यो सुन ! ॥
फेद काटिइँदा जस्तो वृक्ष डङ्ग्रङ्ग लड्दछ ।
त्यही ठीक भई हाल्यो पाताल-तलमा अब ॥
त्यसको साथ साथैमा हरिका नाक भित्रको ।
सासले पनि त्यल्लाई पाऱ्यो पीडा भयो त्यसो ॥
पछिबाट भनी बक्स्यो हरिले त्यसमा यसो ।
उठ् उठ् ए राक्षस श्रेष्ठ ! मर्दैनस् अहिले तँ जो ॥
प्रजाका पति ब्रह्माले तँलाई वर जो दिए ।
त्यसैको भरले बाँच्छस् निकैसम्म अझै तँ ए ! ॥
अहिले काल आएको नहुँदा राक्षसेश्वर ।
लौ फर्कि जा ! यहाँबाट भै अझै पनि निर्डर ॥
प्रभुले भन्दिदा यत्ति लोकरावण रावण ।
तुरुन्त विउँझी हाल्यो बुझ्यौ त रघुनन्दन ? ॥
रउँ ठाडा भएकाथे त्यसका देहका यता ।
तेजिला हरिका साथ भन्न लाग्यो यसो तदा ॥
वीर्य शक्ति हुने यस्तो तपाँई हुनुहुन्छ को ? ।
साक्षात् प्रलयकै आगो जस्तो देख्छु यहाँ म जो ॥
लौ लौ भन्नोस् भए जस्तो कुरा सब यथार्थका ।
कसरी हुनु भो यस्तो चम्किलो दिव्य देहका? ॥
दुष्टात्मा त्यसले राम ! सोद्धामा यत्ति नाथले ।
आज्ञा भो त्यसमा यस्तो हाँस्तै गम्भीरभावले ॥
भन्छु लौ सुन् दशग्रीव ! चाँडै नै तँ बुझिस् अब ।
मैबाट मारिने छस् है अहिले जा ! भयो अब ॥
हरिले भन्दिदा यत्ति काँप्यो रावण थर्थर ।
फेरि बिन्ती गऱ्यो राम ! जोडी आफ्ना दुवै कर ॥
प्रजाका पति ब्रह्माको वर प्राप्त हुँदा म ता ।
यहाँ मरिन अैले म हो यै निश्चितको कुरा ॥
यहाँ मरिन श्रैले म हो यै
९४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

जन्मेको छैन क्वै व्यक्ति अहिले म समानकै ।
पछाडि न त जन्मेला म भन्दा बलियो न क्वै ॥
ब्रह्माको वर यस्तै छ कुन त्यो नाघ्न सक्तछ ।
बल वीर्य ममा जस्तो कुन पाँउन सक्तछ ॥
भएँ दिग्विजयी नै म अमरै छु यथार्थतः ।
यल्लाई अन्यथा पार्न कुनै सक्तैन वस्तुतः ॥
अहँ देखिन्न ! क्वै व्यक्ति त्रैलोक्य भरमा मता ।
पाएको वर यो मैले जुन पार्न सकोस् वृथा ॥
तसर्थ म सुरश्रेष्ठ ! अमरै छु यथार्थतः ।
त्यसैले डर लाग्दैन छुँदैछुन्न मलाइ त ॥
विचार गरि हेर्दामा मर्नैं पर्छ भने तर ।
हातबाट तपाँईकै मरुँ, पाँउ यही वर ॥
मर्नु भन्दा अरूबाट हातबाट तपाँइकै ।
मर्नुमा छ भलो मेरो छ प्रशंस्य पनी निकै ॥
अब यत्ति भनी राजन् ? डर्लाग्दो वीर्य—शक्तिको ।
त्यस रावणले छोयो प्रभुको देहबीच पो ॥
त्यसले अनि थापायो त्रैलोक्य सचराचर ।
त्यहीं नै व्याप्त छन् भन्ने भए पनि निशाचर ॥
अश्विनी वसु आदित्य थिए साध्य मरुत् सब ।
कुवेर यम वरुण रुद्र पितृ र वासव ॥
नदी गिरि समुद्रादि सब विद्या कलादि थे ।
वेद अग्नि पनी तीन चन्द्र तारा-ग्रहादि थे ॥
पञ्चभूत यहीं नै थे सिद्ध गन्धर्व चारण ।
महान् मुनि महात्मा र थिए वेदज्ञ ब्राह्मण ॥
थिए गरुड नागादि दैत्य राक्षस थे यहीं ।
अरु व्यक्ति थिए धेरै देवका सङ्घ थे यहीं ॥
सारा राक्षसको स्वामी त्यस रावणले तदा ।
सूक्ष्म रूप लिई बस्ने देख्यो यी सबलाइ ता ॥

१०८

१०६

मुनिश्रेष्ठ र धर्मात्मा ती अगस्त्य महर्षिमा ।
सोध्छन् अब श्रीराम बढ्दा उत्सुकता वहाँ ॥
भगवन् ! द्वीपमा बस्ने त्यस्तो पुरुष थ्यो कुन ? ।
यै कुरो जान्न चाहन्छु, आज्ञा होस् सुन्छु फेरि म ॥
थिए नारीहरू को ती राम्रा तीन करोडका ।
दैत्य - दानवका शेखी तोड्ने को मुत्तथ्यो तदा ? ॥
रामका यी कुरा सुन्दा भन्छन् अब अगस्त्य यी ।
सुन राजेन्द्र श्रीराम ! भन्छु गाँठो कुरा यही ॥
अघि त्यो द्वीपमा बस्ने साङ्ख्यका तत्व उत्तम ।
भगवान् कपिलै साक्षात् भै बाँकसन्थ्यो नरोत्तम ॥
नारायण स्वयं देव शङ्ख चक्र गदा लिने ।
न हुने घट्बढै कत्ति यौटै तत्त्व कहाँउने ॥
आदि अन्त तथा मध्य न भएका जगत्पति ।
स्वयं सर्वेश सर्वात्मा न चुक्ने काममा कति ॥
चराचर-जगत्मा यो बस्ने व्यापक भै सदा ।
भनिने एक त्यै नाथ थियो बुझ तिमी कुरा ॥
उहाँका अघि नाच्थे जो ती सबै देवता थिए ।
साक्षात् कपिलकै जस्तो तेज वीर्य हुने थिए ॥
पापदृष्टि लिई त्यस्तो लक्ष्मीलाइ समाँउन ।
लाग्दा रावण त्यो राम ! देखियो प्रभुले जुन ॥
केही रिस उठेकै हो उहाँलाइ परन्तु त्यो ।
भएन भस्म तत्काल यही नै भो कृपा अहो ! ॥
सुन रावण यो राजन् ! अब यत्ति भए पछि ।
साह्रै थाकि सकेकैथ्यो लड्दामा भूमिमा अघि ॥
आफ्नो पर्वत हो जस्तो लिई धूम्मधुंसे जिउ ।
उठ्यो बल्ल ! यसो हेर्थ्यो दुखनाले भन्दथ्यो उहू ! ॥
छुल्याहा र फटाहाले छुसक्याँईं गरे सरि ।
गाली गर्थ्यो सराप्तै त्यो प्रभुलाइ थरी-थरी ॥

१२२

बित्यो काल निकै लामो बल्ल स्वस्थ भयो वहाँ ।
फेरि आइ पुगी हाल्यो आफ्ना मन्त्री थिए जहाँ ॥

१२३

इति प्रक्षिप्त पञ्चम सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौबीसौं सर्ग

रावणद्वारा देव-कन्या आदि हरिनु र उनीहरूले बिलाप गर्नु एवं रुँदी बहिनी-शूर्पणखालाई खर-दूषणको साथ दण्डकारण्यमा बस्न पठाँउनु

१

फर्किंदा राम राजेन्द्र ! सुन ! राक्षस-राज त्यो ।
अति दङ्ग भएकोथ्यो मनैमन प्रफुल्ल थ्यो ॥
त्यसले अब बाटामा भेटेका ऋषि देवका ।
हर्‍यो कन्या निकै ओहो ! राजा दानवसम्मका ॥
भेटर्‍यो कि जोसुकै होओस् छोरी यद्वा गृहस्थकी ।
पत्नी नै होस्न त्यो नारी, हरिहाल्थ्यो स्वयं गई ॥
हुँदैहुन्न थियो राम्रो भन्ने स्त्रीजाति देख्नु ता ।
उसकी भइ हाल्थी त्यो, रोक्न सक्थ्यो र को तदा ॥
हर्न् हुन्न नगर् ! भन्ने कुरा केही गर्‍यो कि ता ।
मार्दिन्थ्यो बन्धु-वा बावु जो सुकै हुन्न भवाट्ट वा ! ॥
लगी विमानमा जाक्थ्यो यसरी त्यसले अहा !
त्रैलोक्यभरका नारी सुन्दरी बटुल्यो तदा ॥
बचेनन् देवका कन्या नाग-राक्षस-दानव ।
तथा असुरका सम्म थुपार्‍यो त्यसले सब ॥
विमानभर थुप्रेका कन्याले दुःखले तव ।
एकै साथ मिली पारे रोएरै आँसुको दह ॥
भय-शोकाग्निले गर्दा खसेका अश्रु विन्दु ती ।
भए एकेक आगाको फिलिङ्गाझैं बढी पछि ॥
भयले शोकले बढ्दा निकाल्दा आँसु भो अति ।
विमान त्यसको राम ! त्यसले भरियो पछि ॥
जस्तो सर्वतिरैबाट नदी आदि गई गई ।
भर्छन् समुद्र त्यै ठीक भरे यी सबले भई ॥
नाग गन्धर्वका कन्या ऋषि दानव-दैत्यका ।
छोरीले र बुहारीले भर्दिए त्यो विमान ता ॥
यसरी त्यसले राम ! असंख्य कति हो कति ।
पार्‍यो विमानमा जम्बा इच्छा लागे सरी अति ॥

१३

१४

साह्रै राम्रा थिए राजन् ! यिनीहरू सबै सुन ! ।
थिए चिल्ला घना केश ल-लामा यिनका पुनः ॥
हरेक अङ्ग प्रत्यङ्ग थिए राम्रा मनोहर ।
हो पूर्णचन्द्रमा जस्तै देखिन्थ्यो मुख सुन्दर ॥
दुइटै स्तन उठ्नाले छेउछाउ समेत ता ।
तिनका गतिला मोटा देखिन्थे अति नै सफा ॥
देहका बीचको भाग थियो झलमल सुन्दर ।
हीरै-हीरा थुपारेको वेदी ठीक मनोहर ॥
पछिल्लो भाग पुट्ठाको रथ-कूबरझैं थियो ।
शोभिन्थे जसले गर्दा थप्छ सौन्दर्यझैं थियो ॥
थिए देवाङ्गना जस्ता सारा रूपमती अति ।
सुन होझैं पगालेको पहेंला चम्किला उति ॥
झिनो पेट हुने राम्रा रमणीहरु यी तर ।
शोकले दुःखले गर्दा थिए विह्वल आतुर ॥
थपिंदा त्यसमा त्रास निस्केको उष्ण-वायुले ।
बले जस्तो भयो राम ! त्यो विमान अयत्नले ॥
अग्निको स्थापना भित्र गरे जस्तै थियो तव ।
अग्निहोत्र-गृहै जस्तो देखिन्थ्यो यसरी अतः ॥
सिंहको वशमा पर्ने हरिणी ठीकका सब ।
देखिन्थे सब यी कन्या पर्दा रावणको वश ॥
आँखामा दीनता छिप्थ्यो थियो मुख निन्याउरो ।
अवस्था सबको राम ! थियो शोडष वर्षको ॥
कुनै शोचिरहेकाथे के त राक्षस यो अब ।
लगेर मासु खाला त यो मेरो देहको सब ? ॥
दुःखले भित्र पाकेर कुनै शोच्थे यसो तव ।
लगी मलाइ मार्ला के रजनीचर यो अब ? ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

बाबु-आमा तथा भाई-दाजुको पतिको तक ।
संझनाले भई दुःखी विलापै गर्दथे सब ॥
हरे! के गति होला हँ! त्यो मेरो पुत्रको अब ।
जो मेरो काखमा खेल्थ्यो त्यस्तो प्रिय थियो जब ॥
आमाको के दशा होला न हुँदा म वहाँ अब ।
भाइको हाल होला के ? भन्थे, पाक्थे सबै तब ॥
कुनै यसो पनी भन्थे प्राण भन्दा पनी प्रिय ।
मेरा पति उहाँबाट छुटें, के गरुँला अब ॥
मृत्युदेव ! खुशी होउ प्रार्थनै गर्छु हे म ता ।
खुश भै दुःखिनीलाई लगी हाल छिटै उता ॥
कस्तो कुकर्म हामीले अघिल्लो जन्ममा हरे ! ।
रहेछौं बा ! गरेका पो जसले कष्ट यी परे ! ॥
हामीमाथि परेको यो दुःख माशिनु, छुट्नु ता ।
अब गाहै छ पक्कै भो अहँ ! छुट्तैन दुःख ता ॥
मनुष्यलोकको जन्म हुनु नै धिक् छ ! कष्ट हो ।
यो भन्दा अधमै लोक हुनैसक्तैन क्वै अहो ! ॥
अत्यन्त बलवान् यल्ले ती हाम्रा निमुखा पति ।
सूर्यले ग्रह नाशेझैं नाशिए भै छिटो अति ॥
भएर बलवान् यस्तो के गर्नु तर राक्षस ।
सँधै मार्ने र काट्नेमा लाग्छ, आसक्त बन्दछ ॥
महान् पाप दुराचारपूर्ण यस्तो कुकर्ममा ।
हिंडेता पनि धिक्कार दिन्न आफूकनै यहाँ ॥
यो पराक्रम यो शक्ति यसैका योग्यको भयो ।
दुष्ट चित्त भएको छ जुन यो अतिक्रूर हो ! ॥
परन्तु पर-पत्नीमा जो बलात्कार गर्छ त्यो ।
यो चाँहि यसको निम्ति कहिल्यै छैन योग्यको ॥
गर्छ यो पर-पत्नीको साथमा रमणादि जो ।
अब होस् यसको मृत्यु स्त्रीकै कारण बाट पो ॥
राम राजेन्द्र ! रोएर कराएर यसो गरी ।
वहाँका ती सती-स्त्रीले भने श्राप दिए सरी ॥
अकस्मात् त्यस वेलामा माथि आकाशमा सुन ! ।
बजे बा ! देवका बाजा पुष्पवृष्टि भयो पुनः ॥
मिली सब सती-नारी यस्तो श्राप दिए पछि ।
देखियो मुख निस्तेज वीर्य शक्ति घट्यो पछि ॥

४३

४४

अब राक्षसको राजा रुवाइ र कराइ यो ।
सुन्दै लङ्कापुरी भित्र पस्यो खिन्न भई बडो ॥
रजनीचर थे जत्ति वहाँका सबले अब ।
गरे स्वागत-सत्कार आफ्नु मालिकको तब ॥
यसैवेला वहाँ राम ! रूप इच्छा भए सरी ।
धर्न सक्ने शूर्पणखा आई अघि परी, लडी ॥
देख्तै अत्यन्त डर्लाग्दी आफ्नी यो बहिनीकन ।
उठायो र गरी माया भन्यो रावणले सुन ! ॥
ए मेरी बहिनी भद्रे ! भन् तँ यस्ती भइस् किन ? ।
के कुरा भन्न चाहन्छेस् इच्छा छ मनमा कुन ? ॥
त्यसका दुइटै आँखा आँसुले लाल-लाल थे ।
दाजुले त्यसरी सोद्धा त्यो रुँदै अब भन्दछे ॥
ए दाजु ! बलिया छौ हो ! तिमीले यस हेतुले ।
मलाइ विधवा पार्‍यौ त्यसैको त घमण्डले ॥
तिमीले युद्धमा मार्‍यौ ठ्याक्क चौध हजार ती ।
कालकेय हुने नाम सारा दैत्य भए जति ॥
प्राण भन्दा पनी प्यारा मेरा लोग्ने पनी बुझ्यौ ! ।
तिनैमध्ये थिए यौटा तिमीले तर मार्दियौ ॥
मेरा पूज्य थिए लोग्ने महाबली उनैकन ।
जो मार्‍यौ त्यसले दाजु ! नराम्रै गर्दियौ सुन ! ॥
तिमीले के गरेको यो साक्षात् दाजु भईकन ।
गरेको शत्रुले गर्ने काम त्यस्तो वहाँ किन ? ॥
सहोदर तिमी मेरा दाजु हौ तर गर्नु के ।
आफ्नै जुवाँईलाई पो मार्दियौ शत्रु भै हरे ! ॥
तिमी हेतु बनी यस्ता तिमीले नै गरीकन ।
भोग्छु वैधव्यको दुःख लिएर विधवापन ॥
बाबु--ठीक थियौ मेरा मार्दियौ ज्वाँइलाइ ता ।
लाज छैन तिमीलाई तर दाजु ! अलीकता ॥
झपार्दै र रुँदै यस्तो भन्ने त्यो बहिनीकन ।
सान्त्वना दिइ सम्झाई अब भन्दछ रावण ॥
सुन् त जो हुनुथ्यो भैगो ! न रो शूर्पणखे ! अब ।
लौ डराँउनु पर्दैन म छँदैछु नि ! वास्तव ॥
दान मान सबै दिन्छु बुझिस् नानी ! तँलाइ म ।
भनेको मान्छु है बाबा ! राख्छु माया गरीकन ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

सुन् है म त्यस वेलामा थिएँ उन्मत्त लड्नमा ।
आँखै देख्तिनथें नानी ! ध्यान थ्यो लड्नमात्रमा ॥
कसरी म जितूँ भन्ने योटै लगन थ्यो तव ।
तस्मात् छोडि रहेकोथें लगातार म बाण त ॥
थिएन होस क्यै बाबा ! शत्रु यो, आफ्नु योंतक ।
मैले चिनिन है नानी ! ज्वाँई भन्ने पत्नी तव ॥
यसै कारणले गर्दा तेरा पति तथा प्रिय ।
मेरा ज्वाँइकनै मारें आफ्नु नै हातले अहो ! ॥
अब जो गर्नु पर्ने हो, गर्छु त्यो न चुकीकन ।
तेरो हित भलो हुन्छ कसरी ? शोच्छु यै पुनः ॥
लौ भैगो! अब सुन् नानी ! श्री सम्पत्ति हुने निकै ।
खर दाजु छ जो तेरो गै त्यसैसाथ बस् तँ है ! ॥
म दिन्छु राक्षसी सैन्य चौध हज्जार योग्यको ।
त्यसको पति त्यो होला महान् बल हुनेछ जो ॥

६७

६८

सारालाइ त्यही देला, खानु-लाँउनु राम्ररी ।
तँमा माया पनी गर्ला ठीक मैले गरे सरी ॥
त्यो हाम्रो सानि आमाको छोरो हो, योग्यको छ है ।
गर्ला तैंले भने जस्तो बुझिस् नानी ! भलो छ यै ॥
दण्डकारण्य जाँदैछ चाँडैनै वीर त्यो अब ।
सैन्यको पति बन्नेछ भाइ दूषण चाँहि त ॥
खर त्यो छ खरो नानी ! भनेझैं गर्छ खर्खर ।
रूप इच्छा सरी धर्ने राक्षसैको छ ईश्वर ॥
अब राम ! भनी यत्ति आफ्नी त्यो बहिनीकन ।
पठायो खरकै साथ दण्डकारण्यमा सुन ! ॥
लान आज्ञा दिई हाल्यो चौध हज्जार फूर्तिला ।
बलवान् राक्षसी-सेना, गए ती पत्ति भै छिटा ॥
दण्डकारण्यमा आई भै निर्भय अकण्टक ।
राज्य गर्न अनी लाग्यो बहिनी साथ ली खर ॥

७४

इति चौबीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचीसौं सर्ग

मेघनादको सफलता आदि र मधुसँग रावणको मित्रता इत्यादिको वर्णन

१

डलोंग्दो राक्षसी सेना यसरी खरलाइ त्यो ।
दिएर बहिनी साथ पठायो त्यसले अहो ! ॥
बहिनी पनि भै शान्त दाजु रावण त्यो पनि ।
निकै दुक्क भयो राम ! पऱ्यो मक्क त्यसै अनि ॥
सुन ! लङ्कापुरी भित्र हुने नाम निकुम्भिला ।
अति राम्रो बगैंचा थ्यो, थिए वस्तु रमाइला ॥
त्यसैभित्र पस्यो वीर बलवान् राक्षसेश्वर ।
भृत्य, सेवक थे धेरै त्यसको साथमा तव ॥
बलेको अग्निझैं तेजी शोभासम्पन्न वास्तव ।
त्यसले गै वहाँ देख्यो हुन्थ्यो यज्ञ जहाँ तव ॥
सयौंथर थिए मौला गाडिएका जतातता ।
देवायतन थे राम्रा चैत्याकार वहीं सफा ॥
जेठो पुत्रकनै देख्यो मेघनाद थियो वहीं ।
कमण्डलु शिखा सूत्र धरेको शोभिंदो त्यहीं ॥
मृगचर्म थियो कालो पैह्रेको देहमा तव ।
ध्वज धारण गर्नाले डलोंग्थ्यो, थ्यो भयानक ॥
पुगी पुत्र भएमा यो बीसोटै बाहुले अव ।
स्नेहले पुत्रलाई त्यो अगाँल्यो त्यसले सव ॥
वावु ! यो के गरेका हौ ? लौ मलाइ तिमी अव ।
एक एक गरी अैले भन सत्य कुरो सव ॥
मेघनाद भयो मौन हुँदा दीक्षित यज्ञमा ।
तर भन्नुभयो राम ! ती शुक्राचार्यले वहाँ ॥
वहाँ पाल्नु भएकोथ्यो यज्ञको पूर्णता तथा ।
सर-सामानको देख-रेख गर्न भनी तदा ॥
राजन् ! लौ सुन ! मै भन्छु भन्नु पर्ने कुरा सव ।
सात यज्ञ गरे तिम्रा छोराले अहिलेतक ॥

१३

१४

अग्निष्टोम अश्वमेध तथा बहुसुवर्णक ।
राजसूय र गोमेध महावैष्णव-नामक ॥
छओटा यज्ञ यी वावु ! पूर्ण पारे निरन्तर ।
माहेश्वर थियो सातौं यज्ञ चाँहि सुदुष्कर ॥
गरे बा ! त्यो पनी किन्तु वुझयौ ! सकिनुको अघि ।
महादेव सवारी भो वर बक्स्यों भने जति ॥
आफ्नु इच्छा सरी हिंड्ने, उड्ने, घुम्ने अकाशमा ।
रथ यौटा मिल्यो दिव्य तिम्रा छोराकनै यहाँ ॥
भेट्टाए तामसी माया यिनले यस भिन्न त्यो ।
सकिन्छ जसले पार्न अन्धकार, मजै भयो ॥
सुन राक्षसका राजा ! रणमा यसलाइ ता ।
प्रयोग गर्दिंदा खेरि था पाँउन्नन् कुनै तदा ॥
प्रयोग गर्छ को यस्तो अन्धकार विचित्रको ।
सुरासुर यसै भन्छन्, जिल्ल पर्छन् सवै अहो ! ॥
पाइए दुइटा ठोक्रा जसमा बाण पूर्ण छ ।
घट्तै-घट्तैन है कत्ति, जत्ति झिक्तछ, बढ्दछ ॥
गै रणस्थलमा लड्दा शत्रु नाश्न समर्थको ।
निकै नै अस्त्र-शस्त्रादि त्यसभिन्न मिल्यो अहो ! ॥
सकेर यसरी यज्ञ वर पाई अनेक यी ।
यिनका मनको धोको भयो पूर्ण भए जति ॥
हुन् आजैका कुरा सारा तिम्रो दर्शन गर्न यी ।
अव पर्खि रहेका हुन् बुझयौ ! राजन् ! यहीं बसी ॥
गुरुका मुखका यस्ता कुरा सव सुने पछि ।
भन्यो राक्षस-राजाले छोरो सँग कुरो यही ॥
लौ वित्यास पऱ्यो बाबै ! के गरिस् यो अनर्थ भो ।
देवताहरुको पूजा गरिस् जो व्यर्थमा अहो ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

इन्द्रादि-देव हुन् हाम्रा शत्रु नै उनलाइ नै ।
किन पूजा गरिस् यस्ता यज्ञका वस्तु दीकनै ?॥
लौ भैगो बावु ! जो भो सो बेसै भो ! छैन संशय ।
हिंड् जाँउ अब आ बाबै! घरभित्रै पसौं त ल! ॥
मेघनाद लियो साथ थिए भाइ विभीषण ।
गयो विमानमा चढ्दै घरभित्र पस्यो पुनः ॥
ओराल्यो हरि ल्याएका सब स्त्रीहरुलाइ ती ।
रुँदैथे अझ यी सारा आँसु झार्दै भई दुखी ॥
गुण-लक्षणले पूर्ण थिए यी देव-दानव ।
तथा राक्षसका सम्म घरका रत्न वास्तव ॥
दाजुको मन ढल्केको देखेथे यिनमा जव ।
थे विभीषण धर्मात्मा भन्दछन् त्यसमा तव ॥
दाजु ! के गरि बक्सेको प्रभुले यो अयोग्य भो ।
धन कीर्ति तथा वंश भुसुक्कै पार्छ कर्म यो ॥
निहुँ पारी यिनीलाई ती प्राणी पार्नु पीडित ।
साह्रै अयोग्य हो दाजु ! हो यही अतिनिन्दित ॥
जान्दा जान्दै पनी यस्तो सदाचार त्यजी हरे ! ।
यो स्वेच्छाचारमा व्यर्थै किन लाग्नु? छ श्रेय के ? ॥
बिचरी अबलाका यी बन्धु-बान्धवलाइ ती ।
मारी भुसुक्क पारेर ल्याइ बक्स्यो यहाँ हरी ॥
बहिनी प्रभुकी सानी-आमाकी त्यो सुताकन ।
जुन कुम्भीनसी नै हो मधु भोग्छ हरीकन ॥
टेर्दैन प्रभुलाई त्यो राक्षसेश्वर ! वास्तव ।
स्वयं गर्दछ जो जस्तो गर्छ अर्को त्यहीठीक ॥
ती विभीषण भाईका कुरा यस्ता सुने पछि ।
राक्षसेश्वर त्यो राम ! अब भन्छ यसो गरी ॥
तिमी के भन्दछौ बावु ! अँहँ ! संझिन क्यै कुरो ।
जल्लाइ मधु भन्दाछौ को हो ? त्यो भन स्पष्ट यो ॥
दाजु रावणले यत्ति भन्दामा ती विभीषण ।
निकै नै झोक्किई हाले भने पछि यसो पुनः ॥
सुनि बक्स्योस् महाराज ! प्रभुका पापको फल ।
हरिने बहिनी आफ्नै रूपमा फल्न गो अब ॥
मातामह-थिए हाम्रा सुमाली जुन ती प्रभो ! ।
उनैका दाजु हुन् जेठा माल्यवान् बुद्धिमान् बडो ॥

४३

४४

जेठा बावु भए हाम्री आमाका वृद्ध ती अनि ।
मातामह भए हाम्रा यसअर्थ उनी पनि ॥
उनैकी हुन् सुता सानीआमा लौ बुझ्नुहोस् कुरो ।
जसको नाम हो दाजु ! अनला यै छ ख्यातको ॥
कुम्भीनसी यिनैकी हुन् छोरी हुन् बहिनी जुन ।
हाम्री पनि छ यो नातो धर्म-सम्बन्धको पुनः ॥
यिनै कुम्भीनसी हाम्री बहिनीलाइ वास्तव ।
मधु राक्षसले आई बलवान् थ्यो लग्यो तव ॥
सुपुत्र प्रभुका जेठा मेघनाद यतातिर ।
त्यो वेला यज्ञ गर्नामा थिए व्यग्र र तत्पर ॥
उता म पनि पानीमा पसेरै गर्दथें तप ।
निद्रामै भइ बक्सिन्थ्यो कुम्भकर्ण पनी तव ॥
महान् बल भएकोथ्यो दुष्ट त्यो मधुराक्षस ।
यहाँ आइ लग्यो दाजु ! हरेर बहिनीतक ॥
थिए मन्त्रीहरू-मात्र त्यस-वेला यहाँ प्रभो ! ।
जो हामीहरुले राम्रै पत्याएका थिए अहो ! ॥
बलिया र निकै श्रेष्ठ उनीहरुकनै पनि ।
ठोक्दियो कत्तिलाई ता मार्दियो र लग्यो अनि ॥
त्यो ताक ती यहीं बस्थिन् खोपीमा भित्र राम्ररी ।
देख-रेख पुगेकैथ्यो पस्यो भित्र, लग्यो हरी ॥
सुन्यौं पछाडि हामीले यो कुरा राक्षसेश्वर ! ।
क्षमै गरि दियौं किन्तु गरेनौं मधुको वध ॥
विवाह-योग्यकी कन्या भए पछि छिटै गरी ।
कसैलाइ दिनै पर्थ्यो दाजुले पनि त्यो बुझी ॥
यै हाम्रो घरमा दाजु ! कन्याहरण जो भयो ।
प्रभुको पापको यस्तो फल्यो फल कुबुद्धि हो ॥
कुकर्म गर्छ जो जस्तो त्यो यहीं फल, भोग्दछ ।
यसमा राम्ररी ध्यान दिएमा मात्र श्रेय छ ॥
भाइका यी कुरा सुन्दा राक्षसेश्वर रावण ।
क्रोधले भो जले जस्तो आँखा राता भए पुनः ॥
तताएको हुने पानी सिन्धु-तुल्य भयो अनि ।
त्यो आफ्नै दुष्टता द्वारा झोक्किएर भन्यो पनि ॥
मेरो रथ छिटै जोत आवश्यक कुरा सब ।
ठिक्क हुन् त्यसमा भित्र, शूर-वीर जुट्नुन् अब ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

यो मेरो रणयात्रामा भाइ हुन् कुम्भकर्ण र ।
उनको साथमा आँउन् मुख्य मुख्य निशाचर ॥
नाना प्रकारका शस्त्र अस्त्र बोकेर ती सव ।
आफ्ना आफ्ना सवारीमा चढुन् आँउन् छिटै अब ॥
डर कत्ति म जस्ताको न मान्ने मधुलाइ त्यो ।
मारेर मित्र साथै ली जान्छु जित्न म स्वर्ग पो ॥
अब राक्षस-राजाको आज्ञा पाएर राघव ! ।
लड्न जोरी न पाएका कसिए सव राक्षस ॥
शूर-वीर थिए सारा जम्बा चार हजारको ।
निस्क्यों अक्षौहिणी सेना लङ्काबाट सशस्त्र पो ॥
लिएर सब यो सैन्य मेघनाद हिंड्यो अघि ।
डट्यो रावण बीचैमा कुम्भकर्ण बस्यो पछि ॥
पुरीमा नै बसे राम ! धर्मात्मा थे विभीषण ।
गर्न लागे उनी तस्मात् धर्मकर्म अनेकन ॥
यस्तै सौभाग्य पाएका यी निशाचरका गण ।
जम्जमाइ हिंडी हाले मधुको पुरमा सुन ! ॥
शिशुमार गधा ऊँट घोडा नागादिमा चढी ।
थिए जो गतिला ठूला तेजिला यी गए बढी ।
त्यसरी देवतामाथि बढेर हमला गरी ।
देख्ता रावणलाई त्यो जान लाग्ने बढी-बढी ।
रिस गर्ने थिए जो जो दैत्य-दानव देवता ।
ती सबै त्यसको साथै गए पछि-पछी वहाँ ॥
पुगी मधुपुरीबीच खोज्दामा मधुलाइ ता ।
भेटेन त्यसले राम ! थिईं कुम्भीनसी तदा ॥
डराई बहिनी काँपी हात जोडी भनी यसो ।
दाजु ! अनि लडी हाली त्यसका पाउबीच पो ॥
अनि राक्षसमा श्रेष्ठ त्यस रावणले भन्यो ।
लौ भैगो । न डरा नानी ! म गरूँ प्रिय के कुरो ? ॥
दाजुका यी कुरा सुन्दा बहिनी भन्दछे पुनः ।
अर्कामा दाजु बक्सिन्छ सर्वथा मान उत्तम ॥
हजूर खुश भै बक्से मेरा पति उहाँकन ।
यहाँ न मार्दिई बक्स्योस् गर्दि बक्स्योस्न रक्षण ॥
कुलस्त्रीहरुको निम्ति भय वैधव्य भिन्न यो ।
छैन ठूलो कुनै अर्को दिने कष्ट, न पाउँ त्यो ॥

७७

७८

सत्य बोल्ने भई बक्स्योस् राक्षसेन्द्र ! प्रतिक्षण ।
हेरी बक्स्योस् म गर्दीछु पति-जीवन-याचन ॥
न डरा ! भनी बक्सेथ्यो आश्वासन हजूरले ।
आफ्नु वाक्य त्यहीं सत्य बनाई बक्सिइन्न के? ॥
बहिनीका कुरा यस्ता सुन्दा रावण दङ्ग भो ।
त्यो त्यहीं उभिएकी थी, पछि बाट यसो भन्यो ॥
भैगो लौ! अब भन् नानी! कहाँ छन् पति खोइ त? ।
ले बुझा ! जान्छु ली साथ देवलोकै म जित्छु त ॥
हुनाले मित्र सौहार्द तेरो माया हुँदा निकै ।
मधुको बध द्वारा स लौ हटें, बुझ् कुरो सबै ॥
दाजु रावणले त्यत्ति भन्दामा रघुनन्दन ! ।
निकै दङ्ग भए जस्ती भई कुम्भीनसी सुन ! ॥
आफ्नो पति सुतेको थ्यो जहाँ मधु गई वहाँ ।
यसरी भन्न लागी त्यो उठाईकन अन्तमा ॥
उठ्नुहोस् राक्षसश्रेष्ठ ! मेरा दाजु महाबली ।
दशग्रीव सवारी भो ममा स्नेह गरी अति ॥
पाल्नु हुन्छ वहाँ आजै स्वर्गका देवताकन !
जित्नको निम्तिमा नाथ ! देवलोकतिरै पुनः ॥
यो काम गर्नको लागि तपाँईंको सहायता ।
खोज्नुहुन्छ उहाँ तस्मात् लौ पाल्नोस् बन्धु ली त्यता ॥
स्नेह-सम्बन्धको गाँठो हुँदा मसँग वास्तव ।
ज्वाँई मानी तपाँईंमा गर्नु भो स्नेह यो दृढ ॥
यसर्थ पनि लौ नाथ ! छिटै अब तपाँइले ।
काम यो सिद्ध पार्नामा सहायै गर्नु पर्छ ए ! ॥
पत्नीका यी कुरा सुन्दा मधु-राक्षसले पनि ।
दिन मद्दत स्वीकार गर्‍यो गर्छु त्यसै भनी ॥
उठ्यो अनि नजिकै गो त्यो न्यायोचित-ढङ्गले ।
गर्‍यो आदर-सन्मान राक्षसेश्वरलाइ ए ! ॥
मधुको घरमा राम ! पाई सत्कार-आदर ।
भर रात मजासाथ बस्यो त्यो रजनीचर ॥
भोलि पल्ट उज्यालैमा उठ्यो अनि पराक्रमी ।
त्यो रावण हिंडी हाल्यो देवलोक जितौं भनी ॥
इन्द्र जस्तै हुने वीर्य त्यो निशाचर रावण ।
पुग्यो कैलाशमा राम ! साँझ-साँझ हुँदा पुनः ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

विश्रवा–मुनिका छोरा धनाध्यक्ष कुबेर ती ।
यहीं बस्थे, त्यहीं त्यल्ले सैन्य राख्यो बस्यो पछि ॥
६५

इति पच्चीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छब्बीसौं सर्ग

रावणले रम्भामाथि बलात्कार गर्नु र नलकूवरले श्राप दिनु

१

झमक्क साँझ पर्दामा सूर्य अस्ताउँदा तब ।
वेस मान्यो त्यहीं वस्नु त्यस राक्षसले अब ॥
आफ्ना सैन्यहरूलाई राम्रोसँग जतातता ।
राख्यो बा! छाउनी हाली कैलास-गिरिमा तदा ॥
अब यस्तै अवस्थामा उदाए चन्द्रदेवता ।
कैलास-गिरिकै जस्तो दिव्य कान्ति छरी सफा ॥
नाना शस्त्रास्त्र बोकेको सेना पनि विशाल त्यो ।
मस्त भो गाढ निद्रामा, लागेको थ्यो थकाइ जो ॥
महान् वीर्य हुने धीर त्यो रावण भने तर ।
त्यसै बसि रहेकोथ्यो गिरिको टाकुरातिर ॥
त्यतैबाट उ हेर्दैथ्यो जूनका जूनले गरी ।
झल्केका अति टल्केका दिव्य वस्तु थरी-थरी ॥
वहाँ धपक्क बल्छन्भैं वन थे कर्णिकारका ।
थिए शोभित वृक्षादि कदम्ब-बकुलादिका ॥
मन्दाकिनी त्यहीं बग्थिन् तिनका जलपूरित ।
थिए पुष्करिणी नाना पद्म--उत्पल शोभित ॥
चाँपो अशोक पुन्नाग आँप मन्दार पाटल ।
नारिकेल र तगर लोध अर्जुन केतक ॥
तथा प्रियाल पनस आदि यी वृक्षले पनि ।
थियो कैलासको डाँडो बले जस्तै त्यसै पनि ॥
यहीं किन्नरका जोडी क्रीडा गर्थे निरन्तर ।
नाना विहारका साथ भै कामार्त परस्पर ॥
गलाबाट झिकी मीठो स्वर किन्नर-किन्नरी ।
यहीं गाइ रहेकाथे प्रेम-गीत थरीथरी ॥
धनक्क धन्किएकोथ्यो कैलास यसले पनि ।
जो सुन्थ्यो गीत यो राम ! मक्ख हुन्थ्यो त्यसै पनि ॥

१३

१४

विद्याधरहरू चुम्थे लिइ विद्याधरी प्रिया ।
रक्सी पिएर भै मस्त टल्किन्थे नेत्र लाल वा! ॥
गर्थे विहारका क्रीडा मदमत्त भई अतः ।
हर्षमग्न थिए ज्यादै त्यसवेला उनी स्वतः ॥
त्यो भव्य-गृहमा साक्षात् धनाध्यक्ष कुवेरको ।
अप्सरागण थे नाना गाँउथे गीत दिव्य जो ॥
मनोहर सुरीलो यो उनको गीत वास्तव ।
थियो घण्टा बजे जस्तै अतिसुन्दर राघव ! ॥
वसन्त-ऋतुका नाना पुष्पका गन्धले पनि ।
मोहिए ठीक भै हावा बहन्थ्यो त्यसमा पनि ।
झर्दथे यसले गर्दा तिनका फूल ती सब ।
छोपिन्थ्यो यसले डाँडो भएर अति मग्मग ॥
त्यो हवा पुष्पको मीठो रस एवं परागले ।
स्वयं मस्त थियो झुल्थ्यो, थियो सर्वत्र व्याप्त ए ! ॥
यसले अब श्रीराम ! ज्यादै सुख दिने भई ।
हन्यो रावणको चित्त जगाई काम भर्दिई ॥
सुरीलो लयको मिठो सुन्दा मोहक गीत त्यो ।
समृद्धि पुष्पको त्यस्तो देख्ता नाना प्रकारको ॥
यस्तो शीतल हावाको दिव्य मोहक स्पर्शले ।
कैलास गिरिको त्यस्तो सौन्दर्य र गुणादिले ॥
हुनाले साँझको वेला त्यसमा चन्द्रदेवको ।
थपिंदा जूनको ज्योति अब रावण मक्ख भो ॥
कामको वेग बढ्दै गो सतायो भित्र भै अति ।
कामवर्धक यी वस्तु देख्ता, भोग्दा भए जति ॥
महान् शक्ति भएकै हो तर त्यो यिनले गरी ।
त्यसै दुन्मुनियो राम ! कामको वशमा परी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

भित्र कामाग्नि बढ्दामा लामो सास खिंची-खिंची ।
चन्द्रमातिर त्यो लाग्यो हेर्न टोलाँउदै बसी ॥
अब ठीक यसैवेला त्यही बाटो गरीकन ।
स्वर्गकी अप्सरा रम्भा ठ्याक्क आइ पुगी सुन ! ॥
अप्सरा अरुमा श्रेष्ठ थिईं यै दिव्य सुन्दरी ।
मुख राम्रो थियो उघ्रादै पूर्णिमा-चन्द्र हो सरि ॥
स्वर्गीय कपडा खुल्थे भइ शोभित देहमा ।
अति उज्ज्वल भै झुल्थे गहना अङ्ग-अङ्गमा ॥
दिव्य चन्दन लेपेकी थिइ बा ! त्यसले यता ।
जूरोभर घुसारेकी थिइ मन्दार-पुष्प ता ॥
ठाँटिएकी थिईं साह्रै दिव्य-पुष्पादिले यिनै ।
गै रहेकी थिईं राम ! प्रिय-उत्सवमा कुनै ॥
मणि-रत्नादि शोभिन्थे मणि-रत्नादिका उता ।
जघनस्थल थ्यो मोटो चित्ताकर्षक-सर्वथा ॥
मनोहर थिए आँखा जो देख्थ्यो मक्क पर्दथ्यो ।
रतिको उपहारै हो भनेझैं सब यो थियो ॥
थिईं कोठी बनाएकी त्यसले अङ्ग-अङ्गमा ।
हरिचन्दन इत्यादि वस्तुले भव्यरूपमा ॥
त्यो छवै ऋतुमा फुल्ने ताजा सुन्दर पुष्पका ।
मालाले सजिएकीथी भै जगमग तथा सफा ॥
यो अलौकिक-शोभाले द्युतिले कान्ति-कीर्तिले ।
साक्षात् लक्ष्मी सरी राम ! देखिन्थी त्यो स्वरूपले ॥
भर्खरै जल बोकेको मेघकै वर्ण ठीकको ।
ढल्काएकी थिईं सारी अतिनीलो विचित्रको ॥
पूर्णचन्द्र सरी राम्रो मुख उज्ज्वल थ्यो यता ।
दुइटै धनु हुन् जस्ता शोभिन्थे आँखिभौं तदा ॥
माथिदेखि तलैसम्म सिलेका ठ्याप्प सुन्दर ।
सुकोमल थिए तिम्रा हुन् जस्तै गजका कर ॥
त्यसका दुइटै बाहु साह्रै सुन्दर कोमल ।
भएर शोभिएकाथे हुन् जस्तै वृक्ष - पल्लव ॥
थिए रावणका सेना जहाँ, बाटो त्यही गरी ।
गै रहेकी थिईं रम्भा, आँखामा त्यसको परी ॥
अब त्यस्तो अवस्थामा देख्ता त्यल्लाइ रावण ।
कामको बाण लाग्दामा भै हाल्यो वश तत्क्षण ॥

४३

४४

पुगेर अघि रम्भाको समात्यो ठ्याप्प हातमा ।
रम्भाले लाज मानी बा ! खिस्स हाँस्तै भन्यो वहाँ ॥
भन लौ ए वरारोहे ! अहा ! तिमी हिड्यौं कता ? ।
के सिद्ध गर्न चाहन्छयौ, धोको मेट्न हिड्यौं कता ? ॥
उदायो कसको भाग्य त्यो हो सुन्दरि ! को भन ? ।
जल्ले यस्ती तिमीलाई भोग गर्दछ लौ भन ? ॥
पद्म-उत्पलकै ठीक बास्ना फ्याँक्ने मनोहर ।
यो मुखामृतको तिम्रो रस चुस्तछ को नर ? ॥
म त संझन्छु यस्तो कि यो त अमृतको पनि ।
अमृतै हो वरारोहे ! को हुन्छ यसको धनी ? ॥
परितृप्त हुने होला कुन त्यो अब यो चुसी ? ।
कुन हो सिद्ध त्यो व्यक्ति मसा भन तिमी यति ॥
कति राम्रा रहेछन् यी तिम्रा स्तन दुवै अहा ! ।
छन् स्वर्ण-कलशै जस्ता मिल्दा मोटा निकै सफा ॥
मिल्लान् हृदयमा ठ्याप्पै कसको भीरु ! यी अब ।
कसले पाउला स्पर्श यिनको धन्य भै तब ॥
जघनस्थल यो तिम्रो कति राम्रो छ ए प्रिये ! ।
सुवर्णचक्र हो जस्तो शोभिंदो भै विशाल ए ! ॥
मणि-रत्न जडेको त्यो सुनको मेखला पनि ।
भर्दोछ त्यसमा शोभा मन हर्ने बनी-बनी ॥
मूर्तिमान् स्वर्ग जस्तो यो जघनस्थलमा अब ।
मजाले आज को चढ्ला भन सत्य कुरा सब ॥ ॥
सुन ! संसारमा आज म भन्दा योग्य वा वर ।
व्यक्ति नै छैन ए भीरु ! मै छु सर्व्वोच्च सुन्दर ॥
उपेन्द्र, इन्द्र क्वै छैनन् छैनन् लायक अश्विनी ।
के कुरा अरु जावाको ? मै छु ठूलो महान् गुणी ॥
यस्तो मलाइ छोडेर नटेरेर यता कता ।
जाँदी छयौ भन ए बाबा ! न मजा भो अलीकता ॥
मोटो फिला हुने भीरु ! बस ! ढुङ्गा सफा छ यो ।
आराम गर सुस्ताउ, विचार गर भन्छु जो ॥
सुन यो तीनलोकैमा अब मालिक नै छ को ।
म योटै छु सबै बाबा ! छैन अर्को म भिन्नको ॥
बुझ्यौ ! धाता विधाता म स्वामी त्रैलोक्यको अब ।
तिम्रो अघि झुकेको छु स्वीकार गर वास्तव ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

बिन्यौ ? मलाइ को हूँ म ? हूँ दशग्रीव रावण ।
भै नम्र हात जोड्दोछु, याचना गर्छु लौ सुन ! ॥
भन्दा रावणले यत्ति रम्भा थरर भै बरा ! ।
हात जोडी भनी राम ! यसरी त्यसमा तदा ॥
लौ प्रभो! खुश भैबक्स्योस्! गरी बक्स्योस् ममा दया ।
यस्तो न भनि बक्स्योस् भो ! मेरा बाबु सरी हुँदा ॥
अरु क्वै व्यक्तिले सम्म गर्न लागे भने यसो ।
प्रभुले रोक्नु पर्थ्यो, झन् उल्टो के गरि बक्सियो? ॥
राक्षसेश्वर ! तस्मात् म सत्य भन्दी छु यो कुरो ।
प्रभुकी म बुहारी हूँ, धर्म साक्षी छ है प्रभो ! ॥
बोल्ने मुन्टो गरी रम्भा दृष्टि दिन्थी स्वपाउमा ।
देख्ता रावणलाई जो काँप्थी, सातो गई वहाँ ॥
सिरिङ्ग जिउ भै सारा थिई थरर राम ! त्यो ।
अब यस्तै अवस्थामा फेरि रावणले भन्यो ॥
सुन ! रम्भा ! तिमी मेरा छोराकी स्त्री भए यदि ।
हुन्छयौ मेरी बुहारी हो ! नत्र हुन्नौ कसै गरी ॥
भन्दा रावणले यत्ति त्यो रम्भा भन्दछे यसो ।
बडो बेस ! त्यसै गर्छु, सिद्ध पार्छु म त्यो कुरो ॥
धर्मको आड ली बोल्नें हो भने सत्य भन्छु यी ।
प्रभुका पुत्रकी पत्नी बुहारी हूँ हजूरकी ॥
प्रभुका दाजु हुन् जेठा धनाध्यक्ष कुवेर ती ।
उनैका पुत्र हुन् मेरा प्रिय प्राण सरी पति ॥
नलकूवर हो नाम उहाँको तीन लोकमा ।
छ प्रसिद्धि, निकै राम्रो चिन्छन् सब जहाँ-तहाँ ॥
धर्मको दृष्टिले हेर्दा भै बक्सिन्छ वहाँ द्विज ।
वीर्यको दृष्टिले हेरे उहाँमा क्षत्रियत्व छ ॥
राक्षसेन्द्र! सुनी बक्स्योस् ! क्रोधमा अग्नि ठीक र ।
क्षमामा पृथिवी ठीक भै बक्सिन्छ वहाँ स्थिर ॥
आज मैले उहाँ साथ पक्कै भेट्छु भनीकन ।
इशारा गर्दिएकीथें, जान्छु भेट्न उहाँकन ॥
यो शृंगार गरेकी हूँ पारी नक्कल-झक्कल ।
राक्षसेश्वर ! जाँदी छु यसैले म उतै अब ॥
उहाँको छ ममा जस्तो दृढ प्रेम त्यही सरि ।
मेरो पनि उहाँमा छ अरूमा हुन्न क्यै गरी ॥

७७

७८

शत्रुनाशक ए राजन् ! यो सत्यत्व गमी बुझी ।
मलाई छोड्दिबक्स्योस् लौ ! भलो हुन्छ गरे यही ॥
भइ बक्सिन्छ धर्मात्मा मेरा प्रिय उहाँ निकै ।
छ पर्खि रहिबक्सेको आइपुग्छे भनी छिटै ॥
सेवा गर्न म जाँदीछु उहाँको काम-काजमा ।
अब विघ्न न भै बक्स्योस् यसरी बीच मार्गमा ॥
राक्षसेश्वर! लौ तस्मात् छोड्दिबक्स्योस् मलाइ ता ।
धर्ममा टिकिबक्स्योस् लौ,पाल्छन् सज्जन जो सदा ॥
गुरु मान्य पनी मेरा भै बक्सिन्छ हजूर ता ।
मलाई रक्षिनै पर्छ तसर्थ प्रभुले सदा ॥
राम बाबु ! कुरा यस्ता रम्भाका मुखका सुनी ।
भन्यो राक्षस-राजाले निकै नम्र बनी अनि ॥
ए रम्भा ! जो भन्यौ मेरी बुहारी हूँ भनी यहाँ ।
त्यो कुरा ठीक लागेन, हुनै सक्तैन त्यो यहाँ ॥
यौटै पुरुषकी पत्नी भै बस्ने रमणीकन ।
यो कुरा हुन्छ, हो ठीक मान्नु पर्छ, छ उत्तम ॥
यहाँको स्थिति अर्कै छ देवलोकै न हो, सुन ! ।
अप्सराहरुको लोग्ने स्थायी हुन्छ र पो कुन ? ॥
यहाँ नियम यस्तै छ निकै नै अघि देखिको ।
बुझयौ ! पत्नी लिई यौटी यहाँ टिक्छ र देव को? ॥
राक्षसेश्वरले राम ! रम्भासंग भनी यति ।
जबर्जस्ती बसाल्यो त्यै शिलातलमा पछि ॥
जागेको वासना मेटी, गरी संभोग अन्तमा ।
छोड्दियो त्यसले ओहो ! अप्सरालाइ त्यो वहाँ ॥
टाँटबाट र शृङ्गार अघिको सब त्यो उड्यो ।
भताभुतुङ्ग भो सारा पुष्पहार त्यसै चुँड्यो ॥
गजेन्द्र गै हुँडोल्दामा नदीको हुन्छ जो दशा ।
व्याकुलै भइ, भो राम ! रम्भाको पनि त्यै दशा ॥
जुरो-सुरो सबै फुस्क्यो केश झाँक्रो भयो अब ।
काँपे बा ! थर्र भै त्यस्ता त्यसका कर-पल्लव ॥
अब त्यो देखिई राम ! फूलले शोभिंदी अघि ।
वायुले वेगले आफ्नो लतारेकी लता सरि ॥
लाजले भयले काँप्तै रम्भा गै नलकूवर ।
भएमा, पाउमा पस्त्री हांत जोडी दुवै तब ॥

९४

CC-0. In Public Domain. Digitization by eGangotri

९५
अब त्यस्तो अवस्थाकी देख्तामा त्यसलाइ ता ।
भने महात्मना त्यस्ता नलकूवरले तदा ॥
भन के चाल हो यस्तो भद्रे! त्यस्तो गर्‍यौ किन ? ।
पर्दछ्यौ पाउमा मेरो यसरी खिन्न भै किन ? ॥
अझै काँपि रहेकी थी त्यो रम्भा भइ थर्थर ।
सास फेर्थी निकै लामो, ठिङ्ग भै जोड्दथी कर ॥
अघि राक्षस-राजाले दुर्दशा जो गरी दियो ।
एक एक गरी सारा भन्न लागी भनी यसो ॥
स्वर्गमा हमला गर्न देव! त्यो दशटाउके ।
रहेछ सैन्य ली आफ्नो आएको पो घमण्डले ॥
त्यसले आजको रात बिताएछ यहीं प्रभो ! ।
शत्रुनाशक हे देव! भयो अनि अनर्थ पो ॥
यहाँ प्रभु भए ठाम आँउदैथें म वास्तव ।
त्यस राक्षसले देख्यो मलाई मार्गमा तव ॥
टप्प हात समातेर अनि सोध्यो मसा यसो ।
भन लौ कसकी स्त्री हौ ? भनी कोटयाँउदै प्रभो ! ॥
गर्न सक्थें म जावी के ? भनें भन्नु पर्‍यो अनि ।
एक-एक गरी स्वामिन्! गुप्त सत्य कुरा पनि ॥
मलाइ भत्राट्ट देख्तामा त्यसमा कामले बढी ।
निकै असह्य पार्दैथ्यो मोहितै थ्यो घडी-घडी ॥
तस्मात् मेरा कुरा त्यस्ता केही सुन्दै-सुनेन र ।
गर्न सम्म गर्‍यो स्वामिन्! अनर्थ भइ दुर्धर ॥
प्रभुका पुत्रकी पत्नी हूँ प्रभो! म भनी-भनी ।
त्यससाथ म गर्दैथें रोएरै प्रार्थना पनि ॥
सुनेन त्यसले कत्ति छोड्दि बक्स्योस् भने पनि ।
अत्याचार गर्‍यो तस्मात् जवर्जस्ती गरी अनि ॥
राम्रो व्रत हुने देव! त्यो वेला विवशै हुँदा ।
अपराध म द्वारा भो, क्षमा बक्स्योस् गरी दया ॥
म जावी अवला नै हूँ स्वामिन्! पुरुषको अघि ।
स्त्रीको के लाग्छ, के खूबी? अड्न सक्छन् कसो गरी? ॥
रम्भाका मुखका यस्ता कुरा सब सुने पछि ।
राजन्! कुबेरका छोरा उनी ता झोक्किए अति ॥
११०

१११
अत्याचार जवर्जस्ती रम्भामाथि गर्‍यो सुन ।
सारा सुनेर संझेर यसो ध्यान गरे, सुन! ॥
भो छिनैभरमा सारा छर्लङ्ग उनमा तव ।
नलकूवरका आँखा भए राता लिए जल ॥
मुख-हात पुछे राम ! पहिले उनले तव ।
अचाए जल त्यो फेरि शुद्ध भै विधिपूर्वक ॥
अनि राक्षसको राजा दुष्ट रावणलाइ त्यो ।
डर्लाग्दो श्राप दी हाले भई क्रुद्ध भनी यसो ॥
तिम्रो इच्छा न भै भद्रे! त्यस राक्षसराजले ।
तिमीमाथि जवर्जस्ती जो गर्‍यो कामवेगले ॥
सम्भोग गर्न सक्तैन आजदेखि तसर्थ त्यो ।
तिमी जस्ती कुनै स्त्रीको, चाहन्न त्यसलाइ जो ॥
कामार्त भै कुनै स्त्रीको विना इच्छा गरी वल ।
भोग्छ ता त्यसको होला सात टुक्रा तदा शिर ॥
बलेको अग्निले जस्तो पार्न सक्ने मुलुक यो ।
श्रापको वाक्य निक्ल्यो वा! नलकूवर-वक्त्रको ॥
पुष्पवृष्टि भई हाल्यो तुरुन्तै अनि ता वहाँ ।
बजे दुन्दुभि द्यौताका भो उत्सव अकाशमा ॥
बडो गजव भै हाल्यो ब्रह्मा देखि लिईकन ।
देवसम्म पनी सारा भए दङ्ग मनै-मन ॥
सारा लोक रुवाएको त्यसको चाल-मालले ।
देख्तामा अनि सुन्दामा जो कडा श्राप त्यो दिए ॥
अब भूल परी चुक्ता पनि मर्दछ त्यो भनी ।
ऋषि-पितृ पनी सारा भए दङ्ग त्यसै अनि ॥
यो श्राप पछि श्रीराम ! सुन्यो रावणले पनि ।
सिरिङ्ग जिउ भै हाल्यो डरले त्यसको पनि ॥
त्यै वेला देखि दोहोलो भयो रावण वास्तव ।
संभोग गर्न नारीको विना इच्छा रघूद्वह! ॥
नलकूवरले श्राप जो दिए यो सुने पछि ।
धेरैको मन भो दङ्ग भित्र प्यारो हुँदा अति ॥
त्यसले जति सन्नारी कुमारी वा पतिव्रता ।
वहाँ हरि लगेकोथ्यो भए तुष्ट सुनी कुरा ॥
१२६

इति छब्बीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्ताइसौं सर्ग

राक्षसराजले देवलोक आक्रमण गर्नु र सुमालीको मृत्यु हुनु

१

अब कैलास नाघेर सवारी-सैन्य साथ ली ।
गयो राक्षसको राजा देवलोकतिरै बढी ॥
महान् तेज भएकैथ्यो शोभिन्थे टाउका दश ।
यता भइ सकेका थे सम्पूर्ण त्यसका वश ॥
सजीलै उक्लियो माथि के मान्थ्यो अनि? राघव ! ।
त्यो सेना पनि बढ्दै गो घेर्दै हेर्दै सबै तब ॥
कोलाहल उठ्यो ठूलो देवताले सुने सब ।
महासागर कुर्लेझैं मथेझैं शब्द पो अब ॥
था पाए इन्द्रले राम ! पछि राक्षसराज ता ।
त्यहीं आइ पुग्यो भन्ने, छोडे आसन चत्राट्ट बा ! ॥
मुख ताक्न वहाँ जम्बा भएका देवताकन ।
यसरी भन्न लागे ती अनि ता रघुनन्दन ! ॥
सुन ए देव हो ! रुद्र आदित्य वसु साध्य र ।
मरुद्गण सँगै सारा हिंड, लड्न अघी सर ॥
त्यो रावण दुरात्मा हो त्यस साथ भई स्थिर ।
लड्नै पर्दछ लौ आफ्नो प्रबन्ध बलियो गर ॥
सुन्दा यो इन्द्रको आज्ञा इन्द्रझैं शक्ति-वीर्यका ।
देवता पनि सम्पूर्ण तम्सिए लड्न निम्ति बा ! ॥
म-आफ्नो वर्म पैह्रे र शस्त्रास्त्र लिइ साथमा ।
भै उत्सुक लिई श्रद्धा लड्न ठीक भए वहाँ ॥
यता इन्द्र यसै वेला परी रावणको डर ।
गए विष्णु भए ठाम काँपेर भइ थर्थर ॥
वहाँसँग गरे विन्ती विष्णुदेव प्रभो ! अब ।
म त्यो रावणको साथ के गरूं ? जो छ दुर्जय ॥
अत्यन्त बलशाली छ भगवन् ! त्यो निशाचर ।
लड्न आइ पुगी हाल्यो स्वर्गमा भइ दुर्धर ॥

१३

१४

यसरी बलवान् भो त्यो छैन क्यै अरु कारण ।
बक्सियो वर ब्रह्माले मागेझैं त्यसले जुन ॥
पद्मयोनि उहाँले नै बक्सेको वरलाइ त्यो ।
सत्य पार्नु पनी हाम्रो मुख्य-कर्तव्य भो प्रभो ! ॥
यसर्थ जसरी पैले प्रभुका बलको भर ।
पाएर अघिका शत्रु मार्सेथें भइ निर्डर ॥
बलि शम्बर नमुचि तथा नरक वृत्र यी ।
मारेथे युद्धमा भैले अत्यन्त बलवान् भई ॥
अहिले पनि त्यै ठीक दुरात्मा यसको पनि ।
अन्त होस् सजिलै स्वामिन् ! होस् उपाय कुनै यहीं ॥
देवताका पनी देव भइ बक्सिन्छ नाथ ता ।
पहिले मारि बक्सेथ्यो मधु-कैटभ सम्म ता ॥
चराचर-जगत्मा यो प्रभु बाहेक क्यैजन ।
छँदैछैन जगत्लाई लेओस् शरणमा जुन ॥
मुख्य आश्रय आधार भइ बक्सिन्छ नाथ जो ।
सारा ब्रह्माण्ड निस्केथ्यो जसको नाभिबाट यो ॥
हजूरै भइ बक्सिन्छ नारायण सनातन ।
त्रैलोक्य गरि बक्सेथ्यो प्रभुले अघि स्थापन ॥
प्रबन्ध त्यसकै गर्दा मलाइ पनि नाथले ।
बनाई बक्सिएको हो सुरराज जगत्पते ! ॥
चराचर जगत्सारा त्रैलोक्यमय जो छ यो ।
प्रभुले सिर्जिएको हो प्रभुमै मिल्छ फेरि जो ॥
देवदेव ! प्रभो ! तस्मात् अब जो गर्नु पर्दछ ।
गर्दिबक्स्योस् कुनै त्यस्तो उपाय पनि होस् स्वतः ॥
जसबाट हओस् मेरो यहाँ विजय शीघ्र नै ।
त्यो सत्यतत्त्व लौ स्वामिन् ! सुनौं दङ्ग हओस् मनै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
अथवा भगवन्! आफैं दुष्ट रावण साथ त्यो।
युद्धमा लडि बक्सिन्छ खड्ग चक्र लिई? प्रभो!॥
इन्द्रले यसरी भन्दा आदि देवेश माधव।
परात्मा प्रभुले राम! आज्ञा भो यसरी तब॥
देवराज! तिमी कत्ति नडराउ अझै अड।
यसरी काँप्नु पर्दैन सुन मेरा कुरा सब॥
मुख्य गाँठो छ यो बाबै! दुष्ट रावणलाइ यो।
सारा देव मिली लड्दा पनि गाह्रै छ जित्न जो॥
यसमा हेतु भो मुख्य यही नै ब्रह्मदेवको।
जो पायो त्यसले त्यस्तो महान वर अवध्यको॥
साथ छोरा र सेनाको आएको त्यो महाबली।
राक्षसेश्वर देवेन्द्र? वीर्य पोख्छ लडी-लडी॥
भविष्य सब जान्दोछु छर्लङ्गै देख्छु मै अघि।
छ स्वाभाविक सद्ज्ञान दिव्य-दृष्टि ममा यही॥
सुरेश्वर! तिमीलाई भन्छु अर्को कुरा सुन!।
आफैं गै त्यसको साथ लडि बक्स्योस् भन्यौ जुन॥
भनाई त्यसमा मेरो छ यस्तो लड्न जान्न म।
गएमा विष्णु फर्कन्न न मारी शत्रु लौ सुन!॥
वरदान हुँदा त्यस्तो सुरक्षित छ रावण।
गए पनि कसो होला के होला युद्धमा पुनः?॥
तिम्रो अघि प्रतिज्ञा नै गरि भन्दछु किन्तु म।
वेलामा मार्न त्यल्लाई मुख्य-कारण हुन्छु म॥
सैन्य-बान्धवको साथ दुष्ट राक्षसलाइ त्यो।
मारुँला पछि मै इन्द्र! कुरो हो मुख्य तथ्य यो॥
वेला-बखत आएमा यो कुरा गरुँला अनि।
पाउँलान् देवता लोक सुख, आनन्द जे पनि॥
भन्नें मैले तिमीलाई सब तत्त्व यथार्थ यो।
लड देव लिई जाऊ, डर कत्ति न मान भो॥
शुभाज्ञा विष्णुको पाई विदा भइ सुरेश्वर।
लड्न ठिक्क परी हाले कसिए भइ दुर्धर॥
मरुद्गण तथा रुद्र वसु आदित्य अश्विनी।
जम्जमाए सबै देव लौ जाऔं र लडौं भनी॥
निक्ले स्वर्ग-पुरीबाट जुध्न राक्षस साथ ती।
पैह्री कवच इत्यादि अनेकौं शस्त्र-अस्त्र ली॥
४२

४५
यत्तिकैमा उज्यालो भो अब रावण-सैन्यमा।
खैला-वैला पर्‍यो ठूलो कसिंदा लड्न निम्तिमा॥
सिंहनाद गरी गर्जे ती सबै क्रूर राक्षस।
महान् वीर्य भएकैथे उठे संझे कुरो जब॥
हर्ष-उत्साहले ठूलो बढे बा! रणभूमिमा।
हेर्थे सब अ-आफैंमा भइ मक्क महत्त्वमा॥
देख्ता राक्षसको सैन्य डर्लाग्दो जो विशाल थ्यो।
देवको सैन्यमा राम! खैला-वैला निकै वढ्यो॥
देव-राक्षसको सेना जुधनसम्म जुध्यो अब।
देख्तैमा अति डर्लाग्दो भै हाल्यो युद्ध राघव!॥
कोलाहल उठ्यो ठूलो दुवैथर दुवैतिर।
शस्त्रास्त्र छोड्न लागे बा! भयो युद्ध भयङ्कर॥
अब रावणका मन्त्री शूर वीर थिए जति।
त्यो रणक्षेत्रमा राम! बढ्न लागे स्वयं अघि॥
मारीच र महापार्श्व प्रहस्त र महोदर।
शुक सारण संह्राद अकम्पन निकुम्भ र॥
धूम्रकेतु महादंष्ट्र जम्बूमाली घटोदर।
महाह्लाद विरूपाक्ष सुप्तघ्न यज्ञकोप र॥
त्रिशिरा करवीराक्ष खर दूषण दुर्मुख।
सूर्यशत्रु महाकाय देवान्तक नरान्तक॥
अरू ती अतिकायादि वीर राक्षस साथ ली।
बढ्यो अघि सुमाली नै रणमा थ्यो महाबली॥
हो मामा घरको बाजे वीर रावणको यही।
देवको सैन्यमै राम! पस्यो बा! अब यो बढी॥
अनि त्यो झोक्कियो साह्रै तीखा शस्त्रास्त्रले निकै।
ठोकेर देवको सैन्य खलबलायो भई छिटै॥
प्रभाव त्यसको पर्दा जस्तो बादलका दल।
वायुले लग्छ त्यै ठीक लग्यो, भागे सबै सुर॥
राक्षसी-सैन्यले ठोक्ता देवको सैन्य त्यो हरे!।
मृगको फौजझैं भाग्यो लखेट्ता मृगराजले॥
अब यस्तै अवस्थामा आठौं वसु थिए जुन।
साबित्र नाम थ्यो जस्को अघि आए उनै सुन!॥
भएका वेस उत्साह सैन्य साथ थिए उनी!।
तम्तयार थिए नाना शस्त्रास्त्र संगमा पनि॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

शत्रु राक्षस-सेनामा डर पारी निकै अब ।
त्यो रणक्षेत्रमा राम ! बढे वा ! कसिई तब ॥
साथै अदितिका छोरा महान् वीर्य हुने दुवै ।
त्वष्टा पूषा पनी आए सैन्यसाथ वहाँ छिटै ॥
डर मान्दैन थे कत्ति यी दुवै रघुनन्दन ! ।
घनघोर लडाँईं भो देव-राक्षसमा पुनः ॥
न भाग्ने युद्धमा कैल्यै दुष्ट-राक्षस-जातिको ।
कीर्ति देख्ता र सुन्दामा देवको सैन्य क्रुद्ध भो ॥
भएर तर के गर्नु थिए लाखौं वहाँ सुर ।
वर्षाए बाणको वर्षा यिनैमाथि निरन्तर ॥
देवता पनि त्यै ठीक महान् बल पराक्रमी ।
यी राक्षसहरू माथि बाण छोड्थे घुमी-घुमी ॥
तेजिला धारिला ज्यादै देवका शस्त्र-अस्त्रको ।
प्रहार उनमा पर्थ्यो जान्थे ती यमलोक पो ॥
फेरि यस्तै अवस्थामा त्यो सुमाली बढ्यो अघि ।
नाना शस्त्रास्त्र छोड्यो बा ! देवका सैन्यमाथि यी ॥
उडाए ठीक हावाले मेघको दल तुल्यको ।
स्थिति यो सैन्यको भैगो भाग्यो बा ! सैन्य देवको ॥
शूल प्रास तथा बाण आदि वर्षा हुँदा वहाँ ।
मिलेर टिक्न गाह्रै भो भागाभाग पर्‍यो जहाँ ॥
त्यो रणस्थलमा राम ! सुमालीले गर्‍यो अति ।
भगायो यसरी सारा देवका सैन्यलाइ ती ! ॥
यो देख्ता वसु आठौं ती जुन सावित्र थे सुन ।
भए अत्यन्त नै क्रुद्ध आए अघि उनी पुनः ॥

७२

७३

उनको साथ त्यो वेला रथ-सैन्य थियो अति ।
अघि आई सुमालीको भए ठिङ्ग उनी पछि ॥
उनले तेजले आफ्नो त्यल्लाइ अघि बढ्न ता ।
अब रोकिदिई हाले व्यर्थ पारेर वीर्य बा ! ॥
दुवै वसु-सुमाली यी पछि हट्तैनथे कुनै ।
तसर्थ यिनमा भैगो अब युद्ध दनादनै ॥
विशाल बाण छोडेर महात्मा वसुवीरले ।
छिनमै सर्प जोतेको त्यस्को रथ बिगार्दिए ॥
हजारौं बाण-सम्पन्न त्यसको रथ मारिदई ।
त्यल्लाई मार्नको निम्ति गदा यौटा लिए पछि ॥
कालको दण्ड जस्तै थ्यो उनका हातको गदा ।
अत्यन्त तेजिलो राम ! जल्दो-बल्दो स्वयं तदा ॥
शिरमाथि सुमालीको सावित्र वसुले अब ।
छोड्दिए त्यै गदालाई गइ बज्यो त्यही तब ॥
इन्द्रको हातले छुट्तो वज्र गै गिरिशृङ्गमा ।
वज्रे ठीक भई छाल्यो उल्काझैं बज्रियो वहाँ ॥
समरस्थलमा राम ! त्यो लाग्दा त्यसरी गई ।
सुमालीको पुग्यो काण्ड विचित्रै सित बज्रिई ॥
पत्तै भएन कयै वस्तु टाढकै देखियो न ता ।
न मासु हाड-खोरै पो बच्यो, भस्मै भयो तदा ॥
सुमालीलाइ मारेको देख्तामा युद्धमा अब ।
भागे राक्षस तत्काल आयो ! आयो !!भनी सब ॥
खेदिए वसुले फेरि यसरी दुष्ट ती सब ।
सकेनन् युद्धमा टिक्न भागाभाग गरे सब ॥

८४

इति सत्ताइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठाइसौं सर्ग

राक्षसेश्वर रावण र सुरेश्वर इन्द्रको संग्राम

१

सुमालीलाई मारेको उसको देहसम्म त्यो ।
वसुले भस्म पारेको देख्तामा रणबीच यो ॥
छोरो रावणको राम ! मेघनाद थियो जुन ।
रिसले मुर्रियो साह्रै जो थियो बलवान् सुन ! ॥
यता सैन्य पनी आफ्नो देवताहरुले मिली ।
मारेका र भगाएका था पायो उग्ररूप ली ॥
अनि ता त्यसले भाग्ने सैन्य फर्काइ तत्क्षण ।
कसियो लड्नको निम्ति रणमा रघूनन्दन ! ॥
थियो महारथी वीर त्यसको रथ त्यो पुनः ।
भने जस्तै गरी हिंड्थ्यो बहुमूल्य र शोभन ॥
पसेझैं वनमा अग्नि धप्धपाई मजासित ।
देव-सैन्यहरूमाथि पस्यो अनि मजासित ॥
नाना शस्त्रास्त्र बोकेर पसेको आफ्नु सैन्यमा ।
देखे त्यल्लाई द्यौताले अब त्रास पर्‍यो यहाँ ॥
सकेनन् देवता टिक्न भागाभाग पर्‍यो पुनः ।
जता पायो उतै भागे हाहाकार पर्‍यो सुन ! ॥
यसरी त्यस वेलामा कसिने युद्ध गर्नमा ।
त्यसको अघि श्रीराम ! सकेनन् पर्न क्वै वहाँ ॥
भागेका र डराएका देव-सैन्यकनै सब ।
हप्काएर स्वयं इन्द्र भन्न लागे यसो तब ॥
सुन ए देव हो ! आओ ! न डराओ न भाग भो ! ।
हेर ! राक्षसको साथ लड्न जान्छु, ल फर्किओ ॥
जानेकैछौ बुझेकैछौ मेरो पुत्र जयन्त यो ।
कहिल्यै हार खाएन कसै सँग लडी अहो ! ॥
यत्तिकैमा कहाँ राम ! इन्द्रपुत्र जयन्त त्यो ।
समरस्थलमा आयो युद्ध गर्न भनेर पो ॥

१३

१४

त्यसको रथ थ्यो त्यस्तै अति अद्भुतरूपको ।
हेर्दा पनि निकै राम्रो नाना शस्त्रास्त्र शोभिंदो ॥
जयन्तलाइ घेरेर देवता कसिए अनि ।
मेघनादकनै घेरी कसिए राक्षसै पनि ॥
वहाँ अब लडाँई भो देव-राक्षसराजको ।
ती दुवै पुत्रको राम ! बलबुद्धि-समानको ॥
देव राक्षसको साथ लड्न लागे वहाँ पुनः ।
ठिक्क ठिक्क मिली जोडी खोजी आफैं सरी सुन ॥
थियो मातलिको छोरो जो गोमुख, जयन्तको ।
यही सारथि थ्यो मुख्य, त्यसको रथ हाँक्तथ्यो ॥
यता रावणको छोरो वीर त्यो मेघनादले ।
त्यसैमा बाण वर्षायो स्वर्ण-भूषित जो थिए ॥
अनि सारथिलाई त्यो जुन थ्यो मेघनादको ।
शचीको पुत्रले बाण हानी घायल पार्दियो ॥
जयन्त माथि साह्रै नै झोक्कियो मेघनाद र ।
घावैघाउ बनायो बा ! बाण छोडी निरन्तर ॥
रिसले मुर्रिई राम ! जयन्ततिर हेर्दथ्यो ।
मेघले जल छोडेझैं झोक्किई बाण छोड्दथ्यो ॥
हजारौं थर शस्त्रास्त्र छोड्यो रावण-पुत्रले ।
देवका सैन्यमा फेरि तेजिला जुन तीक्ष्ण थे ॥
शतघ्नी परशु प्रास गदा मुसल खड्ग र ।
गिरिका टाकुरा सम्म बर्षायो बा ! निरन्तर ॥
भुसुक्क पार्न खोज्दैथ्यो देवको सैन्यलाइ त्यो ।
अनेकौं राक्षसी-माया गरेरै जुन पिर्दथ्यो ॥
त्यसको चालले यस्तो निष्पट्टै अन्धकार भो ।
भयो व्यथित यो देख्ता सारा त्रैलोक्यसम्म पो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

जयन्तलाइ घेरेर बसेको देव-सैन्य त्यो ।
बाणको चोट लाग्नाले निकै अस्वस्थ भै गयो ॥
सकेनन् चित्र, गाह्रो भो देवले देवताकन ।
त्यही चाल भयो राम ! राक्षसैमा पनी पुनः ॥
दौडादौड परी हाल्यो भाग्न थाले जताततै ।
रणमा रिङ्न थाले बा ! सारा राक्षस, देवता ॥
देवले दैत्यैलाई ठोक्दियो कसिई वहाँ ।
हान्यो राक्षसले सम्म मार्‍यो राक्षस नै वहाँ ॥
यता धेरै जसो योद्धा भागे आत्तिइदै तव ।
अँध्यारो बढ्दिंदा ज्यादै भो अनर्थ रघूद्वह ! ॥
पुलोमा नामको राम ! दैत्यराज त्यहाँ थियो ।
समरस्थलमा आयो त्यहीं नै अब लड्न पो ॥
जयन्तलाइ नै टप्प समात्यो त्यसले अनि ।
समराङ्गण बाटै त्यो उडाएर लग्यो पनि ॥
गो पुलोमा थियो राम ! शचीको बाबु ! वास्तव ।
जयन्त नाति ली तस्मात् सिन्धु भित्रै पस्यो तव ॥
त्यों जयन्त हराएको कुरा पत्तो भए पछि ।
मोक्किए देवता जति भाग्न थाले भई दुखी ॥
मेघनाद लखेट्तै गो आफ्ना सैन्य लिई सब ।
मोक्किंदै गर्जना गर्थ्यो क्रोधले चूर भै अफ ॥
देख्ता छोरो हराएको भागेको देवता सब ।
इन्द्रलाइ असह्यै भो भने मातलिमा तव ॥
सुन सारथि ! लौ मेरो रथ ल्याउ अघिल्तिर ।
लड्न जान्छु म आफैं नै समरस्थलमा अब ॥
अत्यन्त दिव्य डर्लाग्दो महान् रथ तयार थ्यो ।
मन्त्रसाथ वहाँ ल्यायो मातलिले र राखिदियो ॥
त्यसैले हाँकिइन्थ्यो यो विशाल अतिभव्य थ्यो ।
वेगशाली थियो त्यस्तै नाना शस्त्रास्त्र टन्न थ्यो ॥
अघिल्तिर थिए मेघ यो दिव्यरथमा तव ।
बिजुली तिनकै साथ शोभिन्थे भै भयानक ॥
यिनमा वायुको झोक्का लाग्नाले सब बादल ।
गर्जिन्थे जोडले राम ! चट्याङ् पार्थे झिकी बल ॥
यसैमा देवका राजा चढेर जब निस्किए ।
बजे बाजाहरू नाना त्यस वेला प्रशस्त ए ! ॥

४३

४४

गन्धर्व गण सम्पूर्ण तम्तयार भई बसे ।
स्वर्गका अप्सरा सारा नाच्न लागे खुशी भए ॥
वसु रुद्र र आदित्य अश्विनी र मरुद्गण ।
देव यी साथ ली निस्के देवराज वहाँ सुन ! ॥
रणभूमितिरै पुग्दा नपुग्दा देवराज यी ।
कुलक्षण भए नाना अकस्मात् देखिए पछि ॥
भै प्रचण्ड बढ्यो वायु छुँदै बिम्ने हुने गरी ।
सूर्यको तेज भो मन्द छोपेझैं मेघले गरी ॥
आकाशबाट तत्काल उल्का केतु अनेकन ।
खस्न लागे वहाँ राम ! डर्लाग्दा भै कुलक्षिन ॥
यसैवेला यतापट्टि प्रतापी वीर राक्षस ।
त्यों रावण पनी आफ्नो रथबीच चढ्यो तव ॥
त्यसको रथ थ्यो राम्रो अतिदिव्य विशाल बा ! ।
जल्लाइ विश्वकर्माले बनाएका थिए अहा ! ॥
त्यसको रथमा फेरि डर्लाग्दा घोर देहका ।
सर्पै-सर्प थिए टन्न घेरि बस्थे जताततै ॥
यिनले सास फेर्दामा विषज्वाला बली-बली ।
रथ त्यो रणमा राम ! देखिन्थ्यो हो बले सरी ॥
सब राक्षसले एवं दैत्यका दलले पनि ।
रथ त्यो घेरिएको थ्यो उत्साही अरुले पनि ॥
यसरी अघि बढ्दै गो दिव्य रावणको रथ ।
त्यो रणस्थलमा साक्षात् इन्द्रकै भइ सन्मुख ॥
रोकेर अघि छोराको पुगी छोपेर वास्तव ।
त्यसको ठाममा बस्तै डट्यो रावण राघव ! ॥
यो युद्धस्थल छोडेर अब रावण-पुत्र त्यो ।
मेघनाद गई आफ्नो रथमा चढ्न पो पुग्यो ॥
सच्चियो अनि संग्राम देव-राक्षसबीचमा ।
दुवै पक्ष अ-आफैंमा हान्न लागे जहाँ-तहाँ ॥
मेघले जलको वर्षा गरेझैं गिरिशृङ्गमा ।
भई गो बाणको वर्षा देव-राक्षस-सैन्यमा ॥
नाना शस्त्रास्त्र ली लड्थ्यो दुष्टात्मा कुम्भकर्ण ता ।
हान्थ्यो कल्लाई ठोक्थ्यो त्यो तर पत्तै भएन बा ! ॥
हात लात तथा दाँत शक्ति मुद्गर तोमर ।
शस्त्रास्त्र देवतामाथि छोड्थ्यो भइ दुर्धर ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

महारुद्र थिए ज्यादै डर्लाग्दा यो निशाचर ।
त्यस्तै थ्यो, तिनकैसाथ लड्न थाल्यो निरन्तर ॥
घावैघाउ भएको थ्यो त्यस्को देह भरी तव ।
ती महारुद्रले ठोक्ता नाना शस्त्रास्त्रले सव ॥
चाल्नो जस्तै भएकोथ्यो त्यसको देह त्यो सब ।
झार्थ्यो रगतकै झर्ना गिरिठीक भई तव ॥
देखिन्थ्यो भवाट्ट हेर्दा त्यो गर्जिने विजुली लिई ।
वर्षाको बादलै जस्तो पानी पार्ने कडै भई ॥
अब राक्षसको सैन्य मरुद्गण सँगै गई ।
संग्राम गर्न लाग्यो बा! कसिई अति झोक्किई ॥
उनका अस्त्र श्रीराम! निकै तीखा थिए गई ।
वज्रे राक्षसमा सारा भागे बा! अनि आत्तिई ॥
त्यो रणस्थलमा कैयौं मारिए दुष्ट राक्षस ।
कैयौं ता काटिए चट्चट्, छर्पटाई मरे तव ॥
कैयौं राक्षस ता ओहो! प्राणहीन भए पनि ।
टाँस्सिएर बसे राम! आफ्नै बाहनमा अनि ॥
कैयौं राक्षस ता आफ्ना सबारी गजमा वहाँ ।
शिशुमार - गधा-ऊँट - घोडा - सर्प-रथादिमा ॥
पिशाचमुखमा सम्म समाई दुइ बाहुले ॥
वहाँ अडिरहेकैथे मरे पनि महीपते ! ॥
कैयौं मूर्छा परी पैले लडे पनि उठे पछि ॥
लाग्दा शस्त्रास्त्र घौताका काटिएर लडे पछि ॥
मारिंदामा पसारो भै लड्ने राक्षसको स्थिति ।
यसो हेर्दा विचित्रै भो देखियो जादु झैं पछि ॥

७२

७३

युद्धको त्यो मुहानैमा बह्यो बा! रक्तकै नदी ।
शस्त्रास्त्र ग्राह माछा थे जान्थे सर्सर जो बही ॥
त्यो नदीका किनारामा दुवैतिर विशेषतः ।
गिद्ध कौवाहरू काँ! काँ!! गर्दथे मासु लुछ्न त ॥
अब यस्तै अवस्थामा प्रतापी दशाटाउके ।
दुष्ट रावणले देख्यो सैन्यको स्थिति त्यो हरे! ॥
देवताहरुले ठोके मारे सैन्य निकै भनी ।
यसो गम्यो स्वयं त्यल्ले झोक्कियो वीर त्यो अनि ॥
सिन्धु ठीक निकै टाढा फैलिंदो दैव-सैन्यमा ।
घुस्यो बा! अनि ता एक्लै लड्न निर्डर भै वहाँ ॥
देवताहरु मारेर लडाएर जतातता ।
पुग्यो इन्द्र भए ठाम स्वयं रावण त्यो तदा ॥
सम्पूर्ण देवका राजा इन्द्रले पनि ता अब ।
टंकार जोडले गर्ने धनु ताने मजै सँग ॥
तान्न र छोड्दिने गर्दा उठेको त्यसको ध्वनि ।
तुरुन्तै व्याप्त भो, घन्क्यो छोप्यो दशदिशा पनि ॥
त्रिशाल धनु त्यै तानी त्यसको शिरमै जह्रो! ।
इन्द्रले बाण छोडे बा! सूर्याग्नि सरि तेजिलो ॥
वीर्य बाहु हुने लामो राक्षसेश्वर त्यो पनि ।
थिएन कम क्यै त्यस्तो आफ्नो धनु खिच्यो अनि ।
निरन्तर झिकी बाण चढाइ धनुबीच त्यो ।
मेघले जल झारेझैं बर्षायो इन्द्रमाथि पो ॥
देव-राक्षसका राजा यी दुवै युद्धभूमिमा ।
लड्न लागे स्वयं राम! यसरी क्रोधले वहाँ ॥

८४

८५

हुदाँसा बाणको वर्षा अति भै अन्धकार भो ।
छ के कहाँ-कहाँ कस्तो ? होशसम्म भएन पो ॥

इति अठ्ठाइसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनन्तीसौं सर्ग

मेघनादले इन्द्रलाई राक्षसी-मायाले बाँध्नु र लङ्कापुरीतिर हिंड्नु

१

अँध्यारो यसरी बढ्दा अ-आफैंमा दुवैथर ।
ठोक्तै मार्दै लडे राम ! भै बलोन्मत्त दुर्धर ॥
मौका छोपेर यैबेला देवका सैन्यले सुन ! ।
शत्रुका सैन्यमा छोपे मारे राक्षसका गण ॥
लड्न जत्ति गएकाथे तिनमा दशखण्ड पो ।
बच्यो राक्षसको सैन्य अरु सारा सखाप भो ॥
अँध्यारो-युद्धमा यस्तो देव-राक्षस-वीर यी ।
चिन्दैनथे अ-आफैंमा ठोक्थे तै पनि झोक्किई ॥
भो लडाँईं अँध्याराको समरस्थलमा यस ।
देव राक्षस सम्पूर्ण स्वयं मूढ भए तब ॥
खालि तीन जना मात्र मोहिएनन् यहाँ अहो ! ।
मेघनाद तथा इन्द्र अर्को रावण वीर त्यो ॥
अब रावणले देख्यो मेरा सैन्य सबै यहाँ ।
मुसुक्क इन्द्रले पाऱ्यो छिनैमा, यै गम्यो त्यहाँ ॥
सुर्रियो भित्र-भित्रै त्यो अनि ता भो असह्य र ।
त्यो युद्धभूमिमा राम ! गर्ज्यो बा ! रजनीचर ॥
रिसकै झोकमा त्यल्ले भन्यो सारथिमा यसो ।
रथभित्र बसी हाँक्थ्यो त्यसको रथ जो छिटो ॥
सुन ए सारथि ! लौ हाँक् तँ रथ मेरो गरी छिटो ।
शत्रुका सैन्यको छेवै सम्म लैजा ! बुझिस् कुरो ॥
त्यसमा पनि सुन् ! जाओस् सैन्यको बीच बाट यो ।
बल-विक्रम आजै म पोखी हाल्छु छ जत्ति जो ॥
नाना शस्त्रास्त्र बर्षाई देवतालाइ यी सब ।
यमलोक तिरै आज म पुऱ्याँउछु वास्तव ॥
अब राख्तिन कवै बाँकी कुवेर यम इन्द्र र ।
साक्षात् वरुण यी चारै लोकपाल म मार्दछु ॥

१३

१४

अनि यी देव जो बच्लान् तिनैलाइ पनी सकी ।
पुगेर सबको माथि म बस्तछु स्वयं पछि ॥
विषाद खिन्नता कत्ति तैले न लिनु, के बुझिस् ? ।
लगिहाल् रथ यो मेरो भने जस्तै गरी बुझिस् ? ॥
दोहोऱ्याइ म भन्दोछु सुन् ए ! यो शत्रु-सैन्यको ।
बीचैबाट लगीहाल् तँ मेरो रथ गरी छिटो ॥
हामी अैले बसेकाछौं जहाँ यो ठाम नन्दन ।
वनको ठाम हो यौटा हेर छ कस्तो मनोरम ॥
देव-सेना यहीं देखि शुरु हुन्छ, छ टम्म जो ।
उदयाचल सम्मै तँ लैजा छ त्यहीं सम्म यो ॥
पाउना साथ यो आज्ञा सारथिले त्यसै गऱ्यो ।
रथ त्यो देव-सेनाको बीचैबाट लग्यो, बढ्यो ॥
मनका वेगका जस्तै वेगका फूर्तिला तथा ।
तेजिला अश्व थे राम ! रथमा हाँकिए तदा ॥
मनसाय बुझी हाले दुष्ट रावणको यता ।
रणमा रथमा बस्ने इन्द्रले पनि ता तदा ॥
भन्छन् अनि त्यहीं बाट देवतालाइ ती यसो ।
सुन ए देवहो ! सारा मेरा वाक्य हुने भलो ॥
मैले ता बेस ठानें यै दुष्ट रावणलाइ यो ।
समाई जिउँदै ठ्याप्प थुनौं यत्न गरी बडो ॥
अत्यन्त बलशाली छ यो निशाचर रावण ।
चढेर रथ जाँदोछ हावा तुल्य हुँदै पुनः ॥
यसको गति चर्कोछ पूर्णिमामा जसो गरी ।
उर्लन्छ छाल ठूल्ठूला फ्याँकी सिन्धु त्यही सरि ॥
आज मारेर मारिन्न दुष्ट यो ब्रह्मदेवको ।
वर पाएर कुल्यो यो अनि निर्भय ढुक्क भो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मिलेर सब यल्लाई लौ पक्डौं र थुनौं अब ।
रणमा यसकै लागि गर यत्न तिमी सब ॥
बलि दानवका राजा बाँधिदा जसरी अघि ।
मैले त्रैलोक्यको राज्य भोगेंथें बलवान् भई ॥
त्यस्तै प्रकार यो पापी दुष्ट रावण राक्षस ।
थुनिए बेस हुन्थ्यो, यै ठानें श्रेय दिने तक ॥
राज—राजेन्द्र श्रीराम ! भनी देवेन्द्रले यति ।
छोडे रावणको साथ युद्ध गर्न वहाँ पछि ॥
अनि अर्कोतिरै लागि अरु राक्षसलाइ ती ।
ठोक्न थाले, लडे राम्रो डर पारेर झन् अति ॥
पस्यो त्यो देव-सेनामा उत्तरै बाट रावण ।
पसे राक्षस-सेनामा दक्षिणै बाट इन्द्र यी ॥
देवताहरुको सेना कोश चार सएतक ।
फैलिएको थियो ठ्याक्क घेरी छोपी दिशा सब ॥
घुस्यो र त्यसकै भित्र बाण बर्षांउदै अति ।
देवको सैन्य त्यो सारा ढाक्यो रावणले पछि ॥
यता यो चाल देखे ! बा त्यसको इन्द्रले तब ।
आफ्नो विशाल सेना त्यो मासेको त्यसले अब ॥
परन्तु इन्द्र ता कत्ति आत्तिएनन् बसे अघि ।
लडे रावणकै साथ पारे विमुख क्यै पछि ॥
वहाँ ढपक्क ढाकेर निकै यत्न गरी—गरी ।
घेरे रावणलाई त्यो पछि देव मिली बढी ॥
अब यस्तो अवस्थाको देख्ता मालिकलाइ ता ।
निकै पीर पऱ्यो राम ! विपक्षीहरुमा तदा ॥
लौ वित्यास पऱ्यो हामी मऱ्यौं अब भनी सब ।
कराए जोडले गर्जे वहाँ राक्षस दानव ॥
अब रावणको छोरो मेघनाद बढ्यो अघि ।
घुस्यो बा ! देव-सेनामा झोकिंदै रथमै बसी ॥
पशुका पति सर्वात्मा शिवको वरदानले ।
जो माया अघि पाएथ्यो त्यसले ए महीपते ! ॥
त्यसैबाट हरायो यो अरु बाट न देखिने ।
भयो त्यो र गऱ्यो काम लखेट्यो देव-सैन्य ए ! ॥
पछि देव अरु छोडी झम्टियो इन्द्रमाथि नै ।
देखेनन् इन्द्रले किन्तु दुष्ट त्यो शत्रुलाइ नै ॥

४२

४४

लाग्दा शस्त्रास्त्रको चोट तैपनी देवको वहाँ ।
कवचै फुट्न गो राम ! त्यसको युद्धभूमिमा ॥
यसले क्यै लछारेन मानेन त्यसले डर ।
अघि मातलि बढ्दैथ्यो ठोक्दियो भइ निर्डर ॥
घायलै पार्दिई हाल्यो इन्द्र-सारथिलाइ त्यो ।
छोडेर बाणको वर्षा ढाक्दियो इन्द्रलाइ पो ॥
यता सारथिलाई त्यो जा ! भनेर विदा दिई ।
चढे ऐरावतै माथि सुरराज उनी पछि ॥
मेघनादकनै लागे अब खोज्न जताउता ।
बलवान् भै रहेकोथ्यो मायाले त्यो भने उता ॥
भई अदृश्य त्यो राम ! घुम्थ्यो आकाशमा यता ।
छोड्यो बा ! बाणको वर्षा इन्द्रमा त्यसले तदा ॥
इन्द्र थाकिसके भन्ने था पायो त्यसले जब ।
मायाले बाँध्दियो, ल्यायो सैन्यमा उनलाइ त ॥
त्यसरी रणमा बाँधी बलैले लगिंदा उनी ।
ती देवमा उठ्यो हल्ला के होला लौननी ! भनी ॥
देखिन्न दुष्ट मायावी विजयी मेघनाद त्यो ।
सुरेन्द्रलाइ लैजान तस्मात् सफल त्यो भयो ॥
विनाश्ने राक्षसी-माया विद्या जान्ने भए पनि ।
लगिए देवका राजा यसैले त्यसले अनि ॥
अब यस्तै कुरा शोची क्रुद्ध भै सब देवता ।
छोड्न रावणमै बाण लागिहाले भई छिटा ॥
आदित्य वसु रुद्रादि देवको अघि रावण ।
त्यसवेला परेकोथ्यो बाण लाग्थ्यो दनादन ॥
टिक्न गाह्रै परी हाल्यो त्यसलाइ वहाँ अनि ।
यता बावुकनै त्यस्तो देख्यो त्यो पुत्रले पनि ॥
घावै—घाउ थियो राम ! त्यसको देहमा तब ।
छोरो बावु सँगै भन्छ नदेखिइकनै अब ॥
बुवा! जाऔं सवारी होस् लड्न छोडौं, जित्यौं अब ।
लौ हजूर भई बक्स्योस् स्वस्थ निश्चिन्त वास्तव ॥
पति यी देव-सेनाका स्वामी त्रैलोक्यका सब ।
सुरेन्द्रलाइ बाँधेर ल्याएँ गरिसकें वश ॥
यसले पनि यी सारा देवको गर्व चूर भो ।
अब त्रैलोक्यको राज्य गरी बक्स्योस्, ल जीत भो ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
अब व्यर्थ यहाँ बस्नु, श्रम गर्नु विफ्वाँकको ।
दुःख पाउँनु मात्रै हो ! सवारी होस् हिडौं छिटो ॥

६२
त्यो मेघनादका यस्ता कुरा सुन्दा सुरादि ती ।
युद्ध बाट हटे राम ! विना इन्द्र गए पछि ॥

६३
प्रिय निज सुतको सुनी कुरा यो अब रण बाट स्वयं हट्यो वहाँ त्यो ।
पछि सुतकन भन्छ देवद्रोही असुरवली जसको थियो सुकीर्ति ॥
अतिशय बल-वीर्य शोभिएको सुतवर होस् तँ सुयोग्य आज मेरो ।
सुरसँग सुरराज यी जितेर यश, कुल थामिदिइस् भलै गरेर ॥
सुरपति यिनलाइ ली अगाडि अब रथमा लगि राखि नेत्र गाडी ।
असुर-बल सँगै तँ जा पुरीमा सचिव लिई पछि आँउला म वाँहाँ ॥
सुरपति सँग ली निदेश पाई पुरतिर त्यो हिडिगो छिटै रमाई ।
असुरहरुकनै वहाँ गएका पछि सबलाइ स्वयं विदा दियो बा ! ॥
६६

इति उनन्तीसौं सर्ग

तीसौं सर्ग

भगवान् ब्रह्माले रावणलाई संझाई इन्द्रलाई कैद बाट छुटाँउनु

१

बल-वीर्य हुने ज्यादै इन्द्रलाइ जिती अव ।
गयो रावणको छोरो लङ्कातिर रघूद्वह ! ॥
पुगे ब्रह्मा भए ठाम हरुवा देवता पनि ।
उहाँलाइ लिई राम ! गए लङ्कातिरै अनि ॥
छोरा र भाइ साथैको राक्षसेश्वरलाइ त्यो ।
आज्ञा भो सामले आफैं उहाँले नभ बाट पो ॥
बावु रावण ! यी तिम्रा छोराको शौर्य-वीर्य जो ।
त्यो रणस्थलमा देखें भएँ तुष्ट पनी बडो ॥
उदार यसको वीर्य रहेछ गजबै अहो ! ।
तिम्रै जस्तो कि त्यो भन्दा पनि वेस र उच्च पो ॥
तिमीले तेजले आफ्नो त्रैलोक्यकन यो सव ।
जित्यौ विजय पायौ बा ! छैन बाँकी कहीं अव ॥
गरेको जो प्रतिज्ञा थ्यो त्यो पनी परिपूर्ण भो ।
यसैले पुत्रकै साथ तिमी सँग छु तुष्ट पो ॥
बुझ्यौ रावण ! यो तिम्रो छोरो छ बलवान् अति ।
वीर्य-शक्ति भएकै छ दैत्य-दानवबीच ती ।
यसर्थ अव यो छोरो इन्द्रजित् नाम बाट पो ।
जगतैभर बिख्यात हुनेछ अति वेस भो ॥
सुन ! राक्षस यो फेरि बलवान् अतिदुर्जय ।
हुनेछ विश्वमा बाबै ! अव झन्, छैन संशय ॥
आधार जसको पाई लिइ आश्रय रावण ! ।
तिमीले देवता सम्म वश पार्‍यौ यहाँ पुनः ॥
राक्षसेश्वर ! लौ भैगो ! पाकशासन नामका ।
थुनेका इन्द्रलाई यी छोडि देउ गरी कृपा ॥
तिमी वरु भनी हाल यसको निम्ति देवता ।
तिमीलाइ दिउन् के के ? गर्न प्रत्युपकार ता ॥

१३

१४

युद्ध जित्ने महान् तेजी इन्द्रजित्‌ले भन्यो अव ।
आफैं अघि बढी नम्र भइ ब्रह्मासँगै तव ॥
इन्द्रलाइ म छोड्दिन्छु साटोमा मिल्छ क्यै भने ।
भगवन् ! अमरत्वै म चाहन्छु, हुँ म पाँउने ॥
त्यसका यी कुरा सुन्दा महान् तेज र शक्तिका ।
विधाता प्रभु ब्रह्माले आज्ञा भो यसरी तदा ॥
मेघनाद ! ल सुन् बाबै ! जगत्‌का जीवलाइ ता ।
जति बन् देह धर्ने यी छैन बा ! अमरत्व ता ॥
साना-साना चरा देखि चार खुट्टे निकै बडा ।
तेजस्वीहरुमा सम्म छैन त्यो अव भन् त बा ! ।
लोक रच्ने विधाताको कुरा यस्ता सुने पछि ।
इन्द्रजित्‌ले भन्यो राम ! उहाँसँग यसो झुकी ॥
लौ भैगो ! भगवन् ! सोह्रै आना अमरता ममा ।
प्राप्त हुन्न भने माग्छु, म यही प्रभु पाउमा ॥
यो अर्को सिद्धिको निम्ति जुन पाँउन खोज्छु म ।
कुरा बिन्ती चढाएको सुनि बक्स्योस् प्रभो ! पुनः ॥
सँधैको निम्तिमा मेरो यस्तो नियम होस् अव ।
शत्रु जित्न भनी लड्न जान लाग्दा पितामह ! ॥
मन्त्रले हव्य क्यै वस्तु अग्निमा होमी राम्ररी ।
म पूजा गरुँला जैले अग्निको भक्तिले गरी ॥
भगवन् ! ठीक त्यै वेला अग्निका कुण्डबाट त्यो ।
निस्कियोस् रथ क्यै दिव्य जसमा होस् सवै कुरो ॥
त्यसभित्र बसी जैलेसम्म शत्रु सँगै म ता ।
लडुँला युद्धमा स्वामिन् ! न मरूँ तवसम्म ता ॥
मलाइ न सकोस् मार्न त्यो वेला, म यही वर ।
प्रभुसाथ यहाँ माग्छु ठाम राख्दिन्छु क्यै तर ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

(२६७७)

२७

लड्न जान भनी मैले गरिने होम-कार्यमा ।
परी विघ्न न सिध्याई गए लड्न, मरूँ वहाँ ॥
प्रभो ! सब तपै गर्दा पाँउछन् अमरत्व त्यो ।
परन्तु वीर्यले मैले पाएँ होस् अमरत्व यो ॥
त्यो मेघनादका जो भो इन्द्रजित् अब, यी कुरा ।
सुने पछि विधाताले आज्ञा भो-होस् त्यही कुरा ॥
छोड्दियो इन्द्रजित्ले ती इन्द्रलाइ गरी यति ।
अनि देव गए स्वर्ग लिई पति, प्रजापति ॥
त्यो वेला राम-राजेन्द्र ! अघिको तेज इन्द्रको ।
मुमुक्ष भै सकेकोथ्यो देवत्व अतिदीन थ्यो ॥
उनी शोचिरहेकाथे दुःखी भइ मनै—मन ।
धुनिएँ यसरी हारें म अहो ! हेतुले कुन ? ॥
यता यस्तै अवस्थामा इन्द्रका मनका कुरा ।
ब्रह्माले ताडिवक्स्यो र आज्ञा भो पछि यी कुरा ।
सुन इन्द्र ! तिमीलाई यदि यो अपमानले ।
शोक—दुःख भएकोछ भने भित्र असह्य ए ! ॥
तिमीले पहिले यस्तो महान् दुस्कर्म वास्तव ।
गरेथ्यौ किन देवेन्द्र ! यै कुरो भन लौ अब ? ॥
निकै समर्थ हौ बाबु ! देवराज ! तिमी, सुन ! ।
पैले सुबुद्धिले मैले प्रजा सिर्जें मनोरम ।
ती सबै बहुतै राम्रा थिए एक समान थ्यो ।
सबैको अङ्गको कान्ति भाषा, रूप, उमेर त्यो ॥
रूपमा रङ्गमा एवं गतिमा मतिमा पनि ।
थिएन फरकै केही सब एकथरी बनी ॥
यहले अव्यवस्था भो, भै एकाग्र अनी म ता ।
शोच्न लागें प्रजाबीच ल्याँउनैमा विभिन्नता ॥
पछिबाट उनी भन्दा श्रेष्ठ बेस अरू प्रजा ।
सृष्टि गर्न स्वयं सिर्जें यौटी स्त्री पहिले तदा ॥
अघिका ती प्रजा मध्ये जसका अङ्गमा जति ।
थियो विशेषता जे जे झिकें अद्भुत सार ती ॥
तिनैबाट बुझ्यौ ! मैले सिर्जिएँ त्यसलाइ ता ।
त्यसका अङ्गमा तस्मात् थुप्रिए गुण रूप ता ॥
रूपले गुणले त्यस्ता अति अद्भुत उत्तम ।
बनेकी त्यस नारीको अहल्या नाम भो सुन ! ॥

४३

४४

भन्छन् कुरूपतालाई जगत्मा "हल" वास्तव ।
जो निन्दा त्यसले हुन्छ त्यो भयो 'हल्य' वास्तव ! ॥
बुझ्यौ त ! जुन नारीमा हल्य छैन अनिन्द्य छ ।
तसर्थ त्यस स्त्रीलाई "अहल्या" भन्नु पर्दछ ॥
नवनिर्मित त्यो नारी अहल्या नामले तव ।
भइन् विख्यात, मैले यै नाम राखिदिएँ जब ॥
बनिन् नन्न त यी नारी भित्र पीर पऱ्यो तर ।
होलिन् यी कसकी नारी भन्ने शोच बढी स्थिर ॥
त्यसताक तिमी चाँह गर्दथ्यौ यै कुरो सुन ! ।
मेरी पत्नी हुनैपर्छ भनीकन मनैमन ॥
ठूलो नाम तथा मान छ मेरै विश्वबीच यो ।
यसअर्थ पनी मेरी हुनैपर्छ गमी यसो ॥
यता मैले उनीलाई नासोको रूपमा लगी ।
ऋषि—गौतमको बाबै ! हातमा हाल्दिएँ पछि ॥
निकै वर्ष बसिन् नारी मजासँग उनैसँग ।
ऋषिले पछि फर्काए बसिन् आएर मैसँग ॥
अनि मैले यसो शोचें महान् हुन् मुनि गौतम ।
डगेनन् कत्ति यी नारीसँग बस्ता पनी जुन ॥
ठूलो छ तपको सिद्धि स्थिरता यिनमा छ त्यो ।
भन्ने गमी उनैलाई पत्नीकै रूपमा दिएँ ॥
थिए अत्यन्त धर्मात्मा ती गौतम महामुनि ।
बस्न लागे उनैसाथ सुख आनन्दमा अनि ॥
अहल्या पहिली नारी दिंदा गौतमलाइ ती ।
सारा देव तिमी जस्ता निराशै भै गए पछि ॥
तिम्रो ता के कुरा भो र ? रिसले मुर्रियौ तव ।
मन चित्त भएकैथ्यो कामको वशमा जत्र ॥
न सक्ता अनि ता खप्न गौतमाश्रममा गयौ ।
बलेकी अग्नि-ज्वाला झैं उनमा दृष्टि गाड्दियौ ॥
कामले क्रोधले पिर्दा तिमीले सुरनन्दन ! ।
बलात्कार गरी भोग्यौ अहल्याकन तत्क्षण ॥
अकस्मात् त्यस वेलामा ती गौतम महर्षिले ।
आफ्नु आश्रममा देखे तिमीलाइ ल संम्क ए ! ॥
तस्मात् अत्यन्त तेजस्वी मुनिमा क्रोध बढ्न गो ।
तिमीलाइ दिए श्राप त्यै वेला उनले अहो ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

विपरीत दशा तिम्रो हुन गो त्यसले गरी ।
कैदी सम्म भयौ इन्द्र! प्रभाव त्यसकै परी ॥
निस्कियो श्रापको वाक्य मुनिका मुखले तब! ।
मेरी पत्नी अहल्यासा बलात्कार गऱ्यौ जब ॥
यसर्थ युद्धमा इन्द्र! शत्रुका हातमा तिमी ।
पर्नेछौ सजिलै साथ भोग्न निर्भयता फल ॥
ए दुर्बुद्धे ! तिमी जस्ता राजाको दोषबाट यो ।
मनुष्यलोकमा सम्म बढ्ला जारत्व--बुद्धि त्यो ॥
तिमीबाट यहाँ निस्क्यो पहिले जारभाव यो ।
सन्देह यसमा छैन न राम्रो हो, अनर्थ हो !॥
जो पापाचार गर्नेछन् सुन ए! जारबुद्धिले ।
तिनको पाप आधा भै तिमीमा बज्रिने छ ए!॥
पैलो कुबुद्धिको बाटो भयौ देखाँउने तिमी ।
यसैले स्थान यो तिम्रो हुने छैन दिगो पनि ॥
अब उप्रान्त ए इन्द्र ! जुन होस् न सुरेन्द्र ता ।
स्थिर भै त्यसमा टिक्न सक्ने छैन किमार्थ जा !॥
श्राप मैले दिएको यो अरूमाथि कसै गरे ।
लाग्ने छैन भनी इन्द्र! तिमीमा मुनिले भने ॥
महान् तप हुने त्यस्ता मुनि-गौतमले पछि ।
भने पत्नी अहल्यासा पनि हप्काँउदै अति ॥
ए दुष्टे! तँ पनी सुन् लौ ! यै शुभाश्रम छेउमा ।
अब देखि अदृश्यै भै निकै सम्म रहेस् यहाँ ॥
रूप-यौवनले पूर्ण भएकी थिस् परन्तु तँ ।
अड्न ता सकिनस् बाबै ! मर्यादाभित्र कत्ति तँ ॥
त्यसको फलमा तेरो रूप-सौन्दर्य होस् च्युत ।
अब देखि हुने छैनस् तँ मात्रै सुन्दरी स्वतः ॥
तेरो रूप र सौन्दर्य यौटै थ्यो असमान थ्यो ।
यसैमा इन्द्रको आँखा गढ्नगो र अनर्थ भो ॥
रूप सौन्दर्य यो तेरो अब नारीहरू अरू ।
लिनेछन् जन्मना साथै गो बाबै ! अब आबरू ॥
त्यहाँ देखि बुझ्यौ इन्द्र ! प्रजाहरू निकै जसो ।
हुन लागे बडा राम्रा चम्किला रूपका अहो ! ॥
अहल्याले त्यसैवेला झुकी नम्र भईकन ।
मुनिलाइ खुशी पारिन् भनि हालिन् यसो पुनः ॥

७७

७८

महर्षे ! भगवन् ! मेरो यसमा दोष छैन क्यै ।
इन्द्रले प्रभुको रूप लिएछन् अतिधृष्ट भै ॥
पत्तै पाइन मैले ता चिन्न गाह्रै पऱ्यो प्रभो! ।
कलङ्कित भएँ स्वामिन् ! यसरी उन बाट पो ॥
तसर्थ यसमा मेरो छैन क्यै अपराध ता ।
यसर्थ खुश भै बक्स्योस् हुनैपर्छ ममा कृपा ॥
यत्ति भन्दा अहल्याले भन्दछन् मुनि गौतम ।
अब जो हुनु भै हाल्यो सुन् त ! यो भन्छु सत्य म ॥
इक्ष्वाकुवंशमा भद्रे ! तेजस्वी र महारथी ।
एउटा वीर जन्मेलान् अवतार लिई पछि ॥
रहला तिनको नाम राम यो ख्यात भै अति ।
जो साक्षात् विष्णु नै हुन् ती जगद्रक्षक श्रीपति ॥
कार्य-कारण पर्दामा स्वयं ती वनबीच यो ।
आउँलान् पछि कल्याणि ! साथमा ऋषि आदिको ॥
शुभ-दर्शन पाएमा उनको तँ यहाँ बसी ।
राम्रै शुद्ध हुने छस् है पापमुक्त भई पछि ॥
चाहिन्छ शक्ति-सामर्थ्य तेरो पो पाप नाश्न जो ।
तिनैमा अरूमा भन्दा छ बढ्ता बुझि राख कुरो ॥
गरी आतिथ्य सत्कार उनको वरवर्णिनि! ।
आउलिस् म भएमा त, बस्लिस् है ढुक्क भै अनि ॥
भनी यत्ति उनीलाई महर्षि मुनि गौतम ।
आफ्नु आश्रममा भित्र पसे शान्त भईकन ॥
महान् आत्मा हुने त्यस्ता ब्रह्मवादी महर्षिको ।
प्रिया पत्नी उनी लागिन् तप गर्न त्यहीं बसी ॥
मुनिको श्राप लाग्दा त्यो तिमीमा त्यसरी यहाँ ।
बज्र्यो सँकष्ट यो इन्द्र ! त्यसको फल भै यहाँ ॥
तसर्थ अहिले बाबै ! संझ लौ आफ्नु पाप त्यो ।
भएथ्यो त्यसरी इन्द्र ! तिमी बाट अयोग्य जो ॥
बुझ्यौ वासव ! त्यै श्राप मुख्य हेतु हुँदा यहाँ ।
तिमी हुन गयौ कैदी पर्दामा शत्रु-हातमा ॥
यसको तुस फाल्ने नै छ विचार भने अब ।
भै एकाग्र गरी हाल त्यो महान् यज्ञ वैष्णव ॥
त्यसैले विष्णुको सेवा अनुष्ठान गरी तिमी ।
भई पवित्र शुद्धात्मा टिक्नेछौ स्वर्गमा पनि ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

जयन्त पुत्र त्यो तिम्रो मरेको छैन युद्धमा ।
मामाबाजे पुलोमाले लगियो, जो छ सिन्धुमा ॥
ब्रह्माका यी कुरा सुन्दा सुन राम ! सुरेन्द्रले ।
त्यो वैष्णव महायज्ञ गर्न थाले प्रयत्नले ॥
अन्तमा यज्ञ भो पूर्ण पछि स्वर्ग गए उनी ।
राम्ररी देवको रक्षा गर्न लागे वहाँ पनि ॥
इन्द्रलाइ पनी जित्ने वीर त्यो मेघनादको ।
बल-विक्रम के कस्तो रहेछ ? बुझ ! राम यो ॥
वेलिविस्तार साथै त्यो सब मैले तिमीकन ।
बताएँ राम—राजेन्द्र ! सब तथ्य भनीकन ॥
देवराज उनीलाई सम्म जित्तछ व्यक्ति जो ।
के कुरा अरु प्राणीको ? त्यसको अघि टिक्छ को ।

१००

१०१

अगस्त्य मुनिका यस्ता कुरा दिव्य सुने पछि ।
राम-लक्ष्मणले प्वाट्टै भने "आश्चर्य हो" यति ॥
यी दुवै भाइका साथ सवै वानर राक्षस ।
परे आश्चर्यमा ठूलो, सभै जिल्ल पऱ्यो तव ॥
रामकै छेउमा वस्थे त्यो वेलामा विभीषण ।
भने राक्षसका राजा उनले यो कुरा पुनः ॥
पहिले पहिले मैले जो जो आश्चर्यका कुरा ।
देखेंथें जति भोगेंथें आज संझाँइएँ पुरा ॥
अव श्रीराम-राजाले अगस्त्य-मुनिमा भने ।
भगवन् ! सत्य यी वाक्य भन्थे यी अघि सुन्दथें ॥
अगस्त्य भन्दछन फेरि रामबाबु ! हुँदा यसो ।
त्यो रावण जगत् सारा पिर्दथ्यो पुत्र साथ त्यो ॥

१०६

१०७

लोकका मनको काँडो त्यो थियो सुरराज ता ।
जितेथ्यो जसले लड्दा, के राख्थ्यो अरुलाइ? बा ! ॥

इति तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकतोसौं सर्ग

राक्षसेश्वर रावणको माहिष्मती पुरीमा अभियान र वहाँ कार्तवीर्यार्जुनलाई न पाई नर्मदामा गई भगवान् शिवको आराधना गर्नु

१

महान् तेज हुने राम अब छक्क परी अति ।
नम्र भै पाउमा ढोगी सोध्छन् मुनिसाथ ती ॥
भगवन् ! त्यस बेलामा जब क्रूर निशाचर ।
त्यो रावण जगत घुम्थ्यो भई दुर्जय दुर्धर ॥
तब दिग्विजयै गर्दा पृथ्वीमा वीर्य—शौर्य यी ।
गुण-हीन भएकाथे जगत्का नृप वीर ती ? ॥
त्योंताक के त ब्रह्मर्षे ! कुनै क्षत्रिय भूपति ।
थिएनन् अथवा कोही थिएन बलवान् त्यति ॥
जल्ले राक्षसको स्वामी त्यस रावणको ऋषे ? ।
गर्न हेंला लडाँईमा ठोक्न सम्म सकेन के ? ॥
अथवा त्यस बेलाका सम्पूर्ण पृथिवीपति ।
थिए लाछी र निर्वीर्य न जान्ने शस्त्रको गति ? ॥
जसको हेतुले गर्दा बहुसंख्यक श्रेष्ठ ती ।
राजाहरू पनी हारे पर्दा रावणको अघि ॥
सुन्दा श्रीराम - राजाको कुरा यस्ता महामुनि ।
अगस्त्य ता मजै साथ हाँसे दङ्ग परे अनि ॥
पछीबाट भने राम राजामा ब्रह्मदेवले ।
भगवान् शिवको साथ भनेझैं दृढप्रेमले ॥
सुन पृथ्वीपते राम ! यसै गरी निरन्तर ।
सारालाइ सताएर घुम्न लाग्यो निशाचर ॥
घुम्न सम्म घुम्यो सारा पृथिवी पछि रावण ।
माहिष्मती पुरीभित्र पस्यो पछि कुनै दिन ॥
थिई स्वर्गपुरी जस्ती यो पुरी अतिसुन्दरी ।
जसमा भगवान् अग्नि बस्छन् स्थिर भईवरी ॥
प्रभाव उनकै पर्दा भएका तेज अग्निझैं ।
राज्य गर्थे त्यहाँ राजा साक्षात् अर्जुन, वीर भै ॥

१३

१४

कुशास्तरण हालेको जसको अग्निकुण्डमा ।
अग्निदेव सँधै बस्थे बल्थे खुश भई वहाँ ॥
थिए हैहयवंशीका यी राजा कृतवीर्यका ।
छोरा हुन् अति धर्मात्मा, वीर्यवान् बलवान् बडा ॥
जलक्रीडा गरूँ भन्ने मनसाय बढी उनी ।
नदीमा नर्मदा पुग्या गए पत्नी लिईं अनि ।
त्यही दिन पुग्यो राम ! त्यो रावण पनी वहाँ ।
केही बेर पछी ठ्याक्क देख्यो रित्ता सबै त्यहाँ ॥
थिए मन्त्रीहरू किन्तु अब सोध्यो उनैसँग ।
मन्त्री हो ! अब लौ चाँडै ममा सत्य कुरा भन ? ॥
खोई तिम्रो महाराजा त्यो अर्जुन गयो कहाँ ? ।
म हुँ रावण, त्यै साथ आएँ लडुँ भनी यहाँ ॥
बरु चाँडै छिटो जाओ तिम्रो राजाकनै भन ।
म आएकोछु भनी चाँडै पैले गै गर सूचन ॥
राक्षसेश्वरले यत्ति भन्दामा त्यसलाइ ता ।
दिए जवाफ राजाका मन्त्रीले यसरी तदा ॥
सवारी राजधानीमा छैन आज छ बाहिर ।
अरुलाइ पनी सोध्यो त्यै कुरा भन्दिए तब ॥
विश्रवा मुनिको छोरा त्यो रावण निशाचर ।
फरक्क फर्कियो राम ! त्यहाँ बाट भई स्थिर ॥
सरासर पुगी हाल्यो हिमालय समानको ।
विशाल विन्ध्य--गिरिमा अतिसुन्दर रूपको ॥
साह्रै अग्लो थियो राम ! त्यो पर्वत विशाल थ्यो ।
त्यसका टाकुरा ठ्याक्कै छुन्छन् बादल ठीक थ्यो ॥
सम्पूर्ण पृथिवी छेडी थियो माथि उठे सरी ।
हाल्छझैं नभमा रेखा देखिन्थ्यो चुचुरा बढी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

हजारौं टाकुरा लाखौंथर थे चुचुरा पनि ।
साना ठूला अनेकौं थे वहाँ राम्रा गुफा पनि ॥
सोता र झरना नाना ठूला साना वहाँ हुँदा ।
सिन्धुलाइ खिसी गर्छझैं छोड्थ्यो अट्टहास ता ॥
देव दानव गन्धर्व विद्याधर र किन्नर ।
अप्सरा साथ पत्नी ली क्रीडा गर्थे मनोहर ॥
त्यस्तो अत्यन्त नै ऊँचो विन्ध्यपर्वत यो सुन ! ।
यस्तो सौन्दर्यले आफ्नो स्वर्ग-तुल्य थियो पुनः ॥
सफा स्फटिक हुन् जस्ता जलका अतिनिर्मल ।
नदी-नाला शयौं सोता बहन्थे भइ चञ्चल ॥
यिनले देखिइन्थ्यो त्यो शेषनाग सरी तव ।
जसका दुइ हजार जिव्रा चञ्चल छन् सब ॥
ज्यादै अग्लो हुँदा ठ्याक्कै पुग्छ स्वर्ग समान थ्यो ।
त्यो विन्ध्यगिरि श्रीराम ! अतिसुन्दर भव्य थ्यो ॥
छ हिमालयमा जस्तो जो जो दिव्य विशालता ।
देखिन्थ्यो यसमा त्यस्तो त्यो त्यो दिव्य विशालता ॥
यै विन्ध्याचलको शोभा हेर्दै—हेर्दै अनेकन ।
नर्मदामा पुग्यो राम ! त्यो रावण वहाँ सुन ! ॥
ज्यादै ठाडी नदी थिन् ती ढुङ्गा—मूढा बहाँउथिन् ।
प्रवाह जलको धारा त्यस्तै थ्यो हर्हराउथिन् ॥
हुर्रिएर उनी जान्थिन् पति पश्चिम-सिन्धुमा ।
पसेर यिनमा पानी खान्थे पशु जहाँ-तहाँ ॥
बाघ भालू तथा अर्ना गजेन्द्र मृग सिंह यी ।
हुदा गर्मी पसी भित्र हुँडोल्थे जल राम्ररी ॥
मदमत्त भएकाथे त्यहाँका सब ती चरा ।
गर्थे कलरवैमात्र वरीपरी घुमी बरा ॥
कारण्डव तथा हंस जलकुक्कुट आदि र ।
सारसादि थिए सारा जलपक्षी त्यहाँ स्थित ॥
सरिताहरुमा श्रेष्ठ यी शुभा नर्मदा नदी ।
देखिन्थन् क्वै प्रिया दिव्या नारीझैं सुन्दरी अति ॥
दुवै तट भरी झुल्ने, फुल्ने झम्म भई रुख ।
उनका गहना जस्तै देखिन्थे तव राघव ! ॥
जोडा जोडा भई बस्ने दम्पती चक्रवाकका ।
तिनका स्तन हुन् जस्तै शोभिन्थे भव्यरूपका ॥

४३

४४

उँचा फराकिला राम्रा किनार दुइ तर्फका ।
नितम्बका फिला जस्ता देखिन्थे अतिदिव्य बा ! ॥
निरन्तर वहाँ घुम्ने हाँसका पङ्क्ति वास्तव ।
मेखला पैहिए जस्तो देखिन्थ्यो उनले तव ॥
पुष्प बाट झरेकाथे पराग जति जो वहाँ ।
अङ्गराग घसे जस्तो यिनले थ्यो जहाँ- तहाँ ॥
जलभित्र उठेकाथे सफा उज्ज्वल फींज जो ।
देखिन्थे उनले सारी पैह्रे झैं यिनले अहो ! ॥
पसेर जलमा भित्र डुबुल्की मार्नु नै प्रभो ! ।
महान् सुख दिने स्पर्श यिनको हुन आँथ्यो ॥
लटरम्म भई फुल्ने झुल्ने नित्य निरन्तर ।
राम्रा कमल ठूलठूला उनका नेत्र थे स्थिर ॥
अब राक्षसको राजा वीर त्यो दशटाउके ।
विमान पुष्पकैबाट ओर्लियो शान्त चित्तले ॥
मजासँग पसी भित्र नर्मदा-जलमा तव ।
नुहायो त्यसले राम ! भवाम्म भवाम्म गरी अब ॥
अनि बाहिर निस्केर नाना मुनि-सुशोभित ।
तिनको तटमा लाग्यो वीर त्यो घुम्न वस्तुतः ॥
थिए मन्त्री भए जति त्यसका साथमै तव ।
तिनै साथ कुरा-कानी गर्दथ्यो सुखपूर्वक ॥
गङ्गा हुन् यी नदी साक्षात् के बुझ्यौ? यी कुरा भनी ।
नर्मदाको प्रशंसा नै गर्दथ्यो भक्तिमान् बनी ॥
पवित्र नर्मदालाई देख्तामा त्यसरी वहाँ ।
निकै दङ्ग भयो राम ! राक्षसेश्वर चित्तमा ॥
जो थिए त्यसका मन्त्री शुक्र सारण आदिक ।
भन्न लाग्यो तिनै साथ लीलापूर्वक त्यो अब ॥
लाखौं किरणले आफ्ना हेर ए ! सूर्यदेव ती ।
जगत्लाइ बनाए बा ! सुन जस्तो खुले अति ॥
प्रचण्ड ताप फ्याँकेर मध्य—आकाशमा अब ।
विराजमान छन् राम्रै भव्यरूप धरी शुभ ॥
देखी यहाँ बसेको म तर त्यस्तो भए पनी ।
सेवा गरी रहेकाछन् चन्द्र जस्तै चिसा बनी ॥
यता वायु पनी मेरै डर पर्दा बुझ्यौ ? कुरो ।
बहँदोछ भई चीसो नाश्न मेरो थकाइ यो ॥

६०

६१

ल्याँउदोछ स्वयं बोकी नर्मदा-जल शीतल ।
सुगन्धित छ यो फेरि गर्छ सेवा मजासित ॥
सरिताहरुमा श्रेष्ठ यी नदी नर्मदा पनि ।
क्रीडारस तथा प्रीति हेर छन् ती ! बढाँउदी ॥
यिनका छाल-छातीमा माछा मकर आदि र ।
जल-पक्षीहरू खेल्छन् मजासँग निरन्तर ॥
यी सबै वस्तुले गर्दा अधिल्तिर हुँदा म ता ।
भयभीत कुनै नारी जस्ती छन् हेर लौ ! त्यता ॥
तिमीहरू लडाँईमा इन्द्र ठीक पराक्रमी ।
अनेकौं नृपले ठोक्ता थाकेका लौ त्यसै पनि ॥
लाग्दा शास्त्रास्त्रका चोट देह देख्छु छिया—छिया ।
रक्तचन्दन लेपेझैं देखिन्छौ रगताम्य हा ! ॥
यसरी लौ तिमी सारा दिने श्रेय तथा सुख ।
यी नर्मदा-नदी भित्र पस् स्नान पनी गर ॥
पृथ्वीका गज ठूल्ठूला जित्न सक्ने दँतार ती ।
महान् दिग्गज जो छन् ती पसे जस्तै गरी पसी ॥
पुण्या महानदी हुन् यी गऱ्यो स्नान भने त्यहाँ ।
तिमीहरू पनि छुट्छौ पाप-तापादिले यहाँ ॥
म शरत् ऋतुको जून ठीकको अति उज्ज्वल ।
यिनका तटमा बस्छु, छ जो सुन्दर शीतल ॥
यहीं बसेर बिस्तारै बिस्तारै स्वेष्ट-देवता ।
भगवान् शिवको पूजा गर्छु पुष्पादिबाट बा ! ॥
जसको शोभिएको छ जटाभार अनुत्तम ।
चढाँउछु उहाँलाई पुष्पको उपहार म ॥
साथै विमानमा बस्ने आफ्ना मन्त्रीहरूकन ।
भन्यो राक्षसको राजा त्यसले रघुनन्दन ! ॥
महोदर र धूम्राक्ष प्रहस्त शुक सारण ।
मारीचादिकले राम ! तुहाए अनि तत्क्षण ॥

७४

७५

सब राक्षस-सेनाका दिग्गजै ठीकका थिए ।
यिनले नर्मदालाई हुँडोले क्षुब्ध पार्दिए ॥
श्रेष्ठ दिग्गज श्रीराम ! पद्म वामन अञ्जन ।
पसी आकाश-गङ्गामा पार्छन् जस्तै भयो सुन ! ॥
पछि बाहिर निस्केर नर्मदा-स्नान यो सकी ।
शिव-पूजनको निम्ति लागे गै फूल टिप्न यी ॥
हेर्दा हेर्दै छिनै भर्मा उनले त्यस ठाममा ।
पहाडैयो बनाए वा ! फूलको गतिलो वहाँ ॥
सेतो बादलको थुप्रो हो भनेझैं मनोहर ।
यल्ले ढपक्क ढाकेको थियो त्यो नर्मदा-तट ॥
यसरी पुष्पको राशि तम्तयार भए पछि ।
पस्यो राक्षसको राजा नुहाँउन वहाँ पछि ॥
गइ पस्तछ श्रीराम ! दँतार गजराज क्वै ।
गङ्गाभित्र त्यही ठीक देखियो छवि चारु भै ॥
विधिपूर्वक स्नानादि सकेर त्यसले वहाँ ।
जपनीय महान् मन्त्र जप्यो बा ! शान्त-चित्तमा ॥
निस्क्यो यस पछी राम ! नर्मदाबाट बाहिर ।
भिजेका कपडा फ्याँकी पहिऱ्यो श्वेत सुन्दर ॥
बीसोटै बाहु जोडेर अब पूजा निमित्तमा ।
यसो हेरी सबै तर्फ गयो सुन्दर ठाममा ॥
वीर राक्षसको राजा जाँदामा त्यसको पछि ।
मूर्तिमान् गिरि हुन् जस्ता गए राक्षस ती पछि ॥
राक्षसेश्वर त्यो राम ! जान्थ्यो नित्य जहाँ, वहाँ ।
शिवको लिङ्ग लैजान्थ्यो सुवर्णमय साथमा ॥
बालुवाको बन्यो वेदी अब सुन्दर क्वै वहाँ ।
त्यसैमाथि रह्यो लिङ्ग आवाहन गऱ्यो त्यहाँ ॥
त्यसैमा त्यसले राजन् ! टक्ऱ्यायो चन्दनादि र ।
सुगन्धित-सुधा-पुष्प चढायो पछि हर्हर ॥

८८

साक्षात् परात्मा हरको महेश्वर
बक्सिन्छ आफ्ना जनलाइ जो वर ।
छ चन्द्रले शोभित नित्य नै शिर
बानी , छ नाश्ने पीर सन्तको फिर ॥

CC-0. In Public Domain. Digitization by eGangotri

६०

सर्वोच्च यस्ता प्रभुको अधिल्तिर
परी पसारो दृढ भक्ति ली स्थिर ।
गरेर पूजा विधिले निशाचर
नाच्यो वहाँ गाइ फिजाँउदै कर ॥

इति एकतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बत्तीसौं सर्ग

महाराजाधिराज कार्तवीर्यार्जुन द्वारा राक्षसराज रावण थुनिनु

१

सुन राजेन्द्र श्रीराम! नर्मदाको किनारमा ।
शिव-पूजन गर्दैथ्यो क्रूर रावण त्यो जहाँ ॥
त्यहाँबाट नजीकैमा केही तल किनारमा ।
गर्दै थिए जल-क्रीडा राजा अर्जुन शान्तिमा ॥
विजयी वीरमा श्रेष्ठ छोरा यी कृतवीर्यका ।
राजराजेन्द्र हुन् राम! माहिष्मती-पुरी पत्ति ॥
यिनका साथ त्यो वेला परिवार थिए निकै ।
लिई रानी-महारानी गर्थे क्रीडन मग्न भै ॥
थिए यो सुन्दरी नारी यिनका बीचमा हुँदा ।
शोभिन्थे बीच ढोईको बसेको गज ठीक बा! ॥
यस्ता अर्जुन राजाका बाहु एक हजार थे ।
उनले पछि शोचे यो-छ यिन्मा बल-शक्ति के? ॥
यै कुरा जाँच्नको निम्ति हजारौं बाहु ती प्रभो! ।
उठाएर यसो रोके नर्मदाको प्रवाह त्यो ॥
तुरुन्त रोकियो, ठ्यापै उल्टियो वेग! त्यो गति ।
अव मास्तिर बढ्दै गो बाहुमा बल भै अति ॥
जहाँ राक्षसको राजा पूजा गर्थ्यो किनारमा ।
त्यहाँ पनि पुगी हाल्यो, बहाग्यो फूल अन्तमा ॥
नर्मदा-जलको वेग माछा मकर ग्राह र ।
कुशास्तरण-पुष्पादि लिइ बढ्दै पुग्यो पर ॥
अकस्मात् त्यसमा राम! वर्षामा घनघोरको ।
हुँदा वृष्टि भए ठीक भै गयो, भेल उर्लियो ॥
जलको वेग यो साक्षात् कृतवीर्य सुपुत्र यी ।
राजा अर्जुनद्वारा नै पठाएझैं भयो पछि ॥
यसले प्रभुको पूजा गरेको उपहारको ।
पवित्र पुष्पको राशि लग्यो बा! राक्षसेन्द्रको ॥

१३

१४

यता रावणको पूजा-सम्बन्धी काम-काज त्यो ।
अझै बाँकी थियो केही छोड्दियो, जिल्ल पो पर्‍यो ॥
प्रतिकूल भएकी वा नेठिएकी प्रियाकन ।
हेरे, आँखा तरे जस्तै हेर्न लाग्यो नदीकन ॥
प्रवाह जलको बढ्थ्यो दिशा पश्चिम बाट र ।
जान्थ्यो पूर्वतिरै छोपी हुर्हुराई निरन्तर ॥
देखिन्थ्यो यसले गर्दा महासागर बीचमा ।
ज्वारभाटा उठे जस्तै कुलिएको जहाँ-तहाँ ॥
तिनका तट अग्ला थे वृक्षमाथि हुने चरा ।
थिएनन् कत्ति विभ्रान्त, थियो शान्ति जतातता ॥
नदी यी नर्मदा राम! स्वाभाविक मनोहर ।
पहिलो स्थितीतमा आफ्नो थिइन् स्थित निरन्तर ॥
जल भ्यो पहिले जस्तै स्वच्छ निर्मल सुन्दर ।
थिएन उनमा केही वर्षामाझैं असुन्दर ॥
अव यस्तो अवस्थाकी यी नदी नर्मदाकन ।
विकार-शून्य नारीझैं देख्यो रावणले सुन! ॥
मौनव्रत हुने भङ्ग शब्द हूँ! सम्मको पनि ।
मुखबाट निकालेन त्यसले शान्तिमान् बनी ॥
दाहिने हातको औंला तेर्स्याएर त्यतैतिर ।
देखायो बाढ आएको कुरो बुझ्न भई स्थिर ॥
शुक-सारण थे मन्त्री उनले त्यो कुरा बुझे ।
हामीलाइ भयो आज्ञा कुरा बुझ्न, गमे, गए ॥
लिए आकाशको बाटो ती दुवै भाइ सर्सर ।
अघि बढ्दै गए बुझ्न ह्यै पश्चिम दिशातिर ॥
दुइ कोश परै पुग्दा यौटा मानिसलाइ ता ।
देखे जो जलमा क्रीडा गर्थ्यो स्त्री साथ ली तदा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

विशाल सालको अग्लो वृक्ष जस्तै अजङ्गको ।
थियो बा ! त्यसको देह ! केशले जल ढाकथ्यो ॥
आँखाका दुइटै कोष मदले लाल-लाल थ्यो ।
जसले त्यसको चित्तसम्म व्याकुल बन्दथ्यो ॥
शत्रुनाशक त्यो वीर आफ्ना बाहु हजारले ।
नदीको वेग रोकेर खेल्दथ्यो भइ मस्त ए ! ॥
हजारौं पाउले आफ्ना पृथ्वीलाइ अडयाँउने ।
कुनै पर्वत हो जस्तो देखिन्थ्यो भइ शोभिने ॥
चढ्दा उमेरका राम्रा हजारौं सुन्दरीहरु ।
वहाँ घेरेर त्यल्लाई क्रीडा गर्थे खुरुखुरु ॥
राम्रै मद चुहाएका हजारौं हथिनी मिली ।
गजेन्द्रलाइ घेरेझैं घेर्दथे भै वरीपरी ॥
देखी अद्भुत यो दृश्य शुक सारण राक्षस ।
त्यहीं फर्केर आए बा ! भने रावणमा सब ॥
राक्षसेन्द्र ! यहाँबाट नजीकैमा त्यहीं पर ।
ठूलो कवै सालको वृक्ष ठीकको जिउको नर ॥
नर्मदाको सबै पानी रोक्छ त्यै बाँध-तुल्य भै ।
जल क्रीडा त्यही गर्छ साथ ली सुन्दरी निकै ॥
हजारौं हात ठूल्ठूला त्यसका छन् , विशाल छ ।
त्यसैका हातले थुन्दा नदीको जल बढ्दछ ॥
नपाई बहने ठाम उल्टियो यो नदी-जल ।
सिन्धुको ज्वारभाटाझैं छाल ल्याँउछ यो अतः ॥
शुक-सारणका यस्ता कुरा सब सुने पछि ।
भन्यो रावणले राम ! पक्कै अर्जुन हो त्यही ॥
ठमाएर गमी यत्ति जोरी खोजेर लड्न त्यो ।
जम्जमाइ हिंडी हाल्यो जुन उद्धत दुष्ट थ्यो ॥
जब राक्षसको राजा ती अर्जुन भएतिर ।
कसिएर हिंड्यो भैगो तब उल्का सबैतिर ॥
बह्यो वायु न राम्रो भै भयो स्पर्श पनी कडा ।
गड्गडाहट ठूलो भो धूलै धूलो उड्यो तदा ॥
यता बादलले झारे रक्तवर्षा दनादन ।
एकैपल्ट मिली सारा गर्जिए घोर गर्जन ॥
त्यहाँबाट हिंड्यो राम ! यता राक्षसराज त्यो ।
जल-क्रीडा जहाँ हुन्थ्यो राजा अर्जुनवीरको ॥

४३

४४

महोदर महापार्श्व धूम्राक्ष शुक सारण ।
प्रहस्तादिक ती मन्त्री सब साथ गए पुनः ॥
कालो गाजलको थुप्रो थुप्रिए ठीकको तथा ।
अत्यन्त बलवान् दुष्ट थियो राक्षस त्यो तदा ॥
पुग्यो अब छिनै भर्मा नर्मदाको भयङ्कर ।
विशाल दह हो जस्तो ठाममा त्यो जनेश्वर ! ॥
पुग्ना साथ वहाँ देख्यो राजा अर्जुनलाइ ती ।
छोपेका सुन्दरी-स्त्रीले मदमत्त हुने अति ॥
गर्ने संभोगको इच्छा मद राम्रै चुहाँउने ।
ढोईले घेरिएको कवै गजेन्द्र सरि थे हुने ॥
देख्ता यस्ता उनीलाई अब राक्षस-राज त्यो ।
रिसले चूर भै हाल्यो आँखा राता भए अहो ! ॥
घमण्ड बलको बढ्दा उन्का मन्त्रीहरूकन ।
भन्यो गम्भीर-वाणीमा यसरी त्यसले सुन ! ॥
ए मन्त्री हो ! तिमी जाओ छिटै हैहयराजमा ।
भन रावण आएको छ भनी लड्न निम्तिमा ॥
कुरा रावणका यस्ता सुन्ना साथ उनी सब ।
उठे शस्त्रास्त्र बोकेर जुरुक्कै र भने तब ॥
धन्य रावण ! वीरै हौ, तिमी बेस भन्यौ अति ।
बेस मौका विचारेछौ लड्नको निम्तिमा हकि ? ॥
औले हाम्रा महाराज मदमत्त भई अति ।
गरि बक्सिन्छ स्त्रीसाथ जलक्रीडा ल हेर ! ती ॥
अब यस्तो अवस्थामा तिमी लड्न उहाँसित ।
जम्जमाइ रहेकाछौ भन यो योग्य हो कित ? ॥
सुन बाबु दशग्रीव ! तिमीमा यदि लड्नकै ।
उत्साह छ भने त्यस्तो पर्ख ! यो रात आजकै ॥
बस लौ आजको रात अनि भोलि विहानमा ।
राजा अर्जुनलाई ता देख्नेछौ युद्ध भूमिमा ॥
बढेको युद्धको तृष्णा तिमी छौ राक्षसेश्वर ! ।
लड्न हड्बड लाग्दोछ भने सुन ! भई स्थिर ॥
भैगो हामीहरू लड्छौं मार हामीहरूकन ।
अनिमात्र तिमी सक्छौ लड्न राजा सँगै गुन ! ॥
उनका यी कुरा सुन्दा भोका राक्षसले सब ।
मार्दिए तिनलाई र मासु खाए पकापक ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

अब राक्षस-राजाका मन्त्रीमा दलमा पनि।
नर्मदाको किनारैमा खैलाबैला पर्‍यो अनि॥
युद्धको रूप ली हाल्यो त्यसले अन्तमा वहाँ।
शस्त्रास्त्र वर्षिनै लागे यी दुवैथर वीरमा॥
राजा अर्जुनका योद्धा लडाका वीर थे अति।
छोडे तोमर भाला र वज्रकर्षण शस्त्र ती॥
तिनको साथ-साथैमा बाण शक्ति त्रिशूल र।
अरु शस्त्र पनी राम! छोड्न लागे निरन्तर॥
यसरी उनले सारा मन्त्रीका साथ दुष्ट त्यो।
राक्षसेश्वरलाई नै ठोक्दिए, घायलै भयो॥
अब हैहयराजाका सेनाको वेग वास्तव।
कुल्र्यो समुद्रकै ठीक भएर पनि राघव!॥
जसमा ग्राह-नक्रादि माछा मकर सूर्यले।
डर्लाग्दो भइ शोभिन्छ, भयो त्यै ठीक शीघ्र ए!॥
यता रावणका मन्त्री प्रहस्त शुक सारण।
आदि ता झोक्किए साह्रै, झिके बल पराक्रम॥
ती कार्तवीर्य राजाका सैन्यसाथ यसर्थ ती।
छोडी शस्त्रास्त्रको वर्षा पार्नलागे महान् क्षति॥
प्रिय सेवक राजाका जो थिए अब आत्तिए।
टिक्न गाह्रै परी हाल्यो दौडादौड गरी गए॥
पुगेर आफ्नु राजामा मन्त्रीको साथ रावण।
आएर ध्वंस पारेको विन्ती पारे कुरा सुन!॥
अब यी वीर राजाले आफ्ना स्त्रीहरुमा भने।
न डराओ तिमी कत्ति कुरै छैन डराँउने॥
लिई ढोईहरू साथ कुनै दिग्गज झैं जन।
निस्के बाहिर निस्के झैं ती राजा लिई स्त्रीजन॥
र-राता भै गए आँखा क्रोधले उनका अब।
अर्जुनाग्नि बल्यो दन्, दन् लयमा ठीक राघव!॥
पैहेका सुनका बाजू नृप अर्जुनले तब।
गदा यौटा लिए राम! बाहुबीच भयानक॥
अनि राक्षसमा सारा झम्टिए बा! मजासित।
सूर्यले झम्टिए जस्तो अँध्यारोमा मजासित॥
बाहुद्वारा घुमाइन्थ्यो यो गदा थ्यो, भयानक।
उफ्रो गरुडकै ठीक झम्टे राक्षसमा तब॥

७७

७८

थियो मुसल बोकेको त्यो राक्षस प्रहस्तले।
अगाडि ठिङ्ग भै रोक्यो उनको मार्ग दुष्टले॥
विन्ध्याचल पहाडैझैं यो थियो घोर झन् अति।
त्यसैले सूर्यको बाटो छेकेझैं छेक्थ्यो बढी॥
प्रहस्त झोक्किएकै थ्यो मदोद्धत थियो यता।
थियो फलाम बाँधेको उता मुसल उग्र बा?॥
डर्लाग्दो ढङ्गले छोड्यो अब अर्जुनमाथि त्यै।
कालले गर्जिए जस्तो गर्जियो अनि उग्र भै॥
अशोक-पुष्पको जस्तो टुप्पामा लाल कान्तिको।
आगो बल्थ्यो जहाँ जल्ले सकी हाल्छ समान थ्यो॥
यस्तो देख्ता पनी किन्तु कार्तवीर्यार्जुनैकन।
भएन डर नै कत्ति हडबडायो न ता मन॥
अब आफूतिरै आई रहेको त्यसलाइ ता।
विफलै पार्दिए ठ्याक्क छोडी त्यै बाहुको गदा॥
अनि हैहयका राजा गदाधारी थिए जुन।
त्यस्ता पाँचसए बाहु राम्ररी बोक्तथे जुन।
त्यत्रो बोझ हुने यत्रो गदा बोकी घुमाँउदै।
प्रहस्ततिर यी राजा बढे बा! अब झोंकिंदै।
छोडिए वेगले लाग्यो, ढल्यो त्यो डङ्ग भूमिका।
इन्द्रको वज्र गै लाग्दा ढलेझैं गिरि क्वै वहाँ॥
प्रहस्तलाइ देख्तामा लडेको शुक सारण।
महोदर र धूम्राक्ष भागे राक्षस तत्क्षण॥
उता प्रहस्त लड्दामा भाग्दा मन्त्रीहरू यता।
बढ्यो रावण आफैं नै झम्टी अर्जुनमाथि ता॥
थियो राक्षसको राजा बीस हात हुने उता।
थिए मानिसका राजा हजारौं हातका यता॥
नर-राक्षस यी दोटै वीरमा अब युद्ध भो।
सिरिङ्ग रौँ हुन्थ्यो बा! देख्तैमा पनि उग्र यो॥
उर्लिएका दुवै सिन्धु जुध्छन् जस्ता भए दुवै।
देखिए फेद हल्लेका लड्छन् झैं गिरि क्वै दुवै॥
अत्यन्त तेजिला बल्दा दुवै आदित्यझैं लडे।
पार्ने भुसुक्क संसार दुवै अग्नि सरी बढे॥
थिए यी दुइटै वीर मदोन्मत्त गजै सरी।
झम्टिने कामुकी-गौमा साँढे ठीक दुवै थरी॥

६४

९५

देखिए दुइटा मेघ लड्छन्भैं गर्जिदै गरी ।
भएका बल अत्यन्त दुवै सिंह जुधे सरी ॥
काल जस्तै थियो यौटा अर्को रुद्र समान थ्यो ।
गदा लिइ अ-आफैंमा जो ठोक्का-ठोक गर्दथ्यो ॥
गदाको चोट डर्लाग्दो भोगेथे जसरी अघि ।
ठूलठूला गिरिले राम ! भोगे त्यै ठीक चोट ती ॥
यसरी लड्न लागे यी वीर अर्जुन-रावण ।
गदा प्रहारको चोट अ-आफैंले सहीकन ॥
हान्दा गदा, गदा जुद्धा विजुली कड्किए सरि ।
हुन्थ्यो आवाज आगाको मुस्लै खस्थ्यो वरीपरी ॥
सारा दश दिशा जल्ले कड्केरै व्याप्त गर्दथ्यो ।
चट्याङ् पर्दा झरे जस्तो अग्नि आकाश ढाक्तथ्यो ॥
ताकी रावणको छाती छोड्दा अर्जुनले गदा ।
नै लाग्यो, क्षर रेखा पो पार्‍यो बा ! सुनको तदा ॥
छोड्दा रावणले फेरि छातीमा उनको गई ।
कुनै पर्वतमा खस्ने लाग्थ्यो उल्कै सरी भई ॥
थाक्तैनथे दुवै कत्ति, कत्ति गल्दैन थे दुवै ।
वलि इन्द्र लडे जस्तो लड्दथे वीर यी दुवै ॥
ठूलठूला दुइटा साँढे सींगले नै लडे सरी ।
लड्दथे दाँत-दाँतैले लडेझैं गजले सरि ॥
नरमा श्रेष्ठ थ्यो यौटा अर्को राक्षस श्रेष्ठ थ्यो ।
प्रहार यसरी गर्थे अ-आफैंमा दुवै अहो ! ॥
वर्त्तिकैमा बजाए बा ! गदा अर्जुन वीरले ।
राक्षसेश्वरको छाती बीचमा पूर्ण-शक्तिले ॥
तर रावण त्यो राम ! बरदान-प्रभावले ।
सुरक्षित भएकैथ्यो मर्दथ्यो किन त्यो र ए ! ॥
छोएर त्यसको छाती वेगपूर्वक त्यो तर ।
आफैं फुट्ट फुट्यो टुक्रै-टुक्रा पो भइ दुर्धर ॥
चोट लाग्दा निकै ठूलो पीडा रावणमा पर्‍यो ।
पछिल्तिर हट्यो चार हात, थ्याच्च त्यहीं बस्यो ॥

१०६

११०

निकै ढुन्मुनियो राम ! स्वाँ ! गर्‍यो त्यसले वहाँ ।
त्यसैवेला पुगी हाले वीर अर्जुन नै त्यहाँ ॥
समाते ट्याप्प त्यल्लाई निकै वल गरी अनि ।
साक्षात् गरुडले सर्प समाते ठीक भो पनि ॥
बलपूर्वक हजारौं हातले त्यो समातियो ।
अघि वामनले राजा वलि बाँधे सरी भयो ॥
जब टन्टन बाँधेको देखे थे नभमा बसी ।
सिद्ध चारण यौतामा अनि ता भो महान् खुशी ॥
धन्य ! स्यावास ! इत्यादि भनेर उनले वहाँ ।
पुष्पवृष्टि गरे राम ! वीर अर्जुन भूपमा ॥
बाघले मृगलाई क्यै ङ्यच्छ जस्तो गरीकन ।
सिंहले ङ्याच्छ, पक्डिन्छ जस्तो हात्तीकनै पुनः ॥
त्यही ठीक त्यही जस्तो समाई वशमा लिई ।
त्यसलाई लिई आए राजा अर्जुन गर्जिई ॥
यता ठीक यसैवेला खुल्यो होश प्रहस्तको ।
देख्यो बाँधेर लैजादाँ त्यल्ले रावणलाइ यो ॥
असह्य भै गयो राम ! त्ससलाइ वहाँ अनि ।
गयो हैहय-राजामा झम्टिदै दौडिदै अनि ॥
जस्तो वर्षातमा बढ्छ मेघको दल सिन्धुमा ।
त्यहीठीक बढे झम्टे, सारा राक्षस भूपमा ॥
छोड छोड पर्ख पर्ख ! भनी भनी कराँउदै ।
शस्त्रास्त्र छोड्न लागे ती राजामाथि वहाँ सबै ॥
छोडे मुसल-शूलादि अरू शस्त्रास्त्र साथमा ।
राजामा लाग्न लागे यी अब गै युद्धभूमिमा ॥
यसले क्यै लछारेन आत्तिएनन् नरेश्वर ।
क्याँक्दिए बा ! समातेर आइ पुग्दा अघिल्तिर ॥
श्रेष्ठ शस्त्रास्त्र छोडेर पछि राक्षसलाइ यी ।
हवाले मेघलाई झैं भगाए वीर भै अति ॥
यसरी दुष्टलाई यी डर पारी भगाँउदै ।
राजा स्वपुरमा फर्के आफ्ना मित्र लिई सबै ॥

१२४

आए पुरीको नजिकै उनी जब ती पौरवासी-द्विजले पनी सब ।
आफ्ना सुरेन्द्रै सरिका नरेन्द्रमा वर्षा गरे फूल र अक्षता वहाँ ॥

१२५

CC-0. In Public Domain. Digitization by eGangotri

१२६
बनाइ कैदी वलिलाइ इन्द्रले लगे सरी रावणलाइ भूपले।
लगे मजाले स्वपुरीविषे अब पालेर राखे थुनुवाकनै तव॥

इति बत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेत्तीसौं सर्ग

ऋषिराज पुलस्त्यले रावणलाई समातेको सुन्नु र माहीष्मती–पुरीमा आई नातिलाई छुटाँउनु

१

हावालाई समातेझैं राक्षसेश्वरलाइ त्यो ।
थियो समात्नु ता गाह्रै बुझ्यौ ! तै पनि पक्रियो ॥
छरियो यो कुरा राम ! पुग्यो बा ! पछि स्वर्गमा ।
सुने पुलस्त्यले सम्म, देवले भन्दिए वहाँ ॥
निकै धैर्य भएका हुन् यी पुलस्त्य महान् ऋषि ।
तैपनी नातिको स्नेह बढ्न गो, पग्लिए पछि ॥
माहिष्मती पुरी-स्वामी राजा अर्जुनलाइ ती ।
भेटन भूतलमा आए पछि आफैं महाऋषि ॥
उनको गति थ्यो राम ! बायुकै ठीकको छिटो ।
मनले नै गमे जस्तो, चितायो कि वहाँ पुग्यो ॥
समाती वायुको बाटो सर्र-सर्र गरी ऋषि ।
माहिष्मती-पुरीबीच ओर्लिए अब शान्ति ली ॥
पुरी थिन् यी निकै राम्री इन्द्रकी अमरावती ।
पुरीठीक, निकै राम्रा जन थे हृष्ट-पुष्ट ती ॥
पसेझैं भगवान् ब्रह्मा इन्द्रकोमा मुनीश्वर ।
यी पुलस्त्य पसे राम ! राजाकोमा मनोहर ॥
आकाशबाट ओर्लेर पाउ टेक्तै मजासित ।
त्यतै आइ रहेका ती देखिन्थे सूर्यझैं स्वतः ॥
भै ज्यादा तपको ज्योति भवाट्ट हेर्न सकिन्न थे ।
राजा अर्जुनका मन्त्रीहरूले पछि पो चिने ॥
तुरुन्त अनि राजामा ऋषिको त्यो उपस्थिति ।
भवास्स विन्ती गरी हाले, सवारी भो भनी ऋषि ॥
आफ्ना सेवकद्वारा ती राजाले मुनिराज यी ।
पुलस्त्यको सवारी भो भन्ने सब सुने पछि ॥
शिरमा अञ्जुली बाँधी तुरुन्तै अनि भूपति ।
दौडिंदै लिनको निम्ति भक्तिसाथ बढे अघि ॥

१३

१४

राजाको अघि यै वेला स्वयं राज-पुरोहित ।
मधुपर्क तथा अर्घ्य लिइ लागे छिटै स्वतः ॥
देखियो त्यस वेलामा साक्षात् देवेन्द्रको अघि ।
बृहस्पति हिंडे जस्तो बडो गजबको स्थिति ॥
वहाँ आउँन लागेका पुलस्त्य ऋषि वास्तव ।
उठेका भर्खरै माथि सूर्य जस्ता थिए तव ॥
देख्नासाथ उनीलाई राजा पक्क परे वहाँ ।
ब्रह्मालाई सरी ढोगे इन्द्रले ठीक पाउमा ॥
पाद्य अर्घ्य तथा गाई टक्र्याए मधुपर्कको ।
साथमा मुनिमा राम ! राजाले भक्तिले बडो ।
हर्षगद्गद भै सोध्छन् राजराजेन्द्र अर्जुन ।
मुनिको पाउमा पक्षी यसरी नम्र भैकन ॥
भगवन् ! प्रभुको यस्तो दिव्य दर्शन मिल्नुता ।
अत्यन्त दुर्लभै हो बा ! पाएँ मैले त आज ता ॥
माहिष्मती-पुरी मेरी भइन् ती अमरावती ।
पुरीठीक हुने भाग्य पर्नाले पुण्य-पात्र यी ॥
देव-तुल्य प्रभो ! आज देवले ढोगिने सदा ।
पाउ यी ढोग्न पाएँ जो तस्मात् धन्य भएँ म ता ॥
अहिले सम्मका मेरा व्रत पूर्ण भए सब ।
आजै धन्य भयो मेरो यो चोला पनि वास्तव ॥
भयो सफल आजै पो तपस्या पनि जो जति ।
गरेथें अहिलेसम्म इष्टा-पूर्त फले अति ॥
लौ प्रभो ! अब यो मेरो राज्य पत्नी र पुत्र यी ।
म पनी दास हौं ब्रह्मन् ! छदैछौं प्रभुकै वशी ।
यस हालतमा आज्ञा गरिबक्सनु पर्दछ ।
के गरौं योग्यको सेवा ? छौं तयार प्रभो ! सब ॥

२६

२७

पुलस्त्य ऋषिले राम! अब हैहय-राजको ।
सोधे क्षेम, भलो सारा धर्म अग्नि र पुत्रको ॥
पछि तुष्ट भई भन्छन् यसरी नृपमा उनी ।
पूर्णचन्द्र सरी राम्रो मुखका नृपते! भनी ॥
देखें हैहय-राजेन्द्र! तिम्रो बल बिचित्रको ।
जसको तुलनै छैन जल्ले रावण नै जित्यो ॥
जसको डरले राजन्! दुबै सिन्धु र वायु ता ।
छोडी चञ्चलता टिक्थे, सेव्थे स्थिर भई सदा ॥

३०

३१

मेरो नातिकनै त्यस्तो रणदुर्जय थ्यो सुन ।
जितेर रणमा बाँधी ल्याएछौ धन्य हौ सुन! ॥
तिमीले जो गन्यौ यस्तो यसले यसको यश ।
मटियामेट भो राजन्। फैल्यो तिम्रै महान् यश ॥
लौ भैगो! सुन यो मेरो नाति केटोकनै अब ।
छोडि देउ तिमी राजन्! मागें मैले भनी बुझ! ॥
यस्तो प्रकारको आज्ञा सुने पछि महर्षिको ।
राजाले शिर थापे बा! न बोलिकन क्यै कुरो ॥

३४

३५

राजाधिराजले तस्मात् भित्र दङ्ग भई अति ।
राक्षसेश्वरलाई त्यो फुकाई छोड्दिए पछि ॥
त्यो देवद्रोही असुरादिको सखा महाबली रावणलाइ अन्तमा ।
माला तथा वस्त्र र भूषणादिले प्रसन्न पारे उनले स्वयं वहाँ ॥
राखेर साक्षी पछि अग्निदेव ती मैत्रित्व बाँधेर घनिष्ठ भै अति ।
हिंसा न गर्ने दुइले दुवैकन गरे वलीयो प्रण सम्म यो पुनः ॥
गरी सकी यत्ति कुरा नरेन्द्र ती श्रीराम राजेन्द्र! भए खुशी अति ।
ढोगेर ब्रह्मर्षि पुलस्त्य पाउमा पसे मजाले घरभित्र शान्तिमा ॥

३८

३९

त्यस राक्षस-राजाले राजा अर्जुन बाट ती ।
पायो आतिथ्य-सत्कार त्यसरी छोडिए पछि ॥
हो रावण प्रतापी त्यो हार्दा लज्जित थ्यो तर ।
अगाँलो हालियो आफ्ना बाजेबाट मुनीश्वर ॥
नातिलाइ छुटाएर ब्रह्मपुत्र पुलस्त्य ती ।
ब्रह्मलोकतिरै लागे मनमा भित्र शान्ति ली ॥

४१

४२

यस्तो प्रकारले राम! त्यस रावणले पनि ।
हार खानु परेकोथ्यो राजा अर्जुनबाट ती ॥
पुलस्त्यले गई भन्दा राजासित त्यसो गरी ।
त्यो छुटेथ्यो महाराज! भए पनि महाबली ॥
म भन्ने बलवान् जो छन् तिनी भन्दा पनी बढी ।
बलवान् छन् यहाँ धेरै, भन्छन् संसार हो यही ॥

४४

तसर्थ आफ्नु कल्याण खोज्ने मानिसले सुन! ।
हुन्न होच्याँउनू, हेप्नु कसैलाइ पनी पुनः ॥
हजार हाते नृपको सखित्व त्यो पाए पछी रावण झन् चढ्यो अहो! ।
घमण्डले चूर भई घुमि धरा मान्यो अनेकौं नृपलाइ नै बरा! ॥

४६

इति तेत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चतीसौं सर्ग

वानरराज बालीले रावणको घमण्ड तोड्दिनु र मैत्रित्व बाँध्नु

१

छोड्दिए पछि राजाले फेरि रावण राक्षस ।
नभई खिन्न श्रीराम ! घुम्न थाल्यो धरा सब ॥
नर राक्षस जी होस् त्यो बलवान् गतिलो छ रे ।
भन्ने कुरा कहीं बाट सुन्दथ्यो त महीपते ! ॥
पुग्थ्यो त्यस भए ठाम अभिमानी हुँदा अति ।
खप्नै सक्तैनथ्यो लौ आ! लडौं, भन्थ्यो बढी-चढी ॥
यत्तिकैमा पुग्यो राम ! त्यो रावण कुनै दिन ।
किष्किन्धापुरमा सम्म हुर्रिदैं दर्प लीकन ॥
पैह्री सुवर्णको माला बस्थे बाली वहाँ सुन ! ।
तिनैलाई दियो हाँक लौ आ ! लड्न भनी पुनः ॥
लड्न धोको लिने त्यस्तो दुष्ट रावणलाइ ता ।
भन्दछन् अब बालीका मन्त्रीहरू यसो तदा ॥
वीर तारा र ताराका पिता वीर सुषेण र ।
स्वयं अङ्गद सुग्रीव आदि वानर भै स्थिर ॥
सुन राक्षसका राजा ! अहिले मात्र भर्खर ।
हाम्रा राजा सवारी भो बाली वानर बाहिर ॥
वहाँ नै भइ बक्सिनछ तिम्रो जोडा र योग्यकै ।
अरू वानर क्वै छैनन्, सक्तैनन् अघि पर्न क्वै ॥
चारै समुद्रमा सन्ध्या गरी नित्य-क्रिया सकी ।
आँउदै भइ बक्सेला यता वानरका पति ॥
लौ यसर्थ तिमी तस्मात् मुहूर्तभर पर्ख त ।
धेरै पर्खनु पर्दैन यो धोको अनि पुग्दछ ॥
वरु राक्षसका राजा ! यसो हेर ! त्यतातिर ।
त्यो सेतो हाडको राशि शंख जस्तै छ सुन्दर ॥
बालीका साथमा लड्न तम्सिने, जुध्न आँउने ।
वीरको हो तिमी जस्तै थिए ती गर्विला हुने ॥

१३

१४

बालीका तेजले गर्दा वीर्यमा उनकै परी ।
सब वीर मरेका हुन् गर्व, दर्प त्यसै झरी ॥
सुन राक्षसका राजा ! तिमीले स्वर्गमा गई ।
सुधा-रस पिएका छौ भने पनि मजा लिई ॥
बालीका साथमा लड्दा संझ लौ ! सत्यको कुरो ।
तिम्रो जीवन बित्नेछ, मर्ने छौ, निश्चितै छ यो ॥
आश्चर्य भनिने वस्तु जगत्मा जति छन् सुन ! ।
बाली हुन् तिनमा एक हेर ! भेट उनीकन ॥
एकै मुहूर्त पर्ख्यौ कि यो इच्छा लिइ रावण ! ।
धोको पुग्ने छ है तिम्रो, होला दुर्लभ जीवन ॥
अथवा मर्नमा त्यस्तो तिमीमा छ त हत्पत ।
हुन्छ ! वीर गई हाल दक्षिणी-सिन्धुको तट ॥
वहीं पुगेर देख्ने छौ बालीलाइ स्वयं तिमी ।
बसेका तटमा बल्दा अग्नि जस्ता पराक्रमी ॥
अब रावणले राम ! सारा लोक रुवाँउने ।
तारलाइ हपार्‍यो बा ! भै असह्य रिसाँउने ॥
विमान-पुष्पकैबीच गै चढ्यो सर्र त्यो अनि ।
कसिएर हिंडी हाल्यो दक्षिणी-सिन्धुमा पनि ॥
वहाँ पुगी यसो हेर्‍यो, देख्यो वानरलाइ ती ।
सन्ध्योपासनमा मग्न थिए जो तटमा बसी ॥
सुनको पर्वतै जस्तो शरीर उनको थियो ।
र-रातो मुख थ्यो हुन् मैं सूर्य जस्तै विहानको ॥
देख्ना साथ उनीलाई कालो गाजलठीक त्यो ।
ओर्ली पुष्पक छोडेर हिंड्यो छिटो समात्न पो ॥
खुट्टाको चाल मार्थ्यो त्यो था न पाँउन् भनी यता ।
दैवसंयोगले देखे बालीले त्यसलाइ ता ॥

२६

२७

तुरुन्त उनले ताडे त्यसका पापको कुरो ।
तर ती हड्बडाएनन्, बसे स्थिर भई बडो ॥
खरायोंलाइ देख्तामा मान्दथ्यो डर सिंह के ? ।
देखे गरुडले सर्प वास्ता नै गर्दछन् र के ? ॥
त्यही ठीक भई हाल्यो पापी, छल्ने विचारको ।
वहाँ त्यल्लाइ देख्तामा पनि ता चित्त शान्त थ्यो ॥
अठोंट उनको भैगो पापी रावण यो अब ।
स्वयं समात्न मैलाई नजीकै जब आउँछ ॥
त्यसैबेला म यल्लाई समात्छु, काखि च्याप्छु र ।
तिनोटै सिन्धु यी घुम्छु सक्छु सन्ध्या, भई स्थिर ॥
त्यो बेला गजवै होला मैले यो काखि च्यापिंदा ।
हुनेछन् तल लत्रङ्ग यसका हात-पाउ ता ॥
लान्छन् गरुड पञ्जाले च्यापी सर्प जसो गरी ।
त्यहीं ठीक म लग्नेछु, देख्नेछन् जन छक् परी ॥
गमी यत्ति भई मौन वेद-मन्त्र पढी-पढी ।
त्यही बसि रहे बाली भै सुमेरु सरी, डटी ॥
अ—आफ्नो बलको शेखी बाली—रावणमा दुवै ।
थियो टम्म आ-आफैंमा समात्नै खोज्दथे दुवै ॥
दाऊ हेर्थे दुवै वीर दुवै खोज्थे समाँउन ।
ताक हेर्थे दुवै फेरि खोज्थे काम बनाँउन ॥
अब यस्तै अवस्थामा सार्थ्यो रावण पाइला ।
छयास्स भो, शब्द क्यै निस्क्यो नजीकै आइगो उ ता ॥
त्यसैबाट भयो पत्तो बालीलाई सलाइ यो ।
समात्न ठिक्क भो भन्ने बढायो हात, यो कुरो ॥
थे अर्कैतिर फर्केका ता पनी उनले तर ।
सजीलै ट्याप्प पारे बा ! जो थिए चंख वानर ॥
जस्तो गरुडले सर्प समात्छन् सजिलैसित ।
त्यहीठीक समाते त्यो दुष्ट राक्षसलाइ त ॥
आफैं समात्न खोज्थ्यो त्यो अब आफैं समातियो ।
उडे आकाशमा बाली काखी च्यापेर फुत्त पो ॥
यता रावण त्यो बेला भै असह्य उनीकन ।
नङ्ग्राले बीस हातैका चिथोर्थ्यो कसिईकन ॥
यसले क्यै लछारेन हावाले मेघलाइ झैं ।
उडाएर लगे काखी च्यापेरै उनले अझै ॥

४३

४४

यसरी हरि लैजाँदा आफ्नु मालिकलाइ त्यो ।
देखी रावणका मन्त्री चिच्याए जोडले बडो ॥
अब राजाकनै त्यस्ता बालीबाट छुटाँउन ।
आफ्नु शक्ति भएठीक दौडे ती हुरिईकन ॥
उड्थे अघि-अघी बाली लखेट्थे पछि राक्षस ।
मेघले पछि लागेका सूर्य जस्ता भए तब ॥
थिए रावणका मन्त्री राक्षसश्रेष्ठ तैपनि ।
भेट्न बालीकनै किन्तु सकेनन् क्यै गरे पनि ॥
बालीका हात तिम्राले उठेका वायुवेगका ।
झोकामा पर्न जाँदा ती खाए हार लडे तदा ॥
बालीका मार्गमा पर्दा झोकामा त्यसको परी ।
टिक्न गाह्रै हुँदा हट्थे ठूल्ठूला गिरिसम्म ती ॥
यस हालतमा टिक्थे बिचरा कसरी तिनी ।
हाड-मासु भएकैथे खोज्थे जो राख्न जीवनी ॥
समुद्र सम्म यी बाली पुग्दथे जत्तिको छिटो ।
त्यत्ति चाँडो त्यहाँ पुग्न धरो सक्तैनथ्यो छिटो ॥
महान् वेग हुने यस्ता बाली चारै समुद्रमा ।
पुगे सर्सर श्रीराम ! सके सन्ध्या-क्रिया वहाँ ॥
चारोटै सिन्धु घुम्दा यो उनी आकाशमार्ग ली ।
सारा आकाशचारीले प्रशंसा गरिए अति ॥
पछि रावणलाई त्यो काखी च्यापी सजैसित ।
त्यै पश्चिम—समुद्रैको तटमा ओर्लिए अब ॥
सन्ध्योपासन-स्नानादि तथा जप सकी वहाँ ।
त्यसलाइ उचाली ती पुगे उत्तर—सिन्धुमा ॥
वायुको मनको ठीक गति, वेग हुने उनी ।
हजारौं कोश त्यल्लाई बोक्तै, च्याप्तै घुमे अनि ॥
उत्तरी सिन्धुमा ओर्लि सकी सन्ध्या त्यहाँ पनि ।
बाली पूर्वदिशा लागे पुग्न सिन्धुतटै अनि ॥
इन्द्रका पुत्र ती वीर स्नान-सन्ध्या सकी वहाँ ।
आए रावण च्यापेर किष्किन्धाको नगीचमा ॥
यसरी स्नान-सन्ध्यादि सकी चार समुद्रमा ।
थाके जस्ता भई ओर्ले किष्किन्धापुरबीचमा ॥
ती कपिश्रेष्ठले राम ! काखी खोलेर बल्ल पो ।
छोड्दिए वीर त्यल्लाई पछि बाट भने यसो ॥

६०

६१

भनाई पनि अर्कै थ्यो त्यो वेला कपिराजको ।
हाँसो थ्यो मुखमा केही सोद्धथे भै न जानिंदो ॥
भन आज तिमी आयौ कहाँ बाट यहाँ ममा ।
को हौ रे हुँ ? तिमी वीर ! भन के काम हो यहाँ ? ॥
थियो रावणको आँखा श्रमले अलिल चञ्चल ।
बालीको वीर्य देख्ता त्यो थियो जिल्ल त्यसै तव ॥
अनि राक्षस राजाले कपिराज सँगै भन्यो ।
खस्किएर निकै राम ! यसरी तलको कुरो ॥
ओहो ! महेन्द्रकै जस्तो वीर्यका वानरेश्वर ! ।
हुने रावण यो नाम हूँ म त्यै राक्षसेश्वर ॥
आएँथें म तिमीसाथ लड्न इच्छा लिई यहाँ ।
भेट्टाएँ त्यो मजैसाथ पुग्यो, फेला परें यहाँ ॥
तिमीमा अद्भुतै वीर्य बल शक्ति रहेछ बा ! ।
देखें गम्भीरता त्यस्तै अब छक्क परें म ता ॥
पशुलाइ समातेझैं समातेर मलाइ ता ।
घुमायौ फनफनी ओहो ! ती चारै सिन्धुमा तदा ॥
शूर-वीर तिमी भिन्न अर्को को छ र व्यक्ति पो ।
नथाकी यत्तिको चाँडो घुमाओस् जो मलाइ त्यो? ॥
यस्तो गति भएका छन् तिनोटै भूत-तत्त्व ती ।
सुन्दछौं सुन हुन् वायु तथा गरुड, चित्त यी ॥
कपीश्वर ! सुनें, देखें अब संसारबीच यो ।
शक्ति तीव्र हुने त्यस्तो, चौथो निस्क्यौ तिमी अहो!॥
यसरी बल भोगेका था पाएका तिमीसँग ।
मीत लाउँछु है वीर ! म ता अब मजासँग ॥

७२

७३

अग्नि साक्षी बनाएर सँधैको निम्ति वास्तव ।
अखण्ड मित्रता बाँध्ने मेरो इच्छा बढ्यो अब ॥
सुन ए कपिका राजा ! आज देखि सबै कुरा ।
तिम्रा हाम्रा भए साझा अधिकार भए पुरा ॥
स्त्री-पुत्र-पुर-राज्यादि भोग—वस्त्र र भोजन ।
अरु यी वस्तुमा सम्म आधा हक भयो गुन ! ॥
अब राक्षसको राजा राजा वानरका दुवै ।
अग्नि बाली भए मीत भित्र आनन्दमग्न भै ॥
अनि यी दुइले मारे अँगालो राम्ररी वहाँ ।
सम्बन्ध यसरी जोडे भाइ-नातो बढ्यो जहाँ ॥
यौटाले हात अर्काको समाती कपि राक्षस ।
त्यो किष्किन्धापुरी-भित्र पसे दङ्ग भई तव ॥
त्यो वेला देखियो राम ! अति अद्भुत दृश्य यो ।
परछन् गिरि-गुफाभित्र दुइटै सिंहराज पो ॥
भाई सुग्रीवकै ठीक मान भोगेर राम्ररी ।
बस्यो राक्षसको राजा वहीं नै महिना भरी ॥
यै बीचमा त्यहाँ आए त्रैलोक्यै नाश्न चाँहने ।
त्यसका दुष्ट मन्त्री ती पछि साथै लिए गए ॥
राजराजेन्द्र श्रीराम ! कुरो हो यो अगाडिकै ।
जिते त्यल्लाइ बालीले पछि भ्रातृत्व नै दिए ॥
अतुल्य बल थ्यो राम ! बालीमा अति उत्तम ।
बानरश्रेष्ठ थे यौटै थियो ज्यादै पराक्रम ॥
प्रभुले बाणले यौटै त्यस्तालाइ पनी अहो ! ।
त्यसरी मार्दिई बक्स्यौ, अग्निको सलहै बन्यो ॥

८४

इति चौतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैंतीसौं सर्ग

वानरवीर हनुमान्को जीवनी

१

सोद्धछन् अब श्रीराम त्यो दक्षिण दिशातिर ।
बसेका मुनिमा श्रेष्ठ अगस्त्यसँग यो तब ॥
त्यो वेलामा झुकेकाथे उनी विनयले निकै ।
दुइटै हात जोडेर सोद्धथे अर्थ-पूर्ण यै ॥
भगवन् ! यसमा कत्ति शुभा शङ्का म मान्दिन ।
बाली रावण हुन् दोटै बलवान् अति उत्तम ॥
परन्तु यी दुवै भन्दा हनुमान्लाइ नै म ता ।
बलीया हुन् भनी ठान्छु मान्छु त्यस्तै कता-कता ॥
बुद्धिमत्ता तथा नीति-शूरता-दक्षता-बल ।
प्रभाव-वीर्य-धैर्यादि हनुमान्मै थिए सब ॥
समुद्रलाइ देख्तैमा जब वानर-सैन्य त्यो ।
आत्तिएको थियो तर्ने न हुँदा आँट योग्यको ॥
उनैले त्यो अवस्थामा सैन्यमा दिइ साहस ।
फड्केथे एक फड्कोमै सयौं योजन वास्तव ॥
पसी लङ्कापुरी भित्र आधिभौतिकरूपकी ।
लङ्किनीलाइ ठोकेर भित्र—भित्र पसे पछि ॥
हेरे रावणको खोपी अन्तःपुर घुमे सब ।
सीतालाइ वहीं भेटे आश्वासन दिए तब ॥
अशोकबाटिकाबीच अकेला उनले प्रभो ! ।
लडे रावणका सेनाहरू साथ विचित्र हो ! ॥
सैन्य साथ निकै मन्त्री छोरो अक्ष समेत त्यो ।
वहीं नै युद्धमा मारे बाँधिए ती पछाडि पो ॥
गरे रावणकै साथ मजासित कुरा अनि ।
डराएनन् उनी कत्ति त्यो पुच्छर डढे पनि ॥
भस्म पारि दिए लङ्का त्यसैले कपिवीरले ।
सारा भुसुक्क पारेमैं पृथिवी प्रलयाग्निले ॥

१३

१४

देखियो भोगियो जस्तो हनुमान्को पराक्रम ।
सुनिएको पनी छैन त्यस्तो त अरुको पुनः ॥
सुनिएको छ ब्रह्मर्षे ! न ता वरुण-इन्द्रको ।
कसैको पनि ता छैन कालको न छ विष्णुको ॥
ब्रह्मतुल्य ऋषे ! मैले यिनैका बाहुवीर्यले ।
ती विभीषणको निम्ति त्यस्ती लङ्कापुरी जितें ॥
पाएँ विजय वैरीमा अयोध्या-- राज्य साथ यो ।
सीता लक्ष्मण साथैमा पाएँ मित्र सबै प्रभो ! ॥
मित्र वानर-राजाका हनुमान् यी कसै गरे ।
न पाएको भए मैले के हुन्थ्यो कुन्नि है ? ऋषे ! ॥
पत्तो पाँउन सीताको गाह्रै पर्थ्यो, सकिन्नथ्यो ।
यी बाहेक थियो अर्को कुन वीर र योग्यको ॥
बाली-सुग्रीवमा ब्रह्मन् ! थियो भै-झगडा जब ।
हनुमान्ले त्यसै वेला गर्न सुग्रीवको प्रिय ॥
बालीलाइ डँढेंलोले सकेमैं वृक्षलाइ क्वै ।
मासेनन् किन ? यै बुझ्न भएँ म असमर्थ हैं ! ॥
म त संझिन पो लागें हनुमान्ले निजी बल ।
संझेनन् ऊँहँ ! के कस्तो छ भन्ने सम्म वास्तव ॥
यसैले कपिका राजा प्रिय सुग्रीवलाइ ती ।
दुःख भोग्दा पनी त्यस्तो स्वयं हेरिरहे हकि ? ॥
देववन्द्य प्रभो ! तस्मात् हनुमान्का कुरा सब ।
आज्ञा होस् सुन्न चाहन्छु यथार्थ अब वास्तव ॥
युक्तियुक्त कुरा यस्ता राम-राजेन्द्रका सुनी ।
अगस्त्य उनमा भन्छन् हनुमान्कै अघी अनि ॥
हनुमान्का कुरा छोईं तिमीले जो भन्यौ यहाँ ।
ती सबै सत्य हुन् राम ! फरकै छैन तथ्यमा ॥

२६

२७

वलमा वीर्यमा एवं गतिमा मतिमा पनि ।
दाँजोमा यिनको पुग्ने व्यक्ति नै छैन क्वै पनि ॥
जाँदैन जसको श्राप कहिल्यै खेर, व्यर्थ वा ।
त्यस्ता-मुनि—महात्माले पहिले यिनलाइ ता ॥
त्यस्तै श्राप दिएकाथे पूर्ण शक्ति तथा वल ।
भए पनि त थापाँउन्न अव देखि भनी तव ॥
ए महान् बलवान् राम ! यिनले बाल्यकालमा ।
गरेजो त्यो महान् कर्म पनि ठूलो छ है यहाँ ॥
छ है सितिमिती गाह्रो बखान्न पनि त्यो पुनः ।
थानपाई नजानेर गरेथे यिनले जुन ॥
राम बाबु ! छ ता इच्छा हनुमान्को चरित्र त्यो ।
सवै सुन्न भने भन्छु, वन एकाग्रचित्तको ॥
वर पाइ भने जस्तो भगवान् सूर्यबाट यी ।
सुनै-सुन भएकोथ्यो स्वरूप जसको अघि ॥
सुमेरुगिरि थे त्यस्ता गिरिराज प्रसिद्ध ती ।
हनुमान्का पिता बस्थे जसमा केसरी अघि ॥
गयो वानरको राज्य वहीं नै उनको तव ।
पत्नी थिन् उनकी राम ! अञ्जना-नामकी शुभ ॥
नका क्षेत्रमा त्यस्तो अञ्जना—गर्भबाट त्यो ।
ो वायुदेवले पुत्र जन्माए यिनलाइ पो ॥
अञ्जनाले यिनीलाई दिंदा जन्म वहाँ प्रभो ! ।
हुँलो वर्ण थ्यो राम्रो हो जस्तै धानको टुसो ॥
े दिन गएकीथिन् अञ्जना फल ल्याँउन ।
यिनलाइ त्यहीं छोडी अनकन्टारको वन ॥
टिंदा जननी साथ हुँदा पीडित भोकले ।
ाग्नु थे, रुन लागे यी त्यो वेला अतिजोडले ॥
गवान् शिवका छोरा स्वामीकार्तिक राघव ! ।
त्यो शरवणैवीच रोएकाथे त्यहीठिक ॥
कैमा पऱ्यो आँखा जपाकुसुम-तुल्यका ।
ा भर्खरै माथि सूर्यमा लालरङ्गका ॥
नले संम्भिए राम ! कुनै फल भनी तव ।
ो टिप्न भनी दौडे सूर्यपट्टि यिनी अब ॥
सूर्य सरी थे यी बालसूर्यतिरै उता ।
ाल सूर्यलाई नै गए आकाशमा तदा ॥

४३

४४

त्यस्तो बाल्य-अवस्थामा यिनलाइ त्यसो गरी ।
उडेर सूर्यमा जाने देख्थे जन सबै थरी ॥
ज्यादै आश्चर्य मान्थे ती यक्ष दानव देवता ।
शोच्तथे यिनको बारे बसेर पछि यी कुरा ॥
वायुका पुत्र यी उड्छन् जसो गरी आकाशमा ।
त्यस्तो शक्ति छंदैछैन कसैमा अरु व्यक्तिमा ॥
गाह्रै छ उड्न सक्तैनन् साक्षात् गरुड नै पनि ।
वायुले मनले सम्म भेट्तैनन् के कुरा अनि ? ॥
बल-वेग छ ता यस्तो भने बालक—कालमै ।
पछि यौवन चढ्दामा कस्तो होला बढीकनै ? ॥
सूर्य ताकी उडी जाने देख्ता पुत्र उनीकन ।
सूर्यले अब पोल्छन् लौ भन्ठाने वायुले सुन ! ॥
स्वयं ब्नि भए ठण्डा हिमको राशमैं उनी ।
मायाले तानिंदा दौडे हुर्रिएर त्यसै पनि ॥
शिशु यी हनुमान् राम ! यसरी आफ्नु वेगले ।
बावुको शक्तिले सम्म हुँर्रिएर परै पुगे ॥
कैयौं योजना नाघेर हजारौं कोश मास्तिर ।
पुगे सूर्य भए ठाम अब आकाशमा पर ॥
छैन यो कपि-केटोमा ज्ञान क्यै गुण-दोषको ।
शसका हातमा धेरै काम छन् देव-आदिको ॥
यसले गर्नु पर्नेछ ठूल्ठूला भावि-कार्य ती ।
शोची यत्ति कुरा राम ! पोलेनन् सूर्यले पछि ॥
यता यै दिनमा राहु सूर्यलाइ समात्न ता ।
माथि उक्लिरहेकोथ्यो पर्वको दिन भै दिंदा ॥
सूर्यका रथको त्यस्तो माथिल्लो भागमा तव ।
यिनले राहुलाई त्यो बुझयौ ! छुन पुगे जब ॥
यै वेला आत्तिएको थ्यो सूर्य-चन्द्र दुवैकन ।
गाँज्ने राहु पनी राम ! दौडेथ्यो त्रासले सुन ॥
त्यतैबाट पुगी हाल्यो सिंहिकापुत्र राहु त्यो ।
साक्षात् इन्द्र भए ठाम रिसले मुरिंदै बडो ॥
देवताहरुले सारा घेरिएका सुरेन्द्रमा ।
वहाँ पुगि भन्यो त्यल्ले कर्के आँखा गरी त्यहाँ ॥
बल-वृत्र दुवै मार्ने सुरराज ! मलाइ ता ।
प्रभुले बक्सिएकोथ्यो भोक मार्ने दुवै कुरा ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

चन्द्र सूर्य दुवै हुन् ती खाँन जाँदा यिनैकन ।
मैले पाइन के भो यो ? बक्सियो अरुमा किन ? ॥
औंसीको पर्व थ्यो आज गएँथें सूर्यलाइ म ।
ग्रस्त गर्न भनी देव ! वेगले कसिईकन ॥
यत्तिकैमा प्रभो ! किन्तु राहु अर्कै वहाँ पुग्यो ।
सहसा सूर्यलाई ती गाँज्यो बा ! जोडले बडो ॥
राहुका यी कुरा सुन्दा आत्तिए देवराज ता ।
हल्लाई सुनको माला उठे आसन बाट बा ! ॥
अनि कैलासझैं सेतो चार दन्त-सुशोभित ।
नाना श्रृङ्गारले राम्रै खुलेको दिव्य, भूषित ॥
सुवर्णमय-घण्टाको नाद नै अट्टहासको ।
रूपमा नित्य नै छोड्ने तेजिलो भव्यरूपको ॥
ऐरावत गजश्रेष्ठ जुन वाहन आफ्नु थ्यो ।
चढे गई त्यसैमाथि सुरराज भई छिटो ॥
अगाडि दौडियो राहु जहाँ थे हनुमान् तथा ।
भगवान् सूर्य, त्यै ठाम राहु बढ्दै थियो तदा ॥
हनुमान्को पऱ्यो आँखा यै वेला त्यस राहुमा ।
कुनै पर्वत हो जस्तो देखिन्थ्यो फलझैं जहाँ ॥
देखनासाथ त्यसैलाई संझिए फल हो भनी ।
हनुमान् झै छिटो झम्टे त्यसैमाथि स्वयं अनि ॥
सूर्य छाडेर आफैंमा झम्टिने हनुमान्कन ।
देखतामा राहु ता काँप्थ्यो, आत्तियो डरले पुनः ॥
थिएन त्यसको देह मुखमात्र थियो त्यही ।
लुकाएर न सक्तामा पर्नमा उनको अघि ॥
आफ्नु रक्षक हुन् जस्ता सुरराजै थिए तव ।
उनैलाइ गुहाऱ्यो बा ! इन्द्र ! इन्द्र !! भनी अब ॥
सुन्नाले पहिले देखि चिनेको स्वर त्यो सुनी ।
इन्द्रले पनि श्रीराम ! भने बा ! नडरा ! भनी ॥
हमला गर्न आएको यल्लाई रोकिदिन्छु म ।
ऐरावतकनै देखे हनुमान्ले यता पुनः ॥
संझे फल त्यसैलाई पनि यौटा विशाल र ।
समात्न निम्ति दौडे यी हुर्रिएर त्यतैतिर ॥
यिनको रूप त्यो वेला बडो गजवको भयो ।
इन्द्रको अग्निको जस्तो डर्लाग्दो उग्र तेजिलो ॥

७७

७८

हनुमान् थे निकै साना त्यस्ता देखता यिनीकन ।
भएन क्रोध त्यस्तो क्यै इन्द्रमा रघुनन्दन ! ॥
तैपनी हातले आफ्नो छुटेको वज्रले तव ।
उनले यिनमा हाने राहुको भइ रक्षक ॥
इन्द्रका वज्रको चोट लाग्दामा शिशु यी कपि ।
डाँडोमाथि कुनै यौटा लडे डङ्ग्रङ्ग भै पछि ॥
डाँडोमा त्यसरी खस्ता वज्रिए जोडले अति ।
ऊ ! वाँया पट्टिको च्यूँडो फुक्लिएको छ हेर ती ! ॥
वज्र लागी ढलेकाथे भइ विह्वल यी जव ।
वायुदेव रिसाए बा ! इन्द्रमाथि स्वयं तव ॥
उनको झोक वा क्रोध त्यसरी जुन बढ्न गो ।
प्रजाको निम्ति सम्पूर्ण त्यही अहितको भयो ॥
उनी सामर्थ्यशाली हुन् जगत्का जीवभित्र यी ।
एकाकार भई बस्छन् तर शक्ति खिचें पछि ॥
त्यसरी शक्ति खिंचतामा श्वास-प्रश्वासरूपको ।
भो चाल-चलनै टक्क दुनियाँमा समस्त पो ॥
उनी अब गरी यत्ति साना पुत्र यिनीकन ।
लिइ साथ गुफाभित्र पसे क्वै गिरिको पुनः ॥
जसरी रोक्तछन् वर्षा देवेन्द्र पृथिवीभरी ।
त्यहीठीक गरी रोके श्वास यो जगतै भरी ॥
दिशा-पिसाप भो बन्द त्यसले सब विश्वको ।
यता संपूर्ण प्राणीको प्राण-संचार रोकियो ॥
सास बन्द हुनै लाग्यो रोकिंदा वायु विश्वको ।
अङ्ग-प्रत्यङ्गका जोर्नी भाँचिए ठीक दुख्नगो ॥
संपूर्ण विश्वका प्राणी यसले रघुनन्दन ! ।
अन्तमा काठ जस्तो पो हुन लाग्यो प्रतिक्षण ॥
धर्म-कर्म भयो बन्द वेद-स्वाध्याय रोकियो ।
स्वाहा, स्वधा भयो बन्द नर्ककै ठीक कष्ट भो ॥
गन्धर्व देवता यक्ष मनुष्य असुरादिक ।
सारा प्रजा भए दुःखी अतिकष्ट बढ्यो तव ॥
अनि क्यै शान्ति मिल्ला कि भन्ने इच्छा लिई सब ।
प्रजापति भए ठाम पुगे आत्तिइँदै तव ॥
त्यो वेला सब यौताको पेट डम्म थियो फुली ।
महोदर महान् रोग लागेझैं भन्दछन् झुकी ॥

८४

६५

भगवन् ! प्रभुले हामी जगत्‌का जनताकन ।
सिर्जिई बक्सिएकोथ्यो चार भाग गरीकन ॥
सारा हामीहरूलाई आयुको पति रूपमा ।
वायुलाइ पनी बक्स्यो मुख्य छन् ती जहाँ-तहाँ ॥
तसर्थ भगवन् ! हाम्रो प्राणका गति ईश्वर ।
वायु नै हुन्, यिनैद्वारा बाँचेका छौं चराचर ॥
तैपनी किन हो कुन्नि? खोपीमा स्त्रीहरूकन ।
थुनेर्मै आफ्नु संचार रोके, दुःख दिए किन ? ॥
दुःख हर्ने प्रजानाथ ! पर्‍यौं शरणमा सब ।
वायुको दुःखले साह्रै पिर्‍यो, लौ यै हटोस् अब ॥
दुःखपूर्ण कुरा यस्ता प्रजाबाट सुनी सकी ।
रक्षा गर्ने प्रजा पाल्ने आज्ञा हुन्छ प्रजापति ॥
यसमा क्यै कुरा त्यस्तो पर्‍यो कारणरूपको ।
भनी यत्ति उनीलाई फेरि आज्ञा भयो यसो ॥
जसको निहुँ पर्नाले रिसाए वायु-देवता ।
गति रोके, त्यही हेतु भन्छु लौ सुन ! हे प्रजा ? ॥

१०२

१०३

सुझ-बुझन छ यै योग्य यसमा हेतु यो पर्‍यो ।
इन्द्रले छोड्दिए वज्र वायुका पुत्रमाथि जो ॥
यसैले झोकिएका हुन वायुदेव अरूप भै ।
जगत्‌मा घुम्दछन् व्याप्त छन् चराचरमा सबै ॥
जगत्‌का सब प्राणीको यो शरीर उनी विना ।
हुन्छ निश्चेष्ट, निष्प्राण सुकेको काठमैं यहाँ ॥
वायु नै सबका प्राण मानिन्छन् मुख्यरूपका ।
उनै हुन् सुखका हेतु जगत् हुन् एकरूपका ॥
वायु हो ! यिनले छोड्दा जगत् यो कहिल्यै पनि ।
पाँउन्न सुख वा शान्ति अस्तित्वै हुन्न क्यै पनि ॥
जगत्‌का आयु हुन् वायु यिनैले छोड्दिए अतः ।
भो निष्प्राण जगत् सारा भित्तो काठ सरी बुझ ! ॥
तस्मात् अदितिका छोरा वायु हो ! हिंड लौ अब ।
जाऔं उनै भए ठाम जहाँ छन् ती दिने दुख ॥
यस्तो हुन न पाओस् है उनी राम्रै रिसाँउदा ।
भुसुक्क लोक यो सारा न होस्, शोच यही कुरा ॥

११०

१११

भयो सवारी अब ब्रह्मदेवको त्यहाँ जहाँ वायु थिए सपुत्रको ।
पछाडि लागे सब देव गुह्यक गन्धर्व-नागादि पनी रघूद्वह ! ॥
श्रीसूर्य आगो सुन ठीक तेजिला राखेर छोराकन काखमा तदा ।
बस्थे वहाँ वायु पुगी प्रजापति विरिञ्चिको दृष्टि पर्‍यो स्वयं पछि ॥
सम्पूर्ण गन्धर्व र देव राक्षस महर्षि-यक्षादि सँगै वहाँ तव ।
देख्ता हनूमान्‌कन ब्रह्मदेवमा लाग्यो दया स्नेह बढेर चित्तमा ॥

११२

इति पैंतीसौं सर्ग

छत्तीसौं सर्ग

वानरवीर हनुमान्ले देवताहरूबाट अनेकौं वर र ऋषिहरूबाट श्राप पाउनु

१

राजराजेन्द्र श्रीराम ! त्यसरी पुत्र मार्दिंदा ।
भित्र मर्का परेकोथ्यो दुःखी थे वायु-देवता ॥
ब्रह्मालाई वहाँ देख्ता शिशुलाइ लिएर त्यै ।
उठे ठिङ्ग भए वायु विधाताको अघिल्तिरै ॥
उनका कान शोभिन्थे दिव्य कुण्डल हल्लिंदा ।
कण्ठको हार झल्किन्थ्यो किरीट शिरको तथा ॥
सुनका गहना नाना खुलेकाथे शरीरमा ।
तेज फैलिरहेकोथ्यो उनको दिव्य भै वहाँ ॥
तीन पल्ट उपस्थान ब्रह्माको उनले गरे ।
श्रद्धाले भक्तिले गर्दा स्वयं चरणमा लडे ॥
दिव्याभरणले राम्रै शोभिएका सुबाहुले ।
उठाइ बक्सियो राम! वायुलाइ विरिञ्चिले ॥
पछाडि वेदका वेत्ता उहाँले शिशुलाइ त्यो ।
जुन थे हनुमान् त्यस्ता बाहुले आङ छोइयो ॥
पानी हाल्दा र सिंच्तामा पलाई फेरि हर्हर ।
खेती सप्रे सरी भैगो उनका अङ्ग फर्फर ॥
चैतन्य तिनमा आयो छुवाई दिव्य बाहुको ।
पाँउदा त्यो करस्पर्श ब्यूँतिए हनुमान् अहो ! ॥
स्वपुत्र हनुमान्लाई देखेमा ब्यूँतिए पछि ।
वायुदेव भए राम ! पहिले ठीकका खुशी ॥
बल्ल सम्पूर्ण प्राणीको प्राण जो रोकिंदो थियो ।
भैगयो पहिले जस्तो चलाए, खुश भै बडो ॥
वायु त्यो रोकिंदा भवाट्ट दुःख भोग्ने प्रजा पनि ।
अब दङ्ग परे सारा छुट्यो दुःख त्यसै अनि ॥
हिमका वायुको चोट छुट्तामा पोखरी सब ।
फुल्दा कमल शोभिन्छन् जसरी भो त्यही ठिक ॥

१३

१४

अब लौ सुन श्रीराम ! छत्रै ऐश्वर्य शक्तिले ।
त्रैलोक्य गृहमा बस्ने शोभिने तीन मूर्तिले ॥
नित्य तीन दशा-युक्त देवद्वारा सुपूजित ।
ब्रह्माले वायुको प्यारो गर्नकै निम्तिमा तव ॥
सम्पूर्ण देवता साथ भनि बक्स्यो यसो गरी ।
साराको अघि त्यो वेला उनको स्नेहमा परी ॥
सुन ए देव हो ! जो छौ वरुणाग्नि कुवेर र ।
साक्षात् शिव-सुरेन्द्रादि, मेरो हित कुरो अब ॥
ज्ञानै छ यो तिमीलाईं वायुका शिशुबाट यी ।
होला पछि निकै ठूलो काम गर्ने भलो अति ॥
यस अर्थ तिमी सारा यस बालकमा वर ।
देउ नानाथरी, होऊन् वायुदेव पनी खुश ॥
हजारौं नेत्रका राम्रा मुखका इन्द्रले अब ।
यौटा कमलको माला पहिराइ दिए तव ॥
शिशु ती हनुमान्लाई उद्देश्य गरि अन्तमा ।
भने वर दिंदै राम! इन्द्रले उनमा वहाँ ॥
छुटेको हातले मेरो वज्रले यस बालको ।
थ्यो वाँया हनु फुक्लेको हो च्यूँडो जुन वेस त्यो ॥
शिशुको यो कपिश्रेष्ठ यसर्थ शुभ नाम यो ।
हनुमान् भो, यही नाम होला ख्यात प्रसिद्धको ॥
यस भित्र यिनीलाई अङ्कु तै वर दिन्छु म ।
मर्ने छैनन् यिनी आजै देखि यो वज्रले पुनः ॥
अन्धकार सबै नाश्ने सूर्य भन्छन् अनी यसो ।
शयौं भाग दिएँ मैले यिनमा आफ्नु तेजको ॥
यस भित्र यिनीभित्र शास्त्राध्ययन गर्नको ।
यस भित्र यिनी भित्र ...
शक्ति पूर्ण भएमा म दिउँला ज्ञान शास्त्रको ॥

२६

२७

हुनेछन् जसले गर्दा बोलैया बुद्धिमान् यिनी ।
यिनी भिन्न हुने छैन, शास्त्र-ज्ञान हुने पनि ॥
पछि बाट भने राम! दिंदै वरुणले वर ।
यस बालकमा मेरा वस्तुको छैन क्यै डर ॥
बाँचुन् वर्ष दशै लाख तै पनी यिनलाइ ता ।
मेरो पाशो र पानीको लौ हुने छैन त्रास ता ॥
यमले पनि श्रीराम! दिंदै वर भने यसो ।
होलान् निरोग यी मेरो दण्ड बाट अवध्यको ॥
पहेंलो वर्णका राम्रा यौटै आँखे कुवेरले ।
हनुमान् माथि भै तुष्ट दिंदै वर यसो भने ॥
आज देखि यिनीलाई युद्धमा कहिले पनि ।
विषाद्-खिन्नता आदि हुने छैन कहीं पनि ॥
त्यस्तै संग्राम पर्दामा पनि मेरो गदा कसै ।
यिनमा वज्रिने छैन मार्ने छैन कहीं त्यसै ॥
बक्सियो उनमा राम! वर श्री शिवले पनि ।
मेरा शस्त्र र मैद्वारा मर्ने छैनन् भनी यिनी ॥
बुद्धिमान् विश्वकर्माले शिल्पीमा श्रेष्ठ थे जुन ।
बाल-सूर्य सरी राम्रा दिए वर यिनीकन ॥
सव मैले बनाएका दिव्य शस्त्रास्त्रले यिनी ।
मर्ने छैनन् तथा होलान् चिरञ्जीवी पनि यिनी ॥
ब्रह्मा बाट भयो आज्ञा अन्तमा उनमा यसो ।
होला यो शिशु दीर्घायु महात्मा र उदारको ॥
यसमा ब्रह्मदण्डादि जो जो छन् जति छन् यहाँ ।
छुने छैनन् अवध्यै पो हुनेछ तिनले जहाँ ॥
अब यी हनुमान्लाई यस्ता नाना प्रकारका ।
देवको वर पाएको देख्तामा ब्रह्मदेव ता ॥
प्रसन्न भइ बक्स्यो र आज्ञा भो वायुदेवमा ।
सुन मारुत! यो तिम्रो पुत्र होला महान् यहाँ ॥
सम्पूर्ण शत्रुको निम्ति यही होला भयङ्कर ।
मित्रको निम्ति यै होला भय नाश्ने सुखङ्कर ॥
युद्धमा जित्न कवै व्यक्ति सक्ने छैनन् बुझ्यौ! कुरो ।
आफ्नु इच्छा सरी रूप धर्न सक्ने हुनेछ यो ॥
जहाँ जान गर्‍यो इच्छा वहीं पुग्नेछ यो पुनः ।
गति मन्द तथा तीव्र होला इच्छा सरी पुनः ॥

४३

५४

महान् कीर्ति हुने होला पछि गै युद्धमा तक ।
रावणादिहरूलाई मार्न होला सहायक ॥
श्रीराम आदि ठूलठूला व्यक्तिमा प्रेम उब्जिने ।
अनेकौं काम गर्दा यो सिरिङ्ग जिउ पार्दिने ॥
यसरी हनुमान्लाई दिएर वर अन्तमा ।
वायु साथ विदा मागे देवले पछि जानमा ॥
पितामहादि सम्पूर्ण देवता अनि राघव! ॥
आए जस्तै गरी लागे अ-आफ्नो ठाममा तव ॥
वायुदेव पनी आए शिशु छोरा लिई घर ।
पोल्टोमा हाल्दिए पत्नी-अञ्जनाको अघिल्तिर ॥
देवताहरुले जो जो शिशुलाइ दिए वर ।
भन्दिए हाल त्यो सारा गए अनि भई स्थिर ॥
वर पाइ अनेकौं यी यसरी हनुमान् तव ।
वरले पाइने शक्ति बाट पूर्ण भए सव ॥
भरिएको महासिन्धु जसरी हुन्छ शोभित ।
त्यैठीक शक्ति भै पूरा भए भूषित शोभित ॥
त्यसताक भएकाथे यी वानर शिरोमणि ।
ढुक्क निर्भय अत्यन्त जान्थे घुस्थे जहाँ पनि ॥
विशेष ऋषिको एवं महात्मा मुनि आदिको ।
पुण्याश्रमतिरै जान्थे उपद्रो गर्दथे बडो ॥
शान्त चित्त हुने त्यस्ता मुनिको यज्ञ आदिको ।
भाँडाकूँडा सबै फोर्थे, बिगार्थे दुष्ट भै अहो! ॥
स्रुक स्रुवा आदि जो जो थे पात्र ती अग्निहोत्रका ।
फोर्दिन्थे चीर-वस्त्रादि च्यात्तथे यी भई कडा ॥
वायुपुत्र यिनी ज्यादै बलका शक्तिका हुँदा ।
गर्थे नाना उपद्रो बा! जहाँ पायो वहीँ तदा ॥
लोकको श्रेय नै गर्ने भगवान् ब्रह्मदेवले ।
यिनमा बक्सिएकोथ्यो वर जो अतिस्नेहले ॥
सबै प्रकारका ब्रह्मदण्डले यी अवध्य छन् ।
भन्ने पनि कुरा सारा ऋषिमा ज्ञात थ्यो महान् ॥
शक्तिले यिनको तस्मात् भई विवश अन्तमा ।
अपराध पनी खप्थे सहन्थे मुनि ती वहाँ ॥
दुवै बाबुहरू आए केसरी वायुदेव र ।
त्यसो न गर भो! भन्दै रोक्थे यिनलाइ व ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

टेरेनन् यिनले किन्तु बारम्बार भने पनि ।
मर्यादा नाघिहाल्थे यी उपद्रो बढ्न गो अनि ॥
यसैले भृगुका एवं अंगिरावंशका मुनि ।
रिसाए झोक्किए ज्यादै यिनका कर्मले अनि ॥
उनलाइ भयो खेद मानेनन् तर दुःख क्यै ।
पछिबाट भने किन्तु यिनमा श्राप दी यसै ॥
सुन ए वानर श्रेष्ठ ! बलले आफ्नु जो तिमी ।
यस्तो घमण्ड गर्दाछौ दुःख दिन्छौ पिरा बनी ॥
अब त्यो बल त्यो शक्ति तिमीले श्राप बाट यै ।
भुसुक्क त्रिर्सिहाल्नेछौ निकै सम्म विमूढ भै ॥
बल कीर्ति स्वयं तिम्रो जब सम्झाउला कुनै ।
त्यैबेला होश फर्केला तिमीमा भइ ज्ञान नै ॥
महर्षिहरुका यस्ता श्रापका वाक्यले गरी ।
बल ओज घट्यो राम ! यिनको अधिको मरी ॥
वानरश्रेष्ठ यो वीर बल्ल त्यत्ति भए पछि ।
भई पानी मरे जस्ता घुम्न लागे त्यहीं पछि ॥
थिए ऋक्षरजा राम ! बाली-सुग्रीवका पिता ।
राजा वानरका सारा सूर्यझैं तेजिला कडा ॥

६९

७०

कपिराज उनी धेरै सम्म वानर-राज्य त्यों ।
गरेर सुख भोगेर पछि स्वर्ग गए प्रभो ! ॥
सल्लाह मन्त्रणा जान्ने मन्त्रीले त्यस राज्यमा ।
बालीलाइ लगी राखे राजाको उच्च ठाममा ॥
बालीको ठाममा चाँहि जुन हो युवराजको ।
राखिदए उनका भाई सुग्रीवकन वेस भो ॥
सुग्रीव साथ बालीको बालकैकाल देखिको ।
सख्यभाव थियो ज्यादै वायुमा ठीक अग्निको ॥
ती दुवै भाइ-भाईमा भेदभाव थिएन क्यै ।
थियो अतिशयै प्रेम ! राम्रो आदर्शरूपकै ॥
पछि सुग्रीव-बालीमा न राम्रो वैर बढ्नगो ।
फुट्यो त्यो अघिको स्नेह जब प्रेम पनी टुट्यो ॥
त्यो वेला हनुमान्ले यी अघिको श्रापले गरी ।
जानेनन् बल त्यो आफ्नो भएको पनि यो घडी ॥
बालीको डरले घुम्दा यता सुग्रीवले पनि ।
यिनको बल संझेनन् न संझे यिनले पनि ॥
सुग्रीवसाथि त्यो आपत् आउँदा पनि त्यो घडी ।
बिर्सिए बल त्यो आफ्नो ऋषिका श्रापमा परी ॥

७८

७९

गजेन्द्र सिंहले थुन्दा भइ चुप्प बसे सरि ।
बाली-सुग्रीव लड्दा यी हेर्दथे झोक्किईवरी ॥
संसारमा छैन कुनै मनुष्य बराबरीको यिनको अवश्य ।
छ बुद्धिमत्ता यिनमै विशेष प्रताप उत्साह र वीर्य बेस ! ॥
माधुर्य गाम्भीर्य पराक्रमादि बस्छन् यिनैमा छ विवेक, नीति ।
चातुर्य एवं बल ज्ञान आदि छ दक्षता बेस सुशीलतादि ॥
श्रीराम ! यी व्याकरणादि जान्न शङ्का परेको सब सोध्न, नाश्न ।
अगाडि लागी रविको गएथे अस्ताचलै सम्म स्वयं पुगेथे ॥
छ शक्ति निः सीम र सूत्र-वृत्ति तथा महाभाष्य र वार्तिकादि ।
छन् है पढेका यिनले समस्त, छ ज्ञान राम्रो यिनमा प्रशस्त ॥
छन् शास्त्र जो जो भवमा चलेका छन् छन्द इत्यादि पनी पढेका ।
बराबरीको यिनको मनुष्य तसर्थ क्वै छैन यहाँ अवश्य ॥
विद्या कला ज्ञान हुँदा, तपस्या गर्दा अनुष्ठान अनेक त्यस्ता ।
बृहस्पतीझैं गुरु देवताका छन् यी यहाँ राघव ! तत्त्ववेत्ता ॥

CC-0. In Public Domain. Digitization by eGangotri

८६

यता नयाँ व्याकरणादिका ती सिद्धान्त राम्रै सँग जान्दछन् यी ।
पछाडि पाई प्रभुको कृपा त्यो प्रपूज्य होलान् विधिमैं पछी जो ॥
पसी धरामा लयकालबीच डुबाँउने हुन् सरि सिन्धु ठीक ।
सारा जगत्‌लाइ डढाँउने ती संवर्तकै अग्नि समान छन् यी ॥
संपूर्ण यो विश्व भुसुक्क पार्न प्रयत्नवान् अन्तक-ठीक मार्न ।
छन् राम-राजेन्द्र ! यिनी प्रशस्त प्रभावशाली गुणवान् समस्त ॥
तस्मात् यिनीको अघि पर्न टिक्न सक्तैन कोही जन लड्न, हेप्न ।
सहायता गर्न हजूरको यी हुन् सिर्जिएका बल शक्ति दी, दी ॥
यिनै सरीका अरु नील तार सुग्रीव मैन्द द्विविदादि वीर ।
तारेय रम्भानल छन् यहाँ जो सहाथ गर्नै रचिए हजूर्को ॥
अरू सुदंष्ट्रादि गजादि राम ! गवाक्ष मैन्द प्रभ यी तमाम ।
भालू सँगै ज्योतिमुखादि स्वाक्षै सिर्जे सुरैले प्रभुकों निमित्तै ॥

९१

९२

तिमीले सोधिएका ती कुरा मैले भनें सब ।
शिशुमा हनुमान्‌ले यी गरेका काम हुन् सब ॥
अगस्त्य-मुनिका त्यस्ता कुरा श्रीमुखका सुनी ।
राम लक्ष्मणका साथ स्वयं छक्क परे अनि ॥
उनका साथ-साथैमा सभासद् जति थे वहाँ ।
कपि राक्षसकै साथ परे बा ! सब जिल्लमा ॥
भन्दछन् अब राजेन्द्र-राममा भगवान् मुनि ।
राम बाबु ! परं ब्रह्म परात्मा प्रभु हौ तिमी ॥
मुनिका ऋषि-योगीका भित्री हृदयमा सदा ।
तिमी स्थिर भई बस्ने तत्त्व हौ दिव्य एउटा ॥
यो प्रसङ्ग सुनी बक्स्यो भगवन् ! प्रभुले सब ।
शुभ-दर्शन यो पायौं हामीले पनि राघव ! ॥
यही नै भाग्य हो ठूलो कुराकानी पनी भयो ।
अब आज्ञा मिले हुन्थ्यो जान आश्रममा प्रभो ! ॥
त्यस्ता अत्यन्त तेजस्वी अगस्त्य ऋषिका कुरा ।
सुन्नासाथ उठे राम सवाङ्ग आसन बाट बा ! ॥
उनका दुइटै बाहु जोडिए भक्तिले गरी ।
पछि बाट गरे बिन्ती मुनिमा नम्र भैवरी ॥
भगवन् ! आज मैमाथि भए छन् खुश देवता ।
बाबु-बाजे पनी मेरा भएछन् ज्यादि तुष्ट बा ! ॥

१०१

१०२

प्रभु जस्ता महात्माको शुभ दर्शनले पनि ।
बन्धु-बान्धव साथैका हामी संतुष्ट छौं पनि ॥
धोको छ मनमा यौटा बिन्ती पार्दछु पाउमा ।
ठान्छु योग्य भए जस्तो सुनि बक्स्योस् प्रभो ! यहाँ ॥
दया गरी ममा ठूलो हजूरहरुले सब ।
प्रिय काम त्यही मेरो पूर्ण पार्दिनु पर्दछ ॥
मेरो इच्छा यही हो त्यो राष्ट्रवासी प्रजाकन ।
अ-आफ्नो धर्म-कर्मैमा लाग्ने पार्न, सुखै दिन ॥
गरेर भगवन् ! त्यत्ति गर्न खोज्दछु यज्ञ म ।
प्रभु- जस्ता महात्माको होस् सहाय अनुत्तम ॥
त्यो मेरो यज्ञमा ब्रम्हन् ! हजूरहरुको सब ।
सदस्यता हओस् नित्य कृपाले प्राप्त वास्तव ॥
हजूरहरु सम्पूर्ण महान् वीर्य हुने तथा ।
तपस्याका महान् खानी भै बक्सिन्छ प्रभो ! सदा ॥
हजूरहरुको यस्ता पाई आश्रय योग्यको ।
पाँउला बाबु-बाजेको दया म भई तुष्टको ॥
यज्ञ थाल्दा न थाल्दामा हजूरहरुले सब ।
बसि बक्सनु पर्नेछ यहाँ आएर वास्तव ॥
रामका यी कुरा सुन्दा कठोर व्रत-पालक ।
अगस्त्य आदि ऋषिले त्यस्तै हुन्छ ! भने तव ॥

१११

११२

रामलाई भनी त्यत्ति कुराकानी सकी सब।
गए ऋषि- महात्मा ती आए जस्तै गरी अब॥
यता श्री राम- राजेन्द्र निरन्तर तिनै कुरा।
शोच्न लागे, मजा आयो परे जिल्ल उनी पुरा॥

११३

११४

अब सूर्यास्त भै हाल्यो राजा वानर राक्षस।
साारालाई भने जाओ! विदा लिई गए सब॥
पछि बाट नरश्रेष्ठ रामले विधिपूर्वक।
सन्ध्या कर्म सके राति खोपी भित्र पसे तब॥

११५

इति छत्तीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सैतिसौं सर्ग

राजा–रामको राजसभा–प्रवेश

१

आत्माको तत्त्व जानेका ककुत्स्थकुल–रामको ।
त्यसरी धर्मले राम्रो शुभ–राज्याभिषेक भो ॥
यसले पुरवासीमा अरुमा हर्ष भो बडो ।
रन्कोमा यसकै पर्दा अघिल्लो रात सुत्त गो ॥
वित्यो रात उज्यालो भो अब यो भोलिपल्टको ।
झिसिमसेमै भए जम्मा बन्दीजन वहाँ अहो ! ॥
स्तुति आदि गरी पाठ राज–राजेन्द्रलाइ जो ।
जागा गराँउथे, आए राजदर्वार–बीच त्यो ॥
सुरीला र थिए मीठा थी बन्दीहरुका गला ।
सुशिक्षित थिए सारा किन्नरै–ठीक थ्यो कला ॥
अधिकै स्थितिको ठीक हर्षगद्‌गद भै अहो ! ।
वीर श्रीराम–राजाको लागे यी स्तुति गर्न पो ॥
यशस्विनी महारानी कौसल्या–जननीकन ।
दिने आनन्द हे राजन् ! ब्यूँ झिबक्सयोस् प्रभो ! अब ॥
सौम्यरूप हुने वीर ! हजूर सुति बक्सँदा ।
जगतै सुत्छ, छोड्दिन्छ प्रातःकालीन–कर्म ता ॥
भगवान् विष्णुकै ठीक छ विक्रम हजूरको ।
छ अश्विनीकुमारैका ठीकको रूप चाँहि त्यो ॥
बुद्धिमा भइ बक्सिन्छ प्रभु साक्षात् बृहस्पति ।
प्रजा–पालनमा राजन् ! भै बक्सिन्छ प्रजापति ॥
प्रभुमा छ महाराज ! क्षमा यी पृथिवी सरि ।
तेजमा भइ बक्सिन्छ सूर्य–नारायणै सरि ॥
हजूरमा छ जो वेग वायुकै ठीकको छ त्यो ।
महासागरको जस्तो छ गाम्भीर्य हजूरको ॥
भगवान् शम्भुकै ठीक युद्धमा प्रभुलाइ ता ।
डगै चलाउनालाई सक्तैनन् भै अकम्प्य बा ! ॥

१३

१४

हे प्रभो ! प्रभुको जस्तो छ आल्हादकता तथा ।
सौम्यता त्यो छँदैछैन अरुमा, चन्द्रमै छ बा ! ॥
तसर्थ पृथिवीमा यो यस्ता राजा भए न ता ।
न हुनेछन् महाराज ! छ यही सत्य, ठीकुवा ॥
पुरुषोत्तम हे स्वामिन् ! जिस्त ता प्रभुलाइ ता ।
गाह्रोमात्र नभै आँट्नै पनि ता पर्छ कष्ट बा ! ॥
हजुर आफ्नु धर्मैमा लागी नित्य रमीकन ।
गरि बक्सिन्छ राजेन्द्र ! प्रजाको श्रेय, पालन ॥
छोड्दैनन् यसले गर्दा कहिल्यै प्रभुलाइ ता ।
कीर्ति लक्ष्मी दुवै देवी टिक्छन् पाउमै सदा ॥
यता धर्म टिकेकोछ स्थिर–श्री टिक्छिन् उता ।
आसरा प्रभुकै पाई छरिन्छन् यी यताउता ।
यस्ता अरु महान् त्यस्ता मीठा स्तुति अनेकन ।
रामलाइ सुनाए बा ! यी बन्दीजनले पुनः ॥
यिनैमाथि थपे फेरि दिव्य स्तुति मनोरम ।
सूत–मागधले सम्म प्रभुलाइ जगाँउन ॥
यसरी गाइएका र सुनाएका सुनी स्तुति ।
रघुका कुलका रत्न राजा—राम उठे पछि ॥
दुदझैं जूनझैं सेतो ढाकेको वस्त्रले तव ।
बहुमूल्य महाशय्या छोडी राम उठे अब ॥
शर्पशय्या गरी सुत्ने विशाल जलराशिमा ।
भगवान् हरि त्यो त्यागी उठे–ठीक उठे वहाँ ॥
राजराजेन्द्र श्रीराम महात्मा नै थिए जुन ।
उठ्ना साथ वहाँ आए हजारौं भृत्यका गण ॥
अ–आफ्ना बाहुली जोडी झुक्थे नम्र भै सब ।
सफा–सुन्दर भाँडामा बोक्थे जल जो तव ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

स्नान भो राम-राजाको शुद्धि भो भित्रि-बाहिरी ।
गरे समयमै होम अग्नि-ध्यान गरीवरी ॥
अनि इक्ष्वाकुवंशीले नित्य-सेवित पूजित ।
पूजा-कोठातिरै लम्के छिटै भइ विभूषित ॥
वहाँ गइ गरे पूजा शास्त्रको विधिपूर्वक ।
देवको पितृको एवं ऋषि-ब्राह्मणकोतक ॥
अरू कृत्य सकी आफ्ना कर्मचारी लिई सब ।
आए बाहिर-ड्यौढीको सभागृहतिरै अब ॥
यसै वेला वहाँ आए बलेका अग्नि-ठीकका ।
तेजिला देह-आत्माका ठूल्ठूला व्यक्ति योग्यका ॥
पुरोहित वसिष्ठादि मन्त्रीहरू तथा अरू ।
आए राजा-रजौटाको साथ वीरहरू अरू ॥
जो जो महान् मनस्वी थे क्षत्रियादि जुटे तव ।
पुरवासी सँगै आए आमन्त्रित पनी सब ॥
बसे वरिपरी घेरी राजा-राम सँगै वहाँ ।
सारा देव बसे जस्तो देवेन्द्रसँग स्वर्गमा ॥
ठूला कीर्ति हुने वीर साक्षात् भरत-लक्ष्मण ।
शत्रुघ्न भाइ यी तीनै आए भै खुश तत्क्षण ॥
ऋक् यजुः साम यी तीन वेद यज्ञ-महोत्सव ।
हुँदा खेरि जुटे जस्तो भए जम्बा वहीं सब ॥
यसैवेला यहाँ आए सारा मुदित नामका ।
आठै पहरिया वीर भृत्य सेवक रामका ॥

३७

३८

यिनको मुख थ्यो साह्रै प्रसन्न, सब वीर थे ।
हात जोडेर यी सारा राजाको नजिकै बसे ॥
इच्छानुसारको रूप धर्न सक्ने महाबलि ।
वीर सुग्रीव इत्यादि आए बा! कपिवीर ती ॥
थिए यी अतितेजस्वी राजराजेन्द्र-रामको ।
नगीचै गइ सेवामा भै सामेल बसे अहो! ॥
मन्त्री लिएर चारौटै स्वयं राक्षस-राज ती ।
विभीषण पनी आए शोभिएर निकै हटी ॥
महान् आत्मा हुने त्यस्ता धर्मात्मा प्रभु रामको ।
सेवारत भए यक्ष भए सरि कुवेरको ॥
मन्त्र-तन्त्रादि जानेका विद्वान् ठूला घराँनिया ।
आएर शिरले ढोग्दै राजाकन, बसे तदा ॥
यसरी घेरिए राम तेजस्वी ऋषिले तथा ।
अरु राजा-रजौटाले जुन थे वीर्यका कडा ॥
तिनका—साथ साथैका वीर वानरले सब ।
प्रिय-राक्षसले सम्म घेरिंदा शोभिए अब ॥
जसरी देवका स्वामी इन्द्र नित्य निरन्तर ।
देवले ऋषिले घेर्दा शोभिन्छन् भइ सुन्दर ॥
त्यस भन्दा पनी बढ्ता त्यो वेला प्रभु-राम ता ।
शोभिए बा! सहस्राक्ष भन्दा शोभा बढी हुँदा ॥
यथास्थान बसेमा यी सब शान्त भए पछि ।
निस्के वहाँ कुराकानी सभा गम्की सके पछि ॥

४८

४९

सारा पुराण जानेका महात्मा मुनि आदिले ।
भने धर्म-कथा नाना मीठा—राम्रा प्रसङ्गले ॥

इति सैंतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

(यस पछिका यो सर्ग समेतका तलका यी पाँच सर्गहरू कसै-कसैले प्रक्षिप्त मानेका छन् तापनि धेरैजसो मूल प्रतिमा पाइने हुँदा राख्नुमा नै उचित ठह-याई राखिएका छन्)

प्रक्षिप्त प्रथम सर्ग

वानरराज ऋक्षरजाको उत्पत्ति र बाली-सुग्रीवको जीवन-चरित्र

१

सुने पछि कुरा सारा अगस्त्य-मुनि बाट ती ।
राजराजेन्द्र श्रीराम सोध्छन् फेरि यसो झुकी ॥
प्रभो! ऋक्षरजा नाम भएका कपि हुन् कुन ? ।
बाली-सुग्रीवका बाबु भनिइन्छन् यिनी जुन ॥
यिनकी जननी हुन् को, कहाँ हो घर जाँनु म ।
बाली, सुग्रीव यो नाम भो प्रभो ! हेतुले कुन ? ॥
बढछ सुन्न ममा चाख लौ आज्ञा होस् ऋषे ! यही ।
रामले यत्ति भन्दामा भन्छन् अब अगस्त्य ती ॥
मेरो आश्रममा आई अघि नारदले ममा ।
यही कथा भनेका हुन्, सुन संक्षिप्तमा यहाँ ॥
उहिलेका कुरा हुन् यी घुम्दा—घुम्दै उनी जब ।
मेरो आश्रममा आए योग्य पूजा गरें तब ॥
चाखले यै कुरा सोध्दा पछि आराममा बसी ।
भनेथे सुन ब्रह्मर्षे ! भनी नारदले यही ॥
सुमेरुगिरि हुन् श्रेष्ठ झल्किइन्थे जताततै ।
थिए सुवर्णका राम्रा टाकुरा उनका सफा ॥
तिनको बीचभागैमा जो थियो चुचुरो त्यहाँ ।
सम्पूर्ण देवता आई पूजा गर्थे जहाँ—तहाँ ॥
सयौं योजन फैलेको भगवान् ब्रह्मदेवको ।
थियो दिव्य सभा ब्रह्मन् ! पूज्दथे सब देव जो ॥
विष्णुका नाभिको पद्मबाट जन्म लिने विधि ।
चतुर्मुख धरी राजहुन्थ्यो नित्य त्यहीं पछि ॥

११

१२

योगाभ्यास गरी बस्ता उहाँका नेत्रबाट ती ।
चुहियो बर्र भै आँसु थापियो हातमा पछि ॥
ब्रह्मले छोड्दिंदा भैंमा अकस्मात् त्यस बाट ता ।
यौटा वानर पो निस्क्यो राम बाबु ! बुझ्यौ ! कुरा ॥
महात्मा विधिले आज्ञा गरि बक्स्यो वहाँ अनि ।
जन्मदैमा उनीलाई यस्ता प्यारा कुरा भनी ॥
ए कपे ! हेर यो डाँडो फैलिएको छ कस्तरी ।
कति राम्रो छ यो फेरि बस्छन् देव वरीपरि ॥
रमाइलो यही डाँडो घुम जाउ मजासित ।
फलमूलादि छन् धेर बस खाउ खुशीसित ॥
सुन ए वानरश्रेष्ठ सँधै साँझ परे पछि ।
म कहाँ आउ, यै रीत श्रेय होला बसे पछि ॥
थिए यी कपिमा जेठा ब्रह्माले भनि बक्सिदा ।
उहाँको पाउमा ढोगे भन्छन् राम ! उनी तदा ॥
भगवन् ! लोक रच्ने र आदिदेव हजूर नै ।
भै बक्सिन्छ भने धर्छु यो आज्ञा शिरमाथि नै ॥
गए वानर यी राम ! भनी यत्ति उहाँकन ।
फलफूल हुने बाक्ला रुखमा हेर्न त्यो वन ॥
मह जस्ता थिए मीठा वहाँका फल मूल ती ।
छानी छानी तिनै खान्थे घुम्थे आनन्द साथ यी ॥
बुझ्यौ राम ! हुँदा साँझ आँउथे यी दिनैदिन ।
स्वयं ब्रह्मा भए ठाम फलफूल लिईकन ॥

२२

CC-0. In Public Domain. Digitization by eGangotri

२३

देवाधिदेव-ब्रह्माको पाउमा त्यो चढाँउथे ।
यसै गरी निकै लामो वित्यो काल र बस्तथे ॥
यसरी काल वित्तैथ्यो कुनै दिन उनीकन ।
लाग्यो न राम्ररी तिर्खा कपि रन्थनिए सुन ! ॥
पछि यी त्यस डाँडाको पुगे उत्तर—भेगमा ।
देखे तलाउ क्वै यौटा जलपक्षी थिए जहाँ ॥
थलपक्षी थिए नाना जल स्वच्छ थियो अति ।
छेउमा गै यसों हेरे हल्लाई केसरै जति ॥
देखे वा! आफ्नु नै छाया हल्लिन्थ्यो जलमा जुन ।
सँफिए भित्र क्वै मेरो शत्रु बस्छ भनी सुन ! ॥
आँखा गाडी यसो हेर्दा देख्नासाथ स्वरूप त्यो ।
रिसाए कपि यी, ठाने पक्कै हेप्छ मलाइ यो ॥
यो रहेछ यहीं बस्तो दुष्ट हो यै कुरा गर्सी ।
कपि-चञ्चलता बढ्दा भवाम्म भित्रै कुदे उनी ॥
वहाँ यताउता खोज्दा नपाए पछि यी कपि ।
फुत्त उफ्रेर श्रीराम ! बाहिरै निस्किए पछि ॥
यसो निस्केर हेर्छन् ता उनले आफुलाइ ता ।
देखे स्त्रीत्व मिलेको पो अकस्मात् यो भयो तदा ॥
सुन राम ! यिनी नारी थिन् मजाकी मनोहरा ।
लावण्य चम्किएको थ्यो सुन्दरी थिन् निकै बरा ॥
जघनस्थल फक्रेको, टेढाथे अखिभौं उता ।
नीला अलक शोभिन्थे घुङ्ग्रिएका हुँदा यता ॥
मुखमा मन्द हाँसो थ्यो मोटा बाक्ला थिए स्तन ।
सोभिफएकी लता जस्ती देखिइन्थिन् मनोरम ॥
तटमा पोखरीको यै बसेकी थिन् उनी तव ।
सबको चित्त हर्थिन् यी, थिन् त्रैलोक्य-शुभा जव ॥
देखिन्थिन् कमलैमात्र नलिएकी रमा यिनी ।
चन्द्रको कान्ति जस्ती यिन् अतिनिर्मल पावनी ॥
शोभिन्थिन् यी यसो हेर्दा लक्ष्मी नै हुन् भने सरि ।
बल्दथ्यो रूप गौरीको बलेठीक भईवरी ॥
पार्थिन् धरक्क हुन्छन्मैं दिशा र विदिशातक ।
यसरी शोभिएकी थिन् सुन्दरी यी रघूद्वह ! ॥
दैवसंयोग यैवेला भगवान् ब्रह्मदेवको ।
गरेर पाउको सेवा आँउदैथे सुरेन्द्र पो ॥

३९

४०

यसैवेला यतापट्टि सूर्यदेव पनी सुन !
घुम्दथे, दुइटैको यी आँखा बज्यो रघूत्तम! ॥
यसरी इन्द्रले एवं सूर्यले पनि वास्तव ।
एकैपल्ट तिनीलाई देखे वा ! मस्किन्दी तव ॥
कामको वशमा राम ! सूर्य इन्द्र दुवै परे ।
भयो थरर सर्वाङ्ग दुबैले धैर्य त्यागिदिए ॥
पछि खप्न न सक्ता भो वीर्यपात सुरेन्द्रको ।
तर ठेगानमा पुग्न सकेन उनको अहो ! ॥
फर्के यत्ति हुनासाथ इन्द्र स्वर्गतिरै यता ।
कपिश्रेष्ठकनै यौटा जन्माइन् यिनले उता ॥
इन्द्रको वीर्य त्यो राम ! अमोघ जुन थ्यो तदा ।
यी नारीको परेको थ्यो बालमा पतनै हुँदा ॥
त्यसैबाट हुदाँ जन्म बाली नम रह्यो तव ।
भवितव्य थियो यस्तै थट्यो यो घटना जव ॥
कामको वशमा पर्दा यता श्री सूर्यको पनि ।
भो वीर्यपात, नारीको ग्रीवामै पर्न गो अनि ॥
कुनै राम्रो कुरो-कन्थो यिनी साथ भएन क्यै ।
कामको वेगले पानी झर्दा सूर्य गए त्यसै ॥
जो खस्यो वीर्य ग्रीवामा सुग्रीव कपि भो त्यही ।
दुइ वानर जन्मे यी दुइटै देवबाट ती ॥
वानरेन्द्र थिए वाली उनमा इन्द्रले तव ।
त्यै वेला सुनको माला दिए यौटा रघूद्वह ! ॥
यसमा गुणथे धेर यो अक्षय थियो पुनः ।
सुरेश्वर गरी यत्ति गए स्वर्गतिरै सुन ! ॥
गए सूर्य पनी आफ्नो काममा, वायु ठीकका ।
बलवान् पुत्रको चाला गम्दै आकाशमा तथा ॥
यत्तिकैमा पर्‍यो रात उदाए सूर्य भोलिको ।
छोडिन् त्यो रूप नारीले भए यी कपि फेरि पो ॥
अव ऋक्षरजाले यी आफ्ना छोरा दुवैकन ।
यसो हेरे दुबै भाई गतिलै पो थिए जुन ॥
कपिश्रेष्ठ थिए दोटै पहेंला नेत्र थे दुवै ।
लिन सक्थे भने जस्तो रूप, थे बलवान् निकै ॥
उनले यी दुबैलाई फलफूल तथा मह ।
दिए खान बुझ्यौ ! राम ! हृष्ट—पुष्ट भए अव ॥

५६

CC-0. In Public Domain. Digitization by eGangotri

५७

अनि ऋक्षरजा आए दुवै छोरा लिईकन ।
ब्रह्मदेव भए ठाम भोलिको साँझमा सुन !॥
अल्लि खिन्न भए जस्ता देखे पछि उनीकन ।
ती दुवै पुत्रका साथ संम्फाँउनु भयो पुनः॥
यौटा दूतकनै आफ्नो बोलाई भन्नु भो पछि ।
किष्किन्धा-पुरमा जाउ मेरो आज्ञा लिईं यही ॥
सुन! ऋक्षरजालाई बस्नको निम्ति वास्तव ।
छ त्यही योग्यको ठाम, भै विशाल निकै शुभ ॥
छन् त्यहाँ कपिका ताँति भाँतिका भाँति बस्तछन् ।
नाना प्रकारका रत्न धन-धान्यादि पूर्ण छन् ॥
सक्तछन् मन लागेझैं रूप धर्न यिनी सब ।
किष्किन्धा पनि छन् त्यस्तै शुभ पुण्यवतीतक ॥
चारौटै वर्णका धर्म पालिइन्छन् वहाँ पनि ।
दुर्ग किल्ला पनी नाना शोभिइन्छन् छ त्यो धनी ॥
मेरो आदेशले पैले त्यो किष्किन्धापुरीकन ।
बनाए विश्वकर्माले जो छ साह्रै मनोरम ॥
लग ऋक्षरजालाई छोरा साथ वहीं अब ।
त्यो पुरी सब देखाउ एक—एक गरी तव ॥

६५

६६

कपिका यूथका मुख्य कपि बोलाउ गै तिमी ।
साधारण अरू डाक भन मेरो कुरा पनि ॥
ठूलो आसनमा राख देउ राज्याभिषेक र ।
राजा बनाउ, मान्नेछन् सबै कपि निरन्तर ॥
यिनैको वशमा बस्छन् वहाँका कपि वास्तव ।
ब्रह्माको यी कुरा सारा सुने यी दूतले तव ॥
लिइ ऋक्षरजालाई छोरा साथ गए उनी ।
वायुको वेग जस्तै थ्यो वेग ता दूतको पनि ॥
मनोहर निकै ठूलो त्यो किष्किन्धामा पुगी अनि ।
राखे राजा बनाएर भनेझैं दूतले पनि ॥
विधाताको शुभाज्ञाले विधि राज्याभिषेकको ।
लिएर स्नान-शौचादि सकी सुम्पे स्वराज्य त्यो ॥
अब ऋक्षरजाले यी अभिषेक लिए पछि ।
पैह्रे मुकुट भो शोभा अलङ्कृत भए पछि ॥
समुद्र-द्वीप सातोटै भएकी क्षितिका सब ।
कपिवीरहरूलाई आज्ञा गर्दै गरे वश ॥
बाली सुग्रीवका बाबु हुन् यी ऋक्षरजा अतः ।
आमा पनि यिनी नै हुन् चन्द्रमा—सूर्य वीर्यद ॥

७४

७५

जो सुनाँउछ यल्लाई सुन्दछन् फेरि जो सुन ! ।
पुग्दछन् तिनका काम पूर्ण हुन्छन् सबै पुनः ॥

७६

यथार्थतालाइ लिएर राम ! यो मैले भनें जो प्रभु बाट सोधियौं ।
जसो गरी राक्षसको भनें तव उत्पत्ति, त्यस्तै कपिको भनें अब ॥

इति प्रक्षिप्त प्रथम सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्षिप्त द्वितीय सर्ग

परमहंस महामुनि सनत्कुमारको र राक्षसराज-रावणको कुराकानी

१

पुरानो यो कथा दिव्य मुनि बाट सुने पछि ।
तीन भाइहरू साथै राम छक्क परे अति ॥
उनले फेरि सोधे बा ! अगस्त्यमुनि—पाउमा ।
सुनें पुण्य कथा यस्तो कृपाले प्रभुको यहाँ ॥
बाली-सुग्रीवको जन्म सुन्दा यो दिव्यरूपको ।
मन मेरो निकै नाच्यो कौतूहल बढी प्रभो ! ॥
बलले अंशले आफ्नो सूर्य चन्द्र दुवै ऋषे ! ।
त्यसरी भै कपिश्रेष्ठ आज्ञा भो जुन जन्मिए ॥
मुनि यी भन्दछन् फेरि रामका ती कुरा सुनी ।
ठिक्कै हो यो घट्यो जस्तो त्यस्तै मैले भनें पनि ॥
अब अर्को कथा दिव्य सुन ! जो छ सनातन ।
हऱ्यो रावणले पैले किन ती जानकीकन ॥
रघुरत्न प्रभो राम ! सुन भन्दछु त्यो पनि ।
तर ध्यान दिई राम्रो सुन है ! प्रेमिलो बनी ॥
कुरा हो पहिलैको यो जब सत्ययुगै थियो ।
सनत्कुमार त्योताक राज हुन्थ्यो त्यसै प्रभो ! ॥
उहाँका तपको तेज दोस्रो सूर्य-समान थ्यो ।
यो रावण यहीवेला उहाँको नजिकै पुग्यो ॥
गएर पाउमा घोप्ट्यो, हात जोड्यो दुवै पुनः ।
भै नम्र यसरी सोध्यो सत्य भन्ने उहाँकन ॥
भगवन् ! यो जगत्बीच आजकाल छ श्रेष्ठ को? ।
सम्पूर्ण देवता भन्दा बलीयो पनि को छ त्यो? ॥
आधार कसको पाई देवताहरु वास्तव ।
सँधै जित्छन् लडाँईमा आज्ञा होस् सुन्छु यो सब ॥
जप्तछन् कसको मन्त्र ठूलठूला विप्र यी प्रभो ! ।
कसको ध्यानमा रम्छन् योगीहरू सँधै अहो ! ॥

१३

१४

यस्तो महान् तपस्या नै हुने धन ऋषे ! म ता ।
यही नै सुन्न च हन्छु आज्ञा होस् लौ यिनै कुरा ॥
त्यस राक्षस-राजाले यसरी सोधिए पछि ।
गरेर ध्यान क्यैवेर स्वयं घोरिनु भो ऋषि ॥
त्यसका मनको भाव ताड्नुभो पछि राघव ! ।
आज्ञा भो त्यसमा बाबु ! लौ सुन ! भन्छु भनी सब ॥
जसको जन्म नै छैन जो पाल्छ जगतै सब ।
जसलाई सँधै ढोग्छन् सुरासुर पनी सब ॥
जगदीश्वर हुन् साक्षात् नारायण तिनै हरि ।
गर्नु पर्ने कुरा गर्न छन् समर्थ जगत्भरी ॥
देखिने यो जगत्सारा सृष्टि गर्ने जगत्पति ।
छन् अर्का, जुन ब्रह्मा हुन् नित्य सिद्ध प्रजापति ॥
जन्मिए यी पनि बाबु ! तिनैका नाभिबाट पो ।
जल्ले व्याप्त गरेकोछ चराचर जगत् अहो ! ॥
सोधिस् जो देवतालाई तिनीहरू सँधै यहाँ ।
तिनैको आसरामा छन् पूजा गर्छन् जहाँतहाँ ॥
ठूलठूला यज्ञ गर्छन् ती रिझाउन उनैकन ।
यसैबाट उनी भेट्छन् सुधा भोग्छन् दनादन ॥
पुराण - वेदले एवं पाञ्चरात्र - विधानले ।
हुन्छन् पूजित यी नित्य योगीले ध्यान - यज्ञले ॥
पूज्छन् सब यिनैलाई देव दानव राक्षस ।
यही हो जितिने गाँठो युध्दमा जित्तछन् अतः ॥
कुरा महर्षिका सुन्दा राक्षसेश्वर रावण ।
झुकेर नम्र भै फेरि सोध्न लाग्यो उहाँकन ॥
भगवन् ! देवता द्वारा मरेका युद्धभूमिमा ।
सारा दानव-दैत्यादि के हुन्छन् पुग्दछन् कहाँ? ॥

२६

२७

तिनको गति के हुन्छ हरि बाट मरे भने ।
कहाँ पुग्छन् कसो हुन्छ ? सुन्न पाँउ महामुने ! ॥

२८

राक्षसेश्वरका यस्ता कुरा फेरि सुने पछि ।
रघुरत्न महाराज ! आज्ञा हुन्छ महान् ऋषि ॥

२९

देवले युद्धमा बाबु ! मारिएका सबै जन ।
पुग्दछन् स्वर्गमा ठ्याक्कै दैत्य-दानवका गण ॥

३०

भ्रष्ट हुन्छन् त्यहाँबाट जन्म लिन्छन् यहीं पुनः ।
सुख-दुःखादि भोग्छन् ती जन्मन्छन् मर्दछन् पुनः ॥

३१

तिनै परात्मा हरिले नरेन्द्र ! सग्राममा जो जति मारिएथे
पछाडि सारा निज-धाममा नै गरी दया वास्तवमा लगेथे ॥
त्रैलोक्य-स्वामी भगवान् हुनाले त्यो गर्न सक्छन् प्रभु खोज्दछन् जे ।
क्रोधै पनी श्री हरिको यसर्थ ठूलो वरै प्राप्त भए सरी छ ।
ब्रह्मर्षिमा श्रेष्ठ सनत्कुमारको यस्ता कुरा रावणले सुन्यो, गम्यो ।
खुशी भयो, छक्क भयो भन्यो, वहाँ गरूँ लडाँई हरिसाथ गै कहाँ? ॥

३३

इति प्रक्षिप्त द्वितीय सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्षिप्त तृतीय सर्ग

महामुनि सनत्कुमारले राक्षसराजलाई उसको भविष्य बताउँदै संझाउनु

१

दुष्ट रावण त्यो राम ! शोचतथ्यो यै मनैमन ।
सनत्कुमार ब्रह्मर्षि भन्नुहुन्छ वहाँ पुनः ॥
राक्षसेन्द्र ! तँ जो शोच्छस् जो छ तेरो मनोरथ ।
अवश्य सब त्यो पुग्ला, होला युद्ध महान् जब ॥
ए महान् बाहुका बाबु ! त्यसको निम्ति काल क्यै ।
पर्खी बा ! हेर्न क्यै बाटो लौ भोग् सुख मजासँगै ॥
उहाँबाट कुरा यस्ता सुन्दा रावणले भन्यो ।
छ कस्तो हरि ब्रह्मर्षे ! आज्ञा होस् सब चिह्न त्यो ॥
राक्षसैश्वरका यस्ता कुरा सुनी महामुनि ।
आज्ञा हुन्छ यसो राम ! लौ सुन् ! भन्छु सबै भनी ॥

५

६

चराचर जगत्मा यो छ त्यो व्याप्त जतावतै ।
तर देखिन्न है त्यस्तो सनातन भनिन्छ त्यै ॥
छ त्यही सूक्ष्म अत्यन्त सबमा चम्किइन्छ त्यो ।
यही नै हो महान् तत्व, कहिन्छ हरि, विष्णु जो ॥
छ त्यही स्वर्गमा टम्म पृथ्वी-पातालमा पनि ।
त्यही छ सम्म भै मिल्दो वन-पर्वतमा पनि ॥
त्यही हिंड्ने न हिंड्ने यी प्राणीमा गम्म, व्याप्त छ ।
नदी र नगरीमा जो एकनासे छ, सम्म छ ॥
हो त्यही सत्य सावित्री त्यही ओङ्काररूप हो ।
यों सारा पृथिवी त्यै हो, गिरीन्द्र पनि त्यै त हो ॥

१०

११

अनन्त भन्दछन् बाबु ! त्यसलाइ यथार्थतः ।
सबको सब त्यो शक्ति छ यौटै महान् स्वतः ॥
हो साँझ दोटै, दिन रात त्यै हो शशाङ्क एवं यम सूर्य त्यै हो ।
हावा र आगो विभु कालसम्म हो ब्रह्मरूद्रादि त्यही, छ टम्म ॥
यो विश्व पैले त्यसले रच्यो र पाल्यो मजाले यसलाइ [वीर ! ।
विनाशछ संहार गरी पछाडि रहन्छ यै तत्व भई अगाडि ॥
प्रकाशवान् वस्तु सबै यहाँका पाई त्यसैको छवि छन् बलेका ।
लिएर साथी यिनलाइ सारा त्यो खेल्छ, खेल्छन् लिइ त्यै सहारा ॥
छ त्यो स्वयं व्यापक एकनासे मासिन्छ त्यल्ले सब विश्व मासे ।
हुँदैन क्यै घटबढ तत्वकों त्यो स्वामी त्यही अव्यय लोकको हो ॥

१५

१६

कति भन्नु कुरो बुझ् तँ ! चराचर जगत् सब ।
त्यसैले छ सदा व्याप्त बुझ् बाबै ! तत्व यो अब ॥

१७

त्यसको हुलिया जान्न खोज्दछस् त दशानन ! ।
यसै हो ! बरू त्यो भन्छु लौ सुन् ! ध्यान दिईकन ॥

CC-0. In Public Domain. Digitization by eGangotri

१८

जस्तो वर्षातको वेला मेघको हुन्छ रूप त्यो ।
त्यस्तै छ त्यसको रूप नीलो कमल ठीकको ।
मेघमा विजुली चड्के जस्तो देखिन्छ त्यै सरि ।
पहेंलो तेजिलो वस्त्र पैह्रिएको छ राम्ररी ॥
फक्रेका पद्म जस्तै छन् त्यसका नेत्र सुन्दर ।
चिल्लो र तेजिलो कालो मेघझैं छ मनोहर ॥
छ है श्रीवत्सको चिन्ह त्यसको छातिमा उता ।
पूर्णचन्द्र सरी राम्रो त्यो देखिन्छ ल सँम्झि बा ! ॥
विजुली छिप्नछे जस्तो मेघमा त्यसमा पनि ।
छिपी भित्र बसेकी छ कुनै नारी गुणी बनी ! ॥
त्यसको नाम हो बाबै ! लक्ष्मी जो छ सँधै चल ।
बुझिस् ! अचल भै बस्छे लठारै गर्दछे तर ॥
त्यो देखिन्छ कि भन्लास् तँ अँहँ ! देखिन्न वास्तव ।
बुझिस् त ! देख्न सक्तैनन् सुरासुर र पन्नग ॥
त्यल्लाइ देखिने बाटो छ यौटै बुझ् तँ ! यो पनि ।
त्यो दया गर्छ जल्लाई देख्न सक्तछ त्यै अनि ॥
बाबु रावण ! ठूल्ठूला यज्ञका फलले पनि ।
सकिन्न देख्न त्यल्लाई तपले गर्नु के अनि ? ॥
यज्ञ यागादि गर्दामा दिंदामा दान बेसरी ।
त्यो देखिन्छ कि भन्लास् तँ ! देखिंदैन कसै गरी ॥
देख्छन् एकथरी व्यक्ति त्यसलाइ निरन्तर ।
जुन हुन् भक्त बाबै ! ती भज्दछन् जो भई स्थिर ॥
त्यसमै जान्छ त्यस्ताको प्राण-इन्द्रियको गति ।
त्यसको प्रेममा मात्र रम्दछन् नित्य व्यक्ति ती ॥
यसर्थ उनको सारा पाप-तापादि छन् जति ।
मुसुक्क पार्छ ज्ञानैले देख्तछन् अनिमात्र ती ॥
अब यस्तो अवस्थामा पनि सोधेर यी कुरा ।
त्यल्लाइ देख्न खोज्छस् के तँ भने? हुन्छ! सुन् कुरा ॥
युगमै युग त्रेताको वितेमा युग सत्य यो ।
अवतार लिई दिव्य यहाँ आँउछ तत्त्व त्यो ॥

३२

३३

यो पनी सुनिराख् बाबै ! त्यल्ले आँउनुमा यहाँ ।
मुख्य हेतु यही होला श्रेय गर्नु जहाँ-तहाँ ॥
देवको भक्तको एवं श्रुतिको धर्म-कर्मको ।
उद्धार गर्नु नै लक्ष्य हुनेछ अवतारको ॥
त्यो ताक पृथिवीबीच इक्ष्वाकुकुलका मणि ।
होलान् राजा-दशरथ नामका बलवान् गुणी ॥
हुनेछन् उनकै छोरा तत्त्व त्यो राम नाम ली ।
जन्मलान् भइ विख्यात तेजले वीर्यवान् अति ॥
हुनेछ उनमा बाबै ! ठूल्ठूला गुण वास्तव ।
बल तेज तथा शक्ति बुद्धि टिक्लान् मिली सब ॥
उनमा सहने शक्ति हुनेछ क्षिति नै सरि ।
बैरी सकोइन हेर्न हुँदा यी सूर्यकै सरि ॥
पहिले यी भएका हुन् नारायण तथा नर ।
होलान् पछि यिनै राम भै समर्थ निरन्तर ॥
त्यै व्यापक पर ब्रह्म थाम्न आदेश बाबुको ।
घुम्नेछन् दण्डकारण्य नाना जङ्गल साथको ॥
मनस्वी अतिधर्मात्मा उनका साथ भाइ र ।
सौभाग्यशालिनी देवी होलिन् घुम्लिन् निरन्तर ॥
निस्कलिन् पृथिवीबाट छोरी जनकभूपकी ।
सीता नाम हुने होलिन् लक्ष्मी नै नित्य साथकी ॥
सारा लक्षण शुभ्रेकी रूपले अतिसुन्दरी ।
रामकै पछि लागिलन् ती चन्द्रमाको प्रभा सरि ॥
धैर्य शील सदाचार साध्वीका गुण यी सब ।
शुभ्रेकी मूर्ति नै होलिन् कान्तिझैं सूर्यकी तब ॥
नित्य अव्यय सर्वात्मा महात्मा देव-देवको ।
भविष्य-घटना मैले भनें यो गुह्य, बुझ् ! कुरो ॥
सनत्कुमार जस्ता ती सर्वात्मा मुनि बाट यो ।
भविष्यको कुरा सारा राक्षसेश्वरले सुन्यो ॥
राम बाबु ! बुझ्यौ तस्मात् त्यै तिमीसँग बैरता ।
गर्नको निम्तिमा लाग्यो, शोच्न थाल्यो गमी तदा ॥

४७

४८

निरन्तर यही शोच्दै खुस भो काल पर्खियो ।
कहिले जन्मला राम लडुँला भनि घुम्दथ्यो ॥

CC-0. In Public Domain. Digitization by eGangotri

४६

सुनी यस्ता कथा राम हल्लाए शिर छक्क् परे ।
ठूल्ठूला उनका नेत्र फक्रिए ट्वाल्ल भै रहे ॥
सुनि कुरा यी नृप-राम छक्क भै हेरी रहे हर्ष बढी तदा निकै ।
विन्ती गरे फेरि अगस्त्यजीसित ज्ञानी थिए जो अरु भक्त स्नेहतः ॥

५०

इति प्रक्षिप्त तृतीय सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्षिप्त चतुर्थ सर्ग

देवर्षि–नारदबाट सुनेको यो कथाशेष महामुनि अगस्त्यले राजा–रामलाई सुन ! भन्नु

१

महान् यश महान् कीर्ति भएका यी महामुनि ।
अगस्त्य हुन् महाज्ञानी सोधिए यसरी अनि ॥
झुकेर नम्र भै बस्ने रामलाई स्वयं तव ।
भन्न लागे विधाताले भनेझैं इन्द्रसा अब ॥
ज्ञानी समर्थ तेजस्वी उनीले शेष त्यो कथा ।
भने सुन भनी राम ! जो थिए सत्यशक्तिका ॥
उनले यो सुनेकाथे जसरी अघि ठीक–त्यै ।
बुद्धिमान् राममा भन्छन् भित्र हर्षित भै निकै ॥
महान् बाहु हुने राम ! यही नै हेतु पर्न गै ।
दुष्ट रावणले सीता हरेको हो गमी सबै ॥

५

६

सुमेरुगिरिमा बस्ता यो कथालाइ नारद ।
देवर्षिले भनेका हुन् मैले पनि सुनें तव ॥
वहाँ घेरै थिए सुन्ने सिद्ध गन्धर्व देवता ।
महात्मा मुनि इत्यादि, भनेथे बाँकि यो कथा ॥
देवर्षि हुन् महान् तेजी भने हाँसे सरी गरी ।
पापनाशक त्यो गाथा सुन राजेन्द्र ! राम्ररी ॥
देवका साथ यो गाथा सुन्दामा ऋषिले सव ।
धन्यवाद दिएकाथे उनमा हर्षले तव ॥
जो सुनाँउछ त्यो गाथा सुन्छ जो फेरि भक्तिले ।
छोरा–नातिसँगै राम ! स्वर्ग पुग्दछ शान्तिले ॥

१०

इति प्रक्षिप्त चतुर्थ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

प्रक्षिप्त पञ्चम सर्ग

महामुनि अगस्त्यबाट राजराजेन्द्र रामलाई राक्षसराज रावणको जीवन–चरित्र सुनाँउनु

१

सारा राक्षसको राजा त्यो रावण स्वयं अब ।
घुम्न थाल्यो जगत् सारा वशमा लिन राघव ! ॥
त्यसका साथ थे साथी त्यस्तै उद्दण्डखालका ।
शूरा र बलिया साह्रै दुष्ट राक्षस धेर बा ! ॥
दैत्य – राक्षसमा एवं अरू दानवमा पनि ।
जो सुन्थ्यो बलवान् भन्ने, पुग्दथ्यो जुध्न त्यो अनि ॥
घमण्ड बल थ्यो ज्यादै लड्न खोज्थ्यो जहाँ-तहाँ ।
जो देख्थ्यो लडुँ आ! भन्थ्यो हाँक दिन्थ्यो जहाँ-तहाँ ॥
यसरी पृथिवी सारा घुम्दा घुम्दै कुनै दिन ।
गै ब्रह्मलोक फर्केका भेट्टायो नारदैकन ॥
लिएर मेघको बाटो जादैंथे मेघभित्र थे ।
उदाएका महान् तेजी दोश्रा सूर्य समान थे ॥
बढ्यो अब उनैपट्टि पर्‍यो दङ्ग मनैमन ।
जोड्यो हात दुबै राम ! गर्‍यो बा ! अभिवादन ॥
प्रसन्न–मनले राम ! अनि सोध्यो भनी यसो ! ।
अनेकौं लोक देखेका छन् हकि प्रभुले प्रभो ! ॥
ब्रह्माको लोक सम्मैका घुमेका लोकबीच ती ।
कहाँका जन छन् ज्यादै बलवान् भन्नुहोस् यति ॥
म त्यहीं पुग्छु, गै हाल्छु तिनै संग मजासित ।
लड्छु धोको फुकाएर एउटै म सबैसित ॥
दुष्ट–रावणका यस्ता कुरा सब सुने पछि ।
निकैबेर यसो शोचे भने नारदले पछि ॥
राक्षसेश्वर । जो सोध्यौ छ त्यस्तो ठाम एउटा ।
क्षीरोदको नजीकैमा छ महाद्वीप, हो ! त्यता ॥
जन छन् बलवान् ज्यादै तर ती सब रावण ! ।
तेजस्वी चन्द्रमा जस्तै देखिइन्छन् प्रतिक्षण ॥

१३

१४

महान् शरीरका छन् यी वीर्य-शक्ति विचित्र छ ।
बोलेको पनि गम्भीर मेघ गर्जे समान छ ॥
टूल्टूला परिघै जस्तो उनको हात पाउ छ ।
धीर गम्भीर छन् सारा, छन् निकै वीर्यवान सब ॥
घुमेर सब यो लोक श्वेतद्वीप पुगे पछि ।
तिमीले नै भने जस्ता देखेंथें व्यक्तिलाइ ती ॥
सुनी नारदका वाक्य फेरि सोध्दछ रावण ।
कसरी बलवान् हुन्छन् भन्नोस् त्यो द्वीपका जन ॥
छन् निकै गतिला जस्ता त्यहाँका जन ए मुने ! ।
कसरी बस्न पाए ती सब भन्नोस् म सुन्छु ए ! ॥
घुम्दा सम्पूर्ण यो विश्व हातको अमला सरि ।
देखेको छ जगत् सारा, सोध्दोछु यसले गरी ॥
कुरा रावणका यस्ता सुनेमा रघुनन्दन ! ।
त्यससाथ भने फेरि मुनि देवर्षिले सुन ! ॥
सुन राक्षसका राजा ! त्यहाँका जन छन् जति ।
एकचित्त भई भज्छन् नारायणकनै अति ॥
गर्छन् आराधना-पूजा त्यै नारायण – देवको ।
दिलो ज्यान उनी दिन्छन् नारायण भन्यो कि त्यो ॥
राक्षसेन्द्र ! त्यहाँ जत्ति जन छन् ती सबै सदा ।
भाव एकोरिएका छन् त्यस्कै आश्रय पाँउदा ॥
धनु शार्ङ्ग उठाएर युद्धमा हरिले अघि ।
मारेथे जत्ति ती व्यक्ति त्यहाँ बस्छन् भई सुखी ॥
अथवा चक्र छोडेर मारिए जो लडाँइमा ।
ती पनी गै त्यहीं बस्छन् जाँदैनन् अँहँ ! स्वर्गमा ॥
सुन राक्षस ! त्यो ठाम पाइन्न गतिलो हुँदा ।
तप – संयम – यज्ञादि गर्नाले पनि सर्वथा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

टूल्टूला दान गर्दामा फल पाइन्छ मुख्य जो ।
तिनले पनि पाइन्न सजिलो छैन, शोच यो ॥
सुन्दा नारदका यस्ता कुरा त्यो दशटाउके ।
टवाल्ल-वाल्ल पऱ्यो राम! शोच्थ्यो छक्क परेर ए ! ॥
धेरैबेर गमी शोची लड्छु गै म त्यसैसित ।
मुनि साथ बिदा माग्यो श्वेतद्वीप हिंड्यो तव ॥
देखे पछि गएको त्यो शोचे नारदले पनि ।
बढ्यो चाख पुगी हेर्न त्यो आश्चर्य हिडे अनि ॥
त्यस्तै छ उनको बानी अर्कालाई जुधाउँनु ।
छिद्र खोल्दिनु, गै हेर्नु विस्वाँकैमा मजा लिनु ॥
सेनामेना लिई आफ्ना वीर राक्षस सेवक ।
श्वेतद्वीप हिंड्यो राम ! त्यो रावण पनी तव ॥
घनघोर गरी गर्ज्यो छुट्टिए पछि नारद ।
निकै ख्याति हुने हो त्यो दुष्ट रावण राघव ! ॥
टूल्टूला देवले सम्म भेट्न दुर्लभ द्वीप त्यो ।
छ ज्यादै तेजिलो राम ! बल्छ धप्धप नित्य जो ॥
त्यसैभित्र पुगी हाल्यो चढी पुष्पकमा तर ।
त्यहाँको वायुले हान्यो भो विमान त थर्थर ॥
टूल्टूला वायुको झोक्का लाग्दामा वायुको गति ।
कस्तो हुन्छ ? भयो त्यस्तै टिक्नै गाह्रो भयो अति ॥
त्यहाँ रावणका मन्त्रीहरू ता आत्तिए सव ।
श्वेतद्वीप यसो हेर्नै सक्तै-सक्तैनथे जव ॥
काँपेर थर्थराएर पछाडि उनले भने ।
भयौं होश उडे जस्ता हामी ता अव गर्नु के ? ॥
टिक्न गाह्रै पऱ्यो राजन् ! भै सक्यौं अव बेसुर ।
परै रहोस् कुरा लड्ने सक्तैनौं राक्षसेश्वर ! ॥
भनी यत्ति सवै भागे लागे दश दिशा यता ।
साथमा बाँकि भो यौटा त्यही पुष्पकयान ता ॥
सुन-रत्नादिले राम्रो त्यसलाई पनी सुन !
त्यस राक्षस-राजाले छोड्दियो जा ! भन्यो पुनः ॥
सारा राक्षसकै साथ त्यो विमान पनी गयो ।
अव एक्लो पऱ्यो राम ! त्यो रावण जवरथियो ॥
वनायो आफ्नु त्यो रूप डर्लाग्दो त्यसले अनि ।
त्यो श्वेतद्वीपमा भित्र पस्यो बा ! वीर्यवान् बनी ॥

४३

४५

भित्र पस्ता न पस्तै त्यो नारीले थे त्यहाँ जति ।
देखे रावणलाई यो आए अघि बढेर ती ॥
दशोटा शिरको शोभा खुलेको यसलाइ ता ।
नर्जाकै आई यौटीले समाती हातमा तदा ॥
छ स्वागत ! भनी सोध्छे तपाँई हुनुहुन्छ को ! ।
कति काम पऱ्यो कुन्नि ? किन पाल्नु भयो अहो ! ॥
तपाँई कसका छोरा ? के होला नाम-गाम हूँ ? ।
सोधेका यी कुरा भन्नोस् कसैले जा ! भन्यो कि हूँ? ॥
यसरी सोधिंदा राम ! झोक्कियो र भन्यो सुन ! ।
विश्रवा मुनिको छोरो हुँ म राक्षस रावण ॥
यहाँ लड्न भनी आएँ तर देख्तिन कवै पनि ।
यत्ति भन्दा न भन्दैमा हाँसे सव जना अनि ॥
यी नारीहरूको हाँसो अट्टहासै भयो यता ।
हेलै गरी समाती बा ! यौटीले त्यसलाई ता ॥
हेर्थे सखीहरू सारा तिनैको अघि बेस्करी ।
घुमाई पेटमा पक्री घुम्यो रावण राम्ररी ॥
बोलाई त्यसले अर्की संगिनी र यसो भनी ।
समातें संगिनी ! मैले यो कीरो ! हेर लौ ! तिमी ॥
विसोटा हात शोभिन्छन् यसका मुख छन् दश ।
कालो गाजलको डल्लो जस्तो देखिन्छ, भो वश ॥
भनी यत्ति सखी तर्फ फ्याँक्दिई त्यसले अनि ।
समाती ट्याप्प अर्कीले, घुम्यो रावण फन्फनी ॥
निकैबेर घुमाएर त्यसले फ्याँक्दिए पछि ।
समाती फेरि अर्कीले घुमाई त्यसले उति ॥
हातै-हात पुगी नाच्यो यसरी वीर रावण ।
संझन्थ्यो आफुलाई नै विद्वान् र बलवान जुन ॥
यस्तै भई रहेकोथ्यो तर रावणले यता ।
टोक्दियो बा ! समात्नेको हातमा क्रोधले तदा ॥
कवै कीरो ठीकको यल्ले टोक्ता हात दुखे पछि ।
फ्याँक्दिई त्यसले चाँहि अर्कीले पक्डिई पछि ॥
अनि त्यल्लाई साथै ली उडी आकाशबीच त्यो ।
उड्दामा पनि यल्लाई त्यसले चिथऱ्यो अहो ! ॥
छोड्दिई त्यसले राम ! अनि रावणलाइ ता ।
तल सागर थ्यो टूलो, भवाम्ल्वाङ्ङै पो खस्यो तदा ॥

५०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

कुनै पर्वतको डाँडो बज्रले काटिए पछि ।
भयो तल खसे जस्तै काँप्यो तल खसे पछि ॥
त्यो श्वेतद्वीपमा बस्ने नारीले यसरी तव ।
घुमाएर खसाले बा त्यसलाई रघूद्वह !॥
यता देवर्षिले देखे गति रावणको पनि ।
परे छक्क निकै हाँसे नाँचे अनि उनी पनि ॥
महान् बाहु हुने राम ! कुरो बुझ्न तिमी अब ।
हर्‍यो तिम्री प्रिया सीता यसैले त्यसले तव ॥
हर्नको हेतु हो मुख्य त्यस रावणको पनि ।
मर्नु त्यस्ता तिमीबाट श्रेय हुन्छ भनी, गर्सी ॥
तसर्थ भगवन् ! राम ! जन्मिने रघुवंशमा ।
हजूर भइ बक्सिन्छ नारायण स्वयं यहाँ ॥
सबमा एक भै बस्ने चम्किने इन्द्रियादिमा ।
परंतत्त्व त्यही साक्षात् भै बक्सिन्छ यथार्थमा ॥
शङ्ख चक्र गदा धर्ने लीलाकमल शोभिने ।
हजूरै हो जगत्स्वामी देवले सब ढोगिने ॥
धनु शार्ङ्ग तथा वज्र शोभिने इन्द्रियेश र ।
श्रीवत्स झल्किने सारा देवले पूजिने स्थिर ॥
आफू भन्नेहरूलाई दिने अभय सर्वदा ।
पद्मनाभ महायोगी भै बक्सिन्छ हजूर ता ॥
मार्नकै निम्तिमा तस्मात् दुष्ट-रावणलाइ त्यो ।
मनुष्य-तनमा यस्तो भो प्रवेश हजूरको ॥
हजूर जानिबक्सिन्न के त वास्तव यो कुरो ? ।
त्यै नारायण हूँ आफैं भन्नेसम्म पनी अहो ! ॥
यसरी मोहमा पर्नु न संझनु अयोग्य हो ।
लौ आफैंलाई आफैंले संझिबक्स्योस् छिटै प्रभो ! ॥
गुह्य भन्दा पनी गुह्य तत्त्व त्यै हो भनी-भनी ।
चिन्हाँउदै विधाताले आज्ञा हुन्थ्यो यसो पनि ॥
तीनै लोक भरी व्याप्त तीनै गुण हुने तथा ।
रघुका वंशका गाँठा हुन् तिनै तत्त्वरूपका ॥
तिनोटै काल सत्कर्म विद्यका पनि तीन ती ।
तत्त्व हुन् देवका शत्रु मार्ने, शक्ति हुने अति ॥
पहिले पाउले तीन गरी त्रैलोक्य व्याप्त यी ।
त्रासबाट छुटाएथ्यो जसले देवलाइ ती ॥

७७

७८

दैत्य दानवका राजा बलिलाइ छली अघि ।
जल्ले बन्धन पारेथ्यो, इन्द्रको भाइ हो त्यही ॥
साक्षात् अदितिको गर्भद्वारा जन्म लिई पछि ।
हो सनातन त्यै विष्णु त्यस्तो गर्ने जगत्पति ॥
यसर्थ भगवन् ! सारा लोकमा गर्न नै दया ।
मनुष्यरूप ली यस्तो ओर्लि बक्स्यो हजूर ता ॥
देवाधिदेव श्रीराम ! अवतार लिएर यो ।
यसरी देवको सारा काम यी गर्दिबक्सियो ॥
बन्धु-बान्धवकै साथ सेनामेना सँगै सब ।
दुष्ट रावणलाई त्यो मार्दिबक्स्यो रघूद्वह !॥
यसले भगवन् ! सारा देवता साथका ऋषि ।
जो तपै धन संझन्थे, दङ्ग छन् खुश छन् अति ॥
देवाधिदेव सर्वात्मन् ! भो ठूलो यै अनुग्रह ।
जसबाट जगत् सारा भयो शान्त रघूद्वह !॥
सौभाग्यशालिनी देवी सीता हुन् जुन जानकी ।
पृथिवीबाट निस्किन् जो लक्ष्मी हुन् ती स्वयं सती ॥
गर्न नै प्रभुको सेवा जो यहाँ उब्जिइन् अहो ! ।
त्यस्ता जनक-राजाको घरमा हुर्किइन् प्रभो ! ॥
हरी रावणले लङ्का लग्यो तापनि राघव ! ।
आमालाई सरी रक्षा गरी राख्यो वहाँ तव ॥
महान् कीर्ति हुने राम ! मैले सब कुरा भनें ।
मलाइ पनि यो सारा ऋषि नारदले भने ॥
सनत्कुमारले जस्तो आज्ञा राक्षसलाइ भो ।
गम्यो सब कुरा त्यल्ले पनि ता भै निकै छिटो ॥
विप्रको अघि जो विद्वान् श्राद्धमा यो सुनाँउछ ।
पितृलाई दिएको त्यो अन्न अक्षय बन्दछ ॥
भाइका साथमा सारा यस्तो दिव्य कथा सुनी ।
हुने पद्म सरी आँखा राम जिल्ल परे अति ॥
त्यो सभामा थिए जत्ति कपि सुग्रीव साथका ।
अरू राक्षस सम्पूर्ण ती विभीषण साथका ॥
मन्त्री-सेवक साथैका राजा आदि र ब्राह्मण ।
क्षत्री वैश्य र शूद्रादि सब दङ्ग परे पुनः ॥
आँखा पारेर ठूल्ठूला हर्षले मक्क भैवरी ।
अब ता हेर्न पो लागे श्रीरामकन राम्ररी ॥

६४

CC-0. In Public Domain. Digitization by eGangotri

९५

सब छक्क परेकैथे भइ मक्क यताविर ।
तेजस्वी राममा भन्छन् यी अगस्त्य मुनीश्वर ॥

९६

जगदीश्वर श्रीराम ! जान्छौं हामीहरू अब ।
पायौं दर्शन-सन्मान कृतकृत्य भयौं सब ॥

९७

विचार ऋषिको सुन्दा भगवान् रामले पनि ।
स्वयं पूजा गरी बक्स्यो, आए जस्तै गए अनि ॥

इति प्रक्षिप्त पञ्चम सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठतीसौं सर्ग

निमन्त्रित राजर्षि-जनक एवं राजा युधाजित् र अरू प्रतर्दन आदि राजाहरूलाई बिदा गर्नु

१

महान् बाहु हुने राम स्वयं राजा भए पछि ।
यस्तै प्रकारले नित्य गर्दथे राज-काज यी ॥
समस्त पुरवासीका आफ्ना जनपदादिका ।
हेर्थे काम-कुरा सारा गर्थे शासन सर्वथा ॥
दिन बित्तै गए केही यसै गरी वहाँ अब ।
सुखमा शान्तिमा बस्ता जगत्का जीवको सब ॥
कुनै दिन स्वयं राजा-रामले मिथिलेश्वर- ।
राजा जनकमा बिन्ती गरे जोडी दुवै कर ॥
राजर्षे ! प्रभु नै हाम्रो भै बक्सिन्छ गति स्थिर ॥
प्रभुकै काखमा हुर्क्यौं, पालियौं भइ सुस्थिर ॥
प्रताप प्रभुकै पाई जो छ यो तेजरूपको ।
मैले रावणलाई त्यो सकें मार्न पनी प्रभो ! ॥
हामी मैथिल-इक्ष्वाकु-वंशका नृपमा सब ।
जो अतुल्य छ सम्बन्ध त्यही प्रीति बढाँउछ ॥
पृथ्वीश्वर प्रभो ! तस्मात् हाम्रा यी उपहारका ।
लिइ रत्न सवारी होस् अब आफ्नै पुरीतिर ॥
सहाय प्रभुको गर्न स्वयं भरत भाइ यी ।
बाटा भर सँगै जान्छन् भाइ शत्रुघ्न ली पछि ॥
मिथिला-देशका स्वामी राजा जनकले अब ।
बडो बेस ! भनी बक्स्यो भने बिन्ती गरे तब ॥
यस्तो दर्शन पाएर राजा बाबु ! हजूरको ।
साह्रै खुश भएको छु न्यायले पनि योग्यको ॥
मलाई कर-कोशेली दिन निम्ति अमूल्य यी ।
जोरिए जति रत्नादि बाबु बाट, छ त्यै अति ॥
ज्वाँई बाबु ! म त्यो सारा गलाको हारझैं प्रिया ।
सीता आदि सुपुत्रीमा दिन्छु, छोड्दछु है यहीं ॥

१३

१४

राम साथ भनी यत्ति लिई स्वीकृति जानको ।
श्रीमान् जनक राजर्षि गए भै खुश चित्तको ॥
गएमा ससुरा राजा यता राजेन्द्र रामले ।
मामा केकयका राजा युधाजित् सँग गै भने ॥
उनले यस वेलामा आफ्नु कोमल बाहुली ।
जोडेकाथे, झुकेकाथे स्वयं विनयिता बढी ॥
पूज्य मामा महाराज ! यो सारा राज्य साथमा ।
म, यी भरत शत्रुघ्न छौं लक्ष्मण अधीनमा ॥
तस्मात् हजूरको आज्ञा मान्दछौं, पाल्दछौं सब ।
प्रभु बाहेक अर्को पो हाम्रोको छ र आश्रय ? ॥
मातामह बडा राजा वहाँ केकय-देशमा ।
चिन्तितै भइ बक्सेला धेरै राज हुँदा यहाँ ॥
तस्मात् पृथ्वीपते ! मामा ! बिन्ती गर्छु हजूर ता ।
बेस हुन्थ्यो गई बक्से आजै बरु छिटै उता ॥
लिएर धन-सम्पत्ति रत्न नाना प्रकारका ।
लौ हजूर सवारी होस्, हामीमा स्नेह होस् सदा ॥
भाई लक्ष्मण जानेछन् प्रभुलाइ पुर्‍याँउन ।
बाटाभर गरी रक्षा सहायक भई पुनः ॥
त्यसै गर्छु, गएँ ! भन्दै युधाजित् भन्दछन् यसो ।
बरु यी धन-रत्नादि लैजान्न मत भो प्रभो ! ॥
प्रिय भानिज ए राजा ! धन ऐश्वर्य रत्न यी ।
बढछन् यहीं भएमात्र नित्य अक्षयरूप ली ॥
अनि भानिज-राजाले मामा-राजाकनै उठी ।
प्रदक्षिणा गरे ढोग्दै श्रद्धाले प्रेम मन बढी ॥
गर्ने केकयको वृद्धि मामा राजा उठे वहाँ ।
प्रिय-भानिज राजाको गरे अनि परिक्रमा ॥

२६

२७

सहायक लिई साथ प्रिय भानिज लक्ष्मण ।
स्वदेशतिर गै हाले केकयेश्वर तत्क्षण ॥
वृत्रासुरकनै मारी देवेन्द्र खुश भै अघि ।
भगवान् विष्णुकै साथ स्वर्गमा भित्रिए सरि ॥
राजा राम पसे भित्र मामालाइ गरी विदा ।
काशीराज थिए भित्र प्रतर्दन जहाँ तदा ॥
कसैको डर नै कत्ति थिएन यिनमा अहो ! ।
अँगाले अनि ग्वाम्ल्वाङ्ग भने खुश हुँदै यसो ॥
प्रिय-मित्र ! तपाईंले भाई-भरत साथमा ।
गर्नु भो काम ठूल्ठूलो मेरो राज्याभिषेकमा ॥
देखाँउनु भयो यल्ले मुमाको उच्च प्रेम यो ।
पाएँ परिचयै सम्म गाढ सौहार्दको छ जो ॥
तसर्थ पाल्नुहोस् आजै काशिराज ! तपाँइं ता ।
पवित्र-पुरमा आफ्नो जो हो वाराणसी अहा ! ॥
अग्ला पर्खाल छन् राम्रा मूलढोका छ सुन्दर ।
रक्षा तँपाइ द्वारा नै हुनाले जो छ दुर्धर ।
भनी यत्ति उठी फेरि छोडी त्यो दिव्य आसन ।
रामले मित्रलाई ती अँगाले प्रेमले पुनः ॥
उर्लियो स्नेह गाढा भो धर्मात्मा नृप-रामको ।
प्रिय-मित्र निकैबेर टाँसिए छातिमै अहो ! ॥
दिने आनन्द कौसल्या-मुमामा प्रेम भर्दिने ।
राजाराम भए आफ्ना मित्रलाइ विदा दिने ॥
काशिराज हिंडी हाले थिए निर्भय जो अति ।
वाराणसी-पुरी तर्फ रामको लिइ स्वीकृति ॥
अनि तीन सए राजाहरूमा मुस्कुराँउदै ।
भन्छन् मधुर-वाणीमा स्वयं राम वहाँ यसै ॥
पृथिवीपति हो ! सुन्नोस् ! तपाँईंहरुको ममा ।
रहेछ अचलै प्रेम देखें मैले स्वयं यहाँ ॥
यो कुरा पर्न गो अर्को त्यसको पनि वास्तव ।
तपाँईंहरुकै तेज नित्य रक्षण गर्दछ ॥
यता सारा तपाँईंमा नित्य निश्छल धर्म र ।
सत्यसम्म पनी ठिक्छ भई स्थिर मनोहर ॥
तपाँईंहरु जस्ताको महान् पुरुष हुन् जुन ।
प्रताप-तेजले गर्दा भयो मेरो भलो पुनः ॥

४३

४४

तसर्थ सजिलै मैले दुरात्मा दुष्ट-बुद्धिको ।
शत्रु रावणलाई त्यो सकें मार्न पनी अहो ! ।
म त यो काममा यौटा निहुँमात्र भएँ वहाँ ।
तपाँईंहरु साराको तेज नै मुख्य थ्यो जहाँ ॥
यसैले त्यो मरेको हो पुत्र मन्त्री र बान्धव ।
बन्धु-मित्रादिकै साथ युद्धमा सैन्य ली सब ॥
दण्डकारण्यमा बस्ता पुत्री जनकराजकी ।
हर्‍यो रावणले भन्ने सुने भरतले पछि ॥
महात्मा उनले तस्मात् तपाँईंहरुलाइ ता ।
यहाँ जम्बा गराएछन् परे लड्न भनी उता ॥
दिलका देहका ठूला पृथिवी-पति वास्तव ।
लड्न जान भई ठिक यहाँ बस्नु भयो तव ॥
आजसम्म सबै ओहो ! राज भो अहिलेतक ।
यसले अति नै लामो बित्यो काल निरर्थक ॥
तस्मात् अब म चाहन्छु तपाँईंहरुले सब ।
अ-आफ्ना देशमा पाल्नु भएको हेर्न वास्तव ॥
यसरी राम-राजाले भनिए पछि अन्तमा ।
भने ती सब राजाले एकै मुख गरी वहाँ ॥
राजराजेन्द्र श्रीराम ! हजूर विजयी भई ।
राज्यमा राज भै बक्स्यो छ कुरा भाग्यको यही ॥
हाम्रै सौभाग्य हो राजन् ! शत्रु मारी स्वयं लडी ।
फर्काइ ल्याइ बक्स्यो जो सीतालाइ पनी पछि ॥
हाम्रो निमित्तमा ठूलो यही काम कुरो भयो ।
यही नै हुन गो फेरि ज्यादै हर्ष हुने कुरो ॥
ठूल्ठूला शक्तिका त्यत्रा शत्रुका फौजलाइ ता ।
प्रभुले जिति बक्स्यो जो, धन्य हो ! गाँउछौं सदा ॥
प्रशंसा गर्नमा योग्य भइ आफैं यहाँ प्रभो ! ।
गरि बक्सिन्छ जो हाम्रो प्रशंसा यसरी अहो ! ॥
यो हो हजूरकै योग्य यो पनी विन्ति गर्दछौं ।
जान्दैनौं यसरी भन्न हामी ता अनभिज्ञ छौं ॥
अब जान्छौं विदा माग्छौं प्रभुसाथ भई स्थिर ।
राजेन्द्र ! पाउमा हामी यो कुरा पोख्तछौं तर ॥
हजूर टिकी बक्सिन्छ यो हाम्रो मनमा सदा ।
त्यही ठीक टिकौं हामी पनि त्यो मनमा सदा ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
प्रभुको पाउमा प्रेम बढोस् हाम्रो निरन्तर ।
यस्तै स्नेह हओस् राजन् ! हामीमा प्रभुको स्थिर ॥
सुन्दा भनाइ यी सारा राजाको प्रभु रामले ।
आज्ञा भो "हुन्छ ! लौ त्यस्तै हुनेछ" भनि प्रेमले ।
६२

६३
हर्ष-गद्गद् भै हाल्यो अब यी नृपको मन ।
अ-आफ्ना बाहुली जोडी भने ती सबले पुनः ॥
राजराजेन्द्र श्रीराम ! हिड्यौं हामी सबै अब ।
भनी यात्त, लिई मान हिडें स्वपुरमा सब ॥
६४

इति अठतीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनञ्चालीसौं सर्ग

श्रीरामबाट आफ्ना मित्र, वानर, भालू एवं राक्षस आदिको सन्मान

१

महान् शक्ति र सामर्थ्य भएका पृथिवीपति ।
त्यो अयोध्या-पुरी बाट हिडें खुश भई अति ॥
यिनका साथमा लाखौं संख्याका गज अश्व र ।
थिए बा ! सैन्य बेजोड काँपथिन् भूमि थर्थर ॥
सहाय रामको गर्न आज्ञा भरतको हुँदा ।
कैयौं अक्षौहिणी सेना आएकाथे यहाँ तदा ॥
यिनका साथमा तस्मात् थिए सैनिक वाहन ।
हर्ष उत्साह बोकेका भिरेका युद्ध-साधन ॥
बाटाभर यसो भन्दै जाँदैथे सब यी नृप ।
मैसत्ता जो भएकाथे बलले वीर्यलेतक ॥
युद्धमा अँहँ ! हामीले राम-रावणलाइ ता ।
लड्न् अन्योन्यमा लाग्दा पाएनौं देख्न सम्म ता ॥
भनेनन् पहिले केही डाके भरतले पछि ।
सकिए पछि त्यो युद्ध व्यर्थै आँउनु भो हकि ? ॥
हामी यदि हुँदा हौं ता गएका कयै गरी वहाँ ।
पार्थ्यौं राक्षस ती स्वाहा तुरुन्तै युद्धभूमिमा ॥
राम-लक्ष्मणका बाहु-वीर्यले भइ रक्षित ।
ढुक्क भै लड्दथ्यौं हामी सिन्धु-पार गई स्वतः ॥
यस्तै अरु कुरा त्यस्तै गर्दा-गर्दै सबै नृप ।
अ-आफ्नो देशमा भित्रे, भित्र दङ्ग थिए सब ॥
यी सबै नृपका राज्य अ-आफ्नै छाँटका थिए ।
समृद्ध धन-धान्यादि परिपूर्ण विभूतिले ॥
थिएन यिनमा केही कम भन्ने कुरोतक ।
सुख शान्ति थियो पूरा थिए आनन्दमा सब ॥
अ-आफ्नो राष्ट्रमा त्यस्तो पुरमा गइ अन्तमा ।
पठाए उपहारादि उनले प्रभु-राममा ॥

१३

१४

यो पठाँउनुको हेतु रामको प्रिय गर्नु थ्यो ।
जहाँ रत्नादिकै साथ अनेकौंथर बस्तु थ्यो ॥
बेस बेस थिए घोडा नाना वाहन, यान थे ।
मदमत्त थिए हात्ती हरेकौं मणि-रत्न थे ॥
लेप श्रीखण्ड इत्यादि थिए चन्दन उत्तम ।
आभूषण थिए दिव्य अमूल्य अतिउत्तम ॥
मणि मोती र मूँगा थे दासी थे अतिसुन्दरी ।
नानाथर खसी भेंडा थिए रथ थरी-थरी ॥
भाई भरत शत्रुघ्न तथा लक्ष्मण वीर यी ।
तुरुन्त फर्किई हाले रत्नादि उपहार ली ॥
राम्री पुरी अयोध्यामा आएर नरवीरले ।
टक्र्याए सब त्यो वस्तु राजामा दृढ-प्रेमले ॥
दिलका देहका ठूला धर्मात्मा प्रभु-रामले ।
लिए भाइहरूबाट सब ती वस्तु प्रेमले ॥
उपकार भलो गर्ने आफ्ना प्रिय-सुहृत् तथा ।
राजा सुग्रीवलाई ती दिए केही स्वयं तदा ॥
श्रीविभीषणमा त्यस्तै अरुमा राक्षसादिमा ।
कपिमा पनि त्यो बाँकी आफैंले बाँड्दिए वहाँ ॥
बाँड्नु नै योग्य थ्यो बाँडे जसको सहयोगले ।
त्यत्रो युद्ध जितेकाथे अघि जो प्रभु-रामले ॥
महान् बल हुने त्यस्ता कपि-राक्षस आदिले ।
बाहुमा शिरमा सम्म ती रत्न सब पैह्रिए ॥
इक्ष्वाकु-कुलका राजा ल-लामा बाहुका तथा ।
स्वयं महारथी राम बढ्दामा अब स्नेहिता ॥
धीर अङ्गदसाथैमा वीर ती हनुमान्कन ।
तानेर काखमा राखी भन्छन् सुग्रीवमा पुनः ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

प्रिय-मित्र ! तपाँईका हुन् छोरा श्रेष्ठ अङ्गद ।
हुन् बडा बेस यी मन्त्री हनुमान् चाँहि वास्तव ॥
छन् लायक दुवै फेरि सल्लाह - लिन - गर्नमा ।
मेरो हित भलो गर्नैं मरिमेटछन् सँधै यहाँ ॥
कपिराज ! दुवै तस्मात् नाताले नै तपाँइको ।
विशेष मान सत्कार गर्न छन् योग्यका बडो ॥
भनी यत्ति महान् कीर्ति हुने श्रीरामले पछि ।
पहिन्याए दुवैलाई अङ्गका गहना झिकी ॥
थिए यी गहना ओहो ! बहुमूल्य अमूल्यका ।
रत्नका मणिका सम्म झलझलाकार रूपका ॥
वहाँ गरि सकी यत्ति राजराजेन्द्र - रामले ।
अरू वानर-वीरैमा पनि दृष्टि यसो दिए ॥
कपिका यूथका स्वामी बली अतिपराक्रमी ।
नल, नील थिए एवं गुणवान् केसरी पनि ॥
गन्धमादन कुमुद सुषेण - पनसादि र ।
वीर मैन्द र विनत जाम्बवान् द्विविद स्थिर ॥
बलीमुख तथा धूम्र गवाक्ष र प्रजङ्घ थे ।
दरीमुख दधिमुख बली संनाद वीर थे ॥
इन्द्रजानु थिए अर्का हुन् यूथपति वीर जो ।
हेरे सब यिनैलाई हुल्छन्कैं गरि भित्र पो ॥
भने अनि बडो मीठो वाणीमा रामले यसो ।
तपाँईँहरु नै मेरो हुनुहुन्छ सबै कुरो ॥
हितैषी र सुहृत्मात्र तपाँईहरु ता न भै ।
मेरो ता भाइजस्ता र हुनुहुन्छ शरीर यै ॥

३८

३६

वीर-वानर हो ! सुन्नोस् तपाँईहरु भै सब ।
घोर संकष्टद्वारा त्यो उद्धारै गर्नु भो तव ॥
नित्य आफ्नो हितै गर्ने तपाँई सरि मित्रले ।
धन्यै हुनुभयो हाम्रा मित्र-सुग्रीव सम्म ए ! ॥
भनी यत्ति सबैलाई व्यक्ति हेरी दनादन ।
दिए हीरा र रत्नादि बहुमूल्य थिए जुन ॥
सबैलाई क्रमैसाथ अँगाले पछि रामले ।
गरे आदर- सत्कार यसरी अतिप्रेमले ॥
पहेंलो मधुकै ठीक वर्णका कपि यी सब ।
त्यो राजगृहमा बस्ता खान्थे मह सुवासित ॥
त्यसका साथ-साथैमा आफ्ना इच्छानुसारका ।
मीठा पदार्थ खान्थे यी फल मूल र मासुका ॥
यस्तै प्रकारले बस्ता कपि—राक्षस ऋक्षको ।
मासभन्दा पनि बढ्दा काल ता सुत्त भै वित्यो ॥
परन्तु उनको निम्ति रामको भक्तिले गरी ।
भयो बा ! छिनकै तुल्य वितेको ठीक सर्सरी ॥
इच्छानुसारको रूप धर्न सक्थे सबै कपि ।
महान् वीर्य भएकाथे त्यस्तै राक्षसवीर ती ॥
बल-शक्ति थियो ठूलो ती भालूहरुको पनि ।
यिनैसाथ बिताए बा ! दिन श्रीरामले पनि ॥
सुख आनन्दमा बस्ता दोस्रो शिशिरको ऋतु ।
वित्यो लुस्स सबैको यी हुँदा साथ स्वयंप्रभु ॥
इक्ष्वाकुवंशका राजाहरूको रम्य यो पुरी ।
अयोध्यामा मजासाथ बस्थे यी सुखमा परी ॥

५०

स्नेहको प्रेमको राम्रो पाई सत्कार, आदर ।
बित्यो बा ! उनको सारा काल त्यो भै मनोहर ॥

५१

इति उनञ्चालीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चालीसौं सर्ग

श्रीरामबाट सुग्रीव आदि वानर जाम्बवान् आदि भालू र विभीषण आदि राक्षसहरूको विदाई

१

यसरी चैनमा बस्ने कपि-राक्षस-ऋक्षमा ।
तेजी, सुग्रीव-साथीमा भन्छन् राम यसो वहाँ ॥
राम्रो बानी हुने साथी ! तपाँई अब आफ्नु त्यो ।
किष्किन्धापुरमापाल्नोस् वहीं बस्नोस् ,हर्न्नोस् भलो ।
देव दानवले सम्म सक्तैनन् ताक्न त्यो पुरी ।
सब वैरी भए नष्ट पाल्नोस् मन्त्री लिईवरी ॥
सुन्नोस् ! अर्को कुरा मेरा महान् बाहु हुने सखे ! ।
हेर्नुहोस् है सबैलाई गर्दामा राज्य प्रेमले ॥
युवराज तपाँईका छोरा अङ्गदमा तथा ।
विशेष हनुमान्माथि गर्नुहोस् प्रेम सर्वथा ॥
अत्यन्त बलवान् विद्वान् नलमा र तपाँइका ।
ससुरा गुणवान् वीर सुषेण कपिमा तथा ॥
बलीयाहरुमा श्रेष्ठ तार-वानरमा यिनी ।
दुर्धर्ष वीर कुमुद-बलवान् नीलमा पनि ॥
तथा वीर शतबली मैन्द द्विविदमा अनि ।
गवाक्ष गज गवय गुणी शरभमा पनि ॥
बल-वीर्य हुने पूरा तथा दुर्जय वीर यी ।
ऋक्षराज जाम्बवान्मा गन्धमादनबीच यी ॥
प्रेमपूर्ण भलो दृष्टि राख्नु होला तपाँइ ता ।
ज्यादै विक्रान्त यी वीर साक्षात् ऋषभमा सदा ॥
यी सुपाटलमा एवं केशरी शरभादिक ।
महान् बल हुने शंखचूडमा शुम्भमातक ॥
यी बाहेक अरू छन् जो म भन्ने, प्राण अर्पिने ।
प्रेमले हेर्नु होला है ! न होस् अप्रिय क्यै हुने ॥
प्रिय-मित्र उनीलाई भनी यत्ति निरन्तर ।
अगाँले रामले ग्वाम्म मित्रलाइ कपीश्वर ॥

१३

१४

अब राक्षसका राजा श्रीविभीषणमा पनि ।
गरे श्रीरामले आज्ञा मीठो वाक्य गरी अनि ॥
सुन ! राक्षसका राजा ! म तिमीलाइ वास्तव ।
धर्मको तत्त्व जानेका मान्छु, मान्छन् सबै जब ॥
लङ्काका पुरवासी र तिम्रा दाजु कुवेर ता ।
अरू राक्षस साथैमा त्यसै ठान्छन् छ सत्यता ॥
अब जाउ तिमी तस्मात् आफ्नी लङ्कापुरीतिर ।
धर्म नै अगुवा पारी राज्य त्यो राम्ररी गर ॥
न लगायौ वहाँ राजन् ! कैल्यै मन अधर्ममा ।
विद्वान् राजाहरू भोग्छन् पृथ्वी नित्य जहाँ-तहाँ ॥
वहाँ सुग्रीव साथैमा मलाई नित संझ है ! ।
अब ढुक्क भई जाउ खुश होउ न बिर्स है ! ॥
श्रीरामका कुरा सुन्दा भालू वानर राक्षस ।
प्रशंसा गर्न पो लागे धन्य ! धन्य !! भनी तब ॥
भै एकमुख यी भन्छन् महान् बाहु हुने प्रभो ! ।
अतुल्य-अद्भुतैको छ बल-वीर्य हजूरको ॥
स्वयम्भू-विधिकै जस्तो प्रभुको यो स्वभावमा ।
सदा मधुरता देख्छौं, यै विशेष छ नाथमा ॥
कपि-राक्षस-ऋक्षादि यसो भन्दै थिए वहाँ ।
हनुमान् नम्र भै भन्छन् यै वेला प्रभु-राममा ॥
मेरा हृदयका राजन् ! प्रभुको पद-पद्ममा ।
मेरो स्नेह बढोस् नित्य यै ठीक भइ चित्तमा ॥
बढोस् निश्चल भै भक्ति प्रभुको-पाउ भिन्न यो ।
न होस् अन्त कहीं भाव, अनुराग समेत पो !॥
शुभ रामकथा स्वामिन् ! चलेसम्म धराभरी ।
टिकुन् निःशङ्क भै प्राण देहमा यो सँधैभरी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

प्रभुको दिव्य यो गाथा यो चरित्र मनोरम ।
नित्य सुन्न ममा ठूलो धोको छ रघुनन्दन! ॥
तस्मात् यल्लाइ राजेन्द्र! अप्सराहरु नै ममा ।
सुनाँउन् प्रेमले नित्य भएको हूँ जहाँ-तहाँ ॥
सुनी कथा-सुधा स्वामिन्! उत्कण्ठा आफ्नु चित्तको ।
विनाश्छु वायुले ठीक माशेमैं-राश मेघको ॥
हनुमान् गर्दथे विन्ती यस्तै मीठा कुरा वहाँ ।
उठे तत्काल श्रीराम छोडी आसन अन्तमा ॥
गएर अनि ग्वाम्ल्वाङ्ग अँगाले उनलाइ र ।
यसरी पो भने राजा-रामले स्नेह भै स्थिर ।
कपिश्रेष्ठ! त्यसै होला तिमीले जो भन्यौ यहाँ ।
तिमीले मान्नु पर्दैन सन्देह यस वाक्यमा ॥
मेरो चरित्र यो गाथा चले सम्म जगत्‌भर ।
तिम्रो शरीरमा टिक्लान् प्राण ती भइ सुस्थिर ॥
त्यसको साथमै चल्ला तिम्रो यश भई महान् ।
टिकेसम्म जगत् टिक्ला मेरो कर्म पनी महान् ॥
सुन ए हनुमान्! तिम्रो एकेक उपकारको ।
सट्टामा आफ्नु यी प्राण दिन सक्छु म ता अहो! ॥
होलान् तैपनि जो बाँकी तिनको निम्तिमा भने ।
हुन्छौं महाकपे! हामी सँधैभर ऋणी हुने ॥
सुन! अर्को कुरा वीर! म त ठान्दछु यै कुरो ।
उपकार पचुन् तिम्रा यै मेरो देहभित्र पो ॥
उपकार गरेको छ जसको जुन व्यक्तिले ।
त्यो सट्टा खोज्छ आपत्‌मै, नहोस् यस्तो कसै गरे ॥

२८

४९

भनी यत्ति उदारात्मा धर्मात्मा प्रभु-रामले ।
झिके आफ्नु गलाबाट यौटा उज्ज्वल हार ए! ॥
अहा! यो अति राम्रो थ्यो वैदूर्यमणि-बीचमा ।
जडिएको हुँदा शोभा फ्याँक्थ्यो नित्य जहाँ-तहाँ ॥
चन्द्र तुल्य यसैलाई आफैंले हनुमान्‌कन ।
पहिऱ्याइ दिई हाले कण्ठमा प्रेमले पुनः ॥
छातीमा शोभिएको त्यो हारले दिव्य सुन्दर ।
जो महान् थ्यो वहाँ बाँढ्या देखिए भव्य वानर ॥
सुवर्णमय सर्वोच्च गिरिराज सुमेरुको ।
टाकुरामा उदाएका चन्द्र ठीक भए अहो! ॥
जाउ भन्ने शुभाज्ञा यो सुनी राजेन्द्र-रामको ।
उठे महान् बली वीर कपि पालो गरेर पो ॥
गई शिर झुकाएर गरी दर्शन पाउमा ।
वहाँबाट हिंडी हाले किष्किन्धातिर अन्तमा ॥
मित्र सुग्रीव धर्मात्मा विभीषण समेत ती ।
टाँसिए ठ्याप्प छातीमै रामको स्नेह त्यो बढी ॥
नेत्रबाट दुवैको यो चुहियो आँसु बर्र भै ।
रामको पाउ छुट्ने भो भन्ने पीर बढी निकै ॥
छोडी श्रीरामको पाउ जाँदामा व्यक्ति यी सब ।
भए विचेत जस्तै पो भित्र दुःख बढी तब ॥
वर्षातको झरी जस्तै झर्दथ्यो आँसुको झरी ।
गला ख्याप्प बसेकोथ्यो चर्को पीर त्यही परी ॥
महान् आत्मा हुने त्यस्ता रघुका रत्न रामले ।
ठूलो माया-दया गर्दै भै प्रसन्न बिदा दिए ॥

५०

५१

अर्काको वशमा पर्दा जीवले आफ्नु देह यो ।
छोडेझैं पाउ त्यो छोडी गए स्वपुरतर्फ त्यो ॥
भालू तथा वानर—राक्षसादि ती ढोगेर ज्यादै प्रिय-रामलाइ यी ।
हिंडे निवासस्थल तर्फ आफ्नु त्यो रुँदै-रुँदै दुःख खपी वियोगको ॥

५२

इति चालीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक चालीसौं सर्ग

पुनः पुष्पक विमानको आगमन एवं विसर्जन र भरतद्वारा रामराज्यको वर्णन

१

बिदा गरे पछी प्यारा भालू, वानर, राक्षस ।
भाइ साथ बसे राम भै ढुक्क सुखपूर्वक ॥
महान् शक्ति हुने राजा भाइ साथ लिई सब ।
कुनै दिन बसेकाथे अपराह्ण थियो तब ॥
अकस्मात् यसवेलामै सुने बा ! अन्तरिक्षमा ।
अत्यन्त मधुरो वाणी भनेको यसरी वहाँ॥
सौम्यस्वरूप श्रीराम ! हजूर मतिरै अव ।
राम्रो मुख गरी स्वामिन् ! हेरि बक्स्योस् भई खुश ॥
प्रभुमा विदितै होला त्यो विमान रघूद्वह ! ।
कुवेर-भवनै बाट फर्केको म हुँ पुष्पक ॥
पाएर प्रभुको आज्ञा धनाध्यक्ष—कुवेरको ।
सेवा गर्न गएको हुँ उहाँको घरमा प्रभो !॥
यक्ष-गुह्यादिका राजा उहाँले पुरुषर्षभ ! ।
त्यहाँ म भनिएँ स्वामिन् ! यसरी प्रेमले तव ॥
आँट्नै न सकिने हो त्यो राक्षसेश्वर रावण ।
जितिबक्स्यो त्यसैलाई श्रीराम प्रभुले सुन !॥
ए विमान ! तिमी तस्मात् महात्मा नरराज ती ।
प्रभुकै हककामात्र भै सक्यौ, बुझ त्यो स्थिति ॥
मलाइ पनि भो ज्यादै खुश, त्यो दुष्ट रावण ।
मर्दामा साथ ली छोरा बन्धु-बान्धवका गण ॥
यसर्थ परमात्मा ती धर्मात्मा प्रभु-रामले ।
तिमीलाई जिती बक्स्यो त्यसकै साथ वीर्यले ॥
तस अर्थ तिमीलाई म आज्ञा दिन्छु यो अव ।
जाउ ! बोक उहाँलाई मान आज्ञा भने ठिक ॥
सारा रघुकुलैलाई दिने आनन्द रामको ।
स्थिति वा गति त्यो सौम्य ! छ मुख्याश्रय विश्वको ॥

१३

१४

श्रीरामका सवारीको काम लाग तिमी अतः ।
यही धोको छ है मेरो, निश्चिन्त भइ जाउ ल ! ॥
महान् आत्मा हुने साक्षात् धनाध्यक्ष कुवेरको ।
त्यस्तो आज्ञा लिई तस्मात् आएको हुँ यहाँ प्रभो ! ॥
स्थिति यस्तो हुँदा स्वामिन् ! हजूर मकनै अव ।
भइ निःशङ्क स्वीकार गरि बक्स्योस् रघूद्वह ! ॥
विश्वका सब प्राणीको निम्तिमा छु अजेय म ।
पाई कुवेरको आज्ञा आएको हुँ यहाँ पुनः ॥
अब आज्ञा भएठीक प्रभुको गर्छु सेवन ।
सक्छु आफ्नु प्रभावैले जगत् घुम्न म हर्दम ॥
महान् बल हुने राम भन्दा पुष्पकले त्यसो ।
भन्दछन् फर्कि आएको देखेर त्यसमा यसो ॥
यदि यस्तो कुरो हो ता बिमानवर पुष्पक ! ।
म स्वयं राम्ररी गर्छु तिम्रो स्वागत वास्तव ॥
धनाध्यक्ष उहाँलाई अनुकूल छ ता भने ।
मर्यादाभङ्गको दोष ममा लाग्दैन लौ ! गुनें ॥
भनी यत्ति महान् बाहु हुने श्रीरामले अहो ! ।
गरे स्वागत-सत्कार त्यो पुष्पक-बिमानको ॥
अबीर-फूल-लावाले सुगन्धी—द्रव्य धूपले ।
रामले बाहुले आफ्नै उनको पूजनै गरे ॥
भने अनि, तिमी जाउ आफ्नो ठेगानमा अव ।
सँझुँला म परे काम आउ है तव पुष्पक ! ॥
बस आकाशमा घुम्दै मेरो साथ छुट्यो भनी ।
न मान खिन्नता कत्ति, क्यै परे भवाट्ट डाक्छु नि ? ॥
लौ ! लौ !! तिम्रो भलो होओस् मन लागे सरी गरी ।
सारा दिशा भरी घुम्दा नहोस् दुःख कसै गरी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

त्यसै गर्छु भनी विन्ती गरे पुष्पकले तत्र ।
रामबाट विदा पाए जानमा यसरी अब ॥
यी विमान त्यहाँ बाट पाई सत्कार-पूजन ।
ठाममा मन लागेको गए सर्र उडीकन ॥
ती पुष्पक विलाएमा थे पुण्यात्मा विमान जो ।
भन्छन् भरत राजामा हात जोडी वहाँ यसो ॥
ए प्रभो ! गजबै भो लौ ! गर्दा यो राज्य दाजुले ।
मनुष्य-भिन्नका प्राणी पनि बोल्छन् छ तत्त्व के ? ॥
म त संझन थालें बा ! देख्ता यस्तो निरन्तर ।
हजूर-वीर-राजा भै भै बक्सिन्छ सुरेश्वर ॥
राज्याभिषेक यो दाजु ! भएको हो हजूरको ।
हिजो-आज गने देखि क्यै बढी एक मासको ॥

३२

यत्तिकैमा पनी सारा प्राणीका आधि-व्याधि ती ।
छुटे बा ! मृत्युसम्मै पो आँउदैन छिटो त्यति ॥
हुन्छन् स्त्रीजाति सुत्केरी सजीलै कष्टले विना ।
मनुष्य-देह देखिन्छन् हृष्ट-पुष्ट जहाँ-तहाँ ॥
महाराज-प्रभो ! दाजु ! पुरका जनता सव ।
ढुक्क छन् बा! खुशी छन् बा! मान्छन् आनन्द उत्सव॥
वेला-वेला हुँदा मीठो अमृतै ठीकको अहो ! ।
जल वर्षाँउछन् मेघ पृथ्वीभर सँधै प्रभो ! ॥
छुँदै आनन्द लाग्ने भै शुभ सुन्दर शीतल ।
वहन्छन् वायु यी दाजु ! सुखदायक निर्मल ॥
गाँउका पुरका एवं राष्ट्रका जन भन्दछन् ।
हाम्रा राजा यिनै जस्ता प्रतापी पछि सम्म हुन् ॥

३३

यस्ता अत्यन्त नै मीठा कुरा भरत-भाइका ।
सुन्दामा नृपमा श्रेष्ठ राम दङ्ग परे अहा ! ॥

३४

इति एकचालीसौ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

वयालीसौं सर्ग

अशोकवाटिका वर्णन एवं त्यसमा विहार तथा दोजिया महारानी-सीताले महाराज-रामसँग तपोवन हेर्ने इच्छा पोख्नु र स्वीकृति दिनु

१

जडेको सुन रत्नादि त्यो पुष्पक विमानको ।
गरी सत्कार राजाले बिदा गरि दिए अहो ! ॥
महान् बाहु हुने राम सीता साथ लिई तव ।
अशोकवनिकाबीच विहारार्थ पसे अब ॥
थियो बा ! यसको शोभा अतुल्य र मनोहर ।
सर्वैतिर थिए टन्न लहरा—वृक्ष सुन्दर ॥
थिए चन्दनका वृक्ष राम्रा अगुरु-आँपका ।
रक्तचन्दन—कालेय ती नरीवल—तुङ्गका ॥
चारैतिर थियो टम्म जङ्गलै देवदारुको ।
शोभिन्थ्यो जसले गर्दा अशोकवनिका बडो ॥
चाँपो अशोक पुंनाग महुवा असनादि र ।
थिए कटहरका वृक्ष अनेकन मनोहर ॥
धूँवा रहित आगाको मुस्लाझैं देखिने वहाँ ।
पारिजातादिका वृक्ष शोभिइन्थे जहाँ-तहाँ ॥
थिए लोध-कदम्बादि नागकेसर अर्जुन ।
अतिमुक्तक मन्दार सप्तपर्ण थिए पुनः ॥
केराका वृक्षका घेरा नाना झाडी लतागृह ।
यहीं नै शोभिएकाथे भई व्याप्त र मोहक ॥
अनार-जामुनाका र प्रियङ्गु - बकुलादिका ।
कोविदार-कदमका थिए शोभित वृक्ष बा ! ॥
सँधै फुल्ने, सँधै फल्ने यहीं वृक्ष लता थिए ।
जसका रस वा गन्ध हर्दछन् मन झैं थिए ॥
यिनमा भर्खरैमात्र पालुवा र नयाँ टुसा ।
लाग्नाले अति नै राम्रा देखिन्थे दिव्य भै दिंदा ॥
ज्यादै सिपालु मालीले लता-वृक्ष कला भरी ।
रोपिएका थिए राम्रो छाँट-काँट हुने गरी ॥

१३

१४

यसैले दिव्य जस्ता थे यिनका फूल-पालुवा ।
अतिसुन्दर देखिन्थे, भौंरा मत्ताउँथे सदा ॥
यहीं चराचुरूङ्गी थे नाना रङ्ग र ढङ्गका ।
कोकिलादि यहीं बस्थे भृङ्गराजादि साथका ॥
आँपका मजुरासाथि गहना तुल्य भै बसी ।
अशोकवाटिकाको यो शोभा भर्थे विचित्र यी ॥
कुनै वृक्ष पहेंला थे सुवर्ण सरि उज्ज्वल ।
कुनै अग्नि-शिखा जस्ता देखिन्थे भइ निर्मल ॥
नीलो अञ्जनको थुप्रो ठीकका वृक्ष थे कुनै ।
यसरी शोभिएकाथे वहाँका रुख नित्य नै ॥
सुगन्धित थिए पुष्प यहीं नाना प्रकारका ।
हार लायकका गुच्छा शोभिइन्थे अनेक बा ! ॥
तलाउ पोखरी नाना रूप-आकारका तथा ।
मीठा सुन्दर पानीले भरिएका थिए सफा ॥
माणिक्य-मणिका सींढी लागेका यिनमा थिए ।
तलका भुँइको भाग मणि-स्फटिकका थिए ॥
दिनमा रातमा फुल्ने पद्मको वन थ्यो यहाँ ।
चक्रवाक र हँसादि शोभिइन्थे चरा जहाँ ॥
शुक-दात्यूह इत्यादि पक्षीको आँउथ्यो ध्वनि ।
हाँस-सारसको बोली गुञ्जिन्थ्यो मधुरो बनी ॥
तिनका तटका वृक्ष अनेकौं फूल भै दिंदा ।
देखिन्थे छिर्बिरे राम्रा शोभिएका जतातता ॥
थिए पर्खाल लागेका वहाँ नाना थरी-थरी ।
शोभिएका थिए राम्रा शिलातल वरीपरी ॥
वहाँका वनका भाग वैदूर्य - मणि ठीकका ।
हरीया घाँसले टम्म ढाकिको थियो तदा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
यी सवै वस्तुले एवं फुलेका वृक्षले पनि ।
अशोकवाटिका साह्रै शोभिएको थियो अनि ।।
वहाँका वृक्षमा बाजी लागेकै ठीक थ्यो तव ।
फुल्नमा फल्नमा एवं भुल्नमा खुल्नमातक ।।
यिनैबाट झरेका ती फूलले बहुरङ्गका ।
शोभिन्थे तलका ढुङ्गा छिर्विरे रम्य-रूपका ।।
नीलो सुन्दर आकाश नहुँदा मेघको दल ।
रातमा शोभिए जस्तो ताराले भइ उज्ज्वल ।।
ब्रह्माजीले बनाएको धनाध्यक्ष कुवेरको ।
त्यो चैत्ररथ उद्यान शोभिए ठीक थ्यो अहो ! ।।
साक्षात् देवेन्द्रको दिव्य बघैंचा-वन नन्दन ।
शोभिए तुल्य शोभिन्थ्यो रामको दिव्य यो वन ।।
यसैभित्र थिए नाना क्रीडा-भवन सुन्दर ।
सजाएका थिए ठिक्क दिव्यासन मनोहर ।।
अशोकवाटिकामा यो लता-गृह थिए निकै ।
थिए विहार गर्ने र बस्ने ठाम पनी निकै ।।
समृद्धिशालिनी यस्ती वाटिकामा यहीं पसी ।
राजा-राम बसे थ्याच भएर अति नै सुखी ।।
भुँइमा पुष्पका राश राश थे कमला यहाँ ।
बिछ्याएको थियो राम्रो गलैंचा मूल्यवान् जहाँ ।।
वन-नन्दनमा घुम्दा इन्द्राणीकन इन्द्रले ।
सुधा पिलाँउछन् जस्तो प्रेमले आफ्नु हातले ।।
त्यै ठीक आफ्नु हातैले हुँदा राम स्वयं प्रभु ।
सीतालाई पिलाए बा ! शुद्ध मैरियकै मधु ।।
यसैवेला वहाँ आए रामका प्रिय सेवक ।
पदार्थ लिइ यै वेला चाहिने मन-मोहक ।।
फल-मूलहरू ल्याए छिटै नाना प्रकारका ।
परिकारहरू आए मांसका मिष्ठ-अन्नका ।।
नाच्न-गाँउन जानेका सुन्दरी रमणीहरू ।
त्यसैवेला यहाँ आए भै प्रसन्न खुरूखुरू ।।
वेस्करी मद धोक्नाले सवै मस्त थिए तव ।
अगाडि रामको आई नाच्न लागिगए अव ।।
यता कम थिएनन् बा ! राजा-राम पनी अहो ! ।
जो जो रमण गर्नेछन् तिनमा श्रेष्ठ थे बडो ।।
४३

४४
तस्मात् देख्ता मनै हर्ने ती राम्रा रमणीकन ।
निकै प्रसन्न पारे बा ! गरी रमण शोभन ।।
धर्ममै टिक्तथे राम यसरी यिनले तव ।
उनलाइ खुशी पारे गहना-द्रव्यलेतक ।।
एवंरीत महारानी सीता साथ लिई वहाँ ।
बस्तामा शोभिए राम अतुल्य भइ अन्तमा ।।
जस्तो शोभिइ बक्सिन्छ पत्नी साथ अरुन्धती ।
बस्तामा मुनि ब्रह्मर्षि श्रीवसिष्ठ सरी त्यही ।।
पत्नी देव-सुता जस्ती सीता सँग दिनै-दिन ।
गर्थे रमण श्रीराम देव झैं खुश भैकन ।।
विहार यसरी गर्दा दुवै सीता र रामको ।
निकै लामो वित्यो काल भोग्दामा भोग विश्वको ।।
वेस भोग दिने वेला वित्यो शिशिर भै अव ।
दश हज्जार वर्षैको रूप ली उनको तव ।।
यो सीतारामको जोडी भोग भोग्थ्यो अनेकन ।
यता शिशिर त्यो वित्थ्यो सुत्त आइ-गईकन ।।
धर्मको मर्म जानेका राम हुन् धर्मले सदा ।
गर्थे विहान सम्पूर्ण धर्म-कर्मादिका क्रिया ।।
अनि जो बच्तथ्यो वेला दिनका अर्धभागको ।
त्यसमा भित्र खोपीमा पस्तथे भोग भोग्न त्यो ।
यता सीता महारानी पनि पूर्वाह्न-कालमा ।
सक्थिन् काम-कुरा आफना धर्मका, देवका वहाँ ।।
न लिई भेदको दृष्टि अनि सासुहरूकन ।
स्वयं गएर गर्थिन् बा ! नित्य सेवन-पूजन ।।
सकी काम-कुरा सारा यसरी जानकी तत्र ।
जान्थिन् राम भए ठाम पतिसेवार्थ वास्तव ।।
वल्दथ्यो त्यस वेलामा उनको रूप-यौवन ।
आभूषण तथा वस्त्र पैह्रँदा दिव्य शोभन ।।
शची इन्द्र भए ठाम स्वर्गबीच गए सरि ।
पुग्थिन् पति भए ठाम मैथिली अनि सर्सरी ।।
यसैताक पऱ्यो दृष्टि धर्मात्मा नृप-रामको ।
दोजिया-जानकीमाथि धर्थिन् कल्याण-चिह्न जो ।।
यसले राम-राजामा भयो हर्ष अतुल्यको ।
गरी लक्ष्य भनी हाले वेस! वेस!! भनी अहो! ।।
५०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

देवकन्या सरी राम्री सुशीला जानकीकन ।
पछि बाट यसो भन्छन् राजेन्द्र रघुनन्दन ॥
विदेहनन्दिनी सीते ! यो तिम्रो गर्भबाट ता ।
सन्तानप्राप्तिको काल आयो नजिक भै अहा ! ॥
भन लौ ए वरारोहे ! इच्छा तिम्रो छ के अब ? ।
मनोरथ छ के कस्तो ? पूर्ण पार्छु म त्यो सब ॥
पति श्रीराम-राजाका कुरा यस्ता सुने पछि ।
लाजले मस्किइन् सीता हाँसिन् क्यै र भनिन् पछि ॥
आर्यपुत्र प्रभो ! मेरो यै इच्छा छ कता-कता ! ।
ती पवित्र तपोभूमि हेर्न, बस्न गई उता ॥
गङ्गाका तटमा बस्ने गर्ने साह्रै कडा तप ।
महात्मा मुनिका साथ बस्न खोज्छु म वास्तव ॥

६६

६७

पवित्र फल-मूलादि खाने ती ऋषि आदिको ।
गै पुण्याश्रममा नाथ ! बस्न इच्छा ममा बढ्यो ॥
म तपोवनमा तस्मात् बरु एक दिनै ह्वोस् ।
बस्न पाँउ ! पुगोस् धोको, यै कृपा गरि बक्सियोस् ॥
सजीलै काम ठूलठूला गर्न सक्ने विचारवान् ।
राजा-राम थिए विद्वान् गुणवान् बुद्धिमान् महान् ॥
पत्नीका मनको धोको जुन त्यस्तो थियो, सुनी ।
रामले बोल्दिई हाले हुन्छ ! गर्छु भनी अनि ॥
पछिबाट उनी भन्छन् ढुक्क होउ प्रिये ! भनी ।
अवश्य भोलि जाऔली तपोवनतिरै तिमी ॥
मैथिली जानकीलाई भनेर यति राघव ।
पसे मित्रसँगै भित्र बीचको खण्डमा तब ॥

७२

इति वयालीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रितालिसौं सर्ग

गुप्तचरद्वारा राजा-रामले महारानी-सीताका विषयको लोकापवाद सुन्नु

१

राजराजेन्द्र श्रीराम यहाँ आइ बसे पछि ।
बसे आएर सेवामा प्रभुका प्रिय व्यक्ति यी ॥
मधुमत्त र विजय कुल मङ्गल काश्यप ।
सुराजि कालिय भद्र दन्तवक्त्र सुमागध ॥
यिनै हुन् तिनका नाम सबै चंख थिए बडा ।
भन्थे कथा-कहानी र अनेकौं हास्यका कुरा ॥
यी सबै दङ्ग भै आफैं महात्मा रामको अघि ।
परिहास-कथा नाना भन्ने गर्थे कुरा भिकी ॥
यस्तैवेला भएकोथ्यो क्यै कुराको प्रसङ्गमा ।
सोधे भद्रसँगै राजा-रामले यो कुरा वहाँ ॥
भन भद्र ! छ के हाल अचेल पुर-राष्ट्रमा ।
हुन्छ धेरै जसो चर्चा के कुराको कहाँ-कहाँ ? ॥
मेरो विषय छोएर पुर-ग्राम र राष्ट्रका ।
जनता के कुरा भन्छन् ? भन त्यो लिइ सत्यता ॥
लिई विषय सीताको भन्छन् वा कि त क्यै कुरा ।
छुन्छन् भरत-शत्रुघ्न भाई-लक्ष्मणलाइ वा ? ॥
भन ! पूज्य मुमा हाम्री कैकेयी—महिषीकन ।
भन्छन् कि जनता क्यै पो चियो-चर्चो गरीकन ? ॥
राजा छोड्छन् भने आफ्नो सदाचार र धर्म त ।
राष्ट्रमा वनमा सम्म हुन्छन् निन्दित वस्तुतः ॥
महात्मा राम-राजाले यसरी सोधिए पछि ।
दुइटै हात जोडेर भन्दछन् अब भद्र यी ॥
महाराज प्रभो राम ! अचेल पुर-राष्ट्रमा ।
राम्रै चर्चा चलेकोछ जनतामा जहाँ--तहाँ ॥
त्यो दशग्रीवको मृत्यु-सम्बन्धी विषयै लिई ।
प्रभुका जयको घोष गाँउछन् गतिलो भई ॥

१३

१४

भद्रले यत्ति भन्दामा फेरि श्रीरामले भने ।
जस्तातस्तै गरी मेरो बारेमा भन, के भने ? ॥
भन राम्रो न राम्रो वा शुभाशुभ छ जो जति ।
भनाई पुरवासीको, सुन्छु ध्यान दिई म ती ॥
भनाई उनको केही न राम्रै छ भने पनि ।
सुनी त्यै ठीक गर्नेछु, भैगो ! राम्रो भए अनि ॥
भई ढुक्क र निश्चिन्त भन भद्र ! तिमी अतः ।
जहाँ जस्तो सुनेकाछौ सत्य ! सत्य !! यथार्थतः ॥
गाँउका पुरका एवं राष्ट्रका जनता भन ।
त्यस्तै पाप चिताएर क्यै भन्छन् कि मलाइ हैं ? ॥
रघुनन्दन-राजाले भनिए पछि भद्र यी ।
महान् बाहु उनीलाई बिन्ती गर्छन यसो भुकी ॥
कुरा बिन्ती गराईका थिए मीठा र योग्यका ।
जोडेकाथे दुवै हात भै एकाग्र, भने तदा ॥
महाराज ! सुनी बक्स्योस् पुरवासी मनुष्य यी ।
के के कस्ता कुरा गर्छन् प्रभुको विषयै लिई ॥
यथार्थ सब त्यो भन्छु चौबाटोमा बजारमा ।
बस्छन् वन--बगैंचामा कुरा गर्छन् जहाँ-तहाँ ॥
उनीहरू यसै भन्छन् रामले धन्य हो ! अहो ! ।
महासागरमा त्यत्रो पुल हाले विचित्र हो ॥
गर्नै न सकिने काम यही हो, प्रभुले गरे ।
यस्तो ता सुन्न पाएनन् अधिका देव-दैत्यले ॥
आँटनै न सकिने लड्न मार्दिए दुष्ट-रावण ।
साथ राक्षस--सेनाको पार्दिए ध्वस्त वाहन ॥
पछि राक्षस साथैका भालू-वानर सम्म ती ।
रामले वशमा पारे यही गजब भो अति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यही यौटा कुरामात्र न राम्रै को भयो अहो ! ।
हुले बा ! जानकीलाई त्यसरी घरभित्र जो ॥
रामले युद्धमा मारे दुष्ट रावणलाइ त्यो ।
दिएनन् तर क्यै ध्यान सीता--सम्बन्धमा अहो ! ॥
विचार गर्नु पर्थ्यो क्यै जानकीको चरित्रमा ।
पीठ थापे अमर्षादि सुत्त ल्याए त्यसै यहाँ ॥
सीता-सम्भोग द्वारा जो हुँदो हो उनमा सुख ।
त्यसमै ख्याल काटेछन् कस्तो मन हरेशिव ! ॥
उचाली काखमा राखी जबर्जस्ती गरीकन ।
लङ्काभित्र पुऱ्यायो रे दुष्टले जानकीकन ॥
खोपीभित्र लगी पैले क्रीडा-काननमा पछि ।
अशोकवाटिका जो हो, राख्यो रे त्यसले हकि ? ॥
दुष्ट राक्षसको पर्दा वशमा यसरी उनी ।
बसिन् धेर दिनैसम्म पतिसाथ छुटे पनि ॥
तर त्यस्ती उनीमाथि राजा--राम यिनी भने ।
छिः छिः दुर्दुर ! क्यै त्यस्तो गर्दैनन् भइ लोभिने ॥

३४

३५

लौ बित्यो ! अब हामीले आफ्ना स्त्रीहरुको पनि ।
स्वात्तै सहनु पर्ने भो कुरा त्यस्ता परे पनि ॥
अ--आफ्ना देशका राजा जो जस्तो कर्म गर्दछन् ।
प्रजा पनि उनैठीक गर्दछन्, पछि लाग्दछन् ॥
एवंरीत महाराज ! पुर--ग्राम र राष्ट्रमा ।
पुरवासी कुरा गर्छन् यस्तै—यस्ता जहाँ--तहाँ ॥
भद्रका यी कुरा सुन्दा रघुनन्दन राममा ।
भित्र ठूलै पऱ्यो मर्का, व्याप्त भो दुःख देहमा ॥
परन्तु रामले सोधे आफ्ना मित्रसँगै वहाँ ।
यो कुरा हो कहाँसम्म सत्यको ? भन्नुहोस् ममा ॥
सुन्दा यो वाक्य मर्यादापुरुषोत्तम राममा ।
शिरले भुँइमा टेकी साराले ढोग्दिए वहाँ ॥
दीनतापूर्ण वाणीमा अनि विन्ती गरे यसो ।
राजेन्द्र ! छैन क्यै शङ्का सत्य हो भद्रको कुरो ॥
ककुत्स्थकुलका रत्न रामले आफ्नु मित्रका ।
मुखबाट पनी सारा यस्तै-यस्ता सुने कुरा ॥

४२

आफ्ना शत्रु हुनेलाई पार्न सक्ने भुसुक्क यी ।
रामले मित्रलाई ती विदा गरि दिए पछि ॥

४३

इति त्रितालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवालिसौं सर्ग

राजा-रामले लक्ष्मण आदि तीनै भाईहरूलाई बोलाँउनु

१

प्रिय मित्रहरूलाई विदा गरि सके पछि ।
रामले आफ्नु कर्तव्य ठमाए स्थिर बुद्धि ली ॥
त्यसबेला नजीकै थ्यो द्वारपाल वहाँ खडा ।
त्यसैसाथ भने राजा-रामले अब यी कुरा ॥
द्वारपाल ! तिमी जाउ सुमित्रासुत लक्ष्मण ।
प्रिय—भाई भए ठाम डाकी ल्याउ छिटै सुन ! ॥
महान् सौभाग्यवान् भाई हउन् भरत साथमा ।
अजेय भाइ शत्रुघ्न पनि आँउन् छिटै यहाँ ॥
राजेन्द्र-रामको यस्तो शुभादेश सुने पछि ।
ढोकेले अँजुली बाँधी ढोग्दियो शिरमा लगी ॥
त्यहाँबाट हिंडी हाल्यो सुमित्रासुत लक्ष्मण ।
वीरको भवनैतर्फ, पर्स्यो वेरोक भैकन ॥
जय होस् ! प्रभुको भन्दै हात जोडी वहाँ पनि ।
भन्यो विशाल आत्माका उनीकन यसो अनि ॥
राजपुत्र-प्रभो ! राजा श्रीराम प्रभुलाइ ता ।
भेटन नै खोजि बक्सिन्छ, सवारी होस् छिटै उता ॥
बडो बेस ! भन्यौ हुन्छ ! म हिंडे लौ ! भनी यति ।
आज्ञा श्रीराम-राजाको शिरोपर गरे पछि ॥
चढेर रथमा आफ्नो तुरुन्त अनि लक्ष्मण ।
राजाको महलैतर्फ हिंडे बा ! हुर्रिईकन ॥
देखेपछि उनीलाई गएको द्वारपाल यो ।
हिंड्यो भरतको दिव्य महलैतिर भै छिटो ॥
जयकार वहाँ गायो हात जोड्यो भयो खडा ।
ठूलो आदरले भुक्तै भइ नम्र भन्यो तदा ॥
राजपुत्र प्रभो ! राजा श्रीराम प्रभुलाइ ता ।
भेटन् नै खोजिबक्सिन्छ, सवारी होस् छिटै त्यता ॥

१३

१४

सुन्दा श्रीरामको आज्ञा ढोकेको मुखबाट यो ।
उठे भरत ता चनाट्टै छोडी आसन नै अहो ! ॥
सरासर हिंडी हाले अनि ता पैदलै उनी ।
देखेर आफ्नु आँखाले ढोके पनि हिंड्यो अनि ॥
महलैमा पुगी हाल्यो छिटै शत्रुघ्नको तव ।
हात जोडी गर्न्यो विन्ती वहाँ पनि यसो अब ॥
रघुश्रेष्ठ प्रभो ! राजा-श्रीराम प्रभुलाइ ता ।
भेट्न नै खोजिबक्सिन्छ लौ सवारी हओस् उता ॥
महान् कीर्ति हुने दाजु दुवै भरत-लक्ष्मण ।
निकै अघि सवारी भो ककुत्स्थकुल—नन्दन ! ॥
ढोकेको यो कुरा सुन्दा वीर शत्रुघ्न तत्क्षण ।
उठिहाले जुरुक्कै पो छोडेर शुभ आसन ॥
राखेर शिर पृथ्वीमा ढोग्दिए राम-पाउमा ।
हिंडे अनि तुरुन्तै यी पुग्नमा राम-पाउमा ॥
राजदर्वारमा फर्क्यो द्वारपाल यतातिर ।
हात जोडी गर्न्यो विन्ती रामसाथ भई स्थिर ॥
ककुत्स्थकुलका राजन् ! प्रभुका वीर भाइ ती ।
सवारी भइ बक्सेकोछ प्रभो ! द्वारमा यही ॥
यी भाइहरु आएका ढोकेबाट सुने पछि ।
रामलाइ पर्न्यो गाऱ्हो, चिन्ता बढ्न गयो अति ॥
त्यसै तुल्बुलिई हाले सारा इन्द्रिय रामका ।
घोसे मुन्टो गरी भन्छन् ढोके साथ उनी तदा ॥
लौ जाउ तीनओटै ती राजपुत्रहरूकन ।
तुरुन्त म भए ठाम लिइ आउ ! यता सुन ! ॥
तिनमा नै टिकेकोछ मेरो जीवन यो सब ।
मेरो निम्ति यिनै भाई हुन् प्यारा प्राण वास्तव ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

राजेन्द्रको शुभाज्ञा यो सुनेमा राजपुत्र यी ।
त्यो भव्य-भवनै भित्र सरासर पसे पछि ॥
यिनले त्यस वेलामा झुकाएका थिए शिर ।
पैह्रिएका थिए सेतो कपडा, जोड्दथे कर ॥
पस्नासाथ वहाँ देखे दाजु राजेन्द्र-रामको ।
मुहार मलिनो, होझैं लागेको राहु चन्द्र पो ॥
सन्ध्याकाल हुँदा बढ्दा भगवान् सूर्यदेवको ।
कान्ति शून्य भए ठीक थियो निस्तेज झोक्रिँदो ॥
यी तीनै भाइले देखे बुद्धिमान् नृप रामका ।
दुवै आँखा भरी आँसु भरिएका थिए तदा ॥
फक्रेको कमलै ठीक त्यस्तो सुन्दर श्रीमुख ।
ओइलाइ सकेकोथ्यो देखे श्रीहीन वास्तव ॥
अब यी भाइले तीनै दाजु श्रीराम-पाउमा ।
ढोग्दिए शिर राखेर भित्र श्रद्धा बढी वहाँ ॥
उभिए छेउ लगेर यता भाइहरू अनि ।
आँसु झारि रहेकाथे उता राम दुखी बनी ॥

३४

३५

महान् बल हुने दाजु रामले आफ्नु बाहुले ।
अँगाले भाइलाई यी क्रमैले अनि प्रेमले ॥
भने आसन देखाई बस! भाइहरूकन ।
बसे पछि सबै भाई राम भन्छन् यसो पुनः ॥
सुन ए बाबु हो! मेरो निम्ति सर्वस्व हौ तिमी ।
यसमा छैन क्यै शङ्का मेरो जीवन हौ तिमी ॥
तीनै भाइ तिमीद्वारा चलाएको गरी वश ।
राज्य हो यो, म राजा भै थाम्छु, लिन्छु जसै-जस ॥
समस्त शास्त्रको तत्व जान्दछौ, योग्य छौ तिमी ।
बुद्धिमान् छौ टिकेकाछौ, कर्तव्यै पालनमा पनि ॥
ए नरश्रेष्ठ हो! तस्मात् यो वेला सुन! काम जो ।
म तिम्रो अघि राख्नेछु गर पूर्ण मिलेर त्यो ॥
ककुत्स्थ-कुलका राजा दाजु श्रीरामले यति ।
भनेमा भाइ यी तीनै सावधान भए अति ॥
चित्त उद्विग्न भै हाल्यो तिनोटै भाइको अनि ।
शोचे-के भनि बक्सिन्छ राजा हामीकनै भनी ॥

४२

इति चवालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैतालिसौं सर्ग

राजा–रामले लोकपवादको चर्चा गरी लक्ष्मणलाई सीतालाई वनमा छोडेर आँउने आदेश दिनु

१

राजेन्द्र-राम भरत तथा शत्रुघ्न लक्ष्मण ।
चारै भाइ बसेकाथे, थ्यो खिन्न सबको मन ॥
ककुत्स्थकुलका राम यै वेला भन्दछन् अहो ! ।
आफ्ना भाइहरू साथ सुकेको मुखले यसो ॥
भलो होस् बाबु हो ! तिम्रो, तिमीहरू सबै अब ।
सुन मेरा कुरा सारा पार एकाग्र चित्त ल ! ॥
तिम्री भाउजु सीताको मेरो विषयमातक ।
चल्दोछ पुरवासीमा जो चर्चा, भन्छु त्यो सब ॥
अचेल राष्ट्रका सारा जनका मुख छन् छुरा ।
न राम्रै भन्न लागेछन्, सीताको काट्तछन् कुरा ॥
मलाइ पनि हेर्छन् रे साह्रै घृणित-दृष्टिले ।
छेडियो मुटु नै मेरो यै कुराको विचारले ॥
महात्मा र उदारात्मा इक्ष्वाकुकुलभूपका ।
वंशमा जन्मिएको हुँ, म पनी व्यक्ति एउटा ॥
महान् आत्मा हुने त्यस्ता राजर्षि-जनकादिको ।
वंशमा जन्मिएकी हुन् ती सीता पनि बाबु हो ! ॥
बाबु लक्ष्मण ! जान्दैछौ तिमी ता सब यो कुरा ।
तिम्रै अघि घटेका हुन्, जब साथ थियौ सदा ॥
बस्ता दण्डकमा हामी हुँदा निर्जन त्यो वन ।
लग्यो रावण आएर सीतालाइ हरीकन ॥
त्यसलाइ पनी मैले मारें लङ्का पुगी पछि ।
शोचेथें त्यसवेलामै यो कुरा भवाट्ट उब्जिई ॥
यतिसम्म यहाँ सीता बसिन् एक्लै भने जब ।
पुरीमा म यिनीलाई लैजाँउ कसरी अब ? ॥
बाबु लक्ष्मण ! त्यो वेला जानकी आफ्नु शुद्धता ।
देखाँउन पसेकी हुन् अग्निमा, सत्यता हुँदा ॥

१३

१४

त्यहीं जम्बा भए सारा देवता पछि अग्निले ।
छन् निष्पाप भनी सीता सबैको अघि सुम्पिए ॥
त्यत्तिले न पुगी फेरि घुम्ने यो विश्व फन्फनी ।
वायुदेव पनी बोले सीता निर्दोष छन् भनी ॥
सूर्य-चन्द्र दुवै भन्थे त्यै कुरा ऋषि-देवको ।
अगाडि, शुद्ध छन् सीता भनेर सुन बाबु हो ! ॥
ठहर्दा शुद्ध आचार हुँदा निर्दोषकी उनी ।
हाल्दिए हातमा मेरो आफैंले इन्द्रले अनि ॥
यसरी त्यस लङ्काको टापूमा भाइ हो ! अघि ।
देव-गन्धर्वले सारा मानिइन् शुद्ध जानकी ॥
राम्रै नाम चलेकी थी जानकी शुद्ध छन् भनी ।
त्यै वेला भन्दथ्यो मेरो अन्तरात्मा पनी गुनी ॥
यी सबै हेतुले गर्दा प्रिय ए बाबु हो ! सुन ! ।
सीतालाइ लिई आँएँ अयोध्यापुरमा पुनः ॥
लिई विषय सीताको तर यस्तो भए पनि ।
लोकापवाद फैल्यो यो पानीमा तेलमैं बनी ॥
पुरका ग्रामका एवं राष्ट्रका जनमा सब ।
फिंजियो भइ चर्को यै, मनमा शोकमा पार्दछ ॥
सुन्यौ ! नियम यस्तो छ अकीर्ति जुन व्यक्तिको ।
लोभमा बढ्छ, फैलिन्छ निन्दाको ठाम भै अहो ! ॥
अवश्य पनि त्यो व्यक्ति बुझ्यौ ! अधम-लोकमा ।
खस्छ बा ! बस्छ त्यो चर्चा चलेसम्म स्वयं त्यहाँ ॥
गर्छन् अकीर्तिको निन्दा देवता स्वर्गमा बसी ।
प्रशंसा गर्दछन् त्यस्तै भए सद्-व्यक्ति कीर्ति ली ॥
ठूल्ठूला व्यक्तिको तस्मात् महापुरुष हुन् जुन ।
ठूल्ठूला कर्म हुन्छन् जो हुन्छन् त्यै कीर्ति पाँउन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ए नरश्रेष्ठ हो ! तस्मात् लोक-निन्दा अकीर्तिको ।
मलाइ अति नै ठूलो डर लाग्छ यहाँ अहो ! ॥
यसर्थ यसको निम्ति छोड्न सक्छु म वास्तव ।
यो आफ्नो प्राणकै साथ तिमीकन पनी सब ॥
अब लौ भन के गाह्रो पर्ला जनककी सुता ।
मैथिलीलाइ ती त्याग्न ? बच्छु दुष्कीर्तिबाट ता ॥
कस्तो छ मुख यो मेरो अनुहार ल हेर त ! ।
शोकको सिन्धुमै भवाम्म म खसें छिनमै अतः ॥
यो निन्दाको कुरो भन्दा ठूलो अर्को कुनै कुरो ।
अघि जीवनमा मेरो घटेको नै थिएन पो ॥
तस्मात् भोलि-विहानैमा गर लक्ष्मण ! भन्छु जो ।
सीतालाइ लगी छोड सीमा बाहिर राज्यको ॥
होस् रथ सवारीको सुन ! हाँकुन् सुमन्त्रले ।
भित्र राख्नु उनीलाई चढेरै जानु वेगले ॥
गङ्गाको तटमा पुग्नु पारि तर्नु उहींनिर ।
बाटो सुन ! नदी मिल्छिन् तमसा नामकी स्थिर ॥
तिनैको तीरमा साक्षात् महात्मा ब्रह्मरूपका ।
बाल्मीकि-मुनिको पर्छ दिव्य आश्रम एउटा ।
त्यहाँ एकान्त हेरेर छोड सीताकनै लगी ।
तुरुन्त मान यो आज्ञा, फर्की आउ तिमी त्यजी ॥
सीताको पक्ष लागेर ओड बोलेर क्यै कुरा ।
मलाइ न भन्यौ बाबु ? यसबारे बुझ्यौ ! कुरा ? ॥

३७

३८

तसअर्थ तिमी जाउ लिई विषयलाइ यो ।
कुनै शोच-विचारादि न गरी गर काम त्यो ॥
मेरो निश्चयमा यस्तो तिमीले यदि क्यै भनी ।
हुन खोज्यौ भने विघ्न, दुःख होला ममा पनि ॥
तीनै भाइ तिमीलाई मेरो चरणको तथा ।
खाएँ जीवनको सम्म किरिया लिइ सत्यता ।
मेरो निर्णयमा यस्तो विघ्न भै जुन बीचमा ।
खोज्नेछन् थाम्थुमै पार्न मलाइ यस काममा ॥
ती व्यक्ति जो सुकै होउन् यो मेरो प्रिय-कार्यमा ।
छेको हाल्ने हुँदा होलान् मेरो शत्रु सँधै यहाँ ॥
मेरो आदर-सन्मान गर्दछौ त भने तिमी ।
बस ! शासनमा मेरो मान आज्ञा भयो भनी ॥
सीतालाइ यहाँबाट तस्मात् जङ्गलमै लग ! ।
दिएँ आदेश जो मैले गर पालन लौ ! अब ॥
सजिलै छ, भनेकी छन् सीताले अघि नै ममा ।
हेर्न आश्रम इच्छा छ गै गङ्गाको किनारमा ॥
बुझ्यौ ! लक्ष्मण ! सीताको यो धोको दिव्य-दोहद ।
पूर्ण गर्नु पनी पर्छ त्यसै गर तिमी अतः ॥
ककुत्स्थकुलका रत्न राजराजेन्द्र राम यी ।
रोए बा ! यत्ति भन्दैमा झन्यो आँशु झरी-सरी ॥
शोकले भित्र पाकेर भाईहरू लिंई पछि ।
हात्तीझैं भइ स्वाँ ! गर्ने अडे पाल्न रीति-स्थिति ॥

४८

इति पैंतालिसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयालिसौं सर्ग

राजकुमार–लक्ष्मणले महारानी–सीतालाई वनमा छोड्न लैजानु र गोमतीनदीको तटमा वास बस्नु

१

वित्यो रात, उज्यालो भो भोलिको अव त्यो दिन ।
खिन्न, दिक्क भएकोथ्यो वीर लक्ष्मणको मन ॥
थिए सारथि मन्त्री नै सुमन्त्र नृपका प्रिय ।
उनैलाइ यसो भन्छन् सुकेको मुखले अव ॥
सुमन्त्र ! सुन्नुहोस् ! यौटा अतिसुन्दर उत्तम ।
रथमा जोत्नुहोस् घोडा शीघ्रगामी मनोरम ॥
त्यसभित्र महारानी-सीता राज हुनाकन ।
ठिक्क पार्नोस् ! निकै राम्रो एउटा भव्य आसन ॥
आज्ञाले दाजु-राजाको अहिल्यै म उहाँकन ।
तपोवनतिरै लान्छु, जान्छु आफैं पुऱ्याँउन ॥
तसर्थ लौ छिटो गर्नोस् पुण्यात्मा ऋषि आदिको ।
पवित्राश्रममा जान ल्याउनोस् रथ योग्यको ॥
जो आज्ञा ! म त्यसै गर्छु भनी दौडे अनी उनी ।
यौटा रथ लिई आए आफैंले वेगिलो बनी ॥
त्यसमा जोतिएकाथे घोडा अत्यन्त तेजिला ।
ओछ्याएको थियो शय्या हुने सुख तथा सफा ॥
सन्मान मित्रको गर्ने वीर लक्ष्मणको अघि ।
रथ ल्याए पछी भन्छन् उनीसँग सुमन्त्र यी ॥
राजपुत्र प्रभो ! ल्याएँ यी ! मैले रथ, ठिक्क छ ।
तुरुन्त गरि बक्स्योस् लौ ! अव जो गर्नु पर्दछ ॥
कुरा सुमन्त्रको सुन्दा तुरुन्तै अव लक्ष्मण ।
सरासर पसी हाले राजदर्वारमा पुनः ॥
वहाँ सीता-महारानी भए ठाम पुगे पछि ।
पुरुषश्रेष्ठ ती वीर विन्ती गर्छन् यसो झुकी ॥
विन्ती गर्छु महारानी ! राजासँग हजूरले ।
रहेछ मागिबक्सेको एउटा वर भक्तिले ॥

१३

१४

महात्मा मुनिको एवं ऋषिको आश्रमैतिर ।
गएर बस्नको धोको पोखिबक्सेछ सुन्दर ॥
त्यसमा दाजु-राजाले दिइबक्सेछ स्वीकृति ।
तसर्थ खटिएँ देवि ! पुऱ्याँउन म नै पछि ॥
गङ्गाका तटमा बस्ने ऋषिका दिव्य आश्रम ।
हेर्नको निम्ति लैजान्छु वनमा प्रभुलाइ म ॥
उनले यत्ति भन्दामा महात्मा नै थिए जुन, ।
भइन् सीता-महारानी दङ्गादङ्गी मनै-मन ॥
जान ठिक्क परी हालिन्, झिकिन् द्रव्य अनेकन ।
रत्न वस्त्र लिइन् नाना बहुमूल्य अनुत्तम ॥
हिंड्न ठिक्क भइन् बोकिन् भनिन् देवरमा यसो ।
लगेर मुनि-पत्नीमा वहाँ बाँड्छु म वस्तु यो ॥
बडो वेस ! भनी विन्ती गरे लक्ष्मणले पछि ।
महारानी उनीलाई चढाए रथमा लगी ॥
दाजु-श्रीरामको आज्ञा संझी शिर धरीकन ।
जोतेका वेगिला घोडा रथ चढ्दै गए वन ॥
सवारी अघि बढ्दैगो, बाटामा भन्दछिन् उनी ।
आफ्ना देवरका साथ निकै खिन्न हुँदै अनि ॥
बाबु लक्ष्मण ! के भो यो हुनथाले कुलक्षिन ।
म देख्छु अशुभैमात्र लौनानी ! रघुनन्दन ! ॥
फुऱ्यो फरर भै मेरो दाहिने नेत्र हेर यी ! ।
शरीर सव हल्लन्छ भई थरर काँप्छ यी ! ॥
सुमित्रासुत ए बाबु ! मेरो मन समेत ता ।
छ अस्वस्थ भए जस्तो भित्रभित्रै कता-कता ॥
ठूलो चिच्याट लाग्दोछ बढ्छ उत्सुकता यता ।
के होला र कसो होला भन्ने पर्छ छ खिन्नता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

विशाल-नेत्रका बावु ! पृथिवीलाइ नै म ता ।
देख्न थालि सकें लौन ! साह्रै शून्य जताततता ।।
दाजु भन्दा मरीमेट्ने बावु देवर ! लक्ष्मण ! ।
वहाँ दाजुकनै तिम्रा छ के कुशल ता भन ? ।।
समानरूपले मेरा पूज्य सासुहरूकन ।
छ के आराम, आनन्द चाहन्छु म यही, भन ? ।।
वीर बावु ! म ती आफ्ना प्यारा नगर-राष्ट्रका ।
गाउँका जनको सारा-प्राणीको खोज्छु क्षेमता ।।
भनी नाना कुरा यस्तै जोडी सुन्दर बाहुली ।
प्रार्थना गर्न लागिन् बा ! देवता सँग जानकी ।।
सुन्दा भाउजु-सीताका कुरा यस्ता असुन्दर ।
वीर-देवरले ढोगे झुकाइ शिर भै स्थिर ।।
मन पाकि रहेकैथ्यो सुक्तथ्यो भित्र पीरले ।
देखौवा खुश भै भन्छन्-सबैको श्रेय होस् शुभे ! ।।
यस्तैमा गोमती आइन् उनैका तटमा पुगी ।
बिताए यिनले रात यौटा आश्रममा बसी ।।
भोलिपल्ट उज्यालो भो उठे तीनैजना पुनः ।
अनि सारथि-मन्त्रीमा भन्दछन् वीर-लक्ष्मण ।।
जोत्नुहोस् रथमा घोडा सारथे ! अब भै छिटो ।
आजै भागीरथी-गङ्गा भेट्नु पर्दछ, बुझ्नु भो ! ।।
गङ्गाको जल आजै म शिरमा धर्छु राम्ररी ।
तीनआँखे परात्माले धरेझैं शिरमा गरी ।।
मनका वेगकै ठीक भएका वेग अश्व ती ।
जोते बा ! टहलाएर उनले रथमा लगी ।।
विदेहनन्दिनी सीता महारानी सँगै पछि ।
हात जोडी भने देवि ! रथमा राजहोस् यति ।।
आफ्नु-सारथि-मन्त्रीको सुनी बिन्ती-चढाइ त्यो ।
चढिन् गै जानकी देवी गतिलो रथभित्र यो ।।
सुमित्रासुतको साथ धीमान् मन्त्री सुमन्त्रको ।
चढेर रथ त्यो देवी बढिन् अब अगाडि पो ।।
विशालनेत्रकी सीता एवं रीत गरी गरी ।
पापनाशक-गङ्गाको पुगिन् तट वरीपरी ।।
मध्याह्न-समयै सम्म भागीरथी र जाह्नवी ।
उनका जलको धारा भेटियो बल्ल पो पुगी ।।

४३

४४

दृष्टि जाँदा त्यतापट्टि भए लक्ष्मण दुःखित ।
घुँक ! घुँक !! गरी रोए ज्यादै तोड पऱ्यो तत्र ।।
देख्ता लक्ष्मणलाई यी त्यस्तो विह्वल आतुर ।
धर्मको मर्म जानेकी सीता सोध्छिन् उनीसित ।।
बावु लक्ष्मण ! के भो हँ ? किन रोयौ यसो गरी ? ।
धोको पुग्ने भयो बल्ल गङ्गाको तटमा झरी ।।
यस्तो हर्ष हुने बेला किन के हेतुले गरी ? ।
रोई मलाइ पार्दाछौ खिन्न दुःखित बेसरी ।।
पुरुषश्रेष्ठ ए बावु ! तिमी नित्य-निरन्तर ।
बस्छौ श्रीराम—राजाको साथमा भइ सुस्थिर ।।
कि दुवैरातको निम्ति दाजुको पाउसाथ त्यो ।
मैले छुट्नु पऱ्यो भन्ने मनमा भित्र पीर भो ? ।।
भै बक्सिन्छ निकै प्यारो प्राण भन्दा पनी बढी ।
मेरो निम्ति पनी बावु ! तिम्रा दाजु त हर्घडी ।।
म त शोच्तिन यस्तो ता तर त्यस्तो भए पनि ।
तिमी कस्ता भएका छीः ! पिर्छौ जो बालकै बनी ।।
पुऱ्याउ पार गङ्गाको मलाई अत्र तार न ।
ती तपस्वी-महात्माको गराउ शुभ-दर्शन ।।
मुनिमा मुनिपत्नीमा वहाँ पुगि-बसेर म ।
बाँड्छु बावु ! मजा साथ कपडा, गहना, धन ।।
घुमी आश्रम सम्पूर्ण वहाँ मुनि-महर्षिको ।
गरौंला है प्रणामादि क्रमपूर्वक योग्यको ।।
भरसात बसी हामी वहाँ भोलि भएपछि ।
अयोध्यापुर फर्कौंला लिइ साथ महान् खुशी ।।
मेरो मन पनी बावु ! तिम्रा दाजु उहाँकन ।
भेट्न वा देख्नको लागि खोज्छ बा! किन हो किन?।।
छ छाती सिंहकै जस्तो विशाल अतिसुन्दर ।
झिनो पेट छ, छन् आँखा पद्म जस्ता मनोहर ।।
विशेष आफु-भन्नेको मन-चित्त रमाँउन ।
हकि बावु ! उहाँलाई भेट्नै सक्तैन क्वै जन ।।
छोरी जनकराजाकी सीताका यी कुरा सुनी ।
लाम्चिला दुइटै आँखा पुछे बा ! उनले अनि ।।
शत्रुका वीर मार्ने यी स्वयं लक्ष्मणले तब ।
डाके माझीहरूलाई आर उनीहरू सब ।।

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
अनि विन्ती गरे स्वामिन्! भनी जोडी दुवै कर ।
डुङ्गा ठिक गरेकाछौं सवारी होस् तयार छ ॥

६२
सीतालाइ चढाएर गङ्गा पार हुनाकन ।
बसे सुन्दर डुङ्गामा पछि गै रघुनन्दन ॥

विदेहराजकी छोरी सीतालाइ यसो गरी ।
भै सावधान गङ्गाको पुऱ्याए पार राम्ररी ॥
६३

इति छयालीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतचालीसौं सर्ग

लक्ष्मणले महारानी–सीतालाई महाराज–रामद्वारा त्यागिएको कुरा विन्ती गर्नु

१

त्यो माझीहरुको डुङ्गा थियो विस्तृत सुन्दर ।
सुसज्जित सिंगारेको भित्र हेर्दै मनोहर ॥
यसैभित्र चढाए बा ! सीता – भाउजुलाइ ती ।
पछिबाट चढे आफैं पनि लक्ष्मण वीर यी ॥
रथ ठिक्क गरी राखी पर्खी बस्नु त्यहीं भनी ।
भने सुमन्त्र–मन्त्रीमा वीर लक्ष्मणले अनि ॥
पछि माझीहरूपट्टि हेरी आज्ञा दिए यसो ।
लौ तुरुन्त तिमी हाँक अब डुङ्गा गरी छिटो ॥
खियाए वेगले डुङ्गा गङ्गा पार पुगी गयो ।
ओर्लेर पर गै केही सीतालाइ भने यसो ॥
जोडिएका थिए बाहु तव लक्ष्मणका दुवै ।
आँखाभर थिए आँसु कुरा पोख्तै भने सवै ॥
विदेह—नन्दिनी देवी ! मेरो हृदयबीचमा ।
रोपियो ज्वाम्म यै काँडो, विन्ती गर्छु म पाउमा ॥
मलाइ दाजु-राजाले स्वयं जान्ने भईकन ।
लगाइ बक्सियो आर्ये ! काम यस्तो गराँउन ॥
जुन यो काम गर्नाले अब मेरो यथार्थमा ।
निन्दा जगत्भरी हुन्छ, कुरा काट्छन् सवै जहाँ ॥
बरु मेरो भलो हुन्थ्यो आजै मृत्यु भए पनि ।
श्रेय हुन्थ्यो कि त्यो भन्दा बढ्तै कष्ट मिले पनि ॥
सम्पूर्ण जनले थुक्ने यस्तो निन्दित-काममा ।
आदेश दिनु ता त्यस्तो थिएन उचितै यहाँ ॥
राम्रो शील हुने देवी ! रिसानी न हओस् ममा ।
न संझि बक्सियोस् मेरो अपराध कुनै यहाँ ॥
भनी यत्ति महारानी सीता-भाउजुमा वहाँ ।
लडे बा ! हात जोडेको जोड्यै लक्ष्मण भूमिमा ॥

१३

१४

देखिन् भाउजु रानीले आफ्नु देवरलाइ ती ।
मर्नमै श्रेय ठान्ने र भैंमै लड्ने रुँदै अति ॥
बल्ल पो हड्बडाइन् ती, भित्र चीसो पऱ्यो अव ।
भइन् विह्वल वैदेही भनिन् देवरमा तव ॥
बावु लक्ष्मण ! के भो हँ ? के कुरा हो ? म ता अँहँ ! ।
पत्तै पाँउन्न, लौ साँचो कुरा ठीक सवै भन ? ॥
छ के आनन्द राजाको देहमा भन ? श्रेय छ ।
तिमीलाइ पनो त्यस्तो स्वस्थ देख्तिन, क्यै त छ ? ॥
लौ तिमीलाइ राजाको किरिया ख्वाई सोध्छु म ।
पऱ्यो संताप यो पीर के कुराले सवै भन? ॥
यथार्थ तत्व खोलेर मेरो अघि सवै अव ।
तिमी भन कुरा के हो ? आज्ञा दिन्छु म बास्तव ॥
प्रेरणा गरिंदा भन्न सीताबाट गरी यसो ।
भए लक्ष्मण झन् दुःखी भित्र पीर पऱ्यो बडो ॥
झर्दा बरर भै आँसु त्यसले रोक्किंददा गला ।
भन्छन् लर्बर बोलीमा घोप्ते मुन्टो गरी तदा ॥
सुनी बक्सयोस् महारानी ! बारेमा नै हजूरको ।
अपवाद सुनी बक्स्यो सभामा दाजुले अहो ! ॥
फैलिंदोछ नराम्रो भै यो कुरा पुर-राष्ट्रमा ।
प्रभुको शुद्धता बारे, कुरा काट्छन् जहाँ-तहाँ ॥
यसले दाजु-राजाको डढ्यो हृदय नै वहाँ ।
पछि भित्र सवारी भो भनी सब कुरो ममा ॥
लोकापवादका त्यस्ता कुरा श्रीरामले सुनी ।
राखिए मनमामात्र ; ती असह्य भए पनि ॥
राजाले पीठ थापेको अब त्यस्तो कुराकन ।
म फोटयाँउन चाँहन्न अघि भाउजुको पुनः ॥

२६

२७

निर्दोष सिद्ध भै बक्स्यो मेरै अघि हजूर ता ।
राजाले त्यागिदिइ बक्स्यो हा ! त्यस्ती प्रभुलाइ ता ॥
लोकापवादको त्यस्तो निन्दाको त्रास भै कडा ।
घट्यो यो घटना देवि ! ठान्नु पर्दैन अन्यथा ॥
यो आज्ञा दाजु–राजाको मैले मान्नै पऱ्यो अतः ।
यता हजूरको इच्छा पनि त्यस्तै रहेछ त ॥
तस्मात् मुनि–महात्माको पवित्राश्रम–छेउमा ।
लगेर प्रभुलाई म अब छोड्छु शुभे ! यहाँ ॥
यिनै हुन् ती ! महारानी ! गङ्गातट भरीकन ।
शोभिएका महात्माका शुभाश्रम — तपोवन ॥
अतिपुण्यमयस्थान हो देवि ! रमणीय यो ।
न मानि बक्सियोस् पीर, अब जो हुनु भै गयो ॥

३२

३३

यहाँ बुवा दशरथ–राजाका गतिला सखा ।
महात्मा मुनि बाल्मीकि राजहुन्छ स्वयं सदा ॥
उहाँको ख्याति ठूलो छ सम्पूर्ण मुनि आदिमा ।
उहाँ नै भइ बक्सिन्छ अतिश्रेष्ठ जहाँ–तहाँ ॥
महान् आत्मा हुने त्यस्ता मुनिको पाउमा गई ।
राजहोस् अब वैदेही ! हजूर सुख–शान्ति ली ॥
गरेर उपवासादि व्रतमा नै दिई मन ।
हजूर राज होला है ! वहाँ ढुक्क भईकन ॥
सँधै हृदयमा आफ्ना पतिदेव नरोत्तम ।
श्रीरामलाइ नै राखी बक्सेला संम्झिईकन ॥
आफ्नो पतिव्रता–धर्म यसरी थामि बस्तुमै ।
भविष्य प्रभुको देवि ! सुध्रने छ, छ श्रेय नै ॥

३८

इति सतचालीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठचालीसौं सर्ग

महारानी–सीताले राजा–रामलाई सन्देश पठाँउनु र लक्ष्मण फर्कनु

१

सुनी लक्ष्मणका त्यस्ता असह्य र कडा कुरा ।
फत्र्याक्-फत्र्याक भै ह्यालिन् महारानी उनी बरा ! ॥
भित्र तोड पऱ्यो ठूलो अन्तमा जानकी हरे ! ।
भई मूर्च्छित पृथ्वीमा लडिन् डङ्ग्रङ्ग पीरले ॥
यता दुइ घडीसम्म चैतन्य उनको गयो ।
आँखाभर भए आँसु, झरे, वर्षातझैं भयो ॥
पछि चैतन्य फर्केमा रुन्चे स्वर झिकी पुनः ।
भन्छिन् लक्ष्मणमा ! सीता यी कुरा दीन भैकन ॥
बावु लक्ष्मण ! पक्का नै यो मेरो देहलाइ ता ।
रचेछन् बा ! विधाताले दुःखै भोग्नु भनी सदा ॥
यसैले त म देख्तीछु आज सम्पूर्ण दुःखको ।
थुप्रो वा राश जो यस्तो मेरो अघि खडा भयो ।
गरीछु पाप के त्यस्तो अघिल्लो जन्ममा हरे ! ।
स्त्रीसाथ पो कसैलाई विछोडै पार्दिएँछु के ? ॥
पातिव्रत्य र आचार शुद्ध धर्म हुने म जो ।
यसरी त्यागिएँ आज राजा–स्वपतिले अहो ! ॥
सुमित्रासुत ए बावु ! पहिले वनमा बसी ।
खपें खप्न सकेसम्म मैले दुःख पनी हकि ? ॥
हुँदा त्यस्तो अवस्थामा पनि श्रीराम–पाउको ।
गरीथें राम्ररी सेवा ती पुण्याश्रममा अहो ! ॥
त्यही म आज भै एक्ली छुट्ता त्यो पाउ सम्म ए ! ।
यस्तो आश्रममा छोड्दा बसुँला कसरी हरे ! ॥
खपी दुःख परे जत्ति हुँदा उद्विग्न यो मन ।
पोखुँला कसको साथ आफ्नु दुःख स लौ भन ? ॥
लौ त शोच तिमी बावु ! यहाँका ऋषि वा मुनि ।
अब थुम्रिइ सोध्नेछन् के भो सीते ! भनी भनी ॥

१३

१४

यसरी छोडी बक्सेमा महात्मा पति रामले ।
त्यागे किन तिमीलाई भन्ने छन् सब स्नेहले ॥
जवाफ दिउँला के म उनमा त्यससमा अनि ।
मलाइ भन लौ बावु ! तिमी नै यो कुरो पनि ॥
आफ्नु जीवनलाई म गङ्गाको जलभित्र यो ।
स्वयं विसर्जनै गर्थें तर सक्तिन, कष्ट हो ! ॥
किन ? भन्छौ भने बावु ! छ मेरो पतिदेवको ।
चिह्न जो पेटमा मेरो, यो नाशिन्छ गरे त्यसो ॥
सुमित्रासुत ! लौ भैगो ! तिमी अब त्यसै गर ।
छ महाराजको जस्तो शुभाज्ञा निश्चित–स्थिर ॥
बुझ्यौ त ! दुःखिनी मै हुँ छोडी जाउ यहाँ अब ।
सुन मेरो कुरा केही आज्ञापालनमै टिक ॥
सारा सासुहरूलाई न गरी भेद–भाव क्यै ।
वहाँ गइ भन्यौ बावु ! ढोग्थी सीता भनी यसै ॥
जोडेर दुइटै हात शिर राखेर पाउमा ।
राजामा ढोग टक्ऱ्याई सोध्यौ कुशल, गै वहाँ ॥
मान्य सासु र राजामा खोपीका अरुमा पनि ।
त्यसरी ढोग टक्ऱ्याई भन्नु सोध्थी भनी–भनी ॥
सावधान भई आफ्नो धर्म–कर्मादि पाल्नमा ।
लाग्ने श्रीराम–राजामा भन्नु सन्देश यो वहाँ ॥
रघुनन्दन ए नाथ ! ज्ञानै छ प्रभुलाइ ता ।
सीता शुद्ध–चरित्रा हो भन्ने पनि त सर्वथा ॥
प्रभुको हितमै मर्थी, गर्थी सेवन जानकी ।
राख्तथी स्नेह वा प्रेम प्रभुका पाउमा अति ॥
प्रभुले वीर ए स्वामिन् ! डर पर्दा अकीर्तिको ।
मलाइ त्याग्दिई बक्स्यो, मैले पनि बुझें कुरो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

लोकापवादले यस्तो मेरो वा प्रभुको जुन ।
त्यो न राम्रो कुरा काटे जनताले पुनः पुनः ॥
त्यै बचाँउनको लागि मैले वा प्रभुले पनि ।
यो काम गर्नु नै पर्थ्यो,ठिक्कै भो ! बेस भो अनि ॥
मेरो निमित्तमा नाथ ! प्रभु ता पति—देवता ।
जे पनी भइ बक्सिन्छ सर्वथा गति एउटा ॥
सुन लक्ष्मण ! गै भन्नु राजाको पाउमा पुनः ।
राम्ररी गरि बक्सेला आफ्नु सद्धर्म-पालन ॥
भाईका साथमा जस्तो गरिन्छ व्यवहार त्यो ।
त्यहीठीक गरी बक्स्योस् जनमा पनि, होस् भलो ॥
यही नै धर्म हो ठूलो प्रभुको निम्तिमा अव ।
यसैले प्रभुको स्वामिन् ! कीर्ति फैलिन्छ वास्तव ॥
न्यायमा धर्ममा मिल्दो व्यवहारादि भो भने ।
पृथ्वीका जनता छन् है प्रभुको कीर्ति गाँउने ॥
तसर्थ न चुकी कत्ति सावधान भई नित ।
हजूर गरि बक्सेला धर्मशासन वस्तुतः ॥
पुरुषोत्तम ए राजन् ! यता मेरो शरीरको ।
निम्तिमा शोक वा चिन्ता गर्दै-गर्दिन त्यत्तिको ॥
लोकनिन्दा चियो-चर्चो जसरी पुर-राष्ट्रमा ।
हुन पाँउन्न है नाथ ! त्यसरी राजहोस् त्यहाँ ॥
मेरो ता के कुरा भो र स्त्री नै हूँ पाउकी रज ।
जे पनी भइ बक्सिन्छ मेरो निम्ति हजूर त ॥
शास्त्र-सिद्धान्त यै भन्छ, म ठान्दीछु यही कुरो ।
पति हो देवता बन्धु, गुरु स्त्रीजातिमात्रको ॥
नारीले पतिको निम्ति प्राण छोड्नु परे पनि ।
गर्नु पर्छ भलो प्यारो हुने काम—कुरा पनि ॥
बुझ्यौ ! श्रीराम-राजामा यस्ता मेरा कुरा सव ।
एक-एक गरी पोख पाउबीच पुगी अव ॥

४०

४१

सुन ! आज तिमी बावु ! एकपल्ट मलाइ ता ।
बरु हेरेर नै जाउ अयोध्यातिर फर्किंदा ॥
दिन घर्कि सके धेरै हुनुपर्थ्यो रजस्वला ।
रोकियो, महिना नाघ्यो कुरो बुझ ! ल जाउ वा ! ॥
सीताले यसरी भन्दा सुने पछि कुरा सव ।
दुख्नसम्म दुखी हाल्यो मन लक्ष्मणको तव ॥
शिर राखेर पृथ्वीमा सीता भाउजुमा अनि ।
ढोग्दिए भक्तिले ठूलो सकेनन् बोल्न क्यै पनि ॥
डाँकै छोडी उनी रोए अव यत्ति भए पछि ।
परिक्रमा गरे देवी सीतालाई उठी पछि ॥
शोचे दुई घडीसम्म भने लक्ष्मणले यसो ।
पूज्ये ! के भनि बक्सेको मलाई प्रभुले त्यसो ? ॥
पहिले कहिल्यै मैले प्रभुको रूप वास्तव ।
छैन सम्पूर्ण हेरेको अनघे ! अहिलेतक ॥
देखेकोछु भने केही गर्दा दर्शन पाउ यी ।
मैले पतिव्रते देवि ! देखेकोछु, छ यो स्थिति ॥
अव यस्तो अवस्थामा राजा श्रीराम दाजुले ।
विहीन प्रभुलाई म कसरी हेर्न सक्छु ? ए ! ॥
भने लक्ष्मणले यत्ति गरे फेरि प्रणाम र ।
चढे गएर डुङ्गामा सरासर भई स्थिर ॥
त्यसरी गइ डुङ्गामा चढे पछि रघूद्वह ।
उनले अव माझीमा डुङ्गा हाँक ! भने तव ॥
बोकेर शोकको भारी गङ्गा पारी पुगे अनि ।
शोकले दुःखले गर्दा थिए मूर्च्छित झैं उनी ॥
अव यस्तै अवस्थामा स्वयं डुन्मुनिईकन ।
गएर रथमा आफ्नो चढे खिन्न लिई मन ॥
गङ्गाको तटमा पारी जानकी भै अनाथझैं ।
गङ्गाको तटमा पारी जानकी भै अनाथझैं ।
छर्पटाँउदथिन् रुन्थिन् गर्थिन् लडिबुडी झझै ॥

५४

५५

चढेर रथ फर्केर निरन्तर उतैतिर ।
हेर्दै हेर्दै पुगे वीर सुमित्रासुत यी पर ॥
रथको साथ—साथैमा यता देवर लक्ष्मण ।
पुगे अव निकै टाढा हेर्थिन् सीता पुनः-पुनः ॥

५६

५७

साह्रै छर्पटिएकी थिन् त्यो वेला जानकी उता ।
यसैले उनमा भित्र पर्दथ्यो घोर शोक हा ! ॥
हुने सदाचार, विशुद्ध—चित्तकी हुन् जानकी ओह ! पवित्रकीर्तिकी ।
परन्तु यो दुःख बढेर भार भै ढलिन् त्यसै हा ! बिचरी असह्य भै ॥
यी जानकीको शुभ नाम-कामको हुन्थ्यो प्रशंसा जगतैभरी अहो ! ।
भएन बा ! रत्तकसम्म क्वै पनि भइन् स्वयं ओह ! अनाथिनी उनी ॥
शोच्ता-विचार्दा सव यी कुरा तव भै दुःखमा मग्न, विषण्ण वास्तव ।
छोडेर डाँको अव मैथिली वहाँ लागिन् रुनै हा ! शिखि-शब्द साथमा ॥

६०

इति अठचालीसौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनञ्चासौं सर्ग

मुनिकुमारबाट कुरा सुनेर मुनिराज-वाल्मीकि वहाँ सवारी हुनु र देवी–सीतालाई आफ्नो आश्रममा लिएर जानु

१

घुम्दै आइ पुगी हाले त्यहीं नै मुनि–बालक ।
देखे बा ! उनले रानी-सीताकन रुँदी तब ॥
भगवान् मुनि वाल्मीकि राजहुन्थ्यो जहाँ, वहाँ ।
दौडिंदै यी पुगीहाले, मन टिक्थ्यो समाधिमा ॥
पालैले शिर राखे बा ! वहाँका पाउमा अव ।
विउँझाइदिई हाले शिशुले यसरी तव ॥
अनि विन्ती गरे यस्तो झुकीकन महर्षिमा ।
रुँदामा स्वर त्यो जस्तो सुनेथे उनले वहाँ ॥
भगवन् ! पर गङ्गाको तटमा बिचरी कुनै ।
महात्मा नृपकी रानी जस्ती स्त्री छन् विचित्र नै ॥
हामीले गै वहाँ हेर्दा साक्षात् लक्ष्मी-समानकी ।
देखिइन् ती बरी ब्रह्मन् ! अति उज्ज्वलरूपकी ॥
भगवन् ! सब हामीले यिनीलाइ कहीं अघि ।
झुलुक्क पनि देखेका थिएनौं, छन् विचित्र ती ॥
ठूलै तोड परे जस्तो ठान्दछौं, बिचरी उनी ।
रुन्छिन् मुख विगारेर मोहले ढाल्छ झैं बनी ॥
स्वयं प्रभु सवारी भै वहाँ ती महिलाकन ।
राम्ररी हेर्दिई बक्से बेस हुन्थ्यो तपोधन ! ॥
आकाशबाट पृथ्वीमा खसेकी अतिसुन्दरी ।
स्वर्गकी देवता ठीक देखिन्छिन् बिचरी बरी ॥
गङ्गाकै तटमा छन् ती विलाप्छिन् भई दुःखिनी ।
रुन्छिन् धर्धर, छन् व्याप्त शोकले मोहले उनी ॥
भगवन् ! उनमा यस्तो दुःख वा शोक पर्नु ता ।
योग्य छैन भनी गर्छौं, दृष्टि जाओस् प्रभो ! छता ॥
देखिन्छिन् गतिली, देवी एक्ली छन् तर दीन छन् ।
छन् अनाथ भए जस्ती अत्यन्त असमर्थ छन् ॥

१३

१४

यसो विचार गर्दामा हामीले यिनलाइ ता ।
होइनन् मानवी भन्ने ठहरायौं प्रभो ! त्यता ॥
यसर्थ प्रभुलेसम्म ती देवीको विशेषतः ।
सत्कार गर्नु पर्ला कि ? भन्ने पो ठान्दछौं स्वतः ॥
हाताभित्र हुँदा हाम्रो यो पुण्याश्रमको उनी ।
आइन् शरणमै साक्षात् प्रभुको, होस् कृपा अनि ॥
मन, शील हुने शुद्ध ती देवी भगवन् ! पुनः ।
कुनै रक्षक खोज्छिन् झैं देखिन्छिन्, होस् न रक्षण ॥
मुनिबालकका यस्ता कुरा सुन्दा महर्षिले ।
जान्नु भो घटना सारा ध्यानले स्थिर-बुद्धिले ॥
यसमा हेतु भो ठूलो तपस्या नै महर्षिको ।
दिव्य–दृष्टि थियो प्राप्त वहाँमा जसले अहो ! ॥
अब यत्ति हुनासाथ दिव्यासन त्यजी निज ।
पाल्नु भो थिन् जहाँ सीता मुनि वाल्मीकि वास्तव ॥
अत्यन्त बुद्धिमान् विद्वान् उहाँलाई त्यसो गरी ।
वहाँ पाल्नु हुँदा, देख्दा हिंडे चेला उठी पछि ॥
धीमान् महर्षि वाल्मीकि लिई अर्घ्य स्वबाहुमा ।
गङ्गाका तटमा पर्ने पाल्नु भो त्यस ठाममा ॥
वहाँ पुगे पछी ओहो ! राजा श्रीरामकी प्रिया ।
जानकीलाइ भो देख्नु अनाथ–सरिकी अहा ! ॥
थिचिएकी थिइन् सीता शोकको भारले अति ।
भित्र पीर परेकोथ्यो भै असह्य निकै बढी ॥
अब यस्तो अवस्थामा त्यो आफ्नो दिव्य–तेजले ।
पार्दै आनन्द, आह्लाद भन्नु भो मुनिराजले ॥
नानी सीते ! म जान्दोछु तिमीलाइ यथार्थतः ।
बुहारी हौ दशरथ–राजाकी योग्यकी स्वतः ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

रामकी धर्मपत्नी हौ छोरी जनकराजकी ।
तिमी पतिव्रता नै हौ, गर्छु स्वागत है म यी ॥
तिमी आइरहेकीथ्यौ स्वयं जब यतातिर ।
था पाएँथें त्यसैवेला मैले सब यतातिर ॥
धर्मपूर्वक धानेको तपले र समाधिले ।
जानेथें पहिल्यै मैले यो कुरा ए पतिव्रते ! ॥
हरे ! यस्ती तिमीलाई रामले त्याग्नुमा यहाँ ।
पर्‍यो कारण जो नानी ! त्यो पनी ज्ञान भो मसा ॥
ए महान् भाग्यकी सीते ! तिम्रो सारा कुरा जति ।
मलाइ छ स्वयं ज्ञात ठीक-ठीक यहीं बसी ॥
त्रैलोक्य भरमा जो जो घटना घट्तछन् शुभे! ।
तुरुन्त सब त्यो राम्रै म जान्दछु, छ जत्ति जे ॥
सुन बाबा ! तपस्याले पाएको दिव्य-दृष्टिले ।
म जान्दछु तिमीलाई विशुद्ध, अकलङ्क छयौ ! ॥
विदेहनन्दिनी नानी ! होउ निश्चिन्त लौ अब ।
छौ तिमी साथमा मेरो, भइ ढुक्क यहीं बस ॥
मेरो आश्रम नै यै हो यहाँबाट नजीकमा ।
बस्छन् तप गरी धेरै तपस्विनी जहाँ-तहाँ ॥
तिनीहरू सबै बाबा ! तिमीलाइ मजासित ।
पाल्दछन्, पोस्तछन् आफ्नै छोरीलाइ गरे ठिक ॥
ए राजमहिषी नानी ! तिमीलाइ छ अर्घ्य यो ।
स्वीकार गर लौ बाबा ! होउ निश्चिन्त ढुक्कको ॥
म आफ्नै घरमा आएँ भन्ने संझ तिमी अतः ।
फ्याँक्देउ मनको मैलो, खिन्नता छोड वस्तुतः ॥
दिव्य-दृष्टि हुने यस्ता वाल्मीकि-मुनिराजको ।
कुरा अद्भुत नै त्यस्ता जानकीले सुनिन् अहो! ॥
झुकाइ शिर सीताले अनि ता मुनि-पाउमा ।
ढोग्दिइन् भक्तिले ठूलो हात जोडी स्वयं वहाँ ॥

४०

४१

मुनि साथ गरिन् विन्ती उनले अनि यो कुरो ।
हओस् ! आज्ञा भए-जस्तो गर्दछे जानकी प्रभो ! ॥
महात्मा मुनि वाल्मीकि अघि पाल्नु भयो अब ।
लागिन् पछि-पछी सीता स्नेहले तानिई तव ॥
छोरी विदेह-राजाकी सीता साथ उहाँकन ।
देख्ता पाल्नु भएको ती मुनि-पत्नी उठे पुनः ॥
आए उहाँ भए ठाम उनीहरू सबै अनि ।
भै प्रसन्न निकै भित्र विन्ती गर्छन् यसो भनी ॥
छ स्वागत मुनिश्रेष्ठ ! धेरै दिन वित्यो अहो ! ।
शुभागमन भो ब्रह्मन्! बल्ल आज हजूरको ॥
लौ स्वीकार गरी बक्स्योस् छ हाम्रो अभिवादन ।
अनि आज्ञा गरी बक्स्योस् के गरौं योग्य-सेवन? ॥
सारा तपस्विनी-देवीहरूको यो कुरा सुनी ।
मुनिले गर्नु भो आज्ञा उनमा यसरी अनि ॥
लौ सुन्नोस् ! माइआमा हो ! राजा जनककी सुता ।
पत्नी श्रीराम-राजाकी यी सीता हुन् पतिव्रता ॥
बुहारी हुन् दशरथ-राजाकी निष्कलङ्ककी ।
पतिले त्यागिदिए किन्तु भन्दिदा सकलङ्ककी ॥
तसर्थ यिनीलाई मैले ध्यान दिईकन ।
गर्नु पर्छ निकैसम्म यहीं पालन-पोषण ॥
यसर्थ माइआमा हो ! तपाँइहरू वास्तव ।
यिनमा स्नेहको दृष्टि राखिदिनोस् बुझ्नु भो अब? ॥
मेरो भनाइले यस्तो त्यस्तो गौरवले पनि ।
तपाँइहरुको निम्ति पूज्य छन् यी त्यसै पनि ॥
बारम्बार भनी यस्तो मुनिले जानकीकन ।
हातमा मुनि-पत्नीको भो हाल्दिनु गमीकन ॥
महान् यश-तपस्याले शोभिएका महामुनि ।
पुण्य आश्रममा आफ्नो पाल्नु भो शिष्य ली अनि ॥

५४

इति उनञ्चासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचासौं सर्ग
राजकुमार–लक्ष्मणको र राजमन्त्री एवं सारथि–सुमन्त्रको कुराकानी

१

वाल्मीकि मुनिको त्यस्तो पवित्राश्रमभित्र त्यो ।
मिथिलेश-कुमारीको त्यसो गरि प्रवेश भो ॥
यो कुरा आफ्नु आँखैले देखे लक्ष्मणले तव ।
ठूलै ताप परी हाल्यो, मन खिन्न भयो अव ॥
भन्छन् अनि यसैवेला महान् तेज हुने उनी ।
दिने राय महामन्त्री सुमन्त्रसंग सारथि ॥
हेर्नोस् त सारथे! साक्षात् रामलाई पनी गुनें ।
पर्‍यो खप्नु महान् दुःख सीताको तापले हुने ॥
श्रीराम-दाजुको निम्ति यो भन्दा अरु दुःख के ।
हुनसक्ला महान् भन्ने ? म त ठान्दछु छैन ए ! ॥
शुद्ध आचारकी आफ्नी धर्मपत्नी उहाँकन ।
जान्दा-जान्दै पनी मन्त्रिन्!त्यागिदिबक्स्यो हरे! पुनः ॥
साथ भाउजु--सीताको रघुनन्दन दाजुको ।
वियोग भै रहेकोछ यसरी नित्यरूपको ॥
सुन्नुहोस्! यसमा ठान्छु मुख्यकारण दैव म ।
त्यसको गति त्यस्तै छ, छ त्यही दुरतिक्रम ॥
जो दाजु झोकिंदा ओहो ! देव दानव राक्षस ।
मर्छन् गन्धर्वकै साथ मार्न सक्नेछ तागत ॥
महान् शक्ति हुने त्यस्ता श्रीराम-पनि सारथे ! ।
दैवको भरमा ठ्याक्कै अडेको देख्नु भो हरे ! ॥
पहिले पनि त्यस्तै भो स्वयं श्रीराम--दाजुले ।
पालि बक्स्यो बुबाज्यूको शुभाज्ञा पितृभक्तिले ॥
दण्डकारण्यमा त्यस्तो गएर जसले गरी ।
स्वयं राज भईबक्स्यो चौधोटै वर्ष राम्ररी ॥
त्यो भन्दा पनि ठूलो भै बज्र्यो दुःख यही पुनः ।
निकाली बक्सियो ओहो ! यसरी जानकी जुन ॥

१३

१४

हो! भने पुरवासीले न राम्रै मैथिलीकन ।
सुनि बक्स्यो, गरी बक्स्यो यसरी निठुरी मन ॥
साह्रै निर्दयतापूर्ण दाजुको काम भो यही ।
मलाइ त यसै लाग्छ, देखेंथें शुद्धि जो अघि ॥
लिई विषय सीताको त्यस्ता अन्यायका कुरा ।
गरेरे ! पुरवासीले भन्ने सुन्दा पुरा पुरा ॥
पार्ने भुसुक्क सत्कीर्ति यस्तो दुष्कर्ममा बढी ।
दाजुले आर्जिबक्स्यो के धर्म नै पो त्यसो गरी ? ॥
नाना प्रकारका त्यस्ता सुनी लक्ष्मणका कुरा ।
विद्वान् सुमन्त्र भन्छन् यो भित्र श्रद्धा बढी पुरा ॥
लिई विषय सीताको राजपुत्र प्रभो! अब ।
मानि बक्सनु पर्दैन प्रभुले पीर वास्तव ॥
यो कुरा अघि नै जान्ने-जान्ने ब्राह्मण आदि भै ।
हजुरका बुबाज्यूको भनेकाथे अगाडि नै ॥
उहिल्यै भनि बक्सिन्थ्यो दुर्वासा-मुनि यो कुरो ।
तिम्रा सुपुत्र श्रीराम दुःख भोग्लान् निकै प्रभो! ॥
विशेष उनले आफ्नो अघिल्लो जीवनैभर ।
भोग्नु पर्नेछ अत्यन्तै दुःख कष्ट निरन्तर ॥
महान् बाहु हुने राम प्रिय-बान्धव आदिको ।
भोग्लान् विछोडको कष्ट, चाँडै नै निश्चितै छ यो ॥
सुन राजा दशरथ ! महान् पुरुष राम ती ।
पाल्लान् स्वधर्म-मर्यादा अड्लान् सत्कर्ममा अति ॥
तिमीलाइ पनी त्याग्लान् निकै काल विते पछि ।
सीता-भरत-शत्रुघ्नकन छोड्लान् स्वयं पछि ।
यो कुरो भनि बक्सेथ्यो दुर्वासाले रघूद्वह ! ।
मलाइ यस वारेमा आज्ञा भो नृपले तव।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

बुझ्यौ सुमन्त्र ! यो गुह्य कुरा हो पेटमै रहोस् ।
न भन्यौ है कसैलाई, तिमीमै र ममै अडोस् ॥
न पाँउन् सुँइको कत्ति छोरा भरत-लक्ष्मण ।
तथा शत्रुघ्नलेसम्म संफ ध्यान दिईकन ।
दुर्वासा-मुनिले त्यस्तो भविष्यै बोलि बक्सँदा ।
ठूल्ठूला जन थे धेरै, थिएँ म पनि ता तदा ॥
भै बक्सिन्थ्यो बुवा-राजा साक्षात् ब्रह्म-समानका ।
श्रीवसिष्ठ राजहुन्थ्यो निकै ठूलो थियो सभा ॥
दुर्वासा-मुनिको त्यस्तो कुरा सब सुने पछि ।
पुरुष श्रेष्ठ-राजाले भनि बक्स्यो ममा यही ॥
कसैको अघि ए सूत ! तिमीले यी कुरा त्यसै ।
कैल्यै कुनै अवस्थामा पनि भन्नु हुँदैन है ! ॥
सम्पूर्ण दुनियाँ पाल्ने राजाको यो कुरोकन ।
भूठो पार्ने पनी मेरो भएन कहिल्यै मन ॥
यसर्थ त्यो कुरालाई बडो होश गरीकन ।
मैले पालिरहेकैछु अहिलेसम्म लक्ष्मण ! ॥

३४

३५

राम्रो बानी हुने बावु ! त्यो कुरा बावुमा पनि ।
भन्नुहुन्न थियो मैले कहिल्यै, क्यै गरे पनि ॥
त्यो कुरा सुन्न वा जान्न बावुको मनमा त्यता ।
छ ता उत्सुकता श्रद्धा सुनी बक्स्योस् म भन्छु वा ! ॥
राजाले बक्सिएकोथ्यो आदेश अघि नै ममा ।
रहस्यको कुरा यस्तो कसैसाथ न भन्नुमा ॥
राजपुत्र ! छ त्यस्तो ता पनि भन्छु म आज ता ।
सम्भन्छु टार्न गाह्रै छ त्यस्तो विधि-विधान ता ॥
शोक साथ लिई दुःख यसैले बक्सियो यहाँ ।
यो कुरा भन्नु नै हुन्न बावुले पनि ता वहाँ ॥
दुवै भरत-शत्रुघ्न दाजुको-भाइको पनि ।
कानमा न परोस् है त ? म भन्छु सब त्यो अनि ॥
सुनी सुमन्त्र—मन्त्रीको यी कुरा वीर-लक्ष्मण ।
भन्दछन् उनमा आफ्ना थिए सारथि नै जुन ॥
जो जो जस्ता भएकाथे कुरा गुप्त रहस्यका ।
सुमन्त्र ! सब ती भन्नोस् म साथ लिइ सत्यता ॥

४२

इति पचासौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकाउन्नौं सर्ग

सुमन्त्रले बाटामा दुर्वासाको मुखबाट सुनेको भृगुऋषिका श्रापको कुरा र केही भविष्यका कुरा लक्ष्मणलाई सुनाँउनु

१

यसरी त्यो कुरा भन्न महान् दिल र देहका ।
वीर लक्ष्मणले आज्ञा गरे बा! सूतलाइ ता ॥
पाएमा प्रेरणा त्यस्तो दुर्वासाले भने सरि ।
सुनेका ती कुरा सारा भन्न थाले सुमन्त्र यी ॥
लौ लक्ष्मण! सुनी बक्स्योस् उहिलेकै कुरा छ नि! ।
दुर्वासा भइ बक्सिन्थ्यो अत्रिपुत्र महामुनि ॥
वर्षाका महिना चार बिताँउन स्वयं उहाँ ।
आइ राज भएकोथ्यो वसिष्ठाश्रममा वहाँ ॥
कुनै दिन सवारी भो बाबुका तेजिला तथा ।
सत्कीर्तिमान् बुवा राजा त्यही आश्रमबीच बा! ॥
पुरोहित महान् आत्मा हुने, गुरु वसिष्ठको ।
गर्न दर्शन नै बाबु! लक्ष्य थ्यो मुख्य जानुको ॥
देखिबक्स्यो बुवाज्यूले वहाँ गुरु-वसिष्ठको ।
वाँयाँतिर बसेका क्वै मुनिराजकनै अहो! ॥
उहाँ नै भइ बक्सिन्थ्यो दुर्वासा ऋषिराज पो ।
तपको तेजले ज्यादै तेजिला सूर्यतुल्यको ॥
तपस्वीहरूमा श्रेष्ठ ती दुवै मुनिराजमा ।
झुकेर ढोग्दिई बक्स्यौं बुवाज्यूले पुगी वहाँ ॥
भयो स्वागत-सत्कार मुनिबाट नरेन्द्रको ।
बाहु पाउ दुवै धोई पछाडि नृप राज भो ॥
बक्सेको मुनिले शुद्ध-कुशासन मिले पछि ।
फल-मूल पनी आए खाइबक्स्यो सँगै बसी ॥
यस वेला थियो वेला ठीक मध्याह्नकालको ।
मेलामाझैं भएकोथ्यो भेला ऋषि-महर्षिको ॥
चल्यो उहाँहरूबीच कुराकानी उहाँ अब ।
भए सुनि रहौं जस्ता मीठा मीठा-कुरा सब ॥

१३

१४

वहाँ त्यसपछी बाबु! क्वै कुराको प्रसङ्गमा ।
सोधिबक्स्यौं बुवाज्यूले दुर्वासा मुनिराजमा ॥
महात्मा अत्रिका छोरा भै बक्सिन्थ्यो तपोधन ।
अँजुली जोडिएकोथ्यो सोध्नेको झुक्तथ्यो मन ॥
लौ त बाबु! सुनी बक्स्योस् वाक्य निस्क्यो नरेन्द्रको ।
भगवन्! वंश यो मेरो चल्नेछ कतिसम्म पो? ॥
लामो छोटो छ के कस्तो रामको आयु? सुन्छु म ।
मेरा ती अरू छोराको पनि खोज्दछु जान्न म ॥
कुरा सुनी दशरथ-राजाको अतितेजिला ।
दुर्वासाले थनी बक्स्यो झिकेर यसरी कुरा ॥
कुरा हो अघिको राजा! सुन भन्छु म त्यो सब ।
लडाँई पर्न गो ठूलो देवमा दैत्यमा तब ॥
देवले दैत्यलाई ती चुट्नसम्म चुटे वहाँ ।
टिक्नैलाई पऱ्यो गाह्रो, दैत्य भागे जहाँ-तहाँ ॥
अन्तमा सब यी दैत्य गए भृगु महर्षिकी ।
पत्नीको पाउमा पर्न, शरणैमा परे पछि ॥
त्यो वेला भृगुपत्नीले दिइन् अभय दैत्यमा ।
भई निर्भय ती सारा बसे आश्रममा वहाँ ॥
दिइथिन् भृगुपत्नीले दैत्यमा जब आश्रय ।
यो देख्ता भगवान् विष्णु रिसाए छिनमै तब ॥
तीखो धार हुने आफ्नो चक्रले उनले अनि ।
तुरुन्तै भृगु-पत्नीको काट्दिए टाउकै पनि ॥
देखिहाले यतापट्टि भृगुवंश चलाँउने ।
महर्षि-भृगुले आफ्नी पत्नीलाई मृता हुने ॥
तुरुन्त उनमा ठूलो क्रोधको बेग बढ्न गो ।
भगवान् विष्णुलाई नै सरापे उनले अहो! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ए जनार्दन ! यी मेरी धर्मपत्नी कसै गरे ।
थिइनन् मार्नकी योग्य मार्दियौ झोक्किई हरे ! ॥
तसर्थ सुन ए विष्णु ! तिमीले मर्त्यलोकमा ।
अब जन्म लियौ बाबै ! त्यसको फल भोग्नमा ॥
वहाँ पनि तिमीले ता भोग्यौ श्राप-प्रभाव यो ।
अनेकौं वर्षपर्यन्त कष्ट पत्नी-वियोगको ॥
दिए दिन भने यस्तो सराप मनमा तर ।
ठूलो खेद परी हाल्यो भृगुलाई नरेश्वर ! ॥
उनको अन्तरात्माले भगवान्-विष्णु साथ त्यो ।
सराप गर्न स्वीकार उनकै तप गर् ! भन्यो ॥
त्यो मेरो श्रापको वाक्य व्यर्थको नहओस् भनी ।
आराधना गरी हाले उनले विष्णुकै अनि ॥
त्यो गरेको तपस्याले भक्तवत्सल श्रीहरि ।
अन्तमा खुश भै हाले, भने पछि यसो गरी ॥
महर्षे ! लोकका सारा प्राणीको हित गर्न म ।
मर्त्य भै जन्मुला हुन्छ ! श्राप स्वीकार गर्छु म ॥
ए नरेश-दशरथ ! बुझ्यौ ! भृगु-महर्षिले ।
यसरी भगवान् विष्णु त्यसबेला सरापिए ॥
तिम्रा छोरा भई जन्मे तिनै विष्णु यहाँ अब ।
छ ख्यात राम ! यो नाम त्रैल्योक्यभरमा सब ॥
भृगुका श्रापको त्यस्तो फल पत्नी-वियोगको ।
कष्ट ता रामले राजन् ! भोग्नु नै पर्छ, सम्झ यो ॥
लामो छ रामको आयु अयोध्यामा भई नृप ।
उनले राज्य गर्नेछन् धेरैसम्म दिई सुख ॥
राज्यका जनता साथै उनका बन्धु, सेवक ।
हुनेछन् सुख भोग्ने र समृद्ध पनि वास्तव ॥
सुन ? एघार हज्जार वर्षसम्म निरन्तर ।
रामले राज्य गर्नेछन् मजासँग नरेश्वर ! ॥
तिम्रा सुपुत्र श्रीराम मर्त्य भै जन्मँदा यहाँ ।
मर्यादा, धर्म पाल्नेछन् टिक्नेछन् नित्य कर्ममा ॥

४१

४२

यसरी राष्ट्रको सेवा गरेर भइ तत्पर ।
ब्रह्मलोकतिरै जालान् पछि राम,-नरेश्वर (!) ॥
त्यो राज्य-कालमा आफ्नो अतिदुर्जय वीर ती ।
रामले काम गर्नेछन् लोक-कल्याणमा अति ॥
असंख्य धन-धान्यादि परिपूर्ण अनेकन ।
अश्वमेधादि यज्ञादि गर्नेछन् उनले पुनः ॥
गर्नेछन् रामले राजन् ! स्थापना राजवंशको ।
हुनेछन् जानकीबाट उनका दुइ पुत्र पो ॥
छोरालाई दुवै किन्तु अयोध्या-राज्यमा उनी ।
राख्ने छैनन् र अन्यत्रै राख्नेछन् राज्य दी अनि ॥
भनें जत्ति कुरा मैले तिमीलाई नरेश्वर ! ।
हुदैन घटबढै कत्ति यसमा सत्य संझ ल ! ॥
भनी यत्ति कुरा सारा तेजस्वी-मुनिराजले ।
भएको र हुने जत्ति भनियो राज-वंश ए ! ॥
ऋषि चूप भई बक्स्यो अनि वीर धनुर्धर ! ।
ए बाबु ! जसको दृष्टि थियो दिव्य मनोहर ॥
महान् आत्मा हुने त्यस्ता मुनिराजकनै झुकी ।
ढोग्दिबक्स्यो बुवाज्यूले फर्कि बक्स्यो पुरी पछि ॥
यसरी पहिले मैले दुर्वासा-मुनिराजले ।
राजामा भनि बक्सेको त्यो कुरा ध्यानले सुनें ॥
धेरै सम्म रह्यो मेरो पेटमै त्यो कुरा अनि ।
ठानें पनि यता मैले झूठो हुन्न भनी गमी ॥
दुर्वासाले भने ठीक सीताका पुत्र जन्मिदा ।
रामले पछि बक्सेला अभिषेकादिका क्रिया ॥
हुनेछन् यसरी राजा उनीहरू दुवै अनि ।
अरु नै राज्यमा बाबु ! अयोध्या भिन्नका धनी ॥
स्थिति यस्तो हुँदा मेरा प्रिय लक्ष्मण बाबुले ।
मानि बक्सनु पर्दैन पीर वा दुःख क्यै गरे ॥
तस्मात् भाउजु-सीताको दाजु-श्रीरामको पनि ।
कुरा लिइ नहोस् चिन्ता हुनुपर्ने भयो भनी ॥

५६

५७

आफ्ना सारथि-मन्त्रीका मुखका अति अद्भुत ।
कुरा यस्ता सुने सारा वीर लक्ष्मणले तब ॥

CC-0. In Public Domain. Digitization by eGangotri

५८

अनि गद्‌गद भै हाल्यो हर्षले उनको मन ।
भन्नु भो अति नै बेस भने ना ! उनले पुनः ॥

५९

यसरी फर्कंदा खेरि यी सुमन्त्र र लक्ष्मण ।
बाटाभर कुरा-कानी गर्दैथे दिइ तन्मन ॥

६०

यत्तिकैमा अँध्यारो भो अस्ताचल पुगे रवि ।
थिन् नदी-केशिनी पुण्या बसे बास त्यहीं पुगी ॥

इति एकाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बाउन्नौं सर्ग

अयोध्या–राजदरवारमा पुगे पछि राजकुमार–लक्ष्मणले दुःखी राजा–रामलाई सम्झाँउनु

१

केशिनीको किनारामा वसी रात विताइ त्यो ।
उठे लक्ष्मण चाँडै नै हिंडे बा ! भोलिपल्टको ॥
हुँदा मध्याह्नको वेला विशाल उनको रथ ।
अयोध्यापुरमा भित्र्यो चढ्नेलाई दिंदै सुख ॥
त्यसताक अयोध्या थिन् धन-रत्नमयी यता ।
पुरका जनता सारा हृष्ट-पुष्ट थिए उता ॥
महारानी सुमित्राका छोरा लक्ष्मण वास्तव ।
थिए बा ! बुद्धिमान् ज्यादै तर खिन्न भए अव ॥
शोच्न लागे उनी एक्लै दाजुको पाउमा पुगी ।
गरी दर्शन घोप्टेर के कुरा भनुँला पछि? ॥
यस्तै विचार गर्दैथे यत्तिकैमा विशाल त्यो ।
देखे महल राजाको चन्द्र-जस्तो अगाडि पो ॥
पुगेर मूल-ढोकामा रामका दरवारको ।
ओर्लिए यी नरश्रेष्ठ चढेको रथबाट त्यों ॥
सरासर पसे भित्र रोकटोक भएन क्यै ।
मन खिन्न थियो साह्रै, होच्चिएको थियो मुखै ॥
राजसिंहासनैबीच जुन भव्य थियो अति ।
राजा-राम बसेकाथे देखे दुःखी थिए अति ॥
आँखाभर थिए आँसु झर्थे बरर भै हरे ! ।
अव यस्तै अवस्थामा देखिए दाजु भाइले ॥
चित्त साह्रै दुखेकोथ्यो तैपनी उनले वहाँ ।
समाते दाजुको पाउ ग्वाम्लवाङ्ग अतिस्नेहमा ॥
हात जोडे दुवै आफ्ना, सावधान भए उनी ।
अत्यन्त दीन-वाणीमा भन्न लागे यसो अनि ॥
शिर थापेर त्यो आज्ञा मान्य दाजु ! -हजूरको ।
गरें प्यारो कुरो त्यस्तो गङ्गा-पार पुगी प्रभो ! ॥

१३

१४

छोरी जनक-राजाकी शुद्ध आचार-शीलकी ।
देवी भाउजुलाई हा ! वहीं छोडि दिएँ लगी ॥
वाल्मीकि-मुनिको पुण्य शुभाश्रम नजीकमा ।
गरी आज्ञा भए जस्तो त्यागिदिएँ ठीक ठाममा ॥
म रित्तो रथ ली फर्कें यसरी फेरि दाजुको ।
गर्न श्रीपाउको सेवा भो ! छोडौं अव शोक यो ॥
कालको गति यस्तै छ यसमा दाजु ठीकका ।
मनस्वी बुद्धिमान् व्यक्ति गर्दैनन् तुच्छ शोक ता ॥
जत्ति संचयका वस्तु देखिन्छन् विश्वबीच यो ।
तिनको अन्त यौटै हो विनाश, पछि हुन्छ जो ॥
त्यस्तै प्रकारले दाजु ! अन्त उत्थानको पनि ।
देखिन्छ पतनैमात्र अरु छैन कुनै पनि ॥
त्यस्तै संयोगको अन्त हो वियोग यथार्थमा ।
छ यो जीवनको अन्त मरणैसम्मको यहाँ ॥
तसर्थ पुत्र-पत्नीमा मित्रमा धनमा पनि ।
हुँदैन फस्नु ता त्यस्तो, छुट्टिन्छन् निश्चितै यिनी ॥
ककुत्स्थकुलका रत्न प्रभो दाजु! हजूर ता ।
आफैंलाइ त आफैंले सकिबक्सिन्छ रोक्न बा ! ॥
आफ्नु नै मनले आफ्नो मन रोक्न पनी प्रभो ! ।
सकिबक्सिन्छ साथैमा वशमा लिन विश्व यो ॥
यस हालतमा दाजु ? बढेको शोकलाइ यो ।
रोक्नको निम्तिमा फेरि गर्नु पर्ला र के कुरो ? ॥
हजूर सरिका विद्वान् नरश्रेष्ठ गुणी जन ।
प्रसङ्ग आँउदा यस्तो पर्दैनन् मोहमा पुनः ॥
यसरी पिरिई पाकी दाजु राजभयो भने ।
लोकापवाद त्यै फेरि उल्टिएर छ आँउने ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

महाराज प्रभो दाजु ! जुन लोकापवादको ।
डरले त्यागिदई बक्स्यो देवीलाइ गरी त्यसो ॥
अफ यस्तै गरी बक्से न राम्रै हुन्छ फेरि त्यो ।
त्यस्ती स्त्रीको गरी चिन्ता बस्छन् राम, भनी यसो ॥
पुरुषश्रेष्ठ ए दाजु ! हजूर त्यस हेतुले ।
अब धैर्य धरी बक्स्योस्, राजहोस् एकचित्तले ॥
ठूलो दुर्बलता यै हो छुटोस् लौ शोक-बुद्धि यो ।
भो दाजु !छोड्दिई बक्स्योस् पीर,सन्ताप तुच्छ यो॥
दिलका देहका ठूला भाइ लक्ष्मणले यसो ।
भनेपछि सुने सारा रामले ध्यानले बडो ॥

३१

३२

मित्रको प्रिय गर्नामा सिपालु उनले पछि ।
अत्यन्त प्रेम पोखेर भने लक्ष्मण साथ यी॥
तिमीले जो भन्यौ बाबु ! सत्य, ठीक भन्यौ सब ।
मेरो आदेश मान्यौ जो त्यसैले भो ममा खुश॥
भएँ अलग्ग, पन्छें म अपवादादिबाट यो ।
यत्तिले नै ममा सौम्य ! ठूलो सन्तोष प्राप्त भो॥
शोक संताप छैनन् क्यै मेरो हृदयमा अब ।
राम्रो बानी हुने बाबु ! भएँ म पहिले ठीक॥
मीठा वचनले तिम्रा प्रिय-लक्ष्मण ! वस्तुतः ।
मलाइ हुन गो ठूलो शान्ति-प्राप्ति यथार्थतः॥

३६

इति बाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपन्नौं सर्ग

राजा–रामले महाराज-नृगको कथा भनेर भाइ–लक्ष्मणलाई राजद्वारमा कुनै काम परेका व्यक्तिह आएका छन् भने हेर! भन्ने आज्ञा गर्नु

१

सुनी लक्ष्मणका यस्ता अति अद्भुत ती कुरा ।
परे राम निकै दङ्ग भने पछि यसो तदा ॥
सौम्य बाबु! तिमीमा छ बुद्धिसत्ता विशेषतः ।
मनले नै चिताएझैं काम गर्छौ यता स्वतः ॥
यसवेला म जस्ताको निम्तिमा भाइ-ठीकको ।
व्यक्ति पाँउनु ता ओहो! गाह्रैहो दृढभाग्य हो ॥
वेस लक्ष्मणका बाबु ! अब भन्छु तिमीकन ।
कुरा म मनका आफ्ना गरी हाल सुनीकन ॥
दिन चार विते ठ्याक्क पुरका जनको तक ।
गर्नै सकिन क्यै काम, नराम्रो लाग्छ जो अरू ॥
सौम्य बाबु! कुराले यो मेरो मर्मस्थलै पनि ।
छिया-छिया बनायो बा! आफ्नु काम त्यजें भनी ॥
पुरुषश्रेष्ठ ए वीर! तिमी अब प्रजा तथा ।
पुरोहित - महामन्त्री–मन्त्रीलाइ ल डाक बा! ॥
जो जो छन् नर वा नारी काम मुद्दा र मामिला ।
परेका छन् भने डाक, हओस् राजसभा खडा ॥
बुझ्यौ! राजा हुने व्यक्ति जो सुकै होस् दिनै-दिन ।
जनका मामिला–मुद्दा कुरा सुन्दैन ता सुन! ॥
अन्तमा खस्छ त्यो राजा निश्छिद्र र भयानक ।
महानरकमा बाबु ! यसमा छैन संशय ॥
यै कुरा सुन्दछौं हामी पहिले नृगनामका ।
भै बक्सिन्थ्यो महाराज बुद्धिमान् शुद्ध-कीर्तिका ॥
वहाँमा टिक्तथे बाबु! सत्यता शुचिता सदा ।
विप्रभक्त महादानी भै बक्सिन्थ्यो नरेश ता ॥
मनुष्यहरुका निम्ति देवतैतुल्यका नृप ।
पृथ्वीका देव मान्नेमा भै बक्सिन्थ्यो महान् तव ॥

१३

१४

एकपल्ट सवारी भो वहाँ पुष्करक्षेत्रमा ।
उद्देश्य तीर्थ-यात्राको बढ्दिंदा भित्र चित्तमा ॥
ठ्याक्कै करोड गौदान वहाँ सत्पात्र-विप्रमा ।
गरिबक्स्यो सुनैद्वारा सिंगारी वत्स साथमा ॥
शुद्धचित्त हुने बाबु! सुन! गाँठो पऱ्यो यहाँ ।
महान् अनर्थ भै हाल्यो भूल-चूक हुँदा जहाँ ॥
त्यसताक त्यहाँ यौटा थिए सज्जन ब्राह्मण ।
खान्थे यताउता खोजी दरिद्री नै थिए जुन ॥
अग्निहोत्र सँधै गर्थे तर यस्तो भए पनि ।
उनकी गाइ थिन् यौटी थिए यी तिनकै धनी ॥
बाच्छाकै साथमा आफ्नो अरु गाइ सँगै मिली ।
राजाका गाइ राखेका गोठमा पुगिछन् पछि ॥
पाइ बक्सेन क्यै पत्तो राजाले त्यसको जब ।
पढी संकल्प ती गाई बक्स्यो बा! विप्रमा तब ॥
बिचरा ती धनी विप्र थिए पीडित भोकले ।
यता गाइ हराएमा स्नेहले खोज्न निस्किए ॥
धेरै वर्ष भरी खोजे सारा राज्य घुमे बरा ।
पाएनन् उनले किन्तु आफ्नी गाई मनोहरा ॥
पुगे उनी कनखल—तीर्थबीच कुनै दिन ।
विप्रको घरमा यौटा देखे गाइ तिनैकन ॥
हृष्ट-पुष्ट थिइन् धेनु रोग-सोग थिएन क्यै ।
साथ थ्यो उनको बाच्छो बढेको पुष्ट भै निकै ॥
देख्नासाथ उनीलाई चिने बा! विप्रदेवले ।
लिएर उनको नाम बोलाए अनि स्नेहले ॥
शबला नाम गाईको राखेका उनले थिए ।
त्यसैले शबले! आऊ भने गद्गद-वाक्यले ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

कामधेनु समानैकी यता यी धेनुले पनि ।
सुनिन् त्यो स्वर स्वामीको जुन थे विप्र यी गुणी ॥
पिरेका भोकले साह्रै उनको स्वर त्यौं चिनी ।
आइन् दाम्लै चुँडालेर धेनु दौड्दै वहीं अनि ॥
बलेका अग्निझैं धप्प तेजस्वी विप्र-देव ती ।
हिंडे अगाडि, यी धेनु हिंडिन् बाच्छो लिई पछि ॥
त्यसताक उनीलाई पाल्दथे विप्र जो यता ।
धेनुको पछि लागे बा ! फर्काउन उनी तदा ॥
भेटेर गाइ लैजाने विप्रलाइ भने यसो ।
ब्रह्मन् ! यी गाइ हुन् मेरी लानु हुन्छ कहाँ अहो ! ॥
पृथ्वीका नृपमा श्रेष्ठ साक्षात् नृग नरेशले ।
मलाइ बक्सिएकी हुन् यिनी दान-विधानले ॥
यी विद्वान् विप्रमा बावु ! गाइको विषयै लिई ।
झगडा नै पर्‍यो ठूलो बाझा-बाझ भई—भई ॥
पछिबाट दुवै विप्र बाझ्दै अन्योन्यमा तब ।
गए दाता भए ठाम जुन राजा थिए नृग ॥
वहाँ गएर राजाको महामहल – द्वारमा ।
बसे यी दुइटै विप्र निकै दिन त्यसै त्यहाँ ॥
इन्साफ, न्याय राजाको पाएनन् उनले जसै ।
बस्ता पनि निकै सम्म, झोक्किए अनि ता त्यसै ॥
जल्दा—बल्दा थिए दोटै महात्मा श्रेष्ठ ब्राह्मण ।
बढेको रिसले ताते थाम्न गाह्रै भयो मन ॥
यसर्थ नृग-राजामा डर्लाग्दो उग्ररूपको ।
महाश्राप दिंदै लागे ती दुवै भन्न यो कुरो ॥
ए राजा ! झगडा पर्दा छुस्याँउन लगाँउन ।
आएका व्यक्तिमा सम्म भेट नै न दिईकन ।
जो बस्यौ यसरी हामी प्रजाको कामसम्म क्यै ।
न गरेर भनेदेखि यसो गरि प्रमत्त भै ॥
यसको फलमा तस्मात् भवाट्ट सम्पूर्ण जीवले ।
न देखिने भयौ जन्तु छेपारो त्यस पापले ॥

४१

४२

कालसम्म निकै लामो हजारौं वर्षसम्मको ।
त्यसै बसि रह्यौ राजन् ! क्वै खाल्डोमा फराकिलो ॥
यदुका वंशमा यौटा ठूलो कीर्ति चलाँउने ।
वासुदेव हुने नाम छन् साक्षात् हरि जन्मने ॥
जसको शक्तिले सारा जगत् ढाकिन्छ वास्तव ।
परात्मा ती स्वयं विष्णु लेलान् पुरुष-विग्रह ॥
त्यै वेला उनले राजन् ! तिमीलाइ यथार्थमा ।
छेपारो जुनिद्वारा त्यो पार्नेछन् मुक्त अन्तमा ॥
छेपारै भइ बस्नेछौ अहिले त तिमी अब ।
कृष्णावतारमै होला तिम्रो उद्धार वास्तव ॥
कलिको युग आएमा त्यसको अघि भूमिमा ।
ओर्लनेछन् भई आफैं नर-नारायणै यहाँ ॥
वीर्यशाली हुने छन् ती पृथ्वीको भार हर्नु नै ।
हुनेछ उनको काम, हुनेछौ अनि मुक्त नै ॥
यस्तो प्रकारले श्राप दिए बा ! दुइ विप्रले ।
राजाकन पनी त्यस्ता अनि ता बाभन छोड्दिए ॥
साथकी गाइलाई ती बूढी दुब्ली थिइन् जुन ।
कुनै ब्राह्मण खोजेर दिए ती दुइले पुनः ॥
यसरी अहिलेसम्म राजा नृग बुझ्यौ ! कुरो ।
डर्लाग्दो उग्र त्यो श्राप गरिबक्सिन्छ भोग पो ॥
सुन बावु ! तिमी तस्मात् कार्यार्थी व्यक्तिका कुरा ।
परे झै-झगडा सम्म हेर्नु पर्दछ सर्वथा ॥
नदिए राम्ररी टुङ्गो राजाको निम्ति त्यै कुरो ।
हुन आँउछ है बावु ! दोष वा अपराध पो ॥
यसर्थ गर्छु आज्ञा म कार्यार्थी जत्ति छन् जुन ।
मेरा अघि छिटै आँउन् भनुन् छन्, काम जे जुन ॥
प्रजाको पालनारूप गर्दा सत्कर्म राम्ररी ।
त्यसको फल पाइन्छ राजाले पनि राम्ररी ॥
मुसा—रानी सुमित्राका पुत्र लक्ष्मण ! लौ अतः
गै राजद्वारमा पर्ख कार्यार्थी जन आँउलान् ॥

५६

इति त्रिपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चवन्नौं सर्ग

महाराज–नृगले ठूलो खाल्डो खनाएर त्यसभित्र पसी छेपारो भएर श्राप भोग्नु

१

जान्दथे तत्त्व वा गाँठो स्वार्थ नै परमार्थको ।
वीर लक्ष्मण यी, जल्ले सुन्यो भाषण रामको ॥
फैलेका तेजको ज्वाला दाजु—राजाकनै अनि ।
यसरी अँजुली बाँधी सोधे बा! उनले पनि ॥
ककुत्स्थकुलका रत्न प्रभो! ती दुइ विप्रले ।
त्यो सानु अपराधैमा त्यत्रो दण्ड दिए हरे! ॥
राजर्षि भइ बक्सिन्थ्यो राजा नृग यथार्थमा ।
यमदण्ड-समानैको घोर श्राप पर्‍यो जहाँ ॥
सुन्न चाहन्छु आज्ञा होस् पुरुषश्रेष्ठ हे प्रभो! ।
राजाले के गरी बक्स्यो सुन्दा त्यो श्रापको कुरो? ॥
त्यस्ता अत्यन्त नै झोक्की विप्रसाथ पछाडि के ।
आज्ञा भो पापले त्यस्तो मुछिएको सुनेर ए? ॥
भाइ लक्ष्मणले आफ्ना यसरी सोधिए पछि ।
भन्दछन् पुरुषश्रेष्ठ मर्यादाराम भूप यी ॥
विप्रका शापले ग्रस्त भए पछि त्यसो गरी ।
नृगले जो गरी बक्स्यो म भन्छु सुन राम्ररी ।
भनी त्यत्ति दुवै विप्र फर्किए, यो कुरा सुनी ।
अब भेटिन गाह्रै छन् जाँदै होलान् भनी गुनी ॥
ए बाबु! नृग-राजाले डाकि बक्स्यो वहाँ सब ।
पुरवासी तथा मन्त्री पुरोहित प्रजातक ॥
सारा प्रकृति जम्बा भो दुःखले ग्रस्त भै अनि ।
आज्ञा भो उनमा यस्तो सुन्नोस्! ध्यान दिंदै भनी ॥
संसारकै भलो गर्ने ऋषि पर्वत, नारद ।
सवारी भइ बक्सेथ्यो क्यै अगाडि यहाँ तव ॥
विप्रको श्राप पर्ने यो ठूलो डर छ है! भनी ।
ब्रह्मलोक सवारी भो वायुकै गति ली अनि ॥

१३

१४

भैगो लौ! वसु यी मेरा सुत छन् जो, यिनैकन ।
अभिषेक दिई हाल्नोस् अहिल्यै विधि लीकन ॥
लौ! बनाइ दिनोस् खाल्डो मेरोनिम्ति भने छिटै ।
सुख होस् जसमा बस्ता कालीगढ जुटुन् सबै ॥
ती दुवै विप्र-द्यौताले बक्सेको श्रापलाइ म ।
त्यहीं बसेर भोग्नेछु कष्ट खप्छु र सक्छु म ॥
तीन ओटा बनुन् खाल्डा यौटा त्यस्तो बनोस् जहाँ ।
हुँदा वर्षातमा वर्षा नहोस् कष्ट कुनै वहाँ ॥
अर्को त्यस्तो बनोस् सुन्नोस्! जाडो हिउँदमा हुँदा ।
चीसोले नसकोस् भेट्न सुरक्षित हओस् सदा ॥
तेस्रो चाँहि हओस् त्यस्तो गर्मी ग्रीष्मर्तुमा हुँदा ।
नेठन् तातोले नसकोस् होस् सुखस्पर्शको तथा ॥
छन् जो फल दिने वृक्ष फुल्नेछन् लहरा जति ।
ती सबै रोप्दिनोस् खाल्डा वरीपरि मिले जति ॥
बाक्ला छाया हुने राम्रा गतिला वृक्ष छन् जति ।
मजासँग मिलाएर रोप्नु होला त्यहीं लगी ॥
होस् चारैतिर खाल्डाको डेढ योजन भूमि ता ।
विशाल अति नै राम्रो सिंगारेको जतातता ॥
सुगन्धी फूलको बास्ना आओस् नित्य वहाँ पुनः ।
हओस् रमाइलो ज्यादै देख्तै खिच्छ सरी मन ॥
त्यहीं नै श्रापको काल बिताँउछु बसेर म ।
यै मेरो विधिको लेखा हो भन्ने ठान्छु, खप्छु म ॥
व्यवस्था यसरी बाँधी स्वपुत्र वसुलाइ ती ।
वहाँले राखिदई बक्स्यो राज्यमा अभिषेक दी ॥
पछि बाट भनी बक्स्यो राजा--पुत्र उनीकन ।
संम्झाइ त्यसवेलामा राजर्षि-नृगले सुन! ।

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ए बावु ! राम्ररी आफ्नो अडी क्षत्रिय-धर्ममा ।
धर्मले न चुकी नित्य प्रजाको गर पालना ॥
तिमीले आफ्नु आँखैले देख्यौ हकि ? अकार्थमा ।
ती दुवै विप्रद्वारा म शापले हानिएँ यहाँ ॥
त्यत्ति सानै थियो मेरो अपराध, भए पनि ।
बक्स्यो ती दुइले यत्रो श्राप झोक्किइ तै पनि ॥
पुरुषश्रेष्ठ छौ बावु ! अब मेरो निमित्तमा ।
तिमीले गर्नु पर्दैन ताप-पीर कुनै यहाँ ॥
भएँ म जसले गर्दा यस्तो व्यसन - दुःखको ।
त्यो मेरै कर्म हो, दिन्छ सुख-दुःखादि योग्य जो ॥

३१

३२

पहिलो जन्ममा बावु ! गरे ठीक मनुष्यले ।
वस्तु पाँउछ जो जस्तो पाइने हो, छ योग्य जे ॥
त्यो पुग्छ त्यस ठामैमा त्यल्ले जानु छ नै जहाँ ।
सुख-दुःखादि होस् जस्तो पक्कै पाँउछ त्यो यहाँ ॥
तोकिएको छ त्यै बावु ! त्यसको निम्तिमा अतः ।
विषाद-खेद-शोकादि तिमी न गर वस्तुतः ॥
पुरुषश्रेष्ठ ए भाई ! महान् कीर्ति हुने नृप ।
नृगले सुत-राजामा भनि बक्स्यो यसो तव ॥
आफ्नु निम्ति बनेको त्यो खाल्डोमा अतिसुन्दर ।
बस्न निम्ति पसी बक्स्यो राजर्षि नृग आखिर ॥

३६

३७

नानाथरी रत्न सुशोभिएको त्यो गर्तमा भित्र पसेर ओहो! ।
झोकी दिएको दुइ-विप्रले त्यो सराप भोग्नै अनि थालि बक्स्यो ॥

इति चवन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचपन्नौं सर्ग

राजा-निमि र मुनि-वसिष्ठले अन्योन्यमा सराप्ता-सराप्तै शरीर छोड्नु

१

ए लक्ष्मण ! तिमीलाई मैले सब यसो गरी ।
भनें यो नृग-राजामा परेको श्राप राम्ररी ॥
अरु यस्ता कुरा सुन्न श्रद्धा इच्छा छ ता यदि ।
हुन्छ ! भन्छु मजासाथ तिमी सुन ! र संस्कृती ॥
आफ्ना दाजु तथा राजा मर्यादापुरुषोत्तम ।
रामले यत्ति भन्दामा भन्दछन् फेरि लक्ष्मण ॥
सुन्दै आश्चर्य लाग्ने यी कथा सुन्दा प्रभो ! म ता ।
लौ ! अघाँइन है कत्ति, आज्ञा होस् अरु सुन्छु बा ! ॥
प्रिय छोरा सुमित्राका भाइ लक्ष्मणले तब ।
यसरी भनिए राम इक्ष्वाकु-कुलवर्धक ॥
निकै लामो कथा यौटा भन्न लागे स्वयं नृप ।
रहस्य, धर्मको गुह्य छिपेको थ्यो जहाँ शुभ ॥
सुन बाबु ! महान् आत्मा हुने इक्ष्वाकुवंशमा ।
भै बक्सिन्थ्यो महान् राजा निमि नाम हुने यहाँ ॥
उहाँको धर्ममा ठूलो श्रद्धा निष्ठा थियो तदा ।
वीर्यमा पुत्रमा बाह्रौं भै बक्सिन्थ्यो गुणी हुँदा ॥
पराक्रम तथा शक्ति भएका अति अद्भुत ।
उहाँले पुर कै यौटा बसाइ बक्सियो तब ॥
थियो नगर यो राम्रो देवको पुर ठीकको ।
मुनि-गौतमको पुण्य शुभाश्रम नजीकको ॥
महान् कीर्ति हुने यस्ता राजर्षि-निमिले सुन ! ।
बनाइ बक्सियो आफ्नो निवास-स्थान त्यो जुन ॥
त्यसको राखि बक्स्यो बा ! वैजयन्त सुनाम यो ।
इन्द्रप्रासादको जस्तो सौन्दर्य जसमा थियो ॥
महान् नगर त्यो बाबु ! बसाए पछि अन्तमा ।
उठ्यो विचार यो राम्रो राजाको शुद्ध-चित्तमा ॥

१३

१४

म इक्ष्वाकु-बुवाज्यूको पार्न आह्लादितै मन ।
निकै कालतकै चल्ने यज्ञ गर्दछु उत्तम ॥
अनि इक्ष्वाकुका छोरा राजर्षि निमिले सुन ! ।
सोधि बक्स्यो बुवाज्यूमा त्यसै गर्छु भनीकन ॥
गरेर यत्ति त्यो यज्ञ पूर्ण पारी दिनाकन ।
पैले विन्ती गरी बक्स्यो वसिष्ठ-मुनिराट्कन ॥
उहाँ नै भइ बक्सिन्थ्यो ब्रह्मर्षिहरुमा सब ।
अतिश्रेष्ठ तथा आफ्ना पुरोहित पनी जब ॥
उहाँले अनि ए बाबु ! अङ्गिरा-अत्रिलाइ र ।
आमन्त्रित गरी बक्स्यो तपस्वी भृगुलाइ त ॥
त्यसवेला भनी बक्स्यो श्री महर्षि-वसिष्ठले ।
राजर्षिहरुमा श्रेष्ठ निमिमा अतिस्नेहले ॥
मलाइ यज्ञकै निम्ति अघि नै इन्द्रले वरे ।
त्यो सक्छु, अनि फर्कन्छु, लौ त्यहाँ सम्म पर्ख ए ! ॥
भनी यत्ति सवारी भो वसिष्ठ-मुनि ता उता ।
अनि ठ्याक्क सवारी भो मुनि गौतम ता यता ॥
पूर्ण पारी दिई बक्स्यो यताको यज्ञको क्रिया ।
वसिष्ठबाट भो पूर्ण उताको यज्ञको क्रिया ॥
सम्पूर्ण नरका स्वामी राजर्षि-निमिले सुन ! ।
विप्र जम्बा गरी बक्स्यो आफैंले त्यसरी पुनः ॥
पुरीबाट नजीकैको फेदीमा गै हिमालयको ।
आफ्नु यज्ञ गरी बक्स्यो राजर्षि-निमिले अहो ! ॥
उहाँले लिइ बक्स्यो बा ? पाँच हज्जार वर्षको ।
त्यसरी यज्ञको दीक्षा रही संयममा बडो ॥
यता यस्तै भएकोथ्यो उता त्यो यज्ञ इन्द्रको ।
वसिष्ठ-मुनिले बाबु ! समाप्तै पार्दि बक्सियो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

निकै हत्पतको साथ सवारी भो उहाँ, यहाँ ।
पार्नुथ्यो निमि-राजाको यज्ञको पूर्णता जहाँ ॥
पऱ्यो नजर यै वेला दिएको समयै त्यजी ।
गरेको यज्ञ सम्पन्न मुनि-गौतमबाट ती ॥
छोरा साक्षात् विधाताका मुनिराज वसिष्ठमा ।
चढ्यो बा ! यसले क्रोध भै असह्य शरीरमा ॥
त्यहीं पर्खि रही बक्स्यो वेला दुइघडीतक ।
भेटी छोड्छु म यी राजा ! निमिसाथ भनी तव ॥
यता त्यस अवस्थामा राजर्षि-निमि लक्ष्मण ! ।
सुकला भइ बक्सेथ्यो निद्राले छोपिंदा सुन ! ॥
यसर्थ न हुँदा भेट यसैले पनि ता अहो ! ।
महात्मा मुनिमा त्यस्तो क्रोधको वेग झन् बढ्यो ॥
अनि खप्न न सक्तामा राजर्षि-निमिलाइ ती ।
उद्देश्य गरी आज्ञा भो यसरी मुनिले पछि ॥

३३

३४

तिमीले ए निमे राजन् ! मेरो हेला गरी जब ।
पुरोहित गरी अर्को सक्यौ मख भने अब ॥
तसर्थ सुन ! ए राजा ! तिम्रो यो देह वस्तुतः ।
चैतन्य-हीन भै हालोस् ढलिहालोस् यथार्थतः ॥
भनिसक्वा न सक्तामा यी कुरा मुनिराजले ।
उता निमि-महाराज ब्यूँझि बक्स्यो तुरुन्त ए ! ॥
दिएको मुनिले त्यस्तो श्राप सुन्दा उहाँकन ।
क्रोधले ढाल्छझैं जस्तो पारि हाल्यो पुनः पुनः ॥
ब्रह्मको तत्त्व जानेका त्यस्ता गुरु वसिष्ठमा ।
उहाँले भनि बक्स्यो बा ! अनि आइ पुगी वहाँ ॥
भगवन् ! प्रभु आएको के पत्तो होस् मलाइ त ।
यसैले म सुतेकोथें निदाएर मजासित ॥
यस हालतमा बक्स्यो मलाइ जुन श्राप त्यो ।
यमदण्ड सरीकै भो बल्दो क्रोधाग्नि ठीक त्यो ॥

४०

४१

सुन्नोस् यसर्थ ब्रह्मर्षे ! दिव्य राम्रो तपाँईको ।
त्यो देह पनि होस् त्यस्तै मेरो झैं होश-हीनको ॥
अति क्रोध चढी दुवै यसोरी राजाले मुनिले दिए सराप ।
अनि ता दुइटै भए विदेह दोटैको जव थ्यो समान शक्ति ॥

४२

इति पचपन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छपन्नौं सर्ग

श्रीरामले मित्र र उर्वशीको कथा प्रसङ्गवश भाई–लक्ष्मणलाई सुनाँउनु

१

शत्रुका सैन्यका वीर नाशन सक्ने, दया हुने ।
वीर लक्ष्मणले राजा-दाजुका यी कुरा सुने ॥
मर्यादा धर्म पाल्दामा बढेको तेज शोभिने ।
रामसाथ उनी सोध्छन् अब भै हात जोडिने ॥
ककुत्स्थ-रत्न ए दाजु ! राजा र मुनि यी दुवै ।
भै बक्सिन्थ्यो निकै ठूला पूजिने देवले सबै ॥
आज्ञा होस् अनि के भो हँ? दुवैले आफ्नु देह त्यों ।
छोडेर कसरी अर्को नवीन-तन धारियो ? ॥
महातेजी नरश्रेष्ठ इक्ष्वाकुकुल-रत्न ती ।
श्रीराम सोधिए आफ्ना भाइले, भन्दछन् पछि ॥
महारानी सुमित्राका पुत्र ए बाबु ! लौ सुन ! ।
ती दुवै मुनि-राजाले त्यसरी त्यागियो तन ॥
ठूलो धन तपस्या नै भएका दृढ धार्मिक ।
दुवै राजर्षि ब्रह्मर्षि भै बक्स्यो वायु पो तब ॥
महान् तेज हुने त्यस्ता महामुनि वसिष्ठ ता ।
पैले शरीर त्यो आफ्नो त्यसरी भवाट्ट नाशिंदा ॥
त्यस्तै दिव्य कुनै अर्को देह पाँउन खातिर ।
पिता ब्रह्मा भए ठाम सवारी भो सरासर ॥
धर्मको तत्त्व जानेका वायुरूप मुनीन्द्रले ।
देवाधिदेव ब्रह्माको ढोगिए पाउ प्रेमले ॥
सुन ! बिन्ती गरी बक्स्यो बुवासँग यसो अनि ।
वसिष्ठ प्रभुको छोरो भैले वायु भएँ भनी ॥
निमिको श्राप पर्दामा मेरो देह विदेह भो ।
लोकनाथ ! महादेव ! लौन ठूलो फसाद भो ॥
ब्रह्माण्डबाट जन्मेका मेरा जनक ए प्रभो ! ।
यसअर्थ म छोरासा दया अब हुनै पर्‍यो ॥

१३

१४

देहहीन हुने प्राणीहरूलाइ महान् दुख ।
हुन्छ भन्ने कुरा राम्रो ज्ञातै छ प्रभुलाइ त ॥
न हुँदा देह प्राणीको लोपिन्छन् काम-काज यी ।
तसर्थ देह क्वै अर्को पाँउने होस् कृपा यति ॥
आफैं नै निस्की बक्सेका विधाता प्रभुले पनि ।
अतुल्य-तेज थ्यो जस्को भनी बक्स्यो यसो अनि ॥
महान् कीर्ति हुने बाबु ! यसो गर तिमी अब ।
गइ वरुणद्यौताको - मित्रको वीर्यमा पस ॥
वहाँ पनि द्विजश्रेष्ठ ! अयोनिज-स्वरूपमा ।
जन्मने छौ तिमी बाबु ! गर्नेछौ कर्म शान्तिमा ॥
छोड्ने छैन तिमीलाई महान् धर्म छ जो सुन ! ।
वशमा आउला मेरो फेरि सत्पुत्र भैकन ॥
ब्रह्माले भन्दिदा यत्ति ढोगिद् बक्स्यो वसिष्ठले ।
प्रदक्षिणा गरी बक्स्यो बुवाज्यूलाइ प्रेमले ॥
सरासर त्यहाँबाट हुनाले वायुरूपको ।
साक्षात् वरुण-द्यौताको धाममा पुगि बक्सियो ॥
यसैताक यहाँ बस्थे मित्रनामक देवता ।
पाली वरुणको आज्ञा अधिकारत्वमा हुँदा ॥
क्षीरोदसाथ आएथे मित्र-देव त्यहाँ जब ।
उनको साथमा पूज्थे ठूलठूला देवता सब ॥
अप्सराहरुमा श्रेष्ठ उर्वशी स्वसखी लिई ।
अकस्मात् त्यस ठामैमा घुम्दै आइ पुगिन् पछि ॥
क्षीर-सागरमा त्यस्तो पसिन् सुत्त र उर्वशी ।
थालिन् नुहाँउदै खेल्न पारिन् सौन्दर्यले वशी ॥
त्यहाँ त्यस्तो अवस्थामा देख्तामा उर्वशीकन ।
बढ्यो हर्ष र उल्लास खिच्च्यो वरुणको मन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

फक्रेको कमलै जस्तो उनको नेत्र थ्यो दुवै ।
प्रपूर्ण चन्द्रमा जस्तो मुख थ्यो मनमोहकै ॥
देख्ता सब कुरा यस्ता अप्सरा सुन्दरी उनी ।
उर्वशीलाई बोलाए वहाँ वरुणले अनि ॥
थ्यो बोलाँउनुको अर्थ मुख्य संभोग गर्नु गै ।
थापाइन्, हात जोडेर उर्वशीले भनिन् यसै ॥
देवेश्वर ! म पैले नै साक्षात् यी मित्रदेवले ।
गर्न संभोग निम्त्याई सकेकी छु, गरूँ म के ? ॥
उर्वशीका कुरा सुन्दा भई पीडित कामले ।
घोच्तामा बाणले चस्-चस् भने वरुण-देवले ॥
राम्रो नितम्बकी देवि ! सुन ए वरवर्णिनि ! ।
म साथ गर्न सम्भोग रुचाँउन्नौ भने तिमी ॥
भैगो लौ ! वीर्य यो छोड्छु देवनिर्मित-कुम्भमा ।
तिम्रै नजीकमा देवि ! अनि मेट्छु म तिर्सना ॥
पश्चिमीलोकका स्वामी साक्षात् वरुणदेवका ।
साह्रै मीठा कुरा यस्ता उर्वशीले सुनिन् तदा ॥
भयो प्रसन्नता ठूलो यसले उनलाइ र ।
पछिबाट भनिन् साह्रै नम्र भै वाक्य सुन्दर ॥
लोकपाल प्रभो ! जस्तो इच्छा उब्ज्यो हजूरको ।
चित्तमा अहिले नाथ ! होस् त्यही ठीकको कुरो ॥
विशेष चित्त यो मेरो प्रभुमै रम्छ, लट्ठ छ ।
यता ममा पनी ठूलो प्रभुको अनुराग छ ॥
मेरो उद्देश्यले तस्मात् हुन्छ लौ ! कुम्भ-मित्र यो ।
वीर्याधान गरी बक्स्योंस् भो मेरो देह मित्रको ॥

३८

३९

उर्वशीले त्यसो भन्दा बलेको अग्नितुल्यको ।
झिकी अद्भुत त्यो वीर्य गिराए कुम्भमित्र पो ॥
मित्रदेव भएपछि गइन् यी उर्वशी अनि ।
भने बा ! उर्वशीलाई झोक्किंदै मित्रले पनि ॥
न राम्रो चालकी होस् तँ सुन् ए ! मैले अगाडि नै ।
सम्भोग गर्न डाकेंथे, लत्याइस् हा ! मलाइ नै ॥
मेरो त्याग गरी दुष्टे ! पति अर्को लिइस् किन ? ।
नाठो म भिन्नको अर्को खेलाइस् यसरी किन ? ॥
अब यै पापले गर्दा तँ मेरो क्रोधमा परी ।
थोरै कालतकै बस्लिस् मनुष्यैलोकमा झरी ॥
सुन् ए नकचचरी दुष्टे ! राजर्षि बुधका सुत ।
बुझिस् ! पुरूरवा राजा काशीमा छन् अचेल त ॥
तँ वही जा ! उनै साथ बस्नेछस् तँ यथार्थमा ।
हुनेछन् छिचरी ! तेरा पति योग्य उनै वहाँ ॥
शापको दोषले गर्दा यसरी उर्वशी तब ।
पुरूरवा महाराज भए ठाम पुगिन् अब ॥
राजाको राजाधानी थ्यो प्रतिष्ठान-पुरी वहाँ ।
बुधका वीर्यका छोरा राज्य गर्थे स्वयं जहाँ ॥
उर्वशीका गर्भबाट राजाको यी पुरूरवा ।
आयु नाम हुने श्रीमान् सत्पुत्रै जन्मिए तदा ॥
उनका जन्मिए छोरा बुझ्यौ ! नहुष-नामका ।
थिए यी नृपका बाबु ! इन्द्रकैठीक कान्ति बा ! ॥
वृत्रासुरकनै मारे वज्र छोडेर इन्द्रले ।
त्यै वेला ब्रह्म-हत्याको पऱ्यो हा ! दृढ पापले ॥

५०

५१

अनि टिक्न न सक्तामा इन्द्र लुक्नु पऱ्यो लुके ।
इन्द्रको पद भो खालि स्वर्गमा त्यो बुझ्यौ त के? ॥
यसैताक महाराज साक्षात् नहुषले थिनै ।
सारा त्रैलोक्यको राज्य गरेका हुन् मजासँगै ॥
उनले राज्य गर्दामा इन्द्रको पदमा बसी ।
लाख वर्ष वितेको हो, थियो त्रैलोक्य नै खुशी ॥
हुन् उर्वशी सुन्दर दाँतकी बा ! आँखा थिए घातका फक्रिएका ।
ती मित्रको श्राप परी त्यसोरी तलै झरिन् हा ! पछि पो यसोरी ॥

CC-0. In Public Domain. Digitization by eGangotri

५४

कटाक्षले घायल पार्न सक्ने यी उर्वशी वर्ष बसिन् अनेक ।
त्यो श्रापको अन्त हुँदा पछाडि गइन् सभाबीच सुरेन्द्रको ती ॥

इति छपन्नौं सर्ग

सन्ताउन्नौं सर्ग

ब्रह्मर्षि–वसिष्ठले नयाँ शरीर ग्रहण गर्नु र राजर्षि–निमिले प्राणीका झिम्क्याइमा बस्नु

१

अद्भुतरूपको यस्तो सुनी दिव्य – कथा अहो ! ।
मन लक्ष्मणको त्यस्तो त्यसै मक्क र दङ्ग भो ॥
सोध्न लागे उनी फेरि राजा श्रीराम–दाजुमा ।
ककुत्स्थ–कुलका दाजु ! विन्ती गर्छु म पाउमा ॥
दुवै ब्रह्मर्षि राजर्षि देवताहरुका सव ।
भै बक्सिन्थ्या महामान्य नित्य पूज्य रघूद्वह ! ॥
त्यसरी देह छोडे ता पनि ती दुइले पुनः ।
नयाँ देह लिई बक्स्यो कसरी पछि ? सुन्छु म ॥
भन्दछन् राम भाईमा उनका यी कुरा सुनी ।
ती वसिष्ठ–महात्माको अरू बाँकि कथा पनि ॥
सुन ! बाबु ! महात्मा यी दुवै वरुण–मित्रको ।
वीर्य–युक्त भएको त्यो जुन कुम्भ प्रसिद्ध थ्यो ॥
कुरो बुझ त्यसैबाट तेजस्वी दुइ विप्रको ।
अकस्मात् जन्म भै हाल्यो, थिए यी ऋषिश्रेष्ठ जो ॥
पहिले त्यो घडाबाट छन्‌ औ ऐश्वर्य–शक्तिले ।
प्रपूर्ण, ऋषिमा श्रेष्ठ अगस्त्य–मुनि जन्मिए ॥
तुरुन्त मित्र–धौतामा म तिम्रो सुत होइन ।
भनी बक्स्यो वहाँले र अन्यत्रै गइ बक्सियो ॥
यही नै मित्रको वीर्य उर्वशीको निमित्तमा ।
पहिले देखि नै बाबु ! राखिएको थियो वहाँ ॥
निकै पछि घडामा यो बुझ्यौ ! वरुणको पनि ।
झिकेर हालिएकोथ्यो मिसाई वीर्य त्यो अनि ॥
मित्रा–वरुणको वीर्य भनिन्थ्यो, यसले पछि ।
वसिष्ठ जन्मिई बक्स्यो केही काल विते पछि ॥
उहाँलाइ यसैवेला देखि इक्ष्वाकु–वंशको ।
पुरोहित र आचार्य मानियो, योग्य भै बडो ॥

१३

१४

बुझ्यौ बाबु ! महान् तेजी राजा इक्ष्वाकुले तव ।
उहाँलाइ दिई बक्स्यो जन्मँदै गुरुको पद ॥
वसिष्ठ–मुनिको कर्म थियो बेस अनिन्द्यको ।
यो हाम्रो कुलको निम्ति रोजिबक्स्यो तसर्थ पो ॥
वसिष्ठ-मुनिले बाबु ! यसरी नव–देह यो ।
ली बक्सेको कथा मैले सुनाएँ, छ अपूर्वको ॥
अव भन्छु तिमीलाई राजर्षि—निमिको कुरा ।
जस्तो भो त्यसवेलामा एक एक गरी पुरा ॥
शरीर निमि–राजाको छुटेकोथ्यो वहाँ जव ।
देखे विद्वान् महात्मा ती मुनिले यो कुरा तव ॥
गाह्रो साङ्ग्रो परी हाल्यो त्यत्रो यज्ञ–समाप्तिमा ।
लिए बा ! यज्ञको दीक्षा आफैंले र सके वहाँ ॥
त्यो यज्ञ नसके सम्म यी ब्रह्मर्षि र विप्रले ।
राखे सुरक्षितै पारी राजाको लास यत्नले ॥
सहयोग दिए यस्तो काममा अरुले पनि ।
राष्ट्रकै जनता आए भृत्य—पौर सँगै अनि ॥
बन्दोवस्त गरे सारा यिनले बाबु लक्ष्मण ! ।
वस्त्र—चन्दन मालाले न सड्ने पार्दिए पुनः ॥
सकिए पछि त्यो यज्ञ भृगुले भनि बक्सियो ।
राजाको देह त्यो मेरो हो भन्ने जीवमा यसो ॥
सुन लौ ए निमे राजन् ! तिमीमा म भएँ खुश ।
तिम्रो पौन, छ ता इच्छा हालि दिन्छु यहीं म त ॥
महात्मा-भृगुकै साथ अरू देव पनी सव ।
उहाँले त्यत्ति भन्दामा भए बा ! नृपमा खुश ॥
जीवात्मा सँग राजाको भन्छन् अनि यसो सव ।
वर माग ल राजर्षे ! तिमीमा के दिऔं अव ? ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पौन-चैतन्य यो तिम्रो छिटै भन कहाँ लगी ।
झार्दिऔं, हाल्दिऔं हामी, गर्दिन्छौं लौ भने सरि ॥
मिलेर सब द्यौताले भनेथे यो कुरा जब ।
भन्यो त्यो निमि-राजाको जीवात्माले यसो तब ॥
ए सुरश्रेष्ठ हो ! सुन्नोस् म त चाहन्छु वास्तव ।
बस्न सम्पूर्ण प्राणीको नेत्र-झिक्याइमै अब ॥
अनि यी सब द्यौताले निमिको जीवसाथ त्यो ।
भन्दिए प्रिय ए भाई ! लौ हुन्छ ! अति वेस हो ! ॥
बस्नोस् तपाँइ राजर्षे ! वायुरूप भई सदा ।
विश्वका सब प्राणीका नेत्रमा भै निमेषका ॥
वायुका रूपमा घुम्दा भै सम्बन्ध तपाँइको ।
यहाँ थकाइ लाग्ला जो मेट्न वा नाशनलाइ त्यो ॥
विश्राम पाँउना निम्ति प्राणीका विश्वका सब ।
आँखा धेरै जसो बंद हुने होलान्, गयौं अब ॥

३३

३४

भनी यत्ति गए सारा आए जस्तै गरी सुर ।
राजाको लास त्यो ल्याए मुनिले जो थियो स्थिर ॥
त्यसलाइ समातेर राखे अरणि मास्तिर ।
मथ्न थाले त्यही लास बलैले मुनि भै स्थिर ॥
मन्त्रोच्चारण भो राम्रो पहिले सरि होम भो ।
निमिका पुत्रको प्राप्ति हुनु नै मुख्य लक्ष्य भो ॥
मुनिले यसरी मथ्दा महान् तप र तेजका ।
निस्किए एउटा व्यक्ति अन्तमा मिथि-नामका ॥
यस्तो अद्भुतको जन्म हुँदा जनक यी भए ।
विदेहबाट जन्मेका हुँदा वैदेह नै भए ॥
यसरी पहिले बावु ! भयो विदेहराज र ।
राजा जनकको नाम तपस्वी मिथि यो तब ॥
यिनै जनक-राजाको वंश त्यो मिथिनामले ।
हुँदा विख्यात सर्वत्र भने मैथिल लोकले ॥

४०

४१

यसरी मुनि-श्राप बाट त्यो नृपको जन्म भयो, भनें सबै जो ।
त्यसरी नृप-श्रापले पनी ता मुनिको जन्म भयो यहाँ अनौठो ॥

इति सन्तावन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अन्ठाउन्नौं सर्ग

श्री रामबाट महाराज–ययातिको चरित्रवर्णन

१

महात्मा र उदारात्मा राजराजेन्द्र राम यी ।
भन्दथे भाइमा यस्तो शोभिन्थे तेज भै अति ॥
भने फेरि यसैवेला शत्रुका वीर–नाशक ।
भाइ लक्ष्मणले आफ्ना दाजुसाथ रघूद्वह ॥
नृपश्रेष्ठ प्रभो ! राजा विदेह–निमिको तथा ।
वसिष्ठ मुनिको त्यस्तो सुनें अद्भुतको कथा ॥
भै बक्सियो महाराज निमि क्षत्रिय योग्यका ।
विशेष यज्ञको दीक्षा लिएका, शूर सर्वथा ॥
यसअर्थ उदारात्मा वसिष्ठ–मुनिमा अहो ! ।
व्यवहार गरी बक्स्यो अल्लि वेठीकको प्रभो ! ॥
यसरी भाइले भन्दा श्रेष्ठ क्षत्रिय–जातिमा ।
दाजु ती भन्दछन् आफ्ना योग्यका भाइमा वहाँ ॥
सम्पूर्ण शास्त्रका मर्म जान्दथे भाइचाँहि यी ।
महान् शक्ति हुँदा बल्थ्यो उनको तेज धप्धपी ॥
दाजु चाँहि थिए त्यस्तै अर्काको मन राख्न र ।
दक्ष पार्न पनी जान्ने, सुख मान्ने सँधै स्थिर ॥
सुमित्रासुत ए बावु ! कहाँ हुन्छ र त्यो क्षमा ।
विश्वका सव प्राणीमा थियो जस्तो ययातिमा ॥
साक्षात् ययाति–राजाले सत्व नै गुणमा टिकी ।
थियो बा ! रोकि बक्सेको असह्यै क्रोध त्यो पछि ॥
त्यै प्रसङ्ग तिमीलाई म भन्छु सुन लौ अव ।
ययाति भइ बक्सिन्थ्यो राजा नहुषका सुत ॥
सुखी होउन्, खुशी होउन् राष्ट्रवासी प्रजा सव ।
यही विचार राजाको उब्जन्थ्यो कामकै ठिक ॥
साह्रै राम्रा महारानी उहाँका दुइटा थिए ।
रूप त्यो दाँज्न पृथ्वीमा गाह्रै पर्थ्यो, बुझ्यौ त के? ॥

१३

१४

राजा नहुषका छोरा ती राजर्षि–ययातिको ।
पत्नीको नाम शर्मिष्ठा थियो, थिन् जुन एक यी ॥
वृषपर्वा थिए दैत्य उनकै थिन् यिनी सुता ।
ययाति मानि बक्सिन्थ्यो जसलाइ निकै सदा ॥
अर्कीचाहिं थिइन् बावु ! श्रीशुक्राचार्यकी सुता ।
देवयानी थियो नाम राम्री थिन्, थिइनन् प्रिया ॥
जन्मिए दुइकै छोरा राजाका यिनबाट ता ।
राम्रा हेरि रहौं जस्ता रोक्न सक्ने मनै सदा ॥
शर्मिष्ठाले यता पाइन् पुरुनाम हुने सुत ।
जन्माँइन् देवयानीले यदुनाम हुने सुत ॥
आमाको प्रेमले गर्दा गुणले पनि आफ्नु ती ।
पुरुचाँहि त राजाको भए प्यारा पनी अति ॥
यदुमा यसले गर्दा दुःख भो मनमा अति ।
पोखे खप्न न सक्ता त्यो आफ्नी आमा सँगै पछि ॥
ए मुमा ! देवतै जस्ता ठूल्ठूला कर्म चुट्किमै ।
गर्न सक्ने बुवाज्यू जो भइ बक्सिन्छ श्रेष्ठ नै ॥
श्रीशुक्राचार्यको त्यस्तो वंशमा जन्मिईकन ।
सहि बक्सिन्छ यो दुःख, यो हेला कसरी पुनः ? ॥
तस्मात् मुमा–महारानी ! आमा–छोरा दुवै अव ।
पसौं भवाम्ल्वाङ्ग आगोमा मरौं, शान्ति मिलोस् दृढ ॥
राजा यी दैत्य की छोरी शर्मिष्ठामा रमीकन ।
लट्ठिई भै रहोस् राज बितुन् वर्ष अनेकन ॥
यी कुरा सहने–खप्ने इच्छा छ त हजूरको ।
भैगो ! मलाइ नै बक्स्योस् आज्ञा यो प्राण त्यागनको ॥
हजूरै सहि बक्स्योस् लौ ! सहन्न म त सक्तिन ।
अव जान्छु, मरी हाल्छु, हो पक्कै झूठ भन्दिन ॥

२६

२७

रुँदै छ्वाँ ! छ्वाँ !! गरी साह्रै दुःखी भइ भने यसो ।
जब ती पुत्र यदुले आमाले त्यो सुनिन् कुरो ॥
असह्य क्रोध चढ्यो बा ! देवयानी-मुमाकन ।
तुरुन्त संम्झिइन् बावु ! शुक्राचार्य बुवाकन ॥
बुझ्यौ त ! प्रिय-पुत्रीको चाल-चेष्टा बुझेर त्यो ।
वहीं ठ्याक्क सवारी भो छोरीको अघि भवाट्ट पो ॥
अप्रसन्न र अस्वस्थ विचेतै ठिकक्की सुता ।
देवयानीकनै देखी बक्सियो शुक्रले तदा ॥
तुरुन्तै स्नेहले गर्दा सोधिबक्स्यो यसो अनि ।
के भयो भन बा ! नानी ! मभा सब कुरों भनी ॥
बारम्बार त्यसो भन्दै सोध्ने श्रीभृगुवंशका ।
बलेका तेजले धप्प पिता श्रीशुक्रमा तदा ॥
झोक्किई भन्दछिन् छोरी देवयानी यसो तव ।
मुनिश्रेष्ठ बुवा ! मर्छु म अवश्य यहाँ अव ॥
बलेको अग्निमा पर्छु, हाम्फाल्छु जलमा कि त ।
घुटुक्क एक घुट्कोमा पिइ दिन्छु विषै कि त ॥

३४

३५

अपमान सही यस्तो बाँच्न चाँहन्न किन्तु म ।
हजूरलाइ के पर्छो कत्ति दुःखी यहाँ छु म ॥
वृत्तको हेल-चेक्रयाँई गर्नाले लिइ आसरा ।
बसेका फूल वा पात हुन्छन् बेमाख नै वरा ! ॥
ब्रह्मरूप बुवा ! मेरा राजर्षि-पतिदेवता ।
प्रभुको गरि बक्सिन्छ अनादर यहाँ सदा ॥
यसैले म पनी साह्रै भएँ तुच्छ अयोग्यकी ।
गरी बक्सिन्न क्यै भाउ, छु तस्मात् दुःखिनी म यी ॥
छोरीका यी कुरा सुन्दा न सुन्दा भृगुनन्दन ।
श्रीशुक्राचार्य ता बावु ! भै बक्स्यो क्रुद्ध तत्क्षण ॥
राजा नहुषका छोरा ययाति-नृपलाइ ती ।
गरी लक्ष्य यसो भन्न थालि बक्स्यो वहाँ पछि ॥
सुन् ए नहुषको छोरो ! दुरात्मा होस् तँ वस्तुतः ।
यसैले गर्दछस् मेरो हेला र अपमान त ॥
तस्मात् तेरो अवस्थामा आओस् शिथिलता छिटै ।
छोपिहालोस् बुढ्यौँइले जीर्ण-शीर्ण हओस् सबै ॥

४२

४३

राजालाई भनी यत्ति संम्झाएर सुताकन ।
ब्रह्मर्षिको सवारी भो आफ्नै भवनमा पुनः ॥
यसो गरी बावु ! द्विजादिबीच सर्वोच्च, सत्कर्म हुने अतीव ।
श्रीशुक्रले थाम्थुम पारि बक्स्यो यी देवयानीकन, थिन् सुता जो ॥
त्यस्तै शियो तेज स्वयं उहाँको श्रीसूर्यनारायणको छ जस्तो ।
ययातिमा श्राप दिई त्यसोरी पछाडि आफ्नो घर भो सवारी ॥

४५

इति अन्ठाउन्नौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्साठी सर्ग

राजर्षि–ययातिले छोरा पुरुमा राज्याभिषेक दिनु र आफू वन पस्नु

१

रिसाइ बक्सियो ज्यादै शुक्राचार्य, सुनेर यो ।
राजा ययातिमा बावु ! दुःख छर्पट भै बढ्यो ॥
छोपी हाल्यो बुढ्याँईले पाइन्थ्यो तर साट्न जो ।
छोरा यदु थिए जेठा आज्ञा भो उनमा यसो ॥
यदु बावु ! तिमी राम्रो धर्मको मर्म जान्दछौ ।
तिम्रो कीर्ति चल्यो राम्रै भनेको पनि मान्दछौ ॥
मेरो निम्ति तिमी तस्मात् बुढ्याँईं साट्न हुन्छ जो ।
लेउ बावु ! छ जो मेरो, तिम्रो यौवन देउ त्यो ॥
विश्वका भोगका साथ अझै रमण गर्छु कयौ ।
धोको मेट्छु म भोगेर एक-एक गरी सबै ॥
मेरा प्रिय नरश्रेष्ठ ! म यी विषय-भोगमा ।
अँहँ ! छैन अघाएको, अझै भोग्छु यिनै यहाँ ॥
इच्छानुसारले भोगी सारा विषयका सुख ।
फिर्ता लिन्छु बुढयाँईं त्यो तिमीबाट पछी म त ॥
नरश्रेष्ठ बुवाज्यूका कुरा यस्ता सुने पछि ।
ती पुत्र यदुले बावु ! पितासाथ भने पछि ॥
मबाट हुन्न यो काम प्रिय छोरा हजूरका ।
पुरु नै छन्, बुढयाँईं यो उनै खेपुन् त्यसो हुँदा ॥
सुनी बक्स्योस् ! मलाई ता प्रभुले दिनु-खानुमा ।
अर्थादि-वस्तुमा सम्म पन्छाई बक्सियो यहाँ ॥
यसर्थ म भएँ टाढा बावुको स्नेहसम्म त्यो ।
मैले सकिन कयै त्यस्तो भेट्न, पाँउनसम्म पो ॥
तसर्थ जसको साथ बसी नित्य हजूर ता ।
ज्यूनार गरी बक्सिन्छ तिनै साटुन् न यो जरा ॥
यदुका यी कुरा सुन्दा राजाले पुरु-पुत्रमा ।
भनि-बक्स्यो बुझ्यौ भाई ! यो कुरा अति स्नेहमा ॥

१३

१४

महान् बाहु हुने बावु ! ममा शान्ति-सुखै दिन ।
तिमी मेरो बुढयाँईं यो गर ग्रहण कयै दिन ॥
यसो भन्दा बुवा आफ्ना पूज्य राजा-ययातिले ।
भने बा ! पुरुले बावु ! हात जोडेर भक्तिले ।
बुवा ! हजूरको सेवा गर्ने मौका मिलेर यो ।
म त धन्य भएँ साह्रै कृतकृत्य भएँ प्रभो ! ॥
अनुग्रह भयो ठूलो ममा हजूरको यही ।
आज्ञा हजूरको पाल्न तयार छु म हर्षडी ॥
आफ्नो भनाइ मानेको पुरुको वाक्य यो सुनी ।
राजा ययातिमा भित्र ठूलो हर्ष भयो अनि ॥
उहाँले दङ्ग भै तस्मात् बुढयाँईं अब आफ्तु त्यो ।
पुरुमा सार्दिई बक्स्यो, कुरा थ्यो शुक्रको, सच्यो ॥
जल्दो-बल्दो युवावस्था लिइ राजर्षिले तब ।
हजारौं यज्ञ ठूल्ठूला गरी बक्स्यो रघूद्वह ! ॥
बुझ्यौ ! अनेक हज्जार वर्षपर्यन्त भूमिका ।
भोगेर सुख-भोगादि पालि बक्स्यो स्वयं धरा ॥
अतिलामो वित्यो काल पछि राजा ययातिले ।
पुरुलाइ भनी बक्स्यो सुपुत्र जुन ती थिए ॥
पुरु बावु ! तिमीलाई मैले नासो भनी सुन ! ।
जरा राख्न दिएकोथें देउ फिर्ता ममै पुनः ॥
मैले मेरो बुढयाँईं त्यो आफ्तु नै देहबाट यो ।
नासोमै सार्दिएकोथें तिमीमा, अब देउ त्यो ॥
हो मेरै वस्तु त्यो बावु ! लिन्छु फिर्ता म नै अब ।
तिमीलाई न होस् कत्ति यसमा पीर वा दुःख ॥
मेरो आज्ञा तिमीले जो मान्यौ, शिर धन्यौ अतः ।
तिमीबाट भएँ बावु ! म ता अत्यन्त नै खुश ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यो राज-पदमा तस्मात् नरेश्वर तुल्याइ म ।
अभिषेक तिमीलाई दिइ हाल्दछु तत्क्षण ॥
पुरुलाइ भनी यत्ति राजाले फोक्काई बडो ।
आज्ञा भो देवयानीका छोरा ती यदुमा यसो ॥
सुन् ए यदु ! तँ होस् दुष्ट निकै उद्दण्ड क्षत्रिय ।
मबाट जन्मिएको होस् भै यस्तै, होस् त राक्षस ॥
मलाइ टेरिनस् तैंले नाघिस् आज्ञा पनी अतः ।
राज्यमा राख्न सन्तान सक्ने छैनस् तँ वस्तुतः ॥
म तेरो बावु हूँ बाबै ! बुझिस् ! गुरु पनी म हूँ ।
अपमान गरिस् मेरो संझिइस् अतितुच्छ हूँ ॥
अत्यन्त क्रूर डर्लाग्दा यातुधान र राक्षस ।
जसको परिणामैमा अब जन्माउलास् तँ त ॥
तेरा सन्तान यो सोभ-कुलका राजवंशमा ।
कहिल्यै गनिने छैनन् हुनेछन् जो तँझैं यहाँ ॥
यदुलाइ भनी यत्ति ती राजर्षि ययातिले ।
राज्याभिषेक बक्स्यो बा ! पुरुलाइ स्वबाहुले ॥
पुरु राज्य बढाएर पाल्न लागे प्रजा यता ।
राजा वन पसी बक्स्यो वानप्रस्थी भई उता ॥

३५

३६

काल बित्तै गयो लामो पछि प्रारब्ध-भोग त्यो ।
सकियो स्वात्त राजर्षि धीर त्यस्ता ययातिको ॥
काल आयो ढल्यो देह नृपको वनमै पछि ।
स्वर्गबीच सवारी भो राजा नहुष-पुत्र यी ॥
यतातिर महान्‌कीर्ति भएका पुरुले सुन ! ।
गरे अत्यन्त श्रद्धाले धर्मले राज्य-शासन ॥
उनको राजधानी थ्यो प्रतिष्ठान-पुरी त्यही ।
काशी-राज्य महान् त्यस्तो जुन सम्पन्न थ्यो अति ॥
सुन बावु ! उतापट्टि पुर्खौली राज्यबाट र ।
त्यो वंशबाट खस्केका यदुले भइ अस्थिर ॥
गै क्रौञ्चवनमा एवं पुरमा दुर्गमा पनि ।
हजारौं यातुधानादि जन्माए बा ! जहाँ-तहीं ॥
बक्सेको शुक्रले यस्तो श्राप राजा ययातिले ।
क्षत्रियै धर्म धानेर सहि बक्स्यो स्वधैर्यले ॥
परन्तु निमि-राजाले श्रीब्रह्मर्षि वसिष्ठको ।
सकि बक्सेन त्यो श्राप खप्न तस्मात् त्यसो भयो ॥
राम्रो स्वभावका बावु ! यसरी न चुकीकन ।
काम सम्पूर्ण गर्नेको लिई जीवन-दर्शन ॥

४४

४५

यो प्रसङ्ग भनें मैले चलौं हामी त्यही सरि ।
न छोओस् दोषले बावु ! राजर्षि-नृगमा सरि ॥
शशि सरि मुख धर्ने कान्तिले झल्ल पार्ने ।
रघुवर मन हर्ने आफ्नु त्यो ध्येय सार्ने ॥
जब अनुज सँगै ती गर्दथे बा ! कुरा यो ।
तब दुइ तिन तारा बाँकि आकाशमा भो ॥
अब किरण र-रातो फैलियो पूर्व दिक्‌मा ।
तब अतिशय-शोभा बढ्न थाल्यो उनीमा ॥
कुसुम-रँग मिलेको रेशमी वस्त्र ओढी ।
निज तन सब ढाक्छिन् तुल्यकी देखिइन् ती ॥

४६

इति उनान्साठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

(यो सर्ग पछिका तीन सर्ग प्रक्षिप्त मानिएका छन् ता पनि उपयोगी ठहर्रिंदा अरू विद्वान्हरूले राखेझैं राखिएका छन्)

पहिलो प्रक्षिप्त सर्ग

राजदरवारको ढोकामा न्याय माग्न थौटा कुकुर आँउनु र त्यसलाई राजा–रामले भित्र बोलाँउनु

१

राम्रो प्रभात–वेलामा हुँदा आकाश निर्मल ।
शय्या त्यजि उठे राम फ्याँके गाफ्नु सवै मल ॥
सकेर स्नानको काम सन्ध्या–वन्दनमा बसे ।
गर्नु पर्ने कुरा सारा अव पूर्वाह्नका सके ॥
त्यो राजधर्म पाल्नाको निम्तिमा राम–भूप यी ।
राज्यसिंहासनैबीच स्वयं गइ बसे पछि ॥
राजाको पछि लागेर गए अव वहाँ सव ।
वेदकों तत्त्व जानेका महात्मा विप्र आदिक ॥
मुनि–कश्यप इत्यादि पुरोहित वसिष्ठको ।
साथ–साथै पुगी हाले अत्र राजसभा जम्यो ॥
यसैवेला वहाँ आए अनेकौं व्यवहारका ।
तत्त्व वा मर्म जानेका ठूल्ठूला व्यक्ति राष्ट्रका ॥
धर्मशास्त्र सवै बुझ्ने दिने न्याय पर्‍यो भने ।
यस्ता व्यक्ति बसे आई मन्त्री साथ खडा हुने ॥
नीतिको तत्त्व जान्नेले विद्वान्ले नृपले तथा ।
ठूल्ठूला पुर–वासीले शोभियो भव्य भै सभा ॥
सर्वोच्च राज–राजेन्द्र रामको यो सभा अहो ! ।
देखियो हो भने जस्तो यमको वरुणेन्द्रको ॥
अव श्रीराम–राजाले भएका शुभ–लक्षण ।
भाइ–लक्ष्मणमा आज्ञा गरे यस्तो भनीकन ॥
महारानी सुमित्रामा हर्षानन्द बढाँउने ।
बाबु लक्ष्मण ! यी मेरा कुरा सुन त के भनें ? ॥

११

१२

तिमी बाहिर गै हाल राम्ररी हेर ! डाकल ! ।
कार्यार्थी जन को को छन् उनीलाई यहाँ अव ॥
कुरा बुझ ! भए धेरै पर्ने काम–कुरा जन ।
उनीलाई यहाँ ल्याउ आलो–पालो गरीकन ॥
सुनी श्रीराम–राजाका यस्ता सद्वाक्य तत्क्षण ।
आए बाहिर ढोकामा शुभ–लक्षण लक्ष्मण ॥
यसो हेरेर बोलाए कार्यार्थी–जन छन् ? भनी ।
थिएनन् क्वै, भनेनन् क्यै मेरो काम छ यो भनी ॥
स्वयं श्रीराम–राजाले गर्दा यो राज्य–शासन ।
राष्ट्रको हाल थ्यो अझै थिए सारा सुखी जन ॥
सवको देह थ्यो स्वस्थ, रोग लाग्दैन थ्यो कहीं ।
दुःख वा मनको चिन्ता थिएन जनमा कहीं ॥
सवै प्रकारका अन्न फल औषधि आदिले ।
पृथिवी टन्न थिन्, झुल्थिन् पाकेका अन्न–पातले ॥
राज्यमा राम–राजाको शिशु मर्दैनथ्यो कुनै ।
मर्दथ्यो न युवा कोही अधबैंसे न ता कुनै ॥
पनपक्ष न भै कत्ति हुन्थ्यो शासन धर्मले ।
दुःख पीर कुनै माथि न त पर्थ्यो कसै गरे ॥
रामको राज्य थ्यो त्यस्तो यस्तो–शासनकाल भै ।
ममा यस्तो गर्‍यो, यस्तो भन्ने नै निस्किएन क्वै ॥
अव लक्ष्मण फर्केर सभाभित्र पसे पुनः ।
हात जोडी गरे विन्ती राष्ट्र–स्थिति भनीकन ॥

२२

CC-0. In Public Domain. Digitization by eGangotri

२३

यसले राम-राजामा खुश भो भाइमा भने ।
फेरि जाउ, यहाँ ल्याउ कार्यार्थी व्यक्ति छन् भने ॥
सुन! राम्रो गरी आफ्नो बाटोले न्याय-नीतिले ।
राज्य गर्दा छुँदैछुन्न अन्याय र अधर्मले ॥
तस्मात् राज्य हुँदा त्यस्तो त्यहाँका जनतातक ।
रक्षा गर्छन् अ-आफ्नै पो राजाको भै दिदा भय ॥
कर्मचारीहरू मैले छोडेका बाण-ठीक भै ।
मेरा सारा प्रजालाई रक्षा गर्छन् स्वयं सँधै ॥
महान् बाहु हुने बाबु ! तर यस्तो छ ता पनि ।
गर रक्षण लौ आफैं सँधै लागि परी त्यहीं ॥
रामले यत्ति भन्दामा सुमित्रा-पुत्र लक्ष्मण ।
सभाभवन बाटै त्यो निस्किए बाहिरै पुनः ॥
वहाँ आइ यसो हेर्दा राजप्रासादद्वारमा ।
देखे कुकुर थ्यो थौटा बसेको ठिङ्ग भै वहाँ ॥
बारम्बार उनैपट्टि हेर्दथ्यो भन्छ क्यै कुरो ।
भने जस्तो गरी भुक्! भुक्!! भुक्तथ्यो दृष्टि गै पऱ्यो ॥
त्यसलाई त्यहाँ देख्ता अब त्यस्तो प्रकारको ।
वीर लक्ष्मणले सोधे प्रेमसाथ भनी यसो ॥
ए भाग्यमानी कुकुर ! लौ निर्भय भई भन ।
राजदर्बारमा आयौ किन ? काम पऱ्यो कुन ? ॥
महान् शक्ति हुने त्यस्ता वीर लक्ष्मणका कुरा ।
सुनी कुकुर त्यो भन्छ उनीसाथ यिनै कुरा ॥
राम्रो शरण बक्सिन्छ जुन सम्पूर्ण जीवमा ।
सजीलै कर्म ठूल्ठूला गरि बक्सिन्छ जो यहाँ ॥
बक्सिन्छ डर लाग्दामा सँधै अभय फेरि जो ।
त्यस्ता श्रीराम-राजाको पाउमै पोख्छु दुःख यो ॥

३५

३६

सुनी कुकुरका यस्ता कुरा लक्ष्मण तत्क्षण ।
पसे राजसभा-भित्र राजामा भन्न त्यो पुनः ॥
गरी श्रीराममा विन्ती त्यस्ता कुकुरका कुरा ।
तुरुन्त बाहिरै निस्के त्यससाथ भने तदा ॥
सुन ! जो राम-राजामा विन्ती गर्ने कुरा छ त्यो ।
हिंड भित्र तिमी आफैं गर विन्ती, छ जत्ति जो ॥
कुरा लक्ष्मणका सुन्दा भन्यो कुकुरले यसो ।
सुनी बक्स्योस् ! महारानी सुमित्राका सुत-प्रभो! ॥
देव—मन्दिरमा एवं राजप्रासादमा तथा ।
सदाचारी-महात्मा र विप्रको घरमा सदा ॥
बस्तछन् भगवान्-अग्नि, सूर्य, इन्द्र र वायु ता ।
स्वेच्छाले जान सक्तैनौं हामी अधम-जातिका ॥
मेरो गति छँदैछैन भित्र पस्ने प्रभो! अतः ।
भै बक्सिन्छ यता राजा मूर्तिमान् धर्म नै स्वतः ॥
राम्ररी लड्न जान्ने र सत्य बोल्ने स्वयं सदा ।
विश्वका सब प्राणीको गर्ने हित-भलो तथा ॥
संधि-विग्रह-यानादि कुन वेला कसो गरी ।
प्रयोग गर्नु पर्ने हो ? यो जान्ने अति राम्ररी ॥
सबै देख्ने, सबै जान्ने, बुझ्ने न्याय दिने तथा ।
श्रीराम भइ बक्सिन्छ दिने आनन्द सर्वथा ॥
उहाँ नै भइ बक्सिन्छ सूर्य, चन्द्र तथा यम ।
कुवेर अग्नि वरुण इन्द्र मृत्यु पनी पुनः ॥
तस्मात् सब प्रजा पाल्ने रघुनाथ उहाँकन ।
गइ आज्ञा हवस् स्वामिन् ! म आएको यहाँ पुनः ॥
महारानी सुमित्राका प्रिय-पुत्र प्रभो! म ता ।
आज्ञा न पाइ राजाको पस्न सक्तिन भित्र ता ॥

४८

४९

हुँदा ठूलो कृपा भित्र भाग्यवान् अतितेजिला ।
उनी भित्र पसे, विन्ती गरे श्रीराममा तदा ॥
देवी मुमा-महारानी कौसल्यामा दिने सुख ।
महाराज ! सुनी बक्स्योस् बिन्ती गर्छु प्रभो ! म त ॥

५०

CC-0. In Public Domain. Digitization by eGangotri

५१

प्रभुबाट भएकोथ्यो जस्तो आज्ञा त्यही सरी ।
मैले बाहिर गै डाकें कार्यार्थीलाइ राम्ररी ॥
अहिले छन् महाराज ! राजप्रासाद-द्वारमा ।
यौटा कुकुर, कार्यार्थी भै आएका प्रभो ! यहाँ ॥
भन्दछन् नृप श्रीराम सुनी लक्ष्मणका कुरा ।
कार्यार्थी हुन् भने देखि जो हुन्, ल्याउ भई छिटा ॥

५३

इति पहिलो प्रक्षिप्त सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

दोश्रो प्रक्षिप्त सर्ग

कुकुरले राजासँग न्याय माग्नु र श्रीरामले बुझी त्यसले भनेझैं गरी दिनु

१

सुनेर रामको आज्ञा गए दौडिइ लक्ष्मण ।
ल्याए कुकुरलाई त्यो टक्र्याए सूचना पुनः ॥
देखी कुकुर आएको आज्ञा भो रामले यसो ।
न मानी डर कुकुर ! भन, भन्ने कुरा छ जो ॥
थियो कुकुरको फट्टै फुटेको टाउको तव ।
देख्यो राजसभाबीच बस्ने राजाकनै अव ॥
अनि विन्ती गर्‍यो त्यल्ले राजासित भनी यसो ।
राजा सम्पूर्ण प्राणीको हो उत्पादक नै प्रभो ! ॥
मानिन्छ नाइकेसम्म राजा नै सव व्यक्तिको ।
राजा पाल्छ प्रजा सुत्ता पनि जागा भई अहो ! ॥
राजा रक्षक हो स्वामित् ! आफ्नो उत्तम-नीतिले ।
धर्मकै साथमा सारा प्रजा पाल्दछ स्नेहले ॥
न हेरेमा न पालेमा राजाले दुनियाँ सव ।
भाँडिन्छन्, नष्ट नै हुन्छन् धर्मकै साथ वास्तव ॥
कर्ता हो विश्वको तस्मात् राजा रक्षक हों अतः ।
राजा सारा जगत्‌को यो पिता नै हो यथार्थतः ॥
ए महाराज ! मानिन्छ राजा नै काल वा युग ।
शास्त्र-सिद्धान्त यै भन्छ राजा नै हो जगत् सव ॥
जगत् धारण गर्ने भै प्रभो ! धर्म भनिन्छ त्यो ।
धर्म नै यो प्रजा सारा गर्छ धारण नित्य पो ॥
चराचर—जगत्‌को यो सारा प्राणीहरूकन ।
पाल्छ, त्रैलोक्यको सम्म छ त्यै आधार पावन ॥
आफ्ना द्रोही हुने जो हुन् जनता शत्रुतुल्यका ।
उनलाइ पनी राख्छ मर्यादामा र पाल्छ बा ! ॥
राष्ट्रका दुनियाँ राजा खुश राख्छ स्वधर्मतः ।
यही धारण मानिन्छ धर्म यै हो, छ निश्चित ॥

१३

१४

रघुनन्दन ए स्वामित् ! प्रजापालनरूप यो ।
हों महान् धर्म राजाको, अन्तमा फल दिन्छ जो ॥
दिन्छ सारा कुरा धर्म छैन केही न पाँइने ।
म जस्ता पनि मान्दाछन् यही सद्‌बुद्धि भो भने ॥
महाराज ! दया, दान, सेवा सज्जन-मान्यको ।
भै सोझो व्यवहारादि गर्नु, यै मुख्य धर्म हो ॥
यसरी स्वप्रजा सारा गर्दा रक्षण पाँइने ।
धर्म गर्छ भलो स्वामित् ! यो लोक-परलोकमा ॥
ठूल्ठूला व्रत पालेका हजूर रघुनन्दन ! ।
प्रमाण भइ बक्सिन्छ प्रमाणैको पनी पुनः ॥
प्रभुले जानि बक्सेकै छ सारा धर्म वास्तव ।
जो जो सज्जनले पाले, धाने भै दृढ राघव ! ॥
हजूरै भइ बक्सिन्छ धर्मको उच्च धाम त्यो ।
दया-दाक्षिण्य इत्यादि गुणका सिन्धु ठीकको ॥
नृपश्रेष्ठ प्रभो ! मैले अज्ञानवशमा परी ।
यसरी धर्मको मर्म खोलें पाउ परी—परी ॥
तस्मात् म पाउमा आफ्नो शिर राखेर राघव ! ।
विन्ती गर्छु, क्षमा माग्छु रिसानी न हओस् अव ॥
सुनी कुकुरका यस्ता कुरा श्रीरामले भने ।
भन काम तिमी आफ्नो भइ निर्भयता लिने ॥
तिम्रो काम कुरो के हो मैले गर्नु पर्‍यो कुन ? ।
न मान भय, संकोच म गर्दछु छिटै भन ? ॥
सुनी श्रीराम- राजाका यी कुरा भन्छ फेरि त्यो ।
राज्य भेट्तछ राजाले आफ्नु नै कर्मले प्रभो ! ॥
सँधै लागि परी स्वामित् ! धर्मले पाल्छ राज्य त्यो ।
यसैले हुन्छ साराको शरणस्थान योग्यको ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
यसर्थ सब प्राणीको भय नाशन समर्थ छ ।
बुझी यत्ति कुरा मेरा सुनि बक्स्योस् प्रभो ! अब ॥
छन् स्वामित् ! एउटा भिक्षु नाम सर्वार्थसिद्ध हो ।
विप्रकै घरमा बस्छन् उनी धेरै जसो प्रभो ! ॥
मलाई तिनले आज त्यसै अन्यायमा कुटे ।
थिएन दोष वा मेरो अपराध कुनै हरे ! ॥
कुरा कुकुरका यस्ता सुन्दा श्रीरामले छिटै ।
त्यहीं डाक्न उनीलाई पठाए द्वारपाल क्वै ॥
द्वारपाल गयो आयो तुरुन्तै भिक्षुलाइ ली ।
पसे राजसभाबीच विद्वान् सर्वार्थसिद्ध ती ॥
द्विजश्रेष्ठ थिए भिक्षु, तेज थ्यो धप्धपाँउदो ।
पाए दर्शन राजाको अनि विन्ती गरे यसो ॥
विशुद्धकर्मका राजन् ! म जाबासित के कुरो ।
पर्न गो प्रभुको त्यस्तो ? आज्ञाहोस् सुन्न पाँउ त्यो ॥
ती भिक्षु-द्विजले यत्ति भनेमा रामले भने ।
ब्रह्मन् ! कुकुरलाई यी पिट्नु भो कुन हेतुले ? ॥
अपराध तपाँईंको गरे कि यिनले कसो ।
जसबाट तपाँईंले लाठोले शिर फोर्नु भो ? ॥
क्रोध हो प्राण नै हर्ने शत्रु दुर्जय एउटा ।
हो मित्रमुखको अर्को न राम्रै शत्रु एउटा ॥
क्रोध अत्यन्त नै तीखो कराल-तरवार हो ।
भए सद्गुण सम्पूर्ण क्रोध नै खिच्छ, नाश्छ पो ॥
मनुष्य तप जो गर्छ दिन्छ जो यज्ञ गर्दछ ।
क्रोधले नाश्छ त्यो पुण्य, त्याग्नु पर्दछ त्यो अतः ॥
दुष्ट घोडाहरू जस्तो न राम्रै गरि दौड्दछन् ।
यी इन्द्रिय त्यहीठीक विषयैतिर दौड्दछन ॥
यसर्थ विषयैबाट हटाई धैर्यपूर्वक ।
बुद्धि-सारथिले राम्रो रोक्नुमै नित्य श्रेय छ ॥
आफ्ना नजीकमा बस्ने-हिंड्ने सम्पूर्ण व्यक्तिको ।
नित्य श्रेय भलो गर्नु आफ्नु नै श्रेय गर्नु हो ॥
तसर्थ मन-वाणीले दृष्टिले कामले पनि ।
गरेमा श्रेय अर्काको पापले छुन्न है अनि ॥
यो दुष्ट मनले जस्तो गर्न सक्तछ जत्तिको ।
अनर्थ कुभलो त्यस्तो गर्न सक्तैन क्वै कुरो ॥
४३

४४
धारिलो खड्गले एवं हानेको लात सर्पले ।
फोक्किने नित्य-वैरीले क्यै गर्दैन उ, गर्छ जे ॥
राम्रो विनयको शिक्षा पाएका व्यक्तिको पनि ।
अर्को प्रकृति बन्दैन जो छ बस्छ स्थिरै बनी ॥
आफ्नो प्रकृति वा बानी खोजोस् जत्ति लुकाँउन ।
सक्तैन अँहँ ! निस्कन्छ काममै उब्जिईकन ॥
सजीलै काम ठूल्ठूला गर्ने श्रीराम-भूपले ।
भनिए यसरी विप्र भिक्षु सर्वार्थसिद्ध ए ! ॥
उनले अनि श्रीराम-राजाको पाउमा भने ।
यसरी आफ्नु बेहोरा जो भएको यथार्थले ॥
महाराज ! थिए क्रोध मेरा मन भरी तब ।
त्यसको फोकमा पर्दा ठोक्दिएँ यसलाइ त ॥
अबेर भै सकेकोथ्यो जाँदैथें भीख माग्न म ।
भोक लागि सकेकोथ्यो घुम्दैथें द्वार-द्वार म ॥
ए प्रभो ! बीच बाटोमा थियो कुकुर यो खडा ।
बारम्बार भनें मैले छोड् ! बाटो छोड् !! भनी कडा ॥
टेरेन यसले कत्ति अझ उल्टो मजासित ।
हिंडेर बीचबाटोमा यो बस्यो ठिक्क भै तब ॥
यतातिर थिएँ भोको उता क्रोध बढ्यो अनि ।
लाठो साथ थियो नाथ ! ठोक्दिएँ शिरमै पनि ॥
यसरी अपराधी हूँ दण्ड बक्स्योस् ममा अब ।
जसले राजराजेन्द्र ! नहोस् नरकको भय ॥
सुनी स्पष्ट कुरा त्यस्ता विप्रका रामले तब ।
सभासद्हरुमा सारा भने यस्ता कुरा अब ॥
भन्नुहोस् लौ सभासद् हो ! तपाँईहरु नै अब ।
के गर्ने हो यहाँलाई, दण्ड के दिनु योग्य छ ? ॥
जरिवाना तथा दण्ड राम्रो सँग भने भयो ।
सुरक्षित प्रजा हुन्छन्, सभासद्मा छ ज्ञान जो ॥
त्यस राजसभाबीच ठूल्ठूला व्यक्ति थे सब ।
भृगु कुत्स अङ्गिरस बसिष्ठ मुनि काश्यप ॥
सम्पूर्ण धर्म-शास्त्रादि जान्ने पढ्ने थिए बुध ।
महाजन महामन्त्री थिए विद्वान् पनी सब ॥
राजाको धर्म जानेका बुझेका मर्म दण्डको ।
भने न्यायिक विद्वान्ले सभामा राममा यसो ॥
६०

६१

राजेन्द्र ! विप्र छन् जत्ति दण्डले ती अवध्य छन् ।
दिइन्न देहमा दण्ड शास्त्रज्ञहरु भन्दछन् ॥
भनेमा उनले यत्ति भने क्वै मुनिले यसो ।
राजा सम्पूर्ण प्राणीको हुन्छ शासक हे प्रभो! ॥
रघुका कुलमा जन्म ली बक्सेका हजूर नै ।
यी तीनै लोकको स्वामिन् ! गरि बक्सिन्छ शासनै ॥
विशेषरूपले हामी मान्दछौं प्रभुलाइ ता ।
साक्षात् सनातनै विष्णु देवका पनि देवता ॥
यत्ति भन्दा न भन्दामा वहाँका जनले सव ।
भन्यो राजसभावीच त्यहीं कुकुरले अव ॥
श्रीराम ए महाराज! ममा यदि हजूर ता ।
प्रसन्न भइ बक्सेको छ भने हुन्छ ता कृपा ॥
वर पाँउछु ता स्वामित् ! बक्सिने हो भने यदि ।
जव कि भनि बक्सेथ्यो के गरौं म ? भनी यति ॥
प्रभो ! हजूरको साथ म त माग्छु यही कुरा ।
पार्दि बक्स्योस् कुलपति-अहिल्यै यिनलाइ ता ॥
त्यो कालञ्जर-डाँडोमा छ यौटा मठ देवको ।
पुजारी हुन् त्यहाँका यी, महन्त्याँई मिलोस् प्रभो! ॥
कुरा कुकुरका सुन्दा भनेझैं रामले गरे ।
बनाए वा ! कुलपति अभिषेक पनी दिए ।
पाएर यसरी मान भई पूजित हर्षित ।
गए चढेर हात्तीमा कालञ्जरतिरै द्विज ॥
यता श्रीरामका मन्त्री भन्छन् जिल्ल परी यसो ।
महाराज सँगै आफ्ना हाँसी अलि-अली अहो ! ॥
महाराज ! वरै पाए भनेझैं विप्रले प्रभो ! ।
भन्नु यो श्राप वा दण्ड कसरी हो भनेर पो ? ॥
ती मन्त्रीहरुले यत्ति भन्दामा रामले भने ।
रहेनछ तपाँईमा ज्ञान नै यसको हरे ! ॥
फल के कामको कस्तो निस्कन्छ गति हुन्छ के ? ।
यिनै कुकुरलाई छ यसको ज्ञान तत्त्वले ॥
अव लौ राम्ररी खोल सारमेय ! रहस्य त्यो ।
भनेमा राम-राजाले भन्यो कुकुरले यसो ॥
रघुनन्दन श्रीराम ! त्यो कालञ्जर - शैलको ।
देव-मन्दिरमा पैलो जन्ममा म यही प्रभो ! ॥

७७

७८

थिएँ यौटा कुलपति महन्त भनिइन्छ जो ।
भोग लागी बचे जत्ति म खान्थें अन्न, बेस थ्यो ॥
देवको विप्रको पूजा गर्नमै रम्दथें सदा ।
दास-दासी थिए धेर न्यायले बाँड्दथें म ता ॥
म राम्रै कर्ममा लाग्थें झुक्थ्यो मन सँधै त्यता ।
देव-सम्पत्तिको रक्षा गर्दथें यसरी म ता ॥
शील-स्वभाव राम्रो थ्यो ममा विनय थ्यो अति ।
ए प्रभो ! सव प्राणीको म गर्थें हित ध्यान दी ॥
यस्तो भए पनी स्वामित् ! त्यसको फल अन्तमा ।
त्यै ममा बज्रियो यस्तो डर्लाग्दो गतिको यहाँ ॥
त्यस्ताको गति ता यस्तो हुन जाँदो रहेछ त ।
के होला अलिल चुक्नेको वेहोशीको प्रभो ! स्वत: ? ॥
अर्काको अहितै गर्ने, धर्म छोड्ने,-स्वभावले ।
हुने क्रूर, रिसै गर्ने, भित्र निर्दयता लिने ॥
रम्ने अधर्ममा स्वामिन् ! रिसाहा विप्र हुन् तिनी ।
मार्छन् स-सात पुस्ता नै तलका माथिका अनि ॥
तस्मात् जस्तो अवस्था होस् ,परोस् जस्तो मुकै तर ।
न होस् कसै कुलपति महन्त्याईं छ दुर्धर ॥
बन्धु-बान्धव-पुत्रादि पशु ऐश्वर्य साथमा ।
नर्कमै हाल्न खोज्ने हो भने जल्लाइ ता यहाँ ॥
त्यसलाइ कुनै देव-गाईको विप्र आदिको ।
सम्पत्तिको अधिष्ठाता बनाइ दिनुपर्छ पो ॥
विप्रको देवको एवं स्त्रीको बालकको धन ।
हर्छ वा खान्छ जो फेरि दिएको खोस्छ जो धन ॥
त्यो व्यक्ति आफ्नुभन्ने र आफ्ना भन्ने सँगै सव ।
भुसुक हुन्छ मासिन्छ यै कुरो शास्त्र भन्दछ ॥
मास्छ वा खान्छ जो व्यक्ति विप्रको देवको धन ।
अवीचि-नर्कमै खस्छ चाँडै नै पछि त्यो जन ॥
रघुरत्न प्रभो राम ! धन ब्राह्मण-देवको ।
विचार गर्छ जो खाने-खोस्नेसम्म अनर्थको ॥
त्यो नराधम हो स्वामित् ! भोग्छ दुर्गति जो यहाँ ।
नर्कबाट कुनै यौटा अर्कोमा जान्छ नै वहाँ ॥
सुन्दा कुकुरका यस्ता कुरा श्री रामका पनि ।
श्रीनेत्र फक्रिए फक्क जिल्लं-जिल्ल परी अनि ॥

८४

CC-0. In Public Domain. Digitization by eGangotri

९५
यसो हेर्दा निकै तेजी थियो कुकुर जो तव ।
भनी यत्ति हिंडी हाल्यो आए जस्तो गरी अब ॥

९६
थियो निकै मनस्वी यो अघिल्लो जन्ममा तर ।
भयो कुकुर औले जो जातिदूषित अस्थिर ॥

९७
टूलै भाग्य हुँदा तस्मात् गयो काशी सरासर ।
वहीं नै छोड्दियो प्राण नखाने व्रत ली स्थिर ॥

इति दोश्रो प्रक्षिप्त सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

तेश्रो प्रक्षिप्त सर्ग

राज-सभामा गिद्ध र लाटोकोसेराको झगडामा न्याय दिंदा न दिंदै राजा-रामबाट गिद्धको श्रापमुक्ति हुनु

१
त्यहींनिर अयोध्याको कुनै वन-प्रदेशमा ।
नाना प्रकारका वृक्ष शोभिइन्थे जहाँ-तहाँ ॥
यौटा डाँडो थियो श्रेष्ठ निकै अग्लो रमाइलो ।
जहाँ कोकिल गुञ्जन्थे कुहू ! कुहू !! गरी बडो ॥
साना ठूला नदी बग्थे झर्दथे झरना जहाँ ।
बाघ-भालू थिए टन्न नाना पक्षी थिए जहाँ ॥
त्यहाँ त्यैठाममा लाटोकोस्यारो- गिद्ध यी दुवै ।
थिए बा ! बसि आएका असंख्यै वर्ष देखिकै ॥
यसैताक त्यहाँ लाटोकोस्यारोको निवासमा ।
यौटा गिद्ध पस्यो स्वात्तै पाप खेलाइ चित्तमा ॥
तेरो होइन, मेरो हो ! यो निवास भनी-भनी ।
गर्‍यो बा ! झगडा लाटोकोस्यारोसँग नै अनि ॥
पछिबाट दुवैले यी जाऔं राजाकहाँ भने ।
राम सम्पूर्ण प्राणीका गति हुन्, न्याय छन् दिने ॥
जसको घर होला यो उनै टुङ्गो लगाँउलान् ।
गइ हालौं छिटै हामी राजा-राम सुयोग्य छन् ॥
बेस बुद्धि लिए यस्तो यी दुवै झोक्किंदै हिंडे ।
राजा-राम भए ठाम बाटामा पनि चूर थे ॥
रिसले भुत्भुताएर दुवै रन्थनिईकन ।
दौड्दै-उड्दै पुगी हाले न्याय माग्न भनीकन ॥
दुवै अझ अ-आफैंमा थिए मुर्मुरिंदै वहाँ ।
दुवै पछारिई हाले ढोग्न श्रीराम-पाउमा ॥
अब त्यो गिद्धले देख्यो राजा-रामकनै वहाँ ।
भवाट्ट विन्ती गरी हाल्यो झुकाइ शिर अन्तमा ॥
महाराज ! म ठान्दोछु प्रभुलाइ त वास्तव ।
सम्पूर्ण देवतामा र दैत्यमा मुख्य, नायक ॥
१३

१४
महान् तेज हुने स्वामिन् ! बृहस्पति र शुक्रमा ।
विशिष्ट बुद्धि जो जे छ त्यो भन्दा बढिका यहाँ ॥
कान्तिमा भइ बक्सिन्छ दोस्रो चन्द्र हजूर ता ।
प्राणीका गतिको मर्म जानेका तत्त्व धर्मका ॥
कष्टै छ हेर्न ता भवाट्ट सूर्यझैं भइ बक्सिंदा ।
यता गौरवमा चाँहि भै बक्सिन्छ हिमाल बा ! ॥
गाम्भीर्य प्रभुमा टिक्छ ठीक सागरमा सरि ।
लोकपालहरूमध्ये भै बक्सिन्छ यमै सरि ॥
देखिन्छ प्रभुमा स्वामित् । क्षमा यी क्षितिमा सरि ।
प्रभुमा वेग देखिन्छ वायुमा नै भए सरि ॥
विशिष्ट शक्ति वा तत्त्व हुनेका गुरु योग्यका ।
हजूर भइ बक्सिन्छ सर्व-सम्पन्न कीर्तिका ॥
नसक्ने खप्न अन्याय, जित्ने, नजितिने तथा ।
शस्त्रास्त्र-तत्त्व सम्पूर्ण जानेका र सुयोग्यका ॥
नरश्रेष्ठ प्रभो ! राम ! मेरो विन्ती-चढाउ छ ।
दिएर राम्ररी ध्यान सुनिबक्सनु पर्दछ ॥
अन्याय भो महाराज ! आफ्नु नै बाहुवीर्यले ।
मैले अघि बनाएँथें यौटा वास प्रयत्नले ॥
त्यो मेरो वास यो लाटोकोस्यारोले त्यसै प्रभो! ।
हर्न खोज्यो जबर्जस्ती, रक्षा होस् , न्याय पाँउ यो ॥
त्यो गिद्धले यसो भन्दा न भन्दैमा यतातिर ।
बीचमै भन्छ त्यो लाटोकोस्यारो गै अघिल्तिर ॥
ए महाराज ! पृथ्वीमा राजा आँउछ अंश ली ।
सूर्यको चन्द्रको इन्द्र-कुवेर-यमको बढी ॥
मनुष्य हुन्छ त्यो थोरै अंशमामात्र वास्तव ।
प्रभुको देहमा स्वामित् ! टिक्तछन् देवता सब ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

दोश्रो नारायणै ठीक भै बक्सिन्छ हजूर ता ।
शोभिन्छ बहुतै राम्रो यता विनय-सौम्यता ॥
आपकै भइ बक्सिन्छ प्राणीमा सब भै सम ।
यसैले प्रभुमा ज्यादै छ चन्द्रांश अनुत्तम ॥
सम्पूर्ण जनका स्वामिन्! प्रभुमा छ विचित्रता ।
भय-पापादि साराको नाशिद बक्सिन्छ सर्वथा ॥
क्रोधमा दण्डमा सम्म भै बक्सिन्छ अतुल्यको ।
रक्षिने र दिने, हर्ने हुदाँ इन्द्र समानको ॥
विश्वका सब प्राणीले आँट्नै न सकिने सदा ।
अत्यन्त तेजिला साक्षात् भगवान् अग्नि ठीकका ॥
यस्तो प्रतापले आफ्नो सारा लोक निरन्तर ।
पार्दा धपक्क राजेन्द्र! भै बक्सिन्छ दिवाकर ॥
साक्षात् कुवेर जस्ता वा उनी भन्दा पनी बढी ।
हजूर भइ बक्सिन्छ शक्ति-सामर्थ्य भै बढी ॥
लक्ष्मी कुवेरमा बस्छिन् जस्तो स्थिर भई प्रभो ! ।
राजलक्ष्मी त्यहीठीक टिक्छिन् राजेन्द्रमा अहो ! ॥
कुवेर जसरी दिन्छन् परेमा देवमा धन ।
त्यैठीक धन बक्सिन्छ हाम्रा भइ उनै सम ॥
जो छन् हिंड्ने न हिंड्ने यी प्राणीमा क्षितिका सब ।
हजूर भइ बक्सिन्छ एकनासे रघूद्वह ! ॥
शत्रुमा मित्रमा सम्म प्रभुको दृष्टि सम्म छ ।
चल्छ शासन धर्मैले न्यायकै व्यवहार छ ॥
जसमा प्रभुको क्रोध बढ्छ, बज्रन्छ, व्यक्ति त्यों ।
जो सुकै होस् मरी हाल्छ, स्वयं मृत्यु लखेट्छ जो ॥
यसर्थ भन्दछन् सारा दुनियाँ प्रभुलाइ ता ।
साक्षात् यम भनी स्वामिन्! अतिविक्रम भै दिंदा ॥
चाल-चेष्टा छ जो जत्ति प्रभुमा यो मनुष्यको ।
त्यो शोभिन्छ प्रभो ! त्यत्ति हुँदा भित्र दया बडो ॥
पृथ्वीका सब प्राणीमा राजा नै हुन्छ उत्तम ।
जो हुन्छ त्यसमा बढ्ता क्षमा गुण अनुत्तम ॥
दुब्ला र निमुखाको ता राजै हो एउटा बल ।
अनाथ-टुहुराको झन् नाथै हो नृप निश्छल ॥
जो यी आँखा न देख्ने छन् आँखै हो तिनको नृप ।
न हुने गति आधार व्यक्तिको गति हो नृप ॥

४३

४४

धर्म धान्ने संधै मान्ने महाराज ! हजूर ता ।
भइ बक्सिन्छ यी हामी जस्ताको पनि नाथ ता ॥
तसर्थ लौ ! सुनी बक्स्योस् अब विन्ती-चढाउ छ ।
निवास स्थानमा मेरो पस्यो यो गिद्ध, पिर्दछ ॥
हजूर भई बक्सिन्छ नरश्रेष्ठ स्वयं यहाँ ।
गर्ने शासन सन्न्याय दिने देवमनुष्यमा ॥
सुने श्रीरामले लाटोकोस्याराका कुरा यति ।
अनि मन्त्रीहरूलाई बोलाए यिनकै अघि ॥
जयन्त धृष्टि विजय सिद्धार्थ राष्ट्रबर्धन ।
अशोक र धर्मपाल थे सुमन्त्र महाबली ॥
यिनै मन्त्री दशरथ-राजाका पनि थे अघि ।
अहिले राम-राजाका पनि ता थे विशिष्ट यी ॥
जान्दथे यी सबै शास्त्र ज्ञान थ्यो न्याय-नीतिको ।
दरो आत्मा भएका थे सह्याल्थे राजकाज जो ॥
क्यै कुरो बिग्रला भन्ने डर थ्यो, भित्र लाज थ्यो ।
हुँदा सद्वंशका न्याय राय दिन्थे हुने भलो ॥
डाके श्रीराम-राजाले यिनैलाइ वहाँ अब ।
आए पुष्पकमा चढ्दै ओर्लिए पछि यी सब ॥
आफ्नो अगाडि राखेर पछि सोधे यसो भनी ।
मुद्दाको रूप त्यो लाटोकोस्यारो-गिद्धमा पनि ॥
भन गिद्ध ! कुरा के हो? तिमीले घर आफ्नो त्यो ।
कहिले हो बनाएको भोगेको कति वर्ष भो? ॥
त्यो आफ्नो घर हो भन्ने प्रमाण-परिबन्द वा ।
के के छन् भन लौ सारा साँचो-साँचो छ ज्ञान ता ॥
अब श्रीराम-राजाका कुरा यस्ता सुने पछि ।
गिद्धले यसरी विन्ती गर्‍यो अघि सरी झुकी ॥
स्वामिन्! यी पृथिवी देवी जहिले देखि मर्त्यले ।
भई जताततै टम्म ढाकेथे बहुरूपले ॥
रघुरत्न महाराज ! त्यै वेला देखिको प्रभो! ।
त्यो मेरो घर हो स्वामिन् ! बस्छु ढुक्क भई म जो ॥
अब भन्दछ त्यो लाटोकोस्यारो सबको अघि ।
धर्मात्मा राम-राजामा नम्रताले यसो झुकी ॥
प्रभो ! यी पृथिवी देवी जहिले देखि वस्तुतः ।
वृक्षले ढाकिएकी थिन् थिन् शोभित विभूषित ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

त्यैवेला देखिको मेरो घर हो, म मजासित ।
त्यहाँ बसिरहेको हूँ, गर्छ अन्याय यो अतः ॥

६२

यस्ता गिद्ध तथा लाटोकोस्यारा दुइकै कुरा ।
सुने श्रीराम-राजाले सभासद्मा भने तदा ॥

६३

सभा सुहाँउन्न, न त्यो सभै हो, छैनन् जहाँ ज्ञान-उमेर पाका ।
सद्धर्म भन्नै असमर्थ छन् जो न ती गनिन्छन् गुण ज्ञान पाका ॥
त्यो धर्म नै धर्म भनिन्न कत्ति जहाँ बखानिन्न छ सत्य जत्ति ।
त्यो सत्य नै सत्य भनिन्न त्यत्ति जहाँ छ लुक्तो छल-छाम जत्ति ।।

६४

६५

सभासद् भइ शोभिन्छन् सभामा सभ्य व्यक्ति जो ।
जानेर पनि बोल्दैनन् बस्छन् घोरिइमात्र जो ॥
न भन्ने ठीक, पर्दामा त्यस्ता व्यक्तिहरू यहाँ ।
सबै असत्यवादीमा गनिन्छन् , हुन जहाँ-तहाँ ॥
जानेकोछ भने सोद्धा भन्नुपर्छ, छ सत्य जो ।
यदि भन्दैन ता काम-क्रोध वा भयबाट जो ॥
त्यस्ताले आफ्नु कामैले आफ्नु देहकनै पुनः ।
बाँधछ वारुण-पाशोले हजारौंपल्ट टन्टन ॥
त्यसका पाशको गाँठो एक साल विते पछि ।
एकौटा छिन्छ, फुस्किन्छ यसरी छुट्छ त्यो पछि ॥
भन्नुपर्दछ जान्नेले तस्मात् साँचो कुरा सदा ।
जो देखेको छ जानेको, पर्दा खेरि तुरुन्त बा ! ॥
श्री रामका कुरा यस्ता सुनेपछि उनीसित ।
भन्दछन् उनका मन्त्री तत्थ्य खोली मजासित ॥
राजराजेन्द्र ! यो लाटोकोस्यारो बेस भन्दछ ।
त्यो गिद्धको कुरा त्यस्तो ठीक देखिन्न वास्तव ॥
महान् बुद्धि हुने स्वामिन् ! प्रमाण यसमा अब ।
प्रभु नै भइ बक्सिन्छ राजा नै गति हो जब ॥
राष्ट्रका सब प्राणीको राजा हो मूल आश्रय ।
हो सनातन त्यो धर्म राजा नै एक वास्तव ॥
अपराध तथा दोष गरे मानिसले यहाँ ।
दिंदामा दण्ड राजाले हुन्न दुर्गतिको वहाँ ॥
छल—छाम गरी बच्छन् भने पनि मरे पछि ।
यमले ठोक्तछन्, छोड्छन्, अनि हुन्छन् मनुष्य ती ॥

७६

७७

आफ्ना, मन्त्रीहरूका यी कुरा सब सुने पछि ।
भन्छन् सब सभासद्मा राजराजेन्द्र राम यी ॥
सुन्नुहोस् लौ सभासद् हो ! पुराणहरुमा सब ।
भनेका थी कुरा भन्छु तपाँईहरुमा अब ॥
माथिका लोकका साथ सूर्य नक्षत्र चन्द्रमा ।
वन शैल महारण्य पृथ्वीकै साथ-साथमा ॥
चराचर जगत् सारा सुन्नुहोस् ! तीन लोक यो ।
पानीमा लयकालीन सिन्धुमा भित्र डुब्दथ्यो ॥
यौटै तत्त्व थियो बाँकी त्यसवेला अतर्क्यको ।
दोश्रो सुमेरु नै साक्षात् हो भनेमैं अतुल्यको ॥
त्यसैवेला लिई देवी-लक्ष्मीसाथ स्वयं धरा ।
विष्णुका पेटमा सुत्तै पसि हालिन् त्यसै बरा! ॥
यसरी पृथिवीलाई पेटभित्र हुले पछि ।
महान् तेज हुने विष्णु सुति बक्स्यो समाधि ली ॥
लयका सिन्धुको पानी देखिइन्थ्यो जतातता ।
थिए यी जीवका बीज विष्णुकै पेटभित्र ता ॥
अनगिन्ती विते वर्ष यसरी कति हो कति ।
ब्रह्मा भो, छानियो तत्त्व, पस्यो त्यै पेटमा पछि ॥
यता निस्कि सकेकोथ्यो विष्णुको नाभिबाट त्यो ।
अनौठो डाँठ क्वै यौटा सुवर्णमय पद्मको ॥
त्यसैमाथि पुगी ब्रह्मा टक्कक्क भइ राज भो ।
सवैतिर यसो हेर्दा कहीं बाटै थिएन पो ॥
यसरी थुनिएको र रोकिएको बुझे पछि ।
ब्रह्माले रोकि बक्स्यो बा ! आफ्ना इन्द्रियवर्ग ती ॥

८८

८६

अनि योग-क्रिया गर्दा महायोगी हुँदा अतः ।
योग-सिद्धि झुके सारा गर्न सेवा स्वभावतः ।।
यिनैको शक्ति पाएर ठूलो सामर्थ्य भै दिंदा ।
सृष्टि गर्ने बढ्यो इच्छा पैलो संस्कार ठेंलिदा ।।
ठूलो तप गरी बक्स्यो ब्रह्माले न पुगी अझ ।
अनि सृष्टि रची बक्स्यो अनेकौंथर वास्तव ।।
पृथिवी वायु आकाश तेज यी तत्त्व सिर्जिए ।
वृक्ष इत्यादिका साथ मनुष्यहरु उब्जिए ।।
भए चारथरी प्राणी उद्भिज्ज र जरायुज ।
तिनका साथ-साथैमा निस्के स्वेदज, अण्डज ।।
अब यस्तै अवस्थामा विष्णुका कानबाट ता ।
मलका रूपमा उब्जे मधु-कैटभ दैत्य बा ! ।।
दुवैको रूप भ्यो साह्रै डर्लाग्दो वीर्य भ्यो अति ।
भयावह नाशन यिनीलाई गाह्रै भ्यो, शक्ति भ्यो उति ।।
ब्रह्मामाथि पर्‍यो आँखा यी दुवै दैत्यको पछि ।
झम्टे मार्न उहाँलाई झोकिंदै वेगले अति ।।
आफैं नै उब्जि बक्सेका ब्रह्माले यी दुवैकन ।
देख्ता चिच्याइ बक्स्यो बा ! ठूलो डर परीकन ।।
यसले तल पानीका विष्णुमा दृष्टि पर्न गो ।
दौडिए ती दुवै दैत्य त्यतैतिर असह्य भो ।।
यैवेला चक्रले हानी मधु-कैटभ दैत्य यी ।
विष्णुले मारि बक्सेथ्यो बुझ्नु भो ! यसरी अघि ।।
यिनकै मेद वा बोसो जम्नाले जलमा परी ।
पृथिवी-नाम ली देवी उब्जिइन् यी वरीपरी ।।
चौधै भुवन धर्ने ती विष्णुले पछि यी धरा ।
पारिइन् शुद्ध शोधेर गरेरै योगका क्रिया ।।
पृथिवी भै सकेकी थिन् विशुद्ध त्यसरी जब ।
अनि यी ढाकिइन् झम्म उम्राई वृक्ष यी सब ।।
ठूल्ठूला रुखकै साथ नाना अन्न र औषधि ।
भएपछि यिनैमाथि सृष्टि बढ्दै गए पछि ।।
तिनैका मेदको गन्ध आँउथ्यो यिनमा अतः ।
'मेदिनी' भनिएकी हुन् यसैले यी धरा स्वतः ।।
यसर्थ पनि मैले ता ठानें यै तत्त्वको कुरो ।
गिद्धको हुन सक्तैन घर भो त्यो उलूकको ।।

१०५

१०६

तस्मात् ठहरिए गिद्ध अर्काको घर- खोसुवा ।
अपराधी र अन्यायी, छन् दिनै दण्ड योग्यका ।।
यिनको चित्तमा भित्र पाप खेलेर धृष्ट भै ।
यसो गरे, पर्‍यो मर्का जसले अरुमा त्यसै ।।
यत्ति बोली नसक्तामा-सक्तामा राम-भूपले ।
भयो आकाश-वाणी पो जसमा यी कुरा थिए ।।
न मार राम ! यल्लाई गिद्ध हो, छ अनाथ यो ।
पैल्यै मरिसकेको छ तपको शक्तिबाट जो ।।
अघिल्लो जन्ममा राजा थियो यो गिद्ध उत्तम ।
भो भुसुक्क रिसाएमा कालात्मा मुनि-गौतम ।।
यसको नाम त्यो वेला ब्रह्मदत्त थियो सुन ! ।
पवित्र-व्रतको शूरो सत्य शुद्ध हुने मनः ।
यसको घरमा राम ! त्यै ताक मुनि-गौतम ।
खण्डखाद्य परी त्यस्तै पाल्नु भो गर्न भोजन ।।
घरमा यस राजाको मुनिले बसिने तथा ।
उहाँले खाइने काल थियो वर्ष बढी तदा ।।
यो ब्रह्मदत्त-राजाले सवारी मुनिको हुँदा ।
पाद्य - अर्घ्य गर्‍यो ठूलो श्रद्धा हृदयमा हुँदा ।।
महान् तेज हुने त्यस्ता साक्षात् ब्रह्मस्वरूपका ।
मुनि-गौतमको निम्ति टक्र्यायो भोज्य-वस्तु बा ! ।।
एवंरीत बित्यो काल महात्मा मुनिराजको ।
आहारमा पर्‍यो मासु, कुनै दिन प्रमाद भो ।।
मुनिलाइ भयो ज्ञान रिसाँउनु भयो अनि ।
दिनु भो यस राजामा चर्को श्राप यसै भनी ।।
भएस् गिद्ध तँ ए राजा ! यै आफ्नो कामले अब ।
त्यो सुनेर भन्यो यल्ले नहोस् यस्तो भनी तब ।।
भयो अज्ञानले यस्तो महान् व्रत हुने मुने ! ।
होस् ममाथि कृपा तस्मात् म न हूँ दुःख पाँउने ।।
निष्पाप धर्म जानेका भै बक्सिन्छ हजूर जो ।
भैगो ! खप्छु, व्यवस्था होस् श्रापका अन्तको प्रभो ! ।।
यसो विचार गर्नामा भूल-अज्ञानले भयो ।
भन्ने पर्न गयो तस्मात् आज्ञा भो मुनिले यसो ।।
ब्रह्मदत्त महाराज ! सुन ! इक्ष्वाकुवंशका ।
राजाका कुलमा यौटा जन्मलान् व्यक्ति योग्यका ।।

१२२

CC-0. In Public Domain. Digitization by eGangotri

१२३

हुनेछ राम यो नाम उनका कीर्ति-कर्म ती ।
त्रैलोक्यभरमा घुम्लान् होलान् सुन्दर भूप ती ॥
उनैले गिद्धको रूप लिएका यै तिमीकन ।
छुनेछन् जब ए राजा ! हुनेछौ मुक्त तत्क्षण ॥
यस्तो आकाश-वाणीको कुरा स्पष्ट सुने पछि ।
छोए बा ! राम-राजाले अघिका गिद्धलाइ यी ॥

१२५

१२६

अब यत्ति हुनासाथ ती राजा ब्रह्मदत्तले ।
छोडे त्यो गिद्धको रूप पाए जुन प्रमादले ॥
भै हाल्यो उनको देह दिव्य, जग्मग-रूपको ।
दिव्य-चन्दन पैह्रेको सुगन्धित बडो भलो ॥
अनि श्रीराम-राजामा विन्ती गर्छन् झुकी यसो ।
गर्दि बक्स्यो बडो बेस प्रभुको जय होस् प्रभो ! ॥

१२८

१२९

धर्मका मर्म जानेका प्रभुको हुन गो कृपा ।
डर्लाग्दो नरकै ठीक श्रापबाट छुटें म बा ! ॥

इति प्रक्षिप्त तेस्रो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

साठी सर्ग

राजमहलमा ब्रह्मर्षि–च्यवन आदि मुनिको आगमन र राजा–राम–द्वारा उहाँहरूको इच्छापूर्ति गर्ने प्रतिज्ञा–प्रदान

१

राजकाज चलाएर यसरी राम भूपति ।
भाइ लक्ष्मणका साथ गर्थे यस्तै कुरा बसी ॥
आए वसन्तका रात वहाँ अब यसै गरी ।
हुन्थ्यो चीसो न ता तातो जसमा समता भरी ॥
कुनै दिन उज्यालो भो सुनिर्मल प्रभातमा ।
सके पूर्वाह्नका काम राजा–राम उठी वहाँ ॥
सम्पूर्ण पुरवासीका बुझ्न काम–कुरा भनी ।
निस्के बाहिर साराको अघि देखा परे अनि ॥
यसैबेला वहाँ आए महामन्त्री सुमन्त्र र ।
गरे विन्ती महाराजा–रामसाथ भई स्थिर ॥
महाराज ! तपस्वी छन् राजद्वारभरी खडा ।
प्रधान भइ बक्सिन्छ मुनि–च्यवन सर्वथा ॥
महर्षि भृगुका छोरा उहाँको नायकत्वमा ।
आएका छन् प्रभो ! सारा तपस्वीहरू द्वारमा ॥
भित्र आँउन लाग्दामा हुँदा वेरोकको गति ।
ढोकेले च्वाट्ट रोकेछन्, विन्ती पार्छौं भनी पछि ॥
विन्ती पार छिटो भन्छन्, गर्छन् हड्बड भेट्नमा ।
तसर्थ म स्वयं आएँ गर्न जाहेर पाउमा ॥
पुरुषश्रेष्ठ राजेन्द्र ! तपस्वीहरु यी वहाँ ।
यमुना–तटमा बस्छन् गर्छन् स्नेह हजूरमा ॥
आफ्ना सारथि–मन्त्रीको कुरा सब सुने पछि ।
धर्मका मर्म जानेका भन्दछन् राम भूपति ॥
महान् भाग्य हुने मन्त्री ! भार्गव–च्यवनादिक ।
महर्षिहरूलाई ती भन्नोस् । ल्याउ छिटै अब ॥
सुन्यो आदेश राजाको ढोकेले शिरमा धर्‍यो ।
पुर्‍याइ शिरमै हात गर्‍यो दर्शन, दौडियो ॥
१३

१४

पुगी बाहिर ढोकामा त्यस्ता दुर्जय, तेजिला ।
तपस्वीहरूलाई यी भित्र ल्याइ हुल्यो तदा ॥
यी तपस्वी–महात्माको संख्या थ्यो शयमा बढी ।
धपक्क बल्दथे आफ्ना तपको तेजबाट यी ॥
पसे मुनि–महात्मा यी राजदर्वारभित्र त्यो ।
कोशेली दिन राजामा ल्याएको वस्तु बेस थ्यो ॥
हुन्थ्यो र अरु के त्यस्तो सबका बाहु–बाहुमा ।
थिए जल–फलै मात्र कन्दमूल स–साथमा ॥
ठूलठूला तीर्थका पानी भरिएका थिए घडा ।
फल–मूल थिए त्यस्तै हुन्भैं अमृत–स्वादका ॥
पुगेर अघि राजामा टक्र्याए सब वस्तु यी ।
भइ गद्‌गद् सम्पूर्ण मुनिले प्रेममा बही ॥
झुकाइ शिर भै नम्र भक्तिले प्रभु–रामले ।
लिए बा ! ती सबै वस्तु फल–मूल–जलादि ए ! ॥
प्रसन्न भइ अत्यन्त पछिबाट भने यसो ।
सारा मुनि–महात्मामा जोडेर अँजुली अहो ! ॥
महान् मान्य महात्मा हो ! अब लौ राजहोस् सब ।
मर्यादा ठीक,–छन् लाम बेस आसनका सब ॥
सुन्दा यी रामका वाक्य सारा–ऋषि–महर्षि ती ।
झल्केका सुनका शोभा आसनैमा बसे पछि ॥
सुख–आनन्दमा बस्ने हेरेर मुनिलाइ यी ।
हात जोडी यसो भन्छन् राजा–राम स्वयं पछि ॥
मुनि हो ! अब आज्ञा होस् शुभागमन भो किन ? ।
कि क्यै काम पर्‍यो त्यस्तै, के गरूँ म दिई मन ? ॥
महर्षिहरुको आज्ञा पाँउनै योग्यको छु म ।
इच्छापूर्ण गरी हाल्छु सजीलै गर ! भन्यो कि म ॥
२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

राज्य, वैभव यो सारा जीवात्मा पनि चित्तको ।
महात्मा-मुनिकै निम्ति छ समर्पित, सत्य हो ! ॥
सुन्दा श्रीराम-राजाका प्रेमका भक्तिका कुरा ।
सारा-मुनि महात्मा ती भित्र दङ्ग परे अहा ! ॥
यमुना-तटमा बस्ने हुने तप महान् कडा ।
ऋषिले राममा अर्पे साधुवाद निकै तदा ॥

२६

३०

हर्ष—गद्गद भै सारा मुनि भन्छन् वहाँ यसो ।
राजेन्द्र ! प्रभु बाहेक सक्तैनन् अरू भन्न यो ॥
हामीहरू गयौं राम ! म हूँ भन्नेहरू कहाँ ।
थिए राजाहरू जो जो बलवान् यस भूमिमा ॥
कुरा भने सुने सारा काम ठूलो हुँदा तर ।
प्रतिज्ञा गर्न वा आँट्नै सकेनन् भइ दुर्धर ॥

३२

३३

आयौं यहाँ जो लिइ कामको कुरो अगाडि नै त्यो सब भन्नु-सुन्नुको ।
जो यो प्रतिज्ञा गरि बक्सियो प्रभो! भो त्यो अहो! गौरव राख्न विप्रको ॥
क्यै छैन शङ्का तसअर्थ नाथ ता यो काम गर्नैं सकि बक्सिइन्छ बा ! ।
हामीहरू हौं ऋषि, विप्र वास्तव छ भित्र ठूलो डर, यै छुटोस् अब ॥

३४

इति साठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सट्ठी सर्ग

ऋषि–मुनिहरूले लवणासुरको अत्याचार बखान्दै त्यसबाट हुने पीडा मासि दिन राजा–राम सँग प्रार्थना गर्नु

१

ऋषिले मुनिले त्यस्ता यस्ता आफ्ना कुरा भनी ।
पार्दी प्रेरित श्रीराम विन्ती गर्छन् झुकी अनि ॥
महान् मान्य महात्मा हो! लौ आज्ञा होस् ममा स्वतः
के पर्‍यों भयको हेतु ? पर्दैन डर मान्नु त ॥
ककुत्स्थकुलका रत्न रामका यी कुरा सुनी ।
महात्मा भृगुका छोरा भन्दछन् च्यवनै–मुनि ॥
नरेश्वर प्रभो ! सारा हामीमा देशमा पनि ।
भयो जो भयको हेतु सुनिबक्स्योस् ल ! त्यो पनि ॥
महाराज ! कुरा हो यो पहिलो युग सत्यको ।
बुद्धिमान् धैर्यवान् यौटा ठूलो दैत्य थियो प्रभो ! ॥
यही छोरो थियो जेठो लोलाको रघुनन्दन ! ।
महान् असुर हो राम ! मधु नाम थियो पुनः ॥
थियो ब्राह्मणको भक्त स्थिर–बुद्धि हुने यही ।
दुःखी–आर्तहरूलाई लिन्थ्यो शरणमा यही ॥
उदार – चित्तका सारा स्वर्गका देवतासित ।
अतुल्य यसको प्रेम बढ्दथ्यो अद्भुतैसित ॥
बल–वीर्य थियो त्यस्तै राम्ररी धर्म धर्दथ्यो ।
सावधान भई साह्रै नित्य सत्कर्म गर्दथ्यो ॥
हजारौं वर्ष पर्यन्त यसले भइ संयमी ।
भगवान् शिवको राम ! गर्‍यो आराधना अनि ॥
साह्रै खुश भई बक्स्यो यसमा भगवान् शिव ।
वरै दिन सवारी भो अद्भुतैरूपको तव ॥
महान् मन हुने त्यस्ता प्रभुले बहुमानले ।
त्यसमा वर बक्स्यो बा ! बडो गजब ढङ्गले ॥
यौटा शूल झिकी बक्स्यो बाहुको शूलबाट र ।
त्यसलाई दिई बक्स्यो, थियो झल्मल यो स्थिर ॥

१३

१४

परमात्मा–महात्मा त्यो प्रभुको मन दङ्ग भो ।
पछि आज्ञा भयो यस्तो मधु दैत्यकनै प्रभो ! ॥
सुन ए मधु ! जो यस्तो गर्‍यौ धर्म अतुल्यको ।
मेरो मन भयो दङ्ग त्यसले अति नै अहो ! ॥
भएँ खुश म साह्रै नै यसअर्थ तिमीकन ।
अतिश्रेष्ठ महान् यौटा दिन्छु आयुध उत्तम ॥
देवता विप्रका साथ कुरो बुझ जहाँतक ।
लड्ने, विरोध गर्ने वा छैनौ, टिक्ला त्यहाँतक ॥
विरोध क्यै गर्‍यौ यद्वा लड्यौ कि त त्रिशूल यो ।
तुरुन्त लोपिई हाल्ला, नाश होला ल जाउ भो ! ॥
सुन ! अर्को कुरा जो होस् भइ निःशङ्क, ढुक्कको ।
लड्न निम्ति तिमीसाथ युद्धमा आँउनेछ जो ॥
हुनेछ छिनमै भस्म, मासी शत्रु गरी त्यसो ।
शूल यो आउला फेरि तिम्रो नै हातबीच पो ॥
यसरी वर पाएर भगवान् शिवबाट यो ।
झुकी प्रणाम टक्र्यायो दैत्यले त्यो भन्यो पछि ॥
देवाधिदेव ए नाथ ! देवका पनि देवता ।
हजूरै भइ बक्सिन्छ तस्मात् विन्ती छ एउटा ॥
सर्वोत्तम छ यो शूल तसर्थ भगवन् ! अब ।
रहोस् यो साथमा नित्य मेरा वंशजको सब ॥
मधु भन्थ्यो यसै किन्तु आज्ञा भो देवका पति ।
जगत्पति–परात्माले अँहँ ! हुन्न भनी यति ॥
मलाइ खुश पारेका तिम्रा यस्ता कुरा पनि ।
न हुन् विफल लौ मैगो ! गर्छु यस्तो हुने पनि ॥
शूल यो रहला तिम्रा छोराको साथ एउटा ।
यही वर दिएँ मैले जुन भो यो महान् कुरा ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

छोराको हातमा होला जहिलेतक शूल यो ।
त्यल्लाइ मार्न क्वै प्राणी सक्ने छैनन ,ल जाउ भो! ॥
महादेव उहाँबाट अति ठूलो र अद्‌भुत ।
त्यो दैत्य-मधुले पायो त्यस्तो वर रघूद्वह ! ॥
पछि फर्केर आयो र यौटा भवन उत्तम ।
बनाँउन लगायो बा ! साह्रै राम्रो छिटै पुनः ॥
त्यसकी प्रिय-पत्नी थिन् महान्-सौभाग्यशालिनी ।
थियो कुम्भीनसी नाम, थिन् यिनी मनकी धनी ॥
थिन् विश्वावसुकी पत्नी अनला अतितेजिली ।
यिनमै जन्मिएकी थिन्, वंश उज्ज्वल थ्यो अति ॥
यिनैको पुत्र भै जन्म्यो छोरो लवणनामको ।
ज्यादै वीर्य भएकोथ्यो डर्लाग्दो उग्ररुपको ॥
लवणासुर यो राम ! बालकै कालदेखि नै ।
दुष्ट-प्रकृतिको निस्क्यो गर्दथ्यो पाप-कर्म नै ॥
देख्तामा धृष्ट उद्दण्ड छोरो लवणलाइ यो ।
बाबु त्यो मधु अत्यन्तै झोकिन्थ्यो क्रोधले अहो! ॥
त्यसको दुष्टता देख्ता-सुन्दामा पनि बाबु ता ।
पिरिन्थ्यो शोकले किन्तु केही भन्दैनथ्यो तदा ॥
पछि छोडेर पृथ्वीको लोक यो बस्न अन्त पो ।
गयो वरुणलोकैमा जुन पश्चिम-सिन्धु हो ॥

३६

३७

त्यो शूल यो उता जाँदा दियो लवण-पुत्रमा ।
रहस्य भन्दियो सारा भनेको वरदानमा ॥
अनर्थ गर्न नै लाग्यो राजन् ! लवण त्यो अब ।
त्यो शूलको प्रभावैले दुष्टताले पनी निज ॥
सारा त्रैलोक्य नै पिर्छ दुष्ट त्यो अहिले प्रभो ! ।
विशेष पार्छ सन्ताप तपस्वी-मुनिमा अहो ! ॥
लवणासुरको राम ! यता यस्तो प्रभाव छ ।
त्यसको साथमा फेरि उता त्यस्तो त्रिशूल छ ॥
प्रमाण भइ बक्सिन्छ हजूरै अब यो सुनी ।
ए ककुत्स्थमणे ! हाम्रो गति छैन कुनै पनि ॥
त्यसको डरले काँप्तै पुगी शरणमा प्रभो ! ।
पृथ्वीका सब राजामा भने सम्पूर्ण हाल त्यो ॥
सारा मुनि-महात्माको त्यस्तो अभय-याचना ।
लत्याए बा ! न सक्तामा, पाँउन्नौं रक्षकै यहाँ ॥
यसै समयमा राजन् ! सैन्य-वाहन साथको ।
त्यो रावण मर्‍यो भन्ने कुरो कानभरी भयो ॥
यसर्थ अब लौ हाम्रो गर्न रक्षण योग्यका ।
हजूरै भइ बक्सिन्छ पृथ्वीमा नृप एउटा ॥
देख्तैनौं अरुलाइ क्वै तस्मात् लवणबाट त्यो ।
हामीलाइ मिलोस् त्राण, छुटोस् यो डर लौ प्रभो ! ॥

४६

४७

अब राघव ! यो कुरा सब प्रभुमा विन्ति गर्‍यौं मिली सब ।
लवणासुरबाट यो प्रभो ! जुन यस्तो भय भो, हटोस्न त्यो ॥
प्रभुको छ अखण्ड-विक्रम सकि बक्सिन्छ गरौं भने पुनः ।
यसअर्थ तुरुन्त त्रास यो प्रभुबाट छुटोस्, हओस् भलो ॥

४८

इति एक सट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बासठ्ठी सर्ग

श्रीरामबाट लवणासुरलाई मार्नको निमित्त राजकुमार-शत्रुघ्नलाई खटाँउनु

१

सारा मुनि-महात्माले भनेमा यसरी वहाँ ।
रामले अँजुली जोडे पछि विन्ती गरे यहाँ ॥
मुनि हो ! अब आज्ञा होस् लवणासुर खान्छ के ? ।
व्यवहार छ के कस्तो, त्यो कहाँ बस्छ गर्छ के ? ॥
रामका यी कुरा सुन्दा भने ऋषि मिली सब ।
बढ्यो लवण त्यो जस्तो व्यवहार गरी तव ॥
ए प्रभो ! सब पृथ्वीका प्राणी मार्दछ, घिच्छ त्यो ।
तपस्वी-मुनि नै प्रायः रुचाँउछ र ठोक्छ पो ॥
महाराज ! छ डलाग्दो त्यसको व्यवहार ता ।
यहाँ मधुवनैबीच बस्छ राघव ! त्यो सदा ॥
सिंह, व्याघ्र तथा पक्षी-पशु मानिस आदि यी ।
मारी अनेक हज्जार घिच्छ दिन-दिनै बसी ॥
लयको कालमा साक्षात् कालले जसरी मुख ।
बाँउछन्, त्यै सरीको छ, त्यसको पनि त्यो मुख ॥
स्वात्त हुल्छ त्यसैभित्र तिनका बीच-बीचमा ।
अरू जीव पनी राजन् ! भेटिए जतिका वहाँ ॥
मुनिका मुखका यस्ता उपद्रोका कुरा सुनी ।
भने श्रीराम-राजाले उनीहरूकनै अनि ॥
मुनि हो ! ढुक्क भै बक्स्योस् , म छिटै दुष्टलाइ त्यो ।
मार्न लाँउछु, क्यै त्यस्तो लिनु पर्दैन त्रास भो! ॥
अत्यन्त तेजिला त्यस्ता मुनिका अघि यी कुरा ।
भनी प्रण गरी हाले राजा श्रीरामले तदा ॥
तीनै भाइ थिए साथ अब हेरी उनैतिर ।
मन बुझ्न भने यस्तो उनले पछि भै स्थिर ॥
कुरा सब सुनी हाल्यौ अब लौ भन बाबु हो ! ।
कुन वीर गई मार्छ लवणासुरलाइ त्यो ॥

१३

१४

यो काम गर्नको निम्ति कसलाइ खटाँउ म ।
हो यो भरतको भाग कि हो शत्रुघ्नको भन? ॥
दाजु श्रीराम-राजाले अब यत्ति भने पछि ।
झुकाइ शिर भै नम्र भन्छन् भरत वीर ती ॥
पूज्य दाजु ! म गै मार्छु लवणासुरलाइ त्यो ।
परोस् यो भागमा मेरै विन्ती गर्छु म यै प्रभो! ॥
धैर्य-शौर्य मिलेका यी कुरा भरतका सुनी ।
स्वर्ण-सिंहासनै छोडी उठे शत्रुघ्न पो अनि ॥
पूज्य श्रीराम-राजामा नमस्कार गरी भने ।
माहिला-दाजुबाटै भो ठूल्ठूला काम जो हुने ॥
हुँदामा प्रभुले शून्य यी अयोध्या-पुरी पनि ।
उहाँले पालि बक्सेथ्यो राम्ररी पहिले पनि ॥
सवारी न फिरेसम्म दाजुको-भित्र चित्तमा ।
ती बक्सिन्थ्यो महान् ताप नित्य खिन्न भई उहाँ ॥
महाराज ! यशस्वी यी स्वयं भरत-दाजुले ।
अनेकौं दुःख-कष्टादि सही बक्स्यो प्रयत्नले ॥
सुती दुःखद-शय्यामा पहिले नन्दिग्राममा ।
राज भो त्यसरी ओहो ! दिएर मन पाउमा ॥
चीर-वस्त्रादि पैह्रेर बढाई शिरमा जटा ।
राज भो फल-मूलादि खाई दुःख खपी कडा ॥
तसर्थ माहिला-दाजु म सेवक हुँदा-हुँदै ।
सवारी नहओस् फेरि दुःख भोग्न, म मार्छु गै ॥
भन्दा शत्रुघ्नले यत्ति फेरि श्रीरामले भने ।
लौ भैगो ! होस् तिमीले नै भने मैं, गर जो भनें ॥
मधुको पुरमा राम्रो तिमीलाइ म वास्तव ।
अभिषेक दिई हाल्छु राजाको पदमा अब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यदि तिम्रो यही इच्छा छ ता भरतलाइ यी ।
न देऊ दुःख, बेसै हो ! वसुन् यहीं भई सुखी ॥
तिमी हौ शूर, छौ वीर अस्त्र-विद्यादि जान्दछौ ।
नयाँ नगर निर्माण गर्नमा झन् सिपालु छौ ॥
यमुनाको किनारैमा राम्रो पुर बसाउ र ।
ग्राम, राष्ट्र दरो पार होस् सबैतिर सुन्दर ॥
सुन ! जो व्यक्ति राजाको वंश निर्मूल पार्दछ ।
त्यसको राज्यमा त्यल्ले क्वै राजा राख्नु पर्दछ ॥
यदि गर्दैन ता त्यस्तो त्यससमा पाप लाग्दछ ।
अन्तमा जसले गर्दा स्वयं नरक पर्दछ ॥

३१

३२

तसर्थ मधुको छोरो मारी लवणलाइ यो ।
जो छ अत्यन्त दुष्टात्मा गर सानन्द राज्य त्यो ॥
वीर बाबु! तिमी मेरो यी कुरा मान्न योग्यका ।
ठान्दछौ त भने देखि भनेको मान सर्वथा ॥
कुरा काटेर बीचैमा न भन्यौ अब क्यै कुरा ।
कुरा ठूला-बडाको ता सानाले मान्नु पर्छ बा! ॥
दाजुको बाबुको आज्ञा भाईले पुत्रले सदा ।
पाल्नु पर्छ शिरै थापी शङ्कै छैन, छ ठोकुवा ॥
ककुत्स्थकुलका रत्न प्रिय बाबु! तिमीकन ।
अभिषेक दिई हाल्छु गर स्वीकार यो पुनः ॥

३६

३७

हाम्रा मान्य बसिष्ठादि पुरोहित र विप्रका ।
मन्त्रका विधि द्वारा नै छिटै हुन्छ सबै कुरा ॥

इति बासट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिसट्ठी सर्ग

श्रीरामबाट भाइ–शत्रुघ्नलाई लवणराज्यमा अभिषेक दिनु र त्यसको शूलबाट बच्ने उपाय भन्नु

१

दाजु श्रीराम राजाले अव यत्ति भने पछि ।
भुतुक्क भइ हाले बा! लाजले वीर भाइ यी ॥
उनमा अति नै चर्को बल–वीर्य थियो तव ।
भुक्की विस्तार–विस्तार विन्ती गर्छन् उनी अव ॥
ककुत्स्थकुलका रत्न ! नरश्रेष्ठ प्रभो! म त ।
अभिषेक लिनामा यो अधर्मै ठान्छु वस्तुतः ॥
जेठा दाजुहरू आफ्ना पूज्य मान्य हुँदा–हुँदै ।
होला र अभिषेकादि कान्छोको कसरी यसै ? ॥
पुरुषश्रेष्ठ श्रीदाजु! तैपनी प्रभुको प्रभो! ।
यो शुभादेश मैले ता पाल्नु पर्छ अवश्य पो ॥
म त सम्भन्छु यस्तो कि महाभाग हजूरको ।
शुभाज्ञा नाघ्न वा टार्न सक्तै–सक्तैन क्वै अहो! ॥
वीर दाजु! सुनेको छु वेदका वाक्य बाट र ।
प्रभुबाट पनी मैले कुरा यही निरन्तर ॥
जेठा र माहिला दाजुहरूले प्रणरूपमा ।
भनेका ती कुरा काट्नै हुन्न भन्ने जहाँतहाँ ॥
निस्के अनुचितै शब्द यो मेरो मुखबाट हा! ।
म मार्छु लवणैलाई युद्धमा गै भनी तदा ॥
वीर दाजु! यसैले भो मेरो दुर्गति यो स्वतः ।
आफ्नु मान्य हुँदैमा म जो हुन्छु अभिषिक्त त ॥
माहिला दाजुले आज्ञा भए पछि म मार्दछु ।
भन्नै हुदैनथ्यो मैले भनी गइ म मार्दछु ॥
नाघें नियम जो मैले यसैले प्रभुबाट त्यो ।
आदेश बक्सिएको हो त्यसैको फलमा अहो! ॥
अव स्वीकार गर्दा यो मेरो निम्ति अधर्मको ।
हुनाले परलोकैमा पनि सद्लाभ दिन्न यो ॥

१३

१४

अव जस्तो सुकै होओस नाघ्न सक्दिन दाजुको ।
यो आज्ञा पाल्छु लौ दाजु! जे होस् स्वीकार गर्छु त्यो ॥
ककुत्स्थकुलका रत्न ! आज्ञा भो प्रभुबाट जो ।
विरुद्धमा कुनै अर्को टक्र्याउन्न जवाफ म ॥
अर्कालाई दिने मान ए प्रभो! जसले गरी ।
न पाँउ दण्ड क्वै दोश्रो यो भन्दा पनि राम्ररी ॥
पुरुषश्रेष्ठ श्रीदाजु! इच्छाको अनुसार म ।
काम गर्दछु काकुत्स्थ! शिरोपर गरीकन ॥
मेरो निमित्तमा किन्तु यसबाट अधर्म जो ।
लाग्नेछ, त्यसमा मात्र कृपा होस्, नाशियोस् प्रभो! ॥
यत्ति भन्दा महात्मा र शूरा शत्रुघ्न भाइले ।
माहिला–साँहिला साथ भने भै खुश रामले ॥
राज्याभिषेकका वस्तु चाहिने जति छन् सव ।
जाओ जम्वा गरी ल्याओ तिमी गइ छिटै अव ॥
आजै रघुकुलश्रेष्ठ भाइ शत्रुघ्नलाइ म ।
अभिषेक दिई हाल्छु पुरुषश्रेष्ठ हुन् जुन ॥
सुन ए बावु हो! मेरो आज्ञाले पहिले गई ।
पुरोहित वसिष्ठादि पठाउ ल! छिटो भई ॥
उहाँको साथ–साथैमा विद्वान् वैदिक ऋत्विज ।
मन्त्री–महाजनैलाई डाकी हाल तुरुन्त ल! ॥
महारथी भरत र वीर शत्रुघ्न आदिले ।
यस्तो श्रीरामको आज्ञा शिर थापे छिटै गरे ॥
राजप्रासादमा आए अघिल्तिर पुरोहित ।
लगाई लिइ सामग्री अभिषेकादिको तव ॥
तिनकों साथ साथैमा ऋत्विक् ब्राह्मण आदि र ।
आए राजा–रजौटा ती चल्यो काम निरन्तर ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

राजपुत्र महात्मा यी वीर शत्रुघ्नको अब ।
राज्याभिषेक प्रारम्भ भो ठूलो विधिले तव ॥
हर्ष उत्साह अत्यन्त बढ्यो बा यसले गरी ।
राजा र जनमा सारा भयो आनन्दकै झरी ॥
पहिले इन्द्र इत्यादि देवले स्कन्दलाइ ती ।
अभिषेक दिए जस्तो बनाई सैन्यको पति ॥
त्यहीठीक भयो शोभा वीर शत्रुघ्न यी जब ।
अभिषिक्त भए, तस्मात् देखिए सूर्यकै ठिक ॥
सजिलै काम ठूल्ठूला गर्ने श्रीराम-भूपले ।
मधुको राज्यमा त्यस्तो-अभिषेक दिदा भए ॥
यसले पुरवासीमा विद्वान् ब्राह्मणमा पनि ।
ठूलो हर्ष र आनन्द भयो बा ! अरुमा पनि ॥
यो वेला भित्र खोपीका महारानी मुमाहरू ।
श्रीकौसल्या सुमित्रा र कैकेयी साथका अरू ॥
रानीले पनि सम्पूर्ण गरे मङ्गलका क्रिया ।
त्यस्तो काम हुँदा पर्दा गरिन्थे स्थिति ठीकका ॥
वीर शत्रुघ्नको त्यस्तो देखता राज्याभिषेक यो ।
यमुना-तटमा बस्ने ऋषिमा खुश भो बडो ॥
महात्मा उनले तस्मात् लवणासुरलाइ त्यो ।
मरेको संझिई हाले मनमा अतिशान्ति भो ॥
सकियो अभिषेकादि पछि श्रीराम-दाजुले ।
भाइ शत्रुघ्नलाई यी स्नेहले काखमा लिए ॥
अनि आफ्नो महान् शक्ति तेज ती भाइमा लगी ।
सार्दिए बा ! बढाए बा ! भने मीठा कुरा यति ॥
रघुनन्दन ए बाबु ! यौटा बाण तिमीकन ।
म दिन्छु अति नै दिव्य छ जो अव्यर्थको सुन ! ॥
लवणासुरलाई त्यो अवश्य यसले तिमी ।
तुरुन्त मार्न सक्नेछौ सजिलै रणमा पनि ॥
हे ककुत्स्थ-मणे ! भाई ! पहिले लयकालमा ।
छोपिएको थियो विश्व पानी-पानी हुँदा यहाँ ॥
स्वयं न जन्मिने एवं अजेय भगवान् हरि ।
भित्र राज भएकोथ्यो एक्लै भै सुकला गरी ॥
अदृश्य भइ बक्सिन्थ्यो देव दानव आदि र ।
अरु सम्पूर्ण प्राणीको निम्तिमा पनि ता तब ॥

४३

४४

बुझ्यौ ! बाबु ! त्यसैवेला दुष्टात्मा मधु-कैटभ ।
निस्किइ पिर्न पो लागे विष्णुलाई पनी तव ॥
ती दुवै मार्न पछिका अरु राक्षस नाश्न नै ।
विष्णुले सिर्जि बक्सेको बाण हो यो छ श्रेष्ठ नै ॥
त्यसैताक परात्मा ती गर्न त्रैलोक्य-सृष्टि यो ।
तर्खरै गरि बक्सिन्थ्यो हुन्थे यी सब विघ्न पो ॥
तस्मात् मार्न तिनैलाई यो बनाएर अन्तमा ।
यसैले मारि बक्सेथ्यो तिनलाइ स्वयं वहाँ ॥
अनि मात्र जगत्का यी जीवका सुख-दुःखको ।
भोगको ठाम यो विश्व रचि बक्स्यौं, छ तत्त्व यो ॥
ए बाबु ! पहिले मैले त्यस्तो रावण मार्नमा ।
पनि छोडिन यो बाण अर्कै पीर थियो जहाँ ॥
किन ? कस्तो ? भने देखि सुन ! खोल्छु रहस्य म ।
संपूर्ण जीव संहार्छ भन्ने शङ्का थियो जुन ॥
तीनआँखे परात्माले बक्सिएको छ शूल जो ।
शत्रु संहार्नको लागि छ महान् वर तुल्य त्यो ॥
श्रेष्ठ आयुध त्यो बाबु ! मधुको घरमा छ जो ।
बुझ्यौ ! प्रतिदिनै पूजा गरिन्छ त्यसले अहो ! ॥
स्वयं गरि सकी यत्ति जान्छ आहार खोज्न त्यो ।
घुम्छ आफैं दिशा सारा, गर्छ संग्रह घेर त्यो ॥
युद्ध गर्न भए इच्छा यदि क्वै हाँक दिन्छ ता ।
लिई लवण त्यै शूल जान्छ, पार्छ भुसुक्क बा ! ॥
पुरुषश्रेष्ठ ए बाबु ! त्यसको साथमा जब ।
त्यो त्रिशूल हुदैहुँन्न मौका छोप तिमी तव ॥
त्यो आफ्नो पुरमा पस्नु भन्दा अघि तिमी सुन ! ।
पुरको द्वारमा ठ्याक्क पुगी बस अडीकन ॥
त्यो आफ्नो घरमा भित्र पस्न खोज्दा न पाँउदै ।
तिमी हाँक दिई हाल लड्न निम्ति मजासितै ॥
शस्त्रास्त्र अनि यी आफ्ना छोड्दामा त्यसमा तव ।
सजीलै मार्न सक्नेछौ, मर्ला लवण त्यो बुझ ॥
गाह्रै पर्दछ है मार्न यसमा क्यै चुक्यो भने ।
यदि गर्न सके यत्ति छ पक्कै त्यो विनाशिने ॥
माहात्म्य शूलको यस्तो भनें मैले तिमीकन ।
बच्ने उपाय यै हो है बुझ लौ ! रघुनन्दन ! ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
नीला घाँटी हुने श्रीमान् भगवान् शिवको अहो ! ।
बुभ्नै न सकिने चाला छ यस्तै पो विचित्रको ॥

इति त्रिसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौसट्ठी सर्ग

श्रीरामको–आज्ञानुसार वीर शत्रुघ्नले सेना–मेनालाई अगाडि पठाएर आफू पछि जानु

१

ककुत्स्थकुलका रत्न भाइ शत्रुघ्नलाइ ती ।
सम्झाए रामले धेरै प्रशंसा गर्दिए पछि ॥
रघुका कुलका रत्न राजराजेन्द्र रामले ।
उनीलाई गरी प्यारो फेरि यस्ता कुरा भने ॥
पुरुषश्रेष्ठ ए बावु ! तिम्रा साथ वहाँ सुन ! ।
चाहिने वस्तु-सामग्री जाँउन्, लग अनेकन ॥
चार हज्जार घोडा र दुई हज्जार हुन् रथ ।
लग बावु ! सयौं हात्ती कुलीन अतिलायक ॥
जाँदामा बीच बाटोमा नाना सामान-वस्तुका ।
र-राम्रा पसलै राख्ने पसले लग धेर बा ! ॥
मनोरञ्जनको निम्ति नट नर्तक आदिक ।
जाउन् है साथ-साथैमा चाहिन्छन् वस्तु यी सव ॥
पुरुषश्रेष्ठ शत्रुघ्न ! सुन अर्को कुरा पुनः ।
लग है सुनका मुद्रा दश लाख हउन् जुन ॥
बुझ्यौ त ! यसरी बावु ! धन-वाहनले तथा ।
जनले पनि भै पूर्ण प्रस्थान गर लौ त्यता ॥
राम्ररी पालिएका छन् सिपाही सैन्य यी सव ।
ज्ञानै छ, हृष्ट-पुष्टै छन् छन् ग्नुद्धत लायक ॥
यसअर्थ यिनीलाई नरश्रेष्ठ !—तिमी अव ।
देउ है चाहिए जन्ति मीठों बोल गरी खुश ॥
खुश पारेर राखेका आफ्ना सेवक सैनिक ।
जहाँ हुन्छन् र जो जस्तो पर्छन् सङ्कष्टमा जव ॥
त्यस्तो वेला पनी दिन्छन् हाम्रो साथ यिनी सव ।
क्यै हुन्न जून वेलामा उनको साथमा बुझ ॥
न धनै हुन्छ स्त्री हुन्छ न हुन्छन् वन्धु-बान्धव ।
यसर्थ ती सवैलाई प्रसन्नै पार्नु पर्दछ ॥

१३

१४

प्रसन्न गतिला त्यस्ता आफ्ना सैनिकका दल ।
पठाउ अघि है बावु ! पारी शोभित भूतल ॥
निकै पछि तिमी जाउ लिएर धनु बाहुमा ।
मधुको वनमा त्यस्तो बुझ ! बुझ्ने कुरो यहाँ ॥
लडाँइ गर्न आएका हौ तिमी यो कुरो सुन ! ।
न पाओस् सुइँको कत्ति त्यस राक्षसले पुनः ॥
पुरुषश्रेष्ठ ए बावु ! भनें मैले उपाय जो ।
यसभिन्न कुनै अर्को बाटो नै छैन मार्न त्यो ॥
हुँदा लवणको साथ शूल त्यो, लड्न तम्सिदा ।
तुरुन्त त्यसले मार्छ जो सुकै होस्न् देख्छ ता ॥
सुन ! अर्को छ है गाँठो सकिंदा ऋतु ग्रीष्मको ।
लाग्दा वर्षातका रात लडनु पर्छ, बुझ्यौ कुरो ? ॥
किन गर्नु यसो ! भन्छौ भने सुन ! यथार्थमा ।
त्यही हो मासिने काल त्यस दुर्बुद्धिको यहाँ ॥
सव सैन्यहरु तिम्रा महर्षिहरुलाइ नै ।
लगाइ अघि जाउन् है यसले हुन्छ श्रेय नै ॥
तर्दा भगीरथी गङ्गा ग्रीष्मकै दिन हुन् बुझ ।
वर्षा लाग्न न पाओस् है ! यसमा पनि श्रेय छ ॥
गङ्गाकै तटमा राख्नु आफ्ना सैन्यहरू सव ।
एक्लै धनु लिई जानु तिमी, होश गरी तव ॥
यसरी भाई शत्रुघ्न रामले भनिए पछि ।
डाकेर भन्दछन् आफ्ना सैन्यका पति साथ ती ॥
सुन ए वीर हो ! जाँदा बाटाभर जहाँ-तहाँ ।
बस्नु पर्दछ है बास छन् जो निश्चित नै यहाँ ॥
तिमीले गै वहीं वस्नु तर अन्योन्यमा कुनै ।
विरोध कष्ट इत्यादि न दियौ हुन पाँउनै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
सैन्यका पतिमा यस्तो आज्ञा गरि दिए पछि ।
अब जाओ भनी हाले गयो सैन्य सबै अघि ॥
गरी यत्ति पसे भित्र विदा हुन उनी छिटै ।
श्रीकौसल्या र कैकेयी सुमित्रा-महिषी सितै ॥
ढोग भेट गरी फर्के अनि राम भएतिर ।
प्रदक्षिणा गरे फेरि राखेर क्षितिमा शिर ॥
२९

३०
सके काम यतापट्टि उता भरत-लक्ष्मण ।
आफ्ना दाजु दुवैलाई ढोग्दिए बा ! झुकीकन ॥
वसिष्ठ वामदेवादि गुरु मान्य पुरोहित ।
जो थिए उनमा पस्रे ढोग्दिए भइ संयत ॥
लिए श्रीरामको आज्ञा गरे फेरि परिक्रमा ।
शत्रु पिर्ने उनी निस्के छिटै पुग्न अनी वहाँ ॥
३२

३३
अनेक हात्ती रथ अश्व आदिले सुशोभिएको प्रिय सैन्य वेगले ।
उता पठाएर अगाडि ढुक्क भै बसे निकैसम्म उनी यता तबै ॥
बढाँउने हुन् रघुवंशलाई यी श्रीराम-सेवार्थ डटी रहे पछि ।
निकै भएमा नृप-दाजु-रामको लिएर आदेश गए भई छिटो ॥
३४

इति चौसट्ठो सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पैंसठ्ठी सर्ग

महाराज शत्रुघ्नको महर्षि वाल्मीकिसँग भेटघाट हुनु र महाराज सौदासको वर्णन गर्नु

१

आफ्ना सैन्यहरूलाई पठाई त्यसरी अघि ।
एक मास अयोध्यामा बसे शत्रुघ्न वीर यी ॥
पछि बाटो लिई हाले पुग्न त्यो मधुको पुरी ।
आफू एक्ला थिए किन्तु गए बढ्दै सरासरी ॥
रघुमा कुलमा ठूलो दिने आनन्द वीर यी ।
बाटामा दुइटा रात बसे वास भइ खुशी ॥
तेस्रो दिन हुँदा बल्ल वास बस्न पुगे यिनी ।
वाल्मीकि-मुनिको साक्षात् पुण्याश्रमविषे अनि ॥
महान् आत्मा हुने त्यस्ता वाल्मीकि-मुनिको अघि ।
पुगेर उनले ढोगे लम्पसार परी लडी ॥
आधा जिउ उठाएर जोडेर दुइ बाहुली ।
अनि विन्ती गरे यस्तो मुनिमा नम्र भै झुकी ॥
भगवन् ! आजको रात बस्न खोज्छु यहाँ म ता ।
मान्य श्रीरामको काम गर्न जाँदा पसें यता ॥
भोलिको झिस्मिसेमा म स्वयं वरुण-देवले ।
रक्षिएको दिशापट्टि सोझिम्झई कुद्छु वेगले ॥
शत्रुघ्नका कुरा यस्ता सुने पछि महामुनि ।
वाल्मीकि हाँसि-बक्स्यो बा! यसो आज्ञा भयो अनि॥
महान् कीर्ति हुने बाबु ! तिम्रो जय हओस् तथा ।
लौ पुगोस् मनको धोको गर्छु स्वागत है ! म ता ॥
राम्रो बानी हुने वीर ! यो मेरो पुण्य आश्रम ।
रघुवंशीहरूको ता हो आफ्नै घर उत्तम ॥
तस्मात् निःशङ्क भै बाबु ! मबाट अब आसन ।
पाद्य-अर्घ्यादिका वस्तु स्वीकार गर दिन्छु म ॥
बक्स्यो आदर-सत्कार यसरी मुनिबाट जो ।
गरे स्वीकार त्यो सारा उनले भक्तिले बडो ॥

१३

१४

फल-फूलहरू खाए भयो तृप्ति मजासित ।
विन्ती गर्छन् उनी फेरि मुनिराज उहाँसित ॥
यो आश्रम नजीकैमा देखिन्छन् भगवन् ! जुन ।
पुराना यज्ञका वस्तु यी के हुन् ? किन हुन् पुनः ? ॥
मौलाकै साथ शोभिन्छन् गरेथ्यो कसले प्रभो ! ।
कुन त्यस्तो थियो राजा ? त्यो यज्ञ जसबाट भो ? ॥
वीर शत्रुघ्नका त्यस्ता कुरा यस्ता सुने पछि ।
आज्ञा भो उनमा साक्षात् महात्मा मुनिले पछि ॥
सुन शत्रुघ्न ! यो ठाम पहिले जसको थियो ।
जसबाट महान् यज्ञ भएथ्यो भन्छु त्यो कुरो ॥
तिम्रा पुर्खा थिए यौटा महाराज सुदास, जो ।
पृथ्वीमण्डलको सारा स्वामी हुन् भाग्यवान् बडो ॥
सुपुत्र उनका यौटा थे वीर्यसह नामका ।
बल-वीर्य थियो ज्यादै निकै धार्मिक दृष्टिका ॥
उनै सुदास-राजाका शूरा छोरा यिनै सुन! ।
शिकार खेल्नको निम्ति पसे बालकमै वन ॥
अकस्मात् उनले बाबु! त्यस घोर अरण्यमा ।
दुइ राक्षस पो देखे घुम्थे जुन जहाँ-तहाँ ॥
बाघका रूप ली घुम्थे घोर राक्षस थे दुवै ।
हजारौं मृग मारेर घिच्चथे, मस्तथे दुवै ॥
त्यत्तिले न पुगी फेरि मृग मारी अरू निकै ।
खान खोज्थे बुझ्यौ राजन् ! अझ तृप्ति थिएन क्यै ॥
दुवै राक्षसलाई यी देख्ता यस्ता प्रकारका ।
यता वन पनी त्यस्तो मृगले हीन देखिंदा ॥
रिसाए शिशु सौदास क्रोध चर्कै उठ्यो जब ।
विशाल बाणले हानी मार्दिए एउटा तब ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पुरुषश्रेष्ठ सौदास मारी यौटा कनै वहाँ ।
भए निश्चिन्तका केही हुनाले शान्ति चित्तमा ॥
मरेको त्यसलाई नै हेर्न लागे वहीं बसी ।
रिसको वेग मर्दामा आँखा तानी यसो पछि ॥
त्यसरी हेर्न लागेका देख्तामा उनलाइ ता ।
मर्ने राक्षसको साथी अर्को झन् पिरियो उता ॥
आँखा गाडेर हेर्‍यो बा! अन्तमा त्यसले पनि ।
तापले भित्र पाकेर भन्यो सौदासमा अनि ॥
विनापराधको मेरो साथीलाइ यसो गरी ।
मार्‍यौ विफ्वाँकमा राजा! तिमीले पाप यै गरी ॥
तसर्थ हौ तिमी पापी यसको बदला बुझ्यौ! ।
दिनेछु म तिमीलाई अवश्य पनि जाउ लौ! ॥
उनीलाई भनी यत्ति त्यो विलायो त्यहीं तब ।
काल वित्तै गयो राजा भए वीर्यसहै अब ॥
यिनैलाई मित्रसह पनि भन्छन् कुरो बुझ! ।
यज्ञ गर्ने भयो इच्छा उनलाइ यहीं तब ॥
यै आश्रम नजीकैमा त्यहींनिर नरेश्वर! ।
अश्वमेध महान् यज्ञ गर्न थाले भई स्थिर ॥
स्वयं वसिष्ठ ब्रह्मर्षि तपको बलले निज ।
बुझ्यौ त! गरि बक्सिन्थ्यो आफैं रक्षण वास्तव ॥
उनको यो महान् यज्ञ वर्षौंसम्म अनेकन ।
यहाँ चलि रह्यो बाबु! भइ नित्य मनोरम ॥
ठूलो सम्पत्ति सामग्री जोरिएको थियो यहाँ ।
यसैले देखिइन्थ्यो यो देवको यज्ञरूपमा ॥
यसरी सकियो यज्ञ मौका छोपी त्यही अहो! ।
अघिको वैर संम्केर आयो राक्षस भ्वाट्ट पो ॥
रूप त्यल्ले लिएकोथ्यो साक्षात् गुरु वसिष्ठको ।
आइ राजा भए ठाम पछिबाट यसो भन्यो ॥
ए राजा! सुन यो यज्ञ सकियो बल्ल आज पो ।
देउ मासु मिलेको क्यै त्यस्तै भोजन खान्छु जो ॥
भोक लाग्यो छिटै देउ खाई हाल्छु म भूपते! ।
शङ्कै नगर क्यै राजा! यसमा भनि हुन्छ के? ॥
लिने ब्राह्मणको रूप त्यस राक्षसको कुरा ।
ती वीर्यसह राजाले सुने बा! राम्ररी तदा ॥

४३

४४

तुरुन्त उनले डाके आफ्ना भान्छेहरूकन ।
आज्ञा दिए भनी यस्तो जान्दथे जो पकाँउन ॥
सुन्नोस् बाहुन बाजे हो! तपाँईहरु आज ता ।
मांसयुक्त हविष्यान्न पार्नोस् सम्पन्न भै छिटा ॥
साह्रै मीठो हओस् भक्ष्य गर्दामा जुन भोजन ।
प्रसन्न, तृप्त होस् ज्यादै ब्रह्मर्षि गुरुको मन ॥
भान्छेको नाइकेले यो आज्ञा राजेन्द्रको सुन्यो ।
आत्तियो र यसो शोच्यो के भयो मुनिमा अहो! ॥
यसले यत्ति शोचेको उता राक्षसले बुझ्यो ।
तुरुन्त त्यसले आफ्नो रूप भान्छे सरी धर्‍यो ॥
बुझ्यौ! शत्रुघ्न! भान्छेकै मासु ल्यायो छिटै अनि ।
राजालाई गर्‍यो विन्ती दुष्ट त्यल्ले यसो भनी ॥
ल्याएँ मैले महाराज! यो हविष्यान्न साथमा ।
मिलेको मासु पक्वान्न जो बन्यो यत्नले यहाँ ॥
मदयन्ती थिइन् रानी राजाकी सुन्दरी रुती ।
उनकै साथ यी राजा लिए अन्न बढे अघि ॥
महात्मा पूज्य ब्रह्मर्षि वसिष्ठ मुनिको अघि ।
लगेर सब त्यो अन्न परस्किए नृपले पछि ॥
थालमा दृष्टि गै हाल्यो वसिष्ठ-मुनिको अब ।
मान्छेकै मासु हो भन्ने उहाँमा ज्ञान भो तव ॥
उठी गो रिस अत्यन्त खप्नै न सकिने भयो ।
राजातिर यसो हेरी आज्ञा भो झोक्किंदै यसो ॥
ए सौदास महाराज! तिमी सकन भोजन ।
दिन खोज्छौ भने देखि यस्तै खाओस् भनीकन ॥
यही भोजन होस् बाबै! तिम्रो खाने कुरा अब ।
मान्छेको मासु खाने क्वै भयौ राक्षस वास्तव ॥
वसिष्ठ गुरुको यस्तो श्राप-वाक्य सुने पछि ।
उठी गो रिस राजामा पनि मात्रा बढी अति ॥
प्रति श्राप दिनानिम्ति लिए बा! जल हातमा ।
छोड्न ठिक्क भएकाथे रानीले रोक्दिइन् वहाँ ॥
भै बक्सिन्छ महाराज! वसिष्ठ भगवान् मुनि ।
सारा हामीहरूको ता स्वामी लायकका गुणी ॥
तसर्थ सकि बक्सिन्न दिन श्राप उहाँकन ।
देवतै तुल्यका हाम्रा पुरोहित हुँदा पुनः ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

बलले तेजले पूर्ण थ्यो क्रोधमय त्यो जल ।
पत्नीका यी कुरा सुन्दा राजाले छोड्दिए तल ॥
यसरी तल छोड्दामा त्यो पनी पाउमा पऱ्यो ।
क्रोधको जलले यस्तो अकस्मात् पाउ सेंचियो ॥
प्रभाव यसले आफ्नो देखायो छिनमै हरे ! ।
राजाका दुइटै पाउ काला टाटे भई गए ॥
यै बेला देखि यी राजा नाम कल्माषपाद यो ।
रहेका ख्यात भै हाले, जसको कीर्ति थ्यो बडो ॥
राजा बाबु ! अनी आफ्नी पत्नीका साथ भूपले ।
गुरुको पाउमा पर्दै धेरै पटक ढोग्दिए ॥
पछि विन्ती गरे यस्तो गुरुको रूप ली गुरो ! ।
कसले हो भन्यो ब्रह्मन् ! मलाई गर ! भनी त्यसो ॥
श्रेष्ठ सम्पूर्ण राजामा चेलाका यी कुरा सुनी ।
वसिष्ठ खुश भै बक्स्यो काम राक्षसको गुनी ॥
ती मित्रसह राजामा पुरुषश्रेष्ठ थे जुन ।
पछिबाट भयो आज्ञा सुन शत्रुघ्न ! त्यो पुनः ॥
रिसले चूर भै मैले ए राजा ! जो भनें कुरो ।
अब त्यो अन्यथा हुन्न व्यर्थ पार्नै सकिन्न पो ॥

६६

७०

परन्तु आपद्वारा यो मुक्ति पाँउन खातिर ।
भैगो ! अब तिमीलाई म दिन्छु सुन ! यो वर ॥
वर यो हो महाराज ! राक्षसत्व तिमीसँग ।
बाह्र वर्षभरी टिक्ला अनि छुट्ला सजासँग ॥
सुन । अर्को कुरा फेरि मेरो यस्तो कृपा हुँदा ।
बितेका घटना सारा बिर्सने छौ तिमी उता ॥
यसरी ए महाराज ! ती मित्रसह—भूपले ।
बाह्र वर्षभरी भोगे श्राप त्यो राक्षसत्वले ॥
पछिबाट भए मुक्त भेट्टाए राज्य आफ्नु र ।
धर्मले दुनियाँ पाले अवि ठीक भई स्थिर ॥
रघुनन्दन ए बाबु ! उनै कल्माषपाद यो ।
नामका नृपले यज्ञ गरेको ठाम त्यै त हो ॥
मेरो आश्रमको घेरोभित्र नै पर्छ त्यो पनि ।
भनें मैले तिमीलाई सोधेको जति यो पनि ॥
यस्तो अत्यन्त डर्लाग्दो ती वीर्यसह–भूपको ।
कथा शत्रुघ्न राजाले सुने ध्यान दिई बडो ॥
पछिबाट महान् आत्मा भएका ती महर्षिमा ।
गरी प्रणाम यी वीर कुटीभित्र पसे वहाँ ॥

७८

इति पैंसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयसट्ठी सर्ग

महारानी–सीताका जुम्ल्याहा कुश-लव छोरा जन्मनु र यो सुने पछि खुश भएका राजा–शत्रुघ्न बाटो लाग्नु

१

रघुका कुलका रत्न वीर शत्रुघ्न यी अहो ! ।
पसेथे पर्णशालामा साँझमा जुन रातको ॥
त्यहीरात महारानी-जानकीले पनी वहाँ ।
जन्माइन् दुइटा छोरा, भयो संयोग यै जहाँ ॥
थ्यो आधारातको वेला तुरुन्तै मुनि-बालक ।
दौडिएर पुगी हाले वाल्मीकि-मुनिमा तब ॥
पुग्नासाथ गरे विन्ती सीताका पुत्र जन्मको ।
प्यारो भलो समाचार भनेर सबले यसो ॥
भगवन् ! राम-राजाकी धर्मपत्नी तथा सती ।
सीताले दुइटा छोरा जन्माइन्, बेस छन् अति ॥
महान् तेज हुने ब्रह्मन् ! यसर्थ प्रभु गै अब ।
लौ रक्षा गर्दिई बक्स्योस् भूत-बाधा-विनाशक ॥
मुनि-बालकका यस्ता कुरा सब सुने पछि ।
स्वयं महर्षि-वाल्मीकि सवारी भो वहाँ उठी ॥
सीताका यी दुवै छोरा राम्रा थे बालचन्द्रझैं ।
देखिन्थे जो यसो हेर्दा तेजस्वी देव-पुत्रझैं ॥
सूतिकागार भित्रै पो सवारी भो महर्षिको ।
दुइटै शिशुलाई यी दङ्ग भै हेरि बक्सियो ॥
मन्त्रोच्चारण भै हाल्यो भूत-राक्षस आदिको ।
शक्तिले न छुने, रक्षा गर्दि बक्स्यो कुमारको ॥
कुशका लवका साथ गुजुल्टै लिइ बाहुमा ।
आफैंले गर्दिई बक्स्यो रक्षा यी शिशुको वहाँ ॥
यसरी भूत-बाधाको रक्षा गर्दि सके पछि ।
उपदेश दिई बक्स्यो मुनि-पत्नीकनै त्यही ॥
सुन्नुहोस् माइआमा हे ! बूढी-पाकी सबै मिली ।
गर्नुहोला भने जस्तो शिशु-रक्षणको विधि ॥

१३

१४

यी दुवै शिशुमा पैले जन्मेको जो छ बालक ।
त्यसको मार्जनै गर्नोस् कुशले मन्त्रसंस्कृत ॥
होला यसो गरेकोले त्यसको नाम नै कुश ।
अर्कोको लवले गर्नोस् होला नाम त्यही लव ॥
यस्तो प्रकार जुम्ल्याहा जन्मेका शिशु यी दुवै ।
लेलान् नाम कुश, लव यही नै गुणयुक्त भै ॥
मैले राखि दिएका यी दुइटै नामबाट त्यै ।
हुनेछन् विश्वमा ख्यात, चल्ला कीर्ति जतातते ॥
सुने निष्पाप-वृद्धाले यी कुरा मुनिका सब ।
लिए त्यो कुशको मूठो रक्षा-साधन थ्यो जब ॥
भएझैं मुनिको आज्ञा बडो होश गरी-गरी ।
लागे बा ! मुनिका पत्नी रक्षा गर्न अघी सरी ॥
गर्दैथे यसरी रक्षा जब बूढीहरू बढी ।
सीता र रामको नाम गोत्र सम्म पढी-पढी ॥
चकमन्न हुँदा रात राजा शत्रुघ्नले यता ।
सुने बा ! त्यो कुरा सारा जन्मेका दुइ पुत्र ता ॥
अब बस्न सकेनन् ती त्यस्तो प्यारो कुरा सुनी ।
गए बा ! पर्णशालामा दौडादौड गरी अनि ॥
वहाँ पुगे पछी बोले बाहिरैबाट वीर यी ।
भाग्य हो ! जय होस् ! आमा! सीतालाइ भने यति ॥
दिलका देहका ठूला राजा शत्रुघ्नलाइ यी ।
यो कुराले भयो भित्र आनन्द र महान् खुशी ॥
त्यसकै रङ्गमा लाग्दा रात श्रावणमासको ।
वीर शत्रुघ्नको निम्ति छोटो भो, सुत्त भै वित्यो ॥
भोलिपल्ट उज्यालो भो सबेरै उनले पुनः ।
शौच-स्नानादिका काम सके शान्त भईकन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

महान् वीर्य हुने वीर गए अघि महर्षिको ।
हात जोडी विदा मागे लागे, पश्चिम भै छिटो ॥
सात रात विते ठूयाक्कै जाँदामा मार्गमा तव ।
बल्ल-तल्ल पुगे वीर यमुना-तटमा अव ॥

२८

२९

पुण्यकीर्ति हुने ठूला महात्मा ऋषि आदिका ।
पवित्राश्रममा वास बसे शत्रुघ्न यी त्यता ॥
यी महान् यसका राजा वहाँ च्यवन आदि ती ।
महात्मा मुनिका साथ बसे मीठा कुरा गरी ॥

३०

३१

राजेन्द्रका पुत्र रघुप्रवीर शत्रुघ्न हुन् एक समर्थ धीर ।
नाना कुरा ती च्यवनादि साथ गरी विताए अब सुप्त रात ॥

इति छयसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतसट्ठी सर्ग

च्यवन–मुनिले राजा–शत्रुघ्नलाई लवणासुरका शूलक महिमा बखान्दै राजा–मान्धाताको वध सुनाँउनु

१

कुनै दिन पर्‍यो रात सकी कामकुरा सब ।
बसेकाथे सजैसाथ त्यै पुण्याश्रममा जब ॥
वीर–शत्रुघ्न यी सोध्छन् त्यसैवेला महर्षिमा ।
भृगुका कुलका रत्न जुन च्यवन थे वहाँ ॥
लवणासुरमा कस्तो बल, शक्ति छ के कति? ।
यै कुरा बुझ्नको निम्ति सोध्थे यी नम्र भै अति ॥
लवणासुरमा ब्रह्मन्! छ कस्तो शक्ति वा बल ? ।
शूलको शक्ति कस्तो छ, आज्ञा होस् जानुँ यो सब ॥
त्यो श्रेष्ठ शूलले गर्दा त्यसले द्वन्द्वयुद्धमा ।
जित्यो क-कसलाई, जो लड्न आए स्वयं वहाँ ? ॥
दिलका देहका ठूला राजा–शत्रुघ्नका कुरा ।
सुने पछि महान् तेजी च्यवनैले भने तदा ॥
रघुनन्दन ए राजन्! लवणासुर दुष्टको ।
असंख्य कर्म छन् त्यस्ता भन्नै मुस्किल पर्छ जो ॥
इक्ष्वाकु वंशमा जन्म भएको एक भूपमा ।
यसले जो गर्‍यो बाबु ! सुन भन्छु त्यही यहाँ ॥
पहिलेकै कुरा हो यो अयोध्यापुरमा सुन! ।
यौटा प्रसिद्ध राजा थे बलवान् वीर्यवान् पुनः ॥
उनको नाम थ्यो वीर! मान्धाता, युवनाश्वका ।
छोरा हुन् यी, महान् कीर्ति थियो त्रैलोक्यमा तदा ॥
पति सम्पूर्ण पृथ्वीका भै सकेका थिए यिनी ।
अधिकार तथा आज्ञा यिनैको थ्यो जहाँ–तहीं ॥
गरी यत्ति उनी लागे देवको लोकसम्म त्यो ।
जित्नको निम्ति उद्योग गर्नमा कसिई बडो ॥
यसरी जब मान्धाता–राजाले देवलोक त्यो ।
जित्न यत्न गरेकाथे उता त्रास बढी गयो ॥

१३

१४

दिलका देहका ठूला देवताहरुमा सब ।
उनका पति इन्द्रैमा पनि भो अति नै भय ॥
देवले ढोगिने, गर्ने आधा शासन राज्यको ।
इच्छा थ्यो नृपको हर्ने आधा आसन इन्द्रको ॥
प्रतिज्ञा गर्दिई हाले राजाले त्यै कुरा भनी ।
चढे बा! स्वर्गलोकैमा सजीलै पछि ता उनी ॥
राजाको त्यो कुरा ताडे नमजाकै थियो जुन ।
इन्द्रले पछि संझाए भने राम्रै गरी सुन! ॥
नरश्रेष्ठ महाराज ! हजूर सब भूमिको ।
राजा नै भइ बक्सिन्छ यहाँको के कुरा भयो? ॥
सम्पूर्ण पृथिवी आफ्नो वशमा न लिईकन ।
कसरी खोजि बक्सिन्छ देवको राज्य यो लिन? ॥
तलकी पृथिवी सारा प्रभुकै वश छन् भने ।
लौ राज्य गरी बक्स्योस् यो सैन्य–वाहन शोभिने ॥
इन्द्रले यत्ति भन्दामा मान्धाताले भने यसो ।
सुरेन्द्र! भनि बक्स्योस् लौ मेरो आज्ञा कहाँ डग्यो? ॥
तलकी सब पृथ्वीमा मेरो आदेश नाच्छ यो ।
मलाइ कुन टेर्दैन आज्ञा होस् सुन्छु त्यो कुरो? ॥
भने हजार आँखाले हेरेर उनमा अनि ।
इन्द्रले पनि शत्रुघ्न! शान्तिसाथ यसो भनी ॥
विशुद्ध चित्तका राजन्! आज्ञा नाघ्छ हजूरको ।
बस्ने मधुवनैबीच मधुको पुत्र एक त्यो ॥
नमजाका अप्यारा यी कुरा देवेन्द्रका सुनी ।
लाजले मुख राजाको झुकि हाल्यो त्यसै पनि ॥
केही भन्नै सकेनन् बा! विदा मागे गएँ! भने ।
त्यहाँबाट हिंडी हाले लिएर मुख घोप्टिने ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

बुझ्यौ शत्रुघ्न ! मान्धाता-राजा अनि सरासर ।
पृथ्वीलोकतिरै आए थिए जुन नरेश्वर ।।
उनको चित्तमा भित्र उब्जियो क्रोध, डाह भो ।
सेना-मेना गरे जम्बा कसिए लड्न जान पो ।।
यसरी मधुको छोरा लवणासुरलाइ त्यो ।
जित्न वा वशमा पार्न आइहाले यतै अहो ! ।।
यहाँ आएर राजाले लड्न त्यो सँग अन्तमा ।
पठाए एउटा दूत कुरा बोकाँउदै वहाँ ।।
दूतले मधुको पुत्र स्वयं लवणसाथ त्यो ।
भन्नसम्म भन्यो बाबु ! कुरा धेर अयोग्यको ।।
न मजाका कुरा उग्र भन्ने त्यो दूतलाइ ता ।
सलक्कै निल्दिई हाल्यो लवणासुरले तदा ।।
धेरै काल बिती सक्ता पनि दूत न फर्कि दा ।
राजालाइ चढ्यो झोक मन उद्विग्न भै दिंदा ।।
छोड्दिए बाणको वर्षा अब राक्षसमाथि त्यो ।
छोपियो चारतर्फै त्यो भित्र पीडा पनी पर्‍यो ।।
ए शत्रुघ्न महाराज ! अन्तमा त्यसले सुन ! ।
उठायो हातमा शूल आयुधश्रेष्ठ थ्यो जुन ।।

३५

३६

हाँसी-हाँसी मजैसाथ सेना-मेना समेतका ।
छोड्दियो नृप-मान्धातामाथि ताकेर नै तदा ।।
बल्थ्यो धप्धप त्यो शूल वेगले हुत्तिदै गयो ।
भृत्य-सैन्यसँगै राजालाई नै भस्म पार्दियो ।।
गरी यत्ति छिटै फर्क्यो शूल त्यो रघुनन्दन ! ।
भै गयो हातको शोभा त्यही राक्षसको पुनः ।।
यसरी यी महान् राजा भृत्य-वाहन-सैन्यको ।
साथै भुसुक्क भै हाले, छ यस्तै शक्ति दुष्टको ।।
बाबु शत्रुघ्न ! देख्यौ त यही हो बल शूलको ।
महान् श्रेष्ठ छ यै राजन् ! अप्रमेय अतुल्यको ।।
बुझ्यौ ! भोलि विहानैमा लवणासुरले जब ।
लिएको हुन्न त्यो शूल मौका छोपी त्यही तब ।।
झम्टिएर गई लड्दा गर्नेछौ त्यसको वध ।
शङ्कै छैन तिमी बाबु ! भेट्छौ विजय वास्तव ।।
सुन ! यो कार्य सम्पन्न तिमीबाट भयो भने ।
सम्पूर्ण लोकले वीर ! छन् शान्ति सुख पाँउने ।।
सुनाएँ यसरी मैले दुरात्मा त्यसको बल ।
असीम शूलको शक्ति बखानें जो अतुल्य छ ।।

४४

४५

सुन पृथ्वीपते ! साक्षात् इन्द्रको त्यो प्रयत्नले ।
मान्धाता मासिएका हुन् त्यसरी, बुझ तत्वले ।।
भोली विहानै त्यस दुष्टलाई निस्कन्छ जो आमिष खोज्नलाई ।
मार्छौ अवश्यै तव शूलसाथ हुँदैन, तिम्रै जय हुन्छ खास ।।

४६

इति सतसट्ठी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठसट्ठी सर्ग

नरश्रेष्ठ–शत्रुघ्नको र राक्षसश्रेष्ठ–लवणको कुराकानी

१

यस्तै–यस्ता कुरा गर्थे वहाँका मुनि ती सब ।
जीतबाजी हओस् भन्थे चिताएर भलो सब ॥
यिनैसाथ कुराकानी गर्दा गर्दै लुसुक्क पो ।
रात त्यो बितिहाल्यो बा ! राजा शत्रुघ्न वीरको ॥
यता अब उज्यालो भो छर्लङ्गै देखियो जब ।
आहार खोज्नको निम्ति निस्क्यो लवण त्यो तब ॥
नजीकै सकिए जस्तो भै सकेको थियो अतः ।
पुर छोड्यो गथो टाढै भक्ष्य खोज्न विशेषतः ॥
छोपी हाले यही मौका यता शत्रुघ्नले उठी ।
पारीपट्टि पुगी हाले तरेर यमुना–नदी ॥
धनुर्बाण लिए हात पुरीको द्वारमा पुगे ।
अब त्यो फर्किने बाटो छेर्न लागे वहीं डटे ॥
डर्लाग्दो काम गर्ने त्यो फर्क्यो आधा दिनै हुँदा ।
कैयौं हज्जार प्राणीको भार बोकी स्वयं त्यता ॥
देखि हाल्यो यसैबेला वीर शत्रुघ्नलाइ यी ।
शस्त्रास्त्र लिइ ढोकामा बसेका लड्न तम्सिई ॥
कड्किएर भनी हाल्यो ए नराधम ! सुन् कुरो ।
मलाइ के लछार्छस् तँ यस्ता शस्त्रास्त्रले ? अहो ! ॥
बोक्ने शस्त्रास्त्र तैं जस्ता हजारौं मर्त्यलाइ ता ।
मैले खाइ सकेकोछु सलक्कै रिस क्यै लिंदा ॥
लौ भन् ए! तँ पनी के त मर्न नै कसिइस् कि ता ? ।
गर्नु पर्दैनथ्यो यस्तो न भए, भन् छ हेतु ता ? ॥
पुरुषाधम ! लौ सुन् ए ! मेरो आहार आजको ।
निकै थोर भएको छ पूरा पार्ने भइस् तँ जो ॥
होस् पक्कै बुद्धि बिग्रेको आफैं आइ यहाँ अहो ! ।
सुत्त पस्ने भइस् बाबै ! तँ मेरो मुखभित्र पो ॥

१३

१४

बारम्बार यसो भन्दै हाँस्थ्यो लवण राक्षस ।
रिसले चूर भै हाले यी शत्रुघ्न यता अब ॥
झन्यो बरर भै आँसु बढेको रिसले गरी ।
उर्लियो उनको वीर्य शोभियो शक्ति राम्ररी ॥
दिलका देहका ठूला हुन् शत्रुघ्न निकै दरा ।
तोरीको फूल नै देखे रिसले उनले बरा ! ॥
उनका अङ्ग—प्रत्यङ्ग चर्केको वीर्य-तेजले ।
बल्यो धपक्क, जस्बाट बल्दा किरण निस्किए ॥
भन्छन् शत्रुघ्न भै क्रुद्ध त्यो निशाचरमा यसो ! ।
द्वन्द्वयुद्ध म तैं साथ गर्न चाहन्छु सुन् ! कुरो ॥
ए दुर्बुद्धि ! दशरथ-राजाको म सुपुत्र हुँ ।
बुद्धिमान् राम-राजाको म कान्छो चाँहि भाइ हुँ ॥
शत्रुघ्न नाम हो मेरो शत्रु नै मास्नु काम छ ।
यहाँ आएँ म तैलाई मार्न नै कसिई अब ॥
म लड्न भिड्न चाहन्छु लौ तँ दे द्वन्द्वयुद्ध त्यो ।
शत्रु होस् सब प्राणीको जालास् ज्यूदो कहाँ तँ पो ? ॥
यत्ति शत्रुघ्नले भन्दा नरश्रेष्ठ उनीसित ।
हाँसेर भन्न लाग्यो त्यो दुष्ट राक्षस यो रित ॥
बुद्धि बिग्रेछ लौ तेरो जसले तँ स्वयं यहाँ ।
ठ्याक्क आइ पुगीछस् बा ! भाग्यैले भेट भो यहाँ ॥
नीच बुद्धि लिने होस् तँ सुन् नराधम ! भन्छु जो ।
थिइन् शूर्पणखा मेरी सानी आमा, बुझिस् कुरो ? ॥
हुन् साक्षात् उनका दाजु महान् राक्षस-रावण ।
उनैसाथ थियो नाता मेरा मामा थिए जुन ॥
मार्दियो हा ! उनैलाई तेरो दाजु-भनाँउदो ।
रामले एउटी स्त्रीको निम्ति वैर गरी बडो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सम्पूर्ण कुलकै साथ मामा मारी दिंदा पनि ।
मैले खपि रहेकैथें, गर्दिएथें क्षमा पनि ॥
त्यो हेंला, त्यो तिरस्कार मेरै थ्यो ता पनी बुझिस् ! ।
मैले तिमी सबैलाई छोड्दिएँथें त्यसै गमिस् ! ॥
तँ जस्ता नीच मान्छे ता आए अघि-अघी निकै ।
म साथ लड्नको निम्ति हान्निएर यहाँ निकै ॥
सारा उनीहरूलाई तृण जस्तै गरी-गरी ।
गर्दिएँथे तिरस्कार, मार्दिएँथे त्यसै लडी ॥
आउलान् पछि जो लड्न तिनको हुन्छ त्यै स्थिति ।
अहिलेका तँ जस्ताको के कुरा ? मर्दछस् तँ यी ॥
दुर्मते ! लड्न चाहन्छस् त्यै तँ आज म साथ के? ।
हुन्छ लौ ! लड्न मैसाथ मौका दिन्छु तँलाइ ए ! ॥

३२

३३

तँ पख् दुइ घडीमात्र यहीं बस् ! त्यत्ति सम्ममा ।
म त आइ पुगी हाल्छु हतियार लिई यहाँ ॥
तँलाई मार्नको निम्ति शस्त्रास्त्र गतिलो निकै ।
हुनुपर्दछ त्यै बोक्न चाहन्छु, छ अभीष्ट यै ॥
त्यसका यी कुरा सुन्दा भन्छन् शत्रुघ्न भै छिटा ।
जिउँदै जान सक्तैनस् अब उम्की मबाट ता ॥
आफ्नों अगाडि आएको शत्रुलाई कसै गरे ।
छोडदैनन् बुद्धिमान् व्यक्ति मसात्रै किन छोडुँ ए ! ॥
शत्रुलाइ कुनै आफ्नो मौका भाग्न र उम्कन ।
दिन्छन् ता बुद्धि बिग्रेका हुन् तिनै आत्तिने जन ॥
मन्दबुद्धि त्यही नै हो त्यस्तै व्यक्ति बुझिस् कुरो ।
पछि कातर क्वै व्यक्ति मरेझैं मारिइन्छ पो ॥

३८

३६

तस्मात् ल बावै ! अब जीवलोक, हेर् राम्ररी, मार्छु म छोड तँ शोक ।
त्रैलोक्यको राघवको समेत तँ शत्रु होस् , जा यमको घरै त ॥

इति अठसट्ठी सर्ग

उनान्सत्तरी सर्ग

नरश्रेष्ठ–शत्रुघ्नद्वारा राक्षसश्रेष्ठ–लवणको वध

१

शत्रुघ्नका कुरा सुन्दा लवणासुरमा अब ।
उठी गो रिस अत्यन्त पख् ! पख् !! भन्दै बक्र्यो तब ॥
हातमा हात राखेर मुठी पाऱ्यो, मल्यो निकै ।
कट्–कट् गरी किट्यो दाह्रा, बक्र्यो हाँक दिंदै-दिंदै ॥
डर्लाग्दो र त्यसो भन्ने त्यो राक्षससँगै अब ।
भन्छन् राक्षस मार्ने यी वीर शत्रुघ्न राघव ॥
अरू वीरहरूलाई जितिस् तैंले यहाँ जब ।
सुन् ए ! शत्रुघ्न त्यो वेला जन्मेको नै थिएन त ॥
यसर्थ आज यी मेरा बाणका चोट पर्न गै ।
तँ पक्कै मरि जानेछस् घरमा यमराजकै ॥
देवताहरुले सारा जस्तो रावणलाइ त्यो ।
डङ्ग्रङ्ग मरि लड्दामा देखेथे झक्क भै बडो ॥
त्यैठीक आज ए पापी ! विद्वान् विप्र तथा ऋषि ।
देख्नेछन् रणमा राम्रै तँ मद्वारा मरे पछि ॥
भस्म भै बाणले मेरा तँ लड्लास् भूमिमा जब ।
पुरमा गाँउमा सारा श्रेय होला त्यसै तब ॥
छुटेका बाहुका मेरा बाण वज्र–समानका ।
पस्ने छन् आज त्यो तेरो छातिमा ऱ्वाम्म भै छिटा ॥
जस्तो कमलको गट्ठाभित्र श्रीसूर्यका कर ।
पस्तछन् सजिलै त्यस्तै पस्नेछन् भइ दुर्धर ॥
यत्ति भन्दा न भन्दैमा वीर शत्रुघ्नले तब ।
तोरीको फूल नै देख्यो यता लवणले अब ॥
नजिकैको महान् वृक्ष उखेल्यो त्यसले पछि ।
ताकी शत्रुघ्नको छाति छोड्दियो जोडले अति ॥
यता शत्रुघ्न थे ठिक्क आँउदो रुखलाइ त्यो ।
पार्दिए बाण छोडेर सयौं टुक्रा भई छिटो ॥

१३

१४

त्यत्रो कर्म थियो आफ्नो भयो विफल त्यो तर ।
रिसले तुल्बुलायो बा ! यो देख्ता लवणासुर ॥
बलवान् त्यो थियो ज्यादै एकैपल्ट अनेकन ।
उखेल्यो वृक्ष ठूल्ठूला छोड्दियो उनमा पुनः ॥
यता शत्रुघ्न थे त्यस्तै तेजिला फूर्तिला तथा ।
चढाए धनुमा बाण निकै नै भइ झन् छिटा ॥
जोर्नी जत्ति झुकेकाथे बाणका तीन चार यी ।
यिनैले काटदिए चट्-चट् बीचैमा जो खसे पछि ॥
बलवान् वीर्यवान् त्यस्ता वीर-शत्रुघ्नले अनि ।
छोड्दिए बाणकै वर्षा त्यसमाथि छिटा बनी ॥
यसरी बाणको पर्रा छोड्दा र गइ बज्रिदा ।
पनि राक्षस त्यो कत्ति खस्किएन डगेन बा ! ॥
ज्यादै बल भएकोथ्यो त्यसले अनि युद्धमा ।
उखेल्यो रुख यौटा र लिइ हाल्यो स्वबाहुमा ॥
मजासंग त्यसैले पो शत्रुघ्नकन ठोक्दियो ।
गएर शिरमै लाग्यो उनी मूर्छै परे अहो ! ॥
वीर यी त्यसरी लड्दा हाहाकार पऱ्यो वहाँ ।
अप्सरा ऋषि-गन्धर्व ठूल्ठूला देवसम्ममा ॥
पृथ्वीबीच लडेका यी देख्यो लवणले यता ।
पक्कै पनि मऱ्यो भन्ने संझियो त्यसले तदा ॥
मौका मिले पनी तस्मात् पसेन घरभित्र त्यो ।
हतियार न ता ल्यायो त्यो आफ्नो जुन शूल थ्यो ॥
अगाडि लड्न लाग्दामा छरिएका स्वभक्ष्य ती ।
जम्बा गर्नतिरै लाग्यो, मऱ्यो भन्ने लियो मति ॥
यता दुइ घडी बित्ता न बित्तै उनलाइ ता ।
मूर्छाले छोड्दिएकोले उठे झट्पट वीर बा ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

धनुर्बाण लिई हाले त्यै पुरद्वारमा डटे ।
देख्ता यस्ता उनीलाई प्रशंसा ऋषिले गरे ॥
अब शत्रुघ्नले आफ्नो दिव्य श्रेष्ठ अमोघ त्यो ।
झिके बाण यसो हेरे ! जो त्यसै पनि बल्दथ्यो ॥
त्यसको ज्योति फैलेर दिशा धप्धप गर्दथ्यो ।
मुख थ्यो वज्रकै जस्तो वज्रकैठीक वेग थ्यो ॥
गुरुत्वमा थियो साक्षात् मेरु-मन्दर हो सरि ।
गाँठा-जोर्नी झुकेकाथे विफलै न हुने जुधी ॥
त्यसका अङ्ग-प्रत्यङ्ग तातो रगत लाग्दिँदा ।
रातो चन्दन पोतेझैं देखिइन्थ्यो सफा सदा ॥
पखेटा शोभिएकाथे त्यसका पार्श्वमा दुवै ।
ठूलो कुनै चरा जस्तो देखिन्थ्यो जो विचित्र भै ॥
दैत्य-दानव ठूल्ठूला जो छन् असुर आदि ती ।
यिनै पहाडको निम्ति डर्लाग्दो यो थियो अति ॥
प्रलयै हुन लाग्दामा बल्छ कालाग्नि जो रित ।
त्यैठीक आफ्नु तेजैले बल्दथ्यो त्यो मजासित ॥
बडो गजब भै हाल्यो यो देख्ता विश्वका सब ।
प्राणीहरू डराए बा ! त्यस्तो शक्ति थियो जब ॥
देवतासुर गन्धर्व अप्सरा मुनि साथको ।
जगत् अस्वस्थ भै दौड्यो ब्रह्माकै पाउमा अहो ! ॥
सम्पूर्ण लोकका बाजे सबलाइ दिने वर ।
देवाधिदेव ब्रह्मामा भन्यो आपत्, भई स्थिर ॥
भगवन् ! सब यो विश्व सखापै हुन्छझैं गरी ।
न राम्रै आइगो आपत् लयै हुन्छ यसै गरी ? ॥
सम्पूर्ण देवता माथि बढ्दोछ भय मोह यो ।
ठान्दछौं प्रलयै हुन्छ सब मासिन्छ विश्व यो ॥
प्रपितामह ए स्वामिन् ! यो अवस्था त विश्वको ।
न सुनेथ्यौं न देखेथ्यौं हामीले पहिले अहो ! ॥
सम्पूर्ण देवतालाई दिने अभय, विश्वका ।
सृष्टि रच्ने विधाताले आज्ञाभो त्यो सुनी तदा ॥
उहाँको यो भनाईमा थियो मधुरता अति ।
हेतु देखाइएकोथ्यो डरको त्यो भयो जति ॥
सुन ए बाबु हो ! यौटा बाण शत्रुघ्नले लिए ।
युद्धमा मार्न त्रैलोक्य पिर्ने लवणलाइ ए ! ॥

४३

४४

हो यै त्यो बाणको तेज फैलियो विश्वमा सब ।
प्रताप त्यसकै बढ्दा भयौ व्यामोह जो सब ॥
ठूल्ठूला देव छन् जत्ति म देखि तल-सम्मका ।
सबैको चाल भो यस्तो त्यसैले संझ यो कुरा ॥
छ सनातन यो बाण बुझ्यौ ! अत्यन्त तेजिलो ।
आदिदेव जगत्कर्ता भगवान् विष्णुकै त हो ॥
फैलिदा यसकै तेज अति अद्भुतको हुँदा ।
सारा हामीहरूलाई डर भो बुझ है ! कुरा ॥
परात्मा हरिले साक्षात् मधु-कैटभ नामका ।
दैत्यको गर्न संहार सिर्जियो योग्यको हुँदा ॥
एउटै भगवान् विष्णु जानि बक्सिन्छ बाबु हो ! ।
यसको गति वा तत्त्व तेजोमय छ दिव्य जो ॥
किन ? भन्छौ भने देखि साक्षात् यो बाण नै सुन ! ।
जगदात्मा-परात्माको पुरानो मूर्ति हो गुन ! ॥
हड्बडाँउनु पर्दैन जाओ शान्त भई बस ।
वीर शत्रुघ्न के गर्छन् ? हेर स्वस्थ भई सब ॥
लवणासुरलाई त्यो राक्षसश्रेष्ठ हो जुन ।
मरेको हेर भै शान्त उनैबाट छिटै पुनः ॥
देवाधिदेव ब्रह्माका सुनी वचन यी सबै ।
जहाँ लवण शत्रुघ्न लड्थे, हेर्न पुगे त्यतै ॥
यता शत्रुघ्नले आफ्नो हातमा बाण जो लिए ।
विश्वका सब प्राणीले देखे सम्पूर्ण जिल्लिए ॥
अत्यन्त तेजिलै थ्यो त्यो साक्षात् प्रलय कालको ।
अग्निझैं धप्धपाएर ज्वाला फ्याँक्थ्यो विचित्र थ्यो ॥
गयो शत्रुघ्नको दृष्टि माथि आकाशमा अब ।
हुनाले देव-सिद्धादि थिए टन्न जहाँ सब ॥
अनि यस्तै अवस्थामा हेरे लवणपट्टि र ।
सिंहनाद गरी गर्जे यी शत्रुघ्न निरन्तर ॥
तुरुन्त हाँक दी हाले ल आ ! लड्न भने यसो ।
सुनेर लड्नको निम्ति फर्क्यो लवण, झोक्कियो ॥
धनुर्धारीहरू मध्ये श्रेष्ठ शत्रुघ्नले तब ।
खिचें बा ! धनुलाई त्यो कान सम्मै पुग्यो अब ॥
ताकी लवणको छाती लामो चौडा थियो जुन ।
छोड्दिए बाण त्यै दिव्य बज्रियो सर्र गैकन ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

पुगेर रोपियो ज्वाम्म छाती नै छेड्दियो तव ।
वेगले' हुत्तियो तस्मात् पुग्यो बाण रसातल ॥
देव-पूजित यो बाण फर्किएर वहाँ पुगी ।
फेरि आइ बस्यो ठ्याक्क भरी [शत्रुघ्न-बाहुली ॥

६२

६३

कुनै पर्वत ग्वार्लाम्म ढलेझैं वज्र छोडिंदा ।
ढल्यो लवण तत्काल बाणले छाति छेड्दिंदा ॥
लवणासुरको त्यस्तो जो महान् दिव्य शूल थ्यो ।
त्यो मर्नासाथ गै हाल्यो शिवकै शूलमा मिल्यो ॥

६४

६५

यसो गरी उत्तम बाण धर्ने यी वीरले कीर्ति पवित्र छर्ने ।
त्यल्लाइ मारे तिन लोक पिर्ने भएर यौटा शर मात्र छोड्ने ॥
बढेर ज्यादै तिन लोक पिर्ने गाढा अँध्यारोकन व्याप्त गर्ने ।
नाशेर श्रीसूर्य स्वरश्मिले ती सुशोभिएझैं अब शोभिए यी ॥
सौभाग्य हो ! त्रास त्यजेर त्यस्तो थ्यो दुष्ट जो राक्षस सर्प जस्तो ।
मारी दिए दाशरथी-प्रवीर शत्रुघ्नले, हुन् जुन धन्य धीर ॥
आकाशमा थे जति देवजाति ती अप्सरा नाग मुनीन्द्र आदि ।
भनेर त्यस्तो अतियोग्य यस्तो गरे प्रशंसा सवले उनीको ॥

६८

इति उनान्सत्तरी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सत्तरी सर्ग

महाराज-शत्रुघ्नले देवताहरूबाट वरदान पाँउनु र मधुपुरीमा राज्य गर्नु

१

अन्तरिक्ष भरी माथि अग्नि इन्द्रादि देवता ।
थिए टन्न, परे देखा अब त्यो दैत्य मारिंदा ॥
शत्रुमा ताप नै पार्ने वीर शत्रुघ्न साथ यी ।
अनि भन्छन् उनी सारा वाक्यमा मधुरो अति ॥
बाबु शत्रुघ्न ! भाग्यैले हुन गो यो कुरा सुन ! ।
लवणासुर त्यो दुष्ट मारियो सजिलै जुन ॥
नियमव्रत पालेकै हौ तिमीले यथार्थमा ।
वर दिन्छौं भने जस्तो माग बाबु ! तिमी यहाँ ॥
महान् बाहु हुने वीर ! सब हामीहरू सुन ! ।
यहाँ जम्बा भएका हौं तिमीलाइ वरै दिन ॥
तिम्रो विजय चाहन्थ्यौं भैगो ! यै वेस थ्यो, भयो ।
वर माग दिई हाल्छौं, हुन्न दर्शन व्यर्थ जो ॥
भनाई देवको यस्तो सुने शत्रुघ्नले जब ।
शिरमा अँजुली बाँधी भने देवकनै तब ॥
मेरो विन्ती चढाई छ देव हो ! देवले अघि ।
बनाएका रहेछन् यो पुरी पारेर सुन्दरी ॥
क्यै उजाड भए जस्ती छन् यी मधुपुरी अब ।
हुन् राम्री राजधानीको रूपमा स्थित शोभित ॥
हजूरहरू सम्पूर्ण भै बक्सिन्छ भने खुश ।
यही वर ममा बक्स्योस् ! हुन्छ यै श्रेष्ठ वस्तुतः ॥
उनले यत्ति भन्दामा देवताहरु ती मिली ।
भन्छन् रघुकुलश्रेष्ठ उनी साथ भई खुशी ॥
बडो वेस भन्यौ बाबु ! हुन्छ ! यस्तै हुनेछ है
शूर वीर हुने सेना पुरी राम्री पनी निकै ॥
दिलका देहका ठूला देवताहरु ती सब ।
भनी यत्ति उनीलाई उक्ले स्वर्गतिरै अब ॥

१३

१४

महान् तेज हुने त्यस्ता वीर शत्रुघ्नले यता ।
डाके सैन्य सबै आफ्ना त्यो गङ्गा-तट सम्मका ॥
स्वामी-शत्रुघ्नको आज्ञा सुन्यो आयो र सैन्य त्यो ।
आदेश ठीक राजाको छिटै सब कुरा गर्‍यो ॥
रघुका कुलका रत्न उनले यसरी वहाँ ।
पुरी बसाँउनै लागे लाग्दो श्रावणमासमा ॥
त्यहाँ देखि पुरी फैल्यो भो राम्रो बाह्र वर्षमा ।
देखियो दिव्य हो जस्तै शोभिएर जहाँ-तहाँ ॥
पुर-ग्राम जमी हाल्यो सेना शूरा भए सब ।
डर, त्रास हटी हाल्यो सुख-शान्ति भयो अब ॥
फल्न सम्म फले अन्न खेती लहलहै झुले ।
जल वर्षाउनै लागे इन्द्र वेला विचारले ॥
वीर शत्रुघ्नको बाहु-बलले रक्षिंदा पुरी ।
भए नीरोग सम्पूर्ण शूर वीर भए भरी ॥
यमुनाको किनारामा यी पुरी अर्धचन्द्रको ।
लिइ रूप बसेकी थिन् भएर अतियोग्यकी ॥
जहाँ घर बनेकाथे राम्रा-राम्रा अनेकन ।
थिए बाटा र चौबाटा गल्लीहरू निकै पुनः ॥
जसमा चारवर्णैका थिए जात द्विजादिक ।
व्यापारीहरू थे कैयौं शोभिन्थे पसलै सब ॥
लवणासुरले पैले बनाएका विशाल यी ।
गृहादि-वस्तु थे राम्रा चम्किने भव्य-रूप ली ॥
चून आदि थपी पोती सजाई बहुरङ्गले ।
वीर शत्रुघ्नले राम्रै सिंगारे चित्र आदिले ॥
विहारस्थल उद्यान थिए टन्न जताततै ।
यिनैले शोभिएकी थिन् यी पुरी अतिचारु भै ॥

२६

२७

त्यस्तै देव-मनुष्यादि-सम्बन्धी अरु वस्तुले ।
खुलेकी थिन्, भुलेकी थिन् अति-सुन्दर-रूपले ॥
किनिने-बेचिने नाना थरीका योग्य-योग्यका ।
वस्तुले झल्किएकी थिन् भइ उज्ज्वलता सदा ॥
यहीं आइ बसेकाथे नाना देश-विदेशका ।
व्यापारीहरु सम्पूर्ण शोभा-भर्थे यहीं तथा ॥

२९

३०

निकै सम्पन्न, अत्यन्त शोभिएकी पुरीकन ।
देख्ता शत्रुघ्नमा ठूलो हर्ष भो, दङ्ग भो मन ॥
मधुरा यो पुरीलाई बसाई यसरी त्यहाँ ।
उनको मनमा भित्र यो विचार उठ्यो वहाँ ॥
अयोध्या-पुर छोडेको बाह्र वर्ष भएछ ए! ।
दाजुको पाउमा पर्न अब जान्छु म भक्तिले ॥

३२

३३

यसो गरी अमरपुरी सरी पुरी बसाइ जाति-जनहरू निकै भरी ।
विचार भो रघुकुल-वीरमा वहाँ गएर राम-चरण-दर्शनार्थमा ॥

इति सत्तरी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकहत्तरौं सर्ग

महाराज-शत्रुघ्नले अयोध्या जान प्रस्थान गर्नु र महर्षि-वाल्मीकिको आश्रममा कुमार कुश–लवद्वारा गाइएको रामायण सुन्नु

१

रामको पाउ छोडेको बाह्र वर्ष वितेपछि ।
उनमा भित्र इच्छा भो अयोध्या जानकै अति ॥
भित्रिया जति थे आफ्ना प्रिय—सेवक सैनिक ।
लैजाने साथमा आफ्नो यै विचार गरे अव ॥
तसर्थ पछि लागेका जो थिए सैन्यका पति ।
तथा मन्त्री पनी सारा फर्काए उनले पछि ॥
जोतेका बढिया घोडा शयौं रथ लिए अनि ।
यौटा भित्र बसी आफैं यी शत्रुघ्न हिंडे पनि ॥
महान् यश भएका यी रघुका कुलनन्दन ।
वीर शत्रुघ्नको यात्रा चल्यो अव दनादन ॥
बाटामा ठाम–ठामैला बसे बास जहाँ - तहाँ ।
गनेका सात वा आठ रात सुत्तै गए जहाँ ॥
यसरी अव यी आए वाल्मीकि—मुनिराजको ।
पवित्राश्रममा त्यस्तो तमसाका किनारको ॥
पुरुषश्रेष्ठ शत्रुघ्न वीर भित्र पसे अव ।
मुनिको पाउमा पसी गरे दर्शन फटाफट ॥
परात्मा तुल्यका त्यस्ता महात्मा–मुनिले तव ।
गरे बा ! स्नेहले गर्दा उनको स्वागतादिक ॥
आफ्नु नै हातले पाद्य-अर्घ्य आदिक वस्तु यी ।
दिए शत्रुघ्न–राजामा लिए आतिथ्यले पछि ॥
चले अनि कुराकानी मीठा-मीठा अनेकन ।
महात्माले भने आफैं उदारात्मा उनीकन ॥
लवणासुरको मृत्यु भएको विषयै लिई ।
भने पछि यिनीसाथ स्नेहले गद्गदै भई ॥
महान् बाहु हुने बावु ! लवणासुरलाइ त्यो ।
तिमीले जुन मार्‍यौ बा ! यै ठूलो काम भो अहो ! ॥

१३

१४

लवणैसँग गै लड्दा बल-वाहन साथका ।
ठूल्ठूला बलवान् राजा मरे घेर अगाडि हा ! ॥
तिमी हौ पुरुषश्रेष्ठ यसैले त्यसलाइ ता ।
मार्दियौ बा ! मजै साथ छन्यौ शान्ति जतातता ॥
यो जगत्‌भरकै त्रास तिमीले हर्दियौ यता ।
प्रताप यसरी तिम्रो भर्दोछ जगतै अहा ! ॥
परिश्रम गरी ठूलो बल्ल तल्ल रघूद्वह ! ।
रामबाट भएको हो दुष्ट रावणको बध ॥
परन्तु यो महान् काम तिमीले सजिलैसित ।
गर्दियौ फिस्समै पारी, छौं प्रसन्न तिमीसित ॥
लवणासुर यो मर्दा स्वर्गका देवताकन ।
भयो प्रसन्नता ज्यादै बुझ्यौ त ! रघुनन्दन ॥
पृथ्वीका सब प्राणीको तथा त्रैलोक्यको पनि ।
भयो हित भलो प्यारो छन् सबै शान्तिका धनी ॥
राजा बावु ! म त्यो वेला स्वर्गमा सुरराजको ।
सभाबीच बसेकोथें यता लड्थ्यौ तिमी अहो ! ॥
ठूलो विमान जस्तैथ्यो त्यो सभा हेर्न युद्ध यो ।
आइगो अन्तरिक्षैमा, हेर्‍यौं सब मिलेर जो ॥
तिमीमा छ महान् प्रेम मेरो हृदयमा अतः ।
शिर सुँघ्छु म हे तिम्रो यही नै स्नेहचिह्न छ ॥
भनी यत्ति महान् बुद्धि हुने वाल्मीकिले अब ।
सुँघे शिर समाएर वीर-शत्रुघ्नको तव ॥
अनि स्वागत-आतिथ्य मुनिबाट वहाँ भयो ।
राजा-शत्रुघ्नको एवं उनका भृत्य-सैन्यको ॥
पुरुषश्रेष्ठ यी वीर रघुका कुलमा मणि ।
राजा शत्रुघ्नले खाए भए तृप्त पनी उनी ॥

२६

२७

यसैबेला सुने ओहो ! राजा श्रीराम-दाजुको ।
पवित्रमय त्यो गाथा जीवनैका चरित्र कौं ।।
गाइएको थियो जो यो क्रमपूर्वक राम्ररी ।
मधुरो लयमा एवं सुरीलो स्वरमा भरी ।।
राम-जीवन यो सारा जो सुने उनले तब ।
कविले बाँधिएकोथ्यो काव्यकै रूपमा सब ।।
थियो यो काव्यको गान बीणाको सुर साथमा ।
घनक्क घन्किएको र बजेको दिव्य तानमा ।।
मूर्धा-हृदय-घाँटीका भित्रिया भागबाट जो ।
निस्कन्थ्यो स्वर लौ रूप तार-मध्यम-मन्द्रको ।।
थियो संस्कृत-भाषामा विशुद्ध अतिसुन्दर ।
वेदाङ्गहरुले सारा शोभिएको निरन्तर ।।
भै व्याकरणमा मिल्दो नाना छन्द हुने तथा ।
थियो लक्षणले पूर्ण काव्य-सङ्गीत-शास्त्रका ।।
बीणामा गाँउदा मीठो स्वरमा काव्य यो अहो! ।
सममा आँउथ्यो ठ्याक्क, लय थ्यो ताल पर्दथ्यो ।।
थिए यो काव्यमा जत्ति शुभ अक्षर वर्ण वा ।
सब ती अघिका सारा व्यक्त पार्थे कुरा-कथा ।।
साँचा—साँचा थिए सारा ती कुरा क्रमपूर्वक ।
यहीं देखाइएकाथे घटेका अघिका सब ।।
कानकै साथमा हर्ष्यो सुन्नेको मन गान यो ।
सुने बहाँ यसैलाई वीर-शत्रुघ्नले अहो ! ।।
अझ दीठ दिई सुन्दा अन्तमा बिचरा उनी ।
सब संझिइ रोए बा ! भए बेहोश नै अनि ।।
बित्यो दुइ घडी काल पछि होश खुले पछि ।
स्वाँ ! स्वाँ !! गर्न उनी लागे त्यसकै भेलमा बही ।।
त्यो काव्य-गानमा सारा बितेका घटना पनि ।
अहिले भर्खरैमात्र घटेझैं संझिए पनि ।।

४०

४१

थिए सेवक-भृत्यादि उनका साथमा जति ।
भए ती पनि तत्काल उनैठीक हुने स्थिति ।।
त्यो दिव्य लयमा मिल्दो गीत-सम्पत्तिको सुर ।
सुन्दा चकित भै हाले परे जिल्ल, गयो सुर ।।
घोस्रे सुन्टो भयो सारा उनको पनि अन्तमा ।
'बडो आश्चर्य हो' भन्ने निकाले वाक्य पो वहाँ ।।
भन्न लागे छ-आफैंमा यता सैन्यहरू पनि ।
कस्तो गजब थो ओहो ! के भएको ? भनी- भनी ।।
छौं कहाँ अहिले हामी कि देख्छौं सपना कसो ? ।
पहिलेका कुरा सारा देख्छौं छर्लङ्ग जो अहो ! ।।
आश्रमै हो कि पो यस्तो अघिका यी कुरा सब ।
जहाँ देखि रहेकाछौं कानैले पनि वास्तव ।।
लौ लौ त भन साथी हो ! के त यो स्वप्न होइन ? ।
गीतमा ढालिएको यो काव्यै हो के त उत्तम ? ।।
छक्क-पक्क परी ज्यादै पछि यी सबले अहो ! ।
भने शत्रुघ्न-राजामा पेट कोक्याउँदा बसो ।।
नरश्रेष्ठ महाराज ! लिई विषयलाइ यो ।
राम्ररी सोधि बक्स्योस् न महर्षि सँग नै प्रभो ! ।।
रहस्य बुझ्न खोज्ने र जिज्ञिने सैन्यलाइ यी ।
भने शत्रुघ्न-राजाले संझाएर यसै पछि ।।
सुन ए वीर हो ! त्यस्ता महात्मा-मुनिराजका ।
पवित्राश्रममा हुन्छन् यस्ता लाखौंथरी कुरा ।।
स्वयं आश्चर्यका खानी भै बक्सिन्छ उहाँ स्वतः ।
जहाँ यी घटना घट्नु छैन आश्चर्य क्यै अतः ।।
यस्ता विषय छोएर सोध्नुहुन्न उहाँसँग ।
साह्रै अयोग्य भै हाल्छ, ठहरिन्छ असंगत ।।
बढी गो चाख भन्दैमा त्यसलाई हटाउन ।
सोध्नैहुन्न उहाँसाथ कुरा यस्ता झिझयाउन ।।

५४

५५

आफ्ना सैनिकमा यत्ति भनेर रघुनन्दन ।
मुनिका पाउमा ढोगी गए बासतिरै पुनः ।।

इति एकहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बहत्तरौं सर्ग

मुनिराज–वाल्मीकिसँग विदा मागी शत्रुघ्न अयोध्यातिर हिँड्नु र वहाँ दाजु–रामलाई भेट्नु

१

बासमा सुत्न जाँदामा पुरुषश्रेष्ठलाइ यी ।
निद्रै परेन बा ! कत्ति भित्र खेले कुरा अति ॥
श्रीराम—जीवनी बारे लेखेको दिव्य-काव्यको ।
गीत त्यो मधुरो मीठो संक्षिप्त भवाक्क भवाक्क जो ॥
बीणाका लयको साथ घन्किदा दिव्य गान त्यो ।
त्यसकै तानले तान्दा रात सुत्तै वित्यो अहो ! ॥
झिस्मिसे भो उज्यालो भो, धीर शत्रुघ्न यी उठे ।
विहान गरिने जत्ति आफ्ना काम-कुरा सके ॥
परात्मा तुल्यका साक्षात् महात्मा मुनिराजमा ।
पुगेर अँजुली जोडी विन्ती गर्छन् अनी वहाँ ॥
भगवन् ! अब इच्छा छ रघुका कुल नन्दन ।
दाजु श्रीराम-राजाको गर्न दर्शन, जान्छु म ॥
यसर्थ प्रभुको आज्ञा भए जाने थिएँ उतै ।
मैसाथ ... व्रत पालेका जान्छन् सैन्य पनी सँगै ॥
पार्ने शत्रु सबै स्वाहा रघुका वंशका मणि ।
ती शत्रुघ्न विदा माग्थे मुनिसाथ त्यसो भनी ॥
अब यस्ता उनीलाई अगाँली मुनिले अहो ! ।
अयोध्या जानको निम्ति हुन्छ जाउ ! भने यसो ॥
अनि शत्रुघ्नले ढोगे पाउमा मुनिराजको ।
पछि गै रथमा आफ्नो चढे जो तेजिलो थियो ॥
अयोध्या पुग्नको निम्ति दाजु श्रीराम-पाउको ।
गर्न दर्शन धोको ली हुत्तिए वीर भै छिटो ॥
इक्ष्वाकु-कुलका तेजी राजपुत्र नरेश्वर ।
यी शत्रुघ्न अयोध्यामा पसि हाले सरासर ॥
राजदर्वारमा भित्रै पुगि हाले छिटै वहाँ ।
महान् तेज हुने राम बसेकाथे स्वयं जहाँ ॥

१३

१४

देवताहरुले सारा घेरिई बीच—भागमा ।
जसरी शोभिई बस्छन् सुरका पति स्वर्गमा ॥
त्यैठीक घेरिई आफ्ना मन्त्रीले राम-भूपति ।
पूर्णचन्द्र सरी डट्थे देखे शत्रुघ्नले पुगी ॥
तेजले धप्प बल्ने यी दिलका देहका दरा ।
रामलाइ प्रणामादि टक्र्याए उनले तदा ॥
सत्य-पराक्रमी त्यस्ता दाजु—रामकनै पछि ।
आफ्ना बाहु दुवै जोडी भन्दछन् वीर भाइ यी ॥
प्रभुबाट महाराज ! मलाई जुन कामको ।
अभिभारा दिएकोथ्यो गरे त्यो सब, पूर्ण भो ॥
पापी लवणलाई त्यो मारें मैले वहाँ पुगी ।
त्यसकी त्यो पुरीलाई सुधारें अतिध्यान दी ॥
महाराज ! वहाँ मैले पाउको दर्शनै विना ।
बाह्र वर्ष बिताएँ यी खिन्नता लिई चित्तमा ॥
अब सक्तिन है दाजु ! अरु काल म बस्न ता ।
छुट्टिई पाउद्वारा यी ममा आँउन्न आँट ता ॥
आँक्नै न सकिने वीर्य भएका हे प्रभो ! अब ।
ममा कृपा गरी बक्स्योस् साथमै बस्छु वास्तव ॥
छोडेर काख आमाको अन्त वस्तैन बालक ।
जस्तो म पनि त्यै ठीक यहीं बस्छु पुग्यो अब ॥
ककुत्स्थकुलका रत्न यसो भन्ने उनीकन ।
मजैसँग अँगालेर भन्दछन् रघुनन्दन ॥
शूर बाबु ! तिमी जस्ता वीर क्षत्रिय व्यक्तिले ।
यस्तो कुरा निकाल्नै पो होला त भन योग्य के? ॥
तसर्थ लिनु पर्दैन छोड दैन्य-विषाद यो ।
मान्दैनन् दुःख क्यै राजा प्रवासी नै हउन्न पो ॥

२६

२७

सुन मुख्य कुरो बाबु ! आफ्ना प्यारा प्रजाकन ।
पाल्नु पर्दछ राजाले क्षात्र-धर्म लिईकन ॥
सक्छौ बरु यसो गर्न वहाँ चिच्याट लाग्छ ता ।
वेला-वेला हुँदा भेट्न यहाँ आँउन सम्म बा ! ॥
आई यस अयोध्यामा भेटघाट गरी बसी ।
यसो मन बुझाएर फर्की जानु उतै पछि ॥
हो ! म मान्दछु, पक्कै छ, तिमी मेरो निमित्तमा ।
आफ्नु प्राण सरी प्यारा छौ भन्ने लाग्छ चित्तमा ॥
तर शोच त के गर्नु राज्यका दुनियाँ सब ।
पाल्नु-पोस्नु पनी तिम्रो कर्तव्य छ, ल संझ त ॥
ककुत्स्थकुलका रत्न प्रिय बाबु ! तिमी अतः ।
सात रात भरी ठ्याक्कै लौ म साथ यहाँ बस ! ॥
आठौ दिन न लाग्दैमा आफ्ना सैन्य र बाहन ।
ल्याए जत्ति लिई जाउ मधुरापुरमै पुनः ॥

३३

३४

दाजु श्रीराम-राजाका वाक्य यी धर्म-नीतिमा ।
मिलेका, मनले खाने, मान्नै पर्ने सुने वहाँ ॥
यत्तिमै भाइ राजा यी त्यसै पो चुकिए अनि ।
पछि विन्ती गरे झुक्दै "गर्ने गर्छु त्यसै" भनी ॥
दाजु श्रीराम राजाको आज्ञा ठीक अनी उनी ।
बसे सात दिनैमात्र अयोध्यापुरमा पनि ॥
महान् धनु थियो आफ्नो उठाए काँधमा धरे ।
ककुत्स्थमणि शत्रुघ्न मधुरै जान तम्सिए ॥
सत्य पराक्रमी आफ्ना महात्मा दाजु-रामको ।
आज्ञा लिए उता जान ढोग्दिए स्नेहले बडो ॥
दुवै दाजुहरूलाई जो हुन् भरत, लक्ष्मण ।
ढोगे, जान्छु भने, आफ्नो रथमा गै चढे पुनः ॥
दिलका देहका ठूला दुवै भरत-लक्ष्मण ।
गए पैदल भै स्नेह टाढासम्म पुऱ्याँउन ॥

४०

४१

यसरी वीर शत्रुघ्न आफ्नो रथ चढीवरी ।
मधुरा—राजधानीमा फर्किए शीघ्र सर्सरी ॥

इति बहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिहत्तरौं सर्ग

यौटा ब्राह्मणले मरेको बालक ल्याई राजद्वारमा पर्याँक्नु र राजालाई नै भन्नु-नभन्नु भन्नु

१

भाइ शत्रुघ्नलाई ती पठाएर उता पुनः ।
भए राम यता ढुक्क हुँदा भरत लक्ष्मण ॥
प्रजाको पालना गर्थे राम्ररी धर्मपूर्वक ।
यसरी शान्तिले बस्थे सुख—आनन्दपूर्वक ॥
दिन वित्तै गए धेर एवंरीत, कुनै दिन ।
बूढा विप्र वहाँ आए बस्थे यै राज्यमा जुन ॥
उनको पुत्र थ्यो यौटा मऱ्यो त्यो बालकै हुँदा ।
यी राजद्वारमा आए लास बोकी स्वयं तदा ॥
स्नेहले दुःखले गर्दा थिए व्याकुल विप्र ती ।
रुन्थे खप्न न सक्तामा फलाक्थे वाक्य यी झिकी ॥
बावु ! बावु !! उनी भन्थे तोड पर्दा निरन्तर ।
मनको पीर ओकल्थे मोहले भइ वेसुर ॥
अघिल्लो जन्ममा मैले त्यस्तो पाप गरेंछु के ।
म देख्छु जसले गर्दा मरेको पुत्रलाइ ए ! ॥
साह्रै साना थियौ बावु ! तिमी ता अहिलेतक ।
पाँचै हजार दिनका वयका एक बालक ॥
मलाइ यसरी दुःख दिनकै निम्तिमा तिमी ।
जन्मिएछौ, अकालैमा लगियौ कालले तिमी ॥
अव यै शोकले पिर्दा तिम्री आमा र मै पनि ।
चाँडै नै मर्दछौं बावु ! छैन शङ्का कुनै पनि ॥
मैले झूठो कुरो कैले मुखबाट निकालिन ।
न कसैको गरें द्रोह अँहँ ! संम्झिन सक्तिन ॥
हरेशिव ! न ता मैले विश्वका जीव—जन्तुको ।
क्यै विगार गरें त्यस्तो दिएँ दुःख न ता अहो ! ॥
यस हालतमा मेरो यो छोरो मर्न गो किन ? ।
अकस्मात् यसरी आज भो यस्तो पापले कुन? ॥

१३

१४

छोराले बावु मर्दामा पितृ—कार्यादि गर्दछ ।
नसकी आफ्नु त्यो काम किन गो यो यमक्षय? ॥
रामको राज्यमा यस्तो हुन्नथ्यो अघि ता कहीं ।
न सुनिन्थ्यो न देखिन्थ्यो थियो राम्रो जहाँ-तहीं ॥
अव ता के भयो कुन्नि ! डलाग्दा यी कुरा पनि ।
हुन लागे, अकालैमा मर्न लागे ठिटा पनि ॥
सन्देहको कुरै छैन यसमा यै छ निश्चित ।
ठूलै पाप गरेछन् क्यै रामले नै यथार्थतः ॥
यसैको फलले गर्दा यिनका राज्यका शिशु ।
यसरी मर्न लागे हा ! अकालैमा भुरुभुरु ॥
हेर ए राम ! अर्काका राज्यका सव बालक ।
कति आनन्दमा छन् ए ! छैन क्यै मृत्युको भय ॥
मृत्युको वशमा पर्दो मेरो बालकलाइ यो ।
लौ बचाउ! तिमी तस्मात्, छौ जो राजा भनाँउदो ॥
सुन ए ! नत्र मर्दिन्छु यै राजद्वारमा म ता ।
मेरी पत्नी पनी मर्छिन् भै अनाथ-समानका ॥
लाग्नेछ ब्रह्महत्या जो यै ठूलो भाग खाउला ।
कहलाइ अनी राजा सुखी भइ रमाउला ॥
बल- शक्ति थियो ज्यादै तिमीमा अघि वस्तुतः ।
सुखैसाथ बसेकाथ्यौं हामी यो राज्यमा अतः ॥
गएछ अव त्यो काल लौ भैगो ! भाइसाथ ली ।
गर राज्य तिमी एक्लै धेरै बाँच भई सुखी ॥
तिम्रा अधीन भै बस्ने हामीमा यसरी सुन ! ।
यो फास्टो आइलागी गो शिशुको मृत्यु भो जुन ॥
तस्मात् परि सक्यौं हामी कालको वशमा स्यसै ।
यो तिम्रो राज्यमा राम ! सुख-शान्ति मिलेन क्यै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

इक्ष्वाकुकुलका राजा महात्मै थे निकै दरा ।
उनैका राज्यका रैती अनाथै पो भए बर ! ॥
सुन राम ! तिमी जस्ता हुँदा नाथ यहाँ अब ।
निश्चितै पो भयो ओहो ! शिशु मर्नु भकाभक ॥
राजामा दोष बढ्दामा , न पाल्दा राम्ररी प्रजा ।
आइ लाग्छन् कुरा यस्ता आपत्मा पर्दछन् प्रजा ॥
दुराचारी हुँदा राजा मन्लाग्दो गर्दिंदा पनि ।
विग्रन्छन् दुनियाँ, मर्छन् अकालैमा त्यसै पनि ॥
यस्तो भए पनी त्यस्तो हुन जान्छ कुरो सुन ! ।
राज्यमा पुरमा बस्ने जति छन् स्वप्रजाजन ॥

३१

३२

तिनले यदि क्यै त्यस्तो गरे कर्म अयोग्यको ।
पापाचार बढे देखि लत्तो छोडे स्वकर्मको ॥
राजाले त्यसमा वास्तै न गर्दा , नेत्र चिम्लँदा ।
विग्रन्छन् , सब भाँडिन्छ, यसरी मर्दछन् प्रजा ॥
पक्कै हो यो कुरा तस्मात् कहीं नगर-राष्ट्रमा ।
राजैबाट भएकोछ अपराध कुनै यहाँ ॥
यसैको दोषले गर्दा यो मेरो शिशु—पुत्रको ।
अकालमृत्यु भो ओहो ! हो पक्कै ! ठोकुवा छ यो ॥
नाना प्रकारका यस्ता कडा वाक्य भनी-भनी ।
त्यो राजद्वारमा रोए निरन्तर स्वयं उनी ॥

३६

३७

राजालाइ सुनाएर यसरी मृत-पुत्रको ।
लासलाइ अँगाल्थे ती पाक्तामा दुःखले अहो ! ॥

इति त्रिहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौहत्तरौं सर्ग

देवर्षि–नारदले राजा–रामलाई शूद्रले तपस्या गर्दा नै विप्रका पुत्र मरेकाहुन् भन्नु

१

यता श्रीराम-राजाले राज-प्रासादबाट नै ।
सुने रोए-कराएको कल्पेको विप्रले तिनै ॥
त्यसभित्र छिपेकोथ्यो ठूलो शोक तथा दुख ।
स्पष्ट थ्यो चिरिई छाती रोएको आर्त भै तब ॥
अब त्यो विप्रको दुःख सऱ्यो श्रीराममा पनि ।
भित्र पीर पऱ्यो चर्को तुरुन्त नृपमा पनि ॥
आफ्ना मन्त्रीहरूलाई बोलाए उनले छिटै ।
वसिष्ठ-वामदेवादि पनि जम्मा गरे सबै ॥
पुरवासीहरू आए महाजनहरू जुटे ।
चारै भाइ भए भेला, सभा भो अनि ती डटे ॥
वसिष्ठ ऋषिका साथ आए ब्राह्मण आठ यी ।
देवेन्द्र ठीक राजामा टक्ऱ्याए जय ! क्यै भुकी ॥
मार्कण्डेय र मौद्गल्य वामदेव र काश्यप ।
कात्यायन र जाबालि थिए गौतम नारद ॥
अरु विप्रादिमा श्रेष्ठ आठै ब्राह्मणलाइ यी ।
बसाए राम-राजाले वेस आसनमा लगी ॥
भुकेर बाहुली बाँधी ढोग्दिई सबलाइ ती ।
पछिबाट बसे राम आफ्नु आसनमा पुगी ॥
महाजन तथा मन्त्रीहरूलाइ पनी पछि ।
शिष्टाचार यथायोग्य गरे, सब बसे पछि ॥
तेजस्वी व्यक्ति यी सारा बसेमा नृप रामले ।
भने सब कुरा पोखी विप्रले धरनै, दिए ॥
रामले ती कुरा भन्दा थियो मुख निन्याहरो ।
ठमाए पीर पारेछ भन्ने गम्दा सबै कुरो ॥
आज्ञा हुन्छ यसैवेला स्वयं देवर्षि-नारद ।
राजामा त्यसको गाँठो अगाडि ऋषिको सब ॥

१३

१४

ए महाराज ! सुन त जुन कारणले अहो ! ।
मरे यी विप्रका छोरा अकालैमा म भन्छु त्यो ॥
रघुनन्दन ए राम ! सुनेर पछि त्यो सब ।
तुरुन्त आफ्नु कर्तव्य गर जो गर्नु पर्दछ ॥
पहिलो युगमा राम ! जुन हो युग सत्य त्यो ।
गर्दथे ब्राह्मणैमात्र तपस्या उग्ररूपको ॥
विप्रत्व भित्रका जाति अरू मर्त्य कसै गरे ।
तपस्या गर्न त्यो ताक प्रवृत्त पनि हुन्नथे ॥
बुझ्यौ ! त्यो युग त्यस्तै थ्यो तपको ज्योति बल्दथ्यो ।
थिए त्यो कालमा धेरै जसो ब्राह्मण, दिव्य थ्यो ॥
अज्ञान भनिने वस्तु त्यसताक थिएन क्यै ।
देख्थे भूत-भविष्यादि तीन काल पनी सबै ॥
यसर्थ त्यसवेलाका कुनै मानिसको पनि ।
यस्तो अकालको मृत्यु हुन्नथ्यो कहिल्यै पनि ॥
यहाँ त्यसपछी आयो यो त्रेता-युग राघव ! ।
बढ्यो शरीरको शक्ति ठूल्ठूला देह भै सब ॥
मुख्यता यसमा चाँहि बढ्यो क्षत्रिय-जातिको ।
परन्तु यी पनी गर्थे तपस्या अधिकै अहो ! ॥
यो त्रेता-युगमा किन्तु महात्मा जन छन् जति ।
यिनी भन्दा थिए ठूला अघिका सब व्यक्ति ती ॥
ठूल्ठूला गुण थे राम ! उनमा तप, विक्रम ।
दया-दाक्षिण्य इत्यादि मानिन्छन् जुन उत्तम ॥
विप्रको जाति थ्यो माथि, थ्यो त्यो क्षत्रियको तल ।
अघिका युगको चाल अकैं भो, सम भो अब ॥
त्यो ताक मनु इत्यादि थिए धर्मप्रवर्तक ।
विप्र-क्षत्रियमा जो यी लिन्नथे भिन्नताताक ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यौटाको गुण अर्कोमा छ भन्ने ठान्दथे उनी ।
कुनै विशेषता सम्म, मान्दै मान्दैनथे उनी ॥
यही दृष्टि लिई राम ! ठूलो सानो न संझिई ।
चातुवर्ण्य-व्यवस्था यो गरे सम्मति नै लिई ॥
यो त्रेतायुगमा चाँहि वर्णधर्म-प्रधान भो ।
जो धर्मको प्रकाशैले हुन्छ फलफल नित्य पो ॥
सुन ! यो युग यस्तै छ त्यो वर्णाश्रमधर्ममा ।
बाधा पार्ने पनी त्यस्तो पाप छैन कुनै यहाँ ॥
तर यो युगमा राम ! धर्मद्रोही अधर्मले ।
यो पृथ्वीतलमा खुट्टा खसाल्यो एउटा हरे ! ॥
मिल्दा त्यो धर्ममा आई यो अधर्म रघूद्वह ! ।
यहाँका जनको तेज घट्छ मन्द भई अब ॥
त्यो सत्ययुगमा पैले जीविका गर्न साधन ।
खेतीपाती पनी चल्थ्यो, जहाँ थ्यो त्यो रजोगुण ॥
भनिन्थ्यो काम यो तस्मात् बुझयौ ! अनृतनामले ।
मानिन्थ्यो मलकै जस्तो, त्याज्य थ्यो यो विशेषले ॥
यही अनृत हो राम ! एक खुट्टा अधर्मको ।
यो त्रेतायुगमा जल्ले पृथ्वीमा गाड्दियो प्रभो ! ॥
असत्यरूपको आफ्नो खुट्टा पछि यसो गरी ।
गाड्यो अनृतले तस्मात् पृथ्वीमा फिंजिईवरी ॥
यसै कारणले राम ! यै अधर्म बढी अहो ! ।
त्यो सत्ययुगको भन्दा आयु सीमित पार्दियो ॥
यसर्थ यस पृथ्वीमा असत्य अनृतात्मक ।
अधर्मले जरा गाड्यो सर्वैतिर रघूद्वह ! ॥
सत्यमा धर्ममा लाग्ने जो छन् पुरुष यी सब ।
शुभ-सत्कर्म गर्दा छन् बच्न नै त्यसबाट त ॥
त्यस्तो भए पनी राम ! यो त्रेतायुगमा सुन ! ।
विप्र क्षत्रिय नै धेर तपस्या गर्दछन् गुन ! ॥
अरू व्यक्तिहरू जो छन वैश्य-शूद्रादिवर्णका ।
गर्छन् तिनीहरू चाँहि सेवाकार्यादि सर्वथा ॥
ती चारै वर्णमा राजन् ! वैश्य-शूद्रादिलाइ ता ।
स्वधर्म धर्म उत्कृष्ट प्राप्त भो सेवनादि ता ॥
गरे विप्रादिको सेवा वैश्यले कृषि आदिले ।
तिनौटै वर्णको सेवा श्रद्धाले शूद्रले गरे ॥

४३

४४

एवंरीत नृपश्रेष्ठ ! यो त्रेता सकिए पछि ।
पछिका दुइटा वर्ण वैश्य-शूद्रादिलाइ यी ॥
त्यही अधर्मको यौटा खुट्टा अनृत हो जुन ।
लाग्छ ओइरिनै फेरि जब बढ्छ दनादन ॥
त्यो वेला अधिका वर्ण जुन हुन् विप्र-क्षत्रिय ।
दुइकै ह्रास भै हाल्छ, संसर्गी दोष सर्दछ ॥
मौका छोप्छ यसैवेला बढेका त्यै अधर्मले ।
झार्छ अर्को पनी खुट्टो यो पृथ्वीमा महीपते ! ॥
यसरी पाउ त्यो दोश्रो झार्नाले युगलाइ यो ।
भन्छन् द्वापर संज्ञाले, जसको नाम यै भयो ॥
पुरुषश्रेष्ठ ए राम ! त्यही द्वापरनामक ।
युगमा त्यो अधर्मैको यी दुवै पाउ बढ्दछ ॥
हुन् ती अधर्म, अनृत यसरी क्रमपूर्वक ।
अधर्मांश बढी आयो पृथ्वीवलभरी सब ॥
अनि द्वापरमा चाँहि तपस्यात्मक कर्म त्यो ।
गर्नमा अधिकारी छन् पृथ्वीमा वैश्यसम्म पो ॥
यी तीनै युगमा तस्मात् एवंरीत गरी-गरी ।
ती तीनै वर्णले सक्छन् तप गर्न थरी-थरी ॥
तिनौटै युगमा तीन वर्णकै लिइ आश्रय ।
तपस्यारूपको धर्म राम्ररी टिक्छ, श्रेय छ ॥
परन्तु सुन ए राम ! यी तीनै युगमा पनि ।
तपस्या गर्न सक्तैन शूद्र ता धर्म हो भनी ॥
नृपश्रेष्ठ महाराज ! त्यस्तो समय आउला ।
हीन-वर्ण पनी व्यक्ति गर्ला तप महान् कडा ॥
कलिको युग आएमा पछिका शूद्र-योनिका ।
मनुष्यहरुमा बस्ला तप गर्ने परम्परा ॥
त्यो वेलाको कुरा छोड द्वापरै युगमा तक ।
शूद्रले तपमा लाग्नु अधर्मै हुन्छ संझ ल ! ॥
अब यस्तो अवस्थामा यो त्रेतायुग नै छँदा ।
महान् अधर्म मानिन्छ शूद्रले तप गर्नु ता ॥
यसर्थ सुन ए राजा ! यो तिम्रो राज्यमा कहीं ।
हुनुपर्दछ है पक्का ! तपेको शूद्रले तप ॥
त्यसको बुद्धि विग्रेछ तपस्या जो गर्‍यो अहो! ।
त्यसैले हुन गो यस्तो विप्रको शिशु मर्न गो ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

बुद्धि विग्री कुनै व्यक्ति यदि जो नृपको सुन ! ।
राज्यमा पुरमा यद्वा स्वयं व्यामोह भैकन ॥
अधर्म गर्छ ता केही नगर्ने-कर्म गर्छ ता ।
त्यही नै त्यस राजाको राज्यमा कष्ट पार्छ बा ! ॥
हुन्छ दारिद्र्यको हेतु राज्यलक्ष्मी विनाशछ त्यै ।
त्यो राजा नरकै पर्छ चाँडै नै, ठोकुवा छ यै ॥
सुन ए ? त्यसको उल्टो जो राजा धर्म-न्यायले ।
प्रजाको पालना गर्छ भने ता पुत्र-स्नेहले ॥

६४

६५

भोग्छ त्यो धर्मको छैठौं भाग आफ्ना प्रजादिले ।
गरेको धर्म-स्वाध्याय-तपस्याको बुझ्यौ त के? ॥
तसर्थ पुरुषश्रेष्ठ ! प्रजाका शुभ-कर्मको ।
छैटौं भाग हुँदा खाने किन रक्षिन्न फेरि त्यो ? ॥
यसर्थ लौ ! तिमी खोज आफ्नु राज्यभरी अब ।
देखे दुष्कर्म गर्ने क्वै रोकी हाल छिटै तव ॥
नरश्रेष्ठ महाराज ! यसै गर्दा छ है भलो ।
फैलिन्छ राम्ररी धर्म, आयु बढ्छ मनुष्यको ॥

६८

६६

यसको साथ साथैमा सुन ! अर्को कुरा पुनः ।
मरेका विप्रका छोरा पाउँछन् नव-जीवन ॥

इति चौहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचहत्तरौं सर्ग

राजा-राम स्वयं अधर्मीको खोजी गर्न जानु र शम्बूक शूद्रलाई देख्नु

१

मुनि-नारदका त्यस्ता कुरा यस्ता सुधामय ।
सुन्दा श्रीराम-राजामा भयो हर्ष महान् सुख ॥
तुरुन्त उनले तस्मात् भाइ लक्ष्मणलाइ ती ।
डाकी ल्याप्तु नजीकैमा भने यत्ति कुरा पछि ॥
बाबु लक्ष्मण ! गै हाल अहिल्यै द्वारमा तिमी ।
सम्झाउ सान्त्वना देउ संयमी विप्र हुन् तिनी ॥
सुन ! बालकको लास श्रेष्ठ गन्ध-सुगन्धले ।
वस्तुले पूर्ण पारेर गरी जतन जुक्तिले ॥
कुनै ठूलो कराहीमा तेल हालेर बेसरी ।
लगाउ राख्न लौ चाँडै गर यो काम राम्ररी ॥
सड्न, बिग्रन पाँउन्न जसो गर्दा त्यसै गर ।
सत्कर्मी-शिशुको देह सुरक्षित रहोस् स्थिर ॥
न आओस् लासमा कत्ति हेर-फेर विकार वा ।
छिटो गर कुरा यत्ति गई हाल तिमी त्यता ॥
भनी यत्ति उनीलाई यशस्वी नृप रामले ।
विमान-पुष्पकैलाई संम्झिए आउ लौ ! भने ॥
रामको यो अभिप्राय छिटै पुष्पकले बुझे ।
स्वयं हाजिर भै हाले स्वर्णभूषित जो थिए ॥
अघि देखापरी भन्छन् अब श्रीराममा यसो ।
आफ्नो शिर झुकाएर म हाजिर भएँ प्रभो !'॥
महान् बाहु हुने राजन् ! प्रभुकै वशमा छु म ।
यौटा किङ्कर हूँ स्वामिन् ! राजहोस् गर्छु सेवन ॥
सुन्दा यस्ता कुरा मीठा त्यो पुष्पक-विमानको ।
गै चढे त्यसमा राम ढोगी पाउ महर्षिको ।
बोके धनु, भिरे ठोक्रा दुइटा पूर्ण बाणले ।
झल्झलाकार थ्यो खड्ग लिए त्यै रम्य बाहुले ॥

१३

१४

भाई भरतमा एवं प्रिय लक्ष्मणमा पनि ।
पुरी हेर्न दिए आज्ञा स्वयं उडि गए अनि ॥
तेजस्वी नृप हुन् राम पहिले त यता-उता ।
खोज्दै हेर्दै बढी हाले पछि यी पश्चिमी दिशा ॥
वहाँ केही न देख्तामा लगतै यी पुगे पुनः ।
उत्तरैतिर जल्लाई घेर्थ्यो शैल लिई हिम ॥
यसो गढेर हेर्दामा पनि यी रामले वहाँ ।
देखेनन् क्यै कुरो त्यस्तो हुने दुष्कर्म राज्यमा ॥
सरासर त्यतै बाट हानिएर गए उनी ।
अब पूर्व दिशापट्टि हेरे सब वहाँ पनि ॥
चढी पुष्पकमा त्यस्तो जाँदा हेर्दा सबैतिर ।
थ्यो सदाचार पालेको सबैले शुद्ध भै स्थिर ॥
तस्मात् पूर्वदिशा सारा ठीक दर्पण हो सरि ।
विशुद्ध निर्मलाकार देखिन्थ्यो शान्तिले गरी ॥
गरी यत्ति त्यहाँबाट राजर्षि रघुनन्दन ।
आकाश-मार्गले दौड्दै पुगे सर्सर दक्षिण ॥
वहाँ शैवल-डाँडाको उत्तरी भेगमा पुगे ।
सरोवर महान् यौटा देखे राम-नरेशले ॥
त्यसकै तटमा यौटा तपस्वी तप गर्दथ्यो ।
देखे बा ! जसको मुन्टो झुण्डिन्थ्यो, तल झर्दथ्यो ॥
यसरी अति नै बेस तप गर्ने त्यहीनिर ।
लगे विमान त्यो आफ्नो रामले अब सर्सर ॥
वहाँ पुगेपछी सोध्छन् त्यससाथ नरेन्द्र यी ।
धन्य ! तापस ! जो यस्तो पाल्नु भो व्रतको स्थिति ॥
तपस्या गर्नेमा यत्रो आँट गर्ने पराक्रमी ।
तपस्विन् ! लौ न आज्ञा होस् , आफ्नो नाम तथा जुनि ।

२६

२७

यस्तो उग्र तपस्याले सुन्न चाख बढ्यो ममा ।
सोध्छु राम, दशरथ-राजाको पुत्र जो यहाँ॥
मनमा कुन धोको छ यसको फल पाउँन ।
स्वर्ग पुग्ने छ इच्छा के, कि अर्कै पो छ, हो कुन ?॥

२८

२९

त्यो पनी जान्न इच्छा छ गर्नै गाह्रो महान् तप ।
जो गर्नु भो तपाँईंले लक्ष्य के सुन्छु तापस !॥
हुनुहुन्छ यहाँ को हुँ ? हुनुहुन्छ कि ब्राह्मण ? ।
वीर-क्षत्रिय नै यद्वा दृढ दुर्जय हो जुन ?॥

३०

३१

तृतीय वर्णको वैश्य हो कि वा हो कि शूद्र पो ? ।
लौ!जो होस्!सुन्छु आज्ञा होस् सत्य!सत्य!!सबै कुरो॥

३२

ती राजराजेश्वर रामबाट सोद्धा यसोरी अति धैर्यसाथ ।
बाँधेर खुट्टा, शिर झुण्डिएका गर्ने तपस्या उनले भने बा !।
जो जाति थ्यो नाम र काम जो थ्यो इच्छा लिई जो तप गर्दथे त्यो ।
भन्दै गए ती यसरी समस्त श्रीराममा, थे जुन खोज्न व्यस्त॥

३३

इति पचहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयहत्तरौं सर्ग

राजा–रामले शूद्र शम्बूकबाट सबै कुरा सुनी उनको शिर छिनाल्नु र ऋषिराज–अगस्त्यबाट आभूषण प्राप्त गर्नु

१

सजिलै काम ठूलठूला गर्ने श्रीराम-भूपको ।
कुरा सब सुने त्यस्ता तपस्वीले वहाँ अहो ! ॥
भुलेको शिर हल्लाई भुण्डिएका उनी अब ।
भन्छन् श्रीराम—राजामा निकै विनयपूर्वक ॥
महान् कीर्ति हुने स्वामिन् ! म यौटा शूद्रयोनिमा ।
जन्मेको व्यक्ति हूँ तुच्छ, तप गर्छु बसी यहाँ ॥
यस्तो कडा तपस्याको फलमा म प्रभो ! अब ।
चाहन्छु स्वर्गमै पुग्न लिइ यै देह वास्तव ॥
प्रभुको पाउमा भूठो किन विन्ती चढाउँथें ।
देवताहरुको लोक भेट्न नै तप गर्दथें ॥
मलाई शूद्र हो भन्ने सँम्भिबक्सयोस् प्रभो ! अतः ।
नाम शम्बूक हो मेरो यसैबाट छु विश्रुत ॥
त्यो शूद्र यत्ति भन्दैथ्यो म्यानबाट नरेशले ।
भिकेर चम्किलो खड्ग त्यसको शिर काट्दिए ॥
मर्नासाथ यता शूद्र अग्नि इन्द्रादि देवता ।
प्रशंसा गर्न पो लागे रामको खुश भै तदा ॥
ती सबै देवले बेस ! बडो बेस भयो भने ।
निस्क्यो निरन्तरै वाणी प्रशंसात्मक शोभिने ॥
रामका माथको माथि यसैवेला मनोहर ।
पुष्पको राश वर्षाए वायुले पनि सर्सर ॥
यी दिव्य फूलको बास्ना मीठो थ्यो हर्दथ्यो मन ।
यसरी यिनले पाए त्यो मौका गर्न सेवन ॥
अन्तमा सब यी देव भए अत्यन्त नै खुश ।
सत्यपराक्रमी रामसंग भन्छन् पछी सब ॥
ए महान् बुद्धिमान् देव ! प्रभुले जुन काम यो ।
गरी बक्स्यो, यही नै भो ठूलो सत्कर्म देवको ॥

१३

१४

यसको निम्तिमा हामी अब टक्र्याउँछौं वर ।
सौम्य—स्वभावका राम ! इच्छा छ जुन सुन्दर ॥
शत्रुनाशक हे नाथ ! प्रभुले गरिबक्सिदा ।
स्वर्ग आँउन पाएन लिइ त्यै देह शूद्र ता ॥
सत्यवीर्य हुने राम देवका यी कुरा सुनी ।
बाहु जोडी यसो भन्छन् इन्द्रसाथ भुकी अनि ॥
भै बक्सिन्छ भने देखि यदि देव ममा खुश ।
ती राजद्वारमा बस्ने विप्रका जिउँतुन् सुत ॥
यही नै वर बक्स्योस् लौ मलाइ सब देवता ।
यही नै छ निकै प्यारो ठूलो वर म पाँउ बा ! ॥
अपराध कुनै मेरो हुँदा नै विप्रका सुत ।
जो यौटै थे, मरेका हुन् अकालैमा विशेषतः ॥
प्रतिज्ञा गर्दिएकोछु मैले ती विप्रको अघि ।
बचाइ दिउँला तिम्रा यी छोरा म, भनी यति ॥
हजूरहरुको देव ! हओस् नित्य भलै-भलो ।
न बनाइ दिई बक्स्योस् मेरो प्रण असत्य त्यो ॥
रघुका कुलका रत्न रामका यी कुरा सुनी ।
रामसाथ यसो भन्छन् देव दङ्ग भई अनि ॥
श्रीराम ! ढुक्क भै बक्स्योस् मरेको शिशु त्यो प्रभो ! ॥
ज्यूँतिएर गयो आजै आफ्ना बन्धुसँगै मिल्यों ॥
प्रभुले जुन वेलामा शूद्र त्यो मार्दिबक्सियो ।
मरेको विप्रको छोरो त्यै वेला ज्यूँभियो, गयों ॥
नरश्रेष्ठ प्रभो राम ! प्रभुको जय होस् अब ।
यही काम भयो ठूलो लौ गर्यौं, धन्यवाद छ ! ॥
अगस्त्याश्रममा जान्छौं हामीहरू सबै अब ।
गर्न दर्शन इच्छा छ उहाँका पदको शुभ ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
मुनिले जलको शय्या गरेको आज वास्तव ।
बाह्र वर्ष पुग्यो छ्याक्क, बुझ्नि बक्स्योस् कुरो सब ॥
महान् तेज हुने त्यस्ता महर्षि मुनिराजको ।
त्यस्तो नियमको दीक्षा सकियो आज पूर्ण भो ॥
तस्मात् हामीहरू जान्छौं उहाँमा अभिनन्दन ।
टक्र्याउन रघुश्रेष्ठ ! भलो होस् प्रभुको पुनः ॥
बरू हुन्थ्यो बडो वेस हजूर पनि वस्तुतः ।
सवारी भइ बक्सेमा गर्न दर्शन श्रेयद ॥
बडो वेस ! भनी बक्स्यो भनेर रघुनन्दन ।
श्रीराम-भूपले प्याकै बोल्दिए बा ! गरी प्रण ॥
सरासर वहीं जान तसर्थ रघुका मणि ।
चढे झट्पट त्यै आफ्नो यान-पुष्पकमा अनि ॥
यता देव पनी आफ्ना अनगिन्ती विमानमा ।
चढेर भै छिटो सारा त्यतैबाट पुगे वहाँ ॥
हिंडें सर्सर श्रीराम-राजा पनि उतै पछि ।
तपोवन तिरै त्यस्ता ऋषिको गविलो अति ॥
आफ्नु आश्रममा देख्ता आएका देवलाइ यी ।
गरे स्वागत-सत्कार मुनिले पनि भै खुशी ॥
समानरूपले पूजा हुन गो सब देवको ।
थिए सद्धर्म जानेका महात्मा मुनिराज जो ॥
पाए स्वागत - सत्कार मुनिबाट सुरादिले ।
अभिनन्दन टक्र्याए मुनिमा मुक्तकण्ठले ॥
यसरी सब यी देव आफ्ना अनुचरादिको ।
साथमा खुश भै भित्र हिंडें स्वर्गतिरै अहो! ॥
अब आश्रम रित्तो भो गए देवहरू जब ।
अनि पुष्पकद्वारा त्यो ओर्लिए सुस्त राघव ॥
परात्मामय धर्मात्मा मुनिश्रेष्ठ अगस्त्यको ।
पवित्र पाउमा भत्राम्म लडे राम पुगी अहो! ॥
ब्रह्मको तेजले धप्प बलेका ऋषिराज यी ।
सुशोभित भए राजा-रामको ढोग यो मिली ॥
अब झट्पट आफैंले मर्यादा-दृढ धर्ममा ।
अडेका रामको राम्रो गरे आतिथ्य स्नेहमा ॥
राजा ऋषि बसे साथ चल्यो अब कुरा वहाँ ।
भन्छन् तेज—तपस्याका निधि यी मुनि अन्तमा ॥
४३

४४
रघुका रत्न श्रीराम ! म तिम्रो गर्छु स्वागत ।
हो मेरै भाग्य यो ओहो ! जब आइ पुग्यौ स्वतः ॥
राजा बाबु ! तिमीमा छन् जो धेरै गुण उत्तम ।
यसैले छ तिमीमाथि श्रद्धा पनि अनुत्तम ॥
मेरो निमित्तमा तस्मात् गर्न आदर योग्यका ।
तिमी अतिथि हौ राम ! गढेका मनमा सदा ॥
देवताहरु भन्दैथे आउँदैछौ तिमी यहाँ ।
मारी अधर्ममा लाग्ने शूद्रलाइ कुनै वहाँ ॥
धर्मको बलले बाबु ! तिमीले विप्रका सुत ।
मरे ता पनि ब्यूँतायौ भो यही काम अद्भुत ॥
लौ! भैगो अब हे राजन् ! आजको रात यो तिमी ।
बस आश्रममा मेरो साथमा शान्तिमान् बनी ॥
उज्यालो न हुँदै भोलि त्यो पुष्पक-विमानमा ।
चढेर पुर फर्कौला देउ स्वीकृति लौ ! ममा ॥
म त संझन्छु हे राम ! तिमीलाइ यथार्थमा ।
भलो गर्न जगत्को यो ओर्लेका भगवान् यहाँ ॥
नारायण तिमी नै हौ सर्वात्मा सर्वव्यापक ।
तिमीमा नै अडेकोछ यो जगत् सब वास्तव ॥
त्रैलोक्यभर जो जो छन् देवता तिनका पनि ।
देव हौ, हौ तिमी साक्षात् सनातन नरै पनि ॥
राम्रो बानी हुने बाबु ! लौ भैगो ! छोड यी कुरा ।
गहना दिव्य यो यौटा जो म साथ छ, हेर बा! ॥
यो दिव्य-रूपले आफ्नो तेजले बल्छ धप्धप ।
बनाए विश्वकर्माले लगाएर निकै सिप ॥
ककुत्स्थ-कुलका रत्न राजा बाबु ! तिमी अतः ।
गर स्वीकार यै दिन्छु मेरो छ प्रिय यो स्वतः ॥
प्रिय वस्तु मिले केही कसैबाट त्यही पुनः ।
सत्पात्रमा दिंदा दान भन्छन् छ फल उत्तम ॥
यस्ता वस्तु तिमी जस्ता व्यक्ति नै धर्न सक्तछन् ।
पैह्रन्छन् के बुझ्यौ! बाबु! फल जो दिन सक्तछन् ॥
इन्द्रादि देवतालाई तिमी नै तार्न सक्तछौ ।
तस्मात् दिन्छु म यो राम पुऱ्याइ विधि लेउ लौ! ॥
बुद्धिमान्हरूमा श्रेष्ठ इक्ष्वाकुकुलभित्र त्यो ।
यौटै महारथी राम थिए सद्भावपूर्ण जो ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

उनै भन्छन् महात्मा यी मुनिसाथ यसो अब ।
ऊँचो क्षत्रिय-धर्मैको नलिने कर्म थ्यो जब ॥
भगवन्! दान थाप्ने यो काम ता खालि विप्रको ।
मानिएको छ जो गर्दा निन्दा हुन्न र योग्य भो ॥
तर हामीहरू जस्ता क्षत्रीका निम्तिमा भने ।
दान थाप्नु त ब्रह्मर्षे! छ नि ता निन्दितै हुने ॥
प्रभो! यस अवस्थामा लेओस् क्षत्रिय के गरी ।
दान यो, विप्रबाटै झन्, सुन्न पाँउ म यै घडी? ॥
रामले यसरी सोद्धा ती महर्षि अगस्त्यले ।
भने उत्तरमा राजा श्रीरामसँग प्रेमले ॥
सुन राम! सबै भन्दा अघिल्लो युग सत्य हो ।
ब्रह्मस्वरूप थ्यो सारा राजा चाहिन्नथ्यो, न थ्यो ॥
देव-तुल्य प्रजा राम! बढ्दा धेर भए पछि ।
राजा बनाइए इन्द्र व्यवस्था बाँध्न नै पछि ॥
यता अरू प्रजा सारा राजा पाँउन लायक ।
देवदेवेश ब्रह्मामा गए विन्ती गरे तब ॥
देवको राज्यमा देव! प्रभुले इन्द्रलाइ ती ।
राख्दिई बक्सियो तस्मात् व्यवस्था सुध्रियो अति ॥
त्यही ठीक वहाँ जस्तो हाम्रो निम्ति पनी अब ।
राख्दिई बक्सियोस् यौटा राजा होस् जुन लायक ॥
गरी आदर सत्कार पूज्य मानी त्यसैकन ।
निष्पाप भइ घुम्नेछौं हामी यो क्षितिमा पुनः ॥
हामीलाइ पर्‍यो गाह्रो बस्न राजा नभैकन ।
यही निश्चय हो हाम्रो ए प्रभो! भूतभावन! ॥
प्रजाले यत्ति भन्दामा सुरश्रेष्ठ विरिञ्चिले ।
लोकपाल-सुरेन्द्रादि बोलाएर यसो भने ॥
तिमीहरू सबै मेरा प्रिय छौ बाबु हो! सुन! ।
अ-आफ्नो तेजको अंश देउ होस् जुन उत्तम ॥
सुनी वाक्य विधाताका सब यी लोकपालले ।
अ-आफ्नो तेजको अंश शक्तिबाट झिके दिए ॥

७६

सुन राम! यसैवेला विधातालाइ जोडले ।
छिंका लाग्यो स्वयं राजा-क्षुप नामक निस्किए ॥
दिएथे अघि जो तेज सब ती लोकपालले ।
त्यसैले प्रभु ब्रह्माले पछि संयुक्त पार्दिए ॥
गरी यत्ति तिनैलाई प्रजाको गर्न शासन ।
राजाको रूपमा राम! समर्पित गरे सुन! ॥
क्षुपले यी भई राजा इन्द्रको तेज-भागले ।
लागे शासन पृथ्वीको गर्न क्षत्रिय-धर्मले ॥
तेजको भागले चाँहि साक्षात् वरुणदेवको ।
पाल्दथे-पोस्तथे राजा स्वप्रजा ध्यान दी बडो ॥
थियो कुवेरको जो त्यो तेजको भाग राघव! ।
त्यसले धन-द्रव्यादि बाँड्दिन्थे चाहिए तव ॥
यमका भागको चाँहि तेजले क्षुप यी नृप ।
अपराध भए दिन्थे प्रजामा दण्ड लायक ॥
यसर्थ सुन श्रीराम! हुँदा राजा तिमी पनि ।
छौ सम्पन्न सबै लोकपालका तेजले पनि ॥
तसर्थ अब लौ बाबु! इन्द्रको तेजबाट त्यो ।
उद्धार गर यो लेउ जय होस्! हुन्छ है भलो ॥
भनी यत्ति महात्मा यी मुनिले रामलाइ ती ।
दिए त्यो गहना दिव्य बल्थ्यो जो श्रेष्ठ भै अति ॥
लिएर शिर होच्याई बाहुमा रामले पछि ।
सोधे त्यो कसरी प्राप्त भो भन्ने विषयै लिई ॥
महान् यश हुने ब्रह्मन्! यस्तो अत्यन्त अद्भुत ।
बनोट तेज सम्पन्न आभूषण छ जो स्वतः ॥
कसरी बाहुमा आयो प्रभुको कि त हे प्रभो! ।
यहाँ ल्यायो कसैले पो सुन्न चाहन्छु यो कुरो? ॥
महर्षे! चाख बढ्दोछ यो कुरा सुन्नमा मसा ।
प्रभु ता भइ बक्सिन्छ खानी आश्चर्यकै यहाँ ॥
ककुत्स्थकुलका रत्न रामले शान्तभावमा ।
सोद्धा महर्षि यी लागे भन्न दङ्ग परी वहाँ ॥

७५ ६१ ६०

राजा बाबु! वितेको त्यो पैलो त्रेतायुगै हुँदा ।
घट्यो बा! घटना यौटा सुन त्यो भन्छु लौ! म ता ॥

इति छयहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतहत्तरौं सर्ग

महर्षि–अगस्त्यले राजा–रामलाई यौटा स्वर्गको पुरुषले मुर्दा खाएको कथा भन्नु

१

ल है सुन महाराज ! हो निकै अघिको कुरो ।
युग त्रेता थियो बाबु ! त्यो ताक पहिलो हुँदो ॥
फैलिएको-थियो यौटै वन अद्भुत ढङ्गले ।
शयौं योजन पर्यन्त थ्यो वेपत्ता छ के, छ के ? ॥
त्यहाँ गजव थ्यो अर्को, थिएनन् पशुसम्म क्वै ।
न ता पक्षी थिए राजन् ! डर लाग्दो जतातते ॥
मनुष्यहरुले हीन अनकण्टार थ्यो वन ।
पसें मत त्यसैभित्र घुम्न थालें दनादन ॥
घुम्नुको हेतु यौटै थ्यो राम्रो ठाम कहाँ छ बा ! ।
जहाँ बसी गरूँला म तपस्या स्थिर भै सदा ॥
राम्रो बानी हुने राम ! वनको त्यो स्वरूप म ।
भन्नै सक्तिन है त्यस्तो थियो अतिमनोरम ॥
लता-वृक्ष थिए टन्न राम्रा चित्र-विचित्रका ।
चाख्यो कि स्वाद नै गढ्ने फल-मूल थिए तथा ॥
सुन ! यै वनको बीचभागमा भव्य एउटा ।
सरोवर थियो बाबु ! फैलेको चारकोश ता ॥
जलपक्षी थिए व्याप्त हंस-कारण्डवादिक ।
ती चक्रवाकका जोडा घुम्थे, फिर्थे मिली सव ॥
त्यही तलाउमा राम ! नाना कमल उत्पल ।
फूल्दथे फूल, छ्याप्पै पो थिएन तर शैबल ॥
थियो अत्यन्त नै राम्रो भ्वाट्ट हेर्दा तलाउ त्यो ।
महान् आश्चर्यको खानी भए जस्तै थियो अहो! ॥
पानी पनि थियो त्यस्तै अतिनिर्मल सुन्दर ।
पिउँदा अति नै तृप्ति हुने एवं मनोहर ॥
हीलो थिएन सर्वत्र अतिस्वच्छ थियो तथा ।
भ्वाट्ट पौडेर यल्लाई गाह्रै थ्यो पार पुग्नु ता ॥

१३

१४

यसैभित्र यहाँमात्र पक्षीका पशुका दल ।
घुम्थे भै गहना जस्ता जो गर्थे नित्य खलबल ॥
थियो आश्रम क्वै योटा छेउमा यै तलाउको ।
हेर्दै गजबको ठूलो पवित्र अतिजीर्ण पो ॥
राजा बाबु ! यहाँ किन्तु थिएनन् जन क्वै पनि ।
थियो शून्य, थिएनन् बा ! तपस्वी भनिने पनि ॥
जेठको मास थ्यो राम ! म पुग्दामा बुझ्यौं त्यहाँ ।
पसें आश्रममा भित्र एक रात बसें यहाँ ॥
भोलिपल्ट उज्यालो भो शौच स्नान गरूँ भनी ।
यसो बाहिर निस्केर पुगें घुम्दै त्यहाँ पनि ॥
यसैवेला किनारैमा मुर्दो यौटा विचित्रको ।
देखें बा! भ्वास्स श्रीराम! थियो पुष्ट र स्वच्छ जो ॥
सारा अङ्ग थिए पुष्ट चम्किला तेजिला उति ।
त्यहीं तेर्सिरहेको थ्यो त्यो मुर्दो शोभिई अति ॥
म थचक्क बसें बाबु ! त्यसको विषयै लिई ।
शोच्न थालें अहो! के हो? वित्यो ठ्याक्क दुवै घडी ॥
बडो गजब भो राम ! यै वेला माथिबाट ता ।
त्यहाँ विमान पो ओर्ल्यो झल्झलाकार एउटा ॥
थियो विमान यो दिव्य अतिसुन्दर वास्तव ।
हंसयुक्त विचित्रैको वेगिलो मनकै ठिक ॥
त्यसभित्र बसेकाथे स्वर्गका नर एउटा ।
झल्झलाकार थ्यो रूप, देखिन्थे तेजिला सफा ॥
हजारौं अप्सराद्वारा सेविएका थिए उनी ।
पैह्रिंदा गहना दिव्य भल्किन्थे रमणी यिनी ॥
वीर बाबु ! उनीलाई अप्सरा सव यी मिली ।
पार्दथे खुश गाएर मीठो स्वर झिकी-झिकी ॥

२६

२७

भित्र अर्कोथरी चाँहि मृदङ्ग-पणवादिक ।
बाजा बजाँउथे झम्! झम्!! वीणाकै साथमा तव ॥
तालमा सुरमा पारी झारी नृत्य-कला सुन! ।
नाच्दथे अप्सरा छम्! छम्!! वहीं अर्कोथरी पुन! ॥
फक्रेका कमलै जत्रा भएका नेत्र सुन्दर ।
अप्सरा अरू थे घेर गर्थे सेवन भै स्थिर ॥
जूनको जूनझैं सेतो बहुमूल्य मनोरम ।
लागेको सुनको डण्डी थियो चँवर उत्तम ॥
यिनैलाइ लिई आफ्ना बाहुमा अप्सरा सव ।
उनको शिरमा राम! हम्किन्थे मक्क भै तव ॥
अव यस्तै अवस्थामा भगवान् सूर्य मेरुको ।
डाँडो छोडेर ओर्लेझैं ओर्लिए ती पनी अहो! ॥
ओर्ली विमानद्वारा त्यो स्वर्गका नरले तिनै ।
त्यै मुर्दालाइ खाए बा! हेर्दैथें, छक्कथें म नै ॥

३३

३४

त्यो हृष्ट-पुष्ट मुर्दाको मासु खाइ यथेष्ट ती ।
मुख-हात धुना निम्ति दहमा त्यै गए पछि ॥
पानी खाइ गरी कुल्ला स्वर्गका नर यी तव ।
चढन श्रेष्ठ-विमानैमा गए बा! अव राघव! ॥
राजा बावु! यसैवेला देव-तुल्य उनीकन ।
नजीकै गइ सोधें यो नम्र भै भन्छु जो सुन! ॥
देखिने दैवतै जस्ता यहाँको हुनुहुन्छ हैं? ।
निकै नै नमजाको यो आहार किन गर्नु हैं? ॥
के हुँदा पर्न गो यस्तो बुझाइ सव यो ममा ।
आज्ञा गर्नु भए राम्रो हुनेथ्यो लौ सुनौं! यहाँ ॥
साक्षात् देव समानैका हुनुहुन्छ यहाँ तर ।
आहार हुन गो यस्तो किन सौम्य! असुन्दर ॥
आश्चर्यका कुरा हुन् यी दुइटै जान्न खोज्छु म ।
लौ भन्नोस्? सत्य त्यो मुर्दा खानु ता ठीक ठानिन ॥

४०

४१

भै नम्र, वाणी मधुरो झिकेर सोधे पछी चाख निकै लिएर ।
सोधाइ मेरो सव त्यो सुनेर भने उनीले सुन! क्यै गमेर ॥

इति सतहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठहत्तरौं सर्ग

महर्षि–अगस्त्यलाई राजा–श्वेतले आफ्नो जीवनी भन्नु र दिव्य आभूषण समर्पण गर्नु

१

मीठा अक्षरका मेरा कुरा यस्ता सुनी सब ।
स्वर्गका नरले त्यस्ता जंडे बा ! अँजुली तब ॥
राम बाबु ! अनी मेरो सोधाईको जवाफमा ।
सुख–दुःख सबै पोखी भने आफ्ना कुरा ममा ॥
विन्ती गर्छु म ब्रह्मर्षे! सुनि बक्स्योस्! मलाइ जो ।
सोधि बक्स्यो, सबै मेरो कर्मकै खेल हो प्रभो ! ॥
तल-माथि नपर्ने क्यै सुखका दुखका कुरा ।
यिनै हुन् प्रभुमा भन्छु पहिले जो घटे पुरा ॥
उहिल्यै, भइ बक्सिन्थ्यों मेरा सत्कीर्तिमान् पिता ।
देश–वैदर्भमा राजा थियो नाम 'सुदेव' ता ॥
विख्यात भइ बक्सिन्थ्यो उहाँ त्रैलोक्यमा अति ।
उहाँमा शक्ति थ्यो ठूलो शोभिन्थ्यो वीर्य भै अति ॥
धर्मपत्नी थिए ब्रह्मन् ! उहाँका दुइटा सती ।
तिनैमा दुइटा छोरा बुबाका जन्मियौं पछि ॥
दुइमा हुँ म त्यो जेठो हो मेरो नाम श्वेत यो ।
कान्छा भाइ थिए मेरो जस्को सुरथ नाम हो ॥
मलाइ पुरवासीले बुवा स्वर्ग गए पछि ।
अभिषेक दिए ब्रह्मन् ! राजाको पदमा लगि ॥
अनि मैले गरें राज्य नचुकी सावधान भै ।
राजाले गर्नुपर्थ्यो जो धर्म पाली स्वयं सँधै ॥
राम्रो व्रत हुने ब्रह्मन् ! धर्मले रक्षिदा प्रजा ।
गर्दा राज्य वहाँ मेरा विते वर्ष हजार बा ! ॥
कुनै दिन प्रभो ! मैले दैव संयोगले गरी ।
आफ्नु आयु बचे जत्ति था पाएँ, छ भनी यति ॥
अब लौ मर्नु पर्ने भो भन्ने हृदयमा गढी ।
म जङ्गल पसी हालें तप गर्न त्यही घडी ॥

१३

१४

भगवन् ! अनि आएँछु म यही वनमा तब ।
थिएनन् पशु–पक्षी क्यै शून्य सन्य थियो सब ॥
यै सरोवरको राम्रो तटमा म बसें त्यहाँ ।
कसिएँ, लागिहालें म तपस्या गर्न शान्तिमा ॥
विशाल राज्यमा आफ्नो भाई सुरथलाइ ती ।
अभिषेक दिएकैथें मन शान्त थियो अति ॥
तस्मात् यो देहमा आई सावधान भई प्रभो ! ।
मैले तप गरें ठूलो, पछि काल निकै वित्यो ॥
विशाल वनमा यस्तो तप गर्दा महान् कडा ।
वर्ष तीन हजारैको वित्यो समय सुत्त बा ! ॥
अन्तमा भगवन् ! मैले यसको फलले गरी ।
त्यो ब्रह्मलोक भेट्टाएँ विश्वकै जुन थ्यो धुरी ॥
उदार मनका ब्रह्मन् ! त्यहाँ पनि मलाइ ता ।
भोकले प्यासले पिर्थ्यो प्रतिक्षण हुँदै कडा ॥
मर्म मर्म सबै मेरो दुख्थ्यो त्यत्तिले प्रभो ! ।
त्रैलोक्यश्रेष्ठ ब्रह्मामा पछि बाट भनें यसो ॥
भगवन्! म त यस्तो पो सुन्दथें ब्रह्मलोक ता ।
भोक-प्यास विनाको छ भन्ने सुख दिने सदा ॥
भोगें यहाँ त उल्टो पो यसरी भोक-प्यासले ।
मलाइ किन पिर्दोछ ? हो मेरै कर्म-पाक के ? ।
साह्रै नै भोक लाग्दोछ के खाँउ अब लौ प्रभो! ।
आज्ञा होस् लौन देवेश! कृपा होस् अब त्यत्तिको ॥
सुनी मेरा कुरा सारा सुनि बक्स्योस् महामुने! ।
यसो मतिर हेरेर आज्ञा भो ब्रह्मदेवले ॥
सुन श्वेत ! छ जो तिम्रो देह त्यो मर्त्यलोकमा ।
त्यसैलाइ तिमी खाउ तलै गइ सँधै वहाँ ॥

२६

२७

होला दिनदिनै पुष्ट मीठो पनि निकै त्यही ।
यसै गर तिमी राजा ! तिम्रो आहार हो त्यही ॥
तिमीले तप गर्दामा त्यति ठूलो कडासित ।
आफ्नु देहकनै पोस्यौ, भोग भोग्यौ मजासित ॥
हो त्यस्कै फल यो राजा ! बिउ क्यै दानरूपको ।
छरेनौ अघि, के उम्रोस् फल भक्ष्य पदार्थको ? ॥
देवता – पाहुना – पाच्छा – ऋषि-पितृहरूकन ।
दिएनौ अघि क्यै वस्तु खान, श्रद्धा लिईकन ॥
तपस्या गर्दथ्यौ खालि दिएको छैन, देख्तिन ।
भोकले प्यासले पिर्छ यहाँ तस्मात् तिमीकन ॥
नाना पदार्थ खाएर भएको पुष्ट देह त्यो ।
के लाग्यो ? अब गै खाउ अमृतैठीक स्वादिलो ॥
त्यसै गर तिमी राजा ! त्यै खाएमात्र वास्तव
भोक-प्यास दुवै तिम्रा छुट्तछन् तृप्ति मिल्दछ ॥
जब त्यो वनमा पस्लान् मुनिराज-अगस्त्य ती ।
यो कष्टबाट त्यै वेला छुट्नेछौ, यै भयो स्थिति ॥
अरूको के कुरा सौम्य ! परि आयो भने उनी ।
सम्पूर्ण देवतालाई तार्न सक्छन् हुँदा गुणी ।
अब यस्तो अवस्थामा भोकले प्यासले पनि ।
भोग्ने दुःख तिमीलाई तार्दिन्छन् सजिलै उनी ॥
देवका देव ब्रह्माको यस्तो निश्चयको कुरो ।
सुने स्पष्ट वहाँ मैले ए प्रभो ! भवितव्यको ॥
तसर्थ यसरी आई आफ्नु नै त्यो शरीरको ।
भकाभक मजैसाथ मासु खान्छु घृणै हुँदो ॥
सुनि बक्स्योस् त ब्रह्मर्षे ! अनेकौं वर्ष भै सक्यो ।
म खाँदैछु यही मासु मीठो मानी गरी त्यसो ॥

३८

४०

त्यसरी राम्ररी खाँदा पनि ता त्यो शरीरता ।
घट्तैन कत्ति, अत्यन्त तृप्ति हुन्छ मलाइ ता ॥
एवंप्रकार ब्रह्मर्षे ! परें संकष्टमा म यो ।
उद्धार गर्दिई बक्स्योस् ,पस्नें अघि परें म जो ॥
अगस्त्य-मुनि बाहेक अरू व्यक्ति कुनै पनि ।
पस्न सक्तैन थ्यो तस्मात् प्रभु त्यै हो महामुनि ॥
जयहोस् प्रभुको ब्रह्मन् ! मेरो उद्धार गर्दिन ।
आभूषण म यो दिन्छु लिइ बक्स्योस् तपोधन ! ॥
प्रभुको क्यै दयामात्र मैले पाएँ भने पनि ।
मेरो उद्धार भै हाल्छ म पाउँ अब त्यो पनि ॥
यो आभूषणमा ब्रह्मन् छ ठूलो गुण एउटा ।
सजिलैसँग जो दिन्छ मागेको वस्तु वा कुरा ॥
भक्ष्य भोज्य यही दिन्छ धन वस्त्र सुवर्ण र ।
नाना प्रकारका अर्का गहनातक सुन्दर ॥
टक्र्याउँछु यता ब्रह्मन् ! म पनी प्रभुमा पुनः ।
यसका-साथ साथैमा अरु वस्तु अनेकन ॥
नाना प्रकारका भोग-कामका वस्तु दिन्छु म ।
कृपा होस् भगवन् ! तस्मात् उद्धार गरिपाउँ म ॥
सुन ! स्वर्गीय राजा यी श्वेतका दुःखका कुरा ।
मैले सब सुनें राम ! कल्पन्थे बिचरा बरा ! ॥
उनको कष्ट त्यो सारा निमिटयान्न बनाँउन ।
आभूषण लिएँ मैले, यही हो त्यो अनुत्तम ॥
गहना यो लिनासाथ बुझ्यौ ! राजर्षि-श्वेतको ।
मनुष्यदेह त्यो पैलो तुरुन्तै लोपियो अहो ! ॥
अल्पिनासाथ त्यो देह श्वेत राजर्षि दुक्क भै ।
ब्रह्मलोकतिरै लागे सुखी भै भित्र दङ्ग भै ॥

५२

५३

यो दिव्य गहना राम ! जुन देखिन्छ अद्भुत ।
इन्द्र-तुल्य उनीले नै दिएका हुन् तसर्थ त ॥

इति अठहत्तरौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनासी सर्ग

महाराज–इक्ष्वाकुका पुत्र राजा–
दण्डको राज्य–सञ्चालन

१

निकै आश्चर्य लाग्दो र अति अद्भुत यो कुरा ।
सुने श्रीराम-राजाले अगस्त्य-मुनिबाट बा ! ॥
राममा यसले गर्दा महात्मा मुनिको प्रति ।
श्रद्धा-गौरव बढ्दै गो सोध्छन् फेरि उनी झुकी ॥
भगवन् ! जान्न चाहन्छु श्वेत-राजर्षि ती जहाँ ।
बसेर गरि बक्सिन्थ्यो तपस्या उग्र शान्तिमा ॥
वन त्यो किन हो ब्रह्मन् ! भो भयङ्करको तथा ।
पशु-पक्षी विनाको भो हेतु के पर्न गो तदा ? ॥
यथार्थरूपले सुन्छु यो कुरा ती नरेश्वर ।
तप गर्न सवारी भो त्यो शून्य वनमा किन? ॥
चाखले सोधिएका यी कुरा श्रीरामका सुनी ।
भन्दछन् अतितेजस्वी ब्रह्म-तुल्य महामुनि ॥
उहिलेकै कुरा हो यो थ्यो सत्ययुग त्यो जब ।
मनु राजा थिए, गर्थे राज्य दण्ड लिई तब ॥
उनैका एउटा छोरा जेष्ठ श्रेष्ठ थिए अति ।
यिनको नाम थ्यो राम ! इक्ष्वाकु भनिने यही ॥
यिनमा गुण थे धेर विशेष कुल आफ्नु त्यो ।
आनन्दित सुखी पार्थे राजेन्द्र ! बुझ है कुरो ॥
तसर्थ मनु-राजाले गुणी जेठा उनैकन ।
जुन दुर्जय थे साह्रै, दिए राज्य सबै सुन ! ॥
एकच्छत्र धरा थिन् यी यिनैको पार्दिए पति ।
भने पछि, यहाँ आफ्नो राजवंश बढाउ यी ॥
पुत्र इक्ष्वाकुले राम ! पिताको अघि क्यै झुकी ।
प्रतिज्ञा गर्दिई हाले त्यसै गर्छु भनी पछि ॥
यसबाट बुबा-राजा मनु दङ्ग परे निकै ।
पछाडि भइ सन्तुष्ट उनीसाथ भने यसै ॥

१३

१४

उदार दिलका बाबु ! तिमीसँग खुशी भएँ ।
राजवंश तिमी पक्कै ! सिर्जन्छौ, सक्तछौ गर्में ॥
दण्डद्वारा तिमी नित्य दुष्टको दमनै गर ।
आफ्ना प्रिय प्रजालाई पाल, पोस सँधै भर ॥
अपराध तथा दोष नभएमा कहीं पनि ।
न परोस् दण्ड यो संझ ! धर्म थाम तिमी गमी ॥
अपराधी र पापीमा राजा भै दण्ड दिन्छ जो ।
त्यै दण्ड ठाममा पर्दा पछि लैजान्छ स्वर्ग पो ॥
महान् बाहु हुने बाबु ! राजदण्ड तिमी अतः ।
ठाममै पार्नको चेष्टा गर्ने गर यथार्थतः ॥
यसै गर्ने गरे देखि सुन ! बाबु ! तिमीकन ।
ठूलो सद्धर्मको प्राप्ति हुन्छ यो विश्वमा पुनः ॥
संझाए मनु-राजाले सुत इक्ष्वाकुलाइ ती ।
यस्तै प्रकारका नाना कुराले स्नेहले पछि ॥
भै शान्त मनु ती राम ! अडी उच्च समाधिमा ।
ब्रह्मलोकतिरै लागे सनातन छ जो वहाँ ॥
बुबा मनु—महाराज गए पछि उतातिर ।
पर्‍यो इक्ष्वाकु-राजामा भित्र पीर निरन्तर ॥
थिए उनी महान् तेजी शोचे, अब कसो गरी ।
छोराहरु म जन्माउँ हउन् जुन धराभरी ॥
यज्ञ-दान-तपस्याले नाना सत्कर्मले अरू ।
उनले पछि जन्माए सय पुत्र खुरुखुरु ॥
उनका यी सबै छोरा राम बाबु ! यथार्थतः ।
देवताकै सुत जस्ता थे तेजिला फुर्तिला स्वतः ॥
यी सयौं पुत्रमा कान्छो जुन थ्यो पुत्र त्यो भने ।
नपढेको थियो मूर्ख टेर्दैनथ्यो दाजुलाइ के ? ॥

२६

२७

मन्दबुद्धि हुँदा त्यस्तो बावुले पनि क्यै गमी ।
पाँउने छ भनी दण्ड, राख्दिए नाम त्यै भनि ॥
शत्रुनाशक ए बावु ! अब त्यो पुत्र दण्डको ।
निम्तिमा योग्यको ठाम शोच्न लागे उनी यसो ॥
न देख्ता अन्त डर्लाग्दो ठाम बस्न दिने हरे ! ।
विन्ध्य-शैबल-डाँडाका बीचको राज्य पो दिए ॥
सुन ! पर्वतको त्यस्तो रमणीय तराइमा ।
दण्ड राजा भए तस्मात्, आए पछि स्वयं वहाँ ॥

३०

३१

बावु राम ! वहाँ आई दण्डले अतिसुन्दर ।
नगरै पो बसाए बा ! राजा भै बस्न खातिर ॥
राखे त्यो पुरको नाम उनले मधुमन्त यो ।
छानें पुरेतमा विद्वान् शुक्राचार्यकनै अहो ! ॥
हृष्ट-पुष्ट थिए सारा उनका राज्यका प्रजा ।
पुरोहित थिए त्यस्ता ब्रह्मवेत्ता महान् कडा ॥
उनकै साथमा आफ्ना प्रजाहरुकनै उनी ।
पाल्दथे राम्ररी राम ! स्वर्गका इन्द्रझैं बनी ॥

३४

३५

इक्ष्वाकुका पुत्र अयोग्य त्यस्ता राजा भए दण्ड सुयोग्य यस्ता ।
राखेर साथै गुरु शुक्रलाई गरे मजाले यिनले रजाँईं ॥
यौताहरूका गुरुसाथ राखी त्रैलोक्यले पूजित स्वर्गमाथि ।
देवेन्द्र गर्छन् जसरी स्वराज्य गरे यिनीले त्यसठीक राज्य ॥

३६

इति उनासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

असी सर्ग

राजा–दण्डले गुरु–पुत्री अरजामाथि अयोग्य बलात्कार गर्नु

१

रामसाथ भनी यत्ति कुम्भजन्मा महर्षि ती ।
यै कथाको कुरो शेष भन्न लागे स्वयं पछि ॥
ककुत्स्थरत्न ए राम ! सुन यी दण्डले तव ।
मन, इन्द्रिय रोके बा ! गरे राज्य अकण्टक ॥
यसरी राज्य गर्दामा ती महाराज दण्डको ।
वर्षमाथि हुँदै वर्ष निकै काल वित्यो, गयो ॥
सुन है ! बाबु श्रीराम ! कुरो त्यस पछाडिको ।
चैत्रमास उदायो बा ! कहिन्छ ऋतुराज जो ॥
रमणीय यसैताक दण्ड–राजा कुनै दिन ।
गए श्रीशुक्र–गुरुको शुभ आश्रममा सुन ! ॥
वहाँ श्रीशुक्रकी छोरी घुम्दथिन् वनप्रान्तमा ।
यिनैमाथि पऱ्यो आँखा यिनको भवास्स मार्गमा ॥
गाह्रै थ्यो यस पृथ्वीमा उनका रूपराशिको ।
तुलना गर्न, थिन् यस्ती सुन्दरी पनि ती अहो ! ॥
बानी थ्यो दृढ नानीको सानैदेखि असुन्दर ।
यता देख्न पुगे त्यस्तो स्त्रीको रूप मनोहर ॥
सकेनन् दण्डले रोक्न आफ्ना इन्द्रियलाइ ती ।
कामको वश भै हाले यी राजा पछि भै अति ॥
सरासर उतै लागे जहाँ थिन् सुन्दरी उनी ।
देख्तै अल्लि डराएकी उनीकन भने अनि ॥
सुश्रोणि ! भन को हौ हँ ? कहाँकी हौ, यहाँ किन ? ।
घुम्दीछ्यौ अथवा भैगो ! छोरी हौ कसकी भन ? ।
देख्नासाथ तिमीलाई भएँ म वश कामको ।
यसैले यी कुरा सोधें, लौ चिनाउ मलाइ, को ? ॥
भन बा ! भन कल्याणि ! सतायो कामले निकै ।
खुलेको मुखकी नानी ! भन आफ्ना कुरा सबै ॥

१३

१४

मोहले काम बढ्नाले भइ उन्मत्त बेसरी ।
दण्ड–राजा भई कामी सोध्न लागे यसो गरी ॥
भृगुका कुलका रत्न श्रीशुक्राचार्यकी सुता ।
अब भन्छिन् उनीसाथ यसरी नम्र भै तदा ॥
राजेन्द्र ! चिन्न पर्ने हो प्रभुले हो भनी यही ।
हुँ म जेठी सुता साक्षात् पुण्यात्मा शुक्रदेवकी ॥
अरजा नाम हो मेरो हो शुभाश्रम नै यही ।
बस्ने गर्छु यहीं राजन् ! आनन्दखित शान्ति ली ॥
सुन ! के गर्न आँटेको बलात्कार गरीकन ।
मेरो नगर है स्पर्श, भलो हुन्न गरे पुनः ॥
म छु आफ्ना पिताज्यूको वशमा, वाक्यमा सदा ।
कन्यै हुँ, हुन ता किन्तु हुँ यौटी योग्यकी सुता ॥
भै बक्सिन्छ पिता मेरा गुरु तिम्रा पनी अहो ! ।
तिमी त्यस्ता महात्माको शिष्य हौ अतियोग्यको ॥
ए राजेन्द्र ! तपस्याका खानी मेरा पिता यदि ।
रिसानी भो भने देखि के होला ? शोच है यति ॥
तिमी जस्ताकनै ज्यादै मोकिई बक्सिए बहाँ ।
भुसुक्कै पार्दि बक्सिन्छ, पर्नेछौ घोर कष्टमा ॥
अथवा काम क्यै त्यस्तो मेरै साथ छ ता पनि ।
मलाइ गृहिणी आफ्नी पार्न खोज्छौ भने पनि ॥
धर्मशास्त्रोक्त सन्मार्गबाट नै हिंड्नु पर्दछ ।
महान् तेजी पितासाथ गै पाँउन म, माग ल ! ॥
ए राजा ! नगरी यत्ति बलात्कार गऱ्यौ भने ।
फल अत्यन्त डर्लाग्दो छौ तिमी शीघ्र पाँउने ॥
क्रोधाग्नि त्यो पिताज्यूको तिम्रो ता के कुरा सुन ! ।
त्रैलोक्य पनि सम्पूर्ण भुसुक्कै पार्छ तत्क्षण ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

राम्रा अङ्ग हुने राजा ! बलात्कार ल छोड भो ! ।
गइ माग पितासाथ बक्सिनेछ अवश्य पो ॥
अरजा यत्ति भन्दैथिन् सुन राजेन्द्र ! दण्ड ती ।
कामले मत्त भै हाले, खप्न गाह्रै भयो पछि ॥
दुइटै हात जोडेर पुऱ्याइ शिरमा सुन ! ।
त्यसो भन्ने उनीलाई भन्न लागे यसो पुनः ॥
लौ दया गर सुश्रोणि ! काल खेर न फ्याँकियौ ।
प्राणै निस्कन लागे यी तिम्रो निम्ति ल ! हेरियौ ॥
तिमी पाए पछी देवि ! म मरुँ कि त बाँचु वा ।
वास्तै गर्दिन है त्यस्तो घोर कष्ट मिलोस् न वा ॥
म भक्त, प्रिय हूँ तिम्रो डरायौ किन व्यर्थ हूँ ? ।
ढल्न लागि सकें लौन! कृपा गरन हेरन ॥

३२

३३

बलवान् दण्ड-राजाले भनी यत्ति उनीकन ।
दुइटै बाहुले ग्वाम्म अँगाले मत्त भैकन ॥
निकै नै छट्पटाइन् ती, छोडेनन् उनले तर ।
समागम गरी छोडे दण्डले भइ बेसुर ॥
यसरी दण्ड-राजाले गरे घोर अनर्थ यो ।
साह्रै अयोग्यको राम ! डर्लाग्दो उग्ररूपको ॥
उनी अनि त्यतैबाट फर्के आफ्नु पुरीतिर ।
मधुमन्त हुने नाम अतिराम्रो तथा स्थिर ॥
बुझ्यौ राम ! यतापट्टि अरजा पनि खिन्न भै ।
घुँक्क-घुँक्क ! रुनै लागिन् आफ्नो आश्रमनेर गै ॥
काँप्तथिन् बिचरी थर्र डरले-आफ्नो बाबुको ।
बाटो हेर्न अनी लागिन् जो थिए देवतुल्य पो ॥

३८

इति असी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकासी सर्ग

दैत्यगुरु श्रीशुक्राचार्यको श्रापद्वारा राजा–दण्डको सर्वनाश एवं दण्डकारण्यवर्णन

१

बुझ्यौ ! दुइ घडी वित्दा न वित्तै मा उतातिर ।
शिष्यले गुरुमा पारे घटना त्यो भएभर ॥
ती देवतुल्य देवर्षि भोकाएका थिए तव ।
तस्मात् शिष्यसँगै फर्के आफ्नो आश्रममा अब ॥
ब्रह्मको तेजले गर्दा उनको मुखमण्डल ।
बाबु राम ! थियो ज्यादै झल्केको भइ निर्मल ॥
अब यी शुक्रले देखे ती आफ्नी अरजा सुता ।
रुँदैथिन् खिन्न भै साह्रै धूलोले मुछिई बरा ॥
विहानी पखमा लाग्दा ठूलै ग्रहण, राहुले ।
गाँजेकी चन्द्रकी घट्ती कलाठीक थिइन् हरे ! ॥
देखता यस्ती उनीलाई पिरिंदा भोकले यता ।
शुक्रलाई उठ्यो राम ! अब क्रोध भई कडा ॥
तसर्थ साथका आफ्ना प्रिय शिष्यतिरै सरी ।
यसरी भन्न लागे ती मास्छन् त्रैलोक्य झैं गरी ॥
हेर ए ! शास्त्रले निन्दा गरेको कामबीच यो ।
बढेछ अघि त्यो दण्ड मूर्ख हो ! बज्र स्वाँठ हो ॥
बल्दो ह्वार्ह्वार्ति डर्लाग्दो ज्वालाझैं अग्निको अब ।
झोक्किएको मद्वारा त्यो घोर–आपत्ति पाँउछ ॥
लियो दुर्बुद्धि, हो दुष्ट अब सेवक आदिको ।
साथमै फल भोगोस् त्यो आफ्नो त्यस्तो कुकर्मको ॥
बुझ्यौ ! विनाशको वेला आएछ त्यसको अब ।
बलेको अग्निको मुस्लो अगाँल्न जुन खोज्दछ ॥
घोर पाप गर्‍यो यस्तो जब दुर्बुद्धि दण्डले ।
त्यसको फल त्यो पक्कै अब पाँउछ हेर ए ! ॥
आजको सात रातैमा सैन्य–बाहन–पुत्रको ।
साथैमा दण्ड–राजा त्यो नष्ट होस्, जुन दुष्ट हो ॥

१३

१४

सय योजन लम्बाई चौडाई पनि त्यत्तिकै ।
भएको त्यसको राज्य छ राम्रो पनि जो निकै ॥
अब त्यो राज्य नाश्नेछन् स्वयं इन्द्र निरन्तर ।
धूलै–धूलो गरी वर्षा हुनेछन् सब अस्थिर ॥
त्यहाँ हिंड्ने न हिंड्नेछन् जत्ति प्राणीहरू सुन! ।
ती पनी मासिएलान् पो हुँदा त्यो पांसु–वर्षण ॥
त्यसको राज्य त्यो स्वात्तै सातै राव विशेषतः ।
पार्नेछ वर्षिई धूलो अब नष्ट अदृश्य त ॥
राता आँखा बनाएर रिसले चूर भै अति ।
त्यस आश्रमवासीमा बाबु राम ! भने पछि ॥
सुन ए ! दण्ड–राजाको राज्य–सीमा त्यजी अब ।
तिमीहरु छिटै भाग सब अन्त गई बस ॥
श्रीराम ! शुक्रको यस्तो कुरा सब सुने पछि ।
त्यस आश्रममा बस्ने जन लागे यताउति ॥
वहाँका मुनिमा सारा शुक्रले यी कुरा भनी ।
ती छोरी अरजालाई भने बा ! झोक्किई पनि ॥
दुर्बुद्धि अरजे ! सुन ए ! बस् तँ आश्रममा यही ।
मन बुद्धि सबै आफ्ना परमात्मातिरै लगी ॥
यो चारकोश फैलेको छ सरोवर जो यहाँ ।
भोग्नु तैंले यसैलाई निश्चिन्त भइ शान्तिमा ॥
अरजे ! यसरी बस् तँ पाप यो अपराधको ।
सकिने काल पर्खेर, त्यसको फल यै भयो ॥
धूलो वर्षिन लाग्दामा ती रातहरुमा यहाँ ।
जो जो प्राणीहरू आई बस्लान् तेरो नजीकमा ॥
सुन् ए ! तिनीहरूलाई त्यो धूलो वैरिए पनि ।
लछार्ने छैन त्यस्तो क्यै बस्लान् ती शान्तिमान् बनी ॥

२६

२७

पिता ब्रह्मर्षिको यस्तो क्रुद्धादेश सुने पछि ।
भनिन् ती भृगुकन्याले हवोस्! गर्छु त्यसै भनी ॥
राम बाबु! भनी यत्ति शुक्राचार्य महामुनि ।
छोडी त्यो दण्डको राज्य गइ अन्त बसे अनि ॥
ब्रह्मज्ञानी महात्मा यी शुक्रका शापका कुरा ।
भने जस्तै भई हाल्यो सातोटै रातमा तदा ॥
भृत्य-वाहन-सेनाको साथमा राज्य दण्डको ।
भुसुक्क भई हाल्यो बा! धूलोले पुरिई अहो! ॥
दण्डको राज्य थ्यो राम! विन्ध्य-शैवलबीचको ।
भागमा अति नै राम्रो अघि त्यस्तो प्रदेश थ्यो ॥
पर्दा ब्रह्मर्षिको श्राप गर्दा त्यो पाप दण्डले ।
यस्तो भो, युग सत्यैको कुरा हो, लौ बुझ्यौ त के? ॥
ककुत्स्थकुलका रत्न राम बाबु! यसर्थ यो ।
भनियो दण्डकारण्य त्यहाँदेखि प्रसिद्ध भो ॥

३३

३४

तपस्वीजन आएर बस्न लागे निकै पछि ।
यसैले यो जनस्थान भनियो, छ यही स्थिति ॥
बाबु राम! तिमीले जो सोध्यौ मसँग यी कुरा ।
सुनाएँ सब त्यो मैले तिमीलाइ पुरा-पुरा ॥
सुन वीर महाराज! अब साँझ पर्‍यो, भयो ।
सन्ध्यावन्दनको वेला ठिक्क भो पाल्नुपर्छ जो ॥
हेर ती! मुनि-ब्रह्मर्षि शौच-स्नान सकीकन ।
जलपूर्ण घडा बोकी गर्दैछन् सूर्य-वन्दन ॥
ब्रह्मको तत्त्व जानेका मुनिले सूर्यदेवको ।
पढे उपासना गर्दै सुन्यौ! ब्राह्मण-मन्त्र त्यो ॥
त्यसैको रूपमा त्यस्तो पाई उत्तम पूजन ।
पाल्नु भो भगवान् सूर्य-अस्ताचलतिरै पुनः ॥
राजराजेन्द्र ए बाबु! अब जाउ तिमी पनि ।
शौचाचमन इत्यादि गर्नु पर्ने कुरो गर! ॥

४०

इति एकासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयासी सर्ग

श्रीरामको राजधानीमा फिर्ती सवारी

१
परात्मा तुल्यका त्यस्ता महात्मा ऋषिराजको ।
आज्ञा पाए पछी राम उठे अब जुरुक्क पो ॥
सन्ध्योपासन-कर्मादि गर्नको निम्तिमा उनी ।
सरासर गए पुण्य त्यै सरोवरमा अनि ॥
यो तलाउ थियो ठूलो थिए तट वरीपरी ।
अप्सराहरु आएर खेल्थे तट भरी-भरी ॥
सकेर शौच-स्नानादि सायं-सन्ध्या गरीकन ।
फर्के आश्रममै राम महात्मा मुनिको पुनः ॥
अब भोजनको निम्ति कुम्भयोनि-महर्षिले ।
टक्र्याए राम-राजामा मीठा भक्ष्यादि प्रेमले ॥
अनेकौं गुणका कन्द-मूल औषधि साथमा ।
ती शालीधानको भात दिए खाउ भनी वहाँ ॥
अमृतै ठीकका मीठा त्यस्ता भक्ष्य पदार्थ ती ।
राम्ररी रामले खाए एक-एक गरी पछि ॥
ठूलो तृप्ति भयो तस्मात् भए तुष्ट निकै उनी ।
यसरी रात यो सारा बिताए रामले त्यहीं ॥
भोलिपल्ट उज्यालो भो, सके काम विहानको ।
गए ऋषि भए ठाम विदा हुन भनेर पो ॥
घडाबाट हुने जन्म महात्मा मुनिराजको ।
पाउमा गै गरे ढोग पछि विन्ति गरे यसो ॥
जान खोज्दछु ब्रह्मर्षे ! राजधानीतिरै अब ।
विदा पाँउ ल जा ! भन्ने प्रभुको वाक्य यो शुभ ॥
प्रभुजस्ता महात्माको शान्त दर्शन पाउँदा ।
भगवान् ! म भएँ धन्य ! कृतकृत्य पनी तथा ॥
भो ममाथि दया ठूलो फेरि मौका मिल्थ्यो कि त ।
पवित्र पार्न आफैं नै भई हाल्छु उपस्थित ॥
१३

१४
श्रीरामका कुरा यस्ता सुनी अद्भुत ढङ्गका ।
धर्मनेत्र तपस्याका मूर्ति भन्छन् यसो तदा ॥
बडा अद्भुत मीठा छन् तिम्रा यी वाक्य राघव ! ।
पवित्र पार्न सक्नेछौ तिमी नै यो जगत् सब ।।
बाबु राम ! म ता ठान्छु जो सुकै होस् छिनैभर ।
तिमीमा राम्ररी आफ्नो मन लाँउछ ता स्थिर ॥
छिटै पवित्र त्यो हुन्छ स्वर्गका देवकै ठिक ।
तिनले पनि त्यस्लाई मान्छन्, पूज्छन् रघूद्वह ! ॥
जो सुकै हुन् तिमीलाई न राम्रो दृष्टिले यदि ।
बसेर यस पृथ्वीमा हेर्दछन् त भने पछि ॥
ठोकिन्छन् यमराजैका दण्डले दुष्ट व्यक्ति ती ।
अन्तमा फ्याँकिइन्छन् बा ! डलग्दा नर्कमा लगी ॥
बाबु राम ! तिमी यस्ता छौ माहात्म्य र कर्मका ।
देह धर्नेहरूलाई पार्न सक्ने पवित्र बा ! ॥
रघुनन्दन श्रीराम । यो धरामा मनुष्य जो ।
तिम्रो कथा तथा गाथा गाउँलान्, सिद्धि पाउलान् ॥
राजा बाबु ! तिमी तस्मात् लौ भैगो अब जाउ त ! ।
विघ्न-बाधा नहोस् तिम्रो मार्गमा, श्रेय होस् स्वतः ॥
धर्मपूर्वक लौ आफ्नो राज्यको गर शासन ।
यौटै आधार छौ राम ! यो जगत्कै तिमी जुन ॥
अब श्रीराम-राजामा भनी यत्ति मुनीश्वर ।
ती अगस्त्य भए चूप, उठे राम नरेश्वर ॥
तुरुन्त बाहुली बाँधी पुऱ्याइ शिर बीचमा ।
ढोगे श्रीराम-राजाले मुनिलाइ स्वयं वहाँ ॥
उनका साथ-साथैका मुनिलाइ पनी सब ।
प्रेम-सन्मानले ढोगे गै विमान चढे तब ॥
२६

२७
भइ शान्त तथा ढुक्क यसरी रघुनन्दन ।
पुगे पुष्पकमा चढ्न सकेर अभिवादन ॥
महेन्द्रतुल्य तेजस्वी रामलाइ वहाँ अब ।
आशीर्वाद दिए सारा मुनिले स्नेहपूर्वक ॥
हजारौं नेत्रका आफ्ना स्वामी देवेन्द्रलाइ ती ।
देवताहरुले पूजा गरेझैं हुन गो पछि ॥
सुनको वस्तु झल्केको जडेको मणि-रत्न त्यो ।
विमान-यानमा चढ्दा राम यी शोभिए बडो ॥
वर्षातकालमा जस्तो मेघको नजिकै हुँदा ।
शोभिन्छन् भगवान् चन्द्र, त्यहीठीक भए अहा ! ॥
बढ्यो श्रीराम-राजाको यो सवारी अघिल्तिर ।
बाटामा सबले राम्रो गरे सन्मान, आदर ॥
३२

३३
यसरी राम-राजा यी ठिक्क मध्याह्नकालमा ।
आए आफ्नु अयोध्यामा ओर्लिए बीच कक्षमा ॥
इच्छानुसारले हिंड्ने त्यो विमानकनै अब ।
त्यहीं छोडी यसो भन्छन् त्यसलाई रघूद्वह ॥
भयो पुष्पक ! लौ जाउ अब ठेगानमा तिमी ।
भलो होस्, जय होस् तिम्रो क्यै परे संझुला म नि ! ॥
खोपीको बीच ड्यौढीमा पुगे पछि नरेन्द्रले ।
छेउ लागी त्यहीं बस्ने द्वारपालसँगै भने ॥
द्वारपाल तिमी जाउ बुझ्यौ ! शीघ्र-पराक्रमी ।
भाई-भरतमा एवं भन लक्ष्मणमा पनि ॥
म आएको कुरा पार कुरा सुन ! उनीकन ।
डाकी ल्याउ यहीं चाँडै, आउ मैले भनें भन ॥
३८

इति बयासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रियासी सर्ग

राजा–रामको राजसूय–यज्ञ गर्ने इच्छा उठ्नु र भाई–भरतको भनाईले रोकिनु

१

सजीलै काम ठूलठूला गर्न सक्ने नरेन्द्रको ।
सुन्नासाथ शुभाज्ञा यो ढोके ता दौडिंदै गयो ॥
ल्यायो तुरुन्त बोलाई दुवै भरत-लक्ष्मण ।
भाइलाइ र राजामा गै जाहेर गऱ्यो पुनः ॥
अब देखेर आएका भाई भरत-लक्ष्मण ।
स्वयं श्रीराम-राजाले अंगाले यी दुवैकन ॥
बसाएर दुवैलाई भन्छन् अनि उनी यसो ।
रघुका कुलका रत्न सुन ए प्रिय बाबु हो ! ॥
मैले ती विप्रको काम अति उत्तम जो थियो ।
भाई हो ! विधिले राम्रै सिद्ध पारें, भलै भयो ॥
यौटै छ मनमा धोको अब त्यै गर्न खोज्छु म ।
जसले धर्म-मर्यादा धानिन्छ भइ उत्तम ॥
मेरो विचारमा तस्मात् यज्ञ त्यो राजसूय हो ।
अविनाशी छ, ठूलो छ त्यही गर्ने विचार भो ॥
धर्मको सेतु जस्तैछ छ त्यै अक्षय वास्तव ।
सम्पूर्ण पाप नाश्नेछ छ त्यही धर्मपोषक ॥
मेरो आत्मा सरीकाछौ दुवै भाइ तिमी अतः ।
लिई तिमीहरू साथ त्यही गर्छु म, हुन्न त ? ॥
छ शाश्वत महान् धर्म यसमा नै प्रतिष्ठित ।
राजाको निम्तिमा तस्मात् श्रेष्ठ यै राजसूय छ ॥
शत्रु मार्ने थिए राजा पहिले मित्र नामका ।
उनले पनि यै यज्ञ गरेका हुन् बुझ्यौ कुरा ? ॥
दिंदा आहुति श्रद्धाले विधिले उनले पछि ।
भेटे वरुणको ठाम श्रेष्ठ मानिन्छ जो अति ॥
धर्मको मर्म जानेका सोमले पनि बाबु हो ! ।
राजसूय यही यज्ञ गरेथे धर्मले बडो ॥

१३

१४

यसको फलमा तस्मात् त्यत्रो ठाम मिल्यो उता ।
त्रैलोक्यभरमा ठूलो भयो सत्कीर्ति व्याप्त बा ! ॥
यसर्थ बाबु हो ! आज मेरै साथ यहाँ बसी ।
सल्लाह गर के गर्दा भलो हुन्छ ? गसी यही ॥
यहाँ राम्रो हुने काम कुरा हो ? परलोकमा ।
कसो गर्दा भलो होला ? देउ राय यही मम ॥
सुनेर दाजु-राजाका यी कुरा बाँधि बाहुली ।
भने भरतले जो थे कुरा गर्न सिपालु ती ॥
आँक्नै न सकिने वीर्य भएका साधु हे प्रभो ! ।
प्रभुमै सब टिक्तोछ धर्मसाथ छ सत्य जो ॥
अडेकी छन् धरा सारा महाराज ! हजूर मै ।
टिक्छ कीर्ति, प्रतिष्ठा छ, टिक्तछन् गुण उत्तमै ॥
महान् बाहु हुने दाजु ! स्वर्गका देवता सब ।
प्रजापति - विधाताको गर्छन् आदर वास्तव ॥
आफ्नो सब कुरा ठान्छन्, मान्छन् आधार उत्तम ।
त्यहीठीक सबै हामी गाउँछौं प्रभुकै गुण ॥
महान् आत्मा हुने यस्ता प्रभुलाइ यथार्थमा ।
जनता साथ पृथ्वीका राजा मान्छन् सबै यहाँ ॥
त्यही दृष्टि लिई हेर्छन् ब्रह्मामा देवको छ जो ।
छोराले बाबु मानेझैं मान्दछन् सब यी प्रभो ! ॥
तसर्थ सब प्राणीको पृथ्वीको सम्म वस्तुतः ।
हजूर गति, आधार भै बक्सिन्छ यथार्थतः ॥
यस हालतमा दाजु ! त्यस्तो भइ हजूर नै ।
कसरी गरि बक्सिन्छ यज्ञ यो छैन योग्य नै ॥
किन ? आज्ञा भए राजन् ! जसमा सब भूमिका ।
यी भएभरका राजा मर्छन्, हुन्छन् भुसुक्क हा ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

यहाँ पुरुष छन् जत्ति पुरुषार्थी कहाँउने ।
आफैंमा झोक्किई मर्छन् सब भै लड्न आँउने ॥
यो राजसूयमा दाजु ! ठूलै हो यज्ञ जो तर ।
यसरी सब प्राणीको हुन्छ विध्वंस सर्सर ॥
आँक्नै न सकिने शक्ति-वीर्यका हे नरर्षभ ! ।
प्रभुका गुणले यस्ता वश छन् पृथिवी सब ॥
अब यस्तो अवस्थामा प्रभुले यज्ञ यो गरी ।
पृथ्वीका जनता-राजा मारि हाल्नु कसो गरी ? ॥
सुन्दा अमृत हुन् जस्ता मीठा भरतका कुरा ।
सत्यपराक्रमी राम भित्र दङ्ग भए अहा ! ॥
अनि सन्तुष्ट भै भन्छन् कैकेयीसुखवर्धक ।
भाई-भरतलाई ती मीठा यस्ता कुरा सब ॥

३२

३३

पुरुषश्रेष्ठ भरत ! तिम्रा श्रीमुखबाट यी ।
निस्किए वाक्य जो यस्ता, छन् मीठा अतियोग्य ती ॥
छन् उदार पनी त्यस्तै छन् मिल्दा धर्मसा सब ।
पृथ्वीको गर्नमा रक्षा छन् समर्थ यिनै सब ॥
रहेछ धर्मको ज्ञान तिमीमा अब भो सुन ! ।
त्यो यज्ञ गर्नमा मेरो ठूलै इच्छा थियो जुन ॥
अब भो त्यो मन्यो बाबु ! तिम्रा यस्ता कुरा सुनी ।
मेरो चित्त बुझी हाल्यो गुन्दा बेस भन्यौ भनी ॥
सुन ! लक्ष्मणका दाजु ! बुद्धिमान् जन हो भने ।
त्यो कर्म गर्नु नै हुन्न जगत्‌ले दुःख पाँउने ॥
आफूभन्दा कुनै साना व्यक्तिले नै भने पनि ।
मान्नै पर्छ कुरा बेस छन् भने योग्य हो भनी ॥

३८

३९

महान् बल हुने बाबु ! तस्मात् मैले पनी अब ।
युक्तिसंगत ती तिम्रा कुरा खाएँ, सुनें सब ॥

इति त्रियासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौरासी सर्ग

राजकुमार-लक्ष्मणले अश्वमेधयज्ञ गर्ने प्रस्ताव राख्नु र वृत्रासुरको कथा बिन्ती गर्नु

१

महात्मा नृप श्रीराम तथा भरत यी दुवै ।
मान्य दाजुहरू आफ्ना कुरा गर्थे भनी त्यसै ॥
भन्छन् अब यसैबीच रघुनन्दन—राममा ।
महारानी—सुमित्राका प्रियपुत्र झुकी वहाँ ॥
रघुका कुलका रत्न प्रभो ! मेरो छ राय ता ।
यज्ञ ता गर्नु नै पर्छ, अश्वमेध गरौं कि ता ॥
मानिन्छ यज्ञ यै ठूलो यहाँको पाप-ताप ता ।
विनाशन सक्छ यै सारा, बरु गाह्रो छ गर्नु ता ॥
दाजुमा यज्ञ गर्नाको इच्छा नै छ भने अब ।
अश्वमेध महान् यज्ञ यै गरौं खटिई सब ॥
दिलका देहका ठूला देवका पति इन्द्रको ।
बारेमा जो घटेकोथ्यो सुन्दैछौं त्यो कुरा प्रभो ! ॥
छुँदामा ब्रह्महत्याले उनलाइ रघूद्वह ! ।
यही यज्ञ गरेका हुन्, छुटेका हुन् उनी तब ॥
महान् बाहु हुने दाजु ! हो निकै अघिको कुरा ।
देव-दैत्य मिली बस्थे दाजु-भाई हुँदा पुरा ॥
त्यसैताक महाराज ! महान् असुर थे वहाँ ।
जसको मान—मर्यादा थियो ठूलो जहाँ—तहाँ ॥
साह्रै ठूलो थियो देह उनको अद्भुतै हुँदो ।
कोश बाह्र सए अग्लो चौडो चार सए लिंदो ॥
त्रैलोक्यभरका सारा प्राणीलाइ सँधै उनी ।
आत्मीय-दृष्टिले हेर्थे, प्यारो गर्थे हुँदा गुणी ॥
जान्दथे धर्मको मर्म गुणवान् थे कृतज्ञ थे ।
स्थिरबुद्धि भएकाथे मन-इन्द्रिय रोक्तथे ॥
सावधान भई तस्मात् धन-धान्यादि पूर्ण यी ।
पृथ्वीको पालना गर्थे न चुकी दृढ धर्म ली ॥

१३

१४

उनले राज्य गर्दामा दाजु ! यी पृथिवी पनि ।
दिन्थिन् फलाँउथिन् इच्छा गरेका वस्तु जे पनि ॥
त्रैलोक्य भरका सारा फल—मूलादि वस्तु र ।
पदार्थ अरू पुष्पादि दिन्थिन् यी रसवान् स्थिर ॥
महान् आत्मा हुने त्यस्ता थिए वृत्र महान् गुणी ।
उनको राज्यमा तस्मात् पाइन्थ्यो जे कुरा पनि ॥
जोन्नु पर्दैनथ्यो भूमि अन्न उब्जाँउथिन् सब ।
धन-धान्य स्वयं दिन्थिन्, थिइन् सम्पन्न यी तब ॥
यस्ता प्रकारले दाजु ! ती वृत्रासुर वास्तव ।
अद्भुतै राज्य यो भोग्थे परिपूर्ण हुँदा सब ॥
उनको मनमा भित्र कुनै दिन रघूद्वह ! ।
सद्विचार उठ्यो यस्तो अब ठूलो गरौं तप ॥
तपस्या हो महान् वस्तु, ठूलो कल्याण दिन्छ यै ।
जत्ति छन् सुखका वस्तु मोहदायक हुन् सबै ॥
वृत्रले यत्ति शोचेर मधुरापुरमा त्यस ।
राखे राजा बनाएर जेठा छोराकनै तब ॥
सम्पूर्ण पुरवासीमा सुम्पिई सुतलाइ ती ।
स्वयं वन पसी हाले तप गर्छु भनेर यी ॥
देवताहरु सारामा पारी ताप विचित्रको ।
गरे ती वृत्रले दाजु ! तपस्या अतिउग्रको ॥
यी दैत्येन्द्र तपस्यामा लागे पछि त्यसो गरी ।
उता देवेन्द्रमा ठूलो पर्‍यो भुटभुट छर्पटी ॥
साह्रै दुःखी भई हाले सकेनन् टिक्न नै अतः ।
गै विष्णु भगवान्साथ भन्न लागे यसो तब ॥
महान् बाहु हुने स्वामिन् ! तपस्या गर्छ वृत्र जो ।
त्यसले लोक यी सारा अहिले नै जिती सक्यो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

धर्मप्रकृतिका वृत्र बलियो भै सके अति ।
उनीमा शासनै गर्न अब सक्तिन है कति ॥
भगवन्! अहिले जस्तै तप गर्दै रहे उनी ।
विचित्र भइ हाल्नेछ, हुन्छन् दुर्जय नै उनी ॥
हामीले अनि ता स्वामिन्! सारा लोक रहेतक ।
उनकै वशमा पर्दै बस्नु पर्नेछ वास्तव ॥
महान् बल हुने देव! हजूर उनको प्रति ।
बेवास्ताको भई बक्स्यो भै उदार, बढे अति ॥
रिसाई बक्सिए देखि देवदेव! उनीसित ।
तुरुन्त मरि हाल्छन् ती छिनमै छुट्छ पीर त ॥
हे प्रभो! जहिले देखि हजूरसँग वृत्रले ।
प्रेम गर्ने गरेकाथे त्यहाँदेखि त झन् बढे ॥

३२

३३

त्यै वेला देखिको विष्णो! उनले सब लोकको ।
सर्वाधिकारकै साथ आधिपत्य गरे अहो! ॥
यसर्थ ध्यान दी बक्स्योस् राम्ररी यसमा अब ।
कृपा होस् लोकको सारा भलो होस् शान्त होस् सब ॥
स्वर्गका देवता सारा प्रभुको मुख ताक्तछन् ।
ऊ! हेरि बक्सियोस् विष्णो! दुःखी छन् अति खिन्न छन् ॥
ती वृत्रासुरको हत्या गर्दिंदा प्रभुले अब ।
देवताको भलो हुन्छ, छ महान् कार्य यै जब ॥
सहाय देवको नित्य प्रभुले गर्दिबक्सियो ।
अहिले पनि होस् नाथ! हामीमा घोर त्रास भो ॥
छन् वृत्रासुर यी यस्तै सक्तैनन् जित्न क्वै अरू ।
छौं निराधार आधार भै दिबक्स योस् न लौ प्रभु ॥

३८

इति चौरासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पचासौं सर्ग

वृत्रासुरको वध गर्नु र त्यसबाट लागेको ब्रह्महत्याले देवराज-इन्द्र छट्पटिनु

१

भाइ लक्ष्मणका मीठा अघिका यी कुरा सुनी ।
शत्रुनाशक श्रीराम भन्दछन् दङ्ग भै अनि ॥
राम्रो व्रत लिने बाबु ! ती वृत्रासुरको वध ।
कसरी भो मलाई त्यो भन बाँकी कुरा सब ? ॥
सुनी श्रीराम-राजाको आदेश अब लक्ष्मण ।
भन्दछन् त्यो कुरा बाँकी व्रत पाल्थे महान जुन ॥
हजार नेत्रका आफ्ना स्वामी इन्द्रकनै प्रभो ! ।
पारेर अगुवा विन्ती गरेमा देवले त्यसो ॥
कुरा सब सुनी आज्ञा भयो श्रीविष्णुले यसो ।
ती देवहरुमा दाजु ! थिए इन्द्र-प्रधान जो ॥
तिमीले देव हो ! यस्तो प्रार्थना गर्नुको अघि ।
ती वृत्रसाथमा मेरो सौहृद-स्नेह भो अति ॥
दिलका देहका ठूला महान् असुर हुन् उनी ।
मार्न सक्तिन तस्मात् म, तिम्रो प्यारो हुने भनी ॥
ठूलो कर्तव्य हो मेरो तर त्यस्तो भए पनि ।
तिम्रो सुख-सुविस्ताको ध्यान राख्नु त्यसै पनि ॥
यसको निम्तिमा तस्मात् सुन ! भन्छु उपाय म ।
यी इन्द्र जसले गर्दा मार्न सक्छन् उनीकन ॥
ए सुरश्रेष्ठ हो ! मेरो तेज यो आत्मरूपको ।
छुटयाँउदछु आफैं म तीन भाग गरेर पो ॥
मिल्दा यै तेज भै पूर्ण पक्कै पनि सुरेन्द्र यी ।
रणमा मार्न सक्नेछन् महान् असुरलाइ ती ॥
एकांश तेजको मेरो इन्द्रमै सुत्त पस्तछ ।
यिनको वज्रमा अर्को अंश त्यो गइ मिल्दछ ॥
बाँकी जो रहला तेश्रो अंश त्यो चाँहि वास्तव ।
जाला भूतलमा बस्ला भार थाम्ला सबै तव ॥

१५

भन्दामा यत्ति राजेन्द्र ! देवदेवेश विष्णुले ।
सुरेश्वर उहाँसाथ विन्ती पारे यसो भने ॥
दैत्यनाशक सर्वेश ! आज्ञा भो प्रभुबाट जो ।
क्यै छैन त्यसमा शङ्का ठीक भो होस् त्यसै प्रभो ! ॥
प्रभुको जय होस् नाथ ! हामीहरू सबै अब ।
अ-आफ्नो ठाममा जान्छौं संम्झिदै वृत्रको वध ।
उदार दिलका स्वामिन् ! प्रभु लौ आफ्नु तेजले ।
सम्पन्न पार्दिई बक्स्योस् देवेन्द्रकन यी हरे ! ॥
भगवान् विष्णुका साथ पोखी आफ्ना कुरा यति ।
इन्द्र आदि हिंडी हाले मनस्वी सब देव ती ॥
आए त्यै वनमा सारा महान् असुर वृत्र यी ।
जहाँ बसेर भै शान्त तपस्या गर्दथे अति ॥
अब यी देवले देखे असुरेश्वर वृत्र ता ।
ढाकिएका थिए दिव्य तपको तेजले तदा ॥
निल्छन् त्रैलोक्य यो सारा भने मैं गर्दथे तप ।
देखिन्थ्यो जसले गर्दा आकाश पनि डढ्दछ ॥
देख्ता यस्ता उनीलाई सातै गो देवको सब ।
भए थर्थर श्रीदाजु ! शोच्न लागि गए तब ॥
हामीले कसरी मार्ने अब यो वृत्रलाइ ? हा ! ।
हुँदैन हार के गर्दा राम्ररी जीत हुन्छ ? बा ! ॥
अरु शोच्तै थिए देव इन्द्रले आफ्नु हातमा ।
लिएर वज्र ठोंके बा ! वृत्रको शिरबीचमा ॥
इन्द्रका हातको वज्र थियो प्रलयकालको ।
अग्निकै ठीक डर्लाग्दो तेजिलो पनि त्यत्तिको ॥
त्यसको चोटले गर्दा फुटीगो वृत्रको शिर ।
जो खस्ता सब त्रैलोक्य काँप्यो भै डर थर्थर ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७
अपराध कुनै छैन यिनको वध भो भनी ।
महान् कीर्ति हुने इन्द्र भित्र पाकिगए अनि ॥
सम्पूर्ण लोकको छेउ हो लोकालोक पर्वत ।
अँध्यारो छ त्यहाँदेखि पर, लुक्न गए अतः ।
छोडेन ब्रह्महत्याले त्यहाँ पनि उनीकन ।
सम्पूर्ण अङ्ग नै छोप्यो त्यसले उग्र भैकन ॥
इन्द्रको मनमा दाजु ! यसले दुःख भो अति ।
देवताहरुको शत्रु मारिएता पनी पछि ॥
राजा र नाइके जस्ता यी इन्द्र नहुँदा यता ।
रनभुल्ल भए सारा देवता अग्नि आदि ता ॥
शरणस्थान क्वै अर्को गतिलो न हुँदा उनी ।
विष्णुकै स्तुति-पूजादि गर्न लागे दुखी बनी ॥
कलिंपदै देवता भन्छन् प्रभु नै परमेश्वर ! ।
पिता सारा जगत्को यो भइ बक्सिन्छ दुर्धर ॥
प्रभुले सब प्राणीको गर्न रक्षण--पालन ।
त्यो विष्णुरूप सर्वात्मन् ! धारि बक्स्यो पुनः पुनः ॥
३४

३५
गरेको प्रभुले नै हो त्यो वृत्रासुरको वध ।
परन्तु ब्रह्महत्या यो लाग्न गो इन्द्रमा सब ॥
यसअर्थ सुरश्रेष्ठ ! के गरी इन्द्रलाइ ती ।
छुटाइ बक्सिने हो ? लौ गर्दिबक्स्योस् अझै यति ॥
देवताहरुका यस्ता कुरा सब सुने पछि ।
आज्ञा भो विष्णुले फेरि ए प्रभो ! देवलाइ यी ॥
सुन ए देव हो ! इन्द्र मेरो यज्ञ गरुन् अब ।
पूजुन् मैलाइ, त्यो पाप छुटाइ दिउँला सब ॥
ज्यादै पवित्रको यज्ञ छ ठूलो अश्वमेध त्यो ।
त्यसैद्वारा गरुन् मेरो पूजा इन्द्र, हुने भलो ॥
यसैबाट उनीलाई श्रेय होला निरन्तर ।
फेरि भेट्टाउलान् आफ्नो पद त्यो इन्द्र गै डर ॥
रघुरत्न महाराज ! अमृतैतुल्य वाक्यले ।
बक्सियो सूचना यस्तो देवमा प्रभु विष्णुले ॥
सवारी भो वहाँबाट देवका पनि देवता ।
भगवान् धाममा आफ्नो गर्दैथे स्तुति देवता ॥
४२

इति पचासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयासी सर्ग

अश्वमेध–यज्ञद्वारा इन्द्रको ब्रह्महत्या छुट्नु

१

सुनाई दाजु—राजामा यो वृत्रवधको कथा ।
अरू बाँकी पनी भन्न लागे लक्ष्मण त्यो कथा ॥
महान् वीर्य हुने एवं देवमा भय पार्दिने ।
वृत्रासुर मरे दाजु ! यसरी भइ मासिने ॥
यसको पापले गर्दा छोप्यो बा ! इन्द्रलाइ ती ।
डर्लाग्दो ब्रह्महत्याले जो थियो शक्तिमान् अति ॥
अकस्मात् यसरी छोप्ता इन्द्रमा होश-सोस क्यै ।
रहेन मूर्छितै जस्ता भए यी छिनमै त्यसै ॥
लोकका छेउको पल्लो भागमा अन्धकारमा ।
पछि हुत्तिइदै इन्द्र पुगे लुक्न भनी वहाँ ॥
वहाँ पुग्दा न पुग्दामा छोप्यो मूर्च्छा बढीकन ।
सर्पले वेरिए ठीक भै बसे ती निकै पुनः ॥
हजार नेत्रले हेर्दै गर्ने रक्षा जगत् सब ।
इन्द्र यी न हुँदा दाजु ! भो उद्विग्न जगत् सब ॥
पृथ्वी उजाड भै हालिन् भइन् फुङ्ग प्रभो ! तब ।
आर्द्रता मासियो सारा सुके वन र जङ्गल ॥
सुके दह, नदी, नाला उनको मूल मासियो ।
वर्षा भएन प्राणीमा त्रास भो, भो अनर्थ यो ॥
दुनियाँ यसले गर्दा लागे मासिन वास्तव ।
यो देख्ता देवता दाजु ! डराए, आत्तिए सब ॥
बज्र यस्तो अवस्थामा संफिए यज्ञ गर्न त्यो ।
जुन आज्ञा भएकोथ्यो विष्णुले उनमा प्रभो ! ॥
अनि यी देवले साथ लिए गुरु-बृहस्पति ।
गए इन्द्र भए ठाम ऋषि ली चाहिने जति ॥
वहाँ इन्द्र बसेकाथे भयले भइ मोहित ।
उनैमाथि पऱ्यो आँखा देवको ऋषिको सब ॥

१३

१४

देवेश्वर उनैलाई पारेर अगुवा अनि ।
त्यो अश्वमेधले दाजु ! यज्ञ गर्न भए उनी ॥
महात्मा इन्द्रको त्यस्तो यज्ञको शुरु भो अब ।
जसको लक्ष्य थ्यो ब्रह्महत्या नै छुट्न वास्तव ॥
सकियो जब त्यो यज्ञ ब्रह्महत्या पऱ्यो अघि ।
उदार देवका साथ भन्न लाग्यो यसो भुकी ॥
देव हो ! अब आज्ञा होस् म बसूँ गै कहाँ अब ? ।
तोकिएको हओस् ठाम जहाँ बस्न मिलोस् सुख ॥
त्यसका यी कुरा सुन्दा देव दङ्ग परे सब ।
पछिबाट भने यस्तो त्यसलाई रघूद्वह ! ॥
ए दुर्जय हुने शक्ति ब्रह्महत्या ! तिमी अब ।
चार भाग स्वयं आफ्नो-भाग पार र बाँड ल ! ॥
उदार दिलका त्यस्ता देवताका सुनी कुरा ।
इन्द्रको देहमा बस्ने त्यसले त्यस्तै गऱ्यो तदा ॥
इन्द्रको देह छोडेर बस्न अन्यत्र अन्तमा ।
माग्यो र त्यसले ठाम, भन्यो ऋषि र देवमा ॥
म यौटा भागले आफ्नो वर्षका चार मासमा ।
बस्छु गै जलले पूर्ण नदीमा शान्ति साथमा ॥
म हुन्छु त्यस बेलामा आफ्नो इच्छानुसारले ।
घुम्ने र अरुको शेखी तोड्दिने आफ्नु भेलले ॥
म अर्को भागले आफ्नो पृथ्वीमा बस्छु सर्वदा ।
यसमा छैन क्यै शङ्का ठान्नु होस् सत्य यी कुरा ॥
म तेश्रो भागले चाँहि चढ्दो बढ्दो उमेरका ।
मैसत्ता महिला साथ बस्छु गै देहमा सदा ॥
तीन रात भरी देखा पर्छु, पार्छु रजस्वला ।
उनको गर्व मारिदन्छु यसरी अन्तमा म ता ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

ए सुरश्रेष्ठ हो सुन्नोस् ! झूठ बोली कसैकन ।
दिंदैनन् दुःख जो व्यक्ति पार्दैनन् खिन्न जो मन ॥
त्यस्ता ब्राह्मणको हत्या गर्छन् जो तिनमा म वा ।
त्यो चौथो भागले आफ्नो गइ बस्तछु सर्वथा ॥
त्यसका यी कुरा सुन्दा देवताले भने यसो ।
भो लौ ! गर भने जस्तो, पुगोस् इच्छा हुओस् त्यसो ॥
अब देवहरु सारा भए हर्षित राघव ! ।
अनि देवेन्द्रलाई ती ढोग्दिए प्रेमपूर्वक ॥

३०

३१

यता इन्द्र पनी दाजु ! भए निश्चिन्त ढुक्कका ।
भए विशुद्ध तत्काल पाप-ताप छुट्यो उता ॥
अनि यी इन्द्र भै दङ्ग गै आफ्नो पदमा बसे ।
यसरी सब त्रैलोक्य पूर्ण भो सुख-शान्तिले ॥
बल्ल पो इन्द्रले दाजु ! यज्ञ त्यो अश्वमेधको ।
देखे अद्भुतको शक्ति प्रशंसा नै गरे प्रभो ! ॥
रघुनन्दन राजेन्द्र ! यज्ञ यो अश्वमेधको ।
प्रभाव छ महान् यस्तो, फल दिन्छ पवित्र जो ॥

३४

३५

महान् भाग्य हुने दाजु ! हजूर पनि लौ अतः ।
अश्वमेध यही यज्ञ गरिबक्स्योस् विशेषतः ॥
शुभ लक्ष्मणका कुरा सुनी भइ अति उत्तम चित्त हर्दथे जो ।
मन दङ्ग भयो सुरेन्द्र जस्ता बल तेज गतिला हुने उनीको ॥

३६

इति छयासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सतासी सर्ग

राजा–रामले लक्ष्मणलाई इलको कथा सुनाँउनु

१

सुनी लक्ष्मणका यस्ता कुरा विस्तारपूर्वक ।
राज–राजेन्द्र श्रीराम भए मक्क त्यसै अब ॥
कुरा गर्न निकै जान्ने रामभद्र थिए अतः ।
भन्दछन् खिस्स हाँसेर भाइ-लक्ष्मणमा तब ॥
पुरुषश्रेष्ठ ए बावु ! ती वृत्रासुरको वध ।
बखान्यौ जो सुनें मैले पनि ध्यान दिई रूब ॥
त्यो अश्वमेधको जस्तो फल हो त्यो पनी सुनें ।
बावु लक्ष्मण ! त्यस्तै हो सब ठीक भन्यौ, गुनें ॥
अब अर्को कुरा भन्छु अघिकै हो कुरा जुन ।
राम्रो बानी हुने बावु ! तर ध्यान दिई सुन ॥
प्रजापति थिए भाई ! अघि कर्दम नामका ।
उनका पुत्र थे राजा इल बाह्लीकदेशका ॥
महान् कीर्ति हुने राजा धर्मप्रकृति थे अति ।
उनकै वशमा सारा पृथिवी थिन् भए जति ॥
प्रजाको पालना गर्थे राम्रो ध्यान दिई उनी ।
आफ्नै छोराहरूलाई पोसेझैं पोस्तथे यिनी ॥
तलका माथिका सारा व्यक्तिमात्र उनीसित ।
निकै डराँउथे बावु ! स्तुति गर्थे मजासित ॥
ठूलठूला देवता एवं उदार दिल-देहका ।
समृद्ध दैत्य-नागादि यक्ष राक्षस सम्मता ॥
महान् आत्मा हुने सारा गन्धर्वहरु साथका ।
अरुले पनि पूजिन्थे निरन्तर डरै हुँदा ॥
इल यस्ता थिए राजा झोक्किए कि त यी नृप ।
सारा त्रैलोक्यका प्राणी काँप्तथे थर्र भै भय ॥
धर्ममा यसरी टिक्ने राजा भै वीर्य-शोभित ।
उनको कीर्ति, सद्बुद्धि त्रैलोक्य भर भो स्वतः ॥

१३

१४

कुनै दिन बुझ्यौ बावु ! सवारी सैन्य, सेवक ।
शिकार खेल्नको निम्ति वनभित्र पसे नृप ॥
वसन्त ऋतु त्यो ताक शोभिन्थ्यो चैत्रमास थ्यो ।
फलले फूलले गर्दा वन जङ्गल दिव्य थ्यो ॥
खेली शिकार राजाले वहाँ त्यो वनका सुन ! ।
मारे सयौं हजारौं ती जङ्गली पशु शोभन ॥
परन्तु यत्ति गर्दामा पनि यी इललाइ ता ।
भएन तृप्ति नै कत्ति मार्दिए पशु धेर बा ! ॥
दशौं हज्जार संख्याका पशु मारि सके पछि ।
वन घुम्दै पुगे राजा अब त्यो वनमा पछि ॥
प्रधान देव-सेनाका स्वामी कार्तिक नै जहाँ ।
जन्मिई बक्सिएकोथ्यो जुन दिव्य थियो वहाँ ॥
सम्पूर्ण देवका स्वामी तथा दुर्जय देवता ।
भगवान् शिव नै साक्षात राजहुन्थ्यो त्यहाँ तदा ॥
प्रमथादि थिए सारा उहाँका प्रिय सेवक ।
बसेर पार्वती साथ क्रीडा हुन्थ्यो बुझ्यौ ! तब ॥
प्रिया पत्नी उमालाई खुश पार्न रिझाँउन ।
गिरिको झरनानेर राजहुन्थ्यो उहाँ सुन ! ॥
विचित्र प्रभुको लीला थियो यो, भगवान् शिव ।
आफैंले लिइ बक्सेको थियो स्त्रीरूप वास्तव ॥
जत्ति थे वनका प्राणी हुने पुरुष–रूपका ।
रुखैसँग भएका थे तब स्त्रीलिङ्ग–रूपका ॥
ध्वजामा चित्र साँढेको शोभिएका महेश्वर ।
यी नारीसाथ त्यो क्रीडा गर्नु हुन्थ्यो निरन्तर ॥
अब यस्तै अवस्थामा पुत्र कर्दमका नृप ।
इल ठ्याक्कै पुगी हाले गर्दै पो पशुको वध ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

वहाँ पुगेर हेर्छन् ता पशु—पक्षी र घिस्रने ।
सारा प्राणीहरूलाई देखे बा ! भ्रनाट्ट स्त्री हुने ॥
राजाले अब यस्तैमा आफैंलाइ पनी तव ।
देखे स्त्री नै भएको पो सेना—मेना सँगै सब ॥
आफैं साथ सबै आफ्ना भए थे महिला जब ।
यो देखतामा उनीलाई लाग्न थाल्यो महान् दुख ।
उमाका पतिको इच्छा यस्तैथ्यो यसले गरी ।
यस्तो भो, यो कुरा संझे उनले पछि राम्ररी ॥
अब झन् डरले काँपे यी राजा स्त्री भए जुन ।
गए शरणमा पर्न भगवान् शिवकै पुनः ॥
उनको पछि लागे ती सवारी, सैन्य, सेवक ।
जुन स्त्री नै भएकाथे लिङ्गमा रूपमातक ॥
उता राज भएकोथ्यो जटाजूट सुशोभित ।
परात्मा प्रभु सर्वात्मा भै नीलो कण्ठ-भूषित ॥
आफैंतिर उनीलाई आएको देखि बक्सिदा ।
प्रभु ता हाँसि बक्स्यो बा ! भित्र दङ्ग परी तदा ॥
साथ राज भएकोथ्यो पार्वती प्रभुकी प्रिया ।
राजामा भनि बक्सिन्छ सुन बाबु ! उहाँ तदा ॥
उठ लौ उठ ! राजर्षे ! तिमी कर्दम-पुत्र हौ ।
छौ तिमी बलवान् त्यस्तै, ठूल्ठूला व्रत पाल्दछौ ॥
राम्रो बानी हुने राजन् ! तिमीमा म भएँ खुश ॥
पुरुषत्व हुने छोडी वर माग म दिन्छु ल ! ॥
महान् आत्मा हुने त्यस्ता परात्मा शिवले तव ।
पुरुषत्व दिनालाई हुन्न आज्ञा भयो जव ।
अनि ता इल-राजामा भित्र शोक पर्‍यो निकै ।
त्यसै व्याकुल भै हाले पीरले भित्र पाक्न गै ॥
देवश्रेष्ठ उहाँसाथ यसैले बाबु लक्ष्मण ! ।
मागेनन् इल-राजाले अर्को वर कुनै पुनः ॥
पछि यस्तै अवस्थामा भइ पीडित शोकले ।
हिमालय-सुता देवी उमाको पाउमा परे ।

४१

४२

मन-इन्द्रिय-आत्माले ढोगी पस्रो भईं दुखी ।
गौरी साथ गरे बिन्ती यी राजाले यसो पछि ॥
सम्पूर्ण वरकी खानी देवि माता ! हजूर नै ।
साना-ठूला सबैसाथि बक्सिन्छ वर श्रेय नै ॥
हुँदैन कहिले व्यर्थ प्रभुको शुभ-दर्शन ।
सौम्य दृष्टि ममा छोडी होस् कृपा अब उत्तम ॥
जानी हृदयको भाव राजर्षि-इलको अब ।
पार्वती भनि बक्सिन्छ शिवकै अघि यो तव ॥
सुन राजा ! तिमी माग्छौ हुने पुरुष जो वर ।
त्यसको भाग ता आधा बक्सिन्छ भगवान् हर ॥
आधा वर दिना निम्ति मेरो पनि छ है हक ।
होऊ जीवनमा आधा त्यसैबाट तिमी नर ।
तस्मात् मैले दिएको यो आधा नर हुने वर ।
गर स्वीकार, स्त्री होऊ आधा जीवनमा नृप ! ॥
तिमी जो हुन चाहन्छौ जत्ति सम्म नरेश्वर ! ।
बरु त्यत्ति कुरा मेरो अगाडि भन लौ अत्र ॥
अतिउत्तम अत्यन्त अद्भुतै ढङ्गको वर ।
सुनेर इल-राजा ती भन्दछन् खुश भै तव ।
हजूर खुश भै बक्से दया गर्न ममा यहाँ ।
म पाँउ वर यो माता ! माग्छु जो शुभ पाउमा ॥
म पृथ्वीभरकी राम्री नारी हूँ महिनाभर ।
यै पाँउ म वर, नर हुँ अर्को महिनाभर ॥
जानेर भाव राजाको झल्लेको मुखकी उमा ।
देवीले इलमा बाबु ! आज्ञा भो यसरी वहाँ ॥
लौ त्यसै हुन्छ है ! राजा ! तिमी नारी हुँदा तर ।
नरत्व संझिने छैनौ तथा स्त्रीत्व हुँदा नर ॥
यस्ता प्रकारले बाबु ! पुत्र कर्दमका इल ।
एक मासभरी राजा भए नर सुनिर्मल ॥
एक मासभरी त्यस्तै भए त्रैलोक्यसुन्दरी ।
ईला नाम हुने नारी, लागे रहन राम्ररी ॥

५६

इति सतासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अठासी सर्ग

इला र बुधको भेटघाट हुनु र उनले ती स्त्रीहरूलाई किम्पुरुषी भन्ने नाम राखी त्यहीं बस्ने सल्लाह दिनु

१

पवित्र इल राजाको चरित्र संग जोरिंदो।
सुने दिव्य-कथा यस्तो रामका मुखबाट जो॥
यसले ती दुवै भाई स्वयं भरत लक्ष्मण।
छक्क, पक्क परी हाले निकै विस्मित भो मन॥
अब यी दुइटै भाई रघुका कुलनन्दन।
रामसाथ यसो भन्छन् हात जोडी वहाँ पुनः॥
महात्मा इल राजाको भाव स्त्री-पुरुषत्वको।
विस्तार साथ सुन्ने जो चाख भो, सोद्धछन् यसो॥
राजा इल प्रभो दाजु! स्त्री हुँदा त्यसरी हरे!।
बडो दुर्गति भोगे हुन् उनले पछि के गरे?॥
विताए के गरी काल लिई पुरुषरूप त्यो।
बस्तामा के गरे वृत्ति? चाहन्छौं सुन्न यो कुरो॥
यी दुवै भाइको चाख भरिएको कुरा सुनी।
त्यो कथा भन्न इच्छा भो अब श्रीराममा पनि॥
तसर्थ इल-राजाको अरु वृत्तान्तका कुरा।
सुनेथे आफुले जस्तो भन्न लागे उनी तदा॥
सुन लौ! बाबु हो! पैलो मासमै त्यो वहाँ इल।
त्रैलोक्यसुन्दरी नारी इला भै घुम्दथे तव॥
अगुवा—पछुवा जो थे उनका प्रिय सेवक।
अघिका नर अैले जो थिए नारीहरू सब॥
यिनैलाई लिई साथ घेरिई लोकसुन्दरी।
इला त्यो वनमा घुम्थिन् छिटै भित्र पसीवरी॥
पद्म जस्ता हुने आँखा ती इला सुन बाबु हो!।
रुख झाडी लता सारा छिचल्थिन् पैदलै अहो!॥
अब घोडी हुने आफ्ना सब वाहनलाइ ती।
उनले छोड्दिएकी थिन् घुम्दथे ती यतायति॥

१३

१४

लिई दासीहरू साथ गिरिश्रेणी घुमी घुमी।
विहार गर्न लागिन् ती भइन् जो दिव्यकामिनी॥
अनकण्टार को त्यस्तो वनको एक छेउमा।
यौटा तलाउ थ्यो ठूलो अतिराम्रो जहाँ तहाँ॥
भित्र—बाहिर भै टम्म गहना सरि भै बसी।
गर्थे कल्याङ्मल्याङ् नाना पंक्षीहरू भई खुशी॥
यै सरोवरमा आई भगवान् चन्द्रका सुत।
महात्मा बुध गर्दैथे तपस्या छेउमा तब॥
देखिहालिन् इलाले यी यै वेला उनलाइ ता।
पूर्णचन्द्र सरी राम्रा देखिन्थे जुन तेजिला॥
छेउमा जलमा भित्रै बसी गर्ने महान् तप।
बुधलाई थियो गाह्रै डगाँउन कुरा बुझ!॥
उनको कीर्ति थ्यो ठूलो पूर्णकाम थिए उनी।
यता चढ्दो अवस्था थ्यो थिए राम्रा निकै उनी॥
देख्ता यस्तो अवस्थाका उनीलाइ यतातिर।
इला जिल्ल परी हालिन् भइन् बा! अब अस्थिर॥
पैलेका नर अैलेका नारीसाथ लिई सब।
इला भित्र पसिन् सारा हुँडोलिन् त्यो जलाशय॥
खुल्यो यी बुधको आँखा उनमै बज्रियो गई।
कामको काम भो वाम भए मोहित लट्ठिई॥
रहेन बुधमा होश तनको मनको पनि।
अब चञ्चल भै हाले पानीभित्र स्वयं उनी॥
त्रैलोक्यभरका नारीहरूमा अति सुन्दरी।
इला थिन् यिनमै अल्झ्यो बुधको मन राम्ररी॥
गम्न लागे उनी तस्मात् होलिन् यी कुन स्त्री अहो!।
राम्रीमा देवका नारीहरू भन्दा पनी बढी॥

२६

२७

पहिले कहिले मैले देखेको नै थिएन पो ।
नारी ता सुन्दरी यस्ती कहीं पनि, छ दिव्य जो ॥
न ता नागवधूमा छन् देवस्त्रीमा न छन्–कुनै ।
अप्सरा – असुरस्त्रीमा देखिइन्छन् न ता कुनै ॥
कसैकी नभए पत्नी चोखी कन्या भए यिनी ।
सबै तरहले योग्य छन् मेरी हुन यी पनि ॥
यत्ति शोची गमी राम्रो जलबाट तलाउको ।
निस्किएर उनी आए अन्तमा तटबीच पो ॥
धर्मात्मा बुधले बाबु ! आई आश्रममा निज ।
डाके आफैं भएठाम तिनीहरूकनै सब ॥
आए उनी पनी सारा अनि आदरपूर्वक ।
टक्र्याए बुधमा त्यस्ता प्रणाम उनले तव ॥
सोधे उनीहरू साथ भन यी लोकसुन्दरी ।
को हुन् ? भनेर धर्मात्मा बुधले चन्द्रपुत्र ती ॥
हुन् यिनी कसरी पत्नी, किन आइन् यहाँ यिनी ? ।
मलाइ भन सम्पूर्ण छिटै अब सबै तिमी ॥
बेस राम्रा निकै मीठा बुधका यी कुरा सुनी ।
भन्दछन् बुधमा बाबु ! इलाका सँगिनी अनि ॥
ब्रह्मन् ! यी सँगिनी हाम्री स्वामिनी हुन् सँधै भरी ।
शुश्रूषा गर्दछौं हामी यिनको प्रेममा परी ॥

३६

३७

यिनका पति छैनन् क्वै, वनका छेउ सम्म यी ।
घुम्दछिन् साथमा हाम्रो इच्छा लागे सरी गरी ॥
राम्रोसँग भनेकाथे यिनले त्यो कुरा सब ।
थियो अक्षर एकोटा स्पष्ट शुद्ध सुने तव ॥
विप्र यी बुधले तस्मात् सुन! जान्ने हुँदा अब ।
पुण्य आवर्तनी विद्या सम्झे ध्यान गरी सब ॥
यथार्थरूपले जाने इल थी नृपका कुरा ।
भन्छन् अनि उनीसाथ मुनिश्रेष्ठ स्वयं बुध ॥
सुन ए दिव्यनारी हो ! तिमीहरू सबै अब ।
भई किम्पुरुषी सारा यै वनप्रान्तमा बस ॥
बुझ्यौ! यै वनमा बस्न अ-आफ्नो योग्य ठाम क्वै ।
बनाइहाल लौ चाँडै बस आनन्दमा सबै ॥
फल-मूल र पत्रादि खाएर सबले अब ।
आफ्नु जीवन निर्वाह गर्नु पर्दछ वास्तव ॥
बुझ्यौ त ! यसरी बस्ता पछि धेरै भए पछि ।
पति भेट्टाउने छौ है ! सब किम्पुरुषादि ती ॥
सैन्य यी इल राजाका बाबु हो! यसरी सुन! ।
भए किम्पुरुषी नारी सुप्रसिद्ध मनोरम ॥
निकै ज्यादा थियो संख्या यिनको यसरी तदा ।
बस्न लागे वहीं, त्यस्तो सुनेर बुधका कुरा ॥

४६

इति अठासी सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्नब्बे सर्ग

राजर्षि–पुरुरवाको जन्म

१

सम्पूर्ण जनका स्वामी रामका मुखबाट त्यो ।
सुने उत्पत्तिको हाल यो किम्पुरुष–जातिको ॥
तस्मात् राजेन्द्रका छोरा दुवै भरत—लक्ष्मण ।
भन्छन् अब सुन्यौं दाजु ! आश्चर्यै पो ! भनीकन ॥
धर्मात्मा र महान् कीर्ति हुने राम यहाँ पुनः ।
भन्न लागे कथा बाँकी इलको त्यो मनोरम ॥
सुनी भविष्यको वाक्य बुधका मुखको भलो ।
किन्नरी सब यी नारी गए पर्वततर्फ पो ॥
भन्छन् अब यसैवेला ऋषिश्रेष्ठ स्वयं बुध ।
हाँसी मुसुक्क त्रैलोक्यसुन्दरी ती इलासित ॥
ए खुल्दो मुखकी देवी ! हुँ म श्री चन्द्रदेवको ।
अत्यन्त प्रिय सत्पुत्र, छ मेरो बुध नाम यो ॥
लौ सुन्दरी ! तिमी तस्मात् मलाई आफ्नु हो भनी ।
प्रेमले स्नेहले मिल्दो दृष्टिले हेर ! कामिनी ! ॥
त्यस्तो स्वजनले हीन शून्य एकान्त ठाममा ।
चन्द्रका पुत्रको यस्तो सुनिन् वाक्य भलै वहाँ ।
त्रैलोक्यसुन्दरी नारी इला भन्छिन् यसो अनि ।
राम्रा र अतितेजस्वी बुधसाथ यसो गमी ॥
सौम्यस्वभावका आर्य ! इच्छा लागे सरी गरी ।
घुम्ने स्त्री हुँ म, कवै छैन गर्ने खटन राम्ररी ॥
परन्तु अहिले चाँहि वशमा छु हजूरको ।
यसर्थ अब आज्ञा होस् इच्छामैं गर्छु त्यो कुरो ॥
बडो अद्भुतको मीठो इलाको यो कुरा सुनी ।
कामासक्त भई हाले चन्द्रपुत्र त्यसै अनि ॥
मन दङ्ग भयो तस्मात् सुन ए प्रिय बाबु हो ! ।
इलासँग उनी लागे अब गर्न विहार पो ॥

१३

१४

तेजिलो मुखकी देवी इला थिइन् अतिसुन्दरी ।
यता बुध थिए कामी, गरे क्रीडा थरी—थरी ॥
यसरी उनको साथ गर्दा रमण मस्त भै ।
वैशाख महिना सुत्तै बित्यो भै छिनझैं त्यसै ॥
यसरी महिना पूरा भए पछि यता इल ।
जो इला भै रहेकाथे ब्यूँझे शयनमा निज ॥
पूर्णचन्द्र सरी राम्रो मुख थ्यो उनको शुभ ।
ऋषि कर्दमका छोरा जो थिए यी महान् स्वतः ॥
त्यसवेला यता साक्षात् चन्द्रका पुत्र ती बुध ।
त्यै सरोवरमा भित्र पसी गर्थे महान् तप ॥
इला इल भएकाथे राजाले यी उनीकन ।
देखे हात उठाएका निरालम्ब हुने पुनः ॥
तस्मात् अब उनैसाथ यी कुरा सोध्दछन् यिनी ।
बिर्संदा शापले गर्दा नारीको आफ्नु जीवनी ॥
भगवन् ! म सबै आफ्ना सैन्यसाथ लिई यहाँ ।
शिकार खेलन आएँथें यो दुर्ग वनप्रान्तमा ॥
परन्तु अब ती सारा सैन्यलाइ म देख्तिन ।
सारा कहाँ गए होलान् आज्ञा होस् म त जान्दिन ॥
राजर्षि इलको त्यस्तो होश बेहोश थ्यो सब ।
भन्छन् संझाँउदै तस्मात् चन्द्रका पुत्र यी तव ॥
बडो गजब भो राजन् ! पहाडै ठीक ठुल्ठुला ।
वर्षिए असिना तस्मात् भए सैन्य भुसुक्क हा ! ॥
त्यत्रो आँधि-हुरी आयो डराएछौ तिमी अतः ।
आई आश्रममा मेरो सुत्यौ ढुक्क भई तव ॥
भैगो ! जो हुनु भै हाल्यो धर धैर्य तिमी अब ।
तिम्रो कल्याण होस् राजा ! छोड यो पीर वा भय ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

फल-मूलहरू खाई सुखपूर्वक ढुक्क भै ।
यही आश्रममा वीर ! बस लौ अब शान्त भै ॥
मीठो आश्वासना मिल्दो बुधको वाक्य यो सुनी ।
बुद्धिमान् इल राजामा निकै शान्ति मिल्यो अनि ॥
भित्र पीर थियो किन्तु यी आफ्ना सैन्य मासिंदा ।
साह्रै खिन्न भई भन्छन् राजा बुधसँगै तदा ॥
ब्रह्मन् ! म यसरी आफ्ना प्रिय सेवक-सैन्यले ।
छुट्टिएता पनी राज्य छोड्नै सक्तिन क्यै गरे ॥
तस्मात् अब यहाँ बस्न छिनैभर म सक्तिन ।
हिंडी हाल्छु यहाँबाट आज्ञा पाँउ ल ! जान म ॥
मेरा सुपुत्र छन् ब्रह्मन् ! जेठा धार्मिक सुन्दर ।
शशबिन्दु हुने नाम यशस्वी अतिदुर्धर ॥
अभिषेक दिएमात्र उनमा राज्यमा पुगी ।
गर्नेछन् राज्य राजा भै भलो हुन्छ गरे यही ॥
जो मेरा राज्यमा बस्छन् तेजस्विन् ! म भनेर ती ।
भृत्य सैनिक पुत्र स्त्री परिवारादि भै सुखी ॥
त्यस्ता उनीहरूलाई वहाँ छोडी यहाँ म ता ।
सक्तै-सक्तिन एक्लो भै क्यै गरे पनि बस्न ता ॥
ममा आज्ञा न होस् तस्मात् न राम्रो क्यै कुरो सुने! ।
छुट्टिएर उनीसाथ बस्नु पर्ने वशी हुने ॥
राजेन्द्र इलले यस्तो भनेमा बुद्धिमान् बुध ।
भन्छन् संझाँउदै राम्रो कुरा इलकनै तव ॥
ए मेरा प्रिय भाई हो ! भनाई उनको सुन ! ।
विचित्रैको निकै मीठो थियो अद्भुत शोभन ॥

३८

३९

महान् बल हुने राजन् ! तिमी भित्र भई खुश ।
मेरो आश्रममा बस्न गर स्वीकार वास्तव ॥
कत्ति पीर न मानेर एक वर्ष बस्यौ भने ।
तिम्रो भलो हुने काम छु गर्ने वा गराउने ॥
सजीलै काम ठूल्ठूला गर्न सक्थे स्वयं बुध ।
ब्रह्मका ज्ञानको पत्तो उनलाइ थियो तव ॥
बुझ्यौ त ? उनले यस्तो भन्दामा इल भूपति ।
भए खुश वहाँ बस्न गरे निश्चय नै पछि ॥
महिनाभर यी राजा हुन्थे स्त्री अतिसुन्दरी ।
विहार गर्दथे नित्य बुधका साथ राम्ररी ॥
लागेमा महिना अर्को हुन्थे नर नरेश्वर ! ।
धर्म नै गर्दथे रम्थे त्यसमै भइ तत्पर ॥
विहार यसरी गर्दा नव मास विते पछि ।
इलाले पुत्र जन्माइन् महात्मा बुधबाट ती ॥
थियो अत्यन्त तेजस्वी पुत्र यो जन्मँदै तदा ।
बलवान् पनि त्यस्तै थ्यो , राखे नाम पुरूरवा ॥
शिशु यो जन्मना साथ हुँदा लायक योग्यको ।
हातमा हाल्दिई हालिन् पति ती बुध-बाबुको ॥
थियो काटीकुटी उस्तै बुध जस्तै मनोहर ।
धपक्क तेजले बल्दो अङ्गकान्ति हुने स्थिर ॥
वर्ष पूरा हउञ्जेल महिना सम्म जो जति ।
हुन्थे पुरुष यी राजा त्यसवेला सँगै बसी ॥
धर्मयुक्त कथा राम्रा भन्थे विद्वान् स्वयं बुध ।
मनोरञ्जन गर्दिन्थे पार्दिन्थे दङ्ग वास्तव ॥

५०

इति उनान्सब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

नब्बे सर्ग
अश्वमेध–यज्ञद्वारा इलाले पुरुषत्व–प्राप्ति गर्नु

१

राजराजेन्द्र श्रीराम अद्‌भुतैको विचित्रको ।
यस्तो पुरुरवा–जन्म–कथा भन्दै थिए अहो ! ॥
यसैवेला उनी साथ भाई भरत—लक्ष्मण ।
दुवैले फेरि सोधे बा ! सुन्न चाख बढीकन ॥
नरश्रेष्ठ प्रभो दाजु ! ती इला बुध साथमा ।
बसिन् वर्ष दिनै सम्म अनि के के भयो वहाँ? ॥
उनले के गरिन् फेरि ठीक ठीक सबै कुरो ।
सुन्न चाख बढेकोछ आज्ञा होस् सुन्दछौं प्रभो ! ॥
यसरी दाजु-राजामा सोद्धामा सुन्न त्यो कुरा ।
थियो भनाइको भङ्गी मिठ्यास मधुरो अहा ! ॥
सुनेर राम यी राजा ती प्रजापतिका सुत ।
इलाको त्यो कथा बाँकी भन्न थाले त्यहीरित ॥
इल राजा थिए शूरा भए जब उनी नर ।
बुझ्यौ त ? महिनामा त्यै सुन है! अब भै स्थिर ॥
महान् यश हुने त्यस्ता बुद्धिमान् बुधले तव ।
बोलाए बा ! उदारात्मा ऋषि संवर्तलाइ त ॥
उहाँको साथ-साथैमा भृगुपुत्र महामुनि ।
विद्वान् च्यवन दुर्वासा प्रमोदन महामुनि ॥
अरिष्टनेमि इत्यादि साथ मोदकरादिको ।
आमन्त्रित भए ज्ञानी महात्मा सुन बावु हो ! ॥
आएमा यसरी सारा वहाँ जम्बा भए पछि ।
भन्छन् बुध सुहृत्साथ स्थिर–चित्त र धीर यी ॥
सुन्नुहोस् ! यी महान् बाहु भएका नृप हुन् इल ।
प्रजापति कर्दमका छोरा हुन् योग्य निर्मल ॥
यिनको स्थिति जस्तो छ तपाँईं जान्नुहुन्छ त्यो ।
लौ ! तस्मात् यस वारेमा के गरौं ? होस् सँधै भलो ॥

१३

१४

कुरा हुँदा–हुँदै यस्तो सुन ! आश्रममा यही ।
प्रजापति कर्दम नै पाल्नु भो गति दिव्य ली ॥
ब्रह्मको तेज थ्यो बल्दो उहाँमा भइ धप्धप ।
उहाँका साथ थे धेरै महात्मा मुनि आदिक ॥
ओंङ्कार र वषट्कार पुलस्त्य क्रतु यी मुनि ।
तेजले आफ्नु भै धप्प स्वयं पाल्नु भयो यहीं ॥
अकस्मात् त्यसरी भेला हुनाले त्यस ठाममा ।
सारा मुनि-महात्मामा ठूलो आनन्द भो वहाँ ॥
चल्यो अब कुराकानी राजा बाह्लीकदेशका ।
इलको विषयैलाई लिइयो सबले तदा ॥
कसरी इलको श्रेय हुन्छ भन्ने कुरा हुँदा ।
सबले राय—सल्लाह दिए आफ्नै प्रकारका ॥
पछि कर्दमले आफैं पुत्रको श्रेय होस् भनी ।
भन्नु भो बावु हो ! मीठा हितका यी कुरा पनि ॥
विप्र हो ! सुन्नुहोस् ! मेरा यी कुरा यस भूपको ।
हुन्छ कल्याण, आनन्द जसले, भन्छु बेस त्यो ॥
जो रोग इल राजामा लाग्न गो नाश्न रोग त्यो ।
सक्ने औषधि यौटै छ जुन हो शिवतत्त्व त्यो ॥
अश्वमेधकनै छोडी अरु यज्ञ कसै गरी ।
प्रसन्न पार्न सक्तैनन् महात्मा प्रभुलाइ ती ॥
यसअर्थ सबै हामी मिलेर अतिदुष्कर ।
यिनका हितको निम्ति गरौं अब भईं स्थिर ॥
उहाँले यत्ति भन्दामा यज्ञले अश्वमेध त्यो ।
रुद्राराधन गर्नामा श्रेय ठाने गरे भलो ॥
मुनि संवर्तका चेला सुप्रसिद्ध वहाँ अहो ! ।
थिए मरुत्त राजर्षि जित्थे जो पुर शत्रुको ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

आयोजन गरी हाले उनले यज्ञ गर्न त्यो ।
जोर्नु पर्ने कुरा सारा जोरियो, यज्ञ थालियो ॥
बाबु हो ! बुधको पुण्य त्यो आश्रम नजीकमा ।
राम्ररी यो महान् यज्ञ परिपूर्ण भयो वहाँ ॥
महान् काम तथा नाम भएका प्रभु रुद्रको ।
यो यज्ञ भै दिंदा पूर्ण प्रभुमा अति तुष्टि भो ॥
अन्तमा खुश भै साह्रै प्रेम-गद्‌गद चित्त ली ।
प्रभु ता उब्जिई बक्स्यो सब यी मुनिको अघि ॥
उमाका पति सर्वात्मा शिवले इलकै अघि ।
सारा मुनि-महात्मामा आज्ञा भो बाबु हो ! पछि ॥
ए द्विजश्रेष्ठ हो ! सुन्नोस् भक्तिले त्यो तपाँइको ।
म प्रसन्न भएँ ज्यादै गर्नाले अश्वमेध यो ॥
अब लौ! भन्नुहोस् मैले काम गर्नु पर्‍यो कुन? ।
बाह्लीकदेशका राजा इलको हित-कारण ॥
भाइ हो ! देवका स्वामी शिवका यी कुरा सुनी ।
भए गद्‌गद सम्पूर्ण ऋत्विक् आचार्य यी मुनि ॥
उहाँलाई खुशी पार्न गरे यत्न मिली मुनि ।
पाउन् नारी-इलाले यी पुरुषत्व सँधै भनी ॥
भनाई उनको सुन्दा देवका पनि देवता ।
महादेव भई बक्स्यो साह्रै खुश स्वयं तदा ॥

३६

३७

इलाको निम्तिमा तस्मात् पुरुषत्व हुने सँधै ।
बक्सियो बर सर्वात्मा प्रभुले भक्तिका सँगै ॥
अन्तर्धान भई बक्स्यो गरी यत्ति सदाशिव ।
आए जस्तो गरी सारा गए मुनिहरू तब ॥
अनि यी इल-राजाले छोड्दिए देश बाह्लिक ।
मध्यदेशतिरै आए बस्न लागे उहीं तब ॥
हुन् यिनैले बसाएका प्रतिष्ठान-पुरी जुन ।
मानिन्छ अति नै राम्रो कीर्तिशाली छ यै पुनः ॥
सुपुत्र उनका जो थे राजर्षि शशबिन्दु ती ।
शत्रुको नगरी जित्थे भए बाह्लिकका पति ॥
प्रजापति कर्दमका बलवान् पुत्र यी इल ।
बसे भै यसरी राजा त्यै प्रतिष्ठानमा तब ॥
यता समय बित्तै गो यी राजा इलले पछि ।
पाए शरीर छोडेमा ब्रह्मको लोक सद्‌गति ॥
इलाका अघिका छोरा वीर धीर पुरूरवा ।
प्रतिष्ठान पुरीको त्यो भए राजा स्वयं तदा ॥
पुरुषश्रेष्ठ ए मेरा भाई भरत-लक्ष्मण ! ।
त्यो अश्वमेध-यज्ञैको हो प्रभाव अनुत्तम ॥
इला भइ सकेका ती इलले यज्ञ यै गरी ।
पुरुषत्व त्यही पाए ऐश्वर्य पनि बेसरी ॥

४६

इति नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एकान्नब्बे सर्ग

राजा–रामको शुभ–आदेशले अश्वमेध यज्ञ गर्नाको लागि माल–सामान जोरजाम गर्नु

१

ज्यादै तेज हुने त्यस्ता राज–राजेन्द्र रामले ।
त्यो कथा भाइलाई यी सुनाए अति–प्रेमले ॥
पछिबाट उनी भन्छन् प्रिय लक्ष्मण भाइमा ।
धर्म मिल्दो कुरा यस्तो यज्ञकै त्यो प्रसङ्गमा ॥
बावु लक्ष्मण ! इच्छा छ अब त्यो यज्ञ गर्नको ।
तस्मात् डाक उनीलाई पोख्नछन् जुन गर्न त्यो ॥
विप्रमा अति नै श्रेष्ठ सर्व–श्रेष्ठ वसिष्ठ र ।
वामदेव र जाबालि कश्यपादि ऋषीश्वर ॥
तथा अरु पनी आउन् उनकै साथमा बसी ।
म गर्छु सर–सल्लाह राम्ररी कसिई अति ॥
अप्रमत्त भई ज्यादै सावधान बनीकन ।
शुभ लक्षणले युक्त घोडा छोड्छु म लक्ष्मण ! ॥
यो आज्ञा दाजु–राजाको सुने लक्ष्मणले जब ।
भने जस्तो गरी हाले भै छिटा र समुत्सुक ॥
यज्ञका विधि जानेका सर्वश्रेष्ठ अनुत्तम ।
विप्र डाकेर ल्याए बा ! लगे राजाकहाँ पुनः ॥
देख्ना–साथ उनीलाई राज–राजेन्द्र राम यी ।
उठे जुरुक्क गै ढोगे विप्रका पाउमा झुकी ॥
तेजस्वी देवतै जस्ता महान् दुर्जय राममा ।
आशीर्वाद दिए सारा विप्रले प्रेमले वहाँ ॥
रघुका कुलका रत्न राजा यी रामले पछि ।
जोडे बा ! अँजुली आफ्नो उभिई उनको अघि ॥
त्यो अश्वमेध–यज्ञैको विषयैका कुरा लिई ।
पोखे यो मनको धोको जो मिल्थ्यो धर्ममा अति ॥
श्रीरामका कुरा त्यस्ता सुने ती सब विप्रले ।
श्रद्धा–भक्ति बढ्यो तस्मात् संक्षिप्त शिव, ढोगिदए ॥

१३

१४

प्रशंसा गर्न पो लागे अनि त्यो यज्ञको सब ।
बेस हो, गर्नु नै पर्छ भन्ने निश्चय भो तब ॥
अद्भुतै ज्ञानले युक्त यज्ञ यो अश्वमेधको ।
कुरा श्रीराम–राजाले सुने ब्राह्मणको भलो ॥
यसबाट उनीलाई हुनसम्म भयो खुशी ।
त्यो यज्ञ गर्नको निम्ति पाए स्वीकृति जो पछि ॥
भन्छन् अब उनी आफ्ना भाई लक्ष्मणसाथ ती ।
बावु लक्ष्मण ! लौ चाँडो गर गर्ने कुरा जति ॥
सारा वानरका राजा दिलका देहका दरा ।
सुग्रीवलाइ बोलाऊ देउ सन्देश यो कुरा ॥
महान् बाहु हुने बावु ! कपिश्रेष्ठ उहाँकन ।
यसो भन–तपाँईंको हओस् जय पुनः पुनः ॥
विशाल देहका आफ्ना प्रिय वानर ली सब ।
तपाँई पाल्नुहोस् चाँडै अयोध्यापुरमा अब ॥
अश्वमेध महान् यज्ञ हुन्छ, उत्सव हेर्न त्यो ।
छिटै नै पाल्नु होला है ! गर्नु पर्छ सबै कुरो ॥
तुलनै नहुने त्यत्रो हुने वीर्य पराक्रम ।
विभीषणकनै बावु ! डाकी हाल तिमी पुनः ॥
इच्छानुसारले घुम्ने लिइ राक्षसका गण ।
छिटै आउ भनी हाल यज्ञमा यो अनुत्तम ॥
सुन! अर्को कुरा फेरि गर्ने मेरो सँधै प्रिय ।
छन् जो राजा–महाराजा, डाक साराकनै अब ॥
महान् सौभाग्यशाली ती सेना–मेना लिंई सब ।
छिटै आइ पुगुन् बावु ! हेर्न यज्ञमहोत्सव ॥
सुन बावु ! अयोध्याका धर्मात्मा श्रेष्ठ ब्राह्मण ।
विदेशमा परी काम गएका छन् भने पुनः ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

डाक सारा उनीलाई आमन्त्रण छिटै गर ।
अश्वमेध हुनै लाग्यो पाल्नुहोस् भन खर्खर ॥
महान् बाहु हुने बाबु! तपस्या नै हुने धन ।
सारा ऋषि महात्मामा लौ पठाउ निमन्त्रण ॥
यो हाम्रो राज्यमा एवं बसेका अरू राज्यमा ।
द्विजाति पुत्र-पत्नीकै साथ आउन्, छिटै यहाँ ॥
नट-नर्तक जो जो छन् सूत्रधार लिई अब ।
आउन् ती गाँउदा नाच्ता दिने ताल लिई सब ॥
छन् नदी गोमती पुण्य तट नै छ फराकिलो ।
हुन्छ यज्ञ त्यहीं, आज्ञा देउ साफ गराउ त्यो ॥
छ त्यहीं नैमिषारण्य विशाल वन त्यो सुन! ।
मानिन्छ अति नै वेस पवित्र स्थान हो जुन ॥
वहाँ गै गरिने यज्ञ पूर्ण पार्न जताततै ।
शान्तिपाठ र होमादि गरून् भन्देउ विप्र गै ॥
भोगेर त्यो महान् यज्ञ नैमिषारण्यमा हुने ।
धर्मात्मा जन हज्जारौं हुन् कृतार्थ पनी हुने ॥
ठूलठूला व्यक्ति पृथ्वीका आमन्त्रित वहाँ गर ।
विधिपूर्वक साराको गर आदर सुन्दर ॥
धर्मको तत्त्व जानेका छौ तिमी यस अर्थ ती ।
हृष्ट हुन् तुष्ठ हुन् खाई घर जाउन् छिटै पछि ॥
भारी बोक्ने हउन् लाखौं पशु खच्चर आदिक ।
धान चामल बोकेर जाउन् ती अघि वास्तव ॥
अरु हुन् दश हज्जार मूगी मास चना तिल ।
अरू खाद्यान्न बोकुन् यी चाहिने जति निर्मल ॥
घिउ तेल तथा नून सुगन्धी वस्तु छन् जति ।
साथमा ती सबै जाउन् आज्ञा देउ हिंडुन् अघि ॥
करोडौं सुन-चाँदीका रूपैयाँ लिइ साथमा ।
जाउन् भरत आफैं नै देख रेख गरी वहाँ ॥
न होस् गडबड बाटामा न परोस् तल माथि क्यै ।
तस्मात् अघि उनै जाउन् सावधान भई निकै ॥
बीचमा वास पर्दामा किन्न बेच्न सबैकन ।
सुविधा हुन्छ, बाजार लागोस्, जाउन् महाजन ॥
नट-नर्तक छन् जत्ति जाउन् सब उनी पनि ।
पकाँउन निकै जान्ने जाउन् भान्छेहरू पनि ॥

४३

४४

सँधै यौवन झल्केका टल्केका रूप सुन्दरी ।
नारीहरू पनी जाँउन् वहाँ सब मिलीवरी ॥
जाँउन् भरत साथैमा हाम्रा सैन्य पनी सब ।
राम्रो शान्ति सुरक्षा होस् ठीकठाक गरून् सब ॥
उनैका साथमा जाँउन् विद्वान् वेदज्ञ ब्राह्मण ।
अघि हुन् शिशु-वृद्धादि गरून् एकोहरो मन ॥
सिपालु काम गर्नामा जन हुन् भृत्य खालका ।
नकर्मी र शिकर्मी हुन् कोषाध्यक्ष समेतका ॥
अगाडि ब्राह्मणै जाँउन् वेद-मन्त्र पढी पढी ।
राजप्रासादका सारा जाँउन् स्त्री-जाति भै पछि ॥
हाम्रा मुमा महारानीहरूको अरूको पनि ।
सवारी साथमै जाओस् बुहारीहरूको पनि ॥
धर्मपत्नी प्रिया मेरी सीताको पनि लक्ष्मण! ।
बनाइ सुनको मूर्ति लग साथ वहाँ, भन? ॥
महान् कीर्ति हुने मेरा भाई भरत नै सुन! ।
सिपालु यज्ञ-दीक्षामा विप्र साथ हिंड्नु भन ॥
प्रिय छोरा सुमित्राका भाई लक्ष्मणलाइ ती ।
यी नरश्रेष्ठ-राजाले दिए आज्ञा भनी यति ॥
त्यसकौं साथ-साथैमा पछि बाट यसो भने ।
बन्दोबस्त हओस् राम्रो खान बस्न सुहाँउने ॥
शक्तिशाली र तेजस्वी राजाहरू वहाँ जति ।
आँउलान् सैन्य-भृत्यादि साथ ली स्नेहले अति ॥
महात्मा उनको निम्ती खान-लाँउन-बस्नमा ।
सुविधा होस् बडो राम्रौं प्रबन्ध गर लौ वहाँ ॥
शुभ आदेश यो सुन्दा राजराजेन्द्र दाजुको ।
हिंडे भरत शत्रुघ्न भाई साथ लिई अहो ॥
बन्दोबस्त भयो सारा आज्ञा ठीक गरे सब ।
निम्तिएका पनी सारा यता आइपुगे अब ॥
दिलका देहका ठूला कपि सुग्रीव आदिक ।
गर्थे ढपक्क ढाकेर देखरेख स्वयं तब ॥
उपस्थित भएकाथे विशुद्ध जति ब्राह्मण ।
पस्किने काम गर्थे ती भै प्रसन्न मनैमन ॥
यता आइ पुगी हाले आफ्ना राक्षस सैन्य ली ।
राक्षसी सुन्दरी साथ विभीषण पनी पछि ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

९१
उनले काम यै पाए, गरे भाग्य ! भनीकन ।
महान्–मुनि–महात्माको पादपूजन हो जुन ॥

इति एकान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

बयान्नब्बे सर्ग

राज-राजेन्द्र श्रीरामको अश्वमेध-यज्ञमा भएका दान-मानादिको वर्णन

१

यस्ता प्रकारले सारा सर-सामान राम्ररी ।
पठाए रामले आफैं सोधी, खोजी गमीवरी ॥
कृष्णसार-मृगै जस्तो भएको सव लक्षण ।
छोड्दिए यज्ञको घोडा श्यामकर्ण थियो जुन ॥
ऋत्विक् साथ लगाएर भाइ लक्ष्मणलाइ नै ।
गर्न रक्षण घोडाको खटाए पछि लाग्न नै ॥
रघुका कुलका रत्न राज-राजेन्द्र राम यी ।
गए सैन्य लिई साथ नैमिषारण्यमा पछि ॥
वहाँ पुगी यसो हेर्दा देख्ता त्यो यज्ञ-मण्डप ।
महान् बाहु उनीलाई हुनसम्म भयो खुश ॥
भित्र गद्गद भै तस्मात् निकाले वाक्य यो वहाँ ।
भएछ बहुतै राम्रो अतिदिव्य जहाँ—तहाँ ॥
नैमिषारण्यमा बस्ता यसरी रामभद्र यी ।
पृथिवीभरका राजा वहाँ ओइरिए पछि ॥
उपहार लिई आए अनेकौं भाँति-भाँतिका ।
रामका पाउमा अर्पे, भइ यी ताँति-ताँतिका ॥
अब यी सव राजाको मान—सत्कार योग्यको ।
राजाधिराज श्रीरामद्वारा भो योग्य-योग्यको ॥
खाने र पिउँने एवं लाँउने वस्तु सम्म ती ।
बस्ने ठाम सँगै राम्रो सवमा दिइयो पछि ॥
भाइ शत्रुघ्न साथैका स्वयं भरतलाइ ती ।
गरे नियुक्त राजाले सेवामा उनको पछि ॥
सुग्रीव साथका सारा उदार दिल-देहका ।
वहाँ कपि थिए जत्ति थिए ती अतिशुद्ध बा ! ॥
खटिए सव यी तस्मात् सावधान भई वहाँ ।
शुद्ध भोजन पस्केर टक्र्याँउन द्विजादिमा ॥

१३

१४

भृत्य राक्षसले घेर घेरिएर विभीषण ।
तपस्वी-ऋषिको सारा गर्थे भै दास, सेवन ॥
बल वीर्य हुने ज्यादै राज-राजेन्द्र रामले ।
आएका पाहुनालाई बस्नमा ठास तोक्दिए ॥
स-साना घर ठूल्ठूला पाल घेर थिए वहाँ ।
राम्रा सिंगारिका र ठाँटिएका जहाँ—तहाँ ॥
सेनामेना लिई आफ्ना दिलका देहका दरा ।
राजाहरु थिनैभित्र गै बसे यज्ञ त्यो हुँदा ॥
यसरी अति नै राम्रो ढङ्गले परिबन्दले ।
त्यो अश्वमेधको काम थालियो दृढ—यत्नले ॥
पाईं लक्ष्मणको रक्षा घोडा पृथ्वीभरी घुम्यो ।
शास्त्रको विधि सम्पूर्ण गर्नु पर्ने हुँदो भयो ॥
राजामा सिंह हुन् जस्ता उदार मनका नृप ।
रामको यज्ञ यो श्रेष्ठ विधिले हुन गो सब ॥
यौटै शब्द सुनिन्थ्यो बा ! रामको अश्वमेधमा ।
देउ ! भो न भनुञ्जेल देउ ! याचक आदिमा ॥
यसभन्दा कुनै अर्को शब्द सुन्न सकिन्नथ्यो ।
दिइन्थ्यो वस्तु मागेको, इच्छाकैं जुन माग्दथ्यो ॥
नाना पक्वान्न मिष्ठान्न गुड-शख्खर आदिका ।
दिइन्थ्यो खानको निम्ति यज्ञमा यो जतातता ॥
पुग्यो ! तृप्त भएँ ! भन्ने न निस्केसम्म वाक्य यो ।
कपि-राक्षसले बाँडे वस्तु याचकमा अहो ! ॥
यज्ञ यो राम-राजाको हृष्ट-पुष्ट मनुष्यले ।
भरिएको थियो टम्म सारा गद्गद तुष्ट थे ॥
देखिएन कुनै त्यस्तो जन जो मलिनो हओस् ।
झोक्राएको तथा दुब्लो उदासमन जो हओस् ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

चिरञ्जीवी महात्मा र ठूला ऋषि तथा मुनि ।
थिए जो जति आएका थिए खुश सबै तिनी ॥
गरेका अधिका यज्ञ उनले संम्झिदा पनि ।
यस्तो ता संम्झिएनन् बा ! भएका दान छन् भनी ॥
अद्भुतै पो थियो यो ता दिने वस्तु अनेकन ।
राखिएका थिए थुप्रै—थुप्रा पारी वहाँ जुन ॥
जल्लाइ जति चाहिन्थ्यो सुन त्यो पाँउथ्यो त्यति ।
धन खोज्ने धनै भेट्थ्यो लैजान्थ्यो रत्न कवै अति ॥
चाँदी सुन लुगा रत्न बाँडिइन्थ्यो निरन्तर ।
सकिंदैन थियो किन्तु थियो थुप्रो असै स्थिर ॥
वहाँ जम्बा भएकाथे तपस्वी मुनि जो जति ।
भन्दथे ती अ-आफैंमा सब छक्क परी अति ॥

३२

३३

यो भन्दा अधिका यज्ञ यम-चन्द्र र इन्द्रको ।
साक्षात् वरुणको सम्म भएको नै थिएन पो ॥
ज्यादै गजबको यै भो, भोग्यौं यस्तो पनी अहो ! ।
भइ गद्गद भन्दैथे पाहुना पनि यै कुरो ॥
सबैतिर थिए व्याप्त भालू वानर राक्षस ।
हातमा दिइने वस्तु लिएर भइ उत्सुक ॥
धन अन्न तथा वस्त्र माग्नेलाइ भने जति ।
न दिएर बढी दिन्थे लैजान्थे नसकी सकी ॥
सम्पूर्ण गुण थुप्रेको यज्ञ भो यो अतुल्यको ।
उदार राज-राजेन्द्र रामको, यै महत्व हो! ॥
वर्षभन्दा बढी काल वित्यो अब यसै गरी ।
भएन कम क्यै त्यस्तो हुँदा वस्तु सबै थरी ॥

३८

इति बयान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

त्रियान्नब्बे सर्ग

राजा-रामको यज्ञमा महर्षि-वाल्मीकिको सवारी हुनु र लव-कुशलाई रामायण गाँउन आदेश दिनु

१

अत्यन्त अद्भुतैको यो महान् यज्ञ हुँदै थियो ।
यसैवेला वहाँ ठ्याक्क वाल्मीकि मुनि-पाल्नु भो ॥
ज्ञान - ऐश्वर्य - विद्याका मुहानै ठीकका वहाँ ।
खुलेको हुनुहुन्थ्यो बा ! चेलाको बीचभागमा ॥
वहाँ आइ यसो ! हेर्दा दिव्य अद्भुतरूपको ।
त्यो यज्ञ देख्नु भो, तस्मात् मन अत्यन्त दङ्ग भो ॥
महात्मा ऋषिका निम्ति बस्न लायक सुन्दर ।
पर्णशाला, कुटी, छाप्रा बनेकाथे मनोहर ॥
उहींनिर नजीकैमा राम्रो एकान्त—ठाममा ।
बनाँउनु भयो छाप्रो बस्नमा आफ्नु निम्तिमा ॥
वहाँका पर्णशालाको नजीकै रामले पनि ।
लग राख निकै गाडा भन्ने आज्ञा दिए अनि ॥
तुरुन्तै पुगि हाले ती सारा भरिभराउ भै ।
खाद्यान्न - वस्तुले एवं फल-मूलादिले सबै ॥
परात्मा ठीकका त्यस्ता महात्मा मुनिराजको ।
गरे पूजन—सत्कार स्वयं यी रामले अहो ! ॥
वहाँ भेला भएकाथे जति जो मुनि वा ऋषि ।
उनले पनि सत्कार गरे यी मुनिको पछि ॥
महान् तेज तपस्याका निधि वाल्मीकि अन्तमा ।
एवंरीत सुखैसाथ अब बस्नु भयो वहाँ ॥
उहाँका दुइटा चेला थिए लव तथा कुश ।
गुरु नै परमात्मा हो भन्ठान्थे, धृष्ट थे अतः ॥
यिनैमाथि पऱ्यो आँखा वाल्मीकि-मुनिको तब ।
आज्ञा भो उनमा तस्मात् यसरी स्नेहपूर्वक ॥
बाबु हो ! अब लौ जाओ! गाओ निर्धक्क भैकन ।
आनन्दसाथ यो काव्य—रामायण मनोरम ॥

१३

१४

पार है चित्त एकाग्र! आफ्नो आत्मा मिलोस् त्यहीं ।
भै तल्लीन दुवै गाओ ! घुमी घुमी जहाँतहीं ॥
मुनिका पर्णशालामा कुटीमा पनि जाउ है! ।
जहाँ ब्राह्मण छन् धेरै वहाँ पुग र गाउ है ! ॥
गाँउदै पुग गल्लीमा राजमार्गभरी घुम ।
बस्छन् राजा-महाराजा जहाँ ती घरमा घुम ॥
सुन ! ती राम-राजाको बनेकोछ जहाँ घर ।
वहाँ पुगेर ढोकामै गाइ हाल झिकी सुर ॥
सत्कर्म गर्न लागेका जहाँ छन् पूज्य ब्राह्मण ।
अगाडि उनकै जानु गाइ हाल्नु यही पुनः ॥
यज्ञमण्डपमा पुग्नु ती ऋत्विक्हरुकै अघि ।
बुझ्यौ ! गाँउनु यै काव्य, विशेष गरि ध्यान दी ॥
छन् निकै स्वादिला मीठा डाँडाका टाकुराभर ।
फलेका फल ऊ ! नाना हेर कस्तो छ सुन्दर ? ॥
बाबु हो ! भोक लाग्यो कि, तिनै खानु मजासित ।
अनि गाँउनु यै काव्य, गला खोली सुखैसित ॥
खाएमा अति नै मीठा यहाँका फलफूल ती ।
तिमीलाइ थकाईले छुनेछैन कहीं कति ॥
नानी हो ! यसले गर्छ न त तिम्रो बिगार क्यै ।
ठिक्क राख्छ गला शोध्छ राम्ररी राग बढ्छ है ! ॥
सुन ! मेरो कुरा अर्को पृथिवीपति-राम ती ।
यो तिम्रो गान सुन्नाको निम्ति डाक्छन् भने यदि ॥
जानु है बाबु हो ! किन्तु राम्रो अदबमा अडी ।
सबै गाँउनु यो काव्य राजाको ऋषिको अघि ॥
अनादर न होस् कत्ति यसमा ध्यान देउ है! ।
आफ्नु कामतिरै लाग्नु मन-इन्द्रिय रोक्नु है ! ॥

२६

२७

पहिले नै भनेकोछु तिमीमा चाँहिने कुरो ।
संख्या साथ प्रमाणादि यो रामायण-काव्यको ॥
यहाँ विभिन्न संख्याका सर्गमा श्लोक छन् कति ।
जानेकैछौ बुझेकैछौ सबै लक्षण साथ ती ॥
अब लौ बाबु हो ! तस्मात् त्यहीठीक दिनै-दिन ।
बि-बीस सर्ग गाओ है ! मीठो सुर झिकीकन ॥
कसैले धन देलान् कि भन्ने अलिकती पनि ।
न राख मनमा आशा, इच्छा भन्ने कुरो पनि ॥
न उब्जोस् मनमा लोभ, चाहियो किन त्यो धन? ।
फलमूलादि नै खान्छौं, बस्छौं आश्रममै जुन ॥
सुन ! अर्को कुरा यौटा राजा श्रीरामले अनि ।
सोधिहाले भने देखि कसका पुत्र हौ भनी ? ॥
रामलाइ वहाँ भन्नु वाल्मीकि-मुनिका प्रिय ।
चेला हौं दुइटै हामी यत्तिमात्र, कुरो बुझ ! ॥
बाबु हो ! यस बीणामा सातोटा तार छन् सुन ! ।
निकाल्छन् अति नै मीठा सातोटै सुर यी गुन ! ॥
अपूर्वस्वर उब्जिन्छन् सातोटा ठास छन् यहाँ ।
यिनमा राख है ध्यान, मिलाउ स्वर आफ्नुमा ॥

३५

३६

पारी झ-न-न ! सम्पूर्ण झिकेर मधुरो सुर ।
त्यसमै काव्य यो गाओ! लिई आलाप सुन्दर ॥
कसैले केहि भन्लान् कि? भन्ने शङ्का पनी कुनै ।
तिमीले मान्नु पर्दैन गाओ, निर्धक्क भैकनै ॥
सुन है ! गाँउदा खेरि पहिले देखि राम्ररी ।
सबै गाँउनु नानी हो ! सावधान भईवरी ॥
व्यवहार कुनै त्यस्तो न गर्नु जसले गरी ।
न राम्रो हुन्छ राजाको, विचार गर हर्घडी ॥
धर्मको दृष्टिले हेर्दा राजा नै सुन ! बाबु हो ! ।
बाबु हो सब प्राणीको, गरी राख विचार यो ॥
दुवै भाइ मिली तस्मात् विहानै देखि भोलिको ।
झिकी स्वर सफा मीठो काव्य गाँउन थाल यो ॥
ठ्याक्क! ठ्याक्क! परोस् ताल, सममा सम होस् सब ।
मनोरम हओस् सुन्दा यथाक्रम मिलोस् क्रम ॥
धेरैपल्ट बुझाएर दुवैलाइ भनी यति ।
हुनु भो चूप वाल्मीकि उदार दिल ली अति ॥
साक्षात् वरुणका छोरा महात्मा मुनिराजको ।
यस्तो आदेश सम्पूर्ण सुने यी दुइले अहो ! ॥

४४

४५

मिथिलेश कुमारीका सुपुत्र यिनले पनि ।
गरे विन्ती "त्यसै गर्छौं!" भनी झुक्दै हिंडे अनि ॥
श्रीशुक्रले निर्मित नीतिसंहिता अत्यन्त नै लायक योग्यको हुँदा ।
ती अश्विनीले दुइटै स्वचित्तमा राखी रहेथे जसरी अघी वहाँ ॥
त्यहीसरी यी दुइ भाइले पनि त्यल्लाइ राखे गुरुका कुरा भनी ।
सुते अनी दुक्क भएर रात त्यो, बाटो नियालेर प्रभातकालको ॥

४७

इति त्रियान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

चौरान्नब्बे सर्ग

लवकुशद्वारा रामायण–काव्यको गान प्रारम्भ गर्नु र राजा–रामले उनलाई राज–सभामा बोलाँउनु

१

वित्यो रात उज्यालो भो, दुवै भाइ उठे अव ।
शौच, स्नान गरी होमे-सके नित्यक्रिया सव ॥
महात्मा-गुरुको आज्ञा भए जस्तो गरीकन ।
लागे अव दुवै भाई यै रामायण गाँउन ॥
यी दुवै गाँउदै जाँदा काव्यको दिव्य–गान यो ।
परीगो कानमा भवास्स राजराजेन्द्र–रामको ॥
आचार्य अघिका जो थे जान्ने लक्षण काव्यका ।
तिनका लक्षणैठीक बनेको यो थियो अहा ! ॥
यो काव्य गाँउने शैली अनौठो र अपूर्व थ्यो ।
आलाप स्वरमा खुल्थ्यो, गीतमा सव मिल्दथ्यो ॥
नाना प्रमाण पाइन्थ्यो यसमा ध्वनि–शास्त्रको ।
थियो द्रुत तथा मध्य विलम्बित समेत पो ॥
आवृत्ति भै रहेकोथ्यो निरन्तर जहाँ–तहीं ।
सा-रे-ग-मादि सातोटै स्वर सिद्ध थिए यहीं ॥
वीणाको सुरमा एवं लयमा ठ्याप्प मिल्दथ्यो ।
शिशु यी दुइ भाईको काव्य-गान विचित्र थ्यो ॥
सुने श्रीराम–राजाले यसैलाइ वहाँ अव ।
चित्तमा भरियो चाख, भै हाले सुन्न उत्सुक ॥
सारा पुरुषमा सिंह ठीकका यी नरेशले ।
यज्ञ-कार्य सके सारा छिटै गरी प्रयत्नले ॥
अव ठिक्क यसैवेला यज्ञमण्डपमा त्यही ।
बोलाए रामले सारा ठूल्ठूला व्यक्तिलाइ यी ॥
आए तुरुन्त सम्पूर्ण महात्मा मुनि आदि र ।
वेदको तत्व जानेका आए ब्राह्मण—भूसुर ॥
सारा राजा—महाराजा यहीं भेला-सव ।
वैयाकरण-विद्वान् र पौराणिक जुटे तव ॥

१३

१४

बूढा–पाका यहीं आए अरू ज्ञान - उमेरका ।
शब्दको मर्म जानेका स्वर लक्षण साथका ॥
सामुद्रिक सवै चिन्ह जान्ने पनि जुटे यहीं ।
तत्व संगीत विद्याको बुझ्ने पनि जुटे यहीं ॥
वेद्–आगम—शास्त्रादि जान्ने भेला भए यहीं ।
वेस चाख लिने सुन्न आए, जति थिए यहीं ॥
विशेष यिनका साथ पुरवासी यहीं जुटे ।
थियो गुण, कला वेस जुनमा ती पनी जुटे ॥
छन्दको छन्द जानेका छन् जो चरण–भिन्नका ।
बुझेका वर्णका तत्व जो हुन् ह्रस्व र दीर्घका ॥
आए त्यस्ता पनी विद्वान् बुझथे वैदिकछन्द जो ।
उदात्त अनुदात्तादि प्लुतादिसँग हुन्छ जो ॥
कलाज्ञान हुने सारा केही जान्ने पनी जुटे ।
तत्व ज्योतिष—विद्याको जान्ने पनी जुटे ॥
कर्मकाण्ड–क्रिया जान्ने विद्वान् आए यहीं पुनः ।
जान्ने काम–कुरो गर्न यहीं आए सवै जन ॥
विभिन्न देशका भाषा बुझ्ने विद्वान् बसे यहीं ।
संकेत–चाल–चेष्टाले कुरो बुझ्ने जुटे यहीं ॥
अयोध्यापुरका एवं अन्तका पनि मानिस ।
ठूल्ठूला जति थे पौर महाजन बसे सव ॥
यी बाहेक अरू आए मुक्तिवादी थिए जुन ।
आए तर्क–वितर्कादि गर्नमा चतुरा जन ॥
अरु विद्वान् पनी आए वेद - छन्द–पुराणका ।
आए कर्मिष्ठ ठूल्ठूला विद्वान् विप्र पनी तथा ॥
आए चित्रकला जान्ने धर्मशास्त्रज्ञ ब्राह्मण ।
सदाचार बखान्थे जो स्वयं पाल्थे टिकीकन ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
सिपालु नृत्यमा एवं गीतमा वाद्यमा पनि ।
आए विभिन्न-शास्त्रज्ञ उदारात्माहरू पनि ॥
नीतिशास्त्र सबै जान्ने चतुरा व्यक्ति साथमा ।
आए वेदान्तको तत्त्व खोल्न सक्ने पनी वहाँ ॥
यसरी यी सबैलाई जम्बा पारेर रामले ।
बोलाए ती दुवैलाई, बसाए पछि स्नेहले ॥
विशाल यो सभामा जो सभासद्हरु थे वहाँ ।
उनमा भो कुराकानी हुँदा गद्गद चित्तमा ॥
यसैवेला यतापट्टि वीणाका तार गुञ्जिए ।
भए भ्क-न-न ! सम्पूर्ण अ-आफ्नो सुरमा अडे ॥
यी महान्-मुनिका चेला साना शिशु दुवै अब ।
काव्य गाँउन लागे यो झिकेर मधुरो लय ॥
बीणाको स्वरमा मिल्दो मीठो लय तथा सुर ।
सुन्दैमा त्यो सभा सारा छक्क भो, गो त्यसै सुर ॥
थियो छन पनी त्यस्तै अद्भुतै यो अलौकिक ।
कुनै पनि अघाएनन् सुन्ने मक्क ! परे सब ॥
महान् मुनि-महात्माको समुदाय यहीं थियो ।
सारा राजा-रजौटाको शोभिन्थ्यो भव्य तेज जो ॥
आनन्दमग्न भै सारा यी दुवैलाइ हेर्दथे ।
रामकै साथ त्यो रूप हेर्दै सक्छन् कि ! मैं भए ॥
ट्वाल्ल-ट्वाल्ल परी सारा यसरी एकचित्त भै ।
भन्न लागे अ-आफैंमा कुरा गर्दै यसो सबै ॥
यी दुवै शिशुको ओहो ! रङ्ग-ढङ्ग कुरोतक ।
मिल्छ बा ! राम-राजाको अनुहारसँगै सब ॥
देखिन्छन् यी यसो हेर्दा रामकै ठीकका दुवै ।
विम्बबाट कुनै अर्को निस्केमैं प्रतिविम्ब भै ॥
यी दुवै भाइको खुल्दो शिरमा न भए जटा ।
न भए यिनले फेरि पैह्रैका चीर-वस्त्र ता ॥
गाह्रै थ्यो राम—राजामा यी गाना गाँउने दुवै ।
भाइमा पनि क्यै त्यस्तो फरकै भेट्न, एक भै ॥
गाँउमा पुरमा बस्ने मनुष्य यसरी जब ।
कुराकानी अ-आफैंमा गर्दैथे मक्क भै सब ॥
यो काव्य-गान प्रारम्भ यसैवेला भयो वहाँ ।
गाए ती दुइ-भाईले मीठो लय र शब्दमा ॥
४३

४४
मुनि-वाल्मीकिलाई जो अघि नारदले भने ।
पहिलो सर्गबाटै त्यो, भयो यो अब थालिने ॥
पहिलो दिनमा बीस सर्गपर्यन्त सुन्दर ।
मधुरो लयमा गाए मजासँग झिकी सुर ॥
अपराह्न भई हाल्यो दिन घर्किगयो अनि ।
साह्रै दङ्ग परे राम वीसोटै सर्ग यी सुनी ॥
यत्तिकैमा भनी हाले भ्रातृवत्सल रामले ।
भाई भरतलाई ती स्वयं गद्गद चित्तले ॥
प्रिय बाबु ! महात्मै हुन् यी दुवै शिशु वस्तुतः ।
पुरस्कार तिमी देउ ! लौ ! दुवैमा छिटै अतः ॥
देउ अठार हज्जार स्वर्णमुद्रा छिटै अरु ।
जे भन्छन् त्यो पनी देउ ! मागे जति खुरुखुरु ॥
यो आज्ञा दाजु-राजाको सुने भरतले तब ।
वेग्ला-वेग्लै दुवैलाई स्वर्ण-मुद्रा दिए अब ॥
लवले कुशले किन्तु लिएनन् धन त्यो दिंदा ।
उदारदिल थ्यो तस्मात् भने बरु यसो तदा ॥
यो यत्रो सुनको राशि हामीमा किन चाहियो ? ।
क्यै छैन यसको काम, यत्तिले नै भयो पुग्यो ॥
वनमा बस्तछौं हामी जंगली फल-मूलले ।
गर्छौं जीवन निर्वाह, सुनले अनि गर्नु के ? ॥
दुवैले यत्ति भन्दामा सभासद्हरुको मन ।
जुन श्रोता भएकाथे छक्क, जिल्ल पर्‍यो पुनः ॥
राजराजेन्द्र श्रीराम पनि पक्क परे तब ।
जम्यो आश्चर्य भै गाढा उनको मनमातक ॥
उपलब्धि कहाँबाट यो रामायण-काव्यको ।
भो होला?, यै कुरोमात्र खेल्यो चाख भई बडो ॥
महान् तेज हुने त्यस्ता राजा श्रीरामले पनि ।
सोधि हाले दुवै यस्ता मुनि बालकमा अनि ॥
यो महान् काव्यको कर्ता महात्मा हुनुहुन्छ को? ।
वहाँको स्थिति कस्तो छ, बस्नु हुन्छ कहाँ? अहो! ॥
प्रमाण यसको के छ, संख्या छ कति श्लोकको ।
लक्ष्य के राखिएको छ , यसको कुन अन्त हो ? ॥
रामले यसरी सोद्धा रघुका रत्न थे जुन ।
मुनि-बालक भन्छन् ती अब अलिि झुकीकन ॥
६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१

महात्मा भगवान् साक्षात् हाम्रा गुरु मुनीश्वर ।
वाल्मीकि यसको कर्ता भै बक्सिन्छ नरेश्वर ! ॥
माथिदेखि तलैसम्म यो महाकाव्यमा प्रभो ! ।
चरित्र सब छर्लङ्ग खिंचेकोछ हजूरको ॥
यो यज्ञोत्सव हेर्नामा भइ उत्सुक वस्तुतः ।
सबारी भइ बक्सेकोछ यहीं गुरुदेव त ॥
महाराज ! उहाँले नै रचेको काव्यभित्र यो ।
श्लोक चौबीस हज्जार कथेकोछ प्रमाण यो ॥
यसमा पहिले देखि पछिसम्म गरी सब ।
सर्ग पाँच सए ठ्याक्क छुटाएको छ वास्तव ॥
यसमा बालकाण्डादि छ ओटा काण्ड मुख्य छ ।
गुरुले लेखिबक्सेको पछि उत्तरकाण्ड छ ॥
परात्मा तुल्यका हाम्रा महात्मा गुरुदेवले ।
बनाइ बक्सिएको हो यी सातै काण्ड प्रेमले ॥

६७

६८

यसरी प्रभुको जत्ति छ चरित्र समस्त त्यो ।
राम्ररी भरिएकोछ यो महाकाव्यमा प्रभो ! ॥
यसलाइ सबै सुन्ने इच्छा छ प्रभुको भने ।
बेस हो ! सुनिबक्सयोस्, छौं दुबै हामी सुनाउने ॥
सम्पूर्ण यज्ञको काम सकि बक्सिसके पछि ।
सुनि बक्सनु पर्नेछ भाइ आदि सँगै बसी ॥
भने श्री राम-राजाले बडो बेस ! भन्यौ भनी ।
हुन्छ ! सुन्छु ! त्यसै गर्छु, भनि हाले यसो पनि ॥
अनि यी दुइटै भाई लिइ स्वीकृति रामको ।
भगवान् मुनि वाल्मीकि भएतिर गए अहो ! ॥
सुने राजा-रजौटा र महात्मा मुनि आदिको ।
साथ-साथ बसी राजा-रामले जुन काव्य यो ॥
झझल्को त्यसकै बोकी, गीत-माधुर्य त्यै गमी ।
धर्मशालातिरै लागे रामभद्र पनी अनि ॥

७४

श्रीरामले यो पहिलो दिनैमा सुने निकै सर्ग वहाँ सभैमा ।
वाल्मीकिका शिष्य दुबै कुमार यिनीहरूका मुखले उदार ॥
यो काव्यको थ्यो स्वर, शब्द मीठो वीणासँगै ताल परी बजेको ।
जो व्यञ्जनाले लय-मूर्च्छनाले थ्यो गाइएको अतिशान्तिताले ॥

७६

इति चौरान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चानब्बे सर्ग

राजा-रामले मुनिराज वाल्मीकिको पाँउमा "सीताले आफ्नु शुद्धता वारे किरिया खाएर विश्वास दिलाँउन्" भनेर विन्ती चढाई पठाँउनु

१

बसी महर्षि राजर्षि नर-वानर साथमा ।
यो दिव्य-गान राजाले निकै दिन सुने वहाँ ॥
यै काव्यबाट थापाए दुबै लव तथा कुश ।
हुन् भाइ-भाई सीताका छोरा भन्ने पनी तव ॥
जान्दा र यो कुरा ताड्दा अव बीच सभाविषे ।
बसेका राम-राजाले ठहराए स्वचित्तले ।
अनि दूतहरूलाई बोलाएर त्यहीं गमी ।
भनिहाले यसो! शोची आफ्ना दूतकनै तिनी ॥
तिमीहरू यहाँबाट सुन ए दूत हो! अव ।
भगवान् मुनि वाल्मीकि भएमा पाउमा पुग ॥
विन्ती पार उहाँलाई मेरो सन्देश यो तिमी ।
भइ नम्र बडो मीठो शब्दमा शान्तिमान् बनी ॥
भगवन्! यदि सीताको चरित्र छ विशुद्ध ता ।
उनमा यदि क्यै त्यस्तो छैन पाप कलङ्क ता ॥
लिइ स्वीकृति वा आज्ञा महामुनि हजूरको ।
सीता अव यहाँ आँउन्, देखाँउन् आफ्नु शुद्धि त्यो ॥
दूत हो! यसवारेमा गै तिमी मुनिराजको ।
अभिप्राय र सीताको भनाइ बुझ! के छ? त्यो ॥
बुझ्यौ! अनि छिटै फर्क यहाँ आइ भने जति ।
मलाइ भन एकेक, सक्छिन् विश्वास पार्न ती? ॥
सुन! भोलि बिहानैमा सीता आइ पुगुन् यहाँ ।
बसी बीच -सभाबीच खाँउन् शपथ सत्यमा ॥
छ जो ममाथि लागेको यो कलङ्क विफ्वाँकमा ।
हटाँउन गरुन् यत्न शुद्धि देखाँउदै यहाँ ॥
राजेन्द्र-रामका यस्ता अद्भुतैका कुरा सुनी ।
दौडिएर गए दूत भित्र दङ्ग हुँदै अनि ॥

१३

१४

जहाँ बस्नु भएकोथ्यो वाल्मीकि भगवान् मुनि ।
सरासर पुगी हाले वहीं नै दूत भै थिनी ॥
तेज फैलि रहेकोथ्यो वहाँको भइ झलझल ।
निर्धूम अग्निको ज्वाला धप्धपाए सरी तव ॥
पाउमा घोप्टिए दूत पछि राजेन्द्र-रामको ।
मीठो कोमल वाणीमा पारे सन्देशको कुरो ॥
बुझेर रामको भाव सुन्दैमा दूतका कुरा ।
आज्ञा भो ती महान् तेजी मुनिले पनि यी कुरा ॥
हुन्छ नाँई! त्यसै होला तिम्रो कल्याण होस्, सुन! ।
यसो भन्छन् भने राजा, गर्नुपर्छ त्यसै गुन! ॥
पति हुन् राम सीताका भनेम्नै गर्दछिन् उनी ।
पति नै सव हो स्त्रीको निम्ति हो देवतै पनि ॥
यत्ति आज्ञा हुँदा त्यस्ता मुनिले दूत थी सव ।
तुरुन्त फर्किए आए राजाकै पाउमा तव ॥
थिनले अनि तेजस्वी राममा त्यो सवै कुरा ।
मुनिका मुखकै ठीक विन्ती पारे झुकी पुरा ॥
महात्मा मुनिका त्यस्ता कुरा सव सुने पछि ।
राजराजेन्द्र श्रीराम भित्र दङ्ग परे अति ॥
थिए अव यहाँ जो जो, महर्षि मुनि आदिका ।
राजाहरू अरू जो जो भने यी सवमा तव ॥
हजूरहरू सम्पूर्ण पूज्यपाद महामुनि ।
सभाबीच सवारी होस् आँउन् शिष्यहरू पनि ॥
जो जो राजा-रजौटा छन् उनीहरू पनी सव ।
सभाबीच यहाँ आँउन् भृत्य-सेवक ली सव ॥
सीता देखाँउछिन् शुद्धि, खान्छिन् शपथ सत्यको ।
हेर्न इच्छा हुने आँउन् सभाबीच, खुलै छ यो! ॥

२६

२७

यसरी जनता सारा यहीं जम्बा हउन् अव ।
हेरुन् बसेर सीताको शपथग्रहणादिक ॥
उदार दिलका यस्ता रामका वाक्य यी सुनी ।
भए महर्षि ता दङ्ग धन्य ! धन्य !! भने अनि ॥
यो साधुवादको वाक्य गुञ्जियो गै सवैतिर ।
सुने राजा-रजौटा र अरुले पनि भै स्थिर ॥

२६

३०

अनि ता राम-राजाको महात्मा नै थिए जुन ।
प्रशंसा गर्न पो लागे वहाँ सव मिलीकन ॥
भने श्रीराम–राजामा नरश्रेष्ठ ! हजूरमै ।
यी कुरा हुन सक्छन् बा ! सक्तैनन् अरुमा हुनै ॥
लिने शपथ सीताको भोलि, टुङ्गो गरी यही ।
विदा दिए सवैलाई आफैंले रामले पछि ॥

३२

अनि निर्णय रामले गरी यै भोली नै किरिया खुवाँउने ।
सवलाइ दिए विदा पछाडि मुनि राजा जति थे गए सवै ती ॥

३३

इति पञ्चान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

छयान्नब्बे सर्ग

महर्षि मुनिराज–वाल्मीकिद्वारा सीताका शुद्धताको समर्थन गर्नु

१

बित्यो रात उज्यालो भो, बिहानै अनि राम यी ।
यज्ञशालातिरै लागे आफ्नु नित्य–क्रिया सकी ॥
तेजले धप्धपाएका उनले त्यै सभाविषे ।
डाके मुनि–महात्मा र राजालाइ तुरुन्त ए ! ॥
आए अब वहाँ सारा वसिष्ठ वामदेव र ।
विश्वामित्र दीर्घतमा जाबालि ऋषि काश्यप ॥
तपस्वी उग्र दुर्वासा पुलस्त्य शक्ति भार्गव ।
मार्कण्डेय दीर्घजीवी गर्ग च्यवन वामन ॥
मौद्गल्य यशका ठूला अग्निका पुत्र सुप्रभ ।
धर्म जान्ने शतानन्द भरद्वाज शुभात्मक ॥
कीर्तिशाली गौतम र मुनि नारद पर्वत ।
कात्यायन सुयज्ञादि तपोनिधि अगस्त्य त ॥
यिनका साथमै आए जो पाल्थे कठिन–व्रत ।
महात्मा मुनि धेरै नै, सुन्न चाख बढ्यो जब ॥
वीर्यका शक्तिका ठूला आए राक्षसका गण ।
यहीं नै उल्टिई हाले बलवान् कपिका गण ॥
उदार दिलका ठूला जत्ति व्यक्ति थिए वहाँ ।
ती सबैको भयो भेला, वेला ठिक्क हुँदा यहाँ ॥
सुन्न चाख थियो ठूलो सबमा यसअर्थ ती ।
विप्र क्षत्रिय वैश्यादि शूद्रसम्म जुटे पछि ॥
यिनका साथ–साथैमा नाना देश–विदेशका ।
सम्पूर्ण जनता आए व्रत पाल्ने पनी कडा ॥
सीताले किरिया खाँदा लिंदा शपथ, हेर्न त्यो ।
आए ज्ञानी महायोगी ठूला कर्मिष्ठसम्म पो ॥
तस्मात् राजसभा भो यो विशाल सब आँउदा ।
बसे निश्चल ढुङ्गाझैं भएर सब यी तदा ॥

१३

१४

यो कुरा सुन्नु भो साक्षात् वाल्मीकि मुनिले जब ।
सीतासाथ लिई तस्मात् उहाँ पाल्नु भयो तब ॥
घोप्टो मुन्टो लगाएर वाल्मीकि मुनिराजको ।
पछि आइ रहेकीथिन् सीता पनि वहाँ अहो ! ॥
उनका दुइटै हात जोडिएका थिए यता ।
मनभित्र थिए राम झार्दथे आँसु नेत्र ता ॥
ब्रह्माको पछि लागेकी श्रुति जस्तै भईकन ।
उहाँको पछि लागेकी देखे अब यिनीकन ॥
चिच्यायो बा ! सभै सारा अनि ता गजबै भयो ।
बडो बेस! अहो! धन्य ! धन्य हो !! यत्ति गुञ्जियो ॥
यो वेला ती सभासद्को सारा दर्शकसम्मको ।
मन इन्द्रिय नै पर्‍यो दुःखले शोकले अहो ! ॥
कुनै जन यसो भन्थे राम राजेन्द्र! धन्य हौ ।
कुनै जन यसो भन्थे देवी–जानकी ! धन्य हौ ॥
कुनै कुनै यसो भन्थे वहाँ दर्शक थे जति ।
धन्य ! हुन् पति–पत्नी यी धन्य ! हुन् दुइ दम्पती ॥
सभामा यसले गर्दा यै कोलाहल व्याप्त भो ।
यैवेला साथ सीता ली सभामा मुनि पाल्नु भो ॥
आँउने बित्तिकै सारा सभाकै अघि राज भै ।
सुस्ताइ राम–राजामा भनि हाल्नु भयो यसै ॥
सुन राजेन्द्र ए राम ! यी सीता हुन् पतिव्रता ।
ठूल्ठूला व्रत पाल्ने हुन् , धान्ने हुन् धर्म सर्वथा ॥
लोकापवादले काँप्रा तिमीले व्यर्थमा हरे ! ।
यिनलाई लगी छोड्यौ मेरो आश्रमनेर ए ! ॥
लोकापवादको त्यस्तो तिमीमा छ भने डर ।
आज्ञा देउ तिमी राजन् ! होउ सुन्न पनी स्थिर ॥

२६

२७

ठूलो धर्म तिमी धर्छौं, छन् यस्तै जानकी पनि ।
दिनेछन् शुद्धि यी आफ्नो हेर लौ! त्यो तिमी पनि ॥
यी दुवै शिशु हुन् छोरा जानकीका रघूद्वह ! ।
जुम्ल्याहा जन्मिएका हुन्, हुन् जो लव तथा कुश ॥
तसर्थ यी दुवै छोरा हुन् तिम्रै, वीर छन् दुवै ।
कसैले हेप्न सक्दैनन्, सत्य भन्दोछु यो सवै ॥
म पनी हुँ प्रचेताको दशौं छोरो बुझ्यौ ! सुन ! ।
अहिलेसम्म क्यै झूठो बोलेको संझिइन्न म ॥
तस्मात् म सत्य भन्दोछु जुम्ल्याहा सुत यी दुवै ।
तिम्रा हुन् जानकीबाट जन्मेका अतियोग्य भै ॥
सुन ! मैले गरेकोछु ठूल्ठूला तप राम्ररी ।
हज्जारौं वर्षपर्यन्त कडै कष्ट सहीवरी ॥
मिथिलेश्वरकी छोरी यिनमा पाप दोष, क्यै ।
छ भने त्यो तपस्याको न पाँउ फल, पुण्य क्यै ॥

३३

३४

मनले वाक्यले मैले कामले पनि वास्तव ।
गरेको छैन क्यै पाप अहिलेसम्म राघव ! ॥
मिथिलेशसुता सीता छन् ता निरपराधकी ।
म निर्दोष सुकर्मैका पुण्यको फल पाँउ ती ॥
मैले पनि गर्मेकोथें यो कुरा अघि नै वहाँ ।
वनमा झरनानेर भेट्तामै पहिले वहाँ ॥
ठहराएँ त्यसैवेला मन इन्द्रियले सव ।
जानकी शुद्ध निर्दोष छन् भन्ने बुझ राघव ! ॥
यिनै सव हुँदा हेतु त्यसै समयमा अनि ।
आफ्नैसाथ लगी राखें देखरेख गरें पनि ॥
सवै तरहले राम ! यिनै कारणले यिनी ।
शुद्ध आचारकी छन् है ! छन् है निरपराधिनी ॥
दुनियाँले कुरा काट्ता डराएका तिमीकन ।
अव विश्वास पार्छिन् यी! शुद्धिमा हेतु दीकन ॥

४०

हेर्दा नरेन्द्र ! लिइ शुद्ध र दिव्य-दृष्टि पाएँ विचार मनकी अतिशुद्धताकी ।
राखें तसर्थ यिनलाइ लगेर मैले भन्दोछु छन् अतिविशुद्ध भनेर औले ॥
तिम्री पनी हृदयकी धन यी प्रिया छन् ज्ञानैछ राम ! तिमिमा पनि शुद्ध यी छन् ।
काटे कुरा जगतले भनि त्यागिदिएथ्यौ खेले कुरा मनभरी अनि छोड्दिएथ्यौ ॥

४२

इति छयानब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तान्नब्बे सर्ग

देवी-सीताले शपथग्रहण गर्नु एवं रसातलबाट धरती–माता उब्जनु र सीतालाई सिंहासनमा राखी रसातलमै पस्नु

१

मुनि वाल्मीकिले यत्ति भनेमा नृप-राम यी ।
झुके बा ! दुइटै आफ्ना जोडे सुन्दर बाहुली ॥
अनि त्यत्रो सभाबीच सुन्दरी जानकीतिर ।
लगाएर यसो आँखा भन्न थाले भई स्थिर ॥
महान् सौभाग्यवान् ब्रह्मन्! जो आज्ञा भो हजूरले ।
त्यो कुरा सत्य हो सारा, परिपूर्ण छ धर्मले ॥
प्रभुका सत्य निर्दोष यस्ता वचनले प्रभो! ।
सीताको शुद्धतावारे भो ! विश्वास मलाइ भो! ॥
पहिले पनि सम्पूर्ण देवताहरुको अघि ।
विश्वास भै सकेकोथ्यो छन् भनेर विशुद्ध यी ॥
जानकी त्यसवेलामै खाई शपथ अग्निमा ।
पसेकी हुन् , म चोखी छु भन्ने देखाँउनै वहाँ ॥
यी सबै हेतुले गर्दा लङ्काबाट यिनीकन ।
ल्याएथें भगवन् ! मैले आफ्नो भवनमा पुनः ॥
पछि ज्यादै न राम्रो भो , यसै विषयलाइ ली ।
दुनियाँले कुरा काटे, खप्न गाह्रै पऱ्यो बढी ॥
विवशै म भएँ तस्मात् क्यै न लागे पछि प्रभो ! ।
यी प्रिया जानकीलाई मैले त्याग्नु पऱ्यो अहो ! ॥
सीता छन् , शुद्ध , निर्दोष सदाचारवती, सती ।
भन्ने सब कुरा ब्रह्मन् ! जान्दथें म स्वयं अघि ॥
लोकको डरले गर्दा न राम्रै हुन्छ! यै गमी ।
मैले त्यागि दिएकोहुँ, बक्सथोस् माग्छु क्षमा पनि ॥
थापाएँ यो पनी मैले जुम्ल्याहा शिशु यी दुवै ।
मेरै छोरा लव-कुश रहेछन् ज्ञान, भो सबै ॥
यस्तो भए पनी किन्तु जगत्‌को अघि जानकी ।
देखाँउन् शुद्धता आफ्नो अनि गर्छु म स्वीकृति ॥

१३

१४

रामको यो अभिप्राय बुझेर सब देवता ।
सीता-शपथ त्यो हेर्न आए उत्सुक भै तदा ॥
सुरेन्द्र आदि ठूल्ठूला तेजस्वी थे उनी सब ।
लगाइ अघि आएथे ब्रह्मालाइ पितामह ॥
आदित्य वसु रुद्रादि विश्वेदेव मरुद्गण ।
सिद्ध साध्य तथा नाग परमर्षि थिए पुनः ॥
गन्धर्व अप्सरा एवं थिए गरुड किन्नर ।
सीताले सत्य भाकेको आएका हेर्न सर्रर ॥
यसरी सब आएका देख्ता ऋषि र देव यी ।
राज-राजेन्द्र श्रीराम भन्छन् फेरि यसो उठी ॥
ए सुरश्रेष्ठ हो ! सुन्नोस् महात्मा मुनिराजका ।
वाक्यबाटै छ विश्वास , सीतामा छ विशुद्धि ता ॥
यस्तो भए पनी किन्तु यो सारा लोकको अघि ।
देखिए यिनको शुद्धि हुन्थ्यो प्रेम अझै बढी ॥
रामले यत्ति भन्दामा त्यहाँ गजब भै गयो ।
वायुको छाँट भो अकैं ल्यायो हर्र सुगन्ध पो ॥
अतिशीतल सानन्द पुण्यदायी भई हवा ।
पाऱ्यो आह्लाद सारामा बहँदा सवतर्फ बा ! ॥
यसरी सवले भोगे पहिले वायुदेवको ।
यो सुमङ्गमको दिव्य पुण्य-गन्ध वहाँ अहो ! ॥
विदेश-देशका जो जो आएका व्यक्ति थे वहाँ ।
अतर्क्य—घटना यस्तो ती सवैले गमे यहाँ ॥
प्राचीन-कालमा जस्तो हुन्थ्यो सत्ययुगै हुँदा ।
त्यहीठीक भई हाल्यो जो त्यो अद्भुत भो तदा ॥
सीताले यसवेलामा हुँदा ठीक तपस्विनी ।
गेरुवा वस्त्र पैह्रे की थिइन् , उज्ज्वल थिन् यिनी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

वहाँ अब यसो ! हेरिन् देखिन् सब उपस्थित ।
हात जोडिन् भनी हालिन्, नीचो मुख गरी तव ।।
रघुनाथ—विना मैले अरुलाइ कुनै पनि ।
चिताएकी छँदैछैन कहिल्यै मनमा पनि ।।
भनाई यदि मेरो यो ठीक, सत्य छ ता अब ।
फाँटुन् यी धरती—माता लैजाँउन् साथ वास्तव ।।
मन-कर्म र वाणीले मैले नित्य-निरन्तर ।
शुश्रूषा राम-राजाको गरेकीछु भने स्थिर ।।
अव यी पृथिवी माता फट्ट फाटेर निस्किई ।
मलाई साथमा आफ्नो लैजाँउन् योग्य संम्किई ।।
स आफ्ना पति श्रीराम बाहेक अरुलाइ क्वै ।
जान्दै-जान्दिन ता, मेरा कुरा सत्य भए सबै ।।
फाँटुन् यी वैष्णवी देवी क्षिति माता यहीं अव ।
मलाई आफ्नु साथैमा लैजाँउन् स्नेहपूर्वक ।।
वैदेही यसरी आफ्नो देखाँउन विशुद्धिता ।
लिन्थिन् शपथ, यै वेला गजबै पो भयो अहा ! ।।
यत्रो राजसभाबीच पृथिवीबाट अद्भुत ।
सिंहासन महान् दिव्य निस्क्यो सुन्दर वस्तुतः ।।
यो सिंहासन थ्यो दिव्य—रत्नले नै विभूषित ।
देखिन्थ्यो जसले गर्दा झलझलाकार यो स्वतः ।।
महान् पराक्रमी नाग दिव्यरूप धरीकन ।
यल्लाइ शिरले आफ्नो बोक्तथे, थ्यो मनोरम ।।
यो सिंहासनकै साथ पृथ्वी माता पनी वहाँ ।
उब्जिएकी थिइन् जो हुन् अधिष्ठात्री मनोरमा ।।

३८

३९

यिनैले जानकीलाई दुइटै आफ्नु बाहुले ।
समातेर लिइन् आफ्नो काखमा दृढ स्नेहले ।।
त्यै सिंहासनमा राखिन् पछि स्वागतपूर्वक ।
अभिनन्दन टक्रयाइन् हेर्दैथे जनता सब ।।
रसातलतिरै पस्न लागेकी जानकीकन ।
देखे अब वहाँका र माथिका देवले पुनः ।।
उनमाथि यसैवेला वर्षाए वृष्टि पुष्पको ।
लगातार निकैबेर भै रह्यो जो, विचित्र भो! ।।
साधुवाद निकै गुञ्ज्यो उनको मुखबाट ता ।
निस्क्यो अद्भुत भै हाल्यो धन्य! धन्य!! पनी अहा! ।।
भने ती देवले स्पष्टै धन्य ! सीते ! तिमी अहो ! ।
जसको शील, आचार देख्यौं अद्भुतरूपको ।
माथि आकाशमा यस्ता अनेकौं सुनिए कुरा ।
देख्ता सीता पसेकी यो रसातलतिरै तदा ।।
यज्ञमण्डपमा जत्ति आएका मुनि आदि थे ।
ठूलठूला नृपकै साथ सारा आश्चर्यमग्न थे ।।
अन्तरिक्ष र पृथ्वीका तल पातालका तक ।
ठूलठूला नाग-दैत्यादि छक्क! पक्क परे सब ।।
गर्दथे हर्षनादै पो कुनै ता हर्ष भै अति ।
ध्यानमग्न भई बस्थे कुनै ता मक्क भै अति ।।
त्यो सभाका कुनै व्यक्ति हेर्दथे रामपट्टि पो ।
हेर्दथे क्वै त सीताको रसातलप्रवेश यो ।।
पसेकी त्यसरी देख्ता यी सीता तल भूतल ।
सभाका जनमा ठूलो हर्ष, शोक पर्‍यो तव ।।

५०

५१

भयो दुइघडी सम्म स्तब्ध सभा सब ।
बढ्यो व्यामोह, छोप्यो बा ! अद्भुतै पो भयो अब ।।

इति सन्तान्नब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

अन्ठानब्बे सर्ग

राजा–रामको दुःख र पश्चात्ताप एवं ब्रह्माले उनलाई बाँकी रामायण सुन्न प्रेरणा गर्नु

१

यसरी जानकी देवी रसातल पसे पछि ।
सभाका व्यक्ति सम्पूर्ण चिच्याए रामकै अघि ॥
नर–वानरका साथ महात्मा मुनिसम्म ती ।
कराए बा ! भने सीते ! धन्य ! हौ धन्य !! हौ अति ॥
हुनसम्म भए दुःखी तर राम भने यता ।
खस्कियो उनको मुन्टो बर्र आँसु झर्‍यो उता ॥
हातमा यज्ञ–दीक्षामा लिएको राजदण्डको ।
प्रतीक दण्ड यौटा थ्यो काठको अतियोग्यको ॥
त्यसमै देहको भार दिएर अब राम यी ।
साह्रै उदास भै हाले, मन खिन्न भयो अति ॥
निकै समय पर्यन्त रोए राम स्वयं हरे ! ।
झारे बा ! अति नै आँसु खप्न गाह्रै परेर ए ! ॥
चढायो शोकले गर्दा अब क्रोध उनीकन ।
तुल्बुलाए बरा ! तस्मात् रामी हाले यसो पुनः ॥
किन हो ? आज यो मेरो मन छट्पट गर्दछ ।
अभूतपूर्वको यस्तो शोकमा डुब्न खोज्दछ ? ॥
सीता अदृश्य भै हालिन् यी मेरै नेत्रका अघि ।
साक्षात् मूर्तिमती लक्ष्मी जस्ती थिन् जो सुयोग्यकी ॥
पहिलोपल्ट यी सीता लङ्कामा लगि हर्दिंदा ।
लोपिएकी थिइन् मेरो आँखाबाट परै हुँदा ॥
त्यहाँबाट पनी मैले ल्याएकै हुँ भने अब ।
के गाह्रो पृथिवीबाट झिक्न, ल्याँउन वास्तव ? ॥
आफैं गुनगुनाएर अब भन्छन् धरासित ।
लौ बक्स्योस् ! पृथिवी-माता! मेरी सीता मलाइ त ॥
ए पूज्ये ! जननी ! नत्र झोक देखाइ हाल्छु म ।
हजूरलाइ ज्ञानै छ, के छु? के गर्न सक्छु म ? ॥

१३

१४

हजूर धरती—माता ! साँचै भनुँ भने शुभे ! ।
मेरी ता भइ बक्सिन्छ पूज्य सासु समेत ए ! ॥
हजूरलाइ जोत्तामा राजा जनकले अघि ।
हुन् सियोबाट निस्केकी हजूरैबाट जानकी ॥
लौ तसर्थ दिई बक्स्योस् मेरी सीता मलाइ नै ।
न दिए लगि बक्स्योस् लौ ! मलाइ पनि काखमै ॥
जहाँ छन् जानकी मेरी जान्छु पाताल-स्वर्गमा ।
लौ वहीं लगि दी बक्स्योस् बस्छु गै शान्ति साथमा ।
लौ माता! ल्याइ दी बक्स्योस् मेरी सीताकनै यहाँ ।
उनको निम्ति बौलाहा भै सकें म हरे ! यहाँ ।
के त बक्सिन्न ती मेरी जानकीलाइ ए धरे ! ।
म छोड्दिन त्यसै माता! हेरि बक्स्योस् ल गर्छु के?॥
वन–पर्वत खाथैकी तिमीलाइ यहीं अब ।
चकनाचूर पार्दिन्छु बाँकि राख्तिन वास्तव ॥
मास्दिन्छु स्थिति यो सारा, भास्दिन्छु सब भूतल ।
खप्छु जस्तो जसो पर्ला, हओस् सारा जलैजल ॥
साह्रै नै शोक बढ्दामा छोप्तामा क्रोधले बढी ।
यी कुरासम्म भन्दैथे यसरी जब राम ती ॥
तब सम्पूर्ण यौताका साथमा देखिईकन ।
उनलाई भनी हाले ब्रह्माले शान्त भैकन ॥
राम्रो व्रत हुने राम ! विन्ती गर्छु म क्यै कुरो ।
भो ! पीर न लिई बक्स्योस् अब जो हुनु भैगयो ॥
शत्रु मासी दिने सारा प्रभुले भगवन् ! अब ।
आफ्नु त्यो पहिलो रूप संझिबक्सनु पर्दछ ॥
गरेझैं अघि सल्लाह देवका साथमा बसी ।
भो सबै त्यै कुरामात्र विन्ती पार्छु यहाँ झुकी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

महान बाहु हुने राम ! प्रभुको रूप वास्तव ।
संझाएको, चिह्नाएको हुँदै होइन राघव ! ॥
तर कत्ति भने स्वामिन् ! त्यो वैष्णवस्वरूपको ।
केही बेर हुँ मागेको स्थिति, सद्गति शोचन पो ! ॥
सर्वथा शुद्ध छन् सीता हुन् ती सती–शिरोमणि ।
प्रभुमा पहिल्यै देखि रम्छिन् टिक्छिन् पछी पनि ॥
छ तपोबल सीताको प्रभुकै लिन आश्रय ।
पुगिन् ती प्रभुकै धाम नागलोक, गरी छल ॥
साकेत–धाममा स्वामिन् ! सवारी प्रभुको हुँदा ।
मिल्दछिन् जानकी फेरि प्रभुसाथ, छ सत्यता ॥
लौ भैगो ! यी कुरा छाडौं यो सभामा प्रभो ! अब ।
विन्ती गर्छु कुरा जो म, सुनि बक्स्योस् त्यही सब ॥
चरित्र प्रभुको स्वात्तै भरिएको छ काव्य यो ।
जसलाई सुनी बक्स्यो प्रभुले बेस भो बडो ॥
अतिश्रेष्ठ छ यो तस्मात् प्रभुको शेष जीवन ।
यै बखान्दछ, पर्कै छ ज्ञान दिन्छ, छ उत्तम ॥
जन्मदेखि लिई स्वामिन् ! प्रभुको जीवनैभर ।
सुख–दुःखादि भोगेका कुरा छन् अतिसुन्दर ॥
त्यसकै साथ सीताको अन्तर्धान भए पछि ।
भविष्यमा हुने सारा कुरा छन् अझ शेष यी ॥
यी सबैलाई ब्रह्मर्षि वाल्मीकि यिनले प्रभो ! ।
एकेक गरी विस्तार रचे श्रम गरी बडो ॥
हो आदिकाव्य यो स्वामिन् ! आधार यसको पनि ।
हजूरै भइ बक्सिन्छ सर्ववेत्ता महान् गुणी ॥
महान् कीर्ति हुने त्यस्ता प्रभुभिन्न कुनै बरु ।
छैनन् सद्काव्यका यस्ता हुन नायक नै अरु ॥
भगवन् ! अघि नै मैले देवसाथ लिई बसी ।
प्रभुको जीवनी–काव्य यो सुने सब शान्ति ली ॥

४०

४१

छिपाएको लुकाएको छँदैछैन कुनै कुरो ।
यसैले अद्भुतै यो छ सत्य, दिव्य छ यै प्रभो ! ॥
तसर्थ पुरुषश्रेष्ठ रघुका रत्न हे प्रभो! ।
प्रभुमै धर्म टिक्तोछ पाइ आश्रय योग्यको ॥
भविष्य–जीवनी आफ्नो भएको श्रेष्ठ काव्य यो ।
रामायण सुनी बक्स्योस् बाँकि ध्यान दिई बडो ॥
महान् कीर्ति तथा तेज भएका वीर हे विभो! ।
पछिल्लो भागको यसको नाम उत्तरकाण्ड हो ॥
रामायण महान काव्य यसलाइ यथार्थतः ।
सुनिबक्स्योस् महात्मा यी मुनि साथ बसी अतः ॥
अरुले हुन्न राजर्षि प्रभु नै भइ बक्सिदा ।
सुन्नुपर्छ हजूरैले पहिले यसलाइ ता ॥
यी तीनै लोकका स्वामी ब्रह्मा यत्ति भनी तब ।
सर्र स्वर्गतिरै उक्ले बन्धु ली देवता सब ॥
त्यो ब्रह्मलोकमा बस्ने ब्रह्मर्षिहरु थे जति ।
ती सबै फर्किए फेरि ब्रह्माको लिई स्वीकृति ॥
कस्तो छ भावि—वृत्तान्त राजराजेन्द्र—रामको ।
सुन्न चाख बढ्यो आए, बाँकी उत्तरकाण्ड यो ॥
देवाधिदेव ब्रह्माका कुरा संझे पछी सब ।
तेजस्वी–राम यी भन्छन् मुनि वाल्मीकिमा अब ॥
भगवन् ! मुनि यी सारा यहाँका ब्रह्मलोकका ।
जति छन् सुन्न चाहन्छन् कुरा उत्तरकाण्डका ॥
यसर्थ बाँकि त्यो अंश भोलिको नै विहानमा ।
सुन्न पाए भलो हुन्थ्यो फेरि प्रारम्भ होस् यहाँ ॥
पक्कापक्की गरी यस्तो राजराजेन्द्र रामले ।
सम्पूर्ण जनतालाई विश्रामार्थ विदा—दिए ॥
अनि आफ्ना दुवै त्यस्ता छोरा लव तथा कुश ।
साथ ली पर्णशालामा भित्रिए नृप राघव ॥

५४

५५

त्यही हाल भयो ओहो ! त्यहाँ पनि अनर्थ भो ।
संझिए जानकीलाई, रात मुस्किलले बित्यो ॥

इति अन्ठानब्बे सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

उनान्सय सर्ग

राजा–रामको जीवन–चर्चा र मुमा–महारानी कौसल्या आदिको परलोकगमन–वर्णन

१

भोलिपल्ट उज्यालो भो अनि राजेन्द्र-रामले ।
डाके मुनि–महात्मा र छोराहरूकनै भने ॥
अब लौ बाबु हो ! गाओ बाँकि काव्य तिमी दुवै ।
अघि जस्तै गरी सारा भई निर्धक्क-चित्तकै ॥
महात्मा मुनि ब्रह्मर्षि राजर्षि जनता सब ।
अ–आफ्नो ठाममा आई बसे सुन्न भनी तब ॥
अब यस्तै अवस्थामा दुवै लव तथा कुश ।
काव्य गाँउन थाले यो भविष्यांश, मिकी लय ॥
त्यो आफ्नो सत्य–सम्पत्को लिइ आड र आश्रय ।
यो यज्ञभूमिमा सीता पसे पछि रसातल ॥
विग्रियो राम–राजाको मन, खल्लो भयो अति ।
त्यो यज्ञ सकिई हाल्यो, गरुन् के अब भूपति ? ॥
न देख्ता जानकीलाई बिचरा राम यी बरा ! ।
जता हेर्‍यो उतै शून्य देख्न थाले वसुन्धरा ॥
शोकले भित्र पाक्तामा बढ्दामा दुःख तीव्र भै ।
अँहँ ! शान्ति भनेको ता पाएनन् कत्ति खिन्न भै ।
खपेर धैर्यले केही आफैं रोकिइ अन्तमा ।
गरे आदर-सन्मान आएका व्यक्तिको वहाँ ॥
दिए राजा–महाराजाहरूलाइ बिदा अनि ।
कपि–राक्षस–भालूको मन राखे, गए उनी ॥
सम्पूर्ण जनतालाई घर जानु भने अनि ।
प्रशस्त धन टक्र्‍याए जाँदामा विप्रमा पनि ॥
विधिले यज्ञको सारा कार्य यी यसरी सकी ।
आएका जतिलाई ती बिदा गरि सके पछि ॥
धर्मपत्नी प्रिया आफ्नी सीतालाइ मनैमन ।
संझिदै-संझिदै फर्के अयोध्यामा उनी पुनः ॥

१३

१४

यसरी यज्ञ त्यो पूर्ण पारेर रघुनन्दन ।
लिइ साथ दुवै छोरा बसे वा ! मोक्किईकन ॥
सीता बाहेकको अर्की धर्मपत्नी बनाँउन ।
शोचेन राम–राजाको मनले कहिल्यै पुनः ॥
ठूल्ठूला यज्ञ गर्दामा पत्नी जो हुनुपर्दथ्यो ।
तिनमा सुनकै सीता बन्दथिन्, बस्तथिन् अहो ! ॥
यसरी दश हज्जार वर्षसम्म निरन्तर ।
ठूल्ठूला यज्ञ–यागादि गरे श्रीराम भै स्थिर ॥
अश्वमेध गरे कैयौं तिनका साथ–साथमा ।
दशौं गुना गरे वाजपेय-यज्ञ पनी वहाँ ॥
यी यज्ञ–यागमा सारा राजराजेन्द्र रामले ।
दिनसम्म दिए दान अनेकौं स्वर्णराशि ए ! ॥
अरू यज्ञ गरे धेरै अग्निष्टोम र गोसव ।
दिइने दक्षिणा धेरै अतिरात्रादि वास्तव ॥
यी सबै यज्ञ गर्दामा भएन कम क्यै कुरा ।
श्रीसम्पन्न थिए राम भयो पूर्ण सबै कुरा ॥
महात्मा राम–राजाले यसरी धर्ममा अडी ।
पृथ्वीको राज्य गर्दामा वित्यो काल महान् पछि ॥
अरुको के कुरा सारा कपि भालू र राक्षस ॥
थिए श्रीराम–राजको आज्ञाकै वशमा तब ॥
पृथिवीभरका सारा अरू राजाहरू पनि ।
रामकै वशमा टिक्थे, खुश पार्थे सँधै चिनी ॥
रामको राज्य भो यस्तो वेला–वेला भयो कि त ।
जल वर्षाँउथे मेघ, सँधै हुन्थ्यो सुभिक्ष त ॥
यता दश–दिशा खुल्थे देखिइन्थ्यो प्रसन्नता ।
हृष्ट–पुष्ट थिए प्राणी गाउँका पुर—राष्ट्रका ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
त्यसै अकालमा प्राणी कुनै मर्दैनथ्यो वहाँ ।
पिर्दैनथ्यो कुनै रोग कहिल्यै रामराज्यमा ॥
रामले राज्य गर्दामा पृथिवीभरमा कहीं ।
उपद्रव पनी केही हुन्नथ्यो कहिल्यै, कहीं ॥
वित्तथ्यो काल भै लामो चल्दथ्यो राज्य यै रित ।
कौसल्या रामकी माता चवाट्ट स्वर्ग गइन् तव ॥
पवित्र-कीर्तिकी हुन् यी महारानी पतिव्रता ।
घेरे छोरा र नातीले, पतिलोक गइन् बरा ! ॥
कैकेयी र महारानी सुमित्रा पनि अन्तमा ।
उनैको पछि लागे बा ! जानमा पतिलोकमा ॥
नाना प्रकारका कैयौं धर्म-कर्म गरी यहाँ ।
तिनोटै यी महारानी गए साकेतधाममा ॥
३२

३३
पति आफ्ना दशरथ-राजासँग मिले वहाँ ।
हुन् सौभाग्यवती देवी यिनीहरू सबै यहाँ ॥
आफ्ना मुमा-महारानीहरूमा भेदभाव कयै ।
न गरी गर्दथे राम गर्नु पर्ने कुरा सबै ॥
वेला-बखत पर्दामा तपस्वी-विप्रमा पनि ।
ठूलठूला दान गर्दिन्थे, भलो होस् उनको भनी ॥
श्राद्धमा बावु-बाजेको उपयोगी र उत्तम ।
द्रव्य-रत्नादि दिन्थे यी गर्थे जब अनुत्तम ॥
पितृ देवहरू सारा पार्न सन्तुष्ट राम यी ।
गर्थे सम्बन्धितै यज्ञ धर्मात्मा भइ चित्त दी ॥
यसरी यज्ञले नाना सद्धर्म गरि पालन ।
बस्ता श्रीराम-राजाको विते वर्ष हजारन ॥
३८

इति उनान्सय सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

सय सर्ग

राजा–रामले भाई–भरतलाई गन्धर्वलोक जित्नको लागि पठाँउनु

१

यसै गरी निकै काल वितेपछि कुनै दिन ।
राजदर्वारमा आए भेट्न श्रीराम, ब्राह्मण ॥
यी ब्रह्मर्षि थिए साक्षात् अङ्गिरा मुनिका सुत ।
थिए अत्यन्त तेजस्वी गर्थे काम पुरोहित ॥
उता मामा युधाजित् थे राजा केकयदेशका ।
आफ्ना गुरु यिनैलाई पठाएका थिए यता ॥
उनको नाम थ्यो गार्ग्य, आफ्ना श्रीराम आदिका ।
प्रिय-भानिजमा केही भन्नुथ्यो चित्तका कुरा ॥
यसैले ती युधाजित्ले यी भानिजहरूकन ।
कुराकै साथ कोशेली पठाएका थिए पुनः ॥
लगेर राम-राजामा टक्र्याँउनु भनीकन ।
उनले थे पठाएका उपहार अनेकन ॥
यिनमा दश हज्जार घोडा थे वेस फूर्तिला ।
राडी-पाखी र दोंसल्ला थिए वेस निकै तथा ॥
मणि, रत्न थिए नाना वस्त्र चित्र-विचित्रका ।
गहना पनि थे राम्रा अनेकन सुयोग्यका ॥
यसरी यी सबै वस्तु लिई ब्रह्मर्षि गार्ग्य यी ।
आए राम भए ठाम थापाए रामले अघि ॥
ती अश्वपतिका छोरा मामाले स्नेह भै अति ।
पठाइ बक्सियो त्यत्रो कोशेली यो सुने पछि ॥
गार्ग्य–ब्रह्मर्षिलाई यी लिन आफैं गए अनि ॥
एक कोश परै सम्म गए भाइहरू पनि ॥
श्रीबृहस्पतिको मान राखेझैं इन्द्रले गरी ।
गरे यी गार्ग्यको पूजा रामले पनि त्यै घडी ॥
गरी स्वागत-सत्कार यसरी यी महर्षिको ।
लिए त्यो कर-कोशेली मामाको स्नेहले बडो ॥

१४

हिंड्दा—हिंड्दै उनीसाथ बाटामै रामभद्रले ।
मामाको घरको हाल सोधे क्षेम समेत ए ! ॥
यसरी घरमा ल्याई राखे पछि उनीकन ।
अव विस्तारले थाले सोध्न हाल पुनः–पुनः ॥
ब्रह्मर्षे ! अव आज्ञा होस् म के गरुँ ? छ के कुरो ।
मामा के भनि बक्सिन्छ? मलाइ सुनुँ त्यो प्रभो ! ॥
बृहस्पति समानैका हजूरकन कष्ट दी ।
यहाँ पठाइ बक्सेको किन होला ? सुनौं यही ॥
वाक्य जान्नेहरू मध्ये श्रेष्ठ, पूज्य हजूर जो ।
स्वयं यहाँ सवारी भो आज्ञा होंस् किन कष्ट भो ? ॥
रामका प्रश्न यी मीठा सुनी गार्ग्य महर्षि यी ।
अद्भुतै काम त्यो आफ्नो भन्न लागे सरी अवि ॥
महान् बाहु हुने राजन् ! सुन्ने मन छ ता सुन ! ।
तिम्रा मामा युधाजित्ले पठाए यी कुरा पुनः ॥
महाराज ! उनी यौटा पुरुषश्रेष्ठ हुन् गुणी ।
तिमीमा स्नेह ठूलो छ, भन्दछन् यो कुरा गुनी ॥
प्रिय–भानिज श्रीराम ! यहाँ छन् सिन्धु जो नदी ।
यिनको छ दुवैपट्टि यौटा देश मजा अति ॥
त्यसमा बस्तछन् प्रायः गन्धर्वहरु नै सव ।
राम्रो पनि छ यो साह्रै स्वादिलो फल–मूल छ ॥
बावु भानिज ! के गर्नु तर यस्तो भए पनि ।
गर्दछन् यसको रक्षा तिनै गन्धर्व, छन् गुणी ।
गन्धर्वराज शैलूष जो थिए, उनकै यिनी ।
हुन् सन्तान सवै, छन् यी वीर्यका बलका धनी ॥
संख्या छ यिनको ठूलो ठ्याक तीन करोडको ।
साथ छन् अस्त्र-शस्त्रादि, जान्दछन् लड्न मन् बडो ॥

CC-0. In Public Domain. Digitization by eGangotri

२७

महान् बाहु हुने बावु ! जिती गन्धर्वलाइ ती ।
गन्धर्वनगरै अर्को राखि बक्स्योस् न है ! पछि ॥
वारी-पारी दुवैपट्टि नदीका दुइ भागमा ।
दुइटै पुर निर्माण गरि बक्स्योस् प्रभो ! वहाँ ॥
तिनमा सब सामग्री रहुन् राम्रा र उत्तम ।
यसरी यो पनी हाम्रै कब्जामा होस् रघूत्तम ! ॥
गन्धर्वदेश त्यो बावु ! साह्रै राम्रो छ हैं पुनः ।
अरुको गति नै छैन, पुग्नै सक्तैन क्वै जन ॥
अब स्वीकार होस् राम ! यो मिलाँउन आफ्तुमा ।
हुने अहित सल्लाह किन दिन्थें ? म पाउमा ॥
महर्षिको र मामाको कुरा यस्ता सुने पछि ।
भयो श्रीराम-राजामा भित्र-भित्र महान् खुशी ॥
भने श्रीरामले तस्मात् वेस ! आज्ञा भयो भनी ।
पछिबाट यसो हेरे भाई-भरतमा पनि ॥
गरी यत्ति दुवै बाहु जोडेर उनले अब ।
महर्षि गार्ग्यमा विन्ती गरी हाले हुँदै खुश ॥
दुवै कुमार यी मेरा ब्रह्मर्षे ! धीर-बीर छन् ।
छोरा भरतका हुन् जो गै त्यतातिर घुम्दछन् ॥
तक्ष, पुष्कल हो नाम भै मामाबाट रक्षित ।
त्यहाँ शासन गर्नेछन् धर्म धानी अडी स्वतः ॥
भाई-भरतलाई यी लगाइ अघि यी दुवै ।
सेना-सेवक साथैमा जान्छन् अब उता छिटै ॥
यिनै गन्धर्वका वंश भुसुक्कै पार्दछन् वहाँ ।
राजधानी दुवै अर्कै थाप्नेछन् आफ्नु निम्तिमा ॥
यसरी ती दुवै श्रेष्ठ पुरको स्थापना गरी ।
आफ्ना छोरा यिनैलाई राज्यमा राख्दिई वरी ॥

३९

४०

मेरा अत्यन्त धर्मात्मा भाई भरत यी पुनः ।
आँउनेछन् यहीं फर्की म भएमा तपोधन ! ॥
ब्रह्मर्षि-गार्ग्यमा यत्ति निवेदन गरी पुनः ।
भाइ-भरतमा भन्छन् यसरी रघुनन्दन ॥
प्रिय बावु ! तिमी जाउ सेनासाथ लिई वहाँ ।
गर काम भने जस्तो हुउन् यी पुत्र साथमा ॥
भनी यत्ति उनीलाई तक्ष-पुष्कललाइ यी ।
अभिषेक दिई हाले वहाँका राज्यमा अघि ॥
सौम्य नक्षत्र आएमा अङ्गिराका सुपुत्र ती ।
महर्षि-गार्ग्यको यात्रा चलाए ढोग-भेट दी ॥
उनको साथ-साथैमा क्यै पछाडि हुँदै-हुँदै ।
गए भरत आज्ञाले सैन्य छोरा लिई सँगै ॥
सुरेन्द्रले खटाएको देव-सैन्य सरी भई ।
अयोध्याबाट यो सैन्य निस्कि हाल्यो खुशी भई ॥
परैसम्म गए राम त्यसलाइ पुर्‍याँउन ।
देवताहरुले सम्म जित्न मुस्किल थ्यो जुन ॥
मासु खाने थिए जो जो जीव-जन्तु र राक्षस ।
उनको पछि लागे बा ! तात्तातो रक्त खान ती ॥
मासु खाने सजैसाथ भूत-प्रेत हजारन ।
गए भरतकै साथ पछि लाग्दै वहाँ पुनः ॥
त्यस्ता गन्धर्वका छोराहरूका पुष्ट-देहको ।
मासु खाने लिए धोको, गए अनि सबै अहो ! ॥
बँदेल बाघ सिंहादि पशु भूतलका जति ।
माथि आकाशका पक्षी पनि उड्दै गए अघि ॥
पर्‍यो बास ठ-ठाउँमा जहाँ पायो वहीं बसे ।
हृष्ट-पुष्ट थिए सारा अनि कष्टै थियो र के ? ॥

५२

५३

यसरी महिना डेढ बिताएर सजासित ।
पुग्यो कैकयदेशैमा यो सेना शान्तिपूर्वक ॥

इति सय सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय एक सर्ग

राजकुमार–भरतले गन्धर्वनगर विजय गर्नु र वहाँ छोराहरूलाई राखी आफू अयोध्या फर्कनु

१

उता केकयका राजा युधाजित्ले कुरा सुने ।
महर्षि –गार्ग्यकै साथ आए भरत-वीर रे !॥
असंख्य भटको सेना उनको साथमा छ रे ! ।
सेनापति स्वयं छन् रे, अनि दङ्ग उनी परे ॥
गर्न स्वागत निस्के ती सारा जन लिई तव ।
भेटे भरतलाई यी बाँटैमा स्नेहले दृढ ॥
इच्छानुसारको रूप धर्न सक्ने महान् बली ।
गन्धर्वहरुको देश तर्फ लागि गए पछि ॥
धीर मामा–युधाजित् र वीर भानिज यी दुवै ।
कसिए ! झम्टिई हाले अनि ता भै छिटा निकै ॥
साथ सम्पूर्ण सेना थे सवारी थे अनेक जो ।
यी सबै ली पसी हाले गन्धर्वपुरभित्र त्यो ॥
यता अब सुने सारा गन्धर्वहरुले पनि ।
लड्नै भरत आएका देखेरै निस्किए उनी ॥
महान् पराक्रमी हुन् यी जुध्न खोज्थे त्यसै पनि ।
घेरे सबतिरै बाट जम्बा भै गर्जिए अनि ॥
घनघोर लडाँई' भो ! जुधे सैन्य दुवैथर ।
सिरिङ्ग जिउ पार्ने भो बढ्यो युद्ध भयङ्कर ॥
सात रात लगातार भै रह्यो युद्ध यो वहाँ ।
भएन हार वा जीत तर यी दुइ तर्फमा ॥
देखियो रगतैमात्र चारैतिर बह्यो नदी ।
धनु शक्ति र खड्गादि देखिए ग्राहठीक यी ॥
ठूल्ठूला त्यसका धारा जो बहे तिनमा पनि ।
मनुष्यहरुका लासै-लासमात्रै बहे अनि ॥
झोक्किए रामका भाइ स्वयं भरत यी अब ।
चौपट्ट पार्दिएकाथे सारा गन्धर्वले जब ॥

१३

१४

संवर्तनामको यौटा अस्त्र थ्यो कालदेवको ।
धनुमा त्यै चढाएर छोड्दिए उनमा अहो! ॥
यसरी यी महात्माले सारा तीन करोड ती ।
गन्धर्व मारिदई हाले, शान्त भो छिनमै पछि ॥
तुरुन्त कालको पाशो गै जेल्यो उनलाइ र ।
भुसुक्क पार्दिई हाल्यो संवर्तास्त्रै थियो स्थिर ॥
देवताहरुले शोचे अँहँ ! यस्तो लडाँइ ता ।
देखेका नै थिएनौ वा ! संम्झिइन्नौं कहीं यता ॥
अहो ! झिमिक्क गर्दा नै दिलका देहका दरा ।
त्यस्ता भरतले मारे सारा गन्धर्व यी बरा !॥
मारिए पछि यी सारा कैकेयीसुतले अब ।
वारीपारी नदीको ती बसाए दुइटै पुर ॥
दुइटै अति नै राम्रा थिए यी पुर वास्तव ।
धन-धान्यादि भै ज्यादै समृद्ध पनि थे तव ॥
गन्धर्वदेशमा त्यस्तो थियो जुन मनोहर ।
राखी तक्षशिला नाम पारे यौटा पुरी स्थिर ॥
यही नै राजधानी भो यहाँ भरतले अब ।
सुपुत्रलाइ ती तक्ष राजा पारी दिए तव ॥
गान्धारदेशमा अर्को राजधानी गरी त्यही ।
पुष्कलावर्तमा पारे राजा पुष्कललाइ ती ॥
धन-धान्य तथा रत्न परिपूर्ण थिए दुवै ।
यी दुवै राजधानीमा वन-जङ्गल थे निकै ॥
बाजीथापे सरी गर्दै दुवै आपसमा वहाँ ।
अ-आफ्ना गुणले गर्दा बढेकाथे जहाँ–तहाँ ॥
दुवै नगरको शोभा थियो अतिमनोहर ।
थियो व्यापारको केन्द्र यो दुवै ठाम सुन्दर ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

व्यवहार थियो राम्रो थिएन छलछाम क्यै ।
राम्रा-राम्रा बगैंचा थे शोभिइन्थे जतातत्तै ॥
नाना यान, सवारी थे परिपूर्ण थियो सब ।
भिन्न-भिन्न थिए ठूला साना पसल वास्तव ॥
अनेक वस्तु विस्तार भएका दुइ यी पुर ।
शोभिएका थिए ज्यादै भई झलल सुन्दर ॥
घर सात-तले ठूला स-साना घर साथमा ।
चारैतिर थिए टन्न राम्रा-राम्रा जहाँ-तहाँ ॥
देव-मन्दिर थे नाना शोभिएका जतातत्तै ।
खुलेकाथे र-राम्रा थे यिनैले पनि यी दुवै ॥
नाना प्रकारका वृक्ष शोभिइन्थे यहीं पुनः ।
तमाल ताल तिलक बकुलादि मनोरम ॥

३२

३३

दुइटै राजधानी यी बनाँउन बसाँउन ।
लाग्यो समय ठ्याक्क्याक्कै पाँचवर्ष यिनीकन ॥
बन्दोवस्त मिलाएर वहाँ छोडी दुवै सुत ।
आए भरत फर्केर अयोध्यामा स्वयं तव ॥
साक्षात् मूर्ति धरी बस्ने धर्म जस्ता महान् गुणी ॥
महात्मा दाजुलाई ती ढोगिदिए पाउमा अनि ॥
देखियो त्यस वेलामा तेजस्वी सुरराजले ।
ढोगे ठीक विधातामा झुकेर अतिप्रेमले ॥
अनि विन्ती गरे राजा-राममा नम्र वाक्यमा ।
स्वयं भरतले जो जो गरेथे उनले वहाँ ॥
गन्धर्व सब मारेको बसाएको दुवै पुर ।
एक एक गरी स्वात्तै भने, खुश भए नृप ॥

३८

इति एक सय एक सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय दुई सर्ग

श्रीरामबाट अङ्गद र चन्द्रकेतु दुवैलाई राज्याभिषेक-प्रदान

१

राजराजेन्द्र श्री राम कुरा गन्धर्व-देशको ।
सुनेर भाइका साथै दङ्गादङ्गो परे बडो ॥
अब यस्तै अवस्थामा यी आफ्ना तीन भाइमा ।
भने श्री राम-राजाले अद्भुतै वाक्य यो वहाँ ॥
बाबु लक्ष्मण ! यी तिम्रा दुइटै पुत्र अङ्गद ।
चन्द्रकेतु पनी धर्म जान्दछन् वेस तत्वतः ॥
गर्नमा राज्यको रक्षा छन् समर्थ दुवै अतः ।
यिनमा छ महान् शक्ति, दृढ भै वीर्य टिक्तछ ॥
यसर्थ यी दुवैलाई गर्छु राज्याभिषेक म ।
कहाँ गरूँ ? तिमी शोच लौ ! दुवै देश उत्तम ॥
विघ्न-बाधा न होस् कत्ति, जहाँ होस् अतिसुन्दर ।
बसुन् सानन्द भै ठुक्क यी दुवै हुन् धनुर्धर ॥
त्यस्तो देश तिमी हेर ! राज्य गर्दा जहाँ बसी ।
न होस् क्यै अरु राजामा पीडा, उद्विग्नतादि यो ॥
भए आश्रममा धक्का न परोस् अरुमा पनि ।
अपराधी न हौं हामी अरूको दृष्टिमा पनि ॥
दाजु श्रीराम--राजाका सुने पछि सबै कुरा ।
भाई भरतले झुक्तै विन्ती हाले यसो तदा ॥
मान्य दाजु ! भने जस्तै छ कारुपथनामको ।
देश यौटा बडो राम्रो, डर क्यै छैन रोगको ॥
उदार दिलका छोरा वीर अङ्गदलाइ यी ।
बस्नमा राजधानी त्यै पार्दा हुन्छ भलो अति ॥
यी चन्द्रकेतुको निम्ति पनि बस्न वहीं प्रभो ! ।
वेस हुन्छ चन्द्रकान्त-राजधानी भए बडो ॥
भाई भरतका यस्ता कुरा श्रीराम-भूपमा ।
बडो वेस जँची हाल्यो गरे स्वीकार त्यै वहाँ ॥

१३

१४

आफ्नु नै वश पारेर तुरुन्त अनि देश त्यो ।
पुरी अङ्गदको निम्ति बनाए रमणीय पो ॥
मजैसाथ निकै ठूला काम गर्ने नरेन्द्रले ।
वहाँ अङ्गदको निम्ति अङ्गदीया-पुरी रचे ॥
बन्यो यो पुर अत्यन्त राम्रो हेरि-रहौं सरि ।
सुरक्षित भयो फेरि नाना वस्तु भईवरी ॥
चन्द्रकेतु थिए मोटा मल्लमैं देहका दृढ ।
उनको निम्तिमा मल्ल-भूमिमा राखियो पुर ॥
चन्द्रकान्त भयो नाम यसको स्वर्गकी पुरी ।
ठीक यी शोभिएकी थिन् हुनाले दिव्य सुन्दरी ॥
राम लक्ष्मण भरत तथा शत्रुघ्नले पनि ।
राज्याभिषेक दी हाले यी दुवै पुत्रमा अनि ॥
एकाग्रचित्तका हुन् यी चन्द्रकेतु र अङ्गद ।
वीर-धीर थिए त्यस्तै गुणवान् पनि वस्तुतः ॥
अनि अङ्गदलाई यी पठाए पश्चिमैतिर ।
ती चन्द्रकेतुलाई ता पठाए उत्तरैतिर ॥
गए अङ्गदका साथ भै सहायक लक्ष्मण ।
ती चन्द्रकेतुको चाँहि गए भरत नै पुनः ॥
अङ्गदीया-पुरीबीच बडो आनन्दमा परी ।
एक वर्ष भरी ठ्याक्कै बसे लक्ष्मण वीर यी ॥
उनका पुत्र दुधर्ष भई अङ्गद ती दृढ ।
त्यो राज्य गर्न लागेथे जब यी फर्किए तब ॥
चन्द्रकान्तापुरीबीच बसे भरत ती पनि ।
बलीयो उनको राज्य नभएसम्म होस् भनी ॥
वित्यो वर्ष बढी काल वहाँ बस्ता यसो गरी ।
पछि फर्के अयोध्यामा रामसेवार्थ वीर यी ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

अनन्य प्रेम वा स्नेह गर्दथे राम-पाउमा ।
यी दुवै भाइ भरत तथा लक्ष्मण ता वहाँ ॥
राम्ररी धर्मको तत्व जानेकाथे दुवै यिनी ।
बस्नै खोज्दैनथे अन्त छुट्टिएर कहीं पनि ॥

२८

२९

यसरी रामको सेवा गर्दा काल वित्यो निकै ।
भएन स्नेह बढ्दामा यिनमा तर होश क्यै ॥
स्वयं भरत शत्रुघ्न तथा लक्ष्मण तीन यी ।
हेर्दथे पुरवासीको काम-काज खटी डटी ॥

३०

३१

धर्म-पालनमै लाग्दा मरिमेट्ता गरी यसो ।
यिनको दश हज्जार वर्षको काल पो वित्यो ॥
बसी अयोध्यापुरबीच दिव्य यो जो धर्मको साधनभूत ठाम थ्यो ।
गर्थे प्रजाको परिपालना यिनी ऐश्वर्यले युक्त थिए सुखी पनि ॥
यज्ञादिमा आह्वनीय-दक्षिण ती गार्हपत्यादिक तीन अग्नि यी ।
बल्छन् जसोरी भइ तेजिला वहाँ भए तिनैझैँ अब तीन भाइ यी ॥

३३

इति एक सय दुइ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय तीन सर्ग

राजा–राम भएका काल (मृत्यु) को आगमन

१
धर्मपूर्वक श्रीराम गर्दैथे राज्य यो जब ।
यस्तै प्रकारले वित्तै जाँदैथ्यो काल वास्तव ।।
कुनै दिन यसैताक राजप्रासाद–द्वारमा ।
तपस्वी–रूप ली आए भगवान् काल नै वहाँ ।।
यशस्वी धैर्यवान् विद्वान् स्वयं लक्ष्मण वीर ती ।
थिए बाहिर ढोकामै उनैसाथ भने पछि ।।
आएको हुँ कुनै यौटा ठूलै काम परी सुन ! ।
लौ छिटै भन राजामा सूचना देउ लक्ष्मण ! ।।
महान् बल हुने बाबु ! सुन है म यथार्थमा ।
मुनिको दूत हूँ यौटा आएँ सन्देश भन्नमा ।।
वहाँ अत्यन्त तेजस्वी भइ बक्सिन्छ वास्तव ।
महर्षि श्रीअतिबल उहाँको नाम हो शुभ ।।
अत्यावश्यक क्वै यौटा ठूलै काम पर्‍यो अनि ।
बोकें सन्देश आएँ म विन्ती गर्न त्यहीं गमी ।।
उनको त्यो कुरा सुन्दा पसे लक्ष्मण झट्पट ।
राजदर्वारमा भित्र गरेरै अल्लि हड्बड ।।
राजराजेन्द्र श्रीराम भएनिर पुगे पछि ।
तिनै तापस आएको विन्ती गर्छन् झुकेर यी ।।
महान् तेज हुने दाजु ! शक्तिले राजधर्मको ।
हजूर जिति बक्स्योस् लौ! यो लोक, परलोक त्यो ।।
छन् राजद्वारमा राजन् ! कुनै यौटा महर्षि, जो ।
दूत हूँ भन्दछन् आफैँलाइ नै क्वै महर्षिको ।।
यसो हेर्दा तपस्याको तेजले सूर्य छन् उनी ।
भेट्छु दाजु सँगै भन्छन्, जो आज्ञा हुन्छ होस्!सुनी ।।
कुरा लक्ष्मणका यस्ता सुने पछि यसो गमी ।
उनलाइ गरे आज्ञा रामले यी कुरा भनी ।।
१३

१४
बाबु लक्ष्मण ! तेजस्वी त्यस्ता मुनि उहाँकन ।
ल्याउ भित्र गई चाँडो, के छ सन्देश सुन्छु म ।।
अब लक्ष्मण जो आज्ञा ! भनी गै राजद्वारमा ।
मुनिलाइ लिई आए छिटै श्रीराम–पाउमा ।।
बलेका तेजले धप्प देखिन्थे मुनिराज यी ।
आफ्नो किरणले सारा भुसुक्कै पार्दछन् सरि ।।
यता राम–थिए त्यस्तै रघुका कुलका मणि ।
बलेका तेजले आफ्नो, शोभिएका हुँदा गुणी ।।
रामको अघि आएर अब यी ऋषिले पनि ।
भने मधुर–वाणीमा लौ ! तिम्रो जय होस् भनी ।।
अब यत्ति हुनासाथ तुरुन्तै रामले वहाँ ।
टक्र्याए पाद्य–अर्घ्यादि पूजा विनय साथमा ।।
राजराजेन्द्र श्रीराम भए शान्त स्वयं तब ।
विस्तारै सोध्न थाले बा ! मुनिको क्षेम–मङ्गल ।।
सोधे पछि कुरा त्यस्ता रामले कीर्तिमान् मुनि ।
सुवर्णासनमा दिव्य बसे ढ्याप्प वहाँ अनि ।।
अब यस्तै अवस्थामा फेरि सोध्छन् नरेन्द्र यी ।
होस् स्वीकृत महाप्राज्ञ ! मेरो स्वागत हो यही ।।
के कामले सवारी भो, सन्देश कसको छ के ? ।
आज्ञा होस् सब त्यो सुन्छु एक–एक गरी ऋषे ! ।।
राजामा सिंह हुन् जस्ता रामका यी कुरा सुनी ।
भन्नमा प्रेरणा पाई भन्दछन् अब यी मुनि ।।
महाराज ! भलो राम्रो होस् भन्ने लाग्छ ता प्रभो ! ।
दुवै हामी भएमा नै भन्छु सन्देशको कुरो ।।
राजन् ! साक्षात् अतिबल–मुनिको वाक्यबीच त्यो ।
ध्यान बक्सिन्छ ता अर्को गर्नै पर्दछ यो कुरो ।।
२६

२७

जो होस् हजूरको–मेरो कुरा सुन्छ भने त के ।
देख्छमात्र भने, पक्कै मारियोस् त्यो हजूरले ॥
अब श्रीराम–राजाले मुनिका यी कुरा सुनी ।
त्यसै हुन्छ ! भनी प्वाक्कै प्रतिज्ञा गर्दिए अनि ॥
भाइ लक्ष्मण साथै थे उनैलाइ भने यसै ।
पहरा गर ढोकामा बस ! ढोके हटाउ गै ॥

२९

३०

सुन ! जो मुनिको–मेरो कुरा सुन्दछ, देख्छ वा ।
बुझ ! पक्कै म द्वारा त्यो मारिनेछ भनी तदा ॥
मान्ने, सब कुरा बुझ्ने भाइ लक्ष्मणलाइ यी ।
पाले बनाइ ढोकामा राखिदिए रामले पछि ॥
भने अनि यसो हेरी मुनिसाथ यिनै कुरा ।
लौ प्रभो! अब आज्ञा होस् ? भन्नु पर्दछ जो कुरा ॥

३२

३३

निशङ्क भइ बक्से भो ! खोजि बकिसन्छ भन्न जो ।
आज्ञा होस् ? सुन्न त्यो चाख बढ्यो यो मनमा प्रभो ! ॥

इति एक सय तीन सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय चार सर्ग

सर्वसंहारी कालले राजा–रामलाई भगवान्–ब्रह्माको सन्देश सुनाउनु

१

महान् बल तथा सत्त्व भएका ए जनेश्वर! ।
सुनी बक्स्योस् कुरा मेरा जुन, भन्दछु भै स्थिर ॥
पितामह–विधाताले मलाइ भगवन् ! यहाँ ।
खटाइ बक्सिएको हो यिनै सन्देश भन्नमा ॥
शत्रुको नगरी जित्ने वीर राम ! यही म ता ।
हिरण्यगर्भको पैलो अवस्थाभित्र जन्मिदा ॥
पर्दामा त्यसमा माया हजूरैबाट वस्तुतः ।
जन्मेको पुत्र हूँ यौटा, तुच्छै छु अघि ता म त ॥
नाम–रूप हुने स्वामिन्! संसारकन यो सव ।
संहार गर्न सक्नेछु भएँ काल म जो अव ॥
सम्पूर्ण लोकका नाथ विभु प्रभु पितामह ।
भगवन् ! प्रभुमा यस्तो आज्ञा हुन्छ म बाट त ॥
सौम्यस्वभावका स्वामिन् ! जगत् रक्षण गर्न यो ।
प्रभुले गरि बक्सेको प्रतिज्ञा सव पूर्ण भो ॥
पहिले यो जगत् सारा मायाले योग–शक्तिले ।
आफुमा नै गरी लीन छिपाई बीज ली प्रभो! ॥
सुकला गरि बक्सिन्थ्यो अगाध–जलराशिमा ।
जन्माइ बक्सिएको हो मलाइ पछि सृष्टिमा ॥
निकै पछि अनी स्वामिन् ! विशाल फण–देहले ।
शोभिएका जलैभित्र सुत्ने बस्ने स्वशक्तिले ॥
अनन्त शेषलाई ती मायाले प्रकटै गरी ।
जन्माइ बक्सिएको हो मधु–कैटभ दैत्य यी ॥
महाबली दुवैलाई मार्दामा हाड–खोरले ।
निस्किइन् मेदिनी देवी भरिएकी वनादिले ॥
प्रभुको नाइटोबाट त्यसैवेला विचित्रको ।
निस्क्यो कमल क्यै दिव्य तेजस्वी सूर्यझैं अहो! ॥

१३

१४

भगवन् ! म त्यसैमाथि वहाँ जन्माइएँ अघि ।
प्रजाको सृष्टि रच्ने यो बक्स्यो काम ममा पछि ॥
आएथ्यो जव यो भार ममा, मैले पनी तव ।
उपासना गरी बिन्ती गरेंथें यी कुरा सव ॥
हजूर सव प्राणीमा भित्र राजा भईकन ।
पालना गर्दिई बक्स्योस् भगवन् ! यो जगत्कन ॥
हजूरैले ममा तेज ज्ञान–शक्ति क्रियातक ।
बक्सिएकोछ ता नाथ ! पाँउन् ती पनि त्यो सव ॥
भगवन् ! प्रभुले मेरो प्रार्थना, अनुरोध त्यो ।
स्वीकार गरि वक्सेथ्यो गर्न संसारकै भलो ॥
यसर्थ अनि सर्वात्मा प्रभु नै विष्णुरूपमा ।
स्वयं प्रकट भै बक्स्यो जगत्पालक भै वहाँ ॥
अतर्क्य–प्रभुको रूप जो सनातन थ्यो प्रभो ! ।
सम्पूर्ण त्यसको शक्ति यसमै थुप्रियो अहो ! ॥
त्यै हजूर स्वयं नाथ ! साक्षात् अदितिबाट ती ।
पछाडि जन्मिबक्सेथ्यो भएर बलवान् अति ॥
प्रभुको नाम त्यो वेला थियो वामन वास्तव ।
इन्द्रादि दाजु–भाई ती पालिएथे सवै तव ॥
यसरी देवको सारा शक्ति तेज बढाँउदै ।
भलो नै गरि बक्सिन्थ्यो देखरेख गरी सँधै ॥
त्यै हजूर जगत्स्वामिन् ! जव रावणले पिन्यो ।
सम्पूर्ण देवतालाई पार्न थाल्थ्यो थिचोमिचो ॥
अनि खप्न न सक्तामा दुष्ट राक्षस मार्न त्यो ।
मर्त्य भै ओर्लने आफैं विचार गरि बक्सियो ॥
यै निश्चय गरी ओर्ली मारी त्यल्लाइ नाथले ।
वर्ष एघार हज्जार बस्ने अवधि तोकियो ॥

२६

२७

मनुष्य-लोकमा तस्मात् आफ्नै संकल्पमात्रले ।
हो प्रभो! ओर्लिबक्सेको कसैको पुत्ररूपले ॥
प्रभुले आफ्नु जो काल आफ्नो यो अवतारमा ।
थ्यो स्वामिन्! तोकिबक्सेको अव त्यो पूर्ण भो यहाँ॥
नरश्रेष्ठ प्रभो! तस्मात् प्रभुको निम्तिमा अव ।
वेला हामी भए ठाम आँउने ठिक भो सब ॥
अझै अरु महाराज! यै पृथ्वीतलमा बसी ।
प्रजापालन गर्नाको इच्छा छ त भने यदि ॥
हुन्छ! राज भए देखि बेसै छ, राजहोस् प्रभो! ।
इच्छा ठीक गरी बक्स्योस् जो गर्दा होस् भलै-भलो ॥
अथवा आँउने इच्छा छ भने आफ्नु धाममा ।
लौ! सवारी हओस् स्वामिन्! परुन् दङ्ग सबै यहाँ ।
यहाँ आइ दिए नाथ! साक्षात् विष्णु हजूरले ।
भई सनाथ यी देव साह्रै ढुक्क हुने थिए ॥

३३

३४

भगवन् राम! सम्पूर्ण लोकका सृष्टिकारक ।
पितामह – विधाताको यत्ति सन्देश हो शुभ ॥
कालको मुखद्वारा त्यो भनेको यो विरिञ्चिको ।
सुने सन्देशका वाक्य यी राजा रामले अहो! ॥
स्वयं मुसुक्क हाँसेर रघुका कुलका मणि ।
भन्दछन् सर्वसंहारी-काललाइ यसो अनि ॥
देवाधिदेव—ब्रह्माको बडो गजबको कुरो ।
सब मैले सुनें काल! तिमी आयौ मजै भयो ॥
त्रैलोक्यभरको श्रेय गर्न काम-कुरो भलो ।
अवतार भएको हो यो मेरो बुझ काल! त्यो ॥
लौ तिम्रो जय होस् बाबै! सकें उद्देश्य यो सब ।
जहाँबाट म आएँथें छिटै जान्छु उतै अव ॥
सुन काल! तिमीलाई संझेंथें मनले जव ।
स्वयं तव यहाँ आयौ विचारै भो र के अव? ॥

४०

४१

सुन ए! सर्वसंहारिन्! मैले यी सब काममा ।
गर्नु पर्दछ ब्रह्माले भनेझैं भै अधीनमा ॥

इति एक सय चार सर्ग

एक सय पाँच सर्ग

ऋषिराज–दुर्वासा आँउनु र राजकुमार–लक्ष्मणलाई राजा–रामलाई सूचना दिन भित्र पठाँउनु

१

यसरी कालको साथ राजराजेन्द्र–रामको ।
भित्र एकान्तमा त्यस्तो कुराकानी हुँदै थियो ॥
यसैवेला यता ठ्याक्क भित्रिथा राजद्वारमा ।
भगवान् ऋषि दुर्वासा आइ पुग्नु भयो वहाँ ॥
तुरुन्त दर्शनै गर्ने धर्मात्मा नृप–रामको ।
उहाँमा भित्र इच्छा थ्यो, अव रोकिनु पर्ने गो ॥
थिए लक्ष्मण ढोकामा बढी अल्लि उनैतिर ।
यसो भन्नु भयो तस्मात् हुनुहुन्थ्यो मुनीश्वर ॥
लौ छिटै भेट्न दी हाल रामसाथ मलाइ ता ।
बित्तो काम छ हे वीर ! न वितोस् काल व्यर्थ बा ! ।
दुर्वासा मुनिका यस्ता कुरा लक्ष्मणले सुने ।
पाउमा ढोग टक्र्याई भइ नम्र यसो भने ॥
भगवन् ! के पर्‍यो कुन्नि ! त्यस्तो काम हजूरको ।
प्रयोजन पर्‍यो कस्तो, म सेवा गरुँ के ? प्रभो ! ॥
अहिले दाजु-श्रीराम अत्यावश्यक काममा ।
छ प्रभो ! लागि बक्सेको छिनैभर पर्खौं यहाँ ॥
कुरा लक्ष्मणका यस्ता सुन्नासाथ मुनीश्वर ।
तोरीको फूल नै देखे, भै हाले रिसले चुर ॥
पछि लक्ष्मणमा हेरे टेढो आँखा गरी यसो ।
तेजले मासि हाल्छन्‌झैं गरी अनि भने यसो ॥
जाउ श्रीराम-राजामा म आएको कुरो भन ।
तुरुन्त सूचना देऊ गइ हाल यही क्षण ॥
आएको म यहाँ औले दिन्नौ खबर ता तिमी ।
म औले गर्छु के के पो ! थापाउ त्यो पनी तिमी ॥
बुझ्यौ ! लक्ष्मण ! यो राज्य पुर एवं तिमीकन ।
राजा-राम र भरतलाइ वंशकनै पुनः ।

१३

१४

अहिल्यै श्राप दी हाल्छु क्रोधको वेग यो सुन ! ।
बुझ्यौ ! हृदयमा रोक्न म त सक्तिन है गुन ! ॥
अव त्यस्ता महात्माका यस्ता उग्र कुरा सुनी ।
मुनिको निश्चयैपट्टि शोचे लक्ष्मणले गमी ॥
हओस् मृत्यु म यौटैको वरु हुन्छ भलो यही ।
परन्तु सवको नाश हुनुहुन्न कसैगरी ॥
ठमाई बुद्धिले यस्तो स्वयं लक्ष्मण वीर ए ! ।
राममा त्यो कुरा विन्ती गर्न भित्र पसे भने ॥
भाइका मुखका त्यस्ता कुरा यी दाजु रामले ।
सुन्नासाथ काललाई बिदा दिए र निस्किए ॥
अत्रिका पुत्र दुर्वासा मुनिराज सँगै अनि ।
ढोग-भेट गरी हाले राजा श्रीरामले पनि ॥
बलेका तेजले धप्प महात्मा मुनिलाइ यी ।
गएर पाउमा पर्दै यसै विन्ती गरे झुकी ॥
महर्षे ! के पर्‍यो काम आज्ञा होस् ? गरुँ के अव ।
जोडिएका थिए बाहु यत्ति भन्थे उनी जव ॥
श्रीरामका कुरा यस्ता सुन्दा दिव्य-प्रभावका ।
भन्दछन् मुनि दुर्वासा यी कुरा खुश भै तदा ॥
धर्मप्रिय महाराज ! सुन लौ अव यी कुरा ।
ठ्याक्क हज्जार वर्षै भो नखाएको कुनै कुरा ॥
उपवास गरें राम ! यत्ति लामो भने अव ।
मलाई भोक पिर्दोछ देऊ खाने कुरा सव ॥
जो जे छन् पाकिराखेका तिनै खान्छु म वास्तव ।
यत्ति भन्नु थियो मेरो, होस् तिम्रो जय राघव ! ॥
दुर्वासा मुनिका यस्ता कुरा सव सुने पछि ।
राजराजेन्द्र श्रीराम दङ्गादङ्ग परे अति ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पवित्र पाकिराखेका खाने वस्तु निकै वहाँ ।
आए बा ! रामले पस्के, टक्र्याए मुनिराजमा ॥
खाँदा अमृत जस्तै भो त्यो सिद्धान्न थरी-थरी ।
मुनिमा तृप्ति भो ठूलो डकारे, डम्म ! राम्ररी ॥
धन्यवाद ! छ है राम ! भने यत्ति उठे ऋषि ।
सरासर गई हाले आफ्नै आश्रममा पछि ॥
मुनि जाँदा– नजाँदामा आफ्नु आश्रममा उता ।
रामलाइ पर्‍यो पीर कालको वाक्य संझिँदा ॥

३०

३१

आफ्ना प्रिय महान् त्यस्ता भाइ लक्ष्मण साथ यी ।
अवश्य छुट्टिनै पर्ने कुरा खेले भए जति ॥
वियोग उनको पर्छ भन्ठान्दैमा उनी सब ।
साह्रै खिन्न भई हाले, ओइलायो त्यसै मुख ॥
डलाग्दो त्यो कुरा शोच्ता भित्र पाके निकै उनी ।
अब यस्तो अवस्था भो सकेनन् बोल्न क्यै पनि ॥
शोचे बुद्धि लडाएर फेरि त्यै कालका कुरा ।
यशस्वी रामले टुङ्गो लगाए पछि यै कुरा ॥

३४

३५

रहेन अब क्यै बाँकी सकियो, नाशियो सब ।
लिए निश्चय यै तस्मात् भए चूप उनी तब ॥

इति एक सय पाँच सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय छ सर्ग

राजा–रामले लक्ष्मणलाई त्याग दिनु र लक्ष्मण सशरीर स्वर्ग जानु

१

राहुले चन्द्रमालाई गाँजे जस्तै भईकन ।
झोक्रेका, मुख खस्केका देखे दाजु उनीकन ॥
अनि लक्ष्मण यी भाई बढे अलि अगाडि र ।
भने बा ! दाजु–राजासा अति मीठो झिकी स्वर ॥
महान् बाहु हुने दाजु ! मेरो विषयलाइ लौ ।
गरि बक्सनु पर्दैन पीर शोच–विचार यी ॥
किन ? आज्ञा भए दाजु ! अघिल्लो जन्म देखिका ।
कर्मका घटना यस्ता रच्तछन् काल–देवता ॥
राम्रो स्वभावका राजन् ! तस्मात् निश्चिन्त भै अव ।
पारि बक्स्योस् प्रतिज्ञा त्यो सत्य, मेरो गरी बध ॥
ककुत्स्थकुलका रत्न ! ज्ञानै छ प्रभुलाइ यो ।
सोझै नरकमा पर्छ प्रण पार्छ असत्य जो ॥
सुनि बक्स्योस् महाराज ! म साथि प्रभुको यदि ।
शुद्ध–प्रेम छ ता केही दया हुन्छ भने यदि ॥
निश्चिन्त भइ बक्स्योस् लौ ! प्राणदण्ड दिई अव ।
बढाई बक्सियोस् आफ्नो धर्म त्यो यसरी अक्ष ॥
भाइ लक्ष्मणले जो यी भने वाक्य, सुने पछि ।
राम ता छर्पटाए बा ! इन्द्रियै विग्रिए अति ॥
उनले पछि मन्त्री र पुरोहितकनै पनि ।
डाके भेला गराएर भने सव कुरो अनि ॥
तपस्वी–साथमा त्यस्तो प्रतिज्ञा भै कुरा हुँदा ।
दुर्वासा–मुनि आएको सुनाए सव यी कुरा ॥
उपाध्याय तथा मन्त्री रामका मुखका कुरा ।
सुनेर पनि यो सारा रनभुल्ल भए बरा ! ॥
चूपचाप बसे सारा के बोलुन् ? अन्तमा वहाँ ।
भने बसिष्ठले टुङ्गो लगाई दृढ शान्तिमा ॥

१३

१४

राम बावु ! न राम्रै भो सुन्दैमा रउँ ठाडिने ।
घट्यो यो घटना, जल्ले भो सबै अव मासिने ॥
यसो शोचेर हेर्दामा अव छैन भलो यहाँ ।
लाग्छौ क्या रे ! तिमी बाटो लिएर सव साथमा ॥
यस्ता सुयोग्य सन्न्यायी भाइ–लक्ष्मण साथ जो ।
तिम्रो विछोड पर्ने भो देख्तैछु म त स्पष्ट पो ॥
महान् कीर्ति हुने राम ! यस्तै हो सव यो कुरा ।
बलवान् छ सबै भन्दा काल, लौ शोच यै कुरा ॥
तसर्थ त्यागिदई हाल भाइ–लक्ष्मणलाइ यी ।
प्रतिज्ञा न हओस् झूठो तिमीले जो गर्‍यौ अघि ॥
प्रतिज्ञा नाशिए आफ्नो भुसुक्कै हुन्छ धर्म त्यो ।
राम बावु ! तिमी शोच रहला अनि के कुरो ? ॥
चराचर जगत सारा देवता ऋषि आदि यी ।
मासिन्छन् बा ! यसो गर्दा, शङ्कै छैन जहाँ रति ॥
तस्मात् ए पुरुषश्रेष्ठ ! गर्न त्रैलोक्यरक्षण ।
गरी विचार त्याग्देउ यी भाइकन लक्ष्मण ॥
न भए पनि यी भाई तिमी यै धर्ममा अडी ।
पार सारा जगत्‌लाई स्वस्थ एवं महान् सुखी ॥
पुरोहित तथा मन्त्री भरिएको सभाविषे ।
धर्म अर्थ सबै मिल्दो मुनिको यो कुरो सुने ॥
अनि यी राम—राजाले सभामा सवकै अघि ।
दिए आदेश हेरेर भाइ–लक्ष्मणलाइ यी ॥
महारानी सुमित्राका प्रिय पुत्र ! –तिमीकन ।
लौ ! मैले त्याग्दिएँ औले गर्न सद्धर्म रक्षण ॥
साधु–सज्जन जो जो छन् तिमीजस्ता उनीकन ।
त्यागनुमा मार्नुमा कत्ति फरकै छैन लक्ष्मण ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

सुन्दा आदेश राजाको भनेथे त्यसरी जब ।
आँसु बर्र ! खसी हाले वीर लक्ष्मणका अब ॥
बिग्रे इन्द्रिय सम्पूर्ण त्यहाँबाट हिंडी गए ।
घरसम्म पसेनन् बा ! अघि लर्खरिंदै बढे ॥
सरयूको किनारामा पुगेर उनले तब ।
धोएर हस्त-पादादि अचाए पहिले जल ॥
सब इन्द्रिय रोके बा ! प्राण-वायु खिंचे अनि ।
अडे कुम्भकमा ठ्याक्कै महायोगी भए उनी ॥
यस्तो श्वास लिनै-फेर्नै नपर्ने स्थितिमा हुने ।
उनलाइ यता देखे देवले स्वर्गमा हुने ॥

३१

३२

अप्सरा-ऋषि-देवादि साथका इन्द्रले बढी ।
स्वर्गका पुष्पको वृष्टि गरे लक्ष्मणमाथि यी ॥
हुने बल महान् शक्ति यी लक्ष्मण यता अब ।
भए अदृश्य देहैका साथमा हेर्दथे सब ॥
ठीक यस्तै अवस्थामा देवराज सुरेन्द्रले ।
महायोगी उनीलाई आफैंले स्वर्गमा लगे ॥
भगवान् विष्णुको चौथो अंश लक्ष्मण हुन् थिनी ।
देखे बा ! स्वर्ग आएको वहाँका सबले अनि ॥
तसर्थ देवले सारा महात्मा-मुनिले तक ।
गरे लक्ष्मणको पूजा दङ्गादङ्गी परे सब ॥

३६

इति एक सय छ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय सात सर्ग

राजा-रामले जनताको इच्छानुसार सवलाई साथमा लैजाने विचार गर्नु र लव-कुश दुवैलाई राज्याभिषेक दिनु

१

भाइ-लक्ष्मण यी वीर त्यसरी त्यागिदिए पछि ।
रनभुल्ल परे राम दुःख, शोक बढ्यो अति ॥
पुरोहित तथा मन्त्री पुरवासी महाजन ।
सारा जम्मा गराएर भनि हाले यसो पुनः ॥
सुन्नुहोस् ! म अयोध्याको राज्यमा प्रिय भाइ यी ।
धर्मात्मा भरतैलाई राख्छु राज्याभिषेक दी ॥
गर्नु पर्ने कुरा सारा सकेर यसरी म ता ।
सकेसम्म छिटै आजै वन पस्तछु सर्वथा ॥
ठिक्क पार्नु हओस् सारा माल—सामान चाँहिने ।
अलीकति पनी काल न वितोस् भै न चाँहिने ॥
सुन्नुहोस् सव ! आजै म भाइ—लक्ष्मणले जुन ।
भेट्टाए गति, त्यै भेट्न हिंडीं हाल्छु छिटै पुनः ॥
कुरा श्रीरामका यस्ता सुन्नासाथ प्रजा सव ।
साह्रै उद्विग्न भै हाले फत्त्याक् फत्त्याक् परे तव ॥
उनको शिरले ठ्याक्कै भुँइमै टेक्न गो यता ।
मरे तुल्य भई हाले यो कुराले त्यसै बरा ! ॥
उता भरतको हाल वेहालै हुनगो हरे ! ।
श्रीरामका कुरा सुन्दा उनी वेहोश भै लडे ॥
चाँहिन्न राज्य त्यो भन्दै अयोध्या – राज्यको पनि ।
निन्दा पनि गरे केही भनि हाले यसै अनि ॥
सत्यको किरिया खाई विन्ती गर्छु म वास्तव ।
दाजुको पाउ छोडेर म रुचाँउन्न क्यै अव ॥
रघुनन्दन श्रीराम ! छोडेर प्रभुलाइ ता ।
मलाई राज्य चाहिन्न, छ तुच्छै स्वर्गभोग ता ॥
महाराज ! दुवै छोरा छन् यी लव तथा कुश ।
राज्याभिषेक चाँडै नै गर्दिबक्स्योस् न राघव ! ॥

१३

१४

हुन् दक्षिण-कोशलमा राजा यी वीर छन् कुश ।
हुन् उत्तर-कोशलमा राजा लव रघूद्वह! ॥
शीघ्रगामी हिंड्न् दूत भाइ-शत्रुघ्नलाइ ती ।
भनुन् हाम्रो महायात्रा, काम होस् यो छिटो अति ॥
कुरा भरतका यस्ता सुने पछि यतातिर ।
गल्यो, नीचो भयो ज्यादै सम्पूर्ण जनको शिर ॥
यसरी दुःखले साह्रै पाकेका जनताकन ।
देखता वसिष्ठ ब्रह्मर्षि भन्छन् जो थे तपोधन ॥
लौ हेर ! राम पृथ्वीमा लडेका जनता सव ।
देख्यौ दुखित छन् कस्ता ? विचार गर राघव! ॥
अभिप्राय छ के कस्तो, के खोज्छन् दुनियाँ बुझ ।
गरी हाल तिमी वावु ! त्यही ठीक कुरा सव ॥
तिमी भन्छन् सवै राम ! गर्दछन् प्रेम यी अति ।
न दुखाउ तिमी चित्त यिनको गर लौ ! यति ॥
सुन्नासाथ कुरा यस्ता साक्षात् गुरु वसिष्ठका ।
उठाए रामले आफैं लडेकालाइ यी तदा ॥
अनि सोधे सवैलाई उठे पछि, बसे पछि ।
सिद्ध पारुँ म के काम, भन्नोस् सव ममा यही ? ॥
रामले यसरी सोद्धा वहाँ जम्बा हुने जति ।
जनता भन्दछन् आफ्ना स्वामी श्रीराम साथ यी ॥
रघुनन्दन राजेन्द्र ! सवारी हुन्छ नाथको ।
जहाँ जुन सुकै ठाम, हामी जान्छौं वहीं प्रभो ! ॥
प्रभुका पुरवासी हौं हामीमा प्रेम क्यै छ ता ।
सर्वश्रेष्ठ महान् स्नेह प्रभुका पाउको छ ता ॥
प्रभुको साथ-साथैमा जानमा अनुमोदन ।
हामीले पाँउनै पर्छ, यै पाऔं रघुनन्दन ! ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

पुत्र-पत्नी लिई साथ हामीहरू सबै अब ।
प्रभुकै साथ सन्मार्गतिर जान्छौं रघूद्वह !॥
जान पाऔं सँगै स्वामिन् ! दुर्गम-स्थान वा नदी ।
तपोवन तथा सिन्धु जहाँ होस् अन्त वा कहीं॥
प्रभुका साथमै जान्छौं, छोड्दैनौं पाउ वास्तव ।
संझिबक्सिन्छ ता योग्य गरि पाऔं यसै अब॥
हुन्छ ठूलो कृपा स्वामिन् ! यही हामीहरूकन ।
वर हुन्छ यही ठूलो मोको पुग्छ रघूत्तम !॥
सब यी पुरवासीको देखेर दृढ—भक्ति यो ।
भन्दिए राम-राजाले लौ त्यसैहोस्, भलै भयो॥
जाने वेला र कर्तव्य ठमाए पछि रामले ।
राज्याभिषेक तत्काल ती आफ्ना पुत्रमा दिए॥

३२

३३

त्यो दक्षिण-कोशलमा कुश वीर भए नृप ।
त्यो उत्तर-कोशलमा वीर राजा भए लव॥
राज्याभिषेक पाएका छोरा कुश तथा लव ।
दुवैलाइ लिए आफ्नो काखमा रामले तब॥
प्रेमसाथ अगाँलेर सुँघेर शिरमा निकै ।
पठाए यी दुवैलाई अ-आफ्नो राज्यबीच त्यै॥
एकेक पुत्रलाई यी हजारन दिए रथ ।
एक लाख दिए घोडा दश हज्जार थे गज॥
रामका यी दुवै भाई छोरा लव तथा कुश ।
धन-रत्नादिले नाना परिपूर्ण भए तब॥
यी सबै वस्तुका साथ हृष्ट-तुष्ट-सनुष्यले ।
सेवा गर्ने भई हाले शोभिए वीर्य-शौर्यले॥

३८

अ-आफ्नो पुरमा दोटै भाईलाई पठाइ यी ।
पठाए रामले दूत डाक्न शत्रुघ्नलाइ ती॥

४१

इति एक सय सात सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय आठ सर्ग

महाराज–शत्रुघ्नको आगमन र उनका पुत्र सुबाहु र शत्रुघातीलाई राज्याभिषेक दिनु र हनुमान् आदिलाई श्रीरामले यहीं बस्ने आदेश दिनु

१

स्वामी श्रीराम-राजाको त्यस्तो आदेश पाँउदा ।
हुत्तिएर गए दूत शीघ्रगामी हुँदा उता ॥
यसरी यी निकै चाँडो पुगे बा ! मधुरापुर ।
बसेनन् वास बाटामा पनि दौडे निरन्तर ॥
तीन रात तथा तीन दिन छ्याक्कै विते पछि ।
मधुरापुरमा बल्ल पुगे दूतहरू पछि ॥
वहाँ शत्रुघ्न-राजामा भन्नु पर्ने कुरा सब ।
विन्ती पारे अयोध्याको तत्त्व खोलेर वास्तव ॥
प्रतिज्ञा राम-राजाको त्याग लक्ष्मणको तथा ।
रामका पुत्रको दोटै हुनु राज्याभिषेक ता ॥
अयोध्यापुरवासीको पछि लागेर रामको ।
महाप्रस्थानमा जाने भने निश्चयसम्म त्यो ॥
बुद्धिमान् राम-राजाले कुशको निम्तिमा प्रभो ! ।
पुरी कुशावती नाम नयाँ यौटा बसाइयो ॥
छ विन्ध्याचल-डाँडाको छेउमा यो रमाइलो ।
बनेकोछ निकै राम्रो भइ फेरि विचित्रको ॥
लवको निम्तिमा अर्को श्रावस्ती—नामकी पुरी ।
खडा गराइयो स्वामिन् ! छन् राम्री र प्रसिद्ध यी ॥
अयोध्या शून्य पारेर दुवै दाजुहरू वहाँ ।
छ ठिक्क भइबक्सेको जान साकेतधाममा ॥
भनी सब निकै चाँडो राजा शत्रुघ्नलाइ ती ।
अब दूत भए चूप लौ ! छिटो होस् ! थपे यति ॥
डर्लाग्दो कुलको आफ्नो यो संहार उपस्थित ।
यसरी आइ लागेको सुने शत्रुघ्नले तव ॥
तुरुन्त उनले तस्मात् बोलाए दुनियाँ सव ।
पुरोहित पनी डाके थिए काञ्चन-नामक ॥

१३

१४

सारा जम्बा गराएर राजा शत्रुघ्नले तव ।
दूतले यी भने जस्तै सुनाए त्यो कुरा सव ॥
ती दुवै दाजुको साथ मेरो पनि अवश्य नै ।
वियोग अब भै हाल्छ ! भने पछि उनीकनै ॥
छिटै नै उनले तस्मात् आफ्ना छोरा दुवैकन ।
राज्याभिषेक दी हाले यी दुवै वीर थे जुन ॥
पाए सुबाहुले राज्य मधुरापुरको सव ।
विदिशा शत्रुघातीको भागमा पर्नगो तव ॥
मधुरापुरको आफ्नो धन, सैन्य थियो जति ।
दुइ फ्याक गरी दौटै भाइलाई दिए पछि ॥
मधुराको गरी राजा सुबाहुकन राखिदए ।
विदिशाको गरी राजा शत्रुघाती पठाइए ॥
बन्दोवस्त मिलाएर वीर शत्रुघ्न यी अब ।
अयोध्यातिर गै हाले एक्लै, यौटै लिई रथ ॥
अब शत्रुघ्नले देखे अयोध्यामा पुगे पछि ।
महात्मा रामलाई यी शोभिएका वहाँ अति ॥
धूँवा नैं नहुने कत्ति बलेका अग्नि हुन् सरि ।
तेजले ज्योतिले बल्दा मूर्तिमान् विष्णु हुन् सरि ॥
मसीनो रेशमी वस्त्र शोभिन्थ्यो भव्य-देहमा ।
बसेकाथे अविनाशी महर्षि-मुनि साथमा ॥
नजीकै राम-राजाको पुगेर उनले अव ।
अभिवादन टक्र्याए झुकेरै प्रेमपूर्वक ॥
धर्मको तत्व जानेका रामसाथ यिनी अब ।
भन्दछन् हात जोडेर धर्म शोचेर वास्तव ॥
रघुनन्दन श्री दाजु ! म आफ्ना सुतमा दुवै ।
राज्याभिषेक सुम्पेर आएँ काम सकी सवै ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

मलाइ पनि संझे भों दाजुकै साथमा अव ।
जान निम्ति महाराज! गरेको दृढ निश्चय ॥
वीर दाजु! ममा आज यसको विपरीतमा ।
अव केही कुरा त्यस्तो न होस् आज्ञा प्रभो! यहाँ ॥
अरुथोक भए आज्ञा म जस्तो व्यक्तिलेतक ।
न टेर्ला प्रभुको आज्ञा, यो म चाँहन्न है अव ॥
सुने दुर्बलता—हीन वाक्य शत्रुघ्नको यति ।
भने श्री राम-राजाले लौ! भनेझैं हवोस्, पछि ॥
यी दुवै दाजु-भाईमा कुरा यस्तै हुँदै थियो ।
यसैवेला वहाँ सारा प्राणी ओइरिए अहो! ॥
इच्छानुसारको रूप धर्न सक्ने थिए जति ।
कपि राक्षस-ऋक्षादि यहाँ आए असंख्य थी ॥
साकेतधाम नै जाने रामको गर्न दर्शन ।
सुग्रीव अघि लाएर आए ती कपिका गण ॥
यिनमा घेर थे छोरा देवका ऋषिका तथा ।
गन्धर्वका अंशबाट जन्मेका अतियोग्यका ॥
गर्ने समाप्त यो लीला वेला भो रामको भनी ।
पत्तो पाएर आएका थिए अव यहाँ यिनी ॥
कपि-राक्षस-ऋक्षादि सवले अनि राममा ।
अभिवादन टक्र्याए पछि विन्ती गरे यहाँ ॥
महाराज! सवै हामी प्रभुको साथ-साथमा ।
जहाँ गए पनी जान्छौं, आयौं निश्चय ली यहाँ ॥
पुरुषोत्तम ए नाथ? हामीलाइ न ली यदि ।
सवारी भइ बक्सिन्छ भने देखि त्यसै त्यजी ॥
संझन्छौं त्यस वेलामा हामी सव मर्‍यौं भनी ।
ठान्नेछौं यमको लाठो ठोक्दिए ठीककै पनि ॥
मित्र—सुग्रीव यै वेला भन्दछन् राममा यसो ।
विधिसाथ नमस्कार टक्र्याइ मनको कुरो ॥
मैले पनि प्रभो! राम! पुत्र अङ्गदलाइ ती ।
राज्याभिषेक दी आएँ गर्नु पर्ने कुरा सकी ॥
तसअर्थ महाराज! म पनी पाउ साथमा ।
सवारी साथमै जान्छु, यै निश्चय छ चित्तमा ॥
उनको यो कुरो सुन्दा पुरुषश्रेष्ठ रामले ।
पैलेको मित्रता संझी कपिराज संगै भने ॥

४३

४४

प्रिय मित्र! कुरा सुन्नोस् तपाँई न लिई भ ता ।
कहीं जान्न परंधाम धाम-साकेत सम्म ता ॥
भनी यत्ति उनीलाई अरू वानर राक्षस ।
तथा भालूकनै भन्छन् कुरा त्यस्ता सुनी सव ॥
हुन्छ! गर्छु म स्वीकार यशस्वी रामले भने ।
पछि राक्षसका राजा विभीषण सँगै भने ॥
महान् वीर्य हुने वीर! राक्षसेन्द्र विभीषण! ।
जहाँसम्म प्रजा सारा गर्छ जीवन-धारण ॥
तिमी पनि त्यहाँ सम्म धानौला आफ्नु जीवन ।
स्वयं बसेर लङ्कामा पालौला राज्य त्यो पुनः ॥
सूर्य—चन्द्र रहेसम्म रहेसम्म धरा तथा ।
मेरो कथा चलेसम्म तिम्रो राज्य रहोस् त्यता ॥
तिमीलाई भने मैले यी कुरा मित्रभावले ।
तिमीले पाल्नु नै पर्छ यो आज्ञा पनि प्रेमले ॥
धर्मपूर्वक सम्पूर्ण प्रजाको गर रक्षण ।
ओठेजवाफ क्यै त्यस्तो न गर्‍यौ है विभीषण! ॥
राक्षसेन्द्र! तिमीलाई भन्छु यौटा कुरा सुन! ।
हामी इक्ष्वाकुवंशीको इष्टदेव छ सज्जन! ॥
त्यल्लाइ भन्दछौं हामी जगन्नाथ भनीकन ।
जसले छ जगत् सारा ढाकेको व्याप्त भैकन ॥
हो त्यही भगवान् विष्णु इन्द्रका साथमा सव ।
देव आराधना गर्छन् निरन्तर त्यसैकन ॥
तिमी पनि उनै विष्णु भगवान्कन वास्तव ।
गर आराधना राम्रो खुश पार सखे! अव ॥
अव राक्षसका राजा यी विभीषणले पनि ।
राखे हृदयमा भित्र हो रामाज्ञा महान् भनी ॥
उनले पनि "जो आज्ञा त्यसै गर्छु" भने अनि ।
भन्दछन् अव श्रीराम हनुमान् कपिमा पनि ॥
सुन ए हनुमान् वीर! निकै बाँचुँ भनेर जो ।
त्यो प्रतिज्ञा गरेकाथ्यौ तिमीले अघि संझ यो! ॥
प्रतिज्ञा अव त्यो आफ्नो झूठो पार्नु हुँदैन भो! ।
तसर्थ बस पृथ्वीमा तिमी पनि, छ योग्य यो ॥
सुन! मेरो कथा-गाथा पृथ्वीभर चलेतक ।
तिमी बस यहीं वीर! आज्ञा मानी यहीं टिक ॥

६०

CC-0. In Public Domain. Digitization by eGangotri

६१
महात्मा रामले यत्ति भनेमा हनुमान्‌कन ।
निकै प्रसन्नता भैगो, अनि भन्छन् झुकीकन ॥
भगवन्! यस पृथ्वीमा जहाँसम्म हजूरको ।
यो पवित्र कथा-गाथा छ चल्ने घर्घरै प्रभो! ॥
त्यहाँसम्म म राजेन्द्र! यो आज्ञा प्रभुको सब ।
पालना गरि बस्नेछु घुमेर पृथिवी सब ॥
पछाडि पुत्र ब्रह्माका ती बूढा जाम्बवान्‌कन ।
मैन्द—द्विविद साथैमा भन्दछन् रघुनन्दन ॥
६४

६५
सुए ए कपि-भालू हो! तिमी पाँचै जना अब ।
त्यहाँसम्म मजासाथ बाँच लौ स्थिर भै बस ॥
नाशिन्न यो जहाँसम्म पृथिवी सब वा लय ।
हुँदैन जहिले सम्म आँउन्न कलि वास्तव ॥
भनी तिनीहरूलाई यत्ति श्रीरामचन्द्रले ।
बाँकि वानर-भालूमा वहाँ पछि यसो भने ॥
लौ स्वीकार गरें मैले तिमीले जो भन्यौ सब ।
हिंड लौ! साथमा मेरो आफ्नै इच्छासरी अब ॥
६८

इति एक सय आठ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय नौ सर्ग

श्री रामको महाप्रस्थानमा सम्पूर्ण पुरवासीको अनुगमन

१

त्यस्ता विशाल छातीका फैलिएका महान् यश ।
हुने कमलझैं आँखा राम जागा भए अव ॥
बित्यो रात यता सारा उज्यालो भो उतातिर ।
भने यो उनले आफ्ना पुरोहित सँगै तव ॥
गुरुदेव ! सँधै बल्ने त्यो मेरो अग्निहोत्रको ।
अग्नि, ब्राह्मणकै साथ जाँउन् अघि, छ श्रेय यो ॥
महाप्रस्थान-यात्रामा यज्ञको वाजपेय त्यो ।
छाता होस् साथमा राम्रो शोभिएको र योग्यको ॥
भनेमा रामले यत्ति ती तेजस्वी वसिष्ठले ।
महाप्रस्थान वेलामा गर्नु पर्ने कुरा गरे ॥
वेदोक्त विधि थे नाना थिए धार्मिक ती क्रिया ।
शास्त्रका विधिले राम्रो पूर्ण पारे स्वयं तदा ॥
पैही वस्त्र सफा सूक्ष्म श्रीराम अब निस्किए ।
सरयूका किनारामा खुश शान्त थिए, गए ॥
त्यो वेला बाहुमा शोभा पाउँथ्यो कुशको मुठो ।
ब्रह्म-बोधकमन्त्रादि निस्कन्थ्यो मुखबाट त्यो ॥
वेद-पाठादि बाहेक त्यसवेला कुनै कुरा ।
गर्दै-गर्दैन थे राम कसैसँग पनी तदा ॥
निश्चेष्ट भै सकेकाथे चेष्टा थ्यो हिंड्नमै तर ।
सुख यो लोकको सारा छोड्दिएर थिए स्थिर ॥
देदीप्यमान भै आफ्नो ज्योतिले सूर्यकै सरि ।
त्यो घरैबाट निस्केथे गन्तव्यैतिर ध्यान दी ।
रामको दाहिनेपट्टि लिई कमल हातमा ।
उपस्थित भएकी थिन् श्रीदेवी आफु नै वहाँ ॥
देब्रेपट्टि थिइन् पृथ्वी विराजित हुँदी बडो ।
अघि संहारकी शक्ति हिंड्थिन, थिन् व्यवसाय जो ॥

१३

१४

धरी पुरुषको देह बाण नाना प्रकारका ।
हिंड्दथे रामको साथ शस्त्रास्त्र, धनु श्रेष्ठ ता ॥
हिंड्दथे वेद चारोटै रूप ब्राह्मणकै धरी ।
गायत्री सबको रक्षा गर्थिन् जो हिंड्दथिन् पछि ॥
ओङ्कार र वषट्कार वेदका तत्व यी पनि ।
हिंड्दथे उनकै साथ राममा भक्तिमान् बनी ॥
महात्मा थे स्वयं राम स्वर्गद्वार—समानका ।
तसर्थ पछि हिंड्थे यी महात्मा, ऋषि, विप्र ता ॥
राजप्रासादका भित्री खोपीका स्त्रीहरू पनि ।
साथ थे दास-दासीकै, हिंड्थे शान्तिमती बनी ॥
सरयू—तटमा जाने रामका पछि वास्तव ।
हिंड्थे बालक-वृद्धादि नाना षण्ढक-सेवक ॥
हिंड्थे भरत, शत्रुघ्न खोपीका स्त्रीहरू लिई ।
एउटै गति आधार रामको नजिकै भई ॥
उदार दिलका ठूला मनस्वी यी थिए सब ।
पुरुषश्रेष्ठ विप्रादि पुरवासीहरूतक ॥
पछि हिंड्थे सबै आफ्नो अग्नि ली अग्निहोत्रको ।
पुत्र-पत्नी सँगै त्यस्ता बुद्धिमान् प्रभु-रामको ॥
मन्त्री र भृत्यवर्गादि पशु पुत्र र बान्धव ।
थिए सेवककै साथ रामका पछि, भै खुश ॥
हृष्ट—पुष्ट सबै प्राणी भएका साथका प्रजा ।
रामका गुणले खिच्ता सकेनन् साथ छोड्न ता ॥
तसर्थ त्यस यात्रामा पछि लागे प्रजा सब ।
नर-स्त्री पशु-पक्षी ली साथमा बन्धु-बान्धव ॥
यो मेलामा हुने भेला वहाँका व्यक्तिमात्रको ।
थियो हृदयमा ठूलो खुशी, मैलो थिएन जो ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७
हृष्ट-पुष्ट थिए सारा यता वानरका गण ।
हिंड्थे कल्याङ्-कुलुङ् गर्दै नुहाई खुश भैकन ॥
महाप्रस्थानको यात्रो भीडमा व्यक्ति थे जति ।
भक्त थे रामकै साक्षात् सबका सब व्यक्ति ती ॥
दीन-हीन अवस्थाको तथा दुःखित, लज्जित ।
कुनै थिएन, सम्पूर्ण हृष्ट—पुष्ट थिए स्वतः ॥
हर्ष, आनन्द थ्यो ठूलो साराको हृदयै भरी ।
त्यसरी भीड देखिन्थ्यो आश्चर्यजनकै सरि ॥
महाप्रस्थानको यात्रा रामको हेर्न आँउने ।
ठूल्ठूला गाँउ-बस्तीका जनता थे सुहाँउने ॥
अब यस्तो समारोह हेर्दा-हेर्दै सबैजन ।
स्वर्गमा रामकै साथ जानमा कस्सिए पुनः ॥
२९

३२
एकाग्र-चित्त ली ठूलो भक्तिले सब मानिस ।
पछाडि रामको हिंड्थे भालु वानर राक्षस ॥
अयोध्या-नगरी भित्र थिए प्राणीहरू अरु ।
देख्नै सकिन्नथे जो ती जनताबाट ती अरु ॥
ती पनी सब त्यो देखी जाने साकेत-धाम ती ।
रामको पछि नै लागे हुने श्रेय गमी, बुझी ॥
त्यसरी जान लागेका देखेमा रामलाइ यी ।
चराचर जगत् सारा लागि हाल्यो पछी-पछि ॥
भयो अत्यन्त आश्चर्य अयोध्यापुरमा तब ।
देखिएन छुटेको क्वै सानो सास लिनेतक ॥
अरूको के कुरा तिर्यक्-योनिका जीवसम्म ती ।
रामको शक्तिले खिंच्ता भक्ति गर्दै हिंडे पछि ॥
३२

इति एक सय नौ सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय दशौं सर्ग

भाईहरूको साथै श्रीरामले विष्णुरूपमा प्रवेश गर्नु र अरू जनताले संतानक लोक–पाँउनु

१

त्यो अयोध्या–पुरी बाट छत्रै कोश परै पुगी ।
बसे पश्चिम फर्केर रघुवंश–प्रदीप थी ॥
नजीकै सरयू थिन् ती पवित्र–जलकी नदी ।
गरे दर्शन श्रद्धाले अचाए रामले पछि ॥
पवित्र सरयूमा ती त्यसवेला अनेकन ।
ठूला साना थिए नाना परेका भुवँरी पुनः ॥
राजा राम यतापट्टि सबैतिर घुमी–घुमी ।
प्रजा सब लिई साथ बसे आई वहीं, कहीं ॥
अब आए यही वेला ब्रह्मा लोक–पितामह ।
घेरिई सब द्यौताले महात्मा ऋषि ली सँग ॥
यता राम थिए ठिक्क जानै परमधाममा ।
ब्रह्मालाई पऱ्यो मौका क्यै विन्ती पार्न पाउमा ॥
द्यौताका साथ आएका करोडौं दिव्यरूपका ।
थिए विमानका शोभा त्यसवेला जतातता ॥
त्यो दिव्य–तेजले व्याप्त हुँदा आकाश–मण्डल ।
ज्योतिर्मय भएकोथ्यो अतिउत्तम उज्वल ॥
पुण्यकर्म भएका ती स्वर्गवासी सबैजन ।
स्वयं झल्मल पार्दैथे तेजले आफ्नु उत्तम ॥
यता बहिरहेकोथ्यो पवित्र र सुगन्धित ।
हावा सुख दिँदै सारा प्राणीमा रामरी सित ॥
देवताहरू सम्पूर्ण बसेका अन्तरिक्षमा ।
ती दिव्य–पुष्पका राशि स्वयं बर्षाउँथे वहाँ ॥
बज्दथे त्यस वेलामा बाजाहरु शयौंथरी ।
गन्धर्व अप्सरा सारा आए, ठाम भयो भरी ॥
यसैवेला यता राम सरयू–जलमा शुभ ।
डुवाई दुइटै पाउ बस्न लागे स्वयं तब ॥

१३

१४

मौका छोपी यही भन्छन् ब्रह्मा आकाशबाट यो ।
विष्णो ! अब सवारी होस् प्रभुको जय होस्! प्रभो! ॥
हाम्रो सौभाग्यले गर्दा सवारी प्रभुको यहाँ ।
भेट्यौं जो जान लागेको वेलामा आफ्नु धाममा ॥
तेजस्वी देवतै जस्ता यी आफ्ना भाइ साथमा ।
पसि बक्स्योस् महाबाहो ! स्वरूपैभूत–लोकमा ॥
छ जस्तो प्रभुको इच्छा पस्ने जुन स्वरूपमा ।
प्रभो ! अब पसि बक्स्योस् त्यही आफ्नो स्वरूपमा ॥
भए देखि विभो ! इच्छा त्यो चतुर्भुज सुन्दर ।
विष्णु–स्वरूपमा स्वामिन् ! गरि बक्स्योस् प्रवेश ल! ॥
आकाशमय अव्यक्त सनातन सुनिर्मल ।
त्यो ब्रह्मरूपमा देव ! पसि बक्सिन्छ वा स्वतः ॥
हजूर भइ बक्सिन्छ गति, आश्चर्य लोकको ।
जान्दैनन् प्रभुलाई क्वै ए महान् तेजका प्रभो ! ॥
ती आफ्नी अधिकी पत्नी योगमायास्वरूपकी ।
ठूलठूला नेत्रकी सीता जान्दछिन् एक, भैं पति ॥
मन–इन्द्रियले कत्ति न भेट्ने शोच्न, संभन ।
एकनास हुने नित्य नाश नै न हुने पुनः ॥
आफूमा सब यो खिंच्ने जरा–जन्मादि–हीनका ।
हजूरै भइ बक्सिन्छ परब्रह्म समेत ता ॥
ए महान् तेजका स्वामिन्! लौ भलो गरि बक्सियोस् ।
आफ्नो इच्छा भए जस्तो रूपमा पसि बक्सियोस् ॥
ब्रह्माका यी कुरा सुन्दा बुद्धिमान् रामले वहाँ ।
भाई ली देहसाथै त्यो पसे वैष्णव–तेजमा ॥
मरुद्गण तथा अग्नि इन्द्र साध्यादि देवता ।
प्रशंसा गर्न लागे यी रामको विष्णुरूपका ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

वहाँ जो ऋषि-गन्धर्व दैत्य दानव राक्षस ।
तथा गरुड यक्षादि थिए नागादि दिव्य त ॥
मिलेर सब ती लागे प्रभुको गुण गाँउन ।
श्रद्धाकै साथ टक्र्याई नमस्कार पुनः पुनः ॥
भन्दथे यसरी सारा-भगवन् ! प्रभुले अहो ! ।
सवारी भइ हामीमा गरी बक्स्यो दया प्रभो ! ।
यी देवलोकवासीका पुगी गो मनको कुरो ।
भयौं हर्षित, सानन्द हृष्ट-पुष्ट सबै विभो ! ॥
पाप-ताप भए नष्ट सबैका देहका यता ।
अर्पन्छौं प्रभुमा हामी साधुवाद अनेक ता ॥
विष्णुको रूप ली बस्ने तेजस्वी राम श्रीपति ।
ब्रह्माजी सँग भन्छन् ती अब यत्ति भए पछि ॥
राम्रो व्रत लिने पाल्ने ए ब्रह्मन् ! अब लौ तिमी ।
बस्न लोक दिई हाल जनताकन यी पनि ॥
प्रेमले स्नेहले मेरो आए पछि यिनी सब ।
छन् यशस्वी सबै ब्रह्मन् ! हुन् मेरै भक्त वास्तव ॥
मेरै निम्ति सबैले यी छोड्दिए सुख लोकका ।
छन् अनुग्रहका पात्र तस्मात् यी सब सर्वथा ॥
भगवान् विष्णुका यस्ता सुनी वचन अन्तमा ।
लोकका गुरु ब्रह्माले उहाँसँग भने वहाँ ॥
यहाँ छन् जति आएका जनता सब यी प्रभो ! ।
'सन्तानक' हुने नाम जानेछन् लोकबीच त्यो ॥
योनिमा पशु-पक्षीको परेका जीवसम्म ती ।
प्राण त्याग्छन् भने स्वामिन् ! प्रभुको चिन्तना गरी ॥
फलले भक्ति-श्रद्धाले ती सबै अन्तमा विभो ! ।
यै सन्तानक-लोकैमा गै बस्लान् सुखले बडो ॥

३९

४०

त्यो लोक ब्रह्मलोकैको नजीकै छ यतातिर ।
सत्यसंकल्प इत्यादि छन् वहाँ गुण सुन्दर ॥
भालू बानर जो जो थे जन्मेका जुन देवले ।
योनिमा गै अ-आफ्ना ती स्वयं अब उहाँ मिले ॥
देवको अंशमा आफ्नो यसरी गै मिले सब ।
मिले गएर सुग्रीव सूर्यमण्डलमा तब ॥
यस्तै प्रकारले सारा भालू वानर जो थिए ।
अघिका देवतामा गै अ-आफ्ना बाबुमा मिले ॥
ती देवेश्वर ब्रह्माले त्यो सन्तानक—लोकको ।
हुन्छ प्राप्ति यिनीलाई भनेर जुन भन्नु भो ॥
सुनेका यो कुरा सारा जनता जो थिए वहाँ ।
पवित्र सरयूको ती गोप्रतारक—घाटमा ॥
भई गद्‌गद अत्यन्त छोड्दै हर्षाश्रु बर्बर ।
जलभित्र पसे, छोडे अ-आफ्नो देह खर्खर ॥
वहाँ डुबुल्की मारेर छोड्ने प्राण भई खुश ।
त्यागी मनुष्यको चोला ती विमान चढे सब ॥
जुनिमा पशु-पक्षीको परेका जीव सैकडौं ।
सरयू-जलमा डुब्दै पुगे त्यो दिव्य-लोकमै ॥
शरीर दिव्य धारेर स्थितिमा दिव्य भै स्थित ।
देवताहरुकै जस्तो दीप्तिमान् भै गए स्वतः ॥
प्राणी हिंड्ने न हिंड्ने ती सरयू-जलमा पसी ।
भिजाई देह आफ्नो त्यो दिव्य-लोक पुगे पछि ॥
कपि राक्षस औ भालू त्यो वेला जो थिए वहाँ ।
पानीमा देह छोडी ती गै हाले उच्च-धाममा ॥
रामका साथ आएका सब प्राणीहरूकन ।
बस्ननिम्ति दिए स्थान लोक संन्तानकै पुनः ॥

५२

५३

लोकका गुरु ब्रह्माजी अनि सानन्द भै खुश ।
गए स्वधाममा दिव्य देवता साथ ली सब ॥

इति एक सय दशौं सर्ग

CC-0. In Public Domain. Digitization by eGangotri

एक सय एघार सर्ग

रामायण–महाकाव्यको उपसंहार र यसको महिमा–वर्णन

१

यो काव्य गाँउने विद्वान् भन्दछन् लव औ कुश ।
यत्ति हो श्रेष्ठ आख्यान यो रामायण-नामक ॥
वाल्मीकि-मुनिले साक्षात् श्रेष्ठ उत्तर-काण्डको ।
यो निर्माण गर्नु भयो, ब्रह्माको पनि मान्य भो ॥
श्रीराम त्यसरी आफ्नो पहिलो विष्णुरूपमा ।
स्वयं स्थित भई बक्स्यो गई परम-धाममा ॥
प्राणीमा जुन छन् हिंड्ने न हिंड्ने दुइ रूपका ।
विश्वात्मा प्रभु छन् व्याप्त त्रैलोक्यैमा जतातता ॥
तस्मात् प्रसन्न भै नित्य स्वर्गमा पनि काव्य यो ।
सुन्दछन् देवता सिद्ध गन्धर्व ऋषि आदि जो ॥
यो आदिकाव्य सम्पूर्ण प्राणीको पाप नाश्तछ ।
गर्छ सौभाग्यको बृद्धि, शुभ आयु बढाँउछ ॥
छ रामायण यो काव्य पुण्य वेद-समानको ।
श्राद्धादि कार्य गर्दामा सुनाँउन् बुध नित्य यो ॥
यसको पाठ गर्नाले अपुतो पुत्र पाँउछ ॥
धनहीन हुनेले क्वै गरेमा धन पाँउछ ॥
यसको श्लोकको यौटै पाउको होस् दिनैदिन ।
गर्छ पाठ भने, गर्ने छुट्छन् पापादिले पुनः ॥
गर्ने प्रतिदिनै पाप पापी पनि दिनैदिन ।
पढ्छ ता एउटै श्लोक छुट्छ त्यो पापले पुनः ॥
बाँची सुनाँउनेलाई यो कथा सब अन्तमा ।
दिनुपर्दछ गाई र सुन, वस्त्रादि दक्षिणा ॥
भए वाचक विद्वान् ती परितुष्ट तथा खुश ।
सम्पूर्ण देवता हुन्छन् स्वयं तुष्ट तथा खुश ॥
प्रवन्ध-काव्य हो ठूलो यो रामायण-नामक ।
सुन्दा र पाठ गर्दामा आयुको बृद्धि गर्दछ ॥

१३

१४

यसको पाठ जो गर्छ स्वयं प्रतिदिनै भने ।
यहाँ पाँउछ त्यो व्यक्ति पुत्र-पौत्रादिका सुख ॥
यता मरे पछी त्यस्वो पाठ गर्ने मनुष्यको ।
हुनेछ परलोकैमा पनि सन्मान योग्यको ॥
भई तन्मय पढ्ने यो नित्य साँझ-बिहान र ।
मध्याह्न-अपराह्नैमा, पाँउन्न क हिल्यै दुख ॥
गएमा धाममा राम अयोध्या सुन्दरी पुरी ।
वर्षसम्म निकै होलिन् शून्य साह्रै असुन्दरी ॥
काल बढ्दै गएमा त्यो राजा ऋषभ-देवको ।
पालामा फेरि यी होलिन् गुलजार हुँदी बडो ॥
विद्वान् पुत्र प्रचेताका ती वाल्मीकि-महर्षिले ।
यो रामायणको भव्य पवित्र रचना गरे ॥
उत्तरैकाण्डका साथ अश्वमेध समाप्तिका ।
पछिका पनि छन् गाथा जसमा पुण्यरूपका ।
आयुको बृद्धि गर्नेछ ऐतिहासिक-काव्य यो ।
जसको विधिले सम्म अनुमोदन गर्नु भो ॥
एउटै सर्गमात्रै होस् जो सुन्छ यस काव्यको ।
यज्ञको फल त्यो भेट्छ अश्वमेध-सहस्रको ॥
त्यसको साथ-साथैमा त्यही दश हजार ती ।
यज्ञको फल भोग्नेछ वाजपेयादिका पछि ॥
रामायण-कथा सुन्छ जसले यस लोकमा ।
क्षेत्रका तीर्थका नाना फल भेट्तछ त्यै यहाँ ॥
प्रयाग आदि तीर्थैको गङ्गादि सरितादिको ।
कुरुक्षेत्रादि क्षेत्रैको त्यल्ले यात्रा सदा गर्‍यो ॥
सूर्यग्रहणमा पुण्य कुरुक्षेत्रादिमा गई ।
श्रद्धाले दान जो गर्छ एक-भार सुवर्ण ती ॥

२६

CC-0. In Public Domain. Digitization by eGangotri

२७

जो यो भूतलमा सुन्छ भै एकाग्र दिनैदिन ।
यो काव्य, ती दुवै व्यक्ति पाँउछन् पुण्य तत्सम ॥
श्रद्धासम्पन्न भै जल्ले सुन्छ यो रामको कथा ।
त्यो विष्णुधाममा पुग्छ छुटी पापादि सर्वथा ॥
अघि वाल्मीकिद्वारा ती रचेको काव्य रामको ।
भक्तिले सुन्छ ता भेट्छ विष्णुसारूप्य श्रेष्ठ त्यो ॥
सुन्नाले काव्य यो, प्राप्ति हुन्छ स्त्री-पुत्र आदिको ।
धन सम्पत्ति सन्तान वृद्धि हुन्छ, छ सत्य ! यो ॥
मन यो वश राखेर सत्य संम्झेर त्यो कुरा ।
सुन्नुपर्दछ, जो यो छ, गायत्रीरूप, सर्वथा ॥
दिन्दिनै भक्तिले सुन्ने रघुनाथ-चरित्र यो ।
पापादि सब फ्याँकेर आयु पाँउछ दीर्घ त्यो ॥
आफ्नो कल्याण होस् भन्ने व्यक्तिले नित्य ध्यानले ।
मनमा गर्नु पर्नेछ रामचिन्तन प्रेमले ॥
प्रबन्ध-काव्य यो श्रेष्ठ श्रेष्ठै—विप्रहरूकन ।
स्वयं सुनाँउनै पर्छ दिनै-दिन छ उत्तम ॥

३४

३५

गर्छ पाठ गरी पूर्ण जुन राम-चरित्र यो ।
मरेमा छैन शङ्का क्यै धाममा पुग्छ विष्णुको ॥
यसमा छैन सन्देह वावु बाजे बराजु र ।
जिज्यू इत्यादि त्यसका पुग्दछन् विष्णुमै स्थिर ॥
छ यो चरित्र अत्यन्त पवित्र प्रभु-रामको ।
धर्म अर्थ काम मोक्ष दिन्छ जो पुरुषार्थ हो ॥
यत्नपूर्वक श्रद्धाले दिनै-दिन तसर्थ पो ।
मर्त्यले सुन्नु नै पर्छ अतिउत्तम काव्य यो ॥
श्लोक वा एउटै पाउ यो रामायण-काव्यको ।
श्रद्धा भक्ति लिई ठूलो जुन सुन्दछ व्यक्ति त्यो ॥
धाममा पछि ब्रह्माको पुग्छ त्यै नर वस्तुतः ।
वहाँ पनि स्वयं हुन्छ ब्रह्माद्वारा सुपूजित ॥
विश्वासपूर्वकै तस्मात् यो आख्यान पुरातन ।
तपाँईंहरु सम्पूर्ण पढ्नु होस्, यै छ पावन ॥
तपाईंहरु साराको जय कल्याण होस्! सदा ।
भगवान् विष्णुको त्यस्तो बलको जय होस्! तथा ॥

४२

इतिश्री महर्षि वाल्मीकि–निर्मित यो चौवीस हजार ग्रन्थसंख्याको आर्ष–रामायण आदिकाव्यको कविरत्न तथा विद्यावारिधि कृष्णप्रसाद शर्मा घिमिरे–कृत तत्सम राष्ट्रियभाषा–पद्यानुवादमा उत्तरकाण्डको एक सय एघारौं सर्ग

ॐ राँ रामाय नमः

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ–समाप्तिः

CC-0. In Public Domain. Digitization by eGangotri

तारकमन्त्रमय–लोकाभिराम श्रीरामका सर्वोच्च परमभक्त एवं जगद्गुरु, भगवान्— शिवको स्तुति

१

मन्दारमालाकुलितालकायै
कपालमालाङ्कितशेखराय ।
दिव्याम्बरायै च दिगम्बराय
नमः शिवायै च नमः शिवाय ।।

२

यो विश्वको सृष्टि–प्रपञ्च रच्नुमा
भए पनी निर्गुण ली रजोगुण ।
आब्रह्म–कीटादिक जीव-जन्तुको
विकास गर्ने प्रभुमा नमोनमः ।।

३

सकिन्न जो शोच्न विचार गर्न वा
लिएर त्यस्ता बहुरूप–शक्तिता ।
विहार गर्ने गुण–सत्त्वसाथ ती
हाम्रो गरुन् स्वीकृत यी नमस्कृति ।।

४

नाना थरी ध्वँसमयी–प्रवृत्तिले
संहार गर्ने सब नाम–रूप यो ।
तमोगुणी–शक्ति पनी हओस् सदा
तयार हाम्रो लिनमा प्रणाम यो ।।

५

ली गिद्धको दृष्टि अमोघ छन् अति
ढपक्क ढाकी गुण तीनलाइ ती ।
संचालना गर्दछ जो निरन्तर
प्रसन्न होस् त्यो अज बुद्धिको पर ।।

६

संसारमा ख्याति–प्रपूर्ण व्यक्तिमा
सर्वोच्च बाणासुरबाट भक्तिमा ।
सेवा गरेका, शिरमा विभूषित
सर्वोच्च छन् श्रीशिव–पाउका रजः ।।

७

त्योताकका शङ्कर–भक्त मध्यका
सर्वोच्च लङ्केश्वरले पनी सदा ।
फल्काउने उन्नत टाउका दश
सर्वोच्च छन् श्रीशिव–पाउका रजः ।।

८

बडे बडे देव र दानवेशका
किरीटमा नित्य सुशोभिने तथा ।
संसारका जन्म र मृत्युनाशक
सर्वोच्च छन् श्रीशिव–पाउका रजः ।।

CC-0. In Public Domain. Digitization by eGangotri

९

देवर्षिका नारद-तुल्य आदिका
एकत्वका साधक, मार्गदर्शक ।
सुपात्र खोज्ने दिन, गर्न वा दया
सर्वोच्च छन् श्रीशिव-पाउका रजः ।।

१०

ब्रह्मर्षिका कश्यप आदिका यता
आधार, मुख्याश्रय, बोध-साधक ।
यो विश्व रच्ने विधिमा सहायक
सर्वोच्च छन् श्रीशिव-पाउका रजः ।।

११

राजर्षि साक्षात् भरतादिका तथा
हुने महान् कारण त्यागमात्रका ।
फसाँउने हा ! दयिता दया भरी
सर्वोच्च छन् श्रीशिव-पाउका-रजः ।।

१२

नरर्षिका भट्ट-जगद्धरादिका
सुन्ने सदा आर्त-पुकारमात्र तो ।
भै स्थाणु बस्ने तर भित्र कल्किई
सर्वोच्च छन् श्रीशिव-पाउका रजः ।।

१३

खलर्षि साक्षात् म-सरी मनुष्यका
पुऱ्याँउने उत्कट-भावना पनि ।
हेराँउने मार्ग परन्तु काल क्यै
सर्वोच्च छन् श्रीशिव-पाउका रजः ।।

१४

ऐश्वर्य विद्या बल बुद्धि योग्यता
समर्थता विक्रमिता विवेकिता ।
दिलाँउने यो स्तुति भक्तिले पढे
सर्वोच्च छन् श्रीशिव-पाउका रजः ।।

१५

दरिद्रको नाम 'रमेश, तुल्यको
उमेश ! 'विद्यापति' झैं कुबुद्धिको ।
मेरो पनी यो स्तुतिको फलार्थ छ
विभो ! बनाँउन् अब सत्य तो रजः ।।

ॐ नमः शिवाय ॐ

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवादकको हार्दिक कृतज्ञता—प्रदर्शन

मेरा अत्यादरणीय एवं शीर्षस्थ राजादेखि रङ्कसम्मका समस्त नेपाली दिदी–बहिनी एवं दाजू–भाईहरू !

यसरी मैले हाम्रो राष्ट्रियभाषामा उतारिएको र राजादेखि रङ्कसम्मका हजूरहरू साराले धार्मिक सांस्कृतिक, ऐतिहासिक अथवा राजनैतिक यद्वा केवल साहित्यिक वा अरु जुनसुकै दृष्टिले किन न होस्, श्रद्धाले, प्रेमले जिज्ञासाले वा उत्सुकताले तथा यो के कस्तो रहेछ ? भन्ने विचारमात्रले पनि हेरिएको एवं पढिएको यो आदिकाव्य वाल्मीकि–रामायणले के हजूरहरूको अन्तरात्मालाई अलिकतिमात्र भने पनि मनःशान्ति प्रदान गर्न सक्यो ? के त सांस्कृतिक कुनै पनि विषय–वस्तुको प्रदर्शन गराँउन सफल भयो ? अथवा प्राचीनताको ऐतिहासिक रूप–रेखा देखायो ? राजनैतिक–मर्यादाको भव्यता अगाडि उपस्थित गरायो ? विशुद्ध साहित्यिक विषय–वस्तुका स्वरूप पो देखायो कि ? अथवा के यसले हजूरहरू सारामा धार्मिक सांस्कृतिक ऐतिहासिक यद्वा राजनैतिक सद्भावना पो बढायो कि ? के त यसले मर्यादापुरुषोत्तम–सम्बन्धित तत्तद्विषय–वस्तुहरू प्रति अभीष्ट–रुचि र तद्रूपता प्राप्त गर्न सकिने औत्सुक्य भन्यो ? यदि यो ग्रन्थ पढ्नाले "मलाई यस्तो भो, यो ग्रन्थ यस्तो रहेछ" भन्ने कुरोमात्र भए पनि हजूरहरूको हृदयाकाशमा पऱ्यो अथवा उब्जियोमात्र भने पनि कि ता हाम्रो राष्ट्रियभाषामा पनि' 'यसरी पद्य–साहित्यमा लालित्य भरिंदो रहेछ' भन्नेसम्म पनि हजूरहरूको हृदयारविन्दमा केही न केही उदित भइ दियो भने मैले आफूले गरेको यसवारेको यो यत्रो अल्लिठूलो नै भनौं न! ग्रन्थ पनि साह्रै सानो भएकै मान्नेछु र त्यसैलाई १० मनको ढुङ्गा भन्दा १ रत्तीका मणिको स्थान पाएको ठान्नेछु, जसबाट अरु यस्तै–यस्ता राष्ट्रोपयोगी काम गर्नमा प्रोत्साहित हुनेछु भन्दै त्यत्ति गरि दिई बक्सेकोमा म आफ्नो तर्फबाट हजूरहरू सबैमा गद्‌गद भएको आत्माले श्रद्धा र आदरले झुकेको शिरले हार्दिक–कृतज्ञता समर्पण गर्दछु। यत्ति

स्थान र समयः–

टङ्गाल–गहिरीधारा,
काठमाण्डू, नेपाल

मुद्रणसमाप्तिदिवसः–
२०३१ साल भाद्रकृष्णाष्टमी
अनुवादक—जन्माष्टमी (वर्ष ५४)

हाम्रा राजा र रङ्कमात्रको आफ्नो राष्ट्रिय–भाषाको माध्यमद्वारा सेवकः–

कविरत्न तथा विद्यावारिधिः
कृष्णप्रसाद शर्मा घिमिरे शास्त्री,
काव्यतीर्थ, भागवतः

स्मारक पुस्तकालय

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवादकः-

कविशिरोमणि विद्यावारिधिः

कृष्णप्रसाद शर्मा घिमिरे

साहित्याचार्य काव्यतीर्थ एवं भागवतः

हो ! विश्वमा छ सबथोक अलभ्य छैन,
पाइन्छ यत्नसँग त्यो सब,--चाहिँदैन ।
चाँहिन्छ एक कविको कविता र अर्को
श्रीराम-भक्ति, जुन नाश्छ समस्त--क्लेश ।।

मुद्रक- आदर्श छापाखाना, रामशाहपथ (थापाथली) फोन नं. १३४१४